वचन

सामदान—बा सो ने

काठमाडौं

BACHHAN

(THE WORD, NEPALI)

10 NEPA 4.4 M–90

Published for B S N

Printed in India by Photo offset at Swapna Printing Works (P) Ltd.,
52 Raja Rammohan Roy Sarani, Calcutta-700 009.

सूची

पुरानो नियम

नयाँ नियम सूचिपत्र

बाइबलका पुस्तकहरूको नाँउ वर्ण क्रमानुसार

पुरानो नियम

उत्पत्तिको पुस्तक

सृष्टिको वर्णन

१ आदिमा परमेश्वरले आकाश र पृथ्वी
सृष्टि गर्नुभयो। २ पृथ्वी आकार विना-
को र शुन्य थियो। अथाह समुद्रमाथि
अन्धकार थियो, औ परमेश्वरका आत्मा पानी-
माथि घुमिरहनुहुन्थ्यो। ३ परमेश्वरले भन्नुभयो,
"उज्यालो होस्" तब उज्यालो भइहाल्यो।
४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो,
त्यो असल थियो। उहाँले उज्यालो र
अँध्यारोलाई अलग अलग गर्नुभयो। ५ अनि
परमेश्वरले उज्यालोलाई 'दिन' र अँध्यारोलाई
'रात' भन्नुभयो। साँझ पर्‍यो र बिहान
भयो—पहिलो दिन।
६ अनि परमेश्वरले भन्नुभयो, "पानीका
बीचमा एक अन्तर होस्, र त्यसले पानीलाई
दुइ भाग गरोस्।" ७ परमेश्वरले अन्तर
बनाएर अन्तरमनिका पानी र अन्तरमाथिका
पानीलाई अलग अलग गर्नुभयो। तब त्यस्तै
भइहाल्यो। ८ परमेश्वरले यस अन्तरलाई
आकाश भन्नुभयो। साँझ पर्‍यो र बिहान
भयो—दोस्रो दिन।
९ अनि परमेश्वरले भन्नुभयो, "आकाश-
मनि भएको पानी एक ठाउँमा जम्मा होस्,
र ओबानो भूमि देखा परोस्।" तब
त्यस्तै भइहाल्यो। १० परमेश्वरले ओबानो
भूमिलाई 'पृथ्वी' भन्नुभयो, र जम्मा भएको
पानीलाई 'समुद्र' भन्नुभयो। औ परमेश्वरले
हेर्नुभयो, त्यो असल थियो। ११ परमेश्वरले
भन्नुभयो, "भूमिले वनस्पति, बिउ हुने बोट-
हरू र आफ्ना आफ्नै किसिमका बिउ हुने
फल-वृक्षहरू पृथ्वीमा उमारोस्।" तब त्यस्तै
भइहाल्यो। १२ भूमिले वनस्पति, बिउ हुने
बोटहरू र आफ्ना आफ्नै किसिमका बिउ हुने
फल-वृक्षहरू उमार्‍यो। औ परमेश्वरले हेर्नुभयो,
त्यो असल थियो। १३ साँझ पर्‍यो र
बिहान भयो—तेस्रो दिन।
१४ अनि परमेश्वरले भन्नुभयो, "आकाश-
को अन्तरमा दिन र रात छुट्याउनलाई
ज्योतिहरू होऊन्। औ चिह्नहरू, ठहराइएका
चाड़हरू, दिनहरू र वर्षहरूका निम्ति ती होऊन्।
१५ औ पृथ्वीमा प्रकाश दिनलाई आकाशको
अन्तरमा ती ज्योतिहरू होऊन्।" तब त्यस्तै
भइहाल्यो। १६ अनि परमेश्वरले दुइ विशाल
ज्योतिहरू बनाउनुभयो—ठूलो ज्योति दिनमाथि
प्रभुत्व गर्नलाई, र सानो ज्योति रातमाथि
प्रभुत्व गर्नलाई। उहाँले ताराहरू पनि
बनाउनुभयो। १७ अनि परमेश्वरले पृथ्वीमा
प्रकाश दिनलाई ती आकाशमा राख्नुभयो,
१८ दिन र रातमाथि प्रभुत्व गर्न औ
उज्यालो र अँध्यारोलाई अलग अलग
गर्नलाई। औ परमेश्वरले हेर्नुभयो, त्यो
असल थियो। १९ साँझ पर्‍यो र बिहान
भयो—चौथो दिन।
२० अनि परमेश्वरले भन्नुभयो, "पानी
जीवित जन्तुहरूले प्रशस्त गरी भरिऊन्। औ
पक्षीहरूचाहिँ पृथ्वीमाथि आकाशको अन्तरमा
उड़ून्।" २१ यसैले समुद्रका विशाल जल-
जन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने
किसिम किसिमका सबै जीवित प्राणीहरू र
जात जातका पखेटा भएका सबै पक्षीहरू
पस्मेश्वरले सृष्टि गर्नुभयो। औ परमेश्वरले
हेर्नुभयो, त्यो असल थियो। २२ अनि
परमेश्वरले तिनीहरूलाई यसो भनेर आशिष
दिनुभयो, फल्दै-फुल्दै, वृद्धि हुँदै र समुद्रमा
भरिँदै जाओ। औ पक्षीहरूको पनि पृथ्वीमा

वृद्धि हुँदै जाओस्। २३ अनि साँझ पऱ्यो
र बिहान भयो—पाँचौँ दिन।
२४ अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले
जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-
जातका पाल्तु-पशुहरू, घस्रने जन्तुहरू र जात
जातका वन-पशुहरू उत्पन्न गरोस्। तब त्यस्तै
भयो। २५ औ परमेश्वरले पृथ्वीका जात
जातका वन-पशुहरू, जात जातका पाल्तु-
पशुहरू र जमीनमा घस्रने जात जातका
जन्तुहरू बनाउनुभयो। औ परमेश्वरले यो
राम्रो देख्नुभयो। २६ फेरि परमेश्वरले
भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै
प्रतिरूपमा बनाऔँ। तिनीहरूले समुद्रका
माछाहरू, आकाशका पक्षीहरू, पाल्तु-पशुहरू
र जमीनमा चल्हल गर्ने सबै जन्तुहरूमाथि
अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले
मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।
परमेश्वरकै स्वरूपमा उहाँले तिनलाई सृष्टि गर्नु-
भयो। नर र नारीनै गरी उहाँले तिनीहरूलाई
सृष्टि गर्नुभयो। २८ औ परमेश्वरले तिनी-
हरूलाई आशिष दिनुभयो, र तिनीहरूलाई
भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा
भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दै
जाओ। औ समुद्रका माछाहरू, आकाशका
पक्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणी-
हरूमाथि अधिकार गर।" २९ औ परमेश्वरले
भन्नुभयो "हेर, मैले तिमीहरूलाई पृथ्वीका
सबै बिउ उमार्ने बोटहरू र फलमानै बिउ
हुने सबै फलका रूखहरू दिएको छु। ती
तिमीहरूलाई आहाराको निम्ति हुनेछन्।
३० औ पृथ्वीको हरेक पशु, आकाशको हरेक
पक्षी र जमीनमा चलहल गर्ने हरेक जन्तु,
हरेक प्राणी जसमा जीवन छ, तिनीहरूका
आहाराका निम्ति मैले हरिया वनस्पति
दिएको छु।" तब त्यस्तै भयो। ३१ औ
आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले
हेर्नुभयो। औ हेर, त्यो साह्रै राम्रो
थियो। साँझ पऱ्यो र बिहान भयो—छैटौँ
दिन।

२ यसरी आकाश र पृथ्वी औ तिनमा
भएका सबै कुरा बनाइसकिए। २ औ
आफूले गर्नुभएका काम सातौँ दिनमा परमेश्वरले
सिध्याउनुभयो। औ सातौँ दिनमा आफूले गर्नु-
भएका सबै कामबाट उहाँले विश्राम लिनुभयो।
३ अनि परमेश्वरले सातौँ दिनलाई आशिष
दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो,
किनभने आफूले सृष्टिमा गर्नुभएका सारा
कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।

अदनको बगैँचामा आदम र हव्वा

४ आकाश र पृथ्वीका सृष्टिको वृतान्त
यही हो—
परमप्रभु परमेश्वरले आकाश र पृथ्वी सृष्टि
गर्नुभएको दिन ५ भूमिमा एउटै पनि वनस्पति
थिएन, औ भूमिमा कुनै घाँस-पात पनि उम्रेको
थिएन, किनभने परमप्रभु परमेश्वरले पृथ्वीमा
पानी वर्षाउनुभएको थिएन। औ भूमि खन-
जोत गर्न कुनै मानिस पनि थिएन। ६ तर
पृथ्वीबाट कुइरो उठेर समस्त भूमिलाई
भिजाउने गर्थ्यो।
७ परमप्रभु परमेश्वरले भूमिको माटोबाट
मानिस बनाउनुभयो,र तिनको नाकमा जीवनको
सास फुकिदिनुभयो; र मानिस जीवित प्राणी
भयो। ८ अनि परमेश्वरले पूर्वतिर अदनमा
एउटा बगैँचा लगाउनुभयो, र उहाँले बनाउनु-
भएको मानिसलाई त्यहीँ राख्नुभयो। ९ औ
हेर्नमा राम्रो र खानमा असल फल भएको
हरेक रूख परमप्रभु परमेश्वरले भूमिबाट
उमार्नुभयो। औ बगैँचाको बीचमा जीवनको
रूख औ असल र खराबको ज्ञान दिने रूख
पनि लगाउनुभयो। १० बगैँचा भिजाउनलाई
अदनबाट एउटा नदी निस्केको थियो, र
त्यहाँबाट छुट्टाएर त्यो चार शाखा भएको थियो।
११ पहिलो नदीको नाउँ पीशोन हो। यो
त्यही नदी हो, जसले हवीलाको समस्त
मुलुकलाई घेर्छ, औ जहाँ सुन पाइन्छ।
१२ त्यस देशको सुन असल हुन्छ। त्यहाँ गोकुल

धूप र गोमेद पत्थरहरू छन्। १३ दोस्रो
नदीको नाउँ गीहोन हो। कूशको समस्त
देशलाई घेर्ने नदी यही हो। १४ तेस्रो नदीको
नाउँ हिद्देकेल हो। यो त्यही नदी हो, जो
अश्शूरको पूर्वतिर बहन्छ, औ चौथो नदी
यूफ्रेटिस हो। १५ परमप्रभु परमेश्वरले मानिस-
लाई ल्गेर अदनको बगैंचामा त्यो गोड़-गाड़ र
हेरचाह गर्ने राख्नुभयो। १६ औ उहाँले
मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका
सबै रूखका फल तैंले संकोच नमानी खाए
हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने
रूखको फल चाहिं नखानू, किनभने जुन दिन
तैंले त्यो खान्छस् त्यसै दिन तँ मर्नेछस्।
१८ फेरि परमप्रभु परमेश्वरले, भन्नुभयो
"मानिस एकलो रहन असल छैन। म त्यसको
निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउने-
छु।" १९ परमप्रभुले सबै वन-पशु र आकाशका
सबै पक्षीलाई भूमिबाट बनाएर मानिसले तिनी-
हरूको के के नाउँ राख्दो रहेछ भनी हेर्न तिनलाई
मानिसकहाँ ल्याउनुभयो। औ मानिसले हरेक
प्राणीलाई जे जे नाउँ दिए त्यही त्यहीनै त्यसको
नाउँ भयो। २० अनि मानिसलेनै सबै पाल्तु-
पशु, आकाशका पक्षी र सबै वन-पशुहरूका
नाउँ राखे। तर मानिसको निम्ति तिनलाई
सुहाउँदो कोही सहयोगी पाइएन। २१ यसैकारण
परमप्रभु परमेश्वरले आदमलाई मस्त निद्रामा
पार्नुभयो, र तिनी निदाएको बेलामा तिनको
करङ्गहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा
मासु भरिदिनुभयो। २२ जुन करङ्ग परमप्रभु
रमेश्वरले मानिसबाट निकाल्नुभएको थियो त्यस-
ाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो।
२३ तब मानिसले भने, "यो ता मेरै
हाड़को हाड़ र मासुको मासु हो। उसलाई
स्त्री भनिनेछ।" किनभने तिनी पुरुषबाट
निकालिएकी थिइन्। २४ यसैकारण मानिसले
आफ्ना आमा-बाबुलाई छोड़छ, र आफ्नी
स्वास्नीसँग मिलिरहन्छ, औ तिनीहरू एउटै जीउ
हुन्छन्। २५ मानिस र तिनकी स्वास्नी दुवै
नाङ्गो थिए, औ लजाउँदैन थिए।

मानिसको परीक्षा र पतन

३ परमप्रभु परमेश्वरले बनाउनुभएका वन-
पशुहरूमध्ये साँप धूर्त थियो। त्यसले स्त्री-
लाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको
कुनै रूखको फल नखानू भनी भन्नुभएको छ?"
२ स्त्रीले साँपलाई भनिन्, "बगैंचाका रूखहरूका
फल हामी खानसक्छौं, ३ तर बगैंचाको
बीचमा भएको रूखको फलको विषयमा परमेश्वरले
भन्नुभएको छ, "त्यो चाहिं नखानू र नछुनू,
नत्रता तिमीहरू मर्छौं'।" ४ साँपले स्त्रीलाई
भन्यो, "तिमीहरू कदापि मर्दैनौ। ५ किनकि
परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो
खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्,
र असल र खराबको ज्ञान पाएर तिमीहरू
पनि परमेश्वरजस्तै हुनेछौ।" ६ अनि जब
स्त्रीले त्यस रूखको फल खानलाई असल र
हेर्नमा रहरलाग्दो, औ कसैलाई बुद्धिमान
बन्नलाई सो रूखको चाह गर्नुपर्ने रहेछ भनी
देखिन्, तब तिनले त्यस रूखको फल टिपेर
खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, औ
तिनले पनि खाए। ७ अनि दुबैका आँखा
खुलिए, र 'नाङ्गै पो रहेछौं' भनी तिनीहरूले
थाह पाए। अनि नेभाराका पातहरू गाँसेर
आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए।
८ अनि बेलुकी परमप्रभु परमेश्वर बगैंचामा
डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने,
औ मानिस र तिनकी पत्नी बगैंचाका
रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट
लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई
हपारेर बोलाउनुभयो, "तँ कहाँ छस्?"
१० तिनले भने, "मैले तपाईंको सोर बगैंचामा
सुनें, र म डराएँ, किनभने म नाङ्गै थिएँ र म
लुकें।" ११ औ उहाँले सोध्नुभयो, "तँ नाङ्गै
छस् भनेर कसले भन्यो? जुन रूखको फल
नखानू भनी मैले तँलाई आज्ञा दिएको थिएँ
के तैंले त्यो खाइस्?" १२ अनि मानिस
भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी
दिनुभएको थियो त्यसैले मलाई त्यो रूखको फल

दिईं, र मैले खाएँ।" १३ अनि परमप्रभु
परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तैंले यो के
गरिस्।" स्त्रीले भनिन्, "साँपले पो मलाई छल
गर्‍यो, र मैंले त्यो खाएँ।" १४ तब परमेश्वरले
साँपलाई भन्नुभयो, "तैंले यसो गरेको हुनाले तँ
सबै पाल्तु-पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा
श्रापित हुनेछस्। पेटको बलले तँ हिंड्नेछस् र
तेरो जीवनभरि तैंले माटो खानेछस्। १५ तेरो
र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको
सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले
तेरो शिर कुच्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो
डस्नेछस्।" १६ स्त्रीलाई उहाँले भन्नुभयो,
'तेरो दुःख र सुत्केरी-वेदना म ज्यादै गरी
बढ़ाइदिनेछु। दुःखसँग तैंले बालक जन्माउने-
छस्, तापनि तेरो इच्छा पतितर्फनै हुनेछ, र
त्यसले तँलाई अधीनमा राख्नेछ।" १७ त्यस-
पछि आदमलाई उहाँले भन्नुभयो "तैंले तेरी
स्वास्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको
फल खाएको हुनाले भूमि तेरो कारण श्रापित
भएको छ। तेरो जीवनभरि दुःखसँग त्यसको
उब्जनी तैंले खानेछस्। १८ त्यसले तेरो
निम्ति काँढ़ा र सिँउड़ीहरू उमार्नेछ, र तैंले
खेतको साग-पात खानेछस्। १९ औ माटोमा
नफर्कुञ्जेल तेरो निधारको पसीनाले कमाएको
भोजन तैंले खानेछस्। किनकि माटैबाट तँ
निकालिएको थिइस्। तँ माटै होस् र माटैमा
फर्किजानेछस्।"

२० अनि मानिसले आफ्नी पत्नीको नाउँ
हव्वा राखे, किनभने सबै जीवितहरूकी आमा
तिनीनै हुन्। २१ औ परमप्रभु परमेश्वरले आदम
र तिनकी पत्नीका निम्ति छालाका लुगा बनाईकन
तिनीहरूलाई लगाइदिनुभयो। २२ तब परमप्रभु
परमेश्वरले भन्नुभयो, "मानिस हामीजस्तै असल
र खराबको ज्ञान जान्ने भएको छ। अब त्यसले
जीवनको रूखको फल पनि टिपेर खाला र सधैं-
भरि जीवित रहला।" २३ यसैकारण जुन
भूमिबाट तिनी बनाइएका थिए त्यसैको खेती-
किसान गर्न परमप्रभु परमेश्वरले तिनलाई अदनको
बगैंचाबाट निकालिदिनुभयो। २४ उहाँले
मानिसलाई धपाइदिनुभयो, र जीवनको रूख-
तर्फको बाटो पहरा गर्नलाई उहाँले अदनको
बगैंचाको पूर्वपट्टि करूबहरू* र चारैतिर
घुमिरहने ज्वालामय तरवार राखिदिनुभयो।

४ आफ्नी स्वास्नीसित आदमको सहवास
भयो, र तिनी गर्भवती भएर कयिनलाई
जन्माइन्, र भनिन्, "परमप्रभुको आशीर्वादले
एक पुरुष प्राप्त गरें।" २ फेरि तिनले त्यसको
भाइ हाबिललाई जन्माइन्। हाबिल भेड़ा-गोठाला
भए, तर कयिन चाहिं भूमिको खेती-किसान
गर्ने भए। ३ केही समय बितेपछि कयिनले
परमप्रभुकहाँ भूमिको उब्जनीबाट केही ल्याए।
४ हाबिलले पनि आफ्ना भेड़ाका बगालबाट
पहिले जन्मेका पाठाहरू र तिनका उत्तम
भाग ल्याए। परमप्रभुले हाबिल र तिनको
भेटी ग्रहण गर्नुभयो। ५ तर कयिन र तिनको
भेटी ग्रहण गर्नुभएन। यसैले कयिन ज्यादै
रिसाए, र तिनको मुख अँध्यारो भयो।
६ तब परमप्रभुले कयिनलाई भन्नुभयो, "तँ
किन रिसाउँछस्? तेरो मुख किन अँध्यारो
छ? ७ तैंले असल गरिस् भने तँ ग्रहणयोग्य
हुँदैनस् र? यदि तैंले असल गरेनस् भनेता
पाप ढोकैमा ढुकिबस्छ। त्यसको इच्छा तँप्रति
हुन्छ, तर तैंले त्यसलाई अधीन गर्नैपर्छ।"
८ कयिनले आफ्नो भाइ हाबिललाई भने,
"आऊ, हामी बाहिर खेतमा जाऔं।" औ
जब तिनीहरू खेतमा थिए तब आफ्नो भाइ
हाबिलको विरुद्धमा उठेर कयिनले तिनलाई
मारे। ९ तब परमप्रभुले कयिनलाई सोध्नु-
भयो, "तेरो भाइ हाबिल कहाँ छ?" तिनले
भने, "मलाई थाह छैन। के म मेरो भाइको
गोठाला हुँ र?" १० अनि उहाँले भन्नु-
भयो, "यो तैंले के गरिस्? तेरो भाइको
रगतले भूमिबाट मलाई दुहाइ दिइरहेछ।
११ तँ अब यस भूमिबाट श्रापित भइस्।
किनभने त्यसले तेरो भाइको रगत तेरो हातबाट

* स्वर्गदूतहरू

लिनलाई आफ्नो मुख उघार्‍यो। १२ तैंले
भूमिको खेती गर्दा अब उप्रान्त त्यसले तँलाई
आफ्नो उब्जनी दिनेछैन। तँ पृथ्वीमा भगुवा
र डुल्ुवा हुनेछस्।" १३ अनि कयिनले परम-
प्रभुलाई भने, "मैंले सहनै नसक्ने कड़ा दण्ड
मलाई भयो। १४ हेर्नुहोस्, आज तपाईंले
मलाई यस भूमिबाट निकालिदिनुभयो, औ
तपाईंको उपस्थितिबाट मैले लुक्नुपर्नेछ। म
पृथ्वीमा भगुवा र डुलुवा हुनेछु, औ मलाई
फेला पार्ने जोसुकैले पनि मलाई मार्नेछ।"
१५ तब परमप्रभुले तिनलाई भन्नुभयो, "त्यसो
होइन, जसले कयिनलाई मार्छ त्यससित सात
गुणा बदला लिइनेछ।" अनि कयिनलाई कसैले
फेला पारेर नमारोस् भनी परमप्रभुले
तिनीमाथि एउटा चिह्न लगाइदिनुभयो।

१६ तब कयिन परमप्रभुको उपस्थितिबाट
निस्केर अदनको पूर्वपट्टि भएको नोद भन्ने
देशमा बस्नलागे। १७ अनि आफ्नी स्वास्नी-
सित कयिनको सहवास भयो, र गर्भवती
भएर तिनले हनोकलाई जन्माइन्। कयिनले
एउटा शहर बनाएर आफ्नो छोराकै नाउँमा
त्यस शहरको नाउँ पनि हनोक राखे।
१८ अनि हनोकबाट ईरादको जन्म भयो।
ईरादबाट महूयाएलको जन्म भयो। महूयाएल-
बाट मतूशाएलको जन्म भयो। मतूशाएलबाट
लेमेकको जन्म भयो। १९ लेमेकले दुइटी
स्वास्नी ल्याए। एउटीको नाउँ आदा र अर्कीको
सिल्ला थियो। २० आदाले याबाललाई जन्माइन्।
तिनी पालमा बस्नेहरू र पशु पाल्नेहरूका पित्र
थिए। २१ तिनको भाइको नाउँ यूबाल हो।
तिनी चाहिं वीणा र बाँसुरी बजाउनेहरू सबैका
पित्र थिए। २२ सिल्लाले तूबल-कयिनलाई
जन्माइन्। तिनी सबै पीतल र फलामका
हतियारहरू बनाउँथे। तूबल-कयिनकी बहिनी
नामा थिइन्। २३ लेमेकले आफ्ना
स्वास्नीहरूलाई भने,

"ए आदा र सिल्ला, मेरा कुरा सुन,
ए लेमेकका स्वास्नी हो, मैंले भनेका
कुरामा ध्यान दिएर सुन,
किनभने मलाई चोट लाउने मानिसलाई
मैंले मारेको छु,
मलाई घाइते बनाउने जवान मानिसलाई!
२४ यदि कयिनको बदला सात गुणा
लिइन्छ भने
लेमेकको चाहिं सतहत्तर गुणा लिइनेछ।"

२५ फेरि आफ्नी स्वास्नीसित आदमको
सहवास भयो, र तिनले एउटा छोरो जन्माइन्,
औ तिनको नाउँ यसो भनेर सेत राखियो,
"परमेश्वरले मेरो निम्ति कयिनले मारेको
हाबिलको सट्टामा एउटा अर्को बालक नियुक्त
गर्नुभयो।" २६ सेतको पनि एउटा छोरो
भयो। औ तिनले तिनको नाउँ एनोश
राखे। त्यस समयदेखि मानिसले परमप्रभुको
नाउँको पुकारा गर्न शुरू गरे।

आदमदेखि नूहसम्मको वंशावली

५ आदमको वंश-विवरणको पुस्तक यही
हो—परमेश्वरले मानिसलाई सृष्टि
गर्नुहुँदा उहाँले तिनलाई आफ्नै स्वरूपमा
बनाउनुभयो। २ उहाँले तिनीहरूलाई नर र
नारी सृष्टि गर्नुभयो। उनीहरूको सृष्टि भएको
दिन उहाँले उनीहरूलाई आशिष दिनुभयो, र
मानिस* नाउँ दिनुभयो। ३ आदमको उमेर
एक सय तीस वर्षको हुँदा तिनले आफ्नै
स्वरूपमा एउटा छोरालाई जन्म दिएर तिनको
नाउँ सेत राखे। ४ सेतको जन्म भएपछि
आदम आठ सय वर्षसम्म बाँचे, र तिनका
अरू छोरा-छोरीहरू जन्मे। ५ यसरी आदमको
जम्मा उमेर नौ सय तीस वर्ष भएको थियो।
अनि तिनी मरे।

सेतको वंश

६ सेतको उमेर एक सय पाँच वर्षको
हुँदा तिनले एनोशलाई जन्माए। ७ एनोश

* मानिसजाति

जन्मेपछि सेत आठ सय सात वर्षसम्म बाँचे।
तिनका अरू छोरा-छोरीहरू जन्मे। ८ यसरी
सेतको जम्मा उमेर नौ सय बाह्र वर्ष भएको
थियो। अनि तिनी मरे।
९ एनोशको उमेर नब्बे वर्षको हुँदा तिनले
केनानलाई जन्माए। १० केनान जन्मेपछि
एनोश आठ सय पन्ध्र वर्षसम्म बाँचे। तिनका
अरू छोरा-छोरीहरू जन्मे। ११ यसरी एनोशको
जम्मा उमेर नौ सय पाँच वर्ष भएको थियो।
अनि तिनी मरे।
१२ केनानको उमेर सत्तरी वर्ष हुँदा
तिनले महलेललाई जन्माए। १३ महलेल
जन्मेपछि केनान आठ सय चालीस वर्षसम्म
बाँचे। अनि तिनका अरू छोरा-छोरीहरू जन्मे।
१४ यसरी केनानको जम्मा उमेर नौ सय दश
वर्ष भएको थियो। अनि तिनी मरे।
१५ महलेलको उमेर पैंसट्ठी वर्षको हुँदा
तिनले येरेदलाई जन्माए। १६ येरेद जन्मेपछि
महलेल आठ सय तीस वर्षसम्म बाँचे।
तिनका अरू छोरा-छोरीहरू जन्मे। १७ यसरी
महलेलको जम्मा उमेर आठ सय पन्चानब्बे
वर्ष भएको थियो। अनि तिनी मरे।
१८ येरेदको उमेर एक सय बासट्ठी वर्षको
हुँदा तिनले हनोकलाई जन्माए। १९ हनोक
जन्मेपछि येरेद आठ सय वर्षसम्म बाँचे।
तिनका अरू छोरा-छोरीहरू जन्मे। २० यसरी
येरेदको जम्मा उमेर नौ सय बासट्ठी वर्ष भएको
थियो। अनि तिनी मरे।
२१ हनोकको उमेर पैंसट्ठी वर्षको हुँदा
तिनले मतूशेलहलाई जन्माए। २२ मतूशेलह
जन्मेपछि हनोक तीन सय वर्षसम्म परमेश्वरको
साथसाथ हिंड्दै रहे। तिनका अरू छोरा-छोरीहरू
जन्मे। २३ यसरी हनोकको जम्मा उमेर तीन
सय पैंसट्ठी वर्ष भएको थियो। २४ हनोक
परमेश्वरको साथसाथ हिंड्थे। औ तिनी
रहेनन्, किनभने परमेश्वरले तिनलाई उठाइलानु-
भयो।
२५ मतूशेलहको उमेर एक सय सत्तासी
वर्षको हुँदा तिनले लेमेकलाई जन्माए।
२६ लेमेक जन्मेपछि मतूशेलह सात सय बयासी
वर्षसम्म बाँचे। तिनका अरू छोरा-छोरीहरू
जन्मे। २७ यसरी मतूशेल्हको जम्मा उमेर
नौ सय उनहत्तर वर्ष भएको थियो। अनि
तिनी मरे।
२८ लेमेकको उमेर एक सय बयासी
वर्षको हुँदा तिनले एउटा छोरो जन्माए।
२९ तिनले यसो भनेर तिनको नाउँ नूह राखे
'परमप्रभुले श्राप दिनुभएको भूमिको हाम्रो
काम र परिश्रमबाट यसले हामीलाई शान्ति
दिनेछ।' ३० नूह जन्मेपछि लेमेक पाँच सय
पन्चानब्बे वर्षसम्म बाँचे। तिनका अरू छोरा-
छोरीहरू जन्मे। ३१ यसरी लेमेकको जम्मा
उमेर सात सय सतहत्तर वर्ष भएको थियो।
अनि तिनी मरे।
३२ नूह पाँच सय वर्षका हुँदा तिनले शेम,
हाम र येपेतलाई जन्माए।

नूह र जलप्रलय

६ जब मानिसहरू पृथ्वीमा बढ्दै गए,
तिनीहरूका छोरीहरू जन्मे, २ तब
परमेश्वरका छोराहरूले मानिसका छोरीहरू-
लाई सुन्दरी देखे। औ आफ्नो आफ्नो रुचिका
पत्नीहरू ल्याए। ३ तब परमप्रभुले भन्नुभयो,
"मेरो आत्माले मानिसमा सधैंको निम्ति बास
गर्नेछैन, किनभने त्यो शरीर मात्र हो। तापनि
त्यसको उमेर एक सय बीस वर्षको हुनेछ।"
४ त्यस बेला पृथ्वीमा नपीलहरू* थिए।
त्यसपछि पनि परमेश्वरका छोराहरू मानिसका
छोरीहरूकहाँ जानलागे। तिनीहरूनै उहिलेका
शूरवीर र नाउँ चलेका मानिसहरू हुन्।
५ पृथ्वीमा मानिसहरूको दुष्टता बढी
भएको र तिनीहरूको हृदयको विचारको जुनसुकै
पनि भावना निरन्तर खराबै मात्र भएको
परमप्रभुले देख्नुभयो। ६ औ पृथ्वीमा
मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस

*बड़े बड़े कदमका मानिसहरू वा दैत्यहरू

गर्नुभयो, र उहाँ मनमा साह्रै दुःखित हुनुभयो।
७ तब परमप्रभुले भन्नुभयो, "मैले सृष्टि
गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिनेछु—
के मानिस, के घस्रने जन्तु, के आकाशका पक्षी
सबैलाई—किनभने ती बनाएकोमा मलाई
अफसोस लाग्यो।" ८ तर नूहमाथि चाहिँ
परमप्रभुको अनुग्रह भयो।

९ नूहका वंशावली यिनै हुन्। आफ्नो
पुस्तामा नूह धर्मी र निर्दोष मानिस थिए।
औ तिनी परमेश्वरको साथै हिँड्नेगर्थे।
१० नूहले तीन जना छोराहरू जन्माए—
शेम, हाम र येपेत।

११ परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट
भएको र उपद्रवले भरिएको थियो। १२ जब
परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब
त्यो भ्रष्ट भएको देख्नुभयो, किनकि सबै
प्राणीले पृथ्वीमा आफ्नो चाल-चलन भ्रष्ट
पारिसकेका थिए।

१३ अनि परमेश्वरले नूहलाई भन्नुभयो,
"सबै प्राणीको अन्त्य गर्ने मैले अठोट गरि-
सकेको छु, किनभने पृथ्वी तिनीहरूद्वारा उपद्रवले
भरिएको छ। हेर्, म तिनीहरूलाई पृथ्वी-
समेत नाश गर्नेछु। १४ तैँले गोपेर
काठको एउटा जहाज बनाउनू। जहाजमा
कोठा कोठा बनाउनू र त्यसलाई भित्र बाहिर
अलकत्राले लिप्सनू। १५ तैँले त्यो यसरी
बनाउनू—जहाजको लमाइ तीन सय हात,
चौड़ाइ पचास हात र उँचाइ तीस हातको
होस्। १६ जहाजमा एउटा झ्याल बनाउनू।
त्यो मास्तिर माथिबाट एक हात छोड़ेर टुँग्याउनू।
जहाजको ढोका त्यसको एकापट्टि राख्नू। पहिलो,
दोस्रो र तेस्रो तला भएको त्यो बनाउनू।
१७ किनभने हेर्, जीवनको सास हुने सबै
प्राणीलाई म आकाशमनिबाट सर्वनाश पार्नलाई
पृथ्वीमा जलप्रलय ल्याउनेछु, र पृथ्वीमा भएको
हरेक प्राणी मर्नेछ। १८ तर तँसँग चाहिँ म
आफ्नो करार स्थापित गर्नेछु। तँ, तेरा
छोराहरू, तेरी स्वास्नी र तेरा बुहारीहरू तेरो
साथ जहाजमा आउनेछन्। १९ सबै जीवित
प्राणीमध्ये हरेक जातका दुइ दुइ गरी जहाजमा
ले, र तिनीहरू पनि तँसँग बाँचिरहून्।
तिनीहरू भाले र पोथी हुनुपर्छ। २० पक्षीहरू-
मध्ये तिनीहरूका जात जात अनुसार, जमीनमा
घस्रने सबै जन्तुहरू तिनीहरूका जात जात अनु-
सार, सबै थरीका दुइवटा—तिनीहरू जीवित
रहनलाई तँकहाँ आउनेछन्। २१ अनि हरेक
किसिमका आहार पनि तैँले आफ्नो साथमा
जम्मा गरेर राख्नू। ती तेरो र तिनीहरूका
निम्ति आहार हुनेछन्।" २२ अनि नूहले
त्यसै गरे—परमेश्वरले तिनीलाई आज्ञा
गरेबमोजिम तिनले सबै गरे।

७ तब परमप्रभुले नूहलाई भन्नुभयो, "तँ
र तेरा सबै जहान जहाजमा आओ।
किनभने यस पुस्तामा मेरो सामु तँलाई मात्र
मैले धर्मी देखेको छु। २ सबै जातका शुद्ध
पशुहरूमध्येका सात जोड़ी, अर्थात् भाले र
पोथी, औ जुन जुन शुद्ध छैनन्, तिनीहरू
मध्येका दुइ, अर्थात् भाले र पोथी, ३ र
पक्षीहरूमध्येका पनि सात जोड़ी, अर्थात्
भाले र पोथी समस्त पृथ्वीमा तिनीहरूका
जातिहरूलाई जीवित राख्न तिनीहरूलाई तैँले
ल्याउनू। ४ किनकि अबको सात दिनमा
म पृथ्वीमा चालीस दिन र चालीस रात पानी
वर्षाउनेछु। जति प्राणीलाई मैले बनाएको
छु, ती सबैलाई पृथ्वीबाट म नष्ट गर्नेछु।
५ तब परमप्रभुले तिनीलाई हुकुम गर्नुभए-
बमोजिम नूहले सबै गरे।

६ नूह छ सय वर्षको हुँदा पृथ्वीमा
जलप्रलय भएको थियो। ७ नूह, तिनका
छोराहरू, तिनकी स्वास्नी तथा तिनका
बुहारीहरू जलप्रलयको पानीबाट बाँच्नलाई
जहाजमा आए। ८ शुद्ध पशुहरू र अशुद्ध
पशुहरू, पक्षीहरू र भूइँमा घस्रने हरेक जन्तु
९ परमेश्वरको हुकुमबमोजिम जोड़ी जोड़ी,
अर्थात् भाले र पोथी नूहकहाँ जहाजमा

आए। १० अनि ठीक सात दिनपछि पृथ्वीमा
जलप्रलयको पानी पर्नलाग्यो।

११ नूहको जीवनको छ सय वर्षको दोस्रो
महीनाको सत्रौं दिनमा ठूला ठूला अगाधका सब
मूलहरू फूटे, औ आकाशका झ्यालहरू खुले।
१२ अनि चालीस दिन र रातसम्म पृथ्वीमा
वृष्टि भइरह्यो। १३ ठीक त्यसै दिन नूह,
तिनका छोराहरू शेम, हाम र येपेत, तिनकी
स्वास्नी र तिनका तीन बुहारीहरू जहाजभित्र
पसे। १४ तिनीहरू र आफ्ना आफ्ना जात-
अनुसारका सबै पशुहरू, पाल्तु-पशुहरू, र भूईँमा
घस्रने सबै जन्तुहरू, सबै चरा-चुरुङ्गीहरू तथा
आफ्ना आफ्ना जातका सबै थरीका पक्षीहरू
पसे। १५ औ जीवनको सास हुने सबै प्राणीका
जोड़ी जोड़ी गरी नूहकहाँ जहाजमा आए।
१६ औ परमेश्वरले नूहलाई हुकूम गरेबमोजिम
जहाजभित्र पसेका प्राणी भाले र पोथी गरी आए।
त्यसपछि परमप्रभुले जहाजको ढोका थुनिदिनुभयो
१७ औ पृथ्वीमा चालीस दिनसम्म जलप्रलय
भइरह्यो। पानी बढ़ेर जहाजलाई उचाल्नलाग्यो र
त्यो जमीनबाट माथि जानलाग्यो। १८ पानी
धेरै परिरह्यो र यस्तो गरी बढ़नलाग्यो कि चौपट्टै
बढ़ेर पृथ्वीमा भरिनलाग्यो, र जहाज पानी
माथि माथि उत्रनलाग्यो। १९ पानी पृथ्वीमा
जोरसँग परिरह्यो र आकाशमनिका जम्मै
अल्गा अल्गा पर्वतहरू ढाकिए। २० पानी
बढ़ेर आयो र पर्वतहरूलाई पन्ध्र हातसम्म डुबाइ-
दियो। २१ पृथ्वीमा चलहल गर्ने सबै जीवित
जीवात्—के पक्षी, के पाल्तु-पशु, के वन-पशु
भूईँमा घस्रने सबै जन्तुहरू तथा सबै मानिसहरू
मरे। २२ ओबानो भूमिमा भएका सास हुने
सबै प्राणी मरे। २३ अनि जति प्राणी
जमीनमा थिए—के मानिस, के पाल्तु-पशु,
के घस्रने जन्तु, के पक्षी, सबै मासिए।
तिनीहरू पृथ्वीबाट मासिए, केवल नूह
र जति जना तिनीसित जहाजमा थिए
तिनीहरू मात्र जीवितै रहे। २४ अनि
पानी पृथ्वीमा एक सय पचास दिनसम्म
परिरह्यो।

८ तर परमेश्वरले नूह र तिनीसँग जहाजमा
भएका सबै वन-पशु र पाल्तु-पशुहरूलाई
सम्झनुभयो। परमेश्वरले पृथ्वीमा बतास चलाइ-
दिनुभयो, र पानी मत्थर भयो। २ अगाधका
मूलहरू र आकाशका झ्यालहरू थुनिए र
आकाशबाट वृष्टि बन्द गरियो। ३ अनि पानी
पृथ्वीमा लगातार घट्दैगयो। एक सय पचास
दिन बितेपछि पानी घटिहाल्यो। ४ सातौं
महीनाको सत्रौं दिनमा जहाज आरारातका
पहाड़हरूमा अड़ियो। ५ औ दशौं महीनासम्म
पानी लगातार घट्दैगयो। दशौं महीनाको
पहिलो दिनमा डांड़ाहरूका टाकुरा देखा परे।
६—७ चालीस दिनपछि आफूले बनाएको
जहाजको झ्याल नूहले खोले, र एउटा
कागलाई उड़ाइदिए। जमीनको पानी नसुकू-
ञ्जेल त्यो काग यताउता उड़िरह्यो। ८ तब
नूहले पानी अझ पनि जमीनमा घट्यो कि भनी
एउटा ढुकुर उड़ाइदिए। ९ त्यस ढुकुरले आफ्नो
खुट्टा टेकाउने ठाउँ नपाएकोले त्यो तिनीकहाँनै
जहाजमा फर्क्यो, किनभने पृथ्वीमा अझै पानी
थियो। तब तिनले आफ्नो हात पसारेर
त्यस ढुकुरलाई समाती आफूकहाँ जहाजमा
राखे। १० अरू सात दिन पर्खेर तिनले
फेरि त्यस ढुकुरलाई जहाजबाट उड़ाइपठाए।
११ त्यो ढुकुर साँझमा तिनीकहाँ फर्क्यो। त्यसको
चुच्चामा भर्खरै टिपेको भद्राक्षको एउटा पात
थियो। तब पानी जमीनमा घटेछ भन्ने नूहले
थाह पाए। १२ तब तिनले अरू सात दिन पर्खेर
त्यस ढुकुरलाई उड़ाइपठाए, र त्यो फेरि
तिनीकहाँ फर्केर आएन।

१३ छ सय एक वर्षको पहिलो महीनाको
पहिलो दिन पृथ्वीबाट पानी सुक्यो, र नूहले
जहाजको छत उघारेर हेरे, औ जमीन सुक्खा
थियो। १४ अनि दोस्रो महीनाको सत्ताईसौं
दिनमा जमीन सुकिहाल्यो।

१५ तब परमेश्वरले नूहलाई भन्नुभयो,
१६ "तँ, तेरी स्वास्नी, तेरा छोराहरू र तेरा
बुहारीहरूसमेत जहाजबाट निस्की। १७ तेरी
साथमा भएका हरेक जीवित प्राणी, पशु र पक्षी

दुवै, औ घस्रने जन्तुलाई बाहिर निकाल्, र तिनी-
हरू पृथ्वीमा प्रशस्त गरी बढ्न्, औ तिनीहरू
पृथ्वीमा फैलिँदै र संख्यामा वृद्धि हुँदै जाऊन्।''
१८ तब नूह, तिनका छोराहरू, तिनका स्वास्नी
तथा बुहारीहरू जहाजबाट निस्केर आए।
१९ औ हरेक बन-पशु घस्रने जन्तु, पक्षी र
पृथ्वीमा हिँड्डुल गर्ने सबै जीव-जन्तुहरू पनि
तिनीहरूका जात जातअनुसार जहाजबाट निस्केर
आए।

२० अनि नूहले परमप्रभुका निम्ति एउटा
वेदी बनाएर हरेक शुद्ध पशु र शुद्ध पक्षीमध्येबाट
लिई होमबलि चढाए। २१ त्यसको मीठो
बासना लिनुभएपछि परमप्रभुले आफ्नो मनमा
भन्नुभयो, ''अब म फेरि मानिसको खातिर
पृथ्वीलाई सराप दिनेछैनँ, किनकि मानिसको
हृदयका विचार बालकदेखिनै खराब हुन्छ,
औ अहिले मैले गरेजस्तै सबै प्राणीलाई फेरि
यसरी सर्वनाश म गर्नेछैनँ। २२ पृथ्वी
रहुन्जेल बिउ छर्ने र फसल काटने समय,
ग्रीष्म र शिशिर औ दिन र रातको अन्त
हुनेछैन।''

९ त्यसपछि परमेश्वरले नूह र तिनका
छोराहरूलाई आशिष दिएर भन्नुभयो,
''फल्दै-फुल्दै, वृद्धि हुँदै र पृथ्वीमा भरिँदै
जाओ। २ पृथ्वीका सबै पक्षीहरू र जमीनमा
घस्रने सबै जन्तुहरू र समुद्रका सबै माछाहरू-
मा तिमीहरूको डर आतंक हुनेछ। तिमीहरूकै
हातमा ती सुम्पिएका छन्। ३ जीवित-जीवात्
सबै तिमीहरूका आहारका निम्ति हुनेछन्।
मैले हरिया वनस्पति तिमीहरूलाई दिएझैं सबै
थोक म तिमीहरूलाई दिन्छु। ४ तर मासु
त्यसको प्राणसमेत, अर्थात् रगतसमेत नखाओ।
५ तिमीहरूको रगत, अर्थात् प्राणको रगतको
निम्ति म निश्चय लेखा लिनेछु। हरेक पशु
र मानिसदेखि र हरेक मानिसका दाज्यू-भाइ-
देखि पनि म मानिसको प्राणको साटो लिनेछु।
६ जसले मानिसको रक्तपात गर्छ मानिसबाटै
त्यसको रक्तपात हुनेछ, किनभने परमेश्वरले
मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभएको हो।
७ संख्यामा तिमीहरूको वृद्धि होस्, र तिमी-
हरू फल्दै-फुल्दै जाओ। पृथ्वीमा प्रशस्तसँग
तिमीहरूका बालकहरू जन्मून्, र संख्यामा
तिनीहरूको वृद्धि हुँदैजाओस्।''

८ अनि परमेश्वरले नूह र तिनका छोरा-
हरूलाई यसो भन्नुभयो, ९ ''तिमीहरूसित र
तिमीहरूका भावी सन्तानसित, १० र
जहाजबाट तिमीहरूसित निस्केर आएका
सबै जीवित प्राणीहरू, अर्थात् पक्षीहरू, पाल्तु-
पशुहरू र तिमीहरूसित भएका पृथ्वीका सबै
जीव-जन्तुहरूसित म मेरो करार स्थापित गर्दछु।
११ म तिमीहरूसित मेरो यो करार स्थापित
गर्दछु, कि कुनै प्राणी फेरि प्रलयको पानीले
नष्ट हुनेछैन, औ पृथ्वीलाई सर्वनाश गर्न
फेरि कहिल्यै जलप्रलय हुनेछैन।'' १२ औ
परमेश्वरले भन्नुभयो, ''जुन करार मेरो र
तिमीहरू र तिमीहरूका साथमा भएका सबै
जीवित प्राणीको बीचमा पुस्तौंसम्मको निम्ति म
ठहराउँदैछु त्यसको चिह्न यही हुन्छ १३ म
बादलमा मेरो धनु राख्तछु, औ मेरो र
पृथ्वीको बीचमा त्यो एउटा करारको चिह्न
हुनेछ। १४ जब म पृथ्वीमा बादल फिँजाउँछु
तब बादलमा धनु देखा पर्छ, १५ र आफ्नो
करारलाई सम्झनेछु, मेरो र तिमीहरू र
हरेक किसिमका जीवित प्राणीको बीचमा
रहेको छ, र पानीले फेरि कहिल्यै सबै प्राणी-
लाई नाश गर्ने प्रलय ल्याउनेछैन। १६ बादलमा
जुन धनु हुन्छ, म त्यो हेरेर यो सधैंको
करारलाई सम्झनेछु, जो परमेश्वर र पृथ्वीका
सबै प्राणीका जीवित-जीवातसँग बाँधिएको छ''
१७ फेरि परमेश्वरले नूहलाई भन्नुभयो, ''मैले
पृथ्वीका सारा प्राणी र मेरो बीचमा बाँधेको
करारको चिह्न यही हो।''

नूह र दाखमद्य

१८ जहाजबाट बाहिर निस्किआएका
नूहका छोराहरू शेम, हाम र येपेत हुन्।

हाम चाहिँ कनानका पिता थिए। १९ नूहका
छोराहरू यिनै तीन जना थिए। यिनीबाट
समस्त पृथ्वी भरियो।

२० अनि नूहले खेती गर्नलागे, र
तिनले दाखबारी लगाए। २१ औ दाखमद्य
पिएर तिनी मातिए, र आफ्नो पालभित्र
नाङ्गै सुतिबसे। २२ कनानका पिता हामले
आफ्ना पिताको नग्नता देखेर बाहिर आई
आफ्ना दुवै दाज्यूहरूलाई बताइदिए।
२३ तब शेम र येपेतले एउटा लुगा लिए,
र दुवैले आफ्ना काँधमा हाले, र पछिल्तिर
सर्दै सर्दै गएर तिनीहरूले आफ्ना पिताको
नग्नता ढाकिदिए। तिनीहरूका मुख पछि-
ल्तिर फर्केको हुनाले तिनीहरूले आफ्ना पिताको
नग्नता देखेनन्। २४ जब नूहलाई मद्यको
निद्राले छोड्यो तब तिनको कान्छो
छोराले गरेको कुरा तिनले थाह पाए।

२५ तब तिनले भने,
"श्रापित होस् कनान,
त्यो आफ्ना दाज्यूहरूका कमाराहरूको
पनि कमारा हुनेछ।"

२६ तिनले यसो पनि भने,
"शेमका परमप्रभु धन्यका होऊन्,
कनान त्यसको दास होस्।

२७ परमेश्वरले येपेतको वृद्धि गरून्,
र त्यसले शेमको पालमा बास गरोस्,
औ कनान चाहिँ त्यसको कमारा
होस्।"

२८ जलप्रलयपछि नूह साढ़े तीन सय
वर्षसम्म बाँचिरहे। २९ नूहको जम्मा उमेर
नौ सय पचास वर्ष भयो। अनि तिनी मरे।

नूहका सन्तानहरू

१० नूहका छोराहरू शेम, हाम र येपेतका
पुस्ता यिनै हुन्। अनि जलप्रलयपछि
तिनका छोराहरू जन्मे।

२ येपेतका छोराहरू—गोमेर, मागोग,
मादे, यावान, तूबल, मेशेक र तीरास।
३ गोमेरका छोराहरू—अशकनज, रीपत र
तोगर्मा। ४ याबानका छोराहरू—एलीशा,
तर्शीश, कित्तीम र दोदानीम। ५ यिनीहरूबाटनै
समुद्रतटवासीहरू फिँजिए। तिनीहरूका देश,
प्रत्येकका भाषा, कुल र जाति जातिअनुसार
यी सबै येपेतका छोराहरू हुन्।

६ हामका छोराहरू—कूश, मिस्र, पूत र
कनान। ७ कूशका छोराहरू—सबा, हवीला,
सबता, रामा, र सबत्का। रामाका छोराहरू
शबा र ददान थिए। ८ कूशले निम्रोदलाई
जन्माए। यिनीनै प्रथम वीर पुरुष थिए।
९ तिनी परमप्रभुको दृष्टिमा शक्तिशाली शिकारी
थिए। 'निम्रोदजस्तै परमप्रभुको दृष्टिमा
शक्तिशाली शिकारी' भन्ने आहानै चलेको छ।
१० तिनको राज्यको शुरू बाबेल, एरेक,
अक्कद र कल्ने भयो, जुन शिनार देशमा
छन्। ११ त्यही देशबाट तिनी अश्शूरमा गए,
र नीनवे, रहोबोतीर र कालह शहरहरू,
१२ औ नीनवे र कालहको बीचमा रेसेन शहर
बनाए। रेसेन चाहिँ राजधानी हो।
१३ मिस्रले लूदी, अनामी, लहाबी, नप्तूही
१४ पत्रुसी, कसूलूही (जसबाद पलिश्तीहरू
निस्के) र कप्तोरीहरूलाई जन्माए।

१५ कनानले आफ्ना जेठा छोरा सीदोन र
हेतलाई जन्माए। १६ तिनीहरूबाट यबूसी,
एमोरी र गिर्गाशी, १७ हिव्वी, अर्की र सिनी,
१८ औ अर्वादी, समारी र हमातीहरू उत्पन्न
भए। त्यसपछि कनानवंशीहरू जताततै फिँजिए।
१९ कनान वंशीहरूको सीमाना सीदोनदेखि गरार
जाने बाटोतिर गाजासम्म औ सदोम र गमोरा,
अदमा सबोयीम जाने बाटोतिर भएर लाशासम्म
थियो। २० हामका छोराहरू तिनका वंशअनुसार
तिनका भाषा, तिनका देश र तिनका जाति यिनै
हुन्।

२१ एबेरका सबै सन्तानका पित्र र येपेतका
जेठा दाज्यू शेमका पनि छोराहरू जन्मे।
२२ शेमका छोराहरू—एलाम, अश्शूर, अर्पक्षद,
लूद र अराम थिए। २३ अरामका छोराहरू—
ऊज, हुल, गेतेर र मश थिए। २४ अर्पक्षदले
शेलहलाई जन्माए। शेलहले एबेरलाई जन्माए।

२५ एबेरका दुइ जना छोराहरू जन्मे। एउटाको
नाउँ पेलेग* थियो, किनभने तिनकै समयमा
पृथ्वी अलग अलग भागमा बाँडियो। तिनको
भाइको नाउँ योक्तान थियो। २६ योक्तानले
अल्मोदाद, शेलेप, हसर्मवित र येरह, २७ औ
हदोराम, ऊजाल र दिक्ला २८ औ ओबाली,
अबमाएल र शबा २९ औ ओपीर, हवीला र
योबाबलाई जन्माए। यी सबै योक्तानका छोरा-
हरू थिए। ३० तिनका बासस्थान मेशादेखि यता
पूर्वको पहाड़ी देश सपारा जाने बाटोसम्म थियो।
३१ शेमका छोराहरू तिनका वंशअनुसार, तिनका
भाषा, तिनका देश र तिनका जाति यिनै हुन्।
३२ नूहका छोराहरूका सन्तान, तिनका
जातिअनुसारका वंश यिनै हुन्। यिनैबाट जल-
प्रलयपछि पृथ्वीमा जाति जाति अलग अलग
भएर जताततै फिँजिए।

बाबेलको धरहरा

११ त्यस बेला जम्मै पृथ्वीमा एउटै भाषा
थियो औ शब्दहरू थोरै थिए।
२ मानिसहरू पूर्वतिर सर्दै जाँदा शिनार देशमा
एउटा मैदान भेट्टाएर त्यहीं बास गरे। ३ तब
तिनीहरूले आपसमा भने, "लौ, हामीहरू ईंटा
बनाएर पोलौं।" ढुङ्गाको सट्टा ईंटा र हिलोको
सट्टा अलकत्रा तिनीहरूले बनाए। ४ तब तिनी-
हरूले भने, "लौ, हामी आफ्ना निम्ति एउटा शहर
र टुप्पा स्वर्गसम्म भएको एउटा धरहरा बनाएर
आफ्नो नाउँ राखौं, नत्रता हामीलाई पृथ्वीभरि
जताततै छरिनुपर्नेछ।" ५ मानिसको सन्तानले
बनाइरहेको शहर र धरहरा हेर्नलाई परमप्रभु तल
ओर्लनुभयो। ६ अनि परमप्रभुले भन्नुभयो, "ती
सबै ता एउटै भाषा भएको एउटै जाति छ। औ
तिनीहरूले गर्न थालेको कामको यो ता शुरू मात्र
हो। तिनीहरूले जे गर्ने विचार गर्दैछन् तिनी-
हरूबाट अब केही कुरा रोकिनेछैन। ७ लौ, तल
ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदिऔं,
र तिनीहरूले एका अर्काको बोली नबुझून्।"
८ तब परमप्रभुले त्यहींबाट तिनीहरूलाई जम्मै
पृथ्वीभरि तितर-बितर पारिदिनुभयो, र तिनीहरूले
त्यो शहर बनाउन छोड़िदिए। ९ यसकारण
त्यसको नाउँ बाबेल राखियो, किनभने परमप्रभुले
त्यहींनै सारा पृथ्वीभरिका भाषा खलबल पारि-
दिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरू-
लाई सारा पृथ्वीमा तितर-बितर पारिदिनुभयो।

शेमदेखि अब्रामसम्मको वंशावली

१० शेमका पुस्ता यिनै हुन्। जलप्रलयको दुइ
वर्षपछि एक सय वर्षको उमेरमा शेमले अर्पक्षदलाई
जन्माए। ११ अर्पक्षद जन्मेपछि शेम पाँच सय
वर्षसम्म बाँचे, औ तिनका अरू छोरा-छोरीहरू
जन्मे।
१२ अर्पक्षद पैंतीस वर्षको हुँदा तिनले
शेलहलाई जन्माए। १३ शेलह जन्मेपछि
अर्पक्षद चार सय वर्षसम्म बाँचे, औ तिनका अरू
छोरा-छोरीहरू जन्मे।
१४ शेलहको उमेर तीस वर्षको हुँदा तिनले
एबेरलाई जन्माए। १५ एबेर जन्मेपछि शेलह
चार सय तीन वर्षसम्म बाँचे, औ तिनका अरू
छोरा-छोरीहरू जन्मे।
१६ एबेरको उमेर चौंतीस वर्षको हुँदा तिनले
पेलेगलाई जन्माए। १७ पेलेग जन्मेपछि एबेर
चार सय तीस वर्षसम्म बाँचे, औ तिनका अरू
छोरा-छोरीहरू जन्मे।
१८ पेलेगको उमेर तीस वर्षको हुँदा तिनले
रऊलाई जन्माए। १९ रऊ जन्मेपछि पेलेग
दुइ सय नौ वर्षसम्म बाँचे, औ तिनका अरू
छोरा-छोरीहरू जन्मे।
२० रऊको उमेर बत्तीस वर्षको हुँदा तिनले
सरूगलाई जन्माए। २१ सरूग जन्मेपछि रऊ
दुइ सय सात वर्षसम्म बाँचे, औ तिनका अरू
छोरा-छोरीहरू जन्मे।
२२ सरूगको उमेर तीस वर्षको हुँदा तिनले
नाहोरलाई जन्माए। २३ नाहोर जन्मेपछि
सरूग दुइ सय वर्षसम्म बाँचे, औ तिनका अरू
छोरा-छोरीहरू जन्मे।

*भाग

२४ नाहोरको उमेर उनन्तीस वर्षको हुँदा
तिनले तेरहलाई जन्माए। २५ तेरह जन्मेपछि
नाहोर एक सय उन्नाईस वर्षसम्म बाँचे, औ
तिनका अरू छोरा-छोरीहरू जन्मे।
२६ तेरहको उमेर सत्तरी वर्षको हुँदा
तिनले अब्राम, नाहोर र हारानलाई जन्माए।
२७ तेरहको पुस्ता यिनै हुन्। तेरहले
अब्राम, नाहोर हारानलाई जन्माए। हारानले
लूतलाई जन्माए। २८ हारान तिनका बाबु
तेरहकै जीवनकालमा आफ्नो जन्म देश कल्दी-
हरूको ऊरमा मरे। २९ अब्राम र नाहोरले
विवाह गरेर स्वास्नी ल्याए। अब्रामकी स्वास्नीको
नाउँ साराई र नाहोरकी स्वास्नीको नाउँ
मिल्का थियो। तिनी हरानकी छोरी थिइन्।
हारान चाहिं मिल्का र यिस्काका पिता थिए।
३० साराई बाँझी थिइन्, र तिनको कोही
छोरा-छोरी थिएनन्। ३१ तेरहले आफ्नो
छोरो अब्राम र हारानको छोरो आफ्नो नाति
लूत औ अब्रामकी स्वास्नी साराई आफ्नी
बुहारीलाई साथमा लिएर कल्दीहरूको ऊरबाट
कनान देशमा जान तिनीहरूसँगै
निस्के। अनि तिनीहरू हारानमा पुगेपछि
त्यहींनै बसोबासो गरे। ३२ तेरहको उमेर
दुइ सय पाँच वर्ष पुगेपछि तिनी हारानमा
मरे।

अब्रामको जीवन वृतान्त—कनानतिर अब्रामको यात्रा

१२ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तेरो
देश र तेरा कुटुम्ब तथा तेरा पिताका
जहानबाट निस्केर जुन देश म तँलाई
देखाउँछु त्यहाँ जा। २ म तँबाट एउटा
ठूलो जाति खड़ा गर्नेछु। म तँलाई आशिष
दिनेछु र तेरो नाउँ प्रसिद्ध गराउनेछु। तँ
आशिषको मूल भएस्। ३ तँलाई आशिष
दिनेहरूलाई म आशिष दिनेछु, र तँलाई सराप
दिनेहरूलाई म सराप दिनेछु। तँमानै पृथ्वीका
सबै कुलले आशिष पाउनेछन्।

४ यसैकारण परमप्रभुले भन्नुभएबमोजिम
अब्राम गइहाले, र लूत पनि तिनीसँग गए।
हारानबाट निस्केर जाँदा अब्राम पचहत्तर वर्षका
थिए। ५ अनि अब्राम, तिनकी स्वास्नी साराई
र तिनका भतीजा लूत र तिनीहरूले जम्मागरेका
सबै धन-सम्पत्ति र हारानमा प्राप्त गरेका मानिस-
हरूलाई लिएर कनान देशमा जानलाई निस्के।
६ अब्राम त्यस देशबाट भएर शेकेममा मोरेको
फँलाटको रूख भएको ठाउँसम्म पुगे। त्यस बेला
त्यस ठाउँमा कनानीहरू बस्थे। ७ अनि
परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिन-
लाई भन्नुभयो, "म तेरा सन्तानलाई यो देश
दिनेछु।" यसैले तिनीकहाँ देखा पर्नुभएको
परमप्रभुका निम्ति तिनले त्यहाँ एउटा वेदी
बनाए। ८ त्यहाँबाट तिनी हिंड़ेर बेतेलको
पूर्वपट्टि भएको पहाड़मा सरे, बेतेललाई
पश्चिम र ऐ शहरलाई पूर्वपट्टि पारेर आफ्नो
पाल टाँगे। तिनले परमप्रभुको नाउँमा त्यहाँ
एउटा वेदी बनाएर परमप्रभुको नाउँको पुकारा
गरे। ९ अनि अब्राम अझै यात्रा गर्दै
यहूदाको दक्षिण भाग नेगेबतिर गए।

अब्राम मिश्र देशमा गएका

१० अनि त्यस देशमा अनिकाल पर्‍यो।
औ त्यहाँ घोर अनिकाल परेको हुनाले अब्राम
मिश्र देशमा प्रवास गर्नलाई गए। ११ तिनी
मिश्रमा पस्नै लाग्दा तिनले आफ्नी स्वास्नी
साराईलाई भने, "हेर, तिमी हेर्नमा सुन्दरी
छौ भन्ने मलाई थाह छ। १२ औ मिश्रीहरूले
तिमीलाई देख्ता 'यो ता त्यसकी स्वास्नी
रहिछ' भन्नेछन्। औ मलाई मारेर तिमीलाई
चाहिं जीवित राख्नेछन्। १३ 'म तिनको
बहिनी हुँ' भनी तिमीले भनिदेऊ, र तिम्रो
कारण मलाई भलो हुनेछ, र तिम्रै कारण
मेरो ज्यान जोगिनेछ।" १४ अनि जब अब्राम
मिश्रमा पसे तब मिश्रीहरूले त्यस स्त्रीलाई
अत्यन्त सुन्दरी रहेछन् भनी देखे। १५ औ
फिरऊनका राजकुमारहरूले तिनलाई देखेर

फिरऊनकहाँ तिनको तारीफ गरे, र तिनलाई
फिरऊनको घरमा लगे। १६ तिनको खातिर
फिरऊनले अब्रामसँग राम्रो व्यवहार गरे, र
अब्रामलाई भेड़ा, गोरु, कमारा-कमारी, गधा
र ऊँटहरू दिए। १७ तर परमप्रभुले
अब्रामकी स्वास्नी साराईको कारणले फिरऊन र
तिनको परिवारमाथि भयानक विपत्तिहरू पठाउनु-
भयो। १८ यसकारण फिरऊनले अब्रामलाई
बोलाएर भने, "यो तिमीले मलाई के गर्‍यौ?
तिनी तिम्री स्वास्नी हुन् भनेर तिमीले मलाई
किन भनेनौ? १९ 'तिनी मेरी बहिनी हुन्,'
भनेर तिमीले किन भन्यौ? यसैले मैंले
तिनलाई मेरो स्वास्नी तुल्याउन लगेको हुँ।
अब हेर, तिम्री स्वास्नी यहीं छिन्। तिनलाई
लिएर गइहाल।" २० अनि फिरऊनले
मानिसहरूलाई तिनका विषयमा हुकुम गरे, र
तिनीहरूले अब्रामलाई तिनका स्वास्नी र तिनीसँग
भएका सबै थोकहरूसमेत पठाइदिए।

लूत अब्रामबाट छुट्टिएका

१३ अब्राम, तिनकी स्वास्नी र तिनीसँग
भएका सबै थोक र लूतलाई साथमा
लिएर मिश्रबाट उक्लेर कनानको नेगेबमा आए।
२ पाल्तु-पशु, सुन र चाँदी भएकाले अब्राम अति
धनाढ्य थिए। ३ तिनी नेगेबबाट यात्रा गरेर
बेतेलको त्यस ठाउँमा आइपुगे जहाँ अघि
शुरूमा बेतेल र ऐको बीचमा तिनको पाल
थियो। ४ तिनले पहिले वेदी बनाएकै ठाउँमा
अब्रामले परमप्रभुको नाउँको पुकारा गरे।
५ अब्रामका साथमा लागेका लूतका पनि भेड़ा-
बाख्रा र गाई-वस्तुहरूका बथान र पालहरू
थिए। ६ त्यस ठाउँमा तिनीहरू दुवै जना
साथसाथै रहनलाई प्रशस्त ठाउँ भएन, किनकि
तिनीहरूका भेड़ा-बाख्रा र गाई-वस्तुका सम्पत्ति
यति ठूलो थियो कि तिनीहरू साथसाथै रहन
नसक्ने भए। ७ अब्राम र लूतका गाई-
वस्तुका गोठालाहरूका बीचमा झगड़ा पनि
भयो। त्यस बेला त्यस देशमा कनानी र
परिज्जीहरू बस्थे। ८ यसैकारण अब्रामले
लूतलाई भने, "तिम्रो र मेरो बीचमा औ तिम्रा
र मेरा गोठालाहरूका बीचमा झगड़ा नहोस्,
किनकि हामी ता नातेदार हौं। ९ सारा देश
तिम्रै अगि छ। यसैले म तिमीलाई भन्दछु,
कि तिमी मबाट अलग होऊ। तिमी
देब्रेतिर गयौ भने म दाहिनेतिर जानेछु,
अथवा तिमी दाहिनेतिर गयौ भने म देब्रेतिर
जानेछु।" १० अनि लूतले आफ्नो आँखा
उठाएर हेरे, र यर्दनको बेंसी चाहिं परम-
प्रभुको बगैंचाजस्तै चारैतिर प्रशस्त पानीले
भिजेको थियो, अर्थात् सोअरतिरको मिश्र
देशजस्तै देखे—सदोम र गमोरा परमप्रभुले
सर्वनाश पार्न अघिको कुरो यो हो।
११ यसैकारण लूतले यर्दनको जम्मै बेंसी
रोजेर पूर्वतिर लागे। यसरी यिनीहरू
छुट्टिए।

१२ तर अब्राम चाहिं कनान देशमानै
बस्नलागे। लूत चाहिं बेंसीका शहरहरूमा
बास गरे। तिनले आफ्नो पाल सदोमसम्म
सारे। १३ सदोमका मानिसहरू दुष्ट थिए,
र परमप्रभुको विरुद्धमा साह्रै पाप गर्थे।
१४ लूत तिनीबाट अलग भएपछि परम-
प्रभुले अब्रामलाई भन्नुभयो, "अब तेरो
आँखा उठाएर तैं भएको ठाउँबाट उत्तर,
दक्षिण, पूर्व र पश्चिमतिर हेर्, १५ किनकि
तैंले देखेका सबै ठाउँ म तँलाई र तेरा
सन्तानलाई सधैंको निम्ति दिनेछु। १६ म
तेरो सन्तानलाई पृथ्वीको धूलोसरह बढ़ाउनेछु।
यहाँसम्म कि कसैले पृथ्वीको धूलो गन्नसक्छ
भने तेरो सन्तान पनि गन्नसक्नेछ। १७ उठ्,
देशको चारैतिर जा, किनकि म त्यो तँलाई
दिनेछु।" १८ तब अब्रामले आफ्नो पाल
सारे, र हेब्रोनमा भएको मम्रेको फँलाटका
रूखहरूमा आए। त्यहाँ आएर तिनी त्यहीं
बसोबासो गर्नलागे। त्यहाँ परमप्रभुको निम्ति
तिनले एउटा वेदी बनाए।

लूतको कैद र छुटकारा

१४ शिनारका राजा अम्रापेल, एल्लासारका
राजा अर्योक र एलामका राजा
कदोर्लाओमेर तथा गोयीमका राजा तिदालका
पालामा २ यिनै राजाहरूले सदोमका राजा बेरा,
गमोराका राजा बिर्शा, अदमाका राजा शिनाब,
सबोयीमका राजा शेमेबेर र बेलाका राजाका
विरुद्धमा युद्ध गरे (बेलाको अर्को नाउँ सोअर
हो)। ३ तिनीहरू सबै सिद्दीमको बेँसीमा
(अर्थात् खारा समुद्रको किनारमा) जम्मा भए।
४ बाह्र वर्षसम्म ता तिनीहरू कदोर्ला-
ओमेरको अधीनमा बसेका थिए। तर तेह्रौं
वर्षमा तिनीहरूले विद्रोह गरे। ५ चौधौं
वर्षमा कदोर्लाओमेर र तिनका मित्र-राष्ट्रहरू
आएर अस्तरोतकर्णेममा रपाईहरूलाई, हाममा
जूजीहरूलाई, शावेकिर्यातैममा एमीहरूलाई,
६ तथा होरीहरूलाई तिनीहरूको सेईर पहाड़मा
वननेर भएको एल्पारानसम्म अधीन गराए।
७ त्यसपछि तिनीहरू फर्केर एन्मिशपातमा आएर
अमालेकीहरूको जम्मै देशलाई र हस्सोन्तामारमा
बस्ने एमोरीहरूलाई पनि अधीन गराए।
(एन्मिशपातको अर्को नाउँ कादेश हो।)
८ तब सदोम, गमोरा, अदमा, सबोयीम
र बेलाका राजाहरू निस्केर सिद्दीमको बेँसीमा
तिनीहरूसित युद्ध गर्नलाई मोर्चा बाँधेर जम्मा
भए। ९ एलामका राजा कदोर्लाओमेर,
गोयीमका राजा तिदाल, शिनारका राजा
अम्रापेल, एल्लासारका राजा अर्योकसित, यी पाँच
राजाहरूसित चार राजाहरू। १० सिद्दीमको
बेँसी चाहिँ अलकत्राको धापले भरिएको
थियो। औ सदोम र गमोराका राजाहरू
भाग्दा भाग्दै त्यहीं जाकिए। बाँकी राजाहरू
चाहिँ पहाड़तिर भागे। ११ अनि शत्रुहरूले
सदोम र गमोराका माल-सामान र खानेकुरा
लिएर आफ्नो बाटो लागे। १२ तिनीहरूले
सदोममा बसेका अब्रामका भतीजा लूतलाई
पनि तिनका सबै माल-सामानसमेत लिएर
गए।
१३ तब उम्केर भागेको एक जना
आएर हिब्रू अब्रामलाई यो कुरा बताइदियो।
तिनी एश्कोल र आनेरको भाइ एमोरीको मम्रेको
फँलाटका रूखहरूनेर बसेका थिए। तिनीहरू
अब्रामसित मित्र-भावमा थिए। १४ अब्रामले
आफ्नो नातेदारलाई कैद गरेर लगेको कुरा
सुनेर आफ्नो घरमा जन्मेर तालीम पाएका
तीन सय अठाह्र दासहरूलाई साथमा लिएर
तिनीहरूलाई दानसम्मै खेदेर गए। १५ औ
तिनले आफ्नो लड़ाकु दललाई शत्रुहरूका
विरुद्धमा लड्न राती आफै र आफ्ना दासहरूका
बीचमा दल दल बनाई तिनीहरूलाई परास्त
गरेर मारे, र दमीसकको उत्तर तर्फको
होबासम्मै तिनीहरूलाई खेदे। १६ तब तिनले
सबै माल-सामान र तिनका नातेदार लूतलाई
औ तिनका धन-सम्पत्ति, स्त्रीहरू र मानिस-
हरूलाईसमेत फर्काएर ल्याए। १७ अनि
कदोर्लाओमेर र तिनका मित्र राजाहरूलाई
जितेर फर्कंदा शावेको बेँसी, अर्थात् राजाको
बेँसीमा सदोमका राजा तिनलाई भेट
गर्न आए।

मल्कीसेदेकले अब्रामलाई आशीर्वाद दिएका

१८ अनि शालेमका राजा मल्कीसेदेक
रोटी र दाखमद्य लिएर अब्रामलाई भेट गर्न
आए। तिनी सर्वोच्च परमेश्वरका पूजाहारी
थिए। १९ तिनले अब्रामलाई यसो भनेर
आशीर्वाद दिए, ‘स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने
सर्वोच्च परमेश्वरबाट अब्रामलाई आशिष
मिलोस्। २० सर्वोच्च परमेश्वर धन्यका होऊन्,
जसले तपाईंका शत्रुहरूलाई तपाईंका हातमा
सुम्पिदिनुभयो।’’ अनि अब्रामले तिनलाई सबै
कुराको दशांश दिए। २१ तब सदोमका राजाले
अब्रामलाई भने, “मलाई मानिसहरू मात्र
दिनुहोस्, तर धन-माल चाहिँ तपाईंनै
राख्नुहोस्।” २२ तर अब्रामले सदोमका
राजालाई भने, “स्वर्ग र पृथ्वीका परमप्रभु

सर्वोच्च परमेश्वरमा मैले यसरी किरिया हालेको
छु, २३ एउटा धागो अथवा जुत्ताको फिता
वा तपाईंको कुनै पनि थोक म लिनेछैनँ।
नत्रता 'मैले अब्रामलाई धनी तुल्याएँ' भनेर
तपाईं भन्नुहुनेछ। २४ जवानहरूले खाएका
र मसँग हुने मानिसहरूका भागबाहेक म
केही हिस्सा लिनेछैनँ। आनेर, एश्कोल मम्रेले
चाहिँ आफ्ना भागहरू लिऊन्।'

अब्रामलाई परमेश्वरको प्रतिज्ञा

१५ त्यसपछि दर्शनमा अब्रामकहाँ परम-
प्रभुको यो वचन आयो, "अब्राम
तँ नडरा। तेरो ढाल मनै हुँ, र तेरो इनाम
अत्यन्त ठूलो हुनेछ।" २ तर अब्रामले भने,
"हे परमप्रभु परमेश्वर, तपाईंले मलाई के
दिनुहुन्छ र? किनभने म सन्तानहीन भइरहेछु,
मेरो घरको मालिक दमीसकको एलीएजर
हुनेछ।" ३ फेरि अब्रामले भने, "हेर्नुहोस्,
तपाईंले मलाई सन्तान दिनुभएन, औ मेरो
घरमा जन्मेको दासनै मेरो उत्तराधिकारी
हुनेछ।" ४ तब परमप्रभुको यो वचन फेरि
तिनीकहाँ आयो, "यो मानिस चाहिँ तेरो
उत्तराधिकारी, हुनेछैन, तर जो तेरो आफ्नै
छोरा हुन्छ त्यहीनै तेरो उत्तराधिकारी हुनेछ।"
५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो,
"आकाशतिर हेरेर तारा गन्न सक्छस् कि
सक्तैनस्, गनिहेर्।" उहाँले तिनलाई भन्नुभयो,
"तेरा सन्तानहरू पनि त्यस्तै हुनेछन्।"
६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे,
र यो तिनको निम्ति धार्मिकता गनियो।

करारद्वारा प्रतिज्ञा पक्का भएको

७ फेरि उहाँले तिनलाई भन्नुभयो, "यो
देश तेरो अधिकारमा दिनलाई कल्दीहरूको
ऊरबाट तँलाई ल्याउने परमप्रभु मनै हुँ।"
८ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर,
मैले यसको अधिकार गर्नपाउँछु भनेर म कसरी
थाह पाऊँ?" ९ उहाँले तिनलाई भन्नुभयो,
"मेरो निम्ति तीन वर्षको एउटा कोरली, तीन
वर्षको एउटा पाठी, तीन वर्षको एउटा भेडा,
एउटा ढुकुर र एउटा परेवाको बच्चा ले।"
१० औ तिनले ती सबै उहाँकहाँ ल्याए, र
माझमा दुइ दुइ फ्याक पारेर हरेक फ्याक मुखा-
मुख गरी राखिदिए। तर पक्षीहरू चाहिँ तिनले
दुइ दुइ फ्याक पारेनन्। ११ अनि चील र
गिद्धहरू ती मरेका पशु-पक्षीहरूमाथि झम्टँदा
अब्रामले तिनीहरूलाई धपाए। १२ सूर्य अस्ता-
उँदा अब्राम मस्त निद्रामा परे, र त्रास र घोर
अन्धकारले तिनलाई छोप्यो। १३ अनि उहाँले
अब्रामलाई भन्नुभयो, "यो निश्चय जानिराख्
कि तेरा सन्तानहरू त्यस देशमा प्रवासी भएर
बस्नेछन्, जुन देश तिनीहरूको होइन, र त्यस
देशका मानिसहरूका कमारा-कमारी हुनेछन्,
औ चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा
पर्नेछन्। १४ तर तिनीहरू जुन जातिको दास
बन्नेछन् उनीहरूका पनि म इन्साफ गर्नेछु, र
पछिबाट तिनीहरू धेरै धन-सम्पत्ति लिएर
निस्कआउनेछन्। १५ तँ चाहिँ आफ्ना
पित्रहरूकहाँ शान्तिसित जानेछस्। तेरो पूरो
बूढेस्कालमा तँ गाड़िनेछस्। १६ अनि चौथो
पुस्तामा तिनीहरू फेरि यहाँ आउनेछन्, किनकि
एमोरीहरूको अधर्म अहिलेसम्म पूरा भएको
छैन।" १७ सूर्य अस्ताएपछि जब अँध्यारो
भयो तब मासुका टुक्राहरूका बीचबाट धुवाँ
आइरहेको आगोको एउटा मकल र बलिरहेका
एउटा राँको छिरिगयो।
१८ त्यसै दिन परमप्रभुले अब्रामसित यसो
भनेर करार बाँध्नुभयो, "तेरा सन्तानहरूलाई
मिश्र देशको नदीदेखि महानदी यूफ्रेटिस
सम्मको यो देश मैले दिएकोछु—१९ केनी
कनिज्जी, कदमोनी, २० हित्ती परिज्जी,
रपाई, २१ एमोरी, कनानी, गिर्गाशी र
यबूसीहरूका देशहरू दिएको छु।

इश्माएलको जन्म

१६ आफ्नी पत्नी साराईबाट अब्रामको कोहीं
सन्तान भएको थिएन। औ हागार नाउँ
भएकी तिनको एक मिश्री कमारी थिई

२ साराईले अब्रामलाई भनिन्, "हेर्नुहोस्,
परमप्रभुले मेरो कोख बन्द गरिदिनुभएको छ।
यसकारण मेरी कमारीकहाँ जानुहोस्। सायद
त्यसबाट मेरो निम्ति सन्तान हुनसक्छ होला।"
अब्रामले साराईको कुरा माने।
३ अब्राम कनानमा बसेको दश वर्षपछि
तिनकी पत्नी साराईले आफ्नी कमारी
मिश्री हागारलाई आफ्ना पति अब्रामलाई
तिनकी स्वास्नी हुनलाई दिइन्। ४ अनि तिनी
हागारकहाँ गए, र त्यो गर्भवती भई। जब
त्यसले म गर्भवती भईछु भनी थाह पाई तब
त्यसले आफ्नो मालिक्नीलाई तुच्छ दृष्टिले
हेर्नलागी। ५ साराईले अब्रामलाई भनिन्,
"ममाथिको अन्याय तपाईंकै शिरमाथि परोस्।
मैले आफ्नो कमारी तपाईंकै काखमा दिएँ, र
त्यो गर्भवती हुने बित्तिकै मलाई तुच्छ दृष्टिले
हेर्नलागी। परमप्रभुले तपाईं र मेरो बीचमा
इन्साफ गरिदिऊन्।" ६ तर अब्रामले
साराईलाई भने, "हेर, तिम्रो कमारी तिम्रै
हातमा छ। त्यसलाई जे गर्न मन लाग्छ
त्यही गर।" तब साराईले त्यससित कठोर
व्यवहार गर्नलागिन्, र त्यो तिनको सामनेबाट
भागेर गई।
७ परमप्रभुका दूतले त्यसलाई वनमा सूरतिर
जाने बाटोकै पानीको मूलनेर, भेट्टाए। ८ औ
तिनले सोधे, "ए साराईकी दासी हागार,
कहाँबाट आइस् र कता जाँदैछस्?" त्यसले
भनी "मेरी मालिक्नी साराईको सामनेबाट
भाग्दैछु।" ९ परमप्रभुका दूतले त्यसलाई
भने, "तेरी मालिक्नीकहाँ फर्केर जा, र तिनकै
अधीनमा बस्।" १० परमप्रभुका दूतले फेरि
त्यसलाई भने, "म तेरो वंशलाई यति
औधि गरी बढ़ाउनेछु कि त्यो धेरै भएकोले
गनिनै सकिनेछैन।" ११ परमप्रभुका दूतले
त्यसलाई भने, "तँ गर्भवती छस्, र तैंले एउटा
छोरो जन्माउनेछस्। तैंले त्यसको नाउँ
इश्माएल राख्नू, किनभने परमप्रभुले तेरो
दुःख हेर्नुभएको छ! १२ मानिसहरूमा त्यो
जङ्गली गधाजस्तै हुनेछ। त्यसको हात सबैको
विरुद्धमा उठनेछ, र सबैको हात त्यसको
विरुद्धमा उठनेछ। त्यो आफ्ना सबै नाते-
दारहरूकै सामने बसोबासो गर्नेछ।" १३ अनि
हागारले आफूसित बात गर्नुहुने परम-
प्रभुलाई यस्तो नाउँ दिई, "निगाह राख्ने
परमेश्वर तपाईं हुनुहुन्छ।" किनभने त्यसले
भनी, 'के मैंले साँच्चिनै परमेश्वरलाई देखें, औ
उहाँलाई देखेर पनि म जीवितै छु?' १४ यस-
कारण त्यस पनेराको नाउँ 'बेर-लहेरोइ'*
राखियो। कादेश र बेरेदको बीचमा त्यो
पर्छ। १५ अनि हागारले अब्रामको एउटा
छोरो जन्माई। हागारले जन्माएको आफ्नो
छोराको नाउँ अब्रामले इश्माएल राखे।
१६ हागारले अब्रामको निम्ति इश्माएल
जन्माउँदा अब्राम छियासी वर्ष पुगेका थिए।

खतनाको करार

१७ जब अब्राम उनान्सय वर्षका भए तब
परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र
तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान परमेश्वर
हुँ। मेरो सामने हिंड्, र निर्दोष भएर बस्।
२ मेरो र तेरो बीचमा म आफ्नो करार
बाँध्नेछु, र म तेरो अत्यन्तै वृद्धि गराउनेछु।"
३ तब अब्राम घोप्टो परे। औ परमेश्वरले
तिनलाई यसो भन्नुभयो, ४ "हेर्, मेरो करार
तँसँगै छ। तँ असंख्य जाति-समूहका पिता
हुनेछस्। ५ अब उप्रान्त तेरो नाउँ अब्राम
हुनेछैन, तर अब्राहाम हुनेछ, किनकि मैले
तँलाई असंख्य जाति-समूहका पिता तुल्याएको
छु। ६ म तँलाई अत्यन्तै फल्दो-फुल्दो
तुल्याउनेछु, र तँबाट धेरै जातिहरू बनाउनेछु।
तँबाट राजाहरू उत्पन्न हुनेछन्। ७ तँ र
तँ पछिका तेरा सन्तानका परमेश्वर हुनलाई
मेरो करार मेरो र तेरो औ तँ पछिका तेरा
सन्तानहरूका बीचमा युगयुगसम्म स्थापित
गर्नेछु। ८ तैंले बसोबासो गरेको यो देश,

*मलाई देख्नुहुने जीवित परमेश्वरको पनेरा

अर्थात् सारा कनान देश तँ र तेरा भावी
सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु,
र म तिनीहरूका परमेश्वर हुनेछु।"
९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो,
"तैंले चाहिँ मेरो करार पालन गर्नुपर्छ—
तँ र तँ पछिका तेरा सन्तानहरूले तिनका
पुस्तौंसम्म। १० मेरो र तेरो, औ तँ पछिका
तेरा सन्तानहरूका बीचमा भएको तिमीहरूले
पालन गर्नुपर्ने मेरो करार यही हो—तिमीहरू-
मध्येका हरेक पुरुष जातिको खतना हुनुपर्छ।
११ तिमीहरूका आफ्ना खलड़ीमा खतना
हुनुपर्छ। मेरो र तिमीहरूको बीचमा
करारको चिह्न यही हुनेछ। १२ तिमीहरूमा
हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको
खतना गरिओस्, अर्थात् तिमीहरूका पुस्तौंसम्म
हरेक पुरुष जाति, चाहे घरमा जन्मेको होस्
अथवा जो तिमीहरूका सन्तान होइन, तर कुनै
विदेशीबाट दाम हालेर किनेको होस्,
१३ जो जो तेरो घरमा जन्मेको होस् वा दाम
हालेर किनेको होस् जसको शरीरमा खलड़ीको
खतना भएको छैन, त्यसको खतना हुनैपर्छ।
यसरी मेरो करार तिमीहरूका शरीरमा पछि
परन्तुसम्म हुनेछ। १४ खतना नगरिएको
जुनसुकै पुरुष जाति जसको शरीरमा खलड़ीको
खतना भएको छैन त्यो मानिस आफ्नो जातिबाट
बहिष्कार गरिनेछ। त्यसले मेरो करार भङ्ग
गरेको हुन्छ।"
१५ फेरि परमेश्वरले अब्राहामलाई भन्नु-
भयो, "तेरी स्वास्नी साराईलाई चाहिँ साराई
नाउँले नबोलाउनू, तर त्यसको नाउँ सारा* हुनेछ।
१६ म त्यसलाई आशिष दिनेछु, र त्यसबाहेक
त्यसबाट म तँलाई एउटा छोरो दिनेछु। म
त्यसलाई आशिष दिनेछु र धेरै जातिहरूका
आमा त्यो हुनेछ। जाति जातिहरूका राजाहरू
त्यसबाट उत्पन्न हुनेछन्।" १७ तब अब्राहाम
घोप्टो परी मनमनै हाँसेर भने, "के सय वर्ष
पुगिसकेकोलाई सन्तान होला? नब्बे वर्ष
पुगेकी साराले बालक जन्माउलिन् र?"
१८ अनि अब्राहामले परमेश्वरलाई भने,
"इश्माएलनै तपाईंको दृष्टिमा बाँचिरहे ता
हुन्छ।" १९ तर परमेश्वरले भन्नुभयो, "होइन,
तेरी स्वास्नी साराले नै तेरो लागि एउटा
छोरा जन्माउनेछ, र तैंले त्यसको नाउँ
इसहाक राख्नेछस्। म त्यससित र त्यसपछि हुने
त्यसका सन्तानसित आफ्नो करार स्थापित
गर्नेछु। २० औ इश्माएलको विषयमा चाहिँ
मैले तेरो बिन्ती सुनें। हेर्, मैले त्यसलाई
आशिष दिएको छु, र म त्यसलाई फल्दो-फुल्दो
तुल्याएर प्रशस्त गरी त्यसको वृद्धि गर्नेछु। औ
बाह्र शासकका त्यो पिता हुनेछ। म त्यसबाट
एउटा ठूलो जाति उत्पन्न गराउनेछु। २१ तर
मेरो करार ता म इसहाकसँगै स्थापित गर्नेछु,
जसलाई साराले आउँदो साल यही समयमा
तँबाट जन्माउनेछ।"
२२ तिनीसित कुरा गरिसक्नुभएपछि
परमेश्वर अब्राहामकहाँबाट जानुभयो।
२३ तब अब्राहामले आफ्नो छोरो इश्माएल र
आफ्नो घरमा जन्मेका र दाम हालेर किनेका
आफ्ना सबै कमारा र आफ्नो घरका हरेक
पुरुषजाति सबैलाई लिएर तिनलाई परमेश्वरले
भनेबमोजिम त्यस दिन तिनीहरूका खलड़ीको
खतना गरे। २४ आफ्नो खलड़ीको खतना
गर्दा अब्राहाम उनान्सय वर्ष पुगेका थिए।
२५ औ तिनको छोरो इश्माएल चाहिँ
आफ्नो खलड़ीको खतना गर्दा तेह्र वर्षका
थिए। २६ अब्राहाम र तिनको छोरो
इश्माएलको खतना एकै दिनका भएको थियो।
२७ विदेशीहरूबाट दाम हालेर किनेका र
तिनका घरमा जन्मेका पुरुषहरू सबै तिनीसँग
खतना भए।

तीन जना स्वर्गदूतलाई अब्राहामको सत्कार

१८ दिउँसोको गर्मीमा मम्रेको फँलाटका
रूखहरूनेरको आफ्नो पालको ढोकामा
बसिरहँदा परमप्रभुले अब्राहामलाई दर्शन दिनु-
भयो। २ तिनले आफ्नो आँखा उठाएर हेरे।

* राजकुमारी

औ आफ्नो सामने तीन जना मानिसहरू उभि-
रहेका देखे। उहाँहरूलाई देखेर तिनी पालको
ढोकाबाट भेट गर्नलाई कुदेर गए, र भूइँसम्म
निहुरेर दण्डवत् गरी भने, ३ "हे मेरा प्रभुहरू,
ममाथि तपाईंहरूको निगाह हुन्छ भने कृपागरी
आफ्नो दासकहाँबाट त्यसै नजानुहोस्। ४ म
केही पानी ल्याउनेछु, र तपाईंहरू आफ्ना
पाउ धुनुहोस्, तब यही रूखमनि आराम
गर्नुहोस्। ५ म गएर केही रोटी ल्याउनेछु, र
खाएर तपाईंहरू थकाइ मार्नुहोस्। थकाइ
मारिसकेपछि जानुहोस्, किनभने यसैको
निम्ति तपाईंहरू आफ्नो दासकहाँ आउनुभएको
होला।" उहाँहरूले भन्नुभयो, "जाऊ, तिमीले
भनेअनुसार गर।" ६ तब अब्राहाम झट्टै
पालमा साराकहाँ गएर भने, "तुरुन्तै
तीन माना मसिनो पीठो तयार गरी
मुछेर रोटी बनाऊ।" ७ अब्राहाम आफै
चाहिं बथानतिर कुदेर गए, र एउटा कलिलो
र असल बाछो छानेर आफ्नो नोकरलाई दिए,
र त्यसले तुरुन्तै त्यो पकायो। ८ तब तिनले
दही, दूध र त्यो पकाएको बाछाको मासु लगेर
उहाँहरूको सामु टक्राए। औ उहाँहरूले
खाई नसकुन्जेल तिनी उहाँहरूकै नजीक उभिरहे।
९ अनि उहाँले तिनलाई सोध्नुभयो, "तिम्री
पत्नी सारा कहाँ छिन्?" तिनले भने, "तिनी
ता पालमा छिन्।" १० तब परमप्रभुले
भन्नुभयो, "म वसन्त ऋतुमा निश्चय तँकहाँ
फर्की आउनेछु, औ हेर्, तेरी पत्नी साराले
एउटा छोरो जन्माएकी हुन्छ।" साराले चाहिं
यो कुरो आफ्नो पालको पछिल्तिर ढोकाबाट
सुनिरहेकी थिइन्। ११ अब्राहाम र सारा वृद्ध
थिए र उनीहरूको उमेर धेरै ढल्किसकेको
थियो। साराको रजस्वला पनि बन्द भइसकेको
थियो। १२ औ सारा मनमनै यसो भन्दै
हाँसिन्, "म वृद्धा भइसकेकी छु, र मेरा पति
पनि वृद्ध भइसक्नुभएको छ, र के मलाई यो सुख
हुन्छ र?" १३ अनि परमप्रभुले अब्राहामलाई
भन्नुभयो, "बूढ़ी भएर पनि मैले छोरा-छोरी
पाउने भनेर सारा किन हाँसी? १४ परम-
प्रभुको निम्ति कुनै कुरो औधी कठिन छ
र? वसन्त ऋतुमा तोकिएकै समयमा म तँकहाँ
फर्की आउनेछु, र साराको एउटा छोरा भएको
हुनेछ।" १५ तर साराले यसो भन्दै इन्कार
गरिन्, "म हाँस्तै हाँसिनँ।" किनभने तिनी
डराइन्। तर उहाँले भन्नुभयो, "तँ हाँसेकै
होस्।"

सदोमको निम्ति अब्राहामको अन्तरबिन्ती

१६ तब ती पुरुषहरू त्यहाँबाट सदोमतिर
हेर्नलागे। अब्राहाम उहाँहरूसित अलि परसम्म
बाटो देखाउन गए। १७ परमप्रभुले भन्नुभयो,
"मैले गर्नलागेको काम के अब्राहामबाट लुकाएर
राखूँ? १८ किनभने अब्राहामबाट एउटा
ठूलो र शक्तिशाली जाति बनिनेछ, र त्यसमानै
पृथ्वीका सबै जातिहरूले आशिष पाउनेछन्!
१९ किनभने त्यसले आफ्ना छोरा-छोरीहरू र
घरानालाई धर्म र न्याय गरेर परमप्रभुको
मार्ग पालन गर्नलाई आज्ञा देओस् भनेर
मैले त्यसलाई छानेको छु। यसैलेनै परमप्रभुले
अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिने-
छन्।" २० तब परमप्रभुले भन्नुभयो, "सदोम
र गमोराको विरुद्धमा ठूलो आवाज उठेको छ,
औ तिनीहरूका पाप साह्रै ज्यादा भएको
छ। २१ अब त्यही आवाजअनुसार तिनी-
हरूले यो काम गरेको हो कि होइन भनी
हेर्नलाई म तल ओर्लेर जानेछु। होइन रहेछ
भने मलाई थाह हुनेछ।"

२२ यसकारण ती पुरुषहरू त्यहाँबाट झरेर
सदोमतिर गए। तर अब्राहाम चाहिं अर्भै
परमप्रभुकै सामने उभिरहे। २३ तब अब्राहामले
नजीक गएर उहाँलाई भने, 'के दुष्टहरूसँग
धर्मीहरूलाई पनि सर्वनाश गर्नुहुनेछ?
२४ त्यस शहरमा पचास धर्मी
जन रहेछन् भने, के त्यसमा भएका पचास
धर्मी जनका निम्ति त्यस शहरलाई नजोगाएर
नष्ट पार्नुहुनेछ र? २५ दुष्टको साथमा

धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै
नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै
हुनु ता तपाईंबाट पर रहोस्। सारा
पृथ्वीका न्यायकर्त्ताले उचित न्याय गर्नुहुन्न
र ?" २६ अनि परमप्रभुले भन्नुभयो, "सदोम
शहरभित्र पचास धर्मी जन पाएँ भने म
तिनीहरूका खातिर जम्मैलाई छोड़िदिनेछु।"
२७ अब्राहामले भने, "हेर्नुहोस्, म केवल
माटो र खरानी मात्र भएर पनि परमप्रभुसँग
बात गर्न आँट गरेको छु।
२८ पाँच कम पचास जना धर्मी
जन त्यहाँ रहेछन् भने, केवल पाँच मात्र घटी
भएकोमा सारा शहरै तपाईं नाश गर्नुहुनेछ ?"
औ उहाँले भन्नुभयो, "त्यहाँ पैंतालीस
पाएँ भने म त्यो नाश पार्नेछैनँ।"
फेरि तिनले भने, "त्यहाँ चालीस रहेछन्
भने नि ?" २९ उहाँले भन्नुभयो, "चालीस
जनाको खातिर पनि म त्यसो गर्नेछैनँ।"
३० तब तिनले भने, "परमप्रभु रिसानी
नभए म अझै बोल्नेछु। यदि त्यहाँ तीस
जना पाए भने ?" औ उहाँले भन्नुभयो, "त्यहाँ
तीसै पाएँ भने पनि म त्यसो गर्नेछैनँ।"
३१ तिनले भने, "हेर्नुहोस्, परमप्रभुसँग
मैले बात गर्ने आँट गरिरहेछु। बीस जना
पाए भने ?" उहाँले भन्नुभयो, "बीस जनाको
खातिर पनि म नाश गर्नेछैनँ।"
३२ अनि तिनले भने, "परमप्रभु
रिसानी नहोस्। अब एकपल्ट मात्र म
बोल्नेछु। यदि त्यहाँ दश जना पाए भने नि ?"
उहाँले भन्नुभयो, "दश जनाको खातिरमा
पनि म त्यो नाश गर्नेछैनँ।" ३३ अब्राहामसित
कुरा गरिसक्नुभएपछि परमप्रभु गइहाल्नुभयो,
र अब्राहाम चाहिँ आफ्नो ठाउँमा फर्के।

सदोममा दुइ स्वर्गदूतहरू

१९ साँझमा ती दुइ स्वर्गदूतहरू सदोममा
आए। त्यस बेला लूत सदोमको मूल-
ढोकामा बसिरहेका थिए। उनीहरूलाई देखेर
लूत भेट गर्न उठे, र भूइँसम्म निहुरेर दण्डवत् गरी
भने, २ "हजूर, कृपागरी आफ्नो दासको
घरमा पाल्नुहोस्, र त्यहीं रात बिताउनुहोस्।
तपाईंहरू आफ्ना पाउ धुनुहोस् र बिहान सबेरै
उठेर जानुहोस्।" उनीहरूले भने, "अहँ, हामी
बाहिर सड़कमानै सुत्नेछौं।" ३ तिनले उनी-
हरूलाई ज्यादै ढिपी लाएर बिन्ती गरे। यसैले
उनीहरू तिनको साथ लागेर तिनको घरमा गए।
तिनले उनीहरूलाई भोज दिए, र खमीर नहालेको
रोटी बनाएर उनीहरूको सामने राखिदिए र उनी-
हरूले खाए। ४ तर उनीहरू सुत्नअघिनै सदोम
शहरका के युवक के बूढ़ा एउटै पनि नछोड़ी
जम्मै मानिसहरू आएर लूतको घर रिङ्गै घेरे।
५ तिनीहरूले लूतलाई बोलाएर भने,
"बेलुकी तिमीकहाँ आएका मानिसहरू कहाँ छन् ?
तिनीहरूलाई यहाँ बाहिर हामीकहाँ ल्याऊ,
र हामी तिनीहरूलाई भोग गरौं।" ६ लूत
ढोका बाहिर तिनीहरूकहाँ गएर ढोका चाहिँ
आफ्नो पछिल्तिर थुनिदिए, ७ र तिनीहरूलाई
भने, "हे मेरा दाज्यू-भाइ हो, कृपागरी यस्तो
दुष्ट काम नगर्नुहोस्। ८ कुनै मानिससित
सहवास नभएका मेरा दुइ छोरीहरू छन्। बरू म
तिनीहरूलाईनै तपाईंहरूकहाँ बाहिर ल्याइदिनेछु।
तपाईंहरूको इच्छाअनुसार तिनीहरूसित
व्यवहार गर्नुहोस्। केवल यी मानिसहरूलाई
केही नगर्नुहोस्, किनकि उनीहरू मेरो छानामनि
आएका मेरा पाहुना हुन्।" ९ तर
तिनीहरूले भने, "पछि हट्।" तिनीहरूले
फेरि भने, "हामीसँग बसोबासो गर्न आएको यो
मानिस अब हाम्रो न्यायकर्त्ता हुन खोज्दोरहेछ।
अब तिनीहरूलाई भन्दा तँलाई हामी ठीक
पार्नेछौं।" तब तिनीहरूले लूतलाई घचेटे, र
ढोका फोर्नलाई अगि बढ़े। १० तर ती
दुइ मानिसहरूले आफ्ना हात बढ़ाएर
लूतलाई तानी आफूकहाँ घरभित्र हुले, र
ढोका थुनिदिए, ११ औ तिनीहरूले घरका
ढोकानेर भएका साना ठूला जम्मै मानिसहरूलाई
अन्धा पारिदिए। तब मानिसहरू छामछाम-
छुमछुम गर्दागर्दै हैरान भए।

सदोम र गमोराको विनाश

१२ ती मानिसहरूले लूतलाई भने,
"तिमीसँग यहाँ अरू कोही छन्? ज्वाइँ,
कि छोरा-छोरीहरू, अथवा शहरमा तिम्रा अरू
जो भए पनि तिनीहरूलाई लिएर यस ठाउँबाट
निस्केर जाऊ, १३ किनभने हामी यस ठाउँलाई
नाश पार्नेछौं, किनकि यहाँका मानिसहरूका
विरुद्धमा उठेको आवाज परमप्रभुको अगि
साह्रै बढ़ेर आएको छ, र यस शहरलाई सर्वनाश
पार्न परमप्रभुले हामीलाई पठाउनुभएको हो।"
१४ यसैकारण आफ्ना छोरीहरूलाई विवाह
गर्न माग्ने ज्वाइँहरूकहाँ गएर लूतले भने,
"उठ, यस ठाउँबाट जाइजाऔं, किनभने परम-
प्रभुले यो शहर नाश पार्नुहुनेछ।" तर ज्वाइँ-
हरूलाई त तिनले ठट्टा गरेजस्तो लाग्यो।
१५ अनि उज्यालो हुनलाग्दा ती दूतहरूले
लूतलाई यसो भनेर आत्तुरी लाए, "उठ, तिम्री
स्वास्नी र यहाँ भएका तिम्रा दुइ छोरी-
हरूलाई लिएर गइहाल, नत्रता यस शहरले
पाउने सजायमा तिमी पनि भस्म हुनेछौ।"
१६ तर तिनले आले-टाले गरिरहे। ती
मानिसहरूले तिनका, तिनकी स्वास्नीका र दुवै
छोरीहरूका हात समातेर शहर बाहिर ल्याए।
किनभने परमप्रभुको दया तिनीहरूमाथि थियो।
१७ तिनीहरूलाई बाहिर ल्याएपछि
उनीहरूले भने, "आफ्नो ज्यान जोगाउनलाई
भाग, पछि फर्केर नहेर, औ बेंसीमा
कतै पनि नअड़िनू, तर पहाड़तिर भाग,
नत्रता भस्म हुनेछौ।" १८ तब लूतले
उनीहरूलाई भने, "हुजूर हो, त्यसो नहोस्।
१९ हेर्नुहोस्, तपाईंहरूको दासले तपाईंहरूको
अनुग्रह पाएको छ, औ मेरो प्राण बचाएर
तपाईंहरूले मलाई ठूलो करुणा देखाउनुभएको
छ। म पहाड़तिर भाग्नसक्तिनँ, नत्रता यस
विपत्तिमा म परेर मर्छु होला। २० हेर्नुहोस्,
उ त्यो शहर भाग्नलाई नजीकै छ, र त्यो
सानो पनि छ। मलाई त्यहींनै भाग्नदिनु-
होस्—त्यो शहर सानो छ? त्यहाँ
गए मेरो प्राण बाँच्ला।" २१ उहाँले तिनलाई
भन्नुभयो, "हेर्, यस विषयमा मैंले तेरो बिन्ती
ग्रहण गरें। तैंले भनेको शहरलाई चाहिं
म भस्म गर्नेछैनँ। २२ चाँड़ो गरेर त्यहींनै
भागिजा, किनकि तँ त्यहाँ नपुगुन्जेल म
केही गर्नसक्तिनँ।" यसकारण त्यस शहरको
नाउँ सोअर* राखियो। २३ लूत सोअरमा
पुग्दा सूर्य उदाइसकेको थियो।
२४ तब परमप्रभुले आकाशबाट सदोम
र गमोरामाथि आगो र गन्धक वर्षाउनुभयो।
२५ उहाँले ती शहरहरू र जम्मै बेंसी र
शहरहरूका सबै बासिन्दाहरू र जमीनमा उम्रेका
सबै थोक सर्वनाश पारिदिनुभयो। २६ तर
लूतकी स्वास्नीले पछाड़ि फर्केर हेरिन्। तिनी
चाहिं लूतका पछिपछि आउँदै थिइन्। औ
तिनी नूनको थाम भइहालिन्।
२७ अब्राहाम सबेरै उठेर तिनी परमप्रभुको
सामने उभिएको ठाउँमा गए। २८ तिनले
तल सदोम, गमोरा र बेंसीका सबै
जग्गातिर नजर फिराएर हेरे। औ त्यस
ठाउँको धुवाँ भट्टीको धुवाँजस्तै मास्तिर
उठिरहेको थियो।
२९ बेंसीका शहरहरू सर्वनाश पार्नुहुँदा
परमेश्वरले अब्राहामलाई सम्झनुभयो। यसकारण
लूत बसेको शहरलाई उहाँले नाश पार्नुहुँदा
त्यस सर्वनाशको बीचबाट लूतलाई निकाल्नुभयो।
३० लूत सोअरबाट निस्केर आफ्ना
दुवै छोरीहरूका साथमा पहाड़मा गएर बस्नलागे,
किनभने सोअरमा बस्न तिनी डराए। यसैले
आफ्ना दुवै छोरीहरूका साथमा तिनी एउटा
ओढारमा बस्नलागे। ३१ एक दिन जेठीले
कान्छीलाई भनी, "हाम्रा बाबु वृद्ध हुनुभएको
छ। औ संसारको रीतिबमोजिम हामी-
कहाँ आउने पृथ्वीमा कुनै मानिस छैन।
३२ यसैले अब हामी आफ्ना बाबुलाई मद्य
खुवाएर तिनीसित सुतौं, र आफ्ना पिताबाट
सन्तान खड़ा गरौं।" ३३ औ त्यसै रात
तिनीहरूले आफ्ना पितालाई मद्य खुवाए, र

* सानो

जेठी चाहिं आफ्ना पिताकहाँ गएर सुती।
त्यो सुत्न आएकी र उठेर गएकी लूतलाई
केही अत्तो-पत्तो भएन। ३४ अनि भोलिपल्ट
जेठीले कान्छीलाई भनी, "हेर्, हिज राती म
बाबुसित सुतें। आज राती पनि तिनलाई मद्य
खुवाऔं, र तँ गएर उहाँसित सुत्, र हामी
आफ्ना पिताको सन्तान खड़ा गरौं।"
३५ यसरी तिनीहरूले त्यस रात पनि आफ्ना
पितालाई मद्य खुवाए, र कान्छी चाहिं गएर
तिनीसित सुती। त्यो सुत्न आएकी र उठेर
गएकी लूतलाई केही थाहै भएन। ३६ यसरी
लूतका दुवै छोरीहरू आफ्नो पिताबाट
गर्भवती भए। ३७ तब जेठीले एउटा छोरो
जन्माई र उसले त्यसको नाउँ मोआब राखी।
हिज-आजका मोआबीहरूका पुर्खा यिनै हुन्।
३८ कान्छीले पनि एउटा छोरो जन्माई, र
उसले त्यसको नाउँ बेनम्मी राखी। हिज-आजको
अम्मोनीहरूका पुर्खा यिनै हुन्।

अब्राहाम र अबीमेलेक

२० त्यहाँबाट अब्राहाम नेगेबतिर गए, औ
कादेश र शूरको बीचमा बस्नलागे।
त्यसपछि तिनी गरार देशमा गएर बसोबासो
गर्नलागे। २ अब्राहामले आफ्नी स्वास्नी सारा-
लाई चाहिं, 'तिनी ता मेरी बहिनी हुन्' भनेका
थिए। यसैकारण गरारका राजा अबीमेलेकले
सारालाई झिकाएर ल्याए। ३ तर राती सपनामा
अबीमेलेककहाँ आएर परमेश्वरले भन्नुभयो,
"हेर्, त्यस स्त्रीलाई झिकाएर ल्याएको हुनाले तँ
मर्नेछस्, किनभने त्यो अर्काकी स्वास्नी
हो।" ४ अबीमेलेक अहिलेसम्म साराको
नजीक गएका थिएनन्। यसैकारण तिनले भने,
"हे परमप्रभु, के तपाइं निर्दोष जनलाई पनि
मार्नुहुन्छ? ५ 'तिनी मेरी बहिनी हुन्' भनी
त्यस मानिस आफैले मलाई भनेका थिएनन् र?
औ ती स्त्रीले पनि 'तिनी मेरा दाज्यू हुन्' भनी
भनेकी थिइनन् र? मैले ता यो काम आफ्नो
शुद्ध विवेक र निर्दोष हातलेनै गरेको हुँ"
६ अनि परमेश्वरले तिनलाई सपनामा भन्नुभयो,
"हो, मलाई यो कुरो थाह छ कि तेरो शुद्ध
विवेकले यो तैंले गरेको होस् र मेरो विरुद्धको
पापबाट तँलाई जोगाउने पनि मनै हुँ। यसैले
ता त्यसलाई छुन मैले तँलाई दिइनँ। ७ अब
त्यस मानिसकी स्वास्नी फर्काइदे, किनभने त्यो
एक अगमवक्ता हो। त्यसले तेरो निम्ति प्रार्थना
गरिदिनेछ, र तँ बाँच्नेछस्। तर त्यसलाई
फर्काइदिइनस् भने यो कुरो याद राख्, कि तँ र
तसँग भएका सबै निश्चय मर्नेछन्।"
८ अनि अबीमेलेक सबेरै उठेर आफ्ना सबै
भारादारहरूलाई बोलाएर यी सबै कुरा बताइ-
दिए। तब ती मानिसहरू साह्रै डराए। ९ औ
अबीमेलेकले अब्राहामलाई बोलाएर भने,
"तपाईंले हामीलाई के गर्नुभयो? मैले
तपाईंको के बिगार गरेको थिएँ, र तपाईंले म
र मेरो राज्यमा यति ठूलो पाप ल्याउनुभयो?
तपाईंले मसित गर्नु नहुने काम गर्नुभयो।"
१० अबीमेलेकले फेरि अब्राहामलाई भने, "के
सम्झेर तपाईंले मसित यस्तो काम गर्नुभयो?"
११ अब्राहामले भने, "किनभने मैले ता सोचेको
थिएँ यस ठाउँमा परमेश्वरको डर कसैलाई
छैन, र मानिसहरूले मलाई मेरी स्वास्नीको
कारण मार्नेछन् होला। १२ यो कुरो सत्य पनि
हो: कि साँच्चिनै तिनी मेरी बहिनी हुन्। तिनी
मेरा पिताकी छोरी हुन्, तर मेरी आमाकी
छोरी ता होइनन्। औ तिनी मेरी स्वास्नी
भइन्। १३ औ जब परमेश्वरले मलाई आफ्ना
पिताको घर छोड़ेर परदेशी भएर यताउता
घुमिहिंड़ने तुल्याउनुभयो, तब मैले सारालाई
भनेको थिएँ, "दया गरेर तिमीले मलाई
'यिनी मेरा दाज्यू हुन्' भन्नू है।" १४ तब
अबीमेलेकले भेड़ा-बाख्रा, गाई-गोरु, कमारा-
कमारीहरू ल्याएर अब्राहामलाई दिए, र
तिनकी स्वास्नी सारालाई पनि फिर्ता गरिदिए।
१५ अनि अबीमेलेकले भने, "हेर्नुहोस्,
मेरो देश तपाईंकै सामुन्ने छ। तपाईंलाई
जहाँ मन लाग्छ त्यहीं बस्नुहोस्।" १६ औ
तिनले सारालाई भने, "हेर, तिम्रा दाज्यूलाई

मैले एक हजार टुक्रा चाँदी दिएको छु।
त्यो चाहिं तिमीसित हुनेहरू सबैका नजरमा शिर
उठाइदिएको हुँ, र सबैका सामने तिमीसित
न्यायसंगत व्यवहार गरिएको छ।'' १७ तब
अब्राहामले परमेश्वरसित प्रार्थना गरे, र
परमेश्वरले अबीमेलेक र तिनकी स्वास्नी र
तिनका कमारीहरूलाई निको पारिदिनुभयो, र
तिनीहरूले जन्माउनलागे। १८ किनभने
अब्राहामकी स्वास्नी साराको कारणले गर्दा
परमेश्वरले अबीमेलेकको जहानका जम्मैको कोख
बन्द गरिदिनुभएको थियो।

इसहाकको जन्म

२१ आफूले भन्नुभएअनुसार सारालाई परम-
प्रभुले कृपा गर्नुभयो, र आफ्नो प्रतिज्ञा-
बमोजिम गर्नुभयो। २ औ सारा गर्भवती
भइन, र अब्राहामको वृद्धावस्थामा, परमेश्वरले
अब्राहामलाई भन्नुभएको समयमा तिनले एउटा
छोरा जन्माइन्। ३ साराले तिनीबाट
जन्माएको आफ्नो छोराको नाउँ अब्राहामले
इसहाक राखे। ४ अब्राहामको आफ्नै छोरा
इसहाक आठ दिनको हुँदा तिनले परमेश्वरको
आज्ञाअनुसार त्यसको खतना गरे। ५ तिनको
छोरा इसहाक जन्मँदा अब्राहाम एक सय
वर्ष पुगेका थिए। ६ साराले भनिन्,
"परमेश्वरले मलाई एउटा हाँस्ने कारण
दिनुभयो। यो सुन्ने जत्ति सबै मसँगै हाँस्ने-
छन्।'' ७ तिनले भनिन्, "साराले बालक-
लाई दूध खुवाउँछे भनेर कसले अब्राहामलाई
भनेको हुँदो हो? तापनि तिनको बूढेस्कालमा
मैले तिनीबाट एउटा छोरा जन्माएँ।'' ८ अनि
बालक बढ्दै गयो, र त्यसले दूध खान
छोड्यो। औ इसहाकले दूध खान छोड्को
दिन अब्राहामले एउटा ठूलो भोज दिए।

हागार र इश्माएल निकालिएका

९ एक दिन मिश्री हागारले अब्राहामबाट
जन्माएको छोरालाई आफ्नो छोरा इसहाकसँग
ठट्टा गरिरहेको साराले देखिन्। १० यसैकारण
तिनले अब्राहामलाई भनिन्, "यस कमारीलाई
त्यसको छोरासँगै निकालिदिनुहोस्, किनकि
यस कमारीको छोरो मेरो छोरा इसहाकसँग
उत्तराधिकारी हुन पाउनेछैन।'' ११ औ
आफ्नै छोरा भएकोले यो कुरा अब्राहाम-
लाई साह्रै नराम्रो लाग्यो। १२ तर परमेश्वरले
अब्राहामलाई भन्नुभयो, "त्यो बालक र तेरी
कमारीको निम्ति तैंले चिन्ता नगरी। साराले
तँलाई जसो भन्छ सोही बमोजिम गर्,
किनकि इसहाकबाटनै तेरो वंशको नाउँ
रहनेछ। १३ म त्यस कमारीको छोराबाट
पनि एक जाति खड़ा गर्नेछु, किनभने त्यो
पनि तैंरै सन्तान हो।''
१४ अब्राहाम बिहानै उठेर रोटी,
पानीको एउटा मसक हागारको काँधमा
राखिदिए, र बालकलाई पनि त्यसकै साथ
लगाएर बिदा गरिदिए। अनि हागार बेर्शेबाको
वन हुँदो डुल्नलागी। १५ जब मसकको पानी
सिद्धियो तब बालकलाई एउटा पोथ्रामा छोड़ेर
१६ आफैंचाहिं उतापट्टि एक काँड़को दूरीसम्म
बसी, किनकि 'मैले यो बालक मरेको हेर्न
नपरोस्' भनी त्यसले मनमा सोची। औ
त्यो त्यहाँ बसेर डाँको छोड़ी छोड़ी रुन लागी।
१७ परमेश्वरले बालकको सोर सुन्नुभयो।
परमेश्वरको दूतले स्वर्गबाट हागारलाई हपारेर
भने, "ए हागार, तँलाई के दुःख पर्‍यो?
नडरा, किनभने बालक भएको ठाउँबाट त्यसको
सोर परमेश्वरले सुन्नुभएको छ। १८ उठ्,
गएर बालकलाई उठा, र तेरो हातले बलियो
गरी पक्रीनै राख्, किनभने म त्यसबाट एउटा
ठूलो जाति खड़ा गर्नेछु।'' १९ तब परमेश्वरले
त्यसको आँखा खोलिदिनुभयो, र त्यसले एउटा
पानीको कूवा देखी, र गएर मसकमा पानी भरेर
बालकलाई पिउन दिई। २० अनि परमेश्वर त्यस
बालकको साथ रहनुभयो। त्यो बढ्दैगयो, र वनमा
बसेर एक धनुर्धारी बन्यो। २१ त्यो पारानको
वनमा बस्थ्यो, र त्यसकी आमाले त्यसको
लागि मिश्रबाट एउटी स्वास्नी ल्याइदिई।

अब्राहाम र अबीमेलेकका बीचमा भएको करार

२२ त्यस बेला अबीमेलेक र तिनका
सेनापति पीकोलले अब्राहामलाई भने, "तपाईंले
गर्नुभएका सबै काममा परमेश्वर तपाईंसँग
हुनुहुँदोरहेछ भन्ने मलाई थाह भयो।
२३ यसकारण यहाँ मसित परमेश्वरको नाउँमा
शपथ हाल्नुहोस्, कि तपाईं मसँग वा मेरा
छोरा-छोरीसँग अथवा मेरा नाति-पनातिसँग
छल-कपटको व्यवहार गर्नुहुनेछैन। तर मैले
तपाईंसँग गरेको कृपाअनुसारनै मसँग र
तपाईं बस्नुभएको देशसँग गर्नुहोला।"
२४ अब्राहामले भने, "हुन्छ, म शपथ
हाल्छु।" २५ तब अब्राहामले अबीमेलेकका
दासहरूले जबरदस्तसित खोसेर लिएका इनारको
विषयमा अबीमेलेकलाई सुनाए। २६ अबीमेलेक-
ले भने, "यस्तो काम कसले गर्‍यो सो
मलाई थाह छैन। तपाईंले पनि मलाई
भन्नुभएन! आजको दिनसम्म मैले यो कुरा
सुनेको पनि थिइनँ!" २७ त्यसपछि अब्राहामले
भेडा र गोरुहरू ल्याएर अबीमेलेकलाई दिए,
र दुवै जनाले करार बाँधे। २८ अब्राहामले
बगालबाट सातओटा पाठी छुटयाएर राखे।
२९ अबीमेलेकले अब्राहामलाई सोधे,
"तपाईंले यी सात पाठी छुटयाएर राखेको
अर्थ के हो?" ३० अब्राहामले भने, "यो
इनार मैले खनेको हो भन्ने साक्षीको निम्ति
यी सातओटा पाठी मेरो हातबाट तपाईं
लिनुहोस्।" ३१ यसैकारण त्यस ठाउँको नाउँ
तिनले बेर्शेबा* राखे किनकि त्यहाँ ती दुवैले
आपसमा शपथ हालेका थिए। ३२ यसरी
तिनीहरूले बेर्शेबामा आपसमा करार बाँधे।
तब अबीमेलेक र तिनका सेनापति पीकोल
पलिश्तीहरूको देशमा फर्के। ३३ अब्राहामले
बेर्शेबामा एउटा झ्याऊको बोट रोपे, र त्यहाँ
आदि-अनन्तका परमेश्वरको नाउँको पुकारा
गरे। ३४ त्यसपछि अब्राहाम पलिश्तीहरूको
देशमा धेरै दिनसम्म बसोबासो गरे।

अब्राहामको विश्वासको जाँच

२२ त्यसपछि परमेश्वरले अब्राहामलाई ठूलो
जाँच गर्नुभयो, र तिनलाई भन्नुभयो,
"हे अब्राहाम।" औ तिनले भने, "हजूर।"
२ उहाँले भन्नुभयो, "तेरो छोरो, अर्थात् तैँले
माया गरेको तेरो एउटै छोरो इसहाकलाई
लिएर मोरीयाहको देशमा गई मैले तँलाई
देखाएको डाँडामा त्यसलाई होमबलि गर्।"
३ अब्राहाम बिहानै उठेर गधामा
काठी कसे, औ आफ्ना युवकहरूमध्येका दुइ
जना र छोरो इसहाकलाई साथमा लिए, र
होमबलिको निम्ति दाउरा चिरे, औ परमेश्वरले
तिनलाई भन्नुभएको त्यस ठाउँमा हिंडे।
४ तेस्रो दिन अब्राहामले हेर्दा
टाढ़ामा त्यो ठाउँ देखे। ५ तब अब्राहामले
आफ्ना युवकहरूलाई भने, "तिमीहरू यहीं
गधासँग बस। म र यो केटो उ परसम्म गएर
पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौं।"
६ अनि अब्राहामले होमबलिको दाउरा
उठाएर आफ्नो छोरो इसहाकलाई बोकाए, र
आगो र छुरी आफ्नो हातमा लिए। यसरी
ती दुवै जना सँगसँगै गए। ७ इसहाकले
आफ्ना पिता अब्राहामलाई भने, "बुवा।"
औ तिनले भने, "के हो, छोरा?" त्यसले
भन्यो, "यी आगो र दाउरा ता छन्, तर होम-
बलिको थुमा चाहिं खोई?" ८ अब्राहामले
भने, "छोरा, परमेश्वरलेनै होमबलिको निम्ति
थुमा जुटाइदिनुहुनेछ।" तब ती दुवै सँगसँगै गए।
९ परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा
पुगेपछि अब्राहामले त्यहाँ एउटा वेदी बनाएर
दाउरा तह लाएर राखे। औ आफ्नो छोरो
इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे।
१० तब अब्राहामले आफ्नो छोरालाई बलि गर्न
छुरी उठाए। ११ तर परमप्रभुका एउटा दूतले
स्वर्गबाट तिनलाई हपारेर भने, "ए अब्राहाम,
अब्राहाम!" औ तिनले भने, "हजूर!"

* शपथको इनार

१२ तिनले भने, "तेरो हात त्यस केटामाथि
नउठा, औ त्यसलाई केही नगर्। किनभने अब
मैंले थाह पाएँ तँ परमेश्वरसँग डराउँदो रहेछस्,
किनकि तेरो छोरो, तेरो एकमात्र छोरालाई
पनि मबाट तैंले रोकेर राखिनस्।"
१३ अनि अब्राहामले तिनको पछिल्तिर
एउटा भेड़ा झाड़ीमा सीङ्ग अल्झेर फँसेको
देखे। अब्राहामले गएर त्यस भेड़ालाई ल्याए,
र तिनको छोराको सट्टामा त्यसैलाई होमबलि
गरे। १४ अनि अब्राहामले त्यस ठाउँको नाउँ
यह्वेयिरे* राखे। परमप्रभुको डाँड़ामा जुटाइनेछ
भनी आजपर्यन्त भनिन्छ। १५ अनि परम-
प्रभुका दूतले दोस्रोपल्ट स्वर्गबाट अब्राहाम-
लाई हपारेर भने, १६ "परमप्रभु भन्नुहुन्छ,
'मैंले आफ्नै नाउँमा शपथ खाएको छु, किनकि
तैंले यो काम गरिस् औ तेरो छोरो, अर्थात्
तेरो एउटै छोरालाई पनि मबाट नरोकेकोले
म निश्चय तँलाई आशिष दिनेछु। १७ तेरो
सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र
किनारका बालुवासरह तुल्याउनेछु। औ तेरो
सन्तानले आफ्ना शत्रुहरूका शहरहरू कब्जा
गर्नेछ। १८ तेरै सन्तानद्वारा पृथ्वीका सबै
जातिहरू आशीर्वादी हुनेछन्, किनकि तैंले मेरो
वचन पालन गरिस्।" १९ त्यसपछि अब्राहाम
आफ्ना युवकहरूकहाँ फर्केर आए, र तिनीहरू
उठेर बेर्शेबासम्म सँगसँगै गए। औ अब्राहाम
बेर्शेबामा बसोबासो गरे।
२० त्यसपछि 'मिल्काले पनि तपाईंको भाइ
नाहोरबाट छोराहरू जन्माइन्' अरे भन्ने कुरा
अब्राहामले सुने—२१ जेठो ऊज, त्यसको भाइ
बूज, र अरामका पिता कमूएल, २२ औ केसेद,
हजो, पिल्दाश, यिदलाप र बतूएल।
२३ बतूएलले रिबेकालाई जन्माए। यी आठै
जनालाई अब्राहामको भाइ नाहोरबाट मिल्काले
जन्माइन्। २४ यीबाहेक रूमा नाउँ भएकी
तिनकी भित्रिनीले पनि तेबह, गहम, तहस र
माकालाई जन्माई।

*परमप्रभुले जुटाउनुहुन्छ

साराको मृत्यु

२३ सारा एक सय सत्ताईस वर्षसम्म
बाँचिन्। साराको जम्मा उमेर यतिनै
हो। २ सारा, कनान देशको किर्यतर्बामा
मरिन्। (किर्यतर्बाको अर्को नाउँ हेब्रोन हो।)
अब्राहाम साराको निम्ति शोक र विलाप गर्न
पालभित्र गए। ३ अब्राहाम लाश भएको
ठाउँबाट उठे, र हेत वंशीहरूलाई यसो भने,
४ "तपाईंहरूका बीचमा म एक प्रवासी भएर
बसेको छु। यस लाशलाई मेरो दृष्टिबाट पर
गाड़न चिहानको लागि कुनै जमीन मलाई
दिनुहोस्।'
५ हेत वंशीहरूले अब्राहामलाई भने, ६ "हे
प्रभो, तपाईं हामीहरूमध्ये एक शक्तिशाली शासक
हुनुहुन्छ। हाम्रा चिहानमध्ये सबैभन्दा असल
चाहिँ छानेर लाश गाड़्नुहोस्। हामीमध्येको
कसैले पनि आफ्नो गाड़ने ठाउँ तपाईंलाई
दिन इन्कार गर्नेछैन। औ लाश गाड़नलाई
कुनै पनि बाधा दिनेछैन।"
७ तब अब्राहामले हेत वंशीहरूलाई
उठेर दण्डवत् गरे। ८ तिनले तिनी-
हरूलाई यसो भने, "यदि मैले यो लाश मेरो
दृष्टिबाट पर गाड़न तपाईंहरूको इच्छा छ भने
मेरो कुरो सुन्नुहोस्, र सोओरको छोरो एप्रोन-
सित मेरो निम्ति यो बिन्ती गरिदिनुहोस्,
९ कि तिनले आफ्नो निजी मक्पेलाको ओढ़ार
मलाई दिऊन्। त्यो तिनको खेतको छेवैमा
छ। त्यसको पूरा दाममा तिनले तपाईंहरूकै
सामने चिहानको निम्ति त्यो जग्गा मेरो
अधिकारमा दिऊन्।" १० त्यस बेला एप्रोन
हेत वंशीहरूकै बीचमा बसिरहेका थिए, र जति
जना तिनको शहरको ढोकाबाट पसेर आएका
थिए, ११ ती सबैले सुन्ने गरी एप्रोन हित्तीले
अब्राहामलाई भने, "होइन, मेरा हजूर,
मेरो कुरा सुन्नुहोस्। म तपाईंलाई त्यो खेत र
त्यसमा भएको ओढ़ार पनि दिन्छु। मेरा दाज्यू-
भाइहरूकै सामने त्यो म तपाईंलाई दिन्छु।
तपाईं आफ्नो मरेकी स्त्रीलाई त्यहीं गाड़्नुहोस्।

१२ अब्राहामले फेरि त्यस देशका मानिस-
हरूलाई दण्डवत् गरे। १३ अनि तिनले
त्यस ठाउँका मानिसहरूले सुन्ने गरी एफ्रोनलाई
भने, "तपाईंको इच्छा भए म निवेदन गर्छु
सुन्नुहोस्, म त्यस जग्गाको दाम दिनेछु।
त्यो तपाईंले स्वीकार गर्नुहोस्, र मात्र
त्यहाँ म यो लाश गाड्नेछु।" १४ एफ्रोनले
अब्राहामलाई भने, १५ "हे मेरा हजूर,
मेरो कुरा सुन्नुहोस्। जग्गाको दाम ता चार
सय चाँदीको शेकेल* हो, तर मेरो र तपाईंको
बीचमा त्यो के हो र? लाशलाई तपाईं
गाड्नुहोस्।" १६ अनि अब्राहामले एफ्रोनका
कुरा मञ्जूर गरे र तिनले एफ्रोनलाई हेत वंशी-
हरूकै सामने तिनले भनेबमोजिम, व्यापारीहरूमा
जुन शेकेल प्रचलित थियो, त्यही अनुसार
चाँदीका चार सय शेकेल जोखी जोखीकन
तिनलाई दिए।

१७-१८ तब मक्पेलामा मम्रेको खेतभित्र
र वरिपरि भएको एफ्रोनको ओढ़ारसमेत र त्यस
खेतभित्र र वरिपरिका रूखहरूसमेत एफ्रोनले
हेत वंशीहरू र त्यस शहरको ढोकाबाट पसेर
आएकाहरू सबैका सामने अब्राहामको
अधिकारमा दिए। १९ त्यसपछि अब्राहामले
आफ्नी स्वास्नी सारालाई कनान देशमा मम्रेको,
अर्थात् हेब्रोनको पूर्वतिर भएको मक्पेलाको
जमीनको ओढ़ारमा गाड़े। २० त्यो लाश
गाड़ेको खेत र त्यसमा भएको ओढ़ारसमेत
हेत वंशीहरूका तर्फबाट चिहानको रूपमा
अब्राहामको अधिकारमा पक्कासँग दर्त्ता भयो।

इसहाक र रिबेकाका विवाह

२४ अब्राहाम दिन धेरै खाएर बूढ़ा भइसकेका
थिए। परमप्रभुले सबै कुरामा अब्राहाम-
लाई आशिष दिनुभएको थियो। २ अब्राहामले
आफ्नो घरको सबैभन्दा पूरानो र सबै
कुरामा अख्तियार गर्ने नोकरलाई भने, "तेरो हात
मेरो तिघ्रामनि राख्, ३ र म तँलाई स्वर्ग र
पृथ्वीका परमप्रभु परमेश्वरको यो शपथ खान
लाउँछु कि तैंले मेरो छोरालाई अहिले म बसेको
ठाउँका कनानीका छोरीहरूमध्ये कसैलाई विवाह
गर्न नल्याइदिनू, ४ तर मेरो देशमा मेरै कुटुम्ब-
कहाँ गएर मेरो छोरा इसहाकको लागि स्वास्नी
ल्याउनू।" ५ तब त्यस नोकरले अब्राहामलाई
भने, "सायद त्यो स्त्री यस देशमा मेरो पछि
लागेर आउन इच्छा गर्नेछैन होली। त के मैले
तपाईंका छोरालाई तपाईं आउनुभएको देशमानै
लैजानुपर्छ?" ६ अब्राहामले त्यसलाई भने,
"तैंले मेरो छोरालाई त्यहाँ फर्काएर नलानू।
७ मलाई मेरा पिताको घर र मेरो जन्मभूमिबाट
यहाँ ल्याउनुहुने स्वर्ग र पृथ्वीका परमप्रभु
परमेश्वरले मसँग यसो भनेर प्रतिज्ञा गर्नुभएको
छ, 'म तेरै सन्तानलाई यो देश दिनेछु।'
उहाँलेनै आफ्ना दूत तेरो अगिअगि पठाउनुहुनेछ,
र तैंले मेरो छोरालाई त्यहाँबाट एउटी स्वास्नी
ल्याइदिनू। ८ त्यो केटी तेरो पछि आउन इच्छा
गरीन भने तँलाई मेरो यो शपथ लाग्नेछैन।
केवल तैंले मेरो छोरालाई चाहिं त्यहाँ फर्काएर
नलैजानू।" ९ यसैकारण त्यस दासले आफ्नो
मालिक अब्राहामको तिघ्रामनि हात राखीकन यस
विषयमा तिनीसित शपथ खायो।

१० त्यसपछि त्यो दास आफ्ना मालिकका
दशवटा ऊँट र सबै कसिमका असल असल
सौगात लिएर बिदा भयो, र नाहोरको शहर
मेसोपोटामियातिर लाग्यो। ११ साँझपख
स्त्रीहरू पानी भर्ने बेलामा शहरका बाहिरपट्टि
पानीको इनारको नजीकै त्यसले ऊँटहरूलाई
राख्यो। १२ औ त्यसले मनमनै भन्यो, "हे
मेरा मालिकका परमप्रभु परमेश्वर, कृपागरी आज
मलाई मेरो काम सफल गराइदिनुहोस् र मेरा
मालिक अब्राहामलाई आफ्नो अटूट प्रेम
देखाउनुहोस्। १३ हेर्नुहोस्, म यो इनारनेर
उभिरहेको छु, औ शहरका मानिसहरूका छोरीहरू
पानी भर्नलाई आउँदैछन्। १४ यसैले यसो
होस्, जुन कन्यालाई म 'तिम्रो गाग्रो मतिर

*एक शेकेल प्रायः डेड़देखि दुइ रूपियाँ
सम्मको मोल।

पानी पिउनलाई ढल्काइदेऊ' भनूँला, र जसले
मलाई 'खानुहोस्, म तपाइंका ऊँटहरूलाई पनि
खुवाइदिन्छु' भन्छिन्, तिनलाईनै तपाइंले आफ्नो
दास इसहाकको निम्ति रोज्नुभएको रहेछ, र
तपाइंले मेरा मालिकलाई आफ्नो अटुट प्रेम
देखाउनुभएको रहेछ भन्ने म त्यसैबाट थाह
पाउनेछु।" १५ त्यसले यो भनिसकेको पनि
थिएन, अब्राहामको भाइ नाहोरकी स्वास्नी
मिल्काको छोरो बतूएलकी छोरी रिबेका
काँधमा गाग्रो राखेर आइन्। १६ कन्या
हेर्नमा अत्यन्त सुन्दरी र कुनै मानिससित पनि
सहवास नभएकी थिइन्। इनारमा ओर्लेर तिनले
गाग्रोमा पानी भरिन् र उक्लेर आइन्।
१७ तब त्यो दास तिनलाई भेट गर्न दगुर्‍यो र
भन्यो, "कृपागरी तिम्रो गाग्रोबाट मलाई
अलिकता पानी पिउन देऊ।" १८ तिनले
पनि 'हुजूर, खानुहोस्' भनेर तुरुन्तै गाग्रो
उतारी, र आफ्नो हातमा गाग्रो राखेर तिनलाई
पानी खुवाइदिइन्। १९ त्यसलाई खान
दिइसकेपछि तिनले भनिन्, "तपाइंका ऊँटहरूका
निम्ति पनि तिनीहरूले पिई नसकुन्जेल म पानी
उघाएर दिनेछु।" २० तब तिनले झट्टै आफ्नो
गाग्रोको पानी डूँड़मा खन्याएर फेरि पानी
उघाउन इनारतिर कुदेर गइन्। औ तिनले सबै
ऊँटहरूका निम्ति पनि पानी उघाइदिइन्।
२१ त्यो मानिस चाहिं परमप्रभुले आफ्नो यात्रा
सफल गरिदिनुभएको हो कि होइन भनी थाह
पाउनलाई चूप लागी डिठ लाएर तिनलाई
हेरिरह्यो।

२२ ऊँटहरूले पानी खाइसकेपछि त्यस
मानिसले आधा शेकेल तौलको सुनको एउटा
नत्थ र तिनका हातमा दश शेकेल तौलको सुनका
बालाहरू लगाइदिएर भन्यो, २३ "तिमी
कसकी छोरी हौ? के तिम्रा बाबुको घरमा
हामीलाई डेरा गर्नलाई बस्ने ठाउँ छ कि?"
२४ तिनले त्यसलाई भनिन्, "म नाहोरबाट
मिल्काले जन्माएका बतूएलकी छोरी हुँ।"
२५ तिनले अझै भनिन् "हामीसँग दाना र
पराल प्रशस्त छन्, डेरालाई कोठा पनि छन्।"

२६ तब त्यस मानिसले आफ्नो शिर निहुराएर
भक्तिसाथ परमप्रभुलाई दण्डवत् गरेर भन्यो,
२७ "मेरा मालिकका परमप्रभु परमेश्वर
धन्यका हुनुहुन्छ, जसले मेरा मालिकप्रतिको
अटुट प्रेम र विश्वस्तता त्याग्नुभएको छैन।
परमप्रभुलेनै मलाई बाटोमा डोर्‍याएर मेरा
मालिकका कुटुम्बको घरमा ल्याइदिनुभयो।"

२८ तब ती कन्या गइन्, र आफ्नो
आमाका परिवारलाई सबै कुरा बताइन्।
२९ रिबेकाका लाबान नाउँ भएका एउटा दाज्यू
थिए। लाबान निस्केर इनारनेर त्यस मानिस
भएको ठाउँतिर दगुरेर गए। ३० जब तिनले
आफ्नी बहिनीको नाकका नत्थ र हातमा बाला
देखे औ त्यस मानिसले मलाई यसो भन्यो
भन्ने कुरा आफ्नी बहिनीबाट सुने तब तिनी
त्यस मानिसकहाँ गएका थिए। ३१ औ
ईनारको छेउमा ऊँटहरूका नजीकै त्यो
उभिरहेको देखेर लाबनले भने, "हे परमप्रभुका
आशीर्वादी जन, भित्र आउनुहोस्। किन
बाहिरै उभिरहनुहुन्छ? मैले तपाइंको निम्ति
डेरा र ऊँटहरूको लागि ठाउँ तयार पारिराखेको
छु।" ३२ तब त्यो मानिस लाबानसित
तिनको घरमा आयो, र लाबानले ऊँटहरूका
काठी खोलेर तिनीहरूलाई पराल र दाना
दिए। औ तिनले अब्राहामको नोकर र
त्यससित हुने मानिसहरूका निम्ति खुट्टा धुने
पानी पनि दिए, ३३ र त्यसका सामने खाने-
कुरा पनि राखिदिए। तर त्यसले भन्यो, "जब-
सम्म मेरो समाचार म भन्दिनँ तबसम्म म केही
खान्नँ।" तिनले भने, "ल, भन्नुहोस्।"

३४ तब त्यसले भन्यो, "म अब्राहामको
एक दास हुँ। परमप्रभुले मेरा मालिकलाई
खूबै आशिष दिनुभएको हुनाले तिनी एक ठूला
मानिस भएका छन्। ३५ उहाँले तिनलाई
बगालका बगाल भेड़ा-बाख्राहरू र बथानका
बथान गाई-गोरुहरू, सुन, चाँदी दास-दासी
ऊँटहरू र गधाहरू दिनुभएको छ। ३६ मेरा
मालिककी पत्नी साराले बूढ़ेस्कालमा तिनको
निम्ति एउटा छोरो जन्माइन्, औ तिनैलाई

उनले आफ्ना जे जत्ति छन् सबै दिएका छन्।
३७ मेरा मालिकले मलाई यसो भनेर शपथ
खान लाएका छन्, 'तैंले मेरो छोराको लागि म
अहिले बसेको देशका कनानीहरूका छोरीहरूमध्ये
कुनै पनि विवाह गर्नलाई नल्याउनू। ३८ तर
मेरा पिताको घरमा, अथवा मेरै कुटुम्बहरूकहाँ
गएर तैंले मेरो छोराको निम्ति स्वास्नी खोजेर
ल्याइदिनू।'' ३९ मैले मेरो मालिकलाई भनें,
''कथन्कदाचित् त्यो स्त्री मेरा साथमा आउन
मानीन भने नि ता ?'' ४० तिनले मलाई भने
''जुन परमप्रभुको सामने म हिंड्डुल गर्छु
उहाँलेनै आफ्ना दूत तँसित पठाउनुहुनेछ, र
तेरो कार्य सफल हुनेछ, औ तैंले मेरा
कुटुम्ब र मेरा पिताको घरबाट मेरो छोराको
लागि एउटी पत्नी ल्याउनेछस्। ४१ जब तँ
मेरा कुटुम्बहरूकहाँ पुग्नेछस् तब मेरो यस
शपथबाट छुट्नेछस्। औ तिनीहरूले केटी
दिएनन् भने पनि मेरो यस शपथबाट तँ
छुट्नेछस्।''

४२ आज इनारमा आइपुगेर मैले यसो भने
''हे परमप्रभु, मेरा मालिक अब्राहामका
परमेश्वर, तपाईंले मेरो कार्य सफल गराइदिनुभयो
भने, ४३ हेर्नुहोस्, म इनारमा उभिरहेछु,
जुन स्त्री पानी भर्नलाई आउलिन् र मैले 'तिम्रो
गाग्रोबाट मलाई अलिकता पानी पिउनदेऊ,'
भन्दा ४४ तिनले मलाई 'खानुहोस्, औ म
तपाईंका ऊँटहरूलाई पनि पानी उघाइदिनेछु,'
भन्नेछ, त्यही स्त्री चाहिं मेरा मालिकका
छोराको लागि परमप्रभुले ठहराउनुभएको
होस्।''

४५ मैले यी कुरा मनमनै भनिसक्नु अघिनै,
हेर्नुहोस्, रिबेका काँधमा आफ्नो गाग्रो बोकेर
आइन्, र इनारमा ओर्लेर पानी उघाइन्।
मैले तिनलाई भनें, ''कृपागरी मलाई पानी
पिउनदेऊ।'' ४६ तिनले तुरुन्तै आफ्नो
काँधबाट गाग्रो उतारेर भनिन्, ''खानुहोस्।
म तपाईंका ऊँटहरूका निम्ति पनि पानी खान-
दिनेछु।'' तब मैले पानी पिएँ, र तिनले मेरा
ऊँटहरूलाई पनि पानी खान दिइन्। ४७ मैले
तिनलाई 'तिमी कसकी छोरी हौ ?' भनी
सोधें। तिनले भनिन्, 'नाहोर र मिल्काका
छोरा बतूएलकी छोरी म हुँ।' ४८ तब
मैले तिनको नाकमा नत्थ र हातमा बालाहरू
लगाइदिएँ। अनि आफ्नो शिर निहुराएर
भक्तिसाथ परमप्रभुलाई दण्डवत् गरें र मेरा
मालिक अब्राहामका परमप्रभु परमेश्वरलाई
धन्यको भनें, जसले मेरा मालिककै आफन्तका
छोरी उनको छोराको निम्ति दिन मलाई ठीक
बाटोमा डोऱ्याउनुभयो। ४९ यसकारण अब
तपाईंहरू मेरा मालिकसँग दया र सत्यको
व्यवहार गर्नुहुन्छ भने मलाई भन्नुहोस्।
होइन भने पनि मलाई भन्नुहोस्, र म
दाहिने देब्रे जता हुन्छ लागूँला।''

५० तब लाबान र बतूएलले जवाफ दिए,
''यो कुरा परमप्रभुबाटनै हुनुआएको हो। हामी
तिमीलाई खराब अथवा असल केही भन्नसक्तैनौं।
५१ हेर, रिबेका तिम्रै सामने छ। त्यसलाई
लिएर जाऊ, र परमप्रभुले भन्नुभए जस्तैगरी
त्यो तिम्रा मालिकका छोराको पत्नी होस्।''

५२ अब्राहामको दासले तिनीहरूका कुरा
सुनेपछि भूइँमा निहुरेर भक्तिसाथ परमप्रभुलाई
दण्डवत् गऱ्यो। ५३ अनि त्यसले सुन र चाँदीका
गहनाहरू र लुगाहरू ल्याएर रिबेकालाई दियो।
५४ त्यसले तिनका दाज्यू र आमालाई पनि
दामी दामी थोकहरू उपहारको रूपमा दियो।
औ त्यो र त्यसका साथमा भएका मानिसहरूले
खाए-पिए र त्यो रात त्यहीं बिताए। बिहान
सबेरै उठेपछि त्यसले भन्यो, ''मेरा मालिककहाँ
जान अब मलाई बिदा दिनुहोस्।'' ५५ तर
रिबेकाका दाज्यू र आमाले भने, ''कन्यालाई
केही दिन, कमसे कम दश दिन, यहीं हामीसँग
रहनदेऊ। त्यसपछि त्यो गए हुन्छ।'' ५६ तर
त्यसले तिनीहरूलाई भन्यो, ''मलाई नअल्म-
लाउनुहोस्, किनभने परमप्रभुले मेरो यात्रा
सफल गराउनुभएको छ। मलाई जानदिनुहोस्,
र म मेरा मालिककहाँ जानेछु।'' ५७ तिनीहरूले
भने, ''हामी कन्यालाईनै बोलाएर तिनकै मुख-
बाट थाह लाउनेछौं।'' ५८ अनि तिनीहरूले

रिबेकालाई डाकेर भने, "के तिमी यस मानिसको
साथमा जान्छ्यौ ?" तिनले भनिन्, "म
जान्छु।" ५९ यसैकारण तिनीहरूले आफ्नो
बहिनी रिबेकालाई तिनकी सेविकासँगै अब्राहामको
नोकर र त्यसका मानिसहरूका साथमा
पठाइदिए। ६० तिनीहरूले रिबेकालाई आशिष
दिएर भने, "हे हाम्रा बहिनी, तिमी लाखौंलाखका
आमा होऊ, र तिम्रा सन्तानले तिनीहरूसँग
दुश्मनी गर्नेहरूको शहरहरू कब्जा गरून्।"
६१ तब रिबेका र तिनका सहेलीहरू ऊँटहरूमा
चढ़ेर त्यस मानिसको पछि लागे। यसरी रिबेका-
लाई लिएर त्यो दास आफ्नो बाटो लाग्यो।
६२ अब इसहाक चाहिँ बेर-लहै-रोईबाट
आए, किनकि त्यस बेला तिनी नेगेबमा बसोबासो
गरिरहेका थिए। ६३ इसहाक साँझपख ध्यान
गर्न खेतमा निस्केका थिए। ६४ तिनले आँखा
उठाएर हेर्दा ऊँटहरू आइरहेका देखे। रिबेकाले
पनि आँखा उठाएर हेर्दा इसहाकलाई देखिन्,
र ऊँटबाट ओर्लेर त्यस दासलाई सोधिन्,
६५ "हामीलाई भेट्न आउने खेतमा हिंड्दै-
आउने मानिस को हुन् ?" त्यस दासले भन्यो,
"तिनी ता मेरा मालिक हुन्।" तब रिबेकाले
घुम्टो हालेर आफ्नो अनुहार छोपिन्।
६६ त्यसपछि आफूले गरेका सबै काम त्यस
दासले इसहाकलाई भन्यो। ६७ इसहाकले
रिबेकालाई आफ्नो आमा साराको पालमा लगेर
आफ्ना पत्नी तुल्याए, र तिनलाई प्रेम गरे।
यसरी आफ्नो आमाको मृत्युपछि इसहाकले
सान्त्वना पाए।

अब्राहामको मृत्यु

२५ अब्राहामले अर्की एउटी स्वास्नी विवाह
गरे। तिनको नाउँ कतूरा थियो।
२ तिनले उनीबाट जिम्रान, योक्षान, मदान,
मिद्यान, यिशबाक र शूहलाई जन्माइन्।
३ योक्षानले शबा र ददानलाई जन्माए।
ददानका अश्शूरीम, लतूशीम र लऊम्मीम भन्ने
छोराहरू भए। ४ मिद्यानका छोराहरू चाहिँ
एपा, एपेर, हनोक, अबीदा र एल्दा थिए। यी
सबै कतूराका सन्तान हुन्। ५ अब्राहामले
आफूसँग भएका सबै थोक इसहाकलाईनै दिए।
६ तर उनका भित्रिनीपट्टिका छोराहरूलाई
तिनले उपहारहरू दिए, र आफू जीवित छँदै
आफ्नो छोरो इसहाकबाट छुट्ट्याएर तिनी-
हरूलाई पूर्वदेशका पूर्वतिर पठाइदिए।
७—८ अब्राहाम एक सय पचहत्तर वर्षसम्म
बाँचे। अब्राहाम दीर्घायु भई पूरो बूढ़ेस्कालमा
मरे, र आफ्ना मरेका पिता-पुर्खाहरूसँग
मिल्नगए। ९ तिनका छोराहरू इसहाक र
इश्माएलले तिनलाई हित्ती सोअरको छोरो
एप्रोनको खेत मम्रेको पूर्वतिर मक्पेलाको
ओढ़ारमा गाड़े। त्यो खेत अब्राहामले हेत
वंशीहरूबाट किनेका थिए। १० त्यहींनै
अब्राहाम आफ्नी पत्नी सारासित गाड़िए।
११ अब्राहामको मृत्युपछि परमेश्वरले तिनको
छोरो इसहाकलाई आशिष दिनुभयो। अनि
इसहाक बेर-लहै-रोईनेर बसोबासो गर्नलागे।
१२ साराकी दासी मिश्री हागारपट्टिबाट
जन्मेको अब्राहामको छोरो इश्माएलका सन्तान
यिनै हुन्। १३ उमेरअनुसार इश्माएलको
छोराहरूका नाउँ यिनै हुन्—इश्माएलको जेठो
छोरो नबायोत औ केदार, अबदेल, मिब्साम,
१४ मिश्मा, दुमा, मस्सा, १५ हदद, तेमा,
यतूर, नापीश र केदमा। १६ इश्माएलका
छोराहरू यिनै हुन्। तिनका गाउँहरू र छाउनी-
हरूअनुसार तिनका नाउँ, अर्थात् तिनका जाति
जातिअनुसार बाह्र कुलका रजौटाहरू यिनै हुन्।
१७ (इश्माएलको जम्मा उमेर एक सय सैंतीस
वर्ष थियो, तब तिनको मृत्यु भयो र आफ्ना
पिता पुर्खाहरूसँगै मिल्नगए)। १८ मिश्रको
सामने अश्शूर देशतर्फ हवीलादेखि शूरसम्म
तिनीहरू बसोबासो गर्थे। उनी आफैंचाहिँ यी
सबै सन्तानको अर्कोपट्टि बसे।

एसाव र याकूबको जन्म र बाल्यावस्था

१९ अब्राहामको छोरा इसहाकका सन्तान
यिनै हुन्—अब्राहामले इसहाकलाई जन्माए।

२० इसहाकले चालीस वर्षको उमेरमा पद्दनरामका
अरामी बतूएलकी छोरी अरामी लाबानकी बहिनी
रिबेकासँग विवाह गरे। २१ तिनी बाँझी
भएकी हुनाले इसहाकले आफ्नी पत्नीको निम्ति
परमप्रभुसँग प्रार्थना गरे। तब परमप्रभुले तिनको
प्रार्थना सुन्नुभयो, र रिबेका गर्भवती भइन्।
२२ औ गर्भमा भएका बालकहरू लड्न्त गर्न-
लागे। २३ औ 'यसो हो भनेता मैले किन
बाँच्नुपर्‍यो ?' भनी तिनले परमप्रभुसँग सोध्न-
लागिन्। औ परमप्रभुले तिनलाई भन्नुभयो,

"तेरो कोखमा दुइ जातिहरू छन्,
तेरो गर्भबाट जन्मँदाखेरिनै दुइ जाति
छुट्टा-छुट्टै भएर जन्मनेछन्।
एउटा अर्कोभन्दा बलवान हुनेछ,
औ जेठाले कान्छाको सेवा गर्नेछ।"

२४ तिनको सुत्केरी हुने बेला आयो, औ
तिनको कोखमा जम्ल्याहा रहेछन्। २५ जेठो
चाहिं रातो वर्णको, शरीरभरि रौंको लुगा
लाएजस्तै जन्म्यो। यसकारण त्यसको नाउँ
एसाव राखियो। २६ त्यसपछि त्यसको भाइ
चाहिं एसावको कुर्कुच्चा हातले समातेर
निस्क्यो। यसैकारण त्यसको नाउँ याकूब*
राखियो। रिबेकाले यिनीहरूलाई जन्माउँदा
इसहाक साठी वर्ष पुगेका थिए।

२७ यिनीहरू बढ़ेपछि एसाव चाहिं सिपालु
शिकारी र वन-वन डुलिहिंड्ने भए। औ याकूब
चाहिं पालमा बसिरहने शान्त स्वभावका
मानिस भए। २८ इसहाकले एसावलाई माया
गर्थे, किनभने तिनले शिकार गरेर ल्याएको मासु
उनले खानपाउँथे। तर रिबेकाले चाहिं
याकूबलाई माया गर्थिन्।

२९ एकपल्ट याकूबले सुरुवा पकाइराखेको
बेलामा एसाव वनबाट आए। तिनलाई भोकले
भाउन्न छुटेको थियो। ३० एसावले याकूबलाई
भने, "मलाई त्यो रातो सुरुवा अलिकता खान
देऊ। मलाई भोकले भाउन्न छुटेको छ।"
३१ यसैकारण तिनलाई एदोम** भन्थे।
३२ याकूबले भने, "पहिले मलाई तपाइंको
ज्येष्ठ-अधिकार बेच्नुहोस्।" ३३ एसावले भने,
"म ता मर्नै आँटे। अब मलाई त्यो ज्येष्ठ-
अधिकारको के काम ?" याकूबले भने,
"पहिले शपथ खाएर मलाई भन्नुहोस्।" तब
तिनले शपथ खाए, र आफ्नो ज्येष्ठ-अधिकार
याकूबलाई बेचे। ३४ त्यसपछि याकूबले
एसावलाई रोटी र सुरुवा दिए। अनि खानपीन
गरेर एसाव आफ्नो बाटो लागे। यसरी एसावले
आफ्नो ज्येष्ठ-अधिकारलाई लत्याए।

इसहाक र अबीमेलेकको करार

२६ अब्राहामको समयमा परेको अनिकाल-
बाहेक त्यस देशमा अर्को अनिकाल
पर्‍यो। तब इसहाक पलिश्तीहरूका राजा अबी-
मेलेककहाँ गरार देशमा गए। २ औ परमप्रभुले
तिनीकहाँ देखा परेर तिनलाई भन्नुभयो, "मिश्र-
मा नजा, र मैले तँलाई भनेकै ठाउँमा बस्।
३ त्यही ठाउँमा बसोबासो गर्, र म तँसँग
रहनेछु, औ तँलाई आशिष दिनेछु, किनकि मैले
तेरो बाबु अब्राहामसँग शपथ हालेर दिएको
प्रतिज्ञा म पूरा गरेर तँलाई र तेरा सन्तानलाई
यिनै देशहरू दिनेछु। ४ तेरा सन्तानलाई
आकाशका ताराहरूझैं बढ़ाउनेछु, र तिनीहरूलाई
यी सबै देश दिनेछु। तेरै सन्तानहरूमा संसारका
सबै जातिहरूले आशिष पाउनेछन्, ५ किनभने
अब्राहामले मेरो वचन पालन गर्‍यो, र मैले
दिएको जिम्मावारी, मेरा आज्ञाहरू, मेरा नियम-
हरू र मेरा व्यवस्थाहरूको प्रतिपालन गर्‍यो।"
६ यसैकारण इसहाक गरारमानै बसे।
७ त्यस ठाउँका मानिसहरूले तिनकी स्वास्नीको
विषयमा सोधपूछ गर्दा तिनले 'तिनी मेरा बहिनी
हुन्' भने। किनभने रिबेकाको खातिर मलाई
त्यस ठाउँका मानिसहरूले मारिहाल्लान्
भनी रिबेकालाई आफ्नी स्वास्नी भन्न तिनी
डराए। किनभने रिबेका अत्यन्तै सुन्दरी थिइन्।
८ इसहाक त्यहाँ धेरै दिन बसेपछि पलिश्तीहरूका
राजा अबीमेलेकले झ्यालबाट हेर्दा इसहाक आफ्नी

*कुर्कुच्चा समात्ने वा अर्काको ठाउँ ठगेर लिने।
**राते

पत्नी रिबेकासँग प्रेम-क्रीड़ा गरिरहेका देखे।
९ यसकारण अबीमेलेकले इसहाकलाई बोलाएर
भने, "हेर, तिनी ता साँच्चै तिम्री पत्नी
रहिछन्। कसरी तिमीले 'तिनी मेरी बहिनी हुन्'
भन्यौ?" इसहाकले उनलाई भने, "किनभने
तिनको खातिर मलाई यहाँका मानिसहरूले मार्लान्
भन्ने मैले सम्झेको थिएँ।" १० अबीमेलेकले
भने, "तिमीले हामीसँग यो के गरेको?
कुनै मानिसले तिम्री पत्नीसित सजिलैसँग
कुकर्म गर्दो हो ता तिमीले हामीमाथि आरोप
लाउनेथियौ।" ११ यसैकारण अबीमेलेकले
सबै मानिसहरूलाई यसो भनेर चेताउनी
दिए, 'यी मानिस अथवा यिनकी पत्नीलाई छुने
जुनसुकै मानिसलाई पनि निश्चय मृत्युदण्ड
हुनेछ।'

१२ अनि इसहाकले बाली-नाली लगाए, र
त्यही साल तिनले सय गुणा कटनी गरे।
१३ परमेश्वरले तिनलाई आशिष दिनुभयो, औ
तिनी धनी भए, र झन् झन् बढ़ेर तिनी अत्यन्तै
धनाढ्य भए। १४ तिनका प्रशस्त भेड़ा-बाख्रा,
गाई-गोरु र नोकर-चाकर भए। यसैकारण पलिश्ती-
हरूले तिनलाई डाह गर्नलागे। १५ तिनका
पिता अब्राहामका पालामा तिनका नोकर-
हरूले खनिराखेका सबै इनारहरू पलिश्तीहरूले
रोके, र ढुङ्गा-माटाले पुरिदिए। १६ त्यसपछि
अबीमेलेकले इसहाकलाई भने, "हामीहरूबाट
अब तिमी गइहाल, किनभने तिमी हामीभन्दा
ज्यादै शक्तिशाली भएका छौ।"

१७ तब त्यहाँबाट निस्केर इसहाकले गरारको
बेँसीमा आफ्नो पाल टाँगेर बसोबासो गर्नलागे।
१८ तिनले आफ्ना पिताका पालामा खनेका
इनारहरू फेरि खन्न लाए। किनभने अब्राहामको
मृत्युपछि पलिश्तीहरूले ती पुरिदिएका थिए।
१९ तिनले ती इनारहरूका नाउँ आफ्ना पिताले
राखेकै नाउँ राखिदिए। बेँसीमा खन्दा इसहाक-
का नोकरहरूले उम्रेको पानीको मूल भेट्टाएपछि
२० गरारका गोठालाहरू इसहाकका गोठाला-
हरूसँग "यो पानी हाम्रो हो भनेर झगड़ा
गर्नलागे।" यसैकारण तिनले त्यस इनारको
नाउँ एसेक* राखे, किनभने तिनीहरूले
उनीहरूसँग झगड़ा गरेका थिए। २१ तब
तिनीहरूले अर्को इनार खने, र त्यसमा पनि
झगड़ा भयो। यसैकारण तिनले त्यसको नाउँ
सित्ना** राखे। २२ तिनी त्यहाँबाट अन्यत्र
गए, र तिनले अर्को इनार खने। त्यसमा चाहिं
तिनीहरूले झगड़ा गरेनन्। यसकारण तिनले
त्यसको नाउँ यसो भनेर रहोबोत*** राखे,
"अब ता परमप्रभुले हामीलाई बस्ने ठाउँ दिनु-
भयो, र हामी यस ठाउँमा फल्दो-फुल्दो
हुनेछौं।" २३ त्यहाँदेखि तिनी बेर्शेबामा सरे।
२४ औ परमप्रभु त्यही रात तिनीकहाँ देखा
पर्नुभयो, औ उहाँले तिनलाई भन्नुभयो, "म
तेरो पिता अब्राहामका परमेश्वर हुँ। नडरा,
किनभने म तँसँग छु। म तँलाई आशिष दिनेछु,
मेरो दास अब्राहामको खातिर म तेरो सन्तान-
को वृद्धि गराउनेछु।" २५ तब तिनले त्यहाँ
एउटा वेदी बनाएर परमप्रभुको नाउँको पुकारा
गरे, र आफ्नो पाल त्यहींनै टाँगे। त्यहाँ
इसहाकका नोकरहरूले एउटा इनार खने।

२६ एक दिन अबीमेलेक आफ्ना मित्र
अहुज्जत र आफ्नो फौजका सेनापति पीकोललाई
साथमा लिएर गरारबाट इसहाककहाँ आए।
२७ इसहाकले तिनीहरूलाई भने, "दुश्मनी गरेर
तपाइंहरूका बीचबाट मलाई निकाल्नुभयो,
रपनि तपाइंहरू किन मकहाँ आउनुभयो?"
२८ तिनीहरूले भने, "हामीले प्रष्टै देख्यौं कि
परमप्रभु तपाइंसँग हुनुहुन्छ। यसैले हामी यही
भन्न चाहन्छौं कि हाम्रा बीचमा, अर्थात् तपाइं र
हाम्रा बीचमा शपथ होस्, र तपाइंसँग हामी
एउटा करार बाँध्नेछौं, २९ कि तपाइंले हामी-
लाई केही हानि नगर्नुहोला, जसरी हामीले पनि
तपाइंलाई नछोईकन शान्तिसाथ पठाएका
थियौं। तपाइं अब परमेश्वरका आशिषका
पात्र हुनुहुन्छ।" ३० तब इसहाकले उनीहरूका
निम्ति भोज तयार गरे, औ तिनीहरूले खाए

*झगड़ाको गुँड़

**शत्रुता

***खुला ठाउँहरू

पिए। ३१ बिहान तिनीहरू सबेरै उठे, र
आपसमा शपथ खाए। अनि इसहाकले तिनीहरू-
लाई बिदा दिए, र तिनीहरू शान्तिसाथ छुटेर गए।
३२ त्यही दिन इसहाकका नोकरहरू आएर
तिनीहरूले खनेका इनारका विषयमा तिनलाई
भने, "हामीले पानी भेट्टाएका छौं।" ३३ तब
तिनले त्यसको नाउँ शिबा राखे। यसकारण
त्यस शहरको नाउँ आजसम्म बेर्शेबा भनिन्छ।
३४ एसावले चालीस वर्षको उमेरमा हित्ती
बेरीकी छोरी यहूदीत र हित्ती एलोनकी छोरी
बासमतलाई विवाह गरी ल्याए। ३५ औ ती
स्त्रीहरूले गर्दा इसहाक र रिबेकाको जीवन
अमिलो हुनगयो।

याकूबको छल

२७ जब इसहाक वृद्ध भए, र तिनका आँखा
कमजोर भएर देख्न नसकिने भए तब
तिनले आफ्ना जेठा छोरा एसावलाई बोलाएर
भने, "ए मेरो छोरो।" औ तिनले उनलाई
जवाफ दिए, "हजूर।" २ उनले भने, "हेर्,
म वृद्ध भएँ। मेरो मर्ने दिन कहिले आउँछ म
भन्नसक्तिनँ। ३ अब तेरा हतियारहरू, अर्थात्
तेरो ठोकरी र धनु लिएर वनमा जा, र मेरो
निम्ति शिकार मारेर, ४ स्वादिष्ट तरकारी
बनाएर मकहाँ ले, र खाएर मेरो मृत्यु अघि म
तँलाई आशिष दिनेछु।"
५ इसहाकले एसावसँग यसरी कुरा गर्दा
रिबेकाले सुनिरहेकी थिइन्। औ जब एसाव
वनमा शिकार मारेर ल्याउन गए। ६ तब
रिबेकाले आफ्नो छोरो याकूबलाई भनिन्,
"हेर्, तेरा पिताले तेरा दाज्यू एसावसँग यसो
भनेर कुरा गरिरहेको मैले सुनें, ७ 'शिकार
मारेर मकहाँ ले, र मेरो निम्ति स्वादिष्ट तरकारी
तयार गर्, र त्यो खाएर मेरो मृत्युअघि परमप्रभु-
को सामने म तँलाई आशिष दिनेछु।' ८ यस-
कारण ए मेरो छोरो, मैले तँलाई भनेबमोजिम
मेरो कुरा मान्। ९ बथानमा गएर दुइटा असल
असल पाठा लिएर आइज, र तेरो बाबुलाई मन
पर्ने स्वादिष्ट तरकारी म बनाइदिनेछु। १० औ
तैंले त्यो तेरो बाबुकहाँ लैजा, र तिनले त्यो
खाएर आफ्नो मृत्युअघि तँलाई आशिष दिऊन्।"
११ तर याकूबले आफ्नी आमा रिबेकालाई
भने, "हेर्नुहोस्, मेरा दाज्यू एसाव रौंने रौं
भएका मानिस हुन्। म चाहिं रौं नभएको
छु। १२ सायद मेरा पिताले मलाई
छाम्नुहुन्छ, र उहाँको सामने म ठगाहाजस्तो
देखिनेछु। औ आशिष ता होइन, तर ममाथि
सराप आइपर्ला।" १३ तिनकी आमाले
तिनलाई भनिन्, "हे मेरो छोरो, तँलाई
दिएको सराप ममाथिनै परोस्। केवल मेरो
कुरा मान्, र गएर ती मकहाँ ले।" १४ तब
तिनी गएर ती ल्याए र आमालाई दिए, र तिनले
याकूबका बाबुलाई मनपर्ने स्वादिष्ट तरकारी
तयार गरिन्। १५ तब घरमा भएका आफ्नो
जेठा छोरा एसावका असल असल लुगाहरू
झिकेर रिबेकाले ल्याइन्, र कान्छो छोरो
याकूबलाई लगाइदिइन्। १६ औ बाख्राका
पाठाका छालाहरू तिनका हात र घाँटीका
रौं नभएका भागमा लगाइदिइन्। १७ औ
आफूले तयार पारेको स्वादिष्ट तरकारी र रोटी
आफ्नो छोरो याकूबको हातमा दिइन्।
१८ तब याकूबले आफ्ना पिताकहाँ गएर
भने, "बुवा!" उनले भने, "हँ, तँ को होस्?"
१९ याकूबले आफ्ना पितालाई भने, "म
तपाइंको छोरो एसाव हुँ। तपाइंले अह्राउनुभए-
बमोजिम मैले गरेको छु। अब उठेर बस्नुहोस्,
र मैले ल्याएको शिकारको मासु खानुहोस्, र
मलाई आशिष दिनुहोस्।" २० तर इसहाकले
आफ्नो छोरालाई भने, "छोरो, कसरी तैंले
यति चाँड़ै त्यो भेट्टाउनसकिस्?" तिनले जवाफ
दिए, 'किनभने परमप्रभु तपाइंका परमेश्वरले
मलाई सफल गराउनुभयो।" २१ इसहाकले
याकूबलाई भने, "छोरो, नजीकै आइज, तँ मेरो
छोरो एसाव होस् कि होइनस् म यसो हेरूँ।"
२२ तब याकूब आफ्ना पिता इसहाकको नजीकै
गए, र उनले तिनलाई छामेर भने "सोर ता
याकूबको हो, तर हातहरू ता एसावकै हुन्।"

२३ तिनका हातहरू तिनका दाज्यू एसावकै
हातजस्ता रौंनै रौं भएका हुनाले उनले तिनलाई
चिनेनन् । तब उनले तिनलाई आशिष दिए ।
२४ उनले तिनलाई सोधे, “के तँ साँच्चै मेरो
छोरो एसावनै होस् त ?” तिनले जवाफ दिए,
“म एसावनै हुँ ।” २५ तब उनले भने, “त्यो
यहाँ ले । मेरो छोराले शिकार गरेको मासु म
खाऊँ, र म तँलाई आशिष दिऊँ ।’ तब
तिनले त्यो उनीकहाँ ल्याए, र उनले खाए ।
अनि तिनले दाखमद्य पनि लगिदिए, र उनले
पिए । २६ तब तिनका पिता इसहाकले तिनलाई
भने, “मेरो नजीकै आएर मलाई म्वाइँ खा, मेरो
छोरो ।” २७ तिनी नजीक गएर उनलाई म्वाइँ
खाए । अनि उनले तिनका लुगाहरूको गन्ध
सुँघेर यसो भनी आशिष दिए,

‘हेर, मेरो छोराको बास्ना,
परमप्रभुले आशिष दिनुभएको खेतको
बास्नाजस्तै छ ।
२८ परमेश्वरले तँलाई आकाशको शीतबाट
र पृथ्वीको प्रचुरताबाट
धेरै अन्न र दाखमद्य दिऊन् ।
२९ मानिसहरूले तेरो सेवा गरून् ।
र जाति जातिले तँलाई दण्डवत् गरून् ।
तेरा दाज्यू-भाइहरूमाथि तेरो प्रभुत्व होस् ,
र तेरी आमाका छोराहरूले तँलाई दण्डवत्
गरून् ।
तँलाई सराप्नेहरू सबै श्रापित होऊन्,
र तँलाई आशिष दिनेहरू सबैले आशिष
पाऊन् ।’

३० इसहाकले आशिष दिइसक्ने बित्तिकै
याकूब आफ्ना पिता इसहाककहाँबाट निस्केर
गएका पनि थिए, कि तिनका दाज्यू एसाव
शिकारबाट आइपुगे । ३१ तिनले पनि स्वादिष्ट
तरकारी तयार गरेर आफ्ना पिताकहाँ ल्याए ।
औ तिनले आफ्ना पितालाई भने, “बुवा,
उठेर आफ्नो छोराले ल्याएको शिकार खानुहोस्,
र मलाई आशिष दिनुहोस् ।” ३२ तिनका
पिता इसहाकले तिनलाई सोधे, “तँचाहिँ
को होस् ?” तिनले उत्तर दिए, “म
तपाइंको जेठो छोरो एसाव हुँ ।” ३३ तब
इसहाक भयानकसँग कामे, र भने, “उसोभए त्यो
को थियो जसले शिकार गरेर यहाँ मकहाँ ल्यायो,
र तँ आउन अघिनै मैले त्यो सबै खाएर त्यसलाई
आशिष दिइसकें ? हो, त्यो चाहिँ आशीर्वादी
हुनेछ ।” ३४ जब एसावले आफ्ना पिता
इसहाकका यी कुरा सुने तब तिनी अत्यन्तै ठूलो
सोरले नमीठो गरी कराएर रोए, र आफ्ना
पितालाई भने, “बुवा, मलाई पनि आशिष
दिनुहोस् ।” ३५ तर उनले भने, “तेरो भाइ
छल गरेर आयो, र तैंले पाउने आशिष लगि-
हाल्यो ।” ३६ अनि एसावले भने, “त्यसको
नाउँ याकूब राखिएको ठीकै होइन ? किनभने
त्यसले मलाई दुइपल्ट ठगिसक्यो । त्यसले मेरो
ज्येष्ठ-अधिकार हर्‍यो, र अहिले मैले पाउने
आशिष पनि लग्यो ।’ तिनले फेरि भने, “के
तपाइंले मेरो निम्ति एउटै आशिष पनि जमेरा
राख्नुभएको छैन ?” ३७ इसहाकले एसावलाई
जवाफ दिए, “हेर्, मैले त्यसलाई तेरो मालिक
तुल्याइसकें । औ त्यसका सबै दाज्यू-भाइहरूलाई
मैले त्यसका दास तुल्याएँ । औ अन्न र दाख-
मद्यले मैले त्यसलाई तृप्त पारेको छु । अब तेरो
निम्ति म के गर्नसक्छु र छोरो ?” ३८ एसावले
आफ्ना पितालाई भने, “तपाइंसित एउटै मात्र
आशिष छ, मेरा बुवा ? मलाई पनि ता आशिष
दिनुहोस् न ।” औ एसाव डाँको छोडेर रोए ।
३९ तब तिनका पिता इसहाकले भने,
“हेर्, तेरो बसो-बासो पृथ्वीको प्रशस्त-
पनाबाट बाहिरै हुनेछ,
र आकाशको शीतबाट बाहिर ।
४० तैंले आफ्नो तरवारको बलले जीविका
चलाउनेछस् ,
र तैंले तेरो भाइको सेवा गर्नेछस् ।
औ तँ स्वाधीन भएपछि
तैंले त्यसको जुवा तेरो काँधबाट हल्लाएर
फ्याँक्नेछस् ।”

४१ आफ्ना पिताले याकूबलाई दिनुभएको
त्यस आशिषले गर्दा एसावले तिनीसँग दुश्मनी
गर्नलागे, र एसावले आफ्नो मनमनै भने, “मेरा

पिताका मर्ने बेला नजीकै आइपुगेको छ। त्यस-
पछि म मेरो भाइ याकूबलाई मार्नेछु।'' ४२ तर
तिनका जेठा छोरा एसावको यो कुरा रिबेका-
कहाँ पुग्यो। यसकारण रिबेकाले आफ्नो कान्छो
छोरा याकूबलाई बोलाएर भनिन्, "हेर्, तेरा
दाज्यू एसावले तँलाई मार्ने विचार गरेर आफ्नो
चित्त बुझाएको छ। ४३ यसकारण ए छोरो
मैले भनेको कुरा मान्। तँ हारानमा मेरा
दाज्यू लाबानकहाँ भागेर जा, ४४ र तेरो
दाज्यूको रीस नमरुन्जेल केही दिन त्यहाँ तिनीसँग
बस्। ४५ तैँले तेरो दाज्यूमाथि गरेको काम
त्यसले बिर्सेर तँसँग गरेको रीस मरेपछि
म तँलाई त्यहाँबाट लिन पठाउनेछु। एकै
दिनमा तिमीहरू दुवै जनाको वियोग मैले कसरी
सहनु ?''

४६ तब रिबेकाले इसहाकलाई भनिन्,
"हेत वंशी स्त्रीहरूले गर्दा मेरो जीवनै हैरान भइ-
सक्यो। याकूबले पनि यस देशका केटीहरूमध्ये
यस्तै एउटी केटीलाई विवाह गर्‍यो भने मैले
बाँचेर के फायदा हुन्छ ?''

याकूब कन्याको खोजीमा हिँड्का

२८ तब इसहाकले याकूबलाई बोलाएर
आशीर्वाद दिए, र यसो भनेर आज्ञा गरे,
"तैँले कनानी स्त्रीहरूमध्ये कसैलाई विवाह नगर्नू।
२ पद्दनराममा तेरी आमाका बाबु बतूएलको
घरमा गएर त्यहींबाट तेरा मामा लाबानका छोरी-
हरूमध्ये एउटीलाई विवाह गर्। ३ सर्वशक्ति-
मान परमेश्वरले तँलाई आशिष दिऊन्, र तँलाई
फल्दो-फुल्दो गराएर तेरो वृद्धि गराऊन्, र तँ
जातिहरूका एक समुदाय भएस्। ४ परमेश्वरले
तँलाई र तेरा सन्तानहरूलाई अब्राहामले
पाउनुभएको आशिष दिऊन्, र तँ प्रवासी
भएको यस देशमा, जो परमेश्वरले अब्राहामलाई
दिनुभएको हो, तेरै अधिकार होस्।'' ५ यसरी
इसहाकले याकूबलाई पठाए। औ तिनी पद्दन
राममा एसाव र याकूबकी आमा रिबेकाका दाज्यू
अरामी बतूएलको छोरो लाबानकहाँ गए।

६ अब इसहाकले याकूबलाई आशीर्वाद
दिएर स्वास्नी ल्याउन त्यहाँबाट पद्दनराममा पठाए-
छन्, र उनले तिनलाई आशीर्वाद दिएर, "तैँले
कनानी स्त्रीहरूमध्ये कसैलाई विवाह नगर्नू'' भन्ने
आज्ञा दिएछन्, ७ औ याकूब पनि आफ्ना
बाबु-आमाको आज्ञा मानेर पद्दनरामतर्फ गएछ
भन्ने कुरा एसावले थाह पाए। ८ औ कनानी
स्त्रीहरू उनका बाबुलाई मनपर्दैन रहेछ भन्ने
कुरा पनि जब एसावले थाह पाए, ९ तब एसाव
इश्माएलकहाँ गए, र तिनका आफ्ना स्वास्नीहरू-
बाहेक अब्राहामको छोरो इश्माएलकी छोरी
नबायोतकी बहिनी महलतलाई आफ्नी स्वास्नी
तुल्याएर ल्याए।

बेतेलमा याकूबको सपना

१० बेर्शेबा छोडेर याकूब हारानतिर लागे।
११ औ कुनै एउटा ठाउँमा पुगेपछि सूर्य अस्ताए-
को हुनाले तिनी त्यस रात त्यहीं बास बसे।
त्यस ठाउँका ढुङ्गाहरूबाट एउटा लिएर तिनले
आफ्नो सिहान बनाएर सुत्नलाई त्यहीं पल्टे।
१२ औ तिनले यस्तो सपना देखे—जमीनमा खड़ा
गरिएको एउटा भर्‍याङ रहेछ, र त्यसको टुप्पा
चाहिँ आकाशसम्मै पुगेको रहेछ। औ परमेश्वर-
का दूतहरू त्यसमा उक्लने र ओर्लने गर्दारहेछन्।
१३ औ परमप्रभु त्यसमाथि उभिनुभयो, र याकूब-
लाई भन्नुभयो, "म परमप्रभु, तेरा पिता अब्रा-
हामका परमेश्वर र इसहाकका परमेश्वर हुँ। जुन
भूमिमा तँ ढल्किरहेको छस् त्यो म तँलाई र तेरा
सन्तानहरूलाई दिनेछु। १४ तेरो वंश पृथ्वीको
धूलोसरह हुनेछ। पूर्व, पच्छिम, उत्तर र दक्षिण-
तिर फैलिएर तँ जानेछस्। तँ र तेरा सन्तानहरू-
मार्नै पृथ्वीका सबै वंशहरू आशीर्वादी हुनेछन्।
१५ हेर्, म तँसँग छु, र तँ जहाँसुकै गए
तापनि तँलाई रक्षा गर्नेछु, र तँलाई यस ठाउँमा
फर्काएर ल्याउनेछु, किनकि मैले तँलाई भनेको
कुरा पूरा नगरुन्जेल म तँलाई छोड्नेछैनँ।''
१६ तब याकूब निद्राबाट ब्यूँझेर भने, "निश्चय
यस ठाउँमा परमेश्वर हुनुहुँदो रहेछ, यो मलाई

थाह थिएन।" १७ औ साह्रै भयभीत भएर
तिनले भने, "यो ठाउँ कस्तो भययोग्य रहेछ। यो
ता परमेश्वरको घरबाहेक अरू केही होइन रहेछ।
यो ता स्वर्गको ढोका पो रहेछ।"

१८ तब याकूब बिहान सबेरै उठे, र आफूले
सिहान बनाएको त्यो ढुङ्गा लिएर खामोजस्तै
गरी खड़ा गरेर त्यसको टुप्पामा तेल खन्याए।
१९ औ तिनले त्यस ठाउँको नाउँ
बेतेल* राखे। पहिले त्यस ठाउँको नाउँ लूज
थियो। २० तब याकूबले यसो भन्ने भाकल
गरे, "यदि परमेश्वर मेरो साथमा रहनुभयो,
मेरो यात्रामा मलाई रक्षा गर्नुभयो, मलाई
खानलाई रोटी र लाउनलाई वस्त्र दिनुभयो,
२१ र म कुशलपूर्वक फेरि मेरा बाबुको घरमा
आउन पाएँ भने परमप्रभुनै मेरा परमेश्वर
हुनुहुनेछ। २२ औ मैले खामो बनाएको
यो ढुङ्गा चाहिँ परमेश्वरको घर हुनेछ। औ
तपाईंले मलाई दिनुभए जत्ति सबैको दशांश
म तपाईंलाई अवश्य चढाउनेछु।"

याकूब र लाबान—लेआ र राहेलसँग याकूबको विवाह

२९ तब याकूब उठेर आफ्नो बाटो लागे, र
पूर्ववासीहरूको देशमा पुगे। औ यसो
हेर्दा तिनले मैदानमा एउटा इनार देखे।
२ औ भेड़ाका तीन बगाल त्यसैको नजीक
बसिरहेका थिए, किनकि त्यही इनारबाट मानिस-
हरूले बगालल्लाई पानी खुवाउँथे। इनारको मुख
ढाक्ने एउटा ठूलो ढुङ्गा थियो। ३ जब सबै
बथानहरू त्यहाँ जम्मा हुन्थे, तब गोठालाहरूले
इनारको मुखबाट ढुङ्गा गुड़याएर भेड़ाहरूलाई
पानी खान दिन्थे, र इनारको मुखमा फेरि त्यो
ढुङ्गा राखिदिन्थे।

४ याकूबले तिनीहरूलाई भने, "हे मेरा भाइ
हो, तिमीहरू कहाँका हौ?" तिनीहरूले भने,
"हामी हारानमा बस्ने हौं।" ५ तिनले भने,
"तिमीहरू नाहोरका छोरा लाबानलाई चिन्छौ?"
तिनीहरूले भने, "तिनलाई हामी चिन्छौं।"
६ तिनले उनीहरूलाई सोधे, "के उहाँ सन्चै
हुनुहुन्छ?" तिनीहरूले भने, "उहाँ सन्चै
हुनुहुन्छ। हेर्नुहोस् त, उहाँकी छोरी राहेल
भेड़ाहरू लिएर आउँदैछिन्।" ७ तिनले भने,
"हेर, साँझ परेको छैन। भेड़ा-बाख्राहरूलाई
जम्मा गर्ने बेला भएको छैन। भेड़ाहरूलाई पानी
खुवाएर फेरि चराउन लैजाऊ। ८ तर तिनीहरूले
भने, "सबै बगालहरू जम्मा नभई औ इनारको
मुखबाट ढुङ्गा नगुड़याईकन हामी त्यसो
गर्नसक्तैनौं। त्यसपछि मात्र हामी भेड़ाहरूलाई
पानी खुवाउँछौं।"

९ तिनी उनीहरूसँग कुरा गरिरहेकै थिए
राहेल आफ्ना बाबुका भेड़ाहरू लिएर त्यहाँ
आइपुगिन्, किनकि भेड़ाहरू तिनलेनै चराउने-
गर्थिन्। १० जब याकूबले आफ्ना मामा
लाबानकी छोरी राहेल र तिनका मामाका भेड़ाहरू
देखे तब नजीक आएर तिनले इनारको मुखको
ढुङ्गा गुड़याइदिए, र आफ्ना मामा लाबानका
भेड़ाहरूलाई पानी खुवाइदिए। ११ तब याकूबले
राहेल्लाई म्वाइँ खाए, र तिनी साह्रो रोए।
१२ अनि याकूबले राहेललाई आफू तिनका
बाबुका नातेदार रिबेकाको छोरो हुँ भनी
बताइदिए। औ राहेल कुदेर गइन् र आफ्ना
बाबुलाई यो कुरा बताइदिइन्।

१३ आफ्नो भानिज याकूब आएको समाचार
पाउने बित्तिकै लाबान तिनलाई भेट्नलाई कुदेर
आए, र तिनलाई अङ्गालो हालेर म्वाइँ खाए,
औ तिनलाई आफ्नो घरमा ल्याए। १४ औ
याकूबले लाबानलाई सबै कुरा बताइदिए।
लाबानले तिनलाई भने, "वास्तवमा तिमी मेरो
हाड़ र मासु हौ।" तब याकूब तिनीसँग एक
महीना बसे।

१५ एक दिन लाबानले याकूबलाई भने,
मेरो नातेदार हुँदैमा तिमीले सित्तैंमा मेरो
चाकरी गर्ने? ज्याला कत्ति भन्छौ मलाई
भन।" १६ लाबानका दुइ छोरीहरू थिए।
जेठीको नाउँ लेआ र कान्छीको नाउँ राहेल
थियो। १७ लेआको आँखा धमिलो थियो,

* परमेश्वरको घर

तर राहेल चाहिँ सुन्दरी र मजाकी थिइन्।
याकूबले राहेललाई प्रेम गर्थे। १८ तिनले
भने, "तपाईंकी कान्छी छोरी राहेलको निम्ति
सात वर्षसम्म म तपाईंको चाकरी गर्नेछु।"
१९ लाबानले भने, "त्यसलाई अरू कोहीसँग
विवाह गरिदिनुभन्दा त तिमीलाई दिनुनै असल
हो। हुन्छ, मसँगै बस।" २० यसकारण
याकूबले राहेलको निम्ति सात वर्ष चाकरी गरे।
तिनले राहेललाई यति प्रेम गर्थे कि त्यो समय
तिनलाई थोरै दिनजस्तो लाग्यो।
२१ त्यसपछि याकूबले लाबानलाई भने,
"मैले तपाईंको चाकरी गरिसकें। अब मेरी
पत्नी हुनलाई राहेल मलाई दिनुहोस्। म तिनी-
कहाँ जान्छु। २२ तब लाबानले त्यस ठाउँका
मानिसहरू जम्मा गरेर भोज दिए। २३ तर
साँझमा तिनले आफ्नी छोरी लेआलाई याकूब-
कहाँ ल्याइदिए, र याकूब तिनीकहाँ गए।
२४ लाबानले आफ्नी दासी जिल्पालाई
आफ्नी छोरी लेआकी दासी हुनलाई दिए।
२५ याकूबले बिहान हेर्दा ता लेआ पो रहेछ।
तब तिनले लाबानलाई भने, "तपाईंले मप्रति किन
यस्तो गर्नुभयो ? मैले राहेलको निम्ति चाकरी
गरेको होइन र ? तपाईंले किन मसित यसरी छल
गर्नुभयो ? २६ लाबानले भने, "हाम्रो देशमा
जेठीको भन्दा कान्छीको विवाह अघिबाट
गर्नु हुँदैन। २७ लेआको निम्ति एक साता पूरा
गर, र अर्को सात वर्ष मेरो चाकरी गरेको
सट्टामा तिमीलाई म अर्की पनि दिइहाल्छु।"
२८ याकूबले त्यसै गरे, र लेआको निम्ति एक
साता पूरा गरे। तब लाबानले आफ्नी छोरी
राहेललाई पनि याकूबकी स्वास्नीको रूपमा
दिइहाले। २९ लाबानले आफ्नी दासी बिल्हा-
लाई आफ्नी छोरी राहेलकी दासी हुनलाई दिए।
यसरी याकूब राहेलकहाँ पनि गए। ३० तिनले
लेआलाई भन्दा राहेललाई बढ़ी प्रेम गर्थे, औ
अर्को सात साल याकूबले लाबानको चाकरी गरे।
३१ लेआलाई अवहेलना भएको देखेर परम-
प्रभुले तिनको कोख खोलिदिनुभयो। तर राहेल
चाहिँ बाँझीनै रहिन्। ३२ लेआ गर्भवती
भएर एउटा छोरो जन्माइन्, औ तिनले त्यसको
नाउँ यसो भनेर रूबेन* राखिन्, 'साँच्चिनै
परमप्रभुले मेरो दुःख देख्नुभयो, किनभने अब ता
मेरा पतिले मलाई प्रेम गर्नुहुन्छ।' ३३ तिनी
फेरि गर्भवती भइन्, र अर्को छोरा जन्माइन्।
तिनले भनिन्, 'म हेला भएकी छु भनी परमेश्वरले
सुन्नुभएको हुनाले उहाँले मलाई यो छोरो पनि
दिनुभयो।' औ तिनले त्यसको नाउँ शिमोन**
राखिन्। ३४ तिनी फेरि गर्भवती भइन् र एउटा
छोरो जन्माएर भनिन्, "यसपाला ता मेरा पति
मसँग मिल्नुहुनेछ, किनभने मैले तिनको निम्ति
तीनवटा छोरा पाइसकें।' यसकारण त्यसको
नाउँ लेवी † राखियो। ३५ औ तिनी फेरि
गर्भवती भएर छोरो पाइन् र भनिन्, 'यसपाला
ता म परमप्रभुको प्रशंसा गर्नेछु।' यसैले
त्यसको नाउँ यहूदा‡ राखियो। त्यसपछि
तिनले जन्माउन छोड़िन्।

याकूबका बाल-बच्चा

३० याकूबबाट आफ्नो केही सन्तान नभएका
देखेर राहेलले आफ्नी दिदीसित डाह
गर्नलागिन्। तिनले याकूबलाई भनिन्, "मलाई
पनि सन्तान दिनुहोस्, नत्र म मर्नेछु।"
२ याकूबले राहेलसित रिसाएर भने, "तिम्रो
कोख थुनिदिने म परमेश्वरको स्थानमा छु र ?"
३ तब तिनले भनिन्, "मेरी दासी बिल्हा यहीं छ।
त्यसकहाँ जानुहोस्, र मेरो काखमा खेल्नलाई
त्यसले मेरो निम्ति नानी जन्माओस्।" ४ यसै-
कारण राहेलले आफ्नी दासी बिल्हालाई याकूबकी
स्वास्नीको रूपमा दिइन्, र याकूब त्यसकहाँ
गए। ५ बिल्हाले गर्भवती भएर याकूबबाट
एउटा छोरो जन्माई। ६ तब राहेलले भनिन्,
"परमेश्वरले मेरो निसाफ गर्नुभयो, र मेरो
बिन्ती पनि सुनेर मलाई एउटा छोरो दिनुभयो।"
यसकारण तिनले त्यसको नाउँ दान§ राखिन्।
७ राहेलकी दासी बिल्हा फेरि गर्भवती भई, र

*हेर, छोरो **बिन्ती सुन्नु † मिल्नु ‡ प्रशंसा
§ विचार गरियो

त्यसले याकूबबाट अर्को एउटा छोरो जन्माई।
८ त राहेलले भनिन्, "ज्यादै लड्न्त गरेर मैले
मेरी दिदीलाई जितें।" यसैकारण तिनले त्यसको
नाउँ नप्ताली* राखे।
९ आफूले जन्माउन छोडेको देखेर लेआले
आफ्नी दासी जिल्पालाई लगेर याकूबलाई
स्वास्नीको रूपमा दिइन्। १० तब लेआकी
दासी जिल्पाले याकूबबाट एउटा छोरो जन्माई।
११ औ लेआले भनिन्, "भाग्यमानी।"
यसैकारण तिनले त्यसको नाउँ गाद** राखिन्।
१२ फेरि लेआकी दासी जिल्पाले याकूबबाट अर्को
एउटा छोरो जन्माई। १३ अनि लेआले भनिन्,
"म सुखी रहिछु। किनकि स्त्री जातिहरूले
मलाई सुखी भन्नेछन्।" यसैले तिनले त्यसको
नाउँ आशेर † राखिन्।
१४ गहुँ फसलको बेलामा रूबेन खेतमा
गए, र दूधे-फलहरू भेट्टाएर आफ्नी आमा
लेआकहाँ ल्याए। तब राहेलले लेआलाई
भनिन्, "कृपागरी तिम्रो छोराले ल्याए-
का दूधे-फलहरूबाट मलाई केही देऊ।"
१५ तर लेआले तिनलाई भनिन्, "के मेरो लोग्ने
मबाट खोस्नु सानो कुरो हो र, अब तिमी
मेरो छोराको दूधे-फल पनि लिन खोज्छ्यौ?"
राहेलले भनिन्, "त्यसोभए तिम्रो छोराको
दूधे-फलको निम्ति आज राती उहाँ तिमीसत
सुत्नुहुन्छ।" १६ साँझमा याकूब खेतबाट आउँदा
लेआ तिनलाई भेट गर्न गइन्, र भनिन् "तपाईं
अवश्य मकहाँ आउनुपर्छ, किनभने मेरो छोराका
दूधे-फलहरूसँग तपाईंलाई भाड़ामा लिएकी छु।"
यसैकारण याकूब त्यस रात तिनीसित सुते।
१७ तब परमेश्वरले लेआको बिन्ती सुन्नुभयो, औ
तिनी गर्भवती भइन्, र याकूबबाट तिनले आफ्नो
पाँचौं छोरो जन्माइन्। १८ लेआले भनिन्,
"मैले मेरी दासी मेरा पतिलाई दिएकी हुनाले
परमेश्वरले मलाई मेरो ज्याला दिनुभयो।"
यसकारण तिनले त्यसको नाउँ इस्साकार‡ राखिन्।
१९ लेआ फेरि गर्भवती भइन्, र याकूबबाट
आफ्नो छैटौं छोरो जन्माइन्। २० तब लेआले

*कुश्ती **भाग्यमानी † सुखी ‡ ज्याला

भनिन्, "परमेश्वरले मलाई आशिष दिनुभएको
रहेछ। अब मेरा पतिले मलाई कदर गर्नुहुनेछ,
किनभने मैले उहाँको निम्ति छवटा छोराहरू
जन्माइसकें। यसैकारण तिनले त्यसको नाउँ
जबूलून* राखिन्। २१ त्यसपछि तिनले एउटी
छोरी जन्माइन्, औ तिनले त्यसको नाउँ दीना
राखिन्। २२ तब परमेश्वरले राहेललाई याद
गर्नुभयो, र तिनको बिन्ती सुनेर तिनको गर्भ
खोलिदिनुभयो। २३ तिनी गर्भवती भएर
एउटा छोरो जन्माइन्, र भनिन्, "परमेश्वरले
ममाथि परेको निन्दा हटाइदिनुभयो।" २४ औ
"परमप्रभुले मलाई अर्को छोरो पनि दिऊन्" भनी
तिनले त्यसको नाउँ यूसुफ** राखिन्।
२५ राहेलले यूसुफलाई जन्माएपछि याकूबले
लाबानलाई भने, "आफ्नो देश र घरमा जान
मलाई बिदा दिनुहोस्। २६ मलाई मेरा पत्नीहरू
र छोरा-छोरीहरू लैजानदिनुहोस्, जसका निम्ति
मैले तपाईंको चाकरी गरेको थिएँ। मलाई जान
दिनुहोस्, किनभने मैले गरेको चाकरी तपाईंलाई
थाहै छ।" २७ तब लाबानले तिनलाई भने,
"ममाथि तिम्रो निगाह भए, बस। पूर्व-लक्षणद्वारा
मलाई थाह भएको छ कि परमप्रभुले तिम्रो
खातिर मलाई आशिष दिनुभएको छ। २८ ज्याला
कति भन्छौ? मलाई भन। औ म तिमीलाई
त्यति दिउँला। २९ याकूबले तिनलाई भने, "मैले
तपाईंको कस्तो चाकरी गरेको छु, र तपाईंका
भेड़ा-बाख्राहरू मसित कसरी सप्रेका छन् सो ता
तपाईं आफै जान्नुहुन्छ। ३० किनभने म
आउनभन्दा अघि तपाईंसँग थोरै थिए र अहिले
प्रशस्त भएको छ। मैले जहाँ हात लगाए पनि
परमप्रभु परमेश्वरले तपाईंलाई आशिष दिनुभएको
छ। तर अब मेरो आफ्नै घर-बारको निम्ति चाहिँ
मैले कहिले बन्दोबस्त गर्ने?"

आफ्नो सम्पत्ति बढाउने याकूबको युक्ति

३१ तिनले भने, "म तिमीहरूलाई के दिऊँ
त?" याकूबले भने, "तपाईं मलाई केही नदिनु-

*इब्रानीमा जबल्, अर्थात् कदर गर्नु **अरू दिनु

होस्। तपाईंले मेरो निम्ति यसो गर्नु हुन्छ भने
म तपाईंका बगालहरू चराएर पालिराख्नेछु।
३२ आज तपाईंका सबै बगालबाट थोप्ले र पेटारे
भेड़ा र कालो थुमा, र बाख्राहरूमध्येबाट पनि थोप्ले
र पेटारे जत्ति छुटयाउँदै जानेछु। औ मेरो ज्याला
तिनीहरूनै होऊन्। यसअनुसार तपाईं पछि मेरो
ज्यालाको निम्ति आउनुहुँदा मेरो इमान्दारीलेनै
मेरो निम्ति जवाफ दिनेछ। ३३ बाख्राहरूमध्येका
थोप्ले र पेटारे नभए जत्ति र थुमाहरूमध्येका काला
नभए जत्ति मसँग फेला पर्‍यो भने मैले
ती चोरेको ठहरिनेछ।" ३४ तब लाबानले भने,
"हुन्छ, तिमीले भनेजस्तै होस्।" ३५ तर त्यस
दिन पेटारे र थोप्ले बोकाहरू औ पेटारे र थोप्ले
बाख्रीहरू जति सेतो दाग थिए तिनीहरू र हरेक
काला थुमा जति लाबानले छुट्याएर आफ्ना
छोराहरूको जिम्मा लगाइदिए। ३६ औ याकूब
र उनको बीचमा तीन दिनको बाटो जत्ति
फासला राखेर तिनीहरू बसे। अनि याकूबले
चाहिँ बाँकी बगालहरू चराउन लागे।

३७ तब याकूबले काँचो जामून, कागजी-बदाम
र कटुसको रूखका लट्ठी लिएर तिनमा सेता सेता
धर्का बनाउनलाई तिनका बोक्रा ताछे। ३८ अनि
तिनले ती लट्ठीहरू बगालका सामने कुलाहरूमा,
अर्थात् पानी खाने डूँड़मा, बगालले पानी खान
आउने ठाउँमा बगालको सामने गाड़िदिए। तिनी-
हरू पानी खान आउँदा त्यहीं मिसिन्थे। ३९ ती
बगालहरू ती लट्ठीहरूका सामने मिसिने भएका
हुनाले तिनीहरूले बच्चा पनि त्यस्तै छिर्के-मिर्के,
पेटारे र थोप्ले ब्याए। ४० औ याकूबले त्यस्ता
पाठाहरू जत्ति छुटयाएर लाबानका बगालका पेटारे
र सबै काला कालाहरूतिर पठाइदिए। औ आफ्नो
बगाल चाहिँ लाबानका बगालसित नमिसाएर
अलग्गै राखे। ४१ ती लट्ठीहरूकै सामने मिसि-
ऊन् भनेर बलिया बलिया बगालहरू मिसिने
बेलामा चाहिँ याकूबले डूँड़मा ती बगालका
आँखाकै सामने ती लट्ठीहरू राखिदिन्थे। ४२ तर
निर्धा बगालहरूका निम्ति चाहिँ तिनले ती लट्ठीहरू
राखिदिँदैनथे। यसैकारण निर्धा जत्ति लाबानका
भए, र बलिया जत्ति चाहिँ याकूबका भए।
४३ यसरी याकूब अत्यन्तै धनी भए, र तिनका
ठूला ठूला बगाल, नोकर-चाकर, ऊँट र गधाहरू
पनि भए।

याकूब लाबानको घरबाट सुटुक्क भागेका

३१ एकपल्ट लाबानका छोराहरूले यसो भनि-
रहेका याकूबले सुने, "हाम्रा बाबुका सबै
थोक याकूबले लिइसके, र हाम्रा बाबुकै सम्पत्तिबाट
तिनले यत्ति धेरै कमाएका छन्।" २ औ याकूब-
ले लाबानको मोहड़ा हेर्दा पनि आफूमाथि तिनका
निगाह पहिलेजस्तै नभएको देखे। ३ तब
परमप्रभुले याकूबलाई भन्नुभयो, "तेरा पिता-पुर्खा
र तेरो कुटुम्बकहाँ फर्केर जा, औ म तँसँग
हुनेछु।" ४ यसैकारण याकूबले राहेल र लेआ-
लाई आफ्नो बगाल भएको रूकमा बोलाइपठाए।
५ औ तिनीहरूलाई भने, "तिमीहरूका बाबुले
पहिलेजस्तै ममाथि निगाह नगरेको म देख्तैछु।
तर मेरा पिताका परमेश्वर मसँग हुनुहुन्छ।
६ मेरो बलले भियाएसम्म मैले तिमीहरूका बाबुको
चाकरी गरेको तिमीहरूलाई थाहै छ। ७ तापनि
तिमीहरूका बाबुले मलाई ठग्नुभयो, र मेरो ज्याला
दशपल्ट बदल्नुभयो। तर परमेश्वरले तिनलाई
मेरो हानि गर्न दिनुभएन। ८ उनले थोप्ले जत्ति
तिम्रो ज्याला होस् भन्दा सबै बगालले थोप्लेनै
ब्याए। औ उनले पेटारे जत्ति तिम्रो ज्याला
होस् भन्दा सबै बगालले पेटारेनै ब्याए।
९ यसरी परमेश्वरले तिमीहरूका बाबुका बगालहरू
लिएर मलाई दिनुभयो। १० बगाल मिसिने
बेलामा बगालमाथि चढ़ने बोकाहरू जत्ति पेटारे,
थोप्ले र छिर्के-मिर्के भएका सपना मैले देखें।
११ त्यस बेला परमेश्वरका दूतले सपनामा मलाई
'ए याकूब' भन्नुभयो। औ मैले भनें 'हजूर।'
१२ औ उहाँले भन्नुभयो, 'तेरो आँखा उठाएर
बगालमाथि चढ़ने सबै बोकाहरूलाई हेर्। ती
पेटारे, थोप्ले र छिर्के-मिर्के छन्, किनकि लाबान-
ले तँमाथि जे गरिरहेछ सो मैले देखेको छु।
१३ तैंले खामामा तेल खन्याएको र भाकल
गरेको ठाउँ बेतेलका परमेश्वर मनै हुँ। अब

उठ्, यस ठाउँबाट फर्केर तेरो जन्म-भूमिमा
जा'।'' १४ तब राहेल र लेआले तिनलाई
भने, "हाम्रा बाबुको घरमा हाम्रा निम्ति केही
भाग अथवा हकको अंश छ र? के उहाँले
हामीलाई विदेशीजस्तै गर्नुभएको छैन र?
१५ किनभने उहाँले ता हामीलाई बेचिदिनुभयो,
र हाम्रा निम्ति दिनुभएको पैसा पनि आफै चलाइ-
दिनुभएको छ। १६ हाम्रा बाबुबाट परमेश्वरले
लानुभएका सबै सम्पत्ति हाम्रै र हाम्रा छोरा-
छोरीहरूको भएको छ। अब परमेश्वरले तपाईं-
लाई जे जसो गर्नू भन्नुहुन्छ त्यसै गर्नुहोस्।

१७ तब याकूब उठेर आफ्ना छोराहरू र
स्वास्नीहरूलाई ऊँटहरूमाथि राखे। १८ अनि
तिनले आफ्ना सबै बगाल र आफूले कमाएका सबै
पशुहरू र पद्दनराममा रहँदा आफूले प्राप्त गरेका
जम्मै बगालहरूलाई लिएर आफ्ना पिता इसहाक-
को देश कनानमा जानलाई धपाएर लगे।
१९ त्यस बेला लाबान चाहिँ आफ्ना भेड़ाको
ऊन कत्रन गएका थिए॥ औ राहेलले चाहिँ
आफ्ना बाबुको घर-देवताहरू चोरेर लगिन्।
२० अरामी लाबानलाई याकूबले यसरी
झुक्काए, कारण तिनको भाग्ने मति छ भनेर
तिनले उनलाई बताएनन्। २१ आफूसँग
भएका सबै कुरा लिएर याकूब भागेर महानदी
यूफ्रेटिस तरे। औ गिलादको पहाड़ी मुलुक-
तर्फ लागे।

२२ जब तेस्रो दिनमा याकूब भागेको खबर
लाबानले सुने, २३ तब उनले आफ्ना दाज्यू-
भाइहरू साथमा लिएर सात दिनसम्म तिनलाई
खेदे, र गिलादको पहाड़ी मुलुकमा तिनलाई
भेट्टाए। २४ तर अरामी लाबानकहाँ राती
सपनामा परमेश्वर देखा पर्नुभयो, र उनलाई
भन्नुभयो, "होश गर्, तैंले याकूबलाई
असल कि खराब केही कुरा नभन्।''

२५ लाबानले याकूबलाई भेट्टाउँदा याकूबले
आफ्नो पाल पहाड़मा टाँगेका थिए। औ
लाबानले पनि आफ्ना दाज्यू-भाइहरूका साथमा
गिलादको पहाड़ी मुलुकमा पाल टाँगे लाबानले
२६ याकूबलाई भने, "तिमी मबाट सुटुक्क
भागेर मेरा छोरीहरूलाई लड़ाइँका कैदीहरूलाई
झैं ल्याएर यो के गरेको? २७ तिमी किन मलाई
नभनीकन सुटुक्क भागेर मलाई धोका दियौ? म
बीणा र खैंजड़ीको खुशीयालीमा तिमीलाई पठाउने-
थिएँ। २८ मेरा छोरा-छोरीहरूलाई बिदाइको
म्वाइँ खान मलाई किन दिएनौ? यो तिमीले
मूर्खता गर्‍यौ। २९ तिमीहरूलाई हानि गर्ने
शक्ति मसँग छ। तर तिम्रा बाबुका परमेश्वरले
हिज राती मलाई यसो भन्नुभयो, ३० 'होश गर्,
तैंले याकूबलाई असल कि खराब केही पनि नभन्।'
"औ अब तिम्रा बाबुको घरमा जान तिमीले
ज्यादै इच्छा गरेको हुनाले तिमी हिँड़ेका छौ, तर
मेरा देवताहरू चाहिँ किन चोर्‍यौ?'' ३१ याकूबले
लाबानलाई जवाफ दिए, "तपाईंले आफ्ना छोरी-
हरूलाई मबाट जबरदस्ती खोस्नुहुन्छ कि भन्ने
मलाई डर लाग्यो। ३२ तपाईंका देवताहरू
जससँग पाउनुहुन्छ त्यो जीवित रहनेछैन। मसँग
भएको तपाईंको कुन चीज छ सो हाम्रा कुटुम्बका
सामने चिन्नुहोस्, र लिनुहोस्।'' राहेलले
ती चोरेको याकूबलाई थाहै थिएन।

३३ तब लाबान याकूबको पालभित्र त्यसपछि
लेआको र दुवै दासीहरूका पालभित्र पसे, तर केही
पाउनसकेनन्। तिनी लेआको पालबाट निस्केर
राहेलको पालभित्र पसे। ३४ तर लेआ चाहिँ
ती घर-देवताहरू लिएर ऊँटको काठीमा राखी
तीमाथि बसिरहेकी थिइन्। लाबानले पालमा
जताततै छुँइछुँइति खोजे तर ती पाउनैसकेनन्।
३५ राहेलले आफ्ना बाबुलाई भनिन्, "हजूर
मसँग नरिसाउनुहोला। म नछुने भएकी
हुनाले मैले तपाईंको सामने उठनुभएन।''
यसैकारण उनले खोज्न ता खोजे, तर ती घर-
देवताहरू पाउनसकेनन्।

३६ तब याकूब झोंकिए, र हप्काएर लाबान-
लाई भने, ३७ "मेरो अपराध के छ र तपाईंले
मलाई यसरी खेदो गर्नुभयो? तपाईंले मेर
सबै मालतालहरूको खान-तलास लिनुभयो,
तपाईंका घरेलु मालहरूमध्ये के भेट्टाउनुभयो
खै? ती तपाईंका र मेरा कुटुम्बहरूका सामने
राखिदिनुहोस्। उहाँहरूले हामी दुइका बीचमा

इन्साफ गरिदिनुहुनेछ। ३८ यी बीस वर्षदेखि म
तपाईंसँग छु। त्यतिञ्जेल तपाईंका भेड़ीहरू र
बाख्रीहरूका गर्भ कहिल्यै तुहेनन्। मैले तपाईंका
बगालका भेड़ाहरू खाइनँ। ३९ जङ्गली
जानवरहरूले फहराएकाहरूलाई पनि तपाईंकहाँ नै
ल्याइदिन्थें। बरू क्षतिपूर्ति मनै गर्थें। दिनमा होस्
वा रातमा होस् चोरी भएकाहरू पनि तपाईंले
मबाटै लिनुहुन्थ्यो। ४० दिउँसोको गर्मीले र
रातको चिसोले मलाई क्षीण बनाएको थियो—मेरो
हालत यस्तै थियो। ४१ यी बीस वर्ष म तपाईंकै
घरमा रहें। तपाईंका दुइ छोरीहरूका निम्ति मैले
चौध्र वर्ष चाकरी गरें, र छ वर्षसम्म तपाईंको
बगालको हेरचाहा गरें। औ तपाईंले मेरो ज्याला
दश चोटि बद्लनुभयो। ४२ मेरा बाबुका
परमेश्वर, जो अब्राहामका परमेश्वर, जो
'इसहाकका भय' हुनुहुन्छ, यदि मसँग नहुनुभए
निश्चय अहिले तपाईंले मलाई रित्तै हात पठाउनु-
हुने थियो। परमेश्वरले मेरो कष्ट र मेरो हातको
मेहनत देख्नुभयो, र तपाईंलाई गत रात
हप्काउनु भएको हो।''

४३ तब लाबानले जवाफमा याकूबलाई भने,
"यी छोरीहरू मेरै छोरीहरू हुन्। यी नानीहरू
पनि मेरै नानीहरू हुन्। यी बगालहरू मेरै
बगालहरू हुन्, र तिमी यहाँ जो देख्छौ सबै
मेरै हुन्। तर आज यी मेरा छोरीहरू र तिनी-
हरूले जन्माएका छोरा-छोरीहरूलाई म के गर्न-
सक्छु र? ४४ अब आऊ, तिमी र म आपसमा
एउटा करार बाँधौं, औ तिम्रो र मेरो बीचमा
त्यहीनै गवाही होस्।'' ४५ तब याकूबले एउटा
ढुङ्गो ल्याएर खामोजस्तै खड़ा गरे। ४६ अनि
याकूबले आफ्ना कुटुम्बहरूलाई भने, "तपाईंहरू
पनि ढुङ्गा ल्याउनुहोस्।'' उनीहरूले ढुङ्गा
ल्याएर एक थुप्रो लगाए, र तिनीहरूले त्यही ढुङ्गा-
को थुप्रोनेर खान-पान गरे। ४७ लाबानले त्यस
ढुङ्गाको थुप्रोको नाउँ 'यगर्सहदूता'* तर याकूबले
त्यसलाई 'गलेद'** भने। ४८ तब लाबानले भने,
"आज यो ढुङ्गाको थुप्रो तिम्रो र मेरो बीचमा
साक्षीको रूपमा खड़ा छ।'' ४९ यसकारण तिनले
त्यसको नाउँ गलेद्‌ र मिस्पाको खामो* राखे
किनभने तिनले भने, "हामी एका अर्कोबाट अलग
हुँदा पनि तिम्रो र मेरो बीचमा परमप्रभुले हेरचाहा
गरून्। ५० तिमीले मेरा छोरा-छोरीहरूलाई
अनर्थ गर्‍यौ भने अथवा मेरा छोरीहरूबाहेक अरू
पत्नीहरू ल्यायौ भने, हामीसँग कोही मानिस नभए
तापनि याद गर, तिम्रो र मेरो बीचमा परमेश्वर
साक्षी हुनुहुन्छ।''

५१ त्यसपछि लाबानले याकूबलाई भने, "मैले
तिम्रो र मेरो बीचमा खड़ा गरेर राखेको यो ढुङ्गा-
को थुप्रो र खामो हेर। ५२ यो थुप्रो र यो खामो
साक्षी रहून् कि यो थुप्रो नाघेर म तिमीकहाँ पारि
आउनेछैनँ, औ यो थुप्रो र खामो नाघेर तिमी
पनि मकहाँ हानि गर्नलाई वारि नआऊ।
५३ अब्राहामका परमेश्वर र नाहोरका परमेश्वर,
र तिनीहरूका पिताका परमेश्वरले हाम्रा बीचमा
इन्साफ गरून्।'' यसकारण याकूबले आफ्ना
पिता **'इसहाकका भय'**-लाई साक्षी राखेर शपथ
खाए। ५४ औ याकूबले त्यस डाँड़ामा बलिदान
चढ़ाए, र आफ्ना कुटुम्बहरूलाई खान-पान दिए।
उनीहरू खान-पान गरेर त्यो रात त्यही डाँड़ामा
बिताए। ५५ लाबान बिहान सबेरै उठे, आफ्ना
नाति-नातिनीहरू र छोरीहरूलाई म्वाइँ खाएर
तिनीहरूलाई आशीर्वाद दिए। त्यसपछि तिनी
बिदा भएर घर फर्के।

एसावसँग भेट गर्न याकूबले तयारी गरेका

३२ तब याकूब आफ्नो बाटो लागे, औ
परमेश्वरका दूतहरूले तिनीसँग भेट गरे।
२ याकूबले उनीहरूलाई देखेर भने, "यो ता
परमेश्वरको फौज हो।'' यसकारण तिनले त्यस
ठाउँको नाउँ मनहेम** राखे।

३ अनि याकूबले एदोमको मुलुकको सेईरमा
आफ्ना दाज्यू एसावकहाँ आफ्नो अगि दूतहरू
पठाए। ४ याकूबले तिनीहरूलाई यसो भन्ने आज्ञा
दिए, "तिमीहरूले मेरा प्रभु एसावलाई यसो भन्नू,

*अरामी-भाषामा साक्षीको थुप्रो **इब्रानीमा साक्षीको थुप्रो

*पाले घर **दुइ पल्टन

'तपाईंको दास याकूब यसो भन्छ, "म लाबानसँग
बसोबासो गरी अहिलेसम्म त्यहीं रहें। ५ मसँग
गोरु, गधा, भेड़ाका बगालहरू, नोकर-चाकरहरू
छन्, र तपाईंबाट निगाह पाइएला भन्ने हेतुले
अहिले तपाईंकहाँ मैले बिन्ती गर्न पठाएको हुँ।"
६ ती दूतहरू याकूबकहाँ फर्केर आई यसो
भने, "हामी तपाईंका दाज्यू एसावकहाँ गयौं,
औ उहाँ तपाईंसँग भेट गर्न चार सय मानिसहरूका
साथमा आउँदैहुनुहुन्छ।" ७ तब याकूब साह्रै
डराएर घबराए। तिनले आफूसँग भएका मानिस-
हरू, भेड़ाका बगालहरू, गाई-गोरुहरूका बथान
र ऊँटहरूलाई दुइ दलमा विभक्त गरे। ८ यदि
एसाव आएर एक दललाई मारे पनि अर्को दल ता
उम्कनसक्ला भनी तिनले सोचे। ९ औ तिनले
भने "हे मेरा पिता अब्राहामका परमेश्वर, र मेरा
बाबु इसहाकका परमेश्वर, हे परमप्रभु, जसले मलाई
'तँ तेरै देशमा तेरा कुटुम्बहरूकहाँ जा, र म तेरो
भलाइ गर्नेछु' भन्नुभएको थियो। १० तपाईंको
दासलाई जत्ति करुणा र सत्यता देखाउनु-
भएको थियो त्यसको म कत्ति पनि योग्य छैनँ।
किनभने एउटा लाठो मात्र लिएर मैलेयसोयर्दन
नदी तरेको थिएँ। तर अहिले मेरा दुइवटा दल
भएका छन्। ११ म बिन्ती गर्दछु, मलाई मेरा
दाज्यू एसावको हातबाट बचाउनुहोस्, किनकि
तिनीसँग मलाई डर लाग्छ, नत्रता आमा,
छोरा-छोरीहरूसमेत हामी जमैलाई तिनले मार्लान्।
१२ तर तपाईंले भन्नुभएको छ, 'साँच्चिनै म तेरो
भलाइ गर्नेछु, र तेरा सन्तानहरू समुद्रका बालुवा-
सरह तुल्याउनेछु, जो अत्यन्तै धेर भएको हुनाले
गनी साध्य हुनेछैन'।"
१३ यसैले तिनी त्यस रात त्यहीं बास बसे, र
आफूसँग भएका सम्पत्तिबाट तिनले दाज्यू एसावको
निम्ति सौगात छुट्याए, १४ अर्थात् दुइ सय
बाख्री, बीसवटा बोका, दुइ सय भेड़ी, बीसवटा
भेड़ा, १५ तीस दुहुना ऊँट र तिनका बच्चा,
चालीस गाई र दश साँढ़े, बीस गधैनी र दश गधा।
१६ यी सबै तिनले बथान गरी आफ्ना दासहरूलाई
जिम्मा लगाए, र तिनीहरूलाई भने, "मभन्दा
अघिअघि जाओ, र बथान बथानका बीचमा
फासला राख।" १७ तिनले सबैभन्दा अघिल्लो-
लाई यसो भने, "मेरा दाज्यू एसावले तँलाई भेटेर
'तँ कसको मानिस होस्? औ तँ कहाँ जाने
होस्? तेरो अघिअघि गएका यी बथानहरू कसका
हुन्?' भनेर सोध्नुभयो भने १८ तैंले यसो भन्नू,
'ती ता तपाईंका दास याकूबका हुन्। यी जम्मै
मेरा प्रभु एसावको निम्ति सौगात पठाएका हुन्।
हेर्नुहोस्, उहाँ चाहिँ हाम्रा पछिपछि हुनुहुन्छ'।"
१९ तिनले यही किसिमले दोस्रो, तेस्रो र बथानका
पछिपछि लाग्ने जम्मैलाई आज्ञा दिए, 'एसावलाई
भेट्दा तिमीहरूले यसो पनि भन्नू, २० "हेर्नुहोस्,
तपाईंको दास याकूब हाम्रा पछिपछि आउँदैहुनु-
हुन्छ।' यही तिमीहरूले भन्नू।" किनभने
तिनले यस्तो विचार गरे, कि मेरा अघिअघि गएका
सौगातले मैले तिनको रीस साम्य गर्नसक्छु होला।
त्यसपछि म तिनको सामने पर्नेछु। सायद तिनले
मलाई ग्रहण गर्नेछन्। २१ यसैकारण ती सौगात
तिनीभन्दा अघाड़ि गए, औ तिनी आफैचाहिँ
त्यस रात आफ्नै पालमा बसी बिताए।
२२ त्यस रात तिनी उठे, र तिनका दुइ पत्नी
र दुइ दासी, र एघारै छोरा र छोरीलाई लिएर
यब्बोकको जँघार तरे। २३ तिनले उनीहरूलाई
खोलाको पारि पठाए, र त्यसैगरी तिनले आफूसित
भएका सबै कुरा पनि पठाए।

याकूब र स्वर्गदूतको कुश्ती

२४ अनि याकूब चाहिँ एक्लै रहे। औ
एक जना व्यक्ति उज्यालो नहोउन्जेल तिनीसित
कुश्ती लड्नुभयो। २५ त्यस व्यक्तिले याकूबलाई
जित्न नसकेका देखेर याकूबको जाङ्को खोक्रो
भाग छुनुभयो, र उहाँसित कुश्ती लड़दा लड़दै
याकूबको जाङ्को गेड़ी फुस्क्यो। २६ तब ती
व्यक्तिले भने, "उज्यालो हुनलाग्यो। मलाई
जान देऊ।" तर याकूबले भने, "मलाई
आशीर्वाद नदिउन्जेल म तपाईंलाई जानदिन्नँ।"
२७ अनि उहाँले तिनलाई भन्नुभयो, "तिम्रो नाउँ
के हो?" तिनले भने, "याकूब।" २८ त्यस
व्यक्तिले भने, "अब उप्रान्त तिम्रो नाउँ याकूब

होइन, तर इस्राएल* हुनेछ, किनभने तिमीले
परमेश्वर र मानिसहरूसँग लड्न्त गर्‍यौ, अनि
विजयी भयौ।" २९ तब याकूबले उहाँलाई
सोधे, "बिन्ती छ, मलाई भन्नुहोस्, तपाइंको
नाउँ के हो ? तर उहाँले भन्नुभयो "मेरो
नाउँ तिमी किन सोध्छौ?" अनि उहाँले तिनलाई
आशीर्वाद दिनुभयो। ३० यसैकारण याकूबले
त्यस ठाउँको नाउँ पनीएल** राखे, किनकि
'परमेश्वरका सम्मुखै परे तापनि मेरो ज्यान
बाँच्यो' भनी तिनले भने। ३१ तिनको
जाङ्ले गर्दा तिनी खोच्याई खोच्याई हिँड्ेर
पनीएल नाघिसक्दा सूर्योदय भयो। ३२ उहाँले
तिनको फिलाको खोपिल्टामा जाङ्को नसो
छोइदिनुभएको हुनाले आजसम्म इस्राएलीहरू
फिलाको जाङ्को नसो खाँदैनन्।

याकूब र एसावको शान्तिपूर्वक भेटघाट

३३ त्यसपछि याकूबले आफ्नो आँखा उठाएर
हेर्दा एसाव र तिनका साथमा चार सय
मानिसहरू आइरहेका देखे। यसैकारण तिनले
आफ्ना छोरा-छोरीहरूलाई लेआ, राहेल र दुइ
दासीहरूका जिम्मामा विभक्त गरिदिए। २ अनि
तिनले आफ्ना दासीहरू र तिनका छोराहरूलाई
सबैभन्दा अघाड़ि, त्यसपछि लेआ र तिनका
छोराहरू र राहेल र यूसुफलाई सबैभन्दा पछि
राखे। ३ तिनीहरू सबैका अघि तिनी आफैंचाहिँ
आफ्ना दाज्यूको नजीक नपुगुन्जेल सातचोटि
भूईँमा ढोक्तै गए।

४ तर एसाव तिनीकहाँ दौड़ँदै आएर तिनलाई
अङ्गालो हाले, र छातीमा टाँसेर तिनलाई म्वाइँ
खाए, र तिनीहरू दुवै खूब रोए। ५ अनि एसाव-
ले यसो हेर्दा ती स्त्रीहरू र केटा-केटीहरूलाई देखेर
भने, "तिमीसँग भएका यिनीहरू चाहिँ को
हुन् ?" याकूबले भने, "परमेश्वरले हजूरको
दासलाई अनुग्रह गरी दिनुभएका मेरा बाल-बच्चा
हुन्।" ६ तब दासीहरू र तिनका नानीहरू
नजीक आएर एसावलाई ढोक गरे। ७ त्यसपछि
लेआ र तिनका नानीहरू आएर ढोक गरे। सबै-
भन्दा पछि यूसुफ र राहेल आए, र तिनीहरूले
पनि ढोक गरे। ८ एसावले याकूबलाई सोधे,
"मैले भेटेका यी सबै बथानको मतलब के हो ?"
याकूबले जवाफ दिए, "मैले हजूरबाट अनुग्रह
पाउनलाई हो।" ९ तर एसावले भने, "भाइ,
मसँग प्रशस्तै छ। तिम्रो जो छ तिमीसँगै
रहोस्।" १० याकूबले भने, "होइन, तपाईंको
निगाह ममाथि छ भने कृपागरी मेरो हातको यो
सौगात ग्रहण गर्नुहोस्। किनभने साँच्चिनै
तपाइंको दर्शन पाउँदा मलाई ता परमेश्वरकै दर्शन
पाएझैं लाग्यो। यति ठूलो निगाह देखाएर
तपाइंले मलाई स्वागत गर्नुभयो। ११ यस-
कारण अब बिन्ती छ, तपाइंलाईनै भनेर ल्याएको
मेरो यो सौगात ग्रहण गर्नुहोस्, किनभने परमे-
श्वरको अनुग्रह ममाथि भएको हुनाले मसँग
प्रशस्तै छ।" यसरी याकूबले जिद्दी गरे, र
एसावले ती लिए।

१२ तब एसावले भने, "अब हामी अघि
बढौं। म तिनीभन्दा अघि जानेछु।" १३ तर
याकूबले तिनलाई भने, "हजूरलाई जाहेरै छ कि
यी केटा-केटीहरू कलीलै छन् र बगाल र दुहुना
बथानहरूको मलाई फिक्री लाग्छ। तिनीहरूलाई
एकै दिन पनि बेसी धपाए भने सबै मरिजालान्।
१४ यसैकारण हजूरलाई बिन्ती गर्दछु, कि तपाइंनै
मभन्दा अघि जानुहोस्। म चाहिँ मभन्दा
अघाड़ि गएका गाई-वस्तुहरू र यी बाल-बच्चाहरू-
का चालअनुसार हजूरकहाँ सेईरमा नआइपुगुन्जेल
बिस्तार हिँड़ेर आउनेछु।"

१५ तब एसावले भने, "मसँग भएका केही
मानिसहरू तिमीसित छोड़िदिनेछु।" तर याकूबले
भने, "यसको दरकार होला र ? हजूरको निगाह
मात्र ममाथि रहोस्।" १६ यसैले एसाव त्यही
दिन सेईरमा फर्के। १७ तर याकूब चाहिँ
सुक्कोततिर लागे, र आफ्नो घर र गाई-वस्तुहरू-
लाई छाप्रो बनाएर त्यहीं बसे। यसैकारण त्यसका
निम्ति ठाउँको नाउँ सुक्कोत* राखियो।

*परमेश्वरसँग लड्न्त गर्ने **परमेश्वरको दर्शन

*छाप्राहरू

१२५६०

कनान देशमा याकूबको बसोबासो

१८ त्यसपछि याकूब पद्दनरामबाट हिँड़ेर
कनानको शकेम भन्ने एउटा शहरमा कुशलसाथ
आइपुगे, र त्यस शहरको अघि आफ्नो पाल
टाँगेर बास गरे। १९ आफूले पाल टाँगेको
जग्गा शकेमका बाबु हमोरका छोराहरूबाट
तिनले एक सय चाँदीका टुक्रा दाम हालेर किने।
२० त्यहाँ तिनले एउटा वेदी बनाएर त्यसको
नाउँ एलेलोहे-इस्राएल* राखे।

दीनाको बेइज्जतीको प्रतिशोध

३४ याकूबबाट लेआले जन्माएकी छोरी दीना
त्यस ठाउँका स्त्रीहरूसँग भेट गर्न गइन्।
२ त्यस ठाउँका रजौटा हिव्वी हमोरका छोरा
शकेमले तिनलाई देखे, र लगेर तिनीसित संभोग
गरेर तिनको अपमान गरे। ३ अनि तिनको
मन याकूबकी छोरी दीनातर्फ बऱ्यो। तिनले त्यस
कन्यासित प्रेम गरेर मीठा मीठा कुरा गरे।
४ तब शकेमले आफ्ना बाबु हमोरलाई यसो भने,
"मेरी स्वास्नी तुल्याउनलाई त्यो कन्या मलाई
ल्याइदिनुहोस्।" ५ शकेमले आफ्नी छोरी दीना-
लाई बिगारेको कुरा याकूबले सुने। तर तिनका
छोराहरू वनमा गाई-वस्तुसँग गएका हुनाले तिनी-
हरू नफर्कुन्जेल तिनी चूपै लागिबसे। ६ शकेमका
बाबु हमोर चाहिँ कुरा गर्न याकूबकहाँ आए।
७ यो सुनेर याकूबका छोराहरू वनबाट आए।
तिनीहरू विचलित र क्रुद्ध भएका थिए, किनभने
याकूबकी छोरीलाई बिगारेर शकेमले इस्राएलको
बेइज्जती गरिदिएका थिए। यस्तो काम गर्नु
उचित थिएन। ८ तर हमोरले तिनीहरूसँग
यसो भनेर कुरा गरे, "मेरो छोरो शकेमको मन
तपाईंकी छोरीतर्फ आसक्त भएको छ। कृपागरी
त्यसलाई दीनासँग विवाह गर्न दिनुहोस्।
९ तपाईंहरू हामीसँग बिहेबारी गर्नुहोस्।
तपाईंका छोरीहरू हामीलाई दिनुहोस्, र हाम्रा
छोरीहरू तपाईंहरू लिनुहोस्। १० तपाईंहरू
हामीसँगै बस्नुहोस्, र यो ठाउँ तपाईंहरूका
निम्ति खुला रहनेछ। यहीं बसोबासो गर्नुहोस्,
औ जग्गा-जमीन जोड्नुहोस्।" ११ शकेमले
पनि ती कन्याका बाबु र दाज्यू-भाइहरूलाई भने,
"ममाथि तपाईंहरूको निगाह रहोस्। तपाईंहरू
मसँग जे भन्नुहुन्छ म दिनेछु। १२ दाइजो र
विवाहको उपहारको रूपमा जत्तिसुकै भन्नुहुन्छ
माग्नुहोस्। तपाईंहरूले भन्नुभएबमोजिम म
दिनेछु। केवल त्यो कन्यासँग मलाई विवाह गर्न-
दिनुहोस्।" १३ शकेमले तिनीहरूका बहिनी
दीनालाई बिगारेको हुनाले याकूबका छोराहरूले
शकेम र हमोरसँग कपट राखेर जवाफ दिए।
१४ तिनीहरूले उनीहरूलाई भने, "खतना
नभएकोलाई हाम्री बहिनी दिने काम हामीबाट
हुनैसक्तैन। किनभने त्यसो गऱ्यौं भने हाम्रो
बेइज्जती हुन्छ। १५ यही शर्तमा मात्र हामी
तपाईंहरूले भनेका मान्नेछौं, कि तपाईंहरू पनि
हामीजस्तै हुनुहोस्, अर्थात् प्रत्येक पुरुषले खतना
गरोस्। तब मात्र हामी हाम्रा चेलीहरू तपाईं-
हरूलाई दिनेछौं। १६ औ हामी तपाईंहरूका
चेलीहरू लिनेछौं, र हामी तपाईंहरूसँग एउटै
जाति भएर बसोबासो गर्नेछौं। १७ तर हाम्रा
कुरा सुनेर पनि तपाईंहरू खतना गर्नुहुन्न भनेता
हाम्री छोरी लिएर हामी यहाँबाट गइहाल्नेछौं।"
१८ हमोर र तिनका छोरा शकेमलाई तिनीहरूको
कुरा मन पऱ्यो। १९ त्यस युवकले यो काम गर्नु
कत्ति पनि ढिलाएनन्, किनभने याकूबकी छोरीसित
तिनी मोहित भएका थिए। तिनी आफ्ना बाबुका
घरानामा सबैभन्दा बढ़ी आदरणीय थिए।
२० यसैकारण हमोर र तिनका छोरा शकेम
शहरको मूल-ढोकामा आएर शहरवासीहरू सबैलाई
यसो भने, २१ "यी मानिसहरू शान्तिप्रिय छन्।
तिनीहरू यस देशमा बसेर व्यापार गरून्, तिनी-
हरूका निम्ति जमीन पनि प्रशस्तै छ। २२ हाम्रो
र तिनीहरूका बीचमा बिहेबारी पनि चलोस्।
तिनीहरू हामीसित बसोबासो गरेर एउटै जाति
बन्न यही शर्तमा मन्जूर गर्छन् कि तिनीहरू खतना
भएझैं हामीहरूका हरेक पुरुष खतना हुनुपर्छ।

*इस्राएलका परमेश्वर

२३ के तिनीहरूका गाई-वस्तु र धन-सम्पत्ति र सबै
वस्तुहरू हाम्रै हुनेछैनन् र ? केवल हामी तिनी-
हरूका कुरा मञ्जूर गरौं, र तिनीहरू हामीसित
बस्नेछन्।'' २४ तिनको शहरको मूल-ढोकाबाट
निस्कने सबैले हमोर र तिनका छोरा शकेमका
कुरा सुने, र ती सबै खतना भए।

२५ तेस्रो दिन जब तिनीहरू साह्रै पीड़ित
भएका थिए तब याकूबका दुइ छोरा, दीनाका
दाज्यूहरू शिमोन र लेवी आफ्नो आफ्नो तरवार
लिएर गुप्त रूपले शहरमा पसे, र सबै पुरुषहरूलाई
मारे। २६ तिनीहरूले हमोर र तिनका छोरा
शकेमलाई पनि तरवारले काटेर मारे, र शकेमको
घरबाट दीनालाई लिएर गए। २७ औ याकूबका
छोराहरूले तिनीहरूका बहिनीलाई उनीहरूले
बिगारिदिएका हुनाले ती मारिएकाहरूकहाँ आएर
त्यस शहरलाई लूटे। २८ तिनीहरूले उनीहरूका
बथान, गधाहरू औ त्यस शहरका र खेतमा भएका
सबै कुरा र भेड़ा-बाख्राका बगालहरू पनि लगे।
२९ तिनीहरूका सबै धन-सम्पत्ति, सबै बाल-बच्चा
र, तिनीहरूका पत्नीहरू कैद गरे र घरमा जे जत्ति
थिए ती सबै तिनीहरूले लूटे।

३० तब याकूबले शिमोन र लेवीलाई भने,
"कनानी र परिज्जीहरूको यस देशका बासिन्दा-
हरूमा तिमीहरूले मलाई अप्रिय तुल्याएर संकष्टमा
पारिदियौ। मेरा भने मानिसहरू थोरै छन्।
यदि तिनीहरू सबै भेला भएर मेरो विरुद्धमा हमला
गरे भने म र मेरो घरका सबैलाई खतम पार्ने-
छन्।'' ३१ तर तिनीहरूले भने, "के
त्यसले हाम्री बहिनीलाई वेश्याजस्तै तुल्याउनु
हुन्छ त ?''

याकूबले बेतेलमा वेदी बनाएका

३५ त्यसपछि परमेश्वरले याकूबलाई भन्नुभयो,
"उठेर बेतेलमा जा, र त्यहीं बसोबासो
गर्, औ तेरो दाज्यू एसावबाट तँ भागदाखेरि
तँकहाँ देखा पर्ने परमेश्वरको निम्ति त्यहाँ एउटा
वेदी बना।'' २ यसैकारण याकूबले आफ्नो घराना
र आफूसित भएका सबैलाई भने, "तिमीहरूसँग
भएका अन्यजातिहरूका देवताहरू मिल्काइदेओ,
र आफू आफूलाई शुद्ध गरेर लुगाहरू फेर।
३ तब हामी बेतेलमा जाऔं, र मेरो दुःखको
दिनमा मेरो पुकारा सुन्नुहुने, र म जहाँ भए तापनि
मसित हुनुहुने परमेश्वरको निम्ति त्यहाँ एउटा
वेदी म बनाउनेछु।'' ४ यसैकारण तिनीहरूले
आफू आफूसित भएका अन्यजातिहरूका देवताहरू
र आफ्ना कानमा भएका कुण्डलहरू याकूबलाई
दिए। औ याकूबले शकेमको नजीकै भएको
फलाँटको रूखमनि ती गाड़िदिए।

५ जब तिनीहरूले आफ्नो यात्रा शुरू गरे तब
परमेश्वरको त्रास वरिपरिका शहरहरूमा फैलियो,
र तिनीहरूले याकूबका छोराहरूलाई खेदेनन्।
६ अनि याकूब र तिनीसँग भएका सबै जना कनान
देशमा भएको लूज शहरमा, अर्थात् बेतेलमा
आइपुगे, ७ र तिनले त्यहाँ एउटा वेदी बनाए।
त्यस ठाउँको नाउँ तिनले एल-बेतेल* राखे, किन-
भने तिनका दाज्यूबाट भागेर जाँदा परमेश्वरले
आफैलाई त्यहाँ तिनीकहाँ प्रकट गर्नुभएको थियो।
८ त्यहाँ रिबेकाकी धाई दबोरा मरी, र तिनलाई
बेतेलमनिको फलाँटको रूखमनि तिनीहरूले गाड़े।
त्यसैले त्यस ठाउँको नाउँ अल्लोन-बकुत**
राखे।

९ याकूब पद्दनराममा आएपछि परमेश्वर
फेरि तिनीकहाँ देखा परेर तिनलाई आशिष दिनु-
भयो, र तिनलाई भन्नुभयो, १० "तेरो नाउँ
ता याकूब हो, तर अबदेखि उप्रान्त तँलाई याकूब
भनिने छैन, तेरो नाउँ इस्राएल हुनेछ।'' यसैले
तिनको नाउँ इस्राएल भयो। परमेश्वरले तिनलाई
भन्नुभयो, "म सर्वशक्तिमान परमेश्वर हुँ।
११ फल्दै-फुल्दै जा, र संख्यामा तेरो वृद्धि होस्।
एउटा जाति र जातिहरूको एउटा समूह तँबाट
उत्पन्न हुनेछन्, र राजाहरू पनि तँबाट उत्पन्न
हुनेछन्। १२ अब्राहाम र इसहाकलाई मैले
दिएको देश म तँलाई दिनेछु म त्यो देश तँपछि
हुने तेरा सन्तानलाई दिनेछु।'' १३ तब तिनी-
सँग कुरा गर्नुभएको ठाउँबाट परमेश्वर गइहाल्नु-
भयो, १४ र परमेश्वर तिनीसँग बात गर्नुभएको

*बेतेलका परमेश्वर **रूवाबासीको फलाँट

ठाउँमा याकूबले ढुङ्गाको एउटा खामो खड़ा गरे।
अनि तिनले त्यसमा अर्घबलि चढ़ाएर तेल
खन्याए। १५ त्यसकारण परमेश्‍वर तिनीसँग
बात गर्नुभएको त्यस ठाउँको नाउँ याकूबले बेतेल
राखे।

राहेल र इसहाकको मृत्यु

१६ तिनीहरू फेरि बेतेलबाट हिँड़ेर एप्रात
पुग्न अझ केही बाँकी छँदै राहेललाई सुत्केरी
बेथा लाग्यो, र तिनलाई ज्यादै पीड़ा भयो।
१७ तिनलाई अतिशय पीड़ा हुँदा सुँड़ेनीले तिन-
लाई भनी, "नडराउनुहोस्, किनकि तपाईंको अर्को
एउटा छोरा हुनेछ।" १८ तिनको प्राण जाने
बेलामा (किनभने तिनी मरिहाल्निन्) तिनले त्यस
बालकको नाउँ बेनोनी* राखिन्। तर बाबु चाहिँले
त्यसको नाउँ बिन्यामीन** राखे। १९ तब
राहेल मरिन्, र एप्रात, अर्थात् बेतलेहेम जाने
बाटोमा तिनीहरूले तिनलाई गाड़े। २० अनि
याकूबले तिनको चिहानमाथि एउटा खामो
खड़ा गरे। यो राहेलको चिहानको खामो हो,
जो अहिलेसम्म पनि छँदै छ। २१ इस्राएल
अघि बढ़े, र तिनले एरेदको धरहराबाट पारिपट्टि
आफ्ना पाल टाँगे।

२२ इस्राएल त्यस देशमा रहँदा रूबेन तिनकी
भित्रिनी बिल्हासँग सुते, औ इस्राएलले यो कुरा
सुने।

२३ इस्राएलका बाह्र जना छोराहरू थिए।
लेआतर्फका छोराहरू—जेठा रूबेन, त्यसपछि
शिमोन, लेवी, यहूदा, इस्साकार र जबूलून।
२४ राहेल तर्फका छोराहरू—यूसुफ र बिन्या-
मीन। २५ राहेलकी दासी बिल्हा तर्फका—दान
र नप्ताली। २६ लेआकी दासी जिल्पातर्फका
छोराहरू—गाद र आशेर। पद्दनराममा जन्मेका
याकूबका छोराहरू यिनै हुन्।

२७ अनि याकूब तिनका बाबुकहाँ मम्रे,
अर्थात् किर्यतर्बामा आए, (जो हेब्रोन हो) जहाँ
अब्राहाम र इसहाकले बसोबासो गरेका थिए।
२८ त्यस बेला इसहाकको उमेर एक सय अस्सी
वर्ष पुगेको थियो। २९ तब इसहाकको मृत्यु
भयो। उनी वृद्ध र पूरा दिन पुगेका भई आफ्ना
पिता-पुर्खाहरूसँग मिल्नगए। तब तिनका छोरा
एसाव र याकूबले तिनलाई गाड़े।

*मेरा वेदनाको छोरो

**मेरो दाहिने हातको छोरो

एसावका सन्तान

३६ एसाव, अर्थात् एदोमका सन्तान यिनै
हुन्। २ एसावले कनानी स्त्रीहरूलाई
स्वास्नी तुल्याए, अर्थात् हित्ती एलोनकी छोरी आदा
र हिव्वी सिबोनका छोरा अन्नाकी छोरी ओहोली-
बामा ३ र नबायोतकी बहिनी इश्माएलकी
छोरी बासमत। ४ एसावबाट आदाले एलीपज-
लाई जन्माइन्, र बासमतले रूएललाई जन्माइन्
५ ओहोलीबामाले यऊश, यालाम र कोरहलाई
जन्माइन्। कनान देशमा जन्मेका एसावका
छोराहरू यिनै हुन्।

६ तब आफ्ना पत्नीहरू, छोराहरू, छोरीहरू
र तिनका घरका सर्व-सम्पत्ति, गाई-वस्तुहरू, र
तिनका जम्मै पशुहरू र कनान देशमा कमाएका
सबै सम्पत्तिहरू लिएर एसाव आफ्नो भाइ याकूब-
बाट अर्को देशमा गए, ७ किनभने धेरै धन-
सम्पत्ति भएको हुनाले तिनीहरू एकसाथ
बस्नसकेनन्। तिनीहरूका गाई-वस्तुले गर्दा
तिनीहरू बसेका ठाउँबाट तिनीहरूको निर्वाह
हुनसकेन। ८ यसैकारण एसावले सेईरको मुलुक-
मा बसोबासो गरे। एसावनै एदोम हो।

९ सेईरको पहाड़ी मुलुकमा एदोमीहरूका
पित्र एसावका सन्तान यिनै हुन्। १० एसावका
छोराहरूका नाउँ यिनै हुन्—एसावकी पत्नी
आदाको छोरो एलीपज। एसावकी पत्नी बास-
मतको छोरो रूएल। ११ एलीपजका छोरा-
हरू—तेमान, ओमार, सपो, गोताम र कनज
हुन्। १२ एसावको छोरो एलीपजकी तिम्ना
नाउँ भएकी एउटी भित्रिनी थिई। एलीपजबाट
त्यसले अमालेकलाई जन्माई। एसावकी पत्नी
आदाका छोराहरू यिनै हुन्। १३ रूएलका

छोराहरू यिनै हुन्—नहत, जेरह, शम्मा र
मिज्जा। एसावकी पत्नी बासमतका छोराहरू
यिनै हुन्। १४ सिबोनको छोरो अनाकी छोरी
एसावकी पत्नी ओहोलीबामाले जन्माएका यिनै
हुन्—तिनले एसावबाट यऊश, यालाम र कोरह-
लाई जन्माइन्।

१५ एसावका छोराहरू मुख्य मुख्य यिनै
हुन्। एसावका जेठा छोरा एलीपजका छोरा-
हरू—मुखियाहरू तेमान, गोमार, सपो, कनज,
१६ कोरह, गाताम र अमालेक। एदोम देशमा
एलीपजबाट भएका मुखियाहरू यिनै हुन्।
यिनीहरू आदाका छोराहरू हुन्। १७ एसावको
छोरो रूएलका छोराहरू यिनै हुन्—मुखियाहरू
नहत, जेरह, शम्मा र मिज्जा। एदोम देशमा
रूएलबाट भएका मुखियाहरू यिनै हुन्। एसाव-
को पत्नी बासमतका छोराहरू यिनै हुन्।
१८ एसावकी पत्नी ओहोलीबामाका छोराहरू
यिनै हुन्—मुखियाहरू यऊश, यालाम र कोरह।
अनाकी छोरी एसावकी पत्नी ओहोलीबामाले
जन्माएका मुख्य मुख्य यिनै हुन्। १९ एसाव
अर्थात् एदोमका छोराहरू यिनै हुन्। यिनीहरूनै
मुखियाहरू हुन्।

२० त्यस देशका बासिन्दाहरू होरी सेईरका
छोराहरू यिनै हुन्—लोतान, शोबाल, सिओन,
अना, २१ दीशोन, एसेर र दीशान। एदोमको
देशमा सेईरका छोराहरूका मुखियाहरू यिनै हुन्।
२२ लोतानका छोराहरू होरी र हेमान थिए।
लोतानकी बहिनी तिम्ना थिइन्। २३ शोबालका
छोराहरू यिनै हुन्—अल्वान, मानहत, एबाल,
शपो र ओनाम। २४ सिबोनका छोराहरू यिनै
हुन्—अय्या र अना। तिनका बाबु सिबोनका
गधाहरू चराउँदा बनमा तातो पानीको मूल
भेट्टाउने यिनै अना हुन्। २५ अनाका छोरा-
छोरीहरू यिनै हुन्—दीशान, र अनाकी छोरी
ओहोलीबामा। २६ दीशोनका छोराहरू यिनै
हुन्—हेमदान, एश्बान, यित्रान र करान।
२७ एसेरका छोराहरू यिनै हुन्—बिल्हान,
जावान र अकान। २८ दीशोनका छोराहरू यिनै
हुन्—ऊज र आरान। २९ होरीहरूबाटका
मुखियाहरू यिनै हुन्—लोतान, शोबाल, सिबोन,
अना, ३० दीशोन, एसेर र दीशान। सेईर
देशमा तिनीहरूका खलकअनुसार होरीहरूबाटका
मुखियाहरू यिनै हुन्।

३१ इस्राएलीमाथि कुनै राजाले राज्य गर्न-
भन्दा अघि एदोम देशमा राज्य गर्ने राजाहरू यिनै
हुन्। ३२ बओरका छोरा बेलाले एदोममा
शासन गर्थे। तिनको राजधानीको नाउँ दिन्हाबा
थियो। ३३ बेलाको मृत्युपछि बोस्रामा बस्ने
जेरहका छोरा योबाबले तिनको सट्टामा राज्य गरे।
३४ योबाबको मृत्युपछि तेमानीहरूको देशका
मशाहूले तिनको सट्टामा राज्य गरे। ३५ हूशाम-
को मृत्युपछि मोआब देशमा मिद्यानीहरूलाई
जित्ने बददका छोरा हददले तिनको सट्टामा राज्य
गरे। तिनको राजधानीको नाउँ अवीत थियो।
३६ हददको मृत्युपछि मस्रेकामा बस्ने सम्लाले
तिनको सट्टामा राज्य गरे। ३७ सम्लाको
मृत्युपछि महानदीको किनारको रहोबोत शहरका
शावलले तिनको सट्टामा राज्य गरे। ३८ शावल-
को मृत्युपछि अकबोरका छोरा बाल्हनानले तिनको
सट्टामा राज्य गरे। ३९ अकबोरका छोरा
बाल्हनानको मृत्युपछि हददले तिनको सट्टामा
राज्य गरे। तिनको राजधानीको नाउँ पाऊ
थियो। तिनकी पत्नीको नाउँ महेतबेल हो।
तिनी मत्रेदकी छोरी औ मेजाहाबकी नातिनी
थिइन्। ४० एसावबाट भएका मुखियाहरूका
बासस्थान, नाउँ र सन्तानअनुसार यिनै
हुन्—मुखियाहरू तिम्ना, अल्वा, यतेत,
४१ ओहोलीबामा, एला, पीनोन, ४२ कनज,
तेमान, मिब्सार ४३ मग्दीएल र ईराम।
तिनीहरूले कब्जा गरेका देशमा तिनका बासस्थान
अनुसार एदोमका मुखियाहरू यिनै हुन्। एदोम,
अर्थात् एसाव चाहिँ एदोमहरूका पुर्खा हुन्।

यूसुफलाई तिनका दाज्यूहरूले मिश्रमा बेचेर पठाएका

३७ याकूब आफ्ना बाबुले बसोबासो गरेको
कनान देशमा बस्थे। २ याकूबको वंश-
को इतिहास यही हो। यूसुफ सत्र वर्षको हुँदा

तिनका दाज्यूहरूसँग भेड़ा-बाख्राका बगाल
चराउँथे। तिनी केटो छँदा आफ्ना पिताका
पत्नीहरू बिल्हा र जिल्पाका छोराहरूसँग रहन्थे।
यूसुफले तिनीहरूका खराब व्यवहारको कुरा आफ्ना
बाबुकहाँ ल्याउँथे। ३ आफ्नो बूढ़ेस्कालको
छोरो भएकोले इस्राएलले अरू छोराहरूभन्दा
यूसुफलाई बढ़ी माया गर्थे, औ तिनले यूसुफको
निम्ति बाहुलासमेतको एउटा लामो लबेदा
बनाइदिएका थिए। ४ तर तिनका बाबुले अरू
दाज्यू-भाइहरूभन्दा तिनलाई बढ़ी माया गरेको
देखी तिनका दाज्यूहरूले तिनीसित दुश्मनी
राखे र तिनीसँग राम्ररी बोल्दैन थिए।
५ एकपल्ट यूसुफले एउटा सपना देखे।
तिनले त्यो सपना आफ्ना दाज्यूहरूलाई भने-
पछि तिनीहरू तिनीसँग झन् बढ़ी दुश्मनी
राख्नलागे। ६ तिनले उनीहरूलाई भने, "मैले
देखेको सपना सुन्नुहोस्। हामीहरू खेतमा
अन्नका बिटा बाँधिरहेका थियौं। ७ औ मेरो
बिटा चाहिँ उठेर ठाड़ो खड़ा भयो, र तपाइं-
हरूका बिटाहरू त्यसका चारैतिर जम्मा भएर
मेरो बिटालाई दण्डवत् गरे।" ८ तिनका
दाज्यूहरूले तिनलाई भने, "के तँ साँच्चिनै
हामिमाथि राज्य गर्ने भइस्? के तेरो प्रभुत्व
हामीमाथि हुने भयो?" यसैकारण तिनको
सपना र तिनका कुराहरूका निम्ति तिनीहरूले
तिनीसँग झन् दुश्मनी राखे। ९ तब तिनले
अर्को सपना देखे र तिनका दाज्यूहरूलाई
यसो भनेर बताए, "सुन्नुहोस्, मैले अर्को
सपना देखें। सूर्य, चन्द्र र एघारवटा ताराले
मलाई दण्डवत् गरिरहेका थिए।" १० जब
तिनले आफ्ना बाबु र दाज्यूहरूलाई यो
सपना बताए, तब तिनका बाबुले तिनलाई
हप्काएर भने, "तैंले देखेको यो सपना के हो?
के साँच्चिनै म र तेरी आमा र तेरा दाज्यूहरू
आएर भूइँसम्मै झुकेर तँलाई ढोगी दिने?"
११ तब तिनका दाज्यूहरूले तिनलाई डाह
गर्नलागे। तर तिनका बाबुले चाहिँ यी कुरा
मनैमा राखे।
१२ एकपल्ट तिनका दाज्यूहरू आफ्ना
बाबुका बगालहरू शकेममा चराउन गएका
थिए। १३ औ इस्राएलले यूसुफलाई भने,
"तेरा दाज्यूहरू शकेममा भेड़ाहरू चराइरहेका
होलान्। आइज, म तँलाई तिनीहरूकहाँ
पठाउँछु।" तिनले उनलाई भने, "म तयार
छु।" १४ उनले तिनलाई भने, "गएर हेर्,
तेरा दाज्यूहरू र भेड़ा-बाख्राहरू राम्रै छन्
कि छैनन्। औ मकहाँ समाचार ले।"
यसैकारण उनले तिनलाई हेब्रोनको बेंसीबाट
शकेममा पठाए, र तिनी त्यहाँ आइपुगे।
१५ औ एउटा मानिसले तिनलाई वनमा
डुलिरहेका भेट्टाए। त्यस मानिसले तिनलाई सोधे,
"तिमी कसलाई खोज्दैछौ?" १६ तिनले
भने, "म मेरा दाज्यूहरूलाई खोज्दैछु। दया-
गरी मलाई भन्नुहोस्, तिनीहरू बगाल कहाँ
चराउँदैछन्?" १७ त्यस मानिसले भन्यो,
"तिनीहरू ता यहाँबाट गए, किनभने
तिनीहरूले 'हामी दोतानतिर जाऔं' भनि-
रहेका मैले सुनेको थिएँ। यसैले आफ्ना
दाज्यूहरूलाई खोज्दै गएर यूसुफले तिनीहरूलाई
दोतानमा भेट्टाए। १८ उनीहरूले तिनलाई
टाढ़ैमा आइरहेका देखे, र तिनी उनीहरूका
नजीक आइपुग्नभन्दा अगिनै तिनलाई मार्ने
उनीहरूले मतो गरे। तिनीहरूले आपसमा
भने, "त्यो स्वप्न-दर्शी आउँदैछ। १९ लौ,
अब हामी त्यसलाई मारेर एउटा खाड़लमा
फालिदिऔं। २० 'जङ्गली पशुले त्यसलाई
खाएछ क्यार' भनी हामी भनौं, र त्यसका
सपनाहरू के हुँदारहेछन्, हेरौंला।" २१ यो
सुनेर रूबेनले यसो भनेर तिनीहरूका हातबाट
तिनलाई बचाए, "हामीले त्यसको ज्यानै ता
लिनुहुँदैन।" २२ रूबेनले तिनीहरूलाई भने,
"रक्तपात चाहिँ नगरौं। यहाँ जङ्गलको यस
खाल्डामा त्यसलाई फालिदिऔं। तर त्यसमाथि
हात चाहिँ नउठाऔं।" तिनीहरूका हातबाट
बचाएर यूसुफलाई आफ्ना बाबुकहाँ पुर्‍याइ-
दिने हेतुले तिनले यसो भनेका थिए।
२३ यसैले जब यूसुफ आफ्ना दाज्यूहरूकहाँ
आइपुगे तब तिनले लाएका बाहुलासमेतको

त्यो लामो लबेदा तिनीहरूले फुकालेर खोसे।
२४ अनि तिनीहरूले तिनलाई समातेर एउटा गहिरो
खाल्डामा फालिदिए। त्यो पानी नभएको
सुक्खा खाल्डो थियो। २५ तब तिनीहरू खान
बसे। तिनीहरूले यसो माथितिर हेर्दा मिश्र
तिर सुगन्धित धूप, सुगन्धित लेप, मूर्र इत्यादि
ऊँटहरूमा लादेर लगिरहेका सगलादबाट
आएको एक इश्माएली यात्री दललाई देखे।
२६ तब यहूदाले आफ्ना दाज्यू-भाइहरूलाई
भने, "हामीले आफ्नो भाइलाई मारेर त्यसको
रगत लुकाएर हामीलाई के फाइदा हुन्छ र?
२७ आऊ, अब त्यसलाई इश्माएलीहरूका
हातमा बेचिदिऔं। हामी त्यसमाथि हात
चाहिँ नउठाऔं। किनकि त्यो हाम्रै भाइ,
हाम्रै जीउजस्तै हो।" तिनका दाज्यू-भाइहरूले
त्यसका कुरा सुने। २८ तब मिद्यानी
व्यापारीहरू त्यही बाटो भएर आए। यूसुफका
दाज्यूहरूले तिनलाई खाल्डाबाट तानी निकालेर
ती इश्माएलीहरूका हातमा बीस चाँदीका
टुक्रामा बेचिदिए। अनि तिनीहरूले यूसुफलाई
मिश्रमा लगे।

२९ जब रूबेन खाल्डामा गए तब यूसुफलाई
त्यस खाल्डामा नदेख्ता तिनले आफ्नो लुगा
च्याते, ३० र भाइहरूकहाँ आएर भने,
"केटो ता छैन त! ३१ अब म कहाँ
जाऊँ?" तब तिनीहरूले एउटा बोका मारेर
यूसुफको लबेदा त्यस रगतमा चोपे, ३२ र
त्यो लामो बाहुला समेतको लबेदा तिनीहरूले
आफ्ना बाबुकहाँ ल्याएर भने, 'यो हामीले
भेट्टायौं। हेर्नुहोस् त, यो तपाईंको छोराको
हो कि होइन?" ३३ उनले त्यो लुगा चिनेर
भने, "यो ता मेरो छोराकै लबेदा हो।
जङ्गली पशुले त्यसलाई खाएछ क्यार! निस्सन्देह
यूसुफलाई धुजाधुजा पार्‍यो होला!" ३४ तब
याकूबले आफ्नो लुगा च्याते, र तिनले आफ्नो
कम्मरमा भाङ्ग्रा लाएर आफ्नो छोराको
निम्ति धेरै दिनसम्म शोक गरे। ३५ तिनका
सबै छोराहरू र छोरीले तिनलाई सान्त्वना
दिने प्रयत्न गरे, तर तिनलाई शान्ति भएन।
तिनले भने, "अहँ, यो मेरो शोकमानै म
मेरो छोराकहाँ चिहानमा जानेछु।" यसरी
तिनका बाबुले तिनका निम्ति विलौना गरे।
३६ यसै बीचमा मिद्यानीहरूले यूसुफलाई
मिश्रमा फिरऊनका एक जना अफिसर गारदका
कप्तान पोतीफरको हातमा बेचिदिए।

तामारको घटना

३८ त्यसपछि यहूदा चाहिँ आफ्ना दाज्यू-
भाइहरूलाई छोडेर तलतिर हीरा नाउँ
भएको कुनै एक अदुल्लामवासीकहाँ गए।
२ त्यहाँ यहूदाले शूआ नाउँ भएको कुनै कनानीकी
छोरीलाई देखे। तिनले त्यसलाई विवाह गरेर
त्यसकहाँ गए। ३ तिनी गर्भवती भएर एउटा
छोरो जन्माइन्, र यहूदाले त्यसको नाउँ एर
राखे। ४ तिनी फेरि गर्भवती भएर अर्को
छोरो जन्माइन्। तिनले त्यसको नाउँ ओनान
राखिन्। ५ फेरि तिनले एउटा छोरो जन्माइन्,
र तिनले त्यसको नाउँ शेला राखिन्। तिनले
त्यसलाई जन्माउँदा यहूदा चाहिँ कजीबमा
बस्तैथिए। ६ यहूदाले तिनको जेठो छोरो
एरको निम्ति एउटी स्वास्नी ल्याइदिए। तिनको
नाउँ तामार थियो। ७ तर यहूदाको जेठो
छोरो एर परमप्रभुको दृष्टिमा दुष्ट थियो, र
परमप्रभुले त्यसको प्राण लिनुभयो। ८ तब
यहूदाले ओनानलाई भने, "तेरी भाउज्यूकहाँ
जा, र देवरले गर्नुपर्ने कर्त्तव्य गर्, र तेरा
दाज्यूको निम्ति सन्तान उत्पन्न गर्!
९ तर सन्तान आफ्नो नहुने देखेर ओनानले
भाउज्यूकहाँ जाँदा दाज्यूको सन्तान चाहिँ
आफ्नो नहोस् भन्ने हेतुले वीर्य चाहिँ भूईंमा
पतन गर्थ्यो। १० त्यसले गरेको यो काम
परमप्रभुको दृष्टिमा खराब ठहरियो, र उहाँले
त्यसको पनि प्राण लिनुभयो। ११ तब यहूदाले
आफ्नी बुहारी तामारलाई भने, "मेरो छोरो
शेला ठूलो नहोउन्जेल विधवानै भएर तिम्रा
बाबुको घरमा बस।" किनभने शेला तिनका
दाज्यूहरूजस्तै मर्छ कि भनेर तिनी डराए।

यसैकारण तामार गएर आफ्नो माइतमै बसिन्।
१२ रहँदा बस्ता एक दिन शूहकी छोरी
यहूदाकी पत्नी मरिन्। यहूदा तिनका मित्र
अद्दुलामवासी हीराकहाँ तिम्नामा तिनका भेड़ा
कत्रनेहरूकहाँ गए। १३ ससूरा भेड़ा कत्रनलाई
तिम्नामा जाँदैहुनुहुन्छ भन्ने खबर तामारले पाएर
१४ विधवाको लुगा फुकालेर घुम्लुङ्ग घुम्टो हाली,
र तिम्नाको बाटोमा भएको एनैम शहरको ढोकामा
बसिन् किनकि शेला ठूलो भइसकेर पनि तिनकी
पत्नी हुन नपाएकी तिनले देखिन्। १५ तिनले
मुख छोपेको हुनाले यहूदाले तिनलाई देखेर वेश्या
भनी ठाने। १६ सड़कको किनारमा गएर
उनले तिनलाई भने, "लौ, मलाई तिमीकहाँ
आउनदेऊ।" किनभने आफ्नै बुहारी हो भनी
तिनलाई थाह थिएन। तिनले भनिन्, "तपाईं
मकहाँ आउनु हुन्छ भने मलाई के दिनु-
हुन्छ? १७ तिनले जवाफ दिए, "बगालबाट
म तिमीलाई एउटा पाठो दिनेछु।" तिनले
भनिन्, "तपाईंले त्यो नपठाउन्जेल मसँग
केही चीज बन्धकी राख्नुहुन्छ कि?"
१८ यहूदाले भने, "म के बन्धकी राखूँ?"
तिनले भनिन्, "तपाईंको छाप-औंठी, डोरी
र तपाईंको हातको यो लट्ठी राखे हुन्छ।"
यसैले यहूदाले तिनलाई ती चीजहरू दिए,
र तिनीकहाँ गए। औ उनीबाट तिनी गर्भवती
भइन्। १९ तब तिनी उठेर गइहालिन्, र
घुम्टो फुकालेर फेरि विधवाको लुगा लगाइन्।
२० यहूदाले आफ्ना बन्धकीका चीजहरू
ती स्त्रीबाट निखन्नलाई आफ्ना मित्र अद्दुलाम
वासीको हातमा एउटा पाठो पठाइदिए।
तर उनले तिनलाई भेट्टाएनन्। २१ "एनैममा
बाटोको छेउमा बस्ने वेश्या कहाँ छ?"
भनेर तिनले त्यस ठाउँका मानिसहरूलाई
सोधे। तिनीहरूले "यहाँ कुनै वेश्या छैन"
भने। २२ तब तिनी यहूदाकहाँ फर्केर
आई भने, "मैले ता त्यसलाई भेट्टाइनँ।
त्यस ठाउँका मानिसहरूले पनि 'यहाँ कुनै
वेश्या छैन' भने।" २३ यहूदाले भने,
"ती चीजहरू त्यसैले राखोस्, नत्रता हामीलाई
लाज हुनेछ। हेर, मैले यो पाठो पठाएकै
हो, तर हामीले त्यसलाई भेट्टाएनौं।"
२४ तीन महीना पछि 'तिम्री बुहारी
तामार वेश्याकी चालमा चलेकी छ, र
वेश्यापनबाट गर्भवती पनि भएकी छ' भन्ने
खबर याकूब यहूदाकहाँ पुग्यो। तब हहूदाले भने
"त्यसलाई यहाँ ल्याएर जलाइदेओ।"
२५ तिनलाई त्यहाँ ल्याउँदा ल्याउँदै तिनले
आफ्ना ससूरालाई यसो भनिपठाइन्, "यी
चीजहरू जसका हुन् तिनैबाट म गर्भवती
भएकी हुँ।" औ तिनले भनिन्, "हेर, यो
छाप-औंठी, यो डोरी र यो लट्ठी कसका हुन्?"
२६ तब यहूदाले ती चीजहरू आफ्ना हुन् भनी
स्वीकार गरेर भने, "त्यो ता मभन्दा पनि बरू
ठीक रहिछ, किनभने मैले मेरो छोरा शेला त्यससँग
विवाह गर्न दिइनँ।" त्यसपछि उनले तिनीसँग
फेरि सहवास गरेनन्।
२७ सुत्केरी हुने बेलामा त्यसको गर्भमा
जम्ल्याहा रहेछन् भन्ने थाह भयो।
२८ त्यसलाई सुत्केरी व्यथा लाग्दा एउटा
चाहिँले हात बाहिर निकाल्यो, र सुँडेनीले
त्यसको हातमा एउटा रातो धागो यसो
भनेर बाँधी, "पहिले जन्मेको यही हो।"
२९ तर त्यसले आफ्नो हात फेरि भित्र
हालेपछि त्यसको भाइ चाहिँ पो जन्म्यो।
औ त्यसले भनी, "तैंले कस्तो बलजफत
गरिस् नि!" यसकारण त्यसको नाउँ
पेरेस* राखियो। ३० पछिबाट हातमा
रातो धागो बाँधिएको चाहिँ जन्म्यो। त्यसको
नाउँ चाहिँ जेरह राखियो।

पोतीफरको घरमा यूसुफ

३९ यूसुफ मिश्रमा लगिए, र फिरऊनका
एउटा अफिसर, अङ्ग-रक्षकका कप्तान
पोतीफर भन्ने एक जना मिश्रीले तिनलाई
त्यहाँ ल्याउने इश्माएलीहरूका हातबाट किने।
२ परमप्रभु यूसुफको साथमा हुनुहुन्थ्यो,

*फाटो

र त्यहाँ तिनको उन्नति भयो। तिनी आफ्ना
मालिकको घरमा बस्थे। ३ तिनका मालिकले
परमप्रभु तिनका साथमा हुनुभएको र तिनले
गरेका सबै काममा परमप्रभुले उन्नति गराउनु-
भएको देखे। ४ यसैले तिनको निगाह
यूसुफमाथि रह्यो। यूसुफले तिनको सेवा-शुश्रुसा
गर्थे। उनले तिनलाई आफ्नो घरको मुख्य
कारिन्दा तुल्याएर उनीसँग भएका सब थोकका
जिम्मा तिनलाई दिए। ५ उनले तिनलाई
आफ्नो घरका र आफूसँग भएका सबै कुराको
मुख्य कारिन्दा तुल्याएको समयदेखि परमप्रभुले
यूसुफको खातिर त्यस मिश्रीको घरमा आशिष
दिनुभयो। परमप्रभुको आशिष तिनको
घर-बार, अन्न-खेत र सबै कुरामाथि थियो।
६ यसैले आफूसँग भएका सबै उनले यूसुफको
जिम्मामा छोड़िदिए। आफूले खाने भोजन-
बाहेक आफूसँग भएका अरू कुनै कुराको
बिषयमा उनी वास्ता राख्तैन थिए। यूसुफ
सुन्दर र हेर्नमा राम्रा थिए।
७ केही समयपछि मालिककी पत्नीले
यूसुफमाथि नजर लगाएर भनिन्, "मसँग
सुत्।" ८ तर तिनले अस्वीकार गरेर
आफ्ना मालिककी पत्नीलाई भने, "हेर्नुहोस्,
म यस घरमा भएकोले गर्दा मेरा मालिक-
लाई यस घरमा भएका कुनै कुराको पनि
फिक्री छैन, र उहाँसँग भएका सबै कुरा
उहाँले मेरै जिम्मामा दिनुभएको छ। ९ यस
घरमा उहाँ पनि मभन्दा ठूला हुनुहुन्न।
उहाँले तपाईंबाहेक सबै कुरा मलाई दिनु-
भएको छ, किनभने तपाईं उहाँकी पत्नी
हुनुहुन्छ। तब कसरी यस्तो घोर दुष्ट
काम गरेर परमेश्वरको विरुद्धमा मैले पाप
गर्नु ?" १० तर तिनले दिनदिनै यूसुफलाई
तिनीसँग सुत्ने र बस्ने कुरा गरिन्,
तथापि तिनीसित सुत्न अथवा तिनीसित बस्न
यूसुफ मानेनन्। ११ तर एक दिन यूसुफ
आफ्नो काम गर्न घरभित्र गएका थिए। घरमा
अरू कोही मानिस थिएन। १२ तिनले
यूसुफको लुगा समातेर भनिन्, मसित सुत्।"
तर आफ्नो लुगा तिनकै हातमा छोड़ेर यूसुफ
भागे, र घरबाट बाहिर निस्के। १३ यूसुफले
आफ्नो लुगा तिनकै हातमा छोड़ेर घरबाट
निस्केको देखी १४ तिनले आफ्ना घरका
मानिसहरूलाई बोलाएर भनिन्, "हेर, मेरा
स्वामीले ता यहाँ एक हिब्रू हाम्रो बेइज्जती
गर्न ल्याउनुभएको रहेछ। त्यो मसित सुत्नलाई
यहाँभित्र आयो, र म चिच्याएर कराएँ।
१५ म चिच्याएर कराएको सुनी त्यसले
आफ्नो लुगा मसँग छोड़ेर भाग्यो, र घरबाट
बाहिर निस्क्यो।" १६ तब तिनका पति
घर नआउन्जेल तिनले त्यो लुगा आफ्नै
साथमा राखिन्, १७ औ यूसुफका मालिक,
तिनका पति आएपछि तिनले यसो भनेर
उही कुरा तिनलाई पनि सुनाइन्, "हामीकहाँ
तपाईंले ल्याउनुभएको त्यो हिब्रू नोकर मेरो
बेइज्जती गर्नलाई यहाँ भित्र आयो।
१८ तर म चिच्याएर कराउने बित्तिकै त्यसले
आफ्नो यो लुगा मकहाँ छोड़ी भागेर घरबाट
निस्क्यो।"
१९ 'तपाईंको नोकरले मसँग यस्तो
व्यवहार गर्‍यो' भन्ने कुरा जब यूसुफका
मालिकले आफ्नी पत्नीको मुखबाट सुने तब
तिनी रीसले राँकिए, २० र तिनले यूसुफ-
लाई राजाका कैदीहरू थुनिने झ्यालखानमा
लगेर हालिदिए। औ यूसुफ त्यसरी झ्याल-
खानमा परे। २१ तर परमप्रभु यूसुफका
साथ हुनुहुन्थ्यो, र उहाँले तिनीमाथि
टिठाउनुभयो। औ झ्यालखानका हाकिमको
निगाह-पात्र बनाउनुभयो। २२ झ्यालखानका
हाकिमले त्यस झ्यालखानमा भएका सबै
कैदीहरू यूसुफको जिम्मामा राखिदिए। त्यहाँ
जे जे काम हुन्थ्यो ती सबै यूसुफकै खटनमा
हुन्थ्यो। २३ यूसुफको जिम्मामा राखेको
कुनै कुरामा पनि झ्यालखानका हाकिमले
केही फिक्री गर्दैन थिए, किनभने परमप्रभु
यूसुफका साथमा हुनुहुन्थ्यो। यूसुफले जे
गरे तापनि परमप्रभुले तिनलाई त्यसमा सफल
गराउनुहुन्थ्यो।

फिरऊनका नोकरहरूका सपना

४० केही समयपछि मिश्रका राजाका मुख्य
पियाउने र मुख्य पकाउनेले आफ्ना
मालिक मिश्रका राजाको विरुद्धमा
अपराध गरे। २ फिरऊन आफ्ना यी दुइ
अफिसरहरू, अर्थात् मुख्य पियाउने र मुख्य
पकाउनेसँग क्रोधित भए। ३ उनले तिनी
हरूलाई गारदका कप्तानको घर, अर्थात्
झ्यालखानको पहरामा हालिदिए। यूसुफ
पनि त्यहींनै थुनामा थिए। ४ गारदका
कप्तानले तिनीहरूलाई यूसुफको जिम्मामा
राखिदिए, र तिनले उनीहरूको देखरेख गर्थे।
केही समयसम्म उनीहरू पहरामानै बसे।
५ एक रात झ्यालखानमा परेका मिश्रका
राजाका मुख्य पियाउने र मुख्य पकाउने दुवैले
आफ्नो आफ्नो अर्थ भएका सपना देखे।
६ बिहान आउँदा यूसुफले तिनीहरूलाई
अफसोस गरिरहेका देखे। ७ यसैकारण
तिनले आफ्ना मालिकको कैदमा रहेका
फिरऊनका ती दुइ अफिसरहरूलाई सोधे,
"आज किन तपाईंहरूको मुख मलिन छ?"
८ उनीहरूले तिनलाई भने, "हामीले सपना
देख्यौं, तर तिनको अर्थ खोलिदिने कोही
पनि छैन।" यूसुफले उनीहरूलाई भने,
"सपनाको अर्थ ता परमेश्वरकै हातमा हुँदैन
र? मलाई सपना बताउनुहोस्।"
९ तब मुख्य पियाउनेले चाहिँ
आफ्नो सपना यूसुफलाई यसरी बताए,
'मेरो सपनामा मेरो सामने एउटा दाखको
बोट थियो। १० दाखको बोटमा तीनवटा
हाँगाहरू थिए। त्यसमा टुसा पलाएपछि
फूलहरू पनि ढकमक लागे, र दाखका झुप्पा-
हरू लटरम्म भएर पाके। ११ फिरऊनको
कचौरा मेरो हातमा थियो, र मैंले दाख
लिईं निचोरेर फिरऊनको कचौरामा हाले,
र त्यो कचौरा फिरऊनको बाहुलीमा टकाएँ।"
१२ यूसुफले तिनलाई भने, "यसको अर्थ
यही हो—तीन हाँगाहरू भनेको तीन दिन हो।
१३ तीन दिनभित्रै फिरऊनले तपाईंको शिर
ठाडो पारिदिनुहुनेछ, र फेरि तपाईंको आफ्नो
काम दिनुहुनेछ, र तपाईं अघि उहाँको मुख्य
पियाउने हुनुहुँदा जस्तै फेरि फिरऊनको कचौरा
उहाँको बाहुलीमा टकाउनुहुनेछ। १४ तर
जब तपाईंको भलो हुनेछ तब मलाई पनि
सम्झनुहोला। कृपागरी फिरऊनसँग मेरो
विषयमा कुरा उठाएर मलाई यस घरबाट
निकालिदिनुहोला, १५ किनकि मलाई वास्तव-
मा हिब्रूहरूका देशबाट चोरी गरेर ल्याएको
हो, र यहाँ पनि झ्यालखानमा पर्ने काम
मैंले केही गरेको थिइनँ।"

१६ सपनाको अर्थ असल भएको देखेर
मुख्य पकाउनेले पनि यूसुफलाई भने, "मैंले
पनि यस्तो एउटा सपना देखेथें। मेरो
टाउकोमा सेता रोटीका तीनवटा टोकरी थिए।
१७ माथिल्लो टोकरीमा फिरऊनका निम्ति
पकाएका अनेक किसिमका खानेकुरा थिए।
तर मेरो टाउकोमा भएको टोकरीबाट चराहरू-
ले ठुँगी ठुँगी खाइरहेका थिए।" १८ यूसुफले
भने, "यसको अर्थ यही हो—तीनवटा टोकरी-
हरू चाहिँ तीन दिन हो। १९ तीन
दिनभित्रै फिरऊनले तपाईंको शिर उडाइदिनु-
हुनेछ, र तपाईंलाई रूखमा झुण्डाइदिनुहुनेछ।
औ चराहरूले तपाईंको मासु ठुँगी ठुँगी
खानेछन्।"

२० तेस्रो दिन फिरऊनको जन्मदिन
थियो। त्यस दिन तिनले आफ्ना सबै
भारादारहरूलाई भोज दिए, र आफ्ना
भारादारहरूका अगि ल्याएर मुख्य पियाउने र
मुख्य पकाउनेलाई खड़ा गरे। २१ तिनले
मुख्य पियाउनेलाई चाहिँ तिनकै काममा
फेरि नियुक्त गरे, र तिनले फिरऊनलाई
कचौरा टकाउने गरे। २२ तर यूसुफले
तिनीहरूको सपनाको अर्थ खोलिदिएझैं
मुख्य पकाउनेलाई चाहिँ फिरऊनले झुण्डाइ-
दिए। २३ तापनि मुख्य पियाउनेले
यूसुफलाई सम्झेनन्, तर तिनलाई बिर्सिहाले।

फिरऊनका सपना र त्यसको अर्थ

४१ यसको पूरा दुइ वर्षपछि नील नदीको
किनारमा आफू उभिरहेका फिरऊनले
एउटा सपना देखे। २ 'नील नदीबाट
सातवटा खूब सप्रेका मोटा मोटा गाईहरू
निस्केर आए, र कांसको घारीमा चर्नलागे।
३ औ अरू सातवटा हड्डी र छाला मात्र
भएका दुब्ला दुब्ला गाईहरू नील नदीबाट
तिनीहरू पछि पछि निस्के, र नील नदीको
किनारमा उभिरहेका अरू गाईहरूसँगै उभिए।
४ ती हड्डी र छाला मात्र भएका दुब्ला दुब्ला
गाईहरूले ती सातवटा सप्रेका मोटा मोटा
गाईहरूलाई खाइहाले।' अनि फिरऊन ब्यूँझे।
५ त्यसपछि तिनी फेरि निदाए, र
अर्को एउटा सपना देखे। 'सातवटा भरिला र
असल अनाजका बाला एउटै डांठमा उम्रि-
रहेका थिए। ६ त्यसपछि सातवटा सेप्रा
र पूर्वीय बतासले ओइलाएका सातवटा अन्नका
बालाहरू पसाए। ७ अनि ती सेप्रा बाला-
हरूले ती सातवटा असल र भरिला बाला-
हरूलाई निलिहाले।' अनि फिरऊन ब्यूँझे।
औ सपना मात्र रहेछ भनी तिनलाई
थाह भयो। ८ यसकारण बिहान तिनको
हृदयमा भारी चिन्ता पर्‍यो, र तिनले मिश्रका
सबै जादूगर र त्यहांका सबै विद्वान्‌हरूलाई
बोलाए। अनि फिरऊनले तिनीहरूलाई आफ्नो
सपना बताए। तर फिरऊनलाई सपनाको
अर्थ खोलिदिने त्यहां कोही भएन।
९ तब ती मुख्य पियाउनेले फिरऊनलाई
भने, "मेरो भूल आज मलाई याद आयो।
१० फिरऊनले आफ्ना नोकरहरूसँग रिसानी
भएर मलाई र मुख्य पकाउनेलाई गारदको
कमानको कैदखानामा राख्नुहुँदा ११ एउटै
रात तिनले र मैले आफ्नो आफ्नै अर्थ भएका
सपना देखेका थियौं। १२ त्यहां गारदका
कमानको एक जना जवान हिब्रू नोकर
हामीसँग थियो, र जब हामीले त्यसलाई
हाम्रा सपना बतायौं, हामी दुवैको आफ्नो
आफ्नो सपनाअनुसार सपनाको अर्थ त्यसले
हामीलाई खोलिदियो। १३ त्यसले हामीलाई
जस्तो अर्थ खोलेको थियो, त्यस्तै
हुनआयो। म आफ्नो काममा फेरि नियुक्त
भएँ। तर त्यो मुख्य पकाउने चाहिँ
झुण्डयाइयो।"
१४ तब फिरऊनले यूसुफलाई बोलाउन
पठाए, र तिनीहरूले तिनलाई झ्यालखानबाट
निकालेर ल्याए। तिनले दाही र कपाल खौरे,
औ लुगा फेरे। औ फिरऊनको सामने
हाजिर भए। १५ अनि फिरऊनले यूसुफलाई
भने, "मैले एउटा सपना देखे। तर यहां
कसैले त्यसको अर्थ बताउनसकेन। मैले
तेरो विषयमा सुनें, कि सपना सुनेपछि तैंले
अर्थ खोल्नसक्छस् अरे।" १६ यूसुफले
फिरऊनलाई भने, "यस्तो ज्ञान ता
ममा छैन। तर परमेश्वरले फिरऊनलाई
यथार्थ उत्तर दिनुहुन्छ।" १७ तब फिर-
ऊनले यूसुफलाई भने, "मेरो सपनामा
म नील नदीको किनारमा उभिरहेको थिएँ।
१८ औ सातवटा खूब सप्रेका मोटा गाईहरू
नील नदीबाट निस्केर कांसको घारीमा चर्न
लागे। १९ त्यसपछि निर्धा र हड्डी र
छाला मात्र भएका दुब्ला दुब्ला, मैले मिश्रमा
कहिल्यै नदेखेका, गाईहरू तिनका पछि लागे।
२० ती हड्डी र छाला मात्र भएका दुब्ला
गाईहरूले पहिलेका सातवटा सप्रेका मोटा
मोटा गाईहरूलाई खाइहाले। २१ तर
तिनीहरूले ती सातवटालाई खाइसकेपछि पनि
तिनीहरूले खाए भनेर कसैले भन्नसक्तैन
थियो, किनभने तिनीहरू अझै पनि पहिले-
जस्तै दुब्लै थिए। तब म ब्यूँझें। २२ मैले
मेरो सपनामा यो पनि देखें—एउटा
डांठमा सातवटा भरिला र असल बाला
पसाए। २३ फेरि ओइलाएका, सेप्रा र
पूर्वीय बतासले हानेका सातवटा बालाहरू
त्यसपछि पसाए। २४ औ ती सेप्रा बाला-
हरूले ती सातवटा असल बालाहरूलाई निलि-
हाले। मैले जादूगरहरूलाई पनि यो सपना

बताएँ, तर मलाई यसको अर्थ खोलिदिन
कसैले पनि सकेन।"
२५ तब यूसुफले फिरऊनलाई भने,
"फिरऊनका सपनाहरू एउटै हो। परमेश्वरले
जे गर्नलाग्नुभएको छ सो फिरऊनलाई प्रकट
गर्नुभएको छ। २६ ती सातवटा खूब
सप्रेका मोटा मोटा गाईहरू सात वर्ष, र ती
सातवटा असल बालाहरू पनि सात वर्षनै
हुन्। सपना एउटै हो। २७ तिनका पछि-
पछि आउने हड्डी र छाला मात्र भएका दुब्ला
गाईहरू सात वर्ष हुन्। औ ती सातवटा
पूर्वीय बतासले हानेका सेप्रा बालाहरू पनि
अनिकालका सात वर्ष हुन्। २८ यो मैले
फिरऊनलाई निवेदन गरेजस्तै हो—आफूले गर्न-
लाग्नुभएको कार्य फिरऊनलाई परमेश्वरले देखा-
उनुभएको हो। २९ मिश्र देशभरि जताततै
सात वर्षसम्म ठूलो सहकाल हुनेछ, ३० तर
त्यसपछि अनिकालका सात वर्ष आउनेछन्,
र मिश्रभरि त्यो सहकालको समय सबैले
बिर्सिनेछ, र अनिकालले देश स्वाहा पार्नेछ,
३१ र पछिबाट आउने अनिकालले गर्दा
देशमा भएको सहकालको यादै रहनेछैन,
किनभने त्यो अनिकाल अति भयानक हुनेछ।
३२ फिरऊनको यो सपना दोहोरिएको अर्थ
चाहिँ यो परमेश्वरले निर्णय गरिसक्नुभएको
छ, र परमेश्वरले यो चाँडै नै पूरा गर्नुहुनेछ।
३३ यसकारण अब फिरऊनले एउटा चतुर
र विद्वान् मानिस छानेर सारा मिश्र देशको
निम्ति नियुक्त गर्नुहोस्। ३४ फिरऊनबाट
सहकालका सात वर्षसम्म मिश्र देशका
उब्जनीको पाँचौं हिस्सा उठाउनलाई देशमा
कामदारीहरू नियुक्त होस्। ३५ तिनीहरूले
आउने सहकालका वर्षहरूका सबै अनाजहरू
सञ्चय गरून्। औ शहर शहरमा खानको
निम्ति फिरऊनका अख्तियारमा अनाजहरू
थुपारून्, र तिनीहरूले ती सञ्चय गरून्।
३६ औ अनिकालले देश विनाश हुन
नपाओस् भनी मिश्र देशमा परिआउने ती
सात वर्षको अनिकालको निम्ति देशको लागि
ती अनाजहरू सुरक्षित राखिऊन्।"
३७ यो सुझाव फिरऊन र तिनका सारा
भारादारहरूलाई मन पर्‍यो। ३८ अनि फिर-
ऊनले आफ्ना भारादारहरूलाई भने, "यिनी-
जस्ता परमेश्वरका आत्मा भएका अन्य कुन
मानिस हामी पाउनसक्छौं?" ३९ तब
फिरऊनले यूसुफलाई भने, परमेश्वरले तिमीलाई
यी सबै कुरा देखाइदिनुभएको छ, औ तिमी-
जस्ता चतुर र विद्वान् मानिस अरू छैन।
४० यसकारण मेरो घरको अख्तियार चलाउने
तिमीनै भयौ, औ तिम्रै आज्ञाअनुसार मेरा
समस्त प्रजा चल्नेछ। केवल सिंहासनको
कारणले मात्र म तिमीभन्दा माथि हुनेछु।"
४१ अनि फिरऊनले यूसुफलाई भने, "हेर,
मैले तिमीलाई सम्पूर्ण मिश्र देशमाथि
अधिकार दिएको छु।" ४२ तब फिरऊनले
आफ्नो छाप-औंठी आफ्नो औंलाबाट फुकालेर
यूसुफको औंलामा लगाइदिए, र तिनलाई
मलमलको लुगा पहिराइदिए, औ तिनको
गलामा सुनको सिक्री लगाइदिए। ४३ तिनलाई
फिरऊनले आफ्नो दोस्रो रथमा सवारी
गराए। मानिसहरू तिनको अगि अगि 'घुँडा
टेकेर झुक' भनी कराउँदै हिँडे। यसरी
फिरऊनले तिनलाई सम्पूर्ण मिश्र देशमाथि
अधिकार दिए। ४४ फिरऊनले फेरि पनि
यूसुफलाई भने, "म फिरऊन हुँ, म यो
भन्दछु कि तिम्रो इच्छाबाहेक अरू कुनै
मानिसले मिश्र देशभरि केही गर्नपाउने
छैन।" ४५ अनि फिरऊनले यूसुफको नाउँ
साप्नत्-पानेह राखे, र उनले तिनलाई ओनका
पूजाहारी पोतीपेराकी छोरी आसनतसँग विवाह
गरिदिए। त्यसपछि यूसुफ मिश्रभरि दौडाहा
गर्नलागे।

४६ मिश्रका राजा फिरऊनको राज-सेवामा
नियुक्त हुँदा यूसुफ तीस वर्ष पुगेका थिए।
औ यूसुफ फिरऊनको सम्मुखबाट निस्केर सारा
मिश्र देशभरि दौडाहा गर्नलागे। ४७ सह-
कालका सात वर्षसम्म जमीनले प्रशस्त उब्जनी
दियो। ४८ तिनले सहकालका सात वर्षसम्म

मिश्रका सबै अन्न जम्मा गरे, र शहर शहरमा
अनाजहरू थन्काउनलागे। तिनले हरेक
शहरमा वरिपरिका खेतहरूका अनाज थन्काएर
राखे। ४९ यूसुफले समुद्रका बालुवासरी
प्रशस्त मात्रामा अनाजहरू सञ्चय गरे।
यहाँसम्म कि ती अघोर प्रशस्त भएको
कारणले तिनले हिसाब राख्न पनि छोड़िदिए।
५० अनिकालको वर्ष आउन अघि ओनका
पूजाहारी पोतीपेराकी छोरी आसनतबाट
यूसुफका दुइ छोरोहरू जन्मिसकेका थिए।
५१ जेठाको नाउँ यूसुफले मनश्शे राखे।
किनभने तिनी भन्थे, 'परमेश्वरले मेरा सबै
कष्ट र मेरा बाबुको घरको सम्झना बिर्साउनु-
भएको छ।' ५२ अर्काको नाउँ तिनले
एफ्रैम, फलिफाप बनाउने, राखे। किनकि तिनले
भने, 'परमेश्वरले मेरो कष्टको देशमा मलाई
फलिफाप गराउनुभयो।'

५३ मिश्रको सात वर्षको ठूलो सहकालको
अन्त भयो। ५४ यूसुफले भनेभैं अनिकालका सात
वर्ष आउनलाग्यो। सबै देश देशमा अनिकाल
पर्‍यो। तर सारा मिश्रमा चाहिँ अन्न थियो।
५५ जब सारा मिश्र अनिकालले पीड़ित
भयो, तब प्रजाहरूले फिरऊनसँग अनाजको
निम्ति बिन्ती चढ़ाए। फिरऊनले सबै मिश्री-
हरूलाई भने, "यूसुफकहाँ जाओ। तिनले
तिमीहरूलाई जे गर्नु भन्छन् त्यही गर।"
५६ यसकारण जब सारा पृथ्वीभरिनै अनिकाल
पर्‍यो, तब यूसुफले सबै धनसारहरू खोलेर
सबै मिश्रीहरूलाई अनाज बेच्न शुरू गरे,
किनकि मिश्रभरि घोर अनिकाल परेको थियो।
५७ यसैले पृथ्वीभरिका सबै मानिसहरू मिश्रमा
यूसुफकहाँ अनाज किन्न आए। किनभने
पृथ्वीभरिनै भयङ्कर अनिकाल परेको थियो।

याकूबका दश छोराहरू मिश्रमा

४२ मिश्रमा अनाज छ भनी थाह पाएका
हुनाले याकूबले आफ्ना छोराहरूलाई
भने, "तिमीहरू किन एका अर्काको मुख
हेराहेर् गर्दैबस्छौ? २ मिश्रमा अनाज
छ अरे भन्ने मैंले सुनेको छु। हामीहरू
जीवितै रहने हो भने लौ त्यहाँ
गएर हाम्रा निम्ति अनाज किनेर ल्याओ।"
३ यसकारण यूसुफका दश जना दाज्यूहरू
मिश्रमा अनाज किन्न गए। ४ तर
याकूबले यूसुफको भाइ बिन्यामीनलाई चाहिँ
तिनका दाज्यूहरूसँग पठाएनन्। किनकि
तिनलाई केही खतरा आइपर्ला भनी याकूब
डराउँथे। ५ यसरी अरू जानेहरूका साथमा
इस्राएलका छोराहरू पनि अनाज किन्न गए,
किनकि देशमा अनिकाल परेको थियो।

६ त्यस बेला यूसुफ मिश्रका अधिपति
थिए। देशका सारा मानिसहरूलाई अनाज
बेच्ने पनि तिनीनै थिए। यूसुफका दाज्यू-
हरूले आएर भूइँसम्म निहुरेर तिनलाई ढोग
गरे। ७ यूसुफले आफ्ना दाज्यूहरूलाई
देखेर चिनिहाले, तर तिनले तिनीहरूलाई
नचिनेको जस्तै गरी कड़ासँग तिनीहरूलाई
सोधे, "तिमीहरू कहाँबाट आएका हौ?"
तिनीहरूले भने, "कनान देशबाट अनाज
किन्न आएका हौं।" ८ यूसुफले आफ्ना दाज्यू-
हरूलाई ता चिने, तर तिनीहरूले भने
तिनलाई चिनेनन्। ९ तब यूसुफले तिनी-
हरूका विषयमा आफूले देखेका सपना सम्झे,
र तिनले तिनीहरूलाई भने, "तिमीहरू जासूस
हौ। यस देशको कमजोरी थाह गर्न तिमीहरू
आएका हौ।" १० तिनीहरूले यूसुफलाई
भने, "हे प्रभो, त्यसो होइन, हामी तपाइंका
दासहरू अनाज किन्न आएका हौं। हामी
सबै एउटै मानिसका छोराहरू हौं। ११ हामी
सोझा मानिसहरू हौं, हामी हजूरका दासहरू
जासूस होइनौं।" १२ तिनले उनीहरूलाई
भने, "होइन, तिमीहरू यस देशको कमजोरी
थाह गर्नेलाईनै आएका हौ।" १३ तब
तिनीहरूले भने, "हामी हजूरका दास बाह
जना दाज्यू-भाइहरू छौं। कनान देशका
एउटै मानिसका छोराहरू हामी हौं। कान्छो
चाहिँ यस बेला हाम्रा बाबुका साथमा छ,

औ एउटा चाहिँ अब छैन।” १४ तर
यूसुफले तिनीहरूलाई भने, “मैले भनेजस्तै
तिमीहरू जासूसनै रहेछौ। १५ अब
तिमीहरूको जाँच हुनेछ। फिरऊनको जीवनको
शपथ खाएर म भन्दछु कि तिमीहरूको कान्छा
भाइ नआएसम्म तिमीहरू यस ठाउँबाट
जानपाउनेछैनौ। १६ तिमीहरूमध्ये एक
जनालाई तिमीहरूको भाइलाई ल्याउनपठाओ।
त्यतिञ्जेल तिमीहरू थुनामा रहनेछौ। यसरी
तिमीहरूको कुरा सत्य हो कि होइन,
जाँचिनेछ। नत्रता फिरऊनको जीवनको शपथ
खाएर म भन्दछु कि तिमीहरू जासूसै हौ।”
१७ औ यूसुफले तिनीहरूलाई एकसाथ तीन
दिन थुनामा राखे।

१८ तेस्रो दिन यूसुफले तिनीहरूलाई भने,
१९ “तिमीहरू बाँच्ने भए औ तिमीहरू
सोझा मानिसहरू हौ भने यसो गर, म
परमेश्वरसँग डराउँदछु, तिमीहरू दाज्यू-भाइहरू-
मध्ये एक जना यहाँ थुनामा बस, र बाँकी चाहिँ
अनिकालमा तिमीहरूको परिवारको भोक
मार्नलाई अनाज बोकेर जाओ, २० र
तिमीहरूको कान्छो भाइलाई यहाँ मकहाँ
ल्याओ। यसरी तिमीहरूको कुरा साँचो
ठहरिनेछ, र तिमीहरू मर्नेछैनौ। औ
तिनीहरूले त्यसै गरे। २१ तब तिनीहरू
एकाले अर्कोलाई भने, “साँच्चिनै हाम्रो भाइको
विषयमा हामी दोषी छौं, किनकि त्यसले
हामीसित बिन्ती गर्दा हामीले त्यसको मनको
व्याकुलता देखेर पनि त्यसको कुरा सुनेनौं।
यसकारण यो संकष्ट हामीमाथि पर्नआएको
हो।” २२ रूबेनले तिनीहरूलाई जवाफ
दिए, “त्यस ठिटाको विरुद्ध अपराध नगर
भनी मैले तिमीहरूलाई भनेको होइन?
तर तिमीहरूले सुन्दै सुनेनौ। यसैले त्यसको
रगतको बदला हामीले भोग्दैछौं।” २३ तिनी-
हरूका बीचमा दोभाषे भएको हुनाले तिनी-
हरूको कुरा यूसुफले बुझ्छन् भनी तिनीहरूलाई
थाह भएन। २४ तब यूसुफ तिनीहरूबाट
एकातर्फ फर्केर रोए। औ फेरि तिनीहरूतिर
फर्केर तिनीहरूसित कुरा गरे। औ उनले
तिनीहरूबाट शिमोनलाई लिएर तिनीहरूका
आँखाकै सामने तिनलाई बाँधे। २५ त्यस
पछि यूसुफले तिनीहरूका धोकाहरूमा अनाज
भरिदिनू र तिनीहरूका आफ्ना आफ्ना रूपियाँ-
पैसा धोकामै हालिदिनू र तिनीहरूको बाटोको
निम्ति तिनीहरूलाई सामल-तुमल दिनू भनी
हुकुम गरे। तिनीहरूका निम्ति त्यसै गरियो।

२६ तब आफ्ना गधाहरूमा अनाज
लादेर तिनीहरू त्यहाँबाट हिंडे। २७ बास
बस्ने ठाउँमा तिनीहरूमध्ये एक जनाले आफ्नो
गधालाई दाना दिन धोक्रो फुकाउँदा
आफ्नो रूपियाँ-पैसा धोक्राको मुखैमा देखे।
२८ तब तिनले आफ्ना दाज्यू-भाइहरूलाई
भने, “मेरो रूपियाँ ता फर्काइ पो दिएछन्
क्यार! हेर, यहाँ मेरो धोक्राको मुखैमा
छ।” यसमा तिनीहरूको हंसले ठाउँ छोड्यो,
र तिनीहरू थरथर काम्दै र एका अर्कालाई
हेराहेर् गर्दै भन्नलागे, “परमेश्वरले हामीलाई
यो के गर्नलाग्नुभयो?”

२९ जब तिनीहरू कनान देशमा आफ्ना
बाबु याकूबकहाँ आइपुगे, तब तिनीहरूमाथि
भएको कुरा सबै उनलाई यसो भनेर बताए,
३० “त्यस देशका मालिकले हामीसित
कठोर बोली गरे। हामीलाई ता तिनले त्यस
देशमा जासूसजस्तै तुल्याए। ३१ तर
‘हामी सोझा मानिस हौं। हामी जासूस
होइनौं। ३२ हाम्रा बाबुका हामी बाह्र
भाइ छोरा हौं। एउटा चाहिँ छैन, र
कान्छा चाहिँ यस बेला कनान देशमा हाम्रा
बाबुको साथमा छ’ भनेर हामीले तिनलाई
भन्यौं। ३३ त्यस देशका ती मालिकले
हामीलाई भने, “यस कुराबाट मात्र तिमीहरू
सोझा मानिस रहेछौ भनी मलाई थाह हुनेछ
कि तिमीहरूका दाज्यू-भाइहरूमध्ये एक जना
यहाँ मसँग छोड, र अनिकालमा तिमीहरूको
परिवारको भोक मार्नलाई अनाज लिएर
आफ्नो बाटो लाग। ३४ अनि तिमीहरूका
कान्छा भाइलाई यहाँ मकहाँ ल्याओ। तब

मात्र तिमीहरू जासूस होइनौ, तर सीधा
मानिस रहेछौ भन्ने मलाई थाह हुनेछ, र म
तिमीहरूको यस भाइलाई तिमीहरूका हातमा
सुम्पनेछु। औ तिमीहरू यस देशमा लेनदेन
गर्न पाऔला।"
३५ तिनीहरूले आफ्ना धोक्राहरू
खन्याउँदा तिनीहरू हरेकको रूपियाँ-पैसाको
पोको आफ्नो आफ्नो धोक्रामा रहेछ,
र जबतिनीहरूले, तिनीहरूका बाबुले ती
रूपियाँ-पैसाका पोकाहरू देखे तब तिनीहरू
डराए। ३६ तिनीहरूका बाबु याकूबले
तिनीहरूलाई भने, "तिमीहरूले ता मेरा
छोराहरू मबाट खोसेर मलाई अति शोकित
तुल्यायौ। यूसुफ छैन, औ अब बिन्यामीन-
लाई पनि लैजान खोज्छौ। यी सबै घटना
मैमाथि पर्नआएको छ।" ३७ तब रूबेनले
आफ्ना बाबुलाई भने, "यदि मैले बिन्यामीन-
लाई तपाईंकहाँ ल्याइनँ भने मेरा दुइ
छोराहरूको प्राण लिनुहोस्। बिन्यामीनलाई
मेरो जिम्मामा दिनुहोस्। त्यसलाई म तपाईं-
कहाँ फर्काएर ल्याउनेछु।" ३८ तर याकूबले
भने, "मेरो छोरो तिमीहरूसँग जानेछैन,
किनकि त्यसको दाज्यू मरिहाल्यो। अब यही
मात्र बाँकी छ। यदि तिमीहरूले गर्न लागेका
यात्रामा त्यसमाथि केही खतरा पर्नआयो भने
तिमीहरूले मलाई यी सेता कपाल लिएर
अफसोसमै चिहानमा पुऱ्याउनेछौ।"

यूसुफका दाज्यूहरू दोस्रोपल्ट मिश्रमा

४३ त्यस देशमा भयङ्कर अनिकाल परेको
थियो। २ जब मिश्रबाट ल्याएको अनाज
तिनीहरूले खाइसके, तब तिनीहरूका बाबुले
तिनीहरूलाई भने, "हाम्रा निम्ति अलिकता
अनाज किन्न फेरि जाओ।" ३ तर यहूदाले
तिनलाई भने, "ती मानिसले हामीलाई
तिमीहरूको भाइलाई तिमीहरूका साथमा
नल्याउञ्जेल मेरो सम्मुख आउन पाउनेछैनौ,
भनेर कड़ा चेताउनी दिएका छन्।
४ तपाईंले भाइलाई हाम्रो साथमा
पठाउनुहुन्छ भने मात्र हामी गएर तपाईंको
निम्ति अनाज किनेर ल्याउनेछौं। ५ तर
त्यसलाई पठाउनुहुन्न भनेता हामी जानेछैनौं।
किनभने ती मानिसले हामीलाई भनेका छन्,
कि तिमीहरूको भाइ तिमीहरूसित नहोउञ्जेल
तिमीहरू मेरो सम्मुख आउनपाउनेछैनौ।"
६ इस्राएलले भने, "तिमीहरूको अर्को भाइ
छ भनी ती मानिसलाई बताएर तिमीहरूले
मसित किन यस्तो कुव्यवहार गऱ्यौ?"
७ तिनीहरूले जवाफ दिए, "ती मानिसले
यसो भनेर हामी र हाम्रा कुटुम्बका विषयमा
केरकार गरी सोधपूछ गरे—'के तिमीहरूका
बाबु अझै जीवितै छन्? के तिमीहरूको
अरू भाइ पनि छ?'—हामीले ता यिनै
प्रश्नका जवाफ मात्र तिनलाई दियौं। तिनले
हामीलाई 'तिमीहरूको भाइलाई यहाँ ल्याओ'
भन्लान् भनी हामीले कसरी जान्नु?"
८ तब यहूदाले आफ्ना बाबु इस्राएललाई भने,
"यस केटालाई पठाइदिनुहोस्, र हामी
गइहाल्नेछौं। औ हामी र तपाईं र
हाम्रा बाल-बच्चाहरूसमेत जीवितै रहनेछौं।
९ यसको जमानी म भएँ। मेरै हातबाट
फेरि तपाईंले यसलाई लिनुहोला। यदि मैले
यसलाई फर्काएर ल्याइनँ भने र तपाईंको
सामु राखिनँ भने म सदाको निम्ति अपराधी
ठहरिनेछु। १० हामीले ढिलो नगरेको भए
हामी दुइपल्टसम्म ओहोर दोहोर गरिसक्ने-
थियौं।" ११ तब तिनीहरूका बाबु इस्राएलले
तिनीहरूलाई भने, "यदि यसो हुनैपर्छ भने
यसो गर—यस देशका बढ़िया बढ़िया फल-
फूलहरू, अलिक सुगन्धित लेप, अलिकता मह,
सुगन्धित धूप, मूर्र, पेस्ता र हाड़े-बदाम त्यस
मानिसका निम्ति सौगातको रूपमा तिमीहरूका
धोक्रामा लगिदेओ। १२ तिमीहरूसँग दोबर
रूपियाँ पनि लैजाओ। औ जुन रूपियाँ
तिमीहरूका धोक्राको मुखमा थियो त्यो पनि
लिएर जाओ। कुन्नि त्यो भुलले भएको

होला। १३ आफ्नो भाइलाई पनि साथमा
लिएर ती मानिसकहाँ फेरि जाओ।
१४ तिमीहरूको अर्को भाइ र बिन्यामीनलाई
छुटकारा दिन ती मानिसको सामने सर्व-
शक्तिमान परमेश्वरले तिमीहरूमाथि कृपा गरून्।
म निर्वंश हुनै पर्छ भने होस्।
१५ तब ती मानिसहरू सौगात, दोबर
रूपियाँ र बिन्यामीनलाई पनि आफ्ना साथमा
लिई मिश्रतिर गए, औ यूसुफको सामने
हाजिर भए।

१६ जब यूसुफले तिनीहरूका साथमा
बिन्यामीनलाई देखे तब तिनले आफ्ना घरका
हर्त्ता-कर्त्तालाई भने, "यी मानिसहरूलाई मेरो
घरमा लैजाऊ, र एउटा पशु मारेर
भोज तयार गर। किनभने यी मानिसहरू
आज दिउँसो मसँगै खानेछन्। १७ यूसुफले
हुकुम गरेबमोजिम त्यस मानिसले गऱ्यो,
र ती मानिसहरूलाई यूसुफको घरमा ल्यायो।
१८ तर यूसुफको घरमा ल्याएको हुनाले
यूसुफका दाज्यू-भाइहरूले डराएर आपसमा
भने, "पहिलेपल्ट हाम्रा धोक्राहरूमा फर्काइ-
दिएका रूपियाँहरूको कारण हामीलाई यहाँ
ल्याएको हुनुपर्छ। अब तिनले हाम्रा विरुद्धमा
निहुँ पाएर हामीलाई कमारा तुल्याउने
र हाम्रा गधाहरू जफत गरेर लिने होला
क्यार।" १९ यसैकारण यूसुफको घरको
हर्त्ता-कर्त्ताकहाँ गएर घरको ढोकैमा
तिनलाई तिनीहरूले भने, २० "हजूर, पहिलो-
पल्ट हामी अनाज किन्न आएका थियौं।
२१ हामी बासमा पुगेर हाम्रो धोक्रो
फुकाउँदा ता हामी प्रत्येकको धोक्रोको मुख
मुखमा हाम्रै रूपियाँ पो रहेछ—हाम्रा पूरा
पूरा रूपियाँ—यसैले त्यो हामीले आफ्नो
साथमै ल्याएका छौं। २२ औ अनाज
किन्नलाई अरू बढी रूपियाँ पनि ल्याएका छौं।
हाम्रो धोक्रोमा हाम्रै रूपियाँ कसले हालिदियो
सो हामीलाई थाह छैन।" २३ तिनले
जवाफ दिए, "धन्दा नमान, नडराओ,
तिमीहरूका परमेश्वर र तिमीहरूका बाबुका
परमेश्वरलेनै अवश्य तिमीहरूका धोक्राहरूमा
रूपियाँ हालिदिनुभएको हुनुपर्छ। तिमीहरूको
रूपियाँ ता मैले पाएकै थिएँ।" तब तिनले
शिमोनलाई निकालेर तिनीहरूकहाँ ल्याए।
२४ ती मानिसले तिनीहरूलाई पानी दिएपछि
तिनीहरूले आफ्नो आफ्नो खुट्टा धोए, र
तिनले तिनीहरूका गधाहरूलाई दाना-पानी
दिएपछि २५ मध्य-दिनमा यूसुफ भेट्नलाई
आउने समयको लागि तिनीहरूले सौगात तयार
पारे, किनकि खाना त्यहीं खानुपर्छ भनी
तिनीहरूलाई भनिएको थियो।

२६ जब यूसुफ घरमा आए तब तिनीहरूले
आफ्ना साथमा ल्याएका सौगात उनलाई
चढ़ाउन घरमा ल्याए, र तिनलाई साष्टाङ्ग
प्रणाम गरे। २७ उनले चाहिँ तिनीहरूका
भला-कुसारी सोधपूछ गरेर भने, "तिमीहरूका
बाबु, ती वृद्ध मानिस कुशलै छन्? औ के
तिनी जीवितै छन्?" २८ तिनीहरूले भने,
तपाइंको दास, हाम्रा बाबु कुशलै हुनुहुन्छ,
र आजसम्म बाँचिरहनुभएको छ।" तब
तिनीहरूले भूइँसम्म निहुरेर तिनलाई ढोग
गरे। २९ यूसुफले यसो हेरेर आफ्नो भाइ,
आफ्नै आमाको छोरो, बिन्यामीनलाई देखेर
भने, "तिमीहरूले मसँग कुरा गरेको तिमीहरूको
कान्छो भाइ यही हो?" तब यूसुफले भने,
"ए नानी, परमेश्वरको अनुग्रह तँमाथि
रहोस्।" ३० तिनको भाइको खातिर तिनको
हृदय तिर्सनाले भरिएर आएकोले रून मन
लागेर यूसुफले आतुरीसँग ठाउँ खोजे। औ
आफ्नो कोठाभित्र पसेर तिनी रोए।
३१ तब मुख धोएर तिनी बाहिर आए,
र आफैलाई खूब सह्मालेर तिनले भने, "अब
खाना ल्याओ।" ३२ औ तिनीहरूले यूसुफ-
को निम्ति छुट्टै र उनीहरूका निम्ति छुट्टै, र
तिनीहरूसित खाने अरू मिश्रीहरूका निम्ति
छुट्टै खाना राखे। किनभने मिश्रीहरू हिब्रूहरू-
सित सँगै बसेर खानुहुँदैन थियो।
किनकि त्यसो गर्नु मिश्रीहरूको निम्ति घृणित कुरो
थियो। ३३ तिनीहरू जेठादेखि कान्छोसम्म

आफ्नो आफ्नो दर्जा र उमेरअनुसार यूसुफले
तिनीहरूलाई बसाए। ती मानिसहरू छक्क परेर
एउटाले अर्कोलाई हेर्नलागे। ३४ तिनीहरूका
भाग यूसुफको टेबलबाट झिकेर लगेका थिए।
तर बिन्यामीनको भाग चाहिँ तिनीहरू प्रत्येकको
भन्दा पाँच गुणा बढ़ी थियो। यसरी तिनीहरूले
यूसुफसँग खान-पीन गरेर आनन्द गरे।

यूसुफले आफ्ना दाज्यू-भाइहरूको जाँच गरेका

४४ तब यूसुफले आफ्नो घरका हर्त्ता-कर्त्ता-
लाई यसो भनेर हुकुम गरे, "तिनी-
हरूले लैजानसक्ने जत्ति अनाज ती मानिस-
हरूका धोक्राहरूमा भरिदेऊ, र हरेक
मानिसको रूपियाँ तिनीहरूका धोक्राको मुख
मुखमा राखिदेऊ, २ औ मेरो कचौरा,
अर्थात् मेरो चाँदीको कचौरा चाहिँ
अनाजको रूपियाँसमेत त्यो कान्छा चाहिँको
धोक्राको मुखमा हालिदेऊ।" औ तिनले
यूसुफले भनेबमोजिम गरे। ३ बिहान
उज्यालो हुने बित्तिकै तिनीहरूका गधाहरू-
सँगै तिनले ती मानिसहरूलाई पठाइदिए।
४ तिनीहरू शहरबाट अलिक पर पुगेपछि
यूसुफले आफ्नो हर्त्ता-कर्त्तालाई भने, "झट्टै
ती मानिसहरूका पछिपछि जाऊ, र तिनी-
हरूलाई भेट्टाएपछि यसो भन्नू, 'तिमीहरूले
किन भलोको बदला बुरो गर्‍यौ? ५ मेरा
मालिकले पिउनुहुने कचौरा यही होइन?
त्यहीद्वारा उहाँलाई अन्तर्ज्ञान पनि हुन्छ।
यो ता तिमीहरूले खराब काम गर्‍यौ।'"
६ तिनले तिनीहरूलाई भेट्टाएपछि तिनी-
हरूसँग त्यही कुरा गरे। ७ तिनीहरूले
तिनलाई भने, "हजूर किन यस्तो कुरा
गर्नुहुन्छ? यस्तो काम हजूरका दासहरूबाट
कहिल्यै हुनसक्तैन! यस्तो काम हामीबाट
दूर रहोस्! ८ हेर्नुहोस्, हाम्रा धोक्राका
मुखमा हामीले भेट्टाएका रूपियाँ ता हामीले
कनान देशबाट फिर्ता ल्यायौं भने कसरी हामीले
हजूरका मालिकको महलबाट चाँदी अथवा
सुन चोरी गर्थ्यौं र? ९ हजूरका दास-
हरूमध्ये जससँग त्यो फेला पर्छ, त्यो मारियोस्।
औ हामी पनि हजूरका कमारा हुनेछौं।"
१० तिनले भने, "तिमीहरूले भनेजस्तै होस्
त! जससँग त्यो फे॰॰ पर्ला त्यो मेरो
कमारा हुनेछ। बाँकी चाहिँ निर्दोष ठहरिने-
छ।" ११ तब हरेकले हतपत आफ्नो
आफ्नो धोक्रो भूइँमा झारेर आफ्नो आफ्नो
धोक्रो फुकाल्यो। १२ अनि तिनले जेठादेखि
लिएर कान्छासम्मको तलासी लियो, र त्यो
कचौरा बिन्यामीनको धोक्रोमा फेला पर्‍यो।
१३ तब तिनीहरूले आफ्नो लुगा च्याते, र
गधा लदाएर शहरतिर फर्के।
१४ यहूदा र तिनका दाज्यू-भाइहरू
यूसुफको घरमा आइपुग्दा तिनी त्यहीं थिए,
र तिनीहरूले तिनको सामने लम्पसार परेर
प्रणाम गरे। १५ यूसुफले तिनीहरूलाई भने,
"तिमीहरूले यस्तो के काम गर्‍यौ? म जस्तो
मानिससँग अन्तर्ज्ञान छ भनी के तिमीहरूलाई
थाह थिएन?" १६ यहूदाले भने, "हामी
हजूरलाई के भनौं, अथवा अब हामीले कसरी
आफ्नो सफाइ दिनसक्छौं र? हजूरका
दासहरूको अपराध परमेश्वरले भेटाउनुभएको
छ। हेर्नुहोस्, अब हामी हजूरका कमारा
भयौं। हामी र त्यो पनि जसको हातमा
त्यो कचौरा फेला पर्‍यो।" १७ तर यूसुफले
भने, "मबाट यस्तो कहिल्यै हुनेछैन। जसको
हातमा त्यो कचौरा फेला पर्‍यो त्यही चाहिँ
मेरो कमारा हुनेछ। तर तिमीहरू चाहिँ
आफ्ना बाबुकहाँ शान्तिपूर्वक जाओ।"
१८ तर यहूदाले तिनको सामने गएर
भने, "हे मेरा प्रभु, बिन्ती छ, दासलाई
एउटा कुरा गर्ने अनुमति दिनुहोस्।
औ दासप्रति रिसानी माफ रहोस्,
किनकि हजूर राजा समान हुनुहुन्छ।
१९ हजूरले आफ्ना दासहरूलाई यसो भनेर
सोध्नुभएको थियो, 'के तिमीहरूका बाबु अथवा
भाइ छ कि?' २० औ हामीले हजूरलाई

भन्यौं, 'हाम्रा बाबु एक वृद्ध मानिस हुनुहुन्छ, र उहाँको वृद्धावस्थाको बालक हाम्रो एउटा सानो भाइ पनि छ। औ आफ्नी आमा-पट्टिको अब त्यो मात्र छ, र त्यसका दाज्यू मरिसके। औ त्यसका बाबुले त्यसलाई खूबै माया गर्नुहुन्छ।'
२१ तब हजूरले आफ्ना दासहरूलाई भन्नुभयो, 'त्यसलाई यहाँ मकहाँ ल्याओ, र म त्यसलाई हेर्छु।'
२२ हामीले हजूरलाई भन्यौं, 'त्यस केटाले आफ्ना बाबुलाई छोड्नसक्तैन। किनकि यदि त्यसले आफ्ना बाबुलाई छोड्नुपर्‍यो भने त्यसका बाबु चाहिँ मरिजान्छन्।'
२३ तब हजूरले आफ्ना दासहरूलाई भन्नुभयो, 'तिमीहरूको कान्छो भाइ तिमीहरूसँग आएन भने तिमीहरू फेरि मेरो सामने आउनपाउनेछैनौ।'
२४ तब हामी हाम्रा बाबु, हजूरको दासकहाँ गयौं। औ उहाँलाई हजूरका कुरा सुनायौं।
२५ अनि जब हाम्रा बाबुले 'फेरि गएर अलिक अनाज किन' भन्नुभयो,
२६ तब हामीले उहाँलाई भन्यौं, 'हामी जानसक्तैनौं। यदि हाम्रो कान्छा भाइ हामीसित जाने हो भने मात्र हामी जान्छौं। किनकि हाम्रो कान्छा भाइ हामीसित गएन भनेता हामी ती मानिसको सामने जानपाउनेछैनौं।'
२७ तब हजूरका दास मेरा बाबुले हामीलाई भन्नुभयो, 'मेरी पत्नीतर्फबाट दुइटा छोराहरू भएका तिमीहरूलाई थाहै छ।
२८ एउटाले मलाई छोड़िहाल्यो। निश्चय त्यसलाई धुजाधुजा पार्‍यो होला भनी मैंले भनें। त्यहाँदेखि मैंले त्यसलाई देखेको छैनँ।
२९ यसलाई पनि तिमीहरूले मबाट लगेर यदि केही खतरा त्यसमाथि आइपर्‍यो भने तिमीहरूले मेरो यो फूलेको कपाल अफसोसैमा पातालमा पुर्‍याउनेछौ।'
३० यसकारण हजूरका दास हाम्रा बाबुकहाँ पुग्दा त्यो केटो हामीसँग भएन भनेता उहाँको प्राण त्यही केटाको प्राणसँग गाँसिएको हुनाले,
३१ हाम्रा साथमा त्यो नभएको देख्ने बित्तिकै उहाँको मृत्यु हुनेछ। औ हामी हजूरका दासहरूले हजूरका दास हाम्रा बाबुको फूलेको कपाल अफसोसमा पातालमा पुर्‍याउनेछौं,
३२ किनकि हजूरको दास, म आफै यस केटाको निम्ति बाबुको अगि जमानी बसेको छु। अनि यसलाई यसो भनेर मैंले ल्याएको छु—यदि मैंले त्यसलाई फर्काएर तपाईंकहाँ ल्याइनँ भनेता जीवनभरि म तपाईंको सामने दोषी ठहरिनेछु।
३३ यसकारण अब बिन्ती छ, यस केटाको सट्टामा म, हजूरको दासलाई-नै हजूरले आफ्नो कमारा तुल्याउनुहोस्। औ यस केटाले चाहिँ त्यसका दाज्यूहरूसँग जानपाओस्।
३४ किनकि त्यो केटो मेरो साथमा छैन भने मेरा बाबुकहाँ म कसरी जानु? मेरा बाबुमाथि आइपर्ने विपत्ति म हेर्नसक्तिनँ।"

यूसुफ आफूलाई जाहेर गर्छन्

४५ तब आफ्ना वरिपरि उभिने सबैको सामने आफूलाई सह्माल्न नसकेर यूसुफले कराएर भने, "सबै जनालाई यहाँबाट बाहिर पठाइदेओ।" यसैले यूसुफ आफ्ना दाज्यू-भाइहरूसँग आफैलाई प्रकट गर्दा त्यहाँ अरू कोही थिएन।
२ उनी ठूलो सोरले रोए, औ मिश्रीहरू फिरऊनका परिवारकाहरूले पनि सुने।
३ अनि यूसुफले आफ्ना दाज्यू-भाइहरूलाई भने, "म यूसुफ हुँ। के मेरा बाबु जीवितै हुनुहुन्छ?" तर तिनका दाज्यूहरूले तिनलाई जवाफै दिनसकेनन्, किनकि तिनका सामने तिनीहरू घबराएका थिए।

४ अनि यूसुफले आफ्ना दाज्यू-भाइहरूलाई भने, "कृपागरी मेरो नजीक आओ।" तब तिनीहरू नजीक गए। औ तिनले भने, "तिमीहरूले मिश्रमा बेचेका तिमीहरूका भाइ मनै हुँ।
५ तिमीहरूले मलाई बेचेकोमा अब दुःख नमान। आफैमाथि रीस पनि नगर, किनकि हामी सबैको प्राण रक्षाको निम्ति परमेश्वरले मलाई तिमीहरूको अगि यहाँ पठाउनुभएको हो।
६ देशमा अनिकाल

भएको दुइ वर्ष भयो। औ अझै पाँच वर्षसम्म
कहीं पनि हलो जोतिनेछैन, औ अनाजको
कटनी पनि हुनेछैन। ७ औ तिमीहरूका
एउटा भाग पृथ्वीमा जोगाएर राख्न, र
तिमीहरूका निम्ति धेरैलाई बचाई राख्न भनी
परमेश्वरले मलाई तिमीहरूभन्दा अघि यहाँ
पठाउनुभएको हो। ८ यसैले मलाई यहाँ
पठाउने तिमीहरू होइनौ, तर परमेश्वरनै
हुनुहुन्छ। उहाँले मलाई फिरऊनका बाबुतुल्य
र उनका सारा परिवारको प्रभु र मिश्रभरिका
अधिपति तुल्याउनुभएको छ। ९ अब झट्टै
मेरा बाबुकहाँ गएर उहाँलाई भन, 'तपाईंको
छोरो यूसुफ यसो भन्छ, 'परमेश्वरले मलाई
सारा मिश्रका मालिक तुल्याउनुभएको छ।
कति पनि अबेर नगरी मकहाँ आउनुहोस्।
१० तपाईं गोशेन प्रदेशमा बसोबासो गर्नुहोला
तपाईं र तपाईंका बाल-बच्चाहरू औ तपाईंका
नाति-नातिनीहरू र तपाईंका बगालहरू र
तपाईंसँग भएका जे जति सबै मेरो नजीकै
हुनेछन्। ११ त्यहाँ म तपाईंको पालन-पोषण
गर्नेछु, किनकि अनिकालको अझै पाँच वर्ष बाँकीनै
छ, नत्रता तपाईं र तपाईंका परिवार र तपाईंसँग
भएका सबै दरिद्र हुनेछन्।' १२ अब तिमीहरू-
सँग बोल्ने म यूसुफनै हुँ भनेर तिमीहरूका आफ्नै
आँखा र मेरो भाइ बिन्यामीनको आँखाले देखेका
छौ। १३ मिश्र देशमा मेरो सबै गौरव र
तिमीहरूले जे जे देखेका छौ सो सब कुरा मेरा
बाबुलाई अवश्य भन्नू, र झट्टै मेरा बाबुलाई यहाँ
ल्याउनू।' १४ तब आफ्नो भाइ बिन्यामीनको
गलामा अङ्गालो हालेर तिनी खूब रोए, र
बिन्यामीन पनि तिनको गलामा टाँसिएर रोए।
१५ अनि तिनले आफ्ना सबै दाज्यूहरूलाई म्वाइँ
खाए, र तिनीहरूसित रोए। त्यसपछि तिनका
दाज्यूहरूले पनि तिनीसँग कुराकानी गरे।

याकूबका परिवार मिश्रमा

१६ यूसुफका दाज्यू-भाइहरू आएका छन्
भन्ने खबर जब फिरऊनको घरमा पुग्यो तब
फिरऊन र तिनका भारादारहरू सबै खुशी
भए। १७ अनि फिरऊनले यूसुफलाई भने,
"तिम्रा दाज्यू-भाइहरूलाई यसो भन, 'तिमीहरू
आफ्ना पशुहरू लदाएर कनान देशमा फर्केर
जाओ, १८ र तिमीहरूका बाबु र तिनका
परिवारका सबैलाई लिएर मकहाँ आओ।
अनि मिश्रको सबैभन्दा असल ठाउँ म
तिमीहरूलाई दिनेछु र तिमीहरूले यस देशको
बढ़िया उब्जनी खानेछौ'।" १९ तिनीहरूलाई
यसो भनेर पनि हुकूम गर, "तिम्रा बाल-बच्चा
र तिम्रा पत्नीहरूका निम्ति मिश्रबाट गाड़ाहरू
पनि लैजाओ, र तिमीहरूका बाबुलाई लिएर
आओ। २० तिमीहरूका माल-समानको
केही वास्ता नगर, किनकि मिश्रका सबै असल
असल कुराहरू तिमीहरूकै हुन्।"
२१ इस्राएलका छोराहरूले त्यसै गरे, र
फिरऊनको हुकुमबमोजिम यूसुफले तिनीहरूलाई
गाड़ाहरू र सफरको निम्ति सामल-तुमल दिए।
२२ तिनीहरू हरेकलाई उनले एक एक जोर
नयाँ लाउने लुगा दिए। तर बिन्यामीनलाई
चाहिँ चाँदीका तीन सय शेकेल र पाँच जोर
लुगा दिए। २३ आफ्ना बाबुका निम्ति
चाहिँ तिनले यी चीजहरू पठाइदिए—मिश्रका
असल असल चीजहरू लादिएका दश गधा,
तिनका बाबुका निम्ति सफरमा खानलाई
सामल-तुमल, रोटी र अनाजसमेत लादिएका
दशवटा गधैनी। २४ तब तिनले आफ्ना
दाज्यू-भाइहरूलाई बिदा गरे। बिदा हुँदा
तिनले उनीहरूलाई भने, "बाटोमा झगड़ा
नगर।" २५ यसरी तिनीहरू मिश्रबाट
कनान देशमा आफ्ना बाबु याकूबकहाँ आए।
औ तिनीहरूले तिनलाई भने, "यूसुफ ता अझै
जीवितै रहेछन्, र मिश्रका अधिपति तिनीनै
भएका रहेछन्।" २६ यो कुरा सुनेर
उनको हृदय-गतिनै रोकियो। किनभने उनले
तिनीहरूको कुरा पत्याएनन्। २७ तर
तिनीहरूका हातमा भनिपठाएका यूसुफका सबै
कुरा सुनेपछि र आफूलाई ल्याउन भनी यूसुफले
पठाएका गाड़ाहरू देखेर तिनीहरूका बाबु

याकूबको होश फर्क्यो। २८ औ इस्राएलले
भने, "यति भए मलाई भइगयो। मेरो छोरो
यूसुफ अझै जीवितै रहेछ। म जानेछु, र
मनभन्दा अघि त्यसको मुख हेर्नेछु।"

आफ्ना परिवारसित याकूब मिश्रमा गएका

४६ तब इस्राएल आफूसँग भएका सबै
थोक लिएर हिँडे, र बेर्शेबामा आइपुगे।
औ आफ्ना बाबु इसहाकका परमेश्वरका निम्ति
बलिदान चढ़ाए। २ अनि राती दर्शनमा
परमेश्वर इस्राएलसँग बोल्नुभयो, र 'याकूब,
याकूब' भनी तिनलाई बोलाउनुभयो। अनि
तिनले भने, 'हजूर।' ३ तब उहाँले
भन्नुभयो, "म परमेश्वर, अर्थात् तेरा बाबुका
परमेश्वर हुँ। मिश्रमा जान नडरा, किनकि
त्यहाँ म तँबाट एउटा ठूलो जाति बनाउनेछु।
४ म तँसँग मिश्रमा जानेछु, औ म तँलाई
निश्चय फेरि फर्काइल्याउनेछु, औ तेरो मृत्यु
हुँदा यूसुफ़कै हातले तेरो आँखा छोपिदिनेछ*।"
५ त्यसपछि याकूब बेर्शेबाबाट हिँडे।
इस्राएलका छोराहरूले आफ्ना बाबु याकूब,
आफ्ना बाल-बच्चा र आफ्ना परिवारहरूलाई
फिरऊनले तिनलाई ल्याउनपठाएका गाड़ामा
चढ़ाएर ल्गे। ६ आफ्ना गाई-वस्तु र कनान
देशमा जम्मा गरेका माल-समानहरू लिएर
याकूब र तिनका जम्मै परिवारसमेत मिश्रमा
आए। ७ याकूबले आफ्ना साथमा आफ्ना
छोराहरू, नातिहरू, छोरीहरू, नातिनीहरू र
तिनका सबै सन्तानलाई मिश्रमा ल्याए।
८ मिश्रमा आउने इस्राएलका परिवारहरू,
अर्थात् याकूब र तिनका छोराहरूका नाउँ
यिनै हुन्—याकूबको जेठो छोरो रूबेन।
९ रूबेनका छोराहरू—हनोक, पल्लू, हेस्रोन
र कर्मी। १० शिमोनका छोराहरू यमूएल,
यामीन, ओहद, याकीन, सोहर र कनानी

*इब्रानीमा—यूसुफले आफ्नो हात तेरो आँखामाथि
राख्नेछ।

पत्नीतर्फको छोरो शावल। ११ लेवीका
छोराहरू—गेर्शोन, कहात र मरारी।
१२ यहूदाका छोराहरू—एर, ओनान, शेला,
पेरेस, र जेरह। तर एर र ओनान चाहिँ
कनान देशमै मरे। औ पेरेसका छोराहरू—
हेस्रोन र हामूल। १३ इस्साकारका छोराहरू
—तोला, पुवा, योब र शिम्रोन। १४ जबूलून-
का छोराहरू—सेरेद, एलोन र यहलेल।
१५ यिनीहरू चाहिँ याकूबबाट लेआले
पद्दनराममा जन्माएका परिवार र उनकी छोरी
दिनासमेत हुन्। लेआबाट याकूबका
परिवार जम्मा तेँतीस जना थिए।
१६ गादका छोराहरू—सिप्योन, हाग्गी,
शूनी, यसबोन, एरी, अरोदी र अरेली।
१७ आशेरका छोराहरू—यिम्ना, यिश्वा, यिश्वी
र बरीआ र तिनीहरूकी बहिनी सेरह।
बरीआका छोराहरू—हेबेर र मल्कीएल।
१८ लाबानले आफ्नी छोरी लेआलाई दिएकी
दासीपट्टिका याकूबको परिवार यिनै हुन्।
यिनीहरू जम्मा सोह जना थिए।
१९ याकूबकी पत्नी राहेलका छोराहरू—
यूसुफ र बिन्यामीन। २० ओनका पूजाहारी
पोतीपेराकी छोरी आसनततर्फबाट मिश्रमा
जन्मेका यूसुफका छोराहरू—मनश्शे र एप्रैम।
२१ बिन्यामीनका छोराहरू—बेला, बेकेर,
अश्बेल, गेरा, नामान, एही, रोश, मुप्पीम,
हुप्पीम र आर्द। २२ राहेलबाट जन्मेका
याकूबका परिवार जम्मा चौध जना थिए।
२३ दानका छोरा—हुशीम। २४ नप्ताली-
का छोराहरू—यहसेल, गुनी, येसेर, र
शिल्लेम। २५ लाबानले आफ्नी छोरी
राहेललाई दिएकी दासी बिल्हाले याकूबाट
जन्माएको परिवार यिनै हुन्। यिनीहरू जम्मा-
सात जना थिए। २६ याकूबका साथमा
मिश्रमा आएका तिनका बुहारीहरूबाहेक
आफ्नो निज सन्तान जम्मा छयसट्ठी जना
थिए। २७ मिश्रमा जन्मेका यूसुफका छोरा-
हरू चाहिँ दुइ जना थिए। मिश्रमा आउने
याकूबका घरका सबै जम्मा सत्तरी जना थिए।

२८ गोशेनमा तिनलाई भेट्न आइदेऊन्
भनी याकूबले यहूदालाई यूसुफकहाँ खबर
दिन आफ्नो अगि पठाए। २९ तब यूसुफले
आफ्नो रथ तयार गरेर गोशेनसम्म आफ्ना
बाबु इस्राएललाई भेट गर्न आए। अनि
तिनलाई भेट गरेर याकूबको गलामा अङ्गालो
हालेर उनकै गलामा धेरै बेरसम्म रोइरहे।
३० इस्राएलले यूसुफलाई भने, "मैले तेरो
मुख देख्न पाएको हुनाले र तँ जीवितै
रहेको जान्न पाएकोले अब म सन्तोकसित
मर्छु।" ३१ यूसुफले आफ्ना दाज्यू-भाइहरू
र आफ्ना बाबुका परिवारहरूलाई भने, "अब
म गएर फिरऊनलाई खबर दिन्छु र उनलाई
भन्नेछु, "कनानका मेरा दाज्यू-भाइहरू र
मेरा बाबुका घरानाहरू मकहाँ आएका छन्।
३२ उनीहरू सबै गाई-वस्तु पाल्ने भएकाले
गोठाला हुन्। उनीहरूले आफ्ना सबै बगाल
र बथान, र उनीहरूसँग भएका सबै थोक
लिएर आएका छन्।" ३३ फिरऊनले
तपाईंहरूलाई बोलाएर, 'तिमीहरूका काम-
धन्धा के हो?' भनेर सोधे, ३४ तपाईंहरूले
भन्नुहोस्, 'हजूरका दासहरू हामी बाबु-छोराहरू
हाम्रा बाल्यवस्थादेखि अहिलेसम्म गाई-वस्तु
पाल्ने हौं।" औ तपाईंहरू गोशेनमा
बसोबासो गर्न पाउनेछौ, किनभने मिश्रीहरू
सबै गोठालाहरूलाई घृणा गर्छन्।"

यूसुफका बाबु र दाज्यू-भाइहरू फिरऊनकहाँ हाजिर भएका

४७ तब भित्र गएर यूसुफले फिरऊनलाई
भने, "मेरा बाबु, र दाज्यू-
भाइहरू, तिनका भेड़ा-बाख्रा, गाई-वस्तु र
तिनीहरूका सबै थोक लिएर कनानबाट आएका
छन्। औ हेर्नुहोस्, अहिले तिनीहरू गोशेन
प्रदेशमा छन्। २ तिनले आफ्ना दाज्यू-
भाइहरू मध्येबाट पाँच जनालाई लिएर फिरऊन-
कहाँ हाजिर गराए। ३ फिरऊनले तिनका
दाज्यू-भाइहरूलाई सोधे, "तिमीहरूको काम-
धन्धा के हो?" तिनीहरूले फिरऊनलाई भने,
"हामी हजूरका दासहरू हाम्रा पिता-पुर्खादेखिनै
गोठाला हौं।" ४ तिनीहरूले फिरऊनलाई
अझै भने, "हामी यस देशमा बसोबासो गर्न
आएका छौं, किनकि कनान देशमा घोर
अनिकाल परेको हुनाले हजूरका दासहरूलाई
भेड़ा-बाख्रा चराउने ठाउँ भएन। अब बिन्ती
छ, कि हामी हजूरका दासहरूले गोशेन
प्रदेशमा बसोबासो गर्ने अनुमति पाऔं।"
५ तब फिरऊनले यूसुफलाई भने, "तिम्रा
बाबु र तिम्रा दाज्यू-भाइहरू तिमीकहाँ आएछन्।
६ मिश्र देश तिम्रै हो। देशको सबैभन्दा असल
ठाउँमा तिम्रा बाबु र तिम्रा दाज्यू-भाइहरूलाई
बस्नदेऊ। तिनीहरूलाई गोशेन प्रदेशमानै
बस्नदेऊ। तिनीहरूमध्ये कति लायकका
मानिसहरू छन् भनी तिमीले थाह पायौ भने
मेरा गाई-वस्तुहरू पनि तिनीहरूकै जिम्मामा
लगाइदेऊ।"
७ यूसुफले आपना बाबु याकूबलाई पनि
फिरऊनकहाँ हाजिर गराए। याकूबले फिरऊन-
लाई आशीर्वाद दिए। ८ फिरऊनले याकूब-
लाई सोधे, "तपाईंको उमेर कति भयो?"
९ याकूबले भने, "मेरो प्रवासी जीवनको
उमेर एक सय तीस वर्ष भयो। मेरो यस
प्रवासको उमेर ता थोरै र दुःखमय
भयो, हजूर। मेरा पिता-पुर्खाहरूले यस
प्रवासको जीवनमा जति दिन उमेर खाएका
थिए त्यति ता अहिले मेरो पुगेकै छैन।"
१० अनि याकूबले फेरि फिरऊनलाई
आशीर्वाद दिए, र फिरऊनको उपस्थितिबाट
निस्केर आए। ११ तब यूसुफले आफ्ना
बाबु र दाज्यू-भाइहरूलाई बसोबासो गराए,
र फिरऊनको हुकुमअनुसार तिनले मिश्रमा
भएका सबैभन्दा असल ठाउँ, अर्थात् रामसेस
भन्ने इलाकामा तिनीहरूका अधिकारमा जग्गा
जमीन दिए। १२ यूसुफले आपना बाबु,
दाज्यू-भाइहरू र आपना बाबुका परिवारका
सबैलाई तिनीहरूका बाल-बच्चाका संख्याअनुसार
खानेकुरा दिएर तिनीहरूको पालन-पोषण गरे।

मिश्रदेशको निम्ति यूसुफको योजना

१३ घोर अनिकालले देश ग्रस्त भएकोले गर्दा देशमा खानेकुरा केही थिएन। अनिकालले गर्दा मिश्र र कनान दुवै देश ग्रसित भएका थिए। १४ मिश्र र कनान देशका मानिसहरूले अन्न किनेका रूपियाँ यूसुफले जम्मा गरेर फिरऊनकै घरमा राख्थे। १५ जब मिश्र र कनानमा भएका मानिसहरूले आफ्ना रूपियाँ-पैसा खर्च गरिसके, तब सबै मिश्रीहरूले आएर यूसुफलाई भने, "हामीलाई अन्न दिनुहोस्। तपाईंकै आँखाको सामने हामी किन मरौं, किनकि हामीसित भएका रूपियाँ-पैसा सबै सिद्धिए।" १६ यूसुफले तिनीहरूलाई भने, "तिमीहरूका रूपियाँ-पैसा सिद्धिए भने तिमीहरूका गाईं-वस्तु ल्याओ। तिमीहरूका गाईं-वस्तुका सट्टामा म तिमीहरूलाई अन्न दिऊँला।" १७ यसैकारण तिनीहरूले आफ्ना गाईं-वस्तुहरू यूसुफकहाँ ल्याए, र यूसुफले तिनीहरूका घोड़ा, भेड़ा, गाईं, गधा आदिका सट्टामा तिनीहरूलाई खानेकुरा दिएर तिनीहरूको हेरचाहा गरे। औ त्यस साल गाईं-वस्तुका सट्टामा तिनीहरूलाई तिनले अन्न दिए। १८ त्यो साल बितेपछि अर्को साल आएर तिनीहरूले यूसुफलाई भने, "हाम्रा रूपियाँ-पैसा सबै सकिएको कुरा ता हजूरलाई थाहै छ। गाईं वस्तुका बथान पनि सबै हजूरैका भइसकेका छन्। अब हजूरका सामने हामीसँग हाम्रै जीउ र जग्गा-जमीन-बाहेक अरू केही छैन। १९ हामी हजूरकै आँखाको सामने किन मर्नु? हामीलाई अन्न दिएर हाम्रा जमीनसमेत हामीलाई किन्नुहोस्, र हामी आफ्ना जग्गा-जमीनसमेत फिरऊनका कमारा-कमारी हुनेछौं। हामीलाई बिउ दिनुहोस्, र हामी जीवित रहनेछौं हाम्रा जग्गा-जमीन पनि उजाड़ हुनेछैन।"

२० यसरी यूसुफले मिश्रका सबै जग्गा-जमीन फिरऊनका निम्ति किने। किनकि त्यहाँ घोर अनिकाल परेको हुनाले सबै मिश्रीहरूले आफ्ना जग्गा-जमीन बेचे। यसरी जग्गा-जमीन फिरऊनको भयो। २१ औ मिश्रको एक छेउसम्मका सबै मानिसहरूलाई तिनले कमारा बनाए*। २२ तर पूजाहारीहरूका जग्गा-जमीन मात्र तिनले किनेनन्, किनभने पूजाहारीहरूलाई फिरऊनबाटै अन्नको हिस्सा तोकिएको थियो, औ फिरऊनले दिएकै हिस्साबाट तिनीहरूले खान्थे। त्यसैकारण तिनीहरूले चाहिँ आफ्ना जग्गा-जमीन बेच्नु परेन। २३ तब यूसुफले फिरऊनका प्रजाहरूलाई भने, "हेर, आज मैले फिरऊनका निम्ति तिमीहरूका जग्गा-जमीन र तिमीहरूलाई किनेको छु। अब तिमीहरूका निम्ति बिउ यहाँ छ, र तिमीहरूले जमीनमा बिउ छर। २४ फसलको बेलामा उब्जनीको पाँचौं हिस्सा तिमीहरूले फिरऊनलाई टक्राउनुपर्छ। चार हिस्सा चाहिँ खेतीलाई बिउको निम्ति औ तिमीहरू, तिमीहरूका परिवार र तिमीहरूका बाल-बच्चाले खानको निम्ति तिमीहरूका आफ्नै हुनेछ।" २५ औ तिनीहरूले भने, "हजूरले हाम्रो प्राण बचाइदिनुभएको छ। हजूरको निगाह हामीमाथि भएमा हामी फिरऊनका कमारा हुनेछौं।" २६ यसैले मिश्र देशमा जग्गा-जमीनको विषयमा आजसम्मलाई यूसुफले एउटा ऐन बनाए, कि उब्जनीको पाँचौं हिस्सा फिरऊनको हुनेछ। पूजाहारीहरूका जग्गा-जमीन मात्र फिरऊनको भएन।

२७ यसरी मिश्रको गोशेनमा इस्राएलले बसोबासो गरे, र तिनीहरूले त्यहाँका जग्गा-जमीन आफ्नो अधिकारमा गरे। औ त्यहाँ तिनको फलिफाप भएर संख्यामा ज्यादै वृद्धि हुँदैगयो। २८ याकूब मिश्रमा सत्र वर्ष बाँचे। याकूबको आयु, उनको जम्मा उमेर एक सय सैंतालीस वर्ष भयो।

२९ इस्राएलको मर्ने बेला आइपुग्दा तिनले आफ्नो छोरा यूसुफलाई बोलाएर भने, "यदि तैंले मलाई श्रद्धा गर्छस् भने दयागरी

* हिब्रूमा—ती सबैलाई तिनले शहरहरूमा ल्याएर बसाले

तेरो हात मेरो तिघ्रामनि राखेर तैंले मेरो
चिहान मिश्र देशमा बनाउनेछैनस् भनी मसँग
प्रतिज्ञा गर्। औ मप्रति भक्ति देखा।
३० तर जब म मेरा पिता-पुर्खाहरूसँग
सुतिजाऊँला तब मलाई मिश्रबाट बोकेर लगी
उनीहरूकै चिहानमा गाड़िदे।” तिनले भने,
“तपाईंले भन्नुभएबमोजिम म गर्नेछु।”
३१ फेरि याकूबले भने, “मसँग शपथ खा।”
औ यूसुफले शपथ खाए। तब इस्राएल आपनो
पलङ्गको सिहानमा घोप्टो परे।

याकूबले मनश्शे र एप्रैमलाई आशीर्वाद दिएका

४८ त्यसपछि “हजूरका पिता बिरामी
हुनुहुन्छ” भनेर खबर कसैले यूसुफलाई
दियो। यसकारण आपना दुइ छोरा
मनश्शे र एप्रैमलाई आपना साथमा लिएर
तिनी गए। २ अनि ‘तपाईंका छोरा यूसुफ
तपाईंलाई भेट गर्न आएका छन्’ भन्ने खबर
कसैले याकूबलाई सुनायो। तब इस्राएल
आफै बल गरेर पलङ्गमा बसे। ३ तब
याकूबले यूसुफलाई भने, “सर्वशक्तिमान परमेश्वर
कनानको लूजमा मकहाँ देखा पर्नुभयो, र
उहाँले मलाई आशीर्वाद दिएर भन्नुभयो,
४ ‘हेर म तँलाई फल्दो-फुल्दो बनाउनेछु, र
तँपछि तेरा सन्तानलाई यो देश अनन्तसम्म
अधिकार गर्न दिनेछु।’ ५ अब म मिश्रमा
आउन अघाड़ि मिश्रमा जन्मेका तेरा यी दुइ
छोराहरू मेरै हुन्। रूबेन र शिमोनझैं एप्रैम
र मनश्शे पनि मेरै हुनेछन्। ६ तिनीहरू-
भन्दा पछि जन्मेका सन्तानहरू चाहिं तेरा
हुनेछन्। यिनीहरूले हक पाउँदा तिनकै दाज्यू-
भाइहरूका नाउँमा तिनीहरू बोलाइनेछन्।
७ किनभने म पद्दनरामबाट आउँदा एप्रातमा
पुग्न अझ केही टाढ़ा छँदै कनानको बाटोमा
मेरै सामने राहेल मरिन्, औ एप्रात जाने
बाटैमा, अर्थात् बेतलेहेममा मैले तिनलाई
गाड़ें।”

८ यूसुफका छोराहरूलाई देखेर इस्रा-
एलले भने, “यिनीहरू को हुन्?” ९ यूसुफले
आपना बाबुलाई भने, “परमेश्वरले मलाई
दिनुभएका यी मेरा छोराहरू हुन्।” अनि
याकूबले भने, “कृपागरी तिनीहरूलाई यहाँ
मकहाँ ल्याऊ। म तिनीहरूलाई आशीर्वाद
दिनेछु।” १० त्यस बेला उमेरले गर्दा
इस्राएलका आँखा धमिला भइसकेका थिए,
र राम्ररी देख्नसक्तैन थिए। यसैले यूसुफले
तिनीहरूलाई उनका नजीक लगिदिए। अनि
उनले तिनीहरूलाई म्वाइँ खाएर अङ्गालो
हाले। ११ अनि इस्राएलले यूसुफलाई भने,
“मैले ता तेरो मुख देख्न पाउँला भनी
ठानेकै थिइनँ, तर हेर्, तेरा सन्तान पनि
परमेश्वरले देख्नदिनुभयो।” १२ तब
यूसुफले तिनीहरूलाई उनका घुँड़ाबाट हटाए,
र तिनले भूइँमा घोप्टेर साष्टाङ्ग प्रणाम
गरे। १३ यूसुफले ती दुवैलाई लिएर
एप्रैमलाई आपनो दाहिनेपट्टि र इस्राएलको
चाहिँ देब्रेपट्टि औ मनश्शेलाई आपनो
देब्रेपट्टि र इस्राएलको दाहिनेपट्टि पर्ने गरी
उनको नजीक ल्याए। १४ औ इस्राएलले
उनको दाहिने हात पसारेर कान्छा एप्रैमको
टाउकोमा र देब्रे हात मनश्शेको टाउकोमा
जानीबुझी राखे। किनकि मनश्शे चाहिँ जेठो
थियो। १५ अनि उनले यूसुफलाई आशीर्वाद
दिएर भने, “जुन परमेश्वरको सामने मेरा
पित्र अब्राहाम र इसहाक हिँड़थे, जुन
परमेश्वरले मेरो जीवनभरि आजसम्म मलाई
डोऱ्याउनुभयो, १६ ती स्वर्गदूत, जसले
मलाई सबै खराबीबाट जोगाए, तिनलेनै यी
बालकहरूलाई आशीर्वाद दिऊन्, र यिनैमा
मेरो नाउँ अमर भइरहोस्। मेरो नाउँ र
मेरा पित्र अब्राहाम र इसहाकको नाउँ अमर
होस्। औ पृथ्वीमा यिनीहरू अनगन्ती भई
संख्यामा बढून्।”

१७ तिनका बाबुले आपना दाहिने हात
एप्रैमको टाउकोमा राखेको देखेर यूसुफलाई मन
परेन, र तिनले एप्रैमको टाउकोबाट मनश्शेको

टाउकोमा राख्नभनी उनका बाबुको हात हटाउन-
लाई उठाए १८ र बाबुलाई भने, "हे बाबु,
यसो होइन, किनकि जेठो चाहिँ यो हो।
तपाईंको दाहिने हात यसको शिरमाथि राखि-
दिनुहोस्।" १९ तर तिनका बाबुले अस्वीकार
गरी भने, "मलाई थाह छ, छोरा, मलाई
थाह छ। यसको पनि एउटा वंश हुनेछ,
र यो पनि ठूलो हुनेछ। त्यसो भए तापनि
त्यसको भाइ चाहिँ त्योभन्दा महान् हुनेछ,
र त्यसको सन्तान जातिहरूको एक समूह
हुनेछ। २० औ उनले तिनीहरूलाई त्यस
दिन यसो भनेर आशीर्वाद दिए, "इस्राएलले
तिमीहरूकै नाउँ लिएर यस्तो आशीर्वाद
दिनेछ, 'परमेश्वरले तिमीहरूलाई एप्रैम र
मनश्शेजस्तै बनाऊन्'।" यसरी तिनले मनश्शेभन्दा
एप्रैमलाईनै अघाड़ि राखे। २१ तब इस्रा-
एलले यूसुफलाई भने, "अब म मर्न लागेको
छु, तर परमेश्वर तिमीहरूका साथमा हुनुहुनेछ,
र तिमीहरूलाई फेरि तिमीहरूका पिता-पुर्खा-
हरूको देशमा लैजानुहुनेछ। २२ त्यसबाहेक
तेरा दाज्यू-भाइहरूलाई भन्दा बढ़ी मैले तँलाई
एउटा पहाड़को पाखा दिएको छु, जो मैले
आफ्नो तरवार र धनुको बलले एमोरीहरू-
बाट लिएको थिएँ।"

याकूबले आफ्ना बाह्र छोराहरूलाई आशीर्वाद दिएका

४९ तब याकूबले आफ्ना छोराहरूलाई
बोलाएर भने, "तिमीहरू यहाँ जम्मा
होओ, र पछिला दिनहरूमा तिमीहरूमाथि
के बित्नेछ सो म भनूँला—

२ "हे याकूबका छोरा हो, जम्मा
भएर सुन,
तिमीहरूका बाबु इस्राएलले भनेका सुन।
३ रूबेन तँ मेरो जेठो छोरो होस्,
मेरो शक्ति र मेरो बलको पहिलो फल,
गौरव र शक्तिमा सर्वप्रमुख।
४ पानीजस्तो चंचल तँ, तेरो प्रतिष्ठा
कायम रहनेछैन,
किनभने तेरो बाबुको पलङ्गमा तँ चढ़िस्।
र त्यो अशुद्ध पारिस्—
त्यो मेरो ओछ्यानमा चढ़्यो।
५ शिमोन र लेवी दाज्यू-भाइ हुन्,
तिनका तरवारनै उपद्रवका हतियार हुन्,
६ ए मेरो प्राण, तिनीहरूको सभामा नआइज,
ए मेरो मान, तिनीहरूको संगतिमा नलाग्।
किनकि आफ्नो रीसमा तिनीहरूले
मानिसहरूलाई मारे,
तिनीहरूले आफूखुशी गरेर गोरुहरूका
ढोड़-नशा काटे।
७ तिनीहरूका रीसमाथि श्राप परोस्
किनभने त्यो भयानक छ,
र तिनका क्रोधमाथि, किनकि त्यो
निष्ठूर छ।
तिनीहरूलाई म याकूबमा छिन्नभिन्न पार्नेछु,
र इस्राएल्मा तितर-बितर पार्नेछु।
८ ए यहूदा, तेरा दाज्यू-भाइहरूले
तेरो प्रशंसा गर्नेछन्,
तेरो हातले तेरा शत्रुहरूका
गर्दन पक्रनेछ,
तेरै बाबुका छोराहरू तेरो सामने
निहुरिनेछन्।
९ यहूदा सिंहको डमरु हो,
ए मेरो छोरा, शिकारबाट तँ उकालो
आएको छस्,
त्यो निहुरियो, र सिंहझैं लेटिरह्यो,
अँ सिंहनीझैं,
कसले त्यसलाई उठाउने आँट गर्छ?
१० यहूदाको हातबाट राजदण्ड हट्नेछैन,
राज्य चलाउनेको लाठी त्यसका खुट्टाको
बीचबाट हट्नेछैन,
जबसम्म शीलो आउँदैन।
औ मानिसहरू उहाँको आज्ञाकारी
बन्नेछन्।
११ तिनको जवान गधालाई अङ्गूरको बोटमा
र गधाको बछेड़ालाई चाहिँ उत्तम

जातको दाखको लहरामा बाँधेर
आफ्ना लुगाहरू दाखमद्य,
र आफ्ना पोशाक अङ्गूरको रसमा
धुन्छन्।
१२ उसका आँखा दाखमद्यले राता राता,
र उसका दाँत दूधले सेता सेता हुन्छन्।
१३ जबूलूनको बास समुद्रको किनारमा हुनेछ,
जहाजहरूका निम्ति त्यो बन्दरगाह हुनेछ,
र त्यसको सीमाना सीदोनमा हुनेछ।
१४ इस्साकार बलियो गधा हो,
जो भेड़ी-गोठहरूका बीचमा लेटिरहन्छ,
१५ विश्रामको ठाउँ असल रहेछ,
र त्यो देश रमाइलो रहेछ भन्ने त्यसले
जान्यो।
यसैकारण त्यसले भारी बोक्नलाई आफ्नो
काँध झुकायो,
र बेगारीको काम गर्‍यो।
१६ इस्राएलको कुलमध्येको एक भएर
दानले आफ्ना मानिसहरूका
इन्साफ गर्नेछ।
१७ दान चाहिँ बाटोमा भएको एउटा सर्प
र गोरेटोमा भएको विषालु साँप हुनेछ,
जसले घोड़ाको कुर्कुच्चा डस्छ,
र त्यसको घोड़चढ़ी चाहिँ पछिल्तिर
लोट्छ।
१८ हे प्रभो, म तपाइंको उद्धारको प्रतीक्षा
गर्दै आएको छु!
१९ गादमाथि एक दलले आक्रमण ता गर्नेछ,
तर त्यसले तिनीहरूलाई उल्टा
खेद्दै हमला गर्नेछ
२० आशेरबाट उत्पन्न हुने अनाजहरू
उत्तम हुनेछन्,
र त्यसले राजकीय खाना दिनेछ।
२१ नप्ताली फुकाएकी मुडुली-मृग हो,
जसले सुन्दर सुन्दर बच्चा ब्याउँछे*।
२२ यूसुफ फलले लटरम्म भएको
एउटा हाँगा हो,
पानीको मूलनेर भएको फल दिने हाँगा,
त्यसका हाँगाहरू पर्खाल माथिमाथि
फैलिन्छन्।
२३ धनुर्धारीहरूले त्यसलाई ज्यादै दुःख दिए,
त्यसमाथि काँड़ चलाए, र त्यसको खेदो
गरे,
२४ तैपनि त्यसको धनु दह्रोनै रह्यो,
र त्यसका पाखुराहरू फूर्तिलै रहे,
याकूबका शक्तिशाली हातद्वारा
(इस्राएलको चटान, ती गोठालाको
नाउँद्वारा),
२५ अर्थात् तेरा बाबुका परमेश्वर, जसले
तँलाई सहायता गर्नुहुनेछ,
औ सर्वशक्तिमान, जसले तँलाई आशिष
दिनुहुनेछ।
माथि स्वर्गका आशिष।
गहीरो अगाधमा पर्खिरहने आशिषहरू!
स्तन र गर्भका आशिषले!
२६ तेरा बाबुका आशीर्वाद, मेरा पुर्खाका
आशीर्वादभन्दा प्रबल छन्,
अनन्त डाँड़ाहरूका पल्लो सीमानासम्म,
ती सबै यूसुफका शिरमा होऊन्,
त्यसका दाज्यू-भाइहरूसित अलग हुनेको
शिरैमा!
२७ बिन्यामीन ता एउटा फहराउने ब्वाँसो
हो,
बिहान चाहिँ ल्याएको शिकार त्यसले
खान्छ,
र बेलुकी चाहिँ त्यसले लूट बाँड़छ।

याकूबको मृत्यु

२८ यी सबै इस्राएलका बाह्र कुल हुन्।
आफ्ना बाबुले तिनीहरूलाई आशीर्वाद
दिँदै भनेका कुरा यही हो। प्रत्येकलाई
तिनले सुहाउँदो आशीर्वाद दिए। २९ तब
तिनले तिनीहरूलाई यो आज्ञा दिए, "मता
मेरा मानिसहरूकहाँ मिल्नजान लागेको छु।
हित्ती एफ्रोनको खेतमा भएको ओढ़ारमा
मेरा पिता-पुर्खाहरूका साथमा मलाई गाड़।

* जसले मीठा वचन बोल्दछ

३० त्यही ओढ़ारमा, जो अब्राहामले हित्ती
एफ्रोनको हातबाट खेतसमेत चिहान बनाउनलाई
कनान देशमा मम्रेको पूर्वतिर मकपेलाको
जग्गामा किनेका थिए। ३१ त्यहींनै
तिनीहरूले अब्राहाम र तिनकी पत्नी सारालाई
गाड़ेका थिए । ओ त्यहींनै तिनीहरूले
इसहाक र तिनकी पत्नी रिबेकालाई पनि
गाड़ेका थिए। त्यहींनै मैले लेआलाई गाड़ें।
३२ त्यो खेत र त्यहाँ भएको ओढ़ार
हित्तीहरूको हातबाट किनेको हो।”
३३ छोराहरूलाई यो आज्ञा दिइसकेपछि
याकूबले आफ्ना खुट्टा पलङ्गमा चढ़ाएर सोझो
पारेर आफ्नो प्राण त्यागे, र आफ्ना
पिता-पुर्खाहरूसँग मिल्न गए।

याकूबलाई गाड़ेको

५० तब यूसुफ आफ्ना बाबुको मुखमा
घोप्टो परेर रोए, र तिनलाई म्वाइँ
खाए। २ अनि यूसुफले आफ्ना चाकरहरू
र वैद्यहरूलाई आफ्ना पिताको लाशमा
सुगन्धित लेप मल्न लगाए। यसैकारण ती
वैद्यहरूले इस्राएलको लाशमा सुगन्धित लेप
मले। ३ यसको निम्ति चालीस दिन
लागेको थियो, किनकि सुगन्धित लेप
लाउन यतिनै दिन लाग्थ्यो। तिनको निम्ति
मिश्रीहरूले पनि सत्तरी दिन शोक मनाए।
४ तिनको निम्ति शोक मनाउने दिन
बितेपछि यूसुफले फिरऊनका परिवारका
मानिससँग यसरी कुरा गरे, “यदि तिम्रो
निगाह ममाथि छ भने कृपागरी यो
मेरो कुरा फिरऊनकहाँ लगिदेऊ। ५ मेरा
बाबुले मलाई यसो भनेर किरिया हाल्न
लाउनुभएको छ, ‘म मर्नलागेको छु। कनान
देशमा म आफैले कुँदेर बनाएको मेरो
चिहानमा मलाई तिमीहरूले गाड़नू।’ यस-
कारण कृपागरी गएर मेरा बाबुलाई त्यहीं
गाड़ेर फर्कीआउनपाऊँ।” ६ फिरऊनले जवाफ
दिए, “तिमीलाई उनले किरिया हाल्नलाए
बमोजिम गएर तिम्रा बाबुलाई गाड़।”
७ यसैले आफ्ना बाबुलाई गाड़्न यूसुफ
गए। तिनका साथमा फिरऊनका सारा
भारादारहरू, तिनका परिवारका बूढ़ा-पाकाहरू
र मिश्रका सबै मुख्य मानिसहरू, ८ साथै
यूसुफका परिवारका सबै र तिनका दाज्यू-
भाइहरू र तिनका बाबुका परिवार गए।
केवल तिनीहरूका बाल-बच्चा, तिनीहरूका
बगाल र बथानहरू गोशेन प्रदेशमानै
छोड़िराखे। ९ तिनका साथमा रथहरू र
घोड़चढ़ीहरू पनि गएका थिए। त्यो एउटा
ठूलो मलामीको समुह थियो। १० जब
तिनीहरू यर्दन पारिपट्टिको आतादको
खलामा आइपुगे, तब तिनीहरूले त्यहाँ
साह्रै अफसोस गरेर रूवाबासी गरे। अनि
यूसुफ र तिनका दाज्यू-भाइहरूले सात दिन-
सम्म आफ्ना बाबुको निम्ति विलाप गरे।
११ त्यस देशका बासिन्दा कनानीहरूले
आतादको खलामा गरेको विलाप देखेर भने,
“यो ता मिश्रीहरूको भारी विलाप रहेछ।”
यसकारण त्यस ठाउँको नाउँ “आबेलमिश्रैम”*
राखियो। त्यो यर्दन पारिपट्टि छ। १२ यसरी
याकूबले तिनीहरूलाई आज्ञा गरेबमोजिम
छोराहरूले गरे, १३ औ उनका छोराहरूले
उनलाई कनानसम्मैं पुऱ्याए, र हित्ती एफ्रोनसँग
खेतसमेत अब्राहामले चिहान बनाउनलाई
किनेका जग्गा मम्रेको पूर्वपट्टि मकपेलाको
खेतको ओढ़ारमा तिनलाई गाड़े।
१४ आफ्ना बाबुलाई गाड़िसकेपछि आपना
दाज्यू-भाइहरू र आपना बाबुलाई गाड़्न
तिनका साथमा गएका सबैका साथमा यूसुफ
मिश्रमा फर्के।
१५ बाबुको मृत्यु भएको देखेर यूसुफका
दाज्यू-भाइहरूले आपसमा भने, “सायद अब
यूसुफले हामीसँग दुश्मनी गर्नेछ, र हामीले
उसलाई गरेको सबै खराबीको बदला
लिनेछ।” १६ यसैकारण तिनीहरूले यसो
भनेर यूसुफकहाँ खबर पठाए, “मर्नभन्दा

* मिश्रीहरूको अफसोसको ठाउँ

अघि तपाईंका बाबुले यस्तो आज्ञा दिनुभएको
थियो, १७ 'तिमीहरूले यूसुफलाई भन,
'कृपागरी तिम्रा दाज्यूहरूका अपराध क्षमा गर,
किनभने तिनीहरूले तिमीसँग खराबी गरेका
थिए।' अब बिन्ती छ, कृपागरी तपाईंका
बाबुका परमेश्वरका दासहरूका अपराध क्षमा
गर्नुहोस्।' तिनीहरूको यस्तो कुरा सुनेपछि
यूसुफ रोए। १८ तिनका दाज्यूहरू पनि
आएर तिनका सामने घोप्टो परेर भने,
"हेर्नुहोस्, हामी तपाईंका दास हौं। १९ तर
यूसुफले तिनीहरूलाई भने, "नडराओ, के म
परमेश्वरको स्थानमा छु र? २० तिमीहरूले
मेरो विरुद्धमा हानि गर्ने विचार गरेका थियौ,
तापनि आज जसरी मानिसहरूको प्राण बाँचेको
छ त्यसरीनै धेरै जना मानिसहरू बाँचिरहून्
भनेर परमेश्वरले त्यो काम भलाइमा परिणत
गर्नुभयो। २१ यसैले नडराओ, तिमीहरूलाई
तिमीहरूका बालबच्चासमेत म पालन-पोषण
गर्नेछु।" यसरी तिनले तिनीहरूलाई ढाड्स
र सान्त्वना दिए।

यूसुफको मृत्यु

२२ तब यूसुफ र तिनका बाबुका
परिवारहरू मिश्रमैं बसे, र यूसुफ एक सय दश
वर्षसम्म बाँचे। २३ यूसुफले एप्रैमको पनाति-
सम्म पनि देखे। मनश्शेको छोरो माकीरका
बाल-बच्चा पनि यूसुफकै काखमा जन्मे।
२४ अनि यूसुफले आफ्ना दाज्यू-
भाइहरूलाई भने, "मेरो मर्ने बेला भयो,
तर परमेश्वरले निश्चयनै तिमीहरूको हेर-
विचार गर्नुहुनेछ, र उहाँले अब्राहाम,
इसहाक र याकूबसित शपथ खाएर
दिनुभएको देशमा यस देशबाट तिमीहरूलाई
लैजानुहुनेछ।" २५ तब यूसुफले इस्राएलका
सन्तानलाई भने, "परमेश्वरले तिमीहरूको
हेर-विचार गर्नुहुनेछ, र तिमीहरूले मेरा
अस्थिहरू यहाँबाट लैजानू" र यो किरिया
हाल्नलाए। २६ यसरी यूसुफ एक सय दश
वर्षको भएर मरे, र तिनीहरूले तिनको लाश
सुगन्धित लेप मलेर बाकसमा हालेर
मिश्रमानै राखे।

प्रस्थानको पुस्तक

मिश्रमा इस्राएलीहरूमाथि अत्याचार

1 आफ्ना आफ्ना परिवार लिएर
याकूबसित मिश्रमा आउने इस्राएलका
छोराहरूका नाउँ यिनै हुन्। २ रूबेन,
शिमोन, लेवी र यहूदा, ३ इस्साकार,
जबूलून, र बिन्यामीन, ४ दान र नप्ताली
गाद र आशेर। ५ याकूबबाट भएका
सन्तानमा जम्मा सत्तरी जना थिए। यूसुफ-
चाहिँ अघिबाटै मिश्रमा थिए। ६ यूसुफ

र तिनका सबै दाज्यू-भाइहरू र त्यस पुस्ताका
सबै जना मरिहाले। ७ इस्राएलका सन्तान-
चाहिँ फल्दो-फुल्दो भए, र प्रशस्त गरी वृद्धि
भएर संख्यामा बढ़े, र ज्यादै शक्तिशाली
भए। यहांसम्म कि देश तिनीहरूले भरिए।
८ अब मिश्रमा यूसुफलाई नचिन्ने एउटा
नयाँ राजा खड़ा भए। ९ तिनले आफ्नो
प्रजालाई भने, "हेर, इस्राएलीहरू हामीभन्दा
साह्रै बेसी र अति शक्तिशाली भएका छन्।
१० लौ, हामी तिनीहरूसित बुद्धिले काम
चलाऔं, नत्रता तिनीहरूको संख्या बढ़दैजाला,
र कदाचित युद्ध भयो भने तिनीहरू पनि
हाम्रा शत्रुहरूसँग लागेर हाम्रा विरुद्धमा
युद्ध गरी देशबाट उम्कलान्।" ११ यसैकारण
तिनीहरूले उनीहरूलाई अघोर भार लगाएर
सताउनलाई तिनीहरूमाथि कामदारीहरू खटाए,
र उनीहरूले फिरऊनका निम्ति पिताम र
रामसेस भन्ने भण्डारका शहरहरू बनाए।
१२ तर जति जति तिनीहरूले उनीहरूलाई
सताए उति उति उनीहरूको संख्या बढ़नलाग्यो,
र झन् झन् फैलिँदै गयो। यसैले इस्राएली
जातिसँग तिनीहरू डराउनलागे। १३ यसकारण
मिश्रीहरूले इस्राएली जातिलाई कठोरतासाथ
काम लगाए। १४ औ हिलो र ईंटाका र
खेतका सबै किसिमका काम गर्न लगाएर
उनीहरूको जीवनै खल्लो बनाइदिए।
१५ तब मिश्रका राजाले हिब्रू सुँड़ेनीहरू-
लाई भने (तिनीहरूको नाउँ शिप्रा र पूआ
थियो) १६ "जब हिब्रू स्त्रीहरूले नानी
जन्माउँछन् तब छोरो रहेछ भने त्यसलाई
मार। तर छोरी रहेछ भने त्यसलाई
जिउँदै राख।" १७ सुँड़ेनीहरू परमेश्वरसँग
डराउँथे, र मिश्रका राजाले आज्ञा गरेबमोजिम
गरेनन्, तर छोराहरूलाई पनि जिउँदै राखे।
१८ यसैले मिश्रका राजाले सुँड़ेनीहरूलाई बोलाएर
सोधे, "तिमीहरूले ता छोराहरूलाई पनि
छोड़दैरहेछौ, यसो किन गऱ्यौ ?" १९ सुँड़ेनी-
हरूले फिरऊनलाई भने, "हिब्रू स्त्रीहरू मिश्री
स्त्रीहरूजस्ता छैनन्। तिनीहरू हट्टाकट्टा छन्,
र सुँड़ेनी पुग्नभन्दा अघिनै जन्माइसकेका
हुन्छन्।" २० तब परमेश्वरले सुँडेनीहरूको
कल्याण गर्नुभयो, र इस्राएलीहरू संख्यामा
बढ़ेर शक्तिशाली भए। २१ सुँड़ेनी-
हरूले परमेश्वरको डर मानेका हुनाले उहाँले
तिनीहरूलाई सन्तान दिनुभयो। २२ तब
फिरऊनले आफ्ना प्रजालाई यसो भनेर आज्ञा
दिए, "इब्रीहरूका जति छोरा जन्मन्छन्
तिनीहरू सबैलाई नील नदीमा फालिदिनू,
तर छोरीहरू जतिलाई चाहिँ जीवितै राख्नू।"

मोशाको जन्म र बाल्यावस्था

२ लेवीको कुलको एउटा मानिसले
लेवीकै कुलको एउटी केटीलाई विवाह
गरेर ल्याए। २ त्यस स्त्रीले गर्भवती भएर
एउटा छोरो जन्माइन्। त्यस बालकलाई
सुन्दर देखेर तिनले त्यसलाई तीन महीना
सम्म लुकाईराखिन्। ३ जब तिनले त्यसलाई
अझ लुकाउनसकिनन् तब त्यसको निम्ति
कुशको एउटा टोकरी ल्याइन्, र त्यसलाई
लिसाइलो माटो र अलकत्राले लिपेर बालक-
लाई त्यसैमा राखेर नील नदीको तीरमा
कुशहरूको बीचमा राखिदिइन्। ४ अनि
बालकको दिदीचाहिँ त्यसलाई के हुँदो रहेछ
भनेर हेर्नलाई टाढ़ामा उभिरही। ५ यसै
बीचमा फिरऊनकी छोरी नदीमा नुहाउनलाई
आइन्। तिनकी सहेलीहरूचाहिँ नदीको
किनारमा टहलनलागे। तिनले कुशहरूको
बीचमा त्यो टोकरी देखिन्, र आफ्नी
दासीलाई त्यो लिन पठाइन्। ६ तिनले
त्यो खोल्दा बालकलाई देखिन्। त्यो
बालक रोइरहेको थियो, औ तिनले दयाले
भरिएर त्यसलाई हेरिन् र भनिन्, "यो हिब्रू-
हरूको कोही एउटा बालक हो।" ७ तब
त्यस बालककी दिदीले फिरऊनकी छोरीलाई
भने, "के म गएर हिब्रू स्त्रीहरूमध्ये कोही
धाईलाई हजूरको निम्ति यस बालकलाई दूध
खुवाउन बोलाएर ल्याऊँ?" ८ तब

फिरऊनकी छोरीले त्यसलाई भनिन्, "हुन्छ,
जा।" यसैले त्यो ठिटी गएर बालककी
आमालाई बोलाएर ल्याई। ९ तब फिरऊनकी
छोरीले तिनलाई भनिन्, "यस बालकलाई
लगेर मेरो निम्ति दूध खुवाउने गर्, र म
तेरो ज्याला दिनेछु।" त्यस स्त्रीले बालक-
लाई लगिन्, र त्यसलाई दूध खुवाउने
गरिन्। १० बालक ठूलो भयो, र तिनले
त्यसलाई फिरऊनकी छोरीकहाँ ल्याइन्। औ
त्यो तिनको छोरो भयो। तिनले त्यसको
नाउँ मोशा राखिन्, किनकि तिनले भन्थिन्,
"मैले यसलाई पानीबाट निकालेकी हुँ।"

११ जब मोशा ठूला भए तब तिनी
आफ्ना भाइ-बन्धुहरूकहाँ गए, र तिनीहरूका
दुःख देखे। तिनले आफ्ना भाइ-बन्धुहरूमध्ये
एक जनालाई, अर्थात् एउटा हिब्रूलाई एउटा
मिश्रीले हिर्काइरहेका देखे। १२ तब
तिनले यता उता हेरे, र कोही पनि नदेख्दा
त्यस मिश्रीलाई मारेर बालुवामा पुरिदिए।
१३ भोलिपल्ट त्यहाँ जाँदा दुइ जना
हिब्रूहरू आपसमा कुटपीट गरिरहेका तिनले
देखे, तिनले अन्याय गर्ने चाहिँलाई भने,
"तिमी आफ्नै मान्छेलाई किन हिर्काउँछौ?"
१४ त्यसले भन्यो, "कसले तिमीलाई हाम्रो
मालिक र न्यायकर्ता तुल्यायो? त्यस
मिश्रीलाई मारेजस्तो मलाई पनि मार्न-
चाहन्छौ?" त्यसपछि मोशाले डराएर मनमनै
भने, "अवश्य यो कुरो फिँजिन लागेछ।"
१५ फिरऊनलाई यो कुरो थाह भयो
र तिनले मोशालाई मार्ने विचार गरे।

तब मोशा फिरऊनदेखि भागेर मिद्यान
देशमा गए र त्यहाँ एउटा कूवानेर बसे।
१६ मिद्यानका पूजाहारीका सात जना छोरीहरू
थिए। तिनीहरू त्यहाँ पानी भर्नलाई आए,
र आफ्ना बाबुका भेड़ा-बाख्रालाई पानी
खुवाउन डूँड भर्नलागे। १७ यसै बीचमा
गोठालाहरू आएर तिनीहरूलाई धपाउनलागे।
तर मोशा उठेर यिनीहरूलाई गुहार गरे र
यिनीहरूका भेड़ा-बाख्राहरूलाई पानी हालिदिए।
१८ जब तिनीहरू आफ्ना बाबु रूएलकहाँ
आए तब उनले भने, "तिमीहरू कसरी आज
यति चाँड़ै आयौ?" १९ तिनीहरूले भने,
"एउटा मिश्रीले हामीलाई गोठालाहरूका
हातबाट छुटाए। त्यसबाहेक तिनले हाम्रा
निम्ति पानी तानेर बथानलाई पनि हालिदिए।"
२० तब उनले आफ्ना छोरीहरूलाई भने,
"तिनी कहाँ छन्? किन तिमीहरूले त्यस
मानिसलाई छोड़ेर आयौ? जाओ, र
हामीसित खान तिनलाई बोलाएर ल्याओ।"
२१ तब मोशा त्यस मानिससित बस्न राजी
भए। उनले आफ्नी छोरी सिप्पोराचाहिँ
मोशालाई दिए। २२ सिप्पोराले एउटा छोरो
जन्माइन्, र मोशाले त्यसको नाउँ गेर्शोम
राखे किनकि तिनले भने, "म विदेशमा प्रवासी
भएर बसेको छु।"

२३ अनि धेरै दिन बितेपछि मिश्रका
राजा मरे। औ इस्राएली जातिले दासत्वको
कारण सुस्केरा हालेर पुकारा गर्नलागे।
दासत्वको बन्धनमा तिनीहरूले गरेको पुकारा
परमेश्वरकहाँ पुग्यो। २४ परमेश्वरले तिनी-
हरूको सुस्केरा सुन्नुभयो, र अब्राहाम,
इसहाक र याकूबसित गर्नुभएको आफ्नो
करार सम्झनुभयो। २५ अनि परमेश्वरले
इस्राएलीहरूमाथि नजर गर्नुभयो, र उहाँले
तिनीहरूको अवस्था थाह पाउनुभयो।

इस्राएललाई छुटकारा गराउन मोशालाई बोलावट भएको

३ मोशाले आफ्नो ससूरा मिद्यानका
पूजाहारी यित्रोका भेड़ा-बाख्रा चराउँथे।
तिनले भेड़ा-बाख्रा चराउँदै उजाड़-स्थानको पश्चिम-
तिर परमेश्वरको पर्वत, अर्थात् होरेबसम्मै लगे।
२ औ एउटा जलिरहेको पोथ्राको ज्वालामा
परमप्रभुका दूत तिनीकहाँ प्रकट हुनुभयो, औ
तिनले पोथ्रालाई हेरे। त्यो पोथ्रा जलिरहेको
थियो—तापनि भस्म हुँदैन थियो। ३ मोशाले
भने, "अब म छेवैमा गएर यो गजबको

दृश्यलाई हेर्नेछु, कि त्यो पोथ्रा किन भस्म
हुँदो रहेनछ ?'' ४ जब हेर्नलाई तिनी
त्यतातिर लागेका परमप्रभुले देख्नुभयो, तब
परमेश्वरले पोथ्राको बीचबाट ''मोशा, ए
मोशा'' भनेर तिनलाई बोलाउनुभयो। अनि
तिनले भने ''हजूर।'' ५ तब उहाँले
भन्नुभयो, ''यता नजीक नआइज। तेरो
खुट्टाबाट जुत्ता फुकाल्, किनभने तँ
उभिएको यो ठाँउ पवित्र भूमि हो।''
६ उहाँले अझै भन्नुभयो, ''म तेरा पिता-
पुर्खाका परमेश्वर हुँ। अब्राहामका परमेश्वर,
इसहाकका परमेश्वर र याकूबका परमेश्वर
हुँ।'' तब मोशाले आफ्नो मुख ढाके,
किनकि तिनी परमेश्वरलाई हेर्न डराए।
७ तब परमप्रभुले भन्नुभयो, ''मिश्रमा
भएका मेरा प्रजाको दुःख मैंले
देखेको छु, र कामदारीहरूका अत्याचारमा
तिनीहरूले पुकारा गरेको मैंले सुनेको छु,
किनकि तिनीहरूको दुःख मलाई थाह छ।
८ यसैले तिनीहरूलाई मिश्रीहरूका हातबाट
छुटकारा दिएर त्यस देशबाट एक असल र
ठूलो देश, अर्थात् दूध र मह बहने, कनानी
हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसी-
हरूका देशमा ल्याउनलाई म ओर्लिएको छु।
९ अब हेर्, इस्राएलीहरूको पुकार
मकाहाँ आइपुगेको छ। यसबाहेक मिश्री-
हरूले तिनीहरूमाथि गरेको अत्याचार मैंले
देखेको छु। १० यसकारण अब आइज,
मेरा प्रजा, अर्थात् इस्राएलीहरूलाई मिश्रबाट
निकालेर ल्याउन म तँलाई फिरऊनकहाँ
पठाउनेछु।'' ११ तर मोशाले परमेश्वरलाई
भने, ''फिरऊनकहाँ गएर इस्राएलीहरूलाई
मिश्रबाट ल्याउनसक्ने म को हुँ र?''
१२ अनि उहाँले भन्नुभयो, ''निश्चय म
तँसित हुने छु, र मैंले तँलाई पठाएको हुँ
भन्ने कुराको चिह्न तँलाई यो हुनेछ,
जब तैंले ती मानिसहरूलाई मिश्रबाट निकालेर
ल्याउनेछस्, तब तिमीहरूले यही पर्वतमा
परमेश्वरको सेवा गर्नेछौ।
१३ मोशाले परमेश्वरलाई भने, ''हेर्नु-
होस्, जब म इस्राएलीहरूकहाँ गएर
तिनीहरूलाई भन्नेछु, ''तिमीहरूका पिता-
पुर्खाका परमेश्वरले मलाई तिमीहरूकहाँ
पठाउनुभएको हो, तब तिनीहरूले 'उहाँको
नाउँ के हो ता?' भनेर सोधे भने मैंले
तिनीहरूलाई के भन्ने?'' १४ तब परमेश्वरले
मोशालाई भन्नुभयो, ''म हुँ जो म हुँ।''
फेरि उहाँले भन्नुभयो, ''इस्राएली-
हरूलाई तैंले यसो भन्नू, 'म हुँ भन्नेले
तिमीहरूकहाँ मलाई पठाउनुभएको हो।''
१५ परमेश्वरले उप्रान्त मोशालाई भन्नु-
भयो, ''इस्राएलीहरूलाई भन्, 'तिमीहरूका
पिता-पुर्खाका परमप्रभु, परमेश्वर अर्थात्
अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र
याकूबका परमेश्वरले मलाई तिमीहरूकहाँ
पठाउनुभएको हो। मेरो नाउँ सदा यही
रहनेछ, र सबै पुस्तासम्म मेरो सम्झना यही
हुनेछ। १६ जा, गएर इस्राएलका बूढ़ा-
पाकाहरूलाई जम्मा गरेर तिनीहरूलाई भन्,
'परमप्रभु, तिमीहरूका पिता-पुर्खाका परमेश्वर,
अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र
याकूबका परमेश्वर मकहाँ प्रकट भएर
भन्नुभयो, 'म तिमीहरूकहाँ आएको छु
र मिश्रमा तिमीहरूले जे भोग्दैछौ सो
मैंले देखेको छु। १७ मैंले तिमीहरूलाई
मिश्रको कष्टबाट निकालेर कनानी, हित्ती,
एमोरी, परिज्जी, हिव्वी र यबूसीहरूको देश,
एउटा दूध र मह बहने देशमा लैजाने
निश्चय गरेको छु।' १८ तिनीहरूले तेरो
कुरा सुन्नेछन्, र तँ इस्राएलका ती बूढ़ा-
पाकाहरूसित मिश्रका राजाकहाँ जानेछस्, र
तिमीहरूले त्यसलाई भन्नेछौ, 'हिब्रूहरूका
परमप्रभु परमेश्वरले हामीसित भेट गर्नुभयो,
र अब हामी बिन्ती गर्दछौं, कि हाम्रा
परमप्रभु परमेश्वरको निम्ति बलि चढ़ाउनलाई
उजाड़-स्थानमा हामीलाई तीन दिनको यात्रामा
जाने अनुमति दिनुहोस्'।'' १९ तर मलाई
थाह छ, कि मिश्रको राजाले करमा परेर मात्र

तिमीहरूलाई जानदिनेछ । २० औ म मेरो
हात उठाएर त्यहाँ तिनीहरूका बीचमा मेरा
सारा आश्चर्यकर्महरूद्वारा मिश्रलाई प्रहार
गर्नेछु, र त्यसपछि त्यसले तिमीहरूलाई जान
दिनेछ । २१ म यस जातिमाथि मिश्रीहरूको
निगाह राखिदिनेछु, र तिमीहरू जाँदा रित्तो
हात जानेछैनौ । २२ तर हरेक स्त्रीले
आफ्नो छिमेकी र त्यसको घरमा प्रवासी
भएर बस्नेलाई सुन र चाँदीका गहनाहरू र
लुगा-फाटाहरू माग्नेछ, र तिमीहरूले ती
आफ्ना आफ्ना छोरा-छोरीहरूलाई लगाइ-
दिनेछौ । यसरी तिमीहरूले तिनीहरूलाई
लुट्नेछौ ।”

मोशाको संकोच अनि हारूनको नियुक्ति

४ अनि मोशाले भने, “तर हेर्नुहोस्,
तिनीहरूले मलाई पत्याउनेछैनन्,
तिनीहरूले मेरा कुरा सुन्नेछैनन्, किनकि
तिनीहरूले भन्नेछन्, ‘परमप्रभु तिमीकहाँ
देखा पर्नुभएको होइन ।’ २ तब परमप्रभुले
तिनलाई भन्नुभयो, “तेरो हातमा के छ?”
तिनले भने “लट्ठी ।” ३ उहाँले भन्नुभयो,
“त्यो भूईंमा फाल् ।” औ तिनले त्यो
भूईंमा फालिदिए, र त्यो एउटा सर्प भयो र
मोशा त्यसदेखि डराएर भागे । ४ तब
परमेश्वरले मोशालाई भन्नुभयो, “तेरो हात
लम्काएर त्यसको पुच्छरमा समात् । (अनि
तिनले हात लम्काएर च्याप्पै समाते, र
त्यो तिनको हातमा लट्ठीनै भइहाल्यो ।)
५ औ परमप्रभु तिनीहरूका पिता-पुर्खाका
परमेश्वर, अर्थात् अब्राहामका परमेश्वर,
इसहाकका परमेश्वर र याकूबका परमेश्वर तँकहाँ
देखा पर्नुभएको हो रहेछ भन्ने तिनीहरूले
यही कामबाट पत्याऊन् ।” ६ तब परम-
प्रभुले तिनलाई अभै यसो भन्नुभयो, “तेरो
हात खोकिलामा हाल् ।” तिनले आफ्नो
हात खोकिलामा हाले र जब तिनले त्यो
बाहिर निकाले, तब त्यो कोर लागेर हिउँजस्तै
सेतो भएको रहेछ । ७ उहाँले फेरि
तिनलाई भन्नुभयो, “तेरो हात फेरि
खोकिलामा हाल् ।” तिनले फेरि आफ्नो
हात खोकिलामा हाले, र जब खोकिलाबाट फेरि
निकाले, तब त्यो आफ्नो शरीरको अरू
मासुजस्तै भइहाल्यो । ८ औ परमेश्वरले
भन्नुभयो, “तिनीहरूले तेरा कुरा पत्याएनन्,
र त्यो पहिलो चिह्नलाई वास्ता गरेनन् भने
तिनीहरूले पछिल्लो चिह्नलाई ता पत्याउनेछन् ।
९ तिनीहरूले यी दुवै चिह्नहरू पनि
पत्याएनन् र तेरा कुरा पनि सुनेनन् भने
नील नदीका पानी लिएर सुक्खा जमीनमा
खन्याइदे । तैंले नील नदीबाट लिएको त्यो
पानी सुक्खा जमीनमा रगत हुनेछ ।
१० त्यसपछि मोशाले परमप्रभुलाई भने,
“प्रभो, म बोल्नमा उस्तो सिपालो छैनँ,
नता अघि म सिपालो थिएँ न अहिले
तपाईं बोल्नुभएपछि म सिपालो भएको छु,
किनकि म बोल्नमा ढीलो छु, र मेरो
जिब्रो उति लाग्दैन ।” ११ तब परमप्रभुले
तिनलाई भन्नुभयो, “मानिसको मुख कसले
बनायो? मानिसलाई लाटो वा बहिरो कि
देख्ने वा अन्धो कसले बनाउँछ? के म
परमप्रभुलेनै होइन र? १२ यसकारण अब
जा, म तेरो मुखमा भएर तैंले के के
बोल्नुपर्ने हो, सो सिकाउनेछु ।” १३ तिनले
भने, “हे प्रभो, बिन्ती छ, जसलाई तपाईं
पठाउन चाहनुहुन्छ, तिनलाईनै पठाउनु-
होस् ।” १४ तब परमप्रभुको क्रोध मोशामाथि
उठ्यो, र उहाँले भन्नुभयो, “के लेवी हारून
तेरो दाज्यू छैन र? मलाई थाह छ कि
त्यो राम्ररी बोल्नसक्छ । औ हेर्, त्यो
तँलाई भेटन आउँदैछ, र तँलाई देखेर त्यो
खुशी हुनेछ । १५ त्यसैसँग बोल् र
त्यसले भन्ने कुरा तैंले बता, र म तिमीहरू
दुवैसँग हुनेछु र तिमीहरूले के गर्नुपर्ने हो
सो बताउनेछु । १६ त्योचाहिँ तेरो
निम्ति मानिसहरूसित बोल्ने तेरो प्रवक्ता

हुनेछ, र तँचाहिँ त्यसको निम्ति ईश्वरतुल्य
हुनेछस्। १७ यो लट्ठीचाहिँ तेरो हातैमा
लैजा। त्यसद्वारा तैँले यी चिह्नका कामहरू
गर्नेछस्।"
१८ त्यसपछि मोशा फर्केर आफ्ना
ससूरा यित्रोकहाँ आएर तिनलाई भने, "बिन्ती
छ, मिश्रमा भएका मेरा दाज्यू-भाइहरू
बाँचेकै छन् कि छैनन्, गएर हेर्न मलाई
जाने अनुमति दिनुहोस्।" अनि यित्रोले
मोशालाई भने, "हुन्छ, कुशलसित जाऊ।"
१९ तब परमप्रभुले मिद्यान देशमा मोशालाई
भन्नुभयो, "जा मिश्रमा फर्केर जा, किनकि
तेरो ज्यान लिन खोज्नेहरू सबै मरिसके।"
२० औ आफ्नी स्वास्नी र छोराहरूलाई
लगेर एउटा गधामा चढ़ाएर मोशा मिश्रमा
फर्के, र तिनले परमेश्वरको लट्ठी हातमा
लिए।
२१ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"जब तँ मिश्रमा फर्कन्छस् तब हेर्, मैंले
तेरो हातको शक्तिमा राखिदिएका सबै
उदेकका कामहरू फिरऊनको सामने गर्। तर
म त्यसको हृदय कठोर गरिदिनेछु, र त्यसले
मानिसहरूलाई जानदिनेछैन। २२ तैँले
फिरऊनलाई भन्, 'परमप्रभु भन्नुहुन्छ,
इस्राएल मेरो छोरो हो, मेरो जेठो छोरो
हो। २३ मैंले तँलाई भनें, मेरो छोरालाई
जानदे, र त्यसले मेरो सेवा गरोस्। तर
तैँलेचाहिँ त्यसलाई जानदिन इन्कार गरिस्।
यसैले हेर्, म तेरो जेठो छोरालाई
मार्नेछु।"
२४ अनि बाटोमा बास बस्ने ठाउँमा
परमप्रभुले मोशालाई भेट्नुभयो, र मार्ने
इच्छा गर्नुभयो। २५ तर सिप्पोराले एउटा
चकमके ढुङ्गा लिएर आफ्नो छोराको खलड़ी
च्वाट्टै काटेर मोशाको खुट्टामा छुवाएर
अघाड़ि राखिदिइन्। औ तिनले भनिन्,
"यस खतनाको कारणले तपाइं रगतको दुलहा
हुनुहुन्छ।" २६ तब उहाँले तिनलाई
छोड़िदिनुभयो। तब तिनले खतनाको कारणले
गर्दा भनिन्, "तपाइं रगतको दुलहा
हुनुहुन्छ।"
२७ त्यसपछि परमप्रभुले हारूनलाई
भन्नुभयो, "मोशालाई भेट गर्न उजाड़ स्थानतिर
जा।" तब तिनी परमेश्वरको पर्वतमा तिनलाई
भेट गर्न गए, र भेटेर तिनलाई म्वाइँ खाए।
२८ औ परमप्रभुले तिनलाई भनेर पठाउनु-
भएको सबै कुराहरू, र देखाउनु भनेर आज्ञा
दिनुभएका सबै चिह्नहरूका विषयमा मोशाले
हारूनलाई बताए। २९ तब मोशा र हारून
गए, र इस्राएलीहरूका जम्मै बूढा-पाका-
हरूलाई जम्मा गरे। ३० औ परमेश्वरले
मोशालाई भन्नुभएका सबै कुराहरू हारूनले
बताए, र मानिसहरूका आँखाकै सामने ती
चिह्नहरू देखाए। ३१ तब मानिसहरूले
पत्याए र परमप्रभु इस्राएलीहरूलाई हेर्न
आउनुभएको छ र तिनीहरूका कष्ट पनि
देख्नुभएको छ भनी जब तिनीहरूले सुने तब
तिनीहरूले आफ्ना शिर निहुराएर दण्डवत्
गरी भक्ति चढ़ाए।

फिरऊनलाई परमेश्वरको चेताउनी

५ त्यसपछि मोशा र हारून फिरऊनकहाँ
गएर भने, "इस्राएलीहरूका परमप्रभु
परमेश्वर यसो भन्नुहुन्छ, 'उजाड़-स्थानमा मेरो
निम्ति चाड़ मनाउनलाई मेरो प्रजालाई
जानदे।' २ तब फिरऊनले भने, "परमप्रभु
को हो, र म तिनको कुरा सुनेर इस्राएली-
हरूलाई जानदिऊँ? परमप्रभुलाई म चिन्दिनँ,
औ इस्राएलीहरूलाई म जान पनि दिँदिनँ।"
३ तब तिनीहरूले भने, "हिब्रूहरूका परमेश्वरले
हामीलाई भेट गर्नुभएको छ। बिन्ती छ,
उजाड़-स्थानमा तीन दिनको बाटो गएर हाम्रा
परमेश्वरको निम्ति बलि चढ़ाउन हामीलाई
जानदिनुहोस्, नत्रता उहाँले हामीलाई रूढ़ी
वा तरवारले मार्नुहुनेछ।" ४ तब मिश्रका
राजाले तिनीहरूलाई भने, "ए मोशा र
हारून, तिमीहरू मानिसहरूका काममा

बाधा-विघ्न किन हाल्छौ ? तिमीहरू आफ्ना
काम-धन्धामा लाग।" ५ फिरऊनले फेरि
भने, "हेर, देशका मानिसहरू अब धेरै भएका
छन्, औ तिमीहरू चाहिँ तिनीहरूलाई काम-
धन्धाबाट आराम दिनचाहन्छौ ?" ६ त्यही
दिन फिरऊनले कामदारीहरू र तिनका सरदार-
हरूलाई यस्तो हुकूम दिए, ७ "इंटा बनाउन-
लाई अहिलेसम्म दिने गरेका पराल अब
तिनीहरूलाई नदिनू। तिनीहरू आफै गएर
आफ्ना निम्ति पराल बटुलून्। ८ तर इंटा
भने तिनीहरूले अघसम्म जति बनाउँदै
आएका छन् तिमीहरूले त्यतिनै बनाउनलगाओ।
तिनको संख्या कत्ति पनि नघटाओ, किनकि
तिनीहरू सुस्ती भएका छन्, यसैले ता
तिनीहरू 'हाम्रा परमेश्वरका निम्ति बलि चढ़ाउन-
लाई जान दिनुहोस्' भन्दै कराउँछन्।
९ यी मानिसहरूमाथि अझ चर्को काम
हालिदेओ, र तिनीहरू त्यसमा परिश्रम गरून्,
र झूटा कुरातिर ध्यान नदिऊन्।"

१० तब कामदारीहरू र सरदारहरूले गएर
मानिसहरूलाई भने, "फिरऊन यसो भन्नुहुन्छ,
'म तिमीहरूलाई पराल दिन्नँ। ११ तिमीहरू
आफै गएर जहाँ पाउँछौ त्यहींबाट पराल
खोजेर ल्याओ, तर तिनीहरूको कामचाहिँ
अलिकता पनि घटाइनेछैन।'" १२ यसैले मानिस-
हरू मिश्रभरि परालका ठोसामोसाहरू बटुल्नलाई
तितर-बितर भएर फिँजिए। १३ तर ती
कामदारीहरूले तिनीहरूलाई यसो भन्दै आत्तुरी
लाए, "पराल दिँदा जसरी काम गर्थ्यौ
त्यसरींनै आफ्नो रोजको काम पूरा गर।"
१४ इस्राएलीहरूमाथि नियुक्त भएका फिरऊनका
कामदारीहरूले इस्राएली सरदारहरूलाई पिटे,
र कामदारीहरूले तिनीहरूलाई यसो भनेर सोधे,
"अघिझैं इंटा नबनाएर हिज र आज आफ्ना
काम किन पूरा गरेनौ ?"

१५ तब इस्राएली सरदारहरू फिरऊनकहाँ
आएर अर्जी चढ़ाए, "हजूरका दासहरूप्रति
हजूरले किन यस्तो व्यवहार गर्नुहुन्छ ?
१६ हजूरका दासहरूलाई पराल पनि
दिँदैनन्, औ तिनीहरू 'इंटा बनाओ' पनि
भन्छन्, हेर्नुहोस्, हामी हजूरका दासहरूले
कुटाइ पनि खानुपर्छ, तर कसूर ता हजूरकै
मानिसहरूको छ।" १७ तर तिनले भने,
"तिमीहरू सुस्ती छौ, सुस्ती! यसैकारण
तिमीहरू भन्छौ, 'हामीलाई परमप्रभुको निम्ति
बलि चढ़ाउन जानदिनुहोस्।' १८ यसकारण
अब गएर काम गर। परालचाहिँ तिमीहरू-
लाई दिइनेछैन तापनि इंटाका तोकुवा संख्या
तिमीहरूले दिनैपर्छ।" १९ 'दिनहुँ दिनुपर्ने
इंटाको संख्या कम हुनेछैन' भनेको सुनेर इस्राएली
सरदारहरूले अब हाम्रो दशा खराब भएछ
भन्ने विचार गरे। २० जब तिनीहरू
फिरऊनकहाँबाट निस्के तब तिनीहरूले मोशा
र हारूनलाई बाटैमा पर्खिरहेका भेट्टाए।
२१ तिनीहरूले उनीहरूलाई भने, "परमप्रभुले
तपाइंहरूको इन्साफ गरून्, किनभने तपाइं-
हरूले फिरऊन र तिनका चाकरहरूका दृष्टिमा
हामीलाई तिरष्कृत तुल्याउनुभयो र हामीलाई
काटन तिनीहरूका हातमा तरवारै दिनुभयो।"

२२ तब मोशा परमप्रभुकहाँ फर्केर गए,
र भने, "हे प्रभो, तपाइंले यी मानिसहरूलाई
किन खराबी गर्नुभयो ? तपाइंले मलाई किन
पठाउनुभयो ? २३ किनकि म तपाइंको
नाउँमा बोल्नलाई फिरऊनकहाँ गएदेखि यसो
तिनले यी मानिसहरूको खराबी गर्नलागे। औ
तपाइंले आफ्ना मानिसहरूलाई छुटकारा पनि
दिनुभएन।"

इस्राएलीहरूलाई फेरि परमेश्वरको प्रतिज्ञा

६ तब, परमप्रभुले मोशालाई भन्नुभयो, "म
फिरऊनलाई के गर्नेछु, अब तैंले
देख्नेछस्, किनकि त्यसले एक शक्तिशाली
हातको कारणले मात्र तिनीहरूलाई जान
दिनेछ। एक बलियो हातको कारणले तिनीहरू-
लाई आफ्नो देशबाट त्यसले धपाउनेछ।"
२ अनि परमेश्वरले मोशालाई भन्नुभयो,

"म परमप्रभु हुँ। ३ अब्राहाम, इसहाक
र याकूबकहाँ म सर्वशक्तिमान परमेश्वरको
रुपमा देखा परेँ, तर मेरो परमप्रभु* नाउँले ता
तिनीहरूकहाँ प्रकट भइनँ। ४ तिनीहरू
प्रवास गरेको देश, जहाँ तिनीहरू प्रवासी थिए,
अर्थात् कनानको देश तिनीहरूलाई दिने मेरो
करार मैँले तिनीहरूसित बाँधेको छु। ५ यस-
बाहेक मिश्रीहरूले दासत्वमा राखेका इस्राएली-
हरूको कष्टको सुस्केरा मैँले सुनेको छु।
मलाई मेरो करारको सम्झना भएको छ।
६ यसकारण इस्राएलीहरूलाई भन्, 'म
परमप्रभु हुँ। म तिमीहरूलाई मिश्रीहरूका
बोझामनिबाट निकाल्नेछु, र तिनीहरूका
दासत्वबाट छुटकारा दिनेछु। आफ्नो हात
उठाएर औ तिनीहरूलाई भारी दण्ड दिएर
म तिमीहरूको उद्धार गर्नेछु। ७ म तिमीहरू-
लाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु। म
तिमीहरूका परमेश्वर हुनेछु। औ म तिमीहरूका
परमप्रभु परमेश्वर हुँ भन्ने कुरा तिमीहरूले
जान्नेछौ। म तिमीहरूलाई मिश्रीहरूको
बोझाबाट निकाल्नेछु। ८ अनि म तिमीहरूलाई
त्यो देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक
र याकूबलाई दिने मैँले प्रतिज्ञा गरेको थिएँ,
र म त्यो तिमीहरूका अधिकारमा दिनेछु।
म परमप्रभु हुँ।" ९ तब मोशाले इस्राएली-
हरूलाई त्यसै भनेर सुनाए, तर शारीरिक कष्ट,
कठोर दासत्व र आत्माको व्याकुलताले गर्दा
तिनीहरूले मोशाका कुरा सुनेनन्।
१० अनि परमप्रभुले मोशालाई भन्नुभयो,
११ "जा, मिश्रको राजा फिरऊनलाई भन्,
'त्यसले इस्राएलीहरूलाई त्यसको देशबाट
जानदेओस्'।" १२ मोशाले परमप्रभुलाई
भने, "हेर्नुहोस्, इस्राएलीहरूले ता मेरो कुरा
सुनेनन् भने, म बोल्नै नजान्ने मानिसको कुरा
फिरऊनले कसरी सुन्लान् र?" १३ तब
परमप्रभु मोशा र हारूनसित बोल्नुभयो, औ
इस्राएलीहरू र मिश्रका राजा फिरऊनलाई उर्दी
सुनाएर इस्राएलीहरूलाई मिश्रबाट निकाली
ल्याउने आज्ञा तिनीहरूलाई दिनुभयो।

मोशा र हारूनका पुर्ख्यौली

१४ तिनीहरूका पिता-पुर्खाका घरका मुख्य-
मुख्य पुरुषहरू यिनै हुन्—इस्राएलका पहिले-
जन्मेका रूबेनका छोराहरू—हनोक, पल्लू,
हेस्रोन र कर्मी—रूबेनका परिवार यिनै हुन्।
१५ शिमोनका छोराहरू यमूएल, यामिन,
ओहद, याकिन र सोहर, औ कनानी स्त्रीको
छोरो शाऊल—शिमोनका परिवार यिनै हुन्।
१६ लेवीका छोराहरूका नाउँ तिनका पुस्ता-
अनुसार यिनै हुन्—गेर्शोन, कहात र मरारी।
लेवी एक सय वर्ष बाँचे। १७ गेर्शोनका
छोराहरू—लिब्नी र शिमी, तिनका परिवार-
अनुसार यिनै हुन्। १८ कहातका छोराहरू—
अम्राम, यिसहार, हेब्रोन र उज्जीएल। कहात
एक सय तेँतीस वर्ष बाँचे। १९ मरारीका
छोराहरू—महली र मूशी। लेवीका परिवार
तिनका पुस्ताअनुसार यिनै हुन्। २० अम्रामले
आफ्नी फूपु योकेबेदलाई विवाह गरे, र
तिनले उनीबाट हारून र मोशालाई जन्माइन्।
अम्राम एक सय सैँतीस वर्ष बाँचे। २१ यिस-
हारका छोराहरू—कोरह, नेपेग, र जिक्री।
२२ उज्जीएलका छोराहरू—मीशाएल,
एल्सापान र सिथ्री। २३ हारूनले अम्मीना-
दाबकी छोरी नहशोनकी बहिनी एलीशेबालाई
विवाह गरे, र तिनले उनीबाट नादाब, अबीहू,
एलाजार र ईतामारलाई जन्माइन्।
२४ कोरहका छोराहरू—अस्सीर, एलकाना र
अबिआसाप। कोरह वंशीहरूका परिवार यिनै
हुन्। २५ हारूनका छोरा एलाजारले
पतीएलकी छोरीहरूमध्ये एउटीलाई विवाह
गरे, र तिनले उनीबाट पीनहासलाई जन्माइन्।
लेवीहरूका पिता-पुर्खाका घरका मुख्य मुख्य
मानिसहरू तिनीहरूका परिवारअनुसार यिनै हुन्।
२६ यी तिनै हारून र मोशा हुन्
जुनलाई परमप्रभुले इस्राएलीहरूलाई तिनीहरूका

* यहवे

दल दलअनुसार मिश्रबाट निकालेर ल्याउन भनी
भन्नुभएको थियो। २७ यी तिनै हुन् जुनले
मिश्रका राजा फिरऊनसित इस्राएलीहरूलाई
मिश्रबाट ल्याउनलाई कुरा गरेका थिए। ती
मोशा र हारून यिनै हुन्।
२८ जुन दिन परमप्रभुले मिश्रमा मोशासित
कुरा गर्नुभयो, २९ त्यसै दिन परमप्रभुले
मोशालाई भन्नुभयो, "म परमप्रभु हुँ। मैले
तँलाई जे जे कुरा भन्नलागेको छु, ती सबै
मिश्रका राजा फिरऊनलाई भन्।" ३० तर
मोशाले परमप्रभुलाई भने, "हेर्नुहोस्, मेरो
जिब्रो उत्तो लाग्दैन, फिरऊनले कसरी मेरो
कुरा खालान् र?"

पहिलो विपत्ति

७ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"हेर्, मैले तँलाई फिरऊनको निम्ति
ईश्वरतुल्य बनाएको छु, औ तेरो दाज्यू हारून
तेरो प्रवक्ता हुनेछ। २ म जे तँलाई हुकूम
गर्नेछु तँले त्यही बता, र तेरो दाज्यू
हारूनले इस्राएलीहरूलाई त्यसको देशबाट
जान देओस् भनी फिरऊनलाई भन्नेछ।
३ तर म फिरऊनको हृदय कठोर गराइदिनेछु।
अनि मेरा चिह्नहरू र आश्चर्यकर्महरूको संख्या
मिश्रमा बढ़ाउनेछु। ४ तर फिरऊनले चाहिँ
तिमीहरूका कुरा सुन्नेछैन। अनि म आफ्नो
शक्ति मिश्रमाथि देखाउनेछु, र मेरो सेना
इस्राएलीहरू, अर्थात् मेरा प्रजाको ठूलो इन्साफ
गरीकन म तिनीहरूलाई मिश्रबाट निकालेर
ल्याउनेछु। ५ जब म मिश्रमाथि आफ्नो
हात उठाएर तिनीहरूकै बीचबाट इस्राएलीहरू-
लाई निकालेर ल्याउनेछु तब मिश्रीहरूले थाह
पाउनेछन् कि म परमप्रभु रहेछु।" ६ अनि
मोशा र हारूनले त्यसै गरे। परमप्रभुले
तिनीहरूलाई हुकूम गर्नुभए बमोजिम तिनीहरूले
गरे। ७ फिरऊनसित कुरा गर्दा मोशा
अस्सी वर्षका र हारूनचाहिँ तीरासी वर्षका
थिए।

८ तब परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, ९ फिरऊनले तिमीहरूलाई आफ्नो
निम्ति कुनै आश्चर्यकर्म देखाओ भन्दा,
तँले चाहिँ हारूनलाई भन्नू, 'तपाइंको
लहुरो लिएर फिरऊनको सामने फ्याँकिदिनुहोस्
र त्यो साँप बनोस्।'' १० तब मोशा र हारून
फिरऊनकहाँ गएर परमप्रभुले आज्ञा गर्नुभए
बमोजिम गरे। हारूनले आफ्नो लहुरो लिएर
फिरऊन र तिनका भारादारहरूका सामने
फालिदिए, तब त्यो साँप बन्यो। ११ तब
फिरऊनले पनि ज्ञानी-गुनि र टुना-मुना गर्नेहरू-
लाई बोलाइपठाए, र ती मिश्रका जादूगरहरूले
पनि आफ्ना आफ्ना मंत्रले त्यसै गरे,
१२ किनभने तिनीहरू हरेकले आफ्ना
आफ्ना लहुरो फाले, र ती साँप बनिए।
तर हारूनको लहुरोले तिनीहरूका लहुरोलाई
निल्यो। १३ तर फिरऊनको हृदय कठोर
भयो, र परमप्रभुले भन्नुभए अनुसारनै तिनले
उनीहरूका कुरा सुनेनन्।
१४ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"फिरऊनको हृदय कठोर भएको छ। त्यसले
मानिसहरूलाई जानदिँदैन। १५ तँचाहिँ
बिहानै फिरऊन नदीतिर गइरहेको बेलामा
त्यसकहाँ जा। तँचाहिँ नील नदीको
किनारमा त्यसलाई भेट्न उभिरहनू, र त्यो
साँप बनिएको लहुरो पनि हातमा लैजा।
१६ औ त्यसलाई यसो भन्नू, "हिब्रूहरूका
परमप्रभु परमेश्वरले मलाई यसो भनेर
तपाइंकहाँ पठाउनुभएको छ, 'मेरा मानिस-
हरूलाई उजाड़-स्थानमा मेरो सेवा
गर्नलाई जान दे।' तर तपाइंले अहिलेसम्म
मान्नुभएन। १७ यसकारण परमप्रभु भन्नु-
हुन्छ, 'म परमप्रभु हुँ भन्ने कुरा तँले यसरी
थाह पाउनेछस्। हेर, म नील नदीको
पानीलाई मेरो हातमा भएको लहुरोले हिर्का-
उनेछु, र त्यो रगत बनिनेछ। १८ औ
नदीको माछा मर्नेछ, र नदी अति साह्रै
गन्हाएको कारण मिश्रीहरूले नदीको पानी
खान घिन मान्नेछन्'।'' १९ फेरि परमप्रभुले

मोशालाई भन्नुभयो, "हारूनलाई भन्, 'तेरो
लहुरो लिएर मिश्रमा जति पानी छन्, अर्थात्
नदी, खोला पोखरी र सबै इनारका पानी
रगत भइजाऊन् भनी ती सबैमाथि तेरो हात
पसार, र मिश्रभरि भएका काठ अथवा ढुङ्गाका
घड़ाहरूका पानी सबै रगत हुनेछ'।"
२० तब मोशा र हारूनले परमप्रभुको
आज्ञा बमोजिम गरे। फिरऊन र तिनका
भारादारहरूकै सामने तिनले लहुरो उठाएर
नदीको पानीमा हिर्काए। तब नदीमा भएको
जम्मै पानी रगत भइहाल्यो। २१ नदीका
माछाहरू मरे, र नदी गन्हाउन लाग्यो, र मिश्री-
हरूले नदीको पानी खान सकेनन्। मिश्रको
पानी सबै रगत भयो। २२ मिश्रका जादूगर-
हरूले पनि आफ्ना मंत्रद्वारा त्यसै गरे।
यसकारण परमप्रभुले भनेझैं फिरऊनको हृदय
कठोर भयो, र तिनले तिनीहरूका कुरा सुनेनन्।
२३ तब फिरऊन फर्केर आफ्ना घर गए,
अनि तिनले यस कुराको ख्यालै पनि राखेनन्।
२४ सारा मिश्रीहरूले नीलको वरिपरि पानीको
लागि जमीन खन्नलागे, किनभने नील नदीको
पानी खानसकिँदैन थियो। २५ परमप्रभुको
प्रहार नदीमाथि सात दिन रह्यो।

दोस्रो, तेस्रो र चौथो विपत्ति

८ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"गएर फिरऊनलाई भन्, 'परमप्रभु
भन्नुहुन्छ, मेरा मानिसहरूलाई मेरो सेवा
गर्नलाई जानदे। २ तैंले तिनीहरूलाई जान-
दिइनस् भने हेर्, म तेरो सारा देशलाई
भ्यागुताहरू पठाएर सताउनेछु। ३ अनि
नील नदी भ्यागुताले भरिनेछ, र ती तेरो
घर, सुत्ने कोठा, तेरो पलङ्ग, तेरा भारादार-
हरूका घर घरमा र तेरो प्रजामाथि र तेरा
चुल्हाहरू र पीठो मुछ्ने भाँड़ाहरूमा आउनेछन्।
४ ती भ्यागुताहरू, तँ र तेरा प्रजाहरू, र
तेरा सारा भारादारहरूमाथि पनि आउनेछन्'।"
५ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"हारूनलाई भन्, 'आफ्नो लहुरी लिएर
नदीहरू, खोलाहरू र पोखरीहरूमाथि त्यसले
हात पसारोस् र मिश्रभरि भ्यागुताहरू
आऊन्'।" ६ तब हारूनले आफ्नो हात
मिश्रका पानीहरूमाथि पसारे र भ्यागुताहरू
निस्केर मिश्रदेशै ढाके। ७ अनि जादूगरहरूले
पनि आफ्ना मंत्रहरूद्वारा त्यसै गरे, र मिश्रमा
भ्यागुताहरू निकाले।
८ तब फिरऊनले मोशा र हारूनलाई
बोलाउन पठाए, र भने, "परमप्रभुसित बिन्ती
गर, र उहाँले म र मेरा प्रजाहरूबाट
भ्यागुताहरू लैजाऊन्। औ परमप्रभुको निम्ति
बलि चढ़ाउनलाई मानिसहरूलाई म जान
दिन्छु।" ९ तब मोशाले फिरऊनलाई भने,
"हुकूम गर्नुहोस्, कुन बेला म तपाइं र
तपाइंका भारादारहरू र तपाइंका प्रजाका
निम्ति बिन्ती गरूँ, र भ्यागुताहरू तपाइं
र तपाइंका घरहरूबाट नष्ट भएर जाऊन् र
नदीमा मात्रै रहून्?" १० तिनले भने,
"भोलिसम्ममा।" तब मोशाले भने, "तपाइंको
वचनअनुसार होस्, र तपाइंले जान्नुहोला
कि हाम्रा परमप्रभु परमेश्वरजस्तो अरू कोही
छैन। ११ भ्यागुताहरू तपाइं र तपाइंका
घरहरू र तपाइंका भारादारहरू र तपाइंका
प्रजाहरूबाट फर्केर जानेछन्, र केवल नदीमा
मात्र रहनेछन्।" १२ तब मोशा र हारून
फिरऊनकहाँबाट निस्केर गए। परमप्रभुले
फिरऊनमाथि पठाउनुभएका भ्यागुताहरूका
निम्ति मोशाले पुकारा गरे। १३ अनि
परमप्रभुले मोशाको वचनअनुसार गर्नुभयो।
भ्यागुताहरू घर, आँगन र मैदान हुँदो मरेर
स्वाहा भए। १४ मनिसहरूले ती बटुलेर
थुप्रो लगाए, र देश गन्हाउनलाग्यो।
१५ तर जब फिरऊनले सबै शान्त भएको
देखे, तब परमप्रभुले भन्नुभएझैं तिनले आफ्नो
हृदय कठोर गरे, र तिनीहरूका कुरा सुनेनन्।
१६ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"हारूनलाई भन्, 'तेरो लहुरो लिएर जमीनको
धूलोमा हिर्का, र ती मिश्रभरि भुसुना

बनिउन्’।” १७ तिनीहरूले त्यसै गरे।
हारूनले लहुरो लिएर आफ्नो हात पसारेर
जमीनको धूलोमाथि हिर्काए तब मानिसहरू
र पशुहरूमा भुसुना लागे। सारा मिश्रभरिको
धूलो भुसुनै भुसुना भए। १८ ती जादू-
गरहरूले पनि आफ्ना मंत्रहरूद्वारा भुसुना
ल्याउन खोजे, तर सकेनन्। औ मानिसहरू
र पशुहरूमा भुसुना रहिरहे। १९ तब
जादूगरहरूले फिरऊनलाई भने, “यसमा त
परमेश्वरकै हात परेको छ।” तर परमप्रभुले
भन्नुभएबमोजिम फिरऊनको हृदय कठोर
भयो, र तिनले उनीहरूका कुरा सुनेनन्।
२० फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
“बिहान सबेरै उठेर फिरऊनको सामने हाजिर
हो। हेर्, त्यो नदीतिर आइरहेको हुन्छ।
त्यसलाई भन्, ‘परमप्रभु यसो भन्नुहुन्छ,
मेरो सेवा गर्न मेरा मानिसहरूलाई जानदे।
२१ मेरा मानिसहरूलाई जान दिइनस् भने
हेर्, तँ तेरा भारादारहरू र तेरा
प्रजाहरूमाथि र तिमीहरूका घरहरूमा म
हूलका हूल झींगा पठाउनेछु, र मिश्रीहरूका
घर घरमा र तिनीहरू उभिने स्थलमा समेत
हूलका हूल झींगा थुप्रिनेछ। २२ तर त्यस
दिन म मेरा मानिसहरू बस्ने गोशेन प्रदेश-
लाई चाहिँ छुट्याउनेछु, र त्यहाँ झींगाका
बथान हुनेछैन। तब तैंले जान्नेछस् कि
पृथ्वीको बीचमा परमप्रभु मनै रहेछु।
२३ यसरी म मेरो प्रजा र तेरो प्रजाको
बीचमा भिन्नता ल्याउनेछु। यो चिह्न भोलि-
सम्ममा हुनेछ’।” २४ अनि परमप्रभुले
त्यसै गर्नुभयो। फिरऊनको घर र तिनका
भारादारहरूका घर घरमा अत्यन्त औधि गरी
झींगाहरू आए, र हूलका हूल झींगाहरूको
कारण मिश्र बरबाद हुनलाग्यो।
२५ तब फिरऊनले मोशा र हारूनलाई
बोलाएर भने, “तिमीहरू गएर यही देशभित्र
आफ्ना परमेश्वरको निम्ति बलि चढ़ाओ।”
२६ तर मोशाले भने, “यसो गर्नु ठीक
हुँदैन, किनकि हाम्रा परमप्रभु परमेश्वरको
निम्ति हामीले चढ़ाउने बलिदेखि मिश्रीहरू
घिन मान्छन्। हेर्नुहोस्, मिश्रीहरूकै आँखाको
सामने तिनीहरूले घिन गर्ने बलि हामीले
चढ़ायौं भने ता तिनीहरूले हामीलाई
ढुङ्गाले नहान्लान्? २७ हामी तीन दिनको
बाटो गएर उजाड़-स्थानमा परमप्रभु आफ्ना
परमेश्वरले आज्ञा गर्नुभए बमोजिम उहाँका
निम्ति बलि चढ़ाउनेछौं।” २८ तब फिर-
ऊनले भने, “म तिमीहरूलाई उजाड़-स्थानमा
परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति बलि
चढ़ाउनलाई जान ता दिनेछु तर हेर, धेरै
टाढ़ा चाहिँ नजाओ, औ मेरो निम्ति पनि
बिन्ती चढ़ाइदेओ। २९ मोशाले भने,
“म तपाईंकहाँबाट बाहिर जानेछु, र फिरऊन
र तिनका भारादारहरू र प्रजाहरूबाट भोलिनै
ती झींगाका हूल हटून् भनी परमप्रभुसित बिन्ती
गर्नेछु, तर मानिसहरूलाई परमप्रभुको निम्ति
बलि गर्न जान नदिएर फिरऊनले फेरि फेरि
छल नगर्नुहोला।” ३० तब मोशा फिरऊनकहाँ-
बाट बाहिर गएर परमप्रभुलाई बिन्ती गरे।
३१ अनि परमप्रभुले मोशाको वचनअनुसार
गर्नुभयो, र फिरऊन र तिनका भारादारहरू
र तिनका प्रजाहरूकहाँबाट ती झींगाका हूल
एउटै पनि नरहने गरी हटाइदिनुभयो।
३२ तर यसपल्ट पनि फिरऊनले आफ्नो
हृदय कठोर गरे, र मानिसहरूलाई जान
दिएनन्।

पाँचौं, छैटौं र सातौं विपत्ति

९ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
“फिरऊनकहाँ गएर त्यसलाई भन्,
‘परमप्रभु हिब्रूहरूका परमेश्वर भन्नुहुन्छ, मेरा
मानिसहरूलाई मेरो सेवा गर्नलाई जानदे।
२ किनकि तैंले तिनीहरूलाई जान दिन
अस्वीकार गरिस् र अझै रोकेर राखिस्
भने ३ हेर, खेत-मैदानमा भएका तेरा पशुहरू,
अर्थात् घोड़ा, गधा, ऊँट, गाई-वस्तुहरू र
भेड़ा-बाख्राहरूमाथि परमप्रभुको हात पर्छ, औ

त्यहाँ भयानक रूढ़ी हुनेछ। ४ तर परमप्रभुले
इस्राएल्का गाई-वस्तु र मिश्रका गाई-वस्तुका
बीच पनपक्ष गर्नुहुनेछ, र इस्राएलीहरूको
एउटै पनि पशु मर्नेछैन'।" ५ तब
परमप्रभुले यसो भनेर एक निश्चित समय
ठहराउनुभयो, "भोलिनै यस देशमा परमप्रभुले
यो काम गर्नुहुन्छ।" ६ अनि भोलिपल्ट
परमप्रभुले त्यो काम गर्नुभयो, र मिश्रका
सबै गाई-वस्तु मरे, तर इस्राएलीहरूको भने
एउटै पनि गाई-वस्तु मरेन। ७ औ
फिरऊनले त्यो हेर्नलाई मानिसहरू पठाए, तर
इस्राएलीहरूका गाई-वस्तुहरूमध्येको एउटै पनि
मरेको तिनीहरूले देखेनन्। तापनि फिरऊनको
हृदय कठोर भयो, र तिनले मानिसहरूलाई
जान दिएनन्।

८ परमप्रभुले मोशा र हारूनलाई भन्नु-
भयो, "भट्टीबाट आफ्ना आफ्ना मुठीभरि
खरानी लेओ, र मोशाले फिरऊनको नजरकै
सामने त्यो आकाशतिर छरिदेओस्। ९ त्यो
सारा मिश्रमा मसिना धूला भएर मिश्रका
सबै मानिस र पशुका शरीरमा पीलो र
खटिरा बन्नेछ।" १० तब तिनीहरू
भट्टीको खरानी लिएर फिरऊनको सामुन्ने
खड़ा भए, र मोशाले माथि आकाशतिर त्यो
छरिदिए। अनि मानिस र पशुका शरीरमा
पीलो र खटिरा भएर त्यो निस्क्यो। ११ औ
ती जादूगरहरू पीलोको कारणले गर्दा
मोशाको सामने टिक्नैसकेनन्, किनकि जादू-
गरहरूका शरीरमा र सारा मिश्रीहरूका
शरीरमा पीलो निस्केको थियो। १२ औ
परमप्रभुले फिरऊनको हृदय कठोर गराउनुभयो,
र परमप्रभुले मोशालाई भन्नुभएझैं तिनले
उनीहरूका कुरा सुनेनन्।

१३ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"बिहान सखारै उठेर फिरऊनको सामने
हाजिर हो, र त्यसलाई भन्, "हिब्रूहरूका
परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'मेरो सेवा
गर्नलाई मेरा मानिसहरूलाई जानदे।
१४ किनकि यसपल्ट तेरो हृदय खलबलिने गरी
तेरा भारादारहरू र प्रजाहरूमाथि पनि मेरा
सबै विपत्ति पठाउनेछु। अनि सारा पृथ्वीमा
मजस्तो कोही रहेनछ भनी तँले थाह
पाऊलास्। १५ किनकि यदि मैले आफ्नो
हात पसारेर तँलाई र तेरा प्रजालाई रूढ़ीले
मारेको भएदेखि ता तेरो नाउँ निशानै
पृथ्वीबाट मेटिनेथियो। १६ तर मेरो
शक्ति प्रकट गर्ने अभिप्रायलेनै मैले तँलाई
जीवित राखेको छु, र यसरी सारा संसारमा मेरो
नाउँको घोषणा होस्। १७ अझै पनि मेरो
प्रजालाई जान नदिएर तँ आफै खूब ठूलो
बन्छस्? १८ हेर, भोलि प्रायः यसै बेला
म यस्तो घोर असिना वर्षाउनेछु जो मिश्र
स्थापित भएको दिनदेखि अहिलेसम्म
वर्षिएको छैन। १९ यसकारण अब मानिसहरू
पठाएर मैदानमा भएका गाई-वस्तुहरू र जे
जे छन्, सबै चाँडै भित्र्या, किनकि मैदानमा
छोड़िएका र घरमा नहुलेको हरेक मानिस
र पशुमाथि असिना वर्षनेछ, र ती मर्नेछन्'।"
२० फिरऊनका भारादारहरूमध्ये जस जसले
परमप्रभुको वचनको डर माने तिनीहरूले
आफ्ना आपना नोकरहरू र गाई-वस्तुहरूलाई
घरघरमा हुले। २१ तर परमप्रभुको वचनको
वास्ता नगर्ने चाहिँले आफ्ना आफ्ना नोकरहरू
र गाई-वस्तुहरू मैदानमानै रहनदिए।

२२ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"तेरो हात आकाशतिर पसार् र सारा
मिश्रभरि असिना परोस्—मिश्रभरिका मानिस,
पशु, बारीका साग-पात सबमा असिना वर्षोस्।"
२३ तब मोशाले आफ्नो लहुरो आकाशतिर
पसारे, र परमप्रभुले गर्जन र असिना
पठाउनुभयो, र पृथ्वीमा आगोको मुस्लो
झर्‍यो। अनि परमप्रभुले मिश्रमा असिना
वर्षाउनुभयो। २४ यसरी असिना पर्‍यो कि
असिनासित आगो मिसिएको थियो। यस्तो
औधिगरी ता सारा मिश्र राष्टको प्रारम्भदेखि
भएको थिएन। २५ अनि असिनाले सारा
मिश्रभरिका मैदानका मानिस र पशु दुवैलाई
चुट्यो। असिनाले बारीका सबै साग-सब्जीलाई

चुत्यो, र वनका सबै रूखहरूलाई धुजा-धुजा
पाऱ्यो। २६ केवल इस्राएलीहरू भएको
गोशेन प्रदेशका मात्र असिना परेन।
२७ तब फिरऊनले मोशा र हारूनलाई
बोलाएर भने, "यसपल्ट ता मैंले पाप गरें।
परमप्रभु धर्मी हुनुहुन्छ, औ म र मेरा प्रजा
दुष्ट रहेछौं। २८ परमप्रभुलाई बिन्ती गरिदेऊ,
किनकि यी गर्जन र असिना ज्यादै भयो।
म तिमीहरूलाई जान दिनेछु। अनि तिमीहरू
अब अझै बस्नेछैनौ।" २९ तब मोशाले
तिनलाई जवाफ दिए, "शहरबाट निस्कने
बित्तिकै म परमप्रभुतिर आफ्नो हात पसार्नेछु,
तब गर्जन थामिनेछन्, र असिना अरू
वर्षनेछैन। अनि तपाईं जान्नुहोला पृथ्वी
परमप्रभुकै हो। ३० तर मलाई थाह छ,
तपाईं र तपाईंका भारादारहरूले भने परमप्रभु
परमेश्वरको डर अझसम्म मान्नुभएको छैन।
३१ (सनपाट र जौमा असिनाको प्रहार
परेको थियो, किनकि जौमा बाला पसाइसकेका
थिए, र सनपाटचाहिँ फूलिसकेका थिए।
३२ तर गहुँ र कठिया-गहुँमा चाहिँ प्रहार
परेन, किनकि तीचाहिँ बढ़ेका थिएनन्।)
३३ अनि मोशा फिरऊन कहाँबाट शहरदेखि
निस्केर गए, र परमप्रभुतिर आफ्ना हात
पसारे। तब गर्जन र असिना थामिए, र
जमीनमा पानी ओइरिएन। ३४ तर जब
फिरऊनले पानी, असिना र गर्जन थामिएका
देखे, तब तिनले अझ बढ़ता पाप गरे, र
तिनले र तिनका भारादारहरूले आफ्ना हृदय
कठोर गरे। ३५ यसरी फिरऊनको हृदय
कठोर भयो, र परमप्रभुले मोशालाई भन्नुभए-
बमोजिम तिनले इस्राएलीहरूलाई जान दिएनन्।

आठौं र नवौं विपत्ति

१० फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"फिरऊनकहाँ जा, किनकि तिनीहरूका
बीचमा मेरा यी चिह्नहरू देखाऊँ भनेरनै मैंले
त्यो र त्यसका भारादारहरूका हृदय कठोर
गरेको हुँ। २ मैंले कसरी मिश्रीहरूको
उपहास गरें, र तिनीहरूको बीचमा कस्ता
कस्ता चिह्नहरू देखाएँ सो तैंले आफ्ना छोरा
नातिहरूलाई बताउनू, र म परमप्रभुनै हुँ
भनी तिमीहरूले थाह पाओ।"
३ तब मोशा र हारून फिरऊनकहाँ गएर
तिनलाई भने, "हिब्रूहरूका परमप्रभु परमेश्वर
भन्नुहुन्छ, 'कहिलेसम्म तँ मेरो अगि नम्र
हुन अस्वीकार गर्छस्? मेरा मानिसहरू-
लाई जानदे, र तिनीहरूले मेरो सेवा गरून्।
४ तैंले मेरा मानिसहरूलाई जानदिन अस्वीकार
गरिस् भने हेर्, भोलि म तेरा सीमानाभित्र
सलहहरू ल्याउनेछु। ५ तिनीहरूले जमीनको
सतह यस्तोगरी ढाक्नेछ कि जमीन देखिनेछैन
औ असिनाबाट जोगिएर उब्रेका सबै कुरा
तिनीहरूले खानेछन्। तिमीहरूका वनमा उब्रेका
सबै रूख-पात तिनीहरूले खानेछन्। ६ औ
तेरा घरमा, र तेरा सबै भारादारका घरमा
र सारा मिश्रीहरूका घरमा ती भरिनेछन्।
त्यति बिघ्न सलह ता तेरा पिता-पुर्खाहरूले
यस पृथ्वीमा आएदेखि आजसम्म कहिल्यै
देखेका थिएनन्।" तब तिनी फर्केर फिरऊन-
कहाँबाट निस्केर गए।
७ तब फिरऊनका भारादारहरूले तिनलाई
भने, "कहिलेसम्म यो मानिसले हामीलाई
पिरोली बस्ने? ती मानिसहरूलाई तिनीहरूका
परमप्रभु परमेश्वरको सेवा गर्नलाई जान
दिनुहोस्। मिश्र देश नष्ट भइसक्यो भन्ने के
हजूरलाई अझै थाह छैन?" ८ अनि मोशा
र हारून फिरऊनकहाँ ल्याइए। औ उनले
तिनीहरूलाई भने, "जाओ, तिमीहरूका परमप्रभु
परमेश्वरको सेवा गर। तर जानेहरू चाहिँ
को को हुन्?" ९ अनि मोशाले भने,
"हामी हाम्रा केटा-केटी, बूढ़ा-बूढ़ी, छोरा-
छोरी भेड़ा-बाख्रा र गाई-वस्तुहरू लिएर
जानेछौं, किनकि हामीले परमप्रभुको निम्ति
चाड़ मान्नुपर्छ।" १० तब उनले तिनीहरू-
लाई भने, "मैंले तिमीहरूलाई आफ्ना
छोरा-छोरीहरूसमेत जान दिने? तिमीहरूका

परमप्रभु तिमीहरूसँगै रहून्। हेर, तिमीहरूको
मनमा केही दुष्ट अभिप्राय छ। ११ अहँ,
त्यसो हुँदैन। तिमीहरू लोग्नेमानिसहरू मात्र
गएर परमप्रभुको सेवा गर, किनकि तिमीहरू
त्यही ता चाहन्छौ।" अनि तिनीहरूलाई
फिरऊनको सामनेबाट लघारिदिए।
१२ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"सलहहरू मिश्रमा आऊन् भनी आफ्नो हात
पसार्, र ती मिश्रमा आएर असिना-
बाट बाँचेका बारीका जम्मै साग-पातहरू
खाइदिऊन्।" १३ अनि मोशाले आफ्नो
लहुरो मिश्रमाथि पसारे। अनि परमप्रभुले
त्यस दिनभरि र रातभरि देशमा
पूर्वीय बतास चलाउनुभयो। औ जब
बिहान भयो तब पूर्वीय बतासले सलहहरू
ल्यायो। १४ अनि सलहहरू मिश्रमा आए,
र सारा देशभरि बसे। ती हूल्का हूल
बथानमा थिए। त्यसको अघि नता त्यतिका
सलहहरू आएका थिए न पछि फेरि आउनेछन्।
१५ तिनीहरूले सारा भूमिलाई ढाके, यहाँसम्म
कि जमीनै कालो देखियो। अनि तिनीहरूले
असिनाबाट बाँचेका देशका सब साग-पात र
रूखका सबै फलहरू खाइहाले। मिश्रभरि
भएको हरियो-परियो, रूख, बारीका साग-पात-
हरू केही पनि रहेन। १६ तब फिरऊनले
मोशा र हारूनलाई भट्टै बोलाउनपठाए, र
तिनले भने, "मैले तिमीहरूका परमप्रभु
परमेश्वरको विरुद्धमा अपराध गरें। १७ यस-
कारण अब म बिन्ती गर्दछु, केवल यसपल्ट
मेरो अपराध क्षमा गर, र आफ्ना परमप्रभु
परमेश्वरसँग बिन्ती गर, र उहाँले ममाथि
आइलागेको यो मृत्यु मबाट हटाइ-
दिऊन्।" १८ तब मोशा फिरऊनकहाँ-
बाट निस्केर गए, र परमप्रभुलाई बिन्ती गरे।
१९ अनि परमप्रभुले अति ठूलो पश्चिमी
बतास चलाइदिनुभयो, जसले सलहहरूलाई लाल
समुद्रतिर उडाएर लग्यो, र मिश्रका सारा
सीमानाभित्र एउटै पनि सलह रहेन। २० तर
परमप्रभुले फिरऊनको हृदय कठोर गरिदिनुभयो,
र तिनले इस्राएलीहरूलाई जानदिएनन्।
२१ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"तेरो हात आकाशतिर पसार्, र मिश्रमा
अँध्यारो भइजाओस्। छाम्दा पनि थाह
पाउने जस्तो निष्पट्ट अन्धकार होस्।"
२२ अनि मोशाले आफ्नो हात आकाशतिर
पसारे, र सारा मिश्रमा तीन दिनसम्म
घनघोर अँध्यारो भयो। २३ तीन दिनसम्म
नता कसैले कसैलाई देख्यो, न कोही आफ्नो
ठाउँबाट उठ्यो। तर सारा इस्राएलीहरू
बसेका ठाउँहरूमा भने उज्यालै रह्यो।
२४ तब फिरऊनले मोशालाई बोलाउनपठाए,
र भने, "जाओ, तिमीहरू आफ्नो परमप्रभुको
सेवा गर। केवल तिमीहरूका भेड़ा-बाख्रा
र गाई-वस्तुहरू छोड़िराख। तिमीहरूका
बाल-बच्चाहरू पनि तिमीहरूसँगै जाऊन्।"
२५ अनि मोशाले भने, "हाम्रा परमप्रभु
परमेश्वरको निम्ति बलि गर्नलाई तपाइंले
हाम्रा हातमा बलिका सामग्री र होमबलि
पनि दिनुपर्छ। २६ हाम्रा गाई-वस्तुहरू
पनि हामीसँगै जानेछन्। तिनीहरूमध्येकै
कुनै कुनै हामीले आफ्ना परमप्रभु परमेश्वर-
लाई पूज्नलाई लिनुपर्नेछ। औ जबसम्म
हामी त्यहाँ पुग्दैनौं तबसम्म हामीलाई थाह
हुँदैन कि के के चढ़ाएर हामीले परमप्रभुलाई
पूज्नुपर्छ।" २७ तर परमप्रभुले फिरऊनको
हृदय कठोर गरिदिनुभयो, र उनले तिनी-
हरूलाई जानदिएनन्। २८ तब फिरऊनले
तिनलाई भने, "मेरो सामनेबाट गइहाल्।
होशियार बस्, मेरो सम्मुखमा फेरि देखा
नपर्, किनभने जुन दिन तैंले मेरो मुख
हेर्लास् त्यो दिन तँलाई मार्नेछु। २९ अनि
मोशाले भने, "तपाइंले भन्नुभए जस्तै होस्,
म फेरि कहिल्यै तपाइंको मुख हेर्नेछैनँ।"

अन्तिम विपत्तिको सूचना

११ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"अझै एउटा विपत्ति म फिरऊन र

मिश्रमाथि ल्याउनेछु। त्यसपछि त्यसले
तिमीहरूलाई यहाँबाट जानदिनेछ। त्यसले
तिमीहरूलाई जानदिँदा तिमीहरूलाई यहाँबाट
बिलकुलै निकालिदिनेछ। २ अब मानिस-
हरूका कानमा यो कुरा भन्, कि तिनीहरू
हरेक पुरुष र स्त्रीले आफ्ना आफ्ना
छिमेकीसित सुन र चाँदीका गर-गहना
मागोस्।" ३ अनि परमप्रभुले ती मानिस-
हरूलाई मिश्रीहरूको निगाहमा राखि-
दिनुभयो। त्यसबाहेक मोशा मिश्र देशमा
फिरऊनका भारादारहरू र मानिसहरूका
नजरमा एक अत्यन्त महान् व्यक्ति भए।
४ मोशाले भने, "परमप्रभु यसो भन्नु-
हुन्छ, 'मध्य-राततिर म मिश्रको बीचबाट
भएर जानेछु। ५ तब सिंहासनमा बस्ने
फिरऊनको जेठो छोरोदेखि लिएर जाँतो
पिँध्ने कमारीको जेठो छोरोसम्म पनि औ
गाई-वस्तुका सबै पहिलेसमेत मिश्रका सबै
प्रथम जन्मेका मर्नेछन्। ६ सारा मिश्रभरि
अघि कहिल्यै नसुनिएको क्रन्दन सुनिनेछ,
जो फेरि फेरि सुनिनेछैन। ७ तिमीहरूले
थाह पाउनेछौ कि परमप्रभुले मिश्रीहरू र
इस्राएलीहरूमा भेद राख्नुहुन्छ, किनभने पशु
होस् वा मान्छे होस् इस्राएलीहरूको विरुद्धमा
एउटा कुकुर पनि भुक्नेछैन। ८ अनि तेरा
यी सबै भारादारहरू मकहाँ आएर मलाई
दण्डवत् गरेर भन्नेछन्, 'तपाईंका पछि लाग्ने
सारा मानिसहरूसमेत तपाईं निस्किजानुहोस्।
त्यसपछि म निस्किजाने छु।" तब मोशा
अत्यन्त क्रोधित भएर फिरऊनकहाँबाट गइहाले।
९ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"मिश्रमा मेरा आश्चर्यका कामहरू अझ बढ़दै
जानेछ, किनभने फिरऊनले तेरो कुरा सुन्ने
छैन।" १० मोशा र हारूनले यी सबै
आश्चर्यका कामहरू फिरऊनको सामने गरे।
तर परमप्रभुले फिरऊनको हृदय कठोर गराइ-
दिनुभयो, र तिनले इस्राएलीहरूलाई आफ्नो
देशबाट जानदिएनन्।

निस्तार* चाड़को स्थापना

१२ अनि परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, २ "यो महीना चाहिँ
तिमीहरूका निम्ति महीनाहरूको शुरू हुनेछ।
यो तिमीहरूका निम्ति वर्षको पहिलो महीना
हुनेछ। ३ इस्राएलका सारा समुदायलाई
यसो भन्, 'यस महीनाको दशौँ दिनमा
तिनीहरू हरेकले आफ्ना आफ्ना पुर्खाको
घरानाअनुसार एक एक जहानको निम्ति एक
एक पाठा ल्याएर राखोस्। ४ कसैको
जहानमा एउटा पाठाको लागि मानिस थोरै
भए त्यसले आफ्नो घरको नजीकको छिमेकी-
सँग मिलेर मानिसहरूका गन्तीअनुसार
ल्याओस्। हरेक मानिसको खुवाइअनुसारको
पाठो गन्ती गर्नू। ५ तिमीहरूको पाठो
खोटरहित होस्—पहिलो वर्षको पाठो।
तिमीहरूले त्यो भेड़ा अथवा बाख्राबाट लिनू,
६ र त्यो तिमीहरूले त्यस महीनाको चौधौँ
दिनसम्म राख्नू, र इस्राएली समुदायका गैह
समाजले त्यो बेलुकीपख मार्नू। ७ अनि
त्यसको रगतबाट लिएर जुन जुन घरमा त्यो
खाइन्छ, त्यसको चौकोसका दुइपट्टिका खामाहरू
र माथिल्लो खामामा लाउनू। ८ तिनीहरूले
त्यही रात त्यसको मासु आगोमा पोलेर
खमीर नहालेको रोटीसित खाऊन्। तीते
सागसित तिनीहरूले त्यो खाऊन्। ९ त्यो
काँचै नखाओ, पानीमा उसिनेर पनि होइन,
तर आगोमा पोलेर त्यसको खुट्टाहरू र
आन्द्रा-भुँड़ीसमेत खाओ। १० त्यसबाट केही
पनि बिहानसम्म नउबार्नू, तर केही बिहानसम्म
रह्यो भने त्यो आगोमा जलाइदिनू।
११ पटुका कसेर, खुट्टामा जुत्ता लाएर,
हातमा लहुरो लिएर र हतार हतार गरी
तिमीहरूले त्यो खानू। यो परमप्रभुको
निस्तार* चाड़ हो, १२ किनकि त्यस रात
म मिश्रभित्र भएर जानेछु, र मिश्रका
मानिस र पशु दुवैका प्रथम जन्मेकालाई

* छुटकारा

मानेंछु, र मिश्रका सबै देवताहरूका विरुद्धमा
म इन्साफ गर्नेछु। म परमप्रभु हुँ। १३ औ
तिमीहरू बसेका घरहरूमा त्यो रगत तिमीहरूका
निम्ति चिह्न हुनेछ। जब म त्यो रगत
देख्नेछु तब तिमीहरूलाई चाहिं छोड़िदिनेछु,
र मैंले मिश्रलाई प्रहार गर्दा नाश गर्ने
कुनै विपत्तिले तिमीहरूलाई छुनेछैन।

१४ त्यो दिन तिमीहरूको निम्ति एउटा
स्मरणीय दिन हुनेछ, र तिमीहरूले त्यो दिन
परमप्रभुको निम्ति चाड़ मनाउनेछौ।
तिमीहरूले त्यो पुस्तौंसम्म सदाको निम्ति
एउटा धार्मिक-विधान स्वरूप मान्नू।
१५ सात दिनसम्म तिमीहरूले अखमीरे
रोटी खानू—पहिलो दिनमानै तिमीहरूले
आफ्ना आफ्ना घरबाट खमीर निकाल्नू,
किनभने जसले पहिलो दिनदेखि सातौं
दिनसम्म खमीर हालेको रोटी खाला त्यो
मानिस इस्राएलबाट वहिष्कार हुनेछ।
१६ पहिलो दिन तिमीहरूका निम्ति पवित्र
महा-सभा हुनेछ, सातौं दिनमा पनि पवित्र
महा-सभा हुनेछ। ती दिनमा कुनै किसिमको
काम नगर्नू, केवल हरेक मानिसले खानको
निम्ति जति गर्नुपर्छ त्यति मात्र गर्नू।
१७ तिमीहरूले खमीर नहालेको रोटीको
चाड़ मान्नू, किनकि यही दिनमानै मैंले
तिमीहरूका सारा दलबललाई मिश्रबाट
ल्याएको हुँ। यसकारण त्यो दिन तिमीहरूले
सदाको निम्ति एउटा धार्मिक-विधान स्वरूप
मान्नू। १८ पहिलो महीनाको चौधौं दिन
बेलुकीसम्म खमीर नहालेको रोटी खानू।
१९ सात दिनसम्म तिमीहरूका घरमा केही
खमीर नहोस्, जस कसैले खमीर भएको
केही खाला त्यो चाहे प्रवासी होस्, चाहे
देशमा जन्मेको होस्, त्यो इस्राएलको
समुदायबाट वहिष्कार हुनेछ। २० तिमीहरूले
खमीर हालेको केही पनि नखानू। तिमीहरूका
समस्त घर घरमा खमीर नहालेको रोटी खानू।"

२१ तब मोशाले इस्राएलका सबै वृद्ध-
प्रधानहरूलाई बोलाउन पठाएर तिनीहरूलाई
भने, "गएर आफ्ना आफ्ना जहानअनुसार
एउटा एउटा पाठो निकाल, र निस्तारको
बलिको निम्ति मार। २२ हिसपको झुप्पा
भाँड़ाको रगतमा चोपेर चौकोसको माथिल्लो-
भाग र दुवैतिरका खामामा छ्याप्नू, औ
तिमीहरूमध्ये कोही पनि बिहानसम्म घरको
ढोका बाहिर ननिस्कनू। २३ किनकि परमप्रभु
मिश्रीहरूलाई प्रहार गर्नु देशभित्रबाट भएर
जानुहुनेछ। जब उहाँले चौकोसको माथिल्लो
भाग र दुवैतिरका खामामा रगत देख्नुहुनेछ, तब
परमप्रभुले त्यस ढोकालाई छोड़ेर, निस्तार गरी,
विनाश पार्नेलाई तिमीहरूका घरमा तिमीहरूलाई
मार्न भनी पस्न दिनुहुन्न। २४ तिमीहरूले यो
कुरा सदाको निम्ति धार्मिक-विधान स्वरूप
आफू र आफ्नो भावी सन्तानको लागि मान्नू।
२५ जब तिमीहरू परमप्रभुले प्रतिज्ञा गरेर
दिनुभएको देशमा पस्नेछौ, तब तिमीहरूले
यो सेवा मान्नू। २६ तिमीहरूका छोरा-
छोरीले यस सेवाको अर्थ के हो भनी सोध्छन्
२७ तब तिमीहरूले भन्नू, 'यो परमप्रभुको
निस्तार चाड़को बलिदान हो। उहाँ मिश्रमा
इस्राएलीहरूको घरहरूबाट भएर जानुभयो, र
उहाँले मिश्रीहरूलाई प्रहार गर्नुहुँदा हामीहरूका
घरचाहिं छोड़ेर उहाँले निस्तार गर्नुभएको
थियो'।" तब मानिसहरूले शिर निहुराएर
दण्डवत् गरी भक्ति चढ़ाए।

२८ अनि इस्राएलीहरूले गएर त्यसै गरे।
परमप्रभुले आज्ञा गर्नु भएझैं मोशा र हारूनले
गरे।

दशौं विपत्ति र इस्राएलीहरूको मिश्रबाट प्रस्थान

२९ मध्यरातमा सिंहासनमा बस्ने फिरऊन-
को जेठा छोरादेखि लिएर कैदखानमा हुने
कैदीको जेठो छोरो र सबै गाई-वस्तुहरूका
पहिले जन्मेका समेतलाई गरी मिश्रमा सबै
पहिले जन्मेकालाई परमप्रभुले मार्नुभयो।
३० तब फिरऊन, तिनका सबै भारादारहरू,

र सारा मिश्रीहरू रातीनै उठे। औ मिश्रमा
ठूलो रूवाबासी भयो, किनकि त्यहाँ
एउटा नमरेको कुनै घर थिएन। ३१ तिनले
रातीनै मोशा र हारूनलाई बोलाउन पठाएर
भने, "तिमीहरू, इस्राएलीहरू सबै, मेरा
प्रजाहरूका बीचबाट निस्केर गइहाल, र
तिमीहरूले भनेबमोजिम परमप्रभुको सेवा
गर। ३२ तिमीहरूले भनेबमोजिम आफ्ना
आफ्ना भेड़ा-बाख्रा र गाई-गोरु लिएर गइहाल।
मलाई पनि आशीर्वाद देओ!"

३३ अनि मिश्रीहरूले इस्राएलीहरूलाई
देशबाट झट्टै पठाउन हतार गरे, किनकि
तिनीहरूले भने, 'हामी ता सबै मरेका मानिस-
झैं भयौं।' ३४ अनि इस्राएलीहरूले आफ्ना
आफ्ना मुछेको पीठो खमीर हाल्न अघिनै
उठाए, किनभने तिनीहरूले आफ्नो आफ्नो
मुछ्ने भाँड़ाहरू लुगामा बाँधेर काँधमा
हालिसकेका थिए। ३५ औ मोशाले भने-
बमोजिम इस्राएलीहरूले गरे, र तिनीहरूले
मिश्रीहरूलाई सुनका गहना, चाँदीका गहना र
लुगा-फाटा मागे। ३६ अनि परमप्रभुले
इस्राएलीहरूलाई मिश्रीहरूको निगाहमा राखिदिनु-
भयो, र तिनीहरूले उनीहरूलाई ती सब दिए।
यसरी तिनीहरूले मिश्रीहरूलाई लूटे।

३७ तब इस्राएलीहरू रामसेसबाट हिँड़ेर
सुक्कोतमा आए। केटा-केटीहरू छोड़ेर करिब
छ लाख पैदल हिँड़ने मानिसहरू थिए।
३८ तिनीहरूका साथमा एक मिश्रित-दल पनि
लागे, औ भेड़ा-बाख्रा, गाई-गोरु वस्तु-भावगरी
ठूलो संख्यामा गए। ३९ अनि तिनीहरूले
आफूसाथ मिश्रबाट ल्याएका मुछेको पीठोको
खमीर नहालेको रोटी बनाए, किनभने त्यो
अझसम्म खमीरी भएको थिएन, तिनीहरू
मिश्रबाट धपाइँदा आफ्नो निम्ति भोजन
बनाउने पनि तिनीहरूले समय पाएका थिएनन्।
४० इस्राएलीहरू मिश्रमा प्रवास गरेका चार सय
तीस वर्ष भएको थियो। ४१ चार सय तीस
वर्ष बितकै दिन परमप्रभुका सम्पूर्णदल मिश्रबाट
बाहिर निस्के। ४२ तिनीहरूलाई मिश्रबाट
निकालेर ल्याउनुभएको कारण त्यो रात परम-
प्रभुको निम्ति उत्सव मनाउनु पर्नेछ। यो
परमप्रभुको रात हो, जो सबै इस्राएलीहरूले
आफ्ना पुस्तौं पुस्तौंसम्म मनाउनु पर्नेछ।

४३ फेरि परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, "यो निस्तार चाड़को धार्मिक-विधान
हो—कोही विदेशीले त्यसबाट नखाओस्,
४४ तर दाम हालेर किनेको हरेक मानिसको
कमाराले खतना गरेपछि मात्र खाओस्।
४५ परदेशी र ज्याले-नोकरले त्यो नखाओस्।
४६ त्यो एउटै घरमा खाइनेछ। त्यसको
मासुबाट केही पनि घरबाट बाहिर नलैजानू,
नता त्यसका कुनै हाड़ नभाँच्नू। ४७ इस्राएलका
सारा समुदायले त्यो पालन गरोस्। ४८ तँसित
प्रवास गर्ने कोही परदेशी छ, र परमप्रभुको
निस्तार चाड़ मान्न त्यसले इच्छा गर्छ भने
त्यसको घरका सबै पुरुषको खतना होस्, तब
मात्र तिनीहरूले त्यो चाड़मा भाग लिनसक्छन्,
तब त्यो देशमै जन्मेको जस्तो हुनेछ। तर
कुनै खतना नभएको मानिसले त्यो नखाओस्।
४९ स्वदेशी र तिनीहरूका बीचमा प्रवास गर्ने
परदेशीको निम्ति समान व्यवस्था हुनेछ।"

५० परमप्रभुले मोशा र हारूनलाई आज्ञा
गर्नुभएअनुसार सारा इस्राएलीहरूले गरे।
५१ ठीक त्यही दिन इस्राएलीहरूलाई
तिनीहरूका सम्पूर्ण दल गरी परमप्रभुले निकालेर
ल्याउनुभयो।

जेठा जेठाहरूको अर्पण

१३ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूमध्येका मानिस र
पशुका गर्भका प्रथम फल, अर्थात् पहिले
जन्मेकाहरू सबैलाई मेरो निम्ति अर्पण गर्।
ती मेरा हुन्।

३ अनि मोशाले मानिसहरूलाई भने,
"दासत्वको घर मिश्रबाट निस्केर आएको यस
दिनको तिमीहरूले सम्झना राख, किनकि परम-
प्रभुले आफ्नो बाहुलीको शक्तिले तिमीहरूलाई

त्यस ठाउँबाट निकालेर ल्याउनुभयो। यस दिन
खमीर हालेको कुनै रोटी नखाइओस्।
४ आबीब महीनाको आजकै दिनमा तिमीहरू
निस्केर जानेछौ। ५ औ जब परमप्रभुले
तिमीहरूलाई कनानी, हित्ती, एमोरी, हिव्वी
र यबूसीहरूको देशमा ल्याउनुहुनेछ, जसको
विषयमा उहाँले तिमीहरूका पिता-पुर्खासित
'तिमीहरूलाई दूध र मह बहने देश दिन्छु'
भन्ने प्रतिज्ञा गर्नुभएको थियो, तब यही महीनामा
यो सेवा मान्नू। ६ सात दिनसम्म तिमीहरूले
अखमीरे रोटी खानू, र सातौं दिनमा चाहिँ
परमप्रभुको निम्ति एउटा चाड मनाउनू।
७ सात दिनसम्म अखमीरे रोटी खानू।
औ तिमीहरूका साँध-सीमानाभित्र खमीरे रोटी
र खमीर देखिनुहुँदैन। ८ त्यस दिन तिमीहरूले
आफ्नो छोरालाई यसो भन्नू, 'जब म मिश्रबाट
निस्केर आएँ, तब परमप्रभुले मेरो निम्ति जे
गर्नुभयो, यो त्यसैको निम्ति गरिएको हो।'
९ परमप्रभुको व्यवस्था तिमीहरूका मुखमा
रहोस् भनेर यो तिमीहरूका निम्ति हातमा
एउटा चिह्न र आँखाको अगि तिमीहरूलाई
सम्झना गराउने हुनेछ, किनकि परमप्रभुले
आफ्ना शक्तिशाली हातले तिमीहरूलाई मिश्रबाट
निकालेर ल्याउनुभएको हो। १० यसकारण
यो धार्मिक-विधान वर्षेनि ठहराइएको समयमा
मान्नेगर्नू।"
११ "औ जब परमप्रभुले तिमीहरू र
तिमीहरूका पिता-पुर्खासित प्रतिज्ञा गर्नुभए-
बमोजिम कनानीहरूका देशमा तिमीहरूलाई पुरा-
एर त्यो देश तिमीहरूलाई दिनुहुनेछ, १२ तब
गर्भका प्रथम फल सब तिमीहरूका पशुहरू
समेतका, जो जो पहिले जन्मेका हुन्, ती
परमप्रभुको निम्ति तिमीहरूले अलग गर्नू, नरहरू
चाहिँ परमप्रभुको निम्ति हुनेछन्। १३ औ
गधैनीलाई एउटा पाठो लिएर छुटाउनू, औ
छुटाएनौ भने त्यसको मण्टो भाँचिदिनू, र
आफ्ना छोराहरूमध्ये जेठाको सट्टामा चाहिँ
केही दिएर छुटाउनू। १४ जब भविष्यमा
तिमीहरूका छोराले तिमीहरूलाई यो के हो भनी
सोध्नेछ तिमीहरूले त्यसलाई भन्नू, 'परमप्रभुले
हामीलाई दासत्वको घर, मिश्रबाट आफ्नो
बाहुलीको शक्तिले निकालेर ल्याउनुभयो,
१५ औ जब फिरऊनले कठोर भएर हामीलाई
जान दिएनन्, तब परमप्रभुले मिश्रमा सबै
मानिस र पशु दुवैका पहिले जन्मेकालाई,
मार्नुभयो। यसैकारण गर्भका प्रथम फल सबै
पाठाहरूलाई परमप्रभुको निम्ति बलिदान गर्दछु।
तर मेरा छोराहरूमध्येका सबै जेठा जेठाहरूलाई
चाहिँ त्यसको सट्टामा केही दिएर छुटाउँछु।
१६ औ यो तिमीहरूको निम्ति हातमा भएको
एउटा चिह्न र निधारको व्यवस्था-पत्री* हुनेछ,
किनकि परमप्रभुले हामीलाई आफ्नो बाहुलीको
शक्तिले मिश्रबाट निकालेर ल्याउनुभयो'।"

इस्राएलीहरूको एतामसम्मको यात्रा

१७ जब फिरऊनले ती मानिसहरूलाई
जानदिए तब पलिश्तीहरूको देशको बाटो
नजीकै भए तापनि परमेश्वरले तिनीहरूलाई
त्यो बाटो ल्याउनुभएन, किनकि परमेश्वरले
भन्नुभयो, "यी मानिसहरू लड़ाइँ देखेर
पछुतो गर्लान् र मिश्रमानै फर्की जालान्।"
१८ तर परमेश्वरले तिनीहरूलाई घुमाएर
उजाड़-स्थानको बाटो लाल समुद्रबाट लानुभयो।
औ इस्राएलीहरू सशस्त्र मिश्रबाट हिँडे।
१९ मोशाले यूसुफका अस्थि साथमा लगे,
किनकि तिनले इस्राएलीहरूलाई यस कुरामा
प्रतिज्ञा गर्नलाएका थिए, 'परमेश्वरले अवश्य
तिमीहरूको विचार गर्नुहुनेछ। यसकारण
तिमीहरूले मेरो अस्थि यहाँबाट लैजानू।'
२० त्यसपछि तिनीहरू सुक्कोतबाट यात्रा
गरे, र उजाड़-स्थानको नजीकै एताममा डेरा
बनाएर बास गरे। २१ अनि तिनीहरू रात
दिन हिँड़नसकून् भनेर तिनीहरूलाई बाटो
देखाउनको निम्ति परमप्रभु दिनमा चाहिँ
बादलको खामो र राती चाहिँ आगोको

*निधारमा बाँधिने सानो बट्टा जसभित्र व्यवस्थाको छोटो अंश हुन्थ्यो।

खामोमा तिनीहरूको अगिअगि जानुहुन्थ्यो।
२२ दिनमा बादलको खामो र राती
आगोको खामो मानिसहरूका अगिअगि जान
कहिल्यै छोड़ेन।

लाल समुद्र तरेका

१४ त्यसपछि परमप्रभुले मोशालाई
भन्नुभयो, २ "इस्राएलीहरूलाई
आज्ञा दे कि तितीहरू फर्केर मिगदोल र
समुद्रको बीच पीहहीरोतको सामने बाल्सपोनकै
अगाड़ि डेरा हालेर बसून्—त्यसकै वारि
समुद्रनेर तिमीहरूले डेरा हाल्नू। ३ फिर-
ऊनले इस्राएलीहरूका विषयमा भन्नेछ,
'तिनीहरू ता कठीन मुलुकतिर अल्झिएछ
र उजाड़-स्थानले तिनीहरूलाई थुनिदिएछ।'
४ अनि फिरऊनको हृदय म कठोर पार्नेछु,
र मिश्रीहरूले मनै परमप्रभु हुँ भनी थाह
पाउनेछन्।" तब इस्राएलीहरूले त्यसै गरे।
५ जब मिश्रका राजाकहाँ ती मानिसहरू
भागेको खबर पुग्यो तब तिनीहरूप्रति फिरऊन
र तिनको भारादारहरूको मन बदलियो।
तिनीहरूले भने, "यो हामीले के गर्यौं ?
इस्राएलीहरूलाई ता हाम्रो सेवा गर्न नलगाएर
छोडि पो दिएजौं!" ६ अनि तिनले
आफ्नो रथ तयार गरेर आफ्नो सेनालाई
साथमा लिए। ७ तिनले छ सय असल
असल रथहरू र मिश्रका अरू सारा रथहरू,
र ती सबै माथिका कप्तानहरू पनि लिए।
८ अनि परमप्रभुले मिश्रका राजा फिरऊनको
हृदय कठोर पारिदिनुभयो, र तिनले इस्राएली-
हरूलाई खेदे, किनकि इस्राएलीहरू बेधड़क
गइरहेका थिए। ९ तब मिश्रीहरू, अर्थात्
फिरऊनका सारा घोड़ा, रथ औ तिनका
घोड़चढ़ी र सेनाले तिनीहरूलाई खेदे, र
तिनीहरूलाई पीहहीरोतनेर बाल्सपोनको अगाड़ि
समुद्रको किनारमा डेरा हालेर बास बसेकैमा
भेट्टाए।
१० जब फिरऊन बढ़ेर आए, तब
इस्राएलीहरूले आँखा उठाएर हेर्दा मिश्रीहरूलाई
तिनीहरूका पछि पछि आइरहेका देखे, र
इस्राएलीहरू साह्रै डराएर परमप्रभुलाई पुकारा
गरे। ११ तिनीहरूले मोशालाई भने, "के
मिश्रमा चिहानहरू थिएनन्, र तपाईंले
हामीलाई यस उजाड़-स्थानमा मर्नलाई
ल्याउनुभयो ? हामीलाई मिश्रबाट ल्याएर यो
के गर्नुभयो ? १२ के मिश्रमा, 'हामीलाई
मिश्रीहरूको सेवा गर्न छोड़िदिनुहोस्' भनी
हामीले तपाईंलाई भनेका थिएनौं र ? किनकि
उजाड़-स्थानमा मनभन्दा ता हामीलाई
मिश्रीहरूकै सेवा गर्न असल थियो।" १३ तब
मोशाले मानिसहरूलाई भने, "तिमीहरू
नडराओ, परमप्रभुले आज तिमीहरूलाई
दिनुहुने उद्धारलाई स्थिर भएर हेर, किनकि
यी मिश्रीहरू जुनलाई तिमीहरूले आज
देखेका छौ, तिनीहरूलाई तिमीहरू फेरि
कहिल्यै देख्नेछैनौ। १४ परमप्रभुनै तिमी-
हरूका निम्ति लड़नुहुनेछ, तिमीहरू स्थिर
बस।
१५ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"तँ किन मेरो पुकारा गर्छस् ? इस्राएली-
हरूलाई अगि बढ़ने आज्ञा दे। १६ तैंले
चाहिँ आफ्नो लहुरो उठाएर आफ्नो हात
समुद्रतिर पसारेर त्यसलाई दुइ भाग गर्।
इस्राएलीहरू समुद्रको बीचबाट ओबानो
जमीनमा हिंड़ेर जानेछन्। १७ औ हेर्,
मनै मिश्रीहरूको मन कठोर गराउनेछु, र
तिनीहरू तिमीहरूका पछिपछि लाग्नेछन्।
अनि फिरऊन र त्यसका सारा सेना, त्यसका
रथहरू र त्यसका घोड़चढ़ीहरूमाथि मेरो
महिमा हुनेछ। १८ जब फिरऊन, त्यसका
रथहरू र त्यसका घोड़चढ़ीहरूद्वारा मेरो
महिमा हुनेछ, तब मिश्रीहरूले मनै परमप्रभु
हुँ भन्ने कुरा थाह पाउनेछन्।" १९ त्यसपछि
इस्राएलका छाउनीको अगिअगि हिंड़ने
परमेश्वरका दूत हटेर तिनीहरूका पछिल्तिर गए,
र बादलको खामो तिनीहरूका अगिबाट हटेर
तिनीरूहका पछिल्तिर खड़ा भयो। २० त्यो

मिश्रीको छाउनी र इस्राएलको छाउनीको
बीचमा आयो, औ बादल लागिरह्यो र
अँध्यारो भइनै रह्यो। तापनि राती चाहिं
त्यसले उज्यालो पार्‍यो, औ तिनीहरू रातभरि
एका अर्काको नजीक आएनन्। २१ तब
मोशाले आफ्नो हात समुद्रमाथि पसारे, र
परमप्रभुले रातभरि जोरसित पूर्वीय बतास
चल्नइदिनुभयो, र समुद्रलाई पछि पन्साइदिनुभयो,
र पानी दुइ भाग भएर समुद्र ओबानो
जमीन भयो। २२ औ इस्राएलीहरू समुद्रको
बीचबाट ओबानो जमीनमा हिँडेर गए, र
पानी तिनीहरूका दाहिने र देब्रेपट्टि तिनीहरूका
निम्ति पर्खाल भए। २३ मिश्रीहरू र
फिरऊनका घोड़ाहरू, तिनका रथहरू र
घोड़चढ़ीहरू तिनीहरूलाई खेदेर समुद्रको बीचमा
तिनीहरूका पछिपछि लागे। २४ अनि रातको
पछिल्लो पहरमा परमप्रभुले मिश्रीहरूका
सेनालाई आगो र बादलको खामाबाट
हेर्नुभयो, र मिश्रीहरूको सेनालाई अरत व्यस्त
गराइदिनुभयो। २५ उहाँले तिनीहरूका
रथका पाङ्ग्राहरू अड़काइदिनुभयो, औ तिनी-
हरूलाई ती चलाउन यति कठीन पर्‍यो कि
मिश्रीहरू भन्नलागे, "हामी इस्राएलीहरूदेखि
भागौं, किनकि परमप्रभु तिनीहरूका पक्षमा
भएर मिश्रीहरूका विरुद्धमा लड़दैहुनुहुन्छ।"
२६ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"तेरो हात समुद्रमाथि पसार्, र मिश्रीहरू
र तिनीहरूका रथहरू र घोड़चढ़ीहरूमाथि
त्यो पानी फेरि बढ़ेर आओस्।" २७ औ
मोशाले आफ्नो हात समुद्रमाथि पसारे, र
बिहान उज्यालो हुँदा नहुँदा समुद्र फेरि
फर्केर आफ्नै बहावमा बगनलाग्यो, औ मिश्रीहरू
त्यसको विपरीत दिशातिर भाग्नलागे, तर
परमप्रभुले मिश्रीहरूलाई समुद्रको बीचमा
झटकारेर फ्याँकिदिनुभयो। २८ तब पानी
फर्केर आयो र रथहरू, घोड़चढ़ीहरू, अर्थात्
इस्राएलका पछिपछि आएका फिरऊनका
जम्मै सेनालाई पनि छोप्यो, र तिनीहरूमध्ये
एउटै पनि बाँचेन। २९ तर इस्राएलीहरू-
चाहिँ समुद्रको ओबानो जमीनमा हिँडेर गए।
पानी चाहिँ तिनीहरूका दाहिने र देब्रेतिर
पर्खाल भयो। ३० यसरी त्यस दिन परम-
प्रभुले इस्राएलीहरूलाई मिश्रीहरूका हातबाट
बचाउनुभयो, र इस्राएलीहरूले मिश्रीहरूलाई
समुद्रको किनारमा मरेर सोत्तर भएका देखे।
३१ परमप्रभुले मिश्रीहरूमाथि गर्नुभएको त्यो
ठूलो काम इस्राएलले देखे, र मानिसहरूले
परमप्रभुको भय माने। औ मानिसहरूले
परमप्रभु र उहाँका दास मोशामाथि विश्वास
गरे।

मोशाले गाएको स्तुति

१५ तब मोशा र इस्राएलीहरूले परम-
प्रभुको नाउँमा यो स्तुति गाए,
"म परमप्रभुको स्तुतिगान गाउनेछु,
किनकि उहाँले ठूलो विजय गर्नुभएको छ,
घोड़ा र त्यसको सवारलाई
उहाँले समुद्रमा फालिदिनुभयो।
२ परमप्रभुनै मेरो शक्ति र स्तुतिगान
हुनुहुन्छ,
र उहाँ मेरो उद्धार हुनुभएको छ।
उहाँ मेरा परमेश्वर हुनुहुन्छ, म उहाँको
स्तुति गर्नेछु।
मेरा पिता-पुर्खाका परमेश्वर,
म उहाँको प्रशंसा गर्नेछु।
३ परमप्रभुनै योद्धा हुनुहुन्छ,
उहाँको नाउँ परमप्रभु हो।
४ फिरऊनका रथहरू र तिनका
सेनाहरूलाई समेत
उहाँले समुद्रमा फालिदिनुभयो,
र तिनका चुनिएका कप्तानहरू
लाल समुद्रमा डुबे।
५ गहिरा पानीले तिनीहरूलाई छोपे।
तिनीहरू ढुङ्गाझैँ गहिरामा डुबे।
६ हे परमप्रभु, तपाइंको दाहिने बाहुली
शक्तिमा प्रतापी छ,
हे परमप्रभु, तपाईंको दाहिने बाहुलीले

शत्रुहरूलाई चक्नाचूर पार्छ ।
७ तपाइंका विरुद्धमा उठनेहरूलाई
तपाइंको महिमाको उच्चतामा
तपाइंले परास्त गर्नुहुन्छ ।
तपाइंले आफ्नो क्रोधले
तिनीहरूलाई भूसझैं भस्म पार्नुहुन्छ ।
८ तपाइंको नाकको सासले पानीको थुप्रो
लाग्यो,
बाढ़हरू एकै थुप्रो भई सोझो उभिए,
गहिरो पानी समुद्रको बीचमा जमिए ।
९ शत्रुहरूले भने,
'म तिनीहरूलाई खेदेर भेट्टाउनेछु,
लूटिएका मालहरू म बाँड़नेछु ।
तिनीहरूदेखि मेरो लालसा सन्तुष्ट हुनेछ ।
म मेरो तरवार थुत्नेछु,
मेरो हातले तिनीहरूलाई नाश पार्नेछु ।'
१० तपाइंले आफ्नो बतास चलाउनुभयो,
समुद्रले तिनीहरूलाई छोपे,
शक्तिशाली समुद्रमा ती सीसाझैं डुबे ।
११ हे परमप्रभु, देवताहरूमा तपाइंझैं को छ र ?
पवित्रतामा अति महान्, प्रतापी कार्य-
हरूमा भययोग्य र उदेकका कर्म गर्नुहुने
तपाइंझैं को छ र ?
१२ तपाइंले आफ्नो दाहिने बाहुली
पसार्नुभयो ।
पृथ्वीले तिनीहरूलाई निलिहाल्यो ।
१३ तपाइंले छुटकारा गर्नुभएका मानिसहरूलाई
तपाइंले आफ्नो कृपाले डोराउनुभएको छ,
तपाइंले आफ्नो शक्तिद्वारै
तिनीहरूलाई आफ्नो पवित्र
बासस्थानमा अगुवाइ गर्नुभएको छ ।
१४ मानिसहरूले सुनेका छन्, तिनीहरू काम्छन् ।
पलिस्ती देशमा बास गर्नेहरूलाई
पीड़ाले पक्रेको छ ।
१५ तब सदोमका अधिपतिहरू विचलित भए ।
मोआबका शक्तिशाली मानिसहरूलाई
थरहरीले छोप्यो ।
कनानका सारा बासिन्दाहरू बिलिगए ।
१६ हे प्रभो, तपाइंका प्रजा पार नहोउन्जेल,
तपाइंले किन्नुभएका प्रजा पार नहोउन्जेल
त्रास र भय तिनीहरूमाथि परे ।
तपाइंका बाहुलीको शक्तिले गर्दा
तिनीहरू ढुङ्गाझैं अचल भए ।
१७ तपाइंले तिनीहरूलाई ल्याएर
तपाइंको आफ्नो पर्वतमा बसाल्नुहुनेछ,
त्यसै ठाउँमा, हे परमप्रभु, जो तपाइंले
आफ्नो बासको निम्ति बनाउनुभएको छ,
त्यही पवित्र स्थानमा, हे परमप्रभु,
जो तपाइंका बाहुलीले स्थापन
गर्नुभएको छ ।
१८ परमप्रभुले सदा सर्वदै राज्य गर्नुहुनेछ ।"
१९ किनकि जब फिरऊनका घोड़ाहरू र
तिनका रथहरू र घोड़चढ़ीहरूसमेत समुद्रका
बीचमा परे, तब परमप्रभुले तिनीहरूमाथि
समुद्रको पानी फर्काएर ल्याउनुभयो, तर इस्राएली-
हरू समुद्रका बीच ओबानो जमीनमा हिंड़ेर गए ।

मरियमको स्तुतिगान

२० फेरि हारूनकी दिदी, मरियम अगम-
वादिनीले हातमा खैंजड़ी लिइन्, र सबै स्त्रीहरू
पनि खैंजड़ी लिएर नाच्तै तिनका पछिपछि
निस्के । २१ औ मरियम यसो भन्दै
गाउनलागिन्,
"परमप्रभुको स्तुति गाओ,
किनभने उहाँले ठूलो विजय गर्नुभयो ।
घोड़ा र त्यसको सवार समेतलाई
उहाँले समुद्रमा फाल्नुभयो ।"
२२ फेरि मोशाले इस्राएलीहरूलाई लाल
समुद्रबाट अगि डोराएर ल्गे, र तिनीहरू
सूरको उजाड़-स्थानतिर लागे । औ उजाड़-
स्थानमा हिँड़दा तीन दिनसम्म तिनीहरूले पानी
पाएनन् ।

मारा र एलीमसम्मको यात्रा

२३ अनि मारा भन्ने ठाउँमा आएपछि
माराको पानी तिनीहरूले खानसकेनन् , किनकि

त्यो तीतो थियो। यसैले त्यसको नाउँ मारा
भयो। २४ तब मानिसहरू 'हामीले के
पिउने ?' भनेर मोशासित गनगनाउनलागे,
२५ तब तिनले परमप्रभुलाई पुकारा गरे।
अनि परमप्रभुले तिनलाई एउटा रूख देखाइ-
दिनुभयो, र तिनले त्यो पानीमा हाल्दा पानी
मीठो भयो।

त्यहींनै परमप्रभुले तिनीहरूका निम्ति
एक धार्मिक-विधि र एक धार्मिक-विधान
बनाउनुभयो, र उहाँले तिनीहरूको जाँच
गर्नुभयो। २६ औ उहाँले भन्नुभयो,
"तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरका कुरा
ध्यानसित सुन्यौ, उहाँको दृष्टिमा जे ठीक
छ सो गर्‍यौ, र उहाँका आज्ञाहरूमा ध्यान
लगायौ, र उहाँका सबै विधिहरू मान्यौ भने
जुन रोगहरू मैले मिश्रीहरूमाथि ल्याएको थिएँ,
तीमध्ये एउटै पनि तिमीहरूमाथि ल्याउनेछैनँ,
किनकि तिमीहरूलाई निको पार्ने म परमप्रभु हुँ।"

२७ अनि तिनीहरू एलीममा आइपुगे,
जहाँ बाह्रवटा पानीका मूल र सत्तरीवटा
खजूरका बोटहरू थिए। तिनीहरूले त्यहीं
पानीनेर पाल टाँगे।

उजाड़-स्थानमा 'मन्न'

१६ फेरि इस्राएलीहरूका सारा समुदाय
एलीमबाट यात्रा गरेर मिश्रबाट
निस्केको दोस्रो महीनाको पन्ध्रौं दिनमा,
एलीम र सीनैको बीचमा भएको सीनको
उजाड़-स्थानमा आइपुगे। २ तब इस्राएलीहरूका
सारा समुदाय त्यहाँ मोशा र हारूनमाथि
गनगनाउनलागे। ३ अनि इस्राएलीहरूले
तिनीहरूलाई भने, "जब मिश्रमा मासु र
रोटी अघाउन्जेल खान्थ्यौं। त्यसै बेला हामी
परमप्रभुको हातबाट मरेको भएदेखि असल
हुनेथियो, किनकि तपाईंहरूले हामी र हाम्रा
यस जम्मै समुहलाई भोकले मार्न उजाड़-
स्थानमा ल्याउनुभयो।" ४ तब परमप्रभुले
मोशालाई भन्नुभयो, "हेर्, म तिमीहरूका
निम्ति स्वर्गबाट रोटी वर्षाउनेछु, औ
मानिसहरूले दिनहुँ बाहिर गएर दिनदिनको
हिस्सा बटुल्नेछन्, र तिनीहरू मेरो व्यवस्थामा
हिंड़छन् कि हिंड़दैनन् सो म जाँच गर्नसकूँला।
५ छैटौं दिन तिनीहरूले जत्ति बटुल्छन् त्यो
तयारी पारिराखून्, र त्यो अरू दिनभन्दा
दोबर हुनेछ।" ६ तब मोशा र हारूनले
सारा इस्राएलीहरूलाई भने, "बेलुकी तिमी-
हरूले थाह पाउनेछौ, कि परमप्रभुले तिमी-
हरूलाई मिश्रबाट निकालेर ल्याउनुभएको हो।
७ फेरि बिहान चाहिँ तिमीहरूले परम-
प्रभुको महिमा देख्नेछौ, किनकि परमप्रभुको
विरुद्धमा गरेको गनगन उहाँले सुन्नु-
भएको छ, तर हामी को हौं, र तिमीहरू
हाम्रा विरुद्धमा गनगनाउँछौ ?" ८ अनि
मोशाले भने, "परमप्रभुले तिमीहरूलाई बेलुकी
खानलाई मासु र बिहान अघाउन्जेल रोटी
दिनुहुनेछ। तिमीहरूले उहाँको विरुद्ध गरेको
गनगन उहाँले सुन्नुभएको छ। हामी चाहिँ
को हौं र ? तिमीहरूको यो गनगन हाम्रो
विरुद्धमा होइन, तर परमप्रभुको विरुद्धमा
भएको छ।" ९ तब मोशाले हारूनलाई
भने, "इस्राएलका सारा समुदायलाई भन्नुहोस्,
'परमप्रभुका सामने नजीक आओ, किनभने
उहाँले तिमीहरूको गनगन सुन्नुभएको छ'।"
१० अनि इस्राएलका सारा समुदायसित
हारून बोल्दा तिनीहरूले उजाड़-स्थानतिर हेरे।
औ त्यस बेला परमप्रभुको महिमा बादलमा
देखियो। ११ तब परमप्रभुले मोशालाई
भन्नुभयो, १२ "इस्राएलीहरूको गनगन मैले
सुनेको छु। तिनीहरूलाई भन्, 'बेलुकी
तिमीहरूले मासु खानेछौ, र बिहान रोटीले
अघाउनेछौ, र म परमप्रभु तिमीहरूका
परमेश्वर रहेछु भन्ने तिमीहरूले थाह
पाउनेछौ'।" १३ तब बेलुकी बटेर चराहरू
आएर छाउनीनै ढाके, र बिहान चाहिँ
छाउनीका चारैतिर शीत परिरह्यो। १४ औ
जब त्यो शीत सुक्यो तब जमीनमा परेको
तुसारोझैं ससाना डल्ला उजाड़-स्थानभरि

रहेछन् । १५ इस्राएलीहरूले त्यो देखेर
आपसमा भन्नलागे, "यो के हो ?"* किनकि
तिनीहरूले त्यो के हो भनी जान्दैन
थिए । औ मोशाले तिनीहरूलाई भने, "यो
परमप्रभुले तिमीहरूलाई दिनुभएको रोटी हो ।
१६ परमप्रभुले आज्ञा गर्नुभएको छ—'यसबाट
हरेकले आफूले खाने जति बटुल । मानिसै-
पिच्छे एक एक ओमेर,** र तिमीहरूका
परिवारको संख्याअनुसार हरेक मानिसले आफ्नो
आफ्नो तम्बूमा हुनेहरूका निम्ति बटुलोस्' ।"
१७ तब इस्राएलीहरूले त्यसै गरे, कसैले धेरै
कसैले थोरै बटुले । १८ जब तिनीहरूले
त्यो ओमेरले नापे तब धेरै बटुल्नेको ज्यादा
भएन, औ थोरै बटुल्नेको कम भएन ।
तिनीहरू हरेकले आफ्नो खाने जतिनै
बटुले । १९ अनि मोशाले तिनीहरूलाई भने,
"कसैले पनि त्यसबाट केही पनि बिहानसम्म
नराखोस् ।" २० तिनीहरूले मोशाको कुरा
सुनेनन्, तिनीहरूमध्ये कुनै कुनैले त्यसबाट अलि
अलि बिहानसम्मै राखे, र त्यसमा कीरा
लागेर गह्नाउनलाग्यो । औ मोशा तिनीहरूमाथि
क्रोधित् भए । २१ यसरी तिनीहरू बिहान
बिहान हरेक मानिसले आफूले खाने जति
बटुल्थे, र घाम छिप्पिए पछि त्यो बिलि-
हाल्थ्यो । २२ छैटौं दिनचाहिँ तिनीहरूले
दोबर, अर्थात् हरेकको निम्ति दुइ दुइ ओमेर
बटुले । जब समुदायका सबै नाइकेहरू आएर
मोशालाई सोधे २३ तब तिनले तिनीहरूलाई
बताए, "परमप्रभुले भन्नुभएको कुरा यही हो ।
भोलि महा-विश्राम-दिन हो, परमप्रभुको
निम्ति एक पवित्र विश्राम-दिन हो । जे
पकाउनेछ, सो पकाओ, औ जे उमाल्नेछ,
सो उमाल, र जति उब्रिन्छ त्यो आफ्नो
निम्ति बिहानसम्मलाई राख ।" २४ मोशाले
आज्ञा गरेझैं त्यो तिनीहरूले बिहानसम्मै
छोड़िराखे । त्यो गह्नाएन । औ त्यसमा
कुनै कीरा पनि लागेन । २५ तब मोशाले
भने, "त्यो आज खाओ, किनकि आज
परमप्रभुको निम्ति विश्राम-दिन हो । आज त्यो
तिमीहरूले मैदानमा पाउनेछैनौ । २६ छ
दिनसम्म तिमीहरूले त्यो बटुल, तर सातौं
दिन विश्राम-दिन हो, त्यसमा केही पाउने-
छैनौ ।" २७ औ सातौं दिनमा मानिसहरू-
मध्ये कति जना त्यो बटुल्न गए, तर केही
पाएनन् । २८ अनि परमप्रभुले मोशालाई
भन्नुभयो, "कहिलेसम्म तिमीहरू मेरो आज्ञा
र मेरो व्यवस्थाहरू मान्न अस्वीकार गर्छौ ?
२९ परमप्रभुले तिमीहरूलाई विश्राम दिनु-
भएको छ, यसैकारण परमप्रभुले तिमीहरूका
निम्ति छैटौं दिनमा दुइ दिनको भोजन
दिनुहुन्छ । यसैले तिमीहरू हरेक आफ्नो
आफ्नो डेरामानै बसिरहनू । सातौं दिन कुनै
पनि मानिस आफ्नो डेराबाट बाहिर
नआओस् ।" ३० यसैकारण मानिसहरूले
सातौं दिनमा विश्राम गरे । ३१ इस्राएली-
हरूले त्यस थोकको नाउँ 'मन्न' राखे । त्यो
धनियाँजस्तो तर सेतो थियो । त्यसको
स्वाद चाहिँ महमा बनाएको बाबरजस्तो
थियो । ३२ अनि मोशाले भने, "परमप्रभुले
आज्ञा गर्नुभएको छ—'जुन भोजन तिमीहरूलाई
मिश्रबाट निकालेर ल्याउँदा उजाड़-स्थानमा तिमी-
हरूलाई खुवाएको थिएँ, त्यो मानिसहरूले देखून्
भनेर त्यसबाट एक ओमेर जति पुस्तौं पुस्तौं-
सम्मलाई राख' ।" ३३ मोशाले हारूनलाई भने,
"एउटा भाँड़ो लिएर त्यसमा एक ओमेरभरि
मन्न हाल्नुहोस्, र पुस्तौं पुस्तौंसम्मलाई
परमप्रभुको अगाड़ि राख्नुहोस् ।" ३४ तब
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएबमोजिम
हारूनले साक्षी-पाटीको सामने रहिरहोस भनेर
त्यो राखे । ३५ इस्राएलीहरूले चालीस-
वर्षसम्म मन्न खाइरहे, अर्थात् मानिसले
बसोबासो गरेको जग्गासम्म नपुगुन्जेल तिनी-
हरूले त्यो खाए । तिनीहरू कनान देशको
सीमानामा नपुगुन्जेल तिनीहरूले त्यो मन्न
खाइरहे । ३६ (एक ओमेर, एपाको दशौं
भाग हो ।)

*अर्थात्—'मन्न ?' **यहूदी तौल

चटानको पानी

१७ फेरि इस्राएलीहरूका सारा समुदाय
सीनको उजाड़-स्थानबाट परमप्रभुको
आज्ञाबमोजिम पड़ाव पड़ाव यात्रा गरेर रपीदीममा
डेरा बनाए। २ तर त्यहाँ मानिसहरूका
निम्ति खाने पानी थिएन। यसैकारण
मानिसहरूले मोशासित झगड़ा गरेर भने,
"हामीलाई खाने पानी दिनुहोस्।" तब
मोशाले तिनीहरूलाई भने "तिमीहरू किन
मसित कलह गर्दछौ? तिमीहरू किन परम-
प्रभुको परीक्षा गर्दछौ?" ३ औ त्यहाँ
मानिसहरूलाई पानीको तिर्खा लाग्यो, र ती
मानिसहरू यसो भनेर मोशाको विरुद्ध
गनगनाए, "तपाईंले हामी, हाम्रा बाल-बच्चा
र पशुहरूसमेतलाई तिर्खाले मार्न किन
मिश्रबाट यहाँ ल्याउनुभयो?" ४ तब मोशाले
फेरि यसो भनी परमप्रभुलाई पुकारा गरे, "म
यी मानिसहरूलाई के गरूँ? किनकि यिनीहरूले
ता मलाई ढुङ्गाले हान्नै आँटेका छन्।"
५ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"इस्राएलीहरूका बूढ़ा-प्रधानहरूमध्ये कतिलाई
साथमा लिएर मानिसहरूका अगिअगि जा,
तैँले नील नदीलाई हिर्काएको तेरो लहुरो
पनि आफ्नो हातमा लिएर जा। ६ हेर्,
म होरेबमा भएको चटानमा तेरो अगि खड़ा
हुनेछु, र तैँले चटानलाई हिर्काउनू, र
मानिसहरूले पिउनलाई त्यहाँबाट पानी
निस्कनेछ।" तब मोशाले इस्राएलीहरूका
बूढ़ा-प्रधानहरूका सामने त्यसै गरे। ७ औ
'परमप्रभु हाम्रा बीचमा हुनुहुन्छ कि हुनुहुन्न'
भन्ने इस्राएलीहरूको झगड़ा र तिनीहरूले
परमप्रभुको परीक्षा गरेको कारण त्यस ठाँउको
नाउँ तिनले मस्सा* र मरीबा** राखे।

रपीदीममा अमालेकीहरूको बाधा

८ तब अमालेकीहरू आएर रपीदीममा
इस्राएलीहरूका विरुद्धमा लड़े। ९ अनि
मोशाले यहोशूलाई भने, "हाम्रा निम्ति
मानिसहरू चुनेर अमालेकीहरूसित युद्ध
गर्न जाऊ। भोलि म परमप्रभुको लहुरो
मेरो हातमा लिएर डाँड़ाको टाकुरामा खड़ा
हुनेछु।" १० तब मोशाले तिनलाई भने-
बमोजिम यहोशूले गरे, र अमालेकीहरूका
विरुद्धमा लड़नलागे। औ मोशा, हारून र
हूरचाहिँ डाँड़ाको टाकुरामा गए। ११ औ
मोशाले आफ्नो हात माथि उचाली राख्ता
इस्राएलीहरू विजयी हुन्थे। तिनले आफ्नो
हात तल झार्दा अमालेकीहरू विजयी हुन्थे।
१२ तर मोशाका हात थाके, यसकारण
तिनीहरूले एउटा ढुङ्गा ल्याएर तिनी बस्नलाई
राखिदिए, र तिनी त्यसमाथि बसे। हारून
र हूरले चाहिँ तिनका हात थामिराखे—एउटाले
एकापट्टि र अर्कोले अर्कोपट्टि—यसरी सूर्यास्त
नहोउन्जेल तिनका हात स्थिर रहे। १३ अनि
यहोशूले अमालेक र तिनका मानिसहरूलाई
तरवारले सोत्तर पारे। १४ औ परमप्रभुले
मोशालाई भन्नुभयो, "यो कुरो सम्झनाको
निम्ति एउटा पुस्तकमा लेख्, र त्यो यहोशूलाई
बताइदे, कि म अमालेकको स्मृति आकाश-
मनिदेखि बिलकुलै मेटिदिनेछु।" १५ अनि
मोशाले त्यहाँ एउटा वेदी बनाएर त्यसको
नाउँ यहवे-निस्सी* राखे। १६ अनि तिनले
भने, "परमप्रभुले प्रतिज्ञा गर्नुभयो, परमप्रभु
पुस्तौंसम्म अमालेकसित युद्ध गर्नुहुनेछ।"

यित्रो र मोशाको भेट

१८ परमेश्वरले मोशा र आफ्नो प्रजा
इस्राएलका निम्ति गर्नुभएका सारा कुरा,
अर्थात् कसरी परमप्रभुले इस्राएलीहरूलाई
मिश्रबाट निकालेर ल्याउनुभएका थियो, सो
मिद्यानका पूजाहारी, मोशाका ससुरा यित्रोले
सुने। २ मोशाका ससुरा यित्रोले मोशाकी
स्वास्नी सिप्पोरा, जो माइत पठाइएकी थिइन्,

*परीक्षा **झगड़ा

*परमप्रभु मेरो झण्डा

३ र तिनका दुइ छोराहरूलाई लिए,
जुनमध्ये एउटाको नाउँ गेर्शोम* थियो
(किनभने तिनले भने, 'म परदेशमा प्रवासी
भएर रहें।' ४ अर्कोको नाउँ चाहिँ
एलीएजेर** थियो (किनभने तिनले भने,
'मेरा पिताका परमेश्वर मेरा सहायक भएर
मलाई फिरऊनको तरवारबाट छुटकारा दिनुभयो।
५ औ मोशाका छोराहरू र स्वास्नी लिएर
मोशा पाल टाँगेर बसेको उजाड़-स्थान
परमेश्वरको पर्वतमा मोशाका ससुरा यित्रो आए,
६ र मोशालाई यसो भनेर खबर पठाए,
"म तिम्रा ससुरा यित्रो, तिम्रो स्वास्नी र
तिम्रा दुवै छोराहरूलाई लिएर तिमीकहाँ
आएको छु।" ७ तब मोशा आफ्ना ससुरा-
लाई भेट्न निस्के, र भेटेर तिनलाई ढोगेर
म्वाईं खाए। औ तिनीहरूले एका
अर्काको हाल खबर सोधपूछ गरे, र पालमा
आए। ८ अनि परमप्रभुले इस्राएलीहरूका
खातिर फिरऊन र मिश्रीहरूलाई के कसो
गर्नुभयो, औ बाटोमा तिनीहरूलाई परेका सबै
कष्ट र परमप्रभुले उनीहरूलाई छुटकारा
दिनुभएका वृतान्त मोशाले आफ्ना ससुरालाई
सुनाए। ९ अनि तिनीहरूलाई मिश्रीहरूका
हातबाट छुटकारा दिएर ल्याउनुहुँदा इस्राएली-
हरूका निम्ति परमप्रभुले गर्नुभएका सबै
कल्याणको कारण यित्रो खुशी भए। १० औ
यित्रोले भने, "तिमीहरूलाई मिश्रीहरू र फिरऊन-
का हातबाट छुटाउनुहुने परमप्रभु धन्यका
होऊन्। ११ अब मलाई थाह भयो
कि परमप्रभु सारा देवताहरूभन्दा महान्
हुनुहुँदो रहेछ। किनकि जब मिश्रीहरूले
इस्राएलीहरूमाथि अभिमानी व्यवहार गरे तब
उहाँले तिनीहरूलाई मिश्रीहरूका हातबाट
छुटाउनुभयो।" १२ त्यसपछि मोशाका ससुरा
यित्रोले परमेश्वरका निम्ति होमबलि र
बलिदानहरू चढ़ाए। औ हारून र इस्राएलका
सारा बूढ़ा-प्रधानहरू मोशाका ससुरा यित्रोसँग
परमेश्वरको उपस्थितिमा रोटी खान आए।
१३ अनि भोलिपल्ट मोशा मानिसहरूको
इन्साफ गर्नलाई बसे। मानिसहरू चाहिँ
बिहानदेखि बेलुकीसम्म मोशाका वरिपरि आए।
१४ मोशाले मानिसहरूका निम्ति गरेका सबै
काम मोशाका ससुराले देखेर तिनलाई सोधे,
"यो तिमीले मानिसहरूका निम्ति गरेका के
काम हो? किन तिमी मात्र एक्लै बसि-
रहन्छौ? औ मानिसहरू चाहिँ बिहानदेखि
बेलुकीसम्म तिम्रा वरिपरि आउँछन्?"
१५ अनि मोशाले आफ्ना ससुरालाई भने,
"मानिसहरू मद्वारा परमेश्वरसँग आफ्ना कुराहरू
सोध्नलाई आउँछन्। १६ तिनीहरूको केही
कुरा छ भने तिनीहरू मकहाँ आउँछन्, र
कुनै मानिस र त्यसको भाइ-बन्धुको बीचमा म
इन्साफ गरिदिन्छु, औ म तिनीहरूलाई परमेश्वरका
नियम र व्यवस्था बताइदिन्छु।" १७ अनि
मोशाका ससुराले तिनलाई भने, "तिमीले
गरेको यो काम ठीक भएन। १८ निश्चय
तिमी घोटिनेछौ—तिमी र तिम्रा यी सबै
मानिसहरू, किनभने यो काम तिम्रो निम्ति साह्रै
चर्को छ। तिमीले यो काम एक्लै गर्नसक्ने
छैनौ १९ मेरो कुरा सुन, म तिमीलाई एउटा
सल्लाह दिनेछु। परमेश्वर तिमीसित रहून्! तिमी
चाहिँ मानिसहरूका प्रतिनिधि भएर परमेश्वरका
अगि तिनीहरूका मुद्दा उहाँको सामु लैजानू।
२० तिमीले तिनीहरूलाई विधि र व्यवस्था
सिकाउने गर्नू, र तिनीहरूले हिंड्ने मार्ग र
गर्नुपर्ने काम तिनीहरूलाई सिकाइदिनू।
२१ यसबाहेक सबै मानिसहरूमध्येबाट परमेश्वर-
को भय मान्ने औ योग्य मानिसहरू चुन, तिनीहरू
इमान्दारी र चरित्रवान होऊन्। तिनीहरूलाई
हजार हजार, सय सय, पचास पचास र दश
दशमाथि नायक नियुक्त गर। २२ तिनीहरूले
हर समय मानिसहरूको इन्साफ गरून्। सबै
ठूला ठूला विषयहरू चाहिँ तिनीहरूले तिम्रो
सामु ल्याऊन्, तर साना साना विषयहरू चाहिँ
तिनीहरूलेनै इन्साफ गरून्। यसरी तिमीलाई
सजिलो पर्नेछ, र तिनीहरूले पनि तिम्रो भार
बाँड्ने छन्। २३ तिमीले यो उपाय गर्‍यौ

*प्रवासी **परमेश्वर सहायक

भने, औ परमेश्वरले पनि यही आज्ञा तिमीलाई
दिनुभयो भने तिमी टिक्नसक्नेछौ, र यी सबै
मानिसहरू पनि आफ्ना आफ्ना ठाउँमा चित्त
बुझेर जानेछन्।" २४ त्यसैकारण मोशाले
आफ्नो ससुराले भनेको कुरा माने, र तिनले
भने बमोजिमनै सबै गरे। २५ अनि मोशाले
सारा इस्राएलीमध्येका योग्य योग्य मानिसहरू-
लाई छाने, औ तिनीहरूलाई मानिसहरूमाथि
मुखिया बनाए, अर्थात् हजार हजारका नायक,
सय सयका नायक, पचास पचासका नायक
र दश दशका नायक। २६ तिनीहरूले
हर समय मानिसहरूका इन्साफ गर्थे। गाहा
गाहा विषयहरू चाहिं तिनीहरूले मोशाकहाँ
ल्याउँथे, तर हरेक मामुली कुरा तिनीहरू
आफैले इन्साफ गर्थे। २७ अनि मोशाले
आफ्ना ससुरालाई बिदा गरे। अनि तिनी
आफ्नो देशको बाटो लागे।

सीनै पर्वतमा व्यवस्था प्रदानको तयारी

१९ इस्राएलीहरू मिश्रबाट निस्केका तीन
महीना बितेकै दिन तिनीहरू सीनैको
उजाड़-स्थानमा आइपुगे। २ जब तिनीहरू
रपीदीमबाट हिँडेर सीनैको उजाड़-स्थानमा
आइपुगे तब तिनीहरूले उजाड़-स्थानमानै आफ्ना
पाल टाँगे, र त्यही पर्वतकै सामने इस्राएलीहरूले
छाउनी बनाए। ३ तब मोशा परमेश्वरकहाँ
गए, औ परमप्रभुले तिनलाई पर्वतबाट हपारेर
भन्नुभयो, "याकूबका घराना र इस्राएली-
हरूलाई तैंले यसो भन्नू, ४ 'मैंले मिश्रीहरूलाई
के गरें, औ तिमीहरूलाई कसरी गरुड़का पखेटा-
माझ बोकेर मकहाँ ल्याएँ, सो तिमीहरूले
देखेका छौ। ५ यसकारण अब यदि
तिमीहरूले मेरा कुरा साँच्चैनै सुन्यौ र मेरो
करार पालन गर्‍यौ भने समस्त मानिसहरू-
मध्ये तिमीहरू चाहिं मेरो एक निज धन
हुनेछौ, किनकि सारा पृथ्वी मेरै हो।
६ तिमीहरू मेरा निम्ति पूजाहारीहरूको एक
राज्य, र एक पवित्र जाति हुनेछौ।
इस्राएलीहरूलाई तैंले भन्नु पर्ने कुरा यिनै
हुन्।" ७ अनि मोशा तल आए, र
मानिसहरूका बूढ़ा-प्रधानहरूलाई बोलाउनपठाए,
र परमप्रभुले तिनलाई आज्ञा गर्नुभएका यी सबै
कुराहरू तिनीहरूका सामु राखिदिए। ८ तब
सारा मानिसहरूले एक साथ यसो भने,
"परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी
पालन गर्नेछौं।" तब मोशाले मानिसहरूको कुरा
परमप्रभुलाई सुनाइदिए। ९ अनि परमप्रभुले
मोशालाई भन्नुभयो, "हेर्, म तँसित कुरा
गर्दा मानिसहरूले सुनून् र तँलाई सधैं विश्वास पनि
गरून् भनेर म तँकहाँ बाक्लो बादलमा आउनेछु।"
तब मोशाले मानिसहरूका कुरा परमप्रभुलाई
सुनाए। १० त्यसपछि परमप्रभुले मोशालाई
भन्नुभयो, "मानिसहरूकहाँ गएर तिनीहरूलाई
आज र भोलि शुद्ध गर्, र तिनीहरूले
आफ्ना आफ्ना लुगा धोऊन्, ११ औ तेस्रो
दिनको निम्ति तयार रहून्, किनकि तेस्रो
दिन सीनै पर्वतमा सबै मानिसहरूका नजरकै
सामने परमप्रभु आउनुहुनेछ। १२ तैंले चाहिँ
मानिसहरूका निम्ति चारैतिर यसो भनेर बार
लगाउनू, 'होशियार बस, तिमीहरू पर्वतमाथि
नजानू, र त्यसका सीमाना पनि नछुनू, जसले
पर्वत छुन्छ त्यो निश्चय मारिनेछ।
१३ कसैले पनि त्यसलाई नछुनू, छोयो
भने ढुङ्गाले अथवा काँड़ले हानेर मारिनेछ।
पशु होस्, अथवा मानिस, त्यो जीवित
रहनेछैन।' तुरही लामो गरी बज्दा तिनीहरू
पर्वतसम्म आऊन्।" १४ तब मोशा पर्वतबाट
तल मानिसहरूकहाँ उत्रेर आए, र मानिस-
हरूलाई शुद्ध गरे, र तिनीहरूले आफ्ना आफ्ना
लुगा धोए। १५ तब तिनले मानिसहरूलाई
भने, "तेस्रो दिनको निम्ति तयार होओ।
स्त्री-प्रसङ्गमा नजाओ।" १६ तेस्रो दिन
जब बिहान भयो तब पर्वतमा गड़याङ-
गुड़ुङ भयो, र बिजुली चम्क्यो र बाक्लो
बादल पर्वतमा उठ्यो, र तुरहीको अति चर्को
आवाज सुनियो, र छाउनीमा भएका सबै

मानिसहरू थरथर कामे। १७ त्यसपछि
मोशाले मानिसहरूलाई छाउनीबाट परमेश्वरसँग
भेट गर्न ल्याए। तिनीहरू चाहिं पर्वतको
फेदीमा खड़ा भए। १८ परमप्रभु आगोमा
ओर्लेर त्यहाँ आउनुभएको कारणले सीनै पर्वत
बिलकुलै धुवाँ धुवाँले भरियो, र सारा पर्वत
जोरसित काँप्नलाग्यो। १९ जब तुरहीको
आवाज अझ चर्को गरी बज्नलाग्यो तब मोशा
बोल्नलागे, र परमेश्वरले मेघ-गर्जनमा तिनलाई
जवाफ दिनुभयो। २० अनि परमप्रभु सीनै
पर्वतको टाकुरामा ओर्लेर आउनुभयो, र परम-
प्रभुले मोशालाई पर्वतको टाकुरामा बोलाउनु-
भयो र मोशा माथि उक्लेर गए।
२१ तब परमप्रभुले मोशालाई भन्नुभयो, "तल
गएर मानिसहरूलाई सावधान गर्, नत्रता
तिनीहरू परमप्रभुलाई हेर्न बार नाघेर
माथि आउलान् र तिनीहरूमध्ये धेरै नाश
होलान्। २२ औ परमप्रभुको नजीक आउन
पूजाहारीले पनि आफैलाई शुद्ध गरून्, नत्रता
परमप्रभुले तिनीहरूलाई तत्कालै नाश गर्नुहुन्छ।"
२३ अनि मोशाले परमप्रभुलाई भने, "मानिस-
हरू सीनै पर्वतमा उक्लेर आउनसक्तैन, किनकि
तपाईंले हामीलाई 'पर्वतको वरिपरि बार
लगाए र त्यो शुद्ध पार' भनी आज्ञा दिनु-
भएको थियो।" २४ अनि परमप्रभुले तिनलाई
भन्नुभयो, "जा, तँ आफै तल जा, र हारूनको
साथमा माथि उक्लेर आइज। तर पूजाहारी-
हरू र मानिसहरू चाहिं परमप्रभुकहाँ बार
नाघेर उक्ली नआऊन्, नत्रता उहाँले
तिनीहरूलाई तत्कालै नाश गर्नुहुनेछ।"
२५ यसैले मोशा तल मानिसहरूकहाँ ओर्लेर
गए, र तिनीहरूलाई यी कुरा बताइदिए।

दश आज्ञा

२० अनि यी सब कुरा परमेश्वरले
भन्नुभयो, २ "म तेरा परमेश्वर
हुँ, जसले तँलाई मिश्र देश, अर्थात् दासत्वको
घरबाट निकालेर ल्याएँ।

३ मेरो सामने तँले अरू कुनै देवता—
देवीहरू नमान्नू।

४ तँले आफ्नो निम्ति खोपेर कुनै
किसिमको मूर्ति नबनाउनू, औ माथि आकाश
अथवा तल पृथ्वी र पृथ्वीमनि पानीमा भएको
कुनै आकारको प्रतिमूर्ति नबनाउनू। ५ तँ
तिनीहरूका सामने ननिउरनू; तिनीहरूको पूजा
नगर्नू, किनकि म परमप्रभु तेरा परमेश्वर
डाह गर्ने परमेश्वर हुँ, पिता-पुर्खाले गरेको
अधर्म र मेरो अवहेलनाको दण्ड तिनीहरूका
सन्तानहरू, तिनीहरूका तेस्रो र चौथो
पुस्तासम्म दिनेछु, ६ तर मलाई प्रेम गर्ने
र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं
पुस्तामाथि कृपा गर्ने परमेश्वर म हुँ।

७ तँले परमप्रभु आफ्ना परमेश्वरको नाउँ
व्यर्थैमा नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा
लिनेलाई परमप्रभुले निरपराध ठहराउनु-
हुनेछैन।

८ विश्राम-दिन पवित्र मान्नुपर्छ भनी
याद राख्। ९ छ दिनसम्म परिश्रम गरेर
तँले आफ्ना सबै काम गर्, १० तर सातौं
चाहिँ दिन तेरा परमप्रभु परमेश्वरको निम्ति
विश्रामको दिन हो। त्यसमा तँले केही काम
नगर्नू—तँले, तेरो छोराले, तेरी छोरीले,
तेरो कमारा, कमारीले, न गाई-वस्तुले,
तेरो मूल-ढोकाभित्र भएको परदेशीले, केही
काम नगरोस्। ११ किनकि छ दिनमा
परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा
भएका सबै थोक बनाउनुभयो, तर सातौं
दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण
परमप्रभुले विश्रामको दिनलाई आशिष दिनु-
भयो, र त्यसलाई पवित्र गर्नुभयो।

१२ आफ्नो बाबु र आमालाई आदर
गर्, र जुन देश तँलाई तेरा परमप्रभु
परमेश्वरले दिनुहुन्छ, त्यहाँ तेरो आयु लामो
होस्।

१३ तँले हत्या नगर्नू।

१४ तँले व्यभिचार नगर्नू।

१५ तँले चोरी नगर्नू।

१६ तैंले आफ्नो छिमेकीको विरुद्धमा
झूटो साक्षी नदिनू।
१७ तैंले आफ्नो छिमेकीको घरको लालच
नगर्नू। तैंले आफ्नो छिमेकीकी स्वास्नीका
लालच नगर्नू, तेरो छिमेकीको कमारा, कमारी
गोरु, गधा वा त्यसको कुनै पनि थोकको लालच
नगर्नू।"
१८ अनि जब सारा मानिसहरूले गर्जन,
बिजुली र तुरहीको आवाज सुने र पर्वतबाट
धुवाँ उठिरहेको देखे, तब तिनीहरू थरथर
काँपे र टाढै उभिरहे। १९ औ तिनीहरूले
मोशालाई भने, "तपाईं हामीसित बात
गर्नुहोस् र हामी सुन्नेछौं, तर परमेश्वर
हामीसित नबोल्नून्, नत्रता हामी मर्नेछौं।"
२० अनि मोशाले मानिसहरूलाई भने,
"नडराओ, किनकि परमेश्वर तिमीहरूलाई जाँच्न-
लाई औ उहाँको भय तिमीहरूका सामु रहोस्,
र तिमीहरूले पाप नगर भनेर आउनुभएको
छ।" २१ औ मानिसहरू टाढै उभिरहे,
औ परमेश्वर हुनुभएको त्यो बाक्लो बादलमा
उहाँको नजीक मोशा गए।

विभिन्न व्यवस्था र धार्मिक-विधान

२२ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"तैंले इस्राएलीहरूलाई यसो भन्नू, 'स्वर्गबाट
म तिमीहरूसित बातचीत गरेको तिमीहरू
आफैंले सुनेका छौ। २३ म सँगसँगै
तिमीहरूले अरू देवताहरू नबनाउनू। चाँदीका
देवताहरू, सुनका देवताहरू आफ्नो निम्ति
तिमीहरूले नबनाउनू। २४ मेरो निम्ति
माटोको वेदी बनाएर त्यसैमा तिमीहरूका
होमबलि, मेलबलि, भेड़ाहरू र तिमीहरूका
गोरुहरू चढ़ाउनू। जहाँ जहाँ म मेरो नाउँको
सम्झना गर्नू भनी भन्छु, त्यहाँ म तिमी-
हरूकहाँ आएर तिमीहरूलाई आशिष दिनेछु।
२५ तिमीहरूले मेरो निम्ति ढुङ्गाको वेदी
बनाउँदा कुँदेको ढुङ्गाको वेदी नबनाउनू,
किनकि त्यसमा तिमीहरूको हतियार चलाउँदा
तिमीहरूले त्यसलाई अशुद्ध पार्नेछौ। २६ मेरो
वेदीमा खुड्किलो बनाएर नउक्लनू, किनभने
त्यसोगर्दा त्यसमाथि तिमीहरूको नग्नता
उघ्रनेछ।"

२१ अब मैंले तिमीहरूको सामु राख्ने
धार्मिक-विधान यिनै हुन्। २ तिमी-
हरूले हिब्रू कमारा किन्यौ भने त्यसले छ
वर्षसम्म सेवा गरोस्, औ सातौं वर्षमा केही
नतिरी त्यो स्वतन्त्र भएर जाओस्। ३ त्यो
एक्लै आएको भए एक्लै जाओस्। त्यसले
विवाह गरेर आएको भए त्यसकी स्वास्नी
पनि त्यसैसँग जाओस्। ४ यदि त्यसका
मालिकले त्यसलाई स्वास्नी दिएका भए, र
त्यसले छोरा-छोरीहरू जन्माई भने, स्वास्नी
र छोरा-छोरीहरू त्यसका मालिकका हुनेछन्,
र त्यो चाहिँ एक्लै जाओस्। ५ तर यदि
त्यस कमाराले सफासँग, 'मलाई मेरो
स्वास्नी छोरा-छोरीहरूको माया लाग्छ, म
स्वतन्त्र हुनचाहन्नँ' भन्यो भने ६ त्यसको
मालिकले त्यसलाई परमेश्वरकहाँ ल्याओस् र
त्यसलाई ढोका कि ढोकाको संघारमा ल्याएर
त्यसको कान सुतारीले छेंड़ोस्। त्यसपछि
त्यसले सधैंभरिलाई त्यो मालिकको सेवा गरोस्।
७ यदि कुनै मानिसले आफ्नो छोरी
कमारी हुनलाई बेचेको छ भने त्यो चाहिँ
कमाराझैं स्वतन्त्र भएर नजाओस्। ८ त्यस-
लाई ल्याएर पनि त्यसका मालिकलाई त्यो
असल लागेन भने मोल तिरेर त्यो छुट्न-
सक्छ। मालिकले त्यससँग कुव्यवहार गरेको
कारण त्यसलाई विदेशीको हातमा बेच्ने
त्यसलाई अधिकार हुनेछैन। ९ यदि उसले
त्यसलाई आफ्नो छोरालाई दिएको भए,
त्यससित छोरीलाईझैं व्यवहार गरोस्। १० तर
त्यसले अर्की स्वास्नी ल्यायो भने, त्यसको
खानेकुरा, लुगा-फाटा दिनु र दाम्पत्य-कर्तव्य
पूरा गर्नु नछोड़ोस्। ११ यदि त्यसले
त्यससित यी तीनै काम गरेन भने त्यो केही
नतिरी बिना मोल स्वतन्त्र होस्।

१२ कसैले कुनै मानिसलाई मर्ने गरी
हिर्कायो भने त्यसलाई पनि मार्नैपर्छ। १३ तर
यदि कुनै मानिस ढुकेर बसेको थिएन तर
त्यो अर्को मानिसलाई परमेश्वरले त्यसको
हातमा सुम्पनुभएको हो भने, त्यो भाग्नलाई
म एउटा स्थान तेरो निम्ति तोकिदिनेछु।
१४ तर यदि आफ्नो छिमेकीलाई छलले
मार्ने युक्तिनै गरेर कुनै मानिस जाइलाग्यो
भने त्यसलाई मेरो वेदीबाटै भए पनि मार्नको
निम्ति लैजाऊ।

१५ जसले आफ्नो बाबु वा आमालाई
हिर्काउँछ, त्यसलाई मार्नैपर्छ।

१६ जसले कुनै मानिसलाई चोरेर
बेच्यो, अथवा त्यो त्यसकै हातमा फेला पर्‍यो
भने त्यसलाई मार्नैपर्छ।

१७ जसले आफ्नो बाबु वा आमालाई
सराप्छ त्यसलाई मार्नैपर्छ।

१८ यदि मानिसहरू झगड़ा गरेर एउटाले
अर्कोलाई ढुङ्गाले अथवा मुक्काले हिर्कायो, र
त्यो मर्न ता मरेन तर ओछ्यानमा पर्‍यो,
१९ र त्यो फेरि उठेर लाठीको भरले
यताउता हिँड्डुल गर्ने भयो भने त्यसलाई
हिर्काउने मानिस निर्दोष ठहरिनेछ। केवल
त्यो पर्खिरहेको समयको खर्च मात्र त्यसले
देओस्, र त्यो पूरा निको नभएसम्म त्यसले
त्यसको उपचार गरोस्।

२० यदि कुनै मानिसले आफ्नो कमारो
वा कमारीलाई लाठीले हिर्काउँदा त्यसको
हातले त्यो मर्‍यो भने त्यसलाई दण्ड दिनैपर्छ।
२१ तर त्यो एक दुइ दिनसम्म बाँचिरह्यो
भने त्यसलाई दण्ड नमिलोस्, किनकि त्यो
त्यसको धन हो।

२२ यदि मानिसहरू आपसमा लडन्त
गर्दा कुनै गर्भवती स्त्रीलाई चोट लाग्यो, र
त्यसको गर्भ तुह्यो, तर स्त्रीलाई चाहिँ केही
नोक्सानि भएन भने, त्यसलाई त्यो स्त्रीको
पतिले भनेबमोजिम र न्यायकर्त्ताहरूले तोके
अनुसारको दण्ड दिइओस्। २३ तर पछि
त्यसको केही नोकसानी भयो भने प्राणको
सट्टा प्राण, २४ आँखाको सट्टा आँखा,
दाँतको सट्टा दाँत, हातको सट्टा हात, खुट्टाको
सट्टा खुट्टा, २५ डामको सट्टा डाम, चोटको
सट्टा चोट, कुटाइको सट्टा कुटाइ त्यसलाई
मिलोस्।

२६ यदि कुनै मानिसले आफ्नो कमारो
अथवा कमारीको आँखामा हिर्काएर त्यो
बिगारिदियो भने, त्यसको आँखाको कारण
त्यसलाई स्वतंत्र गरिदेओस्। २७ यदि
त्यसले कमारा अथवा कमारीको दाँत झारिदियो
भने, त्यसलाई त्यो दाँतको कारण स्वतंत्र
गरिदेओस्।

२८ यदि गोरुले कुनै पुरुष वा
स्त्रीलाई सीङ्ले हानेर मार्‍यो भने त्यो
गोरुलाई ढुङ्गाले हिर्काएर मार्नू, र त्यसको
मासु नखानू, तर गोरुको मालिकचाहिँ
निर्दोष हुनेछ। २९ तर यदि त्यो
गोरुको अघि पनि हान्ने बानी थियो, र यो
कुराको सूचना मालिकलाई दिएर पनि त्यसले
गोरु बाँधेर नराख्दा कुनै पुरुष वा स्त्रीलाई
मार्‍यो भने, त्यो गोरुलाई ढुङ्गाले हानेर मार्नू,
र त्यसको मालिकलाई पनि मार्नू। ३० तर
त्यस मानिसलाई तिरेर छुटाउने मोल तोकिएको
भए त्यसले आफ्नो प्राणको निम्ति तोकिएको
मोल देओस्। ३१ गोरुले केटा-केटीलाई
हानेर मार्‍यो भने पनि यही नियमअनुसार
गर्नू। ३२ यदि गोरुले कुनै कमारो
अथवा कमारीलाई हानेर मारेको छ भने,
गोरुको धनीले त्यसको मालिकलाई तीस
शेकेल चाँदी देओस्, र त्यो गोरुलाई चाहिँ
ढुङ्गाले हानेर मार्नू।

३३ यदि कुनै मानिसले कूवा उदाङ्गै
राख्यो वा कूवा खनेर त्यो छोपेन र त्यसमा गोरु
कि गधा खस्यो भने ३४ त्यो कूवाको
मालिकले त्यसको क्षतिपूर्ति गरोस्। त्यसले
गोरु कि गधाको मालिकलाई रुपियाँ देओस्,
र त्यो मरेको पशुचाहिँ त्यसकै होस्।

३५ यदि कसैको गोरुले अर्काको गोरुलाई
हानेर मार्‍यो भने तिनीहरूले जिउँदो गोरुलाई

बेचेर त्यसको दाम र त्यो मरेको गोरु पनि
बाँडेर लैजाऊन्। ३६ तर त्यस गोरुको
अघिदेखिनै हान्ने बानी छ भनेर थाह भएर
पनि त्यसको मालिकले त्यसलाई बाँधेर राखेको
थिएन भने, त्यसले निश्‍चय पनि गोरुको सट्टामा
गोरु देओस्, र त्यो मरेको पशुचाहिँ
त्यसकोनै होस्।

विभिन्‍न व्यवस्था र धार्मिक-विधान

२२ यदि कसैले गोरु अथवा भेड़ा चोरेर
त्यसलाई मार्‍यो कि बेच्यो भने, त्यसले
गोरुको सट्टा पाँचवटा गोरु र भेड़ाको सट्टा
चारवटा भेड़ा देओस्। २ यदि चोर घर
फोर्दै गरेको फेला पर्‍यो भने र त्यसलाई पिट्दा
त्यो मर्‍यो भने, त्यसको हत्याको दोष कसैलाई
लाग्नेछैन। ३ तर घाम झुल्किसकेको भए,
त्यसको हत्याको दोष लाग्नेछ, र त्यसको
नोकसानि भरिदिनुपर्छ। त्यससँग केही छ भने,
चोरीको निम्ति त्यो बेचिओस्। ४ यदि
चोरीको माल त्यससँग जीवित पाइयो भने,
त्यो गोरु अथवा भेड़ा जे भए पनि त्यसको
निम्ति दुइ गुणा तिर्नुपर्छ।
५ कसैले आफ्नो पशुलाई छाड़ा छोड़िदियो
र त्यो अर्काको खेत अथवा दाखको बारीमा
चरेर खायो भने, त्यसले आफ्नो खेत र दाख-
बारीको सबैभन्दा असल उब्जनी त्यसको सट्टा
देओस्।
६ यदि झाड़ीमा आगलागी भएर अन्‍नको
थ्रिटा अथवा पाकिरहेको अन्‍न कि खेतनै भस्म
पार्‍यो भने त्यो आगो लगाउनेले क्षतिपूर्ति
गरिदिनैपर्छ।
७ कसैले आफ्नो छिमेकीलाई रुपियाँ
अथवा सामान राख्नलाई दियो, र त्यो त्यस
मानिसको घरबाट चोरियो र चोर पक्राउ पर्‍यो
भने, त्यस चोरले दोबर तिरोस्। ८ तर
चोरचाहिँ पक्राउ परेन भने, त्यस घरको
मालिकले आफ्नो छिमेकीको सामानमा हात
हालेको छ कि छैन सो थाह पाउनलाई
परमेश्वरकहाँ त्यो आओस्। ९ किनभने
जुनसुकै विषयको अपराध होस्, चाहे गोरु
अथवा गधा, वा भेड़ा-बाख्रा, लुगा-फाटा कि
कुनै हराएको वस्तु देखाएर कसैले 'त्यो यही
हो' भन्यो भने दुवै दल परमेश्वरको अगि
आओस्, अनि परमेश्वरले जसलाई दोषी
ठहराउनुहुनेछ त्यसलेनै आफ्नो छिमेकीलाई
दोबर देओस्।
१० यदि कुनै मानिसले आफ्नो छिमेकी-
लाई गधा अथवा गोरु वा भेड़ा-बाख्रा कि अरू
कुनै पशु राख्न दियो, अनि त्यो कसैले
नदेखीकन मर्‍यो अथवा त्यसलाई चोट लाग्यो
कि त्यो खेदेर भगाइदियो भने, ११ ती
दुवैका बीचमा परमप्रभुको शपथ हुनेछ।
त्यसले आफ्नो छिमेकीको सम्पत्तिमा हात
लगाएको हो कि होइन भनेर परमप्रभुको शपथ
खान लाओस्। तब त्यसको मालिकले त्यो
कुरा स्वीकार गरोस्, र त्यसले क्षतिपूर्ति
गर्नुपर्नेछ। १२ तर त्यो त्यसकहाँबाट
चोरिएको हो भने ता त्यसको मालिकलाई भर्ना
दिनुपर्नेछ। १३ त्यो पशुले छिन्‍न-भिन्‍न
पारेको छ भने, त्यसले त्यो गवाहीको निम्ति
ल्याओस्, र त्यो छिन्‍न-भिन्‍न भएको कारण
त्यसले भर्ना तिर्नु नपरोस्।
१४ यदि कसैले आफ्नो छिमेकीबाट
पशुको पैंचो लियो, र त्यसको मालिक साथमा
नहुँदा त्यसलाई चोट लाग्यो, कि मर्‍यो भने,
त्यसले निश्‍चय त्यसको भर्ना देओस्। १५ तर
त्यसको मालिक साथै भएदेखि त्यसले त्यसको
भर्ना दिनुपर्नेछैन। त्यो ज्यालाको हो भने
ज्यालामैं जान्छ।
१६ यदि कसैले मगनी नभएकी कन्ये
केटीलाई फकाएर त्यससित सुत्यो भने, त्यसले
उसलाई उपहारहरू दिएर आफ्नो तुल्याओस्।
१७ तर त्यस केटीका बाबुले त्यो केटी
त्यसलाई दिन इन्कार गर्‍यो भने, त्यसले कन्ये
केटीको रीतिबमोजिम त्यसलाई उपहार
दिनुपर्छ।
१८ मंत्र-तंत्र गर्ने स्त्रीलाई जीवित नराख।

१९ जसले पशुसित कुकर्म गर्छ त्यो
निश्चय मारिओस्।
२० जसले परमप्रभुलाई बाहेक अरू कुनै
देवतालाई बलिदान चढ़ाउला त्यो बिलकुलै
नाश पारिओस्। २१ परदेशीलाई नसताओ
त्यसलाई अत्याचार पनि नगर, किनकि तिमीहरू
पनि मिश्रमा परदेशीनै थियौ। २२ विधवा
अथवा टुहुरालाई दुःख नदेओ। २३ यदि
तिनीहरूले कुनै किसिमले मेरो पुकारा गरे
भने म निश्चय तिनीहरूको पुकारा सुन्नेछु,
२४ र मेरो क्रोध दन्कनेछ। म तिमीहरूलाई
तरवारले मार्नेछु, औ तिमीहरूका स्वास्नीहरू
विधवा हुनेछन् र तिमीहरूका छोरा-छोरीहरू
पितृहीन हुनेछन्।
२५ तिमीहरूसँग हुने मेरो कुनै गरीब
मानिसलाई ऋण दियौ भने त्यसप्रति साहुकार-
जस्तै नहोओ, औ त्यससित व्याज पनि
नलेओ। २६ तिमीहरूका छिमेकीका लुगा
बन्धकमा लिएका छौ भने, सूर्यास्त हुन अघिनै
त्यो त्यसलाई फर्काइदेओ, २७ किनकि त्यो
त्यसको एउटै मात्र ओढ़्ने हो। त्यो त्यसको
आङ्को लुगा हो। त्यो केमा सुत्छ? त्यसले
मेरो पुकारा गर्‍यो भने म त्यसको पुकारा
सुन्नेछु, किनकि म अनुग्रही छु।
२८ परमेश्वरलाई नधिक्कार, औ तिमीहरूका
शासकहरूलाई पनि न सराप। २९ आफ्नो
फसलको प्रशस्ति र दाखको रसबाट चढ़ाउन
बिलम्ब नगर। तिमीहरूका छोराहरूमध्ये
जेठाचाहिं मेरो निम्ति देओ। ३० त्यस्तैगरी
तिमीहरूका गोरु र भेड़ा बाखाबाट पनि देओ।
सात दिनसम्म त्यो त्यसको माऊसित रहोस्।
आठौं दिनमा चाहिं त्यो तिमीहरूले मेरो निम्ति
देओ। ३१ यसरी तिमीहरू मेरो निम्ति पवित्र
जन हुनेछौ। यसकारण तिमीहरूले जङ्गलमा
पशुहरूबाट फहराएको पशुको मासु नखानू।
त्यो तिमीहरूले कुकुरलाई फालिदिनू।

विभिन्न व्यवस्था र धार्मिक-विधिहरू

२३ झूटा साक्षी नदे। दुष्टको साथ लागेर
त्यसको निम्ति झूटो नबोल्।
२ खराबी गर्न भीड़सँग नलाग्, मुद्दामा
बहुमततिर लागी गवाही दिएर इन्साफ नबिगार्,
३ औ गरीब भनेर पनि कसैको मुद्दामा पक्ष
नले।
४ यदि तिमीहरूले आफ्नो शत्रुको गोरु
वा गधा बिच्केर जाँदै गरेको देख्यौ भने,
त्यसलाई फर्काएर फेरि त्यसकहाँ ल्याइदेओ।
५ तिमीहरूसित रीस-इबी गर्नेको गधा भारीले
थिचिएको देख्यौ भने त्यसलाई त्यतिकै नछोड़,
तर त्यसलाई उठाओ।
६ मुद्दामा गरीब मानिसको इन्साफ
नबिगार। ७ झूटा कुराबाट दूर बस।
निरपराध र निर्दोषलाई प्राणदण्ड नदेओ।
दुष्टलाई म कहिल्यै निर्दोष ठहराउनेछैनँ।
८ घूस नखाओ, किनकि घूसले मानिसलाई
अन्धा तुल्याउँछ, र निरपराधको कुरालाई
उल्टाइदिन्छ। ९ प्रवासीलाई अत्याचार
नगर, किनकि तिमीहरू मिश्रमा परदेशी रहेको
कारण तिमीहरूले प्रवासीको मनलाई जान्दछौ।
१० छ वर्षसम्म आफ्नो जमीनमा बिउ
छरेर त्यसको उब्जनी बटूल, ११ तर सातौं
वर्षमा चाहिं त्यो बाँझै छोड़िदेओ, र त्यसबाट
तिमीहरूमध्येको गरीबहरूले खाऊन्। तिनीहरूले
उबारेका चाहिं पशुहरूले खाऊन्। त्यसैगरी
तिमीहरूका दाखबारी र भद्राक्षबारीलाई पनि
गर।
१२ छ दिनसम्म आफ्नो काम-काज गर
औ सातौं दिनमा चाहिं विश्राम लेऊ, र
तिमीहरूको गोरु र गधाले पनि विश्राम पाऊन्।
१३ मैले भनेका यी सबै कुरामा तिमीहरूले
ध्यान देओ। अरू देवताहरूको नावै पनि
नलेओ। त्यो तिमीहरूको मुखबाट उच्चारणै
नहोस्।
१४ वर्षमा तीनपल्ट तिमीहरूले मेरो
निम्ति चाड़ मनाओ। १५ तिमीहरू अखमीरे

रोटीका चाड़ मान। मैंले तिमीहरूलाई
आज्ञा गरेबमोजिम आबीब महीनाको
ठहराएको समयमा सात दिनसम्म अखमीरे
रोटी खानू, किनकि त्यही महीनामा
तिमीहरू मिश्रबाट निस्केर आएका हौ।
कोही पनि मेरो सामने रित्तो हात देखा
नपरोस्। १६ तिमीहरूले छरेको मेहनतको
पहिलो फलको कटनी-चाड़ मनाओ। वर्षको
अन्तमा जब तिमीहरू आफ्नो खेतबाट आफ्नो
मेहनतको फल बटुल्छौ त्यस बेला 'अन्न-
भित्र्याउने' चाड़ मनाओ। १७ वर्षमा
तीनपल्ट तिमीहरूका सबै पुरुषहरू परमप्रभु
परमेश्वरको सामने देखा परून्।

१८ मलाई चढ़ाउने बलिको रगत
खमीरको रोटीसँग नचढ़ाओ। मेरो निम्ति
चाड़मा चढ़ाउने बलिको बोसो बिहानसम्म
रहन नदेओ। १९ तिमीहरूको जमीनको
प्रथम उब्जनीमध्येको अगौटे बालीचाहिं
आफ्ना परमप्रभु परमेश्वरको घरमा ल्याउनू।
बाख्राको पाठा त्यसको माऊको दूधमा
उमालेर नपकाओ।

२० हेर, बाटामा तिमीहरूलाई रक्षा
गर्नलाई र मैंले तयार पारेको ठाउँमा तिमी-
हरूलाई रक्षा गर्नलाई र मैंले तयार पारेको
ठाउँमा तिमीहरूलाई पुऱ्याउनलाई म एउटा
दूत तिमीहरूको अगि अगि पठाउनेछु।
२१ ध्यान दिएर तिनको कुरा सुन। तिनको
विरुद्ध नउठ, किनकि तिनले तिमीहरूको
अपराध क्षमा गर्नेछैनन्, किनकि तिनैमा
मेरो नाउँ छ। २२ तर यदि तिमीहरूले
तिनको कुरा सुन्यौ, र मैंले भनेको सबै
गऱ्यौ भने म तिमीहरूका शत्रुहरूको शत्रु र
तिमीहरूका विरोधीहरूको विरोधी हुनेछु।
२३ किनभने मेरा दूत तिमीहरूको अगि
अगि जानेछन्, र एमोरी, हित्ती, परिज्जी,
कनानी, हिव्वी र यबूसीकहाँ तिमीहरूलाई
पुऱ्याउनेछन्, र म तिनीहरूको नाउँ-निशान
मेटिदिनेछु। २४ तिनीहरूका देवताहरूलाई
न ढोग, तिनीहरूका रीतिअनुसार नगर, तर
तिनीहरूलाई बिलकुलै नष्ट गर, र तिनीहरूका
खामाहरूलाई टुक्रा टुक्रा पार। २५ तिमी-
हरूले परमप्रभु आफ्नो परमेश्वरको सेवा गर्नू,
र उहाँले तिमीहरूका अन्न-पानीमा आशिष
दिनुहुनेछ। म तिमीहरूका बीचबाट रोगहरू
हटाइदिनेछु। २६ तिमीहरूको देशमा कोही
गर्भ तुहुने वा बाँझी हुनेछैन। म तिमीहरूको
आयु पूरा गर्नेछु। २७ म आफ्नो आतंक
तिमीहरूको अगि अगि फैलाउनेछु, र तिमीहरू
जुन मानिसहरूकहाँ जानेछौ तिनीहरू सबैलाई
म परास्त गर्नेछु, म तिमीहरूका सबै शत्रु-
हरूलाई तिमीहरूको सामनेबाट भगाउनेछु।
२८ म तिमीहरूको अगि अगि बच्छयूँ
पठाउनेछु, र तिनीहरूले हिव्वी, कनानी र
हित्तीहरूलाई तिमीहरूका सामनेबाट धपाउने
छन्। २९ म तिनीहरूलाई तिमीहरूको
सामनेबाट एकै वर्षमा धपाउनेछैनँ, नत्रता देश
उजाड़ भएर जानेछ, र जङ्गलका जन्तुहरू धेरै
संख्यामा बढ़नेछन्। ३० अलि अलि गरेर म
तिनीहरूलाई तिमीहरूको सामनेबाट धपाउनेछु,
जबसम्म तिमीहरू बढ़ेर त्यो देश आफ्नो
अधिकारमा पार्नेछैनौ। ३१ म तिमीहरूको
सीमाना लाल समुद्रदेखि पलिश्तीहरूको समुद्र-
सम्म, र उजाड़-स्थानदेखि यसो यूफ्रेटिससम्मै
तोकिदिनेछु, किनकि म त्यस देशका बासिन्दा-
हरूलाई तिमीहरूको हातमा सुम्पनेछु, र
तिमीहरूले तिनीहरूलाई धपाउनेछौ।
३२ तिमीहरूले तिनीहरू र तिनीहरूका
देवताहरूसँग करार नबाँध्नू। ३३ तिमीहरूका
देशमा तिनीहरू रहनेछैनन्, नत्रता तिनीहरूले
तिमीहरूलाई मेरो विरुद्धमा पाप गर्नलाउँछन्,
किनकि तिमीहरूले तिनीहरूको देवताको सेवा
गऱ्यौ भने तिमीहरू निश्चय पनि तिनीहरूका
फन्दामा पर्नेछौ।

मोशा डाँड़ामा गएका

२४ फेरि उहाँले मोशालाई भन्नुभयो,
"तँ, हारून, नादाब, अबीहू र

इस्राएलका बूढ़ा-प्रधानहरूमध्ये सत्तरी जना परमप्रभुकहाँ माथि उक्लेर आओ, र टाढ़ैबाट आफ्नो भक्ति चढ़ाओ। २ औ मोशा मात्र परमप्रभुकहाँ आओस्। अरूहरूचाहिँ नजीक नजाऊन्। मानिसहरू पनि त्योसित माथि उक्लेर नआऊन्।

३ अनि मोशाले आएर परमप्रभुका सबै कुरा र व्यवस्थाका वचनहरू मानिसहरूलाई सुनाए, र सबै मानिसहरूले एकै सोर गरी भने, "परमप्रभुले भन्नुभएका सबै वचनहरू हामी पाल्न गर्छौं।" ४ तब मोशाले परमप्रभुका सबै वचनहरू लेखे र बिहान सबेरै उठेर डाँडामनि एउटा वेदी बनाएर इस्राएलका बाह्र कुलअनुसार बाह्रवटा खामा उभ्याए। ५ तब तिनले इस्राएलका जवान-हरूलाई पठाए र तिनीहरूले परमप्रभुको निम्ति होमबलि र गोरुहरूको मेलबलि चढ़ाए। ६ तब मोशाले आधा रगत लिएर भाँड़ामा हाले, र आधा रगतचाहिँ वेदीमा छर्के। ७ त्यसपछि तिनले करारको पुस्तक लिएर मानिसहरूको सामने पढ़े, औ तिनीहरूले भने, "परमप्रभुले भन्नुभएका सबै कुरा हामी गर्नेछौं र आज्ञाकारी हुनेछौं।" ८ तब मोशाले रगत लिएर मानिसहरूमाथि छर्के, र भने, "हेर, यो त्यो करारको रगत हो, जो परमप्रभुले आफ्नो व्यवस्थाका सबै वचनअनुसार तिमीहरूसित बाँध्नुभएको छ।" ९ त्यसपछि मोशा, हारून, नादाब अबीहू र इस्राएलका बूढ़ा-प्रधानहरूमध्ये सत्तरी जना माथि उक्ले। १० औ तिनीहरूले इस्राएलका परमेश्वरको दर्शन गरे। उहाँका खुट्टाका मन्तिर नीलम ढुङ्गाले छापेको काम आकाशजस्तै सफा थियो। ११ उहाँले इस्राएलीहरूका नाइके-हरूका विरुद्धमा आफ्नो हात उठाउनुभएन, र तिनीहरूले परमेश्वरको दर्शन गरे, र खान-पीन गरे।

१२ अनि परमप्रभुले मोशालाई भन्नुभयो, "पर्वत माथि आएर त्यहाँ मेरो सामु बस्। तैंले तिनीहरूलाई सिकाउनलाई मैले लेखेका आज्ञा र व्यवस्थाका ढुङ्गाका पाटीहरू तँलाई दिनेछु।" १३ तब मोशा र तिनका सेवक यहोशू उठेर परमेश्वरको पर्वतमा गए। १४ औ मोशाले बूढ़ा-प्रधानहरूलाई भने, "हामी तिमीहरूकहाँ नआउन्जेल तिमीहरू यहीं हामीहरूलाई पर्ख। हारून र हूर तिमीहरूसँग छन्। कसैको केही कुरा भए तिनीहरूकहाँ जाऊन्।" १५ तब मोशा पर्वतमा उक्ले र बादलले पर्वतलाई ढाक्यो। १६ परमप्रभुको महिमा सीनै पर्वतमा रह्यो, र बादलले छ दिनसम्म पर्वतलाई ढाकिराख्यो। सातौं दिनमा उहाँले बादलको बीचबाट मोशालाई बोलाउनुभयो। १७ इस्राएली-हरूका दृष्टिमा परमप्रभुको महिमाको रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो। १८ औ मोशा बादलको बीचमा भएर पर्वतमा उक्ले, र तिनी पर्वतमा चालीस दिन र चालीस रात रहे।

पवित्रस्थान र त्यसका सामानहरू

२५ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई भन्, 'तिनीहरूले मेरो निम्ति भेटी ल्याऊन्। हरेकले आफ्नो मनको राजी-खुशीअनुसार चढ़ाएको भेटी तिमीहरूले मेरो निम्ति ग्रहण गर।
३ तिनीहरूबाट लिने भेटी चाहिं यिनै हुन्छन्—सुन, चाँदी, पीतल; ४ नीलो, बैगुने, रातो मिहिन सुती कपड़ा, बाख्राका भुत्ला; ५ रातो रङ्गले रङ्गाएका भेड़ाका छालाहरू, सीलका छालाहरू; बबुलका काठ, ६ बत्तीको निम्ति तेल, अभिषेक गर्ने तेल र सुगन्धित धूपको निम्ति मसाला; ७ एपोद र छाती-पाता, जड़्नको निम्ति गोमेद पत्थर र अरू किसिमका पत्थरहरू। ८ औ म तिनीहरूका मध्यमा बस्नलाई तिनीहरूले एउटा पवित्रस्थान बनाऊन्। ९ मैले तँलाई सबै देखाएबमोजिम पवित्र-स्थानको नमूना र त्यसका सामानहरूको नमूना जस्तै तिमीहरूले बनाउनू।

१० अनि तिनीहरूले बबुल काठको एउटा
सन्दूक बनाऊन्। त्यसको लमाइ दुइ हात
आधा, चौड़ाइ एक हात आधा र उँचाइ एक
हात आधाको होस्। ११ तैँले त्यसलाई
निखुर सुनले मोहोर्नू। भित्र, बाहिर तैँले
त्यसलाई मोहोर्नू। त्यसको चारैतिर सुनको
बिट बनाउनू। १२ त्यसको निम्ति सुनका
चारवटा मुन्द्रा ढालेर त्यसको चार खुट्टामा
लगाउनू—दुइवटा मुन्द्रा एकापट्टि र दुइवटा
मुन्द्रा अर्कोपट्टि होऊन्। १३ फेरि तैँले बबुल
काठका डण्डाहरू बनाएर ती सुनले मोहोर्नू।
१४ ती डण्डाहरू सन्दूकका दुवैतिर भएका
मुन्द्राहरूमा सन्दूक बोक्नलाई हाल्नू। १५ ती
डण्डाहरू सन्दूकका मुन्द्राहरूमै रहनुपर्छ, ती
त्यहाँबाट ननिकाल्नू। १६ त्यस सन्दूकभित्र
साक्षी-पाटी राख्नू, जो म तँलाई दिनेछु।
१७ अनि तैँले निखुर सुनको एउटा
कृपा-आसन बनाउनू, त्यसको लमाइ दुइ हात
आधा र चौड़ाइ एक हात आधा होस्।
१८ औ सुनका दुइवटा करूबहरू* बनाउनू।
सुन पीटेर बनाएको र कृपा-आसनका दुवै
किनारमा ती होऊन्। १९ एउटा करूब
एक छेउमा र अर्को करूब अर्को छेउमा
बनाउनू। कृपा-आसन एउटै टुक्रा जस्तो-
गरी तैँले ती करूबहरू त्यसका दुवै छेउमा
बनाउनू। २० ती करूबहरूले आफ्ना आफ्ना
पखेटा मास्तिर फैलाएका र कृपा-आसनलाई
आफ्ना पखेटाले ढाकेका हुनुपर्छ। तिनीहरूका
मुख आमने-सामने होऊन्। ती करूबहरूका
अनुहार कृपा-आसनतिर फर्केको हुनुपर्छ।
२१ त्यो कृपा-आसनलाई सन्दूकको माथि
राख्नू, अनि सन्दूकभित्र साक्षी-पाटी राख्नू,
जो म तँलाई दिनेछु। २२ त्यहीं म तँसित
भेट गर्नेछु। इस्राएलीहरूको निम्ति जति
आज्ञाहरू म तँलाई दिनेछु ती सबैको विषयमा
कृपा-आसनबाट साक्षी-पाटीको सन्दूकमाथि
हुने ती दुइ करूबहरूका बीचबाट म तँसित
बात गर्नेछु।

*उत्पत्ति ३: २४

२३ तैँले बबुल काठको एउटा टेबल
बनाउनू। त्यसको लमाइ दुइ हात, चौड़ाइ
एक हात र उँचाइ एक हात आधाको होस्।
२४ त्यसलाई निखुर सुनले मोहोर्नू, र त्यसका
चारैतिर सुनको बिट लगाउनू। २५ त्यसका
चारैतिर चार अङ्गुल चौड़ाइ भएको एउटा
घेरा बनाउनू, र घेराका चारैतिर सुनको
बिट लगाउनू। २६ त्यसको निम्ति सुनका
चारवटा मुन्द्रा बनाउनू, र ती मुन्द्राहरू
त्यसका चारै कुनामा लगाउनू। २७ टेबल
बोक्नलाई डण्डाहरूका निम्ति ठाउँ हुनलाई
ती मुन्द्राहरू घेराका छेवैमा होऊन्। २८ ती
डण्डाहरू बबुल काठका होऊन्। तिनलाई
सुनले मोहोर्नू, र तिनैले टेबल बोकिओस्।
२९ तैँले तिनका निम्ति निखुर सुनका थालहरू,
धूपदानहरू, करूवाहरू र खन्याउनको निम्ति
कचौराहरू बनाउनू। ३० टेबलमा मेरो
निम्ति सधैँ भेटीको रोटी राख्नू।
३१ तैँले निखुर सुनको एउटा पानस
बनाउनू। त्यो हातले कमाएर आधार र
डण्डासमेतका बनाउनू। त्यसका कोपिला गाँठा
र फूलहरू सबै त्यही एउटै टुक्राबाट बनाउनू।
३२ त्यसका छवटा हाँगाहरू बाहिरतिर निस्केका
होऊन्—तीनवटा हाँगा पानसको एकापट्टि र
तीनवटा हाँगा अर्कोपट्टिबाट निस्केका होऊन्।
३३ एउटा हाँगामा बदामको फूलजस्तो
तीनवटा कोपिला, एउटा गाँठा र एउटा फूल
गरी होऊन्। अर्को हाँगामा पनि बदामको
फूलजस्तो तीनवटा कोपिला, एउटा गाँठा र
एउटा फूल होऊन्। पानसबाट निस्केका ती
छवटै हाँगामा यस्तै होऊन्। ३४ पानसमा
बदामको फूलजस्तो चारवटा कोपिला आफ्ना
आफ्नै गाँठा र फूलसमेत होऊन्।
३५ पानसबाट निस्केका छवटै हाँगाहरूमध्येका
दुइ दुइवटा हाँगामनि एक एकवटा गाँठा होस्।
३६ ती पानससमेत एउटै टुक्राको बनिऊन्।
तिनका गाँठा र हाँगाहरू त्यही एउटै टुक्राबाट
होऊन्। त्यही एउटै पूरै टुक्राको हातले
कमाएको निखुर सुनको होस्। ३७ त्यसका

सातवटा दियोहरू बनाउनू। ती दियोहरू
पानसको चारैपट्टि उज्यालो पार्नलाई बालि-
राख्नू। ३८ त्यसका चिम्टा र मोसोदानी
निखुर सुनका होऊन्। ३९ यी सबै पात्रहरू-
समेत पानस एक तोड़ाभरि निखुर सुनको
बनिओस्। ४० हेर, पर्वतमा तँलाई देखाएको
नमूनाबमोजिम तैँले ती बनाउनू।

पवित्रस्थान

२६ फेरि तैँले दशवटा पर्दा भएको पवित्र-
स्थान बनाउनू। त्यो मसिनो बाटेको
सुती कपड़ाको र नीलो, बैगुने र रातो रङ्गको
होस्। त्यो सिपालु शिल्पकारको काम भएको
करूबहरूसमेत तैँले बनाउनू। २ हरेक पर्दाको
लमाइ अठाईस हात र चौड़ाइ चार हातको
होस्। सबै पर्दा एकै नापको होस्।
३ पाँचवटा पर्दा एउटा अर्कोसित गाँस्नू, र
अर्को पाँचवटा पनि एउटा अर्कोसित गाँस्नू।
४ पहिलो गाँसिएको पर्दाको पल्लो छेउका
किनार किनारमा नीलो घुणीघर बनाउनू।
दोस्रो जोड़को वल्लो भागको पर्दाको किनार
किनारमा पनि त्यस्तै बनाउनू। ५ एउटा
पर्दामा पचासवटा घुणीघर बनाउनू, औ दोस्रो
गाँसिएको पर्दाको किनार किनारमा पचासवटा
घुणीघर बनाउनू। ती घुणीघरहरू आमने
सामने होऊन्। ६ औ सुनका पचासवटा
खीप बनाएर पर्दाहरू एउटा अर्कोसित
अङ्कुसेहरूले जोड्नू, र यसरी पवित्रस्थान
एउटै हुनेछ।
७ पवित्रस्थानमाथि पालको निम्ति
बाख्राको भुत्लाको पर्दाहरू बनाउनू। तैँले
एघारवटा पर्दा बनाउनू। ८ प्रत्येक पर्दाको
लमाइ तीस हात र चौड़ाइ चार हातको
होस्। एघारै पर्दाको नाप एउटै हुनुपर्छ।
९ पाँचवटा पर्दा एकसाथ र छवटा पर्दा
एकसाथ जोड्नू। छैटौं पर्दालाई चाहिँ पालको
अगिल्तिर दोबर पार्नू। १० पहिला गाँसिएको
पर्दाको पल्लो पाटाको जोड़नीको किनार
किनारमा पचासवटा घुणीघर बनाउनू, र अर्को
गाँसिएको पर्दाको पल्लो पाटाको किनार किनारमा
पनि पचासवटा घुणीघर बनाउनू। ११ पाल
जोड़ेर एउटै बनाउनलाई तैँले पीतलका पचास-
वटा अङ्कुसे बनाउनू, र ती अङ्कुसे घुणीघर-
हरूमा लगाउनू। १२ पालका पर्दाहरूका
बाँकी रहेका झुण्डेको भाग, अर्थात् बाँकी रहेको
आधा पर्दाचाहिँ पवित्रस्थानको पछिल्तिर झुण्डि
रहोस्। १३ पालका पर्दाहरूको लमाइ बाँकी
रहेको एक हात यतातिर र एक हात उतातिर
पवित्रस्थान ढाक्नलाई त्यसको दुवै छेउ छेउमा
झुण्डिरहून्। १४ रातो रङ्ग लगाएको भेड़ाको
छालाको छत पाल ढाक्नलाई बनाउनू, र
त्यसको माथि ढाक्नलाई सीलको छालाको
अर्को एउटा छत बनाउनू।
१५ औ पवित्रस्थानको निम्ति बबुल
काठका फल्याकहरू ठाड़ो ठाड़ो बनाउनू।
१६ हरेक फल्याकको लमाइ दश हात, चौड़ाइ
एक हात र आधाको होस्। १७ हरेक
फल्याकमा दुइ दुइवटा चूलहरू एउटा अर्कोसित
जोड़िएका होऊन्। पवित्रस्थानका सबै फल्याक-
हरू तैँले यसरीनै बनाउनू। १८ पवित्रस्थानको
निम्ति फल्याकहरू दक्षिण तर्फको दक्षिण भागको
निम्ति बीसवटा फल्याक बनाउनू। १९ ती
बीसैवटा फल्याकहरूका मन्तिर चाँदीका चालीस-
वटा चूलघर बनाउनू—दुइ चूलहरूका निम्ति
दुइ चूलघर फल्याकको मन्तिर र अर्को
फल्याकमा पनि दुइ चूलहरूका निम्ति दुइ
चूलघर बनाउनू। २० औ पवित्रस्थानको
अर्कोपट्टि, अर्थात् उत्तरपट्टिको निम्ति बीसवटा
फल्याक, २१ र तिनका चालीस चाँदीका
चूलघर। एउटा फल्याकको मन्तिर दुइवटा
चूलघर र अर्को फल्याकको निम्ति दुइवटा
चूलघर। २२ पवित्रस्थानको पछाड़िको भागमा
अर्थात् पश्चिमतिरको निम्ति छवटा फल्याक
बनाउनू। २३ पछाड़िको भागमा पवित्रस्थानका
कुनाहरूका निम्ति तैँले दुइवटा फल्याक बनाउनू।
२४ ती तलतिर दोबर खप्टाएका होऊन्,
यस्तै किसिमले ती माथि टुप्पासम्म एउटै

मुन्द्रामा जोड़िऊन्। यसरी ती दुवैका निम्ति
होऊन्—ती दुवै कुनाका निम्ति होऊन्।
२५ त्यहाँ आठवटा फल्याक होऊन्, र तिनको
निम्ति चाँदीका सोहवटा चूलघर होऊन्। एउटा
फल्याक मन्तिर दुइवटा चूलघर र दुइवटा
चूलघर चाहिँ अर्को फल्याक मन्तिर होऊन्।
२६ औ तैँले बबुल काठका बारहरू बनाउनू—
पवित्रस्थानका एकातिरका फल्याकहरूका निम्ति
पाँचवटा बार, २७ र पवित्रस्थानका अर्कोतिरका
फल्याकहरूका निम्ति पाँचवटा बार। पवित्र
स्थानका पश्चिमतिर पछाड़िपट्टिका फल्याकहरूका
निम्ति पाँचवटा बार। २८ फल्याकहरूका
बीचमा भएको बार चाहिँ एक छेउदेखि
अर्को छेउसम्म पुगोस्। २९ फल्याकहरू सुनले
मोहोर्नू। बारहरूको ठाउँको निम्ति तिनी-
हरूका मुन्द्राहरू सुनका बनाउनू। बारहरू
सुनले मोहोर्नू। ३० तँलाई पर्वतमा देखाएको
नमूना अनुसार पवित्रस्थान खड़ा गर्नू।
३१ अनि नीलो, बैगुने, रातो र मसिनो
बाटेको सुती कपड़ाको एउटा छेक्ने पर्दा
बनाउनू, त्यो सिपालु शिल्पकारले बनाएका करूब-
हरू भएको होस्। ३२ सुनले मोहोरेका बबुल
काठका चारवटा खामामा त्यो टाँग्नू।
तिनका सुनका अङ्कुसेहरू चारवटा चाँदीका
चूलघरमाथि होऊन्। ३३ तैँले त्यो छेक्ने
पर्दाको भित्र साक्षी-पटीको सन्दूक त्यतातिर
ल्याउनू, र त्यो छेक्ने पर्दाले तिमीहरूका
निम्ति पवित्रस्थानलाई महा-पवित्रस्थानबाट अलग
गर्नेछ। ३४ महा पवित्रस्थानमा साक्षी-पाटीको
सन्दूकमाथि कृपा-आसन राख्नू। ३५ छेक्ने
पर्दाको बाहिरपट्टि चाहिँ टेबल राख्नू, पवित्र-
स्थानको दक्षिणतिर टेबलको सामने पानस
राख्नू, र टेबलचाहिँ उत्तरतिर राख्नू।
३६ पालको ढोकाको निम्ति तैँले नीलो,
बैगुने, रातो र मसिनो बाटेको सुती कपड़ाको
काम गर्नेले बुट्टा बनाएको एउटा पर्दा
बनाउनू। ३७ त्यस पर्दाको निम्ति बबुल
काठका पाँचवटा खामा बनाउनू, र तिनलाई
सुनले मोहोर्नू। तिनका अङ्कुसेहरू सुनका
होऊन्, र तिनका निम्ति पीतलका पाँचवटा
चूलघर बनाउनू।

वेदी र पवित्रस्थानको चोक

२७ अनि तैँले बबुल काठको पाँच हात
लामो र पाँच हात चौड़ा भएको
एउटा वेदी बनाउनू। वेदी चारकुने होस्।
त्यसको उँचाइ तीन हात होस्। २ त्यसका
चारै कुनामा चारवटा सीङ बनाउनू। त्यसका
सीङ त्यही एउटै टुक्राले बनाएका होऊन्।
त्यो पीतलले मोहोर्नू। ३ त्यसका खरानी
उठाउनको निम्ति भाँड़ाहरू, बेल्चाहरू र
पानीका बाटाहरू, र मासु उठाउने काँटाहरू
र आगो राख्ने पात्रहरू बनाउनू—त्यसका
सबै पात्रहरू पीतलका बनाउनू। ४ त्यसको
निम्ति पीतलको जालीको एउटा झिँझिरी
बनाउनू, र जालीमाथि त्यसका चारै कुनामा
पीतलका चारवटा मुन्द्रा लगाउनू,। ५ तैँले
यो चाहिँ वेदीका मन्तिर चारैपट्टिका बिटमनि
राख्नू, र जाली वेदीको बीचसम्म पुगोस्।
६ वेदीको निम्ति बबुल काठका डण्डाहरू
बनाउनू। ती पीतलले मोहोर्नू। ७ त्यसका
डण्डाहरू मुन्द्रामा हाल्नू, र त्यो उठाउँदा
ती डण्डा वेदीका दुवैतिर होऊन्। ८ त्यो तैँले
फल्याकसितै खोक्रो बनाउनू। तँलाई पर्वतमा
देखाएबमोजिम तिनीहरूले त्यो बनाऊन्।
९ तैँले पवित्रस्थानको चोक बनाउनू।
त्यसको दक्षिणतिरको दक्षिण भागको चोकको
निम्ति मसिनो बाटेको सुती कपड़ाहरूका
झालरे पर्दाहरू बनाउनू—एक तर्फको निम्ति
एक सय हात लामो। १० तिनका खामाहरू
बीसवटा र तिनका चूलघरहरू पनि बीसवटै
होऊन्। ती पीतलका होऊन्। तर खामाका
अङ्कुसेहरू र तिनका जोड़नीहरू चाहिँ चाँदीका
होऊन्। ११ त्यस्तै गरी उत्तरको भागको
निम्ति पनि लमाइमा सय हात लामो पर्दाहरू
होऊन्, र तिनका खामाहरू बीसवटा र
तिनका चूलघरहरू पनि बीसवटै होऊन्,

सबै पीतलका। तर खामाहरूका अङ्कुसेहरू
र तिनका जोड्नीहरू चाहिँ चाँदीका होऊन्।
१२ औ चोकको चौड़ाइको निम्ति पश्चिमतिर
पचास हातका पर्दाहरू होऊन्। तिनका
खामाहरू दशवटा र चूलघरहरू दशवटै
होऊन्। १३ चोकको चौड़ाइ पूर्व भागको
पूर्वतिर पचास हातको होस्। १४ मूल-
ढोकाको एक तर्फको निम्ति पन्ध्र हातका
पर्दाहरू होऊन्। तिनका खामाहरू तीनवटा
र चूलघरहरू पनि तीनवटै होऊन्। १५ अर्को
तर्फको निम्ति पन्ध्र हातका पर्दाहरू होऊन्।
तिनका खामाहरू तीनवटा र चूलघरहरू पनि
तीनवटै होऊन्। १६ चोकको ढोकाको
निम्ति नीलो, बैगुने, रातो र मसिनो बाटेको
सुती कपड़ाको बीस हातको पर्दा होस्। त्यसमा
बुट्टा हान्नेको काम होस्। तिनका खामाहरू
चारवटा र चूलघरहरू पनि चारवटै होऊन्।
१७ चोकका चारैतिरका सबै खामाहरू
चाँदीले मोहोरेका होऊन्। तिनका अङ्कुसे
चाँदीका र तिनका चूलघरहरू चाहिँ पीतलका
होऊन्। १८ चोकको लम्बाइ एक सय
हातको र त्यसको चौड़ाइ सबै ठाँउमा पचास
हातको र उँचाइ पाँच हातको होस्—मसिनो
बाटेको सुती कपड़ाको, र तिनका चूलघरहरू
चाहिँ पीतलका होऊन्। १९ पवित्रस्थानका
सबै सेवाका सारा सामानहरू र त्यसका सबै
कीलाहरू र चोकका सबै कीलाहरू पीतलका
होऊन्।

२० अनि तैँले इस्राएलीहरूलाई यी आज्ञा
दिनू—तिनीहरूले प्रकाशको निम्ति भद्राक्षको
कुटेको शुद्ध तेल ल्याऊन्, र दिया निरन्तर
बलिरहोस्। २१ भेट हुने पालमा साक्षी-
पाटीको सामने भएको पर्दाबाट बाहिर हारून
र त्यसका छोराहरूले त्यो साँझदेखि बिहान-
सम्म परमप्रभुको सामने सच्याउने गरून्।
इस्राएलीहरूको निम्ति तिनका पुस्तौंसम्मलाई
यो सनातनको धार्मिक-विधि होस्।

हारून र तिनका छोराहरूका निम्ति पूजाहारी पोशाक

२८ अनि तैँले इस्राएलीहरूका बीचबाट तेरो
दाज्यू हारून र त्यसका छोराहरूलाई
तँकहाँ ले, र त्यसले मेरो निम्ति पूजाहारीको
काममा सेवा गरोस्—हारून, त्यसका छोराहरू
—नादाब, अबीहू, एलाजार र ईतामारलाई
समेत। २ गौरव र शोभाको निम्ति तैँले
तेरो दाज्यू हारूनको निम्ति पवित्र पोशाकहरू
बनाउनू। ३ औ जति बुद्धिमान मानिस
छन्, अर्थात् जसलाई मैले बुद्धिको आत्माले
परिपूर्ण पारेको छु, तिनीहरूलाई तैँले भन्नू,
कि तिनीहरूले हारूनको पोशाक तिनलाई
यो कामको निम्ति स्थापन गर्नलाई बनाऊन्,
र त्यसले पूजाहारीको पदमा मेरो सेवा
गरोस्। ४ तिनीहरूले बनाउनुपर्ने पोशाकहरू
यिनै हुन्—छातीको पाता, एपोद, अलखा,
कोठे लबेदा, एउटा फेटा र पटुका। त्यसले
पूजाहारीको पदमा मेरो सेवा गर्नलाई तिनी-
हरूले तेरो दाज्यू हारून र त्यसका छोरा-
हरूका निम्ति पवित्र वस्त्र बनाऊन्।

५ तिनीहरूले सुन, औ नीलो, बैगुने,
रातो र मसिनो सुती कपड़ा लिऊन्।
६ तिनीहरूले एपोद चाहिँ सुनको, नीलो,
बैगुने, रातो र मसिनो सुती कपड़ाको
निपुण शिल्पकारले बनाएको काम भएको
बनाऊन्। ७ त्यो गाँस्नलाई त्यसका दुवै
छेउमा गाँसेका दुइ काँधे-बन्धन होऊन्।
८ त्यसमाथि भएको खूब राम्रो बुनेको
पटुका बाँध्नलाई त्यही टुक्राको र त्यस्तै काम
भएको सुनको, नीलो, बैगुने, रातो र राम्रो
बाटेको सुती कपड़ा होस्।

९ औ तैँले दुइवटा गोमेद पत्थर ल्याएर
त्यसमा इस्राएलका छोराहरूका नाउँ खोप्नू।
१० तिनीहरूका जन्मअनुसार तिनीहरूमध्ये
छ जनाको नाउँ एउटा पत्थरमा र बाँकी
छ जनाको नाउँ अर्को पत्थरमा खोप्नू।
११ पत्थर खोप्ने शिल्पकारले जसरी छाप

खोप्छ, त्यसरीनै ती दुवै मणिहरूमा इस्राएलका
छोराहरूका नाउँ खोप्नू। तैंले ती सुनका
रत्न जड़िने मणिघरमा जड़न लगाउनू।
१२ औ ती दुवै पत्थर एपोदको काँधे-बन्धनमा
इस्राएलीहरूको निम्ति सम्झनाको पत्थर हुनलाई
लगाउनू, र हारूनले तिनीहरूको नाउँ परमप्रभुको
सामने आफ्ना दुवै काँधमा सम्झनाको निम्ति
बोक्ने गरोस्। १३ अनि तैंले सुनले
जड़ेको मणिघर बनाउनू। १४ निखुर सुनका
डोरीजस्ता बाटेका दुइवटा सिक्री बनाउनू,
र ती बाटेका सिक्री ती मणि-घरमा लगाउनू।
१५ औ न्यायको छाती-पाता सिपालु शिल्प-
कारको कामको बनाउनू,—एपोदको बनावट-
जस्तै त्यो पनि सुनको, नीलो, बैगुने, रातो
र मसिनो बाटेको सुती कपड़ाको बनाउनू।
१६ त्यो वर्गाकार र दोबर होस्। त्यसको
लम्बाइ एक बित्ता र चौड़ाइ एक बित्तै
होस्। १७ तैंले त्यसमा पत्थरका चार
लहर गरी पत्थर जड़नू—पहिलो लहर
सार्डियस, पुष्पराज र पन्नाको लगाउनू।
१८ दोस्रो लहर नीलम, लाल र हीराको,
१९ तेस्रो लहर धूम्रकान्त, सूर्यकान्त र
मतिशको २० औ चौथो लहर पिरोज,
गोमेद र स्फटिकको होस्। यी सबै
सुनका मणिघरहरूमा जड़िऊन्। २१ ती
मणिहरू इस्राएलीहरूको कुलका नाउँअनुसार,
बाह्रवटा होऊन्। औंठीको छापमा भएजस्तै
हरेकको नाउँअनुसार बाह्रै कुलका नाउँ तिनमा
होऊन्। २२ औ छाती-पाताको लागि डोरी
जस्तो बाटेको निखुर सुनका सिक्रीहरू बनाउनू।
२३ औ तैंले छाती-पातामा सुनका दुइवटा
मुन्द्री दुवै छेउमा लगाउनू। २४ औ सुनका
बाटेका दुइवटा सिक्री छेउ छेउमा भएका ती
दुइ मुन्द्रीमा लगाउनू। २५ औ बाटेका
दुवै सिक्रीका अर्को दुइ छेउचाहिँ ती दुवै
मणिघरमा जड़ेर एपोदका काँधे-बन्धनमा
त्यसको सामनेपट्टि लगाउनू। २६ फेरि
सुनका दुइवटा मुन्द्री बनाएर छाती-पाताका
दुवै छेउमा एपोदतिर भित्रपट्टि बिटमा
लगाउनू। २७ सुनका दुइवटा मुन्द्री बनाएर
एपोदका दुवै काँधे-बन्धनमा मनिबाट त्यसको
सामनेपट्टि र त्यसको जोड़नीनेर एपोदको बुट्टा
बनाएको पटुकामाथि लगाउनू। २८ छाती-
पाता चाहिँ त्यसका मुन्द्रीहरूद्वारा एपोदका
मुन्द्रीहरूमा नीलो फिताले यसरी बाँध्नू कि
त्यो एपोदको बुट्टा बनाएको पटुकामा रहोस्,
र त्यो सर्न नपाओस्। २९ जब हारून
पवित्रस्थानमा प्रवेश गर्नेछ त्यसले न्यायको
छाती-पाता आफ्नो हृदयमा परमप्रभुको
सामने निरन्तर सम्झनाको निम्ति इस्राएलका
सन्तानको नाउँमा बोकोस्। ३० तैंले न्यायको
छाती-पातामा ऊरीम र तुम्मीम* राख्नू।
जहिले जहिले हारून परमप्रभुको सामने जान्छ
तहिले तहिले ती त्यसका हृदयमा होऊन्।
हारूनले इस्राएलीहरूको न्याय आफ्नो हृदयमा
परमप्रभुको सामने निरन्तर बोकोस्।

३१ तैंले एपोदको लबेदा सम्पूर्ण नीलो
रङ्गको बनाउनू। ३२ त्यसको बीचमा टाउको
छिराउन र नच्यातिनलाई प्वाल होस्।
प्वालको रिङ्गै कवचको प्वालजस्तै बुनेको
बिट होस्। ३३ त्यसको तल फेरोमा
चाहिँ रिङ्गै नीलो, बैगुने, र रातो रङ्गका
दारीमहरू बनाउनू र बीच बीचमा चाहिँ
रिङ्गै सुनका घण्टीहरू लगाउनू, ३४ अर्थात्
एउटा सुनको घण्टी र एउटा दारीम, एउटा
सुनको घण्टी र फेरि एउटा दारीम गरी
लबेदाको फेरोमा रिङ्गै होस्। ३५ हारूनले
सेवा गर्दा त्यो लगाओस्। त्यो पवित्र-
स्थानभित्र परमप्रभुको सामने प्रवेश गर्दा,
बाहिर निस्कँदा, त्यसको आवज सुनिन्छ।
नत्रता त्यो मर्नुसक्छ।

३६ फेरि तैंले निखुर सुनको एउटा
पात्र बनाएर त्यसमा औंठीको छाप खोपेझैं
यो कुरो खोप्नू, 'परमप्रभुको निम्ति पवित्र'।
३७ त्यो नीलो फितामा बाँध्नू, र त्यो
फेटामाथि सामने पट्टि होस्। ३८ हारूनको
निधारमा त्यो होस्, र इस्राएलीहरूले जे

*ज्योति र पूर्णता

जे पवित्र ठहराउँछन्, अर्थात् तिनीहरूले जे
जति पवित्र भेटीमा चढ़ाउँछन्, ती पवित्र
थोकहरूको दोष हारूनले बोकोस्, र त्यो
निरन्तर त्यसको निधारमा रहनेछ, यसरी
तिनीहरू परमप्रभुको सामने ग्रहण हुनसकून्।
३९ लबेदाचाहिँ मसिनो सुती कपड़ाको कोठै-
कोठा परेको बनाउनू, र फेटा पनि मसिनो
सुती कपड़ाको बनाउनू। बुट्टा हान्नेको काम
भएको पटुका पनि बनाउनू। ४० तैँले
हारूनका छोराहरूका निम्ति लबेदाहरू
बनाउनू। तिनीहरूका गौरव र सुन्दरताको
निम्ति। तैँले पटुका र टोपीहरू बनाउनू।
४१ ती तैँले आफ्ना दाज्यू हारून र त्यसका
छोराहरूलाई समेत पहिराउनू। तब तिनी-
हरूलाई अभिषेक गरेर स्थापन गर्नू, औ
तिनीहरूलाई पवित्र पार्नू, र तिनीहरूले
पूजाहारीको पदमा मेरो सेवा गरून्।
४२ तैँले तिनीहरूका निम्ति तिनीहरूका नग्नता
ढाक्नलाई सुती कपड़ाको छोटो सुरुवाल
बनाउनू। ती कम्मरदेखि जाँघसम्म पुगून्।
४३ हारून कि त्यसका छोराहरू भेट हुने
पालमा प्रवेश गर्दा. अथवा पवित्रस्थानमा सेवाको
निम्ति वेदीको नजीक आउँदा, ती तिनीहरूले
लगाएका होऊन्, नत्रता तिनीहरूले दोष
गर्नेछन् र मर्नेछन्। यो चाहिँ त्यसको निम्ति
र त्यसपछि आउने त्यसका सन्तानको निम्ति
सधैँको धार्मिक-विधि हुनेछ।

पूजाहारीहरूको समर्पण

२९ तिनीहरूले पूजाहारीको पदमा मेरो
सेवा गरून् भनेर तिनीहरूलाई पवित्र
गर्न तैँले तिनीहरूका निम्ति गर्नुपर्ने काम
यही हो,—एउटा बाछा र दुइवटा निष्खोट
भेड़ा लिएर आइज, २ र अखमीरे रोटी, र
तेलमा मिसाएको अखमीरे फूलौरो र तेल
दलेको अखमीरे बाबर—ती सबै मसिनो गहुँको
पीठोको बनाउनू। ३ अनि ती एउटा
टोकरीमा हालेर त्यो टोकरी, बाछा र ती दुवै
भेड़ा ल्याउनू। ४ त्यसपछि हारून र त्यसका
छोराहरूलाई भेट हुने पालको ढोकानेर
ल्याएर तिनीहरूलाई तैँले पानीले नुहाइदिनू।
५ ती पोशाकहरू ल्याएर हारूनलाई
चाहिँ लबेदा, एपोदको पोशाक, एपोद
र छाती-पाता पहिराएर एपोदको निपुण
बुट्टा काढ़ेको पटुका त्यसमाथि बाँधिदिनू।
६ त्यसको शिरमा त्यो फेटा लगाइदिनू, र
फेटामाथि पवित्र मुकुट लगाइदिनू।
७ त्यसपछि अभिषेक गर्ने तेल लिएर त्यसको
शिरमा खन्याई त्यसलाई अभिषेक गर्नू।
८ फेरि त्यसका छोराहरूलाई ल्याएर
तिनीहरूलाई लबेदा पहिराइदिनू। ९ हारून
र त्यसका छोराहरूलाई पटुका बाँधिदिनू
र तिनीहरूका शिरमा टोपी लगाइदिनू।
यसरी सदाको धार्मिक-विधिद्वारा तिनीहरूले
पूजाहारीपद पाउनेछन्। त्यसपछि हारून र
त्यसका छोराहरूलाई अर्पण गर्नू। १० अनि
त्यो बाछा भेट हुने पालको सामने ल्याउनू,
र हारून र त्यसका छोराहरूले बाछाको शिरमा
आफ्ना हात राखून्। ११ त्यो बाछालाई
परमप्रभुको सामने भेट हुने पालको ढोकाको
सामने बलि गर्नू। १२ बाछाको रगतबाट केही
लिएर तेरो औंलाले वेदीका सीङ्हरूमा
लगाउनू, र अरू सबै रगतचाहिँ वेदीको
जगमा खन्याइदिनू। १३ अनि तैँले
आन्द्राहरू ढाक्ने सबै बोसोहरू र कलेजो-
माथिको जाली र दुवै मिर्गौला र तीमाथिको
बोसोसमेत लिएर वेदीमा डढ़ाउनू।
१४ तर बाछाको मासु र त्यसको छाला र
त्यसको गोबरचाहिँ छाउनीदेखि बाहिर
आगोमा डढ़ाउनू। त्यो पापबलि हो।
१५ फेरि एउटा भेड़ा लिनू, र हारून र
त्यसका छोराहरूले भेड़ाको शिरमा आफ्ना
आफ्ना हात राखून्। १६ औ भेड़ालाई बलि
गरी त्यसको रगत लिएर वेदीमा रिङ्गै छर्कनू।
१७ औ त्यो भेड़ालाई टुक्रा टुक्रा पारेर
त्यसका आन्द्रा र खुट्टाहरू धोएर त्यसका
टुक्राहरू शिरसँगै राखिदिनू। १८ त्यो

सिङ्गै भेड़ा वेदीमाथि डढ़ाउनू। त्यो चाहिं
परमप्रभुको निम्ति होमबलि हो। परमप्रभुको
निम्ति मीठो बास्ना आगोद्वारा तयार गरिएको
बलि त्यो हो। १९ तैंले अर्को भेड़ा लिनू,
र हारून र त्यसका छोराहरूले भेड़ाको
शिरमाथि आफ्ना आफ्ना हात राखून्।
२० तब भेड़ालाई बलि गरेर त्यसको
रगतबाट हारूनको दाहिने कानको लोतीमा
र त्यसका छोराहरूका दाहिने कानका लोतीमा,
र तिनीहरूका दाहिने दाहिने हातका बूढ़ी
औंला र दाहिने दाहिने खुट्टाका बूढ़ी
औंलामा लगाउनू, र रगत वेदीको रिङ्गै
छर्कनू। २१ फेरि वेदीमा भएको रगत र
अभिषेक गर्ने तेलबाट अलि अलि लिएर
हारून र त्यसका पोशाकहरू र त्यसका
छोराहरूमाथि र त्यससित हुने त्यसका छोरा-
हरूका पोशाकहरूमाथि छर्कनू। यसरी त्यो,
त्यसका पोशाक, त्यसका छोराहरू र त्यसका
छोराहरूका पोशाकहरूसमेत पवित्र हुनेछन्।
२२ तैंले भेड़ाको बोसो र बोसे-पुच्छर र
आन्द्रा ढाक्ने बोसो र कलेजामाथिको जाली
र बोसोसमेत दुवै मिर्गौला र दाहिने फिला
लिनू, किनभने त्योचाहिँ स्थापन गर्ने
भेड़ा हो। २३ परमप्रभुको सामने भएको
अखमीरे रोटीको डालोबाट एउटा रोटी र
तेलमा पोलेको एउटा फुलौरो र एउटा बाबर
लिएर २४ ती सबै हारून र त्यसका
छोराहरूका हातमा राख्नू। ती परमप्रभुको
सामने डोलाउने भेटीको रूपमा डोलाउनू।
२५ ती तिनीहरूका हातबाट लिएर परमप्रभुको
सामने बास्नाको निम्ति होमबलिमाथि वेदीमा
डढ़ाइदिनू। यो परमप्रभुको निम्ति मीठो
बास्ना, आगोद्वारा तयार गरिएको बलि हो।
२६ अनि हारूनलाई स्थापन गर्ने भेड़ाको
छाकुलो लिएर परमप्रभुको सामने डोलाउने
भेटीको रूपमा डोलाउनू। त्यो चाहिं तेरो भाग
हुनेछ। २७ स्थापन गर्ने भेड़ा, अर्थात् हारून
र त्यसका छोराहरूका निम्ति त्यसमध्ये डोलाएको
भेटीको छाकुला, जो डोलाएको छ, औ
उठाएको भेटीको फिला, जो उठाएको छ,
यी दुवै पवित्र गर्नू। २८ हारून र त्यसका
छोराहरूका निम्ति इस्राएलीहरूले सधैं दिनु
पर्ने विधि यही होस्, किनभने यो उठाइएको
भेटी हो। किनभने इस्राएलीहरूले आफ्ना
मेलबलिहरूबाट चढ़ाउनुपर्ने पूजाहारीहरूको
भाग त्यही हो। परमप्रभुको निम्ति तिनीहरूको
उठाइएको भेटी यही हो। २९ हारूनका
पवित्र पोशाक त्यसका पछि त्यसका छोराहरूका
निम्ति होस्, र तिनीहरू त्यही पहिरेर
अभिषेक भई अर्पण गरिऊन्। ३० त्यसको
सट्टामा पूजाहारी हुने छोरो भेट हुने
पालमा पवित्रस्थानभित्र सेवा गर्नलाई आउँदा,
सात दिनसम्म त्यसले त्यो पहिरोस्।
३१ औ स्थापना गर्ने भेड़ा लिएर त्यसको
मासु एक पवित्र ठाउँमा पकाउनू। ३२ त्यसपछि
हारून र त्यसका छोराहरूले त्यस भेड़ाको
मासु र टोकरीमा भएका रोटी भेट हुने
पालनेर खाऊन्।

३३ तिनीहरूलाई स्थापन र पवित्र
गर्नलाई जुन जुन थोकले प्रायश्चित गरिएका थिए,
ती तिनीहरूले खाऊन्। तर कुनै अन्य मानिसले
चाहिँ नखाऊन्, किनभने ती पवित्र हुन्।
३४ स्थापन गरेको मासु, अथवा रोटीमध्येको
केही बिहानसम्म उब्र्यो भने ती उब्रेको थोक
आगोमा डढ़ाइदिनू। त्यो नखानू, किनभने
त्यो पवित्र हो। ३५ तैंलाई मैंले दिएका
सबै आज्ञाबमोजिम हारून र त्यसका छोरा-
हरूलाई गर्नू। तिनीहरूलाई सात दिनसम्म तैंले
अलग गर्नू। ३६ प्रायश्चित को निम्ति पाप-
बलिको बाछा दिनहुँ तैंले चढ़ाउनू, र जब
त्यसको निम्ति प्रायश्चित गर्लास् तब पवित्र
गर्नको निम्ति त्यसलाई अभिषेक गर्नू।
३७ सात दिनसम्म तैंले वेदीको निम्ति
प्रायश्चित गर्दैरहनू, र त्यसलाई पवित्र पार्नू,
वेदी महा पवित्र हुनेछ। जे जेले त्यो
वेदी छोला त्यो पवित्र हुनेछ।

३८ अब वेदीमा तैंले चढ़ाउनुपर्ने कुरो
यही हो, अर्थात् दिनहुँ दुइवटा पहिलो वर्षका

थुमा निरन्तर चढ़ाउनू। ३९ एउटा चाहिं
थुमा बिहान चढ़ाउनू र अर्को चाहिं बेलुकी।
४० एउटा थुमासित एक पावा हीन* कूटेको
तेलमा मुछेको एपाको दशौं हिस्सा मिहीन
पीठो, र अर्घको निम्ति चाहिं एक पावा
हीन दाखमद्य चढ़ाउनू। ४१ अर्को चाहिं
पाठो बेलुकी चढ़ाउनू, र त्यससँग बिहानको
अन्नबलि, अर्घबलि अनुसार होस्। परमप्रभुको
निम्ति मीठो बास्ना, आगोद्वारा तयार गरिएको
बलि त्यो होस्। ४२ तिमीहरूका पुस्ता
पुस्ताको निम्ति परमप्रभुको सामने भेट हुने
पालनेर त्यो निरन्तरको होमबलि होस्, त्यही
ठाउँमा, जहाँ म तँसित बात गर्नलाई तसँग
भेट गर्छु। ४३ इस्राएलीहरूसित म त्यहींनै
भेट गर्नेछु, र त्यो पाल मेरो महिमाले
पवित्र हुनेछ। ४४ म भेट हुने पाल र
वेदीलाई पवित्र गर्नेछु। हारून र त्यसका
छोराहरूलाई पनि मेरो निम्ति पूजाहारी पदमा
मेरो सेवा गर्नलाई पवित्र गर्नेछु। ४५ म
इस्राएलीहरूका बीचमा बास गर्नेछु, र तिनी-
हरूका परमेश्वर हुनेछु ४६ तिनीहरूका
मध्यमा बस्न भनी तिनीहरूलाई मिश्रबाट
निकालेर ल्याउने म परमप्रभु तिनीहरूका
परमेश्वर हुँ भनी तिनीहरूले जान्नेछन्। म
परमप्रभु तिनीहरूका परमेश्वर हुँ।

धूपको वेदी र पीतले भाँड़ो

३० अनि तँले धूप बाल्नको निम्ति एउटा
वेदी बनाउनू। त्यो तँले बबुल काठको
बनाउनू। २ त्यसको लमाइ एक हात र
त्यसको चौड़ाइ एक हात होस्। त्यो
चारकुने होस्, र त्यसको उँचाइ दुइ हातको
होस्। त्यसका सीङ्हरू त्यही एउटै टुक्राका
होऊन्। ३ त्यसको माथिल्लो र चारैतिरका
पाटाहरू त्यसका सीङ्हरूसमेत निखुर सुनले
मोहोर्नू, र त्यसको निम्ति रिङ्गै सुनको एउटा
बिट बनाउनू। ४ त्यसको बिटमनि त्यसका
दुवै पाटामा सुनका दुइवटा मुन्द्रा बनाएर
त्यसका दुवैतिर लगाउनू, र ती, बोक्ने
डण्डाहरूको लागि घर होऊन्। ५ डण्डाहरू
बबुल काठका बनाएर सुनले मोहोर्नू।
६ त्यो साक्षी-पाटीको सन्दूकनेर भएको
पर्दाको सामने राख्नू, अर्थात् साक्षी-पाटीमाथि
भएको कृपा-आसनको सामने, जहाँ म तँसित
भेट गर्नेछु। ७ त्यसमा हारूनले सुगन्धित
मसालाको धूप जलाओस्। प्रत्येक बिहान बत्ती-
हरू सच्याउँदा त्यसले त्यो जलाओस्।
८ फेरि बेलुकी हारूनले बत्ती बाल्दा त्यो
जलाओस्। यसरी तिमीहरूका पुस्ता पुस्ता-
सम्म परमप्रभुको सामने त्यो निरन्तरको धूप
हुनेछ। ९ त्यसमा तिमीहरूले अरू
किसिमको धूप, होमबलि, अन्नबलि नचढ़ाउनू
औ अर्घ पनि नचढ़ाउनू। १० हारूनले वर्षमा
एकपल्ट त्यसका सीङ्हरूमा प्रायश्चित गरोस्,
अर्थात् तिमीहरूका पुस्ता पुस्तासम्म वर्षमा
एकपल्ट प्रायश्चितको पापबलिको रगतले
त्यसमा प्रायश्चित गरोस्। त्यो परमप्रभुको
निम्ति महा पवित्र हो।"
११ तब परमप्रभुले मोशालाई भन्नुभयो,
१२ "तँले इस्राएलीहरूको जनगणना गर्दा
तिनीहरूमाथि केही विपत्ति आई नलाग्न-
लाई तिनीहरूमध्येको हरेक जनले आफ्नो
आफ्नो प्राणको उद्धारको निम्ति परमप्रभुलाई
यसरी देओस्, र गणना गर्दा तिनीहरूमाथि
कुनै विपत्ति आउनेछैन। १३ जति
जना गनिन्छन् तिनीहरूले पवित्रस्थानको
शेकेलको हिसाबले आधा-शेकेल दिनुपर्नेछ—
(एक शेकेल बीस गेराको हुन्छ)। यसरी
परमप्रभुको भेटी आधा शेकेलको होस्।
१४ अनि जति जना गनिन्छन्, अर्थात्
बीस वर्ष र त्यसभन्दा माथिको हरेकले
परमप्रभुको भेटी देओस्। १५ जब तिमीहरूको
प्राणको प्रायश्चितको निम्ति परमप्रभुको भेटी
दिइन्छ, तब धनीले आधा शेकेलभन्दा बढ़ी र
गरीबले त्यसभन्दा कम नदेओस्। १६ इस्राएली-
हरूबाट प्रायश्चितको रुपियाँ लिएर भेट हुने

* यहूदीहरूको तरल पदार्थको नाप वा तौल

पालको सेवाको निम्ति त्यो ठहराउनू, र त्यो
तिमीहरूको प्राणको प्रायश्चित गर्नलाई परम-
प्रभुको सामने इस्राएलीहरूको निम्ति होस्।"
१७ तब परमप्रभुले मोशालाई भन्नुभयो,
१८ "धुनलाई पीतलको एउटा बाटा बना।
त्यसको खुट्टा पनि पीतलको होस्। त्यो भेट
हुने पाल र वेदीको बीचमा राखेर त्यसमा
पानी हाल्नू। १९ त्यसमा हारून र त्यसको
छोराहरूले आफ्ना आफ्ना हात-गोडा धोऊन्।
२० जब तिनीहरू भेट हुने पालमा पस्छन्,
कि वेदीनेर सेवा गर्नलाई परमप्रभुको निम्ति
आगोद्वारा तयार गरिएको बलि जलाउनलाई
आउँछन्, तब तिनीहरूले यही पानीले हात-
गोडा धोऊन् र तिनीहरू नमरून्। २१ यसरी
तिनीहरूले आफ्ना आफ्ना हात-गोडा धोइ-धाइ
गरून् र नमरून्। यो तिनीहरूका निम्ति,
अर्थात् त्यसको र त्यसको सन्तानको निम्ति
तिनीहरूका पुस्ताभरि सदाको धार्मिक-विधि
होस्।" २२ फेरि परमप्रभुले मोशालाई
भन्नुभयो, २३ "तैंले मुख्य मुख्य मसाला, अर्थात्
पाँच सय शेकेल तरल मूर्र र त्यसको आधा,
अर्थात् अढ़ाइ सय शेकेल दालचिनी, र अढ़ाइ सय
शेकेल सुगन्धित काठ, २४ र पवित्रस्थानको
शेकेलको हिसाबले पाँच सय शेकेल तेजपात
र एक हीन भद्राक्षको तेल लिएर २५ अभिषेक
गर्ने पवित्र तेल बनाउनू, अर्थात् बास्ना
दिने सुगन्धित मसाला बनाउनेलेझैं बनाउनू।
अभिषेक गर्ने त्यो पवित्र तेल होस्।
२६ भेट हुने पाल र साक्षी-पाटीको सन्दूक,
२७ र टेबल, त्यसका सबै सामानसमेत, र
पानस त्यसको सबै सामानसमेत, र धूप-वेदी,
२८ औ होम-वेदी त्यसका सबै सामानहरूसमेत
र धुने बाटा त्यसका खुट्टाहरूसमेत त्यसैले
अभिषेक गर्नू। २९ यसरी यिनीहरूलाई पवित्र
गर्नू, र ती महा पवित्र होऊन्। जुन चीजले
तिनलाई छुन्छ त्यो पवित्र हुनेछ। ३० हारून
र त्यसका छोराहरू समेतलाई अभिषेक गरेर
तिनीहरूलाई पवित्र गर्नू, र तिनीहरूले पूजाहारी-
पदमा मेरो सेवा गरून्। ३१ औ इस्राएली-
हरूलाई यसो भन्नू, 'त्यो तिमीहरूका पुस्तौंभरि
मेरो निम्ति पवित्र अभिषेक-तेल होस्।'
३२ त्यो कोही मानिसको शरीरमा नखन्याओस्,
औ मिसाएर त्यो जस्तै अरू केही नबनाउनू।
त्यो चाहिं पवित्र हो, र तिमीहरूका निम्ति
पनि पवित्र होस्। ३३ औ जसले मिसाएर
त्यो जस्तै केही बनाउला, अथवा त्यसबाट कोही
अन्य मानिसको शरीरमा लगाउला त्यो आफ्नो
मानिसहरूबाट बहिष्कृत हुनेछ।"
३४ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"सुगन्धित मसाला, नखी र कुन्दहरू र
सालधूप शुद्ध मूर्र समेत सुगन्धित मसालाहरू
तौलमा सबै बराबर लिएर ३५ त्यसको धूप
बनाउनू, अर्थात् नून मिसाएर अत्तर बनाउनेले
जस्तै निखुर र पवित्र सुगन्धित मसाला
बनाउनू। ३६ त्यसमध्ये केही कुटेर मसिनो
पार्नू र अलिकता चाहिं भेट हुने पालमा
तँसित भेट गर्ने स्थानमा साक्षी-पाटीको
सामने राख्नू। त्यो तिमीहरूका निम्ति महा
पवित्र होस्। ३७ जुन धूप तैंले बनाउँछस्
त्यसको मिसावटअनुसार तिमीहरूले आफ्नै
निम्ति नबनाउनू। त्यो तेरो नजरमा परम-
प्रभुको निम्ति पवित्र होस्। ३८ कसैले अत्तरको
निम्ति त्यो जस्तै बनायो भने त्यो आफ्ना
मानिसहरूबाट बहिष्कृत होस्।

बजलेल र ओहोलीआबको नियुक्ति

३१ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
२ "हेर्, मैले यहूदाको कुलको हूरको
नाति ऊरीको छोरो बजलेललाई नाउँ काढेर
बोलाएको छु। ३ मैले त्यसलाई परमेश्वरको
आत्माले, अर्थात् बुद्धि, समझ, ज्ञान र सबै
किसिमको कारीगरीको आत्माले परिपूर्ण
पारेको छु। ४ त्यसले सुन, चाँदी,
पीतल, ५ र जड्नको निम्ति पत्थर काट्ने
र काठ खोप्ने काममा, र सबै किसिमका
काममा, कारीगरीमा निपुण काम गरोस्
भनेर हो। ६ औ हेर्, दानको कुलका

अहीसामाकको छोरो ओहोलीआबलाई मैलेनै
त्योसँग नियुक्त गरेको छु। जे जे मैले तँलाई
आज्ञा गरेको छु ती सब बनाउनलाई जति
जना ज्ञानको हृदयले पूर्ण छन् ती सबैको
हृदयमा मैले ज्ञान हालिदिएको छु, ७ अर्थात्
भेट हुने पाल, साक्षी-पाटीको सन्दूक र
त्यसमाथि हुने कृपा-आसन, र पालका
सबै सामानहरू, ८ औ टेबल र त्यसका
सामानहरू र असल पानस र त्यसका सबै
सामान र धूप-वेदी, ९ होम-वेदी, त्यसका
सबै सामानहरूसमेत, औ धुने-बाटा, त्यसका
खुट्टासमेत, १० सेवाका पोशाकहरू, र हारून
पूजाहारीको निम्ति पवित्र पोशाकहरू, र त्यसका
छोराहरूका पूजाहारीपदमा सेवा गर्ने पोशाक-
हरू, ११ अभिषेक गर्ने तेल र पवित्रस्थानको
निम्ति सुगन्धित मसालाको धूप तिनीहरूले
बनाऊन्। मैले तँलाई दिएका सबै आज्ञा-
नुसार तिनीहरूले गरून्।"

विश्रामको दिनको व्यवस्था

१२ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
१३ "तैंले इस्राएलीहरूलाई यसो पनि भन्नू,
'तिमीहरूले निश्चय मेरो विश्राम-दिन मान्नू,
तिमीहरूका पुस्ता पुस्ताको निम्ति मेरो र
तिमीहरूका बीचमा यो एउटा चिह्न हो, र म,
परमप्रभुनै, तिमीहरूलाई पवित्र गर्दछु भनी
तिमीहरूले थाह पाओ। १४ यसैकारण
तिमीहरूले विश्रामको दिन मान्नू, किनभने
तिमीहरूका निम्ति त्यो पवित्र हो। त्यो
अपवित्र गर्ने निश्चय मारिओस्, किनभने जस
जसले त्यस दिन केही काम-काज गर्ला त्यो
प्राणी आफ्ना मानिसहरूबाट बहिष्कृत हुनेछ।
१५ छ दिनसम्म काम-काज गरिओस्, तर
सातौं दिन चाहिँ, महत्वपूर्ण विश्राम दिन,
परमप्रभुको निम्ति पवित्र हो। जस जसले
विश्राम-दिनमा केही काम-काज गर्ला त्यसलाई
निश्चय मारून्। १६ यसैले इस्राएलीहरूले
विश्रामको दिन मानून्, र त्यो दिन आफ्ना
सारा पुस्ताभरि अविराम करारको रूपमा
मान्ने गरून्। १७ म र इस्राएलीहरूको
बीचमा त्यो सदाको निम्ति एउटा चिह्न हो,
किनभने परमप्रभुले छ दिनमा आकाश र पृथ्वी
बनाउनुभयो, तर सातौं दिनमा चाहिँ उहाँले
विश्राम गर्नुभयो'।"
१८ औ जब परमेश्वरले मोशासित सीनै
पर्वतमा बात गरिसक्नुभयो तब उहाँका आफ्ना
औंलाले लेखेका ढुङ्गाका दुइ पाटीहरू, अर्थात्
साक्षीका दुइ पाटी उहाँले तिनलाई दिनुभयो।

सुनको बाछाको पूजा

३२ जब मानिसहरूले मोशालाई पर्वतबाट
ओर्लन बिलाँलो गरेका देखे, तब तिनी-
हरू हारूनकहाँ भेला भएर तिनलाई भन्नलागे,
"उठनुहोस्, र हाम्रा अगिअगि जानलाई
देवताहरू बनाउनुहोस्, किनकि हामीलाई मिश्र
बाट निकालेर ल्याउने यी मोशालाई के भयो
हामी जान्दैनौं!" २ तब हारूनले तिनी-
हरूलाई भने, "तिमीहरूका स्वास्नीहरू र
छोरा-छोरीहरूका कानमा भएका सुनका कुण्डल-
हरू फुकाई यहाँ मकहाँ ल्याओ।" ३ तब
सबै मानिसहरूले आफ्ना आफ्ना कानमा भएको
सुनका कुण्डलहरू फुकाएर हारूनकहाँ ल्याए।
४ औ तिनले ती तिनीहरूका हातबाट लिएर
खोप्ने हतियारले खोपे, र ढालेर एउटा बाछो
बनाए। तब तिनीहरूले भने, "हे इस्राएली
हो, तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने
तिमीहरूका परमेश्वर यही हो।" ५ यो देखेर
हारूनले त्यसकै सामने एउटा वेदी बनाए, र
तिनले यसो भनेर एउटा घोषणा गरे, "भोलि
परमप्रभुको निम्ति एउटा चाड हुनेछ।"
६ भोलिपल्ट तिनीहरू बिहानै उठेर होमबलि
चढ़ाए, र मेलबलि पनि ल्याए। तब मानिस-
हरू खान-पीन गर्नलाई बसे। त्यसपछि लीला
गर्नलाई उठे।
७ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"तल ओर्ली, किनकि तैंले मिश्रबाट निकालेर

त्याएका तेरा मानिसहरूले आफैलाई भ्रष्ट
पारे। ८ तिनीहरूलाई जुन मार्गमा हिंड्ने
आज्ञा मैंले दिएको थिएँ, त्यसबाट तिनीहरू
यति चाँडै अर्कोतिर लागे। तिनीहरूले आफ्ना
निम्ति एउटा ढालेको बाछो बनाएर
त्यसैलाई पूजेका छन्, औ त्यसैको निम्ति
बलि चढ़ाएर भनेका छन्, 'हे इस्राएली हो,
तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने तिमी-
हरूका परमेश्वर यही हो'।" ९ फेरि परम-
प्रभुले मोशालाई भन्नुभयो, "मैंले यी मानिस-
हरूलाई देखें। यिनीहरू ता हठी मानिसहरू
रहेछन्। १० यसैकारण अब मलाई नरोक् र
मेरो क्रोध यिनीहरूमाथि दन्किओस्। म यिनी-
हरूलाई भस्म पार्नेछु। औ तँबाटनै म एउटा
ठूलो जाति बनाउनेछु।" ११ तब मोशाले
परमप्रभु आफ्ना परमेश्वरलाई आग्रहपूर्वक भने,
"हे प्रभो, तपाईंले आफ्नो ठूलो सामर्थ्य र
शक्तिशाली हातले मिश्रबाट निकालेर ल्याउनु-
भएका आफ्ना मानिसहरूमाथि तपाईंको क्रोध
किन यति साह्रो उठेको छ? १२ मिश्रीहरूले
किन यसो भन्ने मौका पाऊन्? 'कुभलो
चिताएर, र पर्वतहरू हुँदो तिनीहरूलाई मार्नू,
र तिनीहरूलाई पृथ्वीबाट नाश गर्न उहाँले तिनी-
हरूलाई लानुभयो।' यसकारण तपाईं आफ्नो
भयङ्कर क्रोधलाई शान्त गर्नुहोस्, र आफ्ना
मानिसहरूलाई हानी गर्नदेखि आफ्नो मन
बद्लनुहोस्। १३ आफ्ना दासहरू अब्राहाम,
इसहाक र याकूबलाई सम्झनुहोस्, 'जुनहरूसित
तपाईंले आफ्नै नाउँमा शपथ खाएर यसो भन्नु-
भएको थियो, 'म तिमीहरूको वंशलाई आकाश-
का ताराहरूजस्तै बढ़ाउनेछु, औ मैंले भनेको
यो सारा देश तिमीहरूका वंशलाई दिनेछु, र
तिनीहरू सधैंसम्म त्यसको अधिकारी हुनेछन्'।"
१४ तब आफ्ना मानिसहरूलाई हानी गर्नदेखि
परमप्रभुले आफ्नो मन बद्लनुभयो।

१५ अनि मोशा फर्केर आफ्ना हातमा
साक्षीका दुवै पाटी लिएर पर्वतबाट ओर्ले।
ती पाटीहरूमा यता र उता दुवैपट्टि लेखिएका
थिए। १६ ती पाटीहरू परमेश्वरका काम
थिए। तिनका लेखोट परमेश्वरद्वारा खोपेर
लेखिएका थिए।

१७ यहोशूले मानिसहरू चिच्याएका सुनेर
मोशालाई भने, "छाउनीमा ता लड़ाइँको सोर
जस्तो पो सुनिँदैछ।" १८ तर मोशाले
भने, "यो सोर नता जित्नेहरूको न हार्नेहरूको
हो। तर म ता गाउनेहरूको सोर सुन्दैछु।"
१९ छाउनीनेर आउँदा आउँदै तिनले बाछो
देखे, र मानिसहरू नाच्तै थिए। औ
मोशालाई साह्रै रीस उठ्यो, र तिनले ती
पाटीहरू आफ्ना हातले पर्वतको फेदीमा
फ्याँकेर फुटाइदिए। २० त्यसपछि तिनीहरूले
बनाएको त्यो बाछो लिएर तिनले आगोमा
जलाइदिए, र त्यसलाई धूलो पीठो पारेर
पानीमा छरिदिए। अनि इस्राएलीहरूलाई त्यो
पिउनलाए। २१ त्यसपछि मोशाले हारून-
लाई भने, "यी मानिसहरूले तपाईंलाई के
गरे, र तपाईंले यस्तो ठूलो पाप तिनीहरूमाथि
ल्याउनुभयो?" २२ हारूनले जवाफ दिए,
"हजूरको रीस ममाथि नउठोस्। तपाईं ता
यी मानिसहरूलाई जान्नुनै हुन्छ। यिनीहरू
खराबीतिर लागेका छन्। २३ तिनीहरूले
मलाई भने, 'हाम्रा निम्ति हाम्रा अगिअगि
जानलाई देवताहरू बनाऊ, किनकि हामी-
लाई मिश्रबाट निकालेर ल्याउने मोशालाई
के भयो हामी जान्दैनौं।' २४ तब मैंले
तिनीहरूलाई भनें, 'जस जसकहाँ सुन छन्
ती फुकालेर ल्याओ।' यसैले तिनीहरूले ती
मलाई दिए, औ मैंले आगोमा हालिदिएँ, र
यो बाछो निस्क्यो।" २५ मोशाले देखे
कि मानिसहरू ता छाड़ा भइसकेछन्, किनकि
तिनीहरूका बैरीका सामने हाँसोको कारण
बन्नलाई हारूनले तिनीहरूलाई छाड़ा बनाइसकेका
रहेछन्। २६ तब मोशाले छाउनीको
ढोकानेर उभिएर भने, "जो जो परमप्रभुतर्फ
छन्, तिनीहरू मकहाँ यता आऊन्।" अनि
लेवीका सारा सन्तानहरूचाहिँ उनीकहाँ
आएर भेला भए। २७ उनले तिनीहरूलाई
भने, "इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ,

'तिमीहरू हरेकले आफ्नो आफ्नो तरवार
भिरेर छाउनीको वल्लो छेउदेखि पल्लो छेउसम्म
ढोका ढोकामा गएर हरेकले आफ्नो भाइ,
र आफ्नो मित्र र आफ्नो छिमेकीलाई
मार'।" २८ तब लेवीका सन्तानहरूले
मोशाले भनेअनुसार गरे। त्यस दिन मानिस-
हरूमध्ये तीन हजार जति पुरुष मारिए।
२९ अनि मोशाले भने, "आज तिमीहरू
हरेकले आफ्ना आफ्ना छोरा र आफ्ना
आफ्ना भाइलाई नाश गरी उहाँले तिमी-
हरूलाई आशिष दिऊन् भनेर आफू आफूलाई
परमप्रभुको निम्ति अर्पण गरेका छौ।"

३० भोलिपल्ट मोशाले मानिसहरूलाई
भने, "तिमीहरूले ठूलो पाप गरेका छौ।
तर अब म परमप्रभुकहाँ उक्लेर जानेछु, सायद
तिमीहरूको यो पापको निम्ति म प्रायश्चित
गर्नसक्छु होला!" ३१ अनि मोशा परमप्रभुकहाँ
फर्किगएर यसो भने, "हाय! यी मानिसहरूले
ठूलो पाप गरेका छन्। तिनीहरूले आफ्ना
निम्ति सुनका देवताहरू बनाएका छन्।
३२ तापनि तपाईंले तिनीहरूका पाप क्षमा
गर्नुहुन्छ होला, हुन्न भनेता तपाईंले लेख्नु-
भएको पुस्तकबाट मेरो नाउँ निशानै मेटिदिनु-
होस्।" ३३ तब परमप्रभुले मोशालाई
भन्नुभयो, "जसले मेरो विरुद्धमा पाप गरेको
छ त्यसलाईनै म आफ्नो पुस्तकबाट मेटि-
दिनेछु। ३४ अब जा, मैले तँलाई भनेको
स्थानमा मानिसहरूलाई अगुवाइ गरेर लैजा।
हेर्, मेरो दूत तेरो अगिअगि जानेछ, तापनि
जुन दिन म तिनीहरूलाई दण्ड दिऊँला त्यस
दिन म तिनीहरूको पापको दण्ड दिनेछु।"

३५ अनि परमप्रभुले मानिसहरूलाई
मार्नुभयो, किनभने हारूनले बनाएको बाछो
तिनीहरूलेनै बनाउनलगाएका थिए।

मोशाको अन्तरविन्ती

३३ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"मिश्रबाट ल्याएका यी मानिसहरू-
सँग त्यस देशमा जा, जसको विषयमा 'तेरो
सन्तानलाई दिनेछु' भनेर मैले अब्राहाम,
इसहाक र याकूबसित किरिया हालेको थिएँ।
२ म तिनीहरूका अगिअगि एउटा दूत पठाउनेछु,
औ कनानी, एमोरी, हित्ती, परिज्जी, हिव्वी
र यबूसीहरूलाई धपाउनेछु। ३ दूध र मह
बहने त्यो देशमा जाओ। तिमीहरू हठी मानिस
हौ, यसकारण म तिमीहरूका मध्यमा
हिंड्नेछैनँ, नत्रता बाटैमा म तिमीहरूलाई
नाश पारूँला।"

४ जब मानिसहरूले यो बूरो समाचार
सुने, तब तिनीहरूले अफसोस गरे, औ
कसैले आफ्ना गहनाहरू लगाएन। ५ अनि
परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएलीहरू-
लाई भन्, 'तिमीहरू हठी मानिस हौ। म एक
क्षणको निम्ति पनि तिमीहरूका मध्यमा आएँ
भने म तिमीहरूलाई भस्म पार्नेछु। यसकारण
अब तिमीहरूले आफ्नो गहनाहरू फुकाल, र
तिमीहरूसित के गर्नुपर्ने हो, सो म विचार
गरूँला'।" ६ यसैले होरेब पर्वतदेखि उसो
इस्राएलीहरूले गहना लगाएनन्।

७ मोशाले चाहिँ छाउनीदेखि बाहिर
धेरै टाढ़ामा, पाल टाँग्ने गर्थे। तिनले
त्यसलाई भेट हुने पाल भन्थे। परमप्रभुसित
भेट गर्न चाहने प्रत्येक व्यक्ति छाउनीको बाहिर
भएको त्यही भेट हुने पालमा जान्थ्यो।
८ जब मोशा निस्केर भेट हुने पालमा
जान्थे तब सबै मानिसहरू उठेर आफ्नो
पालको ढोकामा खड़ा भई मोशा त्यस
पालभित्र नपसुन्जेलसम्म तिनीतिरनै हेरि-
रहन्थे। ९ जब मोशा त्यस पालभित्र पस्थे
तब बादलको खामो ओर्लेर पालको ढोकामा
खड़ा रहन्थ्यो। तब परमप्रभु मोशासित बात
गर्नुहुन्थ्यो। १० औ सारा मानिसहरूले
बादलको खामो पालको ढोकामा खड़ा भएको
देख्तथे, तब सारा मानिसहरू उठेर आफ्नो
आफ्नो पालको ढोकामा भक्ति चढाउँथे।
११ अनि परमप्रभु मोशासित यसरी आमने
सामने बात गर्नुहुन्थ्यो, जसरी कोही आफ्ना

मित्रसित बात गर्दछन्। औ मोशा फर्केर
छाउनीमा आउँथे, तर तिनको सेवक, नूनको
छोरो जवान यहोशू, त्यस पालबाट निस्कँदैन
थिए।

१२ अनि मोशाले परमप्रभुलाई, भने,
"हेर्नुहोस्, तपाईंले मलाई 'यी मानिसहरूलाई
लिएर जा' भन्नुहुन्छ, तर मसित को को
पठाउनुहुन्छ तपाईंले मलाई थाह दिनुभएको
छैन, तापनि तपाईं भन्नुहुन्छ, 'म ता तँलाई
तेरो नावैले चिन्छु, औ तँमाथि मेरो निगाह
भएको छ।' १३ यसकारण बिन्ती छ, यदि
तपाईंको निगाह ममाथि भएको छ भने अब
मलाई तपाईंको मार्ग देखाउनुहोस्, र म
तपाईंलाई चिन्नसकूँ र तपाईंको दृष्टिमा
निगाह पाऊँ। यो जाति तपाईंकै जाति हो
भनी सम्झनुहोस्।" १४ अनि उहाँले
भन्नुभयो, "मेरो उपस्थितिनै तँसँग जानेछ,
र म तँलाई विश्राम दिनेछु।" १५ तिनले
उहाँलाई भने, "यदि तपाईंको उपस्थिति
मसित गएन भने हामीलाई यहाँबाट उता
नलानुहोस्। १६ म र तपाईंका यी मानिस-
हरूले तपाईंका निगाह पाएका छौं भनेर
हामीले कसरी जान्ने? तपाईं हामीसितै
जानुभए मात्र ता जान्नेछौं। यसैले म र
तपाईंका मानिसहरू पृथ्वीका सारा मानिस-
हरूदेखि भिन्नै हुनेछौं।"

१७ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"तैंले भनेकै कुरो म गर्नेछु, किनकि तैंले
मेरो दृष्टिमा निगाह पाएको छस्, र मैंले
तँलाई नावैले चिनेको छु।" १८ औ तिनले
भने, "बिन्ती छ, मलाई तपाईंको महिमा
देखाउनुहोस्।" १९ उहाँले भन्नुभयो, "म
तेरै सामने मेरो सारा विभव देखाउनेछु,
र तेरै सामने 'परमप्रभु' नाउँको घोषणा
गर्नेछु, औ जसलाई म अनुग्रह गर्न चाहन्छु
त्यसलाई म अनुग्रह गर्नेछु, औ जसलाई म
कृपा देखाउन चाहन्छु, त्यसलाई म कृपा
देखाउनेछु।" २० उहाँले भन्नुभयो, "तैंले
मेरो अनुहार हेर्नसक्तैनस्, किनकि मेरो अनुहार
हेरेर मानिस जीवित रहनसक्तैन।" २१ फेरि
परमप्रभुले भन्नुभयो, "हेर्, मेरो छेउमा एउटा
ठाउँ छ, औ तँ त्यस चटानमा खड़ा हो।
२२ मेरो महिमा त्यहाँबाट भएर जाँदा
तँलाई म त्यस चटानको धाँदोमा राख्नेछु,
र म त्यहाँबाट भएर नजाउञ्जेल तँलाई
मेरै हातले छोपिराख्नेछु। २३ त्यसपछि म मेरो
हात उठाउनेछु, र तैंले मेरो पछिको भाग
देख्नेछस्, तर मेरो अनुहारचाहिं
देखिनेछैन।"

करारको पुनर्स्थापन

३४ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"पहिलेको जस्तो ढुङ्गाका दुइवटा
पाटी काटेर ले। म ती पाटीमा त्यही कुरा
लेख्नेछु, जो तैंले फुटाएको पहिलेका पाटीमा
लेखिएका थिए। २ बिहानै तयार भएर
सीनै पर्वतको टाकुरामा उक्लेर तँ मेरो
सामने हाजिर हो। ३ कोही मानिस
पर्वतको कुनै भागमा देखा नपरोस् कुनै
भेड़ा बाख्रा वा गाई-गोरु त्यस पर्वतमा
नचरोस्।" ४ तब मोशाले पहिलेकै जस्तो
दुइवटा ढुङ्गाका पाटी काटेर परमप्रभुले आज्ञा
गर्नुभएझैं बिहान सबेरै उठी सीनै पर्वतमा
उक्ले। तिनले आपना हातमा ती दुइटा
पाटी पनि लगे। ५ अनि परमप्रभु बादलमा
ओर्लनुभयो, र तिनीसँग त्यहाँ खड़ा हुनुभएर,
परमप्रभुले आपनो नाउँको प्रकाश गर्नुभयो।
६ त्यसपछि परमप्रभु तिनको सामनेबाट गएर
यसो भनी घोषणा गर्नुभयो, "परमप्रभुनै टिठाउ-
नमा भरिपूर्ण र दयालु परमेश्वर, रीस गर्नमा
ढीलो, र कृपा र सत्यतामा प्रशस्त हुनुहुन्छ,
७ हजारौं हजारमाथि कृपा देखाउनुहुने,
दुष्टता, अपराध, र पाप क्षमा गर्नुहुने,
दोषीलाई कुनै किसिमले पनि निर्दोष
नठहराउनुहुने, पिता-पुर्खाको दुष्टताको दण्ड
तिनीहरूका छोरा-छोरीहरू, नाति-पनाति,
र तेस्रो र चौथो पुस्तासम्म दिनुहुने हुनुहुन्छ।"

८ तब मोशाले हत्तपत्त भूइँतिर आफ्नो
शिर निहुराएर भक्ति चढ़ाए। ९ औ तिनले
भने, "यदि मैंले तपाइंको दृष्टिमा निगाह
पाएको छु भने, हे परमप्रभु, बिन्ती छ, परम-
प्रभुनै हाम्रा साथमा हिँड्नुहोला, किनकि
यिनीहरू ता हठी मानिस छन्। हाम्रा
दुष्टता र पाप क्षमा गरेर हामीलाई आफ्नो
निज सम्पत्तिको रूपमा ग्रहण गर्नुहोस्।"
१० तब उहाँले भन्नुभयो, "हेर्, म
एउटा करार गर्छु। तेरा सारा मानिसहरूकै
सामने म यस्ता आश्चर्यका कामहरू गर्नेछु,
जो सारा पृथ्वीमा र कुनै जातिमा कहिल्यै
गरिएका थिएनन्। यी सारा मानिसहरूले,
जसका बीचमा तँ छस्, परमप्रभुको काम
देख्नेछन्, किनकि म तँद्वारा एउटा महान्
काम गर्नेछु। ११ जुन आज्ञा आज म
तँलाई दिँदैछु, त्यो तैंले पालन गर्। हेर्,
म तेरो सामनेबाट एमोरी, कनानी, हित्ती,
परिज्जी, हिव्वी, र यबूसीहरूलाई धपाउनेछु।
१२ होशियार बस्! जुन देशमा तँ जान्छस्
त्यहाँका बासिन्दाहरूसँग तैंले करार नबाँध्नू,
नत्रता त्यो तिमीहरूका निम्ति पासो बन्नेछ।
१३ तिनीहरूका थानहरू भत्काइदिनू। तिनी-
हरूका खामाहरू टुक्रा टुक्रा पारिदिनू, र
तिनीहरूका अशेरा देवताहरूलाई काटेर
ढालिदिनू। १४ (तिमीहरूले अन्य कुनै
देवताको पूजा नगर्नू, किनकि परमप्रभु,
जसको नाउँ डाही हो, डाही परमश्वरनै
हुनुहुन्छ।) १५ नत्रता त्यस देशका
बासिन्दाहरूसित तिमीहरूले करार बाँध्नेछौ,
र तिनीहरू आफ्ना देवताहरूका पछि लागेर
व्यभिचार गर्दा र आफ्ना देवताहरूका लागि
बलि गर्दा कसैले तिमीहरूलाई बोलाउनेछ, र
तिमीहरूले त्यसको बलिबाट केही खानेछौ,
१६ औ तिनीहरूका छोरीहरूमध्येका कुनैलाई
आफ्ना छोराहरूका निम्ति त्याऔला, र तिनका
छोरीहरू आफ्ना देवताहरूपछि लागेर व्यभिचार
गर्दा तिनीहरूले तिमीहरूका छोराहरूलाई आफ्ना
देवताहरू पछि व्यभिचार गर्न लाऊलान्।

१७ तिमीहरूले आफ्नो निम्ति ढलौटे
देवताहरू नबनाउनू। १८ अखमीरे रोटीको
चाड मान्नू। मेरो आज्ञाबमोजिम आबीब
महीनाको तोकिएको समयमा सात दिनसम्म
अखमीरे रोटी खाँदैरहनू। किनभने आबीब
महीनामा तिमीहरू मिश्र देशबाट निक्ल्येर
आएका हौ। १९ गर्भ खोल्ने सबै मेरा
हुन्, औ तिमीहरूका पशुका सबै भाले,
बाछामध्येका र भेड़ामध्येका पहिले जन्मेका
मेरै हुन्। २० औ गधैनीको पहिले जन्मेको
सट्टा पाठो दिएर छुटाउनू, औ त्यसलाई
छुटाएनौ भने त्यसको मण्टो भाँचिदिनू।
आफ्ना छोराहरूका सबै जेठाहरूलाई सट्टामा
केही दिएर छुटाउनू। मेरो सामने कोही पनि
रित्तै देखा नपरोस्।
२१ छ दिनसम्म आफ्ना काम-काज
गर्दैरहनू, तर सातौं दिनमा चाहिँ विश्राम
गर्नू। हलो जोत्ने र कटनी गर्ने समयमा पनि
विश्राम गर्नू। २२ तिमीहरूले हप्ताको चाड
मान्नू, अर्थात् गहुँको पहिले उब्जाएको चाड, र
वर्षको आखिरमा अन्न भित्र्याउने चाड पनि
मान्नू। २३ वर्षमा तीनपल्ट तिमीहरूका सबै
पुरुषहरू इस्राएलका परमप्रभु परमेश्वरको सामने
देखा परून्। २४ किनकि म जाति जाति-
हरूलाई तिमीहरूको सामनेबाट निकालिदिनेछु,
र तिमीहरूको सीमाना बढ़ाइदिनेछु। जब
तिमीहरू आफ्नो परमप्रभु परमेश्वरको सामने
वर्षमा तीनपल्ट देखा परौला, तब कसैले
तिमीहरूको जमीनको लोभ गर्नेछैन।
२५ मलाई चढ़ाउने बलिको रगत खमीर
हालेको रोटीसित नचढ़ाउनू, औ निस्तार
चाड़को बलिमध्येको केही पनि बिहानसम्म
नछोड़नू। २६ तिमीहरूको जमीनमा
उब्जा भएको पहिलोचाहिँ फल आफ्ना परम-
प्रभु परमेश्वरको घरमा ल्याउनू। बाख्राको
पाठा त्यसको माऊको दूधमा नपकाउनू।"
२७ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"यी कुरा लेख्, किनकि यिनै कुराबमोजिम
तँ र इस्राएलसित मैले करार बाँधेको छु।"

२८ औ तिनी त्यहाँ परमप्रभुसित चालीस दिन
र चालीस रात रहे। तिनले नता केही*
खाए न पानी पिए। औ तिनले ती पाटी-
हरूमा त्यो करारका वचन—ती दश आज्ञाहरू
लेखे।

२९ जब मोशा साक्षीका ती दुइ पाटी
आफ्ना हातमा लिएर सीनै पर्वतबाट ओर्हेर
आए, तब परमेश्वर तिनीसित बात गर्नु-
भएकोले आफ्ना मोहड़ा चम्कँदैछ भन्ने कुरा
मोशालाई थाह भएन। ३० तर जब हारून र
सारा इस्राएलीहरूले मोशालाई देखे, तब तिनको
मोहड़ा चम्केको तिनीहरूले देखे, र तिनको
नजीक आउन तिनीहरू डराए। ३१ अनि
मोशाले तिनीहरूलाई बोलाए, र हारून समु-
दायका सारा नाइकेहरूसमेत तिनीकहाँ फर्केर
आए। औ मोशाले तिनीहरूसित बात गरे।
३२ त्यसपछि सारा इस्राएलीहरू पनि नजीक
आए, औ जे परमप्रभुले तिनलाई सीनै
पर्वतमा भन्नुभएको थियो, ती सबै तिनले
तिनीहरूलाई आज्ञाको रूपमा सुनाए।
३३ अनि जब मोशाले तिनीहरूसित बात
गरिसके तब तिनले आफ्नो मोहड़ामा एउटा
घुम्टो हाले। ३४ तर जब मोशा परमप्रभुको
सामने उहाँसित बात गर्न जान्थे, तब बाहिर
ननिस्कुन्जेल त्यो घुम्टो उतार्थे, औ जे आज्ञा
तिनले पाउँथे, त्यो तिनले बाहिर आएर
इस्राएलीहरूलाई सुनाउँथे। ३५ औ इस्रा-
एलीहरूले मोशाको मोहड़ा चम्केको देख्तथे।
यसैले मोशाले उहाँसित बात गर्नलाई भित्र
नपसुन्जेल त्यो घुम्टो आफ्ना अनुहारमा फेरि
लगाउँथे।

पवित्रस्थानको निर्माण भेटी

३५ मोशाले इस्राएलीहरूका समुदायलाई
भेला गराएर तिनीहरूलाई भने,
"परमप्रभुले आज्ञा गर्नुभएका तिमीहरूले गर्नु
पर्ने कुरा यिनै हुन्, २ "छ दिनसम्म
काम गरिओस्, तर सातौं चाहिं दिन तिमी-
हरूका निम्ति पवित्र हो, औ परमप्रभुको निम्ति
चाहिं महा विश्राम दिन हो। कसैले त्यस
दिन काम गर्‍यो भने त्यो मारिओस्।
३ तिमीहरूका कुनै घरमा पनि विश्रामको
दिनमा आगो नफूक्नू।"

४ त्यसपछि मोशाले इस्राएलीहरूका सारा
समुदायलाई यसो भने, "परमप्रभुले आज्ञा गर्नु-
भएको कुरो यही हो, ५ 'आफ्नो बीचबाट
परमप्रभुको निम्ति भेटी ल्याओ। राजी-खुशीसँग
दिन चाहनेले परमप्रभुको भेटीको रूपमा त्यो
ल्याओस्। सुन, चाँदी र पीतल, ६ नीलो,
बैगुने, रातो र मसिनो सुती कपड़ा, र
बाख्राको भुत्ला, ७ रातो रङ्गले रङ्गाएको
भेड़ाको छाला, सीलको छाला र बबुल
काठ; ८ प्रकाशको निम्ति तेल, र अभिषेक
गर्नलाई तेलको निम्ति र सुगन्धित धूपको
निम्ति मसाला; ९ एपोद र छाती-पाताको
निम्ति सुलेमानी पत्थर र जड़नको निम्ति
मणि। १० तिमीहरूमध्येका जति ज्ञानी
छन्, तिनीहरू सबै आएर परमप्रभुले आज्ञा
गर्नुभएका सबै कुरा बनाऊन्। ११ पवित्र-
स्थान, पाल र त्यसका छत, घुणीघरहरू, र
फल्याकहरू, बारहरू, खामाहरू, चूलघरहरू,
१२ सन्दूक, त्यसका डण्डाहरू, कृपा-आसन,
पर्दा, १३ टेबल, त्यसका डण्डाहरू, र
त्यसका सबै पात्रहरू, र भेटीको रोटी,
१४ बत्तीको निम्ति पानस, र त्यसका दियो-
हरू, र बत्तीको निम्ति तेल, १५ धूप-वेदी
र त्यसका डण्डाहरू, अभिषेक गर्ने तेल,
सुगन्धित मसाला, पवित्रस्थानको ढोकाको पर्दा
१६ होम-वेदी, त्यसका पीतलका झिँझिरी,
डण्डाहरू, र त्यसका सबै पात्रहरू, धुने बाटा
त्यसका खुट्टासमेत १७ चोकको पर्दा, र
त्यसका खामाहरू र त्यसका चूलघरहरू,
चोकको मूल ढोकाको निम्ति पर्दा
१८ पवित्रस्थानका कीलाहरू, चोकका कीला-
हरू र त्यसको डोरीहरू १९ पवित्र स्थानमा
सेवा गर्नको निम्ति बनाएका सुन्दर कपड़ाहरू,

*रोटी

हारून पूजाहारीका निम्ति पवित्र पोशाकहरू, र पूजाहारीको काममा सेवा गर्नलाई तिनका छोराहरूका पोशाकहरू।''

२० त्यसपछि इस्राएलका सारा समुदाय मोशाका सामनेबाट बिदा भए। २१ औ जस जसका हृदय प्रेरणाले भख्यो, र हरेक जसको मन इच्छुक भयो, तिनीहरूले भेट हुने पालको काम त्यसका सबै सेवाका काम र पवित्र पोशाकको निम्ति परमप्रभुको लागि भेटी ल्याए। २२ राजी-खुशी मन भएका पुरुष र स्त्री दुवैले मुन्द्री, कुण्डल, छाप लाउने औंठी र बाजु, र सुनका गहना सबै ल्याए। भेटी ल्याउने प्रत्येकले परमप्रभुकहाँ सुनको भेटी ल्यायो। २३ तिनीहरूले जसकहाँ नीलो, बैगुने, रातो मिहीन सुती कपड़ा, बाख्राका भुत्ला, रातो रङ्ग रङ्गाएका भेड़ाका छालाहरू, सीलका छालाहरू थिए, ती ल्याए। २४ चाँदी र पीतलका भेटी चढ़ाउने सबैले परमप्रभुको निम्ति भेटी ल्याए। जस जसकहाँ सेवाको कुनै कामको निम्ति बबुल काठ थियो, त्यो तिनीहरूले ल्याए। २५ आफ्ना हातले कातेका नीलो, बैगुने, रातो र मिहीन सुती कपड़ा हुने बुद्धिमान स्त्रीहरूले ती ल्याए। २६ जसका हृदय ज्ञानले प्रोत्साहित भएका थिए ती स्त्रीहरूले बाख्राका भुत्ला काते। २७ शासकहरूले एपोद र छाती-पाताको निम्ति सुलेमानी पत्थर र जड़नको निम्ति मणिहरू ल्याए २८ औ बत्ती, अभिषेक गर्ने तेल र धूपको निम्ति सुगन्धित मसाला र तेल ल्याए। २९ परमप्रभुले मोशाद्वारा आज्ञा गर्नुभएका सबै कामको निम्ति मनमा इच्छुक भएको इस्राएलीहरूका हरेक स्त्री र पुरुषले राजीखुशीका भेटी ल्याए।

३० तब मोशाले इस्राएलीहरूलाई भने, "हेर, परमप्रभुले यहूदाको कूलको हूरको नाति ऊरीको छोरो बजलेललाई तिनको नाउँ लिएरनै बोलाउनुभएको छ। ३१ उहाँले तिनलाई परमेश्वरको आत्माले, अर्थात् बुद्धि समझ र ज्ञान र सबै किसिमको शिल्प-कारीको आत्माले परिपूर्ण पार्नुभएको छ—३२-३३ तिनले सुन, चाँदी, पीतल र जड़नको निम्ति पत्थर काट्ने काममा, र काठ खोप्ने काममा, र सबै किसिमका शिल्पकारीमा खूब असल काम निकालून् भन्ने ध्येयले हो। ३४ तिनले र दानको कुलको अहीसामाकको छोरो ओहोलीआबका मनमा यो काम अरूहरूलाई तिनीहरूले सिकाऊन् भनेर प्रेरणा हालिदिनुभएको छ। ३५ तिनीहरूले सबै किसिमको शिल्पकारी, अर्थात् खोप्ने काम, औ नीलो, बैगुने, रातो र मिहीन सुती कपड़ामा सीप निकाल्न् औ बुट्टा काढ़ने र बुन्ने काममा, सबै किसिमका शिल्पकारीहरूका निपुण काम गरून् भनी तिनीहरूलाई उहाँले बुद्धिले परिपूर्ण पार्नु-भएको छ।''

पवित्रस्थानका सर-सामानको तयारी

३६ "यसैले बजलेल, ओहोलीआब र प्रत्येक निपुण मानिस जसलाई यो पवित्रस्थान बनाउने काम गर्न परमप्रभुले योग्यता र बुद्धि दिनुभएको छ तिनीहरू सबैले परमप्रभुले आज्ञा गर्नुभए अनुसार काम गरून्।''

२ तब बजलेल, ओहोलीआब र परमप्रभुले हृदयमा बुद्धि दिनुभएका सारा ज्ञानी जनहरूलाई, अर्थात् जस जसको हृदय काम गर्नलाई प्रोत्साहित भएको थियो, तिनीहरू सबैलाई मोशाले बोलाए। ३ इस्राएलीहरूले पवित्र-स्थानको सेवाको काम र निर्माण कार्यको निम्ति जे जे ल्याएका थिए ती सबै भेटी तिनीहरूले मोशाको हातबाट लिए। मानिस-हरूले दिनहुँ बिहानैपिच्छे स्वेच्छाले अरू पनि भेटी ल्याउँथे। ४ पवित्रस्थानका काम गर्ने सबै निपुण मानिसहरू आफ्ना आफ्ना काम छोड़ेर मोशाकहाँ आए। ५ तिनीहरूले मोशालाई भने, "परमप्रभुले बनाउनलाई आज्ञा गर्नुभएका कामको निम्ति चाहिएको भन्दा पनि औधि ज्यादा सामानहरू

मानिसहरूले ल्याउँदैछन्।" ६ तब मोशाले
आज्ञा गरे, र तिनीहरूले छाउनीभरि यो
घोषणा गर्नलागे, "पवित्रस्थानको भेटीको
निम्ति अब कुनै पुरुष वा स्त्रीले अरू केही
थोक नबनाओस्।" यसैले मानिसहरूलाई अझै
सामान ल्याउन मनाई गरियो ७ किनकि
निमाण कार्यको निम्ति तिनीहरूकहाँ सामान
प्रशस्त थिए, औ औधि ज्यादा पनि भए।
८ काम गर्नेहरूमा जति जना निपुण थिए,
तिनीहरूले दशवटा पर्दाको पवित्रस्थान बनाए।
ती मिहीन बाटेका सुती कपड़ाको नीलो, बैगुने,
सिपालु शिल्पकारले बनाएको करूबहरू भएका
थिए। ९ हरेक पर्दाको लमाइ अठाईस हात र
चौड़ाइ चार हातको थियो। सबै पर्दाको नाप
एकै थियो।

१० तिनले पाँचवटा पर्दा एक दोस्रोसित
गाँसे, औ अर्को पाँचवटा पर्दा पनि एक
दोस्रोसित गाँसे। ११ पहिले गाँसेको पर्दाको
पल्लो छेउका किनार किनारमा तिनले नीलो
घुणीघरहरू बनाए। त्यसैगरी अर्को गाँसेको
वल्लो पाटाको किनार किनारमा पनि त्यसै
गरे। १२ एउटा पर्दामा तिनले पचासवटा
घुणीघर बनाए, औ अर्को गाँसेको पर्दाको
किनारमा पनि तिनले पचासवटा घुणीघर बनाए।
ती घुणीघरहरू एक दोस्रोको सामने थिए।
१३ तिनले सुनका पचासवटा घुणीघर बनाएर
पर्दाहरू एक दोस्रोसँग ती घुणीघरहरूले जोड़े।
यसरी पवित्रस्थान एउटै भयो। १४ पवित्र-
स्थानमाथि पाल्को निम्ति तिनले बाख्राको
भुल्लाका पर्दाहरू, अर्थात् एघारवटा पर्दाहरू
बनाए। १५ हरेक पर्दाको लमाइ तीस र
चौड़ाइ चार हात थियो। ती एघारैवटा पर्दा
एउटै नापका थिए। १६ तिनले पाँचवटा
पर्दा एकसाथ र छवटा पर्दा एकसाथ गाँसे।
१७ पहिले पर्दाको पल्लो पाटाको किनार
किनारमा तिनले पचासवटा घुणीघर बनाए।
औ अर्को गाँसेको पर्दाको वल्लो पाटाको किनार
किनारमा पनि तिनले पचासवटा घुणीघर बनाए।
१८ फेरि तिनले त्यो पाल गाँसेर एउटै
पार्नको निम्ति पीतलको पचासवटा घुणीघर
बनाए। १९ पाल्को निम्ति तिनले रातो
रङ्ग रङ्गाएको भेड़ाका छालाहरूको एउटा
छत बनाए, र त्यसमाथि सीलका छालाहरूको
अर्को एउटा छत बनाए।

२० तिनले पवित्रस्थानको निम्ति बबुल
काठका फल्याकहरू ठाड़ो ठाड़ो बनाए।
२१ हरेक फल्याकको लम्बाइ दश हात र
चौड़ाइ एक हात आधाको थियो। २२ एक
एक फल्याकमा दुइ दुइवटा चूलघर एक
दोस्रोसित जोड़िएको थियो। यस्तै किसिमले
तिनले पवित्रस्थानका सबै फल्याकहरू बनाए।
२३ तिनले पवित्रस्थानको निम्ति फल्याकहरू
बनाए—दक्षिणतर्फ दक्षिण भागको निम्ति बीसवटा
फल्याक, २४ औ बीसैवटा फल्याकका
मन्तिर चाँदीका चालीसवटा चूलघर, दुवै चूल-
हरूका निम्ति फल्याकको मन्तिर दुइ चूलघर।
अर्को फल्याकमा पनि दुवै चूलहरूका निम्ति
दुइ चूलघर बनाए। २५ पवित्रस्थानको
अर्कोतिर, अर्थात् उत्तरपट्टिको निम्ति तिनले
बीसवटा फल्याक बनाए। २६ तिनका निम्ति
चाँदीका चालीसवटा चूलघर, र हरेक फल्याकका
मन्तिर दुइवटा चूलघर, र अर्को फल्याकको
मन्तिर दुइवटा चूलघर। २७ पवित्रस्थानको
पश्चिमतिर पछाड़िपट्टिको निम्ति तिनले छवटा
फल्याक बनाए। २८ पछाड़िपट्टि पवित्रस्थानका
कुनाहरूको निम्ति तिनले दुइवटा फल्याक बनाए।
२९ ती तलदेखि दोबर खप्टिएका थिए।
ती माथि टुप्पासम्मै एउटै मुन्द्रामा जोड़िएका
थिए। यसैगरी तिनले ती दुइ फल्याक बनाए।
३० ती जम्मा आठवटा फल्याक भए, र तिनका
चाँदीका सोहवटा चूलघर भए। एक एक
फल्याकको मन्तिर दुइ दुइवटा चूलघर थिए।
३१ तिनले बबुल काठका बारहरू बनाए—
पवित्रस्थानको एकापट्टिका फल्याकहरूका निम्ति
पाँचवटा, ३२ र पवित्रस्थानको अर्कोपट्टिका
फल्याकहरूका निम्ति पाँचवटा बार बनाए।
औ पश्चिमतिर पछाड़िपट्टिका फल्याकहरूका
निम्ति पाँचवटा बार बनाए। ३३ तिनले

फल्याकहरूका बीचमा हुने माझको बारचाहिं
एक छेउबाट अर्को छेउसम्म पुग्ने बनाए।
३४ ती फल्याकहरू सुनले मोहोरे, र बारहरूका
घरहरूका निम्ति तिनका मुन्द्राहरू सुनकै बनाए।
ती बारहरू पनि तिनले सुनले मोहोरे।
३५ फेरि तिनले नीलो, बैगुने, रातो र
मिहीन सुती कपड़ाको एउटा पर्दा बनाए।
त्यो निपुण शिल्पकारको काम भएका करूबहरू
भएको थियो। ३६ तिनले त्यसको निम्ति
बबुल काठका चारवटा खामाहरू बनाएर सुनले
मोहोरे। तिनका अङ्कुसेहरू सुनका थिए।
तिनले तिनीहरूका निम्ति चाँदीका चारवटा
चूलघर बनाए। ३७ तिनले पालको ढोकाको
निम्ति नीलो, बैगुने, रातो र मिहीन बाटेको
सुती कपड़ाको शिल्पकारको काम भएको एउटा
पर्दा बनाए। ३८ त्यसका पाँचवटा खामा
तिनका अङ्कुसेसमेत बनाए। तिनीहरूका
शिराहरू र जोर्नीहरू सुनले मोहोरे, तर
तिनीहरूका पाँचवटा चूलघर चाहिं पीतलका
थिए।

सन्दूक र कृपा-आसन

३७ बजलेलले बबुल काठको सन्दूक बनाए।
त्यसको लमाइ दुइ हात आधा,
चौड़ाइ एक हात आधा र त्यसको उँचाइ
एक हात आधा थिए। २ तिनले त्यसको
भित्र र बाहिर निखुर सुनले मोहोरे, र त्यसको
चारैतिर रिङ्गै सुनको बिट बनाए। ३ तिनले
त्यसका चारै खुट्टामा लगाउनको निम्ति सुनका
चारवटा मुन्द्रा ढाले, अर्थात् दुइवटा मुन्द्रा
एकातिर र दुइवटा मुन्द्रा अर्कोतिर।
४ औ तिनले बबुल काठका डण्डाहरू
बनाएर ती सुनले मोहोरे। ५ तिनले ती
डण्डाहरू सन्दूकका दुवैपट्टिका मुन्द्राहरूमा त्यो
बोक्नको निम्ति हाले। ६ तिनले निखुर
सुनको एउटा कृपा-आसन बनाए। त्यसको
लमाइ दुइ हात आधा, चौड़ाइ एक हात
आधा थियो। ७ तिनले सुनका दुइवटा करूबहरू
बनाए। ती तिनले कृपा-आसनको दुवै किनारमा
ढालेर बनाए—८ एउटा करूब एक किनारमा
र अर्को करूब अर्को किनारमा। ती कृपा-
आसनको एउटै टुक्रा जस्तैगरी त्यसको दुवै
किनारमा बनाए। ९ करूबहरूले आफ्ना
पखेटा माथितिर फिँजाएर पखेटाले कृपा-आसन-
माथि छाया पारेका थिए। औ तिनका
मुखचाहिं आमने सामने कृपा-आसनतिर फर्केका
थिए। १० तिनले बबुल काठको टेबल
बनाए। त्यसको लमाइ दुइ हात र चौड़ाइ
एक हात र उँचाइ एक हात आधा थियो।
११ तिनले त्यो निखुर सुनले मोहोरे, र
त्यसको रिङ्गै सुनको बिट बनाए। १२ त्यसको
निम्ति रिङ्गै चार अङ्गुल चौड़ा भएको एउटा
किनारा बनाए, र किनाराको रिङ्गै सुनको बिट
बनाए। १३ त्यसको निम्ति सुनका चारवटा
मुन्द्रा ढालेर ती मुन्द्राहरू त्यसका चारै खुट्टाका
चारै कुनामा लगाए। १४ ती मुन्द्राहरू
टेबल बोक्ने डण्डाहरूका निम्ति घर हुनलाई
किनारनेर थिए। १५ तिनले टेबल बोक्नलाई
ती डण्डाहरू बबुल काठका बनाएर तिनलाई
सुनले मोहोरे। १६ टेबलमाथिका सामानहरू
अर्थात् थालहरू, धूपदानहरू, भाँड़ाहरू र
खन्याउनको निम्ति करूवाहरू सबै निखुर सुनका
बनाए।
१७ फेरि तिनले असल सुनको पानस
बनाए। तिनले त्यो पानस हातैले कमाएर
बनाए। त्यसका आधार र डण्डासमेत त्यसका
कोपिला, गाँठा र फलहरू सब त्यही एउटै
टुक्राका थिए। १८ त्यसको दुवैतिरबाट
छवटा हाँगा निस्केका थिए—तीनवटा हाँगा
पानसको एकतिर र तीनवटा पानसको अर्को
तिरबाट—१९ एउटा हाँगामा बदामको
फूलजस्तो तीनवटा कोपिला, एउटा गाँठा र
एउटा फूल थिए। अर्को हाँगामा पनि बदामको
फूलजस्तो तीनवटा कोपिला, एउटा गाँठा र
एउटा फूल थिए। पानसबाट निस्केका ती छवटा
हाँगा एउटै किसिमका थिए। २० पानसमा
बदामको फूलजस्तै चारवटा कोपिला आफ्ना

आफ्नै गाँठा र फूलसमेत थिए। २१ पानसबाट
निस्केका छवटा हाँगामध्ये दुइवटा हाँगामनि
एउटा गाँठा त्यही एउटै टुक्राबाट भएका, र
अर्का दुइवटा हाँगामनि एउटा गाँठा त्यही
एउटै टुक्राबाट बनेका थिए। २२ तिनका
गाँठा र हाँगा त्यही एउटै टुक्राबाट बनेका
थिए। तिनले त्यो सिङ्गै पानस निखुर सुनको
त्यही एउटै टुक्राबाट ढाले। २३ तिनले
त्यसमा सातवटा पानस र त्यसका चिम्टा र
त्यसको मोसोदानी निखुर सुनका बनाए।
२४ तिनले त्यो र त्यसका सबै सामानहरू
एक तोड़ा निखुर सुनका बनाए।

२५ तिनले बबुल काठको धूप-वेदी बनाए।
त्यसको लम्बाइ एक हात, चौड़ाइ एक हात
थियो। त्यो चारकुने थियो। त्यसको उँचाइ
दुइ हात थियो, र त्यसका सीङ्हरू एउटै
टुक्राका थिए। २६ तिनले त्यसको
माथिल्लो र चारैपट्टि किनारहरू त्यसका
सीङ्समेत निखुर सुनले मोहोरे, र त्यसको
निम्ति रिङ्गै सुनको बिट बनाए। २७ त्यो
बोक्ने डण्डाहरूका निम्ति घर हुनलाई तिनले
त्यसको बिटमनि त्यसका दुवै किनारमा सुनका
दुइवटा मुन्द्रा बनाएर त्यसका दुइतिर लगाए।
२८ डण्डाहरू बबुल काठका बनाएर ती
तिनले सुनले मोहोरे। २९ तिनले अभिषेक
गर्ने पवित्र तेल र अत्तर बनाउनेले बनाएको
जस्तै सुगन्धित मसालाको असल धूप
बनाए।

पवित्रस्थानका सामानहरू

३८ तिनले बबुल काठको होम-वेदी बनाए।
त्यसको लम्बाइ पाँच हात, चौड़ाइ
पाँच हात, वर्गाकार, र त्यसको उँचाइ तीन
हातको थियो। २ त्यसको चारै कुनामा
तिनले सीङ्हरू बनाए। ती सीङ त्यही
एउटै टुक्राका थिए, र त्यो पीतलले मोहोरे।
३ तिनले वेदीका सबै समानहरू, अर्थात्
भाँडाहरू, साना बेल्चाहरू, कचौराहरू,
काँटाहरू र आगो राख्ने धूपौराहरू बनाए।
त्यसका सबै सामानहरू पीतलका बनाए।
४ वेदीको निम्ति त्यसको मन्तिर चारैतिर
बिटमनि त्यसको बीचसम्मै पुग्ने पीतलको
जालीको एउटा झिँझिरी तिनले बनाए।
५ त्यो झिँझिरीको चारकुनाको निम्ति
डण्डाहरूको घर हुनलाई तिनले चारवटा
मुन्द्रा ढाले। ६ डण्डाहरू बबुल काठका
बनाएर तिनलाई पीतलले मोहोरे। ७ ती
डण्डाहरू वेदीका किनाराका मुन्द्राहरूमा त्यो
बोक्नलाई हाले। औ तिनले ती फल्याकहरूले
खोक्रो बनाए।

८ तिनले भेट हुने पालको ढोकामा
सेवा गर्ने स्त्रीहरूका दर्पणबाट पीतलका धुने-
भाँड़ा र त्यसका खुट्टा बनाए।

९ फेरि तिनले चोक बनाए। त्यसको
दक्षिण तर्फको दक्षिण भागको निम्ति चोकमा
पर्दाहरू मिहीन सुती कपड़ाको एक सय
हातका थिए। १० तिनका खामाहरू बीसवटा
र तिनका चूलघरहरू पनि बीसवटै पीतलका
थिए। तर खामाका अङ्कुसेहरू र तिनका
जोर्नीहरू चाहिँ चाँदीका थिए। ११ उत्तर
तर्फको निम्ति पनि सय हातका पर्दाहरू,
तिनका खामाहरू बीसवटा र तिनका चूलघर-
हरू बीसवटै सबै पीतलका थिए। तर
खामाहरूका अङ्कुसे र तिनका जोर्नीहरू चाहिँ
चाँदीका थिए। १२ पश्चिम तर्फको निम्ति
पचास हातका पर्दाहरू थिए। तिनका
खामाहरू दशवटा औ चूलघरहरू दशवटै
थिए, तर खामाका अङ्कुसे र तिनका जोर्नीहरू
चाँदीका थिए। १३ पूर्व भाग पचास हातको
थियो। १४ ढोकाको एकातर्फको निम्ति
पन्ध्र हातको पर्दा थियो। तिनका खामाहरू
तीनवटा र तिनका चूलघरहरू तीनवटै
थिए, १५ औ अर्कोतर्फ पनि यस्तै थियो।
चोकको ढोकाको यसतर्फ र उसतर्फ पन्ध्र
पन्ध्र हातका पर्दाहरू थिए। तिनका खामाहरू
तीनवटा र तिनका चूलघरहरू तीनवटै थिए।
१६ चोकका चारैपट्टि सबै पर्दाहरू मिहीन

बाटेका सुती कपड़ाका थिए। १७ खामाका
चूलघरहरू पीतल्का थिए, तर खामाका
अङ्कुसे र जोर्नीहरू चाहिँ चाँदीका थिए,
औ तिनका शिराहरू चाँदीले मोहोरेका
थिए। चोकका सबै खामाहरू चाँदीले
जोड़ेका थिए। १८ चोकको मूल ढोकाको
पर्दा शिल्पकारको काम भएको नीलो, बैगुने,
रातो र मिहीन बाटेको सुती कपड़ाको
बनिएको थियो। त्यसको लमाइ बीस हात
र चौड़ाइ, अर्थात् उँचाइ चोकको पर्दाको
बराबर पाँच हातको थियो। १९ तिनका
खामाहरू चारवटा र तिनका चूलघरहरू
पीतल्का थिए। तिनका अङ्कुसे चाँदीका
र तिनका शिराहरू पनि चाँदीले मोहोरेका र
तिनका जोर्नीहरू चाँदीकै थिए। २० पवित्रस्थान-
का र चोकका सबै कीलाहरू पीतलका थिए।
२१ पवित्रस्थानका, अर्थात् साक्षी-पाटीका
पवित्रस्थानको सामानको जुन गन्ती हारून
पूजाहारीको छोरो ईतामारद्वारा लेवीहरूले गर्ने
सेवाको निम्ति मोशाको आज्ञाबमोजिम भयो,
त्यसको वर्णन यही हो। २२ परमप्रभुले मोशा-
लाई आज्ञा गर्नुभएबमोजिम यहूदाको कुलको
हूरको नाति ऊरीको छोरो बजलेल्ले सबै
थोक बनाए। २३ तिनीसित दानको कुलको
अहीसामाकको छोरो ओहोलीआब थिए, जो
खोप्ने, शिल्पकारको काम गर्ने, र नीलो,
बैगुने, रातो र मिहीन सुती कपड़ामा शिल्प-
कारको काम गर्नमा सिपालु थिए।
२४ पवित्रस्थानका जति काम थिए, ती
सबै कामका निम्ति जो भेटीको सुन
लाग्यो, त्यो उनन्तीस तोड़ा, अर्थात्
पवित्रस्थानको शेकेलको हिसाबले सात सय
तीस शेकेल थियो। २५ समुदायमा गन्ती
भएका मानिसहरूका चाँदी एक सय शेकेल थियो
तर पवित्रस्थानको शेकेलको हिसाबले सत्र सय
पचहत्तर शेकेल थियो, २६ अर्थात् जति
जना बीस वर्ष र त्यसभन्दा बढ़ी उमेरका
मानिसहरूमा गनिएका थिए, ती छ लाख तीन
हजार पाँच सय पचास मानिसहरू हरेकबाट
एक एक बेका, अर्थात् पवित्रस्थानको हिसाबले
आधा शेकेल थियो। २७ एक सय तोड़ा
चाहिँ पवित्रस्थान र पर्दाको चूलघरहरू ढाल्नको
निम्ति थिए सय चूलघरहरूमा सय तोड़ा
अर्थात् एक चूलघरको निम्ति एक तोड़ा
थियो। २८ ती सत्र सय पचहत्तर शेकेल्को
तिनले खामाहरूका निम्ति अङ्कुसे बनाए,
तिनका शिराहरू मोहोरे र तिनका निम्ति
जोर्नीहरू बनाए। २९ भेटीका पीतल
सत्तरी तोड़ा र दुइ हजार चार सय शेकेल
थिए। ३० तिनैबाट उनले भेट हुने पालको
ढोकाको निम्ति चूलघरहरू र पीतल्को वेदी
त्यसको पीतल्को झिँझिरी र वेदीका सबै
सामान, ३१ र चारैतर्फको चोकका चूल-
घरहरू र चोकको मूल-ढोकाका चूलघरहरू, र
पवित्रस्थानका सबै कीलाहरू र चोकका
चारैतर्फका सबै कीलाहरू बनाए।

पूजाहारीको पोशाक

३९ पवित्रस्थानको सेवाको निम्ति तिनीहरूले
नीलो, बैगुने, रातो रङ्गको मिहीन
सुती कपड़ाहरू र हारूनको निम्ति परमप्रभुले
मोशालाई आज्ञा गर्नुभएबमोजिम पवित्र
पोशाकहरू बनाए।
२ एपोदचाहिँ तिनले सुनको नीलो,
बैगुने, रातो र मिहीन बाटेको सुती कपड़ाको
बनाए। ३ तिनीहरूले सुन पीटेर पतला
पाताहरू बनाई काटेर तारहरू बनाए। ती
नीलो, बैगुने, रातो र मिहीन सुती कपड़ामा
मिलाउनलाई सिपालु शिल्पकारको काम भएको
थियो। ४ त्यसका निम्ति तिनीहरूले
गाँसेका काँधे-बन्धनहरू बनाए। त्यो दुइ
छेउमा गाँसेको थियो। ५ त्यो बाँध्नलाई
त्यसमाथि भएका खूब राम्रो बुनेको पटुका
त्यही एउटै टुक्राको र त्यस्तै काम भएको
थियो, अर्थात् सुनको नीलो, बैगुने, रातो र
मिहीन बाटेको सुती कपड़ाको थियो, जस्तो
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको थियो।

६ औंठीमा पत्थर जड़ेझैं सुनका घरहरूमा
जड़ेका गोमेद पत्थरहरू तिनीहरूले लिए, जुन
इस्राएलीहरूका कुलका नाउँअनुसार थिए।
७ परमप्रभुले मोशालाई आज्ञा गर्नुभएबमो-
जिम तिनले एपोदका तनाहरूमा इस्राएली-
हरूका निम्ति सम्झनाको मणि हुनलाई ती
लगाए ।

८ तिनले एपोदको कामजस्तै सिपालु
शिल्पकारको कामको छाती-पाता सुनको,
नीलो, बैगुने, रातो र मिहीन बाटेको
कपड़ाको बनाए। ९ त्यो वर्गाकार थियो।
छाती-पाता तिनले दोबर बनाए। त्यो एक
बित्ता लामो र एकै बित्ता चौड़ाको दोबर
थियो। १० त्यसमा मणिहरूका चार लहर
जड़े—पहिलो लहर सार्डियस, पुष्पराज र
पन्नाको थियो। ११ दोस्रो लहर नीर, लाल
र हीराको थियो। १२ तेस्रो लहर धूम्रकान्त
सूर्यकान्त र मर्तिसको थियो। १३ औ
चौथो लहर पिरोजा, गोमेद र स्फटिकको
थियो। यी सबै सुनका घरहरूमा जड़िएका
थिए। १४ ती मणिहरू इस्राएलीहरूकै
नाउँअनुसार, बाह्रवटा थिए। ती बाह्र कुलका
निम्ति औंठीमा खोपेझैं हरेक त्यसकै नाउँ-
अनुसार थियो । १५ तिनीहरूले छाती-
पातामा डोरीजस्तो बाटेको निखुर सुनको
सिक्री बनाए, १६ सुनका दुइ मणिघरहरू र
सुनका दुइवटा मुन्द्रीहरू बनाएर दुवै मुन्द्री
छाती-पाताका दुवै किनारमा लगाए। १७ सुनका
बाटेका दुइवटा सिक्री छाती-पाताको किनार
किनारमा भएका ती दुइ मुन्द्रीहरूमा लगाए।
१८ बाटेका दुवै सिक्रीको अर्को दुइ किनार
ती दुवै मणिघरहरूमा जोड़ेर एपोदका काँधे-
बन्धनमा त्यसको सामनेपट्टि लगाए।
१९ तिनले सुनका दुइवटा मुन्द्री बनाएर
छाती-पाताका दुवै किनारमा एपोदको भित्रपट्टि
बिटमा लगाए। २० तिनले सुनका दुइवटा
मुन्द्री बनाएर एपोदका दुवै काँधे-बन्धनमा
तलबाट त्यसको सामनेपट्टि र त्यसको जोर्नीतिर
एपोदको बुट्टा काढ़ेको पटुकामाथि लगाए।
२१ छाती-पाता चाहिं त्यसका मुन्द्रीहरूद्वारा
एपोदका मुन्द्रीहरूमा नीलो फिताले यसरी
बाँधे कि त्यो एपोदको बुट्टा काढ़ेको पटुकामा
बस्थ्यो र छाती-पाता चाहिँ एपोदबाट सर्न
पाउँदैनथियो, जस्तो परमप्रभुले मोशालाई
आज्ञा गर्नुभएको थियो ।

२२ अनि तिनले एपोदको लबेदा सबै
नीलो रङ्गको बुनेको बनाए। २३ त्यसको
बीचमा कवचको प्वालजस्तो लबेदाको प्वाल
बनाए, र त्यो नफाटून्को निम्ति प्वालको
रिङ्गै बिट बुनिदिए। २४ त्यसको तल
फेरमा चाहिँ नीलो, बैगुने, रातो र बाटेको
सुती कपड़ाका दारीमहरू बनाए। २५ निखुर
सुनको घण्टीहरू बनाएर ती तलको फेरमा
रिङ्गै दारीमको बीच बीचमा तिनले लगाए,
२६ अर्थात् सेवा गर्ने लबेदाको तल फेरमा
रिङ्गै एउटा घण्टी र एउटा दारीम र फेरि
एउटा घण्टी र एउटा दारीम लगाए, जस्तो
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको थियो।

२७ हारून र त्यसका छोराहरूका निम्ति
बुनेका सुती कपड़ाका लबेदा २८ र मिहीन
सुती कपड़ाको फेटा, र मिहीन सुती कपड़ाका
असल असल टोपीहरू र मिहीन सुती
कपड़ाका सुरुवालहरू, २९ र मिहीन बाटेका
सुती कपड़ाहरूको, र नीलो, बैगुने, रातो
शिल्पकारको काम भएको पटुका बनाए,
जस्तो परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको
थियो ।

३० तिनले पवित्र मुकुटको पाता निखुर
सुनको बनाए, औ त्यहाँ छापको खोपाइझैं यी
कुरा खोपे "परमप्रभुको निम्ति पवित्र"।
३१ त्यो नीलो फिताले फेटामा लगाउन-
लाई बाँधे, जस्तो परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएको थियो।

३२ यसरी भेट हुने पालको पवित्रस्थानका
सबै काम समाप्त भए। परमप्रभुले मोशालाई
आज्ञा गर्नुभएझैं इस्राएलीहरूले गरे।

३३ तिनीहरूले पवित्रस्थान मोशाकहाँ यी
सबै थोक ल्याए, पाल र त्यसका सारा सामान-

हरूसमेत—त्यसका घुणीघरहरू, फल्याकहरू,
बारहरू, खामाहरू, चूलघरहरू, ३४ औ
रातो रङ्गले रङ्गाएका भेड़ाका छालाहरूको
छत, सीलका छालाहरूको छत, पर्दा,
३५ साक्षी-पाटीको सन्दूक, त्यसका डण्डाहरू र
कृपा-आसन, ३६ टेबल र त्यसका सबै सामान-
हरूसमेत, भेटीका रोटीहरू, ३७ निखुर सुनका
पानस, त्यसका दियोहरू, बत्ती सच्याउने र
त्यसका सबै सामानहरू प्रकाशको निम्ति तेल,
३८ सुनको वेदी, अभिषेक गर्ने तेल, सुगन्धित
धूप, पाल को ढोकाको निम्ति पर्दा,
३९ पीतलका वेदी, त्यसको पीतले झिँझिरी,
त्यसका डण्डाहरू र त्यसका सबै सामानसमेत,
पानीको बाटा र त्यसका खुट्टा, ४० चोकको
पर्दा, त्यसका खामाहरू, चूलघरहरू, चोकको
ढोकाको पर्दा, त्यसका डोरीहरू, कीलाहरू
र भेट हुने पालको निम्ति, अर्थात् पवित्र-
स्थानको सेवाको सबै सामान, ४१ पवित्र-
स्थानमा सेवाको कामको निम्ति बुट्टा काढ़ेका
कपड़ाहरू, हारून पूजाहारीका पवित्र पोशाक
र पूजाहारीपदमा सेवा गर्नको निम्ति तिनका
छोराहरूका पोशाकहरू ल्याए। ४२ परम-
प्रभुले मोशालाई दिनुभएको आज्ञाबमोजिम
सबै काम इस्राएलीहरूले गरे। ४३ तब
मोशाले ती कामहरू हेरे, औ जस्तो परम-
प्रभुले तिनलाई आज्ञा गर्नुभएको थियो
तिनीहरूले त्यस्तैनै गरेका थिए। तब मोशाले
ती सबैमाथि आफ्ना आशीर्वाद दिए।

पवित्रस्थानको स्थापन

४० अनि परमप्रभुले मोशालाई भन्नुभयो,
२ "पहिलो महीनाको पहिलो दिन
भेट हुने पालको पवित्रस्थान खड़ा गर्नू।
३ त्यसमा साक्षी-पाटीको सन्दूक राखेर
त्यसलाई पर्दाले छेक्नू। ४ टेबल भित्र
ल्याएर त्यसमाथि हुने थोकहरू सजाउनू, र
पानस भित्र ल्याएर त्यसमा बत्तीहरू बाल्नू।
५ साक्षी-पाटीको सामने सुनको धूपको वेदी
राख्नू, र पवित्रस्थानको ढोकाको पर्दा
लाउनू। ६ फेरि भेट हुने पालको पवित्र-
स्थानको ढोकाको सामने होम-वेदी राख्नू।
७ त्यसपछि भेट हुने पाल र वेदीको
बीचमा बाटा राखेर त्यसमा पानी हाल्नू।
८ अनि चोकको घेरा रिङ्गै खड़ा गर्नू, र
चोकको ढोकाको पर्दा टाँग्नू। ९ अभिषेक
गर्ने तेल लिएर पवित्रस्थान र त्यसमा भएका
सबै थोकलाई अभिषेक गर्नू र त्यसका सबै
सामानसमेत त्यो पवित्र गर्नू, तब त्यो पवित्र
हुनेछ। १० होमवेदी त्यसको सबै सामान-
समेत अभिषेक गरेर त्यसलाई पवित्र गर्नू,
र त्यो महा-पवित्र हुनेछ। ११ बाटा
त्यसका खुट्टासमेत अभिषेक गरेर पवित्र गर्नू।
१२ त्यसपछि हारून र त्यसका छोरा-
हरूलाई भेट हुने पालको ढोकामा ल्याएर
तिनीहरूलाई पानीले नुहाउनू। १३ अनि
हारूनलाई पवित्र पोशाक पहिराएर त्यसलाई
अभिषेक गर्नू, र त्यसले पूजाहारी पदमा मेरो
सेवा गरोस्। १४ त्यसका छोराहरूलाई
ल्याएर तिनीहरूलाई लबेदा पहिराउनू।
१५ त्यसपछि तैँले तिनीहरूको बाबुलाई
अभिषेक गरेझैँ तिनीहरूलाई पनि गर्नू, र
तिनीहरूले पूजाहारी पदमा मेरो सेवा गरून्।
तिनीहरूको अभिषेक चाहिँ एक अनन्त
पूजाहारीगिरीको रूपमा तिनीहरूको सम्पूर्ण
पुस्ताभरि हुनेछ।" १६ तब मोशाले त्यसैनै
गरे। परमप्रभुले दिनुभएको सबै आज्ञाबमो-
जिम तिनले गरे।
१७ तब दोस्रो वर्षको पहिलो महीनाको
पहिलो दिन पवित्रस्थान खड़ा गरियो।
१८ मोशाले पवित्रस्थान खड़ा गरे, र
त्यसका चूलघरहरू राखेर त्यसका फल्याकहरू
जोड़ेर तिनीहरूमा बार लगाई त्यसका खामा-
हरू खड़ा गरे। १९ त्यसपछि तिनले
पवित्रस्थानमाथि पाल फिँजाएर पालमाथि छत
लगाए, जस्तो परमप्रभुले तिनलाई आज्ञा गर्नु-
भएको थियो। २० अनि तिनले साक्षी-
पाटी ल्याई सन्दूकभित्र राखेर डण्डाहरू सन्दूकमा

हाले, र कृपा-आसन सन्दूकमाथि राखे।
२१ तब तिनले सन्दूक पवित्रस्थानभित्र
ल्याए, र पर्दा टाँगेर साक्षी-पाटीको सन्दूक
छेके, जस्तो परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएको थियो।

२२ अनि तिनले भेट हुने पालमा
पवित्रस्थानको उत्तरतर्फ पर्दाको बाहिरपट्टि
टेबल राखे। २३ त्यसपछि तिनले त्यसमाथि
परमप्रभुको सामने रोटी सजाएर राखे, जस्तो
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको थियो।
२४ औ तिनले भेट हुने पालमा टेबलको
सामने पवित्रस्थानको दक्षिणतिर पानस
राखे। २५ तिनले परमप्रभुको सामने बत्तीहरू
बाले, जस्तो परमप्रभुले तिनलाई आज्ञा
गर्नुभएको थियो।

२६ तिनले भेट हुने पालमा पर्दाको
सामने सुनको वेदी राखे। २७ उनले त्यसमा
सुगन्धित धूप बाले, जस्तो परमप्रभुले मोशा-
लाई आज्ञा गर्नुभएको थियो। २८ औ
तिनले पवित्रस्थानको ढोकामा पर्दा टाँगे।
२९ तब तिनले भेट हुने पालको पवित्र-
स्थानको ढोकामा होम-वेदी राखेर त्यसमा
होमबलि र अन्नबलि चढ़ाए, जस्तो परम-
प्रभुले मोशालाई आज्ञा गर्नुभएको थियो।
३० औ तिनले भेट हुने पाल र वेदीको
बीचमा बाटा राखेर धुनलाई पानी हाले।
३१ औ मोशा, हारून र तिनका छोरा-
हरूले त्यसमा आफ्ना आफ्ना हात-खुट्टा
धोए। ३२ तिनीहरू भेट हुने पालमा पस्दा
अथवा वेदीमा जाँदा तिनीहरूले हात-खुट्टा
धुने गर्थे, जस्तो परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएको थियो। ३३ तिनले पवित्रस्थान
र वेदीको चारैतिर चोकको बार खड़ा गरे,
र चोकको ढोकाको पर्दा टाँगे। यसरी मोशाले
काम समाप्त गरे।

३४ तब भेट हुने पाल बादलले
छोप्यो, र परमप्रभुको महिमाले पवित्रस्थान
भरियो। ३५ अनि मोशा भेट हुने पालमा
पस्नसकेनन्, किनकि त्यो बादल त्यसमा
बसिरह्यो, र परमप्रभुको महिमाले पवित्रस्थान
भरियो। ३६ अनि त्यो बादल पवित्रस्थान-
बाट माथि उठाइँदा इस्राएलीहरू आफ्ना
यात्रामा अगि बढ़थे। ३७ तर त्यो
बादल माथि उठाइएन भने जुन दिनसम्म
त्यो माथि उठाइँदैनथ्यो तिनीहरू हिंड़दैन थिए
३८ किनकि सबै इस्राएलीहरूका यात्राभरि
दिउँसो परमप्रभुको बादल पवित्रस्थानमा
हुन्थ्यो, औ रातीचाहिं त्यसमा आगो हुन्थ्यो।

लेवीहरूका पुस्तक

१ भेट हुने पालभित्रबाट परमप्रभुले
मोशालाई बोलाएर भन्नुभयो,
२ "इस्राएलीहरूलाई भन्, 'तिमीहरूमध्ये कुनै
पनि मानिसले परमप्रभुको निम्ति बलि चढ़ाउँदा
तिनीहरूको पशु-बलि गाई-गोरुका बथान
अथवा भेड़ा-बाख्राका बगालबाट चढ़ाओस्।
३ यदि त्यसको बलि गाई-गोरुको होम-
बलि हो भने, त्यसले निष्खोट नरवाहिं
चढ़ाओस्। भेट हुने पालको ढोकामा त्यसले
त्यो चढ़ाओस्, र परमप्रभुको सामने त्यो
ग्रहणयोग्य हुनेछ। ४ अनि त्यसले होमबलिको
टाउकोमाथि आफ्नो हात राखोस्, र त्यो

त्यसको प्रायश्चितको लागि ग्रहणयोग्य हुनेछ।
५ त्यसले त्यस साँढ़ेलाई परमप्रभुको सामने
मारोस्। हारूनका छोराहरू, अर्थात् पूजाहारी-
हरूले चाहिं रगत नजीक ल्गेर भेट हुने
पाल्को ढोकाको सामनेको वेदीमा वरिपरि
छर्कून्। ६ त्यसपछि त्यस्ले होमबलिको
छाला काढ़ेर त्यसलाई टुक्रा टुक्रा गरी काटोस्।
७ पूजाहारी हारूनका छोराहरूले वेदीमा
आगो हालेर दाउराहरू काइदासँग आगोमाथि
राखून्। ८ हारूनका छोराहरू, अर्थात्
पूजाहारीहरूले वेदीमाथिको आगोमा राखेका
दाउरामाथि ती टुक्राहरू, टाउको र बोसो
काइदासँग राखून्। ९ तर त्यसले त्यसका
आन्द्रा-भुँड़ी र खुट्टाहरूचाहिं पानीले पखालोस्,
र ती जम्मैलाई पूजाहारीले परमप्रभुको निम्ति
मीठो बास्ना, आगोद्वारा तयार गरेको बलि,
अर्थात् होमबलि गरी वेदीमा जलाओस्।
१० यदि त्यसको बलि बगालबाट भेड़ा
कि बाख्राको होमबलि हो भने, त्यसले निष्खोट
नरचाहिं चढ़ाओस् ११ त्यसले परमप्रभुको
सामने वेदीको उत्तरपट्टि त्यो मारोस् र हारूनका
छोराहरू, अर्थात् पूजाहारीहरूले त्यसको रगत
वेदीमा वरिपरि छर्कून्। १२ त्यसले त्यो
टाउको र बोसोसमेत टुक्रा टुक्रा गरी काटोस्,
र वेदीमाथि भएको आगो माथिको दाउरामा
पूजाहारीले ती काइदासँग राखोस्। १३ तर
त्यसका आन्द्रा-भुँड़ी र खुट्टाहरूचाहिं पानीले
पखालेर ती जम्मै पूजाहारीले वेदीमा चढ़ाएर
जलाओस्। यो परमप्रभुको निम्ति मीठो
बास्ना, आगोद्वारा तयार गरेको बलि, अर्थात्
होमबलि हो।
१४ यदि परमप्रभुको निम्ति त्यसको बलि
पक्षीहरूको होमबलि हो भने, आफ्नो बलि
ढुकुर कि परेवाका बच्चाहरूबाट त्यसले
चढ़ाओस्। १५ पूजाहारीले वेदीनेर त्यो
ल्याएर त्यसको टाउको निमोठेर चुँढ़ाओस्, र
त्यसलाई वेदीमा जलाओस्, औ रगतचाहिं
वेदीको छेउमा निथारोस्। १६ त्यसले
त्यसको मल्समेतको आन्द्रा-भुँड़ी झिकेर
वेदीको पूर्वपट्टि खरानी रहने ठाउँमा फ्याँकोस्।
१७ त्यसले त्यसलाई नटुक्राईकन पखेटाको
बीचबाट फारोस्। पूजाहारीले वेदीमा भएको
आगोमाथिका दाउरामा त्यो जलाओस्। यो
परमप्रभुको निम्ति मीठो बास्ना आगोद्वारा
तयार गरेको बलि, अर्थात् होमबलि हो।

अन्नबलि

२ अनि कसैले परमप्रभुको निम्ति
अन्नबलिको भेटी चढ़ाउने इच्छा गर्छ
भने त्यसको भेटी मसिनो पीठोको होस्।
त्यसले त्यसमाथि तेल खन्याएर लोबान हालोस्।
२ त्यसले हारूनका छोराहरू, अर्थात् पूजाहारी-
हरूकहाँ त्यो ल्याओस्। त्यसबाट आफ्नो
मुठीभरिको मसिनो पीठो र तेल जम्मै धूपसमेत
त्यसले झिकोस्। अनि पूजाहारीले त्यो परम-
प्रभुको निम्ति बास्ना, आगोद्वारा तयार गरेको
बलि, एक सम्झना स्वरूप वेदीमा जलाओस्।
३ अन्नबलिबाट उब्रेको चाहिं हारून र त्यसको
छोराहरूको होस्। परमप्रभुको निम्ति आगो-
द्वारा चढ़ाउने बलिहरूमध्ये यो अति पवित्र
हो। ४ चुल्हामा पकाएको अन्नबलिको भेटी
चढ़ाउने इच्छा भए, तेल्मा मुछेको अखमीरे
पीठोका फुलौराहरू वा तेल दलेको अखमीरे
पापर होस्। ५ तेरो बलि तावामा पकाएको
अन्नबलि भए, तेल्मा मुछेको अखमीरे मसिनो
पीठोको होस्। ६ त्यो टुक्रा टुक्रा पारेर
त्यसमा तेल खन्याउनू। त्यो अन्नबलि हो।
७ तेरो बलि ताई-ताप्केमा पकाएको अन्नबलि
भए, त्यो चाहिं तेल्मा पोलेको मसिनो पीठोको
होस्। ८ यी चीजहरूले बनेको अन्नबलि
भए परमप्रभुकहाँ लैजानू। त्यसले त्यो पूजाहारी-
कहाँ ल्याएपछि पूजाहारीले त्यो वेदीको
नजीक ल्याओस्। ९ अनि पूजाहारीले अन्न
बलिबाट सम्झना स्वरूप भाग झिकेर परमप्रभुको
निम्ति मीठो बास्ना, आगोद्वारा तयार गरेको
होमबलि वेदीमा जलाओस्। १० अन्नबलि-
बाट उब्रेको हारून र त्यसका छोराहरूको

होस्। परमप्रभुको निम्ति आगोद्वारा चढ़ाइने
बलिहरूमध्ये यो अति पवित्र हो।
११ तिमीहरूले परमप्रभुको निम्ति चढ़ाउने
कुनै पनि अन्नबलि खमीरले बनेको नहोस्,
किनभने परमप्रभुको निम्ति आगोद्वारा
चढ़ाइने बलिमा तिमीहरूले खमीर र मह
नजलाउनू। १२ ती चाहिँ अगौटेफलको
बलिको रूपमा परमप्रभुको निम्ति चढ़ाए हुन्छ,
तर मीठो वास्नाको लागि भने ती वेदीमा
नचढ़ाउनू। १३ आफ्ना सबै अन्नबलिको
भेटी तैँले नूनले नुनिलो बनाउनू, र आफ्ना
परमेश्वरको करारको आफ्नो कुनै पनि अन्नबलि
नूनरहितको हुन नपाओस्। आफ्ना सबै
बलिमा नून पनि चढ़ाउनू।
१४ परमप्रभुको निम्ति अगौटे फलहरूको
अन्नबलि चढ़ाउने इच्छा भए, आफ्नो अगौटे
फलहरूको अन्नबलिको निम्ति आगोमा पोलेका
ताजा बालीहरू, अर्थात् नयाँ अन्न पिँधेको
चढ़ाओस्। १५ त्यसमा तेल हाल्नू र
लोबान राख्नू। त्यो अन्नबलि हो। १६ अनि
पूजाहारीले जम्मै लोबानसँग त्यो पिँधेको
अन्नबाट केही भाग र तेलबाट पनि केही
भाग लिएर सम्झना स्वरूप जलाओस्। त्यो
परमप्रभुको निम्ति अग्निहोम हो।

मेलबलि

३ अनि त्यसको भेटी मेलबलिको बलिदान
भए, र गाई-गोरुमध्येको एउटा चढ़ाउँछ
भने, त्यसले त्यो परमप्रभुको सामने निष्खोट
साँढे कि गाई चढ़ाओस्। २ त्यसले आफ्नो
हात आफ्नो बलिको टाउकोमा राखेर त्यसलाई
भेट हुने पालको ढोकामा मारोस्। हारूनका
छोराहरू, अर्थात् पूजाहारीहरूले त्यसको रगत
वेदीका वरिपरि छर्कून्। ३ मेलबलिहरूमध्येको
बलिदान त्यसले परमप्रभुको निम्ति आगोद्वारा
चढ़ाओस्, अर्थात् आन्द्रा-भुँड़ी ढाक्ने बोसो
र आन्द्रामाथिको बोसो सबै, ४ दुवै मिर्गौला
र तीमाथि र कम्मरनेर भएको बोसो र
मिर्गौलासमेत कलेजामाथि भएको गर्भजाल,
चाहिँ त्यसले झिकोस्। ५ हारूनका छोरा-
हरूले त्यसलाई वेदीमा आगोको दाउरामाथि
भएको होमबलिमा जलाऊन्। परमप्रभुको
निम्ति मीठो बास्ना, आगोद्वारा तयार गरेको
बलिदान त्यो हो।
६ अनि त्यसको भेटी परमप्रभुको निम्ति
मेलबलिको बलिदानको लागि भेड़ा-बाख्रामध्ये-
बाटको भए, त्यो निष्खोट बोका कि बाख्री
त्यसले चढ़ाओस्। ७ त्यसले आफ्नो बलिको
लागि थुमा चढ़ाउँछ भने, त्यो परमप्रभुको
सामने चढ़ाओस्। ८ त्यसले आफ्नो बलिको
टाउकोमा आफ्नो हात राखोस्, र भेट हुने
पालको सामनेमा त्यसलाई मारोस्। हारूनका
छोराहरूले त्यसको रगत वेदी वरिपरि छर्कून्।
९ त्यसले मेलबलिहरूमध्येको बलिदान परम-
प्रभुको निम्ति आगोद्वारा चढ़ाओस्। त्यसको
बोसो र जम्मै बोसे-पुच्छर डँड़ाल्लुदेखि त्यसले
छुट्याओस्, औ आन्द्रा-भुँड़ी ढाक्ने-बोसो र
आन्द्रामाथिको जम्मै बोसो, १० दुवै
मिर्गौला र तीमाथि र कम्मरनेर भएको बोसो
मिर्गौलासमेत कलेजामाथि भएको गर्भजाल,
चाहिँ त्यसले झिकोस्। ११ पूजाहारीले त्यो
वेदीमा जलाओस्। यो परमप्रभुको निम्ति
आगोद्वारा तयार गरेको बलिको भोजन हो।
१२ अनि त्यसको बलि बोका हो भने,
त्यसले त्यो परमप्रभुको सामने चढ़ाओस्।
१३ त्यसले आफ्नो हात त्यसको टाउकोमा
राखोस्, र भेट हुने पालको सामने त्यसलाई
मारोस्। अनि हारूनका छोराहरूले वेदी
वरिपरि त्यसको रगत छर्कून्। १४ त्यसले
त्यसमध्येका आफ्नो भेटी परमप्रभुको निम्ति
आगोद्वारा चढ़ाओस्, आन्द्रा-भुँड़ीमाथिका
सबै बोसो, १५ दुवै मिर्गौला, तीमाथि
र कम्मरनेर भएको बोसो, र मिर्गौलासमेत
कलेजामाथि भएको गर्भजाल, त्यसले झिकोस्।
१६ पूजाहारीले ती वेदीमा जलाओस्।
मीठो बासना हुनलाई आगोद्वारा तयार गरेको
बलिको भोजन यो हो। बोसो जति सबै

परमप्रभुको हो। १७ तिमीहरूले बोसो र
रगत नखाओ। यो तिमीहरूका सन्तान-
दरसन्तानका निम्ति तिमीहरूका सबै घर घरमा
अनन्तको विधि होस्।"

पापबलि

४ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई यसो भन्,
'परमप्रभुले मनाई गर्नुभएको कुनै कुरामा
कसैले अजानमा पाप गर्‍यो भने, ३ कि कुनै
अभिषेक भएको पूजाहारीले पाप गरेर मानिस-
हरूमा दोष ल्यायो भने त्यसले गरेको त्यस
पापको निम्ति एउटा निष्खोट साँढ़े परमप्रभुमा
पापबलि चढ़ाओस्। ४ त्यसले त्यो साँढ़ेलाई
भेट हुने पालको ढोकानेर परमप्रभुकहाँ ल्याएर
बाछाको टाउकोमा आफ्नो हात राखी बाछालाई
परमप्रभुको सामने मारोस्। ५ अभिषेक
भएको पूजाहारीले साँढ़ेको रगतबाट लिएर भेट
हुने पालमा ल्याओस्। ६ पूजाहारीले आफ्नो
औंला रगतमा चोपेर त्यस रगतबाट पवित्र-
स्थानको छेल्ने-पर्दाको अगिल्तिर परमप्रभुको
सामने सातपल्ट छर्कोस्। ७ त्यसपछि
पूजाहारीले भेट हुने पालभित्र रहेको सुगन्धित
धूपको वेदीका सीङ्हरूमा परमप्रभुको सामने
त्यस रगतबाट लगाओस् र साँढ़ेको सबै रगत
भेट हुने पालको ढोकामा होमबलिको वेदीको
आधारमा खन्याओस्। ८ पापबलिको साँढ़ेको
बोसो जति सबै त्यसले त्यसबाट झिकोस्,
आन्द्रा-भुँड़ी ढाक्ने बोसो, आन्द्रा-भुँड़ीमाथिको
दुवै बोसो, ९ दुवै मिर्गौला, तीमाथि र
कम्मरनेरको बोसो र मिर्गौंलासमेत कलेजा-
माथि भएको गर्भजाल, त्यसले झिकोस्।
१० मेलबलिको बलिदानमा चढ़ाउने साँढ़ेको
झिकेझैं पूजाहारीले ती होमबलिको वेदीमा
जलाओस्, ११ साँढ़को छाला त्यसका
जम्मै मासु, त्यसको टाउको, खुट्टा र त्यसका
आन्द्रा-भुँड़ी गोबरसमेत, १२ अर्थात् सिङ्गै
साँढ़े छाउनीदेखि बाहिर खरानी फ्याँक्ने
चोखो ठाउँमा लगेर दाउरामाथि राखेर
आगोमा जलाओस्—जहाँ खरानी फ्याँकिन्छ,
त्यहींनै त्यो जलाओस्।
१३ फेरि इस्राएलको जम्मै समुदायले
भूल गरेको छ, र त्यो कुरोचाहिँ त्यस
सभाको नजरबाट छिपेको छ, औ परमप्रभुले
मनाई गर्नुभएको कुनै कुरो गरेर दोषी भएको
छ भने, १४ यिनीहरूले गरेको त्यो पाप
प्रकट हुँदा सभाले पापबलि स्वरूप बाछा
चढ़ाओस्, र भेट हुने पालको सामने
ल्याओस्। १५ समुदायका बूढ़ा-प्रधानहरूले
बाछाको टाउकोमाथि आफ्ना आफ्ना हात
परमप्रभुको सामने राखून्। त्यो बाछो
परमप्रभुको सामने मारिओस्। १६ अभिषेक
भएको पूजाहारीले त्यो बाछाको रगतबाट
केही भेट हुने पालमा ल्याओस्।
१७ पूजाहारीले आफ्नो औंला रगतमा
चोपेर त्यस रगतबाट छेल्ने-पर्दाको अगिल्तिर
परमप्रभुको सामने सातपल्ट छर्कोस्।
१८ त्यसपछि भेट हुने पालभित्र रहेको
वेदीका सीङ्हरूमा परमप्रभुको सामने त्यस
रगतबाट केही लगाओस्, र सबै रगतचाहिँ
भेट हुने पालको ढोकाको होमबलिको वेदीको
आधारमा खन्याओस्। १९ तर त्यसको
जम्मै बोसो त्यसले त्यसबाट झिकेर वेदीमा
जलाओस्। २० पापबलिको बाछालाई
त्यसले जसो गरेको थियो त्यस साँढ़ेलाई
पनि त्यसै गरोस्। यसरी पूजाहारीले
तिनीहरूका निम्ति प्रायश्चित गरोस्, र
तिनीहरूलाई क्षमा हुनेछ। २१ उसले त्यस
साँढ़ेलाई छाउनीबाहिर लगेर पहिलोलाई
जलाएझैं जलाओस्। यो सभाको निम्ति
पापबलि हो।
२२ कुनै शासकले पाप गरेको छ, र
परमप्रभु त्यसका परमेश्वरले मनाई गर्नुभएका
सबै कुरामध्ये कुनै कुरो अजानमा गरेर
दोषी भयो २३ औ त्यसले गरेको पाप
प्रकट भयो भने, त्यसले एउटा निष्खोट
बोका आफ्नो भेटीको निम्ति ल्याओस्।

२४ त्यसले बोकाको टाउकोमा आफ्नो हात
राखोस्, र जहाँ होमबलिको पशु मारिन्छ,
त्यहीँनै त्यसलाई परमप्रभुको सामने मारोस्।
यो चाहिँ पापबलि हो। २५ त्यसपछि
पूजाहारीले आफ्नो औंलाले पापबलिको
रगतबाट केही वेदीको सीङ्मा लगाओस्
अनि बाँकी रगत होमबलिको वेदीको आधारमा
खन्याओस्। २६ त्यसको बोसो पनि सबै
मेलबलिको बोसोझैँ वेदीमा त्यसले जलाओस्।
यसरी पूजाहारीले त्यसको पापको लागि त्यसको
निम्ति प्रायश्चित गरोस्, र त्यसलाई क्षमा
हुनेछ।

२७ फेरि साधारण मानिसहरूमध्येको
कोही परमप्रभुले मनाई गर्नुभएको कुराहरूमध्ये
एउटामा पनि अजानमा पाप गरी दोषी
भयो २८ र त्यसले गरेको त्यो पाप
त्यसलाई प्रकट गरिदियो भने, आफूले गरेको
पापको निम्ति आफ्नो भेटी स्वरूप
निष्खोट पाठी त्यसले ल्याओस्। २९ त्यसले
पापबलिको टाउकोमा आफ्नो हात राखोस्।
र होमबलिको ठाउँमा त्यो पापबलि
मारोस्। ३० त्यसपछि पूजाहारीले आफ्नो
औंलाले पापबलिको रगतबाट केही लिएर
होमबलिको वेदीका सीङ्हरूमा लगाओस्,
र त्यसको सबै रगत होमबलिको वेदीको
अधारमा खन्याओस्। ३१ त्यसको सबै
बोसो मेलबलिको बलिदानको बोसोझैँ झिकोस्
अनि पूजाहारीले परमप्रभुको निम्ति मीठो
वास्ना हुनलाई त्यो वेदीमा जलाओस्।
यसरी पूजाहारीले त्यसको निम्ति प्रायश्चित
गरोस्, र त्यसलाई क्षमा हुनेछ।

३२ त्यसले पापबलिको निम्ति एउटा
थुमा आफ्नो भेटीस्वरूप ल्यायो भने
निष्खोट पाठी ल्याओस्। ३३ त्यसपछि
त्यसले पापबलिको टाउकोमा आफ्नो हात
राखोस्, र जहाँ तिनीहरूले होमबलि मार्छन्,
त्यहीँनै पापबलिको निम्ति त्यसलाई मारोस्।
३४ त्यसपछि पूजाहारीले आफ्नो औंलाले
पापबलिको रगतबाट केही लिएर होमबलिका
वेदीका सीङ्हरूमा लगाओस्, र त्यसका सबै
रगतचाहिँ होमबलिको आधारमा खन्याओस्।
३५ त्यसका सबै बोसो मेलबलिको पाठाको
बोसोझैँ झिकोस्, र पूजाहारीले ती परम-
प्रभुको निम्ति आगोद्वारा मेलबलिहरूमा झैँ
वेदीमा जलाओस्। यसरी त्यसले गरेको
पापको निम्ति पूजाहारीले त्यसको निम्ति
प्रायश्चित गरोस्, र त्यसलाई क्षमा हुनेछ।

दोषबलि

५ यदि कोही मानिसले यस्तो किसिमको
पाप गर्‍यो, कि साक्षी भईकन किरिया
खुवाएर बकाउँदा पनि आफूले देखेको र
जानेको कुरो त्यसले बोल्दैन भने, त्यसले
आफ्नो अपराध भोग्नेछ। २ कसैले कुनै
अशुद्ध कुरो, अर्थात् अशुद्ध बन-पशु कि
पाल्तु-पशु कि अशुद्ध घस्रने जन्तुको सिनु छोयो
भने, र त्यो कुरो त्यसलाई थाह नभई त्यो
अशुद्ध भयो भने, त्यो अशुद्ध ठहरिनेछ।
३ त्यसले मानिसको अशुद्धि छोयो, र त्यो
कुरो त्यसलाई थाह भएन, तर जब त्यसलाई
थाह हुन्छ त्यो दोषी ठहरिनेछ।

४ कसैले खराब कि असलको विचार नगरी
आफ्नो मुखले किरिया हाल्यो र जुनसुकै
कुरा सोच-विचार नगरी किरिया हाल्यो
भने, र त्यसबाट त्यो कुरो छिपेको भए,
त्यसले त्यो थाह पाए पछि त्यस्ता कुरामा
त्यो दोषी ठहरिनेछ। ५ जब त्यो त्यस्ता
कुरामध्ये एउटामा दोषी ठहरिन्छ भने,
आफूले गरेको पाप त्यसले स्वीकार
गरोस्। ६ आफ्नो दोषबलिको लागि त्यसले
गरेको त्यस पापको निम्ति परमप्रभुको सामने
बगालबाट भेडा अथवा बाख्राको पाठी
पापबलिको निम्ति त्यसले ल्याओस्। पूजा-
हारीले त्यसको पापको लागि प्रायश्चित
गर्नेछ। ७ पाठी ल्याउने त्यसको औकात
पुग्दैन भने, त्यसले आफूले गरेको त्यस
पापको निम्ति दुइवटा ढुकुर कि परेवाका

दुइवटा बचा दोषबलि स्वरूप परमप्रभुकहाँ
ल्याओस्—एउटा पापबलि र अर्को होम-
बलिको निम्ति। ८ त्यसले पूजाहारीकहाँ
ती ल्याओस्। तिनले पापबलिको निम्ति
चाहिँ पहिले चढ़ाओस्, र त्यसको टाउको
घाँटीमा समातेर निमठोस्, तर त्यस-
लाई चुँड़्याइ नहालोस्। ९ त्यसपछि
वेदीको पाटामा पापबलिको रगतबाट पूजा-
हारीले छर्कोस्, र बाँकी रगतचाहिँ वेदीको
आधारमा निथारोस्। यो पापबलि हो।
१० त्यसले अर्कोचाहिँ होमबलिको निम्ति
विधिपूर्वक चढ़ाओस्। त्यसले गरेको पापको
निम्ति यसरी पूजाहारीले प्रायश्चित गरोस्,
तब त्यसलाई क्षमा हुनेछ।
११ तर दुइवटा ढुकुर कि परेवाका दुइवटा
बचा ल्याउने पनि त्यसको औकात पुग्दैन
भने, त्यसले जे कुरामा पाप गरेको हो,
त्यसको निम्ति आफ्नो भेटी आफ्नो पाप-
बलिको लागि एपाको दशांश मसिनो पीठो
ल्याओस्। १२ त्यसले त्यो पूजाहारीकहाँ
ल्याओस्। अनि पूजाहारीले त्यसबाट त्यसको
सम्झनाको निम्ति एक मुठी लिएर परम-
प्रभुको निम्ति वेदीमा आगोद्वारा जलाओस्।
यो पापबलि हो। १३ त्यसले ती कुरामध्ये
जुनसुकै विषयमा पाप गरेको छ भने पनि
पूजाहारीले त्यसको निम्ति प्रायश्चित गरोस्,
र त्यो त्यसलाई क्षमा हुनेछ। त्यो बाँकी
रहेको चाहिँ अन्नबलिझैँ पूजाहारीको
होस्'।"
१४ फेरि परमप्रभुले मोशालाई यसो
भन्नुभयो, १५ "कसैले अपराध गरेर परम-
प्रभुका पवित्र कुराहरूको विषयमा अजानमा
पाप गर्‍यो भने, त्यसले परमप्रभुकहाँ पवित्र-
स्थानको शेकेलको हिसाबले तँले ठहराएको
शेकेलको चाँदीको दाममा बगालबाट निख्खोट
भेड़ा आफ्नो दोषबलिको निम्ति ल्याओस्।
१६ त्यसले पवित्र कुरामा गरेको पापको
सट्टामा त्यसको पाँचौँ भाग अझै थपोस्, र
पूजाहारीलाई त्यो देओस्। पूजाहारीले
दोषबलिको भेड़ाद्वारा त्यसको निम्ति प्रायश्चित
गरोस्। तब त्यसलाई क्षमा हुनेछ।
१७ कसैले परमप्रभुबाट मनाई भएको
कुनै कुरा गरेर पाप गर्‍यो भने, त्यसलाई
सो थाह नभए तापनि त्यो दोषी हुन्छ, र
त्यसले आफ्नो अधर्म भोग्नेछ। १८ तँले
ठहराएको मोलबमोजिम त्यसको बगालबाट
एउटा निख्खोट भेड़ा आफ्नो दोषबलिको
निम्ति पूजाहारीकहाँ ल्याओस्। त्यसले थाह
नपाई अजानमा गरेको त्यसको भूलको लागि
पूजाहारीले प्रायश्चित गरोस्। तब त्यो
त्यसलाई क्षमा हुनेछ। १९ यो दोषबलि
हो। परमप्रभुको सामने त्यो निश्चय दोषी
छ।"

पूजाहारीका कर्तव्यहरू

६ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
२ "कसैले यी करतूतहरू गरेर
परमप्रभुको विरुद्धमा घोर अपराध गर्‍यो भने
जस्तो कि—कसैले राख्न दिएको कुरा,
बन्धकमा राखेको कुरा वा चोरीको कुरामा
छिमेकीसँग झूटा बोल्यो भने ३ कि त
छिमेकीबाट केही अपहरण गर्‍यो कि हराएको
कुरा पाएर पनि झूट बोल्यो—अनि त्यसले
गरेको यी पापहरूमध्ये एउटैको बारेमा पनि
झूटा किरिया हाल्यो भने ४ र त्यसको
दोष साबित भयो भने, त्यसले चोरेको,
अपहरण गरेको, पचाएर राखेको माल अथवा
हराएर पाएको थोक ५ यी कुनै कुराको
बारेमा त्यसले झूटा किरिया हालेको छ भने,
त्यसले पाँचौं हिस्सा थपेर पूरा फर्काइदेओस्।
त्यो दोषी ठहरिएकै दिन त्यो जसको हो,
उसैलाई त्यसले देओस। ६ त्यसले परम-
प्रभुकहाँ एउटा निख्खोट भेड़ा तँले ठहराएको
मोलबमोजिम आफ्नो दोषबलिको निम्ति
पूजाहारीकहाँ ल्याओस्। ७ तब पूजाहारीले
त्यसको निम्ति परमप्रभुको सामने प्रायश्चित
गरोस्, र जुन कुराको कारणले त्यो दोषी

ठहरिएको हो, त्यो त्यसलाई क्षमा हुनेछ।"
८ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
९ "हारून र त्यसका छोराहरूलाई यस्तो आज्ञा
दे, 'होमबलिको व्यवस्था यही हो— होमबलि
दाउरामाथि रातभरि बिहानसम्मै वेदीमा रहोस्
र वेदीको आगो त्यसमा जलिनै रहोस्।
१० पूजाहारीले आफ्नो सुती कपड़ाको लुगा
र सुती कपड़ाको सुरुवाल आफ्नो शरीरमा
लगाएरै आगोले भस्म पारेको होमबलिको
खरानीचाहिँ झिकेर वेदीनेर राखोस्।
११ त्यसले वस्त्र फुकालेर अर्को वस्त्र
लगाईकन छाउनीदेखि बाहिर एउटा चोखो
ठाउँमा त्यो खरानी बोकेर लैजाओस्।
१२ वेदीको आगो जलिनै रहोस् र त्यो
निभ्न नपाओस्, र हरेक बिहान पूजाहारीले
त्यसलाई दाउरा बालोस् र काइदाबमोजिम
होमबलि त्यसमा राखेर त्यसमाथि मेलबलिको
बोसो जलाओस्। १३ वेदीमा आगो निरन्तर
जलिनै रहोस्; त्यो कहिल्यै निभ्न नपाओस्।
१४ अन्नबलिको व्यवस्था यही हो—
हारूनका छोराहरूले परमप्रभुको सामने
वेदीको अगिल्तिर त्यो चढ़ाऊन्।
१५ त्यसले अन्नबलिको मसिनो पीठो र
त्यसबाटको तेल आफ्नो मुठीभरि र अन्न-
बलिका जम्मै लोबान निकालेर अन्नबलिको
सम्झनाको लागि परमप्रभुको निम्ति मीठो
बासना हुनलाई वेदीमा जलाओस्।
१६ बाँकी रहेको चाहिँ हारून र त्यसका
छोराहरूले खाऊन्। एउटा पवित्र ठाउँमा
खमीर बिना त्यो खाइओस्। भेट हुने पालको
चोकमा तिनीहरूले त्यो खाऊन्। १७ त्यो
खमीरसित पाकेको नहोस्। आगोद्वारा तयार
गरिएको मेरो बलिबाट तिनीहरूको भागको
रूपमा मैले त्यो तिनीहरूलाई दिएको छु।
पापबलि र दोषबलिझैं त्यो पनि अति पवित्र
हो।
१८ हारूनका सन्तानमा सबै पुरुषले
त्यसबाट खाऊन्। परमप्रभुको निम्ति आगो-
द्वारा चढ़ाइने बलिहरूबाट तिनीहरूका सारा
पुस्ताभरि यो तिनीहरूको हिस्सा होस्।
ती छुने सबै पवित्र हुनेछन्'।"
१९ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
२० "हारून अभिषेक भएको दिनमा त्यसले
र त्यसका छोराहरूले परमप्रभुमा चढ़ाउनु-
पर्ने बलि यही हो, अर्थात् निरन्तर अन्न-
बलिको निम्ति एपाको दशौं भाग मसिनो
पीठो, बिहान आधा बेलुकी आधा।
२१ ताई-ताप्केमा तेलको त्यो बनिओस् र जब
त्यो फुल्छ तब ल्याउनू। अनि पकाएको
टुक्रा टुक्रा भाग तैंले परमप्रभुको निम्ति
मीठो बास्ना हुनलाई अन्नबलि गरी चढ़ाउनू।
२२ त्यसका छोराहरूमध्ये जो त्यसको ठाउँमा
पूजाहारी अभिषेक हुन्छ, त्यसैले यो चढ़ाओस्।
नित्यको लागि विधिपूर्वक परमप्रभुको
निम्ति यो जम्मै जलाइओस्। २३ पूजा-
हारीले चढ़ाएको अन्नबलि जम्मै जलाइ-
ओस्। यो खानुहुँदैन।"
२४ फेरि परमप्रभुले मोशालाई भन्नु-
भयो, २५ "हारून र त्यसका छोराहरूलाई
यसो भन्, 'पापबलिको व्यवस्था यही हो—
जुन ठाउँमा होमबलि मारिन्छ, त्यसै ठाउँमा
परमप्रभुको सामने पापबलि मारिओस्। यो
महापवित्र हो। २६ पापको निम्ति
चढ़ाउने पूजाहारीले यो खाओस्। कुनै
चोखो ठाउँमा भेट हुने पालको चोकमा यो
खाइओस्। २७ जुनै चीजले त्यो मासु
छुन्छ, त्यो पवित्र हुनेछ। त्यसको रगतबाट
केही छिर्का कुनै लुगामा पर्‍यो भने तैंले त्यो
छिर्का परेको लुगा कहीं चोखो ठाउँमा धुनू।
२८ तर जुन माटोको भाँड़ामा यो उसि-
निन्छ, त्यो फुटाउनू। यदि यो पीतले भाँड़ामा
उसिनिएको छ भने, त्यो माझेर पानीले
पखालिओस्। २९ पूजाहारीहरूमध्ये सबै
पुरुषले त्यसबाट खाऊन्। यो अति पवित्र
छ। ३० तर रगतबाट प्रायश्चित गर्नको
निम्ति जो पापबलि भेट हुने पालभित्र
पवित्रस्थानमा ल्याइन्छ, त्यो चाहिँ खानुहुँदैन।
यो आगोमा जलाइनै पर्छ।

७ दोषबलिको व्यवस्था यही हो। यो
अति पवित्र छ। २ जुन ठाउँमा
तिनीहरूले होमबलि मार्छन्, त्यही ठाउँमा
दोषबलि पनि मारून्। त्यसको रगत
वेदीमा वरिपरि त्यसले छर्कोस्।
३ त्यसले त्यसको सबै बोसो, अर्थात्
बोसे-पुच्छर र आन्द्रा-भुँडी ढाक्ने बोसो,
४ दुवै मिर्गौला, तीमाथिको र कम्मरनेरको
बोसो र मिर्गौलासमेतको गर्भजाल झिकोस्।
५ पूजाहारीले परमप्रभुको निम्ति आगोद्वारा
चढ़ाइने बलिकै रूपमा ती वेदीमा जलाओस्।
यो दोषबलि हो। ६ पूजाहारीहरूमध्ये हरेक
पुरुषले त्यसबाट खाओस्। यो चोखो ठाउँमा
खाइओस्। यो अति पवित्र छ। ७ पापबलि
जस्तो हो, दोषबलि पनि त्यस्तै हो। तिनका
निम्ति एउटै व्यवस्था छ। जुन पूजाहारीले
त्यो चढ़ाएर प्रायश्चित गर्छ, त्यो त्यसैका
होस्। ८ जुन पूजाहारीले कुनै मानिसले
ल्याएको होमबलि चढ़ाउँछ, त्यो होमबलिको
छाला त्यही पूजाहारीको होस्। ९ चुल्हामा
पकाएको, र ताई-ताप्के र तावामा बनाएका
सबै अन्नबलि ती चढ़ाउने पूजाहारीको होस्।
१० तर तेलमा मुछेको वा फूको सबै अन्नबलि
हारूनका सबै छोराहरूले बराबर गरी
पाऊन्।
११ परमप्रभुको निम्ति चढ़ाइने मेलबलिको
बलिदानको व्यवस्था यही हो। १२ यदि
त्यो धन्यवाद दिनको निम्ति त्यसले चढ़ायो भने
धन्यवाद बलिसित तेलले मुछेको खमीर नहालेको
फुलौरा, तेल दलेको खमीर नहालेको बाबर र
तेलमा भिजाएको मसिनो पीठोको फुलौरा
चढ़ाओस्। १३ त्यसले आफ्नो धन्यवादको
मेलबलिको बलिदानसित खमीर हालेको रोटी
पनि चढ़ाओस्। १४ त्यसबाट एउटा एउटा
गरी परमप्रभुको निम्ति उठाउने बलिको लागि
त्यसले चढ़ाओस्। मेलबलिको रगत जुन
पूजाहारीले छर्कन्छ त्यो त्यसैको होस्।
१५ धन्यवादको निम्ति मेलबलिको बलिदानको
मासु त्यसले त्यो चढ़ाएकै दिनमा खाओस्,
बिहानसम्म त्यसले केही नराखोस्। १६ तर
चढ़ाउने बलिदान भाकलको अथवा राजी-
खुशीको बलिदान भए त्यसले बलिदान चढ़ाएकै
दिन त्यो खाओस्, र बाँकी रहेको चाहिँ
भोलिपल्ट खाइओस्। १७ पर्सिपल्टसम्म
बाँकी रहेको बलिदानको मासु चाहिँ आगोमा
जलाइओस्।
१८ मेलबलिको बलिदानको मासुबाट
पर्सिपल्ट कसैले खायो भने त्यो ग्रहण हुनेछैन,
नता त्यो चढ़ाउनेको निम्ति चढ़ाएको गनिनेछ,
तर त्यो अशुद्ध ठहरिनेछ, र त्यो खाने
व्यक्तिले आफ्नो अधर्म भोग्नेछ। १९ कुनै
अशुद्ध कुराले छोएको मासु नखानू। त्यो
आगोमा जलाइओस्। जति जना शुद्ध छन्
तिनीहरूले मासु खानसक्छन्। २० आफू
अशुद्ध भएर पनि परमप्रभुको मेलबलिको मासु
कसैले खायो भने त्यसलाई समाजबाट बहिष्कार
गर्नू। २१ कसैले मानिस वा अशुद्ध
पशुको अशुद्धि वा अन्य कुनै घृणित कुरो
छोयो, अथवा परमप्रभुको भागबाट मेलबलिको
मासु खायो भने त्यसलाई त्यसका मानिस-
हरूबाट बहिष्कार गर्नू।"
२२ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
२३ "इस्राएलीहरूलाई भन्, 'तिमीहरूले
साँढे कि भेड़ा वा बोकाको बोसो केही
नखानू। २४ आफै मरेको र कुनै पशुहरूले
फहराएर मारेको केही वस्तु-भावको बोसो अरू
काममा प्रयोग गरे हुन्छ। तर कुनै रीतिले
पनि तिमीहरूले त्यो नखानू। २५ परमप्रभुको
निम्ति आगोद्वारा चढ़ाएको बलिको पशुको
बोसो जुन मानिसले खाला त्यसलाई समाजबाट
बहिष्कार गर्नू। २६ तिमीहरूले बसोबासो
गर्ने कुनै पनि ठाउँमा कुनै पक्षी वा पशुको
रगत नखानू। २७ रगत खाने जोसुकै भए
पनि त्यसलाई समाजबाट बहिष्कार गर्नू'।"
२८ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
२९ "इस्राएलीहरूलाई भन्, 'परमप्रभुको
निम्ति आफ्नो मेलबलिको बलिदान चढ़ाउनेले
मेलबलिको बलिदानबाट आफ्नो भेटी परमप्रभु-

कहाँ ल्याओस्। ३० त्यसले परमप्रभुको
निम्ति आगोद्वारा चढ़ाउने बलि आफ्नो
हातले ल्याओस्, अर्थात् छ्याकुला समेतको
बोसो त्यसले ल्याओस्, र छ्याकुला परमप्रभुको
सामने डोलाउने भेटीको निम्ति डोलाओस्।
३१ पूजाहारीले बोसो चाहिँ वेदीमा जलाओस्
तर छ्याकुलाचाहिँ हारून र त्यसका छोराहरूको
हुनेछ। ३२ दाहिने फिलाचाहिँ तिमीहरूले
आफ्नो मेलबलि बलिदानबाट उठाउने भेटीको
रूपमा पूजाहारीलाई दिनू। ३३ हारूनका
छोराहरूमध्ये जसले मेलबलिदानको रगत र
बोसो चढ़ाउँछ, दाहिने फिला त्यसको भाग
हुनेछ। ३४ किनकि इस्राएलीहरूका मेलबलिको
बलिदानबाट डोलाएको छ्याकुला र उठाएको
फिला मैले तिमीहरूबाट लिएर हारून
पूजाहारी र त्यसका छोराहरूलाई इस्राएली-
हरूका तर्फबाट सदाको विधि स्वरूप
दिएँ।" ३५ हारून र त्यसका छोराहरू
जुन दिन पूजाहारी पदमा परमप्रभुको सेवाको
निम्ति हाजिर गरिएका थिए त्यसै दिन
परमप्रभुको निम्ति आगोद्वारा चढ़ाएका बलिहरू-
बाट यी तिनीहरूका अभिषेकको भाग
ठहराइएको हो। ३६ जुन दिन उहाँले
तिनीहरूलाई अभिषेक गर्नुभयो त्यही दिन
तिनीहरूका निम्ति इस्राएलीहरूबाट यो
भाग तिनीहरूले पाउने परमप्रभुले आज्ञा
दिनुभयो। तिनीहरूका सन्तान दर-सन्तानका
निम्ति यो सदाको भाग हुनेछ। ३७ यहीनै
होमबलि, अन्नबलि, पापबलि, दोषबलि, संस्कार-
बलि र मेलबलिहरूको व्यवस्था हो, ३८ जो
परमप्रभुले मोशालाई सीनै पर्वतमा आज्ञा
गर्नुभएको थियो, जुन दिन सीनैको वनमा
परमप्रभुले इस्राएलीहरूलाई तिनीहरूका भेटी
उहाँकहाँ ल्याउने आज्ञा गर्नुभएको थियो।

हारून र तिनका छोराहरूको अर्पण

८ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
२ "तँले हारूनलाई त्यसका छोराहरू
समेत, लुगाहरू, अभिषेक गर्ने तेल पापबलिको
साँढ़े, दुइवटा भेड़ा र अखमीरे रोटीको डालो
लिएर ३ जम्मै समुदायलाई भेट हुने पालको
ढोकामा भेला गरा।" ४ तब परमप्रभुले
आज्ञा गर्नुभएझैँ मोशाले गरे, अनि भेट हुने
पालको ढोकामा समुदाय भेला भयो।
५ औ मोशाले समुदायलाई भने,
"परमप्रभुले गर्नू भनी आज्ञा दिनुभएको काम
यही हो।"—६ मोशाले हारून र तिनका
छोराहरूलाई ल्याएर पानीले नुहाइदिए।
७ तिनले हारूनलाई लबेदा लगाइदिएर
पटुका बाँधिदिए र अलखा पहिराएर त्यसमाथि
एपोद लगाइदिए, र निपुणताथ बुट्टा बनाएको
पटुकाले एपोद बाँधिदिए। ८ त्यसपछि
तिनले हारूनलाई छाती-पातामा 'ऊरीम' र
'तुम्मीम' लगाइदिए। ९ तिनको शिरमा उनले
फेटा लगाइदिए, र फेटामाथि अगिल्तिर सुनका
पाता, अर्थात् पवित्र मुकुट लगाइदिए—जसरी
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको थियो।
१० त्यसपछि मोशाले अभिषेक गर्ने
तेल लिएर पवित्रस्थान र त्यसमा भएका
यावत् थोकलाई अभिषेक गरेर चोख्याए।
११ औ त्यसबाट केही लिएर तिनले वेदीमा
सातपल्ट छर्के, र वेदी र त्यसका सबै भाँड़ा-
कुँड़ाहरू, हात-खुट्टा धुने बाटा त्यसको बैठक-
समेत चोख्याउनलाई अभिषेक गरे। १२ फेरि
तिनले अभिषेक गर्ने तेल लिएर हारूनको
शिरमा खन्याई तिनलाई चोख्याउनलाई अभिषेक
गरे।
१३ त्यसपछि मोशाले हारूनका छोरा-
हरूलाई ल्याएर लबेदा लगाइदिए औ पटुका
बाँधिदिएर तिनीहरूलाई फेटा लगाइदिए—
जसरी परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको
थियो।
१४ तिनले पापबलिको साँढ़े ल्याए,
र हारून र तिनका छोराहरूले पापबलिको
साँढ़ेको टाउकोमा आफ्ना आफ्ना हात राखे।
१५ तब तिनले त्यसलाई मारे, र मोशाले
रगत लिएर आफ्नो औँलाले वेदीका सीङ्गहरूमा

वरिपरि लगाएर वेदीलाई चोख्याए। अनि अरू
रगतचाहिँ वेदीको आधारमा खन्याए, र त्यसको
निम्ति प्रायश्चित गर्न वेदी पवित्र गरे।
१६ मोशाले आन्द्रा-भुँडीहरू ढाक्ने जम्मै
बोसो र कलेजामाथिको गर्भजाल र बोसो
समेतका दुवै मिर्गौला लिए, र वेदीमा जलाए।
१७ तर साँढेचाहिँ त्यसका छाला, मासु र
गोबरसमेत छाउनीबाहिर आगोमा तिनले
जलाइदिए—जसरी परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएको थियो।

१८ त्यसपछि तिनले होमबलिको भेड़ा
प्रस्तुत गरे। हारून र तिनका छोराहरूले
आफ्ना आफ्ना हात भेड़ाको टाउकोमा राखे।
१९ तब तिनले त्यसलाई मारे। अनि मोशाले
रगत, वेदीको वरिपरि छर्के, २० औ भेड़ालाई
टुक्रा टुक्रा पारेर काटे र तिनले टाउको र
ती टुक्राहरू बोसोसमेत जलाए। २१ मोशाले
आन्द्रा-भुँडी र खुट्टाहरू पानीले पखाले, र
तिनले सिङ्गै भेड़ा वेदीमा जलाए। त्यो मीठो
वास्नाको होमबलि भयो। त्यो परमप्रभुको
निम्ति आगोद्वारा चढ़ाएको बलि भयो—जसरी
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको थियो।

२२ तिनले अर्को भेड़ा, अर्थात् अर्पणको
भेड़ा प्रस्तुत गरे। औ हारून र तिनका
छोराहरूले आफ्ना आफ्ना हात त्यस भेड़ाको
टाउकोमा राखे। २३ तब मोशाले त्यसलाई
मारे, र तिनले त्यसको रगतबाट लिएर हारूनको
दाहिने कानको लोतीमा, तिनको दाहिने हातको
बुढ़ीऔँलामा र तिनको दाहिने खुट्टाको बुढ़ी-
औँलामा लगाइदिए। २४ त्यसपछि मोशाले
हारूनका छोराहरूलाई ल्याए, तिनले तिनीहरूका
दाहिने दाहिने कानका लोती, तिनीहरूका
दाहिने दाहिने हातका बुढ़ीऔँला र दाहिने
दाहिने खुट्टाका बुढ़ीऔँलामा रगत लगाइदिए,
र रगत वेदीको वरिपरि छर्के। २५ तब
तिनले बोसो, बोसे पुच्छर, आन्द्रा-भुँडी ढाक्ने
सबै बोसो, कलेजोमाथिको गर्भजाल, बोसो-
समेतका दुवै मिर्गौला र दाहिने फिला लिए।
२६ अनि परमप्रभुको सामने भएको अखमीरे
रोटीको डालोबाट तिनले एउटा अखमीरे
फुलौरा, तेलमा चोपेको एउटा रोटी र एउटा
बाबर लिएर ती बोसो र दाहिने फिलामाथि
राखे। २७ ती जम्मै हारून र तिनका छोरा-
हरूका हातमा राखिदिए, र परमप्रभुको सामने
डोलाउने बलिको रूपका डोलाए। २८ त्यसपछि
मोशाले तिनीहरूका हातबाट ती लिएर
होमबलिमाथि वेदीमा जलाए। ती मीठो
बास्नाको निम्ति अर्पण गरिएका बलि भए।
यो परमप्रभुको निम्ति आगोद्वारा चढ़ाएको
होमबलि भयो। २९ तब मोशाले छाती
लिएर डोलाउने बलिको रूपमा परमप्रभुको
सामने डोलाए। त्योचाहिँ अर्पण गरिएको
भेड़ाबाट मोशाको भाग भयो—जसरी परम-
प्रभुले मोशालाई आज्ञा गर्नुभएको थियो।

३० मोशाले अभिषेकको तेल र वेदीमाथि
भएको रगत लिएर हारून र तिनका लुगाहरूमा
औ तिनका छोराहरू र तिनका छोराहरूका
लुगा समेतमा छर्के। अनि तिनले हारूनलाई
तिनका लुगासमेत र तिनका छोराहरूलाई
तिनीहरूका लुगासमेत पवित्र गरे।

३१ मोशाले हारून र तिनका छोरा-
हरूलाई भने, "मैले हारून र तिनका
छोराहरूले खानू भनी आज्ञा गरेको मासु
भेट हुने पालको ढोकामा उसिन, र अर्पणको
डालोमा भएको रोटीसमेत त्यहीं खाओ।
३२ उब्रेका मासु र रोटीचाहिँ जलाइदेओ।
३३ तिमीहरूको अर्पणको दिन पूरा नहोउञ्जेल
सात दिनसम्म, तिमीहरू भेट हुने पालको
ढोकाबाट बाहिर नजानू, किनकि उहाले
तिमीहरूलाई सात दिनसम्म अर्पण गर्नुहुनेछ।

३४ आज जे जस्तो भएको छ परम-
प्रभुले तिमीहरूको प्रायश्चितको निम्ति त्यस्तै
आज्ञा गर्नुभएको छ।

३५ तिमीहरू सात दिनसम्म दिनरात
भेट हुने पालको ढोकामा बसेर परमप्रभुले
दिनुभएको दायित्व पूरा गर, नत्रता मरौला,
किनकि मलाई यही आज्ञा भएको छ।"

३६ तब परमप्रभुले मोशाद्वारा दिनुभएका

सबै आज्ञा, हारून र तिनका छोराहरूले
पालन गरे।

हारून र तिनका छोराहरूका अभिषेक

९ आठौं दिनमा मोशाले हारून, तिनका
छोराहरू र इस्राएलका बूढ़ा-प्रधान-
हरूलाई बोलाए। २ औ तिनले हारूनलाई
भने, "आफ्नो निम्ति पापबलिको लागि
एउटा निष्खोट बाछा र होमबलिको लागि
एउटा निष्खोट भेड़ा, लिएर परमप्रभुको
सामने बलि चढ़ाऊ।
३ अनि इस्राएलीहरूलाई चाहिं यसो भन
'तिमीहरूले पापबलिको लागि एउटा बोका
र होमबलिको लागि एक वर्षे निष्खोट बाछा
र एउटा थुमा ल्याओ। ४ परमप्रभुको
सामने बलिदान गर्नलाई मेलबलिको लागि
एउटा साँढ़े र एउटा भेड़ा, र तेलमा
मुछेको एउटा अन्नबलि पनि ल्याओ। किनकि
परमप्रभुले आज तिमीहरूलाई दर्शन दिनुहुनेछ'।"
५ मोशाले आज्ञा गरेबमोजिम तिनीहरूले सबै
कुरा भेट हुने पालको सामने ल्याए, अनि सारा
समुदाय परमप्रभुको नजीक आएर उभियो।
६ अनि मोशाले भने, "परमप्रभुले आज्ञा
गर्नुभएको तिमीहरूले गर्नुपर्ने काम यही हो,
तब परमप्रभुको महिमा तिमीहरूकहाँ देखा
पर्नेछ।"
७ अनि मोशाले हारूनलाई भने,
"वेदीको नजीक आएर आफ्नो पापबलि र
होमबलि चढ़ाऊ, औ आफ्नो निम्ति र
मानिसहरूका निम्ति प्रायश्चित गर। परम-
प्रभुले आज्ञा गर्नुभएबमोजिम मानिसहरूले
ल्याएका बलि चढ़ाएर तिनीहरूका निम्ति
प्रायश्चित गर।"
८ तब वेदीको नजीक आएर हारूनले
आफ्नै निम्ति पापबलिको बाछा मारे।
९ हारूनका छोराहरूले रगत तिनीकहाँ
ल्याइदिए। औ तिनले आफ्नो औंला रगतमा
चोपेर वेदीका सीङ्गहरूमा लगाए, र बाँकी
रगतचाहिं वेदीको आधारमा खन्याइदिए।
१० तर पापबलिको बोसो, मिर्गौला र
कलेजामाथिको गर्भजाल तिनले वेदीमा जलाइ-
दिए—जस्तो परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएको थियो। ११ तर मासु र छाला-
चाहिं तिनले छाउनीबाहिर आगोमा
जलाइदिए।
१२ तब तिनले होमबलि मारे, र हारूनका
छोराहरूले रगत तिनीकहाँ ल्याइदिए, र
तिनले वेदीको वरिपरि त्यो छर्के। १३ तब
तिनीहरूलें होमबलि टुक्रा टुक्रा पारेर टाउकै-
समेत उनीकहाँ ल्याइदिए, र तिनले त्यो वेदीमा
जलाइदिए। १४ तिनले आन्द्रा-भुँड़ी र खुट्टा
पखालेर वेदीको होमबलिमा जलाइदिए।
१५ त्यसपछि मानिसहरूका निम्ति बलि
ल्याएर तिनीहरूको पापबलिको बोका तिनले
मारे, र पहिलेको जस्तै पापको लागि त्यो
चढ़ाए। १६ त्यसपछि तिनले होमबलि लिएर
विधिपूर्वक त्यो चढ़ाए। १७ अनि अन्नबलि
लिएर त्यसबाट मुठीभरि वेदीमा बिहानको
होमबलिबाहेक त्यो पनि चढ़ाए।
१८ मानिसहरूका निम्तिको मेलबलिको
बलिदानका साँढ़े र भेड़ा पनि तिनले मारे,
र हारूनका छोराहरूले रगत लिएर तिनलाई
दिए, औ तिनले त्यो वेदीको वरिपरि छर्के।
१९ साँढ़ेको बोसो र भेड़ाको बोसे-पुच्छर,
र आन्द्रा-भुँड़ी ढाक्ने बोसो, मिर्गौलाहरू र
कलेजामाथिको गर्भजाल पनि तिनीहरूले दिए।
२० तिनीहरूले बोसो छ्याकुलाहरूमाथि राखे,
र तिनले बोसोचाहिं वेदीमा जलाए।
२१ अनि छ्याकुलाहरूसमेत दाहिने फिलाचाहिं
मोशाले अह्राएबमोजिम हारूनले डोलाउने
बलिको लागि परमप्रभुको सामने डोलाए।
२२ अनि हारूनले आफ्ना हात मानिस-
हरूतिर उठाएर तिनीहरूलाई आशीर्वाद दिए।
यसरी पापबलि, होमबलि र मेलबलि
चढ़ाएर तिनी तल ओर्ले। २३ तब मोशा
र हारून भेट हुने पालभित्र प्रवेश गरे,
अनि निस्केर मानिसहरूलाई आशीर्वाद दिए।

औ परमप्रभुको महिमा सबै मानिसहरूमा
देखा पर्‍यो। २४ अनि परमप्रभुको सामने-
बाट आगो निस्केर वेदीमा रहेको होमबलि
र बोसोलाई भस्म पार्‍यो। जब मानिस-
हरूले यो देखे, तिनीहरू ठूलो सोर गरेर
आफ्नो अगिल्तिर घोप्टो परेर लोटे।

नादाब र अबीहूको पाप

१० हारूनका छोराहरू नादाब र अबीहूले
आफ्ना आफ्ना धूपौरो लिएर त्यसमा
आगो भरे, र त्यस आगोमा धूप हालेर
परमप्रभुले आज्ञा नगर्नुभएको अनौठो आगो
हालेर चढ़ाए। २ तब त्यहाँ परमप्रभुको
सामनेबाट आगो निस्केर तिनीहरूलाई भस्म
पार्‍यो, र तिनीहरू परमप्रभुको सामने मरे।
३ तब मोशाले हारूनलाई बताए, "मेरो
नजीक आउनेहरूमा म पवित्र बन्नेछु औ
सारा मानिसको सामने म महिमित हुनेछु
भनी परमप्रभुले भन्नुभएको यही हो।"
अनि हारून चूप बसे। ४ मोशाले हारूनका
काका उज्जीएलका छोराहरू मीशाएल र
एल्सापानलाई बोलाएर भने, "आएर
तिमीहरूका भाइहरूलाई पवित्रस्थानबाट बोकेर
छाउनीबाट लैजाओ।" ५ यसैले तिनीहरू
आएर उनीहरूले लाएकै दौरामा मोशाले
भनेबमोजिम छाउनीबाहिर तिनीहरूलाई बोकेर
लगे। ६ तब मोशाले हारून र तिनका
छोराहरू एलाजार र ईतामारलाई भने,
"शोकमा तिमीहरूका शिरका केश नफुकाओ,
आफ्ना लुगा नच्यात, नत्रता तिमीहरू
मर्नेछौ र सबै समुदायमाथि परमप्रभुको क्रोध
पर्ला, तर परमप्रभुले पठाउनुभएको अग्निको
लागि इस्राएलका सारा घरानाले विलाप
गर्नेछ। ७ तर तिमीहरूचाहिँ भेट हुने
पालको ढोकाबाट बाहिर नजानू, नत्रता
तिमीहरू मरौला, किनभने परमप्रभुको
अभिषेकको तेल तिमीहरूमाथि छ।" अनि
तिनीहरूले मोशाको वचनअनुसार गरे।

८ त्यसपछि परमप्रभुले हारूनलाई भन्नु-
भयो, ९ "तिमीहरू भेट हुने पालमा जाँदा
तैँले र तेरा छोराहरूले दाखमद्य अथवा
कड़ा मद्य नपिउनू, नत्रता तिमीहरू मरौला।"
यही विधि तिमीहरूका सारा पुस्ताहरूमा
होस्। १० पवित्र र अपवित्र, औ शुद्ध र
अशुद्धमा तिमीहरूले भेद राख्नू।
११ परमप्रभुले मोशाद्वारा बताउनुभएको
विधि सबै इस्राएलीहरूलाई तिमीहरूले
सिकाउनू।"

१२ अनि मोशाले हारून र तिनका
बाँचेका छोराहरू, एलाजार र ईतामारलाई
भने, "परमप्रभुको निम्ति आगोद्वारा चढ़ा-
एको बाँकी रहेको अन्नबलि लिएर वेदीनेर
खमीर-विता खाओ, किनभने त्यो अति
पवित्र छ। १३ तिमीहरूले त्यो कुनै चोखो
ठाउँमा खाओ, किनभने परमप्रभुको निम्ति
आगोद्वारा चढ़ाएका बलिदानहरूबाट यो
तिम्रो र तिम्रा छोराहरूको भाग हो,
किनकि मलाई यस्तै आज्ञा भएको छ।
१४ डोलाएको ह्याकुला र उठाएको
फिलाचाहिँ तिमीहरू, अर्थात् तिमी र तिम्रा
छोरा-छोरीहरूले चोखो ठाउँमा खानू,
किनकि तीचाहिँ इस्राएलीहरूका मेलबलिका
बलिदानहरूबाट तिमी र तिम्रा छोराहरूको
भाग दिएका हुन्। १५ आगोद्वारा
चढ़ाएको बोसोसहित, उठाएको फिला र
डोलाएको ह्याकुला परमप्रभुको सामने डोला-
उने बलिको निम्ति तिनीहरूले ल्याऊन् र
परमप्रभुले आज्ञा गर्नुभएबमोजिम तिमी र
तिमीसहित तिम्रा छोराहरूका निम्ति ती
सदाको हक हुनेछ।"

१६ अनि मोशाले पापबलिको बोकाको
खोजी गरे, तर त्यो जलाइसकेको भेट्टाए,
र तिनले हारूनका बाँचेका छोराहरू एलाजार
र ईतामारलाई रिसाएर भने, १७ "तिमी-
हरूले किन पापबलि पवित्रस्थानमा तोकिएको
ठाउँमा खाएनौ? किनभने त्यो अति पवित्र
थोक हो। समुदायको प्रायश्चित गर्न भनी

उहाँले त्यो तिमीहरूलाई दिनुभएको हो।
१८ हेर, त्यसको रगत पवित्रस्थानभित्र
ल्याइएन, तर तिमीहरूले निश्चय मैले अह्राए-
बमोजिम पवित्रस्थानभित्र खानुपर्थ्यो।”
१९ तब हारूनले मोशालाई भने, “हेर, आजै
तिनीहरूले आफ्ना पापबलि र होमबलि
परमप्रभुको सामने चढ़ाएका छन्। ममाथि
आज के के परिआयो, औ मैले आज
पापबलि खाएको भएदेखि के त्यो परम-
प्रभुको दृष्टिमा असल ठहरिनेथियो र?”
२० अनि जब मोशाले यो कुरा सुने, तब
तिनको चित्त बुझ्यो।

शुद्ध र अशुद्ध खानेकुरो

११ अनि परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, २ “इस्राएलीहरूलाई यसो
भन, पृथ्वीमा भएका सारा जीवित पशु-
पक्षीहरूमा तिमीहरूले यीचाहिँ खानुहुन्छ।
३ पशुहरूमध्ये खूर चिरिएको, फारिएको र
उग्राउनेचाहिँ तिमीहरूले खानू। ४ तापनि
उग्राउने वा खूर चिरिएकाहरूमध्ये यिनीहरू-
चाहिँ खानुहुँदैन, अर्थात् ऊँट, किनभने
त्यसले उग्राउछ, तर त्यसको खूर चिरिएको
हुँदैन, त्यो तिमीहरूका निम्ति अशुद्ध हो।
५ शापान,* किनभने त्यसले उग्राउछ, तर
त्यसको खूर चिरिएको हुँदैन, त्यो तिमीहरूका
निम्ति अशुद्ध हो। ६ खरायो, किनभने त्यसले
उग्राउछ, तर त्यसको खूर चिरिएको हुँदैन,
त्यो तिमीहरूका निम्ति अशुद्ध हो।
७ सुङ्गुर, किनभने त्यसको खूर चिरिएको र
फारिएको ता हुन्छ, तर उग्राउदैन, त्यो
तिमीहरूका निम्ति अशुद्ध हो। ८ तिनी-
हरूका मासु तिमीहरूले नखानू, र तिनीहरूका
सिनु तिमीहरूले नछुनू। ती तिमीहरूका
निम्ति अशुद्ध हुन्।
९ जल-जन्तुहरूमध्ये यो तिमीहरूले
खानुहुन्छ, अर्थात् सागर र नदीहरूमा भएका
पखेटा र कत्ला हुने जति तिमीहरूले
खानुहुन्छ। १० तर पानीमा चलहल गर्ने
सबै जन्तु र पानीमा भएका सबै जीवित
प्राणीहरू, जो समुद्र र नदीहरूमा छन्
र जसमा पखेटा र कत्ला छैनन्, ती सब
तिमीहरूका निम्ति घृणित् हुन्। ११ ती
तिमीहरूका निम्ति घृणित् हुन्। तिमी-
हरूले तिनीहरूका मासु नखानू, र तिनीहरूका
सिनुका छेउमा पर्दैनपर्नू। १२ पानीमा हुने
पखेटा र कत्ला नहुने तिमीहरूका निम्ति
घृणित् हुनेछन्।
१३ पक्षीहरूमा यीचाहिँ तिमीहरूको
निम्ति घृणित् हुनेछन्, ती खानुहुँदैन—ती
घृणित् हुन्, अर्थात् गरूड़, हाड़फोड़ा, भुँडी-
फोर। १४ चील र सबै थरीका बेसारा,
१५ सबै थरीका काग, १६ शतुर्मुर्ग,
हुचील, जल-कुखुरा, र सबै थरीका बाज,
१७ लाटोकोसेरो, हाड़गील, भुल्का,
१८ राजहाँस, धनेस, गिद्ध, १९ सारस, सबै
थरीका बकुला, फाप्रेचरो र चमेरो।
२० पखेटा भएका चारै खुट्टाले घस्रने
जीवातहरू सबै तिमीहरूका निम्ति घृणित्
हुनेछन्। २१ तब चार खुट्टाले घस्रने,
पखेटा भएका र भूइँमा उफ्रनलाई खुट्टा-
देखिमाथि पिड़ौंला भएकाहरू चाहिँ तिमीहरूले
खानुहुन्छ, २२ अर्थात् तीमध्ये यी तिमीहरूले
खानु हुन्छ—सबै थरीका सलह, खुइले-सलह,
किथ्रो र फटेंग्रा। २३ चार खुट्टे पखेटा
भएका घस्रने सबै तिमीहरूका निम्ति घृणित्
हुनेछन्।
२४ औ यिनीहरूबाट तिमीहरू अशुद्ध
हुनेछौ, जसले यिनीहरूका सिनु छुन्छ, त्यो
साँझसम्म अशुद्ध रहन्छ। २५ जसले यिनी-
हरूमध्ये कुनैको सिनु बोक्छ, त्यसले आफ्ना
लुगा धोओस्, र साँझसम्म अशुद्ध रहोस्।
२६ हरेक पशु जसको खूर चिरिएको हुन्छ,
तर फारिएको हुँदैन, र जसले उगेरा गर्दैन,
त्यो तिमीहरूका निम्ति अशुद्ध हो, ती छुने
हरेक अशुद्ध हुन्छ। २७ चार खुट्टाले हिँड्ने

* एक किसिमको खरायो

सबै पशुहरू जो पञ्जाले टेकेर हिँड्छन्, ती
तिमीहरूका निम्ति अशुद्ध हुन्, तिनको सिनु
छुने सबै साँझसम्म अशुद्ध हुनेछन्।
२८ तिनीहरूको सिनु बोक्नेले आफ्नो लुगा
धोओस्, र साँझसम्म अशुद्ध रहोस्, ती
तिमीहरूका निम्ति अशुद्ध हुनेछन्।
२९ भूइँमा घस्रने जीवमध्ये यी चाहिं
तिमीहरूका निम्ति अशुद्ध हुन्, अर्थात्
न्याउरी-मुसो, मुसो, सबै थरीका छेपारो,
३० गोहोरो, सालक, भालेमुँग्रो, बालुवाको
छेपारो र रङ्ग बद्लने छेपारो। ३१ घस्रनेहरूमा
अशुद्ध यिनै हुन्। यिनीहरूको सिनु जसले
छुन्छ, त्यो साँझ सम्म अशुद्ध रहोस्। ३२ यी
मध्ये मरेका केही चीज कुनै कुरामा पऱ्यो भने,
त्यो थोक अशुद्ध हुन्छ। चाहे काठको भाँडो
होस्, अथवा लुगा, छाला, भाङ्ग्रा, वा
जुनसुकै कामको भाँडा होस् तापनि त्यो
पानीमा चोपल्नुपर्छ, र त्यो साँझसम्म अशुद्ध
हुनेछ, त्यसपछि मात्रै त्यो चोखो हुन्छ।
३३ कुनै माटोको भाँडामा यी प्राणीहरूमध्ये
कुनै एउटा पऱ्यो भने त्यो भाँडामा भएका
सबै थोक अशुद्ध हुनेछन्। त्यो तिमीहरूले
फोरिदिनू। ३४ त्यसभित्रको पानीमा पकाउने
जुनसुकै खानेकुरो अशुद्ध हुन्छ, र त्यस्ता
भाँडाहरूमा भएका सबै पिउने कुरा
अशुद्ध हुन्छ। ३५ कुनै कुरामा, चाहे
ठूलो चुल्हो होस् वा सानो चुल्हो, त्यसमा
तिनीहरूको सिनु खस्यो भने त्यो अशुद्ध
हुन्छ। त्यसलाई टुका टुका पारेर फोर्नू।
ती अशुद्ध हुन्, र तिमीहरूका लागि अशुद्धै
हुन्छन्। ३६ तापनि जरुवा पानी कि
दहको पानी शुद्ध हुन्छ, तर तिनीहरूका सिनु
छुनेचाहिं अशुद्ध हुन्छ।
३७ तर छर्ने बिउमा तिनीहरूको सिनु
पऱ्यो भने पनि त्यो शुद्धै हुन्छ। ३८ तर
त्यस बिउमा पानी हालेको छ, र तिनका
सिनु तीमाथि पऱ्यो भने त्यो तिमीहरूका
निम्ति अशुद्ध हुन्छ।
३९ तिमीहरूले खाने कुनै पनि पशु
मऱ्यो भने त्यसको सिनु छुने साँझसम्म अशुद्ध
हुन्छ। ४० सिनु खाने वा बोक्नेले आफ्ना
लुगा धोओस्, र साँझसम्म अशुद्ध रहोस्।
४१ भूइँमा घस्रने सबै प्राणी घृणित्
हुन्, ती नखानू। ४२ पेटले घुस्रने, चार
खुट्टाले घस्रने, कि धेरै खुट्टा भएका, भूइँमा
घस्रने प्राणीहरू तिमीहरूले नखानू, किनभने
ती घृणित् हुन्। ४३ कुनै पनि घस्रने
प्राणीबाट तिमीहरू अशुद्ध नहुनू। तीबाट
तिमीहरू अशुद्ध भएर दूषित नहुनू। ४४ म
परमप्रभु तिमीहरूका परमेश्वर हुँ। यसैकारण
तिमीहरू आफूलाई चोख्याएर पवित्र होओ,
किनकि म पवित्र छु। भूइँमा घस्रने कुनै
किसिमका जीवात्बाट तिमीहरू दूषित नहोओ,
४५ किनकि तिमीहरूका परमेश्वर हुनलाई
तिमीहरूलाई मिश्रबाट ल्याउने परमप्रभु मनै
हुँ। यसैकारण तिमीहरू पवित्र होओ, किनकि
म पवित्र छु।"
४६ पशु, पक्षी र पानीमा चलहल गर्ने
र भूइँमा घस्रने सबै प्राणी बारे व्यवस्था यही
हो— ४७ शुद्ध, अशुद्ध, औ प्राणीमा खानु
हुने नहुनेको भेद देखाउने व्यवस्था यही हो।

सुत्केरीको शुद्धिकरण

१२ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई भन्, 'गर्भवती
भएर छोरो जन्माउने स्त्री सात दिनसम्म
अशुद्ध रहोस्। रजस्वलाको दिनमा झैं त्यो
अशुद्धै रहोस्। ३ अनि आठौं दिनमा छोराको
खलड़ीको खतना होस्। ४ त्यो स्त्री आफ्नो
रगतको शुद्धिकरणको निम्ति तेत्तीस दिनसम्म
रहोस्, र शुद्ध हुने दिन पूरा नहोउञ्जेल
त्यसले कुनै पवित्र कुरा नछोओस्, औ
पवित्रस्थानभित्र पनि नआओस्। ५ तर त्यसले
छोरी जन्माई भने रजस्वलाको दिनमा झैं
दुइ हप्तासम्म त्यो अशुद्ध हुनेछ, र आफ्नो
रगतको शुद्धिकरणको निम्ति त्यो छयसट्ठी
दिनसम्म रहोस्।

६ त्यसको शुद्ध हुने दिन पूरा भएपछि
छोराको निम्ति होस्, वा छोरीको होस्,
त्यसले होमबलिको लागि एउटा एक वर्षे थुमा
अथवा एउटा ढुकुर भेट हुने पालको
ढोकामा पूजाहारीहरूकहाँ ल्याओस्। ७ तब
पूजाहारीले परमप्रभुको सामने त्यो चढ़ाएर
त्यसको निम्ति प्रायश्चित गरोस्। त्यो आफ्नो
रगतको बहाउबाट शुद्ध ठहरिनेछ। स्त्रीले
छोरा वा छोरी जन्माएपछि त्यसको लागि
व्यवस्था यही हो। ८ थुमा ल्याउने त्यसको
औकात छैन भने त्यसले दुइटा ढुकुर अथवा
परेवाका दुइटा बच्चा—एउटा होमबलिको
निम्ति र अर्को पापबलिको निम्ति ल्याओस्,
तब पूजाहारीले त्यसको प्रायश्चित गरोस्, र
त्यो शुद्ध ठहरिनेछ'।"

कोरी सम्बन्धी विधि

१३ परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
२ "कुनै मानिसको शरीरको छाला
फुल्यो कि खाटा कि उज्ज्वल दाग भयो, र
त्यसको शरीरको छालामा कोरको रोग लाग्यो
भने, त्यसलाई पूजाहारी हारून अथवा त्यसका
पूजाहारी छोराहरूमध्ये एउटाकहाँ ल्याइओस्।
३ त्यसको शरीरको छालामा लागेको त्यो
रोग पूजाहारीले हेरोस्, औ त्यसको रोग
लागेको ठाउँमा उम्रेको रौं सेतो भएको छ र
त्यो रोग शरीरको छालाभन्दा गहीरो देखा
पर्‍यो भने, त्यो कोरको रोग हो। तब
पूजाहारीले त्यो जाँचपछि त्यसलाई अशुद्ध
ठहराओस्। ४ तर त्यो उज्ज्वल दाग
शरीरको छालामा सेतो भए, र हेर्दा त्यो
छाला भित्रसम्म देखिएन भने, र त्यसमा
उम्रेको रौं पनि सेतो भएको रहेनछ भने,
पूजाहारीले त्यो रोगीलाई सात दिनसम्म
अलग्गै राखोस्। ५ सातौं दिनसम्म
पूजाहारीले त्यसलाई जाँच गर्दा त्यो रोग
जस्ताको तस्तै रहेछ, र छालामा त्यो रोग
फैलिएको रहेनछ भने, पूजाहारीले त्यसलाई
अरू सात दिन अलग्ग राखोस्। ६ सातौं
दिनमा पूजाहारीले त्यसलाई जाँच गर्दा रोग
मत्थर भएको छ, र छालामा फैलिएको छैन
भने पूजाहारीले त्यसलाई शुद्ध ठहराओस्।
त्यो खाटा मात्र हो। त्यसले आफ्नो लुगा
धोएर त्यो शुद्ध होस्। ७ तर शुद्ध
ठहरिनलाई पूजाहारीकहाँ देखाइसकेपछि पनि
त्यो खाटा छालामा फैलिएर आयो भने,
त्यसले फेरि पूजाहारीकहाँ आएर आफैलाई
देखाओस्। ८ अनि पूजाहारीले जाँच गर्दा
छालामा खाटा फैलिएकै रहेछ भने,
पूजाहारीले त्यसलाई अशुद्ध ठहराओस्। त्यो
कोर हो।

९ कुनै मानिसलाई कोरको रोग लागेको
छ भने, त्यो पूजाहारीकहाँ ल्याइओस्।
१० अनि पूजाहारीले जाँच गर्दा त्यो छालामा
सेतो भएर फुलिएको रहेछ भने र त्यसको रौं
सेतो परेको र सुनिएको छालामा आलो घाउ
रहेछ भने, ११ त्यसको शरीरको छालामा
भएको यो पक्का कोर हो, र पूजाहारीले
त्यसलाई अशुद्ध ठहराओस्। उसले त्यसलाई
चाहिं जाँचको निम्ति अलग्ग नराखोस्, किनभने
त्यो अशुद्ध हो। १२ तर रोग छालामा
फैलिंदै गयो, र त्यो पूजाहारीले हेर्दा रोगीको
शिरदेखि खुट्टासम्मै छालामा फैलिएको रहेछ,
१३ पूजाहारीले त्यसलाई जाँच गर्दा रोग
सारा शरीरमा ढाकिएको छ भने उसले
त्यस रोगीलाई शुद्ध ठहराओस्। त्यो जम्मै
सेतै भइसकेको छ, त्यो मान्छे शुद्ध हो।
१४ तर त्यसमा आलो मासु देखा पर्‍यो
भने त्यो अशुद्ध हो। १५ पूजाहारीले
त्यसको आलो मासु जाँच गरेर त्यसलाई
अशुद्ध ठहराओस्। त्यो आलो मासु अशुद्ध
हो, त्यो कोर हो। १६ तर त्यो आलो
मासु फेरि सेतो भएर आयो भने, त्यो मानिस
पूजाहारीकहाँ जाओस्, १७ पूजाहारीले
त्यसलाई जाँच गर्दा त्यो रोग सेतो भएको
छ भने पूजाहारीले त्यस रोगीलाई शुद्ध
ठहराओस्। त्यो मान्छे शुद्ध हो।

१८ कसैको शरीरको छालामा पीलो
निस्केर निको भयो, १९ र त्यो पीलो भएको
ठाउँमा सेतो भएर फुल्यो, अथवा रातो परेको
सेतो उज्ज्वल दाग भयो भने, त्यो पूजाहारी-
लाई देखाओस्। २० तब पूजाहारीले जाँच
गर्दा त्यो छालाभन्दा गड़ेको देखियो र रौँ
पनि सेतो भएको छ भने पूजाहारीले त्यसलाई
अशुद्ध ठहराओस्। त्यो कोरको रोग हो।
त्यो पीलोबाट निस्केको हो। २१ तर
पूजाहारीले जाँच गर्दा, त्यसमा कुनै सेतो
रौँ रहेनछ, औ त्यो छालाभित्र गड़ेको छैन,
तर सुकेर हराउँदै रहेछ भने पूजाहारीले
त्यसलाई सात दिनसम्म अलग्ग राखोस्।
२२ त्यो छालामा फैलिएको छ भने, पूजाहारीले
त्यसलाई अशुद्ध ठहराओस्, त्यो रोगै हो।
२३ तर त्यो उज्ज्वल दाग नफैलिएर एकै
ठाउँमा रहेछ भने, त्यो पीलोको दाग हो।
पूजाहारीले त्यसलाई शुद्ध ठहराओस्।

२४ कसैको शरीरको छालामा पोलेको
घाउ भयो र त्यो पोलेको घाउको आलो मासु
रातो रातो परेको, सेतो अथवा उज्ज्वल दाग
छ भने, २५ पूजाहारीले त्यो जाँच गरोस्,
र त्यो उज्ज्वल दागमा उम्रेको रौँ सेतो र
हेर्दा छालामा गड़ेको देखियो भने त्यो कोर
हो। २६ त्यो पोल्ने घाउमा फुटेर निस्केको
हो। पूजाहारीले जाँच गर्दा त्यो उज्ज्वल
दागमा सेतो रौँ रहेनछ, र छालाभित्र पनि
गड़ेको रहेनछ, तर सुक्दै गएको रहेछ भने
पूजाहारीले त्यसलाई सात दिनसम्म अलग्ग
राखोस्। २७ पूजाहारीले त्यसलाई सातौँ
दिनमा जाँच गरोस्। त्यो छालामा फैलिएको
रहेछ भने पूजाहारीले त्यसलाई अशुद्ध ठहरा-
ओस्। त्यो कोरको रोग हो। २८ त्यो
उज्ज्वल दाग नफैलिएर सुनिएको मात्र भएर
त्यही ठाउँमा बसेको रहेछ र सुक्दै रहेछ भने
त्यो पोल्ने घाउ हो। तब पूजाहारीले
त्यसलाई शुद्ध ठहराओस्, किनभने त्यो पोल्ने
घाउको दाग हो।

२९ कुनै पुरुष वा स्त्रीको कपाल
अथवा पुरुषको दाहीमा रोग रहेछ भने
३० पूजाहारीले त्यो रोग जाँच गरोस्, र
त्यो छालाभित्र गड़ेको देखियो र त्यसको रौँ
मसिनो पहेँलो छ भने पूजाहारीले अशुद्ध
ठहराओस्। त्यो पाप्रे-चाला, अर्थात् कपाल
वा दाहीको रोग हो। ३१ पूजाहारीले
त्यो पाप्रे-चालाको रोग जाँच गरोस्। त्यो
छालाभित्र गड़ेको देखिँदैन र त्यसमा काला
रौँ पनि छैन भने पूजाहारीले त्यो पाप्रे-
चालाको रोगीलाई सात दिनसम्म अलग्ग
राखोस्। ३२ सातौँ दिनमा पूजाहारीले
त्यस रोगलाई जाँच गरोस्, र त्यो पाप्रे-
चाला फैलिएको छैन, र त्यसमा रौँ पहेँलो
भएको छैन, औ त्यो पाप्रे-चाला हेर्दा
छालाभित्र गड़ेको छैन भने, ३३ त्यसले
पाप्रे-चाला चाहिँ छोड़ेर आफ्नो कपाल र
दाही खौरोस्। पूजाहारीले त्यो पाप्रे-चाला
भएको रोगीलाई अझै सात दिनसम्म अलग्ग
राखोस्। ३४ सातौँ दिनमा पूजाहारीले
त्यसको पाप्रे-चाला जाँच गरोस्। त्यो
पाप्रे-चाला नफैलिएर छालाभित्र गड़ेको देखिएन
भने पूजाहारीले त्यसलाई शुद्ध ठहराओस्।
अनि त्यसले आफ्नो लुगा धोएर त्यो शुद्ध
होस्। ३५ तर त्यो शुद्ध ठहरिएपछि
पनि त्यो पाप्रे-चाला छालामा फैलिन थाल्यो
भने, ३६ पूजाहारीले त्यो जाँच गरोस्।
पूजाहारीले पहेँलो छ कि छैन भनेर जाँच
गरिरहनु पर्दैन। त्यो अशुद्ध हो। ३७ तर
पूजाहारीले जाँच गर्दा त्यो पाप्रे-चाला जस्ताको
त्यस्तै रहेछ र त्यसमा कालो रौँ उम्रेछ भने
त्यो पाप्रे-चाला निको भएको हो। त्यो शुद्ध
छ, र पूजाहारीले त्यसलाई शुद्ध ठहराओस्।

३८ कुनै पुरुष अथवा स्त्रीको शरीरको
छालामा उज्ज्वल दागहरू, अर्थात् सेता
उज्ज्वल दागहरू रहेछन् भने, ३९ पूजाहारीले
जाँच गरोस्, र त्यसको शरीरको छालामा
ती उज्ज्वल दागहरू चहकिला सेता रहेछन्
भने त्यो चर्म-रोग मात्र हो। त्यो छालाबाट
निस्केको हो। त्यो मानिस शुद्धै हो।

४० कसैको टाउकोको केश झरेको रहेछ
भने त्यो तालु खुइलेको हो, तर त्यो शुद्धै
हो। ४१ त्यसको केश त्यसको टाउकोको
अगिल्तिर खुइलेको छ भने त्यो निधार
खुइलेको हो, तर त्यो शुद्धै हो। ४२ तर
त्यसको तालु अथवा निधार खुइलेकोमा रातो
रातो परेको सेतो खटिरा भए त्यो तालु
अथवा निधार खुइलेकोबाट फुटेर निस्केको
कोर हो। ४३ पूजाहारीले यसलाई जाँच
गरेर हेर्दा कोरीको रोगको जस्तै तालु अथवा
निधार खुइलेको ठाउँमा सुनिएर रातो रातो
परेको सेतो खटिरो देखियो भने त्यो कोर
हो। ४४ त्यो कोरी र अशुद्ध हो। पूजाहारीले
त्यसलाई अशुद्ध ठहराओस्। त्यसको रोग
त्यसको टाउकोमा छ।

४५ कोर रोग भएको मानिसले च्यातेको
लुगा लगाओस्, र त्यसको शिरको केश
अस्तव्यस्त रहोस्। त्यसले आफ्नो माथिल्लो
ओँठ ढाकेर 'अशुद्ध, अशुद्ध!' भनेर कराओस्।
४६ जहिलेसम्म त्यो रोग ग्रस्त रहन्छ त्यो
अशुद्धै रहोस्। त्यो एक्लै रहोस्। छाउनी-
बाहिर त्यसको डेरा होस्।

४७ जुन लुगामा ढुसीको दाग छ, चाहे
ऊनी होस् अथवा सुती, ४८ ताना होस्
अथवा बाना, सुती कि ऊनी होस्, छालाको
होस् अथवा छालाले बनेको होस् ४९ ढुसी
हरियो अथवा रातो रातो परेको, लुगा,
छाला, ताना, बाना अथवा छालाको कुनै
वस्तुमा भए त्यो ढुसी लागेको हो, र
पूजाहारीलाई देखाओस्। ५० पूजाहारीले
त्यसो दागलाई जाँच गरोस्, र त्यो दाग लागेको
वस्तुलाई सात दिनसम्म अलग्ग राखोस्।
५१ पूजाहारीले त्यो दागलाई सातौं दिनमा
जाँच गरोस्। लुगा, ताना, बाना अथवा
जुनसुकै काममा लाउने छालामा त्यो ढुसी
फैलिएको रहेछ भने त्यो सरुवा हो। त्यो
अशुद्ध हो। ५२ तब त्यो ढुसी लागेको
लुगा, ताना, ऊनी, सुती अथवा छालाको
कुनै वस्तु भए पनि पूजाहारीले त्यो जलाइ-
देओस्, किनभने त्यो कुहुने ढुसी हो। त्यो
आगोमा जलाइओस्। ५३ तर पूजाहारीले
जाँच गर्दा त्यो ढुसी लुगा, ताना, बाना,
अथवा छालाको कुनै वस्तुमा फैलिएको छैन
भने, ५४ त्यो ढुसी लागेको वस्तु तिनीहरूले
धोऊन् भनी पूजाहारीले आज्ञा देओस्, र
अझै सात दिनसम्म त्यसलाई अलग्ग राखोस्।
५५ त्यो धोएपछि पूजाहारीले जाँच गरोस्,
र ढुसी फैलिएको नभए वा आफ्नो रङ्ग
बदलेको छैन भने त्यो अशुद्ध हो। त्यो
कुहेको भित्रपट्टि होस् वा बाहिरपट्टि होस्,
तैंले त्यसलाई आगोमा जलाइदिनू। ५६ त्यो
धोएपछि पूजाहारीले जाँच गर्दा ढुसी हराउँदै
गएको रहेछ भने त्यो लुगा, ताना, वा बाना
वा छालाबाट त्यो ढुसी लागेको भाग मात्र
पूजाहारीले च्यातोस्। ५७ त्यो ढुसी अझै
पनि लुगा, ताना, बाना वा छालाको कुनै
वस्तुमा फेरि देखियो भने त्यो फैलिँदै गएको
हो। तैंले त्यो ढुसी भएको वस्तु आगोमा
जलाइदिनू। ५८ तर जुन लुगा, ताना,
बाना अथवा तानाको जुनसुकै वस्तु भए पनि
धुँदा त्यसबाट ढुसी गयो भने त्यो दोस्रोपल्ट
धोइओस्, र त्यो शुद्ध होस्।

५९ ऊनी अथवा सुती, ताना वा बानामा
अथवा छालाको कुनै वस्तुमा ढुसीको दागलाई
शुद्ध वा अशुद्ध गर्दा पालन गरिने व्यवस्था
यही हो'।"

कोरी निको हुँदाको शुद्धिकरण

१४ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "कोरीलाई शुद्ध गर्दा यी व्यवस्था
पालन गर्नू। त्यस दिन त्यसलाई पूजाहारीकहाँ
ल्याइओस्। ३ पूजाहारीले छाउनीबाहिर लगेर
त्यसलाई जाँच गरोस्, र त्यस कोरीको कोर
निको भएछ भने, ४ त्यसका निम्ति दुइवटा
जिउँदो शुद्ध पक्षी, देवदारको काठ, सिन्दूरे
रङ्गको धागो र हिसप ल्याउनू भनी पूजाहारीले
आज्ञा देओस्। ५ तब पूजाहारीले ती

पक्षीहरूमध्ये एउटालाई माटोको भाँडामा बग्ने
पानीमाथि मार्ने आज्ञा देओस्। ६ त्यो
जिउँदो पक्षीलाई चाहिं देवदारको काठ,
सिन्दूरे रङ्गको धागो र हिसपसमेत लिई त्यही
बग्ने पानीमाथि मारिएको पक्षीको रगतमा
त्यसले चोपलोस्। ७ कोरबाट शुद्ध हुनुपर्ने-
माथि सातपल्ट छर्केर उसले त्यसलाई शुद्ध
ठहराओस्, र त्यो जिउँदो पक्षीलाई खुला
मैदानमा छोड्दिदेओस्। ८ त्यो शुद्ध हुनुपर्ने
चाहिंले आफ्नो लुगा धोओस्, र सबै
केश खौरेर नुहाओस्, र त्यो शुद्ध
हुनेछ। त्यसपछि त्यो छाउनीभित्र आओस्,
तर सात दिनसम्म आफ्नो पालबाहिरनै बसोस्।
९ सातौं दिनमा त्यसले आफ्नो टाउकोको
केश, दाही र आँखी-भुइँ, अर्थात् आफ्ना
सबै रौं खौरोस्। त्यसले आफ्नो लुगा धोएर
आफ्नो शरीर पनि नुहाओस्, तब त्यो
शुद्ध हुनेछ।

१० आठौं दिनमा त्यसले दुइवटा निष्खोट
भेड़ाको पाठा र एक वर्षे एउटा निष्खोट
पाठी, अन्नबलिको लागि एपाको दश खण्डको
तीन खण्ड तेलले मुछेको मसिनो पीठो र एक
माना तेल ल्याओस्। ११ त्यो शुद्ध हुनपर्ने
मानिसलाई ती सामानहरूसमेत भेट हुने
पालको ढोकामा परमप्रभुको सामने शुद्ध
गर्ने पूजाहारीले उभ्याओस्। १२ तब
पूजाहारीले त्यो मानाभरिको तेलसमेत थुमा-
हरूमध्येको एउटा लिएर दोषबलि गरी
चढ़ाओस्, र डोलाउने बलिको निम्ति परम-
प्रभुको सामने डोलाओस्। १३ अनि त्यसले
पापबलि र होमबलि मार्ने पवित्रस्थानको
ठाउँमा अर्को थुमा मारोस्, किनकि पापबलि
पूजाहारीको भएझैं दोषबलि पनि त्यसैको हुन्छ।
त्यो अति पवित्र हो। १४ तब पूजाहारीले
दोषबलिको रगत लिएर शुद्ध हुनुपर्नेको दाहिने
कानको लोती, दाहिने हातको बूढ़ीऔंलो र
दाहिने खुट्टाको बूढ़ीऔंलोमा लगाइदेओस्।
१५ फेरि पूजाहारीहरूले मानाभरिको तेल
लिएर आफ्नो देब्रे हातको हत्केलामा
खन्याओस्। १६ पूजाहारीले आफ्नो दाहिने
हातको औंलो देब्रे हातमा रहेको
तेलबाट आफ्नो औंलाले परमप्रभुको
सामने सातपल्ट छर्कोस्। १७ अनि आफ्नो
हातमा रहेको बाँकी तेलबाट पूजाहारीले शुद्ध
हुनुपर्नेको दाहिने कानको लोती, त्यसको
हातको बूढ़ीऔंलो र त्यसको दाहिने खुट्टाको
बूढ़ीऔंलामा दोषबलिको रगत लगाइदेओस्।
१८ पूजाहारीको हातमा रहेको बाँकी तेल
त्यो शुद्ध हुनेको टाउकोमा लगाइदेओस्।
अनि पूजाहारीले परमप्रभुको सामने त्यसको
निम्ति प्रायश्चित गरोस्। १९ फेरि त्यो
शुद्ध हुनपर्नेको अशुद्धपनाको कारणले पूजा-
हारीले पापबलि पनि चढ़ाएर त्यसको निम्ति
प्रायश्चित गरोस्; अनि त्यसले होमबलि
मारोस्। २० तब पूजाहारीले होमबलि र
अन्नबलि वेदीमा चढ़ाओस्, र त्यसको निम्ति
प्रायश्चित गरोस्, र त्यो शुद्ध हुनेछ।

२१ तर त्यो दरिद्र छ, र त्यति पनि
पाउनसक्तैन भने, त्यसले आफ्नो प्रायश्चितको
निम्ति दोषबलिको लागि डोलाउनलाई एउटा
थुमा, र अन्नबलिको लागि एपाको दश
खण्डको एक खण्ड तेलमा मुछेको मसिनो पीठो
र एक माना तेल, २२ आफूले जस्तो
पाउनसक्छ, दुइवटा ढुकुर कि दुइवटा परेवाको
बच्चा, एउटा पापबलिको लागि र अर्को
होमबलिको लागि ल्याओस्। २३ आठौं
दिनमा आफू शुद्ध हुनलाई त्यसले भेट हुने
पालको ढोकामा परमप्रभुको सामने पूजाहारी-
कहाँ ती ल्याओस्। २४ तब पूजाहारीले
दोषबलिको थुमा र मानाभरिको तेल लिएर
डोलाउने बलिको निम्ति परमप्रभुको सामने
ती डोलाओस्। २५ फेरि दोषबलिको थुमा
मारेर पूजाहारीले बलिको रगतबाट त्यो शुद्ध
हुनुपर्नेको दाहिने कानको लोती, दाहिने
हातको बूढ़ीऔंलो र दाहिने खुट्टाको बूढ़ीऔंला-
मा लगाइदेओस्। २६ पूजाहारीले त्यस
तेलबाट आफ्नो देब्रे हातको हत्केलामा
खन्याओस्, २७ र आफ्नो दाहिने हातको

औंलाले आफ्नो देब्रे हातमा भएको केही
तेल परमप्रभुको सामने सातपल्ट छर्कोस्।
२८ अनि पूजाहारीले आफ्नो हातमा भएको
तेल शुद्ध हुनुपर्नेको दाहिने कानको लोती,
दाहिने हातको बूढीऔंलो र दाहिने कानको
खुट्टाको बूढीऔंलामा दोषबलिको रगत
लगाएकै ठाउँमा लगाइदेओस्। २९ पूजा-
हारीको हातमा बाँकी रहेको तेल त्यो शुद्ध
हुनुपर्नेको प्रायश्चितको निम्ति परमप्रभुको सामने
त्यसको टाउकोमा हालिदेओस्। ३० त्यसपछि
त्यसले ढुकुर अथवा परेवाका बच्चा जे
पाउनसक्छ, ३१ अन्नबलिको साथमा एउटा
पापबलिको निम्ति, अर्को होमबलिको निम्ति
चढ़ाओस्। यसरी पूजाहारीले त्यस शुद्ध
हुनुपर्नेको निम्ति परमप्रभुको सामने प्रायश्चित
गरोस्। ३२ कोरको रोग लागेर शुद्ध
हुनलाई औकात नपुग्ने मानिसको निम्ति
व्यवस्था यही हो।"

घरमा कोरको रोग

३३ फेरि परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, ३४ "जब मैंले तिमीहरूको
अधिकारमा दिनलागेको कनान देशमा तिमीहरू
पुगौला, र तिमीहरूले अधिकारमा पाएको
देशको कुनै घरमा मैंले कोरको रोग
उत्पन्न गराएँ भने, ३५ त्यस घरको धनी
आएर 'मेरो घरमा कुनै रोग परेजस्तो
लाग्छ' भनी पूजाहारीलाई भनोस्। ३६ रोग
जाँच गर्नभन्दा अघि चीज-बीज अशुद्ध
नहोऊन् भनेर घर रित्तो पार्ने आदेश पूजा-
हारीले देओस्। त्यसपछि पूजाहारी घर
जाँच गर्न भित्र जाओस्। ३७ तब त्यसले
त्यो रोग जाँच गरोस्। त्यो रोग घरका
भित्ता हुँदो हरियो कि रातो गहिरो रङ्ग
खोंको डोरोजस्तो रहेछ भने, र त्यो डोरो
भित्तामा गड़ेको देखा पर्दो रहेछ भने,
३८ घरदेखि बाहिर निस्केर ढोकामा गई
पूजाहारीले सात दिनसम्म त्यस घरलाई बन्द
गरोस्। ३९ फेरि सातौं दिनमा आएर
पूजाहारीले त्यो हेरोस्, र त्यो रोग घरका
भित्ताहरूमा फैलिएको रहेछ भने, ४० पूजा-
हारीले त्यो रोगका ढुङ्गाहरू निकालेर शहर
बाहिर कहीं अशुद्ध ठाउँमा फाल्ने आज्ञा
देओस्। ४१ उसले घरको भित्रपट्टि चारैतिर
खुर्किन लगाओस्, र खुर्किएको लिउनको
माटो तिनीहरूले शहर बाहिर कहीं अशुद्ध
ठाउँमा फालून्। ४२ फेरि अरू ढुङ्गा
ल्याएर ती ढुङ्गाहरूका ठाउँमा लगाइदिऊन्,
र अर्को लिउन् ल्याएर घर पोती दिऊन्।
४३ अनि ढुङ्गाहरू निकाली घर खुर्केर
पोती सकेपछि पनि त्यो रोग त्यस घरमा
उब्जियो भने, ४४ पूजाहारीले आएर हेरोस्
र त्यो रोग घरमा फैलिएको रहेछ भने,
घरमा त्यो एक खतरानक कोर हो। त्यो
अशुद्ध हो। ४५ त्यसले त्यो घर भत्काओस्,
त्यसका ढुङ्गाहरू, काठ-पातहरू र घरका सबै
लिउनहरू लगेर शहरबाहिर कहीं अशुद्ध
ठाउँमा फालोस्। ४६ त्यस उप्रान्त त्यो
घर बन्द रहुन्जेल कोही त्यसभित्र पस्यो भने
त्यो साँझसम्म अशुद्ध रहन्छ। ४७ अनि
त्यस घरमा सुत्ने र खानेले पनि आफ्ना
लुगा धोऊन्।

४८ तर पूजाहारीले त्यस घरभित्र पसेर
जाँच गर्दा घर पोतिएपछि रोग फैलिएको
रहेनछ भने, पूजाहारीले त्यस घरलाई शुद्ध
ठहराओस्, किनभने रोग हटेको छ।
४९ अनि घर शुद्ध पार्नलाई त्यसले दुइवटा
चरा, देवदारको काठ, हिसप र सिन्दूरे
रङ्गको धागो ल्याओस्। ५० अनि त्यसले
बग्ने पानीमाथि माटोको भाँड़ामा चराहरूमध्ये
एउटालाई मारोस्। ५१ त्यसपछि देवदारको
काठ, हिसप, सिन्दूरे रङ्गको धागो र जिउँदो
चरालाई लिएर त्यो मारिएको चराको रगतमा
र बग्ने पानीमा चोपेर त्यस घरमा सातपल्ट
छर्कोस्। ५२ यसरी त्यसले चराको रगत,
बग्ने पानी, जिउँदो चरा, देवदारको काठ
हिसप र सिन्दूरे रङ्गको धागोले घरलाई शुद्ध

पारोस्। ५३ तर त्यसले जिउँदो चरालाई
बाहिर शहरबाहिर खुला मैदानमा छोड़िदेओस्।
यसरी त्यसले त्यस घरको निम्ति प्रायश्चित
गरोस्, अनि त्यो शुद्ध हुनेछ।
५४ सबै किसिमको कोरको रोग र
पाप्रे-चाला, ५५ लुगाको र घरको रोग,
५६ सूज र खाटा र उज्ज्वल दागको
व्यवस्था यही हो। ५७ शुद्ध र अशुद्धको
बारेमा सिकाउने कोर रोगको व्यवस्था यही
हो।"

मैथुन सम्बन्धी अशुद्धि

१५ परमप्रभुले मोशा र हारूनलाई भन्नु-
भयो, २ "इस्राएलीहरूलाई भन,
'कुनै पुरुषलाई प्रमेह रोग भयो भने, त्यसको
रोगको कारण त्यो अशुद्ध होस्।
३ त्यसको प्रमेह-रोगको व्यवस्था यही
हो—त्यसको शरीरबाट शुक्र बहे अथवा
थामिए पनि त्यो मानिस अशुद्धै हुन्छ।
४ त्यो प्रमेही सुतेको हरेक ओछ्यान अशुद्ध
होस्। त्यो बसेको हरेक कुरो अशुद्ध होस्।
५ जसले त्यसको ओछ्यान छुन्छ, त्यसले
आफ्नो लुगा धोओस्, र आफै पनि पानीमा
नुहाओस्, र साँझसम्म अशुद्ध होस्।
६ त्यो प्रमेही बसेको कुनै कुरामा जो बस्छ
त्यसले आफ्नो लुगा धोओस्, र आफै
पनि नुहाओस्, र साँझसम्म अशुद्ध
रहोस्। ७ जसले त्यो प्रमेहीको शरीरलाई
छुन्छ, त्यसले आफ्नो लुगा धोओस्, र
आफै पनि नुहाओस्, र साँझसम्म अशुद्ध
रहोस्।
८ त्यो प्रमेहीले कुनै शुद्ध मानिसलाई
थुक्यो भने त्यसले आफ्नो लुगा धोओस्,
र आफै पनि नुहाओस्, र साँझसम्म
अशुद्ध होस्। ९ जुन काठीमा त्यो प्रमेही
चढ्छ, त्यो अशुद्ध होस्। १० जसले त्यसको
मनि कुनै कुरा छुन्छ, त्यो साँझसम्म अशुद्ध
रहोस्। जसले ती कुराहरू उठाउँछ, त्यसले
आफ्नो लुगा धोओस्, र नुहाओस्,
र साँझसम्म अशुद्ध रहोस्। ११ प्रमेहीले
आफ्नो हात नपखालीकन कसैलाई छोयो
भने, त्यस व्यक्तिले आफ्नो लुगा धोओस्,
र नुहाओस्, र साँझसम्म अशुद्ध रहोस्।
१२ प्रमेहीले कुनै माटोको भाँडा छोयो
भने त्यो फोरिओस्, तर काठको हरेक भाँडा
माझिओस्।
१३ प्रमेही जब आफ्नो रोगबाट निको
हुन्छ, त्यसले आफ्नो शुद्धिको लागि सात
दिनसम्म आफ्ना लुगा धोएर आफ्नो
जीउ बग्ने नुहाओस्, तब त्यो शुद्ध
हुनेछ। १४ अनि आठौं दिनमा त्यसले
दुइटा ढुकुर वा परेवाका दुइटा बच्चा लिएर
भेट हुने पालको ढोकामा परमप्रभुको सामने
ल्याओस्, र पूजाहारीलाई ती देओस्।
१५ तब पूजाहारीले तीमध्ये एउटा पापबलि
अर्को होमबलि चढ़ाओस्। यसरी पूजाहारीले
परमप्रभुको सामने त्यसको प्रमेह रोगको
निम्ति प्रायश्चित गरोस्।
१६ फेरि कुनै पुरुषको वीर्य त्यसबाट
त्यसै निस्क्यो भने, त्यसले आफ्नो जम्मै
जीउ नुहाओस्, र साँझसम्म अशुद्ध
रहोस्। १७ जुन लुगा र छालामा त्यो
वीर्य पर्ला, त्यो धोइओस्, र साँझ-
सम्म अशुद्ध होस्। १८ वीर्य पतन हुने
पुरुषले कुनै स्त्रीसँग संभोग गर्‍यो भने
ती दुवैले नुहाऊन्, र साँझसम्म अशुद्ध
होऊन्।
१९ कुनै स्त्रीको रगत निस्कनलाग्यो र
त्यो रजस्वला हो भने, त्यो सात दिनसम्म
अलग्गै रहोस्। जसले उसलाई छुन्छ, त्यो
साँझसम्म अशुद्ध रहोस्।
२० त्यो अलग रहेको दिनसम्म जे जे
कुरामा त्यो सुत्छे, ती अशुद्ध होऊन्। औ
जे जे कुरामा त्यो बस्छे, ती पनि अशुद्ध
होऊन्। २१ जसले त्यसको ओछ्यान छुन्छ,
त्यसले आफ्नो लुगा धोओस्, र आफू
पनि नुहाओस्, साँझसम्म अशुद्ध रहोस्।

२२ जसले त्यो बसेको कुनै कुरा छुन्छ,
त्यसले आफ्नो लुगा धोओस्, र आफै
पनि नुहाओस्, र साँझसम्म अशुद्ध
रहोस्, २३ चाहे ओछ्यान होस् वा त्यो
बसेको कुनै कुरा होस् कसैले छोयो भने,
त्यो साँझसम्म अशुद्ध रहोस्। २४ कुनै
पुरुष त्योसँग सुत्यो र त्यसको अशुद्ध कुरो
त्यसलाई लाग्यो भने, त्यो सात दिनसम्म
अशुद्ध रहोस्, र त्यो सुतेको सबै ओछ्यान
पनि अशुद्ध रहोस्।

२५ कुनै स्त्रीको रजस्वलाको समयमा
बाहेक धेरै दिनसम्म रगत बग्यो, अथवा
आफ्नो रजस्वलाको समयभन्दा बढ़ती दिन
रगत बग्यो भने, रगत बगुन्जेल त्यो अशुद्ध
रहोस्। रजस्वलाका दिनहरूमा जस्तै त्यो
अशुद्ध हुन्छे। २६ त्यसको रगत बगेको
सबैदिन त्यो सुतेको सबै ओछ्यान रजस्वलाको
बेलाको ओछ्यानजस्तै ठहरिओस्। जुन
जुन कुरामा त्यो बस्छे, ती पनि रजस्वलाकै
दिनजस्तै अशुद्ध रहून्। २७ ती कुराहरू
छुने अशुद्ध होस्, त्यसले आफ्ना लुगा-
फाटा धोओस्, आफू पनि नुहाओस् र
साँझसम्मै अशुद्ध होस्। २८ त्यसको
रजस्वला बन्द भएपछि त्यसले सात दिन
गनोस् र त्यसपछि त्यो शुद्ध होस्। २९ अनि
आठौं दिनमा त्यसले आफूसँग दुइटा कुर्ले
ढुकुर वा परेवाका दुइटा बच्चा लिएर भेट
हुने पालको ढोकामा पूजाहारीकहाँ ल्याओस्।
३० तब पूजाहारीले एउटाचाहिं पापबलिको
निम्ति र अर्कोचाहिं होमबलिको निम्ति
चढ़ाओस्। यसरी पूजाहारीले त्यसको रजस्वला
बगेको निम्ति परमप्रभुको सामने प्रायश्चित
गरोस्।

३१ यसरी तिमीहरूले इस्राएलीहरूलाई
तिनका अशुद्धिबाट अलग्गै राख, नत्रता
तिनीहरूका बीचमा रहेको मेरो बासस्थान
तिनीहरूले दूषित पार्दा तिनीहरू आफ्ना
अशुद्धिमा मर्लान्।

३२ जसलाई प्रमेहको रोग छ, र
जसका वीर्य त्यसै पतन हुन्छ, र त्यसदेखि
अशुद्ध भएको छ, ३३ औ रजस्वला हुने,
र पुरुष वा स्त्री जसलाई प्रमेह रोग हुन्छ,
र अशुद्ध भएकोसँग जो संभोग गर्छ ती सबै
विषयको व्यवस्था यही हो'।''

प्रायश्चितको दिनको विधि-विधान

१६ हारूनका दुइ छोराहरू परमप्रभुको
नजीक जाँदा मरेका थिए। तिनी-
हरूको मृत्युपछि परमप्रभु मोशासित बात
गर्नुभयो। २ परमप्रभुले मोशालाई भन्नुभयो,
"तेरो दाज्यू हारूनलाई भन्, 'सन्दूकमाथि
भएको कृपा-आसनको सामने पर्दाभित्र पवित्र-
स्थानमा घरिघरि नआओस्, नत्रता त्यो मर्ला।
किनभने म कृपा-आसनमाथि बादलमा देखा
पर्नेछु।

३ हारून पवित्रस्थानमा पस्दा पापबलिको
निम्ति एउटा बाछो र होमबलिको निम्ति
एउटा भेड़ा लिएर आओस्। ४ सुती
कपड़ाको पवित्र लबेदा, सुती कपड़ाको सुरुवाल,
सुती कपड़ाको पटुका, र सुती कपड़ाको
फेटा पहिरेर आओस्। ती पवित्र लुगा
हुन्। त्यसले नुहाएर मात्र ती लगाओस्।
५ त्यसले इस्राएलीहरूको समुदायबाट पाप-
बलिको निम्ति दुइवटा बोका र होमबलिको
निम्ति एउटा भेड़ा ल्याओस्।

६ त्यसपछि हारूनले आफ्नो पापबलिको
साँढ़े चढ़ाएर आफ्नो र आफ्नो घरानाको
निम्ति प्रायश्चित गरोस्। ७ त्यसले ती
दुवै बोकाहरू लिएर भेट हुने पालको ढोकामा
परमप्रभुको सामने राखिदेओस्। ८ त्यसपछि
हारूनले दुवै बोकामा चिट्ठा हालोस्, एउटा
परमप्रभुको निम्ति र अर्कोचाहिं अजाजेलको
निम्ति। ९ तब चिट्ठामा परमप्रभुको भागमा
परेको बोकाचाहिं हारूनले नजीक ल्याएर
पापबलिको निम्ति त्यो चढ़ाओस्। १० तर
चिट्ठामा अजाजेलको भागमा परेको बोका
चाहिं जिउँदै परमप्रभुको सामने ल्याइओस्।

त्यसपछि त्यसमाथि प्रायश्चितको विधि गरेर
अजाजेलको निम्ति वनमा पठाइओस्।
११ त्यसपछि हारूनले आफ्नो पापबलिको
साँढ़े ल्याओस्, औ आफ्नो र आफ्नो
घरानाको निम्ति प्रायश्चित गरोस्, आफ्नो
निम्तिको पापबलिको साँढ़े मारोस्। १२ तब
परमप्रभुको सामनेको वेदीबाट आगोको
फिलिङ्गाहरूले भरिएको धूपौरो र मसिनो गरी
कूटेको सुगन्धित धूप मुठीभरि लिएर छेक्ने-
पर्दाभित्र ल्याओस्। १३ अनि परमप्रभुको
सामने आगोमा त्यसले धूप हालोस्, र
धूपको धुवाँले साक्षी-पाटीमाथि भएको कृपा-
आसनलाई छोपोस्, नत्रता त्यो मर्नेछ।
१४ त्यसपछि त्यसले साँढ़ेको रगतबाट लिएर
त्यसको औंलाले कृपा-आसनमाथि पूर्वतिर
छर्कोस्, र कृपा-आसनको सामने आफ्नो
औंलाले त्यो रगत सातपल्ट छर्कोस्।
१५ तब त्यसले मानिसहरूका निम्ति
पापबलिको बोका मारोस्, र त्यसको रगत
छेक्ने पर्दाभित्र ल्याएर साँढ़ेको रगतजस्तै
कृपा-आसनमाथि र कृपा-आसनको सामने
छर्कोस्। १६ यसरी इस्राएलीहरूका अशुद्धि,
अपराध र तिमीहरू जम्मैका पापका लागि
पवित्रस्थानको निम्ति त्यसले प्रायश्चित गरोस्।
तिनीहरूको अशुद्धिको मध्यमा भएको भेट हुने
पालको निम्ति पनि त्यसले त्यसै गरोस्।
१७ जब हारून प्रायश्चित गर्नलाई पवित्र-
स्थानमा पस्छ, त्यसले आफ्नो निम्ति, आफ्नो
घरानाको निम्ति र इस्राएलका जम्मै समुदायको
निम्ति प्रायश्चित गरेर नफर्कुन्जेल भेट हुने
पालमा कुनै मानिस पनि नरहोस्। १८ तब
त्यसले बाहिर वेदीमा गएर परमप्रभुको सामने
त्यसको निम्ति प्रायश्चित गरोस्। औ साँढ़े र
बोकाको रगत लिएर वेदीका चारैतिरका
सीङ्हरूमा लगाओस्। १९ अनि रगतबाट
आफ्नो औंलाले सातपल्ट त्यसमाथि छर्केर
इस्राएलीहरूको अशुद्धिबाट वेदीलाई शुद्ध र
पवित्र गरोस्।
२० जब त्यसले पवित्रस्थान, भेट हुने
पाल र वेदीको प्रायश्चित गरी सक्छ, तब
त्यसले जिउँदो बोकाचाहिं ल्याओस्।
२१ त्यसपछि हारूनले आफ्नो दुवै हात
जिउँदो बोकाको टाउकोमा राखोस्, र
इस्राएलीहरूका सारा अधर्म, अपराध र पाप
स्वीकार गरेर त्यसमाथि राखिदेओस्। उसले
ती पाप बोकाको टाउकोमा राखेर त्यसलाई
अघिबाट खटाइराखेको मानिसको साथ वनमा
पठाइदेओस्। २२ यसरी त्यस बोकाले
तिनीहरूका सारा अधर्म एकलास ठाउँमा
बोकेर लैजाओस्, र त्यस मानिसले त्यस
बोकालाई वनमा छोड़िदेओस्।
२३ त्यसपछि हारून भेट हुने पालमा
आएर पवित्रस्थानमा जाँदा त्यसले लाएका
सुती लुगाहरू फुकालेर त्यहीं छोड़ोस्।
२४ अनि त्यसले आफ्नो जीउ कहीं चोखो
ठाउँमा नुहाओस्, र आफ्ना निज लुगाहरू
लाएर आओस्, औ आफ्नै र मानिसहरूको
लागि होमबलि चढ़ाईकन प्रायश्चित गरोस्।
२५ पापबलिको बोसो त्यसले वेदीमा
जलाओस्। २६ अजाजेलको निम्ति बोका-
लाई छोड़नजाने चाहिंले आफ्नो लुगा धोएर
आफ्नो जीउ नुहाओस्, र त्यपछि त्यो
छाउनीमा आओस्। २७ रगतद्वारा
प्रायश्चित गर्नलाई पवित्रस्थानमा ल्याएका
पापबलिका साँढ़े र बोका दुवैलाई छाउनी-
देखि बाहिर लगेर तिनीहरूका छाला, मासु
र गोबर आगोमा जलाइदिनू। २८ ती
जलाउनेले आफ्नो लुगा धोएर आफ्नो जीउ
नुहाओस्, र मात्र छाउनीमा आओस्।
२९ तिमीहरूका निम्ति यो अनन्तको विधि
होस्। सातौं महीनाको दशौं दिनमा तिमीहरूले
आफू आफूलाई दीन तुल्याओ। चाहे घरमा
जन्मेको होस्, चाहे तिमीहरूका बीचमा
बास गर्ने परदेशी होस्, कसैले पनि कुनै
किसिमको काम नगर्नू, ३० किनभने त्यसै
दिन तिमीहरूलाई शुद्ध पार्नलाई तिमीहरूका
निम्ति प्रायश्चित गरिन्छ, र परमप्रभुको सामने
सबै पापबाट तिमीहरू शुद्ध हुनेछौ। ३१ यो

विश्राम-दिन तिमीहरूका निम्ति एउटा महत्त्व-
पूर्ण-विश्राम हो। यसैले तिमीहरूले आफू
आफूलाई दीन तुल्याउनू। यो सदाको लागि
एउटा नियम हो। ३२ अभिषेक भएको
पूजाहारी र बाबुचाहिँको सट्टामा पूजाहारी
हुनलाई जो नियुक्त भएको हुन्छ, त्यसैले
प्रायश्चित्त गरोस्, र त्यसले सुती लुगाहरू
लगाओस्, अर्थात् पवित्र लुगाहरू लगाओस्।
३३ त्यसले पवित्रस्थान र भेट हुने पाल र
वेदीको निम्ति प्रायश्चित गरोस्। अनि त्यसले
पूजाहारीहरू र समुदायका सबै मानिसहरूका
निम्ति प्रायश्चित गरोस्।
३४ वर्षको एकपल्ट इस्राएलीहरूको सारा
पापको प्रायश्चित गर्नलाई यो तिनीहरूका
निम्ति अनन्तको विधि होस्'।"
अनि परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं
हारूनले गरे।

बलिदानको विधि

१७ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "हारून, त्यसका छोराहरू र सबै
इस्राएलीहरूलाई भन्, 'परमप्रभुले आज्ञा
गर्नुभएको छ— ३ इस्राएलीहरूमा जसले
छाउनीभित्र वा बाहिर साँढ़े, थुमा कि बोका
जे मार्ला, ४ र भेट हुने पालको ढोकामा
परमप्रभुको बासस्थानको सामने बलि चढ़ाउन-
लाई ल्याउँदैन, त्यस मानिसलाई रगतको
दोष लागोस्। त्यसले रगत बगाएको छ।
त्यो आफ्ना मानिसहरूबाट वहिष्कृत होस्।
५ यसकारण इस्राएलीहरूले आफ्ना बलि
बाहिर मैदान हुँदो नचढ़ाऊन्। तर पूजाहारी-
कहाँ भेट हुने पालमैं ल्याएर ती परमप्रभुकहाँ
मेलबलिको रूपमा चढ़ाऊन्। ६ अनि
पूजाहारीले त्यो रगतचाहिँ भेट हुने पालको
ढोकामा परमप्रभुको वेदीमाथि छर्कोस्, र
बोसो चाहिँ परमप्रभुको निम्ति मीठो बास्ना
हुनलाई जलाओस्। ७ तिनीहरूले आफ्ना
बलिदान वन-देवताहरूलाई पुजेर नचढ़ाऊन्
भन्ने हेतुले यो विधि बनिएको हो।
तिनीहरूका सन्तान-दरसन्तानलाई यो एक
अनन्त-विधि हुनेछ।'
८ अनि तैँले तिनीहरूलाई भन्,
'इस्राएलीहरू अथवा तिनीहरूसँग बास गर्ने
परदेशीहरूले होमबलि चढ़ाउँदा ९ जसले त्यो
परमप्रभुको निम्ति भेट हुने पालको ढोकामा
ल्याउँदैन, त्यो मानिस पनि आफ्ना मानिस-
हरूबाट वहिष्कृत गरिओस्'।"

रगत खान मनाही

१० "इस्राएलीहरू वा तिनीहरूसँग बास
गर्ने परदेशीहरूमा कसैले रगत खायो भने,
त्यो रगत खानेको म विरोध गर्नेछु, र
त्यसलाई आफ्ना मानिसहरूबाट वहिष्कृत
गरिदिनेछु, ११ किनकि जीवधारीको प्राण
त्यसको रगतमा हुन्छ। मैले रगतचाहिँ
वेदीमा तिमीहरूको प्रायश्चित गर्नलाई दिएको
छु, किनभने त्यसमा प्राण भएको हुनाले
रगतद्वारा प्रायश्चित गरिन्छ।
१२ यसकारण तिमीहरू अथवा तिमीहरू-
सँग बास गर्ने परदेशी कसैले पनि रगत
नखानू भनी मैले इस्राएलीहरूलाई भनेको हुँ।
१३ इस्राएलीहरू कि तिमीहरूसँग बास गर्ने
परदेशीहरूमध्ये जसले शिकार खेलेर खानु
हुने कुनै पशु कि पक्षी समात्छ, त्यसले
त्यसको सबै रगत निथारेर धूलोले पुरिदेओस्।
१४ किनभने सबै जीवधारीको प्राण
तिनीहरूको रगतमा हुन्छ। यसैकारण कुनै
जीवधारीको रगत तिमीहरूले नखानू, किनभने
सबै जीवधारीको प्राण तिनीहरूका रगतमा
हुन्छ। त्यो खाने जोसुकै पनि वहिष्कार
गरिनेछ भनी मैले इस्राएलीहरूलाई भनेको
छु। १५ स्वदेशी होस् वा परदेशी होस्
जसले आफै मरेको वा जङ्गली जानवरले
फहराएको पशुको मासु खान्छ, त्यसले आफ्नो
लुगा धोओस् र नुहाओस्, औ साँझसम्म
अशुद्ध रहोस्। त्यसपछि त्यो शुद्ध हुन्छ।

१६ तर त्यसले लुगा धोएन र आफै पनि
नुहाएन भने त्यसले आफ्नो फल भोग्नेछ।

अन्तर विवाह र आचरण सम्बन्धी विधिहरू

१८ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई भन्, 'म तिमी-
हरूका परमेश्वर हुँ। ३ तिमीहरूले प्रवास
गरेको मिश्रका रीति-थिति नमान्नू। औ अब म
तिमीहरूलाई कनान देशमा लैजाँदैछु, यसकारण
त्यहाँका रीति-थिति र विधिहरू पनि नमान्नू।
४ तिमीहरूले मेरा विधान र विधिहरू पालन
गरेर त्यसअनुसार चल्नू। ५ यसकारण
तिमीहरूले मेरा विधि-विधानहरू पालन गर्नू।
जुन मानिसले ती पालन गर्छ त्यसको कारण
त्यो जीवित रहनेछ। म परमप्रभु हुँ।

६ तिमीहरूमध्ये कसैले पनि आफ्नो
नजीकको साइनु पर्नेसित सहवास नगरोस्।
म तिमीहरूका परमेश्वर हुँ। ७ तेरी आमासित
सहवास गरेर आफ्ना बाबुलाई शर्ममा नपार्।
त्यो तेरी आमा हो। त्यसलाई तैंले बदनाम
नपार्। ८ तैंले आफ्ना बाबुकी पत्नीसित
सहवास नगर्। त्यसो गर्नाले तैंले आफ्ना
बाबुलाई बदनाम गर्छस्। ९ तैंले आफ्नी
साख्खै दिदी-बहिनी अथवा आफ्नो आमा
वा बाबुपट्टिकी झड्केली छोरीसित सहवास
नगर्—त्यो आफ्नै घरमा कि बाहिर जन्मेर
बढ़ेकी होस्—तैंले तिनीहरूलाई बदनाम
नपार्। १० आफ्नो छोरापट्टिको होस् कि
छोरीपट्टिको होस्, तैंले आफ्नी नातिनीसित
सहवास नगर्। त्यो तैंले आफ्नै बदनामी
गरेको जस्तो हो। ११ तैंले आफ्नी सौतेनी
आमापट्टिकी छोरीसित सहवास नगर्। त्यो
तेरी बहिनी हो। तैंले त्यसलाई लाजमा
नपार्। १२ तैंले आफ्नी फूपुसित सहवास
नगर्। त्यो तेरा बाबुको आफ्नै चेली हो।
१३ तैंले आफ्नी आमाकी दिदी-बहिनीसित
सहवास नगर्। त्यो तेरी आमाको नजीकको
रिस्तादार हो। १४ तैंले तेरी बढ़ी-आमा
कि काकीसित सहवास गरेर आफ्ना बाबुका
दाज्यू-भाइलाई बदनाम नपार्। त्यो तेरी बढ़ी-आमा
अथवा काकी हो। १५ तैंले आफ्नी
बुहारीसित सहवास नगर्। त्यो तेरो छोरोकी
पत्नी हो। तैंले त्यसको बदनाम नगर्।
१६ तैंले आफ्नी भाउज्यू वा भाइ-बुहारीसित
सहवास गरेर आफ्नो दाज्यू-भाइको बदनाम
नगर्। १७ कुनै स्त्री र त्यसको छोरीसित
तैंले सहवास नगर्। औ त्यसको छोरा
अथवा छोरीपट्टिकी नातिनीसित पनि सहवास
नगर्। तिनीहरू नजीकका रिस्तादार हुन्।
त्यसो गर्नु महापातक हो। १८ तैंले आफ्नो
पत्नीकै जीवनकालमा त्यसकी दिदी कि बहिनी-
लाई सौतामा ल्याएर सहवास नगर्।

१९ कुनै स्त्रीको रजस्वलाको समयमा
त्यससित सहवास नगर्। २० तैंले पर-स्त्रीसित
सहवास नगर्। त्यसरी तैंले आफूलाई अशुद्ध
नपार्। २१ आफ्ना छोरा-छोरी 'मोलेक'-को
निम्ति आगोमा चढ़ाएर आफ्ना परमेश्वरको
नाउँ अपवित्र नपार्। मनै परमप्रभु हुँ।
२२ स्त्रीहरूसँगझैं पुरुषसँग संभोग नगर्।
त्यो घृणित कार्य हो। २३ कुनै पशु-प्राणी-
सित संभोग गरेर तैंले आफूलाई अशुद्ध
नगर्। स्त्री पनि संभोग गर्नलाई पशु-प्राणीसित
नसुतोस्। त्यो अस्वाभाविक दूराचरण हो।
२४ यस्ता सबै कामहरूद्वारा तिमीहरू आफैलाई
अशुद्ध नपार। म तिमीहरूका सामनेबाट जुन
जातिहरूलाई निकाल्दैछु तिनीहरू यी सबै
कुरामानै अशुद्ध भएका छन्। २५ त्यसरीनै
त्यो देश अशुद्ध भएको हो। औ मैले
त्यसमाथि त्यसको अधर्मको दण्ड उठाएँ,
र देशले आफ्ना बासिन्दाहरूलाई उकेलेर
फ्याँकिदियो। २६ यसकारण चाहे स्वदेशी
होस्, चाहे तिमीहरूका मध्यमा प्रवास गर्ने
परदेशी होस्, तिमीहरूले मेरा विधि-विधानहरू
पालन गर्नू, र यस्ता घिनलाग्दा कामहरू नगर्नू।
२७ किनभने यस्तै सबै घिनलाग्दा कामहरू
त्यस देशका पूर्व-बासिन्दाहरूले गरे, र त्यो

देश अशुद्ध भयो। २८ मेरा विधि-विधान
पालन नगरेर यदि तिमीहरूले त्यस देशलाई
अशुद्ध गर्‍यौ भने त्यसका पूर्व-बासिन्दालाई
झैं तिमीहरूलाई पनि त्यसले उकेलेर
फ्याँकिदिनेछ। २९ कसैले यीमध्ये कुनै घृणित
काम गर्‍यो भने त्यो आफ्ना मानिसहरूबाट
बहिष्कार गरिओस्। ३० यसकारण अघि
अघिकाहरूले गरिल्याएका घृणित काम
तिमीहरूले चाहिं नगर्नू र आफैलाई अशुद्ध
नगर्नू भनी मैंले दिएका आदेश पालन गर।
म परमप्रभु, तिमीहरूका परमेश्वर हुँ'।"

विभिन्न व्यवस्थाहरू

१९ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "सबै इस्राएली समुदायलाई भन्,
'तिमीहरू पवित्र होओ, किनभने म परमप्रभु,
तिमीहरूका परमेश्वर पवित्र छु। ३ तिमीहरू
हरेकले आफ्ना आमा-बाबुको डर मान्नू,
र मेरो विश्राम-दिन पालन गर्नू। म
परमप्रभु, तिमीहरूका परमेश्वर हुँ। ४ मूर्ति-
हरूतिर तिमीहरू नलाग, औ तिमीहरूले ढलौटे
देवताहरू पनि नबनाओ। म परमप्रभु,
तिमीहरूका परमेश्वर हुँ।
५ तिमीहरूले मेलबलि चढ़ाउँदा आफू
ग्रहणयोग्य हुने गरी चढ़ाओ। ६ तिमीहरूले
चढ़ाएकै दिन र भोलिपल्टसम्म त्यो खाइओस्।
तर पर्सिपल्टसम्म पनि केही उब्र्यो भने त्यो
आगोमा जलाइओस्। ७ पर्सिपल्टसम्म ता
त्यो घृणित हुन्छ। त्यो खायो भने ग्रहणयोग्य
हुनेछैन, ८ तर त्यो खाने हरेक आफ्नो
अधर्मको आफै जिम्मावार हुनेछ, किनभने
त्यसले परमप्रभुको पवित्र कुरो अपवित्र पार्‍यो।
औ त्यो आफ्ना मानिसहरूबाट बहिष्कार
गरिओस्।
९ जब तिमीहरू आफ्नो बाली काट्छौ,
तब तिमीहरूले खेतको कुना कुनासम्मै
नकाट्नू। कटनीको सिला-बाला नबटुल्नू।
१० तिमीहरूले आफ्नो दाखबारीका फल
निखारीकन नटिप्नू, औ दाखबारीमा झरेका
फलहरू नबटुल्नू। तीचाहिं गरीब र परदेशी-
हरूका निम्ति छोड़िदेओ। म परमप्रभु,
तिमीहरूका परमेश्वर हुँ।
११ तिमीहरूले चोरी नगर्नू, छल नगर्नू,
एका अर्कोसित झूट नबोल्नू। १२ तिमीहरूले
मेरो नाउँमा झूटा शपथ नखानू। त्यसो
गर्नाले तिमीहरूले आफ्ना परमेश्वरको नाउँ
अपवित्र पार्नेछौ। म परमप्रभु हुँ।
१३ तिमीहरूले आफ्नो छिमेकीलाई
थिचोमिचो नगर्नू, र त्यसलाई नलुट्नू।
ज्यालामा काम गर्नेको पैसा एक रात पनि
तिमीहरूसँग नरहोस्। १४ बहिरालाई नसराप।
अन्धाको अगाड़ि ठोकर लाग्ने कुरो नराख,
तर आफ्ना परमप्रभुको भय मान। म
परमप्रभु हुँ।
१५ तिमीहरूले ठीक ठीक न्याय गर।
ठूलो होस् वा सानो होस्, मान्छे हेरेर
होइन, तर सबै मान्छेको उचित न्याय गर।
१६ मानिसहरूका बीचमा कुरा ओसार्ने भएर
तल र माथि नगर। तिमीहरू आफ्नो
छिमेकीको रक्तपातको निम्ति खड़ा नहोओ।
१७ आफ्नो भाइ-बन्धुसित दुश्मनी नराख।
आफ्नो छिमेकीलाई खुल्लमखुल्ला हप्काओ,
नत्रता तैं पनि त्यसको अपराधमा साझा
होलास्। १८ आफ्ना आफन्तहरूसित इबी
नराख, तर आफ्नो छिमेकीसँग आफैलाई झैं
प्रेम गर। म परमप्रभु हुँ।
१९ तिमीहरूले मेरा नियमहरू पालन
गर। दुइ भिन्न भिन्न जातका पशुहरूलाई
मिसिन नदेओ। आफ्नो खेतमा दुइ किसिमका
बिउहरू नछर। औ तिमीहरूले दुइ किसिमका
धागो मिसिएको लुगा नलगाओ।
२० कसैले मगनी भएकी तर छुटकारा
नपाएकी औ स्वतन्त्र नभएकी कमारीसित संभोग
गर्‍यो भने त्यस बारे जाँच-पड़ताल गरिओस्।
तिनीहरूलाई मार्नु चाहिं हुँदैन, किनभने त्यो
फुक्का थिइन। २१ तर त्यस पुरुषले भेट
हुने पालको ढोकामा आफ्नो दोषबलिको निम्ति

एउटा भेड़ा परमप्रभुलाई चढ़ाउन ल्याओस्।
२२ अनि त्यस पापको निम्ति दोषबलिको
भेड़ाद्वारा पूजाहारीले परमप्रभुको सामने
प्रायश्चित गरोस्, र त्यसको पाप त्यसलाई
क्षमा गरिनेछ।
२३ तिमीहरू त्यस देशमा पुगेर सब
प्रकारका खानु हुने फलका बिरुवा लगाएपछि
तीन वर्षसम्म ती खानु निषेध छ।
२४ चौथो वर्षमा चाहिं सबै फल पवित्र र
परमप्रभुमा प्रशंसाको भेटी हुनेछन्। २५ तर
पाँचौं वर्षमा त्यसका फल तिमीहरूले खाओ,
र त्यसको उत्पादन बढ़ेर जानेछ। म परमप्रभु,
तिमीहरूका परमेश्वर हुँ।
२६ तिमीहरूले कुनै पशु-पक्षी त्यसको
रगतैसमेत नखानू। तिमीहरूले मंत्र-तंत्र र
बोक्सी-विद्या नचलाउनू, औ शकुन-अपशकुन
नमान्नू। २७ तिमीहरूले आफ्नो कपाल
छेउदेखि काट्दै लगेर गोलाकार नबनाउनू,
औ आफ्नो दाह्रीको कुना-कुना नछाँट्नू।
२८ मरेका मानिसका निम्ति आफ्नो
शरीरमा काटेर चोट नबनाउनू। औ आफ्नो
शरीरमा कुनै किसिमको छाप नबनाउनू। म
परमप्रभु हुँ।
२९ तिमीहरूका छोरीहरूलाई वेश्या
तुल्याएर अशुद्ध नपार्नू, नत्रता देश वेश्यागमन-
तिर लाग्ला, र देश दुष्टताले भरिएला।
३० तिमीहरूले मेरो विश्राम-दिन पालन गर्नू
र मेरो पवित्रस्थानको आदर गर्नू। म परम-
प्रभु हुँ।
३१ तिमीहरू झाँक्री, बोक्सी र जादू-
मंत्र गर्नेतिर नलाग्नू। तिनीहरूसित परामर्श
लिएर तिमीहरू आफूलाई अशुद्ध नपार। म
परमप्रभु, तिमीहरूका परमेश्वर हुँ।
३२ बूढ़ा-पाकाका सम्मानमा उठ र वृद्ध
मानिसको आदर गर। तिमीहरूले परमेश्वरको
भय मान। म परमप्रभु हुँ।
३३ तिमीहरूसित बास गर्ने परदेशीसँग
दुर्व्यवहार नगर्नू। तैँले त्यसलाई आफ्नै घरमा
जन्मेको जस्तै ठान्नू। ३४ तिमीहरूको
लागि त्यो स्वदेशीजस्तै होस्, र तिमीहरूले
त्यसलाई आफूलाई झैं प्रेम गर्नू, किनभने
तिमीहरू पनि मिश्रमा परदेशी थियौ। म
परमप्रभु, तिमीहरूका परमेश्वर हुँ।
३५ तिमीहरूले न्याय गर्दा, नाप्दा, जोख्दा
र भर्दा छल नगर्नू। ३६ तिमीहरूसँग ठीक
ठीक तराजू, ढक र ठीक ठीक नाप र तौलहरू
राख्नू। तिमीहरूलाई मिश्रबाट निकालेर
ल्याउने म परमप्रभु, तिमीहरूका परमेश्वर हुँ।
३७ यसैकारण तिमीहरूले मेरा सबै विधि-
विधानहरू पालन गर। म परमप्रभु हुँ'।"

विभिन्न पापहरूका दण्ड

२० परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई भन्, 'इस्राएली-
हरू अथवा तिनीहरूसित बास गर्ने परदेशीहरू
जसले आफ्नो बालक मोलेकलाई चढ़ाउँछ त्यो
मारिनैपर्छ। मानिसहरूले त्यसलाई ढुङ्गाले
हान्नू। ३ त्यसले आफ्नो बालक मोलेकलाई
चढ़ाउँदा मेरो बासस्थान र पवित्र नाउँलाई
अपवित्र गर्नेछ। यसकारण त्यसको विरोध
गरेर म त्यसलाई नाश पार्नेछु। ४ औ
त्यसले आफ्नो बालक मोलेकलाई चढ़ाउँदा
देशका मानिसहरूले त्यस मानिसलाई
नमारेर नदेखेको जस्तो गर्‍यो भने, ५ त्यस
मानिस, त्यसको परिवार र त्यसका अन्य
अनुचरहरू कसैलाई पनि म छोड़्नेछैनँ,
र कुनै स्त्री वेश्या भएर पर-पुरुषसँग गएझैं
मलाई छोड़ेर मोलेकपछि लाग्ने यी मानिसहरू-
लाई म नाश गर्नेछु।
६ जुन मानिस झाँक्री, बोक्सी र जादू-
मंत्र गर्नेतिर लाग्छ, त्यसलाई म छोड़्नेछैनँ
तर म त्यसलाई नाश गर्नेछु। ७ यसकारण
यी सबैबाट तिमीहरूचाहिं अलग भएर पवित्र
होओ। किनभने म परमप्रभु, तिमीहरूका
परमेश्वर हुँ।
८ तिमीहरूले मेरा विधिहरू पालन गर।
तिमीहरूलाई पवित्र तुल्याउने परमप्रभु मनै

हुँ। ९ जसले आफ्ना आमा-बाबुलाई सराप्छ
त्यो मारिनैपर्छ। आफ्ना आमा-बाबुलाई
सरापेको कारण त्यसको अपराध त्यसकै
शिरमा पर्छ।
१० यदि कसैले अर्काकी स्वास्नीसित
व्यभिचार गर्‍यो भने व्यभिचारी र व्यभि-
चारिणी दुवैलाई मार्नैपर्छ। ११ आफ्नो
बाबुकी स्वास्नीसित सहवास गर्नेले आफ्नो
बाबुको बदनामी गरेको हो। ती दुवैलाई
मार्नैपर्छ। तिनीहरूको अपराध तिनीहरूकै शिर-
माथि परोस्। १२ कुनै मान्छेले आफ्नी
बुहारीसित सहवास गर्‍यो भने ती दुवैलाई
मार्नैपर्छ। त्यो दुराचरण हो। तिनीहरूको
अपराध तिनीहरूकै शिरमाथि परोस्।
१३ कुनै मान्छेले स्त्रीसँग सहवास गरेझैं
पुरुषसित गर्‍यो भने त्यो घृणित काम हो।
तिनीहरूलाई मार्नैपर्छ। तिनीहरूको अपराध
तिनीहरूकै शिरमाथि परोस्। १४ कुनै मान्छेले
आमा र छोरी दुवैलाई राख्यो भने त्यो दुष्कर्म
हो। त्यसलाई ती दुवैसँग जलाइदिनू, र
तिमीहरूका बीचमा यस्तो दुष्कर्म नहोस्।
१५ कसैले पशुसित संभोग गर्‍यो भने त्यसलाई
जीवित राख्नुहुँदैन, र त्यस पशुलाई पनि
मारिदिनू। १६ यदि कुनै स्त्री पशु-संभोगमा
फेलापरी भने त्यो स्त्री र पशु दुवैलाई मार्नैपर्छ।
तिनीहरूका अपराध तिनीहरूकै शिरमाथि
परोस्। १७ कसैले आफ्नी बहिनी, अर्थात्
आफ्ना बाबु वा आमापट्टिकी छोरी लिएर
एक अर्काको नग्नता हेर्‍यो भने त्यो लाजमर्दो
कुरा हो। ती दुवैलाई आफ्ना मानिसहरूका
बीचबाट वहिष्कार गरिदिनू। त्यसले आफ्नै
बहिनीको नग्नता उघार्‍यो। त्यसले आफ्नो
अपराध भोगोस्। १८ रजस्वलाको समयमा
कुनै मानिसले स्त्रीसित सहवास गर्‍यो
भने ती दुवैलाई मानिसहरूका बीचबाट
वहिष्कार गर्नू, किनभने त्यस पुरुषले स्त्रीको
रगतको मूल देख्यो र स्त्रीले चाहिं आफ्नो
रगतको मूल देखायो। १९ तैंले आफ्नो बाबु
कि आमाकी दिदी-बहिनीको नग्नता नउघार्,
कारण त्यो तेरो नजीकको साइनो हो।
तिनीहरूले आफ्ना अपराध भोग्नेछन्।
२० कसैले आफ्ना काका वा बड़ा-बाबुकी
स्वास्नीसित सहवास गर्‍यो भने त्यो आफ्ना
काका बड़ा-बाबुको बदनामी हो। तिनीहरूले
आफ्नो पाप भोगून्। तिनीहरू निस्सन्तानै
मरून्। २१ कसैले आफ्नी बुहारी वा
भाउज्यूसँग सहवास गर्नु अशुद्धता हो।
त्यसले आफ्ना दाज्यू-भाइको बदनामी गरेको
हो। तिनीहरू निस्सन्तानै मरून्।
२२ यसकारण तिमीहरूले मेरा सबै विधि-
विधानहरू पालन गर्नू। नत्रता जुन देशमा
म तिमीहरूलाई लैजानेछु त्यसले तिमीहरूलाई
उकेलेर पर्याकिदिनेछ। २३ तिमीहरूका सामने
मैले निकाल्नलागेको जातिको चाल-चलनमा
तिमीहरू नहिंड़नू, किनकि तिनीहरूले यी सबै
काम गरेका थिए, त्यसैकारण म तिनीहरूलाई
घृणा गर्छु। २४ तर मैले तिनीहरूलाई
भनेको छु, 'तिमीहरूले तिनीहरूका देश
अधिकार गर्न पाउनेछौ, औ एक दूध र मह
बग्ने देश म तिमीहरूलाई दिनेछु।'
तिमीहरूलाई अन्य मानिसहरूबाट अलग गर्ने
म परमप्रभु, तिमीहरूका परमेश्वर हुँ।
२५ यसैकारण तिमीहरूले शुद्ध र अशुद्ध
पशु-पक्षीहरूको भेद राख्नू। पृथ्वीमा भरिएको
मैले अशुद्ध ठहराएका पशु-पक्षी वा घस्रने
प्राणीबाट तिमीहरूले आफैलाई अशुद्ध
नबनाओ। २६ तिमीहरू मेरो निम्ति पवित्र
होओ, किनभने म परमप्रभु पवित्र छु, र
तिमीहरू मेरै हुनलाई मैले तिमीहरूलाई अन्य
मानिसहरूबाट अलग गरेर छुट्याएको हुँ।
२७ कुनै पुरुष वा स्त्रीले झाँक्री, बोक्सी
वा जादू-मंत्रको काम गर्‍यो भने त्यसलाई
मार्नैपर्छ। तिनीहरूलाई ढुङ्गाले हानेर मार्नू।
तिनीहरूको अपराध तिनीहरूकै शिरमा
परोस्।

पूजाहारीहरूका निम्ति विधिहरू

२१ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"हारूनका छोरा, पूजाहारीहरूलाई
यसो भन्, 'तिमीहरूका आफन्त कोही मर्दा
तिमीहरू कसैले मुर्दा छोएर आफूलाई अशुद्ध
नपार्नू, २ केवल आफ्नो साक्खै पर्नेहरू,
अर्थात् आफ्ना आमा, बाबु, छोरा, छोरी,
दाज्यू-भाइ, ३ अथवा आफ्ना साक्खै कन्ये
दिदी-बहिनीका निम्ति मात्र त्यसले आफूलाई
अशुद्ध तुल्याओस्। ४ आफ्नो बाबुपट्टिका
कुनै विवाहिता स्त्रीको निम्ति पनि त्यसले
आफैलाई अशुद्ध गरेर अपवित्र नपारोस्।
५ तिनीहरूले शोकमा आफ्ना कपाल
नखौरून्, दाह्रीका कुनाहरू नछाँटून् र आफ्ना
शरीरमा कुनै चोट नपारून्। ६ आफ्ना
परमेश्वरको निम्ति तिनीहरू पवित्र रहून्,
औ आफ्ना परमेश्वरको नाउँ अपवित्र नगरून्,
किनकि तिनीहरूले परमप्रभुको निम्ति आगोद्वारा
चढ़ाउने बलि, अर्थात् परमेश्वरको भोजन
चढ़ाउने गर्दछन्। यसकारण तिनीहरू पवित्रै
रहून्। ७ तिनीहरूले कुनै वेश्या कि
बिग्रेकी स्त्री औ लोग्नेले त्यागेकी
स्त्रीलाई पनि नल्याऊन्, किनभने पूजाहारी
आफ्ना परमेश्वरका निम्ति पवित्र छ।
८ तिमीहरूले पूजाहारीलाई पवित्र मान,
किनकि त्यसले आफ्ना परमेश्वरको भोजन
चढ़ाउने गर्दछ। त्यो तिमीहरूको निम्ति
पवित्र होस्, किनकि तिमीहरूलाई पवित्र
बनाउने म, परमप्रभु पवित्र छु। ९ कुनै
पूजाहारीकी छोरीले वेश्या काम गरेर
आफुलाई अशुद्ध गरी भने त्यसले आफ्ना
बाबुलाई अपवित्र पार्छ। त्यो आगोमा
जलाइओस्।
१० जो आफ्ना दाज्यू-भाइमा प्रधान-
पूजाहारी भएको छ, र जसको शिरमा
अभिषेकको तेल खन्याइसकेको छ, औ जो
पूजाहारीपदको वस्त्र लगाउनलाई अलग
गरिएको छ, त्यसले आफ्नो शिरको कपाल
शोकमा नफुकाओस्, औ आफ्नो लुगा
नच्यातोस्, ११ औ कुनै लाशको छेउ
गएर त्यसले आफैलाई अशुद्ध नपारोस्—चाहे
त्यो आफ्नै बाबु कि आमाको लाश होस्।
१२ त्यो पवित्रस्थानबाट बाहिर निस्केर त्यसले
आफ्ना परमेश्वरको पवित्रस्थान अपवित्र
नपारोस्, किनभने परमेश्वरको अभिषेकको
तेलले त्यसलाई चोख्याएको छ। म परमप्रभु
हुँ। १३ त्यसले कन्ये-केटीलाई विवाह
गरोस्। १४ विधवा, पाचुके-स्त्री, बिग्रेकी
स्त्री वा वेश्यालाई त्यसले नल्याओस्, तर
आफ्नो कुलकै कन्ये-केटीलाई त्यसले विवाह
गरोस्, १५ र त्यसले आफ्ना मानिसहरूका
बीचमा आफ्नो वंशलाई अशुद्ध नतुल्याओस्,
किनभने त्यसलाई पवित्र तुल्याउने परमप्रभु
मनै हुँ'।"
१६ परमप्रभुले मोशालाई भन्नुभयो,
१७ "हारूनलाई भन्, 'तेरो कुलका सबै
पुस्तामा खोट हुने जोसुकै होस्, आफ्ना
परमेश्वरको भोजन चढ़ाउनलाई त्यो नजीक
नआओस्। १८ खोट भएको जुनसुकै
मानिस होस्, अन्धा वा लङ्गड़ा वा नेप्टे
वा बढ़ता अङ्ग भएको, १९ खुट्टा कि हात
भाँचिएको, २० कुप्रे, बाउन्ने, आँखाको रोग
भएको, चिलाउने घाउ भएको, लुतो
लागेको, सन्धिमा चोट लागेको कोही पनि
नजीक नआओस्। २१ हारून पूजाहारीको
वंशमध्येको खोट भएको कोही पनि परमप्रभु-
को भेटी चढ़ाउनलाई नजीक नआओस्।
त्यसमा खोट छ। त्यो आफ्ना परमेश्वरको
भोजन चढ़ाउनलाई नजीक नआओस्।
२२ तापनि पवित्र र महा-पवित्रस्थान दुवैमा
चढ़ाएको आफ्ना परमेश्वरको भोजन त्यसले
खानुसक्छ। २३ तर त्यसमा खोट भएकोले
गर्दा त्यसले पर्दा र वेदीको नजीक आएर
मेरो पवित्रस्थान अपवित्र नपारोस्। किनभने
तिमीहरूलाई पवित्र पार्ने परमप्रभु मनै हुँ'।"
२४ तब मोशाले हारून, तिनका छोराहरू
र सारा इस्राएलीहरूलाई यी कुरा सुनाए।

पूजाहारीहरू र अरू बलिदानका विधिहरू

२२ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "हारून र त्यसका छोराहरूलाई
भन्, 'इस्राएलीहरूले मेरो निम्ति चढ़ाएका
पवित्र थोकहरूको बारेमा तिनीहरू होशियार
रहून्, र मेरो नाउँ अपवित्र नगरून्। म
परमप्रभु हुँ।' ३ तिनीहरूलाई भन्, 'तिनी-
हरूका कुनै पुस्तामा पनि यदि कोही अशुद्ध
मान्छे इस्राएलीहरूले अर्पण गरेका पवित्र
थोकहरूको नजीक गयो भने त्यस मान्छेलाई
मेरो सामनेबाट म नाश गर्नेछु। म परमप्रभु
हुँ। ४ हारूनको सन्तानमध्ये कसैलाई पनि
कोर कि प्रमेहको रोग छ भने त्यो शुद्ध
नहोउन्जेल पवित्र थोकहरूबाट त्यसले केही
नखाओस्। लाश छुने, धातु रोगी,
५ घस्रने जीव-जन्तुलाई छुने र कुनै पनि
अशुद्धता भएको मान्छेलाई छुने ६ मानिस
साँझसम्म अशुद्ध रहोस्। त्यसले आफ्नो
शरीर नधोउन्जेल पवित्र थोकहरूबाट
नखाओस्। ७ सूर्य अस्ताएपछि मात्र त्यो
शुद्ध हुनेछ। त्यसपछि त्यसले पवित्र थोकहरू-
बाट खानुसक्छ, किनभने त्यो त्यसको भोजन
हो। ८ आफै मरेको अथवा जङ्गली पशुले
फहराएर मारेको जन्तु खाएर त्यसले आफू-
लाई अशुद्ध नपारोस्। म परमप्रभु हुँ।
९ यसकारण तिनीहरूले मेरा आज्ञा पालन
गरून्, नत्रता तिनीहरूले मेरो नाउँ अपवित्र
तुल्याएको कारण तिनीहरू दोषी भएर मर्लान्।
१० जुनसुकै मान्छेले पवित्र थोक
नखाओस्, पूजाहारीको पाहुना वा ज्यालादारी
नोकरले पवित्र थोक नखाओस्। ११ तर दाम
हालेर किनेको पूजाहारीको कमाराले, त्यसको
घरमा जन्मेका कमाराहरूले पनि पूजाहारीको
भोजनको भागबाट खाएहुन्छ। १२ पूजाहारीकी
छोरी अरू कुलको कुनै पुरुषसित विवाह भएकी छ
भने त्यसले कुनै पवित्र भेटीहरूबाट नखाओस्।
१३ तर पूजाहारीको छोरी विधवा कि
त्यागिएकी छ र त्यसको छोरा-छोरी नभई
आफ्ना बाबुको घरमा बसेकी छ भने त्यसको
बाल्यावस्थामा झैं त्यसले बाबुको भोजनबाट
खाओस्, तर अरू कुलको जोसुकैले त्यसबाट
नखाओस्। १४ कुनै मानिसले थाह नपाई
पवित्र थोकबाट केही खायो भने त्यसको
पाँचौं भाग थपेर त्यो पवित्र थोक पूजाहारी-
लाई देओस्। १५ इस्राएलीहरूले परमप्रभु-
लाई चढ़ाएका पवित्र थोकहरू पूजाहारीहरूले
अपवित्र नपारून्। १६ पूजाहारीले पवित्र
भेटीबाट मानिसहरूलाई खान नदिऊन्, नत्रता
तिनीहरूले आफ्ना अधर्मका दोष र दण्ड
भोग्नेछन्, किनकि तिनीहरूलाई पवित्र
तुल्याउने परमप्रभु म नै हुँ'।"
१७ परमप्रभुले मोशालाई भन्नुभयो,
१८ "हारून, त्यसका छोराहरू र सबै
इस्राएलीहरूलाई भन्, 'इस्राएली अथवा
इस्राएलमा बास गर्ने परदेशीले भाकल वा
राजी-खुशीको होमबलि परमप्रभुलाई चढ़ाउँदा
१९ ती ग्रहणयोग्य हुनलाई साँढे, भेड़ा वा
बोकाहरूबाट निष्खोट नर चाहिँ चढ़ाओस्।
२० खोट भएको जे छ त्यो तिमीहरूले
नचढ़ाउनू, किनकि त्यो ग्रहणयोग्य हुनेछैन।
२१ मेलबलि चढ़ाएर परमप्रभुलाई आफ्नो
भाकल पूरा गर्दा अथवा राजी-खुशीको बलि
चढ़ाउँदा बथान वा बगालबाट लिइने पशु
ग्रहणयोग्य हुनलाई त्यो सिद्ध र निष्खोट हुनुपर्छ।
२२ अन्धा, अङ्ग-भङ्ग भएको, खोरोण्डो, खटेरा,
चाला, अथवा लूतो भएको, यस्तालाई तिमी-
हरूले वेदीमा नचढ़ाउनू, औ आगोद्वारा
परमप्रभुको निम्ति बलि नगर्नू। २३ अङ्ग
घट-बढ़ भएको साँढे वा थुमा चाहिँ तिमीहरूले
राजी-खुशीको बलिमा चढ़ाए हुन्छ। तर भाकल-
को बलिमा चाहिँ त्यो ग्रहण हुनेछैन्।
२४ जुन पशुको राजखानी कुच्याइएको वा
चूर पारिएको, फोरेको वा चिरिएको हुन्छ
त्यो परमप्रभुको निम्ति नचढ़ाउनू। तिमीहरूको
देशभरिनै त्यसो गर्नु निषेध छ। २५ कुनै
परदेशीबाट लिएर पनि यस्तो कुनै पशु

परमेश्वरको भोजन स्वरूप नचढ़ाउनू। किनभने
तिनीहरूमा भएका खोटनै तिनीहरूको खोट
हो। ती तिमीहरूका निम्ति ग्रहण
हुनेछैन'।"
२६ परमप्रभुले मोशालाई भन्नुभयो,
२७ "बाछा, थुमा कि पाठा जन्मेको सात
दिनसम्म त्यसकै माऊसँग बसोस्। आठ
दिनपछि त्यसलाई आगोद्वारा बलि गरे त्यो
परमप्रभुमा ग्रहणयोग्य हुनेछ। २८ गाई
अथवा भेड़ीलाई त्यसको बच्चासमेत एकै
दिनमा नमार्नू। २९ तिमीहरूले परमप्रभुको
निम्ति धन्यवाद बलि चढ़ाउँदा तिमीहरू
ग्रहणयोग्य हुने गरी त्यो बलि चढ़ाओ।
३० त्यही दिन त्यो खाइओस्। त्यसमा उब्रेको
केही पनि बिहानसम्म नछोड़िओस्। म
परमप्रभु हुँ। ३१ यसकारण तिमीहरूले
मेरा आज्ञाहरू पालन गर्नू। म परमप्रभु हुँ।
३२ मेरो पवित्र नाउँ तिमीहरूले अपवित्र
नगर्नू। इस्राएलीहरूका बीचमा म पवित्र
छु। तिमीहरूलाई पवित्र गराउने, ३३ र
तिमीहरूका परमेश्वर हुनलाई तिमीहरूलाई
मिश्रबाट निकाली ल्याउने म परमप्रभु हुँ।"

पवित्र ऋतु र चाड़हरू

२३ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूले मान्नु पर्ने
परमप्रभुको पवित्र महा-सभाका चाड़हरू यिनै
हुन् भनी घोषणा गर्। ३ 'छ दिन काम
गरिओस्, तर सातौं दिन चाहिं विशेष
विश्राम-दिन र पवित्र महा-सभाको दिन हो।
त्यस दिन तिमीहरूले कुनै किसिमको काम
नगर्नू। तिमीहरूका घर-घरको लागि त्यो
परमप्रभुको विश्राम-दिन हो।
४ तोकिएको समयमा तिमीहरूले मान्नु-
पर्ने परमप्रभुको चाड़ अथवा पवित्र महा-
सभाहरू यिनै हुन्—५ पहिलो महीनाको
चौधौं दिनको साँझमा परमप्रभुको निस्तार
मनाओ। ६ त्यसै महीनाको पन्ध्रौं दिनमा
परमप्रभुको निम्ति अखमीरे रोटी खानू।
सात दिनसम्म तिमीहरूले अखमीरे रोटी
खानू। ७ पहिलो दिन पवित्र महा-सभा होस्।
त्यसमा तिमीहरूले कुनै काम नगर्नू। ८ तर
सात दिनसम्म तिमीहरूले आगोद्वारा बलि
चढ़ाउनू। सातौं दिनमा पवित्र महा-सभा
होस्। त्यसमा तिमीहरूले कुनै काम नगर्नू'।"
९ परमप्रभुले मोशालाई भन्नुभयो,
१० "इस्राएलीहरूलाई भन्, 'मैले तिमी-
हरूलाई दिने देशमा पुगेर जब त्यहाँको
बाली काटौला, तब तिमीहरूले आफ्नो
बालीको पहिलो-उब्जनीको एक बिटा
पूजाहारीकहाँ ल्याउनू। ११ तिमीहरू ग्रहण
हुनलाई त्यसले त्यो बिटा परमप्रभुको
सामने डोलाओस्। विश्राम-दिनको भोलि-
पल्ट पूजाहारीले त्यो डोलाओस्। १२ त्यो
बिटा डोलाउन लगाएको दिन परम-
प्रभुको निम्ति होमबलिको लागि एउटा
एक वर्षे निष्खोट थुमा तिमीहरूले चढ़ाउनू।
१३ त्यससँगको अन्नबलि चाहिं परमप्रभुको
निम्ति एक मीठो बास्ना, आगोद्वारा
चढ़ाउने बलि-स्वरूप एपाको दश खण्ड तेलले
मुछेको मसिनो पीठो होस्। अर्घ-बलि चाहिं
हीनको चार खण्डको एक खण्ड दाखमद्य होस्।
१४ तिमीहरू यो बलि आफ्ना परमप्रभुको
निम्ति जुन दिनसम्म ल्याउँदैनौ त्यस दिनसम्म
रोटी, सुकाएको अन्न र हरियो बाला
केही नखानू। तिमीहरूका सबै घर-घरमा
तिमीहरूका सन्तान-दरसन्तानहरूसम्म सदाको
निम्ति यो नियम हो।
१५ विश्राम दिनको भोलिपल्टदेखि,
अर्थात् तिमीहरूले डोलाउने बलिको बिटा
ल्याएको दिनदेखि सात विश्राम-दिन तिमीहरूले
गन्नू, १६ अर्थात् सातौं विश्राम-दिनको
भोलिपल्टसम्म पचास दिन गन्नू। त्यही दिन
तिमीहरूले परमप्रभुको निम्ति नयाँ अन्न
बलि चढ़ाउनू। १७ तिमीहरूले आफ्ना
घरदेखि एपाको दश खण्डको दुइ
खण्डले बनाएको दुइवटा डोलाउने रोटी

ल्याउनू । परमप्रभुको निम्ति पहिलो-उब्जनी
स्वरूप ती मसिनो पीठोका र खमीर
मिलाएर पकाएका होऊन् ।
१८ ती रोटीसित, एक वर्षे सातवटा
निष्खोट थुमा र एउटा बाछा र दुइवटा
भेड़ाहरू चढ़ाउनू । तीसँगका अन्नबलि,
अर्घबलिसमेत परमप्रभुको निम्ति आगोद्वारा
चढ़ाउने मीठो बास्नाको होमबलि होस् ।
१९ तिमीहरूले पापबलिको निम्ति एउटा
बोका र एक वर्षे दुवटा थुमाहरू चाहिं
मेलबलिको निम्ति चढ़ाउनू । २० तब
पूजाहारीले परमप्रभुको सामने अगौटे
फलको रोटी सँगसँगै डोलाउने बलिको
निम्ति दुइटा थुमासमेत डोलाओस् ।
पूजाहारीको हिस्सा हुनलाई त्यो परम-
प्रभुमा पवित्र होस् । २१ त्यस दिन
तिमीहरुका निम्ति पवित्र महा-सभा हो भनी
तिमीहरूले घोषणा गर्नू । तिमीहरूले कुनै
काम नगर्नू । तिमीहरूका सन्तान-दरसन्तान-
सम्म सदाको निम्ति यो नियम हो ।
२२ तिमीहरूले आफ्नो देशमा खेतको
बाली काट्दा कुना कुनासम्म निखारेर
नकाट्नू । तिमीहरूले आफ्ना बालीको
सिला-बाला नबटुल्नू । ती तिमीहरूले गरीब
र परदेशीहरूका निम्ति छोड़िदिनू । म परम-
प्रभु, तिमीहरूका परमेश्वर हुँ' ।"
२३ परमप्रभुले मोशालाई भन्नुभयो,
२४ "इस्राएलीहरूलाई भन्, 'सातौं
महीनाको पहिलो दिनमा तिमीहरूका निम्ति
विशेष विश्राम हुनेछ । त्यस दिन सम्झनाको
लागि तुरही फूकेर पवित्र महा-सभाको
घोषणा गर्नू । २५ तिमीहरूले कुनै काम
नगर्नू । औ परमप्रभुको निम्ति आगोद्वारा
बलि चढ़ाउनू' ।"
२६ परमप्रभुले मोशालाई भन्नुभयो,
२७ "सातौं महीनाको दशौं दिनचाहिं
प्रायश्चितको दिन होस् । त्यो दिन तिमी-
हरूका निम्ति पवित्र महा-सभा होस् ।
तिनीहरूले आफैलाई दीन तुल्याउनू, र
तिमीहरूले परमप्रभुको निम्ति आगोद्वारा
बलि चढ़ाउनू । २८ त्यस दिन तिमी-
हरूले कुनै किसिमको काम नगर्नू, किनभने
परमप्रभुको सामने तिमीहरूका निम्ति
प्रायश्चित गरिने यो प्रायश्चितको दिन
हो । २९ त्यस दिन जसले आफूलाई
दीन तुल्याउँदैन, त्यो आफ्ना मानिसहरूबाट
बहिष्कार गरिओस् । ३० त्यस दिन कुनै
किसिमको काम गर्ने मानिसलाई म नाश
गर्नेछु । ३१ तिमीहरूले कुनै किसिमको
काम नगर्नू । यो तिमीहरूका सबै घरघरमा
तिमीहरूका सन्तान-दरसन्तानसम्म सदाको
नियम होस् । ३२ तिमीहरूका निम्ति यो
विशेष विश्राम-दिन होस्, र तिमीहरूले
आफू आफूलाई दीन तुल्याउनू । त्यस
महीनाको नवौं दिनको साँझदेखि भोलिपल्ट
साँझसम्म तिमीहरूले आफ्नो विश्राम-दिन
पालन गर्नू ।"
३३ परमप्रभुले मोशालाई भन्नुभयो,
३४ "इस्राएलीहरूलाई भन्, 'सातौं
महीनाकै पन्ध्रौं दिनदेखि सात दिनसम्म
परमप्रभुको निम्ति झुप्रो-बासको चाड़ होस् ।
३५ पहिलो दिन पवित्र महा-सभा होस् ।
तिमीहरूले कुनै काम नगर्नू । ३६ सात
दिनसम्म तिमीहरूले परमप्रभुको निम्ति आगो-
द्वारा बलि चढ़ाउनू । आठौं दिनमा
तिमीहरूको पवित्र महा-सभा होस् । तिमी-
हरूले परमप्रभुको निम्ति आगोद्वारा बलि
चढ़ाउनू । यो पवित्र महा-सभा हो । तिमी-
हरूले काम नगर्नू ।
३७ पवित्र महा-सभामा घोषणा गर्नुपर्ने
र परमप्रभुको निम्ति मनाउनुपर्ने चाड़हरू
यिनै हुन् । आगोद्वारा परमप्रभुको निम्ति यी
तिमीहरूले होमबलि, अन्नबलि, बलिदान र
अर्घबलि गरेर ठीक ठीक दिनमा चढ़ाउनू ।
३८ परमप्रभुका विश्राम-दिन, तिमीहरूका
दानहरू, भाकलहरू र परमप्रभुलाई दिने गरेका
स्वेच्छा बलिहरूबाहेक यी हुनुपर्छ ।
३९ फेरि सातौं महीनाको पन्ध्रौं दिनमा

आफ्ना जमीनका फलहरू बटुल्दा तिमीहरूले
सात दिनसम्म परमप्रभुको चाड मनाउनू। पहिलो
दिन र आठौं दिन विशेष विश्राम-दिन होस्।
४० पहिलो दिन तिमीहरूले असल असल
रूखका फलहरू, खजूरका हाँगाहरू, धेरै पात
भएका रूखहरूका हाँगाहरू, खोलाका बैँसहरू
लिएर परमप्रभु तिमीहरूका परमेश्वरको सामने
सात दिनसम्म खुशी मनाउनू। ४१ तिमीहरूले
वर्षमा सात दिनसम्म परमप्रभुको निम्ति यो
चाड मनाउनू। यो तिमीहरूका सन्तान-
दरसन्तानका लागि सदाको विधि होस्।
यो तिमीहरूले सातौं महीनामा मनाउनू।
४२ सात दिनसम्म तिमीहरू झुप्राहरूमा बस्नू।
स्वदेशी इस्राएलीहरू चाहिं सबै झुप्रामा
बसून्। ४३ मैले मिश्रबाट निकालेर ल्याउँदा
तिनीहरूलाई झुप्रामा बस्नलाएको थिएँ भनी
तिमीहरूका भावी-सन्तानहरूले जानून्। म
परमप्रभु, तिमीहरूका परमेश्वर हुँ'।"
४४ अनि मोशाले इस्राएलीहरूलाई परम-
प्रभुको निम्ति मनाउन पर्ने तोकिएका चाड़हरू
घोषणा गरे।

पानस र परमेश्वरको भोजनसम्बन्धी विधिहरू

२४ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई आज्ञा दे,
'निरन्तर बत्ती बलिरहनलाई तिनीहरूले प्रकाशको
लागि कुटेको भद्राक्षको चोखो तेल तँकहाँ
ल्याऊन्। ३ भेट हुने पालमा साक्षी-पाटीको
पर्ददेखि बाहिर परमप्रभुको सामने साँझदेखि
बिहानसम्म हारूनले त्यो निरन्तर देखरेख
गरोस्। यो तिमीहरूका भावी-सन्तानको लागि
सदाको विधि होस्। ४ त्यसले परमप्रभुको
सामने निरन्तर निखुर सुनका पानसमा बत्तीहरू
देखरेख गरोस्।
५ अनि मसिनो पीठो लिएर तैंले
बाह्रवटा फुलौरा पकाउनू। प्रत्येक फुलौरामा
एपाको दश खण्डको दुइ खण्ड पीठो होस्।
६ छ छवटाको पंक्ति गरी दुइ ताँति परम-
प्रभुको सामने पवित्र टेबलमा राख्नू। ७ हरेक
पंक्तिमा चोखो धूप राख्नू, र त्यो रोटीमाथि
सम्झनाको लागि आगोद्वारा परमप्रभुलाई
चढ़ाएको भेटी होस्। ८ हरेक विश्राम-दिन
त्यसले परमप्रभुको सामने त्यो देखरेख गरि-
रहोस्। इस्राएलीहरूको यो अनन्त-करार
होस्। ९ हारून र त्यसका छोराहरूका
निम्ति त्यो हो, र तिनीहरूले पवित्र ठाउँमा
त्यो खाऊन्, किनकि परमप्रभुको निम्ति
आगोद्वारा चढ़ाएका बलिहरूमध्ये यो अति
पवित्र हो—अटुट विधि अनुसार यो त्यसको
भाग हो'।"

ईश्वर-निन्दा सम्बन्धी विधिहरू

१० एउटा मिश्री बाबु र इस्राएली
आमाको छोरो इस्राएलीहरूसँगै आएको थियो।
त्यस इस्राएली स्त्रीको छोरो र एक जना
इस्राएली पुरुष छाउनीभित्र आपसमा कुटामार
गरे। ११ त्यस इस्राएली स्त्रीको छोरोले
पवित्र नाउँको निन्दा गरेर सराप्न लाग्यो, र
मानिसहरूले त्यसलाई मोशाकहाँ ल्याए। त्यसको
आमाको नाउँ शलोमीत थियो। त्यो दानको
कुलको दिब्रीकी छोरी थिई। १२ अनि
ल्याएर परमप्रभुको इच्छा तिनीहरूले थाह
नपाएसम्म त्यसलाई थुनामा राखे।
१३ तब परमप्रभुले मोशालाई भन्नुभयो,
१४ "त्यस सराप बक्नेलाई छाउनीदेखि बाहिर
लैजा, र त्यसले भनेका कुरा सुन्नेहरू
सबैले आफ्ना आफ्ना हात त्यसको टाउकोमा
राखून्। त्यसपछि जम्मै समुदायले त्यसलाई
ढुङ्गा हानेर मारून्। १५ अनि तैंले
इस्राएलीहरूलाई यसो भन्, 'जसले आफ्ना
परमेश्वरलाई सराप्छ, त्यसले आफ्नो पाप
भोग्नुपर्छ। १६ परमप्रभुको नाउँको निन्दा
गर्नेलाई सारा समुदायले ढुङ्गा हानेर मार्नुपर्छ।
स्वदेशी अथवा परदेशी जो सुकै होस्, त्यसले
परमप्रभुको नाउँको निन्दा गऱ्यो भने त्यसलाई

मार्नैपर्छ। १७ कसैलाई मर्ने गरी हिर्काउने-
लाई मार्नैपर्छ। १८ पशुलाई मर्ने गरी
हिर्काउनेले त्यसको भर्ना देओस्—पशुको साटो
पशु।
१९ कुनै मानिसले आफ्नो छिमेकीको
कुनै अङ्ग को नोक्सान गरिदियो भने त्यसले
जसो गरेको छ त्यसलाई त्यसै गरिओस्।
२० चोटको साटो चोट, आँखाको साटो
आँखा, दाँतको साटो दाँत, जसरी त्यसले
कसैको अङ्ग नोक्सान गरिदियो त्यसलाई पनि
त्यसरीनै गर्नू। २१ पशु मार्नेले त्यसको
भर्ना गरोस्। तर ज्यानमारालाई चाहिं
मार्नैपर्छ। २२ स्वदेशीको निम्ति र पर-
देशीको निम्ति एउटै किसिमको ऐन होस्।
किनभने म परमप्रभु, तिमीहरूको परमेश्वर हुँ'।"
२३ तब मोशाले इस्राएलीहरूलाई उक्त
कुरा बताए। अनि तिनीहरूले त्यस सराप्ने-
लाई छाउनीबाहिर लगेर ढुङ्गाले हानेर मारे।
यसरी परमप्रभुले मोशालाई आज्ञा दिनुभए-
बमोजिम इस्राएलीहरूले गरे।

विश्रामको वर्ष

२५ परमप्रभुले सीनै पर्वतमा मोशालाई
भन्नुभयो, २ "इस्राएलीहरूलाई
यसो भन्, 'मैले तिमीहरूलाई दिने देशमा
तिमीहरू पुगेपछि भूमिले पनि परमप्रभुमा
विश्राम मनाओस्। ३ छ वर्ष आफ्नो खेत
रोप्नू। छ वर्ष आफ्नो दाखबारी छिँवल्नू,
र तिनका फलहरू बटुल्नू। ४ तर सातौं
वर्षमा भूमिलाई विशेष विश्राम होस्—परम-
प्रभुको निम्ति विश्राम। सातौं वर्षमा तिमीहरूले
खेत नरोप्नू, दाखबारी नछिँवल्नू, ५ तिमी-
हरूको फसलमा आफै उम्रेको उब्जनी
नकाट्नू, नछिँवलेको बोटका दाखहरू जम्मा
नगर्नू। भूमिलाई त्यो विशेष विश्रामको वर्ष
होस्। ६ त्यस भूमिले विश्रामको वर्ष
दिएको उब्जनीनै तिमीहरूको निम्ति, तिमी-
हरूका दास-दासी, नोकर-चाकर, तिमीहरूसँग
बसोबासो गर्ने परदेशी, ७ तिमीहरूका
गाई-वस्तु, देशका पशु-पक्षीका लागि हुनेछ।
८ फेरि तिमीहरूले आफ्नो लागि सात
विश्रामका वर्षहरू, अर्थात् सात गुणा सात
वर्ष गन्नू। तब सात विश्रामको वर्ष, अर्थात्
उनन्चास वर्ष हुनेछ। ९ अनि सातौं
महीनाको दशौं दिन चर्को बज्ने तुरही
बजाउन लगाउनू। प्रायश्चितको दिनमा
तिमीहरूको देशभरि त्यो तुरही बजाउन
लगाउनू। १० पचासौं वर्षलाई पवित्र
मान्नू, र सारा देशका बासिन्दाहरूलाई
स्वतन्त्रताको घोषणा गर्नू। त्यो तिमीहरूका-
लागि विशेष-उत्सव होस्, र हरेक मानिस
आफ्ना जग्गा-जमीन र आफ्ना परिवारमा
फर्कोस्। ११ त्यो पचासौं वर्ष तिमीहरूको
निम्ति विशेष उत्सव हुनेछ। त्यो वर्ष
तिमीहरूले केही नरोप्नू, औ आफै उम्रेका
अन्न-बालीहरूको कटनी नगर्नू, नछिँवलेका
लहराहरूबाट दाखहरू जम्मा नगर्नू।
१२ किनभने यो विशेष-उत्सव हो।
त्यो तिमीहरूका पवित्र होस्। खेतमा आफै
उम्रिएका अन्न, फल-फूलहरू तिमीहरूले त्यस
वर्ष खानेछौ।
१३ त्यस विशेष-उत्सवको वर्षमा हरेक
मानिस आफ्नो जग्गा-जमीनमा फर्कोस्।
१४ आफ्नो छिमेकीसित किन-बेच गर्दा एक-
अर्कालाई अन्याय नगर्नू। १५ विशेष उत्सव
पछिका वर्षहरू हिसाब गरेर तिमीहरूले छिमेकी-
सित किन्नू, र बाँकी वर्षका उब्जनीको हिसाब
गरेर उसले तिमीहरूलाई बेचोस्। १६ जति
धेरै वर्ष बाँकी रहन्छ त्यति दाम तिमीहरूले
बढ़ाउनू, र जति थोरै वर्ष बाँकी रहन्छ
त्यतिनै तिमीहरूले घटाउनू, किनभने उब्जनीको
हिसाबअनुसार त्यो जमीन त्यसले तिमीहरूलाई
बेचेको हो। १७ तिमीहरू एकले अर्कालाई
अन्याय नगर्नू, तर तिमीहरूले आफ्ना
परमेश्वरको भय मान्नू, किनभने म परमप्रभु,
तिमीहरूका परमेश्वर हुँ।
१८ यसकारण तिमीहरूले मेरा विधि-

विधानहरू पालन गरेर ती पूरा गर। तब
तिमीहरू त्यस देशमा सुरक्षित रहनेछौ।
१९ भूमिले आफ्नो उब्जनी दिनेछ, र
खानु-पिउनुमा तिमीहरूलाई दुःख हुनेछैन,
औ तिमीहरू देशमा निर्धक्क बस्नपाउनेछौ।
२० 'बाली नलगाई, फसल नउठाई सातौं
वर्षमा चाहिं हामीले के खाने?' भनी
तिमीहरू भन्छौ भने, २१ छैटौं वर्षमा म
आफ्नो आशिष तिमीहरूलाई दिनेछु, र त्यसले
तीन वर्षको फसल उब्जाउनेछ। २२ तिमी-
हरूले आठौं वर्षमा रोपाईं गर्नू र पुरानै
उब्जनी खाँदै रहनू। नवौं वर्षमा बाली
नलागेसम्म तिमीहरूले त्यो पुरानै अन्न खाँदै
रहनू। २३ जमीन सधैंको निम्ति नबेच्नू।
किनभने जमीन चाहिं मेरो हो। तिमीहरू
ता परदेशी र प्रवासी भई मसित बसेका
छौ। २४ तिमीहरूको अधिकारमा आएको
जग्गा-जमीन फेरि उकास्न दिनू।

२५ यदि गरिबीले गर्दा कसैले आफ्नो
जग्गा-जमीनको कुनै हिस्सा बेच्नु पर्‍यो भने
त्यसको नजीकका आफन्त आएर त्यो उकासोस्।
२६ तर कसैको यसरी उकासिदिने कोही
छैन भने र त्यो आफै पछि धनी भएर
आफै उकास्नसक्यो भने, २७ त्यसले त्यो
बेचेको कति भयो वर्षहरू गनोस्, र जसलाई
बेचेको हो त्यस बाँकी वर्षको उब्जनीको दाम
फर्काइदेओस्। २८ तर आफैले उकास्ने
त्यसको औकात पुगेन भने उत्सवको वर्षसम्म
किन्नेकै हातमा त्यो जमीन रहनेछ। अनि
उत्सवको वर्षमा त्यो फिर्ता गरिओस्। त्यस
पछि त्यो मानिस चाहिं आफ्नो जग्गा-
जमीनमा जानसक्छ।

२९ कसैले पर्खाल लाएको शहरभित्र
भएको आफ्नो घर बेच्यो भने बेचेको एक
वर्षभित्र त्यो उकास्न पाउनेछ। त्यसलाई यो
अधिकार एक वर्षसम्म हुन्छ। ३० तर एक
वर्षभित्रमा पनि ती उकास्न सकेन भने किन्ने
र त्यसको भावी सन्तानको निम्ति त्यो घर
स्थायी सम्पत्ति बनोस्। उत्सवका वर्षमा पनि
त्यो फिर्ता हुनेछैन। ३१ तर पर्खालले
नघेरिएका गाउँका घरहरूचाहिं देशका अन्य
जग्गा-जमीनजस्तै ठान्नू। तीचाहिं उकास्न
सकिन्छ, औ उत्सवको वर्षमा फिर्ता गर्नसकिन्छ।
३२ लेवी कुलका अधिकारका आफ्नै शहरमा
भएका घरहरू चाहिं तिनीहरूले जुनै बेला
पनि उकास्नसक्छन्। ३३ आफ्नो अधिकारमा
भएको शहर कुनै लेवीले छुटाउनसकेन भने
उत्सवको वर्षमा त्यो त्यसलाई फिर्ता गरिओस्,
किनभने लेवीका शहरमा भएका घरहरू चाहिं
इस्राएलमा तिनीहरूको पैतृक-सम्पत्ति हो।
३४ तर तिनीहरूका शहर बाहिरका खेतहरू
बेच्न पाइँदैन, किनभने ती तिनीहरूका स्थायी
सम्पत्ति हुन्।

३५ यदि तिमीहरूको इस्राएली दाज्यू-
भाइमध्ये कोही अति गरीब भएर आफ्नो
देखभाल गर्नसकेन भने तिमीहरूलेनै त्यसको
देखभाल गर्नुपर्छ। परदेशी पाहुनालाई जस्तै
गरी त्यसलाई तिमीहरूसित राख्नू। ३६ त्यस-
लाई ऋण दिँदा सूद वा नाफा नलिनू।
तिमीहरूले आफ्नो परमेश्वरको भय मान्नू,
र तिमीहरूका दाज्यू-भाइ तिमीहरूसितै बसोस्।
३७ त्यसलाई तिमीहरूले व्याजमा रूपियाँ
नदिनू। खानेकुरो पनि त्यसलाई नाफाको
लोभले नदिनू। ३८ तिमीहरूलाई कनान देश
दिने र तिमीहरूका परमेश्वर हुनलाई मिश्रबाट
तिमीहरूलाई निकालेर ल्याउने म परमप्रभु,
तिमीहरूका परमेश्वर हुँ।

३९ यदि तिमीहरूको कोही इस्राएली
दाज्यू-भाइले अति गरीब भएको कारण
आफैलाई तिमीहरूको हातमा बेच्यो भने
कमारालाई जस्तो त्यसलाई काममा नजोताओ।
४० त्यो तिमीहरूसँग नोकर कि परदेशी
पाहुनाजस्तै भएर बसोस्, र उत्सवको वर्षसम्म
तिमीहरूसँग बसी त्यसले तिमीहरूको चाकरी
गरोस्। ४१ त्यसपछि त्यो र त्यसका बाल-
बच्चा तिमीहरूबाट छुटेर आफ्नो परिवार र
जाय-जेथामा फर्कोस्। ४२ किनकि मैले
मिश्रबाट निकालेर ल्याएका ती मेरै दास-

दासीहरू हुन्। तिनीहरूलाई कमारा-कमारी-
हरूजस्तै नबेच्नू। ४३ तिमीहरूले तिनीहरूलाई
मालिकले जस्तै दमन नगर्नू, तर तिमीहरूका
परमेश्वरको भय मान्नू। ४४ तिमीहरूका
कमारा-कमारी चाहिं वरिपरिका अन्यजाति-
हरूबाटै किनेर ल्याउनू। ४५ तिमीहरूसँग
बस्ने परदेशी र तिनहरूका परिवारहरूबाट
जन्मेका छोरा-छोरीहरू पनि तिमीहरूले किनेर
आफ्नो निज धन बनाउनसक्छौ। ४६ आफ्नो
भावी सन्तानको अधिकार र निज धन
तुल्याउनलाई पनि तिनीहरूबाटै कमारा-कमारी-
हरू ल्याउनू, तर इस्राएली दाज्यू-भाइहरूमाथि
एउटाले अर्कोलाई दमन नगर्नू।

४७ तिमीहरूकै कोही गरीब दाज्यू-भाइले
तिमीहरूका बीच बास गर्ने धनी भएको परदेशी
वा प्रवासीको हातमा आफैलाई बेच्यो भने
४८ त्यो बेचिएपछि त्यसकै दाज्यू-भाइमध्येको
कसैले त्यसलाई उकास्नुपर्छ। ४९ त्यसकै
काका, दाज्यू-भाइ, अर्थात् कोही नजीकको
साइनु पर्ने कसैले त्यसलाई उकासोस्—अथवा
पछि त्यसको औकात पुग्यो भने त्यसले
आफैलाई उकासोस्। ५० आफ्नो मालिकसँग
बेचिएकोदेखि- उत्सवको वर्षसम्म जोडेर
ज्यालादारको मोलअनुसार हरेक सालको
ज्याला त्यसले तिरोस् र आफैलाई उकासोस्।
५१ उत्सवको वर्ष बाँकी छ भने आफू
किनिएको जम्मा मोलबाट हिसाब गरेर
त्यसले छुटकाराको दाम फर्काइदेओस्।
५२ यदि उत्सवको वर्ष थोरै मात्र बाँकी
छ भने त्यसले हिसाब लाएर आफ्नो छुटकाराको
दाम फिर्ता देओस्। ५३ ज्यालादारी नोकर-
जस्तै भएर प्रवासी मालिकसँग त्यो बसोस्,
र त्यसले उसलाई दमन नगरोस्। ५४ यी
उपायहरूबाट पनि त्यसको छुटकारा भएन भने,
त्यो त्यसका छोरा-छोरीहरूसँगै उत्सवको वर्षमा
निस्केर जाऊन्। ५५ किनभने इस्राएलीहरू
मेरै दास-दासीहरू हुन्। मैलेनै मिश्रबाट
तिनीहरूलाई निकालेर ल्याएको हुँ। म परम-
प्रभु, तिमीहरूका परमेश्वर हुँ।

अन्तिम शर्तहरू

२६ तिमीहरूले आफ्ना निम्ति मूर्तिहरू
नबनाओ। औ आफ्ना निम्ति कुनै
खोपिएको मूर्ति वा खामो खड़ा नगर, र
खोपिएका ढुङ्गाहरू आफ्नो देशमा ठड्याएर ती
पुज्नलाई घोप्टो नपर। किनभने म परमप्रभु,
तिमीहरूका परमेश्वर हुँ। २ तिमीहरूले
विश्राम-दिनहरू पालन गर, र मेरा पवित्रस्थानको
आदर गर। म परमप्रभु हुँ।

३ मेरा नियमअनुसार चलेर मेरा आज्ञाहरू
तिमीहरूले पालन गर्‍यौ भने ४ म ठीक ठीक
समयमा झरी पठाउनेछु, र जमीनले उब्जनी
दिनेछ, र खेत-बारीका रूखहरूमा फल-फूल
लाग्नेछन्। ५ दाख बटुल्ने समयसम्मै
तिमीहरूले दाइँ गर्नेछौ, र रोपाइँको समयसम्मै
दाख बटुल्नेछौ। तिमीहरूलाई खानु-पिउनुमा
दुःख हुनेछैन, र देशमा तिमीहरू निर्धक्क
बस्नेछौ। ६ म देशमा शान्ति दिनेछु।
तिमीहरू ढल्केर निदाउनेछौ, र तिमीहरूलाई
कुनै खतरा हुनेछैन। म देशबाट हिंसक
पशुहरूलाई हटाइदिनेछु, औ तिमीहरूको देशमा
लड़ाइँ हुनेछैन। ७ तिमीहरूले आफ्ना शत्रु-
हरूलाई खेदेर तरवारले सोत्तर पार्नेछौ।
८ तिमीहरूका पाँच जनाले सय जनालाई र
सय जनाले दश हजार जनालाई खेद्नेछन्।
तिमीहरूका शत्रुहरू तिमीहरूका तरवारले सोत्तर
हुनेछन्। ९ म तिमीहरूमाथि निगाह
राख्नेछु, र तिमीहरूलाई फल्दो-फुल्दो बनाएर
तिमीहरूको वृद्धि गर्नेछु, र मेरो करार तिमी-
हरूसित स्थिर गर्नेछु। १० तिमीहरूले
सञ्चय गरेर राखेको पुरानै फसलको अन्न खाइ-
रहनेछौ, र पछि पछि ता नयाँ फसलको लागि
पुरानो अन्न चाहिं हटाउनु पनि पर्नेछ।
११ म तिमीहरूलाई घृणा नगरी तिमीहरूकै
बीचमा बास गर्नेछु। १२ म तिमीहरूका
बीचमा हिंड्डुल गर्नेछु, र म तिमीहरूका
परमेश्वर हुनेछु, औ तिमीहरू चाहिं मेरा प्रजा
हुनेछौ। १३ म परमप्रभु, तिमीहरूका परमेश्वर

हुँ। तिमीहरू मिश्रीहरूका कमारा नहोओ
भनेर मैंले तिमीहरूलाई मिश्रबाट निकाली ल्याएँ।
मैंले तिमीहरूका जुवाका काठ भाँचेर तिमी-
हरूलाई शिर ठाड़ो गरी हिँड़ने तुल्याएको छु।
१४-१५ यदि तिमीहरूले मेरा कुरा सुनेनौ,
आज्ञा पालन गरेनौ, मेरा विधिहरूलाई टेरेनौ,
विधानहरूलाई लत्यायौ, औ यदि मेरा सम्पूर्ण
आज्ञा मानेनौ तर मेरो करार भङ्ग गर्‍यौ
भने, १६ म पनि तिमीहरूका बीचमा
आतङ्क फैलाउनेछु, औ शरीर नष्ट हुँदै जाने,
आँखालाई विनाश गर्ने र प्राणलाई शिथिल
गराउँदैलाने भयङ्कर रोगहरू पठाउनेछु।
तिमीहरूले रोपेका बिउहरू खेरो जानेछन्,
किनकि तिमीहरूका शत्रुहरूले फसल खाइ-
दिनेछन्। १७ म तिमीहरूको विरोध गर्नेछु,
र तिमीहरू शत्रुका हातबाट मारिनेछौ।
तिमीहरूसँग वैरभाव राख्नेहरूले तिमीहरूमाथि
प्रभुत्व गर्नेछन्, र कसैले नखेदे पनि तिमीहरू
भाग्नेछौ। १८ तिमीहरूले अझै पनि मलाई
टेरेनौ भने तिमीहरूका पापको सात गुणा बढ़ी
सजाय म तिमीहरूलाई दिनेछु। १९ म तिमी-
हरूका अभिमान र शक्ति चूर गर्नेछु।
तिमीहरूको आकाश ताता फलामजस्तै र
तिमीहरूको जमीन रूखो पीतलझैं म तुल्याउनेछु।
२० तिमीहरूको मेहनत खेरो जानेछ, किनकि
जमीनले उब्जनी दिनेछैन, र रूखहरूले फल
दिनेछैनन्।

२१ तिमीहरू मेरो विरुद्धमा हिँडेर मलाई
टेरेनौ भने तिमीहरूका पापको सात गुणा बढ़ी
रोगहरू म तिमीहरूमाथि ल्याउनेछु। २२ म
तिमीहरूका बीचमा जङ्गली जानवरहरू पठाइ-
दिनेछु जसले तिमीहरूका नानीहरूलाई खाइ-
दिनेछन्, र तिमीहरूका गाई-वस्तुहरूलाई
नाश पार्नेछन्, औ तिमीहरूको संख्या थोरै
भएकोले तिमीहरूका बाटोहरू सूनसान
हुनेछन्।

२३ यी सब भएर पनि तिमीहरू मतर्फ
भएनौ र मेरो विरुद्धमा हिँड्यौ भने,
२४ म पनि तिमीहरूका विरुद्धमा हुनेछु,
र तिमीहरूका पापको लागि म सात गुणा
तिमीहरूलाई प्रहार गर्नेछु। २५ म तिमी-
हरूमाथि युद्धहरू ल्याउनेछु, र मेरो करार
भङ्ग गरेको बदला म चुकाउनेछु। तिमीहरू
आफ्ना आफ्ना शहरमा जम्मा हुनेछौ, र म
त्यहाँ पनि तिमीहरूका बीचमा रूढ़ी पठाउनेछु,
औ तिमीहरू आफ्ना शत्रुहरूका हातमा पर्नेछौ।
२६ म तिमीहरूका अन्न-पानी यति साह्रो
घटाइदिनेछु कि एउटै घरको चुह्लामा दश
घरका आमाहरूले पकाउनुपर्नेछ, औ पकाएर
भाग लगाउँदा यति थोरै हुनेछ कि कसैलाई
पनि पुग्नेछैन।

२७ यी सब भएर पनि तिमीहरूले मलाई
नटेरी मेरो विरुद्धमा हिँड्यौ भने, २८ मेरो
क्रोधमा म तिमीहरूको विरुद्ध जानेछु, र
तिमीहरूका पापको लागि म तिमीहरूलाई सात
गुणा दण्ड दिनेछु। २९ तिमीहरूले आफ्नै
छोरा-छोरीहरूको मासु खानुपर्नेछ। ३० म
तिमीहरूका डाँड़ाका थानहरू नाश पार्नेछु,
तिमीहरूका सूर्यका मूर्तिहरू भत्काइदिनेछु, र
तिमीहरूका लाशहरू त्यही भत्काएका मूर्ति-
हरूमाथि फालिदिनेछु, र म तिमीहरूलाई
तिरस्कार गर्नेछु। ३१ म तिमीहरूका शहरहरू
उजाड़ पार्नेछु, र तिमीहरूका धर्म-स्थलहरू
शुन्य परिदिनेछु, औ म तिमीहरूका धूपको
मीठो बास्ना ग्रहण गर्नेछैनँ। ३२ म देशलाई
सूनसान पार्नेछु। यी सब देखेर त्यहाँ बस्ने
तिमीहरूका शत्रुहरू अवाक् हुनेछन्। ३३ म
चाहिँ तिमीहरूलाई जाति जातिहरूका बीचमा
तितर-बितर पारिदिनेछु, र नाङ्गो तरवार लिएर
तिमीहरूलाई खेद्‌नेछु। तिमीहरूका देश सूनसान
र तिमीहरूका शहरहरू उजाड़ हुनेछन्।

३४ तब सूनसान हुँदा देशले आफ्नो
विश्राम भोग गर्नपाउनेछ, र तिमीहरू चाहिं
आफ्ना शत्रुहरूका देशमा हुनेछौ। त्यसै
समय देशले आफ्नो विश्राम मनाउनेछ।
३५ जति दिन त्यो सूनसान रहन्छ भूमिले
विश्राम पाउनेछ। तिमीहरू त्यहाँ रहँदा
विश्रामका वर्षहरूमा नपाएको विश्राम त्यसले

पाउनेछ। ३६ शत्रुको देशमा हुने बाँकी
मानिसको हृदय म कमजोर पारिदिनेछु, र
पात खसेको आवाज सुन्दा पनि तिनीहरू
शत्रुले खेदेझैं भाग्नेछन् र अकारण लोट्नेछन्।
३७ कसैले नखेद्दा पनि तरवारदेखि भागेझैं
तिनीहरू भाग्नेछन् र एक अर्कोमाथि ठक्कर खाँदै
लोट्नेछन्। तिमीहरूका शत्रुहरूका सामने
सामने खड़ा हुने तिमीहरूको तागत हुनेछैन।
३८ तिमीहरू अन्यजातिहरूका बीचमा नष्ट
हुनेछौ, र तिमीहरूका शत्रुहरूको देशले तिमी-
हरूलाई निल्नेछ। ३९ औ बाँकी रहेका
चाहिँ शत्रुहरूको देशमा आफ्ना अधर्मले
गर्दा तिनीहरूका पुर्खाहरूजस्तै गरी खतम
हुँदैजानेछ।

४० पिता-पुर्खादेखिको आफ्नो अधर्म
र मेरो विरुद्धमा गरेको पाप तिनीहरूले
मानिल्यो भने ठीकै छ। ४१ तिनीहरूको
विरुद्ध गएर मैले पनि तिनीहरूलाई शत्रुको
देशमा ल्याएको थिएँ। अब तिनीहरूको
कठोर हृदय नम्र भयो र यदि आफ्नो
अधर्मको सजाय तिनीहरूले स्वीकार गरे भने
४२ याकूब, इसहाक र अब्राहामसँगको मेरो
करार र देशलाई पनि म सम्झनेछु।
४३ त्यस देशले पनि तिनीहरूबाट छुट्टिएको
भई तिनीहरूविना उजाड़ रहेकाले आफ्ना
विश्रामहरू मनाउनेछ, औ तिनीहरू गएपछि
भूमि उजाड़ बन्नेछ र त्यसले विश्राम
पाउनेछ। तब तिनीहरूले आफ्नो अधर्मको
सजाय स्वीकार गर्नेछन्, जुन सजाय मेरो
विधान लत्याउँदा र मेरा विधिलाई तिरस्कार
गर्दा मैले तिनीहरूलाई दिएको थिएँ। ४४ यी
सब गरे तापनि जब तिनीहरू शत्रुको देशमा
हुन्छन् तब म मेरो तिरस्कार र घृणामा
तिनीहरूलाई सखाप पार्नेछैनँ, र मेरो करार
पनि तोड्नेछैनँ। किनभने म परमप्रभु,
तिनीहरूका परमेश्वर हुँ। ४५ तर म तिनी-
हरूका खातिर तिनीहरूका पुर्खाहरूसँग गरेको
करार सम्झनेछु। मैले तिनीहरूका परमेश्वर
हुनलाई तिनीहरूका पुर्खाहरूलाई अन्य-
जातिहरूकै सामने मिश्रबाट निकालेर ल्याएँ।
म परमप्रभु हुँ।"

४६ सीनै पर्वतमा आफू र इस्राएली-
हरूका बीचमा परमप्रभुले मोशाद्वारा ठहराउनु-
भएका विधि-विधान र व्यवस्थाहरू यिनै
हुन्।

भाकल र दशांशका व्यवस्था

२७ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई भन्, 'कुनै
मानिसले भाकल गर्दा मान्छेको भाकल
परमप्रभुलाई चढ़ायो भने, तेरो अड्कलअनुसार
३ बीसदेखि साठी वर्षसम्मको पुरुषलाई
पवित्रस्थानको शेकेलबमोजिम चाँदीको पचास
शेकेल तोकिदिनू। ४ औ स्त्रीलाई चाहिँ
तीस शेकेल तोकिदिनू। ५ पाँचदेखि बीस
वर्षसम्मको पुरुषलाई बीस र स्त्रीलाई दश
शेकेल तोकिदिनू। ६ महीना दिनदेखि पाँच
वर्षसम्मको केटालाई पाँच र केटीलाई तीन
शेकेल तोकिदिनू। ७ साठी वर्षभन्दा माथिको
पुरुषलाई पन्ध्र र स्त्रीलाई दश शेकेल
तोकिदिनू। ८ तैंले तोकेको मोल तिर्न
नसक्ने कोही गरीब छ भने त्यसलाई पूजा-
हारीकहाँ ल्याउनू, र पूजाहारीलेनै त्यसको
मोल ठहराओस्। भाकल गर्ने मानिसको
औकातअनुसार पूजाहारीले त्यसको मोल
ठहराओस्।

९ यदि परमप्रभुको निम्ति चढ़ाउने बलि
पशु छ भने बलिको पशु पवित्र हुनैपर्छ।
१० त्यसले असलको निम्ति कमसल पशु
वा कमसलको निम्ति असल साट्नुहुँदैन।
त्यसले पशुको सट्टा पशुनै साट्छ भने साटेका
दुवै पशु पवित्र हुनुपर्छ। ११ तर त्यो
बलि नचढ़ाउने अशुद्ध पशु हो भने त्यसले
त्यस पशुलाई पूजाहारीको सामने ल्याओस्।
१२ असल कमसल भए पनि भए पनि
पूजाहारीले त्यसको मोल तोकोस्। अनि
पूजाहारीले जे दाम तोक्छ त्यहीबमोजिम

हुनेछ। १३ तर त्यस मानिसले मोल
तिरेर छुटाउने हो भने तैंले तोकेको मोलमा
अझै पाँचौं भाग थपेर देओस्।
१४ कसैले परमप्रभुलाई आफ्नो घर
समर्पण गर्छ भने पूजाहारीले त्यो घर राम्रो
कि नराम्रो छ सो हेरेर त्यसको मोल
तोकिदेओस्। पूजाहारीले जति तोक्छ त्यसको
मोल त्यतिनै होस्। १५ तर अर्पण गर्नेले
मोल तिरेर त्यो छुटाउने इच्छा गर्छ भने
तैंले तोकेको मोलमा अझै पाँचौ भाग थपेर
त्यसले देओस्, र त्यो घर त्यही मानिसको
हुनेछ।
१६ कसैले आफ्नो खेतको कुनै भाग
परमप्रभुको निम्ति अर्पण गर्छ भने त्यसमा
जाने बिउको अड्कल गरेर तैंले मोल तोक्नू।
होमेरको पचास शेकेल चाँदीको दरले खेतमा
कति होमेर जौको बिउ जान्छ त्यसले मोल
तोकोस्। १७ उत्सवको वर्षदेखि उसले
आफ्नो खेत अर्पण गर्नें हो भने त्यसको
दाम तैंले तोकेबमोजिम होस्। १८ तर
त्यसले आफ्नो जमीन उत्सवपछि अर्पण गर्नें
हो भने उत्सवको वर्षलाई कति बाँकी छ
पूजाहारीले हिसाब गरोस्, र तोकेको मोल-
त्यसबाट घटाएर त्यसले देओस्। १९ त्यो
खेत अर्पण गर्नेलेनै मोल तिरेर लिने हो
भने, तैंले तोकेको मोलमा अझै पाँचौ भाग
थपेर त्यसले देओस्, र त्यो त्यसकै हुनेछ।
२० तर त्यसले त्यो जमीन मोल तिरेर
छुटाउँदैन भने वा त्यसले अर्को मानिसलाई
त्यो खेत बेचेको छ भने, दाम तिरेर त्यो
फेरि छुटाउनुहुँदैन। २१ तर त्यो खेत
उत्सवको वर्षमा छुट्दा अर्पण गरेको वस्तुझैं
खेत परमप्रभुको निम्ति पवित्र हुनेछ, र
त्यसको अधिकार पूजाहारीको हुनेछ।
२२ यदि त्यसले हकले पाएको होइन तर
किनेको खेत परमप्रभुलाई अर्पण गर्छ भने
२३ पूजाहारीले उत्सवको वर्षको हिसाब
गरेर त्यसको जति मोल तोक्छ त्यसले परम-
प्रभुको निम्ति पवित्र ठानेर त्यसै दिन
देओस्। २४ उत्सवको वर्षमा त्यो खेत
जसबाट किनेको हो, अर्थात् जसको अधिकार-
मा त्यो खेत थियो, त्यसलाईनै फिर्ता
गरिदेओस्। २५ औ तोकिने मोल सबै
पवित्रस्थानको शेकेलअनुसार होस्—बीस गेराको
एक शेकेल हो।
२६ पशुहरूले ब्याएको पहिलो बच्चा,
गोरुको होस वा भेड़ाको होस, ती परम-
प्रभुकै हुन्—त्यसलाई चाहिं अर्पण नगर्नू।
२७ यदि त्यो अशुद्ध पशुको हो भने तैंले
तोकेको मोलमा अझै पाँचौं भाग थपेर
त्यसलाई छुटाओस्, तर मोल तिरेर छुटाउने
होइन भने तैंले तोकेको मोलमा त्यो
बेचिओस्।
२८ तर कसैले परमप्रभुको निम्ति अर्पण
गरेको मानिस, पशु र आफ्नो जग्गा-जमीन
बिक्रिगर्नुंसक्तैन र छुटाउन पनि सक्तैन।
अर्पण गरिएको हरेक कुरो परमप्रभुमा अति
पवित्र हो। २९ मानिसहरूमध्ये जो अर्पण
गरिएको छ त्यसलाई मोल तिरेर नछुटाओस्।
त्यसलाई मार्नैपर्छ।
३० रूखको फल वा बिउको होस्, भूमिको
उब्जनीको दशांश परमप्रभुकै हो, र ती
परमप्रभुको निम्ति पवित्र हुन्। ३१ तर
आफ्नो दश अंशको एक अंश मोल तिरेर
छुटाउँछ भने त्यसको पाँच भागको एक भाग
थपेर त्यसले देओस्। ३२ गन्ती गर्ने
लौरोको मनि छिरेर जाने पशुमा गाई-वस्तु
वा भेड़ा-बाख्रा जे होस्, दशांश चाहिं परम-
प्रभुको हो। ३३ असल वा कमसल पशु त्यसले
नछुटाओस् र नसाटोस्। साट्नेनै हो भने
साटेको दुवै पशु पवित्र हुनुपर्छ। मोल तिरेर
त्यसको छुटकारा हुनेछैन'।"
३४ परमप्रभुले इस्राएलीहरूलाई सीनै पर्वत-
मा मोशालाई दिनुभएका व्यवस्था यिनै हुन्।

गन्तीको पुस्तक

कुल कुलका गन्ती

१ इस्राएलीहरू मिश्रबाट आएको दोस्रो
वर्षको दोस्रो महीनाको पहिलो
दिनमा सीनैको वनमा भेट हुने पालमा
परमप्रभुले मोशालाई भन्नुभयो, २ "समस्त
इस्राएली समुदायमा पुरुषहरूको गणना
तिनीहरूका बाबुको परिवार र हरेकको
नाउँअनुसार गर्। ३ इस्राएलमा बीस वर्ष र
उँभोका लड़ाइँमा जानसक्ने सबैलाई हारून र
तैंले दल्दल गरी गन्ती गर्। ४ तिमीहरूले
सबै कुलहरूबाट एक एक व्यक्ति छुटाउनू जो
आफ्नो आफ्नो पैतृक-कुलको कुलनायक हो।
५ तिमीहरूलाई सहयोग दिनेहरूका नाउँ हुनू—
रूबेनको कुलबाट शदेऊरको छोरो
एलीसूर।
६ शिमोनको कुलबाट सूरीशद्दैको
छोरो शलूमीएल।
७ यहूदाको कुलबाट अम्मीनादाबको
छोरो नहशोन।
८ इस्साकारको कुलबाट सूआरको छोरो
नतनेल।
९ जबूलूनको कुलबाट हेलोनको छोरो
एलीआब।
१० यूसुफको वंशको एप्रैमको कुलबाट
अम्मीहूदको छोरो एलीशामा र मनश्शेको कुल-
बाट पदासूरको छोरो गमलिएल।
११ बिन्यामीनको कुलबाट गिदोनीको
छोरो अबीदान।
१२ दानको कुलबाट अम्मीशद्दैको छोरो
अहीएजेर।
१३ आशेरको कुलबाट ओक्रानको छोरो
पगीएल।
१४ गादको कुलबाट रूएल्को छोरो
एल्यासाप।
१५ नप्तालीको कुलबाट एनानको छोरो
अहीरा।
१६ समुदायबाट छानिएका आफ्ना आफ्ना
पैतृक कुलका नायक, इस्राएलीहरूका हजारौंमाथि
हुने कुलनायकहरू यिनै हुन्।"
१७ माथि नाउँ तोकिएका यी मानिस-
हरूलाई मोशा र हारूनले लिए,
१८ अनि दोस्रो महीनाको पहिलो दिनमा
जम्मै समुदायलाई एक साथ भेला गरे।
अनि बाबुका पुस्ता र सन्तानपट्टिबाट बीस
वर्ष र उँभोका हरेकको नाउँ दर्ता गरे।
१९ परमप्रभुले आज्ञा गर्नुभएबमोजिम मोशाले
सीनैको वनमा तिनीहरूको गणना गरे।
२० इस्राएलको जेठो छोरो रूबेनको
कुलमा बाबुपट्टिका पुस्ता र सन्तानमा बीस
वर्ष र उँभोका लड़ाइँमा जानसक्ने पुरुष-
को संख्या, २१ छ्यालीस हजार पाँच
सय थियो—यो रूबेनको कुलको संख्या हो।
२२ शिमोनको कुलमा बाबुपट्टिका पुस्ता
र सन्तानमा बीस वर्ष र उँभोका लड़ाइँमा
जानसक्ने पुरुषको संख्या, २३ उनन्साठी
हजार तीन सय थियो—यो शिमोनको
कुलको संख्या हो।
२४ गादको कुलमा बाबुपट्टिका पुस्ता र
सन्तानमा बीस वर्ष र उँभोका लड़ाइँमा जान-
सक्ने पुरुषको संख्या, २५ पैंतालीस हजार
छ सय पचास थियो—यो गादको संख्या हो।
२६ यहूदाको कुलमा बाबुपट्टिका पुस्ता
र सन्तानमा बीस वर्ष र उँभोका लड़ाइँमा

जानसक्ने पुरुषको संख्या, २७ चौहत्तर
हजार छ सय थियो—यो यहूदाको कुलको
संख्या हो।
२८ इस्साकारको कुलमा बाबुपट्टिका पुस्ता
र सन्तानमा बीस वर्ष र उँभोका लड़ाइँमा
जानसक्ने पुरुषको संख्या, २९ चौउन्न
हजार चार सय थियो—यो इस्साकारको
कुलको संख्या हो।
३० जबूलूनको कुलमा बाबुपट्टिका पुस्ता
र सन्तानमा बीस वर्ष र उँभोका लड़ाइँमा
जानसक्ने पुरुषको संख्या, ३१ सन्ताउन्न
हजार चार सय थियो—यो जबूलूनको कुलको
संख्या हो।
३२ यूसुफको वंश, एप्रैमको कुलमा
बाबुपट्टिका पुस्ता र सन्तानमा बीस वर्ष
र उँभोका लड़ाइँमा जानसक्ने पुरुषको संख्या,
३३ चालीस हजार पाँच सय थियो—यो
एप्रैमको संख्या हो।
३४ मनश्शेको कुलमा बाबुपट्टिका पुस्ता
र सन्तानमा बीस वर्ष र उँभोका लड़ाइँमा
जानसक्ने पुरुषको संख्या, ३५ बत्तीस
हजार दुइ सय थियो—यो मनश्शेको कुल-
को संख्या हो।
३६ बिन्यामीनको कुलमा बाबुपट्टिका
पुस्ता र सन्तानमा बीस वर्ष र उँभोका
लड़ाइँमा जानसक्ने पुरुषको संख्या,
३७ पैंतीस हजार चार सय थियो—यो
बिन्यामीनको कुलको संख्या हो।
३८ दानको कुलमा बाबुपट्टिका पुस्ता
र सन्तानमा बीस वर्ष र उँभोका लड़ाइँमा
जानसक्ने पुरुषको संख्या, ३९ बासट्ठी
हजार सात सय थियो—यो दानको कुलको
संख्या हो।
४० आशेरको कुलमा बाबुपट्टिका पुस्ता
र सन्तानमा बीस वर्ष र उँभोका लड़ाइँमा
जानसक्ने पुरुषको संख्या, ४१ एक चालीस
हजार पाँच सय थियो—यो आशेरको कुलको
संख्या हो।
४२ नप्तालीको कुलमा बाबुपट्टिका पुस्ता
र सन्तानमा बीस वर्ष र उँभोका
लड़ाइँमा जानसक्ने पुरुषको संख्या,
४३ त्रिपन्न हजार चार सय थियो—यो
नप्तालीको कुलको संख्या हो।
४४ इस्राएलका बाह्र कुलनायकहरूसँग
मोशा र हारूनले गनेका समस्त मानिसका
आफ्नो आफ्नो पुर्ख्यौली कुलको जनसंख्या
यही हो। ४५ बाबुपट्टिका पुस्ता र सन्तान-
मा बीस वर्ष र उँभोका लड़ाइँमा जानसक्ने
पुरुषको संख्या ४६ जम्मा छ लाख तीन
हजार पाँच सय पचास थियो।
४७ लेवीहरू चाहिं आफ्नो पुर्ख्यौली
कुलअनुसार अरूहरूसित गनिएनन्। ४८ किनभने
परमप्रभुले मोशालाई भन्नुभएको थियो,
४९ "लेवीको कुल चाहिं तैंले नगन्नू, र इस्रा-
एलीहरू सँगसँगै तिनीहरूको जनसंख्या नलिनू।
५० तर तैंले लेवीहरूलाई साक्षी-पाटीको
बासस्थान, त्यसका सबै सर-सामानमाथि नियुक्त
गर्नू। बासस्थान त्यसका सबै सर-सामानसमेत
तिनीहरूलेनै बोकून्। तिनीहरूले त्यसको
देखरेख गरून्। तिनीहरूले आफ्नो पाल
बासस्थानकै वरिपरि लगाऊन्। ५१ बासस्थान
अगि लाँदा लेवीहरूले त्यो उखेल्लून्, र
बासस्थान खड़ा गर्ने बेलामा लेवीहरूलेनै त्यो
खड़ा गरून्। बासस्थानको नजीक आउने
अन्य मानिस मारिओस्। ५२ इस्राएलीहरूले
आफ्नो आफ्नो कुलको समूहभित्र र आफ्नै
झण्डाको छेउछाउमा आफ्नो शिविर लगाऊन्।
५३ तर लेवीहरूले चाहिं साक्षी-पाटीको बास-
स्थानको वरिपरि आफ्नो शिविर लगाऊन्। यसो
गरेनौ भने इस्राएलीहरूको समुदायमाथि मेरो
क्रोध खनिएला। लेवीहरूलेनै साक्षी-पाटीको
बासस्थानको सेवा-टहलको जिम्मा लेऊन्।"
५४ तब इस्राएलीहरूले त्यसै गरे।
परमप्रभुले मोशालाई दिनुभएका सबै आज्ञा-
बमोजिम तिनीहरूले गरे।

२ अनि परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, २ "इस्राएलीहरू प्रत्येकले

तिनीहरूका पुर्खाका घरानाका ध्वजाको
साथमा आफ्ना आफ्ना झण्डाको छेउछाउमा
पाल टाँगोस्। तिनीहरूले भेट हुने पालको
सामने रिङ्गै आफ्ना आफ्ना पाल टाँगून्।
३ पूर्वतिर घाम झुल्कनेपट्टि पाल टाँग्ने,
यहूदाको छाउनीको झण्डाका मानिसहरू
तिनका फौजअनुसार होऊन्। यहूदाका
अम्मीनादाबको छोरो नहशोन होस्।
४ त्यसको फौज, गन्तीअनुसार चौहत्तर हजार
छ सय हुन्। ५ त्यसको नजीकै पाल
टाँग्ने इस्साकारको कुल होस्। इस्साकार-
कुलको कुलनायक सूआरको छोरो नतनेल
होस्। ६ त्यसको फौज, गन्तीअनुसार
चौउन्न हजार चार सय हुन्। ७ त्यसपछि
जबूलूनको कुल—जबूलून कुलको कुलनायक
हेलोनको छोरा एलीआब होस्। ८ त्यसको
फौज, गन्तीअनुसार सन्ताउन्न हजार चार
सय हुन्। ९ यहूदाको छाउनीमा गनिएका-
हरूको जम्मै संख्या आफ्ना आफ्ना फौज-
अनुसार जम्मा एक लाख छयासी हजार
चार सय हुन्। यिनीहरूनै अगि अगि
हिंडेर जानेछन्।
१० दक्षिणतिर रूबेनको छाउनीको झण्डा
तिनीहरूका फौजअनुसार होस्।
११ रूबेन-कुलको कुलनायक शदेऊरको
छोरो एलीसूर होस्। त्यसको फौज गन्ती-
अनुसार छयालीस हजार पाँच सय हुन्।
१२ त्यसको नजीकै शिमोनको कुलले पाल
ठड्याओस्। शिमोनको कुलको कुलनायक
सूरीशद्दैको छोरो शलूमीएल होस्।
१३ त्यसको फौज, गन्तीअनुसार उनन्साठी
हजार तीन सय हुन्। १४ अनि गादको
कुल—गाद-कुलको कुलनायक रूएलको छोरो
एल्यासाप होस्। १५ त्यसको फौज, गन्ती-
अनुसार पैँतालीस हजार छ सय पचास
हुन्। १६ रूबेनको छाउनीमा गनिएकाहरूको
संख्या सबै आफ्ना आफ्ना फौजअनुसार जम्मा
एक लाख एकाउन्न हजार चार सय पचास
हुन्। यिनीहरू दोस्रो लस्करमा हिंड्ने गरून्।

१७ तब छाउनीहरूका बीचमा लेवीहरूको
छाउनीको साथसाथ भेट हुने पाल हिंडोस्।
जसरी तिनीहरूले पाल टाँग्छन्, त्यसरीनै
आफ्ना आफ्ना झण्डाहरूअनुसार हरेक मानिस
आफ्नो आफ्नो ठाउँमा हिंडोस्।
१८ पश्चिमतिर एप्रैमको छाउनीको झण्डा
तिनीहरूका फौजअनुसार होस्। १९ एप्रैमको
कुलको कुलनायक अम्मीहूदको छोरो एलीशामा
होस्। त्यसको फौज, गन्तीअनुसार चालीस
हजार पाँच सय हुन्। २० त्यसको नजीक
मनश्शेको कुल होस्। मनश्शेको कुलको
कुलनायक पदासूरको छोरो गमलीएल होस्।
२१ त्यसको फौज, गन्तीअनुसार बत्तीस
हजार दुइ सय हुन्।
२२ बिन्यामीनको कुल—बिन्यामीन-कुलको
कुलनायक गिदोनीको छोरो अबीदान होस्।
२३ त्यसको फौज, तिनीहरूको गन्तीअनुसार
पैँतीस हजार चार सय हुन्। २४ एप्रैमको
छाउनीमा गनिएकाहरूको संख्या सब आफ्ना
आफ्ना फौजअनुसार जम्मा एक लाख आठ
हजार एक सय हुन्। यिनीहरू तेस्रो
लस्करमा हिंड्ने गरून्।
२५ उत्तरतिर दानको छाउनीको झण्डा
तिनीहरूका फौजअनुसार होस्। दानको
कुलको कुलनायक अम्मीशद्दैको छोरो अहीएजेर
होस्। २६ त्यसको फौज, गन्तीअनुसार
बासठ्ठी हजार सात सय हुन्। २७ त्यसको
नजीकै आशेरको कुलले पाल ठड्याओस्।
आशेरको कुलको कुलनायक ओक्रानको छोरो
पगीएल होस्। २८ त्यसको फौज, गन्ती-
अनुसार एक चालीस हजार पाँच सय हुन्।
२९ त्यसपछि नप्तालीको कुल—नप्ताली-कुलको
कुलनायक एनानको छोरो अहीरा होस्।
३० त्यसको फौज, गन्तीअनुसार त्रिपन्न
हजार चार सय हुन्। ३१ दानको छाउनीमा
गनिएकाहरूको संख्या सबै जम्मा एक लाख
सन्ताउन्न हजार छ सय हुन्। यिनीहरूचाहिं
आफ्ना आफ्ना झण्डाअनुसार सबैभन्दा
पछाडि हिंड्ने गरून्।”

३२ इस्राएलीहरूका आफ्ना आफ्ना
पुर्खाहरूका घराना घरानाअनुसार गनिएका
यिनै हुन्। आफ्ना आफ्ना फौजअनुसार
छाउनी छाउनीमा गनिएकाहरू जम्मा छ लाख
तीन हजार पाँच सय पचास थिए। ३३ तर
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएमुताबिक-
नै इस्राएलीहरूका साथमा लेवीहरू गनिएका
थिएनन्। ३४ परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएबमोजिम तिनीहरूले आफ्ना आफ्ना
झण्डाको नजीक पाल टाँग्ने गरे। त्यसैगरी
आफ्ना आफ्ना पुर्खाहरूका घराना घराना र
आफ्ना आफ्ना परिवारअनुसार तिनीहरू हिँड्ने
गरे।

लेवीहरू—तिनीहरूका काम र गन्ती

३ परमप्रभुले मोशासँग सीनै पर्वतमा
कुरा गर्नुभएको समयमा हारून र
मोशाका वंशावली यिनै थिए। २ हारूनका
छोराहरूका नाउँ यिनै हुन्—जेठो नादाब र
अबीहू, एलाजार र ईतामार। ३ हारूनका
अभिषेक गरिएका पूजाहारी छोराहरू, जो
पूजाहारी भएर सेवा गर्नलाई नियुक्त भएका
थिए, तिनीहरूका नाउँ यिनै हुन्। ४ तर
नादाब र अबीहू सीनैको उजाड़-स्थानमा परमप्रभुका
सामने अपवित्र आगो चढ़ाउँदा उहाँकै सामने
मरे, औ तिनीहरूका सन्तान थिएन। त्यसैले
एलाजार र ईतामार आफ्ना बाबु हारूनको
जीवनकालमानै पूजाहारीको सेवा गर्थे।
५ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
६ "लेवीको कुललाई यहाँ नजीकै ले। औ
तिनीहरूलाई हारूनको सामने खड़ा गर्, र
तिनीहरूले त्यसको सेवा-टहल गरून्।
७ बासस्थानको सेवा गर्दा तिनीहरूले हारून
र सारा समुदायको काम-काज गर्नेछन्।
८ बासस्थानको सेवा गर्दा भेट हुने
पालको सबै सामानको जिम्मा तिनीहरूले
लिनेछन्, र मानिसहरूको काम-कर्त्तव्यको
हेरचाह पनि गर्नेछन्।
९ सबै इस्राएलबाट विशेष रूपले
छुट्याइएको हुनाले लेवीहरू हारून र
त्यसको छोराहरूलाई दिइहाल्नू।
१० तैंले हारून र त्यसका छोराहरूलाई
पूजाहारी पदमा सेवा गर्न नियुक्त गर्। तिनी-
हरूबाहेक अन्य कोही पनि नजीक आए त्यो
मानिस मारिओस्।"
११ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
१२ "हेर्, इस्राएलीहरूमा पहिले जन्मेर गर्भ
खोल्नेहरू सबैका सट्टामा मैंले लेवीहरूलाई
इस्राएलीहरूका बीचबाट लिएको छु। यसैले
लेवीहरू मेरै हुन्, १३ सबै पहिले जन्मने
मेरा हुन्। मिश्रका पहिले जन्मने सबैलाई
मारेको दिन मैंले इस्राएलका मान्छे र पशु
दुवैका पहिले जन्मनेहरूलाई पवित्र गरेको
थिएँ। तिनीहरू मेरा हुन्। म परमप्रभु हुँ।"
१४ फेरि सीनैको वनमा परमप्रभुले
मोशालाई भन्नुभयो, १५ "लेवीका सन्तान-
लाई तिनका पुर्खाहरूका घराना घराना र
परिवार परिवार गरी गन्ती गर्। एक महीना
र त्यसदेखि बढ़ी उमेरका हरेक पुरुष तैंले
गन्नू।"
१६ अनि आफूले आज्ञा पाएझैं परम-
प्रभुको वचनअनुसार मोशाले तिनीहरूको गन्ती
गरे। १७ लेवीका छोराहरूका नाउँ यिनै
हुन्—गेर्शोन, कहात र मरारी। १८ गेर्शोनका
छोराहरूका नाउँ आफ्ना आफ्ना परिवार-
अनुसार यिनै हुन्—लिब्नी र शिमी।
१९ कहातका छोराहरू आफ्ना आफ्ना
परिवारअनुसार यिनै हुन्—अम्राम, यिसहार,
हेब्रोन र उज्जीएल। २० मरारीका छोराहरू
आफ्ना आफ्ना परिवारअनुसार—महली र
मूशी। लेवीका परिवारहरू आफ्ना आफ्ना
पुर्खाका घराना घरानाअनुसार यिनै हुन्।
२१ गेर्शोनबाट लिब्नीहरू र तिनीहरूका
खलक भए। गेर्शोनीहरूका खलकहरू यिनै
हुन्। २२ एक महीना र उँभोका पुरुषहरूको
गन्तीअनुसार ती सात हजार पाँच सय थिए।
२३ गेर्शोनीहरूका परिवारले आफ्ना बास-

स्थानका पछि पश्चिमपट्टि पाल टाँग्नु पर्थ्यो।
२४ गेर्शोनीहरूका पुर्खाका घरानाका प्रधान
लाएलको छोरो एल्यासाप थिए। २५ भेट
हुने पालमा गेर्शोनीहरूलाई बासस्थान, पाल,
त्यसको छत, भेट हुने पालको पर्दा,
२६ चोकको पर्दा, चोकको ढोकाको पर्दा,
जो बासस्थान र वेदीको वरिपरि हुन्छ, र
सबै सेवाको निम्ति चाहिने डोरीहरूको जिम्मा
थियो।
२७ कहातबाट अम्रामी, यिसहारी, हेब्रोनी
र उज्जीएलीहरूका खलकहरू भए। कहाती-
हरूका खलकहरू यिनै हुन्। २८ एक
महीना र उँभोका पुरुषहरूको गन्तीअनुसार
बासस्थानको सेवाको काम गर्नेहरू आठ हजार
छ सय जना थिए। २९ कहातका
परिवारले बासस्थानको छेउमा दक्षिणपट्टि पाल
टाँग्नुपर्थ्यो।
३० कहातका बाबुका परिवारका कुल-
नायक उज्जीएलको छोरा एलीसापान हुनेछ।
३१ तिनीहरूको जिम्मामा सन्दूक, टेबल,
पानस, वेदी र तिनीहरूले पवित्रस्थानका सेवा
गर्दा चाहिने पवित्रस्थानका सामानहरू, पर्दा
औ त्यहाँ चाहिने सबै सर-सामानहरू हुनेछन्।
३२ हारूनका छोरा एलाजार चाहिं लेवी-
कुलका नायकहरूका प्रधान हुनेछ। पवित्र-
स्थान देखरेख गर्ने सबै जना त्यसकै जिम्मामा
रहनेछ।
३३ मरारीबाट महली र मूशीहरूका
परिवार भएका थिए। ३४ तिनीहरूमा
एक महीना र त्यसभन्दा उँभोका पुरुष-
हरूको गन्ती छ हजार दुइ सय थियो।
३५ मरारीका बाबुका परिवारका कुलनायक
अबीहेलको छोरो सूरीएल थिए। यिनीहरूले
आफ्नो छाउनी बासस्थानको उत्तरपट्टि बनाउनेछन्।
३६ मरारीका छोराहरूको जिम्मामा रहेको
काम चाहिं बासस्थानको फल्याकहरू, बारहरू,
चूलघरहरू र त्यसमा काम आउने सबै
सर-सामान, ३७ चोकका चारैतिरका खामाहरू
तिनका चूलघरहरू, कीलाहरू र डोरीहरू थिए।
३८ बासस्थानको पूर्वतिर, भेट हुने
पालको पूर्वपट्टि मोशा, हारून र तिनका
छोराहरूले इस्राएलीहरूका निम्ति रहेका
बासस्थानको सामने आफ्ना पाल टाँगून्।
त्यसको नजीक आउने अन्य मानिसलाई मार्नू।
३९ मोशा र हारूनले परमप्रभुको आज्ञा-
बमोजिम गनेका लेवीहरूको परिवारहरूको संख्या
एक महीना र उँभोका उमेरका बाईस हजार
थिए।
४० तब परमप्रभुले मोशालाई भन्नुभयो,
"एक महीना र उँभोका इस्राएलीहरूका
सबै जेठा जेठा छोराहरूको नाउँसमेत गन्ती
गर्। ४१ औ इस्राएलीहरूको जेठाहरूको
सट्टामा तैंले लेवीहरूलाई ले। यसरीनै
इस्राएलीहरूका गाई-वस्तुका पहिले जन्मेका
सट्टामा लेवीहरूका गाई-वस्तु ले। म परमप्रभु
हुँ। ४२ औ परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएबमोजिम तिनले इस्राएलीहरूका जेठा
जेठाहरूको गन्ती लिए। ४३ औ एक
महीना र बढ़ी उमेरका जेठा जेठाको नाउँ-
अनुसारको संख्या बाईस हजार दुइ सय
त्रिहत्तर थियो।
४४ त्यसपछि परमप्रभुले मोशालाई
भन्नुभयो, ४५ "इस्राएलीहरूका जेठा छोराहरू र
तिनीहरूका गाई-वस्तुहरूका सट्टा लेवीहरूलाई
ले। लेवीहरूचाहिं मेरा हुनेछन्। म
परमप्रभु हुँ। ४६ औ लेवीहरूका गन्तीबाट
बेसी भएका इस्राएलीहरूका दुइ सय त्रिहत्तर जना
जेठा छोराहरूको उद्धारको निम्ति, ४७ गणना
अनुसार पवित्रस्थानको शेकेलबमोजिम तैंले
प्रत्येकको निम्ति पाँच शेकेल ले (एक शेकेल
बराबर बीस गेरा हुन्छ)। ४८ औ उद्धार
गरेको बेजोड़ी संख्याको दामचाहिं तैंले
हारून र त्यसका छोराहरूलाई दिनू।"
४९ लेवीहरूद्वारा उद्धार गरिएकाहरूका
उब्रेका उद्धारको पैसा मोशाले तिनीहरूबाट
लिए, ५० अर्थात् इस्राएलीहरूका जेठा
जेठाहरूका पैसा—जो पवित्रस्थानको शेकेल-
बमोजिम एक हजार तीन सय पैंसठ्ठी शेकेल

थियो। ५१ त्यसपछि परमप्रभुले मोशालाई
आज्ञा गर्नुभएझैँ त्यो उद्धारको पैसा तिनले
हारून र तिनका छोराहरूलाई दिए।

यात्रामा लेवीहरूका कर्त्तव्य-कर्म

४ परमप्रभुले मोशा र हारूनलाई भन्नु-
भयो, २ "लेवीका छोराहरूमध्ये-
बाट कहातका छोराहरूलाई तिनीहरूका बाबुका
सन्तान पट्टिबाट गन्ती गर।
३ ती भेट हुने पालमा सेवा गर्नु
आउने र तीसदेखि पचास वर्षसम्मको
उमेरका होऊन्। ४ भेट हुने पालमा
महा-पवित्र कुराहरूका विषयमा कहातका
छोराहरूले गर्नुपर्ने सेवा यही हो—५ छाउनी
प्रस्थान गर्दा हारून र त्यसका छोराहरू भित्र
गएर छेक्ने पर्दा उतारी साक्षी-पाटीको सन्दूक
त्यसैले ढाकिदिऊन्। ६ तिनीहरूले त्यसमाथि
सीलको छालाको ढाक्ने हालिदिऊन्, औ
त्यसमाथि पूरै नीलो रङ्गको कपड़ाले ढाकि-
दिऊन्। ७ भेटीको रोटीको टेबलमाथि
एउटा नीलो कपड़ा ओछ्याई त्यसमाथि
थालहरू, धूपौराहरू, पानीका बाटाहरू र
खन्याउनलाई कचौराहरू, राखून्, र नित्यको
भेटीको रोटी त्यसमाथि रहोस्। ८ तिनी-
हरूले तीमाथि सिन्दूरे रङ्गको कपड़ा ओछ्याई
त्यसमाथि सीलको छालाको ढाक्ने हालिदिऊन्,
र टेबलका डण्डीहरू लगाइदिऊन्। ९ तिनी-
हरूले नीलो कपड़ा लिएर बत्तीका पानसहरू,
त्यसका बत्तीहरू र त्यसका चिम्टाहरू, मोसो-
दानी, त्यसका सबै तेलका भाँड़ाहरू
ढाकिदिऊन्।

१० तिनीहरूले पानसलाई सबै सार्दाम-
हरूसमेत सीलको छालाको ढाक्नेभित्र राखि-
दिऊन्, र त्यसलाई डाँडीमाथि राखिदिऊन्।
११ सुनको वेदीमाथि नीलो कपड़ा ओछ्याएर
सीलको छालाको ढाक्नेले छोपिदिऊन्, र
त्यसका डण्डीहरू हालिदिऊन्। १२ पवित्र-
स्थानमा तिनीहरूले सेवा गर्ने सबै सेवाका
सार्दामहरू लिएर तिनलाई नीलो कपड़ामा
राखी सीलको छालाको ढाक्नेले छोपीकन
तिनलाई डाँड़ीहरूमाथि राखिदिऊन्। १३ त्यस-
पछि तिनीहरूले वेदीबाट खरानी झिकेर
त्यसमाथि बैजनी रङ्गको कपड़ा ओछ्याऊन्।
१४ त्यसमाथि तिनीहरूले सेवा गर्ने सबै
भाँड़ाहरू, अर्थात् आगो झिक्ने पन्यूँहरू,
झीरहरू, बेल्चाहरू, पानीका बाटाहरू र
वेदीका सबै भाँड़ा-कुँड़ाहरू राखिदिऊन्, र
त्यसमाथि तिनीहरूले सीलको छालाको ढाक्ने
ओछ्याएर त्यसका डण्डीहरू हालिदिऊन्।
१५ छाउनी प्रस्थान हुने बेलामा हारून र
त्यसका छोराहरूले पवित्रस्थान र त्यसका सबै
सार्दामहरू ढाकिएपछि कहातका छोराहरू
ती बोक्न आऊन्। तर तिनीहरूले पवित्र
कुराहरू नछोऊन्, नत्रता मर्नेछन्। भेट
हुने पालमा कहातका छोराहरूले उठाउने
अभिभारा यिनै हुन्।

१६ हारून पूजाहारीको छोरो एलाजार
पूजाहारीको जिम्मामा सुम्पिएका कुराहरू
यिनै हुन्, अर्थात् बत्तीको लागि तेल, मीठो
बास्ना आउने धूप, नित्यको अन्न-बलि,
अभिषेक गर्ने तेल, सिङ्गै बासस्थान र
त्यसमा भएका सबै कुरा, अर्थात् पवित्रस्थान
र त्यसका सार्दामहरू।"

१७ परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, १८ "लेवीहरूबाट कहातीहरूको
परिवारको कुल नष्ट नहोस्, १९ तर तिनी-
हरू महा-पवित्र कुराहरूको नजीक आउँदा
नमरोस् भनी हारून र त्यसका छोराहरू भित्र
गएर तिनीहरू हरेकलाई आफ्नो आफ्नो
काम र भारहरू खटाइदिऊन्, २० तर
तिनीहरू पवित्र कुराहरू हेर्न एक छिनको
निम्ति पनि भित्र नजाऊन्, नत्रता तिनीहरू
मर्लान्।"

२१ परमप्रभुले मोशालाई भन्नुभयो,
२२ "गेर्शोनका छोराहरूको पनि तिनीहरूका
पुर्खाका घराना घराना र तिनीहरूका परिवार
परिवार अनुसार गन्ती गर्। २३ भेट हुने

पालमा काम गर्नलाई जो सेवामा भर्ती
हुन्छ, तीस वर्षको उमेरदेखि पचास
वर्षको उमेरसम्म सबैको तँले गन्ती गर्।
२४ भारी बोक्न र सेवा गर्नलाई गेर्शोनी-
हरूका परिवारको काम यही हो—२५ बास-
स्थानका पर्दाहरू, भेट हुने पाल, त्यसको
छत, र त्यसमाथि रहने सीलको छालाको
ढकनी, र भेट हुने पालको ढोकाको पर्दा
तिनीहरूले बोकून्। २६ बासस्थान र वेदीको
रिङ्गै भएको चोकको ढोकाका पर्दाहरू,
तिनका डोरीहरू, तिनीहरूका कामका सबै
साज-बाजहरू औ यी सबै कुराबाट जे जे
काम हुन्छन्, ती पनि तिनीहरूलेनै गरून्।
२७ तिनीहरूका सबै भारी उठाउने काम
र सेवाहरूमा हारून र त्यसका छोराहरूले
आज्ञा गरेबमोजिम गेर्शोनका छोराहरूले
आफ्ना सबै काम गरून्। तिनीहरूको सबै
अभिभारा तिमीहरूलेनै खटाइदेओ। २८ भेट
हुने पालमा गेर्शोनका छोराहरूका परिवार-
हरूको काम यही हो। तिनीहरूका जिम्मावारी
हारून पूजाहारीको छोरो ईतामारको
अधिकारमा होस्।

२९ मरारीका छोराहरूचाहिँ, तिनी-
हरूका पुर्खाका घराना घराना र परिवार परिवार
गरी तँले तिनीहरूको गन्ती गर्। ३० भेट
हुने पालको काम गर्ने जो त्यस सेवामा
भर्ती हुन्छन्, तीस वर्षको उमेरदेखि पचास
वर्षसम्म सबैको तँले गन्ती गर्।

३१ भेट हुने पालमा तिनीहरूका सबै
कामअनुसार तिनीहरूले जिम्मा लिनुपर्ने भारी
यिनै हुन्, अर्थात् बासस्थानका फल्याकहरू,
तिनका डण्डीहरू, तिनका खामाहरू र तिनका
चूलघरहरू, ३२ औ चोकका चारैतिरका
खामाहरू, चूलघरहरू, तिनका कीलाहरू र
तिनका सबै साज-बाजसमेतका डोरीहरू र
तीबाट हुने कामहरूसमेत, औ तिनका
जिम्मावारीमा दिने साज-बाजहरूका भारीका
नाउँ ली लीकन खटाउनू। ३३ भेट हुने
पालमा तिनीहरूका सबै कामअनुसार मरारीका
छोराहरूका परिवारहरूको काम हारून पूजा-
हारीको छोरो ईतामारको अधिकारमा भएको
यही हो।”

३४ अनि मोशा, हारून र समुदायका
कुलनायकहरूले तिनका पुर्खाका घराना घराना
र परिवार परिवार गरी कहातका छोरा-
हरूको गन्ती गरे। ३५ तीस वर्षको
उमेरदेखि पचास वर्षको उमेरसम्मको हरेक
जो भेट हुने पालको कामको सेवामा भर्ती
भएको थियो, ती सबैको गन्ती गरे।
३६ तिनीहरूमा आफ्ना आफ्ना परिवार
परिवार गरी गनिएकाहरू दुइ हजार सात
सय पचास थिए। ३७ परमप्रभुको आज्ञा-
अनुसार मोशा र हारूनले गनेका भेट हुने
पालमा काम गर्ने सबै कहातीहरूका परिवार-
हरूको संख्या यही हो।

३८ गेर्शोनका छोराहरू, जो तिनका
घराना घराना गरी गनिएका थिए, ३९ तीस
वर्षको उमेरदेखि पचास वर्षसम्म
उमेरको जो जो भेट हुने पालको कामको
निम्ति सेवामा भर्ना भए, ४० अर्थात्
तिनका परिवार परिवार र पुर्खाका घराना
घराना गरी जो जति गनिएका थिए, ती
दुइ हजार छ सय तीस थिए। ४१ परम-
प्रभुको आज्ञाअनुसार मोशा र हारूनले गनेका
भेट हुने पालको काम गर्ने सबै गेर्शोनीहरूका
छोराहरूका परिवारको संख्या यही हो।

४२ मरारीका छोराहरू, जो तिनका
परिवार र तिनका पुर्खाका घराना घराना
गरी गनिएका थिए, ४३ तीस वर्षको
उमेरदेखि पचास वर्षसम्म उमेरको जो
भेट हुने पालको कामको निम्ति सेवामा
भर्ना भए, ४४ अर्थात् तिनका परिवार
र पुर्खाका घराना घराना गरी जो जति
गनिएका थिए ती तीन हजार दुइ सय
थिए। ४५ परमप्रभुको आज्ञाअनुसार मोशा
र हारूनले गनेका भेट हुने पालमा काम
गर्ने सबै मरारीहरूका छोराहरूका परिवारको
संख्या यही हो।

४६ लेवीहरूका जस जसलाई मोशा,
हारून र इस्राएलका कुलनायकहरूले तिनीहरूका
परिवार परिवार, तिनीहरूका पुर्खाका घराना
घराना गरी गनेका थिए, ४७ तीस
वर्षको उमेरदेखि लिएर पचास वर्षसम्म
उमेरको जो भेट हुने पालमा सेवा गर्ने
र भारी बोक्ने काममा भर्ती भएका थिए,
४८ तिनीहरूमा गनिएका जम्मा आठ हजार
पाँच सय अस्सी थिए। ४९ यिनीहरूका
आफ्ना आफ्ना सेवा र भारी बोक्ने काम-
अनुसार परमप्रभुको आज्ञाबमोजिम मोशाद्वारा
गनिएका थिए। परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएझैं तिनले तिनीहरूलाई गने।

अशुद्धिबाट शुद्ध हुने विधि-विधान र हर्जाना विषयका विभिन्न नियमहरू

५ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई आज्ञा दे, कि
तिनीहरूले हरेक कोरी, प्रमेह रोगी र मुर्दा
छोएर अशुद्ध भएका जतिलाई छाउनीदेखि
बाहिर राखून्। ३ पुरुष र स्त्री दुवैलाई
तिमीहरूले बाहिर राख्नू। तिमीहरूका
बीचमा म रहने छाउनी तिनीहरूले अशुद्ध
न पारून्।" ४ तब इस्राएलीहरूले त्यसै
गरे, र तिनीहरूलाई छाउनीदेखि बाहिर राखे।
परमप्रभुले मोशालाई भन्नुभएझैं इस्राएलीहरूले
गरे।

५ परमप्रभुले मोशालाई भन्नुभयो,
६ "जब कुनै पुरुष वा स्त्रीले अरू मानिसले
झैं परमप्रभुसँगको विश्वास तोडेर अपराध गर्ला
र त्यो व्यक्ति दोषी ठहर्ला, ७ तब तिनी-
हरूले आफ्नो पापको साबिती देऊन्।
जसलाई त्यसले बिराएको छ, त्यसलाई आफ्नो
दोषको पूरा हर्जाना र त्यसको पाँचौं हिस्सा-
समेत थपेर देओस्। ८ तर यदि दोषको
हर्जाना पाउने त्यस मानिसको कोही आफन्त
छैन भने हर्जाना चाहिं पूजाहारीको निम्ति
परमप्रभुलाई चढ़ाऊन्। त्यसबाहेक आफ्नो
प्रायश्चितको निम्ति थुमा पनि चढ़ाउनुपर्छ।
९ इस्राएलीहरूले चढ़ाएका पवित्र थोकका
सबै बलि जो तिनीहरूले पूजाहारीकहाँ हाजिर
गराउँछन् ती त्यसैका होऊन्।

१० हरेक मानिसले पवित्र तुल्याएर
ल्याएका थोकहरू पूजाहारीकै होऊन्। कुनै
मानिसले पूजाहारीलाई दिएको कुरा पनि
पूजाहारीकै होस्'।"

अपराध निश्चय गर्ने परीक्षा

११ परमप्रभुले मोशालाई भन्नुभयो,
१२ "इस्राएलीहरूलाई भन्, 'कसैकी स्वास्नी
बरालिएर त्यसले आफ्नो लोग्ने प्रति विश्वास-
घात गरी, १३ अन्य मानिससित संभोग गरी,
र त्यो कुरा त्यसको लोग्नेबाट गुप्त रहेको छ, र
त्यो बिग्रिए तापनि त्यसको विरुद्ध कोही साक्षी
नपाएकोले त्यो फेला पनि परेकी छैन भने,
१४ आफ्नो बिग्रिएकी स्वास्नी प्रति त्यस
लोग्नेको मनमा डाह जाग्यो, र त्यसलाई
आँखा लाउन थाल्यो, अथवा त्यसको स्वास्नी
नबिग्रिएकी भएता पनि डाह जागेर त्यसले
आँखा लाउँछ भने, १५ त्यस मानिसले
आफ्नी स्वास्नीलाई पूजाहारीकहाँ ल्याओस्,
र उसले त्यसको निम्ति एपाको दशौं हिस्सा
जौको पीठो बलि ल्याओस्। उसले त्यसमा
तेल अथवा लोबान नहालोस्, किनकि
अधर्मको सम्झना गराउने अन्नबलि, अर्थात्
डाहको अन्नबलि यो हो।

१६ अनि पूजाहारीले त्यस स्त्रीलाई
नजीक ल्याएर परमप्रभुको सामन्ने उभ्याओस्।

१७ त्यसपछि पूजाहारीले माटोको भाँड़ामा
शुद्ध पानी ल्याओस्, र बासस्थानको भूइँको
अलिकता धूलो लिएर त्यस पानीमा हालि-
देओस्। १८ अनि पूजाहारीले त्यस स्त्रीलाई
परमप्रभुको सामने खड़ा गराएर त्यसको केश
फुकाइदेओस् र त्यसको हातमा स्मरणीय बलि,
अर्थात् डाहको बलि राखिदेओस्, अनि
श्राप ल्याउने तीतो पानी पूजाहारीले आफ्ना

हातमा लेओस्। १९ तब पूजाहारीले त्यस
स्त्रीलाई शपथ खान लगाएर यसो भनोस्,
'यदि कुनै मानिस तँसित सुतेको छैन, र
आफ्नो लोग्नेको अधीनमा हुँदा भ्रष्ट चालमा
हिँडेर तँ अशुद्ध भएकी छैनस् भने, श्राप
ल्याउने यो तीतो पानीबाट तँ मुक्त भएस्।
२० तर तेरो लोग्नेको अधीनमा हुँदा हुँदै
पनि तँ बरालिएर गएकी छस्, र बिग्रिएकी
छस्, औ तेरो लोग्नेबाहेक अन्य मानिस
तँसित सुतेको छ भने, २१ (तब पूजाहारीले
श्रापको किरिया खुवाएर त्यस स्त्रीलाई भनोस्)
परमप्रभुले तेरो जाँघ झर्ने र तेरो पेट सुनिने
तुल्याउनुहुन्छ, तब परमप्रभुले तँलाई तेरा
मानिसहरूका बीचमा श्राप र धिक्कारको कारण
तुल्याउन्। २२ औ यो श्राप ल्याउने
पानीले तेरो भुँडीभित्र पसेर तेरो पेट सुनिने
र तेरो जाँघ झार्ने तुल्याउँछ।' तब त्यस
स्त्रीले 'आमेन, आमेन*' भनोस्।
२३ अनि पूजाहारीले ती श्रापहरू पुस्तकमा
लेखेर त्यो तीतो पानीले पखालेर मेटिदेओस्,
२४ र उसले त्यस स्त्रीलाई त्यो श्राप ल्याउने
पानी पिउन लगाओस्, र त्यो श्राप ल्याउने
पानी त्यस स्त्रीभित्र पसेर त्यसलाई त्यो तीतो
हुनेछ। २५ तब पूजाहारीले डाहको बलि
त्यस स्त्रीको हातबाट लिएर परमप्रभुको सामने
त्यो अन्नबलि डोलाओस, र वेदीमा ल्याओस्।
२६ पूजाहारीले अन्नबलिबाट एक मुठी झिकेर
त्यसको सम्झनाको लागि वेदीमा त्यो जला-
ओस्, र पछिबाट त्यस स्त्रीलाई त्यो पानी
खान लगाओस्। २७ जब त्यसले त्यस
स्त्रीलाई पानी खान लगाउँछ, त्यो बिग्रिएकी
छ, र त्यसले आफ्नो लोग्नेको विरुद्धमा अपराध
गरेकी भए, त्यो श्राप ल्याउने पानी त्यसको
पेटभित्र पसेर तीतो होइहाल्छ, र त्यसको
पेट सुनिने र जाँघ कुहिजानेछ, र त्यो स्त्री
आफ्ना मानिसहरूका बीचमा श्रापित हुनेछ।
२८ तर त्यो स्त्री नबिग्रिएकी र साध्वीनै
छ भने त्यो निर्दोषी ठहरिएर गर्भवती हुनेछ।

* 'यस्तै होस'

२९ लोग्नेको अधीनमा रहेकी स्वास्नी
बरालिएर दूषित भएकीलाई डाहको व्यवस्था
यही हो। ३० किता लोग्नेको मनमा डाह
जाग्यो र त्यसको स्वास्नीमाथि आँखा लाउनु-
थाल्यो भने, उसले त्यस स्त्रीलाई परमप्रभुको
सामने उभ्याओस्, र पूजाहारीले यी सबै
व्यवस्थाको कारवाई गरोस्। ३१ तब त्यो
मानिस आफ्नो अधर्मबाट निर्दोषी ठहरिन्छ, र
त्यस स्त्रीले चाहिं आफ्नो अधर्मको दण्ड
बोक्नेछ।"

नाजिरी हुनेहरूका निम्ति व्यवस्था

६ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई भन्, 'जब
कुनै पुरुष वा स्त्रीले परमप्रभुको निम्ति पृथक
हुनलाई नाजिरीको भाकल, अर्थात् विशेष
भाकल गर्छ भने, ३ त्यो दाखमद्य र कड़ा
मद्यबाट अलग बसोस्। त्यसले दाखमद्य वा
कड़ा मद्यको सिर्का नपिओस्। त्यसले दाखको
कुनै रस नपिओस्, औ ताजा वा सुखाएको
दाखहरू नखाओस्। ४ जति दिनसम्म त्यो
पृथक बस्छ, त्यसले दाखको बियाँदेखि लिएर
बोक्रासम्म केही नखाओस्। ५ त्यो पृथक
हुने भाकल राखेका सम्पूर्ण दिनसम्म त्यसको
शिरमा छुरा नलाओस्। जहिलेसम्म परम-
प्रभुको निम्ति आफूलाई पृथक राख्छ ती दिन
पूरा नहोउन्जेल त्यो शुद्ध बसोस्। त्यसले
आफ्नो कपालको लट्टाहरू लामो हुनदेओस्।
६ जति दिनसम्म त्यसले आफूलाई परमप्रभुको
निम्ति पृथक राख्छ त्यति दिनसम्म त्यो कुनै
मुर्दाको नजीक नजाओस्। ७ त्यसको बाबु
वा आमा, कि दाज्यू-भाइ वा दिदी-बहिनी
मरे भने पनि तिनीहरूका निम्ति त्यसले
आफूलाई अशुद्ध नतुल्याओस्, किनभने आफ्ना
परमेश्वरको निम्ति पृथक भएको चिह्न त्यसको
शिरमा छ। ८ त्यसका पृथक बस्ने सम्पूर्ण
दिनसम्म त्यो परमप्रभुको निम्ति पवित्र छ।
९ अचानक कुनै मानिस त्यसको नजीकै

मऱ्यो भने र त्यसले आफू पृथक भएको
शिरको चिह्न अशुद्ध पाऱ्यो भने शुद्धिको दिन,
सातौं दिनमा त्यसले आफ्नो कपाल खौरोस्।
१० अनि आठौं दिनमा त्यसले दुइवटा ढुकुर
वा परेवाका दुइवटा बच्चा भेट हुने पालको
ढोकामा पूजाहारीकहाँ ल्याओस्। ११ पूजा-
हारीले तीबाट एउटा पापबलि, अर्कोचाहिं
होमबलि गरी चढ़ाएर त्यसले मुर्दा छोएर पाप
गरेको हुनाले त्यसको निम्ति प्रायश्चित गरी
त्यसको शिर त्यही दिन चोख्याओस्।
१२ अनि त्यसले आफू पृथक रहने दिनहरू
फेरि परमप्रभुलाई चढ़ाओस् र दोषबलिको
निम्ति एक वर्षे थुमा ल्याओस्। किनभने
त्यसको पृथक रहेको दिन अशुद्ध भएको
हुनाले ती अघिका दिनहरूको गन्ती हुनेछैन।
१३ आफ्नो पृथक रहने दिन पूरा भएपछि
नाजिरीले गर्नुपर्ने व्यवस्था यही हो—त्यसलाई
भेट हुने पालको ढोकामा ल्याउनुपर्छ।
१४ त्यसले परमप्रभुको निम्ति यी बलिहरू
चढ़ाउनुपर्नेछ,—होमबलिको निम्ति एउटा एक
वर्षे निष्खोट थुमा, पापबलिको निम्ति एउटा
एक वर्षे निष्खोट पाठी, र मेलबलिको
निम्ति एउटा निष्खोट भेड़ा। १५ एक टोकरी
अखमीरे रोटी, तेलले मुछेको मसिनो पीठोका
फुलौराहरू, तेल दलेका अखमीरे बाबरहरू, र
तिनीहरूका अन्नबलि र अर्घबलि। १६ तब
पूजाहारीले परमप्रभुको सामने त्यसको निम्ति
पापबलि र मेलबलि चढ़ाओस्। १७ त्यसले
परमप्रभुको मेलबलिको लागि डालोमा
अखमीरे रोटी र भेड़ा चढ़ाओस्। पूजाहारीले
त्यसको अन्नबलि र अर्घबलि पनि चढ़ाओस्।
१८ तब त्यस नाजिरीले भेट हुने पालको
ढोकामा पृथक हुँदा बढ़ेको कपाल खौरोस्,
र त्यो कपाल लिई मेलबलिको मन्तिर रहेको
आगोमा हालिदेओस्। १९ त्यसले आफू
पृथक हुँदा बढ़ेको कपाल खौरिसकेपछि पूजा-
हारीले भेड़ाको उसिनेको फाकुलो, डालोमा
एउटा अखमीरे फुलौरो र अखमीरे बाबर
लिएर त्यस नाजिरीको हातमा राखिदेओस्।
२० अनि पूजाहारीले तिनलाई डोलाउने
बलिको रूपमा परमप्रभुको सामने डोलाओस्।
यी र डोलाएको फाकुलो र चढ़ाएको
साँप्रासमेत पूजाहारीको निम्ति पवित्र होऊन्।
त्यसपछि त्यस नाजिरीले दाखमद्य पिए हुन्छ।
२१ नाजिरीले गर्नुपर्ने भाकलको व्यवस्था
यही हो। त्यसले आफूलाई अर्पण गर्दा
परमप्रभुलाई चढ़ाउने भेटी यिनै हुन्। आफू
अर्पित हुँदा गरेको भाकल, यी व्यवस्था-
अनुसार, सम्पूर्ण रूपले त्यसले पालन गर्नुपर्छ।"

पूजाहारीले दिने आशीर्वाद

२२ परमप्रभुले मोशालाई भन्नुभयो,
२३ "हारून र त्यसका छोराहरूलाई भन्,
'इस्राएलीहरूलाई तिमीहरूले आशीर्वाद दिँदा
यसो भन्नू,
२४ 'परमप्रभुले तिमीलाई आशिष दिऊन्
र तिमीलाई रक्षा गरून्।
२५ परमप्रभुले आफ्नो मुख तिमीमाथि
चम्काऊन्, र तिमीलाई अनुग्रह गरून्।
२६ परमप्रभुले आफ्नो चेहरा तिमीमाथि
प्रकाश गरून्, र तिमीलाई शान्ति दिऊन्।'
२७ —यसरीनै तिनीहरूले इस्राएलीहरू-
माथि मेरो नाम कायम राखून्, र म तिनी-
हरूलाई आशिष दिनेछु।"

वेदीको समर्पणको दिनमा कुलनायकहरूले चढ़ाउने बलिदान

७ अनि मोशाले बासस्थान खड़ा गरे,
त्यसलाई अभिषेक र अर्पण गरी
त्यहाँका सबै सार्दाम, वेदी र त्यसका सबै
भाँडा-कुँड़ाहरू पनि अभिषेक र अर्पण गरे।
२ त्यही दिन इस्राएलमा गणना भएका कुल
कुलका नेताहरू, अर्थात् कुलनायकहरूले आफ्ना
आफ्ना बलि चढ़ाए। ३ अनि तिनीहरूले
परमप्रभुको सामने छवटा छोपिएका गाड़ाहरू,
बाहवटा गोरु, दुइ दुइ कुलनायकका निम्ति

एक एक गाड़ा र नायकैपिच्छे एक एक गोरुको
आफ्ना आफ्ना बलि ल्याएर बासस्थानको
सामने प्रस्तुत गरे। ४ तब परमप्रभुले
मोशालाई भन्नुभयो, ५ "तिनीहरूबाट ती
ग्रहण गर्, र भेट हुने पालको सेवा गर्ने
काममा ती प्रयोग होऊन्। प्रत्येक लेवीलाई
आफ्नो आफ्नो कामअनुसार तैँले दिनू।
६ तब मोशाले ती गाड़ाहरू र गोरुहरू
लिएर लेवीहरूलाई दिए। ७ दुइवटा गाड़ा
र चारवटा गोरु तिनले उनीहरूका काम-
अनुसार गेर्शोनका छोराहरूलाई दिए।
८ चारवटा गाड़ा र आठवटा गोरु हारून
पूजाहारीको छोरो ईतामारको अधीनमा काम
गर्ने मरारीका छोराहरूलाई उनीहरूको काम-
अनुसार तिनले दिए। ९ तर कहातका
छोराहरूलाई तिनले केही पनि दिएनन्,
किनभने पवित्र वस्तुहरू बोक्ने जिम्मावारी
तिनीहरूकै थियो। १० वेदी अभिषेक भएको
दिन कुलनायकहरूले त्यसको अर्पण-कार्यमा
आफ्ना भेटीहरू ल्याएर वेदीको सामने चढ़ाए।
११ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"वेदीका अर्पण-कार्यको निम्ति कुलनायकहरू
हरेकले पालै पालो दिनमा एक जनाले आफ्नो
भेटी चढ़ाओस्।"

१२ पहिलो दिन भेटी चढ़ाउने यहूदाको
कुलको अम्मीनादाबको छोरो नहशोन थिए।
१३ तिनको भेटी पवित्रस्थानको शेकेलको
तौलबमोजिम एक सय तीस शेकेल ओजनको
चाँदीको एउटा थाल, सत्तरी शेकेलको
चाँदीको एउटा कचौरो । यी दुवैमा
अन्नबलिको निम्ति तेलले मुछेको मसिनो पीठो
भरिएको थियो। १४ धूपले भरिएको दश
शेकेल सुनको एउटा धूपौरो, १५ होमबलिको
निम्ति एउटा बाछो, एउटा भेड़ा र एउटा
एक वर्षे थुमा। १६ पापबलिको निम्ति
एउटा बोका, १७ र मेलबलिको निम्ति
चाहिँ दुइवटा साँढ़े, पाँचवटा भेड़ा, पाँचवटा
बोका र पाँचवटा एक वर्षे थुमा। अम्मी-
नादाबको छोरो नहशोनको भेटी यही थियो।

१८ दोस्रो दिन इस्साकारका कुलनायक
सूआरको छोरो नतनेलले चढ़ाए।
१९ तिनले आफ्नो भेटीको निम्ति पवित्र-
स्थानको शेकेलको तौलबमोजिम एक सय
तीस शेकेलको चाँदीको एउटा थाल,
सत्तरी शेकेलको चाँदीको एउटा कचौरो।
यी दुवैमा अन्नबलिको निम्ति तेलले मुछेको
मसिनो पीठो भरिएको थियो। २० धूपले
भरिएको दश शेकेल सुनको एउटा धूपौरो,
२१ होमबलिको निम्ति एउटा बाछो, एउटा
भेड़ा, एउटा एक वर्षे थुमा । २२ पापबलिको
निम्ति एउटा बोका, २३ मेलबलिको निम्ति
चाहिँ दुइवटा साँढ़े, पाँचवटा भेड़ा, पाँचवटा
बोका र पाँचवटा एक वर्षे थुमा। सूआरको
छोरो नतनेलको भेटी यही हो।

२४ तेस्रो दिन जबूलूनका कुलनायक
हेलोनको छोरो एलीआबले चढ़ाए।
२५ तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलबमोजिम एक सय
तीस शेकेलको चाँदीको एउटा थाल, सत्तरी
शेकेलको चाँदीको एउटा कचौरो । यी
दुवैमा अन्नबलिको निम्ति तेलले मुछेको
मसिनो पीठो भरिएको थियो। २६ धूपले
भरेको दश शेकेलको सुनको एउटा धूपौरो,
२७ होमबलिको निम्ति एउटा बाछो, एउटा
भेड़ा, एउटा एक वर्षे थुमा, २८ पाप-
बलिको निम्ति एउटा बोका, २९ मेल-
बलिको निम्ति चाहिँ दुइवटा साँढ़े, पाँचवटा
भेड़ा, पाँचवटा बोका र पाँचवटा एक वर्षे
थुमा। हेलोनको छोरो एलीआबको भेटी यही
थियो।

३० चौथो दिन रूबेनका कुलनायक
सदेऊरको छोरो एलीसूरले चढ़ाए।
३१ तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलबमोजिम एक
सय तीस शेकेलको चाँदीको एउटा थाल,
सत्तरी शेकेलको चाँदीको एउटा कचौरो।
यी दुवैमा अन्नबलिको निम्ति तेलले
मुछेको मसिनो पीठो भरिएको थियो।

३२ धूपले भरिएको दश शेकेल्को सुनको
एउटा धूपौरो, ३३ होमबलिको निम्ति
एउटा बाछो, एउटा भेड़ा, एउटा एक
वर्षे थुमा, ३४ पापबलिको निम्ति
एउटा बोका, ३५ मेलबलिको निम्ति चाहिँ
दुइवटा साँढ़े, पाँचवटा भेड़ा, पाँच-
वटा बोका र पाँचवटा एक वर्षे थुमा।
सदेऊरको छोरो एलीसूरको भेटी यही थियो।

३६ पाँचौं दिन शिमोनका कुलनायक
सूरीशद्दैको छोरो शलूमीएलले चढ़ाए।
३७ तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलबमोजिम एक सय
तीस शेकेलको चाँदीको एउटा कचौरो। यी
दुवैमा अन्नबलिको निम्ति तेलले मुछेको मसिनो
पीठो भरिएको थियो। ३८ धूपले भरिएको दश
शेकेल सुनको एउटा धूपौरो, ३९ होमबलिको
निम्ति एउटा बाछो, एउटा भेड़ा र एउटा एक
वर्षे थुमा, ४० पापबलिको निम्ति एउटा बोका,
४१ मेलबलिको निम्ति चाहिँ दुइवटा साँढ़े,
पाँचवटा भेड़ा, पाँचवटा बोका र एक
वर्षे पाँचवटा थुमा। सूरीशद्दैको छोरो
शलूमीएलको भेटी यही थियो।

४२ छैटौं दिन गादका कुलनायक
रूएलको छोरो एल्यासापले चढ़ाए।
४३ तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलबमोजिम एक
सय तीस शेकेलको चाँदीको एउटा थाल,
सत्तरी शेकेलको चाँदीको एउटा कचौरो।
यी दुवैमा अन्नबलिको निम्ति तेलले मुछेको
मसिनो पीठो भरिएको थियो। ४४ धूपले
भरिएको दश शेकेल सुनको एउटा धूपौरो,
४५ होमबलिको निम्ति एउटा बाछो, एउटा
भेड़ा, र एउटा एक वर्षे थुमा, ४६ पाप-
बलिको निम्ति एउटा बोका, ४७ मेलबलिको
निम्ति चाहिँ दुइवटा साँढ़े, पाँचवटा भेड़ा,
पाँचवटा बोका र एक वर्षे पाँचवटा थुमा।
रूएलको छोरो एल्यासापको भेटी यही थियो।

४८ सातौं दिन एप्रैमका कुलनायक अम्मी-
हूदको छोरो एलीशामाले चढ़ाए। ४९ तिनको
भेटी यही थियो, अर्थात् पवित्रस्थानको
शेकेलको तौलबमोजिम एक सय तीस शेकेलको
चाँदीको एउटा थाल, सत्तरी शेकेलको चाँदीको
एउटा कचौरो। यी दुवैमा अन्नबलिको निम्ति
तेलले मुछेको मसिनो पीठो भरिएको थियो।
५० धूपले भरिएको दश शेकेल सुनको
एउटा धूपौरो, ५१ होमबलिको निम्ति
एउटा बाछो, एउटा भेड़ा र एउटा
एक वर्षे थुमा, ५२ पापबलिको निम्ति
एउटा बोका, ५३ मेलबलिको निम्ति चाहिँ
दुइवटा साँढ़े, पाँचवटा भेड़ा, पाँचवटा बोका
र एक वर्षे पाँचवटा थुमा। अम्मीहूदको
छोरो एलीशामाको भेटी यही थियो।

५४ आठौं दिन मनश्शेका कुलनायक
पदासूरको छोरो गमलीएलले चढ़ाए।
५५ तिनको भेटी यही थियो, अर्थात् पवित्र-
स्थानको शेकेलको तौलबमोजिम एक सय
तीस शेकेलको चाँदीको एउटा थाल,
सत्तरी शेकेलको चाँदीको एउटा कचौरो।
यी दुवैमा अन्नबलिको निम्ति तेलले
मुछेको मसिनो पीठो भरिएको थियो।
५६ धूपले भरिएको दश शेकेल सुनको
एउटा धूपौरो, ५७ होमबलिको निम्ति
एउटा बाछो, एउटा भेड़ा र एउटा एक
वर्षे थुमा, ५८ पापबलिको निम्ति एउटा
बोका, ५९ मेलबलिको निम्ति चाहिँ
दुइवटा साँढ़े, पाँचवटा भेड़ा, पाँचवटा बोका
र एक वर्षे पाँचवटा थुमा। पदासूरको छोरो
गमलीएलको भेटी यही थियो।

६० नवौं दिन बिन्यामीनका कुलनायक
गिदोनीको छोरो अबीदानले चढ़ाए।
६१ तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलबमोजिम एक
सय तीस शेकेलको चाँदीको एउटा थाल,
सत्तरी शेकेलको चाँदीको एउटा कचौरो। यी
दुवैमा अन्नबलिको निम्ति तेलले मुछेको मसिनो
पीठो भरिएको थियो। ६२ धूपले भरिएको
दश शेकेल सुनको एउटा धूपौरो,
६३ होमबलिको निम्ति एउटा बाछो, एउटा

भेड़ा र एउटा एक वर्षे थुमा, ६४ पाप-
बलिको निम्ति एउटा बोका, ६५ मेलबलिको
निम्ति चाहिँ दुइवटा साँढ़े, पाँचवटा भेड़ा
पाँचवटा बोका र एक वर्षे पाँचवटा थुमा।
गिदोनीको छोरो अबीदानको भेटी यही थियो।

६६ दशौँ दिन दानका कुलनायक अम्मी-
शद्दैको छोरो अहीएजेरले चढ़ाए। ६७ तिनको
भेटी यही थियो, अर्थात् पवित्रस्थानको
शेकेलको तौलबमोजिम एक सय तीस
शेकेलको चाँदीको एउटा थाल, सत्तरी
शेकेलको चाँदीको एउटा कचौरो। यी
दुवैमा अन्नबलिको निम्ति तेलले मुछेको
मसिनो पीठो भरिएको थियो। ६८ धूपले
भरिएको दश शेकेल सुनको एउटा धूपौरो,
६९ होमबलिको निम्ति एउटा बाछो,
एउटा भेड़ा र एउटा एक वर्षे थुमा,
७० पापबलिको निम्ति एउटा बोका,
७१ मेलबलिको निम्ति चाहिँ दुइवटा
साँढ़े, पाँचवटा भेड़ा, पाँचवटा बोका र एक
वर्षे पाँचवटा थुमा। अम्मीशद्दैको छोरो
अहीएजेरको भेटी यही थियो।

७२ एघारौँ दिन आशेरका कुलनायक
ओक्रानको छोरो पगीएलले चढ़ाए।
७३ तिनको भेटी यही थियो, अर्थात् पवित्र-
स्थानको शेकेलको तौलबमोजिम एक सय तीस
शेकेलको चाँदीको एउटा थाल, सत्तरी शेकेलको
चाँदीको एउटा कचौरो। यी दुवैमा अन्नबलिको
निम्ति तेलले मुछेको मसिनो पीठो भरिएको
थियो। ७४ धूपले भरिएको दश शेकेल
सुनको एउटा धूपौरो, ७५ होमबलिको निम्ति
एउटा बाछो, एउटा एक वर्षे थुमा, ७६ पाप-
बलिको निम्ति एउटा बोका, ७७ मेलबलिको
निम्ति चाहिँ दुइवटा साँढ़े, पाँचवटा भेड़ा,
पाँचवटा बोका र एक वर्षे पाँचवटा थुमा।
ओक्रानको छोरो पगीएलको भेटी यही थियो।

७८ बाह्रौँ दिन नप्तालीका कुलनायक
एनानको छोरो अहीराले चढ़ाए। ७९ तिनको
भेटी यही थियो, अर्थात् पवित्रस्थानको
शेकेलको तौलबमोजिम एक सय तीस शेकेलको
चाँदीको एउटा थाल, सत्तरी शेकेलको
चाँदीको एउटा कचौरो। यी दुवैमा अन्न-
बलिको निम्ति तेलले मुछेको मसिनो पीठो
भरिएको थियो। ८० धूपले भरिएको दश
शेकेल सुनको एउटा धूपौरो, ८१ होमबलिको
निम्ति एउटा बाछो, एउटा भेड़ा र एउटा
एक वर्षे थुमा, ८२ पापबलिको निम्ति एउटा
बोका, ८३ मेलबलिको निम्ति चाहिँ दुइवटा
साँढ़े, पाँचवटा भेड़ा, पाँचवटा बोका र एक
वर्षे पाँचवटा थुमा। एनानको छोरो अहीराको
भेटी यही थियो।

८४ वेदीको अभिषेकको दिन त्यसको अर्पण
कार्यमा इस्राएलका कुलनायकहरूले चढ़ाएका
भेटी यिनै थिए। बाह्रवटा चाँदीका थाल,
बाह्रवटा चाँदीका कचौरा, बाह्रवटा सुनका
धूपौरा, ८५ प्रत्येक चाँदीको थाल एक सय
तीस शेकेल तौलको, प्रत्येक चाँदीको कचौरो
सत्तरी शेकेल, भाँड़ाकुँड़ाहरूका जम्मै चाँदीको
तौल पवित्रस्थानको शेकेलको तौलबमोजिम
दुइ हजार चार सय शेकेल थियो।
८६ धूपले भरिएको सुनका बाह्रवटा धूपौरो,
पवित्रस्थानको तौलबमोजिम प्रत्येक दश
दश शेकेलको सबै धूपौराको सुन एक सय
बीस शेकेल थियो। ८७ होमबलिको निम्ति
तिनका अन्नबलिसमेत बाह्रवटा साँढ़े, बाह्रवटा
भेड़ा र एक वर्षे बाह्रवटा थुमा थिए र
पापबलिको निम्ति बाह्रवटा बोका थिए।
८८ औ मेलबलिको निम्ति चाहिँ सबै
पशुहरू गरी जम्मा चौबीसवटा साँढ़े, साठीवटा
भेड़ा, साठीवटा बोका र साठीवटा एक वर्षे
थुमा थिए। वेदीको अभिषेक हुँदा त्यसको
अर्पण कार्यको भेटी यही थियो।

८९ अनि जब मोशा भेट हुने पालमा
परमप्रभुसित कुरा गर्न भित्र गए, तब दुइ
करूबहरूका बीचबाट साक्षी-पाटीको सन्दूकमाथि
रहेको कृपा-आसनमाथिबाट तिनले आफूसँग
बोलिरहेको वाणी सुने। औ परमप्रभु तिनीसित
बोल्नुभयो।

पानस बाल्ने रीति

८ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "हारूनलाई भन्, 'तैँले बत्तीहरू
बाल्दा सातै बत्तीहरूले पानसको अगिल्तिर
प्रकाश देओस्'।" ३ अनि हारूनले त्यसै
गरे। परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैँ
पानसको अगिल्तिर प्रकाश दिने गरी तिनले
बत्ती बाले। ४ पानसको कारीगरी सुनको
थियो। त्यसका आधारदेखि त्यसका फूल-
हरूसम्म सुनको थियो। परमप्रभुले मोशालाई
नमूना देखाउनुभएबमोजिम तिनले त्यो पानस
बनाए।

लेवीहरूको शुद्धिको नियम

५ परमप्रभुले मोशालाई भन्नुभयो,
६ "इस्राएलीहरूमध्ये लेवीहरूलाई लिएर
तिनीहरूलाई शुद्ध पार्।
७ तिनीहरूलाई शुद्ध पार्नलाई तैँले यसो
गर्—तिनीहरूमाथि प्रायश्‍चितको पानी छर्किदे,
र तिनीहरूले आफ्नो शरीरका जम्मै रौँ
काटेर आफ्ना आफ्ना लुगा धोई आफूलाई
शुद्ध तुल्याऊन्। ८ तब तिनीहरूले एउटा
बाछो र तेल मुछेको मसिनो पीठोको
अन्नबलि ल्याऊन्, र पापबलिको निम्ति
चाहिँ तैँले अर्को एउटा बाछा ल्याउनू।
९ तैँले लेवीहरूलाई भेट हुने पालको
सामने हाजिर गराएर इस्राएलीहरूका सारा
समुदायलाई भेला गरा। १० अनि तैँले
लेवीहरूलाई परमप्रभुको सामने हाजिर गरा।
तब इस्राएलीहरूले आफ्ना आफ्ना हात
लेवीहरूमाथि राखून्। ११ त्यसपछि इस्राएली-
हरूका पक्षमा लेवीहरूले परमप्रभुको सेवा
गरून् भनेर डोलाउने बलि स्वरूप लेवी-
हरूलाई परमप्रभुको सामने हारूनले चढ़ाओस्।
१२ अनि लेवीहरूले साँढ़ेहरूका शिरमा
आफ्ना आफ्ना हात राखून्। लेवीहरूका
निम्ति प्रायश्‍चित गर्न एउटा साँढ़े पापबलि
र अर्को चाहिँ होमबलिको रूपमा तैँले परम-
प्रभुलाई चढ़ा। १३ अनि तैँले लेवीहरूलाई
हारून र त्यसका छोराहरूका सामने खड़ा
गराएर परमप्रभुको निम्ति चढ़ाउने डोलाउने
बलिको निम्ति तिनीहरूलाई अर्पण गर्।
१४ यसरी तैँले लेवीहरूलाई इस्राएली-
हरूबाट अलग्ग गर्, र लेवीहरू मेरा होऊन्।
१५ त्यसपछि भेट हुने पालको सेवा गर्न
लेवीहरू भित्र जाऊन्, र तैँले तिनीहरूलाई
शुद्ध पारेर डोलाउने बलिको निम्ति तिनीहरू-
लाई अर्पण गर्। १६ किनभने इस्राएलीहरूका
मध्यबाट तिनीहरू बिल्कुलै मलाई अर्पण
गरिएका हुन्। गर्भका प्रथम फल, अर्थात्
इस्राएलीहरूका जेठा जेठाको सट्टामा मैले
तिनीहरूलाईनै ग्रहण गरेकोछु। १७ किन-
भने इस्राएलीहरूमा, चाहे मानिस होस्,
चाहे पशु होस्, पहिले जन्मेका सबै मेरै
हुन्। मिश्रीहरूका सबै जेठा जेठालाई मैले
मारेको दिन यिनीहरूलाई मेरो निम्ति पवित्र
गरेँ। १८ यसरी इस्राएलीहरूका जेठा जेठा
जन्मैका सट्टामा मैले लेवीहरूलाई ग्रहण
गरेको हुँ।
१९ भेट हुने पालमा इस्राएलीहरूको
सेवा र तिनीहरूको प्रायश्‍चित गर्नलाई मैले
तिनीहरूका मध्यबाट लेवीहरूलाई दानको
रूपमा हारून र त्यसका छोराहरूलाई दिएको
छु, नत्रता इस्राएलीहरू पवित्रस्थानको नजीक
आउँदा तिनीहरूमाथि कुनै विपत्ति
परिआउला।"
२० लेवीहरूलाई मोशा, हारून र
इस्राएलका जम्मै समुदायले त्यसै गरे। लेवी-
हरूका विषयमा परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएबमोजिम इस्राएलीहरूले तिनीहरूलाई
त्यसै गरे। २१ अनि लेवीहरूले आफू
आफूलाई शुद्ध गरेर आफ्नो लुगा धोए।
हारूनले तिनीहरूलाई डोलाउने बलिको निम्ति
परमप्रभुको सामने अर्पण गरे, र तिनले
तिनीहरूलाई शुद्ध पार्नलाई तिनीहरूको निम्ति
प्रायश्‍चित गरे। २२ त्यसपछि भेट हुने

पाल्मा हारून र तिनका छोराहरूका अधीनमा
आफ्ना आफ्ना सेवाको काम गर्नलाई
लेवीहरू भित्र गए। लेवीहरूका विषयमा
परमप्रभुले आज्ञा गर्नुभएझैं तिनीहरूले गरे।
२३ परमप्रभुले मोशालाई भन्नुभयो,
२४ "लेवीहरूले गर्नुपर्ने काम यही हो—
'पचीस वर्ष र त्यसभन्दा माथिकाहरू भेट
हुने पाल्मा काम गर्नलाई प्रवेश गरून्।
२५ पचास वर्ष पुगेपछि तिनीहरू काम
नगरून्, र कामबाट अवकाश पाऊन्, र
फेरि काम नगरून्। २६ तर काम-काज
कायम राख्नलाई आफ्ना दाज्यू-भाइलाई भेट
हुने पाल्मा सहायता गर्दैरहून्, तर सेवाको
काम चाहिं नगरून्। लेवीहरूका जिम्माको
कामको विषयमा तैंले यसै गर्नू'।"

निस्तार चाड

९ इस्राएलीहरू मिश्रबाट निस्की आएको
दोस्रो वर्षको पहिलो महीनामा
सीनैको वनमा परमप्रभुले मोशालाई
भन्नुभयो, २ "इस्राएलीहरूले तोकिएको
समयमा निस्तार चाड मानून्। ३ यसै
महीनाको चौधौं दिनमा साँझमा तोकिएको
समयमा तिमीहरूले यो मान्नू।
त्यसका सबै नियम र धार्मिक-विधिबमोजिम
तिमीहरूले मान्नू।" ४ तब तिनीहरूले
निस्तार चाड मान्नुपर्छ भनेर मोशाले
इस्राएलीहरूलाई बताइदिए। ५ तिनीहरूले
सीनैको वनमा पहिला महीनाको चौधौं
दिनको साँझमा निस्तार चाड माने।
परमप्रभुले मोशालाई दिनुभएका सबै
आज्ञाबमोजिम इस्राएलीहरूले गरे। ६ तर
मान्छेको लाश छोएर अशुद्ध भएका
कतिपय मानिसहरू थिए, जसले त्यस
दिन निस्तार चाड मान्नसकेका थिएनन्।
तिनीहरू त्यस दिन मोशा र हारूनका
सामने आए। ७ ती मानिसहरूले
तिनलाई भने, "मान्छेको लाश छोएर
हामी अशुद्ध भएका छौं। तोकिएका
समयमा हामीले इस्राएलीहरूका साथसाथै
परमप्रभुमा आफ्ना बलि किन चढाउन
नपाउनू?" ८ तब मोशाले तिनीहरूलाई
भने, "पर्ख, परमप्रभुले तिमीहरूका विषयमा
के आज्ञा गर्नुहुन्छ, म सुनूँ।"
९ तब परमप्रभुले मोशालाई भन्नुभयो,
१० "इस्राएलीहरूलाई यसो भन्, 'तिमीहरूका
परिवारमा मुर्दा छोएर अशुद्ध भएको छ, अथवा
टाढ़ा टाढ़ा परदेश गएको छ भने पनि त्यसले
परमप्रभुको निस्तार चाड मानोस्। ११ दोस्रो
महीनाको चौधौं दिन साँझमा तिनीहरूले यो
मानून्। तिनीहरूले अखमीरे रोटी र तीते-
साग पनि खाऊन्। १२ तिनीहरूले भोलिपल्ट
बिहानसम्म त्यसबाट एउटा पनि बाँकी
नराखून्। त्यसको कुनै हाड पनि नभाँचून्।
निस्तार चाडको सबै नियमअनुसार तिनी-
हरूले मानून्। १३ तर जो मान्छे
शुद्ध छ, र यात्रामा पनि छैन, त्यसले
निस्तार मानेन भनेता त्यो व्यक्ति
आफ्ना मानिसहरूबाट बहिष्कृत गरिओस्।
किनभने त्यसले तोकिएको समयमा परम-
प्रभुको निम्ति आफ्नो बलि चढ़ाएन।
त्यस मानिसले आफ्नो पाप भोगोस्।
१४ यदि तिमीहरूका बीचमा कुनै परदेशीले
प्रवास गरेको छ, र त्यसले परमप्रभुको
निम्ति निस्तार चाड मान्न खोज्छ भने,
त्यसले निस्तार चाडका नियम र धार्मिक-
विधिअनुसार त्यो मनाओस्। विदेशी र
स्वदेशीको निम्ति तिमीहरूको एउटै नियम
होस्'।"

छाउनी सर्दा बादलको अगुवाइ

१५ बासस्थान खड़ा गरेको दिन
बादलले बासस्थान र साक्षी-पाटीको पाल
लाई पनि ढाक्यो, र साँझ परेपछि
बासस्थानमाथि बिहानसम्मै आगोको जस्तो
रूप देखा पर्‍यो। १६ यो सधैं यस्तै

हुन्थ्यो—दिनमा बादलले ढाक्थ्यो, र राती
आगोजस्तो देखा पर्थ्यो। १७ जब जब
पालमाथिबाट बादल हट्थ्यो तब तब
इस्राएलीहरू प्रस्थान हुन्थे, र जुन ठाउँमा
बादल अडिन्थ्यो, त्यहींनै इस्राएलीहरूले
पाल टाँग्थे। १८ परमप्रभुको आज्ञामा
इस्राएलीहरू प्रस्थान गर्थे, र परमप्रभुकै
आज्ञामा तिनीहरूले पाल टाँग्थे। बास-
स्थानमाथि बादल रहुन्जेल तिनीहरू डेरा-
मानै बास बस्थे। १९ धेरै दिनसम्म
बादल बासस्थानमाथि रहिरह्यो भने इस्रा-
एलीहरू परमप्रभुको आज्ञा मानेर प्रस्थान
गर्दैनथिए। २० कहिलेकहीं बासस्थान-
माथि थोरै दिन बादल रहँदा परमप्रभुको
आज्ञाअनुसार तिनीहरू बास बस्थे, र परम-
प्रभुको आज्ञाअनुसार तिनीहरू प्रस्थान गर्थे।
२१ औ कहिलेकहीं साँझदेखि बिहानसम्मै
बादल रहन्थ्यो र बिहान बादल हटेपछि
तिनीहरू प्रस्थान गर्थे, अथवा दिनमा र
रातमा पनि रहिरह्यो भने, बादल उठ्ने
बित्तिकै तिनीहरू प्रस्थान गर्थे। २२ दुइ
दिन वा एक महीना अथवा एक वर्ष भए
पनि बासस्थानमाथि बादल रहुन्जेल इस्राएली-
हरू प्रस्थान गर्दैनथे, तर बादल हट्ने
बित्तिकै तिनीहरू प्रस्थान गर्थे। २३ परम-
प्रभुको आज्ञामा तिनीहरूले पाल टाँग्थे,
र परमप्रभुकै आज्ञामा तिनीहरू प्रस्थान
गर्थे। परमप्रभुले मोशाद्वारा जस्तो आज्ञा
गर्नुहुन्थ्यो, तिनीहरूले त्यही पालन गर्थे।

चाँदीका तुरहीहरूको प्रयोग

१० परमप्रभुले मोशालाई भन्नुभयो,
२ "दुइवटा चाँदीका तुरहीहरू बना।
ती पिटेर बनाएका होऊन्। समुदायलाई भेला
गराउँदा शिविर प्रस्थान गर्दा ती प्रयोग गर्नू।
३ जब तिनीहरूले ती फुक्छन्, तब सारा
समुदाय भेट हुने पालको ढोकामा तँकहाँ भेला
होऊन्। ४ तर तिनीहरूले एउटा मात्र फुके
भने, कुलनायक, अर्थात् इस्राएलीहरूका हजार
हजारका मुख्य मुख्यहरू तँकहाँ भेला होऊन्।
५ जब तिमीहरूले जनाउ-ध्वनि फुक्छौ तब
पूर्वपट्टि भएका शिविरकाहरू प्रस्थान गरून्।
६ जब तिमीहरूले दोस्रोपल्ट जनाउ-ध्वनि
फुक्छौ, तब दक्षिणपट्टिका शिविरकाहरू प्रस्थान
गरून्। तिनीहरूको प्रस्थानका बेलामा यसरीनै
जनाउ-ध्वनि तिनीहरूले फुकून्। ७ समुदाय
भेला गर्ने समयमा पनि फुक्नू, तर जनाउ-ध्वनि
होइन। ८ हारूनका छोराहरू पूजाहारीलेनै
तुरहीहरू फुक्ने गरून्। यो तिनीहरूका निम्ति
पुस्तौंसम्मलाई सधैंको विधि रहोस्। ९ आफ्नै
देशमा तिनीहरूमाथि थिचोमिचो गर्ने शत्रुका
विरुद्धमा तिनीहरू लडाइँ गर्न जाँदा तिमीहरूले
जनाउ-ध्वनिका तुरहीहरू फुक्नू। तब तिमी-
हरूका परमप्रभु परमेश्वरको सामने तिमीहरूको
सम्झना हुनेछ, र तिमीहरूका शत्रुहरूबाट
तिमीहरूको रक्षा हुनेछ। १० तिमीहरूको
हर्षको दिनमा, तोकिएका चाडहरूमा र
हरेक महीनाको शुरू शुरूमा र आफ्ना होम-
बलिहरू र मेलबलिका बलिदानहरूमा पनि
तिमीहरूले तुरही बजाउनू, र परमेश्वरको
सामने ती तिमीहरूका सम्झनाको निम्ति
होऊन्। म परमप्रभु, तिमीहरूका परमेश्वर
हुँ।"

सीनैबाट प्रस्थान

११ दोस्रो वर्षको दोस्रो महीनाको बीसौं
दिनमा साक्षी-पाटीको बासस्थानमाथिबाट
बादल हट्यो। १२ सीनैको वनबाट इस्राएली-
हरू आफ्नो आफ्नो हुद्दाअनुसार प्रस्थान गरे,
र पारानको वनमा बादल अडियो। १३ औ
मोशाद्वारा परमप्रभुले दिनुभएको आज्ञाअनुसार
तिनीहरूले आफ्नो प्रथम यात्रा शुरू गरे।
१४ पहिले, यहूदाको कुल आफ्नो झण्डा
उठाएर दलबलसहित अगि बढ्यो। दलको
अगाडि अम्मीनादाबको छोरो नहशोन थिए।
१५ इस्साकारको कुलको दलअगि सूआरको

छोरा नतनेल थिए। १६ जबूलूनका कुलको
दलअगि हेलोनको छोरो एलीआब थिए।

१७ अनि बासस्थान उठाइयो, र गेर्शोनका
छोराहरू र मरारीका छोराहरू बासस्थान
बोकेर अगि बढ़े। १८ रूबेनको कुल आफ्नो
झण्डा उठाएर दलबलसहित अगि बढ़्यो।
तिनको दलअगि शदेऊरको छोरो एलीसूर
थिए। १९ शिमोनको कुलको दलअगि
सूरीसद्दैको छोरो शलूमीएल थिए। २० औ
गादका कुलको दलअगि रूएलको छोरो
एल्यासाप थिए।

२१ तब कहातीहरू पवित्रस्थान बोकेर
अगि लागे, र तिनीहरू त्यहाँ पुगुन्जेल अरू-
अरूहरूले बासस्थान उभ्याइसकेका थिए।
२२ तब आफ्ना आफ्ना दलअनुसार एप्रैमको
छाउनीको झण्डा अगि लाग्यो। तिनको दल-
अगि अम्मीहूदको छोरो एलीशामा थिए।
२३ औ मनश्शेका कुलको दलअगि पदा-
सूरको छोरो गमलीएल थिए। २४ बिन्या-
मीनका कुलको दलअगि गिदोनीको छोरो
अबीदान थिए।

२५ त्यसपछि छाउनीको सबैभन्दा पछाड़ि
रहेको तिनीहरूको दलअनुसार दानको छाउनीको
झण्डा अगि बढ़्यो। तिनको दल अगि अम्मी-
शद्दैको छोरो अहीएजेर थिए। २६ आशेरको
कुलको दल अगि ओक्रानको छोरो पगीएल
थिए। २७ औ नप्तालीको कुलको दलअगि
एनानको छोरो अहीरा थिए। २८ आफ्ना
आफ्ना दलबलअनुसार इस्राएलीहरू यसरी
प्रस्थान गरे। तिनीहरू यसरीनै अगि बढ़े।

आफ्ना ससूरालाई मोशाको बिन्ती

२९ अनि मोशाले आफ्नो ससूरा मिद्यानी
रूएलको छोरो होबाबलाई भने, "परमप्रभुले
हामीलाई दिनेछु भन्नुभएको ठाउँमा हामी
जाँदैछौं। तपाईं पनि हामीसित आउनुहोस्,
हामी तपाईंलाई हितनै गर्नेछौं, किनभने
परमप्रभुले इस्राएलको बारेमा शुभ प्रतिज्ञा
गर्नुभएको छ।" ३० तर उनले तिनलाई
भने, "म ता जान्नँ। म आफ्नै देश र
आफ्नै कुटुम्बकहाँ फर्कनेछु।" ३१ अनि
मोशाले भने, "बिन्ती छ, हामीलाई नछोड़्नु-
होस्। तपाईंलाई थाहै छ, हामी वन वनमा
छाउनी गरेर हिंड़्नुपर्छ, औ तपाईं हाम्रा
निम्ति पथप्रदर्शकजस्तै हुनुहुनेछ। ३२ तपाईं
हामीसँग जानुभयो भने परमप्रभुले हामीलाई
जो भलाइ गर्नुहुनेछ हामी पनि तपाईंलाई
त्यसै गर्नेछौं।"

३३ अनि परमप्रभुको डाँड़ाबाट तिनीहरूले
तीन दिनको यात्रा गरे। औ परमप्रभुको
करारको सन्दूक बोक्नेहरू तिनीहरूका निम्ति
बास बस्ने ठाउँ खोज्न तीन दिनको यात्रा
गरी अगि अगि गए। ३४ तिनीहरू
छाउनीबाट हिंड़दा परमप्रभुको बादल दिउँसो
तिनीहरूमाथि रहन्थ्यो।

३५ औ जब सन्दूक अगि लगिन्थ्यो,
तब मोशाले यसो भन्थे, "हे परमप्रभु
उठ्नुहोस्, तपाईंका शत्रुहरू तितर-बितर
होऊन्। तपाईंलाई तिरस्कार गर्नेहरू तपाईंका
अगि अगि भागून्।" ३६ औ सन्दूकले
विश्राम गर्दा उनी यसो भन्थे, "हे परमप्रभु,
इस्राएलका हजारौं हजारकहाँ फर्केर आउनु-
होस्।"

तबेरामा इस्राएलको गनगन

११ अनि परमप्रभुको कानमा पुग्ने गरी
ती मानिसहरू गनगनाउनलागे। जब
परमप्रभुले यो सुन्नुभयो, तब उहाँको क्रोध
दन्क्यो, र परमप्रभुको अग्नि तिनीहरूका
बीचमा सल्केर छाउनीको पल्लोचाहिं भाग भस्म
पारिदियो। २ अनि मानिसहरू मोशाकहाँ
आएर विलाप गरे। तब मोशाले परमप्रभुलाई
प्रार्थना गरेपछि आगो निभ्यो। ३ औ त्यस
ठाउँको नाउँ तबेरा* राखियो, किनभने परमप्रभु-
को आगो तिनीहरूका बीचमा दन्केको थियो।

* जल्ने

४ अनि तिनीहरूसँग भएको एक मिश्रित
दल साह्रै लालची भयो, र इस्राएलीहरूले
पनि फेरि रोएर भन्नलागे, "हामीलाई कसले
मासु खान दिने ? ५ हामीले मिश्रदेशमा
सित्तैंमा खानपाएको माछा, काँक्रा, खरबुजा,
कन्दहरू, प्याज, लसून हामी सम्झन्छौं।
६ तर अबता हाम्रो बल शिथिल भइसक्यो।
यहाँ अरू कुरो पाइँदैन, यो मन्न छोड़ी अरू
केही देखिँदैन।" ७ मन्नचाहिं धनियाँको
आकारको थियो र हेर्दा मोतीजस्तै देखिन्थ्यो।
८ मानिसहरू गएर त्यो जम्मा गर्थे, जाँतोमा
पिँध्थे, वा ओखलीमा कुट्थे र भाँड़ामा
पकाएर फुलौरो बनाउँथे। त्यसको स्वाद ताजा
तेलको जस्तो थियो। ९ छाउनीमा राती
शीत झर्दा मन्न पनि सँगै झर्थ्यो।
१० तब आफ्ना आफ्नो पालको ढोकामा
उभिएर आफ्नो आफ्ना जहानसँग मानिसहरू
रोइरहेका मोशाले सुने। अनि परमप्रभु
ज्यादै क्रोधित हुनुभयो। मोशा पनि नाराज
भए।

बूढ़ा-प्रधानहरूको नियुक्ति

११ अनि मोशाले परमप्रभुलाई भने,
"तपाइं किन आफ्नो दासलाई दुःख दिनुहुन्छ ?
औ किन मैंले तपाइंको दृष्टिमा अनुग्रह पाइनँ,
र तपाइं मलाई यी सब मानिसहरूको भार
बोकाउनुहुन्छ ? १२ के यी मानिसहरूलाई
मैंले कोखमा राखेर जन्माएको हुँ ? के
तिनीहरूका पुर्खाहरूसँग शपथ खानुभएको
देशमा दूधे-बालकलाई बाबुले बोकेझैं मैंले
यिनीहरूलाई बोकेर लैजानैपर्ने हो ?
१३ यी सब मानिसले खाने मासु म
कहाँ पाऊँ ? किनभने 'हामीलाई मासु खान
देऊ' भनी तिनीहरू मकहाँ आएर रून्छन्।
१४ म एक्लै यी मानिसहरूको भार सहन-
सक्तिनँ किनभने यो भार मलाई साह्रै चर्को
छ। १५ तपाइं मसित यस्तै व्यवहार गर्नुहुन्छ
भने, र मैंले तपाइंको निगाह पाएको छु
भने, बिन्ती छ, बरू मलाई मारिदिनुहोस्,
र मैंले आफ्नो दुर्दशा हेर्न नपरोस्।"
१६ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"मानिसहरूमा तँलाई थाह भएका बूढ़ा-
प्रधान र अन्य अधिकारीहरू जम्मा सत्तरी
जना जम्मा गर्, औ तिनीहरूलाई भेट हुने
पालमा ले, र तिनीहरू त्यहाँ तेरो साथमा
उभिऊन्। १७ अनि म तल आएर त्यहाँ
तँसँग कुरा गर्नेछु। तँसँग भएको आत्मा
लिएर तिनीहरूमाथि पनि राखिदिनेछु। तिनी-
हरूले तँसँगसँगै ती मानिसहरूको भार
बोक्नेछन्, तँ एक्लैले बोक्नु नपरोस्।
१८ तैंले मानिसहरूलाई भन्, 'भोलिको
निम्ति तिमीहरू चोखिनू, र तिमीहरूले मासु
खानेछौ, किनकि तिमीहरू परमप्रभुको कानमा
यसो भनेर रोएका छौ, 'हामीलाई कसले
मासु खान दिने ? किनभने हामीलाई मिश्र
देशनै असल थियो।' अब परमप्रभुले तिमी-
हरूलाई मासु दिनुहुन्छ, र तिमीहरूले
खानेछौ। १९ तिमीहरूले दुइ चार या
दश बीस दिन मात्र होइन, २० तर नाक
लागेर वाक्क होउन्जेल महीनाभरि खानेछौ।
किनभने तिमीहरूले आफ्ना बीचमा हुनुहुने
परमप्रभुलाई अस्वीकार गरेर उहाँकै सामने
'हामी किन मिश्रबाट निस्केर आयौं नि ?'
भनी रोएका छौ'।" २१ अनि मोशाले
भने, "मसँग यस यात्रामा पैदल हिंड़ने मात्र
छ लाख छन्, तापनि महीनाभरि म तिनी-
हरूलाई मासु दिनेछु भनी तपाइं भन्नु-
हुन्छ ! २२ के यी सबै भेड़ा-बाख्राका
बगालहरू र गाई-वस्तुका बथानहरू मारेर यतिका
मान्छेलाई पुर्‍याउने ? अथवा समुद्रका सारा
माछाहरू पक्रेर पनि तिनीहरूलाई पुग्छ र ?"
२३ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"के परमप्रभुको शक्ति कम भएको छ र ?
अब मैंले तँलाई भनेको कुरा हुन आउँछ
कि आउँदैन त्यो तैंले देख्नेछस्।"
२४ अनि मोशाले बाहिर गएर परमप्रभुको
वचन मानिसहरूलाई सुनाइदिए। औ तिनले

बूढा-प्रधानहरूबाट सत्तरी जनालाई शिविरको
वरिपरि उभ्याए। २५ तब परमप्रभु बादलमा
तल आएर तिनीसित कुरा गर्नुभयो, र मोशाको
आत्मा लिएर ती सत्तरी जना बूढा-प्रधान-
हरूलाई पनि दिनुभयो। अनि तिनीहरूमाथि
आत्मा आएपछि तिनीहरूले अगमवाणी गरे।
तर पछिपछि ता तिनीहरूले त्यसो गरेनन्।

२६ तर त्यहाँ छाउनीमा एल्दाद र
मेदाद नाउँ भएका दुइ जना मानिस थिए।
तिनीहरूको नाउँ पनि दर्ता भएको थियो, तर
तिनीहरू पालमा भने गएका थिएनन् र
आत्मा तिनीहरूमाथि पनि आउँदा तिनीहरूले
छाउनीमानै अगमवाणी गरे। २७ तब एउटा
जवान मोशाकहाँ दौड़ेर गई भने, "एल्दाद
र मेदादले छाउनीमा अगमवाणी गर्दैछन्।"
२८ तिनका चुनिएकाहरूमध्ये एक जना,
मोशाका परिचारक नूनको छोरो यहोशूले भने,
"हजूर, तिनीहरूलाई रोक्नुहोस्।" २९ तर
मोशाले तिनलाई भने, "के मेरो खातिर तँ
डाह गर्नें भइस? परमप्रभुले आफ्ना आत्मा
मानिसमाथि राखिदिनुभएर सबै अगमवक्तानै
भइदिएता कति असल हुनेथियो।"
३० त्यसपछि मोशा र इस्राएलका बूढ़ा-
प्रधानहरू छाउनीमा फर्के।

किब्रोथ-हत्तावामा इस्राएलीहरूले बट्टै चरा खाएका

३१ अनि परमप्रभुले चलाउनुभएको
बतासले समुद्रबाट बट्टै चराहरू ल्यायो, औ
छाउनीका वरिपरि एक एक दिनको बाटोभरि
जमीनमा दुइ हात बाक्लो हुने गरी ती
बसे। ३२ तब मानिसहरूले त्यस दिनभरि
रातभरि र भोलिपल्ट दिनभरि ती समाते।
औ थोरैभन्दा थोरै बटुल्नेले पनि दश होमर
बटुले। तिनीहरूले आफ्ना निम्ति छाउनीका
चारैतिर ती फिँजाएर सुकाए।

३३ तर मासु तिनीहरूको दाँतैमा हुँदा
र त्यसलाई चपाउने नपाई परमप्रभुको क्रोध
ती मानिसहरूमाथि दन्क्यो, र परमप्रभुले ती
मानिसहरूलाई भयंकर विपत्तिले मार्नुभयो।
३४ तब त्यस ठाउँको नाउँ किब्रोथ-हत्तावा*
राखियो, किनभने लालच गर्ने मानिसहरूलाई
त्यहीँनै तिनीहरूले गाड़ेका थिए। ३५ किब्रोथ-
हत्तावाबाट हिँड़ेर मानिसहरू हसेरोततिर लागे,
र तिनीहरू हसेरोतमा बास बसे।

मोशामाथि हारून र मरियमको डाह

१२ एउटी कूशी स्त्रीलाई मोशाले विवाह
गरेका हुनाले मरियम र हारून
तिनको विरुद्धमा बोल्नलागे, (किनभने तिनले
कूशी स्वास्नी ल्याएका थिए।)

२ तब तिनीहरूले भने, "के परमप्रभु
केवल मोशासँग मात्र कुरा गर्नुभएको छ र?
के उहाँले हामीसित पनि कुरा गर्नुभएको
छैन र?" औ परमप्रभुले यो कुरा सुन्नुभयो।
३ मोशाचाहिँ पृथ्वीभरिमा सबैभन्दा विनम्र
व्यक्ति थिए। ४ तब परमप्रभुले तुरुन्तै मोशा,
हारून र मरियमलाई भन्नुभयो, "तिमीहरू
तीनै जना भेट हुने पालमा आओ।" औ
ती तीनै जना आए। ५ परमप्रभु
बादलको खामामा आई भेट हुने पालको
ढोकामा उभेर हारून र मरियमलाई बोलाउनु-
भयो। औ ती दुवै अगि आए। ६ तब
उहाँले भन्नुभयो, "अब मेरो कुरा सुन,
'तिमीहरूको बीचमा कुनै अगमवक्ता छ भने,
म त्यससँग दर्शनमा आफैलाई प्रकट गर्नेछु।
अथवा त्यससँग सपनामा कुरा गर्नेछु।
७ तर मेरो दास मोशासित ता म त्यसो
गर्दिनँ। उ ता मेरा सबै घरानामा विश्वासी
छ। ८ त्यससँग म गुप्त रीतिले, होइन तर
आमने सामने प्रष्ट बात गर्छु, र मेरो
स्वरूप त्यसले हेर्छ। यसैकारण मेरो दासको
विरुद्धमा, अर्थात् मोशाको विरुद्धमा बोल्न
तिमीहरू कसरी आँट गर्छौ?"

*लालचको चिहान

९ अनि तिनीहरूको विरुद्धमा परमप्रभुको
क्रोध दन्क्यो, र उहाँ त्यहाँबाट गइहाल्नुभयो।
१० तब पालमाथिबाट बादल हट्दा
मरियम कोर लागेर हिउँजस्तै सेतो
भइसकेकी थिइन्। औ हारूनले मरियमलाई
हेर्दा तिनी कोरी भइसकेकी थिइन्। ११ हारून-
ले मोशालाई भने, "हजूर, बिन्ती छ,
हामीले मूर्खता गरेर पाप गरेका छौं,
तर यसको दण्ड हामीले भोग्न नपरोस्।
१२ आमाको गर्भबाट निस्कँदै आधा कुहेर
मरिसकेको जस्तो यसलाई हुन नदिनुहोस्!"
१३ तब मोशाले यसो भनेर परमप्रभुमा
पुकारा गरे, "हे परमेश्वर, म आग्रहपूर्वक
बिन्ती गर्दछु, त्यसलाई निको पारिदिनुहोस्।"
१४ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"त्यसको बाबुले त्यसको मुखमा थुकिदिएको
भए, के त्यो सात दिनसम्म शरममा पर्ने
थिईन? त्यसलाई सात दिनसम्म छाउनी
बाहिरै थुनिराख, त्यसपछि मात्र त्यसलाई
भित्र ल्याउनू।" १५ तब मरियम सात
दिनसम्म छाउनी बाहिर थुनिइन्, र मरियम-
लाई भित्र नल्याउन्जेल मानिसहरू पनि
अगाडि बढ़ेनन्।

१६ अनि त्यसपछि हसेरोतबाट बढ़ेर
तिनीहरूले पारानको वनमा पाल टाँगे।

कनान देशमा भेद लिनेहरू

१३ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "कनान देशभित्र गुप्तचरहरू
पठा। त्यो देश म इस्राएलीहरूलाई दिनेछु।
आफ्नो आफ्नो बाबुपट्टिका कुलबाट एक
एक जना नायके पठा।"

३ परमप्रभुको आज्ञाअनुसार मोशाले
पारानको वनबाट तिनीहरूलाई पठाए। ती
सब इस्राएलीहरूका नायकेहरू थिए। ४ तिनी-
हरूका नाउँ यिनै हुन्—रूबेनको कुलमा
जक्कूरको छोरो शम्मू, ५ शिमोनको
कुलमा होरीको छोरो शाफात, ६ यहूदाको
कुलमा यपून्नेको छोरो कालेब, ७ इस्सा-
कारको कुलमा यूसुफको छोरो यिगाल,
८ एप्रैमको कुलमा नूनको छोरो होशे,
९ बिन्यामीनको कुलमा रफूको छोरो पल्ती,
१० जबूलूनको कुलमा सोदीको छोरो गद्दीएल,
११ यूसुफको कुलमा, अर्थात् मनश्शेको
कुलमा सूसीको छोरो गद्दी, १२ दानको
कुलमा गमल्लीको छोरो अम्मीएल, १३ आशेरको
कुलमा माइकलको छोरो सतूर, १४ नप्ताली-
को कुलमा वोफ्सीको छोरो नहबी,
१५ गादको कुलमा माकीको छोरो गूएल।
१६ मोशाले देशको भेद लिन पठाएका
मानिसहरूका नाउँ यिनै हुन्। औ नूनको
छोरो होशेको नाउँ मोशाले यहोशू राखे।

१७ मोशाले तिनीहरूलाई कनान देशको
भेद लिन पठाएर तिनीहरूलाई भने, "यो
बाटो दक्षिण लागेर पहाड़ हुँदो जाओ,
१८ र देश कस्तो छ, त्यहाँ बस्ने मानिसहरू
बलिया छन् कि निर्धा छन्, धेरै छन् कि
थोरै छन्। १९ तिनीहरू बसेको देश असल
कि खराब कस्तो छ, र तिनीहरू छाउनीमा
कि किल्लामा कस्ता शहरमा बस्ता रहेछन्।
२० देश कस्तो छ, मलिलो कि रूखो,
त्यहाँ जङ्गल छ कि छैन, सो हेर। साहस
गर, र त्यहाँको फल्फूल ल्याओ।" त्यस
बेला प्रथम दाख पाक्ने ऋतु थियो।
२१ यसैले तिनीहरू उक्लेर गई सीनको
वनबाट रहोब, अर्थात् हमात पस्ने गौँढ़ासम्म
त्यस देशको भेद लिए। २२ अनि तिनीहरू
दक्षिणतिरबाट उक्लेर हेब्रोनसम्म पुगे।
अनाकका वंश अहीमन, शैशै र तल्मै त्यहाँ
बस्थे हेब्रोनचाहिं मिश्रको सोअन शहरभन्दा
सात वर्ष पहिले निर्माण भएको थियो।
२३ त्यसपछि तिनीहरू एश्कोलको बँसीमा
आए, र त्यहाँबाट एक झुप्पा दाख हाँगाको
काटेर एउटा घोँचामा हाली दुइ जनाले
बोकेर ल्याए। तिनीहरूले अनार र नेभारा
(अंजीर) पनि ल्याए। २४ इस्राएलीहरूले
त्यहाँबाट त्यो झुप्पा काटेको हुनाले त्यस

ठाउँको नाउँ एश्कोल्को बेँसी राखिएको हो।
२५ चालीस दिनको अन्तमा त्यस देशको
भेद लिएर तिनीहरू फर्के। २६ अनि तिनीहरू
फर्केर पारानको कादेशमा, मोशा, हारून र
इस्राएलीका सारा समुदायकहाँ आए, र सारा
समुदायलाई सम्पूर्ण वृतान्त बताइदिए, र
तिनीहरूलाई त्यस देशका फल-फलार देखाए।
२७ तिनीहरूले मोशालाई यसो भने,
"तपाइंले पठाउनुभएको ठाउँमा हामी पुग्यौं।
साँच्चिनै त्यहाँ दूध र मह बग्दो रहेछ, औ
त्यसको फल-फलार यही हो। २८ तर
त्यहाँ बस्ने मानिसहरू बलिया रहेछन् र शहर-
हरू पर्खालले घेरिएका र ज्यादै ठूला ठूला
रहेछन्। त्यसबाहेक हामीले त्यहाँ अनाकका
वंश पनि देख्यौं। २९ दक्षिणमा अमालेकी-
हरू, र पहाड हुँदो हित्ती, यबूसी एमोरीहरू र
कनानीहरूचाहिं समुद्रको नजीक र यर्दन नदीका
किनारमा बस्ता रहेछन्।"
३० अनि कालेबले मोशाको सामने ती
मानिसहरूलाई शान्त गराएर भने, "हामी
तुरुन्त त्यहाँ गएर त्यो देश कब्जा गरौं,
किनभने त्यो हामी सहजै जित्न सक्छौं।"
३१ तर तिनीसँग जाने मानिसहरूले भने,
"ती मानिसहरूका विरुद्ध जान हामी सक्नेछैनौं,
किनकि ती हामीभन्दा बलिया छन्।"
३२ भेद लिन गएको मुलुकबाट यस्तो नराम्रो
खबर ल्याएर तिनीहरूले इस्राएलीहरूलाई सुनाए
'हामीले भेद लिएर आएको देशले ता
आफ्नै बासिन्दाहरूलाई निलिहाल्दो रहेछ,
र हामीले त्यहाँ देखेका मानिसहरू दैत्याकार
रहेछन्। ३३ त्यहाँ हामीले अनाकका सन्तान,
नपीलीहरूलाई देख्यौं। तिनीहरूका सामने ता
हामी आफैलाई फट्यांग्राजस्तै लाग्यो। तिनी-
हरूका नजरमा हामीहरू त्यस्तै देखिन्थ्यौं।"

इस्राएलीहरूको निराशा

१४ तब सारा समुदाय कराई कराई
रोए। तिनीहरू त्यस रातभरि
रोए। २ औ सबै इस्राएलीहरू मोशा
र हारूनका विरुद्धमा गनगनाए, र सारा
समुदायले तिनीहरूलाई भने, "हामी मिश्र
देशमानै मरेका भए असल हुनेथियो!
अथवा यस वनमा मरेका भए पनि
असल हुनेथियो! ३ किन परमेश्वरले
हामीलाई तरवारले मर्नलाई यस ठाउँमा ल्याउनु-
हुन्छ? हाम्रा जहान बाल-बच्चा लुटिनेछन्।
अब मिश्र देशमानै फर्कन हामीलाई उचित
होइन र?"
४ अनि तिनीहरूले आपसमा भने,
"हामी एउटा कप्तान बनाएर मिश्र देश
फर्कौं।" ५ मोशा र हारून इस्राएली
समुदायका सिङ्गै सभाका सामने घोप्टो परे।
६ तब देशको भेद ल्याउन गएकाहरूमध्येका
नूनको छोरो यहोशू र यपून्नेको छोरो कालेबले
आफ्ना आफ्ना लुगा च्याते, ७ र इस्राएली-
हरूका सारा समुदायलाई तिनीहरूले भने,
"हामी भेद लिन गएका देश अत्यन्तै असल
देश छ। ८ यदि परमप्रभु हामीसित प्रसन्न
हुनुहुन्छ भने, उहाँले हामीलाई त्यस देशमा
ल्याउनुहुनेछ, र त्यो दूध र मह बहने
देश हामीलाई दिनुहुनेछ। ९ केवल
परमप्रभुको विरुद्धमा खड़ा नहोओ।
त्यस देशका मानिसहरूसित न डराओ,
किनकि तिनीहरू ता हाम्रा शिकार हुन्।
तिनीहरूको सुरक्षा तिनीहरूबाट हटिसकेको
छ। परमप्रभु हामीतर्फ हुनुहुन्छ, तिनीहरूसित
नडराओ।" १० तर सारा समुदायले
तिनीहरूलाई ढुंग्याउनुपर्छ भनी मतो गरे।
त्यसबेला परमप्रभुको महिमा भेट हुने
पालमा सबै इस्राएलीहरूकहाँ देखा पर्‍यो।

इस्राएलीहरूको सजाय

११ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"यी मानिसहरूले मलाई कतिसम्म तिरस्कार
गरिरहन्छन्? यिनीहरूका बीचमा मैले गरेका
चिह्नहरू देखेर पनि यिनीहरूले कतिसम्म ममाथि

अविश्वास गर्छन्? १२ तिनीहरूलाई म
रूढ़ीले मार्नेछु, र तिनीहरूका अधिकार खोसेर
तँबाटै तिनीहरूभन्दा ठूलो र शक्तिशाली जाति
बनाउनेछु।"
१३ तर मोशाले परमप्रभुलाई भने,
"मिश्रीहरूले यो सुने भने के भन्लान्?
तिनीहरूका बीचबाट आफ्नो शक्ति देखाएर
तपाईंलेनै यिनीहरूलाई ल्याउनुभएको हो।
१४ यस देशका बासिन्दाहरूलाई मिश्रीहरूले
यो कुरा बताउनेछन्। तपाईं परमप्रभु हाम्रा
बीचमा हुनुहुन्छ भन्ने कुरो तिनीहरूले सुनि-
संकेका छन्, किनभने तपाईं आमने सामनेनै
हुनुहुन्छ, र तपाईंको बादल हामीहरूमाथि
खड़ा हुन्छ र दिनमा बादलको खामा र रातमा
आगोको खामा भएर तपाईं हामीहरूका अगि-
अगि जानुहुन्छ। १५ अब तपाईंले यस
जातिलाई एउटा मानिसजस्तै गरी मारि-
दिनुहुन्छ भनेता तपाईंको कीर्ति सुन्ने
जातिहरूले यसो भनेर कुरा गर्नेछन्,
१६ 'परमप्रभुले ती मानिसहरूलाई दिन्छु भनी
शपथ खानुभएको देशमा ल्याउनसक्नुभएन,
यसैकारण तिनीहरूलाई वनमा मारिदिनुभयो'।"
१७ यसैले परमप्रभु अब बिन्ती छ, आफ्नो
प्रतिज्ञाअनुसार आफ्नो महा महिमा प्रकट
गर्नुहोस्, कारण तपाईंलेनै भन्नुभएको
छ १८ 'परमप्रभु रीस गर्नमा धीरजी र
अति करुणामय, अधर्म र अपराध क्षमा
गर्नुहुने, तर दोषीलाई कुनै रीतिले निर्दोष
नठहराउनुहुने, पिता पुर्खाको अधर्मको सजाय
तिनीहरूका तेस्रो र चौथो पुस्ताहरूसम्म पनि
दिने हुनुहुन्छ।' १९ बिन्ती छ, तपाईंको
महान् करुणाअनुसार र मिश्रदेशदेखि अहिले-
सम्म क्षमा गरिरहनुभएझैं यी मानिसहरूको
अधर्म क्षमा गर्नुहोस्।"
२० तब परमप्रभुले भनुभयो, "तैंले भने
बमोजिमनै मैंले क्षमा गरिदिएको छु।
२१ जस्तो म जीवित छु र जसरी मेरो
महिमाले पृथ्वी भरिएको छ (त्यसरी म प्रण
गर्छु) २२ कि मिश्र र वनमा मेरो महिमा
र आश्चर्यकर्महरू देखेर पनि दशपल्ट मेरो
जाँच गर्ने यी सारा मानिसहरूले २३ तिनी-
हरूको पुर्खाहरूलाई भनेको प्रतिज्ञाको देश
देख्नेछैनन्। औ मलाई तिरष्कार गर्नेले
पनि त्यो देख्नेछैन। २४ तर मेरो दास
कालेबमा अर्कै आत्मा छ, र त्यसले पूरै
रीतिले मेरो अनुसरण गरेको छ। यसकारण
त्यो पसेर आएको देशमा म त्यसलाई लैजानेछु
र त्यसको सन्तानले त्यो अधिकार गर्नेछ।
२५ अमालेकी र कनानीहरू त्यस बेंसीमा
बसेको हुनाले भोलिनै तिमीहरू फर्क र
लाल समुद्रको बाटो भएर वनतिर जाओ।"
२६ परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, २७ "मेरो विरुद्धमा गनगनाउने
यस दुष्ट समुदायलाई मैंले कतिसम्म सहने?
तिनीहरूले मेरो विरुद्धमा गनगनाएका मैंले
सुनेको छु। २८ तिनीहरूलाई भनिदेओ,
'जस्तो म जीवित छु' भनी परमप्रभु प्रण
गर्नुहुन्छ, मैंले सुन्नेगरी तिमीहरूले जे जे
भनेका थियौ, निश्चय म त्यहीनै गर्नेछु।
२९-३० तिमीहरूका लाश यही वनमा
छोड़िनेछन्, औ यपून्नेको छोरो कालेब र
नूनको छोरो यहोशूबाहेक गणना भएका र
मेरो विरुद्धमा गनगनाउने बीस वर्षदेखि उँभोका
कोही पनि त्यो प्रतिज्ञाको देशमा जान पाउने
छैन। ३१ 'लड़ाइँमा सखाप हुन्छन्' भनी
तिमीहरूले भनेका तिमीहरूका छोरा-छोरी-
हरूलाई चाहिं म त्यहाँ पुऱ्याउनेछु, र
तिमीहरूले अवहेल्ना गरेको ठाउँ तिनीहरूले
प्राप्त गर्नेछन्। ३२ तर यही वनमा तिमी-
हरूका लाश चाहिं छोड़िनेछन्। ३३ तिमीहरू
मध्येका अन्तिम मानिसको मृत्यु नभएसम्म
तिमीहरूका पाप भोग्दै चालीस वर्षसम्म
फिरन्ता भएर वनमा डुल्नेछौ। ३४ तिमीहरूले
त्यस देशको भेद लिन चालीस दिन बिताएका
थियौ, यसकारण दिनको एक वर्ष गरी चालीस
वर्षसम्म तिमीहरूले आफ्नो अधर्मको फल
भोग्दै रहनेछौ, र म नाराज भएको तिमी-
हरूले थाह पाउनेछौ। ३५ यो बोल्ने म

परमप्रभु हुँ, मेरो विरुद्ध भेला हुने यस
दुष्ट समुदायलाई म यसै गर्नेछु। यसै वनमा
तिनीहरू मरेर मेटिजानेछन्।"
३६-३७ मोशाले भेद लिन पठाउँदा
आएर खराब समाचार दिने मानिसहरू
परमप्रभुको सामने रूढ़ीले मरे, किनभने
तिनीहरूले अशुभ खबर ल्याएर जम्मै समुदाय-
लाई मोशाको विरुद्धमा बोल्नलाएका थिए।
३८ तर देशको भेद लिनजाने मानिसहरू
मध्ये नूनको छोरो यहोशू र यपून्नेको छोरो
कालेबचाहिँ जीवित रहे।
३९ जब मोशाले सबै इस्राएलीहरूलाई
यी कुरा बताइदिए तब मानिसहरू ज्यादै
बिलौना गर्नलागे।

इस्राएलीहरूको भागाभाग

४० त्यसपछि तिनीहरू बिहान सबेरै
उठेर यसो भन्दै पहाड़को टाकुरामा उक्लन
लागे, "हेर, हामीहरू यहाँबाट अब परम-
प्रभुले प्रतिज्ञा गर्नुभएको ठाउँमा उक्लिजाऔं,
किनकि हामीले ता पाप गरेछौं।" ४१ तब
मोशाले भने, "अब यो सब असफल हुन्छ
भनेर जान्दा जान्दै पनि किन परमप्रभुको
आज्ञा उलङ्घन गर्छौ? ४२ नउक्ल, नत्रता
शत्रुहरूले तिमीहरूलाई मार्नेछन्। परमप्रभु
तिमीहरूका बीचमा हुनुहुन्न। ४३ त्यहाँ
तिमीहरूले अमालेकीहरू र कनानीहरूलाई सामना
गर्नुपर्नेछ, र तिनीहरूका तरवारद्धारा तिमीहरू
मर्नेछौ। तिमीहरू परमप्रभुको पछि लाग्न
छोड़यौ। यसकारण परमप्रभु तिमीहरूका साथमा
हुनुहुनेछैन।" ४४ तर कुरै नसुनी तिनीहरू
पहाड़को टाकुरातिर बढ़े। तापनि परमप्रभुको
करारको सन्दूक र मोशाचाहिँ छाउनीबाट
निस्केनन्। ४५ तब त्यस पहाड़मा बस्ने
अमालेकी र कनानीहरू तल ओर्लेर तिनीहरूलाई
होर्मासम्मै मार्दै र खेद्दै ल्याए।

विभिन्न नियमहरू

१५ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई यसो भन्,
'मैले तिमीहरूलाई दिने देशमा जब तिमीहरू
पुग्छौ, ३ र परमप्रभुलाई जब गाई-वस्तु
कि भेड़ा बाख्राबाट तिमीहरूले आगोद्वारा
होमबलि वा भाकलको बलि वा राजीखुशीको
बलि वा तोकिएको चाड़हरूको बलि परमप्रभु-
लाई मीठो बासना स्वरूप चढ़ाउँछौ,
४ तब बलि चढ़ाउनेले हीनको एक चौथाइ
तेलले मुछेको एपाको दशौं हिस्सा मसिनो
पीठोको अन्नबलि परमप्रभुलाई चढ़ाओस्।
५ होमबलिको साथमा अर्घबलिको निम्ति
हीनको एक चौथाइ दाखमद्य पनि हरेक
थुमाको बलिदानको निम्ति तैंले तयार गर्नू,
६ अथवा भेड़ासँग चाहिँ हीनको तीन
खण्डको एक खण्ड तेलमा एपाको दश खण्डको
दुइ खण्ड मसिनो पीठो मुछेको अन्नबलि तैंले
तयार गर्नू। ७ अर्घबलिको निम्ति हीनको
तीन खण्डको एक खण्ड दाखमद्य परमप्रभुको
निम्ति मीठो बास्ना स्वरूप तैंले चढ़ाउनू।
८ भाकल पूरा गर्न अथवा मेलबलिको
लागि तैंले होमबलि वा बलिदानको साँढ़े
तयार पारिस् भने, ९ त्यस साँढ़ेको साथ
आधा हीन तेलमा एपाको दश खण्डको तीन
खण्ड मसिनो पीठो मुछेको अन्नबलि पनि
चढ़ाउनू। १० औ अर्घबलिको निम्ति आधा
हीन दाखमद्य परमप्रभुको निम्ति मीठो बास्ना
हुनलाई आगोको बलि तैंले चढ़ाउनू।
११ हरेक साँढ़े वा बोका, थुमा अथवा
पाठाको निम्ति तैंले यसै गर्नू। १२ जतिवटा
तिमीहरूले चढ़ाउँछौ, त्यसको गन्तीअनुसार
प्रत्येकलाई त्यसै गर्नू। १३ स्वदेशीहरूले
परमप्रभुको निम्ति मीठो बास्ना आउने बलि
आगोद्वारा चढ़ाउँदा सबैले यही रीतिबमोजिम
गरून्। १४ तिमीहरूसित प्रवास गर्ने परदेशी
अथवा सारा पुस्तामा तिमीहरूसँग बस्ने
मानिसले परमप्रभुको निम्ति मीठो बासना

आउने बलि आगोद्वारा चढ़ाउने इच्छा गर्छ
भने, त्यसले पनि तिमीहरूले जस्तै गरोस्।
१५ समुदायको निम्ति, तिमीहरूका निम्ति र
तिमीहरूसित प्रवास गर्ने परदेशीको निम्ति
तिमीहरूका पुस्तौंसम्म एउटै नियम होस्।
परदेशी पनि परमप्रभुको सामने तिमीहरू-
जस्तै होस्। १६ तिमीहरू र तिमीहरूसँग
प्रवास गर्ने परदेशीको निम्ति एउटै व्यवस्था
र एउटै धार्मिक-विधि होस्'।"
१७ परमप्रभुले मोशालाई भन्नुभयो,
१८ "इस्राएलीहरूलाई भन्, 'जब तिमीहरू
मैले तिमीहरूलाई लैजाने देशमा पुग्छौ,
१९ तब तिमीहरूले त्यस देशको अन्न खाँदा
परमप्रभुको निम्ति डोलाउने बलि चढ़ाउनू।
२० आफ्नो पहिलो पीठोको फुलौरा तिमी-
हरूले यसरी चढ़ाउनू—खलाबाट ल्याएको
डोलाउने बलिमा जस्तो गर्छौ त्यसरी यो पनि
डोलाउनू। २१ तिमीहरूका पुस्तौंसम्म तिमी-
हरूले मुछेको पहिलो पीठोबाट डोलाउने बलि
स्वरूप परमप्रभुको निम्ति अर्पण गर्नू।
२२ अनि जब तिमीहरूले भूल गरेर
परमप्रभुले मोशालाई दिनुभएका यी सबै
आज्ञाहरू पालन गरेनौ, २३ अर्थात् तिमी-
हरूका सारा सन्तानलाई प्रथम दिनदेखि
अहिलेसम्म परमप्रभुले मोशाद्वारा दिनुभएका
सबै आज्ञाहरू पालन गरेनौ भने २४ समुदायले
थाह नपाई भूलले त्यो काम गरेको रहेछ
भने, सारा समुदायले परमप्रभुको निम्ति
मीठो बासना स्वरूप होमबलिको निम्ति एउटा
बाछा, त्यसको अन्नबलि र अर्घबलिको साथमा
धर्म-विधिअनुसार चढ़ाओस्, र पापबलिको
निम्ति एउटा बोका पनि चढ़ाओस्।
२५ त्यसपछि पूजाहारीले इस्राएलीहरूका जम्मै
समुदायको निम्ति प्रायश्चित गरोस्, र तिनी-
हरूलाई क्षमा हुनेछ। किनभने त्यो भूल
भएको थियो, र तिनीहरूले परमप्रभुको निम्ति
आगोद्वारा बलि चढ़ाएर परमप्रभुको सामने
आफ्नो भूलको लागि तिनीहरूले पापबलि
चढ़ाए। २६ यसरी इस्राएलीहरूका सारा
समुदाय र प्रवासलाई पनि क्षमा गरिनेछ,
किनभने सबै मानिसहरू अजानमानै यस भूलमा
परेका थिए।
२७ यदि कुनै मानिसले अजानमा पाप
गर्‍यो भने त्यसले एक वर्षको एउटा पाठी
चढ़ाओस्। २८ अजानमा पाप गर्ने त्यस
व्यक्तिको प्रायश्चितको निम्ति पूजाहारीले
परमप्रभुको सामने प्रायश्चित गरोस्, र
त्यसलाई क्षमा हुनेछ। २९ अजानमा पाप
गर्ने इस्राएली वा तिमीहरूसँग बस्ने प्रवासीको
एउटै व्यवस्था होस्।
३० तर स्वदेशी वा परदेशी कुनै व्यक्तिले
केही वास्तै नगरी परमप्रभुलाई तिरस्कार गर्‍यो
भने, त्यो व्यक्ति आफ्ना मानिसहरूबाट बहिष्कृत
होस्। ३१ किनभने त्यसले परमप्रभुको
वचनलाई तिरस्कार गर्‍यो र आज्ञा भङ्ग गर्‍यो।
त्यो व्यक्ति बिलकुलै नाश गरिओस्। त्यसले
आफ्नो अधर्मको फल भोगोस्।
३२ इस्राएलीहरू वनमा हुँदा तिनी-
हरूले एउटा मानिसलाई विश्राम-दिनमा
दाउरा बटुल्दिरहेको फेला पारे। ३३ दाउरा
बटुल्नेलाई तिनीहरूले मोशा, हारून र सारा
समुदायकहाँ ल्याए। ३४ त्यसलाई गर्नुपर्ने
कारवाही थाह नभएकोले तिनीहरूले त्यसलाई
थुनामा राखे। ३५ अनि परमप्रभुले मोशालाई
भन्नुभयो, "त्यो मानिस मारिनैपर्छ। सारा
समुदायले त्यसलाई छाउनी बाहिर ढुङ्गा हानेर
मारून्।" ३६ तब परमप्रभुले मोशालाई
आज्ञा गर्नुभएझैं सारा समुदायले त्यसलाई
छाउनीबाहिर ल्याए, र त्यो मारियो।
३७ फेरि परमप्रभुले मोशालाई यसो
भन्नुभयो, ३८ "इस्राएलीहरूलाई यसो भनेर
आज्ञा दे, 'तिनीहरूले आफ्ना सबै पुस्तौंभरि
लुगाको किनारमा नीलो संजाप लगाएको झुम्का
हालून्। ३९ त्यस झुम्कालाई हेर्दा परम-
प्रभुका आज्ञाहरू र ती आज्ञा पालन
गर्न तिमीहरूलाई सम्झना होस्। आफ्नो
मनको इच्छा र लालसामा लागेर पथभ्रष्ट
नहोओ। ४० तिमीहरूले मेरा सबै आज्ञा

पाल्नको सम्झना राखेर आफ्ना परमेश्वरको
निम्ति पवित्र होओ। ४१ तिमीहरूका परमेश्वर
हुनलाई तिमीहरूलाई मिश्रबाट ल्याउने तिमी-
हरूका परमप्रभु, म परमेश्वर हुँ। तिमीहरूका
परमेश्वर मनै हुँ'।"

कोरह, दातान र अबीरामको विरोध

१६ अब लेवीको छोरो कहातका नाति
यिसहारको छोरो कोरहले रूबेन
कुलका एलीआबका छोराहरू दातान र
अबीराम, औ पेलेतको छोरो ओनका
साथमा मानिसहरू लिए। २ औ तिनीहरू
इस्राएलीहरूका केही मानिसहरू, अर्थात्
सभामा बोलाइएका समुदायमा नाउँ चलेका
दुइ सय पचास नेताहरूसित मोशाको
सामने खड़ा भए। ३ औ तिनीहरू
मोशा र हारूनका विरुद्धमा जम्मा भई
उनीहरूलाई भने, "समुदायका हरेकनै पवित्र
छन्, र परमप्रभु तिनीहरूका बीचमा हुनुहुन्छ,
तपनि तपाइंहरू किन आफूलाई उच्च
तुल्याउनुहुन्छ, ?" ४ यो कुरा सुन्ने
बित्तिकै मोशा घोप्टो परे। ५ अनि
तिनले कोरह र त्यसका सब दललाई
यसो भने, "भोलि बिहान को को उहाँका
हुन्, को पवित्र छ, र कसलाई उहाँले
आफ्नो नजीक आउनदिनुहुन्छ, परमप्रभुलेनै
देखाइदिनुहुन्छ, अर्थात् जस जसलाई उहाँले
चुन्नुहुन्छ, त्यसलाई आफ्नो नजीक आउन-
दिनुहुन्छ। ६ ए कोरह, यसो गर्, "तँ
र तेरा सबै दलले धूपौरा ले। ७ भोलि
परमप्रभुको सामने तिनमा आगो राखेर
तिनीहरूले धूप हाल्नू। जसलाई परम-
प्रभुले चुन्नुहुन्छ, त्यही पवित्र हुनेछ। हे
लेवीका सन्तान हो, तिमीहरू खूब शेखी
गर्छौ'!" ८ तब मोशाले कोरहलाई भने,
"ए लेवीका सन्तान हो सुन, ९ इस्राएलका
परमेश्वरले उहाँका नजीकै ल्याएर इस्राएलका
समुदायबाट तिमीहरूलाईनै चुन्नुभएको के
तिमीहरूले ठट्टा सम्झेका छौ? १० उहाँले
तँसँगै तेरा दाज्यू-भाइ लेवीका सन्तानलाई
नजीक ल्याउनुभएको छ। अब के तिमीहरू
पूजाहारी पद पनि खोज्छौ? ११ यसैकारण
तेरा साथीहरूसहित तँ परमप्रभुको विरुद्धमा
भेला भएको छस्? हारूनचाहिं को हो,
र तिमीहरू तिनको विरुद्धमा गनगनाउँछौ?"
१२ अनि मोशाले एलीआबका छोराहरू,
दातान र अबीरामलाई बोलाउनपठाए।
तर तिनीहरूले भने, "हामी आउँदैनौं।
१३ हामीहरूलाई दूध र मह बग्ने
देशबाट वनमा मर्न ल्याउनुभयो। के यो सानो
कुरा हो? फेरि तपाइं हामीमाथि नेता
पनि बन्न खोज्नुहुन्छ? १४ फेरि तपाइंले
हामीलाई नता दूध र मह बग्ने देशमै
ल्याउनुभयो, न हामीलाई खेत र दाख-
बारीहरूको अधिकार दिनुभयो। के तपाइं
यी मानिसहरू सबैका आँखामा धूलो
हाल्न चाहनुहुन्छ? हामी पटक्कै आउँदैनौं।"
१५ तब मोशाले ज्यादै रिसाएर परमप्रभु
लाई भने, "तिनीहरूका बलि ग्रहण नगर्नु-
होस्। मैले तिनीहरूको एउटा गधासम्म
पनि लिएको छैनँ। तिनीहरू कसैको हानि
पनि गरेको छैनँ।" १६ अनि मोशाले
कोरहलाई भने, "तँ र तेरा सबै दल,
र हारून, पनि भोलि परमप्रभुको सामने
आओ। १७ तिमीहरू हरेकले आफ्नो आफ्नो
धूपौरो लिएर त्यसमा धूप हाल, र
हरेकले आफ्नो आफ्नो धूपौरो, अर्थात्
दुइ सय पचास धूपौरा परमप्रभुको
सामने ल्याओ। हारून र तैंले पनि आफ्नो
आफ्नो धूपौरो ल्याउनू।" १८ तब
तिनीहरू हरेकले आफ्नो आफ्नो धूपौरो
लिएर तिनमा आगो सल्काएर धूप हाले। औ
मोशा र हारूनका साथमा भेट हुने पालको
ढोकामा खड़ा भए। १९ त्यसपछि कोरहले
सारा समुदायलाई उनीहरूका विरुद्धमा भेट
हुने पालको ढोकामा जम्मा गरे। तब परम-
प्रभुको महिमा सिङ्गै समुदायकहाँ देखा पर्‍यो।

२० अनि परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, २१ "यस समुदायबाट तिमीहरू
अलग होओ, र म एक पलमा यिनीहरूलाई
भस्म पार्नेछु।" २२ तब घोप्टो परेर
तिनीहरूले भने, "हे परमेश्वर, सारा जीव-
धारीका आत्माका परमेश्वर, एक जना
मानिसले पाप गरेकोमा के तपाईं सारा
समुदायसित क्रोधित हुनुहुन्छ?" २३ अनि
परमप्रभुले मोशालाई भन्नुभयो, २४ "यस
समुदायलाई यसो भन्, 'कोरह, दातान र
अबीरामका पालको छेउ-छाउबाट पर हट'।"
२५ तब मोशा उठेर कोरह, दातान
र अबीरामका पालमा गए, औ इस्राएलका
बूढ़ा-प्रधानहरू पनि तिनका पछि लागे।
२६ अनि समुदायलाई तिनले भने, "कृपा-
गरी यी दुष्ट मानिसहरूका पालबाट दूर
हट, र तिनीहरूका केही कुरा पनि नछोओ,
नत्रता यिनीहरूका सब पापमा तिमीहरू पनि
भस्म हुनेछौ।" २७ यसैले कोरह, दातान
र अबीरामका पालका छेउछाउबाट तिनीहरू
निस्के। दातान र अबीराम पनि तिनीहरूका
जहान र बाल-बच्चाका साथमा आफ्ना आफ्ना
पालका ढोकामा उभिए। २८ अनि मोशाले
भने, "यसबाट तिमीहरूले थाह पाउनेछौ,
कि यी सबै काम गर्नलाई परमप्रभुले मलाई
पठाउनुभएको हो, किनकि मैले यी आफ्नै
राजी-खुशीले गरेको होइनँ। २९ यदि यी
मानिसहरू पनि सबै अन्य मानिसझैं स्वाभाविक
मृत्युले मरे भने परमप्रभुले मलाई
पठाउनुभएको होइन। ३० तर यदि परम-
प्रभुले अनौठो काम गर्नुभयो र धरती फाटेर
यिनीहरूका सबै थोक साथै यिनीहरू जिउँदै
पातालमा पुरिए भने यी मानिसहरूले परम-
प्रभुलाई तुच्छ ठानेकाले रहेछन् भनी तिमीहरूले
थाह पाउनेछौ।"
३१ तिनले यी सबै कुरा भनी सकेका
मात्र थिए तिनीहरूमुनिको धरती फाट्यो।
३२ औ धरतीले आफ्नो मुख बाएर तिनीहरू
र तिनीहरूका घरानाहरू—कोरहतर्फका सबै
मानिसहरू—तिनका मालताल समेतलाई निलि
हाल्यो। ३३ आफ्नो सबै कुरासमेत
तिनीहरू जिउँदै पातालमा पुरिए। धरती
तिनीहरूमाथि बन्द भयो, र समुदायको बीचबाट
तिनीहरू निमिट्यान्न भए। ३४ तिनीहरू
चिच्याएको सुनेर वरिपरिका सबै इस्राएलीहरूले
भाग्दै यसो भन्नलागे, "हामीलाई पनि
धरतीले अब निल्छ होला।" ३५ अनि
परमप्रभुकहाँबाट आगो निस्केर धूप चढ़ाउने
ती दुइ सय पचास जनालाई भस्म पार्‍यो।
३६ तब परमप्रभुले मोशालाई भन्नुभयो,
३७ "हारून पूजाहारीको छोरो एलाजारलाई
भन्, "जलिरहेको ज्वालाबाट त्यसले धूपौराहरू
निकालोस्, र तैंलेचाहिं आगो निकै टाढ़ा
लगेर छरिदे, किनभने ती पवित्र छन्।
३८ ती आफ्नै प्राणको हानि गर्नेहरूका
धूपौराहरूबाट वेदी मोहोर्ने पाताहरू बनिऊन्।
ती तिनीहरूले चढ़ाएका हुनाले ती पवित्र छन्।
ती पाताहरूचाहिं उदाहरण हुनेछन्।"
३९ तब पूजाहारी एलाजारले ती भस्म हुने-
हरूले चढ़ाएका धूपौराहरू लिए, र पिटेर
वेदी मोहोर्ने पाता बनाए। ४० हारूनका
सन्तानबाहेक कोही अन्य मानिस धूप बाल्न
नजीक नआऊन् भनी होशियार गराउन
इस्राएलीहरूलाई यो सब भएको थियो,
नत्रता त्यो पनि कोरह र त्यसका दलजस्तै
हुनेछ—जस्तो परमप्रभुले एलाजारलाई मोशाद्वारा
भन्नुभएको थियो।
४१ तर भोलिपल्ट इस्राएलीहरूका जम्मै
समुदाय मोशा र हारूनका विरुद्धमा यसो
भनेर गनगनाए, "तपाईंहरूलेनै परमप्रभुका
मानिसहरूलाई मार्नुभएको हो।" ४२ समुदाय
मोशा र हारूनका विरुद्धमा भेला हुँदा तिनी-
हरूले भेट हुने पालतिर हेरे, तब बादलले
त्यो ढाक्यो, र परमप्रभुको महिमा देखा
पर्‍यो। ४३ मोशा र हारून भेट हुने
पालको सामने आए। ४४ अनि परमप्रभुले
मोशालाई भन्नुभयो, ४५ "तिमीहरूचाहिं यस
समुदायबाट पर हटिजाओ, र म यिनीहरूलाई

पलभरमा भस्म पार्नेछु।" ४६ तब तिनीहरू
घोप्टो परे, र मोशाले हारूनलाई भने,
"तपाईंको धूपौरो लिनुहोस्, र त्यसमा
वेदीबाट आगो राखेर धूप हाल्नुहोस्,
र तुरुन्तै त्यस समुदायकहाँ लगेर तिनीहरूका
निम्ति प्रायश्चित गर्नुहोस्, किनकि परमप्रभुको
क्रोध दन्किसकेको छ—विपत्ति शुरू भएको
छ।" ४७ अनि मोशाले भनेझैं हारून
धूपौरो लिएर समुदायको बीचमा दौडेर
गए, तर विपत्ति मानिसहरूका बीचमा आइ-
सकेको थियो। तिनले धूप हालेर मानिसहरूका
निम्ति प्रायश्चित गरे। ४८ अनि तिनी
मरेका र जिउँदाहरूका बीचमा खड़ा भए,
र विपत्ति थामियो। ४९ कोरहको घटनामा
मरेकाबाहेक त्यस बेला विपत्तिले मरेकाहरू
चौध हजार सात सय थिए। ५० विपत्ति
थामिएपछि हारून भेट हुने पालमा मोशाकहाँ
आए।

हारूनको लहुरोमा कोपिला

१७ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई भनेर तिनीहरूका
कुल कुलबाट एक एकवटा लहुरो ले,
अर्थात् तिनीहरूका सबै बाबुपट्टिका घराना
घरानाअनुसार बाह्रवटा लहुरो ले, र तिनीहरू
हरेकको नाउँ तैँले आफ्नो आफ्नो लहुरोमा
लेख्। ३ लेवी घरानाको लहुरोमा तैँले
हारूनको नाउँ लेख्। आफ्नो बाबुपट्टिका
प्रमुख मानिसको निम्ति एउटा लहुरो हुनेछ।
४ औ भेट हुने पालमा साक्षी-पाटीको
सामने मैले तिमीहरूसित भेट गर्ने ठाउँमा
ती राखिदे। ५ जुन मानिसलाई म रोज्छु,
त्यसको लहुरो टुसाउनेछ। यसरी मानिसहरूले
तिमीहरूको विरुद्ध सुनाउने गनगन म
बन्द गरिदिनेछु।" ६ तब मोशाले इस्राएली
हरूलाई यो कुरा सुनाए, र तिनका
सबै कुलनायकहरूले आफ्ना आफ्ना बाबुपट्टिका
घरानाअनुसार हरेक कुलनायकको निम्ति एक
एकवटा गरी बाह्रवटा लहुरो तिनलाई दिए।
हारूनको लहुरो पनि उनीहरूका लहुराको
बीचमा थियो। ७ अनि मोशाले ती
लहुराहरू लिएर साक्षी-पाटी भएको पालमा
परमप्रभुको सामने राखिदिए।
८ भोलिपल्ट मोशा साक्षी-पाटी भएको
पालमा गए। औ लेवी घरानाको निम्ति
राखेको हारूनको लहुरामा कोपिला लागेको
रहेछ, र कोपिला लागेर फूल फुलेको र
कागजी बदाम पनि पाकिसकेको रहेछ।
९ तब मोशाले सबै लहुराहरू परमप्रभुको
सामनेबाट इस्राएलीहरूकहाँ ल्याए। र हेरेर
हरेकले आफ्नो आफ्नो लहुरो लिए। १० अनि
परमप्रभुले मोशालाई भन्नुभयो, "विद्रोही पुस्ताको
विरुद्धमा चिह्नको निम्ति हारूनको लहुरालाई
साक्षी-पाटीको सामने फेरि लगेर राख्, र मेरो
विरुद्ध तिनीहरूका गनगन तैँले अन्त गरिदे,
नत्रता तिनीहरू मर्नेछन्।" ११ औ परमप्रभुले
आज्ञा गर्नुभएअनुसार मोशाले सबै गरे।
१२ अनि इस्राएलीहरूले मोशालाई भने,
"हेर्नुहोस्, हामी नष्ट भयौं, बर्बाद भयौं,
हामी सबै बर्बाद भयौं! १३ नजीक आउने
हरेक, अर्थात् पवित्रस्थाननेर जो आउँछ त्यो
मर्नेछ। के हामी सबै नष्ट हुने?"

पूजाहारी र लेवीहरूका कर्तव्यकर्म

१८ तब परमप्रभुले हारूनलाई भन्नुभयो,
"तेरा छोराहरू र तेरो आफ्नो घराना-
सँगै पवित्रस्थान सम्बन्धी विषयमा तँ उत्तर-
दायी हुनेछस्, र तेरा छोराहरूसँग तेरो
पूजाहारीपद सम्बन्धी विषयमा पनि तँ उत्तरदायी
हुनेछस्। २ तेरा पुर्खाका लेवी कुलका
तेरा दाज्यू-भाइहरूलाई पनि तँसितै लिएर
आइज, र तिनीहरू तँसित मिलेर तँलाई
सघाऊन्। जब तँ र तँसँगै तेरा छोराहरू
साक्षी-पाटीको पालको सामने रहन्छन्।
३ तब तिनीहरूले तेरो जिम्माको काम र
सारा पालको कामकाजको जिम्मा लेऊन्।

केवल तिनीहरू पवित्रस्थानका सार्दामहरू र
वेदीको नजीक नआऊन्, नत्रता तिमीहरू
तिनीहरूसमेत मर्नेछौ। ४ तिनीहरूले तिमी-
हरूसँगै मिलेर पालको सबै काम-काजमा भेट
हुने पालको जिम्मा लेऊन् । कुनै अन्य
मानिस तिमीहरूको नजीक आउन नपाओस्।
५ तिमीहरूलेनै पवित्रस्थान र वेदीको जिम्मा
लिनू, र इस्राएलीहरूमाथि फेरि मेरो क्रोध
नपरोस्। ६ औ हेर्, मैंलेनै इस्राएलीहरूका
बीचबाट तिमीहरूका दाज्यू-भाइ, लेवीहरूलाई
लिएको छु। तिमीहरूको निम्ति भेट हुने
पालको सेवा गर्न तिनीहरूलाई दिएको यो एक
दान हो। ७ तैं र तेरा छोराहरूले वेदी र
पर्दाभित्रको सबै विषयमा पूजाहारीपदको
जिम्मा लिएर सेवा गर्नू। यो पूजाहारीपद
म तिमीहरूलाई वरदान स्वरूप दिँदैछु ।
औ कुनै अन्य मानिस त्यहाँ आयो भने त्यो
मारिओस्।''

८ फेरि परमप्रभुले हारूनलाई भन्नुभयो,
"इस्राएलीहरूले मलाई चढ़ाएका भेटी, सबै
पवित्र थोकहरू मैंले तैंलाई दिएको छु । मैंले
तेरो अभिषेकको कारण ती तैंलाई र तेरा
छोराहरूलाई निरन्तरको अंश स्वरूप छुट्याइ-
दिएको छु। ९ आगोबाट जोगाएर राखेका
अति पवित्र भेटीहरू तेरै होऊन्। हरेक अन्न-
बलि, पापबलि र दोषबलि जो मानिसहरूले
मलाई चढ़ाउँछन्, ती तैं र तेरा छोराहरूका
निम्ति अति पवित्र भेटीहरू हुन्। १० अति
पवित्र थोक मानेर तैंले त्यसबाट खानू।
हरेक पुरुषले त्यसबाट खाओस्, त्यो पवित्र
हो। ११ त्यो तेरै हो। उठाउने बलिका
दानहरू, अर्थात् इस्राएलीहरूका सबै डोलाउने
बलि मैंले तैं र तेरा छोरा-छोरीहरूलाई
निरन्तरको अंश स्वरूप दिएको छु। तेरो घरमा
शुद्ध भएको हरेकले त्यो खानसक्छ।
१२ तिनीहरूले परमप्रभुलाई दिएको सबै असल
तेल, असल दाखको रस, अन्न र तिनका प्रथम
उब्जनी तैंलाईनै मैंले दिएको छु। १३ तिनी-
हरूले परमप्रभुलाई चढ़ाउन ल्याउने आफ्नो
उब्जनीका प्रथम फलहरू पनि तेरै होऊन्।
तेरो घरमा शुद्ध भएको हरेकले त्यो
खानसक्छ। १४ इस्राएलमा भाकल भएका
सबै चीज तेरै हुन्। १५ तिनीहरूले
परमप्रभुलाई चढ़ाउने मानिस वा पशुबाट
जन्मेको नवजात बच्चा पनि तेरै होऊन्।
यसो भए तापनि मानिस र अशुद्ध पशुको
पहिलो जन्मेकोलाई तैंले मोल तिरेर छुटाउनु-
पर्छ। १६ एक महीना पुगेपछि पवित्रस्थानको
शेकेलबमोजिम (एक शेकेलको बीस गेरा)
जसलाई मोल तिरेर छुट्याउनुपर्छ तैंले तोकेर
पाँच शेकेल तिरेर त्यसलाई छुटाउनू।
१७ तर गाई, भेड़ी वा बाख्रीको पहिले
जन्मेको बच्चा नछुटाउनू। ती पवित्र हुन्।
तिनीहरूको रगत तैंले वेदीमा छर्कनू, र
परमप्रभुलाई मीठो बास्ना हुनलाई आगोद्वारा
चढ़ाउने बलिको लागि तिनीहरूको बोसो
जलाउनू। १८ तर डोलाउने छाकुला र
दाहिने साँप्राजस्तै तिनका मासु पनि तेरै
होस् । १९ इस्राएलीहरूले चढ़ाउने पवित्र
बलिदानहरू मैंले तैंलाई र तेरा छोरा-छोरी-
हरूलाई निरन्तरको अंश स्वरूप दिएको छु।
परमप्रभुको सामने तैं र तेरा सन्तानको निम्ति
यो सदा सर्वदाको नियमको करार होस्।''

२० अनि परमप्रभुले हारूनलाई भन्नुभयो,
"तिमीहरूका देशको जग्गा जमीनमा तेरो अंश-
अधिकार हुनेछैन । तिनीहरू सँगसँगै तेरो
कुनै हिस्सा हुनेछैन इस्राएलीहरूको माझमा
तेरो अंश-अधिकार मनै हुँ।

२१ औ लेवीहरूलाई चाहिं भेट हुने
पालमा सेवा गरेको सट्टामा अधिकार स्वरूप
मैंले इस्राएलीहरूका सबै दशांश दिएको छु।
२२ अब उप्रान्त इस्राएलीहरू भेट हुने पालको
नजीक नआऊन्, नत्रता पाप लागेर तिनीहरू
मर्नेछन्। २३ तर भेट हुने पालको सेवा-
चाहिं लेवीहरूले गरून्, र तिनीहरूनै त्यसको
उत्तरदायी हुनेछन्। त्यो तिनीहरूका निम्ति
पुस्तौंसम्म अनन्तको धर्म-विधि होस्। इस्राएली-
हरूको बीचमा चाहिं यिनीहरूको कुनै अंश-

अधिकार हुनेछैन। २४ किनकि इस्राएली-
हरूले बलि स्वरूप परमप्रभुलाई चढ़ाएका
दशांशने मैले लेवीहरूलाई अंश-अधिकार स्वरूप
दिएको छु। यसकारण इस्राएलीहरूसँगै यिनी-
हरूको कुनै अंश-अधिकार हुँदैन भनी मैले
यिनीहरूलाई भनिदिएको छु।”
२५ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
२६ “लेवीहरूलाई भन्, ‘मैले तिनीहरूको
अंश-अधिकारको निम्ति दिएका इस्राएलीहरूका
दशांश जब तिमीहरू लिनेछौ, तब त्यसबाट
तिमीहरूले परमप्रभुलाई दशांशको पनि दशांश
भेटी चढ़ाउनू। २७ तिमीहरूको बलि खलाका
प्रथम अन्न र कोलबाट निस्केको दाखरसझैं
लिइनेछ। २८ यसरी इस्राएलीहरूबाट पाएका
सबै दशांशबाट तिमीहरूले पनि परमप्रभुलाई बलि
चढ़ाउने गर्नू, र त्यसबाट परमप्रभुलाई चढ़ाएको
बलि पूजाहारी हारूनलाई दिनू। २९ तिमी-
हरूले पाएकाबाट सबैभन्दा असल, अर्थात्
पवित्र अंश चाहिं बलि स्वरूप परमप्रभुलाई
चढ़ाउनू।’ ३० यसकारण तैँले लेवीहरूलाई
भन्नू, ‘जब तिमीहरूले सबैभन्दा असल ठानेर
जे चढ़ाउँछौ तब त्यो तिमीहरूले खलाको
अन्न र कोलको दाखमद्यजस्तै ठान्नू। ३१ औ
तिमीहरूका घरानाले कुनै ठाउँमा पनि
खानसक्छ, किनकि भेट हुने पालमा तिमी-
हरूले गरेको कामको साटो यो तिमीहरूको
इनाम हो। ३२ तिमीहरूले उत्तम भाग
चढ़ाउँदा तिमीहरूलाई दोष लाग्नेछैन।
इस्राएलीहरूका पवित्र थोकहरूलाई तिमीहरूले
साधारण कुरो जस्तो नठान, नत्रता तिमीहरू
मर्नेछौ’।”

मुर्दाको छात-छुतको शुद्धिकरण

१९ परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
२ “परमप्रभुले दिनुभएको व्यवस्थाको
धर्म-विधि यही हो। इस्राएलीहरूलाई भन,
‘एउटा निष्खोट निष्कलंक कहिल्यै जुवा नपरेको
एउटा रातो कोरली तिनीहरूले ल्याऊन्।
३ तिमीहरूले पूजाहारी एलाजारलाई त्यो दिनू,
र उसले त्यसलाई छाउनीबाहिर, ल्याओस्, र
कसैले त्यसलाई उसको सामने मारोस्।
४ त्यसपछि पूजाहारी एलाजारले आफ्नो
औंलाले त्यसको रगतबाट लिएर भेट हुने
पालको अगिल्तिर सातचोटि छर्कोस्।
५ अनि कुनै एक जनाले उसको नजरको
सामने त्यो कोरलीलाई त्यसको छाला,
मासु, रगत र गोबरसमेत जलाओस्।
६ तब पूजाहारीले देवदारको काठ, हिसप,
सिन्दूरे रङ्ग लिएर कोरली जल्दिरहेको
बीचमा फालिदेओस्। ७ त्यसपछि पूजाहारीले
आफ्नो लुगा धोओस् र नुहाएर छाउनीमा
फर्कोस्। त्यो पूजाहारी साँझसम्म अशुद्ध
रहोस्। ८ त्यसलाई जलाउनेले पनि लुगा
धोओस् र नुहाएर साँझसम्मै अशुद्ध रहोस्।
९ कुनै एक जना शुद्ध मानिसले त्यस
कोरलीको खरानी बटुलेर छाउनीदेखि बाहिर
कुनै शुद्ध ठाउँमा इस्राएली समुदायलाई
सेचन गर्ने पानीको निम्ति त्यो राखिओस्।
त्यो पापशुद्धिको बलि हो। १० कोरलीको
खरानी बटुल्नेले आफ्नो लुगा धोएर साँझसम्मै
अशुद्ध रहोस्। इस्राएलीहरू र तिनीहरूका
बीचमा प्रवास गर्ने परदेशीका निम्ति यो
सदाको धर्म-विधि होस्।
११ मान्छेको लाश छुने व्यक्ति सात
दिनसम्म अशुद्ध रहोस्। १२ त्यसले आफूलाई
त्यस पानीले तेस्रो दिनमा चोख्याओस्, र
सातौं दिनमा त्यो शुद्ध होस्। तर त्यसले
तेस्रो दिनमा आफूलाई चोख्याएन भनेता
सातौं दिनमा त्यो शुद्ध हुँदैन। १३ जसले
लाश छोएर पनि आफूलाई चोख्याउँदैन,
त्यसले परमप्रभुको वासस्थान अशुद्ध पार्छ।
त्यो मानिस इस्राएलीहरूबाट बहिष्कृत गरिओस्,
किनकि शुद्ध गर्ने पानी त्यसमाथि छर्किएन,
यसैकारण त्यो अशुद्धै रहोस्। त्यसको
अशुद्धि त्यसमाथि रहिरहनेछ।
१४ कुनै मानिस पालमा मर्यो भने
त्यसको निम्ति व्यवस्था यही हो—त्यस पालमा

आउने र पालभित्र हुने हरेक मानिस सात
दिनसम्म अशुद्ध हुन्छ। १५ ढकना नलगाएको
हरेक खुला भाँडा अशुद्ध हुन्छ। १६ बाहिरतिर
तरवारले मारिएका वा आफै मरेको लाश
अथवा मानिसको हड्डी अथवा चिहान जसले
छुन्छ, त्यो सात दिनसम्म अशुद्ध होस्।
१७ त्यस अशुद्ध मानिसको निम्ति पापबलिको
जलाएको खरानी लिएर भाँडामा हाली बगुवा
पानी पनि त्यसमा हालोस्। १८ कुनै शुद्ध
मानिसले हिसप लिई त्यस पानीमा चोपेर
पालमा भएका भाँडा-कुँडामा र त्यहाँ भएका
मानिसहरूमाथि औ हड्डी, मारिएको लाश, कि
मुर्दा वा चिहान छुनेमाथि छर्कोस्। १९ शुद्ध
मानिसले अशुद्ध भएको माथि तेस्रो
र सातौं दिनमा त्यो पानी छर्कोस्। सातौं
दिनमा चाहिं उसले त्यसलाई चोख्याओस्,
र त्यसले आफ्नो लुगा धोई नुहाएर
साँझमा चोखिओस्।

२० तर अशुद्ध हुने मानिसले आफूलाई
चोख्याएन भनेता त्यो व्यक्ति समुदायबाट
बहिष्कार गरिओस्, किनभने त्यसले परमप्रभुको
पवित्रस्थान अशुद्ध पार्‍यो। जसमाथि त्यो
सेचनको पानी छर्किएन, त्यो अशुद्धै रहन्छ।
२१ तिनीहरूका निम्ति यो सधैंको धर्म-विधि
होस्। सेचनको पानी छर्कनेले पनि आफ्नो
लुगा धोओस्। त्यो सेचनको पानी छुने पनि
साँझसम्म अशुद्ध होस्। २२ अशुद्ध मानिसले
जेसुकै छोए पनि त्यो अशुद्ध हुन्छ, र त्यो
छुने पनि साँझसम्म अशुद्ध हुन्छ।"

मरीबाको पानी

२० अनि इस्राएलीहरू, तिनीहरूका सारा
समुदाय, पहिलो महीनामा सीनको
उजाड़-स्थान आइपुगे, र कादेशमा बास बसे।
औ मरियम त्यहीं मरिन्, र तिनीहरूले
तिनलाई त्यहींनै गाड़े।

२ समुदायको निम्ति त्यहाँ पानी थिएन।
तब तिनीहरू मोशा र हारूनको विरुद्धमा
जम्मा भए। ३ अनि मानिसहरूले मोशासित
झगड़ा गरेर यसो भने, "हाम्रा दाज्यू-भाइ-
हरू परमप्रभुको सामने मर्दा हामी पनि मरेको
भए असल हुनेथियो, ४ किनभने अब
हाम्रा गाई-वस्तुसमेत हामी सब यहाँ मर्नेछौं।
किन परमप्रभुको समुदायलाई तपाईंले यस
उजाड़-स्थान ल्याउनुभयो? ५ मिश्रबाट किन
हामीलाई यस खराब ठाउँमा ल्याउनुभयो?
यस ठाउँमा बिउ, अथवा नेभारा वा दाख
वा अनारहरू केही छैनन्। यहाँ पिउने
पानीधरि छैन।" ६ तब मोशा र हारून
समुदायको सामनेबाट भेट हुने पालको ढोकामा
गएर घोप्टो परे, र परमप्रभुको महिमा
तिनीहरूकहाँ देखा पर्‍यो। ७ अनि परमप्रभुले
मोशालाई भन्नुभयो, ८ "यो लहुरो लिएर तँ
र तेरो दाज्यू हारून भएर समुदायलाई जम्मा
गर्। तिनीहरूका आँखाकै सामने यस पहरालाई
हुकुम गर् र पहराबाट पानी निस्कनेछ, र तैंले
यस पहराबाट तिनीहरूका निम्ति पानी
निकाल्नेछस्। यसरी तैंले समुदाय र तिनका
गाई-वस्तुहरूलाई पानी दिनेछस्।" ९ तब
परमप्रभुले आज्ञा गर्नुभएझैं मोशा लहुरो
लिएर उहाँको सामनेबाट गए।

१० तब मोशा र हारूनले पहराको
सामने समुदायलाई जम्मा गरे। अनि मोशाले
तिनीहरूलाई भने, "सुन, ए बागी मानिस हो!
के यही पहराबाट हामी तिमीहरूलाई पानी
निकालिदिऊँ?" ११ अनि मोशाले आफ्नो
हात उठाएर दुइपल्ट आफ्नो लहुरोले पहरामा
हिर्काए। तब त्यहाँबाट प्रशस्त पानी फूटेर
निस्क्यो, औ समुदाय र तिनीहरूका गाई-वस्तुले
पिए। १२ अनि परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, "मलाई इस्राएलीहरूको सामने
पवित्र तुल्याउनलाई तिमीहरूले ममाथि विश्वास
गरेनौ, यसकारण मैले तिनीहरूलाई दिने
देशमा तिमीहरूले यस समुदायलाई पुर्‍याउन
पाउनेछैनौ।" १३ यसैलाई मरीबाको*
पानी भनिन्छ। यहींनै इस्राएलीहरूले

*झगड़ा

परमप्रभुसँग झगड़ा गरे, र तिनीहरूका बीचमा
उहाँ पवित्र प्रकट हुनुभयो।
१४ अनि मोशाले कादेशबाट एदोमका
राजाकहाँ यसो भनेर दूतहरू पठाए, "तपाईंको
आफन्त इस्राएलको समाचार छ, 'हामीलाई
परिआएका विपत्ति तपाईंलाई थाहै छ।
१५ हाम्रा पुर्खाहरू मिश्र देशमा गएका
थिए, र हामी धेरै समयसम्म मिश्र देशमा
रह्यौं, औ मिश्रीहरूले हामी र हाम्रा पुर्खाहरू-
लाई कुव्यवहार गरे। १६ जब हामीले
परमप्रभुमा पुकारा गर्‍यौं, तब उहाँले हाम्रो
बिन्ती सुन्‍नुभयो, औ एउटा स्वर्गदूत पठाएर
हामीलाई मिश्र देशबाट निकालेर ल्याउनुभयो,
र अहिले तपाईंको देशको सीमानानेरको
कादेश शहरमा हामी छौं। १७ बिन्ती छ,
हामीलाई तपाईंको देशबाट भएर जान
दिनुहोस्। हामी खेत अथवा दाखबारी भएर
जानेछैनौं। हामी तपाईंका कूवाहरूका पानी
पिउनेछैनौं। हामी मूल-बाटो भएर जानेछौं।
तपाईंको सीमाना नकाटेसम्म हामी दाहिने-
देब्रे लाग्नेछैनौं'।" १८ तर एदोमले तिनी-
हरूलाई भने, "मेरो देश भएर तिमीहरू
जान पाउँदैनौ, नत्रता तिमीहरूको विरुद्धमा
सेना लिएर म आउनेछु।" १९ अनि इस्रा-
एलीहरूले उनलाई भने, "हामी मूल-बाटै
भएर जानेछौं। हामी र हाम्रा गाई-वस्तुले
तपाईंको पानी मात्र पनि पियौं भने त्यसको
मोल हामी तिर्नेछौं। केही नगरी हामीलाई
तपाईंको देश भएर जान दिनुहोस्।"
२० "तिमीहरू जान पाउँदैनौ" भनी
उनले खबर दिएर एदोम उनीहरूको विरुद्ध
ठूलो सेना लिएर डटेर बसे। २१ यसरी
इस्राएलीहरूलाई आफ्नो सीमाना छिचलेर
जानदिन एदोमले इन्कार गर्‍यो। यसकारण
इस्राएलीहरू त्यहाँबाट फर्के।

हारूनको मृत्यु

२२ तब तिनीहरू कादेशबाट यात्रा
गरे। अनि इस्राएलीहरू, अर्थात् सारा
समुदाय होर पर्वतमा आइपुगे। २३ अनि
परमप्रभुले एदोम देशको सीमानानेर होर
पर्वतमा मोशा र हारूनलाई यसो भन्‍नुभयो,
२४ "हारून आफ्ना पुर्खाहरूकहाँ गएर
मिल्नेछ। तिमीहरू मरीबाको पानीमा मेरो
वचनको विरुद्ध गएको हुनाले मैले इस्राएली-
हरूलाई दिने देशमा त्यो पस्‍न पाउनेछैन।
२५ हारून र त्यसको छोरा एलाजारलाई
होर पर्वतमा लिएर जा, २६ र हारूनका
पोशाक फुकालेर त्यसको छोरो एलाजारलाई
लगाइदे। त्यसपछि हारून आफ्ना पुर्खाहरू-
कहाँ गएर मिल्नेछ, र त्यहीं मर्नेछ।"
२७ अनि परमप्रभुले आज्ञा गर्नुभएझैं मोशाले
गरे, र सबै समुदायको आँखाको अगि तिनी-
हरू होर पर्वतमा उक्ले। २८ तब मोशाले
हारूनका पोशाक फुकालेर तिनको छोरो
एलाजारलाई लगाइदिए, र त्यहींनै डाँडाको
टाकुरामा हारूनको देहान्त भयो। अनि
मोशा र एलाजार डाँडाबाट तल ओर्हे।
२९ जब समुदायलाई हारूनको मृत्यु भएको
थाह भयो, तब सबै इस्राएलीहरूले तीस
दिनसम्म शोक मनाए।

पीतलको साँप

२१ दक्षिण देशको अरादका कनानी
राजाले इस्राएलीहरू अटारीमको
बाटो आउँदैछन् भन्‍ने खबर पाए। तब तिनले
इस्राएलीहरूसँग लड़ाइँ गरे, र तिनीहरूका
कति जनालाई कैद गरेर ल्याए। २ तब
इस्राएलीहरूले परमप्रभुमा भाकल गरेर भने,
"यदि तपाईंले यी मानिसहरूलाई हाम्रा
हातमा सुम्पिदिनुभयो भने हामी तिनीहरूका
शहरहरू बिलकुलै नाश पारिदिनेछौं।" ३ औ
परमप्रभुले इस्राएलीहरूको बिन्ती सुन्‍नुभयो, र
कनानीहरूलाई तिनीहरूको हातमा सुम्पि-
दिनुभयो। इस्राएलीहरूले तिनीहरू र तिनीहरूका
शहरहरूलाई समेत बिलकुलै नाश पारिदिए,
र त्यस ठाउँको नाउँ होर्मा राखियो।

४ अनि तिनीहरू एदोमको देशलाई
फेरो मारेर जान भनी होर पर्वतबाट लाल
समुद्रको बाटो भएर गए। औ यात्राको
कारण मानिसहरू साह्रै अधीर बने। ५ तब
मानिसहरूले परमेश्वर र मोशाको विरुद्धमा यसो
भन्नलागे, "यस उजाड़-स्थानमा मर्न हामीलाई
तपाइंहरूले के कारण मिश्र देशबाट ल्याउनु-
भयो? किनकि यहाँ रोटी छैन, पानी पनि
छैन, र यस तुच्छ खानेकुरादेखि हामीलाई
वाक्कै लागिसक्यो।" ६ तब परमप्रभुले ती
मानिसहरूका बीचमा विषालु सर्प पठाइ-
दिनुभयो, र सर्पले मानिसहरूलाई डसेर,
इस्राएलीहरूका धेरै जना मरे। ७ तब मोशाकहाँ
आएर मानिसहरूले भने, "परमप्रभु र तपाइंको
विरुद्धमा बोलेर हामीले पाप गरेका छौं।
उहाँले हामीबाट यी सर्पहरू हटाइदिऊन्
भनी परमप्रभुलाई बिन्ती गर्नुहोस्। तब मोशाले
ती मानिसहरूका निम्ति बिन्ती गरे। ८ अनि
परमप्रभुले मोशालाई भन्नुभयो, "तैंले
विषालु सर्पको एउटा प्रतिमा बनाएर त्यसलाई
एउटा खामामा झुण्डया। सर्पले डसेकाहरू
त्यसलाई हेरे तिनीहरू बाँच्नेछन्।" ९ तब
मोशाले एउटा पीतलको सर्प बनाएर
त्यसलाई एउटा खामामा झुण्ड्याए। पीतलको
सर्पलाई हेर्नें सर्पले डसेका सबै मान्छे
बाँचे।

एमोरीहरू र बाशानमाथि विजय

१० तब इस्राएलीहरूले यात्रा गरेर
ओबोतमा पाल टाँगे। ११ औ ओबोतबाट
यात्रा गरेर मोआबको सामने पूर्वतिर इय्ये-
अबारीमको उजाड़-स्थानमा तिनीहरूले पाल
टाँगे। १२ त्यहाँबाट तिनीहरू यात्रा गरेर
जेरेदको बेँसीमा पाल टाँगे। १३ त्यहाँबाट
तिनीहरू यात्रा गरेर एमोरीहरूको सीमानाबाट
निस्कने वनमा भएको अर्नोन नदीको
पारिपट्टि पाल टाँगे, किनकि अर्नोन नदी
मोआबको सीमाना हो, जो मोआबी र
एमोरीहरूको बीचमा पर्छ। १४ यसकारण
परमप्रभुको युद्धकपुस्तकमा यस्तो लेखिएको छ,

"सूपाको वाहेब,
र अर्नोनको बेँसी,
१५ औ बेँसीको ओहालो,
जो आरको वासस्थानपट्टि भिरालो परेर
मोआबको सीमानासम्म गएको छ।"

१६ त्यहाँबाट तिनीहरू कूवा भएको
ठाउँतिर यात्रा गरे। परमप्रभुले मोशालाई
'मानिसहरू जम्मा गर्, र म तिनीहरूलाई
पानी दिनेछु,' भन्नुभएको कूवा त्यही थियो।
१७ तब इस्राएलीहरूले यो स्तुतिगान गरे,

"ए कूवा, फूटेर निस्की!
त्यसको गीत गाओ,
१८ जुन कूवा नायकहरूले खनेका थिए,
औ मानिसहरूका मुखियाहरूले,
राजदण्ड र आफ्नो लहुरोले खनेका
थिए।"

उजाड़-स्थानबाट निस्केर तिनीहरू मत्तानमा
यात्रा गरे, १९ र मत्तानबाट नहलीएलमा,
नहलीएलबाट बामोतमा, २० औ बामोतबाट
मोआबको मैदान भएको बेँसीसम्म, अर्थात्
मरुभूमि देखिने पिसगाको फेदीसम्म यात्रा गरे।
२१ अनि इस्राएलीहरूले एमोरीहरूका
राजा सीहोनकहाँ यसो भनेर दूतहरू पठाए,
२२ "हामीलाई तपाइंको देश भएर जान
दिनुहोस्। हामी खेत कि दाखबारीतिर
लाग्नेछैनौं। हामी मूल बाटो भएर जानेछौं।"
२३ सीहोनले इस्राएलीहरूलाई आफ्नो सीमाना
नाघेर जान दिएनन्। तर सीहोनले आफ्ना
सेना जम्मा गरे, र इस्राएलसँग लड्न
उजाड़-स्थानको यहससम्म आएर इस्राएली-
हरूको विरुद्धमा लडाइँ गरे। २४ तब
इस्राएलीहरूले तिनीहरूलाई तरवारले मारे,
र अर्नोनदेखि यब्बोकसम्म, अर्थात् अम्मोनी-
हरूको सीमानासम्म कब्जा गरे, किनकि
अम्मोनीहरूको सीमाना बलियो थियो।
२५ तब इस्राएलीहरूले सबै शहरहरू
लिए, र तिनीहरू एमोरीहरूका समस्त

हेशबोनमा र त्यसका सबै बस्तीहरूमा रहने
गरे, २६ किनकि हेशबोन एमोरीहरूका
राजा सीहोनको राजधानी थियो। तिनले
मोआबका पहिलेका राजाको विरुद्धमा लड़ाइँ
गरेर तिनको देश, अर्नोनसम्मै तिनको
अधिकारबाट खोसेका थिए।
२७ यसैकारण गवैयाहरूले यसो भनेर गाएका
छन्,

"तिमीहरू हेशबोनमा आओ,
सीहोन शहर बनाएर स्थापित होस्।
२८ किनकि हेशबोनबाट आगोको ज्वाला,
सीहोनको शहरबाट आगोको ज्वाला
निस्केर,
मोआबको आर शहरलाई भस्म पारेको
छ,
जुनचाहिँ अर्नोनका उच्च स्थानहरूका
मालिकहरू हुन्।
२९ ए मोआब, तँलाई धिक्कार छ!
ए कमोशको प्रजा, तँ नष्ट भइस्।
त्यसले आफ्ना छोराहरूलाई भगुवार्फैं,
र आफ्नी छोरीहरूलाई कैदीर्फैं,
एमोरीहरूका राजा सीहोनलाई दिएको छ।
३० ह्रामीहरूले तिनलाई प्रहार गरेका छौं।
हेशबोनचाहिँ दीबोनसम्मै विनाश भयो,
र ह्रामीले मेदेबासम्म पुग्ने नोपालाई
विनष्ट गरेका छौं।"

३१ यसरी इस्राएलीहरू एमोरीको देशमा
रहनलागे। ३२ अनि मोशाले याजेरको
भेद लिन मानिसहरू पठाए। तिनीहरूले
त्यसका बस्तीहरू कब्जा गरेर त्यहाँका
एमोरीहरूलाई धपाए।

३३ त्यसपछि तिनीहरू घुमेर बाशानको बाटो
भएर उक्ले। बाशानका राजा ओग र तिनका
प्रजाहरू यिनीहरूका विरुद्धमा लड़ाइँ गर्नलाई
एद्रेइमा निस्केर आए। ३४ तब परमप्रभुले
मोशालाई भन्नुभयो, "त्यससँग नडरा, किनकि
त्यो, त्यसका सबै प्रजाहरू र त्यसको देशसमेत
मैले तेरो हातमा सुम्पेको छु, र तैंले
हेशबोनमा रहने एमोरीहरूका राजा सीहोनलाई
गरेर्फैं यसलाई पनि गर्नेछस्।" ३५ यसै-
कारण तिनलाई, तिनका छोराहरूलाई र
तिनका सबै प्रजाहरू कसैलाई बाँकी नछोड़ी
सबैलाई मारेर इस्राएलीहरूले तिनको देश
कब्जा गरे।

बालाक र बिलाम

२२ त्यसपछि इस्राएलीहरू यात्रा गर्दैगए,
र यर्दन पारि मोआबको तराईमा
भएको यरीहोमा पाल टाँगे। २ अनि
एमोरीहरूले जे जस्तो गरेका थिए सिप्पोरको
छोरा बालाकले देखे। ३ औ मोआब
इस्राएलीहरूसँग साह्रै डराए, किनभने तिनीहरू
बढ़ी संख्यामा थिए, र इस्राएलीहरूको कारणले
व्याकुल भए। ४ मोआबले मिद्यानीहरूका
बूढ़ा-पाकाहरूलाई भने, "अब यो समुदायले
ह्राम्रा चारैतिरका ठाउँलाई साँढ़ेले चउर
पाखा मिचेर घाँस-पात स्वाहा पारेर्फैं पार्नेछ।"
त्यस बेला सिप्पोरको छोरा बालाक मोआबका
राजा थिए। ५ तिनले महानदीनेर
भएको आफ्नो जात-भाइको मुलुक पतोरमा
बओरको छोरो बिलामकहाँ यसो भनेर खबर
पठाए, "मिश्रबाट एउटा जाति आएर समस्त
देशनै ढाकिसक्यो। तिनीहरू मेरै सीमानामा
आएर बसेका छन्। ६ यसकारण आएर मेरो
निम्ति यस जातिलाई सराप दिनुहोस्, किनकि
तिनीहरू मभन्दा ज्यादै शक्तिशाली छन्।
त्यसो गर्नुभए तिनीहरूलाई मैले जितेर देशबाट
धपाउनसकूँला! किनभने मलाई थाह छ,
तपाइंले जसलाई आशिष दिनुहुन्छ त्यसलाई
आशिष लाग्छ, र जसलाई सराप दिनुहुन्छ
त्यसलाई सराप लाग्छ।"

७ तब मोआब र मिद्यानका बूढ़ा-पाका-
हरू जोखानाको दक्षिणा लिएर बिलाम-
कहाँ आएर बालाकको समाचार दिए।
८ बिलामले तिनीहरूलाई भने, "आज राती
यहीं बस, र परमप्रभुले जस्तो मसँग बोल्नुहुन्छ,
म त्यही तिमीहरूलाई बताइदिनेछु।" यसैले

मोआबका प्रतिनिधिहरू बिलामकहाँ बास बसे।
९ अनि परमेश्वर बिलामकहाँ आएर भन्नु-
भयो, "तँसँग बसेका यी मानिसहरू को
हुन्?" १० बिलामले परमेश्वरलाई भने,
"मोआबका राजा सिप्पोरका छोरा बालाकले
मलाई यसो भनी पठाएका छन्,
११ 'हेर्नुहोस्, मिश्रबाट निस्की आएका एउटा
जातिले समस्त देश ढाकेको छ। अब आएर
मेरो निम्ति तिनीहरूलाई सराप दिनुहोस्। यसो
गर्नुभए तिनीहरूसँग लड़ाइँ गरेर तिनीहरूलाई
धपाउनसक्छु होला!" १२ अनि परमेश्वरले
बिलामलाई भन्नुभयो, "तँ तिनीहरूसँग नजा।
तैंले त्यो जातिलाई नसराप्, किनकि तिनीहरू
आशीषित छन्।" १३ तब बिलाम बिहान
सबेरै उठे, र बालाकका प्रतिनिधिहरूलाई
भने, "तपाईंहरू आफ्नो देशमा जानुहोस्,
किनकि मलाई तपाईंहरूका साथमा जानदिन
परमप्रभुले इन्कार गर्नुभयो।" १४ अनि
मोआबका प्रतिनिधिहरू बालाककहाँ गएर भने,
"बिलाम हामीसित आउन राजी भएनन्।"
१५ तब बालाकले फेरि पनि धेरै र
तीभन्दा ठूला दर्जाका प्रतिनिधिहरू पठाए।
१६ तिनीहरू बिलामकहाँ आएर भने, "सिप्पोरका
छोरा बालाक यसो भन्नुहुन्छ, 'तपाईंलाई
मकहाँ आउन कुनै कुराले नरोकोस्।
१७ तपाईंलाई ठूलो इज्जत दिएर सम्मानित
तुल्याउनेछु। औ जे तपाईं भन्नुहुन्छ त्यही
म गर्नेछु। यसकारण कृपागरी आउनुहोस् र
त्यस जातिलाई सराप दिनुहोस'।"
१८ तब बिलामले बालाकका दूतहरूलाई
यसो भनेर जवाफ दिए, "बालाकले सुन र
चाँदीले भरिएको तिनको घर मलाई दिए
तापनि मेरा परमप्रभु परमेश्वरको वचन सानो
या ठूलो कुरामा म भङ्ग गर्नसक्तिनँ।
१९ यसकारण तपाईंहरू पनि आज राती
यहीं बस्नुहोस्, र परमप्रभुले मलाई अझै के
भन्नुहुन्छ, म जानूँला।" २० औ परमेश्वर
राती बिलामकहाँ आएर तिनलाई भन्नुभयो,
"यदि यी मानिसहरू तँलाई डाक्न आएका
हुन् भने तिनीहरूका साथमा जा, तर म
तँलाई जे जे कुरा भन्छु, त्यही मात्र तैंले
गर्।"
२१ अनि बिलाम बिहानै उठे, र आफ्नो
गधामा काठी कसेर मोआबका प्रतिनिधिहरूका
साथमा गए। २२ तिनी गइहालेका हुनाले
परमेश्वर रिसाउनुभयो, र परमप्रभुको दूतले
आएर तिनको बाटो रोकिदिए। तिनी आफ्नो
गधामा चढ़ेर जाँदैथिए। तिनका दुइ जना
नोकरहरू पनि तिनीसितै थिए। २३ अनि
परमप्रभुका दूतलाई थुतेको तरवार हातमा
लिएर बाटोमा उभिरहेका त्यस गधाले
देख्यो, र गधा बाटोदेखि तर्केर खेततिर
लाग्यो। गधालाई बाटोतिर फर्काउन
बिलामले पिटे, २४ तापनि दाखबारीमा
दुवैतिर बार लगाइराखेको बीचको छेंड़ीमा दूत
उभिए। २५ औ परमप्रभुका दूतलाई देखेर
गधा पर्खालमा टाँसियो र बिलामको खुट्टा
त्यसले पर्खालमा चेप्टाइदियो। तिनले त्यसलाई
पिटे। २६ फेरि परमप्रभुका दूत अझै पर
गएर दाहिने-देब्रे कतै पनि फर्कन नसक्ने
साँघुरो ठाउँमा उभिए। २७ गधा परम-
प्रभुका दूतलाई देखेर थचक्क बस्यो। तब
बिलामलाई रीस उठ्यो, र आफ्नो लहुराले
गधालाई पिट्न लाग्यो। २८ तब परमप्रभुले
गधाको मुख खोलिदिनुभयो, र त्यसले
बिलामलाई भन्यो, "मैले तपाईंलाई के गरेको
छु, र तपाईंले मलाई तीनपल्ट पिट्नुभयो?"
२९ अनि बिलामले गधालाई भने, "तैंले
मेरो उपहास गरिस्। मेरो हातमा तरवार
हुँदो हो ता म तँलाई अहिलेनै मारिहाल्ने
थिएँ।" ३० अनि गधाले बिलामलाई भन्यो,
"तपाईंले आफ्नो जीवनभरि आजको दिनसम्म
चढ़्नुभएको तपाईंकै गधा म होइनँ र? मैले
कहिल्यै तपाईंसित यस्तो गरेको थिएँ?" अनि
तिनले भने, "अहँ, गरिनस्।"
३१ परमप्रभुले बिलामको आँखा खोलि-
दिनुभयो, र थुतेको तरवार हातमा लिएर
बाटोमा उभिरहेका परमप्रभुको दूतलाई तिनले

देखे। अनि शिर निहुराएर तिनी घोप्टो परे।
३२ तब परमप्रभुका दूतले तिनलाई भने,
"तँले किन आफ्नो गधालाई तीनपल्ट हिर्काइस्?
हेर्, म तेरो बाटो छेक्न आएको छु, किनभने
मेरो सामने तँ आफ्नै जिद्दीमा हिँड्दैछस्।
३३ त्यस गधाले मलाई देखेर अहिलेसम्म
तीनपल्ट मेरो सामनेबाट तर्क्यो। मबाट
त्यो नतर्केको भए अहिलेसम्म म तँलाई
मारिसक्ने थिएँ, र त्यसलाई चाहिं जीवितै
छोड्ने थिएँ।" ३४ बिलामले परमप्रभुका
दूतलाई भने, "मैंले पाप गरेको छु, कारण मेरो
बाटो छेकेर तपाइं खड़ा हुनुभएको मलाई थाह
थिएन। यसकारण तपाइंको नजरमा यो बेठीक छ
भने म फेरि फर्किजानेछु।" ३५ अनि परम-
प्रभुका दूतले बिलाममलाई भने, "ती मानिसहरू-
सँग जा। तर म जे जे कुरा भन्छु, त्यही
मात्र तँले बोल्।" यसकारण बिलाम बालाकका
प्रतिनिधिहरूका साथमा गए।
३६ बालाकले बिलाम आएको कुरा सुनेर
अर्नोनको सीमानाको वल्लो भागमा भएको
मोआब शहरसम्मै तिनलाई भेट्न गए।
३७ अनि बालाकले बिलामलाई भने, "तपाईंलाई
मैंले बारंबार डाक्न मान्छे पठाएँ, तर तपाई
किन मकहाँ आउनुभएन? तपाइंको इज्जत
म बढ़ाउनसक्ने थिइनँ र?" ३८ तब
बिलामले बालाकलाई भने, "हेर्नुहोस्, म
तपाइंकहाँ आएकै छु। केही कुरा बोल्ने शक्ति
अहिले मसँग छैन। परमेश्वरले मलाई जे
आज्ञा गर्नुहुन्छ त्यही म बोल्नेछु।" ३९ अनि
बिलाम बालाकसित गए, र तिनीहरू कीरीयथ-
हुसोतमा आए। ४० त्यसपछि बालाकले साँढ़े
र भेड़ा बलि गरेर बिलाम र तिनीसित
आएका प्रतिनिधिहरूकहाँ पठाइदिए।
४१ भोलिपल्ट बिहान बालाकले बिलाम-
लाई लिएर बाल देवताको उच्च स्थानमा गए।
त्यहाँबाट बिलामले इस्राएलीहरूको शिविरको
पल्लो भागसम्म देखे।

बिलामको अगमवाणी

२३ बिलामले बालाकलाई भने, "मेरो
निम्ति सातवटा वेदी बनाइदिनुहोस्,
औ सातवटा साँढ़े र सातवटा भेड़ा तयार
पारिदिनुहोस्।" २ तब बिलामले भनेझैं
बालाकले गरे। बालाक र बिलामले प्रत्येक
वेदीमा एक एकवटा साँढ़े र एक एकवटा
भेड़ा चढ़ाए। ३ अनि बिलामले बालाक-
लाई भने, "आफ्नो होमबलिनेर उभिनुहोस्।
अब म चाहिं जानेछु, र शायद परमप्रभुले
मलाई भेट गर्न आउनुहुन्छ होला, र उहाँले
मलाई जे जस्तो देखाउनुहुन्छ, त्यो म तपाइं-
लाई बताउनेछु।" तब तिनी उजाड़-डाँड़ातिर
गए। ४ अनि परमेश्वरले बिलामसित भेट
गर्नुभयो। औ बिलामले उहाँलाई भने, "मैंले
सातवटा वेदी बनाएर त्यसमा एउटा साँढ़े र
एउटा भेड़ा चढ़ाएको छु।" ५ अनि
परमप्रभुले बिलामको मुखमा वचन हालि-
दिनुभयो, र भन्नुभयो, "बालाककहाँ फर्किगएर
तँले भन्नुपर्ने कुरा यही हो।" ६ अनि तिनी
बालाककहाँ फर्केर गए। यस बेला बालाकचाहिं
मोआबका सारा प्रतिनिधिहरूका साथ तिनको
होमबलिको सामने उभिरहेका थिए। ७ तब
बिलामले यसरी आफ्नो सन्देश दिए,
"अरामबाट मलाई बालाक,
मोआबका राजाले पूर्वका डाँड़ाहरूदेखि,
'आउनुहोस्, मेरो निम्ति याकूबलाई
सराप्नुहोस्,
आउनुहोस्, इस्राएललाई धम्की दिनुहोस्'
भनेर ल्याए।
८ परमप्रभुलेनै नसराप्नुभएकोलाई मैंले
कसरी सराप्नु?
परमेश्वरलेनै धम्की नदिनुभएकोलाई मैंले
कसरी धम्की दिनु?
९ चटानहरूका टुप्पाबाट म तिनलाई देख्तछु,
र डाँड़ाहरूबाट म तिनलाई हेर्दछु।
हेर, त्यो ता एक्लै बस्ने जाति हो,
र अरू जातिहरूका बीचमा त्यो गनिँदैन।

१० याकूबका धूलाहरू कसले गन्नसक्छ ?
अथवा इस्राएलको चौथो हिस्साको गन्ती
पनि कसले गर्नसक्ने ?
मेरो मृत्यु धर्मात्माको जस्तो होस्,
र मेरो अन्त तिनैको जस्तो होस्!"
११ तब बालाकले बिलामलाई भने,
"तपाईंले के गर्नुभयो ? मेरा शत्रुहरूलाई
सराप दिनलाई मैंले तपाईंलाई ल्याएँ, तर
तपाईंले ता तिनीहरूलाई उल्टो आशिष पो
दिनुभयो।" १२ अनि तिनले जवाफमा
भने, "परमप्रभुले मलाई दिनुभएको वचन बोल्दा
मैंले होशियारी गर्नुपर्दैन र ?"
१३ तब बालाकले तिनलाई भने, "कृपागरी
मसित अर्को ठाउँमा आउनुहोस्। त्यहाँदेखि
तपाईंले तिनीहरूलाई देख्नहुनेछ। तपाईं
तिनीहरूका नजीकका भाग मात्र देख्नुहुन्छ,
तर तिनीहरू सबैलाई देख्नुहुन्न, र तिनीहरूलाई
त्यहींबाट मेरो निम्ति सराप दिनुहोस्।"
१४ तब तिनले उनलाई सोफीमको मैदानमा
पिसगाको टाकुरामा लगे, र सातवटा वेदी
बनाएर प्रत्येक वेदीमा एक एकवटा साँढे र
एक एकवटा भेड़ा चढ़ाए। १५ अनि तिनले
बालाकलाई भने, "म परमप्रभुलाई भेट
गर्नुजाँदा तपाईं चाहिं यहाँ आफ्नो होमबलिनेर
उभिरहनुहोस्।" १६ अनि परमप्रभुले बिलाम-
लाई भेट गर्नुभयो, र तिनका मुखमा वचन
हालिदिनुभयो, र भन्नुभयो, "बालाककहाँ
फर्केर तैंले भन्नुपर्ने कुरो यही हो।"
१७ तब उनी बालाककहाँ गए। बालाक र
तिनीसँग मोआबका प्रतिनिधिहरू तिनको होम-
बलिको नजीक उभिरहेका थिए। तब बालाकले
तिनलाई सोधे, "परमप्रभुले के भन्नुभयो ?"
१८ तब बिलामले यसरी आफ्नो सन्देश
दिए—
"ए बालाक उठेर सुन्,
सिप्पोरको छोरो मेरो कुरामा कान
थाप्।
१९ परमेश्वर ढाँट्नुहुन्न, कारण उहाँ मानिस
हुनुहुन्न,
औ उहाँ मान्छेको सन्तान पनि हुनु-
हुन्न।
उहाँले मन बदल्नुहुन्न।
उहाँले भनेपछि के त्यो गर्नुहुन्न र ?
अथवा उहाँले बोलेपछि के त्यो पूरा
गर्नुहुन्न र ?
२० हेर्, मैले ता आशिष दिने आज्ञा
पाएको छु।
औ उहाँले आशिष दिनुभएको छ,
र म उल्टाउनसक्तिनँ।
२१ उहाँले ता याकूबमा अधर्म देख्नुभएको
छैन।
इस्राएल्मा उपद्रव देख्नुभएको छैन।
परमप्रभु, तिनका परमेश्वर तिनका साथ
हुनुहुन्छ,
र राजाको जय-ध्वनि तिनीहरूका बीचमा
छ।
२२ परमेश्वरले तिनीहरूलाई मिश्रबाट निकालेर
ल्याउनुहुन्छ।
तिनको बल अर्नाको जस्तो छ।
२३ निश्चय, याकूबलाई लाग्ने कुनै टुनामुना
छँदैछैन।
इस्राएलको विरुद्ध कुनै जोखना छैन।
याकूबको विषयमा 'परमेश्वरले कस्तो
विचित्र कार्य गर्नुभयो' भनी अब भनिनेछ।
२४ हेर्, त्यो जाति सिंहनीझैं उठ्छ,
र झम्टन लागेको सिंहजस्तै त्यो जुरुक्क
उठ्छ।
शिकार नखाउन्जेल र शिकारको रगत
नपिउन्जेल त्यो लेट्नेछैन।"
२५ तब बालाकले बिलामलाई भने,
"तिनीहरूलाई सराप पनि नदिनुहोस्, र आशिष
पनि नदिनुहोस्।"
२६ तर बिलामले बालाकलाई भने,
"परमप्रभु जे भन्नुहुन्छ त्यो मैले अवश्य
गर्नुपर्छ भनेर मैले तपाईंलाई अघिनै भनेको
थिइनँ ?" २७ बालाकले बिलामलाई भने,
"आउनुहोस्, अब म तपाईंलाई अर्को
ठाउँमा लैजानेछु। सायद मेरो निम्ति

तपाईंले तिनीहरूलाई सराप दिने परमेश्वरको
इच्छा हुन्छ कि!" २८ औ बालाकले
बिलामलाई पोरको टाकुरामा लगे। त्यहाँबाट
मरुभूमि देखिन्छ। २९ तब बिलामले
बालाकलाई भने, "मेरो निम्ति यहाँ सातवटा
वेदी बनाएर सातवटा साँढ़े र सातवटा
भेड़ाहरू तयार गरिदिनुहोस्।" ३० अनि
बिलामले भनेझैं बालाकले गरे, र प्रत्येक
वेदीमा एक एकवटा साँढ़े र एक एकवटा
भेड़ा तिनले चढ़ाए।

बिलामको अन्तिम अगमवाणी

२४ अनि इस्राएलीहरूलाई आशिष दिने
परमप्रभुको इच्छा जब बिलामले
देखे तब तिनी अरू बेलाजस्तै शकुन हेर्न
गएनन्, तर तिनी आफ्नो मुख वनतिर गरी
उभिए। २ औ आफ्ना आँखा उचालेर
हेरे, र इस्राएलीहरूलाई तिनले आफ्नो
कुल कुल गरी बसेका देखे, अनि परमेश्वरका
आत्मा तिनीमाथि आउनुभयो। ३ तिनले
आफ्नो सन्देशमा भने,

"बओरको छोरो बिलामले भन्छ,
अब जुन मानिसको आँखा खुलेको छ,
त्यसले भन्छ।
४ परमेश्वरको वचन सुन्नेले यसो भन्छ,
जसले एकटक हेरेर समाधिमा
सर्वशक्तिमानको दर्शन पाउँदछ।
५ हे याकूब, तिम्रा पालहरू,
हे इस्राएल, तिम्रा बासस्थानहरू कति
राम्रा!
६ ती बेँसीजस्तै छन्, खोलाका किनारका
बगैंचाझैं,
परमप्रभुले रोप्नुभएका घिउकुमारीहरू-
जस्ता,
पानीनेरका देवदारहरूजस्ता फैलिएका
छन्।
७ तिनका गाग्राहरूबाट पानी भरिएर
पोखिनेछ।
औ तिनको बिउ प्रचुर पानी भएको
ठाउँमा हुनेछ,
तिनका राजा अगागभन्दा पनि महान्
हुनेछन्।
औ तिनको राज्य समृद्धशाली बनाइनेछ।
८ परमेश्वरले तिनलाई मिश्रबाट निकालेर
ल्याउनुहुन्छ।
तिनको निम्ति उहाँ अर्नाको सीङजस्तै
हुनुहुन्छ।
तिनले आफ्नो बैरी-मुलुकलाई निल्नेछन्,
र तिनीहरूको हड्डी चूर पारेर फोर्नेछन्,
औ आफ्ना वाणहरूले तिनीहरूलाई
छेँड़ेर मार्नेछन्।
९ तिनी सिंहझैं लेटिरहे,
औ सिंहनीझैं, तिनलाई कसले उठाउने?
तिमीलाई आशिष दिने हरेक आशीषित
होस्।
तिमीलाई सराप दिने हरेक श्रापित
होस्।"

१० तब बालाकलाई बिलामसित रीस उठ्यो,
तिनले जोरले आफ्नो हात ठट्टाएर बिलाम-
लाई भने, "मेरा शत्रुहरूलाई सराप दिनलाई
मैले तपाईंलाई डाकेथें, तर हेर्नुहोस्, तपाईंले
तीनपल्ट तिनीहरूलाई आशिष दिनुभयो।
११ यसकारण अब तपाइं आफ्नो ठाउँमा
फर्किहाल्नुहोस्। तपाईंलाई ठूलो सम्मान दिने
मैले विचार गरेको थिएँ, तर हेर्नुहोस्, परम-
प्रभुले तपाईंलाई त्यो सम्मान प्राप्त गर्नदेखि
रोक्नुभयो।" १२ तब बिलामले बालाकलाई
भने, "तपाईंले मकहाँ पठाउनुभएका दूतहरूलाई
पनि मैले भनेकै थिइनँ र? १३ 'बालाकले
मलाई सुन र चाँदीले भरिएको आफ्नो घर
दिए पनि परमप्रभुको वचन नाघेर मेरो आफ्नो
खुशीले असल वा खराब गर्नसक्तिनँ। परमप्रभुले
मलाई जे भन्नुहुन्छ, त्यही म बोल्नेछु।'
१४ अब म आफ्ना मानिसहरूकहाँ जान्छु,
तर इस्राएलीहरूले तपाइंका मानिसहरूलाई
पछि के गर्नेछन्, त्यो म तपाईंलाई बताउँछु।"
१५ तब तिनले आफ्नो सन्देशमा यसो भने,

"बओरको छोरो बिलाम भन्छ,
जुन मानिसको आँखा खुला छ,
त्यसको वाणी ।
१६ परमेश्‍वरको वचन सुन्‍नेको,
सर्वोच्चको ज्ञान जान्‍नेको,
जसले एकटक हेरेर समाधिमा
सर्वशक्तिमानको दर्शन पाउँदछ ।
१७ म उहाँलाई देख्छु, तर अहिले ता होइन,
म उहाँलाई हेर्छु, तर नजीकै ता होइन ।
याकूबबाट एउटा तारा उदय हुनेछ,
र इस्राएलबाट एउटा राजदण्ड उठ्नेछ,
र मोआबको एक कुनादेखि अर्को
कुनासम्म त्यसले टाउको किच्याउनेछ,
औ शेतका सन्तानलाई ध्वंस पार्नेछ
१८ इस्राएलले बहादुरी देखाउँदा,
एदोमचाहिँ उसको अधिकारमा पर्नेछ,
र त्यसको शत्रु सेईर पनि उसकै
अधिकारमा पर्नेछ ।
१९ अनि याकूबबाटनै प्रभुत्व हुनेछ
र शहरबाट बाँचेकाहरू पनि नाश
हुनेछ ।"
२० तब तिनले अमालेकीहरूतिर हेरेर
आफ्नो सन्देशमा भने,
"सबै जातिहरूमा अमालेक पहिलो थियो,
विनाशनै त्यसको अन्त हुनेछ ।"
२१ अनि तिनले कनानीहरूलाई हेरेर
आफ्नो सन्देशमा भने,
"तेरो बस्‍ने ठाउँ बलियो छ
र तेरो गुँड़ चटानको धाँदोमा छ,
२२ केनीहरू ध्वंश पारिनेछन्
अश्शूरले तँलाई कैद गरेर कति दिन
लैजानेछ ?"
२३ फेरि तिनले आफ्नो सन्देशमा भने,
"हाय ! परमेश्‍वरले यसो गर्नुहुँदा को
बाँच्नसक्छ ?
२४ तर कित्तीमबाट जहाजहरू आउनेछन्,
र तिनीहरूले अश्शूर र एबेरलाई कष्ट
दिनेछन्,
अनि त्यो पनि विनाशमा पर्नेछ ।"

२५ तब बिलाम उठेर आफ्नो घरमा
फर्के, र बालाक पनि आफ्नो बाटो लागे ।

शित्तीममा मूर्तिपूजा

२५ इस्राएलीहरू शित्तीममा रहँदा मानिस-
हरूले मोआबका छोरीहरूसँग व्यभिचार
गर्नलागे, २ किनभने तिनीहरूले यी मानिस-
हरूलाई तिनका देवताहरूका बलिदानमा निम्तो
दिए, र यी मानिसहरूले खाएर तिनीहरूका
देवतालाई दण्डवत गरे । ३ तब इस्राएलीहरू
पनि पोरको बाल-देवतालाई पुज्नलागे । औ
इस्राएलीहरूसित परमप्रभु रिसाउनुभयो ।
४ अनि परमप्रभुले मोशालाई भन्‍नुभयो, "यी
मानिसहरूका सबै नायकेहरूलाई लिएर परम-
प्रभुकै सामने चर्को घाममा झुण्डाइदे, र
परमप्रभुको भयानक क्रोध इस्राएलीहरूबाट
हटोस् ।" ५ मोशाले इस्राएलीहरूका न्याय-
कर्त्ताहरूलाई भने, "तिमीहरू हरेकले पोरको
बाल-देवतालाई पुज्‍ने सबै मानिसहरूलाई
मार ।"

६ इस्राएलीहरू भेट हुने पालको ढोकामा
रोइरहेका थिए । त्यस बेला एक जनाले मोशा
र इस्राएली समुदायकै सामने आफ्नो परिवारमा
एउटा मिद्यानी आइमाईलाई ल्यायो । ७ जब
एलाजारको छोरो हारूनको नाति पीनहासले
त्यो देखे, तब तिनले समुदायको मध्यबाट
उठेर आफ्नो हातमा एउटा भाला लिएर
८ त्यस इस्राएलीको पछिपछि भित्री कोठामा
गएर त्यस इस्राएली र त्यस आइमाई दुवैको
भुँड़ी रोपिदिए । त्यसपछि इस्राएलीहरूबाट त्यो
विपत्ति हट्यो । ९ विपत्तिमा मर्नेहरू चौबीस
हजार थिए ।

१० तब परमप्रभुले मोशालाई भन्‍नुभयो,
११ "एलाजारको छोरो पुजाहारी हारूनको
नाति पीनहासले इस्राएलीहरूका बीचमा
म जस्तै रिसाएर इस्राएलीहरूबाट मेरो क्रोध
हटाइदियो । यसैले मेरो क्रोधमा मैले तिनी-
हरूलाई भस्म पारिनँ । १२ यसकारण यसो

भन्, 'हेर, त्यसलाई मेरो शान्तिको करार
दिन्छु, १३ औ त्यसलाई र त्यसपछि त्यसको
वंशलाई पनि सधैंको लागि पूजाहारीपदमा
स्थिर गरिनेछ, किनभने, त्यो आफ्‍ना परमेश्वर-
को निम्ति रांकियो, र त्यसले इस्राएलीहरूका
निम्ति प्रायश्चित गर्‍यो'।''
१४ त्यस मिद्यानी, आइमाईको साथमा
मारिने त्यस इस्राएलीको नाउँ जिम्री थियो,
जो साल्लूको छोरो शिमोनको कुलको एक
परिवारका मुखिया थिए। १५ त्यो मारिने
मिद्यानी आइमाईको नाउँ चाहिं कोजबी थियो,
जो सूरकी छोरी थिई, जो मिद्यानको एक
घरानाका मुखिया थिए।
१६ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
१७ "मिद्यानीहरूलाई सताएर मार्, १८ किन-
भने तिनीहरूले पनि तिमीहरूलाई छल गरी
सताएका छन्। एकपल्ट पोरमा पूजा-आजा
गर्नलगाए, अर्कोपल्ट चाहिं मिद्यानका मुखियाकी
छोरी कोजबीको कारण, जो पोरको विपत्तिको
बेलामा मारिएकी थिई।"

इस्राएलीहरूको दोस्रो गन्ती

२६ फेरि विपत्तिपछि परमप्रभुले मोशा र
हारून पूजाहारीको छोरो एलाजारलाई
यसो भन्नुभयो, २ "इस्राएली समुदायबाट
बीस वर्ष र उँभोका जति जना लडाइँमा जान
सक्छन्, तिनीहरूलाई आफ्ना आफ्ना बाबुका
घरानाअनुसार गन्ती गर्।" ३ तब मोशा
र पूजाहारी एलाजारले यरीहोनेर यर्दन नदीको
किनार मोआबको मैदानमा भेला गराएर
तिनीहरूलाई यसो भने, ४ "बीस वर्ष र
उँभोका मानिसहरूका गन्ती गर। परमेश्वरले
मोशालाई यसो भनेरनै आज्ञा गर्नुभएको
हो।" मिश्रबाट निस्केर आएका इस्राएलीहरूको
गन्ती यस प्रकार छ—
५ इस्राएलका जेठो छोरो रूबेन थिए।
रूबेनका छोराहरू—हनोकबाट हनोकीहरूका
खलक, पल्लूबाट पल्लूईहरूका खलक,
६ हिस्रोनबाट हिस्रोनीहरूका खलक, कर्मीबाट
कर्मीहरूका खलक भए। ७ रूबेनीहरूका
खलकहरू यिनै हुन्। तिनीहरूका संख्या
त्रिचालीस हजार सात सय तीस थियो।
८ पल्लूको छोरो एलीआब। ९ एलीआबका
छोराहरू नमूएल, दातान र अबीराम थिए।
यिनीहरू तिनै दातान र अबीराम हुन्, जो
कोरहका दलमा मिसिएर मोशा र हारूनसँग
झगड़ा गरेर परमप्रभुको विरुद्धमा उठेका थिए,
र समुदायबाट यिनीहरू डाकिएका थिए।
१० तब धरतीले मुख बाएर तिनीहरूलाई
कोरहसँगै निलेको थियो। त्यस बेला दुइ
सय र पचास जना आगोले भस्म भएर तिनीहरू
एक दृष्टान्त बनेका थिए। ११ तर कोरहका
छोराहरू चाहिं मरेका थिएनन्।
१२ शिमोनका छोराहरू तिनीहरूका
खलकअनुसार—नमूएल। तिनीबाट नमूएलीका
खलक। यामीन, तिनीबाट यामीनीहरूका
खलक। याकीन, तिनीबाट याकीनीहरूका
खलक। १३ जेरह, तिनीबाट जेरहीहरूका
खलक। शाऊल, तिनीबाट शाऊलीहरूका खलक।
१४ शिमोनीहरूका खलक बाइस हजार दुइ
सय यिनै हुन्।
१५ गादका छोराहरू, तिनीहरूका खलक-
अनुसार—सपोन, तिनीबाट सपोनीहरूका खलक।
हाग्गै, तिनीबाट हाग्गीहरूका खलक। शूनी,
तिनीबाट शूनीहरूका खलक। १६ ओजनी,
तिनीबाट ओजनीहरूका खलक। एरी, तिनीबाट
एरीहरूका खलक। १७ अरोद, तिनीबाट
अरोदीहरूका खलक। अरेली, तिनीबाट अरेली-
हरूका खलक। १८ गादका छोराहरूका,
खलकहरूका संख्या चालीस हजार पाँच सय
थियो।
१९ यहूदाका छोराहरू, एर र ओनान।
एर र ओनान कनान देशमा मरे।
२० यहूदाका छोराहरू, तिनीहरूका खलक-
अनुसार यिनीहरूनै थिए—शेल, तिनीबाट
शेलानीहरूका खलक। पेरेस, तिनीबाट परेसी-
हरूका खलक। जेरह, तिनीबाट जेरहीहरूका

खलक। २१ पेरेसका छोराहरू यिनै हुन्।
हेस्रोन, तिनीबाट हेस्रोनीहरूका खलक। हमूल,
तिनीबाट हमूलीहरूका खलक। २२ यहूदाका
खलकहरूको संख्या छहत्तर हजार पाँच सय
थियो।

२३ इस्साकारका छोराहरू, तिनीहरूका
खलकअनुसार तोला। तिनीबाट तोलाहीहरूका
खलक। पुव्वा, तिनीबाट पूनीहरूका खलक।
२४ याशूब, तिनीबाट याशबीहरूका खलक।
शिम्रोन, तिनीबाट शिम्रोनीहरूका २५ इस्सा-
कारका खलकका संख्या चौंसट्ठी हजार तीन
सय थियो।

२६ जबूलूनका छोराहरू, तिनीहरूका
खलकअनुसार—सेरेद, तिनीबाट सेरेदीहरूका
खलक। एलोन, तिनीबाट एलोनीहरूका खलक।
यहलेल, तिनीबाट यहेलेलीहरूका खलक।
२७ जबूलूनीहरूका खलकका संख्या साठी हजार
पाँच सय थियो।

२८ यूसुफका छोराहरू, तिनीहरूका खलक-
अनुसार—मनश्शे र एप्रैम। २९ मनश्शेका
छोराहरू, माकीर, तिनीबाट माकीरीहरूका
खलक। माकीरले गिलादलाई जन्माए।
३० गिलाद, तिनीबाट गिलादीहरूका खलक।
गिलादका छोराहरू यिनै हुन्—ईएजेर तिनीबाट
ईएजेरीहरूका खलक। हेलेक, तिनीबाट हेलेकी-
हरूका खलक। ३१ अस्रीएल, तिनीबाट
अस्रीएलीहरूका खलक। शेकेम, तिनीबाट
शेकेमीहरूका खलक। ३२ शमीदा, तिनी-
बाट शमीदीहरूका खलक। हेपेर, तिनीबाट
हेपेरीहरूका खलक। हेपेरको छोरो सलोफादको
छोरा थिएन, तर छोरीहरू मात्र थिए।
३३ सलोफादका छोरीहरूका नाउँ महला,
नोआ, होग्ला, मिल्का र तिर्सा थिए।
३४ मनश्शेका खलकहरू यिनै हुन्। तिनीहरूका
संख्या बाउन्न हजार सात सय थियो।

३५ एप्रैमका छोराहरू, तिनीहरूका खलक-
अनुसार—शूतेल, तिनीबाट शूतेलीहरूका
खलक। बेकेर, तिनीबाट बेकेरीहरूका खलक।
तहन, तिनीबाट तहनीहरूका खलक।
३६ शूतेल्का छोराहरू यिनै हुन्—एरान,
तिनीबाट एरानीहरूका खलक। ३७ एप्रैमका
खलकका संख्या बत्तीस हजार पाँच सय थिए।
यूसुफका छोराहरू तिनीहरूका खलकहरूअनुसार
यिनै हुन्।

३८ बिन्यामीनका छोराहरू तिनीहरूका
खलकअनुसार—बेला, तिनीबाट बेलाहीहरूका
खलक। अशबेल, तिनीबाट अशबेलीहरूका
खलक। अहीराम, तिनीबाट अहीरामीहरूका
खलक। ३९ शपूपाम, तिनीबाट शपूपामी-
हरूका खलक। हूपाम, तिनीबाट हूपामीहरूका
खलक। ४० बेलाका छोराहरू अर्द र नामान
थिए। अर्द, तिनीबाट अर्दीहरूका खलक।
नामान, तिनीबाट नामानीहरूका खलक।
४१ बिन्यामीनका छोराहरू तिनीहरूका खलकहरू
अनुसार यिनै हुन्। तिनीहरूका संख्या पैंतालीस
हजार छ सय थियो।

४२ दानका छोराहरू तिनीहरूका खलक-
अनुसार—शूहाम, तिनीबाट शूहामीहरूका
खलक। दानका छोराहरू तिनका खलक-
अनुसार यिनै हुन्। ४३ शूहामीहरूका
खलकका संख्या चौंसट्ठी हजार चार सय
थियो।

४४ आशेरका छोराहरू तिनीहरूका
खलकअनुसार—यिम्ना, तिनीबाट यिम्नीहरूका
खलक। यिश्वी, तिनीबाट यिश्वीहरूका खलक।
बरीया, तिनीबाट बरीयीहरूका खलक।
४५ बरीयाका छोराहरूबाट—हेबेर, तिनीबाट
हेबेरीहरूका खलक। मल्कीएल, तिनीबाट
मल्कीएलीहरूका खलक। ४६ आशेरकी
छोरीको नाउँ सेरह थियो। ४७ आशेरका
छोराहरूका खलकको संख्या त्रिपन्न हजार चार
सय थियो।

४८ नप्तालीका छोराहरू, तिनीहरूका
खलकअनुसार —यहसेल, तिनीबाट यहसेली-
हरूका खलक। गुनी, तिनीबाट गुनीहरूका
खलक। ४९ येसेर, तिनीबाट येसेरीहरूका
खलक। शिल्लेम, तिनीबाट शिल्लेमीहरूका
खलक। ५० नप्तालीका छोराहरू, तिनीहरूका

खलकअनुसार यिनै हुन्। तिनीहरूको संख्या
पैंतालीस हजार चार सय थिए।
५१ इस्राएलीहरूमा गनिएका जम्मा संख्या
छ लाख एक हजार सात सय तीस थिए।
५२ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
५३ "तिनीहरूको नाउँका संख्याअनुसार देश
तिनीहरूको अधिकारको निम्ति बाँडिओस्।
५४ ठूलो कुललाई ठूलै अधिकार र सानो कुललाई
सानै अधिकार गरी तैँले दिनू। एक एक
जनालाई त्यसका मानिसको संख्याअनुसार
अधिकार दिइओस्। ५५ तापनि त्यो देश
गोला हालेरै बाँडिओस्। तिनीहरूका आफ्ना
आफ्ना बाबुका कुलहरूको नाउँअनुसार तिनी-
हरूले अधिकार गरून्। ५६ ठूला र सानाका
बीचमा अधिकार गोला हालेरनै बाँडिओस्।
५७ अनि लेवीहरूमा गनिएका, तिनीहरूका
खलकअनुसार गेर्शोन, तिनीबाट गेर्शोनीहरूका
खलक। कहात, तिनीबाट कहातीहरूका
खलक। मरारी, तिनीबाट मरारीहरूका खलक।
५८ लेवीका खलक यिनै हुन्—लिब्नीहरूका
खलक, हेब्रोनीहरूका खलक, महलीहरूका
खलक मूशीहरूका खलक, कोरहीहरूका खलक।
कहातले अम्रामलाई जन्माए। ५९ अम्रामकी
स्वास्नीको नाउँ योकेबेद थियो। तिनी चाहिँ
लेवीले मिश्र देशमा जन्माएको छोरी
थिइन्। औ तिनले अम्रामबाट हारून, मोशा
र तिनीहरूकी दिदी मरियमलाई जन्माइन्।
६० नादाब, अबीहू, एलाजार र इतामार
हारूनबाट जन्मेका हुन्। ६१ नादाब र
अबीहूचाहिँ परमप्रभुको सामने अन्य अग्नि
चढ़ाउँदा मरेका थिए। ६२ तिनीहरूमध्येका
हरेक पुरुष एक महीना र त्यसभन्दा माथिका
जो जो गनिएका थिए, ती तेईस हजार थिए।
तिनीहरू इस्राएलीहरूका साथमा गनिएका
थिएनन्, किनभने इस्राएलीहरूका बीचमा
तिनीहरूलाई कुनै अधिकार दिएको थिएन।
६३ मोशा र एलाजार पूजाहारीबाट
गनिएका सबै यिनीहरूनै थिए। तिनीहरूले
इस्राएलीहरूलाई यरीहोमा यर्दन नदीको किनारनेर
मोआबको मैदानमा गनेका थिए। ६४ तर
यिनीहरूमध्ये मोशा र पूजाहारी हारूनले सीनैको
वनमा गनेका एउटै पनि इस्राएली थिएन,
६५ किनभने 'तिनीहरू वनमानै मर्नेछन्'
भनी परमप्रभुले भन्नुभएको थियो। यपून्नेको
छोरो कालेब र नूनको छोरो यहोशूबाहेक
तिनीहरूमध्येका एउटै मानिस पनि जीवित
थिएन।

छोरीहरूको हक

२७ तब यूसुफको छोरो मनश्शेको खलकमा
मनश्शेको छोरो माकीर, तिनको छोरो
माकीर, तिनको छोरो गिलाद, गिलादको छोरो
हेपेर र हेपेरको छोरो सलोफादका छोरीहरू
महला, नोआ, होग्ला, मिल्का र तिर्सा आएर
२ भेट हुने पालको ढोकामा मोशा, पूजा-
हारी एलाजार, नायकेहरू र सबै समुदायको
सामने उभिएर यसो भन्नलागे, ३ "हाम्रा
बाबु वनमा मरे, तर तिनी परमप्रभुको
विरुद्धमा उठ्ने कोरहको दलमा थिए-
नन्, तर तिनी अरूझैं आफ्नै पापमा मरे।
तिनका छोराहरू पनि थिएनन्। ४ छोराहरू
नहुँदा हाम्रा बाबुको आफ्नो कुलमा नाउँ
किन मासिने? हाम्रा बाबुका दाज्यू-भाइहरूमा
हामीलाई पनि अधिकार दिनुहोस्।"
५ तब मोशाले तिनीहरूको मामिला परम-
प्रभुकहाँ ल्याए। ६ अनि परमप्रभुले मोशालाई
भन्नुभयो, ७ "सलोफादका छोरीहरूले उठाएको
कुरा ठीकै हो। तैँले तिनीहरूलाई तिनका
बाबुका दाज्यू-भाइहरूसँग अधिकार दिनू। तैँले
तिनीहरूलाई बाबुको उत्तराधिकारी बनाइदिनू।
८ तैँले इस्राएलीहरूलाई भन्, 'कुनै मानिस
छोरा नभई मर्‍यो भने छोरीलाईनै उत्तरा-
धिकारी बनाइदिनू। ९ त्यसको छोरी पनि छैन
भने त्यसको अधिकार त्यसका दाज्यू-भाइहरूलाई
जाओस्। १० त्यसको दाज्यू-भाइ पनि छैन
भने त्यसका बाबुका दाज्यू-भाइहरूलाई जाओस्।
११ त्यसका बाबुका कुनै दाज्यू-भाइ पनि

छैन भने परिवारमा सबैभन्दा नजीकको साइनो
पर्नेलाई त्यसको उत्तराधिकारी बनाइदिनू, र
त्यसले त्यो आफ्नो हकमा लेओस् । यो
इस्राएलको निम्ति धर्म-विधि र धर्म-विधान
होस्' ।'' परमप्रभुले मोशालाई यही आज्ञा
दिनुभएको थियो ।

मोशाको मृत्यु अनि यहोशूको नियुक्ति

१२ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"तँ यो अबीरामको डाँडामा उक्ली, र मैंले
इस्राएलीहरूलाई दिएको देश हेर् । १३ तैंले
त्यो हेरेपछि तँ पनि तेरा दाज्यू हारूनझैं
आफ्ना मानिसहरूमा मिल्नजानेछस् । १४ जब
सीनको उजाड़-स्थानमा समुदाय मेरो विरुद्धमा
उठेको थियो तब तिमीहरू दुवैले मेरो पवित्रता-
को कदर नगरेर तिनीहरूकै सामने त्यो
पानीमा मेरो आज्ञा भंग गरेका थियौ ।''
(यो घटना सीनको उजाड़-स्थानमा कादेशको
मरीबामा भएको हो)
१५ तब मोशाले परमप्रभुलाई भने,
१६ "सारा जीवधारीका आत्माका परमप्रभु
परमेश्वरबाटनै यस समुदायमाथि एउटा
मानिस नियुक्त होस्, १७ जो तिनीहरूका
अगिअगि बाहिर जाने र भित्र आउने
होस्, जसले तिनीहरूलाई अगुवाइ गरेर
लैजानेछ, र तिनीहरूलाई भित्र ल्याउनेछ ।
यसरी परमप्रभुको समुदाय गोठालो नभएका
भेड़ाझैं नहोस् ।'' १८ परमप्रभुले मोशालाई
भन्नुभयो, "यस्तो आत्मा भएको नूनको छोरो
यहोशूलाई तैंले लिएर त्यसमाथि तेरो हात
राख्, १९ र त्यसलाई पूजाहारी एलाजार
र सारा समुदायको सामने खड़ा गर् । तिनी-
हरूको नजरकै सामने त्यसलाई यो दायित्व
सुम्पिदे । २० तैंले त्यसलाई तेरो
अख्तियार दे, र सारा इस्राएल समुदायले
त्यसको हुकूम पालन गरोस् । २१ त्यो
पूजाहारी एलाजारकहाँ आउने गरोस्, र
पूजाहारी एलाजारले चाहिं ऊरीमद्वारा फैसला
लिएर त्यसलाई बताउने गरोस् । यहोशूकै
हुकूमबमोजिम सारा इस्राएलीहरू त्यससँगै
आउने र जाने गरून् ।'' २२ तब परम-
प्रभुले तिनलाई आज्ञा गर्नुभएअनुसार मोशाले
गरे । तिनले यहोशूलाई लिएर पूजाहारी
एलाजार र सारा समुदायको सामने खड़ा
गराए । २३ परमप्रभुले मोशाद्वारा आज्ञा
गर्नुभएझैं तिनले आफ्नो हात उनीमाथि
राखे र उनलाई आफ्नो कामको दायित्व
सुम्पे ।

बलिदानहरू र चाड़हरूका व्यवस्था

२८ परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई यसो भनेर आज्ञा
गर, 'आगोद्वारा चढ़ाउने मीठो बास्ना हुने मेरो
बलि, अर्थात् मेरो भोजन तिनको तोकिएको
समयमा चढ़ाउन तिमीहरूले याद राख्नू ।'
३ तैंले तिनीहरूलाई यसो भन्, 'तिमीहरूले
परमप्रभुको निम्ति आगोद्वारा चढ़ाउने बलि
यही हो—एक वर्षे निष्खोट थुमाहरू,
नित्यको होमबलिको निम्ति दिनहुँ दुइवटा,
४ एउटा बिहान र अर्को बेलुकी चढ़ाउनू ।
५ अन्नबलिको निम्ति हीनको एक पावा
शुद्ध तेलमा मुछेको एपाको दशौं भाग मसिनो
पीठो पनि सँगै चढ़ाउनू । ६ यो निरन्तरको
होमबलि आगोद्वारा चढ़ाउन र परमप्रभुको
निम्ति मीठो बास्ना हुनलाई सीनै पर्वतमा
ठहराइएको थियो । ७ त्यसको अर्घबलि
चाहिं एउटा थुमाको निम्ति हीनको एक
पावा होस् । कड़ा दाखमद्यको अर्घबलि
चोखो ठाउँमा परमप्रभुको निम्ति चढ़ाउनू ।
८ अर्को थुमा बेलुकी चढ़ाउनू । बिहानको
अन्नबलि र त्यसको अर्घबलिझैं यो पनि
परमप्रभुको निम्ति मीठो बासना हुनलाई
आगोद्वारा तैंले चढ़ाउनू ।
९ विश्राम-दिनमा एक वर्षे दुइवटा
निष्खोट थुमा, एपाको दश खण्डको दुइ
खण्ड तेलमा मुछेको मसिनो पीठो अन्नबलिको

निम्ति र त्यसको अर्घबलिसमेत चढ़ाउनू।
१० नित्यको होमबलि र त्यसको अर्घबलि-
बाहेक हरेक विश्राम-दिनको होमबलि यही
हो।
११ महीनाहरूका पहिलो दिनमा
तिमीहरूले परमप्रभुको निम्ति होमबलि
चढ़ाउनू—दुइवटा बाछा, एउटा भेड़ा र एक
वर्षे सातवटा निष्खोट थुमा। १२ हरेक
बाछाको निम्ति तेलमा मुछेको एपाको दश
खण्डको तीन खण्ड मसिनो पीठो अन्नबलिको
लागि, एउटा भेड़ाको निम्ति तेलमा मुछेको
एपाको दश खण्डको दुइ खण्ड अन्नबलिको
निम्ति मसिनो पीठो, १३ र हरेक थुमाको
अन्नबलिको निम्ति तेलमा मुछेको एपाको
दश खण्डको एक खण्ड मसिनो पीठो,
परमप्रभुको निम्ति मीठो बास्नाको होमबलि
आगोद्वारा चढ़ाउनू। १४ तिनका अर्घबलि,
एउटा बाछाको निम्ति आधा हीन दाखमद्य,
भेड़ाको निम्ति हीनको तीन खण्डको एक
खण्ड, र थुमाको निम्ति हीनको चार खण्डको
एक खण्ड होस्। वर्ष भरिका सबै महीनाहरूमा
हरेक महीनाको निम्ति होमबलि यही हो।
१५ पापबलिको लागि परमप्रभुको निम्ति
एउटा बोकाचाहिं नित्यको होमबलि र अर्घ-
बलिबाहेक चढ़ाउनू।
१६ अनि पहिलो महीनाको चौधौं दिनमा
परमप्रभुको निस्तार-चाड़ हुनेछ। १७ त्यस
महीनाको पन्ध्रौं दिनदेखि एउटा उत्सव
मनाउनुपर्छ। त्यस उत्सवमा सात दिनसम्म
अखमीरे रोटी खानुपर्छ। १८ पहिलो दिन
चाहिं पवित्र महा-सभा होस्। त्यस दिन तिमी-
हरूले कुनै परिश्रमको काम नगर्नू। १९ तर
परमप्रभुको निम्ति आगोद्वारा चढ़ाउने बलि
दुइवटा बाछा, एउटा भेड़ा र एक वर्षे सातवटा
थुमा होमबलिको रूपमा चढ़ाउनू। यी सब
निष्खोट हुनुपर्छ। २० तिनका अन्नबलिचाहिं
तेलमा मुछेको मसिनो पीठो, अर्थात् हरेक
बाछाको लागि एपाको दश खण्डको तीन
खण्ड, भेड़ाको लागि दश खण्डको दुइ खण्ड,
२१ सातवटा थुमामा लागि हरेकको दश
खण्डको एक खण्ड चढ़ाउनू। २२ तिमीहरूको
प्रायश्चित गर्नलाई पापबलिको निम्ति एउटा
बोका चढ़ाउनू। २३ यी चाहिं बिहानको
नित्यको होमबलिबाहेक चढ़ाउनू। २४ यही
किसिमले तिमीहरूले सात दिनसम्मै परमप्रभुको
निम्ति मीठो बास्ना हुनलाई आगोद्वारा
भोजनको बलि प्रतिदिन चढ़ाउनू। यी चाहिं
नित्यको होमबलि र त्यसको अर्घबलिबाहेक
चढ़ाउनू। २५ सातौं दिनमा तिमीहरूको
एउटा पवित्र महा-सभा होस्, र तिमीहरूले
त्यस दिन कुनै परिश्रमको काम नगर्नू।
२६ अगौटे फलको दिनमा पनि तिमी-
हरूले परमप्रभुको निम्ति साताहरूको* चाड़मा
नयाँ अन्नबलि चढ़ाउँदा पवित्र महा-सभा
मनाउनू। त्यस दिन तिमीहरूले कुनै परिश्रमको
काम नगर्नू। २७ तर तिमीहरूले परमप्रभुको
निम्ति मीठो बास्ना हुनलाई बलिको निम्ति
दुइवटा बाछा, एउटा भेड़ा र एक वर्षे सातवटा
थुमा, २८ र तिनीहरूका अन्नबलिको निम्ति
हरेक बाछाको लागि तेलमा मुछेको दश
खण्डको तीन खण्ड मसिनो पीठो, एउटा भेड़ाको
निम्ति दश खण्डको दुइ खण्ड, २९ र
सातवटा थुमाको लागि थुमैपिच्छे दश खण्ड-
को एक खण्ड मसिनो पीठो चढ़ाउनू।
३० तिमीहरूको प्रायश्चित गर्नलाई एउटा
बोका पनि चढ़ाउनू। ३१ नित्यको होमबलि
र त्यसको अन्नबलिबाहेक तिमीहरूले तिनका
अर्घबलि चढ़ाउनू। ती निष्खोट हुनुपर्छ।

सातौं महीनामा मान्ने धार्मिक-चाड़हरू

२९ फेरि सातौं महीनाको पहिलो दिनमा
तिमीहरूको एउटा पवित्र महा-सभा
होस्। त्यस दिन तिमीहरूले कुनै परिश्रमको
काम नगर्नू। त्यो तिमीहरूका निम्ति तुरही
बजाउने दिन हो। २ तिमीहरूले परमप्रभुको

* सात हप्ता पछिको पेन्तिकोस-चाड़
लेवी २३ : १५, १६

निम्ति मीठो बास्ना हुनलाई होमबलिको निम्ति
एउटा बाछा, एउटा भेड़ा, सातवटा एक वर्षे
निष्खोट थुमा ३ र तिनीहरूको अन्नबलि
बाछासित तेलमा मुछेको दश खण्डको तीन
खण्ड मसिनो पीठो, भेड़ासित दश खण्डको दुइ
खण्ड, ४ र सातै थुमामा हरेक थुमाको
लागि दश खण्डको एक खण्ड पीठो,
५ र तिमीहरूको प्रायश्चित गर्नलाई पापबलि-
को निम्ति एउटा बोका चढ़ाउनू। ६ यी
सबै औंसीको होमबलि र त्यसको अन्नबलि,
नित्यको होमबलि र त्यसको अन्नबलि, र
अर्घबलिबाहेक होऊन्, जो परमप्रभुको निम्ति
मीठो बास्ना हुनलाई तिनीहरूका धार्मिक-विधान-
अनुसार आगोद्वारा चढ़ाउनू।

७ त्यही सातौं महीनाको दशौं दिनमा
तिमीहरूको एउटा पवित्र महा-सभा होस्।
तिमीहरूले आफू आफूलाई दीन तुल्याओ, र
त्यस दिन तिमीहरूले कुनै किसिमको काम
नगर्नू। ८ तर तिमीहरूले परमप्रभुको निम्ति
मीठो बास्ना हुनलाई होमबलिको निम्ति एउटा
बाछा, एउटा भेड़ा र सातवटा एक वर्षे थुमा
चढ़ाउनू। ती सब निष्खोट होऊन्। ९ औ
तिनीहरूका अन्नबलिचाहिँ बाछाको लागि
तेलमा मुछेको दश खण्डको तीन खण्ड मसिनो
पीठो, भेड़ाको लागि दश खण्डको दुइ खण्ड,
१० र सातै थुमामा हरेक थुमाको लागि
एपाको दश खण्डको एक खण्ड, ११ पाप-
बलिको निम्ति एउटा बोका पनि चढ़ाउनू।
यो चाहिँ प्रायश्चितको पापबलि र नित्यको
होमबलि, त्यसको अन्नबलि र तिनीहरूको
अर्घबलिबाहेक चढ़ाउनू।

१२ फेरि सातौं महीनाको पन्ध्रौं दिनमा
तिमीहरूको एउटा महा-सभा होस्। त्यस दिन
तिमीहरूले कुनै परिश्रमको काम नगर्नू, र
तिमीहरूले परमप्रभुको निम्ति सात दिनसम्म
चाड़ मान्नू। १३ तिमीहरूले परमप्रभुको
निम्ति मीठो बास्ना हुनलाई आगोद्वारा होमबलि
चढ़ाउनू। त्यसमा तेह्रवटा बाछा, दुइवटा भेड़ा,
एक वर्षे निष्खोट चौधवटा थुमा, १४ र
तिनीहरूको अन्नबलि तेह्रैवटा बाछाको निम्ति,
हरेक बाछालाई तेलमा मुछेको दश खण्डको
तीन खण्ड मसिनो पीठो, दुइवटा भेड़ाको
निम्ति हरेक भेड़ालाई दश खण्डको दुइ
खण्ड, १५ र चौधै थुमामा हरेक
थुमाको लागि दश खण्डको एक खण्ड पीठो,
१६ र पापबलिको निम्ति एउटा बोका पनि
चढ़ाउनू। यो चाहिँ नित्यको होमबलि,
त्यसको अन्नबलि र त्यसको अर्घबलिबाहेक
चढ़ाउनू।

१७ दोस्रो दिन तिमीहरूले बाह्र बाछा
दुइवटा भेड़ा, चौधवटा एक वर्षे निष्खोट
थुमा, १८ तिनका अन्नबलि र अर्घबलि—
बाछाहरू, भेड़ाहरू र थुमाहरूका निम्ति
तिनीहरूका संख्याअनुसार धार्मिक विधान-
बमोजिम चढ़ाउनू, १९ र पापबलिको निम्ति
पनि एउटा बोका चढ़ाउनू। यो चाहिँ
नित्यको होमबलि, त्यसको अन्नबलि र
तिनीहरूका अर्घबलिबाहेक चढ़ाउनू।

२० तेस्रो दिन एघारवटा बाछा, दुइ-
वटा भेड़ा र चौधवटा एक वर्षे निष्खोट
थुमा, २१ तिनका अन्नबलि र अर्घबलि
—बाछाहरू, भेड़ाहरू र थुमाहरूका निम्ति
तिनीहरूका संख्याअनुसार धार्मिक-विधान-
अनुसार चढ़ाउनू, २२ र पापबलिको निम्ति
पनि एउटा बोका चढ़ाउनू। यो चाहिँ
नित्यको होमबलि, त्यसको अन्नबलि र त्यसको
अर्घबलिबाहेक चढ़ाउनू।

२३ चौथो दिन दशवटा बाछा, दुइवटा
भेड़ा, चौधवटा एक वर्षे निष्खोट थुमा,
२४ तिनका अन्नबलि र अर्घबलि—बाछाहरू,
भेड़ाहरू र थुमाहरूका निम्ति तिनीहरूका
संख्याअनुसार धार्मिक-विधान-बमोजिम चढ़ाउनू,
२५ र पापबलिको निम्ति एउटा बोका
पनि चढ़ाउनू। यो चाहिँ नित्यको होमबलि
त्यसको अन्नबलि र त्यसको अर्घबलिबाहेक
चढाउनू।

२६ पाँचौं दिन नौवटा बाछा, दुइवटा
भेड़ा, चौधवटा एक वर्षे निष्खोट थुमा,

२७ तिनका अन्नबलि र अर्घबलिहरू—बाछाहरू,
भेड़ाहरू र थुमाहरूका निम्ति तिनीहरूका
संख्याअनुसार धार्मिक-विधानबमोजिम चढ़ाउनू,
२८ र पापबलिको निम्ति पनि एउटा बोका
चढ़ाउनू। यो चाहिं नित्यको होमबलि,
त्यसको अन्नबलि र त्यसको अर्घबलिबाहेक
चढ़ाउनू।

२९ छैटौं दिन आठवटा बाछा, दुइवटा
भेड़ा, चौधवटा एक वर्षे निष्खोट थुमा,
३० तिनका, अन्नबलिहरू र अर्घबलिहरू—
बाछाहरू, भेड़ाहरू र थुमाहरूका निम्ति
तिनीहरूका संख्याअनुसार धार्मिक-विधान-
बमोजिम चढ़ाउनू, ३१ र पापबलिको निम्ति
एउटा बोका चढ़ाउनू। यो चाहिं नित्यको
होमबलि, त्यसको अन्नबलि र त्यसको अर्घ-
बलिबाहेक चढ़ाउनू।

३२ सातौं दिन सातवटा बाछा, दुइवटा
भेड़ा र चौधवटा एक वर्षे निष्खोट थुमा,
३३ तिनका अन्नबलि र अर्घबलि—बाछाहरू,
भेड़ाहरू र थुमाहरूका निम्ति तिनीहरूका
संख्याअनुसार धार्मिक-विधानबमोजिम, ३४ र
पापबलिको निम्ति पनि एउटा बोका चढ़ाउनू।
यो चाहिं नित्यको होमबलि त्यसको अन्नबलि
र त्यसको अर्घबलिबाहेक चढ़ाउनू।

३५ आठौं दिन तिमीहरूका एउटा
पवित्र महा-सभा होस्। तिमीहरूले कुनै
परिश्रमको काम नगर्नू। ३६ परमप्रभुको
निम्ति मीठो बास्ना हुने आगोको होमबलि
चढ़ाउनू। त्यसमा एउटा बाछा, एउटा भेड़ा
र सातवटा एक वर्षे निष्खोट थुमा होस्।
३७ तिनीहरूका अन्नबलि र अर्घबलि—
बाछा, भेड़ा र थुमाहरूका निम्ति तिनीहरूका
संख्याअनुसार धार्मिक-विधानबमोजिम, ३८ र
पापबलिको निम्ति पनि एउटा बोका
चढ़ाउनू। यो चाहिं नित्यको होमबलि,
त्यसको अन्नबलि र त्यसको अर्घबलिबाहेक
चढ़ाउनू।

३९ तिमीहरूका भाकल र राजीखुशीको
बलिबाहेक तिमीहरूका होमबलि, अन्नबलि,
अर्घबलि र मेलबलिहरूका निम्ति यी तिमी-
हरूले आफ्ना तोकिएका चाडहरूमा परम-
प्रभुलाई चढ़ाउनू'।"

४० परमप्रभुले मोशालाई आज्ञा गर्नु-
भएअनुसार सबै कुरा मोशाले इस्राएलीहरूलाई
बताइदिए।

भाकल विषयका नियमहरू

३० अनि मोशाले इस्राएली कुलहरूका
नायकेहरूलाई यसो भने, "परम-
प्रभुले आज्ञा गर्नुभएको कुरो यही हो—
२ 'कुनै मानिसले परमप्रभुको निम्ति भाकल
गर्‍यो अथवा बाचा बाँधेर शपथ खायो
भने, त्यसले आफ्नो वचन भङ्ग गर्नुहुँदैन।
त्यसको मुखबाट जुन वचन निस्केको थियो,
त्यो त्यसले गर्नैपर्छ। ३ आफ्नो बाबुको
घरमा हुँदा कुनै युवतीले जब परमप्रभुको नाउँमा
शपथ खान्छे वा कुनै बाचा-बन्धन बाँध्छे,
४ त्यो शपथ र बाचा-बन्धन सुनेर पनि
त्यसको बाबु चूप्प लागी बस्छ भने त्यो
शपथ र बाचा-बन्धन कायम रहनेछ।
५ तर बाबुले त्यो सुनेको दिन त्यसको
प्रतिरोध गर्‍यो भने त्यसको शपथ अथवा
बाचा-बन्धन रद्द हुनेछ। त्यसको बाबुले
नै विरोध जनाएको हुनाले परमप्रभुले त्यसलाई
क्षमा गर्नुहुनेछ। ६ त्यसले शपथ लिइसकेर,
अथवा बिना सोच विचार गरेको बाचा-बन्धन-
पछि त्यसको विवाह भयो, ७ औ त्यसको
लोग्नेले त्यो चाल पाएको दिनमा चूप्प लागी
बस्यो भने त्यो शपथ र बाचा-बन्धन कायम
रहनेछ। ८ तर त्यसको लोग्नेले त्यो चाल
पाएको दिन आफ्नो प्रतिरोध जाहेर गर्‍यो
भने, त्यसको शपथ वा बाचा-बन्धन रद्द
हुनेछ, अनि परमप्रभुले त्यस स्त्रीलाई क्षमा
गर्नुहुनेछ।

९ तर विधवा र लोग्नेसँग छुट्टिएकी
स्त्रीले खाएको शपथ र बाँधेको बाचा-बन्धन
चाहिं कायम रहनेछ।

१० कुनै स्त्रीले आफ्नो लोग्नेको घरमा आइसकेर कुनै शपथ खान्छ वा बाचा-बन्धन गर्छ ११ र त्यो शपथ र बाचा-बन्धन सुनेर पनि त्यसको लोग्ने चूप्पै लाग्यो र विरोध गरेन भने, त्यो शपथ र बाचा-बन्धन कायम रहनेछ। १२ तर त्यसको लोग्नेले त्यो सुनेको दिनमा त्यसको शपथ र बाचा-बन्धन रद्द गर्‍यो भने त्यसको मुखबाट निस्केको वचन निरर्थक हुनेछ। परमप्रभुले त्यस स्त्रीलाई क्षमा गर्नुहुनेछ। १३ स्वास्नीले लिएका आफूलाई कष्ट दिने कुनै पनि शपथ र बाचा-बन्धनलाई उसको लोग्नेले अनुमोदन गर्न र रद्द गर्नसक्छ। १४ त्यसले आफ्नो स्त्रीको शपथ र बाचा-बन्धनहरू पक्का गर्छ। त्यसले त्यो कुरा सुनेको दिनमा चूप्प लागेको हुनाले यो स्वीकृति दिएको बराबर हो। १५ तर सुनेको अलिक समयपछि त्यो कुरा त्यसले रद्द गर्‍यो भने त्यस स्त्रीको दोषको उत्तरदायी त्योनै हुनेछ'।"

१६ लोग्ने, स्वास्नी औ आमा-बाबुको घरमा बसेकी जवान छोरीको विषय परमप्रभुले मोशालाई दिनुभएको आज्ञा यिनै हुन्।

मिद्यानीहरूमाथि विजय

३१ फेरि परमप्रभुले मोशालाई भन्नुभयो, २ "मिद्यानीहरूसँग तिमीहरूले बद्‌ला लेओ। त्यसपछि तेरो मृत्यु हुनेछ।" ३ तब मोशाले मानिसहरूलाई यसो भने, "मिद्यानीहरूसँग युद्ध गर्नलाई तिमीहरू तयार होओ। ४ इस्राएलका हरेक कुलबाट एक एक हजार मानिस तिमीहरूले पठाउनू।" ५ यसकारण इस्राएलीहरूका हरेक कुलबाट युद्धको निम्ति एक एक हजार गरी बाह हजार सैन्य खटिए। ६ मोशाले हरेक कुलबाट एक एक हजारलाई युद्धमा पठाए, औ तिनीहरूका साथमा पूजाहारी एलाजारको छोरो पीनहासलाई पनि पवित्रस्थानका पात्रहरू र रण-ध्वनिको तुरहीहरूको जिम्मा लाएर पठाए। ७ परमप्रभुले मोशालाई आज्ञा गर्नुभएअनुसार तिनीहरूले मिद्यानसँग लडाइँ गरे, र तिनीहरूका पुरुषहरू जतिलाई मारे। ८ मर्नेहरूमा मिद्यानका पाँच राजाहरू एवी, रेकेम, सूर, हूर र रेबा पनि थिए। बओरको छोरो बिलामलाई पनि तिनीहरूले तरवारले मारे। ९ अनि इस्राएलीहरूले मिद्यानी स्वास्नीमानिसहरू र नानीहरूलाई कैद गरे, र तिनीहरूका सबै गाई-गोरु भेड़ा-बाख्रा र धन-सम्पत्तिहरू लगे। १० तिनीहरू बसेका जम्मै शहरहरू छाउनीहरू यिनीहरूले जलाइदिए। ११ तिनीहरूले कब्जा गरेका मान्छे, पशु प्राणी र धनमाल चाहिँ लिएर गए, १२ र यर्दन नदीको किनार यरीहोको मोआबको मैदानको छाउनीमा मोशा, पूजाहारी एलाजार र इस्राएल समुदायका सामने ती कैदीहरू पशु, प्राणी र धनमाल ल्याए।

१३ तब मोशा, पूजाहारी एलाजार र समुदायका सब नायकेहरू तिनीहरूलाई भेट्न छाउनीबाहिर आए। १४ अनि युद्धबाट फर्केका सेनाका हजारौं र सयौंमाथिका कप्तान र अफिसरहरूसँग मोशा रिसाए। १५ मोशाले तिनीहरूलाई भने, "के तिमीहरूले सबै स्वास्नीमानिसहरूलाई जिउँदै राख्यौ? १६ हेर, यिनीहरूलेनै ता बिलामको युक्तिद्वारा इस्राएलीहरूलाई पोरमा परमप्रभुको विरुद्धमा अपराध गर्नलाएका थिए। यसैले समुदायको बीचमा विपत्ति पनि आएको थियो। १७ यसैकारण सबै नबालिगहरूमध्ये केटा जत्तिलाई र पुरुषको सम्पर्कमा आएका स्त्रीहरूलाई मार। १८ तर सबै कन्येकेटीहरूलाई चाहिँ तिमीहरूले आफ्नो निम्ति जिउँदै राख। १९ जस जसले कुनै मानिसलाई मारेको छ वा लाश छोएको छ, तिमीहरू सबै छाउनीबाहिर सात दिनसम्म बस्नू औ तेस्रो र सातौं दिनमा तिमीहरू आफ्ना कैदीहरूसमेत चोखिनू। २० छाला र बाख्राका रौंका सबै लुगा र काठका जिनिसहरू तिमीहरूले चोख्याउनुपर्छ।"

२१ अनि पूजाहारी एलाजारले लड़ाइँमा
जाने योद्धाहरू सबैलाई भने, "परमप्रभुले
मोशालाई यसो भनी आज्ञा गर्नुभएको छ,
२२ कि सुन, चाँदी, पीतल, फलाम, राँङ र
शीशा २३ औ आगोले भस्म नपार्ने हरेक
चीज आगोमा हालेर शुद्ध गर्नू। त्यसबाहेक ती
सबै शुद्ध गर्ने पानीमा चोख्याउनुपर्छ। अनि
आगोमा भस्म हुने चीजहरू चाहिं पानीमा
हालेर शुद्ध गर्नू। २४ सातौं दिनमा तिमी-
हरूले आफ्नो लुगा धूनू, र तिमीहरू शुद्ध
हुनेछौ। त्यसपछि तिमीहरू छाउनीमा आए-
हुन्छ।"

२५ परमप्रभुले मोशालाई भन्नुभयो,
२६ "तँ, पूजाहारी एलाजार र समुदायका
हरेक कुलनायकले कैद गरेर ल्याएका
मानिसहरू र पशु प्राणीहरू गन्ती गर,
२७ र लड़ाइँमा गएका योद्धाहरू र सबै
समुदायका बीच दुइ भाग गरी बाँड़।
२८ लड़ाइँमा गएका योद्धाहरूबाट मानिसहरू,
गाई-गोरु, गधा, भेड़ा बाख्रामध्येबाट पाँच
सयमा एक एकवटा गरी परमप्रभुको निम्ति
कर देओ। २९ तिनीहरूको आधा हिस्साबाट
लिएर परमप्रभुको निम्ति भेटीको रूपमा
पूजाहारी एलाजारलाई देओ। ३० अनि
इस्राएलीहरूको आधा हिस्साबाट मानिसहरू,
गाई-गोरु, गधा, भेड़ा-बाख्रा यी सबै पशु-
प्राणीबाट पचास पचासमा एक एकवटा लिएर
परमप्रभुको बासस्थानको जिम्मा लिने लेवीहरूलाई
देओ।" ३१ परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएझैं मोशा र पूजाहारी एलाजारले
गरे।

३२ योद्धाहरूले हात पारेका धनमाल-
बाहेक बाँकी सम्पत्ति पनि थिए—छ लाख
पचहत्तर हजार भेड़ा, ३३ बहत्तर हजार
गाई-गोरु, ३४ एकसट्ठी हजार गधा,
३५ पुरुषको सम्पर्कमा नपरेका स्त्रीहरू जम्मा
बत्तीस हजार थिए। ३६ त्यसबाट लड़ाइँमा
जानेहरूको भागमा परेको आधा हिस्सा तीन
लाख सैंतीस हजार पाँच सय भेड़ाहरू थिए।
३७ परमप्रभुको निम्ति कर छ सय पचहत्तर
भेड़ा थिए। ३८ गाई-गोरुहरू छत्तीस हजार थिए,
त्यसबाट परमप्रभुको निम्ति कर बहत्तर भए।
३९ गधाहरू तीस हजार पाँच सय थिए,
जसबाट परमप्रभुको निम्ति कर एकसट्ठी थिए।
४० स्त्रीहरू सोह्र हजार थिए। त्यसबाट परम-
प्रभुको निम्ति कर बत्तीस जना भए। ४१ परम-
प्रभुले आज्ञा गर्नुभएझैं परमप्रभुको भेटीको
कर मोशाले पूजाहारी एलाजारलाई दिए।

४२ मोशाले लड़ाइँमा गएका मानिसहरू-
देखि भाग लगाएका इस्राएलको आधा हिस्सा-
चाहिं ४३ तीन लाख सैंतीस हजार पाँच
सय भेड़ा, ४४ छत्तीस हजार गाई-गोरु
४५ तीस हजार पाँच सय गधा ४६ र सोह्र
हजार स्त्रीहरू थिए। ४७ इस्राएलीहरूको
आधा हिस्साबाट मोशाले परमप्रभुको आज्ञा-
बमोजिम मानिस र पशुहरूबाट पचासमा एउटा
गरी ल्याएर परमप्रभुको बासस्थानको जिम्मा
लिने लेवीहरूलाई दिए।

४८ अनि सेनाका हजारौंका अधिकारीहरू
हजारौंका कप्तानहरू र सैयौंका कमानहरू
मोशाकहाँ आए। ४९ औ तिनीहरूले मोशा-
लाई भने, "हाम्रा अधीनका योद्धाहरूका
गन्ती हामीले लिएका छौं। हाम्रो एउटै
मान्छे पनि कम्ति भएको छैन। ५० हामी
प्रत्येकले पाएका सुनका गहना, पैरा, बाला,
छाप औंठी, कुण्डल र बाजुहरू परमप्रभुलाई
चढ़ाएर हाम्रो प्रायश्चित गर्न हामीले ल्याएका
छौं।" ५१ तब मोशा र पूजाहारी
एलाजारले तिनीहरूबाट ती सबै सुनका गहना-
हरू लिए। ५२ हजारौंका कप्तानहरू र
सैयौंका कप्तानहरूद्वारा तिनीहरूले परमप्रभुलाई
चढ़ाएका सुनको ओजन सोह्र हजार सात सय
पचास शेकेल थियो। ५३ किनभने लड़ाइँमा
गएका मानिसहरू हरेकले लूटका धनमाल
आफ्नै आफ्नैलेनै लगेका थिए। ५४ तब मोशा
र पूजाहारी एलाजारले हजारौं र सैयौंका
कप्तानहरूले ल्याएका सुन लिएर परमप्रभुको

सामने इस्राएलीहरूको निम्ति सम्झना हुनलाई
भेट हुने पालभित्र ल्याए।

रूबेन र गादका सन्तानलाई यर्दनको पूर्वपट्टि बस्ने मञ्जूरी

३२ रूबेनका सन्तान र गादका सन्तानका
बथानका बथान गाई-वस्तु थिए। तिनी-
हरूले याजेर र गिलाद गोचरनको लागि उपयुक्त
रहेछ भनी देखे। २ यसैले गाद र रूबेनका
सन्तान मोशा, पूजाहारी एलाजार र समुदायका
नायकेहरूकहाँ आएर यसो भने, ३ "अतारोत,
दीबोन, याजेर, निम्रा हेशबोन, एलाले,
सबाम, नबो र बओन, ४ यी देशलाई
परमप्रभुले इस्राएलीहरूका समुदायका सामु
नष्ट गर्नुभएको थियो, र गोचरनको लागि
उपयुक्त जग्गा पनि रहेछ। हामीसँग गाई-
वस्तुहरू पनि छन्। ५ यदि हामीमाथि
तपाईंको निगाह भए यो देश हाम्रो अधिकारमा
गर्न दिनुहोस्। हामीलाई यर्दनपारि चाहिँ
नलैजानुहोस्।"
६ तर मोशाले गाद र रूबेनका सन्तान
लाई भने, "तिमीहरूका दाज्यू-भाइ उता
लड़ाइँमा जाँदा तिमीहरूचाहिँ यता ढुक्कै
बस्छौ? ७ परमप्रभुले दिनुभएको पारि
मुलुकतिर जान इस्राएलीहरूका चित्त
तिमीहरू किन खलबलाइदिन्छौ? ८ कादेश-
बर्नेबाट मैले यो देशको चेवा गर्न पठाउँदा
तिमीहरूका बाबुहरूले यसै गरेका थिए।
९ जब तिनीहरू एश्कोलको बेंसीमा गएर यो
देश देखे तब परमप्रभुले तिनीहरूलाई
दिनुभएको देशमा नजाऊन् भनी तिनीहरूले
इस्राएलीहरूको चित्त खलबल पारिदिएका थिए।
१० त्यस दिन परमप्रभु क्रोधित हुनुभयो, र
यसो भनेर प्रण गर्नुभएको थियो, ११ 'मैले
अब्राहाम, इसहाक र याकूबसित प्रतिज्ञा गरेको
देशमा मिश्रबाट आएका बीस वर्ष उँभोका
कोही पनि पस्न पाउनेछैन, किनभने तिनीहरूले
पूर्णरूपले मलाई पछयाएनन्। १२ कनज्जी
यपून्नेको छोरो कालेब र नूनको छोरा यहोशू
मात्र पस्नपाउनेछन्, किनभने यिनीहरूले
चाहिँ सम्पूर्ण रूपले परमप्रभुलाई पछयाए।'
१३ इस्राएलीहरूसँग परमप्रभु क्रोधित हुनुभयो,
र परमप्रभुको दृष्टिमा दुष्टता गर्ने पुस्ताका
जम्मै नष्ट नहोउन्जेल चालीस वर्षसम्म उहाँले
तिनीहरूलाई उजाड़-स्थानमा यता उता डुलाउनु-
भयो। १४ ए पापिष्टका सन्तान! इस्राएलतर्फ
परमप्रभुको भयानक क्रोध फेरि जगाउनलाई
तिमीहरूका पिता-पुर्खाहरूका सट्टामा अब
तिमीहरू उठेका छौ। १५ किनभने तिमीहरू
उहाँलाई पछयाउन इन्कार गर्छौ भने उहाँले
यी सारा मानिसहरूलाई फेरि उजाड़-स्थानमै
त्याग्नुहुनेछ र तिनीहरूको विनाशको कारण
तिमीहरू बन्नेछौ!"
१६ तब तिनीहरू मोशाको नजीक आएर
भने, "हामी आफ्ना भेड़ाहरूको खर्क र
बाल-बच्चाका निम्ति शहरहरू यहाँ बनाउन
चाहन्छौं, १७ तर हामी आफैंचाहिँ इस्राएली-
हरूलाई तिनीहरूका ठाउँमा नपुऱ्याउन्जेल
तिनीहरूका अगि लागेर सशस्त्र जान तयार
छौं। तर हाम्रा बाल-बचाहरूचाहिँ यस
मुलुकका मानिसहरूबाट बाँच्नलाई ती
शहरहरूका पर्खालभित्र सुरक्षित रहनसक्छन्।
१८ इस्राएलको हरेक मानिसले आफ्नो
अधिकारको हिस्सा नपाउन्जेल हामी घर
फर्कनेछैनौं। १९ यर्दन पारिपट्टि र त्यसदेखि
उता तिनीहरूसित हामीहरू हिस्सा लिनेछैनौं,
किनकि हाम्रो अधिकारको हिस्सा यर्दन वारि
पूर्वपट्टिनै परेको छ।"
२० तब मोशाले तिनीहरूलाई भने, "ठीकै
छ, यदि परमप्रभुको सामने तिमीहरू सशस्त्र
लड़ाइँमा जान्छौ, २१-२२ औ यदि परमप्रभुले
आफ्ना शत्रुहरूलाई धपाएर देश परास्त
नगरून्जेल संशस्त्र यर्दन पारि गयौ भने चाहिँ
तिमीहरू यतै फर्क, अनि परमप्रभु र इस्राएलतर्फ
तिमीहरूको कर्त्तव्यबाट तिमीहरू मुक्त हुनेछौ।
तब यो मुलुक परमप्रभुका सामने तिमीहरूका
अधिकारमा आउनेछ। २३ तर तिमीहरूले

यसो गरेनौ भने, तिमीहरूले परमप्रभुको सामु
पाप गर्नेछौ, र तिमीहरूको पापले अवश्य
तिमीहरूलाई फेला पार्नेछ। २४ तिमीहरूका
बाल-बच्चाका निम्ति शहरहरू र भेड़ा-बाख्राका
निम्ति खर्कहरू बनाओ, र तिमीहरूले गरेका
प्रतिज्ञा पनि पूरा गर।" २५ अनि गादका र
रूबेनका सन्तानले मोशालाई भने, "हजूरले
आज्ञा गर्नुभएअनुसार हामीहरू गर्नेछौं।
२६ हाम्रा बालकहरू, स्वास्नीहरू, भेड़ा-बाख्रा
र गाई-गोरु सबै यहीं गिलादका शहरहरूमा
रहनेछन्। २७ हजूरको आज्ञाअनुसार परम-
प्रभुको सामु लड़ाइँ गर्न सशस्त्र पारि जानेछौं।"
२८ तब मोशाले तिनीहरूका विषयमा
पूजाहारी एलाजार, नूनको छोरो यहोशू र
इस्राएलीहरूका कुलका परिवारका नायकेहरूलाई
आज्ञा दिए। २९ मोशाले तिनीहरूलाई
यसो भने, "गादका र रूबेनका सन्तान तिमी-
हरूका साथमा परमप्रभुको सामु लड़ाइँमा
सशस्त्र यर्दन पारि गयो भने, जब देश तिमी-
हरूका कब्जामा आउनेछ तब तिमीहरूले
गिलाद देश तिनीहरूको अधिकारमा दिनू।
३० तिनीहरू अस्त्र उठाएर तिमीहरूका
साथमा पारि जान मानेनन् भने तिनीहरूले
तिमीहरूसँग कनान देशमै अधिकारको हिस्सा
पाउनेछन्।" ३१ तब गादका र रूबेनका
सन्तानले यसो भने, "परमप्रभुले हामीलाई जे
भन्नुभएको छ हामी गर्नेछौं। ३२ हामी-
हरू हात-हतियार भिरेर परमप्रभुको सामु
पारि कनान देशमा जानेछौं, र हाम्रो
अधिकारको भाग हामीलाई यर्दनको वारिनै
होस।" ३३ अनि मोशाले गाद र रूबेनका
सन्तान र यूसुफको छोरो मनश्शेको आधा
कुललाई एमोरीहरूका राजा सीहोनका राज्य
र बाशानका राजा ओगको राज्य तिनीहरूका
सीमानाभित्र पर्ने शहरहरूसमेत सम्पूर्ण देश
दिए। ३४ तब गादका सन्तानले दीबोन,
अतारोत, अरोएर, ३५ अतारोत-शोपान, याजेर
योगबहा, ३६ बेत-निम्रा, बेथारान, यी
पर्खालले घेरेका शहरहरू बनाए, र भेड़ा-बाख्राका
खर्कहरू बनाए। ३७ रूबेनका सन्तानले
हेशबोन, एलाले र किर्यातैम, ३८ नबो,
बालमोन, (यिनीहरूका नाउँ बदलिएका छन्)
र सिब्मा बनाए, र तिनीहरू आफूले बनाएका
शहरहरूका नाउँ राखे। ३९ मनश्शेको
सन्तान माकीर गिलादमा गए, र त्यो कब्जा
गरेर त्यहाँ भएका एमोरीहरूलाई निकालि-
दिए। ४० तब मोशाले मनश्शेको सन्तान
माकीरलाई गिलाद दिइहाले, र तिनी त्यहींनै
बसोबासो। ४१ मनश्शेको सन्तान याईर
गएर त्यसका गाउँहरू कब्जा गरे, र ती सबको
नाउँ हव्वोत-याईर राखे। ४२ औ नोबह
चाहिँ गएर केनात र त्यसका गाउँहरू कब्जा
गरे, र ती सबलाई आफ्नै नोबह नाउँ दिए।

इस्राएलीहरूको यात्रा-विवरण

३३ मिश्रबाट आउँदा मोशा र हारूनका
अधीनमा इस्राएली समुदायको पड़ाव-
हरूका नाउँ यी हुन्। २ यात्राको विभिन्न
भागमा परमप्रभुको आज्ञाअनुसार मोशाले यात्रा
प्रारम्भ गर्ने ठाउँहरूका नाउँ लेखे। तिनी-
हरूको यात्रामा परेका पड़ावहरूका नाउँ यिनै
हुन्। ३ पहिलो महीनाको पन्ध्रौं दिनमा
तिनीहरू रामसेसबाट यात्रा गरे। निस्तार
चाड़को भोलिपल्ट इस्राएलीहरू सारा मिश्री-
हरूका आँखा अगि धूमधामसँग निस्के।
४ त्यस बेला मिश्रीहरू चाहिँ परमप्रभुले
प्रहार गर्नुभएका तिनीहरूका आफ्ना जेठा
जेठा सन्तानहरू गाड़न लागेका थिए।
परमप्रभुले तिनीहरूका देवताहरूको न्याय
गर्नुभएको थियो।

५ अनि इस्राएलीहरू रामसेसबाट हिंड़ेर
सुक्कोतमा बास बसे। ६ तिनीहरू सुक्कोतबाट
हिंड़ेर वननेर एताममा बास बसे। ७ अनि
एतामबाट हिंड़ेर बालसपोनको सामनेमा
भएको पीहहीरोतमा फर्के, र मिगदोलको
सामने बास बसे। ८ फेरि तिनीहरू
पीहहीरोतबाट निस्केर समुद्रको बीचबाट

भएर उजाड़-स्थानमा पसे। तिनीहरू तीन
दिनको बाटो एतामको उजाड़-स्थानमा हिंड़ेर
मारामा बास बसे। ९ तब माराबाट हिंड़ेर
एलीममा आए, जहाँ बाह्रवटा पानीको मूल
र सत्तरीवटा खजूरका रूख थिए। तिनीहरू
त्यहीं बास बसे। १० एलीमबाट हिंड़ेर लाल
समुद्रनेर बास बसे। ११ लाल समुद्रबाट हिंड़ेर
सीनको उजाड़-स्थानमा बास बसे। १२ तिनी-
हरू सीनको उजाड़-स्थानबाट हिंड़ेर दोफकामा
बास बसे। १३ तिनीहरू दोफकाबाट
हिंड़ेर आलूशमा बास बसे। १४ तिनीहरू
आलूशबाट हिंड़ेर रपीदीममा बास बसे,
त्यहाँ मानिसहरूका निम्ति पिउने पानी
थिएन। १५ फेरि तिनीहरू रपीदीमबाट हिंड़ेर
सीनैको उजाड़-स्थानमा बास बसे। १६ अनि
तिनीहरू सीनैको उजाड़-स्थानबाट हिंड़ेर
किब्रोथ-हत्तावामा बास बसे। १७ तिनीहरू
किब्रोथ-हत्तावाबाट हिंड़ेर हसेरोतमा बास बसे।
१८ तिनीहरू हसेरोतबाट हिंड़ेर रित्मामा बास
बसे। १९ औ तिनीहरू रित्माबाट हिंड़ेर
रिम्मोन-पेरेसमा बास बसे। २० तिनीहरू
रिम्मोन-पेरेसबाट हिंड़ेर लिब्नामा बास बसे।
२१ औ लिब्नाबाट हिंड़ेर रिस्सामा बास
बसे। २२ तिनीहरू रिस्साबाट हिंड़ेर
केहेलातामा बास बसे। २३ तिनीहरू
केहेलाताबाट हिंड़ेर शेपेर डाँड़ामा बास बसे।
२४ तिनीहरू शेपेर डाँड़ाबाट हिंड़ेर हरादामा
बास बसे। २५ तिनीहरू हरादाबाट हिंड़ेर
मखेलोतमा बास बसे। २६ मखेलोतबाट
हिंड़ेर तहतमा बास बसे। २७ तिनीहरू
तहतबाट हिंड़ेर तेरहमा बास बसे।
२८ तिनीहरू तेरहबाट हिंड़ेर मित्कामा बास
बसे। २९ मित्काबाट हिंड़ेर हशमोनामा
बास बसे। ३० तिनीहरू हशमोनाबाट हिंड़ेर
मसेरोतमा बास बसे। ३१ तिनीहरू
मसेरोतबाट हिंड़ेर बेनियाकानमा बास बसे।
३२ बेनियाकानबाट हिंड़ेर होरहगिद-गादमा
बास बसे। ३३ तिनीहरू होरहगिद-गादबाट
हिंड़ेर योतबातामा बास बसे। ३४ औ
तिनीहरू योतबाताबाट हिंड़ेर अब्रोनामा बास
बसे। ३५ अब्रोनाबाट हिँड़ेर एस्योन-गेबेरमा
बास बसे। ३६ तिनीहरू एस्योन-गेबेरबाट
हिंड़ेर सीनको उजाड़-स्थानमा बास बसे
(त्यसलाई कादेश भनिन्छ)। ३७ औ
तिनीहरूका देशबाट हिंड़ेर एदोम देशको
सीमानामा भएको होर पहाड़मा बास दसे।

३८ त्यहाँ हारून पूजाहारी परमप्रभुको
आज्ञा पाएर होर डाँड़ामा उक्लेर गए, र
इस्राएलीहरू मिश्र देशबाट निस्केको चालीस
वर्षपछि पाँचौं महीनाको पहिलो दिनमा तिनको
मृत्यु भयो। ३९ होर पहाड़मा मृत्युहुँदा
हारून एक सय तेईस वर्ष पुगेका थिए।

४० कनानको दक्षिणपट्टि रहने अरादाका
कनानी राजाले इस्राएलीहरू आउँदैछन्
भन्ने कुरा सुने।

४१ तिनीहरू होर पहाड़बाट हिँड़ेर सल-
मोनामा बास बसे। ४२ सलमोनाबाट
हिँड़ेर पूनोनमा बास बसे। ४३ पूनोनबाट
हिंड़ेर तिनीहरू ओबोतमा बास बसे।
४४ ओबोतबाट हिंड़ेर मोआबको सीमानामा
भएको इय्ये-अबारीममा बास बसे।
४५ तिनीहरू इय्यीमबाट हिंड़ेर दीबोन-गादमा
बास बसे। ४६ दीबोन-गादबाट हिंड़ेर
अल्मोन-दिब्लातैममा बास बसे। ४७ तिनीहरू
अल्मोन-दिब्लातैमबाट हिंड़ेर नबोको सामनेमा
भएको अबारीमका पहाड़हरूमा बास बसे।
४८ तिनीहरू अबारीमका पहाड़हरूबाट
हिंड़ेर यर्दन नदीको किनारमा यरीहोनेर
मोआबको मैदानमा बास बसे। ४९ यर्दन
नदीको किनारमा मोआबको मैदानमा
बेत-योशी-मोतदेखि लिएर आबेल-शीत्तिमसम्मै
तिनीहरू बास बसे।

कनानीहरूलाई निकाल्ने र तिनीहरूका मूर्ति नाश पार्ने आज्ञा

५० तब मोआबको मैदान यरीहोनेर
यर्दन नदीको किनारमा परमप्रभुले मोशालाई

भन्नुभयो, ५१ "इस्राएलीहरूलाई भन्, 'जब
तिमीहरू यर्दन नदी तरेर कनान देशमा पुग्छौ,
५२ तब तिमीहरूले त्यस देशका बासिन्दाहरू
सबैलाई त्यहाँबाट धपाइदिनू, र तिनीहरूका
ढुङ्गाका प्रतिमाहरू र ढलौटे मूर्तिहरू सबै
नष्ट पारिदिनू। तिनीहरूका डाँडाका थानहरू
भत्काइदिनू। ५३ औ त्यो देश कब्जा
गरेर तिमीहरू त्यहीँ बसोबासो गर्नू, किनभने
त्यो देश अधिकार गर्न मैले तिमीहरूलाई
दिएको छु। ५४ तिमीहरूले आफ्ना आफ्ना
परिवारअनुसार त्यस देशमा गोला हालेर हिस्सा
बाँड्नू। धेरै परिवार हुनेलाई ठूलो हिस्सा
दिनू, र सानो परिवार हुनेलाई तिमीहरूले
सानै अधिकार दिनू। जसको गोला जहाँ पर्छ
त्यो त्यसकै होस्। तिमीहरूका बाबुका कुल-
अनुसार तिमीहरूले हिस्सा बाँड्नू।
५५ तर तिमीहरूले त्यस देशका बासिन्दा-
हरूलाई धपाएनौ भने रहनदिएकाहरू चाहिँ
तिमीहरूका आँखामा परेको छेस्का र जीउमा
बिझेको काँढ़ाजस्तै हुनेछन्, र तिमीहरू जहाँ बसे
पनि तिनीहरूले दुःख दिनेछन्। ५६ औ
मैले तिनीहरूलाई जे गरूँला भनीठानेको थिएँ,
त्यो म तिमीहरूलाई गर्नेछु'।"

देशका सीमानाहरू

३४ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
२ "इस्राएलीहरूलाई भन्, 'कनान
देश त्यसको सम्पूर्ण सीमानाहरूसहित तिमी-
हरूको अधिकारमा दिइएको छ। यसकारण
तिमीहरू कनान देशमा पुगेपछि, ३ तिमी-
हरूको दक्षिण प्रान्त सीनको उजाड़-स्थानदेखि
एदोमको किनारै किनार, र तिमीहरूको
दक्षिण सीमाना पूर्वतिर खारा समुद्रको टुङ्गो-
सम्म होस्। ४ तिमीहरूका सीमानादेखि
लागेर अक्राबीमको उकालो दक्षिणतिर निस्केर
सीनसम्म र कादेशबर्नेको दक्षिणतिर पुगोस्।
त्यहाँबाट हसर-अद्दार भएर अस्मोनसम्म
पुगोस्। ५ त्यो सीमाना अस्मोनबाट घुमेर
मिश्र देशको नदीसम्म पुगी समुद्रमा
टुँगिओस्। ६ फेरि पश्चिम सीमानाचाहिँ
महासमुद्र र त्यसको किनारै किनार होस्।
तिमीहरूको पश्चिमी सीमाना यही होस्।
७ तिमीहरूको उत्तरी सीमाना यो होस्—
महासमुद्रबाट होर पहाड़सम्म तिमीहरूले सीमाना
बाँध्नू, ८ र होर पहाड़बाट हमातको
घाटीसम्म सीमाना बाँध्नू। त्यस सीमानाको
टुङ्गोचाहिँ सदाद होस्, ९ र त्यो सीमाना
सिप्रोनसम्म पुगोस्। त्यसको टुङ्गोचाहिँ
हसर-एनान होस्। तिमीहरूको उत्तरी सीमाना
यही होस्।
१० औ तिमीहरूले आफ्नो पूर्वीय सीमाना-
चाहिँ हसर-एनानदेखि सपामसम्म बाँध्नू,
११ र त्यो सीमाना सपामदेखि तल झरेर
अयीनको पूर्वपट्टि रिब्लासम्म पुगोस्। त्यो
सीमाना तल झरेर किन्नेरेतको समुद्रको किनार-
सम्म पुगोस्। १२ तब त्यो सीमाना यर्दन
नदीसम्म पुगेर खारा समुद्रमा निस्कोस्।
चारैतिरका सीमानासमेत तिमीहरूको देश
यही हो'।"
१३ तब मोशाले इस्राएलीहरूलाई यसो
भनेर आज्ञा गरे, "परमप्रभुको आज्ञाबमोजिम
गोला हालेर साढ़े नौ कुलले अधिकार गर्ने
देश यही हो, १४ किनकि रूबेन र गादका
कुलले तिनीहरूका बाबुका घराना घरानाअनुसार
आफ्ना हिस्सा पाइसकेका छन्। मनश्शेको
आधा कुलले पनि आफ्नो हिस्सा पाइसकेको
छ। १५ ती अढ़ाइ कुलले पूर्वतिर यरीहोको
पूर्वपट्टि यर्दन नदी पारि आफ्ना आफ्ना
अधिकार पाइसकेका छन्।"
१६ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
१७ "तिमीहरूलाई अधिकारको निम्ति देश
बाँडिदिने मानिसहरूका नाउँ यिनै हुन्—
पूजाहारी एलाजार र नूनको छोरो यहोशू।
१८ अधिकारको निम्ति देश बाँड्नलाई
तिमीहरूका कुलैपिच्छे एक एकवटा नायके
छुट्याउनू। १९ तिनीहरूका नाउँ यस
प्रकार छ—यहूदाको कुलको यपून्नेका छोरो

कालेब। २० शिमोनको कुलको अम्मीहूदको
छोरो शमूएल। २१ बिन्यामीनको कुलको
किसलोनको छोरो एलीदाद। २२ दानको
कुलको नायके, योगीलीको छोरो बुक्की।
२३ यूसुफको छोरो मनश्शेको परिवारको
नायके, एपोदको छोरो हन्नीएल। २४ औ
एप्रैमको कुलको नायके शिप्तानको छोरो
कमूएल। २५ जबूलूनको कुलको नायके,
पर्नाकको छोरो एलीशापान। २६ इस्साकारको
कुलको नायके अज्जानको छोरो पल्तीएल।
२७ आशेरका कुलको नायके शलोमीको
छोरो अहीहूद। २८ नप्तालीको कुलको नायके
अम्मीहूदको छोरो पदहेल।" २९ कनान
देशमा इस्राएलीहरूको बीच तिनीहरूको
हिस्सा बाँड़िदिनलाई परमप्रभुले नियुक्त
गर्नुभएका मानिसहरू यिनै हुन्।

लेवीका शहर र शरण-नगरहरू

३५ फेरि परमप्रभुले मोआबको मैदानमा
यरीहोनेर यर्दनको किनारमा मोशा-
लाई भन्नुभयो, २ "आफ्नो अधि-
कारमा परेको हिस्साबाट लेवीहरू बस्नलाई
शहरहरू दिनू भनी इस्राएलीहरूलाई आदेश
दे। लेवीहरूलाई शहरहरूका वरिपरि खर्कको
जग्गा देओ। ३ शहरहरूमा चाहिं तिनीहरू
बसून्। खर्कचाहिं तिनीहरूका गाई-गोरु, भेड़ा-
बाख्रा औ तिनीहरूका सबै वस्तुहरूको निम्ति
होस्। ४ शहरहरूका जुन जुन खर्क
तिमीहरू लेवीहरूलाई दिन्छौ, ती शहरको
पर्खालदेखि एक हजार हात बाहिरपट्टि
वरिपरि होस्। ५ तिमीहरूले शहरको बाहिर-
पट्टि पूर्वतिर दुइ हजार हात, दक्षिणपट्टि दुइ
हजार हात, पश्चिमपट्टि र उत्तरपट्टि दुइ दुइ
हजार हात र शहरचाहिं बीचमा पर्ने गरी
नाप्नू। तिनीहरूका शहरका खर्क यही हो।
६ तिमीहरूले लेवीहरूलाई दिएका शहर-
हरूबाट छवटा चाहिं शरण-नगरहरू हुनेछन्।
ज्यानमारा त्यहाँ भागेर बस्नसक्छ। यी-
बाहेक तिमीहरूले लेवीहरूलाई बयालीसवटा
शहरहरू दिनू। ७ लेवीहरूलाई दिनुपर्ने शहर
र त्यसका खर्कहरू जम्मा अठचालीसवटा
हुनेछन्। ८ इस्राएलीहरूमा धेरै अधिकार
हुनेबाट धेरै र थोरै अधिकार हुनेबाट थोरै
शहर लिनू। जस जसको जति अधिकार छ,
त्यही अन्दाज गरी लेवीहरूलाई शहरहरू
दिनू।"
९ फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
१० "इस्राएलीहरूलाई भन्, 'तिमीहरू यर्दन
नदी तरेर कनान देशमा पुगेपछि, ११ त्यहाँ
शरण-नगर छानेर नियुक्त गर्नू, र अन्जानमा
कसैले मान्छे मार्‍यो भने ज्यानमारा त्यहाँ
भागोस्। १२ ती शहरहरू तिमीहरूका निम्ति
प्रतिशोधीबाट शरण लिनलाई हुनेछन्, र
त्यो ज्यानमारा समुदायको सामु न्यायको
लागि खड़ा नहोउन्जेल नमारियोस्।
१३ तिमीहरूले दिने शरण-नगरहरूका
संख्या छवटा होस्। १४ यर्दनको पूर्वपट्टि
तीनवटा शहर, कनान देशमा तीनवटा शहर
शरण-नगरको निम्ति छुट्याउनू। १५ इस्राएली-
हरू, परदेशीहरू र तिनीहरूका बीचमा प्रवास
गर्नेहरूका निम्ति छवटा शरण-नगरहरू हुनेछन्।
औ अन्जानमा कसैको ज्यान लिने व्यक्ति
त्यहाँ भागेर जानसक्छ।
१६ तर त्यसले फलामको कुनै हतियारले
हानेर कोही मर्‍यो भने त्यो हत्यारै हो। त्यस
हत्यारालाई प्राणदण्ड दिनैपर्छ। १७ यदि
कुनै मानिसले कसैलाई ढुङ्गाले हिर्काएर त्यो
मर्‍यो भने त्यो हत्यारै हो। त्यस हत्यारालाई
प्राणदण्ड दिनैपर्छ। १८ अथवा कुनै मानिसले
काठको घातक हतियार लिएर कसैलाई हिर्काएर
त्यो मर्‍यो भने त्यो हत्यारै ठहर्छ। त्यो
हत्यारालाई प्राणदण्ड दिनैपर्छ। १९ खूनको
साटो फेर्न चाहने व्यक्तिलेनै त्यस हत्यारालाई
मारोस्। त्यसलाई भेट्ने बित्तिकै त्यसले
हत्यारालाई मारोस्। २० रीसमा कसैले
कसैलाई छुरीले रोपेर मार्‍यो वा ढुकेर
झटारो हानी मार्‍यो २१ अथवा हातले

प्रहार गरेर पनि कसैले कसैलाई मार्‍यो भने
प्रहार गर्ने व्यक्ति मारिनैपर्छ। त्यो हत्यारा हो।
खूनको साटो लिने व्यक्तिले त्यसलाई जहाँ
फेला पार्छ त्यहीं मारोस्।
२२ यदि कसैले कसैलाई अन्जानमा
घचेटेर मार्‍यो अथवा केही कुरा हानिपठाउँदा
लागेर त्यो मर्‍यो २३ वा दुश्मनी नभएको
र खति पनि गर्न नचाहने व्यक्तिले
हानेको ढुङ्गाले लागेर कोही मर्‍यो भने
२४ समुदायले ज्यानमारा र खूनको साटो
फेर्ने व्यक्तिको बीचमा न्याय गरेर २५ त्यस
ज्यानमारालाई खूनको साटो लिन चाहनेको
हातबाट छुटाओस्, र भागेर गएको शरण-
नगरमानै त्यसलाई पठाइदेओस्। औ पवित्र
तेलले अभिषेक भएको प्रधान पूजाहारीको मृत्यु
नहोउन्जेल त्यो त्यहीं रहोस्। २६ तर त्यो
ज्यानमारा कुनै बेला आफू भागेर गएको
नगरदेखि बाहिर गयो २७ र खूनको साटो
फेर्न चाहनेले त्यसलाई यसरी बाहिर
फेला पारेर ज्यानमारालाई मार्‍यो भने,
त्यो खूनको दोषी हुनेछैन। २८ किनभने
प्रधाब पूजाहारीको मृत्यु नहोउन्जेल त्यो
शहरभित्र रहनुपर्नेथियो। प्रधान पूजाहारीको
मृत्युपछि त्यो आफ्नै अधिकारको जग्गामा
फर्कोस्। २९ तिमीहरू जहाँ बसेता पनि
तिमीहरू र तिमीहरूका आउँदो सारा पुस्ता-
हरूमा यो विधि-विधान कायम रहनेछ।
३० कसैले कसैको हत्या गर्‍यो भने त्यस
हत्यारालाई गवाहहरूले दिएको सबुतको
आधारमा मात्रै प्राणदण्ड मिलोस्। तर
एउटा गवाहको साक्षीमा चाहिँ कसैलाई
प्राणदण्ड नदिनू। ३१ प्राणदण्डको सजाय
पाएको हत्यारालाई बचाउन तिमीहरूले
छुटकाराको मोल नलिनू। त्यसलाई प्राणदण्ड
मिल्नैपर्छ। ३२ शरण-नगरमा भागेर जाने
व्यक्तिबाट तिमीहरूले छुटकाराको दाम नलिनू,
किनभने प्रधान पूजाहारी नमरून्जेल त्यो
आफ्नो ठाउँमा फर्किन पाउनेछैन। ३३ यसरी
तिमीहरूले आफू बसेका ठाउँहरू अशुद्ध नपार्न,
किनकि रगतले देश अशुद्ध पार्छ, रक्त-
पात गर्नेको रगतले बाहेक अरू कुनै
रगतले पनि त्यहाँ बगाएको रगतको
निम्ति प्रायश्चित गर्नसकिँदैन। ३४ आफू
बसेको देश तिमीहरूले अशुद्ध नपार्नू, जहाँ
म पनि बास गर्छु, किनकि म परमप्रभु इस्राएली-
हरूका बीचमा बास गर्छु'।"

उत्तराधिकारिणी सम्बन्धी व्यवस्था

३६ यूसुफको छोरो मनश्शेका नाति माकीरको
छोरो गिलादका परिवारका नायकेहरू,
मोशा र इस्राएली नायकेहरूका सामने
आएर भने, २ "परमप्रभुले इस्राएलीहरूलाई
गोला हालेर देश अधिकारमा दिन हजूरलाई
आज्ञा गर्नुभएको थियो। हाम्रा भाइ
सलोफादको अधिकार तिनका छोरीहरूलाई
दिनू भनी परमप्रभुबाट हजूरलाई आज्ञा भएको
थियो। ३ यदि तिनीहरूले इस्राएलीहरूका
अरू कुलका पुरुषहरूसित विवाह गरे भने
पुरुषहरूको अधिकारमा त्यो थपिनेछ। यसरी
हाम्रो पैतृक-सम्पत्ति हराएर जानेछ।
४ अनि इस्राएलीहरूको उत्सवको वर्ष आउँदा
ती स्त्रीहरूका पैतृक-सम्पत्ति पनि बिहे गरेर
गएका कुलकै सम्पत्तिमा थपिनेछ। यसरी
हाम्रो पैतृक-सम्पत्ति हामीले गुमाउनेछौं।"
५ तब परमप्रभुको वचनअनुसार मोशाले
इस्राएलीहरूलाई यसो भने, "यूसुफका छोरा-
हरूका कुलले भनेको कुरा ठीकै हो।
६ सलोफादका छोरीहरूका विषयमा परमप्रभुले
यसो भनेर आज्ञा दिनुभएको छ, 'आफ्नो
बाबुपट्टिका कुलका परिवारसँगको जससँग मन
लाग्छ त्यससँग मात्र तिनीहरूले बिहे गरून्।
७ यसो गर्नाले इस्राएलीहरूका कुनै अधिकार
एक कुलबाट अर्को कुलमा जानपाउनेछैन।
हरेक इस्राएली आफ्नै पैतृक-सम्पत्ति भित्रै
बसोस्। ८ इस्राएलीहरूको कुनै पनि
कुलमा अधिकारको हिस्सा पाउने युवतीले
त्यसकै बाबुपट्टिको कुलमा बिहे गरोस्,

र हरेक इस्राएलीले आफ्ना आफ्नै पैतृक-
सम्पत्तिको हिस्सा पाओस्। ९ यसरी कुनै
पनि पैतृक-सम्पत्ति एउटा कुलबाट अर्को कुलमा
नसारिओस्। तर हरेक इस्राएली आफ्नै पुर्खाको
कुलको पैतृक-सम्पत्ति भित्रै बसोस्'।"
१० परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैं,
सलोफादका छोरीहरूले गरे, ११ सलोफादका
छोरीहरू महला, तिर्सा, होग्ला, मिल्का र
नोआले आफ्ना बाबुका दाज्यू-भाइका छोरा-
हरूसित बिहे गरे। १२ तिनीहरूका विवाह
यूसुफको छोरो मनश्शेका छोराहरूका परिवार-
हरूमानै भए। यसरी तिनीहरूका पैतृक-सम्पत्ति
तिनकै पुर्खाहरूका कुलभित्रै रह्यो।
१३ मोआबको मैदानमा यरीहोनेर यर्दन
नदीको किनारमा परमप्रभुले मोशाद्वारा इस्राएली-
हरूलाई दिनुभएका आज्ञाहरू यिनै हुन्।

व्यवस्थाविवरण

होरेबदेखि कादेशसम्मको यात्रा-वृतान्त

१ सूपको सामनेको अराबामा, पारान
तोफेल, लाबान औ हसेरोत र दीसा-
हाबको बीचमा यर्दन पारि उजाड़-स्थानमा समस्त
इस्राएलीहरूलाई मोशाले भनेका वचन यिनै
हुन्। २ सेईर पर्वतको बाटो भएर
होरेबबाट कादेशबर्नेसम्म जान एघार दिन
लाग्छ। ३ चालीसौं वर्षको एघारौं महीनाको
पहिलो दिनमा जे जे आज्ञा परमप्रभुले
तिनीहरूका निम्ति दिनुभएको थियो, तिनै
कुराअनुसार इस्राएलीहरूलाई मोशाले भने,
अर्थात्, ४ हेशबोनबासी एमोरीहरूका राजा
सीहोनलाई र अश्तारोत औ एद्रेईबासी
बाशानका राजा ओगलाई तिनले मारेपछि,
५ यर्दनपारि मोआबको देशमा मोशाले यसो
भनेर यस व्यवस्थाको विवरण गर्नलागे—
६ "होरेबमा परमप्रभु हाम्रा परमेश्वरले
हामीलाई यसो भन्नुभयो, 'तिमीहरू यस
पर्वतमा बसेका धेरै दिन भइसक्यो। ७ अब
तिमीहरू आफ्नो यात्रा शुरू गर।
औ एमोरीहरूको पहाड़ी देशमा र त्यसका
छेउछाउका सबै ठाँउहरूमा, अराबामा, पहाड़,
तराई, दक्षिणमा, र समुद्रका किनार कनानी-
हरूको देश, लबानोनमा र महानदी यूफ्रेटिस-
सम्मै जाओ। ८ हेर, त्यो देश तिमीहरूको
सामने छ। त्यहाँ प्रवेश गरेर त्यो देश
अधिकार गर, किनभने मैले तिमीहरूका
पुर्खा अब्राहाम, इसहाक, याकूबसँग, तिनीहरू
र तिनीहरूका भावी सन्तानलाई त्यो देश
दिन्छु भनी प्रतिज्ञा गरेको थिएँ।'
९ त्यस बेला मैले तिमीहरूलाई
भनें, 'म एक्लै तिमीहरूको भार उठाउन
सक्तिनँ। १० तिमीहरूका परमप्रभु परमेश्वरले

तिमीहरूको वृद्धि गर्नुभएको छ। औ हेर,
आज तिमीहरू आकाशका ताराझैं असंख्य
भएका छौ। ११ परमप्रभु तिमीहरूका
पिता-पुर्खाका परमेश्वरले तिमीहरूलाई हजार
गुणा अरू वृद्धि गरून्। औ उहाँले प्रतिज्ञा
गर्नुभएअनुसार तिमीहरूलाई आशिष देऊन्!
१२ म कसरी तिमीहरूको यति ठूलो भार
बोक्नसक्छु, औ तिमीहरूका झै-झगड़ा म
फैसला गर्नसक्छु र? १३ तिमीहरूका
कुलहरूअनुसार ज्ञानी, समझदार र अनुभवी
मानिसहरू तिमीहरूले छान, अनि म
तिनीहरूलाई तिमीहरूका नायके नियुक्त
गर्नेछु।' १४ औ तिमीहरूले मलाई भन्यौ,
'तपाईंले दिनुभएको सुझाव असल छ।'
१५ यसकारण मैंले तिमीहरूका कुल कुलका
मुख्य मानिसहरूलाई चुने। तिनीहरू सबै
समझदार र अनुभवी मानिसहरू थिए, र
तिमीहरूका हरेक कुलका निम्ति तिनीहरूलाई
हजार, सय, पचास र दशका नायके नियुक्त
गरें। औ कुल कुलका निम्ति मुखियाहरू पनि
नियुक्त गरें। १६ त्यस बेला मैंले तिमीहरूका
न्यायकर्त्ताहरूलाई यसो भनेर आज्ञा गरेको
थिएँ, 'तिमीहरूका आफ्ना जात-भाइ होस्
वा विदेशी होस्, जुनसुकै मानिसको पनि
ठीक ठीक न्याय गर। १७ न्याय गर्दा
तिमीहरूले मानिसहरूको पक्ष नलेऊ। तिमी-
हरूले साना ठुला दुवैको कुरा सुन। कुनै
मान्छेसँग नडराओ, किनकि न्यायको फैसला
ता परमेश्वरको हातमा हुन्छ। तिमीहरूलाई
गाहारो परेको मामिला मकहाँ ल्याओ, र म
त्यो सुन्नेछु।' १८ औ त्यस बेला तिमीहरूले
गर्नुपर्ने सबै कुरा मैंले तिमीहरूलाई आज्ञा
गरें।

१९ त्यसपछि हामीहरू होरेबबाट हिंडेर
परमप्रभु हाम्रा परमेश्वरको आज्ञाबमोजिम
विशाल र महा भयङ्कर उजाड़-स्थान-
बाट भएर एमोरीहरू बस्ने पहाड़ी
मुलुकतिर लाग्यौं। त्यसपछि हामी कादेश-
बर्नेमा आइपुग्यौं। २० अनि मैंले तिमी-
हरूलाई भनें, 'परमप्रभु हाम्रा परमेश्वरले
हामीलाई दिनुभएको एमोरीहरूको पहाड़ी
मुलुकमा तिमीहरू आइपुगेका छौ। २१ हेर,
परमप्रभु तिमीहरूका परमेश्वरले त्यो देश
तिमीहरूलाई सुम्पिदिनुभएको छ। औ
परमप्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले
भन्नुभएझैं गएर त्यो अधिकार गर। तिमीहरू
नडराओ, औ निरास नहोओ।' २२ अनि
तिमीहरू सबैले मकहाँ आएर भन्यौ, 'भेद
लिनलाई हाम्रा अगि मानिसहरू पठाउनुहोस्।
त्यस देशमा हामी कुन बाटो जानुपर्ने हो
र कुन कुन शहरमा आइपुग्नेछौं भन्ने खबर
तिनीहरूले हामीकहाँ ल्याउनेछन्।' २३ यो
कुरो मलाई वेश लाग्यो। अनि मैंले हरेक
कुलबाट एक एक जना गरी बाह्र जना
मानिस लिएँ। २४ तिनीहरू पहाड़तर्फ
लागे र एशकोलको बेंसीमा पुगेर तिनीहरूले
त्यसको भेद लिए। २५ तिनीहरूले त्यस
देशका कतिपय फल्-फलारहरू ल्याए। अनि
'हामीलाई परमप्रभु हाम्रा परमेश्वरले दिनुहुने
त्यो देश उत्तम रहेछ' भन्ने खबर
तिनीहरूले दिए।

२६ तर तिमीहरू त्यहाँ जान मानेनौ।
औ परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाको
विरुद्धमा तिमीहरू गयौ। २७ औ आफ्ना
पालहरूमा गनगनाएर तिमीहरूले भन्यौ,
'परमप्रभुले हामीलाई तिरस्कार गर्नुभएको
हुनाले हामीलाई एमोरीहरूका हातमा
सुम्पेर सर्वनाश गर्नलाई मिश्रबाट निकालेर
ल्याउनुभएको हो। २८ हामी कता जान
लागिरहेका छौं? हाम्रै आफन्तहरूले ल्याएका
खबर सुनेर हामी निरास बनेका छौं, किनभने
तिनीहरूले बताएका छन्, ती मानिसहरू
हामीभन्दा ठूला र अग्ला छन्। तिनीहरूका
शहरहरू ठूला छन् र आकाशसम्मै पर्खाल
लाएका छन्। तिनीहरूले त्यहाँ अनाकीहरूलाई
पनि देखे।' २९ तब मैंले तिमीहरूलाई
भनें, 'त्रास नखाओ। तिनीहरूसँग नडराओ,
तिमीहरूका आँखाको सामु जसरी मिश्रमा

लड़िदिनुभएको थियो ३० त्यसरीनै तिमी-
हरूका अगि जानुहुने परमप्रभु तिमीहरूका
परमेश्वरनै तिमीहरूका निम्ति लड्नुहुनेछ।'
३१ उजाड़-स्थानमा तिमीहरू हिंड़ेका
सारा बाटोभरि बाबुले आफ्नो नानीलाई
बोकेझैं परमप्रभु तिमीहरूका परमेश्वरले यहाँसम्म
तिमीहरूलाई बोकेर ल्याउनुभएको कुरो
तिमीहरूलाई विदितै छ। ३२ तर तिमी-
हरूले आफ्ना परमेश्वरमाथि विश्वास
गरेनौ। ३३ यद्यपि उहाँ तिमीहरूका निम्ति
डेरा हाल्ने ठाउँ खोज्न र तिमीहरू जानु-
पर्ने बाटो देखाउन राती आगो र दिउँसो
बादलमा यात्राभरि अगि अगि जानुभयो।
३४ तिमीहरूका गनगन सुनेर परम-
प्रभु क्रोधित हुनुभयो। अनि यसो भनेर
प्रण गर्नुभयो, ३५ 'यस नालायक पुस्ताको
एक जनाले पनि मैले तिमीहरूका पिता-
पुर्खालाई प्रतिज्ञा गरेको त्यो असल देश
देख्नेछैन। ३६ यपून्नेको छोरो कालेबले
मात्र त्यो देश देख्न पाउनेछ। त्यसले टेकेको
भूमि म त्यसलाई र त्यसका सन्तानलाई
दिनेछु, किनकि त्यसले परमप्रभुलाई पूर्णरूपले
पछ्याएको छ।' ३७ तिमीहरूले गर्दा
परमप्रभु मसित पनि रिसाएर भन्नुभयो, 'तँ
पनि त्यहाँ प्रवेश गर्न पाउनेछैनस्। ३८ तर
तेरो परिचारक नूनको छोरो यहोशू त्यहाँ
प्रवेश गर्नेछ। तैंले त्यसलाई उत्साह दिनू,
किनकि त्यसले त्यस देशलाई इस्राएलीहरूको
अधिकारमा गराउनेछ।' ३९ तिमीहरूका बाल-
बच्चा उजाड़-स्थानमै मर्नेछन् भनी तिमीहरू
भन्थ्यौ, र तिमीहरूका साना अबोध नानीहरू
चाहिं त्यहाँ प्रवेश गर्नेछन्। म त्यो देश
तिनीहरूलाई दिनेछु र त्यो तिनीहरूले अधि-
कार गर्नेछन्। ४० तर तिमीहरू चाहिं
फर्केर लाल समुद्रको दिशातर्फ उजाड़-स्थानतिरै
जाओ।'
४१ तब तिमीहरूले मलाई भन्यौ,
'हामीले परमप्रभुको विरुद्ध पाप गरेका छौं।
परमप्रभु हाम्रा परमेश्वरले आज्ञा गर्नुभएअनुसार
हामी गएर लड्नेछौं।' औ तिमीहरू प्रत्येकले
आफ्ना आफ्ना हतियार भिर्यौ, र त्यस
पहाड़ी मुलुकमाथि चढ़ाइगर्न सहज कुरो
ठान्यौ। ४२ तर परमप्रभुले मलाई भन्नुभयो,
"तिनीहरूलाई भन्, 'उक्लेर नजाओ र लड़ाइँ
पनि नगर, नत्रता तिमीहरू आफ्ना शत्रुहरूका
सामने हार खानेछौ, किनकि म तिमीहरूका
बीचमा छैनँ।'" ४३ यो कुरो मैले तिमी-
हरूलाई भनें, तर तिमीहरूले सुन्दै सुनेनौ।
तिमीहरू परमप्रभुको आज्ञा विरुद्ध गयौ,
र ढीठ भएर डाँड़ामाथि उक्ल्यौ। ४४ अनि
त्यस डाँड़ामा बस्ने एमोरीहरूले तिमीहरूका
मुकाबिला गरे, र मौरीको हूलले मानिसलाई
खेदेझैं तिमीहरूलाई खेदे, औ सेईरको होर्मामा
तिनीहरूले तिमीहरूलाई परास्त गरे। ४५ अनि
तिमीहरू फर्केर आई परमप्रभुको सामने
रोयौ, तर उहाँले तिमीहरूको रोदन सुन्नुभएन,
औ ध्यान पनि दिनुभएन। ४६ यसर्थ
कादेशमानै बसेर तिमीहरूले धेरै दिन बिताउनु
पर्यो।'

यात्रामा एमोरीहरूमाथि गरेको विजयको वृतान्त

२ तब परमप्रभुले मलाई भन्नुभएझैं हामी
फर्केर लाल समुद्रको दिशातर्फ उजाड़-
स्थानतिर लाग्यौं, र धेरै दिनसम्म सेईर
पर्वतको फेरो लगायौं। २ अनि परमप्रभुले
मलाई भन्नुभयो, ३ "तिमीहरूले यस
पर्वतको फेरो लगाएको धेरै दिन भयो।
अब उत्तरतिर लाग। ४ अनि तैंले मानिस-
हरूलाई यसो भनेर आज्ञा दे, 'तिमीहरू
एसावका सन्तान, आफ्नै दाज्यू-भाइ
सेईरबासीको मुलुक भएर जानलागेका छौ, औ
तिनीहरू तिमीहरूसित डराउनेछन्। यसर्थ
तिमीहरू सतर्क रहनू। ५ तर तिनीहरूसँग
झगड़ा नगर्नू, किनकि म तिमीहरूलाई
तिनीहरूको देशमा पैतालाले टेक्ने जत्रो
ठाउँ पनि दिन्नँ, किनकि सेईर पर्वत मैले

एसावको अधिकारमा दिएको छु। ६ तिमी-
हरूले तिनीहरूबाट भोजन किनेर मात्र खानू
र पानी पनि किनेरै पिउनू' ७ किनकि
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका
सबै काममा तिमीहरूलाई आशिष दिनुभएको
छ। यस ठूलो उजाड़-स्थानको यात्राभरि
उहाँले तिमीहरूको हेर-विचार गर्नुभएको छ।
यी चालीस वर्षभरि परमप्रभु परमेश्वर तिमी-
हरूसँगै हुनुहुन्छ, औ तिमीहरूलाई केही
कुराको अभाव भएको छैन।'' ८ यसैकारण
सेईरमा बस्ने एसावका सन्तानका हाम्रा
दाज्यू-भाइहरूका मध्यबाट हामी अराबाको
बाटो भएर आयौं, जुन बाटो एलत र
एस्योन-गेबेरबाट आउँछ।

त्यसपछि हामीहरू मोआबको उजाड़-
स्थानतिर लाग्यौं। ९ अनि परमप्रभुले
मलाई भन्नुभयो, 'मोआबलाई दुःख-कष्ट
नदे, औ तिनीहरूसँग लड़ाइँ नगर्, किनकि
त्यसको देशबाट तेरो अधिकारको निम्ति
कुनै अंश पनि म तँलाई दिन्नँ, किनभने
मैले आर शहर लूतका सन्तानको अधिकारमा
दिएको छु।—१० एक समय त्यहाँ एमी
जातिहरू बस्थे, जो असंख्य, पराक्रमी
र अनाकीहरूजस्तै अग्ला अग्ला थिए।
११ अनाकीहरूझैं यी पनि रपाईनै* हुन्,
तर मोआबीहरू यिनीहरूलाई एमी भन्छन्।
१२ उहिलेनै होरीहरू पनि सेईरमा बस्थे,
तर एसावका सन्तानले यिनीहरूको स्थान
ओगटे, र तिनीहरूले यिनीहरूलाई नाश गरेर
यिनीहरूका सट्टामा बसोबासो गरे, जसरी
परमप्रभुले दिनुभएको देश इस्राएलीहरूले
लिएका थिए।—१३ यसैकारण अब जेरेद
खोला पार गर्।'

अनि हामी जेरेद खोला पारि गयौं।
१४ परमप्रभुले प्रतिज्ञा गर्नुभएझैं हामीहरूका
छाउनीबाट लड़ाइँ गर्ने मानिसहरू सबै नाश
नहोउन्जेल कादेशबर्नेबाट जेरेद खोला पारि-
सम्म आइपुग्न हामीलाई अठतीस वर्ष लाग्यो।
१५ हामीहरूका छाउनीबाट ती सबै नाश
नहोउन्जेल परमप्रभुको हात तिमीहरूमाथि
रह्यो।

१६ जनसमुदायका माझबाट लडाइँ गर्ने
मानिसहरू सबै नाश भइसकेपछि १७ परम-
प्रभुले मलाई यसो भन्नुभयो, १८ 'आज
तिमीहरूलाई मोआबको सीमानामा परेको
आर शहर नाघेर जानुपरेको छ। १९ जब
तिमीहरू अम्मोनीहरूको सीमानामा पुग्छौ,
तब तिनीहरूलाई दुःख-कष्ट नदेओ। औ
तिनीहरूसँग लडाइँ नगर, किनकि अम्मोनी-
हरूको देशबाट अधिकारको निम्ति म कुनै
अंश पनि तिमीहरूलाई दिन्नँ, किनकि मैले
त्यो लूतका सन्तानको अधिकारमा दिएको
छु। २० (त्यो पनि रपाईहरूको देश गनिन्छ।
उहिलेनै त्यहाँ रपाईहरू बस्थे, तर अम्मोनीहरू
तिनीहरूलाई जमूजुम्मी भन्दछन्। २१ यिनी-
हरू असंख्य र पराक्रमी अनाकीहरूजस्तै अग्ला
अग्ला थिए। तर परमप्रभुले तिनीहरूलाई
अम्मोनीहरूका सामने नाश गरिदिनुभयो, र
जमूजुम्मीहरूपछि अम्मोनीहरू आएर तिनी-
हरूका सट्टामा बसे। २२ उहाँले सेईरमा
बस्ने एसावका सन्तानका निम्ति यसै गर्नुभयो,
किनभने उहाँले तिनीहरूका सामने होरीहरू-
लाई नाश पार्नुभएको थियो। अनि तिनीहरूले
होरीहरूलाई धपाएर आजसम्म तिनीहरूका
ठाँउमा बसोबासो गरेका छन्। २३ अनि
गाजासम्म बसोबासो गर्ने अव्वीहरूलाई
कप्तोरबाट आएका कप्तोरीहरूले नाश
पारे, र तिनीहरूका सट्टामा बसोबासो गरे।)
२४ उठ, यात्रा शुरू गर, र अर्नोनको
खोला पारि जाओ। हेर, मैले हेशबोनका
राजा अम्मोरी सीहोन र त्यसको देश
तिमीहरूको हातमा दिएको छु। त्यो अधिकार
गर्न शुरू गर् र त्यससित युद्ध गर्।
२५ आजको दिन सारा आकाशमनि भएका
मानिसहरूमाथि तिमीहरूको डर र भय
हालिदिनेछु। तिनीहरू तिमीहरूको विषयमा
सुनेर थरथर काम्नेछन्, र विचलित हुनेछन्।'

* अग्ला अग्ला मानिसहरू

२६ अनि कदेमोतको उजाड़-स्थानबाट
हेशबोनका राजा सीहोनकहाँ सद्भावनाको
प्रस्तावसहित मैले दूतहरूलाई यसो भनेर पठाएँ,
२७ 'हामीलाई तपाईंको राज्यबाट भएर जान
दिनुहोस्। हामी बाटैबाटो मात्र जानेछौं।
हामी देब्रे दाहिने लाग्नेछैनौं। २८ दाम
लिएर तपाईं हामीलाई खानेकुरा बेच्नुहोस्,
र दाम लिएरै पानी दिनुहोस्, खालि तपाईंको
देशबाट भएर हामीलाई जानदिनुहोस्,
२९ जसरी सेईरमा बस्ने एसावका सन्तान र
आरमा बस्ने मोआबीहरूले हामीलाई आफ्ना
देशभित्र यात्रा गरेर जानदिएका थिए। हामीहरू
केवल परमेश्वरले हामीलाई दिनुहुने यर्दन
पारिको देश पुग्नलाई तपाईंको देश भएर
जाने अनुमति चाहन्छौं।' ३० तर हेशबोनका
राजा सीहोनले हामीलाई जान दिएनन्।
तिमीहरूका परमेश्वरले त्यसको मन कठोर र
त्यसको हृदय हठी बनाउनुभयो। अनि आजको
दिनसम्म त्यो तिमीहरूकै हातमा छ।'
३१ अनि परमप्रभुले मलाई भन्नुभयो, 'सीहोन
र त्यसको देश अब म तिमीहरूलाई दिनेछु।
त्यसको देश अधिकार र कब्जा गर्न शुरू गर।'
३२ तब सीहोन त्यसका सबै मानिसहरूसमेत
जाहज भन्ने ठाउँमा हामीसँग लड्न आए।
३३ अनि परमप्रभु हाम्रा परमेश्वरले त्यसलाई
हाम्रा हातमा सुम्पिदिनुभयो, र त्यसलाई,
त्यसका छोराहरूलाई र त्यसका सबै मानिस-
हरूलाई हामीले मार्‍यौं। ३४ त्यस बेला
हामीले त्यसका सबै शहरहरू लियौं, औ स्त्रीहरू
र बाल-बचाहरूलाई समेत मानिसहरू बसेको
प्रत्येक शहरलाई पूर्णरूपले नाश पार्‍यौं।
हामीले कसैलाई पनि छोड़ेनौं। ३५ हामीले
कब्जा गरेका शहरहरूका धनमाल बाहेक गाई-
वस्तु मात्र हामीले आफ्नो निम्ति जीतका
माल स्वरूप लियौं। ३६ अर्नोनको खोलाको
मुखैमा भएको अरोएर खोलाको किनारमा
भएको शहरबाट गिलादसम्म हामीले लिन
नसक्ने शक्तिशाली शहर कुनै थिएन।
परमप्रभु हाम्रा परमेश्वरले सबै हाम्रा हातमा
सुम्पिदिनुभयो। ३७ केवल अम्मोनका
सन्तानका देशको छेउमा मात्र तिमीहरू
आएनौ, अर्थात् यब्बोक नदीका सबै किनारहरू
र पहाड़ी मुलुकका शहरहरू छेउमा र परमप्रभु
हाम्रा परमेश्वरले हामीलाई मनाई गर्नुभएका
ठाउँहरूमा हामी गएनौ।

यात्रा समाप्तिको वृतान्त

३ त्यसपछि हामीहरू बाशानतिर लाग्यौं।
एद्रेइमा बाशानका राजा ओग आफ्ना
सबै मानिसहरू लिई हामीसित लड़ाइँ गर्न
आए। २ तर परमप्रभुले मलाई भन्नुभयो,
'त्यससँग नडरा, किनकि त्यसलाई, त्यसका सबै
मानिस र त्यसको देशसमेत, मैले तिमीहरूको
हातमा सुम्पिदिएको छु। तिमीहरूले हेशबोनमा
बस्ने एमोरीहरूका राजा सीहोनलाई जसो
गर्‍यौ त्यसलाई पनि त्यसै गर।' ३ यसकारण
परमप्रभु हाम्रा परमेश्वरले बाशानका राजा
ओग र तिनका सबै मानिसहरूलाई हाम्रा हातमा
सुम्पिदिनुभयो। अनि हामीले एउटै पनि
नछोड़ी सबैलाई सोत्तर पार्‍यौं। ४ त्यसै
बेला हामीले एउटै नछोड़ी तिनका सबै शहर-
हरू कब्जा गर्‍यौं। बाशानमा ओगको राज्य-
भित्र परेको अर्गोबको सम्पूर्ण इलाकासमेत
जम्मा साठी शहरहरू हामीले कब्जा गर्‍यौं।
५ यी सबै शहरहरू अग्ला अग्ला पर्खालले
घेरिएका, आग्लाहरू र मूल-ढोकाहरू भएका
थिए। यीबाहेक पर्खाल नभएका धेरै शहरहरू
पनि थिए। ६ अनि हेशबोनका राजा
सीहोनलाई झैं तिनीहरूका प्रत्येक शहर, पुरुष,
स्त्री र बालकहरूलाई सम्पूर्ण रूपले हामीले
नाश पार्‍यौं। ७ तर सबै गाई-वस्तु र
शहरका धनमालहरू हामीले जीतका सम्पत्ति
स्वरूप राख्यौं। ८ हामीले त्यस बेला
यर्दन वारिका दुइ एमोरी राजाका हातबाट
अर्नोन खोलादेखि हर्मोन पहाड़सम्मका देश
लियौं। ९ (जुन हर्मोनलाई सीदोनीहरूले
सियोन र एमोरीहरूले सनीर भन्दछन्)

१० तराईका जम्मै शहर र सबै गिलाद, र
सम्पूर्ण बाशान, सल्का र एद्रेइसम्मै बाशानमा
भएका ओगका राज्यका यी शहरहरू हामीले
लियौं। ११ (रपाईहरूमा बाशानका राजा ओग
मात्र जीवित थिए। तिनको पलङ्ग फलामको
थियो। यो पलङ्ग अझसम्म अम्मोनीहरूको
शहरमा छ। हातको नापअनुसार यो नौ हात
लामो र चार हात चौड़ा थियो)।

१२ त्यस बेला हामीले त्यो देश
अधिकारमा लिँदा अर्नोन खोलाको किनारको
अरोएरदेखि शुरू भएको इलाका, र गिलाद
पहाड़को आधा र त्यहाँका शहरहरू मैंले रूबेनी
र गादीहरूलाई दिएँ। १३ गिलादको
बाँकी भाग र ओगको राज्यको सम्पूर्ण
बाशान, मैंले मनश्शेको आधा कुललाई
दिएँ। बाशानसमेत अर्गोबको सबै क्षेत्र रपाई-
हरूको देश भनिन्छ। १४ मनश्शेका सन्तान
याईरले गशूरी र मकातीहरूको सीमानासम्म
अर्गोबको सबै इलाका, अर्थात् बाशान लिए,
र तिनले ती शहरहरूका नाउँ आफ्नै नाउँ-
अनुसार हव्वोत-याईर राखे। त्यो आजसम्म
प्रचलित छ। १५ अनि मैंले गिलाद चाहिं
माकीरलाई दिएँ। १६ मैंले रूबेनी र गादी-
हरूलाई गिलाददेखि अर्नोनको बेंसीसम्म, औ
बेंसीको मध्यभाग त्यसको सीमाना तोकेर
दिएँ—अम्मोन वंशीहरूको सीमाना, अर्थात्
यब्बोक नदीसम्म दिएँ। १७ अनि अराबा
लगायत यर्दन त्यहाँको केही सीमाना
किन्नेरतदेखि अराबाको समुद्रसम्म, पूर्वतिर
पिस्गाको भीर खारा समुद्रसम्मै तिनीहरूलाई
दिएँ।

१८ त्यस बेला मैंले रूबेनी र गादीहरूलाई
यसो भनेर आज्ञा गरें, 'परमप्रभु तिमीहरूका
परमेश्वरले यो देश तिमीहरूलाई अधिकार
गर्नलाई दिनुभएको छ, तापनि तिमीहरूमध्ये
सबै योद्धाहरू हतियार भिरेर तिमीहरूका
इस्राएली दाज्यू-भाइहरूका अगि जानू।
१९ तिमीहरूका स्वास्नीहरू, बाल-बच्चाहरू र
पशुहरू मैंले दिएका शहरहरूमा रहनेछन्,
किनकि तिमीहरूका धेरै जन्तुहरू छन् भनी
मलाई थाह छ। २० परमप्रभुले तिमीहरू-
लाई भैँ तिमीहरूका दाज्यू-भाइहरूलाई विश्राम
नदिएसम्म, र तिनीहरूले पनि परमप्रभु तिमी-
हरूका परमेश्वरले यर्दन पारि तिनीहरूलाई
दिनुभएको भूमि अधिकार नगरेसम्म, तिमीहरूले
यसो गर्नू। त्यसपछि मैंले तिमीहरूको
अधिकारमा दिएको देशमा हरेक मानिस फर्केर
आउनसक्छ। २१ अनि मैंले त्यस बेला
यहोशूलाई यस्तो आज्ञा पनि दिएँ, 'परमप्रभु
तिमीहरूका परमेश्वरले यी दुइ राजालाई जसो
गर्नुभयो ती सबै तैंले आफ्नो आँखाले देखिस्।
अब तँ पारि जाँदा ती सबै राज्यहरूलाई
पनि परमप्रभुले त्यसै गर्नुहुनेछ। २२ तिनी-
हरूदेखि नडराओ, किनकि तिमीहरूका परमप्रभु
परमेश्वर तिमीहरूका निम्ति लड़्नुहुनेछ।'

२३ अनि त्यस बेला मैंले परमप्रभुलाई
यसरी बिन्ती चढ़ाए, २४ 'हे परमप्रभु
परमेश्वर, तपाईंले आफ्नो दासलाई आफ्नो
महानता र आफ्नो पराक्रम देखाउनलाग्नु
भएको छ, किनभने स्वर्ग र पृथ्वीमा कुन
ईश्वर छ, जसले तपाईंको जस्तै काम र प्रतापी
कार्य गर्नसक्छ? २५ बिन्ती छ, मलाई
पारि जान दिनुहोस्, र यर्दन पारिको त्यो
असल भूमि, त्यो सुन्दर पहाड़ी मुलुक
र लबानोन म देख्न पाऊँ।' २६ तर तिमी-
हरूले गर्दा परमप्रभु मसित रिसाउनुभएको
थियो, र उहाँले मेरो कुरा सुन्नुभएन।
परमप्रभुले मलाई भन्नुभयो, 'अब यस विषयमा
मसँग अरू कुरा नगर्! २७ पिस्गाको
टाकुरामा उक्ली, औ उत्तर, दक्षिण, पूर्व,
पश्चिम चारैतिर अवलोकन गर्, किनकि
यर्दन पारि तँ जानपाउनेछैनस्। २८ तर
यहोशूलाई आज्ञा दे, र त्यसलाई प्रोत्साहन
दिएर साहसिलो बना, किनकि त्यो चाहिं यी
मानिसहरूका अगुवा भएर जानेछ, र त्यसलेनै
तिनीहरूलाई तैंले देखेको त्यस देशको
अधिकारी बनाउनेछ।' २९ यसकारण
हामीहरू बेतपोरको सामने बेंसीमा बस्यौं।

इस्राएलीहरूलाई आज्ञाकारिताको अर्ती

४ यसकारण अब हे इस्राएली हो, मैंले
तिमीहरूलाई सिकाएका विधि-विधानमा
ध्यान लगाओ, र ती पालन गर, र तिमीहरू
जीवित रहनेछौ, र तिमीहरूका पिता-
पुर्खाका परमप्रभु परमेश्वरले तिमीहरूलाई
दिनुहुने देश अधिकार गर्नेछौ। २ मैंले
तिमीहरूलाई दिएका आज्ञाहरूमा केही पनि
घट-बढ़ नगर्नू। मैंले तिमीहरूलाई दिएका परम-
प्रभु परमेश्वरका आज्ञा पालन गर्नू। ३ बाल-
पोरमा परमप्रभुले के गर्नुभयो त्यो तिमीहरूले
आफ्नै आँखाले देखेका छौ, किनकि पोरको
बालदेवतापछि लाग्ने सबै मानिसहरूलाई
परमप्रभु परमेश्वरले तिमीहरूका मध्यबाट
नाश गर्नुभयो। ४ तर परमप्रभु तिमीहरूका
परमेश्वरसित लागिरहने तिमीहरूमध्येको प्रत्येक
आजसम्म जीवित छ। ५ हेर, परमप्रभु
मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम
तिमीहरूले अधिकार गर्ने देशमा यी सबै
पालन गर्नलाईनै मैंले तिमीहरूलाई यी विधि-
विधान सिकाएको छु। ६ यसकारण
तिमीहरूले ती मान र पालन गर, किनकि अरू
जातिको अगि तिमीहरूका ज्ञान र समझको
प्रचार हुनेछ। औ यी सबै विधिहरू सुनेर
तिनीहरूले भन्नेछन्, 'अवश्य यस महान्
जातिका मानिसहरू खूबै ज्ञानी र समझदार
रहेछन्' ७ हामीले पुकारा गर्दा परमप्रभु
हाम्रा परमेश्वर हाम्रो यति नजीक हुनुभएझैं
ईश्वर यति नजीक भएको अरू कुनचाहिं
महान् जाति छ ? ८ मैंले तिमीहरूलाई
दिएको सारा व्यवस्थामा जस्तै ठीक ठीक
विधि-विधान भएको अरू कुनचाहिं यति महान्
जाति छ ?

९ तर होशियार बस ! र आफ्नो मनलाई
सचेत राख, नत्रता आँखाले देखेका
कुराहरू तिमीहरूले बिर्सौला, र ती तिमीहरूको
ए.रा जीवनभरि तिमीहरूका मनदेखि नहटून्।
यसैकारण ती तिमीहरूका छोराहरू र नाति-
पनातिहरूलाई सिकाओ। १० जुन दिन
तिमीहरू परमप्रभु आफ्ना परमेश्वरको सामने
होरेबमा उभिएका थियौ, त्यस दिन परमप्रभुले
मलाई भन्नुभयो, 'मानिसहरूलाई मेरो नजीक
भेला गरा, र तिनीहरूलाई मेरो वचन
सुनाउनेछु, र तिनीहरू यस पृथ्वीमा जति दिन
जीवित रहनेछन् तिनीहरूले मेरो डर मानून्, र
तिनीहरूले यही कुरो आफ्ना छोरो-छोरीहरूलाई
सिकाऊन्।' ११ पर्वतमा आगो दन्केर
आकाशसम्मै पुग्यो र बाक्लो तुँवालो आएर
त्यहाँ अन्धकार भएको बेलामा तिमीहरू
आएर पर्वतको फेदीमा उभियौ। १२ र
आगोको माझदेखि परमप्रभु तिमीहरूसँग
बोल्नुभयो। त्यस बेला तिमीहरूले शब्दको
आवाज मात्र सुन्यौ, तर कुनै आकृति देखेनौ।
तिमीहरूले एउटा सोर मात्र सुन्यौ। १३ उहाँले
आफ्नो दश आज्ञाको व्यवस्था तिमीहरूले
पालन गर्न भनी दिनुभयो, औ उहाँले
दुइवटा ढुङ्गाका पाटीमा ती लेखिदिनुभयो।
१४ तिमीहरूले अधिकार गर्ने देशमा
तिमीहरूले पालन गर भन्ने हेतुले तिमीहरूलाई
विधि-विधान सिकाउने आज्ञा परमप्रभुले
त्यस बेला मलाई दिनुभयो।

१५ यसकारण ध्यान राख ! होरेबमा
अगिनको माझदेखि परमप्रभु बोल्नुभएको दिन
तिमीहरूले कुनै आकृति देखेनौ १६ सावधान
बस ! नत्रता तिमीहरू कुनै नर वा
नारीको प्रतिमा बनाएर भ्रष्ट रीतिमा फस्नेछौ
१७ पृथ्वीका कुनै पशुको वा आकाशका
कुनै पक्षीको, १८ घस्रने जीवात्को वा
जलका माछाको प्रतिमा बनाएर भ्रष्ट रीतिमा
फस्नेछौ १९ होशियार बस ! नत्रता
आकाशमा परमप्रभु तिमीहरूका परमेश्वरले
सारा मानिस जातिलाई दिनुभएको घाम,
जून, तारा र ग्रह-नक्षत्र देख्दा तीप्रति
आकृष्ट भएर तिमीहरूले तिनीहरूको पूजा र
सेवा गर्नेछौ। २० तर तिमीहरूलाई चाहिं
परमप्रभुले लिएर फलामको भट्टीजस्तो मिश्रदेखि
आफ्नो निज प्रजा बनलाई निकाली ल्याउनुभयो।

२१ यस उप्रान्त तिमीहरूले गर्दा परमप्रभु
मसित रिसाउनुभयो, औ 'तँ यर्दनपारि जान
पाउनेछैनस्, र परमप्रभु तेरो परमेश्वरले तँलाई
अधिकारमा दिएको त्यस असल देशमा
जान पाउँदैनस्' भनी प्रण गर्नुभयो।
२२ मलाई यसै देशमा मर्नु पर्नेछ! म यर्दन
पारि जानपाउनेछैनँ, तर तिमीहरू पारि
जानेछौ, र त्यो असल देश अधिकार गर्नेछौ।
२३ सावधान रहो! नत्रता परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूसित गर्नुभएको
करार भुलेर उहाँले निषेध गर्नुभएको कुनै
कुराको प्रतिमा तिमीहरूले बनाउनेछौ।
२४ किनकि परमप्रभु, तिमीहरूका परमेश्वर
भस्म गर्ने आगो र डाह गर्नुहुने परमेश्वर
हुनुहुन्छ।
२५ तिमीहरूले छोरा-छोरी र नाति-पनाति
जन्माइसकेर त्यसै देशमा वृद्धकालका हुँदा
पनि भ्रष्ट रीतिमा फसेर कुनै वस्तुको आकृति-
अनुसार प्रतिमा खोपेर परमप्रभु तिमीहरूका
परमेश्वरको दृष्टिमा कुकर्म गरेर उहाँलाई क्रोधित
तुल्यायौ भने, २६ म आजको दिन स्वर्ग
र पृथ्वीलाई तिमीहरूका विरुद्ध साक्षी राख्दछु,
कि जुन देशलाई अधिकार गर्न तिमीहरू
यर्दन पारि जानलागेका छौ त्यस देशदेखि
तिमीहरू चाँडै सम्पूर्ण नाश हुनेछौ र धेरै
दिन बस्न पाउनेछैनौ, तर बिलकुलै नाश
हुनेछौ। २७ परमप्रभुले तिमीहरूलाई जाति
जातिको माझमा तितर-बितर पार्नुहुनेछ, र
उहाँले तिमीहरूलाई लैजानुभएको देश हुँदो
अन्यजातिहरूका माझमा तिमीहरू अल्प
संख्यामा हुनेछौ। २८ त्यहाँ तिमीहरूले
मानिसहरूका हातले बनाएका, देख्न नसक्ने,
सुन्न नसक्ने, खान नसक्ने, सुँघ्न नसक्ने काठ
र ढुङ्गाका देवताहरूको पूजा गर्नेछौ।
२९ तर त्यहाँ पनि परमप्रभु तिमीहरूका
परमेश्वरलाई तिमीहरूले खोज्नेछौ औ यदि
तिमीहरूका सारा हृदय र प्राणले खोज्यौ भने
तिमीहरूले उहाँलाई पाउनेछौ। ३० पछिल्ला
दिनहरूमा जब तिमीहरू संकष्टमा हुनेछौ र
मैले भनेका सबै कुरा तिमीहरूमाथि बितेछन्,
तब तिमीहरू परमप्रभु आफ्ना परमेश्वरतिर
फर्कनेछौ, र उहाँको वचन पालन गर्नेछौ।
३१ उहाँले तिमीहरूलाई त्याग्नुहुनेछैन, नष्ट
गर्नुहुनेछैन। तिमीहरूका पिता-पुर्खासित उहाँले
बाँध्नुभएको करार भुल्नुहुनेछैन, किनकि परम-
प्रभु तिमीहरूका परमेश्वर कृपालु हुनुहुन्छ।
३२ यस्तो महान् घटना अघि कहिल्यै
घटेको वा सुनिएको थियो? पृथ्वीमा
परमेश्वरले मान्छे सृष्टि गर्नुभएको पौराणिक
कालसम्म सोध-खोज गर औ आकाशको
वल्लो छेउदेखि पल्लो छेउसम्म पनि यही
कुराको निधो गर। ३३ के कुनै मानिसले
तिमीहरूले झैं परमेश्वरको वाणी सुनेको छ?
वा सुनेर जीवित रहेको छ? ३४ परमप्रभु
तिमीहरूका परमेश्वरले मिश्रमा तिमीहरूका
आँखाको अगि जाँच गरेर उदेकका चिह्नहरू,
आश्चर्यकर्महरू देखाई युद्ध लडेर, आफ्नै
बाहुबल प्रयोग गरेर, भयानक आतंकद्वारा अर्को
जातिबाट आफ्नो निम्ति एक जाति निर्माण
गर्नुभएझैं अर्को कुनै ईश्वरले गरेको छ?
३५ परमप्रभुनै परमेश्वर हुनुहुन्छ, र उहाँबाहेक
अरू कोही छैन भनी बुझाउनलाई त्यो तिमी-
हरूलाई देखाइएको हो। ३६ तिमीहरूलाई
शिक्षा दिन उहाँले आकाशदेखि आफ्नो सोर
सुनाउनुभयो, र पृथ्वीमा आफ्नो महा-अग्नि-
तिमीहरूलाई देखाउनुभयो। तिमीहरूले अग्नि-
बाट उहाँको शब्द सुन्यौ। ३७ उहाँले
तिमीहरूका पिता-पुर्खालाई प्रेम गर्नुभयो, यसैले
तिनीहरू पछि तिनीहरूका वंशलाई चुनेर, आफै
उपस्थित भई आफ्नो महा-शक्तिद्वारा तिमी-
हरूलाई मिश्रदेखि निकाल्नुभयो। ३८ तिमी-
हरूभन्दा शक्तिशाली र असंख्य जातिहरूलाई
उहाँले धपाइदिनुभयो, र तिनीहरूका देशमा
प्रवेश गरी अधिकार गर्न तिमीहरू तत्पर भएका
छौ। ३९ परमप्रभुनै स्वर्ग र पृथ्वीभरिमा
परमेश्वर हुनुहुन्छ र उहाँ छोडी अरू कोही
छैन। यही कुरो तिमीहरूलाई आज निश्चित
रूपले थाह होस् र तिमीहरूका हृदयमा

गरोस्। ४० यसकारण आज मैंले तिमीहरूलाई
आज्ञा गरेबमोजिम उहाँका विधि र आज्ञाहरू
पालन गर, र तिमीहरू र तिमीहरू पछिका
वंशलाई भलो होस्। अनि परमप्रभु तिमीहरूका
परमेश्वरले अनन्त कालसम्म दिनुभएको भूमिमा
तिमीहरू आयुष्मान बन्नेछौ।

४१-४२ तब मोशाले यर्दनको पूर्वपट्टि
तीनवटा शहरहरू अलग गरे। त्यहाँ दुश्मनी
नभएका र अन्जानमा कसैलाई मार्ने ज्यानमारा
भागेर जान सक्थ्यो। ४३ ती रूबेनीहरूको
लागि तराईको बेंसीमा बेसेर, र गादीहरूको
लागि गिलादको रामोत र मनश्शेका लागि
बाशानको गोलान थिए।

४४ मोशाले इस्राएलीहरूलाई दिएको
व्यवस्था यही हो। ४५ मिश्रबाट निस्केर
आएपछि मोशाले इस्राएलीहरूलाई घोषणा
गरेका व्यवस्थाहरू र विधि-विधान यिनै हुन्।
४६ यी यर्दन वारि बेतपोरको सामनेको
बेंसीमा एमोरीहरूका राजा, हेशबोनमा बस्ने
सीहोनको देशमा दिएका थिए। सीहोनलाई
मोशा र इस्राएलीहरूले मिश्रबाट निस्केर
आइसकेपछि मारे। ४७ इस्राएलीहरूले
त्यसको देश र बाशानको राजा ओगको देश
अधिकार गरे। एमोरीहरूका ती दुइ राजा
यर्दन वारि पूर्वपट्टिका थिए, ४८ अर्थात्
अर्नोनको खोलाको किनार अरोएरदेखि सीहोन-
सम्म, जसलाई हर्मोन पनि भन्दछन्,
४९ र यर्दनको वारि पूर्वपट्टि पिस्गाको भीरको
फेदीमा अराबाको समुद्रसम्म इस्राएलीहरू सबै
अराबाका अधिकारी भए।

मोशाले दश आज्ञा दोहोराएका

५ त्यसपछि मोशाले सबै इस्राएलीहरूलाई
बोलाएर भने, "हे इस्राएली हो, आज
मैंले तिमीहरूलाई दिएका विधि र विधान
सुन, र ती होशियारीसाथ पालन गर।
२ परमप्रभु परमेश्वरले हामीसित होरेबमा
करार बाँध्नुभयो। ३ परमप्रभुले यी करार
हाम्रा पिता-पुर्खासँग होइन, तर हामीसँग
बाँध्नुभएको हो। हामीसँग, जो आजसम्म
यहाँ जीवित छौं। ४ परमप्रभुले तिमीहरूसँग
पर्वतमा अग्निबाट आमने-सामने बात गर्नुभयो।
५ त्यस बेला मनै परमप्रभु र तिमीहरूका
माझमा भएर परमप्रभुका वचन तिमीहरूलाई
जनाउन भनी खड़ा भएँ, किनकि तिमीहरू
अग्निको कारण डराएका थियौ, र पर्वतमा
उक्लेनौ।

६ उहाँले भन्नुभयो, "कैदको घर
मिश्रदेखि तँलाई निकाली ल्याउने परमप्रभु
तेरा परमेश्वर मनै हुँ।

७ मबाहेक तिमीहरूले अरू कुनै ईश्वर
नमान्नू। ८ आकाशमा, पृथ्वीमा र पृथ्वीमनि
भएको पानीमा हुने कुनै वस्तुको प्रतिरूपमा
तैंले आफ्नो निम्ति कुनै किसिमको मूर्ति
नबनाउनू। ९ तिनीहरूको अगि नझुक्नू औ
तिनीहरूको पूजा नगर्नू, किनकि म तिमीहरूको
परमप्रभु परमेश्वर डाह गर्ने परमेश्वर हुँ।
पिता-पुर्खाको दुष्टताको दण्ड सन्तानमाथि, र
मलाई तिरस्कार गर्नेका तीन र चार पुस्तासम्म
दण्ड दिने परमेश्वर म हुँ। १० औ मलाई
प्रेम गर्ने र मेरा आज्ञा मान्नेहरूका हजारौं
पुस्तासम्म म करुणा देखाउँछु।

११ आफ्ना परमप्रभु परमेश्वरको नाउँ
व्यर्थमा नलेओ। किनकि परमेश्वरले आफ्नो
नाउ व्यर्थमा लिनेहरूलाई निर्दोष ठहराउनुहुन्न।

१२ परमप्रभु तेरा परमेश्वरले आज्ञा गरे-
बमोजिम विश्राम-दिन पवित्र राख्न तैंले
याद राख्नू। १३ छ दिनसम्म तैंले
आफ्ना सबै काम गर्नसक्छस्, १४ तर
सातौं चाहिं दिन परमप्रभु तिमीहरूका
परमेश्वरका निम्ति विश्राम-दिन हो। त्यस दिन
तिमीहरूले कुनै काम नगर्नू—तिमीहरूले,
तिमीहरूको छोरा-छोरी, कमारा-कमारी, गोरु
गधाले, कुनै पशुले, तिमीहरूको शहर-भित्र
भएको परदेशीले पनि केही काम नगरोस्।
तिमीहरूका कमारा र कमारीले तिमीहरूसँग
विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा

हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले
आफ्नो बाहुबल प्रयोग गरी तिमीहरूलाई
निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण
परमप्रभु तिमीहरूका परमेश्वरले विश्राम-दिन
मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।
१६ परमप्रभु तिमीहरूका परमेश्वरले आज्ञा
दिनुभएझैं तैंले आफ्ना माता-पिताको आदर
गर्नू, र परमप्रभु तेरा परमेश्वरले दिनुभएको
देशमा तँ दीर्घायु हुनेछस्, र त्यहाँ तेरो
भलो हुनेछ।
१७ तैंले हत्या नगर्नू।
१८ तैंले व्यभिचार नगर्नू।
१९ तैंले चोरी नगर्नू।
२० तैंले आफ्नो छिमेकीको विरुद्धमा
झूटो साक्षी नदिनू।
२१ आफ्नो छिमेकीका स्वास्नी, घर, खेत-
बारी, कमारा, कमारी, गोरु, गधा, अथवा
कुनै पनि वस्तुको लालच नगर्नू।"
२२ यी वचन परमप्रभुले पर्वतमा आगो
र बादल र घोर अन्धकारको बीचबाट
तिमीहरूका सारा समुदायलाई ठूलो सोरले
भन्नुभयो। औ उहाँले अरू थप्नुभएन।
अनि उहाँले ती आज्ञा दुइवटा ढुङ्गाका पाटीमा
लेखेर मलाई दिनुभयो। २३ जब तिमीहरूले
अन्धकारको बीचबाट सोर सुन्यौ, र जब पर्वत
आगोले बलिरहेको थियो, तब तिमीहरूका
कुलका नायकेहरू र बूढ़ा-प्रधानहरू मेरो नजीक
आए। २४ अनि तिमीहरूले भन्यौ, 'परम-
प्रभु, हाम्रा परमेश्वरले आफ्नो महिमा र महानता
हामीलाई प्रकट गर्नुभयो। औ हामीले उहाँको
सोर अग्निबाट सुन्यौं। आज परमेश्वर
मानिससँग बोल्नुभयो, तापनि मानिस जीवित
रहेको हामीले देख्यौं। २५ अब यति ठूलो
अग्निमा भस्म भएर हामी किन मर्ने?
यदि परमप्रभु हाम्रा परमेश्वरको सोर हामीले
अझै सुन्यौं भनेता हामी मर्नेछौं! २६ अग्नि-
बाट जीवित परमेश्वर बोल्नुभएको सुनेर पनि
हामीझैं बाँच्ने कुन चाहिं जीवधारी छ?
२७ तपाईं आफैंनै नजीक जानुहोस्, र
परमप्रभु हाम्रा परमेश्वरले भन्नुभएका सबै कुरा
हामीलाई बताउनुहोस्, र हामी ती सुनेर
पालन गर्नेछौं।'
२८ तिमीहरू मसित बोलेका परमप्रभुले
सुन्नुभयो, र उहाँले मलाई भन्नुभयो,
'मानिसहरूले तँलाई भनेका कुरा मैंले सुने।
तिनीहरूले ठीकै भनेका छन्। २९ मेरो डर
मान्ने र मेरा सबै कुरा पालन गर्ने तिमीहरूका
हृदय भएता हुनेथियो! तिनीहरू र तिनीहरूका
सन्तानको भलो हुनेथियो! ३० तिमीहरू
आफ्नो आफ्नो पालमा फर्क भनी गएर तिनी-
हरूलाई भन्। ३१ तर तँचाहिं यहाँ मेरो
नजीक खड़ा हो। अनि तैंले तिनीहरूलाई
सिकाउनुपर्ने सबै आज्ञा, विधि र विधान
म तँलाई बताउनेछु, र मैंले तिनीहरूको
अधिकारमा दिने देशमा तिनीहरूले ती पालन
गरून्।' ३२ यसकारण परमप्रभु तिमीहरूका
परमेश्वरको आज्ञा मान्न याद राख।
तिमीहरू देब्रे-दाहिने कतै नलाग।
३३ परमप्रभु तिमीहरूका परमेश्वरले तिमी-
हरूलाई हिँड्न भनी आज्ञा गर्नुभएका सबै
मार्गमा हिँड़, र तिमीहरू जीवित रहनेछौ, औ
तिमीहरूको कल्याण हुनेछ। अनि तिमीहरूले
अधिकार गर्ने देशमा तिमीहरू दीर्घायु हुनेछौ।"

आज्ञाकारी हुनलाई मोशाको अर्ती

६ "तिमीहरूले अधिकार गर्ने देशमा पालन
गर्न भनी परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई सिकाउन मलाई हुकुम
गर्नुभएका आज्ञा, विधि र विधान यिनै हुन्।
२ सम्पूर्ण जीवनभरि परमप्रभु तिमीहरूका
परमेश्वरको भय मानेर तिमीहरू र तिमीहरूका
छोरा नातिले उहाँका सबै विधि र आज्ञाहरू
पालन गर्नू, र तिमीहरू दीर्घायु हुनेछौ।
३ यसकारण हे इस्राएली हो, यी सबै पूर्ण
गर, र तिमीहरूको भलो हुनेछ। औ परम-
प्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले
तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैं प्रशस्त दूध र

मह हुने देशमा तिमीहरूका सन्तानको खूब
वृद्धि हुनेछ!
४ हे इस्राएली हो सुन, परमप्रभु हाम्रा
परमेश्वर एउटै हुनुहुन्छ! ५ तिमीहरूले
परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सम्पूर्ण
मनले, आफ्नो सम्पूण प्राणले र आफ्नो सम्पूर्ण
शक्तिले प्रेम गर। ६ मैले तिमीहरूलाई
सुनाएको आज्ञा आफ्नो मनमा राख।
७ ती तिमीहरूले आफ्ना छोरा-छोरीहरूलाई
होशीयारीसाथ सिकाओ। औ घरमा बस्ता,
बाटोमा हिँड्दा, ढल्केर बस्ता र उठदा तिनको
चर्चा गर। ८ ती आफ्नो हातमा चिह्नको
लागि बाँधिराख। ती तिमीहरूका निधारमा
व्यवस्था-पत्री होऊन। ९ ती आफ्नो घरको
सँघार र मूल-ढोकाहरूमा लेख।
१० परमेश्वरले तिमीहरूका पिता-पुर्खा
अब्राहाम, इसहाक र याकूबसँग तिमीहरूलाई
दिनेछु भनी प्रतिज्ञा गर्नुभएको देशमा पुर्‍या-
उनुहुनेछ, अर्थात् तिमीहरूले नबनाएका ठूला
ठूला र राम्रा राम्रा शहरहरू भएको देश,
११ जहाँ तिमीहरूले नजुटाएका उत्तम
थोकहरूले भरिभराउ भएका घरहरू, तिमीहरूले
नखनेका इनारहरू हुनेछन्, औ त्यहाँ तिमी-
हरूले नरोपेका दाख र भद्राक्ष खाएर
अघाउँदा १२ होशियार! तिमीहरूलाई
दासत्वको घर मिश्रबाट निकाली ल्याउने
परमेश्वरलाई नभुल्नू। १३ तिमीहरूले
परमप्रभु तिमीहरूका परमेश्वरकै डर मान्नू,
उहाँकै सेवा गर्नू र उहाँकै नाउँमा शपथ
खानू। १४ तिमीहरूका वरिपरिका जातिहरूका
अरू देवताहरूका पछि नलाग। १५ किनकि
तिमीहरूका बीचमा रहनुहुने परमप्रभु तिमी-
हरूका परमेश्वर डाही परमेश्वर हुनुहुन्छ।
त्यसो गरेनौ भने परमप्रभु तिमीहरूका
परमेश्वरको क्रोध तिमीहरूमाथि पर्ला, र
उहाँले तिमीहरूलाई पृथ्वीबाट नाश गर्नुहुनेछ।
१६ मस्सामामैं तिमीहरूले परमप्रभु तिमी-
हरूका परमेश्वरको परीक्षा नगर। १७ परम-
प्रभु तिमीहरूका परमेश्वरका आज्ञा, साक्षी-वचन
र विधिहरू होशियारीसाथ मान। १८ परम-
प्रभुको दृष्टिमा जुन जुन कुरा ठीक र असल
छन् त्यही गर र तिमीहरूको कल्याण हुनेछ,
र तिमीहरूका पिता-पुर्खासँग परमप्रभुले प्रतिज्ञा
गर्नुभएको त्यो असल देश तिमीहरूले कब्जा
गर्नेछौ। १९ त्यसपछि परमप्रभुले प्रतिज्ञा
गर्नुभएझैं तिमीहरूले आफ्ना सबै शत्रुहरूलाई
तिमीहरूका सामनेबाट धपाउनेछौ।
२० पछि पछि जब तिमीहरूका छोराहरूले
परमप्रभु हाम्रा परमेश्वरले दिनुभएका यी
साक्षी-वचन र विधि-विधानको अर्थ के हो?
भनी सोध्ला २१ तब तिमीहरूले आफ्ना
छोरालाई भन्नू, 'हामीहरू मिश्रमा फिरऊनका
कमारा थियौं, र परमप्रभुले हामीलाई मिश्रबाट
आफ्नो बाहुबलले निकाली ल्याउनुभयो।
२२ परमप्रभुले हाम्रो आँखाकै सामने मिश्री-
हरू, फिरऊन र तिनका सबै परिवारमाथि
अत्यन्तै भयानक चिह्न र आश्चर्यकामहरू
देखाउनुभयो। २३ हाम्रा पिता-पुर्खाहरूसँग
दिनेछु भनी प्रतिज्ञा गर्नुभएको मुलुकमा ल्याउन
उहाँले हामीलाई त्यहाँबाट निकाल्नुभयो।
२४ परमप्रभुलेनै हामीलाई यी सबै विधि
पालन गर्ने र परमप्रभु हाम्रा परमेश्वरको भय
मान्ने आदेश दिनुभएको हो। त्यसो गर्दा
हाम्रो निरन्तर हित हुनेछ, औ आज पर्यन्तझैं
उहाँले हाम्रो जीवनको पनि रक्षा गर्नुहुनेछ।
२५ उहाँका आदेशबमोजिम उहाँका दृष्टिअगि
परमप्रभु हाम्रा परमेश्वरका यी सबै आज्ञा
पालन गर्‍यौं भने त्यहीनै हाम्रो धार्मिकता
हुनेछ।

कनानीहरूसँग संगत निषेध

७ जब तिमीहरू अधिकार गर्न भनी
जानलागेको देशमा परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई ल्याउनुहुन्छ, र
तिमीहरूभन्दा असंख्य र सामर्थी यी सात
जाति, हित्ती, गिर्गाशी, एमोरी, कनानी,
परिज्जी, हिव्वी र यबूसीहरूलाई तिमीहरूका

सामनेबाट उहाँले धपाउनुहुन्छ, २ अनि जब
परमप्रभु तिमीहरूका परमेश्वरले तिनीहरूलाई
तिमीहरूको अधीनमा पारिदिनुहुन्छ, र तिमीहरूले
तिनीहरूलाई परास्त गर्छौ, तब तिमीहरूले
तिनीहरूलाई सम्पूर्ण विनाश पार्नू। तिमीहरूले
तिनीहरूसित सम्झौता नगर्नू। तिनीहरूलाई
नटिठाउनू। ३ तिनीहरूसँग बिहेबारी नगर्नू।
तिमीहरूका छोरा-छोरीहरूले तिनीहरूका छोरा-
छोरीहरूका बीच बिहेबारीको सम्बन्धै नराखून्।
४ किनकि तिनीहरूले तिमीहरूका छोरा-
हरूलाई परमप्रभुबाट बहकाएर अन्य देवताका
पूजा गर्न लाउनेछन्। यसो गर्नाले परमप्रभुको
क्रोध तिमीहरूमाथि दन्कनेछ, र उहाँले
तिमीहरूलाई तत्कालै नाश पार्नुहुनेछ।
५ तिमीहरूले तिनीहरूसित यस्तो वर्ताव
गर्नू—तिनीहरूका वेदी भत्काइदिनू, तिनी-
हरूका खामा टुक्रै-टुक्रा पारिदिनू, तिनीहरूका
अशेरा मूर्तिहरू काटेर ढालिदिनू, औ तिनी-
हरूका खोपेर बनाएका मूर्तिहरू आगोमा
जलाइदिनू। ६ परमप्रभु तिमीहरूका
परमेश्वरका निम्ति तिमीहरू एक पवित्र जाति
हौ। परमप्रभु तिमीहरूका परमेश्वरले पृथ्वीमा
भएका सबै मानिसहरूमध्येबाट आफ्नो निम्ति
एक विशेष जाति बनाउन भनी तिमीहरूलाई
छान्नुभयो। ७ तिमीहरू संख्यामा अरू
जातिहरूभन्दा धेरै भएकोले परमप्रभुले तिमी-
हरूलाई प्रेम गर्नुभएको वा छान्नुभएको
होइन, किनकि तिमीहरू ता संख्यामा सबै
जातिहरूभन्दा कम थियौ, ८ तर परमप्रभुले
तिमीहरूलाई प्रेम गर्नुहुन्छ, र उहाँले तिमी-
हरूका पिता-पुर्खाहरूसित गर्नुभएको प्रतिज्ञा
पूरा गर्नुनै तिमीहरूलाई परमप्रभुले आफ्नो
बाहुबलद्वारा निकाली ल्याउनुभयो, र मिश्रका
राजा फिरऊनको हात, दासत्वको घरबाट
छुटकारा गर्नुभयो। ९ यसकारण याद राख,
परमप्रभु तिमीहरूका परमेश्वर मात्र परमेश्वर
हुनुहुन्छ, एक विश्वासयोग्य परमेश्वर। उहाँलाई
प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने हजारौं
पुस्तासम्म उहाँले आफ्नो करार पूरा गर्नुहुन्छ,
र दया देखाउनुहुन्छ। १० उहाँलाई तिरस्कार
गर्नेहरूलाई उहाँले अवश्य नाश गर्नुहुनेछ,
औ साटो लिन उहाँ विलम्ब गर्नुहुनेछैन।
११ यसकारण आज मैले तिमीहरूलाई दिएको
आज्ञा, विधि र विधान होशियारीसाथ पालन
गर।

१२ तिमीहरूले यी विधान सुनेर पालन
गर्‍यौ भने परमप्रभु परमेश्वरले प्रतिज्ञा
गर्नुभएका करार पूरा गर्नुहुनेछ, र दया
देखाउनुहुनेछ। १३ उहाँले तिमीहरूलाई
प्रेम गर्नुहुनेछ, र तिमीहरूलाई आशिष दिएर
तिमीहरूलाई वृद्धि गर्नुहुनेछ। उहाँले तिमी-
हरूका पिता-पुर्खाहरूसित प्रतिज्ञा गरी
तिमीहरूलाई दिन्छु भनेको देशमा तिमीहरूको
शरीरको फल, भूमिको फल, अन्न, दाखमद्य,
तेल, गाई-वस्तु, र पाठाहरूमाथि पनि उहाँले
आशिष दिनुहुनेछ। १४ तिमीहरू अरू
मानिसहरूभन्दा ज्यादै आशीर्वादी हुनेछौ।
तिमीहरूका कुनै पुरुष नामर्द, स्त्री बाँझी र
पशु बैला हुनेछैन। १५ अनि परमप्रभुले
तिमीहरूका सबै रोग-बिमार हटाइदिनुहुनेछ,
औ तिमीहरूले नदेखेका मिश्रका भयानक
विपत्तिहरू तिमीहरूमाथि ल्याउनुहुनेछैन, तर
तिमीहरूसँग बैरभाव राख्नेहरूमाथि त्यो ल्याउनु-
हुनेछ। १६ परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूका हातमा दिनुहुने सबै जातिलाई
तिमीहरूले नाश गर्नू, तिनीहरूलाई नटिठाउनू।
तिनीहरूका देवताहरूको पूजा नगर्नू, किनभने
त्यहीनै तिमीहरूलाई फँसाउने पासो हो।

१७ 'यी जाति हामीभन्दा बढ़ी
संख्यामा छन्। हामी कसरी यिनीहरूलाई
निकाल्नसकौंला' भनी तिमीहरूले आफ्नो मनमा
सम्झे १८ पनि तिनीहरूसँग नडराओ।
परमप्रभु तिमीहरूका परमेश्वरले फिरऊन र
सारा मिश्रलाई के गर्नुभयो त्यसको स्मरण
गर। १९ ठूला ठूला जाँच, आश्चर्य-
कर्म, चिह्न र आफ्ना बाहुबलको प्रयोग
गरेर तिमीहरूलाई निकाली ल्याउनुभएको
त्यहाँ तिमीहरू आफैले देखेका थियौ—

त्यसरी नै परमप्रभु परमेश्वरले तिमीहरू डराएका
ती सबै जातिसँग गर्नुहुनेछ। २० यस
उप्रान्त परमप्रभु तिमीहरूका परमेश्वरले तिनी-
हरूका शेष रहेका र तिमीहरूदेखि लुक्नेहरू
नाश नहोउन्जेल तिनीहरूका बीचमा बच्छयूँ
पठाउनुहुनेछ। २१ तिनीहरूदेखि नडराओ,
किनकि परमप्रभु तिमीहरूका परमेश्वर तिमी-
हरूसित हुनुहुन्छ। उहाँ महान् र भययोग्य
परमेश्वर हुनुहुन्छ। २२ अनि परमप्रभु
तिमीहरूका परमेश्वरले ती जातिहरूलाई बिस्तार
बिस्तार तिमीहरूका सामुदेखि निकालिदिनु-
हुनेछ। तिमीहरूले तिनीहरूलाई एकैचोटि
नाश नगर्नू, नत्रता त्यहाँका जङ्गली जानवरहरू
धेरै संख्यामा बढ़िजालान्। २३ तर परमप्रभु
तिमीहरूका परमेश्वरले तिनीहरूलाई तिमीहरूको
अधीन गरिदिनुहुनेछ, र तिनीहरू नाश
नहोउन्जेल तिनीहरूमा ज्यादै खलबली ल्याइ-
दिनुहुनेछ। २४ अनि उहाँले तिनीहरूका
राजाहरूलाई तिमीहरूका हातमा सुम्पिदिनु-
हुनेछ, र तिमीहरूले आकाशमनिबाट तिनी-
हरूका नाउँ-निशानै मेटिदिनेछौ। तिमीहरूले
तिनीहरूलाई नाश पार्नलाग्दा कुनै मानिस
तिमीहरूको सामने खड़ा रहनसक्नेछैन।
२५ तिनीहरूका देवताहरूका मूर्तिहरू तिमी-
हरूले आगोमा जलाइदिनू। मूर्तिमा भएका
सुन र चाँदीको लालच गरेर आफ्नो निम्ति
नलिनू, किनकि त्यहीनै तिमीहरूका निम्ति
फन्दा हुनेछ। परमप्रभु तिमीहरूका परमेश्वरको
निम्ति यी घृणित कुरा हुन्। २६ तिमीहरूले
कुनै घृणित कुरो आफ्नो घरमा नल्याउनू,
नत्रता तिमीहरू पनि तीजस्तै श्रापित हुनेछौ।
तिमीहरूले त्यसलाई एकदमै तिरस्कार र घृणा
गर्नू, किनकि त्यो श्रापित कुरो हो।

८ आज मैंले तिमीहरूलाई दिएका सबै
आज्ञा होशियारीसाथ मान, र तिमी-
हरू जीवित रहनेछौ, औ संख्यामा बढ्नेछौ, र
गएर परमप्रभुले तिमीहरूका पिता-पुर्खालाई
प्रतिज्ञा गर्नुभएको देशलाई अधिकार गर्नसक्नेछौ।
२ तिमीहरूलाई दीन तुल्याउन, जाँच गर्ने र
उहाँको आज्ञा मान्ने हृदय छ कि छैन भनी
जान्नलाई यी चालीस वर्षभरिको यात्रामा
परमप्रभु तिमीहरूका परमेश्वरले कसरी तिमी-
हरूलाई डोराउनुभयो, सो स्मरण गर।
३ उहाँले तिमीहरूलाई नम्र बनाउन भोकले
पीड़ित तुल्याउनुभयो, औ तिमीहरूलाई मन्न
खुवाउनुभयो, जसको बारेमा तिमीहरूका
पिता-पुर्खाहरूलाई थाहै थिएन। मानिस
भोजनले मात्र होइन, तर परमप्रभुको मुखबाट
निस्केको प्रत्येक वचनले जिउँछ भन्ने कुरो
बुझाउनलाई यसो गर्नुभएको हो। ४ ती
चालीस वर्षसम्म तिमीहरूका जीउको लुगा
फाटेन, औ तिमीहरूका खुट्टा सुन्निएन।
५ तिमीहरूले विचार गर, मान्छेले आफ्नो
छोरालाई शिक्षा-दण्ड दिएझैं परमप्रभु तिमी-
हरूका परमेश्वरले तिमीहरूलाई शिक्षा-दण्ड
दिनुहुन्छ। ६ उहाँका मार्गमा हिंड़ेर औ
उहाँको भय मानेर परमप्रभु तिमीहरूका
परमेश्वरका आज्ञापालन गर। ७ परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई एउटा
असल देशमा लैजानुहुनेछ। त्यहाँ खोला-नाला
मूल फुटेका पानी, पहाड़ र बेंसीमा भएर
बग्छन्। ८ त्यो देश गहुँ, जौ, दाख,
नेभारा, दारीम, भद्राक्ष, तेल र महले
भरिएको छ, ९ त्यस देशमा तिमीहरूलाई
अन्नको अभाव हुनेछैन। त्यहाँ तिमीहरूलाई
कुनै कुराको घटी हुनेछैन। त्यस देशमा
फलाम ढुङ्गासरह छ, र त्यहाँका पहाड़बाट
तिमीहरूले तामा निकाल्नेछौ। १० तिमीहरू
तृप्त होउन्जेल खान पाउनेछौ, र तिमीहरूलाई
दिनुभएको असल देशको निम्ति तिमीहरूले
आफ्ना परमेश्वरको प्रशंसा गर्नेछौ।

११ सावधान बस! मैंले तिमीहरूलाई
आज दिएको उहाँका आज्ञाहरू र उहाँका
विधि-विधान उल्लंघन गरेर परमप्रभु तिमीहरूका
परमेश्वरलाई नभूल। १२ जब तिमीहरू खाएर
तृप्त हुनेछौ, र राम्रा राम्रा घरहरू बनाएर
बस्नेछौ, १३ जब तिमीहरूका बगाल र

बथानको वृद्धि भएर जानेछ, र तिमीहरूका
सुन-चाँदी र तिमीहरूसित भएका सबै थोक
प्रशस्त हुनेछन्, १४ तब तिमीहरू अहंकारी
भएर तिमीहरूलाई दासत्वको घर मिश्रबाट
ल्याउनुहुने परमप्रभु तिमीहरूका परमेश्वरलाई
नभूल । १५ उहाँले तिमीहरूलाई विषालु
सर्प र बिच्छुहरू भएका निर्जल र रूखो भूमि
भएका विशाल र भयानक जङ्गलका बीच
डोराउनुभयो। उहाँले तिमीहरूका निम्ति चटान-
बाट पानी निकाल्नुभयो। १६ पछि तिमीहरूकै
हितको लागि उजाड़-स्थानमा तिमीहरूका
पुर्खालाई थाह नभएको मन्न खुवाएर उहाँले
तिमीहरूलाई दीन तुल्याउनु भयो र
जाँच्नु भयो। १७ 'हाम्रा बाहुबलले नै
यो धन-सम्पत्ति हामीले कमायौं' भनी
तिमीहरूले कहिल्यै मनमा नसोच।
१८ तर परमप्रभु हाम्रा परमेश्वरलाई सम्झ,
किनकि उहाँलेनै तिमीहरूलाई धन-सम्पत्ति प्राप्त
गर्ने शक्ति दिनुहुन्छ। उहाँले तिमीहरूका
पुर्खाहरूसित बाँध्नुभएको करार स्थिर गर्नुहुन्छ,
जो आजसम्म छँदैछ। १९ म आज
तिमीहरूलाई यो कड़ा चेताउनी दिँदैछु, कि
तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई बिर्स्यौ
र अन्य देवताहरूको पछि लागेर तिनीहरूको
सेवा र पूजा गर्‍यौ भने तिमीहरू अवश्य
नाश हुनेछौ। २० परमप्रभु आफ्ना परमेश्वरको
वचन पालन गरेनौ भने तिमीहरूलाई पनि
परमप्रभुले तिमीहरूकै अगि नाश गर्नुभएको
जातिझैं नष्ट गर्नुहुनेछ।

कनानीहरूको विनाश

९ हे इस्राएली हो सुन, तिमीहरूभन्दा
महान् र शक्तिशाली जातिहरू औ
अल्गा र आकाश छुने पर्खाल लाएका
ठूला ठूला शहरहरू अधिकार गर्न तिमीहरू
आज यर्दन पारि जानुपरेको छ।
२ त्यहाँका मानिस अनाकीहरू हुन्, जो
असंख्य र अल्गा अल्गा छन्। 'अनाकीहरूको
सामने को खड़ा हुनसक्छ ?' भन्ने ता
तिमीहरूको उक्ति छ। ३ यसकारण आज
यो कुरा जानी राख, भस्म गर्ने आगोझैं
तिमीहरूका अगि अगि जाने परमप्रभु तिमी-
हरूका परमेश्वरनै हुनुहुन्छ। उहाँले तिनीहरूलाई
तिमीहरूको अधीन ल्याउनुहुनेछ, र तिमीहरूले
तिनीहरूलाई निकालेर चाँड़ै नष्ट पार्नेछौ।
४ परमप्रभुले तिमीहरूका सामनेबाट तिनी-
हरूलाई निकालिसकेपछि तिमीहरूले आफ्नो
मनमा यसो नभन्नू 'हाम्रो धार्मिकताको
कारणलेनै परमप्रभुले यो देश अधिकार गर्न
हामीलाई ल्याउनुभएको हो।' तर यी जातिहरूको
दुष्टताले गर्दानै परमप्रभुले तिनीहरूलाई
तिमीहरूको सामनेबाट धपाउनुहुन्छ।
५ तिमीहरूको धार्मिकता वा हृदयको सोझो-
पनको कारणले तिनीहरूको देश अधिकार गर्न
तिमीहरू प्रवेश गर्नलागेका होइनौ। तर यी
जातिको दुष्टताले गर्दा परमप्रभु तिमीहरूका
परमेश्वरले यिनीहरूलाई तिमीहरूका सामने-
बाट निकाल्नुहुनेछ, र परमप्रभुले तिमी-
हरूका पुर्खा अब्राहाम, इसहाक र
याकूबसित गर्नुभएको प्रतिज्ञा स्थिर गर्नलाई
पनि हो।
६ यसकारण याद राख! तिमीहरूको
धार्मिकताको कारणले यो असल देश परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूको अधिकारमा
दिनचाहनुहुन्न। किनभने तिमीहरू ता हठी
मानिसहरू हौ। ७ उजाड़-स्थानमा तिमीहरूले
कसरी परमप्रभु तिमीहरूका परमेश्वरलाई रीस
उठायौ, यो कुराको सम्झना गर, र नबिर्स।
मिश्रबाट यस ठाउँमा आइपुगुन्जेल तिमीहरूले
परमप्रभुको विरोध गरिनै रह्यौ। ८ होरेबमा
पनि तिमीहरूले परमप्रभुलाई रीस उठायौ, औ
तिमीहरूलाई नाश गर्ने नियतले परमप्रभु क्रुद्ध
हुनुभएको थियो। ९ परमप्रभुले तिमीहरूसित
बाँधिका करारका ढुङ्गाका पाटी लिनलाई जब
म पर्वतमा उक्लेको थिएँ, तब म त्यस पर्वतमा
चालीस दिन र चालीस रात रहें। मैले रोटी
वा पानी केही पनि खाइनँ। १० अनि

परमप्रभु परमेश्वरका हातले लेखेका ढुङ्गाका दुइवटा
पाटी उहाँले मलाई सुम्पनुभयो । पर्वतमाथि
अग्निको बीचबाट सभाको दिनमा परमप्रभुले
दिनुभएका सबै वचन तिनमा थिए ।
११ परमप्रभुले चालीस दिन र चालीस रातको
अन्तमा करारका ती दुइ पाटी मलाई दिनुभयो ।
१२ त्यसबेला परमप्रभुले मलाई भन्नुभयो,
'उठ्, चाँडो यहाँबाट ओर्लिहाल्, किनभने
तैंले मिश्रबाट ल्याएका तेरा मानिसहरूले
आफैलाई भ्रष्ट पारेका छन् । जुन आज्ञा मैले
तिनीहरूलाई दिएको थिएँ, त्यसबाट तिनीहरू
तर्किगएर आफ्ना निम्ति ढलौटे मूर्ति
बनाएका छन् ।'
१३ फेरि परमप्रभुले मलाई भन्नुभयो,
'मैले यी मानिसहरूलाई हेरें, र यिनीहरू हठी
रहेछन् भनी थाह पाएँ । १४ अब मलाई
छोड्दिदे, र म तिनीहरूलाई नाश पार्नेछु, र
तिनीहरूको नाउँ पृथ्वीबाट मेटिदिनेछु, औ
तँबाटनै तिनीहरूभन्दा महान् र शक्तिशाली
जाति बनाउनेछु ।' १५ तब म डाँडाबाट
तल ओर्लें । औ त्यस बेला पर्वत अग्निले
बलिरहेको थियो, र करारका दुइ पाटी मेरा
दुइ हातमा थिए । १६ अनि तिमीहरूले
परमप्रभु तिमीहरूका परमेश्वरका विरुद्धमा
पाप गरेर आफ्ना निम्ति बाछाको ढलौटे मूर्ति
बनाएका मैले देखें । परमप्रभुले तिमीहरूलाई
आज्ञा गर्नुभएको मार्गबाट तिमीहरू यति
छिट्टै तर्केर गएछौ । १७ मैले ती दुवै पाटी
लिएर हातबाट फ्याँकी तिमीहरूका आँखाकै
सामने फुटाइदिएँ । १८ परमप्रभुको दृष्टिमा
कुकर्म गरी तिमीहरूले आफ्ना सबै पापको
कारण उहाँलाई क्रोधित तुल्याएका हुनाले म
पहिलेझैं चालीस दिन र चालीस रातसम्म
परमप्रभुको अगि लम्पसार परिरहें । मैले रोटी
र पानी केही पनि खाइनँ, १९ किनकि
परमप्रभुको क्रोध र ज्यादै अप्रसन्नतादेखि
मलाई डर लाग्यो । उहाँले ता तिमीहरूलाई
नाश पारिहाल्ने अठोट गरिसक्नुभएको थियो ।
तर यसपल्ट पनि परमप्रभुले मेरो बिन्ती
सुन्नुभयो । २० अनि परमप्रभु हारूनसँग
पनि औधि क्रोधित भएर तिनलाई पनि
नाश गर्ने अठोट गर्नुभएको थियो । मैले त्यस
बेला हारूनको निम्ति पनि प्रार्थना गरें ।
२१ त्यसपछि मैले त्यो पापमय वस्तु जलाइ-
दिएँ—तिमीहरूले बनाएको त्यो बाछा लिएर
आगोमा जलाइदिएँ—औ त्यसलाई चक्नाचूर
पारेर धूलो-पीठो बनाएँ, र त्यो धूलो पर्वत-
बाट झर्ने खोलामा फालिदिएँ ।
२२ तिमीहरूले तबेरा, मस्सा र किब्रोथ-
हत्तावामा पनि परमप्रभुलाई क्रुद्ध तुल्यायौ ।
२३ अनि जब परमप्रभुले तिमीहरूलाई
कादेशबर्नेबाट यसो भनेर पठाउनुभयो, 'गएर
मैले तिमीहरूलाई दिएको देश अधिकार गर ।'
तब तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको
आज्ञाको विरोध गर्‍यौ, र तिमीहरूले उहाँ-
माथि विश्वास राखेनौ, औ उहाँको कुरा
पनि सुनेनौ । २४ मैले तिमीहरूलाई
चिनेको दिनदेखिनै तिमीहरू परमप्रभुका विरोधमा
चलेका छौ ।
२५ यसकारण परमप्रभुको अगि म चालीस
दिन र चालीस रात परिरहें, किनकि
परमप्रभुले तिमीहरूलाई नाश गर्छु भनी
भन्नुभएको थियो । २६ औ मैले परम-
प्रभुलाई प्रार्थना गरेर भनें, 'हे परमप्रभु
परमेश्वर, तपाईंले आफ्नो उदारतामा छुटाएर
शक्तिशाली बाहुबलद्वारा मिश्रबाट निकालेर
ल्याउनुभएको आफ्नो प्रजा र आफ्नो
निज धनलाई नाश नगर्नुहोस्, २७ आफ्ना
दास, अब्राहाम, इसहाक र याकूबलाई
सम्झनुहोस् । यी मानिसहरूका ढिठ्याइँ,
दुष्टता र पापतिर नहेर्नुहोस्, २८ नत्रता
हामीलाई जुन देशबाट तपाईंले निकालेर
ल्याउनुभयो त्यसले भन्ला, 'परमप्रभुले
प्रतिज्ञा गर्नुभएको देशभित्र तिनीहरूलाई
लैजानसक्नुभएन, तिनीहरूलाई घृणा गर्नुभएकोले
उहाँले तिनीहरूलाई उजाड-स्थानमा मार्न
लैजानुभयो । २९ आफ्नो ठूलो शक्तिले
र निज हात पसारेर निकाली ल्याउनुभएको

तिनीहरू तपाईंको प्रजा र तपाईंकै निज धन
हुन्।'

१० त्यस बेला परमप्रभुले मलाई भन्नु-
भयो, 'पहिलेका जस्तै ढुङ्गाका
दुइवटा पाटी काट्, र डाँड़ामा उक्लेर मकहाँ
आइज, औ एउटा काठको सन्दूक बना।
२ तैंले फुटाएका पहिलेका पाटीमा भएका
वचनहरू म यी पाटीमा लेखिदिनेछु, औ ती
तैंले सन्दूकमा राख्।' ३ औ मैंले बबूलको
काठको सन्दूक बनाएँ, अनि पहिलेका जस्तै
ढुङ्गाका दुइवटा पाटी काटें, र आपनो हातमा
ती दुइ पाटी लिएर डाँड़ामा उक्लें। ४ अनि
परमप्रभुले सभाको दिनमा पर्वतमा अग्निको
बीचबाट तिमीहरूलाई दिनुभएका दश आज्ञा
पहिलेझैं ती पाटीमा लेखेर परमप्रभुले मलाई
दिनुभयो। ५ त्यसपछि म पर्वतबाट ओर्लेर
आएँ, र मैंले बनाएको त्यस सन्दूकमा ती
पाटीहरू राखें। परमप्रभुले मलाई आज्ञा
गर्नुभएझैं ती त्यसमा छन्।
६ इस्राएलीहरू बीरोथ-बेने-याकानबाट
हिंड़ेर मोसेरामा आए। त्यहाँ हारून मरे,
औ गाड़िए। औ उनका छोरा एलाजारले
उनका स्थानमा पूजाहारीको काम गर्नलागे।
७ त्यहाँबाट इस्राएलीहरू गुदगुदासम्म हिंड़े,
अनि गुदगुदाबाट खोलाहरू भएको योतबातामा
आए। ८ आजसम्म चलिआएझैं परमप्रभुको
करारको सन्दूक बोक्न, परमप्रभुको सामने
हाजिर भएर उहाँको सेवा गर्न औ उहाँको
नाउँमा आशिष दिन त्यस बेला परमप्रभुले
लेवीको कुललाई अलग गर्नुभयो। ९ यसै-
कारण लेवीहरूलाई आफ्ना दाज्यू-भाइहरूसँग
कुनै हिस्सा कि अधिकार छैन, परमप्रभु
तिमीहरूका परमेश्वरले तिनलाई भनेझैं परमप्रभुनै
तिनीहरूका निज हिस्सा हुनुहुन्छ।
१० पहिलेझैं म डाँड़ामा चालीस दिन
र चालीस रात बसें। औ यसपल्ट पनि
परमप्रभुले मेरो बिन्ती सुन्नुभयो, र तिमी-
हरूलाई नाश गर्नुभएन। ११ अनि
परमप्रभुले मलाई भन्नुभयो, 'उठ्, मानिसहरूको
अगि अगि हिँड्, र मैले तिनीहरूका
पुर्खाहरूसित प्रतिज्ञा गरेर दिन्छु भनेको देशमा
पसी तिनीहरूले त्यो अधिकार गरून्।'
१२ यसैकारण अब हे इस्राएली हो,
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट
चाहनुभएका कुरा यिनै हुन् —तिमीहरूले
आफ्ना परमप्रभुको डर मान, उहाँका सबै
मार्गमा हिँड, उहाँलाई प्रेम गर, औ
आपनो पूरा मन र प्राणले परमप्रभु तिमी-
हरूका परमेश्वरको सेवा गर। १३ आज
तिमीहरूको हितको लागि मैंले तिमीहरूलाई
आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू
मान। १४ हेर, आकाश-मण्डल र पृथ्वी,
औ त्यसमा भएका जे जति छन् ती सबै
परमप्रभु तिमीहरूका परमेश्वरकै हुन्, १५ तापनि
तिमीहरूका पिता-पुर्खाहरूलाई प्रेम गर्ने
परमेश्वरलाई मन लाग्यो, औ आज तिमीहरूले
देखेझैं तिनीहरूका भावी सन्तान तिमीहरूलाईनै
सबै जातिहरूका माझबाट उहाँले
चुन्नुभयो। १६ यसकारण अब आफ्ना
मन परिवर्तन गर। औ अबदेखि उसो
हठी नहोओ। १७ किनकि परमप्रभु तिमी-
हरूका परमेश्वरनै ईश्वरहरूका ईश्वर र
प्रभुहरूका परमप्रभु, महान् परमेश्वर, शक्ति-
शाली र भययोग्य हुनुहुन्छ। उहाँले कसैको
पक्षपात गर्नुहुन्न, औ उहाँलाई कहिल्यै घूस
चढ़ाउनसकिँदैन। १८ उहाँले अनाथ र
विधवाहरूको इन्साफ गर्नुहुन्छ, औ प्रवासीहरूलाई
भोजन र वस्त्र दिनुहुन्छ, तिनीहरूलाई
प्रेम गर्नुहुन्छ। १९ यसैकारण तिमीहरूले
पनि प्रवासीहरूलाई प्रेम गर, किनकि
मिश्रमा तिमीहरू पनि प्रवासी थियौ।
२० परमप्रभु आफ्ना परमेश्वरको डर तिमीहरूले
मान, उहाँको सेवा गर, उहाँसितै संलग्न
रहो, औ उहाँकै नाउँमा तिमीहरूले
शपथ खाओ। २१ उहाँनै तिमीहरूका
प्रशंसाको पात्र हुनुहुन्छ। तिमीहरूका निम्ति
महान् र भयानक कार्यहरू गर्ने, परमेश्वरनै

हुनुहुन्छ। यी सबै तिमीहरूकै आँखाले
देखेका छौ। २२ तिमीहरूका पिता-पुर्खाहरू
ता सत्तरी जना मात्र मिश्रमा गएका थिए,
तर अब परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई आकाशका ताराझैं अनगन्ती
पार्नुभएको छ।

परमेश्वरलाई प्रेम गर्ने र उहाँको आज्ञाकारी हुने अर्ती

११ यसकारण परमप्रभु आफ्ना परमेश्वर-
लाई प्रेम गर, औ उहाँले तिमीहरूको
जिम्मामा दिनुभएको उहाँका विधि-विधान र
आज्ञाहरू सधैँ पालन गर। २ औ आज
परमप्रभुको शिक्षा तिमीहरूले जान्दछौ।
यो कुरा तिमीहरूका छोरा-छोरीहरूले जानेका
र बुझेका छैनन्। उहाँका पराक्रमी हात र
बाहुबल ता तिमीहरूले देखेकै छौ। ३ मिश्रका
राजा फिरऊन र तिनका सारा देशभरि
उहाँले देखाउनुभएका चिह्न र कार्यहरू तिमी-
हरूलाई थाहै छ। ४ मिश्रको सेना,
घोड़ाहरू र रथहरूले तिमीहरूलाई खेद्दा
परमप्रभुले लाल समुद्रमा तिनीहरूलाई
डुबाएर सखाप पार्नुभएको कुरो पनि तिमीहरू
जान्दछौ। ५ औ यस ठाउँमा आइनपुगुन्जेल
उजाड़-स्थानमा उहाँले के के गर्नुभयो सो
तिमीहरूलाई थाह छ। ६ औ रूबेन वंशी
एलीआबका छोराहरू दातान र अबीरामलाई
धरतीले आफ्नो मुख बाएर तिनीहरूका घराना
र पालहरू औ तिनीहरूपछि लाग्ने सबै
जीवित वस्तुसमेत सारा इस्राएलकै सामने
निलिदिएको पनि तिमीहरूलाई थाह छ।
७ तिमीहरूले आफ्नै आँखाले परमप्रभुले
गर्नुभएका सबै महान् कार्यहरू देखेका छौ।
८ यसकारण जति आज्ञा आज म
तिमीहरूलाई दिँदैछु ती सबै मान्यौ भने
तिमीहरू बलिष्ट हुनेछौ, र अधिकार गर्नुपर्ने
मुलुकमा प्रवेश गरेर त्यसलाई अधिकार गर्न-
सक्नेछौ। ९ परमप्रभुले तिमीहरूका पिता-
पुर्खासँग तिनीहरू र तिनीहरूका सन्तानलाई
दिने प्रतिज्ञा गर्नुभएको प्रशस्त दूध र मह
पाइने देशमा तिमीहरू धेरै दिन बस्न
पाउनेछौ। १० जुन देश अधिकार गर्नु
लागेका छौ त्यो देश तिमीहरू आएका
मिश्रजस्तो छैन। त्यहाँ बिउ छरेर तिमीहरूले
साग-बारीमा खुट्टाले पानी हाल्नुपर्थ्यो।
११ तर तिमीहरू अधिकार गर्न गइरहेको
मुलुकमा भने डाँड़ा र बेँसीहरू छन्, र
त्यहाँ आकाशको पानीले जमीन भिजाउँछ।
१२ त्यस देशको देखरेख परमप्रभु परमेश्वरलेनै
गर्नुहुन्छ। सालको शुरूदेखि अन्तसम्मैं उहाँको
नजर त्यसमाथि रहन्छ।
१३ आज मैले तिमीहरूलाई दिएका
मेरा आज्ञाहरू ध्यानसँग सुन्यौ र परमप्रभु
तिमीहरूका परमेश्वरलाई प्रेम गर्‍यौ भने, औ
आफ्नो पूरा मन र प्राणले उहाँको सेवा
गर्‍यौ भने, १४ उहाँले ऋतुअनुसार अघिल्लो
र पछिल्लो वर्षा तिमीहरूका अन्न, दाखमद्य
र तेल बटुल्नलाई दिनुहुनेछ। १५ औ
उहाँले तिमीहरूका गाई-वस्तुका लागि पनि
खर्कमा घाँस दिनुहुनेछ। औ तिमीहरूका
लागि पनि प्रशस्त खानेकुरा हुनेछ। १६ यसैले
होशियार! नत्रता तिमीहरूका मनले धोका
खाला, औ तिमीहरूले तर्केर अरू देवताहरूको
सेवा र पूजा गर्नेछौ। १७ औ परमप्रभु
क्रोधित भएर, वर्षा नहोस् र जमीनले आफ्नो
उब्जनी नदेओस् भनी आकाशको झरीनै
बन्द गरिदिनुहुनेछ। औ परमप्रभुले तिमी-
हरूलाई दिने त्यो असल देशदेखि तिमीहरू
छिट्टै नष्ट भइहाल्नेछौ।
१८ यसकारण तिमीहरूले मेरा यी वचन
आफ्ना मन र हृदयमा राख। औ ती आफ्ना
हातमा एक चिह्न स्वरूप बाँध्नू र निधारमा त्यो
एक व्यवस्था-बूटी बन्नेछ। १९ औ आफ्नो
घरमा बस्ता, बाटोमा हिँड्दा, ढल्कँदा र
उठदा तिमीहरूले तिनीहरूका विषयमा चर्चा
गर, र आफ्ना छोरा-छोरीहरूलाई सिकाओ।
२० आफ्ना घरको चौकोस र मूल-ढोकामा

ती लेख। २१ परमप्रभुले तिमीहरूका पूर्वज-
हरूलाई दिने प्रतिज्ञा गर्नुभएको देशमा
तिमीहरू र तिमीहरूका सन्तान चिरायु
हुनेछौ—जबसम्म पृथ्वीमाथि आकाश रहनेछ।
२२ उहाँले तिमीहरूलाई दिनुभएका यी सबै
आज्ञा तिमीहरूले होशियारीसाथ पालन गर्‍यौ,
र परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्‍यौ,
उहाँको सबै मार्गमा हिँड्यौ र उहाँसितै
लागिरह्यौ भने, २३ परमप्रभुले यी सबै
जातिलाई तिमीहरूका सामनेबाट धपाउनुहुनेछ,
औ तिमीहरूभन्दा ठूला र सामर्थी जाति-
हरूका अधिकारी तिमीहरू हुनेछौ।
२४ तिमीहरूका पाइलाले टेकेको हरेक ठाउँ
तिमीहरूको हुनेछ—उजाड़-स्थान देखि लबानोन
र महानदी यूफ्रेटिसदेखि पश्चिमको समुद्रसम्मै
तिमीहरूको सीमाना हुनेछ। २५ तिमीहरूको
सामने कोही पनि टिक्न सक्नेछैन। परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई भनेअनुसार
तिमीहरूले पाइला हाल्ने समस्त देशमा
तिमीहरूका भय र त्रास भरिदिनुहुनेछ।
२६ हेर, आज म तिमीहरूका सामने
आशिष र अभिशाप राख्तैछु। २७ आज
मैंले तिमीहरूलाई आदेश गरेका परमप्रभु
तिमीहरूका परमेश्वरका आज्ञाहरू पालन गर्‍यौ
भने आशिष पाउनेछौ। २८ औ परमप्रभु
तिमीहरूका परमेश्वरका आज्ञाहरू नसुनेर
तिमीहरूले नजानेका अन्य देवताहरूका पछि
लागेर आज मैंले आदेश गरेका मार्गबाट
तर्क्यौ भने तिमीहरूले सराप पाउनेछौ।
२९ परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने
देशमा प्रवेश गर्दा तिमीहरूले आशिष चाहिं
गीरिज्जीम डाँड़ामाथि र सराप चाहिं एबाल
डाँड़ामाथि राख्नू। ३० यी डाँड़ाहरू यर्दनको
पश्चिम अराबामा बस्ने कनानीहरूको देशमा
गिलगालको सामने मोरेको बजराँटका वृक्षहरूका
छेउमा छन्। ३१ तिमीहरू परमप्रभु तिमी-
हरूका परमेश्वरले दिनुहुने देश अधिकार गर्न
यर्दनपारि जानलागेका छौ। जब तिमीहरू
त्यस ठाउँलाई अधिकार गरी त्यहाँ बस्नलाग्छौ,
३२ तब मैंले आज तिमीहरूलाई दिएका यी
सबै विधि-विधान पालन गर्न ख्याल राख।

सबै बलिदान एउटै स्थानमा

१२ तिमीहरू पृथ्वीमा बाँचुन्जेल तिमी-
हरूका पिता-पुर्खाहरूका परमप्रभु
परमेश्वरले तिमीहरूलाई अधिकार गर्न दिनुभएको
देशमा बाँचुन्जेल तिमीहरूले ख्याल राखेर
मान्नपर्ने विधि-विधान यिनै हुन्—२ 'जुन
जातिहरूलाई तिमीहरूले अधिकार गर्नेछौ,
तिनीहरूका अल्गा डाँड़ा र हरेक पर्वत र
हरियो रूखमनिका स्थान तिमीहरूले अवश्यै
नाश गर्नू। ३ औ तिनीहरूका वेदीहरू
भत्काइदिनू। तिनीहरूका खामाहरू टुक्रा टुक्रा
पारिदिनू, औ तिनीहरूका अशेरा मूर्तिहरू
आगोमा जलाइदिनू। तिनीहरूका देवताहरूका
खोपिएका मूर्तिहरू ढालिदिनू र त्यस ठाउँदेखि
तिनीहरूका नाउँ-निशानै मेटिदिनू। ४ तिमी-
हरूले परमप्रभु आफ्ना परमेश्वरका निम्ति
चाहिं त्यसो नगर्नू। ५ जुन ठाउँ परमप्रभु
तिमीहरूका परमेश्वरले आफ्नो नाउँ राख्न
र स्वयं बास गर्नलाई तिमीहरूका सबै
कुलबाट छान्नुहुन्छ त्यही स्थानमा तिमीहरू
जानेगर्नू। ६ त्यहींनै तिमीहरूले आफ्ना
होमबलि, बलिदान, दशांश, र आफ्ना हातका
उठाएका भेटी, भाकल, स्वेच्छाबलि, गाई-गोरु,
भेड़ा-बाख्राका पहिले जन्मेका वस्तु ल्याउनेगर्नू।
७ त्यहींनै तिमीहरूले परमप्रभु आफ्ना
परमेश्वरका सामने खान-पिन गर्नू। तिमीहरू
र तिमीहरूका परिवारले गर्ने सबै काम जसमा
परमप्रभु तिमीहरूका परमेश्वरले आशिष दिनु-
भएको छ तिनमा आनन्द मनाउनू। ८ आज
हामी प्रत्येकले आफ्नो दृष्टिमा जँचेको
कुरो गर्दैछौं सो त्यहाँ गर्नुहुँदैन। ९ किनकि
जुन विश्राम-स्थल र अधिकार परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिन-
लाग्नुभएको छ त्यहाँ तिमीहरू अझ
आइपुगेका छैनौ। १० तर यर्दन पारि

परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने देश
अधिकार गरेर जब त्यहाँ बसोबासो गर्छौ,
अनि जब उहाँले तिमीहरूलाई सुरक्षित राखेर
चारैतिरका शत्रुहरूदेखि तिमीहरूलाई विश्राम
दिनुहुनेछ, ११ तब परमप्रभु तिमीहरूका
परमेश्वरले आफ्नो नाउँ राख्नलाई छान्नुभएको
ठाउँमा मैले तिमीहरूलाई आदेश दिएका
तिमीहरूका होमबलि, दशांश, उठाएको भेटी र
तिमीहरूले आफ्ना परमप्रभुका निम्ति भाकल
गरेका राजी-खुशीका बलि ल्याउनू। १२ औ
तिमीहरू, तिमीहरूका छोरा-छोरीहरू, कमारा-
कमारीहरू र तिमीहरूका शहरमा भएको
लेवीले समेत परमप्रभु तिमीहरूका परमेश्वरको
सामने आनन्द मनाउनू। लेवीहरूका
तिमीहरूसँग हिस्सा वा अधिकार छैन।
१३ होशियार! तिमीहरूले आफ्नो होमबलि
तिमीहरूले देखेको जुनसुकै ठाउँमा नचढ़ाउनू।
१४ तर परमप्रभुले तिमीहरूका कुलहरूबाट
छान्नुभएको ठाउँमानै चढ़ाउनू। त्यहींनै तिमी
हरूले होमबलि चढ़ाउनेगर्नू। मैले आदेश
दिएका सबै काम पनि त्यहीं गर्नू।

१५ तर परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुभएको आशिषअनुसार तिमी-
हरूको कुनै पनि शहरभित्र आफ्नो इच्छा-
अनुसार तिमीहरूले पशु मारेर खानसक्छौ—
मृग र हरिणको मासु खाएझैं शुद्ध र
अशुद्ध व्यक्ति कसैले पनि खानसक्छ।
१६ केवल रगत चाहिं नखानू। त्यो पानीझैं
भूईंमा पोखाइदिनू। १७ आफ्नो शहरभित्र
अन्न, दाखमद्य र तेलको दशांश अथवा
गाई-गोरु वा भेड़ा-बाख्राको पहिले जन्मेको
चाहिं नखानू। भाकल, राजीखुशीका र
तिमीहरूले चढ़ाएका बलि तिमीहरूका शहरभित्र
तिमीहरूले नखानू। १८ तर परमप्रभु तिमी-
हरूका परमेश्वरले छान्नुभएको ठाउँमानै
तिमीहरूले, तिमीहरूका छोरा-छोरीहरूले कमारा-
कमारीहरूले र तिमीहरूको शहरभित्र भएको
लेवीले ती खानू। औ तिमीहरूले आफ्ना
काममा परमप्रभु आफ्ना परमेश्वरको सामने
आनन्द मनाउनू। १९ होशियार! आफ्नो
देशमा जबसम्म रहनेछौ लेवीलाई कहिल्यै
नत्याग्नू।

२० जब परमप्रभु तिमीहरूका परमेश्वरले
आफ्नो प्रतिज्ञाअनुसार तिमीहरूका सीमाना वृद्धि
गरिदिनुहुनेछ, औ जब तिमीहरूलाई मासुको
तृष्णा हुनेछ, तब तिमीहरूले आफ्नो
इच्छाअनुसार मासु खाओ। २१ परमप्रभु
तिमीहरूका परमेश्वरले आफ्नो नाउँ राख्नलाई
छान्नुभएको ठाउँ टाढ़ा छ भने परमप्रभु
परमेश्वरले तिमीहरूलाई दिनुभएको गाई-गोरु,
भेड़ा-बाख्रा तिमीहरूको इच्छाअनुसार मारेर
शहरभित्र खाने म तिमीहरूलाई आदेश
दिन्छु। २२ मृग वा हरिण खाएझैं ती
पनि खानू—शुद्ध वा अशुद्ध व्यक्ति कसैले
पनि ती खानसक्छ। २३ केवल रगत चाहिं
कदापि नखानू, किनकि रगत चाहिं
प्राण हो, औ मासुसँग प्राण नखानू।
२४ त्यो नखानू, पानीझैं भूइँमा पोखाइदिनू।
२५ तिमीहरूले त्यो नखानू, र तिमीहरूले
परमप्रभुको दृष्टिमा जे ठीक छ त्यो गरेकोले
तिमीहरू र तिमीहरूका भावी सन्तानको भलो
होस्। २६ तिमीहरूका भाकलका, र पवित्र
थोक मात्र लिएर परमप्रभुले छान्नुहुने ठाउँमा
जानू। २७ औ तिमीहरूले आफ्ना होमबलि
औ मासु र रगत दुवै परमप्रभु परमेश्वरको
वेदीमा चढ़ाउनू। औ बलिदानको रगत
चाहिं परमप्रभु तिमीहरूका परमेश्वरको वेदीमा
खन्याइदिनू। मासु चाहिं तिमीहरू खानू।
२८ मैले तिमीहरूलाई दिएका आदेशका
वचन सुन र मान, औ तिमीहरूले परमप्रभु
आफ्ना परमेश्वरको दृष्टिमा जे असल र उचित
छ सो गरेकोले तिमीहरू र तिमीहरूका भावी
सन्तानको भलो होस्।

२९ जुन जातिहरूलाई तिमाहरू हटाउनेछौ,
र परमप्रभु परमेश्वरले नाश गर्नुहुनेछ,
औ तिनीहरूलाई धपाएर जब तिमीहरू
तिनीहरूको देशमा बसोबासो गर्छौ, ३० तब
होशियार! तिनीहरू नाश भएपछि तिनीहरूको

चाल चलनमा तिमीहरू नफँस्नू, र 'यी जाति-
हरूले आफ्ना देवताको पूजा गरेझैँ हामी
पनि गर्छौं' भन्दै तिनीहरूका देवताहरूका
विषयमा चासो नलिनू। ३१ तिमीहरूले
आफ्ना परमेश्वरको निम्ति चाहिं तिनीहरूले झैँ
नगर्नू, किनकि परमप्रभुको दृष्टिमा सबै घृणित र
अशुद्ध काम तिनीहरूले आफ्ना देवताहरूका
लागि गरेका छन्। तिनीहरू आफ्ना छोरा-
छोरीहरूलाई पनि आफ्ना देवताहरूका लागि
आगोमा होमिदिन्छन्।

३२ जे जति कुराको आज्ञा मैले तिमी-
हरूलाई दिएको छु ती होशियारीसँग पालन
गर, र त्यसमा केही घटबढ़ नगर।

मूर्तिपूजाको विरुद्धमा चेतावनी

१३ तिमीहरूका बीचमा कोही अगमवक्ता
वा कोही स्वप्न-दर्शी चमत्कार देखाउन
तत्पर हुन्छ, २ र त्यो देखाएर तिमी-
हरूलाई कहिल्यै नजानेका 'अन्य देवताहरूका
पछि लागौं र तिनीहरूको पूजा गरौं' भनी
भन्दा ३ तिमीहरूले त्यस अगमवक्ता वा
स्वप्नदर्शीका कुरा नसुन्नू। त्यो ता तिमीहरूले
परमप्रभु आफ्ना परमेश्वरलाई आफ्ना सारा
मन र प्राणले प्रेम गर्छौं कि गर्दैनौ भनी
उहाँले तिमीहरूलाई पारख गर्नुभएको हो।
४ तिमीहरू चाहिं परमप्रभु आफ्ना परमेश्वरका
मार्गमा हिंड्नू, उहाँको डर मान्नू, उहाँका
आज्ञाहरू पालन गर्नू, उहाँका वचन मान्नू,
उहाँको सेवा गर्नू औ उहाँमै लीन भइरहनू।
५ तर त्यो अगमवक्ता वा स्वप्न-दर्शीलाई
मार्नू, किनकि दासत्वको घर मिश्रबाट मुक्त
गरेर ल्याउनुहुने परमप्रभु तिमीहरूका परमेश्वरले
आज्ञा गर्नुभएको मार्गबाट तिमीहरूलाई
बहकाउनलाई त्यसले तिमीहरूलाई उहसँग
विद्रोह गर्न सिकायो। यसरी तिमीहरूले आफ्नो
बीचबाट त्यो खराबी निकालिदिनू।

६ तिमीहरूका साख्खै दाज्यू-भाइ, छोरा-
छोरी, स्वास्नी वा एक आँतको साथीले पनि
तिमीहरूले पुर्खैदेखि नचिनेको देवताहरूलाई
पूजौं भनी सुटुक्क फुस्ल्याउला—७ तर तिमीहरू
वरिपरि बस्ने मानिसहरूका ती देवता होस्,
टाढ़ाका होस्, पृथ्वीको एक छेउको होस् वा
अर्को छेउको—८ फुस्ल्याउनेको बात नसुन्नू,
नमान्नू, बरू माया नगरी, ढाकछोप
नगरी ९ त्यसलाई मारिहाल्नू। त्यो कुरा
सुन्ने मानिसलेनै त्यसलाई मार्न पहिले हात
उठाओस्, त्यसपछि सबै मानिसहरूले हात
उठाऊन्। १० तिमीहरूले त्यसलाई मरुन्जेल
ढुङ्गाले हान्नू, किनकि मिश्रको दासत्वको
घरबाट निकाली ल्याउनुहुने परमप्रभु परमेश्वर-
देखि तिमीहरूलाई त्यसले बहकाउनखोज्यो।
११ यसरी सारा इस्राएली यो सुनेर
डराउनेछ, औ तिमीहरूका बीचमा यस्तो
खराबी फेरि गर्नेछैन।

१२ परमप्रभु तिमीहरूका परमेश्वरले तिमी-
हरूलाई बस्न दिनुहुने कुनै शहरमा
१३ कतिपय दुष्ट मानिसहरू गएर त्यहाँका
बासिन्दाहरूलाई कहिल्यै नचिनेका देवताहरूलाई
पूजौं भनी बहकाएका तिमीहरूले सुन्यौ भने
१४ सोध-खोज गरेर राम्ररी केरकार गर्नू,
र त्यस्तो घृणित काम भएकै रहेछ भनी
प्रमाण मिल्यो भने १५ तिमीहरूले त्यस
शहरका बासिन्दाहरूलाई अवश्य काटनू।
औ त्यस शहरलाई नाश पार्नू, र त्यहाँ
भएका गाई-वस्तुसमेत सबैलाई तरवारले मार्नू।
१६ त्यहाँका सबै माल-मत्तासमेत त्यस
शहरलाई जलाइदिनू, र परमप्रभु तिमीहरूका
परमेश्वरका निम्ति त्यो होमबलिझैँ हुनेछ।
त्यो सधैंभरि रास लागिरहोस्, र त्यसको
पुनर्निर्माण नगर्नू। १७ निषेध गरिएको कुनै
पनि थोक तिमीहरूले नलानू, र परमप्रभुको
भयानक क्रोध शान्त हुनेछ। औ तिमीहरू-
माथि दया र करुणा देखाएर तिमीहरूका
पिता-पुर्खासँग गरेको प्रतिज्ञाअनुसार उहाँले
तिमीहरूको वृद्धि गर्नुहुनेछ। १८ यदि
परमेश्वरका वचन सुनेर आज दिएको मेरो
आदेशअनुसार उहाँका सबै आज्ञाहरू पालन

गर्‍यौ र परमप्रभु तिमीहरूका परमेश्‍वरको दृष्टिमा
उचित काम गर्‍यौ भने यो सम्भव हुनेछ।

मूर्तिपूजकहरूको चालचलन त्याग्ने अर्ती

१४ तिमीहरू परमप्रभु आफ्ना परमेश्‍वरका
सन्तान हौ। मर्नेका लागि तिमीहरूले
आफ्नो शरीर नकोपार्नू, आँखी-भुइँ नखौरनू।
२ किनकि तिमीहरू ता परमप्रभु आफ्ना
परमेश्‍वरका लागि एक पवित्र जाति हौ।
परमप्रभुले पृथ्वी-तल्मा भएका मानिस-जातिबाट
तिमीहरूलाईनै आफ्नो निज प्रजा हुनलाई
चुन्नुभएको छ।

३ तिमीहरूले कुनै घृणित थोक नखानू।
४ तिमीहरूले खानहुने पशुहरू यिनै हुन्—
गोरु, भेड़ा, बाख्रा, ५ झ्याक-मृग, बराँट,
कौड़े-मृग, घोरल, साँबर, चित्तल र थार।
६ पशुहरूमध्ये दुइ भागमा खूर चिरिएका
उग्रने तिमीहरूले खानू। ७ तर नउग्रने खूर
चिरिएकाहरूमा यी नखानू—ऊँट, खरायो,
भीर खरायो,—किनकि यिनीहरू उग्रन्छन् तर
यिनीहरूका खूर चिरिएका हुँदैनन्। यी तिमी-
हरूका लागि अशुद्ध हुन्। ८ औ सुँगुर—
किनकि त्यसको खूर चिरिएको ता हुन्छ तर
त्यसले उग्रँदैन। त्यो तिमीहरूका लागि अशुद्ध
हो। तिनीहरूको मासु नखानू, तिनीहरूको
सिनु नछुनू।

९ पानीमा हुनेमध्ये पखेटा र कत्ला भएका
तिमीहरूले खानुहुन्छ। १० तर पखेटा र
कत्ला नहुने तिमीहरूले नखानू। ती तिमीहरूका
लागि अशुद्ध हुन्। ११ तिमीहरूले सबै शुद्ध
पक्षीहरू खानसक्छौ। १२ तर तिमीहरूले
खान नहुने चाहिं यिनै हुन्—गरुड़, गिद्ध र
बाज। १३ सबै थरीका चील, १४ र काग,
१५ शतुर्मुर्ग, हुचील र समुद्र-हाँस, सबै
थरीका बेसारा, १६ लाटोकोसेरो, कोइरालो,
उल्लू, १७ धनेस, सिनु खाने गिद्ध,
हाड़गील, १८ सारस, हर थरीका बकुल्लो,
फापरे चरो र चमेरो। १९ औ पखेटा भएका
सबै कीरा-फट्याङ्ग्रा तिमीहरूका लागि अशुद्ध
हुन्। ती नखानू। २० तर पखेटा भएका
सबै शुद्ध पक्षी तिमीहरू खानसक्छौ।

२१ जे आफै मरेको छ त्यो तिमीहरूले
नखानू। तिमीहरूका शहरमा आएका परदेशी-
लाई त्यो दिनसक्छौ, र त्यसले त्यो खाएहुन्छ,
अथवा त्यो तिमीहरूले कुनै विदेशीलाई
बेच्नसक्छौ, किनकि तिमीहरू परमप्रभु आफ्ना
परमेश्‍वरको लागि एक पवित्र जाति हौ।

बाख्राको पाठो माऊको दूधमा नपकाउनू।

विधिपूर्वक दशांश दिने निर्देश

२२ हरेक साल खेतमा उम्रने उब्जनीबाट
तिमीहरूले दशांश अलग राख्नू। २३ औ
जुन स्थानमा परमप्रभु तिमीहरूका परमेश्‍वरले
आफ्नो नाउँको बासस्थानको निम्ति छान्नुहुन्छ,
त्यहीं आफ्ना अन्न, दाखमद्य र तेलका दशांश
र आफ्ना गाई-वस्तुले ब्याएका पहिलो
बच्चा उहाँका सामने खानू। औ यसरीनै
परमप्रभु तिमीहरूका परमेश्‍वरको भय मान्न
सिक्नेछौ। २४ परमप्रभु तिमीहरूका
परमेश्‍वरले तिमीहरूलाई आशिष दिनलाई
र तिमीहरूको दशांश लैजानलाई उहाँले
चुन्नुभएको आफ्नो नाउँको बासस्थान साह्रै
टाढ़ा छ भने, २५ आफ्नो दशांश बेची
पैसा आफ्नो हातमा लिएर परमप्रभु तिमीहरूका
परमेश्‍वरले चुन्नुभएको स्थानमा जानू।
२६ औ आफ्नो इच्छाअनुसार गोरु, भेड़ा-
बाख्रा, दाखमद्य, त्यही पैसाले किनेर आफ्नो
परिवारसहित तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्‍वरको सामने खाएर आनन्द मनाउनू।
२७ तिमीहरूका शहरमा भएको लेवीलाई
पनि नबिर्सनू, किनकि तिमीहरूका त्यसको
केही हिस्सा वा अधिकार हुँदैन।

२८ प्रत्येक तीन वर्षको अन्तमा वर्ष
वर्षको उब्जनीको सबै दशांश शहरको ढुकुटीमा
थन्काउनू। २९ तब तिमीहरूसित शहरमा
बस्ने केही हिस्सा वा अधिकार नहुने लेवी,

परदेशी, टुहुरा-टुहुरी र विधवा ती सबै
आएर अघाउन्जेल खानेछन्, र परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूका सबै काममा
तिमीहरूलाई आशिष दिनुहुनेछ।

विश्रामको वर्ष

१५ प्रत्येक सात वर्षको अन्त कर्जा-
माफीको वर्ष हुनेछ। २ त्यो
कर्जा-माफीको रीति यस्तो हुनेछ—हरेक
साहूकारले कुनै मानिसलाई दिएको ऋण
छोड़िदेओस्। उसले आफ्नो स्वदेशी दाज्यू-
भाइलाई ऋण फर्काउन बाध्य नगरोस्,
किनकि परमप्रभुद्वारा कर्जा-माफीको घोषणा
भएको छ। ३ परदेशीलाई चाहिं कर गरेर
माग्नसक्छौ, तर तिमीहरूको जे जति आफ्नो
दाज्यू-भाइसँग छ, त्यो तिमीहरूले छोड़िदिनू।
४-५ मैले आज आदेश दिएका परमप्रभु
तिमीहरूका परमेश्वरका वचन तिमीहरूले
होशियारीसाथ पालन गर्‍यौ भने तिमीहरूमा
कोही गरीब हुनेछैन, किनभने तिमीहरूको
अधिकारमा दिनुभएको देशमा परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष
दिनुहुनेछ। ६ आफ्ना प्रतिज्ञाअनुसार परम-
प्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
आशिष दिनुहुनेछ, र तिमीहरूले अनेक
जातिलाई कर्जा दिनेछौ, तर तिमीहरूले चाहिं
कर्जा लिनुपर्दैन। तिमीहरूले धेरै जातिलाई
शासन गर्नेछौ, तर तिनीहरूले तिमीहरूमाथि
शासन गर्नेछैनन्।

७ यदि परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुहुने देशको कुनै नगरमा
आफ्नो दाज्यू-भाइलाई दुःखमा परेको देख्यौ
भने निष्ठूर भएर आफ्नो मुठी नबाँध्नू।
८ तर आफ्नो मुठी खोलेर खाँचोअनुसार जे
जति चाहिन्छ दिनू। ९ होशियार! कसैले
कर्जा-माफीको साल आउनेलाग्यो भन्ने कुभावना
मनमा राखेर आफ्नो गरीब दाज्यू-भाइलाई
गोहार गर्न इन्कार गर्‍यो भने त्यस गरीबले
परमप्रभुकहाँ आवाज उठाउनेछ, र त्यसलाई
पापको दोष लाग्नेछ। १० तिमीहरूले
उसलाई निसंकोच दिनू, औ उसलाई दिँदा
तिमीहरूको मनमा कष्ट नहोस्, किनकि
यही कारणलेनै परमप्रभु परमेश्वरले सबै काममा
तिमीहरूलाई आशिष दिनुहुनेछ। ११ किनभने
देशमा दीन दुःखीको कहिल्यै अन्त हुँदैन। यसै
कारण म तिमीहरूलाई आज्ञा दिँदैछु, आफ्ना
भाइ-बन्धु—आफ्नो देशमा भएका गरीब र
खाँचो हुनेहरूलाई उदारचित्तले दिनू।

१२ यदि तिमीहरूको कोही यहूदी भाइ-
बहिनी तिमीहरूको हातमा बेचियो, र
उसले छ वर्ष तिमीहरूको चाकरी गर्‍यो भने
सातौं वर्ष उसलाई मुक्त भएर जानदिनू।
१३ त्यो मुक्त भएर जाँदा त्यसलाई रित्तै
हात नपठाउनू। १४ तर परमप्रभु तिमी-
हरूका परमेश्वरले तिमीहरूलाई आशिष दिनु-
भएअनुसार आफ्ना भेड़ा-बाख्रा, खला र
दाखको कोलबाट प्रशस्तसँग दिएर पठाउनू।
१५ मिश्रमा तिमीहरू कमारा हुँदा परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई मुक्त गर्नु-
भएको कुराको सम्झना गर। त्यही कारणले
आज म तिमीहरूलाई यी आदेश दिँदैछु।
१६ तर त्यो तिमीहरूसँगै राजी खुशीसँग
बस्न मानेर तिमीहरूको परिवारलाई माया गरी
'तपाईंकहाँबाट म जान चाहन्नँ' भन्यो भने
१७ एउटा सुतारी लिएर त्यसको कानको लोती
ढोकामा लगाएर छेड्नू, र त्यो सधैंभरि
तिमीहरूको कमारा हुनेछ। आफ्नो कमारी-
लाई पनि त्यसै गर्नू। १८ त्यसलाई मुक्त
भएर जान दिँदा गाहारो नमान्नू, किनकि
ज्यालादारी नोकरले लिने ज्यालाको दोबर
मूल्यको काम त्यसले छ वर्षमा गर्‍यो। त्यसो
गर्‍यौ भने परमप्रभु परमेश्वरले तिमीहरूलाई
सबै काममा आशिष दिनुहुनेछ।

१९ तिमीहरूका गाई-वस्तु र भेड़ा-बाख्राका
पहिले जन्मेको बाछो वा पाठो सबै परमप्रभु
तिमीहरूका परमेश्वरका लागि पवित्र गर्नू।
आफ्ना गाई-वस्तुको पहिले जन्मेकाबाट

केही काम नलिनू। औ आफ्ना पहिले
जन्मेका भेड़ा-बाखाको ऊन नकत्रनू। २० जुन
स्थान परमप्रभुले चुन्नुहुन्छ त्यहाँ तिमीहरूले
आफ्ना परिवारसँग हरेक वर्ष परमप्रभु आफ्ना
परमेश्वरको सामने त्यो खानू। २१ तर त्यो
लङ्गड़ा वा अन्धा भए, अथवा अरू कुनै
प्रकारको खोट त्यसमा भए त्यसलाई परमप्रभु
आफ्ना परमेश्वरको लागि बलि नगर्नू।
२२ आफ्नो शहरमैं त्यो खानू। मृग र
हरिणको मासु खाएझैं शुद्ध अशुद्ध व्यक्तिले
त्यो खानसक्छ। २३ केवल त्यसको रगतचाहिं
नखानू। त्यो भूइँमा पोखाइदिनू।

चाड़हरूका व्यवस्था

१६ आबीब महीनाको सम्झना राखेर
परमप्रभु आफ्ना परमेश्वरको निम्ति
निस्तार-चाड़ मान्नू, किनभने आबीब महीनामैं
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू-
लाई राती मिश्रबाट निकाली ल्याउनुभयो।
२ यसकारण जुन ठाउँ परमप्रभुले आफ्नो
नाउँको निम्ति बासस्थान बनाउन छान्नुहुन्छ,
त्यहींनै परमप्रभु आफ्ना परमेश्वरको निम्ति
भेड़ा-बाखा र गाई-गोरुबाट निस्तार चाड़को
बलि चढ़ाउनू। ३ त्यससँग खमीर हालेको
रोटी नखानू। सात दिनसम्म त्यससँग अखमीरे
रोटी खानू। यो कष्टको रोटी हो।
किनभने मिश्रबाट तिमीहरू हतार हतार गरी
आयौ। मिश्रबाट निक्लेर आएको तिमीहरूले
जीवनभरि सम्झना राख्नलाई यो खानुपरेको हो।
४ सात दिनसम्म तिमीहरूको मुलुकभित्र
खमीर नदेखिओस्। तिमीहरूले पहिलो दिनको
बेलुकी बलि चढ़ाएको पशुको मासु रातभरि राखेर
बिहानसम्म नरहोस्। ५ परमप्रभु तिमीहरूका
परमेश्वरले दिनुभएको जुनसुकै शहरमा निस्तार-
चाड़को बलि नचढ़ाउनू। ६ तर परमप्रभु
तिमीहरूका परमेश्वरले आफ्नो नाउँ राख्नलाई
छान्नुभएको ठाउँमानै सूर्यास्तमा तिमीहरू
मिश्रबाट प्रस्थान गरेको बेलामा निस्तार
चाड़को बलि चढ़ाउनू। ७ परमप्रभु तिमी-
हरूका परमेश्वरले छान्नुभएको ठाउँमा त्यो पोलेर
खानू, औ बिहान फर्केर आफ्नो आफ्नो
पालमा जानू। ८ छ दिनसम्म अखमीरे
रोटी खानू, औ सातौं दिन परमप्रभु तिमी-
हरूका परमेश्वरको निम्ति महा-सभा होस्।
त्यस दिन केही काम नगर्नू।

९ पाकेकोबाली काट्न शुरु गरेको
समयदेखि सात साता गन्नथाल्नू। १० परमप्रभु
तिमीहरूका परमेश्वरको आशिषअनुसार राजी-
खुशीको बलि चढ़ाएर परमप्रभु आफ्ना
परमेश्वरको निम्ति साताहरूका चाड़ मान्नू।
११ परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो
नाउँको बासस्थान बनाउन छान्नुहुने ठाउँमा
तिमीहरू, तिमीहरूका छोरा-छोरी, कमारा-
कमारी, शहरभित्रका लेवीहरू, विदेशीहरू,
टुहुरा-टुहुरी र विधवाहरू सबैले परमप्रभु
आफ्ना परमेश्वरको सामने आनन्द मनाउनू।
१२ याद राख, तिमीहरू मिश्रमा कमारा-
कमारी थियौ। यी विधिहरू होशीयारीसँग
पालन गर्नू।

१३ आफ्नो खला र दाखको कोलबाट
सबै कुरा बटुलिसकेपछि तिमीहरूले सात दिन-
सम्म झुप्रो-बासको चाड़ मान्नू। १४ तिमी-
हरू, तिमीहरूका छोरा-छोरी, कमारा
कमारी, शहरभित्रका लेवीहरू, विदेशी,
टुहुरा-टुहुरी र विधवाहरू सबैले चाड़ मानेर
आनन्द मनाउनू। १५ परमप्रभु तिमीहरूका
परमेश्वरले छान्नुहुने ठाउँमा सात दिनसम्म
उहाँको निम्ति चाड़ मान्नू, किनभने उहाँलेनै
तिमीहरूका उब्जनी र काम-काजमा तिमी-
हरूलाई आशिष दिनुहुनेछ। यसकारण तिमीहरू
औधी हर्षित हुनेछौ।

१६ जुन ठाउँ परमप्रभु तिमीहरूका
परमेश्वरले छान्नुहुनेछ, त्यहाँ तीनपल्ट तिमी-
हरूका सबै पुरुष उहाँको सामने देखा परून्—
अखमीरे रोटीको चाड़मा, साताहरूको चाड़मा
र झुप्रो-बासको चाड़मा। परमप्रभुको सामने
तिनीहरू रित्तो हात नआऊन्। १७ परमप्रभु

तिमीहरूका परमेश्वरले हरेकलाई दिनुभएको
आशिषअनुसार परमप्रभु आफ्ना परमेश्वरलाई
हरेकले आफ्नो औकातअनुसार चढ़ाओस्।

न्यायकर्ताहरू

१८ परमप्रभु तिमीहरूका परमेश्वरले दिनु-
हुने तिमीहरूका सबै शहरहरूमा आफ्ना
आफ्ना कुलअनुसार न्यायकर्ता र अधिकारीहरू
तिमीहरूले नियुक्त गर्नू। तिनीहरूले मानिस-
हरूको निष्पक्ष न्याय गरून्। १९ इन्साफ भ्रष्ट
नगर, पक्षपात नगर, घूस नलेऊ, घूसखोरीले
समझदारका आँखा बन्द गरिदिन्छ, र
निर्दोषको मामिला पनि बर्बाद गरिदिन्छ।
२० निसाफको मार्ग अप्नाओ र परमप्रभु
तिमीहरूका परमेश्वरले दिनुहुने देश अधिकार
गरेर तिमीहरूले जीवन व्यतीत गर्नपाउनेछौ।
२१ तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको वेदीको छेउ अशेराको मूर्ति खड़ा
नगर्नू। २२ तिमीहरूले कुनै थाम
खड़ा नगर्नू, कारण ती सबै परमप्रभु तिमी-
हरूका परमेश्वरको नजरमा घृणित छन्।

17 तिमीहरूले परमप्रभु तिमीहरूका परमे-
श्वरको निम्ति कुनै खोट अथवा दाग
लागेको गोरु अथवा भेड़ा बलि नगर्नू, किनभने
उहाँको निम्ति त्यो घृणित हो।

मूर्तिपूजा

२-३ परमप्रभु तिमीहरूका परमेश्वरले
दिनुभएको कुनै शहरमा कोही स्त्री वा
पुरुषले वर्जित देवताहरू वा घाम-जून, ग्रह-
नक्षत्रको सेवा-पूजाद्वारा परमप्रभु तिमीहरूका
परमेश्वरको करार भङ्ग गरी उहाँको नजरमा
अनुचित काम गरेको ४ तिमीहरूले चाल
पायौ र सोधखोज गर्दा यस्तो घृणित काम
भएकै रहेछ भने ५ यस्तो दुष्ट काम गर्ने
पुरुष वा स्त्रीलाई शहर बाहिर ल्याई ढुङ्गाले
हानेर मार्नू। ६ मारिने व्यक्तिलाई दुइ वा
तीन गवाहको साक्षीमा मात्रै मार्नू। एउटै
गवाहको साक्षीमा कसैलाई नमार्नू।
७ त्यसलाई मार्न गवाहहरूलेनै सबैभन्दा पहिले
हात उठाऊन्। त्यसपछि अरू मानिसहरूको
हात उठोस्। यसरी तिमीहरूले आफ्ना
बीचबाट दुष्ट तत्वलाई खतम गर्नू।

न्यायकर्ताहरूले मुद्दा-मामिला छिन्ने बारे नियम

८ कुनै हत्याकाण्ड, कानूनी विवाद वा
कुटामारको मामिला छिनाफाना गर्नु तिमीहरू-
लाई गाहारो पर्‍यो भने परमप्रभु तिमीहरूका
परमेश्वरले तोक्नुभएको ठाउँमा जानू, ९ र
लेवीहरू र तत्कालीन न्यायकर्ताहरूकहाँ गएर
परामर्श लिनू। तिनीहरूलेनै तिमीहरूलाई
फैसला दिनेछन्। १० परमप्रभुले तोकिदिनु-
भएको ठाउँबाट तिनीहरूले तिमीहरूलाई
दिएका निर्देश र फैसला स्वीकार गर्नू,
र सिकाए बमोजिम सबै पालन गर्नू।
११ तिनीहरूले सिकाएको कुरा र दिएको
निर्णयलाई किञ्चित् हेरफेर नगरी पालन
गर्नू। १२ कसैले शेखी गरेर त्यहाँ परमप्रभु
तिमीहरूका परमेश्वरको सेवामा उपस्थित
रहने पूजाहारी वा न्यायकर्ताको कुरा सुनेन
भने त्यसलाई मार्नू। तिमीहरूले यसरी
इस्राएलबाट खराब तत्वलाई खतम गर्नेछौ।
१३ औ यो सुनी सबै मानिसहरू डराएर
फेरि शेखी गर्नेछैनन्।

राजाको चुनाउ र कर्तव्य

१४ परमप्रभु तिमीहरूका परमेश्वरले दिनु-
हुने देशमा पुगेर त्यहाँ बसोबासो गर्न
लागेपछि वरिपरिका जातिहरू जस्तै हाम्रा पनि
एउटा राजा हुनुपर्छ भनी तिमीहरूको इच्छा
भयो भने १५ परमप्रभु तिमीहरूका परमेश्वरले
छान्नुभएको व्यक्तिलाईनै तिमीहरूले आफ्ना

राजा मान्नू। तिमीहरूकै बीचबाट मात्र कुनै
एक जनालाई आफ्ना राजा चुन्नू। विदेशी-
लाई होइन तर आफ्नै जात-भाइलाई मात्र।
१६ त्यसले आफ्नो लागि असंख्य घोड़ाहरू
नथुपारोस्, औ घोड़ाहरू मात्र बढ़ाउने
अभिप्रायले त्यसले मानिसहरूलाई मिश्रमा
नपठाओस्, किनभने 'मिश्रमा कहिल्यै फर्केर
नजाओ' भनी परमप्रभुले तिमीहरूलाई
भन्नुभएकै छ। १७ राजाले आफ्नो लागि
धेरै स्वास्नीहरूजम्मा नगरोस्, नत्रता उसको
मन बरालिनेछ। उसले आफ्ना निम्ति
सुन-चाँदीको थुप्रो पनि नलगाओस्।
१८ जब उ आफ्नो राज-सिंहासनमा बस्छ,
तब लेवी पूजाहारीहरूको जिम्मामा राखेको
व्यवस्थाको नकल गरेर एउटा पुस्तकमा
उतारोस्। १९ त्यस व्यवस्थाका सबै कुरा र
यी विधिहरू पालन गर्नलाई त्यो नकल्को
पुस्तक उसँगै रहोस्। औ उसले आफ्नो
जीवनभरि त्यो पढ़ोस्, र उसले परमप्रभु आफ्ना
परमेश्वरको डर मान्न सिकोस्। २० त्यो
आफ्ना दाज्यू-भाइहरूका बीचमा घमण्डले
नफूलोस्, र व्यवस्थाको मार्ग त्यागेर दाहिने
वा देब्रे नलागोस्। यसरी आफ्नो राज्य
इस्राएल्मा त्यो र त्यसको सन्तानको आयु
लाम्मो हुनेछ।

पूजाहारीहरू र लेवीहरूले पाउनुपर्ने भागहरू

१८ लेवी पूजाहारीहरूको, अर्थात् सारा
लेवी कुलको इस्राएलीहरूसँग कुनै
भाग वा हिस्सा हुनेछैन। परमप्रभुलाई चढ़ाएका
बलिको भाग तिनीहरूले खाऊन्, त्यो तिनी-
हरूले पाउने हिस्सा हो। २ तिमीहरूका
दाज्यू-भाइका बीचमा तिनीहरूको कुनै हिस्सा
हुनेछैन। परमप्रभुको प्रतिज्ञाअनुसार उहाँनै
तिनीहरूका हिस्सा हुनुहुन्छ। ३ गोरु कि
भेड़ाको बलि चढ़ाउँदा मानिसहरूले पूजाहारी-
हरूलाई फिला, बङ्गाराको दुवै भाग र भुँड़ी
दिनुपर्छ। पूजाहारीको भाग यही हो।
४ अन्न, दाखमद्य र तेलको प्रथम उब्जनी र
भेड़ाको पहिलो ऊन पनि दिनुपर्छ। ५ उहाँको
नाउँमा सेवा गर्न भनी परमप्रभु तिमीहरूका
परमेश्वरले सबै कुलहरूमध्येबाट लेवी कुललाईनै
सदाको लागि छान्नुभएको छ।
६ इस्राएलको कुनै शहरबाट परमप्रभुले
छान्नुभएको ठाउँमा कोही लेवी सेवाको
भावनाले आउने इच्छा गऱ्यो भने ७ त्यहाँ
परमप्रभुको सेवा गर्ने सबै लेवी दाज्यू-भाइ-
हरूझैं त्यसले पनि परमप्रभु आफ्ना परमेश्वरको
नाउँमा सेवा गरोस्। ८ आफ्ना पिता-
पुर्खाका अंशको बिक्रीबाट जो पाउँछ त्यसबाहेक
त्यसले तिनीहरूसँग बराबरी खान पाउनेछ।

अगमवक्ताको स्वभाव र कार्य

९ परमप्रभुले तिमीहरूलाई दिनुहुने
देशमा तिमीहरू आइपुगेपछि त्यहाँ बस्ने
जातिहरूका घृणित रीति-रिवाजहरू नसिक्नू।
१० आफ्नो छोरा वा छोरीलाई आगोमा
बलि गर्ने, भावी बताउने, जोखाना हेर्ने,
जादूगरी गर्ने, ११ टुना-मुना गर्ने, मसान
जगाउने, अथवा बिजुवा, झाँक्री तिमीहरूका
बीचमा कोही नहोस्। १२ यस्तो काम
गर्ने व्यक्ति परमप्रभुको अगि घृणित हो,
औ यिनै घृणित रीति-थीतिहरूको कारणले
परमप्रभु तिमीहरूका परमेश्वरले ती जाति-
हरूलाई निकालिदिनुहुन्छ। १३ परमप्रभु
तिमीहरूका परमेश्वरको सामने तिमीहरू सिद्ध
हुनू। १४ तिमीहरूले अधिकार गर्ने
जातिहरूका बीच जोखाना हेर्ने र भावी
बताउनेहरू छन्। तर परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई यसो गर्न निषेध
गर्नुभएको छ।
१५ परमप्रभु तिमीहरूका परमेश्वरले तिमी-
हरूमध्यबाट मजस्तै एउटा अगमवक्ता खड़ा
गर्नुहुनेछ। तिमीहरूले तिनको कुरा सुन्नू।
१६ 'अब उप्रान्त परमप्रभु हाम्रा परमेश्वरको

सोर सुन्न नपरोस् र यो डरलागदो अग्नि
हेर्न नपरोस्, नत्रता हामी मर्नेछौं' भनी
होरेब पहाड़मा सभाको दिन परमप्रभु परमेश्‍वर-
सँग तिमीहरूले बिन्ती पनि गरेका थियौ।
१७ तब परमप्रभुले मलाई भन्नुभयो, 'तिनी-
हरूले ठीकै भनेका छन्। १८ तिनीहरूका
निम्ति तिनीहरूमध्यबाट म एउटा अगमवक्ता
खड़ा गर्नेछु। मैले बोल्ने कुरा म त्यसलाई
भन्नेछु र त्यसले मेरो आज्ञाअनुसार मानिस-
हरूसम्म मेरो कुरा पुऱ्याउनेछ। १९ औ
त्यसले मेरो नाउँमा भनेका मेरा वचनहरू
नसुन्नेको लेखा म लिनेछु। २० तर मैले
आज्ञानै नगरेको वचन मेरो नाउँमा बोल्ने वा
अन्य देवताको नाउँमा बोल्ने धृष्टता जुन
अगमवक्ताले गर्छ त्यसलाई जीवित नराख्नू।
२१ औ कुनै वचन परमप्रभुले बोल्नुभएको
होइन भनेर थाह पाउने उपाय चाहिं यो
हो—२२ कुनै अगमवक्ताले परमप्रभुको नाउँमा
बोलेपछि त्यो कुरा पूरा भएन वा सत्य
ठहरेन भने, त्यो परमप्रभुले भन्नुभएको वचन
होइन। ती सबै त्यही अगमवक्ताको मन-
गढन्त कुरा हो। तिमीहरू त्यसदेखि
नडराउनू।'

शरणार्थीका नगरहरू

१९ परमप्रभु तिमीहरूका परमेश्‍वरले ती
जातिहरूलाई नाश गरेर तिनीहरूको
देश तिमीहरूका अधिकारमा दिएपछि जब
तिमीहरू तिनीहरूका शहर र घरहरूमा बसो-
बासो गर्छौ, २ तब परमप्रभु परमेश्‍वरले
अधिकारमा दिनुभएको देशमा तीनवटा
शहरहरू तिमीहरूले अलग गर्नू। ३ देशलाई
तीन अञ्चलमा विभक्त गरेर ती शहरहरूमा
जाने बाटाहरू पनि तयार गर्नू, र ज्यानमारा
त्यहाँ भागेर जानसकोस्।

४ दुश्मनी नभई कसैले कसैलाई मारिहाल्यो
भने त्यस्तो ज्यानमारा चाहिं त्यहाँ भागेर
गई आफ्नो ज्यान बचाउनसक्छ—५ जस्तै,
दाउरा काटन जाँदा अथवा रूख ढाल्न
जाँदा बिड़बाट बञ्चरो खुस्केर लाग्दा साथी
मऱ्यो भने त्यस्तो ज्यानमारा सबैभन्दा
नजीकको शरण-नगरमा भागेर जानसक्छ।
६ त्यसलाई बाटो लामो पर्नुहुदैन, नत्रता
खूनको बदला लिनेले बाटैमा फेला पारेर
तातो झोंकमा त्यसलाई हिर्काएर ठहरै मार्ला।
यद्यपि त्यस ज्यानमाराको पुरानो रीस-राग
नभएकोले त्यसरी मार्नु उचित थिएन।
७ यसैकारण आफ्नो निम्ति तीनवटा शहर
अलग गर्नू भनी म तिमीहरूलाई आज्ञा
दिँदैछु। ८ औ परमप्रभु परमेश्‍वरले
तिमीहरूका पुर्खाहरूसँग प्रतिज्ञा गरेअनुसार
जब तिमीहरूको मुलुकको वृद्धि गरी सम्पूर्ण
प्रतिज्ञाको देश दिनुहुन्छ, ९ तब मैले
दिएका आज्ञाअनुसार परमप्रभु परमेश्‍वरलाई
प्रेम गरेर उहाँका मार्गमा सधैं हिंड्यौ भने
यो प्रतिज्ञा पूरा हुनेछ, त्यसपछि तिमीहरूले
अरू पनि तीनवटा शहरहरू थप्नसक्छौ,
१० नत्रता परमप्रभु तिमीहरूका परमेश्‍वरले
तिमीहरूका अधिकारमा दिनुभएको देशमा
निर्दोषको रगत बग्नेछ, र त्यसको दोष
तिमीहरूलाईनै लाग्नेछ।

११ तर कुनै मानिसले रीस-राग राखी
कसैलाई ढुकेर हिर्काई मारेर त्यो हत्यारा
ती शहरहरूमध्ये एउटामा भाग्यो भने
१२ त्यसकै शहरका बूढ़ा-प्रधानहरूले मान्छे
पठाई त्यसलाई त्यहाँबाट झिकाएर खूनको
बदला लिनेको हातमा मर्नलाई सुम्पिदेऊन्।
१३ त्यसलाई नटिठाऊनू तर निर्दोषहरूको
हत्या इस्राएलमा बन्द गर, र तिमीहरूको
कल्याण होस्।

गवाहको नियम

१४ परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमी-
हरूको अधिकारमा दिनुहुने देशमा तिमीहरूको
निज भागमा पुर्खाहरूले तोकिदिएको सीमाना
नाघेर छिमेकीको साँध-सीमाना नमिच्नू।

१५ कसैको दोष वा अपराधमा एउटा मात्र गवाहको बयानको आधारमा कसैलाई दण्ड नदिनू। दुइ वा तीन गवाहको बयानद्वारा मात्र अभियोग कायम गर्नसकिन्छ। १६ कसैमाथि दोषारोपण गर्न कोही दुष्ट मानिस खड़ा भयो भने, १७ वादी र प्रतिवादी दुवै तत्कालीन पूजाहारी र न्यायकर्त्ताहरूका सामने परमप्रभुको अगि आउनुपर्छ। १८ तब न्यायकर्त्ताहरूले तिनीहरूलाई राम्ररी केरकार गर्नुपर्छ। यदि गवाह झूटो रहेछ र आफ्नो भाइ-बन्धुको विरुद्धमा झूटो बयान दिएको रहेछ भने, १९ त्यसले आफ्नो भाइ-बन्धुमाथि जे गर्ने विचार गरेको थियो त्यसलाई त्यसै गर्नू। यसरीनै तिमीहरूले आफ्नोमध्यबाट खराबीलाई दूर गर्नसक्नेछौ। २० यो सुनेर अरूहरू डराउनेछन् त्यसपछि तिमीहरूका बीचमा यस्तो खराबी कहिले हुनेछैन। २१ तिमीहरूले नटिठाउनू। ज्यानको साटो ज्यान, आँखाको साटो आँखा, दाँतको साटो दाँत, हातको साटो हात र गोड़ाको साटो गोड़ा हुनेछ।

युद्ध सम्बन्धी व्यवस्थाहरू

२० तिमीहरू युद्धमा जाँदा शत्रुहरूसँग तिमीहरूकाभन्दा असंख्य घोड़ा, रथ र विशाल सेना देखेर नडराओ, किनभने तिमीहरूलाई मिश्रबाट निकाली ल्याउनुहुने परमप्रभु परमेश्वर तिमीहरूसँग हुनुहुन्छ। २ युद्धमा जान अघि पूजाहारीले सेनाको सामने गएर यसो भन्नुपर्छ, ३ 'हे इस्राएली हो सुन, अब तिमीहरू युद्धमा जानलागेका छौ, यसकारण मन सानो नगर, नडराओ, त्रस्त नबन औ तिनीहरूसँग भयभीत नहोओ। ४ किनभने परमप्रभु तिमीहरूका परमेश्वरनै तिमीहरूको शत्रुको विरुद्धमा लड़ेर तिमीहरूलाई विजयी तुल्याउन तिमीहरूका साथसाथै जानुहुन्छ।'

५ तब अधिकारीहरूले मानिसहरूलाई भनून्, 'घर निर्माण गरेर पनि अर्पण गर्न नपाएको यहाँ कोही छ भने, त्यो आफ्नो घरमा फर्केर जाओस्। त्यो लड़ाइँमा मारियो भने, अर्को मानिसले त्यसको घर अर्पण गर्नेछ। ६ दाख बारी लगाएर पनि त्यसको फल उपभोग गर्न नपाएको यहाँ कोही छ भने, त्यो घर फर्कोस् त्यो लड़ाइँमा मारियो भने, अर्को मानिसले त्यो उपभोग गर्नेछ। ७ कसैले भर्खर मगनी गरेकी केटीलाई भित्र्याउनु पाएको छैन भने, त्यो आफ्नो घरमा फर्कोस्। त्यो लड़ाइँमा मारियो भने अर्को मान्छेले त्यसलाई लैजाला।' ८ अनि अधिकारीहरूले मानिसहरूलाई यसो पनि भनून्, 'यहाँ कोही डरपोक र कातर छ भने, त्यो आफ्नो घर फर्कोस्। किनभने त्यसको कारणले त्यसका दाज्यू-भाइहरूले हरेस खानेछ।' ९ अधिकारीहरूले मानिसहरूलाई सम्बोधन गरिसकेपछि तिनीहरूले मानिसहरूका अग्र-सेनानायकहरू नियुक्त गरून्।

१० लड़ाइँ गर्न कुनै शहरको नजीक पुगेपछि पहिले तिमीहरूले शान्तिको प्रस्तावना राख्नू। ११ यदि त्यसको प्रत्युत्तर पनि शान्तिकोनै पायौ र तिनीहरूका मूल-ढोकाहरू पनि तिनीहरूले खोलिदियो भने, त्यसमा जति मानिसहरू छन् तिनीहरूलाई बेगारी काममा लगाउन र आफ्ना चाकर तुल्याउनसक्छौ। १२ तर त्यस शहरले तिमीहरूसित शान्ति सम्बन्ध नराखेर लड़ाइँ गर्नने इच्छा गर्छ भने त्यस शहरलाई घेर, १३ औ परमप्रभु तिमीहरूका परमेश्वरले त्यो शहर तिमीहरूलाई सुम्पिदिनुभएपछि त्यहाँका सबै पुरुषहरूलाई तरवारले काटेर मार। १४ तर स्त्री केटा-केटी, गाई-बस्तु र त्यस शहरमा भएका सारा थोक—त्यहाँका धनमाल तिमीहरूका जीतका माल स्वरूप लिनू र परमेश्वरले दिएका जीतका माललाई तिमीहरूले उपभोग गर्नू। १५ छेउछाउका शहरहरूलाई होइन,

तर तिमीहरूदेखि टाढ़ा रहेका जातिका
शहरहरूलाई मात्र त्यसो गर्नू। १६ तर
परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने यी
जातिका शहरहरूमा चाहिं कुनै प्राणीलाई
जीवित नछोड्नू। १७ तर परमप्रभु
तिमीहरूका परमेश्वरले आज्ञा गर्नुभएबमोजिम
हित्ती, एमोरी, कनानी, परिज्जी, हिव्वी र
यबूसीहरूलाई तिमीहरूले बिल्कुलै नाश गर्नू।
१८ नत्रता तिनीहरूले आफ्ना देवताहरूका
पूजामा गर्ने सबै घृणित काम तिमीहरूलाई
सिकाएर परमप्रभु तिमीहरूका परमेश्वरको
विरुद्धमा तिमीहरूलाई पाप गर्नलाउनेछन्।
१९ जब तिमीहरू कुनै शहर लिन त्यसको
विरुद्धमा लड़ाइँ गरेर त्यस शहरलाई धेरै
दिनसम्म घेरिराख्छौ, तब तिमीहरूले त्यसका
रूखहरू नकाटनू, किनकि तिमीहरूले पछि
त्यसका फल खानेछौ। यसकारण ती काटेर
नढाल्नू। के जङ्गलका रूखहरू मानिस हुन्
र तिमीहरू ती घेरेर नष्ट गर्छौ? २० कुनै
रूखको फल खानुहुँदैन भनी थाह लागेपछि
मात्र ती तिमीहरू ढाल्नसक्छौ र शहर
परास्त नभएसम्म लड़ाइँको कुनै काममा
ती प्रयोग गर्नसक्छौ।

अज्ञात हत्या

२१ परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूको अधिकारमा दिनुभएको
देशको कुनै मैदानमा लाश फेला पर्‍यो र
हत्याराको निधो भएन भने २ बूढ़ा-प्रधान
र न्यायकर्त्ताहरू गएर लाशदेखि कुन चाहिं
शहर निकटतम् छ त्यो पत्ता लगाऊन्।
३ उक्त शहरका बूढ़ा-प्रधानहरूले काममा
नलगाएको र जुवा नहालेको एउटा कोरली
लिएर ४ त्यसलाई नजोतिएको र बिउ
नछरेको पाखाको कुनै खोलानेर लगेर
त्यसको मण्टो भाँचिदिनुपर्छ। ५ तब
परमप्रभु परमेश्वरको सेवा गर्न र उहाँको
नाउँमा आशीर्वाद दिन औ हरेक झै-झगड़ा
मिलाइदिने कामको निम्ति उहाँले छान्नुभएको
हुनाले लेवीका सन्तानका पूजाहारीहरू त्यहाँ
आऊन्। ६ औ त्यस लाशको निकटतम्
शहरका सबै बूढ़ा-प्रधानहरूले खोलामा मण्टो
भाँचेको कोरलीमाथि आफ्ना हात धोऊन्।
७ औ तिनीहरूले यसो भनून्, 'यो हत्या
हाम्रो हातले गरेको होइन, औ हाम्रा
आँखाले पनि देखेको होइन। ८ यसैकारण
हे परमप्रभु, तपाइंले उद्धार गर्नुभएका तपाइंको
प्रजा इस्राएललाई क्षमा गर्नुहोस्, र आफ्नो
प्रजा इस्राएल्माथि यो निर्दोषको हत्याको
दोष नलागोस्, र यो हत्याको अपराध क्षमा
गर्नुहोस्। ९ यसरी परमप्रभुको दृष्टिमा
तिमीहरूले उचित काम गरेकोले आफ्नो बीच-
बाट त्यो निर्दोषको हत्याको दोष हटाउनेछौ।

युद्ध-बन्दी स्त्री सम्बन्धी नियम

१० युद्धमा जाँदा परमप्रभु परमेश्वरले
तिमीहरूको हातमा शत्रुहरू सुम्पनुभएर तिनी-
हरूलाई युद्ध-बन्दी बनाई ल्याउँदा ११ कैदी-
हरूमध्ये कुनै एउटी सुन्दरी स्त्रीलाई मन
पराएर तिमीहरूमध्ये कसैले त्यसलाई स्वास्नी
बनाउनु इच्छा गर्छौ भने, १२ त्यसलाई
आफ्नो घरमा लैजाऊ र स्त्रीले चाहिं आफ्नो
कपाल खौरोस् र नङ्ग काटोस्। १३ त्यसपछि
त्यसले कैदमा हुँदा लगाएको लुगा फेरेर
त्यहीं घरमा बसी पूरा एक महीनासम्म
आफ्ना बाबु-आमाको निम्ति विलाप गरोस्।
त्यसपछि ती दुइको सम्बन्ध हुनसक्छ र ती दुइ
लोग्नेस्वास्नी भएर बस्नसक्छन्। १४ पछि त्यो
स्त्री त्यसलाई मन परेन भने त्यसले जहाँ इच्छा
गर्छ जानुदिनुपर्छ। त्यसले त्यस स्त्रीलाई
बेच्न पाउनेछैन, औ कमारीलाई जस्तो व्यवहार
पनि गर्न पाउनेछैन; किनभने उसले त्यसको
सतीत्व नष्ट गरेको छ।
१५ यदि कुनै मान्छेका दुइ स्वास्नी छन्,
एउटी प्रिय र अर्की अप्रिय। ती दुवैबाट छोरा
हुँदा मन नपर्नेले चाहिं जेठा जन्माइन् भने

१६ हिस्सा-वण्डा लाउँदा मन पर्नेको भनेर मन
नपर्नेको खास जेठो छोरालाई उछिनेर बाबुले
कान्छोलाई अधिकार दिन पाउनेछैन। १७ तर
त्यसले मन नपर्नेको छोरालाईनै आफ्ना धन-
सम्पत्तिको दोबर भाग दिएर जेठो हो भनी
मान्यता देओस्, किनभने त्यो चाहिं त्यसको
शक्तिको पहिलो फल हो। जेठो अधिकार
त्यसकोनै हुनेछ।

दुष्ट छोराको सजाय

१८ आफ्ना आमा-बाबुको हुकुम पालन
नगर्ने कुनै अट्टेरी बदमाश छोरालाई अनेक
शिक्षा दिँदा पनि तिनीहरूको बात मान्दैन
भने, १९ त्यसका आमा-बाबुले त्यसलाई समातेर
शहरका बूढ़ा-प्रधानहरूकहाँ शहरको ढोकाबाहिर
लैजाऊन्। २० त्यसपछि तिनीहरूले शहरका
बूढ़ा-प्रधानहरूलाई यसो भनून्, "यो हाम्रो
छोरो ढीट र बदमाश छ। त्यसले हाम्रो
हुकुम त्यम्मै पालन गर्दैन। यो लफङ्गा र
मतवाला हो।" २१ तब त्यस शहरका सबै
पुरुषहरूले त्यसलाई मरुन्जेल ढुङ्गाले हानून्।
यसरी तिमीहरूले आफ्नो बीचबाट दुष्टता
हटाउनू, र सारा इस्राएलीहरू यो सुनेर
डराउनेछन्।

२२ कुनै मानिसले प्राणदण्ड पाउने पाप
गर्दा तिमीहरूले त्यसलाई रूखमा भुण्डायौ
भने २३ त्यसको लाश रातभरि रूखमा
नभुण्डाउनू, तर त्यही दिन त्यसलाई गाड़ि-
हाल्नू, किनभने जो भुण्डाइन्छ त्यो परमेश्वर-
बाट श्रापित हुन्छ। परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूको अधिकारमा दिनुभएको
देश अशुद्ध नपार।

विविध नियमहरू

२२ आफ्ना दाज्यू-भाइको गोरु वा भेड़ा
यताउता लागेको देखेर पनि नदेखेको
जस्तो नगर। त्यसलाई तिमीहरूको दाज्यू-
भाइकहाँ लगिदेऊ। २ तर त्यसको धनी
नजीक बस्तैन वा तिमीहरूले चिनेकौ छैनौ भने
त्यसलाई आफ्नो घरमा ल्याएर राख, र
त्यसको खोजि हुँदा फर्काइदेऊ। ३ कसैको
गधा होस् वा लुगा होस्, हराएर पाएको
आफ्नो दाज्यू-भाइको हरेक थोक त्यसै गर्नू,
र चूप लागेर नबस्नू।

४ कसैको गधा वा गोरु बाटोमा लोटेको
देखेर पनि नदेखेको जस्तै नगर। तर त्यसलाई
उठाउन तिनलाई मदत गर।

५ पुरुषले लाउने लुगा स्त्रीले लाउनुहुँदैन,
औ स्त्रीको लुगा पनि पुरुषले लाउनुहुँदैन।
यसो गर्नेहरूलाई परमप्रभु परमेश्वरले घृणा
गर्नुहुन्छ।

६ रूख अथवा भूइँमा कतै बचेरा वा
फुलमा माऊ बसिरहेको गुँड़ भेट्यौ भने
बचेरासँगै माऊलाई नलैजाओ। ७ माऊलाई
छोड़ेर बचेरा तिमीहरू लानसक्छौ। यसो
गर्‍यौ भने तिमीहरूलाई कल्याण हुनेछ, र
तिमीहरू दीर्घायु हुनेछौ।

८ नयाँ घरको छतमा चारैतिर बार
लगाओ, र त्यहाँबाट कोही मान्छे लोट्यो भने
मृत्युको दोष तिमीहरूको घरलाई लाग्नेछैन।

९ दाखबारीमा दुइ किसिमको बिउ
नलगाओ, नत्रता तिमीहरूले लगाएको बिउ र
दाखको उब्जनी दुवै खेरो जानेछ।

१० गोरु र गधासँगै नारेर जोत्नुहुँदैन।
११ ऊन र सूत मिसिएको लुगा लगाउनु-
हुँदैन।

१२ तिमीहरूले लाउने लुगाको चारैकुनामा
भुम्का लगाओ।

कुमारी कन्या सम्बन्धी नियम

१३ कसैले विवाह गरेर स्वास्नीकहाँ जाँदा
त्यसलाई ठीक लागेन, १४ र बदनाम गराउने
नियतले स्त्रीलाई कुकर्मको दोष लगाउनलाई—
"मैले ल्याएकी स्वास्नीसँग सुत्दा त्यसमा कन्या-
केटीको गुण पाइनँ" भनेछ भने १५ त्यस

कन्याका आमा-बाबुले शहरको मूल-ढोकामा
बूढ़ा-प्रधानहरूकहाँ छोरीको कुमारीत्वको प्रमाण
ल्याऊन्। १६ तब त्यस केटीका बाबुले
बूढ़ा-प्रधानहरूलाई यसो भनोस्, "मैले मेरी
छोरी यस मानिसलाई दिएँ, तर त्यसले
यसलाई तिरस्कार गर्छ १७ औ मैले तिम्रो
छोरीमा कुमारीत्वको प्रमाण पाइनँ भनेर
यस मान्छेले अभियोग लगाउँदैछ, तर यसको
कुमारीत्वको प्रमाण यहाँ छ" भनी केटीका
बाबुले बूढ़ा-प्रधानहरूको सामने त्यो लुगा
फिँजाओस्। १८ तब शहरकै बूढ़ा-प्रधानहरूले
त्यस मानिसलाई कोर्रा लगाओस्। १९ औ
इस्राएलको एक कन्यामाथि कलंक लगाएकोले
त्यसले बाबुलाई चाहिं चाँदीको एक सय शेकेल
जरीमाना तिरोस्, र त्यस केटीलाई आफ्नो
स्वास्नीनै बनाएर राखोस्। २० तर त्यस
केटीमा कुमारीत्वको सबूत छैन भन्ने कुरा
प्रमाणित भयो भने २१ बाबुको घरमा
कुकर्म गरेर इस्राएलमा बदनामी ल्याएको
हुनाले त्यसलाई बाबुकै घरको ढोकामा ल्याएर
शहरका मानिसहरूले ढुङ्गा हानेर मार्नू, र
तिमीहरूको मध्यबाट यस्तो खराबी हटाउनू।
२२ कोही पुरुष अर्काकी स्वास्नीसँग सम्भोग
गरिरहेको फेला पर्‍यो भने ती दुवैलाई मार्नु-
पर्छ। यसरी इस्राएलबाट यस्तो खराबी
हटाउनू।
२३ मगनी भएकी केटीलाई कुनै पुरुषले
शहरभित्रै बलात्कार गरेको फेला पर्‍यो भने
२४ ती दुवैलाई शहरको बाहिर लगेर
मरूञ्जेल ढुङ्गाले हान्नू—शहरभित्रै भएर पनि
नचिच्याएकोले स्त्रीलाई मार्नू, औ आफ्नो
दाज्यू-भाइका स्वास्नीको सतीत्व नष्ट गरेकोले
पुरुषलाई मार्नू। यसरी तिमीहरूले आफ्नो
बीचबाट यस्तो खराबी हटाउनू।
२५ तर कुनै पुरुषले मगनी भएको केटीलाई
बाहिर निर्जन स्थानमा भेटाएर बलात्कार गर्‍यो
भने त्यस पुरुषलाई मात्र मार्नू। २६ तर
त्यस केटीलाई चाहिं केही नगर्नू, किनभने
मारिने योग्यको कुनै पाप त्यसले गरेको
होइन। किनभने यो चाहिं कुनै मानिसले
कसैलाई आक्रमण गरेर मारेको जस्तै हो।
२७ किनभने त्यस मगनी भएकी केटीले
चिच्याउँदा पनि निर्जन स्थानमा बलात्कार
हुँदा त्यसलाई बचाउने त्यहाँ कोही थिएन।
२८ कुनै पुरुषले मगनी नभएकी कुमारीलाई
बलात्कार गर्दा फेला पर्‍यो भने २९ त्यस
पुरुषले बाबुलाई पचास शेकेल चाँदी दिनुपर्छ,
र त्यस पुरुषले त्यस केटीलाई बलात्कार
गरेको हुनाले आफ्नो स्वास्नी बनाउनुपर्छ।
उसले त्यसलाई जीवनभरि त्याग्न पाउनेछैन।
३० कुनै मानिसले आफ्नो बाबुको स्वास्नी
लाई नराखोस्, र बाबुले राखेकोसित सम्भोग
नगरोस्।

विविध नियमहरू

२३ सन्धिमा चोट परेको अथवा लिङ्ग
काटिएको मानिसलाई परमप्रभुको
सभामा पस्नु निषेध छ।
२ व्यभिचारबाट जन्मेको मान्छे परमप्रभु
को सभामा पस्न हुँदैन। त्यसको दश
पुस्तासम्म कोही पनि परमप्रभुको सभामा पस्न
पाउनेछैन।
३ अम्मोनी र मोआबी परमप्रभुको सभामा
पस्न पाउनेछैन। तिनीहरूको दश पुस्तासम्म
पनि कोही कहिल्यै परमप्रभुको सभामा पस्न
पाउनेछैन। ४ किनभने तिमीहरू मिश्रबाट
आउँदा भोजन र पानी दिएर तिनीहरूले
तिमीहरूलाई स्वागत गरेनन्। तिनीहरूले
अरम-नाहरैमको पतोरमा बस्ने बओरको छोरा
बिलामलाई तिमीहरूलाई सराप्न भनी पैसा
दिएर बोलाए, ५ तापनि परमप्रभु तिमीहरूका
परमेश्वरले बिलामको कुरा सुन्नुभएन, तर
उहाँले त्यो सरापलाई आशिषमा परिवर्त्तन
गर्नुभयो, किनभने उहाँले तिमीहरूलाई माया
गर्नुभयो। ६ तिमीहरूले कहिल्यै अम्मोनी र
मोआबीहरूको भलो र हित नचिताउनू।

७ कुनै एदोमीलाई तिमीहरूले तिरस्कार
नगर्नू, किनभने तिनीहरू तिमीहरूका दाज्यू-भाइ
हुन्। कुनै मिश्रीलाई पनि तिमीहरूले तिरस्कार
नगर्नू, किनभने उनीहरूको देशमा तिमीहरू
प्रवासी थियौ। ८ तिनीहरूबाट जन्मेका
तेस्रो पुस्तादेखिका सन्तान परमप्रभुको सभामा
पस्न पाउनेछन्।

९ तिमीहरू आफ्ना शत्रुहरूसँग लड्न
जाँदा छाउनीमा हरेक दुष्ट कुराबाट जोगिएर
बस। १० कुनै पुरुष स्वप्नदोषले अशुद्ध
भयो भने त्यो छाउनीबाट बाहिर जाओस् र
भित्र नआओस्। ११ साँझमा नुहाएर
सूर्यास्त भएपछि त्यो छाउनीभित्र आउनसक्छ।
१२ दिसा गर्ने ठाउँ छाउनीको बाहिर
हुनुपर्छ। १३ तिमीहरूका हतियारसँग खन्ने
काठ पनि राख, र दिसा बसिसकेपछि त्यसैले
खनेर दिसा पुरिदिनू। १४ परमप्रभु तिमीहरूका
परमेश्वर तिमीहरूको रक्षा गर्ने र शत्रुहरूलाई
अधीन गराउन छाउनीमा हुनुहुन्छ। यसैकारण
तिमीहरूको छाउनी साफ-सुग्घर होस्।
परमप्रभुले तिमीहरूका बीचमा कुनै किसिमको
फोहोर देख्न नपरोस्, नत्रता उहाँ तिमीहरू-
देखि जाइजानुहुन्छ।

१५ कुनै कमारा भागेर आयो भने
त्यसलाई त्यसको मालिककहाँ नसुम्प। १६ त्यसले
मन पराएको शहरको कुनै भागमा त्यसलाई
बस्न दिनू तिमीहरूले त्यसमाथि अत्याचार
नगर्नू।

१७ कुनै इस्राएली स्त्रीले वेश्याको काम
नगरोस्, औ इस्राएलमा पुरुषगमन पनि
कतै नहोस्। १८ वेश्यागमन अथवा
पुरुषगमनबाट भाकल पूरा गर्ने कुनै पैसा
परमेश्वरको भवनमा नल्याउनू, किनभने
परमप्रभु तिमीहरूका परमेश्वरको नजरमा यी
घृणित हुन्।

१९ रूपियाँ, भोजन वा अरू कुनै कुरो
ऋण दिँदा आफ्नो दाज्यू-भाइबाट व्याज
नलिनू। २० विदेशीलाई ता तिमीहरू त्यसो
गर्नसक्छौ, तर आफ्ना दाज्यू-भाइलाई व्याजमा
ऋण नदिनू, तब तिमीहरूले अधिकार गर्ने
देशमा तिमीहरूले गरेको सबै काममा परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष
दिनुहुन्छ।

२१ तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरका निम्ति कुनै भाकल गरेपछि त्यो
पूरा गर, किनभने उहाँले त्यो पूरा भएको
हेर्न चाहनुहुन्छ। नत्रता तिमीहरूलाई पाप
लाग्नेछ। २२ तर भाकलै गरेका छैनौ भने
तिमीहरूलाई पाप लाग्नेछैन। २३ जे कुरा
तिमीहरूको मुखबाट निस्कन्छ त्यो तिमीहरूले
पूरा गर। त्यो परमप्रभु परमेश्वरलाई स्वेच्छा-
पूर्वक तिमीहरूले प्रतिज्ञा गरेको हो।

२४ कसैको दाखबारीमा बसेर खान
मनलागेको जति खानसक्छौ, तर लिएर जान
चाहिँ हुँदैन।

२५ कसैको बाली पाकेको खेतमा पसेर
टिपी खानसक्छौ, तर हँसिया चाहिं
चलाउनुहुँदैन।

विविध नियमहरू

२४ आफ्नो विवाहिता स्वास्नीमा खोट पाएर
कोही असन्तुष्ट भयो भने लोग्नेले
त्याग-पत्र दिएर त्यसलाई आफ्नो घरबाट
निकालिदेओस्। २ त्यो गएर अर्को मान्छेको
स्वास्नी हुँदा ३ दोस्रो लोग्ने पनि असन्तुष्ट
भएर त्यसलाई त्याग-पत्र दियो वा मर्‍यो भने,
४ त्यो अशुद्ध भएको हुनाले त्यसलाई त्याग्ने
पहिलो लोग्नेले फेरि त्यसलाई आफ्नो स्वास्नी
नतुल्याओस्। परमप्रभुको अगि यो एक घृणित
काम हो। परमप्रभु परमेश्वरले तिमीहरूको
अधिकारमा दिनुहुने देशमा पापको कलंक
नल्याउनू।

५ नव-विवाहित पुरुष सेनामा नजाओस्,
र अन्य कुनै कामको अभिभारा त्यसलाई
नदिनू। एक वर्षसम्म त्यो घरमा आफूले
ल्याएको स्वास्नीसित आनन्दै बसोस्।

६ कसैले घट्ट वा जाँतो धितोमा
नलेओस् , किनभने त्यो मानिसको प्राण बन्धक
लिएको बराबर हो।
७ कसैले कुनै इस्राएली जातभाइलाई
अपहरण गरेर त्यसलाई कमारो तुल्यायो
अथवा बेच्यो भने त्यस चोरलाई मार्नुपर्छ।
यसरी तिमीहरूले आफ्नो बीचबाट दुष्टता
हटाउनुपर्छ।
८ कोरको रोगदेखि होशियार रहनू ! र
त्यस बारेमा लेवी पूजाहारीले तिमीहरूलाई
सिकाएबमोजिम मैंले तिनीहरूलाई दिएको आज्ञा
तिमीहरूले पालन गर्नुपर्छ। ९ तिमीहरू
मिश्रबाट आउँदा बाटोमा परमप्रभु तिमीहरूका
परमेश्वरले मरियमलाई गर्नुभएको कुरो याद
राख !
१० आफ्नो छिमेकीलाई कुनै किसिमको
ऋण दिँदा त्यसको धरोट लिन तिमीहरू घरभित्र
नपस। ११ बाहिरै पर्ख, र असामीलेनै
धरोट बाहिर ल्याइदिनेछ। १२ त्यो मानिस
गरीब छ भने त्यसको बन्धक राखेर तिमीहरू
नसुत। १३ सूर्यास्त सम्ममा तिमी-
हरूले त्यो बन्धक निस्चय फर्काइदिनू,
र त्यो आफ्नो ओढ्नेमा सुतेर त्यसले
तिमीहरूलाई आशीर्वाद देओस्। अनि परम-
प्रभु तिमीहरूका परमेश्वरको सामु यो तिमीहरूका
निम्ति धार्मिकता ठहरिनेछ।
१४ तिमीहरूको जातभाइ होस् वा
शहरमा आई बसेको गरीब परदेशी होस् कुनै
गरीब र दरिद्र ज्यालादारी नोकरलाई
दुःख नदेओ। १५ पाउनुपर्ने दिनमानै
सूर्यास्तको अघि त्यसको ज्याला दिइहाल्नू,
त्यो एक गरीब हो, र त्यसको मन
आफ्नो ज्यालामै हुन्छ त्यसले तिमीहरूको
विरुद्धमा परमप्रभुलाई पुकार्‍यो भने तिमीहरूलाई
पाप लाग्नेछ।
१६ बाबुहरूलाई छोरा-छोरीहरूका निम्ति
र छोरा-छोरीहरूलाई बाबुहरूका निम्ति नमार्नू।
हरेक मानिस आफ्नै अपराधको लागि
मरोस्।

१७ परदेशी र टुहुरा-टुहुरीको इन्साफ
दमन नगर। कुनै विधवाको लुगा धितोमा
नलिनू। १८ तर तिमीहरू मिश्रमा कमारा
हुँदा परमप्रभु परमेश्वरले तिमीहरूलाई मुक्त
गर्नुभएको कुरो सम्झना राख, यही कारणले
मैंले यो आज्ञा तिमीहरूलाई दिएको हुँ।
१९ खेतमा बालीको कटनी गर्दा एक
बिटा बिर्स्यौ भने त्यो लिन फर्केर नजाओ।
परदेशी, टुहुरा-टुहुरी र विधवाका निम्ति त्यो
छोड़िदेऊ, र परमप्रभुले तिमीहरूका सबै काममा
आशिष दिनुहुनेछ।
२० भद्राक्षको रूखलाई टाँगोले हिर्काई
त्यसका फल झारेपछि फेरि गएर सम्पूर्ण फल
नटिप्नू। परदेशी, टुहुरा-टुहुरी र विधवाका निम्ति
ती छोड़िदिनू। २१ आफ्नो दाखबारीका
दाख टिप्दा सोहोर-साहार नपार्नू। परदेशी,
टुहुरा-टुहुरी र विधवाका निम्ति ती छोड़िदिनू।
२२ मिश्रमा तिमीहरू कमारा भएको कुरा
सम्झना राख, यही कारणले मैंले यो
आज्ञा तिमीहरूलाई दिएको हुँ।

विविध नियमहरू

२५ झगडाको फैसला गर्ने मानिसहरू
न्यायकर्ताकहाँ आउँदा अपराधी वा
निर्दोष साबित भएपछि २ अपराधीलाई
कोर्रा लाउनुपर्छ भने त्यसलाई लडाएर न्याय-
कर्ताकै नजरको सामने त्यसको अपराध
मुताबिकको कोर्रा न्यायकर्ताले हान्न लगाओस्।
३ उसले त्यसलाई चालीस कोर्रासम्म हान्न
लगाओस्, त्यसभन्दा बढ़ी कोर्रा खाए
तिमीहरूको दृष्टिमा तिमीहरूको भाइको
अपमान हुनेछ।
४ दाइँ गर्ने गोरुलाई महला नलगाओ।
५ सँगै बसेको दाज्यू-भाइमध्येको कोही
छोरा नभई मर्‍यो भने त्यसकी स्वास्नीले
बाहिरको कुलमा विवाह नगरोस्। मर्नेकै
दाज्यू वा भाइले त्यसलाई आफ्नी स्वास्नी
तुल्याओस् र मृत-लोग्नेको दाज्यू वा भाइले

गर्ने कर्तव्य पूरा गरोस्। ६ त्यसले जन्माएको
जेठो छोरालाई आफ्नो मर्ने दाज्यू कि
भाइको नाउँ राखिदेओस् र त्यसको नाउँ
इस्राएलमा नमेटिओस्। ७ तर देवरले
आफ्नी भाउज्यूलाई राख्न मनगर्दैन भने
भाउज्यूले शहरमा बूढ़ा-प्रधानहरूकहाँ गएर
यसो भनोस्, "मेरो देवरले आफ्नो दाज्यूको
नाउँ इस्राएलमा कायम राख्न चाहँदैन।
त्यसले मसित देवरले गर्नुपर्ने कर्तव्य
पालन गर्दैन।" ८ तब त्यसको शहरका
बूढ़ा-प्रधानले त्यसलाई बोलाएर सम्झाऊन्।
अनि 'म यसलाई ल्याउँ दिनँ' भनेर त्यसले
आफ्नो कुरामा अड़िएर बस्यो भने,
९ भाउज्यूले बूढ़ा-प्रधानहरूकै सामने त्यस-
कहाँ आएर त्यसैको खुट्टाबाट जुत्ता फुकाएर
त्यसको मुखमा थुकिदेओस् र यसो भनोस्,
'जसले आफ्नो दाज्यू-भाइको परिवार वृद्धि गर्न
चाहँदैन त्यसलाई यसै गरिनेछ।' १० अनि
इस्राएलमा त्यस पुरुषको घरानालाई 'जुत्ता
फुकालिएको घराना' भनिनेछ।

११ आपसमा लड्ने दुइ पुरुषहरूमध्ये
एक जनाकी स्वास्नी आएर आफ्नो पोइलाई
बचाउन विरोधीको गुप्त अङ्ग अँठ्याई भने
१२ तिमीहरूले त्यसको हात काटिदिनू,
त्यसलाई टिठाउँदै नटिठाउँनू।

१३ तिमीहरूको थैलामा एउटै तौलको
कम र ज्यादा ओजन भएका ढकहरू नराख्नू।
१४ तिमीहरूको घरमा पनि एउटै तौलको
लागि दुइ किसिमका माना-पाथी नराख्नू।
१५ तर तिमीहरूसँग ठीक तौल र परिमाणका
ढक र माना-पाथी हुनुपर्छ। यसरी परमप्रभु
तिमीहरूका परमेश्वरले दिनुहुने देशमा
तिमीहरू दीर्घायु हुनेछौ। १६ यस्ता अपराध
र बेईमानी गर्नेहरू सबै परमप्रभु परमेश्वरका
नजरमा तुच्छ हो।

१७ मिश्रबाट आउँदा अमालेकीहरूले
बाटोमा तिमीहरूसित गरेको व्यवहार नभुल।
१८ तिमीहरू बाटोमा थाकेर हैरान भएको
बेलामा तिनीहरूले तिमीहरूलाई आक्रमण गरे,
र थाकेर पछि परेकाहरूलाई मारे। तिनीहरूले
परमेश्वरको डर मानेनन्। १९ यसकारण
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको
अधिकारमा दिनुहुने देशमा शत्रुहरूको
आक्रमणदेखि विश्राम पाएपछि पृथ्वीबाट
अमालेकीहरूको नाउँ-निशानै मेटिदिनू।
तिमीहरूले यो कुरा कहिल्यै नभुल्नू।

प्रथम उब्जनी र दशांश चढ़ाउने नियम

२६ परमप्रभु परमेश्वरले तिमीहरूको निज
अधिकारमा दिनुहुने देशमा पुगेर
बसोबासो गरेपछि २ त्यहाँका भूमिका हरेक
किसिमको उब्जनीको प्रथम भाग एउटा डालोमा
हालेर परमप्रभु परमेश्वरले आफ्नो नाउँ
राख्नलाई नियुक्त गर्नुभएको ठाउँमा लैजाओ,
३ र तत्कालीन पूजाहारीकहाँ गएर भन,
"उहाँले हाम्रा पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको
देशमा म आइपुगें भनी परमप्रभु परमेश्वरको
अगि म मानिलिन्छु।" ४ तब पूजाहारीले
तिमीहरूको हातबाट त्यो डालो लिएर परम-
प्रभु परमेश्वरको वेदीको अगि राखिदिनेछ।
५ तिमीहरूले आफ्ना परमेश्वरलाई यसो
भन्नू, "हाम्रा पुर्खा फिरन्ते आरामी थिए।
उनी आफ्नो सानो परिवारसँग मिश्रमा
गई प्रवास गरे। अनि त्यहाँ उनीबाट एक
महान्, सामर्थी र असंख्य जाति उत्पन्न
भयो। ६ मिश्रीहरूले निष्ठूर व्यवहार गरेर
हामीलाई दुःख दिए, र कठोर दासत्वमा
राखे। ७ हामीले हाम्रा पुर्खाका परमप्रभु
परमेश्वरलाई पुकार्दा उहाँले हाम्रो बिन्ती
सुन्नुभयो, र हाम्रा पीड़ा, कठिन श्रम र
हामीमथि भएको अत्याचारलाई देख्नुभयो।
८ तब परमप्रभुले हामीलाई आफ्नो महान
शक्ति र बाहुबलले, ठूलो आतंक, दिव्य-चिह्न
र आश्चर्यकर्महरू देखाएर मिश्रबाट निकालेर
ल्याउनुभयो। ९ उहाँले हामीलाई यस
ठाउँमा ल्याएर यो दूध र मह प्रशस्त
पाउने देश दिनुभयो। १० अब हे परमप्रभु,

हेर्नुहोस् , हामीलाई दिनुभएको भूमिको उब्जनी
को प्रथम भाग हामीले तपाईंकहाँ ल्याएका
छौं।' औ परमप्रभु परमेश्वरको सामने
त्यो राखेर उहाँलाई दण्डवत् गर्नू। ११ तब
जति असल असल थोक परमप्रभु परमेश्वरले
तिमीहरूलाई र तिमीहरूको परिवारलाई दिनु-
भएको छ तिनका निम्ति तिमीहरू, लेवी र
तिमीहरूसित बस्ने परदेशीले आनन्द मनाउनू।

१२ दशांश दिने तेस्रो वर्षमा आफ्ना
सबै उब्जनीको दशांश छुट्याउँदा लेवी, परदेशी,
टुहुरा-टुहुरी र विधवालाई तिमीहरूका शहरभित्रै
तृप्त होउञ्जेल खुवाउनू, १३ र त्यसपछि
परमप्रभु आफ्ना परमेश्वरको सामने यसो
भन्नू, 'हामीले आफ्नो घरबाट पवित्र अंश
निकालेर तपाईंको आज्ञाअनुसार लेवी, परदेशी,
टुहुरा-टुहुरी र विधवाहरूलाई दिएका छौं।
हामीले तपाईंका कुनै आज्ञा उल्लङ्घन गरेका
छैनौं। ती बिर्सेका पनि छैनौं १४ शोक
गर्दा दशांशबाट हामीले खाएका छैनौं। अशुद्ध
हुँदा त्यसमा हात हालेका छैनौं। औ मुर्दाहरूका
लागि पनि त्यसबाट केही चढ़ाएका छैनौं। तर
हामीले परमप्रभु हाम्रा परमेश्वरका वचन पालन
गरेर तपाईंका सबै आज्ञा पूरा गरेकाछौं।
१५ आफ्नो पवित्र बासस्थान स्वर्गबाट हेरेर
आफ्नो प्रजा इस्राएललाई आशीष दिनुहोस,
औ तपाईंले हाम्रा पुर्खाहरूसित प्रतिज्ञा गरेर
हामीलाई दिनुभएको दूध र मह प्रशस्त पाइने
देशलाई पनि आशिष दिनुहोस्।'

१६ यिनै विधि-विधान पालन गर्ने भनी
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
आज्ञा दिनुहुन्छ। यसकारण तिमीहरूले ती
आफ्नो पूरा मन र आत्माले पालन गर।
१७ परमप्रभु, हाम्रा परमेश्वर हुनुहुन्छ, औ
हामी उहाँको मार्गमा हिंड़नेछौं र उहाँका
विधि, आज्ञा र विधानहरू मान्नेछौं, र उहाँको
वचन सुन्नेछौं' भनी तिमीहरूले आज निश्चय
गरेका छौ। १८ उहाँले प्रतिज्ञा गर्नुभएझैं
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
आज आफ्नै प्रजा बनाउनुभएको छ, र
तिमीहरूले उहाँका आज्ञा पालन गर्नेपर्छ।
१९ त्यसो गर्‍यौ भने अरू जातिहरूभन्दा
तिमीहरू प्रशंसा, सम्मान र कीर्तिमा महान्
हुनेछौ, तर त्यसको निम्ति तिमीहरू एक
पवित्र जाति बन्नुपर्छ।'

मोशाको अन्तिम आदेश

२७ फेरि मोशाले इस्राएलका बूढ़ा-प्रधान-
हरूसँग मानिसहरूलाई यस्तो आदेश
दिए, 'मैले आज तिमीहरूलाई दिएका आज्ञा-
हरू सबै पालन गर। २ परमप्रभु तिमीहरूका
परमेश्वरले दिनुहुने यर्दन पारिको देशमा
पुगेको दिन तिमीहरूले ठूला ठूला ढुङ्गा खड़ा
गरेर कमेरोले लिप्सनू। ३ तिमीहरूका
पुर्खाहरूका परमप्रभु परमेश्वरले प्रतिज्ञा गर्नुभएको
दूध र मह प्रशस्त पाउने देशमा पसेको दिन
यी व्यवस्थाका वचनहरू त्यसमा लेख्नू।
४ यर्दन पारि पुगेको दिन मैले भनेका यी
ढुङ्गाहरू एबाल डाँड़ामा स्थापन गरेर कमेरोले
लिप्सनू। ५ औ त्यहीं तिमीहरूले परमप्रभु
आफ्ना परमेश्वरका निम्ति ढुङ्गाको वेदी
बनाउनू। त्यसमा कुनै फलामको हतियार
प्रयोग नगर्नू। ६ तिमीहरूले परमप्रभु आफ्ना
परमेश्वरको वेदी नफुटाएका ढुङ्गाको बनाउनू,
त्यहाँ परमप्रभु परमेश्वरका निम्ति होमबलि
चढ़ाउनू। ७ तिमीहरूले मेलबलि चढ़ाएर
त्यहीं खानू। अनि परमप्रभु तिमीहरूका परमे-
श्वरका सामने आनन्द मनाउनू। ८ यही
ढुङ्गामा यस व्यवस्थाका सबै आदेश स्पष्टसँग
खोपेर लेख्नू।

९ तब मोशा र लेवी पूजाहारीहरूले
जम्मै इस्राएललाई यसो भने, "हे इस्राएली
हो, चूप लागेर सुन। आज तिमीहरू परमप्रभु
आफ्ना परमेश्वरका प्रजा भयौ।
१० यसकारण मैले आदेश दिएबमोजिम
तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरका आज्ञा
र विधि पूरा गरेर उहाँको वचन पालन
गर्नू।'

११ फेरि त्यही दिन मोशाले मानिस-
हरूलाई यस्तो आदेश दिए, १२ "तिमीहरू
यर्दन पारि तरेपछि शिमोन, लेवी, यहूदा,
इस्साकार, युसूफ र बिन्यामीन चाहिं
आशीर्वादको नीम्ति गीरीज्जीम डाँड़ामा खड़ा
होऊन्। १३ औ रूबेन, गाद, आशेर,
जबूलून, दान र नप्ताली चाहिं श्रापको निम्ति
एबाल डाँड़ामा खड़ा होऊन्। १४ अनि
लेवीहरूले इस्राएलको निम्ति सबै मानिसलाई
उच्च सोरले यसो भनेर घोषणा गरून्,—
१५ 'कारीगरले खोपेको वा ढालेको परम-
प्रभुलाई घीनलाग्ने मूर्ति गुप्तमा स्थापन गर्ने
मानिस श्रापित होस्। तब सबै जनाले भनून्,
'आमेन'।*
१६ आफ्ना आमा-बाबुलाई अपमान गर्ने
श्रापित होस्। तब सबै जनाले भनून्,
'आमेन'।
१७ आफ्नो छिमेकीको साँध-सीमाना
हटाउने श्रापित होस्। तब सबै जनाले भनून्,
'आमेन'।
१८ अन्धालाई उल्टो बाटो देखाई दिने
मान्छे श्रापित होस्। तब सबै जनाले भनून्,
'आमेन'।
१९ परदेशी, टुहुरा-टुहुरी र विधवाले
पाउनु पर्ने न्याय नदिने श्रापित होस्। तब
सबै जनाले भनून्, 'आमेन'।
२० आफ्ना बाबुकी कुनै स्वास्नीसँग
सुत्ने श्रापित होस्, किनकि त्यसले आफ्ना
बाबुलाई शर्ममा पार्‍यो। तब सबै जनाले
भनून्, 'आमेन'।
२१ पशुसँग संभोग गर्ने श्रापित होस्।
तब सबै जनाले भनून्, 'आमेन'।
२२ आफ्ना बाबु वा आमाकी छोरी,
अर्थात् आफ्नी झड्केली बहिनीसँग सुत्ने
श्रापित होस्। तब सबै जनाले भनून्,
'आमेन,'।
२३ आफ्नी सासूसित सुत्ने श्रापित होस्।
तब सबै जनाले भनून्, 'आमेन'।
२४ ढुकेर कसैलाई मार्ने श्रापित होस्।
तब सबै जनाले भनून्, 'आमेन'।
२५ पैसा लिएर निर्दोष मान्छेको हत्या
गर्ने श्रापित होस्। तब सबै जनाले भनून्,
'आमेन'।
२६ यस व्यवस्थाको वचन पूरा गरी
पालन नगर्ने श्रापित होस्। तब सबै जनाले
भनून्, 'आमेन'।

आज्ञा पालन गर्नेलाई आशिष

२८ आज मैले तिमीहरूलाई आदेश गरेका
उहाँका सबै आज्ञाहरू मानेर परम-
प्रभु तिमीहरूका परमेश्वरको वचन होशियार
साथ पालन गर्‍यौ भने उहाँले तिमीहरूलाई
पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ।
२ परमप्रभु आफ्ना परमेश्वरको वचन पालन
गर्‍यौ भने यी सबै आशिष तिमीहरूलाई
लाग्ने छन्, र तिमीहरू आशीषित हुनेछौ—
३ तिमीहरूले शहरमा आशिष पाउनेछौ,
र खेतीपातीमा आशिष पाउनेछौ।
४ तिमीहरूका सन्तान, उब्जनी, गाई-वस्तु,
भेड़ा-बाख्रामाथि आशिष पर्नेछ, र तिमीहरूको
वृद्धि हुनेछ। ५ तिमीहरूको डालो र तिमी-
हरूको पीठो मुछ्ने आहीमा आशिष पर्नेछ।
६ भित्र आउँदा र बाहिर जाँदा तिमीहरू
आशीषित हुनेछौ।
७ तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई
परमप्रभुले तिमीहरूकै सामने परास्त गर्नुहुनेछ।
तिनीहरू एक बाटो आउनेछन्, तर सात
बाटो भाग्नेछन्। ८ परमप्रभुले तिमीहरूको
ढुकुटीमा र तिमीहरूका सबै काममा आशिष
दिनुहुनेछ। औ परमप्रभु तिमीहरूका परमेश्वरले
दिनुहुने देशमा उहाँले तिमीहरूलाई आशिष
दिनुहुनेछ। ९ परमप्रभु तिमीहरूका परमेश्वरका
आज्ञाहरू मानेर उहाँको मार्गमा हिंड्यौ
भने उहाँले तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैं
तिमीहरूलाई आपनो लागि एक पवित्र
जाति बनाएर स्थापित गर्नुहुनेछ। १० औ

* यसतै होस्

पृथ्वीका समस्त मानिसहरूले तिमीहरू परमप्रभुका
हौ भनी थाह पाएर तिमीहरूसँग डराउनेछन्
११ तिमीहरूका पुर्खाहरूलाई दिन्छु भनी
प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरूको सन्तान,
गाई-वस्तु र भूमिको उब्जनीमाथि परमप्रभुले
बेहिसाब उन्नति दिनुहुनेछ। १२ परमप्रभुले
आकाशको उत्तम भण्डार उघारेर तिमीहरूका
भूमिमा ठीक ऋतुमा झरी पठाउनुहुनेछ,
र तिमीहरूका हातको मेहनतमा आशिष
दिनुहुनेछ। अनि तिमीहरूले धेरै जातिलाई
ऋण दिनेछौ, तर ऋण लिनेछैनौ। १३ मैंले
आज तिमीहरूलाई दिएका परमप्रभु परमेश्वरका
आज्ञा होशियारीसाथ पालन गर्‍यौ भने
परमप्रभुले तिमीहरूलाई शिर तुल्याउनुहुनेछ
पुच्छार होइन, औ तिमीहरूलाई शिखरमा
राख्नुहुनेछ फेदमा होइन। १४ मैंले आदेश
दिएका वचनहरूमध्ये कुनैबाट यताउता लागेर
अन्य देवताहरूको पूजा गर्न तिनीहरूको पछि
लाग्नु पनि हुँदैन।

आज्ञा पालन नगर्नेहरूको नतीजा

१५ तर आज मैंले आदेश गरेको
परमप्रभु परमेश्वरका वचन सुनेर होशियारीसाथ
उहाँका आज्ञा र विधिहरू पालन गरेनौ भने
यी सबै सराप तिमीहरूलाई लाग्नेछ, र तिमीहरू
श्रापित हुनेछौ—
१६ तिमीहरूलाई शहरमा सराप पर्नेछ, र
खेतीपातीमा सराप पर्नेछ। १७ तिमीहरूका
डालो र तिमीहरूका पीठो मुछ्ने आहीमा
सराप पर्नेछ। १८ तिमीहरूका सन्तान,
उब्जनी, गाई-वस्तु, भेड़ा-बाख्रामाथि सराप
पर्नेछ, र तिमीहरूको वृद्धि हुनेछैन। १९ भित्र
आउँदा र बाहिर जाँदा तिमीहरू श्रापित
हुनेछौ।
२० तिमीहरूको कुकर्मले र तिमीहरूले
उहाँलाई त्यागेका हुनाले परमप्रभुले सराप,
खलबली र नैराश्य ल्याएर तिमीहरूलाई नाश
गरी चाँडै खतम पार्नुहुनेछ। २१ तिमीहरूले
अधिकार गर्ने देशबाट तिमीहरूको नाउँ-निशाने
नमेटिन्जेल परमप्रभुले तिमीहरूका बीचमा
महामारी फैलाइदिनुहुनेछ। २२ क्षय रोग,
ज्वरो, सुजन, प्रचण्ड ताप, खड़ेरी साथै
उद्‌भिद् ओइलाउने र मक्किने रोगहरू ल्याएर
परमप्रभुले तिमीहरूका बीचमा प्रहार गर्नुहुनेछ।
२३ अनि तिमीहरूका शिरमाथि भएको
आकाश पीतल र तिमीहरूमनिका धरती फलाम
जस्तै हुनेछ।
२४ परमप्रभुले तिमीहरूको देशमा झरीको
सट्टामा धूलो र बालुवा पठाइदिनुहुनेछ।
तिमीहरू नाश नभएसम्म आकाशबाट त्यो
तिमीहरूमाथि आउनेछ।
२५ परमप्रभुले तिमीहरूलाई आफ्ना
शत्रुहरूका अगि पराजित तुल्याउनुहुनेछ।
तिनीहरूसँग लड़्न एउटा बाटो जानेछौ, औ
सात बाटो भाग्नपर्नेछ। पृथ्वीका सबै राज्यमा
तिमीहरू तिरष्कृत हुनेछौ। २६ तिमीहरूका
मृत-शरीर पशु-पक्षीका आहार हुनेछ, तिनीहरूलाई
धपाउने कोही हुनेछैन। २७ निको हुन
नसक्ने गरी परमप्रभुले तिमीहरूलाई मिश्रको
पीलो, घाउ-खटीरा, दाद र लूतोले प्रहार
गर्नुहुनेछ। २८ परमप्रभुले तिमीहरूलाई
बौल्हटी, अन्धोपन, र हृदयको खलबलीले
प्रहार गर्नुहुनेछ। २९ अन्धाले अन्धकारमा
छाम-छुम गरेझैं तिमीहरूले पनि मध्य-दिनमा
छाम-छुम गर्नेछौ। तिमीहरूका काममा तिमीहरू
सफल हुनेछैनौ। औ तिमीहरू निरन्तर
शोषणमा परेर लुटिनेछौ। ३० तिमीहरूसँग
मगनी भएकी केटीलाई अन्य मानिसले संभोग
गर्नेछ। तिमीहरूले बनाएको घरमा आफै
बस्न पाउनेछैनौ। तिमीहरूले लगाएको दाख-
बारीको फल आफै खान पाउनेछैनौ। ३१ तिमी-
हरूको आँखाअगि ढालेको आफ्नै गोरुको
मासु पनि तिमीहरू खान पाउनेछैनौ।
तिमीहरूबाट खोसेर लगेको गधा तिमीहरूलाई
दिइनेछैन। तिमीहरूको भेड़ा शत्रुहरूलाई
दिइनेछ, औ तिमीहरूलाई सहायता दिने
कोही हुनेछैन। ३२ तिमीहरूका छोरा

छोरी अरू मानिसहरूलाई दिइनेछन्, औ
दिनभरि तिनीहरूको बाटो हेर्दा तिमीहरूका
आँखा टटाउनेछन्। तर यो काम रोक्ने
तिमीहरूसँग शक्ति हुनेछैन। ३३ तिमीहरूको
भूमिको फल अपरिचित जातिले खाइहाल्नेछ।
औ तिमीहरूचाहिँ सधैँ केवल अत्याचार र
थिचोमिचोमा पर्नेछौ। ३४ औ तिमीहरूका
आँखाले देख्नुपरेको दृष्य हेर्दा तिमीहरू
बौलाहा हुनेछौ। ३५ परमप्रभुले तिमीहरूलाई
घुँड़ा खुट्टा र टुप्पीदेखि पैतालासम्म जाती
नहुने भयानक पीलोले पीड़ित तुल्याउनुहुनेछ।

३६ तिमीहरूलाई र तिमीहरूले नियुक्त
गरेको राजालाई परमप्रभुले, तिमीहरू र
तिमीहरूका पुर्खाले नचिनेको एउटा जातिको
बीचमा ल्याउनु हुनेछ र त्यहाँ तिमीहरूले
काठ र ढुङ्गाका अन्य देवताहरूको पूजा
गर्नेछौ। ३७ परमप्रभुले तिमीहरूलाई
पुर्‍याउनुहुने हरेक जातिको बीचमा तिमीहरू
तिरष्कृत, आहान र गिल्ला बन्नेछौ। ३८ तिमी-
हरूले खेतमा धेरै बिउ लाउनेछौ, तर
थोरै फसल बटुल्नेछौ, किनकि सलहले
त्यो स्वाहा पार्नेछ। ३९ तिमीहरूले दाखबारी
लगाउनेछौ, तर कीरा लागेर दाख बटुल्न र
त्यसको दाखमद्य पिउन पाउनेछैनौ। ४० तिमी-
हरूका समस्त इलाकाभरि भद्राक्षका रूख ता
हुनेछन्, तर भद्राक्ष झरेर तेल लगाउन
पाउने छैनौ।

४१ तिमीहरूका छोरा-छोरी भएता पनि
ती कैदमा परेका हुनाले तिनीहरू तिमीहरूका
हुनेछैनन्। ४२ तिमीहरूका रूख पात फसल
सबै सलहले स्वाहा पार्नेछ। ४३ तिमीहरू-
सँग बास गर्ने परदेशीले उन्नति गर्नेछ, तर
तिमीहरूको अधोगति हुनेछ। ४४ त्यसले
तिमीहरूलाई ऋण दिनेछ, तर तिमीहरूले
त्यसलाई ऋण दिन सक्नेछैनौ। त्यो चाहिं
शिरमा हुनेछ, र तिमीहरूचाहिं पुछारमा
हुनेछौ। ४५ उहाँले तिमीहरूलाई दिएका
आज्ञा र विधिहरू पालन गर्न परमप्रभु
परमेश्वरको वचन नसुनेको हुनाले तिमीहरू
नाश नभएसम्म यी सराप तिमीहरूमाथि
आइपर्नेछन्। यी सबै सराप तिमीहरूका पछि
लागेर तिमीहरूलाई भेट्टाउनेछन्। ४६ तिमीहरू
र तिमीहरूका सन्तानमाथि सधैँको निम्ति ती
लक्षण र उदेकका कुरा हुनेछन्।

४७ तिमीहरूलाई सबै चीज प्रशस्त
भएकोले खुशीसँग प्रशन्नचित्तले आफ्ना परमप्रभु
परमेश्वरको सेवा गरेनौ। ४८ यसकारण
भोक, प्यास, नग्नता र सबै चीजको अभावमा
परेर परमप्रभुले तिमीहरूको विरुद्धमा पठाउनु-
भएका शत्रुहरूको तिमीहरूले सेवा गर्नेछौ।
उहाँले तिमीहरूलाई नाश नगरेसम्म तिमीहरूको
काँधमाचाहिँ फलामको जुवा हालिदिनुहुन्छ।
४९ परमप्रभुले टाढ़ाबाट, पृथ्वीको पल्लो
छेउदेखि वेगसित गिद्ध उड़ेझैँ एउटा जाति
तिमीहरूको विरुद्धमा ल्याउनुहुनेछ—त्यो जातिको
भाषा तिमीहरू बुझ्नेछैनौ, ५० कठोर
रूप भएको जाति जसले वृद्धहरूको
आदर गर्नेछैन ओ बालकहरूमाथि दया पनि
देखाउनेछैन। ५१ अनि तिमीहरू नाश
नभएसम्म त्यस जातिले तिमीहरूका पशुहरू र
तिमीहरूका फसल खानेछ। तिमीहरूमा अन्न,
दाखमद्य, तेल गाई-वस्तु, भेड़ा-बाख्राका
पाठाहरू तिनीहरूले छोड़नेछैन। ५२ तिमी-
हरूका प्रत्येक शहरमा तिनीहरूले घेरा लाउनेछन्
अनि तिमीहरूले भरगर्ने देशभरिका अग्ला
पर्खालहरू भत्काउनेछन्। परमप्रभु तिमीहरूका
परमेश्वरले दिनुभएका सारा देशभरि तिनीहरूले
शहर शहरमा तिमीहरूलाई घेरा लाउनेछन्।
५३ औ घेरामा परेको समय तिमीहरूका
शत्रुहरूले दिने कष्टमा परमप्रभु परमेश्वरले
दिनुभएको सन्तान, आफ्नै छोरा छोरीको
मासु पनि तिमीहरूले खानेछौ। ५४ तिमीहरू
मध्ये कोमल र अति भद्र मानिसको दृष्टि
उसको भाइप्रति, उसको आफ्नो स्वास्नीप्रति
र उसका बाँकी बाल-बच्चाप्रति खराब हुनेछ,
५५ यहाँसम्म कि उसले खाँदैगरेको आफ्ना
बाल-बच्चाहरूको शरीरको मासु कसैलाई उसले
दिनेछैन, किनकि शत्रुहरूले तिमीहरूका शहरहरू

घेरेको संकष्टमा त्यसकहाँ केही बाँकी रहेको
हुँदैन। ५६ तिमीहरू मध्ये कोमल र शिष्ट
स्त्री, जसले कोमलता र शिष्टताको कारणले
भूइँमा आफ्नो पैतालाले टेक्न पनि चाँहदिन
थिई, उसको दृष्टि उसको लोग्नेप्रति र आफ्नै
छोरा छोरी प्रति नराम्रो हुनेछ। ५७ अनि
उसको कोखबाट निस्केको बच्चाप्रति र
उसले जन्माएका बालकहरूप्रति उसको दृष्टि
खराब हुनेछ, किनकि त्यस घेराउ र
संकष्टमा शत्रुहरूले तिमीहरूका सबै शहरहरूमा
दुःख दिनेछन्—सबै कुराको अभाव भएको
हुनाले गुप्तमा त्यसले ती खानेछ। ५८ यदि
परमप्रभु परमेश्वरको गौरवमय भययोग्य नाउँको
डर मान्नलाई तिमीहरूले यस पुस्तकमा
लेखिएका व्यवस्थाको वचन होशियारीसाथ
पालन गरेनौ भने ५९ परमप्रभुले तिमीहरू
र तिमीहरूका बाल-बच्चा माथि अनौठो,
असह्य र निरन्तरको कष्टहरू र भयानक रोगहरू
ल्याउनुहुनेछ। ६० मिश्रका जुन रोगहरूदेखि
तिमीहरू डराउँथ्यौ ती रोगहरू उहाँले
तिमीहरूमाथि ल्याउनुहुनेछ र ती तिमीहरूबाट
हटनेछैन। ६१ यस व्यवस्थाको पुस्तकमा
उल्लेख नभएको हरेक रोग र रूढ़ी पनि
तिमीहरू नाश नभएसम्म परमप्रभुले तिमीहरू
माथि ल्याउनुहुनेछ। ६२ तिमीहरू जो अघि
संख्यामा आकाशका तारासरह थियौ, तब थोरै
मात्र रहनेछौ, किनकि तिमीहरूले परमप्रभु
आफ्ना परमेश्वरको वचन सुनेनौ। ६३ जसरी
परमप्रभुले खुशीसाथ तिमीहरूको भलाइ र
वृद्धि गर्नुहुन्थ्यो त्यसरीनै तिमीहरूलाई खुशी-
साथ ध्वंश र विनाश पार्नुहुनेछ। अनि
तिमीहरूले अधिकार गर्नलाई पस्न लागेको
देशबाट तिमीहरूलाई उखेलिदिनुहुनेछ।
६४ पृथ्वीको एक छेउदेखि अर्को छेउसम्म
विभिन्न जातिका बीचमा परमप्रभुले तिमीहरूलाई
तितर बितर पार्नुहुनेछ। त्यहाँ तिमीहरूले,
तिमीहरूका पुर्खाहरूले नजानेका काठ र
ढुङ्गाका अन्य देवताहरूको पूजा गर्नेछौ।
६५ ती जातिहरूका बीचमा तिमीहरूले चैन
पाउनेछैनौ औ आफ्नो भन्ने तिमीहरूको
जग्गानै हुँदैन; परमप्रभुले तिमीहरूलाई बेचैनी,
असहायपन र निराशले भरिदिनुहुनेछ।
६६ तिमीहरूको जीवन द्विविधामा परिरहनेछ,
औ रातदिन तिमीहरू आतंकमा रहनेछौ।
तिमीहरूको जीवनको कुनै भरोसा हुनेछैन।
६७ हृदयको त्रासमा देख्न परेको दृश्यलाई
हेरी तिमीहरूले बिहान भन्नेछौ, 'बेलुकी भए
कति असल हुने थियो!' औ बेलुकी भन्नेछौ,
'बिहान भए कति असल हुने थियो!'
६८ अनि परमप्रभुले तिमीहरूलाई फेरि
जहाजहरूमा त्यस बाटोदेखि मिश्रदेशमा
फर्काउनुहुनेछ, जुन बाटोको विषयमा मैले
'तिमीहरूले फेरि त्यो देख्नेछैनौ, भनी प्रतिज्ञा
गरेको थिएँ। त्यहाँ तिमीहरूले आफैलाई
शत्रुहरूका हातमा कमारा-कमारी हुनलाई
दिनेछौ तर कसैले तिमीहरूलाई किन्नेछैन।"

अर्ती र चेताउनीहरू

२९ होरेबमा परमप्रभुले इस्राएलीहरूसित
बाँध्नुभएको करार बाहेक मोआबको
देशमा परमप्रभुले मोशालाई आज्ञा गर्नुभएका
करारका वचन यिनै हुन।
२ अनि मोशाले सारा इस्राएलीहरूलाई
बोलाएर भने, "परमप्रभुले मिश्रदेशमा फिरऊन,
तिनका सबै भारादारहरू र सारा देशमाथि
तिमीहरूकै सामने गर्नुभएका सबै कार्यहरू
तिमीहरूले देखेका छौ, ३ ठूला ठूला
जाँचहरू, लक्षणहरू र ती महान आश्चर्य-
कर्महरू आफ्नो आँखाले देख्यौ। ४ तर
आजसम्म परमप्रभुले तिमीहरूलाई बुझ्ने
हृदय, देख्ने आँखा र सुन्ने कान दिनु-
भएको छैन। ५ मैले चालीस वर्षसम्म
तिमीहरूलाई उजाड़-स्थानमा डोर्‍याएँ।
तिमीहरूका शरीरका लुगा पुराना भएनन्, औ
तिमीहरूका खुट्टाका जुत्ता पनि पुराना भएनन्।
६ तिमीहरूले रोटी खान पाएनौ र दाखमद्य
र कड़ामद्य पनि खान पाएनौ र यसरी म

परमप्रभुनै तिमीहरूका परमेश्वर हुँ भनी
तिमीहरूले बुझ्न सक्यौ। ७ तिमीहरू यस
ठाँउमा आइपुग्दा हेश्बोनका राजा सीहोन र
बाशानका राजा ओग हाम्रा विरुद्धमा लड्नलाई
निस्केर आए र हामीले तिनीहरूलाई परास्त
गर्‍यौं। ८ अनि हामीले तिनीहरूका देश
लिएर रूबेनी, गादी र मनश्शेका आधा
कुलको अधिकारमा दियौं। ९ यसकारण यस
करारका वचन होशियारी साथ पालन गर र
जे तिमीहरू गर्छौं ती सबैमा सफल हुनेछौ।

१० आज तिमीहरू सबै परमप्रभु तिमीहरूका
परमेश्वरका अगि खड़ा छौ। तिमीहरूका
कुलनायकहरू बूढ़ा-प्रधानहरू, अधिकारीहरू र,
सारा इस्राएलीहरू ११ तिमीहरूका छाउनीमा
भएका प्रवासी दाउरे र पनेरेसम्म।
१२ परमप्रभु आफ्ना परमेश्वरले आज
तिमीहरूलाई प्रतिज्ञा गर्नुहुने करारमा सम्भागी
हुनलाई तिमीहरू यहाँ आएका छौ। १३ त्यो
करार मुताबिक आज तिमीहरूलाई आफ्नो
निज प्रजा बनाउन र तिमीहरूका परमेश्वर बन्नलाई
उहाँले तिमीहरू र तिमीहरूका पुर्खा अब्राहाम
इसहाक, याकूबसँग प्रतिज्ञा गर्नुभएको थियो।
१४ म यो करार र प्रतिज्ञा तिमीहरूसँग
मात्र गर्दिनँ, १५ तर आज परमप्रभु हाम्रा
परमेश्वरको सामने हामीसँग खड़ा हुने र आज
हामीसँग नहुनेसित पनि गर्दछु।

१६ हामी कसरी मिश्रदेशमा बस्यौं, र
हामीहरू पार भएर आएका जातिहरूका बीचबाट
हामी कसरी आयौं, सो तिमीहरू जान्दछौ।
१७ तिमीहरूका बीचमा भएका तिमीहरूका
घृणित काठ, ढुङ्गा, चाँदी र सुनका मूर्तिहरू
—तिमीहरूले देखेका छौ। १८ होशियार!
कोही पुरुष वा स्त्री, वा परिवार, अथवा
कुलको हृदय ती जातिका देवताहरूको पूजा
गर्न आज परमप्रभु परमेश्वरदेखि बरालिएर
जाला! त्यो तिमीहरूका बीचमा तीतो र विषालु
फल फलाउने जरो बन्नेछ। १९ त्यसले
मनमनै आफूलाई सर्काएर यसो भन्ला, "कठोर
हृदय लिएर हिंड़े पनि म सुरक्षित नै छु"
यस्तो कुरोले सबै जनानै विध्वंश हुनेछन्।
२० परमप्रभुले त्यसलाई क्षमा गर्नुहुनेछैन,
तर परमप्रभुको रीस र डाहको ज्वाला त्यस
मानिसमाथि पर्नेछ, औ परमप्रभुले त्यसको
नाउँ आकाश मनिबाट्ट मेट्नुहुनेछ।
२१ व्यवस्थाको यस पुस्तकमा लेखिएका
करारका सबै सरापअनुसार परमप्रभुले त्यसलाई
इस्राएलीहरूका कुलबाट विनाशको निम्ति
छुट्याउनुहुनेछ।

२२ तिमीहरूका भावी सन्तान र सुदूर
देशका आगन्तुकले देशका विपत्तिहरू र
परमप्रभुले त्यसमाथि ल्याउनुभएका महामारीहरू
देख्नेछन्। २३ परमप्रभुले आफ्नो रीस र
क्रोधमा सदोम, गमोरा, अदमा र सबोयीमलाई
ध्वंश गर्नुभएको जस्तै समस्त देशमा गन्धक,
नून र जलेको खाकमात्र हुनेछ, बाँझो र
रूखो घाँससम्म पनि नउम्रने हुनेछ २४ सबै
जातिहरूले सोध्नेछन्, "परमप्रभुले यस
देशलाई किन यसो गर्नुभयो? यो भयानक
क्रोध किन दन्कियो?" २५ तब मानिसहरूले
भन्नेछन् 'उहाँले तिनीहरूलाई मिश्रबाट
ल्याउनुहुँदा तिनीहरूका पुर्खाहरूसँग बाँध्न
भएका करार तिनीहरूले त्यागेका थिए।
२६ अनि तिनीहरूले नजानेका र उहाँले
तिनीहरूलाई निषेध गर्नुभएका अन्य देवता-
हरूको सेवा र पूजा गरेका थिए। २७ यस-
कारण परमप्रभुको क्रोध यस देशमाथि
दन्कियो र यस पुस्तकमा लेखिएका सबै
सरापहरू यहाँ खनिए। २८ औ परमप्रभुले
रीस र क्रोध र ठूलो कोपमा तिनीहरूलाई
तिनीहरूका देशबाट उखेल्नुभयो, र अर्को
देशमा फालिदिनुभयो, जस्तो आज भएको छ।"

२९ रहस्यका कुराहरू परमप्रभु हाम्रा
परमेश्वरका हुन्। तर हामीले यस व्यवस्थाका
सम्पूर्ण वचन पालन गर्नलाई प्रकटित विषयहरू
हाम्रा र हाम्रा सन्तानका लागि सदाको
निम्ति हुन्।

प्रार्थना र बिन्तीहरू

३० परमप्रभु परमेश्वरले सबै जातिहरूको
बीचमा तिमीहरूलाई धपाइपठाउनु
भएपछि जब यी आशिष र सराप तिमीहरूमाथि
पर्दा तिनको स्मरण गरेर २ तिमीहरू र
तिमीहरूका सन्तान आफ्ना परमप्रभु परमेश्वर-
कहाँ फर्कनेछौ, र आज मैले आज्ञा गरेका
उहाँका वचन आफ्नो पूरो हृदय र प्राणले
मान्नेछौ, ३ तब परमप्रभु परमेश्वरले
तिमीहरूका सुदिन फर्काउनुहुनेछ र तिमीहरूलाई
टिठाउनु हुनेछ र तितर बितर पार्नुभएको
जाति जातिका बीचबाट तिमीहरूलाई बटुलेर
ल्याउनुहुनेछ। ४ फालिएकाहरू कोही पृथ्वीको
पल्लो कुनामा छ भने पनि त्यहाँबाट परमप्रभु
परमेश्वरले तिमीहरूलाई बटुल्नुहुन्छ, र
त्यहाँबाट उहाँले तिमीहरूलाई ल्याउनुहुनेछ।
५ तिमीहरूका पिता-पुर्खाले अधिकार गरेको
देशमा परमप्रभु परमेश्वरले तिमीहरूलाई
ल्याउनु हुनेछ, र तिमीहरूले त्यसको अधिकार
गर्नेछौ, र उहाँले तिमीहरूलाई तिमीहरूका
पिता-पुर्खाभन्दा उन्नतशील र असंख्य बनाउनु-
हुनेछ। ६ तिमीहरूका परमप्रभु परमेश्वरलाई
तिमीहरूले आफ्नो सारा हृदय र प्राणले
प्रेम गर्नलाई उहाँले तिमीहरूको र तिमीहरूको
सन्तानको हृदय परिवर्तन गर्नुहुनेछ, र तिमीहरू
दीर्घायु हुनेछौ। ७ तिमीहरूका परमप्रभु
परमेश्वरले यी सबै सरापहरू तिमीहरूलाई
खेदो गर्ने वैरी र तिमीहरूका शत्रुहरूमाथि
ल्याउनुहुनेछ। ८ त्यसपछि तिमीहरू फेरि
परमप्रभुको वचन मान्नेछौ, र आज मैले
तिमीहरूलाई गरेका उहाँका सबै आज्ञाहरू
पालन गर्नेछौ। ९ औ तिमीहरूका हातका
सबै काममा, सन्तानमा, गाई-वस्तुमा र
भूमिको उब्जनीमा परमप्रभु परमेश्वरले तिमी-
हरूलाई अघोर वृद्धि गराउनुहुनेछ।' तिमी-
हरूको पिता-पुर्खाको वृद्धिमा परमप्रभु प्रसन्न
भएझैँ तिमीहरूलाई वृद्धि गर्ने पनि खुशी
हुनुहुनेछ। १० व्यवस्थाको यस पुस्तकमा
लेखिएका उहाँका आज्ञा र विधिहरू मान्नलाई
तिमीहरूले परमप्रभुको वचन सुन्यौ भने र
आफ्नो पूरो हृदय र प्राणले परमप्रभु
आफ्ना परमेश्वरतिर तिमीहरू फर्क्यौ भने
यस्तो हुनेछ।

११ आज मैले तिमीहरूलाई दिएको
आज्ञा तिमीहरूको निम्ति साह्रै टाढ़ो वा
गाह्रो छैन। १२ 'हाम्रो निम्ति स्वर्ग गएर
कसले त्यो ल्याइदिने? हामी त्यो सुन्ने
थियौं र पालन गर्नेथियौं' भनी तिमीहरूले
भन्नुपर्दैन, किनभने त्यो स्वर्गमा छैन;
१३ कसले सागर पारि गएर हामीलाई त्यो
ल्याइदिने? हामी त्यो सुन्नेथियौं र पालन
गर्नेथियौं'' भन्नु पर्दैन, किनभने त्यो
सागरको पल्लो छेउमा पनि छैन। १४ तर
तिमीहरूले पालन गर्नलाई वचन तिमीहरूको
नजीकै छ—तिमीहरूकै मुख र तिमीहरूकै
हृदयमा छ।

१५ हेर, आज मैले तिमीहरूको अगि
जीवन र हित, औ मृत्यु र अहित राखेको
छु। १६ यसैकारण परमप्रभु परमेश्वरलाई
प्रेम गर्न, उहाँको मार्गमा हिँड्न र उहाँको
आज्ञा, विधि विधान पालन गर्नलाई म
तिमीहरूलाई आदेश दिंदछु—तब मात्र तिमीहरू
जिउने छौ, तिमीहरूको वृद्धि हुनेछ र
तिमीहरूले अधिकार गर्न लागेका देशमा
परमप्रभु परमेश्वरले तिमीहरूलाई आशिष
दिनुहुनेछ। १७ तर तिमीहरूका हृदय
बरालिएर अट्टेरी भयौ र अन्य देवताहरू प्रति
आकर्षित भएर तिनीहरूलाई पुज्न र सेवा
गर्नलाग्यौ भने १८ तिमीहरू निश्चय नाश
हुनेछौ भनी म आज चेताउनी दिंदछु,
र यर्दनपारि अधिकार गर्न जान लागेको
देशमा तिमीहरू धेरै दिन बाँच्नेछैनौ।
१९ आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूको
सामने साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि
जीवन र मृत्यु, आशिष र सराप राखेको
छु। यसकारण जीवनलै रोज र तिमीहरू
र तिमीहरूका भावी पुस्ता जिउनेछौ।

२० परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम
गर्दै उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन
बन्दै बाँचिरहो किनकि यसो गर्नुनै तिमीहरूका
निम्ति जीवन हो, र तिमीहरू दीर्घायु हुनेछौ।
औ तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र
याकूबसित परमप्रभुले तिमीहरूलाई दिने
प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरू निवास
गर्नेछौ।"

मोशाका अन्तिम आदेश

३१ फेरि सारा इस्राएललाई मोशाले
यी वचनहरू सुनाए। २ उनले
तिनीहरूलाई भने, "आज म एक सय बीस वर्ष
पुगें। अब म बाहिर भित्र गर्नसक्तिनँ, 'तँ
यर्दन पारि जानेछैनस्,' भनी परमप्रभुले मलाई
भन्नुभएको छ। ३ परमप्रभु तिमीहरूका
परमेश्वरनै तिमीहरूका अगि पारि जानुहुनेछ।
उहाँले तिमीहरूको सामनेबाट ती जातिहरूलाई
नाश पार्नुहुनेछ। औ तिमीहरूले तिनीहरूको
देश ओगटने छौ। परमप्रभुले भनेअनुसार
यहोशू नायके भएर तिमीहरूका अगिअगि
पारि जानेछन्। ४ एमोरीहरूका राजा
सीहोन र ओग र तिनीहरूको देशलाई नाश
गर्नुभएझैं परमप्रभुले तिनीहरूलाई पनि नाश
गर्नुहुनेछ। ५ परमप्रभुले तिनीहरूलाई
तिमीहरूका अधीनमा सुम्पिदिनुहुन्छ, र मैले
तिमीहरूलाई गरेका सबै आदेश अनुसार
तिमीहरूले तिनीहरूसित गर। ६ बलियो र
साहसी होओ! न डराओ! तिनीहरूसित
त्रासित नहोओ! किनभने परमप्रभु परमेश्वरनै
तिमीहरूसँग जानुहुन्छ। उहाँले तिमीहरूलाई
धोखा दिनुहुनेछैन, निराश तुल्याउनुहुनेछैन
उहाँले तिमीहरूलाई त्याग्नुहुनेछैन।"
७ औ मोशाले यहोशूलाई बोलाएर सारा
इस्राएलीहरूको सामने तिनलाई भने, "बलियो
र साहसी होऊ! किनकि परमप्रभुले तिमी-
हरूका पिता-पुर्खासित दिन्छु भनी प्रतिज्ञा
गर्नुभएको देशमा मानिसहरूसँग तिमीनै
जानेछौ, र त्यो तिनीहरूलाई अधिकार
गराउनेछौ। ८ परमप्रभु, तिम्रो अगि अगि
जानुहुनेछ। उहाँ तिमीसित हुनुहुनेछ।
उहाँले तिमीलाई निराश गर्नुहुनेछैन,
तिमीलाई त्याग्नुहुनेछैन। नडराऊ निरुत्साह
नहोऊ।"

मोशाले पूजाहारीहरूलाई व्यवस्था सुम्पेका

९ त्यसपछि मोशाले व्यवस्था लेखेर
परमप्रभुको करारको सन्दुक बोक्नेहरू, लेवी
वंशका पूजाहारीहरू र इस्राएलका सबै बूढा-
प्रधानहरूलाई दिए। १० तब मोशाले
तिनीहरूलाई यस्तो आदेश दिए, "प्रत्येक
सात वर्षको अन्तमा छुटकाराको वर्षको
तोकिएको समय, अर्थात झुप्रो-बासको चाड़मा,
११ उहाँले छान्नुहुने ठाँउमा परमप्रभु
तिमीहरूका परमेश्वरको सामने जब सारा
इस्राएलीहरू देखा पर्नलाई आँउछन् त्यसबेला
सारा इस्राएलका सामने तिनीहरूले सुन्नेगरी
तिमीहरूले यो व्यवस्था पढ्नू। १२ स्त्री,
बालक र तिमीहरूका शहरभित्र भएका
परदेशीहरू सबैलाई भेला गर—र तिनीहरूले
सुनेर परमप्रभु तिमीहरूका परमेश्वरका भय
मान्न सिकून् औ यस व्यवस्थाका सबै आज्ञा
होशियारीसाथ पालन गरून्। १३ यर्दन
पारि तिमीहरूले अधिकार गर्ने मुलुकमा जति
काल तिमीहरू बस्नेछौ त्यहाँ यो व्यवस्था
नजान्ने तिमीहरूका छोरा छोरीहरूले पनि
सुनेर परमप्रभु परमेश्वरको भय मान्न
सिक्नेछन्।
१४ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"हेर्, तेरो मृत्यु नजीक आइपुग्यो। यसकारण
यहोशूलाई बोला, र भेट हुने पालमा
तिमीहरू हाजिर होओ, र म त्यसलाई कार्यभार
सुम्पनेछु।" तब मोशा र यहोशू गएर भेट
हुने पालमा हाजिर भए। १५ अनि
परमप्रभु पालमा एउटा बादलको खामामा

देखा पर्नभयो, र त्यो बादलको खामा पालको
ढोकामाथि स्थिर भयो ।

मोशाको स्तुतिगानको भूमिका

१६ तब परमप्रभुले मोशालाई भन्नुभयो,
"हेर्, तेरा पिता-पुर्खाहरू जस्तै तँ मर्न लागेको
छस् । तँ मरेपछि यिनीहरू गइरहेको देशमा
पुगेर यी मानिसहरूले अन्य देवताहरूसँग
व्यभिचार गर्नेछन्, मलाई त्यागेर मैंले
तिनीहरूसित बाँधेको मेरो करार तोड्नेछन् ।
१७ तब त्यसदिन मेरो क्रोध तिनीहरू माथि
दन्कनेछ र म तिनीहरूलाई त्याग्नेछु, र
तिनीहरूबाट आफ्नो मुख लुकाउनेछु । औ
तिनीहरू लुटिनेछन्, र भयानक आपत विपत
तिनीहरूमाथि आइपर्नेछन् । तब त्यसदिन
तिनीहरूले भन्नेछन्, "हाम्रा परमेश्वर हाम्रो
बीचमा नभएरनै हामीमाथि यस्तो विपत्ति
आएको हो ।" १८ अन्य देवताहरूसँग लागेर
तिनीहरूले गरेका सबै खराबीले गर्दा त्यस
दिन म आफ्नो मुख लुकाउनेछु । १९ यस-
कारण अब तिनीहरूका लागि यो भजन
लेखेर इस्राएलीहरूलाई कण्ठस्थ गर्न लगा ।
इस्राएलीहरूका निम्ति यो भजन मेरो साक्षी
ठहरिओस् । २० तिनीहरूको पिता-पुर्खालाई
दिने प्रतिज्ञा गरेको दूध र मह बग्ने देशमा
मैंले पुर्‍याएपछि तिनीहरू खाई पिई मोटाएर
अन्य देवताहरूतिर लाग्नेछन् । मलाई
घृणा गरेर मेरो करार उल्लंघन गर्नेछन् ।
२१ धेरै आपत विपत तिनीहरूमाथि आए-
पछि यो भजन तिनीहरूको निम्ति गवाह
झैं हुनेछ त्यो तिनीहरूका सन्तानले कहिल्यै
बिर्सनेछैन । तिनीहरूलाई प्रतिज्ञामा दिन्छु भनेको
देशमा पुर्‍याउन अघिनै मैंले तिनीहरूको
मनको अभिप्राय बुझिसकेको छु ।" २२ तब
मोशाले त्यसै दिन यो भजन लेखेर इस्राएली-
हरूलाई सिकाए ।
२३ परमप्रभुले नूनको छोरा यहोशूलाई
कार्यभार दिई भन्नुभयो, "बलियो र
साहसी हो ! किनकि मैंले दिन्छु भनी प्रतिज्ञा
गरेको देशमा तैंले नै इस्राएलीहरूलाई
पुर्‍याउनेछस्, औ म तँसँग हुनेछु ।"
२४ मोशाले यो व्यवस्थाको वचन
आखिरीसम्म लेखिसिद्धयाए पछि २५ परम-
प्रभुको करारको सन्दुक बोक्ने लेवीहरूलाई आज्ञा
गरे, २६ "व्यवस्थाको यो पुस्तक परमप्रभु
तिमीहरूका परमेश्वरको करारको सन्दुकको
छेउमा राख र त्यो तिमीहरूका साक्षीको
रूपमा त्यहाँ रहोस्, २७ किनकि म तिमी-
हरूको विद्रोह र हठ जान्दछु । हेर, आज मेरो
जीवनकाल मानै तिमीहरू परमप्रभुको विरुद्धमा
उठेका छौ भने, मेरो मृत्युपछि अझ कति
साह्रो विद्रोह गर्नेछौ । २८ तिमीहरूका
कुलका सबै नायकेहरूलाई मकहाँ भेला गराओ,
र म यी वचन तिनीहरूलाई सुनाउनेछु, र
तिनीहरूका निम्ति आकाश र धरती साक्षी
राख्नेछु । २९ किनभने मेरो मृत्युपछि
तिमीहरू अवश्य भ्रष्ट बनेर मैंले आदेश गरेको
मार्गबाट तर्केर जानेछौ । तिमीहरूले परम-
प्रभुको दृष्टिमा दुष्ट काम गरेर उहाँलाई क्रोधित
तुल्याएको हुनाले पछि पछि तिमीहरूमाथि
विपत्ति आइपर्नेछ ।"

मोशाको स्तुति

३० त्यसपछि मोशाले यो भजन आखिरी-
सम्म इस्राएलीहरूका सारा समुदायलाई
सुनाए ।

३२ हे आकाश म के भन्छु ध्यान
दिई सुन
पृथ्वीले मैंले बोलेको वचन सुनोस् ।
२ मेरो शिक्षा झरिझैं वर्षनेछ,
मेरो बोली शीतझैं टप्कनेछ,
कलिलो घाँसमाथि सिमसिमे पानीझैं,
औ झारपातमाथि दर्कने पानीझैं !
३ किनकि म परमप्रभु नाउको घोषणा
गर्नेछु

परमेश्वरको महानताको कदर गर।
४ उहाँनै चटान हुनुहुन्छ। उहाँको काम
सिद्ध छ,
किनकि उहाँका सबै काम न्यायसँगत
छन्।
परमेश्वर विश्वासयोग्य र अधर्मविहीन,
न्यायी र सत्य हुनुहुन्छ।
५ तिनीहरूले उहाँसँग भ्रष्ट व्यवहार गरे,
तिनीहरूको खोटको कारणले तिनीहरू
उहाँको सन्तान हुनसक्तैनन्। तिनीहरू
पतित र खराब पुस्ताका मानिसहरू हुन्
६ हे मुर्ख र निर्बुद्धि मानिस हो,
के तिमीहरू परमप्रभुलाई यसरी बदला
चुकाउँछौ? के तँलाई सृष्टि गर्ने,
बनाउने र स्थापित गर्ने
उहाँनै तेरा पिता हुनुहुन्न र?
७ उहिले उहिलेका दिनको स्मरण गर्,
युग युग अघिका पुस्ताका बारेमा सोच्
तेरा बाबुलाई सोध्, उनले तँलाई
बताउनेछन्
बूढ़ा-पाकाहरूलाई सोध् र तिनीहरूले
तँलाई भन्नेछन्
८ जब सर्वोच्च परमेश्वरले जाति जातिहरूलाई
तिनीहरूका अधिकार दिनुभयो,
जब उहाँले सबै मानिसजातिलाई
पृथक गर्नुभयो,
तब उहाँले इस्राएलीहरूको संख्याअनुसार
जाति जातिका सीमाना ठहराइदिनुभयो।
९ परमप्रभुको निज हिस्सा उहाँका
मानिसहरू हुन्
याकूब उहाँको अधिकारको भाग हो।
१० उहाँले तिनलाई निर्जन स्थानमा
पाउनुभयो,
औ उराठलाग्दो आवाजले भरिएको
उजाड ठाँउमा
उहाँले तिनलाई चारैतिरबाट हेरचाह
गर्नुभयो,
उहाँले तिनलाई आफ्नो आँखाको नानी
झैं रक्षा गर्नुभयो।

११ आफ्नो बचेराहरूमाथि नजर राखी काबा
खाने
पखेटा फैलाई बचेरालाई थाम्ने
र आफ्नो पखेटामा बोक्ने गरुड़ले झैं
१२ परमप्रभु एक्लैले तिनलाई अगुवाइ
गर्नुभयो,
औ उहाँसँग अर्को देवता थिएन।
१३ उहाँले तिनलाई पृथ्वीका अग्ला
ठाँउहरूमाथि
सवार गराउनुभयो,
अनि तिनले खेतको उब्जनी खायो
औ उहाँले तिनलाई पहराको मह
र दर्शनढुङ्गाबाट तेल खुवाउनुभयो
१४ गाईको दही र भेड़ाको दूध
पाठाको बोसोसमेत,
बशानको बगालका साँढ़-भेड़ा र बोकाहरू,
औ गहुँको सबैभन्दा असल पीठो
र दाखको रस तैंले पिउँथिस्।
१५ तर यशूरूनले मोटाएर लात हान्यो,
त मोटाइस्, तँ पुष्ट भइस्, तँ
चिल्लो भइस्,
तब त्यसले आफूलाई सृष्टि गर्ने परमेश्वर-
लाई त्याग्यो,
र आफ्नो उद्धारको चटानलाई तुच्छ
ठान्यो।
१६ तिनीहरूले अन्य देवताहरूको कारण
उहाँलाई
डाही तुल्याए,
घृणित थोकहरूद्वारा तिनीहरूले उहाँलाई
रीस उठाए।
१७ जो ईश्वर होइनन् त्यही भूतहरूलाई
बलि चढाए,
कहिल्यै नचिनेका देवताहरूलाई,
र तिमीहरूका पिता पुर्खाले कहिल्यै
भक्ति नगरेका
नौला देवताहरूलाई तिनीहरूले बलि
चढ़ाए।
१८ तँलाई जन्माउने चटानको तँ वास्ता
गर्दैनस्,

औ तँलाई जन्म दिने परमेश्वरलाई
तैंले बिर्सिस्।
१९ त्यो देखेर परमप्रभुले तिनीहरूलाई
तिरष्कार गर्नुभयो
किनभने उहाँका छोरा छोरीहरूले रीस
उठाए।
२० तब उहाँले भन्नुभयो, 'म तिनीहरूबाट
आफ्नो मुख लुकाउनेछु।
तिनीहरूको अन्त के हुनेछ,
म हेर्नेछु किनकि तिनीहरू पतित पुस्ताका
भरोसै नभएका सन्तान हुन्।
२१ जो ईश्वर होइन, त्यसको कारण
तिनीहरूले मलाई डाही तुल्याए,
मूर्तिहरू द्वारा तिनीहरूले मलाई रीस
उठाए,
एक तुच्छ जाति प्रति अब तिनीहरूको
डाह जगाउँछु।
एउटा मुर्ख जातिप्रति म
तिनीहरूको रीस जगाउँछु,
२२ किनकि मेरो रीसको आगो दन्केको छ,
औ पातालको गहिराइसम्मै ज्वाला पुग्छ,
औ भूमिलाई त्यसको उब्जनीसँगै
त्यसले खान्छ
औ पर्वतहरूका जगहरू जलाइदिन्छ।
२३ म तिनीहरूमाथि विपत्तिमाथि विपत्ति
ल्याउनेछु
म आफ्ना काँड तिनीहरूमाथि चलाउनेछु।
२४ तिनीहरू भोकले क्षिण अनि ज्वलन्त ताप
र असाध्य महामारीले नष्ट हुनेछन्।
तिनीहरूलाई लुछ्न म जानवर पठाउनेछु
र भूइँमा घस्रने सर्पहरू पठाउनेछु
२५ गल्ली गल्लीमा तरवारले तिनीहरूलाई टुहुरो
बनाउनेछ
घर घरमा आतंक फैलाउनेछ।
त्यसले युवक-युवती दुवैलाइ नाश गर्नेछ,
दूधे-बालक बूढ़ा-पाका सबैलाई।
२६ मैंले भनें, 'म तिनीहरूलाई टाढ़ा टाढ़ासम्म
तितर बितर पार्नेछु,
म मानिसहरूको बीचबाट तिनीहरूको
सम्झना मेटिदिनेछु।'
२७ शत्रुहरूले भूल धारणा गरेर
'हामीहरूका आफ्नै हातले विजय पायौं
औ परमप्रभुले यो सबै गर्नुभएको होइन।'
भनी मलाई रीस उठाउलान्।
२८ किनकि तिनीहरू परामर्ष नपाएको जाति हो,
औ तिनीहरूमा केही समझ शक्ति नै छैन
२९ तिनीहरू बुद्धिमान भए यो कुरा बुझ्ने थिए
तिनीहरूले आफ्ना अन्त बुझ्ने थिए
३० तिनीहरूका चटानले तिनीहरूलाई
बेचिसकेको छ, परमप्रभुले तिनीहरूलाई
त्यागिसक्नुभएको छ, र कसरी एक जनाले
एक हजारलाई खेद्नसक्छ? कसरी
दुइ जनाले दुइ हजारलाई खेद्नसक्छ?
३१ किनकि तिनीहरूको चटान हाम्रो चटान
जस्तो होइन,
हाम्रा शत्रुहरू आफै पनि यो जान्दछन्।
३२ किनकि तिनीहरूका दाख सदोमको दाख
गमोराका बारीबाट ल्याएको हो।
तिनीहरूका दाखहरू बिखालु र
दाखका झुप्पा तीता छन्,
३३ तिनीहरूका दाखमद्य सर्पको विष,
र विषालु सर्पको कड़ा विष हो।
३४ यो मैंले साँचेर राखेको छु
मेरा भण्डारका छाप मारेर राखेको छु।
३५ दण्ड र बदला दिनको
लागि, तिनीहरू चिप्लेर
लड़ने बेलाको लागि, तिनीहरूको
पतनको दिन आइपुग्यो, तिनीहरूको
सर्वनाशको समय नजीक आइसक्यो
३६ कुनै बन्धुवा वा फुक्का कसैमा
शक्ति नभएको देखेर परमप्रभुबाट उहाँका
प्रजाले निसाफ पाउनेछ, अनि आफ्ना
प्रजामाथि उहाँ निगाह राख्नुहुन्छ।
३७ तब उहाँले भन्नुहुनेछ, 'तिनीहरूका
देवताहरू कहाँ छन?
तिनीहरूले भरोसा राखेको चटान?
३८ जसले तिनीहरूका बलिदानको बोसो खान्थे,
र तिनीहरूको अर्घको दाखमद्य पिउँथे?

तिनीहरू उठेर तिमीहरूको सहायता गरून्।
र तिमीहरूको रक्षक होऊन्।'
३९ अब हेर, म मात्र हुँ,
औ म बाहेक अरू कोही ईश्वर छैन।
मनै मार्दछु, र मनै जीवित पार्दछु।
मनै चोट लाउँछु र मनै निको पार्छु
औ मेरा हातबाट छुटाउने कोही छैन।
४० म आफ्नो हात स्वर्गतिर उठाएर मेरो
अमर जीवनको शपथ खान्छु।
४१ यदि मैले आफ्नो चम्कने तरवारमा
सान लगाएँ भने,
र मेरो हातले न्याय समात्यो भने
म मेरा विरोधीहरूमाथि बद्ला लिनेछु,
औ मलाई तिरष्कार गर्नेहरूलाई साटो
फेर्नेछु।
४२ मारिएका र कैदमा पर्नेका रगतले।
म मेरा काँडहरूलाई रगतले मताउनेछु,
शत्रुहरूका नायकेको मन्टोको मेरो
तरवारले मासु खानेछ।

४३ हे अन्यजाति हो, उहाँका प्रजाको
प्रशंसा गर, किनकि उहाँले आफ्ना दासहरूको
रगतको बद्ला लिनुहुनेछ, औ आफ्ना
विरोधीहरूलाई साटो लिनुहुनेछ, औ आफ्नो
देश र आफ्ना प्रजाको लागि प्रायश्चित
गर्नुहुनेछ।

४४ अनि मोशा र नूनको छोरो होशे
आएर मानिसहरूलाई यस भजनका सबै वचन
सुनाए। ४५ मोशाले सारा इस्राएलीहरूलाई
यी सबै वचनहरू भनी समाप्त गरे
४६ उनले तिनीहरूलाई भने, "आज मैले
तिमीहरूलाई दिएका सबै वचनहरू आफ्नो
मनमा राख आफ्ना छोरा छोरीहरूलाई पनि
यस व्यवस्थाका सबै वचनहरू होशियारीसाथ
पालन गर्ने आज्ञा देओ। ४७ किनभने यो
तिमीहरूको लागि साधारण कुरो होइन। यो
तिमीहरूको जीवन हो, औ यसै द्वारा यर्दन
पारि अधिकार गर्नलाई जानलागेको देशमा
तिमीहरू दीर्घायु हुनेछौ।"

४८ औ परमप्रभुले त्यही दिन मोशालाई
यसो भन्नुभयो, ४९ 'यरीहोको सामने
मोआब देशमा भएको अबारीम पहाड्को नबो
डाँड़ामाथि उक्लेर जा, र मैले इस्राएलीहरूको
अधिकारमा दिने कनान देशलाई हेर्।
५० अनि जसरी तेरो दाज्यू हारून होर
पर्वतमा मर्‍यो अनि मरिगएका आफन्तहरूकहाँ
गयो त्यसरी तँ उक्लेर जाने त्यस पर्वतमा
मर्नेछस् र मरिगएका आफन्तहरूकहाँ जानेछस्।
५१ किनभने तिमीहरू दुवैले सीनको उजाड्-
स्थानको मरीबाको कादेशमा इस्राएलीहरूका
मध्यमा मेरो अनादर गर्‍यौ, किनकि तिमीहरूले
इस्राएलीहरूका बीचमा मेरो पवित्रताको कदर
गरेनौ। ५२ त्यसैकारण मैले इस्राएलीहरूलाई
दिने त्यस देशलाई देख्नेछस् तर त्यहाँ तँ
जान पाउनेछैनस्।"

मोशाले बाह्र कुललाई आशिष् दिएका

३३ परमेश्वरका मानिस मोशाले आफ्नो
मृत्युभन्दा अघि इस्राएलीहरूलाई दिएको
आशीर्वाद—२ उनले भने,
"परमप्रभु सीनैबाट आउनुभयो
औ सेईरबाट हामीकहाँ उदय हुनुभयो।
उहाँ पारान डाँड़ाबाट चम्कनुभयो
औ लाखौं पवित्र जनबाट आउनुभयो।
उहाँको दाहिने बाहुलिमा ज्वालमय अग्नि
थियो।
३ निश्चय उहाँ आफ्ना प्रजालाई प्यारो
गर्नुहुन्छ,
उहाँका सबै सन्तानहरू उहाँकै हातमा
छन्।
तिनीहरू तपाइंका चरणनेर बसेका छन्,
र प्रत्येकले तपाइंका अर्ति लिन्छन्।
४ मोशाको व्यवस्था
याकूबको समुदायको निम्ति दिइयो
५ उहाँ यशूरूनमा राजा हुनुभयो,
जब प्रजाका नेताहरू जम्मा भए,
इस्राएलका सबै कुल एकसाथ आए।

६ रूबेन बाँचिरहोस्, र न मरोस्,
तर त्यसका मानिसहरू थोरै न होउन्।''
७ यहूदा को विषयमा
उनले भने,
"हे परमप्रभु, यहूदाको सोर सुन्नुहोस्,
औ त्यसलाई त्यसका मानिसहरूकहाँ
त्याउनुहोस्।
तपाईंकै बाहुलीले त्यसको निम्ति लड़ाइँ
गर्नुहोस
त्यसका विरोधीहरूका विरुद्ध तपाइं
त्यसको सहायक हुनुहोस्।"
८ औ लेवीको विषयमा उनले भने,
"तपाइंको तुम्मीम र तपाईंको ऊरीम
तपाइंका भक्त जनसित छन्,
जसलाई तपाईंले मस्सामा जाँच्नुभयो,
जोसित तपाइं मरीबका पानीमा झगड़ा
गर्नुभयो।
९ त्यसले आफ्ना पिता र आफ्ना माताको
विषयमा
'मैंले उसलाई देखेको छैन्,' भन्यो,
उसले आफ्ना दाज्यू-भाइहरूलाई इन्कार
गर्‍यो,
आफ्नै बाल-बच्चा त्याग्यो
किनकि तिनीहरूले तपाइंका वचन मानेका
छन्,
औ तपाइंका करार पालन गरेका छन्।
१० तिनीहरूले याकूबलाई तपाइंका विधिहरू
सिकाउनेछन्,
र इस्राएललाई तपाईंका व्यवस्था
सिकाउनेछन्।
तिनीहरूले तपाइंको सामने धूप
हाल्नेछन्,
औ सम्पूर्ण होमबलि तपाईंको वेदीमाथि
चढ़ाउनेछन्।
११ हे परमप्रभु, त्यसका धन-सम्पत्तिमा
आशिष दिनुहोस्,
र त्यसका हातका काम ग्रहण गर्नुहोस्,
त्यसका विरोधी र त्यसलाई घृणा
गर्नेहरूका हर खसालिदिनुहोस्,
तिनीहरू फेरि उठ्न नसकून्।''
१२ बिन्यामीनको विषयमा उनले भने,
"परमप्रभुको प्रिय उहाँको नजीक
सुरक्षित रहनेछ,
उहाँले त्यसलाई दिनभरि ढाकिराख्नुहुन्छ,
र त्यो उहाँको काँधका बीच बसो बासो
गर्छ
१३ अनि यूसुफको विषयमा उनले भने,
माथि आकाश र तल गहराईले सिंचेर
त्यसको भूमि परमप्रभुद्वारा आशीषित
रहोस्
१४ घामले उब्जाउने
र ऋतु ऋतुका उत्तम फलहरू
१५ प्राचिन पर्वतका सर्वोत्तम उत्पादन
र अनन्तका डाँड़ाका प्रचुरता
१६ औ पृथ्वी र त्यसको परिपूर्णताका
बहुमूल्य दान,
जो पोथ्रामा रहनुहुनेको, निगाह।
यूसुफको शिरमाथि यी सबै आशिष
आओस्,
औ जो आफ्ना दाज्यू-भाइमध्येको
कुमार हो उसैको शिर माथि।
१७ उ प्रतापी छ, पहिलो जन्मेको बाछो,
त्यसका सीङ अर्नाका सीङ हुन्।
तिनलेनै सबै मानिसहरूलाई पृथ्वीका
पल्लो छेउसम्मै घचेट्ने छ
तिनीहरू एप्रैमका लाखौं,
र मनश्शेका हजारौं हुन्।''
१८ अनि जबूलूनको विषयमा उनले भने,
"ए जबूलून, तँ बाहिर यता उता जाँदा
औ ए इस्साकार, तेरो पालमा तिमीहरू
हर्षित होओ।
१९ तिनीहरूले अन्यजातिहरूलाई पर्वतमा
बोलाउनेछन्,
त्यहाँ तिनीहरूले ठीक बलिदान
चढ़ाउनेछन्,
किनकि तिनीहरूले समुद्रको सम्पत्ति
र बालुवामा भएका गुप्त धन उपभोग गर्नेछन्।

२० औ गादको विषयमा उनले भने,
"गादलाई वृद्धि गर्ने धन्यको हो,
गाद सिंहनीझैं ढुकेर बस्छ,
औ पाखुरा फहराउँछ र थाप्लो पनि।
२१ अनि उसले आफ्नो निम्ति देशको उत्तम
भाग चुन्यो
किनकि मानिसहरूको नेताहरू भेला
भएको समयमा।
त्यसको निम्ति नायकेको
हिस्सा छुटाइएको थियो
र इस्राएलको निम्ति विधानहरू पाल्न
गरेर
परमप्रभुले उचित ठहराएको काम त्यसले
गर्‍यो
२२ औ दानको विषयमा उनले भने,
"बाशानबाट हाम फाल्दै आउने
दान सिंहको डमरू हो,"
२३ औ नप्तालीको विषयमा उनले भने,
"निगाहाले सन्तुष्ट
औ परमप्रभुको आशिषले भरपुर भएको
ए नप्ताली—
तैंले समुद्र र त्यसको दक्षिण भाग
अधिकार गर्।"
२४ औ आशेरको विषयमा उनले भने,
"आशेर, छोराहरूमध्ये आशीर्वादी होस्
त्यो आफ्ना दाज्यू-भाइहरूमा अति प्रिय
होस्।
अनि त्यसले आफ्ना खुट्टा तेलमा
धोओस।
२५ तेरा आग्ला फलाम र पीतलका होऊन्,
औ जस्तो तेरो दिन त्यस्तै तेरो शक्ति
हुनेछ।
२६ ए यशूरून, परमेश्वरजस्तो कोही छैन,
जो तेरो सहायताको लागि आकाशमाथि
सवारी हुनुहुन्छ,
आकाशमा आफ्नो प्रतापमा।
२७ अनन्तको परमेश्वर तेरा बासस्थान
हुनुहुन्छ,
औ मनितिर चाहिं सनातनका बाहु
औ उहाँले तेरो सामनेबाट शत्रुलाई
धपाउनुभयो
औ भन्नुभयो, 'नाश गर्।'
२८ अन्न र दाखमयको देशमा
जहाँ आकाशको शीत झर्छ
इस्राएल, याकूबको सन्तान सुरक्षित
रहनेछ
२९ ए इस्राएल, तँ धन्यको होस
तँ जस्तो को छ? परमप्रभुद्वारा मुक्ति
पाएको जाति,
उहाँ तेरो सहायताको ढाल, तेरो
विजयको तरवार हो।
औ तेरो शत्रुहरू आफै तेरो अधीनमा
लाचार भई आउनेछन्,
र तैंले तिनीहरूका पिठयुँमा टेक्नेछस्।",

मोशाको मृत्यु

३४ त्यसपछि मोशा मोआबको मैदानबाट
यरीहोको सामने भएको नबो पर्वतको
पिस्गा टाकुरामा उक्ले। औ परमप्रभुले
तिनलाई गिलादको समस्त देश दानसम्म
देखाउनुभयो २ समस्त नप्ताली, र एप्रैम र
मनश्शेको देश, औ पश्चिमको समुद्रसम्मको
यहूदाको समस्त देश, ३ दक्षिण देश र
सोअरसम्म खजुरका रूखहरू भएको शहर,
यरीहोको तराईको मैदान। ४ तब परम-
प्रभुले तिनलाई भन्नुभयो, "तेरो भावी सन्तान-
लाई दिनेछु भनी मैंले अब्राहाम, इसहाक र
याकूबसित प्रतिज्ञा गरेको देश यही हो। मैंले
तँलाई यो तेरै आँखाले हेर्न दिएँ, तर तँ त्यहाँ
जान पाउने छैनस।" ५ तब परमप्रभुको
वचनअनुसार परमप्रभुका दास मोशा मोआब
देशमा मरे। ६ औ मोआबको देशमा
बेतपोरको सामने एउटा बेंसीमा उहाँले
तिनलाई गाड्नुभयो। तर आजसम्म कसैलाई
उनको चिहान थाह छैन। ७ मोशाको
मृत्यु हुँदा उनी एक सय बीस वर्षका थिए।
उनको आँखा कमजोर भएको थिएन, उनको

बलपनि क्षीण भएको थिएन। ८ त्यसपछि
मोआबको मैदानमा इस्राएलीहरू मोशाको
लागि तीस दिनसम्म विलाप गरे। यसरी
मोशाका लागि शोक र विलाप गर्ने दिन
पूरा भए।

९ अनि नूनको छोरो यहोशू बुद्धिको
आत्माले उनीमाथि परिपूर्ण थिए, किनकि मोशाले
आफ्नो हात राखेका थिए। उनको कुरा
परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं
इस्राएलीहरूले पालन गरे। १० त्यस समयदेखि
इस्राएलीहरूमा मोशाजस्तो कोही अगमवक्ता
खड़ा भएको छैन, उनलाई परमप्रभुले घनिष्ठ-
सित जान्नुहुन्थ्यो, ११ औ तिनैलाई मिश्रमा
फिरऊन र तिनका सबै भारादारहरूकहाँ
तिनको समस्त देशमा चिह्न र आश्चर्य-
कर्महरू देखाउनलाई परमप्रभुले पठाउनुभयो।
१२ तिनले प्रबल शक्तिले सबै महान र भयानक
कामहरू इस्राएलीहरूलाई देखाएका थिए।

यहोशूको पुस्तक

मोशाको स्थानमा यहोशूको नियुक्ति

१ परमप्रभुका दास मोशाको मृत्युपछि,
मोशाको सेवक नूनको छोरो यहोशूलाई
परमप्रभुले यसो भन्नुभयो, २ "मेरो
दास मोशा मर्‍यो। यसकारण उठ्, तँ यी
सबै मानिसहरूलाई लिएर यर्दन पारि मैले
इस्राएलीहरूलाई दिने देशमा जा। ३ मैले
मोशालाई भनेझैं तिमीहरूका पैतालाले कुल्चिने
सबै जग्गा मैले तिमीहरूलाई दिएको छु।
४ उजाड़-स्थान र यस लबानोनदेखि लिएर
महानदी, अर्थात् परात नदीसम्म हित्तीहरूका
जम्मै देश, र पश्चिमतिर महासागरसम्मै
तिमीहरूको सीमाना हुनेछ। ५ तेरो जीवन-
भरि तेरो सामने कोही मानिस खड़ा हुनसक्ने
छैन। जसरी म मोशासँग रहें, त्यसरीनै
म तँसँग रहनेछु, म तँलाई धोखा
दिनेछैनँ। औ तँलाई त्यागनेछैनँ।
६ बलियो र खूब साहसी बन् किनकि
मैले तिनीहरूलाई दिन्छु भनेर तिनीहरूका
पिता-पुर्खाहरूसित प्रतिज्ञा गरेको देश
तिनीहरूको अधिकारमा तँले गराउनसक्नेछस्।
७ केवल बलियो र अति साहसी भएर मेरो
दास मोशाले तँलाई आज्ञा गरेअनुसार सबै
व्यवस्था पालन गर्। त्यसबाट दाहिनेतिर
देब्रेतिर नफर्की। तँ जहींगए पनि सफलता
पाउनेछस्। ८ व्यवस्थाको यो पुस्तक तेरो
ओंठबाट नहटोस्, तर त्यसमाथि तँले दिन-रात
ध्यान गर्नू अनि त्यसमा लेखिएका सबै कुरो
होशियारीसाथ पालन गर्नू, र मात्र तेरा सबै
मार्गहरूमा उन्नती गर्नेछस् र सफलता
पाउनेछस्। ९ तँलाई मेरो आज्ञा छ बलियो
र खूबै साहसी हो, नडरा, निराश नहो,
किनकि तँ जहाँ गए पनि, परमप्रभु तेरा
परमेश्वर, तेरो साथमा हुनुहुनेछ"।

यर्दन नदी तर्ने तयारी

१० तब यहोशूले मानिसहरूका नायके-
हरूलाई हुकूम गरे, ११ "छाउनीका बीचबाट

गएर मानिसहरूलाई आदेश दिई भन्, 'आफ्ना
आफ्ना खाने सामान तयार गर, किनकि तीन
दिनभित्र परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुभएको देश अधिकार गर्नलाई
तिमीहरू यो यर्दन पारि जानुपर्छ।''
१२ अनि यहोशूले रूबेनी, गादी र
मनश्शेका आधा कुललाई भने, १३ परम-
प्रभुका दास मोशाले तिमीहरूलाई आज्ञा
दिएका वचन अर्थात् 'परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई विश्राम दिनुहुन्छ,'
भन्ने वचन सम्झ १४ तिमीहरूका स्त्रीहरू
बाल-बच्चाहरू र गाई-वस्तुहरू मोशाले
तिमीहरूलाई यर्दनको वारिपट्टि दिएका
देशमा रहनेछन्। तर तिमीहरू सबै योद्धाहरू
हतियार भिरी आफ्ना आफ्ना दाज्यू-
भाइहरूका अगिअगि जानुपर्छ १५ अनि
जबसम्म तिमीहरूलाई झैं परमप्रभुले उनीहरूलाई
पनि विश्राम दिनुहुन्न अनि परमप्रभु परमेश्वरले
दिनुहुने देश उनीहरूले जबसम्म अधिकार गर्ने
छैनन् तिमीहरूले उनीहरूलाई मदत गर्नुपर्छ।
त्यसपछि परमप्रभुका दास मोशाले यर्दन-वारि
पूर्वतिर तिमीहरूलाई दिएको मुलुकमा फर्केर
त्यसको अधिकार गर्नसक्नेछौ।'' १६ अनि
तिनीहरूले यहोशूलाई यसो भने "तपाईं
हामीलाई जे जे आज्ञा गर्नुहुन्छ त्यो हामी
गर्नेछौं, र तपाईं हामीलाई जहाँ जहाँ
पठाउनुहुन्छ, हामी त्यहाँ जानेछौं।
१७ जसरी हामीले मोशाका सबै कुरा मान्थ्यौं
त्यसरी हामी तपाईंलाई पनि मान्नेछौं, परमप्रभु
तपाईंका परमेश्वर जसरी मोशाका साथमा
हुनुहुन्थ्यो, त्यसरी तपाईंका साथमा पनि रहून्।
१८ तपाईंका आज्ञाका विरुद्धमा जो खड़ा
होला र तपाईंले आज्ञा गर्नुभएका वचनहरू
पालन नगर्ने जो होला, त्यो मारिनेछ। केवल
तपाईं बलियो र साहसी हुनुहोस्।"

यरीहोमा दुइ जासूस

२ अनि नूनको छोरो यहोशूले शित्तीमबाट
दुइ जनालाई जासूसी गर्न पठाएर
भने, "त्यस मुलुक र विशेषगरी यरीहोको
भेद लिएर आओ।'' तिनीहरू गए, र
राहाब नाउँ भएको एक वेश्याको
घरमा आइपुगे, र त्यहीं बास बसे।
२ तब कसैले यरीहोका राजालाई यसो
भनिदियो, "हेर्नुहोस्, इस्राएली वंशका
मानिसहरू यस देशको भेद लिनलाई आज
राती यतातिर आएका छन्।'' ३ तब यरीहोको
राजाले राहाबकहाँ हुकुम पठाए, "तँकहाँ
आएर तेरो घरमा पस्ने मान्छेहरूलाई निकाली
ले, किनकि सारा देशको भेद लिनलाई
तिनीहरू आएका हुन्।'' ४ तर त्यस स्त्रीले
ती दुइ मानिसलाई लगेर लुकाइन् र
तिनले भनिन्, "हो, ती मानिसहरू मकहाँ
आएका थिए, तर तिनीहरू कहाँबाट
आएका हुन् मलाई थाह भएन। ५ शहरको
मूल-ढोका थुनिने बेलामा अँध्यारो भएपछि
तिनीहरू निस्केर गए। ती मानिसहरू कता
गए, मलाई थाह छैन। झट्टै तिनीहरूका
पछि गयौ भने तिनीहरूलाई भेट्टाउनेछौ।''
६ तर त्यसले तिनीहरूलाई माथि कौसीमा
लगेको थिई, र कौसीमा त्यसले मिलाएर
राखेकी सनका डाँठहरूमा तिनीहरूलाई
लुकाईराखेकी थिई। ७ खेद्ने मानिसहरू
चाहिं तिनीहरूलाई खेद्दै यर्दनको बाटो
भएर घाटहरूसम्मै पुगे। तिनीहरूलाई खेद्नेहरू
बाहिर निस्कने बित्तिकै शहरको मूल-ढोका
बन्द भयो।
८ अनि तिनीहरू सुत्न अघि माथि
कौसीमा तिनीहरू भएको ठाउँमा त्यो स्त्री
उक्लेर आई, ९ र त्यसले ती मानिसहरूलाई
भनी, "मलाई थाह छ यो देश परमप्रभुले
तपाईंहरूलाई दिनुभएको छ, र हामीहरूको
बीच तपाईंहरूको आतंक फैलिएको छ औ
यहाँका बासिन्दाहरूका मन तपाईंहरूको भयले
काम्न थालेको छ १० किनकि तपाईंहरू
मिश्र देशबाट निस्केर आउनुहुँदा तपाईंहरूका
सामुन्ने परमेश्वरले लाल समुदको पानी
सुकाइदिनुभएको र यर्दन पारिका एमोरीहरूका

दुवै राजा, सीहोन र ओगलाई तपाईंहरूले
नाश गर्नुभएको पनि हामीहरूले सुनेका छौं।
११ यो सुन्ने बित्तिकै हामी भयाकुल बन्यौं र
तपाईंहरूका कारणले हामीहरू कसैमा आँटै
रहेन, किनकि परमप्रभु तपाईंहरूका परमेश्वरनै
माथि स्वर्गमा र तल पृथ्वीमा परमेश्वर
हुनुहुन्छ। १२ यसकारण अब म तपाईंहरूलाई
बिन्ती गर्दछु, कि मैंले तपाईंहरूमाथी दया
देखाएको हुनाले मसँग परमप्रभुको शपथ
खानुहोस्, मेरा बाबुको घरमाथि तपाईंहरूले
पनि दया देखाउनुहोस्, र मलाई एउटा सत्य
उदाहरण दिनुहोस्। १३ तपाईंहरूले मेरा
आमा, बाबु, मेरा दाज्यू-भाइ, दिदी-बहिनी
र तिनीहरूका जो जति छन्, सबैलाई
जीवित राखेर हाम्रो जीवनलाई मृत्युबाट
बचाउनुहोला।'' १४ अनि ती मानिसहरूले
त्यसलाई भने, ''हाम्रो यो काम कसैलाई
भनेनौ भने तिम्रो प्राणको बदला हाम्रो प्राण,
परमप्रभुले हामीलाई यो देश दिनुभएपछि
तिमीसँग हामी दया र विश्वासपूर्वक व्यवहार
गर्नेछौं।''

१५ तब त्यसले तिनीहरूलाई झ्यालबाट
डोरीको भरले तल ओहाली, किनभने त्यसको
घर शहरको पर्खालमाथि थियो, र त्यो पर्खाल-
माथिनै बस्तथिई १६ त्यसले तिनीहरूलाई
भनी, ''तपाईंहरू डाँडातिर जानुहोस्, नत्रता
खेद्नेहरूले भेट्टाउलान्, र खेद्नेहरू नफर्कुन्जेल
तीन दिन त्यहीं लुक्नुहोस्। त्यसपछि तपाईंहरू
आफ्नो बाटो लाग्नुहोला।'' १७ ती मानिस-
हरूले त्यसलाई भने, ''तिमीले हामीलाई
शपथ खान लगाएको विषयमा हामीलाई दोष
नलागोस्। १८ हेर, हामी यस देशमा
आउँदा जुन झ्यालबाट तिमीले हामीलाई
ओहालेकी छौ, त्यही झ्यालमा यो रातो
डोरी बाँधिराख्नू, तिम्रा बाबु, आमा,
दाज्यू-भाइ र तिम्रा बाबुका सारा घरानालाई
घरभित्र भेला गरेर राख्नू। १९ जो
तिम्रो घरबाट बाहिर सड़कमा निस्कन्छ त्यसको
रगत त्यसैको शिरमा पर्नेछ, र हामी निर्दोष
रहनेछौं, औ जो तिमीसँग यस घरमा
रहनेछ त्यसमाथि कसैको हात पर्‍यो भने
त्यसको रगत हाम्रो शिरमा पर्नेछ। २० तर
तिमीले हाम्रो यो कुरा प्रकट गर्‍यौ भने
तिमीले हामीलाई खान लगाएको यो शपथको
दोष हामीलाई लाग्नेछैन।'' २१ त्यसले
भनी, ''तपाईंहरूले भन्नुभए बमोजिमनै होस्।''
अनि त्यसले तिनीहरूलाई बिदा दिई, र
तिनीहरू गइहाले, औ त्यसले त्यो रातो डोरी
झ्यालमा बाँधी।

२२ तिनीहरू गए, र डाँडामा पुगे, र
खेद्नेहरू नफर्कुन्जेल, तीन दिनसम्म त्यहीं बसे।
खेद्न आउनेहरूले सम्पूर्ण बाटोभरि खोजे
तर तिनीहरूलाई फेला पार्नसकेनन्। २३ तब
दुवै जना फर्केर पहाड़बाट ओर्ले, र पारिपट्टि
नूनको छोरो यहोशूकहाँ आए, र तिनीहरूलाई
परिआएका सबै कुरा सविस्तार सुनाए।
२४ तिनीहरूले यहोशूलाई भने, ''साँच्चिनै
परमप्रभुले त्यो देश जम्मै हाम्रो हातमा
सुम्पनुभएको छ, र यसबाहेक हाम्रो कारणले
गर्दा त्यहाँका नागरिकहरूको हँसले ठाउँ
छोड़िसकेको रहेछ।''

यर्दन नदी तरेका

३ अनि यहोशू बिहान सखारै उठे, र
तिनी र इस्राएलीहरू शीत्तीम छोड़ेर
यर्दन नदीमा आए, औ पारि तर्नभन्दा पहिले
तिनीहरू त्यहीं बास बसे। २ तीन दिनपछि
नायकेहरू छाउनीका बीच बीचमा गए,
३ र मानिसहरूलाई यसो भनेर आज्ञा गरे,
''जब तिमीहरूले परमप्रभु परमेश्वरको करारको
सन्दुक, र त्यो बोकेर लैजाने पूजाहारीहरू र
लेवीहरूलाई देख्छौ, तब तिमीहरू आफ्नो
आफ्नो ठाउँ छोड़ेर त्यसको पछि लाग।
४ यसरी जानुपर्ने बाटो तिमीहरूले थाहा
पाउँछौ—किनभने त्यो बाटो भएर तिमीहरू
पहिले हिंडेका छैनौ तरै पनि तिमीहरू र
त्यसको बीचमा दुइ हजार हातको अन्तर

रहने छ। त्यसको नजीक नआओ।'' ५ तब
यहोशूले मानिसहरूलाई भने, ''तिमीहरू
आफैलाई पवित्र बनाओ, किनकि भोलि
तिमीहरूका बीचमा परमप्रभुले उदेकको काम
गर्नुहुनेछ।'' ६ यहोशूले पूजाहारीहरूलाई
फेरि यसो भने, ''करारको सन्दुक उठाएर
मानिसहरूको अगिअगि हिंड।'' तब तिनी-
हरूले करारको सन्दुक उठाए र मानिसहरूको
अगिअगि हिंडे।

७ अनि परमप्रभुले यहोशूलाई भन्नुभयो,
''जसरी म मोशाको साथमा थिएँ त्यसरीनै
म तेरो साथमा पनि हुनेछु भनी यिनीहरूले
थाह पाउनलाई आजको दिनदेखि सारा
इस्राएलीहरूको नजरमा तँलाई उठाउनेछु।
८ करारको सन्दुक बोक्ने पूजाहारीहरूलाई
तैंले यसो भनेर आज्ञा गर्नू, 'तिमीहरू यर्दनको
पानीको किनारमा आइपुग्नासाथ यर्दनमा खड़ा
रहनू'।''

९ अनि यहोशूले इस्राएलीहरूलाई भने,
''यता आओ, र परमप्रभु तिमीहरूका परमेश्वरका
वचन सुन।'' १० फेरि यहोशूले भने,
''जीवित परमेश्वर तिमीहरूका बीचमा हुनुहुन्छ
भन्ने तिमीहरूले यसैबाट थाह पाउनेछौ,
र उहाँले निश्चय तिमीहरूका सामनेबाट
कनानी, हित्ती, हिव्वी, परिज्जी, गिर्गाशी,
एमोरी र यबूसीहरूलाई धपाउनुहुनेछ।
११ हेर, सारा पृथ्वीका परमप्रभुको करारको
सन्दुक तिमीहरूको अगिअगि यर्दनमा जानेछ।
१२ यसकारण अब इस्राएलका कुलहरूबाट
बाह पुरुष, कुलैपिच्छे एक एक पुरुष गरी
छान। १३ जब सारा पृथ्वीका परमप्रभु
परमेश्वरको करारको सन्दुक बोक्ने पूजाहारी-
हरूका पैताला यर्दनको पानीमा पर्छ, त्यही
बेला माथिदेखि बगेर आउने यर्दनको पानी
थामिनेछ, र रास लागेर अड़िरहनेछ।

१४ अनि जब यर्दन तर्नलाई मानिसहरूले
आफ्ना आफ्ना पालहरू उठाए, र पूजाहारीहरू
करारको सन्दुक बोकेर मानिसहरूका अगि
लागे, १५ र सन्दुक बोक्नेहरू यर्दनमा
आइपुगे र ती करार बोक्ने पूजाहारीहरूका
खुट्टा किनारको पानीमा पर्यो (किनभने
कटनीको बेलाभरि यर्दनको पानी यसको सबै
किनार ढाकेर बग्छ) १६ तब माथिबाट
आएको पानी धेरै पर, सार्तानको नजीक
आदाम शहरनेरै थामिएर एउटा रास भएर
अड्यो, र अराबाको समुद्र, अर्थात् खारा
समुद्रमा बगेर गएको पानी सम्पूर्ण काटिएर
सुक्यो, र मानिसहरू यरीहोको वारिबाट पार
तर्न लागे। १७ सारा इस्राएलीहरू ओबानो
जमीन माथिबाट तरेर जाँदा त्यस जातिका
सबै मानिसहरू यर्दन पार नगरून्जेलसम्म
परमप्रभुको करारको सन्दुक बोक्ने पूजाहारीहरू
यर्दनको बीचमा ओबानो जमीनमा स्थिर भई
खड़ा रहे।

सम्झनाका निम्ति ढुङ्गाहरू

४ जब सबै मानिसहरू पार तरिसके,
तब परमप्रभुले यहोशूलाई भन्नुभयो,
२ मानिसहरूबाट बाह जना पुरुष, कुलैपिच्छे
एक एक पुरुष गरी लिएर ३ तिनीहरूलाई
यसो भन्ने आज्ञा दे, ''यर्दन नदीको बीचमा
पूजाहारीहरूका खुट्टा स्थिर रहेको ठाउँबाट
बाहओटा ढुङ्गा लिई तिनीहरूका साथमा बोकेर
ल्याओ, र आज राती तिमीहरू जहाँ डेरा
हालेर बस्छौ त्यहीं राखिदेओ'।'' ४ तब
इस्राएलीहरूबाट यहोशूले कुलैपिच्छेको एक
एक जना तयार गरिराखेका बाह जनालाई
बोलाए। ५ यहोशूले तिनीहरूलाई भने,
''तिमीहरू परमप्रभु आफ्ना परमेश्वरको सन्दुकको
सामने यर्दन नदीको बीचमा जाओ, र
इस्राएलीहरूको कुलको गन्तीअनुसार हरेकले
एक एकओटा ढुङ्गा आफ्नो काँधमा राखेर
ल्याओ। ६ तिमीहरूको बीचमा यो एक
चिनु रहोस्, र पछि भविष्यमा तिमीहरूका
छोरा-छोरीहरूले, 'यी ढुङ्गाहरूको मतलब के
हो?' भनेर सोद्धा ७ तिमीहरूले तिनी-
हरूलाई यसो भन्नू, 'परमप्रभुको करारको

सन्दुकको सामने यर्दनको पानी रोकिएको
थियो। यर्दन पार गर्दा यर्दनको पानी
रोकिएको थियो, र यी ढुङ्गाहरू इस्राएलीहरूका
निम्ति सदाको सम्झौटोको रूपमा
रहनेछ'।"
८ परमप्रभुले यहोशूलाई भने अनुसार
यहोशूको आदेश पालन गरेर इस्राएलको
कुलको संख्या अनुसार इस्राएलीहरूले यर्दनको
बीचबाट ढुङ्गाहरू ल्याए र तिनीहरू बसेका
ठाउँका राखे। ९ जुन ठाउँमा करारको सन्दुक
बोक्ने पूजाहारीहरूका खुट्टाले टेकेका थिए,
अर्थात् यर्दनको बीचमा यहोशूले बाह्रवटा ढुङ्गा
उभ्याए, ती आजको दिनसम्म त्यहीं छन्,
१० किनभने मोशाले यहोशूलाई अह्राएअनुसार,
र मानिसहरूलाई सुनाउनलाई परमप्रभुले
यहोशूलाई दिनुभएको आज्ञाका सबै काम
पूरा नहोउन्जेल सन्दुक बोक्ने पूजाहारीहरू
यर्दनको बीचमैं उभिरहे, र मानिसहरू चाँडो
चाँडो गरेर पार तरे।
११ अनि जब सबै मानिसहरू पार
तरिसके, तब परमप्रभुको सन्दुक र पूजाहारीहरू
पनि मानिसहरूको सामने पार तरे।
१२ मोशाले तिनीहरूलाई भनेबमोजिम
रूबेनका सन्तान, गादका सन्तान र मनश्शेको
आधा कुल पनि इस्राएलीहरूको सामने हात-
हतियार भिरेर तरे। १३ करिब चालीस
हजार जति लड़ाईँको हात-हतियार भिरेका
तयारी पुरुषहरू लड़ाइँ गर्नलाई परमप्रभुको
सामने पार तरेर यरीहोको मैदानतिर लागे।
१४ त्यस दिन सबै इस्राएलीहरूको नजरमा
परमप्रभुले यहोशूलाई उचाल्नुभयो र तिनीहरूले
मोशाकोझैँ यहोशूको भय तिनको जीवनभरि
माने।
१५ परमप्रभुले यहोशूलाई भन्नुभयो,
१६ "साक्षीको सन्दुक बोक्ने पूजाहारीहरूलाई
यर्दनबाट उक्ली आउनू भनी हुकूम गर्।"
१७ यसकारण यहोशूले पूजाहारीहरूलाई,
'तिमीहरू यर्दनबाट उक्लेर आओ,' भन्ने
हुकुम गरे। १८ परमप्रभुको करारको
सन्दुक बोक्ने पूजाहारीहरू यर्दनको बीचबाट
उक्लिसकेपछि तिनीहरूका पैतालाले ओबानो
भूइँमा टेक्ने बित्तिकै यर्दनको पानी आफ्नो
बाटोमा फर्केर आयो र अघिझैँ किनार ढाकेर
बग्नथाल्यो। १९ पहिलो महीनाको दशौं
दिनमा मानिसहरूले यर्दनबाट उक्लेर आई
यरीहोको पूर्व सीमानामा गिलगाल भन्ने
ठाउँमा आफ्नो डेरा बनाए। २० तिनीहरूले
यर्दन नदीबाट निकालेर ल्याएका ती बाह्रवटा
ढुङ्गाहरू यहोशूले गिलगालमा खड़ा गरे।
२१ अनि तिनले इस्राएलीहरूलाई यसो भने,
"पछि तिमीहरूका बाल-बच्चाले आफ्ना
बाबुहरूसँग 'यी ढुङ्गाहरूको अर्थ के हो?'
भनेर सोधे भने, २२ तिमीहरूले आफ्ना
बाल-बच्चालाई यसो भनेर बताइदिनू, 'इस्राएली-
हरूले यर्दन नदी तरेर आउँद। सुक्खा जमीनमा
टेकेर आएका थिए। २३ जसरी परमप्रभु
तिमीहरूका परमेश्वरले लाल समुद्रलाई हामी
पार नलागुन्जेल हाम्रो सामनेमा उहाँले
सुकाउनुभएको थियो, त्यसरीनै तिमीहरूको
सामनेमा तिमीहरू पार नहोउन्जेल यर्दन
नदीको पानी पनि सुकाउनुभएको थियो।
२४ पृथ्वीका सारा मानिसहरूले परमप्रभुको
बाहुलीको सामर्थ्य थाह पाऊन्, र परमप्रभु
तिमीहरूका परमेश्वरको भय मानून भन्ने
ध्येयले यो सब भएको हो'।"

सारा इस्राएलीहरूको खतना

५ यर्दन वारि पश्चिम तीरका एमोरीहरूका
सबै राजाहरूले, र समुद्रको नजीकका
कनानीहरूका सबै राजाहरूले, इस्राएलीहरूको
निम्ति तिनीहरू पार नतरुन्जेल परमप्रभुले
यर्दन नदीको पानी सुकाउनुभयो, भन्ने कुरा
जब सुने तब इस्राएलीहरूको डरले गर्दा
तिनीहरूका हृदय काम्न लाग्यो र तिनीहरूका
हँसले ठाउँ छोड्यो।
२ त्यस बेला परमप्रभुले यहोशूलाई भन्नु-
भयो, "पत्थरका कर्दहरू बनाएर फेरि दोस्रोपल्ट

इस्राएलीहरूलाई खतना गर्।" ३ तब
यहोशूले पत्थरका कर्दहरू बनाएर गिबियथ
हाअरालोथमा इस्राएलीहरूको खतना गरे।
४ यहोशूले खतना गराउन परेको कारण यही
थियो, कि जति जना मानिसहरू अर्थात् योद्धा-
हरू मिश्र देशबाट आएका थिए, तिनीहरू
सबै मिश्रबाट निस्केपछि उजाड़-स्थानको यात्रामा
मरिसकेका थिए। ५ मिश्र देशबाट जति
निस्केर आएका थिए, ती सबको खतना भएकै
थियो। तर मिश्र देशबाट निस्केपछि उजाड़-
स्थानको यात्रामा जन्मेका जति कसैको पनि
खतना भएको थिएन, ६ किनभने इस्राएलीहरू
परमप्रभुको आज्ञा नमानेका हुनाले मिश्र
देशबाट निस्केर आएका सारा मानिसहरू
अर्थात् योद्धाहरू नष्ट नभएसम्म तिनीहरू
उजाड़ स्थानमा चालीस वर्ष हिंड्दै रहेथे।
तिनीहरूका पिता पुर्खाहरूलाई दूध र मह
बहने देश दिनेछु भनी प्रतिज्ञा गर्नुभएको
देश म तिनीहरूलाई देख्नदिन्नँ भनेर परम-
प्रभुले प्रण गर्नुभएको थियो। ७ तिनीहरूको
स्थानमा फेरि उत्पन्न गराउन भएको सन्तान-
यहोशूले खतना गराए, किनकि तिनीहरू
यात्रामा खतना हुन नपाएका हुनाले बेखत-
नाका थिए।
८ अनि सबै मानिसहरूका खतना भइसके-
पछि तिनीहरू निको नहोउन्जेल छाउनीमा
आफ्ना आफ्ना ठाउँमा बसे। ९ अनि
परमप्रभुले यहोशूलाई भन्नुभयो, "आजको
दिन मिश्रको अपमान तिमीहरूबाट मैले
गुड़ाइदिएको छु।" यसकारण त्यस ठाउँको
नाउँ आजको दिनसम्म गिलगाल भनिन्छ।

निस्तार चाड़को उत्सव

१० जब इस्राएलीहरू गिलगालमा डेरा
हालेर बसे, तब तिनीहरूले चौधौं दिनको
साँझमा यरीहोको मैदानमानै निस्तार चाड़
मनाए। ११ निस्तार चाड़को भोलिपल्ट
तिनीहरूले त्यस देशको उब्जनीबाट अखमीरे
रोटी र त्यही दिन भुटेका अन्नहरू खाए।
१२ तिनीहरूले त्यस देशको उब्जनीको अन्न
खाएको भोलिपल्ट देखिनै मन्न थामियो, र
त्यसपछि इस्राएलीहरूलाई मन्न कहिल्यै पनि
मिलेन। तर त्यस सालदेखि तिनीहरूले कनान
देशको अन्न खानलागे।
१३ यहोशू यरीहोको नजीक हुँदा तिनले
आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामुन्ने
हातमा नाङ्गो तलवार लिएका एक जना
मानिस उभिरहेका रहेछन्। यहोशू उनीकहाँ
गएर, 'तपाइं हामीतर्फको हुनुहुन्छ, ?' भनेर
सोधे। १४ अनि उनले भने, 'होइन, तर
परमप्रभुको फौजको कप्तान भएर म यहाँ
आएको हुँ।' तब यहोशूले जमीनमा घोप्टो
परेर दण्डवत् गरे, र उनलाई भने, 'मेरा
प्रभुले आफ्नो दासलाई के भन्नुहुन्छ ?'
१५ अनि परमप्रभुका फौजका कप्तानले
यहोशूलाई भने, 'तेरो खुट्टाबाट जुत्ता फुकाल्
किनकि तँ उभिएका ठाउँ पवित्र छ।' अनि
यहोशूले त्यसै गरे।

यरीहो शहरको कब्जा

६ त्यस समय इस्राएलीहरूका कारणले
यरीहो बिल्कुल थुनिएको थियो। कोही
भित्र बाहिर गर्न पाउँदैन थियो। २ तब
परमप्रभुले यहोशूलाई भन्नुभयो, "हेर्, यरीहो,
त्यहाँको राजा, र वीर योद्धाहरूसमेत मैले
तेरो वशमा पारिदिएको छु। ३ तिमीहरूमा
लड़ाकाहरू जति त्यस शहरलाई घेरेर एक
चोटि घुमेर आओ। छ दिनसम्म
तिमीहरूले यसै गर्नू। ४ औ सात
जना पूजाहारीहरू सातवटा भेड़ाका सीङ्का
तुरही सन्दुकका अगिअगि लिएर हिंड्नू, र
सातौं दिनमा तिमीहरू त्यो शहर सात
चोटि घुम्नू, र पूजाहारीहरूले तुरही फुक्नू।
५ अनि जब तिनीहरूले भेड़ाका सीङ्का
तुरही धेरै बेरसम्म फुक्लान्, र तिमीहरूले
तुरहीको आवाज सुन्नेछौ, तब सबै जना ठूलो

सोरले कराऊन्। अनि शहरको पर्खाल फेद-
सम्मै ढल्नेछ, र हरेक मानिस आफ्नो अगि
सीधै बढ़ेर जाऊन्।" ६ तब नूनको छोरो
यहोशूले पूजाहारीहरूलाई बोलाएर भने,
"करारको सन्दुक उठाओ, र सात जना
पूजाहारी भेड़ाका सीङ्का सातवटा तुरही
भिरेर परमप्रभुको सन्दुकको अगाड़ि हिंड़ून्।"
७ औ तिनले मानिसहरूलाई भने, "अगाड़ि
बढ़ेर शहरको चारैतिर घुमेर आओ। हतियार
बोक्नेहरू चाहिं परमप्रभुको सन्दुक अगिअगि
हिंड़ून्।"

८ यहोशूले यी कुरा मानिसहरूलाई
भनिसकेपछि सात जना पूजाहारी भेड़ाका
सीङ्का सातवटा तुरही बोकेर परमप्रभुको
अगिअगि लागे र तुरही फुके। अनि परमप्रभुको
करारको सन्दुक तिनीहरूको पछि लाग्यो।
९ औ हतियार बोक्ने मानिसहरू चाहिं
तुरही फुक्ने पूजाहारीको अगाड़ि हिंड़े, र
पछाड़िकाहरू चाहिं सन्दुकको पछि हिंड़े,
औ पूजाहारीहरू तुरही फुक्तै हिंड़े।
१० अनि यहोशूले मानिसहरूलाई यसो
भनेर अह्राए, "जुन दिनसम्म तिमीहरूलाई
कराउने आज्ञा दिन्नँ, तिमीहरू नकराउनू,
तिमीहरूको सोरै पनि नसुनियोस्, तिमीहरूका
मुखबाट पनि केही वचन ननिकाल्नू। मैंले कराउनू
भनेपछि मात्र कराउनू।" ११ यसरी तिनले
परमप्रभुको सन्दुकलाई शहरको वरिपरि एक
चोटि घुमाए, र तिनीहरू छाउनीमा आए,
र त्यहीं बास बसे।

१२ यहोशू बिहान सबेरै उठे, र
पूजाहारीहरूले परमप्रभुको सन्दुक उठाए।
१३ ती सात जना पूजाहारीहरूले भेड़ाका
सीङ्का सातवटा तुरही बोकेर परमप्रभुको
सन्दुकको अगिअगि तुरही बजाउँदै हिंड़दै
रहे। हतियार भिर्ने मानिसहरू तिनीहरूका
अगि लागे, र पछाड़ि हिंड़नेहरू परमप्रभुको
सन्दुकको पछि लागे। पूजाहारीहरू चाहिं तुरही
फुक्तै हिंड़े। १४ यसरी दोस्रो दिन पनि
तिनीहरू शहर एक चोटि घुमेर छाउनीमा
फर्के। छ दिनसम्म तिनीहरूले त्यसै गरे।

१५ सातौं दिन बिहान झिसमिसेमै
तिनीहरू उठे, र त्यही रीतिले शहर सात
चोटि घुमे, केवल त्यस दिन तिनीहरू सात
चोटी शहर घुमे। १६ सातौं चोटिमा
जब पूजाहारीहरूले तुरही फुके, तब
यहोशूले मानिसहरूलाई भने, "कराओ,
किनभने परमप्रभुले तिमीहरूलाई यो शहर
दिनुभएको छ। १७ औ यो शहर र
त्यसमा भएका सबै थोक नाशको निम्ति
परमप्रभुमा अर्पण गरिएको छ। राहाब वेश्या
र त्यसका घरमा त्यससँग भएका मात्र
बाँच्नेछन्, किनभने हामीले पठाएका दूत-
हरूलाई त्यसले लुकाएकी थिई। १८ तर
नाशको निम्ति अर्पण गरिएका कुराहरूबाट
तिमीहरू अलग रहनू, नत्रता जुन कुरा तिमी-
हरूले नाशको निम्ति अर्पण गरेका छौ, त्यही
अर्पित कुराहरूबाट लिएर तिमीहरूले इस्राएली
हरूको छाउनीलाई श्रापित तुल्याउनेछौ, र
यसलाई संकटमा पार्नेछौ। १९ तर सबै
सुन, चाँदी र पीतले र फलामे भाँड़ाहरू
परमप्रभुको निम्ति पवित्र छन्। तिनीहरू परम-
प्रभुको भण्डारमा आउनेछन्।" २० तब
मानिसहरू कराए, र पूजाहारीहरूले तुरही
फूके, र जब इस्राएलीहरूले तुरहीको आवाज
सुने तब तिनीहरू ठूलो सोरले कराए, र
पर्खाल फेदैसम्म घर्लम्म ढल्यो, अनि हरेक
मानिस आफ्नो आफ्नो सीधै अगि बढ़े।
तिनीहरू सबै शहरमा पसे, र त्यो कब्जा
गरे। २१ अनि तिनीहरूले शहरभित्र रहेका
पुरुष स्त्री, जवान बूढ़ा, र गोरु, भेड़ा र
गधा सबैलाई तरवारले नाश गरे।

२२ अनि यहोशूले ती दुइ जना त्यस
देशको जासूस गर्न जानेलाई भने, "त्यस
वेश्याको घरमा जाओ, र तिमीहरूले त्योसित
शपथ खाएअनुसार त्यस स्त्री र त्यससँग भएका
सबैलाई त्यहाँबाट निकाल।" २३ तब ती
जासूस गर्न जाने युवकहरू गए, र राहाबलाई
र त्यसका बाबु, आमा, दाज्यू-भाइ र त्यस-

सँग भएका सबै थोक, र त्यसका सबै
नातेदारलाई बाहिर ल्याए, र तिनीहरूले
उनीहरूलाई इस्राएलको छाउनीदेखि बाहिर
राखे। २४ अनि तिनीहरूले त्यो शहर र
त्यहाँभित्र भएका यावत् थोक आगोले जलाइ-
दिए, केवल सुन, चाँदी, र पीतले र फलामे
भाँडा कुँडाहरू तिनीहरूले परमप्रभुको घरको
भण्डारमा राखे। २५ तर राहाब वेश्या,
त्यसका बाबुका परिवार र त्यसका सबै
आजसम्म इस्राएलीहरूको बीचमानै रहेको छ,
किनभने यहोशूले यरीहोमा जासूसी गर्न पठाएका
दूतहरूलाई त्यसले लुकाएकी थिई।
२६ फेरि त्यसै समय यहोशूले तिनी-
हरूलाई शपथ खुवाएर आज्ञा दिए, "जसले
यो यरीहो शहर बनाउन तत्पर हुन्छ त्यो
परमप्रभुको अगि श्रापित होस्। यसको
जग बसाल्दा त्यसको जेठो छोरो मर्नेछ, र
यसको मूल्-ढोका बसाल्दा कान्छो छोरो मर्नेछ।'
२७ यसरी परमप्रभु यहोशूको साथमा
रहनुभयो, र तिनको कीर्ति त्यस देशभरि
फैलियो।

आकानको पाप

७ तर नाशको निम्ति अर्पण गरिएका
कुरामा इस्राएलीहरूले अपराध गरे,
किनकि यहूदा कुलको जेरहको छोरो जब्दी,
त्यसको छोरो कर्मी, औ कर्मीको छोरो
आकानले नाशको निम्ति अर्पण गरिएको
मालबाट केही कुरा लिएछ। त्यसकारण परम-
प्रभुको क्रोध इस्राएलीहरूमाथि दन्कियो।
२ अनि यहोशूले यरीहोबाट बेतेलको
पूर्वपट्टि बेतावनको नजीक ऐ शहरमा मानिस-
हरूलाई यसो भनेर पठाए, "तिमीहरू गएर
त्यस देशको चेवा गर।" ती मानिसहरू गएर
ऐको भेद लिए। ३ अनि तिनीहरूले यहोशू-
कहाँ फर्केर आई भने, "सबै जना नगए पनि
हुन्छ, करिब दुइ तीन हजार मानिसहरू गएर
ऐलाई आक्रमण गरून्। सबै जनालाई त्यहाँ
जाने दुःख नदिनुहोस्, किनभने त्यहाँकाहरू
थोरै मात्र छन्।" ४ यसैले त्यहाँ तिनीहरू-
मध्ये करिब तीन हजार मानिसहरू गए, तर
तिनीहरू ऐको बासिन्दाहरूको सामनेबाट भागेर
आए। ५ करिब छत्तीस जना जत्तिलाई ऐका
मानिसहरूले मारे, तिनीहरूले शहरको मूल्-
ढोकादेखि शबारीमसम्म खेदेर ओह्रालोमा
तिनीहरूलाई मारे। अनि इस्राएलीहरूको
हृदय डरले गलेर पानी भयो।
६ तब यहोशू र इस्राएलका बूढ़ा-
प्रधानहरूले आफ्ना लुगा च्यातेर शिरमा
धूलो हाली परमप्रभुको सन्दुकको अगाड़ि
भूइँमा घोप्टो परेर साँझसम्मै त्यसरी
बसिरहे। ७ अनि यहोशूले भने, "हाय!
परमप्रभु परमेश्वर, तपाईंले यस जातिलाई
यर्दन तारेर एमोरीहरूको पञ्जामा हाली
हामीलाई नाश गर्न किन ल्याउनुभयो?
बरू हामी सन्तोष गरेर यर्दन पारिनै
रहने थियौं। ८ हे परमप्रभु, इस्राएलीहरूले
आफ्नो शत्रुको सामने पीठ फर्काएपछि अब
म के भनूँ, ९ किनकि कनानीहरू र
देशका सबै बासिन्दाहरूले यो सुनेर हामीलाई
घेर्नेछन्, र पृथ्वीबाट हाम्रो नाउँ मेटि-
दिनेछन्। अब तपाईंको महान् नाउँको
खातिरमा तपाईं के गर्नुहुन्छ?"
१० परमप्रभुले यहोशूलाई भन्नुभयो,
"उठ्, तँ किन यसरी घोप्टो पर्छस्?
११ इस्राएलले पाप गरेको छ जुन करार
मैले तिनीहरूसँग बाँधेको थिएँ, सो तिनीहरूले
भङ्ग गरेका छन्। नाशको निम्ति अर्पण
गरिएका मालबाट तिनीहरूले लिएका छन्।
तिनीहरूले चोरी गरेका छन् र झूटो काम
गरेर तिनीहरूले ती तिनका आफ्नै मालतालसँग
राखेका पनि छन्। १२ यसैकारण इस्राएलीहरू
आफ्ना शत्रुको सामने अब खड़ा हुनसक्तैनन्।
तिनीहरू श्रापित भएका हुनाले तिनीहरूले
आफ्ना शत्रुहरूका सामने पीठ फर्काउनेछन्।
तिमीहरूले आफ्ना बीचबाट सो नाशको
निम्ति अलग गरिएका माललाई नष्ट

नप[illegible]ल म अब उप्रान्त तिमीहरूसँग
रहनेछैनँ। १३ उठ्, मानिसहरूलाई शुद्ध
पार्, र तिनीहरूले भोलिको निम्ति आफैलाई
शुद्ध राख्नू भन्, किनकि परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ, 'हे इस्राएल,
तिमीहरूको बीचमा कुनै अर्पित माल छ।
तिमीहरूको बीचबाट तिमीहरूले त्यो अर्पित
माल नफेकुन्जेल तिमीहरूका शत्रुहरूका
सामनें तिमीहरू खड़ा हुनसक्तैनौ।
१४ यसकारण बिहान तिमीहरू आफ्ना
आफ्ना कुलअनुसार नजीकै आउनू र जुन
कुललाई परमप्रभुले पक्रनुहुन्छ, त्यो सन्तान
सन्तान गरी नजीक आओस्, र जुन
सन्तानलाई परमप्रभु पक्रनुहुन्छ, सो घर घर
गरीं नजीक आओस्, र जुन घरलाई
परमप्रभुले पक्रनुहुन्छ, त्यसबाट एक एक
मानिस गरी नजीक आओस्। १५ औ जो
मानिस अर्पित मालसमेत पक्रापर्छ, त्यो र
त्यसको साथमा भएका जम्मै आगोमा
जलाइनेछ, किनभने त्यसले परमप्रभुको करार
भङ्ग गरेको छ, र त्यसले इस्राएलमा घृणास्पद
काम गरेको छ'।"
१६ यहोशूले बिहान सखारै उठेर
इस्राएलीहरूलाई कुल कुल गरेर नजीक ल्याए,
र यहूदाको कुल पक्रा पर्‍यो। १७ अनि
तिनले यहूदाको सन्तान सन्तान गरेर नजीक
ल्याए, र जेरहको सन्तानलाई तिनले पक्रे।
अनि तिनले जेरहको सन्तानको घर घर
गरी नजीक ल्याए, र जब्दीका घर
पक्रा पर्‍यो। १८ अनि तिनले त्यसको
घरका मानिस मानिस गरी नजीक
ल्याए, र यहूदाको कुलको जेरहको छोरो
जब्दी, त्यसको छोरो कर्मी, त्यसको छोरो
आकान पक्रा पर्‍यो। १९ तब यहोशूले
आकानलाई भने, "हे मेरो छोरो, इस्राएलका
परमप्रभु परमेश्वरलाईनै महिमा दे, र उहांको
सामने साबिती गरी तैंले के गरेकोछस् सो
मलाई भन्। मबाट त्यो कुरो नलुका।"
२० आकानले यहोशूलाई भने, "साँच्चिनै
मैले परमप्रभु इस्राएलका परमेश्वरको विरुद्धमा
पाप गरेको छु, र मेरो अपराध यो हो।
२१ जब मैले लूटेको धनमा शिनार देशको
एक बढ़िया ओढ़्ने, दुइ सय शेकेल ओजनको
चाँदी, र पचास शेकेल ओजनको सुनको
एक सांप्ला देखे, तब मलाई लोभ लाग्यो,
र ती लिएँ। ती मेरो पालको बीचमा
जमीनभित्र गाड़िएका छन्, र सबैभन्दा मनि
चाँदी छ।"
२२ तब यहोशूले दूतहरू पठाए, र
तिनीहरू दगुरेर त्यस पालमा गए, र ती
त्यसको पालमा गाड़िराखेका रहेछन् र चाँदी
चाहिँ सबैभन्दा मनि रहेछ। २३ अनि
तिनीहरूले ती मालहरू पालको बीचबाट
निकालेर यहोशू र सबै इस्राएलीहरूकहाँ
ल्याए, र परमप्रभुको सामने राखिदिए।
२४ तब सबै इस्राएलीहरूका साथमा
यहोशूले जेरहवंशी आकानलाई र सो चाँदी,
ओढ़्ने, र सुनको सांप्ला, और त्यसका
छोरा-छोरीहरू, र त्यसका गोरुहरू, गधाहरू,
र भेड़ाहरू, र त्यसको पाल, र त्यससँग जो
जति थिए, ती सबैलाई आकोरको बेंसीमा
लगे। २५ यहोशूले भने, "तैंले हामी-
माथि किन यस्तो संकष्ट ल्याइस्? आज
तँमाथि परमप्रभुले संकष्ट ल्याउनुहुनेछ।"
औ सारा इस्राएलीहरूले त्यसलाई ढुङ्गाले
हाने, र तिनीहरूलाई आगोले जलाइदिए
र तिनीहरूमाथि ढुङ्गा पनि बर्साए।
२६ तिनीहरूले त्यसमाथि ढुङ्गाको ठूलो थुप्रो
लगाए, जो आजको दिनसम्म छँदैछ, र
परमप्रभु आफ्ना जल्दो क्रोधदेखि शान्त
हुनुभयो। यसकारण त्यस ठाउँको नाउँ
आजको दिनसम्म आकोरको बेंसी रहेको छ।

ऐ शहरको कब्जा

८ तब परमप्रभुले यहोशूलाई भन्नुभयो,
"नडरा, निराश नहो। योद्धाहरू
सबैलाई साथमा लैजा। उठ्, ऐमाथि

चढ़ाइ गर्। हेर्, ऐको राजालाई, त्यसको
प्रजालाई, त्यसको शहर, र त्यसको देशलाई
मैंले तेरो हातमा सुम्पेकोछु। २ तैंले
यरीहो र त्यसको राजालाई जे जसो गरेको
थिइस्, ऐ र त्यसको राजालाई पनि त्यसै
गर्, त्यहांको धनमाल र त्यहांका पशुहरू
तिमीहरूले आफ्नो निम्ति लिनू। त्यस शहरको
पछाड़ितिर ढुकेर बस्नू।"

३ अनि यहोशू सबै योद्धाहरूका साथमा
ऐमाथि चढ़ाइ गर्न जानलाई उठे। यहोशूले
तीस हजार योद्धाहरू छानेर तिनीहरूलाई
रातीनै पठाए। ४ तिनले तिनीहरूलाई यसो
भनेर आज्ञा दिए, "हेर, तिमीहरू त्यस
शहरको पछिल्तिर ढुकिरहनू। शहरबाट धेरै
टाढ़ा नजानू, र सबै तयार रहनू।
५ मेरा साथमा रहेका मानिसहरूसँग म
शहरतिर बढ़नेछु, र जब तिनीहरू हाम्रो
विरुद्धमा आउनेछन् हामी अघि जस्तै तिनीहरूले
खेद्दा भाग्नेछौं। ६ तिनीहरूले हामीलाई
खेद्नेछन् र हामी तिनीहरूलाई शहरबाट निकै
टाढ़ा निकालिल्याउनेछौं औ तिनीहरूले भन्नेछन्,
'पहिलेझैं इस्राएलीहरू हाम्रा सामनेबाट
भाग्दैछन्।' यसैले हामी तिनीहरूको सामने-
बाट भाग्नेछौं। ७ तब तिमीहरूले ढुकेको
ठाउँबाट उठेर त्यो शहर कब्जा गर्नू, किनकि
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका
हातमा त्यो सुम्पनुहुनेछ। ८ जब शहर
कब्जा गर्नेछौ, तब तिमीहरूले त्यसमा
आगो लगाइदिनू। परमप्रभुको वचनअनुसार
तिमीहरूले गर्नू। हेर, मैंले तिमीहरूलाई यो
आज्ञा दिएको छु।" ९ यसरी यहोशूले
तिनीहरूलाई पठाए, र तिनीहरू गएर ऐको
पश्चिमतिर, बेतेल र ऐको बीचमा ढुकी बसे।
तर यहोशू चाहिं त्यो रात मानिसहरूका
साथमा रहे।

१० यहोशू बिहान सखारै उठे, र
मानिसहरूलाई भेला गराएर इस्राएलीहरूका
वृद्धा-प्रधानहरूसमेत तिनीहरूका अगिअगि ऐतिर
गए। ११ तिनीसँग भएका सबै योद्धाहरू
शहरको सामने नजीकै आए, र ऐको उत्तरतिर
पाल टाँगे। तिनीहरूको र ऐको बीचमा एउटा
बेंसी थियो। १२ तिनले पांच हजार जति
मानिसहरू लिएर शहरको पश्चिमतिर, बेतेल
र ऐको बीचमा मानिसहरूलाई ढुक्न राखे।
१३ तिनीहरूले उत्तरपट्टि र ढुकुवामा बस्नेहरू-
लाई चाहिं शहरको पश्चिमपट्टि गराए। यहोशूले
चाहिं बेंसीमा नै रात बिताए। १४ जब ऐका
राजाले यो देखे तब तिनीहरू सखारै उठिहाले
र शहरका मानिसहरू, अर्थात् राजा र सबै
प्रजाहरू, इस्राएलीहरूको विरुद्धमा लड़ाइँ गर्ने
तोकिएको समयमा अराबाको सामने निस्के
तर शहरको पछिल्तिर आफ्नो विरुद्धमा ढुकुवा
बसेका छन् भन्ने तिनलाई थाह थिएन।
१५ तब यहोशू र सबै इस्राएलीहरू तिनीहरूको
सामने हारेका भान पारेर उजाड़-स्थानको बाटो
भागे। १६ यिनीहरूलाई खेद्नलाई त्यस
शहरमा भएका सारा मनिसहरूलाई बोलाहट
भयो, र तिनीहरू यहोशूको पछिपछि खेद्दै
गए, र शहरदेखि धेरै टाढ़ा निक्लिआए।
१७ इस्राएलीहरूका पछि नलागेका ऐ र
बेतेलमा एक जना मानिस पनि थिएन।
तिनीहरूले शहर खुला छोड़ेर इस्राएलीहरूलाई
खेदे।

१८ तब परमप्रभुले यहोशूलाई भन्नुभयो
"तेरो हातमा भएको भाला ऐतिर पसार्,
किनकि म त्यो तेरो हातमा दिनेछु।" तब
यहोशूले आफ्नो हातमा भएको भाला
शहरतिर पसारे। १९ अनि तिनले हात
पसार्ने बित्तिकै ढुकुवामा बस्ने मानिसहरू झट्टै
आफ्ना आफ्ना ठाउँबाट उठे, र दौड़ेर
शहरभित्र पसेर त्यो कब्जा गरे, र तुरुन्तै
त्यसमा आगो लगाए। २० जब ऐका
मानिसहरूले पछि फर्केर हेरे, तब शहरको
धुवाँ आकाशतिर उठिरहेको तिनीहरूले देखे,
र तिनीहरूको यता उता भाग्ने शक्तिनै रहेन
अनि उजाड़-स्थानतिर भाग्ने इस्राएलीहरू
खेद्नेहरूतिर जाइलागे। २१ जब यहोशू
र सारा इस्राएलीहरूले ती ढुकेर बस्नेहरूले

शहर कब्जा गरेका, र शहरको धुवाँ मास्तिर
उठिरहेका देखे, तब तिनीहरूले फर्केर
ऐका मानिसहरूलाई मारे। २२ तिनीहरूका
विरुद्धमा अरू पनि शहरबाट निस्केर आए।
यसरी कोही तिनीहरूका यतापट्टि र कोही
उतापट्टि भएर तिनीहरू इस्राएलीहरूका
बीचमा परे, र इस्राएलीहरूले तिनीहरू
एउटालाई पनि उम्कन र बाँच्न नदिई मारे।
२३ औ ऐका राजालाई तिनीहरूले जीवितै
समातेर यहोशूकहाँ ल्याए।

२४ इस्राएलीहरूले ऐका सबै बासिन्दा-
हरूलाई आफूहरूलाई खेदेको मैदान र
उजाड़–स्थानमा खतम गरे, र तिनीहरू
सबैलाई तरवारले निमिट्यान्न पारे तब
सबै इस्राएलीहरू ऐमा फर्केर त्यसलाई
पनि तरवारले नाश पारे। २५ त्यस दिन
मारिएका पुरुष र स्त्री दुवै गरी जम्मा
बाह हजार थिए, ऐका सब मानिसहरू
त्यत्तिनै थिए। २६ यहोशूले ऐका सारा
बासिन्दाहरू नाश नभएसम्म आफूले भाला
समातेर पसारेको हात बिसाएनन्। २७ केवल
पशु र शहरको धनमाल मात्रै, परम-
प्रभुले यहोशूलाई आज्ञा गर्नुभएबमोजिम,
इस्राएलीहरूले आफ्नै निम्ति लिए।
२८ यसरी यहोशूले ऐलाई जलाएर ध्वंसको
रास बनाइदिए। जो आजसम्म छँदैछ।
२९ अनि ऐका राजालाई साँझसम्म
एउटा रूखमा झुण्डाइराखे र सूर्यास्त हुँदा
यहोशूको आज्ञाबमोजिम तिनीहरूले त्यसको
लाश रूखबाट तल झारेर शहरको ढोका-
भित्र पस्ने ठाउँमा फालिदिए, र त्यस-
माथि ढुङ्गाको थुप्रो लगाइदिए, जो
आजसम्मै छ।

एबाल डाँड़ामा करार पक्का गरिएको

३० यहोशूले परमप्रभु इस्राएलका
परमेश्वरको निम्ति एबाल डाँड़ामा ३१ परम-
प्रभुको दास मोशाले इस्राएलीहरूलाई आज्ञा
गरेबमोजिम, र मोशाले दिएका व्यवस्थाको
पुस्तकमा लेखिएअनुसार, नकाटेको, अर्थात्
फलामले नछोएका ढुङ्गाहरूको एउटा वेदी
बनाएर त्यसमा तिनीहरूले परमप्रभुको
निम्ति होमबलि चढ़ाए, र मेलबलि पनि
चढ़ाए। ३२ मोशाले इस्राएलीहरूका सामने
लेखेका व्यवस्थाको नकल तिनले पत्थरहरूमा
खोपे। ३३ सबैभन्दा पहिले तिनीहरूले
इस्राएलीहरूलाई आशीर्वाद दिनुपर्छ भनी
परमप्रभुका दास मोशाले पहिलेनै आज्ञा
दिएबमोजिम, परदेशी, स्वदेशी सारा इस्राएली,
तिनीहरूका बूढ़ा-प्रधानहरू अधिकारीहरू,
न्यायकर्ताहरू परमप्रभुको, करारका सन्दुक
बोक्ने लेवी पूजाहारीहरूका सामने
सन्दुकको दुइतिर आधा एबाल डाँड़ाको
सामने र अर्को आधा गीरिज्जीम डाँड़ाको
सामने खड़ा भए। ३४ पछिबाट तिनले
आशिष र सराप बिषय व्यवस्थाका
वचन जो सबै पढ़ेर सुनाए। व्यवस्थाको
पुस्तकमा लेखिएका छन्। ३५ जति कुराको
मोशाले आज्ञा दिएका थिए तिनीहरूमा
यहोशूले इस्राएलका सारा समाज स्त्रीहरू,
केटा-केटीहरू र तिनीहरूका साथमा रहने
परदेशीहरूका सामने नपढ़ेका कुरा कुनै पनि
रहेन।

गिबोनीहरूसँग सन्धि

९ अनि जब यर्दन पारि पहाड़ र
तराईमा, र लबानोनको सामने महा-
सागरको किनारमा बस्ने हित्ती, एमोरी,
कनानी, परिज्जी, हिव्वी, यबूसीहरूका राजाहरूले
यो सब सुने, २ तब तिनीहरू एक मनका
भएर यहोशू र इस्राएलीहरूसँग युद्ध गर्नलाई
जम्मा भए।

३ तर गिबोनका बासिन्दाहरूले यरीहो
र ऐलाई यहोशूले गरेका कुरा जब सुने,
४ तब तिनीहरूले छल गरी थाङ्ने बोराहरू
र फाटेका टालेका छालाका दाख-मद्यका

मशकहरू आफ्ना गधामा लदाए। ५ औ
आफ्ना खुट्टामा पुराना टालटुल गरिराखेका
जुत्ताहरू र जिउमा पूराना लुगाहरू लगाए।
तिनीहरूका खाने सामान पनि सब सुकिसकेका
र ढुसी परेका थिए। ६ अनि तिनीहरूले
गिलगालको छाउनीमा यहोशूकहाँ आएर
तिनलाई र इस्राएलीहरूलाई भने, "हामी
टाढ़ा देशबाट आएका हौं। यसकारण
हामीसँग शान्ति सम्झौता गर्नुहोस्। ७ अनि
इस्राएली पुरुषहरूले ती हिव्वीहरूलाई
भने, "सायद तिमीहरू हाम्रै बीचमा रहने
मानिसहरू हौ, तिमीहरूसँग हामीले कसरी
सम्झौता गर्नसक्छौं?' ८ तब तिनी
हरूले यहोशूलाई भने, "हामी तपाईंकै
दासहरू हौं।" यहोशूले तिनीहरूलाई सोधे,
"तिमीहरू को हौ र कहाँबाट आयौ?"
९ तिनीहरूले तिनलाई भने, "हामी तपाइंका
दासहरू धेरै टाढ़ा मुलुकबाट परमप्रभु तपाईंका
परमेश्वरको नाउँ सुनेर आएका हौं, किनकि
हामीले उहाँको कीर्ति र उहाँले मिश्र देशमा
गर्नुभएको कामको वृतान्त सुनेका छौं,
१० यर्दन पारि एमोरीहरूका दुवै राजा,
हेश्बोनका राजा सीहोनलाई, र अस्तारोतबासी
बाशानका राजा ओगलाई जे जे गर्नुभयो,
सो सुनेका छौं, ११ यसकारण हाम्रा बूढ़ा
पाका र हाम्रा देशका सबै बासिन्दाहरूले
हामीलाई यसो भने, 'तिमीहरूले आफ्नो
बाटोमा खाने सामान लिएर उनीहरूलाई
भेट्न जाओ, र उनीहरूलाई हामी ता
तपाईंहरूकै दासहरू हौं, यसकारण अब
हामीसँग शान्ति सम्झौता गर्नुहोस्' भन।
१२ तपाइंहरूकहाँ निस्केर आउने दिन हामीले
हाम्रा घरबाट हाम्रो खाने सामानको निम्ति
यी हाम्रा रोटी तातै लिएर आएका
थियौं, तर अब हेर्नुहोस्; यी सुकेर ढुसी
परिसकेका छन्। १३ हामीले दाखमद्य भरेका
यी छालाका मशकहरू नयाँ थिए, र हेर्नुहोस्,
ती फाटिसकेका छन्, र यी हाम्रा लुगाहरू
र जुत्ताहरू पनि लामो बाटो भएको हुनाले
थोत्रा भइसकेका छन्।" १४ तब ती
इस्राएलीहरूले परमप्रभुबाट निर्देश नमागी
तिनीहरूका भोजनबाट खाए।
१५ अनि यहोशूले तिनीहरूसँग मिलाप
गरी तिनीहरूलाई जीवितै राखेर सम्झौता
गरे र समुदायका नायकेहरूले पनि तिनी-
हरूसँग शपथ खाए।
१६ तिनीहरूसँग सम्झौता गरेको तीन
दिन पछिनै तिनीहरू ता आफ्नै छिमेकी
रहेछन्, र आफ्ना बीचमैं रहनेहरू रहेछन्
भन्ने कुरा यिनीहरूले सुने। १७ तब
इस्राएलीहरू हिंड़ेर तेस्रो दिनमा तिनीहरूका
शहरहरूमा पुगे। तिनीहरूका शहरहरू गिबोन,
कपीरा, बेरोत र किर्यत्यारैम रहेछन्।
१८ इस्राएलीहरूले तिनीहरूलाई मारेनन्,
किनभने समुदायका नायकेहरूले तिनीहरूसँग
परमप्रभु इस्राएलका परमेश्वरको शपथ
खाएका थिए। अनि समुदाय सबै जना नायके-
हरूका विरुद्धमा गनगनाउनलागे। १९ तर
नायकेहरूले समुदायका मानिसहरूलाई भने,
"हामीले तिनीहरूसँग परमप्रभु इस्राएलका
परमेश्वरको शपथ खाएका छौं। यसकारण
अब हामीले तिनीहरूलाई छुनसक्तैनौं।
२० हामी तिनीहरूलाई जीवितै रहनदिनेछौं।
हामीले यसै गर्नुपर्छ, नत्रता हामीले खाएका
शपथले गर्दा हामीमाथि कोप आउनेछ।"
२१ औ ती नायकेहरूले तिनीहरूलाई भने,
"तिनीहरूलाई जीवितै राख।" यसैले
नायकेहरूका आज्ञा अनुसार सारा समुदायका
निम्ति उनीहरू दाउरे र पनेरे भए।
२२ अनि यहोशूले उनीहरूलाई बोलाएर
भने, "तिमीहरू ता हाम्रो मध्यमा रहनेहरू
रहेछौ, 'हामी धेरै टाढ़ा देशका हौं,'
भनी हामीलाई किन छक्कायौ?
२३ यसकारण अब तिमीहरू श्रापित भएका
छौ। तिमीहरू कमारा नभई धर पाउँदैनौ,
तिमीहरू मेरा परमेश्वरको घरमा दाउरे र
पनेरे भएर बस्नुपर्नेछ।" २४ अनि तिनीहरूले
यहोशूलाई भने, "परमप्रभु तपाईंका

परमेश्वरले आफ्नो दास मोशालाई यो देश
जम्मै तपाईंहरूलाई दिने र यस देशका सारा
बासिन्दाहरूलाई नष्ट गर्ने आज्ञा दिनुभएको
थियो। यसकारण तपाईंहरूसँग आफ्नो ज्यानको
साह्रो डर लागेर हामीले यसो गरेका हौं।
२५ अब हेर्नुहोस्, हामी तपाईंको हातमा
छौं। जसो उचित र भलो लाग्छ, हामीलाई
गर्नुहोस्।" २६ तब तिनले इस्राएली-
हरूबाट उनीहरूलाई बचाए र तिनीहरूले
उनीहरूलाई मारेनन्। २७ तर त्यस दिन
यहोशूले उनीहरूलाई समुदायको निम्ति
र परमप्रभुको वेदीको निम्ति परमप्रभुले
भन्नुभएको ठाउँमा दाउरे र पनेरे तुल्याए।
तिनीहरू आजको दिनसम्म त्यस्तै छन्।

बेथोरोनमा पाँच राजाहरूको हार र मृत्यु

१० यहोशूले ऐ शहर कब्जा गरेर ध्वंस
पारे, ऐका राजा र शहरलाई
यरीहो र त्यहाँका राजालाई जस्तै गरे र
गिबोनका बासिन्दाहरूले इस्राएलीहरूसँग सन्धी
गरेर बसेका छन् भन्ने खबर यरूशलेमका
राजा अदोनिसेदेकले जब पाए। २ तब
तिनी ज्यादै डराए किनभने गिबोन एक
ठूलो नगर थियो, शाही नगरझैं, त्यो ऐ
भन्दा पनि ठूलो थियो र त्यहाँका सबै
निवासीहरू शूरवीर थिए। ३ यसकारण
यरूशलेमका राजा अदोनीसेदेकले सुने, र
हेब्रोनको राजा होहाम, यर्मूतका राजा
पिराम, लाकीशका राजा यापी र एग्लोनका
राजा दबीरकहाँ यो खबर पठाए, ४ "मकहाँ
आओ, र मलाई मदत गर, र हामी
गिबोनलाई चढ़ाइ गरौं, किनकि त्यसले
यहोशू र इस्राएलीहरूसँग मिलाप गरेछ।"
५ यसकारण एमोरीहरूका पाँच राजा,
अर्थात् यरूशलेम, हेब्रोन, यर्मूत, लाकीश, र
एग्लोनका पाँच एमोरी राजाहरू तिनीहरूका
आफ्ना आफ्ना सबै सेनासमेत जम्मा भएर
गिबोनको सामने छाउनी बनाएर त्यसको
विरुद्ध लड़ाइँ गरे।

६ तब गिबोनको मानिसहरूले गिलगालको
छाउनीमा यहोशूकहाँ यसो भनेर मानिस
पठाए, "हामीकहाँ चाँड़ो आएर हामीलाई
बचाउनुहोस्, र मदत गर्नुहोस्। आफ्ना
दासहरूलाई नत्यागनुहोस् किनकि पहाड़ी
देशमा बस्ने एमोरीहरूका सबै राजाहरू हाम्रा
विरुद्धमा भेला भएका छन्।" ७ तब सारा
फौज र वीर योद्धाहरू लिएर यहोशू
गिलागालबाट गए। ८ औ परमप्रभुले
यहोशूलाई भन्नुभयो, तिनीहरूसँग नडरा
किनकि मैंले तिनीहरूलाई तेरो हातमा
सुम्पिदिएको छु। तिनीहरू एक जना पनि
तेरो सामने टिक्नसक्नेछैन।" ९ यसकारण
यहोशू रातारात गिलागालबाट हिंड़ेर अचानक
तिनीहरूमाथि जाइलागे। १० परमप्रभुले
तिनीहरूलाई इस्राएलको सामने पराजय
गर्नुभयो र तिनले गिबोनमा उनीहरूलाई
ध्वस्त पारेर मारे, र बेथारोनको उकालो
बाटोमा उनीहरूलाई खेदेर आजेका र
मक्केदासम्म मार्दै ल्याए। ११ इस्राएली-
हरूका सामनेबाट भागेर जाँदा उनीहरू जब
बेथारोनको ओह्रालोमा थिए, तब आजेकासम्मै
परमप्रभुले स्वर्गबाट तिनीहरूमाथि ठूला ठूला
असीना झारिदिनुभयो, र तिनीहरू मरे।
इस्राएलीहरूले तरवारले मारेका भन्दा
असीनाले मरेका धेरै थिए।

१२ परमप्रभुले एमोरीहरूलाई इस्राएली-
हरूका हातमा सुम्पनुभएको दिनमा यहोशूले
परमप्रभुसँग इस्राएलीहरूको नजर अगि भने,

"हे सूर्य, तँ गिबोनउपर,
र हे चन्द्र, तँ चाहिँ अय्ययालोनको बेंसीमाथि
अड़िरह।"

१३ त्यस जातिलाई प्रतिशोध नलिसकेसम्म
घाम र जून थामिए। यो कुरोको उल्लेख
याशारको पुस्तकमा पनि छ, सूर्य आकाश-
मण्डलको बीचमा अड़िरह्यो, र दिनभरिनै
अस्ताउनलाई आत्तुरी गरेन। १४ परमप्रभुले

मानिसको कुरा सुन्नुभयो। त्यो दिन जस्तो
उहिले र पछि कहिले भएन किनकि
इस्राएलीहरूको निम्ति परमप्रभुले युद्ध
गर्नुभयो।
१५ तब यहोशू र तिनका साथमा सारा
इस्राएलीहरू गिलगालको छाउनीमा फर्के।
१६ औ ती पाँच राजाहरू भागेर
मक्केदाको गुफामा लुके। १७ ती पाँचै
राजा मक्केदाको गुफामा लुकेका फेला परे
भन्ने समाचार यहोशूकहाँ पुग्यो। १८ तब
यहोशूले भने, "ठूला ठूला ढुङ्गा गुढाएर
त्यस गुफाको मुखमा राखिदेओ, र तिनी-
हरूलाई रूङ्नलाई मानिसहरू नजीकै राख।
१९ तर तिमीहरू चाहिँ नपर्ख, आफ्ना
शत्रुलाई पछिपछि खेद, र तिनीहरूमध्ये
पछिकाहरूलाई मार। तिनीहरूलाई तिनका
शहरहरूमा प्रवेश गर्न नदेओ, किनकि परमप्रभु
तिमीहरूका परमेश्वरले तिनीहरूलाई तिमीहरूका
हातमा सुम्पनुभएको छ'।" २० जब यहोशू
र इस्राएलीहरूले तिनीहरूलाई संहार गरेर
सत्यानाश पारे, र तिनीहरूबाट बचेका जति
पर्खाल लागेका शहरभित्र पसे, २१ तब सबै
मानिस मक्केदाको छाउनीमा यहोशूकहाँ
कुशलसाथ फर्के। इस्राएलीहरूको विरुद्धमा
कसैको वाक्य फुटेन।
२२ तब यहोशूले भने, "गुफाको मुख
खोलेर ती पाँच राजालाई गुफाबाट निकालेर
मकहाँ ल्याओ।" २३ तिनीहरूले त्यसै गरे
—यरूशलेमका राजा, हेब्रोनका राजा, यर्मूतका
राजा, लाकीशका राजा र एग्लोनका राजा यी
पाँचै राजालाई गुफाबाट निकालेर तिनीहरू-
कहाँ ल्याए। २४ तिनीहरूले ती राजालाई
यहोशूकहाँ ल्याएपछि यहोशूले इस्राएलका
सारा मानिसहरूलाई र तिनीसँग जाने
लड़ाइँका मुख्य मुख्य मानिसहरूलाई बोलाएर
भने, "यता आओ, र तिमीहरूका खुट्टाले
यिनीहरूका गर्दनमा टेक।" औ तिनीहरू आएर
आफ्ना आफ्ना खुट्टाले यिनीहरूका गर्दनमा
टेके। २५ तब यहोशूले तिनीहरूलाई भने,
"नडराओ, हरेस नखाओ। हिम्मत गरेर
बलियो होओ, किनकि जसको विरुद्धमा
तिमीहरू लड़ाइँ गर्दछौ, तिमीहरूका वैरीहरू
सबैलाई परमप्रभुले यसै गर्नुहुनेछ।"
२६ त्यसपछि यहोशूले उनीहरूलाई हिर्काएर
मारे, र उनीहरूलाई पाँचवटा रूखमा
झुण्डयाइदिए, तिनीहरू साँझसम्मै रूखमा
झुण्डिरहे। २७ अनि सूर्यास्तको बेलामा
यहोशूले आज्ञा गरे, र तिनीहरूले उनीहरू-
लाई रूखबाट झारेर तिनीहरू लुकेका त्यही
गुफामा फालिदिए, र गुफाको मुखमा ठूला
ठूला ढुङ्गाहरू राखिदिए, जो आजको
दिनसम्म छँदैछ।

दक्षिण कनानको विजय

२८ अनि त्यही दिन यहोशूले मक्केदा
कब्जा गरे, र त्यसलाई र त्यसका राजालाई
समेत तरवारले नाश गरे। तिनले त्यसमा
भएका सबै मानिसहरूलाई नाश गरे, र
कसैलाई पनि बाँकी राखेनन्‌ तिनले यरीहोका
राजालाई गरेजस्तै मक्केदाका राजालाई पनि
गरे।
२९ त्यसपछि यहोशू सब इस्राएलीहरूको
साथमा मक्केदाबाट हिंडेर लिब्ना गए, र
त्यसलाई आक्रमण गरे। ३० परमप्रभुले त्यो
र त्यसका राजालाई इस्राएलीहरूको हातमा
सुम्पिदिनुभयो, र तिनीलाई र त्यहाँ भएका सबै
मानिसहरूलाई तरवारले नाश गरे। तिनले
त्यहाँ कसैलाई पनि बाँकी राखेनन्। यरीहोका
राजालाई तिनले जसो गरेका थिए त्यहाँका
राजालाई पनि तिनले त्यसै गरे।
३१ अनि यहोशू सबै इस्राएलीहरूको
साथमा लिब्नाबाट हिंडेर लाकीशमा गए, र
घेरा हालेर त्यसलाई आक्रमण गरे।
३२ परमप्रभुले लाकीशलाई इस्राएलीहरूको
हातमा सुम्पिदिनुभयो, र दोस्रो दिन
तिनीहरूले त्यो कब्जा गरे, औ त्यसलाई र
त्यसमा भएका सबै मानिसहरूलाई तिनीहरूले

लिब्नालाई गरेबमोजिम गरे, तरवारले
तिनीहरूलाई नाश गरे।
३३ तब गेजेरका राजा होराम लाकीश-
लाई मदत गर्नलाई आए। तब यहोशूले
त्यसको पनि केही बाँकी नराखी त्यसलाई
र त्यसका प्रजाहरूलाई पक्रेर मारे।
३४ अनि यहोशू सारा इस्राएलीहरूको
साथमा लाकीशबाट हिंड़ेर एग्लोनमा गए,
तिनीहरूले घेरा हालेर त्यसलाई आक्रमण
गरे। ३५ तिनीहरूले त्यही दिन त्यसलाई
कब्जा गरेर तरवारले नाश गरे तिनले
लाकीशलाईझैं त्यहाँका सबै मानिसलाई
तरवारले खतम गरे, त्यहाँ भएका सबै
प्राणीलाई नाश गरे।
३६ अनि यहोशू सारा इस्राएलीहरूको
साथमा एग्लोनबाट उक्लेर हेब्रोनमा गए, र
तिनीहरूले त्यसलाई आक्रमण गरे।
३७ तिनीहरूले त्यो कब्जा गरे, र त्यसलाई
र त्यसका राजालाई, र त्यसका सबै शहरहरू
र तिनमा भएका सबै मानिसहरूलाई तरवारले
नाश गरे। तिनले सबैलाई एग्लोनमा गरेझैं
गरे। कसैलाई पनि बाँकी नराखी, तिनले
त्यसलाई र त्यसमा भएका सबै मानिसहरूलाई
नाश पारे।
३८ तब यहोशू सारा इस्राएलीहरूको
साथमा दबीरमा फर्के, र त्यसलाई आक्रमण
गरे। ३९ तिनले त्यसलाई, त्यसका राजालाई
र त्यसका सारा शहरहरूलाई कब्जा गरे, र
तिनीहरूले उनीहरूलाई तरवारले नाश गरे।
त्यसमा भएका सबै मानिसलाई नाश पारे।
तिनले कसैलाई पनि बाँकी राखेनन्। तिनले
हेब्रोन, लिब्ना र त्यहाँका राजालाई गरेझैं,
दबीर र त्यसका राजालाई पनि गरे।
४० यसरी यहोशूले सबै देश, अर्थात्
पहाड़ी देश, दक्षिण देश, तराई र पहाड़ र
त्यहाँका सबै राजाहरूलाई समेत एउटालाई
पनि बाँकी नराखी मारे। परमप्रभु इस्राएलका
परमेश्वरको आज्ञाबमोजिम जति मानिस थिए
सबैलाई तिनले नाश पारे। ४१ यहोशूले
कादेशबर्नेदेखि लिएर गाजासम्म र गिबोन-
सम्मै गोशेन देशका सबै मानिसहरूलाई मारे।
४२ यी सब राजाहरूलाई तिनीहरूका
देशहरूसमेत यहोशूले एकैचोटि कब्जा गरे,
किनभने इस्राएलका परमप्रभु इस्राएलका
परमेश्वरलेनै इस्राएलीहरूका निम्ति युद्ध
गर्नुभएको थिए। ४३ अनि यहोशू सबै
इस्राएलीहरूको साथमा गिलगालको छाउनीमा
फर्के।

याबीन र अरू राजाहरूको हार

११ यो सुनेर हासोरका राजा याबीनले
मादोनका राजा योबाब, शिम्रोनका
राजा, आक्षापका राजा, २ उत्तरतिर पहाड़ी
देशका राजाहरू, किन्नरेतका दक्षिणतिरको
अराबाका, र तराईका र पश्चिमतिर डोरको
लेकका राजाहरूलाई, ३ पूर्व, पश्चिम
दुवैतिर बस्ने कनानी, एमोरी, हित्ती,
परिज्जीहरू, पहाड़ी देशका यबूसीहरू र मिस्पा
देशको हेर्मोन पहाड़मनि बस्ने हिव्वीहरूलाई
बोलाईपठाए। ४ तिनीहरू र तिनीहरूका
सारा सेनासमेत, जो समुद्रको किनारको
बालुवा जतिकै प्रशस्त घोड़ाहरू र रथहरूको
साथमा खचाखच भएर निस्केर आए।
५ तब यी सब राजाहरू जम्मा भए, र
तिनीहरूले आएर इस्राएलीहरूसँग लड़ाइँ गर्न
मेरोम नाउँको तालको नजीक एकै ठाउँमा
छाउनी लगाए।
६ अनि परमप्रभुले यहोशूलाई भन्नुभयो,
"तिनीहरूसँग नडरा, किनकि भोलि यसै बेला
तिनीहरू सबैलाई मारेर म इस्राएलीहरूको
हातमा सुम्पिदिनेछु। तैंले तिनीहरूका
घोड़ाहरूका ढोड़-नशा काटिदिनू, र तिनीहरूका
रथहरू आगोले जलाइदिनू।" ७ तब
यहोशू सबै योद्धाका साथमा मेरोन नाउँको
तालमा अचानक आएर उनीहरूमाथि
जाइलागे। ८ औ परमप्रभुले उनीहरूलाई
इस्राएलीहरूको हातमा सुम्पिदिनुभयो, र

तिनीहरूले उनीहरूलाई मारे, र उनीहरूलाई
ठूलो सीदोनसम्म, र मिस्रपोत-मैमसम्मै, र
पूर्वतिर मिस्पेको मैदानसम्म खेदे, र एउटा
पनि बाँकी नराखी तिनीहरूले उनीहरूलाई
मारे। ९ परमप्रभुले आज्ञा गरेबमोजिम
यहोशूले उनीहरूलाई गरे। तिनले उनीहरूका
घोड़ाहरूका ढोड़-नशा काटे, र उनीहरूका
रथहरू आगोमा जलाइदिए।

१० अनि यहोशूले फर्केर त्यस बेला हासोर
कब्जा गरे, र त्यहाँका राजालाई तरवारले
काटे, किनकि अघि हासोर ती सबै राज्यमा
मुख्य थियो। ११ औ तिनीहरूले
उनीहरूलाई नाश पारेर त्यहाँका सारा
मानिसहरूलाई तरवारले मारे । जीवित एक
पनि बाँकी रहेन। तिनले हासोरमा आगो
लगाइदिए। १२ ती राजाहरूका सारा शहर-
हरू र त्यहाँका सबै राजाहरूलाई समेत
यहोशूले लिए, र परमप्रभुको दास मोशाले
आज्ञा गरेबमोजिम सबैलाई तरवारले काटेर
नाश पारे। १३ तर यहोशूले जलाएका
हासोरबाहेक डाँड़ाहरूमा भएका अरू कुनै
शहरलाई पनि इस्राएलीहरूले जलाएनन्।
१४ यी सबै शहरहरूका पशुहरू र धनमाल
जति इस्राएलीहरूले आफ्नै निम्ति लिए।
तर मानिसहरू जति सबैलाई तिनीहरूले
तरवारले काटेर नाश पारे, सास फेर्ने कुनै
प्राणी बाँकी रहेन। १५ परमप्रभुले आफ्ना
दास मोशालाई आज्ञा गरेबमोजिम मोशाले
यहोशूलाई अह्राएका थिए, र यहोशूले
सबै पालन गरे। परमप्रभुले मोशालाई आज्ञा
दिनुभएका सबै आज्ञाहरू यहोशूले पूरा गरे।
कुनै पनि कुरा तिनले बाँकी राखेनन्।

१६ यसरी यहोशूले ती सारा देश,
अर्थात् पहाड़ी मुलुक, सबै दक्षिण देश, र
गोशेनको जम्मै देश, तराई, अराबा,
इस्राएलको पहाड़ी मुलुक र त्यसैको तराई,
१७ सेइरको उकालोमा भएको हालाक
नाउँको डाँड़ादेखि लिएर हेर्मोन डाँड़ामनिको
लबानोनको बेँसीमा बालगादसम्म जितेर लिए,
र तिनीहरूका सबै राजाहरूलाई पक्रेर मारे।
१८ ती सबै राजाहरूसँग यहोशूले धेरै
दिनसम्म लड़ाइँ गरे। १९ इस्राएलीहरूसँग मेल
गर्ने गिबोनका बासिन्दा हिव्वीहरूबाहेक अरू
कुनै शहरले तिनीहरूसँग सम्झौता गरेनन्, सबै
शहर तिनीहरूले युद्धगरी लिए, २० परमप्रभुको
उद्देश्य थियो र नै तिनीहरू सबै इस्राएलको
विरुद्धमा लड्न आए र सबै नाश भई मरे
जस्तो परमप्रभुले मोशालाई आदेश गर्नुभएको
थियो।

२१ त्यस बखत यहोशूले पहाड़ी देशमा
आएर हेब्रोन, दबीर, अनाब र यहूदा र
इस्राएलका सारा पहाड़ी देशमा रहने अनाकी-
हरूलाई बिलकुलै नाश गरिदिए—यहोशूले
उनीहरूका शहरहरूसमेत उनीहरूलाई नाश
पारिदिए। २२ इस्राएलीहरूको देशमा अनाकी-
हरूको एक जना पनि बाँकी रहेन, केवल
गाजा गात र अश्दोदमा केही बाँकी रहे।
२३ परमप्रभुले मोशालाई भन्नुभए अनुसारनै
यहोशूले सबै देश जितेर लिए, र तिनीहरूका
कुलको भाग भाग गरी त्यो देश इस्राएली-
हरूलाई अधिकारको निम्ति बाँड़ेर दिए। अनि
देशले लड़ाइँबाट विश्राम पायो।

हारेका राजाहरूका नामावली

१२ इस्राएलीहरूले यर्दन पारि पूर्वमा
अर्नोन बेँसीदेखि हेर्मोन डाँड़ासम्म, र
पूर्वतिरको जम्मै अराबा जितेर कब्जा गरेका
देश, र तिनीहरूले मारेका ती देशका राजाहरू
यिनै हुन् २ हेशबोनबासी एमोरीहरूका
राजा सीहोन, जसले अर्नोन बेँसीको किनारमा
भएको अरोएरदेखि, बेँसीको माझदेखि आधा
गिलाद र अम्मोनीहरूको सीमानाको यब्बोक
खोलासम्मै, ३ र पूर्वतिर किन्नरेतको झील-
सम्मको अराबा, र अराबाको समुद्र, अर्थात्
खारा समुद्र बेत्यशीमोतको पूर्वतिर जाने बाटो-
सम्म, र दक्षिणतिर चाहिँ पिसगाको भिरालो
ठाउँमनिको देशहरूसम्म: राज्य गर्दथिए।

४ अस्तारोत र एद्रईमा बस्ने रपाईहरूको
बचेका बाशानका राजा ओगका सीमाना थियो।
५ तिनले हेर्मोन डाँड़ा, सलका र सारा
बाशानमा गशूरीहरू र माकातीहरूको सीमाना
सम्म र हेश्बोनका राजा सीहोनको सीमाना-
सम्म र आधा गिलादमा राज्य गर्दथिए।
६ परमप्रभुका दास मोशा र इस्राएलीहरूले
उनीहरूलाई मारे। परमप्रभुका दास मोशाले
रूबेनीहरूलाई, गादीहरूलाई र मनश्शेको
आधा कुललाई अधिकारको निम्ति त्यो दिएका
थिए।

७ पश्चिम यर्दन नदी वारि लबानको
बेँसीको बाल्गाददेखि सेईरको उकालोमा
भएको हालाका डाँड़ासम्मको देशका, जुन जुन
राजाहरू यहोशू र इस्राएलीहरूले मारेका
थिए, र यहोशूले उनीहरूका देश इस्राएलका
कुललाई तिनीहरूका भाग भागअनुसार अधि-
कारको निम्ति दिएका थिए, ती यिनै हुन्
८ पहाड़ी देश, तराई अराबा, पहाड़, उजाड़-
स्थान र दक्षिण देशमा रहने हित्ती, एमोरी
कनानी, परिज्जी, हिव्वी र यबूसीहरू—
९ यरीहोका राजा, एक; बेतलको नज़ीकको
ऐका राजा, एक; १० यरूशलेमका राजा
एक; ११ यर्मूतका राजा, एक; लाकीशका
राजा, एक; १२ एग्लोनका राजा, एक;
गेजेरका राजा एक; १३ दबीरका राजा
एक; गेदेरका राजा, एक; १४ होर्माका
राजा, एक; आरादका राजा, एक;
१५ लिब्नाका राजा, एक; अदुल्लामका
राजा, एक; १६ मक्केदाका राजा, एक;
बेतेलका राजा, एक; १७ तप्पूहका राजा,
एक; हेपेरका राजा, एक; १८ अपेकका
राजा, एक; लश्शारोनका राजा, एक;
१९ मादोनका राजा, एक; हासोरका राजा,
एक; २० शिम्रोनमोरनका राजा, एक;
अक्षापका राजा, एक; २१ तानाकका राजा,
एक; मगिद्दोका राजा, एक, २२ कादेशका
राजा, एक; कर्मेलको योक्नामका राजा, एक;
२३ दोरको डाँड़ाका राजा, एक; गिलगालको
गोयीमका राजा, एक; २४ र तिर्साका राजा,
एक। यी सबै गरेर एकतीस राजाहरू थिए।

जित्न बाँकी रहेका ठाउँहरू

१३ अब यहोशू वृद्ध भए र दिन धेरै
खाइसकेका थिए, परमप्रभुले तिनलाई
भन्नुभयो, "तँ वृद्ध भइस् अनि तेरो उमेर
धेरै भयो, तर देश अधिकारमा ल्याउन अझै
धेरै बाँकी छ। २ अझै बाँकी रहेको
देश यही हो, पलिश्तीहरूका सारा प्रान्त र
गशूरीहरू, ३ मिश्र देश अगिको शिहोरदेखि
लिएर कनानीको भागमा गनिएको उत्तर-
तिरको एक्रोनका सीमानासम्म, पलिश्तीहरूका
पाँच सरदार, गाजी, अश्दोदी, अश्कलोनी,
गात र एक्रोनका सरदारहरू, र दक्षिणतिरका
अव्वीहरू पनि, ४ दक्षिणतिर अपेक र
एमोरीहरूको सीमानासम्म कनानीहरूका सारा
देश, र सीदोनीहरूको मारा नाउँ भएको
देश, ५ फेरि गबालीहरूको देश, र पूर्वतर्फ
हेर्मोन शिखर मनिको बाल्गाददेखि लिएर
हमातको बेँसीसम्म सारा लबानोन। ६ औ
लबानोनदेखि मिश्रपोत-मैमसम्मको पहाड़ी
देशका सबै बासिन्दा, अर्थात् सीदोनीहरू।
यिनीहरू सबैलाई इस्राएलीहरूको सामनेबाट
म निकालिदिनेछु। केवल तैंले इस्राएली-
हरूलाई मैले अह्राएबमोजिम अधिकारको निम्ति
चिट्ठा हालेर बाँड़िदे। ७ यसकारण अब
यो देश नौ कुलहरूलाई र मनश्शेको आधा
कुललाई अधिकारको निम्ति बाँड़िदे।"

अढ़ाइ कुलको सीमाना

८ परमप्रभुका दास मोशाले तिनीहरूलाई
दिएबमोजिमनै आधाले चाहिँ रूबेनीहरू र
गादीहरूसँग पूर्व यर्दन पार मोशाले
तिनीहरूलाई दिएका अधिकार पाए,
९ अर्थात् अर्नोन बेँसीको बीचको शहर, र
मेदबाको सारा टार दीबोनसम्मै, १० र

हेश्बोनमा राज्य गर्ने एमोरीहरूका राजा
सीहोनका सबै शहरहरू, अम्मोनका सन्तान-
हरूको सीमानासम्मैं, ११ गिलाद देश र
गेशूरी र माकातीको सीमानासम्मैं, र सारा
हेर्मोन पर्वत, र सल्कासम्म सारा बाशान,
१२ र अश्तारोत र एद्रेईमा राज्य गर्ने, ओग
राजा, जो मात्र रपाईहरू मध्येबाट बचेर
रहेको थियो, तिनको सारा बाशान राज्य
किनकि यिनीहरूलाई मोशाले जितेर धपाएका
थिए। १३ तर इस्राएलीहरूले गेशूरीहरू र
माकातीहरूलाई धपाएनन्। आजको दिनसम्म
इस्राएलीहरूका बीचमा गेशूरीहरू र माकातीहरू
रहेकै छन्।

१४ लेवीका कुलल्लाई मात्र तिनले कुनै
अधिकारको भाग दिएनन्, किनभने परमप्रभु
इस्राएलका परमेश्वरको निम्ति चढ़ाएको अग्नि-
होम चाहिं उहाँकै वचनअनुसार तिनीहरूको
अधिकारको भाग हो।

१५ मोशाले रूबेनको कुलल्लाई तिनीहरूका
परिवारअनुसार हिस्सा दिए। १६ औ तिनी-
हरूका सीमाना अर्नोन नाउँ भएको बेंसीको
किनारको अरोएरदेखि, र त्यही बेंसीको बीचमा
भएका शहर, र मेदबाका सारा टार,
१७ हेश्बोन र त्यस टारका सबै शहरहरू; दीबोन,
बमोतबाल, बेतबाल्मोन, १८ यहसा, कदेमोत
र मेपात, १९ किर्यतैम, सिब्मा, र बेंसीको
डाँड़ामा बसेको सेरेथशेहार, २० बेतपोर,
पिसगाको भिरालो ठाउँ, र बेत्यशीमोत,
२१ र टारका सबै शहरहरू र हेश्बोनमा राज्य
गर्ने एमोरीहरूका राजा सीहोनका सबै राज्य,
जसलाई मोशाले मिद्यानका सरदारहरू,
अर्थात् सीहोनका भारादारहरू त्यस देशमा
बस्ने एवी, रेकेम, सूर, हूर र रेबाको साथसाथै
मारेका थिए। २२ बओरको छोरा, ईश्वरवाणी
गर्ने बिलामलाई पनि इस्राएलीहरूले अरूहरूसँगै
तरवारले मारे। २३ रूबेनीहरूको सीमाना
यर्दन र त्यसको किनार भएको थियो।
रूबेनीहरूको अधिकारको भाग तिनीहरूका
परिवारअनुसार शहरहरू र गाउँहरू यिनै हुन्।

२४ फेरि मोशाले गादका सन्तानलाई
तिनीहरूका परिवारअनुसार तिनीहरूलाई बाँड़ि-
दिएका थिए। २५ तिनीहरूका सीमाना
याजेर, र गिलादका सबै शहरहरू र अम्मो-
नीहरूका आधा देश, र रब्बाको सामनेको
आरोएरसम्म, २६ र हेश्बोनदेखि रामत-मिस्पे
र बेतोनीमसम्म, र महनोमदेखि दबीरको
सीमानासम्मैं, २७ र बेंसीमा, बेथाराम,
बेतनिम्रा, सुक्कोत, सापोन, र हेशबोनका राजा
सीहोनको राज्यको बाँकी रहे जति, यर्दन
र त्यसको किनारसमेत, यर्दन पारि पूर्वतिरको
किन्नरेत झीलको पल्लो छेउसम्म। २८ गादका
सन्तानको अधिकार तिनीहरूका परिवारहरू,
शहरहरू र गाउँहरूअनुसार यिनै हुन्।

२९ फेरि मोशाले मनश्शेको आधा कुल-
लाई अधिकार दिएका थिए। मनश्शेका
सन्तानलाई आधा कुलको निम्ति तिनीहरूका
परिवारअनुसार त्यो दिइएको थियो। ३० तिनी-
हरूको सीमाना महनोमदेखि बाशानसम्म,
र बाशानका राजा ओगका सम्पूर्ण राज्य औ
बाशानमा भएको याईरका सबै बस्तीहरू जम्मैं
साठी शहर, ३१ र गिलादको आधा भाग
अश्तारोत एद्रेई, बाशानमा ओगका राज्यका
शहरहरू यी सबै मनश्शेका छोरा माकीरको
सन्तानको निम्त अर्थात् माकीरोमो आधा
सन्तानको निम्ति तिनीहरूका परिवारअनुसार
दिइएको थियो।

३२ यरीहोको नजीक, यर्दन पारि,
पूर्वपट्टि मोआबको मैदानमा मोशाले अधिकारको
निम्ति बाँड़ेका भागहरू यिनै हुन्। ३३ तर
लेवीको कुलल्लाई मोशाले कुनै अधिकारको भाग
दिएनन्। इस्राएलका परमेश्वरनै आफ्नो वचन-
अनुसार तिनीहरूका अधिकारको भाग हुनुभयो।

चिट्ठा हालेर बाँड़ेका साढ़े नौ कुलका भाग

१४ एलाजार पूजाहारी, नूनको छोरो
यहोशू र इस्राएलका कुलनायकहरूले

तिनीहरूलाई बाँड्दिए अनुसार इस्राएली
हरूले कनान देशमा अधिकार गरेका
यिनै ठाउँहरू हुन्, २ परमप्रभुले मोशा
द्वारा ती साढ़े नौ कुलको निम्ति आज्ञा
गर्नुभए बमोजिम चिट्ठा हालेर तिनीहरूका
भाग बाँड्यो, ३ किनकि अढ़ाइ कुलहरूलाई
ता यर्दन पारि मोशाले अधिकार दिएकै
थिए। तर लेवीहरूलाई चाहिं तिनीहरूमध्ये
कुनै हिस्सा उनले दिएनन्, ४ किनभने
यूसुफका छोराहरूकानै, मनश्शे र एप्रैम दुइ
कुल थिए, र तिनीहरूले लेवीहरूलाई बस्नलाई
शहरहरू र तिनीहरूका वस्तुहरूलाई खर्कको
निम्ति र माल सामानको निम्ति आसपासका
जमीनबाहेक देशमा कुनै भाग दिएनन्।
५ परमप्रभुले मोशालाई जसो आज्ञा गर्नु-
भएको थियो, इस्राएलीहरूले त्यसै गरे, र
तिनीहरूले देश बण्डा गरे।

कालेबलाई हेब्रोन दिएका

६ तब यहूदाका सन्तान गिलगालमा
यहोशूकहाँ आए, र कनज्जी यपुन्नेको छोरो
कालेबले तिनीहरूलाई भने, "परमप्रभुले
कादेशबर्नेमा मेरो र तपाइंको बारेमा
परमेश्वरका मानिस मोशालाई भन्नुभएको कुरा
ता तपाईंलाई थाहै छ। ७ परमप्रभुका
दास मोशाले कादेशबर्नेबाट यस देशको भेद
लिन मलाई पठाउँदा म चालीस वर्षको थिएँ,
र मैले आफ्नो समाचार तिनलाई ल्याइदिएँ।
८ तर मसँगै जाने साथीहरूले मानिसहरूको
मन भयभित गराइदिए तर म ता पूर्ण रूपले
परमप्रभु आफ्ना परमेश्वरको पछि लागें।
९ तब त्यसै दिन मोशाले शपथ खाएर
यसो भने, 'तिम्रो खुट्टाले जुन ठाउँमा टेकेर
आएका छौ त्यो निःसन्देह तिम्रो र तिम्रो
सन्तानको अधिकारमा सदाको निम्ति हुनेछ,
किनभने तिमी पूर्ण रूपले परमप्रभु मेरा
परमेश्वरका पछि लागेका छौ।' १० त
अब हेर्नुहोस्, इस्राएलीहरू उजाड़-स्थानमा
घुमफिर गर्दा परमप्रभुले मोशालाई यो
कुरा भन्नुभएको बेलादेखि अहिले पैंतालीस
वर्ष बितिसक्यो, आफ्नो वचनअनुसार परम-
प्रभुले मलाई जीवितै राख्नुभएको छ। अब
हेर्नुहोस्, म आज पचासी वर्षको भएको
छु। ११ तैपनि मलाई मोशाले पठाएका
दिनमा म जति बलियो थिएँ, अहिले
पनि उतिकै बलियो छु। लड़ाइँको निम्ति र
भित्र बाहिर गर्नलाई मेरो ताकत त्यस बेला
जति थियो, अहिले पनि त्यतिनै छ।
१२ यसकारण अब यो डाँड़ा मलाई दिनुहोस,
जसको बारेमा परमप्रभुले त्यस दिन भन्नु-
भएको थियो, त्यहाँ अनाकीहरू रहन्थे, ती
ठूला ठूला गढ़ भएका शहरहरू थिए भन्ने
तपाईंले सुन्नुभएकै हो। सायद परमप्रभु
मेरा साथमा हुनुभयो भने उहाँका वचन-
अनुसार, मैले तिनीहरूलाई धपाउनसकूँला।"
१३ अनि यहोशूले तिनलाई आशिष
दिए, र तिनले यपुन्नेको छोरो कालेबको
अधिकारमा हेब्रोन दिए। १४ यसकारण
कनज्जी यपुन्नेको छोरो कालेबको अधिकारमा
हेब्रोन आजसम्म भएको छ, किनभने तिनी
पूर्ण रूपले इस्राएलका परमेश्वरको पछि
लागेका थिए। १५ हेब्रोनको नाउँ पहिले
कित्यर्अर्बा* थियो। यही अर्बा अनाकीहरूमध्ये
सबैभन्दा महान् पुरुष थिए। तब त्यस देशलाई
लड़ाइँबाट विश्राम मिल्यो।

यहूदाको भाग

१५ यहूदाका सन्तानका भाग तिनीहरूका
परिवारअनुसार चिट्ठा हाल्दा एदोमको
सीमानासम्म, र दक्षिणतर्फ दक्षिणको पल्लो
भाग, सीनको उजाड़-स्थानसम्म थियो।
२ तिनीहरूका दक्षिणको सीमाना खारा
समुद्रको पल्लो छेउ, दक्षिणतर्फको खाड़ीदेखि
थियो। ३ त्यो अक्रब्बीमको उकालोको दक्षिण-
तर्फदेखि भएर सीनलाई छिचलेर कादेशबर्नेको

* अर्बाको शहर

दक्षिण पट्टिबाट उँभो लागेर हेस्रोनलाई
छिचलेर अद्दारसम्म उकालो लागेर, कर्काआमा
घुमेर फिरेको छ। ४ त्यहाँबाट अज्मोन
छिचलेर मिश्रको खोलामा निस्केको छ। त्यस
सीमानाको अन्त समुद्रमा भएको छ।
तिनीहरूको दक्षिण सीमाना यही हो। ५ औ
पूर्वी सीमाना खारा समुद्र यर्दनको अन्तसम्मै
थियो। उत्तरको सीमाना यर्दनको मुहानमा
झीलको खाड़ीबाट शुरू भएर ६ बेथोग्लामा
चढ़ाउ भई बेतराबाको उत्तर छिचलेको छ,
र त्यो सीमाना रूबेनवंशी बोहनको ढुङ्गासम्म
चढ़ेको छ, ७ र त्यो सीमाना आकोर नाउँ
भएको बेँसीबाट दबीरसम्म चढ़ेर गएको छ,
अनि यसरी उत्तरतिर, नदीको दक्षिणपट्टि
भएको अदुम्मीमको उकालोको सोझै गिलगाल-
तिर लागेको छ। अनि त्यो सीमाना एन्शेमेश
नाउँको तलाउको छेउछेउ लागेर एन्रोगेलमा
निस्केको छ। ८ फेरि त्यही सीमाना
हिन्नोमको छोराको बेँसी भएर यबूसी, अर्थात्
यरूशलेमको दक्षिणपट्टि उकालो लागेको छ।
अनि त्यो सीमाना हिन्नोमवंशीको बेँसीको
सामनेको पश्चिमतिर भएको र रपाईहरूको
बेँसीको पल्लोपट्टि उत्तरतिरको डाँड़ाको
थाप्लीसम्मै पुगेको छ। ९ त्यही सीमाना
डाँड़ाको थाप्लीबाट नेप्तोह नाउँ भएको
पानीको मुहान पुगेर एप्रोन पहाड़का
शहरहरूसम्म गएकोछ। फेरि त्यो सीमाना
बाला, अर्थात् किर्यत्यारीमसम्म पुगेको छ।
१० बालाबाट त्यो सीमाना सेईर पहाड़सम्म
पश्चिमतिर मोड़िएर, यारीम डाँड़ाको (जसलाई
कसालोन पनि भनिन्छ) उत्तर किनार भई
बेतशेमेशसम्म झरेर तिम्नामा निस्केको छ।
११ त्यो सीमाना फेरि एक्रोनको उत्तरतिर
पुगेको छ, र फेरि शिक्करोनमा पुगेर डाँड़ा
छिचलेर यब्नेलमा निस्की सो सीमाना
समुद्रको किनारसम्म पुगेको छ। १२ पश्चिमी
सीमाना चाहिँ महा-समुद्र र त्यसको किनार
भइहाल्यो। यहूदाका सन्तानका तिनीहरूका
परिवारअनुसार चारैतिरको सीमाना यही हो।

१३ अनि यहोशूलाई परमप्रभुको आज्ञा
भएअनुसार तिनले यपुन्नेको छोरो कालेबलाई
यहूदाका सन्तानमध्ये यो भाग दिए, अर्थात्
अनाकका बाबु अर्बाको शहर, किर्यतर्बा,
जसलाई हेब्रोन पनि भन्दछन्। १४ अनि
कालेबले त्यहाँबाट अनाकका तीन जना
छोरा, शेशै, अहीमन र तल्मै अनाकवंशी-
हरूलाई निकालिदिए। १५ अनि त्यहाँबाट
तिनी दबीरका बासिन्दाहरूका विरुद्धमा उक्लेर
गए। पहिले ता दबीरको नाउँ कीर्यत-सेपेर
थियो। १६ कालेबले भने, "जसले किर्यतसे-
पेरलाई जितेर त्यसलाई कब्जा गर्छ त्यसैलाई
म मेरी छोरी अक्सा विवाह गरिदिनेछु।"
१७ तब कालेबको भाइ कनजको छोरो
ओत्निएलले त्यो कब्जा गरे र कालेबले
आफ्नी छोरी अक्सालाई उनीसित विवाह
गरिदिए। १८ अक्सा ओत्निएलकहाँ गए-
पछि तिनले आफ्नो बाबुसँग एउटा जग्गा
माग्नलाई उनलाई सुर्याइन्। तब अक्सा
आफ्नो गधाबाट ओर्हिन्। अनि कालेबले
तिनलाई भने, "तँलाई के चाहियो ?"
१९ तब तिनले भनिन्, "मलाई दाइजो
दिनुहोस्, किनकि तपाईंले मलाई दक्षिणतिरको
जग्गा ता दिनुभयो, मलाई अब पानीका
मुहानहरू पनि दिनुहोस्।" तब उनले तिन-
लाई माथिल्लो र तल्लो दुवै मुहानहरू
दाइजो दिए।

२० यहूदाका सन्तानका कुलको अधिकार
तिनीहरूका परिवारअनुसार यही हो।

२१ दक्षिण दिशा एदोमको सीमानातिर
यहूदाका सन्तानको पल्लो छेउका शहरहरू
यिनै हुन्—कब्सेल, एदेर, यागूर, २२ कीना
दीमोना, अदादा, २३ केदेश, हासोर, यित्नान,
२४ जीप, तेलेम, बालोत, २५ हासोरादत्ता,
किरय्योथहेस्रोन (जो हासोर हो), २६ अमाम,
शेमा, मोलादा, २७ हसर्गद्दा, हेश्मोन,
बेतपालेत, २८ हसर्शूआल, बेर्शेबा, बिज्योत्या,
२९ बाला, ईम, एसेम, ३० एल्तोलद,
कसील, होर्मा, ३१ सिक्लग, मद्मन्ना,

सन्सन्ना, ३२ लबाओत, शिल्हीम, ऐन र
रिम्मोन। तिनीहरूका बस्तीहरूसमेत जम्मा
उन्तीस शहरहरू हुन्।

३३ फेरि तराईमा चाहिँ एश्तोल, सारा,
अश्ना, ३४ जानोह, एन्गन्नीम, तपूह,
एनाम, ३५ यर्मूत, अदुल्लाम, सोको, अजेका,
३६ शारैम, अदीतैम, गदेरा र गदेरोतेम।
तिनीहरूका बस्तीहरूसमेत चौध शहरहरू हुन्।

३७ सनान, हदाशा, मिग्दलगाद,
३८ दिलान, मिस्पे, योक्तेल, ३९ लाकीश,
बोस्कत, एग्लोन, ४० कोब्बन, लहमाम,
कितलीश, ४१ गदेरोत, बेत्दागोन, नामा
र मक्केदा। तिनीहरूका बस्तीसमेत यी सोह
शहरहरू हुन्।

४२ लिब्ना, एतेर, आशान, ४३ यिप्ताह,
अश्ना, नसीब, ४४ कीला, अक्जीब र
मारेशा। तिनीहरूका बस्तीहरूसमेत नौ
शहरहरू हुन्।

४५ त्यसका शहरहरू र बस्तीहरूसमेत
एक्रोन, ४६ एक्रोनदेखि लिएर समुद्रसम्म
अश्दोदतिरका सबै शहरहरू र तिनीहरूका
बस्तीहरूसमेत।

४७ अश्दोद त्यसका शहरहरू र बस्ती-
हरूसमेत, गाजा त्यसका शहरहरू र बस्तीहरू-
समेत, मिश्रको खोला, र महा-समुद्र र त्यसको
किनारसम्मै।

४८ फेरि पहाड़ी देशका शहरहरू यी
हुन्—शामीर, यत्तीर, सोको, ४९ दन्ना,
किर्यत्सन्ना (जो दबीर हो), ५० अनाब,
एश्तमो, अनीम, ५१ गोशेन, होलोन र
गीलोह। तिनीहरूका बस्तीहरूसमेत एघार
शहरहरू हुन्।

५२ अरब, दुमा, एशान, ५३ यानूम,
बेत्तप्पूह, अपेका, ५४ हुम्ता, किर्यतर्बा (जो
हेब्रोन हो) र सीओर। तिनीहरूका बस्ती-
हरूसमेत नौ शहरहरू हुन्।

५५ माओन, कर्मेल, जीप, यूता,
५६ यिज्रेल, योक्दाम, जानोह, ५७ कैन,
गिबा र तिम्ना। तिनीहरूका बस्तीहरूसमेत
दश शहरहरू हुन्।

५८ हल्हूल, बेत्सर, गदोर, ५९ मारात,
बेतनोत र एल्तकोन। तिनीहरूका बस्ती-
हरूसमेत छ शहरहरू हुन्।

६० किर्यतबाल (जो किर्यत्यारीम हो)
रब्बा। तिनीहरूका बस्तीहरूसमेत दुइ
शहरहरू हुन्।

६१ फेरि उजाड़-स्थानका शहरहरू यिनै
हुन्—बेतराबा, मिद्दीन र सकाका, ६२ निब्शान,
नूनको शहर र एनगदी। तिनीहरूका बस्ती-
हरूसमेत छ शहरहरू हुन्।

६३ तर यरूशलेमका बासिन्दा यबूसी-
हरूलाई ता यहूदाका सन्तानले धपाउन
सकेनन्। तर ती यबूसीहरू आजको दिनसम्म
यरूशलेमका यहूदाका सन्तानसँगै रहेका
छन्।

यूसुफका छोराहरू—एप्रैमको भाग

१६ अनि चिट्ठामा परेको यूसुफका
सन्तानको भाग यही हो—यरीहोको
पूर्वतिरका पानी, अर्थात् यरीहोको नजीकको
यर्दनदेखि यरीहोबाट भएर बेतेलतिर उकालो
बाटो जाने पहाड़ी देशको उजाड़-स्थान।
२ फेरि बेतेलदेखि लूजमा छिचलेर अरकीको
सीमानाको अतारोतसम्मै पुगेको छ। ३ तब
यो पश्चिमतिर ओर्लेर यल्पेतीको सीमाना
भई तल्लो चाहिँ बेथोरोनको किनार भएर
गेजेरसम्मै पुगेर समुद्रमा गएर टुङ्गिएको छ।

४ अनि मनश्शे र एप्रैम, यूसुफका दुइ
छोराहरूका सन्तानले आफ्ना अधिकार लिए।
५ तिनीहरूका परिवारअनुसार एप्रैमका
सन्तानको सीमाना यही हो—तिनीहरूको
भागको पूर्वतिरको सीमाना अत्रोतद्दारदेखि
माथिल्लो बेथोरोनसम्म थियो। ६ त्यो
सीमाना उत्तरतिरको मिक्मतात भएर पश्चिम
लागेको छ। फेरि त्यो सीमाना फरक्कै पूर्व
फर्केर तानतशीलो पुगी यसको किनार
किनार भएर यानोहसम्म छिचलेको छ।

७ अनि यो यानोहदेखि अतारोत र नारासम्म
झरेर यरीहो पुगी यर्दन निस्केको छ। ८ त्यो
सीमाना तप्पूहबाट पश्चिमतिर लागेर कानाको
खोल्चासम्म झरी समुद्रमा टुङ्गिएको छ।
तिनीहरूका परिवारअनुसार एप्रैमको कुलको
अधिकार यही हो। ९ यसदेखि बाहेक,
मनश्शेका सन्तानको अधिकारमध्येबाट एप्रैमका
सन्तानका निम्ति छुट्याएर राखेका सबै
शहरहरू र तिनका बस्तीहरूसमेत थिए,
१० तर तिनीहरूले गेजेरमा रहेका कनानी-
हरूलाई धपाएनन्। तर आजको दिनसम्म
कनानीहरू एप्रैमीहरूका बीचमा रहेका छन्,
र बेगारीमा काम गर्ने दासहरू भएका छन्।

मनश्शेको भाग

१७ चिट्ठा हाल्दा मनश्शेको कुलमा परेको
भाग यही हो, किनकि तिनी यूसुफका
जेठा छोरा थिए। गिलादको बाबु मनश्शेको
जेठा छोरा माकीरले गिलाद र बाशान पाए,
किनभने तिनी लड़ाका थिए। २ अनि
मनश्शेका बाँकी सन्तानले, अर्थात् अबीएजेरका
सन्तान, हेलेकका सन्तान, अस्रीएलका सन्तान,
शेकेमका सन्तान, हेपेरका सन्तान, शमीदाका
सन्तानहरूले तिनीहरूका परिवारअनुसार भाग
पाए। तिनीहरूका परिवारअनुसार, यूसुफको
छोरा मनश्शेका पुरुष सन्तानहरू यिनै हुन्।
३ तर मनश्शेको छोरो माकीर, तिनका
छोरा गिलाद, तिनका छोरा हेपेर र तिनका
छोरा सलोफादका छोरीहरूबाहेक छोराहरू
थिएनन्। तिनका छोरीहरूका नाउँ यिनै
हुन्—महला, नोआ, होग्ला, मिल्का र
तिर्सा। ४ तिनीहरूले पूजाहारी एलाजार,
नूनका छोरा यहोशू र नायकेहरूका सामने
आएर यसो भने, "हामीलाई हाम्रा दाज्यू-
भाइहरूका बीचमै अधिकार दिनू भनेर परम-
प्रभुले मोशालाई आज्ञा दिनुभएको छ।"
परमप्रभुको आज्ञाअनुसार यिनले तिनीहरूलाई
तिनका काकाहरूका बीचमा भाग दिए।
५ तब मनश्शेलाई यर्दन पारिको गिलाद
देश र बाशान देशबाहेक दश भाग मिल्यो,
६ किनभने मनश्शेका छोरीहरूले पनि
तिनका छोराहरूकै बीचमा भाग पाएका
थिए। गिलाद देश चाहिँ मनश्शेका बाँकी
सन्तानहरूको भागमा पर्‍यो।
७ अब मनश्शेको भागको सीमाना
आशेरदेखि शकेमको सामनेको मिक्मतातसम्म
थियो। त्यो सीमाना दाहिनेतिर लागेर
एन्तप्पूहका बासिन्दाहरू भएका ठाउँसम्म
पुगेको थियो। ८ तप्पूहहरूको देश मनश्शेको
भागमा पर्‍यो। तर मनश्शेको सीमानामा
भएको तप्पूहचाहिँ एप्रैमका सन्तानको भागमा
पर्‍यो। ९ अनि त्यो सीमाना कानाको
खोलासम्म खोलाको दक्षिणतिर गएको थियो।
मनश्शेका कति शहरहरू एप्रैमको भागमा
पर्‍यो। औ मनश्शेको सीमाना चाहिँ
खोलाको उत्तरतिर छ, र त्यो समुद्रमा गएर
टुङ्गिएको छ। १० दक्षिणतिर एप्रैमको औ
उत्तरतिर मनश्शेको भई सीमाना चाहिँ
समुद्रमा गएको छ, र ती उत्तरतिर आशेर
औ पूर्वतिर इस्साकारसम्म पुगेका छन्।
११ इस्साकार र आशेरमा मनश्शेलाई यति
पर्‍यो—बेत्शान र त्यसका बस्तीहरू, यिबलाम
र त्यसका बस्तीहरू, दोरका बासिन्दाहरू र
तिनीहरूका बस्तीहरू, एन्दोरका बासिन्दाहरू र
तिनीहरूका बस्तीहरू, तानाकका बासिन्दाहरू
र तिनीहरूका बस्तीहरू र मगिद्दोका बासिन्दा-
हरू र तिनीहरूका बस्तीहरू, अर्थात् तीन
डाँड़ाहरू। १२ तैपनि मनश्शेका सन्तानले ती
शहरहरूका बासिन्दाहरूलाई धपाउनसकेनन्।
तर ती कनानीहरू त्यस देशमा बसे।
१३ तर रहँदा बस्ता इस्राएलीहरू सामर्थी
भएपछि, तिनीहरूले तिनीहरूलाई बेगारी
काममा लाउन थाले, तर पूर्ण रूपले तिनी-
हरूलाई धपाएनन्।
१४ अनि यूसुफका खलकले यहोशूलाई
यसो भने, "परमप्रभुले हामीलाई अहिलेसम्म
आशिषनै दिनुभएको हुनाले हामी गन्तीमा

बढ्‌तानै छौं भन्‍ने जानेर पनि हाम्रो
अधिकारको निम्ति किन एउटै मात्र चिट्ठा
हालेर एकै भाग मात्र तपाईंले दिनुभयो ?"
१५ तब यहोशूले तिनीहरूलाई भने,
"तिमीहरू गन्तीमा धेरै छौ, र एप्रैमको
पहाड़ी देश तिमीहरूलाई साँघुरो हुन्छ भने
परिज्जी र रपाईहरूको देश जङ्गलमा गएर
तिमीहरूको निम्ति जङ्गल फाँड़।" १६ अनि
यूसुफका खलकले भने, "पहाड़ी देशमा हामी
अटाउँदैनौं। औ बेत्शान त्यसका शहरहरूमा
बस्‍नेहरूसँग र यिज्रेलको बेंसीमा बस्‍ने, अर्थात्
त्यस देशको बेंसीमा बस्‍ने सबै कनानीहरूसँग
फलामका रथहरू छन्।" १७ तब यहोशूले
यूसुफका घराना, अर्थात् एप्रैम र मनश्शेलाई
यसो भने, "तिमीहरू धेरै जना छौ र
बलिया पनि छौ। तिमीहरूलाई एक भाग
मात्र हुनेछैन। १८ पहाड़ी देश, जङ्गल
भए तापनि तिमीहरूकै हुन्छ। तर त्यसका
रूखहरू फाँड़, र त्यहाँ आसपासका जमीन
पनि तिमीहरूकै हुनेछ। ती कनानीहरूसँग
फलामका रथहरू भएकाले तिनीहरू सामर्थी
छन्, तापनि तिमीहरूले तिनीहरूलाई
धपाउनसक्छौ।"

बाँकी देशको भाग

१८ अनि इस्राएलीहरूका सारा समुदाय
शीलोमा जम्मा भए, र त्यहाँ भेट
हुने पाल टाँगे। त्यो देश तिनीहरूका
अधीनमा भइसकेको थियो।

२ औ इस्राएलीहरूमा आफ्ना आफ्ना
अधिकार भाग नलागेका अझै सात कुल
बाँकी थिए। ३ अनि यहोशूले इस्राएली-
हरूलाई भने, "तिमीहरूका पिता-पुर्खाका
परमप्रभु परमेश्‍वरले तिमीहरूलाई दिनुभएका
देश अधिकार गर्नलाई कति दिन ढीला
गर्छौ ? ४ अब कुलै पिच्छे तीन तीन
जना मानिसहरू तिमीहरूका निम्ति नियुक्त
गर। म तिनीहरूलाई पठाउनेछु, र तिनीहरू
गएर देशमा घुमेर आफ्ना आफ्ना अधिकारको
निम्ति भाग लेखेर मकहाँ फर्केर आउनेछन्।
५ तिनीहरूले ती सात भागमा बण्डा
गर्नेछन्। यहूदा दक्षिणमा आफ्नै सीमानाभित्र
रहला, र यूसुफको घराना चाहिँ उत्तरतिर
तिनीहरूकै सीमानामा रहला। ६ तिमीहरूले
त्यो देशलाई सात भाग लगाएर लेखी सो
यहाँ मकहाँ ल्याओ। अनि परमप्रभु हाम्रा
परमेश्‍वरको सामनेमा तिमीहरूका निम्ति म
चिट्ठा हालिदिनेछु। ७ तर लेवीहरूलाई
तिमीहरूमध्ये केही भाग हुनेछैन, किनकि
परमप्रभुको पूजाहारीपदनै तिनीहरूको अधिकार
हो। गाद, रूबेन र मनश्शेको आधा कुलले
पूर्वपट्टि यर्दन पारि, परमप्रभुका दास मोशाले
दिएका, तिनीहरूका आफ्ना आफ्ना अधिकार
पाएकै छन्।"

८ तब ती मानिस उठेर गए। अनि
यहोशूले सो देशको विषय लेखेर ल्याउन
जानेहरूलाई यसो भनेर आज्ञा दिए, "जाओ,
सो देशभरि घुम, र त्यसको वर्णन लेखेर
मकहाँ फर्केर आओ, र यहाँ शीलोमै परम-
प्रभुको सामने तिमीहरूका निम्ति म चिट्ठा
हालिदिऊँला।" ९ तब ती मानिसहरू गएर
त्यस देशभरि घुमे, र शहर शहर देखाएर
सात भाग गरी एउटा पुस्तकमा वर्णन गरे,
र यहोशूकहाँ शीलोमा भएको छाउनीमा
फर्के। १० औ यहोशूले परमप्रभुको
सामने शीलोमा तिनीहरूका निम्ति चिट्ठा
हाले, र त्यहींनै यहोशूले तिनीहरूका भाग
भागअनुसार इस्राएलीहरूलाई सो देश बण्डा
गरिदिए।

बिन्यामीनको भाग

११ बिन्यामीन वंशको परिवार परिवार-
अनुसार चिट्ठा यसरी निस्क्यो। तिनीहरूको
भागको सीमाना यहूदाको खलकहरू र
यूसुफको खलकहरूका बीचमा पर्‍यो।
१२ तिनीहरूको उत्तरपट्टिको सीमाना यर्दनदेखि

शुरू भएर यरीहोको नजीकबाट उत्तरतिर
लागी, पश्चिमतिरको पहाड़ी देशमा उक्लेर
बेतावनको जङ्गलमा पुगेको छ। १३ त्यो
सीमाना त्यहाँबाट लूजसम्म (यसैलाई बेतेल
भन्दछ) त्यसको दक्षिणतिर पुगेर तल्लो
बेथोरोनको दक्षिणपट्टिको पहाड़बाट अत्रोतद्दार-
सम्म झरेको छ। १४ अनि त्यहाँबाट सो
सीमाना पश्चिमतिर लागेर दक्षिणपट्टि घुमी
बेथोरोनको सामनेको दक्षिणतिरको डाँड़ाबाट
यहूदाको खलकहरूको किर्यथबालसम्म (यसैलाई
किर्यत्यारीम भन्दछ) पुगेको छ पश्चिम
सीमाना यही हो। १५ दक्षिणको सीमाना
चाहिं, किर्यत्यारीमको पल्लो छेउदेखि पश्चिम-
तिर लागेर नेप्तोहको मुहानमा निस्केको छ।
१६ अनि सो सीमाना हिन्नोमको छोराको
बेंसीको सामने र रपाईहरूको बेंसीको उत्तर-
पट्टिको डाँड़ाको पल्लो छेउमा ओर्ह्ली यबूसीको
दक्षिणपट्टिको हिन्नोमको बेंसीबाट झरेर
एन्रोगेलमा झरेको छ। १७ अनि उत्तरतिर
तानिएर एन्शेमेशतिर लागी अदुम्मीमको
उकालोको सामनेको गलीलोतमा निस्की
रूबेनको खलकको बोहनको ढुङ्गामा झरेको
छ। १८ त्यहाँबाट अराबाको सीधा उत्तरपट्टि
पुगेर अराबामानै झरेको छ। १९ त्यो
सीमाना फेरि बेथोग्लाको उत्तर किनार
छिचलेर यर्दनको दक्षिणपट्टि भएको खारा
सागरको उत्तरी खाड़ीमा टुङ्गिएको छ।
दक्षिण सीमाना यही हो। २० त्यसको
पूर्वपट्टिको सीमाना चाहिं यर्दन भइहाल्यो।
बिन्यामीनका खलकहरूको अधिकार, चारै
तिरको सीमानाबमोजिम तिनीहरूका परिवार-
अनुसार यही हो।

२१ बिन्यामीनका खलकहरूलाई तिनीहरूका
परिवारअनुसार मिलेका शहरहरू यिनै हुन्
—यरीहो, बेथोग्ला, एमेकसीस, २२ बेतराबा
समारैम, बेतेल, २३ अब्बीम, पारा, ओप्रा,
२४ कपरम्मोनी, ओप्नी, गेबा तिनीहरूका
बस्तीहरूसमेत बाह्र शहरहरू हुन्। २५ गिबोन,
रामा, बेरोत, २६ मिस्पे, कपीरा, मोसा,
२७ रेकेम, यिर्पेल, तरला, २८ सेला, एलेफ,
यबूसी (यरूशलेम यही हो) गिबत र किर्यत
तिनीहरूका बस्तीहरूसमेत चौध शहरहरू हुन्।
तिनीहरूका परिवारअनुसार बिन्यामीनका
खलकहरूको अधिकार यही हो।

अरू कुलहरूका भाग

१९ दोस्रो चिट्ठा शिमोनको, अर्थात्
शिमोनको खलकको कुलको नाउँमा
तिनका परिवारअनुसार निस्क्यो। तिनीहरूको
अधिकार चाहिं यहूदाको खलकको अधिकारको
बीचमा पर्‍यो। २ तिनीहरूको अधिकारमा
परेका यिनै हुन्—बेर्शेबा (अर्थात् शेबा),
मोलादा ३ हजर्शूआल, बाला, एसेम,
४ एल्तोलाद, बतूल, होर्मा, ५ सिकलग,
बेत्मर्काबोत, हसर्सूसा, ६ बेत्लबाओत, र
शारूहेन। तिनीहरूका बस्तीहरूसमेत तेह
शहरहरू हुन्। ७ ऐन, रिम्मोन, एतेर र
आशान—तिनीहरूका बस्तीहरूसमेत चार
शहरहरू हुन्। ती शहरहरूका वरिपरिका
सबै बस्तीहरू बालत्बेर, अर्थात् दक्षिणतिरको
रामासम्मै। ८ तिनीहरूका परिवारअनुसार
शिमोनको खलकका कुलको अधिकार यही हो।
९ शिमोनको खलकहरूले यहूदाका खलक-
हरूको हिस्साबाटै अधिकार पाएका हुन्,
किनकि यहूदाका खलकहरूलाई तिनीहरूका
निम्ति बढ़ता भाग परेको थियो। यसकारण
शिमोनका खलकहरूले तिनीहरूको अधिकारको
बीचमा अधिकार पाए।

१० तेस्रो चिट्ठा जबूलूनका खलकहरूका
नाउँमा तिनीहरूका परिवारअनुसार यसरी
निस्क्यो, र तिनीहरूको अधिकारको सीमाना
सारीदसम्म भयो। ११ अनि तिनीहरूको
सीमाना पश्चिमतिर मरलासम्म बढ़ेर दब्बेशेत-
सम्म पुगी योक्नामको अघाड़िको खोलासम्म
पुगेको छ। १२ सारीदबाट फेरि पूर्वपट्टि
किस्लोत्ताबोरको सीमानासम्म पूर्वतिर मोड़िएको
छ। त्यो दाबरतमा निस्केर यापीसम्म चढ़ेर

गएको छ। १३ त्यहाँबाट त्यो पूर्वतिर
लागेर गथेपेर र इथकासीनसम्म छिचली
रिम्मोनसम्म पुगेको छ, जो नेआसम्म
फैलिएको छ। १४ अनि त्यो सीमाना
हन्नतोनतिर उत्तर मोडिएर इफ्थहेलको
बेंसीमा पुगेको छ। १५ काथाथ, नहलल,
शीम्रोन, इदलाह र बेतलेहेम तिनीहरूका
बस्तीहरूसमेत यी बाह्र शहरहरू हुन्।
१६ जबूलूनका खलकहरूका अधिकारका
शहरहरू र तिनका बस्तीहरूसमेत यिनै
हुन्।

१७ चौथो चिट्ठा इस्साकारको, अर्थात्
तिनीहरूका परिवारअनुसार इस्साकारका खलक-
हरूको निम्ति यसरी निस्क्यो। १८ तिनी-
हरूको सीमाना यिज्रल, कसुल्लोत, शूनेम,
१९ हपरैम, शीओन, अनाहारत,
२० रब्बीत, किश्योन, एबेस, २१ रेमेत,
एन्गन्नीम, एन्हद्दा र बेतपसेस भएर
२२ सो सीमाना ताबोर, शहसूमा र
बेत्शेमेशसम्म पुगेर यर्दनमा टुङ्गिएको छ।
तिनीहरूका बस्तीहरूसमेत सोह्र शहरहरू हुन्।
२३ इस्साकारका खलकहरूको तिनीहरूका
परिवारअनुसार कुलको अधिकारका शहरहरू र
तिनका बस्तीहरूसमेत यिनै हुन्।

२४ पाँचौं चिट्ठा तिनीहरूका परिवार-
अनुसार आशेरका खलकहरूको कुलको निम्ति
यसरी निस्क्यो। २५ तिनीहरूका सीमाना,
हेलकत, हली, बेतेन, अक्षाप,
२६ अलम्मेलेक, अमाद, मिशाल, र यो
पश्चिम कर्मेलतिर शीहोलिब्नातसम्म पुगेको
छ। २७ अनि यो पूर्वतिर मोडिएर बेत्दा-
गोनतिर लागी जबूलून र यिप्तहेलको बेंसीसम्म
पुगेको छ, जो बेतेमेक र नीएलको उत्तरमा
छ, र यो बायाँ हातपट्टि काबूलमा निस्केको
छ, २८ र एब्रोन, रहोब, हम्मोन र काना
भएर महा-सीदोनसम्म पुगेको छ। २९ अनि
त्यो सीमाना रामा र पर्खाल भएको टायर
शहरतिर मोडिएको छ। त्यो सीमाना फेरि
होसातिर मोडिएको अक्जीब प्रदेशको समुद्रमा
टुङ्गिएको छ। ३० उम्मा, अपेक र रहोब-
समेत तिनीहरूका बस्तीहरूसमेत बाइस
शहरहरू हुन्। ३१ आशेरका खलकहरूको
तिनीहरूका परिवारअनुसार कुलको अधिकारका
बस्तीहरूसमेत शहरहरू यिनै हुन्।

३२ छैटौं चिट्ठा नप्तालीका खलकहरूको
निम्ति तिनीहरूका परिवारअनुसार यसरी
निस्क्यो। ३३ औ तिनीहरूको सीमाना
हेलेप, सानन्नीममा भएको फलाँटको रूख,
अदामीनेकेब र यब्नेलदेखि लक्कूमसम्म
भएर यर्दनमा टुङ्गिएको छ। ३४ अनि सो
सीमाना पश्चिमतिर अज्नोत्ताबोरपट्टि मोडिएर,
त्यहाँबाट हुक्कोकमा निक्लेको छ, र त्यो
दक्षिणतिर जबूलूनसम्म, पश्चिमतिर आशेरसम्म
र पूर्वतिर यहूदाको भागको यर्दनसम्म पुगेको
छ। ३५ औ पर्खाल भएका शहरहरू चाहिं
सिद्दीम, सेर, हम्मत, रक्कत, किन्नेरेत,
३६ अदामा, रामा, हासोर, ३७ केदेश,
एद्रेई, एन्हसोर, ३८ यिरोन, मिग्दलेल,
होरेम, बेतनात र बेत्शेमेश हुन्। तिनीहरूका
बस्तीहरूसमेत उन्नाईस शहरहरू हुन्।
३९ तिनीहरूका परिवारअनुसार नप्तालीका
खलकहरूको कुलको अधिकारको, बस्तीहरूसमेत
शहरहरू यिनै हुन्।

४० सातौं चिट्ठा, तिनीहरूका परिवार-
अनुसार दानका खलकहरूको कुलको नाउँमा
यसरी निस्क्यो। ४१ तिनीहरूको अधिकारको
सीमाना, सोरा, एश्ताओल, इर्शेमेस,
४२ शालब्बीन, अय्यालोन, इत्ला, ४३ एलोन,
तिम्ना, एक्रोन, ४४ एल्तके, गिब्बतनो, बालात,
४५ यहूद, बनेबरक, गत्रिमोन, ४६ मेयरकोन
र रक्कोन, साथै जोपाको सीधा सीमानासमेत
हुन्। ४७ दानका खलकहरू सीमाना
यसदेखि बढ्ता पनि भएको थियो, किनकि
दानका खलकहरू लेशेममा गएर त्यससँग
युद्ध गरेर त्यसलाई तरवारले नाश गरी
कब्जा गरे, र त्यहाँ बसेर लेशेमलाई
आफ्ना पुर्खा दानको नाउँअनुसार दान नाउँ
राखे। ४८ तिनीहरूका परिवारअनुसार

दानका खलकहरूको कुलको अधिकारका बस्ती-
हरूसमेत शहरहरू यिनै हुन्।
४९ यसरी तिनीहरूले अधिकारको निम्ति
सीमाना सीमाना छुट्याई देश बण्डा गरी
सिद्ध्याए। अनि इस्राएलीहरूले नूनको छोरो
यहोशूलाई तिनीहरूका बीचमा अधिकारको
एक भाग दिए। ५० परमप्रभुको आज्ञा-
अनुसार तिनीहरूले उनलाई उनले मागेकै
चाहिं, एप्रैमको पहाड़ी देशको तिम्नथसेरह
जग्गा दिए, अनि तिनले शहर बसालेर त्यहाँ
बसे।
५१ पूजाहारी एलाजार नूनको छोरो
यहोशू र इस्राएलीहरूका कुल कुल पिच्छकै
परिवार परिवारका मुखियाहरूले परमप्रभुको
सामने शीलोमा भेट हुने पालको ढोकामा
बसेर चिट्ठा हाली बण्डा गरेका अधिकारहरू
यिनै हुन्। यसरी तिनीहरूले देश बण्डा गर्ने
काम सिद्ध्याए।

ज्यानमाराको शरण-नगर

२० अनि परमप्रभुले यहोशूलाई यसो
भन्नुभयो, २ "इस्राएलीहरूलाई
भनिदे, 'मोशाद्वारा मैले तिमीहरूलाई भने-
बमोजिम तिमीहरूले शरण-नगरहरू नियुक्त गर।
३ भूलले वा अजानमा कसैले कसैलाई
मार्‍यो भने सो ज्यानमारा भागेर त्यहाँ
जाओस्, र ती शहरहरू हत्याको बदला
लिनेहरूबाट शरणस्थान हुनेछन्। ४ ती
शहरहरूमध्ये एउटामा त्यो भागेर जाओस् र
त्यस शहरको ढोकाभित्र पस्ने ठाउँनेर उभिओस्,
त्यस शहरका बूढ़ा-प्रधानहरूलाई आफ्नो कुरा
सुनाओस्। अनि तिनीहरूले शहरभित्र
आफूहरूकहाँ लगी त्यसलाई ठाउँ दिऊन् र
त्यो तिनीहरूका साथमा बसोस्। ५ यदि
हत्याको बदला लिनेले त्यसलाई खेद्यो भने
तिनीहरूले त्यस ज्यानमारालाई त्यसको हातमा
नसुम्पिऊन्; किनभने त्यसले आफ्नो
छिमेकीलाई अजानमा मारेको हो, औ
त्यससित उसको केही दुश्मनी थिएन।
६ अनि न्यायको निम्ति समुदायको सामने
खड़ा नभएसम्म, र त्यस समयको प्रधान
पूजाहारीको मृत्यु नभएसम्म त्यो त्यही
शहरमा बसिरहोस्। त्यसपछि त्यो ज्यानमारा
आफ्नो शहरमा आफ्नै घरमा, जुन शहरबाट
त्यो भागेको हो त्यही शहरमा जाओस्।
७ तब तिनीहरूले नप्तालीको पहाड़ी
देशको गालीलमा केदेस, एप्रैमको पहाड़ी
देशका शकेम र यहूदाको पहाड़ी देशमा
किर्यतर्बा (जो हेब्रोन हो) अर्पण गरे।
८ यर्दन पारि यरीहोको पूर्वपट्टि, रूबेनको
कुलको उजाड़-स्थानमा भएको बेँसीको
बेसेरलाई, गादको कुलको गिलादमा रामोतलाई
मनश्शेको कुलको बाशानमा भएको गोलान-
लाई तिनीहरूले ठहराए। ९ जोसुकैले
कुनै मानिसलाई भूलले मार्‍यो भने समुदायको
सामु त्यो खड़ा नभएसम्म हत्याको बदला
लिनेको हातबाट मर्न नपरोस् भनेर त्यो भागेर
जानलाई, सारा इस्राएलीहरू र तिनीहरूसँगै
प्रवास गर्ने परदेशीहरूका निम्ति ठहरिएका
शहरहरू यिनै हुन्।

लेवीहरूका अठचालीस शहरहरू

२१ तब लेवीहरूका मुखियाहरूले एलाजार
पूजाहारी, नूनको छोरो यहोशू र
इस्राएल कुल कुलका नायकहरू नजीक आएर
२ कनान देशको शीलोमा तिनीहरूलाई
यसो भने "हामीलाई बस्नको निम्ति शहरहरू
र हाम्रा बस्तुहरूलाई खर्कका निम्ति वरिपरिका
ठाउँहरू हामीलाई दिनू भनेर परमप्रभुले
मोशाद्वारा हुकुम गर्नुभएको छ।" ३ अनि
परमप्रभुको हुकुमअनुसार इस्राएलीहरूले लेवी-
हरूलाई आफ्ना अधिकारबाट यी शहरहरू
र बस्तीहरूसमेत दिए।
४ अनि कहातीका परिवारहरूका नाउँमा
चिट्ठा निस्क्यो। लेवीहरूमध्येका हारून
पूजाहारीका सन्तानले यहूदाको कुल,

शिमोनको कुल, र बिन्यामीनको कुलबाट
तेह शहरहरू चिट्ठाद्वारै पाए।
५ कहातका बाँकी सन्तानले एप्रैमको
कुलको परिवारबाट, दानको कुलबाट, र
मनश्शेको कुलको आधा कुलबाट दश शहरहरू
चिट्ठाद्वारा पाए।
६ गेर्शोनका सन्तानहरूले इस्साकारको
कुलको परिवारबाट, आशेरको कुलबाट,
नप्तालीको कुलबाट र बाशनमा मनश्शेका
आधा कुलबाट तेह शहरहरू चिट्ठाद्वारा
पाए।
७ मरारीका सन्तानले तिनीहरूका परिवार-
अनुसार रूबेनको कुलबाट, गादको कुलबाट र
जबूलूनको कुलबाट बाह शहरहरू पाए।
८ परमप्रभुले मोशाद्वारा हुकुम गर्नुभए
बमोजिम इस्राएलीहरूले चिट्ठा हाली हालीकन
लेवीहरूलाई बस्तीहरूसमेत ती शहरहरू दिए।
९ तिनीहरूले यहूदाका खलकको कुलबाट
र शिमोनका खलकको कुलबाट तल नाउँ
लेखिएका यी शहरहरू दिए। १० यी
शहरहरू लेवीको कुलको, कहातका परिवार-
हरूको, हारूनका सन्तानका निम्ति थिए;
किनकि चिट्ठा पहिले तिनीहरूकै नाउँमा
निस्केको थियो। ११ अनि तिनीहरूले उनी-
हरूलाई यहूदाको पहाड़ी देशमा अनाकका
बाबुको किर्यतर्बा (जो हेब्रोन हो) नाउँको
शहर र यसको वरिपरिको बस्तीसमेत दिए।
१२ तर त्यस शहरको खेतहरू, र त्यसका
बस्तीहरू चाहिं तिनीहरूले यपुन्नेको छोरा
कालेबलाई अधिकारको निम्ति दिए।
१३ हारून पूजाहारीका सन्तानलाई,
ज्यानमाराको निम्ति शरण-नगर नियुक्त भएको
हेब्रोन, त्यसको बस्तीसमेत, र लिब्ना, त्यसका
बस्तीसमेत, १४ यत्तीर, त्यसका बस्तीसमेत,
एश्तमो, त्यसका बस्तीसमेत, १५ होलोन,
त्यसका बस्तीसमेत, दबीर, त्यसका बस्तीसमेत,
१६ ऐन, त्यसका बस्तीसमेत, युत्ता, त्यसका
बस्तीसमेत, औ बेतशेमेश, त्यसका बस्ती-
समेत—ती दुइ कुलबाट नौवटा शहरहरू
तिनीहरूले दिए। १७ अनि बिन्यामीनका
कुलबाट गिबोन, त्यसका बस्तीसमेत, गेबा,
त्यसका बस्तीसमेत, १८ अनातोत, त्यसका
बस्तीसमेत, अल्मोन, त्यसको बस्तीसमेत—चार
शहरहरू दिए। १९ हारून पूजाहारीका
सन्तानका जम्मा तेह शहरहरू तिनका
बस्तीहरूसमेत थिए।
२० लेवीको कुलको कहातका खलकहरूको
परिवारले, अर्थात् कहातका बाँकी खलकहरूले
चाहिं एप्रैमको कुलको भागबाट चिट्ठाद्वारा यी
शहरहरू पाए। २१ तिनीहरूले उनीहरूलाई,
एप्रैमको पहाड़ी देशमा ज्यानमाराको निम्ति
शरण-नगर नियुक्त भएको शकेम, त्यसका
बस्तीसमेत, गेजेर, त्यसका बस्तीसमेत,
२२ किब्सैम, त्यसका बस्तीसमेत, बेथहोरोन,
त्यसको बस्तीसमेत—चार शहरहरू दिए।
२३ दानको कुलबाट, एल्तके, त्यसका बस्ती-
समेत, गिब्बतौन, त्यसका बस्तीसमेत,
२४ अय्यालोन, त्यसका बस्तीसमेत, गत्रिमोन,
त्यसका बस्तीसमेत चार शहरहरू दिए।
२५ मनश्शेको आधा कुलबाट तानाक,
त्यसका बस्तीसमेत, गत्रिम्मोन, त्यसका बस्ती-
समेत—दुइ शहरहरू दिए। २६ कहातका
बाँकी खलकका परिवारका जम्मा दश शहर-
हरू तिनका बस्तीहरूसमेत थिए।
२७ लेवीका सन्तानका गेर्शोनका
खलकहरूलाई तिनीहरूले मनश्शेको आधा
कुलबाट बाशनामा ज्यानमाराको निम्ति
शरण-नगर नियुक्त भएको, गोलान, त्यसका
बस्तीसमेत, बेश्तरा, त्यसका बस्तीसमेत—दुइ
शहरहरू दिए। २८ औ इस्साकारको
कुलबाट किश्योन, त्यसका बस्तीसमेत, दाबरत,
त्यसका बस्तीसमेत, २९ यर्मत, त्यसका
बस्तीसमेत, एन्गन्नीम, त्यसका बस्तीसमेत—
चार शहरहरू दिए। ३० आशेरको कुलबाट
मिशाल, त्यसका बस्तीसमेत, अब्दोन, त्यसका
बस्तीसमेत, ३१ हेल्कात, त्यसका बस्तीसमेत,
रहोब, त्यसका बस्तीसमेत—चार शहरहरू
दिए। ३२ नप्तालीको कुलबाट चाहिं,

गालीलमा ज्यानमाराको निम्ति शरण-नगर
नियुक्त भएको केदेश, त्यसका बस्तीसमेत,
हम्मोत्दर, त्यसका बस्तीसमेत कर्तान, त्यसका
बस्तीसमेत—तीन शहरहरू दिए। ३३ तिनी-
हरूका परिवारअनुसार गेर्शोनीहरूका जम्मा
तेह्र शहरहरू तिनीहरूका बस्तीसमेत थिए।
३४ लेवीहरूका बाँकी मरारीका खलक-
हरूका परिवारलाई चाहिं जबूलूनको कुलबाट
योक्नाम, त्यसका बस्तीसमेत, कर्त्ता, त्यसका
बस्तीसमेत, ३५ दिम्ना, त्यसका बस्तीसमेत,
नहलाल, त्यसका बस्तीसमेत—चार शहरहरू
दिए। ३६ औ रूबेनको कुलबाट, बेसेर,
त्यसका बस्तीसमेत, यहसा, त्यसका बस्ती-
समेत, ३७ कदेमोत, त्यसका बस्तीसमेत,
मेपात, त्यसका बस्तीसमेत—चार शहरहरू दिए।
३८ गादको कुलबाट चाहिं, गिलादमा
ज्यानमाराको निम्ति शरण-नगर नियुक्त भएको,
रामोत, त्यसका बस्तीसमेत, महनैम, त्यसका
बस्तीसमेत, ३९ हेस्बोन, त्यसका बस्तीसमेत,
याजेर, त्यसका बस्तीसमेत—जम्मा चार
शहरहरू दिए। ४० लेवीका बाँकी, अर्थात्
मरारीका खलकहरूका तिनीहरूका परिवार-
अनुसार चिट्ठामा पाएका जम्मा बाह्र शहरहरू
र तिनका बस्तीसमेत थिए।
४१ इस्राएलीहरूका अधिकारको बीचमा
लेवीहरूका जम्मा शहरहरू अठचालीसवटा
र तिनका बस्तीहरूसमेत थिए। ४२ यी
शहरहरूका आफ्ना आफ्ना वरिपरि बस्तीहरू
थिए। सबै शहरहरू यही किसिमका थिए।
४३ यसरी परमप्रभुले इस्राएलीहरूलाई दिन्छु
भनी तिनीहरूका पुर्खाहरूसँग प्रतिज्ञा गर्नु-
भएको सबै देश दिनुभयो। औ तिनीहरूले
त्यो आफ्नो अधिकारमा लिएर त्यसमा बसे।
४४ अनि परमप्रभुले तिनीहरूका पुर्खाहरूसँग
शपथ खानुभए बमोजिम, तिनीहरूलाई चारै-
तिरबाट विश्राम दिनुभयो। तिनीहरूका सबै
शत्रुहरूमध्ये एक जना पनि तिनीहरूका सामने,
खड़ा हुनसकेन। परमप्रभुले तिनीहरूका
शत्रुहरूलाई तिनीहरूकै हातमा सुम्पिदिनुभयो।
४५ परमप्रभुले जति उत्तम प्रणहरू इस्राएली-
हरूलाई गर्नुंभएको थियो, तिनीहरूमा एक
पनि घटी भएन, सबै पूरा भयो।

अढ़ाइ कुलको बिदा

२२ तब यहोशूले रूबेनी, गादी, र
मनश्शेको आधा कुललाई बोलाए,
२ र तिनीहरूलाई भने, "परमप्रभुका दास
मोशाले तिमीहरूलाई दिएका आज्ञा सबै
तिमीहरूले पालन गरेका छौ, र मैले
अह्राएका सबै कुरामा मेरो वचन सुनेका
छौ। ३ यति दिनदेखि तिमीहरूले आज-
सम्म आफ्ना दाज्यू-भाइहरूलाई छोड़ेका छैनौ,
तर परमप्रभु आफ्ना परमेश्वरको आज्ञा
सावधानीसित पालन गर्दैआएका छौ।
४ अब परमप्रभु तिमीहरूका परमेश्वरले,
भन्नुभए बमोजिम तिम्रा दाज्यू-भाइहरूलाई
विश्राम दिनुभएको छ। यसकारण अब
तिमीहरू फर्केर परमप्रभुका दास मोशाले
यर्दन पारि तिमीहरूको अधिकारको निम्ति
तिमीहरूलाई दिएका देशमा आफ्ना आफ्ना
डेरामा जाओ। ५ परमप्रभु तिमीहरूका
परमेश्वरलाई प्रेम गर्नू, उहाँकै मार्गहरूमा
चल्नू, उहाँकै आज्ञाहरू पालन गर्नू, उहाँमै
लीन भएर रहनू, तिमीहरूका पूर्ण हृदय र
प्राणले उहाँकै सेवा गर्नू भनी परमप्रभुका
दास मोशाले तिमीहरूलाई दिएका आज्ञा र
व्यवस्था पूरा ध्यान दिएर पालन गर।"
६ यसरी यहोशूले तिनीहरूलाई आशीर्वाद
दिएर बिदा गरे, र तिनीहरू आफ्ना आफ्ना
डेरामा गए।

गृह युद्धको धम्की हटेको

७ मनश्शेको आधा कुललाई ता मोशाले
बाशनमा अधिकार दिएका थिए, तर अर्को
आधालाई यहोशूले यर्दन वारि पश्चिमपट्टि
तिनीहरूका दाज्यू-भाइहरूका बीचमा दिए।

तिनीहरूलाई आफ्ना आफ्ना डेराहरूमा जान
बिदा दिँदा यहोशूले तिनीहरूलाई आशीर्वाद
पनि दिए, ८ र तिनीहरूलाई यसो भने,
"धेरै धनसम्पत्ति, र प्रशस्त वस्तुहरू
लिएर सुन, चाँदी पीतल, फलाम र धेरै
लुगा-फाटाहरू लिएर आफ्ना आफ्ना
डेराहरूमा फर्केर जाओ। तिमीहरूका
शत्रुहरूबाट लूटेका सबै आफ्ना भाइहरूमा
बण्डा गर।"

९ तब रूबेनी, गादी र मनश्शेको आधा
कुल, परमप्रभुको आज्ञामुताबिक मोशाद्वारा
तिनीहरूले पाएका अधिकारको देश गिलादमा
जानलाई इस्राएलीहरूसँग बिदा भएर कनान
देशको शीलोबाट फर्के।

१० अनि जब तिनीहरू कनान देशमा
यर्दनको छेउछाउका जग्गामा पुगे, तब रूबेनी,
गादी र मनश्शेका आधा कुलले त्यहाँ यर्दनको
नजीकै एउटा हेर्दैमा ठूलो देखिने वेदी
बनाए। ११ तब इस्राएलीहरूले यसो
भनेको सुने, "हेर, रूबेनी, गादी र मनश्शेको
आधा कुलले कनान देशको सीमामा यर्दनको
नजीकै, इस्राएलीहरूका भागपट्टि वेदी बनाए।"
१२ जब इस्राएलीहरूले यो सुने, तब
तिनीहरूका विरुद्धमा लडाइँ गर्नलाई इस्राएलका
सारा समुदाय शीलोमा जम्मा भए।

१३ अनि इस्राएलीहरूले गिलादको देशमा
रूबेनी, गादी र मनश्शेको आधा कुलकहाँ
पूजाहारी एलाजारको छोरा पीनहासलाई पठाए,
१४ र तिनको साथमा इस्राएलको हरेक
कुलबाट पिता-पुर्खाका कुलकुलका एक एक
जना मुख्य मानिसलाई पठाए। तिनीहरू
हरेक इस्राएलका कुलहरूका कुलनायक
थिए। १५ अनि तिनीहरू रूबेनी, गादी र
मनश्शेका आधा कुलकहाँ गिलाद देशमा
आएर तिनीहरूलाई यसो भने, १६ "परम-
प्रभुको सारा समुदाय यसो भन्दछ, 'तिमीहरूले
इस्राएलका परमेश्वरको विरुद्धमा गरेको यो
कस्तो अपराध हो, जो तिमीहरूले आज
परमप्रभुको विरुद्धमा वागी बनेर उहाँको
अनुसरण गर्न छोडेर आफ्ना निम्ति आज
यो वेदी बनाएका छौ? १७ के पोरको
अधर्म हाम्रा निम्ति सानो कुरा थियो,
जसबाट परमप्रभुको समुदायमा महामारी आइ-
लाग्यो र हामीले आजसम्म आफूलाई शुद्ध
पार्न सकेका छैनौं? १८ आज तिमीहरू
परमप्रभुको विरुद्धमा वागी भयौ भने, भोलि
इस्राएलका सारा समुदायमाथि उहाँ क्रोधित
बन्नुहुनेछ भन्ने जानीकन, के आज फेरि
तिमीहरू परमप्रभुलाई पछयाउन छोड्छौ?
१९ तर तिमीहरूका अधिकारको देश अशुद्ध
छ भने, परमप्रभुको अधिकारको देश
जहाँ परमप्रभुको बासस्थान छ, त्यहाँ तरेर
आओ, र हाम्रा बीचमा अधिकार लेओ। तर
परमप्रभु हाम्रा परमेश्वरको वेदी छोडेर तिमी-
हरूका निम्ति अर्को वेदी बनाएर परमप्रभुका
विरुद्ध वागी नहोओ। २० जेरहको छोरो
आनकाले अर्पित गरेको कुरामा अपराध
गरेको थिएन? औ क्रोध चाहिं इस्राएलको
सारा समुदायमाथि परेको थियो। त्यो मानिस
मात्र आफ्नो अपराधमा नष्ट भएको थिएन'।"

२१ तब रूबेनी गादी र मनश्शेको आधा
कुलले इस्राएलका परिवारहरूका कुलनायक-
हरूलाई भने, २२ परमप्रभु सर्वशक्तिमान
परमेश्वर, अँ, परमप्रभु सर्वशक्तिमान परमेश्वर,
उहाँनै जान्नुहुन्छ, र इस्राएलले जान्नेछन्। यदि
हामीले वागी भएर, अथवा परमप्रभुको विरुद्धमा
अपराध गरेका रहेछौं भने, परमप्रभुले आज
हामीलाई जीवित नराखून्। २३ परमप्रभुलाई
पछयाउन छोडेर हामीले आफ्नो निम्ति वेदी
बनाएका रहेछौं, अथवा त्यसमा होमबलि वा
अन्नबलि अथवा मेलबलि चढ़ाउन बनाएका
रहेछौं भने, परमप्रभु आफैले त्यसको खोजी
गरून्, २४ तर हामीले बिचारेर, अर्थात् यस
अर्थले बनाएका हौं, कि कुनै बखत भविष्यमा
तिमीहरूका सन्तानले हाम्रा सन्तानलाई परम-
प्रभु इस्राएलका परमेश्वरसँग तिमीहरूको के
सरोकार? २५ किनकि तिमीहरू रूबेन र
गादका सन्तानका र हाम्रा बीचमा परमप्रभुले

यर्दनलाई सीमाना बनाइदिनुभएको छ। 'परम-
प्रभुमा तिमीहरूको केही पनि हिस्सा छैन'
भनेर तिमीहरूका सन्तानले हाम्रा सन्तानलाई
परमप्रभु प्रतिको श्रद्धापूर्ण भय छुटाइदेलान्।
२६ यसकारण हामीले यसो भन्यौं, 'होमबलि
अथवा बलिदानको निम्ति नभए पनि, एउटा
वेदी ता हामीले बनाउनुपर्छ'। २७ तर
हामीहरूका र तिमीहरूका बीचमा र हाम्रा
पछिका पुस्ताहरूका बीचमा यो साक्षीको रूपमा
रहोस् भन्ने ध्येयले मात्र र हामीले 'होमबलि,
बलिदान र मेलबलि लिएर परमप्रभुको सेवा
उहाँको सम्मुखै गर्नपाऔं, र तिमीहरूका सन्तानले
हाम्रा सन्तानलाई भविष्यमा, 'परमप्रभुमा
तिमीहरूको केही हिस्सा छैन' भनि भन्न
नपाऊन्। २८ यसकारण हामीले विचार गर्‍यौं,
कि यदि हामीलाई वा हाम्रा सन्तानलाई
भविष्यमा तिनीहरूले त्यसो भने हामी भन्नेछौं,
'हेर, परमप्रभुको वेदीको ढाँचा, जो हाम्रा
पिता-पुर्खाहरूले 'होमबलि वा बलिदानको निम्ति
होइन, तर हाम्रो र तिमीहरूका बीचमा
एउटा साक्षीको रूपमा बनाए।' २९ हामीले
परमप्रभुको विरुद्धमा बागी भएर उहाँको
समुदायको सामने भएको परमप्रभु हाम्रा
परमेश्वरको वेदी छोड़ेर, होमबलि, अन्नबलि, र
बलिदान चढ़ाउन अर्को वेदी बनाएर आज
परमप्रभुलाई पछयाउन छोड्ने दिन ता कहिले
नआओस।''

३० जब पनीहास पूजाहारीले तिनीसँग
भएका इस्राएलीका कुलनायकहरूले रूबेनका
सन्तान, गादका सन्तानले भनेका कुरा सुने,
तब तिनीहरू प्रसन्न भए। ३१ अनि एलाजार
पूजाहारीको छोरो पीनहासले रूबेनका सन्तान,
गादका सन्तान र मनश्शेका सन्तानलाई यसो
भने, ''परमप्रभु हाम्रा साथमा हुनुहुँदो रहेछ
भन्ने आज हामीले थाहा पायौं, किनभने
तिमीहरूले परमप्रभुको विरुद्धमा यो अपराध
गरेका रहेनछौ। अब भने तिमीहरूले
इस्राएलीहरूलाई परमप्रभुको हातबाट
जोगायौ।''

३२ अनि एलाजार पूजाहारीका छोरा
पीनहास र ती कुलनायक गिलाद देशका
रूबेनी र गादीहरूबाट कनान देशमा इस्राएली-
हरूकहाँ फर्के, र तिनीहरूलाई सारा वृतान्त
सुनाए। ३३ त्यो कुरा इस्राएलीहरूलाई मन
पर्‍यो, र इस्राएलीहरूले परमेश्वरलाई धन्यको
भने, फेरि तिनीहरूका विरुद्धमा झगड़ा गर्न,
र रूबेन गादका सन्तान बसेको देश नष्ट पार्न
जाने कुरा तिनीहरूले गरेनन्। ३४ अनि
रूबेनको र गादका सन्तानले त्यस वेदीको नाउँ
'साक्षी' राखे, 'परमप्रभु परमेश्वर हुनुहुन्छ भन्ने
हाम्रा बीचमा साक्षी यही हो' भनी तिनीहरूले
भने।

यहोशूको बिदाइको पहिलो उपदेश

२३ अब धेरै दिनपछि, जब परमप्रभुले
इस्राएलीहरूलाई वरिपरिका सबै
शत्रुहरूबाट विश्राम दिनुभएको थियो, र
यहोशू वृद्ध भएर निकै उमेर खाइसकेका
थिए, २ यहोशूले सबै इस्राएलीहरूलाई,
तिनीहरूका बूढ़ा प्रधानहरूलाई, तिनीहरूका
कुलनायकहरूलाई तिनीहरूका न्यायकर्त्ताहरूलाई,
र तिनीहरूका अधिकारीहरूलाई बोलाएर भने,
''म वृद्ध भए अनि निकै उमेर खाइसके।
३ परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका
निम्ति यी सारा जातिहरूलाई के के गर्नुभयो,
सो सबै तिमीहरूले देखेकै छौ, किनकि तिमी-
हरूका निम्ति लड़ाइँ गर्ने उहाँनै हो, जो
परमप्रभु तिमीहरूका परमेश्वर हुनुहुन्छ।
४ हेर, यर्दनदेखि पश्चिमतिर महा समुद्रसम्म
मैले चिट्ठा हाली हालीकन यी बाँकी रहेका
जातिहरूलाई र मैले नाश गरेका जातिहरूलाई
तिमीहरूका कुलहरूका अधिकारमा दिएको
छु, ५ परमप्रभु तिमीहरूका परमेश्वर
आफैलेनै तिमीहरूका सामनेबाट तिनीहरूलाई
निकालिदिनुहुनेछ, र तिमीहरूका नजरको अगि
धपाइदिनुहुनेछ, र परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई भन्नुभएझैं तिमीहरूले

तिनीहरूको देश अधिकार गर्नेछौ।
६ यसकारण मोशाको व्यवस्थाको पुस्तकमा
लेखिएका सबै कुरा साहस पूर्वक पालन गर
र मान, र त्यसबाट तिमीहरू दाहिने-देब्रेतिर
नलाग। ७ तिमीहरूका बीचमा रहेका
जातिहरूसँग नमिसिन्नू, तिनीहरूका देवताहरूका
नाउँ नलेऊ, तिनका नाउँमा शपथ नखानू।
तिनीहरूलाई पूजा नगर्नू र तिनीहरूलाई दण्डवत्
नगर्नू। ८ तर तिमीहरूले आजको दिनसम्म
गरेजस्तै परमप्रभु तिमीहरूका परमेश्वरमै लीन
भइरहनू, ९ किनकि परमप्रभुले तिमीहरूका
सामनेबाट महान शक्तिशाली जातिहरूलाई
धपाउनु भएको छ। तर तिमीहरूका सामने
चाहिँ आजसम्म कोही पनि अड्न सकेको छैन।
१० परमप्रभु परमेश्वरको निम्ति तिमीहरूको
एक जनाले हजार मानिसहरूलाई धपाउनसक्छ,
किनकि उहाँले तिमीहरूलाई भन्नभएझैं,
तिमीहरूको निम्ति युद्ध गर्ने उहाँनै हुनुहुन्छ,
जो परमप्रभु परमेश्वर हुनुहुन्छ। ११ यसकारण
परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्न पूरा
ख्याल राख, १२ नत्रता यदि कुनै किसिमले
तिमीहरू तर्केर ती बाँकी रहेका जातिहरू,
अर्थात् तिमीहरूका बीचमा रहेकाहरूसँग लाग्यौ,
र तिनीहरूसँग विवाह गरेर छयासमिस
भयौ भनेता, १३ यो निश्चय जान, कि
परमप्रभु तिमीहरूका परमेश्वरले ती जातिहरू-
लाई तिमीहरूका दृष्टिबाट फेरि धपाउनुहुनेछैन,
तर परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू-
लाई दिनुभएको यो असल देशबाट तिमीहरू
नष्ट नभएसम्म तिनीहरू तिमीहरूका फन्दा
र जाल र तिमीहरूका पीठमा कोर्रा, र
तिमीहरूका आँखाका काँढ़ा हुनेछन्।
१४ हेर, म आज सबै मानव जातिको
रीतिमा गइरहेको छु, र परमप्रभु परमेश्वरले
तिमीहरूका बारेमा भन्नुभएको सबै असल
कुराहरूमा एउटा कुरा पनि फरक परेको छैन।
तिमीहरूका निम्ति सबै पुगेको छ, र एउटा
पनि त्यसबाट फरक परेको छैन भनी तिमी-
हरूको आफ्नो पूरा हृदयले र पूरा प्राणले
थाह पाएकै छौ। १५ जसरी परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई भन्नुभएका
सबै असल कुराहरू तिमीहरूमाथि हुनआयो,
त्यसरीनै परमप्रभु तिमीहरूका परमेश्वरले तिमी-
हरूलाई दिनुभएको यो असल देशबाट तिमी-
हरूलाई नष्ट नपारून्जेल, परमप्रभुले तिमीहरू
माथि सबै खराब कुराहरू पनि ल्याउनुहुनेछ।
१६ जब परमप्रभु आफ्ना परमेश्वरले
तिमीहरूलाई आज्ञा दिएर गर्नुभएको करारबाट
तर्केर तिमीहरू अरू देवतालाई पूज्नजान्छौ,
र तिनीहरूलाई दण्डवत् गर्छौ, तब
परमप्रभुको क्रोध तिमीहरूमाथि दन्कनेछ, र
उहाँले तिमीहरूलाई दिनुभएको यो असल
देशबाट तिमीहरू तुरुन्तै नाश भएर
जानेछौ।"

यहोशूको विदाइको पछिल्लो उपदेश

२४ अनि यहोशूले इस्राएलीहरूको सबै
कुललाई शकेममा जम्मा गरेर
इस्राएलका बूढ़ा-प्रधानहरू तिनीहरूका कुलनायक-
हरू तिनीहरूका न्यायकर्त्ताहरू, तिनीहरूका
अधिकारीहरूलाई बोलाए, र परमेश्वरको
सामने हाजिर गराए। २ अनि यहोशूले
सबै मानिसहरूलाई भने, "परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ, 'उहिले अब्राहाम र
नाहोरका बाबु तेरह तिगीहरूका पिता-पुर्खाहरू
पारि बस्थे, र तिनीहरूले अरू देवताहरू पूज्दथे।
३ मैले तिमीहरूका पिता-पुर्खा अब्राहामलाई
महानदी पारिबाट ल्याएँ, र त्यसलाई कनान
देशको चारै दिशामा डोऱ्याएर र त्यसको
सन्तान बढ़ाएर त्यसलाई इसहाक दिएँ।
४ फेरि मैले इसहाकलाई याकूब र एसाव
दिएँ। अनि मैले एसावलाई त्यसको अधिकारको
निम्ति सेईर पहाड़ दिएँ। तर याकूब र
त्यसका छोराहरू चाहिँ मिश्र देशतिर गए।
५ तब मैले मोशा र हारूनलाई पठाएर
त्यहाँ त्यसको बीचमा मैले गरेको कामद्वारा
मिश्र देशमा विपत्ति पठाएँ, र पछिबाट

मैले तिमीहरूलाई निकालेर ल्याएँ। ६ यसरी
मैले तिमीहरूका पुर्खाहरूलाई मिश्र
देशबाट निकालेर ल्याएँ। अनि तिमीहरू
समुद्रसम्म आइपुग्यौ, र मिश्रीहरूले तिमीहरूका
पिता-पुर्खालाई रथहरू र घोड्चढीहरूका
साथमा लाल समुद्रसम्म खेदेर आए।
७ अनि जब तिनीहरूले परमप्रभुको पुकारा
गरे, तब मैले तिमीहरू र मिश्र देशवासी-
हरूका बीचमा अन्धकार पारेर तिनीहरूमाथि
समुद्र फर्काई तिनीहरूलाई डुबाइदिएँ। मैले
मिश्र देशमा के गरें, सो तिमीहरूका आँखाले
देख्यौ। अनि तिमीहरू धेरै दिनसम्म उजाड-
स्थानमा रह्यौ। ८ औ मैले तिमीहरूलाई
यर्दन पारि बस्ने एमोरीहरूका देशमा ल्याएँ।
अनि तिनीहरूले तिमीहरूसित लडाइँ गरे, र
मैले तिनीहरूलाई तिमीहरूका—हातमा
पारिदिएँ, र तिमीहरूले तिनीहरूका देश
अधिकार गर्‍यौ। मैले तिनीहरूलाई तिमी-
हरूका सामनेबाट नाश पारें। ९ तब
मोआबको राजा सिप्पोरको छोरा बालाकले
इस्राएलीहरूसँग लडाइँ गर्‍यो। अनि तिमी-
हरूलाई सराप दिनलाई त्यसले बओरको छोरा
बिलामलाई डाकिपठायो। १० तर बिलामको
प्रार्थना मैले सुनिनँ। त्यसैकारण त्यसले ता
झन् तिमीहरूलाई आशिष पो दियो। यसरी
मैले तिमीहरूलाई त्यसको हातबाट बचाएँ।
११ त्यसपछि तिमीहरू यर्दन तरेर यरीहोमा
आयौ। अनि यरीहोका मानिसहरू, एमोरी,
परिज्जी, कनानी, हित्ती, गिर्गाशी, हिव्वी र
यबूसीहरूले तिमीहरूसित लडाइँ गरे। तर
मैले तिनीहरूलाई तिमीहरूका हातमा सुम्पि-
दिएँ। १२ मैले तिमीहरूका अगिअगि
एमोरीहरूका दुइ राजाहरूलाई तिमीहरूका
सामनेबाट लखेटनलाई बच्छ्यूँ पठाइदिएँ। त्यो
तिमीहरूका तरवार र धनुले होइन।
१३ तिमीहरूले मिहनत नगरेको देश, र
तिमीहरू आफैले नबनाएका शहरहरू मैले
तिमीहरूलाई दिएँ, र तिमीहरू तिनमा बसेका
छौ। तिमीहरू आफैले नरोपेका दाखबारी
र भद्राक्षबारीका फल तिमीहरू खाँदैछौ।'
१४ यसकारण अब परमप्रभुको भय मान,
र निष्कपट र सत्यतासाथ उहाँको सेवा गर, र
तिमीहरूका पिता-पुर्खाहरूले यूफ्रेटिस नदी
पारि र मिश्र देशमा पूजेका देवताहरूलाई
फ्याँक, र परमप्रभुको सेवा गर। १५ औ
यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन
पर्दैन भनेता तिमीहरूले कसको सेवा गर्ने
आजै तिमीहरूले रोज। तिम्रा पिता-पुर्खाहरूले
यूफ्रेटिस नदी पारि पूजेका देवताहरू कि
तिमीहरू अहिले बसेका देशको एमोरीहरूका
देवताहरू? तर म र मेरो घरानाले
परमप्रभुकै सेवा गर्नेछौं।"

करारलाई पुनर्जीवित गराएको

१६ तब मानिसहरूले भने, "परमप्रभुलाई
त्यागेर अरू देवताहरूको पूजा गर्ने हामीले
नपरोस्, १७ किनभने परमप्रभु, उहाँ हाम्रा
परमेश्वरलेनै हामीलाई र हाम्रा पिता-पुर्खा-
हरूलाई मिश्र देश, दासत्वको घरबाट मुक्त
गराएर ल्याउनुभएको हो, र हाम्रा आँखाकै
सामने त्यस्ता ठूला आश्चर्यकामहरू गर्नुभयो,
र हामी जहाँ जहाँ गए तापनि कुनै
जातिहरूका बीचबाट हामी आए तापनि
उहाँले हामीलाई रक्षा गर्नुभयो। १८ परम-
प्रभुले हाम्रा सामनेबाट सबै जातिहरू, यस
देशमा बस्ने एमोरीहरूलाई समेत धपाउनुभयो।
यसकारण हामीहरू पनि परमप्रभुको सेवा
गर्नेछौं किनभने उहाँनै हाम्रा परमेश्वर
हुनुहुन्छ।"
१९ अनि यहोशूले मानिसहरूलाई
भने, "तिमीहरूले परमप्रभुको सेवा गर्न
सक्तैनौ किनभने उहाँ पवित्र परमेश्वर हुनुहुन्छ।
उहाँ डाह गर्ने परमेश्वर हुनुहुन्छ। उहाँले
तिमीहरूका अपराध र तिमीहरूका पाप क्षमा
गर्नुहुनेछैन। २० तिमीहरूले परमप्रभुलाई
त्यागेर पराई देवताहरूको पूजा गर्‍यौ भनेता
अहिलेसम्म उहाँले तिमीहरूको हित गर्नुभए,

तापनि तिमीहरूको अहित गर्न उहाँ फर्कनु-
हुनेछ, र तिमीहरूलाई भस्म पार्नुहुनेछ।''
२१ अनि मानिसहरूले यहोशूलाई भने,
''होइन, हामी परमप्रभुकै सेवा गर्नेछौं।
२२ तब यहोशूले तिनीहरूलाई भने,
''तिमीहरूले परमप्रभुको सेवा गर्ने निर्णय गरेर
तिमीहरू आफ्ना लागि आफै साक्षी भएको
छौ।'' अनि तिनीहरूले भने, ''हामी साक्षी
छौं।'' २३ तिनले भने, ''यसकारण अब
तिमीहरूसँग भएका पराई देवताहरूलाई
मिल्काइदेओ, र तिमीहरूका मन परमप्रभु
इस्राएलका परमेश्वरतिर लगाओ।'' २४ तब
मानिसहरूले यहोशूलाई भने, ''परमप्रभु हाम्रा
परमेश्वरलाई हामी पूज्नेछौं र उहाँकै वचन
सुन्नेछौं।''

२५ तब यहोशूले त्यही दिन मानिस-
हरूसँग करार बाँधे, र शकेममा तिनीहरूका
निम्ति विधि र विधान बनाए।

२६ यी सबै कुराहरू यहोशूले
परमेश्वरको व्यवस्थाको पुस्तकमा लेखे। अनि
तिनले एउटा ठूलो ढुङ्गा लिएर परमप्रभुको
पवित्रस्थाननेरको फँलाटको रूखमनि स्थापना
गरे। २७ अनि यहोशूले सबै मानिसहरूलाई
भने, ''हेर यो पत्थर हाम्रो विरुद्ध साक्षी
हुनेछ, किनकि परमप्रभुले हामीलाई भन्नुभएका
सबै कुरा यसले सुनेको छ। यसकारण
तिमीहरूले आफ्ना परमेश्वरलाई इन्कार नगर्नू
भनी त्यो तिमीहरूको विरुद्ध साक्षी हुनेछ।''

२८ यसरी यहोशूले तिनीहरूलाई
तिनीहरूका आफ्ना आफ्ना अधिकारको
जग्गामा पठाइदिए।

यहोशू र एलाजारको मृत्यु

२९ अनि यी कुरा पछि परमप्रभुको
दास नूनको छोरा यहोशू एक सय दश
वर्षको उमेरमा मरे। ३० अनि तिनीहरूले
तिनलाई गाश डाँडाको उत्तरपट्टि एप्रैमको
पहाड़ी देशको तिम्नथसेरह तिनको आफ्नै
अधिकारको साँधभित्र गाड़े।

३१ अनि यहोशूका जीवनभरि र यहोशू
मरेपछि बाँचेका र परमप्रभुले इस्राएलका
निम्ति गर्नुभएका सबै कार्यका विषय थाह
पाएका वृद्ध जनहरू रहुन्जेल इस्राएलीहरूले
परमप्रभुकै सेवा गरे।

३२ इस्राएलीहरूले मिश्र देशबाट ल्याएका
यूसुफका अस्थि शकेमको बाबु हमोरका
छोराहरूसित याकूबले एक सय चाँदीका
टुक्रामा शकेममा किनेको एक टुक्रा जग्गा
शकेममा गाड़े, र त्यो ठाउँ यूसुफका
सन्तानका अधिकारमा पर्‍यो।

३३ अनि हारूनको छोरो एलाजार पनि
मरे, र तिनका छोरा पीनहासलाई तिनीहरूले
एप्रैमको पहाड़ी देशमा दिएको डाँड़ामा
तिनलाई गाड़े।

न्यायकर्त्ताहरूको पुस्तक

यहूदा र शिमोनले अदोनी-बेजेकलाई पक्रेका

१ यहोशूको मृत्युपछि इस्राएलीहरूले
कनानीहरूलाई कुन चाहिं कुलले
पहिले आक्रमण गर्नुपर्छ भनी परमप्रभुसित
सोधपूछ गरे। २ परमप्रभुले जवाफ
दिनुभयो, "यहूदाले आक्रमण गरोस्। मैले
त्यो देश त्यसको हातमा सुम्पिदिएको छु।"
३ यहूदाले आफ्नो दाज्यू शिमोनलाई भने,
"मेरो भागमा परेको जग्गामा मसँग
आउनुहोस्, र हामी कनानीहरूसँग लड़ाइँ
गरौं। औ म पनि तपाईंको भागमा परेको
जग्गामा तपाईंसँग जानेछु।" ४ यसैले
शिमोन तिनीसँग गए। तब यहूदा आक्रमण
गर्नलाई अगि बढ़े, र परमप्रभुले कनानीहरू
र परिज्जीहरूलाई तिनीहरूका हातमा सुम्पि-
दिनुभयो। तिनीहरूले उनीहरूका दश
हजारलाई बेजेकमा मारे। ५ त्यहाँ तिनी-
हरूले अदोनी-बेजेकलाई भेट्टाए र तिनीहरूले
लड़ाइँ गरे, औ कनानीहरू र परिज्जीहरूलाई
तिनीहरूले परास्त गरे। ६ अदोनी-बेजेक
चाहिं भागे, तर तिनीहरूले तिनलाई खेदेर
पक्रे, र तिनका हात र खुट्टाका बूढ़ी-औंला
काटिदिए। ७ अदोनी-बेजेकले भने, "हात
र खुट्टाका बूढ़ी-औंला काटेका सत्तरी जना
राजाहरू मेरो टेबलमनि जूठोहरू टिप्नेगर्थे।
मैले जस्तो गरेको थिएँ परमेश्वरले मलाई
त्यस्तै गर्नुभयो।" तब तिनीहरूले तिनलाई
यरूसलेममा ल्याए र तिनी त्यहीं मरे।

यहूदाले यरूसलेम र हेब्रोन विजय गरेका

८ यहूदाका मानिसहरूले यरूसलेममाथि
चढ़ाइ गरेर त्यसलाई कब्जा गरे। त्यसका
मानिसहरूलाई तरवारले मारे, र त्यस शहरमा
आगो लगाइदिए। ९ त्यसपछि तिनीहरू
दक्षिणतिर लागेर पहाड़ी-देशमा र बेँसीमा
भएका कनानीहरूसँग लड़ाइँ गर्नलाई उँधोतिर
झरे। १० यहूदाले हेब्रोनका कनानीहरूलाई
आक्रमण गरे, हेब्रोनको पहिलेको नाउँ
किर्यतर्बा थियो, औ शेसै, अहीमन र तल्मैलाई
परास्त गरे।

ओत्निएलले दबीर विजय गरेर अक्सालाई पाएका

११ त्यहाँबाट तिनीहरू दबीरका
बासिन्दाहरूका विरुद्धमा जाइलागे, (दबीरको
पहिलेको नाउँ किर्यतसेपेर थियो)।
१२ कालेबले भने, "जसले किर्यतसेपेरलाई
आक्रमण गरेर त्यो लिन्छ त्यससँग म मेरी
छोरी अक्सालाई विवाह गरिदिनेछु।"
१३ तब कालेबको भाइ कनजको छोरो
ओत्निएलले त्यो लिए। औ कालेबले
आफ्नी छोरी अक्सालाई तिनीसँग विवाह
गरिदिए। १४ जब तिनी उनीकहाँ आइन्
तब ओत्निएलले तिनलाई आफ्ना पितासित
एउटा टुक्रा जमीन माग्नलाई सुत्याए! जब
तिनी फेरि आफ्नो गधाबाट ओर्ह्लिन् तब
कालेबले तिनलाई सोधे, "तँलाई के चाहियो?"

१५ तिनले भनिन्, "मलाई एउटा दाइजो
दिनुहोस्, किनभने तपाईंले मलाई दक्षिण
देशमा राख्नुभयो यसकारण अब मलाई पानीका
मूलहरू पनि दिनुहोस्।" यसैले कालेबले
तिनलाई माथिल्लो र तल्लो दुवै पानीका मूलहरू
दाइजो दिए।

यहूदा र बिन्यामीनका अरू विजयहरू

१६ मोशाको ससूरा केनीका सन्तानहरू
यहूदाका मानिसहरूसँग खजूरका रूखहरू
भएका बेंसीबाट अरादाको दक्षिणमा भएको
यहूदाका उजाड़-भूमिमा गए, र अमालेकी-
हरूसँग बसोबासो गर्नलागे। १७ त्यसपछि
यहूदाले आफ्ना दाज्यू शिमोनसँग गएर
सपतमा बस्ने कनानीहरूलाई आक्रमण गरेर
त्यस शहरलाई नाश पारे। यसकारण त्यस
शहरको नाउँ होर्मा राखियो। १८ यहूदाले
गाजा, अश्कलोन, एक्रोन र तिनका वरिपरिका
जग्गाहरूसमेत लिए। १९ परमप्रभु यहूदासँग
हुनुहुन्थ्यो, र तिनीहरूले पहाड़ी-देश
अधिकार गरे, तर बेंसीका बासिन्दाहरूलाई
तिनीहरूले धपाउनसकेनन्, किनभने उनीहरूका
फलामका रथहरू थिए। २० तब मोशाले
खटाएअनुसार कालेबलाई हेब्रोन दिए।
औ तिनले अनाकका तीन भाई छोराहरूलाई
धपाए। २१ तर बिन्यामिनीहरूले
यरूसलेमका यबूसीहरूलाई धपाएनन्। यसैले
यबूसीहरू आजको दिनसम्म बिन्यामिनीहरूसँग
यरूसलेममा बसेका छन्।

यूसुफले बेतेल विजय गरेको

२२ यूसुफका कुलले बेतेल आक्रमण गरे,
औ परमप्रभु तिनीहरूसँग हुनुहुन्थ्यो।
२३ तिनीहरूले बेतेलमा चेवाहरू पठाए,
(पहिले त्यस शहरको नाउँ लूज थियो)।
२४ यी चेवाहरूले एक जना मानिसलाई
शहरबाट बाहिर आइरहेका देखेर त्यसलाई
भने, "शहरभित्र कसरी पस्ने हो हामीलाई
बताइदेऊ र हामी तिम्रो केही नोक्सानी
हुनदिनेछैनौं।" २५ यसैले त्यसले तिनी-
हरूलाई शहरमा कसरी पस्ने हो सो
बताइदिए, र तिनीहरूले शहरका मानिसलाई
तरवारले मारे, तर त्यस मानिस र त्यसका
परिवारलाई छोड़िदिए। २६ त्यो मानिस
हित्तीहरूको देशमा गयो, र त्यसले त्यहाँ
एउटा शहर बनायो औ त्यसको नाउँ लूज
राख्यो। त्यस शहरको नाउँ आजसम्म
यही छ।

मनश्शे र एफ्रैमका विजयहरूको विस्तार

२७ मनश्शेले बेतशना र त्यसका गाउँ-
हरूका बासिन्दाहरूलाई धपाएनन्, औ
तानाक, दोर, इब्लाम र मगिदो र तिनका
गाउँहरूका बासिन्दाहरूलाई पनि धपाएनन्। तर
कनानीहरू ती भागहरूमा बसिनै रहे।
२८ पछि पछि जब इस्राएलीहरू शक्तिशाली
भए तब तिनीहरूले उनीहरूलाई बेगारी
काममा लगाए, औ तिनीहरूले कहिल्यै
जम्मैलाई धपाएनन्।
२९ एफ्रैमले गेजेरमा बस्ने कनानीहरूलाई
धपाएनन्, तर कनानीहरू गेजेरमा तिनीहरूसँग
बसे।

अरू कुलहरूको विजयको विस्तार

३० जबूलूनले कित्रोन र नहलोलका
बासिन्दाहरूलाई धपाएनन्, तर कनानीहरू
तिनीहरूसँग बसे, र तिनीहरू बेगारी काम
गर्नेहरू तुल्याइए।
३१ आशेरले अक्को र सीदोन, अहलाब,
अक्जीब, हेल्बा, अपीक र रहोबका बासिन्दा-
हरूलाई धपाएनन्। ३२ यसरी आशेरीहरू
कनानका बासिन्दाहरूसँगै बसे, किनभने तिनी-
हरूले तिनीहरूलाई धपाएनन्।

३३ नप्तालीले बेतशेमेश र बेतनातका
बासिन्दाहरूलाई धपाएनन्, तर कनानी
बासिन्दाहरूसँगै बसे, र बेतशेमेश र
बेतनातका बासिन्दाहरूलाई बेगारी काममा
लगाए ।
३४ एमोरीहरूले दानका सन्तानहरूलाई
पहाड़ी देशमा धपाए र तिनीहरूलाई बेंसीमा
आउनदिएनन् । ३५ एमोरीहरू हेरेस डाँड़ा,
अय्यालोन र शाल्बीममा बसिनै रहे, तापनि
यूसुफको कुल तिनीहरूमाथि प्रबल भयो,
जबसम्म तिनीहरूलाई बेगारी काम गर्न
तुल्याएनन् ।
३६ एमोरीहरूको सीमाना अक्रब्बीमको
उकालो सेलादेखि माथितिर पर्थ्यो ।

बोकीममा परमप्रभुका दूत

२ परमप्रभुका दूत गिल्गालबाट बोकीममा
उक्लेर आए, औ भने, "मैले तिमी-
हरूलाई मिश्र देशबाट लिएर आएँ, र मैले
तिमीहरूका पिता-पुर्खाहरूलाई दिन्छु भनी
शपथ खाएको यस देशमा ल्याइपुऱ्याएँ ।
जुन करार मैले तिमीहरूसँग गरेको थिए त्यो
म कहिल्यै भङ्ग गर्नेछैनँ, २ औ तिमीहरूले
पनि यस देशका बासिन्दाहरूसँग करार
नबाँध्नू । तिमीहरूले तिनीहरूका वेदीहरू
भत्काइदिनू भनी मैले भनेको थिएँ । तर
तिमीहरूले मेरो आज्ञा पालन गरेनौ, औ
हेर, तिमीहरूले के गऱ्यौ । ३ यसैले
मैले भनें, "म तिनीहरूलाई तिमीहरूका
सामनेबाट धपाउनेछैनँ । तिनीहरूले तिमीहरूलाई
भर्माउनेछन्, र तिनीहरूका देवताहरूले
तिमीहरूलाई पासोमा पार्नेछन्' ।" ४ जब
परमप्रभुका दूतले यी कुरा इस्राएलीहरूलाई
भने तब तिनीहरू सबै रोए, र विलाप गरे ।
५ यसैले त्यस ठाउँको नाउँ बोकीम* राखियो ।
औ त्यहाँ तिनीहरूले परमप्रभुको निम्ति
बलिदान चढ़ाए ।

*रुनेहरू

यहोशूको मृत्यु

६ यहोशूले मानिसहरूलाई बिदा गरे,
र इस्राएलीहरू त्यस देशमा हरेक आफ्नो
आफ्नो भागमा परेको जग्गा ओगट्नलाई
गए । ७ यहोशू जीवित रहुञ्जेल र तिनका
पछिका बूढ़ा-प्रधानहरू बाँचुञ्जेल, अर्थात् जसले
परमप्रभुले इस्राएलको निम्ति गर्नुभएका जम्मै
ठूला ठूला कामहरू देखेका थिए, इस्राएली
जातिले परमप्रभुको सेवा गर्दैरहे । ८ नूनका
छोरा यहोशू, परमप्रभुका दास, एक सय दश
वर्षको उमेरमा मरे, ९ औ तिनीहरूले
तिनलाई गाश डाँड़ाको उत्तरपट्टि एप्रैमको
पहाड़ी-देशमा तिम्नात-हेरेसमा तिनकै निज
अधिकारको भागको सीमानाभित्रै गाड़े ।
१० त्यो जम्मै पुस्ताका सबै जना आफ्ना
पिता-पुर्खाहरूसँगै गईमिले । औ एउटा अर्को
पुस्ता आयो जसले परमप्रभुलाई चिन्दैन-
थियो औ उहाँले इस्राएलको निम्ति गर्नुभएको
कामलाई पनि जान्दैनथियो ।

इस्राएलीहरूको स्व-धर्म-त्याग र न्यायकर्ताहरूको सेवा

११ इस्राएलीहरूले जे परमप्रभुको दृष्टिमा
खराब थियो त्यही गर्नलागे, र बाल देवता-
लाई पूजा गर्नलागे । १२ तिनीहरूलाई
मिश्र देशबाट निकालेर ल्याउनुहुने आफ्ना
पिता-पुर्खाहरूका परमप्रभु परमेश्वरलाई तिनी-
हरूले त्यागेर अरू देवताहरूका पछि लागे—
अर्थात् आफ्ना वरिपरि बस्ने जातिहरूका
देवताहरूलाई पछ्याए । तिनीहरू ती देवता-
हरूका सामने निहुरे, र परमप्रभुलाई
तिनीहरूले क्रोधित तुल्याए । १३ तिनीहरूले
परमप्रभुलाई त्यागेर बाल र अस्तारोतलाई
पूजे । १४ परमप्रभुले आफ्नो क्रोधमा
तिनीहरूलाई डाँकूहरू र लुट्नेहरूका दलहरूका
शिकार तुल्याउनुभयो । उहाँले तिनीहरूलाई
तिनीहरूका वरिपरिका शत्रुहरूका हातमा

बेचिदिनुभयो, औ तिनीहरू आफ्ना शत्रुहरूका
सामने टिक्नसकेनन्। १५ हरेकपल्ट तिनीहरू
लड़ाइँ गर्न निस्कँदा आफ्नो गंभीर चेताउनी
दिँदै भन्नुभएअनुसार परमप्रभुले तिनीहरूमाथि
विपत्ति ल्याउनुभयो, औ तिनीहरू साह्रै
संकष्टमा परे।
१६ परमप्रभुले तिनीहरूमाथि न्यायकर्त्ताहरू
खड़ा गर्नुभयो, जसले तिनीहरूलाई डकैत
गर्नेहरूका दलबाट बचाए। १७ तर तिनी-
हरूले यी न्यायकर्त्ताहरूका कुरा पनि सुनेनन्।
तिनीहरू व्याभिचारीसरह अरू देवताहरूको
पूजा गर्न र तिनीहरूका सामु निहुरनलागे।
तिनीहरूले आफ्ना पिता-पुर्खाहरूले मानेका
आज्ञा पालन गर्न चाँड़ै नै छोड़िदिए। तिनी-
हरूले परमप्रभुका आज्ञा मानेनन्। १८ जब
जब परमप्रभुले तिनीहरूमाथि न्यायकर्त्ता खड़ा
गर्नुभयो तब तब परमप्रभु त्यो न्यायकर्त्तासँग
हुनुहुन्थ्यो, र तिनी बाँचुन्जेल उहाँले
तिनीहरूलाई शत्रुहरूका हातदेखि बचाइ-
राख्नुहुन्थ्यो। दुर्व्यवहार र अत्याचारमा
पर्दा जहिले जहिले तिनीहरूले सुस्केरा
मार्दथिए तहिले तहिले परमप्रभुले तिनीहरू-
माथि दया गर्नुहुन्थ्यो। १९ तर त्यो न्यायकर्त्ता
मर्ने बित्तिकै तिनीहरू आफ्ना पुर्खाहरूभन्दा
पनि अझ बढ़्ता भ्रष्टाचारमा पर्दथिए,
र अरू देवताहरूलाई पुज्दै र तिनीहरूका
सामु निहुरिँदै आफ्नो भक्ति प्रकट गर्दथिए।
तिनीहरूले आफ्नो दुष्ट व्यवहार र हठी
चाललाई छोड्दै छोड़ेनन्। २० तब परम-
प्रभु इस्राएलसित क्रोधित हुनुभयो र भन्नुभयो,
मैंले यिनीहरूका पिता-पुर्खाहरूलाई दिएको
करार यस जातिले भङ्ग गरेको छ, र मेरो
आज्ञा पालन गरेको छैन, २१ औ अब
यहोशूले आफ्नो मृत्युको समयमा छोड़ेका
यी सबै जातिहरूमध्येको एउटै मानिसलाई
पनि इस्राएलीहरूका लागि जग्गा बनाउनलाई
म धपाउनेछैनँ। २२ तिनीहरूका पिता-पुर्खा-
हरूले गरेझैं तिनीहरू परमप्रभुको मार्गमा
ठीकसित हिंड्छन् कि हिंड्दैनन् भनेर हेर्नेलाई
तिनीहरूद्वारानै म इस्राएललाई जाँच्नेछु।”
२३ यसैकारण परमप्रभुले ती जातिहरूलाई
त्यसै छोड़िदिनुभयो, र तिनीहरूलाई धपाउनु
अथवा यहोशूको हातमा दिनलाई हतार
गर्नुभएन।

इस्राएललाई जाँच्नलाई अरू जातिहरू छोड़िएका

३ यी तिनै जातिहरू हुन् जसलाई
परमेश्वरले सबै इस्राएलीहरूलाई जाँच्न-
लाई छोड्नुभएको थियो, जसले कनानका
लड़ाइँहरूमा भाग लिएका थिएनन्।
२ इस्राएलका आउने पुस्ताहरूलाई, अर्थात्
कम से कम जस जसले पहिले युद्ध गर्न
जानेका थिएनन् तिनीहरूलाई कसरी लड़ाइँ
गर्नुपर्ने हो सो सिकाउने उहाँको अभिप्राय
थियो। ३ यी तिनै जातिहरू हुन्—
पलिश्तीहरूका पाँच शासकहरू, सबै
कनानीहरू, सीदोनीहरू, हिव्वीहरू औ लबानोन
पहाड़मा बाल-हेर्मोनदेखि हमातसम्म बस्थे।
४ उहाँको अभिप्राय चाहिं मोशाद्वारा तिनी-
हरूका पिता-पुर्खाहरूलाई परमप्रभुले दिनुभएको
आज्ञाहरू इस्राएलीहरूले पालन गर्छन कि
गर्दैनन् भनेर जाँच्नलाई पनि थियो।
५ यसरी इस्राएलीहरू कनानी, हित्ती, एमोरी,
परिज्जी, हिव्वी र यबूसीहरूसँग रहनलागे।
६ यिनीहरूले तिनीहरूका छोरीहरू विवाह
गरे, र आफ्नै छोरीहरू पनि तिनीहरूका
छोराहरूलाई विवाहमा दिए। औ तिनीहरूले
उनीहरूका देवताहरूलाई पनि पूजा गर्नलागे।

ओत्नएलले इस्राएललाई कूशन-रिशातैमको हातबाट छुटाएका

७ इस्राएलीहरूले जुन कुरा परमप्रभुको
दृष्टिमा खराब थियो त्यही गरे। तिनीहरूले
परमप्रभु आफ्ना परमेश्वरलाई बिर्से र बाल
देवताहरू र अशेरा देवीहरूलाई पूजन लागे।

८ परमप्रभु इस्राएलसँग क्रोधित हुनुभयो, र
तिनीहरूलाई अरम-नहरैमका राजा कूशन-
रिशातैमको हातमा बेचिदिनुभयो, जसले
तिनीहरूलाई आठ वर्षसम्म आफ्नो अधीनमा
राखे। ९ तब इस्राएलीहरूले सहायताको
निम्ति परमेश्वरलाई पुकारे, औ उहाँले
तिनीहरूलाई छुटाउनलाई कालेबको भाइ-
कनजको छोरो ओत्निएललाई खड़ा गर्नुभयो,
र तिनले तिनीहरूलाई मुक्त गरे। १० परम-
प्रभुको आत्मा तिनीमाथि आउनुभयो, र तिनी
इस्राएलमाथि न्यायकर्त्ता भए। तिनी युद्ध
गर्नलाई निस्के, र परमप्रभुले अरामका राजा
कूशन-रिशातैमलाई तिनको हातमा सुम्पिदिनु-
भयो। ओत्निएल उनीमाथि विजयी भए।
११ यसरी कनजको छोरो ओत्निएलको मृत्यु
नहोउन्जेल देशमा चालीस वर्षसम्म शान्ति
भयो।

एहूदले इस्राएललाई मोआबको हातबाट छुटाएका

१२ फेरि एकपल्ट इस्राएलीहरूले परम-
प्रभुको दृष्टिमा जुन कुरो खराब थियो
त्यही गरे। यसैकारण परमप्रभुले मोआबका
राजा एग्लोनलाई इस्राएलको विरुद्धमा खड़ा
गर्नुभयो। १३ एग्लोनले अम्मोनीहरू र
अमालेकीहरूलाई युद्धको निम्ति भेला गरे, र
इस्राएलीहरूलाई आक्रमण गर्नलाई अगि बढ़े,
औ खजूरका रूखहरूको बेंसी अधिकार गरे।
१४ इस्राएलीहरू अठाह वर्षसम्म मोआबका
राजा एग्लोनका अधीनमा रहे। १५ जब
तिनीहरूले सहायताको निम्ति परमप्रभुलाई
पुकारे तब उहाँले एउटा मानिस, अर्थात्
बिन्यामिनी गेराको छोरो देब्रे हात चल्ने
एहूदलाई तिनीहरूलाई छुटाउनलाई खड़ा
गर्नुभयो। इस्राएलीहरूले तिनलाई मोआबका
राजा एग्लोनकहाँ तिनीहरूका कर तिर्नलाई
पठाए। १६ एहूदले आफ्नो निम्ति एक हात
लामो एउटा चूपी बनाएर लुगामनि दाहिने-
जाँघमा बाँधिराखे। त्यसपछि तिनी मोआबका
राजा एग्लोनकहाँ कर लिएर आए। १७ एग्लोन
साह्रै मोटो मानिस थिए। १८ जब एहूदले
कर टक्राइसके तब तिनले करका सौगात
बोकेर ल्याउने मानिसहरूलाई पठाइदिए,
१९ र आफू चाहिं गिल्गालमा भएको
खोपेका ढुङ्गाहरूको ठाउँदेखि फर्केर आए, र
तिनले राजालाई भने, "हे महाराज, मैले
हजूरलाई गुप्तीमा केही भन्नुछ।" तब
एग्लोनले चूप लाग्ने आदेश दिएर आफ्ना
सबै सेवकहरूलाई बाहिर पठाए। २० औ
जब तिनी आफ्नो महलको कौसीको शीतल-
कोठामा बसिरहेका थिए तब तिनका
नजीक आएर एहूदले भने, "परमेश्वरबाट
हजूरलाई मैले एउटा कुरो भन्नुछ।"
२१ तब एग्लोन आफ्नो आसनबाट उठे, औ
एहूदले आफ्नो देब्रे हातले दाहिनेतिर भएको
चूपी निकाले, र तिनको भुँड़ीमा रोपिदिए।
२२ चूपी बेंड़समेत पस्यो, र बोसोले चूपीलाई
छोप्यो। तिनले चूपी निकालेनन्, तर त्यतिकै
वारपार भएकै अवस्थामा छोड़िराखे।
२३ तब एहूद दलानमा निस्के र एग्लोनलाई
भित्रै छोड़ेर ढोकाहरू थुनिदिए र ताल्चा
लगाइदिए। २४ जब तिनी निस्किसकेका
थिए तब एग्लोनका सेवकहरू भित्र आए, र
ढोकाहरूमा ताल्चा लगाएको देखेर तिनीहरूले
भने, "राजा आफ्नो महलको शीतल-कोठामा
दिसामा बसिरहनुभएको होला।" २५ धेरै
बेरसम्म पर्खेन्दा पर्खेन्दा तिनीहरूलाई लाज
पनि लाग्यो, तापनि एग्लोनले कौसीको कोठाका
ढोकाहरू खोलेनन्। तब तिनीहरूले साँचो
लिएर ढोकाहरू खोले। औ तिनीहरूले आफ्ना
मालिकलाई भूइँमा मरेर लड़िरहेका भेट्टाए।
२६ तिनीहरू पर्खिरहँदा एहूद उम्केर भागे।
तिनी खोपेका ढुङ्गाहरूको ठाउँदेखि छिरि-
गएर सीरा भन्ने ठाउँमा भागे २७ औ
एप्रैमको पहाड़ी-देशमा पुगेपछि त्यहाँ तिनले
तुरही फुके, औ इस्राएलीहरू पहाड़बाट
आएर तिनलाई अगि लाए। २८ तिनले

उनीहरूलाई भने, "मेरो पछि आऊ
किनभने परमप्रभुले तिमीहरूका शत्रु मोआबी-
हरूलाई तिमीहरूका हातमा सुम्पिदिनुभएको
छ।" तब तिनीहरू तिनका पछि पछि ओर्लेर
आए र तिनीहरूले मोआबको सामनेको
यर्दनका घाटहरू लिए, र कसैलाई पनि त्यहाँ-
बाट पारि जानदिएनन्। २९ तिनीहरूले त्यस
दिन दश हजार मोआबीहरूलाई मारे। ती
सबै बलिया बलिया र शूरवीर पुरुषहरू थिए।
एक जना पनि उम्कन पाएन। ३० यसरी
त्यस दिन मोआब इस्राएलको अधीनमा भए,
र देशमा अस्सी वर्षसम्म शान्ति भइरह्यो।

शमगरले इस्राएललाई पलिश्तीहरूको हातबाट छुटाएका

३१ एहूदपछि बेथ-अनातका शमगर खड़ा
भए। तिनले छ सय पलिश्तीहरूलाई गोरु
धपाउने लौरोले मारे। तिनले पनि इस्राएलको
उद्धार गरे।

दबोरा र बाराकले सीसरालाई परास्त गरेका

४ एहूदको मृत्युपछि इस्राएलीहरूले परम-
प्रभुको दृष्टिमा जे कुरा खराब थियो
त्यही गरे। २ यसैले उहाँले तिनीहरूलाई
हासोरमा शासन गर्ने कनानी राजा याबीनको
हातमा बेचिदिनुभयो। तिनका सेनापति सीसरा
थिए, जो अन्यजातिहरूको हरोशेतमा बस्थे।
३ इस्राएलीहरूले सहायताको निम्ति परम-
प्रभुलाई पुकारे, किनभने सीसराका फलामका
नौ सय रथहरू थिए, र तिनले इस्राएलीहरू-
लाई बीस वर्षसम्म क्रूरतापूर्वक सताए।
४ त्यस बेला लप्पीदोतकी स्वास्नी दबोरा
इस्राएलका न्यायकर्त्ता थिइन्। तिनी एक
अगमवादिनी थिइन्। ५ तिनी एप्रैमको
पहाड़ीदेशमा रामा र बेतेलको बीचमा भएको
दबोराको खजूरको रूखमनि बस्ने गर्दथिइन्,
औ इस्राएलीहरू तिनीकहाँ इन्साफको निम्ति
आउँदथिए। ६ तिनले नप्तालीको केदेश-
बाट अबीनोअमको छोरो बाराकलाई बोलाइ-
पठाइन्, र तिनलाई भनिन् "परमप्रभु
इस्राएलका परमेश्वरका आज्ञा यिनै हुन्, 'गएर
नप्ताली र जबूलूनका दश हजार मानिसहरू-
लाई चुनेर तिनीहरूलाई तिमीसँग ताबोर
डाँड़ामा ल्याऊ, ७ म याबीनका सेनापति
सीसरालाई कीशोनका खोल्सामा त्यसका
रथहरू र त्यसका सबै फौजसमेत निकाली
ल्याएर तिनीहरूलाई तिम्रो हातमा सुम्पि-
दिनेछु'।" ८ बाराकले जवाफ दिए, "तपाईं
मसँग जानुभयो भने म जानेछु, तर तपाईं
जानुभएन भने ता म पनि जानेछैनँ।"
९ तिनले भनिन्, "निश्चय म तिमीसँग
जानेछु, तर यस वीरताको कामबाट तिमीलाई
केही गौरव हुनेछैन, परमप्रभुले सीसरालाई
एउटी स्त्रीको हातमा सुम्पिदिनुहुनेछ।"
दबोरा उठिन् र बाराकसँग केदेशमा गइन्।
१० बाराकले जबूलून र नप्तालीलाई केदेशमा
बोलाए, र दश हजार मानिसहरूका साथमा
तिनी हिंड़े, औ दबोरा पनि तिनीसँग
गइन्।

११ अब केनी हेबेर आफैले चाहिं
केनीहरू, अर्थात् मोशाका ससूरा होबाबका
सन्तानहरूदेखि अलग भएर आफ्नो पाल
केदेशनेर जेआनानीममा सारेका थिए।

१२ अबीनोअमको छोरो बाराक तबोर
डाँड़ामा गएका छन् भन्ने खबर सीसराकहाँ
पुऱ्याइयो। १३ तब तिनले आफ्ना सबै
रथहरू, अर्थात् नौ सय फलामका रथहरू र
आफ्ना फौजहरूलाई अन्यजातिहरूको हरोशेत-
बाट कीशोन खोलामा भेला गराए।
१४ तब दबोराले बाराकलाई भनिन्, "उठ,
आजको दिन परमप्रभुले सीसरालाई तिम्रो
हातमा दिनुभएको छ।" तब बाराक तबोर
डाँड़ाबाट आक्रमण गर्दै तल झरे, औ दश
हजार मानिसहरू तिनका पछिपछि लागे।
१५ परमप्रभुले सीसरालाई तिनका सबै

रथहरू र फौजसमेतलाई बाराकको आक्रमणको
सामने पराजित गराउनुभयो। तर सीसरा
आफैंचाहिं आफ्नो रथबाट ओर्लेर पैदलै भागे।
१६ बाराकले रथहरू र फौजलाई अन्यजाति-
हरूको हरोशेतसम्मै खेदे, औ सारा सेनालाई
तरवारले नाश गरे। एक जना पनि बाँचेन।
१७ यता सीसरा चाहिं पैदलै भाग्दै
केनी हेबेरकी स्वास्नी याएलको पालमा पसे,
किनभने हासोरका राजा याबीन र केनी
हेबेरको घरानाको बीचमा मित्रता थियो।
१८ याएल सीसरालाई भेट गर्नेलाई
निस्किन्, र तिनलाई भनिन्, "हजूर,
भित्रै आउनुहोस्, भित्रै आउनुहोस्।
नडराउनुहोस्।" यसैले सीसरा पालभित्र
पसे, र तिनले उनलाई एउटा कम्बल
ओढ़ाइदिइन्। १९ सीसराले तिनलाई भने,
"मलाई अलिकता पानी पिउनदेऊ। मलाई
साह्रै तिर्खा लागेको छ।" तब तिनले
दूधले भरेको एउटा मसक खोलेर उनलाई
पिउन दिइन्, र फेरि उनलाई कम्बल
ओढ़ाइदिइन्। २० सीसराले तिनलाई भने,
"पालको ढोकामै उभिरह, र कसैले
आएर 'यहां कोही छ कि?' भनेर सोध्यो
भने 'छैन' भनी देऊ।" २१ तर हेबेरकी
स्वास्नी याएलले पालको एउटा कीला र
मुँग्रो लिएर तिनी मस्त निदाएको बेलामा
छउमा गएर तिनको कन्चटमा ठोकिदिइन्।
तिनको गिदी बाहिर भूइँमा निस्केर छिन्नभिन्न
भयो, र छटपटाउँदै तिनी मरे। २२ बाराक
सीसरालाई खेद्दै आउँदा याएल तिनलाई भेट
गर्न आएर तिनलाई भनिन्, "आउनुहोस्,
तपाइँले खोज्नुभएको मानिसलाई म देखा-
उनेछु।" बाराक तिनीसँग भित्र पसे, र
सीसरालाई कन्चटमा कीला गाड़िएर मरि-
रहेका भेटाए। २३ त्यस दिन परमेश्वरले
कनानका राजा याबीनमाथि इस्राएलीहरूलाई
विजयी बनाइदिनुभयो। २४ तिनलाई खतम
नपारून्जेल तिनीहरूले कनानका राजामाथि
आक्रमणमाथि आक्रमण गरिनैरहे।

दबोरा र बाराकको स्तुति

५ त्यस दिन दबोरा र अबीनोअमको
छोरा बाराकले यो गीत गाए,
२ "अगुवाहरू, इस्राएलका अगुवाहरूका
निम्ति,
आह्वान सुनेर खुशीसित आउने प्रजाहरूका
निम्ति,
परमप्रभुलाई धन्यवाद देऊ।
३ हे राजा हो, सुन; हे राजकुमार हो,
कान थाप।
म गाउने छु, म परमप्रभुको स्तुति गर्नेछु,
म परमप्रभु, इस्राएलका परमेश्वरको निम्ति
एउटा भजन गाउनेछु।
४ हे परमप्रभु, जब तपाईंका मैदान-
हरूबाट बढ्दै आउनुभयो,
तब पृथ्वी काम्यो, आकाश खस्यो,
बादलले झरी बर्षायो।
५ परमप्रभुको सामने, अँ, सीनैका परम-
प्रभुको सामने,
परमप्रभुका सामने, इस्राएलका परमेश्वरको
सामने,
पहाड़हरू डरले थरथराए।
६ अनातको छोरो शमगरको पालामा,
याएलको पालामा
व्यापारीका दलहरू फेरि कहिल्यै हिंड़ेनन्,
मूल बाटोमा हिंड़्ने मानिसहरू चोरबाटो-
हरूमा हिंड़्नलागे।
७ इस्राएलमा कुनै पनि शूरवीर थिएनन्,
जबसम्म, म, दबोरा खड़ा भइनँ।
इस्राएलमा एउटी आमाझैं म खड़ा भएँ
८ तिमीहरूले नयाँ नयाँ देवताहरूलाई चुने,
तिनीहरूले वन-देवताहरूसित मित्रता बाँधे।
इस्राएलका चालीस हजारहरूसित
नता ढाल न भाला देखिए।
९ हे इस्राएलका सेनापति हो, मनमा गर्व
गर,
प्रजाहरूमा, तिमीहरू जसले खुशीसित
आज्ञा सुन्यौ,

परमप्रभुलाई धन्यवाद देऊ।
१० तिमीहरू, धेरै गधैनीहरूमाथि सवार हुनेहरू,
जो जीनको गलैंचामाथि बस्छौ,
जो पैदल बाटो लाग्दछौ,
यस कुरालाई राम्ररी विचार गर।
११ सुन, त्यहाँ बाजा बजाएको सोर सुनिँदैछ,
ती ठाउँहरूमा जहाँ स्त्रीहरू पानी भर्नलाई आउँछन्।
त्यहाँ तिनीहरू परमप्रभुले गर्नुभएको विजयको स्मरण गर्छन्,
इस्राएलका शूरवीरहरूको विजय।
१२ परमप्रभुका जनहरू तल मूल-ढोकाहरूमा आए :
"ए दबोरा उठ, तँ आफै उठ,
तँ आफै उठ्, सेनालाई अगि बढ़ा।
हे अबीनोअमको छोरो बाराक, उठ्!
धेरैलाई कैदी बना।"
१३ तब सेना टोली टोलीमा हिंड़े, औ प्रधानहरू पनि,
परमप्रभुका प्रजा लड़ाकुर्फ़ तल लागे।
१४ एप्रैमका मानिसहरूले बेंसीमा बहादुरी देखाए,
तिनीहरू यसो भन्दै कराउँदै गए,
"हे बिन्यामीन, तिम्रा गोत्रहरू तिम्रा साथमा छन्!"
माकीरबाट सेनापतिहरू तल आए,
जबूलूनबाट भेला गर्नेहरूका डण्डा बोक्नेहरू पनि।
१५ इस्साकार यस क्रान्तिमा दबोरासित मिले,
इस्साकारले बाराकलाई साथ दिए।
तिनीहरू तल बेंसीमा कुदेर गए।
तर रूबेन चाहिं ता आपसको कुराले गर्दा भाग भाग गरी छुट्टिए,
जटिल प्रश्नहरू तिनीहरूका मनमा उठे।
१६ गोठालाहरूले बोलाएको तीखो सोर सुन्नलाई
तिमीहरू गोठहरूमा किन अलमली बस्यौ?
१७ गिलाद यर्दन पारिनै बस्यो
औ दान चाहिं, किन जहाजहरूको छेउमा पर्खिबस्यो?
आशेर समुद्रको किनारमानै ढीलो गरी बस्यो,
त्यसका खाड़ीहरूमानै त्यो बसिरह्यो।
१८ जबूलूनका मानिसहरूले आफ्नो ज्याननै खतरामा हाले,
त्यसैगरी नप्तालीले पनि रण-भूमिको मुखैमा।
१९ राजाहरू आए, तिनीहरूले युद्ध गरे।
त्यसपछि कनानका राजाहरूले
मगिदोका खोलाहरूकै छेउको तनाकमा लड़ाइँ गरे।
तिनीहरूले चाँदीका कुनै लूटका माल ल्गेनन्।
२० ताराहरूले पनि आकाशदेखि लड़ाइँ गरे,
ताराहरूले आफ्ना आफ्ना चक्रमा सीसरासँग लड़ाइँ गरे।
२१ कीशोनको खोलाले तिनलाई बगाएर ल्यायो,
कीशोनको खोलाले गर्दा त्यो भाग्नै सकेन।
हे मेरो प्राण, छाती फुकाएर हिंड्।
२२ तब घोड़ाहरूले टाप बजाए,
त्यसका जङ्गी-घोड़ाहरू वेगसाथ कुदे।
२३ मेरोजलाई सराप, परमप्रभुका दूतले भने,
सराप, त्यसका बासिन्दाहरूमाथि सराप,
किनभने तिनीहरूले परमप्रभुलाई कति पनि सघाएनन्
परमप्रभुलाई र युद्ध गर्ने मानिसहरूलाई सहायता दिएनन्।
२४ केनी हेबेरकी स्वास्नी याएल
सबै स्त्रीहरूभन्दा आशीषित होऊन्,
पालमा बस्ने स्त्रीहरूमध्ये सबैभन्दा आशीषित।
२५ सीसराले पानी माग्यो, तर तिनले दूध दिइन्,
मालिकको निम्ति योग्यको बटुकोमा

तिनले त्यसलाई दही टक्राइन्।
२६ तिनले आफ्नो हात पालको कीलातिर
बढ़ाइन्,
त्यस थाकेकोलाई ठोक्नालाई तिनले
आफ्नो दाहिने हात उठाइन्।
तिनले मुग्रोले सीसरालाई हानिन्,
त्यसको टाउको चूर चूर पारिन्,
तिनले हिर्काइन् र त्यसको गिदी बाहिर
छरियो।
२७ तिनकै खुट्टामा त्यो लोटयो, त्यो पड़िरह्यो,
तिनकै खुट्टामा त्यो घुर्लुप्प घोप्टयो र
लोटयो।
जहाँ त्यो घुर्लुप्प घोप्टयो त्यहीं त्यो
लोटयो र मऱ्यो।
२८ सीसराकी आमाले आँखी-झ्यालबाट
चियाएर हेरिन्,
झ्यालबाट चियाइन्, र चिच्च्याएर भनिन्,
"त्यसका रथहरू आउनलाई किन यति
ढिलो गरेका?
त्यसका रथहरूको खटखट आवाज किन
यति बिर्यालो भयो?"
२९ तिनका राजकुमारीहरूमध्येका सबैभन्दा
ज्ञानीले यस्तो जवाफ दिइन्,
साँच्चै तिनले आफ्नो जवाफ आफै पाइन्,
३० "तिनीहरू लूटका मालहरू खोज्दै होलान्,
भाग लाउँदै होलान्,
हरेक मानिसको निम्ति एउटी केटी,
सायद दुइ केटी,
सीसराको निम्ति रङ्गाएका थोकहरू,
रङ्गाएका थोकहरूको लूट,
रङ्गाएको थोक, धर्का धर्का भएको, दुइ
हात लामो धर्का भएको थोक—
विजयीको गलामा शोभा दिनको निम्ति।
३१ हे परमप्रभु, यसरीनै तपाइंका सबै
शत्रुहरू नाश होऊन्,
तर तपाईंलाई प्रेम गर्नेहरू सबै आफ्नो
प्रतापमा झल्केको सूर्यझैं होऊन्।
औ चालीस वर्षसम्म देशमा शान्ति भयो।

गिदोनलाई बोलाहट भएको

६ इस्राएलीहरूले परमप्रभुको दृष्टिमा जे
कुरो खराब थियो त्यही गरे, र
उहाँले तिनीहरूलाई मिद्यानको हातमा सात
वर्षसम्म सुम्पिदिनुभयो। २ मिद्यानीहरू
इस्राएलीहरूभन्दा अत्यन्तै शक्तिशाली थिए, औ
इस्राएलीहरूलाई पहाड़का ओढ़ार, गुफा
र सुरक्षित ठाउँहरूमा गएर बस्न करै
लाग्यो। ३ जब जब इस्राएलीहरूले
बिउ छर्दथिए तब तब मिद्यानीहरू र
अमालेकीहरू र पूर्वका अरू जातिहरू आएर
इस्राएलमाथि आक्रमण गर्दथिए। ४ तब
तिनीहरू देशमा छाउनी बनाएर बस्तथिए, र
गाजाका छेउसम्मैका बालीहरूलाई नाश
पार्दथिए, यहाँसम्म कि इस्राएलीहरूको
जीविकाको लागि भेड़ा, गोरु र गधा
केही पनि छोड़िदिंदैन थिए। ५ तिनीहरू
आफ्ना गाई-गोरुका बथान र तम्बूहरू लिएर
सलहको हुलझैं आउँदथिए। ६ यसरीनै
मिद्यानीहरूले इस्राएलीहरूलाई निर्धन बनाइदिए,
र सहायताको निम्ति तिनीहरूले परमप्रभुलाई
पुकारे।
७ मिद्यानीहरूले सताएकोले इस्राएलीहरूले
परमप्रभुलाई पुकारे, ८ र उहाँले
तिनीहरूकहाँ एउटा अगमवक्ता पठाउनुभयो
जसले तिनीहरूलाई भने, "परमप्रभु
इस्राएलका परमेश्वरको यो वाणी छ, 'मैले
तिमीहरूलाई दासत्वको देश मिश्रबाट निकालेर
ल्याएँ। ९ मैले तिमीहरूलाई मिश्रीहरूका
हातबाट र तिमीहरूलाई सताउने सबैका
हातबाट छुटाएँ। मैले तिनीहरूलाई तिमीहरूका
सामनेदेखि धपाएँ, र तिनीहरूको देशहरू
तिमीहरूलाई दिएँ। १० मैले तिमीहरूलाई
भनें, 'म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।
तिमीहरू बसोबासो गरिरहेका एमोरीहरूका
देशका देवताका भय नमान,'। तर तिमीहरूले
मेरो कुरा सुनेनौ।"
११ अब परमप्रभुका दूत आएर

अबीएजरी योआशको ओप्रा भन्ने ठाउँको तारपीनको रूखमनि बसे। योआशको छोरो गिदोन चाहिं मिद्यानीहरूबाट लुकाउनलाई दाखको कोलमा गहुँ चुट्दै थिए। १२ औ परमप्रभुका दूतले गिदोनकहाँ देखा परेर तिनलाई भने, "तँ वीर मानिस होस् औ परमप्रभु तँसँग हुनुहुन्छ।" १३ गिदोनले तिनलाई भने, "हजूर, सुन्नुहोस्, परमप्रभु साँच्चिनै हामीसँग हुनुहुन्छ भनेता यी सबै किन हामीलाई भएको? उहांका ती सबै आश्चर्यकामहरू के भए? जो हामीले आफ्ना पिता-पुर्खाहरूबाट सुनेका छौं, जसले भन्थे कि परमप्रभुले कसरी हामीलाई मिश्र देशबाट निकालेर ल्याउनुभयो। तर अब ता परमप्रभुले हामीलाई त्याग्नुभएको छ, र हामीलाई मिद्यानीहरूका हातमा सुम्पिदिनुभएको छ।" १४ तब तिनीतिर फर्केर परमप्रभुले भन्नुभयो, "जा, इस्राएललाई मिद्यानीहरूका हातदेखि छुटाउनलाई तँमा भएको बल प्रयोग गर्। तँलाई पठाउने मनै, हुँ।" १५ गिदोनले भने, "हजूर, सुन्नुहोस् म कसरी इस्राएललाई बचाउनसक्छु? मेरो गोत्रलाई हेर्नुहोस् त्यो ता मनश्शेमा सबैभन्दा कमजोर छ, औ मेरा पिताको घरानामा म सबैभन्दा सानो छु।" १६ परमप्रभुले जवाफ दिनुभयो, "म तँसँग हुनेछु, औ तैंले सारा मिद्यानलाई एउटै मानिसलाईझैं मार्नेछस्।" १७ तिनले भने, "यदि म तपाइंको निगाहपात्र भएको छु भने तपाईंनै मसँग बोल्नुभएको हो भन्ने मलाई एउटा चिह्न दिनुहोस्। १८ बिन्ती छ, मैले मेरो भेटी लिएर तपाइंको सामु नचढ़ाउन्जेल तपाइं यहांबाट नजानुहोला।" उहांले भन्नुभयो, "तँ नआउन्जेल म यहीं बस्नेछु।" १९ तब गिदोन भित्र गएर एउटा पाठी तयार गरे, र एक एपा पीठोको अखमीरे रोटी बनाए। तिनले मासु चाहिं एउटा टोकरीमा हाले र झोल चाहिं एउटा बट्कोमा हालेर बाहिर तारपीनको रूखको मनि उहांको सामु टक्राए। २० औ जब गिदोन तिनको नजीक आए तब परमेश्वरका दूतले तिनलाई भने, "त्यो मासु र रोटी लिएर यहाँ चटानमाथि राखिदे, र झोल चाहिं खन्याइदे।" औ तिनले त्यसै गरे। २१ तब परमप्रभुको दूतले आफ्नो हातमा भएको लहुरो पसारेर त्यसको टुप्पाले त्यो मासु र रोटीलाई छोए। तब चटानबाट आगो निस्केर त्यो मासु र रोटीलाई भस्म पार्‍यो। औ परमप्रभुका दूत अन्तर्द्धान भए। २२ तब गिदोनले तिनी ता परमप्रभुका दूत पो रहेछन् भनी थाह पाए, र भने, 'हाय परमप्रभु परमेश्वर! यो ता साँच्चै पो रहेछ। मैले परमप्रभुका दूतलाई आमने-सामने देखें।" २३ तर परमप्रभुले तिनलाई भन्नुभयो, "तँलाई शान्ति होस्, नडरा, तँ मर्नेछैनस्" २४ गिदोनले परमप्रभुको निम्ति त्यहाँ एउटा वेदी बनाए, र त्यसको नाउँ यहो-शलोम* राखे। त्यो आजको दिनसम्म पनि अबीएजरीको ओप्रामा छ।

२५ त्यस रात परमप्रभुले गिदोनलाई भन्नुभयो, "तेरो बाबुले पालेको जवान साँढ़े, अर्थात् सात वर्षे दोस्रो चाहिं साँढ़े ले, तेरो बाबुको बाल देवताको वेदी भत्काइदे, र त्यसको छेउमा भएको अशेरा देवीको मूर्ति ढालिदे। २६ तब त्यही स्थानमा परमप्रभु तेरो परमेश्वरको निम्ति ठीक ढाँचाको एउटा वेदी बना, र त्यो दोस्रो चाहिं साँढ़े लिएर तैंले ढालेको अशेराको मूर्तिले होमबलि चढ़ा।" २७ तब गिदोनले आफ्ना नौकरहरूमध्येका दश जनालाई लिएर परमप्रभुले तिनलाई भन्नुभएबमोजिम गरे। तिनी आफ्ना पिताका घराना र आफ्ना बन्धु नगरवासीहरूसँग डराउँदथिए, यसैकारण तिनले यो काम दिउँसो होइन तर राती गरे। २८ जब नगरवासीहरू बिहानै उठे तब तिनीहरूले बाल देवताको वेदी भत्काएको र त्यसको छेउमा भएको अशेरा देवीको मूर्ति पनि ढालिएको

*परमप्रभु शान्ति हुनुहुन्छ

र गिदोनले बनाएको वेदीमा त्यो दोस्रो चाहिं
साँढे होमबलि चढ़ाएको देखे। २९ तिनीहरू
एकाले अर्कोलाई 'यो कसले गरेको होला?'
भनी सोधपूछ गर्नलागे, र धेरै सोधपूछ गर्दा
योआशको छोरो गिदोनले गरेको हो भनी
पत्ता लगाए। ३० तब शहरका मानिसहरूले
योआशलाई भने, "तिम्रो छोरालाई बाहिर
ल्याऊ। त्यसले बालको वेदी भत्काइदिएछ, र
त्यसको छेउमा भएको अशेरा देवीको मूर्ति
पनि ढालदिएछ। त्यो मारिनै पर्छ।"
३१ जब तिनीहरू योआशका चारैतिर भीड़
लागिरहेका थिए तब योआशले यसो भनेर
कड़ा जवाफ दिए, "तपाईंहरू बाल देवताको
पक्षमा कराउनु भएको? बाललाई बचाउने
हामीहरूको काम हो भनी तपाईंहरू सम्झनु-
हुन्छ? त्यसको पक्षमा कराउने बिहानसम्ममा
मारिनेछ। यदि बाल चाहिं देवतानै हो
रहेछ र त्यसको वेदी कसैले भत्काइदिएको हो
भने त्यो आफ्नो लागि आफै बोलोस्।"
३२ त्यस दिन योआशले गिदोनको नाउँ यसो
भनेर यरूब्बाल* राखिदिए, "यस मानिसको
विरुद्धमा बाल आफै लड़ोस्, किनभने
त्यसको वेदी यसैले भत्काइदिएको छ।"
३३ त्यसपछि सबै मियानी, अमालेकी र
पूर्वका जातिहरू आपसमा दल बाँधे, र नदी
तरेर यिज्रेलको बेंसीमा छाउनी हाले।
३४ तब परमप्रभुको आत्मा गिदोनमाथि
आउनुभयो। तिनले तुरही फुके, र अबीएजरी-
हरू तिनका पछि लाग्नलाई बोलाइए।
३५ तिनले मनश्शेभरि समाचार लाने
दूतहरूलाई पठाए, र तिनीहरू पनि तिनको
पछि लाग्नलाई बोलाइए। तिनले आशेर,
जबूलून र नप्तालीकहाँ पनि समाचार दिने
दूतहरूलाई पठाए, र तिनीहरू पनि अरूहरू-
सित भेला हुनलाई आए। ३६ तब गिदोनले
परमेश्वरलाई भने, "तपाईंले प्रतिज्ञा गर्नुभए-
अनुसार यदि तपाईंले इस्राएललाई मद्वारा
बचाउनुहुन्छ भनेदेखि ३७ अब हेर्नुहोस्,
म भेड़ाको ऊन खलामा राख्तैछु, यदि
ऊनमा मात्रै शीत परेर त्यसको चारैतिरको
जमीन चाहिं सुक्खै रह्यो भने मलाई यो
कुरो निश्चय थाह हुनेछ कि तपाईंले प्रतिज्ञा
गर्नुभएझैं मेरै हातद्वारा तपाईंले इस्राएललाई
छुटाउनुहुनेछ।" ३८ औ त्यसैनै भयो।
तिनी भोलि बिहानै उठे, र त्यो ऊनलाई
निचोरे, औ त्यसबाट एक बटुको पानी
भर्नलाई प्रशस्त शीत निचोरे। ३९ तब
गिदोनले परमेश्वरलाई भने, "मसँग नरिसाउनु-
होस्, तर मलाई एकपल्ट अरू बोल्नदिनुहोस्।
बिन्ती छ, मलाई फेरि एकपल्ट यस ऊनको
जाँच गर्नदिनुहोस्। यसपल्ट चाहिं त्यो ऊन
मात्र सुक्खा रहोस्, र सबै जमीन चाहिं
शीतले भिजोस्।" ४० परमेश्वरले त्यस रात
पनि त्यसै हुनदिनुभयो। ऊन मात्र सुक्खा
रह्यो, औ त्यसका चारैतिरको जमीनमा शीत
परेको थियो।

गिदोनका मानिसहरूले मिद्यानीहरूलाई जितेका

७ यरूब्बाल, जो गिदोन हुन्, र तिनी-
सँग भएका सबै मानिसहरू बिहान
सबेरै उठे, र एन-हरोदमा छाउनी हाले।
मिद्यानीहरूले चाहिं मोरेको डाँड़ाको उत्तरपट्टिको
बेंसीमा छाउनी हाले। २ परमप्रभुले
गिदोनलाई भन्नुभयो, "मिद्यानीहरूलाई तिनी-
हरूका हातमा सुम्पिदिनलाई तँसित भएका
मानिसहरू मलाई चाहिएको भन्दा धेरै छन्,
नत्रता इस्राएलीहरूले आफ्नो गर्वको दाबी
गर्नेछन्, र तिनीहरूको आफ्नै शक्तिले यो
विजय प्राप्त गरेको हो भनी तिनीहरूले
भन्नेछन्। ३ अब सबै मानिसहरूले सुन्नेगरी
एउटा उर्दी घोषणा गर्, कि यहाँ कोही डरले
काप्ने छ भने त्यो गलेद डाँड़ादेखिनै तुरुन्तै
आफ्नो घरमा गइहालोस्। तब बाईस हजार
जना फर्किगए, र दश हजार बाँकी रहे।
४ तब परमप्रभुले गिदोनलाई भन्नुभयो,

*बाल आफै लड़ोस्

"अझै पनि मानिसहरू धेरै छन्। तिनीहरूलाई
तल खोलामा लैजा र म तेरो निम्ति
तिनीहरूलाई अलग गर्नेछु। जब म
भन्छु, 'यो मानिस चाहिं तँसँग जानेछ।'
तब त्यो जानेछ। औ यदि म 'यो मानिस
तँसँग जानेछैन' भनी भन्नेछु तब त्यो
जानेछैन।" ५ यसैले गिदोनले मानिसहरू-
लाई तल खोलामा ल्याए, र परमप्रभुले
तिनलाई भन्नुभयो, "हरेक मानिस जसले
कुकुरलेझैं जिब्रोले पानी चाटेर पिउँछ
त्यसलाई एकातिर राख्, औ अर्कोतिर
चाहिं जसले घुँडा टेकेर पानी पिउँछ तिनी-
हरूलाई राख्।" ६ पानी चाटेर पिउनेको
संख्या तीन सय भयो, औ बाँकीले आफ्नो
हात मुखमा लगी घुँडा टेकेर पानी पिए।
७ परमप्रभुले गिदोनलाई भन्नुभयो, "यी तीन
सय जना जसले चाटेर पानी पिए
यिनैद्वारा म तिमीहरूलाई बचाउनेछु, र
मिद्यानीहरूलाई तेरो हातमा सुम्पिदिनेछु।
बाँकी सबै घर जाऊन्।" ८ यसैकारण
गिदोनले यी सबै इस्राएलीहरूलाई घर पठाइ-
दिए, र ती तीन सय जनालाई राखे। औ
तिनीहरूले मानिसहरूसित भएका गाग्राहरू र
तुरहीहरू लिए। मिद्यानीहरूको छाउनी
तिनको तलतिर बेंसीमा थियो।

९ त्यस रात परमप्रभुले तिनलाई भन्नु-
भयो, "झट्टै तल गएर छाउनीमा आक्रमण
गर्, किनभने मैले त्यो तेरो हातमा
सुम्पिदिएको छु। १० यदि त्यसो
गर्न डरलाग्छ भने पहिले तेरो नोकर
पूराहसँग जा, ११ र तिनीहरू के
भनिरहेका छन् सुन्। त्यही कुराले तल
गएर छाउनीमा आक्रमण गर्न तँलाई
साहस दिनेछु।" तब तिनी र तिनको नोकर
पूराह छाउनीको त्यस भागमा गए जहाँ
लड़ाइँ गर्ने मानिसहरू बसेका थिए। १२ अब
मिद्यानी, अमालेकी र पूर्वका जातिहरू यति
धेरै थिए कि तिनीहरू बेंसीमा सलहका
हुलझैं थिए। ऊँटहरूको ता गन्तीनै थिएन।
तिनीहरू संख्यामा समुद्रका बालुवाका कणासरह
थिए। १३ जब गिदोन नजीक आए,
एउटा मानिसले आफ्नो साथीलाई सपना
सुनाइरहेको थियो। त्यसले भन्यो, "मैले
सपनामा जौको एउटा रोटी मिद्यानीहरूको
छाउनीमा गुड्दै गुड्दै आएको देखें। त्यो
एउटा पालमा आएर त्यसमा बजारियो, र
त्यसलाई पल्टाइदियो र पाल भत्क्यो।"
१४ अर्कोले जवाफ दियो, "साँच्चिनै
यो ता इस्राएली योआशको छोरो गिदोनको
तरवारनै हो। परमेश्वरले मिद्यान र समस्त
सेनालाई तिनको हातमा सुम्पिदिनुभएको
छ।" १५ जब गिदोनले सपनाको कथा र
त्यसको अर्थ सुने तब तिनले साष्टाङ्ग दण्डवत्
गरे। त्यसपछि तिनी इस्राएलको छाउनीमा
फर्किआएर भने, "उठ, परमप्रभुले मिद्यानी-
हरूको छाउनीलाई तिमीहरूको हातमा
सुम्पिदिनुभएको छ।" १६ तिनले ती तीन
सय जना मानिसहरूलाई तीन दलमा विभक्त
गरे, र हरेक मानिसलाई एउटा तुरही; र
भित्र राँको भएको एउटा रित्तो गाग्रो दिए।
१७ तब तिनले तिनीहरूलाई भने, "मलाई
हेर, जब म छाउनीको छेउमा पुग्छु, तब
म जसो गर्छु तिमीहरू पनि त्यसै गर।
१८ जब म र मेरा मानिसहरूले आफ्ना
तुरही फुक्छौं तब तिमीहरूले पनि छाउनीका
चारैतिर तिमीहरूका तुरही फुक, र कराएर
भन, 'परमप्रभुको निम्ति र गिदोनको
निम्ति तरवार'!"

१९ गिदोन र तिनीसँग भएका एक सय
मानिसहरू राती दोस्रो पहरको शुरूमा
छाउनीको छेउमा पुगे। पहरा-चौकी भर्खर
मात्र खटाइसकेको थियो। तिनीहरूले आफ्ना
तुरही फुके र गाग्रो फुटाए। २० ती तीनै
दल सबैले आफ्ना आफ्ना तुरही फुके र
गाग्रो फुटाए, तब देब्रे हातमा राँको र
दाहिने हातमा तुरही लिएर कराए, "परम-
प्रभुको निम्ति र गिदोनको निम्ति तरवार!"
२१ हरेक मानिस आफू बसेको ठाउँमानै

छाउनीको चारैतिर उभिरहे, र जम्मै सेना
डरले हाम फाल्दै भागे। २२ ती तीन
सय जनाले आफ्ना आफ्ना तुरही फुके,
र परमप्रभुले छाउनीभरि हरेकलाई एकाअर्काको
विरुद्धमा उठाउनुभयो। तब सेना
सरेराको बेतशित्तासम्म, अर्थात् तब्बातको
छेउको अबेलमहोलाको सीमानासम्म भागे।
२३ नप्ताली, आशेर र सबै मनश्शेबाट
इस्राएलीहरू बोलाइए, र तिनीहरूले मिद्यानी-
हरूलाई खेदे। २४ गिदोनले एप्रैमका सबै
पहाड़ी-देशभरि यो समाचार लिएर मानिस-
हरूलाई पठाए, "तल झरेर मिद्यानीहरूलाई
नाश गर, र बेतबरासम्म यर्दन नदीका घाटहरू
तिनीहरूको लागि बन्द गरिदेऊ।" यसैले
सबै एप्रैमीहरू बोलाइए, र बेतबरासम्म
यर्दन नदीका घाटहरू तिनीहरूले बन्द
गरिदिए। २५ तिनीहरूले दुइ मिद्यानी
शासक, ओरेब र जएबलाई पक्रे। ओरेबलाई
तिनीहरूले ओरेबको चटानमा, औ जएबलाई
चाहिं जएबको दाखको कोलमा मारे, र
मिद्यानीहरूलाई खेदको खेदेकै गरे। पछि
तिनीहरूले ओरेब र जएबका टाउकाहरू
गिदोनकहाँ यर्दन वारि ल्याए।

गिदोन र एप्रैमका मानिसहरू

८ एप्रैमका मानिसहरूले गिदोनलाई भने,
"तपाईंले किन हामीसँग यस्तो
व्यवहार गर्नुभयो? मिद्यानसँग लड़ाइँ गर्न
जाँदा तपाईंले हामीलाई किन बोलाउनुभएन?"
अनि तिनीहरूले उनलाई अनेक अभियोग लगाए
२ तर तिनले उनीहरूलाई भने, "तिमीहरूले
गरेको तुलनामा मैले के गरेको छु र? के
एप्रैमको दाखका सीला-बाला अबीएजेरको
जम्मै दाखको फसलभन्दा असल छैन र?
३ परमेश्वरले मिद्यानका शासक ओरेब र
जएबलाई तिमीहरूका हातमा सुम्पिदिनुभएको
छ। तिमीहरूले गरेझैं मैले के गरेको छु?"
तिनका यी कुरामा तिनीहरूको रीस शान्त भयो।

गिदोनले मिद्यानका राजाहरूलाई कैद गरेका

४ गिदोन यर्दनमा आए, औ तिनी र
तिनका तीन सय मानिसहरू थकित भएता पनि
यर्दन पारि तरेर खेदिनै रहे। ५ तिनले
सुक्कोतका मानिसहरूलाई भने, "मेरा यी
मानिसहरूलाई केही रोटी दिनुहुन्छ कि?
किनभने तिनीहरू थाकेका छन्, औ म
मिद्यानका शासक जेबह र सल्मुन्नालाई
खेद्दैछु।" ६ तर सुक्कोतका मुखियाहरूले
जवाफ दिए, "के जेबह र सल्मुन्ना तिम्रो
हातमा आइसकेका छन्, र तिम्रो सेनालाई
हामीले रोटी दिने?" ७ गिदोनले भने,
"त्यसो भए जब परमप्रभुले जेबह र
सल्मुन्नालाई मेरो हातमा सुम्पिदिनुहुनेछ तब म
तिमीहरूलाई मरूभूमिका काँढ़ा र लुहुढ़े-
काँढ़ाले साफी चुट्नेछु।" ८ तिनी त्यहाँबाट
पनूएलमा गए, औ त्यही बिन्ती गरे।
पनूएलका मानिसहरूले पनि सुक्कोतका
मानिसहरूकै जवाफ दिए। ९ तिनले पनूएलका
मानिसहरूलाई भने, "म कुशलसित फर्केपछि
तिमीहरूका किल्ला भत्काइदिनेछु।"
१० जेबह र सल्मुन्ना पन्ध्र हजार सेनाको
साथमा कर्कोरमा थिए। पूर्वका जातिहरूका
जम्मै दलका बाँकी रहेका सबै यतिनै थिए।
एक लाख बीस हजार सशस्त्र मानिसहरू
लड़ाइँमा मारिएका थिए। ११ नोबह र
योगबहाको पूर्वतिर पालमा बस्नेहरूले चलाउने
गरेको बाटो भएर गिदोन अगि बढ़ेर गए,
र तिनीहरू सावधान नभएको बेलामा तिनले
सेनामाथि आक्रमण गरे। १२ जेबह र
सल्मुन्ना चाहिं भागे, तर तिनले यी मिद्यानी
राजाहरूलाई खेदिनै रहे, र ती दुवैलाई
पक्रे, र तिनीहरूका जम्मै सेना परास्त भए।
१३ जब योआशको छोरो गिदोन
युद्धबाट हेरेसको उकालो भएर फर्किरहेका
थिए। १४ तब तिनले सुक्कोतको एउटा
जवान मानिसलाई समाते। तिनले त्यसलाई

सोधे, र त्यसले सुक्कोतका मुखियाहरू र त्यहाँका ठूला-बढ़ाहरूका नाउँ एक एक गरी बताइदियो। ती जम्मा सतहत्तर जना थिए। १५ त्यसपछि गिदोन सुक्कोतका मानिसहरूकहाँ आएर भने, "जेबह र सल्मुन्ना यहाँ छन्, जसका विषयमा तिमीहरूले यसो भनेर मेरो ठट्टा गरेका थियौ, "के जेबह र सल्मुन्ना तिम्रा हातमा परिसकेका छन्, र हामीले तिम्रा थाकेका मानिसहरूलाई रोटी दिने'?" १६ तब तिनले शहरका ती ठूला-बढ़ाहरूलाई लिए, र ती सुक्कोतका मानिसहरूलाई मरुभूमिका काँढ़ा र लुहुड़े-काँढ़ाले दण्ड दिए। १७ तिनले पनूएलको किल्ला भत्काइदिए र त्यस शहरका मानिसहरूलाई मारे। १८ तब तिनले जेबह र सल्मुन्नालाई भने, "तबोरमा तिमीहरूले मारेका मानिसहरू कस्ता थिए?" तिनीहरूले जवाफ दिए, "तिनीहरू तपाइंजस्तै थिए, हरेकको अनुहार राजाका छोराजस्तै थियो।" १९ तिनले भने, "तिनीहरू मेरा दाज्यू-भाइहरू थिए—मेरै आमाका छोराहरू। परमप्रभुको शपथ खाएर म भन्दछु कि यदि तिमीहरूले तिनीहरूलाई जिउँदै छोड़िदिएका भए ता म तिमीहरूलाई मार्ने थिइनँ।" २० औ तिनले आफ्नो जेठो छोरो येतेरलाई भने, "उठेर तिनीहरूलाई मार्।" तर त्यो त्यस बेला सानै केटा थियो, र त्यसले आफ्नो तरवार थुतेन, किनभने त्यो डरायो। २१ यसैले जेबह र सल्मुन्नाले भने, "तपाइं आफै उठेर हामीलाई मार्नुहोस्, किनभने तपाइंमा पुरुषको बल छ।" तब गिदोन उठेर दुवैलाई मारे, र तिनीहरूका ऊँटका घाँटीमा भएका चन्द्रहारहरू फुकालेर लगे।

गिदोनका अरू कार्यहरू र मृत्यु

२२ त्यसपछि इस्राएलीहरूले गिदोनलाई, भने, "हामीलाई मिद्यानीहरूबाट बचाउनुभयो। अब तपाइं हाम्रा शासक हुनुहोस्, तपाइं, तपाइंका छोरा र तपाइंका नाति।" २३ गिदोनले जवाफ दिए, "म वा मेरो छोराले होइन तर परमप्रभुलेनै तिमीहरूमाथि शासन गर्नुहुनेछ।" २४ त्यसपछि तिनले भने, "म तिमीहरूसँग एउटा अनुरोध गर्नुचाहन्छु। तिमीहरू हरेकले आफ्नो लूटको मालको कुण्डल चाहिं मलाई देऊ।" ती शत्रुहरू इश्माएली भएका हुनाले सुनका कुण्डल लगाउँथे। २५ तिनीहरूले भने, "अवश्यै, हामी ती तपाइंलाई दिनेछौं।" तब एउटा लुगा ओछयाइयो, र हरेकले त्यसमा आफ्नो लूटको मालबाट सुनको कुण्डल राखिदियो। २६ तिनले मागेका कुण्डलको ओजन सुनको सत्र सय शेकेल भयो: यो चाहिं ती चन्द्रहार र कर्णफूल र मिद्यानी राजाहरूले लाउने बैजनी वस्त्रबाहेक थियो। तिनीहरूका ऊँटका घाँटीमा लगाएका सिक्रीहरूको ता गन्तीनै भएन। २७ तीबाट गिदोनले एउटा एपोद बनाए र आफ्नै शहर ओप्रामा त्यो राखे। तर सबै इस्राएलीहरूले त्यसको पूजा गर्नलागे, र त्यो गिदोन र तिनका घरानालाई फसाउने एउटा फन्दा भयो।

२८ यसरी मिद्यानीहरू इस्राएलीहरूका अधीनमा भए। तिनीहरूले आफ्ना शिर ठाड़ो गर्नुसकेनन्। गिदोन, अर्थात् योआशको छोरो यरूब्बालको जीवनपर्यन्त चालीस वर्षसम्म देशमा शान्ति भयो। २९ त्यसपछि तिनी गएर आफ्नै घरमा बस्नलागे। ३० गिदोनका सत्तरी जना छोराहरू थिए, किनभने तिनका धेरै स्वास्नीहरू थिए। ३१ तिनको एउटी उपपत्नी थिई, जो शकेममा बस्थी। त्यसले पनि तिनको एउटा छोरो जन्माई, औ तिनले त्यसको नाउँ अबीमेलेक राखे। ३२ अनि योआशको छोरो गिदोन पूरा बूढ़ेस्कालमा मरे, र आफ्नो बाबुको चिहान अबीएजरीहरूको ओप्रामा गाड़िए। ३३ तिनको मृत्युपछि इस्राएलीहरू फेरि व्यभिचारीहरूभैं बाल देवताहरूपछि लागे, र बाल-बरीतलाई आफ्नो

देवता तुल्याए। ३४ तिनीहरूले चारैतिरका
तिनीहरूका शत्रुहरूका हातबाट छुटाउनुहुने
परमप्रभु आफ्ना परमेश्वरलाई बिर्से,
३५ यरूब्बाल अर्थात गिदोनले इस्राएलका
निम्ति गरेका सबै हितका काम भुलेर
तिनीहरूले गिदोनको परिवारलाई देखाउन
पर्ने भक्ति देखाएनन्।

अबीमेलेकको शासन र पतन

९ यरूब्बालको छोरो अबीमेलेक शकेममा
आफ्नो आमाका दाज्यू-भाइहरूकहाँ
गए, र आफ्नो मावली घरानाका सबैलाई तिनले
भने, २ "कृपागरी शकेमका मुख्य नगर-
वासीहरूका कानमा एउटा कुरा भनिदिनुहोस्,
तिनीहरूलाई सोध्नुहोस्, यरूब्बालका सत्तरी
छोराहरूले तिनीहरूमाथि शासन गर्नु असल कि
एकै जनाले मात्र? म तिनीहरूकै हाड़ र
मासु हुँ भन्ने कुरो तिनीहरूले सम्झना
राखून।" ३ यसैले तिनका मामाहरूले
तिनको पक्षमा तिनीहरू प्रत्येकलाई
यो कुरो बताइदिए औ तिनीहरू
अबीमेलेकपट्टि लाग्नलाई झुरिए, किनभने
तिनी आफ्नै दाज्यू-भाइ हुन् भनी तिनीहरूले
भने। ४ तिनीहरूले तिनलाई बाल-बरीतको
मन्दिरबाट सत्तरी चाँदीका टुक्रा दिए, र ती
लिएर तिनले बेकम्मा र बेपर्वाही मानिस-
हरूलाई भाड़ामा लिए, र तिनीहरू तिनका
पछि लागे। ५ त्यसपछि तिनी आफ्ना
बाबुको घर ओप्रामा आए, र लुकेर बस्ने
कान्छो छोरा योतामबाहेक यरूब्बालका
छोराहरू आफ्ना सत्तरी जना दाज्यू-
भाइहरूलाई एउटै ढुङ्गामाथि काटेर मारे
६ तब शकेमका सबै नगरवासीहरू
र बेथ-मिल्लोका सबै जना भेला भएर
अबीमेलेकलाई शकेममा टेवा दिएर राखेको
बूढो तारपीनको रूखको छेउमा राजा
तुल्याए।
७ जब यो कुरो योतामलाई सुनाइयो
तब त्यो गएर गिरिज्जीम डाँड़ाको टाकुरामा
खड़ा भयो। औ यसो भनेर उच्च सोरले
करायो, "हे शकेमका नगरवासी हो, मेरो
कुरा सुन, र परमेश्वरले तिमीहरूको कुरा
सुनून्।"
८ "एकपल्ट रूखहरू आफूमाथि एउटा
राजा अभिषेक गर्नलाई भेला भए, औ
तिमीहरूले भद्राक्षका रूखलाई भने, "हाम्रा
राजा हुनुहोस्।" ९ तर भद्राक्षको रूखले
जवाफ दियो, "देवताहरू र मानिसहरूलाई
मान दिने आफ्नो बहुमूल्य तेललाई त्यागेर
रूखहरूमाथि मैले शासन गर्नें?"
१० तब रूखहरूले नेभाराको रूखलाई
सोधे, "तिमी आएर हाम्रा राजा हुनेछौ?"
११ तर नेभाराको रूखले भन्यो, "आफ्नो
असल फल र त्यसका सबै मीठो स्वादलाई
त्यागेर रूखहरूमाथि मैले शासन गर्नें?"
१२ तब रूखहरूले :अङ्गूरको बोटलाई
सोधे, "के तिमी आएर हाम्रा राजा हुन्छौ?'
१३ अङ्गूरहरू बोटले जवाफ दियो, "देवता
र मानिसलाई खुशी तुल्याउने मेरो नया
दाखमद्यलाई त्यागेर रूखहरूमाथि मैले शासन
गर्नें?"
१४ तब सबै रूखहरूले काँढाको झाड़ी-
लाई सोधे, "तिमी हाम्रा राजा हुन्छौ?"
१५ औ काँढाको झाड़ीले रूखहरूलाई भन्यो,
"यदि तिमीहरू साँच्चिनै मलाई तिमीहरूका
राजा अभिषेक गर्न चाहन्छौ भने मेरो
छत्र-छायामा आऊ, नत्रता काँढाहरूबाट
आगो निस्केर लबानोनका देवदारहरूलाई
स्वाहा पार्नेछ।"
१६ त्यसपछि योतामले भन्यो, "यसकारण
अब हेर, अबीमेलेकलाई राजा तुल्याएर के
तिमीहरूले सत्य र इमान्दारी काम गरेका
छौ? के तिमीहरूले यरूब्बाल र
तिनका घरानासँग उचित काम गर्‍यौ?
१७ तिमीहरूका निम्ति लड़ाइँ गर्ने र
आफ्नो प्राण खतरामा हालेर लड़ाइँको
मुखैमा परेर तिमीहरूलाई मिद्यानीहरूको

हातबाट बचाउने मेरा पितालाई के तिमीहरूले
उचित हिसाबले तिर्यौ ? १८ औ आज
तिमीहरू मेरा पिताका घरानाको विरुद्धमा खड़ा
भएका छौ, र उहांका सत्तरी जना छोराहरूलाई
एउटै ढुङ्गामाथि काटेर मार्‍यौ, औ तिनकी
कमारीको छोरो अबीमेलेकलाई तिमीहरूको
भाइ भनेर शकेमका नगरवासीहरूका राजा
तुल्यायौ। १९ आजको दिनको कामले गर्दा
के तिमीहरूले यरूब्बाल र तिनका घरानासँग
सत्य र इमान्दारी व्यवहार गर्‍यौ ?
२० त्यसो हो भने, तिमीहरू अबीमेलेकसँग
खुशी होऊ र त्यो तिमीहरूसँग खुशी होस्
भनी म चाहन्छु! यदि होइन भने
अबीमेलेकबाट अग्नि निस्कोस् र शकेमका
नगरवासीहरू र सबै बेथ-मिल्लालाई भस्म
पारोस्। औ शकेमका नगरवासीहरू र बेथ-
मिल्ला सबैबाट पनि अग्नि निस्केर अबीमेलेक-
लाई भस्म पारोस्।" २१ त्यसपछि योताम
सुटुक्क भाग्यो। त्यो बेर भन्ने ठाउँमा पुग्यो,
र आफ्नो दाज्यू अबीमेलेकले फेला नपारोस्
भनेर त्यहींनै बसोबासो गर्नलाग्यो।

२२ अबीमेलेक इस्राएलहरूमाथि तीन
वर्षसम्म शासक भएपछि २३ परमेश्वरले
अबीमेलेक र शकेमका नगरवासीहरूका बीचमा
फाटो पार्नलाई एउटा दुष्ट आत्मा पठाउनु-
भयो, र शकेमका नगरवासीहरूले तिनलाई
धोखा दिए। २४ यरूब्बालका सत्तरी जना
छोराहरूलाई अत्याचारसित मारेको दोष
तिनीहरूको हत्या गर्ने आफ्नो भाइ अबीमेलेक-
माथि र त्यसलाई सुत्याउने शकेमका
नगरवासीहरूमाथि परोस् भन्ने अभिप्रायले यो
गरिएको थियो। २५ शकेमका नगरवासीहरूले
डाँड़ा डाँड़ा हुँदो तिनलाई मार्नलाई मानिसहरू
राखे, तर तिनीहरूले त्यस बाटो भएर जाने
सबैलाई लूटे, र यो समाचार अबीमेलेककहाँ
पुग्यो।

२६ अब एबेदको छोरो गाल आफ्ना
भाइ-बन्धुहरूसँग शकेममा आयो, औ शकेमका
नगरवासीहरूले आफ्नो राजभक्ति अब तिनीतिर
लगाए। २७ तिनीहरू आफ्नो बस्तीमा
गएर दाखबारीबाट पहिले पाकेका अङ्गूरहरू
टिपे, र कोलमा पेलेर चाड़ मनाए। तिनी-
हरू आफ्नो देवताको मन्दिरमा गए। त्यहाँ
तिनीहरूले खाई पिई गरेर अबीमेलेकलाई
गाली गर्नलागे। २८ एबेदको छोरो गालले
भन्यो, "अबीमेलेक को हो ? औ शकेमीहरू
को हुन्, र हामी त्यसको प्रजा हुने ? के
त्यो यरूब्बालको छोरो, र त्यसको नायके
जबूल चाहिं शकेमका पिता हमोरका मानिस-
हरूका अधीन भएका थिएनन् र ? हामी
किन त्यसको अधीन हुने ? २९ यदि
यी मानिसहरू मेरा अधीनमा भएको भएता
अबीमेलेकलाई पन्साउन मैंले जानेको थिएँ।
म त्यसलाई भन्ने थिएँ, 'तेरा मानिसहरूलाई
भेला गरेर आइज, र लड़ाइँ गर्'।"
३० जब शहरका राज्यपाल जबूलले एबेदको
छोरो गालले भनेका कुरा सुने तब तिनी
साह्रै रिसाए। ३१ तिनले कुरा बनाएर
अबीमेलेककहाँ यसो भनेर दूतहरू पठाए,
"एबेदको छोरो गाल र त्यसका भाइ-बन्धुहरू
शकेममा आएर शहरका मानिसहरूलाई तपाइंको
विरुद्धमा सुत्याउँदैछ। ३२ यसकारण रातीनै
उठेर तपाइं र तपाइंसँग भएका मानिसहरू
शहर बाहिर ढुकिबस्नुहोस्। ३३ त्यसपछि
बिहान घाम झुल्कने बित्तिकै शहरभित्र
पस्नुहोस् औ जब त्यो र त्यसका मानिसहरू
बाहिर आउँछन् तब के गर्नुपर्छ सो
गर्नुहोस्।" ३४ यसैले अबीमेलेक र तिनका
मानिसहरू रातीनै उठे, र चार दल भएर
शकेममा आक्रमण गर्नलाई ढुकिबसे।
३५ एबेदको छोरो गाल बाहिर आएर
शहरको मूल-ढोकाको पस्ने ठाउँमानै उभियो।
औ अबीमेलेक र तिनका मानिसहरू
चाहिं आफूहरू लुकेको ठाउँबाट उभिए।
३६ गालले तिनीहरूलाई देख्यो, र जबूललाई
भन्यो, "मानिसहरू डाँड़ाको टाकुराहरूबाट
तल झर्दैछन्।" तर जबूलले जवाफ दिए,
"तिमीले देखेका ता डाँड़ाहरूका छाया

हो जो मानिसहरूजस्तै देखिँदैछन्।"
३७ फेरि एकपल्ट गालले भयो, "डाँड़ाहरूका
बीचका ढाड़बाट मानिसहरू तल झरिरहेका
छन्, र एक दल चाहिँ मंत्र-तंत्र गर्नेको
तारपीनको रूखबाट भएर आइरहेको छ।"
३८ तब जबूलले त्यसलाई भने, "अब खोइ
तिम्रा साहसी कुराहरू? तिमी भन्थ्यौ,
'अबीमेलेक को हो र हामी त्यसको प्रजा
हुने?' के यी तिनै मानिसहरू होइनन्
जुनलाई तिमी तुच्छ ठान्थ्यौ? जाऊ, गएर
तिनीसँग लड़ाइँ गर।" ३९ गालले शकेमको
नगरवासीहरूलाई लिएर अबीमेलेकमाथि
आक्रमण गर्‍यो, तर ४० अबीमेलेकले त्यसलाई
परास्त गर्‍यो, र त्यो भाग्यो। मूलढोकाको
पस्ने ठाउँसम्मै बाटैभरि लाशहरू छरिएका
थिए। ४१ अबीमेलेक गएर अरूमाह
भन्ने ठाउँमा आफैलाई बसाले, औ जबूलले
गाल र त्यसका भाइ-बन्धुहरूलाई धपाए,
औ शकेममा तिनीहरूलाई बस्ने जग्गा
दिएनन्।
४२ भोलिपल्ट मानिसहरू बाहिर खुला
ठाउँमा आए, र यो कुरो अबीमेलेकलाई
सुनाए। ४३ तिनले चाहिँ आफ्ना सहायक-
हरूलाई ल्याएर तिनीहरूका तिन दल बनाए,
र शहर बाहिर खुला ठाउँमा ढुकिबसे।
औ जब तिनले मानिसहरूलाई शहरबाट
निस्कँदै आएका देखे तब उठेर तिनले तिनी-
हरूमाथि आक्रमण गरे। ४४ अबीमेलेक र
तिनीसँग भएको दल चाँड़ो गरी अगाड़ि बढ़े,
र शहरको मूल-ढोकाको पस्ने ठाउँमा लड़न-
लाई तयारी भए। औ अरू दुइ दल चाहिँ
आएर खुला ठाउँमा भएकाहरूमाथि जाइलागे,
र तिनीहरूलाई मारे। ४५ अबीमेलेकले त्यस
दिनभरि त्यस शहरमाथि आक्रमण गरे,
र त्यसलाई लिइहाले। तिनले त्यहाँका
मानिसहरूलाई मारे, शहर जलाई दिए,
र त्यस ठाउँमा नून छरिदिए। ४६ जब
शकेमको किल्लाका बासिन्दाहरूले यो कुरा सुने
तब तिनीहरू एल्-बरीतको मन्दिरको तहखानामा
गए। ४७ तब शकेमका किल्लाका बासिन्दाहरू
सबै एकसाथ भेला भएका छन् भन्ने
कुरा अबीमेलेकलाई सुनाइयो। ४८ यसैले
तिनी र तिनीसित भएका मानिसहरू बञ्चरो
लिएर सल्मोन डाँड़ामा उक्ले। त्यहाँ तिनले
झाड़ी काटे, र आफ्नो काँधमाथि हाले।
तिनले आफ्ना मानिसहरूलाई भने, "म के
गरिरहेछु हेर, र, चाँड़ो गरेर तिमीहरू
पनि त्यसै गर।" ४९ यसकारण हरेक
मानिसले झाड़ी काट्यो। तब तिनीहरूले
अबीमेलेकलाई पछयाए, र आफ्नो आफ्नो
झाड़ी तहखानाको चारैतिर थुपारेर त्यसलाई
आगो लगाइदिए। यसरी शकेमको किल्लाका
सबै बासिन्दाहरू मरे, जो प्रायः एक हजार
पुरुष र स्त्रीहरू थिए।
५० त्यसपछि अबीमेलेक तेबेसमा गए,
र त्यसलाई घेरेर लिइहाले। ५१ त्यस
शहरको बीचमा एउटा बलियो किल्ला थियो,
औ सबै नगरवासीहरू, पुरुष र स्त्रीहरू,
त्यहाँ शरण लिएर बसेका थिए। तिनीहरू
किल्ला बन्द गरेर त्यसको छतमा गएर
बसेका थिए। ५२ अबीमेलेक किल्लामा आएर
त्यसलाई आक्रमण गरे। जब त्यो किल्लामा
आगो लगाइदिन भनी त्यसको पस्ने ढोकामा
तिनी आइपुगेका थिए, ५३ तब एउटी
स्त्रीले तिनको टाउकोमा जाँतो खसाइदिई, र
तिनको खप्पर फोरिदिई। ५४ अबीमेलेकले
तुरुन्तै आफ्नो हतियार बोक्ने जवानलाई
बोलाएर भने, "झट्टै आफ्नो तरवार
थुतेर मलाई खतम गर्, नत्रता मानिसहरूले
एउटी स्त्रीले पो तिनलाई मारी भनेर
भन्लान्।" यसैले त्यस जवानले तरवारले
तिनलाई रोपिदियो, र तिनी मरे।
५५ जब इस्राएलीहरूले अबीमेलेक मरेका
देखे तब तिनीहरू सबै आफ्नो आफ्नो घरमा
फर्के। ५६ यसरीनै अबीमेलेकले आफ्ना सत्तरी
जना दाज्यू-भाइहरूलाई मारेर आफ्ना पिताका
विरुद्धमा गरेको अपराधको बदला परमेश्वरले
तिनीसँग लिनुभयो, ५७ र शकेमका

मानिसहरूले गरेका सबै दुष्टता तिनीहरूकै
शिरमाथि खन्याइदिनुभयो । यरूब्बालको छोरो
योतामको सराप तिनीहरूमाथि साँच्चिनै
पर्‍यो ।

तोला र याईर इस्राएलीहरूका न्यायकर्त्ता भएका

१० अबीमेलेकपछि इस्साकारको एक जना
मानिस पूआको छोरो दोदोका नाति
एफ्रैमको पहाड़ी-देशको शमीरमा बस्ने तोला
आफ्नो पालामा इस्राएललाई छुटाउनलाई
खड़ा भए । २ तिनी तेईस वर्षसम्म
इस्राएलका न्यायकर्त्ता भए, औ जब तिनी मरे
तब शमीरमा गाड़िए ।
३ तिनीपछि गिलादी याईर आए । तिनी
बाईस वर्षसम्म इस्राएलका न्यायकर्त्ता भए ।
४ तिनका तीस जना छोराहरू थिए जो
तीसवटा गधामा सवार हुन्थे । गिलाद देशमा
तिनीहरूका तीसवटा शहरहरू थिए, जो
आजको दिनसम्म पनि हब्बोत-याईर कहलाइन्छ ।
५ याईर मरेपछि तिनी कामोनमा गाड़िए ।

अम्मोनीहरूले इस्राएललाई सताएका

६ फेरि इस्राएलीहरूले अराम, सीदोन र
मोआबका औ अम्मोनीहरू र पलिस्तीहरूका
देवता देवीहरू, बाल देवता र अशेरा देवी-
लाई पुजेर परमप्रभुको दृष्टिमा जुन कुरो खराब
थियो त्यही गरे । तिनीहरूले परमप्रभुलाई
त्यागे, र उहाँलाई पुजेनन् । ७ परमप्रभु
इस्राएलसँग क्रोधित हुनुभयो, र उहाँले
तिनीहरूलाई पलिस्तीहरू र अम्मोनीहरूका
हातमा बेचिदिनुभयो, ८ जसले यर्दन पारि
एमोरीहरूको देशमा बस्ने इस्राएलीहरूलाई
अठाह वर्षसम्म सताउँदै र अत्याचार गर्दैरहे ।
९ तब यहूदा, बिन्यामीन र एफ्रैममाथि
आक्रमण गर्नलाई अम्मोनीहरू यर्दन पारि तरे,
र इस्राएल साह्रै संकष्टमा परे । १० औ
इस्राएलीहरूले सहायताको निम्ति परमप्रभुको
पुकारा गरेर भने, हामीले तपाईंको विरुद्धमा
पाप गरेका छौं । हामीले आफ्ना परमेश्वर-
लाई त्यागेर बाल देवतालाई पुजेका छौं ।
११ "तब परमप्रभुले इस्राएलीहरूलाई भन्नुभयो,
"मिश्री, एमोरी, अम्मोनी, पलिस्ती,
१२ सीदोनीहरूले पनि, अमालेकी र मियानी-
हरू सबैले तिमीहरूलाई अत्याचार गरे,
औ तिमीहरूले सहायताको निम्ति मेरो
पुकारा गर्‍यौ । औ के मैंले तिमीहरूलाई
छुटाइनँ र ? १३ तर तिमीहरूले मलाई
त्याग्यौ र अरू देवताहरूलाई पुज्यौ । यसैले
अब म तिमीहरूलाई फेरि छुटाउनेछैनँ ।
१४ गएर तिमीहरूले चुनेका देवताहरूलाई
सहायताको निम्ति पुकार र तिनीहरूलेनै
तिमीहरूको दुःखको समयमा बचाऊन् ।',
१५ तर इस्राएलीहरूले परमप्रभुलाई भने,
"हामीले पाप गरेका छौं । हामीलाई तपाईं
जे चाहनुहुन्छ त्यही गर्नुहोस् । हामी तपाईं-
लाई बिन्ती गर्दछौं कि केवल आज हाम्रो
उद्धार गर्नुहोस् ।" १६ तब तिनीहरूले पराई
देवताहरूलाई त्यागे र परमप्रभुको आराधना
गरे । त्यसपछि उहाँले इस्राएलको दुर्गतिलाई
अरू बढ़ता हेर्नसक्नुभएन ।
१७ तब अम्मोनीहरू युद्धको निम्ति भेला
गरिए, र गिलादमा छाउनी हालेर बसे,
औ इस्राएलीहरू चाहिं भेला भएर मिस्पामा
छाउनी हाले । १८ तब गिलादका मानिसहरू
र नायकहरूले आपसमा भने, "जुन मानिसले
अम्मोनीहरूलाई पहिले आक्रमण गर्ला त्यहीनै
गिलादका बासिन्दाहरूका शासक हुनेछ ।"

यिप्तहले इस्राएलीहरूलाई अम्मोनीहरूबाट छुटाएका

११ गिलादी यिप्तह एक वीर योद्धा
थिए । तिनी एक वेश्यातर्फका
गिलादका छोरा थिए । २ तर गिलादकी
एउटी स्वास्नी थिइन् जसले तिनका धेरै

छोराहरू जन्माइन्। औ जब तिनीहरू ठूला
भए तब तिनीहरूले यिप्तहलाई धपाए।
तिनीहरूले तिनलाई भने, "हाम्रा पिताको
घरमा तेरो केही हक छैन। तँता अर्की
स्त्रीको छोरो होस्।" ३ यसैले आफ्ना
दाज्यू भाइहरूदेखि बाँच्नलाई यिप्तह गएर
तोब देशमा बस्नलागे, र केही व्यर्थका
मानिसहरूलाई भेला गरे, र उनीहरू तिनका
पछि लागे।

४ केही समयपछि अम्मोनीहरूले इस्राएल-
सित लड़ाइँ गरे। ५ औ जब लड़ाइँ शुरू
भयो तब गिलादका बूढ़ा-पाकाहरू तोब देशबाट
यिप्तहलाई ल्याउन गए। ६ तिनीहरूले
तिनलाई भने, "आएर हाम्रा सेनापति हुनुहोस्
र हामी अम्मोनीहरूसित लड़ाइँ गर्नसक्नेछौं।"
७ तर यिप्तहले गिलादका बूढ़ा-पाकाहरूलाई
भने, "तिरस्कार गरेर तिमीहरूले मलाई
मेरा पिताको घरबाट धपायौ। दुःख
पाउँदा अब किन तिमीहरू मकहाँ आउँछौ?"
८ उनीहरूले जवाफ दिए, "यसैले ता अब
हामी तपाईंतिर लागेका छौं। हामीहरूसित
आएर अम्मोनीहरूसँग लड़ाइँ गर्नुहोस्, र
गिलादका सारा बासिन्दाहरूका शासक
हुनुहोस्।" ९ यिप्तहले उनीहरूलाई भने,
"यदि तिमीहरू मलाई अम्मोनीहरूसित लड़ाइँ
गर्न फकाएर लानमाग्छौ भने, औ यदि
परमप्रभुले तिनीहरूलाई मेरो हातमा सुम्पि-
दिनुभयो भने, म तिमीहरूका शासक
हुनेछु।" १० गिलादका बूढ़ा-पाकाहरूले फेरि
यिप्तहलाई भने, "परमप्रभु हामीहरूका
बीचमा साक्षी हुनुहुन्छ उहाँको शपथ खाएर
भन्दछौं कि हामी तपाईंले भन्नुभएझैं गर्नेछौं।"
११ तब यिप्तह गिलादका बूढ़ा-पाकाहरूका
साथमा गए, र मानिसहरूले तिनलाई आफ्ना
शासक र सेनापति तुल्याए। औ मिस्पामा
परमप्रभुको उपस्थितिमा यिप्तहले आफूले
भनेका सबै कुरा दोहोऱ्याए।

१२ यिप्तहले अम्मोनका राजाकहाँ
उनको तिनीहरूसित के झगड़ा थियो र
उनले तिनीहरूको देशलाई आक्रमण गरे
भनी सोध्नलाई दूतहरू पठाए। १३ तर
राजाले यिप्तहका मानिसहरूलाई यो जवाफ
दिए, "जब इस्राएलीहरू मिश्र देशबाट
उक्लेर आए तब तिनीहरूले अर्नोनदेखि
यब्बोक र यर्दन नदीसम्मका हाम्रा देश
लिए। यी देशहरू शान्तिसित हामीलाई
फर्काइदेऊ।" १४ यिप्तहले अम्मोनका राजाकहाँ
दोस्रोपल्ट दूतहरू पठाए, र तिनीहरूले भने,
१५ "यिप्तह यसो भन्नुहुन्छ, 'इस्राएलले
नता मोआबीहरूको देश न अम्मोनीहरूको
देश लिए। १६ जब तिनीहरू मिश्र देशबाट
उक्लेर आए तब इस्राएलीहरू उजाड़-स्थानबाट
भएर लाल समुद्रमा आए र कादेशमा
आइपुगे। १७ त्यसपछि तिनीहरूले उनको
देशबाट छिरेर जानलाई अनुमति माग्न भनी
एदोमका राजाकहाँ दूतहरू पठाए, तर
एदोमका राजाले सुन्दैसुनेनन्। तिनीहरूले
मोआबको राजाकहाँ पनि पठाए, तर तिनी
पनि राजी भएनन्। यसैले इस्राएल कादेश-
मानै रहे। १८ त्यसपछि तिनीहरू एदोम
र मोआबको फेरो मारेर उजाड़-स्थानबाट भई
मोआबको पूर्वपट्टि लागे। तिनीहरूले
अर्नोनको छेउमा डेरा हाले, तर तिनीहरू
मोआबीहरूको देशभित्र ता पसेनन्, किनभने
अर्नोन चाहिं मोआबको सीमाना हो।
१९ त्यसपछि इस्राएलले तिनको देशबाट
आफ्नो ठाउँमा छिरेर जान पाऊन् भनी
एमोरीहरूका राजा, जो हेश्बोनका राजा
सीहोन थिए, तिनीकहाँ दूतहरू पठाए।
२० तर सीहोनले इस्राएललाई तिनको
देशबाट जानलाई अनुमति दिएनन्। तिनले
आफ्ना सबै मानिसहरूलाई भेला गराए, र
यहसमा छाउनी हालेर इस्राएललाई आक्रमण
गरे। २१ तर परमप्रभु इस्राएलका
परमेश्वरले सीहोन र तिनका मानिसहरूलाई
इस्राएलको हातमा सुम्पिदिनुभयो। तिनीहरूले
उनीहरूलाई जिते र त्यस प्रान्तमा भएका
एमोरीहरूका जम्मै इलाका अधिकार गरे।

२२ तिनीहरूले अर्नोनदेखि यब्बोकसम्म र
उजाड़-स्थानदेखि यर्दन नदीसम्मै एमोरीहरूका
सबै इलाकाहरू लिए। २३ परमप्रभु इस्राएलका
परमेश्वरले आफ्ना प्रजा इस्राएलको भलाइका
निम्ति एमोरीहरूलाई धपाउनुभयो। औ के
अब तिमीहरू त्यसको स्थान अधिकार गर्न-
चाहन्छौ? २४ तिमीहरूका देवता कमोशले
तिमीहरूलाई जे दिन्छ त्यो अधिकार
गर्नुपर्छ। हामीहरू अगि बढ़ेर जाँदा परमप्रभु
हाम्रा परमेश्वरले जे दिनुभएको थियो ती
सबै हाम्रा हुन्। २५ औ अब के तिमी
मोआबका राजा सिप्पोरको छोरो बालाक-
भन्दा असल छौ र? के तिनले कहिले
इस्राएलसित झगड़ा गरेर आक्रमण गर्‍यो र?
२६ तीन सय वर्षसम्म इस्राएलीहरू हेश्बोन
र त्यसको अधीनका गाउँहरूमा, अरोएर र
त्यसका गाउँहरूमा र अर्नोनका किनारका सबै
शहरहरूमा बसे। त्यस बेला तिमीहरूले तिनी-
हरूलाई किन निकालेनौ? २७ हामीहरूले
तिमीहरूलाई केही खराबी गरेका छैनौ। तिमीले
हामीलाई आक्रमण गरेर खराबी गरिरहेका
छौ। परमप्रभु, जो न्यायकर्त्ता हुनुहुन्छ;
उहाँलेनै इस्राएलीहरू र अम्मोनीहरूका बीचमा
आजको दिन न्याय गर्नुहुन्छ।" २८ तर
यिप्तहले पठाएका समाचारलाई अम्मोनीहरूको
राजाले केही वास्ता गरेनन्।

यिप्तहको भाकल

२९ तब परमप्रभुका आत्मा यिप्तहमाथि
आउनुभयो, र तिनी गिलाद र मनश्शेबाट,
गिलादको मिस्पे, र मिस्पेबाट भएर अम्मोनी-
हरूकहाँ पुगे। ३० यिप्तहले परमप्रभुलाई
यो भाकल गरेर भने, "यदि तपाईंले अम्मोनी-
हरूलाई मेरो हातमा सुम्पिदिनुभयो भने,
३१ जब म अम्मोनीहरूबाट कुशलसित फर्कूंला
तब मलाई भेट्नलाई मेरो घरको ढोकाबाट
बाहिर आउने पहिलो प्राणी परमप्रभुको हुनेछ।
म त्यसलाई होमबलि गरी चढ़ाउनेछु।"
३२ तब यिप्तह अम्मोनीहरूलाई आक्रमण
गर्नलाई पारि तरेर गए, र परमप्रभुले अम्मोनी-
हरूलाई तिनको हातमा सुम्पिदिनुभयो।
३३ तिनले उनीहरूलाई अरोएरदेखि मिन्नीत-
सम्मै, औ अबेल-करामीका बीस शहरहरू-
सम्मै तिनीहरूलाई मारे, र ठूलो मारकाट
गर्दै उनीहरूलाई पराजित गरे। यसरी
इस्राएलले अम्मोनलाई आफ्नो अधीनमा
पारे।

३४ तर जब यिप्तह मिस्पामा आफ्नो
घरमा फर्के तब तिनलाई बाहिर भेट गर्न
खैंजड़ी बजाउँदै र नाच्तै तिनकी छोरी
आइन्। त्यो तिनकी एउटै छोरी थिइन्,
तिनको अरू कोही छोरा छोरी थिएन।
३५ जब तिनले उनलाई देखे तब तिनले
आफ्नो लुगा च्यातेर भने, "हाय मेरी छोरी!
तिमीले मेरो मनै भाँचिदियौ, तिमीले कस्तो
कष्ट ममाथि ल्यायौ। मैले परमप्रभुमा एउटा
भाकल गरेको छु, औ म त्यो टार्न सक्तिनँ।"
३६ उनले जवाफ दिइन्, बुवा, तपाईंले
परमप्रभुमा भाकल गर्नुभएको छ। तपाईंले
जो गंभीर भाकल गर्नुभएको छ त्यहीअनुसार
मलाई गर्नुहोस् किनभने परमप्रभुले तपाईंका
शत्रु अम्मोनीहरूलाई बदला लिनुभएको छ।
३७ तर बुवा मलाई एउटा कृपा गर्नुहोस्—
दुइ महीनासम्म मलाई छोड़िदिनुहोस् र म
आफ्ना सहेलीहरूसित यी डाँड़ाहरूमा घुमफिर
गर्नपाऊँ, र म आफ्नो कुमारी अवस्थाको
मृत्युमाथि शोक गर्नसकूँ।" ३८ तिनले
भने, "जाऊ।" र तिनले उनलाई दुइ
महीनाको निम्ति बिदा गरे। तिनी आफ्ना
सहेलीहरूसित गइन्, र डाँड़ाहरूमा आफ्नो
कुमारीत्वको निम्ति अफसोस गर्दैरहिन्।
३९ दुइ महीनाको अन्तमा उनी आफ्ना पिता-
कहाँ फर्केर आइन्, र आफूले गरेको भाकल
यिप्तहले पूरा गरे। तिनी कुमारी अवस्थामानै
मर्नुपर्‍यो। ४० इस्राएलका छोरीहरू प्रत्येक
वर्ष चार दिनसम्म यिप्तहकी छोरीको स्मृतिमा
जानपर्ने एउटा परम्परा भयो।

यिप्तह र एप्रैम

१२ एप्रैमीहरूले आफ्ना फौज भेला गरे,
र पारि तरेर सापोनमा गए। तिनी-
हरूले यिप्तहलाई भने, "अम्मोनीहरूसँग लड़ाइँ
गर्नजाँदा हामीलाई किन बोलाउनुभएन ?
हामी तपाईंलाई तपाईंको घरसमेत जलाइ-
दिनेछौं।" २ यिप्तहले जवाफ दिए, "म
र मेरा मानिसहरूको अम्मोनीहरूसँग झगड़ा
थियो, औ मैले तिमीहरूलाई सहायताको
निम्ति बिन्ती गरेको भए पनि हामीलाई
तिनीहरूको हातदेखि बचाउन सक्नेथिएनौ
३ औ जब मैले यो देखें कि हामीले
तिमीहरूबाट केही सहायता नपाउने रहेछौं
तब आफ्नो प्राण जोखिममा हालेर
अम्मोनीहरूको विरुद्धमा हिंड़े, औ परमप्रभुले
तिनीहरूलाई मेरो हातमा सुम्पिदिनुभयो।
तब किन तिमीहरू आज मलाई आक्रमण
गर्दैछौ ?" ४ तब यिप्तहले गिलादका सबै
मानिसहरूलाई भेला गरेर एप्रैमसँग लड़ाइँ
गरे। औ गिलादीहरूले तिनीहरूलाई जिते।
५ गिलादीहरूले यर्दनका घाटहरू लिए, र
एप्रैमीहरूलाई जान नदिने गरी रोकिराखे।
औ जब भागेको कुनै एप्रैमीले पारि जान-
लाई बिन्ती गर्थ्यो तब गिलादका मानिसहरूले
त्यसलाई सोध्दथिए, "के तँ एप्रैमी होस् ?"
औ त्यसले "होइन" भन्यो भनेदेखि
६ तिनीहरूले भन्थे, "शिब्बोलेत" भन्।
त्यसले "सिब्बोलेत" भन्थ्यो। किनभने त्यसले
त्यो शब्द ठीकसित उच्चारण गर्नसक्तैन थियो।
औ तिनीहरूले त्यसलाई यर्दनको घाटमा पक्रेर
मार्दथिए। त्यस बेला ब्यालीस हजार एप्रैमका
मानिसहरू मारिए।
७ यिप्तह छ वर्षसम्म इस्राएलका न्यायकर्त्ता
भए। जब तिनी मरे तब तिनी गिलादको
आफ्नो शहरमा गाड़िए।

इब्सान, एलोन र अब्दोन

८ यिप्तहपछि बेतलेहेमका इब्सान
इस्राएलका न्यायकर्त्ता भए। तिनका तीस
जना छोरा र तीस छोरी थिए। ९ तिनले
ती तीस छोरीहरूलाई अरू कुलसित विवाह
गरिदिए, र तीस जना बुहारीहरू आफ्ना
छोराहरूका निम्ति ल्याए। तिनी सात
वर्षसम्म इस्राएलका न्यायकर्त्ता भए, १० औ
जब तिनी मरे तब बेतलेहेममा गाड़िए।
११ तिनीपछि जबूलूनी एलोन दश वर्षसम्म
इस्राएलका न्यायकर्त्ता भए। १२ जब तिनी
मरे तब जबूलून देशको अय्यालोनमा गाड़िए।
१३ त्यसपछि पिरातोनी शिल्लेलको छोरो
अब्दोन इस्राएलको न्यायकर्त्ता भए।
१४ तिनका चालीस छोरा र तीस नाति
थिए। औ हरेक आफ्नो आफ्नो गधामा
सवारी हुन्थ्यो। तिनी आठ वर्षसम्म इस्राएलका
न्यायकर्त्ता भए। १५ औ जब तिनी मरे तब
एप्रैमको देशको अमालेकीहरूको पिरातोनको
डाँड़ामा गाड़िए।

शिमशोनको जन्म

१३ फेरि इस्राएलीहरूले परमप्रभुको दृष्टिमा
जे कुरो खराब थियो त्यही गरे, र
उहाँले तिनीहरूलाई चालीस वर्षसम्म
पलिश्तीहरूका हातमा सुम्पिदिनुभयो।
२ दानको कुलको सोरामा बस्ने एक
जना मानिस थिए जसको नाउँ मानोह थियो,
औ जसकी स्वास्नी बाँझी थिइन्, र कोही
छोरा-छोरी थिएन। ३ परमप्रभुका दूत ती
स्त्रीकहाँ देखा परेर तिनलाई भने, "तिमी
बाँझी छौ र तिम्रो कोही छोरा-छोरी छैन,
तर तिमी गर्भवती हुनेछौ र एउटा छोरा
जन्माउनेछौ। ४ अब मैले भनेझैं तिमीले
गर्नू, "होशियार होऊ, दाखमद्य र कड़ा
मद्य नपिउनू, औ कुनै मनाई गरेको
भोजन नखानू। ५ तिमी गर्भवती हुनेछौ
र एउटा छोरो जन्माउनेछौ, औ त्यसको
कपालमा छुरा नलागोस् किनभने त्यो बालक
जन्मेको दिनदेखिनै परमेश्वरको निम्ति अलग

गरिएको एक नाजिरी हुनेछ। त्यसैलेनै
इस्राएललाई पलिश्तीहरूको हातबाट छुटाउन
शुरू गर्नेछ।" ६ ती स्त्री गएर आफ्ना
लोग्नेलाई बताइदिइन्। तिनले भनिन्,
"परमेश्वरका एक जना मानिस मकहाँ आए।
तिनको मोहोड़ा परमेश्वरका दूतको झैँ
हेर्नमा अति भययोग्य थियो। तिनी
कहाँबाट आएका हुन् भनी मैंले तिनलाई
सोधिनँ, औ तिनले पनि मलाई आफ्नो नाउँ
बताएनन्। ७ तिनले मलाई भने, "तिमी
गर्भवती हुनेछौ र एउटा छोरो जन्माउनेछौ।
आजदेखि उसो तिमीले दाखमद्य कड़ा मद्य
नपिउनू र मनाई गरेको भोजन नखानू।
किनभने त्यो केटो जन्मेको दिनदेखि
मर्ने दिनसम्मैं परमेश्वरको निम्ति अलग
गरिएको नाजिरी हुनेछ।" ८ तब मानोहले
परमप्रभुलाई यसो भनेर प्रार्थना गरे, "हे
परमप्रभु, बिन्ती छ, तपाईंले पठाउनुभएका
परमेश्वरका ती मानिस फेरि एकपल्ट आऊन् र
त्यो जन्मने बालकको निम्ति हामीले के गर्नुपर्छ
त्यो हामीलाई बताइदेऊन्।" ९ परमेश्वरले
मानोहको प्रार्थना सुन्नुभयो, र परमेश्वरका
दूत खेतमा बसिरहेकी त्यस स्त्रीकहाँ फेरि
आए। तिनका लोग्ने तिनीसँग थिएनन्।
१० स्त्री झट्टै दगुरेर गई मानोहलाई
भनिन्, "त्यस दिन आएका ती मानिस
फेरि मकहाँ आएका छन्।" ११ मानोह
झट्टै तिनीसँग गए र त्यस व्यक्तिलाई भेटेर
भने, "के मेरी स्वास्नीसँग बात गर्ने तपाइंने
हुनुहुन्छ?" तिनले भने, "हो, मनै हुँ।"
१२ मानोहले भने, "जब तपाइंको बचन
पूरा हुनेछ तब त्यो केटो कस्तो किसिमको
हुनेछ, र त्यसले के गर्नेछ?" १३ परम-
प्रभुका दूतले जवाफ दिएर भने, "मैंले जे
भनेको छु सो कुरो तिम्री स्वास्नीले होशियार
सँग पालन गर्नुपर्छ। १४ दाखको बोटबाट
निस्केको केही पनि तिनले चाख्नुहुँदैन।
तिनले दाखमद्य वा कड़ा मद्य पिउनुहुँदैन।
मनाई गरेका कुनै पनि खानेकुरो तिनले
खानुहुँदैन। मैंले जे भनेको छु त्यो
तिनले गर्नुपर्छ।" १५ मानोहले परमप्रभुका
दूतलाई भने, "कृपागरी पर्खनुहोस्, र हामी
तपाइंको निम्ति एउटा पाठो तयार गर्नेछौं।"
१६ परमप्रभुका दूतले जवाफ दिए, "तिमी-
हरूले मलाई पर्खनलाई बिन्ती गर्‍यौ भने
पनि म तिमीहरूले चढ़ाएको भोजन खान्नँ।
तर तिमीहरूको इच्छा छ भने होमबलि
तयार गर र त्यो परमप्रभुमा चढ़ाऊ।"
मानोहले तिनलाई परमप्रभुका दूत हुन् भनी
चिनेनन्, १७ औ तिनले उनलाई भने,
"तपाइंको नाउँ के हो? किनकि तपाइंको
बचन पूरा भएपछि हामी तपाइंको आदर
गर्नचाहन्छौं।" १८ परमप्रभुका दूतले
तिनलाई भने, "तिमी किन मेरो नाउँ सोध्ने
आँट गर्छौ? यो नाउँ आश्चर्यपूर्ण छ।"
१९ तब मानोहले पाठो र उचित अन्नबलि
लिएर चटानमाथि उनैं परमप्रभुकहाँ चढ़ाए,
जसका कार्यहरू आश्चर्यपूर्ण छन्। २० औ
जब मानोह र तिनकी स्वास्नीले हेरिरहेका
थिए तब त्यस वेदीबाट स्वर्गतिर एउटा ज्वाला
उठ्यो र ज्वालासँगै परमप्रभुका दूत माथितिर
गए। यो देखेर मानोह र तिनकी स्वास्नी
घोप्टो परे। २१ त्यसपछि परमप्रभुका
ती दूत मानोह र तिनकी स्वास्नीकहाँ फेरि
देखा परेनन्। २२ तिनले आफ्नी स्वास्नीलाई
भने, "हामी ता निश्चय मर्नेछौं, किनभने
हामीले परमेश्वरलाई देख्यौं। २३ तर तिनले
जवाफ दिइन्, "परमप्रभुले हामीलाई मार्नेने
इच्छा गर्नुभएको भए उहाँले हाम्रा हातका
होमबलि र अन्नबलि ग्रहण गर्नुहुने थिएन।"
२४-२५ ती स्त्रीले एउटा छोरो जन्माइन्
र तिनको नाउँ शिमशोन राखिन्। सोरा र
एश्ताओल्को बीच महनेह-दानमा त्यो बालक
बढ़नलाग्यो, औ परमप्रभुले त्यसलाई आशिष्
दिनुभयो, र परमप्रभुका आत्माले त्यसलाई
प्रेरणा दिनलाग्नुभयो।

शिमशोन र तिम्नाकी स्त्री

१४ शिमशोन तिम्नामा झरे, र त्यहाँ
तिनले एउटी पलिश्ती स्त्रीलाई देखे।
२ जब तिनी फर्केर आए तब तिनले
आफ्ना बा' र आमालाई भने, "मैले तिम्नामा
एउटी पलिश्ती स्त्री देखेको छु, र मलाई
त्यससँग विवाह गरिदिनुहोस्।" ३ तिनका
आमा-बाबुले तिनलाई भने, "के हाम्रो
आफ्नै कुटुम्बहरूमा अथवा हाम्रै आफ्ना
जातिमा कोही स्त्री छैन र खतना नभएका
पलिश्तीहरूका स्त्रीलाई तैंले विवाह गर्नुपर्छ?"
तर शिमशोनले आफ्ना बाबुलाई भने, "त्यो
स्त्रीनै मेरो निम्ति ल्याइदिनुहोस् किनभने
मलाई ता त्यही मनपर्छ।" ४ पलिश्तीहरू जो
त्यस बेला इस्राएलका शासक थिए तिनीहरूका
विरुद्धमा परमप्रभुले मौका हेर्दैहुनुहुन्छ र
यसमा परमप्रभुको हात छ भनी तिनका
आमा-बाबुलाई थाह थिएन।
५ शिमशोन आफ्ना आमा-बाबुसँग
तिम्नामा झरे, औ जब तिनी त्यहाँ दाख-
बारीमा पुगे तब एउटा जवान सिंहले गर्जंदै
तिनलाई झम्ट्यो। ६ तब परमप्रभुका
आत्मा झट्टै शिमशोनमा आउनुभयो, र
तिनको हातमा केही हतियार नभए तापनि
तिनले त्यस सिंहलाई एउटा पाठालाईझैं
च्यातचुत पारिदिए। आफूले गरेको कुरो
तिनले आफ्ना आमा-बाबुलाई भनेनन्।
७ त्यसपछि तिनी तल झरेर त्यस स्त्रीसँग
बातचीत गरे, र त्यस स्त्रीले तिनलाई
रिझाई। ८ केही समयपछि त्यसलाई विवाह
गर्नलाई तिनी फेरि तल झरे। औ त्यस
सिंहको सिनु हेर्नलाई तिनी त्यतातिर लागे,
औ त्यसमा मौरीसमेतको चाका देखे।
९ तिनले मह काढ़ेर हात चाट्दै गए। जब
तिनी आफ्ना आमा-बाबुकहाँ आइपुगे तब
उनीहरूलाई पनि केही मह दिए, र उनीहरूले
पनि खाए। तर आफूले त्यो मह सिंहको
सिनुबाट काढ़ेको कुरो उनीहरूलाई बताएनन्।
१० तिनका बाबु त्यो स्त्री हेर्नलाई गए,
औ त्यहाँका जवान मानिसहरूको दस्तुर-
अनुसार शिमशोनले त्यहाँ एउटा भोज दिए।
११ जब त्यहाँका मानिसहरूले तिनलाई
देखे तब तिनीहरूले तीस जना मानिसहरूलाई
तिनका साथ जानलाई ल्याए। १२ शिमशोनले
तिनीहरूलाई भने, "म तिमीहरूलाई एउटा
अड्को थाप्छु। यी सात दिनको भोजको
समयमा तिमीहरूले त्यो अड्को फुकाउन
सक्यौ भने म तिमीहरूलाई तीस थान
कपड़ा र तीस जोर लाउने लुगा दिनेछु।
१३ तर तिमीहरूले त्यो अड्को फुकाउन
सकेनौ भने तिमीहरूले मलाई तीस थान
कपड़ा र तीस जोर लाउने लुगा दिनुपर्छ।"
तिनीहरूले भने, "अड्को हामी सुनौं त?"
१४ तब तिनले तिनीहरूलाई भने,
'खानेबाट खानेकुरो निस्क्यो,
बलियोबाट गुलियो कुरो निस्क्यो।'
१५ तीन दिनको अन्तरमा पनि तिनीहरू
त्यो अड्को फुकाउन सफल भएनन्। चौथो
दिन तिनीहरूले शिमशोनकी स्वास्नीलाई
भने, "तिम्रा लोग्नेलाई फकाऊ र तिनले
तिमीलाई त्यो अड्को फुकाइदिऊन्, नत्रता
हामी तिमीलाई र तिम्रा बा'को घरलाई
आगो लगाइदिनेछौं। के तिमीले हामीलाई
कङ्गालि तुल्याउनलाई निम्तो दिएका हौ?"
१६ यसैले शिमशोनकी स्वास्नीले तिनको
सामने रोई रोईकन भनी, "तपाईंले मेरा
भाइ-बन्धुहरूलाई एउटा अड्को थाप्नुभएको
छ, तर त्यो मलाई बताउनुभएको छैन।"
तिनले उसलाई भने, "मैले ता त्यो मेरा
माता-पितालाई पनि भनेको छैनँ, औ के
त्यो तिमीलाई भन्नु?" १७ तर भोजको
सात दिन समाप्त नहोउञ्जेल त्यो तिनको
सामने रोई बसी, औ सातौं दिनमा त्यसले
साह्रै जिद्दी गरेकी हुनाले तिनले त्यसलाई
बताइदिए, र त्यसले त्यो अड्को आफ्ना
भाइ-बन्धुहरूलाई बताइदिई। १८ त्यसै दिन
दुलहीको कोठामा पस्नअघि शहरका

मानिसहरूले शिमशोनलाई भने,
"मह‌भन्दा गुलियो के हुन्छ र ?
सिंहभन्दा बलियो के हुन्छ र ?"
औ तिनले भने, "मेरो कोरलीलाई नजोतेका
भए तिमीहरूले यो अड्‌कोे फुकाउनसक्ने
थिएनौ।" १९ तब परमप्रभुका आत्मा झट्टै
शिमशोनमा आउनुभयो। तिनी तल
अश्कलोनमा गए, औ त्यहाँ तिनले तीस
जना मान्छे मारे, र तिनीहरूका पटुका
फुकालेर तिनीहरूका लुगाहरू ती अड्‌कोे फुकाउने
मानिसहरूलाई दिए। तर तिनलाई साह्रै
रीस उठ्यो, र तिनी आफ्ना बाबुको घरमा
गइहाले। २० शिमशोनकी स्वास्नीको विवाह
लोकन्ता हुने मानिससँग भयो।

शिमशोनले पलिश्तीहरूलाई मारेका

१५ केही समयपछि गहुँको फसलको
समयमा एउटा पाठो लिएर
शिमशोन आफ्नी स्वास्नीलाई भेट्न गए।
तिनले भने, "म दुलहीको कोठामा मेरी
स्वास्नीकहाँ जान चाहन्छु।" तर तिनको
बाबुले तिनलाई जानदिएनन्। २ तिनले
भने, "तिमीले त्यसलाई घृणा गर्‍यौ भन्ने
कुरा मलाई निश्चय भएको हुनाले मैले ता
त्यसलाई तिम्रो लोकन्तासँग विवाह गरिदिएँ-
त्यसकी बहिनी त्योभन्दा राम्री छे— अब
त्यसलाईनै लैजाऊ।" ३ तर शिमशोनले
भने, "यसपल्ट म पलिश्तीहरूसित साटो
लिनेछु। म साँच्चिनै तिनीहरूको केही
नोक्सानी गर्नेछु।" ४ तब तिनले गएर
तीन सय स्यालहरू पक्रे, र केही राँको ल्याए।
तिनले दुइ दुइवटा स्यालका पुच्छर पुच्छर
बाँधे र हरेक जोडीको बीचमा एउटा एउटा
राँको बाँधिदिए। ५ त्यसपछि तिनले ती
राँकाहरू जलाए र ती स्यालहरूलाई पलिश्ती-
हरूका पाकिरहेको खेतमा छोडिदिए। तिनले
पाकिरहेका अन्न र बिटासमेत, दाखबारी र
भद्राक्षका बगैंचाहरू डढाइदिए। ६ तब
पलिश्तीहरूले सोधे, "यो कसले गरेको हो ?"
तिनका ससूरा तिम्नीले शिमशोनकी स्वास्नी
तिनको लोकन्तालाई दिएकोले शिमशोनले
यो सब गरेको हो भनी तिनीहरूले सुने,
तब पलिश्तीहरू आएर त्यसलाई र त्यसका
बाबुलाई जलाइदिए। ७ शिमशोनले तिनी-
हरूलाई भने, "तिमीहरूले यसो गर्छौ भने
म यो शपथ खाएर भन्दछु कि म
तिमीहरूलाई यसको बदला लिएर मात्रै
थामिनेछु।" ८ तब तिनले तिनीहरूलाई
हिर्काउनसम्म हिर्काएर मारे। त्यसपछि तिनी
एतामको पहराको ओढारमा गएर बस्नलागे।

शिमशोनले पलिश्तीहरूलाई लहीमा परास्त गरेका

९ पलिश्तीहरू उक्लेर आए, र यहूदामा
छाउनी हाले, र लही जितेर लगे।
१० तब यहूदाका मानिसहरूले भने,
"तिमीहरूले किन हामीमाथि चढाइ गर्‍यौ ?"
तिनीहरूले जवाफ दिए, "हामी शिमशोन-
लाई पक्रनेछौं। त्यसले हामीलाई गरेझैं
हामी त्यससँग गर्नेछौं।" ११ यसैले यहूदा-
बाट तीन हजार मानिसहरू एतामको पहराको
ओढारमा झरे। तिनीहरूले शिमशोनलाई
भने, "पलिश्तीहरू ता हाम्रा शासक हुन
भन्ने कुरो तपाइंलाई थाहै छ। अब हेर्नुहोस्
तपाइंले हामीमाथि के गर्नुभएको छ ?"
तिनले भने, "मैले ता तिनीहरूले जस्तो
मसँग गरे त्यस्तै मात्र गरेको छु।"
१२ तिनीहरूले तिनलाई भने, "हामी ता
तपाइंलाई बाँधेर पलिश्तीहरूको हातमा दिन
आएका छौं।" तिनले भने, "त्यसो भए
तिमीहरू आफै चाहिं ममाथि आइलाग्नेछैनौ
भनी मसँग शपथ खाऊ।" १३ तिनीहरूले
जवाफ दिए, "होइन, हामी ता तपाइंलाई
बाँधेर पलिश्तीहरूको हातमा मात्र दिनेछौं।
हामी तपाइंलाई मार्नेछैनौं।" तिनीहरूले
तिनलाई दुइवटा नयाँ डोरीले बाँधे, र

पहराको ओढारबाट माथि ल्याए। १४ तिनी
लहीमा आए, र जब पलिस्तीहरूले तिनलाई
भेटे तब तिनीहरू खुशीले चिच्याए। तर
परमप्रभुका आत्मा झट्टै तिनीमा आउनुभयो,
र तिनका पाखुरामा भएका डोरीहरू डढ़ेका
सनपाटझैं भइहाले, र तिनका बन्धनहरू
चुँड़िहाले। १५ तिनले गधाको एउटा
आलो बङ्गरा भेट्टाएर उठाए, औ एक हजार
मान्छे मारे। १६ तिनले भने,

गधाको बङ्गाराले मैंले तिनीहरूलाई नाश
गरे, रास लगाएँ,
गधाको बङ्गाराले मैंले एक हजार
मान्छे मारें।

१७ यति भनिसकेर तिनले त्यो बङ्गरा
फ्याँकिदिए, र त्यस ठाउँको नाउँ रामतलही
राखे। १८ त्यसपछि तिनलाई साह्रो तिर्खा
लाग्यो र कराएर परमप्रभुको पुकारा गरेर
यसो भने, "तपाइंले आफ्नो दासलाई यो
ठूलो विजय दिनुभयो, औ अब के म
तिर्खाले मर्नु ? यी बिखतनेका हातमा पर्नु ?"
१९ तब परमप्रभुले लहीमा भएको खाल्डालाई
चिरेर फुटाइदिनुभयो, त्यहाँबाट पानी फुटेर
निस्क्यो। शिमशोनले त्यो पानी पिए, र
तिनको त्राण आयो र तिनी फेरि ताजा भए।
यसैकारण लहीको मूल फुटेको पानीलाई
आजको दिनसम्म पनि एकहक्कोरे भन्दछन्।
२० पलिस्तीहरूका समयमा शिमशोन
बीस बर्षसम्म इस्राएलका न्यायकर्त्ता भए।

शिमशोनले गाजाको मूल-ढोका बोकेर लगेका

१६ शिमशोन गाजामा गए, औ त्यहाँ
तिनले एउटी वेश्यालाई देखे, र
रात बिताउनलाई त्यसकहाँ गए।
२ शिमशोन आएको खबर गाजाका मानिस-
हरूले पाए; र तिनीहरूले तिनलाई घेरे, औ
त्यस रातभरि शहरको मूल्-ढोकामा तिनलाई
ढुकिबसे। तापनि राती तिनीहरूले केही
गरेनन्, किनभने तिनीहरूले आपसमा भने,
"बिहान उज्यालो हुँदा हामी तिनलाई
मारौं।" ३ शिमशोन आधीरातसम्म
ओछयानमानै पल्टिरहे। अनि आधीरातमा
उठेर शहरको मूल-ढोकाका दैला र दुवै
चौखट, बार र सबै थोक तिनले उखेले,
र ती आफ्नो काँधमा हालेर हेब्रोनको
पूर्वको डाँड़ाको टाकुरामा बोकेर लगे।

दलीलाको विश्वासघात

४ त्यसपछि शिमशोन सोरेकको बँसीमा
बस्ने दलीला नाउँ भएकी एउटी स्त्रीसँग
प्रेममा फंसे। ५ पलिस्तीहरूका मुखियाहरू
त्यस स्त्रीलाई भेट गर्नलाई गए र त्यसलाई
भने, "तिनलाई फकाएर सोध कि केले
तिनलाई त्यो ठूलो बल दिन्छ, र कसरी
हामी तिनलाई काबुमा पारेर बाँधी तिनलाई
कैद गर्नसक्छौं। हामी हरेकबाट तिमीले
एघार एघार टुक्रा चाँदी पाउनेछौ।"
६ यसैले दलीलाले शिमशोनलाई भनी,
"मलाई भन्नुहोस्, तपाइंको महा बल केमा
छ, तपाइंलाई कसरी बाँधेर कैद
गर्नसकिन्छ ?" ७ शिमशोनले जवाफ दिए,
"यदि मानिसहरूले मलाई सातवटा धनुको
नसुकेका ताजा ताँदोले बाँधे भने म अरू
मानिसजस्तै निर्बल भइहाल्नेछु।" ८ तब
पलिस्तीहरूका मुखियाहरूले सातवटा नसुकेका
ताजा धनुका ताँदो त्यसलाई ल्याइदिए, र
दलीलाले तिनलाई बाँधी। ९ त्यसले आफ्नो
भित्र कोठामा मानिसहरू लुकाइराखेकी
थिई, र त्यसले कराएर तिनलाई भनी,
"शिमशोन, पलिस्तीहरू तपाइंमाथि आइलागे
है।" तर तिनले ताँदोहरू आगोमा परेका
सनपाटका धागाहरूजस्तै छिनाइदिए, औ
तिनको बलको भेद जानिएन। १० फेरि
दलीलाले शिमशोनलाई भनी, "तपाइंले ता
मलाई बेवकूफ तुल्याउनुभयो र मलाई झूट
बोल्नुभयो। यसपल्ट भन्नुहोस, तपाइंलाई

कसरी बाँध्नसकिन्छ ?'' ११ तिनले त्यसलाई
भने, "यदि तिमीले मलाई कहिल्यै नचलाएका
नयाँ डोरीहरूले कस्सेर बाँध्यौ भने म अरू
मानिसजस्तै निर्बल भइहाल्नेछु।'' १२ यसैले
दलीलाले नयाँ डोरीहरू ल्याएर तिनलाई
बाँधी। तब त्यसले कराएर भनी, "शिमशोन,
पलिश्तीहरू तपाईंमाथि आइलागे है।'' त्यस
बेला मानिसहरू भित्री कोठामा लुकिबसेका
थिए। तिनले आफ्ना पाखुराका डोरीहरू
धागोजस्तै चुँडाइदिए। १३ दलीलाले
तिनलाई भनी, "तपाईंले ता अझै पनि मलाई
बेवकूफ तुल्याइराख्नुभएको छ र मलाई झूट
बोल्दैहुनुहुन्छ। भन्नुहोस् तपाईंलाई कसरी
बाँध्नसकिन्छ ?'' तिनले भने, "मेरा कपालका
सातवटा लट्टालाई तानमा बुनेर कीलाले
कस्सेर राख्यौ भने म अरू मानिसजस्तै
निर्बल भइहाल्नेछु।'' १४ तब त्यसले
तिनलाई सुताई र तिनको कपालका ती
सातवटा लट्टालाई तानमा बुनेर कीलाले
कस्सेर राखी, औ त्यसले कराएर भनी,
"शिमशोन, पलिश्तीहरू तपाईंमाथि आइलागे
है।'' तिनी निद्राबाट जागे, र तानसमेत
कीला उखेलिदिए। १५ त्यसले तिनलाई भनी,
तपाईं मलाई प्रेम गर्नुहुन्छ भनी कसरी
भन्नुहुन्छ, जब कि तपाईं मलाई आफ्नो
कुरा बताउनुहुन्न ? "यो तेस्रोपल्ट पनि तपाईंले
मलाई बेवकूफ तुल्याउनुभयो र तपाईंको
महा-बल केले दिन्छ भनी अझ बताउनुभएको
छैन।'' १६ यसरी त्यसले तिनलाई यी कुराले
विरक्त गरी ज्यानै खानलाग्दा। १७ आफ्नो
गुप्त कुरा तिनले त्यसलाई भनिदिए। तिनले
भने, "मेरो कपालमा कहिल्यै छुरा लागेको
छैन, किनभने जन्मैदेखि परमेश्वरको निम्ति
अलग गरिएको म एक नाजिरी हुँ। यदि
मेरो कपाल खौरियो भने मेरो बल मबाट
गइहाल्नेछ, र म अरू मानिसजस्तै निर्बल
हुनेछु।'' १८ जब तिनको गुप्त बात
दलीलाले थाह पाई तब त्यसले पलिश्तीहरूका
मुखियाहरूलाई डाकी पठाई र भनी, "झट्टै
आउनुहोस्, तिनले मलाई आफ्नो गुप्त
कुरो बताएका छन्।'' यसैले पलिश्तीहरूका
मुखियाहरू आए, र आफ्ना साथमा रूपियाँ
पनि ल्याए। १९ त्यसले शिमशोनलाई आफ्नो
काखमा सुताई र एकजना मान्छेलाई
बोलाएर सातैवटा लट्टा खौरिनलगाई। तब
दलीलाले शिमशोनलाई बन्धनमा हालिन् औ
तिनको बल गइगयो। २० तब त्यसले कराएर
भनी, "शिमशोन, पलिश्तीहरू तपाईंमाथि
आइलागे है।'' तिनी आफ्नो निद्राबाट
जागे, र भने, "म सधैँझैँ आफैलाई
मुक्त गर्नेछु।'' परमेश्वरले तिनलाई छोडिसक्नु-
भएको छ भनी तिनलाई थाह थिएन।
२१ पलिश्तीहरूले तिनलाई पक्रे, र तिनका
आँखा निकालदिए र गाजामा ल्याए। त्यहाँ
तिनीहरूले तिनलाई पीतलका साङ्लाहरूले
बाँधे, र झ्यालखानमा जाँतो पिँध्न लाए।
२२ तर तिनको कपाल खौरिएपछि फेरि
बढ्नलाग्यो।

शिमशोनको मृत्यु

२३ तब पलिश्तीहरूका मुखियाहरू आफ्नो
देवता दागोनको निम्ति एउटा ठूलो बलिदान
चढ़ाउनलाई र त्यसैको अगि खुशी मनाउन
भेला भए। तिनीहरूले भने, "हाम्रा
देवताले हाम्रो शत्रु शिमशोनलाई हाम्रा
हातमा सुम्पिदिनुभयो।'' २४ मानिसहरूले
जब शिमशोनलाई देखे तब कराउँदै आफ्नो
देवताको स्तुति यसरी गर्नलागे,

हाम्रा देवताले हाम्रो शत्रु, हाम्रो
देशको अभिशाप,
लाशले हाम्रो देश भर्नेलाई हाम्रो हातमा
सुम्पिदिएको छ।

२५ जब तिनीहरू साह्रै आनन्दित भए तब
तिनीहरूले भने, "शिमशोनलाई झिकाऊ, र
त्यसले हामीलाई तमाशा देखाओस्।'' तब
तिनीहरूले शिमशोनलाई झ्यालखानबाट
झिकाए, र तिनले सबैको सामने तमाशा

देखाए। तिनीहरूले तिनलाई मूल-खाँबाहरूका
बीचमा उभ्याए, २६ औ शिमशोनले तिनको
हात समात्ने ठिटालाई भने, "मन्दिरलाई
अड्याउने मूल-खाँबाहरू मलाई छाम्नदे, र म
त्यहाँ अडेस लाग्नेछु।" २७ मन्दिर पुरुष
र स्त्रीहरूले खचाखच थियो औ पलिश्ती-
हरूका सबै शासकहरू पनि त्यहाँ थिए,
औ तीन हजार पुरुष र स्त्रीहरू छतमा
बसेर शिमशोनको तमाशा हेरिरहेका
थिए। २८ शिमशोनले परमप्रभुको पुकारा
गरेर भने, "मलाई याद गर्नुहोस्! हे परम-
प्रभु परमेश्वर, मलाई याद गर्नुहोस्! हे
परमेश्वर, मलाई यो एकैपल्ट मात्र शक्ति
दिनुहोस्, र म मेरा दुइ आँखाको बदला
यी पलिश्तीहरूमाथि एकै पल्टमा लिनसकूँ।"
२९ तिनले आफ्ना पाखुरा मन्दिरलाई
थामेका ती दुइ बीचका मूल-खाँबामा लगाए,
दाहिने हातले एउटा र देब्रे हातले अर्कोलाई
आफ्नो पूरा बलले कस्सेर अँठ्याए, ३० र
भने, "मलाई पलिश्तीहरूसँगै मर्नदिनुहोस्।"
तब शिमशोन आफ्नो सम्पूर्ण शक्ति लगाएर
अगिल्तिर झुके, र शासकहरू र त्यसमा भएका
सबै मानिसहरूमाथि मन्दिर, ढल्यो। आफ्नो
मरणको घड़ीमा तिनले मारेका मान्छेहरू
आफ्नो जीवन कालमा मारेका मान्छेहरू-
भन्दा धेरै बेसी भए। ३१ तिनका
भाइहरू र तिनका बाबुका जहान तल आए,
र तिनलाई लगे, र तिनका बाबु मानोहको
चिहानमा सोरा र एश्ताओलको बीचमा
तिनलाई गाड़े। तिनी बीस वर्षसम्म
इस्राएलका न्यायकर्ता भए।

मीका र तिनका मूर्तिहरू

१७ एप्रैमको पहाड़ी-देशमा मीका नाउँ
भएका एक जना मानिस थिए।
२ तिनले आफ्नी आमालाई भने, "तपाईंबाट
चोरिएका ती एघार सय चाँदीका टुक्रा,
जसका विषयमा मैंले सुन्ने गरी तपाईंले ती
चोर्नेलाई सराप्नुभएको थियो, के त्यो कुरो
तपाईंलाई याद छ? ती रूपियाँ मसँग छन्।
मैंले ती लगेको थिएँ, र अब म ती
तपाईंलाई फर्काइदिँदैछु।" तिनको आमाले
भनिन्, "हे मेरो छोरो, परमप्रभुले तँलाई
आशिष देऊन्।" ३ यसरी तिनले ती
एघार सय चाँदीका टुक्रा आफ्नी आमालाई
फर्काइदिए। तिनले भनिन्, "अब म यो मेरो
रूपियाँ मेरो छोराको भलाइको निम्ति एउटा
खोपेको मूर्ति र एउटा ढलौटे प्रतिमा
बनाउनलाई परमप्रभुमा समर्पण गर्छु।"
४ तिनले ती रूपियाँ आफ्नी आमालाई
फर्काइदिए। औ आमा चाहिंले दुइ सय
चाँदीका टुक्रा लिइन्, र एउटा सुनारलाई
दिइन् जसले तीबाट एउटा मूर्ति र एउटा
प्रतिमा बनायो, र ती मीकाको घरमा
राखिए।

५ यही मीका भन्ने मानिसको एउटा
देवता-थान थियो। तिनले एउटा एपोद र
घर देवताहरू बनाए, र आफ्ना छोराहरू-
मध्येको एक जनालाई आफ्ना पूरोहित
नियुक्त गरे। ६ त्यस बेला इस्राएलमा
कुनै राजा थिएनन्, औ हरेक मानिसले
आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो त्यही
गर्थ्यो। ७ अब यहूदाको बेतलेहेमबाट
आएका एउटा जवान मानिस, यहूदाको
गोत्रका बेन-गर्शोम नाउँ भएका एउटा लेवी
थिए। ८ तिनी बेतलेहेम शहर छोड़ेर अन्त
कतै बस्नलाई आएका थिए। यात्रा गर्दा
तिनी एप्रैमको पहाड़ी-देशमा मीकाको घरमा
आइपुगे। ९ मीकाले तिनलाई सोधे, "तिमी
कहाँबाट आएका हौ?" तिनले जवाफ
दिए, "म यहूदाको बेतलेहेमको एउटा लेवी
हुँ, औ म एउटा बस्ने ठाउँ खोज्दैछु।
१० मीकाले तिनलाई भने, "मसँग बस र
मेरा बाबु र पूरोहित होऊ। म तिमीलाई
वर्षैपिच्छे दश टुक्रा चाँदी दिनेछु, औ तिमी-
लाई खानु-लाउनु पनि दिनेछु।" ११ त्यो लेवी
तिनीसँग बस्न राजी भए, र मीकाले तिनलाई

आफ्ना छोराहरूमध्ये एकजना जस्तै गर्थे।
१२ मीकाले ती लेवीलाई काममा नियुक्त
गरे, र ती जवान मानिस तिनका पूरोहित
भए, र तिनको जहानजस्तै भए। १३ मीकाले
भने, "अब मलाई याद भयो कि परमप्रभुले
मेरो उन्नति गर्नुहुनेछ, किनभने एक लेवी
मेरो पूरोहित भएका छन्।"

दानवंशीहरूले अधिकार गर्ने जग्गा खोजेका

१८ त्यस बेला इस्राएलमा कुनै राजा
थिएनन्, औ दानवंशीहरूले कुनै
इलाका अधिकार गर्ने मौका हेर्दै थिए,
किनभने इस्राएलका कुलहरूलाई दिइएको इलाका
तिनीहरूले अधिकार गर्न पाएका थिएनन्।
२ यसकारण दानवंशीहरूले आफ्ना कुलका
सबै समुहबाट पाँच जना लड़ाका मानिस-
हरूलाई सोरा र एश्ताओलबाट गएर देशको
खोज गर्न र भेद लिनलाई पठाए। तिनीहरू
एप्रैमको पहाड़ी-देशमा मीकाको घरमा आइपुगे,
र त्यो रात त्यहीं बिताए। ३ जब तिनीहरू
त्यहाँ थिए तब तिनीहरूले ती जवान
लेवीको बोली चिने। तिनीहरूले तिनीतिर
फर्केर भने, "तिमीलाई कसले यहाँ
ल्यायो? तिमी यहाँ के गरिरहेछौ? यहाँ
तिम्रो के काम छ?" ४ तिनले भने,
"यो ता सबै मीकाको काम हो। तिनले
मलाई ज्यालामा राखेका छन्, र म तिनका
पूरोहित भएको छु।" ५ उनीहरूले तिनलाई
भने, "त्यसो भए हाम्रो निम्ति परमेश्वरसँग
सोधपूछ गर कि हाम्रो कार्य सफल हुन्छ
कि हुन्न।" ६ पूरोहितले जवाफ दिए,
"कुशलसित जाऊ। तिमीहरूको काम
परमप्रभुको हातमा छ।" ७ ती पाँचै जना
आफ्नो बाटो लागे, र लेशमा आइपुगे।
तिनीहरूले त्यहाँका बासिन्दाहरूलाई सीदोनी-
हरूझैं, शान्त निष्फिक्री पाए। तिनीहरूको
देशलाई अधिकारमा राख्ने कुनै वंशावली राजा
बिना निष्फिक्रीसित आफ्ना जीवन बिताइरहेका
देखे। तिनीहरू सीदोनीहरूदेखि धेरै टाढ़ा
थिए, र अरामीहरूसित तिनीहरूको सम्पर्क
थिएन। ८ यसैले ती पाँच जना मनिसहरू
सोरा र एश्ताओलमा फर्केर आए, र
जब तिनीहरूका भाइ-बन्धुहरूले तिनीहरूलाई
खबर सोधे, ९ तब तिनीहरूले भने,
जानुहोस्, "तिनीहरूमाथि चढ़ाइ गर्नुहोस्।
हामीले देखेको त्यो देश खूबै सुन्दर छ।
के तपाइंहरू यस विषयमा केही नगरी
बियाँलो गरिरहनुहुन्छ? अहिलेनै हिंड्नुहोस्
र त्यस देशलाई अधिकार गर्नुहोस्। १० जब
तपाइंहरू त्यहाँ पुग्नुहुनेछ तब तपाइंहरूले
एउटा विस्तृत र खुला देशमा निष्फिक्रीसित
जीवन बिताइरहेको एउटा जातिलाई देख्नु-
हुनेछ। परमेश्वरले त्यो जग्गा तपाइंहरूको
हातमा सुम्पिदिनुभएको छ— त्यो जग्गा
जहाँ पृथ्वीमा पाइने कुनै पनि थोकको अभाव
छैन।"

तिनीहरूले मीकाका मूर्तिहरू लूटेका र मूर्त्ति-पूजा शुरू गरेका

११ यसकारण सोरा र एश्ताओलबाट
दानका कुलका हतियार भिरेका छ सय
मानिसहरू निस्के। १२ तिनीहरू उक्ले
यहूदाको किर्यात्यारीममा छाउनी हाले।
यसैकारण त्यस ठाउँको नाउँ आजसम्म
महनेदान भनिन्छ। त्यो किर्यात्यारीमको
पश्चिमतिर अवस्थित छ। १३ त्यहाँबाट
तिनीहरू एप्रैमको पहाड़ी-देशतिर लागेर
मीकाको घरमा आए। १४ ती पाँच जना
मानिसहरू, जो लेशको वरिपरिको देशको भेद
लिन गएका थिए, तिनीहरूले आफ्ना
भाइ-बन्धुसँग यसो भनेर कुरा गरे, "के यी
घरहरूमध्ये एउटामा एपोद र घर-देवताहरू,
एउटा मूर्ति र एउटा प्रतिमा छन् भनी
तिमीहरूलाई थाह छ? अब कसो गर्नु
सबैभन्दा असल छ सोच।" १५ यसैले

तिनीहरू मीकाको घरतिर लागे, र तिनलाई
अभिवादन गरे। १६ हतियार भिरेका ती
छ सय दानवंशीहरू मूल-ढोकाको मुखैमा
खड़ा भए। १७ देशको भेद लिनगएका
ती पाँच जना मानिस मूर्ति र प्रतिमा,
एपोद र घर देवताहरू लिनलाई घरभित्र
पसे। ती पूरोहित चाहिं ती छ सय
मानिसहरूसँग मूलढोकाको मूखैमा खड़ा
थिए। १८ ती पाँच जना मानिसहरू
मीकाको घरमा पसे, र मूर्ति र प्रतिमा,
एपोद घर-देवताहरूलाई लगे। ती पूरोहितले
'के गर्दैछौ?' भनी तिनीहरूलाई सोधे, १९ तर
तिनीहरूले तिनलाई भने, "चूप लाग,
एक शब्द पनि नबोल। आएर हाम्रा
पूरोहित र बाबु होऊ। एउटा मानिसको
घरमा पूरोहित हुनु कि इस्राएलका सबै कुल
र जातिका पूरोहित हुनु असल हो?"
२० यस कुराले ती पूरोहित खुशी भए।
तिनले ती मूर्ति र प्रतिमा, एपोद र घर-
देवताहरू लगे, र त्यस दलमा सामेल भए।
२१ तिनीहरू फर्केर गइहाले औ बाल-बच्चा,
गाई-वस्तुहरू र दामी दामी सामानहरू अगि
लगाएर हिंड़े। २२ ती दानवंशीहरू
मीकाको घरबाट केही टाढ़ा मात्र पुगेका
थिए कि मीकाले आफ्ना छिमेकीहरूलाई
बोलाएर तिनीहरूलाई खेदेर भेट्टाए।
२३ तिनीहरूले दानवंशीहरूलाई हपारे, औ
उनीहरूले फर्केर मीकालाई भने, "तिमीलाई
के भयो? किन हाम्रा पछि आएका?"
२४ मीकाले भने, "तिमीहरूले मैंले आफ्नो
निम्ति बनाएका मेरा देवताहरू लग्यौ।
तिमीहरूले मेरा पूरोहितलाई पनि लिएर हिंड्यौ,
मेरो निम्ति केही छोड़ेनौ, औ 'तिमीलाई के
भयो?' भनी सोध्छौ?" २५ दानवंशीहरूले
तिनलाई भने, "तिम्रो सोर हामीलाई
नसुनाऊ। हामी झोंकी मानिस हौं। औ
यदि हामी तिमीमाथि आइलाग्यौं भने तिमी
र तिम्रा परिवार खतम हुनेछौ।" २६ यति
भनेर दानवंशीहरू आफ्नो बाटो लागे, औ
तिनीहरू आफूभन्दा ज्यादै बलिया देखेर मीका
फर्केर आफ्नो घरतिर लागे।
२७ यसरी ती पूरोहित र मीकाले आफ्नो
निम्ति बनाएका थोकहरू लिएर तिनीहरू गए,
र लेशमाथि चढ़ाइ गरे, जहाँका मानिसहरू
शान्त थिए, र निष्फिक्रीसित बस्थे। तिनीहरूले
उनीहरूलाई तरवारले मारे र उनीहरूको
शहरमा आगो लगाइदिए। २८ उनीहरूलाई
बचाउने कोही थिएन, त्यो शहर सीदोन
देखि टाढ़ामा थियो। औ यद्यपि त्यो शहर
बेत्रहोबको नजीकैको बेंसीमा थियो तापनि
अरामीहरूसित तिनीहरूको केही सम्पर्क
थिएन। तिनीहरूले त्यस शहरलाई फेरि
बनाए, २९ र त्यसलाई इस्राएलका छोरा
तिनीहरूका पुर्खाको नाउँमा दान राखे,
र त्यसमा बसोबासो गर्नलागे। तर त्यसको
नाउँ पहिले त लेश थियो। ३० दानवंशी-
हरूले त्यस मूर्तिलाई स्थापन गरे, र इस्राएल
जाति कैदमा नलगिएसम्म मोशाको छोरो
गेर्शोमको छोरो, जोनाथन र तिनका छोराहरू,
दानका कुलका पूजाहारी भए। ३१ तिनीहरूले
मीकाले बनाएको मूर्ति आफ्ना निम्ति स्थापन
गरे र शीलोमा परमेश्वरको भवन रहुन्जेल
त्यो त्यहीं बस्यो।

गिबामा भएको अत्याचार

१९ ती दिनमा जब इस्राएलमा कुनै राजाले
शासन गरेका थिएनन् तब एफ्रैमको
पहाड़ी-देशको भित्री भागमा एउटा लेवी बस्थे।
तिनले यहूदाको बेतलेहेमबाट एउटी उप-पत्नी
आफ्नो निम्ति ल्याएका थिए। २ रीसको
झोंकमा त्यसले तिनलाई छोड़ेर आफ्ना बाबुको
घर यहूदाको बेतलेहेममा गएकी थिई।
जब त्यो त्यहाँ बसेकी चार महीना भइसकेको
थियो, ३ तब त्यसका लोग्ने आफ्ना नोकर
र दुइवटा गधा लिएर त्यसलाई मनाएर
फर्काइल्याउन हिंड़े। त्यस स्त्रीले तिनलाई
आफ्ना बाबुको घरमा ल्याई, बाबुचाहिंले तिनलाई

देखेर स्वागत गरे। ४ त्यस केटीका बाबु,
तिनका ससुराले तिनलाई जिद्दी गर्दा तिनी
उनीसँग त्यहाँ तीन दिन बसे। औ तिनीहरू
बसेको बेलामा तिनीहरूको खूबै राम्रो सत्कार
भयो। ५ चौथो दिन तिनीहरू सखारै उठे,
र बिदा हुनलाई तयार भए, तर केटीका बाबुले
आफ्नो जुवाइँलाई भने, "जानभन्दा पहिले
केही खाऊ।" ६ यसैले तिनीहरू दुवै बसे
र एकैसाथ खान-पीन गरे। तब केटीका बाबुले
त्यस मानिसलाई भने, "एक रात अझै बसेर
दिल खुश पार, र भोलि बिहानै उठेर घरतिर
लाग।" ७ जब तिनी जानलाई उठे
तब तिनका ससुराले तिनलाई बस्ने आग्रह
गरे, र तिनी अझै एक रात बसे।
८ पाँचौं दिन तिनी बिदा हुनलाई बिहानै
उठे। तर केटीका बाबुले भने, "पहिले केही
खाऊ।" यसैले तिनीहरू दिउँसो अबेरसम्मै
एकसाथ खाँदै र पिउँदै अल्मली रहे।
९ तब त्यस मानिस आफ्नी उप-पत्नी र
नोकरसँग जानलाई उठे। तर तिनका ससुराले
भने, "हेर त, साँझ हुनै लाग्यो। आजको
रात यहीं बिताएर दिल खुश पार, र भोलि
बिहानै उठेर घरतिर लाग।" १० तर ती
मानिस त्यो रात बस्न मानेन। तिनी उठेर
हिँडी हाले। तिनी आफ्नो भारी लादेका
दुइ गधा र आफ्नी उप-पत्नीसँग यबूस, अर्थात्
यरूशलेमको सामने एउटा ठाउँमा आइपुगे,
११ औ जब तिनीहरू यबूसको नजीकै आइ-
पुगे तब दिन धेरै ढल्किसकेको थियो, र
नोकरले आफ्ना मालिकलाई भन्यो, "अब गएर
यबूसीहरूको यस शहरमा रात बिताऔं।"
१२ तर त्यसका मालिकले त्यसलाई भने,
"होइन इस्राएलीहरू नभएको यस अपरिचित
ठाउँमा नजाऔं। बरू हामी गिबामा जाऔं।
१३ आऊ, गएर अर्को ठाउँ हेरौं, र गिबा
वा रामामा रात बिताऔं।" १४ यसरी
तिनीहरू अगि बढ़े, र झमक्क रात
परिहाल्यो। त्यस बेला तिनीहरू बिन्यामीनको
गिबाको नजीकै थिए। १५ तिनीहरू त्यहीं
रात बिताउनलाई पसे, र गएर शहरको खुला
गल्लीमा बसे। तर कसैले पनि तिनलाई बास
दिनलाई आफ्नो घरमा लगेनन्।
१६ यसै बीचमा एउटा बूढ़ा मानिस
आफ्नो खेतको कामबाट बेलुकी घर फर्किरहेको
थियो। त्यो एप्रैमको पहाड़ी-देशको थियो,
तर गिबामा बस्थ्यो, जहाँका मानिसहरू
बिन्यामिनी थिए। १७ त्यसले यसो मास्तिर
हेर्‍यो, र शहरको खुला गल्लीमा ती यात्रीलाई
देख्यो, र तिनलाई कहाँबाट आएको र कहाँ
जाने हो भनी सोध्यो। १८ तिनले जवाफ
दिए, "हामी यहूदाको बेतलेहेमबाट एप्रैमको
पहाड़ी-देशको भित्री भागतिर यात्रा गरिरहेका
छौं। म त्यहींकै हुँ। म यहूदाको बेतलेहेममा
गएको थिएँ, र घर फर्किरहेछु। तर
कसैले मलाई आफ्नो घरमा बास दिएन।
१९ मसित गधाका निम्ति पराल र दाना
छन्। मेरो आफ्नो र यस केटी र यो
नोकरको निम्ति खानेकुरा र दाखमद्य छन्।
हामीलाई चाहिने कुरा हामीसितै छन्,
महाशय।" २० त्यस बूढ़ा मानिसले भन्यो,
"आउनुहोस्, तपाईंहरूलाई चाहिने सबै कुरा
म दिनेछु। तपाईंहरूले गल्लीमा रात
बिताउनुहुँदैन।" २१ यसैले तिनलाई उनले
घरभित्र लगे र गधालाई दाना-पानी दिए।
तिनीहरूले आफ्ना खुट्टा धोए र खान-पीन गरे।
२२ जब तिनीहरू यसरी खुशी मनाइरहेका थिए
तब त्यस शहरका कतिपय बदमाशहरूले त्यो
घर घेरे, र घरको ढोकामा धक्का दिँदै र त्यस
घरको धनीलाई कराउँदै यसो भने, "तेरो
घरमा पसेको त्यस मानिसलाई बाहिर निकाल्,
हामी त्यसलाई सम्भोग गर्नचाहन्छौं।"
२३ त्यस घरको धनीले बाहिर तिनीहरूकहाँ
निस्केर भन्यो, "होइन, मेरा मित्र हो, यस्तो
दुष्ट काम नगर। यी मानिस ता मेरा
अतिथि हुन्, यस्तो अत्यचार नगर।
२४ यहाँ मेरो कन्ये-छोरी छ। म त्यसलाई
तिमीहरूकहाँ ल्याउनेछु। त्यसमाथि बलात्कार
गर, र तिमीहरूलाई जे मन लाग्छ गर।

तर यी मानिसमाथि यस्तो अत्याचार
नगर।" २५ तर ती मानिसहरूले तिनको
कुरा सुन्दैसुनेनन्। यसैले ती लेवीले आफ्नी
उप-पत्नीलाई समातेर तिनीहरूकहाँ हुत्याइदिए।
तिनीहरूले त्यसलाई त्यस रातभरि बिहान
नहोउन्जेलसम्म भोग गरे, र हर रकम
गरे, औ बिहान भएपछि तिनीहरूले
त्यसलाई जानदिए। २६ त्यो केटी मिरमिरे
उज्यालोमा आई र आफ्नो स्वामी भएको
घरको ढोकामा लडी, र उज्यालो
नभएसम्म त्यहीं लडिरही। २७ त्यस स्त्रीको
लोग्ने बिहानै उठे, र आफ्नो यात्रामा
जानलाई घरको ढोका खोले। औ तिनले
आफ्नी उप-पत्नीलाई संघारमा आफ्ना हात
पसारेर लडिरहेकी देखे। २८ तिनले त्यसलाई
भने, "उठ, हामी जाऔं।" तर तिनले
केही जवाफ पाएनन्। तिनले त्यसलाई
उठाएर गधामाथि राखे र घरतिर हिंडीहाले।
२९ जब तिनी घरमा आइपुगे तब
तिनले एउटा छुरी लिएर आफ्नी उप-पत्नीलाई
समातेर टुक्रा टुक्रा गरेर बाह्र टुक्रा काटे,
औ इस्राएलका चारैतिर पठाइदिए। ३० ती
लिएर जाने मानिसहरूलाई तिनले भने, 'हरेक
इस्राएलीलाई यसो भन, "इस्राएलीहरू मिश्र
देशबाट आएको बेलादेखि आजको दिनसम्म
यस्तो भएको थियो? यो तपाईंहरू आफै
विचार गर्नुहोस्, र मनमा के छ सो
भन्नुहोस्'। त्यो देख्ने हरेकले यसो भने,
"यस्तो ता कहिल्यै भएको थिएन कहिल्यै
देखिएको थिएन।"

बिन्यामिनीहरूलाई मारेर यस अत्याचारको बदला लिएको

२० तब सबै इस्राएलीहरू, दानदेखि
बेर्शेबासम्मका जम्मै समुदाय, र
गिलाद पनि एउटै मानिसजस्तै गरी आफ्ना
आफ्ना घरबाट निस्के र मिस्पामा परमप्रभुको
सामने भेला भए। २ मानिसहरूका अगुवाहरू
र इस्राएलका सबै कुलहरू परमेश्वरका लोकका
चार लाख तरवार भिरेका पैदल सेना
महा-सभामा हाजिर भए। ३ औ बिन्यामिनी-
हरूले इस्राएलीहरू मिस्पामा गएका छन्
भन्ने कुरा सुने। यस्तो दुष्ट कुरो कसरी
भयो भनी इस्राएलीहरूले सोधे। ४ औ
त्यस मारिएको स्त्रीको लोग्ने, ती लेवीले
भने, "म र मेरी उप-पत्नी रात बिताउनलाई
बिन्यामीनको गिबामा आएका थियौं।
५ त्यस रात गिबाका नगरवासीहरू मेरो
विरुद्धमा खडा भए, र मलाई मार्ने विचारले
म बसेको घर घेरे, औ तिनीहरूले मेरी
उप-पत्नीमाथि बलात्कार गरे र त्यो मरी।
६ मैले त्यसको लाश लगेर टुक्रा टुक्रा गरी
काटें, र ती मैले इस्राएलका चारैतिर
पठाइदिएँ, किनभने तिनीहरूले इस्राएलमा
यस्तो घिनलाग्दो अत्याचार गरेका थिए।
७ तपाईंहरूको विचारमा अब के गर्नुपर्ने
हो सो तपाईंहरू जम्मै इस्राएलले यहाँ
अहिले भन्नुहोस्। ८ तब सबै मानिसहरू
एउटै मानिसझैं खडा भएर भने, "हामी-
मध्येको एक जना पनि आफ्नो पालमा फर्केर
जानेछैनौं, एउटै पनि आफ्नो घरमा फर्केर
जानेछैनौं। ९ अब गिबालाई हामी यसो
गर्नेछौं—गोला हालेर हामी चढाइ
गर्नलाई जानेछौं। १० हामी इस्राएलको
जम्मै कुलबाट हरेक एक सयबाट दश,
हरेक हजारबाट एक सय र हरेक दश
हजारबाट एक हजार गरी इस्राएलमा यस्तो
अत्याचार गर्ने बिन्यामीनको गिबाको विरुद्धमा
जानेहरूका निम्ति मानिसहरूबाट खानेकुरा
जम्मा गर्नलाई लिनेछौं।" ११ यसरी सबै
इस्राएल एउटै मानिसजस्तै त्यस शहरको
विरुद्धमा भेला गरियो।

१२ इस्राएलका कुलहरूका मानिसहरूले
बिन्यामीनका कुलका चारैतिर यसो भनेर
मानिसहरू पठाए, "तिमीहरूका बीचमा
यस्तो खराब काम भएको यो के हो?
१३ गिबाका ती दुष्ट मानिसहरूलाई हाम्रो

हातमा सुम्पिदेऊ, र हामी तिनीहरूलाई
मारेर इस्राएलमा भएको दुष्कर्मलाई
फाल्नेछौं।" तर बिन्यामिनीहरूले आफ्ना
दाज्यू-भाइ इस्राएलीहरूको कुरा सुनेनन्।
१४ तिनीहरू आफ्ना आफ्ना शहरहरूबाट
इस्राएलीहरूसँग लड़ाइँ गर्नलाई, गिबामा
जम्मा भए, १५ औ बिन्यामिनीहरूले त्यस
दिन आफ्ना आफ्ना शहरहरूबाट छब्बीस
हजार तरवार भिरेका मानिसहरू लड़ाइँको
निम्ति जम्मा गरे। १६ यी मानिसहरूबाहेक
गिबाका देब्रे हाते सात सय चुनिएका
मानिसहरू पनि थिए, जसले घुयेँत्रोले
कुनै निशान पनि चुकाउँदैन थिए।
१७ बिन्यामीनको कुल छोड़ेर इस्राएलीहरू
चाहिं तरवार भिरेका चार लाख मानिसहरू
थिए, यी सबै योद्धा थिए। १८ इस्राएली-
हरू तुरुन्तै बेतेलतिर लागे, औ त्यहाँ
तिनीहरूले परमेश्वरबाट यसो भनेर ईश्वरवाणी
सोधे, "हामीमध्येको कुनचाहिं कुलले पहिले
बिन्यामीनलाई आक्रमण गर्ने?" औ परम-
प्रभुले भन्नुभयो, "पहिले यहूदाले आक्रमण
गरोस्।" १९ यसैले इस्राएलीहरू बिहान
सखारै गिबाको सामने गएर छाउनी हाले।
२० तिनीहरूले बिन्यामीनसँग लड़ाइँ गर्नलाई
आफ्नो फौजलाई शहरको सामने तयार राखे।
२१ त्यस दिन बेतेलमा बिन्यामिनीहरूले
गिबाबाट आक्रमण गरेर बाईस हजार इस्राएली-
हरूलाई रणभूमिमा मारे। २२-२३ तब
इस्राएलीहरू उक्लेर गए, र परमप्रभुको सामने
बेलुकीसम्मै विलाप गरे, र तिनीहरूले फेरि
आफ्नो भाइ बिन्यामीनमाथि आक्रमण गर्नुपर्छ
कि भनेर सोधे। परमप्रभुले भन्नुभयो, "अँ,
त्यसलाई आक्रमण गर।" तब इस्राएलीहरूले
फेरि साहस गरेर त्यही जगगामा पहिलेको
दिनजस्तै फौजलाई तयार राखे। २४ यसरी
दोस्रो दिन पनि तिनीहरू बिन्यामीनसँग लड़ाइँ
गर्नलाई अगि बढ़े। २५ बिन्यामीन पनि
तिनीहरूसँग लड़ाइँ गर्नलाई गिबाबाट निस्के,
औ अरू अठाह हजार हतियार भिरेका
मानिसहरूलाई तिनीहरूले मारे। २६ तब
जम्मै इस्राएलीहरू फर्केर बेतेलमा गए, त्यहाँ
तिनीहरू साँझसम्मै विलाप गर्दै उपवासमा
परमप्रभुको सामने बसे। औ तिनीहरूले
परमप्रभुको सामने होमबलि र मेलबलि
चढ़ाए। २७ त्यस बेला परमेश्वरको करारको
सन्दूक त्यहीं थियो, २८ औ हारूनको
छोरो, एलाजारको छोरो, पीनहास परमप्रभुको
सामु सेवा गर्दथिए। अनि इस्राएलीहरूले
परमप्रभुसँग सोधे "के हामीहरू हाम्रा
भाइ बिन्यामीनको विरुद्धमा लड़ाइँ गर्नलाई
फेरि जाऔं कि थामौं?" परमप्रभुले जवाफ
दिनुभयो, "त्यसलाई आक्रमण गर। भोलि
म त्यसलाई तिमीहरूका हातमा सुम्पिदिनेछु।"
२९ तब इस्राएलले गिबाको चारैतिर ढुकि-
बस्नलाई मानिसहरू राखे।
३० तेस्रो दिन इस्राएलीहरू बिन्यामिनी-
हरूका विरुद्धमा अगि बढ़े, र अघिझैं गिबामा
आफ्नो फौजलाई तयारीमा राखे। ३१ औ
बिन्यामिनीहरू चाहिं त्यस सेनालाई आक्रमण
गर्नलाई निस्के। तिनीहरू शहरबाट बाहिर
निस्किए, र बेतेल र गिबामा जाने खुला
जगगातिर लागेका मूल बाटोहरूमा केही
इस्राएलीहरू, अर्थात् तीस जनालाई मारेर
अघिझैं तिनीहरूले आक्रमण गर्नलागे।
३२ हामीले तिनीहरूलाई फेरि पनि जित्दैछौं
भनी तिनीहरूले सम्झे। तर इस्राएली-
हरूले शहरबाट बाहिर मूल बाटोहरूमा
तिनीहरूलाई तानेर निकाल्नलाई हारेर
भागेकाझैं गर्ने उपाय गरेका थिए।
३३ यसै बीचमा इस्राएलीहरूको मुख्य दल
आफ्नो आफ्नो स्थान छोड़ेर बाल्-तामारमा
युद्धको निम्ति टोली बाँधे, र ढुकुवामा बस्ने
जम्मै दश हजार चुनिएका मानिसहरू, गिबाको
छेउछाउको स्थानबाट झट्टै निस्केर शहरको
पूर्वपट्टि आए। ३४ चाड़ै घमासान युद्ध भयो।
तापनि बिन्यामिनीहरूले आफूमाथि आइरहेको
विपत्तिको केही शंका गरेनन्। ३५ यसरी
परमप्रभुले बिन्यामिनीहरूलाई इस्राएलको सामने

पराजित गर्नुभयो, औ त्यस दिन इस्राएलीहरूले हतियार भिरेका पच्चीस हजार एक सय बिन्यामिनीहरूलाई मारे।
३६ अब हामीहरू ता हारे छौं भनी बिन्यामिनीहरूले थाह गरे, किनकि सबै इस्राएलीहरू गिबाको नजीक राखेका ढुकुवा-हरूमाथि भर परेर आफू चाहिं हारेका जस्तै देखाएका थिए। ३७ ती ढुकुवा बसेका मानिसहरूले एक्कासि चढ़ाइ गरे, र गिबामा चारैतिरबाट आक्रमण गरे, औ त्यहाँका सबै बासिन्दाहरूलाई तरवारले मारे।
३८ इस्राएलीहरू र ती ढुकुवामा बसेका मानिसहरूका बीचमा मतो गरिएको चिह्न चाहिं शहरबाट धुवाँको बादल आकाशतिर पठाउनुपर्ने थियो। ३९ तब इस्राएलीहरू लड़ाइँबाट फर्के। औ पहिलेको लड़ाइँमा गरेझैं हामीले इस्राएलीहरूलाई जित्दैछौं भन्ने विश्वासमा बिन्यामिनीहरूले इस्राएलीहरूलाई मार्नलागे, औ करिब तीस जनालाई मारे।
४० जब शहरबाट धुवाँको बादल माथितिर जानलाग्यो तब बिन्यामिनीहरूले पछिल्तिर फर्केर हेरे, र सारा शहरमा आगलागी भइरहेछ भनीठाने। ४१ जब इस्राएलीहरू फनक्क फर्के तब बिन्यामिनीहरूले आफ्नो नाश आएको देखे र डरले आत्तिए। ४२ तिनीहरू फर्के, र इस्राएलको सामनेबाट उजाड़-स्थानतिर भागे, तर लड़ाइँ तिनीहरूसम्मै पुग्यो, र शहरबाट आएकाहरूले तिनीहरूलाई बीचमा पारी काटेर मार्नलागे। ४३ तिनीहरूले बिन्यामिनीहरूलाई रिङ्गै घेरे, र नबिसाइकन खेदिनै रहे, र गिबाको पूर्वपट्टि एउटा ठाउँमा तिनीहरूलाई फेला पारे। ४४ अठाह हजार हतियार भिरेका बिन्यामिनीहरू मारिए। तिनीहरू जम्मै योद्धा थिए। ४५ बाँचेकाहरू चाहिं फर्केर उजाड़-स्थानमा भएको रिम्मोनको पहरातिर भागे। इस्राएलीहरूले बाटोहरूमा तिनीहरूका पाँच हजार जति यताउता छोड़िएकाहरूलाई समातेर मारे, जबसम्म तिनीहरूका अझै दुइ हजार मारिएनन तिनीहरूलाई खेदिनै रहे। ४६ त्यस दिन बिन्यामिनीहरूका हतियार भिरेका पच्चीस हजार योद्धाहरू लड़ाइँमा मारिए।
४७ बाँचेका छ सय जना चाहिं फर्केर उजाड़-स्थानमा भएको रिम्मोनको पहरामा भागे, र तिनीहरू त्यहाँ चार महीनासम्म बसे। ४८ त्यसपछि इस्राएलीहरू बिन्यामिनी-हरूतिर फर्के, र शहरमा भएका मानिसहरू र गाई-वस्तुहरूलाई र भेट्टाएको हरेक प्राणी-लाई तिनीहरूले तरवारले मारे। तिनीहरूले भेट्टाएको हरेक शहरलाई पनि आगो लगाइदिए।

बाँकी रहेका बिन्यामिनीहरूका निम्ति स्वास्नीहरू

२१ मिस्पामा इस्राएलीहरूले आफ्नो छोरी कुनै बिन्यामिनीलाई विवाहमा दिनेछैन भनी शपथ खाएका थिए। २ अनि मानिस-हरू बेतेलमा आए, र साँझसम्मै त्यहाँ परमेश्वरको उपस्थितमा रहे, औ साह्रै ठूलो विलाप गरे। ३ तिनीहरूले भने, "हे परम-प्रभु, इस्राएलका परमेश्वर, इस्राएलमा किन आजको दिन इस्राएलको एउटा कुल चाहिं घटेर गयो ?" ४ भोलिपल्ट मानिसहरू बिहानै उठे, र त्यहाँ एउटा वेदी बनाएर होमबलि र मेलबलि चढ़ाए। ५ इस्राएलका सबै कुलमध्येको कुनै कुल परमप्रभुको उपस्थितिमा आए कि आएनन् भनी इस्राएलीहरूले आपसमा सोधपूछ गरे, किनभने त्यो महा-शपथ अनुसार मिस्पामा परमप्रभुकहाँ नजाने चाहिं मारिओस् भन्ने थियो। ६ औ इस्राएलीहरू आफ्नो भाइ बिन्यामीनको निम्ति बिलौना गरे, किनभने तिनीहरूले भने, "आजको दिन इस्राएलमा एउटा कुलनै मेटियो।" ७ यसैले तिनी-हरूले सोधे, "बाँकी रहेकाहरूका निम्ति स्वास्नीहरू खोजी दिनलाई हामी के गरौं ?" हामीले परमप्रभुको सामने तिनीहरूलाई

हाम्रा छोरीहरू विवाहमा नदिने भनेर शपथ
खाएका छौं। ८ इस्राएलका सबै कुलहरू-
मध्येको परमप्रभुकहाँ मिस्पामा नजाने कोही
छ?" औ याबेश-गिलादबाट कोही पनि
सभाको लागि छाउनीमा आएको रहेनछ।
९ यसैले जब तिनीहरूले मानिसहरूको
गन्ती लिए तब याबेश-गिलादका कोही
पनि उपस्थित नभएको भेट्टाए। १० त्यसैले
त्यस सभाले बाह हजार योद्धाहरूलाई
याबेश-गिलादका पुरुष, स्त्री र बालकहरूलाई
तरवारले मार्ने भनी हुकूम दिएर पठाए।
११ तिनीहरूले भने, "तिमीहरूले पुरुष
सँग सहवास भएको हरेक पुरुष र
स्त्रीलाई मार्नू, तर कन्ये-केटीहरूलाई चाहिं
छोड़िदिनू।" १२ तिनीहरूले त्यसैनै गरे।
औ याबेश-गिलादका बासिन्दाहरुमध्ये चार
सय जवान स्त्रीहरू भेट्टाए जो कन्ये-केटीहरू
थिए, औ जसको कुनै पुरुषसँग सहवास भएको
थिएन। औ तिनीहरूले यिनीहरूलाई कनानको
शीलोको छाउनीमा ल्याए। १३ तब जम्मै
सभाले रिम्मोनको पहरामा भएका बिन्या-
मिनीहरूलाई बातचीत गर्नलाई बोलाइपठाए,
औ मिलापको घोषणा गरियो। १४ त्यसै-
कारण बिन्यामिनीहरू फर्केर आए, र तिनी-
हरूलाई याबेश-गिलादका ती स्त्रीहरू दिइए,
जो बचाइएका थिए, तर तिनीहरूका निम्ति
ती यथेष्ट भएनन्।

१५ तर मानिसहरू अझै पनि बिन्या-
मीनको निम्ति बिलौना गरिनै रहे, किनभने
इस्राएलको कुलमा परमप्रभुले यो फाटो
गरिदिनुभएको थियो, १६ औ सभाका बूढ़ा-
प्रधानहरूले भने, "बाँकी रहेकाहरूका निम्ति
स्वास्नीहरू खोजिदिनलाई के गरौं? बिन्या-
मीनका सबै स्त्रीहरू त मारिए।" १७ तिनी-
हरूले भने, "भागेर बाँचेका बिन्यामिनीहरूका
उत्तराधिकारी हुनैपर्छ नत्रता इस्राएलीहरूमध्येको
एउटा कुल मेटिएर जानेछ। १८ हामी
आफ्ना छोरीहरू तिनीहरूलाई विवाह
गरिदिनसक्तैनौं, किनभने कुनै बिन्यामिनीलाई
छोरी चेली दिने मानिसमाथि सराप आउनेछ
भनी हामीले शपथ खाएका छौं।" १९ तब
बेतेलको उत्तरतिर, बेतेलदेखि शकेम
जाने मूल बाटोको पूर्वतिर र लबोनाको
दक्षिणतिर शीलोमा परमप्रभुको निम्ति प्रतिवर्ष
हुने चाड़को तिनीहरूलाई याद आयो।
२० तिनीहरूले बिन्यामिनीहरूलाई भने,
"गएर दाखबारीहरूमा लुकी बस। २१ जब
शीलोका केटीहरू नाच्नलाई आउँछन् तब
दाखबारीहरूबाट झट्टै निस्केर तिमीहरू हरेकले
आफ्नो आफ्नो स्वास्नी तुल्याउनलाई एउटा
एउटालाई पक्र। तब आफ्नो घर बिन्यामिनको
देशतिर आओ। २२ त्यसपछि यदि तिनी-
हरूका बाबु वा दाज्यू-भाइहरू आएर
तिमीहरूलाई दोष दिए भने यसो भन्नू,
"तिनीहरूलाई राख्ने अनुमति दिनुहोस्,
युद्धमा हामी कसैले पनि आफ्नो स्वास्नी
लिएका छैनौं। तपाईंहरूलेनै हामीलाई यी
स्त्रीहरू दिनुभएको भए चाहिं दोष तपाईंहरूको
हुनेथियो।"

२३ ती बिन्यामिनीहरूले यी सबै गरे।
उनीहरू नाचेका बेलामा पक्रेर तिनीहरूले
चाहेका जति केटीहरू भगाएर लगे। तब
तिनीहरू आफ्नो बाटो लागे, र तिनीहरूका
पैतृक-सम्पत्ति भएको ठाउँमा फर्केर आफ्ना
शहरहरूलाई फेरि बनाए, र तिनमा बसोबासो
गरे। २४ इस्राएलीहरू पनि आफ्ना आफ्ना
कुल कुल र घराना गरी छुट्टिए, औ हरेक
आफ्नो आफ्नो पैतृक-सम्पत्ति भएको ठाउँमा
गयो।

२५ त्यस बेला इस्राएलमा कुनै राजा
थिएन, औ हरेक मानिसले आफ्नो दृष्टिमा
जे ठीक लाग्यो त्यही गर्दथियो।

रूथको पुस्तक

नाओमी र रूथ

१ उहिलेनै न्यायकर्त्ताहरूको शासनकालमा
देशमा अनिकाल पर्‍यो, औ
यहूदाको बेतलेहेमबाट कुनै एउटा मानिस
आफ्नी स्वास्नी र दुइ भाइ छोराहरूलाई
लिएर मोआबीहरूको देशमा प्रवास गर्नलाई
गए। २ ती मानिसको नाउँ एलीमेलेक
थियो। तिनकी स्वास्नीको नाउँ नाओमी र
तिनका दुइ छोराहरूका नाउँ महलोन र
किल्योन थियो। तिनीहरू बेतलेहेम-यहूदाका
इफ्रातीहरू थिए। तिनीहरू मोआबीहरूको
देशमा आए, र त्यहीं बस्नलागे।
३ नाओमीका लोग्ने एलीमेलेक मरे, र
तिनी आफ्ना दुइ छोराहरूसँग छोड़िए।
४ यी छोराहरूले मोआबी स्त्रीहरू विवाह
गरे। एउटीको नाउँ ओर्पा र अर्कीको नाउँ
रूथ थियो। ५ तिनीहरू त्यहाँ प्रायः दश
वर्ष बसेपछि महलोन र किल्योन दुवै मरे।
यसरी ती स्त्री आफ्ना दुइ छोराहरू र
आफ्ना पतिबाट पनि बिछोड भइन्।
६ तिनी आफ्ना दुइ बुहारीका साथमा
मोआबबाट स्वदेशतिर फर्कनलागिन्, किनभने
मोआब देशमा परमप्रभुले आफ्ना
लोकको हेरचाहा गरेर तिनीहरूलाई भोजन
दिनुभएको छ भन्ने कुरा तिनले सुनेकी
थिइन्। ७ तब आफ्ना दुइ बुहारीलाई
साथमा लिएर आफू बसेको ठाउँ तिनले
छोड़िन्, र आफ्नो घर यहूदाको बाटो
लागिन्। ८ तब नाओमीले आफ्ना दुइ
बुहारीलाई भनिन्, "तिमीहरू दुवै आफ्ना
आफ्ना माइती-घर फर्क, जसरी तिमीहरूले
ती मरिसकेकाहरू र मप्रति कृपालु व्यवहार
गरेका थियौ, त्यसरीनै परमप्रभुले पनि तिमी-
हरूप्रति कृपालु व्यवहार गरून्, ९ औ उहाँले
तिमीहरू दुवैलाई तिमीहरूका आफ्ना आफ्ना
पतिका घरमा सुरक्षित राखून्।" तब तिनले
उनीहरूलाई चुम्मन गरिन्, र तिनीहरू
डाँको छोड़ी छोड़ीकन रोए। १० त्यसपछि
उनीहरूले तिनलाई भने, "हामी तपाइंका
मानिसहरूकहाँ जानेछौं।" ११ तर नाओमीले
भनिन्, "हे मेरा छोरी हो, फर्क, तिमीहरू
किन मसँग आउने? के तिमीहरूका पति
हुनलाई म अझै छोराहरू जन्माउनसक्छु
र? १२ फर्क, मेरा छोरी हो, जाऊ।
किनकि फेरि विवाह गर्नलाई म बूढ़ी
भइसकेकी छु। नानी पाउन अझै आशा
भए, र मैंले आज रातीनै विवाह
गरेर छोराहरू पाएँ भने पनि तिनीहरू
बढ़ून्जेल तिमीहरू पर्खन्छौ र? १३ के
तिमीहरू विवाह नगरी बस्छौ? होइन,
होइन मेरा छोरी हो, परमप्रभु मेरो
विरुद्धमा हुनुभएकोले मेरो भाग्य तिमीहरूको
भन्दा खोटो छ।" १४ तब तिनीहरू
फेरि डाँको छोड़ी छोड़ीकन रोए। त्यसपछि
ओर्पाले आफ्नी सासूलाई चुम्मन गरेर
आफ्ना मानिसहरूकहाँ फर्केर गइन्, तर
रूथचाहिं तिनीसितै टाँसिरहिन्।
१५ तब नाओमीले भनिन्, "हेर त,
तिम्री बहिनी ता आफ्ना मानिसहरू र
आफ्ना देवताहरूकहाँ फर्केर गई। तिमी
उसितै फर्केर जाऊ।" १६ रूथले जवाफ
दिइन्, "मलाई फर्केर जान र तपाइंलाई
छोड्न कर नगर्नुहोस्। तपाइं जहाँ जानुहुन्छ

म पनि त्यहीं जानेछु। तपाइं जहाँ बस्नुहुन्छ
म पनि त्यहींनै बस्नेछु। तपाइंका मानिसहरू
मेरा मानिसहरू हुनेछन्, औ तपाइंका
परमेश्वर मेरा परमेश्वर हुनेछन्। १७ तपाइं
जहाँ मर्नुहुन्छ म पनि त्यहीं मर्नेछु, र
त्यहींनै गाड़िनेछु। मृत्युबाहेक अरू कुनै
कुराले हामीलाई अलग गर्नेछैन भनी परमप्रभु
तपाइंका परमेश्वरको सामने म यो गंभीर
शपथ खाएर भन्छु।" १८ रूथले आफूसँग
जाने दृढ़ संकल्प गरेकी देखेर नाओमीले अरू
केही भनिन। १९ अनि ती दुवै जना
हिंड़े, र बेतलेहेममा आइपुगे। जब तिनीहरू
बेतलेहेममा आइपुगे तब जम्मै शहरमा
तिनीहरूका विषयमा कुरा हुनलाग्यो। औ
आइमाईहरूले भन्नलागे, "के यिनी नाओमीनै
हुन्?" २० तिनले भनिन्, "मलाई
नाओमी* नभन। मलाई मारा** भन,
किनभने सर्वशक्तिमानले मसँग नमीठो व्यवहार
गर्नुभएको छ। २१ म भरिपूर्ण भएर गएकी
थिएँ, तर परमप्रभुले मलाई रित्तो फर्काएर
ल्याउनुभएको छ। मलाई किन नाओमी
भन्छौ? परमप्रभु मेरो विरुद्धमा उठ्नुभएको
छ। सर्वशक्तिमानले ममाथि विपत्ति ल्याउनु-
भएको छ।" २२ यसरी नाओमीकी बुहारी
मोआबी रूथ तिनीसँग मोआब देशबाट
आइन्। तिनीहरू बेतलेहेममा आइपुग्दा
जौको कटनी शुरू हुँदै थियो।

रूथ शिला-बाला खोज्न गएकी

२ नाओमीका लोग्नेतर्फका एलीमेलेकी
परिवारको एक जना हुनेखाने कुटुम्ब
थिए। तिनको नाउँ बोअज थियो।
२ मोआबी रूथले नाओमीलाई भनिन्, "के
म खेतमा गएर जसले मप्रति निगाह गर्ला
त्यसको पछि शिला-बाला खोज्नलाई जाउँ
कि?" तिनले भनिन्, "हुन्छ, मेरी छोरी,
जाऊ।" ३ यसैले कटनी गर्नेहरूका पछि-
पछि खेतमा शिला-बाला खोज्न रूथ गइन्।
औ तिनी खेतको त्यस भागमा पुगिन् जो
एलीमेलेकको परिवारको बोअजकै खेतहरू
पर्थे, ४ औ त्यहाँ बोअज पनि बेतलेहेमबाट
आइपुगेका थिए। तिनले कटनी गर्नेहरूलाई
अभिवादन गरेर भने, "परमप्रभु तिमीहरूसँग
होऊन्।" औ तिनीहरूले जवाफ दिए, "परम-
प्रभुले तपाइंलाई आशिष देऊन्।" ५ तब तिनले
कटनी गर्नेहरूमाथि खटाएको नोकरलाई सोधे,
"यो चाहिं कसकी छोरी हो?" ६ नोकरले
जवाफ दियो, "भर्खरै मोआब देशबाट
नाओमीसँग आएकी मोआबी ठिटी हो।
७ त्यसले मलाई कटनी गर्नेहरूका पछिपछि
बिटाहरूका बीचमा शिला-बाला जम्मा गर्नपाउँ
भनेर बिन्ती गरी। त्यो आएर बिहान
सबेरैदेखि अहिलेसम्म नबिसाई काममा
व्यस्त छे।" ८ तब बोअजले रूथलाई भने,
"ए मेरी छोरी, सुन त, अरू खेतमा
गएर शिला-बाला नखोज, टाड़ा पनि नजाऊ,
तर मेरा ठिटीहरूसँग यतै खोज। ९ मानिस-
हरूले फसल काटेका ठाउँमा हेर, र शिला-बाला
बटुल्नेहरूका पछिपछि लाग। तिमीलाई
नछुनु भनी मैले यी मानिसहरूलाई आज्ञा
दिएको छु। तिमीलाई तिर्खा लाग्यो भने
गएर मानिसहरूले भरिराखेका गाग्राहरूको पानी
खाऊ।" १० तब रूथ तिनको सामने झुकिन्,
र तिनलाई दण्डवत् गरेर भनिन्; "म
विदेशी हुँ भनी जानेर पनि हजूरले किन
यति कृपा गर्नुहुन्छ?" ११ बोअजले भने
"आफ्नो लोग्नेको मृत्युपछि तिमीले आफ्नो
सासूप्रति गरेका सबै काम मलाई मानिसहरूले
भनेका छन्। तिमी आफ्ना आमा-बाबु र
आफ्नो जन्म-भूमि छोड़ेर अपरिचित
जातिकहाँ आयौ। १२ परमप्रभुले तिम्रो
कामको पुरस्कार तिमीलाई देऊन्। जसको
छत्रछायामनि शरण लिनलाई तिमी आएकी
छौ, उनै परमप्रभु इस्राएलका परमेश्वरले
तिमीले पाउनुपर्ने सबै कुरा देऊन्।"

*मीठो, असल **तीतो

१३ तिनले भनिन्, "म हजूरकी कमारी नभए
तापनि हजूरले साँच्चिनै मलाई शान्ति दिनुभयो
र दयाको कुरा गर्नुभयो, हजूरको निगाह
पाऊँ।" १४ जब खाने बेला भयो तब बोअजले
तिनलाई भने; "यहाँ आएर केही खाऊ,
र तिम्रो रोटी सिर्कामा चोप।" तब तिनी
कटनी गर्नेहरूसँगै बसिन्, र बोअजले
तिनलाई केही भुटेको अन्न दिए। तिनले
पेटभरि खाइन् र केही उबारेर राखिन्।
१५ औ जब तिनी सिला-बाला बटुल्नलाई
उठिन् तब बोअजले आफ्ना मानिसहरूलाई
यसो भनेर आज्ञा दिए, "त्यसलाई बिटाहरूका
बीच बीचमा पनि शिला-बाला बटुल्न देऊ।
त्यसलाई नहप्काऊ, १६ अथवा अन्न
बाँधेका बिटाहरूबाट तिमीहरूले केही निकालेर
छोड़िदेऊ, र त्यसलाई नहप्काईकन टिप्न
देऊ।"

१७ यसैले रूथ साँझसम्मैं खेतमा
शिला-बाला बटुल्दैरहिन्, औ जब तिनले
बटुलेका शिला-बाला माड़िन् तब चार पाथी
जति भयो। १८ अनि त्यो बोकेर तिनी
शहरमा आइन्, औ तिनको सासूले तिनले
बटुलेर ल्याएकी धेरै शिला-बाला देखिन्।
त्यसपछि रूथले आफै खाएर उबारेको कुरो
पनि निकालेर तिनलाई दिइन्। १९ तिनको
सासूले तिनलाई सोधिन्, "आज तिमीले
कहाँ शिला-बाला बटुल्यौ? ती मानिस
धन्यका होऊन् जसले कृपागरी तिम्रो हेरचाहा
गरे।" यसैकारण तिनले आफ्नी सासूलाई
आफू कसकहाँ काम गरिन् भनी बताइदिइन्।
तिनले भनिन्, "मैले काम गरेका मानिसको
नाउँ बोअज रहेछ।" २० तब नाओमीले
भनिन्, "परमप्रभुले तिनलाई आशिष देऊन्,
परमप्रभुले जिउँदा र मरेकाहरूमाथि कृपा
गर्न छोड़नुभएन। किनभने त्यो मानिस ता
हाम्रा कुटुम्बका मानिस हुन्।" २१ तब
मोआबी रूथले भनिन्, "त्यसबाहेक उहाँले
ता मलाई सबै कटनी खतम नहोउञ्जेल
उहाँका मानिसहरूसँगै लागिरहनू भनी
भन्नूभएको छ।" २२ नाओमीले भनिन्,
"हे मेरी छोरी, तिनका ठिटीहरूसँगै
जान तिमीलाई बेस होला। कसैले तिमीलाई
अरू कसैको खेतमा नभेट्टाओस् है।"
२३ यसकारण तिनी बोअजका ठिटीहरू
साथसाथै जौ र गहुँका कटनी खतम
नहोउञ्जेल शिला-बाला बटुल्नमा लागिरहिन्।
तर तिनी आफ्नी सासूकै साथमा रहन्थिन्।

बोअजको अनुरोध

३ एक दिन रूथकी सासू नाओमीले
तिनलाई भनिन्, "हे मेरी छोरी,
तिम्रो आफ्नै घरबार गरेर बसेकी म हेर्न
चाहन्छु। २ बोअज ता हाम्रा आफ्नै
नातेदार हुन्, जसका ठिटीहरूसँग तिमी
थियौ। आज राती तिनले आफ्नो खलामा
जौ बत्ताउनेछन्। ३ यसकारण स्नान गरेर
तेल लगाऊ र आफ्नो खास्टो खापेर खलामा
जाऊ, तर खान-पीन गरी नसकुञ्जेल तिमी
ती मानिसकहाँ देखा नपर। तिमी को
हो भनी आफ्नो परिचय पनि नदेऊ।
४ तिनी सुत्न जाँदा तिमीले तिनको सुत्ने
ठाउँ हेरिराख। त्यसपछि गएर तिनको
खुट्टापट्टिको ओढ़ने उठाएर त्यहीं ढल्क।
तब तिमीले के गर्नुपर्नेछ सो तिनलेनै
भन्नेछन्।" ५ रूथले भनिन् "तपाईं जे
भन्नुहुन्छ म गर्नेछु।" ६ तब तिनी तल
खलामा गइन्, र तिनकी सासूले भनेझैं
गरिन्। ७ जब बोअजले खान-पीन गरिसके
तब तिनको मन खुशी भयो, र अन्न
थुपारेको एकातिर सुत्नलाई गए। तब रूथ
चाल मारेर चूपचापसित आइन्, र बोअजको
खुट्टामा भएको ओढ़ने उठाएर ढल्किन्।
८ आधारातमा केही कुराले ती मानिसको
निद्रा भङ्ग भयो, र एउटी स्त्रीलाई
आफ्नो खुट्टामा ढल्किरहेकी तिनले देखे।
९ तिनले सोधे, "तिमी को हो?" रूथले
भनिन्, "म तपाईंकी दासी रूथ हुँ।

अब तपाईंको लुगा आफ्नी दासीलाई
ओढ़ाइदिनुहोस्, किनभने तपाईं मेरा नजीकका
नातेदार हुनुहुन्छ।" १० तिनले भने, "हे
मेरी छोरी, परमप्रभुले तिमीलाई आशिष
दिनुभएको छ। तिमीले देखाएको यो
आखिरी भक्ति पहिलेको भन्दा प्रगाढ़ छ।
धनी कि गरीब कुनै जवान मानिसको पछि
तिमी लागेनौ। ११ औ अब हे मेरी
छोरी, ढुक्क भएर बस। तिमी जे चाहन्छौ
म गर्नेछु, किनभने तिमी गुणवती छौ
भन्ने कुरा यस नगरका सबै मानिसलाई थाह
भइसकेको छ। १२ म तिम्रो नजीकको
नातेदार हुँ भनी तिमीलाई पक्का थाह
छ, मभन्दा पनि अझै नजीकको एक जना
नातेदार छन्। १३ आजको रात यहीं
बिताऊ, र भोलि बिहान यदि तिनले तिम्रो
नजीकको नातेदारले गर्नुपर्ने कर्तव्य गर्छन्
भने ठीकै छ, तर तिनी राजी
भएनन् भने म गर्नेछु। परमप्रभुको शपथ
खाएर म यो भन्दछु। अब बिहानसम्म
ढल्किरह।" १४ तब रूथ तिनको खुट्टानेर
बिहान नहोउन्जेल ढल्किरहिन् तर मानिस
ठिम्याउन नसक्ने उज्यालोमानै तिनी उठिन्।
औ बोअजले भने, "खलामा एउटी स्त्री
थिइन् भनी कसैले थाह नपाओस् है।"
१५ तब तिनले भने, "तिमीले ओढ़ेको
खास्टो थाप।" तिनले थापिन्, र तिनले
छ पाथी जति जौ भरेर तिनलाई बोकाइदिए,
औ रूथ शहरमा फर्किन्। १६ तिनी आफ्नी
सासूकहाँ आइन् र नाओमीले सोधिन्, "हे
मेरी छोरी, के भयो?" १७ तब ती मानिसले
तिनीप्रति गरेका सबै कुरा रूथले बताइदिइन्।
तिनले भनिन्, "उहाँले मलाई यो छ पाथी
जौ दिनुभयो। उहाँले मलाई मेरो सासूकहाँ
रित्तो हात जानदिएनन्।" १८ नाओमीले
भनिन्, "हे छोरी, यसको नतीजा के हुँदो
रहेछ सो थाह नपाउन्जेल शान्त बस। आजै
यस कुराको फैसला नगरून्जेल तिनलाई चैन
हुनेछैन।"

बोअज र रूथको विवाह

४ अब बोअज शहरको मूल-ढोकामा गएर
बसेका थिए। औ केही समयपछि
तिनले कुरा गरेका ती नजीकका नातेदार
त्यहींबाट भएर आए। २ बोअजले तिनको
नाउँ काढ़ेर तिनलाई बोलाई भने, "यता
आएर बस्नुहोस्।" तिनी आएर बसे। तब
बोअजले शहरका दश जना बूढ़ा-प्रधानहरूलाई
रोकेर बस्ने बिन्ती गरे। अनि तिनीहरू त्यहाँ
बसे। ३ तब बोअजले ती नजीकका नाते-
दारलाई भने, "हाम्रा दाज्यू एलीमेलेकको एक
टुक्रा जमीनको विषयमा तपाईंलाई याद
होला मोआबीहरूको देशबाट नाओमी फर्केर
आएकीछन्, र त्यो बेच्न तिनी चाहन्छिन्।
४ यी मेरा जातिका बूढ़ा-प्रधानहरूका
समक्षमा तपाईंले त्यो लिनुहोस् भनी तपाईंसित
यो कुरा उठाउने मैले प्रतिज्ञा गरेको छु।
नजीकको नातेदारको कर्तव्य तपाईं गर्नुहुन्छ
भने गर्नुहोस्, तर गर्नुहुन्न भने कसैले ता
गर्नैपर्छ। यसर्थ मलाई भन्नुहोस्, र मलाई
थाह लाग्नेछ। किनभने तपाईं पछिका
नजीकका नातेदार म हुँ।" तिनले भने,
"नजीकको नातेदारको काम म गर्नेछु।"
५ तब बोअजले भने, "नाओमीबाट त्यो
खेत लिएको दिन मरेको मानिसको पैतृक-
सम्पत्तिसँग तिनको नाउँ कायम राख्नलाई ती
मरेका मानिसकी स्वास्नी मोआबी रूथ पनि
तपाईंले प्राप्त गर्नुहुनेछ।" ६ यो सुनेर ती
नजीकको नातेदारले भने, "म आफै यो काम
गर्नसक्तिनँ, किनभने मेरो आफ्नै पैतृक-सम्पत्ति
गुमाउने मलाई डर छ। यसर्थ मैले गर्नुपर्ने
नजीकको नातेदारको काम तपाईंले गर्नुहोला।
म यो काम गर्नसक्तिनँ।"
७ प्राचीन समयमा जग्गा-जमीन मोल
तिरेर छुटाउँदा वा सट्टा-पट्टा गर्दा दिने
मानिसले आफ्नो जुत्ता फुकालेर, लिने मानिस-
लाई दिने चलन थियो। इस्राएलमा साक्षीको
रीति यस्तै थियो। ८ यसैले ती नजीकको

नातेदारले बोअजलाई भने, "तपाइंले आफ्नै
निम्ति त्यो किन्नहोस्।" औ तिनले आफ्नो
जुत्ता फुकाले। ९ तब बोअजले ती बूढ़ा-
प्रधानहरू र अरू सबै मानिसहरूलाई भने,
"मैले आजको दिन एलीमेलेक औ महलोन र
किल्योनका जे जति छन् सो सबै नाओमीको
हातबाट प्राप्त गरेको कुरामा तपाइंहरू साक्षी
हुनुहुन्छ। १० यसबाहेक महलोनकी पत्नी
मोआबी रूथलाई पनि ती मरिसकेका मानिसको
नाउँ कायम राख्नलाई तिनका पैतृक-सम्पत्ति-
समेत तिनका नातेदारहरूका बीचबाट र तिनका
जन्म-भूमिको मूलढोकाबाट तिनको नाउँ नमेटि-
ओस् भनेर मैले आफ्नी पत्नी हुनलाई प्राप्त
गरेको छु। तपाइंहरू आजको दिन साक्षी
हुनुहुन्छ।" ११ तब बूढ़ा-प्रधानहरू र मूल-
ढोकामा हुने सबैले भने, "हामी साक्षी छौं।
तपाइंको घरमा आउने यी स्त्रीलाई परमप्रभुले
इस्राएलको घराना निर्माण गर्ने राहेल र
लेआजस्ती तुल्याऊन्। तपाइंबाट इफ्रातामा
ठूलो काम होस्, र बेतलेहेममा तपाइंको
नाउँ जीवित रहोस् १२ औ परमप्रभुले
तपाइंलाई यस युवतीबाट दिने सन्तानको घराना
तामारले यहूदाबाट जन्माएका छोरा पेरेसको
घरानाजस्तै होस्।"

तिनीहरूबाट छोरा भएको

१३ यसरी बोअजले रूथलाई लगे, र
तिनलाई आफ्नो पत्नी तुल्याए। जब उनी-
हरूको सहवास भयो तब परमप्रभुको कृपाले
तिनी गर्भवती भइन्, र तिनले एउटा छोरा
जन्माइन्। १४ तब स्त्रीहरूले नाओमीलाई
भने, "परमप्रभु धन्यका हुनुहुन्छ। किनभने
आज उहाँले तपाइंलाई एउटा नजीकको
नातेदारविना छोड्नुभएन। ती मरेका मानिसको
नाउँ इस्राएलमा जीवित रहोस्। १५ यो
बालक तपाइंलाई नया जीवन दिने र तपाइंको
बूढ़ेस-कालमा तपाइंको पोल्न-पोषन गर्ने हुनेछ।
किनभने सात भाइ छोराभन्दा पनि असल सिद्ध
भएकी, तपाइंलाई प्रेम गर्ने बुहारीले यो बालक
जन्माएकी हुन्।" १६ नाओमीले त्यस बालक-
लाई लिएर आफ्नो काखमा राखिन् र तिनी
त्यसकी धाई पनि भइन्। १७ तिनका छिमेकी-
हरूले भने, "नाओमीको एउटा छोरो भयो।
हामी त्यसको नाउँ ओबेद राखौं।" तिनीनै
यिशैका बाबु र दाऊदका बाजे थिए।
१८ पेरेसको वंशावली यही हो—पेरेसले
हेस्रोनलाई जन्म दिए। १९ हेस्रोनले रामलाई
जन्म दिए। रामले अम्मीनादावलाई जन्म
दिए। २० अम्मीनादाबले नहशोनलाई जन्म
दिए। नहोशोनले सल्मोनलाई जन्म दिए।
२१ सल्मोनले बोअजलाई जन्मदिए। बोअजले
ओबेदलाई जन्म दिए। २२ ओबेदले
यिशैलाई जन्म दिए। यिशैले दाऊदलाई
जन्म दिए।

शमूएलको पहिलो पुस्तक

शमूएलको जन्म

१ रामातैमबाट आएका एक जना
मानिस थिए। तिनी एक सूपी थिए,
औ एप्रैमको पहाड़ी-देशका थिए। तिनको
नाउँ एल्काना थियो। तिनी एप्रैमी थिए, औ
यरोहामका छोरा, एलीहूका नाति, तोहूका
पनाति र सूपका खनाति थिए। २ तिनका

हन्ना र पनिन्ना नाउँका दुइ स्वास्नी थिए।
पनिन्नाका छोरा-छोरीहरू थिए, तर हन्ना
निःसन्तान थिइन्। ३ एल्काना वर्षेनि शीलोमा
सेनाहरूका परमप्रभुको आराधना गर्न र बलिदान
चढ़ाउन आफ्नो शहरबाट उक्लेर जानेगर्थे।
त्यहाँ एलीका दुइ छोरा, होप्नी र
पीनहास परमप्रभुका पूजाहारीहरू थिए।
४ बलिदान चढ़ाएको दिन एल्कानाले आफ्नी
स्वास्नी पनिन्ना र यिनका सबै छोरा-छोरीहरू-
लाई भेटीको धेरै भाग दिन्थे, ५ तर
हन्नालाई माया गरे तापनि तिनलाई एक
भाग मात्र दिन्थे, किनभने परमप्रभुले हन्नालाई
कोही छोरा-छोरी दिनुभएको थिएन।
६ त्यसबाहेक तिनको छोरा-छोरी नभएको
हुनाले हन्नाकी सौताले तिनलाई दुःख दिने र
खसालेर कुरा गर्ने गर्दथिइन्। ७ जब उनीहरू
परमप्रभुको भवनमा जान्थे तब सालसालै यस्तो
हुन्थ्यो। हन्नाकी सौताले तिनलाई दुःख दिने
गर्थिन्। एकपल्ट जब हन्ना रोई बसेर केही
खानेकुरा खाइनन् ८ तब तिनका लोग्ने
एल्कानाले तिनलाई भने, "हन्ना, तिमी किन
रोइरहेकी छौ र केही पनि खाँदिनौ?
तिमी किन यति दुःखित छौ? के म तिम्रो
निम्ति दश जना छोराहरूभन्दा पनि बढ़ता
छैन र?" ९-१० शीलोको बलिदानपछि तिनी-
हरूले खान-पीन गरिसकेर हन्ना मनको ठूलो
ताप लिएर उठिन्, र परमप्रभुको सामु
उभिएर धुरूधुरू रुदै प्रार्थना गरिन्। त्यस
बेला पूजाहारी एली परमप्रभुको मन्दिरको
ढोकाको छेउमा आफ्नो आसनमा बसिरहेको
थिए। ११ हन्नाले यी कुरा भनेर
भाकल गरिन्, "हे सेनाहरूका परमप्रभु,
यदि तपाईंले मेरो दुःख बुझेर ममाथि
कृपा-दृष्टि गर्नुभयो र मलाई सम्झनुभयो,
औ यदि तपाईंले मलाई भुल्नुभएन, र एउटा
बालक दिनुभयो भने, म त्यस बालकलाई
त्यसको जीवनपर्यन्त परमप्रभुमा समर्पण गर्नेछु,
औ त्यसको कपालमा कहिल्यै छुरा लाग्नेछैन।"
१२ तिनले धेरै बेरसम्म परमप्रभुको सामु
प्रार्थना गरिरहँदा एलीले तिनका ओंठ
चलेका हेरिरहे। १३ हन्ना मनमनै प्रार्थना
गरिरहेकी थिइन्, औ तिनका ओंठ चले
तापनि सोर चाहिं सुनिंदैन थियो। औ एलीले
तिनलाई मातेकी स्त्री हो भनी ठाने।
१४ उनले तिनलाई भने, "तिमी कहिलेसम्म
यस नशामा रहन्छयौ। मद्य त्यागिदेऊ।"
१५ तिनले जवाफ दिइन्, "म सचेतै छु।
मैले कुनै मद्य पिएकी छैनँ। मता परमप्रभुको
सामने मेरो मनको दुःख पोखिरहेछु।
१६ हजूर, मलाई यस्तो नीच नठान्नुहोला।
मेरो दुःख र कष्ट ज्यादा भएरनै म अहिले-
सम्म बड़बड़ाइरहेकी छु।" १७ एलीले
भने, "शान्तिसित जाऊ, औ तिमीले उहाँलाई
गरेको प्रार्थनाको जवाफ इस्राएलका परमेश्वरले
तिमीलाई देऊन्।" १८ हन्नाले भनिन्,
"म तपाईंको दयाको योग्य हुनसकूँ।" त्यस-
पछि तिनी गइहालिन् र केही खानेकुरो
खाइन्, औ तिनी फेरि उदास भइनन्।
१९ भोलिपल्ट उनीहरू बिहानै उठे, र परम-
प्रभुलाइ दण्डवत् गरेर आफ्नो घर रामामा
फर्के। आफ्नी स्वास्नी हन्नासित एल्कानाको
सहवास भयो, र परमप्रभुले हन्नालाई सम्झनु-
भयो। २० हन्ना गर्भवती भइन्, र बेला
पुगेपछि तिनले एउटा छोरो जन्माइन्, औ
तिनले त्यसको नाउँ शमूएल राखिन्, किनभने
'मैले त्यसलाई परमप्रभुसँग मागेकी हुँ' भनी
तिनी भन्थिन्।

२१ वार्षिक बलिदान चढ़ाउन र आफूले
गरेको भाकल पूरा गर्नलाई एल्काना आफ्ना
जम्मै परिवारसँग माथि उक्लेर गए। २२ हन्ना
चाहिं तिनीहरूसँग गइनन्, तर तिनले आफ्नो
लोग्नेलाई भनिन्, "जब बालकले दूध खान
छोड़छ तब त्यसलाई लिएर परमप्रभुको उप-
स्थितिमा त्यसलाई हाजिर गराउनलाई म
जानेछु, र त्यो सधैँभरिनै त्यहीं रहनेछ।"
२३ तिनका लोग्ने एल्कानाले तिनलाई भने,
"तिमीलाई जे असल लाग्छ त्यही गर।
त्यसले दूध नछोड़ेसम्म घरमैं बस।

तिमीले आफ्नो भाकल पूरा गरेकी साँच्चैनै
परमप्रभुले देखून्।" २४ यसैले त्यो स्त्री
घरैमा बसिन्, र दूध नछोड़ेसम्म त्यस बालक-
लाई हुर्काइन्। औ जब तिनले दूध छोड़ाइन्
तब तिनले त्यसलाई माथि लगिन्। तिनले
आफ्नो साथमा एउटा तीन वर्षे साँढ़े, चार
पाथी पीठो र एक मसक दाखमद्य लिएर त्यो
सानै बालक भए तापनि त्यसलाई शीलोमा
परमप्रभुको भवनमा ल्याइन्। २५ उनीहरूले
त्यस साँढ़ेलाई मारे, र त्यस ठिँटालाई एली-
कहाँ ल्याए। २६ हन्नाले तिनलाई भनिन्,
"हजूर, तपाइं जीवित हुनुभएभैँ म भन्दछु
कि म त्यही स्त्री हुँ, जो परमप्रभुसँग प्राथना
गर्दै तपाइंको छेउमा उभिएकी थिइँ।
२७ यही बालकको निम्ति मैले प्रार्थना
गरेकी थिएँ, औ मैले मागेको कुरा परम-
प्रभुले मलाई दिनुभयो। २८ मैले मागेको
कुरो मैले पाएँ। औ अब यसलाई परमप्रभु-
कहाँनै अर्पण गर्दछु। त्यसको जीवनभरिनै
त्यो परमप्रभुमा अर्पण गरिएको छ।" औ
तिनीहरू आफैले पनि त्यहाँ परमप्रभुको सामने
दण्डवत् गरे।

हन्नाको धन्यवाद प्रदान

२ तब हन्नाले यो प्रार्थना चढ़ाइन्।
"मेरो हृदयले परमप्रभुमा आनन्द गर्दछ,
परमप्रभुमा म मेरो शिर ठाड़ो पार्दछु,
मेरो मुख मेरा शत्रुहरूप्रति खिसीले
भरिएको छ,
तपाईंले मलाई उद्धार गर्नुभएकोले म
हर्षित भएकी छु।
२ तपाइंबाहेक पवित्र अरू कोही छैन,
परमप्रभुजस्तै अरू कोही छैन,
हाम्रा परमेश्वरजस्तै अरू कुनै चट्टान
छैन।
३ तेरो घमण्डको शेखी बन्द गर,
अहंकारको वचन तेरो मुखबाट
ननिकाल्।
किनभने परमप्रभु सबै बुद्धिका ईश्वर
हुनुहुन्छ।
मानिसले गर्ने सबै काममा उहाँनै शासन
गर्नुहुन्छ।
४ शूरवीरहरूका धनु भाँचिएका छन्,
बलिया मानिसहरू खिन्न भएर बस्छन्।
तर निर्बलहरूले नया बल प्राप्त गर्छन्।
५ धेरै हुनेहरू रोटीको टुक्राको निम्ति
आफैले आफैलाई बेच्छन्
तर भोकाएकाहरू फेरि बलिया हुन्छन्।
बाँझी स्त्रीका सात जना बालकहरू
हुन्छन्,
तर धेरै छोराकी आमा शिथिल पारिन्छे।
६ परमप्रभुले मार्नुहुन्छ, र परमप्रभुलेनै
जीवन दिनुहुन्छ,
उहाँलेनै पातालमा पठाउनुहुन्छ
र मरेकोलाई जीवित पार्नसक्नुहुन्छ।
७ परमप्रभुलेनै मानिसलाई गरीब
तुल्याउनुहुन्छ,
उहाँलेनै त्यसलाई धनी तुल्याउनुहुन्छ।
उहाँले खसाल्नुहुन्छ, र उहाँलेनै
उठाउनुहुन्छ।
८ महान्‌हरूका बीचमा स्थान दिनलाई
सम्मानको आसन बसाल्नलाई
उहाँले दुर्बललाई धूलोबाट
र दरिद्रलाई घुर्यानबाट उठाउनुहुन्छ।
किनभने पृथ्वीका जगहरू परमप्रभुकै हुन,
उहाँलेनै संसारलाई तीमाथि
बनाउनुभएको हो।
९ उहाँले आफ्ना पवित्र जनहरूका
पाइलालाई रक्षा गर्नुहुन्छ
तर दुष्टहरू शून्यता र अन्धकारमा
हराउँछन्,
केवल बलले मात्र मानिस प्रबल
हुनसक्तैन।
१० जब सर्वोच्च परमेश्वर स्वर्गबाट गर्जनुहुन्छ,
तब परमप्रभुको विरुद्धमा खड़ा हुनेहरू
भयभीत हुनेछन्।
पृथ्वीको पल्लो छेउसम्मै परमप्रभु न्यायकर्त्ता

हुनुहुन्छ।
उहाँले आफ्ना राजालाई शक्ति दिनुहुनेछ,
र आफ्नो अभिषिक्त जनको शिर खड़ा
गर्नुहुनेछ।
११ तब एल्काना आफ्नो परिवारसँग रामामा
फर्के, तर त्यो बालक चाहिँ पूजाहारी
एलीको अधीनमा परमप्रभुको सेवा
गर्नलाई त्यहींनै बस्यो।

एलीका छोराहरूको दुष्कर्म

१२-१३ अब एलीका छोराहरू दुष्ट
थिए, र परमप्रभुको निम्ति तिनीहरूमा श्रद्धा
थिएन। मानिसहरूप्रति पूजाहारीहरूले गर्नुपर्ने
व्यवहारको रीति यस्तो थियो—जब कुनै
मानिसले बलिदान चढ़ाउँथ्यो तब मासु
उम्लिरहँदा कराही वा तसला अथवा ताप्के
वा भाँड़ा जेमा त्यो उमाल्थ्यो पूजाहारीको
सेवक आएर त्यसमा त्रिशुलले घोंच्थ्यो,
१४ र त्रिशुलमा आएको जति चाहिँ पूजा-
हारीले लाने गर्थे। शीलोमा इस्राएलीहरू
बलिदान चढ़ाउनलाई आउँदा तिनीहरूको
रीति यस्तै हुनुपर्थ्यो। १५ तर एलीका
छोराहरूका पालामा चाहिँ बोसो जलाउन
अघिनै पूजाहारीको सेवक आएर बलिदान
चढ़ाउने मानिसलाई भन्थ्यो, "पूजाहारीको
लागि पकाउनलाई मलाई मासु देऊ। अघिबाटै
उमालेको मासु तिनी लिँदैनन्, केवल
काँचो मासु मात्र लिन्छन्।" १६ औ "पहिले
तिनीहरूलाई बोसो जलाउनदेऊ, र तिमीले
मागेको जति लैजाऊ" भनी यदि कुनै
मानिसले जवाफ दियो भने त्यस सेवकले यसो
भन्थ्यो, "होइन, त्यो मलाई अहिलेनै देऊ,
नत्रता म जबरदस्ती खोसेर लैजानेछु।"
१७ ती जवान मानिसहरूको पाप परमप्रभुको
दृष्टिमा साह्रै बढ़ता भयो, किनभने तिनी-
हरूले परमप्रभुको बलिदानलाई औधि तुच्छ
ठाने।
१८ शमूएल सानै बालक थिए, र
मलमलको एपोद लाएर परमप्रभुको सेवामा
निरन्तर लागिरहे। १९ हरेक साल तिनकी
आमाले तिनलाई एक जोर दौरा बनाइ
दिन्थिन्, र तिनका लोग्नेसँग वार्षिक बलिदान
चढ़ाउन जाँदा शमूएलको निम्ति त्यो
लगिदिन्थिन्। २० एलीले एल्काना र तिनकी
स्वास्नीलाई आशीर्वाद दिएर भन्थे, "तिमीले
मागेको यस छोराको सट्टामा परमप्रभुले
तिमीलाई यस स्त्रीबाट छोरा-छोरीहरू देऊन्।"
त्यसपछि उनीहरू आफ्नो घर फर्कन्थे।
२१ परमप्रभुले हन्नामाथि अनुग्रह गर्नुभयो,
औ तिनी गर्भवती भएर तीन छोरा र दुइ
छोरी जन्माइन्। अनि बालक शमूएल परम-
प्रभुको सामने बढ़नलाग्यो।
२२ एली अब साह्रै वृद्ध भएका थिए, औ
तिनका छोराहरूले सारा इस्राएलमाथि कस्तो
व्यवहार गर्दछन् भनी तिनले सुने। भेट
हुने पालको ढोकामा सेवा गर्ने स्त्रीहरूसँग
सहवास गरेका कुरा पनि तिनले सुने।
२३ यसकारण तिनले उनीहरूलाई भने,
"तिमीहरू किन यस्तो काम गर्दछौ?
२४ तिमीहरू दुष्ट व्यवहार गर्दछौ भन्ने कुरा
म सबै मानिसहरूका मुखबाट सुन्दैछु। हे
मेरो छोरा हो, यस्ता काम छोड़िदेऊ,
किनकि परमप्रभुका लोकका बीचमा फैलिएको
कुरा जे म सुन्दैछु सो असल छैन। २५ यदि
मानिसले मानिसको विरुद्धमा पाप गर्‍यो भने
परमेश्वरले हस्तक्षेप गर्नुहुनेछ। तर यदि
मानिसले परमेश्वरको विरुद्धमा पाप गर्‍यो भने
त्यसको पक्षमा कसले बोलिदिने?" यी सबै
कुरा सुने तापनि तिनीहरूले आफ्ना पिताका
कुरामा ध्यान दिएनन्, किनभने तिनीहरू
मर्नैपर्छ भनी परमप्रभुले ठानिसक्नुभएको थियो।
२६ तर बालक शमूएल बढ़दै जाँदा परम-
प्रभु र मानिसहरूका प्रशंसाका पात्र भए।
२७ अब परमेश्वरका एक जन एलीकहाँ
आएर तिनलाई भने, "परमप्रभु यसो
भन्नुहुन्छ, 'जब तिमीहरूका पित्र र त्यसको
घराना मिश्र देशमा फिरऊनको घरमा

दासत्वमा थियो, तब म आफै त्यसकहाँ प्रकट
भएँ भनी तँ जान्दछस्। २८ तँ जान्दछस्
कि मैले इस्राएलका सबै कुलहरूमध्ये त्यसलाई
मेरो पूजाहारी हुन, मेरो वेदीका खुड्किलामा
उक्लन, बलिदान चढ़ाउन र मेरा सामने
एपोद लाउनलाई छानें। औ इस्राएलका सबै
अन्नबलि तेरो परिवारको निम्ति अलग
गरिदिएँ। २९ तब किन तँ मैले आदेश
दिएका बलिदानहरू र भेटीहरूलाई अनादर
गर्छस्? तँ किन तिनलाई लालचको दृष्टिले
हेर्छस्? ३० परमप्रभुले यसो भन्नुभएको
थियो "तेरो परिवार र तेरा पिताको
परिवारले सधैँभरि मेरो सामने सेवा गर्नेछन्"
भनी मैले प्रतिज्ञा गरेको थिएँ, तर अब
उहाँ यसो भन्नुहुन्छ, "अब यस्तो काम
हुनेछैन। मलाई आदर गर्नेलाई म आदर
गर्नेछु, र मलाई तिरस्कार गर्नेहरू तुच्छ
ठानिनेछन्। ३१ समय आउँदैछ कि तेरो
परिवारको एउटै पनि वृद्धावस्थामा नपुग्ने
गरी म तेरो र तेरा बाबुका परिवारको
एक एक अङ्ग काटिदिनेछु। ३२ मैले
इस्राएललाई दिने सुदिनलाई पनि तैंले तिरस्कार
गर्नेछस्। तेरो परिवारमा अब उप्रान्त
कहिल्यै कुनै वृद्ध मानिस हुनेछैन। ३३ यदि
मेरो वेदीको सेवा गर्नलाई मैले कसैलाई
बचाएर राखेंछु भने पनि त्यसका आँखा
धमिला हुनेछन्, र त्यसको रूचि हराउनेछ,
त्यसका सन्तान दुर्बल हुनेछन् र मरिहाल्ने-
छन्। ३४ तेरा दुइ छोराहरूको दुर्दशा तेरो
निम्ति एउटा चिह्न हुनेछ। होप्नी र पीनहास
दुवै एकै दिनमा मर्नेछन्। ३५ म मेरो
निम्ति एउटा पूजाहारी नियुक्त गर्नेछु, जो
विश्वासी हुनेछ, औ मेरो मनमा र हृदयमा
भएको कुरानै त्यसले गर्नेछ। मेरो अभिषिक्त
राजाको सामने पुस्तौंसम्म सेवा गर्नलाई म
त्यसको परिवारलाई स्थिर गराउनेछु।
३६ तेरो परिवारमा जीवित रहनेले एक टुक्रा
चाँदी, एउटा रोटी र एक गाँस रोटी
कमाउनको निम्ति पूजाहारीको कामको पालो
पाउनलाई तिनको सामु गएर नम्रतापूर्वक
झुक्नेछ।"

शमूएललाई बुलावट भएको

३ अब बालक शमूएल एलीको अधीनमा
परमप्रभुको सेवा गर्दथिए। त्यस बेला
परमप्रभुको वचन विरलै सुनिन्थ्यो, औ दर्शन
पनि उस्तो दिइँदैन थियो। २ तर एक रात
एली आफ्नो नियमित ठाउँमा पल्टिरहेका
थिए। एलीका आँखा धमिला भइसकेका
थिए, र तिनले राम्ररी देख्नसक्तैन थिए।
३ औ शमूएल चाहिं परमेश्वरको सन्दूक
भएको परमप्रभुको मन्दिरमा सुतिरहेका थिए।
४ परमेश्वरको बत्ती निभ्नअघि परमप्रभुले
शमूएललाई बोलाउनुभयो, औ शमूएलले
जवाफ दिए, "म यहीं छु।" ५ औ दगुरेर
एलीकहाँ गएर तिनले भने, "तपाईंले मलाई
बोलाउनुभयो। म यहीं छु।" एलीले भने,
"अहँ, मैले तँलाई बोलाइनँ। जा, गएर
सुत्।" तब तिनी गएर सुते। ६ परम-
प्रभुले फेरि शमूएललाई बोलाउनुभयो।
औ तिनी उठेर एलीकहाँ गए। तिनले भने,
"म यहीं छु। निश्चय तपाईंले मलाई बोलाउनु-
भयो।" एलीले भने, "मेरो छोरो,
मैले तँलाई बोलाइनँ। जा, गएर सुत्।"
७ अब शमूएलले अझसम्म परमप्रभुलाई
चिनेका थिएनन्। औ परमप्रभुको वचन
तिनलाई प्रकट गरिएको थिएन। ८ जब
परमप्रभुले तिनलाई तेस्रोपल्ट बोलाउनुभयो
तब फेरि एलीकहाँ गएर तिनले भने, "म
यहीं छु। तपाईंलेनै मलाई बोलाउनुभएको
हो।" तब परमप्रभुलेनै यस बालकलाई
बोलाइरहनुभएको रहेछ भनी एलीले बुझे।
९ तिनले शमूएललाई गएर ढल्किबस् भनी
भने, "यदि उहाँले फेरि बोलाउनुभयो भने
यसो भन्नू, "परमप्रभु, भन्नुहोस्, तपाईंको
दासले सुन्दैछ।" तब शमूएल गएर आफ्नो
ठाउँमा ढल्किबसे।

१० तब परमप्रभु त्यहाँ आएर उभिनुभयो, र अघिजस्तै बोलाउनुभयो, "शमूएल, शमूएल।" शमूएलले जवाफ दिए, "भन्नुहोस्, दासले सुन्दैछ।" ११ परमप्रभुले भन्नुभयो, "म इस्राएलमा चाँडै केही गर्नेछु, र त्यसले गर्दा सुन्नेहरू सबैका कान भन्किनेछ। १२ जब त्यो दिन आउनेछ तब मैंले एली र त्यसका परिवारका विरुद्धमा भनेको हरेक कुरो शुरुदेखि आखिरसम्मै म पूरा गर्नेछु। १३ तैंले त्यसलाई भन्, कि मैंले त्यसको परिवारमाथि गरेको इन्साफ सधैंको निम्ति कायम रहनेछ, किनभने परमेश्वरको विरुद्धमा त्यसका छोराहरूले गरेका ईश्वर-निन्दा जानेर पनि त्यसले तिनीहरूलाई हप्काएन। १४ यसकारण एलीको परिवारको विरुद्धमा मैंले यो शपथ खाएको छु, कि बलिदान र भेटीहरूको तिनीहरूले तिरस्कार गरेको कहिल्यै प्रायश्चित हुनेछैन।"

१५ शमूएल बिहानसम्मै सुतिरहे। त्यसपछि तिनले परमप्रभुको भवनका ढोकाहरू खोले, तर त्यस दर्शनको विषयमा एलीलाई भन्नु तिनी डराए। १६ एलीले शमूएललाई बोलाएर भने, "हे मेरो छोरो शमूएल।" तिनले भने "म यहाँ छु।" १७ एलीले सोधे, "परमप्रभुले तँलाई के भन्नुभयो? मलाई त्यो नलुकाई भन्। उहाँले तँलाई भन्नुभएका सबै कुरामा एउटै कुरा लुकाइस् भने पनि परमेश्वरले तँलाई कृपा गरून्।" १८ तब शमूएलले तिनलाई सबै कुरा बताइदिए, औ केही कुरा पनि लुकाएनन्। एलीले भने, "उहाँको दृष्टिमा जे कुरा ठीक छ सो परमप्रभुले गर्नुनै पर्छ।"

१९ जब शमूएल बढ्नलागे तब परमप्रभु तिनीसँग हुनुभयो, र उहाँको वचन एउटै पनि अपूर्ण रहेन। २० दानदेखि बेर्शेबासम्मका सबै इस्राएलले शमूएल परमप्रभुका अगमवक्ता स्थपित भएछन् भनी मान्यता दिए। २१ यसरी परमप्रभु स्वयं शमूएलकहाँ प्रकट हुनुभएको कारण उहाँ शीलोमा देखा पर्दैरहनुभयो।

पलिश्तीहरूले करारको सन्दूक कब्जा गरेर लगेका

४ तब शमूएलको वचनले इस्राएलभरिनै अधिकार गर्‍यो। औ यस्तो समय आयो जब पलिश्तीहरू इस्राएलको विरुद्धमा लड़ाइँ गर्नलाई जम्मा भए, औ इस्राएलीहरू तिनीहरूसँग युद्ध गर्नलाई अगि बढ़े। इस्राएलीहरूले एबेन-एजेरमा र पलिश्तीहरूले अपेकमा डेरा हाले। २ पलिश्तीहरूले इस्राएलको सामने आफ्ना पंक्ति बाँधे, औ जब तिनीहरूबीच लड़ाइँ भयो तब इस्राएलीहरू पलिश्तीहरूद्वारा पराजित भए, औ उनीहरूका चार हजार मानिसहरू रणभूमिमा मारिए। ३ जब सेना छाउनीमा फर्केर आयो तब इस्राएलका बूढ़ा-प्रधानहरूले सोधे, "आज परमप्रभुले हामीलाई किन पलिश्तीहरूद्वारा पराजित गराउनुभयो? हामीसँग जानलाई र हामीलाई हाम्रा शत्रुहरूको शक्तिबाट मुक्त गराउनलाई परमप्रभुको करारको सन्दूक शीलोबाट ल्याऊ।" ४ यसैकारण तिनीहरूले शीलोमा मानिसहरू पठाए, र सेनाहरूका परमप्रभु, जो करूबहरूमाथि विराजमान हुनुहुन्छ, उहाँको करारको सन्दूक ल्याए। एलीका दुइ छोरा, होप्नी र पीनहास, त्यहाँ सन्दूकका साथमै थिए। ५ जब सन्दूक छाउनीमा ल्याइयो तब सारा इस्राएलीहरूले ठूलो सोरले त्यसलाई स्वागत गरे औ तिनीहरूका सोरले पृथ्वीनै गुञ्जायमान भयो। ६ पलिश्तीहरूले त्यो सोर सुने, र सोधे, "हिब्रूहरूको छाउनीमा भएको त्यो ठूलो हल्ला के हो?" ७ औ परमप्रभुको सन्दूक छाउनीमा आयो भनी जब तिनीहरूले थाह पाए तब तिनीहरू डराएर भने, "देवताहरू छाउनीमा आएछन्। ८ हाम्री ता सर्वनाश भयौं! यस्ता शक्तिशाली देवताहरूका शक्तिबाट हामीलाई कसले छुटाउनसक्नेछ? यी तिनै देवताहरू हुन् जसले मिश्रीहरूलाई छिन्न-भिन्न पारे, र तिनीहरूलाई उजाड़-स्थानमा ध्वंस बनाए।

९ हे पलिश्ती हो, आँटिला होऊ, र
मर्दझैं काम गर, नत्रता जस्तो तिनीहरू
तिमीहरूका कमारा थिए तिमीहरू पनि
तिनीहरूका कमारा हुनेछौ। मर्दझैं लड़ाइँ
गर।'' १० तब पलिश्तीहरूले युद्ध गरे, र
इस्राएलीहरू पराजित भएर आफ्नो आफ्नो
घरमा भागे। त्यो ठूलो हार थियो, र
तीस हजार इस्राएली पैदल-सिपाहीहरू नाश
भए। ११ परमेश्वरको सन्दूक खोसियो, औ
एलीका दुवै छोरा, होप्नी र पीनहास,
पनि मारिए।

एलीको मृत्यु

१२ एउटा बिन्यामिनी, रण-भूमिबाट
आफ्नो च्यातिएको लुगामा र टाउकोभरि
धूलै धूलो लिएर त्यही दिन शीलोमा
दौड़ेर पुग्यो। १३ त्यो आइपुग्दा एली
मिस्पा जाने बाटोको छेउमा आफ्नो आसनमा
बसिरहेका थिए, किनभने परमेश्वरको सन्दूकको
कारण तिनी साह्रै विचलित भएका थिए।
समाचार लिएर त्यो मानिस शहरभित्र
पस्यो, र सबै मानिसहरू भयभीत भएर
कराए। १४ जब एलीले त्यो सुने तब
तिनले भने, "यो केको हल्ला-खल्ला हो?''
त्यो मानिस हतार हतार एलीकहाँ गएर
तिनलाई सबैकुरो वताइदियो। १५ एली त्यस
बेला अन्ठानब्बे वर्ष पुगेका थिए, र आँखा
नदेख्ने भई वाल्ल परेर हेरिबसे। १६ तब
त्यस मानिसले तिनलाई भन्यो, "म लड़ाइँ-
बाट भर्खरै आएको हुँ। आजै म रण-
भूमिवाट भागेर आएको छु।'' १७ एलीले
सोधे, "हे मेरो छोरो, समाचार के छ त?''
त्यो दौडी आउने मानिसले जवाफ दियो,
"इस्राएलीहरू पलिश्तीहरूको सामनेबाट भागे।
सेनामा आतङ्क फिँजियो। तपाईंका दुवै
छोरा, होप्नी र पीनहास मारिए, औ
परमेश्वरको सन्दूक पनि खोसियो।''
१८ परमेश्वरका सन्दूकको विषयमा सुन्ने
बित्तिकै ढोकाको छेउमा भएको आसनबाट एली
पछिल्तिर लोटे, र तिनको मण्टो भाँचियो,
किनभने तिनी वृद्ध र ठूलो जीउका मानिस
थिए। यसरी तिनी मरे। तिनी चालीस
वर्षसम्म इस्राएलका न्यायकर्ता भएका थिए।
१९ तिनकी बुहारी, पीनहासको पत्नी गर्भवती
थिईं, र बालक आउने समय भइसकेको
थियो। जब त्यसले परमेश्वरको सन्दूक कब्जा
गरेर लगेको र आफ्ना ससूरा र पति
मरेको कुरा सुनी तब त्यतिनै बेला तिनको
प्रसव वेदना शुरू भयो, र थुचुक्क बसेर
त्यसले बालक जन्माई। २० जब त्यो मर्न
लागेकी थिई तब त्यसलाई स्याहार्ने स्त्रीहरूले
भने, "नडराऊ, तिम्रो एउटा छोरो भयो।''
तर तिनीहरूले भनेको कुराको त्यसले जवाफ
दिइन, त्यसले ध्यानै दिइन। २१ तब
तिनीहरूले यसो भनेर त्यसको नाउँ ईकाबोद
राखे, 'इस्राएलबाट महिमा हरायो'' (परमेश्वरको
करारको सन्दूक कब्जा गरिएको औ त्यसका
ससूरा र पतिको मृत्युलाई संकेत गरेर तिनीहरूले
यो भनेका थिए।) २२ "इस्राएलबाट महिमा
हरायो, किनभने परमेश्वरको सन्दूक खोसियो,''
तिनीहरूले भने।

परमेश्वरको करारको सन्दूक पलिश्तीहरूका शहरहरूमा

५ जब पलिश्तीहरूले परमेश्वरको करारको
सन्दूक कब्जा गरेर लगे, तब
तिनीहरूले त्यो एबेन-एजेरबाट अश्दोदमा
ल्याए। २ तिनीहरूले त्यो बोकेर दागोनको
मन्दिरमा ल्याए, र दागोनकै छेउमा राखे।
३ भोलिपल्ट जब अश्दोदका मानिसहरू
उठे, तब तिनीहरूले दागोनलाई परमप्रभुको
सन्दूकको अगि घोप्टिरहेको देखे। तब
तिनीहरूले दागोनलाई उठाएर त्यसकै स्थानमा
राखिदिए। ४ भोलिपल्ट बिहानै जब
तिनीहरू उठे, तब दागोन चाहिँ परमप्रभुको
सन्दूकको अगि घोप्टिरहेको देखे, औ त्यसको

टाउको र दुइ हात चाहिँ छिन्नभिन्न भएर मचमा पड़िरहेका थिए। दागोनको शरीर मात्र त्यहाँ रहेको थियो। ५ यसैकारण त्यस दिनदेखि यसो अश्दोदमा दागोनका पूजाहारीहरू र दागोनको मन्दिरमा पस्नेहरू सबै दागोनको मचमा पाउ हाल्दैनन्।

६ तब परमप्रभुको हातको प्रकोप अश्दोदका मानिसहरूमाथि पर्‍यो। उहाँले तिनीहरूलाई दिनसम्म दुःख दिनुभयो, र गिर्खाको रूढ़ीले सताउनुभयो। औ तिनीहरूको इलाकामा हुलका हुल मूसाहरू निस्के। तिनीहरूका शहरहरूभरिनै मृत्यु र विनाश छायो। ७ जब अश्दोदका मानिसहरूले यो देखे तब तिनीहरूले भने, "इस्राएलका परमेश्वरको सन्दूकलाई यहाँ राख्नुहुँदैन, किनभने उहाँको हातको प्रकोप हामीमाथि र हाम्रो देवता दागोनमाथि परेको छ।" ८ यसैले सन्दूकलाई के गर्नुपर्छ भनी सोध्नलाई तिनीहरूले पलिश्तीहरूका सबै शासकहरूलाई बोलाइपठाए। तिनीहरूले भने, "इस्राएलका परमेश्वरको सन्दूक पारि गातमा पुर्‍याइओस्।," ९ तिनीहरूले त्यो त्यहाँ लगे। तर त्यो त्यहाँ पुगेपछि परमप्रभुको हातले त्यस शहरमा ठूलो संहार गर्‍यो। त्यहाँका ठूला साना सबैलाई उहाँले गिर्खाको रूढ़ीले सताउनुभयो। १० तब तिनीहरूले परमेश्वरको सन्दूक एक्रोनमा पठाइदिए। जब सन्दूक एक्रोनका आइपुग्यो, तब मानिसहरू यसो भनेर कराए, "तिनीहरूले ता हामीलाई र हाम्रा परिवारलाई मार्नको निम्ति इस्राएलका परमेश्वरको सन्दूक हामीकहाँ ल्याएछन्।" ११ यसैले तिनीहरूले पलिश्तीहरूका सबै शासकहरूलाई भेला हुनलाई बोलाइपठाए, र तिनीहरूलाई भने, "इस्राएलका परमेश्वरको सन्दूक फर्काईदिनुहोस्। त्यो आफ्नै ठाउँमा पुर्‍याइदिनुहोस्, नत्रता त्यसले गर्दा हामी सबैको मृत्यु हुनेछ।" मृत्यु र सत्यानाश जम्मै शहरमा फैलियो, किनभने परमेश्वरको हातको प्रकोप त्यहाँ परेको थियो। १२ नमरेकाहरूलाई पनि गिर्खाको रूढ़ीले सताएको थियो। त्यस शहरको रोदन स्वर्गसम्मै पुग्यो।

पलिश्तीहरूले सन्दूक इस्राएललाई फर्काइदिएका

६ अब परमेश्वरको सन्दूक तिनीहरूका इलाकामा रहेको सात महीना भइसकेको थियो, २ तब पलिश्तीहरूले पूजाहारीहरू र ज्योतिषीहरूलाई बोलाएर तिनीहरूलाई सोधे, "परमप्रभुको सन्दूकलाई अब के गर्ने? त्यसको निज स्थानमा हामीले त्यो कसरी पठाउनु पर्ने हो? हामीलाई भन्नुहोस्।" ३ तिनीहरूले जवाफ दिए, "यदि तपाईंहरूले इस्राएलका परमेश्वरको सन्दूक पठाउनुहुन्छ भने सौगात विना त्यो नपठाउनुहोस्। तर उहाँको निम्ति दोषबलिको साथमा त्यो पठाउनुहोस्। तब तपाईंहरू निको हुनुहुनेछ, र उहाँको निगाह फेरि तपाईंहरू माथि हुनेछ। तब उहाँको हात तपाईंहरूबाट नहटाउने ता केही कारणै देखिँदैन।" ४ "उहाँलाई हामीले के सौगात पठाउने त?" भनी जब तिनीहरूलाई सोधियो, तब तिनीहरूले यस्तो जवाफ दिए, "तपाईंहरू सबै र तपाईंहरूका शासकहरूलाई सताउने त्यही रूढ़ीको नाउँमा गिर्खाको नमूनाका पाँचवटा सुनका गिर्खा र पाँचवटा सुनका मूसा हरेक पलिश्तीको शासकको निम्ति पठाउनुहोस्। ५ तपाईंहरूका गिर्खा र देशलाई विध्वंस गर्ने मूसाहरूका नमूना बनाउनुहोस्, र इस्राएलका परमेश्वरलाई महिमा दिनुहोस्। सायद उहाँले तपाईंहरू, तपाईंहरूका देवताहरू र तपाईंहरूका देशमाथि आफ्नो हातको प्रकोप कम गरिदिनुहुनेछ। ६ तपाईंहरू किन फिरऊन र मिश्रीहरूजस्तै हठी हुने? तिनीहरूले इस्राएललाई जान नदिएसम्म यिनै देवताले तिनीहरूको ठट्टा उड़ाउनुभयो। यस कुरालाई याद राख्नुहोला। ७ अब कहिल्यै नजोतिएका

दुइवटा दुहुना गाई र एउटा नयाँ गाड़ा
तयार गर्नुहोस्, र ती गाईहरूलाई त्यस
गाड़ामा नारेर तिनीहरूका बाछालाई
चाहिं तिनीहरूबाट अलग गरेर गोठमा
लैजानुहोस्। ८ त्यसपछि परमप्रभुको सन्दूक
लगेर त्यस गाड़ामा राख्नुहोस्, औ त्यसकै
छेउमा एउटा कन्तूरमा तपाईंहरूले उहाँलाई
पठाउने सुनका दोषबलि हाल्नुहोस्, र त्यो
गाड़ा जता जान्छ त्यता जानदिनुहोस्।
९ त्यसलाई हेरिरहनुहोस्। यदि त्यो गाड़ा
बेत-शेमेशतिर आफ्नै इलाकामा माथितिर
लाग्यो भने परमप्रभुलेनै त्यो ठूलो हानि
हामीमाथि गर्नुभएको रहेछ, होइन भने,
उहाँको हातले हामीलाई छोएको रहेनछ,
तर यो संयोगले भएको रहेछ भनी हामी
जान्नेछौं।''
१० ती मानिसहरूले त्यसै गरे। तिनी-
हरूले दुइवटा गाई ल्याएर एउटा गाड़ामा
नारे। तिनका बाछाहरूलाई चाहिं गोठमानै
थुनिराखे। ११ तब तिनीहरूले कन्तूरमा
सुनका मूसा र गिर्खाका नमूनाहरूका साथमा
परमप्रभुको सन्दूक त्यसमा राखे। १२ तब
ती गाईहरू सीधै बेत-शेमेशको दिशातिर
लागे। औ पलिश्तीहरूका शासकहरू चाहिं
बेत-शेमेशको इलाकासम्मै तिनीहरूका पछिपछि
गए। १३ अब बेत-शेमेशका मानिसहरू
बेंसीमा गहुँको फसल काटिरहेका थिए, औ
जब तिनीहरूले यसो माथि हेरे तब सन्दूक
देखेर तिनीहरू रमाए। १४ त्यो गाड़ा
बेत-शेमेशका यहोशूको खेतमा आएर अड़ियो।
त्यहाँ नजीकै एउटा ठूलो ढुङ्गो थियो।
यसैले तिनीहरूले गाड़ाका काठहरू काटेर
ती गाईहरूलाई परमप्रभुको निम्ति होमबलि
चढ़ाए। १५ तब लेवीहरूले परमप्रभुको
सन्दूक र सुनका भेटी भएको कन्तूर उठाएर
त्यस ठूलो ढुङ्गामाथि राखे। औ बेत-
शेमेशका मानिसहरूले त्यस दिन परमप्रभुको
निम्ति होमबलि र मेलबलि चढ़ाए।
१६ पलिश्तीहरूका ती पाँचै जना शासकहरूले
यी सबै हेरिरहे, र त्यही दिन एक्रोनमा
फर्के।
१७ ती सुनका गिर्खाहरू जुन चाहिं
पलिश्तीहरूले दोषबलिको निम्ति पठाएका
थिए ती अश्दोद, गाजा, अश्कलोन, गात
र एक्रोनका लागि थिए, हरेक शहरको
निम्ति एउटा एउटा थियो। १८ सुनका
मूसाहरू चाहिं पर्खाल भएका शहर र बस्ती-
हरू जो ती पाँच शासकहरूले शासन गर्थे,
ती सबै शहरहरूका निम्ति थिए। त्यो
ठूलो ढुङ्गा जहाँ तिनीहरूले परमप्रभुको
सन्दूक राखे बेत-शेमेशका यहोशूको खेतमा
आजको दिनसम्मै साक्षीको रूपमा छ।
१९ जब बेत-शेमेशका बाँकी मानिसहरूले
एकसाथ परमप्रभुको सन्दूकलाई स्वागत गरे,
तब यकोनियाका छोराहरूले आनन्द मनाएनन्,
र परमप्रभुले तिनीहरूमध्येका सत्तरी जनालाई
मार्नुभयो। तर परमेप्रभुले तिनीहरूमाथि यस्तो
ठूलो सत्यानाश ल्याउनुभएकोले मानिसहरू
विलाप गर्नलागे, २० र बेतशेमेशका मानिस-
हरूले भने, "परमप्रभु, यी पवित्र परमेश्वरको
उपस्थितिमा कोही सुरक्षित छैन। उहाँबाट
उम्कनलाई यो सन्दूक हामी कसकहाँ पठाऔं?
२१ तब तिनीहरूले यो समाचार किर्यात्-
यारीमका बासिन्दाहरूलाई पठाए, "पलिश्ती-
हरूले परमप्रभुको सन्दूक फर्काइदिएका छन्।
तल आएर त्यो जिम्मा लिनुहोस्।''

७ तब किर्यात्-यारीमका मानिसहरू आएर
परमप्रभुको सन्दूक लगे। तिनीहरूले
डाँड़ामा भएका अबीनादाबको घरमा त्यो
ल्याए, र तिनका छोरा एलाजारलाई त्यसको
हेरचाहा गर्ने काममा पवित्र तुल्याए।

शमूएल इस्राएलका न्यायकर्त्ता भएका

२ यसरी धेरै समयसम्म सन्दूक किर्यात्-
यारीममा रह्यो। औ केही समयपछि, अर्थात्
बीस सालपछि, इस्राएलभरिनै परमप्रभुको

पछि फेरि लाग्नैपर्छ भन्ने प्रबल इच्छा प्रकट
गरियो। ३ यसैले शमूएलले समस्त इस्राएल
जातिलाई यसो भने, "यदि तिमीहरू
आफ्ना पूरा मनले परमप्रभुतिर फर्कन्छौ
भने तिमीहरूका पूजा-कोठाहरूबाट पराई
देवताहरू र अश्तारोत देवीहरूलाई निकालि-
देऊ, आफ्ना पूरा मन र हृदयले परमप्रभुतिर
फर्क औ उहाँको मात्र सेवा गर, र उहाँले
तिमीहरूलाई पलिश्तीहरूको हातबाट मुक्त
गर्नुहुनेछ।" ४ तब इस्राएलीहरूले बाल
देवताहरू र अश्तारोत देवीहरूलाई निकालिदिए,
र परमप्रभुको मात्र सेवा गर्नलागे।

५ तब तिनीहरूका पक्षमा परमप्रभुसित
प्रार्थना गर्नलाई शमूएलले सबै इस्राएलीहरूलाई
मिस्पामा भेला गर्ने एउटा महा-सभा
बोलाए। ६ जब तिनीहरू त्यहाँ भेला भए,
तब तिनीहरूले पानी भरेर परमप्रभुको सामने
खन्याए, र "हामीले परमप्रभुको विरुद्धमा पाप
गर्‍यौं" भनी स्वीकार गरी दिनभरिनै तिनीहरू
उपवास बसे। मिस्पामानै शमूएल इस्राएलका
न्यायकर्त्ता भए।

७ इस्राएलीहरू मिस्पामा भेला भएका
छन् भनी जब पलिश्तीहरूले सुने, तब
तिनीहरूका शासकहरू इस्राएलीहरूका विरुद्धमा
लड़ाइँ गर्नलाई निस्के। पलिश्तीहरू अगि
बढ़्दै आएको कुरा सुनेर इस्राएलीहरू डराए।
८ तिनीहरूले शमूएललाई भने, "पलिश्ती-
हरूको हातबाट हामीलाई बचाउनलाई
परमप्रभु हाम्रा परमेश्वरसित प्रार्थना गर्न
नछोड्नुहोस्।" ९ तब शमूएलले एउटा
दूधे थुमा लिएर होमबलि चढ़ाए, र इस्राएलको
निम्ति परमप्रभुसँग कराएर प्रार्थना गरे।
औ परमप्रभुले तिनको प्रार्थनाको उत्तर
दिनुभयो। १० जब शमूएलले बलिदान
चढ़ाइरहेका र पलिश्तीहरू चाहिँ इस्राएली-
हरूसँग लड़ाइँ गर्नलाई अगि बढ़िरहेका थिए,
तब परमप्रभु पलिश्तीहरूको विरुद्धमा ठूलो
सोरले भेरै बेरसम्म गर्जनुभयो, र पलिश्ती-
हरूको बीचमा खलबली भयो। ११ आतंकले
भरिएर तिनीहरू इस्राएलको सामनेबाट भागे।
इस्राएलीहरू मिस्पाबाट खेदैं निस्के, र
बेतकरको मन्तिर एउटा ठाउँमा आइ
नपुगुन्जेल पलिश्तीहरूलाई मार्दै रहे।
१२ त्यहींनै मिस्पा र शेनको बीचमा
शमूएलले स्मारकको रूपमा एउटा ढुङ्गा खड़ा
गरे। औ त्यसलाई एबेन-एजेर* भन्ने नाउँ
राखे। तिनले भने, "परमप्रभुले यहाँसम्म
हामीलाई सहायता गर्नुभएको हो।"
१३ यसरी पलिश्तीहरू वशमा पारिए, र
इस्राएलको इलाकाभित्र फेरि कहिल्यै पसेनन्।
औ शमूएलको जीवनभरिनै परमप्रभुको हात
तिनीहरूको विरुद्धमा रह्यो। १४ तिनीहरूले
लिएका शहरहरू फेरि इस्राएललाई फर्काइदिए,
औ एक्रोनदेखि गातसम्मको सीमाना आफ्नो
अधिकारबाट छोड़िदिए। औ इस्राएल र
एमोरीहरूका बीचमा मिलाप भयो।
१५ आफ्नो जीवनभरिनै शमूएल इस्राएलका
न्यायकर्त्ता भए। १६ तिनले प्रतिवर्ष बेतेल,
गिलगाल र मिस्पाको फेरो मार्थे। यी सबै
ठाउँहरूमा तिनले न्याय गर्थे, र सधैं रामामानै
फर्कन्थे। १७ तिनको घर त्यहींनै थियो,
र त्यहींबाटनै तिनले इस्राएलको शासन गर्थे।
औ तिनले त्यहाँ परमप्रभुको निम्ति एउटा
वेदी बनाए।

मानिसहरूले राजाको माग गरेका र शाऊल राजा चुनिएका

८ जब शमूएल वृद्ध भए तब तिनले
आफ्ना छोराहरूलाई इस्राएलका
न्यायकर्त्ता नियुक्त गरे। २ तिनको जेठा
छोराको नाउँ योएल र माहिलाको नाउँ
अबियाह थियो। तिनीहरू बेर्शेबामा न्यायकर्त्ता
थिए। ३ तिनका छोराहरू आफ्ना पिताका
चालमा हिंड़ेनन्, तर तिनीहरू आफ्नै
लाभको मात्र विचार गरी घूस लिएर न्याय

*सहायताको चट्टान

विनष्ट गर्थे। ४ यसकारण इस्राएलका
सबै बूढ़ा-प्रधानहरू भेला भई रामामा
शमूएलकहाँ आएर ५ तिनलाई भने, "तपाईं
अब वृद्ध हुनुभयो, औ तपाईंका छोराहरू
तपाईंका चालमा हिंड़दैनन्। यसकारण अरू
जातिहरूजस्तै हामीमाथि शासन गर्नलाई
एउटा राजा नियुक्त गरिदिनुहोस्।" ६ तर
शासनको निम्ति राजाको माग सुनी शमूएल
दुखी भए, तिनले परमप्रभुसित प्रार्थना गरे।
७ तब परमप्रभुले शमूएललाई यसो भन्नुभयो,
"मानिसहरूले भनेका सबै कुरा सुन्।
तिनीहरूले तँलाई इन्कार गरेका होइनन्।
तिनीहरूले ता मलाईनै इन्कार गरेका हुन्,
मलाईनै तिनीहरूले आफ्ना राजा बनाउन
इन्कार गरेका हुन्। ८ मिश्र देशबाट
तिनीहरूलाई ल्याएको दिनदेखि तिनीहरूले
मलाई जे जसो गरे अब तिनीहरूले
तँलाई त्यसै गरिरहेका छन्। तिनीहरूले
मलाई त्यागेर अरू देवताहरूको पूजा गरेका
छन्। ९ तिनीहरूले अब के भन्दैछन् सो
सुन्, तर तिनीहरूलाई गंभीर चेताउसी
दिएर बताइदे कि कस्तो किसिमको राजाले
तिनीहरू माथि शासन गर्नेछ।" १० राजाको
माग राख्ने मानिसहरूलाई परमप्रभुले
भन्नुभएका सबै कुरा शमूएलले बताइदिए।
११ तिनले भने, "तिमीहरूमाथि शासन गर्ने
राजा यस्तो किसिमका हुनेछन्, तिनले
तिमीहरूका छोराहरूलाई लिएर आफ्ना
रथहरू र घोड़चढ़ीहरूमा काम गर्नलाउनेछन्, र
तिनीहरूलाई आफ्नो रथको अगिअगि दौड़िन
लाउनेछन्। १२ कसै कसैलाई तिनले हजार
र पचास पचासका दलहरूमा अफिसर नियुक्त
गर्नेछन्। अरूहरूले चाहिं तिनका खेत
खनजोत गर्नेछन् र फसल काट्नेछन्।
फेरि अरूहरूले चाहिं तिनका लड़ाइँका
हतियारहरू र घोड़-सवारहरूका अस्त्र-शस्त्र
बनाउनेछन्। १३ तिनले तिमीहरूका छोरी-
हरूलाई अत्तर बनाउने, खानेकुरा पकाउने
र रोटी बनाउने कामको निम्ति लानेछन्।
१४ तिनले तिमीहरूका सबैभन्दा असल
खेतहरू, दाखबारी र भद्राक्षका बारीहरू लगेर
आफ्ना नोकर-चाकरहरूलाई दिनेछन्।
१५ आफ्ना नपुंसक र नोकरचाकरहरूलाई
दिनको निम्ति तिनले तिमीहरूका अन्नका र
दाखको फसलका दशौं अंश लानेछन्।
१६ तिमीहरूका कमारा कमारीहरू, र
तिमीहरूका सबैभन्दा असल गाई-भैंसीहरू र
गधाहरूलाई लगेर आफ्नै काममा चलाउने-
छन्। १७ तिनले तिमीहरूका भेड़ा-बाख्राहरूका
बथानका दशौं भाग लानेछन्, औ तिमीहरू
आफै पनि तिनका कमारा हुनेछौ।
१८ त्यो समय आउँदा तिमीहरूले चुनेका
राजाको विरुद्धमा तिमीहरू कराउनेछौ, तर
समय बितिसकेको हुनेछ, औ परमप्रभुले
तिमीहरूलाई जवाफ दिनुहुनेछैन।" १९ तर
मानिसहरूले शमूएलको कुरा सुन्न इन्कार
गरे। तिनीहरूले भने, "होइन, हामीमाथि
राजा हुनैपर्छ, २० तब हामीलाई शासन
गर्ने र लड़ाइँ गर्न लैजाने राजा पाउँदा
हामी अरू जातिहरूजस्तै हुनेछौं।"
२१ मानिसहरूले भनेका कुरा सुनेपछि
शमूएलले परमप्रभुलाई बताइदिए। २२ औ
उहाँले यस्तो जवाफ दिनुभयो, "तिनीहरूले
भनेका कुराअनुसार गर्, र तिनीहरूका
निम्ति एउटा राजा नियुक्त गर्।" तब
शमूएलले इस्राएलका सबै मानिसहरूलाई
आफ्नो आफ्नो घरमा पठाइदिए।

शमूएल र शाऊलको भेट

९ बिन्यामीनका जिल्लामा एउटा मानिस
थियो, जसको नाउँ कीश थियो।
तिनी एक बिन्यामिनी थिए, औ अबीएलका
छोरा जरोरका नाति बकोरतका पनाति र
ओपीहका खनाति थिए। तिनी धनसम्पत्ति
भएका मानिस थिए, २ औ जवान
अवस्थामा पुगेका शाऊल नाउँ भएका तिनका
एउटा छोरा थिए। त्यस बेला इस्राएलमा

तिनीभन्दा सुन्दर अरू कोही थिएन। तिनका
कुनै पनि साथी तिनको कुमभन्दा होंचो
थियो।
३ एक दिन शाऊलका पिता कीशका केही
गधाहरू हराए। यसकारण तिनले आफ्ना
छोरा शाऊललाई भने, "एउटा नोकरलाई लिएर
गधाहरू खोज्न जा।" ४ तिनीहरू एप्रैमको
पहाड़ी देशबाट पार गरेर शलीशको जिल्ला
भएर गए, तर ती भेट्टाउन सकेनन्। तिनीहरू
शाल्मका जिल्ला भएर गए, तर त्यहाँ पनि
गधाहरू थिएन। तिनीहरू बिन्यामीनका जिल्ला-
बाट भएर गए, तरैपनि गधाहरू भेट्टाउन
सकेनन्। ५ जब तिनीहरू सूपको जिल्लामा
पसे तब शाऊलले साथीसँग गएको त्यस
नोकरलाई भने, "आइज, हामी फर्कौं।
नत्रता बाबुले गधाहरूको फिक्री छोडेर
हाम्रो सुर्ता गर्लान्।" ६ त्यस नोकरले
भन्यो, "यस शहरमा परमेश्वरका एक जना
मानिस छन्। तिनले भनेका सबै कुरा पूरा
भएको कारण तिनको नाउँ खूब चलेको छ।
हामी त्यहाँ गयौं भने हाम्रो कामको
विषयमा तिनले केही बताउनसक्छन् कि।"
७ शाऊलले भने, "हामी गयौं भने हामीले
तिनलाई के दिनु? हाम्रा झोलामा केही
खानेकुरा छैन। औ परमेश्वरका जनको निम्ति
केही सौगात पनि छैन, ८ त्यस नोकरले फेरि
भन्यो, "हेर्नुहोस्, मसित यहाँ एक चौथाइ
शेकेल चाँदी छ। हामीले के गर्नुपर्छ सो बताइ-
दिए वापत म त्यो मानिसलाई यो दिनसक्छु।"
९ (त्यस बेला जब कुनै मानिसले परमेश्वरसित
सल्लाह माग्न इच्छा गर्थ्यो तब इस्राएलमा यसो
भन्ने चलन थियो "हामी दर्शीकहाँ जाऔं।"
किनभने हिजआजका अगमवक्तालाई त्यस
बेला दर्शी भन्दथिए।) १० शाऊलले भने,
"बेस्! लौ, अब हामी तिनीकहाँ जाऔं।"
तब तिनीहरू परमेश्वरका ती मानिस भएको
शहरमा गए। ११ जब तिनीहरू शहर
जाने डाँड़ाको उकालोमा उक्लँदै थिए
तब तिनीहरूले पानी भर्न आउने केही
ठिटीहरूलाई भेटे, र तिनीहरूलाई सोधे, "के
दर्शी घरै हुनुहुन्छ?" १२ तिनीहरूले भने,
"ज्यू, दर्शी तपाईंहरूभन्दा अगि जाँदै-
हुनुहुन्छ। उहाँ भर्खरै शहरमा आइपुग्नुभयो,
किनभने आज डाँड़ाको धाममा भोज छ।
१३ धाममा उहाँ भोज खान जान अघिनै
तपाईंहरूले उहाँलाई शहरमा पस्तापस्तै
भेट्टाउनुहुनेछ। उहाँ नआइपुगुन्जेल मानिसहरूले
भोज खानेछैनन्, किनभने जन-समूहले
खानअघि उहाँले बलिदानमाथि आशीर्वाद
दिनुपर्छ। अब जानुहोस्, र तपाईंहरूले
उहाँलाई झट्टै भेट्टाउनुहुनेछ।" १४ तिनीहरू
शहरतिर लागे औ तिनीहरू शहरमा पस्ता
पस्तै शमूएल तिनीहरूतिर धाममा जानलाई
आउँदै थिए।
१५ अब शाऊल आउन एक दिन अघि
परमप्रभुले यी वचनद्वारा शमूएललाई आफ्नो
अभिप्राय प्रकट गर्नुभएको थियो, १६ "भोलि
यही बेला म तँकहाँ बिन्यामीनको देशबाट
एउटा मानिसलाई पठाउनेछु। त्यसलाई मेरो
प्रजा इस्राएलका राजा अभिषेक गर्। औ
त्यसपछि त्यसले मेरो प्रजालाई पलिश्तीहरूको
हातबाट छुटाउनेछ। मैले मेरो प्रजाको
दुःख देखें, र यिनीहरूको क्रन्दन मेरो
कानमा आइपुग्यो।" १७ जसै शाऊल
देखा परे तब परमप्रभुले शमूएललाई भन्नुभयो,
"मैले तँलाई भनेको मानिस यही हो।
यही मानिसले मेरो प्रजामाथि शासन गर्नेछ।"
१८ शाऊलले मूल-ढोकामा शमूएलकहाँ
आएर भने, "दर्शी कहाँ बस्नुहुन्छ? कृपागरी
बताइदिनुहोस्।" १९ शमूएलले जवाफ
दिए, "दर्शी मनै हुँ। मेरो अगिअगि डाँड़ाको
धाममा जाऊ, र तिमी आज मसित खानेछौ।
भोलि बिहानै तिम्रो मनमा जे कुरो छ सो
म तिमीलाई बताएर तिमीलाई बिदा
गर्नेछु। २० तीन दिन अघि हराएका
गधाहरूको विषयमा अब फिक्री नगर, किनभने
ती फेला परिसकेका छन्। तर सारा
इस्राएलले के मागिरहेका छन्? त्यो तिनीहरूले

तिमी र तिम्रा पिता-पुर्खाको घरानालाई
मागिरहेका छन्।'' २१ शाऊलले भने, "तर
म ता इस्राएलका कुलहरूको सबैभन्दा सानो
एक बिन्यामिनी हुँ। औ बिन्यामीनका कुलका
परिवारहरूमध्ये मेरो घराना सबैभन्दा
सानो छ। तपाईं किन यो कुरो मलाई
भन्नुहुन्छ ?'' २२ तब शमूएलले शाऊल र
तिनको नोकरलाई खाने-कोठामा ल्याए, र
आमंत्रित मानिसहरूमध्ये मुख्य स्थानमा
बसाए। तिनीहरू प्रायः तीस जना थिए।
२३ तब शमूएलले भान्सेलाई भने, "मैले
तँलाई अलग्गै राख्नु भनी दिएको भाग यहाँ
ले।'' २४ तब त्यस भान्सेले जम्मै खुट्टा
समेतको फिला ल्याएर शाऊलको अगि
राखिदियो। तब शमूएलले भने, "तिम्रो निम्ति
राखेको मासुको भाग यही हो, खाऊ। यी
मानिसहरूलाई दिएको यस भोजमा यो
चाहिं तिम्रो निम्ति अलग्गै राखिएको हो।''
यसकारण शाऊलले त्यस दिन शमूएलसँगै
भोजन गरे। २५ औ जब तिनीहरू
डाँड़ाको धामबाट शहरमा ओर्ले तब कौसीमा
शाऊलको निम्ति एउटा ओछ्यान लगाइयो,
र शाऊल त्यो रात त्यहीं बसे। २६ मिरमिरे
उज्यालोमा शमूएलले शाऊललाई कौसीमा
कराएर भने, "उठ, म अब तिमीलाई बिदा
दिन्छु।'' शाऊल उठेपछि तिनी र शमूएल दुवै
साथसाथ सड़कमा गए। २७ जब तिनीहरू
शहरको अन्तिम हिस्सामा आइपुगे तब
शमूएलले शाऊललाई भने, "यस नोकरलाई
अगि जानू भन।'' तिनले त्यसै गरे। तब
शमूएलले शाऊललाई भने, "एकछिन यहीं
पर्ख, र म तिमीलाई परमेश्वरको वचन
भनिदिनेछु।''

शमूएलले शाऊललाई राजा अभिषेक गरेका

१० शमूएलले ढुंग्रोको तेल लिएर
शाऊलको शिरमा खन्याइदिए, औ
तिनलाई चुम्बन गरेर भने, "परमप्रभुले
तपाईंलाई आफ्नो प्रजा इस्राएलमाथि राजा
अभिषेक गर्नुभयो। तपाईंले परमप्रभुको
प्रजामाथि राज्य गर्नुहुनेछ, र तिनीहरूलाई
आफ्ना चारैतिरका शत्रुहरूबाट मुक्त गर्नुहुनेछ।
आफ्नो अधिकारमाथि शासन गर्नलाई तपाईं-
लाई परमप्रभुले अभिषेक गर्नुभएको हो भनी
तपाईंले यो एउटा चिह्न पाउनुहुनेछ, २ 'आज
जब तपाईं मसित बिदा भएर जानुहुन्छ
तब बिन्यामीनको सीमानामा भएको राहेलको
चिहाननेर सेलसहमा तपाईंले दुइ जना मानिस
भेट्टाउनुहुनेछ। तिनीहरूले तपाईंलाई यसो
भन्नेछन्, 'तपाईंले खोजिरहनुभएका गधाहरू
फेला परे' औ तपाईंका पिताले तिनका
निम्ति फिक्री गर्न छोड़ेर तपाईंको निम्ति
सुर्त्ता गरी 'अब मेरो छोराको लागि म के
गरूँ ?' भनी बारम्बार भन्नुहुन्छ। ३ त्यहाँ-
बाट देश छिचलेर ताबेरको तारपीनको
रूखसम्म जानुहोस्। त्यहाँ बेतलमा परमेश्वरको
आराधना गर्न गइरहेका तीन जना मानिसले
तपाईंलाई भेट्टाउनेछन्। तीमध्येको पहिलाले
तीनवटा पाठा, दोस्रोले तीनवटा रोटी र
तेस्रोले एक मसक दाखमद्य बोकेर लगिरहेको
हुनेछ। ४ तिनीहरूले तपाईंलाई अभिवादन
गर्नेछन् र दुइवटा रोटी दिनेछन्। ती
तपाईंले लिनुहुनेछ। ५ औ जब तपाईंले
डाँड़ाको धामबाट ओर्लिरहेका अगमवक्ताहरूको
एक दल अगिअगि सारङ्गी, वीणा, बाँसुरी
र ढोलक बजाउँदै अगमवक्ताको जोशमा मग्न
भएर आइरहेको भेट्नुहुनेछ। ६ तब
परमप्रभुको आत्मा झट्टै तपाईंमा उत्रनुहुनेछ,
र तपाईं पनि अगमवक्ताजस्तै मग्न भएर
अर्कै मानिस हुनुहुनेछ। ७ जब यी चिह्नहरू
हुनेछन् तब समयानुकूल काम गर्नुहोस्।
परमेश्वर तपाईंसँग हुनुहुनेछ। ८ तपाईं
मेरो अगि गिलगालमा झर्नुहोस्, र म
होमबलि र मेलबलि चढ़ाउनलाई तपाईंकहाँ
आउनेछु। म तपाईंकहाँ आइनपुगुन्जेल तपाईं
सात दिनसम्म पर्खिरहनुहोस्। तब म आएर

तपाईंले के गर्नुपर्नेछ सो बताइदिनेछु ।"
९ जब बिदा हुन शाऊल शमूएलतिर
फर्के तब परमेश्वरले तिनको मन नयाँ
तुल्याइदिनुभयो । त्यही दिन यी सबै चिह्न
भए । १० जब तिनीहरू डाँड़ामा पुगे तब
अगमवक्ताहरूका एक दल तिनलाई भेट्नलाई
आइरहेको थियो, तब परमेश्वरका आत्मा तुरुन्तै
तिनमा उत्रनुभयो, र तिनी पनि अगमवक्ताको
जोशले मग्न भए । ११ जब तिनलाई अघि
चिन्ने मानिसहरूले तिनी अगमवक्ताहरूजस्तै
जोशले मग्न भएका देखे तब तिनीहरू एउटाले
अर्कोलाई भन्नुलागे, "कीशको छोरालाई यो
के भएको हो ? के शाऊल पनि अगमवक्ताकै
दलमा छन् ?" १२ त्यस ठाउँको एक जना
मानिसले भन्यो, "औ तिनीहरू चाहिं कसका
छोराहरू हुन् ?" यसैकारण यो उखान
चल्नलाग्यो, 'के शाऊल पनि अगमवक्ताकै
दलका हुन् ?" १३ जब अगमवक्ताको
जोशले तिनलाई छोड्यो, तिनी घर गए ।
१४ शाऊलका काकाले तिनलाई र त्यस
नोकरलाई भने, "तिमीहरू कहाँ गएका थियौ ?
शाऊलले जवाफ दिए, "गधाहरू खोज्नगएका
थियौं औ जब हामीले भेट्टाउनसकेनौं तब हामी
शमूएलकहाँ गयौं ।" १५ तिनका काकाले
भने, "शमूएलले के भने ? मलाई बताऊ ।"
१६ शाऊलले भने, "गधाहरू फेला परे
भन्ने कुरो तिनले हामीलाई बताए ।" तर
तिनी राजा भएका छन् भनी शमूएलले
भनेका कुरा तिनले बताएनन् ।
१७ यसै बीचमा शमूएलले इस्राएली-
हरूलाई मिस्पामा परमप्रभुकहाँ भेला हुनलाई
बोलाए, र मानिसहरूलाई भने, १८ "परम-
प्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, 'मैले
इस्राएललाई मिश्र देशबाट निकालेर ल्याएँ ।
तिमीहरूलाई सताउने मिश्रीहरू र सबै
राज्यहरूबाट मैले तिमीहरूलाई मुक्त गरें ।
१९ तर तिमीहरूका सबै दुःख र कष्टदेखि
बचाउनुहुने आफ्ना परमेश्वरलाई तिमीहरूले
आजको दिन इन्कार गर्‍यौ । तिमीहरूले यसो
भन्यौ, 'होइन, हामीमाथि एउटा राजा नियुक्त
गर्नुहोस्' । यसकारण अब परमप्रभुको सामने
कुल कुल र गोत्र गोत्र गरी आफ्नो आफ्नै
स्थानमा जम्मा होऊ ।" २० तब शमूएलले
इस्राएलका सबै कुललाई हाजिर गराए, र गोला
हाल्दा बिन्यामीनको कुल चुनियो । २१ तब
तिनले बिन्यामीनको कुलका परिवार परिवार
गरी हाजिर गराए, औ मत्रीको परिवार
चुनियो । फेरि तिनले मत्रीको परिवारबाट
एक एक जना मानिसलाई हाजिर गराए, तब
कीशको छोरा शाऊल चुनिए । तर जब
मानिसहरूले तिनलाई खोजे तब तिनलाई
भेट्टाउनसकेनन् । २२ फेरि तिनीहरूले
परमप्रभुलाई सोधे, "के त्यो मानिस यहाँ
छ ?" परमप्रभुले जवाफ दिनुभयो, "त्यो
त्यहाँ सामानहरूका बीचमा लुकिरहेको छ ।"
२३ तब कोही मानिस दौड़ेर गई तिनलाई
लिएर आयो, औ जब तिनी मानिसहरूका
बीचमा उभिए तब सबै मानिस तिनको कुम-
भन्दा होंचो थिए । २४ शमूएलले मानिस
हरूलाई भने, "परमप्रभुले चुन्नुभएको मानिस-
लाई हेर ! यो जम्मै जातिमा तिनीजस्तै
अरू कोही छैन ।" तब तिनीहरू सबै
यो जयध्वनि लाएर कराए, "राजा दीर्घायु
होऊन् ।" २५ तब शमूएलले मानिसहरूलाई
राजाका कामकाजको विषयमा बताइदिए, र
त्यो एउटा कागजमा लेखेर परमप्रभुको सामने
राखिदिए । त्यसपछि तिनले उनीहरूलाई आफ्नो
आफ्नो घरमा बिदा गरे । २६ शाऊल पनि
गिबामा आफ्नो घरमा गए, औ कुनै कुनै
योद्धाहरू जसले परमेश्वरद्वारा प्रेरणा पाएका
थिए तिनीसँग गए । २७ तर त्यहाँ
कति जना बदमाशहरू पनि थिए जसले भने,
"यस मानिसले हामीलाई कसरी मुक्त गराउन-
सक्ला र ?" तिनीहरूले शाऊलको केही वास्ता
गरेनन्, र तिनको निम्ति केही सौगात पनि
ल्याएनन् ।

शाऊलले अम्मोनीहरूको हातबाट याबेश-गिलाद मुक्त गरेका

११ यसको प्रायः एक महीनापछि अम्मोनी
नाहाशले याबेश-गिलादलाई आक्रमण
गरेर त्यसलाई घेरे। याबेशका मानिसहरूले
नाहाशलाई भने, हामीसँग सन्धि गर्नुहोस्
र हामी तपाईंका प्रजा हुनेछौं।" २ नाहाशले
तिनीहरूलाई जवाफ दिए, "एउटै शर्त्तमा
मात्र म तिमीहरूसँग सन्धि गर्नेछु। म तिमी-
हरूको दाहिने आँखा निकालिदिनेछु, र त्यसले
इस्राएलको बेइज्जत हुनेछ।" ३ तब याबेश-
गिलादका बूढ़ा-प्रधानहरूले भने, "इस्राएलभरि
समाचार पठाउनलाई हामीलाई सात दिनको
म्याद दिनुहोस्, औ त्यसपछि हामीलाई कसैले
पनि मुक्त गरेन भने हामी तपाईंकहाँ आत्म-
समर्पण गर्नेछौं।" ४ जब समाचार ल्याउनेहरू
शाऊलको गिबामा आएर आफ्नो समाचार
दिए, तब सबै मानिसहरू विलाप गर्नलागे।
५ शाऊल खेतबाट गोरु धपाउँदै आइरहेका
थिए, र मानिसहरू किन विलाप गरिरहेका
छन् भनी तिनले सोधे। औ याबेश-गिलादका
मानिसहरूले भनेका कुरा दोहोर्‍याएर तिनलाई
भनिदिए। ६ शाऊलले यो कुरा सुन्दा,
परमप्रभुको आत्मा झट्टै तिनीमाथि आउनु-
भयो। ७ तब रीसको झोंकमा तिनले एक
जोड़ा गोरु लिएर ती टुक्रा टुक्रा गरी काटे, र
समाचार दिने मानिसहरूलाई ती टुक्रा दिएर
इस्राएलका सबैतिर यसो भनी पठाए, "जो
मानिस युद्धको निम्ति शाऊल र शमूएलका
पछि आउँदैन त्यसका गोरुहरूको पनि
यही दशा हुनेछ।" तब मानिसहरूमा परम-
प्रभुको भय छायो, र तिनीहरू एक एक
मानिस गरी आए। ८ शाऊलले तिनीहरूलाई
लड़ाइँको निम्ति बेजेकमा भेला गरे। त्यहाँ
इस्राएलका मानिसहरू तीन लाख र यहूदाका
तीस हजार थिए। ९ तिनले समाचार
ल्याउने मानिसहरूलाई भने, "याबेश-गिलादका
मानिसहरूलाई यसो भन, "भोलि मध्याह्न-
भित्रै तिमीहरूको जित हुनेछ। याबेश-
गिलादका मानिसहरूले समाचार ल्याउनेहरूका
खबर सुने, र साहस गरे। १० औ तिनी-
हरूले नाहाशलाई भने, "भोलि हामी
तपाईंकहाँ आत्म-समर्पण गर्नेछौं, र तपाईंलाई
जे ठीक लाग्छ हामीसँग गर्नुहोस्।"
११ भोलिपल्ट शाऊलले आफ्ना मानिसहरूका
तीन दल बनाए। औ बिहानपख तिनीहरू
शत्रुको छाउनीभित्र छिरिगएर मध्याह्नसम्म
अम्मोनीहरूलाई संहार गरे। त्यसपछि
बाँचेकाहरू दुइ जना एकसाथ नहुने गरी
तितर-बितर भए।
१२ तब मानिसहरूले शमूएललाई भने,
"शाऊलले हामीमाथि राज्य गर्नेछैन भन्ने को
हो? तिनीहरूलाई मार्नलाई हाम्रो हातमा
सुम्पिदिनुहोस्।" १३ तर शाऊलले भने,
"होइन, परमप्रभुले इस्राएलमा यस्तो विजय
गराएको दिनमा केही पनि मारिनेछैन।"
१४ शमूएलले मानिसहरूलाई भने, "हामी
गिलगालमा गएर त्यहाँ यस राज्यप्रति हाम्रो
भक्ति फेरि पनि स्वीकार गरौं। १५ यसैले
तिनीहरू सबै गिलगालमा गएर परमप्रभुको
सामु मेलबलि चढ़ाएर परमप्रभुकै उपस्थितिमा
शाऊललाई राजा तुल्याए। औ शाऊल र सबै
इस्राएलीहरूले ठूलो हर्षमा त्यो उत्सव मनाए।

शमूएलले इस्राएलबाट बिदा लिएका

१२ तब शमूएलले भेला भएका इस्राएली-
हरूलाई यसो भने, "मैले तिमीहरूको
बिन्ती सुनें, र तिमीहरूमाथि राज्य गर्नलाई
राजा नियुक्त गरें। २ अब यिनै राजा तिमी-
हरूका अगुवा भएका छन्, औ म चाहिं वृद्ध
भएको छु, र मेरो कपाल फुलिसकेको छ, औ
मेरा छोराहरू तिमीहरूसँग छन्। तर म ता
मेरो बालककालदेखिनै तिमीहरूका अगुवा भएर
आएको छु। ३ म यहीं छु। मेरो विरुद्धमा
तिमीहरूको केही भन्नु छ भने यहाँ परमप्रभु
र उहाँको अभिषिक्त राजाको उपस्थितिमा

उजूर गर। कसको गोरु मैले लिएका
छु ? कसको गधा मैले लिएको छु ? मैले कसको
खराबी गरेको छु ? मैले कसलाई अत्याचार
गरें ? मैले कसको कसूर लुकाउनलाई घूस
लिएँ ? मलाई भन, र म त्यसको क्षतिपूर्ति
गरिदिनेछु ।'' ४ तिनीहरूले जवाफ दिए,
"तपाईंले हाम्रो केही खराबी गर्नुभएको छैन।
तपाईंले हामीमाथि केही अत्याचार गर्नुभएको
छैन। तपाईंले कुनै मानिसबाट केही लिनुभएको
छैन।'' ५ तब शमूएलले तिनीहरूलाई भने,
"मेरो हातमा केही भेट्टाएनौ भनी आजको
दिन परमप्रभु र उहाँको अभिषिक्त राजा
साक्षी हुनुहुन्छ।'' तिनीहरूले भने, "उहाँ
साक्षी हुनुहुन्छ।'' ६ शमूएलले मानिसहरूलाई
भने, "हो, परमप्रभु साक्षी हुनुहुन्छ। उनै
परमप्रभु जसले तिमीहरूलाई मोशा र हारून
दिनुभयो, र तिमीहरूका पिता-पुर्खाहरूलाई
मिश्र देशबाट निकालेर ल्याउनभयो। ७ अब
यहाँ खड़ा होऊ, र परमप्रभुको उपस्थितिमा
तिमीहरूको अगि म तर्क पेश गर्नेछु, र
तिमीहरूका निम्ति र तिमीहरूका पिता-पुर्खा-
हरूका निम्ति उहाँले गर्नुभएका सबै विजयका
कुरा म सुनाउनेछु। ८ याकूब र तिनका
छोराहरू मिश्र देशमा झरेपछि मिश्रीहरूले
तिनीहरूलाई सताए। तब तिमीहरूका पिता-
पुर्खाहरूले सहायताको निम्ति परमप्रभुलाई
पुकारे, औ उहाँले मोशा र हारूनलाई
पठाउनुभयो जसले तिनलाई मिश्र देशबाट
निकालेर ल्याए, र यस ठाउँमा बसाए।
९ तर तिनीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई
बिर्से, र उहाँले तिनीहरूलाई त्यागेर हासोरका
राजा याबीनका सेनापति सीसरा औ पलिश्तीहरू
र मोआबका राजाको हातमा सुम्पिदिनुभयो,
र तिनीहरूले उनीहरूका विरुद्धमा लड़ाइँ
गर्नुपर्‍यो। १० तब तिमीहरूका पिता-पुर्खा-
हरूले सहायताको निम्ति यसो भनेर परम-
प्रभुलाई पुकारे, 'हामीले पाप गर्‍यौं। हामीले
परमप्रभुलाई त्याग्यौं, औ बाल देवता र
अश्तारोत देवीहरूलाई पूज्यौं। तर अब, यदि
तपाईंले हामीलाई हाम्रा शत्रुहरूबाट छुटकारा
दिनुभयो भने हामी तपाईंको आराधना
गर्नेछौं।'' ११ तब परमप्रभुले यरूब्बाल र
बाराक, औ यिप्तह र शिमशोनलाई तिमीहरूका
चारैतिरका शत्रुबाट छुटकारा दिनलाई पठाउनु-
भयो। औ तिमीहरू शान्ति र कुशलसित
बस्नलाग्यौ।

१२ त्यसपछि जब अम्मोनीहरूका राजा
नाहाशलाई तिमीहरूका विरुद्धमा आइरहेका
तिमीहरूले देख्यौ, र परमप्रभु तिमीहरूका
परमेश्वरनै तिमीहरूका राजा हुनभए तापनि
तिमीहरूले मलाई भन्यौ, 'होइन, हामीमाथि
शासन गर्नलाई हामीलाई राजा दिनुहोस्।'
१३ अब, तिमीहरूले मागेका राजा यहाँ छन्
तिमीहरूले तिनलाई चुन्यौ, र परमप्रभुले एउटा
राजा तिमीहरूमाथि नियुक्त गर्नुभयो।
१४ यदि तिमीहरूले परमप्रभुलाई श्रद्धा गर्‍यौ,
र सत्यता र भक्तिसित उहाँको सेवा गर्‍यौ भने,
यदि तिमीहरू उहाँका आज्ञाको विरुद्धमा बागी
भएनौ भने, औ यदि तिमीहरू र तिमीहरूका
राजा, परमप्रभु परमेश्वरप्रति विश्वासी भयौ भने
बेसै हो। १५ तर यदि तिमीहरूले परमप्रभुको
आज्ञा पालन गरेनौ र तिमीहरू उहाँका
आज्ञाप्रति बागी भयौ भने, उहाँ पनि तिमीहरू
र तिमीहरूका राजाको विरुद्ध खड़ा हुनुहुनेछ।

१६ अब चूपचाप खड़ा होऊ, र परमप्रभुले
तिमीहरूकै नजरको सामने गर्नुहुने बड़ो
अचम्भको कामलाई हेर। १७ अहिले गहूँको
कटनीको समय छ। जब म परमप्रभुलाई
पुकार्नेछु औ उहाँले गर्जन र वृष्टि पठाउनुहुन्छ
तब तिमीहरूले देख्नेछौ र जान्नेछौ कि
राजा मागेर तिमीहरूले परमप्रभुको दृष्टिमा
कस्तो खराबी गरेका रहेछौ।'' १८ तब
शमूएलले परमप्रभुलाई पुकारे, र उहाँले त्यस
दिन गर्जन र वृष्टि पठाउनुभयो। औ सबै
मानिसहरू परमप्रभु र शमूएलसँग भयभीत
भए। १९ तिनीहरूले शमूएललाई भने,
"मृत्युदेखि बचाउन परमप्रभु तपाईंका परमेश्वर-
सँग हामी तपाईंका सेवकहरूका निम्ति प्रार्थना

गरिदिनुहोस्। किनभने हामीले हाम्रा पापमाथि
राजा मागेर यो ठूलो खराबी थपेका
छौं।'' २० शमूएलले मानिसहरूलाई भने,
''नडराऊ। तिमीहरू यस्ता दुष्ट भए तापनि
परमप्रभुको आराधना गर्न नछोड़, तर आफ्नो
पूरा हृदयले उहांको सेवा गर। २१ झूटा
देवताहरूको पूजा गर्न छोड़िदेऊ, जसले नता
सहायता गर्नसक्छ न बचाउनसक्छ, किनभने
तिनीहरू झूटा हुन्। २२ आफ्नो नाउँको
खातिर परमप्रभुले तिमीहरूलाई त्याग्नुहुनेछैन,
किनभने उहांले तिमीहरूलाई आफ्नै निज
प्रजा तुल्याउने निश्चय गर्नुभएको छ।
२३ तिमीहरूको निम्ति प्रार्थना गर्नु छोड़ेर
परमप्रभुको अगि पाप गर्ने दिन चाहिं कहिले
नआओस्। जे ठीक र असल छ सो म
तिमीहरूलाई देखाउनेछु, २४ तिमीहरूले परम-
प्रभुको श्रद्धा गर्नू र तिमीहरूका पूरा हृदयले
इमान्दारीसित उहांको आराधना गर्नू।
२५ तिमीहरूका निम्ति उहांले कस्तो ठूलो
काम गर्नुभएको छ, सो विचार गर। तर
तिमीहरू खराबीनै गरिरहन्छौ भने तिमीहरू र
तिमीहरूका राजा नष्ट हुनेछौ।

पलिश्तीहरूसँग शाऊलको युद्ध

१३ शाऊल राजा हुँदा पचास वर्षका थिए।
तिनले इस्राएलमाथि बाईस वर्ष शासन
गरे। २ तिनले इस्राएलका तीन हजार
मानिसहरूलाई चुने—दुइ हजार तिनीसँग
मिकमाशमा र बेतेलको पहाड़ी-देशमा बस्नलाई
औ एक हजार जोनाथनसँग बिन्यामीनको
गिबामा बस्न। औ बाँकी मानिसहरूलाई
चाहिं तिनले घरमा पठाइदिए।

३ जोनाथनले गिबाका पलिश्ती राज्य-
पाललाई मारे, र हिब्रूहरूले विद्रोह गरिरहेका
छन् भनी पलिश्तीहरूका बीचमा खबर फैलियो
शाऊलले देशको चारैतिर तरही फुके।
४ शाऊलले पलिश्ती राज्यपाललाई मारेको
हुनाले इस्राएलको नाउँसँग पनि पलिश्तीहरू
घीन गर्छन भनी जब सारा इस्राएलीहरूले सुने,
तब हतियारले सुसज्जित भएर तयार हुने
तिनको आह्वानलाई तिनीहरूले सुनेर गिलगालमा
शाऊलकहाँ भेला भए। ५ पलिश्तीहरू
इस्राएललाई आक्रमण गर्न जम्मा भए।
तिनीहरूसित तीस हजार रथ र छ हजार घोड़ा
र समुद्रको किनारका बालुवा जतिकै अनगन्ती
पैदल-सिपाहीहरू साथमा थिए। तिनीहरू
उक्लेर बेत-आवेनको पूर्वतिर मिकमाशमा
छाउनी हाले। ६ इस्राएलीहरू घोर संकष्टमा
परे, किनभने सेना साह्रै पेलिए। यसैले तिनीहरू
ओढ़ार र ध्वान्द्राहरू, पहाराका बीच
बीचमा, खाड़लहरू र इनारहरूमा लुके।
७ तिनीहरूमध्येका कोही कोही यर्दन नदी
पार गरेर गाद र गिलादका जिल्लाहरूमा
भागे। तर शाऊल चाहिं गिलगालमानै
बसिरहे, औ तिनका पछि लागेका सबै
मानिसहरू आत्तिनलागे। ८ शमूएलसित भेट
गर्नलाई तिनी सात दिनसम्म पर्खिरहे, तर
शमूएल गिलगालमा आएनन्। यसैले मानिसहरू
शाऊलदेखि हट्नलागे। ९ यसकारण तिनले
भने, ''होमबलि र मेलबलि यहां मकहां ल्याऊ।''
तब तिनलेनै होमबलि चढ़ाए। १० शाऊलले
बलिदान चढ़ाइसकेका मात्र थिए, शमूएल
आइपुगे। औ शाऊल तिनलाई भेट गर्नलाई
गए। ११ शमूएलले भने, ''यो तपाईंले के
गर्नुभयो?'' औ शाऊलले जवाफ दिए,
''मानिसहरू मबाट हटिरहेका मैले देखें, औ
तपाईंले प्रतिज्ञा गर्नुभएको समयमा तपाईं पनि
आउनुभएन, र पलिश्तीहरू मिकमाशमा जम्मा
हुँदै थिए, १२ अनि मैले यही विचार गरें
कि पलिश्तीहरू मेरो विरुद्धमा गिलगालमा
आउनेछन्, औ मैले परमप्रभुको निगाहको
निम्ति बिन्ती गरेको छैनँ। यसैले म आफैले
यो होमबलि चढ़ाउन मलाई करै लाग्यो।''
१३ शमूएलले शाऊललाई भने, ''तपाईंले
मूर्ख काम गर्नुभयो। परमप्रभु तपाईंका
परमेश्वरले तपाईंलाई दिनुभएको आज्ञा तपाईंले
पालन गर्नुभएन। यदि तपाईंले पालन

गर्नुभएको भएता उहाँले तपाईंको सन्तानलाई
इस्राएलमाथि सधैंको निम्ति स्थिर गराउनु-
हुनेथियो। १४ तर अब तपाईंको सन्तान
निरन्तर रहनेछैनँ। परमप्रभुले आफैंले रूचाउन
भएको एउटा मानिस खोज्नुहुनेछ, र तिनलाईंनै
आफ्नो प्रजामाथि राजा नियुक्त गर्नुहुनेछ,
किनभने तपाईंले परमप्रभुको आज्ञा पालन
गर्नुभएन।"

१५ शमूएल उठे, र गिलगाल छोड़ेर
बिन्यामीनको गिबातिर गए। औ जब
शाऊल गिलगालबाट शत्रुहरूतिर बढ़े, तब
बाँको मानिसहरू चाहिं तिनको पछि लागे।
तिनले आफूसँग भएका मानिसहरूलाई लड़ाईंको
निम्ति भेला गरे। तिनीहरू प्रायः छ सय
जति थिए। १६ शाऊल, तिनका छोरा
जोनाथन र तिनीहरूसँग भएका मानिसहरू
बिन्यामीनको गिबामा रहे। औ पलिश्तीहरू
चाहिं मिक्माशमा डेरा हालेर बसे।
१७ पलिश्तहरूको छाउनीबाट लूटनेहरूका
तीन दल आए। एक दल शूआलको
जिल्लामा भएको ओप्रातिर लाग्यो। १८ अर्को
दल बेथ-होरोनतिर लाग्यो। औ तेस्रो दल
चाहिं सबोईमको बेंसी र उजाड़-स्थान देखिने
डाँड़ाहरूको श्रेणीतिर लाग्यो।

१९ त्यस बेला इस्राएलभरिनै कुनै
लोहार पाईंदैन थियो, किनभने पलिश्तीहरूले
हिब्रूहरूलाई तरवार र भाला बनाउन
नदिने निश्चय गरेका थिए। २० आफ्नो
फाली, कोदालो, बञ्चरो र हँसियाहरू
पनि इस्राएलीहरूले पलिश्तीहरूकहाँ उध्याउन
जानुपर्थ्यो। २१ एउटा फाली वा कोदालो
अथवा बञ्चरो उध्याउने दाम शेकेलको
दुइ-तिहाइ र गोरु धपाउने अङ्कुस
मिलाउनलाई शेकेलको एक-तिहाइ लाग्थ्यो।
२२ यसैले जब युद्ध शुरू भयो तब शाऊल
र जोनाथनका पछि लाग्ने कुनै मानिसको
पनि तरवार वा भाला थिएन। केवल
शाऊल र जोनाथनका मात्र हतियार थिए।
२३ अब पलिश्तीहरूले मिक्माशको
घाटी रोक्नलाई एक दल सिपाही राखेका
थिए।

जोनाथनले पलिश्तीहरूको छाउनी लूटेर विजय प्राप्त गरेका

१४ एक दिन शाऊलका छोरा जोनाथनले
आफ्नो हतियार बोक्नेलाई भने,
"आऊ, हामी त्यो डाँड़ाको पल्लोपट्टि
भएको पलिश्तीहरूको पहरा-चौकीतिर जाऔं।"
तर तिनले यो कुरा आफ्ना पितालाई
भनेनन्। २ त्यस बेला शाऊलले गिबाको
बाहिरी सीमानाको मिग्रोनमा अनारको बोटमनि
आफ्नो पाल हालेर बसेका थिए। तिनीसँग
प्रायः छ सय जना मानिसहरू थिए। ३ औ
एपोद चाहिं अहीतूबका छोरा शीलोमा
परमप्रभुका पूजाहारी एलीको छोरा पीनहासको
छोरा ईकाबोदको भाइ अहियाहले बोकेका
थिए। जोनाथन गएको कसैलाई थाह
थिएन। ४ घाँटीको दुवैतिर जहाँबाट
जोनाथन पलिश्तीहरूको पहरा-चौकीमा जान-
लाई कोशिष गर्दथिए त्यहाँ बोसेस र सेने
नाउँ भएका दुइ तीखा खाँबाजस्तै चटान
उठेका थिए। ५ तीमध्ये एउटा मिक्माशतिर
उत्तरमा र अर्को चाहिं गेबातिर दक्षिणमा
थियो। ६ जोनाथनले आफ्नो हतियार
बोक्नेलाई भने, "आऊ, हामी ती बेखतने
दुष्टहरूको पहरा-चौकी हेर्न जाऔं। शायद
परमप्रभुले हामीलाई मदत दिनुहुनेछ, औ
यदि उहाँले मदत दिनुभयो भने कुनै कुराले
उहाँलाई रोक्नसक्नेछैन। चाहे हामी धेरै
होऔं चाहे थोरै, उहाँले हामीलाई कुशलसाथ
फर्काइल्याउनुहुनेछ।" ७ त्यस जवान मानिसले
जवाफ दियो, "तपाईंलाई जे ठीक लाग्छ
गर्नुहोस्। अगि बढ्नुहोस्। तपाईं जे
गर्नुहुन्छ म पनि तपाईंको साथ दिन्छु।"
८ जोनाथनले भने, "बेस! हामी नाघेर
पारिपटि जाऔं र तिनीहरूले हामीलाई
देख्नपाउन्।" ९ "हामी नआउञ्जेल

तिमीहरू त्यहीं बसिरह" भनी तिनीहरूले भने
हामी आफू बसेकै ठाउँमा बसिरहौं, र तिनी-
हरूकहाँ नजाऔं। १० तर यदि तिनीहरूले
"यहाँ हामीकहाँ आऊ" भने हामी
उक्लेर जाऔं औ परमप्रभुले तिनीहरूलाई
हाम्रो हातमा सुम्पिदिनुभएको रहेछ भन्ने
चिह्न हुनेछ।" ११ यसैकारण तिनीहरू
पलिश्तीहरूकहाँ देखा परे। अनि पलिश्ती-
हरूले भने, "हेर त! हिब्रूहरू आफू लुकेका
प्वालहरूबाट निस्कँदैछन्।" १२ तब तिनी-
हरूले जोनाथन र त्यस जवान मानिसलाई
भने, "हामीकहाँ उक्लेर आऊ। हामी तिमी-
हरूलाई केही देखाउनेछौं।" जोनाथनले त्यस
जवान मानिसलाई भने, "आऊ, परमप्रभुले
तिनीहरूलाई इस्राएलको हातमा सुम्पिदिनुभएको
रहेछ।" १३ तब जोनाथन चार हात-खुट्टा
टेक्दै माथि चढे, औ त्यो जवान मानिस
पनि तिनका पछि पछि लाग्यो। ती पलिश्ती-
हरू जोनाथनको प्रहारमा ढले, र तिनीपछि
आउने त्यस जवान मानिसले तिनीहरूलाई
खतम पार्‍यो। १४ पहिलो आक्रमणमा
आधा एकर जमीनमा हलोले जोतेझैं गरी
जोनाथन र तिनका हतियार बोक्नेले तिनी-
हरूका प्रायः बीस जनालाई मारे। १५ तब
रण-भूमिमा भएको सेना र जम्मै मानिसहरूमा
आतंक छायो। औ पहरा-चौकीमा र
लुटनेहरूका दलमा भएका मानिसहरू भयभीत
भए, जमीनै काँप्यो र तिनीहरूमा आतंक
फैलियो।

१६ जब बिन्यामीनको गिबाको पहरामा
बस्ने शाऊलका मानिसहरूले पलिश्तीको
दललाई खल्बलिएर जतातते कुदिरहेको देखे,
१७ तब शाऊलले को को छैन भनी
जान्नलाई गन्ती लिन भनी हुकुम गरे।
तिनीहरूले गन्ती लिए, औ जोनाथन र
तिनका हतियार बोक्नेलाई हाजिर नभएका
भेट्टाए। १८ शाऊलले अहियाहलाई भने,
"एपोद यहाँ ल्याऊ।" त्यस बेला इस्राएलको
सामने एपोद तिनलेनै बोक्थे। १९ तर
जब शाऊल बोल्दैथिए तब पलिश्ती-
हरूको छाउनीको खैलाबैला झन् झन्
बढ्नलाग्यो, र तिनले पूजाहारीलाई,
"एकछिन पर्ख भने।" २० तब शाऊल र
तिनका सबै मानिसहरू कराउँदै रण भूमितिर
लागे, जहाँ शत्रुहरू तितर-बितर भएर आफू-
आफूमै लड़ाइँ गरिरहेका तिनीहरूले देखे।
२१ ती हिब्रूहरू जो अहिलेसम्म पलिश्ती-
हरूका अधीनमा थिए तिनीहरू पनि छाउनीमा
भएका पलिश्तीहरूलाई छोड़ेर शाऊल र
जोनाथनका अधीनमा भएका इस्राएलीहरूसँग
मिल्न आए। २२ एप्रैमको पहाड़ी-देशमा
लुकेका सबै इस्राएलीहरूले पलिश्तीहरू भागेका
खबर सुने। तिनीहरू पनि मिलेर पलिश्ती-
हरूलाई खूब खेद्नलागे। २३ त्यस दिन
परमप्रभुले इस्राएललाई छुटकारा दिनुभयो, र
युद्ध बेत-आवेनको पारिसम्मै फिँजियो।

२४ त्यस दिन इस्राएलीहरू साह्रै
थाकेका थिए। शाऊलले मानिसहरूलाई यी
शब्दहरूद्वारा शपथ खान लाए, 'मैले मेरा
शत्रुहरूलाई बदला लिई नसकुन्जेल जसले
साँझअघि केही खानेकुरो खाला त्यो मानिस
श्रापित होस्।' यसैले कसैले केही खाएन।
२५ मानिसहरू वनमा आइपुगे र त्यहाँ भूइँतिर
मौरीको चाका देखे। २६ तर मानिसहरूले
त्यहाँ मह चाकाबाट चुहिरहेको देखेर पनि
शपथको कारण कसैले पनि मह छुँदैछोएन।
२७ तर आफ्ना पिताले मानिसहरूलाई शपथ
खान लाएर एकदम मनाई गरेको जोनाथनले
सुनेकै थिएन। औ तिनले आफ्नो हातमा
भएको लट्ठी पसारेर त्यसको टुप्पाले चाकामा
घोंचेर आफ्नो मुखमा हाले, र तिनमा स्फूर्त्ति
आयो। २८ तर मानिसहरूमध्येको एक
जनाले तिनलाई भन्यो, "तपाइंका पिताले यसो
गर्नलाई एकदम मनाई गरेका छन्।" तिनले
भनेका छन्, "आजको दिन खानेकुरो खाने
मान्छे श्रापित होस्'।" अब मानिसहरू चाहिं
भोकले छटपटिसकेका थिए। २९ जोनाथनले
भने, "मेरा पिताले ता मानिसहरूलाई हानि

सिवाय अरू केही गर्नुभएको छैन। हेर त,
म यो मह चाखेर मात्र पनि कस्तो फूर्त्तिलो
भएको छु। ३० शत्रुहरूबाट लुटेको मालबाट
आज मानिसहरूले खान पाएका भए भन्
कति राम्रो हुने थियो। अवश्य पलिश्तीहरूको
पनि ठूलो संहार हुनेथियो।"
३१ त्यस दिन तिनीहरूले पलिश्तीहरूलाई
जिते, र तिनीहरूलाई मिकमाशदेखि अय्या-
लोनसम्मै खेदे। ३२ तर मानिसहरू भोकले
यति साह्रो शिथिल भएका थिए कि तिनीहरू
लुट्नपट्टि लागे, र भेड़ा-बाख्रा र गाई वस्तुहरू
पक्रे। औ भूइँमानै मारेर रगतैसमेत मासु
खाए। ३३ 'मानिसहरूले मासु रगतैसमेत
खाएर परमप्रभुको विरुद्धमा पाप गर्दैछन्'
भनी कसैले शाऊललाई भनिदियो।
शाऊलले कराएर भने, "यो ता राजद्रोह
भयो। एउटा ठूलो ढुङ्गा पल्टाएर तुरुन्तै
यहाँ ल्याऊ।" ३४ तिनले फेरि भने,
"मानिसहरूका माझमा गएर भन, तिनीहरूले
आफ्ना वस्तु र भेड़ा यहाँ ल्याऊन् र मारेर
खाऊन्, र यसरी तिनीहरूले मासु रगतैसमेत
खाएर परमप्रभुको विरुद्धमा पाप गर्नेछैनन्।"
जब रात पर्‍यो तब हरेक मानिस आफ्नो
आफ्नो गोरु धपाउँदै आयो, र त्यो त्यहीँनै
मार्‍यो। ३५ यसरी शाऊलले परमप्रभुको निम्ति
एउटा वेदी बनाए, र परमप्रभुको निम्ति
शाऊलले बनाएको पहिलो वेदी यही थियो।
३६ तब शाऊलले भने, "हामीहरू तल
गएर पलिश्तीहरूमाथि राती आक्रमण गरौं
र मिरमिरे उज्यालोसम्मै तिनीहरूलाई लुटौं।
तिनीहरूको एउटै मानिसलाई पनि हामी
बाँकी नराखौं।" मानिसहरूले जवाफ दिए,
"तपाईंलाई जे सबैभन्दा असल लाग्छ त्यही
गर्नुहोस्।" तर पूजाहारीले भने, "हामी
पहिले परमेश्वरसँग सल्लाह लिऔं।" ३७ तब
शाऊलले परमप्रभुलाई सोधे, "के मैले पलिश्ती-
हरूलाई खेद्नु? के तपाईंले तिनीहरूलाई
इस्राएलको हातमा सुम्पिदिनुहुनेछ?" तर
यसपल्ट तिनले केही जवाफ पाएनन्।
३८ तब तिनले भने, "इस्राएलका सबै
नेताहरू अगाड़ि आऊन्, र पाप आज
कहाँ लुकेको छ पत्ता लगाउनुपर्नेछ।
३९ इस्राएललाई उद्धार गर्नुहुने जीवित
परमप्रभुको नाउँमा म भन्दछु कि मेरो
छोरा जोनाथनमानै त्यो लुकेको भए पनि
त्यो मारिनेछ।" कसैले पनि तिनलाई जवाफ
दिएन। ४० तब तिनले इस्राएलीहरूलाई
भने, "तिमीहरू सबै एकातिर बस, औ म
र मेरो छोरा जोनाथन अर्कोतिर बस्नेछौं।"
मानिसहरूले जवाफ दिए, "तपाईंलाई जे
सबैभन्दा असल लाग्छ त्यही गर्नुहोस्।"
४१ तब शाऊलले परमप्रभु इस्राएलका
परमेश्वरलाई भने, "आज तपाईंले आफ्नो
दासलाई किन जवाफ दिनुभएन? यदि यो
दोष म अथवा मेरो छोरा जोनाथनमा छ
भने, हे परमप्रभु इस्राएलका परमेश्वर, चिट्ठामा
त्यसको भाग 'ऊरीम' परोस्। यदि यो
दोष तपाईंको प्रजा इस्राएलमा छ भने
त्यसलाई 'तुम्मीम' परोस्।" जोनाथन र
शाऊल पक्रिए, र मानिसहरू चाहिँ छुट्टिए।
४२ तब शाऊलले भने, "म र मेरो छोरा
जोनाथनको बीचमा चिट्ठा हाल।" औ
जोनाथन पक्रिए। ४३ तब शाऊलले
जोनाथनलाई भने, "तैंले के गरिस्? मलाई
भन्।" जोनाथनले भने, "साँचिनै मैले
मेरो लट्ठीको टुप्पाले अलिकता मह चाखें।
म यहीं छु। म मर्नलाई तयार छु।"
४४ तब जोनाथन मारिनैपर्छ भनी शाऊलले
घोर शपथ खाए। ४५ तर मानिसहरूले
शाऊललाई भने, "के जोनाथन मारिने?
तिनै जोनाथन जसले इस्राएलको निम्ति यस्तो
ठूलो विजय प्राप्त गरेका छन्? यस्तो
नहोस्। जीवित परमप्रभुको नाउँमा हामी
भन्दछौं कि तिनको एउटा केश पनि भूइँमा
खस्नपाउनेछैन, किनभने तिनले आज परमेश्वर-
सँग काम गरेका छन्।" यसकारण मानिस-
हरूले जोनाथनलाई मुक्त गराए, र तिनी
मारिएनन्। ४६ शाऊलले पलिश्तीहरूलाई

खेद्न छोड़िदिए, किनभने तिनीहरू आफ्नो
आफ्नो घर गइसकेका थिए।

शाऊलको राज्यको वर्णन

४७ जब शाऊलले इस्राएलमा आफ्नो
सिंहासन स्थिर पारिसके तब तिनले मोआबी-
हरू, अम्मोनीहरू, एदोमीहरू, सोबाका राजा
र पलिस्तीहरू आफ्ना चारैतिरका शत्रुहरूसित
लड़ाइँ गरे। औ जहाँ जहाँ तिनी गए
त्यहाँ त्यहाँ तिनी सफल भए। ४८ अमालेकी-
हरूलाई जिते औ लूटपीट गर्ने विरोधी
दलबाट इस्राएलीहरूलाई मुक्त गराएर तिनले
ठूलो बहादुरी देखाए।
४९ शाऊलका छोराहरू जोनाथन, यिश्वी
र मल्कीशूअ थिए। तिनका दुई जना
छोरीहरूका नाउँ—जेठीको मेराब र कान्छीको
मीकल थियो। ५० तिनकी पत्नी चाहिं
अहीमासकी छोरी अहीनोम थिइन्। औ
तिनका सेनापति तिनका काका नेरका छोरा
अबनेर थिए। ५१ शाऊलका पिता कीश
र अबनेरका पिता नेर चाहिं अबीएलका
छोराहरू थिए।
५२ शाऊलको जीवनपर्यन्त पलिस्तीहरूसित
घमासान युद्ध भइरह्यो। तिनले भेट्टाएको
बलियो मानिस अथवा कुनै पनि वीर
मानिसलाई तिनले आफ्नो काममा नियुक्त
गरिहाल्थे।

अमालेकीहरूमाथि शाऊलको विजय

१५ शमूएलले शाऊललाई भने, "परमप्रभुले
तपाईंलाई इस्राएलमाथि राजा
अभिषेक गर्न भनी मलाई पठाउनभयो। अब
परमप्रभुको वचन ध्यान दिएर सुन्नुहोस्।
२ सेनाहरूका परमप्रभु भन्नुहुन्छ, 'इस्राएल
मिश्र देशबाट उक्लेर आउँदा अमालेकीहरूले
इस्राएललाई आक्रमण गरे, यसकारण त्यसको
निम्ति अमालेकीहरूलाई दण्ड दिने मैले
निश्चय गरेको छु।' ३ अमालेकीहरूमाथि
जाइलागेर तिनीहरूलाई नाश गर्नुहोस्, र
तिनीहरूका सबै धन-सम्पत्ति नाश गर्नुहोस्,
एउटै थोक पनि नछोड्नुहोस्, र सबैलाई
खतम पार्नुहोस्। तिनीहरूका पुरुष स्त्री केटा-
केटीहरू, दूध-खाने बालकहरू, गाई-गोरु,
भेड़ा-बाख्रा, ऊँट र गधा सबैलाई नाश
गर्नुहोस्।" ४ तब शाऊलले सेनालाई
बोलाएर तेलैममा भेला गरे। त्यहाँ दुइ
लाख पैदल-सिपाही र यहूदाका दश हजार
थिए। ५ तिनी अमालेकको शहरमा आए,
र त्यहाँ साँघुरो खोंचमा केही समयसम्म बसे।
६ यसै बीचमा तिनले अमालेकीहरूलाई
छोड़ेर तल आउन भनी केनीहरूलाई समाचार
पठाए। तिनले भने, "नत्रता म तिमीहरू-
लाई र तिनीहरूलाई पनि नाश गर्नेछु। तर
इस्राएल मिश्र देशबाट उक्लेर आउँदा
तिमीहरूले मित्रताको व्यवहार देखाएका
थियौ। यसैकारण केनीहरूले अमालेकीहरूलाई
छोड़े। ७ तब हवीलादेखि मिश्रको
सीमानामा भएको शूरसम्मैका अमालेकी-
हरूलाई शाऊलले टुक्रा टुक्रा गरी काटे।
८ तर तिनले अमालेकीहरूका राजा
अगागलाई जिउँदै पक्रे। औ सबै मानिसलाई
तरवारले मारे। ९ शाऊल र तिनका सेनाले
अगाग र असल असल भेड़ा र गाई-गोरु,
मोटा मोटा पशु र पाठा र राख्ने योग्यका
सबै चीजहरू बचाइराखे। उनीहरूले तिनलाई
नाश गर्ने इच्छा गरेनन्। तर बेकामका र
केही मोल नभएकाहरूलाई चाहिं तिनीहरूले
नाश गरे।

शाऊलले आज्ञा भङ्ग गरेका र तिनी त्यागिएका

१० तब परमप्रभुले शमूएललाई यसो
भन्नुभयो, ११ "शाऊललाई राजा
तुल्याएकोमा मलाई पछितो लागेको छ,
किनभने त्यसले आफ्नो मुख म देखि मोड्यो

र मेरो आज्ञा त्यसले पालन गरेन।''
शमूएललाई रीस उठ्यो र तिनले रातभरि
कराएर परमप्रभुलाई पुकारा गर्दैरहे!
१२ भोलिपल्ट बिहान सबेरै तिनी शाऊललाई
भेट गर्न हिंड़े। तर शाऊल ता कर्मेलमा
गएका छन् भनी तिनलाई सुनाइयो।
शाऊल आफ्नो निम्ति एउटा स्मारक खड़ा
गरी फर्केर गिलगालमा झरिसकेका थिए।
१३ त्यहींनै तिनले शाऊललाई भेट्टाए, र
शाऊलले तिनलाई यसो भनेर अभिवादन गरे,
"परमप्रभुको आशिष तपाईंमा रहोस्। मैले
परमप्रभुको आज्ञा पालन गरें। १४ तर
शमूएलले भने, "मेरो कानमा परेको भेड़ाको
आवाज चाहिं के हो? गाई-गोरुका आवाज
म किन सुन्दैछु?" १५ शाऊलले जवाफ
दिए, "मानिसहरूले ती अमालेकीहरूबाट
लिएका हुन्। मानिसहरूले भेड़ा र गाई-
गोरुका असल असल चाहिं परमप्रभु तपाईंका
परमेश्वरका निम्ति बलिदान चढ़ाउनालाई जोगाई-
राखेका हुन्। बाँकीलाई ता हामीले बिलकुलै
नाश गर्‍यौं।'' १६ शमूएलले शाऊललाई
भने, "बस् भयो। गत रात परमप्रभुले मलाई
के भन्नुभयो सो म तपाईंलाई बताउनेछु।''
शाऊलले भने, "भन्नुहोस्।'' १७ तब
शमूएलले फेरि भन्नलागे, "यस्तो समय थियो
जब तपाईं आफूले आफैलाई तुच्छ सम्झनु-
हुन्थ्यो, तर अब तपाईं इस्राएलका कुलहरूका
शिर हुनुहुन्छ, औ परमप्रभुले तपाईंलाई
इस्राएलमाथि राजा अभिषेक गर्नुभयो।
१८ परमप्रभुले तपाईंलाई त्यस दुष्ट जाति
अमालेकीहरूलाई नाश गर्नु भनी कड़ा आज्ञा
दिएर पठाउनुभएको थियो। तिनीहरूलाई
निमिट्यान्न नपारुन्जेल तपाईंले तिनीहरूका
विरुद्धमा लड़ाइँ गरिरहनुपर्ने थियो।
१९ तपाईंले किन परमप्रभुको आज्ञा पालन
गर्नुभएन? तपाईंले किन लूटका माल लिनु-
भयो, र परमप्रभुको दृष्टिमा जे कुरो खराब
थियो त्यही गर्नुभयो?'' २० तर शाऊलले
शमूएललाई उत्तर दिए, "तर मैले ता
परमप्रभुको आज्ञा पालन गरें। परमप्रभुले
पठाउनुभएको ठाउँमा म गएँ, र अमालेकी-
हरूका राजा अगागलाई समातेर ल्याएँ।
तिनीहरूमध्येका बाँकीलाई चाहिं मैले नाश
पारिदिएँ। २१ लूटका मालबाट मानिसहरूले
भेड़ा र गोरु, औ सबैभन्दा असल असल
पशुहरूलाई चाहिं गिलगालमा परमप्रभु
तपाईंका परमेश्वरको निम्ति बलिदान चढ़ाउन-
लाई राखेका छन्।'' २२ तब शमूएलले
भने,

"होमबलि र बलिदानभन्दा बेसी
परमप्रभुले आज्ञापालननै रुचाउनु हुन्न र?
आज्ञापालन बलिदानभन्दा उत्तम हो,
र उहाँको वचन मान्नु साँढ़-भेड़ाको
बोसोभन्दा असल हो।
२३ उहाँको आज्ञा उल्लङ्घन गर्नु मंत्र-तंत्रको
पापजस्तै हो,
हठी हुनु मूर्तिपूजा गर्नुजस्तै खराब हो।
तपाईंले परमप्रभुको वचनलाई त्याग्नुभयो,
यसैले परमप्रभुले पनि तपाईंलाई राजाको
पद देखि त्याग्नुभएको छ।''

२४ शाऊलले शमूएललाई भने, "मैले
पाप गरें। मैले परमप्रभुको आज्ञा तपाईंको
हुकूमको वास्ता गरिनँ। म मानिसहरूसँग
डराएँ, र तिनीहरूको कुरा मैले मानें।
२५ तर म अब आग्रह गर्दछु कि मेरो
पाप क्षमा गर्नुहोस्, औ मसँग आउनुहोस्,
र म परमप्रभुको सामु दण्डवत् गर्नेछु।''
२६ शमूएलले जवाफ दिए, "अब म तपाईंको
साथ दिनेछैनँ। तपाईंले परमप्रभुको वचनलाई
त्याग्नुभयो, र तपाईंलाई पनि परमप्रभुले
इस्राएलमाथि राजाको पदमा त्याग्नुभएको
छ।'' २७ तिनी जानलाई फर्के, तर
शाऊलले तिनको खाष्टोको किनार समाते र
त्यो च्यातियो। २८ तब शमूएलले तिनलाई
भने, "आज परमप्रभुले इस्राएलको राज्य
तपाईंको हातदेखि च्यातेर अर्कोलाई दिनुहुनेछ,
र तपाईंभन्दा अर्को एक जना असल मानिस-
लाई दिनुहुनेछ। २९ परमप्रभु, जो

इस्राएलका गौरव हुनुहुन्छ, उहाँले छल
गर्नुहुन्न, आफ्नो मन पनि बद्लनुहुन्न।
आफ्नो मन बदल्ने उहाँ मानिस हुनुहुन्न।''
३० शाऊलले भने, "मैले पाप गरें।
तापनि कृपागरी मेरो प्रजाका बूढ़ा-प्रधानहरू
र इस्राएलको सामने एकपल्ट मात्र मेरो इज्जत
गरिदिनुहोस्, र मसँग आउनुहोस् औ म
परमप्रभु तपाइंका परमेश्वरको सामु दण्डवत्
गर्नेछु।'' ३१ यसैले शमूएल शाऊलसँग फर्केर
गए, र शाऊलले परमप्रभुको सामु दण्डवत्
गरे। ३२ तब शमूएलले भने, "अमालेकी-
हरूका राजा अगागलाई यहाँ ल्याऊ।'' तब
अगाग खुशीसित आएर भने, "निश्चय मृत्युको
तिक्तता अब बित्यो।'' ३३ शमूएलले भने,
"तेरो तरवारले स्त्रीहरूलाई निवंश तुल्याएको
थियो, यसकारण तेरै आमा पनि सबै
स्त्रीहरूका बीचमा निवंश हुनेछ''। तब
शमूएलले अगागलाई परमप्रभुको सामने
गिलगाल्मा टुक्रा टुक्रा गरी काटेर मारे।
३४ तब शमूएल चाहिं रामामा गए, औ
शाऊल गिबामा आफ्नै घरमा गए। ३५ औ
तिनी आफ्नो मृत्युको दिनसम्मैं फेरि कहिल्यै
शाऊललाई भेट्न आएनन्, तर शाऊल्लाई
इस्राएलमाथि राजा तुल्याउनुभएकोमा परम-
प्रभुले पछितो गर्नुभएको कारण तिनी शाऊलको
निम्ति शोक गरिरहे।

शमूएलले दाऊदलाई राजा अभिषेक गरेका

१६ परमप्रभुले शमूएललाई भन्नुभयो,
"मैले शाऊल्लाई इस्राएल्माथि
राजा हुनलाई इन्कार गरेकोमा तँ त्यसको
निम्ति कहिलेसम्म विलाप गरिरहन्छस्?
तँसित भएको त्यो सीङ्मा तेल हालेर तेरो
साथमा लैजा। म तँलाई बेतलेहेमको
यिशैकहाँ पठाउँदैछु। किनभने मैले त्यसका
छोराहरूमध्येको एक जनालाई राजा चुनेको
छु।'' २ शमूएलले भने "म कसरी जानसक्छु
र? शाऊलले यो कुरा सुनेर मलाई
मार्नेछ।'' परमप्रभुले भन्नुभयो, "एउटा
कोरली तँसँग लैजा। परमप्रभुको निम्ति
बलिदान चढ़ाउनलाई आएको हुँ भनी भन्।
३ औ यिशैलाई पनि त्यस बलिदानमा
निम्तो दे। तब तैंले के गर्नुपर्ने छ म
तँलाई बताउनेछु। औ जुन मानिसलाई
म देखाउनेछु तैंले त्यसलाई अभिषेक गर्नू।''
४ तिनलाई परमप्रभुले गर्नू भनेबमोजिम
शमूएलले गरे, तिनी बेतलेहेममा गए।
शहरका बूढ़ा-प्रधानहरू हतार हतार यसो
भन्दै तिनलाई भेट्नलाई आए, "तपाइं
किन आउनुभयो? के सबै ठीकै छ?''
५ शमूएलले भने, "सबै ठीकै छ। म
परमप्रभुको निम्ति बलिदान चढ़ाउनलाई
आएको हुँ। तिमीहरू आफू आफूलाई शुद्ध
गरेर बलिदानको निम्ति आऊ।'' तिनी आफैले
चाहिं यिशै र तिनका छोराहरूलाई शुद्ध गरेर
बलिदानको निम्ति तिनीहरूलाई बोलाए।
६ औ जब तिनीहरू आए तब शमूएलले
एलीआबलाई देखेर विचार गरे, "परमप्रभुको
सामने उहाँका अभिषिक्त राजा यिनीनै
रहेछन्।'' ७ तर परमप्रभुले तिनलाई
भन्नुभयो, "त्यो सुन्दर र अग्लो भए
तापनि त्यसको ख्याल नगर्। म त्यसलाई
इन्कार गर्छु। परमप्रभुले मानिसले झैं हेर्दैनन्।
मानिसले रूप हेरीकन विचार गर्छ तर परम-
प्रभुले हृदय हेरीकन विचार गर्छन्।'' ८ तब
यिशैले अबीनादाबलाई बोलाए, र शमूएलको
सामने हिंड़नलाए। तर तिनले भने, "होइन,
परमप्रभुले यिनलाई चुन्नुभएको होइन।''
९ तब यिशैले शम्मालाई हाजिर गराए। तर
शमूएलले भने, "परमप्रभुले यिनलाई पनि
चुन्नुभएको होइन।'' १० यिशैले आफ्ना सात
जना छोराहरूलाई शमूएलको सामने हाजिर
गराए, तर तिनले भने, "परमप्रभुले यिनीहरूमा
कसैलाई पनि चुन्नुभएको छैन।'' ११ तब
शमूएलले सोधे, "के सबै यतिनै हुन्?''
यिशैले जवाफ दिए, "अझै कान्छो पनि छ,

तर त्यो ता भेड़ा चढ़ाउँछ।" शमूएलले
यिशैलाई भने, "तिनलाई बोलाइपठाऊ।
तिनी नआउन्जेल हामी बस्नेछैनौं।"
१२ यसकारण तिनले उनलाई त्याउनलाई
मानिस पठाए। तिनी राता राता गाला
चम्किला आँखा भएका सुन्दर थिए। परम-
प्रभुले भन्नुभयो, "उठेर त्यसलाई अभिषेक
गर्। व्यक्ति यही हो।" १३ शमूएलले
तेल भएको सीङ लिएर तिनका दाज्यूहरूको
सामने तिनलाई अभिषेक गरे। तब परम-
प्रभुका आत्मा दाऊदमाथि आउनुभयो, र त्यस
दिनदेखि उसो तिनीसँगै रहनुभयो। औ शमूएल
रामाको बाटो लागे।

दाऊद शाऊलका गायक र हतियार बोक्ने भएका

१४ परमप्रभुका आत्माले शाऊललाई
त्याग्नुभयो, औ परमप्रभुबाटको एउटा दुष्ट
आत्माले तिनलाई बेला बेलामा झट्टै
पक्रन्थ्यो। १५ तिनका सेवकहरूले तिनलाई
भने, "हजूर, हेर्नुहोस्, परमप्रभुबाट एउटा
दुष्ट आत्माले तपाईंलाई पक्रन्छ।
१६ हजूरका सामने भएका सेवकहरूलाई
गएर वीणा बजाउनसक्ने कुनै मानिसलाई
खोजेर त्याउने हुकूम किन दिनुहुन्न?—औ
जब परमप्रभुबाट त्यो दुष्ट आत्मा हजूरकहाँ
आउँछ त्यस बेला त्यस मानिसले बजाउँछ
र हजूर निको हुनुहुनेछ।" १७ शाऊलले
आफ्ना सेवकहरूलाई भने, "राम्रो बजाउने
कुनै एउटा मानिसलाई खोज, र त्यसलाई
मकहाँ त्याऊ।" १८ तिनका सेवकहरूमध्ये
एउटाले भन्यो, "बेतलेहेमका यिशैका
छोराहरूमध्ये एक जनाले बजाएको मैले
सुनेको छु। तिनी वीर मानिस छन्, र
असल योद्धा, बोल्नमा ज्ञानी र सुन्दर पनि
छन्। औ परमप्रभु तिनीसँग हुनुहुन्छ।
१९ यसैकारण शाऊलले समाचार दिने
मानिसलाई यिशैकहाँ पठाए, र तिनीकहाँ
भेड़ा चराउने तिनका छोरा दाऊदलाई
शाऊलकहाँ पठाउने हुकूम गरे। २० यिशैले
एक मसक दाखमद्य र एउटा पाठासमेत
केही रोटी आफ्नो छोरा दाऊदसँग
शाऊलकहाँ पठाइदिए। २१ दाऊद शाऊलकहाँ
आए, र तिनको सेवामा नियुक्त गरिए।
शाऊलले तिनलाई खूबै प्रेम गर्नलागे, र तिनी
शाऊलका हतियार बोक्ने भए। २२ यसैले
शाऊलले यिशैकहाँ यो समाचार पठाए, "दाऊद
मेरो सेवामानै रहोस्, किनभने म त्यससित
प्रसन्न छु।" २३ औ जब जब परमप्रभुबाट त्यो
आत्मा शाऊलमा आउँथ्यो दाऊदले आफ्नो
वीणा लिएर त्यो बजाइदिन्थे, र शाऊलले
शान्ति पाउँथे। तिनी निको हुन्थे, र दुष्ट
आत्माले तिनलाई छोड़ेर गइहाल्थ्यो।

दाऊद र गोल्यत

१७ पलिश्तीहरूले युद्धको निम्ति आफ्नो
फौज जम्मा गरे, र यहूदाको
सोकोहमा भेला भए। तिनीहरूले सोकोह र
अजेकाको बीचको एपेस-दम्मीममा छाउनी
हाले। २ शाऊल र इस्राएलीहरू पनि भेला
भएर एलाको बेंसीमा छाउनी हाले। तिनी-
हरूले पलिश्तीहरूका सामने पंक्ति बाँधे।
३ पलिस्तीहरू एउटा डाँड़ामा र इस्राएलीहरू
अर्को डाँड़ामा ठाउँ ओगटेर बसे, औ तिन-
हरूका बीचमा एउटा बेंसी थियो। ४ तब
पलिस्तीहरूको छाउनीबाट गातको गोल्यत
नाउँको एक जना वीर निस्केर आयो। त्यो
नौ फीटभन्दा अल्गो थियो। ५ त्यसको
शिरमा काँसाको टोप थियो, औ पाँच हजार
शेकेल ओजन भएको काँसाको झिल्म त्यसले
लगाएको थियो। ६ त्यसका गोड़ामा काँसाका
झिल्म थिए, औ त्यसका हतियारहरूमध्ये
एउटा चाहिं काँसाको बर्छा ढाल्मा बोकेको
थियो। ७ त्यसको भालाको बिँड कपड़ा
बुन्ने जुलाहाको डण्डा जत्रो थियो, र भालाको
टुप्पा, जो फलामको थियो, त्यसको ओजन

छ सय शेकेलको थियो। त्यसको ढाल बोक्ने
त्यसको अगि अगि हिँड्थ्यो। ८ त्यो वीर
खड़ा भयो, र इस्राएलका फौजलाई कराएर
भन्यो, "ए शाऊलका सेवक हो, तिमीहरू
किन लड़ाइँ गर्नलाई आउँछौ? म पलिश्ती-
वीर हुँ। मसँग लड़नलाई तिमीहरूको मानिस
चुन। ९ यदि एकलै लड़ेर त्यसले मलाई
मार्नसक्यो भने हामी तिमीहरूका कमारा
हुनेछौं। तर यदि म त्यसको निम्ति साह्रै
बलियो ठहरिएर मैले त्यसलाई मारें भने
तिमीहरूले हाम्रा कमारा भएर हाम्रो सेवा
गर्नुपर्नेछ। १० आजको दिन म इस्राएलको
फौजलाई तुच्छ गर्न्छु।" त्यस पलिश्तीले
भन्यो, "एउटा मानिस पठाऊ, र हामी
लड़नेछौं।" ११ जब शाऊल र इस्राएली-
हरूले त्यस पलिश्तीले भनेको कुरा सुने तब
तिनीहरू आत्तिए, र साह्रै डराए।
१२ दाऊद यिशै भन्ने इफ्रातीका छोरा
थिए। यिशैका आठ भाइ छोराहरू थिए।
शाऊलको पालमा तिनी कमजोर र वृद्ध मानिस
भइसकेका थिए। १३ औ तिनका जेठा,
माहिला र साँहिला छोराहरू चाहिं युद्धमा
शाऊलका पछि लागेका थिए। जेठा एलीआब,
माहिला अबीनादाब र साँहिला शम्मा थिए।
१४ दाऊद चाहिं कान्छा थिए। ती तीन
युवकहरू शाऊलका पछि लागेका थिए,
१५ औ त्यस बेला दाऊद शाऊलको छाउनी
र बेतलेहेममा आफ्ना पिताका भेड़ा-
बथानको हेरचाहा गर्नलाई आउने-जाने गर्थे।
१६ त्यो पलिश्ती बिहान र बेलुकी
चालीस दिनसम्म अगि आएर आफ्नो नियत
स्थानमा खड़ा हुन्थ्यो। १७ तब एक दिन
यिशैले आफ्नो छोरा दाऊदलाई भने, "तेरा
दाज्यूहरूलाई यो चार पाथी चिउरा र यी
दशवटा रोटी लिएर चाँड़ो छाउनीमा जा।
१८ यी दशवटा पनीर चाहिं तैंले सहस्र-
पतिको निम्ति लैजा। तेरा दाज्यूहरू कुशलै
छन् कि छैनन् हेर् र तिनीहरूबाट केही चिनु
लिएर आइज। १९ शाऊल, ती तीन जना
दाज्यूहरू र सबै इस्राएलीहरू एलाको बेंसीमा
पलिश्तीहरूसित लड़ाइँ गरिरहेका थिए।
२० भोलिपल्ट बिहानै दाऊदले भेड़ाहरू
कसैको हेरचाहामा छोड़ेर यिशैले अह्राएअनुसार
आफ्नो काममा हिँड़े। सेना आफ्नो आफ्नो
स्थान लिएर युद्ध-ध्वनि लगाइ रहेको बेलामा
तिनी छाउनीमा पुगे। २१ इस्राएलीहरू र
पलिश्तीहरूले एका अर्काको सामने पंक्ति
बांधे। २२ सामान राख्नेको जिम्मामा आफ्नो
सामान दिएर पंक्ति बांधेको ठाउँमा आफ्ना
दाज्यूहरूलाई भेट गर्न भनी दाऊद कुदेर
गए। २३ जब तिनी उनीहरूसँग बात
गरिरहेका थिए, तब त्यो पलिश्ती वीर गोल्यत
आफ्नो फौजदेखि बाहिर निस्केर अघिर्झैं हांक
दिनलाग्यो। औ त्यसले भनेको कुरा दाऊदले
सुने। २४ जब इस्राएलीहरूले त्यस मानिसलाई
देखे तब तिनीहरू डरले भागे। २५ तिनी-
हरूले भने, "हेर त, यो मानिस दिनैपछि
आएर इस्राएललाई धम्की देखाउँछ। त्यसलाई
मार्ने मानिसलाई राजाले प्रचूर इनाम दिनुहुनेछ,
औ आफ्नी छोरी पनि त्यससँग विवाह गरि-
दिनुहुनेछ औ त्यसको घरानालाई इस्राएलमा
राजाको सेवा गर्ने अनिवार्य कामबाट
मुक्त गरिदिनुहुनेछ।" २६ तब दाऊदले
छेउछाउका मानिसहरूतिर फर्केर भने, "यस
पलिश्तीलाई मार्ने र हाम्रो लाज बचाउने
मानिसलाई के गरिदिने त? औ जीवित
परमेश्वरको सेनालाई तुच्छ भन्ने त्यो बेखतने
पलिश्ती चाहिं को हो र?" २७ तब
त्यस विषयमा के हुन्छ औ त्यसलाई मार्ने
मानिसलाई के गरिनेछ भनी मानिसहरूले
दाऊदलाई बताइदिए। २८ मानिसहरूसँग
दाऊद बात गरिरहेका तिनका जेठा दाज्यू
एलीआबले सुने र तिनी रिसाए। तिनले
दाऊदलाई यसो भनेर सोधे, "तँ यहाँ के
गरिरहेछस्? औ वनमा भएका ती अलिकता
भेड़ाहरू हेर्न तैंले कसलाई जिम्मा दिएर
आइस्? म तँलाई चिन्दछु, अट्टेरी बदमाश!
तँ लड़ाइँ हेर्नलाई मात्र आएको होस्!"

२९ दाऊदले भने "मैले अहिले के गरेको
छु र ? मैले बोल्नु पनि नहुने।"
३० उनीबाट एकातिर लागेर तिनी मानिस-
हरूकहाँ गए, र त्यही प्रश्न दोहोराए। तर
सबैले तिनलाई त्यही जवाफ दिए।
३१ दाऊदले भनेको कुरा मानिसहरूले
सुने, र त्यो कुरा शाऊलकहाँ पुर्‍याइयो,
उनले तिनलाई बोलाइपठाए। ३२ दाऊदले
तिनलाई भने, "हजूर, हतास न हुनुहोस्,
म गएर त्यस पलिश्तीसँग लड्नेछु।"
३३ शाऊलले जवाफ दिए, "तिमी गएर त्यस
पलिश्तीसँग लड्नसक्नेछैनौ। तिमी ता सानै
ठिटा मात्र छौ, औ त्यो चाहिं जीवनभरिनै
लड़ाइँ गर्दै आएको छ।" ३४ दाऊदले
शाऊललाई भने, "हजूर, म मेरा पिताका
भेड़ा-बख्राहरूको गोठालो हुँ। जब सिंह
अथवा भालूले आएर बगालबाट भेड़ा
बोकेर लैजान्छ, ३५ तब म त्यसको
पछि गई त्यसलाई आक्रमण गरेर त्यसको
मुखबाट त्यो शिकारलाई छुटाउँछु। औ यदि
मलाई आक्रमण गर्नलाई त्यो फर्क्यो भने म
त्यसको चिँउड़ो समातेर कुटीकुटी त्यसलाई
मार्छु। ३६ मैले सिंहहरू र भालूहरूलाई
मारेको छु, औ यस बेखतने पलिश्तीको
दशा तिनीहरूकोभन्दा असल हुनेछैन। त्यसले
जीवित परमेश्वरको सेनालाई धम्की दिएको
छ। ३७ सिंह र भालूदेखि बचाउनुहुने
परमप्रभुले यस पलिश्तीको हातदेखि पनि
मलाई बचाउनुहुनेछ।" ३८ शाऊलले भने,
"त्यसो भए जाऊ, परमप्रभु तिमीसँग
हुनुहुनेछ।" तिनले दाऊदलाई आफ्नै
पोशाक पहिराइदिए, औ कांसाको टोप
तिनको शिरमा लगाइदिए, र आफ्नो झिलम
लगाउनलाई दिए। ३९ त्यसपछि तिनले
आफ्नो तरवार दाऊदको झिलममाथि
कसिदिए। तर दाऊद अन्कनाए, किनभने
तिनले ती कहिल्यै लगाएका थिएनन।
यसकारण तिनले शाऊललाई भने, "यी
लगाएर म जानसक्तिनँ, किनभने मैले यी
कहिल्यै लाएको छैनँ।" तब तिनले ती
फुकाले। ४० त्यसपछि तिनले आफ्नो
लट्ठी उठाए, र खोलाबाट पाँचवटा चिल्ला
चिल्ला ढुङ्गा चुने, र आफ्नो थैलीको काम
दिने गोठालाको झोलामा हाले। तिनी
आफ्नो घुँयेत्रो लिएर त्यस पलिश्तीसँग
लड्नलाई गए।
४१ आफ्नो हतियार बोक्नेलाई अगि
लगाएर त्यो पलिश्ती दाऊद भएतिर बढ्यो।
४२ त्यसले दाऊदलाई नियालेर हेर्‍यो, र
राता राता गाला, चम्किला आँखा भएका
सुन्दर ठिटालाई देखेर खिसी गर्नलाग्यो।
४३ त्यसले दाऊदलाई भन्यो, "के म कुकुर
हुँ, र लाठाहरू लिएर मसँग लड्न
आउँछस् ?" औ त्यसले आफ्नो देवताको
नाउँमा दाऊदलाई सराप्न लाग्यो। ४४ त्यसले
भन्यो, "आइज, म तेरो मासु चरोहरू र
जानवरलाई खान दिनेछु।" ४५ दाऊदले
जवाफ दिए, "तँ ता मसँग लड्न तरवार,
भाला र बर्छा लिएर आएको छस्, तर म
तँसँग लड्न तैंले धम्क्याएका इस्राएलको
फौजका परमेश्वर, सेनाहरूका परमप्रभुको नाउँमा
आएको छु। ४६ आजको दिन परमप्रभुले
तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ। म
तँलाई मार्नेछु, र तेरो टाउको काटेर तेरो
लाश र पलिश्तीहरूका लाश चरो र
जानवरहरूलाई ख्वाउनेछु। तब इस्राएलमा
एउटा परमेश्वर हुनुहुँदो रहेछ भनी सारा
संसारले थाह पाउनेछ। ४७ यहाँ भेला
भएका सबैले जान्नेछन् कि परमप्रभुले तरवार,
भालाद्वारा बचाउनुहुन्न। लड़ाइँ परमप्रभुकै
हो, औ उहाँले तिमीहरू सबैलाई हाम्रो
हातमा सुम्पिदिनुहुनेछ।"
४८ जब त्यो पलिश्ती तिनी भएतिर
बढ्नलाग्यो तब दाऊद त्यससँग लड्नलाई
तुरुन्तै अगि कुदेर गए। ४९ तिनले
आफ्नो हात झोलामा हालेर एउटा ढुङ्गा
निकाले, र घुँयेत्रोमा राखे, र घुमाएर त्यस
पलिश्तीको निधारमा हाने। त्यो ढुङ्गा

निधारैमा गाड़ियो र त्यो घोप्टो परेर भूइँमा
लोट्यो। ५० यसरी दाऊद आफ्नो घुयेत्रो
र ढुङ्गाले विजयी भए। औ आफूसित
तरवार नभए तापनि तिनले गोल्यतलाई
हिर्काएर लड़ाए, र मारे। ५१ तब तिनी
कुदेर त्यस पलिश्ती लोटेको ठाउँमा गए, र
छेउमा खड़ा भए, औ त्यसैको तरवार
म्यानबाट थुतेर त्यसलाई खतम गरेर त्यसको
टाउको काटिदिए। जब पलिश्तीहरूले आफ्ना
वीर पुरुष मारिएका देखे, तब तिनीहरू
फर्केर भागे। ५२ तब इस्राएल र यहूदाका
मानिसहरूले तुरुन्तै युद्ध-ध्वनि उठाए, औ गात
र एक्रोनका मूल-ढोकाहरूसम्मै तिनीहरूलाई खूब
खेदेर लगे। औ शारैम, गात र एक्रोन जाने
बाटोहरूमा तिनीहरूका लाश जतातत्तै छरिए।
५३ पलिश्तीहरूलाई खेदेर फर्कंदा इस्राएलीहरूले
तिनीहरूका छाउनी लूटे। ५४ दाऊदले
गोल्यतका हतियार त्यसकै पालमा छोड़ेर त्यसको
टाउको चाहिं बोकेर यरूशलेममा ल्याए।
५५ जब शाऊलले दाऊदलाई पलिश्तीहरूका
विरुद्धमा गइरहेका देखे, तब तिनले आफ्नो
सेनापति अबनेरलाई सोधे, "अबनेर, त्यो
ठिटो कसको छोरो हो?" अबनेरले भने,
"हजूरको जीवनको शपथ खाएर म भन्दछु
कि मलाई थाह छैन।" ५६ राजाले
अबनेरलाई भने, "त्यो ठिटो कसको छोरो
रहेछ, निधो गर।" ५७ जब दाऊद त्यस
पलिश्तीलाई मारेर फर्के, तब अबनेरले तिन-
लाई लगेर शाऊलको सामने हाजिर गराए।
दाऊदले त्यस पलिश्तीको टाउको आफ्नो
हातमा बोकिरहेकै थियो। ५८ शाऊलले
तिनलाई सोधे, "हे जवान युवक, तिमी
कसका छोरो हौ?" दाऊदले जवाफ दिए, "म
हजूरको दास बेतलेहेमका यिशैको छोरो हुँ।"

दाऊदप्रति जोनाथनको प्रेम

१८ १-२ त्यही दिन जब शाऊल दाऊदसँग
बातचीत गरिसके, तब तिनले
दाऊदलाई राखे, र आफ्ना बाबुको घरमा
फेरि फर्किजान दिएनन्, किनभने जोनाथनले
दाऊदलाई आफैलाईझैं हृदयले प्रेम गर्नलागेका
तिनले थाह पाए। ३ यसैले जोनाथन र
दाऊदले आपसमा एउटा गहिरो मित्रता बाँधे,
किनभने तिनीहरू एउटाले अर्कोलाई आफैलाई
झैं प्रेम गर्नलागेका थिए। ४ तब जोनाथनले
आफूले लाएका खाश्टो र जङ्गी-पोशाक फुकाले,
र ती दाऊदलाई आफ्नो तरवार, धनु र
पेटीसँग दिए। ५ शाऊलले पठाएका
जुनसुकै जोखिमको काममा पनि दाऊद यति
सफल भए कि शाऊलले तिनलाई आफ्नो
सेनाका एक कप्तान नियुक्त गरे। यसरी
दर्जा बढ़ेकोमा साधारण मानिसहरू र
शाऊलका अफिसरहरू पनि प्रसन्न भए।

दाऊदलाई मार्ने षड़यन्त्र

६ जब दाऊद पलिश्तीहरूलाई ध्वंस
गरेर फर्किरहेका थिए, तब स्त्रीहरू इस्राएलका
सबै शहरबाट हेर्नलाई निस्के, औ नर्तकीहरू
खैंजड़ी बजाउँदै, गाउँदै र नाच्दै शाऊल
राजालाई भेट्न आए। ७ स्त्रीहरू आनन्दित
भएर यसो भनेर गाउँदथिए,

शाऊलले हजारौं हजारलाई ध्वंस गरे,
तर दाऊदले ता लक्खौं लाखलाई
ध्वंस गरे।

८ शाऊल साह्रै रिसाए, र ती शब्दहरूले
तिनलाई साह्रै चोट लाग्यो। तिनले भने,
"दाऊदको निम्ति तिनीहरूले लक्खौं लाख
ठहराए, तर मलाई चाहिं हजारौं मात्र।
अब त्यसलाई राजा तुल्याउनु मात्र ता बाँकी
रह्यो।" ९ त्यस दिनदेखि उसो शाऊलले
दाऊदलाई डाहाको दृष्टिले हेर्नलागे।
१० भोलिपल्ट परमेश्वर तर्फको एउटा
दुष्ट आत्माले शाऊललाई पक्र्यो। तिनलाई
घरैमा एउटा पागलपनाले छोप्यो। औ
दाऊदले अघिझैं शाऊलको निम्ति वीणा
बजाए। शाऊलको हातमा आफ्ना भाला

थियो। ११ तिनले दाऊदलाई भित्तैमा
उनिने गरी त्यो हानिपठायो, तर दाऊद
दुइपल्ट एकातिर तर्के। १२ त्यसपछि शाऊल
दाऊददेखि डराउनलागे, किनभने आफूलाई
त्यागेर परमप्रभु दाऊदसित रहनुभएको तिनलाई
थाह भयो। १३ यसैकारण तिनले दाऊद-
लाई आफ्नो दरबारबाट अलग गरेर एक
हजार मानिसहरूका कप्तान नियुक्त गरिदिए।
१४ दाऊदले आफ्ना मानिसहरूलाई लड़ाइँमा
लगे, र परमप्रभु तिनीसँग हुनुभएको हुनाले
आफूले जिम्मा लिएका सबै काममा तिनी
सफल भए। १५ जब शाऊलले तिनलाई
यसरी सफल भएका देखे तब तिनी अघिभन्दा
झन् दाऊदसँग डराउनलागे। १६ औ सबै
इस्राएल र यहूदाले दाऊदलाई प्रेम गर्नलागे,
किनभने तिनी रण-भूमिमा तिनीहरूका अगुवा
भएर जान्थे।

१७ शाऊलले दाऊदलाई भने, "म मेरी
जेठी छोरी मेराबलाई तिमीसँग विवाह
गरिदिनेछु, तर त्यसको सट्टामा तिमीले वीरता-
पूर्वक मेरो सेवा गर, र परमप्रभुको निम्ति
लड़ाइँ गर।" किनभने शाऊलले आफ्नै
हातबाट होइन, तर पलिश्तीहरूका हातबाट
दाऊदलाई मार्ने विचार गरेका थिए।
१८ दाऊदले उत्तर दिए, "म को हुँ, औ मेरा
बाबुको परिवार, मेरा आफन्तहरू इस्राएलमा
को हुन् र म राजाको जुवाइँ हुनसक्छु?"
१९ तापनि जब शाऊलकी छोरी मेराबको
दाऊदसँग विवाह गर्ने बेला आयो, तब
मेराबलाई पहिलेनै महोलहको अद्रीएलसँग
विवाह गरिदिए। २० तर शाऊलकी अर्की
छोरी मीकल दाऊदसँग प्रेममा फंसिन्, औ
जब यो कुरो शाऊलको कानमा पुग्यो तब
शाऊलले आफ्नो मतलब सिद्ध भएको देखे।
२१ तिनले आफ्नो मनमनै भने, "म त्यस-
लाईनै दाऊदसँग विवाह गरिदिनेछु।
पलिश्तीहरूका हातबाट मारिनलाई तिनको
निम्ति त्यो एउटा लोभ्याउने फन्दा होस्।"
यसैले शाऊलले दाऊदलाई आफ्नो जुवाइँ
बनाउनलाई दोस्रोपल्ट प्रस्ताव राखे। २२ औ
दाऊदलाई सुटुक्क यसो भन्नू भनी आफ्ना
भारादारहरूलाई हुकुम गरे, "राजा तपाइँसँग
अत्यन्तै खुशी हुनुहुन्छ, औ तपाइं हामी
सबैका प्रिय पनि हुनुहुन्छ। अब राजाको
परिवारसँग विवाह गर्ने मौका यहीनै हो।"
२३ जब शाऊलका मानिसहरूले दाऊदसँग
यसरी कुरा गरे, तिनले उनीहरूलाई भने,
"राजाका छोरीलाई विवाह गर्न तपाइंहरू
सानो कुरा सम्झनुहुन्छ? के म जस्तै एउटा
केही नभएको गरीब मानिसले यस्तो गर्नसक्छु
र?" २४ दाऊदले भनेका कुरा शाऊलका
भारादारहरूले तिनलाई सुनाइदिए। २५ औ
तिनले भने, "दाऊदलाई यसो भन, शत्रु-
हरूलाई बदला लिनको निम्ति राजाले दुलहीको
दामको रूपमा एक सय पलिश्तीहरूका खलड़ी
मात्र माग्नुहुन्छ।" पलिश्तीहरूका हातबाट
दाऊद मरून् भन्ने शाऊलको इच्छा थियो।
२६ शाऊलले भनेका कुरा भारादारहरूले
दाऊदलाई सुनाइदिए। यो शर्तमा राजाको
छोरीसँग विवाह गर्न तिनी राजी भए।
तोकिएको समयको अघि दाऊद आफ्ना
मानिसहरूसँग गए, २७ र दुइ सय पलिश्ती-
हरूलाई मारे। तिनले तिनीहरूका खलड़ी ल्गेर
आफूलाई जुवाइँ स्वीकार गरिओस् भनी
राजाको सामु ती गनिदिए। यसैले शाऊलले
आफ्नी छोरी मीकललाई दाऊदसँग विवाह
गरिदिए। २८ परमप्रभु दाऊदसँग हुनुहुँदो
रहेछ भनी शाऊलले देखे, औ आफ्नी छोरी
मीकलले तिनलाई प्रेम गर्दीरहिछ भनेर पनि
तिनलाई थाह भयो। २९ औ तिनी
दाऊदसँग झन् डराउनलागे, औ आफ्नो
बाँकी जीवनभरिनै तिनी दाऊदको शत्रु
भए।

३० पलिश्तीहरूका अफिसरहरू एक एक
जना लड्नलाई आउँथे। जब तिनीहरू यसरी
आउँथे तब शाऊलका अन्य मानिसहरूभन्दा
दाऊद तिनीहरूउपर ज्यादा सफल भए,
औ तिनले ठूलो नाउँ कमाए।

दाऊदप्रति शाऊलको रीस

१९ दाऊदलाई मार्ने कुरा शाऊलले आफ्नो
छोरा जोनाथन र आफ्ना सबै भारा-
दारहरूलाई बताए। तर जोनाथन चाहिं
दाऊदका भक्त थिए, २ औ आफ्ना
पिता शाऊलले तिनलाई मार्ने मौका
हेर्दैछन् भनी जोनाथनले दाऊदलाई बताइदिए।
तिनले भने, "भोलि बिहान होशियार
बस्नुहोस् र लुकेर रहनुहोस्। ३ तब
म बाहिर निस्केर आउनेछु, र तपाईं
हुनुभएको खेतमा मेरा पितासँग भेट गर्नेछु,
औ उहाँसँग तपाईंको विषयमा कुरा गर्नेछु,
औ केही पत्ता लाग्यो भने म तपाईंलाई
बताइदिनेछु।" ४ जोनाथनले आफ्ना पिता
शाऊललाई यसो भने, "हजूर, आफ्ना दास
दाऊदलाई अनर्थ नगर्नुहोला। तिनले केही
खराबी गरेका छैनन्। तपाईंप्रति तिनको
व्यवहार निष्खोट छ। ५ त्यस पलिश्तीलाई
मार्दाखेरि तिनले आफ्नो ज्यान खतरामा
हालेका थिएनन् र ? औ परमप्रभुले इस्राएललाई
एउटा ठूलो विजय दिनुभएन र ? त्यो ता
तपाईंलेनै देख्नुभयो, र त्यस रमाहटमा
तपाईं पनि सम्भागी हुनुभयो। एउटा निर्दोष
मानिसलाई तपाईं किन खराबी गर्नुहुन्छ, र
किन केही कारणविना दाऊदलाई मार्नुहुन्छ ?"
६ शाऊलले जोनाथनको कुरा सुने, र
परमप्रभुको शपथ खाएर दाऊद मारिनेछैन भने,
७ यसैले जोनाथनले दाऊदलाई बोलाए, र
तिनलाई यी सबै कुरा बताइदिए। तब
जोनाथनले दाऊदलाई शाऊलकहाँ ल्याए, र
तिनी अघिझैं राजाको सेवामा लागे।

८ लड़ाइँ फेरि शुरू भयो, औ दाऊदले
पलिश्तीहरूलाई आक्रमण गरेर यस्तो संहार
गरे कि ती तिनको सामुबाट भागे।

९ जब शाऊल आफ्नो हातमा भाला
लिएर आफ्नो घरमा बसिरहेका थिए, तब
परमप्रभुबाटको दुष्ट आत्माले तिनलाई पक्रयो
दाऊद चाहिं वीणा बजाइरहेका थिए।
१० शाऊलले दाऊदलाई भित्तैमा उनिने गरी
भाला हाने, तर दाऊदले त्यस भालाको
प्रहारलाई छले अनि त्यो भाला भित्तामा
गाड़ियो। दाऊद सुरक्षित भएर भागिहाले।
११ तिनलाई बिहान मार्ने विचारले शाऊलले
आफ्ना सेवकहरूलाई दाऊदको घरमा चेवामा
राखे। तर दाऊदकी पत्नी मीकलले चेताउनी
दिएर तिनलाई भनिन्, "तपाईं रातीनै भागि-
जानुभएन भने भोलि तपाईंलाई मार्नेछ।"
१२ तिनले दाऊदलाई एउटा झ्यालबाट तल
ओहालिदिइन्, र तिनी सुटुक्कै भागे।
१३ मीकलले आफ्ना घर-देवताहरू लिएर
तिनको ओछ्यानमा राखिदिइन्, र सिहानमा
चाहिं बाख्राको रौंको कम्बल राखेर एउटा
लुगा ओढ़ाइदिइन्। १४ जब मानिसहरू
दाऊदलाई पक्रन आए तब तिनी ता बिरामी
छन् भनी तिनले भनिन्। १५ शाऊलले
तिनीहरूलाई फेरि आफ्नै आँखाले हेर्न भनी
पठाए। तिनले भने, "त्यसलाई खाटैसमेत
यहाँ मकहाँ ल्याऊ, र म त्यसलाई मार्नेछु।"
१६ जब तिनीहरू आए तब तिनीहरूले
ओछ्यानमा घर-देवताहरू र सिहानमा बाख्राको
रौंको कम्बल भेट्टाए। १७ तब शाऊलले
मीकललाई भने, "तैंले किन मलाई यसरी छल
गरिस्, ? मेरो शत्रुलाई किन कुशलसित
भाग्नदिइस् ? औ मीकलले जवाफ दिइन्,
"तिनले मलाई भाग्न मदत गरिनस् भने
तँलाई मार्छु भन्यो।"

१८ यसै बीचमा दाऊद रामामा शमूएल-
कहाँ भागेर आए, र शाऊलले तिनीप्रति गरेका
व्यवहारको विषयमा तिनलाई सुनाइदिए। तब
तिनी र शमूएल गएर नैयोतमा बस्नलागे।
१९ दाऊद त्यहाँ छ भनी कसैले शाऊल
लाई सुनाइदियो। २० औ दाऊदलाई पक्रन
भनी शाऊलले एक दल मानिस पठाए।
जब तिनीहरूले शमूएलको नेतृत्वमा अगमवक्ता-
हरूको दल जोशमा मग्न भएको
देखे, तब तिनीहरूमाथि परमेश्वरको आत्मा
आउनुभयो, र तिनीहरू पनि अगमवक्ताको

जोशमा मग्न भए। २१ जब यो
कुरा शाऊलले सुने तब तिनले अर्को एक दल
पठाए। तिनीहरू पनि जोशमा मग्न भए,।
शाऊलले तेस्रोपल्ट धेरै मानिसहरूलाई पठाए,
तब तिनीहरूले पीन त्यसै गरे। २२ तब
शाऊल आफै रामामा गए, र सेकूमा भएको
ठूलो कूवामा आइपुगे। तिनले शमूएल र दाऊद
कहाँ छन् भनी सोध खोज गरे। तब तिनीहरू
ता रामाको नैयोतमा छन् भनी कसैले सुनाइ-
दियो। २३ तिनी त्यहाँको बाटोमा जाँदा
जाँदै परमप्रभुका आत्मा तिनीमाथि पनि
आउनुभयो, र रामाको नैयोतसम्मै तिनी जोश-
मग्न भएर पुगे। २४ त्यहाँ तिनले आफ्नो
वस्त्र उतारे, र शमूएलको सामने जोशले मग्न
भएर त्यस दिनभरि र रातभरि पनि नाङ्गै
बसे। त्यसैकारण मानिसहरू भन्छन्, "के
शाऊल पनि अगमवक्ताकै दलमा छन्?"

दाऊद र जोनाथनको मित्रता

२० तब दाऊद रामाको नैयोतबाट भागेर
जोनाथनकहाँ आए। तिनले जोनाथन-
लाई भने, "मैले के गरेको छु? मेरो दोष
के छ? मेरो ज्यानसम्म लिनलाई मैले के
खराबी गरेको छु भनी तपाईंका बाबुले सोच्नु-
हुन्छ?" २ जोनाथनले जवाफ दिए,
"यस्तो नहोस्। तपाईंलाई मार्ने विचार
उहाँको छैन। मलाई यो पक्का थाह छ कि
मलाई नभनीकन मेरा बाबुले केही पनि
गर्नुहुन्न। मेरा बाबुले यस्तो कुरा मबाट
किन लुकाउनुहुन्थ्यो र? म यो कुरा
पत्याउनसक्तिनँ।" ३ दाऊदले भने, "म
शपथ खान पनि तयार छु। तपाईंका बाबुले
आफ्नो मनमा भन्नुभएको छ, 'जोनाथनलाई
यो कुरा थाह नहोस्, नत्रता त्यो दुखित
हुनेछ।" किनभने तिनलाई थाह छ कि
मप्रति तपाईंको ठूलो श्रद्धा छ। जीवित
परमप्रभुको नाउँमा र तपाईंको जीवनको पनि
शपथ खाएर म भन्दछु कि अब ता मेरो
मृत्यु नजीकै छ।" ४ जोनाथनले दाऊदलाई
भने, "म तपाईंको निम्ति के गरूँ त?"
५ दाऊदले जवाफ दिए, "भोलि औंसी हो
औ मैले राजासित खानैपर्नेछ। म तेस्रो
साँझसम्म खेतमा गएर लुकिरहनेछु।
६ तपाईंका बाबुले मेरो अनुपस्थिति ख्याल
गर्नुभयो भनेदेखि उहाँलाई यसो भनिदिनु-
होस्, 'बेतलेहेममा आफ्नो घरमा भट्टै
जानुपर्ने हुनाले दाऊदले मसित बिदा
मागे, किनभने त्यहाँ जम्मै परिवारको बर्षेनि
बलिदान चढ़ाउनु पर्ने रहेछ।" ७ यदि उहाँले
'ठीकै छ।' भन्नुभयो भने त्यो मेरो निम्ति
एउटा असल लक्षण हुनेछ, तर रीसले चूर
हुनुभयो भने उहाँले मेरो अहित गर्ने
चिताउनु भएको रहेछ भनी तपाईंलाई थाह
हुनेछ। ८ हजूर, मप्रति विश्वास देखाउनुहोस्,
किनकि तपाईं र म परमप्रभुको सामने
एउटा गंभीर बन्धनले बाँधिएका छौं। म
दोषी छु भने तपाईंलेनै मलाई मार्नहोस्।
मलाई तपाईंका बाबुको हातमा किन
पर्नदिनुहुन्छ?" ९ जोनाथनले कराएर भने,
"यस्तो नहोस्। यदि मेरा बाबुले तपाईंको
अहितनै गर्ने चिताउनुभएको रहेछ भने म
तपाईंलाई बताइदिनेछु।" १० दाऊदले
जोनाथनलाई भने "उहाँले तपाईंलाई
रूखो जवाफ दिनुभएको तपाईंले मलाई
कसरी थाह दिनुहुन्छ? ११ जोनाथनले भने,
"मसँग खेतमा आउनहोस्।" तब तिनीहरू
दुवै खेतमा गए। १२ औ जोनाथनले
दाऊदलाई भने, "दाऊद, परमप्रभु इस्राएलका
परमेश्वरको दृष्टिमा म यो प्रतिज्ञा गर्दछु कि
भोलि यही बेला तेस्रो पल्ट म मेरा बाबुको
मन छाम्नेछु, औ यदि उहाँको मन तपाईंप्रति
राम्रै रहेछ भने म तपाईंलाई थाह दिनेछु।
१३ तर यदि मेरा बाबुले खराबीनै सोच्नु-
भएको रहेछ भने मैले तपाईंलाई थाह
दिइनँ र तपाईंलाई कुशलसित भगाउनसक्तिनँ
भने परमप्रभुले मलाई त्यसभन्दा पनि
बढ़ी गरून्। परमप्रभु मेरा बाबुसँग हुनुभएझैं

तपाइंसँग पनि होऊन्। १४ म बाचुन्जेल
परमप्रभुले इच्छा गर्नुभएझैं तपाइं मेरा
विश्वासी मित्र हुनुहुन्छ भनी मलाई थाह
छ। १५ औ म मरे भने पनि तपाइं मरो
घरानाप्रति सधैं श्रद्धा देखाउनुहुन्छ भनी
म जान्दछु। जब परमप्रभुले पृथ्वीबाट
दाऊदका सबै शत्रुहरूलाई पन्साइसक्नुहुनेछ,
१६ यदि त्यसबेला उहांका घराना मेरा मित्र
रहेनन् भनेदेखि परमप्रभुले उहांदेखि लेखा
लिऊन्।" १७ तिनीप्रतिको आफ्नो प्रेमको
कारणले जोनाथनले दाऊदसँग आफ्नो बाचा
फेरि बाँधे किनभने तिनले उनलाई आफैलाईझैं
प्रेम गर्थे। १८ तब तिनले दाऊदलाई भने,
"भोलि औंसी हो। तपाइंको स्थान खाली
देखेर तपाइं हुनुहुन्न रहेछ भनी थाह हुनेछ।
१९ यसकारण भोजको बेलुकी लुकेको ठाउँमा
तेस्रो खेप जानुहोस्, र त्यहाँ ढिस्कुरोको
छेउमा बसिरहनुहोस्। २० जब कुनै निशानमा
ताकेर हानेको जस्तै गरी म तीनवटा काँड
हान्नेछु। २१ तब म मेरो केटालाई ती
काँड़हरू खोज्न पठाउनेछु। यदि मैले
त्यसलाई, 'हेर्, काँड़हरू तेरो पल्लोपट्टि छ,
ती टीपेर ले,' भनें भने तपाइं आफू लुकेको
ठाउँदेखि निस्केर आउनसक्नुहुन्छ। म शपथ
खाएर भन्दछु तपाइं कुशल रहनुहुनेछ,
किनभने तपाइंलाई कुनै हानि हुनेछैन।
२२ तर यदि मैले त्यस केटालाई, 'हेर्,
काँड़हरू तेरो पल्लोपट्टि अझै पर छन्,' भनें
भनेदेखि परमप्रभुले तपाइंलाई जानुनै भन्नुभएको
रहेछ। २३ हामी दुइका बीचमा गरेका
बाचा-बन्धन सदा सर्वदै कायम रहून् भन्ने
कुरामा परमप्रभु साक्षी हुनुहुनेछ।

२४ यसैले दाऊद खेतमा लुकिरहे। औंसी
आयो। भोज तयार गरियो औ राजा खानलाई
बसे। २५ शाऊल भित्तापट्टिको आफ्नो
नियत स्थानमा बसे, औ अबनेर तिनको छेउमा
बसे। जोनाथन पनि उपस्थित थिए, तर
दाऊदको ठाउँ खाली थियो। २६ त्यस दिन
शाऊलले केही भनेनन्। शायद तिनी
धर्म-विधिअनुसार अशुद्ध भएको होलान्
यसैकारण तिनी अनुपस्थित भए भनी तिनले
ठाने। २७ औंसीको दिनको दोस्रो दिन,
दाऊदको ठाउँ अझै पनि खालीनै थियो।
औ शाऊलले आफ्नो छोरा जोनाथनलाई
सोधे, "हिजो र आज यिशैको छोरा
किन भोजमा आएन?" २८ जोनाथनले
शाऊललाई भने, "दाऊदले बेतलेहेम जानलाई
मसित यसो भनेर अनुमति मागेका थिए,
२९ "हाम्रो परिवारले शहरमा बलिदान
चढ़ाइरहेको छ, औ मेरो दाज्यू आफैले मलाई
त्यहाँ आउनलाई हुकूम गरेका छन्। यसैले
तपाइंको मप्रति केही श्रद्धा भए मेरा दाज्यू-
हरूलाई भेट्न मलाई बिदा दिनुहोस्।"
यसैकारण तिनी राजासित खानलाई
आउनसकेनन्।" ३० तब शाऊलले जोनाथन-
सित झोंक्किए र भने, "त बदमाश
र अविश्वासी स्त्रीको छोरो। तैंले यिशैको
छोरालाई साथी बनाएर आफूमाथि अनादार
ल्याएको छस्। त्यो कसरी हुने रहेछ,
म हेरूँला। ३१ यिशैको छोरा पृथ्वीमा
बाँचुन्जेल नता तँ न तेरो शिरपेच सुरक्षित
रहनेछ। त्यसलाई झट्टै बोलाइपठाएर यहाँ
ले। त्यो मारिने योग्यको छ।"
३२ जोनाथनले आफ्ना पितालाई उत्तरमा
भने, "तिनी मारिने योग्यका छन्? किन?
तिनले के गरेका छन्?" ३३ यस कुराले
गर्दा शाऊलले आफ्नो भाला उठाएर तिनलाई
मार्न खोजे। औ तिनका बाबुले दाऊदलाई
मार्न खोजेकानै रहेछन् भनी जोनाथनलाई पक्का
भयो। ३४ जोनाथन रीसले टेबलबाट
उठेर गइहाले, र भोजको दोस्रो दिन तिनले
केही खाएनन्, किनभने दाऊदको खातिर
तिनी साह्रै रिसाए किनकि तिनका पिताले
दाऊदलाई अपमान गरेका थिए।

३५ भोलिपल्ट बिहान तोकिएको समयमा
जोनाथन दाऊदसँग भेट गर्न एउटा जवान
ठिटालाई लिएर खेतमा निस्के। ३६ तिनले
त्यस ठिटालाई भने, "म काँड़ हान्नेछु, तँ

गएर खोज्।" त्यो ठिटा गयो, र तिनले
त्यसको टाउको माथिमाथि काँड़ हाने।
३७ जब त्यो ठिटा जोनाथनले काँड़ हानेको
ठाउँमा पुग्यो, तब त्यो जाँदाजाँदै जोनाथनले
कराएर भने, "हेर्, काँड़हरू पल्लोपटि छ।
चाँड़ो गर्। समय खेरो नफाल्। छिटो गर्।"
३८ त्यस टिठाले काँड़हरू जम्मा गर्‍यो, र
ती आफ्ना मालिककहाँ ल्यायो। ३९ तर
त्यसको अर्थ चाहिं जोनाथन र दाऊदले मात्र
जानेका थिए। त्यस ठिटाले केही थाह पाएको
थिएन। ४० तब जोनाथनले आफ्नो हतियार-
हरू त्यस ठिटालाई दिए, र ती शहरमा लैजान
भनी अह्राए। ४१ जब त्यो ठिटा गइसक्यो
तब दाऊद ढिस्कुरोको पछिल्तिरबाट निस्केर
नम्रतापूर्वक तीनपल्ट निहुरेर ढोग गरे। अनि
तिनीहरू एकाले अर्कालाई चुम्बन गरे, र दुवै
रोए। अनि दाऊदको अफसोस जोनाथनको
भन्दा ज्यादा भयो। ४२ तब जोनाथनले
दाऊदलाई भने, "कुशलसित जानुहोस्।
तपाइं र म, औ तपाइंको सन्तान र मेरो
सन्तानको बीचमा सदा सर्वदै साक्षी हुनुहुने
परमप्रभुको नाउँमा हामी एउटाले अर्कोसित
बाचा-बन्धन बाँधेका छौं।"

दाऊद नोब र गातमा भागेर गएका

२१ दाऊद तुरुन्तै गइहाले, औ जोनाथन
चाहिं शहरमा फर्के। दाऊद नोबमा
अहीमेलेक पूजाहारीकहाँ आए। अहीमेलेक
काम्दै तिनलाई भेट्नलाई आएर भने, "तपाइं
किन एक्लै आउनुभयो, औ किन तपाइंसँग
कोही छैन ?" २ दाऊदले अहीमेलेकलाई
भने, "म राजाको हुकुम लिएर आएको
छु। उहाँले खटाउनुभएको कामको बारेमा
अथवा यी हुकुम के हुन् भनी मैले कसैलाई
थाह दिनुहुँदैन। जब म मेरा मानिसहरूबाट
बिदा भएँ तब मैले तिनीहरूलाई अमुक
ठाउँमा भेट्नू भनी भनेको छु। ३ अब
तपाइंसित के छ? मलाई पाँचवटा रोटी
अथवा जति पाउनसक्नुहुन्छ मलाई दिनुहोस्।"
४ पूजाहारीले दाऊदलाई भने, "मसित
साधारण रोटी ता छैनन्। पवित्र
रोटी मात्र छन्। तर के ती जवानहरू
स्त्रीबाट अलग बसेका छन् ?" ५ दाऊदले
पूजाहारीलाई जवाफ दिए, "अहिलेसम्म
धावामा जाँदा, जस्तै सानो धावामा भए
तापनि, हामीहरू स्त्रीहरूबाट अलग बसेका
छौं। औ यी जवान मानिसहरूका शरीर
चोखो छ। औ आजको दिन तिनीहरूका
शरीर झन् कति बढ़ी चोखो हुनेछन् होला।"
६ यसैले त्यहाँ अरू कुनै रोटी नभएको हुनाले
ती पूजाहारीले तिनलाई ती पवित्र रोटी,
अर्थात् भेटीका रोटी, जो भर्खरै मात्र परम-
प्रभुको सामनेबाट बासी निकालेर ताजा
साट्नलाई निकालिएका थिए, ती तिनलाई
दिइहाले।

७ शाऊलका सेवकहरू मध्येको एक
जना पनि त्यसदिन त्यहीं परमप्रभुको
सामने रोकिएर बसेको थियो। त्यसको नाउँ
एदोमी दोएग थियो, औ त्यो शाऊलका
गोठालाहरूका सबैभन्दा मुख्य थियो।
८ दाऊदले अहीमेलेकलाई भने, "के तपाइं-
सँग कुनै भाला वा तरवार छ? किनभने
राजाको काम साह्रै जरूरी भएको हुनाले
मैले तरवार वा अरू हतियार ल्याउनपाइनँ।"
९ पूजाहारीले जवाफ दिए, "एलाको
बेंसीमा तपाइंले मार्नुभएको पलिस्ती गोल्यतको
तरवार यहाँ छ। त्यो एपोदको पछाड़ि लुगामा
बेहेरेर राखिएको छ। त्यो लैजाने इच्छा भए
लानुहोस्। यहाँ अरू कुनै हतियार छैन।"
दाऊदले भने, "त्यो जस्तो अरू तरवारै छैन।
मलाई त्यही दिनुहोस्।" १० त्यस दिन
शाऊललाई छल्दै दाऊद आफ्नो बाटो लागे,
र गातका राजा आकीशकहाँ आए।
११ आकीशका सेवकहरूले तिनलाई भने,
"निश्चय तिनको देशका राजा दाऊद यिनीनै
हुन्, जसको विषयमा नाच्दै तिनीहरूले यसो
भनेर गाएका थिए,

शाऊलले हजारौं हजारलाई ध्वंस गरे,
दाऊदले ता लक्खौं लाखलाई ध्वंस गरे।''
१२ यी कुरा दाऊदले मनमा राखिछोड़ेका
थिए, औ तिनी गातका राजा आकीशसित
साह्रै डराए। १३ त्यसैकारण तिनले उनी-
हरूका सामने आफ्नो चाल उल्टो गर्नलागे,
औ उनीहरू सबैका सामने मूल्-ढोकाका दुवै
पाटामा कोर्दै र दाह्रीमा राल चुहाउँदै
बौलाहा जस्तो भए। १४ आकीशले आफ्ना
सेवकहरूलाई भने, ''यो मानिस ता बौलाहा
पो रहेछ। त्यसलाई किन मकहाँ ल्याउँदैछौ?
१५ के मकहाँ बौलाहाहरूको अभाव छ,
र तिमीहरू यसलाई मलाई सताउन ल्याउँदैछौ?
के यस्तोलाई मैले मेरो घरमा राख्नु?''

दाऊद अदुल्लामको ओढ़ारमा

२२ दाऊद त्यहाँबाट भागेर अदुल्लामको
ओढ़ारमा गए। जब तिनका दाज्यू-
हरू र तिनका सबै परिवारले यो कुरा सुने
तब तिनीहरू तिनीकहाँ आए। २ कष्टमा
परेका, ऋणमा परेका र असंतुष्ट भएका
मानिसहरू प्रायः चारसय जना तिनीकहाँ जम्मा
भए, र तिनी तिनीहरूका कप्तान भए।
३ त्यहाँबाट तिनी मोआबको मिस्पामा गए,
र मोआबका राजालाई भने, ''परमेश्वरले
मेरो निम्ति के गर्नुहुन्छ सो नजानुन्जेल
कृपागरी मेरा माता-पितालाई तपाइँकहाँ शरण
दिनुहोस्।'' ४ तिनले उनीहरूलाई मोआबका
राजाको दरबारमा छोड़ि राखे, र दाऊद
आफ्नो गढ़ीमा रहुन्जेल उनीहरू त्यहीँनै
बसे।

शाऊलले नोबका पूजाहारीहरूलाई हत्या गरेका

५ तब अगमवक्ता गादले दाऊदलाई
भने, ''तपाइं आफ्नो गढ़ीमा नबस्नुहोस्।
झट्टै यहूदामा गइहाल्नुहोस्।'' तब दाऊद
हारेतको वनसम्म गए। ६ जब शाऊल
गिबामा डाँड़ाको टाकुरामा भएको झ्याउजस्तै
बोटमनि हातमा भाला लिएर बसेका
थिए औ तिनका सबै सेवकहरू चारैतिर
उभिरहेका थिए, त्यस बेला दाऊद र तिनका
मानिसहरू देखापरेको खबर शाऊलले सुने।
७ तिनले आपना मानिसहरूलाई भने, ''हे
बिन्यामिनी हो, मेरो कुरा ध्यान दिएर सुन,
के यिशैको छोराले सबै खेतहरू र दाखका
बारीहरू तिमीहरूलाई दिन्छ अथवा तिमीहरू
सबैलाई हजार र सयका फौजका आफिसर
बनाइदिन्छ भनी तिमीहरू आशा गर्दछौ?
८ के त्यसैकारण तिमीहरू सबैले मेरो
विरुद्धमा षड़यन्त्र रचेका छौ? मेरो छोराले
यिशैको छोरासित मेल गरेको तिमीहरू कसैले
मलाई बताएनौ! तिमीहरूमध्येको कसैले
पनि मेरो ख्याल गरेनौ, मेरै छोराले मेरो
आफ्नै सेवकहरूलाई, मेरो विरुद्धमा सुराएर
मलाई ढुक्न लायो सो तिमीहरूले मलाई
बताएनौ।''
९ तब शाऊलका सेवकहरूसँग उभिरहने
एदोमी दोएगले भने, ''मैले यिशैको छोरालाई
नोबमा अहीतूबको छोरा अहीमेलेककहाँ
आइरहेका देखें। १० अहीमेलेकले दाऊदको
पक्षमा परमप्रभुसित सल्लाह मागे। त्यसपछि
तिनले खानेकुरा र पलिश्ती गोल्यतको तरवार
पनि तिनलाई दिए।''
११ तब शाऊलले नोबका पूजाहारी
अहीमेलेक र नोबमा पूजाहारीका काम गर्ने
तिनका सर्व-परिवारलाई बोलाइपठाए, र
तिनीहरू सबै राजाका सामने आए।
१२ शाऊलले भने, ''हे अहीतूबको छोरा,
सुन।'' तब त्यस मानिसले उत्तर दिए,
''ज्यू, हजूर।'' १३ तब शाऊलले
तिनलाई भने, ''तिमी र यिशैको छोराले
मेरो विरुद्धमा किन षड़यन्त्र रच्यौ? तिमीले
त्यसलाई खानेकुरा र तरवार पनि दियौ, औ
त्यसको पक्षमा परमेश्वरसित सल्लाह पनि
माग्यौ। त्यो मेरो विरुद्धमा खड़ा भएको

छ, र अहिले यस बेला मलाई ढुकिबसेको
छ।" १४ अहीमेलेकले उत्तर दिए,
"हजूरका सबै सेवकहरूमध्ये, दाऊदजस्तै
भरोसा गर्न योग्यका मानिस, राजाकै जुवाइँ,
हजूरका सेवाहरूमा नियुक्त भएका, औ
हजूरका घरानामा एक आदरणीय स्थान
पाएका दाऊदजस्ता अरू को छन् र?
१५ यस्तो अवसरमा तिनका पक्षमा परमेश्वर-
सित सल्लाह लिनुमा के मैंले केही अनुचित
काम गरेका छु? यस्तो कुरा मबाट टाढ़ो
रहोस्। मेरो आशा छ कि हजूर महाराजाले
मलाई अथवा मेरो परिवारलाई दोष लाउनुहुन्न
होला। किनभने मैंले यो मामिला
केही पनि बुझेको छैनँ।" १६ तब
राजाले भने, "अहीमेलेक, तिमी मारिनै
पर्छ। तिमी र तिम्रा सबै परिवार।"
१७ तब शाऊलले आफ्नै छेउमा उभिरहने
अङ्ग-रक्षकतिर फर्केर भने, "गएर परमप्रभुका
पूजाहारीहरूलाई मार्। किनभने तिनीहरूले
दाऊदसित मतियारी गरेका छन्, औ त्यो
एउटा भगुवा हो भनी जानेर पनि तिनीहरूले
मलाई थाह दिएनन्।" तर राजाका
सेवकहरू परमप्रभुका पूजाहारीहरूमाथी हात
उठाउन राजी भएनन्। १८ यसैले
राजाले एदोमी दोएगलाई भने, "ए दोएग,
गएर पूजाहारीहरूलाई मार्।" तब दोएग
गएर पूजाहारीहरूलाई मारे, र त्यस दिन
त्यसले पचासी जना एपोद लाउने मानिसहरूलाई
आफ्नै हातले मार्‍यो। १९ शाऊलले
पूजाहारीहरूको शहर नोबको हरेक जीवित
प्राणीलाई तरवारले मारे—पुरुष, स्त्री, केटा-
केटी, दूध-खाने बालक, गोरु, गधा, र
भेड़ा-बाख्रा सब मारे।

२० अहीमेलेकको एबीयातार नाउँ भएको
एउटा छोरा चाहिं भागेर दाऊदकहाँ
गए। २१ शाऊलले कसरी परमप्रभुका
पूजाहारीहरूलाई मारे सो कुरा तिनले
दाऊदलाई बताइदिए। २२ तब दाऊदले
तिनलाई भने, "त्यस दिन एदोमी दोएग
त्यहाँ थियो, त्यसले शाऊललाई भनिदिन्छ
होला भनी मलाई थाह थियो। तिम्रा
पिताका सबै जहानको मृत्युको कारण
मै भएँ। २३ तिमी यहाँ मसँग बस,
नडराऊ। तिम्रो प्राण लिन खोज्नेले मेरो
प्राण लिन खोजेको छ। तिमी मसँग सुरक्षित
रहनेछौ।"

दाऊद शाऊलदेखि भागेका

२३ पलिश्तीहरू कीलाको विरुद्धमा लड़ाइँ
गरेर अन्नका खला लूटिरहेका थिए।
२ जब दाऊदले यो कुरा सुने, तब तिनले
परमप्रभुसित यसो भनेर सल्लाह मागे, "म गएर
पलिश्तीहरूलाई आक्रमण गरूँ कि नगरूँ?"
अनि परमप्रभुले जवाफ दिनुभयो, "गएर
तिनीहरूलाई आक्रमण गर्, कीलालाई मुक्त
गर्।" ३ तर दाऊदका मानिसहरूले तिनलाई
भने, "यसै ता यहाँ हामीलाई यहूदासित डर
छ भन कीलाका पलिश्ती फौजहरूको विरुद्धमा
चढ़ाइ गर्‍यौं भने हाम्रो के गति हुन्छ?"
४ दाऊदले फेरि एकपल्ट परमप्रभुको सल्लाह
लिए। औ परमप्रभुले यसो भनेर जवाफ
दिनुभयो, "कीलामा जा। म पलिश्तीहरूलाई
तेरो हातमा सुम्पिदिनेछु।" ५ यसैकारण
दाऊद र तिनका मानिसहरू कीलामा गए,
र पलिश्तीहरूसँग लड़ाइँ गरे। तिनीहरूले
उनीहरूका गाई-गोरुहरू लगे, तिनीहरूको ठूलो
संहार गरे, र त्यहाँका बासिन्दाहरूलाई मुक्त
गरे। ६ अहीमेलेकको छोरा एबीयातार एपोद
आफ्नो साथ लिएर भागेर कीलामा दाऊदकहाँ
गए। ७ दाऊद कीलामा पसेका छन्
भनी कसैले शाऊललाई भनिदियो, र शाऊलले
भने, "परमेश्वरले त्यसलाई मेरो हातमा
सुम्पिदिनुभएको रहेछ, किनभने गजबारहरू
भएको पर्खालले घेरिएको शहरमा पसेर ता
त्यो पासोमा परेको छ।" ८ शाऊलले
आफ्नो सैन्य-दललाई कीला आक्रमण गरेर
दाऊद र तिनका मानिसहरूलाई घेर्न भनी

हुकूम गरे। ९ तिनका विरुद्धमा गर्नलागेको
षड्यन्त्रको युक्ति जब दाऊदले बुझे तब
तिनले एबीयातार पूजाहारीलाई एपोद ल्याउन
अह्राए। १० त्यसपछि तिनले यसो भनेर
प्रार्थना गरे, "हे परमप्रभु इस्राएलका परमेश्वर,
शाऊल कीलामा आएर मेरो कारण त्यस
शहरलाई नाश गर्ने विचार गर्दैछन् भन्ने
समाचार तपाइंको दासले सुन्यो। ११ के
कीलाका नगरवासीहरूले मलाई तिनको
हातमा सुम्पिदिनेछन्? मैले सुनेझैं, के
शाऊल आउनेछन्? परमप्रभु इस्राएलका
परमेश्वर, बिन्ती छ, आफ्नो दासलाई बताइ-
दिनुहोस्।" परमप्रभुले जवाफ दिनुभयो,
"अवश्य त्यो आउनेछ।" १२ तब दाऊदले
सोधे, "के कीलाका नगरवासीहरूले म र मेरा
मानिसहरूलाई शाऊलको हातमा सुम्पि-
दिनेछन्?" औ परमप्रभुले जवाफ दिनुभयो,
"अवश्य, तिनीहरूले त्यसै गर्नेछन्।" १३ तब
दाऊदले आफ्ना प्रायः छ सय जना मानिस-
हरूलाई लिएर झट्टै कीला छोड़े, र एक
ठाउँदेखि अर्को ठाउँ घुम्नलागे। दाऊद
कीलाबाट भागेको समाचार जब शाऊलकहाँ
पुग्यो तब तिनी अगि बढ़ेनन्। १४ जब
दाऊद जीपको वनका गढ़ीहरू हुँदो थिए,
तब शाऊलले तिनलाई दिनदिनै खोजिहिंड़े।
तर परमेश्वरले दाऊदलाई तिनका हातमा
सुम्पिदिनुभएन।

१५ औ शाऊलले मेरो प्राण लिन
निस्केर आएका छन् भनी दाऊदलाई पक्का
थाह भयो। औ जब तिनी जीपको वनको
होरेशमा थिए, १६ तब शाऊलका छोरा
जोनाथन त्यहाँ तिनीकहाँ आए, र तिनलाई
परमेश्वरको नाउँमा अझै उत्साह दिए।
१७ तिनले भने, "नडराउनुहोस्, मेरा बाबुको
हातले तपाइंलाई छुनेछैन। तपाइं इस्राएलका
राजा हुनुहुनेछ, र म चाहिं तपाइंका मनि
दोस्रो दर्जामा हुनेछु। औ मेरा बाबुलाई यो
कुरा थाह छ। १८ ती दुइले परमप्रभुको
सामने गंभीर बाचा-बन्धन गरे। त्यसपछि
दाऊद होरेशमानै बसे, औ जोनाथन चाहिं
आफ्नो घरमा फर्के। १९ जब शाऊल
गिबामा थिए, तब जीपीहरूले यो समाचार
तिनीकहाँ ल्याए, "हामी सुन्दछौं कि दाऊद
यशीमोनको दक्षिण हकीलाको पहाड़को
होरेशका गढ़ीहरू हुँदो लुकिरहेका छन्।
२० औ अब हजूरलाई जहिले इच्छा लाग्छ
तहिले तल झर्नुहोस्, र हामी तिनलाई
तपाइंको हातमा सुम्पिदिनेछौं।" २१ शाऊलले
भने, "साँच्चिनै परमप्रभुले तिमीहरूलाई
आशिष दिनुभएको छ, किनभने मैले धेरै
कष्ट गर्नु परेन। २२ अब गएर अरू
खोजी गर, र त्यो कहाँ छ र कसले
त्यसलाई देख्यो सो ठीक पत्ता लगाऊ।
त्यो धूर्त्त छ, र त्यो एक्लैले मलाई सजिलै
छक्क्याउनसक्छ। २३ त्यो कुन चाहिं
लुक्ने ठाउँमा छ सो पत्ता लगाऊ, र
अमुक ठाउँमा मकहाँ आऊ, र म तिमीहरूसँग
जानेछु। त्यो यस देशमा रहुन्जेल यहूदाको
खलकहरूको एक एककहाँ जानु परे तापनि
म त्यसलाई खोजेर निकाल्नेछु।"

२४ तिनीहरू ढीलो नगरी शाऊलभन्दा
अगि जीपतिर लागे। दाऊद र तिनका
मानिसहरू यशीमोनको दक्षिणका भएको
अराबाको माओनको वनमा थिए।
२५ शाऊल आफ्ना मानिसहरूसँग तिनलाई
खोज्न हिंड़े। तर दाऊदले सुँइको पाए, र
पहराहरूमा शरण लिए, र माओनको वनमा
बसिरहे। २६ यो सुनेर शाऊल दाऊदको
पछि वनतिर लागे। तिनी डांड़ाको उतापट्टि
औ दाऊद र तिनका मानिसहरू यतापट्टि
भए। जब दाऊद र तिनका मानिसहरू
भाग्नलाई भरसक कोशिश गरिरहेका थिए,
औ शाऊल र तिनका पछि लागेकाहरू चाहिं
तिनलाई पक्रनलाई नजीक नजीक आए,
२७ तब एक समाचार-वाहकले शाऊलकहाँ
यो समाचार ल्यायो, "झट्टै आउनुहोस्।
किनकि पलिश्तीहरूले देशलाई लूटपीट गरेर
सताउँदैछन्।" २८ यसैले शाऊल दाऊदलाई

खेद्न छोड़ेर पलिस्तीहरूको सामना गर्नलाई
फर्के। यसैकारण त्यस ठाउँलाई "छुट्टधाउने
पहरा" भन्दछन्। २९ त्यहाँबाट दाऊद
उक्लेर एनगदीका गढ़ीहरूमा बस्नलागे।

दाऊद एन-गदीको आढ़ारमा

२४ जब शाऊल पलिस्तीहरूलाई खेदेर
फर्के, तब दाऊद एन-गदीको वनमा
छन् भनी तिनले थाह पाए। २ तब तिनी
जम्मै इस्राएलबाट चुनिएका तीन हजार
मानिस लिएर, दाऊद र तिनका
मानिसहरूलाई खोज्न घोरल-पहराको पूर्वपट्टि
हिँडे। ३ त्यहाँ बाटोको छेउमा कोही
भेड़ा-गोठालाहरू थिए, औ छेवैमा एउटा गुफा
थियो। त्यसैको पल्लो कुनामा दाऊद र
तिनका मानिसहरू लुकेर बसिरहेका थिए।
शाऊल त्यस गुफामा आएर दिसा बस्नलाई
भित्र पसे। ४ दाऊदका मानिसहरूले तिनलाई
भने, "दिन यही हो कि परमप्रभुले प्रतिज्ञा
गर्नुभएझैं उहाँले हजूरको शत्रुलाई हजूरको
हातमा सुम्पिदिनुभएको छ, औ हजूरलाई जे
इच्छा लाग्छ त्यो गर्नसक्नुहुन्छ।" दाऊद
बिस्तार गएर शाऊलको खास्टोको एक छेउ
काटे। ५ तर जब तिनले त्यो काटिसके,
तब तिनको विवेकले तिनलाई सतायो।
६ दाऊदले आफ्ना मानिसहरूलाई भने,
"मैले आफ्ना मालिक, परमप्रभुका अभिषिक्त
जनको केही हानि गर्ने कुरा मबाट
परै रहोस्। उहाँ परमप्रभुका अभिषिक्त जन
हुनुहुन्छ।" ७ यसैकारण दाऊदले आफ्ना
मानिसहरूलाई खूब हप्काए, र राजामाथि केही
हानि गर्न दिएनन्। शाऊल उठेर गुफा छोड़ी
आफ्नो बाटो लागे। ८ त्यसपछि दाऊद
पनि गुफाबाट बाहिर निस्के, औ शाऊललाई
हपारेर भने, "हे मेरा प्रभो! महाराजा।"
जब शाऊलले पछि फर्केर हेरे तब भूईंमा
घोप्टो परी दण्डवत् गरेर ९ दाऊदले भने,
"दाऊदले हजूरको हानि गर्न चाहन्छ
भनी मानिसहरूले भन्दा हजूर किन तिनीहरूको
कुरा सुन्नुहुन्छ? १० आज हजूरलेनै देख्नु-
भयो कि गुफाभित्र परमप्रभुले हजूरलाई मेरो
हातमा सुम्पिदिनुभएको थियो। हजूरलाई
मार्ने मेरो इच्छा भएको थियो, तर मैले
हजूरलाई छोड़िदिएँ, र भने, 'म मेरो हात
मेरा मालिकको विरुद्धमा उठाउनसक्तिनँ,
किनभने उहाँ ता परमप्रभुका अभिषिक्त जन
हुनुहुन्छ।' ११ हेर्नुहोस्, मेरो प्रभो, मेरो
हातमा भएको यो लुगाको टुक्रा हेर्नुहोस्!
मैले त्यो काटें, तर हजूरलाई मारिनँ।
यसबाट थाह होस् कि हजूरको विरुद्धमा
उपद्रव गर्ने अथवा धोखाबाजी गर्ने मैले
चिताएको छैनँ, औ मैले हजूरको केही
खराबी पनि गरेको छैनँ। तापनि हजूरले
ता मेरो प्राण लिने निश्चय गर्नुभएको छ।
१२ परमप्रभुले हाम्रो बीचमा न्याय गरिदिऊन्।
तर यदि उहाँले मेरो खातिर हजूरसँग बदला
लिनुभए तापनि म ता हजूरको विरुद्धमा मेरो
हात कहिल्यै उठाउनेछैनँ। १३ उहिलेको
आहानै छ "खराबीले खराबी जन्माउँछ,"
तापनि म मेरो हात हजूरको विरुद्धमा
कहिल्यै उठाउनेछैनँ। १४ इस्राएलका राजा
कसको विरुद्धमा निस्केर आउनुभएको छ?
हजूर कसलाई खेद्दैहुनुहुन्छ? एउटा मरेको
कुकुर, केवल एउटा उपियाँलाई होइन र?
१५ परमप्रभुनै हाम्रा न्यायकर्त्ता हुनुहुन्छ, र
उहाँले हाम्रा बीचमा फैसला गरिदिनुहुनेछ।
म के कारण भागिरहेछु, परमप्रभुले हेर-विचार
गरिदेऊन्। मेरो निम्ति परमप्रभुलेनै इन्साफ
गरेर मलाइ मुक्त गरिदिनुहुनेछ।"

१६ जब दाऊद बोलिसके, तब शाऊलले
भने, "के त्यो तिमीनै हौ, मेरो छोरा
दाऊद?" र तिनी रोए। १७ तब तिनले
भने, "तिमी मभन्दा धर्मी मानिस रहेछौ।
तिमीले मप्रति असल व्यवहार देखायौ, औ
मैले चाहिँ तिमीप्रति खराब व्यवहार देखाएँ।
१८ आजको दिन तिमीले मप्रति गरेको
भलाइ अवर्णनीय छ। परमप्रभुले मलाई

तिम्रो हातमा सुम्पिदिनुभयो थियो, तर
तिमीले मलाई मारेनौ। १९ कुनै मानिसले
पनि आफ्नो शत्रुलाई फेला पारेर त्यसलाई
कुशलसाथ जानदिँदैन। यसैकारण आजको
दिन तिमीले ममाथि गरेको काममा परम-
प्रभुले तिमीलाई असल इनाम देऊन्।
२० अब मलाई यो निश्चय थाह भयो
कि तिमी राजा हुनेनै छौ। औ इस्राएलका
राज्यले तिम्रो शासनमा उन्नति गर्नेछ।
२१ यसकारण परमप्रभुको नाउँमा शपथ
खाएर भन कि मेरो सन्तानलाई तिमी खतम
गर्नेछैनौ, औ मेरो नाउँ मेरा पिताको
घरानादेखि मेटिदिनेछैनौ।" २२ दाऊदले
शाऊलसँग शपथ खाए, र शाऊल आफ्नो
घर फर्के, औ दाऊद र तिनका मानिसहरू
चाहिं आफ्नो गढ़ीमा गए।

शमूएलको मृत्यु

२५ शमूएलको मृत्यु भयो, औ सारा
इस्राएल तिनको निम्ति विलाप गर्नलाई
आए, औ तिनी रामामा आफ्नै घरमा
गाड़िए। त्यस पछि दाऊद पारानको वनमा
झरे।

दाऊद, नाबाल र अबीगेल

२ माओनको कर्मेलमा एउटा मानिस
थियो। त्यो अत्यन्तै प्रभावशाली थियो।
त्यसका तीन हजार भेड़ा र एक हजार बाख्रा
थिए। त्यसले कर्मेलमा आफ्ना भेड़ा-बाख्राको
ऊन कत्रने उत्सव मनाउँदै थियो। ३ त्यसको
नाउँ नाबाल थियो, औ त्यसको स्वास्नीको
नाउँ अबीगेल थियो। अबीगेल सुन्दरी र
बुद्धिमानी स्त्री थिइन्। तर तिनका लोग्ने,
कालेबको वंशको एक निष्ठूर नीच मानिस
थियो। ४ नाबालले आफ्ना भेड़ा-बाख्राहरूको
ऊन कत्रने उत्सव मनाउँदैछ भन्ने कुरो दाऊदले
वनमा सुने। ५ तिनले आफ्ना दश जना
मानिसहरूलाई यसो भनेर पठाए, "कर्मेलमा
जाऊ, र नाबाललाई खोजेर तिनलाई मेरो
अभिवादन देऊ। ६ तिमीहरूले तिनलाई भन,
'तपाईं, तपाईंका परिवारलाई र तपाईंसँग
भएका सबैसित शान्ति होस्। तपाईं आफ्ना
भेड़ा-बाख्राहरूको ऊन कत्रने उत्सव मनाउँदै-
हुनुहुन्छ भन्ने कुरा मैले सुनें। ७ तपाईंका
गोठालाहरू हामीसँग यति दिन रहे।
हामीले तिनीहरूलाई सताएनौं। तिनीहरू
कर्मेलमा हुँदा तिनीहरूका केही पनि हराएन।
८ तपाईंका मानिसहरूलाई सोध्नुहोस्, र
तिनीहरूले तपाईंलाई सबै कुरा भन्नेछन्।
कृपया मेरा मानिसहरूलाई दयापूर्वक ग्रहण
गर्नुहोस्, किनभने आजको दिन हाम्रो निम्ति
शुभ दिन छ, र तपाईंको दास, तपाईंको छोरा
दाऊदलाई जे दिनसक्नुहुन्छ दिनुहोस्।"
९ दाऊदका जवानहरू आएर दाऊदको
नाउँमा नाबाललाई यो समाचार दिए,
१० नाबालले दाऊदका जवानहरूलाई यो
उत्तर दिए, "दाऊद को हो? यो यिशैको
छोरो को हो? हिजआज कुनै कमारा पनि
आफ्नो मालिकदेखि भागेर जाँदा आफूलाई
एउटा नेता बनाइहाल्छ। ११ के मेरो
खानेकुरा, मेरो दाखमद्य र मेरा ऊन कत्रने-
हरूका लागि जुटाएका मासु, अज्ञात मानिसहरू-
लाई मैले दिनु?" १२ दाऊदका मानिसहरू
फर्केर आफ्नो बाटो लागे, र दाऊदलाई यी
सब कुरा बताइदिए। १३ दाऊदले आफ्ना
मानिसहरूलाई भने, "सबैले आफ्नो आफ्नो
तरवार भिर।" तिनीहरू सबैले आफ्नो
आफ्नो तरवार भिरे, र चार सय जना
दाऊदका पछि लागे, अरू दुइ सय जना चाहिं
माल-सामान हेर्नलाई बसे।
१४ नाबालका कुनै एक जना जवानले
नाबालकी पत्नी अबीगेललाई भन्यो, "दाऊदले
वनबाट हाम्रा मालिकलाई नम्रतापूर्वक
केही सौगात मागनलाई मानिसहरू पठाएका
थिए, तर तिनले ता उनीहरूलाई हकारे।
१५ ती मानिसहरूले हामीलाई राम्रो व्यवहार

देखाएका थिए, र हामीलाई सताएनन्,
हामी तिनीहरूसँग खुला मैदानमा यताउता
जाँदा हामीले हाम्रा कुनै चीज हराएनौं।
१६ जब हामी आफ्नो भेड़ा-बाख्राहरू चराउन-
जान्थ्यौ, तब तिनीहरू रातदिन हाम्रा चारैतिर
पर्खालजस्तै थिए। १७ तपाईंले के गर्नुपर्छ
सो राम्रो विचार गर्नुहोस्, किनभने हाम्रा
मालिक र तिनका सर्व परिवारमाथि निश्चय
सर्वनाश आउँदैछ। तिनी यस्ता व्यर्थका
मानिस छन् कि तिनीसँग ता कुरै गर्नु पनि
फायदा छैन।” १८ यसैले झट्टै दुइ सय रोटी,
दुइ मसक दाखमद्य, काटकुट पारी बनाएका
पाँचवटा भेड़ा, पाँच पाथी चिउरा, एक सय
झुप्पा किसमिस र सुकाएको नेभाराका दुइ सय
डल्ला अबीगेलले लिइन्, औ गधाहरूमा ती
लदाए, १९ तर आफ्ना पतिलाई तिनले यस
विषयमा केही भनिनन्। तब तिनले आफ्ना
नोकरहरूलाई भनिन्, “तिमीहरू अगिअगि
जाऊ, म तिमीहरूका पछि आउनेछु।”
२० जब तिनी गधामा चढ़ेर डाँड़ाले छेलिएको
बाटो भएर गइरहेकी थिइन्, तब दाऊद र
तिनका मानिसहरू तिनीतर्फ तलतिर झर्दैथिए
अबिगेलले तिनीहरूलाई भेटिन्। २१ दाऊदले
यसो भनेका थिए, “जङ्गलमा केही पनि
नहराउने गरी यती राम्रोसँग यस मानिसको
धन-सम्पत्तिको रक्षा गरिदिनु ता व्यर्थ भयो।
त्यसले भलाइको साटो मलाई बुराइ गर्‍यो।”
२२ दाऊदले यो ठूलो शपथ खाएर भने,
“भोलि बिहानसम्ममा त्यससँग भएको एउटा
बच्चा पनि जीवित रह्यो भने परमेश्वरले मलाई
त्यसै गरून् अथवा त्यसभन्दा पनि बढ़ी
गरून्।”

२३ जब अबीगेलले दाऊदलाई देखिन
तब तिनी हतार हतार आफ्नो गधाबाट
ओर्लिन्, र दाऊदको सामने घोप्टो परी
भूइँसम्मै निहुरेर २४ तिनको खुट्टामा दण्डवत्
गरी भनिन, “हे मेरा प्रभो, दोष मैमाथिनै
परोस्, तर हजूरकी विनम्र दासीलाई बोल्ने
अनुमति दिनुहोस्। मेरा मालिकले मेरो कुरा
सुन्नुहोस्। २५ त्यस व्यर्थको मानिसको ख्याल
हजूरले किन गर्नुहुन्छ? जस्तो त्यसको नाउँ
नाबाल छ, त्यो त्यस्तै छ। त्यसको नाउँ ‘मूर्ख’
हो, र त्यसको बेहोरा पनि मूर्खको जस्तो
छ। हजूरले पठाउनुभएका मानिसहरूलाई मैले
देखिनँ, हजूर। २६ औ अब रक्तपात
गर्न र हजूरको रीस प्रकटगर्नदेखि हजूरलाई
परमप्रभुले रोक्नुभएको छ। जीवित परमप्रभुको
नाउँमा र हजूरको जीवनको शपथ खाएर
म भन्दछु कि हजूरका शत्रुहरू र हजूरको
नाश चाहनेहरू सबैको दशा नाबालकै
जस्तो होस्। २७ म हजूरकी विनम्र दासीले
ल्याएको सौगात यहाँ छ। हजूरका अधीनमा
भएका जवान मानिसहरूलाई त्यो दिनुहोस्।
२८ हे मेरा मालिक धृष्टता गरेकोमा
हजूरकी दासीलाई क्षमा गर्नुहोला। परमप्रभुले
हजूरको परिवारलाई सदा सर्वदै स्थिर
गर्नुहुनेछ, किनभने हजूरले परमेश्वरकै युद्ध
गर्नुभएको छ। हजूरको जीवनकालभरि
हजूरमाथि कुनै किसिमको विपत्ति आइलाग्नेछैन
२९ यदि कुनै मानिसले हजूरलाई खेदन र
हजूरको प्राण लिन खोज्यौं भने परमप्रभु हजूरका
परमेश्वरले हजूरको प्राणलाई सुरक्षित राखेर
आफ्नो भण्डारमा राख्नुहुनेछ, तर हजूरको
शत्रुहरूका प्राणलाई चाहिँ उहाँले घुँयेत्रोमा
राखेर हानेको ढुङ्गाजस्तै पर्याँक्नुहुनेछ।
३० जब परमप्रभुले हजूरलाई दिनुभएका सबै
प्रतिज्ञा पूरा गर्नुभएर इस्राएलका शासक
बनाउनुहुनेछ, ३१ तब हजूरले निर्दोष
रगत बगाएको र आफ्नो रीस प्रकटगर्नुभएको
कारण हजूरको निम्ति ठक्कर लाग्ने अथवा
ढल्मलाउने केही कारणै हुनेछैन। त्यस
बेला जब परमप्रभुले हजूरहरू सबैको उन्नति
गर्नुहुनेछ, तब म, हजूरकी दासीलाई, पनि
सम्झनुहोला।”

३२ तब दाऊदले अबीगेललाई भने,
“परमप्रभु इस्राएलका परमेश्वर धन्यका होऊन्,
जसले आज मसँग भेट गर्नेलाई तिमीलाई
पठाउनुभयो। ३३ तिम्रो बुद्धि धन्यको हो,

तिमी धन्यकी हौ, किनभने आज तिमीले
मलाई हत्या र प्रतिशोधको दोषदेखि
जोगायौ। ३४ किनकि तिम्रो हानि गर्नदेखि
जोगाउनुहुने परमप्रभु इस्राएलका परमेश्वरकै
नाउँको सपथ खाएर म भन्दछु कि यदि तिमी
मलाई भेट्न झट्टै नआएकी भए नाबालको
परिवारको एउटै बच्चा पनि बिहानसम्ममा
जीवित रहने थिएन।" ३५ तब दाऊदले
अबीगेलले तिनको निम्ति ल्याएका कोशेली
ग्रहण गरे, र भने, "शन्तिसित घर फर्क।
मैले तिम्रो कुरा सुनें, र तिम्रो बिन्ती
मञ्जूर गरें।"

३६ अबीगेल फर्केर आएपछि तिनले
नाबालले आफ्नो घरमा राजाले दिने योग्यको
ठूलो भोज, आयोजन गरेको देखे। नाबाल
खुशी भएर मद्यले खूब लट्ठ भएको थियो।
त्यो यति साह्रो लट्ठ भएको थियो कि
त्यसकी पत्नीले त्यसलाई बिहानसम्म राम्रो
नराम्रो केही पनि सुनाइनन्। ३७ बिहानै
मद्यको नशाले छोड़ेपछि तिनले त्यसलाई सबै
कुरा बताइन्, औ त्यसलाई झट्टै हृदय-रोगले
आक्रमण गर्‍यो, र त्यो पत्थरझैं भयो।
३८ दश दिनपछि परमप्रभुले त्यसलाई
फेरि प्रहार गर्नुभयो, र त्यो मर्‍यो।
३९ जब दाऊदले नाबाल मरेको कुरा सुने
तिनले भने, "त्यसले गरेको बेइज्जतको निम्ति
नाबाललाई दण्ड दिनुहुने र उहाँको दास,
मलाई खराबी गर्नदेखि जोगाउनुहुने परमप्रभु
धन्यको होऊन्। नाबालले गरेको खराबी
त्यसको आफ्नै टाउकोमा खन्याउनुभयो।" तब
दाऊदले अबीगेललाई तिनकी स्वास्नी हुनलाई
प्रस्ताव पठाए। ४० औ तिनका सेवकहरू
कर्मेलमा अबीगेलकहाँ गएर तिनलाई भने,
"तपाईंलाई आफ्नी स्वास्नी तुल्याउनलाई
दाऊदले हामीलाई लिएर आउनु भनी पठाउनु-
भएको छ।" ४१ तिनी उठिन्, र भूइँमा
घोप्टो परी दण्डवत् गरेर भनिन, "म उहाँको
आज्ञा पालन गर्ने र मेरा हजूरका सेवकहरूका
खुट्टा धुने उहाँकी दासी हुँ।" ४२ तब
अबीगेल हतार हतार तयार भइन्, र
आफ्ना पाँच जना सहेलीहरूसँग गधामा चढ़ेर
समाचार ल्याउने दाऊदका मानिसहरूका साथमा
गइन्, र दाऊदकी पत्नी भइन्। ४३ दाऊदले
यिज्रेलकी अहीनोमलाई पनि विवाह गरेका
थिए। यी दुवै स्त्रीहरू तिनका पत्नी भए।
४४ यसै बीचमा शाऊलले आफ्नी छोरी
दाऊदकी स्वास्नी मीकललाई चाहिं गल्लीमका
लेशको छोरा पल्तीलाई दिइहालेका थिए।

जीपको वनमा दाऊदले शाऊललाई छोड़िदिएको

२६ जीपीहरू गिबामा शाऊलकहाँ आएर
यशीमोनतिर फर्केको डाँड़ा हकीलामा
दाऊद लुकेका छन् भनी सुनाइदिए।
२ दाऊदलाई त्यहाँ खोज्न भनी शाऊल
तीन हजार चुनेका मानिसहरू आफ्नो
साथमा लिएर झट्टै जीपको वनमा झरे।
३ यशीमोनतिर फर्केको हकीलाको डाँड़ाको
छेउको बाटैमा तिनले आफ्नो छाउनी हाले।
औ दाऊद चाहिं अझसम्म वनमानै थिए।
शाऊल तिनलाई वनमा खेद्नलाई आएका
छन् भनी सुन्न वित्तिकै, ४ दाऊदले चेवा-
हरू पठाए, र शाऊल अमुक ठाउँमा छन्
भनी पत्ता लगाए। ५ कति पनि ढीलो
नगरी तिनी शाऊलले छाउनी हालेको ठाउँमा
गए, औ शाऊल र तिनका सेनापति नेरको
छोरा अबनेर सुतिरहेको ठाउँ देखे। आफ्नो
फौजको चरैतिर गोलो छाउनी बनाएर
पंक्तिहरूको बीचमा शाऊल सुतिरहेका थिए।
६ दाऊदले हित्ती अहीमेलेक र सरूयाहको
छोरा औ योआबको भाइ अबीशैतिर फर्केर
भने, "शाऊलकहाँ छाउनीमा मसित जाने
कसले आँट गर्छ?" अबीशैले जवाफ दिए
"म जानेछु।" ७ दाऊद र अबीशै राती
छाउनीमा पसे, र शाऊललाई पंक्तिहरूको
बीचमा तिनको भाला चाहिं सिहाननेर भूइँमा
गाड़ेर सुतिरहेका भेट्टाए। अबनेर र सेना

चाहिं शाऊलका चारैतिर गोलो भएर सुति-
रहेका थिए। ८ अबीशैले दाऊदलाई भने,
"परमेश्‍वरले तपाईंको शत्रुलाई आज तपाईंको
हातमा सुम्पिदिनुभएको रहेछ। भालाले
घोंचेर एकै खेपमा तिनलाई भूइँमा रोपिदिने
मलाई हुकूम दिनुहोस्। मैले दुइ खेप
हिर्काउनै पर्दैन।" ९ दाऊदले तिनलाई
भने, "राजालाई केही हानि नगर। परमप्रभुका
अभिषिक्त जनमाथि हात उठाउने कोचाहिं
विना दण्ड उम्केको छ?" १० दाऊदले
अझै भने, "जीवित परमप्रभुको नाउँमा म
भन्दछु कि परमप्रभुले त्यसलाई मार्नुहुनेछ।
कित त्यसको काल आएर त्यो मर्नेछ अथवा
लड़ाइँमा गएर त्यो खतम हुनेछ। ११ मैले
परमप्रभुको अभिषिक्तको विरुद्धमा हात
कहिले उठाउन नपरोस्। तर अब तिनको
सिहानानेर भएको भाला र पानीको सुराही
लिएर जाऔं।" १२ तब दाऊदले शाऊलको
सिहानानेर भएको भाला र पानीको सुराही
लगे, र तिनीहरू गइहाले। छाउनीका सबै
फौज सुतिरहेका थिए। कसैले तिनलाई देखेन,
कसैलाई थाहै भएन, कोही पनि ब्यूमेन।
परमप्रभुबाट पठाएको मस्त निद्रामा तिनीहरू
सुतिरहेका थिए।

१३ तब दाऊद अर्कोपटि गएर टाढ़ाको
डाँड़ाको टाकुरमा उभिए। उनीहरूका बीचमा
निकै ठूलो फासला थियो, १४ दाऊदले
सेनालाई पुकारे, र अबनेरलाई कराएर भने,
"अबनेर, मलाई जवाफ देऊ।" अबनेरले
जवाफ दिए, "राजालाई हापार्ने तिमी को
हौ?" १५ दाऊदले अबनेरलाई भने, "के
तिमी मर्द होइनौ? के इस्राएलमा तिमीजस्तै
अरू कोही छ? तिम्रा स्वामी, महाराजलाई
कसैले हानि गर्न आउँदा तिमीले किन आफ्‍ना
स्वामी, महाराजलाई रक्षा गरेनौ? १६ यो
ता ठीक भएन। जीवित परमप्रभुको नाउँमा
म भन्दछु कि तिमीहरू मारिने योग्यका छौ,
तिमीहरू सबै जना, किनभने तिमीहरूले
आफ्‍ना मालिक, परमप्रभुका अभिषिक्त जनको
रक्षा गरेनौ। हेर त! उहाँको सिहानको
छेउको भाला र पानीको सुराही खोइ?"

१७ शाऊलले दाऊदको सोर चिनेर
भने, "के तिमीनै हौ, मेरो छोरा दाऊद?"
दाऊदले भने, "हजूर, मनै हुँ। १८ महा-
राजले मेरो खेदो किन गर्नुहुन्छ? मैले
के गरेको छु र? मैले के षड्यन्त्र रचेको
छु र? १९ हे मेरा स्वामी, मैले जे भन्नुछ
सो ध्यान दिएर सुन्नुहोस्। यदि परमप्रभुलेनै
हजूरलाई मेरो विरुद्धमा सुस्याउनुभएको हो
भने ता एउटा भेटी उहाँलाई ग्रहणयोग्य
होस्, तर यदि मानिसहरूले गरेको हो भने
परमप्रभुको नाउँमा तिनीहरूमाथि सराप परोस्।
किनभने आज तिनीहरूले परमप्रभुको
अधिकारको भागबाट मलाई निकालिदिएका
छन्, र मलाई अरू देवताहरूका सेवा गर्नलाई
देशबाट निकालिदिएका छन्। २० परम-
प्रभुको सामनेबाट टाढ़ा विदेशमा मेरो रगत
बग्न नदिनुहोस्, किनभने राजा डाँड़ाहरू
हुँदो भ्यागुरालाई खेदेझैं एउटा उपियाँलाई
खोज्न निस्केर आउनुभएको छ।"
२१ शाऊलले जवाफ दिए, "मैले भूल गरें।
फर्केर आऊ, हे दाऊद मेरो छोरो। आजको
दिन तिमीले मेरो प्राणलाई बहुमूल्य ठान्यौ,
औ अब फेरि कहिल्यै म तिम्रो हानि गर्नेछैनँ।
म मूर्ख भएँ! मैले साह्रै ठूलो भूल गरें।"
२२ दाऊदले जवाफ दिए, "राजाको भाला
यहाँ छ। हजूरको कुनै एक जना मानिस
आएर त्यो लैजाओस्। २३ परमप्रभु जसले
धर्म र भक्ति गर्नेलाई इनाम दिनुहुन्छ त्यस
मानिसलाई इनाम देऊन् जसको हातमा उहाँले
आज हजूरलाई सुम्पिदिनुभएको थियो, जब कि
मैले परमप्रभुको अभिषिक्त जनमाथि आफ्‍नो
हात उठाउन इन्कार गरें। २४ जसरी
मैले हजूरको प्राणलाई आज बहुमूल्य सम्झें
त्यसरीनै परमप्रभुले मेरो प्राण पनि बहुमूल्य
सम्झून्, र मलाई सबै आपत्तिदेखि मुक्त
गरून्।" २५ तब शाऊलले दाऊदलाई भने,
"हे मेरो छोरो दाऊद, आशिष तिमीमाथि

फरोस्। तिमीले ठूला ठूला कामहरू गर्नेछौ,
र तिमी विजयी हुनेछौ।" तब दाऊद
आफ्नो बाटो लागे, र शाऊल चाहिं
घर फर्के।

दाऊदले गातमा शरण लिएर फिलग पापका

२७ दाऊदले यस्तो विचार गरे, "एक न
एक दिन ता शाऊलले मलाई मार्नेछ।
यसकारण पलिस्तीहरूको इलाकामा भागिजान
मेरो लागि असल होला। तब इस्राएलको
कुनै पनि ठाउँमा खोजे तापनि भेट्टाउने सबै
आशा शाऊलले छोड़िदिनेछ, र म तिनको
पञ्जाबाट उम्कनेछु।" २ यसैले दाऊद र
तिनका छ सय जना मानिसहरू तुरुन्तै
सीमाना पार गरेर गातका राजा माओकको
छोरा आकीशकहाँ गए। ३ दाऊदले आफूसँग
आफ्ना मानिसहरू, तिनीहरूका परिवार
र तिनकै दुइ पत्नी, अर्थात् यिज्रेली
अहीनोअम र नाबालकी विधवा कर्मेली
अबीगेललाई लिएर आकीशसँग गातमा
बस्नलागे। ४ दाऊद गातमा भागेर गएका
छन् भनी शाऊललाई सुनाइयो, र तिनले
दाऊदलाई खोज्न छोड़िदिए। ५ दाऊदले
आकीशलाई भने, "तपाइंको निगाह ममाथि
भए तपाइंको देशको कुनै एउटा गाउँमा
बसोबासो गर्न मलाई ठाउँ दिनुहोस्। म
कसरी तपाइं महाराजसित राजधानीमा बस्नू?"
६ आकीशले त्यस दिन तिनलाई सिकलग
दिइहाले, त्यसैकारण सिकलग अझै पनि
यहूदाका राजाहरूको भएको छ।

७ दाऊदले पलिस्तीहरूको देशमा एक
वर्ष चार महीनासम्म बिताए। ८ तिनी र
तिनका मानिसहरू आक्रमण गर्नलाई निस्कन्थे,
र गशूरीहरू, गिर्जीहरू र अमालेकीहरूलाई
लुटपीट गर्थे, किनभने तिनीहरूनै तलैमदेखि
शूर र मिश्रदेशसम्मैका बासिन्दा भएर
बसेका थिए। ९ जब दाऊदले देश लुटपीट
गर्थे तब तिनले पुरुष अथवा स्त्री कसैलाई
पनि जीवित राख्दैन थिए। तिनले भेड़ा-बाख्रा
र गाई-गोरुका बथान, गधा र ऊँट र
लुगा-फाटाहरू पनि लगेर फेरि आकीशकहाँ
फर्केर आउँथे। १० आकीशले तिनलाई,
"आज तिमीले कहाँ लुटपीट गर्‍यौ?" भनी
सोध्थे। तिनी भन्थे, "यहूदाका दक्षिण भाग"
अथवा "यरहमेलीहरू वा केनीहरूको दक्षिण
भागमा"। ११ दाऊदले कुनै पुरुष वा
स्त्रीलाई जिउँदै गातमा ल्याउँदैनथे,
किनभने तिनीहरूले गरेका कामको कारण
दाऊद र तिनका मानिसहरूलाई उनीहरूले
दोषी ठहराउनेछन् भनी दाऊद डराउँथे।
पलिस्तीहरूसँग बसुञ्जेल तिनको चाल यस्तै
थियो। १२ आफ्ना जाति इस्राएलीहरूमा
खराब नाउँ कमाएकोले दाऊद आफ्नो
जीवनभरिनै मेरो प्रजा भएर बस्नेछ भनी
अकीशले दाऊदमाथि विश्वास गरेका थिए।

२८ त्यस बेला पलिस्तीहरूले इस्राएलमाथि
हमला गर्नलाई आफ्नो सेना युद्धको
लागि भेला गरे। आकीशले दाऊदलाई भने,
"तपाइं र तपाइंका मानिसहरू मसँग रण-
भूमिमा जानुपर्छ भन्ने तपाइंलाई थाहै
होला।" २ दाऊदले आकीशलाई उत्तर
दिए, "बेस्, तपाइंको दासले के गर्नसक्छ
तपाइंले जान्नुहुनेछ।" तब आकीशले दाऊद-
लाई भने, "म तपाइंलाई जीवनभरिनै मेरो
अङ्गरक्षक तुल्याउनेछु।"

शाऊल र एन्दोरको मंत्र-तंत्र गर्ने स्त्री

३ यस बेलासम्म शमूएल मरिसकेका थिए,
र सब इस्राएलले तिनको निम्ति शोक प्रकट
गरेर तिनलाई तिनकै शहर रामामा गाड़ेका
थिए। औ शाऊलले भूत-प्रेत खेलाउने
सबैलाई देसबाट निकालिसकेका थिए।
४ पलिस्तीहरूले आफ्नो सेना युद्धको निम्ति
भेला गरेर शूनेममा छाउनी हालेका थिए।

औ शाऊलले सारा इस्राएलीहरूलाई जम्मा
गरेर गिल्बोआमा छाउनी हालेका थिए। ५ औ
जब शाऊलले पलिश्तीको फौजलाई देखे,
तब तिनी साह्रै भयभीत भए। ६ तिनले
परमप्रभुलाई सोधे, तर परमप्रभुले नता सपना-
द्वारा, न ऊरीम औ न अगमवक्ताद्वारा
तिनलाई जवाफ दिनुभयो। ७ यसैले तिनले
आफ्ना सेवकहरूलाई भने, "मेरो निम्ति कुनै
एउटा मंत्र-तंत्र गर्ने स्त्रीलाई खोजिदेऊ, र म
त्यसकहाँ गएर सोधपूछ गर्नेछु।" एन्दोरमा
त्यस्ती स्त्री छ भनी तिनका सेवकहरूले
तिनलाई बताइदिए। ८ तब शाऊलले भिन्दै
लुगा लाएर आफ्ना दुइ जना मानिसहरूसँग
गुप्त भेषमा त्यसकहाँ गए। तिनी राती त्यस
स्त्रीकहाँ गए, र त्यसलाई भने, "प्रेत
आत्मासित सोधेर मेरो भाग्य बताइदेऊ, र म
जुन मानिसको नाउँ बताउँछु तिनलाई
बोलाइदेऊ।" ९ तर त्यस स्त्रीले जवाफ
दिई, "शाऊलले के गर्नुभएको छ त्यो निश्चय
तपाइंलाई थाह छ होला। उहाँले भूत-प्रेम
खेलाउनेहरूलाई हटाइदिनुभएको छ। जुन
कुराले मेरो मृत्यु ल्याउनेछ त्यो गर्नलाई
तपाइं मलाई किन कर लाउनुहुन्छ?"
१० शाऊलले शपथ खाएर त्यसलाई भने,
"जीवित परमप्रभुको नाउँमा म भन्दछु कि
यसले गर्दा तिमीमाथि कुनै किसिमको आपद्
आइपर्नेछैन।" ११ त्यस स्त्रीले सोधी,
"कसलाई बोलाऊँ त?" शाऊलले जवाफ
दिए, "शमूएललाई।" १२ जब शमूएल
निस्केका त्यस स्त्रीले देखी तब त्यसले
चिचाएर शाऊललाई भनी, "तपाइंले मलाई
किन धोका दिनुभयो? तपाइं शाऊलनै
हुनुहुँदो रहेछ।" १३ राजाले त्यसलाई
भने, "नडराऊ। तिमी के देख्तैछौ?" त्यस
स्त्रीले जवाफ दिई, "प्रेतको रूप जमीनबाट
निस्केर आइरहेको म देख्तैछु।" १४ तिनले
सोधे, "त्यो कस्तो छ?" त्यसले भनी,
खाष्टो ओढेको एउटा वृद्ध मानिस माथि
निस्कँदैछ।" तब तिनी शमूएलनै हुन् भनी
शाऊललाई थाह भयो। औ तिनले घोप्टो
परेर साष्टाङ्ग दण्डवत् गरे। १५ शमूएलले
शाऊललाई भने, "मेरो शान्तिलाई तिमीले
किन भङ्ग गरेर मलाई माथि ल्यायौ?"
शाऊलले जवाफ दिए, "म ठूलो संकष्टमा
परेको छु। पलिश्तीहरूले मलाई पेल्दिरहेका
छन्, र परमेश्वरले मलाई त्याग्नुभयो।
उहाँले नता अगमवक्ताद्वारा न दर्शनद्वारा
मलाई जवाफ दिनुहुन्छ। के गर्नुपर्ने
हो सो मलाई बताइदिनुहोस् भनी मैले
तपाईंलाइ बोलाएको हुँ। १६ शमूएलले भने,
"परमप्रभुले तिमीलाई त्याग्नुभएको छ, र
उहाँ तिम्रो विरोधी हुनुभएको छ भने तिमी
किन मलाई सोध-पूछ गर्छौ? १७ मद्वारा
पहिलेनै भन्नुभएको कुरा उहाँले गर्नुभएको
छ। उहाँले तिम्रो हातबाट राज्य खोसेर
अर्को एउटा मानिस, दाऊदलाई दिनुभएको
छ। १८ तिमीले परमप्रभुको आज्ञा पालन
गरेनौ, अमालेकीहरूको विरुद्धमा उहाँको
क्रोधको इन्साफलाई तिमीले पूरा गरेनौ।
यसैले उहाँले आज तिमीमाथि यो काम
गर्नुभएको हो। १९ त्यही कारण तिम्रो
प्रजा इस्राएललाई परमप्रभुले पलिश्तीहरूको
हातमा पर्न दिनुहुनेछ, औ भोलि तिमी र
तिम्रो छोराहरू मसँग हुनेछौ। हो, साँच्चिनै
परमप्रभुले इस्राएली सेनालाई पलिश्तीहरूको
हातमा सुम्पिदिनुहुनेछ।" २० शाऊल
विचलित भए, र शमूएलका बचनले गर्दा
तिनी डरले भूइँमा लम्पसार परेर लोटे। औ
दिनभरि र रातभरि पनि तिनले केही
नखाएकोले तिनी शक्तिहीन भए।

२१ त्यो स्त्री शाऊलकहाँ गई, र तिनलाई
साह्रै विचलित भएका देखेर त्यसले तिनलाई
भनी, "तपाइंले भन्नुभएको कुरा मैले मानें,
र मैले मेरो प्राण तपाइंको निम्ति खतरामा
हालें। २२ यसकारण अब मेरो कुरा
सुन्नुहोस्। तपाइंका यात्राको निम्ति तपाइंले
बल पाउनलाई म केही खानेकुरा टक्राउनेछु।"
२३ तर शाऊलले खान इन्कार गरे।

अब तिनका सेवकहरूले पनि त्यस स्त्रीले
भनेको कुरामा जोड़ गरे तब तिनी
सहमत भए, र भूइँबाट उठेर पलङ्गमा बसे।
२४ त्यस स्त्रीको घरमा पालेको बाछा थियो।
त्यसले त्यो झट्टै काटेर बनाई। त्यसले केही
पीठो लिएर मुछी, र खमीर नहाली रोटी
पकाई, २५ ती तिनले शाऊल र तिनका
सेवकहरूको अगि टकाई। तिनीहरूले त्यो खाने-
कुरो खाए, र त्यही रात तिनीहरू बिदा भए।

दाऊद पलिश्ती सेनाहरूबाट छुटेका

२९ पलिश्तीहरूले अपेकमा आफ्नो फौजहरू
युद्धको निम्ति भेला गरे, औ
इस्राएलीहरूले चाहिं यिज्रेलको पानीको मूल
भएको ठाउँमा छाउनी हाले। २ पलिश्ती
शासकहरूले सय सय र हजार हजारका
पंक्तिमा आफ्ना फौजलाई अगि बढ़ाइरहेका
थिए। दाऊद र तिनका मानिसहरू आकीशसँग
पछिल्लो पंक्तिमा थिए। ३ तब पलिश्तीका
सेनापतिहरूले सोधे, "यी हिब्रूहरू किन
आएका छन् ?" आकीशले जवाफ दिए,
"यिनी इस्राएलका शाऊलका सेवक दाऊद
हुन्, जो मसँग एक वर्षभन्दा ज्यादै रहेका
छन्, औ तिनी मतर्फ लागेदेखि यसो मैले
कुनै किसिमको दोष तिनमा भेट्टाएको छैनँ।"
४ तर पलिश्ती सेनापतिहरू क्रोधित भए, र
आकीशलाई भने, "त्यस मानिसलाई तपाईंले
दिनुभएको ठाउँमा पठाइदिनुहोस्। त्यो
हाम्रो साथ दिएर लड़ाइँ नगरोस्, नत्रता
लड़ाइँमा त्यसले हामीलाई विश्वासघात गर्ला।
हाम्रो प्राण लिएर आफ्नो मालिकको
निगाह प्राप्त गर्न त्यसलाई यसभन्दा राम्रो
मौका अरू के होला र ? ५ यो ता त्यही
दाऊद हो, जसको विषयमा तिनीहरूले यसो
भनेर गाउँदै नाचेका थिए,

शाऊलले हजारौ हजारलाई ध्वंश गरे,
तर दाऊदले ता लाखौं लाखलाई
ध्वंस गरे।

६ तब आकीशले दाऊदलाई बोलाइपठाए,
र तिनलाई भने, "जीवित परमप्रभुको नाउँमा
म भन्दछु कि तपाइं सोझो मानिस हुनुहुन्छ,
औ मेरो फौजमा तपाइंको सेवाले म सन्तुष्ट
छु। तपाइं मसँग आएकोदेखि यसो मैंले
तपाइंमा कुनै दोष भेट्टाएको छैनँ, तर अरू
शासकहरू तपाइंलाई लिन राजी छैनन्।
७ यसकारण शान्तिसँग घर जानुहोस्, र
तिनीहरूले खराब सम्झेको कुनै कुरा तपाइंबाट
हुनेछैन।" ८ यस कुरामा दाऊदले विरोध
गरेर भने, "मैंले के गरेको छु ? म
तपाइंको सेवामा लागेको दिनदेखि आजसम्म
तपाइंले ममा के खोट भेट्टाउनुभएको छ ?
र मैंले मेरा मालिक मेरा राजाका शत्रुहरूका
विरुद्धमा लड़ाइँ गर्न नपाउने ?" ९ आकीशले
दाऊदलाई जवाफ दिए, "म यो कुरा
मानिलिन्छु कि तपाइं मप्रति परमेश्वरका दूतजस्तै
सच्चा हुनुहुन्छ, तर तपाइं तिनीहरूका साथमा
लागेर लड़ाइँ गर्न जानुहुँदैन भनी पलिश्ती-
हरूका सेनापतिहरू जिद्दी गर्छन्। १० यस-
कारण भोलि बिहानै तपाइंका पछि लागेका
तपाइंका मालिकका मानिसहरूसँग उठेर मैंले
तपाइंलाई दिएको शहरमा जानुहोस्। केही
खराब विचार मनमा नलिनुहोला, किनकि
म ता तपाइंसँग साह्रै प्रसन्न छु। बिहान
सबेरै उठ्नुहोस्, र उज्यालो हुने बित्तिकै
गइहाल्नुहोस्।" ११ यसैले दाऊद र तिनका
मानिसहरू पलिश्तीहरूको देशमा जानलाई
बिहान सबेरै उठे। औ पलिश्तीहरू यिज्रेलको
बाटो लागे।

सिकलग लूटपीट गर्ने अमालेकीहरूका दललाई दाऊदले खेदेको

३० तेस्रो दिन दाऊद र तिनका मानिस-
हरू सिकलगमा पुगे। त्यस बेला
अमालेकीहरूले दक्षिण लूटपीट गरी सिकलगमा
आक्रमण गरेर त्यसलाई आगो लगाइदिएका
थिए। २ तिनीहरूले साना ठूला दुवै

परिवारका सबै स्त्रीहरूलाई नमारीकनै लगेका
थिए। यिनीहरूले तिनीहरूलाई अगिअगि लाउँदै
गइरहेका थिए। ३ जब दाऊद र तिनका
मानिसहरू शहरमा आइपुगे, तब तिनीहरूले
शहरलाई आगोले भस्म पारेको, र
तिनका स्वास्नीहरू र छोरा-छोरीहरूलाई
लगिसकेका देखे। ४ तब दाऊद र तिनीसँग
भएका मानिसहरू यति साह्रो रोए कि
तिनीहरूमा अरू रून शक्ति नै रहेन
५ दाऊदका दुवै स्वास्नी, यिज्रेली अहीनोअम
र कर्मेली नाबालकी विधवा अबीगेल पनि
कैदमा लगिएकाहरूमध्ये थिए। ६ तिनीहरूका
छोरा-छोरीहरू लगिएका हुनाले मानिसहरूले
दाऊदलाई ढुङ्गाले हान्ने धम्की दिइरहेका
थिए। यसैले दाऊद अन्योलमा परे। तब
दाऊदले परमप्रभु आफ्ना परमेश्वरबाट बल
मागे। ७ तिनले अहीमेलेकको छोरा
पूजाहारी एबीयातारलाई एपोद ल्याउने
हुकूम गरे। जब एबीयातारले एपोद ल्याए,
८ तब दाऊदले परमप्रभुलाई सोधे, "के म
यी लूटपीट गर्नेहरूलाई खेदूँ? औ के म
तिनीहरूलाई भेट्टाउनसकूँला?" तब यस्तो
जवाफ आयो, "तिनीहरूलाई खेद्। तैंले
तिनीहरूलाई भेट्टाएर सबैलाई छुटाउनेछस्।"
९ तब दाऊद र तिनका छ सय जना
मानिसहरू हिंडे, र बसोरको खोल्चासम्म पुगे।
१० तिनीहरूमध्येका दुइ सय जना, जो
खोल्चा पार गर्नलाई साह्रै थाकेका थिए,
पछिनै बसे। औ दाऊद चार सय जनालाई
लिएर खेद्न लागे।

११ मैदानमा तिनीहरूले एउटा मिश्रीलाई
भेट्टाए, र त्यसलाई दाऊदकहाँ ल्याए।
तिनीहरूले त्यसलाई खानेकुरा र पानी दिए,
१२ औ एक डल्लो नेभारा र दुइ झुप्पा
किसमिस पनि दिए। यी खाइसकेपछि त्यसको
त्राण आयो, किनभने त्यसले तीन दिन
तीन रात केही खाएको पिएको थिएन।
१३ दाऊदले त्यसलाई सोधे, "तँ कसको
होस्? औ तँ कहाँबाट आएको होस्?"
त्यसले जवाफ दियो, "म एक मिश्री ठिटो
हुँ, एक जना अमालेकीको दास्। तर म तीन
दिनअघि बिरामी भएकोले मलाई तिनीहरू
छोडेर गए। १४ हामीले यहूदाको केही
भाग, करेतीहरूको दक्षिण भाग लूटपीट गर्‍यौं,
औ सिक्लगलाई आगो लगाइदियौं।"
१५ दाऊदले भने, "के तँ मलाई बाटो
देखाएर त्यस दलकहाँ पुर्‍याउनसक्छस्?" त्यसले
जवाफ दियो, "तपाइं मलाई मार्नुहुन्न, अथवा
मेरा मालिकको हातमा सुम्पिदिनुहुन्न भनी
परमेश्वरको नाउँमा शपथ खाएर मलाई
भन्नुहोस्, र म तपाइंलाई बाटो देखाएर
तिनीहरूकहाँ पुर्‍याइदिनेछु।" १६ तब त्यसले
बाटो देखाउँदै तिनलाई तल लग्यो। त्यहाँ
अमालेकीहरू चारैतिर तितर-बितर भएर खाँदै,
पिउँदै र पलिश्ती र यहूदाका इलाकाहरूबाट
लूटेका माल थुप्रिएकोमा हर्ष मनाउँदै थिए।
१७ दाऊदले तिनीहरूलाई बिहानदेखि
बेलुकीसम्म औ भोलिपल्टसम्मै मार्न लागे।
केवल चार सय जवान मानिसहरू ऊँटमा चढेर
भागे। १८ अमालेकीहरूले लगेका सबै
जनालाई, तिनका दुइ स्वास्नीहरूसमेत दाऊदले
छुटाए। १९ परिवारका साना ठूला छोरा-
छोरी, लूटेका माल, तिनीहरूले आफ्नै निम्ति
लगेका माल केही पनि छुटेन। दाऊदले सबै
कुरा पुनःप्राप्त गरे। २० तिनीहरूले भेडा-
बाख्रा, गाई-गोरु सबै लिए, औ सबै बथान
तिनका अगिअगि धपाउँदै लगे, र भने, "यो
दाऊदको लूट हो।" २१ दाऊद, बसोरको
खोल्चामा बिसाउने ती दुइ सय मानिसकहाँ
आए तिनीहरू तिनलाई र तिनका मानिसहरू-
लाई भेट्न आए। दाऊदले तिनीहरू सबैलाई
अभिवादन गरे, तिनीहरूका भलाकुसारी
सोधपूछ गरे। २२ तर दाऊदसँग गएका
कति जना दुष्ट र बदमाश मानिसहरूले
बीचैमा कुरा काटी तिनलाई भने, "यी
मानिसहरू हामीसँग गएनन्। हामीले फिर्ता
ल्याएका लूटका मालबाट हामी तिनीहरूलाई
केही पनि भाग लाउनेछैनौं, केवल तिनीहरूले

आफ्ना आफ्ना स्वास्नी र छोरा-छोरी
लैजाऊन्।" २३ दाऊदले भने, "परमप्रभुले
हामीलाई रक्षा गर्नुभयो, यी सब दिनुभयो,
दुश्मनलाई हाम्रो हातमा दिनुभयो अब उहाँले
दिनुभएका चीजमाथि हामी त्यसो गर्नेछैनौं
२४ तिमीहरूले गरेको प्रस्तावमा को सहमत
हुन्छ ? माल-सामान हेर्न बसेकाहरूले लड़ाइँमा
जानेहरूकै बराबर हिस्सा पाउनेछन्। तिनीहरूले
पनि बराबर हिस्सा पाउनेछन्।" २५ त्यस
बेलादेखि यसो आजको दिनसम्म इस्राएलमा
यही नियम चलिआएको छ।
२६ जब दाऊद सिकलगमा आइपुगे, तब
तिनले लूटका केही माल यहूदाका बूढ़ा-
प्रधानहरू र आफ्ना मित्रहरूलाई यसो भनेर
पठाए, "परमप्रभुका शत्रुहरूबाट लिएका
लूटका मालदेखि यी तपाइंहरूका निम्ति
सौगात हुन्।" २७ तिनले बेतेलमा, रमोत-
नेगेबमा, यतीरमा, २८ अरोएरमा, सिपमोतमा
एस्तमोमा, २९ राकालमा भएकाहरूलाई,
यरहमेलीहरूका शहरमा, केनीहरूका शहरमा,
३० होर्मामा, बोराशानमा, अत्ताकमा,
३१ हेब्रोनमा भएकाहरूलाई, र ती सबै
ठाउँहरूमा पठाए जहाँ दाऊद र तिनका
मानिसहरूले घेरजसो चढ़ाइ गरेका थिए।

गिल्बो डाँड़ामा इस्राएलीहरूको हार शाऊल र जोनाथन मारिएका

३१ पलिश्तीहरूले इस्राएलको विरुद्धमा
लड़ाइँ गरे, र इस्राएलीहरू पराजित
भए, औ गिल्बो डाँड़ामा आफ्ना लाशहरूलाई
छोड़िराखेर भागे। २ पलिश्तीहरूले शाऊल र
तिनका छोराहरूलाई खूब खेदे, र तिनका
तीन जना छोराहरू, जोनाथन, अबीनादाब र
मल्कीशूअलाई मारे। ३ लड़ाइँले शाऊल-
लाई खूब पेलदैलग्यो, किनकि कोही धनुर्धारी-
हरूले तिनलाई आक्रमण गरे, र ती धनुर्धारी-
हरूले तिनलाई भुँड़ीमा हानेर चोट पारे।
४ तब तिनले आफ्नो हतियार बोक्नेलाई
भने, "तेरो तरवार थुतेर मलाई रोप्, र
यी बेखतने दुष्टहरूले निन्दा गरेर मेरो तमाशा
नदेखाऊन्।" तर त्यस हतियार बोक्नेले इन्कार
गर्‍यो। त्यसले आँट गरेन। त्यसपछि शाऊलले
आफ्नो तरवार थुते, र त्यसैमा उनिएर मरे।
५ जब त्यो हतियार बोक्नेले शाऊल मरेका
देख्यो, तब त्यो पनि आफ्नो तरवारले आफैलाई
रोपेर तिनीसँगै मरे। ६ यसरी तिनीहरू
सबै त्यही दिन एकसाथ मरे—शाऊल, तिनका
तीन भाइ छोराहरू, तिनका हतियार बोक्ने र
तिनका मानिसहरू पनि। ७ बेंसी र यर्दनका
जिल्लामा भएका सबै इस्राएलीहरूले अरू
इस्राएलीहरूलाई भागेका औ शाऊल र तिनका
छोराहरू खतम भएका देखे, तब तिनीहरू
आफ्ना आफ्ना शहरहरू छोड़ेर त्यसरीनै भागे,
र पलिश्तीहरू त्यहाँ गएर ती शहरहरूलाई
दखल गरे।
८ अर्को दिन जब पलिश्तीहरू मरेका-
हरूका लूट बटुल्नलाई आए तब तिनीहरूले
गिल्बो डाँड़ामा शाऊल र तिनका तीन
छोराहरूलाई मरेका भेट्टाए। ९ तिनीहरूले
शाऊलको टाउको काटे, र तिनका हतियारहरू
लगे। त्यसपछि तिनीहरूले आफ्नो देशको
चारैतिर यो शुभ समाचार देवताहरू र
मानिसहरू सबैलाई सुनाउन भनी समाचार-
वाहकहरू पठाए। १० तिनीहरूले शाऊलका
हतियारहरू अश्तारोत देवीको मन्दिरमा राखे,
र तिनका मृतशरीर बेतशानको पर्खालमा
कीला ठोकेर झुण्डयाए। ११ पलिश्तीहरूले
शाऊलको मृत-शरीरलाई जे गरेका थिए
त्यो जब याबेश-गिलादका मानिसहरूले सुने,
१२ तब तिनीहरूका वीरहरू रातभरि हिंडेर
शाऊल र तिनका छोराहरूका मृत-शरीरलाई
बेत-शानको पर्खालबाट झिकेर याबेश-
गिलादमा ल्याए, र ती मृत-शरीरहरूलाई
जलाइ दिए। १३ त्यसपछि तिनीहरूले ती
हड्डीहरू निकालेर याबेशको भयाऊजस्तै
बोटमनि गाड़े, र सात दिनसम्म तिनीहरू
उपवास बसे।

शमूएलको दोस्रो पुस्तक

दाऊदले शाऊलको मृत्युको समाचार पाएका

१ अमालेकीहरूमाथिको विजयपछि जब
दाऊद फर्के तब तिनले दुइ दिन
सिक्लगमा बिताए। २ शाऊलको मृत्युको
तेस्रो दिन आफ्नो लुगा च्यातेको र टाउकोमा
धूलो हालेको एउटा मान्छे सेनाबाट आयो
जब त्यो दाऊदको सामने आइपुग्यो, तब
त्यसले भूइँमा घोप्टो परेर दाऊदलाई
दण्डवत् गर्‍यो। ३ दाऊदले त्यसलाई सोधे,
"तँ कहांबाट आएको होस् ?" त्यसले
भन्यो, "म इस्राएलको सेनाबाट उम्केर
आएको हुँ ?" ४ औ दाऊदले त्यसलाई
फेरि सोधे, "समाचार के छ त ? मलाई
भन्।" त्यसले भन्यो "सेना रणभूमिबाट
खेदियो, औ धेरै जना लड़ाइँमा मारिए।
शाऊल र तिनका छोरा जोनाथन पनि
मारिए।" ५ दाऊदले समाचर ल्याउने
त्यस जवान मानिसलाई सोधे, "शाऊल र
जोनाथन मारिए भनी तैंले कसरी जानिस् ?"
६ त्यस मानिसले भन्यो, "संयोगले म
गिल्बो डाँड़ामा थिएँ, औ शाऊल आफ्नो
भाला टेकेर उभिरहेका मैंले देखें। औ रथ-
हरू र घोड़ा-चढ़ीहरू तिनको पछि लागेका
थिए। ७ पछि फर्केर हेर्दा तिनले मलाई
देखे, र मलाई बोलाए। मैले भनें, "हजूर,
के हो ?" ८ तिनले मलाई तँ को होस् ?
भनी सोधे मैले म एक अमालेकी हुँ भनें,
९ तब तिनले मलाई भनें, "मेरो छेउमा आएर
मलाई खतम गर्। मभित्र जीवन पूरै छ
तरै पनि मृत्युको पीड़ाले मलाई समातेको
छ।" १० यसैले म तिनको छेउमा गएँ, र
मैले तिनलाई मारें। किनकि तिनी यति
साह्रो गल्सिकेका थिए कि तिनी बाँच्तैनन्
भनी मलाई थाह भयो। तब मैले तिनको
शिरबाट शिरपेच र पाखुराबाट बाजू लिएँ, र
ती यहाँ तपाईं कहाँ ल्याएको छु, हजूर।"
११ यो कुरा सुनेर दाऊदले आफ्नो लुगा
च्याते, औ तिनीसँग भएका सबै मानिसहरूले
पनि त्यसै गरे। १२ औ शाऊल, तिनका
छोरा जोनाथन र परमप्रभुको प्रजा इस्राएलका
परिवार लड़ाइँमा मारिएको हुनाले तिनीहरू
छाती पिटी पिटीकन रोए, र साँझसम्मै उपवास
बसे। १३ तब दाऊदले समाचार ल्याउने
त्यस जवान मानिसलाई भने, "तँ कहांबाट
आएको होस् ?" त्यसले जवाफ दियो, "म
एक विदेशीको छोरो, एक अमालेकी हुँ।"
१४ दाऊदले भने, "परमप्रभुका अभिषिक्त
जनलाई मार्न हात उठाउनु के तँलाई डर
लागेन ?" १५ तब तिनले आफ्ना जवान
मानिसहरूमध्येको एक जनालाई त्यस मानिस-
माथि जाइलाग्नलाई हुकूम गरे। यसैले त्यस
जवान मानिसले त्यसलाई हिर्काएर मार्‍यो।
१६ औ दाऊदले भने, "तेरो रगत तेरै
शिरमाथि परोस्। जब तैंलेनै भनिस्, 'मैले
परमप्रभुका अभिषिक्त जनलाई मारें' आफ्नै
मुखले तैंले आफैलाई दोषी ठहराइस्।"

शाऊल र जोनाथनको निम्ति दाऊदको विलाप

१७ त्यसपछि शाऊल र तिनका छोरा
जोनाथनका निम्ति दाऊदले यसरी विलाप

गरे, १८ औ यो विलापको गीत यहूदाका
मानिसहरूलाई सिकाउनू भनी हुकुम गरे।
यो लेखियो, र याशारको पुस्तकमा पाइन्छ,
१९ हे इस्राएलका राजा, तिमीलाई
मृत्युले ढाल्यो।
महावीरहरू कसरी ढले।
२० गातमा यो कुरा नसुनाऊ,
अश्कलोनका सडकहरूमा यो कुरा
प्रचार नगर,
नत्रता पलिश्ती स्त्रीहरू रमाउनेछन्,
नत्रता बेखतनेका छोरीहरू हर्षित हुनेछन्।
२१ हे गिल्बोका डाँड़ा हो, तिमीहरूमाथि
शीत कि पानी नपरोस्।
नता डाँड़ाहरूमा झरी बर्षोस्।
किनभने योद्धाहरूका ढालहरू त्यहाँ
खिया परे।
औ शाऊलको ढाल तेलविनै निस्तेज भयो।
२२ जोनाथनको धनु शत्रुको छातीबाट,
मारिएकाहरूको रगतबाट कहिल्यै पछि
रहेन।
शाऊलको तरवार म्यानमा कहिल्यै
रित्तै फर्केन।
२३ शाऊल र जोनाथन मनपर्दा र अति
प्रिय थिए।
जीवन र मृत्युमा पनि उनीहरू
अलग भएनन्।
उनीहरू चीलहरूभन्दा पनि तीव्र थिए,
सिंहहरूभन्दा पनि बलिया थिए।
२४ हे इस्राएलका छोरी हो, शाऊलको
निम्ति रोऊ।
जसले तिमीहरूलाई राता राता दामी
बुट्टेदार लुगाहरूले पहिराउँथे,
जसले तिमीहरूका लुगाहरू सुनका
गहनाहरूले चहकिला पार्थे।
२५ महावीरहरू कसरी ढले, रण-भूमिमा ढले
हे जोनाथन, तिमीलाई मृत्युले ढाल्यो!
२६ हे जोनाथन, मेरो भाइ, तिम्रो निम्ति म
विलाप गर्दछु!
तिमी मेरो निम्ति प्रिय र मनपर्दा थियौ।
मप्रतिको तिमो प्रेम अचम्भको थियो,
स्त्रीहरूको प्रेमलाई जित्ने।
२७ महावीरहरू युद्धमा ढले।
औ उनीहरूका हतियारहरू रण-भूमिमानै
छोड़िए।

दाऊद हेब्रोनमा यहूदाका राजा भएका

२ त्यसपछि दाऊदले परमप्रभुलाई यसो
भनेर सोधे, "के म यहूदाको कुनै
एउटा शहरमा जाऊँ?" परमप्रभुले जवाफ
दिनुभयो, "जाऊ।" दाऊदले सोधे, "कुन
चाहिं शहरमा?" औ यस्तो जवाफ आयो,
"हेब्रोनमा।" २ यसैले दाऊद आफ्ना दुइ
पत्नीहरू, यिज्रेली अहीनोअम र कर्मेली
नाबालकी विधवा अबीगेलको साथमा त्यहाँ
गए। ३ आफूसँग लागेको मानिसहरूलाई
पनि तिनीहरूका जहानैसमेत दाऊदले ल्याए, र
उनीहरू हेब्रोन शहरमा बसोबासो गरे। ४ औ
यहूदाका मानिसहरू आएर दाऊदलाई त्यहाँ
यहूदाका घरानामाथि राजा अभिषेक गरे।
याबेश-गिलादका मानिसहरूले शाऊललाई
गाड़ेका थिए भनेर दाऊदलाई सुनाइयो।
५ तब तिनले उनीहरूलाई यो समाचार
पठाए, "तिमीहरूले आफ्ना स्वामी शाऊलप्रति
देखाएको भक्ति र उहाँलाई गाड़ेकोमा परमप्रभुले
तिमीहरूलाई आशिष देऊन्। ६ यसको
निम्ति परमप्रभुले तिमीहरूप्रति आफ्नो दृढ़
प्रेम र सत्यता देखाऊन्, औ तिमीहरूले यो
काम गरेको हुनाले म पनि आफ्ना तर्फबाट
तिमीहरूमाथि निगाह राख्नेछु। ७ बलिया र
आँटिला होऊ, किनभने तिमीहरूका स्वामी
शाऊल ता मरिहाले, तर यहूदाका मानिसहरूले
मलाई आफूमाथि राजा अभिषेक गरेका छन्।"

अबनेरले शाऊलको विरुद्धमा विद्रोह गरेका

८ यसै बीचमा शाऊलका सेनापति नेरको

छोरा अब्नेरले शाऊलको छोरा ईश्बोशेतलाई
यर्दन वारि महनैममा ल्याए, ९ औ गिलाद,
अशूरी, यिज्रेल, एप्रैम र बिन्यामीन औ सारा
इस्राएलमाथि तिनलाई राजा तुल्याए।
१० इस्राएल्का राजा हुँदा ईश्बोशेत चालीस
वर्षका थिए, औ तिनले दुइ वर्षसम्म राज्य
गरे। तापनि यहूदाको कुल चाहिं दाऊदकै
पछि लागे। ११ हेब्रोनमा यहूदाको कुलमाथि
दाऊदले साढ़े सात वर्षसम्म राज्य गरे।

गृह-युद्ध, अबनेर र असाहेल मारिएका

१२ नेरको छोरा अबनेरले शाऊलको
छोरा ईश्बोशेतको फौज लिएर महनैमबाट
गिबोनमा धावा गरे। १३ औ सरूयाहको
छोरा योआबले दाऊदको फौजको साथमा
हेब्रोनबाट धावा गरे। तिनीहरूले एका
अर्कालाई गिबोनको तलाउनेर भेटे, र एउटाले
तलाउको वारि र अर्कोले तलाउको पारि
हमलाको लागि आफ्नो फौजलाई मोर्चा
बाँधे। १४ अबनेरले योआबलाई भने,
"तिम्रा र मेरा जवान मानिसहरू आएर
हाम्रो सामने एक एक जना गरी लड़ोस्।"
योआबले जवाफ दिए, "हुन्छ, तिनीहरूले
त्यसै गरून्।" १५ यसैकारण तिनीहरू आए,
र बिन्यमीन र ईश्बोशेतका तर्फका बाह्र जना
र दाऊदका मानिसहरू तर्फका बाह्र जना
एक एक जना गरी आफ्नो स्थानमा खड़ा
भयो। १६ तब तिनीहरू हरेकले आफ्नो
आफ्नो विरोधीको टाउको समातेर कोखामा
तरवार रोपिदियो। यसरी तिनीहरू एकसाथ
ढले। यसैकारण गिबोनको त्यस ठाउँलाई
छुरीको ठाउँ भनियो।

१७ त्यस दिन घमासान युद्ध भयो, औ
अबनेर र इस्राएल्का मानिसहरू दाऊदको
फौजको सामने हारे। १८ सरूयाहका तीनै
भाइ छोराहरू, योआब, अबीशै र असाहेल
त्यहाँ थिए। असाहेल, मैदानमा कुदने मृग
जत्तिकै छिटो थिए, १९ तिनी दाहिने देब्रे
कतै पनि नफर्की सीधै अबनेरको पछि खेद्दै
गए। २० तब अबनेरले पछि फर्केर सोधे,
"हे असाहेल, के तिमीनै हौ?" असाहेलले
जवाफ दिए, "अँ, मनै हुँ।" २१ अबनेरले
भने, "दाहिने कि देब्रेतिर लागेर जवान-
हरूमध्येका एक जनालाई पक्रेर त्यसलाई लूट।"
तर असाहेलले तिनलाई खेद्न छोड़ेनन्।
२२ अबनेरले फेरि 'मलाई खेद्न छोड़िदेऊ'
भनी आग्रह गरे। तिनले भने, 'मैले तिमीलाई
किन मारुं? तिम्रा दाज्यू योआबलाई मैले
कसरी मुख देखाउनु?' २३ तर जब
असाहेल अन्यत्र लाग्न मानेनन्, तब
अबनेरले आफ्नो भाला पछिल्तिर हानेर
तिनको भुँड़ीमा रोपिदिए, र भाला तिनको
पछिल्तिर निस्क्यो, र तिनी खेद्दा खेद्दै
बाटैमा ढलेर मरे। असाहेल मरेर लोटेको
ठाउँमा आइपुग्ने सबै जना त्यहींनै अड़िए।
२४ तर सूर्य अस्ताउँदा तिनीहरू अम्मा
डाँड़ाको, गिबोनको खर्कको बाटोमा गीहको
सामने नआइपुगुन्जेल योआब र अबीशैले
चाहिं अबनेरलाई खेदिनै रहे।

२५ बिन्यामिनीहरू अबनेरतर्फ जम्मा भए,
र एउटै दल भएर अम्मा डाँड़ाको टाकुरामा
युद्धको लागि तयार भए। २६ अबनेरले
कराएर योआबलाई भने, "के मार-काट
गरिनैरहने? त्यसको परिणाम आखिरमा
तीतो हुन्छ भनी तिमी देख्नसक्तैनौ?
आफ्ना भाइ-बन्धुहरूलाई खेद्न छोड़िदिनू
भनी के तिमी आफ्ना मानिसहरूलाई
फर्काउँदैनौ?" २७ योआबले जवाफ दिए,
"जीवित परमेश्वरको नाउँमा म भन्दछु, कि
तिमीले नभनेको भए मानिसहरूले बिहानसम्म
पनि खेद्न छोड़ने थिएनन्।" २८ तब
योआबले तुरही फुके, र सबै मानिसहरूले
इस्राएलीहरूलाई खेद्न छोड़िदिए, औ युद्ध
थामियो। २९ अबनेर र तिनका मानिसहरू
रातभरि अराबाबाट हिंड़ेर यर्दन पार गरे, र
बिहानभरि हिंड़ेर महनैममा आइपुगे।
३० जब योआब अबनेरलाई खेद्न छोडेर

आए, तब तिनले आफ्नो फौजलाई भेला
गरे, र असाहेलबाहेक दाऊदका उन्नाईस जना
मानिसहरू कम भेट्टाइए। ३१ दाऊदका
फौजले बिन्यामिनीहरू र अबनेरका पछि
लागेकाहरूका तीन सय साठी जनालाई मारेर
परास्त गरेका थिए। ३२ तिनीहरूले
असाहेललाई बोकेर लगे, र बेतलेहेममा
तिनका बाबुको चिहानमा गाडे। त्यसपछि
योआब र तिनका मानिसहरू रातभरि हिंडेर
मिरमिरे उज्यालोमा हेब्रोनमा पुगे।

दाऊदको परिवार

३ शाऊल र दाऊदका घरानाको युद्ध
धेरै दिनसम्म चलिरह्यो। तर दाऊद
झन् झन् शक्तिशाली हुँदैगए। औ शाऊलको
घराना चाहिं अझ कमजोर हुँदैगयो।
२ अनि हेब्रोनमा दाऊदका छोराहरू
जन्मे। तिनको जेठा छोरा अम्नोन थिए,
जसकी आमा यिज्रेली अहीनोअम थिइन्।
३ तिनका माहिला छोरा किलाब थिए,
जसकी आमा कर्मेलको नाबालकी विधवा
अबीगेल थिइन्। तिनका साँहिला छोरा
अबशालोम थिए, जसकी आमा गशूरका राजा
तल्मैकी छोरी माका थिइन्। ४ काँहिला
चाहिं अदोनियाह थिए, जसकी आमा हग्गीत
थिइन्। ठाँहिला शपत्याह थिए, जसकी आमा
अबीतल थिइन्। ५ औ कान्छा चाहिं
यित्राम थिए, जसकी आमा दाऊदकी स्वास्नी
एग्ला थिइन्। यिनीहरू सबै हेब्रोनमा
जन्मेका दाऊदका छोराहरू थिए।

अबनेरले दाऊदसँग मिलापको बाचा-बन्धन बाँधेका

६ जब शाऊल र दाऊदका घरानाको
बीचमा युद्ध हुँदैगयो, तब अबनेरले बिस्तार
बिस्तार शाऊलको घरानामा आफूलाई प्रबल
तुल्याउँदैगए। ७ अब एयाहकी छोरी रिस्पा
नाउँ भएकी शाऊलकी उप-पत्नी थिइन्।
ईश्बोशेतले अबनेरलाई सोधे, "तिमी मेरा
बाबुकी उप-पत्नीसँग किन सुत्यौ?" ८ यस
कुराले अबनेरले साह्रै रिसाएर भने, "के म
यहूदाको चाकरी गर्ने कुकुर हुँ? अहिले-
सम्म ता म तिम्रा पिता शाऊलको घराना,
तिनका दाज्यू-भाइहरू र तिनका मित्रहरूका
भक्त थिए, र मैले तपाईंलाई दाऊदको
हातमा दिएर विश्वासघात गरेको छैनँ।
तापनि यस स्त्रीको विषयमा भक्तिहीनताको
आरोप लाउनहुन्छ? ९ तर अब परमेश्वरले
यस्तै गरून्, दाऊदको निम्ति परमप्रभुले
शपथ खाएर गर्नुहुन्छ भन्ने कुरालाई पूरा
गर्न म सकेसम्म गर्नेछु। १० म शाऊलको
घरानालाई खसाल्न र दाऊदलाई दानदेखि
बेर्शेबासम्मै इस्राएल र यहूदामाथि सिंहासनमा
बसाल्ने काम गर्नेछु।" ११ तिनी अबनेरसँग
साह्रै डराएको हुनाले ईश्बोशेतले अरू केही
पनि भन्नसकेनन्।
१२ त्यसपछि अबनेरले हेब्रोनमा दाऊद-
कहाँ यसो भनेर दूतहरू पठाए, "यो
देश कसको हो? हामी मिलाप गरौं, र
म सारा इस्राएललाई तपाईंतर्फ ल्याउनलाई
सकेसम्म कोशिष गर्नेछु।" १३ तब दाऊदले
यस्तो जवाफ पठाए, "बेस्, म तिमीसँग
मिलाप गर्नेछु, तर यो एक शर्तमा, कि
शाऊलकी छोरी मीकललाई मकहाँ ल्याएपछि
मात्र तिमी मेरो सामने आऊ।"
१४ दाऊदले शाऊलका छोरा ईश्बोशेतकहाँ
पनि यसो भनेर दूतहरू पठाए, "मैले एक
सय पलिश्तीका खलड़ीको दाम तिरेर मगनी
गरेकी मेरी स्वास्नी मीकल मलाई बुझिदेऊ।"
१५ यसकारण ईश्बोशेतले मानिसहरू पठाएर
मीकललाई आफ्नो लोग्ने लैशको छोरा
पल्तीएलकहाँबाट झिकाए। १६ अबनेरले
तिनलाई घर फर्किजाने हुकूम नगरूञ्जेल
पल्तीएल रूँदै रूँदै बहूरीमसम्म मीकलका
पछिपछि आए।
१७ अब इस्राएलका बूढ़ा-प्रधानहरूकहाँ

आएर अबनेरले भने, "निकै अघिदेखिनै
तपाईंहरूले दाऊदलाई आफ्ना राजा तुल्याउन
खोज्जुभएको हो। १८ अब त्यो काम पूरा
गर्ने समय यही हो, किनभने दाऊदको विषयमा
परमप्रभुको वचन यो छ, 'मेरो दास
दाऊदको हातबाटनै म मेरो प्रजा इस्राएललाई
पलिस्तीहरूका र तिमीहरूका सबै शत्रुहरूबाट
बचाउनेछु।'" १९ अबनेरले बिन्यामिनी-
हरूसँग पनि कुरा गरे। औ त्यसपछि
इस्राएलीहरू र बिन्यमीनहरू सहमत भएको
कुरा सुनाउनलाई अबनेर हेब्रोनमा दाऊदकहाँ
गए। २० जब अबनेर दाऊदको सामने
हाजिर भए, तब तिनीसँग बीस जना मानिस-
हरू थिए, औ दाऊदले तिनीहरू सबैका निम्ति
भोज दिए। २१ तब अबनेरले दाऊदलाई
भने, "अब म गएर हजूरको सामने सारा
इस्राएललाई ल्याउनेछु, र तिनीहरूले हजूरसँग
एउटा करार बाँध्नेछन्। त्यसपछि हजूर आफूले
इच्छा गर्नुभएको एक राज्यमाथि राजा
हुनुहुनेछ।" तब दाऊदले अबनेरलाई सुरक्षाको
प्रबन्ध पनि गरेर बिदा दिए।

योआबले अबनेरलाई मारेका

२२ दाऊदका मानिसहरू र योआब चाहिं
आफूसँग धेरै लूटका माल लिएर लुटपीटबाट
फर्के। औ त्यस बेलासम्म अबनेर चाहिं
बिदा भइसकेकोले तिनी दाऊदसँग हेब्रोनमा
थिएनन्। २३ यसैले जब योआब र तिनका
लुटपीट गर्ने दल फर्केर आइपुगे, तब नेरको
छोरा अबनेर राजाकहाँ आएर सुरक्षासाथ फर्की
गएको कुरा तिनीहरूले सुने। २४ राजाकहाँ
गएर योआबले भने, "हजूरले यो के
गर्नुभयो? अबनेर यहाँ हजूरकहाँ आएका
थिए। हजूरले कसरी तिनलाई त्यसै जान
दिनुभयो? तिनी ता त्यसै उम्केर गइहाले
२५ हजूरले नेरको छोरा अबनेरलाई चिन्नुने
भएको छ। तिनी हजूरलाई छल गर्न, हजूरको
चाल बुझ्न र हजूर के गर्दैहुनुहुन्छ, सो
जान्नलाई आएका थिए।" २६ जब योआब
दाऊदको सामनेबाट निस्के, तब तिनले
अबनेरको पछि समाचार-वाहकहरूलाई पठाए,
र तिनीहरूले अबनेरलाई सीराको इनारदेखि
फर्काएर ल्याए। तर दाऊदलाई यो सब थाह
थिएन। २७ औ जब अबनेर हेब्रोनमा
फर्के तब योआबले तिनीसँग एकान्तमा केही
कुरा गर्ने निहुँमा मूल-ढोकाको एकातिर गए,
र आफ्नो भाइ असाहेल्को बदला
लिन अबनेरलाई भुँडीमा रोपेर मारे।
२८ जब दाऊदले यो खबर पाए तब
तिनले भने, "नेरको छोरा अबनेरको हत्याको
विषयमा म र मेरो राज्य परमप्रभुको दृष्टिमा
सधैंको लागि निर्दोष छौं। २९ योआब र
त्यसका सबै घरानाको शिरमा त्यो दोष परोस्।
औ योआबको घरानामा घाउ खटिरा हुने,
नराम्रो रोग लाग्ने व्यथाले नछोडोस्,
लहुरोको सहारामा हिंड्ने अथवा तरवारले
मारिने वा रोटीको लागि भीख मागी हिंड्ने
सन्तानको अभाव नहोस्।" ३० यसरी
गिबोनको लडाइँमा अबनेरले तिनीहरूको
भाइ असाहेललाई मारेको हुनाले योआब
र तिनको भाइ अबीशैले अबनेरलाई
मारे। ३१ तब दाऊदले योआब र
तिनीसँग भएका सबै मानिसहरूलाई अबनेरको
निम्ति आफ्नो आफ्नो लुगा च्याल, भाङ्ग्रा
ओढ्न र छाती पिट्न भनी हुकुम गरे,
औ राजा आफै चाहिं अर्थीको पछि पछि
हिंडे। ३२ तिनीहरूले अबनेरलाई हेब्रोनमा
गाडे, र राजा चिहानमा साह्रै रोए। औ सबै
मानिसहरू पनि तिनीसँग रोए। ३३ औ
राजाले अबनेरको निम्ति यो विलापको-गीत
बनाए,

के अबनेरको यस्तो नीच मृत्यु हुनुपर्थ्यो?
३४ तिम्रा हात बाँधिएका थिएनन्,
तिम्रा गोडामा साङ्ला लागेको थिएन,
तिमी ता दुष्टहरूका हातमा परेझैं ढल्यौ।"

औ मानिसहरू तिनको निम्ति फेरि रोए।
३५ तब तिनीहरूले दाऊदलाई केही

खाऊन् भनेर मनाउनलाई आए, तर अझै
दिन बाँकी रहेकोले गर्दा दाऊदले शपथ
खाएर यसो भने, "सूर्यास्तअघि म कुनै
किसिमको खानेकुरो छुनेछैनँ, परमेश्वरले यस्तै
गरून्।" ३६ मानिसहरूले यो कुरो बुझे,
र तिनीहरू सहमत भए। राजाले गरेका
सबै कुरामा तिनीहरू प्रसन्न भए।
३७ त्यस दिन इस्राएलका सबैले नेरको छोरो
अबनेरको हत्यामा राजाको केही हात थिएन
भनी थाह पाए। ३८ राजाले आफ्ना
भारादारहरूलाई भने, "इस्राएलमा आजको
दिन एउटा योद्धा, एउटा महान् पुरुष मरे
भनी तिमीहरू जान्दैनौ ? ३९ म राजा
भए तापनि सरूयाहका यी निर्दयी छोराहरूका
सामने कमजोर र शक्तिहीन भएको छु।
तिनीहरू मेरो निम्ति अति भयो। परमप्रभुले
दुष्ट काम गर्नेलाई त्यसको योग्यको प्रतिफल
दिनुहुनेछ।"

ईश्बोशेतको हत्या

४ जब शाऊलको छोरा ईश्बोशेतले
हेब्रोनमा अबनेर मारिएको कुरा सुने,
तब तिनको हात-खुट्टै गल्यो र सारा इस्राएली-
हरू घबराए। २ अब ईश्बोशेतका दुइ जना
अफिसरहरू थिए, जो लुटपीट गर्नेहरूका
कमान थिए, जसका नाउँ बाना र रेकाब
थिए तिनीहरू बेरोतको रिम्मोनका छोराहरू
बिन्यामिनी थिए। किनभने बेरोत पनि
बिन्यामीनीहरूसँगै गनिएको थियो। ३ तर
बेरोतीहरू गित्तैममा भागेर गएका थिए,
र त्यस बेलादेखि यसो त्यहींने बसोबासो
गरेका छन्।

४ (शाऊलका छोरा जोनाथनको एउटा
छोरा थिए, जो दुवै खुट्टाको लङ्गडा थियो।
यिज्रेलबाट शाऊल र जोनाथनको मृत्युको
समाचार आउँदा तिनी पाँच वर्षका थिए।
तिनकी धाईले तिनलाई बोकेर भागी, तर त्यो
हतार हतार गरी जाँदा तिनी लडे, र लङ्गडा
भए। तिनको नाउँ मपीबोशेत थियो।)

५ बेरोती रिम्मोनका छोराहरू रेकाब र
बाना, मध्य दिनमा ईश्बोशेत विश्राम गरि-
रहेका बेलामा तिनको घरमा आए, र भित्र
पसे। ६ त्यस बेला घरको ढोके गहुँ
केलाइरहेकी थिई, तर त्यसलाई निद्रा लागेर
त्यो निदाई। यसैले रेकाब र त्यसको भाइ
बाना सुटुक्क भित्र पसे, ७ र ईश्बोशेत
सुतीरहेको कोठामा पसेर तिनलाई हिर्काएर
मारे। तिनीहरूले तिनको टाउको काटे,
र त्यो आफूसँग लगे, औ आराबाबाट
रातभरि हिँडेर हेब्रोनमा आइपुगे। ८ तिनी-
हरूले ईश्बोशेतको टाउको हेब्रोनमा दाऊदकहाँ
ल्याए, र राजालाई भने, "हजूरको प्राण
लिन खोज्ने, हजूरको शत्रु शाऊलको छोरा
ईश्बोशेतको टाउको यहाँ छ। परमप्रभुले
शाऊल र तिनको घरानालाई आज हजूरको
निम्ति साटो फेर्नुभयो।" ९ दाऊदले बेरोती
रिम्मोनका छोराहरू रेकाब र त्यसको भाइ
बानालाई शपथ खाएर जवाफ दिए,
"परमप्रभु, जसले मलाई मेरा सबै कष्टबाट
छुटाउनभयो, जीवित परमप्रभुको नाउँमा उहाँकै
शपथ खाएर म भन्दछु, १० शाऊल
मरेका खबर राम्रो हो भनी ठानेर मकहाँ
समाचार ल्याउने मानिसलाई मैले पक्रें मैले
त्यसलाई सिकलगमा मारें, र मैले त्यसको
समाचारको निम्ति त्यसलाई प्रतिफल दिएँ।
११ तर जब दुष्ट मानिसहरूले एउटा निर्दोष
मानिसलाई त्यसकै घरमा त्यसको पलङ्गमा
मार्छन् भने झन् कति बढ़ी प्रतिफल दिनु
पर्ला ? के म अब तिमीहरूले गरेको हत्याको
बदला लिएर तिमीहरूलाई संसारदेखि खतम
नगर्नु ?" १२ तब दाऊदले हुकूम दिए,
र जवान मानिसहरूले तिनीहरूलाई मारे।
तिनीहरूले उनीहरूका हात-खुट्टा काटे, र
हेब्रोनको पोखरीको छेउमा झुण्ड्याइदिए।
तर ईश्बोशेतको टाउको चाहिं तिनीहरूले
लगेर हेब्रोनमा अबनेरको चिहानमा
गाडिदिए।

दाऊद इस्राएल र यहूदामाथि राजा भएका

५ तब इस्राएलका सबै कुल हेब्रोनमा
दाऊदकहाँ आएर तिनलाई भने, हामी
तपाईंकै हाड र मासु हौं २ अघि शाऊल
हाम्रा राजा हुँदा पनि तपाईंलेनै इस्राएलको
सेनालाई लड़ाइँमा लाने र फर्काएर ल्याउने
गर्नुहुन्थ्यो । औ परमप्रभुले तपाईंलाई भन्नुभयो,
"तँनै मेरो प्रजा इस्राएलको गोठाला हुनेछस् ।
तैं तिनीहरूका राजा हुनेछस्'।" ३ तब
इस्राएलका सबै बूढ़ा-प्रधान हेब्रोनमा राजाकहाँ
आए । त्यहाँ दाऊदले तिनीहरूसँग परमप्रभुको
सामने करार बाँधे, तिनीहरूले दाऊदलाई
इस्राएलमाथि राजा अभिषेक गरे । ४ दाऊद
तीस वर्षको उमेरमा राजगद्दीमा चढ़े, र
तिनले चालीस वर्षसम्म राज्य गरे । ५ तिनले
हेब्रोनमा यहूदामाथि साँढ़े सात वर्ष अनि
यरूशलेममा यहूदा र इस्राएल दुवैमाथि तेंतीस
वर्ष राज्य गरे ।

यरूशलेममाथि दाऊदको विजय

६ त्यसपछि दाऊद राजा र तिनका
मानिसहरू यरूशलेमका बासिन्दा यबूसीहरूलाई
आक्रमण गर्नलाई यरूशलेममा गए । यबूसीहरूले
दाऊदलाई भने, "अन्धा र लङ्गड़ाहरूलाई
नहटाएसम्म तपाईं यहाँ आउनसक्नुहुन्न ।"
त्यसको अर्थ यही थियो कि दाऊद कहिल्यै
भित्र आउनसक्नेछैन । ७ तापनि दाऊदले
सियोनको गढ़ी लिइहाले औ यसलाई अब
दाऊदको शहर भनी कहलाइन्छ । ८ त्यस
दिन दाऊदले भने, "हरेक जसले यबूसीलाई
मार्छ त्यसले दाऊदका परम शत्रु अन्धा र
लङ्गड़ालाई, पानीको नालाबाट पसेर मारोस् ।"
यसकारण तिनीहरू भन्छन् । "कुनै अन्धा र
लङ्गड़ा परमप्रभुको भवनमा आउनेछैन ।"
९ दाऊद त्यही गढ़ीमा बस्नलागे, र
त्यसको नाउँ दाऊदको शहर राखे । दाऊदले
मिल्लोदेखि शुरू गरेर त्यसको चारैतिर भित्र-
पट्टि शहर बनाए । १० यसरी दाऊद झन्
झन् शक्तिशाली हुँदैगए, किनभने परमप्रभु
सेनाहरूका परमेश्वर तिनीसँग हुनुहुन्थ्यो ।
११ सोरका राजा हीरामले दाऊदकहाँ
राजदूतहरू पठाए । हीरामले देवदारका काठ
र तिनीहरूका साथमा सिकर्मी र डकर्मीहरू
पनि पठाए, औ तिनीहरूले दाऊदको निम्ति
एउटा महल बनाए । १२ परमप्रभुले तिनलाई
इस्राएलमाथि राजा हुनलाई स्थिर गर्नुभयो,
औ आफ्नो राजकीय शक्ति आफ्नो प्रजा
इस्राएलको निम्ति उच्च पार्नुभयो भनी
दाऊदले अब थाह पाए ।
१३ हेब्रोनबाट सरेपछि तिनले यरूशलेम-
बाट अझै धेरै उप-पत्नी र स्वास्नीहरू ल्याए ।
औ तिनका अरू छोरा-छोरीहरू जन्मे ।
१४ यरूशलेममा जन्मेका तिनका छोराहरूका
नाउँ यिनै हुन्—शम्मू, शोबाब, नातान,
सुलेमान, १५ यिभार, एलीशू, नेपेग, यापी,
१६ एलीशमा, एल्यादा र एलीपेलेत ।

दाऊदले पलिश्तीहरूलाई परास्त गरेका

१७ जब दाऊद इस्राएलमाथि राजा
अभिषेक भए भनी पलिश्तीहरूले सुने, तब
तिनीहरू सेना लिएर दाऊदलाई खोज्न निस्के ।
यो कुरा सुनेर दाऊदले गढ़ीमा शरण लिए ।
१८ पलिश्तीहरू आएर रपाईमको बेंसीमा
फैलिएर बसे । १९ तब दाऊदले परमप्रभुलाई
सोधे, "मैले पलिश्तीहरूलाई आक्रमण गरें
भने के तपाईंले तिनीहरूलाई मेरो हातमा
सुम्पिदिनुहुनेछ ?" अनि परमप्रभुले जवाफ
दिनुभयो, "जा म पलिश्तीहरूलाई तेरो हातमा
सुम्पिदिनेछु ।" २० तब तिनी उक्लेर गए,
र तिनीहरूलाई बाल-पराजीममा आक्रमण गरेर
त्यहाँ तिनीहरूलाई जिते । दाऊदले भने,
"नदीले आफ्नो किनार भत्काएझैं परमप्रभुले
मेरा शत्रुहरूका पंक्तिलाई भत्काइदिनुभयो ।
त्यसैले त्यस ठाउँको नाउँ बाल-पराजीम

राखियो। २१ पलिश्तीहरूले आफ्ना मूर्तिहरू
त्यहीं छोड़े, औ दाऊद र तिनका मानिसहरूले
ती लगे।
२२ पलिश्तीहरू फेरि आएर रपाईमको
बेंसीमा फैलिएर बसे। २३ दाऊदले
परमप्रभुलाई सोधे, र परमप्रभुले भन्नुभयो,
"यसपल्ट सोझै आक्रमण नगर्, तर घुमेर
किम्बूका रूखहरूको सामने पछिल्तिरबाट तिनी-
हरूलाई आक्रमण गर्। २४ रूखहरूका
टुप्पामा हुरूरूरू आवाज सुन्ने बित्तिकै
झट्टै आक्रमण गरिहाल्, किनभने परमप्रभु
पलिश्तीहरूको सेनालाई परास्त गर्न तेरो
अगि अगि जानुहुनेछ।" २५ दाऊदले
परमप्रभुको आज्ञाबमोजिम गरे। पलिश्तीहरूलाई
गिबादेखि गेजेरसम्मै खेदेर धपाए।

दाऊदले सन्दूक यरूशलेममा ल्याएका

६ त्यसपछि दाऊदले इस्राएलका तीस
हजार चुनिएका मानिसहरूलाई हुकुम
गरेर बोलाए, २ र सारा सेनाका साथमा
परमेश्वरको सन्दूक ल्याउनलाई दाऊद बालाथ-
यहूदामा गए। सन्दूकमा करूबहरूका बीचमा
विराजमान हुनुभएका सेनाहरूका परमप्रभुको
नाउँ राखिएको थियो। ३ तिनीहरूले
परमेश्वरको सन्दूक एउटा नयाँ गाड़ामा राखे, र
डाँड़ामा भएको अमीनादाबको घरबाट ल्याए,
औ अमीनादाबका छोराहरू उज्जा र अहीयोले
गाड़ालाई हाँक्दै लगे। ४ तिनीहरूले
परमेश्वरको सन्दूक डाँड़ामा भएको घरबाट लगे,
औ अहीयो चाहिं त्यसको अगिअगि हिंड़े।
५ दाऊद र सबै इस्राएलीहरू बड़ो जोश
साथ आनन्दले गाना, बीणा, सारङ्गी, खैंजड़ी,
मृदङ्ग र झ्याम्टाको सूरमा नाचे। ६ तर
जब तिनीहरू कुनै एउटा खलामा आइपुगे
तब गोरुहरूले ठेस खाए, र उज्जाले आफ्नो
हात बढ़ाएर परमेश्वरको सन्दूकलाई थामे।
७ तर परमप्रभु उज्जासँग क्रोधित हुनुभयो,
र तिनको यस्तो लापरवाहीको निम्ति उहाँले
तिनलाई त्यहीं मार्नुभयो। यसरी तिनी
परमेश्वरको सन्दूकको छेवैमा मरे। ८ परम-
प्रभु यसरी उज्जामाथि क्रोधित हुनुभएकोमा
दाऊद दुःखित भए, र तिनले त्यस ठाउँको
नाउँ पेरेस-उज्जा* राखे। त्यसको नाउँ
आजपर्यन्त त्यही छ। ९ त्यस दिन दाऊद
परमप्रभुसँग डराए, र भने, "अब परमप्रभुको
सन्दूक म कसरी राख्नुसकूँला?" १० परम-
प्रभुको सन्दूक आफूसँग दाऊदको शहरमा
लैजानसक्तिनँ भनी तिनले ठाने। तिनले
गित्ती ओबेद-एदोमको घरमा त्यो पुर्‍याए।
११ यसरी परमप्रभुको सन्दूक ओबेद-एदोमको
घरमा तीन महीनासम्म रह्यो, औ परमप्रभुले
ओबेद-एदोम र तिनका सबै घरानालाई
आशिष दिनुभयो।

सन्दूक यरूशलेममा ल्याएका

१२ परमप्रभुको सन्दूकको कारण परमप्रभुले
ओबेद-एदोम र तिनका सबै थोकलाई आशिष
दिनुभयो भनी जब दाऊदलाई सुनाइयो,
तब तिनी गएर ओबेद-एदोमको घरबाट
परमप्रभुको सन्दूक धूमधामसित आनन्दको
साथ दाऊदको शहरमा ल्याए १३ परमप्रभुको
सन्दूक बोक्ने मानिस छ कदम पुगेपछि तिनले
एउटा साँढ़े र एउटा राँगो बलिदान गरे।
१४ दाऊद मलमलको एपोद लाएर परमप्रभुको
सामने बड़ो जोशको साथ नाचे। १५ तिनी
र सबै इस्राएलीहरूले कराउँदै र तुरही
बजाउँदै परमप्रभुको सन्दूक ल्याए। १६ तर
जब परमप्रभुको सन्दूक दाऊदको शहरमा
थियो, तब शाऊलकी छोरी मीकलले झ्याल-
बाट हेरिन् र दाऊद राजालाई परमप्रभुको
सामने उफ्रँदै र नाच्तै गरेका देखिन्,
र तिनले मनमनै उनलाई घृणा गरे।
१७ जब तिनीहरूले परमप्रभुको सन्दूक भित्र
ल्याए, दाऊदले सन्दूकको निम्ति टाँगेको

*उज्जाको गल्ती

पालभित्र राख्नको निम्ति तोकिएको स्थानमा
त्यो राखे। औ दाऊदले परमप्रभुको सामने
होमबलि र मेलबलि चढ़ाए। १८ दाऊदले
यी बलिदानहरू चढ़ाइसकेपछि तिनले सेनाहरूका
परमप्रभुको नाउँमा प्रजालाई आशीर्वाद दिए,
१९ र तिनले सबै मानिसहरूलाई, अर्थात्
इस्राएलीहरूका जम्मै जमघटको हरेक पुरुष र
स्त्रीलाई एक एकवटा रोटी, एक एक टुक्रा
मासु र किसमिसको एक एक डल्ला दिए।
तब सबै मानिसहरू घर गए। २० दाऊद
आफ्ना घरानालाई भेट्न आउँदा शाऊलकी
छोरी मीकल तिनलाई भेट्न बाहिर निस्केर
आइन्, र भनिन्, "इस्राएलका राजाको निम्ति
आज कस्तो गौरवको दिन! तिनले आफ्ना
दासीहरूका दृष्टिमा नाङ्गो बनेर आफैलाई
ढढुवारेजस्तै बनाए" २१ दाऊदले मीकल-
लाई जवाफ दिए, "तिम्रा पिता र उनको
परिवारको सट्टामा मलाई उहाँको प्रजा
इस्राएलका राजा चुन्नुहुने परमप्रभुको सामने
त्यो गरिएको थियो। परमप्रभुको सामने
आनन्दले म नाच्नेछु। २२ निश्चय, म
तिम्रो दृष्टिमा अझै बढ़ी अपमानित बन्नेछु।
तर ती दासीहरू, जसका बिषयमा तिमीले
मलाई भन्यौ, तिनीहरूले यसको निम्ति मलाई
मान गर्नेछन्।" २३ शाऊलकी छोरी
मीकलको मर्ने दिनसम्मै छोरा-छोरी भएन।

दाऊदसँग परमप्रभुको करार

७ दाऊदले आफैलाई आफ्नो घरानामा
स्थिर पारेपछि, र तिनका चारैतिरका
शत्रुहरूबाट परमप्रभुले तिनलाई सुरक्षित पारि-
दिनुभएपछि, २ तिनले नातान अगमवक्तालाई
भने, "मता देवदारले बनाएको घरमा बस्तैछु,
तर परमप्रभुको सन्दूक भने पालमा राखिएको
छ।" ३ नातानले राजालाई जवाफ दिए,
'ठीक छ, तपाईंको मनमा जे छ सोही
गर्नुहोस्, किनभने परमप्रभु तपाईंसँग हुनुहुन्छ।'
४ त्यही रात परमप्रभुको यो वचन
नातानकहाँ आयो, ५ "गएर मेरो दास
दाऊदलाई भन्, 'परमप्रभु भन्नुहुन्छ, "मेरो
निम्ति तैंलेनै एउटा घर बनाउनेछस्?
६ इस्राएललाई मिश्र देशबाट ल्याएको-
देखि यसो आजको दिनसम्म म कहिल्यै कुनै
घरमा बसेको छैन। तर पाल र बासस्थानमा
म बस्तैआएको छु। ७ म इस्राएलसँग जहाँ
जहाँ यात्रा गरें, के मैले मेरो प्रजा इस्राएलको
गोठाला कुनै न्याकर्त्तालाई "मेरो निम्ति
देवदारको घर किन बनाएनौ?" भनेर
सोधें र? ८ यसैले मेरो दास दाऊदलाई
भन्, "सेनाहरूका परमप्रभु भन्नुहुन्छ, 'मैले
तँलाई मेरो प्रजा इस्राएलको गोठाला हुनलाई
खर्कहरूबाट र भेड़ाहरूका पछिपछि लाग्नबाट
बोलाएँ। ९ जहाँ जहाँ तँ गइस् म तँसँग
रहें, र तेरा सबै शत्रुलाई तेरो बाटोदेखि
नाश गरिदिएँ। पृथ्वीका प्रतिष्ठित व्यक्तिहरूका
बीचमा म तेरो नाउँ महान् बनाउनेछु। १० म
मेरो प्रजा इस्राएलको निम्ति एउटा स्थान
नियुक्त गर्नेछु। तिनीहरूलाई कसैले फेरि कहिल्यै
सताउनेछैन, औ अघिअघि गरेझैं, तिनीहरू-
लाई दुष्ट मानिसहरूले अत्याचार गर्नेछैनन्।
११ मेरो प्रजा इस्राएलमाथि न्याकर्त्ताहरू
नियुक्त गरेको समयदेखि यसो गरेझैं, म
तँलाई तेरो सबै शत्रुहरूदेखि विश्राम दिनेछु।
उहाँले तेरो राज-घराना बनाउनुहुनेछ भनी
परमप्रभुले तँलाई भन्नुभएको छ।

दाऊदको सन्तानमाथि आशिष

१२ जब तेरो दिन पूरा हुनेछ, र तँ
आफ्ना पित्रहरूसँग विश्राम गर्नेछस्, तब म तेरै
घरानाको एक जना, तेरै छोराहरूमध्येको एक
जना, तेरो उत्तराधिकारी हुनलाई बसालेछु,
र त्यसको राज्य स्थिर गराउनेछु। १३ त्यसलेनै
मेरो नाउँमा एउटा भवन बनाउनेछ, र म
त्यसको राजकीय सिंहासन सधैंको निम्ति स्थिर
गर्नेछु। १४ म त्यसका पिता हुनेछु, र त्यो
मेरो छोरो हुनेछ। त्यसले अधर्म गर्‍यो भने,

बाबुले दिने सजाय म त्यसलाई दिनेछु, औ
लट्ठी जोगाएर म राख्नेछैनँ। १५ मैले मेरो
प्रेम शाऊलबाट हटाएकैँ, जसलाई मैले तेरो
बाटोदेखि पन्छाएँ म मेरो प्रेम त्यसदेखि
कहिल्यै हटाउनेछैनँ। १६ तेरो घराना स्थिर
गरिनेछ, र तेरो राज्य मेरो दृष्टिमा सधैंभरि
रहिरहनेछ, र तेरो सिंहासन सदा सर्वदाको
लागि स्थिर हुनेछ' ।"

दाऊदको प्रार्थना र धन्यवाद प्रदान

१७ तिनलाई भनिएका सबै कुरा र तिन-
लाई देखाएका सबै दर्शनहरू नातानले दाऊद-
लाई सुनाइदिए। १८ तब दाऊद राजा
परमप्रभुको उपस्थितिमा हाजिर भए, र त्यहाँ
बसेर भने, "हे परमप्रभु परमेश्वर, म के हुँ,
मेरो घराना के हो र, तपाईंले मलाई
यहाँसम्म ल्याउनुभयो? १९ उहिलेनै तपाईंको
दासको एउटा घरको योजना बनाउनु त
तपाईंको दृष्टिमा एउटा सानो कुरा मात्र
थियो। तर, हे परमप्रभु परमेश्वर! कुनै उच्च
कार्यमा लाग्ने मानिसको सौभाग्यनै त्यस्तै
रहेछ। २० औ अब म अरू बढ़्ता के
भन्नसक्छु र? किनभने तपाईंले आफ्नो दास
दाऊदलाई राम्ररी चिन्नुहुन्छ, हे परमप्रभु
परमेश्वर। २१ तपाईंले आफ्नो वचन पूरा
गर्नुभएको छ। आफ्नो दासको कीर्ति चारैतिर
फैलाउनु तपाईंको अभिप्राय थियो, र यसैले
तपाईंले मलाई यस महानतामा पुऱ्याउनुभयो।
२२ हे परमप्रभु परमेश्वर, तपाईं साँच्चै
महान हुनुहुन्छ। तपाईंजस्तै अरू कसैको
विषयमा हामीले कहिल्यै सुनेका छैनौं।
तपाईंबाहेक अरू ईश्वर छैन। २३ औ
तपाईंको प्रजा इस्राएलसँग कसको तुलना
गर्नसकिन्छ र? हे परमप्रभु, के पृथ्वीमा अरू
कुनै जाति छ जसलाई आफ्नो प्रजा बनाउन
तपाईंले दासत्वबाट मुक्त गराउनुभयो? औ
आफ्नो ख्याति राख्नलाई अरू कुनै
जाति छ जसको निम्ति यस्ता महान र
भयानक कार्यहरू गर्नुभयो? इस्राएलबाहेक अरू
कुनै यस्तो जाति छ जसको निम्ति स्थान
तयार पार्नलाई अरू जातिहरू र तिनीहरूका
देवताहरूलाई धपाएर मिश्र देशबाट आफ्नै
निम्ति मुक्त गराउनुभयो? २४ तपाईंले
आफ्नै प्रजा इस्राएललाई सदा सर्वदैको निम्ति
आफ्नै तुल्याउनलाई स्थिर गर्नुभएको छ, औ
हे परमप्रभु, तपाईं तिनीहरूका परमेश्वर
हुनुभएको छ। २५ अब हे परमप्रभु परमेश्वर,
आफ्नो दास र त्यसको घरानासित प्रतिज्ञा
गर्नुभएअनुसार सधैंभरि गर्नुहोस्। तपाईंले
भन्नुभएको कुरा पूरा गर्नुहोस्। २६ तपाईंको
ख्याति सदा सर्वदै महान होस्, र
मानिसहरूले भनून्, "सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वर हुनुहुन्छ। यसैले आफ्नो
दास दाऊदको घराना तपाईंको साम्मु स्थिर
भइरहन्छ।" २७ हे सेनाहरूका परमप्रभु,
इस्राएलका परमेश्वर, आफ्नो दास, मलाई,
तपाईंले यसो भनेर आफ्नो अभिप्राय
देखाउनुभयो, "म तेरो घर बनाउनेछु।"
यसैकारण साहससँग म तपाईंकहाँ यो प्रार्थना
चढ़ाइरहेछु। २८ हे परमप्रभु परमेश्वर,
तपाईं परमेश्वर हुनुहुन्छ। तपाईंले आफ्नो
दाससँग यी उत्तम प्रतिज्ञाहरू गर्नुभएको छ,
औ तपाईंको प्रतिज्ञाहरू सत्य छन्।
२९ यसैले अब आफ्नो दासको घरलाई
आशिष् दिनुहोस्, र त्यो तपाईंको सामने
निरन्तर रहिरहोस्। हे परमप्रभु परमेश्वर,
तपाईंले प्रतिज्ञा गर्नुभएको छ, र तपाईंको
आशिष् तपाईंको दासको घरमाथि सदा सर्वदा
रहिरहनेछ।"

दाऊदका विजयहरू

८ त्यसपछि दाऊदले पलिश्तीहरूलाई जिते,
र तिनीहरूमाथि उनी विजयी भए,
औ तिनीहरूबाट मोथेग-हा-आमाह लिए।
२ तिनले मोआबीहरूलाई परास्त गरे, औ
उनीहरूलाई तिनले भूइँमा सुत्न लाए, र

एउटा डोरीको नापले नापे। हरेक दुइ नाप
भित्र आएकाहरू चाहिं मारिनलाई र तेस्रो
नापभित्र आएकाहरू चाहिं छोडिदिनलाई तिनले
नापे। मोआबीहरू तिनका अधीन भए, औ
उनीहरूले तिनलाई राज-कर तिर्नें गरे।
३ यूफ्रेटिस नदीको किनारमा आफ्नो विजय-
स्तम्भ फेरि खड़ा गर्नलाई गइरहेको बेलामा
सोआका राजा, रहोबी हददेजेरलाई दाऊदले
जिते। ४ दाऊदले तिनीबाट एक हजार सत्र
सय घोड़चढ़ी र बीस हजार पैदल-सिपाहीलाई
कैद गरे। आफ्नो निम्ति एक सय राखेका
बाहेक तिनले सबै रथका घोड़ाहरूका धर्नासो
काटिदिए। ५ जब दमिशकका अरामीहरू
सोबाका राजा हददेजेरलाई सहायता गर्नलाई
आए, तब दाऊदले तिनीहरूको बाईस
हजारलाई मारे। ६ औ यी अरामीहरूका
बीचमा पहरा-चौकीहरू राखे। उनीहरू
तिनका अधीन भए, र तिनलाई राज-कर तिर्नें
गरे। यसरीनै जहाँ दाऊद गए परमप्रभुले
तिनलाई विजयी तुल्याउनुभयो। ७ हददेजेरका
चाकरहरूले बोकेका सुनका ढालहरू दाऊदले
लिए, र ती यरूशलेममा ल्याए। ८ तिनले
हददेजेरका शहरहरू, बेतह र बिरोतेबाट धेरै
काँसाहरू ल्याए।

९ जब दाऊदले हददेजेरका सारा सेनालाई
परास्त गरेको कुरा हमातका राजा तोईले
सुने, १० तब तिनले आफ्नो छोरा योरामलाई
दाऊदकहाँ अभिनन्दन चढ़ाउन र लड़ाइँमा
हददेजेरलाई परास्त गरेकोमा दाऊदलाई
बधाइ दिनलाई पठाए। (किनभने हददेजेर
र तोईको बीचमा युद्ध चलिरहेको थियो।)
औ तिनले आफूसँग सुन, चाँदी र ताँबाका
भाँडा-कुँड़ाहरू ल्याए, ११ जुन चाहिं
दाऊद राजाले परमप्रभुमा समर्पण गरे।
तिनले आफ्नो अधीन गराएका सबै
जातिहरू, १२ एदोम, मोआब, अम्मोनीहरू,
पलिश्तीहरू र अमालेकीहरूबाट पाएका सुन
र चाँदी, औ सोबाका राजा रहोबको छोरा
हददेजेरबाट लिएका लुटका मालका केही
भाग पनि समर्पण गरे।

१३ खारको बेंसीमा अठाह हजार
एदोमीहरूलाई मारेर दाऊदले ठूलो ख्याति
प्राप्त गरे। १४ औ फर्कंदा तिनले एदोमभरि
पहरा-चौकीहरू राखे, र सबै एदोमीहरू तिनका
अधीन भए। यसरी दाऊद जहाँ जहाँ गए
त्यहाँ त्यहाँ परमप्रभुले तिनलाई विजय दिनुभयो।

दाऊदका कर्मचारीहरू

१५ दाऊदले सारा इस्राएलमाथि राज्य
गरे, र आफ्ना सबै प्रजामाथि कानून र न्याय
कायम राखे। १६ सरूयाहको छोरा योआब
सेनापति थिए। अहीलूदका छोरा यहोशापात
मुख्य सचिव थिए। १७ अहीतूबका छोरा
सादोक र एबीयातारका छोरा अहीमेलेक
पूजाहारीहरू थिए। सरायाह सैनिकसचिव
थिए। १८ यहोयादाका छोरा बनायाह करेती
र पलेती अङ्गरक्षकहरूका सेनापति थिए।
दाऊदका छोराहरू चाहिं पूजाहारी थिए।

मपीबोशेतमाथि दाऊदको दया

९ दाऊदले सोधे, "के शाऊलको
घरानाको कोही बाँचेको छ जसलाई
म जोनाथनको खातिर दया देखाउनसक्छु?"
२ शाऊलको घरानामा सीबा नाउँ भएको
एकजना नोकर थियो। त्यसलाई दाऊदले
बोलाइपठाए। राजाले सोधे, "के तँ सीबा
होस्?" त्यसले जवाफ दियो, "हजूरको दास
सीबा मनै हुँ।" ३ तब राजाले भने,
"के शाऊलको घरानाको कोही जीवित छ
जसप्रति परमेश्वरले चाहनुभएको दया म
देखाउनसक्छु?" सीबाले भन्यो, "हजूर,
जोनाथनका एउटा छोरा जीवित छन्। तिनी
दुवै खुट्टाका लङ्गड़ा छन्।" ४ राजाले सोधे,
"तिनी कहाँ छन्?" औ सीबाले जवाफ
दियो, "तिनी लो-देबारमा अम्मीएलका छोरा
माकीरको घरमा छन्।"

५ तब राजाले लो-देबारदेखि अम्मीएलका
छोरा माकीरको घरबाट तिनलाई मानिसहरू
पठाएर झिकाए, ६ औ जब जोनाथनको
छोरा शाऊलका नाति मपीबोशेत दाऊदकहाँ
हाजिर भए, तब तिनले घोप्टो परेर राजालाई
दण्डवत् गरे। दाऊदले तिनलाई भने,
"मपीबोशेत !" तिनले जवाफ दिए, "हजूर।"
७ दाऊदले भने, "नडराऊ। म तिमीलाई
तिम्रा पिता जोनाथनको खातिर दया
देखाउन चाहन्छु। म तिमीलाई तिम्रा बाजे
शाऊलका सबै जग्गा-जमीन फर्काइदिनेछु।
तिमी मेरो टेबलमा बसेर मसँगै खानेछौ।"
८ यसैले मपीबोशेतले फेरि घोप्टो परेर
दण्डवत् गरी भने, "म को हुँ, र हजूरले
म एउटा मरेको कुकुरजस्तै माथि पनि ख्याल
गर्नुहुन्छ ?" ९ तब दाऊदले शाऊलका
नोकर सीबालाई आफूकहाँ बोलाउने हुकूम गरेर
त्यसलाई भने, "म तेरा मालिकका नातिलाई
शाऊल र तिनका घरानाका सबै सम्पत्ति
दिँदैछु। १० तैंले, तेरा छोराहरू र तेरा
कमाराहरूले जग्गा-जमीनमा खेतीपाती गरेर
त्यसका फसल तेरा मालिकका घरानालाई
जुटाउनुपर्छ, तर मपीबोशेत तेरा मालिकका
नातिले मेरो टेबलमा बसेर खानेछन्।"
११ तब सीबाले राजालाई भन्यो, "हजूरले
हुकूम गर्नुभएबमोजिम म सबै गर्नेछु।" यसैले
राजाका छोराहरूमध्ये एक जनाजस्तै मपीबोशेत
राजाको महलमा बस्नलागे। १२ मपीबोशेतको
मीका नाउँ भएको एक जना सानो छोरा
थियो। सीबाका घरानाका सबै जना
मपीबोशेतका नोकर भए, १३ तर मपीबोशेत
चाहिं यरूशलेममा बस्नलागे, तिनी दुवै खुट्टाका
लङ्गडा थिए, औ राजाकै टेबलमा नित्य
राजासँगै तिनले खानेगर्थे।

अम्मोनी र अरामीहरूसँग युद्ध

१० यसरी केही समयपछि अम्मोनीहरूका
राजा मरे, र तिनका छोरा हानूनले
राज्य गर्नलागे। २ दाऊदले विचार गरे,
"नाहाशले मप्रति देखाएझैं मैंले पनि तिनका
छोरा हानूनप्रति दृढ मित्रताको भाव
देखाउनुपर्छ। औ तिनले उनका पिताको
मृत्युमा संवेदना प्रकट गर्नलाई दूतहरूका
हातमा समाचार पठाए। तर जब दाऊदका
दूतहरू अम्मोनीहरूको देशमा पसे, ३ तब
अम्मोनी शासकहरूले आफ्ना स्वामी हानूनलाई
भने, "दाऊदले आफ्नो संवेदनाको समाचार
पठाएर तपाईंका पितालाई सम्मान गरेका
हुन् र ? यी मानिसहरू ता जासूसहरू
हुन्, जसलाई तपाईंका शहर कसरी जित्ने
हो हेर्नलाई तिनले पठाएका छन्।"
४ यसैले हानूनले दाऊदका दूतहरूलाई समातेर
आधा आधा दाही काटिदिए, र जाङ्गसम्म
आधा आधा लुगा काटिपठाइदिए। ५ जब
तिनीहरूमाथि गरिएको यो व्यवहार दाऊदले
सुने तब तिनीहरूलाई भेट्न दाऊदले
मानिसहरू पठाए, किनभने ती मानिसहरू
साह्रै अपमानित भएका थिए, औ तिनीहरूका
दाही फेरि नबढून्जेल यरीहोमा बस्नु भनी
तिनले हुकूम गरे।

६ दाऊदसँग तिनीहरूको व्यवहार नराम्रो
भएको जब अम्मोनीहरूले थाह पाए, तब
तिनीहरूले बेत-रहोब र सोबाका बीस हजार
अरामी पैदल-सेनालाई आफ्नो सहायताको
निम्ति ज्यालामा ल्याए। तिनीहरूले माकाका
राजासहित एक हजार र तोबबाट बाह्र हजार
मानिसहरू ज्यालामा ल्याए। ७ दाऊदले
यो कुरा सुनेर योआब र सबै योद्धाहरूलाई
पठाए। ८ अम्मोनीहरू आएर शहरको
मूल-ढोकामा युद्धको लागि मोर्चा बाँधे, औ
सोबा र रहोबका अरामीहरू र तोब र
माकाका मानिसहरूले चाहिं खुला मैदानमा
युद्धको निम्ति मोर्चा बाँधे।

९ तिनको सामने र पछि दुवैतिर
युद्धको निम्ति मोर्चा बाँधेको योआबले देखे,
र तिनले इस्राएलका चुनिएका फौजलाई
खटाएर अरामीहरूको सामने राखे। १० बाँकी

फ़ौजलाई चाहिँ तिनले आफ्नो भाइ
अबीशैको जिम्मामा दिए, जसले अम्मोनीहरूको
सामने मोर्चा बाँधे। ११ योआबले तिनलाई
भने, "यदि अरामीहरूले मलाई जित्दै
ल्याए भने तिमीले मलाई सहायता गर्नू।
औ यदि अम्मोनीहरूले तिमीलाई जित्दै
ल्याए भने म तिमीलाई सहायता गर्नलाई
आउनेछु। १२ साहस गर! हामी आफ्ना
मानिसहरू र आफ्ना परमेश्वरको शहरको
निम्ति साहससित युद्ध गरौं। औ परमेश्वरको
इच्छा पूरा हुनेछ।" १३ योआब र तिनका
मानिसहरू अरामीहरूसित भिड़िए र इस्राएली-
हरूले तिनीहरूलाई भगाए। १४ औ जब
अम्मोनीहरूले उनीहरूलाई भागेका देखे, तब
तिनीहरू पनि अबीशैको सामनेबाट भागेर
शहरभित्र पसे। तब योआब अम्मोनीहरूसित
लड़ाइँ गर्न छोड़ेर यरूशलेममा आए।
१५ तर अरामीहरूले आफू इस्राएली-
हरूसित हारेका देखेर, आफ्नो फौजलाई
फेरि जम्मा गरे, १६ र हददेजेरले
यूफ्रेटिस नदीको पारिबाट अरू अरामीहरूलाई
बोलाउन भनी मानिसहरू पठाए, र
तिनीहरू हददेजेरका सेनापति शोबकको
नेतृत्वमा हेलाममा अगि बढ़े। १७ तिनीहरू
अगि बढ़ेको कुरा दाऊदले सुने र
तिनले भट्टै इस्राएलका जम्मै फौजलाई
जम्मा गरेर यर्दन पार गरे, औ हेलाममा
तिनीहरूसित लड्नलाई अगि बढ़े। त्यहीं
अरामीहरूले दाऊदको सामने मोर्चा बाँधे,
र लड़ाइँ गरे, १८ तर इस्राएलले तिनीहरूलाई
भगाए। त्यहीं दाऊदले सात सय अरामी-
हरूका रथ-सवार र चालीस हजार घोड़-
चढ़ीहरूलाई मारे, औ शोबकलाई मर्ने
गरी घाइते बनाए, तिनी रण-भूमिमानै मरे।
१९ जब हददेजेरका अधीनमा भएका सबै
राजाहरूले हामी ता इस्राएलद्वारा परास्त
भएछौं भनी देखे, तब तिनीहरूले सन्धि
गर्न मागे, र इस्राएलीहरूको अधीनता स्वीकार
गरे। त्यसपछि अरामीहरूले अम्मोनीहरूलाई
फेरि कहिल्यै सहायता दिने आँट गरेनन्।

दाऊद, बेतशेबा र उरियाह

११ वर्षको शुरूमा जब राजाहरू लड़ाइँ
गर्नलाई निस्कन्थे, दाऊदले योआब
र आफ्ना अरू अफिसरहरू र सबै
इस्राएलका फौजलाई पठाए, र तिनीहरूले
अम्मोनलाई ध्वंस पारे, र रब्बालाई घेरे।
तर दाऊद चाहिँ यरूशलेममानै रहे।
२ एक बेलुकी दाऊद पलङ्गबाट उठेर
महलको कौसीमाथि घुमिरहेका बेलामा तिनले
एउटी स्त्रीलाई नुहाइरहेकी देखे, औ तिनी
अति सुन्दरी थिइन्। ३ तिनी को हुन्
भनी सोधपूछ गर्नलाई तिनले मानिस पठाए,
र यस्तो खबर आयो "तिनी एलीआमको
छोरी हित्ती उरियाहकी स्वास्नी बेतशेबा
हुन्।" ४ दाऊदले तिनलाई ल्याउन
मानिसहरू पठाए, औ तिनी आइन्, र तिनी
आफ्नो रजस्वलाको बेलापछि शुद्ध भइरहेकी
भए तापनि दाऊदले तिनीसित संभोग गरे।
त्यसपछि तिनी आफ्नो घरमा गइन्।
५ तिनी गर्भवती भइन्, र तिनले "म ता
गर्भवती भएँ" भनेर दाऊदकहाँ समाचार
पठाइन्। ६ दाऊदले हित्ती उरियाहलाई
मकहाँ पठाइदिनू भनेर योआबलाई हुकुम
गरे। तब योआबले त्यसलाई दाऊदकहाँ
पठाइदिए। ७ औ जब त्यो आइपुग्यो तब
दाऊदले योआब र फौजको समाचार र
लड़ाइँ कस्तो चलिरहेको छ भनी सोधे।
८ त्यसपछि दाऊदले त्यसलाई भने,
"यात्राबाट आएका छौ आफ्नो घर गएर
विश्राम गर।" त्यो महलबाट निस्केपछि
राजाले त्यसको पछिपछि उपहार पठाइदिए।
९ तर उरियाह आफ्नो घरमा गएन, राजाका
दासहरूसँग महलको मूल-ढोकामै सुत्यो।
१० उरियाह त आफ्नो घरमा गएको छैन
भनी दाऊदले सुने, र त्यसलाई भने, "तिमी
ता लामो यात्राबाट आएका छौ। तिमी

किन आफ्नो घरमा जाँदैनौ ?"
११ उरियाहले उत्तर दियो, "इस्राएल र
यहूदा र सन्दूक पनि पालमा छन्, औ मेरा
स्वामी योआब र हजूरका अफिसरहरू खुला
मैदानमा तम्बूमा छन्। त म कसरी खान
र पिउन र मेरी स्वास्नीसित सुत्नलाई घरमा
जाऊँ। हजूरको जीवनको शपथ खाएर
भन्दछु कि म त्यसो गर्नसक्तिनँ।" १२ तब
दाऊदले उरियाहलाई भने, "त्यसो भए अरू
एक दिन यहीं बस र भोलि म तिमीलाई
जान दिनेछु।" त्यसैले उरियाह त्यस दिन
यरूशलेममानै बस्यो। १३ भोलिपल्ट दाऊदले
त्यसलाई खान-पिन गर्नलाई निम्तो दिए,
र त्यसलाई मताए। तर बेलुकी त्यो बाहिर
गयो र राजाका दासहरूसितै आफ्नो
ओछ्यानमा त्यसले रात बितायो र
घरमा गएन।

१४ भोलिपल्ट बिहान दाऊदले योआब-
लाई एउटा चिट्ठी लेखेर उरियाहको हातमा
पठाए। १५ तिनले चिट्ठीमा लेखे,
"शत्रुकै मुखमा, जहाँ लड़ाइँ खूब मच्चिएको
छ त्यहाँ, उरियाहलाई पठाएर तिमीहरू
चाहिं पछि हट, र त्यो मरोस्।"
१६ योआबले शहरलाई घेरा हालिरहेका
थिए, र तिनले उरियाहलाई यस्तो ठाउँमा
खटाइदिए जुन ठाउँमा घमासान लड़ाइँ हुनेछ
भनी तिनलाई थाह थियो। १७ शहरका
मानिसहरूले एक्कासि निस्केर योआबसँग
लड़ाइँ गर्नलागे, औ दाऊदका केही
अङ्ग-रक्षकहरू मारिए। हित्ती उरियाह पनि
मारियो। १८ तब योआबले दाऊदकहाँ
लड़ाइँका सबै समाचार साथ एउटा मानिसलाई
पठाए, १९ औ त्यो समाचार लाने
मानिसलाई यस्तो हुकुम दिए, "तैंले लड़ाइँको
सबै हाल राजालाई बताइसकेपछि २० राजाले
रिसाएर यसो भन्नुभयो भने, "लड़ाइँ गर्दा
तिमीहरू शहरको त्यति नजीक किन गयौ
त ? पर्खालबाट हिर्काउँछ भनेर तिमीहरूले
जान्नुपर्नें थियो। २१ यरूब्बेशेतको छोरो
अबीमेलेकलाई कसले मार्‍यो ? त्यो तिमीहरूले
याद राख्नुपर्नें थियो। तिनलाई एउटी स्त्रीले
जाँतोको पाटा थेबेसको पर्खालबाट खसाइदिएर
मारेकी थिई। तिमीहरू पर्खालको त्यति
नजीक किन गयौ ?"—उहाँले यसरी सोध्नुभयो
भने उहाँलाई यसो भन्नू, "हजूरको दास
हित्ती उरियाह पनि मारियो।"

२२ त्यो समाचार लाने मानिस हिंड्यो,
र दाऊदकहाँ आयो, र योआबको आज्ञाअनुसार
समाचार दियो। दाऊद योआबसँग रिसाए,
र त्यो समाचार ल्याउने मानिसलाई भने,
"लड़ाइँको बेलामा तिमीहरू किन शहरको
त्यति नजीक गयौ ? पर्खालबाट तिमीहरूलाई
हिर्काउँछ भनेर तिमीहरूले जान्नुपर्नें थियो।
यरूब्बेशेतको छोरा अबीमेलेकलाई कसले
मार्‍यो ? त्यो थाह छ ? के एउटी स्त्रीले
होइन ? त्यसले थेबेसको पर्खालबाट जाँतोको
पाटा तल फ्याँकिदिएर तिनलाई मारी।
तिमीहरू पर्खालको त्यति नजीक किन गयौ ?"
२३ त्यसले जवाफ दियो, "शत्रुहरू हाम्रा
विरुद्धमा जम्मा भए, र एक्कासि निस्केर
खुला मैदानमा हामीलाई आक्रमण गरे।
हामीले तिनीहरूका मूल-ढोकासम्मै मिच्दै
लग्यौं। २४ त्यहाँ काँड चलाउनेहरूले
हामीलाई पर्खालबाट काँड हान्नलागे, र
हजूरका केही मानिसहरू मारिए। औ
हजूरको दास हित्ती उरियाह पनि मारियो।"
२५ दाऊदले त्यस मानिसलाई भने,
"योआबलाई यो समाचार लैजा, 'तिमी न
घबराऊ—तरवार कहाँ पर्छ भनी कसैले
जान्दैन। शहरको आक्रमण जारी राख, र
तिमीले त्यो लिनसक्नेछौ। त्यसपछि त्यस
शहरलाई ध्वंस-विध्वंस गरिदेऊ।' औ तिनलाई
साहस गर्नू भनी भन।"

२६ जब उरियाहकी स्वास्नीले आफ्ना
पति मरेको समाचार सुनिन्, तब त्यसको
निम्ति तिनले शोक गरिन्। २७ औ जब
शोकको समय पूरा भयो तब दाऊदले
मानिसहरू पठाएर तिनलाई आफ्नो घरमा

ल्याए। तिनी दाऊदकी पत्नी भइन्, र
एउटा छोरो जन्माइन्। तर जे दाऊदले
गरेका थिए त्यो परमप्रभुको दृष्टिमा खराब
थियो।

नातानको कथा र दाऊदको पश्चाताप

१२ परमप्रभुले नातान अगमवक्तालाई
दाऊदकहाँ पठाउनुभयो, र तिनी
दाऊदको उपस्थितिमा हाजिर भएर, तिनले
भने, "एकपल्ट एउटा शहरमा दुइ जना
मानिस थिए। एक जना धनी, र अर्को चाहिँ
गरीब। २ धनी मानिसका धेरै भेडा-
बाख्राको बगाल र गाई-गोरुको बथान थिए,
३ त्यो गरीब मानिसको एउटा सानो
पाठीबाहेक आफ्नो भन्ने केही थिएन।
उसले त्यसलाई आफैले पालन-पोषण गर्‍यो,
र आफ्नै घरमा आफ्नै छोराहरूसँग त्यो
हुर्क्यो। त्यसले उसकै थालमा खान्थ्यो, र उसकै
प्यालामा पिउँथ्यो, र उसकै काखमा सुत्दथ्यो।
त्यसलाई उनले आफ्नो छोरीजस्तै गर्थे।
४ एक दिन एउटा परदेशी त्यस धनी
मानिसको घरमा आयो, औ त्यस धनी मानिसले
आफ्नो पाहुनालाई आफ्नै बगाल र बथानबाट
केही दिने मन गरेन, तर नीच व्यवहार
गरेर त्यस गरीब मानिसको पाठी ल्याएर
त्यस पाहुनाको निम्ति भोजन तयार गर्‍यो।"
५ दाऊदलाई यस कुराले साह्रै रीस उठ्यो,
र कराएर भन्यो, "जीवित परमप्रभुको नाउँमा
म भन्दछु कि यस्तो काम गर्ने मानिस मृत्युको
योग्य छ! ६ त्यसले यस्तो गरेर दयामाया
नगरे बापत त्यसले त्यस पाठीको साटो चार
गुणा तिर्नुपर्छ।" ७ नातानले दाऊदलाई
भने, "त्यो मानिस तपाईंनै हो! परमप्रभु
इस्राएलका परमेश्वर तपाईंलाई भन्नुहुन्छ,
"मैले तँलाई इस्राएलमाथि राजा अभिषेक
गरें। मैले तँलाई शाऊलको हातबाट
छुटाएँ। ८ मैले तँलाई तेरा मालिककी
छोरी र त्यसका स्वास्नीहरू तेरै हुनलाई दिएँ।
मैले तँलाई इस्राएल र यहूदाका छोरीहरू
दिएँ। औ यतिले नपुगेका भए म अरू
धेरै कृपा तँलाई देखाउनेथिएँ। ९ तर
तैंले मेरो दृष्टिमा जे खराब थियो त्यो गरेर
किन परमप्रभुको बचनलाई तुच्छ ठानिस्?
तैंले हित्ती उरियाहलाई तरवारले मारिस्,
र तैंले त्यो मानिसलाई अम्मोनीहरूको
तरवारले मर्नदिइस्, औ तैंले त्यसकी पत्नीलाई
लगिस्। १० तैंले मलाई तुच्छ ठानेको र
हित्ती उरियाहकी पत्नीलाई तैंले आफ्नी
पत्नी तुल्याउनलाई लगेको हुनाले तेरो
घरानाले कहिल्यै तरवारबाट विश्राम
पाउनेछैन। ११ परमप्रभु भन्नुहुन्छ—म
तेरो आफ्नै घरानाभित्रबाट दुःख ल्याउनेछु।
म तेरा पत्नीहरूलाई लिएर तेरै आँखाको
सामने अर्को मानिसलाई दिनेछु, र त्यो
दिउँसै त्यससित सुत्नेछ। १२ तैंले जे गरिस्
त्यो गुप्तमा गरिस्, तर सारा इस्राएलले देख्ने
गरी दिनको उज्यालोमानै म त्यो गर्नेछु।"
१३ दाऊदले नातानलाई भने, "मैले परम-
प्रभुको विरुद्धमा पाप गरें।" नातानले
तिनलाई जबाफ दिए, "परमप्रभुले तपाईंको
पापको फल अर्कोमाथि हालिदिनुभयो। तपाईं
मर्नुहुनेछैन। १४ तर यस कामद्वारा तपाईंले
परमप्रभुलाई तिरस्कार गर्नुभयो, यसैले तपाईं-
बाट जन्मेको छोरो चाहिँ मर्नेछ।"
१५ नातान आफ्नो घरमा गए।
तब उरियाहकी पत्नीले दाऊदबाट जन्माएको
छोरालाई परमप्रभुले प्रहार गर्नुभयो, र त्यो
सिकिस्त बिरामी पर्‍यो। १६ दाऊदले त्यस
बालकको निम्ति परमप्रभुसित बिन्ती गरे।
तिनी उपवास बसे, र भित्र गएर भुइँमा
लडेर उपवासमा रात बिताए। १७ घरका
बूढा-पाकाहरूले तिनलाई भुइँबाट उठाउने
चेष्टा गरे, तर तिनले इन्कार गरे, र
उनीहरूसित खाने मन गरेनन्। १८ सातौं
दिनमा बालक मर्‍यो, र दाऊदका नोकरहरूले
तिनलाई बताउन डराए। तिनीहरूले भने,

"बालक जिउँदो हुँदा हामीले उहाँलाई भन्यौं,
औ उहाँले हाम्रो कुरा सुन्नुभएन। अब
हामी उहाँलाई कसरी बालक मरेको खबर
दिनु? उहाँले आफ्नो केही हानि गर्नुहुन्छ
होला।" १९ तर आफ्ना नोकरहरूले
साउती गरिरहेका दाऊदले देखे, औ बालक
मरेछ भनी अनुमान लाए। तिनले सोधे,
"नानी मर्‍यो?" औ तिनीहरूले जवाफ
दिए, "तिनी मरे।" २० तब दाऊद
भूइँबाट उठे, स्नान गरेर तेल लाए।
वस्त्र फेरे। औ परमप्रभुको भवनमा गएर
तिनी घोप्टो परेर दण्डवत् गरे। त्यसपछि
तिनी घर गए, भोजन ल्याउने हुकूम गरे
र त्यो तयार भएपछि तिनले खाए।
२१ तिनका भारादारहरूले तिनलाई सोधे, "यो
के हो? जब बालक जिउँदो थियो तब
तिनको निम्ति हजूर उपवास बस्नभयो, र
विलाप गर्नुभयो। तर अब तिनी मरे, र
हजूर उठेर खानुहुन्छ।" २२ तिनले जवाफ
दिए, "जब बालक जिउँदो थियो तब
परमप्रभुले ममाथि अनुग्रह गर्नुहुन्छ र बालक
बाँच्छ होला भनी विचार गरेर म उपवास
बसें, र रोएँ। २३ तर अब त्यो मरिहाल्यो,
त मैले किन उपवास बस्ने? के म त्यसलाई
फेरि फर्काई ल्याउनसक्छु र? म त्यसकहाँ
जानेछु, तर त्यो मकहाँ आउनैछैन।"

२४ दाऊदले आफ्नी स्वास्नी बेतशेबालाई
सान्त्वना दिए। उनी तिनीकहाँ गए, र
तिनीसित संभोग गरे, औ तिनले एउटा छोरा
जन्माइन्, र तिनको नाउँ सुलेमान राखियो।
२५ औ परमप्रभुले त्यसलाई प्रेम गर्नुभएको
हुनाले परमप्रभुको खातिर त्यसको नाउँ
यददीया राखिओस् भनी नातान अगमवक्ता-
द्वारा दाऊदले समाचार पठाए।

दाऊदले रब्बा शहर कब्जा गरेका

२६ त्यसपछि योआबले अम्मोनीहरूको
शहर रब्बालाई चढाइ गरेर राजाको पोखरी
कब्जा गरे। २७ तिनले यस्तो खबर दिएर
मानिसहरू दाऊदकहाँ पठाए, "मैले रब्बालाई
चढाइ गरेर त्यसको पोखरी लिएँ।
२८ तपाइँले बाँकी सेनालाई जम्मा गरेर
आफै शहरलाई घेरा हालेर त्यो लिनुहोस्।
नत्रता म त्यस शहरलाई लिनेछु, र मेरै
नाउँले त्यो कहलाइनेछ।" २९ त्यसैकारण
दाऊदले सारा सेना जम्मा गरे, र रब्बा
शहरमा गए, औ त्यसलाई आक्रमण गरेर
लिए। ३० तिनले मिल्कमको शिरबाट
शिरपेच उतारेर आफ्नै शिरमा लाए। त्यो
एउटा बहुमूल्य रत्न जड़ेको सुनको थियो, औ
त्यसको ओजन एक तोड़ा थियो। तिनले
शहरबाट औधि धेरै लूटका माल ल्याए
३१ तिनले त्यहाँका बासिन्दाहरूलाई लगेर
आरा, र अरू किसिमका फलामका हतियार,
फाली, दाँदे बनाउन औ ईंटाका भट्टीहरूमा
पनि काम गर्नलगाए। दाऊदले अम्मोनीहरूका
सबै शहरहरूमा यस्ता काम गर्नलगाए। त्यस-
पछि तिनी र तिनका सबै मानिसहरू
यरूशलेममा फर्के।

अम्नोन, तामार र अब्शालोम

१३ दाऊदको छोरा अब्शालोमको तामार
नाउँ भएकी एउटी सुन्दरी बहिनी
थिइन्। औ दाऊदको अर्को छोरा अम्नोन
त्यससँग प्रेममा फसे। २ अम्नोन आफ्नी
सौतेली बहिनीको प्रेमले गर्दा यति विह्वल
भए कि तिनी त्यस प्रेमले गर्दा रोगाउँदै
गए। किनभने त्यो कन्ये-केटी भएको हुनाले
त्यससँग केही गर्न अम्नोनलाई असम्भव थियो।
३ तर दाऊदका दाज्यू शिमीको छोरा
योनादाब नाउँ भएको तिनका एक मित्र थियो,
जो अत्यन्तै चतुर थियो। ४ तिनले अम्नोन-
लाई भने, "हे राजकुमार, तिमी यसरी
दिनदिनै हताश हुँदै जाँदैछौ, मलाई किन कारण
भन्दैनौ?" तब अम्नोनले तिनलाई भने, "म
मेरो भाइ अब्शालोमकी बहिनी तामारसँग

प्रेममा फसेको छु।'' ५ योनादाबले तिनलाई
भने, "बिरामी छु भन्ने बहाना गरेर
ओछ्यानमा सुतिरह। जब तिम्रा पिता तिमी-
लाई हेर्न आउँछन् तब तिनलाई भन,
'कृपागरी मेरी बहिनी तामार आएर मलाई
मेरो खानेकुरो देओस्। त्यसले मेरै सामने
त्यो तयार गरोस्, र म त्यसले बनाएको
हेर्छु, र त्यसकै हातबाट खानेछु'।'' ६ यसैले
अम्नोन बिरामी परेको बहाना गरेर ओछ्यानमा
सुतिरहे। जब राजा तिनलाई हेर्न आए
तब तिनले भने, "हजूर, मेरी बहिनी
तामार आएर मेरै सामने दुइ चारवटा रोटी
बनाइदेओस्, र त्यसको हातबाट खान-
पाऊँ।'' ७ तब दाऊदले महल्मा तामारकहाँ
यसो भनेर समाचार पठाए, "तेरो दाज्यू
अम्नोनको कोठामा गएर त्यसको निम्ति
खानेकुरो पकाइदे।'' ८ तामार तिनका
दाज्यूकहाँ आइन्, र तिनलाई सुतिरहेका
भेट्टाइन्। तिनले केही पीठो मुछेर तिनको
सामने रोटी पकाइदिइन्। ९ तब तिनले तावा
लगेर अम्नोनको सामने रोटी हालिदिइन्, तर
अम्नोनले खान मानेन, र सबैलाई आफ्नो
कोठाबाट जाने हुकूम गरे। १० जब
तिनीहरू सबै गए, तब उनले तामारलाई भने,
"खानेकुरा मेरो भित्री कोठामा ल्याऊ, र म
त्यहाँ तिम्रो हातबाट खानेछु।'' आफूले
बनाएका रोटीहरू तामारले अम्नोनकहाँ भित्री
कोठामा लगिन्। ११ तर जब तिनले
अम्नोनलाई ती दिइन् तब उनले तिनलाई
समातेर भने, "हे मेरी बहिनी, आऊ मसित
सुत।'' १२ तर तिनले जवाफ दिइन्, "होइन
मेरा दाज्यै, मेरो बेइज्जत नगर्नुहोस्। यस्तो
काम इस्राएलमा गर्नुहुँदैन। यस्तो नीच काम
नगर्नुहोस्। १३ मैले मेरो अनुहार कहाँ गएर
देखाउनु ?—औ तपाइं पनि इस्राएलमा एक
निर्बुद्धि बन्नुहुनेछ। मेरो निम्ति राजासित
कुरा गर्नुहोस्, औ मसित बिवाह गर्नलाई
उहाँले तपाईलाई इन्कार गर्नुहुनेछैन।''
१४ तर उनले तामारको कुरा त्यसकै सुनेनन्,
र तिनलाई जबरदस्ती गरेर समाते, र तिनको
बेइज्जत गरी तिनीसँग सुते।
१५ त्यसपछि अम्नोनले तिनलाई अत्यन्त
घृणा गर्नलागे। अम्नोनको अघिको प्रेमभन्दा
अहिलेको घृणा बेसी थियो। अम्नोनले
तिनलाई भने, "उठेर गईहाल।'' १६ तिनले
जवाफ दिएर भनिन्, "अहँ, मेरा दाज्यू,
मलाई यसरी निकाल्नु ता साह्रै दुष्ट कुरो
हो। तपाईले मसित गर्नुभएको कामभन्दा
यो झन् असह्य छ।'' उनले तिनको कुरा
सुन्दैसुनेनन्, १७ र आफ्नो चाकरी गर्ने
केटालाई बोलाएर भने, "यस आइमाईलाई
निकालिदे। यसलाई बाहिर निकालेर ढोकामा
आग्लो लगाइदे।'' १८ तामारले बिवाह
नगरेकी राजकुमारीले लाउने लामो बाहुला
भएको लुगा लगाएकी थिइन्। चाकरी गर्ने
त्यस ठिटाले तिनलाई बाहिर निकालिदियो, र
ढोकामा आग्लो लगाइदियो। १९ तामारले
आफ्नो कपालमा खरानि हालिन् र आफूले
लगाएको लामो बाहुलाको लुगा च्यातिन्, र
कपालमा हात राखेर रूँदै गइन्।
२० तिनका दाज्यू अब्शालोमले तिनलाई
सोधे, "के तेरा दाज्यू अम्नोन तँसित थिए ?
अब चूप लागी बस्। तिनी तेरा दाज्यू
हुन्। फिक्री नगर्।'' यसैले तामार आफ्ना
दाज्यू अब्शालोमको घरमा एक एक्लै
स्त्रीझैं बसिन्। २१ जब दाऊद राजाले यी
सबै सुने तब तिनी साह्रै रिसाए। तर तिनले
अम्नोनलाई जेठा छोरा भएको हुनाले केही
गरेनन्, किनभने तिनले अम्नोनलाई प्यारो
गर्थे। २२ अब्शालोमले अम्नोनलाई प्रिय-
अप्रिय केही भनेनन् आफ्नी बहिनी तामार-
लाई बेइज्जत गरेको कारण अब्शालोमले
अम्नोनलाई घृणा गर्नलागे।

अब्शालोमको प्रतिशोध

२३ दुइ बर्षपछि अब्शालोमले सबै
राजकुमारहरूलाई एफ्रैमको नजीक बाल्-हजोरमा

ऊन कत्रने उत्सवमा निम्तो दिए।
२४ अब्शालोमले राजाकहाँ आएर भने,
"हजूर, म ऊन कत्रने उत्सव मनाइरहेछु।
हजूरका सेवकहरू आइदिनुहुन्छ कि?"
२५ राजाले जवाफ दिए, "अहँ, मेरो छोरा,
हामी सबै आएर तँलाई भार हुन
चाहन्नौं।" अब्शालोमले ढिपी गरे। तर
दाऊद जानलाई राजी भएनन्, र आफ्नो
आशीर्वाद दिएर तिनलाई बिदा गरे।
२६ तर अब्शालोमले भने, "हजूर आउन-
सक्नुहुन्न भने मेरा दाज्यू अम्नोनलाई हामी-
सँग आउनदिनुहुन्छ कि?" राजाले सोधे,
"त्यो किन तँसँग जाने र?" २७ तर
अब्शालोमले फेरि जिद्दी गरे। तब दाऊदले
अम्नोन र अरू सबै राजकुमारलाई तिनीसित
जानदिए।

२८ तब अब्शालोमले राजाको योग्य
भोज तयार गरे। तिनले आफ्ना नोकरहरूलाई
यस्तो आज्ञा दिए, "मौका हेरिबस, औ जब
अम्नोन मातेर मस्त भएका हुन्छन् तब म
'अम्नोनलाई मार्!' भन्नेछु, र तिमीहरूले
तिनलाई मार्नू। डराउने केही काम छैन।
यो मेरो हुकूम हो। हिम्मत गरी दृढ बस।"
२९ अब्शालोमका नोकरहरूले तिनले भनेझैं
गरे। तब सबै राजकुमारहरू हतार हतार
आफ्नो आफ्नो खच्चरमा चढ़ेर घरतिर
भागे।

अब्शालोम भागेर गएका

३० तिनीहरू बाटैमा हुँदा राजाकहाँ यस्तो
हल्ला पुग्यो, 'अब्शालोमले सबै राजकुमार-
हरूलाई मारे औ कोही पनि जीवित छैन।'
३१ तब राजा उठेर आफ्नो लुगा च्याते,
र भूईँमा बसे। तिनका वरिपरि बसेका
भारादारहरूले पनि आफ्ना आफ्ना लुगा
च्याते। ३२ तब दाऊदका दाज्यू शिमीका
छोरा योनादाबले भने, "तिनीहरूले सबै
जवान राजकुमारहरूलाई मारे भनी हजूरले
नसम्झनुहोला। अम्नोन मात्र मारिएका छन्।
तिनकी बहिनी तामारलाई अम्नोनले बलात्कार
गरेको दिनदेखि यसो अब्शालोमको अनुहार
अँध्यारो देखिएको छ। ३३ सबै राजकुमार-
हरू मरे भन्ने झूटो हल्लामा हजूरले ध्यान
नदिनुहोला। अम्नोन मात्र मारिएको छ।"

३४ अब्शालोम भागेर गए। यसै बीचमा
प्रहरीले यसो मास्तिर हेर्दा मानिसहरूको एउटा
भीड़ होरानैमदेखि डाँड़ै डाँड़ा तलतिर
झरिरहेको देख्यो। त्यसले आएर राजालाई
यसो भनेर खबर दियो, "होरानैमदेखि
डाँड़ै डाँड़ा मानिसहरू आइरहेका मैले
देखें।" ३५ तब योनादाबले राजालाई भने,
"हेर्नुहोस्, तिनीहरू आउँछन् भनी मैले
भनेझैं राजकुमारहरू आइरहेका छन्।"
३६ तिनले बोलिसक्ने बित्तिकै राजकुमारहरू
भित्र आए, अनि डाँको छोड़ी विलाप
गर्नलागे। राजा र तिनका सबै भारादारहरू
पनि धुरूधुरू रोए।

३७ तर अब्शालोम गेशूरका राजा
अम्मीहूरको छोरा तल्मैकहाँ गएर शरण लिए।
औ राजाले धेरै दिनसम्म अम्नोनको निम्ति
विलाप गरे। ३८ गेशूरमा भागेपछि
अब्शालोम तीन वर्षसम्म त्यहाँ बसे।
३९ औ अम्नोनको मृत्युपछि तिनको हृदय
शान्त भएर दाऊदलाई फेरि अब्शालोमको
लालसा भयो।

अब्शालोमलाई फर्काइल्याउने योआबको युक्ति

१४ जब राजाको मन अब्शालोमतिर
फर्कंछ भनी सरूयाहका छोरा
योआबले थाह पाए, २ तब तिनले टकोमा
मानिसहरू पठाएर एउटी बुद्धिमती स्त्रीलाई
बोलाइपठाए। तिनले त्यसलाई भने, "शोक
गर्ने स्त्रीझैं बहाना गर, शोकको लुगा लाऊ,
केशमा तेल नलगाऊ, र धेरै दिनदेखि
शोकमा बसेकी स्त्रीझैं बन। ३ त्यसपछि

राजाकहाँ गएर मैले तिमीलाई सिकाएको
कुरा भन।" तब के भन्नुपर्ने हो सो
योआबले त्यसलाई भने।
४ जब टकोकी स्त्री राजाका सामने
हाजिर भई तब त्यो भूइँसम्मै घोप्टो परी,
र राजालाई दण्डवत् गरी रूँदै भनी, "दोहाइ,
महाराजा!" ५ राजाले त्यसलाई सोधे,
"के भयो?" त्यसले भनी, "हजूर, म एउटी
विधवा हुँ। मेरा पति मरे। ६ मेरा
दुइ छोराहरू थिए, औ तिनीहरू मैदानमा
झगड़ा गरे। त्यहाँ तिनीहरूलाई छुट्याउन
कोही थिएन। औ एउटाले अर्कोलाई हिर्काएर
मार्‍यो। ७ अब हेर्नुहोस्, मेरा सबै
आफन्तहरू मेरो विरुद्धमा उठेर यसो भन्छन्,
"आफ्नो भाइ मार्नेलाई हामीकहाँ सुम्पिदेऊ,
र त्यसले भाइको हत्या गरेको हुनाले
हामी त्यसलाई मार्नेछौं, औ यसरी
उत्तराधिकारीलाई पनि खतम गरिदिनेछौं।"
यदि तिनीहरूले त्यसो गरे भने मेरो बचेको
आगोको भुँग्रो पनि निभाइदिनेछन् र मेरा
पतिको नाउँ निशानै मेटाइदिएर संसारमा
कोही सन्तान बाँकी रहनेछैन।" ८ राजाले
त्यस स्त्रीलाई भने, "जाऊ, म तिम्रो फैसला
गरिदिनेछु।" ९ तर त्यस स्त्रीले अझै
भन्नलागे, "हजूर, यसको दोष म र मेरा
पिताको घरमाथि परोस्। महाराज र उहाँको
सिंहासन चाहिं निर्दोष रहून्।" १० राजाले
भने, "यदि कसैले तिमीलाई अझै केही भन्यो
भने त्यसलाई मकहाँ ल्याऊ, र त्यसले
तिमीलाई फेरि कहिल्यै सताउनेछैन।" ११ तब
त्यस स्त्रीले फेरि भनी, "प्रतिशोधीहरूलाई
खराबी गर्न नदिन र मेरो छोरालाई पनि खतम
गर्न नदिनलाई हजूरले परमप्रभु आफ्ना
परमेश्वरलाई पुकारा गरिदिनुहोस्।" राजाले
यसो भनेर शपथ खाए, "तिम्रो छोराको एउटा
केश पनि भूइँमा खस्नपाउनेछैन भनी जीवित
परमप्रभुको नाउँमा म भन्दछु।"
१२ तब त्यस स्त्रीले भनी, "हजूर, म
अझै एउटा कुरा भन्न पाउँछु कि?" राजाले
भने, "भन।" १३ त्यसले भनी, "परमेश्वरको
लोकप्रति यस्तै किसिमको खराबी गर्न हजूरको
मनमा यस्तो कुरो कसरी पस्नसक्यो? हजूरले
ता आफैलाई दोषी ठहराउनुभएको छ। देश
निकालावास गर्नुभएको मानिसलाई हजूरले
फेरि फर्काएर ल्याउनलाई इन्कार गर्नुभएको
छ। १४ हामी सबै ता मर्नैपर्छ। हामी
ता भूइँमा पोखिएर लोप भएको पानीझैं हुनेछौं,
तर भगुवालाई निकालावासमै नराखेर त्यसलाई
फेरि फर्काउनेलाई परमेश्वरले भलो गर्नुहुनेछ।
१५ म यो कुरा हजूरलाई भन्न आएकी हुँ,
किनभने मानिसहरूले मलाई धम्की दिएका
छन्। मैले विचार गरें, यदि मैले राजासँग कुरा
गर्न पाएँ साथद उहाँले मेरो न्याय गरिदिनु-
हुनेछ, १६ र मलाई र मेरो छोरालाई
परमेश्वरको आफ्नै अधिकार, इस्राएलबाट
बञ्चित गराउन खोज्ने मानिसबाट बचाउनुहुनेछ।
१७ मैले यो पनि विचार गरें कि मेरा
प्रभु महाराजका कुरा मेरो लागि सान्त्वनाका
कुरा हुनेछन्, किनभने हजूर परमेश्वरका दूत
हुनुहुन्छ, र असल र खराब छुट्याउनसक्नु-
हुन्छ। परमप्रभु, हजूरका परमेश्वर हजूरसँग
रहून्।" १८ तब राजाले त्यस स्त्रीलाई
भने, "मलाई केही कुरा नलुकाऊ। म तिमीलाई
एउटा प्रश्न सोध्छु।" त्यसले भनी, "भन्नु-
होस्, हजूर।" १९ तब राजाले त्यसलाई
सोधे, "के यी सबैमा योआबको हात छ?"
त्यसले जवाफ दिई, "हजूरको जीवनको शपथ
खाएर म भन्दछु कि जब हजूरले कुनै प्रश्न
सोध्नुहुन्छ तब बोल्नेको दाहिने-देब्रे
फर्कने बाटै हुँदैन। ज्यू, हजूरको दास
योआबले मलाई यो कुरा सिकाएका हुन्।
तिनलेनै यी सबै कुरा मलाई सिकाएका हुन्।
२० यस विषयलाई अर्कोतिर ढल्काउनलाई
हजूरको दास योआबले यो गरेका हुन्।
हजूर परमेश्वरका दूतझैं ज्ञानी हुनुहुन्छ, औ
देशमा के भइरहेछ सो सबै जान्नुहुन्छ।"
२१ राजाले योआबलाई भने, "यस
कुरामा मैले तिमीलाई मेरो सम्मत्ति दिएँ।

गएर त्यस जवान मानिस अब्शालोमलाई
फर्काएर ल्याऊ।" २२ तब योआबले नम्रसित
साष्टाङ्ग दण्डवत् गरे, औ राजालाई आदर
प्रकट गरेर बिदा हुँदै भने, "मेरो विनम्र
बिन्ती स्वीकार गर्नुभएको कारण मैले
हजूरको निगाह प्राप्त गरें भनी मलाई थाह
भयो।" २३ तब योआब झट्टै गेशूरमा
गएर अब्शालोमलाई यरूशलेममा ल्याए।
२४ तर राजाले भने, "त्यो आफ्नै घरमा
बसोस्। त्यो मेरो उपस्थितिमा नआओस्।"
यसैले अब्शालोम आफ्नै घरमा गए, र
राजाको सामने देखा परेनन्।
२५ सुन्दरतामा सारा इस्राएलमा
अब्शालोम जत्तिकै प्रशंसाको योग्य कोही
थिएन। शिरदेखि पैतालासम्म तिनमा कुनै
खोट थिएन। २६ जब तिनले आफ्नो
कपाल काट्थे (किनभने गह्रौं भएकोले वर्षै-
पिच्छे तिनले आफ्नो कपाल काट्थे) तब
राजकीय तौलबमोजिम तिनको केश दुइ सय
शेकेल हुन्थ्यो। २७ अब्शालोमका तीन
छोरा र तामार नाउँ भएकी एउटी छोरी
जन्मेका थिए। तामार चाहिं अति सुन्दरी
थिइन्।
२८ अब्शालोम पूरा दुइ वर्ष यरूशलेममा
राजाको सामने देखा नपरी बसे। २९ तिनले
राजाकहाँ समाचार पठाइदिन योआबलाई
बोलाइपठाए, तर योआब आउन मानेनन्।
तिनले उनलाई दोस्रोपल्ट पनि बोलाइपठाए,
तर उनी अझै पनि आउन मानेनन्। ३० तब
अब्शालोमले आफ्ना नोकरहरूलाई भने,
"योआबको एउटा बारी मेरै बारीको छेउमा
छ, औ त्यसमा जौ उम्रिरहेको छ भनी
तिमीहरूलाई थाहै छ। जाऊ, गएर त्यसमा
आगो लगाइदेऊ।" यसैले अब्शालोमका
नोकरहरूले त्यसमा आगो लगाइदिए।
३१ योआब तुरुन्तै अब्शालोमको घरमा आएर
तिनलाई भने, "तपाइंका नोकरहरूले किन
मेरो बारीमा आगो लगाइदिए?"
३२ अब्शालोमले भने, "मैले तिमीद्वारा
यो समाचार राजालाई दिनसक्छु कि भनेर
तिमीलाई यहाँ आउन भनी बोलाइपठाएँ,
"मलाई किन गेशूरबाट आउनुपर्‍यो? म ता
त्यहींनै बसिरहेको भए असल हुनेथियो।
यसकारण म राजाका सामने हाजिर हुन पाऊँ।
औ मैले केही दोष गरेको भए उहाँले मलाई
मारून्।" ३३ जब योआब राजाकहाँ गएर
राजालाई यो कुरा सुनाइदिए, तब राजाले
अब्शालोमलाई बोलाइपठाए। तिनी आए, र
राजालाई नम्रतापूर्वक साष्टाङ्ग दण्डवत् गरे।
औ राजाले म्वाइँ गरेर तिनलाई स्वागत
गरे।

अब्शालोमको षड्यन्त्र

१५ त्यसपछि अब्शालोमले आफ्नो निम्ति
एउटा रथ, घोड़ाहरू र आफ्नो
अगिअगि दगुर्नलाई पचास जना मानिसहरू
लिए। २ तिनी बिहान सबेरै उठेर शहरको
मूल-ढोकातिर जाने बाटोनेर उभिनेगर्थे।
औ कुनै मानिस राजाकहाँ इन्साफ माग्न
आउँदा अब्शालोमले त्यस मानिसलाई अभि-
वादन गर्थे, र कुन शहरबाट आएको हो भनी
सोध्थे। 'हजूर, म इस्राएलको फलानो
कुलको हुँ' भनी जब तिनले जवाफ पाउँथे,
३ तब अब्शालोमले त्यसलाई भन्थे, "तिम्रो
दाबी ठीकै रहेछ, तर राजाले तिम्रो न्याय
गरिदिनुहुन्न।" ४ औ अब्शालोमले अझै
यसो पनि भन्थे, "यदि म यस देशमा
न्यायाधीश नियुक्त भएको भए यस्तो दाबी
ल्याउने हरेक मानिसको फैसला गरिदिने
मेरो कर्त्तव्य हुनेथियो।" ५ जब कुनै
मानिस तिनलाई साष्टाङ्ग दण्डवत् गर्नलाई
आउँथे, तब अब्शालोमले आफ्नो हात पसारेर
त्यसलाई समाती अङ्गालो हालेर म्वाइँ गर्थे।
६ राजाकहाँ न्याय गरिमाग्ने हरेकसँग यस्तै
व्यवहार गरेर अब्शालोमले इस्राएलीहरूका
प्यार आफूतिर खिँचे।
७ चार वर्षपछि अब्शालोमले राजालाई

भने, 'परमप्रभुको निम्ति भाकल पूरा गर्नलाई
के म अब हेब्रोनमा जाने अनुमति पाउनसक्छु ?
८ किनभने म अराममा हुँदा मैले यो
भाकल गरेको थिएँ, यदि परमप्रभुले मलाई
यरूशलेममा ल्याउनुभयो भने म हेब्रोनमा
परमप्रभुको भक्त हुनेछु'।'' ९ राजाले जवाफ
दिए, ''निश्चय, तँ जानसक्छस्।'' तब
तिनी तुरुन्तै हेब्रोनमा गए। १० तब
अब्शालोमले इस्राएलका सारा कुलमा यसो
भनेर समाचार दिनेहरूलाई पठाए, ''तुरहीको
सोर सुन्ने बित्तिकै तिमीहरूले भन, ''अब्शालोम
हेब्रोनमा राजा हुनुभयो!'' ११ दुइ सय
जना मानिसहरू यरूशलेमबाट अब्शालोमका
साथ लागे। तिनीहरूले निम्तो पाएका थिए,
र यस कुराको केही थाहै नपाई तिनीहरू
अजानमा गए। १२ अब्शालोमले गीलोह
शहरबाट दाऊदका सल्लाहकार गिलोनी
अहीतोपेललाई पनि बोलाइपठाए। अहीतोपेल
त्यहाँ आफ्नो नियमित बलिदान चढ़ाइरहेका
थिए। यो षड्यन्त्र खूब प्रबल हुँदै गयो, र
अब्शालोमतर्फ लागेका मानिसहरूको संख्या
पनि बढ़दैगयो।

दाऊद यरूशलेमबाट भागेका

१३ इस्राएलका मानिसहरूले आफ्नो
राजभक्ति अब्शालोमतर्फ फर्काएको खबर
दाऊदले सुने। १४ तब तिनले आफूसित
यरूशलेममा भएकाहरूलाई भने, ''हामी झट्टै
भाग्नुपर्छ, नत्रता हामी कोही पनि अब्शालोमको
हातबाट उम्कनपाउनेछैनौं। चाँड़ो गर,
नत्रता त्यो हामीमाथि आइलाग्नेछ। शहरमा
भएको कसैलाई पनि त्यसले दया नदेखाएर
हामीमाथि विपत्ति ल्याउनेछ।'' १५ राजाको
सेवकहरूले भने, ''हजूरले जसो उचित
सम्झनुहुन्छ त्यसो गर्नलाई हामी तयार छौं।''
१६ जब राजा बिदा भए तब दश
जना उप-पत्नीहरूबाहेक तिनका घरानाका सबै
मानिसहरू पनि तिनकै पछिपछि लागे। यी
उप-पत्नीहरूलाई चाहिं तिनले महलको जिम्मा
दिएर छोड़े। १७ सबैभन्दा पछिल्लो घरमा
चाहिं राजा र तिनीसँग भएका सबै मानिसहरू
अड़िए। १८ औ जब करेती र पलेती
अङ्गरक्षकहरू र इत्तैसँग भएका छ सय
गित्तीहरू राजाका छेउबाट भएर हिंड़े, तब
राजाका आफ्नै सेवकहरू चाहिं राजाकै
नजीक उभिरहे। १९ तब राजाले गित्ती
इत्तैलाई भने, ''तिमी पनि यहाँ छौ? तिमी
किन हामीसँग आउँदैछौ? फर्किगएर नयाँ
राजासँग बस, किनभने तिमी एक विदेशी
हौ। त्यसबाहेक तिमी आफ्नो देशबाट
निकालिएका पनि हौ। २० तिमी ता हिज-
अस्ति मात्र आएका हौ, औ आज मेरो
भ्रमणमा मसित तिमीलाई सम्भागी हुन
मैले कसरी कर लगाउनु? म कहाँ
जानेछु म आफै जान्दिनँ। घर जाऊ, र
तिम्रा निज देशवासीहरूलाई पनि साथै
लैजाऊ। औ परमप्रभु तिम्रा परम मित्र
होऊन्।'' २१ इत्तैले यसो भनेर राजासँग
शपथ खाए, ''जीवित परमप्रभुको नाउँमा र
तपाइंको नाउँमा शपथ खाएर म भन्दछु कि
तपाइं जहाँ गए तापनि, जीवन वा मृत्युमा,
म हजूरको दास, त्यहीं हुनेछु।''
२२ दाऊदले इत्तैलाई भने, ''हुन्छ, हिंड़।''
यसरी गित्ती इत्तै आफ्नो जम्मै दल र
तिनीसँग भएका सबै लावा-लस्करसाथ हिंड़े।
२३ राजा यसरी निस्केर जाँदा सबै मानिसहरू
रोएको आवाज़ले सारा देश प्रतिध्वनित भयो।
औ सबै मानिसहरू तिनकै सामने वनमा
भएको भद्राक्षका रूखहरूको बाटो भएर किद्रोन
खोल्वा पार गर्दा राजा चाहिं उभिनै रहे।
२४ सादोक पनि सबै लेवीहरूका साथमा
त्यहाँ थिए। तिनीहरूले परमेश्वरको करारको
सन्दूक बोकेर लगिरहेका थिए। त्यो चाहिं
तिनीहरूले सबै मानिसहरू शहरबाट निस्केर
नजाउन्जेल एबीयातारको छेउमा राखे।
२५ तर राजाले सादोकलाई भने, ''परमेश्वरको
करारको सन्दूक शहरमा फर्काएर लैजाऊ।

यदि परमप्रभुको निगाह ममाथि रह्यो भने
उहाँले मलाई फर्काएर ल्याउनुहुनेछ, र म
सन्दूक र त्यो रहने ठाउँलाई फेरि देख्न-
पाउनेछु। २६ यदि उहाँले मलाई चाहनुहुन्न
भनी भन्नुभयो भने म यहीं छु। उहाँले
मलाई जे गर्न चाहनुहुन्छ सो मसँग गरून्।"
२७ राजाले सादोक पूजाहारीलाई यसो पनि
भने, "हेर, तिमीहरू कुशलसित शहरमा
जाऊ—तिमी र एबीयातार, औ तिमीहरूसँग
तिम्रो छोरा अहीमकास र एबीयातारका छोरा
जोनाथन, यी दुइ जवान मानिसहरूलाई
लैजाऊ। २८ म वनको जँघारमा तिमीहरू
बाट खबर नआउञ्जेल पर्खिबस्नेछु। यो कुरा
नबिर्स है।" २९ तब सादोक र एबीयातारले
परमेश्वरको सन्दूक यरूशलेममा फर्काइलगे, र
उनीहरू त्यहींनै बसे।

३० जैतून डाँड़ाको उकालीमा जाँदा
दाऊद रोए। तिनले शिर ढाकेको थिए, र
नाङ्गो खुट्टैले हिंडेर गए। तिनीसँग भएका
सबै मानिसहरू पनि शिर ढाकेर रूँदै
हिंडे। ३१ षड्यन्त्रकारीहरूमध्ये अहीतोपेल
अब्शालोमसँग छन् भनी दाऊदलाई सुनाइयो।
तब दाऊदले यसो भनेर प्रार्थना गरे, "हे
परमप्रभु, अहीतोपेलको सल्लाहलाई व्यर्थ
तुल्याइदिनुहोस्।"

३२ जब दाऊद डाँड़ाको टाकुरामा
आइपुगे, जहाँ परमेश्वरलाई साष्टाङ्ग दण्डवत्
गरिन्थ्यो, तब एरेकी हूशै आफ्नो लुगा
च्यातीकन आफ्नो शिरमा धूलो हालेर
दाऊदलाई भेट गर्न आएका थिए।
३३ दाऊदले तिनलाई भने, "तिमी मसँग
आयौ भने मलाई भार मात्र हुनेछ,
३४ तर यदि तिमी शहरमा फर्किगएर
अब्शालोमलाई 'म हजूरको दास हुनेछु।
अहिलेसम्म ता म हजूरका पिताका दास थिएँ,
तर अब म हजूरको दास हुनेछु' भनी भन्यौ
भने अहीतोपेलको सल्लाहलाई निष्फल तुल्याउनमा
तिमीले मलाई सहायता गर्नसक्नेछौ।
३५ तिमीलाई थाहै छ कि सादोक र
एबीयातार पूजाहारीहरू तिमीसँग हुनेछन्।
राजाका घरमा जे जे कुरा तिमी सुन्नेछौ
ती सबै उनीहरूलाई भनिदेऊ। ३६ उनीहरू-
सँग सादोकका छोरा अहीमास र एबीयातारका
छोरा जोनाथन छन्, औ तिनीहरूद्वारा तिमीले
सुनेका सबै कुरा मलाई पठाउनसक्नेछौ।"
३७ यसैले अब्शालोम यरूशलेममा पस्तापस्तै
दाऊदका मित्र हूशै शहरमा आए।

सीबा र शिमी

१६ डाँड़ाका टाकुराबाट अलिक पर मात्र
पुगेका बेलामा मपीबोशेतको नोकर
सीबासँग दाऊदको भेट भयो। त्यसले आफूसँग
दुइ रोटी, एक सय डल्ला किसमिस, एक सय
झुप्पा ग्रीष्म ऋतुका फल र एक मसक
दाखमद्य जीन-लगाम कसेका एक जोर गधामा
बोकाएर ल्याएको थियो। २ राजाले त्यसलाई
भने, "तिमीले यी सबै किन ल्यायौ?"
सीबाले जवाफ दियो, "यी गधाहरू चाहिं
राजाका परिवारको सवारीको निम्ति हुन्,
रोटी र ग्रीष्म ऋतुका फलहरू जवान मानिस-
हरूलाई खानका निम्ति र दाखमद्य चाहिं
वनमा थाक्नेहरूका निम्ति हो।" ३ राजाले
सोधे, "तिम्रा मालिकका नाति कहाँ छन्?"
सीबाले भन्यो, "तिनी ता यरूशलेममै छन्,
किनभने इस्राएलीहरूले तिनलाई आफ्ना बाजेको
सिंहासन फिर्ता गरिदिनेछन् भनी तिनले
सम्झेका छन्।" ४ राजाले सीबालाई भने,
"मपीबोशेतका सबै थोक तिमीले पाउनेछौ।"
सीबाले भन्यो, "हे हजूर, मेरा स्वामी, मेरा
महाराज, म ता हजूरको एक क्षुद्र दास
हुँ। हजूरको दृष्टिमा निगाह पाऊँ।"
५ जब दाऊद राजा बहूरीममा आइपुगे तब
त्यहाँ शाऊलको घरानाको एक जना मानिस,
गेराको छोरा शिमी, निस्केर दाऊदलाई
सराप्दै आयो। ६ त्यसले दाऊद र
राजाका सबै सेवकहरू, सिपाहीहरू र
अरू मानिसहरू सबैमाथि जथाभावी ढुङ्गा

वर्षाउनलाग्यो। ७ शिमीले यसो भनेर
दाऊदलाई सराप दियो, 'जा, जा, ए बदमाश!
ए हत्यारा! ८ शाऊलका घराना जसको
सिंहासन तैंले चोरिस् त्यसको रगतको बदला
परमप्रभुले तँबाट लिनुभयो, र यो राज्य
तेरो छोरो अब्शालोमलाई दिनुभयो। ए
हत्यारा, हेर्, तेरा अपराधहरूले तँलाई कसरी
फेला पारेका छन्!"
९ तब सरूयाहको छोरा अबीशैले
राजालाई भने, "हजूर, यो मरेको कुकुरले
किन हजूरलाई सराप्ने? म पारि गएर
त्यसको शिर उड़ाइदिनेछु।" १० तर राजाले
भने, "ए सरूयाहका छोरा हो, तिमीहरूलाई
यससँग के सरोकार? यदि त्यसले सरापनै
दियो, र परमप्रभुले दाऊदलाई त्यसले सरापोस्
भनी भन्नुभएको छ भने कसले रोक्न-
सक्छ?" ११ दाऊदले अबीशै र आफ्ना
सबै सेवकहरूलाई भने, "यदि मेरो छोरा,
मेरो आफ्नै छोराले मलाई मार्न खोज्छ भने
यस बिन्यामिनीको ता के कुरा गर्नु? त्यसलाई
छोड़िदेऊ। त्यसले सरापोस्। किनभने परम-
प्रभुलेनै त्यसलाई त्यसो गर्नू भनी भन्नुभएको
होला। १२ तर सायद आजको दिन मलाई
यो सरापको सट्टा परमप्रभुले मेरो कष्ट हेर्नुहुनेछ
र मलाई आशिष दिनुहुनेछ।" १३ दाऊद
र तिनका मानिसहरू आफ्नो बाटो लागे, औ
शिमी चाहिं दाऊदको बाटोमा परेको पारि-
पट्टिको डाँड़ै डाँड़ा गयो, र जाँदा दाऊदतिर
सराप्दै र खोल्वा पारिबाट ढुङ्गा हान्दै र धूलो
फ्याँक्दै गयो। १४ जब राजा र तिनीसँग
भएका सबै मानिसहरू यर्दन नदीमा पुगे तब
तिनीहरू साह्रै थकित भए, र तिनीहरूले त्यहाँ
थकाइ मारे।

यरूशलेममा अब्शालमोसँग अहीतोपेल र हूशै

१५ तर अब्शालोम र तिनीसँग भएका
सबै इस्राएलीहरू यरूशलेममा पुगे, औ
अहीतोपेल पनि तिनीसँग थिए। १६ जब
दाऊदका मित्र एरेकी हूशैले अब्शालोमलाई
भेटे तब तिनले उनलाई भने, "राजा दीर्घायु
होऊन्! राजा दीर्घायु होऊन्!" १७ तर
अब्शालोमले जवाफ दिए, "तिम्रा मित्रलाई
देखाएको राजभक्ति यही हो? तिमी उहाँसँग
किन गएनौ?" १८ हूशैले अब्शालोमलाई
जवाफ दिए, "परमेश्वरले चुन्नुभएका मानिस,
यी लोकहरूले र इस्राएलका सारा
मानिसहरूले चुनेका व्यक्तिसँग लाग्ने विचार
मैंले गरेकोछु। औ म तिनीसँगै बस्नेछु।
१९ फेरि मैंले कसको सेवा गर्ने? के
छोराको पनि सेवा गर्नुपर्दैन र? जस्तो
मैंले तपाइंका पिताको सेवा गरें त्यस्तै म
तपाइंको सेवा गर्नेछु।"
२० अब्शालोमले अहीतोपेललाई भने,
"हामीलाई तपाइंको सल्लाह दिनुहोस्। हामीले
कसरी काम गर्नुपर्ने हो?" २१ अहीतोपेलले
जवाफ दिए, "तपाइंका पिताले महलको
जिम्मावारीमा छोड़ेका तपाइंका पिताका
उप-पत्नीहरूसित संभोग गर्नुहोस्। तब तपाइंले
आफ्ना पिताका विरुद्धमा गरेको काम
सबै इस्राएलले सुन्नेछन्, तपाइंका पछि
लाग्नेहरूको मनको संकल्प अझ पक्का
हुनेछ।" २२ यसैले तिनीहरूले कौसीमा
अब्शालोमको निम्ति एउटा पाल टाँगिदिए, र
सबै इस्राएलले देख्नेगरी तिनी आफ्ना बाबुका
उप-पत्नीहरूसित सुते। २३ त्यस बेला मानिस-
हरू अहीतोपेलको सल्लाहलाई ईश्वरवाणी खोजेझैं
खोज्थे। यसकारण दाऊद र अब्शालोमले
अहीतोपेलको सल्लाहको खूबै कदर गर्थे।

अहीतोपेलको पतन र मृत्यु

१७ अहीतोपेलले अब्शालोमलाई भने,
"मलाई बाह्र हजार मानिस दिनुहोस्,
र म आज राती दाऊदलाई खेद्नेछु।
२ उहाँ थाकेर हैरान हुनुभएको बेलामा म
उहाँलाई भेट्टाउनेछु। म उहाँलाई आफ्नो

प्रजादेखि अलग गर्नेछु, र तिनीहरू सबै
तितर-बितर हुनेछन्, र म राजालाई बाहेक
अरू कसैलाई मार्नेछैन। ३ दुलही आफ्ना
दुलहाकहाँ आएझैं म सबै मानिसहरूलाई
तपाईंकहाँ ल्याउनेछु। एउटै मानिसको प्राण
मात्रै ता तपाईं खोज्दैहुनुहुन्छ। बाँकी
मानिसहरूको चाहिँ नोक्सानी हुनेछैन।"
४ अब्शालोम र इस्राएलका सबै बूढ़ा-प्रधान-
हरूले अहीतोपेलको सल्लाहलाई स्वीकार गरे।
५ तर अब्शालोमले भने, "एरेकी हूशैलाई
बोलाइपठाऊ, र तिनले के भन्दारहेछन् सो
हामी सुनौं" ६ हूशै आए, र अहीतोपेलले
भनेका सबै कुरा अब्शालोमले तिनलाई
भनिदिए, र तिनलाई सोधे, "के हामी तिनले
भनेअनुसार गरौं? होइन् भने, के विचार
गर्छौं? सो भन।"
७ हूशैले अब्शालोमलाई भने, "यसपल्ट
अहीतोपेलले दिएको सल्लाह ठीक छैन।"
८ हूशैले अझै भने, "तपाईंका पिता र
उहाँसँग भएका मानिसहरू अनुभवी लड़ाकुहरू
छन्, र बच्चा खोसिएका जङ्गलका क्रोधी
भालूहरूजस्ता छन्। तपाईंका पिता युद्ध-कलामा
निपुण हुनुहुन्छ, औ उहाँ राती मुख्य सेनासँग
बस्नुहुनेछैन। ९ अहिले पनि उहाँ कुनै
खाल्टामा वा अरू त्यस्तै ठाउँमा लुकिरहनु-
भएको छ होला। औ यदि पहिलेनै तपाईंका कुनै
कुनै मानिसहरू मारिए भने त्यो समाचार सुन्ने
कसैले पनि यसो भन्नेछ, "अब्शालोमका पछि
लाग्ने मानिसहरू ता नाश हुँदैछन्।"
१० त्यसो हुँदा कस्तै सूरो र सिंहजस्तै
मुटु भएको मानिसको साहस पनि हराउनेछ।
किनभने सारा इस्राएलले जान्दछ कि
तपाईंका पिता एक महावीर हुनुहुन्छ, र
उहाँसँग दृढ़ संकल्प भएका मानिसहरू छन्।
११ मेरो सल्लाह यही छ, दानदेखि
बेर्शेबासम्मका सारा इस्राएललाई समुद्रका
बालुवाका कणाजस्तै तपाईंकहाँ जम्मा नभएसम्म
पर्खनुहोस्, र त्यसपछि मात्र तिनीहरूका साथमा
आफै युद्ध गर्न जानुहोस्। १२ तब उहाँ
जहाँ हुनुभए तापनि हामी कहीं न कहीं
उहाँमाथि आक्रमण गर्नेछौं, र भूईंमा शीत
परेझैं उहाँमाथि ओइरिनसक्नेछौं, औ उहाँको
घरानाका एउटै पनि अथवा उहाँ पछि
लाग्नेहरू कुनै पनि जीवित छोड़िनेछैन।
१३ उहाँ शहरभित्र शरण लिनुभए तापनि
सारा इस्राएलले त्यस शहरलाई लठारो ल्याएर
एउटै ढुङ्गा पनि त्यसको जगमा नपाइने गरी
हामी घिस्याएर खोल्वामा पुर्‍याउनेछौं।"
१४ अब्शालोम र इस्राएलका सबै मानिसहरूले
भने, "एरेकी हूशैले अहीतोपेलको भन्दा
राम्रो सल्लाह दिएका छन्।" यो ता
अहीतोपेलको राम्रो सल्लाहलाई विफल बनाउने,
औ यसरी अब्शालोमको विनाश गर्ने परमप्रभुको
अभिप्राय मात्र थियो।
१५ हूशैले सादोक र एबीयातार पूजाहारी-
हरूलाई अहीतोपेलले अब्शालोम र इस्राएलका
बूढ़ा-प्रधानहरूलाई दिएका सल्लाह, औ आफूले
दिएका सल्लाह पनि बताइदिए। १६ तिनले
भने, "यसैले अब चाँड़ो दाऊदकहाँ मानिस
पठाऊ, र उहाँलाई वनका घाटहरूमा बास
नबस्नू तर राजा र उहाँका पछि लागेका
मानिसहरूलाई आक्रमण गर्न अघिनै नदी
पारि तरेर जाने चेताउनी देऊ।"
१७ जोनाथन र अहीमास चाहिँ एन-रोगेलमा
पर्खी बसेका थिए, र एउटी दासी गएर
तिनीहरूलाई खबर दिन्थी, औ तिनीहरूले
चाहिँ दाऊदलाई खबर दिन्थे। किनभने
शहरभित्र कसैले देख्ने खतरामा पर्न
तिनीहरू चाहँदैन थिए। १८ तर यसपल्ट
ता एउटा केटाले तिनीहरूलाई देख्यो, र
त्यसले अब्शालोमलाई सुनाइदियो। यसैले ती
दुइ जना हतार हतार गरी बहूरीममा एक
जना मानिसको घरमा गए। त्यसको घरको
आँगनमा एउटा खाड़ल थियो, औ तिनीहरू
त्यसभित्र पसे। १९ त्यस मानिसकी पत्नीले
एउटा ढाक्ने ल्याएर त्यस खाड़लको मुखमा
फिँजाइदिई, र त्यसमाथि पिँधेको अन्नको
बिस्कुन राखिदिई, औ कसैलाई केही थाह

भएन। २० अब्शालोमका मानिसहरू आएर
त्यस स्त्रीलाई सोधे, "अहीमास र जोनाथन
कहाँ छन्?" त्यसले भनी, "तिनीहरू ता
खोला पारि गए।" ती मानिसहरूले यताउता
खोजे, तर तिनीहरूलाई पाउनसकेनन्। यसैले
तिनीहरू यरूशलेममा फर्के। २१ जब तिनीहरू
गइसके तब ती दुइ मानिसहरू खाड़लबाट
उक्लेर निस्के, र दाऊद राजाकहाँ गएर
सबै कुरा बताइदिए। तिनीहरूले भने,
"उठ्नुहोस्, र झट्टै खोला तर्नुहोस्।"
औ राजाको विरुद्धमा अहीतोपेलले गरेको
युक्ति तिनीहरूले सुनाइदिए। २२ यसैले
दाऊद र तिनका सबै दल तुरुन्त यर्दन नदी
पार गर्नलागे। मिरमिरे उज्यालोमा पारि-
पट्टिको किनारमा नपुगेका कोही पनि रहेन।

२३ जब आफूले दिएको सल्लाह नमानेको
अहीतोपेलले बुझे, तब तिनले आफ्नो गधामा
जीन-लगाम कसेर आफ्नै शहरको घरमा
गएर आफ्नो घरानालाई आफ्नो आखिरी
भन्ने कुराहरू तिनले भनेर आफै चाहिँ
झुण्डिएर मरे। तिनी यसरी मरे, र आफ्नो
बाबुको चिहानमा गाड़िए।

२४ अब्शालोम र तिनीसँग भएका
इस्राएलीहरू यर्दन पारि तरूञ्जेलसम्ममा दाऊद
अघिनै महनैममा पुगिसकेका थिए।
२५ अब्शालोमले योआबको सट्टामा आमासा-
लाई सेनापति बनाएका थिए। तिनी चाहिँ
इश्माएली यित्रा नाउँ भएका मानिस र
योआबकी आमा सरूयाहकी बहिनी औ
नाहाशकी छोरी अबीगेलका छोरा थिए।
२६ इस्राएलीहरू र अब्शालोमले गिलादको
जिल्लामा छाउनी हाले। २७ जब दाऊद
महनैममा आइपुगे तब अम्मोनीहरूको
रब्बामा बस्ने नाहाशको छोरा शोबी,
लोदबारमा बस्ने अमीएलको छोरा माकीर र
रोगलीममा बस्ने गिलादी बर्जिलाइले
२८ ओढ्ने-ओछ्याउने, भाँड़ा-कुँड़ा र
कचौराहरू ल्याएर तिनलाई दिए। तिनीहरूले
गहुँ, जौ, आँटा, चिउरा, सिमी, दाल,
२९ मह र दही, औ भेड़ा र पालेका
गाई-गोरु दाऊद र तिनीसँग भएका
मानिसहरूका निम्ति खानलाई दिए, किनभने
उनीहरू वनमा भोकाएका, तिर्खाएका र थाकेका
छन् भनी तिनीहरूले सम्झे।

अब्शालोमको हार र मृत्यु

१८ दाऊदले आफूसँग भएका मानिस-
हरूलाई लड़ाइँको लागि जम्मा गरे,
औ हजार हजार र सय सयमाथि अफिसरहरू
नियुक्त गरे। २ त्यसपछि तिनले आफ्नो
सेनालाई तीन भागमा विभक्त गरे—एक
तिहाइ योआबको अधीनमा, एक तिहाइ
सरूयाहका छोरा अबीशै, योआबको भाइको
अधीनमा र एक तिहाइ गित्ती इत्तैको
अधीनमा। राजाले सेनालाई यसो भने, "म
पनि तिमीहरूसँगै लड़ाइँमा जानेछु।"
३ तर तिनीहरूले भने, "होइन, हजूर चाहिँ
नआउनुहोला। यदि हामीले फर्केर भाग्नुपर्‍यो
भने कसैले हामीलाई केही वास्ता गर्नेछैन।
हामी आधा मर्‍यौं भने पनि तिनीहरूले
वास्ता गर्नेछैनन्। तर हजूर ता हाम्रा दश
हजार जत्तिकै हुनुहुन्छ। यसैले हजूर शहरमा
बसेर हाम्रो सहायता गर्नुभए असल हुनेछ।"
४ राजाले जवाफ दिए, "त्यसो भए
तिमीहरूलाई जे असल लाग्छ म त्यही गर्नेछु।"
तब तिनी मूल-ढोकाको छेउमा उभिरहे, औ
सेना चाहिँ हजार हजार र सय सयका
पंक्तिमा तिनकै नजीकबाट हिँडेर गयो।
५ राजाले योआब, अबीशै र इत्तैलाई यो
हुकुम गरे, "मेरो खातिर त्यस जवान
अब्शालोमसित राम्रो वर्त्ताव गर्नू।"
अब्शालोमलाई जोगाइदिनू भनी राजाले
आफ्ना सबै अफिसरहरूलाई दिएको हुकुम सबै
सेनाले सुने।

६ तब सेना इस्राएलीहरूका विरुद्धमा
लड़ाइँ गर्न गयो, औ लड़ाइँ एप्रैमको
जङ्गलमा भयो। ७ त्यहाँ दाऊदका मानिस-

हरूका सामने इस्राएलीहरू परास्त भए। औ
यति ठूलो संहार भयो कि बीस हजार
मानिसहरू त्यस दिन मारिए। ८ लड़ाइँ
चारैतिरनै फैलियो, औ जङ्गलले नाश
भएकाहरू तरवारले मर्ने मानिसहरूभन्दा धेरै
थिए।

९ अब दाऊदका कतिपय मानिसहरूले
अब्शालोमलाई देखे। तिनी एउटा खच्चरमा
चढ़ेका थिए, र जब त्यो खच्चर एउटा ठूलो
बजरांठको रूखमनिबाट भएर गयो, तब
अब्शालोमको कपाल हाँगामा अल्झ्यो, र
तिनी झुण्डिए, औ खच्चर चाहिं
तिनको टाँगमनिबाट छिरिगयो। १० ती
मानिसहरूमध्येका एक जनाले त्यो देखेर
योआबलाई यसो भन्यो, "मैंले अब्शालोमलाई
एउटा बजरांठको रूखमा झुण्डिएका देखें।"
११ जब त्यस मानिसले यो कुरो भन्यो
तब योआबले भने, "तैंले त्यसलाई देखिस्,
तैंले त्यसलाई त्यत्तिनै बेला मारेर भूइँमा
किन झारिनस्? म तँलाई दश टुक्रा
चाँदी र एउटा पटुका दिनेथिएँ।" १२ त्यस
मानिसले उत्तर दियो, "तपाईंले मलाई दश
हजार चाँदीको टुक्रा दिनुभएको भए तापनि
म राजकुमारको विरुद्धमा हात उठाउनेथिइनँ।
किनभने "जसले त्यस जवान अब्शालोमलाई
फेला पार्ला त्यसले उसलाईं राम्रो वर्त्ताव
गर्नू," भनी राजाले तपाईं, अबीशै र
इत्तैलाई हुकुम गर्नुभएको हामी सबैले
सुनेका थियौं। १३ औ मैंले धोखाबाजी
गरेर तिनलाई मारेको भए राजाले
तुरुन्तै यो कुरा थाह पाउनुहुनेथियो, र
तपाईं चाहिं अलग्गै बस्नुहुनेथियो।"
१४ योआबले भने, "यो झूटा कुरा हो।
तँसित मेरो समय फाल्न म चाहन्नँ।" तब
तिनले तीनवटा घोंचा लिए, र अब्शालोम
रूखमा त्यसरी जिउँदै झुण्डिरहेका बेलामा
तिनको छातीमा रोपिदिए। १५ तब योआबका
हतियार बोक्ने दश जना जवान मानिसहरूले
अब्शालोमलाई घेरे, र तिनलाई प्रहार गरे, र
मारे। १६ तब योआबले तुरही बजाए, र
सेना इस्राएललाई खेद्न छोडेर फर्के, किनभने
योआबले सेनालाई रोके। १७ तिनीहरूले
अब्शालोमको लाश लगेर जङ्गलको एउटा ठूलो
खाड्ल्मा फ्याँकिदिए, र त्यसमाथि ढुङ्गाको
थुप्रो लगाइदिए। तब इस्राएलीहरू सबै
आफ्ना आफ्ना घरमा भागेर गए।

१८ आफू जिउँदो हुँदा अब्शालोमले
राजाको बेंसीमा एउटा स्तम्भ लगेर खड़ा
गरेका थिए, किनभने तिनी भन्थे, "मेरो नाउँ
राख्नलाई मेरो छोरा छैन।" तिनले त्यो
स्तम्भलाई आफ्नै नाउँ दिए, औ आजको
दिनसम्म त्यस स्तम्भलाई अब्शालोमको
स्मारक भनिन्छ।

१९ सादोकका छोरा अहीमासले भने,
"परमप्रभुले बदला लिनुभयो, र राजालाई
आफ्ना शत्रुहरूका हातबाट छुटाउनुभयो भन्ने
समाचार राजालाई दिन भनी मलाई दगुरी
जान अनुमति दिनुहोस्।" २० तर योआबले
जवाफ दिए, "आजको दिन तिमीले समाचार
लाने होइन। अर्को दिन तिमीले समाचार
लानुपर्ला, होइन। किनभने राजाको छोरा
आज मरेका छन्।" २१ तब योआबले
एउटा कूशीलाई भने, "तैंले देखेको कुरा गएर
राजालाई सुनाइदे।" तब त्यो कूशीले
निहुरेर योआबलाई दण्डवत् गर्‍यो, र दगुरेर
गयो। २२ अहीमासले फेरि योआबलाई
बिन्ती गरे। तिनले भने, "जे भए तापनि
मलाई कूशीको पछिपछि दगुरेर जानदिनुहोस्।"
योआबले सोधे, "ए मेरो छोरो, तिमी किन
जाने? तिम्रो समाचारको निम्ति तिमीले
केही इनाम पाउनेछैनौ।" २३ तिनले भने,
"जेसुकै होस्। म कुदेर जानेछु।" योआबले
भने, "त्यसो भए जाऊ।" तब अहीमास
यर्दनको मैदानको बाटो भएर कुदे, र त्यस
कूशीलाई उछिने।

२४ त्यस बेला दाऊद दुइ मूल-ढोकाहरूका
बीचमा थिए। औ जब पहरादारले पर्खालको
मूल-ढोकाको छानुमा गएर हेर्न लाग्यो

तब त्यसले एउटा मानिसलाई एक्लै दगुर्दै
आइरहेको देख्यो।" २५ त्यस पहरादारले
कराएर राजालाई बताइदियो। राजाले भने,
"त्यो एक्लै छ भने त्यसले केही समाचार
ल्याएको होला। त्यो मानिस झन् नजीक
आइपुग्यो। २६ तब त्यस पहरादारले अर्को
एउटा मानिसलाई पनि कुद्दै आइरहेको
देख्यो। त्यसले तल बसेको ढोकेलाई भन्यो,
"हेर त, अर्को एउटा मानिस एक्लै कुद्दै
आउँदैछ।" राजाले भने, "त्यसले पनि
समाचार ल्याउँदै होला।" २७ त्यस पहरा-
दारले भन्यो, "त्यो अगिल्लोको दौड़ ता
सादोकको छोरो अहीमासको जस्तै छ।"
राजाले भने, "तिनी एक असल मानिस छन्,
र शुभ समाचारको निम्ति तिनले इनाम
पाउनेछन्।" २८ अहीमासले कराएर
राजालाई भने, "सब ठीक छ।" तब राजाको
सामने घोप्टो परेर तिनले भने, "परमप्रभु,
हजूरका परमेश्वर धन्यका होऊन्, जसले
हजूरको विरुद्धमा उठ्ने मानिसहरूलाई
हजूरको हातमा सुम्पिदिनुभएको छ।"
२९ राजाले सोधे, "के त्यो जवान मानिस
अब्शालोम कुशलै छ?" अहीमासले जवाफ
दिए, "हजूरको दास योआबले मलाई
पठाउनुभएका हुन्। मैले ता ठूलो खैलाबैला
भएको देखें, तर के भएको थियो मलाई
थाह भएन।" ३० राजाले तिनलाई
एकातिर उभिने आज्ञा गरे। तिनी एकातिर
गएर उभिए। ३१ तब त्यस कूशीले भित्र
आएर भन्यो, "हजूर समाचार असल छ!
हजुरको विरुद्धमा उठ्ने सबैलाई परमप्रभुले
बदला लिनुभयो।" ३२ राजाले त्यस
कूशीलाई सोधे, "के त्यो जवान मानिस
अब्शालोम कुशलै छ?" कूशीले जवाफ
दियो, "राजाका सबै शत्रुहरू र सबै बागीहरू
जसले हजूरको हानि गर्नखोज्छन् तिनीहरूको
दशा पनि त्यही जवान मानिसको जस्तै होस्।"
३३ तब राजा अति विह्वल भएर मूल-ढोकाको
कौसीको कोठामा गएर रोए, औ माथि
हिंड्दै जाँदा यसो भन्दै रोए, "हाय मेरो
छोरो! मेरो छोरो अब्शालोम, मेरो छोरो
अब्शालोम! तेरो सट्टामा म मरेको भएता
हुने थियो! हाय अब्शालोम, मेरो छोरो,
मेरो छोरा!"

दाऊद यरूशलेममा फर्केका

१९ अब्शालोमको निम्ति राजा रूँदै र
विलाप गर्दैहुनुहुन्छ भनी योआबले
सुने। २ औ त्यस दिनको विजय जम्मै
सेनाको निम्ति शोकमा परिणत भयो, किनभने
तिनीहरूले सुने कि राजा आफ्नो छोराको
निम्ति शोकित हुनुभएको छ। ३ लड़ाइँमा
हारेपछि आफ्ना अनुहार देखाउन लाज
मानेका मानिसहरूझैं तिनीहरू चूपचाप शहर-
भित्र पसे। ४ राजाले आफ्नो अनुहार
ढाकेर ठूलो सोरले रूँदै भने, "मेरो छोरो
अब्शालोम! हे अब्शालोम, मेरो छोरो,
मेरो छोरो!" ५ तर राजाको घरभित्र
आएर योआबले तिनलाई भने, "हजूर, हजूरका
छोराहरू, छोरीहरू, पत्नीहरू र उप-पत्नीहरू-
लाई बचाउने हजूरका सबै सेवकहरूलाई
हजूरले आजको दिन लज्जित तुल्याउनुभयो।
६ हजूरलाई घृणा गर्नेहरूलाई हजूर प्रेम
गर्नुहुन्छ, औ हजूरलाई प्रेम गर्नेहरूलाई घृणा
गर्नुहुन्छ। हजूरले हामी अफिसरहरू र
सिपाहीहरू सबैलाई हजूरका दृष्टिमा केही
होइनौं भनी देखाइदिनुभयो। यो स्पष्ट
देखियो कि यदि अब्शालोम बाँचेर हामी
सबै मरेका भए हजूर खुशी हुनुहुनेथियो।
७ अब झट्टै गएर आफ्ना सेवकहरूलाई
उत्साह दिनुहोस्। यदि हजूरले इन्कार गर्नुभयो
भने, परमप्रभुको शपथ खाएर म भन्दछु,
कि आज राती कुनै मानिस हजूरसँग
हुनेछैन। औ हजूरका शुरू शुरूका दिनमा
भोगेका विपद्भन्दा यो अझ खराब हुनेछ।"
८ तब राजा उठे, र मूल-ढोकामा बसे।
औ जब राजा मूल-ढोकामा बसिरहनुभएको

छ भनी सेनालाई सुनाइयो तब तिनीहरू
सबै राजाको सामने देखा परे।
त्यस बेलासम्ममा इस्राएलीहरू चाहिँ
आफ्ना आफ्ना घरमा भागिसकेका थिए।
९ इस्राएलका सबै कुल आपसमा कुरा
गर्दै यसो भन्दैथिए, "राजाले हामीलाई
हाम्रा शत्रुहरूदेखि बचाउनुभयो, र पलिश्ती-
हरूको शक्तिबाट छुटाउनुभयो, औ अब
अब्शालोमको कारणले गर्दा राजा देशबाट
भागेर जानुभएको छ। १० तर हामीले
राजा अभिषिक्त गरेका अब्शालोम लड़ाइँमा
मारिए। यसकारण अब राजालाई फर्काएर
ल्याउने युक्ति हामीले किन नगर्ने?"
११ सबै इस्राएलले भनेका कुरा राजाको
कानमा पुग्यो। तब तिनले सादोक र
एबीयातार पूजाहारीहरूलाई यसो भनिपठाए,
"यहूदाका बूढ़ा-प्रधानहरूलाई सोध कि तिनीहरू
राजालाई तिनका महलमा ल्याउनलाई किन
सबैभन्दा पछि हुने?" १२ तिनीहरूलाई
भन, "तिमीहरू मेरा दाज्यू-भाइ हौ, मेरै
हाड़ र मासु। मलाई ल्याउनलाई तिमीहरू
किन सबैभन्दा पछिल्ला हुने?" १३ औ
अमासालाई भन, "तिमी ता मेरै हाड़ र
मासु हौ। तिमी योआबको सट्टामा तिम्रो
जीवनभरिने मेरो सेनापति हुनेछौ, परमप्रभुले
यस्तै गरून्।" १४ दाऊदको यो समाचारले
यहूदाका सबै मानिसहरूको मन खिँच्यो, औ
तिनीहरूले राजालाई आफ्ना सबै मानिसहरूका
साथ फर्कनुहोस् भनी आग्रह गरी पठाए।
१५ यसैले राजा यर्दनमा आए। औ
यहूदाका मानिसहरू तिनलाई भेट्न र नदी पारि
लैजानलाई गिल्गालमा आए। १६ गेराको
छोरा बहूरीमका शिमी पनि बिन्यामीनका
एक हजार मानिसहरूसँग दाऊद राजालाई
भेट्नलाई हतार हतार गरी यहूदाका मानिसहरू
सँगसँगै आए। १७ शाऊलका घरानाका
नोकर सीबा पनि आफ्ना पन्ध्र भाइ छोरा र
बीस जना नोकरसमेत त्यहाँ थिए। तिनीहरू
राजाले हेर्दा हेर्दै यर्दन नदीमा कुदेर गए,
१८ र राजाको निगाह प्राप्त गर्नलाई राजाका
घरानालाई वारि र पारि गर्दै तारे। गेराका
छोरा शिमी पनि यर्दन पारि गरेपछि राजाको
सामने घोप्टो परे, १९ र राजलाई भने,
"हजूरले यरूशलेम छोड़नुहुँदा हजूरको दासले
कस्तो निर्लज्ज व्यवहार गरेको थियो ती सबै
हजूरले नसम्झनुहोला भन्ने मेरो बिन्ती छ।
त्यो कुरा राजाले मनमा नराख्नुहोला।
२० किनभने मैले खराब काम गरें भनी म
स्वीकार गर्दछु, औ हजूरलाई यहाँ भेट्न
यूसुफको घरानाको पहिलो मानिस मनै हुँ।"
२१ तर सरूयाहको छोरा अबीशैले विरोध
गरेर भने, "परमप्रभुका अभिषिक्त राजालाई
सरापेको हुनाले शिमी मारिनु पर्दैन र?"
२२ दाऊदले जवाफ दिए, "हे सरूयाहका
छोरा हो, मेरो विरुद्धमा जानु आज तिमी-
हरूलाई के अधिकार छ? आजको दिन
इस्राएलमा कित्त कुनै मानिस मारिने? अब
मलाई थाह भयो कि म इस्राएलका राजा
भएँ।" २३ तब राजाले शिमीलाई भने,
"तँ मारिनेछैनस्।" औ राजाले शपथ खाएर
यी कुरालाई पक्का गरे।
२४ शाऊलका नाति मपीबोशेत पनि
राजालाई भेट्नलाई तल झरे। राजा बाहिर
गएको दिनदेखि विजयसाथ नफर्केको दिनसम्म
तिनले नता आफ्ना खुट्टाका नङ्ग, न दाहीनै
काटेका थिए, न आफ्ना लुगाहरू धोएका
थिए। २५ जब तिनी यरूशलेमबाट राजालाई
भेट्न आए, तब दाऊदले तिनलाई भने,
"मपीबोशेत, तिमी किन मसित आएनौ?"
२६ तिनले जवाफ दिए, "हजूर, मेरो नोकरले
मलाई धोखा दियो। म ता गधामा
जीन-लगाम कसेर राजाका साथमा जानलाई
इच्छा गरेको थिएँ, किनभने म लङ्गड़ा छु।
२७ त्यसको कुराहरूले हजूरलाई मेरो विरुद्धमा
उठाए। हजूर परमेश्वरका दूतजस्तै हुनुहुन्छ।
हजूरलाई जे ठीक लाग्छ सो गर्नुहोस्।
२८ मेरा पिताका सबै घराना, सबका सब,
हजूरको हातबाट मारिने योग्यका थिए, तर

हजूरको दास, मलाई, हजूरले हजूरसँगै खान
दिनुभयो । यसभन्दा बढ़ी निगाह मैंले
अरू के आशा गर्नु र ?'' २९ राजाले
जवाफ दिए, ''बस भयो । मैंले यो निश्चय
गरिसकेको छु—तिमी र सीबाले जग्गा-
जमीन बाँड़ेर लानू ।'' ३० मपीबोशेतले भने,
''त्यसैलेनै सबै लैजाओस्, किनभने हजूर
कुशलसित घर आइपुग्नुभयो ।''
३१ गिलादी बर्जिल्ले पनि रागलीमबाट
तल आए, र राजालाई यर्दन पारि पुऱ्या-
उनलाई राजासँगै यर्दनमा आए । ३२ बर्जिल्ले
चाहिँ अस्सी वर्षका साह्रै वृद्ध मानिस थिए,
राजा महनैममा बस्ता तिनलेनै राजालाई
खानेकुरा जुटाइदिएका थिए, किनभने तिनी
खूबै धनाढ्य मानिस थिए । ३३ राजाले
बर्जिल्लेलाई भने, ''मसँग पार तरेर जाऔं,
म तिम्रो बूढ़ेस-कालको निम्ति यरूशलेममा
मेरो घरानासँग तिम्रो बस्ने-खाने प्रबन्ध
गरिदिनेछु ।'' ३४ बर्जिल्लेले उत्तर दिए,
''हजूरको दास हजूरसँग यरूशलेममा जानलाई
साह्रै वृद्ध भएको छ । ३५ म अस्सी वर्ष
पुगिसकें । असल र खराबको ज्ञान अब मलाई
छैन । मैंले खाएको पिएको कुराको मलाई
स्वाद हुँदैन । पुरुष र स्त्रीले गाएको सोर म
सुन्नसक्तिनँ । यसकारण म अझै हजूरको
साथमा भार किन हुने ? ३६ हजूरको
दास यर्दन पारि अलिक परसम्म
हजूरको साथमा जानेछ । औ राजाले
मलाई किन यस्तो असल इनाम दिनुहुन्छ ?
३७ मलाई फर्कनलाई अनुमति दिनुहोस्, र
मेरा माता-पिताका चिहानको नजीक, मेरै
शहरमा, मेरो बाँकी दिन बिताउनसकूँला ।
यहाँ मेरो छोरा किमहाम छ । त्यसलाई
हजूरसँग पारि लैजानुहोस्, औ हजूरलाई जे
असल लाग्छ त्यससँग गर्नुहोस् ।'' ३८ राजाले
जवाफ दिए, ''त्यसो भए किमहाम मसँग
पारि जाओस्, र तिमीलाई जे असल लाग्छ
सो म त्यससँग गर्नेछु । औ तिमी जे माग्छौ
सो म तिम्रो निम्ति गर्नेछु ।''
३९ तब सबै मानिसहरू यर्दन पारि तरे,
औ राजा चाहिँ पर्खिरहे । तब राजाले
बर्जिल्लेलाई चुम्बन गरे, र तिनलाई आशीर्वाद
दिए । बर्जिल्ले आफ्नो घरमा फर्किगए
४० त्यसपछि राजा पारि तरेर गिलगालमा
आए, औ किमहाम तिनीसँग थिए । यहूदाका
सबै मानिसहरू र इस्राएलका आधा मानिस-
हरूले राजालाई नदी पारि पुऱ्याए ।
४१ इस्राएलका मानिसहरू एक साथ
जम्मा भएर राजाकहाँ आए, र यसो भने,
''किन हाम्रा दाज्यू-भाइ, यहूदाका मानिसहरूले
हजूरलाई लगे, औ राजा र तिनका घराना-
लाई र हजूरसँग हजूरका मानिसहरूसँग लागेर
यर्दन पारि ल्याए ?'' ४२ तब यहूदाका
मानिसहरूले जवाफ दिए, ''किनभने महाराजा
ता हाम्रा नजीकका आफन्त हुनुहुन्छ । यसमा
तपाईंहरू किन रिसाउनुहुन्छ ? के हामीले
राजाको धन खाएका छौं ? के हामीले केही
उपहार लिएका छौं ?'' ४३ इस्राएलका
मानिसहरूले जवाफ दिए, ''राजामा हामीलाई
तपाईंहरूभन्दा दश गुणा ज्यादा चासो
छ, औ त्यसबाहेक, हामी तपाईंहरूभन्दा
जेठा हौं । तपाईंहरू हामीलाई किन तुच्छ-
सम्झनुहुन्छ ? राजालाई फर्काइल्याउने कुरा के
हामीले निकालेका, थिएनौं र ?'' तर यहूदाका
मानिसहरूले इस्राएलका मानिसहरूभन्दा झन्
कड़ा कुरा गरे ।

योआबले शेबाको विद्रोहलाई दमन गरेका

२० शेबा नाउँ भएको एउटा दुष्ट
मानिस थियो । त्यो बिन्यामिनी बिक्रीको
छोरो थियो त्यसले तुरही फुक्यो, र कराएर
भन्यो,

दाऊदमा हाम्रो के भाग छ ?
यिशैको छोरामा हाम्रो केही अधिकार
छैन ।
हे इस्राएल ! तिमीहरू आफ्नो आफ्नो
घरमा जाऊ ।

२ यसैले बिक्रीको छोरा शेबाको पछि
लाग्नलाई इस्राएलका मानिसहरूले दाऊदलाई
छोड़िदिए, तर यहूदाका मानिसहरू चाहिं
दाऊदको साथमा लागिरहे, र यर्दनदेखि
यरूशलेमसम्म तिनका पछि लागे।
३ जब दाऊद यरूशलेममा आफ्नो घरमा
आए तब तिनले आफ्नो महलको हेरचाहा
गर्नलाई राखेका ती दश जना उप-पत्नीहरूलाई
लिएर नजरबन्दी गरे। तिनले तिनीहरूको
भोजनको प्रबन्ध गरिदिए, तर तिनीहरूसित
संभोग गरेनन्। यसरी तिनीहरूको मृत्युको
दिनसम्मै तिनीहरू नजरबन्दीमै रहे, र
तिनीहरू आफ्ना यौवनकाल्मानै विधवासरह
बसे।
४ राजाले अमासालाई भने, "यहूदाका
मानिसहरूलाई भेला गर, र तीन दिनभित्रै
फेरि यहाँ मकहाँ हाजिर होऊ।" ५ यसैले
अमासा यहूदाका मानिसहरूलाई भेला गर्नलाई
गए, तर राजाले तोकेको समयभन्दा ज्यादै
समय तिनलाई लाग्यो। ६ अनि दाऊदले
अबीशैलाई भने, "बिक्रीको छोरा शेबाले ता
हामीलाई अब्शालोमभन्दा पनि ज्यादा दुःख
दिनेछ। राजाका अङ्गरक्षकहरूलाई लगेर
त्यसलाई पछिपछि खेद। त्यसले कुनै पर्खाल
भएको शहरलाई लियो भनेता त्यो हाम्रो
हातबाट उम्केला।" ७ करेती र पलेती
अङ्गरक्षक र सबै लड़ाकु मानिसहरूका साथमा
योआब पनि अबीशैको पछि लागे। तिनीहरू
बिक्रीको छोरा शेबालाई खेद्न यरूशलेमबाट
हिंडे। ८ जब तिनीहरू गिबोनको ठूलो
ढुङ्गानेर आइपुगे तब अमासा तिनीहरूलाई
भेट्न आए। त्यस बेला योआबले चाहिं
जङ्गी-पोशाक लाएका थिए, र त्यसमाथि
एउटा पटुका थियो, औ त्यसमा म्यानसमेतको
एउटा तरवार भिरिराखेका थिए। ९ आफ्नो
धोखाबाजीलाई छिपाएर अगि बढ़ेर
अमासालाई तिनले भने, "हे मेरो भाइ
अमासा, तिमीलाई कुशले होला।" औ
तिनले अमासालाई चुम्बन गर्नलाई तिनको
दाहिने हातले अमासाको दाह्री समाते।
१० अमासाले योआबको हातमा भएको
तरवारको ख्यालै गरेनन्। अनि योआबले
तिनको भुँडीमा त्यसले रोपिदिए, र तिनको
आन्द्रा-भुँड़ी भूइँमा झऱ्यो। तिनले दोस्रोपल्ट
हिर्काउनै परेन, किनभने अमासा मरिहाले। तब
योआब र तिनको भाइ अबीशै बिक्रीको छोरा
शेबालाई खेद्दै गए। ११ औ योआबका
जवान मानिसहरूमध्येको एक जनाले अमासाको
लाशको छेउमा उभेर कराई भन्यो, "योआब
र दाऊदका तर्फ हुनेहरू सबैले योआबलाई
पछ्याओस्।" १२ अमासाको लाश रगतमा
लट्पटिएर मूल-बाटोको बीचमा पड़िरहेको
थियो, औ जब त्यस मानिसले सबै मानिस-
हरूलाई त्यहाँ अड़िएका देख्यो, तब त्यसले
अमासाको लाशलाई बाटोदेखि परतिर खेतमा
घिस्याउँदै लगेर त्यहाँ फ्याकिदियो, र त्यस-
लाई एउटा लुगाले ढाकिदियो। किनभने
त्यताबाट भएर आउने हरेक मानिस त्यस
लाशलाई देखेर त्यहाँ अड़िन्थ्यो। १३ तिन-
लाई मूल-बाटोदेखि घिस्याएर लगेपछि तिनीहरू
सबै बिक्रीको छोरा शेबालाई खेद्न योआबको
पछि लागे।
१४ आबेल-बेत-माकामा आइनपुगुन्जेल
शेबा इस्राएलका सबै कुलहरूबाट भएर
गयो। औ बिक्रीका सबै कुल त्यसको चारै-
तिर भेला भए, र त्यसको पछिपछि शहरभित्र
पसे। १५ योआबको फौज आएर त्यसलाई
आबेल-बेत-माकामा घेऱ्यो, औ पर्खालको
छेउमा घेरा-मचान बनायो, र पर्खाल ढाल्नलाई
भूइँ खन्नलाग्यो। १६ तब एउटी बुद्धिमती
स्त्री बाहिरको पर्खालमा खड़ा भइन्, र
शहरबाट कराएर भनिन्, "सुन्नुहोस्!
सुन्नुहोस्! योआबलाई अगि आउनु भनि-
दिनुहोस्, र म तिनीसित कुरा गर्नेछु।"
१७ तब योआब अगि आए, र त्यस स्त्रीले
भनिन्, के तपाइं योआब हुनुहुन्छ? तिनले
जवाफ दिए, "अँ, मने हुँ।" तिनले भनिन्,
"हे महाशय, म के कुरा भनिरहेछु सो

राम्ररी सुन्नुहोस् ।" तिनले भने, "म
सुन्दैछु ।" १८ तिनले भनिन्, "उहिले ता
यस्तो भनाइ थियो, 'जवाफ पाउनु आबेल
जानु।' औ त्यसरीनै कुरा फैसला हुन्थ्यो।
१९ मेरो शहर इस्राएलका शहरहरूमध्ये एक
शान्तिप्रिय र राजभक्त शहर गनिन्छ। त्यो
ता इस्राएलमा एउटी हेरचाहा गर्ने आमाजस्तै
छ, औ तपाइं चाहिं त्यसलाई नाश
गर्नखोज्नुहुन्छ। के परमप्रभुका आफ्नै
अधिकारलाई तपाइं नष्ट गर्नचाहनुहुन्छ?"
२० योआबले जवाफ दिए, "परमेश्वरले यस्तो
नगरून्, नष्ट गर्नु चाहिं मबाट परै रहोस्।
२१ त्यो हाम्रो उद्देश्य होइन। तर
एप्रैमको पहाडीदेशको एक जना मानिस,
बिक्रीको छोरा शेबा दाऊद राजाको विरुद्धमा
विद्रोह गर्नलाई खडा भएको छ। त्यही एक
जना मानिसलाई हामीकहाँ सुम्पिदेऊ, र हामी
शहरबाट हटिजानेछौं।" त्यस स्त्रीले
योआबलाई भनिन्, "त्यसको टाउको तपाइं-
कहाँ पर्खालबाहिर फालिदिइनेछ।" २२ तब
ती स्त्री गइन्, र भेला भएका सबै
मानिसलाई त्यसको बुद्धिले आफूतिर पल्टाइन्।
तिनीहरूले शेबाको टाउको काटेर योआबकहाँ
फ्याँकिदिए। तब योआबले तुरही बजाए, र
सबै सेना शहर छोडेर आफ्नो आफ्नो
घरतिर लागे, तर योआब चाहिं राजाकहाँ
यरूशलेममा फर्केर गए।

अधिकारीवर्गको सूची

२३ योआब सम्पूर्ण इस्राएली फौजका
सेनापति थिए, औ यहोयादाका छोरा बनायाह
करेती र पलेती अङ्गरक्षकहरूका सेनापति थिए।
२४ बेगारी काममा ल्याउनेहरूको जिम्मा
अदोरामको हातमा थियो। अहीलूदको छोरा
यहोशापात मुख्य मंत्री थिए। २५ शेबा
चाहिं सैनिकसचिव थिए, औ सादोक र
एबीयातार पूजाहारीहरू थिए। २६ याइरी
ईरा चाहिं दाऊदका पूरोहित थिए।

अनिकाल र रिस्पाको कथा

२१ दाऊदको राजत्वकालमा तीन वर्षसम्म
अनिकाल पर्‍यो। तब दाऊदले
परमप्रभुसित सोधे। औ परमप्रभुले भन्नुभयो,
"शाऊल र त्यसको घरानामाथि रगतको दोष
परेको छ, किनभने त्यसले गिबोनीहरूलाई
मार्‍यो।" २ (गिबोनीहरू इस्राएलका कुलका
थिएनन्। तिनीहरू एमोरी वंशका बचेकाहरू
थिए, जसलाई इस्राएलीहरूले बचाइराख्ने शपथ
खाएका थिए। तापनि शाऊलले इस्राएल र
यहूदाका निम्ति आफ्नो जोशमा तिनीहरूलाई
मेटिदिने प्रयास गरेका थिए)। यसैकारण
दाऊद राजाले गिबोनीहरूलाई बोलाएर भने,
३ "म तिमीहरूका निम्ति के गरूँ?
परमप्रभुका आफ्नै निज लोकलाई तिमीहरूले
आशीर्वाद दिनलाई म कसरी प्रायश्चित
गर्नसक्छु?" ४ गिबोनीहरूले जवाफ दिए,
"शाऊल र तिनको घरानासँगको हाम्रो झगडा
सुन र चाँदीले मिलाउनसकिँदैन, औ
इस्राएलमा एउटै मानिस छैन जसको मृत्युले
हामी सन्तुष्ट हुनेछौं।" तब दाऊदले सोधे,
"त्यसो भए मैले तिमीहरूका निम्ति के गर्ने
त?" ५ तिनीहरूले जवाफ दिए, "जुन
मानिसले हाम्रो बर्बादी गर्‍यो र हाम्रो
सत्यानाश गर्‍यो, त्यसलाई खतम पार्न
हामीलाई सुम्पनुहोस्, र त्यसले इस्राएलको
सीमानाभित्र कतै पनि स्थान नपाओस्।
६ त्यस मानिसका सात जना छोराहरूलाई
हामीकहाँ सुम्पिदिनुहोस्, र परमप्रभुका
चुनिएका राजा शाऊलको गिबामा परमप्रभुकै
सामने हामी तिनीहरूलाई तल झुण्ड्याइदिएर
मार्नेछौं।" तिनीहरूलाई सुम्पिदिन राजा
सहमत भए। ७ तर दाऊदले परमप्रभुको
नाउँमा र शाऊलको छोरा जोनाथनको
नाउँमा शपथ खाएको हुनाले शाऊलको
नाति जोनाथनको छोरा मपीबोशेतलाई
बचाइराखे। ८ राजाले एयाहकी छोरी
रिस्पाले शाऊलबाट जन्माएका दुइ छोरा,

आरमोनी र मपीबोशेत, र शाऊलकी छोरी
मेराबले महलोती बर्जिल्लेका छोरा अद्रीएलबाट
जन्माएका पाँच जना छोराहरूलाई लिए।
९ तिनले उनीहरूलाई गिबोनीहरूका हातमा
सुम्पिदिए, र तिनीहरूले उनीहरूलाई परम-
प्रभुको सामने पहाड़देखि तल हुत्याइदिए। ती
सातै जना एक साथ तल खसे। तिनीहरू
जौको कटनीको शुरूमा फसलको पहिलो
दिनमा मारिए।

१० एयाहकी छोरी रिश्पाले भाङ्रा
लिएर कटनीको शुरूदेखि जबसम्म आकाश-
बाट पानी तिनीहरूका मृत-शरीरमा परेन
तबसम्म आफ्नो निम्ति त्यस चटानमा
ओछ्यानजस्तै बनाई। त्यसले दिनमा
आकाशका पक्षीहरूलाई र राती जङ्गलका
पशुहरूलाई ती लाशहरू खान दिइन।
११ जब शाऊलकी उप-पत्नी एयाहकी
छोरी रिश्पाले गरेकी कुरा दाऊदलाई
सुनाइयो, १२ तब तिनी गएर शाऊल र
तिनका छोरा जोनाथनका हड्डीहरू याबेश
गिलादका मानिसहरूबाट ल्याए। यी मानिस-
हरूले ती हड्डीहरू पलिश्तीहरूले शाऊललाई
गिल्बोमा जितेको दिन झुण्डाएको ठाउँ, अर्थात्
बेतशानको चोकबाट चोरेर लगेका थिए।
१३ तिनले त्यहाँबाट शाऊल र जोनाथनका
हड्डीहरू ल्याए, औ हुत्याएर खसालिदिएका
मानिसहरूका हड्डीहरू जम्मा गर्न लगाए।
१४ तिनीहरूले शाऊल र तिनका छोरा
जोनाथनका हड्डीहरू बिन्यामीनको देशको जेला
भन्ने ठाउँमा शाऊलका पिता कीशको
चिहानमा गाड़े। राजाले तिनीहरूलाई जे जे
गर्नू भनी हुकुम गरेका थिए ती सबै तिनीहरूले
गरे। त्यसपछि देशको निम्ति चढ़ाएको
प्रार्थना ग्रहण गर्नलाई परमप्रभु राजी हुनुभयो।

दाऊदका वीरहरू र तिनका विजयहरू

१५ फेरि एकपल्ट पलिश्ती र इस्राएली-
हरूका बीचमा लड़ाइँ चम्कियो। दाऊद र
तिनका मानिसहरू लड़ाइँ गर्नलाई झरे, तर
जब तिनी पलिश्तीहरूसँग लड़ाइँ गरिरहेका
थिए तब तिनी साह्रै क्लान्त भए। १६ तब
बनोबले, जो रपाईम जातिका थिए, औ
जसको काँसाको भाला तीन सय शेकेलको
थियो, जसले नयाँ तरवार भिरेको थियो,
दाऊदलाई पक्रेर मार्नलागेका थिए। १७ त्यसै
बेला सरूयाहको छोरा अबीशै दाऊदलाई
सहायता गर्नलाई आए। तिनले त्यस
पलिश्तीलाई हिर्काएर मारे। तब दाऊदका
अफिसरहरू इस्राएलको प्रकाशनै निभ्नेछ भन्ने
डरले दाऊद उनीहरूसँग लड़ाइँमा कहिल्यै
जानेछैनन् भनी शपथ खाए।

१८ केही समयपछि फेरि गोबमा
पलिश्तीहरूसँग लड़ाइँ चम्कियो। त्यस बेलानै
हुशाका सिब्बकैले रपाईमहरूको एउटा सन्तान
सफ भन्नेलाई मारे। १९ गोबमा पलिश्ती-
हरूसँगको अर्को लड़ाइँमा बेतलेहेमका याईरका
छोरा एल्हनानले गातको गोल्यतलाई मारे,
जसको भालाका बिँड़ जुलाहाको लुगा बनाउने
काठ जत्रो ठूलो थियो। २० गातमा भएको
अर्को एउटा लड़ाइँमा हात र खुट्टामा छ
छओटा औंला, जम्मा चौबीस औंला भएको
एउटा राक्षस देखा पर्‍यो। त्यो पनि
रपाईमकै सन्तान थियो। २१ औ जब
त्यसले इस्राएललाई धम्की दियो तब दाऊदका
दाज्यू शिमीको छोरा जोनाथनले त्यसलाई
मारे। २२ यी चार जना राक्षसजस्ता
मानिसहरू रपाईमका सन्तान गातमा बस्नेहरू
थिए। औ यी सबै दाऊद र तिनका
मानिसहरूका हातबाट मारिए।

दाऊदको धन्यवाद प्रदान

२२ जुन दिन परमप्रभुले दाऊदलाई तिनका
सबै शत्रुहरू र शाऊलका हातबाट
छुटाउनुभयो त्यस दिन तिनले गाएका भजनका
शब्दहरू यिनै हुन्,

२ परमप्रभु मेरा गढ़ी, किल्ला र उद्धारक

हुनुहुन्छ,
३ मेरा परमेश्वर, मेरा चटान, जहाँ म रक्षा पाउँदछु।
मेरा ढाल, मेरो पहाड़का गढ़ी, मेरो बलिया धरहरा।
मेरा शरणस्थान, मलाई उद्धार गर्नुहुने, जसले मलाई विपद्देखि बचाउनुहुन्छ।
४ म परमप्रभुको पुकारा गर्नेछु, जो सबै प्रशंसाको योग्य हुनुहुन्छ,
औ म मेरा शत्रुहरूदेखि छुटकारा पाउनेछु।
५ जब मृत्युका छालहरूले मलाई घेरे,
र नष्टकारी धारहरूले मलाई समाते,
६ पातालका डोरीहरूले मलाई चारैतिर कसे,
मृत्युका पासाहरूले मलाई घेरे,
७ तब मनको वेदनामा मैले परमप्रभुलाई पुकारें,
मैले सहायताको निम्ति मेरा परमेश्वरमा पुकारा गरें।
आफ्नो मन्दिरबाट उहाँले मेरो बिन्ती सुन्नुभयो,
र मेरो क्रन्दन उहाँको कानमा पुग्यो।
८ पृथ्वी डग्मगायो र हल्लियो,
आकाशका जगहरू कामे,
ती डग्मगाए, किनभने उहाँ रिसाउनुभएको थियो।
९ उहाँका नाकबाट धुवाँ निस्क्यो,
उहाँको मुखबाट भस्म गर्ने आगो निस्क्यो,
बलिरहेको आगोको भुँग्रो र डढ़ाउने ताप।
१० जब उहाँ तल झर्नुभयो, तब उहाँले आकाश पन्साउनुभयो,
उहाँका चरणमनि घोर अँध्यारो भयो।
११ उहाँ बतासका पखेटामा वेग हानेर झर्नुभयो।
१२ अन्धकारमा उहाँले आफैलाई पर्दाले जस्तै ढाक्नुभयो,
र बाक्लो बादललाई आफ्नो चँदुवा बनाउनुभयो।
१३ उहाँको सामने बिजुली चम्क्यो।
असीना र आगोको भुँग्रो।
१४ परमप्रभु स्वर्गबाट गर्जनुभयो,
औ सर्वोच्चले आफ्नो सोर सुनाउनुभयो।
१५ उहाँले आफ्ना काँड़हरू हान्नुभयो,
उहाँले ती चारैतिर वेगले फ्याँक्नुभयो,
उहाँका बिजुली-वाणहरू उहाँले गर्जनसाथ पठाउनुभयो।
१६ समुद्रका तहहरू देखा परे,
परमप्रभुको हप्काइमा, उहाँका नाकघाट निस्केको सासको झोंकामा पृथ्वीका जगहरू उघारिए।
१७ अग्लो ठाउँदेखि आफ्नो हात पसारेर उहाँले मलाई थाम्नुभयो,
उहाँले अथाह समुद्रहरूदेखि मलाई तानेर निकाल्नुभयो।
१८ मेरा शत्रुहरू बलिया भए,
तापनि उहाँले मलाई तिनीहरूका हातबाट छुटकारा दिनुभयो,
मेरा बैरीहरूदेखि, जब तिनीहरू मेरा निम्ति अति शक्तिशाली भएका थिए।
१९ मेरो जोखिमको बेलामा तिनीहरू मेरो विरुद्धमा उठे,
तर परमप्रभु मेरा आड़ हुनुभयो।
२० उहाँले मलाई बाहिर खुला ठाउँमा निकालेर ल्याउनुभयो,
उहाँ मसँग प्रसन्न हुनुभएकोले उहाँले मलाई उद्धार गर्नुभयो।
२१ मेरो धार्मिकताको इनाम परमप्रभुले मलाई दिनुभयो,
मेरा हात निर्दोष थिए, र उहाँले मलाई प्रतिफल दिनुभयो।
२२ किनभने म परमप्रभुको मार्गमा हिंडेका छु,
औ दुराचरन गरेर मेरा परमेश्वरबाट म तर्केको छैनँ।
२३ उहाँका सबै व्यवस्थाहरू मेरा आँखाकै सामने छन्,
उहाँका धार्मिक-विधानहरू पालन गर्न मैले बिराएको छैनँ।

२४ उहांको दृष्टिमा म निर्दोष थिएँ,
र जानी बुझी गर्ने पापदेखि म अलग बसें।
२५ मेरो धार्मिकताअनुसार र उहांको दृष्टिमा मेरो शुद्धताअनुसार
परमप्रभुले मलाई प्रतिफल दिनुभयो।
२६ भक्तसँग तपाईं भक्त देखा पर्नुहुन्छ,
निर्दोषसँग तपाईं निर्दोष देखा पर्नुहुन्छ।
२७ शुद्धसँग तपाईँ शुद्ध देखा पर्नुहुन्छ,
हठीसँग तपाईँ कठोर देखा पर्नुहुन्छ।
२८ नम्रहरूलाई तपाईं उद्धार गर्नुहुन्छ,
अहंकारीहरूलाई तपाईं तुच्छ दृष्टिले हेर्नुहुन्छ।
२९ हे परमप्रभु, तपाईं मेरो दियो हुनुहुन्छ,
औ परमप्रभुले मेरो अन्धकारमा ज्योति चम्काउनुहुन्छ।
३० तपाईंको सहायतालेनै ढिस्कुरो पार गर्नेछु,
मेरा परमेश्वरको मदतले म उफ्रेर पर्खाल नाघ्नेछु।
३१ परमेश्वरको मार्ग सिद्ध छ,
परमप्रभुको वचन जांचमा पक्का ठहरियो,
उहांमा शरण लिनेहरूका निम्ति उहां ढाल हुनुहुन्छ।
३२ परमप्रभुबाहेक—ईश्वर को छ?
हाम्रा परमेश्वरबाहेक अरू कुन चटान छ र?—
३३ उनै परमेश्वर जसले मलाई शक्तिले बलियो बनाउनुहुन्छ,
र मेरो चाल निर्दोष पार्नुहुन्छ,
३४ जसले मलाई मृगझैं तेज तुल्याउनुहुन्छ,
र मलाई पहाड़मा सुरक्षित राख्नुहुन्छ।
३५ जसले मेरा हातलाई युद्ध गर्न सिकाउँछन्
मेरो पाखुराले कांसाको टुप्पा भएको कांड ताक्छ।
३६ तपाईंले मलाई आफ्नो उद्धारको ढाल दिनुभएको छ,
तपाईंको योजनामा तपाईंले मलाई महान् तुल्याउनुहुन्छ।
३७ मेरा पाइलाको निम्ति तपाईंले ठाउँ बनाइदिनुहुन्छ,
मेरा खुट्टा चिप्लेनन्।
३८ म मेरा शत्रुहरूलाई खेदेर नाश गर्छु,
तिनीहरूलाई खतम नपारूञ्जेल म फर्केर आउँदिनँ।
३९ म तिनीहरूलाई खतम पार्छु, म तिनीहरूलाई हिर्काएर मार्छु।
तिनीहरू फेरि कहिल्यै उठ्नसक्तैनन्,
तिनीहरू मेरा खुट्टामनि लोट्छन्।
४० युद्धको निम्ति तपाईंले मलाई सुसज्जित पार्नुहुन्छ,
र मेरा बैरीहरूलाई मेरो सामने परास्त गर्नुहुन्छ।
४१ तपाईंले मेरा खुट्टा मेरा शत्रुहरूका गर्दनमा राखिदिनुहुन्छ,
र मलाई घृणा गर्नेहरूलाई म नाश गर्छु।
४२ तिनीहरू पुकारा गर्छन्, तर तिनीहरूलाई सहायता दिने कोही हुँदैन
तिनीहरू परमप्रभुको पुकारा गर्छन्, तर उहांले जवाफ दिनुहुन्न।
४३ भूईंको धूलोजस्तै म तिनीहरूलाई धूलो पीठो पार्नेछु,
गल्लीको हिलोझैं म तिनीहरूलाई कुल्चनेछु।
४४ मानिसहरूको हल्लादेखि तपाईंले मलाई छुटकारा दिनुहुन्छ,
र मलाई जाति जातिहरूका शासक बनाउनुहुन्छ।
मैले चिन्दै नचिनको जाति मेरा प्रजा हुनेछन्।
४५ विदेशीहरू लर्केर मकहां आउँछन्,
मेरो विषयमा सुन्ने बित्तिकै तिनीहरूले मेरो आज्ञा पालन गर्नेछन्।
४६ विदेशीहरू कैद गरिएर मकहां ल्याइनेछन्,
र तिनीहरू गढ़ीहरूबाट काम्दै आउनेछन्।
४७ परमप्रभु जीवित हुनुहुन्छ, मेरा चटान धन्यका होऊन्,
परमेश्वर मेरा चटान र कुशलको शरणस्थान्, सर्वोच्च हुनुहुन्छ। हे परमेश्वर,
४८ जसले मेरो निम्ति बदला लिनुहुन्छ,

जसले मानिसहरूलाई मेरो अधीनमा
पार्नुहुन्छ,
४९ जसले मलाई मेरा बैरीहरूबाट
छुटाउनुहुन्छ,
र मेरा शत्रुहरूलाई मेरो अधीन
गराउनुहुन्छ, तपाईंलेनै मलाई उपद्रव गर्ने
मानिसहरूबाट छुटाउनुहुन्छ।
५० यसकारण हे परमप्रभु,
जाति जातिहरूका बीचमा
म तपाईंको प्रशंसा गर्नेछु,
र तपाईंको नाउँमा भजन गाउनेछु।
५१ औ आफ्ना सबै कार्यहरूमा आफूले
अभिषेक गर्नुभएको राजाप्रति,
अर्थात् दाऊदप्रति, र त्यसको घरानाप्रति
दृढ़ प्रेम देखाउनुहुन्छ।

दाऊदका आखिरी वचनहरू

२३ दाऊदका आखिरी वचन यिनै हुन्,
यिशैको छोरो दाऊदका वाणी यिनै हुन्,
ती मानिसका वाणी यिनै हुन्, जसलाई
परमेश्वरले उच्च पार्नुभयो,
याकूबका परमेश्वरक अभिषिक्त राजा,
र इस्राएलका भजनहरू गाउनेको वाणी—
२ परमप्रभुका आत्मा मद्वारा बोल्नुभएको छ,
र उहाँको वचन मेरो मुखमा छ।
३ इस्राएलका परमेश्वर बोल्नुभयो,
इस्राएलका चटानले मेरो विषयमा
भन्नुभयो—
"जसले न्यायसित मानिसहरूमाथि
शासन गर्छ,
जसले परमेश्वरको भय राखीकन
शासन गर्छ,
४ त्यो सूर्योदय हुँदा बिहानको ज्योतिजस्तै छ,
त्यसको बिहान, जो पानी परेपछि
बादलरहित हुन्छ,
जसले जमीनबाट घाँस उमार्छ।"
५ निश्चय, निश्चयनै मेरा घराना परमेश्वर-
तर्फ साँचो छ,
किनभने उहाँले सबैका निम्ति मासँत
बाचा बाँध्नुभएको छ।
त्यसका शर्त्तहरू राखिए, र विश्वाससित
पालन गरिए,
मेरो जम्मै उद्धार, मेरो सबै आनन्द।
६ तर ईश्वरहीनहरूको टुसा पहलाउनेछैन,
तिनीहरू ता सबै एकातिर फ्याँकिएका
काँढ़ाजस्ता छन्,
तिनीहरूलाई उठाउन कसैले आँट गर्दैन।
७ फलामका हतियार वा काठका हतियारले
बाहेक तिनलाई कसैले छुँदैन।
ती आगोमा सल्काउनबाहेक केही कामको
योग्यका हुँदैनन्।

दाऊदका वीर वीर मानिसहरू र तिनीहरूले गरेका विजय

८ दाऊदका वीर वीर मानिसहरूका नाउँ
यिनै हुन्। पहिले तहकमोनी योशेब्बश्शेबेत
थिए—तीन जनामध्येका मुख्य। तिनले आठ
सय जनामाथि भाला चलाएर एकै खेपमा
तिनीहरू सबैलाई मारे। ९ तिनीपछि
अहोहीका नाति दोदोका छोरा एलाजार थिए,
जो यी तीन जना वीरमध्येका एक थिए।
तिनी दाऊदसित पास-दाम्मीमा थिए, जहाँ
पलिश्तीहरू युद्धका निम्ति जम्मा भएका थिए।
जब इस्राएलीहरू पछि हटे तब तिनी एक्लै
रण-भूमिमा खड़ा भएर, १० जबसम्म तिनी
थाकेनन्, तबसम्म तिनले पलिश्तीहरूलाई
तरवारले प्रहार गरिनै रहे, तिनको हातमा
तरवार टाँसिएको थियो। यसरी परमप्रभुले
त्यस दिन ठूलो विजय गराउनुभयो। त्यसपछि
मानिसहरू मारिएकाहरूलाई लूट्न मात्र तिनको
पछि जम्मा भए। ११ तिनीपछि हरारी
आग्रीका छोरा शम्मा थिए। पलिश्तीहरू लहीमा
भेला भएका थिए, जहाँ मसूर दालको खूबै
राम्रो एउटा खेत थियो। १२ औ जब
पलिश्तीहरूले मानिसहरूलाई खेदेर धपाए तब
तिनी त्यस खेतमा अड़िएर बसे, र त्यस खेतको

रक्षा गरे, औ ती पलिस्तीहरूलाई परास्त
गरे। यसरी परमप्रभुले फेरि ठूलो विजय
गराउनुभयो।
१३ कटनीको शुरूतिर ती तीस जना-
मध्येका तीन जना अदूलामको ओढ़ारमा
दाऊदकहाँ आए। औ पलिस्तीहरूको एक
दल चाहिँ रपाइंमको बेंसीमा छाउनी हालेर
बसेको थियो। १४ त्यस बेला दाऊद गढ़ीमा
थिए, औ एउटा पहरा-चौकीले बेतलेहेम कब्जामा
पारिराखेको थियो। १५ एक दिन दाऊद-
लाई साह्रो तिर्खा लाग्यो, र तिनले कराएर
भने, "बेतलेहेमको मूल-ढोकानेरको पानी खान
पाएता हुनेथियो।" १६ तब ती तीन जना
वीरहरू पलिस्तीहरूको छाउनीको बीचबाट
छिरिगएर बेतलेहेमको मूल-ढोकामा भएको
इनारको पानी ल्याएर दाऊदलाई दिए। तर
दाऊदले त्यो पानी पिउनलाई इन्कार गरे।
तिनले त्यो पानी परमप्रभुको सामने
खन्याइदिए, १७ र भने, "हे परमप्रभु,
मैले यो पानी पिउन नपरोस, के म यी
मानिसहरूको रगत पिऊँ, जसले यसको निम्ति
आफ्नो प्राण खतरामा हाले?" यसैले तिनले
त्यो पानी पिएनन्। ती तीन जनाको
वीरताको काम यस्तै थियो।
१८ सरुयाहको छोरा योआबको भाइ
अबीशै ती तीस जनामध्ये मुख्य थिए।
तिनले तीन सय जनाको विरुद्धमा आफ्नो
भाला चलाएर तिनीहरूलाई मारे। ती तीस
जनामध्येका तिनी प्रसिद्ध थिए। १९ कतिको
विचारअनुसार ती तीस जनामध्ये सबैको भन्दा
बेसी ख्याति तिनैको थियो, र तिनी उनीहरूका
कप्तान भए, तर ती तीन जनाको बराबरी
तिनी हुनसकेनन्। २० यहोयादाका छोरा
कब्सेलका बनायाह पनि एक वीर थिए।
तिनले धेरै वीरताका काम गरेका थिए।
तिनी त्यही थिए जसले मोआबका दुइ वीर
पुरुषहरूलाई मारेका थिए, औ जसले हिउँ
परेको बेलामा खाडलमा पसेर एउटा सिंह-
लाई मारेका थिए। २१ तिनलेनै सुन्दर
अनुहार भएको एक जना मिश्रीलाई मारे,
जसको हातमा एउटा भाला थियो। तिनी
एउटा लाठो लिएर त्यसकहाँ गए, र त्यस
मिश्रीको हातबाट भाला खोसेर त्यसकै भालाले
त्यसलाई मारे। २२ यहोयादाका छोरा
बनायाहका वीरताका काम यस्तै थिए। ती
तीस वीरहरूमध्ये तिनी प्रसिद्ध थिए।
२३ तिनी ती तीस जनाभन्दा अझ बढ़ी
प्रसिद्ध थिए, तर तिनी ती तीन जनाका
बराबरी हुनसकेनन्। दाऊदले तिनलाई आफ्नो
कप्तान नियुक्त गरे।
२४ योआबका भाइ असाहेल ती तीस
जनामध्येका एक थिए। बेतलेहेमका दोदोका
छोरा एल्हानान, २५ हरोदका शम्मा, हरोदका
एलीका, २६ बेत-पेलेतका हेलेस, तकोइका
इक्केशका छोरा ईरा, २७ अनातीतका
अबीएजेर, हुशातका मबुन्ने, २८ अदोही
सल्मोन र नतोपाका महरै, २९ नतोपाका
बानाका छोरा हेलेब, र बिन्यामीनको गिबाका
रीबैका छोरा इत्तै, ३० पिरातोनका
बनायाह, गाशका खोल्वाहरूका हिद्दै,
३१ बेत-अराबाका अबी-अल्बोन, बहूरीमका
अजमावेत, ३२ शाल्बोनका एल्याहबा,
३३ र गिजोनी याशेन, हरारी शम्माका
छोरा जोनाथन, र हरारी शारारका छोरा
अहीआम, ३४ मकातीका छोरा आहसबैका
छोरा एलीपेलेत, र गिलोनी अहीतोपेलका
छोरा एलीआम, ३५ कर्मेलका हेस्रो,
अर्बी पारै, ३६ सोबाका नातानका छोरा
यिगाल, गादी बानी, ३७ अम्मानी सेलेक,
बेरोतका नहरै, जो सरुयाहका छोरा योआबका
हतियार बोक्ने थिए, ३८ येतरी ईरा,
येतरी गारेब र हित्ती उरियाह— ३९ सबै
जम्मा सैंतीस जना थिए।

जन-गणना र त्यसको दण्ड

२४ एकपल्ट फेरि परमप्रभुको क्रोध
इस्राएलीहरूले थाह गरे, जब उहाँले

दाऊदलाई तिनीहरूका विरुद्धमा सुस्याउनुभयो,
र तिनले इस्राएल र यहूदाको गणना गरिओस्
भनेर हुकुम गरे। २ यसैकारण तिनले योआब
र तिनीसँग भएका सेनाका अफिसरहरूलाई
दानदेखि बेर्शेबासम्म इस्राएलका सबै कुलहरूका
चारैतिर गएर मानिसहरूका गणना गरेर
तिनका संख्या तिनीकहाँ ल्याऊन् भनी हुकुम
गरे। ३ योआबले तिनलाई भने, "यदि
परमप्रभु हजूरका परमेश्वरले सय गुणा मानिस-
हरू वृद्धि गरिदिनुभयो र हजूर त्यो देख्न
बाँच्नुभए तापनि त्यसले हजूरलाई के आनन्द
देला?" ४ तर राजाको आज्ञा योआब र
अफिसरहरूमाथि प्रबल भयो, र मानिसहरूको
गन्ती गर्नलाई तिनीहरू राजाको सामनेबाट
निस्के। ५ तिनीहरू यर्दन पार गरे, औ
अरोएर पहाड़हरूको साँघुरो बाटोदेखि मैदानमा
भएर गाद र याजेर मास्तिर अगि बढ़े।
६ तब तिनीहरू गिलाद र हित्तीहरूको देश,
कादेश र दानमा र सीदोनको फेरो मारे।
७ तिनीहरू सोरको पर्खाल भएको शहरसम्म
गए, र हिव्वी र कनानीहरूका सबै नगरहरूमा
गए। त्यसपछि यहूदाको दक्षिण भाग
बेर्शेबामा गए। ८ तिनीहरूले जम्मै देश
छिच्वले। औ नौ महीना बीस दिनपछि
यरूशलेममा फर्किआए। ९ तब योआबले
मानिसहरूको जम्मा संख्या राजालाई यसरी
बताइदिए—हतियार चलाउनसक्ने लड़ाकु
मानिसहरू इस्राएलमा आठ लाख र यहूदामा
पाँच लाख थिए।

१० मानिसहरूको जन-गणना गरिसकेपछि
दाऊदको विवेकले तिनलाई सतायो, र तिनले
परमप्रभुलाई भने, "मैंले साह्रै दुष्ट काम गरेछु!
हे परमप्रभु बिन्ती छ, आफ्नो दासको अपराध-
लाई दूर गर्नुहोस्, किनभने म साह्रै मूर्ख
भएँ।" ११ तिनी भोलिपल्ट बिहानै उठे।
तर यसै बीचमा 'गएर दाऊदलाई यसो भन्,
भन्ने परमप्रभुको आज्ञा दाऊदका अगमवक्ता
गादकहाँ आइसकेको थियो, १२ 'परमप्रभु
यसो भन्नुहुन्छ, 'म तेरो अगि तीनवटा कुरा
दिँदैछु। तीमध्ये एउटा चुन्, र त्यहीनै
म तँमाथि ल्याउनेछु'।' १३ तब गाद
आएर त्यही कुरा दोहोऱ्याएर तिनलाई भने,
"हजूरको देशमा तीन वर्षसम्म अनिकाल
परोस्, अथवा हजूर तीन महीनासम्म आफ्ना
शत्रुहरूले खेदेर भाग्दै रहून्, वा हजूरको
देशमा तीन दिनसम्म रूढ़ी चलोस्? खूब
होशियारीसित विचार गर्नुहोस्, र मलाई
पठाउनुहुनेकहाँ मैंले के जवाफ लानुपर्छ सो
भन्नुहोस्।" १४ तब दाऊदले गादलाई भने,
"मता साह्रै संकष्टमा परेको छु। हामीलाई
परमप्रभुको हातमा पर्नुनै बेस होला, किनभने
उहाँको करूणा महान् छ। औ मैंले मानिस-
हरूका हातमा पर्नु नपरोस्।"

१५ यसैकारण बिहानदेखि बेलुकीको
भोजन खाने समयसम्म इस्राएलभरि परमप्रभुले
रूढ़ी पठाइदिनुभयो, र दानदेखि बेर्शेबासम्म
सत्तर हजार मानिसहरू मरे। १६ तब
स्वर्गदूतले यरूशलेम नाश पार्नलाई त्यसतिर
आफ्नो हात पसारे। तर यस्तो बुराइ
गर्नदेखि परमप्रभुको मन बदल्यो, र
मानिसहरूलाई सत्यानाश गर्ने ती स्वर्गदूतलाई
उहाँले भन्नुभयो, "बस्, भयो। तेरो हात
थाम्।" त्यस बेला परमप्रभुका ती दूत यबूसी
अरौनाको खलाको छेउमा उभिरहेका थिए।
१७ जब दाऊदले मानिसहरू मार्दै गर्ने
ती स्वर्गदूतलाई देखे, तब तिनले परमप्रभुलाई
भने, "यो खराबी ता मैंले पो गरेको हुँ,
पाप मेरै हो। तर यी विचारा भेड़ाहरूले
के गरेका थिए? तपाइंको हात म र मेरो
घरानामाथि परोस्।" १८ त्यही दिन गाद
दाऊदकहाँ आएर तिनलाई भने, "गएर यबूसी
अरौनाको खलामा प्रभुको निम्ति एउटा वेदी
बनाउनुहोस्।" १९ गादले भनेझैं दाऊदले
गरे, र परमप्रभुले आज्ञा गर्नुभएझैं तिनी माथि
उक्लेर गए। २० जब अरौनाले राजा र
तिनका भारादारहरूलाई तिनी भएतिर आइ-
रहेका देखे, तब तिनी गएर राजाको सामने
घोप्टो परी दण्डवत् गरेर भने, "हजूर,

किन हजूरको दासलाई भेट गर्नलाई आउनु-
भयो ?'' २१ दाऊदले जवाफ दिए,
''मानिसहरूमाथि चलेको यो रूढ़ी बन्द होस्
भनी परमप्रभुको निम्ति एउटा वेदी बनाउन-
लाई तिम्रो खला किन्न भनी म आएको हुँ।''
२२ अरौनाले दाऊदलाई भने, ''बिन्ती छ,
हजूर, त्यो लानुहोस्, र जस्तो योग्य
सम्झनुहुन्छ त्यस्तो बलिदान चढ़ाउनुहोस्।
होमबलिको निम्ति मकहाँ गोरुहरू र दाउराको
निम्ति तिनका जूवा र दाइँ गर्ने दाउनिहरू
छन्।'' २३ अरौनाले यी सबै राजालाई
तिनका आफ्नै कामको निम्ति दिएर भने,
''परमप्रभु हजूरका परमेश्वरले हजूरले चढ़ाएको
बलिदान ग्रहण गरून्।'' २४ तर राजाले
अरौनालाई भने, ''होइन, म ती तिमीबाट
किन्नेछु। पैसै नपरेको चीज लिएर परमप्रभु
मेरा परमेश्वरलाई म बलिदान चढ़ाउनेछैनँ।''
यसकारण दाऊदले त्यो खला र गोरुहरू
चाँदीको पचास शेकेलमा किने। २५ त्यहाँ
तिनले परमप्रभुको निम्ति एउटा वेदी बनाए,
र होमबलि र मेलबलिहरू चढ़ाए। तब देशको
निम्ति तिनले गरेको प्रार्थना परमप्रभुले
स्वीकार गर्नुभयो, र इसाएलमा चलेको रूढ़ी
थामियो।

राजाहरूको पहिलो पुस्तक

दाऊदको वृद्धावस्था

1 अब दाऊद राजा साह्रै वृद्ध मानिस
भए, औ तिनलाई लुगा ओढ़ाइदिँदा
पनि तिनी तात्तिँदैन थिए। २ यसैकारण
तिनका सेवकहरूले तिनलाई यसो भने,
''हजूरको स्याहार-सुसार र हजूरको देखरेख
गर्नको निम्ति कुनै एउटी कुमारी हामी
खोज्छौं। त्यसले हजूरलाई न्यानो पार्न
त्यो हजूरसँगै सुतोस्। ३ तब सारा इस्राएल
देशभरि एउटी सुन्दरी कुमारी खोज्दा
तिनीहरूले शूनम्मी अबीशगलाई भेट्टाए, र
तिनलाई राजाकहाँ ल्याए। ४ तिनी अत्यन्त
सुन्दरी थिइन्। तिनले राजाको स्याहार-सुसार
र देखरेख गर्नलागिन्। तर राजाले तिनीसँग
संभोग गरेनन्।
५ अब हग्गीतको छोरा अदोनियाहले
'मनै राजा हुनेछु' भनी अहंकार गर्नलागे।
तिनले रथहरू, घोड़चढ़ीहरू र पचास जना
मानिसहरू आफ्नो अगिअगि दगुर्ने अघिबाटै
तयार गरेका थिए। ६ तिनका पिताले
तिनलाई सुधार्नलाई तिनका जीवनकालमा
कहिल्यै 'तैंले किन यस्तो व्यवहार गरिस्' भनेर
सम्झाएनन्। अदोनियाह पनि एक अत्यन्तै
सुन्दर मानिस थिए, औ उमेरमा अब्शालोम-
भन्दा कान्छो थिए। ७ तिनले सरुयाहका
छोरा योआब र एबीयातार पूजाहारीसँग
सल्लाह गरे, र उनीहरूले तिनलाई पूरा
सहायता दिए। ८ तर सादोक पूजाहारी,
यहोयादाका छोरा बनायाह, नातान
अगमवक्ता, शिमी, रेई र दाऊदका वीर वीर
अङ्गरक्षकहरू चाहिँ तिनीतर्फ लागेनन्।

९ अदोनियाहले एन्रोगेलको छेउमा भएको
जोहेलेत भन्ने ढुङ्गामा भेड़ाहरू, साँढ़ेहरू र
भैंसीहरू बलिदान चढ़ाए। तिनले आफ्ना
सबै राजकुमार भाइहरू र यहूदाका कुलहरूका
सबै राजकीय अफिसरहरूलाई निम्तो दिए।
१० तर तिनले नातान अगमवक्ता, बनायाह,
अङ्गरक्षकहरू र आफ्नो भाइ सुलेमानलाई
निम्तो दिएनन्।

११ तब नातानले सुलेमानकी आमा
बतशेबालाई भने, "के तपाईंले हग्गीतका
छोरा अदोनियाह राजा भए भन्ने कुरा
सुन्नुभएको छैन? औ यी कुरा हाम्रा
स्वामी दाऊदलाई थाहै छैन। १२ यसैले
सुन्नुहोस्, तपाईंको आफ्नै र तपाईंका
छोरा सुलेमानको सुरक्षाको निम्ति म तपाईंलाई
सल्लाह दिनेछु। १३ गएर दाऊद राजासँग
भेटेर उहाँलाई यसो भन्नुहोस्, 'के हजूरले
आफ्नी दासीसँग यसो भनेर शपथ खानुभएको
थिएन, कि मेरो छोरा सुलेमान हजूरपछि राजा
हुनेछ, र त्योनै हजूरको सिंहासनमा बस्नेछ।
तब किन अदोनियाह राजा भयो त?'
१४ औ तपाईं राजासँग कुरा गरिरहनुभएकै
बेलामा म तपाईंको पछि आउनेछु, र सबै
कुरा बताइदिनेछु।"

१५ तब बतशेबा राजाको भित्री कोठामा
गइन्। तिनी साह्रै वृद्ध भएका थिए, र शूनम्मी
अबीशगले तिनको स्याहार-सुसार गर्थिन्।
१६ बतशेबाले राजाको सामने निहुरेर दण्डवत्
गरिन्। राजाले भने, "तिमी के माग्छयौ?"
१७ तिनले भनिन्, "हे मेरा प्रभु,
हजूरले आफ्नी दासीसँग परमप्रभु हजूरका
परमेश्वरको नाउँमा यस्तो शपथ खानुभएको
थियो, कि मेरो छोरा सुलेमान हजूरपछि
राजा हुनेछ, र त्यो हजूरको सिंहासनमा
बस्नेछ। १८ तर यो कुरा हजूरले थाहै
नपाई अहिले अदोनियाह पो राजा भइसकेछ।
१९ त्यसले धेरै साँढ़ेहरू, भैंसीहरू र भेड़ाहरू
बलिदान चढ़ाएछ, औ सबै राजकुमारहरू,
एबीयातार पूजाहारी र सेनापति योआबलाई
निम्तो दिएछ। तर हजूरको दास सुलेमानलाई
चाहिं निम्तो दिएनछ। २० औ अब हे
महाराजा, हजूरपछि सिंहासनमा को विराजमान
हुनेछ भनेर हजूरले भनिदिऊन् भनी सारा
इस्राएलले हजूरलाईनै हेरिरहेका छन्।
२१ नत्रता जब हजूर आफ्ना पित्रहरूसित
सुतिजानुहुनेछ, तब मेरो छोरा सुलेमान र म
अपराधी ठहरिनेछौं।" २२ तिनी राजासँग
कुरा गरिरहेकै बेलामा नातान अगमवक्ता
आए। २३ नातान आएका छन् भनी
तिनीहरूले राजालाई सुनाइदिए। नातान आएर
भूइँसम्मै निहुरेर राजालाई दण्डवत् गरे।
२४ तिनले भने, "हे मेरा प्रभु, अदोनियाह
हजूरपछि राजा हुनेछन्, र हजूरको
सिंहासनमा तिनीनै बस्नेछन् भनी हजूरको
आदेश हो कि! २५ तिनी आज तल
ओर्लेर धेरै साँढ़ेहरू, भैंसीहरू र भेड़ाहरू
बलिदान चढ़ाइरहेका छन्, र सबै राजकुमार-
हरू, सेनापति योआब र एबीयातार पूजाहारीले
भोजमा निम्तो पाएका छन्। औ अहिले
यसै बेला उनीहरू तिनको सामने खाँदै,
पिउँदै र यसो भन्दै कराइरहेका छन्, 'राजा
अदोनियाह दीर्घायु होऊन्।' २६ तर तिनले
हजूरको दास मलाई, सादोक पूजाहारी,
यहोयादाका छोरा बनायाह र हजूरको दास
सुलेमानलाई निम्तो दिएनन्। २७ के यो
हजूरको आज्ञाद्वारा भएको हो? औ हामी
हजूरका दासहरूलाई चाहिं हजूरपछि सिंहासनमा
को बस्ने हो भनी हजूरले थाहै दिनुभएको
छैन!" २८ तब दाऊद राजाले भने, "बतशेबा-
लाई बोलाऊ।" तिनी राजाको सामने
आएर उभिइन्। २९ तब राजाले यसो
भनेर तिनीसँग शपथ खाए, "मेरा सबै
दुःखबाट मलाई छुटकारा दिनुहुने जीवित परम-
प्रभुको नाउँमा म भन्दछु। ३० परमप्रभु
इस्राएलका परमेश्वरको नाउँमा मैले यो शपथ
खाएको थिएँ, कि तिम्रो छोरा सुलेमाननै
मपछि राजा हुनेछ, र मेरो सिंहासनमा
बस्नेछ, औ आजको दिन म यो शपथलाई

पूरा गर्दैछु। ३१ बतशेबाले राजाको सामने
निहुरेर दण्डवत् गरी भनिन्, "मेरा प्रभु
महाराजा दीर्घायु होऊन्।"
३२ तब दाऊद राजाले भने, "सादोक
पूजाहारी, नातान अगमवक्ता र यहोयादाका
छोरा बनायाहलाई बोलाऊ।" तिनीहरू राजाको
सामने हाजिर भए। ३३ औ राजाले
उनीहरूलाई यसो भनेर आज्ञा दिए, "मेरा
घरानाका भारादारहरूलाई तिमीहरूसँग लैजाऊ,
र मेरो छोरो सुलेमानलाई राजाको खच्चरमा
सवार गराएर गीहोनसम्म साथै लैजाऊ।
३४ त्यहाँ सादोक पूजाहारी र नातान
अगमवक्ताले त्यसलाई इस्राएलमाथि राजा
अभिषेक गरून्। तुरही बजाऊ र यसो
भनेर कराऊ, 'राजा सुलेमान अमर
रहोस्।' ३५ त्यसलाई साथै महलमा ल्याऊ,
र त्यो आएर मेरो सिंहासनमा बस्नेछ, र
मेरो सट्टामा त्यसले राज्य गर्नेछ। किनभने
इस्राएल र यहूदामाथि राजा हुनलाई मैले
नियुक्त गरेको मानिस त्यहीनै हो।"
३६ यहोयादाका छोरा बनायाहले राजालाई
भने, "त्यसैनै गरिनेछ। औ परमप्रभु, मेरा
मालिक महाराजाका परमेश्वरले यस कामलाई
पक्का गरून्। ३७ जसरी हजूर महाराजासँग
परमप्रभु हुनुहुन्छ, त्यसरीनै उहाँ सुलेमानसँग
पनि होऊन्। उहाँले सुलेमानको सिंहासन मेरा
प्रभु राजा दाऊदको सिंहासनभन्दा पनि उच्च
बनाऊन्।"

सुलेमानको राज्याभिषेक

३८ तब सादोक पूजाहारी, नातान
अगमवक्ता, यहोयादाका छोरा बनायाह,
करेती र पलेती अङ्गरक्षकहरू तल झरेर
सुलेमानलाई राजा दाऊदको खच्चरमा सवार
गराए, औ तिनका साथ गीहोनमा गए।
३९ सादोक पूजाहारीले परमप्रभुको पालबाट
तेल राख्ने सीङ लिएर सुलेमानलाई तेलले
अभिषेक गरे। तिनीहरूले तुरही फुके, र
सबै मानिसहरूले कराएर भने, "राजा
सुलेमान अमर रहोस्।" ४० तब सबै
मानिसहरूले लावा-लस्करको साथमा धूमधाम-
सित बाँसुरी बजाउँदै, तिनीहरूको हल्लाले
जमीनै थर्काउँदै तिनलाई महलमा ल्याए।
४१ जब अदोनियाह र तिनका अतिथि-
हरूले खाइसकेका मात्र थिए तब तिनीहरूले
त्यो हल्ला सुने। तुरहीको आवाज सुनेर
योआबले भने, "शहरमा यो केको हल्ला?
के भयो?" ४२ तिनी यसो भनेर बोल्दै
थिए एबीयातार पूजाहारीको छोरा जोनाथन
आइपुगे। अदोनियाहले भने, "भित्र आऊ।
तिमी ता एक असल मानिस हौ। तिमीले
असल समाचार ल्याएको हुनुपर्छ।"
४३ जोनाथनले भने, "साँच्चै, हाम्रा
प्रभु राजा दाऊदले सुलेमानलाई राजा
तुल्याउनुभयो। ४४ औ तिनका साथमा
सादोक पूजाहारी, नातान अगमवक्ता,
यहोयादाका छोरा बनायाहलाई करेती र
पलेती अङ्गरक्षकका साथमा पठाउनुभएको छ।
तिनीहरूले उनलाई राजाको खच्चरमा सवार
गराए, ४५ र सादोक पूजाहारी र नातान
अगमवक्ताले तिनलाई गीहोनमा राजा
अभिषेक गरे, र तिनीहरूले उनलाई अहिले
धूमधामसाथ आनन्द मनाउँदै महलमा पुऱ्याए,
र शहरमा हल्ला भइरहेछ। त्यही आवाज
तपाईंहरूले सुन्नुभएको हो। ४६ त्यसभन्दा
अझ बढ़ी के भयो भने, राजाको सिंहासनमा
सुलेमान विराजमान भएका छन्। ४७ अनि
राजाका घरानाका सेवकहरू हाम्रा प्रभु
दाऊद राजालाई यसो भनेर अभिवादन
गर्नलाई गएका छन्, 'हजूरका परमेश्वरले
हजूरका छोरा सुलेमानको नाउँ हजूरको
भन्दा अझ प्रसिद्ध गराऊन्, र उहाँको
सिंहासन हजूरको भन्दा पनि अझ प्रतापी
बनाऊन्।" औ राजाले आफ्नो पलङ्गमा
बसेरनै दण्डवत् गरेर भने, ४८ 'परमप्रभु
इस्राएलका परमेश्वर धन्यका होऊन्, जसले
म जीवित छँदै मैले हेर्नलाई आजको दिन

मेरो सिंहासनमा एउटा उत्तराधिकारीलाई
बसाल्नुभयो' ।'' ४९ तब अदोनियाहका
अतिथिहरू सबै डरले जराक-जुरुक्कै उठेर
तितर-बितर भए। ५० अदोनियाह आफै पनि
सुलेमानदेखि डराएर जुरुक्क उठे, र गएर वेदीका
सीङहरू समाते। ५१ त्यसपछि तिनले यो
समाचार सुलेमान राजाकहाँ पठाए, 'अदोनियाह
सुलेमान राजादेखि डराएका छन्। तिनले
वेदीका सीङहरू समातेर यसो भनेका छन्,
'आफ्नो दासलाई तरवारले मार्नेछैन्' भनी
सुलेमान राजाले मेरो निम्ति शपथ खाएर
मलाई आश्वासन देऊन्।'' ५२ सुलेमानले
भने, ''यदि तिनले आफूलाई एक योग्य मानिस
हुन् भनी प्रमाण दिनसके भने तिनको कपालको
एउटा केश पनि भूइँमा खस्नेछैन। तर
तिनमा दुष्टता पाइयो भनेता तिनी निश्चयनै
मारिनेछन्।'' ५३ तब सुलेमान राजाले
मानिसहरू पठाएर तिनलाई वेदीबाट तल
ल्याए। तिनी आएर राजालाई साष्टाङ्ग
दण्डवत् गरे, औ सुलेमानले तिनलाई आफ्नो
घरमा जाने हुकुम गरे।

दाऊदको मृत्यु

२ जब दाऊदको मर्ने बेला नजीक आयो
तब तिनले आफ्नो छोरा सुलेमानलाई
यो आखिरी हुकुम गरे, २ ''संसारका
सबै मानिसहरूझैं म पनि संसार छोड्दैछु।
तँ चाहिं साहसी हो, र आफूलाई मर्दझैं
देखा। ३ परमप्रभु आफ्ना परमेश्वरतिरको
आफ्नो कर्त्तव्य पूरा गर्। उहाँको मार्गमा
हिंड्। उहाँका धर्म-विधिहरू र आज्ञाहरू,
उहाँका न्याय र आदेशहरू पालन गर्,
जुन चाहिं मोशाका व्यवस्थामा लेखेका छन्।
तैंले जे जे गर्छस् र तँ जहाँ कहीं
जान्छस् त्यसमा तेरो उन्नति होस्।
४ परमप्रभुले मेरो विषयमा यसो भन्नुभएको
प्रतिज्ञा उहाँले पूरा गरून्, ''यदि तेरो
सन्तानले आफ्नो पूरा हृदयले र आफ्नो
पूरा प्राणले मेरो दृष्टिमा विश्वासपूर्वक
हिंड्नलाई ध्यान दियो भने इस्राएलको
सिंहासनमा विराजमान हुनलाई तँलाई
उत्तराधिकारीको अभाव कहिल्यै हुनेछैन।''
५ सरूयाहको छोरा योआबले मसित
कस्तो व्यवहार गर्‍यो, र इस्राएलका दुइ
सेनापति नेराको छोरा अबनेर र येतेरको छोरा
अमासालाई त्यसले के गर्‍यो यो कुरा तँलाई
थाहै छ। त्यसले तिनीहरू दुवैलाई मार्‍यो, र
लड़ाइँको रक्तपातको काम जस्तै गरेर शान्ति
भङ्ग गर्‍यो। औ त्यही रगतले मेरो कम्मरको
पटुका र खुट्टाको जुत्तालाई कलंकित पार्‍यो।
६ तेरो बुद्धिले जे जसो बताउँछ त्यही-
अनुसार गर्, र त्यसको फुलेको कपाल
चैनसित चिहानमा नजाओस्।
७ गिलादका बर्जिल्लैको घरानामाथि
निरन्तर मित्रताको व्यवहार देखाउनू।
तिनीहरूले तेरो टेबलमा खाने गरून्।
तेरो दाज्यू अब्शालोमबाट म भागी
हिंड्दा तिनीहरूले मलाई मैत्रिक सत्कार
गरे।
८ बहूरीमको बिन्यामिनी गेरको छोरा
शिमीलाई नभुल्नू। म महनैममा गएको
दिन त्यसले मलाई खूबै श्रापेको थियो।
यो कुरा साँचो हो, कि यर्दन नदीमा
मलाई भेट्न त्यो आयो, र त्यसलाई
मार्दिनँ भनी मैले परमप्रभुको नाउँमा
शपथ खाएँ। ९ तर अब त्यसलाई
दण्ड नदिई तैंले नछोड़। तँ बुद्धिमानी
मानिस छस्, औ त्यसलाई कस्तो व्यवहार
गर्नुपर्छ सो तैंले जान्नेछस्। त्यसको फुलेको
कपाल चिहानमा रगतैसँग जाओस्।''
१० तब दाऊद आफ्ना पित्रहरूसित
सुते, र दाऊदको शहरको चिहानमा राखिए।
११ तिनले इस्राएलमा चालीस वर्षसम्म
राज्य गरे—सात वर्ष हेब्रोनमा र तेंतीस वर्ष
यरूशलेममा। १२ अनि सुलेमान आफ्ना
पिता दाऊदपछि राजा भए, र तिनी सिंहासनमा
स्थिर भए।

अदोनियाह र योआबको प्राणदण्ड

१३ तब हग्गीतको छोरा अदोनियाह
सुलेमानकी आमा बतशेबाकहाँ आए। तिनले
सोधिन्, "के तिमी मित्रकै रूपमा आएका
हौ?" अदोनियाहले जवाफ दिए, "मित्रजस्तै।
१४ मैले तपाईंलाई केही भन्नुछ।" तिनले
भनिन्, "भन।" १५ अदोनियाहले भने,
"तपाईंलाई थाह छ, कि सिंहासन ता मेरै
थियो, र सबै इस्राएलले मनै राजा हुनेछु भनी
विचार गरिरहेका थिए। तर मलाई उछिनेर
सिंहासन मेरो भाइको भयो। परमप्रभुको
इच्छाअनुसार त्यो तिनकोनै थियो। १६ औ
अब मैले तपाईंलाई एउटा बिन्ती चढ़ाउनुपरेको
छ। त्यो मलाई इन्कार नगर्नुहोला।" तिनले
भनिन्, "त्यो के हो?" १७ अदोनियाहले
जवाफ थिए, "मैले शूनम्मी अबीशागलाई
विवाह गर्नपाऊँ भनी सुलेमान राजालाई बिन्ती
गरिदिनुहोस्। उहाँले तपाईंको कुरा इन्कार
गर्नुहुनेछैन।" १८ बतशेबाले भनिन्, "हुन्छ,
म तिम्रो निम्ति कुरा गरिदिनेछु।" १९ यसैले
बतशेबा अदोनियाहको निम्ति कुरा गरिदिनलाई
राजाकहाँ गइन्। राजा तिनलाई स्वागत
गर्नलाई उठे, र तिनलाई चुम्बन गरे औ फेरि
सिंहासनमा बसे। राजा सुलेमानकी आमाको
निम्ति एउटा सिंहासन राखियो, र तिनी
उनको दाहिनेपट्टि बसिन्। २० तब तिनले
भनिन्, "मैले एउटा सानो बिन्ती तिमीसँग
गर्नुपरेको छ। त्यो मलाई इन्कार नगरिओस्।"
राजाले जवाफ दिए, "के भन्नुछ, आमा?
म तपाईंलाई त्यो इन्कार गर्नेछैनँ।"
२१ तिनले भनिन्, "शूनम्मी अबीशागको
विवाह तिम्रा दाज्यू अदोनियाहसँग गरिदेऊ।"
२२ तब सुलेमानले आफ्नी आमालाई जवाफ
दिए, "शूनम्मी अबीशागलाई अदोनियाहसँग
विवाह गरिदिनलाई तपाईं किन बिन्ती
गर्नुहुन्छ? तपाईंले सिंहासननै माग्नुभए पनि
हुन्थ्यो, किनभने तिनी मेरा दाज्यै हुन्,
औ एबीयातार पूजाहारी र सरूयाहका छोरा
योआब दुवै तिनीतिरै लागेका छन्।"
२३ तब सुलेमान राजाले परमप्रभुको नाउँको
शपथ खाएर भने, "यसको निम्ति अदोनियाहले
आफ्नो प्राण दिनुपर्नेछ। परमेश्वरले मलाई
सहायता गरून्। २४ मलाई स्थिर गर्नुहुने
र मलाई मेरा पिता दाऊदको सिंहासनमा
बसाल्नुहुने जीवित परमप्रभुको नाउँमा म
भन्दछु कि आजनै अदोनियाह मारिनेछ।"
२५ त्यसपछि सुलेमान राजाले यहोयादाका
छोरा बनायाहलाई हुकूम गरे, र तिनले
अदोनियाहलाई हिर्काएर मारे।
२६ एबीयातार पूजाहारीलाई राजाले
अनातोतमा आफ्नै जग्गा-जमीनमा जानलाई
हुकूम गरे। राजाले भने, "तिमी मारिन
योग्यका छौ, तर आज यस्तो काम भएको
छ तापनि म तिमीलाई मार्नेछैनँ, किनभने
तिमीले मेरा पिता दाऊदको सामने परमप्रभु
परमेश्वरको सन्दूक बोक्नेगर्थ्यौ, औ उहाँले
सहनुभएका सबै दुःखमा तिमी सम्भागी भएका
थियौ।" २७ यसैकारण सुलेमानले एबीयातार-
लाई परमप्रभुका पूजाहारीको कामबाट खारेज
गरिदिए। औ यसरीनै शीलोमा एलीको
घरानाको विरुद्धमा परमप्रभुले दिनुभएको
दण्डाज्ञा पूरा भयो।
२८ यी सबै कुराको समाचार योआबकहाँ
पुग्यो, र तिनी परमप्रभुको पालमा भागेर
गए, र वेदीका सीङ्हरू समातेर बसे,
किनभने तिनी अब्शालोमपट्टि नलागेका भए
तापनि अदोनियाहपट्टि ता लागेका थिए।
२९ योआब परमप्रभुको पालमा भागेर
वेदीको छेउमा बसेका छन् भन्ने कुरा जब
राजा सुलेमानले सुने, तब तिनले यहोयादाका
छोरा बनायाहलाई योआबलाई हिर्काएर मार्न
हुकूम दिएर पठाए। ३० बनायाह परमप्रभुको
पालमा आएर योआबलाई राजाको नाउँमा
बाहिर आउन हुकूम गरे। तर योआबले
भने, "अहँ, म यहींनै मर्छु।" ३१ बनायाहले
राजालाई योआबको कुरा सुनाए। औ राजाले
भने, "त्यसले भनेअनुसारनै गर। त्यसलाई

मारेर गाड़िदेऊ, र यसरी त्यसले विना
कारण बगाएको रगतको दोष म र मेरा
पिताका घरानाबाट दूर गरिदेऊ। ३२ आफ्नो
मृत्युको जिम्मा परमप्रभुले त्यसलाईनै लाउनु-
हुनेछ, किनभने त्यसले आफूभन्दा असल दुइ
जना निर्दोष मानिसहरू, इस्राएलका सेनापति
नेरका छोरा अबनेर र येतेरका छोरा यहूदाका
सेनापति अमासालाई मारेको थियो। मेरा
पिता दाऊदले थाहै नपाई त्यसले उनीहरूलाई
तरवारले घोंचेर मार्‍यो। ३३ उनीहरूका
रगतको दोष योआब र त्यसका सन्तानमाथि
सधैँभरि रहनेछ। तर दाऊद र उहाँका
सन्तान, औ उहाँका घराना र उहाँको
सिंहासनको परमप्रभुबाट निरन्तर उन्नति
हुनेछ।" ३४ यसैले यहोयादाका छोरा
बनायाह वेदीमा उक्लेर गए, र योआबलाई
हिर्काएर मारे, औ वनको छेउमा भएको
तिनको घरमा तिनलाई गाड़े। ३५ त्यसपछि
राजाले यहोयादाका छोरा बनायाहलाई
योआबको सट्टामा सेनापति नियुक्त गरे, र
एबीयातारको सट्टामा सादोकलाई विधिपूर्वक
अभिषेक गरे।

३६ त्यसपछि राजाले शिमीलाई बोलाइ-
पठाए, र तिनलाई भने, "यरूशलेममा
आफ्नो निम्ति एउटा घर बनाएर त्यहींनै
बस। शहर छोड़ेर अरू कुनै ठाउँमा तिमी
नजानू। ३७ शहर छोड़ेर किद्रोनको खोल्वा
पार गर्‍यौ भने तिमी मर्नेछौ। यस
विषयमा तिमीले भुल नगर्नू। त्यसो गरे
तिम्रो रगतको दोष तिमीमाथिनै पर्नेछ।"
३८ औ शिमीले राजालाई भन्यो, "हजूरले
दिनुभएको सजायलाई म स्वीकार गर्दछु।
हजूरले हुकूम गर्नुभएझैं म गर्नेछु।" त्यसैले
धेरै समयसम्म शिमी यरूशलेममा बस्यो।
३९ तर तीन वर्षपछि तिनका दुइ जना
दासहरू गातका राजा माकाको छोरा
आकीशकहाँ भागेर गए। ४० जब शिमीले
आफ्ना दासहरू गातमा छन् भनी सुन्यो,
तब त्यो तुरुन्तै आफ्नो गधामा जीन-लगाम
कसेर आफ्ना दासहरूलाई खोज्न आकीशकहाँ
गयो। त्यो गातमा आयो, र आफ्ना
दासहरूसँग फर्क्यो। ४१ जब सुलेमान राजालाई
शिमी यरूशलेमबाट गातमा गएर फर्केको
समाचार सुनाइयो, ४२ तब तिनले शिमी-
लाई बोलाइपठाए, र भने, "के मैले तिमीलाई
परमप्रभुको नाउँमा शपथ खान लाएको थिइनँ?
के मैले तिमीलाई यो कड़ा चेताउनी दिएको
थिइनँ?' 'यदि तिमी अर्को शहरमा जानलाई
यो शहर छोड़्यौ भने तिमी निश्चय मर्नेछौ?
औ यस विषयमा भुल नगर्नू।' औ तिमीले
भन्यो, 'हजूरले दिनुभएको सजायलाई म
स्वीकार गर्दछु। म हजूरको हुकूम पालन
गर्नेछु।' ४३ परमप्रभुको नाउँको शपथ र
मैले दिएको हुकूम तिमीले किन पालन
गरेनौ? ४४ हे शिमी, मेरा पिता दाऊद-
लाई गरेका सबै दुष्टयाइँ तिमीलाई थाहै छ।
परमप्रभुले त्यस दुष्टयाइँलाई तिम्रै शिरमा
खन्याउनुहुन्छ। ४५ तर सुलेमान राजा
आशीषित हुनेछ, औ परमप्रभुको सामने
दाऊदको सिंहासन सदा सर्वदै सुरक्षित रहनेछ।"
४६ त्यसपछि राजाले यहोयादाका छोरा
बनायाहलाई हुकूम दिए, र तिनी बाहिर गएर
शिमीलाई हिर्काए, र त्यो मर्‍यो। यसरी
सुलेमानको राजकीय शक्ति स्थिर भयो।

सुलेमानले बुद्धि रोजेका

३ सुलेमानले मिश्र देशका राजा फिरऊनकी
छोरीसँग विवाह गरेर तिनीसित
मित्रता बाँधे। आफ्नो महल, परमेश्वरको
भवन र यरूशलेमको चारैपट्टि पर्खाल बनाई
नसकुन्जेल सुलेमान राजाले तिनलाई दाऊदको
शहरमा ल्याएर राखे। २ मानिसहरूले चाहिँ
अझसम्म डाँड़ाहरू हुँदो पूजा गर्ने थानहरूमा
बलिदान चढ़ाउनेगर्थे। किनभने त्यस बेलासम्म
परमप्रभुको नाउँको सम्मानको निम्ति कुनै भवन
निर्माण गरिएको थिएन। ३ सुलेमान आफैले
चाहिँ आफ्ना पिता दाऊदले बनाएका धार्मिक-

विधानहरूको पालन गर्दै परमप्रभुलाईनै प्रेम
गर्थे। तर तिनले पनि डाँडाहरू हुँदो पूजा
गर्ने थानहरूमा पशुहरू मारेर बलिदान चढ़ाउँथे
र धूप बाल्थे।
४ एकपल्ट सुलेमान राजा गिबोनमा
बलिदान चढ़ाउनलाई गए, किनभने डाँड़ाको
सबैभन्दा मुख्य पूजा गर्ने थान त्यहीं थियो। औ
त्यहाँ वेदीमा तिनले एक हजार होमबलि
चढ़ाउने गर्दथिए। ५ त्यस रात त्यहाँ परमप्रभु
परमेश्वर सपनामा देखा परेर तिनलाई भन्नुभयो,
"म तँलाई के दिऊँ? मलाई भन्।"
६ सुलेमानले जवाफ दिए, "तपाईंले आफ्नो
दास मेरा पिता दाऊदलाई महान् र दृढ़ प्रेम
देखाउनुभयो, किनभने धार्मिकता र हृदयको
इमान्दारीमा भक्तिपूर्वक उहाँ तपाईंको सामने
हिंड्नुभयो। औ तपाईंले उहाँप्रति अझसम्म
यो महान् र दृढ़ प्रेम राखिछोड्नुभएको छ।
औ अब उहाँपछि सिंहासनमा बस्नलाई तपाईंले
उहाँलाई एउटा छोरा दिनुभएको छ। ७ औ
अब हे परमप्रभु मेरा परमेश्वर, तपाईंले म
सानै बालक मात्र र अगुवाइ गर्नमा निपुण
नभए तापनि आफ्नो दासलाई मेरा पिता
दाऊदको सट्टामा राजा तुल्याउनुभयो।
८ म यहाँ तपाईंले चुन्नुभएको तपाईंको
प्रजाको बीचमा छु, जो असंख्य र अनगन्ती
छ। ९ यसकारण तपाईंको प्रजालाई ठीकसित
शासन गर्नलाई बुझ्ने मन दिनुहोस्, र त्यसले
असल खराबको भेद छुट्याउनसकोस्। नत्रता
तपाईंको यस ठूलो प्रजालाई कसले शासन
गर्नसक्छ र?" १० सुलेमानले यो कुरा
मागेकोमा परमप्रभु अत्यन्त प्रसन्न हुनुभयो।
११ औ उहाँले तिनलाई भन्नुभयो, "किनभने
तैंले यो कुरा मागिस्, औ तैंले आफ्नो
निम्ति दीर्घायु, अथवा धन-सम्पत्ति वा तेरा
शत्रुहरूको प्राण मागिनस्, तर ठीकसित न्याय
गर्नलाई बुद्धि मागिस्, १२ यसकारण मैले
तेरो बिन्ती मञ्जूर गरें। म तँलाई यस्तो
बुद्धि र समझ भएको मन दिनेछु, कि तेरो
समयअघि तँजस्तै नता कोही थियो न तेरो
पछि अरू कोही हुनेछ। १३ यसबाहेक तैंले
नमागेको ती कुराहरू पनि दिनेछु, कि तेरो
समकालीन कुनै राजाले पनि तँसित दजाउन
नसक्ने धन-सम्पत्ति र मान म तँलाई दिनेछु।
१४ औ तेरा पिता दाऊदले गरेझैं यदि तँ
मेरो चालमा हिंड्सि् र मेरा धर्म-विधिहरू र
आज्ञाहरू पालन गरिस् भने, म तँलाई दीर्घायु
तुल्याउनेछु।" १५ तब तिनी ब्यूँझे, र यो
ता सपना रहेछ भनी तिनले थाह पाए।
त्यसपछि सुलेमान यरूशलेममा आए, र
परमप्रभुको करारको सन्दूकको सामने खड़ा
भए। त्यहाँ तिनले होमबलि र मेलबलि
चढ़ाएर आफ्नो सबै घरानालाई भोज दिए।

सुलेमानले बुद्धिसित न्याय गरेका

१६ त्यसपछि दुइजना स्वास्नीमानिसहरू
राजाको सामने आएर उभिए। तिनीहरू
वेश्या थिए। १७ पहिलोले भनी, "हे मेरा
प्रभु, यो आइमाई र म एउटै घरमा
बस्छौं, र त्यो मसँग हुँदा मैले एउटा नानी
जन्माएँ। १८ मेरो नानी जन्मेको तीन
दिनपछि त्यसले पनि नानी जन्माई।
त्यहाँ हामी मात्र थियौं। त्यस घरमा हामी-
बाहेक अरू कोही थिएन। हामी दुइ जना
मात्र त्यहाँ थियौं। १९ राती यस आइमाईले
आफ्नो नानी थिचेर मारीछ। २० औ मध्य-
रातमा त्यो उठेर म, हजूरको दासी, निदाएको
बेलामा मेरो छेउबाट मेरो नानी लगेर आफ्नो
काखमा राखीछ, र आफ्नो मरेको नानी चाहिं
मेरो काखमा राखिदिईछ। २१ म बिहान
नानीलाई दूध खुवाउन उठ्दा ता मैले
नानी मरेको भेट्टाएँ। तर मैले त्यसलाई
राम्ररी हेर्दा ता त्यो मैले जन्माएको मेरो
नानी होइन रहेछ।" २२ त्यो अर्को
आइमाईले कराएर भनी, "होइन, जिउँदो
नानी मेरै हो, तेरो चाहिं मरेको हो।" औ
पहिलोले भनी, "होइन, मरेको चाहिं तेरो
हो।" यसरी तिनीहरू राजाको सामने बाझ्न

लागे। २३ राजाले विचार गर्नलागे,
"एउटाले भन्छे, 'जिउँदो चाहिं मेरो हो,
मरेको तेरो हो।' औ अर्कीले भन्छे, 'होइन,
मरेको नानी तेरो हो, जिउँदो चाहिं
मेरो हो'।" २४ तब तिनले भने, "मलाई
एउटा तरवार ल्याइदेऊ।" तब तिनीहरूले
एउटा तरवार ल्याइदिए। २५ औ राजाले
यस्तो हुकूम दिए, "त्यस जिउँदो नानीलाई
दुइ टुक्रा गरी काट, औ आधा एउटालाई
र आधा अर्कीलाई देऊ।" २६ तब आफ्नो
नानीको मायाले भरिएर त्यस जिउँदो नानीकी
आमाले राजालाई भनी, "हे राजन्, त्यो
नानी त्यसलेनै लैजाओस्। तपाइंले जेसुकै
गरे तापनि त्यस नानीलाई नमार्नुहोस्।"
अर्कीले भनी, "त्यसलाई हामी दुवैले
लैजान नपाओस्। त्यसलाई दुइ टुक्रा गरी
काट्नुहोस्।" २७ तब राजाले आफ्नो न्यायको
फैसला यसरी सुनाइदिए, "त्यो जिउँदो नानी
पहिलो आइमाईलाई दिइहाल। त्यसलाई
नमार। नानीकी आमा त्यही हो।"
२८ राजाले दिनुभएको न्यायको फैसला सुनेर
इस्राएलीहरू सबको हृदयमा श्रद्धा र भयको
भावना उत्पन्न भयो, औ न्याय गरिदिनलाई
तिनीसँग परमेश्वरको बुद्धि रहेछ भनी तिनीहरूले
थाह पाए।

सुलेमान राजाको दरबार र तिनका अफिसरहरू

४ सुलेमान राजाले इस्राएलमाथि राज्य
गर्नलागे। २ तिनका अफिसरहरू
यिनै थिए—
पूजाहारी सादोकका छोरा अजर्याह—
तिथि बताउने अधिकारी थिए।
३ शीशाका छोरा अहियाह—फौजका प्रधान
सचिव थिए।
अहीलूदका छोरा यहोशापात—राज्यका
मुख्य सचिव थिए।
४ यहोयादाका छोरा बनायाह—सेनापति
थिए।
सादोक र एबीयातार—पूजाहारीहरू
थिए।
५ नातानका छोरा अजर्याह—प्रान्त प्रान्तका
राज्यपालहरूमाथिका अध्यक्ष थिए।
नातानका छोरा याबूद—राजाका मित्र
थिए।
६ अहीशार—राज-घरानाका हिसाब-किताब
राख्ने थिए।
अब्दाका छोरा अदोनीराम—बेगार काम
गर्नेहरूका अध्यक्ष थिए।
७ इस्राएलमाथि सुलेमानका बाह्र जना
प्रान्त प्रान्तका राज्यपालहरू थिए। तिनीहरूले
राजा तथा राज-घरानालाई खानेकुरा जुटाउँथे।
प्रत्येकले वर्षमा एक एक महीनाको खानेकुराको
जिम्मा लिएको थियो। ८ तिनीहरूका नाउँ
यिनै हुन्—
एफ्रैमको पहाड़ी-देशमा—बेनहूर।
९ माकाश, शाल्बीम, बेतशेमेश, एलोन
र बेत-हनानमा—बेन्देकेर।
१० अरुब्बोतमा—बेन-हेसेद। तिनको जिम्मामा
सोको र हेपेरका सबै देश पनि थिए।
११ दोरका सबै जिल्लामा—सुलेमानकी छोरी
टापतलाई विवाह गर्ने बेन-अबीनादाब।
१२ तानाक, मगिद्दो, सारतानको छेउमा
भएको आबेल-मेहोलासम्म सबै यिज्रेलको
मुन्तिर बेत-शानदेखि योकमामसम्ममा—
अहीलूदका छोरा बाना।
१३ रामोत-गिलादमा—बेन-गेबेर, जसको
जिम्मामा गिलादका मनश्शेका छोरा
याईरका पाल भएका गाउँहरूसमेत औ
बाशानमा अर्गोबको प्रान्त, मूल-ढोकामा
काँसाका बार भएका पर्खालले घेरेका
साठीवटा ठूला ठूला शहरहरू थिए।
१४ महनेममा—इद्दोका छोरा अहीनादाब।
१५ नप्तालीमा—अहीमास। तिनले पनि
सुलेमानकी छोरी बासमतलाई विवाह
गरेका थिए।
१६ आशेर र आलोतमा—हूशैका छोरा बाना।

१७ इस्साकारमा—पारूहका छोरा यहोशापात।
१८ बिन्यामीनमा—एलाका छोरा शिमी।
१९ एमोरीहरूका राजा सीहोन र बाशानका
राजा ओगको देश गिलादमा—ऊरीका
छोरा गेबेर।

यसबाहेक देशका सबै राज्यपालहरूमाथि
एक जना प्रमुख राज्यपाल थिए।

२० यहूदा र इस्राएलका मानिसहरू
समुद्रका बालुवाझैँ असंख्य थिए। २१ तिनीहरू
खान्थे, पिउँथे र सुखसित रहन्थे। यूफ्रेटिस
नदीदेखि पलिश्तीहरूको देश र मिश्रको
सीमानासम्मैका सबै राज्यहरूमाथि सुलेमानले
शासन गर्थे। ती राज्यहरूले तिनलाई कर
तिर्थे, औ तिनको जीवनकालभरिनै उनीहरू
तिनका प्रजा भएर बसे।

२२ सुलेमानको दरवारमा एक दिनको
भोजनादि तीस मुरी पीठो र साठी मुरी
अन्न, २३ दशवटा मोटा गोरु, खर्कका
बीस गोरु, एक सय भेड़ा औ जराया,
चित्तल, मृग र पालेका कुखुराहरू थिए।
२४ किनभने तिनी यूफ्रेटिस नदीको पच्छिम-
पट्टिका सबै देश, अर्थात् तिप्सादेखि गाजासम्म,
यूफ्रेटिस नदीको पच्छिमपट्टिका सबै राजाहरू-
मध्ये सर्वाधिकारी थिए। औ तिनले चारैतिर
मेल-मिलाप राखेका थिए। २५ तिनको
राजत्वकालभरिनै यहूदा र इस्राएलमा शान्ति
थियो, औ दानदेखि बेर्शेबासम्मैं हरेक
मानिसले आफ्नो आफ्नै दाखबारी र नेभाराका
बोटमनि सुखपूर्वक दिन बिताउँथे।

२६ सुलेमानका चालीस हजार रथका
घोड़ाहरू अस्तबलमा थिए, औ बाह हजार
रिसल्लाहरू थिए।

२७ प्रान्त प्रान्तका राज्यपालहरूले हरेक
महीना पालैपालो सुलेमान र तिनका टेबलमा
बसेर खानेकुरा जुटाउँथे। यसरी ल्याउँदा
तिनीहरूले ती चीजहरू कहिल्यै घटी गराएनन्।
२८ घोड़ाहरू र रथका घोड़ाहरूका निम्ति
पनि तिनीहरू हरेकले आफ्नो आफ्नो कर्त्तव्य-
अनुसार जौ र पराल जुटाउँथ्यो।

२९ परमेश्वरले सुलेमानलाई ज्यादै बुद्धि
र ज्ञान, औ समुद्रको किनारका बालुवा
जत्तिकै समझशक्ति दिनुभयो। ३० त्यसले गर्दा
सुलेमानको बुद्धि पूर्वका सबै मानिसहरू र
मिश्र देशका सबै मानिसका बुद्धिलाई माथ
गर्नेथियो। ३१ किनभने तिनी अरू सबै
मानिसभन्दा बुद्धिमानी थिए। एज्रही एतान,
माहोलका छोराहरू हेमान, कलकोल र दर्दाभन्दा
पनि तिनी बढ़ी बुद्धिमानी भए। औ तिनको
ख्याति वरिपरिका सबै जातिहरूका बीचमा
फैलियो। ३२ तिनले तीन हजार सदुपदेश
रचे, औ तिनले रचेका गीतहरू संख्यामा
एक हजार, पाँचवटा थिए। ३३ तिनले
रूखहरूका विषयमा, लबानोनका देवदारदेखि
लिएर भित्तामा उम्रने झार विशेषसम्मका
विषयमा, पशुहरू, पक्षीहरू, घस्रने जन्तुहरू
र माछाहरूका विषयमा बताउँथे। ३४ सुले-
मानको बुद्धि सुन्नलाई सबै जातिका मानिसहरू
आउँथे। औ तिनका बुद्धिका कुरा सुन्ने
सबै राजाहरूबाट तिनले सौगात पाउँथे।

सोरका राजा हीरामसँग सुलेमानको मित्रता

५ सुलेमान आफ्ना पिताका सट्टामा
राजा अभिषिक्त भएका छन् भनी
जब सोरका राजा हीरामले सुने तब उनले
सुलेमानकहाँ राजदूतहरू पठाए, किनभने उनी
सधैं दाऊदका मित्र भएर बसेका थिए।
२ सुलेमानले हीरामकहाँ यो जवाफ पठाए,
३ "तपाईंलाई थाहै छ कि मेरा पिता
दाऊदले परमप्रभु तिनका परमेश्वरको नाउँको
आदरको निम्ति एउटा भवन बनाउनसक्नुभएन,
किनभने परमप्रभुले तिनीहरूलाई उनको
अधीनमा नपारून्जेल उनी चारैतिर लड़ाइँ
गर्ने जातिहरूले घेरिएका थिए। ४ तर अब
परमप्रभु मेरा परमेश्वरले मलाई चारैतिर
शान्ति दिनुभएको छ। मलाई सामना गर्ने
अब कोही छैन। मलाई आक्रमणको डर

छैन। ५ यसैले मेरा पिता दाऊदलाई
परमप्रभुले दिनुभएको यो प्रतिज्ञाबमोजिम,
'तेरो छोरालेनै, जसलाई म तेरो सट्टामा
सिंहासनमा बसाल्नेछु, मेरो नाउँको आदरको
निम्ति त्यो भवन बनाउनेछ'। परमप्रभु मेरा
परमेश्वरको नाउँको आदरको निम्ति एउटा
भवन बनाउने मैले निश्चय गरेको छु।
६ यसकारण यदि लबानोनबाट देवदारका
रूखहरू काटेर ल्याउन तपाईंले अनुमति
दिनुभयो भने मेरा मानिसहरूले तपाईंका
मानिसहरूसँग मिलेर काम गर्नेछन्, र तपाईंले
तोक्नुभएअनुसार म तपाईंका मानिसहरूलाई
ज्याला दिनेछु। किनभने तपाईंका सीदोनी-
हरूजस्तै काठ काट्ने हाम्रा कुनै सिपालु
मानिस यहाँ छैन।"
७ जब हीरामले सुलेमानको समाचार
पाए तब तिनी अत्यन्तै खुशी भएर भने,
"आज परमप्रभु धन्यका होऊन्, जसले
दाऊदलाई यस ठूलो प्रजामाथि राज्य गर्नलाई
एउटा बुद्धिमान छोरा दिनुभयो।" ८ औ
तिनले सुलेमानकहाँ यो समाचार पठाए,
"मैले तपाईंको समाचार पाएँ। देवदार र
सल्लाका काठको विषयमा तपाईंको इच्छा-
बमोजिम म सबै गर्नेछु। ९ मेरा मानिस-
हरूले लबानोनबाट समुद्रसम्म मूढाहरू
झार्नेछन्, र म ती काठका मूढाहरू बाँधेर
तपाईंले तोक्नुभएको ठाउँमा बगाएर पठाउन-
लाउनेछु। म त्यहाँ तिनीहरूलाई ती
खोल्नलाउनेछु, औ तपाईंले ती लैजान-
सक्नुहुनेछ। मेरो घरानाको निम्ति तपाईंले
खानेकुरा जुटाइदिनुभयो भने तपाईंले मेरो
इच्छा पूरा गरिदिनुहुनेछ।" १० यसैले
सुलेमानले चाहेका सबै देवदार र सल्लाका
काठहरू हीरामले पठाइदिए, ११ औ
सुलेमानले चाहिँ तिनका घरानालाई खानको
निम्ति बीस हजार मुरी गहुँ र बीस मुरी
कुटेको भद्राक्षको तेल हीरामलाई पठाइदिए।
सुलेमानले यो वर्षेनि हीरामलाई पठाइदिए।
१२ (आफूले प्रतिज्ञा गर्नुभएबमोजिम परम-
प्रभुले सुलेमानलाई बुद्धि दिनुभयो। हीराम
र सुलेमानका बीचमा मेल रह्यो। औ ती
दुवैले आपसमा सन्धिको बाचा बाँधे।)
१३ सुलेमान राजाले सारा इस्राएलबाट तीस
हजार बेगार काम गर्ने मानिसहरू जम्मा
गरे। १४ तिनले तिनीहरूलाई प्रत्येक
महीना दश दश हजार गरी पालैपालो
पठाउँथे, र यसरी मानिसहरू एक महीना
लबानोनमा जान्थे र दुइ महीना घरमा
बस्थे। यी बेगार काम गर्नेहरूलाई खटाउने
मुखिया अदोनीराम थिए। १५-१६ मजदूर-
हरूका काम हेर्नलाई खटिएका तीन हजार तीन
सय मुखियाबाहेक, सुलेमानका सत्तरी हजार
ढुङ्गा बोक्नेहरू र अस्सी हजार ढुङ्गा फोर्नेहरू
थिए। १७ राजाका हुकुमअनुसार तिनीहरूले
परमप्रभुको भवनमा काटेका ढुङ्गाको जग
बसाल्नलाई विशेष किसिमका ढुङ्गाहरू फोरेर
निकाले। १८ यसरी सुलेमान र हीरामका
कारीगरहरू र गबालीहरूले भवन बनाउनको
निम्ति ठूला ठूला आकारका ढुङ्गाहरू काटे,
औ काठ र ढुङ्गाहरू तयार गरे।

सुलेमानको मन्दिरको निर्माण

६ इस्राएलीहरू मिश्र देशबाट निस्केर
आएको चार सय असी वर्ष भएको
थियो, सुलेमानले इस्राएलमाथि राज्य गरेका
चौथो वर्षको दोस्रो महीना, अर्थात् जीब
महीनामा, तिनले परमप्रभुको भवन बनाउन
शुरू गरे।
२ परमप्रभुको निम्ति सुलेमान राजाले
बनाएको भवनको लम्बाइ साठी हात, चौडाइ
बीस हात र उँचाइ तीस हात थियो।
३ पवित्रस्थानको अगाडिको भवनको दलान
चौडाइभरि गएको र त्यसको लम्बाइ बीस
हात थियो, औ त्यो भवनको अगिल्तिर दश
हात लामो निस्केको थियो। ४ औ तिनले
भवनका भित्ताहरूमा आँखी-झ्यालहरू बनाए।
५ त्यसपछि पवित्रस्थान र महा-पवित्रस्थानको

भित्ताको चारैपट्टि भित्तासँगै गाँसेको तला
तिनले बनाए। तब तिनले चारैपट्टि गाँसेको
घर बनाए। ६ सबैभन्दा मनिको तलाको-
उँचाइ पाँच हात थियो, बीचको छ हात र
सबैभन्दा माथिल्लो चाहिँ सात हात थियो।
तिनले मूल भित्ताको चारैपट्टि बाहिरतिर घर
थाम्ने बीमहरू भित्तामा नअड्याउनलाई
खोपाहरू बनाए। ७ भवन बनाउँदा ढुङ्गाको
खानिबाट कुँदेका ठूला ठूला ढुङ्गाहरू प्रयोग
गरिए। भवन बनाउँदा घन अथवा बञ्चरो
वा कुनै किसिमको फलामको औजार केहीको
आवाज पनि सुनिएन।

८ सबैभन्दा तल्लो तलामा पस्ने ठाउँ
भवनको दाहिने हातपट्टि कुनामा थियो।
त्यहाँबाट बीचको र माथिल्लो तलामा
जानलाई घुमेको भऱ्याङ्ग थियो। ९ यसरी
तिनले भवन बनाएर सिध्याए। १० भवनको
लमाइभरि त्यसमा गाँसेको घर थियो, प्रत्येक
तला पाँच हात अग्लो थियो, र त्यो घर
भवनसँगै देवदारका काठहरूले गाँसेको
थियो।

११ तब परमप्रभुले सुलेमानलाई यसो
भन्नुभयो, १२ "तैंले बनाइरहेको यस
भवनको विषयमा चाहिँ यसो हुन्छ, 'यदि
तैंले मेरा धर्म-विधिहरू पालन गरिस् र मेरा
न्याय-वचनहरू भन्नेबमोजिम गरिस् र भक्तिसाथ
मेरा आज्ञा पालन गरिस् भने, म मेरो त्यो
प्रतिज्ञा तँसँग पूरा गर्नेछु, जो मैले तेरा
पिता दाऊदसँग प्रतिज्ञा गरेको थिएँ,
१३ औ म इस्राएलको बीचमा रहनेछु, र
मेरो प्रजा इस्राएललाई म कहिल्यै
त्याग्नेछैनँ'।"

१४ यसरी सुलेमानले परमप्रभुको भवन
बनाएर सिध्याए। १५ तिनले भवनको
भित्रपट्टिको भित्ता देवदारका फलेकहरूले
मिलाएर भरिदिए, औ पटाईदेखि छानाको
काठसम्मैं देवदारका काठहरूले मोहोरे।
तिनले सल्लाका पटाई लगाए। १६ भवनको
सबैभन्दा भित्रपट्टि पटाईदेखि छानासम्मैं बीस
हातको जग्गा देवदारको फलेकहरूले बारे, र
त्यो महा-पवित्रस्थान हुनलाई भित्रपट्टि
पूजा-कोठा बनाए। १७ त्यसको अगिल्तिरको
पवित्रस्थान चालीस हात लामो थियो।
१८ भवनको भित्रपट्टिको देवदारको काठ
चाहिँ फक्रेका फूल र फर्सीको बुट्टा काढ़ेका
थिए। ती सबै देवदारका थिए, औ ढुङ्गा
एउटै पनि देखिँदैन थियो।

१९ भवनको सबैभन्दा पल्लो कुनामा
परमप्रभुको करारको सन्दूक राख्नलाई तिनले
एउटा भित्री पवित्रस्थान तयार गरे। २० यो
भित्री पवित्रस्थान बीस हात वर्गाकार थियो,
औ त्यसको उँचाइ बीस हात थियो। तिनले
त्यसलाई कञ्चन सुनले मोहोरे, र त्यसमा
एउटा देवदारको वेदी बनाए। २१ सुलेमानले
भवनको भित्री भाग कञ्चन सुनले मोहोरे,
भित्री पवित्रस्थानको सामने सुनका सिक्रीहरूमा
झुण्डाइएको एउटा ठूलो पर्दा टाँगे। २२ औ
जम्मै भवनमा सुनले नमोहोरेको भाग एउटै
पनि रहेन। भित्री पवित्रस्थानको छेउमा
भएको जम्मै वेदी तिनले सुनले मोहोरे।

२३ भित्री पवित्रस्थानमा तिनले जङ्गली
भद्राक्षको काठका दुइवटा करूबहरू बनाए।
प्रत्येक करूब दश हात अग्लो थियो।
२४ करूबहरूको प्रत्येक पखेटा पाँच हात
लामो थियो, र एउटा पखेटाको टुप्पादेखि
अर्को पखेटाको टुप्पासम्म दश हात थियो।
२५ त्यस्तै गरी अर्को करूबको नाप पनि
दश हात थियो। २६ ती दुइ करूबहरू
कद र आकारमा एकै थिए, औ प्रत्येक दश
हात अग्लो थियो। २७ तिनले ती करूब-
हरूलाई पवित्रस्थानको पल्लो कुनामा राखे,
औ तिनीहरूका पखेटा चाहिँ फैलिएका थिए।
यसरी एउटा करूबको एउटा पखेटाले
एकापट्टिको भित्तालाई र अर्को करूबको एउटा
पखेटाले अर्कोपट्टिको भित्तालाई छुन्थ्यो, र
तिनीहरूका अर्को पखेटाहरू चाहिँ बीचमा
छुन्थे। २८ औ तिनले यी करूबहरूलाई
सुनले मोहोरे।

२९ भवनका चारैपट्टिका भित्री र बाहिरी कोठाहरूका सबै भित्ताहरूमा तिनले करूबहरू, खजूरका बोटहरू र फक्रेका फूलहरूका बुट्टा काढ़ेर बनाए। ३० भवनका भित्री र बाहिरी कोठाहरूका पटाईहरू तिनले सुनले मोहोरे। ३१ भित्री पवित्रस्थानको पस्ने ढोकामा तिनले जङ्गली भद्राक्षका दुइवटा खापा बनाए। औ ढोकाका सँघार र चौखट गरेर पाँचकुने थियो। ३२ ढोकाहरू जङ्गली भद्राक्षका काटेका थिए, औ तिनमा करूबहरू, खजूरका बोटहरू र फक्रेका फूलहरूका बुट्टा काढ़ेर तिनले बनाए, र तिनलाई सुनले मोहोरे, औ करूबहरू र खजूरका बोटहरूमा सुनले छापे। ३३ त्यस्तै गरी पवित्रस्थानमा जाने ढोका तिनले जङ्गली भद्राक्षको वर्गाकार काठका चौखट र दुइ पल्ला भएका बनाए। ३४ हरेकको दुइ दुइवटा दुइतिर घुम्ने कीलाहरू लगाएका तिनले बनाए। ३५ तिनले तिनमा करूबहरू, खजूरका बोटहरू र फक्रेका फूलहरूका बुट्टा काढ़ेर बनाए, र ती बुट्टा काढ़ेकोमा तिनले सुनले एकै समान गरी मोहोरे।

३६ तिनले भित्री चोक मिलाएर काटेका ढुङ्गाका तीन तीन लहर गरी बनाए, र एक लहर लामो देवदारका काठका बनाए।

३७ सुलेमानको शासनकालको चौथो वर्षमा, अर्थात् जीब महीनामा परमप्रभुको भवनको जग बसालियो। ३८ औ एघारौं वर्षको बूल महीनामा, जो आठौं महीना हो, त्यही महीनामा भवन त्यसको नमूनाअनुसार एक एक विवरणअनुसार बनाइसिध्याइयो। त्यो बनाउनलाई सात वर्ष लाग्यो।

सुलेमानको महलको निर्माण

७ सुलेमानलाई आफ्नो महल निर्माण गर्न तेह वर्ष लाग्यो। २ तिनले सय हात लामो, पचास हात चौड़ा, तीस हात अग्लो, चार लहर देवदारका स्तम्भ भएको तिनका माथि देवदारकै दलिन भएको लबानोनको महल बनाए। ३ प्रत्येक लहर पन्ध्रवटा स्तम्भमा अड़िएको बीमहरूमाथि थियो। औ बीमहरू पैंतालीसवटा थिए। ४ झ्यालका तीन लहर थिए, औ तीनै तलामा हरेक झ्याल एउटा अर्कोसँग मिल्थ्यो। ५ ढोकाहरू र झ्यालहरू वर्गाकार थिए, औ तीनै तलामा एउटा अर्कोसँग मिल्थ्यो।

६ तिनले पचास हात लामो र तीस हात चौड़ाको मास्तिर कानिस काटेको खामाको लहर बनाए।

७ तिनले न्याय गर्दा बस्ने सिंहासन भएको एउटा न्यायको ठूलो कोठा बनाए। पटाईदेखि छतसम्मको काठसम्मै त्यो तिनले देवदारले मोहोरेका थिए।

८ तिनको आफ्नै बस्ने महल खामाहरूको लहर पछिल्तिरको आँगनमा न्यायको कोठाजस्तै बनाएका थिए। औ तिनले विवाह गरेर ल्याएकी फिरऊनकी छोरीको निम्तिको महल पनि त्यस्तै बनाएका थिए।

९ यी सबै ठूला ठूला दामी ढुङ्गाका भित्र बाहिर नापेर आराले मिलाएका जगदेखि छतसम्मै भवनको चोकदेखि ठूलो चोकसम्म बनाइएका थिए। १० जगमा विशेष किसिमका बड़े बड़े गह्रौं ढुङ्गाहरू नापमा कोही चाहिं दश हात र कोही चाहिं आठ हातका थिए। ११ औ तिनको माथि गह्रौं गह्रौं ढुङ्गाहरू र देवदारका काठ एकै नापमा काटेर मिलाइएका थिए। १२ ठूलो चोकमा चारैपट्टि काटेर मिलाइएका ढुङ्गाका तीन लहर थिए, र देवदारको लामो एक लहर थियो। परमप्रभुको भवनको भित्री चोक र भवनको दलानको पनि त्यस्तै थिए।

१३ सुलेमान राजाले हीरामलाई सोरबाट बोलाइपठाए। १४ तिनी नप्तालीको कुलको एउटी विधवाका छोरा थिए। तिनका पिता सोर देशवासी काँसाका काम गर्ने थिए। हीराम आफै पनि काँसाका सबै किसिमका

काम गर्ने सिपालु, अत्यन्तै निपुण र दक्ष
मानिस थिए। हीराम सुलेमान राजाकहाँ
आए, र तिनका सबै कामहरू गरे।
१५ तिनले साँचामा दुइवटा काँसाका
स्तम्भहरू ढाले। एउटा अठाह हात अग्लो
थियो, ओ त्यसका चारैतिर फेरो लाउनलाई
बाह हात लामो डोरी लाग्थ्यो। त्यो खोक्रो
थियो, र त्यसको धातुको मोटाइ चार अङ्गुल
थियो। १६ दोस्रो स्तम्भ पनि त्यस्तै थियो।
तिनले स्तम्भहरूको शिर शिरमा राख्नलाई
खँदिलो तामाका दुइवटा स्तम्भ-शिरा बनाए।
प्रत्येक स्तम्भ-शिरा पाँच हात अग्लो थियो।
१७ तिनले हरेक स्तम्भमाथि भएका शिरा-
हरूको निम्ति बुट्टेदार जालीका फिता
झुण्डिएका सिक्रीको रूपमा बनाए। हरेक
स्तम्भ-शिराको निम्ति एक एकवटा जालीदार
फिता थियो। १८ एउटा स्तम्भको बुट्टेदार
जालीको टुप्पामा चारैपट्टि तिनले दुइ लहर
दारीमहरू बनाए। तिनले अर्को स्तम्भमा
पनि त्यस्तै गरे। १९ (दलानका स्तम्भका
स्तम्भ-शिराहरू लिली-फूलका आकारका
चार हात अग्ला थियो।) २० जालीको
कामको बैठकको सोझै मास्तिर दुवै स्तम्भका
टुप्पाका स्तम्भ-शिरामा चारैपट्टि लहर, लहर
गरी दुइ सय दारीमका आकार बनाइएका
थिए। २१ त्यसपछि तिनले पवित्रस्थानको
दलानमा स्तम्भहरू खड़ा गरे। जब तिनले
दाहिनेपट्टि स्तम्भ खड़ा गरे तब तिनले
त्यसको नाउँ याकीन राखे। औ जब तिनले
देब्रेपट्टिका खड़ा गरे तब तिनले त्यसको
नाउँ बोअज राखे। २२ स्तम्भको टुप्पामा
लिली-फूलका बुट्टाका काम बनाइएका थिए।
यसरी स्तम्भको काम सिद्धियो।

२३ तब तिनले साँचामा ढालेर बनाएको
धातुको पानीको एउटा विशाल-खड्कुँलो
बनाए। त्यो गोलाकार थियो। त्यसको
व्यास एक किनारदेखि अर्को किनारसम्म दश
हात थियो। त्यो पाँच हात अग्लो थियो,
औ त्यसको रिङ्गो फेरो तीस हात थियो।
२४ यस विशाल-खड्कुँलाको चारैतिर बाहिर-
पट्टि बिटमनि पूरै परिधिमा फर्सीका दुइ
लहर थिए, औ ती खड्कुँलासँग गाँसेर एउटै
टुक्राले बनाइएका थिए। २५ त्यो खड्कुँलो
बाह्रवटा साँढ़ेहरूमाथि राखिएको थियो—
तीनवटा उत्तरतिर फर्केका, तीनवटा पश्चिमतिर
फर्केका, तीनवटा दक्षिणतिर फर्केका र तिनवटा
पूर्वतिर फर्केका थिए। औ तिनका पछिल्ला
भाग भित्रपट्टि फर्केका थिए। त्यो खड्कुँलो
चाहिँ तिनीहरूमाथि थियो। २६ त्यसको
मोटाइ एक बित्ता थियो। त्यसको मुख
लिली-फूलको पुष्पकोषजस्तै आकार भएको
कचौराको मुखजस्तै थियो। त्यसमा प्रायः
सत्तर हजार माना पानी अटाउँथ्यो।

२७ तिनले काँसाका दशवटा ठेला-गाड़ी
पनि बनाए। प्रत्येक ठेला-गाड़ी चार हात
लामो, चार हात चौड़ा र तीन हात अग्लो
थियो। २८ ती ठेला-गाड़ीका पाटाहरूमा
फ्रेममा लगाइएका थिए। २९ ती पाटाहरू
सिंह, र करूबहरूका मास्तिर र मन्तिर पिटेर
बनाएको बाटेको जस्तै बुट्टा भएका पाताहरू
थिए। ३० प्रत्येक ठेला-गाड़ीमा काँसाको
धुरा भएका चारवटा काँसाका पहिया थिए।
स्नान-भाँड़ाको मन्तिर बाहिरपट्टि निस्केका
चारवटा बिट र समाल्ने कड़ीहरू पनि
थिए। यी कड़ीका पातामा बाटेका
बुट्टाहरू किनारमा थिए, र खार-धातुले
बनाइएका थिए। ३१ पानीको बाटा राख्ने
आधार चाहिँ टुप्पाभित्र एक हात बाहिर
निस्केको थियो। मुख बराबर बिट भएको
गोलो थियो, औ त्यो विभिन्न बुट्टाका
काम भएको थियो। (ठेला-गाड़ीका पाटा-
हरू गोलो होइन तर वर्गाकार थिए।)
३२ ती, चारवटा पहियाका मन्तिर थिए,
पहियाका धूरहरू ठेलासँगै गाँसेका थिए।
औ पहियाको उँचाइ डेढ़ हात थियो।
३३ पाहियाहरू रथका पहियाहरूजस्तै
बनाइएका थिए। तिनका धुरा, नाभी,
सइरा र घेरा सबै खार-धातुका थिए।

३४ चारवटा समाले कड़ीहरू चाहिं
प्रत्येक ठेला-गाड़ीका चार कुनामा थिए, औ
ती ठेला-गाड़ीसँगै एउटै टुक्राले बनाइएका
थिए। ३५ ठेला-गाड़ीका चारैतिर टुप्पामा
आधा हातको गोलो फिता थियो। ठेला-
गाड़ीमा भएको टेवा र पाटाहरू एकैसँग
गाँसिएर एउटै टुक्राका थिए। ३६ भित्ताहरू
अर्थात् पाटाहरूमा जहाँ जहाँ खाली ठाउँ
थिए त्यहाँ त्यहाँ तिनले करूबहरू, सिंहहरू
र खजूरका बोटहरू र त्यसका चारैतिर
बाटेर बनाएका बुट्टेदार काम खोपेर बनाए।
३७ यसरीनै ती दशवटा ठेला-गाड़ी बनाइएका
थिए। ती सबै एउटै नाप र एउटै आकार
भएका साँचामा ढालेर बनाइएका थिए।

३८ त्यसपछि तिनले काँसाका पानीका
बाटाहरू बनाए। प्रत्येकमा एक हजार चार
सय चालीस माना पानी अटाउने र नापमा
चार हात थियो। ती दशैवटा ठेला-गाड़ीका
निम्ति एउटा एउटा बाटा थियो। ३९ तिनले
पाँचवटा ठेला-गाड़ी भवनको दाहिनेपट्टि र
पाँचवटा देब्रेपट्टि राखे, औ पानीको विशाल-
खड़कुँलो चाहिं त्यसको दक्षिण-पूर्व किनारमा
राखे।

४० हीरामले भाँड़ाहरू, बेल्चाहरू र
पानी छम्कने डाड़ूहरू बनाए। यसरी तिनले
परमप्रभुको भवनको निम्ति सुलेमान राजाको
लागि आफ्नो हातमा लिएका सबै काम
सिध्याए। ४१ दुइ स्तम्भहरू, स्तम्भका
टुप्पामा भएका बटुकोको आकार भएका दुइ
स्तम्भ-शिरा, स्तम्भ शिराको टुप्पामा भएका
दुइ बटुकाजस्तै स्तम्भ-शिरालाई ढाक्ने दुइ
बुट्टेदार जालीहरू, ४२ दुइ जालीका निम्ति
चार सय दारीमहरू, अर्थात् दुइ स्तम्भहरूका
बटुकाको आकार भएका स्तम्भ-शिरालाई
ढाक्ने प्रत्येक जालीको निम्ति दुइ लहर
दारीमहरू, ४३ दशवटा ठेला-गाड़ी र
ठेला-गाड़ीमा भएका दशवटा बाटाहरू।
४४ एउटा विशाल-खड़कुँलो, र त्यसलाई
थाम्ने बाह्रवटा साँढ़ेहरू। ४५ भाँड़ाहरू,
बेल्चाहरू, पानी छर्कने डाड़ूहरू—यी सबै
चीजहरू जो हीरामले परमप्रभुको भवनको
निम्ति सुलेमान राजाको लागि बनाएका थिए
ती टल्काइएका काँसाका काम थिए।
४६ राजाले ती यर्दनको मैदानमा सुक्कोत र
शरतानको बीचमा भएको धातु गलाउने
साँचा-घरमा ढालेर बनाए।

४७ सुलेमानले यी सबै चीज तिनका
ठाउँ ठाउँमा राखे। ती बनाउनलाई प्रयोग
गरिएका काँसाको ओजन यति धेरै थियो कि
तिनको ओजनको तौलनै गर्नसकिँदैन थियो।
४८ तिनले परमप्रभुको भवनको जम्मै
सजाउने सामानहरू पनि बनाए, अर्थात सुनको
वेदी र भेटीको रोटी राखिने सुनको टेबल,
४९ कञ्चन सुनको सामदान, भित्री-पूजा-
कोठाको दाहिनेपट्टि पाँचवटा र देब्रेपट्टि
पाँचवटा राखे। ५० कञ्चन सुनका फूलहरू,
दियोहरू र चिम्टाहरू। सुनका कचौराहरू,
मोसोदानीहरू, पानी छम्कने डाड़ूहरू,
धूपौराहरू, आगो राख्ने भाँड़ा बनाए। औ
भित्री पवित्रस्थान, अर्थात् महा-पवित्रस्थानका
ढोकाहरूका पाटाहरू र भवनका ढोकाहरू
चाहिं तिनले सुनका बनाए।

५१ जब सुलेमान राजाले परमप्रभुको
भवनका सबै काम गरेर सिध्याए तब तिनले
आफ्ना पिता दाऊदले समर्पण गरेका थोकहरू,
अर्थात् चाँदी, सुन र भाँड़ाहरू ल्याए, र
परमप्रभुको भवनको भण्डारहरूमा राखे।

मन्दिरको समर्पण सेवा र सुलेमानको प्रार्थना

८ त्यसपछि सुलेमानले इस्राएलका बूढ़ा-
प्रधानहरू, कुल-नायकहरू जो इस्राएलका
परिवारका कुल-नायक थिए, दाऊदको शहर,
जसलाई सियोन भन्दथियो, त्यहाँबाट
परमप्रभुको करारको सन्दूक ल्याउनलाई
यरूशलेममा जम्मा हुनलाई हुकूम गरे।
२ चाड़को समयमा एतानीम महीना, अर्थात्

सातौं महीनामा इस्राएलका सबै मानिसहरू
सुलेमान राजाको सामने भेला भए। ३ जब
इस्राएलका बूढ़ा-प्रधानहरू सबै जना आइसके,
तब पूजाहारीहरूले परमप्रभुको सन्दूक उठाए।
४ औ भेट हुने पालमा भएका सबै पवित्र
सामानहरूसँगै बोकेर माथि ल्गे। पूजाहारी-
हरू र लेवीहरूले ती बोकेर माथि ल्गे।
५ सुलेमान राजा र इस्राएलका जम्मै समुदाय
सन्दूकको अघाड़ि भेला भए, औ अनगन्ती
र असंख्य भेड़ाहरू र साँढ़ेहरू तिनीहरूले
बलिदान चढ़ाए। ६ तब पूजाहारीहरूले
परमप्रभुको करारको सन्दूक त्यसकै ठाउँमा,
अर्थात् करूबहरूका पखेटामनि महा-पवित्र-
स्थानमा भवनको भित्री पूजा-कोठामा ल्याए।
७ सन्दूक राखिएको ठाउँको माथि करूबहरूले
आफ्ना पखेटा फैलाएका थिए, र सन्दूक र
त्यसका डण्डाहरूमाथि करूबहरूका पखेटाले
ढाकेका थिए। ८ ती डण्डाहरू यस्तोगरी
राखिएका थिए कि तिनीहरूको एक छेउ
पवित्रस्थानको सामनेबाट देखिनसकिन्थ्यो, तर
बाहिर कतैबाट पनि देखिँदैन थियो। ती
आजको दिनसम्मै त्यहाँ छन्। ९ त्यस
सन्दूकभित्र अरू केही थिएन, केवल ढुङ्गाका
दुइवटा पाटीहरू, अर्थात् करारका पाटीहरू,
जुन करार इस्राएलीहरू मिश्र देश छोड़ेर
आउँदा परमप्रभुले इस्राएलीहरूसँग बाँधेका
थिए, र मोशाले होरेब पर्वतमा सन्दूकमा
राखेका थिए।

१० परमप्रभुको भवन बादलले भरिएर
आएकोले गर्दा पूजाहारीहरू पवित्रस्थानबाट
बाहिर आए। ११ औ त्यसले गर्दा तिनीहरूले
त्यहाँ सेवा गरिरहनसकेनन्। किनभने परम-
प्रभुको महिमाले भवन भरिएको थियो।
१२ अनि सुलेमानले भने,

"हे परमप्रभु, जसले सूर्यलाई आकाशमा
राख्नुभएको छ,
तर आफै चाहिं घोर अन्धकारमा रहनलाई
रोज्नुभयो,
१३ यहाँ मैले तपाईंको निम्ति एउटा उच्च भवन,
तपाईं सदा सर्वदै रहनलाई एउटा बास-
स्थान मैले बनाएको छु।"

१४ औ जब मानिसहरू उभिरहेका थिए
तब राजा फर्केर यी कुरा भनी इस्राएलको
जम्मै समुदायलाई आशीर्वाद दिए, १५ "परम-
प्रभु इस्राएलका परमेश्वर धन्यका होऊन्,
जसले मेरा पिता दाऊदसँग बोलेर आफ्नो
प्रतिज्ञा पूरा गर्नुभयो। १६ किनकि उहाँले
यसो भन्नुभयो, 'मेरो प्रजा इस्राएललाई मिश्र
देशबाट निकालेर ल्याएको दिनदेखि यसो
इस्राएलका सबै कुलहरूको कुनै पनि शहर
मेरो नाउँ रहनलाई एउटा भवन बनाउन भनी
मैले रोजिनँ, तर मेरो प्रजा इस्राएलमाथि
शासन गर्नलाई मैले दाऊदलाई छानें।'
१७ परमप्रभु इस्राएलका परमेश्वरको नाउँको
आदरको निम्ति एउटा भवन बनाउने मेरा
पिता दाऊदको मनमा थियो, तर परमप्रभुले
उहाँलाई भन्नुभयो, १८ 'मेरो नाउँको
आदरको निम्ति एउटा भवन बनाउने तेरो
यो अभिप्राय असलै छ, १९ तापनि तैंले त्यो
बनाउनेछैनस्, तर तँबाट जन्मने तेरो
छोरालेनै, मेरो नाउँको आदरको निम्ति त्यो
भवन बनाउनेछ।' २० परमप्रभुले अब
आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो। मेरा पिता
दाऊदको म उत्तराधिकारी भएको छु, र
परमप्रभुले प्रतिज्ञा गर्नुभएबमोजिम उहाँको
सट्टामा इस्राएलको सिंहासनमा म बसेको छु,
र परमप्रभु इस्राएलका परमेश्वरको नाउँको
आदरको निम्ति मैले यो भवन निर्माण
गरेको छु। २१ मैले त्यहाँ परमप्रभुको
करारको सन्दूकको लागि एउटा ठाउँ अलग्गै
राखेको छु, त्यही करार, जो हाम्रा पिता-
पुर्खाहरूलाई मिश्र देशबाट निकालेर ल्याउनुहुँदा
उहाँले गर्नुभएको थियो'।"

२२ तब जम्मै इस्राएलको समुदायको
सामने परमप्रभुको वेदीको अगि उभिएर
सुलेमानले आफ्नो हात स्वर्गतिर उचालेर भने,
२३ "हे इस्राएलका परमेश्वर, आफ्ना
दासहरूसँग आफ्नो करार पूरा गर्ने औ आफ्नो

हृदय र प्राणले निरन्तर तपाईंप्रति विश्वासी
भई रहनेहरूलाई दृढ़ प्रेम देखाउनुहुने माथि
स्वर्ग र तल पृथ्वीमा तपाईंजस्तै अरू कुनै ईश्वर
छैन। २४ तपाईंले आफ्नो दास मेरा पिता
दाऊदसँग आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो।
आजको दिन आफ्ना कामहरूद्वारा तपाईंले
उहाँलाई भन्नुभएको वचन पूरा गर्नुभयो।
२५ यसैकारण अब हे परमप्रभु इस्राएलका
परमेश्वर, आफ्नो दास दाऊद मेरा पितासँग
गर्नुभएको यो प्रतिज्ञा पूरा गर्नुहोस्, 'यदि
तेरा सन्तान आफ्ना चालहरूमा होशियारीसित
हिंडे, र तँ हिंडेझैं तिनीहरू पनि मेरो सामने
हिंडे भने मात्र इस्राएलको सिंहासनमा बस्नलाई
मद्वारा नियुक्त भएको एउटै मानिसको पनि
अभाव हुनेछैन।' २६ औ अब हे इस्राएलका
परमेश्वर, तपाईंले आफ्नो दास मेरा पिता
दाऊदलाई भन्नुभएका वचनहरू पक्का
गर्नुहोस्।"
२७ "तर साँच्चिनै के परमेश्वर पृथ्वीमा
बास गर्नुहुन्छ र? हेर्नुहोस्, उच्चभन्दा
पनि उच्च स्वर्गमा तपाईं अटाउनुहुन्न।
औ मैले बनाएको यो भवनमा त झन्
कसरी अटाउनुहुन्छ? २८ तापनि, हे परम-
प्रभु, मेरा परमेश्वर, आफ्नो दासको प्रार्थना
र अर्जबिन्ती सुन्नुहोस्। आजको दिन
तपाईंको दासले गरेको पुकारा र प्रार्थनामा
ध्यान दिनुहोस्, २९ र तपाईंको नजर यस
भवनमा रात-दिन सधैंभरिनै रहिरहोस्। यस
ठाउँमा, जसको विषयमा तपाईंले यसो
भन्नुभएको थियो, 'मेरो नाउँ त्यहाँ रहनेछ।'
यसरी तपाईंको दास, मैले, यस ठाउँतिर फर्केर
प्रार्थना गर्दा तपाईंले सुन्नुहोस्। ३० आफ्नो
दास र आफ्नो प्रजा इस्राएलले यस ठाउँतिर
फर्केर प्रार्थना गर्दा उनीहरूको अर्जबिन्ती
सुन्नुहोस्। आफ्नो बासस्थान स्वर्गमा सुन्नु-
होस्, र जब तपाईंले सुन्नुहुन्छ तब
उनीहरूलाई क्षमा गर्नुहोस्।"
३१ "यदि कुनै मानिसले आफ्नो
छिमेकीको विरुद्धमा पाप गर्‍यो, र त्यसलाई
शपथ खानु लगायो, र त्यो शपथ यस भवन-
भित्र तपाईंको वेदीको सामने खायो भने,
३२ तपाईंले स्वर्गमा तिनीहरूको प्रार्थना
सुनेर काम गर्नुहोस्। दोषी ठहराउँदै र
त्यसका कामहरूको प्रतिफल त्यसकै शिरमा
ल्याउँदै, निर्दोषलाई मुक्त गर्दै र त्यसको
निर्दोषताअनुसारको प्रतिफल दिँदै तपाईंनै
आफ्नो दासको न्यायकर्त्ता हुनुहोस्।"
३३ "जब तपाईंको प्रजा इस्राएलले
तपाईंको विरुद्धमा पाप गरेर तिनीहरू आफ्ना
शत्रुहरूद्वारा पराजित भए, औ तिनीहरू
तपाईंको नाउँ लिँदै, प्रार्थना र अर्जबिन्ती गर्दै
तपाईंतिर फर्के भने, ३४ तपाईंले स्वर्गमा
तिनीहरूको प्रार्थना सुन्नुहोस्। आफ्नो प्रजा
इस्राएलको पाप क्षमा गर्नुहोस्, र तिनीहरूका
पुर्खाहरूलाई दिनुभएको देशमा तिनीहरूलाई
फर्काई ल्याउनुहोस्।"
३५ "तपाईंको दास र तपाईंको प्रजा
इस्राएलले तपाईंको विरुद्धमा पाप गरेकोले
गर्दा आकाश बन्द भएर पानी परेन, औ
तपाईंको दण्डलाई थाह पाएर तपाईंको नाउँ
लिँदै आफ्ना पाप त्यागेर यस ठाउँमा प्रार्थना
गरे भने, ३६ स्वर्गमा तिनीहरूको प्रार्थना
सुन्नुहोस्, र तिनीहरूका पाप क्षमा गर्नुहोस्।
यसरी तिनीहरूले हिंड्नुपर्ने असल चाल तपाईंले
तिनीहरूलाई सिकाउनुहोस्, र आफ्नो प्रजा
इस्राएललाई तिनीहरूका आफ्नै अधिकारको
निम्ति दिनुभएको तपाईंको देशमा पानी
वर्षाइदिनुहोस्।"
३७ "यदि देशमा अनिकाल पर्‍यो वा
रूढ़ी अथवा वनस्पति ओइलाउने कि मक्काउने
कालो कि रातो रोग लाग्यो वा बच्चा कि
हुर्केका सलह लाग्यो, अथवा तिनीहरूका कुनै
पनि शहरमा शत्रुले घेरा हाल्यो भने,
३८ अथवा रूढ़ी कि देशानले तिनीहरूलाई
सतायो भने आफ्नो हृदयको पश्चातापमा
यस भवनतिर आफ्नो हात उठायो भने,
तपाईंले आफ्नो प्रजा इस्राएलको हरेक
मानिसको अर्जबिन्ती सुन्नुहोस्। आफ्नो

बासस्थान स्वर्गमा सुन्नुहोस् र क्षमा गर्नुहोस्,
र काम गर्नुहोस्। ३९ किनभने तपाईं हरेक
मानिसको मनलाई जान्नुहुन्छ, र त्यसलाई
त्यसको कामअनुसारको प्रतिफल दिनुहोस्,
किनभने तपाईंले मात्र मानिसहरूको हृदयलाई
जान्नुहुन्छ। ४० यसरी हाम्रा पुर्खाहरूलाई
दिनुभएको देशमा तिनीहरूले आफ्नो जीवन-
भरिनै तपाईंको भय मान्नेछन्।"
४१ "तपाईंको प्रजा इस्राएली कुलदेखि
बाहिरको कुनै विदेशी तपाईंको ख्याति
सुनेर टाढ़ाबाट आए र, ४२ (किनभने
मानिसहरूले तपाईंको महान ख्याति र
तपाईंका फैलाएका बलियो बाहु र पाखुराको
विषयमा सुन्नेछन्) यस भवनतिर फर्केर प्रार्थना
गर्‍यो भने, ४३ तपाईंको बासस्थान
स्वर्गमा त्यो प्रार्थना सुनेर त्यस विदेशीले
गरेको पुकाराको प्रत्युत्तर दिनुहोस्। यसरी
तपाईंको प्रजा इस्राएलझैं पृथ्वीका सबै
मानिसहरूले तपाईंको ख्यातिलाई जानून्,
औ तपाईंको भय मानेर मैंले बनाएको यस
भवनमा, तपाईंको नाउँ राखिएको छ भनी
जानून्।"
४४ "तपाईंले जहाँ पठाउनुहुन्छ, त्यहाँ
तपाईंको प्रजा कुनै शत्रुसँग लड़ाइँ गर्न जाँदा
तपाईंले चुन्नुभएको यस शहर र मैंले
तपाईंको नाउँमा बनाएको यस शहरतिर फर्केर
प्रार्थना गर्दा, ४५ तपाईंले तिनीहरूको
प्रार्थना र अर्जबिन्ती स्वर्गमा सुन्नुहोस्, र
तिनीहरूको न्याय गरिदिनुहोस्।"
४६ "तिनीहरूले तपाईंको विरुद्धमा पाप
गरे (औ कुन चाहिं मानिस पापरहित होला
र?) औ तपाईंले आफ्नो क्रोधमा तिनी-
हरूलाई कुनै शत्रुको हातमा दिनुभयो र
तिनीहरूले उनीहरूलाई टाढ़ा वा नजीक
आफ्नो देशमा कैद गरेर लग्यो, ४७ औ
तिनीहरूलाई कैद गरेर लगेको देशमा
तिनीहरूले दुःख पाएकोले गर्दा यस देशमा
फेरि तपाईंलाई अर्जबिन्ती गरी यसो भन्यो
भनेंदेखि, ४८ 'हामीले पाप गर्‍यौं,
हामी हठी भयौं र हामीले खराब
काम गर्‍यौं,' तिनीहरूलाई कैद गर्नेहरूको
देशमा फेरि तपाईंतिर फर्केर आफ्नो हृदय र
मनले तिनीहरूका पुर्खाहरूलाई तपाईंले दिनु-
भएको तिनीहरूको देश र तपाईंले चुन्नु-
भएको यो शहर र तपाईंको नाउँको आदरको
निम्ति मैंले बनाएको यस भवनतिर फर्केर
तपाईंमा प्रार्थना गरे भने, ४९ आफ्ना
बासस्थान स्वर्गमा तिनीहरूको प्रार्थना र
अर्जबिन्ती सुन्नुहोस्, र तिनीहरूको न्याय
गरिदिनुहोस्। ५० तपाईंको विरुद्धमा गरेका
पाप र अपराध तपाईंले क्षमा गरिदिनुहोस्।
तिनीहरूलाई कैद गरेर लानेहरूको हृदय दयाले
भरिदिनुहोस्। ५१ किनभने तिनीहरू तपाईंको
अधिकार, तपाईंकै प्रजा हुन्, जसलाई
तपाईंले मिश्र देश, अर्थात् फलाम गाल्ने
भट्टीबाट निकालेर ल्याउनुभयो। ५२ यसैले
तपाईंको नजर सधैं तपाईंको दास र तपाईंको
प्रजा इस्राएलको बिन्तीको लागि खुला रहन्छ,
औ तिनीहरूले तपाईंमा पुकारा गर्दा तपाईंले
सुन्नुहुन्छ। ५३ तपाईंले तिनीहरूलाई आफ्नो
अधिकार हुनलाई पृथ्वीमा सबै मानिसहरूका
बीचदेखि अलग गर्नुभयो। यसरी हाम्रा
पुर्खाहरूलाई मिश्र देशबाट निकालेर ल्याउनुहुँदा
आफ्नो दास मोशाद्वारा प्रतिज्ञा गर्नुभएको
थियो, हे परमप्रभु परमेश्वर।"
५४ जब सुलेमानले परमप्रभुमा यो
प्रार्थना र अर्जबिन्ती गरिसिध्याए तब तिनी
परमप्रभुको वेदीको अगिबाट उठे, जहाँ तिनी
स्वर्गतिर आफ्नो हात उठाएर घुँडा टेकिरहेका
थिए। ५५ तिनी उभिए, र ठूलो सोरले
इस्राएलका सबै समुदायलाई आशीर्वाद दिएर
भने, ५६ "आफ्नो प्रजा इस्राएललाई
आफूले प्रतिज्ञा गर्नुभएबमोजिम विश्राम दिनुहुने
परमप्रभु धन्यका होऊन्। आफ्नो दास
मोशाद्वारा गर्नुभएका प्रतिज्ञाहरूमध्येको एउटै
प्रतिज्ञा पनि विफल भएको छैन। ५७ हाम्रा
पुर्खाहरूका साथमा हुनुभएझैं परमप्रभु
हाम्रा परमेश्वर हामीसँग पनि होऊन्।

उहाँले हामीलाई कहिल्यै नछोडून्, नता
त्यागून्। ५८ उहाँले हाम्रा पुर्खाहरूलाई
आज्ञा दिनुभएझैं उहाँका आज्ञाहरू, धर्म-विधिहरू
र न्याय-वचनहरू पालन गर्दै उहाँका
सबै चालहरूमा हिँड्नसक्नलाई उहाँले हाम्रा
मनलाई आफूतिर फर्काऊन्। ५९ औ
परमप्रभुलाई गरेको मेरो अर्जबिन्तीका वचनहरू
रात-दिन परमप्रभु हाम्रा परमेश्वरकहाँ रहून्,
र दिनदिनको खाँचोअनुसार आफ्नो दासको
र आफ्नो प्रजा इस्राएलको न्याय गरिदेऊन्।
६० उहाँ मात्रै परमप्रभु परमेश्वर हुनुहुन्छ
भन्ने पृथ्वीका मानिसहरूले जान्नेछन्,
६१ औ उहाँका धर्म-विधिहरू मान्दै र
उहाँका आज्ञाहरू पालन गर्दै आजको दिन
तिमीहरू भएझैं परमप्रभु हाम्रा परमेश्वरका
भक्तिमा तिमीहरू सिद्ध हुनेछौ।"

६२ जब राजा र सबै इस्राएल परम-
प्रभुको सामने बलिदान चढ़ाउनलाई आए,
६३ तब सुलेमानले बाईस हजार साँढ़े र
एक लाख बीस हजार भेड़ा परमप्रभुलाई
मेलबलि चढ़ाए। यसरीनै राजा र इस्राएली-
हरूले परमप्रभुको भवनलाई समर्पण गरे।
६४ त्यसै दिन राजाले परमप्रभुको भवनको
सामने भएको चोकको बीचको भागलाई पनि
पवित्र गरे। होमबलि, अन्नबलि र मेलबलिको
बोसोको भाग यी सबै राख्नलाई परमप्रभुको
सामने भएको काँसाको वेदी साह्रै सानो
भएकोले होमबलि, अन्नबलि र मेलबलिको
बोसोको भाग त्यहींनै बलिदान चढ़ाए।

६५ यसरी सुलेमान र तिनीसँग भएका
सबै इस्राएल लेबो-हमातदेखि मिश्रको खोल्चा-
सम्मको एक ठूलो समुदायले त्यस बेला सात
दिनसम्म परमप्रभु हाम्रा परमेश्वरको सामने
चाड़ मान्दैरहे। ६६ आठौं दिनमा तिनले
मानिसहरूलाई बिदा गरे। औ तिनीहरूले
राजालाई आशिष दिए, औ परमप्रभुको दास
दाऊद र आफ्नो प्रजा इस्राएललाई दिनुभएका
सबै उन्नतिको निम्ति खुशी र मनमा हर्षित
हुँदै आफ्नो आफ्नो घर गए।

परमेश्वरले सुलेमानको प्रार्थनाको उत्तर दिनुभएको

९ जब सुलेमानले परमप्रभुको भवन,
राजमहल र आफ्नो मनले इच्छा
गरेअनुसार सबै बनाउने काम सिध्याए,
२ तब गिबोनमा तिनीकहाँ देखा पर्नुभएझैं
परमप्रभु दोस्रोपल्ट तिनीकहाँ देखा पर्नुभयो।
३ परमप्रभुले तिनलाई भन्नुभयो "तैंले
मलाई चढ़ाएको प्रार्थना र अर्जबिन्ती मैंले
सुनें। सधैंभरि मेरो नाउँ राख्नलाई तैंले
बनाएको यस भवनलाई मैंले पवित्र पारेको
छु, औ मेरो नजर र मेरो हृदय त्यसमा
सधैंभरिनै रहनेछ। ४ तैं चाहिं इमान्दारी
र सोझोपनामा मैंले आज्ञा गरेका सबै कुरा
मान्दै र मेरो धर्म-विधि र न्याय-वचनहरू
पालन गर्दै मेरो दृष्टिमा तेरा पिता
दाऊदझैं हिंड्स् भने, ५ जसरी मैंले तेरा
पिता दाऊदसँग प्रतिज्ञा गरेर यसो भनें,
'इस्राएलको सिंहासनमा तेरो एउटै मानिसको
पनि कहिल्यै अभाव हुनेछैन।' तेरो शासन
इस्राएलमाथि सदा सर्वदा स्थिर राख्नेछु।
६ तर तैं अथवा तेरा छोराहरू मलाई
पछ्याउन छोड़ेर मैंले तेरो सामने राखेका
मेरा आज्ञा र धर्म बिधिहरू पालन गरेनौ, र
गएर अरू देवताहरूको सेवा गर्‍यौ, र
तिनीहरूलाई दण्डवत् गर्‍यौ भने, ७ मैंले
तिनीहरूलाई दिएको देशबाट म इस्राएललाई
नाश गर्नेछु। मैंले मेरो नाउँमा पवित्र गरेको
यस भवनलाई म त्याग्नेछु, र इस्राएल चाहिं
सबै मानिसहरूका बीचमा एउटा आहान र
गिल्लाको कारण बनिनेछ। ८ औ यो भवन
नाशको ढेर हुनेछ। यसलाई देखेर आउने-
जाने हरेक मानिस अवाक् भएर आश्चर्य
प्रकट गर्नेछन्, 'परमप्रभुले किन यस देश र
यस भवनसित यस्तो व्यवहार गर्नुभयो ?'
९ औ जवाफ यस्तो हुनेछ, 'किनभने तिनी-
हरूले परमप्रभु आफ्ना परमेश्वरलाई त्यागे,
जसले तिनीहरूका पिता-पुर्खाहरूलाई मिश्र

देशबाट निकालेर ल्याउनुभएको थियो र तिनी-
हरूले अरू देवताहरूलाई मानेर तिनलाई
दण्डवत् गर्दै तिनीहरूको सेवा गरे। यसैकारण
परमप्रभुले यो ठूलो खराबी तिनीहरूमाथि
ल्याउनुभयो'।''

राजा हीरामप्रति सुलेमानको व्यवहार

१० परमप्रभुको भवन र राजमहल, यी
दुइ भवन बनाउन सुलेमानलाई बीस वर्ष
लाग्यो। ११ सोरका राजा हीरामले
सुलेमानले इच्छा गरेका सबै देवदार र सल्लाका
काठहरू र सुन जुटाइ दिए, औ सुलेमान
राजाले हीरामलाई गालील देशमा बीसवटा
शहरहरू दिए। १२ तर जब सुलेमानले
तिनलाई दिएका ती शहरहरू हेर्न
हीराम सोरबाट गए तब तिनलाई ती मन
परेन, १३ र तिनले भने, "भाइ, तपाईंले
मलाई दिनुभएका शहरहरू कस्ता किसिमका
रहेछन्।'' यसैले तिनले ती शहरहरूलाई
'काबूल देश' भन्ने नाउँ दिए। तिनीहरूका
नाउँ अहिलेसम्म यही छ। १४ हीरामले
सुलेमान राजालाई एक सय बीस तोड़ा सुन
पठाइदिए।

१५ सुलेमान राजाले परमप्रभुको भवन
आफ्नो निजी महल, मिल्लो, यरूशेलमको
पर्खाल, हासोर, मगिद्दो र गेसेर बनाउन-
लाई बेगार काममा मजदूरहरू लगाएको
विवरण यही हो। १६ गेजेरलाई मिश्र
देशका राजा फिरऊनले चढ़ाइ गरेर
कब्जा गरेका थिए। तिनले त्यसलाई
जलाएर भस्म गरे, र त्यहाँका कनानी
बासिन्दाहरूलाई मारे, औ त्यस शहर-
लाई आफ्नी छोरी सुलेमानकी स्वास्नीलाई
दाइजो दिएका थिए। औ सुलेमानले
त्यसलाई फेरि निर्माण गरे। १७ तिनले
तल्लो बेत-होरोन, १८ बालात र वनमा
भएको तामार, १९ आफ्ना सबै भण्डार
राख्ने शहरहरूसमेत आफ्ना रथ र घोड़ाहरू
राख्ने नगरहरू पनि बनाए। औ सुलेमानले
यरूशलेममा, लबानोनमा र आफ्ना
जम्मै राज्यभरि तिनले बनाउनलाई इच्छा
गरेका सबै कामहरू पूरा गरे। २० बाँकी
रहेका सबै एमोरीहरू, हित्तीहरू, परिज्जीहरू,
हिव्वीहरू र यबूसीहरू जो इस्राएलका सन्तान-
मध्येका थिएनन्—२१ अर्थात् तिनीहरूका
सन्तानहरू, जो देशमा बाँकी रहेका थिए,
जहाँ जहाँ इस्राएलीहरूले तिनीहरूलाई बिलकुलै
नाश गर्नसकेका थिएनन्—तिनीहरूलाई
सुलेमानले स्थायी बेगारी काममा लगाए,
जस्तो तिनीहरू अझै छन्। २२ तर
सुलेमानले इस्राएलीहरू कसैलाई पनि बेगारी
काममा लगाएनन्। इस्राएलीहरू चाहिँ तिनका
सिपाहीहरू, सेवकहरू, कप्तानहरू औ रथहरू
र घोड़-चढ़ीहरूका सेनाका अधिपतिहरू
तुल्याए।

२३ सुलेमानको काममा खटिएका मुख्य
कारिन्दाहरूका संख्या पाँच सय पचास
थियो। काम गर्ने मानिसहरूको देखरेख
यिनीहरूलेनै गर्थे।

२४ तब सुलेमानले फिरऊनकी छोरीलाई
दाऊदको शहरबाट तिनको निम्ति बनाएको
तिनको निजी घरमा ल्याए। त्यसपछि तिनले
मिल्लो बनाए।

२५ आफूले परमप्रभुको निम्ति बनाएको
वेदीमा सुलेमानले वर्षमा तीनपल्ट परमप्रभुको
सामने धूप बाल्दै होमबलि र मेलबलि
चढ़ाउँथे। यसरी तिनले भवन बनाएर
सिद्धयाए।

२६ सुलेमान राजाले लाल समुद्रको
किनार एदोम देशमा एलोतको नजीकै
एस्योन-गेबेर भन्ने ठाउँमा जहाजको बेड़ा
बनाए। २७ हीरामले त्यस जहाजको बेड़ामा
सुलेमानका चाकरहरूसित काम गर्नलाई आफ्ना
सिपालु नाविकहरू पठाए। २८ औ तिनीहरू
ओपीरमा गए, र त्यहाँबाट चार सय बीस
तोड़ा सुन ल्याएर सुलेमान राजालाई
दिए।

शबाकी रानी र सुलेमान

१० शबाकी रानीले सुलेमानको *कीर्ति
सुनिन्, र गाहारो गाहारो प्रश्नहरू
लिएर तिनको जाँच गर्नलाई आइन्।
२ तिनी एक ठूलो लावा-लस्करसाथ, मसाला
ऊँट, धेरै सुन र बहुमूल्य रत्नहरू
लदाएर यरूशलेममा आइन्। ३ जब तिनी
सुलेमानकहाँ आइन् तब तिनले आफ्नो मनमा
भएका सबै कुरा सुलेमानलाई सुनाइन्, औ
सुलेमानले तिनका सबै प्रश्नहरूका जवाफ
दिए। तीमध्ये एउटै पनि प्रश्नको जवाफ
राजाबाट लुकेको थिएन। ४ सुलेमानका
सबै बुद्धि, तिनले बनाएको भवन,
५ तिनको टेबलको भोजन, तिनका वरिपरि
बस्ने भारादारहरू, आफ्ना उर्दी लाएर तिनका
पछि उभिरहने नोकर-चाकरहरू, तिनलाई
पियाउने औ परमप्रभुको भवनमा तिनले
चढ़ाउने गरेका होमबलि देखेर शबाकी रानी
अवाक् भइन्। ६ तिनले राजालाई भनिन्,
"तपाइंको बुद्धिको विषयमा मैले मेरो
देशमा सुनेको कुरा साँचो रहेछ। तर
आएर आफैले नदेखुन्जेल मैले पत्याएको
थिइनँ। ७ साँच्चै, त्यो ता मलाई आधा
पनि सुनाएको रहेनछ। तपाइंको बुद्धि र
तपाइंको ऐश्वर्य मैले सुनेको भन्दा ता धेरै
ज्यादा रहेछन्। ८ तपाइंका रानीहरू कति
सुखी! तपाइंका सामने उभिने र तपाइंको
बुद्धि सुन्नपाउने यी तपाइंका भारादारहरू
कति सुखी। ९ तपाइंसित प्रशन्न भएर
इस्राएलको सिंहासनमा तपाइंलाई विराजमान
गराउनुहुने परमप्रभु तपाइंका परमेश्वर धन्यका
होऊन्। किनभने उहाँले इस्राएललाई सधैंनै
प्रेम गर्नुहुन्छ! न्याय र धर्म कायम
राख्नलाई उहाँले तपाइंलाई तिनीहरूका राजा
तुल्याउनुभयो।" १० त्यसपछि तिनले राजालाई
एक सय बीस तोड़ा सुन, प्रशस्त मात्रामा
मसाला र बहुमूल्य रत्नहरू चढ़ाइन्।
शबाकी रानीले सुलेमानलाई दिएको जत्तिकै
प्रशस्त मात्रामा मसाला फेरि कहिल्यै
आएन।
११ यी सबैबाहेक ओपीरबाट सुन ल्याउने
हीरामको जहाजको बेड़ाले ओपीरबाट चन्दनका
काठ र बहुमूल्य पत्थरहरू पनि प्रशस्त मात्रामा
ल्याउँथे। १२ राजाले परमप्रभुको भवन
र राजाको महलका बस्ने कुर्सीहरू औ गाउने-
हरूका निम्ति वीणा र सारङ्गी पनि तिनै
काठका बनाए। चन्दनका यस्ता काठहरू
कहिल्यै यसरी निकासी गरिएका थिएनन्, औ
त्यस बेलादेखि यसो देखिएका पनि छैनन्।
१३ औ सुलेमान राजाले शबाकी
रानीलाई राजाको आफ्नो उदारताले दिएका
सबै कुराबाहेक तिनले इच्छा गरेर मागेका
सबै कुरा दिए।

सुलेमानका धन-सम्पत्ति

१४ सुलेमानकहाँ वर्षेनि आउने गरेको
सुनको तौल छ सय छियासट्ठी तोड़ा थियो।
१५ त्यसबाहेक भन्सारका अफिसरहरूले लिएका
कर र वैदेशिक मालहरूबाट पाएका नाफा र
अरबका सबै राजाहरू र प्रादेशिक राज्यपाल-
हरूबाट पनि तिनले कर पाउँथे। १६ सुलेमान
राजाले पीटेका सुनका दुइ सय काँड हान्ने
निशान बनाए। प्रत्येक निशानमा छ सय
शेकेल सुन लागेको थियो। १७ तिनले तीन
सय ढालहरू पनि बनाए। प्रत्येक ढाल
बनाउनलाई तीन मीना सुन लागेको थियो।
राजाले लबानोनको जङ्गलमा भएको महलमा
ती राखे।
१८ राजाले हाती दाँतको एउटा ठूलो
सिंहासन पनि बनाएर त्यसलाई कञ्चन सुनले
मोहोरे। १९ सिंहासनमा उक्लने छवटा
खुड्किला थिए। सिंहासनको पछिल्तिर बाछाको
टाउको बनाएको थियो। आसनको दुवैतिर हात
राख्ने बाहु थिए, २० औ प्रत्येकको छेउमा

*इमानीमा—परमप्रभुको नाउँको विषयमा

खड़ा भएको एक एकवटा गरी जम्मा बाह्रवटा
सिंह थिए। कुनै पनि राजाको निम्ति यस्तो
किसिमको सिंहासन कहिल्यै बनाइएको थिएन।
२१ सुलेमानका पिउने सबै कचौराहरू सुनका
थिए, औ लबानोनको जङ्गलको महलका
थालहरू कञ्चन सुनका थिए। चाँदी प्रयोग
गरिएको थिएन, किनभने सुलेमानको समयमा
चाँदीको केही मोलै थिएन।
२२ हीरामको जहाजको बेड़ा साथ-
साथै समुद्रमा सुलेमान राजाका व्यापारी
जहाजको एउटा बेड़ा थियो। तीन तीन
वर्षमा एकपल्ट यो व्यापारी-बेड़ाले सुन,
चाँदी, हात्ती-दाँत, बाँदरहरू र मयूरहरू
लिएर आउँथे।
२३ यसरी सुलेमान राजाले धन-सम्पत्ति
र बुद्धिमा संसारका सबै राजाहरूलाई जिते,
२४ औ परमेश्वरले तिनको हृदयमा हालि-
दिनुभएको बुद्धि सुन्नलाई सारा संसारले तिनको
दर्शन खोज्दथिए। २५ औ हरेकले आफ्नो
सौगात चाँदी, सुनका भाँड़ाहरू, लुगाहरू,
अत्तरहरू र मसालाहरू औ घोड़ा र खच्चर
वर्षको हिसाबले ल्याउँदथिए।
२६ सुलेमानले धेरै रथहरू र घोड़ाहरू
जम्मा गरे। तिनका चौध सय रथ
र बाह्र हजार घोड़ाहरू थिए। यिनलाई
तिनले रथहरू राख्ने शहरहरू र अरूहरूलाई
चाहिँ आफूसित यरूशलेममा राखेका थिए।
२७ राजाले यरूशलेममा चाँदी ढुङ्गासरह
तुल्याए, औ देवदार चाहिँ शेफेलाका किम्बू-
सरह धेरै तुल्याए।
२८ सुलेमानको निम्ति घोड़ाहरू मिश्र
देश र क्यूएबाट पैठारी हुन्थे। राजाका
व्यापारीहरूले ती क्यूएबाट किनेर ल्याउँथे।
२९ प्रत्येक रथ मिश्र देशबाट चाँदीका
छ सय शेकेल औ घोड़ाहरू चाहिँ
एक सय पचासमा दाम तिरेर पैठारी
गरिन्थ्यो। यसरीनै हित्तीहरूका सबै राजाहरू
र अरामका राजाहरूबाट निकासी गर्नलाई
व्यापारीहरूले प्राप्त गर्थे।

सुलेमान राजाको मूर्तिपूजा

११ सुलेमान राजा स्त्री प्रेमी थिए, औ
फिरऊनकी छोरीबाहेक तिनले धेरै
विदेशी स्त्रीहरू, अर्थात् मोआबी, अम्मोनी,
एदोमी, सीदोनी र हित्ती स्त्रीहरू, २ अर्थात्
ती जातिहरूबाट, जससँग परमप्रभुले इस्राएली-
हरूलाई विवाहबारी गर्नलाई मनाई गर्नुभएको
थियो, किनभने उहाँले यसो भन्नुभएको थियो,
"तिनीहरूले तिमीहरूलाई तिनीहरूका देवता-
हरूको सेवा गर्नलाई बहकाउनेछन्।" ३ तर
सुलेमान तिनीहरूप्रति मोहित भए, र तिनीहरू-
लाई ज्यादै प्रेम गर्नलागे। तिनका सात सय
राजकुमारी पत्नी र तीन सय उप-पत्नीहरू
थिए। औ तिनीहरूले तिनको हृदयलाई
सत्यबाट बहकाइदिए। ४ तिनी वृद्ध
हुँदा तिनका पत्नीहरूले तिनको मन अरू
देवताहरूतर्फ लगाइदिए, र तिनी आफ्ना पिता
दाऊदझैं परमप्रभु आफ्ना परमेश्वरका सम्पूर्ण
रीतिले भक्त भएनन्। ५ तिनी सीदोनीहरूको
अश्तारोत देवी र अम्मोनीहरूको घिनलाग्दो
देवता मिल्कोमका पछि लागे। ६ यसरी
सुलेमानले परमप्रभुको दृष्टिमा जे कुरो खराब
थियो त्यही गरे, औ आफ्ना पिता दाऊदझैं
परमप्रभुप्रति भक्त भएनन्। ७ तिनले
मोआबको घृणित देवता कमोस र
अम्मोनीहरूको घिनलाग्दो देवता मोलेकका
निम्ति यरूशलेमको पूर्वपट्टिको डाँड़ामा पूजा
गर्ने थानहरू बनाए। ८ यसरी तिनले ती
देवताहरूका पूजा गरे जसलाई तिनका
विदेशी पत्नीहरूले होमबलि र अरू बलि
चढ़ाउँथे। ९ तिनीकहाँ दुइपल्ट देखा पर्नुहुने
र तिनलाई अरू देवताहरूको पछि नलाग्नू
भनी कड़ा आज्ञा दिनुहुने परमप्रभु इस्राएलका
परमेश्वरदेखि तिनको मन तर्किगएको
हुनाले परमप्रभु सुलेमानसँग रिसाउनुभयो।
१० तिनले परमप्रभुको आज्ञा पालन गरेनन्।
११ यसकारण परमप्रभुले सुलेमानलाई भन्नुभयो,
"तैंले यसो गरेको र मैले तँलाई आज्ञा

गरेको अनुसार मेरो करार र धर्म-विधिलाई
पालन नगरेको कारण म यो राज्य टुक्राएर
तेरो दासलाई दिनेछु। १२ तापनि तेरा
पिता दाऊदको खातिर यो तेरै पालामा चाहिं
म गर्नेछैनँ। म यो राज्य तेरो छोराको
पालामा टुक्राउनेछु। १३ त्यसो गरे तापनि
सब राज्य ता होइन। मेरो दास दाऊदको
र मैले छानेको शहर यरूशलेमको खातिर म
एउटा कुललाई छोड़िदिनेछु।"

सुलेमानका शत्रुहरू

१४ तब परमप्रभुले एदोमको राजकीय
घरानाका एदोमी हददलाई सुलेमानको
विरुद्धमा खड़ा गर्नुभयो। १५ दाऊदले
एदोमलाई जितेको बेलामा तिनका सेनापति
योआबले त्यहाँ मारिएकाहरूलाई गाड़न जाँदा
त्यस देशका सबै पुरुषहरूलाई नाश गरेका
थिए। १६ एदोममा सबै पुरुषहरूलाई मारी
नसकुन्जेल योआब र इस्राएलको सेना त्यहाँ
छ महीनासम्म बसे। १७ त्यस बेला हदद
बालकै थिए, र आफ्ना पिताका कुनै कुनै
एदोमी सेवकहरूका साथमा मिश्र देशमा पस्ने
अभिप्रायले तिनी भागे। १८ तिनीहरू मिद्यान
भएर पैदलै पारानको बाटो लागे, औ
त्यहाँबाट कोही मानिसहरू लिएर मिश्र देशका
राजा फिरऊनकहाँ आए। तिनले हददलाई
एउटा घर र खाने-पिउने बन्दोबस्त गरिदिए,
औ एक टुक्रा जग्गा दिए। १९ हददले
फिरऊनको ठूलो निगाह प्राप्त गरे, र फिरऊनले
आफ्नी पत्नी तहपनेस रानीकी बहिनीलाई
हददसँग विवाह गरिदिए। २० तिनले
हददबाट छोरो गनूबत जन्माइन्। तहपनेसले
त्यस बालकलाई फिरऊनको घरमा हुर्काइन्,
औ त्यो बालक त्यहाँ फिरऊनका नानीहरूसँगै
बढ्यो। २१ मिश्र देशमा छँदा हददले
दाऊद आफ्ना पित्रहरूसँग सुतिसकेका र तिनका
सेनापति योआब पनि मरेका खबर सुनेपछि
तिनले फिरऊनलाई भने, "मलाई आफ्नो
देशमा फर्कने अनुमति दिनुहोस्।"
२२ फिरऊनले भने, "मेरो देशमा तिमीलाई
केको अभाव भयो र तिमी आफ्नो देशमा
फर्किजान चाहन्छौ?" हददले भने, "केही
कुराको अभाव ता छैन, तर बिन्ती छ, मलाई
जानदिनुहोस्।"

२३ तब परमेश्वरले सुलेमानको विरुद्धमा
अर्को एक जना विरोधी खड़ा गर्नुभयो, अर्थात्
एल्यादाको छोरो रसोन, जो आफ्ना मालिक
सोबाका राजा हददेजेरबाट भागेर गएका
थिए। २४ तिनले आफ्नातर्फ मानिसहरू
भेला गरे, र तिनी लूटपीट गर्नेहरूका सरदार
भए। तिनी दमीशकमा आएर त्यसलाई
कब्जा गरी त्यहाँका राजा भए।

२५ सुलेमानको राजत्वकालभरिनै हदद
इस्राएलको विरोधी भइरहे। हददले गरेको
हानि यही थियो—तिनी इस्राएलको विरोधी
भइरहे, र आफूलाई एदोमका राजा बनाए।

यारोबामको उत्थान

२६ सुलेमानका एक जना भारादार
नबातको छोरा यारोबाम, जो सरेदाको एक
एप्रैमी थिए, औ तिनकी विधवा आमाको नाउँ
सरूआ थियो। तिनी राजाको विरुद्धमा
बागी भए। २७ तिनी विरोधी भएको
कारण यही हो—सुलेमानले मिल्लो बनाए, र
आफ्ना पिता दाऊदको शहरका पर्खालका
चिराहरू बन्द गरिदिए। २८ यारोबाम
बड़ो परिश्रमी मानिस थिए। ती जवान
मानिसको परिश्रम देखेर सुलेमानले तिनलाई
यूसुफका कुलको जिल्लामा मजदूरहरूका
कामदारी खटाइदिए। २९ एकपल्ट यारोबाम
यरूशलेम छोड़ेर गइरहेका बेलामा शीलोका
अगमवक्ता अहियाहले तिनलाई बाटोमा भेटे।
ती अगमवक्ताले नयाँ खास्टो ओढ़ेका थिए, औ
मैदानमा तिनी दुइ मात्र थिए। ३० आफूले
ओढ़ेको नयाँ खास्टो फुकालेर अहियाहले
च्यातेर बाह्र टुक्रा पारे, ३१ र यारोबामलाई

भने, "यसबाट दश टुक्रा लेऊ, किनभने
परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ,
'म सुलेमानको हातबाट यो राज्य टुक्राउनेछु,
र तँलाई दश कुल दिनेछु। ३२ तर मेरो
दास दाऊदको खातिर र इस्राएलका सबै
कुलबाट चुनेको शहर यरूशलेमको खातिर
एउटा कुल चाहिं त्यसको रहनेछ।
३३ सुलेमानले मलाई त्यागेको हुनाले यो
गरिरहेछु। किनभने त्यसले सीदोनीहरूको
अश्तारोत देवी, मोआबको देवता कमोस र
अम्मोनीहरूको देवता मिल्कोमलाई पूज्यो
औ मेरो मार्गमा त्यो हिंड्‌‌ने। मेरो
दृष्टिमा जे ठीक छ सो त्यसले गरेन,
त्यसका पिता दाऊदले गरेझैं मेरा धर्म-विधि
र न्याय-वचन त्यसले पालन गरेन।
३४ तापनि म त्यसदेखि जम्मै राज्य ता
लिनेछैनँ, तर मेरा आज्ञाहरू र धर्म-
विधिहरू पालन गर्ने मैले चुनेको दास
दाऊदको खातिर, सुलेमान बाचुञ्जेल त्यसको
शासन कायम राख्नेछु। ३५ तर दश
कुलहरूको राज्य, त्यसको छोरादेखि लिएर
तँलाई दिनेछु। ३६ मेरो नाउँ राख्नलाई
चुनेको शहर यरूशलेममा मेरो सामने मेरो
दास दाऊदको एउटा बत्ती बलिरहोस् भनेर
एउटा कुल चाहिं म त्यसको छोरालाई दिनेछु।
३७ तर तैंले इच्छा गरेका सबैमाथि शासन
गर्नलाई, र इस्राएलका राजा हुनलाई म
तँलाई नियुक्त गर्नेछु। ३८ यदि मेरो दास
दाऊदले गरेझैं तैंले मेरा सबै आज्ञाहरूमा
ध्यान दिइस् र मेरा मार्गमा हिंडिस् औ मेरा
धर्म-विधि र आज्ञाहरू पालन गरेर मेरो
दृष्टिमा जे असल छ त्यो गरिस् भने म
तँसित हुनेछु। दाऊदको निम्ति गरेझैं म
तेरो घरानालाई स्थायी बनाउनेछु। इस्राएल
चाहिं म तँलाई दिनेछु, ३९ औ
पाउने योग्यको दण्ड म दाऊदको सन्तानलाई
दिनेछु, तर सधैंलाई ता होइन'।"
४० त्यसपछि सुलेमानले यारोबामलाई
मार्न खोजे, तर तिनी मिश्र देशमा शीशक
राजाकहाँ भागेर गए, र सुलेमानको मृत्यु
नहोउञ्जेल त्यहींनै रहे।

सुलेमानको मृत्यु

४१ राजा सुलेमानको शासनका अरू
कार्य र घटनाहरू, औ तिनका सबै बुद्धिका
कुरा सुलेमानको इतिहासमा लेखिएका छन्।
४२ सुलेमानले सारा इस्राएलमाथि यरूशलेम-
बाट चालीस वर्ष राज्य गरे। ४३ त्यसपछि
तिनी आफ्ना पित्रहरूसित सुते, र आफ्ना
पिता दाऊदको शहरमा गाड़िए, औ तिनीपछि
तिनका छोरा रहबाम राजा भए।

रहबाम राजा भएका

१२ रहबाम शेकेममा गए, किनभने सारा
इस्राएल तिनलाई राजा बनाउन
त्यहाँ गएका थिए। २ जब नबातका छोरा
यारोबामले यो कुरा सुने, जो अहिलेसम्म
मिश्र देशमानै थिए, तब तिनी त्यहीं बसे,
किनभने सुलेमान राजादेखि उम्कनलाई तिनले
त्यहाँ शरण लिएका थिए। ३ तब मानिस-
हरूले तिनलाई बोलाइपठाए, र तिनी र
इस्राएलका जम्मै समुदायले आएर रहबामलाई
भने, ४ "तपाइंका पिताले हामीमाथि गह्रौं
जूवा बोकाइदिनुभएको थियो, तर तिनले
हामीमाथि लगाएको यो कठोर दासत्व र गह्रौं
जूवालाई तपाइंले हलुका गरिदिनुभयो भने
हामी तपाइंको सेवा गर्नेछौं।" ५ रहबामले
भने, "मलाई तीन दिनको समय देऊ, र
फेरि आऊ।" ६ यसैले ती मानिसहरू
गइहाले। तब राजा रहबामले तिनका
पिता सुलेमान जीवित छँदा तिनका सल्लाहकार
भएका बूढ़ा-प्रधानहरूसित यसो भनेर सल्लाह
मागे, "यी मानिसहरूलाई मैले—कस्तो
जवाफ दिनुपर्ने हो?" ७ तिनीहरूले भने,
"यदि आज हजूर यी मानिसहरूको सेवा
गर्नचाहनुहुन्छ भने, अहिले हजूर तिनीहरूका

सेवकझैं भइदिनुहोस्, र तिनीहरूसँग दया
देखाएर कुरा गर्नुहोस्, र पछि सधैंको
लागि तिनीहरू हजूरका कमारा हुनेछन्।''
८ तर ती बूढ़ा-प्रधानहरूले दिएका
सल्लाहलाई तिनले इन्कार गरे। त्यसपछि
तिनले आफूसँग बढ़ेका जवान भारादारहरूको
सल्लाह लिनलाई यसो भनेर सोधे, ९ ''मेरा
पिताले तिनीहरूमाथि बोकाएको जूवा हलुङ्ग
गरिदिनलाई यी मानिसहरूले बिन्ती गरेकोमा
मैले कस्तो जवाफ दिनु?'' १० ती जवान
मानिसहरूले उत्तर दिए, ''हजूरका पिताले
तिनीहरूको जूवा गह्रौं पारिदिनुभएको थियो,
र त्यो हलुङ्ग गरिदिनुहोस् भनी हजूरलाई
भन्ने मानिसहरूलाई भन्नुहोस्, 'मेरो कान्छी
औंली मेरा पिताको कम्मरभन्दा मोटो छ।
११ मेरा पिताले तिमीहरूमाथि गह्रौं जूवा
बोकाइदिनुभएको थियो, तर म त्यो अझै गह्रौं
बनाइदिनेछु। मेरा पिताले तिमीहरूलाई बेंत
लगाउनुहुन्थ्यो, तर म कोर्रा लगाउनेछु'।''
१२ यारोबाम र ती सबै मानिसहरू
राजाले हुकूम गरेझैं तेस्रो दिन रहबाम-
कहाँ आए। १३ औ राजाले तिनीहरूलाई
कड़ा जवाफ दिए। बूढ़ा-प्रधानहरूले दिएका
सल्लाह तिनले इन्कार गरे, १४ र ती
जवानहरूले दिएको सल्लाहअनुसार मानिस-
हरूलाई भने, ''मेरा पिताले ता तिमीहरूका
जूवा गह्रौं बनाइदिनुभएको थियो, तर म
त्यो अझै गह्रौं बनाइदिनेछु। मेरा पिताले
तिमीहरूलाई बेंत लगाउनुहुन्थ्यो, तर म
तिमीहरूलाई कोर्रा लगाउनेछु।'' १५ राजाले
ती मानिसहरूको कुरा सुनेनन्, किनभने
शीलोका अहियाहद्वारा नबातका छोरा
यारोबामलाई उहाँले भन्नुभएको वचन
पूरा हुनलाई परमप्रभुले यस्तो स्थिति
ल्याउनुभएको थियो।

यारोबामलाई राजा बनाउनलाई दश कुलको विद्रोह

१६ जब राजाले तिनीहरूका कुरा नसुनेका
सारा इस्राएलले देखे तब तिनीहरूले जवाफ
दिए,

'दाऊदसँग हाम्रो के हिस्सा?
यिशैको छोरासित हाम्रो केही भाग छैन।
हे इस्राएली हो, आफ्नो आफ्नो घर जाऊ,
हे दाऊद, तिमी आफ्नै घर सम्हाल।'

यसैकारण इस्राएलीहरू आफ्नो आफ्नो घर
लागे, १७ र रहबामले चाहिँ यहूदाका
शहरहरूमा बस्ने इस्राएलीहरूमाथि शासन
गर्नलागे।

१८ तब राजा रहबामले बेगारी काममा
लगाउने मानिसहरूका अधिपति अदोरामलाई
पठाए, इस्राएलीहरूले तिनलाई ढुङ्गाले हानेर
मारे। त्यसैले राजा रहबाम हतार हतार
आफ्नो रथमा चढ़ेर यरूशलेममा भागेर गए।
१९ यसरी त्यस दिनेदेखि आजसम्मै सारा
इस्राएल दाऊदका परिवारको विरुद्धमा बागी
भएका छन्।

२० जब इस्राएलका मानिसहरूले यारोबाम
फर्केर आएका छन् भनी सुने तब तिनीहरूले
मानिसहरू पठाएर तिनलाई सभामा बोलाए,
र सारा इस्राएलमाथि राजा तुल्याए। यहूदाको
कुल मात्र दाऊदको घरानाको पछि लागे।

२१ जब रहबाम यरूशलेम पुगे तब
तिनले आफ्नो राज्य फिर्ता लिन इस्राएलको
घरानाको विरुद्धमा लड़ाइँ गर्न यहूदाका
र बिन्यामीनको कुलका पनि एक लाख असी
हजार चुनिएका योद्धाहरूलाई भेला गराए।
२२ तर परमेश्वरको यो वचन उहाँका
जन शमायाहकहाँ आयो, २३ ''सुलेमानको
छोरा यहूदाका राजा रहबामलाई, यहूदा,
बिन्यामीनको घराना, र बाँकी मानिसहरू-
लाई भन्, २४ 'परमप्रभु यसो भन्नुहुन्छ,
तिमीहरू आफ्ना दाज्यू-भाइ इस्राएलको
विरुद्धमा युद्ध गर्न उक्लेर नजाऊ तिमीहरू
आफ्नो आफ्नो घर फर्केर जाऊ, किनभने
मेरो इच्छा यही हो'।'' यसैले परमप्रभुले
तिनीहरूलाई भन्नुभएझैं तिनीहरूले परमप्रभुको
वचन मानेर आफ्नो आफ्नो घर गए।

यारोबामको पाप

२५ त्यसपछि यारोबामले एप्रैमको पहाड़ी-
देशमा भएको शकेमलाई पुनर्निर्माण गरे, र
त्यहींनै आफ्नो निवासस्थान बनाए। त्यहाँबाट
गएर तिनले पनूएल शहर बनाए। २६ तिनले
आफ्नो मनमा यस्तो विचार गरे, "यस्तै
भयो भनेता यो राज्य दाऊदको घरानातिरै
फर्किजान्छ होला। २७ यदि यो प्रजा
परमप्रभुको भवन यरूशलेममा बलिदान
चढ़ाउन गयो भने तिनीहरूका मन आफ्ना
प्रभु यहूदाका राजा रहबामतिर फेरि
लाग्नेछ, र तिनीहरूले मलाई मारेर
राजा रहबामतिरै फर्किजानेछन्।" २८ तब
यस विषयमा विचार गरेर तिनले सुनका
दुइवटा बाछा बनाएर मानिहरूलाई भने,
"तिमीहरूलाई यरूशलेममा जान अति कष्ट
हुन्छ। हे इस्राएली हो, तिमीहरूलाई मिश्र
देशबाट निकालेर ल्याउने देवताहरू यहाँ
छन्।" २९ तिनले एउटा चाहिँ बेतेलमा र
अर्को चाहिँ दानमा स्थापन गरे। ३० औ
यही कुरो इस्राएलमा पाप भयो। मानिसहरू
एउटालाई पूज्न बेतेलमा उक्लेर जान्थे, र
अर्कोलाई पूज्न दानसम्मै जान्थे। ३१ तिनले
डाँड़ाका टाकुरा टाकुरामा पूजा गर्ने थानहरू
पनि बनाए। औ अन्य कुलबाट पनि
पूजाहारीहरू नियुक्त गरे। ती लेवीकै कुलका
थिएनन्। ३२ तिनले आठौं महीनाको
पन्ध्रौं दिनमा यहूदामा भएको चाड़जस्तै
एउटा चाड़ ठहराए, र वेदीमा बलिहरू चढ़ाए।
तिनले आफूले बनाएका बाछाहरूका निम्ति
पनि बलिदान चढ़ाए। आफूले बनाएका
डाँड़ा डाँड़ाका पूजा गर्ने थानहरूका पूजाहारी-
हरूलाई सेवा गर्नलाए। ३३ यसैले आठौं
महीनाको पन्ध्रौं दिनमा बेतेलमा आफूले
बसालेको वेदीमा तिनी उक्लेर गए। आफूले
चुनेको त्यस महीनामा त्यहाँ इस्राएलीहरूका
निम्ति तिनले एउटा चाड़ ठहराए, र बलिदान
चढ़ाउनलाई आफै वेदीमा उक्लेर गए।

अगमवक्ताको चेतावनी

१३ जसै यारोबाम वेदीको नजीक
बलिदान चढ़ाउनलाई उभिए तब
यहूदाबाट परमेश्वरका एक जन परमप्रभुको
वचनले प्रेरित भएर बेतेलमा आए।
२ तिनले परमेश्वरको नाउँमा त्यस वेदीको
विरुद्धमा कराएर यसो भने, "हे वेदी,
परमप्रभु यसो भन्नुहुन्छ, सुन्। 'योशीया
नाउँ भएको एउटा बालक दाऊदको घरानामा
जन्मनेछ, जसले तँमाथि बलिदान चढ़ाउने
डाँड़ा डाँड़ाका थानका पूजाहारीहरूलाईनै
तँमाथि बलिदान चढ़ाउनेछ। त्यसले
तँमाथि मानिसको हड्डी जलाउनेछ'।"
३ त्यही दिन तिनले एउटा यस्तो चिह्न
दिए, "परमप्रभुले भन्नुभएको छ, औ चिह्न
चाहिँ यही हो, 'वेदी टुक्रा टुक्रा गरी भत्कने
छ, र त्यसमाथि भएको खरानी चाहिँ बाहिर
तितर-बितर हुनेछ'।" ४ जब परमेश्वरका
जनले बेतेलको वेदीको विरुद्धमा कराएर
भनेको दण्डाज्ञा यारोबामले सुने, तब तिनले
वेदीबाट त्यस मानिसलाई देखाएर भने।
"त्यस मानिसलाई समात्।" तर तिनीतिर संकेत
गरेको यारोबामको हात झट्टै सुकिहाल्यो,
र तिनले त्यो फेरि आफूतिर खिँच्न सकेनन्।
५ औ परमेश्वरको आज्ञाबमोजिम परमप्रभुका
जनले दिएका चिह्न पूरा हुनलाई वेदी पनि
टुक्रा टुक्रा भयो र खरानी तितर-बितर भयो।
६ तब राजाले परमप्रभु तिनका परमेश्वरलाई
शान्त गराउन र तिनको हात फेरि ज्यूँका
त्यूँ होस् भनी प्रार्थना गरिदिन परमेश्वरका
जनलाई बिन्ती गरे। तिनले चाहेझैं ती
परमेश्वरका जनले बिन्ती चढ़ाए, र राजाको
हात अघिजस्तै ज्यूँका त्यूँ भयो। ७ तब
राजाले परमेश्वरका जनलाई भने, "मसँग
मेरो घरमा आउनुहोस्, र मसँगै केही
खानुहोस्, औ म तपाईंलाई केही उपहार
दिनेछु।" ८ तर परमेश्वरका जनले जवाफ
दिए, "तपाईंले मलाई आफ्नो आधै महल

दिनुभए तापनि म तपाईंको घरभित्र पस्नेछैनँ।
म यस ठाउँमा केही खान-पीन गर्नेछैनँ,
९ किनभने परमप्रभुले मलाई यहाँ केही नखानू
र नपिउनू, र म आएको बाटो फर्केर नजानू
भनी आज्ञा गर्नुभएको छ।'' १० यसकारण
तिनी अर्कै बाटो भएर गए। तिनी बेतेलमा
आएको बाटो भएर फर्केनन्।
११ त्यस बेला बेतेलमा एउटा वृद्ध
अगमवक्ता बस्थे। तिनका छोराहरू आएर
बेतेल्मा त्यस दिन परमेश्वरका जनले गरेका सबै
कुरा तिनलाई सुनाइदिए। तिनले राजालाई
भनेका कुरा पनि तिनीहरूले आफ्ना बाबुलाई
सुनाइदिए। १२ तिनीहरूका बाबुले सोधे
"तिनी कुन बाटो लागे?" यहूदाबाट
आएका ती परमेश्वरका जन गएको बाटो
तिनीहरूले देखाइदिए। १३ तिनले आफ्ना
छोराहरूलाई भने, "मेरो निम्ति एउटा
गधा कसिदेऊ।" तिनीहरूले गधा कसिदिए, र
तिनी त्यसमा चढ़ेर १४ ती परमेश्वरका
जनलाई पहिल्याउँदै गए। तिनले उनलाई
एउटा तारपीनको रूखमनि बसिरहेका भेट्टाए,
र तिनले भने, "यहूदाबाट आएका परमेश्वरका
जन तपाईंनै हुनुहुन्छ?" तिनले भने, "ज्यू,
मनै हुँ।" १५ ती अगमवक्ताले तिनलाई
भने, "आएर मसँग केही खान-पीन गर्नुहोस्।"
१६ उनले भने, "म तपाईंसँग फर्कनसक्तिनँ,
अथवा तपाईंको घरमा पस्नसक्तिनँ। म यस
ठाउँमा तपाईंसँग खान-पीन गर्नसक्तिनँ,
१७ किनभने परमप्रभुले मलाई भन्नुभएको
छ, 'तैंले त्यहाँ केही खान-पीन नगर्नू, औ तँ
आएको बाटो भएर नफर्कनू'।" १८ तर ती
वृद्ध मानिसले तिनलाई भने, "म पनि
तपाईंजस्तै एउटा अगमवक्ता हुँ, परमप्रभुको
वचनद्धारा मसँग खान पिउन तपाईंलाई
मेरो घरमा ल्याउनू भनी एउटा स्वर्गदूतले
मलाई आज्ञा दिएका छन्।" तिनले ता
यो झूट भनेका थिए। १९ ती यहूदाका
मानिस फर्केर तिनीसँग गए, र तिनको घरमा
खान-पीन गरे। २० जब उनीहरू खान-पीन
गर्दैथिए, तब उनलाई फर्काएर ल्याउने ती
अगमवक्ताकहाँ यसो भन्ने परमप्रभुको वचन
आयो, २१ र तिनले यहूदाबाट आएका ती
परमेश्वरका जनलाई कराएर यसो भने,
"परमप्रभु यसो भन्नुहुन्छ, 'तैंले आफ्ना
परमेश्वरको वचनलाई तुच्छ ठानिस्, र उहाँको
आज्ञालाई पालन गरेनस्। २२ उहाँले मनाई
गर्नुभएको ठाउँमा खान-पीन गर्नलाई तँ आइस्।
यसकारण तेरो मृत-शरीर तेरा पुर्खाहरूका
चिहानमा अब गाड़िनेछैन'।"
२३ जब उनीहरूले खान-पीन गरिसके तब
तिनले फर्काएर ल्याएका ती अगमवक्ताको
निम्ति तिनले एउटा गधा कसिदिए।
२४ तर जब तिनी गइरहेका थिए, तब एउटा
सिंहले तिनलाई भेट्टाएर मार्‍यो, र तिनको
लाश बाटैमा पड़िरह्यो। गधा र सिंहचाहिं
छेवैमा उभिरहेका थिए। २५ त्यही बाटो
भएर जाने कोही मानिसहरूले त्यो लाश
बाटैमा पड़िरहेको र त्यस सिंहलाई त्यसकै
छेउमा उभिरहेको देखेर ती वृद्ध अगमवक्ता
बसेको शहरमा त्यो समाचार ल्याए।
२६ औ जब तिनलाई बाटोदेखि फर्काएर
ल्याउने ती अगमवक्ताले त्यो कुरा सुने तब
तिनले भने, "तिनी ता त्यही परमेश्वरका जन
हुन्, जसले परमप्रभुको वचनलाई टेरेनन्।
परमप्रभुले तिनलाई सिंहको मुखमा पर्नदिनुभएछ।
औ परमप्रभुको वचन पूरा हुनलाई त्यस सिंहले
तिनलाई फहराएर मारेछ।" २७ तिनले
आफ्ना छोराहरूलाई एउटा गधा कस्नलाए।
तिनीहरूले गधा कसिदिएपछि २८ तिनी
गएर त्यस लाशलाई बाटोमै लड़िरहेको औ
गधा र सिंह छेवैमा उभिरहेका भेट्टाए। त्यस
सिंहले त्यस लाशलाई खाएको थिएन औ
गधालाई पनि फहराएको थिएन। २९ तब
ती अगमवक्ताले परमेश्वरका जनको लाशलाई
उठाएर गधामा राखे, र तिनको निम्ति
शोक गर्न र तिनलाई गाड्न आफ्नो शहरमा
ल्याए। ३० तिनले त्यस लाशलाई आफ्नै
चिहानमा गाड़े, र तिनीहरूले यसो भनेर

विलाप गरे, "हाय ! मेरो भाइ, मेरो भाइ !"
३१ तिनलाई गाड़िसकेपछि तिनले आफ्ना
छोराहरूलाई भने, "म मरेपछि मलाई पनि
यी परमेश्वरका मानिस गाड़िएकै चिहानमा
गाड़िदिनू है । मेरा हड्डीहरू तिनकै छेउमा
रहून्, ३२ किनभने बेतेलमा भएको वेदी
र सबै सामरियाका डाँड़ा डाँड़ामा भएका
पूजा गर्ने थानहरूका विरुद्धमा परमेश्वरले आज्ञा
गर्नुभएअनुसार तिनले घोषणा गरेको वचन
पूरा हुनेछ ।"

३३ त्यसपछि पनि यारोबामले आफ्ना दुष्ट
चालहरू त्यागेनन्, तर तिनले सबै जातिहरूका
मानिसहरूदेखि डाँड़ा डाँड़ाहरूमा भएका
पूजा गर्ने थानहरूको निम्ति पूजाहारीहरू
नियुक्त गर्दैरहे । औ कुनै पनि मानिस जो
यस्ता कामको निम्ति अगि सर्थे त्यसलाई
कुनै एउटा डाँड़ामा पूजा-थानको पूजाहारी
तिनले नियुक्त गर्थे । ३४ यसो गरेको
कारण तिनले आफ्नै घरानामाथि दोष र
सर्वनाश ल्याए ।

यारोबामको घरानाको दण्ड
यारोबामको मृत्यु

१४ त्यस बेला यारोबामको छोरा अबिया
बिरामी भयो, २ र यारोबामले आफ्नी
पत्नीलाई भने, "आऊ, तिमी मेरी पत्नी हो
भनी मानिसहरूले नचिन्नलाई तिम्रो भेष
बदलेर शीलोमा जाऊ । मलाई यी मानिस-
हरूमाथि राजा हुनेछौ भन्ने अहियाह
अगमवक्ता त्यहाँ छन् । ३ तिम्रो साथमा
दशवटा रोटी, केही किसमिस र एक गरीयो
मह लिएर तिनीकहाँ जाऊ । तिनले बालकलाई
के हुन्छ सो तिमीलाई बताइदिनेछन् ।"
४ यारोबामकी पत्नीले त्यसै गरिन् । तिनी
तुरुन्तै शीलोमा गइन्, र अहियाहको घरमा
पुगिन् । त्यस बेला अहियाहले देख्नसक्तैन
थिए, किनभने वृद्धावस्थाले गर्दा तिनका आँखा
धमिलिएका थिए । ५ औ परमप्रभुले तिनलाई
यसो भन्नुभएको थियो, "यारोबामकी पत्नी
आफ्नो बिरामी छोराको विषयमा तँसित सल्लाह
माग्न आउँदैछ । त्यसलाई मैले बताएको कुरा
भन् ।"

६ जब गुप्त भेषमा तिनी भित्र आइन्,
तब अहियाहले ढोकामा तिनको खुट्टाको
आवाज सुनेर तिनलाई भने, "ए यारोबामकी
स्वास्नी भित्र आऊ, तिमी आफैलाई किन
लुकाउँछौ ? तिम्रो निम्ति मकहाँ खराब
समाचार छ । ७ गएर यारोबामलाई भन,
'परमप्रभु इस्राएलका परमेश्वर यही भन्नुहुन्छ,
मैले तँलाई मानिसहरूबाट खड़ा गरें, र
मेरो प्रजा इस्राएलमाथि राजा नियुक्त गरें ।
८ मैले दाऊदको घरानादेखि राज्य टुक्राएर
तँलाई दिएँ । तर मेरो दृष्टिमा जे
असल छ त्यही गर्दै मेरा आज्ञा पालन गर्ने
र आफ्नो सारा हृदयले मलाई पछयाउने
मेरो दास दाऊदझैं तँ भएनस्, ९ दुष्टयाइँमा
तँभन्दा अघिकाहरू सबैलाई तैंले उछिनिस् ।
आफ्नो निम्ति अरू देवताहरू र
ढालेर बनाएका मूर्तिहरू बनाएर तैंले मलाई
रीस उठाइस् । औ मतिर तैंले तेरो
पीठ फर्काइस् । १० यसकारण म यारोबामको
घरानामाथि सत्यानाश ल्याउनेछु, र त्यस
घरानाको रक्षामनि होस् कि नहोस्, हरेक
छोरा फुक्का वा बँधुवा होस्, तिनीहरूका
पुरुषलाई म नष्ट गर्नेछु, र केही नरहने गरी
यारोबामको घरानालाई कसिंगर जस्तै
इस्राएलबाट बढारेर म फालिदिनेछु । ११ त्यस
घरानाको शहरमा मर्ने चाहिं कुकुरको
आहार हुनेछ, र वनमा मर्ने चाहिं
पक्षीहरूका आहार हुनेछ ।' परमप्रभुको वाणी
यही छ ।"

१२ "तिमी अब घर जाऊ । तिमीले
आफ्नो पाइला शहरमा हाल्ने बित्तिकै त्यो
बालक मर्नेछ । १३ त्यसको निम्ति इस्राएलले
विलाप गरेर त्यसलाई गाड़नेछ । औ
त्यसमा मात्र परमप्रभु इस्राएलका परमेश्वरले
केही असल कुरो भेट्टाउनुभएकोले गर्दा

यारोबामको घरानामा त्यसको मात्र उचित
रीतिले मृत-संस्कार हुनेछ। १४ त्यसपछि
परमप्रभुले इस्राएलमाथि एउटा राजा नियुक्त
गर्नुहुनेछ। तिनले यारोबामको घरानालाई खतम
पार्नेछ। यो पहिलो कुरो हो। त्यसपछि
के हुने हो? १५ पानीमा नर्कट कामेझैं
परमप्रभुले इस्राएललाई काम्ने गरी हिर्काउनु-
हुनेछ। तिनीहरूका पिता-पुर्खाहरूलाई
दिनुभएको यो असल देशबाट उहाँले त्यहाँका
मानिसहरूलाई जरैसमेत उखेल्नुहुनेछ, र तिनी-
हरूलाई यूफ्रेटिस नदी पारि तितर-बितर पार्नु-
हुनेछ, किनभने तिनीहरूले अश्तारोत देवीका
मूर्तिहरू बनाएर परमप्रभुलाई रीस उठाए।
१६ औ यारोबाम आफैंले गरेका पाप र
इस्राएललाई गर्नलाएका पापहरूको कारण
उहाँले इस्राएललाई त्याग्नुहुनेछ।"
१७ यारोबामकी पत्नी तुरुन्तै आफ्नो
घर तिर्सामा गइन्, र आफ्नो घरको सँघार
नाँघ्ने बित्तिकै त्यो बालक मर्‍यो। १८ तिनी-
हरूले त्यसलाई गाड़े, र सारा इस्राएलले
त्यसको निम्ति विलाप गरे। यसरी परमप्रभुले
आफ्नो दास अहियाहद्वारा भन्नुभएको कुरा
पूरा भयो।
१९ यारोबामको राजत्वकालभरि लड़ाइँ र
शान्तिको समयमा भएका अरू घटनाहरू
इस्राएलका राजाहरूको इतिहासमा लेखिएका
छन्। २० तिनले बाईस वर्ष राज्य गरे।
त्यसपछि तिनी आफ्ना पित्रहरूसित सुते, औ
तिनीपछि तिनका छोरा नादाब राजा भए।

यहूदामा रहबामको शासन

२१ सुलेमानका छोरा रहबाम यहूदामा
राजा भए। राजगद्दी आरोहण गर्दा तिनी
एकचालीस वर्षका थिए। इस्राएलका सबै
कुलबाट आफ्नो नाउँ राख्नलाई परमप्रभुले
चुन्नुभएको शहर, यरूशलेममा तिनले सत्र वर्ष
राज्य गरे। रहबामकी आमा नामा भन्ने
एक अम्मोनी स्त्री थिइन्। २२ तिनीहरूका
पिता-पुर्खाहरूले गरेका पापभन्दा बढ़ी
पाप गरेर औ उहाँलाई ज्यादै क्रोधित
तुल्याएर परमप्रभुको दृष्टिमा जे कुरो खराब
थियो त्यही यहूदाले गरे। २३ तिनीहरूले
डाँड़ा डाँड़ाहरू हुँदो पूजा गर्ने थान, थामहरू
र अस्तारोत देवीका मूर्तिहरू सबै अलग
अलग डाँड़ाहरूमा र झ्याम्म परेका
रूखहरूमनि खड़ा गरे। २४ त्यसभन्दा बढ़ी
खराबी तिनीहरूले यो गरे, सारा देश-
भरिनै पूजा गर्ने थानहरू हुँदो तिनीहरूले
पुरुषगामीहरू राखे। परमप्रभुले इस्राएलकै
निम्ति निकाल्नुभएका जातिहरूका घिनलाग्दा
कार्यहरू मानिसहरूले गरे।
२५ रहबामको शासनकालको पाँचौं
वर्षमा मिश्र देशका राजा शीशकले यरूशलेममा
चढ़ाइ गरे। २६ तिनले परमप्रभुको भवन
र राजाको महलका भण्डारका सबै चीजहरू
लूटे, र सुलेमानले बनाएका सुनका ढालहरू
र जम्मै कुरा जब्त गरे। २७ रहबाम
राजाले तिनको सट्टामा काँसाका ढालहरू
बनाएर राजाको महलको प्रवेश ढोका रक्षा
गर्ने रक्षकहरूका अफिसरहरूको जिम्मामा
दिए। २८ जब राजा परमप्रभुको भवनमा
पस्थे तब ती रक्षकहरूले ती ढालहरू बोक्थे।
त्यसपछि तिनीहरूले रक्षक बस्ने कोठामा ती
फेरि राख्थे।
२९ रहबामका अरू कार्य र घटनाहरू
यहूदाका राजाहरूको इतिहासमा लेखिएका
छन्। ३० यारोबाम र रहबामका बीचमा
निरन्तर झगड़ा भइरह्यो। ३१ रहबाम
आफ्ना पित्रहरूसित सुते, र तिनी दाऊदको
शहरमा गाड़िए। (तिनकी आमा नामा
नाउँ भएकी एक अम्मोनी स्त्री थिइन्।)
तिनीपछि तिनका छोरा अबियाम राजा भए।

यहूदाका राजाहरू—अबियाम र आसा

१५ नबातका छोरा यारोबामको शासन-
कालको अठाहौं वर्षमा अबियाम

यहूदाका राजा भए। २ तिनले यरूशलेममा
तीन वर्ष राज्य गरे। तिनकी आमा चाहिं
अबीशालोमकी छोरी माका थिइन्। ३ तिनले
पनि तिनी अघिका तिनका पिताले गरेका
सबै पापहरू गरे। तिनी आफ्ना पुर्खा
दाऊदझैं परमप्रभु आफ्ना परमेश्वरका विश्वासी
भएनन्। ४ तर तिनको वंशलाई स्थिर
र यरूशलेमलाई सुरक्षित राखेर दाऊदको
खातिर परमप्रभु तिनका परमेश्वरले यरूशलेममा
जलिरहन तिनलाई एउटा बत्ती दिनुभयो।
५ तर हित्ती उरियाहको विषयमा बाहेक
अरू कुरामा दाऊदले परमप्रभुको दृष्टिमा जे
कुरा ठीक थियो त्यही गरेका थिए, र
आफ्नो जीवनपर्यन्त उहाँको कुनै पनि आज्ञा
उल्लङ्घन गरेका थिएनन्। ६ रहबाम र
यारोबामको बीचमा निरन्तर लड़ाइँ भइरह्यो।
७ अबियामको शासनका अरू कार्य
र घटनाहरू यहूदाका राजाहरूको इतिहासमा
लेखिएका छन्। अबियाम र यारोबामको
बीचमा झगड़ा भइरह्यो। ८ तब अबियाम
आफ्ना पित्रहरूसित सुते, र तिनी दाऊदको
शहरमा गाड़िए। तिनीपछि तिनका छोरा
आसा राजा भए।
९ इस्राएलका राजा यारोबामको बीसौं
वर्षमा आसा यहूदाका राजा भए। १० तिनले
यरूशलेममा एकचालीस वर्ष राज्य गरे।
तिनकी आमा अबीशालोमकी छोरी माका
थिइन्। ११ आसाले आफ्ना पुर्खा
दाऊदझैं जे कुरा परमप्रभुको दृष्टिमा असल
थियो त्यही गरे। १२ तिनले पूजा गर्ने
थानमा बस्ने पुरुषगामीहरूलाई निकालिदिए,
र तिनका अघिका राजाहरूले बनाएका
सबै मूर्तिहरूलाई हटाइदिए। १३ तिनले
आफ्नै आमा माकालाई राजमाताको
पदबाट हटाइदिए, किनभने अश्तारोत देवीको
पूजा गर्नलाई एउटा घिनलाग्दो कुरो
तिनले राखेकी थिइन्। आसाले त्यो काटेर
ढालिदिए, र किद्रोन खोल्सामा त्यो जलाइदिए।
१४ डाँड़ा डाँड़ामा भएका पूजा गर्ने थानहरू
रहनदिए, तापनि आसा आफ्नो जीवनभरिनै
परमप्रभुका विश्वासी भइरहे। १५ तिनले
परमप्रभुको भवनमा आफ्ना पिताका सबै
अर्पण गरिएका भेटीहरू र आफ्नै सुन,
चाँदी र पवित्र भाँड़ाहरू ल्याए।

इस्राएलका राजा बाशा

१६ तिनीहरूका शासनकालभरिनै इस्राएलका
राजा बाशासँग आसाको युद्ध भइरह्यो।
१७ इस्राएलका राजा बाशाले यहूदामाथि
आक्रमण गरे, र यहूदाका राजा आसाको
प्रवेश गर्ने सबै ठाउँहरू रोक्नलाई रामालाई
मजबूत बनाउनथाले। १८ यसैकारण
आसाले परमप्रभुको भण्डार र राजाको
महलका बाँकी रहेका सुन र चाँदीहरू लगेर
आफ्ना सेवकहरूका हातमा अरामका राजा
तब्रिमोनको छोरा हेज्योनका नाति बेन्-हददकहाँ
यसो भनेर पठाए, १९ "हाम्रा पिता-पुर्खा-
हरूका बीचमा भएझैं हाम्रो बीचमा मित्रता
छ। अब म यो सुन र चाँदीको सौगात
पठाउँदैछु। यसकारण इस्राएलका राजा
बाशासितको तपाईंको मित्रता तोड़िदिनुहोस्,
र मेरो विरुद्धमा गरेको यो धावा तिनले
छोड़िदेऊन्।" २० बेन्-हददले खुशीसित आसा
राजाको प्रस्ताव माने। तिनले आफ्ना सेनापति-
हरूलाई इस्राएलका शहरहरूको विरुद्धमा
लड़नलाई हुकुम दिए, र तिनीहरूले इयोन,
दान, आबेल-बेत-माका र किन्नेरेतको नप्ताली
देशसम्मै पुग्ने भागलाई आक्रमण गरे।
२१ बाशाले यो कुरा सुनेर रामालाई मजबूत
बनाउन छोड़िदिए, र तिर्सामा फर्केर गए।
२२ तब बाशाले रामालाई मजबूत पार्नलाई
जम्मा गरेका सबै ढुङ्गा र काठहरू कटाउनलाई
यहूदाको हरेक मानिसले सघाउनुपर्छ भन्ने
घोषणा आसा राजाले दिए। कोही पनि
छोड़िएन। औ तिनले ती ढुङ्गा र काठहरू
बिन्यामीनको गेबा र मिस्पालाई मजबूत
पार्नलाई प्रयोग गरे।

२३ आसाको शासनकालका अरू सबै घटनाहरू, तिनका वीरता र तिनले गरेका कार्यहरू औ तिनले बनाएका शहरहरू यहूदाका राजाहरूको इतिहासमा लेखिएका छन्। तर तिनको वृद्धावस्थामा बिरामीले गर्दा तिनका खुट्टा कूँजो भए। २४ तिनी आफ्ना पित्रहरूसित सुते, र तिनका पुर्खा दाऊदको शहरमा तिनीहरूसँग गाड़िए। औ तिनीपछि तिनका छोरा यहोशापात राजा भए।

इस्राएलका राजा नादाब र बाशा

२५ यहूदाका राजा आसाको दोस्रो वर्षमा यारोबामका छोरा नादाब इस्राएलका राजा भए। तिनले दुइ वर्ष राज्य गरे। २६ तिनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थियो त्यही गरे, र इस्राएललाई तिनका पिताले गर्न लाएका पापमा चलेर तिनकै चालमा तिनी हिंडे। २७ इस्साकारको घरानाका अहियाहका छोरा बाशाले तिनको विरुद्धमा षड्यन्त्र रचे, र नादाबले आफ्ना सबै सेनाको साथमा घेरिराखेको पलिश्तीहरूको शहर गिब्बतोनमा तिनलाई आक्रमण गरे। २८ बाशाले तिनलाई मारे, र यहूदाका राजा आसाको तेस्रो वर्षमा तिनको राजगद्दी खोसेर लिए। २९ तिनी राजा हुने बित्तिकै एउटै जीवित प्राणी पनि बाँकी नराखी यारोबामका जम्मै परिवारलाई तिनले खतम गरिदिए। यसरी आफ्नो दास शीलोनी अहियाहद्वारा भन्नुभएको परमप्रभुको वचन पूरा भयो। ३० किनभने यारोबामका पाप, तिनले इस्राएललाई गर्नलाएका पाप र तिनले परमप्रभु इस्राएलका परमेश्वरलाई रीस उठाएको कारण यो भएको थियो।

३१ नादाबको शासनका अरू घटनाहरू र तिनका सबै कार्यहरू इस्राएलका राजाहरूको इतिहासमा लेखिएका छन्। ३२ आफ्ना सारा शासनकालभरिनै आसा इस्राएलका राजा बाशासित युद्ध गर्दैरहे।

३३ यहूदाका राजा आसाको तेस्रो वर्षमा बाशा तिर्सामा सारा इस्राएलका राजा भए, औ तिनले चौबीस वर्ष राज्य गरे। ३४ यारोबामका पापहरूनै दोहोराएर तिनले इस्राएललाई गर्नलाएका पाप गरेर, औ यारोबामका चालहरूमा हिंड़ेर तिनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थिए ती गरे।

इस्राएलका राजाहरू—एला, जिम्री र ओम्री

१६ त्यसपछि बाशाको विषयमा हनानीको छोरा येहूकहाँ परमप्रभुको यो वचन आयो, २ "मैले तँलाई धूलोबाट उठाएर मेरो प्रजा इस्राएलका राजा तुल्याएँ। यारोबामको चालमा हिंड़ेर तैंले मेरो प्रजा इस्राएललाई पाप गर्नलाइस्, र तिनीहरूका पापहरूद्वारा मलाई रीस उठाइस्। ३ औ जसरी मैले नाबातको छोरा यारोबामको घरानासित व्यवहार गरेको थिएँ, त्यसरीनै म तँसित गर्नेछु। यसकारण म बाशा र त्यसको घरानालाई पनि कसिंगरजस्तै बढ़ारी फ्याँकिदिनेछु। ४ बाशाको घरानाको शहरमा मर्नेहरू चाहिं कुकुरहरूका आहार र वनमा मर्नेहरू पक्षीहरूका आहार हुनेछन्।"

५ बाशाको शासनकालका अरू घटनाहरू, तिनका वीरता र ख्याति इस्राएलका राजाहरूको इतिहासमा लेखिएका छन्। ६ बाशा आफ्ना पित्रहरूसित सुते, र तिनी तिर्सामा गाड़िए, औ तिनीपछि तिनका छोरा एला राजा भए। ७ किनभने परमप्रभुको दृष्टिमा गरेका सबै खराबी र उहाँलाई रीस उठाएकोले गर्दाबाहेक बाशा र तिनका घरानाको विषयमा परमप्रभुको यो वचन हनानीको छोरा येहू अगमवक्ताद्वारा आएको थियो। किनभने तिनले यारोबामको घरानाजस्तै केवल पाप मात्र गरेका थिएनन्, तर

त्यसमाथि सत्यानाश पनि ल्याएका थिए।
८ यहूदाका राजा आसाको छब्बीसौं
वर्षमा बाशाको छोरा एला इस्राएलका राजा
भए, र तिनले तिर्सामा दुइ वर्ष राज्य गरे।
९ तिनका आधा रथ-सेनाका सेनापति भएर
तिनको सेवा गर्ने तिनका सेवक जिम्रीले
तिनको विरुद्धमा षड्यन्त्र रचे। राजा तिर्सामा
आफ्नो महलको देखरेख गर्ने अधिकारी
अर्साको घरमा मद्यपान गरिरहेको बेलामा,
१० महलभित्र पसेर जिम्रीले तिनलाई आक्रमण
गरेर मारे, र आफैलाई राजा तुल्याए।
यहूदाका राजा आसाको सत्ताईसौं वर्षमा यो
घटना भएको थियो। ११ तिनी राजा
भएर राजगद्दी आरोहण गर्ने बित्तिकै तिनले
बाशाका घरानाका सबैलाई खतम पारे, औ
बाशाका कुटुम्ब र मित्र एउटै पुरुषलाई पनि
जिउँदो छोड़ेनन। १२ तिनले बाशाका जम्मै
परिवारलाई नाश गरे। औ येहू अगमवक्ताद्वारा
बाशाको विषयमा परमप्रभुले भन्नुभएको वचन
यसरी पूरा भयो। १३ यो चाहिं तिनीहरूले
आफ्ना बेकामका मूर्तिहरूद्वारा परमप्रभु
इस्राएलका परमेश्वरलाई रीस उठाएर बाशा
र तिनका छोरा एलाले गरेका पाप र
इस्राएललाई गर्नलाएका पापले गर्दा भएको
थियो। १४ एलाको शासनका अरू घटना
र कार्यहरू इस्राएलका राजाहरूको इतिहासमा
लेखिएका छन्।
१५ यहूदाका राजा आसाको सत्ताइसौं
वर्षमा जिम्रीले सात दिन तिर्सामा राज्य
गरे। त्यस बेला सेनाले चाहिं पलिश्तीहरूको
शहर गिब्बतोनलाई घेरा हालिराखेको थियो।
१६ रण-भूमिमा भएको इस्राएली फौजले
जिम्रीको षड्यन्त्र र राजाको हत्याको
विषयमा सुनेर छाउनीमानै आफ्ना सेनापति
ओम्रीलाई एक मत भएर इस्राएलका
राजा तुल्याए। १७ तब ओम्री र
तिनका जम्मै फौजले गिब्बतोनबाट हटेर
तिर्सालाई घेरे। १८ शहर लिएको देख्ने
बित्तिकै जिम्री राजमहलको भण्डारभित्र पसे,
र महलमा आगो लगाइदिएर आफै पनि
जलेर मरे। १९ परमप्रभुको दृष्टिमा जे
खराब थियो त्यही पाप गरेको र यारोबामले
इस्राएललाई गर्नलाएको पाप दोहोर्‍याएर
तिनकै चालमा हिंड़ेको पापले गर्दा यो
भएको थियो। २० जिम्रीको शासनका अरू
घटनाहरू र तिनको षड्यन्त्र इस्राएलका
राजाहरूको इतिहासमा लेखिएका छन्।
२१ त्यसपछि इस्राएलका मानिसहरू दुइ
दलमा विभक्त भए। एक दल गीनतका
छोरा तिब्नीलाई राजा तुल्याउनलाई निश्चय
गरेर तिनीतर्फ लाग्यो, औ अर्को दल चाहिं
ओम्रीतर्फ लाग्यो। २२ ओम्रीको दल अझ
शक्तिशाली भयो। तिब्नी मारिए, र ओम्री
राजा भए।
२३ यहूदाका राजा आसाको एकतीसौं
वर्षमा ओम्री इस्राएलका राजा भए, औ
तिनले बाह वर्ष राज्य गरे। तिनले छ वर्ष
चाहिं तिर्सामा राज्य गरे। २४ तिनले दुइ
तोड़ा चाँदीमा शेमेरको हातबाट सामरिया
डाँड़ा किनेर त्यसमा एउटा शहर बनाए,
औ त्यस डाँड़ाको मालिक शेमेरको
नाउँमा त्यसको नाउँ सामरिया राखे।
२५ ओम्रीले परमप्रभुको दृष्टिमा जे कुरो
खराब थियो त्यही गरे। दुष्ट्याइँमा तिनले
आफ्ना अघिका सबै राजाहरूलाई उछिने।
२६ नबातका छोरा यारोबामले इस्राएललाई
गर्नलाएका पापहरू तिनले दोहोर्‍याएर तिनकै
चालमा तिनी हिंड़े, र यसरी आफ्ना
बेकामका मूर्तिहरूद्वारा परमप्रभु तिनीहरूका
परमेश्वरलाई तिनले रीस उठाए। २७ ओम्रीको
शासनका अरू घटनाहरू र तिनका वीरताका
कार्यहरू इस्राएलका राजाहरूको इतिहासमा
लेखिएका छन्। २८ तब ओम्री आफ्ना
पित्रहरूसित सुते र सामरियामा गाड़िए।
तिनीपछि तिनका छोरा आहाब राजा भए।

इस्राएलका राजा आहाब

२९ यहूदाका राजा आसाको अठतीसौं

वर्षमा ओम्रीका छोरा आहाब इस्राएलका
राजा भए। तिनले सामरियामा इस्राएलमाथि
बाईस वर्ष राज्य गरे। ३० तिनले आफ्ना
अघिका सबै राजाहरूभन्दा अझ बढ़ी मात्रामा
परमप्रभुको दृष्टिमा दुष्ट काम गरे।
३१ नबातका छोरा यारोबामका पापी चाल-
हरूमा हिंड्न तिनको निम्ति कम भएजस्तो
तिनले सीदोनका राजा एतबालकी छोरी
ईजेबेललाई विवाह गरे, र बाल देवतालाई
पूजे। ३२ तिनले त्यसलाई दण्डवत् गरे,
र तिनले सामरियामा बालको निम्ति बनाएको
मन्दिरमा बालको लागि एउटा वेदी बनाए।
३३ तिनले अशेरा देवीको मूर्ति पनि खड़ा
गरे। साँच्चिनै तिनले आफ्ना अघिका
इस्राएलका राजाहरूभन्दा बढ़ी इस्राएलका
परमप्रभु परमेश्वरलाई रीस उठाए। ३४ तिनको
समयमा बेतेलका हीएलले यरीहोलाई फेरि
निर्माण गरे। त्यसको जग बसाल्दा तिनको
जेठो छोरो अबीरामको मृत्यु भयो, औ
त्यसको मूल-ढोकाहरू बनाउँदा तिनको कान्छो
छोरो सगूबको मृत्यु भयो। यसरी परमप्रभुले
नूनको छोरा यहोशूद्वारा भन्नुभएको वचन
पूरा भयो।

एलिया

१७ गिलादको तिश्बी भने ठाउँको तिश्बी
एलियाले आहाबलाई भने, "परमप्रभु
इस्राएलका परमेश्वरको सेवक म, उहाँको
जीवनको शपथ खाएर भन्दछु कि मेरो
वचनविना आगामी वर्षहरूमा शीत र
पानी केही पर्दैन।" २ तब परमप्रभुको यो
वचन तिनीकहाँ आयो, ३ "यो ठाउँ
छोड़ेर पूर्वतिर लाग्, र यर्दनको पूर्वतिर
भएको करीतको खोलामा गएर लुकिबस्।
४ तैंले खोलाको पानी पिउनू। तँलाई
त्यहाँ खुवाउनलाई मैंले कागहरूलाई आज्ञा
गरेको छु।" ५ परमप्रभुले भनेझैं तिनले
गरे। तिनी यर्दनको पूर्वतिर भएको करीत
खोलामा गएर बसे। ६ त्यहाँ कागहरूले
तिनलाई बिहान र बेलुकी रोटी र मासु
ल्याइदिए, र तिनले खोलाको पानी पिएर बसे।
७ केही समयपछि देशमा पानी नपरेकोले
त्यो खोलाको पानी सुक्यो।
८ तब परमप्रभुको यो वचन तिनीकहाँ
आयो, ९ "अब सीदोनको एउटा गाउँ
सारपतमा गएर त्यहाँ बस्। त्यहाँ तँलाई
खुवाउन मैंले एउटा विधवालाई खटाएको
छु।" १० तब तिनी सारपतमा गए।
तिनी सारपत शहरको मूल ढोकामा पुग्दा
तिनले एउटी विधवालाई दाउरा बटुलिरहेकी
देखे, र तिनले हपारेर तिनलाई भने, "कृपागरी
एउटा लोहोटामा मलाई अलिकता पानी
पिउनलाई ल्याइदेऊ।" ११ त्यो विधवा पानी
ल्याउनलाई जाँदाजाँदै तिनले फेरि हपारेर
तिनलाई भने, "कृपागरी एक टुक्रा रोटी पनि
मलाई ल्याइदेऊ।" १२ तर ती विधवाले
भनिन्, "जीवित परमप्रभु तपाईंका परमेश्वरको
नाउँमा शपथ खाएर म भन्दछु, कि भाँड़ामा
एक मुठी पीठो र ढुंग्रोमा अलिकता तेलबाहेक
प्राण रक्षा गर्नलाई मसित खानेकुरो केही छैन।
मेरो छोरो र म आफै मर्नअघि केही पकाएर
खान अलिकता झिँजा यहाँ खोजदैछु।"
१३ एलियाले भने, "नडराऊ, गएर तिमीले
भनेझैं गर। तर पहिले तिमीसित जे छ
त्यसको एउटा सानो फुलौरा बनाएर यहाँ
मकहाँ ल्याऊ, र त्यसपछि तिमी र तिम्रो
छोराको निम्ति केही बनाऊ। १४ किनभने
परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ,
'देशमा परमप्रभुले पानी नपठाउञ्जेल पीठो
सिद्धिनेछैन्, नता गरीयोको तेल रित्तिनेछ।'"
१५ तिनी गएर एलियाले भनेझैं गरिन्।
औ तिनको निम्ति, त्यस विधवाको निम्ति र
तिनको घरानाको निम्ति धेरै समयसम्म
खानेकुरो भयो। १६ एलियाद्वारा परमप्रभुले
पहिलेनै भन्नुभएझैं भाँड़ाको पीठो सिद्धिएन,
औ गरीयोको तेल पनि रित्तिएन।
१७ केही समयपछि ती स्त्री त्यस

घरकी मालिक्नी, को छोरो बिरामी पऱ्यो, र
दिनदिनै सिकिस्त हुँदैगयो, औ आखिरमा
त्यसले सास फेर्न पनि छोड्यो। १८ तब
तिनले एलियालाई भनिन्, "हे परमेश्वरका
जन, तपाइंको मसित के सरोकार ? तपाइं
ता यहाँ मेरो पाप देखाएर मेरो छोरालाई
मार्न आउनुभएको रहेछ।" १९ एलियाले
भने, "तिम्रो छोरालाई यहाँ मलाई देऊ।"
तिनले त्यस ठिटालाई तिनको हातबाट लिएर
आफू बसेको कौसीको कोठामा लगे, र त्यस-
लाई आफ्नो ओछ्यानमा राखे। २० त्यस-
पछि तिनले परमप्रभुलाई हपारेर भने, "हे
परमप्रभु मेरा परमेश्वर, म जसकहाँ बसेको
छु त्यसको छोराको प्राण लिएर त्यस
विधवामाथि यो विपत्ति तपाइंले किन
ल्याउनुभयो ?' २१ त्यसपछि तिनी तीनपल्ट
त्यस बालकमाथि लमतन्न परे, र परमप्रभुलाई
हपारेर भने, "हे परमप्रभु मेरा परमेश्वर,
बिन्ती छ, जीवनको सास फेरि यस
बालकको शरीरमा फर्कोस्।" २२ परमप्रभुले
एलियाको बिन्ती सुन्नुभयो, र जीवनको
सास त्यसै बालकको शरीरमा फर्क्यो, र त्यो
पुनर्जीवित भयो। २३ एलियाले त्यसलाई
उठाएर घरको कौसीबाट तल लगे, र
त्यसकी आमालाई जिम्मा दिएर यसो भने,
"हेर त, तिम्रो छोरो जीवित भयो।"
२४ तब त्यस विधवाले एलियालाई भनिन्,
"अब मलाई यो निश्चय थाह भयो कि
तपाइं परमेश्वरका जन हुनुहुँदोरहेछ, औ
तपाइंको मुखबाट निस्केको परमप्रभुको वचन
सत्य रहेछ।"

एलिया र आहाबको भेट र बाल देवताका पूजाहारीहरू

१८ धेरै दिनपछि तेस्रो वर्षमा परमप्रभुको
यो वचन एलियाकहाँ आयो, "गएर
आहाबकहाँ देखा पर्, र म देशमा वृष्टि
पठाउनेछु।" २ यसैले तिनी आहाबकहाँ देखा
पर्नलाई गए। त्यस बेला सामरियामा घोर
अनिकाल परेको थियो। ३ आहाबले आफ्नो
महलको हेरचाहा गर्ने अधिकारी परमेश्वरका
भक्त ओबद्यालाई बोलाइपठाए। ४ जब
ईजेबेलले परमप्रभुका अगमवक्ताहरूलाई हत्या
गरेकी थिइन्, तब ओबद्याले तिनीहरूमध्येका
एक सय जनालाई लिएर, तिनीहरूलाई
जीवित राख्नलाई, खान-पीन दिएर पचास
पचास गरी ओढारहरू हुँदो लुकाएका थिए।
५ आहाबले ओबद्यालाई भने, "हामी दुइ
देशको चारैतिर सबै खोला-नाला हुँदो
जाऔं। हामीले प्रशस्त घाँस पायौं भने
घोड़ाहरू र खच्चरहरूलाई जीवित राख्नसकौंला,
र हाम्रा गाई-वस्तुहरू पनि खतम हुनेछैनन्।"
६ तिनीहरू निरीक्षण गर्नलाई आपसमा देश
बाँटे, र आहाब एक्लै एकातिर र ओबद्या
अर्कोतिर लागे।

७ जब ओबद्या बाटोमा गइरहेका थिए,
तब एलियाले तिनलाई भेटे। ओबद्याले
तिनलाई चिनेर दण्डवत् गरी भने, "मेरा प्रभु
एलियानै हुनुहुन्छ कि !" ८ एलियाले भने,
"मनै हुँ। एलिया यहाँ छ भनी गएर तिम्रा
मालिकलाई भन।" ९ ओबद्याले भने, "मैले
के खराबी गरें र तपाइं मलाई आहाबको
हातमा सुम्पनुहुन्छ ? तिनले ता मलाई मार्नेछन्।
१० जीवित परमप्रभु तपाइंका परमेश्वरको
नाउँमा शपथ खाएर म भन्दछु कि मेरा
मालिकले तपाइंलाई खोज्न भनी पठाएको
कुनै जाति अथवा राज्य बाँकी छैन होला।
तिनीहरूले एलिया यहाँ छैनन् भनी समाचार
पठाउँदा आहाबले त्यस राज्य अथवा जातिलाई
तपाइंलाई भेट्टाउनसकेनौं भन्ने शपथसमेत
खानलाए। ११ तापनि अब तपाइं मलाई
भन्नुहुन्छ, 'गएर तिम्रा मालिकलाई एलिया
यहाँ रहेछ भनी भन।' १२ औ यता के
हुन्छ भने, मैले तपाइंलाई छोड्नु बित्तिकै
कसैले न जानेको ठाउँमा परमप्रभुका आत्माले
तपाइंलाई लगिहाल्नुहुनेछ, औ म चाहिं
गएर आहाबलाई भन्नेछु, र तिनले

तपाईंलाई नभेट्टाउँदा मलाईनै मार्नेछन्। औ
मता मेरो बाल्यवस्था देखिनै परमप्रभुको एक
भक्त हुँ। १३ हे मेरा स्वामी, जब ईजेबेलले
परमप्रभुका अगमवक्ताहरूलाई मारिन् तब मैंले
के गरें भनी तपाईंले सुन्नुभएको छैन र ?
कसरी मैंले पचास पचास गरी तिनीहरूमध्येका
एक सय जनालाई ओढ़ारहरूमा लुकाएँ, र
खान-पीन दिएर तिनीहरूलाई जीवित राखें।
१४ औ अब तपाईं भन्नुहुन्छ, 'गएर तिम्रा
मालिक्लाई एलिया यहाँ रहेछ भनी भन।'
तिनले ता मलाई मारिहाल्नेछन्।" १५ एलियाले
जवाफ दिए, "परमप्रभुको सेवक भएर
सेनाहरूका परमप्रभुको शपथ खाएर म भन्दछु,
'आज म निश्चय आहाबकहाँ देखा पर्नेछु'।"
१६ तब ओबद्या आहाबलाई खोज्न
गए, औ तिनलाई भेट्टाएर त्यो समाचार
दिए, र आहाब एलियालाई भेट गर्न गए।
१७ आहाबले एलियालाई देख्ने बित्तिकै
भने, "इस्राएललाई कष्ट दिने तिमीनै हौ ?"
१८ तिनले जवाफ दिए, "इस्राएललाई कष्ट
दिने ता म होइनँ, तर तपाईं र तपाईंका
पिताका घरानाले परमप्रभुका आज्ञा त्यागी
बाल देवताको पछि लागेर पो हो।
१९ तर अब ईजेबेलले पालेर राखेका
बाल्का चार सय पचास अगमवक्ता, अशेरा
देवीका चार सय अगमवक्ता र सबै इस्राएल-
लाई कर्मेल डाँडामा भेला गराउनुहोस्।"
२० यसैकारण आहाबले समस्त इस्राएली-
हरूलाई बोलाइपठाए, र सबै अगमवक्ताहरूलाई
कर्मेल डाँडामा भेला गराए।
२१ एलियाले अगि आएर मानिसहरूलाई
भने, "तिमीहरू कहिलेसम्म दोधारमा
बसिरहन्छौ ? यदि परमप्रभुनै परमेश्वर हुनुहुन्छ
भने उहाँलाई पछ्याऊ। तर यदि बाल परमेश्वर
हो भने त्यसलाई पछ्याऊ।" तर तिनीहरूले
एउटै जवाफ दिएनन्। २२ तब फेरि
एलियाले मानिसहरूलाई भने, "परमप्रभुका
अगमवक्ता ता केवल म मात्र बाँकी रहेको छु,
तर बाल्का चार सय पचास अगमवक्ताहरू
छन्। २३ अब दुइवटा साँढ़े ल्याऊ। तिनीहरूले
आफ्नो निम्ति एउटा छानेर त्यसलाई काटी
आगो नलगाईकन दाउरामाथि राखून्। औ
मचाहिँ त्यो अर्कोलाई तयार गरेर आगो
नलगाईकन दाउरामाथि राख्नेछु। २४ तिमी-
हरू आफ्नो देवताको नाउँ पुकार, र म
परमप्रभुको नाउँ पुकार्नेछु, औ आगोद्वारा
जवाफ दिनुहुनेनै परमेश्वर हुनुहुन्छ।" औ
सबै मानिसहरूले कराएर आफ्ना स्वीकृति
दिए।
२५ तब एलियाले बाल्का अगमवक्ता-
हरूलाई भने, "एउटा साँढ़े छान, र त्यसलाई
पहिले बलिदान गर, किनभने तिमीहरू धेरै
छौ। आफ्नो देवताको नाउँ पुकार, तर
दाउरामा आगो नलगाऊ।" २६ यसैले
आफूहरूलाई दिएको साँढ़े तिनीहरूले चढ़ाएर
बाल्को नाउँ लिएर बिहानदेखि मध्येनि
दिनसम्म यसो भनेर पुकारे, "हे बाल, हे
बाल, हाम्रो बिन्ती सुन्नुहोस्।" तर त्यहाँ
केही आवाज र केही जवाफ आएन। आफू-
हरूले खड़ा गरेको वेदीको वरिपरि तिनीहरू
खूब उफ्रँदै नाच्नलागे। २७ मध्यदिनमा
एलियाले यसो भनेर तिनीहरूलाई ठट्टा गरे,
"त्यो ता देवता हो, अझ जोरसित कराऊ।
उ घोर विचारमा मग्न होला, अथवा दिसा
गर्न वा यात्रामा गएको होला अथवा सुति-
रहेको होला र उठाउनुपर्छ।" २८ तिनीहरू
अझै जोरसित कराए। औ तिनीहरूको रीति-
अनुसार आफैंलाई तरवार र भालाले चोट
पारेर आफ्नो शरीरबाट रगत बगाए।
२९ दिनभरिनै साँझको नियमित बलिदान
चढ़ाउने बेलासम्म तिनीहरू बर्बराउँदै रहे,
तरैपनि त्यहाँ कुनै आवाज वा जवाफ आएन,
न ध्यानै दिइयो।
३० तब एलियाले सबै मानिसहरूलाई
भने, "यहाँ मकहाँ आऊ।" तिनीहरू सबै
आए, औ भत्काइदिएको परमप्रभुको वेदीलाई
तिनले फेरि मरम्मत गरे। ३१ औ परमप्रभुको
वचनद्वारा इस्राएल नाउँ राखिएका याकूबका

छोराहरूको प्रत्येक कुलको निम्ति एक एक
गरी बाह्रवटा ढुङ्गा तिनले लिए। ३२ ती
ढुङ्गाहरू लिएर तिनले परमप्रभुको नाउँमा
एउटा वेदी बनाए। तिनले त्यस वेदीको वरि-
परि दुइ माना जति बिउ जाने ठूलो खाड्ल
खने। ३३ तिनले दाउरा मिलाए, औ त्यस
साँढेलाई काटेर दाउरामाथि राखे। तब तिनले
भने, "चार गाग्री पानी भरेर यो होमबलि
र दाउरामाथि खन्याइदेऊ।" तिनीहरूले
त्यसै गरे। ३४ औ तिनले भने, "फेरि
त्यसै गर।" तिनीहरूले फेरि त्यसै गरे। औ
तिनले भने, "तेस्रो खेप पनि त्यसै गर।"
तिनीहरूले तेस्रो खेप त्यसै गरे। ३५ औ
पानी वेदीको चारैतिर भरिएर पनि पोखियो।
३६ नियमित बलिदानको बेला एलिया
अगमवक्ताले अघि बढेर भने, "हे अब्राहाम,
इसहाक र इस्राएलका परमप्रभु परमेश्वर,
इस्राएलमा तपाईं परमेश्वर हुनुहुन्छ, औ म
चाहिं तपाईंको सेवक हुँ। यी सबै काम
तपाईंको आज्ञाअनुसार मैले गरेको हुँ भनी
थाह होस्। ३७ औ परमप्रभु, मलाई
जवाफ दिनुहोस्, मलाई जवाफ दिनुहोस्, र
यी मानिसहरूले जानून् कि तपाईं परमप्रभुनै
परमेश्वर हुनुहुन्छ, औ तिनीहरूका मन फर्काउने
पनि तपाईंनै हुनुहुन्छ।" ३८ तब परमप्रभुको
आगो बर्ष्यो। आगोले होमबलि, दाउरा, ढुङ्गा
र माटो भस्म पाऱ्यो, र खाड्लको पानी
सुकाइदियो। ३९ जब सबै मानिसहरूले यो
देखे तब तिनीहरू भूइँमा घोप्टो परी कराएर
भने, "परमप्रभुनै परमेश्वर हुनुहुँदो रहेछ,
परमप्रभुनै परमेश्वर हुनुहुँदो रहेछ।"
४० तब एलियाले तिनीहरूलाई भने, 'बालका
अगमवक्ताहरूलाई समात। एउटै पनि उम्कन
नपाओस्।" तिनीहरूले उनीहरूलाई समाते,
औ एलियाले तिनीहरूलाई कीशोन खोल्सामा
लगेर मारे।
४१ तब एलियाले आहाबलाई भने, "गएर
खान-पीन गर्नुहोस्, किनभने म ठूलो झरी
आइरहेको आवाज सुन्दैछु।" ४२ तिनले
खान-पीन गरे, औ एलिया चाहिं कर्मेल
डाँडाको टाकुरामा चढ़े। त्यहाँ तिनले भूइँमा
निहुरेर आफ्नो शिर घुँडाहरूमा अड़ाए।
४३ तिनले आफ्नो चाकरलाई भने, "गएर
पश्चिमतिर हेर्।" त्यसले गएर हेऱ्यो, र आएर
भन्यो, "त्यहाँ केही देखिँदैन।" एलियाले
त्यसलाई सातपल्ट गएर हेर्नें हुकूम गरे,
औ त्यो सातैपल्ट गयो। ४४ सातौंपल्टमा
त्यसले भन्यो, "मान्छेको हात जत्रो एउटा
बादल पश्चिमबाट आइरहेको म देख्तैछु।"
एलियाले त्यसलाई भने, "अब जा,
आहाबलाई आफ्नो रथ तयार गरेर गइहाल्नु-
होस् भनी भन्, नत्रता पानीले तिनलाई
रोक्नेछ।" ४५ यसै बीचमा कालो बादलले
आकाश छायो, हुरी चल्यो र ठूलो पानी
पर्नलाग्यो। आहाब आफ्नो रथमा चढ़ेर
यिज्रेलमा गए। ४६ तर परमप्रभुको हात
एलियामाथि पऱ्यो। तिनले आफ्नो लुगा
समेटे, र यिज्रेलसम्मै आहाबको अगिअगि
दगुरे।

एलिया होरेब पर्वतमा

१९ एलियाले गरेका सबै काम र तिनले
सबै अगमवक्ताहरूलाई तरवारले मारेको
कुरो आहाबले ईजेबेललाई सुनाइदिए।
२ तब ईजेबेलले एलियाकहाँ यसो भनेर
एउटा दूत पठाइन्, "जसरी तैंले तिनीहरूको
प्राण लिइस् त्यसरीनै भोलि यही बेलासम्म
तेरो प्राण पनि मैले लिइनँ भने देवताहरूले
मलाई त्यसै गरून्, अँ, त्यसभन्दा पनि बढ़ी
गरून्।" ३ एलिया डराए, र आफ्नो प्राण
बचाउनलाई भागे। जब तिनी यहूदाको
बेर्शेबामा पुगे, तब तिनले आफ्नो चाकरलाई
त्यहीं छोड़ेर आफूचाहिं एक दिनको बाटो
उजाड़-स्थानभित्र पसे। ४ तिनी अम्लिसोको
एउटा झाड़ीमा आइपुगे, र त्यसमुनि बसेर
आफ्नो मृत्युको निम्ति प्रार्थना गर्नलागे। तिनले
भने, "बस भयो! हे परमप्रभु, अब मेरो

प्राण लिनुहोस्, किनभने म मेरा अघि-
अघिका पिता-पुर्खाहरूभन्दा असल छैनँ!"
५ तिनी त्यहीं झाड़ीमनि ढल्के। औ जब
तिनी निदाए, तब एउटा स्वर्गदूतले तिनलाई
छोएर भने, "उठेर खाऊ।" ६ तिनले
हेरे, र आफ्नो सिहाननेर तातो ढुङ्गामा
पोलेको एउटा फुलौरा र एक सुराही पानी
देखे। खाइ-पिई गरेर तिनी फेरि सुते।
७ परमप्रभुका दूत फेरि आएर दोस्रो खेप
तिनलाई भने, "उठेर खाऊ। यात्रा तिम्रो
निम्ति साह्रै लामो छ।" ८ तिनी उठेर
खाइ-पिई गरे। औ यही भोजनको बलले
तिनी चालीस दिन र चालीस रात परमेश्वरको
पर्वत होरेबसम्म हिंडेर गए।

९ तिनी त्यहाँ एउटा ओढ़ारभित्र पसे,
र त्यहीं रात बिताए। झट्टै परमप्रभुको यो
वचन तिनीकहाँ आयो, "हे एलिया, तँ किन यहाँ
छस्?" १० तिनले भने, "परमप्रभु सेनाहरूका
परमेश्वरको निम्ति मेरो ठूलो जोशले
गर्दा हो। इस्राएलका मानिसहरूले तपाईंका
करार त्यागे। तपाईंका वेदीहरू भत्काइदिए
र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारे।
केवल म मात्रै बाँकी रहेको छु, र तिनीहरू
मेरो प्राण लिनचाहन्छन्।" ११ जवाफ यस्तो
आयो, "गएर परमप्रभुको सामने डाँड़ामा
उभी।" किनभने परमप्रभु त्यहाँबाट जाँदै-
हुनुहुन्थ्यो। एउटा ठूलो र प्रचण्ड बतास
पहाड़हरू फुटाउँदै र चटानहरू चिर्दै
आयो, तर बतासमा परमप्रभु हुनुहुन्न
थियो। औ बतासपछि भैंचालो आयो।
तर भैंचालोमा परमप्रभु हुनुहुन्न थियो।
१२ औ भैंचालोपछि आगो आयो, तर
आगोमा परमप्रभु हुनुहुन्न थियो। औ
आगोपछि सानो मधुर आवाज आयो।
१३ जब एलियाले त्यो सुने तब तिनले
आफ्नो खास्टोले मुख छोपे, र बाहिर गएर
ओढ़ारको ढोकामा उभिए। तब यस्तो आवाज
भयो, "हे एलिया, तँ किन यहाँ छस्?"
१४ तिनले भने, "परमप्रभु सेनाहरूका
परमेश्वरको निम्ति मेरो ठूलो जोशले
गर्दा हो! इस्राएलका मानिसहरूले तपाइंको
करारलाई त्यागे! तपाइंका वेदीहरू भत्काइ-
दिए, र तपाईंका अगमवक्ताहरूलाई तरवारले
मारे! केवल म मात्र बाँकी छु, औ
तिनीहरू मेरो प्राण लिनचाहन्छन्!"

१५ परमप्रभुले तिनलाई भन्नुभयो,
"दमीशकको उजाड़-भूमिबाट भएर फर्किजा,
र शहरभित्र पस्। हजाएललाई अरामको राजा
अभिषेक गर्, १६ औ निम्शीको छोरा
येहूलाई इस्राएलका राजा र आबेल-महोलाको
शापातको छोरा एलीशालाई तेरो सट्टामा
अगमवक्ता अभिषेक गर्। १७ हजाएलको
तरवारबाट उम्कनेलाई येहूले मार्नेछ, औ
येहूको तरवारबाट उम्कनेलाई एलीशाले
मार्नेछ। १८ तर बालको सामने आफ्नो
घुँड़ा नटेक्ने, जसका ओठले त्यसलाई चुम्बन
गरेको छैनौ, तिनीहरूका सात हजार
जनालाई म इस्राएलमा बचाइराख्नेछु।"

एलीशाले एलियालाई पछ्याएका

१९ तब एलिया त्यहाँबाट गए, र
शापातका छोरा एलीशालाई खेत जोतिरहेका
भेट्टाए। तिनको अगिअगि बाह्र हल गोरु
थिए, औ तिनी चाहिं तीमध्ये सबैभन्दा
पछिल्लोसँग थिए। २० एलियाले जाँदा
जाँदै आफ्नो खास्टो तिनीमाथि ओढ़ाइदिए,
औ एलीशाले आफ्ना गोरुहरू छोड़ेर
एलियाको पछिपछि दगुरेर भने, "कृपागरी
मलाई आफ्ना माता-पितालाई चुम्बन गरेर
बिदा हुनदिनुहोस्। त्यसपछि म तपाईंको
पछि लाग्नेछु।" एलियाले भने, "जाऊ,
मैले तिमीलाई के गरेको छु र?" २१ तिनी
एलियाको पछि लागेनन्, तर आफ्नो घरमा
फर्की गए, र आफ्नो एक हल गोरु लिएर
काटे, र हलोका काठहरू जलाएर मासु
पकाए। ती तिनले मानिसहरूलाई खान
दिए। त्यसपछि तिनी एलियाको पछि लागेर
तिनका चेला भए।

आहाबले अरामका राजा बेन-हददलाई परास्त गरेका

२० अरामका राजा बेन-हदद आफ्ना
सबै फौज भेला गरेर आफूसँग बत्तीस
जना राजाहरू, तिनीहरूका घोड़ाहरू र
रथहरूका साथमा सामरियालाई आक्रमण गरेर
कब्जा गर्न हिंड़े। २ तिनले शहरमा इस्राएलका
राजा आहाबकहाँ यसो भनेर राजदूतहरू
पठाए, ३ “बेन-हदद के भन्नुहुन्छ सो सुन,
तिम्रो सुन र चाँदी मेरा हुन्। तिम्रा
पत्नीहरू र तिम्रा राम्रा राम्रा छोराहरू मेरै
हुन्।” ४ इस्राएलका राजाले जवाफ दिए,
“हे मेरा प्रभु महाराजा, तपाइंले भन्नु-
भएझैं, म र मसँग भएका जत्ति सबै तपाइंकै
हुन्।” ५ ती राजदूतहरू फेरि आएर
भने, “बेन-हदद के भन्नुहुन्छ सो सुन,
‘तिम्रा सुन र चाँदी, तिम्रा पत्नीहरू र
छोराहरू मकहाँ सुम्पिदेऊ भनी म चाहन्छु।
६ भोलि यही बेला म मेरा सेवकहरूलाई
तिम्रो र तिम्रा प्रजाका घरहरू, अनि तिमीले
मूल्यवान सम्झेका सबै कुरा लिएर लैजानलाई
पठाउनेछु’।”
७ तब इस्राएलका राजाले देशका
सबै बूढ़ा-प्रधानहरूलाई बोलाइपठाएर तिनी-
हरूलाई भने, “तपाइंहरू देख्नुहुन्छ कि
यो मानिसले ता झगड़ाको निहुँ मात्र
खोज्दैछ। त्यसले मेरा पत्नीहरू, मेरा
छोराहरू र मेरा सुन-चाँदीहरू दाबी गर्दा मैले
आपत्ति उठाइनँ।” ८ सबै बूढ़ा-प्रधानहरू
र मानिसहरूले जवाफ थिए, “त्यसको कुरा
नसुन्नुहोस्। तपाइं सहमत नहुनुहोस्।”
९ यसैकारण तिनले बेन-हददका राजदूतहरूलाई
यो जवाफ दिए, “मेरा प्रभु महाराजालाई
यसो भन, ‘पहिलोपल्ट महाराजाका मागहरू
दिनलाई म राजी भएँ। तर अहिले तपाइंले
माग्नुभएका कुरा म पूरा गर्नसक्तिनँ।”
ती राजदूतहरू गए, र आफ्ना मालिकलाई
यो कुरा सुनाइदिए। १० औ बेन-हददले
यसो भनिपठाए, “ध्वंस गरेको सामरियाको
धूलो मेरो सेनाको हरेक मानिसलाई एक
एक मुठी दिन पनि पुग्यो भने
देवताहरूले मलाई त्यसरीनै ध्वंस गरून्,
अथवा त्यसभन्दा पनि बढ़ी गरून्।”
११ इस्राएलका राजाले यसो भनिपठाए,
“यो आहान तिनलाई भनिदेऊ, “लड़ाइँ
जित्न कहिले घमण्ड केको अहिले?”
१२ जब बेन-हदद र अरू राजाहरू पालमा
मद्य पिइरहेका थिए, तब यो समाचार
तिनलाई सुनाइदियो। तब तिनले झट्टै आफ्नो
सेनालाई शहर आक्रमण गर्ने हुकुम गरे, र
तिनीहरूले त्यसै गरे।
१३ यसै बीचमा एउटा अगमवक्ता
इस्राएलका राजा आहाबकहाँ आएर तिनलाई
भने, “परमप्रभु यही भन्नुहुन्छ, ‘यो ठूलो
भीड़लाई देखिस्? आजै म त्यो तेरो हातमा
सुम्पिदिनेछु, र तैंले मनै परमप्रभु हुँ भनी
जान्नेछस्’।” १४ आहाबले सोधे, “त्यसो
गर्न तपाइं कसलाई प्रयोग गर्नुहुन्छ?”
जवाफ यस्तो आयो, “जिल्लाका अफिसरहरूका
सबै जवान मानिसहरूलाई।” राजाले सोधे,
“लड़ाइँ कसले शुरू गर्नेछ?” अगमवक्ताले
जवाफ दिए, “तपाइंले।” १५ तब आहाबले
ती जवान मानिसहरूलाई बोलाइपठाए।
तिनीहरू सबै जम्मा दुइ सय बत्तीस जना
थिए, औ तिनीहरूका पछि सबै जम्मा सात
हजार इस्राएलका मानिसहरू थिए। १६ बेन-
हदद र तिनका मित्र-राष्ट्रहरू, अर्थात् ती
बत्तीस जना राजाहरू आफ्ना आफ्ना पालमा
दिउँसो मद्य पिएर मात्तिएका बेलामा यिनीहरू
पनि निस्के। १७ ती जवान मानिसहरूले
पहिले आक्रमण गरे, औ सामरियाबाट एक
दल आइरहेको छ भनी बेन-हददलाई
सुनाइदियो। १८ तिनले भने, “यदि तिनीहरू
सन्धिको निम्ति आएका छन् भने तिनीहरू-
लाई जिउँदै पक्र। यदि युद्ध गर्न आएका
रहेछन् भने पनि तिनीहरूलाई जिउँदै पक्र।”
१९ तब ती जवान मानिसहरू शहर-

बाट गए, औ तिनीहरूका पछिपछि सेना
लाग्यो। २० औ हरेकले आफ्नो आफ्नो
शत्रुलाई मार्‍यो, र अरामीहरू भागे।
इस्राएलीहरूले तिनीहरूलाई खेदे, तर अरामका
राजा बेन-हदद घोड़ामा चढ़ेर आफ्नो केही
घोड़-चढ़ीहरूका साथमा उम्के। २१ तब
इस्राएलका राजा अगि बढ़ेर अरामीहरूमाथि
ठूलो नाश गरेर तिनीहरूका घोड़ाहरू र
रथहरूलाई पक्रे।

२२ तब ती अगमवक्ता इस्राएलका
राजाकहाँ आएर तिनलाई भने, "तपाईंको
सेनालाई तयार पारिराख्नुहोस्। के गर्नुपर्छ
सो ता तपाईंलाई थाहै छ। आउँदो वर्ष
अरामका राजाले फेरि आक्रमण गर्नेछन्।"
२३ अरामका राजाका मंत्रीहरूले आफ्ना
राजालाई यो सल्लाह दिए, "तिनीहरूका
देवताहरू ता पहाड़हरूका देवता हुन्, यसैकारण
तिनीहरूले हामीलाई जितेका हुन्। हामीले
तिनीहरूसित मैदानमा लड़ाइँ गर्‍यौं भने हामी
तिनीहरूमाथि विजयी हुनेछौं। २४ तपाईंले
के गर्नुपर्छ भने यी राजाहरूलाई सेनाका
नायकका पदबाट हटाइदिनुहोस्, र तिनीहरूका
सट्टामा अरू अफिसरहरू नियुक्त गर्नुहोस्।
२५ अघि हारेको सेनाजस्तै अर्को एउटा
सेना तयार गर्नुहोस्। तपाईंका घोड़-चढ़ी र
रथहरूको संख्या अघिकैं बढ़ाउनुहोस्।
त्यसपछि हामी तिनीहरूसित मैदानमा लड्नलाई
जाऔं, र हामी विजयी हुनेछौं।" उनले
तिनीहरूका सल्लाह मानेर त्यसै गरे।

२६ आउँदो वर्ष बेन-हददले अरामी-
हरूलाई लड़ाइँको निम्ति भेला गरे, र
इस्राएललाई आक्रमण गर्न अपेकतर्फ लागे।
२७ इस्राएलीहरू पनि भेला गरिए, र
दल दल गरी उनीहरूसित भिड्नलाई
उनीहरूको सामने छाउनी बनाए। अरामीहरू
बस्तीका चारैतिर फैलिएर बस्दा इस्राएलीहरू
भर्खर जन्मेका एक जोर पाठाहरूजस्ता मात्र
देखिन्थे। २८ परमेश्वरका जन इस्राएलका
राजाकहाँ आएर तिनलाई भने, "परमप्रभु
यसो भन्नुहुन्छ, 'अरामीहरूले परमप्रभु ता
पहाड़का देवता मात्र हुन् औ बेंसीका देवता
होइनन् भनी सम्झँदा होलान्, तर यो जम्मै
भीड़ म तेरो हातमा सुम्पिदिनेछु, र तैंले
मनै परमप्रभु हुँ भनी जान्नेछस्'।"

२९ तिनीहरू एका अर्काको साम्ने सात
दिनसम्म छाउनीमानै बसिरहे। सातौं दिनमा
लड़ाइँ छेड़ियो, औ इस्राएलीहरूले एक दिनमा
अरामीहरूको पैदल सेनाका एक लाखलाई
नाश गरे। ३० बाँचेकाहरू अपेकको
किल्लाभित्र भागे। तर छोड़िएकाहरू
सत्ताईस हजारमाथि शहरको पर्खाल भत्केर
खस्यो। बेन-हदद चाहिं किल्लाको भित्री
कोठामा गएर शरण लिए। ३१ तिनका
सेवकहरूले तिनलाई भने, "सुन्नुहोस्,
इस्राएलका राजाहरू ता दयालु मानिसहरू
छन् भन्ने हामीले सुनेका छौं। यसकारण
हामी आफ्ना आफ्ना कम्मरमा भाङ्ग्रा
लगाऔं, र टाउकोमा डोरी बाँधेर इस्राएलका
राजाकहाँ जाऔं। सायद तिनले हाम्रो प्राण
जोगाइदिनेछन्।" ३२ यसैकारण तिनीहरूले
भाङ्ग्रा ओढ़े, र डोरी बाँधे, औ इस्राएलका
राजाकहाँ गएर भने, "हजूरको दास बेन-
हदद आफ्नो प्राण रक्षाको निम्ति यसो
भनेर बिन्ती गर्दछन्, "बिन्ती छ, मेरो प्राण
जोगाइदिनुहोस्।"" आहाबले भने, "मेरो
भाइ बेन-हदद अझै जीवितै छ?" ३३ ती
मानिसहरूले राजाको यस कुरालाई शुभ लक्षण
सम्झेर झट्टै त्यही कुरा पक्रेर भने,
"ज्यू, हजूरको भाइ बेन-हदद।" राजाले
भने, "गएर तिनलाई ल्याऊ।" तब बेन-
हदद बाहिर निस्केर आए, र आहाबले
तिनलाई आफ्नो रथमा चढ़न निम्तो दिए।
३४ त्यसपछि बेन-हददले तिनलाई भने,
"मेरा पिताले तपाईंका पिताबाट लिएका
शहरहरू म तपाईंलाई फिर्ता गरिदिनेछु, औ
मेरा पिताले सामरियामा गरेझैं तपाईंले पनि
दमीशकमा व्यापारका घरहरू स्थापित गर्न-
सक्नुहुन्छ।" आहाबले भने, "केवल यी

शर्तहरूमा म तिमीलाई छोड़िदिनेछु।" यसैले
आहाबले सन्धि गर्ने मन्जूरी दिएर तिनलाई
छोड़िदिए।

आहाबको मृत्युको पूर्व-सूचना

३५ परमप्रभुको आज्ञा पाएर अगमवक्ता-
हरूको दलमध्येको एक जनाले तिनलाई
हिर्काउन भनी कुनै एउटा मानिसलाई हुकूम
गरे, तर त्यस मानिसले इन्कार गर्‍यो।
३६ तब ती अगमवक्ताले भने, "तैंले
परमप्रभुको आज्ञा नमानेकोले मलाई छोड़ेर
गएपछि तँलाई एउटा सिंहले आक्रमण
गर्छ।" जब त्यो मानिस गइहाल्यो तब
एउटा सिंहले भेटेर त्यसलाई आक्रमण गर्‍यो।
३७ ती अगमवक्ताले अर्को एक जना
मानिसलाई भेटे, र आफूलाई हिर्काउन भनी
त्यसलाई हुकूम गरे। त्यसले तिनलाई
हिर्काएर घाइते बनायो। ३८ तब ती
अगमवक्ता आफ्नो आँखामा पट्टी बाँधेर गए, र
त्यही गुप्त भेषमा आहाब राजालाई बाटोमा
पर्खिबसे। ३९ जब राजा छेउबाट भएर
गइरहेका थिए तब तिनले उनलाई बोलाएर
भने, "हजूर, म लड़ाइँको मुखैमा परेको
थिएँ, औ एउटा सिपाही एउटा कैदी लिएर
मकहाँ आयो, र मलाई भन्यो, 'यस
मानिसको जिम्मा ली। कथन्कदाचित् यो
मानिस भाग्यो भने किता तेरो ज्यान
जानेछ कि एक तोड़ा चाँदी तैंले तिर्नुपर्नेछ।"
४० तर जब म कुनै काममा व्यस्त थिएँ,
तब हजूर, त्यो कैदी लापता भयो।'
इस्राएलका राजाले तिनलाई भने, "तँ
मारिने योग्यको रहेछस्।" अनि तिनले
इस्राएलका राजालाई भने, "हजूरले ता
आफैमाथि दण्डाज्ञा दिनुभयो।" ४१ तब
तिनले आफ्नो आँखाबाट त्यो पट्टी फुकाले,
औ इस्राएलका राजाले तिनी ता एउटा
अगमवक्ता रहेछन् भनी देखे। ४२ तिनले
राजालाई भने, "परमप्रभु यसो भन्नुहुन्छ,
'मैले भाकल्को थोकमैं राखेको त्यस
मानिसलाई तैंले छोड़िदिएको कारण त्यसको
प्राणको सट्टामा तेरो प्राण र त्यसको प्रजाको
सट्टामा तेरो प्रजालाई गुमाउनेछस्'।"
४३ इस्राएलका राजा उदास भए, र
रिसाएर आफ्नो घर गए, र सामरियामा
पसे।

नाबोतको दाखबारी

२१ सामरियाका राजा आहाबको महल्को
नजीकै यिज्रेली नाबोतको एउटा
दाखबारी थियो। २ एक दिन आहाबले
नाबोतको सामने यस्तो एउटा प्रस्ताव राखे,
"तिम्रो दाखबारी मेरो महल्को नजीकै छ।
त्यो मेरो बगैँचा बनाउन मलाई देऊ।
त्यसको बद्लीमा म तिमीलाई एउटा अर्को
त्योभन्दा राम्रो दाखबारी दिनेछु, अथवा तिम्रो
इच्छा भए त्यसको दामै दिनेछु।" ३ तर
नाबोतले जवाफ दिए, "मेरो पैतृक-सम्पत्तिमा
सधैं रहेको जमीन मैंले तपाईंलाई कसरी दिने?
परमप्रभुले यस्तो नगरून्।" ४ यसकारण
आहाब उदास र क्रोधित भएर गए, किनभने
नाबोतले आफ्नो पैतृक-सम्पत्ति दिन मान्नेनन्।
तिनी आफ्नो ओछ्यानमा सुतिरहे, र मुख
ढाकेर ओछ्यानमा पल्टिरहे, र खान इन्कार
गरे।

५ तिनकी पत्नी ईजेबेल तिनीकहाँ
आएर तिनलाई भनिन्, 'तपाईं किन यति
उदास हुनुहुन्छ, औ किन केही खान
इन्कार गर्नुहुन्छ?" ६ आहाबले तिनलाई
भने, "मैले यिज्रेली नाबोतलाई त्यसको जमीन
दामैमा दिन अथवा त्यसलाई मन लागे त्यसको
सट्टामा अर्कोसित त्यो मलाई साट्नू भनी प्रस्ताव
राखें, तर त्यसले मलाई त्यो बारी दिनु मन
गरेन।" ७ ईजेबेलले भनिन्, "इस्राएलमा
राजा तपाईं हो कि को हो? आएर खान-पीन
गर्नुहोस्, उदास नहुनुहोस्। म यिज्रेली
नाबोतको दाखबारी तपाईंलाई उपहारको

रूपमा दिनेछु।" ८ तब तिनले आहाबको
नाउँमा एउटा चिठी लेखिन्। त्यसमा
राजाको मोहोर लगाइन्, र नाबोतको
शहरका तिनीसँग सभामा बस्ने बूढ़ा-प्रधानहरू
र प्रतिष्ठित मानिसहरूकहाँ पठाइन्। ९ तिनले
यसो भनेर लेखिन्, "उपवासको घोषणा गर,
र नाबोतलाई मानिसहरूका बीचमा इज्जतको
स्थानमा बसाऊ। १० औ दुइ जना नीच
मानिसलाई त्यसले परमेश्वर र राजालाई
सरापेको दोष लाउनलाई त्यसको सामने राख।
त्यसपछि त्यसलाई बाहिर लगेर ढुङ्गाले
हानेर मार।" ११ तब ईजेबेलले
तिनीहरूलाई चिठीमा दिएका आज्ञाबमोजिम
नाबोतको शहरका तिनीसँग सभामा बस्ने
बूढ़ा-प्रधानहरू र प्रतिष्ठित मानिसहरूले गरे।
१२ तिनीहरूले उपवासको घोषणा गरे, र
नाबोतलाई इज्जतको स्थानमा बसाले।
१३ त्यसपछि ती दुइ नीच मानिस भित्र
आएर तिनको सामने बसे, औ परमेश्वर र
राजालाई तिनले सरापे भनी तिनलाई खुल्लमखुल्ला
दोष लाउनथाले। १४ तब तिनीहरूले
तिनलाई शहरबाहिर लगेर ढुङ्गाले हाने, र
नाबोत ढुङ्गाले हानेर मारियो भनी ईजेबेललाई
खबर पठाइदिए। १५ नाबोत ढुङ्गाले हानेर
मारियो भन्नेकुरा सुन्ने बित्तिकै ईजेबेलले
आहाबलाई भनिन्, "उठेर नाबोतले तपाईंलाई
बेच्न इन्कार गरेको दाखबारी लिनुहोस्, किनभने
त्यो अब जीवित छैन। यिज्रेली नाबोत
मर्‍यो।" १६ नाबोत मर्‍यो भनी जब
आहाबले सुने तब तिनी उठेर नाबोतको
दाखबारी अधिकार गर्न गए।
१७ तब परमप्रभुको यो वचन एलियाकहाँ
आयो, १८ "सामरियामा हुने इस्राएलको
राजा आहाबलाई नाबोतको दाखबारीमा
तैंले भेट्टाउनेछस्। त्यसको अधिकार गर्न
त्यो त्यहाँ गएको छ। १९ त्यसलाई भन्,
परमप्रभु यसो भन्नुहुन्छ, 'के तैंले तेरो
मानिसलाई मारिस् र त्यसको जमीन पनि
अधिकार गरिस्?' अनि त्यसलाई भन्,
परमप्रभु यसो भन्नुहुन्छ, 'नाबोतको रगतलाई
कुकुरहरूले चाटेकै ठाउँमा तेरो रगत पनि
कुकुरहरूले चाट्नेछन्'।" २० आहाबले
एलियालाई भेटेपछि भने, "ए मेरो शत्रु, तैंले
मलाई फेला पारिस्?" एलियाले भने, "हो,
मैले तँलाई फेला पारें। किनभने तैंले परम-
प्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यो गर्न
आफैलाई बेचिस्। २१ अब म तँमाथि
सर्वनाश ल्याउनेछु। म तेरो नाउँ-निशान मेटि-
दिनेछु। इस्राएलमा आहाबको घरानाको फुक्का
वा बँधुवा हरेक पुरुषलाई म नाश गर्नेछु।
२२ किनभने तैंले मलाई रीस उठाइस्, र
इस्राएललाई पाप गर्नलगाइस्। यसकारण
म नबातको छोरा यारोबाम र अहियाहको
छोरा बाशालाई गरेझैं तेरो घरानालाई पनि
गर्नेछु।" २३ औ ईजेबेलको विषयमा
परमप्रभुले यसो भन्नुभयो, "कुकुरहरूले
यिज्रेलको किल्लाको घेरा-भित्तानेर ईजेबेललाई
खानेछ। २४ आहाबको घरानाको शहरमा
मर्नेहरू कुकुरहरूका आहार हुनेछन्, र
उजाड़-भूमिमा मर्नेहरू चाहिं पक्षीहरूका
आहार हुनेछन्।" २५ परमप्रभुको दृष्टिमा
खराब काम गर्नलाई आहाबले झैं कुनै
मानिसले आफूलाई बेचेको थिएन, औ ती
सबै तिनले आफ्नी स्वास्नी ईजेबेलले
उस्काएकोले गरेका थिए। २६ झूटा देवता-
हरूलाई पछयाएर इस्राएलको निम्ति जग्गा
बनाउनलाई धपाइएका एमोरीहरूले गरेका सबै
काम गरेर आहाबले बड़ो घिनलागदो काम
गरे।

२७ जब आहाबले यो कुरा सुने
तब तिनले आफ्ना लुगा च्याते, भाङ्ग्रा
ओढ़े र उपवास बसे। तिनी भाङ्ग्रा लाएरै
सुते, र दीनतापूर्वक हिंड्नलागे। २८ तब
तिश्बी एलियाकहाँ परमप्रभुको यो वचन
आयो, २९ "आहाबले मेरो सामने आफूलाई
दीन तुल्याएको तैंले देखिस्? त्यसले
आफूलाई यस्तो दीन तुल्याएकोले गर्दा म
त्यसको जीवनकालमा त्यसको घरानामाथि

सर्वनाश ल्याउनेछैनँ, तर त्यसको छोराको
पालामा ल्याउनेछु।"

रामोत-गिलादमाथि आहाबको चढ़ाइ र तिनको मृत्यु

२२ तीन वर्षसम्म अरामीहरू र इस्राएली-
हरूका बीचमा युद्ध भएन। २ तर
तेस्रो वर्षमा यहूदाका राजा यहोशापात
इस्राएलका राजासित भेट गर्नलाई झरे।
३ इस्राएलका राजाले आफ्ना भारादारहरूलाई
भने, "रामोत-गिलाद हाम्रो हो भनी तपाईं-
हरूलाई थाहै छ, तापनि अरामका राजाको
हातबाट त्यो फिर्ता लिन हामी केही
गर्दैनौं।" ४ तिनले यहोशापातलाई भने,
"रामोत-गिलादमाथि आक्रमण गर्न तपाईं
मलाई साथ दिनुहुन्छ?" यहोशापातले
इस्राएलका राजालाई भने, "मेरा जे जत्ति
छन् सो तपाईंकै हुन्, अर्थात् म, मेरा
मानिसहरू र मेरा घोड़ाहरू सबै तपाईंकै हुन्।"
५ फेरि यहोशापातले इस्राएलका राजालाई
भने, "पहिले परमप्रभुसँग सल्लाह लिऔं।"
६ तब इस्राएलका राजाले चार सय जत्ति
अगमवक्ताहरूलाई भेला गराएर तिनीहरूलाई
सोधे, "म रामोत-गिलादलाई आक्रमण गरूँ
कि नगरूँ?" तिनीहरूले जवाफ दिए, "चढ़ाइ
गर्नुहोस्। परमप्रभुले त्यो तपाईंको हातमा
सुम्पिदिनुहुनेछ।" ७ यहोशापातले सोधे,
"सल्लाह लिनलाई यहाँ परमप्रभुका अगमवक्ता
कोही छैनन्?" ८ इस्राएलका राजाले
जवाफ दिए, "परमप्रभुबाट सल्लाह लिनलाई
एक जना ता छन्, तर म ती मानिसलाई
घृणा गर्दछु, किनभने तिनले मेरो निम्ति असल
अगमवचन कहँदैनन्। खराबबाहेक अरू केही
भन्दैनन्। तिनको नाउँ यिम्लाका छोरा
मीकाया हो।" यहोशापातले भने, "मेरा
प्रभु महाराजा, तपाईंको मुखबाट यस्तो
वचन ननिस्कोस्।" ९ तब इस्राएलका
राजाले नपुँसकहरूमध्येको एक जनालाई
बोलाएर यिम्लाको छोरा मीकायालाई तुरुन्तै
ल्याउने हुकूम गरे।
१० इस्राएलका राजा र यहूदाका राजा
मूल-ढोकामा राजकीय पोशाकमा आफ्नो आफ्नो
गद्दीमा बसिरहेका थिए, औ सबै अगमवक्ता-
हरूले उनीहरूका अगि अगमवाणी कहिरहेका
थिए। ११ तिनीहरूमध्येका एक जना
केनानीका छोरा सिद्कियाले आफ्नो निम्ति
फलामका सीङहरू बनाए। अनि यसो भने,
"परमप्रभु यही भन्नुहुन्छ, 'यस्तै किसिमका
सीङहरूद्वारा तिमीहरूले अरामीहरूलाई खतम
पार्नेछौ'।" १२ औ सबै अगमवक्ताहरूले
त्यहीनै अगमवाणी कहेर भने, "रामोत-
गिलादमाथि चढ़ाइ गरेर विजयी हुनुहोस्।
परमप्रभुले त्यो तपाईंको हातमा सुम्पिदिनु-
हुन्छ।" १३ मीकायालाई बोलाएर ल्याउने
दूतले तिनलाई भन्यो, "अगमवक्ताहरूले
ता एकै मत भएर राजालाई राम्रो जवाफ
दिए।" औ त्यसले अझै थपेर भन्यो,
"सुन्नुहोस्, तपाईं पनि उनीहरूसित सहमत
हुनुहोस्।" १४ तर मीकायाले भने,
"जीवित परमप्रभुको नाउँमा म भन्दछु,
परमप्रभुले मलाई जे भन्ने आज्ञा गर्नुहुन्छ
त्यो मात्र म बोल्नेछु।"
१५ जब मीकाया राजाको उपस्थितिमा
हाजिर भए तब राजाले तिनलाई भने,
"मीकाया, हामी रामोत-गिलादमाथि चढ़ाइ
गरौं कि नगरौं?" तिनले भने, "चढ़ाइ
गर्नुहोस् र विजयी हुनुहोस्। परमप्रभुले त्यो
तपाईंको हातमा सुम्पिदिनुहुनेछ।"
१६ राजाले भने, "परमप्रभुको नाउँमा
साँचो कुरा मात्र भन्नू भनी कतिपल्ट
शपथ खान लगाऊँ?" १७ तब
मीकायाले भने, "मैले सबै इस्राएललाई
गोठाला नभएका भेड़ाहरूझैं पहाड़तिर
तितर-बितर भएको देखें। औ परमप्रभुले यसो
भन्नुभएको मैले सुनें, 'तिनीहरूका मालिक
छैनन्। तिनीहरूलाई कुशलसित घरमा
जानदेऊ'।" १८ तब इस्राएलका राजाले

यहोशापातलाई भने, "तिनले मेरो निम्ति
खराबबाहेक असल अगम कहँदैनन् भनी के मैले
तपाईंलाई भनेको थिइनँ र?" १९ मीकायाले
अझै यसो भने, "परमप्रभुको यो वचन
सुन्नुहोस्, 'मैले परमप्रभुलाई उहाँको सेवा गर्ने
आफ्ना सबै स्वर्ग-सेना उहाँको दाहिने र
देब्रेपट्टि भई आफ्नो सिंहासनमा विराजमान
हुनुभएको देखें।' २० परमप्रभुले भन्नुभयो,
'रामोत-गिलादमाथि आक्रमण गरेर मारिनलाई
आहाबलाई कसले बहकाउनेछ?' तब एउटाले
एउटा कुरा गऱ्यो र अर्कोले अर्को।
२१ तब एउटा आत्मा अगि आएर परम-
प्रभुको सामने उभिएर भन्यो, 'म तिनलाई
बहकाउनेछु।' परमप्रभुले भन्नुभयो, 'कसरी?'
२२ त्यसले भन्यो 'म गएर तिनका सबै
अगमवक्ताहरूका मुखमा झूट बोल्ने एउटा
आत्मा हुनेछु।' परमप्रभुले भन्नुभयो, 'तँले
त्यसलाई बहका र तँ सफल हो। जा, गएर
त्यसै गर्।' २३ अब तपाईंलाई थाह भयो
होला कि कसरी परमप्रभुले तपाईंका यी सबै
अगमवक्ताहरूका मुखमा झूट बोल्ने आत्मा
हालिदिनुभएको छ। किनभने उहाँले तपाईंको
सर्वनाशको आज्ञा दिनुभएको छ।"
२४ तब केनानीको छोरा सिद्किया छेउमा
आएर मीकायालाई मुखमा हिर्काए, र
तिनलाई भने, "अब कसरी परमप्रभुका आत्मा
मबाट तिमीसँग बोल्नलाई जानुभयो त?"
२५ मीकायाले जवाफ दिए, "त्यो ता
आफै भित्री कोठामा लुक्न गएको दिन पो
तिमीले थाह पाउनेछौ।" २६ तब इस्राएलका
राजाले मीकायालाई पक्रन लाए, र शहरका
राज्यपाल अमोन र राजकुमार योआशको
जिम्मामा सुम्पिदिए। २७ तिनले भने,
"यस मानिसलाई थुनामा राख, र म
कुशलसित नआउञ्जेल त्यसलाई कैदीहरूलाई
दिने रोटी र पानी देऊ।" २८ मीकायाले
जवाफ दिए, "यदि तपाईं कुशलसाथ फर्कि-
आउनुभयो भने परमप्रभुले मद्वारा बोल्नुभएको
होइन रहेछ।"

२९ तब इस्राएलका राजा र यहूदाका राजा
यहोशापात रामोत-गिलादमा उक्लेर गए।
३० औ इस्राएलका राजाले यहोशापातलाई
भने, "म गुप्त भेषमा लड़ाइँमा जानेछु,
तर तपाईं आफ्नो राजसी पोशाकनै लाउनु-
होस्।" यसैकारण तिनी गुप्त भेषमा लड़ाइँमा
गए। ३१ अरामका राजाले आफ्ना
रथहरूका बत्तीस जना कप्तानहरूलाई इस्राएलका
राजाबाहेक अरू साना ठूलासित लड़ाइँ नगर्नू
भनी हुकूम गरेका थिए। ३२ जब कप्तान-
हरूले यहोशापातलाई देखे तब तिनीहरूले
तिनलाईनै इस्राएलका राजा हुन् भनी ठाने,
र तिनलाई आक्रमण गर्न फर्के। तर यहोशा-
पात चर्को सोरले कराए। ३३ औ जब
ती कप्तानहरूले तिनी ता इस्राएलका राजा
होइन रहेछन् भनी देखे तब तिनीहरूले
तिनलाई आक्रमण गर्न छोड़िदिए। ३४ तर
एक जना मान्छेले आफ्नो धनु तानेर
जथाभाबी काँड़ हानिपठायो, र त्यस काँड़ले
इस्राएलका राजालाई छातीको पाता र
झिल्मको जोर्नीमा लाग्यो। यसैले तिनले
आफ्नो सारथीलाई भने, "रथ घुमाएर मलाई
रण-भूमिबाहिर लैजा। मलाई साह्रै चोट
लाग्यो।" ३५ जब लड़ाइँले भीषण रूप धारण
गऱ्यो, तब राजा आफ्नो रथमा अड़िएर
अरामीहरूको सामना गरिरहेका थिए, औ
तिनको चोटबाट निस्केको रगत नाहिं रथभित्रै
बगिरहेको थियो। औ साँझमा तिनी मरे।
३६ सूर्यास्तमा फौजको पंक्ति पंक्तिमा यस्तो
उर्दी भयो, "हरेक मानिस आफ्नो आफ्नो
शहर र बस्तीमा जाऊ।" ३७ यसरी राजा
मरे। तिनलाई सामरियामा ल्याएर त्यहीं
गाड़े। ३८ औ परमप्रभुले भन्नुभएको वचन
पूरा हुनलाई त्यो रथ सामरियाको तलाउमा
धोइयो, र कुकुरहरूले रगत चाटे। वेश्या-
हरूले त्यहाँ नुहाइ-धुवाइ गर्थे।
३९ आहाबको राज्यका अरू कार्यहरू
र घटनाहरू, तिनले बनाएका हात्तीदाँतको घर
र अरू सबै शहरहरूको विवरण इस्राएलका

राजाहरूको इतिहासमा लेखिएको छ।
४० तब आहाब आफ्ना पित्रहरूसित सुते,
र तिनका छोरा अहज्याह तिनीपछि राजा
भए।

यहोशापातको शासन

४१ इस्राएलका राजा आहाबको चौथो
वर्षमा आसाको छोरा यहोशापात यहूदाका
राजा भए। ४२ राजगद्दी आरोहण गर्दा
तिनी पैंतीस वर्षका थिए। तिनले यरूशलेममा
पच्चीस वर्ष राज्य गरे। शिल्हीकी छोरी
अजूबा तिनकी आमा थिइन्। ४३ तिनी
आफ्ना पिता आसाका सबै चाल्मा हिंडे, औ
तीबाट तर्किगएनन्। परमप्रभुको दृष्टिमा जे
कुरो असल थियो त्यही तिनले गरे।
तर डाँडाहरू भएका पूजा-थानहरू
तिनले हटाएनन्। मानिसहरूले त्यहाँ अझै
बलिदान चढ़ाउँदै र धूप बाल्दै रहे।
४४ यहोशापात इस्राएलका राजासित मेल-
मिलापमा रहे।

४५ यहोशापातको राज्यका अरू
घटनाहरू, तिनका वीरताका काम र
तिनका युद्धहरू यहूदाका राजाहरूको
इतिहासमा लेखिएका छन्। ४६ तर तिनका
पिता आसाको पालामा अझै छोड़ेर गएका
मन्दिरमा भएका पुरुषगामीहरूलाई चाहिं
तिनले निकालिदिए।

४७ त्यस बेला एदोममा कोही राजा
थिएनन्। त्यहाँ केवल यहोशापातको एउटा
राज्यपाल मात्र थिए। ४८ ओपीरबाट सुन
ल्याउनलाई व्यापारी जहाजहरू तिनले बनाए,
तर एस्योन-गेबेरमा ती जहाजहरू भत्केको
कारण ती त्यहाँ कहिल्यै पुगेनन्।
४९ आफ्ना मानिसहरूलाई यहोशापातका
मानिसहरूसँग जानलाई आहाबको छोरा
अहज्याहले यहोशापातलाई एउटा प्रस्ताव राखे,
तर यहोशापात सहमत भएनन्।

५० अनि यहोशापात आफ्ना पित्रहरूसित
सुते, औ तिनका पित्र दाऊदको शहरमा
उनीहरूसितै गाड़िए, औ तिनका छोरा योराम
तिनीपछि राजा भए।

अहज्याहको शासन

५१ यहूदाका राजा यहोशापातको सत्रौं
वर्षमा आहाबको छोरा अहज्याह सामरियामा
इस्राएलका राजा भए। तिनले दुइ वर्ष
इस्राएलमाथि राज्य गरे। ५२ आफ्ना पिता
र माताको औ नबातको छोरा इस्राएललाई
पाप गर्न लाउने यारोबामका चाल्मा हिंड़ेर
तिनले परमप्रभुको दृष्टिमा जे कुरो खराब
थियो त्यही गरे। ५३ तिनका पिताले गरेझैं
तिनले पनि बाल देवताको सेवा गरे,
त्यसलाई दण्डवत् गरे र परमप्रभु इस्राएलका
परमेश्वरलाई रीस उठाए।

राजाहरूको दोस्रो पुस्तक

अहज्याहको मृत्यु

१ आहाबको मृत्युपछि मोआब इस्राएलको
विरुद्धमा बागी भयो।
२ सामरियाको आफ्नो कौसीको कोठाको
झ्यालबाट तल खसेर अहज्याहलाई चोट
लाग्यो। आफ्नो चोटबाट निको हुन्छ कि
हुँदैन भनी सोध्नलाई तिनले एक्रोनको
देवता बालजबूबकहाँ दूतहरू पठाए।
३ तर परमप्रभुका स्वर्गदूतले तिश्बी एलिया-
लाई गएर सामरियाका राजाका दूतहरूसँग
भेट गर्न र तिनीहरूलाई यसो भन भनी
आज्ञा दिए, "के इस्राएलमा कुनै ईश्वर छैन
र तिमीहरू एक्रोनको देवता बालजबूबकहाँ
सोध्न जाँदैछौ? ४ तिमीहरूका मालिकलाई
परमप्रभु यसो भन्नुहुन्छ, 'बिरामी परेको
ओछ्यानबाट तँ उठ्नेछैनस्। तँ मर्नेनै छस्'।"
५ तब एलिया बिदा भए। ती दूतहरू
राजाकहाँ फर्किगए। 'तिमीहरू किन फर्केर
आयौ?' भनी जब तिनीहरूसित सोधपूछ
गरियो, ६ तब तिनीहरूले जवाफ दिए,
"हामीसँग भेट गर्नलाई एउटा मानिस आए,
औ फर्किगएर तिमीहरूलाई पठाउने राजालाई
यसो भन भनी आज्ञा दिए, 'परमप्रभु यसो
भन्नुहुन्छ, के इस्राएलमा कुनै ईश्वर छैन, र
तँ एक्रोनको देवता बालजबूबकहाँ सोधपूछ
गर्नलाई मानिसहरू पठाउँदैछस्? त्यसैकारण तँ
बिरामी परेको ओछ्यानबाट उठ्नेछैनस्। तँ
मर्नेनै छस्'।" ७ राजाले तिनीहरूलाई सोधे,
"तिमीहरूसँग भेट गरेर यसो भन्ने मानिस
कस्ता किसिमका थिए?" ८ तिनीहरूले
भने, "रौंनै रौं भएका र कम्मरमा छालाको
पटुका बाँधेका मानिस तिनी थिए।" राजाले
भने, "तिनी ता तिश्बी एलिया हुन्।"
९ तब राजाले पचासको दलका कप्तान-
लाई तिनका दलसहित तिनीकहाँ पठाए।
तिनी उक्लेर गए, र ती अगमवक्तालाई
डाँडाका टाकुरामा बसिहेका भेट्टाएर तिनलाई
भने, "हे परमेश्वरका जन, राजाले तपाईंलाई
ओर्लेर आउनू भनी हुकुम गर्नुभएको छ।"
१० एलियाले ती कप्तानलाई जवाफ दिए,
"यदि म परमेश्वरका जन हुँ भने स्वर्गबाट
आगो झरेर तिमी र तिम्रो दललाई भस्म
गरोस्।" साँच्चिनै स्वर्गबाट आगो झरेर ती
कप्तान र तिनका पचास जनालाई भस्म
गर्‍यो। ११ राजाले पचास जनाका अर्को
एउटा कप्तानलाई तिनको दलसहित पठाए,
औ तिनी उक्लेर गए, ती अगमवक्तालाई
भने, "हे परमेश्वरका जन, राजाले झट्टै तल
आउनू भनी हुकुम गर्नुभएको छ।"
१२ एलियाले जवाफ दिए, "यदि म
परमेश्वरका जन हुँ भने स्वर्गबाट आगो झरेर
तिमी र तिम्रो यस दललाई भस्म गरोस्।"
परमेश्वरको आगो स्वर्गबाट वर्ष्यो, र तिनी र
तिनको दललाई भस्म गर्‍यो। १३ तब
राजाले अर्को एउटा तेस्रो दलका कप्तान र
तिनका पचास जनाको दललाई पठाए, औ
यी तेस्रो कप्तान डाँडामा एलियाकहाँ गए,
र तिनको सामने घुँडा टेकेर तिनलाई
बिन्ती गरे, "हे परमेश्वरका जन, म र
तपाईंका यी पचास जना सेवकहरूका प्राण
तपाईंको दृष्टिमा केही मूल्यका ठहरिऊन्।
१४ स्वर्गबाट आगो वर्षेर ती अघिका दुइ
कप्तान र तिनीहरूका दललाई भस्म पार्‍यो,

तर मेरो प्राण तपाइंको दृष्टिमा केही मूल्यको
ठहरिओस्।'' १५ परमप्रभुका स्वर्गदूतले
एलियालाई भने, "त्यससँग तल झर्।
नडरा।'' १६ यसैले तिनी त्यस कप्तानसँग
राजाकहाँ गए, र राजालाई भने, "परमप्रभु
भन्नुहुन्छ, 'एक्रोनको देवता बालजबूब-
कहाँ सोध-पूछ गर्नलाई तैंले मानिसहरू पठाइस्,
यसैकारण पल्टिरहेको ओछ्यानबाट तँ
उठ्नेछैनस्। तँ मर्नेनै छस्।'' १७ एलियाले
भनेझैं परमप्रभुको वचन पूरा भयो, र
अहज्याह मरे। औ तिनका छोरा नभएकोले
गर्दा यहूदाका राजा यहोशापातका छोरा
योरामको दोस्रो वर्षमा अहज्याहको भाइ
योराम तिनीपछि राजा भए।
१८ अहज्याहको शासनका अरू घटनाहरू
इस्राएलका राजाहरूको इतिहासमा लेखिएका
छन्।

एलियाको स्वर्गारोहण र एलीशाको उदय

२ परमप्रभुले एलियालाई स्वर्गमा
आँधी-बेहीद्वारा उठाइलाने दिन
आइपुग्यो। तब एलिया र एलीशाले गिलगाल
छोड़े। २ औ एलियाले एलीशालाई भने,
"तिमी यहीं बस, किनभने परमप्रभुले
मलाई बेतेलसम्म पठाउनुभएको छ।'' तर
एलीशाले भने, "परमप्रभुको जीवन र तपाइंको
जीवनको शपथ खाएर म भन्दछु कि म
तपाइंलाई छोड़्नेछैनँ।'' तब उनीहरू बेतेलमा
झरे। ३ त्यहाँ अगमवक्ताहरूको एक दलले
एलीशाकहाँ आएर तिनलाई भने, "परमप्रभुले
आज तपाइंका स्वामी र मालिकलाई तपाइं-
बाट लैजानुहुनेछ भनी के तपाइंलाई थाह
छ?'' तिनले भने, "मलाई थाह छ। चूप
लाग।'' ४ तब एलियाले तिनलाई भने,
"हे एलीशा, यहाँ बस, किनभने परमप्रभुले
मलाई यरीहोमा पठाउनुभएको छ।'' तर
तिनले जवाफ दिए, "परमप्रभुको जीवन र
तपाइंको जीवनको शपथ खाएर म भन्दछु
कि म तपाइंलाई छोड़्नेछैनँ।'' यसैले
उनीहरू यरीहोमा गए। ५ त्यहाँ अगमवक्ता-
हरूको एक दल एलीशाकहाँ आएर तिनलाई
भने, "परमप्रभुले आज तपाइंका स्वामी र
मालिकलाई तपाइंबाट लैजानुहुनेछ भन्ने
कुरो तपाइंलाई थाह छ?'' तिनले भने,
मलाई थाह छ। चूप लाग।'' ६ तब
एलियाले तिनलाई भने, "यहीं बस, किनभने
परमप्रभुले मलाई यर्दन नदीमा पठाउनुभएको
छ।'' एलीशाले जवाफ दिए, "परमप्रभुको
जीवन र तपाइंको जीवनको शपथ खाएर म
भन्दछु म तपाइंलाई छोड़्नेछैनँ।'' तब ती
दुवै अगि बढ़े।
७ पचास जना अगमवक्ताहरूले उनीहरू-
लाई पछ्याए, र जब उनीहरू दुइ जना
यर्दन नदीको किनारमा उभिए तब टाढ़ाबाट
तिनीहरूले उनीहरूलाई हेरिरहे। ८ एलियाले
आफ्नो खाष्टो उतारे, र त्यो बेह्रेर यर्दन
नदीको पानीलाई त्यसले हिर्काए। पानी देब्रे र
दाहिनेतिर दुइ भाग भयो, र उनीहरू सुखा
जमीनमा हिंड़ेर पार भए। ९ नदी पार
गरिरहँदा एलियाले एलीशालाई भने, "तिमीबाट
उठाइलानअघि म तिम्रो निम्ति के गरूँ।''
एलीशाले भने, "तपाइंको आत्माको दोबर
भाग ममाथि परोस्।'' १० एलियाले भने,
"तिमीले ता गाहारो कुरा पो माग्यौ। यदि
तिमीले मलाई तिमीबाट उठाइलगेको देख्यौ
भने तिम्रो इच्छा पूरा हुनेछ। तर तिमीले
देखेनौ भने तिम्रो इच्छा पूरा हुनेछैन।''
११ उनीहरू बात गर्दै अगि बढ़नलागे।
औ एक्कासि अग्निमय रथ र अग्निमय
घोड़ाहरू देखा परे। तिनले उनीहरूलाई एका
अर्काबाट अलग गरे, र एलियालाई स्वर्गमा
भुमरीले उठाएर लग्यो। १२ जब एलीशाले
त्यो देखे तब तिनले कराएर भने, "हे मेरा
पिता, हे मेरा पिता, इस्राएलका रथ र घोड़-
चढ़ीहरू।'' औ तिनले उनलाई फेरि देखेनन्।
त्यसपछि तिनले आफ्नो लुगा समातेर

दुइ भागमा च्याते, १३ र एलियाको
खसेको खाष्टो उठाए, र फर्केर यर्दन नदीको
किनारमा उभिए। १४ त्यहाँ तिनले पनि
एलियाको खाष्टोले पानीलाई हिर्काएर भने,
"परमप्रभु, एलियाका परमेश्वर कहाँ हुनुहुन्छ?"
जब तिनले पानीलाई हिर्काए, तब त्यो दाहिने
र देब्रेतिर फेरि दुइ भाग भयो, र तिनी
पारि गए। १५ त्यो दृश्य हेरिरहने यरीहोका
अगमवक्ताहरूले तिनलाई भने, "एलियाको
आत्मा एलीशामाथि परेछ।" तब उनीहरू
तिनलाई भेट्न आए, र तिनको अगि
घोप्टो परे, १६ र तिनलाई भने, "हामी
तपाईंका दासहरूसँग पचास जना बलिया
मानिसहरू छन्। तिनीहरू गएर तपाईंका
मालिकलाई खोज्ने अनुमति दिनुहोस्। सायद
परमप्रभुका आत्माले तिनलाई उठाएर कुनै
पहाड अथवा कुनै बेंसीमा खसालिदिनुभएको
होला।" तर तिनले भने, "अहँ, तिनीहरूलाई
नपठाऊ" १७ तरैपनि तिनीहरूले तिनलाई
वाक्क पारुञ्जेल जिद्दी गरिनैरहे। तिनीहरूले
ती पचास जना मानिसहरूलाई पठाए,
तर तिनीहरूले तीन दिनसम्म खोजे, तापनि
उनलाई फेला पार्नसकेनन्। १८ एलीशा
यरीहोमानै छँदा तिनीहरू उनीकहाँ फर्केर
आए, औ उनले तिनीहरूलाई भने, "के
मैले तिमीहरूलाई नजानू भनी भनेको
थिइनँ र?"

एलीशाका दुइ आश्चर्यकर्म

१९ त्यस शहरका मानिसहरूले एलीशा-
लाई भने, "तपाईं देख्नुहुन्छ कि हाम्रो
शहर कति राम्रो गरी बसालिएको छ, तर
त्यहाँको पानी दूषित छ, र गर्भपात हुन्छ।"
२० तिनले भने, "एउटा नयाँ बट्टुको मकहाँ
ल्याऊ, र त्यसमा नून हाल।" जब
तिनीहरूले त्यो ल्याए। २१ तब तिनी पानीको
मूलमा गएर त्यहाँ केही नून छर्केर भने,
"परमप्रभु भन्नुहुन्छ, "म यस पानीलाई
विशुद्ध तुल्याउँदछु। त्यसले अब गर्भपात
गराउनेछैन।" २२ एलीशाको वचन पूरा
हुनलाई आजको दिनसम्म त्यो पानी विशुद्ध
छ।

२३ तिनीहरू त्यहाँबाट बेतेलमा गए,
औ जब तिनी बाटोमा गइरहेका थिए, तब
शहरबाट ससाना ठिटाहरू आएर तिनलाई
यसो भन्दै जिस्काउनलागे, "ए मुडुले, जाऊ,
जाऊ।" २४ तिनले फर्केर तिनीहरूलाई
हेरी परमप्रभुको नाउँमा सराप दिए। अनि
जङ्गलबाट दुइवटा माऊ भालु निस्केर
तिनीहरूमध्येका बियालीस जनालाई फहराए।
२५ त्यहाँबाट तिनी कर्मेल डाँडामा उक्लेर
गए। त्यसपछि तिनी फेरि सामरियामा फर्के।

इस्राएलका राजा योराम

३ यहूदाका राजा यहोशापातको अठाहौं
वर्षमा आहाबका छोरा योराम
सामरियामा इस्राएलका राजा भए, औ तिनले
बाह वर्षसम्म राज्य गरे। २ तिनले परम-
प्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही
गरे, तर तिनका माता र पिताले गरेझैं ता
होइन। आफ्ना पिताले बनाएका बालका
खामालाई तिनले हटाए। ३ तापनि नबातका
छोरा यारोबामले इस्राएललाई गर्नलाएका
पापहरूमा तिनी लागिरहे, औ ती तिनले
छोडेनन्।

४ मोआबका राजा मेशाले भेडाहरू
राख्थे, औ तिनले सधैं इस्राएलका राजालाई
एक लाख थुमा र एक लाख साँढ-भेडा-
हरूको ऊन दिनेगर्थे। ५ आहाब मरेपछि
मोआबका राजा इस्राएलका राजाको विरुद्धमा
बागी भए। ६ तब राजा योरामले साम-
रियाबाट आएर सबै इस्राएललाई भेला गराए।
७ तिनले यहूदाका राजा यहोशापातलाई
पनि यो समाचार पठाए, "मोआबका राजा
मेरो विरुद्धमा बागी भएका छन्। मोआब-
लाई आक्रमण गर्न के तपाईं मेरो साथ

दिनुहुन्छ ?" तिनले जवाफ दिए, "म साथ
दिनेछु। मेरा जे जत्ति छन् सो तपाईंका
हुन्—म आफै, मेरो प्रजा र मेरा घोड़ाहरू।"
८ योरामले सोधे, "हामी कुन दिशाबाट
आक्रमण गरौं ? तिनले जवाफ दिए,
"एदोमको उजाड़-स्थानबाट।" ९ यसैले
यहूदाका राजा र एदोमका राजासित इस्राएलका
राजा अगि बढ़े। जब उनीहरू सात दिनसम्म
हिंडिसके तब सेना र भारी बोक्ने पशुहरूका
निम्ति पानी खतम भयो। १० तब इस्राएलका
राजाले भने, "हाय, परमप्रभुले ता हामी
तीनै राजाहरूलाई मोआबीहरूको निगाहमा
छोड़िदिनलाई ल्याउनुभएको रहेछ।" ११ तर
यहोशापातले भने, "के यहाँ परमप्रभुका
कुनै एउटा अगमवक्ता छैनन् जसद्वारा
हामी परमप्रभुको निर्देश खोज्नसक्छौं ?"
इस्राएलका राजाका अफिसरहरूमध्येको एक
जनाले भने, "एलियाका हातमा पानी हाल्ने
शापातका छोरा एलीशा यहाँ छन्।"
यहोशापातले भने, "परमप्रभुको वचन तिनीसँग
छ।" १२ यसैकारण इस्राएलका राजा र
यहोशापात औ एदोमका राजा एलीशाकहाँ
गए।

१३ एलीशाले इस्राएलका राजालाई
भने, "तपाईं किन मकहाँ आउनुहुन्छ ?
आफ्ना माता-पिताका अगमवक्ताहरूकहाँ
जानुहोस्।" तर इस्राएलका राजाले तिनलाई
भने, "होइन, परमप्रभुले हामी तीनै राजा-
लाई मोआबीहरूको निगाहमा सुम्पिदिनलाई
ल्याउनुभएको छ।" १४ एलीशाले भने,
"सेनाहरूका परमप्रभु जसको सेवा म गर्दछु,
उहाँको नाउँको शपथ खाएर म भन्दछु कि
यहूदाका राजा यहोशापातको आदर नगर्ने
भए म तपाईंहरूलाई एक आँखाले पनि हेर्ने
थिइनँ। तपाईंहरूको वास्तै गर्नेथिइनँ।
१५ अब एउटा गाइनेलाई मेरो निम्ति
ल्याऊ।" उनीहरूले एउटा गाइनेलाई ल्याए,
र जब त्यसले बजाइरहेको थियो तब परम-
प्रभुका आत्मा एलीशामाथि आयो, र
तिनले भने, "परमप्रभु भन्नुहुन्छ, १६ 'म
यस सुखा खोलामा जताततै दहले
भरिदिनेछु। १७ परमप्रभुले यस्तो आज्ञा
गर्नुभएको छ कि तिमीहरूले नता बतास न
पानीको झरी देख्नेछौ, तापनि तिमीहरू,
तिमीहरूका सेना र तिमीहरूका भारी बोक्ने
पशुहरूले पानी पिउनलाई खोल्सा पानीले
भरिनेछ। १८ तर यो ता परमप्रभुको
दृष्टिमा केवल एउटा सानो कुरो मात्र हो।
उहाँले के गर्नुहुन्छ भने मोआबीहरूलाई
तपाईंहरूको निगाहमा सुम्पिदिनुहुनेछ।
१९ तपाईंहरूले हरेक सुरक्षित नगर र
सुन्दर शहरलाई नाश पार्नुहुनेछ। तपाईंहरूले
सबै असल असल रूखहरूलाई काटेर
ढाल्नुहुनेछ। तपाईंहरूले सबै पानीका मूलहरू
बन्द गरिदिनुहुनेछ, औ जम्मै जमीनलाई
जताततै ढुङ्गा छरेर बिगारिदिनुहुनेछ।'"
२० भोलिपल्ट बिहानै नियमित बलिदानको
समयमा उनीहरूले एदोमको दिशाबाट पानी
बग्दै आएको देखे, र ज़मीन भल्ले
भरियो।

२१ यसै बीचमा राजाहरू उनीहरूको
विरुद्धमा लड़ाइँ गर्न आएका छन् भन्ने कुरो
सबै मोआबीहरूले सुने, र हतियार चलाउन-
सक्ने जवान र वृद्ध हरेक मानिसलाई
आह्वान भयो, र तिनीहरू युद्धको निम्ति
सीमानामा पठाइए। २२ जब तिनीहरू
भोलिपल्ट बिहान उठे तब घामको टक
पानीमा पर्‍यो, औ मोआबीहरूले तिनीहरूको
सामनेको पानीलाई रगतजस्तै रातो देखे,
र कराएर भने, २३ "यो रगत हो, राजाहरू
झगड़ा गरेर एका अर्कालाई आक्रमण गरे
होलान्। अब हे मोआबी हो, लुट्नलाई
जाऊ।" २४ जब तिनीहरू इस्राएलीहरूको
छाउनीमा आए, तब इस्राएलीहरू निस्केर
आए, र मोआबीहरूलाई आक्रमण गरेर
तिनीहरूलाई खेदेर भगाए, र यसरी नाश
गर्दै इस्राएलीहरू मोआबीहरूको देशमा पसे।
२५ तिनीहरूले शहरहरूलाई ध्वंस-विध्वंस

पारे। सबै असल असल जमीनमा हरेक
मानिसले एउटा एउटा ढुङ्गा फ्याँकेर जमीनमा
जताततै ढुङ्गाले भरिदिए। तिनीहरूले पानीका
सबै मूललाई थुनिदिए। तिनीहरूले सबै
असल असल रूखहरू काटेर ढालिदिए, औ
कीर-हरेशेतमा मात्र घरहरू बाँकी राखेर
तिनीहरूले मोआबलाई लूटपीट गरे, औ त्यस
शहरलाई पनि घुँयेत्रो हान्नेहरूले घेरेर
आक्रमण गरे।

२६ जब मोआबका राजाले अब लड़ाइँमा
हार्नें रहेछु भनी देखे, तब हतियारले
सुसज्जित भएका सात सय मानिसहरूलाई
अरामका राजाकहाँ छिरिजानलाई तिनले लगे,
तर यस प्रयासमा तिनीहरू सफल भएनन्।
२७ तब तिनले आफ्नो जेठा छोरा,
युवराजलाई शहरको पर्खालमा होमबलि
चढ़ाए। यो दृश्य देखेर इस्राएलीहरू यस्तो
अवाक् भए कि तिनीहरू छाउनी उठाएर
आफ्नो देशमा फर्के।

एलीशा र विधवा

४ अगमवक्ताहरूमध्ये एउटाकी पत्नीले
एलीशालाई यसो भनेर बिन्ती गरिन्,
"तपाईंको दास मेरा पति मरे। तपाईंलाई
थाहै छ कि तिनी परमेश्वरसँग डराउँथे।
तर मेरा दुइ भाइ छोराहरूलाई लगेर कमारा
तुल्याउन एउटा साहूकार आएका छन्।"
२ एलीशाले तिनलाई भने, "म तिम्रो
निम्ति के गरूँ? तिम्रो घरमा के छ?
मलाई भन।" तिनले जवाफ दिइन्,
"एउटा गरीयोमा तेलबाहेक अरू केही पनि
छैन।" ३ एलीशाले भने, "त्यसो भए गएर
आफ्ना सबै छिमेकीहरूबाट भाँड़ाहरू मागेर
ल्याऊ। जत्ति रित्तो भाँड़ाहरू पाउनसकिन्छ
ल्याऊ। ४ त्यसपछि घरमा आएर तिम्रा
छोराहरूलाई पनि भित्र राखेर ढोका थुन, र
गरीयोको तेल ती सबै भाँड़ाहरूमा खन्याऊ,
र भरिएका भाँड़ाहरूलाई अलग राख।"
५ तिनी उनीबाट बिदा भइन्, र आफ्ना
छोराहरूलाई भित्र राखेर ढोका लगाइन्।
औ तिनीहरूले भाँड़ाहरू ल्याए र तिनले ती
भरिन्। ६ जब ती सबै भरिसके तिनले
आफ्नो एक जना छोरालाई भनिन्, "अर्को भाँड़ा
ले।" त्यसले भन्यो, "अब एउटै भाँड़ा
पनि छैन।" तब तेल आउन पनि
छोड़यो। ७ तिनी बाहिर गएर परमेश्वरका
जनलाई यो कुरो बताइन्। औ उनले
भने, "गएर त्यो तेल बेच, र बन्धक
राखेका तिम्रा छोराहरूलाई दाम तिरेर
छुटाऊ, र उब्रेकोले चाहिँ तिमी र तिमीहरूको
जीविका चलाऊ।"

दोतानमा एलीशा र अरामीहरू

८ एक दिन एलीशा शुनेममा गए।
त्यहाँ एउटी धनाढ्य स्त्री थिइन्। तिनले
उनलाई खान-पीन गर्न जिद्दी गरिन्। औ
एलीशा त्यताबाट भएर जाँदा त्यहाँ खान-पीन
गर्नलाई बस्थे। ९ एक दिन त्यस स्त्रीले आफ्ना
पतिलाई भनिन्, "मलाई थाह छ कि यहाँ
सधैँ आउने मानिस परमेश्वरका पवित्र जन
हुनुहुन्छ। १० कौसीमा बारबेर गरेर तिनको
निम्ति एउटा सानो कोठा बनाइदिऔँ, र त्यस
कोठामा एउटा पलङ्ग, एउटा टेबल, एउटा
कुर्सी र एउटा बत्ती राखिदिऔँ, र तिनी
यहाँ आउँदा त्यहाँ बस्नेगरून्।" ११ एक
दिन जब तिनी आएर कौसीको कोठामा
गएर विश्राम गर्नलाई पल्टे, १२ तब तिनले
आफ्नो चाकर गेहजीलाई भने, "त्यस
शुनेमी स्त्रीलाई बोलाएर ले।" १३ त्यसले
तिनलाई बोलाएर ल्याए। औ जब तिनी
ती अगमवक्ताको सामने आइन् तब
एलीशाले आफ्नो चाकरलाई भने, "तिनलाई
भन्, 'तिमीले हाम्रो निम्ति यी सबै दुःख
गरेकी छौ। म तिम्रो निम्ति के गरूँ?
के म तिम्रो निम्ति राजासित अथवा
सेनापतिसित केही कुरा गरिदिऊँ?" तर

तिनले जवाफ दिइन्, "म ता यहाँ मेरा
आफ्नै मानिसहरूसित सन्तुष्ट छु।"
१४ तिनले गेहजीलाई भने, "उसोभए तिनको
निम्ति म के गरूँ?" त्यसले भन्यो, "त्यसो
भए एउटा काम गर्नसकिन्छ। तिनका कोही
बाल-बच्चा छैन, औ तिनका पति वृद्ध छन्।"
१५ तब एलीशाले भने, "तिनलाई फेरि
बोलाऊ!" १६ जब तिनी ढोकामा देखा
परिन् तब एलीशाले भने, "यही बेला अर्को
वर्ष तिम्रो काखमा एउटा छोरो हुनेछ।"
तर तिनले भनिन्, "होइन, होइन, मेरा
प्रभो, तपाइं ता परमेश्वरका जन हुनुहुन्छ,
औ आफ्नी दासीसँग तपाइं झूट बोल्नुहुन्न।"
१७ अर्को वर्ष एलीशाले अघि भनेकै समयमा
तिनी गर्भवती भइन् र एउटा छोरा जन्माइन्।
१८ जब छोरा बढ्यो तब एक दिन
त्यो आफ्नो बाबु भएको ठाउँमा कटनी
गर्नेहरूकहाँ गयो। १९ एक्कासि त्यसले
आफ्ना बाबुलाई कराएर भन्यो, "मेरो
कपाल दुख्यो, मेरो कपाल दुख्यो!" त्यसका
बाबुले त्यसलाई आमाकहाँ आफ्नो एउटा
नोकरलाई पुऱ्याउन लगाए। २० त्यसले
ठिटालाई आमाकहाँ पुऱ्यायो। त्यो ठिटा
आफ्नो आमाको काखमा मध्य-दिनसम्म
बसिरह्यो त्यसपछि त्यो मऱ्यो। २१ त्यस स्त्रीले
माथि गएर त्यस ठिटालाई परमेश्वरका जनको
ओछ्यानमा राखिदिएर ढोका लगाई
बाहिर निस्केर गइन्। २२ तब तिनले
आफ्ना पतिलाई बोलाएर भनिन्, "मलाई
एउटा नोकर र एउटा गधा पठाइदिनुहोस्।
म जत्ति सक्दो चाँडो परमेश्वरका जनकहाँ
जानुपर्छ। त्यसपछि सीधै आउनेछु।"
२३ तिनले सोधे, "आज किन जानु पऱ्यो?
आज नता औंसी हो न विश्राम-दिन
हो।" तिनले भनिन्, "जे सुकै होस्।"
२४ गधा कसिदिएपछि तिनले आफ्नो
नोकरलाई भनिन्, "मैले नभनुन्जेल धपाउँदै
हिंड्, औ ढीलो नगर्।" २५ यसरी तिनी
हिंडिन्, र कर्मेल डाँडामा परमेश्वरका
जनकहाँ आइन्। ती परमेश्वरका जनले
तिनलाई टाढैबाट आइरहेकी देखेर आफ्नो
चाकर गेहजीलाई भने, "त्यो आउने ता
शुनेमी स्त्री हो। २६ दगुरी गएर
त्यसलाई भेटेर सोध्, 'के सबै कुशल छ? के
तिम्रा पति कुशल छन्? के तिम्रो बालकलाई
कुशल छ'?" तिनले यी सबैको जवाफ
पठाइन्, "सबै कुशलै छन्।" २७ जब
तिनी डाँड़ामा परमेश्वरका जनकहाँ पुगिन् तब
तिनले उनका खुट्टा समातिन्। तिनलाई
हटाउनलाई गेहजी अघि सरेर आयो, तर
परमेश्वरका जनले भने, "छोड़िदे। तिनलाई
साह्रै ठूलो कष्ट परेको छ, औ परमप्रभुले
त्यो कुरा मबाट लुकाएर मलाई केही
भन्नुभएको छैन।" २८ तिनले भनिन्,
"हे मेरा प्रभो, के मैंले छोरो मागेको
थिएँ र? मलाई आशा दिएर निराशा
नपार्नुहोस् भनी बिन्ती गरेको थिइनँ
र?" २९ तब एलीशाले गेहजीलाई भने,
"तेरो कम्मर कस्। यो मेरो लहुरो लिएर
कुदी जा। यदि बाटोमा कसैलाई भेटिस्
भने त्यसलाई अभिवादन गर्न नअड्, औ
कसैले तँलाई अभिवादन गऱ्यो भने त्यसलाई
जवाफ नदे। यो मेरो लहुरो त्यस ठिटाको
मुखमा राखिदे।" ३० तर आमा चाहिंले
कराएर भनिन्, "परमप्रभुको जीवन र
तपाइंको जीवनको शपथ खाएर म भन्दछु,
कि म तपाइंलाई छोड्नेछैनँ।" यसैले तिनी
उठेर त्यस स्त्रीको पछि लागे।
३१ गेहजीले चाहिं उनीहरूको अगि
गएर त्यो लहुरो त्यस ठिटाको मुखमा
राखिदियो, तर कुनै आवाज आएन औ प्राण
फर्केको कुनै लक्षण पनि देखिएन। यसैकारण
एलीशालाई भेट गर्न त्यो फर्किगयो, र
तिनलाई त्यो केटो ता जागेन भनी बताइदियो।
३२ एलीशा घरभित्र पसे र तिनले
ओछ्यानमा राखेको त्यस ठिटालाई मरिसकेको
भेट्टाए। ३३ तिनी कोठाभित्र पसेपछि ढोका
थुनेर परमप्रभुलाई प्रार्थना गरे। ३४ त्यसपछि

ओछ्यानमाथि चढ़ेर आफ्नो मुख त्यसको
मुखमा, आफ्नो आँखा त्यसका आँखामा र
आफ्ना हात त्यसका हातमा राखेर त्यस
बालकमाथि लम्तन्न पल्टिए, औ जब तिनले
त्यसलाई थिचें तब त्यस बालकको शरीर
तातो हुँदै आयो। ३५ एलीशा उठेर
एकपल्ट कोठाभित्र यताउता हिंड़े। त्यसपछि
फेरि ओछ्यानमा चढ़ेर तिनी त्यसमाथि
लम्तन्न परे। त्यस ठिटाले सात खेप
छिउँ काढ़यो। तब त्यस ठिटाले आँखा
खोल्यो। ३६ तब ती अगमवक्ताले गेहजी-
लाई बोलाएर भने, "त्यो शुनैमी स्त्रीलाई
बोलाऊ।" त्यसले तिनलाई बोलायो।
३७ तब अगमवक्ताले भने, "तिम्रो बालकलाई
लैजाऊ।" तिनी भित्र आइन् र उनको
सामने घोप्टो परिन्। त्यसपछि आफ्नो
छोरालाई लगेर तिनी बाहिर निस्किन्।

एलीशाका कुइ आश्चर्यकर्म

३८ जब देशमा अनिकाल भइरहेको
थियो तब एलीशा फर्केर गिलगालमा गए।
एक दिन जब अगमवक्ताहरूको एक दल
तिनका चरणमा बसिरहेको थियो तब तिनले
आफ्नो चाकरलाई भने, "आगोमा ठूलो भाँड़ा
राखेर यस दलको निम्ति केही जाउलो बना।"
३९ तिनीहरूमध्ये एक जना चाहिं साग-पात
खोज्न खेतमा गए, र जङ्गली लहराको
बोट भेट्टाएर पोल्टोभरि केही विषालु फल
टिपेर ल्याए। ती के हुन् भनी नजानेर
तिनले ती फलहरू टुक्राएर त्यस जाउलोको
भाँड़ामा हाले। ४० मानिसहरूले खाऊन्
भनी तिनीहरूले त्यो खन्याइदिए, तर जब
तिनीहरूले त्यो चाखे तब कराएर भने,
"हे परमेश्वरका जन, भाँड़ामा ता विष पो
रहेछ।" औ तिनीहरूले त्यो खानसकेनन्।
४१ ती अगमवक्ताले भने, "केही पीठो
ल्याऊ।" औ तिनले त्यो भाँड़ामा हाले, र
भने, "अब यिनीहरूले खानलाई त्यो
खन्याइदेऊ।" यसपल्ट त्यस भाँड़ाको खाने-
कुरामा हानि गर्ने पदार्थ थिएन।
४२ बाल-शालीशाको कुनै एक जना
मानिसले परमेश्वरका जनको निम्ति अगौटे-
फलका केही रोटी, बीसवटा जौका रोटी,
पाकेका ताजा अन्नका बालाहरू लिएर आयो।
एलीशाले भने, "एक सय मानिसलाई
यो खान देऊ।" ४३ तर तिनको चाकरले
भन्यो, "एक सय मानिसलाई यति म
कसरी खान दिनसक्छु?" तापनि तिनले
आफ्नो कुरो दोहोऱ्याएर भने, "मानिसहरूलाई
यो खान देऊ, किनभने परमप्रभु यसो
भन्नुहुन्छ, 'तिनीहरूले खाएर केही उब्रने
पनि छ'।" ४४ तब त्यसले त्यो उनीहरूको
सामने राखिदियो, र परमप्रभुले भन्नुभएझैं
तिनीहरूले खाएर केही उब्र्यो।

नामान कोरी

५ अरामका राजाका सेनापति नामान
एक माननीय पुरुष थिए। तिनका
मालिकले तिनको खूब इज्जत गर्थे, किनभने
तिनले गर्दानै अरामलाई परमप्रभुले विजयी
तुल्याउनभएको थियो। तर तिनी कोरी थिए।
२ आफ्नो एक धावामा अरामीहरूले
इस्राएलको देशबाट एउटी ठिटीलाई कैद गरेर
ल्याएका थिए। त्यो नामानकी पत्नीकी दासी
भएकी थिई। ३ त्यसले आफ्नो मालिक्नी-
लाई भनी "यदि मेरा मालिकले सामरियामा
बस्नुहुने अगमवक्तालाई भेट गरे तिनको
रोग उहाँले निको पारिदिनुहुने थियो।"
४ नामान आफ्ना मालिककहाँ गएर
इस्राएलको देशबाट ल्याएकी त्यस ठिटीले
भनेका सबै कुरा बताइदिए। ५ अरामका
राजाले भने, "हुन्छ, तिमी जाऊ। औ
म इस्राएलका राजालाई एउटा चिठी
पठाउनेछु।" तब नामान आफ्नो साथमा
दश तोड़ा चाँदी, छ हजार शेकेल सुन र
दश जोर लुगा लिएर गए। ६ तिनले त्यो

चिठी इस्राएलका राजालाई दिए, जसमा यस्तो
लेखेको थियो, 'हजूरलाई सूचना दिँदछु कि
नामान मेरो कर्मचारीलाई तपाईंकहाँ पठाउँदैछु।
कृपया त्यसलाई रोगमुक्त पारिदिनुहोला।'
७ जब इस्राएलका राजाले त्यो चिठी पढ़े
तब तिनले आफ्नो लुगा च्यातेर भने,
"मान्छेलाई मार्न र जिउँदो पार्न के म
ईश्वर हुँ, र यस मानिसले यिनलाई रोगबाट
निको पार्न मकहाँ पठाउँछ? स्पष्ट छ कि
यस मानिसले अवश्य मसित झगड़ाको निहुँ
खोज्दैछ।" ८ इस्राएलका राजाले आफ्नो
लुगा च्यातेको कुरा जब परमेश्वरका जन
एलीशाले सुने, तब तिनले उनीकहाँ यसो
भनेर समाचार पठाए, "तपाईंले किन आफ्नो
लुगा च्यात्नुभयो? त्यस मानिसलाई यहाँ
मकहाँ पठाइदिनुहोस्, र तिनले इस्राएलमा
एउटा अगमवक्ता रहेछन् भनी जान्नेछन्।"
९ यसैले नामान आफ्ना घोड़ा र रथहरूका
साथमा आएर एलीशाको घरको ढोकामा
उभिए। १० एलीशाले एउटा समाचार-
वाहकसँग यो समाचार पठाए, "गएर
यर्दन नदीमा सातपल्ट डुबुल्की मार,
र तिम्रो शरीर ज्यूँका त्यूँ हुनेछ, र तिमी
शुद्ध हुनेछौ।" ११ नामान रीसले चूर भए,
र यसो भन्दै गइहाले, "मैले सोचेको
थिए, तिनी बाहिर निस्की उभेर परमप्रभु
आफ्ना परमेश्वरको नाउँ पुकारेर मेरो
रोग भएको ठाउँमा हात राखी रोगमुक्त
मलाई पार्छन्। १२ के दमीशकका अबाना
र फारपर नदीका पानी इस्राएलका सबै
पानीभन्दा असल छैनन् र? के म तिनमा
स्नान गरेर शुद्ध हुन सक्तिनँ र?" १३ तब
तिनी फर्केर रीसको झोंकमा गइहाले। तर
तिनको नोकरले तिनीकहाँ आएर तिनलाई
भन्यो, "यदि अगमवक्ताले तपाईंलाई केही
गाहारो कुरा गर्नुहोस् भनी भन्नुभएको भए के
तपाईं गर्नुहुने थिएन र? उहाँले तपाईंलाई
डुबुल्की मार्नुहोस् भनेकोमा तपाईंले झन्
किन नगर्ने?" १४ यसैले तिनी रथबाट
ओर्ले, र परमेश्वरका जनले भनेबमोजिम सात-
पल्ट डुबुल्की मारे, औ तिनको शरीरको
छाला सानो बालकको जस्तै भयो, र तिनी
शुद्ध भए।
१५ तब तिनी आफ्ना लावा-लस्करसमेत
परमेश्वरका जनकहाँ फर्केर आए, र तिनको
सामने उभेर भने, "अब मलाई थाह भयो
कि इस्राएलमा बाहेक पृथ्वीको अरू कुनै
ठाउँमा ईश्वर रहेनछन्। कृपागरी आफ्नो
दासको हातबाट केही उपहार लिनुहोस्।"
१६ अगमवक्ताले भने, "जीवित परमप्रभु,
जसको सेवा गर्दछु, उहाँको नाउँमा शपथ
खाएर म भन्दछु, कि म केही पनि ग्रहण
गर्नेछैनँ।" त्यो लिनलाई तिनले कर लगाए,
तर उनले इन्कार गरे। १७ तब नामानले
भने, "यदि तपाईं लिनुहुन्न भने, हे महाशय,
मलाई दुइ खच्चरको भारी माटो लानदिनुहोस्।
किनभने अब कहिल्यै म होमबलि र बलिदान
परमप्रभुलाई बाहेक अरू कुनै देवताल्लाई
चढ़ाउनेछैनँ। १८ यो एउटा कुरामा मात्र
परमप्रभुले मलाई क्षमा गरून्, कि जब मेरा
मालिक रिम्मोनको मन्दिरमा पूजा गर्नलाई
मेरो हातमा भरपरेर जान्छन्, र तिनले त्यहाँ
पूजा गर्दा म पनि पूजा गर्छु, तब यसको
निम्ति चाहिँ परमप्रभुले मलाई क्षमा
गरून्।" १९ त्यसपछि एलीशाले तिनलाई
बिदा गरे।

गेहजीको लालच

२० नामान आफ्नो यात्रामा अलिक
परसम्म मात्र पुगेका थिए, तब परमेश्वरका जन
एलीशाको चाकर गेहजीले आफ्नो मनमा
भन्यो, "यो के हो, मेरा मालिकले ता यी
अरामी नामानलाई तिनले ल्याएका केही चीज
पनि नलिएर त्यसै पठाए! परमप्रभुको
जीवनको शपथ छ, म यिनको पछि लागेर
केही लिनेछु।" २१ गेहजी नामानको
पछिपछि हतार हतार गरी कुदेर गयो।

जब नामानले त्यसलाई आफूपछि कुदेर
आइरहेको देखे तब त्यससित भेट गर्न
तिनी आफ्नो रथबाट ओर्लेर भने, "के
सबै कुशल छ?" २२ गेहजीले भन्यो,
"केही भएको छैन, तर मेरा मालिकले
यसो भनेर मलाई पठाउनुभएको छ, कि
एप्रैमको पहाड़ी-देशबाट अगमवक्ताको दलबाट
दुइ जना जवान मानिसहरू भर्खरै आएका
छन्। तपाईंले तिनीहरूका निम्ति एक तोड़ा
चाँदी र दुइ जोर लुगा दिनसक्नुहुन्छ
कि?" २३ नामानले भने, "निश्चय, एक
होइन, दुइ तोड़ा लैजाऊ।" नामानले त्यसलाई
ढिपी लाए, र तिनले ती दुइ तोड़ा चाँदी
र दुइ जोर लुगा थैलामा बाँधदिए। औ
आफ्ना दुइ नोकरलाई दिए, र तिनीहरूले ती
बोकेर त्यसको अगिअगि हिंड़े। २४ जब
डाँड़ामा आइपुग्यो तब त्यसले ती चीज
ती दुइ नोकरबाट लिएर घरमा राख्यो, र
तिनीहरूलाई बिदा गर्‍यो, औ तिनीहरू गए।
२५ त्यो चाहिं भित्र गएर आफ्ना मालिकको
सामने उभिएपछि एलीशाले भने, "गेहजी,
तँ कहाँ गएको थिइस्, हँ?" गेहजीले भन्यो,
"कतै पनि गएको थिइनँ।" २६ तर
तिनले त्यसलाई भने, "जब ती मानिस
आफ्नो रथबाट ओर्लेर तँलाई भेट्न फर्कंदा
के म आत्मामा तँसित थिइनँ र? अब
तैंले त्यो पैसा लिएछस् र त्यसबाट
तैंले बगैंचाहरू, भद्राक्षका बोटहरू र दाखबारी-
हरू, भेड़ाहरू र गोरुहरू, र कमारीहरू
किन्नसक्छस होला, २७ तर नामानको
रोग तँ र तेरा सन्तानमा सधैंको लागि टाँसी
रहन्छ।" गेहजी तिनको सामनेबाट हिउँजस्तै
सेतो कोरी भएर गइहाल्यो।

एउटा बञ्चरो पानी माथिमाथि तरेको

६ अगमवक्ताहरूको एक दलले एलीशालाई,
भने, "तपाईंका अधीनमा हामी बसेको
यो ठाउँ हाम्रा निम्ति साह्रै साँघुरो
भयो। २ हामी यर्दन नदीमा जाऔं
र हरेकले काठ-पात ल्याएर आफ्नो निम्ति
बस्ने घर बनाऔं।" यस कुरामा ती
अगमवक्ता सहमत भए। ३ तब एक जनाले
भने, "हजूर हामीसँग आउनुहोस्।" तिनले
भने, "म आउँछु।" ४ औ तिनी
उनीहरूसँग गए। यर्दन नदीमा पुगेपछि
उनीहरूले रूख ढाल्न शुरू गरे। ५ तर रूख
काट्दा काट्दै एक जनाको बञ्चरो बिँड़बाट
खुस्केर पानीभित्र खस्यो। त्यसले कराएर
भन्यो, "हे मेरा प्रभु, त्यो ता मागेर
ल्याएको बञ्चरो पो थियो। ६ ती परमेश्वरका
जनले सोधे, "त्यो कहाँ खस्यो?" औ जब
तिनलाई त्यो ठाउँ देखाइदियो तब तिनले
एउटा काठ काटेर पानीमा हालिदिए, र त्यो
बञ्चरो माथि उत्रँदै निस्क्यो। ७ तब तिनले
भने, "निकालेर लैजाऊ।" तब त्यसले
आफ्नो हात पसारेर त्यो निकालेर लग्यो।

दोतानमा एलीशा र अरामीहरू

८ एकपल्ट जब अरामका राजा
इस्राएलको विरुद्धमा लड़ाइँ गरिरहेका थिए,
तब तिनले आफ्ना अफिसरहरूसँग सल्लाह गरे,
र तिनले त्यस सभामा भने, "म फलानो
दिशाबाट आक्रमण गर्नेछु।" ९ तर
परमेश्वरका जनले इस्राएलका राजालाई यसो
भनेर चेताउनी दिए, "होशियार रहनुहोस्,
त्यस ठाउँबाट भएर नजानुहोस्, किनभने
अरामीहरू त्यस ठाउँबाट भएर आइरहेका
छन्।" १० औ जुन ठाउँको विषयमा
परमेश्वरका जनले तिनलाई चेताउनी दिएका
थिए त्यहाँ इस्राएलका राजाले मानिस पठाए।
औ हरेकपल्ट त्यसै भयो। तिनी त्यस
ठाउँको नजीक आइपुग्दा विशेष सतर्क बसे।
११ यसले गर्दा अरामका राजा साह्रै व्याकुल
भए, र आफ्नो सेनाका अफिसरहरूलाई
बोलाएर भने, "मलाई भन, तिमीहरूमध्येको
कसले इस्राएलका राजाको पक्षमा लागेर

हामीलाई विश्वासघात गर्थ्यो ?'' १२ तिनका
अफिसरहरूमध्येको एक जनाले भने, ''हे
प्रभु महाराजा, हामी कसैले होइन, तर
इस्राएलका अगमवक्ता एलीशाले इस्राएलका
राजालाई तपाईंले आफ्नो सुत्ने कोठामा
बोलेको कुरा पनि बताइदिन्छन्।''
१३ राजाले भने, ''गएर तिनी कहाँ छन्
पत्ता लगाऊ, र म मानिसहरू पठाएर तिनलाई
पक्रनेछु।'' ती अगमवक्ता ता दोतानमा छन्
भनी तिनलाई बताइदियो। १४ औ राजाले
घोड़ा र रथहरू भएको एउटा ठूलो फौज
पठाए। तिनीहरू राती आएर शहरलाई
घेरे।

१५ जब परमेश्वरका जनको चाकर
बिहानै उठेर बाहिर गयो तब त्यसले घोड़ा
र रथहरूको एउटा फौजले शहरलाई घेरिराखेको
देखी आएर आफ्ना मालिकलाई भन्यो,
''हाय, मेरा प्रभु, अब हामी के गरौं ?''
१६ तिनले भने, ''नडरा, किनभने हामीसँग
भएकाहरू तिनीहरूसँग भएकाहरूभन्दा धेरै
छन्।'' १७ तब एलीशाले यसो भनेर
प्रार्थना चढ़ाए, ''हे परमप्रभु, यसको आँखा
खोलिदिनुहोस्, र यसले देखोस्।'' तब
परमप्रभुले त्यस जवान मानिसको आँखा
खोलिदिनुभयो, र त्यसले एलीशाको वरिपरिको
डाँड़ामा अग्निमय घोड़ा र रथहरू भरिएको
देख्यो। १८ जब अरामीहरू तिनीकहाँ
ओर्लेर आए, तब एलीशाले परमप्रभुलाई
यसो भनेर प्रार्थना गरे, ''बिन्ती छ, यस
सेनालाई अन्धा पारिदिनुहोस्।'' औ एलीशाले
मागेझैं उहाँले तिनीहरूलाई अन्धा पारिदिनु-
भयो। १९ तब एलीशाले तिनीहरूलाई भने,
''तिमीहरूले ता बाटो बिरायौ। शहर यो
होइन। मलाई पछ्याऊ र म तिमीहरूले
खोजेका मानिसकहाँ तिमीहरूलाई पुर्याइं-
दिनेछु।'' औ उनले तिनीहरूलाई सामरियामा
पुर्याए। २० तिनीहरू सामरियामा पुग्ने
बित्तिकै एलीशाले यसो भनेर प्रार्थना गरे,
''हे परमप्रभु, यी मानिसहरूका आँखा खोलि-
दिनुहोस्, र तिनीहरूले फेरि देख्नसकून्।''
औ उहाँले तिनीहरूका आँखा खोलिदिनुभयो,
र तिनीहरूले आफूलाई सामरिया शहरभित्र
भेट्टाए। २१ जब इस्राएलका राजाले तिनी-
हरूलाई देखे तब तिनले एलीशालाई भने,
''हे मेरा पिता, के म यिनीहरूलाई नाश
गरूँ ?'' २२ तिनले भने, ''होइन, तपाईंले
त्यसो गर्नुहुन्न। तपाईंले आफ्नै तरवार र
धनुले कैद गरेकाहरूलाई नाश गर्नुसक्नुहुन्छ,
तर यी मानिसहरूलाई तपाईंले खाना-पीना
दिनुहोस्। तिनीहरू खाना-पीना गरेर आफ्ना
मालिककहाँ जाऊन्।'' २३ तब तिनले
उनीहरूका निम्ति एउटा ठूलो भोज दिए,
औ तिनीहरूले खाना-पीना गरेर आफ्ना
मालिककहाँ फर्के। यसरी इस्राएलमाथिको
अरामीहरूको आक्रमण रोकियो।

सामरियामा घेरा हालेको र एलीशा अगमवक्ता

२४ तर केही समयपछि अरामका राजा
बेन-हददले आफ्नो सारा सेना जम्मा गरेर
सामरियालाई घेरा हाल्न भनी त्यसतर्फ अगि
बढ़े। २५ औ सामरियामा घोर अनिकाल
पर्यो। तिनीहरूले शहरलाई यति साह्रो घेरा
हाले कि गधाको एउटा टाउको चाँदीको
अस्सी शेकेलमा र एक पावा सिमीलाई
चाँदीको पाँच शेकेल दाम भयो। २६ एक
दिन जब इस्राएलका राजा शहरको पर्खालमा
हिंड़िरहेका थिए तब एउटी स्त्रीले हपारेर
तिनलाई भनी, ''हे मेरा मालिक महाराजा,
दोहाइ !'' २७ तिनले भने, ''यदि परमप्रभुलेनै
तँलाई केही सहायता गर्नुभएन भने मैले
तेरो निम्ति कहाँबाट सहायता पाउने ?
खलाबाट कि दाखकुण्डबाट ? २८ तिमीलाई
के दुःख भयो ?'' त्यसले भनी, ''यस स्त्रीले
मलाई भनी, 'आज खानलाई तिम्रो बालक
देऊ, र भोलि चाहिं हामी मेरो बालक
खाऔंला।' २९ तब हामीले मेरो बालक पकाएर

खायौं, तर जब मैंले भोलिपल्ट त्यसलाई भनें,
'आज खानलाई तिम्रो बालक ल्याऊ,' त्यसले
त्यसको बालकलाई लुकाई।" ३० जब राजाले
त्यस स्त्रीको कुरा सुने तब तिनले आफ्नो
लुगा च्याते। तिनी त्यस बेला पर्खालमा
हिंड़िरहेका थिए। औ जब मानिसहरूले
तिनलाई देखे तब राजाले जीउमा भित्रपट्टि
भाङ्ग्रा लाएका देखे। ३१ तब तिनले भने,
"आज शापातको छोरा एलीशाको शिर
उड़ाइदिइनँ भनेदेखि परमप्रभुले त्यो दण्ड,
मात्र होइन तर, त्यसभन्दा पनि बढ़ी दण्ड
मलाई देऊन्।"

३२ एलीशा बूढ़ा-प्रधानहरूसँग आफ्नो
घरमा बसिरहेका थिए। राजाले आफ्नो छेउमा
बस्ने मानिसहरूमध्ये एक जनालाई तिनीकहाँ
पठाए, तर त्यो दूत आइपुग्नअघि एलीशाले
बूढ़ा-प्रधानहरूलाई भने, "हेर त, त्यस
हत्याराको छोराले मेरो शिर काट्नलाई मानिस
पठाएको छ। होशियार रहो, त्यो दूत
आइपुग्दा ढोका थुनिदेऊ, र खूब जोरसित
ठेलिराख। त्यसका मालिक त्यसको पछिपछि
आएको आवाज तिमीहरू सुन्दैनौ र?"
३३ तिनी यसरी तिनीहरूसँग बोल्दाबोल्दै
राजा आइपुगिहाले, र भने, "हाम्रो दुर्दशालाई
हेर! यो कष्ट परमप्रभुतर्फबाट भएको हो!
हामीलाई सहायता गर्नलाई अब उहाँको प्रतीक्षा
मैंले किन गरिरहने?"

७ तर एलीशाले जवाफ दिए, "परमप्रभु
यसो भन्नुहुन्छ, भोलि यही बेला
सामरियाको मूल-ढोकामा एक शेकेलमा एक
माना असल पीठो र दुइ माना जौको पीठो
बिक्री हुनेछ।" २ तब जुन कप्तानका
हातको भर लिएर राजा हिंड़्थे तिनले
परमेश्वरका जनलाई भने, "परमप्रभुले स्वर्गका
झ्यालहरू खोलिदिनुभयो भने पनि यस्तो कुरा
हुनेछैन।" तिनले भने, "तिमीले त्यो आफ्नै
आँखाले देख्नेछौ, तर त्यो खान पाउनेछैनौ।"
३ त्यस शहरको ढोकामा चार जना
कोरीहरू थिए। तिनीहरूले आपसमा भने,
"हामी यहाँ बसेर किन मर्नु? ४ हामी
शहरभित्र पर्‍यौं भने त्यहाँको अनिकालले
मर्नेछौं। औ यहाँ बस्यौं भने पनि हामी
भोकै मर्नेछौं। यसलै अब हामी अरामीहरूको
छाउनीमा गएर आफैलाई समर्पण गरौं।
तिनीहरूले हामीलाई छोड़िदिए भने हामी
बाँच्नेछौं औ मारे भने पनि हामी मर्नेनैछौं।"
५ तब तिनीहरू साँझपख अरामीहरूको
छाउनीतिर लागे। तर तिनीहरू छाउनीको
सीमानामा आइपुग्दा तिनीहरूले कसैलाई
देखेनन्।

६ परमप्रभुले अरामीहरूको सेनालाई—रथ,
घोड़ा र एक ठूलो सेनाको आवाज सुनाउनु-
भएको थियो। औ तिनीहरूले एक अर्कालाई
भने, 'इस्राएलका राजाले ता हामीमाथि
आक्रमण गर्न हित्तीहरू र मिश्रका राजालाई
भाड़ामा बोलाएछन्।"
७ यसैकारण तिनीहरू आफ्ना पाल,
घोड़ा, गधाहरू र छाउनी पनि जस्ताका तस्तै
छोड़ेर ज्यान बचाएर भागेका थिए। ८ ती
चार जना मानिस छाउनीको सीमाना भित्र
पसीर एउटा पालमा गएर खान-पीन गरे,
र सुन, चाँदी र लुगाहरू अन्यत्र लगेर
लुकाइराखे। त्यसपछि तिनीहरू फेरि आएर
पालमा पसे र चीज-बीज लगेर लुकाए।
९ तब तिनीहरूले आपसमा भने, "हामीले
गरेको यो काम असल होइन। आज ता
शुभ समाचारको दिन रहेछ। औ हामी भने
चूपै लागेर बसेका छौं। भोलि बिहानसम्म
पर्खिरह्यौं भने हाम्रो दोष जाहेर हुनेछ।
अब गएर दरबारमा यो खबर हामीले
दिनेपर्छ।" १० तब तिनीहरू गएर मूल-
ढोकाका पालेहरूलाई—अरामी छाउनीमा
एउटै पनि मानिस छैन, चाल-चुल केही छैन,
घोड़ा र गधाहरू त्यतिकै बाँधिएका छन्,
र छाउनी त्याग गरिएको छ भन्ने खबर
दिए। ११ तब पालेले यो खबर राज-
दरबारमा पठाइदियो।

१२ राजा रातीनै उठेर आफ्ना भारादार-
हरूलाई भने, "अरामीहरूले के गरेका हुन्
मलाई थाह छ। हामी भोकै छौं भनी
तिनीहरूलाई थाह छ र छाउनी छोड़ेर
तिनीहरू छेउछाउको जग्गामा लुकिबसेका छन्।
हामी छाउनीमा पस्छौं कि भनेर पर्खिरहेका
छन्। हामी गयौं भने हामीलाई जिउँदै
पक्रेर तिनीहरूले हाम्रो शहर कब्जा गर्नेछन्।"
१३ भारादारहरूमध्ये एक जनाले भने, "हाम्रा
एक दल घोड़-चढ़ी त्यहाँ पठाउनुहोस् ती
बाँचेर फर्के भने बचेका इस्राएलीहरू जस्तै
भाग्यमानी ठान्नुपर्छ, तर मरे भने हालैको
लड़ाइँमा नाश हुनेहरू जस्तै ठान्नुपर्छ। के
भएछ गएर तिनीहरूले पत्तो लगाऊन्।"
१४ तब तिनीहरूले दुइ घोड़-चढ़ी छानेर
अरामी सेनालाई के भएछ भनी निधो गर्न
तिनीहरूका पछि पठाए। १५ तिनीहरू यर्दन
नदीसम्मै खोजी गर्दै गए, औ बाटोभरि
अरामी सेनाले हतारमा फ्याँकिराखेका लुगा-
फाटा र हात हतियारहरू देखे। तिनीहरूले
आएर राजालाई यो खबर दिए। १६ तब
मानिसहरू बाहिर निस्केर अरामीहरूको
छाउनीलाई लुटे, औ परमप्रभुको वचन पूरा
हुनलाई एक माना असल पीठो एक शेकेल्मा
र दुइ माना जौको पीठो एक शेकेल्मा
बेचियो। १७ अब जसको हातमा भर
लिएर राजा हिंड्थे त्यस कप्तानलाई तिनले
मूल-ढोकामा हेर्ने जिम्मामा खटाइदिएका थिए।
औ राजाले भेट गर्न जाँदा परमेश्वरका जनले
अगमवाणी गरेझैं मानिसहरूले त्यस कप्तानलाई
त्यहाँ घुँइचोमा कुल्चेर मारे। १८ किनभने
परमेश्वरका जनले राजालाई यसो भनेका थिए,
"भोलि यसै बेला एक शेकेल्मा दुइ माना
जौको पीठो र एक माना असल पीठो
सामरियाको मूल-ढोकामा बिक्री हुनेछ।"
१९ औ कप्तानले यस्तो जवाफ दिएका थिए,
"परमप्रभुले स्वर्गका झ्यालहरू खोलिदिनुभए
तापनि यस्तो हुनेछैन।" औ परमेश्वरका
जनले भनेका थिए, "तिमीले त्यो आफ्नै
आँखाले देख्नेछौ, तर त्यसबाट खान-
पाउनेछैनौ।" २० औ तिनलाई त्यस्तै भयो।
मानिसहरूको घुँइचोले तिनलाई मूल-ढोकामा
कुल्चेर मार्‍यो।

शुनेमी स्त्रीले आफ्नो जग्गा-जमीन फिर्ता पाएकी

८ जुन स्त्रीको छोरालाई एलीशाले
पुनर्जीवित पारेका थिए त्यस स्त्रीलाई
एलीशाले भने, "तिम्रो घरानासमेत यहाँबाट
गइहाल, र जहाँ हुन्छ त्यहीं प्रवास गर,
किनभने परमप्रभुले सात वर्षसम्म यो अनिकाल
ठहराउनुभएको छ, र देशमा त्यो अनिकाल
आइसकेको छ।" २ तब परमेश्वरका जनले
भनेझैं स्त्रीले गरिन्; र तिनी आफ्ना
घरानासमेत गइहाले। औ तिनी पलिस्ती-
हरूको देशमा सात वर्ष बसिन्। ३ सात
वर्षपछि जब तिनी फर्केर आइन्, तब
आफ्नो घर र जग्गा-जमीन फिर्ता पाउन-
लाई अर्जी चढ़ाउन राजाको सामने
आउनलाई तिनले बिन्ती गरिन्। ४ त्यस
बेला राजा चाहिं परमेश्वरका जनको
चाकर गेहजीलाई एलीशाले गरेका सबै महान्
कामहरूका विषयमा सोध-पूछ गरिरहेका थिए।
५ औ जब त्यसले एलीशाले मरेकोलाई
कसरी प्राण दिए भनी राजालाई वर्णन
गरिरहेको थियो तब त्यही स्त्री आफ्नो घर र
जग्गा-जमीनको निम्ति अर्जी गर्नलाई आइन्।
गेहजीले भन्यो, "हे मेरा प्रभो महाराजा,
यिनै स्त्री हुन् र एलीशाले पुनर्जीवित बनाएका
तिनको छोरो यही हो।" ६ राजाले त्यस
स्त्रीलाई त्यस विषयमा सोधे, र तिनले पनि
बताइदिइन्। तब राजाले तिनको मुद्दा एउटा
नपुंसकको जिम्मामा लगाइदिए, र तिनका
सबै जग्गा-जमीन र तिनले देश छोड़ेर गएको
समयदेखि त्यही दिनसम्मको जग्गा-जमीनबाट
आएको कर तिनलाई फिर्ता गरिदिनू भनी
हुकूम गरे।

हजाएल अरामका राजा

७ एलीशा त्यस बेला दमीशकमा आए
जब अरामका राजा बेन-हदद बिरामी परेका
थिए। ८ औ जब तिनलाई परमेश्वरका जन
त्यहाँ आएका छन् भनी सुनाइदियो तब
राजाले हजाएललाई आफूसित सौगात लिएर
परमेश्वरका जनकहाँ गएर राजा आफ्नो रोगबाट
निको हुन्छन् कि हुन्नन् भनी परमप्रभुसँग सोध्न
भनी हुकूम गरे। ९ हजाएल आफूसित
दमीशकका सबै किसिमका थोकहरू सौगातको
रूपमा चालीसवटा ऊँटमाथि बोकाएर
गए। जब तिनी अगमवक्ताका सामने आए
तब तिनले भने, "तपाईंका छोरा अरामका
राजा बेन-हददले मलाई यो कुरा सोध्नलाई
तपाईंकहाँ पठाउनुभएको छ।" १० तिनले
जवाफ दिए, "गएर तिनलाई भन कि तिनी
निको ता हुन्छन् तर परमप्रभुले मलाई यो
कुरा प्रकट गर्नुभएको छ कि वास्तवमा तिनी
मर्नेनै छन्।" ११ परमेश्वरका जन अवाक्
भएका मानिसझैं एकोहोरो भएर टोलाए,
र मन थाम्न नसकी तिनी रोए।
१२ हजाएलले भने, "हे मेरा प्रभो तपाईं
किन रूँदैहुनुहुन्छ?" तिनले भने, "तिमीले
इस्राएलीहरूमाथि गर्ने बुराइ म जान्दछु।
तिमीले तिनीहरूको किल्लामा आगो लगाउनेछौ,
र तिनीहरूका जवान मानिसहरूलाई मार्नेछौ।
तिमीले तिनीहरूका बालकहरूलाई भूइँमा पछारी
पछारीकन मार्नेछौ, र तिनीहरूका गर्भवती
स्त्रीहरूका पेट चिर्नेछौ।" १३ हजाएलले
भने, "म ता केवल एउटा कुकुर मात्र हुँ।
म केही पनि होइन। यस्तो ठूलो काम म
कसरी गरूँला?" एलीशाले जवाफ दिए,
"तिमी अरामका राजा हुनेछौ भनी परमप्रभुले
मलाई प्रकट गर्नुभएको छ।" १४ त्यसपछि
हजाएल एलीशाबाट बिदा भए, र आफ्ना
मालिककहाँ आए, मालिकले तिनलाई एलीशाले
भनेको कुरा सोधे। तिनले उत्तर दिए,
"तपाईं निको हुनुहुनेछ भनी उनले मलाई
भने।" १५ तर भोलिपल्ट हजाएलले एउटा
कम्बल लिई पानीमा चोबेर राजाको मुखमा
छोपिदिए, र यसरी तिनी मरे। त्यसपछि
हजाएल राजा भए।

यहूदाका राजा योरामको शासन

१६ इस्राएलका राजा आहाबका छोरा
योरामको पाँचौं वर्षमा यहूदाका राजा
यहोशापातका छोरा योराम राजा भए।
१७ तिनी सिंहासन आरोहण गर्दा बत्तीस वर्षका
थिए, औ तिनले यरूशलेममा आठ वर्ष शासन
गरे। १८ आहाबको घरानाले गरेझैं तिनी
इस्राएलका राजाहरूका चालमा हिंडे। किनभने
तिनले आहाबकी छोरीलाई विवाह गरेका
थिए। औ परमप्रभुको दृष्टिमा जे कुरो
खराब थियो त्यही तिनले गरे। १९ तर
आफ्नो दास दाऊदको खातिर परमप्रभुले
यहूदालाई नाश गर्न इच्छा गर्नुभएन, किनभने
दाऊद र तिनका छोराहरूलाई सधैंको निम्ति
बलिरहने एउटा दियो दिन्छु भनी उहाँले
प्रतिज्ञा गर्नुभएको थियो।
२० तिनको शासनकालमा एदोमले
यहूदाका विरुद्धमा बागी भएर आफ्नै राजा
खड़ा गर्‍यो। २१ योराम आफ्ना सबै रथहरू
लिएर पारि याईरमा गए। तिनी र तिनका
रथहरूका सेनापतिहरू रातीनै हिंडे, तर एदोमी
हरूले तिनीहरूलाई घेरेर परास्त गरे। यसकारण
मानिसहरू भागेर आफ्नो आफ्नो पालमा
गए। २२ यसैकारण एदोम आजको दिनसम्मै
यहूदाबाट स्वतन्त्र भएको छ। त्यसै बेला
लिब्ना पनि बागी भयो।
२३ योरामको राजत्वकालका अरू कार्यहरू
र घटनाहरू यहूदाका राजाहरूको इतिहासमा
लेखिएका छन्।
२४ तब योराम आफ्ना पित्रहरूसित
सुते, र दाऊदको शहरमा उनीहरूसित
गाड़िए अनि तिनका छोरा अहज्याह
तिनीपछि राजा भए।

यहूदाका राजा अहज्याहको शासन

२५ इस्राएलका राजा आहाबका छोरा
योरामको बाह्रौं वर्षमा यहूदाका राजा योरामका
छोरा अहज्याह राजा भए। २६ राजगद्दी
आरोहण गर्दा अहज्याह बाईस वर्षका थिए।
औ तिनले यरूशलेममा एक वर्ष राज्य गरे।
तिनकी आमा इस्राएलका राजा ओम्रीकी
नातिनी अतल्याह थिइन्। २७ तिनी आहाबको
घरानाको चालमा हिँडे, औ आहाबको
घरानालेझैँ परमप्रभुको दृष्टिमा जे खराब थियो
त्यही तिनले गरे, किनभने विवाहको सम्बन्धले
तिनको त्यस घरानासित नाता थियो।
२८ अरामका राजा हजाएलको विरुद्धमा
रामोत-गिलादमा लड़ाइँ गर्नलाई तिनले आहाब
छोरा योरामसित सन्धि गरे। तर राजा
योरामलाई अरामीहरूले घाइते बनाए।
२९ अरामका राजा हजाएलसित लड़ाइँ गर्न
जाँदा रामोत-गिलादमा पाएको चोटबाट
निको हुनलाई तिनी यिज्रेल्मा फर्किगए।
औ यही बिरामीले गर्दा यहूदाका राजा
योरामका छोरा अहज्याह तिनलाई हेर्न भनी
यिज्रेल्मा गए।

येहू इस्राएलका राजा अभिषेक भएका

९ अगमवक्ताहरूको दलको एक जनालाई
एलीशा अगमवक्ताले बोलाएर भने,
"आफ्नो कम्मर कस। तिमीसित यो तेलको
गरीयो लिएर रामोत-गिलादमा जाऊ।
२ जब तिमी त्यहाँ पुग्छौ तब तिमीले
निम्शीका नाति यहोशापातका छोरा येहूलाई
भेट्टाउनेछौ। भित्र पसेर तिनलाई आफ्ना
अफिसर साथीहरूबाट अलगी बोलाएर भित्री
कोठामा लैजाऊ। ३ त्यसपछि यो गरीयोको
तेल तिनको शिरमा खन्याएर यसो भन,
'परमप्रभु यसो भन्नुहुन्छ, म तँलाई
इस्राएलका राजा अभिषेक गर्दछु।' अनि
ढोका खोलेर प्राण बचाउनलाई भाग।"
४ यसैले ती जवान अगमवक्ता रामोत-
गिलादमा गए। ५ जब तिनी त्यहाँ पुगे
तब तिनले अफिसरहरूलाई एक साथ भेला
भएका भेट्टाएर भने, "महाशय, तपाईंसित
एउटा कुरो छ।" येहूले सोधे, "हामीमध्येका
कससित ?" तिनले भने, "तपाईंसित, हजूर।"
६ तिनी उठेर घरभित्र गए, औ ती
अगमवक्ताले यसो भनेर तिनको शिरमा तेल
खन्याइदिए, 'परमप्रभु इस्राएलका परमेश्वर
यसो भन्नुहुन्छ, "म तँलाई परमप्रभुको प्रजा
अभिषेक गर्दछु। ७ तैँले तेरा मालिक
आहाबको घरानालाई मार्नेछस्, औ मेरा
सेवक अगमवक्ताहरूको र परमप्रभुका सबै
सेवकहरूको रगतको निम्ति ईजेबेलमाथि
साटो म लिनेछु। ८ आहाबका सबै घराना नाश
हुनेछन्, र इस्राएलमा त्यसको घरमा भएको
हरेक पुरुष फुक्का वा बँधुवालाई म नाश
गर्नेछु। ९ औ म आहाबको घरानालाई
नबातको छोरा यारोबाम र अहियाहको
छोरा बाशाको घरानाजस्तै तुल्याउनेछु।
१० यिज्रेलको एउटा ठाउँमा ईजेबेललाई
कुकुरहरूले खानेछन्, औ कसैले त्यसलाई
गाड्नेछैन।" ११ त्यसपछि ढोका खोलेर
तिनी भागे। जब येहू फेरि राजाका
अफिसरहरूकहाँ आए तब तिनीहरूले तिनलाई
सोधे, "के सबै ठीकै छ ! त्यो बौलाहा
मान्छे तिमीकहाँ किन आएछ ?" तिनले
भने, "तिमीहरू त्यसलाई जान्दछौ। औ
त्यसले कस्तो बात गर्छ सो ता तिमीहरूलाई
थाहै छ।" १२ तिनीहरूले भने, "झूट।
हामीलाई ठीक ठीक कुरा बताऊ।" येहूले
भने, "तिनले के भने म ठीक ठीक
बताउनेछु। तिनले यही भने, 'परमप्रभु यही
भन्नुहुन्छ, म तँलाई इस्राएलमाथि राजा
अभिषेक गर्दछु'।" १३ तब तिनीहरूले
आफ्नो आफ्नो बाहिरी पोशाक उतारेर
सिँढीको खाली ढुङ्गामा ओछ्याइदिए, औ
तुरही फुकेर कराएर भने, "येहू राजा
भयो !"

येहू र योराम

१४ यसरी जब योराम र इस्राएलीहरूले
अरामका राजा हजाएलको विरुद्धमा रामोत-
गिलादलाई रक्षा गरिरहेका थिए तब निम्शीका
नाति यहोशापातका छोरा येहूले योरामको
विरुद्धमा षड्यन्त्र रचे। १५ त्यस बेला
राजा योराम चाहिं अरामका राजा हजाएलको
विरुद्धमा लड़ाइँ गर्दा अरामीहरूले तिनलाई
लाएको चोटबाट निको हुनलाई यिज्रेलमा
गएका थिए। येहूले ती अफिसरहरूलाई
भने, "यदि तिमीहरू मतर्फ छौ भने यिज्रेलमा
यो समाचार लैजानलाई शहरबाट कोही पनि
उम्कन नपाओस्।" १६ तब तिनी आफ्नो
रथ हाँकेर यिज्रेलमा गए, किनभने योराम
त्यहीं ओछ्यानमा परेका थिए, औ यहूदाका
राजा अहज्याह तिनलाई हेर्न भनी झरेका
थिए।
१७ यिज्रेलको धरहरामा उभिरहेको
पहरादारले येहू र तिनको फौजलाई आइरहेका
देखेर कराएर भने, "म एक दल मानिस-
हरूलाई देख्तैछु।" तब योरामले भने, "एउटा
घोड़चढ़ी पठाएर हेर्, तिनीहरू मित्रभावले
आएका हुन् कि होइनन्।" १८ त्यो
घोड़चढ़ी येहूलाई भेट्न गयो, र तिनलाई
भन्यो, "राजा सोद्धैहुनुहुन्छ, "मित्रभावले
आएका हौ ?" येहूले भने, "मित्रभावसित
तँलाई के मतलब ? तँ मेरो पछि लाग।"
यसकारण त्यस पहरादारले बताइदियो, "त्यो
खबर लैजाने तिनीहरूलाई भेट्न ता भेट्यो, तर
त्यो फर्केर आएन।" १९ अर्को घोड़चढ़ी
पठाइयो। त्यसले उनीहरूलाई भेटेर भन्यो,
"राजा सोद्धैहुनुहुन्छ, 'के मित्रभावले आएका
हौ' ?" येहूले भने, "मित्रभावसित तँलाई
के मतलब ? तँ मेरो पछि लाग्।" २० तब
पहरादारले बताइदियो, "त्यो खबर लैजानेले
उनीहरूलाई भेट्न ता भेट्यो, तर त्यो फर्केर
आएन। त्यो रथ ता निम्शीको नाति येहूले
हाँकेको जस्तै छ, किनभने तिनले बौलाहाजस्तै
हाँक्छन्।" २१ योरामले भने, "मेरो रथ
तयार गर्।" तिनीहरूले त्यो तयार गरे,
औ इस्राएलका राजा योराम र यहूदाका राजा
अहज्याह आफ्नो आफ्नो रथमा सवार
भएर येहूलाई भेट्न गए, र तिनलाई यिज्रेली
नाबोतको जग्गामा भेटे। २२ जब योरामले
येहूलाई देखे तब तिनले भने, "येहू, के
तिमी मित्रभावले आएका हौ ?" तर तिनले
जवाफ दिए, "जब तिम्री आमा ईजेबेलले
आफ्नो घिनलाग्दो मूर्ति-पूजा र धेरै तंत्र-
मंत्र गर्दछिन् भने केको मित्रभाव ?"
२३ योरामले आफ्नो रथ फर्काएर अहज्याह-
लाई यसो भन्दै भागे, "अहज्याह, धोखा-
बाजी भएछ !" २४ येहूले आफ्नो धनु
पूरा खिंचेर योरामका काँधको बीचैमा
हाने। त्यस काँड़ले तिनको मुटुमै लाग्यो र
तिनी आफ्नो रथमा लोटे। २५ तब येहूले
आफूमनिका सहायक अफिसर बितकरलाई
भने, "तिनलाई उठाएर यिज्रेली नाबोतको
जग्गामा फ्याँकिदेऊ। तिमीलाई थाह छ
होला कि कसरी तिमी र म तिनका पिता
आहाबको पछि सँगसँगै घोड़ामा जाँदा
तिनको विरुद्धमा परमप्रभुले यो दण्ड
भन्नुभएको थियो। २६ परमप्रभुले यसो
भन्नुभएको थियो, "मैले हिज नाबोत र
त्यसका छोराहरूको रगत देखेझैं निश्चय म
तँलाई यही जग्गामा साटो लिनेछु।" यसैले
तिनलाई उठाएर फ्याँकिदेऊ, र परमप्रभुको
वचन पूरा गरिदेऊ।"

येहू र अहज्याह

२७ जब यहूदाका राजा अहज्याहले यो
देखे तब तिनी बेत-हानान जाने बाटो भएर
भागे। येहू तिनको पछिपछि गएर भने,
"तिनलाई पनि मार।" तब तिनीहरूले
तिनलाई पनि यिब्लामनेर गूरको उकाली
जाने बाटोमा तिनको रथमानै काँड़ले हाने,
तर तिनी मगिद्दोमा गए, र त्यहीं मरे।

२८ तिनका सेवकहरूले तिनको लाश
यरूशलेममा लगेर दाऊदको शहरमा तिनका
पित्रहरूसित तिनकै चिहानमा गाडे।
२९ आहाबको छोरा योरामको एघारौं
वर्षमा अहज्याह यहूदाका राजा भएका
थिए।

परमेश्वरको वचन पूरा भएर ईजेबेलको मृत्यु

३० तब येहू यिज्रेलमा आए। औ जे
भएको थियो सो ईजेबेलले सुनेकी थिइन्।
तिनले आफ्ना आँखामा गाजल लाइन्, र
कपाल बाटेर एउटा झ्यालबाट तलतिर
हेरिरहेकी थिइन्। ३१ जब येहू मूल-
ढोकाभित्र पसे तब ईजेबेलले भनिन्, "ए
जिम्री, आफ्ना मालिकको हत्यारा, के मित्र-
भावले आयौ?" ३२ तिनले माथि झ्यालतिर
हेरेर भने, "मतर्फ को छ?" ३३ तब
दुइ तीन जना नपुंसकहरूले बाहिर हेरे।
अनि तिनले भने, "त्यसलाई झ्यालबाट
फ्यांकिदेऊ।" तिनीहरूले तिनलाई तल
फ्यांकिदिए, र तिनको केही रगत उछिट्टिएर
भित्तामा र घोड़ाहरूमा पर्‍यो, औ ती
घोड़ाहरूले तिनलाई कुल्ची-मिल्ची गरे।
३४ त्यसपछि भित्र पसेर येहूले खाना-पीना
गरे। तिनले भने, "यस श्रापित स्त्रीलाई
लगेर गाड़िदेऊ। किनभने त्यो राजकुमारी
हो।" ३५ तर जब तिनीहरूले तिनलाई
गाड्नलाई तल गए तब तिनको खप्पर,
खुट्टा र हत्केलाबाहेक केही पनि पाएनन्।
३६ औ तिनीहरू फर्की आएर येहूलाई
भनिदिए। तब तिनले भने, "तिश्बी
एलियाले भनेका परमप्रभुको वचन यही हो,
"यिज्रेलको एउटा ठाउँमा ईजेबेलको मासु
कुकुरहरूले खानेछन्, ३७ र ईजेबेलको
लाश यिज्रेलको एउटा ठाउँमा मलझैं
पड़िरहनेछ। कसैले भन्नसक्तैन, "यो ईजेबेल
हो।"

येहूले आहाबका घराना र बाल देवता पूज्नेहरूलाई खतम पारेका

१० अब आहाबका सत्तरी जना छोराहरू
सामरियामा थिए। यसकारण येहूले
सामरियाका बूढ़ा-प्रधानहरू, शहरका शासकहरू
र आहाबका छोराहरूका अभिभावकहरूलाई
एउटा चिठी पठाए। २ त्यसमा तिनले यो
लेखे, "तिमीहरूका देखरेखमा तिमीहरूका
मालिकका परिवार, रथहरू र घोड़ाहरू,
सुरक्षित शहरहरू र हतियारहरू पनि
छन्, यसकारण जब यो चिठी तिमीहरू
पाउँछौ, ३ तब तिमीहरूका मालिकका
सबैभन्दा असल र सबैभन्दा योग्यलाई चुनेर
तिनलाई तिनका पिताको राजगद्दीमा राख,
र तिमीहरूका मालिकका परिवारको निम्ति
लड़ाइँ गर।" ४ तर तिनीहरू अत्यन्त
भयभीत भएर भने, "दुइ जना राजा ता
तिनका सामने टिक्नसकेनन् भने हाम्रो के
आशा छ?" ५ यसकारण परिवारका
अधिकारी, शहरका राज्यपाल, बूढ़ा-प्राचीन र
अभिभावकहरूले मिलेर येहूकहाँ यो समाचार
पठाए, 'हामी तपाईंका दास हौं। तपाईं
हामीलाई जे भन्नुहुन्छ सो हामी गर्नेछौं,
तर हामी कसैलाई राजा तुल्याउनेछैनौं।
तपाईंलाई जे ठीक लाग्छ त्यही गर्नुहोस्।'
६ तब तिनले उनीहरूलाई यसो भनेर अर्को
एउटा चिठी पठाए, "यदि तिमीहरूतर्फ
छौ भने र मेरो हुकूम मान्छौ भने तिमी-
हरूका मालिकका छोराहरूका शिर भोलि
यही बेला यिज्रेलमा ल्याऊ।" त्यस बेला
सबै सत्तरी जना राजकुमारहरू चाहिं तिनी-
हरूलाई हुर्काउने शहरका भारादारहरूसँग
थिए। ७ जब त्यो चिठी तिनीहरूकहाँ
पुग्यो तब तिनीहरूले ती सत्तरी जना राज-
कुमारहरूलाई लगेर मारे। तिनीहरूले उनी-
हरूका शिरहरू टोकरीहरूमा हालेर यिज्रेलमा
येहूकहाँ पठाइदिए। ८ जब समाचार-
वाहक तिनीकहाँ आएर राजकुमारहरूका

टाउका तिनीहरूले ल्याएका छन् भनी
सुनाइदिए। तब येहूले तिनीहरूका टाउकाहरू
दुइ थुप्रो लगाएर बिहानसम्म शहरको
मूल-ढोकाको प्रवेशद्वारमा राखिदिन भनी
हुकुम गरे। ९ भोलिपल्ट बिहान
तिनी बाहिर गए, र त्यहाँ उभिएर
सबै मानिसहरूलाई भने, "तिमीहरू निर्दोष
छौ। आफ्ना मालिकका विरुद्धमा षड्यन्त्र
गरेर मार्ने ता मनै हुँ। तर यिनीहरू
सबैलाई चाहिँ कसले मारे त? १० यसैले
यो जानिराख कि आहाबको घरानाको
विरुद्धमा परमप्रभुले भन्नुभएको हरेक वचन
पूरा हुनेछ, औ परमप्रभुको आफ्नो सेवक
एलियाद्वारा भन्नुभएको वचन पूरा गर्नुभएको
हो।" ११ यसरी यिज्रेलमा आहाबको
घरानाको बाँकी रहेका तिनका सबै भारादार-
हरू, तिनका परम मित्रहरू र तिनका
पूजाहारीहरूलाई एउटै पनि बाँकी नराखेर
येहूले सबैलाई मारे।

१२ त्यसपछि तिनी सामरिया लागे, र
बाटोमा जाँदा जब तिनी भेड़ा-गोठालाहरू
बस्ने ठाउँमा पुगे, १३ तब यहूदाका
राजा अहज्याहका नजीकका कुटुम्बहरूसित
तिनको भेट भयो तिनले भने, "तिमीहरू
को हौ?" तिनीहरूले भने "हामी
अहज्याहका नजीकका 'कुटुम्बहरू हौं, औ
हामी राजाका परिवार र मुमा-बड़ामहारानीका
परिवारलाई अभिवादन गर्नलाई आएका हौं।"
१४ येहूले भने, "तिनीहरूलाई जिउँदै
पक्र।" तब तिनीहरूले उनीहरूलाई जिउँदै
पक्रेर मारे, र बियालीस जनालाई त्यहींको
एउटा खाल्टामा फ्याँकिदिए। तिनीहरूले
एउटैलाई पनि छोड़ेनन्।

१५ जब तिनले त्यो ठाउँ छोड़े तब
रेकाबका छोरा यहोनादाब तिनलाई भेट
गर्नलाई आइरहेका तिनले देखे। तिनले
उनलाई अभिवादन गरेर भने, "म तिमीतर्फ
भएझैं के आफ्नो मनतनले तिमी मतर्फ
छौ?" यहोनादाबले भने, "म छु।" तब
येहूले भने, "यदि तिमी मतर्फ छौ भने
मलाई आफ्नो हात देऊ।" उनले तिनलाई
आफ्नो हात दिए, र येहूले तिनलाई समातेर
आफ्नो रथमा राखे। १६ तिनले भने,
"मसँग आऊ र तिमीले परमप्रभुको निम्ति
मेरो जोश देख्नेछौ।" १७ तब तिनले
उनलाई आफूसित आफ्नो रथमा लगे। जब
तिनी सामरिया आइपुगे तब एलियालाई
परमप्रभुले भन्नुभएको वचन पूरा गर्न
तिनले त्यहाँ आहाबको घरानाका बाँकी रहेका
सबैलाई मारे, र त्यसको नाउँ निशानै
मेटिदिए। १८ तब येहूले सबै मानिसहरूलाई
भेला गरेर भने, "आहाबले त थोरै
मात्र बालको सेवा गरे, तर येहूले भन्
बढ़ी मात्रामा सेवा गर्नेछ। १९ अब बालका
सबै अगमवक्ताहरू, सेवकहरू र पूजाहारी-
हरूलाई बोलाऊ। एउटै पनि नछुटोस्!
किनभने म बालको निम्ति एउटा ठूलो
बलिदान चढ़ाउनेछु, र त्यसबाट छुटिएको
कोही पनि बाँच्नेछैन।" यसरी तिनीहरूलाई
नाश गर्नलाई येहूले बालका सेवकहरूलाई
बुद्धिले जिते। २० तब येहूले भने,
"बालको निम्ति एउटा पवित्र उत्सव मनाउनु-
पर्छ।" २१ तिनीहरूले त्यसै गरे। औ येहू
आफैले इस्राएलभरि समाचार पठाए, र बाल
देवताका सबै सेवकहरू आए। नआएको
कोही पनि थिएन। तिनीहरू बालको मन्दिरमा
गए, र त्यो कुना कुनासम्म भरियो।
२२ तब तिनले वस्त्र-भण्डारको अधिकारीलाई
भने, "बालका सेवकहरू र सबैको निम्ति
वस्त्रहरू निकाल।" औ त्यसले ती निकाल्यो।
२३ तब येहू र रेकाबका छोरा यहोनादाब
बालको मन्दिरभित्र गएर बालका सेवकहरूलाई
भने, "होशियार गरी हेर, र यो निश्चय गर
कि तिमीहरूसँग यहाँ बालका सेवकहरूबाहेक
परमप्रभुको कुनै पनि सेवकहरू नहोऊन्।"
२४ तब तिनीहरू बलिदान र होमबलि
चढ़ाउनलाई भित्र गए। येहूले असी जना
मानिसहरूलाई खटाएर तिनीहरूलाई यसो

भनेका थिए, "म यी मानिसहरूलाई तिमी-
हरूका जिम्मा मा दिँदैछु, औ कसैले एक
जनालाई पनि उम्कन दियौ भने त्यसले
आफ्नो प्राण गुमाउनेछ।" २५ जब येहूले
होमबलि चढ़ाइसके तब तिनले अङ्गरक्षकहरू र
आफूमनिका अफिसरहरूलाई गएर तिनीहरू
एउटैलाई पनि उम्कन नदिएर सबैलाई काट्ने
हुकूम दिए। तब तिनीहरूले उनीहरू कसैलाई
पनि नछोड़ी मारे। त्यसपछि ती अङ्गरक्षकहरू
बालको मन्दिरको भित्री भागमा पसे, २६ र
बालको मन्दिरबाट थाम निकालेर ल्याए,
र त्यो जलाइदिए। २७ औ तिनीहरूले
बालको थाम र मन्दिर पनि भत्काइदिए, र
त्यसको चर्पी बनाइदिए, जो आजसम्मै
छ। २८ यसरी येहूले इस्राएलमा बालको
पूजालाई खतम गरिदिए। २९ तापनि
तिनले इस्राएललाई पाप गर्न लाउने नबातका
छोरा यारोबामका पापहरूलाई त्यागेनन्, तर
बेतेल र दानका सुनका बाछाहरूको पूजालाई
कायम राखे।

३० तब परमप्रभुले येहूलाई भन्नुभयो,
"मेरो दृष्टिमा जे कुरो असल थियो त्यो तैंले
गरिस्, औ मेरो मनमा भएको अनुसार सबै
कुरा आहाबको घरानालाई गरिस्। यसैकारण
तेरो सन्तान चौथो पुस्तासम्म इस्राएलको
राजगद्दीमा बस्नेछ।" ३१ तर येहूले आफ्नो
पूरा मनले होशियारीसँग परमप्रभु इस्राएलका
परमेश्वरको व्यवस्था पालन गरेन औ इस्राएललाई
पाप गर्न लाउने यारोबामका पापहरूलाई
तिनले त्यागेनन्।

३२ त्यस बेला परमप्रभुले इस्राएलमाथि
विकट स्थिति ल्याउनुभयो। औ हजाएलले
यर्दन नदीको पूर्वतिर तिनीहरूका इलाकाको
हरेक कुना कुनामा तिनीहरूलाई मारे,
३३ अर्थात् गिलादका सबै देश, गाद, रूबेन
मनश्शे, औ अर्नोनको साँघुरो खोंचमा भएको
अरोएरबाट गिलाद र बाशानलाई परास्त
गरे।

३४ येहूको शासनका अरू घटनाहरू र
तिनका कार्य र वीरताहरू इस्राएलका राजा-
हरूका इतिहासमा लेखिएका छन्। ३५ तब
येहू आफ्ना पित्रहरूसित सुते, र तिनी
सामरियामा गाड़िए, औ तिनीपछि तिनका
छोरा योआहाज राजा भए। ३६ येहूले
सामरियामा इस्राएलमाथि अठाईस वर्ष राज्य
गरे।

अतल्याहको षडयन्त्र

११ अहज्याहकी आमा अतल्याहले
आफ्नो छोरा मरेको देखेर
खड़ा भई राजाका सबै घरानालाई
नाश गर्नलाई विचार गरिन्। २ योराम
राजाकी छोरी अहज्याहकी बहिनी यहोशेबाले
अहज्याहका छोरा योआशलाई मारिन लागेका
राजकुमारहरूका बीचबाट सुटुक्क भगाएर लगिन्,
र त्यसकी धाई र त्यसलाई अतल्याहबाट
बचाउनलाई एउटा सुत्ने-कोठामा लुकाइराखिन्।
यसरी त्यो चाहिं मारिएन। ३ अतल्याहले
देशमा शासन गर्दा यसरी योआश यहोशेबासित
परमप्रभुको भवनमा छ वर्षसम्म लुकेर
बस्यो।

४ सातौं वर्षमा यहोयादाले कारीहरू
र अङ्गरक्षकहरू दुवैका सय सयका दलका
कप्तानहरूलाई बोलाएर परमप्रभुको भवनमा
ल्याए। उनले तिनीहरूसँग एउटा करार
बाँधे, र तिनीहरूलाई परमप्रभुको भवनमा
शपथ खान लाए, औ तिनीहरूलाई राजकुमार
देखाइदिए। ५ औ तिनले उनीहरूलाई
यस्तो हुकूम दिए, "तिमीहरूमध्येको एक तिहाइ
जो विश्राम-दिनमा काममा खटिएका छौ,
महलको रक्षा गर्नलाई बस्नू। अरू बाँकी चाहिं
परमप्रभुको भवनमा विशेष कामका बस्नू।
६ एक तिहाइ चाहिं शूर भन्ने मूल-
ढोकामा बस्नू। औ अर्को एक तिहाइ चाहिं
मूल-ढोकामा रक्षकहरूका पछिल्तिर बस्नू।
७ तिमीहरूका दुइ दल चाहिं जो विश्राम-
दिनमा खटाइएका कामबाट फुर्सत हुनेछौ,

परमप्रभुको भवनमा राजाको रक्षा गर्ने
काममा बस्नू। ८ यसरी हरेक मानिस
आफ्नो आफ्नो हतियार भिरेर राजाका
वरिपरि रक्षा गर्ने काममा बस्नू। औ अङ्ग-
रक्षकहरूका नजीक आउने जोसुकैलाई पनि
मारिहाल्नू। राजा जहाँ गए तापनि तिमीहरू
उहाँसँगै हुनुपर्छ।”
९ पूजाहारी यहोयादाले हुकूम गरेको
एक एक कुरो कप्तानहरूले पालन गरे। हरेकले
आफ्ना आफ्ना मानिसहरू लिए। विश्राम-
दिनमा काममा खटिएकाहरू र काम सकेर
फुर्सत पाएकाहरू दुवै यहोयादाकहाँ आए।
१० पूजाहारीले कप्तानहरूलाई परमेश्वरको
भवनमा भएका दाऊदका भालाहरू र ढालहरू
दिए। ११ त्यसपछि ती रक्षकहरू हरेक
आफ्नो आफ्नो हतियार लिई तयार भएर
आफ्नो आफ्नो स्थानमा भवनको एक कुना-
देखि अर्को कुनासम्म उत्तर र दक्षिणमा
राजालाई घेरेर बसे। १२ तब तिनले
राजकुमारलाई बाहिर ल्याए, र तिनको शिरमा
शिरपेच राखिदिए, र साक्षी-पत्र दिएर राजा
अभिषेक गरे। मानिसहरूले ताली बजाए, र
यसो भनी कराए, “राजा अमर रहोस्!”
१३ जब अतल्याहले अङ्गरक्षकहरू र
मानिसहरू कराएको आवाज सुनिन् तब तिनी
मानिसहरू भएको परमप्रभुको भवनमा आइन्,
१४ औ दस्तूरअनुसार राजालाई स्तम्भको छेउमा
उभिएका र गान-बजान र तुरहीको आनन्द
उत्सवमा जम्मै मानिसहरू तुरही बजाउँदै
आनन्द मनाइरहेका देखिन्। तब अतल्याहले
आफ्नो लुगा च्यातेर कराई भनिन्, “धोखा!
धोखा!” १५ यहोयादाले फौजका कप्तानहरू-
लाई यसो भनेर हुकूम दिए, “त्यसलाई
भवनको बाहिर ल्याऊ, र त्यसका पछि
लाग्नेहरू सबैलाई तरवारले मार। किनभने
त्यो परमप्रभुको भवनमा मारिनेछैन।”
१६ यसैले तिनीहरूले त्यसलाई समाते, र
राजमहलका घोड़ाहरू पस्ने ढोकाबाट बाहिर
ल्याएर त्यहीं त्यसलाई मारे।
१७ त्यसपछि तिनीहरू परमप्रभुको प्रजा
हुनुपर्छ भनी परमप्रभु, राजा औ प्रजाका
बीचमा, औ राजा र प्रजाका बीचमा
पनि यहोयादाले करार बाँधे। १८ अनि
सबै मानिसहरू बालको मन्दिरभित्र गएर त्यो
भत्काए। तिनीहरूले त्यसका वेदीहरू र
मूर्तिहरूलाई टुक्रा टुक्रा पारे, र बालको
पूजाहारी मातानलाई वेदीहरूको अगि मारे।
तब यहोयादाले परमप्रभुको भवनमा रक्षकहरू
नियुक्त गरे। १९ तिनले सयका दलका
कप्तानहरू, कारीहरू, रक्षकहरू औ सबै
मानिसहरूलाई लिएर राजालाई रक्षकहरू
रहने मूल्-ढोका भएर परमप्रभुको भवनबाट
महलमा ल्याए, र तिनलाई राजगद्दीमा
बसाले। २० सारा मानिसहरू आनन्दित
भए, र शहरमा शान्ति भयो। यसरीनै
अतल्याह महलभित्रै तरवारले मरिन्।

योआशको शासन

१२ योआश राजा हुँदा सात वर्षका थिए।
येहूको सातौं वर्षमा योआश राजा
भए। तिनले यरूशलेममा चालीस वर्ष
राज्य गरे। तिनकी आमाको नाउँ बेर्शेबाको
सिब्या थियो। २ यहोयादा पूजाहारीले
तिनलाई सिकाएझैं तिनले आफ्ना जीवन-
कालभरिनै परमप्रभुको दृष्टिमा जे असल
थियो त्यही गरे। ३ तापनि डाँड़ा डाँड़ामा
भएका पूजा-थानहरू तिनले रहनदिए।
मानिसहरूले अझै त्यहाँ बलिदान चढ़ाउने र
धूप बाल्नेगर्थे।
४ तब योआशले पूजाहारीहरूलाई
परमप्रभुको भवनमा सबै पवित्र भेटीको रूपमा
ल्याएका रूपियाँ, अर्थात् हरेक मानिसलाई
ल्याउन भनी तोकिएबमोजिमको चाँदी, औ
परमप्रभुको भवनमा कुनै पनि मानिसले आफ्नो
राजीखुशीसँग ल्याएको चाँदी लिनू भनेर
हुकूम गरे। ५ तिनले हरेक पूजाहारीलाई
खाँचो भएको ठाउँमा मरम्मत गर्न भनी

आफ्नो आफ्नो भण्डारबाट दिनू भनी हुकूम
गरे। ६ तर योआशको तेईसौं वर्षसम्ममा
पनि पूजाहारीहरूले भवनको मरम्मत गरेका
थिएनन्। ७ यसैले राजाले यहोयादा पूजा-
हारी र अरू पूजाहारीहरूलाई बोलाएर भने,
"तिमीहरूले किन भवन मरम्मत गरेका छैनौ?
अब उप्रान्त तिमीहरूले आफ्नो भण्डारबाट
भवनको मरम्मतको निम्ति दान नदिए पनि
हुन्छ। ८ यसकारण मानिसहरूबाट रुपियाँ
नलिनू औ भवनको मरम्मतको निम्ति
जिम्मा नलिनू भनी तिनीहरू सहमत भए।
९ तर पूजाहारी यहोयादाले एउटा सन्दूक
ल्याएर त्यसको ब्रिर्कोमा प्वाल पारे, र
भवनमा पस्नेको दाहिनेतिर वेदीको छेउमा
त्यो राखिदिए, औ ढोकाको काममा खटिएका
पूजाहारीले परमप्रभुको भवनमा ल्याएका सबै
चाँदी त्यसैमा हालिदिन्थे। १० औ जब
पूजाहारीहरूले त्यो सन्दूक भरिएको देख्थे तब
राजाका सचिव र प्रधान पूजाहारी आएर
परमप्रभुको भवनमा यसरी पाएका चाँदी
गलाएर जोख्थे। ११ औ तिनीहरूले हिसाब
लगाएपछि परमप्रभुको भवनमा काम गर्ने-
हरूमाथि खटिएका मुख्य कामदारीलाई त्यो
चाँदी दिन्थे, र त्यसैबाट तिनले मन्दिरको
निर्माणको काम गर्ने सिकर्मी, डकर्मी र ढुङ्गा
काट्नेहरूलाई ज्याला दिन्थे। १२ तिनीहरूले
चाहिं काठ-पात किन्न र मरम्मतको निम्ति ढुङ्गा
कटाउन र तिनमा लागेका सबै खर्चमा
दिन्थे। १३ तिनीहरूले चाँदीका कचौराहरू,
धूप-दानीहरू, पानी छर्कने डाडूहरू र तुरही-
हरूका अथवा कुनै पनि सुन र चाँदीका
भाँडाहरू परमप्रभुको भवनमा ल्याएको चाँदीबाट
खर्च गरेनन्। १४ तर ती चाँदी चाहिं काम
गर्नेहरूलाई ज्याला दिन र मरम्मतको खर्चको
निम्ति प्रयोग गरे। १५ काम गर्नेहरूका
निम्ति मुख्य कामदारीलाई दिएको चाँदीको
हर-हिसाब तिनीहरूले लिएनन्, किनभने तिनी-
हरूले विश्वाससित काम गर्थे। १६ दोषबलि
र पापबलिको भेटीको चाँदी परमप्रभुको
भवनमा ल्याइँदैन थियो। त्यो चाहिं
पूजाहारीहरूको हुन्थ्यो।
१७ त्यस बेला अरामका राजा हजाएलले
आएर गातमाथि आक्रमण गरी त्यो लिए, औ
यरूशलेमको विरुद्धमा लड़ाइँ गर्न तिनी
अगि बढ़े। १८ तर यहूदाका राजा
योआशले तिनका पुर्खा यहूदाका राजाहरू
यहोशापात, योराम र अहज्याहले समर्पण
गरेका र आफ्नै पवित्र भेटीहरू, औ परम-
प्रभुको भवनको भण्डार र राजमहलमा
भेट्टाइएका सबै सुन लिएर अरामका राजा
हजाएलकहाँ पठाइदिए। त्यसपछि हजाएल
यरूशलेमबाट हटेर गए।
१९ योआशको शासनका अरू कार्यहरू
र घटनाहरू यहूदाका राजाहरूको इतिहासमा
लेखिएका छन्। २० तिनका सेवकहरू तिनको
विरुद्धमा खड़ा भए, र तिनलाई सिल्लाको
ओहालोमा भएको मिल्लोको घरमा मारे।
२१ तिनका सेवकहरू शिम्मातका छोरा
योजाकार र शोमेरको छोरा यहोयाबाद
चाहिं तिनलाई मर्ने गरी हिर्काउनेहरू थिए।
औ तिनी आफ्ना पित्रहरूसित दाऊदको
शहरमा गाड़िए। तिनीपछि तिनका छोरा
अमस्याह राजा भए।

योआहाजको शासन

१३ यहूदाका राजा अहज्याहका छोरा
योआशको तेईसौं वर्षमा येहूका छोरा
योआहाज सामरियामा इस्राएलका राजा भए,
औ तिनले सत्र वर्ष राज्य गरे। २ तिनले परम-
प्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे,
औ इस्राएललाई पाप गर्न लाउने नबातका
छोरा यारोबामको पापी चालमा हिंड़े, औ ती
चालहरू तिनले छोड़ेनन्। ३ यसैले परम-
प्रभु इस्राएलमाथि क्रोधित हुनुभयो, र
तिनीहरूलाई केही वर्षसम्म अरामका राजा
हजाएल र तिनका छोरा बेन-हददका
अधीनमा पारिदिनुभयो। ४ तब योआहाजले

परमप्रभुलाई शान्त गर्न खोजे। औ परमप्रभुले
तिनको बिन्ती सुन्नुभयो, किनभने अरामको
राजाले इस्राएललाई अत्याचार गरिरहेको उहाँले
देख्नुभयो। ५ तब परमप्रभुले इस्राएलको
निम्ति एउटा उद्धारक नियुक्त गर्नुभयो, जसले
तिनीहरूलाई अरामको हातबाट छुटाए, र
इस्राएलीहरू फेरि आफ्नै घरहरूमा बसोबासो
गर्नलागे। ६ तर तिनीहरूले इस्राएललाई
पाप गर्न लाउने यारोबामको घरानाको पापी
चाल त्यागेनन्, तर त्यसैमानै लागिरहे।
औ अशेरा देवीको मूर्ति सामरियामा रहिरह्यो।
७ हजाएलले योआहाजको निम्ति पचास
घोड़-चढ़ी, दशवटा रथ र दश हजार पैदल
सिपाहीहरूबाहेक अरू केही सेना छोड़ेका
थिएनन्। अरू सबै बाँकीलाई चाहिँ अरामका
राजाले सर्वनाश पारेर खुट्टाको धूलोजस्तै
पारेका थिए।
८ योआहाजको शासनका अरू घटना
र तिनका सबै काय र वीरताका कामहरू
इस्राएलका राजाहरूको इतिहासमा लेखिएका
छन्। ९ तब योआहाज आफ्ना पित्रहरूसित
सुते र सामरियामा गाड़िए। औ तिनीपछि
तिनका छोरा योआश राजा भए।

इस्राएलका राजा योआश

१० यहूदाका राजा योआशको सैंतीसौं
वर्षमा योआहाजका छोरा योआश सामरियामा
इस्राएलका राजा भए। तिनले सोह वर्ष
राज्य गरे। ११ तिनले परमप्रभुको दृष्टिमा
जे कुरो खराब थियो त्यही गरे। इस्राएललाई
पाप गर्न लाउने नबातका छोरा यारोबामको
कुनै पनि पापी चालहरू तिनले त्यागेनन्, तर
तिनी तिनमा लागिनै रहे।
१२ योआशको शासनका अरू घटनाहरू,
तिनका कार्य र बीरताका कामहरू, औ
यहूदाका राजा अमस्याहसँगको लड़ाइँ
इस्राएलका राजाहरूको इतिहासमा लेखिएका
छन्। १३ योआश आफ्ना पित्रहरूसित
सुते, र इस्राएलका राजाहरूसित सामरियामा
गाड़िए, औ यारोबाम तिनीपछि राजा भए।

एलीशाको आखिरी अगमवाणी र तिनको मृत्यु

१४ एलीशा बिरामी भएर मृत्यु-शय्यामा
परे। तब इस्राएलका राजा योआश तिनलाई
भेट गर्न गए, र तिनको सामने रोएर
भने, "हे मेरा पिता, हे मेरा पिता, इस्राएलका
रथ र घोड़-चढ़ीहरू।" १५ एलीशाले
भने, "काँड़-धनु लिनुहोस्।" अनि तिनले
काँड़-धनु उठाए। १६ तब ती अगमवक्ताले
भने, "धनुमा तपाईंको हात राख्नुहोस्।"
तिनले त्यसैनै गरे। औ एलीशाले आफ्ना
हात राजाका हातमाथि राखे। १७ तब
तिनले भने, "पूर्वपट्टिको झ्याल खोल्नुहोस्।"
तिनले त्यो खोले। एलीशाले तिनलाई काँड़
हान्नुहोस् भनी भने, औ तिनले हाने
त्यसपछि ती अगमवक्ताले भने, "परमप्रभुको
विजयको निम्ति एक काँड़, अराममाथिको
विजयको निम्ति एक काँड़। तपाईंले अपेकमा
अरामलाई सम्पूर्ण रूपले परास्त गर्नुहुनेछ।"
१८ त्यसपछि तिनले अझै थपेर भने,
"तपाईंका काँड़हरू लिनुहोस्।" औ जब
राजाले ती लिए, तब एलीशाले भने, "ती
भूइँमा हान्नुहोस्।" तिनले तीन खेप हानेर
थामे। १९ परमेश्वरका जनले क्रोधित भएर
तिनलाई भने, "तपाईंले ता पाँच, छपल्ट
हान्नुपर्ने थियो, तब तपाईंले अरामलाई सम्पूर्ण
रूपले परास्त गर्नुहुने थियो। तर तपाईंले
अरामलाई तीन खेप मात्र परास्त गर्नुहुनेछ।
त्यहाँभन्दा बढ़ी होइन।"
२० त्यसपछि एलीशाको मृत्युभयो, र
तिनी गाड़िए।
२१ वर्षैपिच्छे मोआबी लूटपीट गर्नेहरूले
देशलाई आक्रमण गर्थे। एकपल्ट कति जना
मानिसहरूले एउटा लाश गाड्दै थिए।
त्यही बेला तिनीहरूले ती लूटपीट गर्नेहरूलाई

देखे। तिनीहरूले त्यस लाशलाई एलीशाको
चिहानमा त्यसै फ्याँकिराखेर भागे। त्यस
लाशले ती अगमवक्ताका हड्डीहरू छुने बित्तिकै
त्यो मानिस जीवित भएर आफ्नो खुट्टामा
उभियो।

२२ योआहाजको शासनकालभरिनै अरामका
राजा हजाएलले इस्राएललाई सताए। २३ तर
परमप्रभुले तिनीहरूमाथि अनुग्रह गरेर तिनी-
हरूलाई टिठाउनुभयो। अब्राहाम, इसहाक
र याकूबसितको आफ्नो करारको कारण गर्दा
उहाँले तिनीहरूमाथि निगाहको दृष्टिले हेर्नु-
भयो, र तिनीहरूलाई नाश पार्न इच्छा
गर्नुभएन। उहाँले तिनीहरूलाई अझै आफ्नो
दृष्टिदेखि निकाल्नुभएन। २४ जब अरामका
राजा हजाएल मरे, औ तिनीपछि तिनका
छोरा बेन-हदद राजा भए, २५ तब
योआहाजका छोरा योआशले तिनका पिता
योआहाजबाट बेन-हददले लिएका शहरहरू
फेरि फिर्ता लिए। योआशले तीनपल्ट बेन-
हददलाई जिते, र इस्राएलका शहरहरू फिर्ता
लिए।

अमस्याहको शासन

१४ इस्राएलका राजा योआहाजका छोरा
योआशको दोस्रो वर्षमा यहूदाका
राजा योआशका छोरा अमस्याह तिनका
पितापछि राजा भए। २ तिनी राजगद्दी
आरोहण गर्दा पच्चीस वर्षका थिए। तिनले
यरूशलेममा उनन्तीस वर्ष राज्य गरे। तिनको
आमा यरूशलेमको यहोअदीन थिइन्।
३ तिनले परमप्रभुको दृष्टिमा जे कुरो असल
थियो त्यही गरे। तापनि तिनका पुर्खा
दाऊदले गरेजस्तै ता होइन। सबै कुरामा
तिनले आफ्ना पिता योआहाजले झैं गरे।
४ डाँडा डाँडाहरूमा भएका पूजा गर्ने
थानहरू तिनले हटाएनन्। औ मानिसहरूले
त्यहाँ बलिदान चढाउने र धूप बाल्ने गर्थे।
५ तिनको हातमा राजकीय अधिकार
स्थिर भएपछि तिनले आफ्ना ती सेवकहरू-
लाई मारे जसले तिनका पिता राजाको हत्या
गरेका थिए। ६ तर तिनले मोशाको
व्यवस्थामा लेखिएको यसो भन्ने परमप्रभुको
आज्ञालाई पालन गरेर ती हत्याराहरूका
छोरा-छोरीहरूलाई चाहिं छोड़िदिए, 'बाबुलाई
छोरा-छोरीहरूका निम्ति औ छोरा-छोरीलाई
आफ्ना बाबुका निम्ति नमारनू मानिस आफ्नै
पापको निम्ति मात्र मारिओस्।' ७ तिनले
नूनको बेंसीमा दश हजार एदोमीहरूलाई मारेर
सेलालाई लिए। तिनले त्यसको नाउँ जोक्तेल
राखे। त्यसको नाउँ आजको दिनसम्म
त्यही छ।

८ त्यसपछि अमस्याहले इस्राएलका राजा
येहूका नाति योआहाजका छोरा योआशलाई
युद्धको निम्ति हाँक दिए। ९ तर इस्राएलका
राजा योआशले यहूदाका राजा अमस्याहलाई
यस्तो जवाफ पठाए, "लबानोनको एउटा लुहुढ़े-
काँढ़ाले लबानोनकै एउटा देवदारलाई यसो
भन्यो, 'तिम्री छोरी मेरो छोरासित विवाह
गरिदेऊ।' तर लब्नोनको एउटा वन-पशु
त्यसबाट भएर जाँदा त्यस लुहुढ़े-काँढ़ालाई
कुल्चिदियो। १० तिमीले एदोमलाई जितेपछि
तिम्रो शेखी बढ़्यो। यो सानो कुरो हो,
घरै बसी बसी विजय मनाऊ। आफ्नै नाशको
निम्ति तिमी किन फँस्छौ, औ आफ्नै र
यहूदाको पनि पतन किन ल्याउँछौ?"

११ तर अमस्याहले यस कुरामा ध्यानै
दिएनन्। यसैले इस्राएलका राजा योआश
अगि बढ़े, र तिनी र यहूदाका राजा
अमस्याह यहूदाको बेत-शेमेशमा भिड़िए।
१२ यहूदाका मानिसहरू इस्राएलद्वारा पराजित
भए, र तिनीहरू आफ्नो आफ्नो घरमा
भागे। १३ इस्राएलका राजा योआशले
अहस्याहका नाति योआशका छोरा यहूदाका
राजा अमस्याहलाई बेत-शेमेशमा पक्रे। तिनी
यरूशलेममा गए, र एप्रैमको मूल-ढोकादेखि
कुने-मूल-ढोकासम्म चार सय हात लामो
शहरको पर्खाल तिनले भत्काइदिए। १४ तिनले

परमप्रभुको भवन र राजमहलका भण्डारहरूमा
भेट्टाएका सबै सुन र चाँदी औ सबै भाँड़ाहरू
र कैदीहरू पनि लगेर म सामरिमा फर्के।
१५ योआशको शासनकालका अरू
घटनाहरू, तिनका सबै कार्य र वीरताका
कामहरू र यहूदाका राजा अमस्याहसँगको युद्ध
इस्राएलका राजाहरूको इतिहासमा लेखिएका
छन्। १६ तब योआश आफ्ना पित्रहरूसित
सुते, र इस्राएलका राजाहरूसित सामरियामा
गाड़िए। तिनीपछि तिनका छोरा यारोबाम
राजा भए।
१७ इस्राएलका राजा योआहाजका
छोराभन्दा यहूदाका राजा योआशका छोरा
अमस्याह पन्ध्र वर्ष ज्यादा बाँचे।
१८ अमस्याहको शासनका अरू घटनाहरू
यहूदाका राजाहरूको इतिहासमा लेखिएका
छन्। १९ तिनको विरुद्धमा यरूशलेममा
एउटा षड्यन्त्र भयो र तिनी लाकीशमा
भागे। तर तिनीहरूले तिनको पछिपछि
मानिसहरू पठाए, र तिनलाई त्यहीं मारे।
२० त्यसपछि तिनको लाश घोड़ामाथि
बोकाएर यरूशलेममा ल्याए। तिनी त्यहाँ
आफ्ना पित्रहरूसित दाऊदको शहरमा गाड़िए।
२१ तब यहूदाका मानिसहरूले सोह्र वर्ष
पुगेका अजर्याहलाई लिएर तिनका पिता
अमस्याहपछि राजा तुल्याए। २२ राजा
आफ्ना पित्रहरूसित सुतिसकेपछि यिनलेनै एलात
शहर बनाएर यहूदालाई फिर्त्ता गरिदिए।

यारोबामको शासन

२३ यहूदाका राजा योआशका छोरा
अमस्याहको पन्ध्रौं वर्षमा इस्राएलका राजा
योआशका छोरा यारोबाम सामरियाका राजा
भए, र तिनले एक चालीस वर्षसम्म राज्य
गरे। २४ तिनले परमप्रभुको दृष्टिमा जे
कुरो खराब थियो त्यही गरे। इस्राएललाई
पाप गर्न लाउने नबातका छोरा यारोबामका
पापी चालहरू तिनले त्यागेनन्। २५ परम-
प्रभु इस्राएलका परमेश्वरले आफ्नो दास
गात-हेपेरका अमित्तैका छोरा योना अगम-
वक्ताद्वारा भन्नुभएको वचन पूरा हुनलाई
तिनले लेबो-हमातदेखि अराबाको समुद्रसम्म
इस्राएलको सीमाना फेरि स्थिर गरे, किनभने
इस्राएलले साह्रै कष्ट भोगेको परमप्रभुले देख्नु-
भएको थियो। २६ कुनै फुक्का कि बँधुवा
सुरक्षित भएन, औ इस्राएल रक्षाहीन भएको
थियो। २७ तर पृथ्वीबाट इस्राएलको नाउँ
निशानै मेटिदिनु भनी परमप्रभुले भन्नुभएको
थिएन। यसैकारण उहाँले योआशका छोरा
यारोबामद्वारा तिनीहरूको उद्धार गर्नुभयो।
२८ यारोबामको शासनका अरू घटनाहरू,
तिनका सबै कार्य र वीरताका कामहरू, औ
तिनले गरेका युद्धहरू र दमीशक र यहूदामा
परेको हमातलाई इस्राएलको निम्ति फेरि
प्राप्त गरेका कुरा इस्राएलका राजाहरूको
इतिहासमा लेखिएका छन्। २९ त्यसपछि
यारोबाम आफ्ना पित्र इस्राएलका राजाहरूसित
सुते, औ तिनीपछि तिनका छोरा जकर्याह
राजा भए।

अजर्याहको शासन

१५ इस्राएलका राजा यारोबामको सत्ताईसौं
वर्षमा यहूदाका राजा अमस्याहका
छोरा अजर्याह* राजा भए। २ तिनी
राजगद्दी आरोहण गर्दा सोह्र वर्षका थिए, औ
तिनले यरूशलेममा बाउन्न वर्ष राज्य गरे।
तिनकी आमा यरूशलेमको यकोल्याह थिइन्।
३ तिनले आफ्ना पिता अमस्याहले गरेझैं
परमप्रभुको दृष्टिमा जे असल थियो त्यही
गरे। ४ तर डाँड़ा डाँड़ाहरूमा भएका
पूजा-थानहरू तिनले रहनदिए। मानिसहरूले
अझै पनि त्यहाँ बलिदान चढ़ाउने र धूप-बाल्ने
गर्थे। ५ परमप्रभुले राजालाई कोरको रोगले
प्रहार गर्नुभयो, र तिनी आफ्नो मृत्युको

*अर्थात् उज्जियाह

दिनसम्मै त्यस रोगले पीड़ित भए। राज्यका सबै काम-काजबाट तिनी भार-मुक्त गरिए, र तिनी आफ्नै घरमा अलग्गै बस्नलागे, औ तिनका छोरा योताम चाहिं महलका देखरेख गर्ने अधिकारी र राजाका-प्रतिनिधि भएर राज्य चलाउनलागे।

६ अजर्याहको शासनका अरू कार्य र घटनाहरू यहूदाका राजाहरूका इतिहासमा लेखिएका छन्। ७ तिनी आफ्ना पित्रहरूसित सुते, र तिनीहरूसितै दाऊदको शहरमा गाड़िए। तिनीपछि तिनका छोरा योताम राजा भए।

जकर्याहको शासन

८ यहूदाका राजा अजर्याहको अड़तीसौं वर्षमा यारोबामका छोरा जकर्याह सामरियामा इस्राएलका राजा भए। तिनले छ महीनासम्म राज्य गरे। ९ आफ्ना पुर्खाहरूले गरेझैं तिनले परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे। इस्राएललाई पाप गर्न लाउने नबातका छोरा यारोबामका पापी चालहरू तिनले त्यागेनन्। १० याबेशका छोरा शल्लूमले तिनको विरुद्धमा षड्यन्त्र रचे, र तिनलाई इबलियममा आक्रमण गरेर मारे, र तिनको राजगद्दी खोसे।

११ जकर्याहको शासनका अरू घटनाहरू इस्राएलका राजाहरूको इतिहासमा लेखिएका छन्। १२ 'तेरो सन्तानको चौथो पुस्तासम्म इस्राएलको राजगद्दीमा बस्नेछ' भन्ने परमप्रभुले येहूलाई भन्नुभएको वचन यसरी पूरा भयो।

शल्लूमको शासन

१३ यहूदाका राजा उज्जियाहको उनन्चालीस वर्षमा याबेशका छोरा शल्लूम राजा भए, र तिनले पूरा एक महीना सामरियामा राज्य गरे। १४ त्यसपछि गादीका छोरा मनहेम तिर्साबाट सामरियामा आएर याबेशका छोरा शल्लूमलाई आक्रमण गरे, र तिनलाई मारेर राजगद्दी खोसे।

१५ शल्लूमको शासनका अरू घटनाहरू औ तिनले रचेको षड्यन्त्र इस्राएलका राजाहरूको इतिहासमा लेखिएका छन्।

१६ मनहेम तिर्साबाट गए, र तप्पूह र त्यसमा भएका सबै थोकलाई नाश गरे, र त्यसका इलाकालाई उजाड़ पारे, किनभने तिनीहरूले तिनको निम्ति त्यसका मूल-ढोकाहरू खोलिदिएनन्, औ तिनले सबै गर्भवती स्त्रीहरूका पेट चिरिदिए।

मनहेमको शासन

१७ यहूदाका राजा अजर्याहको उनन्चालीस वर्षमा गादीका छोरा मनहेम इस्राएलका राजा भए, र तिनले सामरियामा दश वर्ष राज्य गरे। १८ तिनले परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे। इस्राएललाई पाप गर्न लाउने नबातका छोरा यारोबामका पापी चालहरूलाई तिनले त्यागेनन्। १९ तिनको समयमा अश्शूरका राजा पूलले देशलाई आक्रमण गरे। मनहेमले राज्यमा आफ्नो राजकीय अधिकार स्थिर पार्नलाई पूललाई एक हजार तोड़ा चाँदी दिए। २० मनहेमले इस्राएलका सबै धनी मानिसहरूलाई कर तोकिदिए, र प्रत्येकले अश्शूरका राजालाई पचास शेकेल चाँदी दिनुपर्‍यो। त्यसपछि अश्शूरका राजाले देश छोड़ेर आफ्नो देशमा फर्किगए।

२१ मनहेमको शासनका अरू कार्य र घटनाहरू इस्राएलका राजाहरूको इतिहासमा लेखिएका छन्। २२ मनहेम आफ्ना पित्रहरूसित सुते, र तिनका छोरा पकहीया तिनीपछि राजा भए।

पकहीयाको शासन

२३ यहूदाका राजा अजर्याहको पचासौं वर्षमा मनहेमका छोरा पकहीया सामरियामा

इस्राएलका राजा भए, र तिनले दुइ वर्ष
राज्य गरे। २४ तिनले परमप्रभुको दृष्टिमा
जे कुरो खराब थियो त्यही गरे। इस्राएललाई
पाप गर्न लाउने नबातका छोरा यारोबामका
पापी चालहरू तिनले त्यागेनन्। २५ तिनका
अधीनका अफिसर रमल्याहका छोरा पेकहले
तिनको विरुद्धमा षड़यन्त्र रचे, र पचास जना
गिलादीहरूको सहायताले सामरियाको राज-
महलको गढ़ीभित्र तिनलाई आक्रमण गरेर
मारे, र तिनको राजगद्दी खोसे।
२६ पकहीयाको शासनका अरू कार्य र
घटनाहरू इस्राएलका राजाहरूको इतिहासमा
लेखिएका छन्।

पेकहको शासन

२७ यहूदाका राजा अजर्याहको बाउन्नौं
वर्षमा रमल्याहका छोरा पेकह सामरियामा
इस्राएलका राजा भए, र तिनले बीस वर्षसम्म
राज्य गरे। २८ तिनले परमप्रभुको दृष्टिमा
जे कुरो खराब थियो त्यही गरे। इस्राएललाई
पाप गर्न लाउने नबातका छोरा
यारोबामका पापी चालहरू तिनले त्यागेनन्।
२९ इस्राएलका राजा पेकहको समयमा
अश्शूरका राजा तिग्लत-पिलेसेरले आक्रमण
गरेर इय्योन, आबेल-बेतमाका, यानोह, केदेश,
गालील र नप्तालीका सबै जग्गासमेत लिए, र
मानिसहरूलाई अश्शूर देशमा कैद गरेर लगे।
३० एलाको छोरा रमल्याहका नाति होशेले
पेकहको विरुद्धमा षड़यन्त्र रचे, र उज्जियाहका
छोरा योतामको बीसौं वर्षमा तिनलाई आक्रमण
गरेर मारे, र तिनको राजगद्दी खोसे।
३१ पेकहको शासनका अरू कार्य र
घटनाहरू इस्राएलका राजहरूको इतिहासमा
लेखिएका छन्।

योतामको शासन

३२ इस्राएलका राजा रमल्याहको छोरा
पकहीयाको दोस्रो वर्षमा यहूदाका राजा
उज्जियाहका छोरा योताम राजा भए।
३३ तिनी राजगद्दी आरोहण गर्दा पच्चीस वर्षका
थिए, औ तिनले यरूशलेममा सोह्र वर्ष राज्य
गरे। तिनको आमा सादोकको छोरी यरूशा
थिइन्। ३४ आफ्ना पिता उज्जियाहले झैं
परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही
तिनले गरे। ३५ तर तिनले डाँड़ा
डाँड़ाहरूमा भएका पूजा-थानहरू रहनदिए, र
मानिसहरूले त्यहाँ बलिदान चढ़ाउने र धूप
बाल्ने गर्थे। यिनलेनै परमप्रभुको भवनको
माथिल्लो मूल-ढोका बनाए।
३६ योतामको शासनका अरू कार्य र
घटनाहरू यहूदाका राजाहरूको इतिहासमा
लेखिएका छन्। ३७ त्यस बेला परमप्रभुले
अरामका राजा रसीन र रमल्याहका छोरा
पेकहलाई यहूदामाथि आक्रमण गर्नलाई
खड़ा गर्नुभयो। ३८ त्यसपछि योताम आफ्ना
पित्रहरूसित सुते, र तिनका पित्र दाऊदको
शहरमा आफ्ना पुर्खाहरूसित गाड़िए।
तिनीपछि तिनका छोरा आहाज राजा भए।

आहाजको शासन

१६ रमल्याहका छोरा पेकहको सत्रौं वर्षमा
यहूदाका राजा योतामका छोरा
आहाजले राज्य गर्नलागे। २ आहाज
राजगद्दी आरोहण गर्दा तीस वर्षका थिए, औ
तिनले यरूशलेममा सोह्र वर्ष राज्य गरे। तिनले
आफ्ना पुर्खा दाऊदलेझैं परमप्रभुको दृष्टिमा
जे कुरो असल थियो त्यही गरेनन्, तर
इस्राएलका राजाहरूका चालमा तिनी हिंड़े।
३ इस्राएलको पक्षमा भएर जुन जातिहरूलाई
परमप्रभुले देशबाट निकाल्नुभएको थियो तिनी-
हरूकै घिनलाग्दा चालमा हिंड़ेर तिनले आफ्नो
छोरालाई आगोमा होम गरे। ४ तिनले
डाँड़ाहरूमा भएका पूजा-थानहरूमा र डाँड़ा-
हरूका टाकुराहरूमा र झ्याम्म परेका रूखहरूमा
पनि बलिदान चढ़ाउने र धूप बाल्ने गरे।

५ तब अरामका राजा रसीन र इस्राएलका
राजा रमल्याहका छोरा पेकहले यरूशलेममलाई
आक्रमण गरेर आहाजलाई घेरा हाले, तर
आहाजमाथि तिनीहरू विजयी हुनसकेनन्।
६ त्यस बेला एदोमका राजाले एलात फेरि
जितेर लिए, र यहूदावासीलाई त्यहाँबाट
धपाए। यसरी एदोमीहरू त्यस शहरमा पसे,
र आजको दिनसम्म त्यसमा बसोबासो गरेका
छन्। ७ आहाजले अश्शूरका राजा तिग्लत-
पिलेसेरकहाँ यसो भनेर दूतहरू पठाए, "म
तपाईंको दास, तपाईंकै छोरा हुँ। मलाई
आक्रमण गर्ने अरामका राजा र इस्राएलका
राजाबाट बचाउनुहोस्।" ८ आहाजले
परमप्रभुको भवन र राजमहलको भण्डारमा
भएका सुन र चाँदी लिएर सौगातको रूपमा
अश्शूरका राजाकहाँ पठाए। ९ अश्शूरका
राजाले तिनका कुरा सुने, र तिनी दमीशक-
तिर बढ़ेर त्यो कब्जा गरे, औ त्यहाँका
बासिन्दाहरूलाई कैद गरेर कीरमा लगे, औ
रसीनलाई मारे।

१० जब राजा आहाज अश्शूरका राजा
तिग्लत-पिलेसेरसित भेट गर्नलाई दमीशकमा
गए, तब त्यहाँ तिनले एउटा वेदी देखे,
जसको नक्शा र सम्पूर्ण ढाँचा पूजाहारी
उरियाहकहाँ पठाइदिए। ११ दमीशकबाट
राजाले पठाएको हुकुमअनुसार राजा दमीशक-
बाट फर्कनअघिनै उरियाहले त्यो वेदी तयार
पारे। १२ जब राजा दमीशकबाट फर्केर
आए, तब तिनले त्यो वेदी हेरे, र त्यसको
छेउमा गएर त्यसका खुड्किलामा चढ़े।
१३ औ त्यहाँ तिनले आफ्नो होमबलि,
अन्नबलि र अर्घबलि चढ़ाए, औ आफ्नो
मेलबलिको रगत त्यसमाथि छर्के। १४ परम-
प्रभुको सामने भएको पीतलको वेदी तिनले
परमप्रभुको भवनबाट, अर्थात् अहिले बनाएको
यो वेदी र परमप्रभुको भवनको बीचबाट
हटाएर यस वेदीको उत्तरतिर राखिदिए।
१५ त्यसपछि राजा आहाजले उरियाह पूजा-
हारीलाई यस्तो हुकुम गरे, "यो ठूलो वेदीमा
बिहान होमबलि, बेलुकी अन्नबलि र अर्घबलि
चढ़ाउने गर्नू, र त्यसमा बलिदानको सबै रगत
छर्कनू। तर पीतलको वेदी चाहिँ मेरो
आफ्नो निम्ति हुनेछ।" १६ राजाले भनेझैं
उरियाह पूजाहारीले गरे। १७ त्यसपछि
राजा आहाजले ठेला-गाड़ीहरू भत्काएर त्यसका
पाटाहरू निकाले। तिनले पानीको बाटा र
पीतलको विशाल खड्कुँला तिनीहरूलाई थामिराख्ने
गोरुहरूबाट निकालेर ढुङ्गाको आधारमा राखे।
१८ परमप्रभुको भवनमा विश्राम दिनमा प्रयोग
गरिनलाई छाना लगाएको बाटो र राजाको
निम्ति मूल-ढोका तिनले अश्शूरका राजालाई
सन्तुष्ट गराउनलाई हटाइदिए।

१९ आहाजको शासनका अरू कार्य र
घटनाहरू यहूदाका राजाहरूको इतिहासमा
लेखिएका छन्। २० तब आहाज आफ्ना
पित्रहरूसित सुते, र दाऊदको शहरमा
तिनीहरूसित गाड़िए, औ तिनका छोरा
हिजकियाह तिनीपछि राजा भए।

होशेको शासन

१७ यहूदाका राजा आहाबको बाह्रौँ
वर्षमा एलाका छोरा होशे सामरियामा
इस्राएलका राजा भए। तिनले नौ वर्ष
राज्य गरे। २ तिनले परमप्रभुको दृष्टिमा
जे कुरो खराब थियो त्यही गरे, तापनि
तिनका अघिका इस्राएलका राजाले गरेजस्तै
ता होइन। ३ अश्शूरका राजा शल्मनेसेरले
तिनीसित लड़ाइँ गरे, र होशेले तिनका
अधीनमा भएर तिनलाई कर तिर्नुपर्‍यो।
४ तर जब अश्शूरका राजाले होशेलाई
तिनीप्रति राजभक्ति नदेखाएका र मिश्र देशका
राजा सोकहाँ दूतहरू पठाएका र वर्षेनि
पठाउने कर रोकेका देखे, तब अश्शूरका
राजाले तिनलाई कैद गरेर झ्यालखानमा
हाले। ५ त्यसपछि तिनले सारा देशलाई
आक्रमण गरे, र सामरियासम्म पुगेर त्यसलाई
तीन वर्षसम्म घेरे। ६ होशेको नवौं वर्षमा

तिनले सामरिया कब्जा गरे, र त्यहाँका
मानिसहरूलाई अश्शूरमा कैद गरेर लगे, र
तिनीहरूलाई हलहमा, गोजान नदीको
किनारको हाबोर र मादीहरूका शहरहरूमा
बसाले।
७ यी सबै भएको कारण चाहिँ यही
थियो कि मिश्र देशका राजा फिरऊनको
अधीनबाट मिश्र देशदेखि निकालेर ल्याउनुहुने
परमप्रभु आफ्ना परमेश्वरको विरुद्धमा तिनी-
हरूले पाप गरे। ८ तिनीहरूले अरू
देवताहरूलाई भक्ति देखाए, परमप्रभुले तिनी-
हरूका निम्ति जग्गा बनाउनलाई निकाल्नुभएका
अरू जातिहरूका विधि र चालमा तिनीहरू
हिंड़े, र परमप्रभु आफ्ना परमेश्वरको विरुद्धमा
तिनीहरूले ईश्वरनिन्दा गरे। ९ तिनीहरूले
आफू बसेका सबै धरहरादेखि सुरक्षित शहर-
सम्मका ठाउँहरू, डाँड़ाहरूमा आफ्ना
निम्ति पूजा-थानहरू बनाए, १० औ
हरेक अग्लो डाँड़ा र झ्याम्म परेको रूखमा
पवित्र थाम र अशेरा देवीका खामाहरू खड़ा
गरे। ११ औ डाँड़ा डाँड़ाहरूमा सबै
पूजा-थानहरूमा तिनीहरूका सामनेबाट
निकालिएका जातिहरूले गरेझैं तिनीहरूले धूप
जलाए। तिनीहरूका यस्ता खराब कामले
परमप्रभुलाई तिनीहरूले रीस उठाए।
१२ परमप्रभुले तिनीहरूलाई मनाई गर्नुभएको
काम गरेर तिनीहरूले मूर्तिहरूलाई पूजे।
१३ तापनि परमप्रभुले हरेक अगमवक्ता र
दर्शीद्वारा इस्राएल र यहूदालाई यसो भनेर
गंभीर चेताउनी दिनुभयो, "तिमीहरू आफ्ना
खराब चाल छोड़, व्यवस्थामा दिएका मेरा
आज्ञा र धर्म-विधिहरू जो मैंले तिमीहरूका
पुर्खाहरूलाई आज्ञा गरेको थिएँ, र
मेरा खास अगमवक्ताहरूद्वारा तिमीहरूलाई
सुम्पिदिएको थिएँ, ती पालन गर।"
१४ तापनि तिनीहरूले सुनेनन्, तर
परमप्रभु आफ्ना परमेश्वरमाथि भरोसा
गर्नलाई इन्कार गर्ने तिनीहरूका
पुर्खाहरूझैं तिनीहरू हठी र बागी भए,
१५ तिनीहरूले उहाँका धर्म-विधिहरू र
तिनीहरूका पुर्खाहरूसँग गरेका करार
औ तिनीहरूलाई दिएको गंभीर चेताउनीलाई
त्यागे, र तिनीहरू बेकामका मूर्तिहरूपछि
लागे, र तिनीहरू आफै पनि बेकामका
भए। तिनीहरूले आफ्ना वरिपरि भएका
जातिहरूको नकल गरे। त्यो काम परमप्रभुले
तिनीहरूलाई मनाई गर्नुभएको थियो।
१६ परमप्रभु आफ्ना परमेश्वरको हरेक
आज्ञालाई त्यागेर तिनीहरूले आफ्नो निम्ति
ढलौटे मूर्तिहरू, दुइवटा बाछा र एउटा
अशेरा देवी पनि बनाए। तिनीहरू आकाशका
सबै तारा-मण्डलको सामने घोप्टो परे, र
बालको पूजा गरे, १७ औ तिनीहरूले आफ्ना
छोरा-छोरीहरूलाई होम गरे। तिनीहरूले
जोखना हेरे, र तंत्र-मंत्र चलाए। परमप्रभुको
दृष्टिमा जे कुरो खराब थियो त्यो गर्न
तिनीहरूले आफैलाई बेचेर उहाँलाई रीस
उठाए। १८ यसरीनै परमप्रभु इस्राएलको
विरुद्धमा रिसाउनुभयो, र तिनीहरूलाई आफ्नो
सामनेबाट निकालिदिनुभयो। केवल यहूदाको
कुल मात्र छोड़ियो। १९ यहूदाले पनि
परमप्रभु आफ्ना परमेश्वरका आज्ञा पालन
गरेन, तर त्यो पनि इस्राएलकै चालमा
हिंड्यो। २० यसकारण परमप्रभुले इस्राएलका
सबै जातिलाई त्याग्नुभयो। तिनीहरूलाई
दण्ड दिनुभयो, र लुटपीट गर्नेहरूका हातमा
सुम्पिदिनुभयो, औ आखिरमा तिनीहरूलाई
आफ्नो नजरदेखि फालिदिनुभयो। २१ जब
उहाँले इस्राएललाई दाऊदको घरानाबाट
टुक्राउनुभयो, तब तिनीहरूले नबातका छोरा
यारोबामलाई राजा तुल्याए, जसले इस्राएल-
लाई परमप्रभुतर्फको तिनीहरूका भक्तिलाई
त्यागेर कुपथमा लगाए, र तिनीहरूलाई घोर
पाप गर्न लगाए। २२ आफ्ना दास
अगमवक्ताहरूद्वारा उहाँले चेताउनी दिनुभएझैं
परमप्रभुले आखिरमा इस्राएलीहरूलाई आफ्नो
सामनेबाट ननिकाल्नुन्जेल, २३ र तिनीहरू
तिनीहरूका आफ्नै देशबाट अश्शूर देशमा

कैदमा नलगेसम्म यारोबामले गरेका पापहरू तिनीहरूले गरिने रहे, र ती तिनीहरूले त्यागेनन्। औ तिनीहरू अश्शूर देशमा आजको दिनसम्मै छन्।

सामरिया फेरि आबादी भएको

२४ त्यसपछि अश्शूरका राजाले बाबेल, कूता, अव्वा, हमात र सपर्वेमबाट मानिसहरू ल्याएर तिनीहरूलाई इस्राएलीहरूका सट्टामा सामरियाका शहरहरूमा बसाले। यसरी तिनीहरूले सामरिया कब्जा गरे, र तिनीहरू त्यस शहरमा बसे। २५ तिनीहरू बसेपछि पहिले ता तिनीहरूले परमप्रभुको भक्ति गरेनन्। औ परमप्रभुले तिनीहरूका बीचमा सिंहहरू पठाइदिनुभयो, र सिंहहरूले तिनीहरूलाई शिकार बनाए। २६ कैदमा लगिएका मानिसहरू जसलाई तिनले सामरियाका शहरहरूमा बसोबासो गराएका थिए, तिनीहरूले त्यस देशका देवताको प्रचलित रीति जान्दैनन् भनी राजालाई सुनाइयो, औ तिनीहरूले यो कुरो नजानेको हुनाले त्यस देवताले तिनीहरूका बीचमा सिंहहरू पठाएर तिनीहरूले उनीहरूलाई शिकार बनाए। २७ मानिसहरूलाई त्यस देशका देवताका रीति सिकाइदेऊन् भनेर अश्शूरका राजाले यो हुकुम दिए कि सामरियाबाट कैद गरेर ल्याएका कुनै एउटा पूजाहारीलाई त्यहाँ बस्नलाई पठाइओस्। २८ यसैले कैदमा लगिएका कुनै एउटा पूजाहारी आएर बेतेलमा बस्नलागे, र परमप्रभुलाई कसरी भक्ति गर्नुपर्छ भनी तिनले सिकाए। २९ हरेक जातिले आफू आफू बसेका जगगामा सामरीहरूले बनाएका डाँडा डाँडाहरूमा भएका पूजा गर्ने थानमा देवताहरू बसाले। ३० बाबेलका मानिसहरूले सुक्कोत-बनोत, कूतका मानिसहरूले नेर्गल, हमातका मानिसहरूले अशीमा, अव्वीहरूले नेभज र तर्ताकलाई पूजथे। ३१ औ सपर्वेमका देवताहरू, अद्रमेलेक र अनमेलेकलाई आफ्ना छोरा-छोरीहरू होम गर्थे। ३२ परमप्रभुलाई भक्ति गर्दै भए तापनि डाँडाहरूमा भएका पूजा गर्ने थानहरूका लागि पूजाहारी काम गर्नलाई हरेक जातबाट मानिसहरू तिनीहरूले नियुक्त गरे। औ तिनीहरू उनीहरूकहाँ जान्थे। ३३ तिनी परमप्रभुको भक्ति पनि गर्थे र साथसाथै आफ्ना देवताहरूको सेवा पनि गर्थे, र जुन जातिहरूबाट तिनीहरू कैदमा लगिएका थिए, तिनीहरूकै रीतिअनुसार तिनीहरू चल्थे।

३४ तिनीहरूले यी पूराना रीतिहरू आजसम्म राखेका छन्। तिनीहरू परमप्रभुलाई भक्ति देखाउँदैनन्, किनभने तिनीहरू उहाँका धर्म-विधिहरू र उहाँका न्यायवचनहरू, व्यवस्था र आज्ञाहरू जो उहाँले याकूब, जसको नाउँ उहाँले इस्राएल भनी राख्नुभएको थियो, र तिनका सन्तानलाई आज्ञा दिनुभएको थियो, सो पालन गर्दैनन्। ३५ जब परमप्रभुले तिनीहरूसँग करार बाँध्नुभयो, तब उहाँले तिनीहरूलाई यो आज्ञा दिनुभएको थियो, "तिमीहरूले अरू देवताहरूको भक्ति नगर्नू, अथवा तिनीहरूको सामने तिमीहरू ननिहुरिनू, वा तिनीहरूको सेवा नगर्नू, तिनीहरूलाई बलिदान नचढाउनू, ३६ तर आफ्नो ठूलो शक्ति र पसारेको बाहुद्वारा तिमीहरूलाई मिश्र देशबाट निकालेर ल्याउनुहुने परमप्रभुलाई तिमीहरूले भक्ति गर्नू, उहाँकै सामने तिमीहरू निहुरिनू, उहाँलाईनै तिमीहरूले बलिदान चढाउनू। ३७ तिमीहरूका निम्ति उहाँले लेख्नुभएका धर्म-विधिहरू, न्याय-वचनहरू, व्यवस्था र आज्ञाहरू तिमीहरूले विश्वाससित पालन गर्नू। औ तिमीहरूले अरू देवताहरूको भक्ति नगर्नू। ३८ मैले तिमीहरूसित गरेका करारहरूलाई नभुल्नू। तिमीहरूले अरू देवताहरूको भक्ति नगर्नू। ३९ तर परमप्रभु तिमीहरूका परमेश्वरको मात्र भक्ति गर्नू, र उहाँलेनै तिमीहरूलाई तिमीहरूका सबै शत्रुहरूबाट सुरक्षित राख्नुहुनेछ।" ४० तापनि तिनीहरूले

सुनेनन्। तर आफ्ना अघाड़िका चालहरूमा
हिंड़नै रहे। ४१ परमप्रभुको भक्ति गरे
तापनि यिनीहरूले आफ्नै मूर्तिहरूको सेवा
गरिनै रहे, र तिनीहरूका छोरा-छोरीहरू र
नाति-पनातिहरूले आफ्ना पिता-पुर्खाहरूका
चालमा आजको दिनसम्मै हिंड़दै आएका छन्।

हिजकियाहको शासन

१८ इस्राएलका राजा एलाका छोरा
होशेको तेस्रो वर्षमा यहूदाका राजा
आहाजका छोरा हिजकियाह राजा भए।
२ राजगद्दी आरोहण गर्दा तिनी पच्चीस वर्षका
थिए, र तिनले यरूशलेममा उनन्तीस वर्ष
राज्य गरे। तिनकी आमा जकर्याहकी छोरी
अबी थिइन्। ३ आफ्ना पिता-पुर्खा
दाऊदले गरेझैं तिनले परमप्रभुको दृष्टिमा जे
कुरो असल थियो त्यही गरे। ४ तिनलेनै
डांड़ा डांड़ाहरूमा भएका पूजा गर्ने थानहरू
हटाए, पवित्र, खामाहरूलाई टुक्रा टुक्रा पारे,
र अश्तारोत देवीलाई ढाले र मोशाले
बनाएका पीतलको सांपलाई टुक्रा टुक्रा पारे,
किनभने त्यस बेलासम्म इस्राएलीहरू त्यसको
निम्ति धूप बाल्थे। तिनीहरूले त्यसलाई
नहूश्तान भन्दथिए। ५ तिनले इस्राएलका
परमेश्वरमाथि भरोसा राखे। यहूदाका सबै
राजाहरूमध्येका तिनका पछि आउने अथवा
तिनी अघि जाने कुनै पनि तिनीजस्ता
भएनन्। ६ तिनी परमप्रभुका भक्त भइरहे
र आफ्नो भक्ति देखाउनमा तिनी पछि
हटेनन्, औ मोशालाई परमप्रभुले दिनुभएका
आज्ञाहरू तिनले पालन गरे। ७ यसैले
परमप्रभु तिनीसँग रहनुभयो, र तिनले गरेका
सबै काममा तिनी सफल भए। तिनी
अश्शूरका राजाको विरुद्धमा बागी भए, र
तिनी तिनका अधीनमा फेरि रहेनन्।
८ तिनले पलिश्तीहरूको देश गाजा र
त्यसका सीमानाहरूसम्म पहरा बस्ने धरहरा
र पर्खाल लगाएका शहरलाई समेत जिते।

सामरियाको पतन

९ हिजकियाहको शासनको चौथो वर्षमा
(अर्थात् इस्राएलका राजा एलाका छोरा
होशेको सातौं वर्षमा) अश्शूरका राजा
शल्मनेसेरले सामरियामाथि आक्रमण गरे।
१० त्यसलाई घेरा लगाए र तीन वर्षसम्म
घेरा हालेपछि तिनले त्यो कब्जा गरे।
हिजकियाहको छैटौं वर्षमा (इस्राएलका
राजाको नवौं वर्षमा) सामरिया कब्जा
गरियो। ११ अश्शूरका राजाले इस्राएली-
हरूलाई कैद गरेर अश्शूर देशमा लगे, र
हाबीरको किनारमा हलह र गोजान नदीका
किनार र मादीका शहरमा तिनीहरूलाई
बसाले, १२ किनभने तिनीहरूले परमप्रभु
आफ्ना परमेश्वरको वचन पालन गरेनन्,
उहांका करार र परमप्रभुका दास मोशाले
तिनीहरूलाई दिएको हरेक आज्ञालाई तिनीहरूले
उल्लङ्घन गरे। तिनीहरूले ध्यानै दिएनन्,
औ तिनीहरूले ती पालनै गरेनन्।

सनहेरीबको आक्रमण

१३ हिजकियाहको शासनको चौधौं
वर्षमा अश्शूरका राजा सनहेरीबले यहूदामाथि
आक्रमण गरेर त्यसका पर्खाल भएका शहर-
हरूलाई लिए। १४ यहूदाका राजा हिज-
कियाहले लाकीशमा अश्शूरका राजाकहां यसो
भनेर समाचार पठाए, "भुल मेरो हो।
मेरो देशबाट फर्की जानुहोस् औ ममाथि
जस्तो दण्ड लगाउनुहुन्छ त्यो म तिर्नेछु।"
यसैले अश्शूरका राजाले यहूदाका राजा हिज-
कियाहमाथि तीन सय तोड़ा चांदी र तीस
तोड़ा सुन दण्ड तोकिदिए। १५ अनि
हिजकियाहले परमप्रभुको भवन र राजमहलको
भण्डारहरूमा भेट्टाएका सबै चांदी तिनलाई
दिए। १६ त्यस बेला हिजकियाहले परम-
प्रभुको भवनका ढोकाहरू र ढोकाका पाटाहरू,
जो तिनी आफैंले सुनले मोहोरेका थिए, ती

निकालेर अश्शूरका राजालाई दिए।
१७ लाकीशबाट अश्शूरका राजाले आफ्नो
सेनापति, मुख्य नपुंसक र मुख्य अफिसरलाई
एउटा ठूलो सेनाको साथमा यरूशलेममा
हिजकियाह राजाकहाँ पठाए, औ तिनीहरू
उक्लेर यरूशलेममा आए, र धोबीको खेतमा
जाने माथिल्लो पोखरीको कुलोनेरको बाटोमा
अड्डिए। १८ जब तिनीहरूले राजालाई
बोलाइपठाए तब राज-घरानाका अधिकारी
हिल्कियाहका छोरा एल्याकीम, सेनाका मुख्य-
सचिव शेब्ना र आसापका छोरा प्रधान-मंत्री
योआ तिनीहरूसँग भेट गर्नलाई आए।
१९ मुख्य अफिसरले उनीहरूलाई भने,
"हिजकियाहलाई भन, 'अश्शूरका राजा
महाराजाधिराजको समाचार यही छ,
२० "केले तँलाई यत्रो भरोसा दियो? के
खोक्रा कुराले युद्ध-कला र सैनिक-शक्तिको
स्थान लिनसक्छ भनी तँ सम्झन्छस्? केमा
भर परेर तँ मेरो विरुद्धमा बागी भई उठेको
छस्? २१ मिश्र देशमाथि? मिश्र देश
ता एउटा चूर पारिएको निगालोजस्तै मात्र
हो, जसमाथि कोही भर पर्दा त्यसको हात
घोंच्छ। त्यसमाथि भरोसा राख्ने सबैका
निम्ति मिश्र देशका राजा फिरऊन त्यस्तै
ता छ। २२ औ यदि तिमीहरू परमप्रभु
आफ्ना परमेश्वरमाथि भरोसा गर्दैछौ भनी
भन्छौ भने के त्यो त्यही देवता होइन,
जसका डाँडाहरूमा भएका पूजा थानहरू
र वेदीहरूलाई हटाएर हिजकियाहले यहूदा र
यरूशलेमलाई यसो भनेको थियो, "यरूशलेममा
भएको यस वेदीको सामने तिमीहरूले दण्डवत्
गर्नुपर्छ'।"
२३ "अब मेरा मालिक अश्शूरका
राजासँग होड़बाजी थाप। यदि सवार गर्नेहरू
पाउनसक्छौ भने म तिमीलाई दुइ हजार
घोड़ाहरू दिन्छु। २४ मेरा मालिकका सेवकहरू-
मध्येको सबैभन्दा सानोको अधिकारलाई पनि
तिमी इन्कार गरेर रथहरू र घोड़-चढ़ीहरूका
निम्ति मिश्र देशमाथि भरोसा गर्दछौ?
२५ के तिमी सम्झन्छौ कि परमप्रभुको
सल्लाहविना आक्रमण गरेर यस देशलाई
नाश गर्न म आएको हुँ? होइन, परमप्रभु
आफैले मलाई यसो भन्नुभएको छ, 'यस
देशलाई आक्रमण गरेर त्यलाई नाश गर्'।"
२६ हिल्कियाहका छोरा एल्याकीम,
शेब्ना र योआले ती मुख्य अफिसरलाई
भने, "कृपागरी हामीसित अरामी भाषामा
बोल्नुहोस्, किनभने त्यो भाषा हामी बुझ्छौं।
पर्खालमा भएका मानिसहरूले सुन्ने गरी
इब्रानी भाषामा नबोल्नुहोस्।" २७ ती मुख्य
अफिसरले जवाफ दिए, "के तिमीहरूका
मालिक र तिमीहरूलाई मात्र यी कुरा
भन्न मेरा मालिकले मलाई पठाउनुभएको
हो र? के पर्खालमा बस्ने यी मानिसहरूलाई
पनि होइन र? जसले तिमीहरूजस्तै आफ्नै
मल-मुत्र खानुपर्छ?" २८ तब तिनी
खड़ा भएर इब्रानी भाषामा कराएर भने,
"महाराजाधिराज अश्शूरका राजा यसो
भन्नुहुन्छ, २९ राजा यही भन्नुहुन्छ,
'हिजकियाहको कुरामा नलाग। मेरो
हातबाट त्यसले तिमीहरूलाई छुटाउनसक्तैन।
३० परमप्रभुले तिमीहरूलाई बचाउनुहुन्छ र
यस शहरले अश्शूरका राजाकहाँ आत्म-
समर्पण गर्नेछैन भनी त्यसले तिमीहरूलाई
परमप्रभुमाथि भरोसा गर्न नलगाओस्।'
३१ हिजकियाहको कुरा नसुन। अश्शूरका
राजा यसो भन्नुहुन्छ, 'मसित मिलाप गर।
मकहाँ आऊ, तब तिमीहरू हरेकले आफ्नो
आफ्नो दाखको फल र नेभाराको फल
खानेछौ, र आफ्नै कूवाको पानी पिउनेछौ,
३२ जबसम्म तिमीहरूलाई अनाज र नयाँ
दाखमद्य, अन्न र दाखबारी, भद्राक्षहरू, असल
तेल र मह भएको देश, तिमीहरूको आफ्नै
देशजस्तै एउटा देशमा म आएर लानेछैनँ।
तिमीहरू सबैका निम्ति मृत्युको सट्टा जीवन
हुनेछ। हिजकियाहको कुरा नसुन। परमप्रभुले
तिमीहरूलाई बचाउनुहुनेछ भनी त्यसले ता
तिमीहरूलाई धोका दिनेछ। ३३ के यस

देशका कुनै पनि देवताले आफ्नो देशलाई
अश्शूरका राजाको हातबाट बचाउनसके ?
हमात र अर्पादका देवताहरू कता गए ?
३४ सपर्वेम, हेना र इव्वाका देवताहरू
खोइ ? सामरियाका देवता कता गयो ? के
तिनीहरूले सामरियालाई मेरो हातबाट
बचाए ? ३५ आफ्नो देशलाई मेरो हातबाट
बचाउनसक्ने जाति जातिहरूका देवता कुनै
छ ? तब परमप्रभुले यरूशलेमलाई मेरो
हातबाट कसरी बचाउनसक्छन्' ?"

३६ मानिसहरू सबै चूप्प बसे र एउटै
जवाफ पनि दिएनन्, किनभने कसैले पनि
जवाफ नदिनू भनी हिजकियाह राजाले आज्ञा
दिएका थिए। ३७ तब राज-घरानाका
अधिकारी हिल्कियाहका छोरा एल्याकीम,
सेनाका मुख्य सचिव शेब्ना र आसापका
छोरा प्रधान सचिव योआले आफ्नो आफ्नो
लुगा च्याते, र हिजकियाह राजाकहाँ आएर
मुख्य अफिसरले भनेका कुरा सुनाइदिए।

सनहेरीबको आक्रमणबाट यहूदाको छुटकारा

१९ जब हिजकियाह राजाले उनीहरूको
बयान सुने तब तिनले आफ्नो लुगा
च्याते, र भाङ्ग्रा लाएर परमप्रभुको भवनभित्र
पसे। २ तिनले राज-घरानाका अधिकारी
एल्याकीम, सेनाका मुख्य-सचिव शेब्ना र
प्रधान पूजाहारीहरूलाई भाङ्ग्रा लाएर
आमोसका छोरा अगमवक्ता यशैयाकहाँ
३ राजाबाट यो समाचार दिएर पठाए,
"आजको दिन हाम्रा निम्ति कष्टको दिन छ,
तिरस्कार र निन्दाको दिन! जन्मन लागेको
बालकलाई जन्माउँदा बल नभएकी एउटी
स्त्रीजस्तै हामी भएका छौं! ४ सायद
परमप्रभु तपाईंका परमेश्वरले अश्शूरका राजाले
पठाएका तिनका मुख्य अफिसरका सबै कुरा
सुन्नुभयो होला, जसलाई तिनले जीवित
परमेश्वरलाई गिल्ला गर्न पठाएका थिए,
औ परमप्रभु तपाईंका परमेश्वरले सुन्नुभएको
कुरालाई उहाँले बेजवाफ पार्नुहुन्छ होला।
अफै बचेकाहरूका निम्ति प्रार्थना चढ़ाइ-
दिनुहोस्।" ५ हिजकियाह राजाका
सेवकहरू यशैयाकहाँ आए, ६ औ तिनले
उनीहरूलाई आफ्ना मालिकलाई यसो भन्न भनी
बताइदिए, परमप्रभु यसो भन्नुहुन्छ, "अश्शूरका
राजाका चाकरहरूले मेरो निन्दा गरेको कारण
तँ नडरा। ७ म त्यसमा एउटा आत्मा
हालिदिनेछु, औ त्यसले एउटा हल्ला सुन्नेछ,
र त्यो आफ्नै देशमा फर्की जानेछ। औ
त्यहाँ म त्यसलाई तरवारद्वारा खतम पार्नेछु।

८ तब ती मुख्य अफिसर फर्की गए।
अश्शूरका राजाले लाकीश छोड़े भनी तिनले
सुने, र उनलाई तिनले लिब्नाको विरुद्धमा
लड़ाइँ गरिरहेका भेट्टाए। ९ तर जब कूशका
राजा तिर्हाका आफूसित लड़ाइँ गर्नलाई
आइरहेका छन् भनी सनहेरीबले सुने तब
तिनले फेरि यहूदाका राजा हिजकियाहकहाँ
यसो भनेर दूतहरू पठाए, १० "यरूशलेम
अश्शूरका राजाको हातमा पर्दैन भनी प्रतिज्ञा
गर्ने तैंले भरोसा गरेका ईश्वरले धोखा नदेऊन्।
११ अश्शूरका राजाहरूले सबै देशहरूलाई
के गरे ? तिनीहरूका मानिसहरूलाई निर्मूल
गरेको कुरा तैंले निश्चय सुनेको छस् होला।
तब के तँ चाहिं उम्कने आशा गर्दछस् ?
१२ मेरा पुर्खाहरूले नाश गरेका जातिहरू
गोजान, हारान, रेसेप र तलस्सारमा बस्ने
बेत-एदेनका मानिसहरूलाई के तिमीहरूका
देवताहरूले बचाए ? १३ हमात, अर्पादका
राजाहरू, औ लाहीर, सपर्वेम, हेना र इव्वाका
राजाहरू कता छन् त ?"

१४ हिजकियाहले त्यो चिठी दूतहरूका
हातबाट लिएर पढ़े। तब तिनी परमप्रभुको
भवनमा उक्लेर गए, १५ औ परमप्रभुको
सामने त्यो खोलेर राखिदिए, र यो प्रार्थना
चढ़ाए, "हे परमप्रभु, इस्राएलका परमेश्वर, जो
करूबहरूका बीचमा विराजमान हुनुहुन्छ,
पृथ्वीका सबै राज्यहरूमा तपाईं मात्र परमेश्वर

हुनुहुन्छ। तपाईंले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो
१६ हे परमप्रभु, सुन्नुहोस्, हे परमप्रभु,
हेर्नुहोस्। जीवित परमप्रभुलाई ठट्टा गर्न
सनहेरीबले पठाएको समाचार सुन्नुहोस्।
१७ हे परमप्रभु, यो कुरो साँचो हो कि
अश्शूरका राजाहरूले जाति जातिहरू र
तिनीहरूका राज्यहरूलाई उजाड पारे।
१८ तिनीहरूले उनीहरूका देवताहरूलाई
आगोमा हालेर नष्ट पारिदिए, किनभने तिनीहरू
ता परमेश्वर थिएनन्, तर मानिसहरूका हातमा
काम, काठ र ढुङ्गा मात्र थिए। १९ तर अब
हे परमप्रभु हाम्रा परमेश्वर, तिनका शक्तिबाट
हामीलाई बचाउनुहोस्, र सारा पृथ्वीका
राज्यहरूले यो जानून् कि परमप्रभु, तपाईं मात्र
परमेश्वर हुनुहुन्छ।"
२० तब आमोसका छोरा यशैयाले
हिजकियाहकहाँ यो समाचार पठाए, "परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, "अश्शरको
राजा सनहेरीबको विषयमा तैंले मलाई चढ़ाएको
प्रार्थना मैले सुनें। २१ त्यसको विषयमा
परमप्रभुले भन्नुभएको वचन यही हो,
सियोनकी कन्ये-छोरीले तेरो निन्दा गर्नेछ,
तँलाई तुच्छ ठानेर त्यो हाँस्तछे।
तँ फर्केर जाँदा यरूशलेमकी छोरीले
आफ्नो शिर हल्लाउँछे।
२२ तैंले कसको ठट्टा र निन्दा गरिस्?
इस्राएलका पवित्र जनमाथि अहंकारको
आँखाले हेर्दै उहाँको विरुद्धमा
कसरी तँ चिच्याइस्?
२३ परमप्रभुलाई ठट्टा गर्न
तैंले आफ्ना दूतहरू पठाएर यसो भनिस,
'रथमा सवार भएर मैले महान् महान्
कार्यहरू गरें।
लबानोनका निर्जन ठाउँहरूमा
मैले त्यसको सबैभन्दा
अल्गा अल्गा देवदारका रूखहरू
त्यसका सबैभन्दा असल असल सल्लाका
रूखहरू ढालें।
म त्यसको पल्लो कुनाका
वन र खर्कहरूमा पुगें।
२४ मैले कूवा खनें,
र विदेशी ठाउँको पानी पिएँ,
औ मेरा खुट्टाका पैतालाले
मैंले मिश्र देशका खोलाहरू सुकाइदिएँ।
२५ के तिमीहरूले उहीलेनै सुनेनौ?
ती सबै मैलेनै गरें।
तादिका दिनमानै मैले त्यो युक्ति रचें,
औ सुरक्षित शहरहरूलाई भत्काएर ढेर
लगाउँदै अब मैले त्यो पूरा गरें।
२६ तिनीहरूका नगरवासीहरू बल घटेर
निराश र लज्जित भएर
बारीका बोटहरूजस्तै, साग-पातहरूजस्तै,
पूर्वीय बतासले भेटेका छतका घाँस-
जस्तै भए।"
२७ तँ लेटेको र बसेको
तँ बाहिर गएको, भित्र आएको मलाई
थाह छ।
२८ मेरो विरुद्धको तेरो रीसको झोंक
र तेरो अहंकार
मेरो कानमा पुगेको छ।
म तेरो नाकमा कड़ी
र तेरो मुखमा लगाम लगाइदिनेछु,
र तँ आएकै बाटो भएर
म तँलाई फर्काएर लैजानेछु।"
२९ तेरो निम्ति चिह्न चाहिं यो हुनेछ—
यो साल तिमीहरूले आफै ऊम्रेको अन्न
खानेछौ, अर्को साल त्यसैबाट उम्रेको
खानेछौ। तर तेस्रो साल चाहिं तिमीहरू
छर र कटनी गर, दाखबारी लगाऊ
र त्यसको फल खाऊ। ३० यहूदामा
बचेकाहरूले भूइँमनि जरा हाल्नेछन्, र
जमीनमाथि फल उमार्नेछन्, ३१ किनभने
यरूशलेमबाट एउटा बचेको भाग औ सियोन
डाँड़ाबाट बाँचेकाहरू निस्केर आउनेछन्।
परमप्रभुको जोशले यो काम गर्नेछ।"
३२ यसैकारण अश्शूरका राजाको विषयमा
परमप्रभु यसो भन्नुहुछ,
"त्यो यसभित्र पस्नेछैन,

नता त्यसले एउटा काँड हान्नेछ,
त्यो आफ्नो ढाल लिएर
यसको विरुद्धमा अगि बढ्नेछैन,
नता त्यसले यसको विरुद्धमा घेरा-मचान
लाउनेछ।
३३ त्यो आएकै बाटो भएर फर्की जानेछ।
यस शहरभित्र त्यो पस्नेछैन।
३४ परमप्रभु यही भन्नुहुन्छ,
"मैले आफ्नै खातिर र मेरो दास
दाऊदको खातिर
यसलाई उद्धार गर्न
यसको ढाल म हुनेछु।"
३५ त्यस रात परमप्रभुका स्वर्गदूत निस्केर
अश्शूरको छाउनीमा एक लाख पचासी हजार
मानिसहरूलाई मारे। औ बिहान हुँदा
तिनीहरू मरेका भेट्टाइए। ३६ यसैले
अश्शूरका राजा सनहेरीब आफ्नो छाउनी
उठाएर नीनवेमा गई बस्नलागे। ३७ एक
दिन जब तिनी आफ्ना देवता निस्रोकको
मन्दिरमा पूजा गरिरहेका थिए तब तिनका
छोराहरू अद्रमेलेक र शरेसेरले तिनको हत्या
गरेर तिनीहरू अरारात देशमा भागे।
तिनीपछि तिनका छोरा एसरहद्दोन राजा भए।

हिजकियाहको बिरामी

२० त्यसै बेला हिजकियाह सिकिस्त
बिरामी परे, औ आमोसका छोरा
अगमवक्ता यशैया तिनीकहाँ आएर तिनलाई
भने, "परमप्रभु यही भन्नुहुन्छ, 'आफ्नो
घरानालाई तेरो आखिरी आदेश दे, किनभने
तँ मर्नेछस्। तँ निको हुनेछैनस्।'" २ तब
हिजकियाहले भित्तापट्टि फर्केर परमप्रभुलाई
यो प्रार्थना चढ़ाए, ३ "हे परमप्रभु, तपाईंको
दृष्टिमा जे असल छ त्यो गरेर म तपाईंको
सामने कस्तो विश्वास र भक्तिसाथ हिँडेको
छु त्यसको सम्झना राख्नुहोस्।" अनि तिनी
धुरूधुरू रोए। ४ तर यशैया बीचको
चोकबाट बाहिर जानअघि परमप्रभुले तिनलाई
भन्नुभयो, ५ "फर्किगएर मेरो प्रजाको
राजा हिजकियाहलाई भन्, 'तेरा पिता-पुर्खा
दाऊदका परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'मैले तेरो प्रार्थना सुने र तेरो आँसु देखें।
म तँलाई निको पार्नेछु, र तेस्रो दिन तँ
परमप्रभुको भवनमा जानेछस्। ६ म तेरो
आयु अरू पन्ध्र वर्ष बढ़ाइदिनेछु, र यस
शहरलाई अश्शूरको राजाको हातबाट
छुटाउनेछु। औ मेरो आफ्नै खातिर र मेरो
दास दाऊदको खातिर म यस शहरको रक्षा
गर्नेछु'।" ७ तब यशैयाले तिनीहरूलाई
नेभाराको लेप बनाएर लगाउनू भनी भने।
तिनीहरूले त्यस्तो लेप बनाएर पीलोमा
लगाइदिए, र तिनी निको भए। ८ तब आफू
निको हुनेछ र तेस्रो दिन परमप्रभुको भवनमा
जानेछु भनी परमप्रभुले तिनलाई के चिह्न
दिनुहुनेछ भनी हिजकियाहले यशैयालाई
सोधे। ९ अनि यशैयाले भने, "परम-
प्रभुतर्फबाट यो चिह्न हुनेछ, र उहाँले प्रतिज्ञा
गर्नुभएको काम गर्नुहुनेछ। 'छाया दश
कदम अघि सरोस् कि पछि गरोस्'?"
१० हिजकियाहले जवाफ दिए, "छाया दश
कदम अघि सर्नू ता सरल कुरो छ, त्यो
दश कदम पछि सरोस्।" ११ यशैया
अगमवक्ताले परमप्रभुमा पुकारा गरे, औ
उहाँले आहाजको खुड्किलोको छाया दश
कदम पछि सारिदिनुभयो।

बाबेलका राजदूतहरू

१२ त्यसै बेला बाबेलका राजा बलदानका
छोरा बरोदक-बलदानले हिजकियाहकहाँ
सौगातका साथमा राजदूतहरू पठाए। किनभने
उनी बिरामी छन् भन्ने तिनले सुनेका थिए।
१३ हिजकियाहले तिनीहरूलाई स्वागत गरे,
र तिनीहरूलाई आफ्ना सबै भण्डार, सुन,
चाँदी, मसाला, सुगन्धित तेल, आफ्ना
हतियारहरू राख्ने घर र भण्डारमा भएको
सबै थोक देखाइदिए। आफ्नो महल र

आफ्नो मुलुकमा हिजकियाहले नदेखाएको
कुनै पनि थोक रहेन। १४ तब यशैया
अगमवक्ताले हिजकियाह राजाकहाँ आएर
सोधे, "यी मानिसहरूले के भने, औ तिनी-
हरू कहाँबाट आएका रहेछन्?" हिजकियाहले
जवाफ दिए, "तिनीहरू टाढ़ा देश बाबेलबाट
आएका हुन्।" १५ तब यशैयाले सोधे,
"तिनीहरूले तपाइंको घरमा के के देखे?"
हिजकियाहले जवाफ दिए, "तिनीहरूले सबै
कुरा हेरे, मेरो भण्डारमा भएको मैले
तिनीहरूलाई नदेखाएको कुनै पनि थोक छैन।"
१६ तब यशैयाले हिजकियाहलाई भने,
"परमप्रभु यसो भन्नुहुन्छ, १७ 'समय
आउँदैछ जब तेरो घरमा भएका सबै थोक,
र आजको दिनसम्म तेरा पिता-पुर्खाहरूले
थुपारेका कुरा सबै बाबेलमा लगिनेछन्,
औ एउटै कुरा पनि छोड़िनेछैन। १८ तँबाट
जन्मिएका छोराहरू कति जना लगिनेछन्, र
बाबेलका राजाको राजमहलमा नपुंसक
बनाइनेछन्'।" १९ आफ्नो जीवनकालभरि ता
शान्ति र सुरक्षा हुने रहेछ भनी सम्झेकाले
हिजकियाहले जवाफ दिए, "तपाईंले भन्नु-
भएको परमप्रभुको वचन असलै छ।"

हिजकियाहको मृत्यु

२० हिजकियाहको शासनका अरू
घटनाहरू, तिनका वीरताका काम र तिनले
कसरी पोखरी र कुलो बनाए, औ शहरमा
पानी ल्याए, सो यहूदाका राजाहरूको इतिहासमा
लेखिएका छन्। २१ तब हिजकियाह आफ्ना
पित्रहरूसित सुते र तिनीपछि तिनका छोरा
मनश्शे राजा भए।

मनश्शेको शासन

२१ मनश्शे राजगद्दी आरोहण गर्दा बाह्र
वर्षका थिए, औ तिनले पचपन्न वर्ष
यरूशलेममा राज्य गरे। तिनकी आमा हेप्सीबा
थिइन्। २ इस्राएलीहरूका पक्षमा भएर
धपाउनुभएका जतिहरूका घिनलाग्दा चालहरूमा
हिंड़ेर तिनले परमप्रभुको दृष्टिमा जे कुरो
खराब थियो त्यहीं गरे। ३ तिनका पिता
हिजकियाहले नष्ट गरेका डाँड़ाहरूका पूजा
गर्ने थामहरू तिनले फेरि बनाए। बालका
वेदीहरू र इस्राएलका राजा आहाबले बनाएका
पवित्र खामा, औ आकाशका सारा तारा-
मण्डललाई दण्डवत् गरेर तिनले तिनीहरूलाई
पूजे। ४ तिनले परमप्रभुको भवनमा वेदीहरू
बनाए, जुन भवनको विषयमा परमप्रभुले
भन्नुभएको थियो, "यरूशलेममा मेरो नाउँ
रहनेछ।" ५ परमप्रभुको भवनका दुवै चोकमा
तिनले आकाशका तारा-मण्डलका निम्ति वेदीहरू
बनाए। ६ तिनले आफ्नो छोरालाई आगोमा
होम गरे। तिनले तंत्र-मंत्र गरे, र जोखना
हेराए, र भूत-प्रेत र पिशाचहरू खेलाए।
तिनले परमप्रभुको दृष्टिमा साह्रै खराबी गरे
र उहाँलाई रीस उठाए। ७ आफूले बनाएका
अस्तारोत देवीको मूर्ति तिनले त्यस भवनमा,
अर्थात् त्यस ठाउँमा राखे, जसको विषयमा
परमप्रभुले दाऊद र तिनका छोरा सुलेमानलाई
भन्नुभएको थियो, "मैले इस्राएलका सबै
कुलहरूमध्ये चुनेको, यो भवन र यरूशलेममा,
सदा सर्वदैको निम्ति मेरो नाउँ रहनेछ।
८ यदि तिनीहरूले मेरा सबै आज्ञा र
मेरो दास मोशाले तिनीहरूलाई दिएका
सबै व्यवस्था होशियारसित पालन गरे भने
मात्र मैले तिनीहरूका पुर्खाहरूलाई दिएको
देशबाट इस्राएललाई म निकाल्नेछैनँ।"
९ तर तिनीहरूले आज्ञा पालन गरेनन्।
अनि मनश्शेले तिनीहरूलाई इस्राएलको निम्ति
निर्मूल गराएका जातिहरूले भन्दा पनि धेरै
ज्यादा कुपथमा लगाए।
१० तब परमप्रभुले आफ्ना दास
अगमवक्ताहरूद्वारा यसो भन्नुभयो, ११ "किन-
भने यहूदाका राजा मनश्शेले दुष्टयाइँमा
आफ्ना अघिका एमोरीहरूले भन्दा ज्यादा
घिनलाग्दा कामहरू गरेको छ, औ यहूदालाई

आफ्ना मूर्ति-पूजाबाट पाप गर्न लाएको छ,
यसकारण परमप्रभु इस्राएलका परमेश्वर यसो
भन्नुहुन्छ, १२ 'म यरूशलेम र यहूदामा
नाश ल्याउनेछु, यस्तो नाश जो सुन्ने सबैको
कानमा गुञ्जिरहनेछ। १३ सामरियालाई
नापेको टाँगोले र आहाबको घरानालाई
नापेको साहुलले म यरूशलेमलाई नाप्नेछु।
जसरी मानिसले थाल माभ्छ र घोप्टाइराख्छ,
त्यसरीनै म यरूशलेमलाई माझ्नेछु,
१४ र मेरो प्रजाका बाँचेको मेरो आफ्नै
अधिकारलाई फालिदिनेछु, र तिनीहरूलाई
शत्रुहरूको हातमा सुम्पिदिनेछु। तिनीहरू
लूटिनेछन्, र तिनीहरूका शत्रुहरूका शिकार
बन्नेछन्। १५ किनभने मेरो दृष्टिमा जे
कुरो खराब थियो तिनीहरूले त्यही गरेका
छन्, र तिनीहरूका पिता-पुर्खाहरूले मिश्र देश
छोड़ेको देखि आजको दिनसम्म मलाई रीस
उठाएका छन्। १६ औ यस मनश्शेले चाहिं
यति बिघ्न निर्दोषी रगत बगाएको छ कि
यरूशलेम पूरै भरिएको छ। मेरो दृष्टिमा
जे कुरो खराब छ त्यो यहूदालाई गर्न लाएर
गरेको पापको ता कुरै गर्नुपर्दैन।''

१७ मनश्शेको शासनकालका अरू घटना
र कार्यहरू औ तिनले गरेको पाप यहूदाका
राजाहरूका इतिहासमा लेखिएका छन्।
१८ यसरी मनश्शे आफ्ना पित्रहरूसित सुते, र
उज्जाको बगैंचा, आफ्नै घरानाको बगैंचाको
चिहानमा गाड़िए। तिनीपछि तिनका छोरा
आमोन राजा भए।

आमोनको शासन

१९ राजगद्दी आरोहण गर्दा आमोन बाईस
वर्षका थिए, औ तिनले यरूशलेममा दुइ वर्ष
राज्य गरे। तिनकी आमा योत्बाका हारूसकी
छोरी मशुल्लेमेत थिइन्। २० तिनका पिता
मनश्शेले गरेझैं तिनले परमप्रभुको दृष्टिमा
जे कुरो खराब थियो त्यही गरे।
२१ तिनी आफ्ना पिताका चालमा हिंड़े, र
तिनका पिताले सेवा गरेका मूर्तिहरूको
तिनले सेवा गरे, र तिनलाई पूजे।
२२ तिनले आफ्ना पुर्खाहरूका परमप्रभु
परमेश्वरलाई त्यागे, र उहाँको बाटोमा
हिंड़ेनन्. २३ आमोन राजाका भारादारहरूले
तिनका विरुद्धमा षड़यन्त्र रचे, र तिनलाई
तिनकै घरमा हत्या गरे। २४ तर देशका
मानिसहरूले सबै षड़यन्त्रकारीहरूलाई मारे,
र तिनका छोरा योशियाहलाई तिनको सट्टामा
राजा तुल्याए।

२५ आमोनको शासनका अरू घटनाहरू
यहूदाका राजाहरूको इतिहासमा लेखिएका
छन्। २६ तिनी उज्जाको बगैंचामा भएको
आफ्नै चिहानमा गाड़िए। तिनीपछि तिनका
छोरा योशियाह राजा भए।

राजा योशियाह र व्यवस्थाको पुस्तक

२२ राजगद्दी आरोहण गर्दा योशियाह आठ
वर्षका थिए, औ तिनले यरूशलेममा
एकतीस वर्ष राज्य गरे। तिनकी आमा
बोसकतका अदायाकी छोरी यदीदा थिइन्।
२ तिनले परमप्रभुको दृष्टिमा जे कुरो असल
थियो त्यही गरे। तिनी देब्रे-दाहिने नलागी
आफ्ना पुर्खा दाऊदकै सबै चालमा सकेसम्म
हिंड़े।

३ आफ्नो शासनकालको अठाहौं वर्षमा
असल्याहका छोरा मशुल्लामका नाति सेनाका
सचिव शापानलाई योशियाहले परमप्रभुको
भवनमा पठाए। ४ तिनले भने, "प्रधान
पूजाहारी हिल्कियाहकहाँ जाऊ, र प्रवेश-
ढोकामा काममा खटिएकाहरूले मानिसहरूबाट
ग्रहण गरेका परमप्रभुको भवनमा ल्याएका
चाँदी गन्नू भनी तिनलाई भन। ५ औ
परमप्रभुको भवनका मुख्य कर्मचारीको हातमा
त्यो दिनू, र तिनले त्यहाँ मरम्मत गर्नेहरू,
६ अर्थात् सिकर्मी, डकर्मी, राज-मिस्त्री औ
मरम्मतको निम्ति काठ-पात र काटेका ढुङ्गाहरू
किन्नलाई देऊन्। ७ तिनीहरूलाई दिइएको

चाँदीको हर-हिसाब नलिइओस्, किनभने
तिनीहरू विश्वाससित काम गरिरहेका छन्।''
८ प्रधान पूजाहारी हिल्कियाहले सेनाका
सचिव शापानलाई आफूले परमप्रभुको भवनमा
व्यवस्थाको पुस्तक पाएको कुरा जनाइदिए, र
त्यो तिनले उनलाई दिए, औ शापानले त्यो
पढ़े। ९ तब शापान, राजाकहाँ आएर
तिनलाई आफ्ना सेवकहरूले परमप्रभुको भवनमा
भएको चाँदी मुख्य कर्मचारीलाई दिएको
समाचार सुनाए। १० त्यसपछि सेनाका सचिव
शापानले राजालाई प्रधान पूजाहारी
हिल्कियाहले तिनलाई एउटा पुस्तक दिएको कुरा
पनि सुनाए, औ तिनले त्यो राजाको सामने
पढ़ेर सुनाए। ११ जब राजाले व्यवस्थाका
पुस्तकमा लेखिएको कुरा सुने, १२ तब
तिनले आफ्नो लुगा च्याते, र पूजाहारी
हिल्कियाह, शापानको छोरा अहीकाम,
मीकायाको छोरा अक्बोर, सेनाका सचिव
शापान र राजाका सेवक असायाहलाई
१३ यो पाइएको पुस्तकमा तिनको आफ्नै
लागि, प्रजाको लागि र यहूदाको लागि के
लेखिएको छ भनी गएर परमप्रभुसित सोध-पूछ
गर्नू भनी हुकूम गरे। तिनले भने, ''हाम्रा
विरुद्धमा परमप्रभुको भयानक क्रोध उठेको छ,
किनभने हाम्रा पुर्खाहरूले यस पुस्तकका
आज्ञाहरू पालन गरेनन्, औ हामीलाई
दिनुभएका सबै कुरा गरेनन्।''
१४ यसैले हिल्कियाह पूजाहारी, अहीकाम
अक्बोर, शापान र असायाह वस्त्रहरू
हेरचाहा गर्ने हरहसका नाति तिक्वाको छोरा
शल्लूमकी पत्नी अगमवादिनी हुल्दाकहाँ
गए, र तिनको घर यरूशलेमको दोस्रो
टोलामा आएर तिनीसित सोध-पूछ गरे।
१५ तिनले जवाफ दिएर भनिन्, ''परमप्रभु
इस्राएलका परमेश्वर यही भन्नुहुन्छ,
१६ ''तिमीहरूलाई पठाउने मानिसलाई भन,
१७ 'यहूदाको राजाले पढ़ेको यस पुस्तकमा
भनिएबमोजिम म यस स्थान र यसका
बासिन्दाहरूमाथि नाश ल्याइरहेछु, किनभने
तिनीहरूले मलाई त्यागेर अरू देवताहरूलाई
धूप बाले, र आफ्नै हातले बनाएका सबै
मूर्तिहरूद्वारा मलाई रीस उठाए। यसकारण
यस स्थानको विरुद्धमा मेरो रीस उठेको छ,
र त्यो शान्त हुनेछैन।' १८ परमप्रभुलाई
सोध-पूध गर्न पठाउने यहूदाका राजालाई
तिमीहरूले यही कुरा भन, 'परमप्रभु
इस्राएलका परमेश्वर यही भन्नुहुन्छ, १९ 'तैंले
मेरो कुरा ध्यानसित सुनिस्, र खुशीसित
ग्रहण गरिस्, औ यो स्थान र यहाँका
बासिन्दाहरू घृणित र गिल्लाका कुरा हुनेछन्
भनी तैंले सुन्दा तँ परमप्रभुको सामने नम्र
भएर झुकिस्। तैंले आफ्नो लुगा च्यातिस् र
तँ मेरो सामने रोइस्। यी सबैको कारण मैले
तेरो प्रार्थना सुने।' परमप्रभु यही भन्नुहुन्छ,
२० 'यसैकारण म तँलाई तेरा पित्रहरूसित
मिलाउनेछु, र तँ शान्तिसित आफ्नो
चिहानमा पुग्नेछस्। यस स्थानमाथि ल्याउने
सबै नाश देख्नलाई तँ जीवित रहनेछैनस्'।''
तब तिनीहरूले राजाकहाँ यो समाचार ल्याए।

योशियाहले सुधार ल्याएका

२३ त्यसपछि राजाले यहूदा र यरूशलेमका
सबै बूढ़ा-प्रधानहरूलाई बोलाइपठाए, र
तिनीहरू परमप्रभुको भवनमा उक्लेर गए।
२ तिनले आफूसँग यहूदाका मानिसहरू,
यरूशलेमका बासिन्दाहरू, पूजाहारीहरू र
अगमवक्ताहरू साना-ठूला सबै जन-समुदायलाई
लगे। तिनले परमप्रभुको भवनमा पाएको
करारको सम्पूर्ण पुस्तक त्यहाँ पढ़ेर सुनाए।
३ त्यसपछि स्तम्भको छेउमा उभिएर राजाले
परमप्रभुको कुरा सुन्न, उहाँका आज्ञाहरू,
नियमहरू, धर्म-विधिहरू आफ्नो पूरा मन र
प्राणले पालन गर्न, र यस पुस्तकमा लेखिएका
करारका शर्त्तहरू पूरा गर्नलाई परमप्रभुको
सामने बाचा बाँधे। औ सबै मानिसहरूले
पनि त्यस करार अनुसार गर्न बाचा बाँधे।
४ त्यसपछि राजाले प्रधान पूजाहारी

हिल्कियाह, पूजाहारीहरू र प्रवेश-ढोकामा
खटिएकाहरूलाई परमप्रभुको भवनबाट बाल
देवता र अशेरा देवी र आकाशका तारा-
मण्डलका निम्ति बनाएका सबै थोक हटाउनलाई
हुकुम गरे। तिनले यी सबै यरूशलेमको बाहिर
किद्रोन खोल्चाको छेउको खुला मैदानमा
जलाइदिए, औ खरानी चाहिँ बेतेलमा लगे।
५ तिनले यहूदाका शहरहरूमा र यरूशलेमको
छेउछाउका डाँड़ा डाँड़ामा भएका पूजा-
थानमा धूप बाल्ने नियुक्त भएका र बाललाई
औ घाम, जुन, नक्षत्र र आकाशका
तारा-मण्डलका निम्ति धूप बाल्नेहरूलाई दमन
गरिदिए। ६ तिनले परमप्रभुको भवनबाट
अश्तारोत देवीको मूर्ति यरूशलेमको बाहिर
किद्रोन खोल्चामा लगेर जलादिएर धूलो-
पीठो पारे। त्यसपछि तिनले त्यो साधारण
मानिसहरूको चिहानमा छरिदिए। ७ तिनले
परमप्रभुको भवनसँगै जोड़िएका स्त्रीहरूले
अश्तारोत देवीको निम्ति विशेष किसिमको
लुगा बुन्ने पुरुषगामीहरूका घरहरू पनि
भत्काइदिए।

८ तिनले यहूदाका शहरहरूबाट सबै
पूजाहारीहरूलाई निकाले, र तिनीहरूले धूप
बाल्ने गरेका गेबादेखि बेर्शेबासम्मका डाँड़ा
डाँड़ाहरूमा भएका पूजा-थानहरूलाई अपवित्र
तुल्याइदिए, र शहरका राज्यपाल यहोशूको
फाटकको सामनेपट्टि भएको, अर्थात् शहरको
फाटकको देब्रेपट्टि भएको वन-देवको
मूर्त्तिहरू पूज्ने थानहरू भत्काइदिए।
९ तापनि यी पूजाहारीहरू यरूशलेममा
परमप्रभुको वेदीमा कहिल्यै आएनन्, तर
आफ्ना कुलका पूजाहारीहरूसँगै अखमीरे
रोटी खानेगर्थे। १० मोलेकको निम्ति कसैले
पनि आफ्ना छोरा-छोरीलाई होम गर्न
लाओस् भनी तिनले बेन-हिन्नोमको बेँसीमा
भएको तोपेतलाई अपवित्र तुल्याइदिए।
११ यहूदाका राजाहरूले परमप्रभुको भवनको
प्रवेश-ढोकाका खामाहरूको लहरमा भएको
नपुंसक नातान-मेलेकको कोठाको छेउमा
यहूदाका राजाहरूले सूर्यको सम्मानको निम्ति
बसालेका घोड़ाका मूर्तिहरू नाश गरे,
औ तिनले सूर्यका रथहरू जलाइदिए।
१२ आहाजको माथिल्लो कोठाको कौसीमा
यहूदाका राजाहरूले बनाएका वेदीहरूलाई,
र परमप्रभुको भवनका दुवै चोकमा
मनश्शेले बनाएका वेदीहरूलाई तिनले
भत्काइदिए। तिनले ती धूलो-पीठो पारेर किद्रोन
खोल्चामा फ्याँकिदिए। १३ यरूशलेमको
पूर्वपट्टि, जैतून डाँड़ाको दक्षिणपट्टि भएका
इस्राएलका राजा सुलेमानले सीदोनीहरूको
घिनलाग्दो देवी अश्तारोत, मोआबको
घिनलाग्दो देवता कमोश र अम्मोनीहरूको
घृणित देवता मिल्कोमका निम्ति बनाएका
डाँड़ा डाँड़ाहरूमा भएका पूजा-थानहरू
तिनले अपवित्र तुल्याइदिए। १४ तिनले
तिनका पवित्र खामाहरू र पवित्र स्तम्भहरूलाई
ढालेर त्यस ठाउँमा मरेका मानिसहरूका
हड्डीले भरिदिए।

१५ इस्राएललाई पाप गर्न लाउने
नबातका छोरा यारोबामले बनाएका
बेतेलको वेदी, पूजा गर्ने थान पनि तिनले
भत्काइदिए। तिनले त्यसको ढुङ्गालाई चूर
चूर पारे। त्यसलाई धूलो-पीठो पारेर त्यो
पवित्र खामालाई जलाइदिए। १६ यारोबाम
भोजको दिनमा वेदीको छेउमा उभिँदा
परमेश्वरका जनले भनेका परमप्रभुको वचन
पूरा हुनलाई जब डाँड़ामा भएका चिहानहरूमा
योशियाहको दृष्टि पर्‍यो तब तिनले मानिसहरू
पठाएर ती चिहानहरूबाट हड्डी निकाल्न लाए,
र त्यो वेदी अपवित्र तुल्याउनलाई ती
त्यहीं जलाइदिए। तर जब तिनले अगमवाणी
गर्ने परमेश्वरका जनको चिहान देखे, १७ तब
तिनले सोधे, "मैले देखेको त्यो स्मारक के
हो?" त्यस शहरका मानिसहरूले भने,
"त्यो ता ती परमेश्वरका जनको चिहान हो
जसले यहूदाबाट आएर तपाईंले बेतेलको
अहिलेको वेदीलाई गर्नुभएका सबै कामको
अगमवाणी गरेका थिए।" १८ तिनले

भने, "त्यसो भए त्यसलाई चाहिं छोड़िदेऊ।
तिमीहरू कसैले पनि तिनका हड्डीलाई
नचलाऊ।" यसैले तिनीहरूले तिनका र
सामरियाबाट आएका अगमवक्ताहरूका
हड्डीलाई त्यसै छोड़िदिए। १९ त्यसबाहेक
इस्राएलका राजाहरूले सामरियाका शहरहरूका
डांड़ा डांड़ाहरूमा बनाएका सबै पूजा-
थानहरू बनाएर परमप्रभुलाई रीस उठाएका
हुनाले योशियाहले तिनीहरूलाई दमन गरे,
र बेतेलमा गरेझैं तिनलाई पनि त्यसै गरे।
२० त्यहां डांड़ा डांड़ामा भएका पूजाहारी-
हरूलाई तिनले वेदीहरूमा मारे, र ती
वेदीहरूमा तिनले मानिसहरूका हड्डी जलाए।
त्यसपछि तिनी यरूशलेममा फर्के।

निस्तार चाड़को पुनःस्थापन

२१ करारको यस पुस्तकमा आदेश
गरेझैं राजाले मानिसहरूलाई परमप्रभु आफ्ना
परमेश्वरको निस्तार चाड़ पालन गर्ने हुकुम
गरे। २२ यस्तो निस्तार चाड़ इस्राएलीहरू-
माथि न्यायकर्त्ताहरूले शासन गरेको समयमा
औ इस्राएल र यहूदामा राजाहरूले शासन
गरेको समयमा पनि कहिल्यै मनाएको थिएन।
२३ तर योशियाहको शासनको अठाहौं वर्षमा
यरूशलेममा परमप्रभुको निम्ति यो निस्तार
चाड़ मनाइयो। २४ त्यसबाहेक परमप्रभुको
भवनमा हिल्कियाह पूजाहारीले पाएको
व्यवस्थाको पुस्तकमा लेखिएका कुराहरू पूरा
गर्नलाई तिनले सबै भूत-प्रेत खेलाउने, सबै
घर-देवताहरू र मूर्तिहरू र यहूदादेश र
यरूशलेममा देखिने सबै घिनलाग्दा थोकहरू-
लाई हटाए। २५ आफ्ना सारा मन,
प्राण र शक्तिले मोशाका सबै व्यवस्था
मानेर हिंड्ने कुनै पनि राजा परमप्रभुतर्फ
त्यसरी फर्केका थिएनन्। तिनीजस्तै अरू
कुनै राजा पनि फेरि देखिएन।
२६ तापनि परमप्रभुले आफ्नो भयानक
क्रोध शान्त गर्नुभएन। मनश्शेले
उठाउनुएका सबै क्रोधको कारण यहूदाको
विरुद्धमा उहांको क्रोध शान्त भएन।
२७ उहांले भन्नुभएको थियो, "जसरी मैंले
इस्राएललाई निकालेको थिएँ, त्यसरीनै यहूदा-
लाई पनि म मेरो दृष्टिबाट निकालिदिनेछु।
औ मैंले अघि चुनेको यरूशलेम शहर, र
मेरो नाउँ रहनेछ भनी मैले प्रतिज्ञा गरेको
यस भवनलाई म त्यागिदिनेछु।"

योशियाहको मृत्यु

२८ योशियाहको शासनका अरू घटना
र कार्यहरू यहूदाका राजाहरूको इतिहासमा
लेखिएका छन्। २९ तिनकै शासनकालमा
मिश्र देशका राजा फिरऊन नेकोले अश्शूरका
राजालाई सहायता गर्न यूफ्रेटिस नदीतिर
बढ़े। राजा योशियाह तिनको सामना
गर्न अगि बढ़े, औ जब उनीहरू मगिद्दोमा
भेट भए तब फिरऊन नेकोले योशियाहलाई
मारे। ३० तिनका सेवकहरूले तिनको
लाश मगिद्दोबाट रथमा हालेर यरूशलेममा
ल्याए, र तिनको आफ्नै चिहानमा
गाड़े। त्यसपछि देशको प्रजाले योशियाहका
छोरा यहोआहाजलाई तिनका पिताको सट्टामा
राजा अभिषेक गरे।

यहोआहाजको शासन र पदच्यूत

३१ यहोआहाजले राजगद्दी आरोहण गर्दा
तेईस वर्षका थिए। तिनले यरूशलेममा तीन
महीना राज्य गरे। तिनकी आमा लिब्नाका
यिर्मयाहकी छोरी हमूतल थिइन्। ३२ तिनले
आफ्ना पिता-पुर्खाहरूले झैं परमप्रभुको दृष्टिमा
जे कुरो खराब थियो त्यही गरे। ३३ तिनले
यरूशलेममा शासन नगरून् भनी फिरऊन
नेकोले तिनलाई हमात देशको रिब्लामा
कैद गरी राखे, औ देशमा एक सय तोड़ा
चांदी र एक तोड़ा सुन कर तिर्न लाए।
३४ फिरऊन नेकोले योशियाहका छोरा

एल्याकीमलाई तिनका पिताको सट्टामा राजा
तुल्याए, र तिनको नाउँ यहोयाकीम
राखिदिए। तिनले यहोआहाजलाई मिश्र देशमा
लगे, र तिनी त्यहींनै मरे। ३५ फिरऊनको
माग पूरा गर्नलाई यहोयाकीमले देशमाथि
कर लगाएर सुन र चाँदी फिरऊनलाई
तिरे। फिरऊन नेकोलाई तिर्नें तोकिएको
करअनुसार आफ्नो प्रजाको हरेक मानिसबाट
तिनले कर लिए।

यहोयाकीमको शासन

३६ राजगद्दी आरोहण गर्दा यहोयाकीम
पच्चीस वर्षका थिए, औ तिनले यरूशलेममा
एघार वर्ष शासन गरे। तिनकी आमा रूमाका
पदायाहकी छोरी जबीदा थिइन्। ३७ तिनले
आफ्ना पुर्खाहरूले गरेझैं परमप्रभुको दृष्टिमा
जे कुरो खराब थियो त्यही गरे।

२४ तिनका शासनकालमा बाबेलका राजा
नबूकदनेसर लड़ाईं गर्न आए, र
यहोयाकीम तिनका अधीनमा राजा भए।
तर तीन वर्षपछि तिनले आफ्नो सम्बन्ध
तोड़ेर विद्रोह गरे। २ परमप्रभुले तिनको
विरुद्धमा कल्दी, अरामीरू, मोआबी र
अम्मोनीहरूका लूटपीट गर्ने दल पठाउनुभयो,
परमप्रभुले आफ्ना दास अगमवक्ताहरूद्वारा
अगमवाणी गरेझैं यहूदालाई नाश पार्नलाई
तिनीहरूलाई त्यहाँ पठाउनुभयो। ३ मनश्शेले
गरेका पाप र तिनले निर्दोषी रगत
बगाएको कारण, ४ तिनीहरूलाई आफ्नो
सामनेबाट निकालिदिने परमप्रभुको अभिप्राय
पूरा हुन यी सबै यहूदामाथि हुनआयो।
मनश्शेले निर्दोषी रगतले यरूशलेमलाई पूरा
भिजाएका थिए। यसैले परमप्रभुले तिनलाई
क्षमा गर्नुभएन।
५ यहोयाकीमका अरू घटना र कार्यहरू
यहूदाका राजाहरूको इतिहासमा लेखिएका
छन्। ६ तिनी आफ्ना पित्रहरूसित
सुते, औ तिनीपछि तिनका छोरा यहोयाकीन
राजा भए। ७ मिश्र देशका राजाले
तिनको आफ्नै देश फेरि छोड़ेर आएनन्,
किनभने बाबेलका राजाले मिश्रको खोल्वादेखि
लिएर यूफ्रेटिस नदीसम्म तिनका सबै
अधिकारका भागमा परेका सबै देशहरू
तिनीबाट खोसेका थिए।

यहोयाकीन र तिनका भारादारहरू कैद गरिएर बाबेलमा लगिएका

८ राजगद्दी आरोहण गर्दा यहोयाकीन
अठाह्र वर्षका थिए। तिनले यरूशलेममा
तीन महीना राज्य गरे। तिनकी आमा
यरूशलेम एल्नातानी छोरी नहुश्ता थिइन्।
९ आफ्ना पिताले झैं तिनले परमप्रभुको
दृष्टिमा जे कुरो खराब थियो त्यही गरे।
१० त्यस बेला बाबेलका राजा नबूकदनेसरका
फौजहरू यरूशलेमतिर बढ़ेर त्यस शहरलाई
घेरा हाले। ११ आफ्ना फौजहरूले त्यसलाई
घेरा हालिरहेको बेलामा नबूकदनेसर आइपुगे।
१२ यहूदाका राजा यहोयाकीन, तिनकी
आमा, तिनका भारादारहरू, तिनका
अफिसरहरू र तिनका नपुंसकहरू सबैले
आफू आफूलाई बाबेलका राजाको हातमा
सुम्पिदिए। बाबेलका राजाले आफ्नो शासनको
आठौं वर्षमा यहोयाकीनलाई कैद गरे।
१३ पहिलेनै परमप्रभुले भन्नुभएझैं परमप्रभुको
भवनका भण्डारका र राजमहलका सबै
थोकहरू तिनले लगे, औ परमप्रभुको भवनको
निम्ति इस्राएलका राजा सुलेमानले बनाएका
सुनका भाँड़ाहरू टुक्रा टुक्रा पारेर लगे।
१४ तिनले यरूशलेमका मानिसहरू, अफिसर-
हरू र लड़ाकु मानिसहरू जम्मा दश हजार
र सबै कारीगरहरू र लोहारहरूसमेतलाइ कैद
गरेर लगे। केवल साह्रै कङ्गालीहरूलाई मात्र
छोड़े। १५ तिनले यहोयाकीनलाई कैद
गरेर बाबेलमा लगे। तिनले राजा-माता
तिनका पत्नीहरू, तिनका नपुंसकहरू र

देशका अग्रगण्य मानिसहरूलाई यरूशलेमबाट
कैद गरेर बाबेलमा लगे। १६ तिनले सात
हजार उच्च कुलका मानिसहरू र एक हजार
कारीगरहरू र लोहारहरूलाई लगे, यी सबका
सब लड़ाइँ गर्नसक्ने र लड़ाइँका हतियार
बनाउनसक्ने निपुण मानिसहरू थिए।
१७ तिनले यहोयाकीनका काका मतन्याहलाई
तिनको सट्टामा राजा तुल्याए, र तिनको
नाउँ सिदकियाह राखे।

सिदकियाहको शासन

१८ राजगद्दी आरोहण गर्दा सिदकियाह
एक्काईस वर्षका थिए। तिनले यरूशलेममा
एघार वर्ष राज्य गरे। तिनकी आमा
लिब्नाका यिर्मयाहकी छोरी हमूतल थिइन्।
१९ तिनले यहोयाकीमले गरेझैं परमप्रभुको
दृष्टिमा जे कुरो खराब थियो त्यही गरे।
२० यरूशलेम र यहूदाले परमप्रभुलाई यति
साह्रो क्रोधित तुल्याए, कि आखिरमा उहाँले
तिनीहरूलाई आफ्नो दृष्टिबाट निकालिदिनुभयो।
सिदकियाह बाबेलका राजाको विरुद्धमा
बागी भए।

यरूशलेमको पतन

२५ सिदकियाहको शासनको नवौं वर्षको
दशौं महीनाको दशौं दिनमा बाबेलका
राजा नबूकदनेसर आफ्नो सबै सेनाको साथ
यरूशलेमको विरुद्धमा बढ़ेर त्यसलाई घेरा
हाले, र त्यसका वरिपरि घेरा-मचान खड़ा
गरे। २ यो घेरा सिदकियाह राजाको
एघारौं वर्षसम्म रह्यो। ३ त्यस सालको
चौथो महीना नवौं दिनमा जब शहरमा घोर
अनिकाल भइरहेको थियो, औ जन-साधारणको
निम्ति खानेकुरो केही थिएन। ४ त्यही बेला
शहरका मूल-ढोकाहरू खोलिए। जब सिदकियाह
राजाले यो देखे तब तिनी र तिनका
सशस्त्र अङ्गरक्षकहरू शहर छोड़ेर राजाको
बगैँचाको नजीकमा भएका दुइ-पर्खाल भन्ने
मूल-ढोकाबाट भएर रातीनै भागे।
कल्दीहरूले शहर घेरिराखेका भए तापनि
तिनी अराबातिर उम्केर भागे। ५ तर
कल्दी सेनाले राजालाई खेदेर तिनलाई
यरीहोको मैदानमा फेला पारे। अनि तिनका
सबै दल तितर-बितर भए। ६ राजालाई
चाहिं कैद गरेर रिब्लामा बाबेलका राजाको
सामने ल्याए। त्यहाँ तिनलाई सजायको
फैसला भयो। ७ सिदकियाहका छोराहरू
तिनकै नजरको सामने मारिए। त्यसपछि
तिनका चाहिं आँखा निकालिदिए, र
तिनलाई पीतलको साङ्गलाले बाँधेर बाबेलमा
लगे।

यहूदाको कैद

८ पाँचौं महीनाको सातौं दिनमा, अर्थात्
बाबेलका राजा नबूकदनेसरको उन्नाईसौं वर्षमा
नबूकदनेसर राजाका अङ्गरक्षकहरूका कप्तान
नबू-जरदान यरूशलेममा आए, ९ र तिनले
परमप्रभुको भवन र राजमहलमा आगो
लगाइदिए। शहरका सबै घरहरू, हरेक ठूलो
घर जसले भस्म भयो। १० कल्दी फौज र
अङ्गरक्षकहरूका कप्तानले यरूशलेमको वरिपरिको
पर्खाल भत्काइदिए। ११ शहरमा छोड़िएका
बाँकी मानिसहरू, बाबेलका राजालाई त्यागेर
भागेकाहरू र छोड़िएका कारीगरहरूलाई
अङ्गरक्षकहरूका कप्तान नबू-जरदानले कैद गरेर
लगे। १२ दाखबारी गोड़गाड़ गर्न र मजदूरी
गर्नेको निम्ति अति दरिद्र मानिसहरूलाई
मात्र तिनले त्यहाँ छोड़े।
१३ कल्दीहरूले परमप्रभुको भवनमा भएको
पीतलको स्तम्भ, ठेला-गाड़ीहरू, पीतलको
विशाल खड्कुँलो ढालेर त्यसका धातु चाहिं
बाबेलमा लगे। १४ तिनीहरूले कचौराहरू,
बेल्चाहरू, मोसोदानी, धूपदानीभरू र मन्दिरको
सेवामा प्रयोग गरिने काँसाका सबै भाँड़ाहरू
लगे। १५ अङ्गरक्षकहरूका कप्तानले आगो

राख्ने भाँड़ा र छर्कने डाडू बनिएका
बहुमूल्य सुन र चाँदीका सबै थोकहरू लगे।
१६ सुलेमानले परमप्रभुको भवनको निम्ति
बनाएका दुइवटा पीतलका स्तम्भहरू, विशाल
खडकुँला र ठेला-गाड़ीहरू जोखी नसक्ने थिए।
१७ एउटा स्तम्भ अठाह हात अग्लो थियो,
र त्यसको स्तम्भ-शिरा पीतलको थियो।
स्तम्भ-शिरा तीन हात अग्लो थियो, औ
जाली र दारीममा चारैतिर सबै पीतलकै बुटा
भरिएको थियो। अर्को स्तम्भ त्यसको जाली-
समेत ठीक त्यही किसिमको थियो।

१८ अङ्गरक्षहरूका कप्तानले मुख्य पूजाहारी
सरायाह र दोस्रो पूजाहारी सपन्याहलाई र
प्रवेश-ढोकाको काममा खटिएका तीन जना
ढोकेहरूलाई पनि लगे। १९ तिनले शहरबाट
एउटा नपुंसलाई पनि लगे, जो योद्धाहरूका
जिम्मावाल थिए। राजाकहाँ जाने हक
भएका तीमध्ये पाँच जना, जो अझै शहरमानै
थिए, औ मानिसहरूलाई युद्धको निम्ति
भर्ना गर्ने सेनापति, र त्यहाँ अझै रहेका
मानिसहरूमध्येका साठी जनालाई लगे।
२० तिनीहरूलाई अङ्गरक्षकहरूका कप्तान
नबू-जरदानले रिब्लामा बाबेलका राजाकहाँ
ल्याए। २१ त्यहाँ हमातको देशमा बाबेलका
राजाले तिनीहरूलाई कोर्राले पिट्न लाएर
मारे। यसरी यहूदा आफ्नो निज देशबाट
कैदमा लगियो।

बाँकी मानिसहरू मिश्र देशमा भागेका

२२ बाबेलका राजा नबूकदनेसरले
अहीकामका छोरा शापानका नाति गदल्याहलाई
यहूदामा छोड़िएका ती थोरै मानिसहरूमाथि
राज्यपाल नियुक्त गरे। २३ जब सशस्त्र
दलहरूका कप्तानहरू र तिनीहरूका मानिसहरूले
बाबेलका राजाले गदल्याहलाई राज्यपाल
नियुक्त गरे भनी सुने, तब तिनीहरू सबै,
नतन्याहका छोरा ईश्माएल, कारेहका छोरा
योहानान, नतोपातका तन्हूमेतका छोरा सरायाह
र बेत-माकाका याजन्याह तिनीकहाँ मिस्पामा
आए। २४ तब गदल्याहले तिनीहरू र
तिनीहरूका मानिसहरूलाई यसो भनेर आश्वासन
दिए, "कल्दीहरूका अफिसरहरूसँग नडराऊ।
देशमा बसोबासो गर, बाबेलका राजाको सेवा
गर, तिमीहरूको भलो हुनेछ।" २५ तर
सातौं महीनामा एलीशामाका नाति,
नतन्याहका छोरा इश्माएल, जो राजकीय
घरानाका एक थिए, दश जना मानिसहरूसँग
आएर गदल्याह औ यहूदी र कल्दीहरू, जो
तिनीसँग मिस्पामा थिए, तिनीहरूको हत्या गरे।
२६ तब कल्दीहरूको डरले गर्दा साना-ठूला
सशस्त्र दलका कप्तानहरू सबका सब मिश्र
देशमा भागे।

यहोयाकीमको छुटकारा र बाबेलमा तिनको सम्मान

२७ यहूदाका राजा यहोयाकीन कैदमा
लगिएको सैंतीसौं वर्षको बाह्रौं महीनाको
सत्ताईसौं दिनमा बाबेलका राजा एबील-मरोदकले
आफ्नो राज्याभिषेकको वर्षमा यहूदाका राजा
यहोयाकीनमाथि दया देखाए। २८ उनले
तिनलाई कैदबाट निकाले। तिनीमाथि दयाको
वर्ताव देखाए र बाबेलमा आफूसँग भएका
राजाहरूभन्दा उच्च स्थानमा तिनलाई राखे।
२९ यसरी यहोयाकीनले आफ्नो कैदको लुगा
उतारे र आफ्नो बाँकी जीवनभरि राजाबाट
भत्ता पाएर तिनी बसे। ३० राजाले तिनको
भरण-पोषणको निम्ति दैनिक भत्ता तिनको
जीवनभरिनै दिए।

इतिहासको पहिलो पुस्तक

आदमका सन्तान—आदमदेखि शाऊलसम्मको वंशावली

१ आदम, सेत, एनोश, २ केनान,
महललेल, येरेद, ३ हनोक, मतूशेलह,
लेमेक, नूह।
४ नूहका छोराहरू—शेम, हाम र येपेत।

नूहका सन्तान

५ येपेतका छोराहरू—गोमेर, मागोग,
मादै, यावान, तूबल, मेशेक र तीरास।
६ गोमेरका छोराहरू—अश्कनज, दीपत र
तोगर्मा। ७ यावानका छोराहरू—एलीशा,
तर्शीश, कित्तीम र रोदानीम।
८ हामका छोराहरू—कूश, मिश्रेम, पूत
र कनान। ९ कूशका छोराहरू—सबा,
हवीला, सब्ता, रामा र सब्तका। रामाका
छोराहरू—शबा र ददान। १० कूश चाहिं
निम्रोदको पिता थिए, जो पृथ्वीमा
एक वीर मानिस भए। ११ मिश्रेमबाट
लूदीहरू, अनामीहरू, लहाबीहरू, नप्तूहीहरू,
१२ पत्रुसीहरू, कस्लूहीहरू र कप्तोरीहरू
उत्पन्न भए, जसबाट पलिश्तीहरू शुरू भए।
१३ कनान चाहिं सीदोनका पिता, जो
तिनका जेठा छोरा थिए, र हेत, १४ यबूसीहरू
एमोरीहरू, गिर्गाशीहरू, १५ हिव्वीहरू,
अरकीहरू, सीनीहरू, १६ अर्वादीहरू,
समारीहरू, र हमातीहरूका पिता थिए।
१७ शेमका छोराहरू—एलाम, अश्शूर,
अर्पक्षद, लूद र अराम। अरामका छोराहरू—
ऊज, हूल, गेतेर र मेशेक। १८ अर्पक्षद
शेलहका पिता थिए, औ शेलह एबेरका पिता
थिए। १९ एबेरका दुइ छोराहरू थिए—
एउटाको नाउँ पेलेग थियो। तिनको समयमा
पृथ्वी विभक्त गरिएको थियो, औ तिनको
भाइको नाउँ योक्तान थियो। २० योक्तान
अल्मोदाद, शेलेप, हसमवित, येरह,
२१ हदोराम, ऊजाल, दिकला, २२ एबाल,
अबीमाएल, शबा, २३ ओपीर, हवीला र
योबाबका पिता थिए। यी सबै योक्तानका
छोराहरू थिए।

शेमका सन्तान

२४ शेमका वंश—अर्पक्षद, शेलह,
२५ एबेर, पेलेग, रऊ, २६ सरूग, नाहोर,
तेरह, २७ र अब्राम, जसलाई अब्राहाम पनि
भनिन्छ।
२८ अब्राहामका छोराहरू इसहाक र
इश्माएल थिए।

इश्माएल र कतूराका सन्तान

२९ इश्माएलका छोराहरू तिनीहरूका
जन्मको क्रमअनुसार—जेठो नबायोत, त्यसपछि
केदार, अदबेल, मिब्साम, ३० मिश्मा, दूमा,
मस्सा, हदद, तेमा, ३१ यतूर, नापीश र
केदमा। यिनीहरू इश्माएलका छोराहरू थिए।
३२ अब्राहामका उप-पत्नी कतूराका
छोराहरू—तिनले उनको निम्ति जिम्रान,
योक्षान, मदान, मिद्यान, यिश्बाक र शूअहलाई
जन्माइन्। योक्षानका छोराहरू—शबा र
ददान। ३३ मिद्यानका छोराहरू—एपा,

एपेर, हनोक, अबीदा र एल्दाआ। कतूराका
सन्तान यिनै थिए।

एसावका सन्तान

३४ अब्राहाम इसहाकका पिता थिए,
औ इसहाकका छोराहरू एसाव र इस्राएल
थिए। ३५ एसावका छोराहरू—एलीपज,
रूएल, यऊश, यालाम र कोरह।
३६ एलीपजका छोराहरू—तेमान, ओमार,
एपी, गाताम, कनज, तिम्ना र अमालेक
३७ रूएलका छोराहरू—नहत, जेरह, शम्मा
र मिज्जा।
३८ सेईरका छोराहरू—लोतान, शोबाल
सिबोन, अना, दीशोन, एसेर र दीशान।
३९ लोतानका छोराहरू—होरी र होमाम।
लोतानकी तिम्ना नाउँ भएकी एउटी बहिनी
थिई। ४० शोबालका छोराहरू—अल्यान,
मानहत, एबाल, शपी र ओनाम। सिबोनका
छोराहरू—अयीया र अना। ४१ अनाको
छोरा—दीशोन। दीशोनका छोराहरू—हम्रान,
एश्बान, यित्रान र करान। ४२ एसेरका
छोराहरू—बिल्हान, जावान र याकान।
दीशानका छोराहरू—ऊज र अरान।
४३ इस्राएल्मा राजा हुनभन्दा पहिले
एदोममा राज्य गर्ने राजाहरू यिनै हुन्।
बओरका छोरा बेला, जसको शहर दिनहाबा
थियो। ४४ तिनी मरेपछि बोस्राका जेरहका
छोरा योबाब राजा भए। ४५ योबाब
मरेपछि तेमानका हूशाम राजा भए।
४६ हूशाम मरेपछि बददका छोरा हदद
राजा भए। तिनले मोआबको देशमा मिद्यानी-
हरूलाई परास्त गरे। तिनको शहरको नाउँ
अवीत थियो। ४७ हदद मरेपछि मस्रेकाका
सम्ला राजा भए। ४८ सम्ला मरेपछि
यूफ्रेटिस नदीको किनारको रहोबोतको शाऊल
राजा भए। ४९ शाऊल मरेपछि अक्बोरका
छोरा बाल्-हनान राजा भए। ५० बाल्-हनान
मरेपछि हदद राजा भए। तिनको शहरको
नाउँ पाई थियो। तिनकी स्वास्नीको नाउँ
मत्रेदकी छोरी महतबेल थियो, जो मेजाहाबकी
छोरी थिइन्।
५१ हदद मरेपछि एदोमका अधिपतिहरू
यिनै भए—प्रधान तिम्ना, प्रधान अल्वा,
प्रधान यतेत, ५२ प्रधान ओहोलीबामा,
प्रधान एला, प्रधान पीनोन, ५३ प्रधान
कनज, प्रधान तेमान, प्रधान मिबसार,
५४ प्रधान मग्दीएल र प्रधान ईराम।
एदोमका प्रधानहरू यिनै थिए।

इस्राएलका छोराहरू

२ इस्राएलका छोराहरू यिनै थिए—रूबेन,
शिमोन, लेवी, यहूदा, इस्साकार,
जबूलून, २ दान, यूसुफ, बिन्यामीन, नप्ताली,
गाद र आशेर।

यहूदाका सन्तान

३ यहूदाका छोराहरू—एर, ओनान र
शेला। यी तीन जनाकी आमा चाहिं कनानी
स्त्री शूअ थिइन्। यहूदाका जेठा छोरा
एरले परमप्रभुलाई अप्रसन्न गराएको हुनाले
परमप्रभुले त्यसलाई मार्नुभयो। ४ तब
यहूदाकी बुहारी तामारले तिनको निम्ति पेरेस
र जेरहलाई जन्माइन्। यहूदाका सबै जम्मा
छोराहरू पाँच जना भए। ५ पेरेसका
छोराहरू—हेस्रोन र हामूल। ६ जेरहका
छोराहरू—जिम्री, एतान, हेमान, कल्कोल र
दारा। सबै जम्मा पाँच जना थिए।
७ जिम्रीका छोरा—कर्मी। कर्मीका छोरा—
आकान, जसले प्रतिबन्ध गरिएको थोकको
विषयमा उल्लङ्घन गरेर इस्राएलमाथि कष्ट
ल्याए। ८ एतानका छोरा—अजर्याह।
९ हेस्रोनका छोराहरू—यरह्मेल, राम र
कलूबै। १० राम चाहिं अम्मीनादाबका
पिता थिए, औ अम्मीनादाब नहशोनका पिता
थिए, जो यहूदाका एक राजा थिए।

११ नहशोन सल्माका पिता थिए, सल्मा बोअजका पिता थिए। १२ बोअज ओबेदका पिता थिए, ओबेद यिशैका पिता थिए। १३ यिशैका जेठा छोरा एलीआब, माहिला अबीनादाब, साहिंला शिमा, १४ काहिंला नतनेल, अन्तरे रद्दै, १५ जन्तरे ओसेम र कान्छा दाऊद थिए। १६ तिनका बहिनीहरू सरूयाह र अबीगेल थिए। सरूयाहका छोरा-हरू—अबीशै, योआब र असाहेल, जम्मा तीन जना थिए। १७ अबीगेल अमासाकी आमा थिइन्। तिनका पिता इश्माएली येतेर थिए।

१८ हेस्रोनका छोरा कालेबकी आफ्नी पत्नी अजूबाबाट र यरीओतबाट छोरा-छोरीहरू भए। तिनका छोराहरू यिनै थिए—येशेर, शोबाब र अर्दोन। १९ जब अजूबा मरिन् तब कालेबले एफ्रातलाई विवाह गरे, जसले तिनको निम्ति हूरलाई जन्माइन्। २० हूरले ऊरीलाई जन्माए। ऊरीले बसलेललाई जन्माए।

२१ पछि जब हेस्रोन साठी वर्ष पुगेका थिए तब गिलादका पिता माकीरकी छोरीसित तिनले विवाह गरेपछि तिनीसित तिनको सहवास भयो, र तिसले सगूबलाई जन्माइन्। २२ सगूब याईरका पिता थिए। गिलादमा याईरका तेईसवटा शहर थिए। २३ गशूर र अरामले तिनीहरूबाट हव्वोत-याईर र कनत औ तिनको अधीनमा भएका जम्मा साठीवटा शहर लिए। यिनीहरू सबै गिलादका पिता माकीरका सन्तान थिए। २४ हेब्रोन मरेपछि कालेबको एफ्रातासँग सहवास भयो, र तिनले उनको निम्ति तकोका पिता अशहूरलाई जन्माइन्।

२५ हेस्रोनका जेठा छोरा यरहमेलका छोराहरू—जेठा राम, बूना, ओरेन, ओसेम र अहियाह। २६ यरहमेलकी अर्की एउटी पत्नी थिइन्, जसको नाउँ अतारा थियो। तिनी चाहिं ओनामकी आमा थिइन्। २७ यरहमेलका जेठा छोरा रामका छोराहरू—मास, यामीन र एकेर। २८ ओनामका छोराहरू—शम्मै यादा। शम्मैका छोराहरू—नादाब र अबीशूर। २९ अबीशूरकी पत्नीको नाउँ अबीहेल थियो। तिनले उनको निम्ति अहबान र मोलीदलाई जन्माइन्। ३० नादाबका छोराहरू—सेलेद र अप्पेम। सेलेद निस्सन्तान भएर मरे। ३१ अप्पेमका छोरा यिशी थिए। यिशीका छोरा शेशान र शेशानका छोरा अहलै थिए। ३२ शम्मैको भाइ यादाका छोराहरू—येतेर र जोनाथन थिए। येतेर निस्सन्तान भएर मरे। ३३ जोनाथनका छोराहरू—पेलेत र जाजा थिए। यरहमेलका सन्तान यिनै थिए।

३४ शेशानका छोरीहरू थिए, तर छोराहरू थिएनन्। तिनको यहाँ नाउँको एउटा मिश्री दास थियो। ३५ यही यहाँसित तिनले आफ्नी छोरीलाई विवाह गरिदिए, र तिनले त्यसको निम्ति अत्तैलाई जन्माइन्। ३६ अत्तै नातानका पिता थिए। नातान जाबादका पिता थिए। ३७ जाबाद एपलालका पिता थिए। एपलाल ओबेदका पिता थिए। ३८ ओबेद येहूका पिता थिए। येहू अजर्याहका पिता थिए। ३९ अजर्याह हेलेसका पिता थिए। हेलेस एलासाका पिता थिए। ४० एलासा सिस्मैका पिता थिए। सिस्मै शल्लूमका पिता थिए। ४१ शल्लूम यकम्याहका पिता थिए। औ यकम्याह एलीशामाका पिता थिए।

४२ यरहमेलका भाइ कालेबका छोराहरू—जेठा मेशा, जो जीपका पिता थिए र मारेशा, जो हेब्रोनका पिता थिए। ४३ हेब्रोनका छोराहरू—कोरह, तप्पूह, रेकेम र शेमा। ४४ शेमा चाहिं योर्कामका पिता रहमका पिता थिए। रेकेम शम्मैका पिता थिए। ४५ शम्मै माओनका पिता थिए। ४६ कालेबका उप-पत्नी एपा, हारान, मोसा र गाजेजकी आमा थिइन्। हारान गाजेजका पिता थिए। ४७ यहदैका छोराहरू—रेगेम, योताम, गेशान, पेलेत, एपा र शाम थिए। ४८ कालेबकी उप-पत्नी माका चाहिं शेबेर

र तिर्हानकी आमा थिइन्। ४९ तिनले
मदमन्नाका पिता चापलाई औ मक्बेना र
गिबाका पिता शबालाई पनि जन्माइन्।
कालेबकी अक्सा नाउँकी एउटी छोरी पनि
थिइन्।
५० कालेबका सन्तान—एप्राताका जेठा
छोरा हूरका छोराहरू—किर्यात-यारीमका पिता
शोबाल, ५१ बेतलेहेमका पिता सल्मा र
बेत-गादेरका पिता हारेप थिए। ५२ किर्यात-
यारीमका पिताका अरू छोराहरू थिए—हारोए,
मनुहोतीहरूका आधा।
५३ किर्यात-यारीमका गोत्रहरू—यित्रीहरू,
पूहीहरू, शुमातीहरू र मिश्रातीहरू, जसबाट
सोरातीहरू र एशताओलीहरूका सन्तान भए।
५४ सल्माका सन्तानहरू—बेतलेहेम,
नतोपातीहरू, अतारोत, बेतयोआब, आधा
मानहतीहरू र सोरीहरू।
५५ याबेशमा बस्ने सोफ्रितीका कुलहरू—
तिरातीहरू, शिमातीहरू र सुचातीहरू। यी
तिनै केनीहरू हुन्, जसले रेकाबीहरूका
पुर्खासित वैवाहिक सम्बन्ध जोडेका थिए।

दाऊदका छोराहरू

३ हेब्रोनमा जन्मेका दाऊदका छोराहरू
यिनै हुन्—जेठा अम्मोन, जसकी
आमा यिज्रेलकी अहीनोअम थिइन्। माहिला
दानियेल, जसकी आमा कर्मेलकी अबीगेल
थिइन्। २ साहिँला अब्शालोम, जसकी
आमा गशूरका राजा तल्मैकी छोरी माका
थिइन्। काहिँला अदोनियाह, जसकी आमा
हग्गीत थिइन्। ३ अन्तरे शपत्याह, जसकी
आमा अबीतल थिइन्। कान्छा यित्राम
जसकी आमा दाऊदकी पत्नी एग्ला थिइन्।
४ यी छ जना चाहिँ हेब्रोनमा जन्मेका
थिए। त्यहाँ दाऊदले सात वर्ष छ महीना
राज्य गरे। ५ यरूशलेममा तिनले तेंतीस
वर्ष राज्य गरे। त्यहाँ यी छोराहरू
जन्मे—शिमा, शोबाब, नातान र सुलेमान।
यी चार जना अम्मीएलकी छोरी बतशेबाबाट
जन्मेका थिए। ६ अरू नौ जना चाहिँ—
यिभार, एलीशामा, एलीपेलेत, ७ नोगह,
नेपेग, यापी, ८ एलीशामा, एल्यादा र
एलीशापेलेत, थिए। ९ उप-पत्नीहरूका
छोराहरूबाहेक सबै दाऊदका छोराहरू थिए,
औ तामार तिनीहरूकी बहिनी थिइन्।

सुलेमानका सन्तान

१० सुलेमानका छोरा रहबाम थिए,
जसका छोरा अबियाह, जसका छोरा आसा
जसका छोरा यहोशापात, ११ जसका छोरा
योराम, जसका छोरा अहज्याह, जसका छोरा
योआश, १२ जसका छोरा अमस्याह,
जसका छोरा अजर्याह, जसका छोरा योताम,
१३ जसका छोरा आहाज, जसका छोरा
हिजकियाह, जसका छोरा मनश्शे,
१४ जसका छोरा आमोन, जसका छोरा
योशियाह थिए। १५ योशियाहका छोराहरू
—जेठा योहानान, माहिला यहोयाकीम,
साहिँला सिदकियाह र कान्छा शल्लूम थिए।
१६ यहोयाकीमका छोराहरू—यकोन्याह र
सिदकियाह थिए। १७ कैदमा लगिएका यको-
न्याहका छोराहरू—शालतीएल, १८ मल्कीराम,
पदायाह, शेनस्सर, यकन्याह, होशामा
र नदब्याह। १९ पदायाहका छोरा
हरू—यरुबाबेल र शिमी। यरुबाबेलका
छोराहरू—मशुल्लाम र हनन्याह। तिनीहरूकी
बहिनी शलोमीत थिइन्। २० अरू पाँच
जना पनि थिए—हशूबा, ओहेल, बेरेक्याह,
हसयाह र यूशप-हेसेद। २१ हनन्याहका
छोराहरू—पलत्याह र यशैया। यशैयाका छोरा—
रपायाह, जसका छोरा अर्नान, जसका छोरा
ओबद्याह, जसका छोरा शकन्याह। २२ शक-
न्याहका छोराहरू—शमायाह, हत्तूश, यिगाल,
बारीह, नार्याह र शापात, जम्मा छ जना।
२३ नार्याहका छोराहरू—एल्योएनै, हिजकियाह
र अज्रीकाम, जम्मा तीन जना।

२४ एल्योएनैका छोराहरू—होदव्याह,
एल्याशीब, पलायाह, अक्कूब, योहानान,
दलायाह, र अनानी, जम्मा सात जना।

यहूदाका सन्तान

४ यहूदाका छोराहरू—पेरेस, हेस्रोन, कर्मी
हूर र शोबाल। २ शोबालका छोरा
रायाह यहतका पिता थिए। यहत चाहिँ
अहूमै र लहदका पिता थिए। सोरातीहरूका
कुल यिनै थिए।
३ एतामका छोराहरू—यिज्रेल, यिश्मा
यिदबश, ४ गदोरका पिता पनूएल र
हूशाका पिता एजेर थिए। तिनीहरूकी बहिनीको
नाउँ हस्सलेल्पोनी थियो। हूरका छोराहरू यिनै
हुन्—जेठा एप्राता, बेतलेहेमका पिता थिए।
५ तकोका पिताका दुइ पत्नी थिए, हेला
र नारा। ६ नाराले तिनको निम्ति अहुज्जाम,
हेपेर, तेमनी र हाहश्तारीलाई जन्माइन्।
नाराका छोराहरू यिनै हुन्। ७ हेलाका
छोराहरू—सेरेत, यिसहार, एतमान र कोस।
८ कोस चाहिँ आनूब र सोबेबाका औ
हारूमका छोरा अहर्हेलका गोत्रका पिता थिए।
९ याबेश आफ्ना दाज्यू-भाइहरूभन्दा
बढ़ी मानका थिए। तिनकी आमाले तिनलाई
याबेश नाउँ राखेकी थिइन्, किनभने तिनले
भनिन्, 'मैले त्यसलाई वेदना जन्माए।'
१० याबेशले यसो भनेर इस्राएलका परमेश्वरलाई
पुकारा गरे, "बिन्ती छ, मलाई आशिष
दिएर ठूलो इलाका दिनुहोस्। तपाईंको हात
ममाथि रहोस्, औ मलाई जोखिमबाट
जोगाएर राख्नुहोस्। मलाई कुनै चोटले पनि
नदुखोस्।" औ परमप्रभुले तिनको बिन्ती
सुन्नुभयो।
११ शूअको भाइ कलूब एश्तोनका पिता
महीर थिए। १२ एश्तोन बेत-रापा, पासेह
र तहिन्नाका पिता थिए। तहिन्ना नाहशका
पिता थिए। यिनीहरू रेकाका मानिसहरू
थिए।
१३ कनजका छोराहरू—ओत्नीएल र
सरायाह। ओत्नीएलका छोराहरू—हतत र
मोनोतै।
१४ मोनोतै ओप्राका पिता थिए। सरायाह
योआबका पिता, गहरशीमीहरूका पिता थिए,
किनभने तिनीहरू कारीगरहरू थिए।
१५ यपून्नेका छोरा कालेबका छोराहरू
—ईरू, एला र नआम। एलाका छोरा—
कनज।
१६ यहलल्लेलका छोराहरू—जीप, जीपा,
तीरया र असरेल।
१७ एज्राका छोराहरू—येतेर, मेरेद,
एपेर यालोन। मेरेदले विवाह गरेका फिरऊनकी
छोरी बित्याहका छोराहरू थिए। तिनी
गर्भवती भइन् र मिर्याम, शम्मै र एश्तमोका
पिता यिश्बहलाई जन्माइन्। १८ तिनकी
यहूदी पत्नी चाहिँ गदोरका पिता येरेद,
सेकोका पिता हेबेर र जानोहका पिता
यकूतीएलकी आमा थिइन्। १९ होदियाहकी
पत्नी नहमकी बहिनीका छोराहरू गेरेमी
कीलाका पिता दलीआ र माकाती एश्तमोका
पिता थिए।
२० शिमोनका छोराहरू—अम्नोन, रिन्ना,
बेन्हानान र तीलोन। यिशीका छोराहरू—
जोहेत र बेन-जोहेत।
२१ यहूदाका छोरा शेलाका छोराहरू—
लेकाका पिता एर, मारेशाका पिता लादा,
अश्बेया र मिहीन मलमल बनाउनेहरूका घरानाका
गोत्रहरू, २२ योकीम, कोजेबाका मानिसहरू,
योआश र साराप, जसले मोआबसित लड़ाइँ
गरेर बेतलेहेममा फर्की आए। (यो विवरण
अति प्राचीन छ।) २३ यिनीहरू कुमाले
थिए, औ नताईम र गदेरामा बस्नेहरू चाहिँ
डकर्मीको काम गर्थे।

शिमोनका सन्तान

२४ शिमोनका छोराहरू—नमूएल, यामीन,
यारीब, जेरह र शाऊल, २५ जसका छोरा

शल्लूम, जसका छोरा मिब्साम र जसका
छोरा मिश्मा थिए। २६ मिश्माका छोरा-
हरू—तिनका छोरा हम्मूएल, जसका छोरा
जक्कूर, जसका छोरा शिमी थिए।
२७ शिमीका सोह भाइ छोरा र छ बहिनी
छोरी थिए, तर तिनका घरानाका अरूहरूका
थोरै छोरा-छोरी थिए, औ त्यो गोत्र
यहूदाको कुल जत्तिकै धेरै संख्यामा बढ़ेन।
२८ तिनीहरू बेर्शेबा, मोलादा, हसरशूआल,
२९ बिल्हा, एसेम, तोलाद, ३० बतूएल,
होर्मा, सिकलग, ३१ बेत-मर्काबोत,
हसरशूसीम, बेत-बिरी र शारेममा बस्थे।
३२ दाऊदले शासन नगरूज्जेलसम्म तिनीहरूका
शहरहरू यिनै थिए। तिनीहरूका गाउँहरू
एताम, ऐन, रिम्मोन, तोकेन र आशान,
जम्मा पांच गाउँ थिए। ३३ औ बालसम्मै
यी गाउँहरूका वरिपरि तिनीहरूका बस्तीहरू
थिए। तिनीहरू बसेका ठाउँहरू यिनै थिए।
औ तिनीहरूले वंशावलीको एउटा सूची पनि
राखेका थिए।

३४ तिनीहरूका सूचीमा लेखिएका नाउँहरू
यिनै थिए—मशोबाब, यम्लेक, अमस्याहका
छोरा योशा, ३५ योएल, येहू योशिब्याहका
छोरा सरायाहका नाति असीएलका पनाति,
३६ र एल्योएनै, याकोबा, यशोहायाह,
असायाह, अदीएल, यसीमीएल, बनायाह,
३७ शिमीका छोरा जोजा अल्लोनका नाति
यदायाहका पनाति शिम्रीका खनाति शमायाहका
जनाति, ३८ जसका नाउँहरू आफ्नो
आफ्नो गोत्रमा राजा भनी लेखिएका थिए,
र तिनीहरूका घराना ज्यादै गरी बढ़े।
३९ त्यसपछि तिनीहरू आफ्ना बगालहरूका
निम्ति खर्क खोज्दै बेंसीको पूर्वपट्टि गदोर
पस्ने ठाउँसम्म गए। ४० तिनीहरूले खुला
मैदानको विस्तृत ठाउँमा मलिलो र असल
खर्क भेट्टाए, जहां सबै कुरा शान्त र सूनसान
थिए। त्यसका अघि त्यो ठाउँ हाम जातिले
ओगटेको थियो। ४१ यहूदाका राजा
हिजकियाहको राजत्वकालमा माथि लेखिएका
जातिहरूले आएर हामको कुल र त्यहाँ
भेट्टाएका मुनि जातिहरूलाई नाश गरे।
उनीहरूले तिनीहरूलाई यसरी ध्वंस-विध्वंस
पारे कि आजको दिनसम्म पनि तिनीहरूका
नाउँ-निशानै पाइँदैन। औ तिनीहरूका
बगालको लागि खर्क भएकोले तिनीहरूले त्यो
देश ओगटे। ४२ शिशीका छोराहरू पलत्याह,
नार्याह, रपायाह र उज्जीएलका नेतृत्वमा
पांच सय जत्ति शिमोनीहरूले सेईर देशमाथि
आक्रमण गरे। ४३ तिनीहरूले बांचेका
अमालेकीहरू सबैलाई नाश पारे। औ
आजको दिनसम्म तिनीहरू त्यहाँ बसेका
छन्।

रूबेनका सन्तान

५ इस्राएलका छोराहरूमध्ये सबैभन्दा
जेठो रूबेनका छोराहरू—(वास्तवमा
तिनी पहिले जन्मेका छोरा थिए, तर तिनले
आफ्ना पिताको एउटी पत्नीलाई भ्रष्टाचार
गरेको कारण जेठा-अधिकार इस्राएलका छोरा
यूसुफका छोराहरूलाई दिइयो, तापनि तिनी
चाहिं जेठा छोराको सूचीमा गनिनसकिएन।
२ आफ्ना दाज्यू-भाइहरूमध्ये सबैभन्दा मुख्य
स्थान यहूदाले लिएका छन्, किनभने तिनी
एउटा शासकका पिता भए, अनि जेठा-
अधिकार तिनकै भयो, तर यूसुफको होइन।)
३ इस्राएलका जेठा छोरा रूबेनका छोराहरू
—हनोक, पल्लू, हेस्रोन र कर्मी।
४ योएलका छोराहरू—तिनका छोरा शमायाह
जसका छोरा गोग, जसका छोरा शिमी,
५ जसका छोरा मीका, जसका छोरा रायाह,
जसका छोरा बाल, ६ जसका छोरा बेरा,
जसलाई अश्शूरका राजा तिग्लत-पिलेसेरले
कैद गरेर लगे। तिनी रूबेनीहरूका एक
प्रधान थिए। ७ तिनका कुटुम्बहरू घराना
घराना गरी तिनीहरूका कुलका सूचीहरूमा
लेखिएका छन्—प्रधान यीएल, प्रधान जकर्याह,
८ अजाजका छोरा बेला, शेमाका नाति,

योएलका पनाति। तिनीहरू अरोएरमा बस्थे,
औ तिनीहरूको देश नबो र बाल-मोनसम्म
फैलिएको थियो। ९ पूर्वपट्टि तिनीहरूले
यूफ्रेटिस नदीसम्म फैलिएको मरूभूमिको
किनारसम्म एउटा इलाका ओगटेका थिए,
किनभने गिलादमा तिनीहरूका गाई-वस्तुको
संख्या अनगन्ती थियो। १० शाऊलको
राजत्वकालमा तिनीहरूले हगारीहरूसँग युद्ध
गरेर तिनीहरूलाई जिते, औ गिलादको
पूर्वपट्टिका सबै देशभरि भएका तिनीहरूका
छाउनीहरूलाई ओगटे।

गादका सन्तान

११ तिनीहरूसँगसँगै जोड़िएर बसेका
गादीहरू थिए, जसले सल्कासम्म बाशानको
जिल्लालाई ओगटेका थिए। १२ प्रधान
योएल। दर्जामा दोस्रो शापाम, त्यसपछि
बाशानमा यानै र शापात। १३ तिनीहरूका
कुलका दाज्यू-भाइहरू मीकाएल, मशुल्लाम,
शेबा, योरै, याकान, जीआ र एबेर, जम्मा
सात जना थिए। १४ यिनीहरू बूजका
छोरा, यहदोका छोरा, यशीशैका छोरा,
मीकाएलका छोरा, गिलादका छोरा, यारोहका
छोरा, हूरीका छोरा, अबीहेलका छोरा थिए।
१५ गूनीका छोरा, अब्दीएलका छोरा,
अही तिनीहरूका घरानाका प्रधान थिए।
१६ तिनीहरू गिलादमा, बाशान र त्यसका
गाउँहरूमा शारोनका सबै खर्कहरू फैलिएका
ठाउँसम्मै बस्तथिए। १७ यी सूचीहरू
यहूदाका राजा योताम र इस्राएलका राजा
यारोबामका शासनकालमा सबै संग्रह गरिएका
थिए।

दुइ र आधा कुलको इतिहास

१८ रूबेनका छोराहरू, गाद र मनश्शेको
आधा कुल—तिनीहरूका ढाल र तरवारले
सुसज्जित भएका लड़ाकु मानिसहरू, धनुर्धारी
र लड़ाइँको निम्ति तालिम पाएका सिपाहीहरू
चवालीस हजार सात सय साठी जना थिए।
यिनीहरू लड़ाइँको निम्ति तयार रहनेहरू
थिए। १९ तिनीहरूले हगारीहरू, यतूर,
नापीश र नोदाबसित युद्ध गरे।
२० लड़ाइँमा सहायताको निम्ति तिनीहरूले
आफ्ना परमेश्वरलाई पुकारेको कारण तिनी-
हरूलाई उनीहरूका विरुद्धमा सहायता दिइयो।
तिनीहरूले उहाँमाथि भरोसा गरेका थिए,
यसैकारण उहाँले तिनीहरूको प्रार्थना सुन्नुभयो,
र हगारीहरू र तिनीहरूका सबै मित्र-राष्ट्रहरूले
आत्म-समर्पण गरे। २१ तिनीहरूले उनीहरूका
गाई-वस्तुहरू, पचास हजार ऊँट, दुइ लाख
पचास हजार भेड़ा, दुइ हजार गधा लगे
औ एक लाख जनालाई कैद गरे।
२२ यो युद्ध परमेश्वरतर्फबाट भएको हुनाले धेरै
जना मारिए, र तिनीहरू कैदमा नलगुन्जेलसम्म
तिनीहरूका सट्टामा बसोबासो गरे।
२३ मनश्शेका आधा कुलले बाशानदेखि
बाल-हर्मोन, सनीर र हर्मोन डाँड़ासम्मै
बसोबासो गरे, औ तिनीहरू लबानोनमा
पनि अनगन्ती भए। २४ एपेर, यिशी, एलीएल,
अज्रीएल, यिर्मयाह, होदवियाह र यहदीएल,
सबै वीर र नामी नामी मानिसहरू तिनीहरूका
घरानाका प्रधानहरू थिए। २५ तर
तिनीहरूले आफ्ना पिता-पुर्खाहरूका परमेश्वरको
विरुद्धमा पाप गरे, र परमेश्वरले तिनीहरूका
सामने नाश गर्नुभएका मानिसहरूका देवता-
हरूलाई पूजेर व्यभिचार गरे। २६ यसैले
इस्राएलका परमेश्वरले अश्शूरका राजा पूल,
अर्थात् अश्शूरका राजा तिग्लत-पिलेसेरलाई
उस्काउनुभयो, र तिनले रूबेन, गाद र
मनश्शेका आधा कुललाई कैद गरेर लगे।
उनले तिनीहरूलाई हलह, हाबोर, हारा र
गोजान नदीका किनारमा लगे, औ त्यहाँ
तिनीहरू आजको दिनसम्म छन्।

लेवीका सन्तान

६ लेवीका छोराहरू—गेर्शोम, कहात र
मरारी। २ कहातका छोराहरू—

अम्राम, इसहार, हेब्रोन र उज्जीएल।
३ अम्रामका छोरा-छोरीहरू—हारून, मोशा
र मरियम। हारूनका छोराहरू—नादाब,
अबीहू, एलाजार र ईतामार। ४ एलाजार
पीनहासका पिता थिए। पीनहास अबीशूका
पिता थिए। ५ अबीशू बुक्कीका पिता
थिए। बुक्की उज्जीका पिता थिए। ६ उज्जी
जरयाहका पिता थिए। जरयाह मरायोतका
पिता थिए। ७ मरायोत अमर्याहका पिता
थिए। अमर्याह अहीतूबका पिता थिए।
८ अहीतूब सादोकका पिता थिए। सादोक
अहीमासका पिता थिए। ९ अहीमास
अजर्याहका पिता थिए। अजर्याह योहानानका
पिता थिए। १० त्यही सुलेमानले यरूशलेममा
बनाएको परमप्रभुको भवनमा पूजाहारीको
सेवा गर्ने अजर्याह पूजाहारीका पिता
योहानान थिए। ११ अजर्याह अमर्याहका पिता
थिए। अमर्याह अहीतूबका पिता थिए।
१२ अहीतूब सादोकका पिता थिए। सादोक
शल्लूमका पिता थिए। १३ शल्लूम
हिल्कियाहका पिता थिए। हिल्कियाह
अजर्याहका पिता थिए। १४ अजर्याह
सरायाहका पिता थिए। सरायाह यहोसादाकका
पिता थिए। १५ जब परमप्रभुले यहूदा
र यरूशलेमलाई नबूकदनेसरको हातबाट कैदमा
पठाउनुभयो तब यहोसादाक पनि कैदमा
लगिए।

१६ लेवीका छोराहरू—गेर्शोम, कहात
र मरारी। १७ गेर्शोमका छोराहरू—लिब्नी
र शिमी। १८ कहातका छोराहरू—अम्राम,
यिसहार, हेब्रोन र उज्जीएल। १९ मरारीका
छोराहरू—महली र मूशी। आफ्ना आफ्ना
पिताका घरानाअनुसार लेवीका घराना यिनै
हुन्। २० लेवीका गोत्रहरू घराना घराना-
अनुसार यिनै हुन्—गेर्शोम, जसका छोरा
लिब्नी, जसका छोरा यहत, जसका छोरा
जीम्मा, २१ जसका छोरा योआह, जसका
छोरा इद्दो, जसका छोरा जेरह, जसका छोरा
यातरै। २२ कहातका छोराहरू—तिनका
छोरा अम्मीनादाब, जसका छोरा कोरह,
जसका छोरा अस्सीर, २३ जसका छोरा
एल्काना, जसका छोरा एब्यासाप, जसका
छोरा अस्सीर, २४ जसका छोरा तहत,
जसका छोरा ऊरीएल, जसका छोरा उज्जियाह,
जसका छोरा शाऊल। २५ एल्कानाका
छोराहरू—अमासै र अहीमोत। २६ तिनका
छोरा एल्काना, जसका छोरा सोपै, जसका
छोरा नहत, २७ जसका छोरा एलीआब,
जसका छोरा यरोहाम, जसका छोरा एल्काना।
२८ शमूएलका छोराहरू—जेठा योएल र
कान्छा अबियाह। २९ मरारीका छोराहरू—
तिनका छोरा महली, जसका छोरा लिब्नी,
जसका छोरा शिमी, जसका छोरा उज्जा,
३० जसका छोरा शिमी, जसका छोरा
हग्गियाह, जसका छोरा असायाह।

दाऊदले नियुक्त गरेका परमेश्वरका भजन गर्नेहरू

३१ सन्दूक परमप्रभुको भवनमा राखेपछि
संगीतको जिम्मा लिनलाई दाऊदले नियुक्त
गरेका मानिसहरू यिनै थिए। ३२ सुलेमानले
यरूशलेममा परमप्रभुको भवन नबनाउन्जेल
भेट हुने पालको सामने तिनीहरूले आफ्ना
आफ्ना बाजा बजाउने कर्त्तव्य गर्दैरहे, औ
तिनीहरूले त्यहाँ आफ्नो नियमित कार्य
पालैपालो गर्दैरहे। ३३ आफ्ना आफ्ना
सन्तानहरूसँग सेवा गर्नेहरू यी तलका हुन्—
कहातका वंशका—संगीतज्ञ हेमान, जो
योएलका छोरा, जो शमूएलका छोरा,
३४ जो एल्कानाका छोरा, जो यरोहामका
छोरा, जो एलीएलका छोरा, जो तोहका
छोरा, ३५ जो सूपका छोरा, जो एल्कानाका
छोरा, जो महतका छोरा, जो अमासैका
छोरा, ३६ जो एल्कानाका छोरा, जो
योएलका छोरा, जो अजर्याहका छोरा, जो
सपन्याहका छोरा, ३७ जो तहतका छोरा,
जो अस्सीरका छोरा, जो एब्यासापका छोरा,

जो कोरहका छोरा, ३८ जो यिसहारका
छोरा, जो कहातका छोरा, जो लेवीका
छोरा, जो इस्राएलका छोरा थिए।
३९ हेमानका भाइ आसाप चाहिँ तिनको
दाहिने हातपट्टि उभिन्थे। तिनी बेराक्याहका
छोरा जो शिमाका छोरा, ४० जो
मीकाएलका छोरा, जो बासेयाहका छोरा,
जो मल्कियाहका छोरा, ४१ जो एत्नीका
छोरा, जो जेरहका छोरा, जो अदायाहका
छोरा, ४२ जो एतानका छोरा, जो
जीम्माका छोरा, जो शिमीका छोरा,
४३ जो यहतका छोरा, जो गेर्शोमका
छोरा, जो लेवीका छोरा थिए। ४४ तिनी-
हरूका देब्रेपट्टि तिनीहरूलाई साथ दिने
तिनीहरूका भाइहरू मरारीका वंशका थिए—
कीशीका छोरा एतान, जो अब्दीका छोरा,
जो मल्लूकका छोरा, ४५ जो हशब्याहका
छोरा, जो अमस्याहका छोरा, जो
हिल्कियाहका छोरा, ४६ जो अम्सीका
छोरा, जो बानीका छोरा, जो शेमेरका छोरा,
४७ जो महलीका छोरा, जो मूशीका
छोरा, जो मरारीका छोरा, जो लेवीका
छोरा थिए। ४८ तिनीहरूका कुटुम्ब
लेवीहरू परमप्रभुको भवनको बासस्थानका
सबै कामका निम्ति समर्पित भएका थिए।

हारूनका सन्तान

४९ तर हारून र तिनका छोराहरूले
मात्र पवित्र भेटीहरूका सबै कामको र
इस्राएलको पापको प्रायश्चित गर्नलाई
परमेश्वरका दास मोशाको आज्ञाअनुसार ठीक
ठीक कामहरू पूरा गर्नलाई होमबलिको वेदी
र धूप वेदीको बलिदान चढाउने काम गर्थे
५० हारूनका छोराहरू—तिनका छोरा
एलाजार, जसका छोरा पीनहास, जसका
छोरा अबीहू, ५१ जसका छोरा बुक्की,
जसका छोरा उज्जी, जसका छोरा जरायाह,
५२ जसका छोरा मरायोत, जसका छोरा
अमर्याह, जसका छोरा अहीतूब, ५३ जसका
छोरा सादोक, जसका छोरा अहीमास थिए।

लेवीहरूका शहरहरू

५४ हारूनका सन्तानको कहातको गोत्रलाई
तोकेर दिएका जिल्ला जिल्लामा छाउनी छाउनी-
अनुसार तिनीहरूका बासस्थानहरू यिनै हुन्,
किनभने तिनीहरूलाईनै पहिले गोला परेको
थियो। ५५ उनीहरूले तिनीहरूलाई यहूदामा
हेब्रोन र त्यसका वरिपरिका बस्तीहरू दिए,
५६ तर उनीहरूले यपून्नेका छोरा कालेबलाई
त्यस शहरको बस्ती र त्यसका गाउँहरू दिए।
५७ तिनीहरूले हारूनका छोराहरूलाई शरण-
नगरहरू हेब्रोन, लिब्ना, यत्तीर, एश्तमो,
५८ हीलेन, दबीर, ५९ आशान र वेत-
शेमेश तिनका हरेक बस्तीसमेत दिए।
६० औ बिन्यामीनको कुलबाट—गेबा,
अल्लेमेत, अनातोन त्यसका हरेक बस्तीसमेत
दिए। तिनीहरूका गोत्रहरूका निम्ति जम्मा
तेह्रवटा शहरहरू भए।
६१ कहातका छोराहरूका बाँकी गोत्र-
हरूलाई उनीहरूले मनश्शेका आधा कुलबाट
गोला हालेर दशवटा शहरहरू दिए।
६२ गेर्शोमका छोराहरूलाई तिनीहरूका गोत्र-
अनुसार इस्साकार, आशेर, नप्ताली र बाशानमा
मनश्शेका कुलहरूबाट तेह्रवटा शहर दिए।
६३ मरारीका छोराहरूलाई तिनीहरूका गोत्र-
अनुसार उनीहरूले गोला हालेर रूबेनको
कुलबाट, गादको कुलबाट र जबूलूनका कुलबाट
बाह्र शहर दिए। ६४ इस्राएलीहरूले लेवी-
हरूलाई यी शहरहरू हरेक तिनीहरूका बस्ती-
समेत दिए। ६५ (माथि लेखिएका शहरहरू
गोला हालेर यहूदा, शिमोन र बिन्यामीनका
कुलहरूबाट तोकिएका थिए।)
६६ कहातका छोराहरूका घरानाहरूलाई
एप्रैमको कुलबाट तिनीहरूका इलाकाका शहरहरू
तोकिदिएका थिए। ६७ उनीहरूले तिनी-
हरूलाई यी शरण-शहरहरू दिए—एप्रैमको

पहाड़ी देशमा शेकेम, गेजेर, ६८ योकमाम,
बेत-होरोन, ६९ अय्यालोन, गात-रिम्मोन,
हरेक तिनका बस्तीसमेत दिए। ७० मनश्शेको
आधा कुलबाट—आनेर र बिलाम हरेक तिनका
बस्तीसमेत कहातका बाँकी गोत्रहरूलाई दिए।
७१ गेर्शोमका छोराहरूलाई उनीहरूले
मनश्शेको आधा कुलबाट—बाशानमा गोलान
र अस्तारोत हरेक तिनका बस्तीसमेत,
७२ इस्साकारको कुलबाट—केदेश, दाबरत,
७३ रामोत र अनेम हरेक त्यसका बस्ती-
समेत, ७४ आशेरका कुलबाट—माशाल,
अब्दोन, ७५ हूकोक र रहोब हरेक तिनको
बस्तीसमेत, ७६ नप्तालीको कुलबाट—
गालीलमा केदेश, हम्मोन र कियर्तैम हरेक
तिनका बस्तीसमेत दिए।
७७ मरारीको बाँकी कुललाई उनीहरूले
जबूलूनको कुलबाट—रिम्मोन र ताबोर हरेक
त्यसको बस्तीसमेत, ७८ यर्दनको पूर्वपट्टि
यरीहोको सामने रूबेनको कुलबाट—वनमा
भएको बेसेर, यहसा, ७९ कदेमोत र
मेपात हरेक त्यसको बस्तीसमेत, ८० गादको
कुलबाट—गिलादमा भएको रामोत, महनेम,
८१ हेश्बोन र याजेर हरेक तिनको बस्ती-
समेत दिए।

इस्साकारका सन्तान

७ इस्साकारका छोराहरू—तोला, पूजा,
याशूब र शिम्रोन, चार जना
२ तोलाका छोराहरू—उज्जी, रपायाह,
यरीएल, यहमै, यिब्साम र शमूएल, तिनीहरूका
कुलहरूका सूचीअनुसार तोलाबाट जन्मेका
तिनका पैतृक घरानाका सबै वीर वीर र
प्रधानहरू थिए। दाऊदको समयमा तिनीहरूको
संख्या बाईस हजार छ सय थियो।
३ उज्जीका छोरा—यिज्रयाह। यिज्रयाहका
छोराहरू—मीकाएल, ओबदियाह, योएल र
यिश्शियाह, जम्मा पाँच जना सबै प्रधान
थिए। ४ यसबाहेक कुलहरूका सूचीअनुसार
घराना घराना गरी विवरण गरिएका लड़ाकु
मानिसहरूका दलहरू पनि छत्तीस हजार थिए,
किनभने तिनीहरूका धेरै पत्नीहरू र छोरा-
छोरीहरू थिए। ५ तिनीहरूका कुटुम्बहरू
सबै गोत्रहरूमा सतासी हजार वीर वीर
मानिसहरू थिए। तिनीहरू हरेकको नाउँ
सूचीमा लेखिएको थियो।

बिन्यामीनका सन्तान

६ बिन्यामीनका छोराहरू—बेला, बेकेर
र यदीएल, तीन जना। ७ बेलाका छोरा-
हरू—एस्बोन, उज्जी, उज्जीएल, यरीमोत र
ईरी, पाँच जना। तिनीहरू घराना घरानाका
प्रधान प्रधान र वीर वीर मानिसहरू थिए।
सूचीमा विवरण गरिएका तिनीहरूको संख्या
बाईस हजार चौंतीस जना। ८ बेकेरका
छोराहरू—जमीरा, योआश, एलाजार, एल्योएनै,
ओम्री, यरेमोत, अबियाह, अनातोत र
आलेमेत। ९ यी सबै बेकेरका छोराहरू
तिनीहरूका कुलहरूका सूचीअनुसार घराना
घरानका प्रधान प्रधान र वीर वीर मानिसहरू
थिए। सूचीमा विवरण गरिएको तिनीहरूको
संख्या बीस हजार दुइ सय थियो।
१० यदीएलका छोरा—बिल्हान। बिल्हानका
छोराहरू—यूश, बिन्यामीन, एहूद, कनाना,
जेतान, तर्शीश र अहीशहर। ११ यी सबै
यदीएलका सन्तान घराना घरानाका प्रधान
प्रधान र वीर वीर मानिसहरू थिए। तिनीहरूको
संख्या सत्र हजार दुइ सय युद्धको सेवाको
निम्ति योग्य थियो।

दानका सन्तान

१२ ईरका छोराहरू शुप्पीम र हुप्पीम,
औ अहेरका छोराहरूमध्येका एक हुशीम थिए।
१३ नप्तालीका छोराहरू—यहसीएल,
गूनी, यसर र शल्लूम। यी बिल्हाका छोराहरू
थिए।

मनश्शेका सन्तान

१४ मनश्शेका छोराहरू अस्रीएल, र
अरामी उप-पत्नीबाट जन्मेका गिलादका पिता
माकीर। १५ माकीरले हुप्पीम र शुप्पीम-
लाई विवाह गरिदिए। तिनकी बहिनीको नाउँ
माका थियो। तिनको माहिलो छोराको नाउँ
सलोफाद थियो। सलोफादका छोरीहरू थिए।
१६ माकीरकी पत्नी माकाको एउटा छोरो
थियो, जसको नाउँ तिनले पेरेस राखिन्।
त्यसको भाइको नाउँ शेरेश थियो, औ
तिनका छोराहरूका नाउँ ऊलाम र राकेम
थिए। १७ ऊलामको छोरा—बदान।
माकीरका छोरा मनश्शेका नाति गिलादका
छोराहरू यिनै थिए। १८ तिनकी बहिनी
हम्मोलेकेत चाहिँ ईशोद, अबिएजेर र
महलाकी आमा थिइन्। १९ औ शमीदाका
छोराहरू—अह्यान, शेकेम, लिखी र अनीआम
थिए।

एप्रैमका सन्तान

२० एप्रैमका छोराहरू—शूतेलह, जसका
छोरा बेरेद, जसका छोरा तहत, जसका
छोरा एलादा, जसका छोरा तहत,
२१ जसका छोरा जाबाद, जसका छोरा
शूतेलह थिए। एप्रैमका अरू छोराहरू एजेर
र एलालाई चाहिँ गित्तीहरूका गाई-वस्तुहरू
लुटेर लान जाँदा गित्ती निवासीहरूले
मारे। २२ तिनीहरूका पिता एप्रैमले
तिनीहरूका निम्ति धेरै दिनसम्म विलाप
गर्दैरहे, औ तिनका कुटुम्बहरू तिनलाई
सान्त्वना दिनलाई आए। २३ त्यसपछि
तिनको आफ्नी पत्नीसित सहवास भयो।
तिनी गर्भवती भइन् र एउटा छोरा जन्माइन्,
जसको नाउँ तिनले बरीआ राखे, (किनभने
तिनको परिवारमा विपत्ति आएको थियो)।
२४ तिनको शेराह नाउँ भएकी एउटी
छोरी थिइन्। तिनले तल्लो र माथिल्लो
बेत-होरोन र उज्जेन-शेराह बनाइन्।
२५ तिनका रेपा नाउँ भएको एउटा छोरा
पनि थिए, जसका छोरा रेशेप, जसका
छोरा तेलह, जसका छोरा ताहान,
२६ जसका छोरा लादान, जसका छोरा
अम्मीहूद, जसका छोरा एलीशामा,
२७ जसका छोरा नून, जसका छोरा यहोशू
थिए।

२८ तिनीहरूका देश र बसोबासो गरेका
ठाउँहरू—बेतेल र त्यसका गाउँहरू, पूर्वमा
नारान, पश्चिममा गेजेर, शेकेम र अज्जा,
तिनका गाउँहरूसमेत थिए। २९ मनश्शेको
अधिकारमा परेका जग्गाहरू चाहिँ बेत-शान,
तानाक, मगिद्दो र दोर, तिनका गाउँहरूसमेत
थिए। यी सबैमा इस्राएलका छोरा युसुफका
सन्तान बस्थे।

आशेरका सन्तान

३० आशेरका छोराहरू—यिम्ना, यिश्वा,
यिश्वी र बरीआ, र तिनीहरूकी बहिनी
सेराहसमेत थिए। ३१ बरीआका छोराहरू—
हेबेर र बिर्जैतका पिता मल्कीएल।
३२ हेबेर चाहिँ यप्लेत, शोमेर र होताम
औ तिनीहरूकी बहिनी शूआका पिता
थिए। ३३ यप्लेतका छोराहरू—पासक,
बिम्हाल र अश्वात थिए। यप्लेतका छोराहरू
यिनै थिए। ३४ शोमेरका छोराहरू—अही,
रोहगा, यहूब्बा र अराम थिए। ३५ तिनका
भाइ हेलेमका छोराहरू—सोपह, यिम्ना, शेलेश
र आमाल थिए। ३६ सोपहका छोराहरू—
सूह, हर्नेपेर, शूआल, बेरी, यिम्रा,
३७ बेसेर, होद, शम्मा, शिल्शा, यित्रान र
बेरा थिए। ३८ येतेरका छोराहरू—यपून्ने,
पिस्पा र अरा थिए। ३९ उल्लाका छोराहरू
—आरह, हन्नीएल र रिस्या थिए।
४० यी सबै आशेरका सन्तान, घराना
घरानाका प्रधान प्रधान, वीर वीर चुनिएका
मानिसहरू, मुख्य मुख्य राजाहरू थिए।

तिनीहरू लड़ाकु र फौजहरूमा भर्त्ती भएका थिए। तिनीहरूको जम्मा संख्या छब्बीस हजार मानिसहरू थिए।

बिन्यामीनका सन्तान

८ बिन्यामीनका छोराहरू यिनै थिए—जेठा बेला, माहिला असबेल, साहिँला अहरह, २ काहिँला नोहा र कान्छा रापा। ३ बेलाका छोराहरू—अद्दार, गेरा, अबीहूद, ४ अबीशू, नामान, अहोह, ५ गेरा, शपूपान र हूराम थिए। ६ एहूदका छोराहरू गेबामा बस्ने घराना घरानाका प्रधानहरू मनहतमा कैदमा लगिएकबाहेक यिनै थिए—७ नामान, अहियाह र गेरा—गेरालेनै तिनीहरूलाई कैदमा लगेका थिए। गेरा उज्जा र अहीहूदका पिता थिए। ८ आफ्ना पत्नीहरू हूशीम र बारालाई त्यागेपछि मोआबको देशमा शहरेमका छोराहरू जन्मे। ९ आफ्नी पत्नी होदेशबाट योबाब, सिब्या, मेशा, मल्काम, १० यूस, साहिया र मिर्मा जन्मे। घराना घरानाका प्रधान प्रधान, तिनका छोराहरू यिनै थिए। ११ हूशीमबाट अहीतूब र एल्पाल जन्मिए। १२ एल्पालका छोराहरू—एबेर, मिशाम र शेमेद, जसले चाहिं ओनो र लोदलाई त्यसका गाउँहरूसमेत बनाए, १३ बरीआ र शेमा पनि, जसले गातका बासिन्दाहरूलाई निकालेर अय्यालोनका घराना घरानाका प्रधानहरू भएका थिए। १४ अहियो, शाशक, यरेमोत, १५ जबदियाह, अराद, एदेर, १६ मीकाएल, यिस्पा र योहा बरीआका छोराहरू थिए। १७ जबदियाह, मशुल्लाम, हिज्की, हेबेर, १८ यिश्मरै, यिज्लीआ, र योबाब एल्पालका छोराहरू थिए। १९ याकीम, जिक्री, जब्दी, २० एलीएनै, सिल्लतै, एलीएल, २१ अदायाह, बरायाह र शिम्रात शिमीका छोराहरू थिए। २२ यिश्पान, एबेर, एलीएल, २३ अब्दोन, जिक्री, हानान, २४ हनन्याह, एलाम, अन्तोतियाह, २५ यिपदियाह र पनूएल शाशकका छोराहरू थिए। २६ शम्शरै, शहर्याह, अतल्याह, २७ यारेश्याह, एलिया र जिक्री यरोहामका छोराहरू थिए। २८ यिनीहरूनै कुलको सूचीहरूमा यरूशलेममा बस्ने घराना घरानाका प्रधानहरू र मुख्य मुख्यहरू थिए।

शाऊलको वंशावली

२९ यीएलका पिता गिबोन गिबोनमा बस्थे। तिनकी पत्नीको नाउँ माका थियो। ३० तिनका जेठा छोरा अब्दोन, तिनीपछि शूर, कीश, बाल, नादाब, ३१ गदोर, अहियो, जेकेर र मिक्लोत थिए। ३२ मिक्लोत चाहिं शिमाका पिता थिए। तिनीहरू यरूशलेममा आफ्ना कुटुम्बहरूसित बस्थे।

३३ नेर कीशका पिता थिए, कीश चाहिं शाऊलका पिता थिए, शाऊल जोनाथन, मल्कीशू, अबीनादाब र एश्बालका पिता थिए। ३४ जोनाथनका छोरा मरीब्बाल थिए, औ मरीब्बाल मीकाका पिता थिए। ३५ मीकाका छोराहरू—पीतोन, मेलेक, तारे र आहाज। ३६ आहाज यहोअदाका पिता थिए। यहोअदा आलेमेत, अज्मावेत र जिम्रीका पिता थिए। जिम्री मोसाका पिता थिए। ३७ मोसा बिनाका पिता थिए। जसका छोरा रापा, जसका छोरा एलासा र जसका छोरा आसेल थिए। ३८ आसेलका छ भाइ छोराहरू थिए, जसका नाउँ अज्रीकाम, बोकरू, इश्माएल, शार्याह, ओबदियाह र हानान थिए। यी सबै आसेलका छोराहरू थिए। ३९ तिनका भाइ एशेकका छोराहरू—जेठा ऊलाम, माहिला यूश र कान्छा एलीपेलेत। ४० ऊलामका छोराहरू वीर वीर धनुर्धारीहरू थिए। तिनका धेरै छोराहरू र नातिहरू थिए, अर्थात् एक सय पचास जना। यी सबै बिन्यामीनका सन्तान थिए।

बाबेलबाट फर्केकाहरू

९ यसरी सबै इस्राएलको सूची बनाइयो र इस्राएलका राजाहरूको पुस्तकमा लेखियो। तर यहूदा चाहिँ आफ्नो पापले गर्दा कैद गरेर बाबेलमा लगियो। २ आफ्ना पिता-पुर्खाहरूको देश, आफ्ना शहरहरूमा सबैभन्दा पहिले बसोबासो गर्ने साधारण इस्राएलीहरू, पूजाहारीहरू, लेवीहरू र मन्दिरका सेवकहरू थिए। ३ यरूशलेम चाहिँ केही भाग यहूदावंशीहरूले, केही भाग बिन्यामिनीहरूले र केही भाग एप्रैम र मनश्शेका मानिसहरूले बसोबासो गरेका थिए। ४ यहूदावंशीहरू—अम्मीहूदका छोरा ऊतै, जो ओम्रीका छोरा, जो इम्रीका छोरा, जो बानीका छोरा, जो यहूदाका छोरा पेरेसको एउटा सन्तान थियो। ५ शीलोनीहरू—जेठा असायाह र तिनका छोराहरू थिए। ६ जेरहका छोराहरू—यूएल र तिनीहरूका कुटुम्ब, छ सय नब्बे जना। ७ बिन्यामिनीहरू—मशुल्लामका छोरा सल्लू, जो होदबियाहका छोरा, जो हस्सनूआका छोरा थिए। ८ यरोहामका छोरा यिब्नियाह, उज्जीका छोरा एला, जो मिक्रीका छोरा थिए, शपत्याहका छोरा मशुल्लाम, जो रूएलका छोरा, जो यिबनियाहका छोरा थिए। ९ औ सूचीमा लेखिएका तिनीहरूका कुटुम्बहरू जो संख्यामा नौ सय छप्पन्न जना थिए, सबै घराना घरानाका प्रधानहरू थिए।

१० पूजाहारीहरू—यदायाह, यहोयारीब, याकीन, ११ हिल्कियाहका छोरा अजर्याह, जो मशुल्लामका छोरा, जो सादोकका छोरा, जो मरायोतका छोरा, जो अहीतूबका छोरा, परमेश्वरका भवनका जिम्मावाल अफिसरहरू थिए। १२ यरोहामका छोरा अदायाह, जो पशहूरका छोरा, जो मल्कियाहका छोरा थिए। अदीएलका छोरा मसै, जो यहजेराका छोरा, औ मशुल्लामका छोरा, जो मशिल्लेमीतको छोरा, जो इम्मेरका छोरा थिए। १३ औ तिनीहरूका सहकर्मी आफ्ना आफ्ना परिवारका प्रधानहरू जो एक हजार सात सय साठी जना धनी र परमेश्वरको भवनको सेवा सम्बन्धी काम गर्नलाई योग्यका मानिसहरू थिए।

१४ लेवीहरू—यश्शूबका छोरा शमायाह, जो अज्रीकामका छोरा, जो हशब्याहका छोरा मरारीको एउटा सन्तान थिए। १५ बक्बक्कर, हेरेश, गालाल, मीकाका छोरा मतन्याह, जो जिक्रीका छोरा, जो आसापका छोरा थिए। १६ शमायाहका छोरा ओबदियाह, जो गालाल्का छोरा, जो यदूतूनका छोरा थिए। आसाका छोरा बेरेक्याह, जो एल्कानाका छोरा थिए, जो नतोपातीहरूका गाउँहरूमा बस्थे।

१७ द्वारपालहरू—शल्लूम, अक्कूब, तल्मोन र अहीमान थिए। तिनीहरूका दाज्यू शल्लूम चाहिँ प्रधान थिए। १८ त्यस बेलासम्म तिनीहरू सबै पूर्वपट्टि राजाको मूल्-ढोका भएका लेवीहरूका घरहरूका द्वारपाल थिए। १९ कोरेका छोरा शल्लूम, जो एब्यासापका छोरा, जो कोरहका छोरा र तिनका कुटुम्बहरू, कोरहवंशीहरू चाहिँ पवित्रस्थानका प्रवेश-द्वारका रक्षकझैं सेवाका जिम्मामा थिए। तिनीहरूका पुर्खाहरूले परमप्रभुको छाउनीको प्रवेश-द्वारका रक्षकका काम गरेका थिए। २० बितेका समयमा एलाजारका छोरा पीनहास तिनीहरूका हेर-विचार गर्ने मुख्य कर्मचारी थिए—परमप्रभु तिनीसँग हुनुहुन्थ्यो। २१ मेशेलेम्याहका छोरा जकर्याह भेट हुने पालका द्वारपाल थिए। २२ द्वारपाल्मा चुनिएकाहरूको संख्या सबै जम्मा दुइ सय बाह थियो। तिनीहरू आफ्ना आफ्ना गाउँ गाउँ गरी सूचीमा लेखिएका थिए। दाऊद र दर्शी शमूएलले तिनीहरूलाई अभिषेक गरेका थिए, किनभने तिनीहरू विश्वास गर्ने योग्यकाहरू थिए। २३ तिनीहरू र तिनीहरूका छोराहरूका जिम्मामा पहरा बस्ने भवनका मूल्-ढोकाहरू, परमप्रभुको पवित्र-डेरा थियो। २४ ती द्वारपालहरू पूर्व, पश्चिम, उत्तर दक्षिण चारैतिर

बस्नुपर्दथियो। २५ तिनीहरूका कुटुम्बहरू
चाहिं आफ्ना गाउँहरूबाट तिनीहरूसँग एक-
पल्टमा सात दिनसम्म पालैपालो काममा
आउनुपर्दथियो। २६ चार जना मुख्य मुख्य
द्वारपालहरू चाहिं तिनीहरूका विश्वासयोग्यता-
अनुसार चुन्दथिए। तिनीहरू लेवीहरू हुन्थे,
औ परमप्रभुको भवनमा भएका कोठाहरू र
भण्डारहरूका जिम्मा तिनीहरू हुन्थे।
२७ तिनीहरू सधैं परमप्रभुको भवनको हाताभित्रै
सुत्थे (किनभने पहर पहरमा तिनीहरूको काम
हुन्थ्यो)। औ बिहानैपिच्छे मूल-ढोकाहरू
खोल्ने साँचोको जिम्मा तिनीहरूको थियो।
२८ तिनीहरूमध्येका कुनै कुनैको जिम्मा
मन्दिरको सेवामा प्रयोग गरिने भाँडाहरू ती
भित्र ल्याउँदा र बाहिर लैजाँदा गनेर राख्नु-
पर्थ्यो। २९ तिनीहरूमध्येका कुनै कुनै चाहिं
सामानहरू र सबै पवित्र भाँडाहरू औ पीठो,
दाखमद्य, तेल, धूप र मसालाको जिम्मा
खटिएका थिए।

३० कुनै कुनै पूजाहारीहरूले मसालाको
लागि अत्तरहरू तयार गर्दथिए। ३१ कोरह-
वंशी शल्लूमका जेठा छोरा लेवी मत्तित्याहको
जिम्मामा फुलौराहरू तयार गर्ने काम थियो,
किनभने तिनी भरोसा गर्ने योग्यका थिए।
३२ तिनीहरूका कोरहवंशी कुटुम्बहरूका
जिम्मामा हरेक विश्राम-दिनमा भेटीका रोटीहरू
तयार पार्ने काम थियो।

३३ यी संगीतकारहरू, लेवीहरूका परि-
वारका प्रधानहरू, तिनीहरूका निम्ति अलग
राखिएका कोठाहरूमा बस्थे, किनभने तिनीहरू
दिन कि रातमा काममा बोलाइन्थ्यो।

३४ लेवी परिवारका प्रधानहरू, तिनी-
हरूका कुलहरूका सूचीअनुसार मुख्य मुख्य
यरूशलेममा रहनेहरू यिनै थिए—

शाऊलका वंशावली

३५ गिबोनका पिता यीएल गिबोनमा
बस्थे। तिनकी पत्नीको नाउँ माका थियो।
३६ तिनका छोराहरू, जेठा अब्दोन, सूर,
कीश, बाल, नेर, नादाब, ३७ गदोर,
अहियो, जकर्याह र मिक्लोत। ३८ मिक्लोत
चाहिं शिमामका पिता थिए। तिनीहरू यरू-
शलेममा आफ्ना कुटुम्बका नजीकै बस्थे।
३९ नेर कीशका पिता थिए, कीश शाऊलका
पिता थिए। शाऊल जोनाथन, मल्कीशू,
अबीनादाब र एश्बाल्का पिता थिए
४० जोनाथनका छोरा मरीब्बाल थिए, मरी-
ब्बाल मीकाका पिता थिए। ४१ मीकाका
छोराहरू—पीतोन, मेलेक, तहरे र आहाज
थिए। ४२ आहाज याराका पिता थिए,
यारा आलेमेत, अज्मावेत र जिम्रीका पिता
थिए। ४३ जिम्री मोसाका पिता थिए, औ
मोसा बिनाका पिता थिए। तिनका छोरा
रपायाह थिए, जसका छोरा एलासा, जसका
छोरा आसेल थिए। ४४ आसेलका छ जना
छोराहरू थिए, जसका नाउँ अज्रीकाम, बोकारू,
इश्माएल, शार्याह, ओबदियाह र हानान
थिए। यी सबै आसेलका छोराहरू थिए।

शाऊल र तिनका छोराहरूको मृत्यु

१० पलिश्तीहरूले इस्राएलका विरुद्धमा
युद्ध गरे, र इस्राएलका मानिसहरू
गिल्बो डाँड़ामा आफ्ना मरेकाहरूलाई छोडेर
भागे। २ पलिश्तीहरूले शाऊल र तिनका
छोराहरूलाई खूब खेदे, र तिनका तीनै जना
छोराहरू जोनाथन, अबीनादाब र मल्कीशूलाई
मारे। ३ युद्ध शाऊलको निम्ति कठिन
भयो, किनभने कुनै कुनै धनुर्धारीहरू तिनी-
माथि जाइलागे, र तिनी उनीहरूद्वारा घाइते
भए। ४ यसैले तिनले आफ्नो हतियार
बोक्नेलाई भने, "तेरो तरवार थुतेर मलाई
रोप्, र यी बिखतने मलाई पक्रेर मलाई
तमाशा नबनाऊन्।" तर त्यस हतियार
बोक्नेले इन्कार गर्‍यो। त्यसले आँट गरेन।
तब अफ्नो तरवार थुतेर शाऊल त्यसमाथि
रोपिएर मरे। ५ जब त्यस हतियार बोक्नेले

मरेका देख्यो, तब त्यो पनि आफ्नो तरवारमा रोपिएर मऱ्यो। ६ यसरी शाऊल र तिनका तीन जना छोराहरू मरे। तिनका जम्मै परिवार एकैचोटि नाश भए। ७ औ जब बेँसीका सबै इस्राएलीहरूले आफ्नो सेना भागेका र शाऊल र तिनका छोराहरू मरेका देखे, तब तिनीहरू पनि त्यसै गरी आफ्ना शहरहरू छोडेर भागे। औ पलिश्ती-त्यहाँ गएर तिनलाई कब्जा गरे।

८ भोलिपल्ट जब पलिश्तीहरू मारिएका-हरूलाई लुटनलाई आए, तब तिनीहरूले शाऊल र तिनका छोराहरूलाई गिल्बो डाँड़ामा मरेका भेट्टाए। ९ तिनीहरूले तिनलाई नङ्ग्याए। तिनका टाउको काटे, र तिनका हतियारहरू लगे। त्यसपछि तिनीहरूले आफ्नो देशका चारैतिर आफ्ना देवताहरू र मानिस-हरूसमेतलाई यो शुभ समाचार दिन समाचार-वाहकहरू पठाए। १० तिनीहरूले तिनका हतियारहरू आफ्नो देवताको मन्दिरमा राखे, र तिनको टाउको चाहिँ दागोनको मन्दिरमा कीला ठोकेर झुण्ड्याए। ११ जब पलिश्ती-हरूले शाऊललाई गरेका सबै कुरा याबेश-गिलादका मानिसहरूले सुने, १२ तब शाऊल र तिनका छोराहरूका मृत-शरीर ल्याउनलाई तिनीहरूका वीर वीर मानिसहरू एकसाथ गए। तिनीहरूले ती याबेशमा ल्याए, र तिनीहरूका हड्डीहरू त्यहाँ फँलाटको रूखमनि गाड़े, र सात दिनसम्म उपवास बसेर शोक मनाए। १३ यसरी शाऊलले आफ्नो अविश्वासले गर्दा आफ्नो ज्यान गुमाउनुपऱ्यो। तिनले परमेश्वरको वचनलाई उलङ्घन गरेर मृत-प्रेत खेलाउनेको सर-सल्लाह लिएका थिए। १४ तिनले परमप्रभुको सल्लाह लिएनन् यसकारण उहाँले तिनलाई नाश गर्नुभयो, र राज्य यिशैका छोरा दाऊदलाई दिनुभयो।

दाऊदको इस्राएलमाथि राजा नियुक्ति

११ त्यसपछि सारा इस्राएल हेब्रोनमा दाऊद कहाँ तिनलाई भेट गर्न जम्मा भएर आए। तिनीहरूले भने, हामीहरू तपाइँकै हाड़-नाता हौं। २ बितेका समयमा जब शाऊल अझै राजानै थिए, तब तपाइँलेनै इस्राएलको सेनालाई युद्धमा अघि बढ़ाउनु-भयो। तपाइँलेनै तिनीहरूलाई कुशलसित घर फर्काएर ल्याउनुभयो। औ परमप्रभु तपाइँका परमेश्वरले तपाइँलाई यसो भन्नुभयो, 'तँ मेरो प्रजा इस्राएलको गोठालो हुनेछस्, तँ तिनीहरूका राजा हुनेछस्'।" ३ इस्राएलका सबै बूढ़ा-प्रधानहरू हेब्रोनमा राजाकहाँ आए। त्यहींनै दाऊदले परमप्रभुको सामने तिनीहरूसित करार बाँधे। औ परमप्रभुले शमूएलको मुखद्वारा भन्नुभएझैं तिनीहरूले दाऊदलाई इस्राएलमाथि राजा अभिषेक गरे।

दाऊदले सियोन कब्जा गरेका

४ त्यसपछि दाऊद र सारा इस्राएल यरूशलेममा गए (अर्थात् यबूसमा, जहाँ त्यस देशका बासिन्दा यबूसीहरू रहँदथिए।) ५ यबूसका मानिसहरूले दाऊदलाई भने, "तपाइं यहाँ कहिल्यै आउनसक्नुहुनेछैन।" तापनि दाऊदले सियोनको किल्ला लिइहाले, औ त्यो अब दाउदको शहर भनी कहलाइन-लाग्यो। ६ दाऊदले भने, "कुनै यबूसीलाई मार्ने पहिलो मानिस एक सेनापति हुनेछ।" औ त्यहाँ उक्लने पहिलो मानिस सरूयाहका छोरा योआब भए। यसैले तिनलाई सेनापति बनाए।

७ दाऊदले त्यस किल्लालाईनै आफ्नो निवासस्थान बनाए। यसैकारण मानिसहरूले त्यसलाई दाऊदको शहर भने। ८ तिनले मिल्लोबाट शुरू गरेर त्यसका छेउ-छाउका सबै ठाउँहरूसम्म चारैतिर शहर बनाए, औ योआबले चाहिं बाँकी शहरको पुनर्निर्माण गरे। ९ यसरी दाऊद क्रमशः झन् झन् शक्तिशाली हुँदै गए, किनभने सेनाहरूका परमप्रभु तिनीसित हुनुहुन्थ्यो।

दाऊदका वीर वीर मानिसहरू

१० दाऊदका सरकार गठन गर्नमा पूर्ण
सहायता दिने, तिनका वीर वीर मानिसहरूमा
यिनीहरू मुख्य थिए, र जम्मै इस्राएलका
साथमा तिनलाई राजा तुल्याउनमा तिनीहरूले
मदत गरे। इस्राएलको निम्ति परमप्रभुको
आज्ञा यस्तैनै थियो। ११ सर्वप्रथम
हक्मोनीका याशोबाम, तीन जनामा मुख्य
थिए। तिनले एकपल्ट तीन सय जनामाथि
भाला चलाएर सबैलाई मारेका थिए।
१२ तिनीपछि अहोही दोदोका छोरा
एलाजार, ती तीन वीरहरूमध्ये एक जना
थिए। १३ तिनी दाऊदसँग पास-दम्मीममा
थिए, जहाँ जौको एउटा सुन्दर खेतमा
पलिस्तीहरू युद्धको निम्ति भेला भएका
थिए। १४ औ जब मानिसहरू पलिश्ती-
हरूका सामनेबाट भागे, तब तिनी मात्र
एउटै त्यस खेतमा लड्दैरहे, र त्यस खेतलाई
बचाएर तिनीहरूलाई परास्त गरे। यसरी
परमप्रभुले एक ठूलो विजय ल्याउनुभयो।

१५ ती तीस जना मुख्य मानिसहरू-
मध्ये तीन जना अदुल्लामको ओढारमा
दाऊदसँग मिल्नलाई पहरामा गएका थिए।
१६ त्यस बेला पलिस्तीहरू रपाईमको
बेँसीमा छाउनी बनाएर बसेका थिए, र
दाऊद चाहिँ गढ़ीमा थिए। पलिस्तीको
फौजले बेतलेहेम कब्जा गरिराखेको थियो।
१७ एक दिन दाऊद साह्रै तिर्खाए, र तिनले
कराएर भने, "बेतलेहेमको मूल्-ढोकाको छेउमा
भएको कूवाको पानी पिउन पाए ता हुने
थियो!" १८ यसैले ती तीन जना वीरहरू
पलिश्तीहरूका पंक्तिबाट छिरिगएर बेतलेहेमको
मूल्-ढोकाको छेउको कूवाबाट पानी उघाएर
दाऊदकहाँ ल्याए। तर दाऊदले त्यो पिउन
इन्कार गरे। तिनले त्यो पानी परमप्रभुलाई
चढ़ाएर भने, १९ "के मैंले यी मानिसहरूको
रगत पिउने! परमेश्वरले मलाई यस्तो काम
गर्नबाट रोकून्! तिनीहरूले ता यो पानी
आफ्नो ज्यानको खतरामा ल्याएका हुन्!
यसैले तिनले त्यो पिउन चाहेनन्। यी तीन
जना वीर मानिसहरूका वीरताको काम
यस्तै थिए।

२० योआबका भाइ अबीशै ती तीस
जनाका मुखिया थिए। एकपल्ट तिनले तीन सय
जनामाथि भाला चलाएर तिनीहरूलाई मारे,
र ती तीस जनामध्ये तिनी सबैभन्दा
प्रसिद्ध भए। २१ बाँकी तीस जनामध्ये
तिनलेनै उच्च पद प्राप्त गरेर तिनीहरूका
कप्तान भएका थिए, तर तिनी ती तीन
जनाका बराबरी हुनसकेनन्। २२ कबसेलका
यहोयादाका छोरा बनायाह धेरै वीरताका काम
गर्ने एक वीर थिए। मोआबका दुइ वीर
लड़ाकु मानिसहरूलाई मार्ने तिनीनै थिए।
हिउँ परेको दिन एउटा खाड़लभित्र पसेर
तिनले एउटा सिंहलाई मारेका थिए।
२३ तिनलेनै साढ़े सात फीट अग्ला एक
मिश्री राक्षसलाई मारे, जसको भाला तानको
एउटा ठूलो मूढ़ा जत्रो थियो। यिनी एउटा
लाठी लिएर लड़्न गए, औ त्यस मिश्रीको
हातबाट त्यसकै भाला खोसेर त्यही हतियारले
तिनले त्यसलाई मारेका थिए। २४ ती तीस
जनामध्ये एक यहोयादाका छोरा बनायाहका
वीरताका काम यस्तै थिए। २५ ती तीस
जनामध्ये तिनी सबैभन्दा प्रसिद्ध थिए, तर
तिनी ती तीन जनाको बराबरी हुनसकेनन्।
दाऊदले तिनलाई आफ्ना अङ्गरक्षकहरूका
मुखिया तुल्याए।

२६ तिनका वीर वीर मानिसहरू यिनै
थिए—योआबका भाई असाहेल, बेतलेहेमका
दोदोका छोरा एल्हानान। २७ हरोदका
शम्मोत, एक अज्ञात ठाउँका हेलेस।
२८ तकोईका ईक्केशका छोरा ईरा र
अनातोतका अबीएजेर। २९ हूशाका सिब्बकै
र अहोही ईलै। ३० नतोपाका महरै र
नतोपाकै बानाका छोरा हेलेद।
३१ बिन्यामीनको गिबाका रीबैका छोरा इत्तै
र पिरातोनका बनायाह। ३२ गाशका

खोल्वाहरूका हूरै र बेत-अराबाका अबीएल।
३३ बहूरीमका अज्मावेत र शाल्बोनका
एल्याहबा। ३४ गीजोनी हाशेम र हरारी
शागेका छोरा जोनाथन। ३५ हरारी
साकारका छोरा अहीआम र ऊरका छोरा
एलीपाल। ३६ मकेराहका हेपेर र एक
अज्ञात ठाउँका अहियाह। ३७ कर्मेलका
हेस्रो, एज्बैका नारै। ३८ नातानका भाइ
योएल, हग्रीका छोरा मिभार। ३९ अम्मोनी
सेलेक र बेरोतका नहरै, जो सरूयाहका छोरा
योआबका हतियार बोक्ने थिए। ४० येतेरी
ईरा र स्यत्री गारेब। ४१ हित्ती उरियाह
र अहलैका छोरा जाबाद। ४२ रूबेनी
शीजाका छोरा अदीना, रूबेनीहरूका एक
जना मुखिया यी तीस जनामाथि थिए।
४३ माकाका छोरा हानान र मित्नी
योशापात। ४४ अश्तारोती उज्जियाह,
अरोएका होतामका छोराहरू शामा र यीएल।
४५ शिम्रीका छोरा यदीएल र तिनका भाइ
तिजी योहा। ४६ महाबी एलीएल र
एल्नामका छोराहरू यरीबै र योशव्याह औ
मोआबी यित्मा। ४७ एलीएल, ओबेद र
योबाका यासीएल।

सिक्लगमा दाऊदका सहायकहरू

१२ कीशका छोरा शाऊलको सामने
दाऊदलाई आउन मनाई हुँदा
सिक्लगमा यी मानिसहरू तिनीसँग मिल्न आए।
तिनीहरू युद्धमा वीर वीर लड़ाकु मानिस-
हरूमध्ये गनिएका थिए। २ तिनीहरू धनुर्धारी
थिए, औ घुँयेत्रो चलाउन अथवा दाहिने वा
देब्रे दुवै हातले काँड़ हान्न सक्थे। तिनीहरू
बिन्यामिनी शाऊलका कुटुम्बहरू थिए।
३ तिनीहरूमध्ये सबैभन्दा मुख्य अहीएजेर र
गिबी शमाका छोराहरू योआश, अज्मावेतका
छोराहरू यजीएल र पेलेत, बराका र
अनातोतका येहू, ४ गिबोनी यिश्मायाह, जो
ती तीसमध्येका एक वीर र तिनीहरूमध्येका
मुख्य थिए। ५ यिर्मयाह, यहजीएल,
योहानान र गदेराती योजाबाद, एल्ऊजै,
यरीमोत बाल्याह, शमर्याह र हारूपी शपत्याह,
६ एल्काना, यिशियाह, अज्रेल, योएजेर,
याशोबाम सबै कोरहवंशीहरू, ७ गदोरका
यरोहामका छोराहरू योएला र जबदियाह थिए।

८ गादका कुनै कुनै मानिसहरू पनि
उजाड़-स्थानमा भएको गढ़ीमा दाऊदसँग मिल्न
आए। तिनीहरू वीर वीर मानिसहरू र
युद्धको निम्ति तालिम पाएकाहरू थिए, जसले
गह्रौं गह्रौं ढालबोक्न र भाला चलाउनसक्थे।
तिनीहरू सिंहझैं भयानक र पहाड़हरूमा चाहिं
घोरलझैं तेज थिए। ९ तिनीहरूका मुखिया
एज़ेर थिए, दोस्रो ओबदियाह, तेस्रो एलिआब,
१० चौथो मिश्मन्ना पाँचौं यिर्मयाह,
११ छैटौं अत्तै, सातौं एलीएल, १२ आठौं
योहानान, नवौं एल्जाबाद, १३ दशौं यिर्मयाह
औ एघारौं मकबन्ने थिए। १४ सेनामा
गादवंशीहरूका मुखियाहरू यिनै थिए। तिनी-
हरूमध्येका सबैभन्दा साना एक सयको दाँजा
गर्नसक्ने र सबैभन्दा ठूला चाहिं एक हजारको
दाँजा गर्नसक्ने थिए। १५ यी तिनै
मानिसहरू थिए जसले पहिलो महीनामा जब
यर्दन नदी त्यसका सबै किनारसम्म बाढ़ेर
भरिएको थियो तब यर्दन तरेर त्यसका पूर्व
र पश्चिमका बेंसीहरूलाई उजाड़ पारेका
थिए।

१६ बिन्यामीन र यहूदाका कुनै कुनै
मानिसहरू गढ़ीमा दाऊदकहाँ आए।
१७ दाऊद तिनीहरूकहाँ बाहिर निस्केर भने,
"यदि तिमीहरू मलाई सहायता गर्न आएका
हौ भने मतर्फ लाग, र म तिमीहरूलाई स्वागत
गर्नेछु, तर यदि म कुनै हत्याको दोषी छैनँ,
रपनि तिमीहरू धोकाबाजी गरेर मलाई मेरा
शत्रुहरूका हातमा दिन आएका हौ भने
हाम्रा पुर्खाहरूका परमेश्वरले हेरेर न्याय
गरून्।" १८ त्यसैमा ती तीस जनामध्येका
मुखिया अमासैलाई आत्माले प्रेरणा दिनुभयो,
र तिनले यसो भने,

"हे दाऊद, हामी तपाईंतर्फ छौं !
हे यिशैका छोरा,
हामी तपाईंका साथ छौं !
तपाईंलाई शान्ति, शान्ति,
औ तपाईंका सहायकलाई शान्ति।
किनभने तपाईंका परमेश्वरनै तपाईंका
सहायक हुनुहुन्छ !
यसैकारण दाऊदले तिनीहरूलाई स्वागत गरे, र
आफ्नो लूट-पीट गर्ने दलहरूका साथ मिलाए।
१९ जब दाऊद शाऊलका विरुद्ध पलिश्ती-
हरूसँग लागेर लड्नलाई गए, यद्यपि वास्तवमा
तिनी पलिश्तीहरूतर्फ लागेर लड़ाइँ ता
गरेनन्, तब मनश्शेका कुनै कुनै मानिसहरू
भागेर दाऊदतर्फ लागे। पलिश्तीहरूका
शासकहरूले आपसमा यस्तो सल्लाह
गरेर तिनलाई फर्काइदिए, "तिनले ता
आफ्ना मालिक शाऊलका निम्ति हामीलाई
त्यागनेछन्, र यसले गर्दा हामीहरूले आफ्नो
प्राण गुमाउनु पर्नेछ। २० तिनी सिक्लगमा
हुँदा तिनीकहाँ भागेर आउने मनश्शेका मानिस-
हरू यिनै थिए—अदनाह, योजाबाद, यदीएल,
मीकाएल, योजाबाद, एलीहू र सिल्लतै।
यिनीहरू मनश्शेमा हरेक एक एक हजारका
सेनापति थिए। २१ यिनीहरूलेनै लूट-पीट
गर्नेहरूका विरुद्धमा वीरतासँग दाऊदका साथ
दिए, किनभने तिनीहरू सबै असल लड़ाकु
थिए, र दाऊदले तिनीहरूलाई आफ्ना फौजमा
सेनापति तुल्याए। २२ दाऊदले एउटा
ठूलो सेना तयार नपारूञ्जेल मानिसहरू
दिनदिनै तिनलाई सहायता गर्न आए।

हेब्रोनमा दाऊदको सेना

२३ परमप्रभुले भन्नुभएबमोजिम शाऊलको
राज्यधिकार दाऊदलाई दिन हेब्रोनमा
दाऊदकहाँ हतियारले सुसज्जित भएर मिल्न-
आउने दलहरूको संख्या यही हो—२४ गहौं
ढाल बोकेर भाला चलाउने यहूदाका
मानिसहरू छ हजार आठ सय जना
लड़ाइँको मुखमा पर्नसक्ने मानिसहरू थिए।
२५ शिमोनका—लड़ाइँ गर्नसक्नेहरू सात
हजार एक सय। २६ लेवीका—चार हजार
छ सय २७ र हारूनका घरानाका
यहोयादा र तीन हजार सात सय मानिसहरू।
२८ औ सादोक एक वीर योद्धा, तिनका
आफ्नै गोत्रका बाईस अफिसरका साथमा।
२९ शाऊलका कुटुम्ब बिन्यामीनका—तीन
हजार। यद्यपि तिनीहरूमध्येका धेरैजसो
अहिलेसम्म शाऊलका घरानाका भक्त भई
बसेका थिए। ३० एप्रैमका—बीस हजार
आठ सय लड़ाकु मानिसहरू, जो आफ्ना
गोत्रमा प्रसिद्ध थिए। ३१ मनश्शेका
आधा कुलका—अठाह हजार, दाऊदलाई
राजा बनाउन यिनीहरूलाईनै चुनेका
थिए। ३२ इस्साकारका—जुन कुलका
मानिसहरू, इस्राएलले कुन चाहिँ बाटो
लिनुपर्ने हो सो समयको चिह्न थाह पाउने
र बुझ्ने निपुण दुइ सय जना मुखियाहरू।
तिनीहरूका अधीनमनि भएका तिनीहरूका
कुटुम्बहरूसमेत। ३३ जबूलूनका—लड़ाइँको
निम्ति खूबै तालिम पाएका सब किसिमका
हतियार प्रयोग गर्नसक्नेहरू, साहसी र एको-
होरेहरू, पचास हजार फौज। ३४ नप्तालीका—
एक हजार अफिसरहरू गहौं ढाल
र भाला बोक्ने सैंतीस हजार मानिसहरूका
साथमा। ३५ दानवंशीका—लड़ाइँका निम्ति
खूब तालिम पाएकाहरू अट्ठाईस हजार छ
सय। ३६ आशेरका—लड़ाइँका निम्ति खूब
तालिम पाएकाहरू फौजमा जानसक्ने चालीस
हजार। ३७ रूबेनवंशी, गादवंशी र यर्दन-
पूर्वका मनश्शेका आधा कुलका—सबै किसिमका
हतियारले सुसज्जित भएकाहरू एक लाख
बीस हजार।
३८ यी सबै योद्धाहरू, लड़ाइँका वीर
मानिसहरू सारा इस्राएलमाथि दाऊदलाई राजा
तुल्याउन दृढ संकल्प गरेर हेब्रोनमा आए।
बाँकी इस्राएलको पनि एउटै विचार तिनलाई
राजा तुल्याउने थियो। ३९ तिनीहरू त्यहाँ

खाँदै र पिउँदै तीन दिनसम्म दाऊदसँग बिताए,
किनभने तिनीहरूका कुटुम्बहरूले तिनीहरूका
निम्ति खान-पीनको बन्दोबस्त गरेका थिए।
४० तिनीहरूका चारैतिरका छिमेकीहरू
इस्साकार, जबूलून र नप्तालीसम्म टाढ़ाकाहरूले
गधा, ऊँट, खच्चर र गोरुहरूमा खानेकुरा,
पीठो, नेभाराका डल्ला, दाखका डल्ला,
दाखमद्य, तेल, गोरुहरू, भेड़ाहरू र धेरै
संख्यामा ल्याए, किनभने इस्राएलमा आनन्दले
भरिएको थियो।

दाऊदले सन्दूक यरूशलेममा ल्याउने विचार गरेका

१३ हरेक विषयमा दाऊदले आफ्ना हजार
र सयका अफिसरहरूसँग सल्लाह लिन्थे।
२ तब तिनले इस्राएलका जम्मै समुदायलाई
भने, "यदि तपाईंहरू सम्मति दिनुहुन्छ, र
यदि परमप्रभु हाम्रा परमेश्वरले बाटो खोलि-
दिनुभयो भने हामी इस्राएलका सबै जिल्लाहरूमा
पछि रहेका हाम्रा कुटुम्बहरू र शहरहरूका
पूजाहारीहरू र लेवीहरूलाई, जहाँ तिनीहरूका
बस्तीहरू छन्, हामीसँग मिल्न आउन्
भनी समाचार पठाऔं। ३ हाम्रा परमेश्वरको
सन्दूक हामी ल्याऔं। किनभने शाऊल
बाचुन्जेल हामीले कहिल्यै त्यसको वास्ता
गरेनौं।" ४ तब सबै समुदायले त्यसो गर्ने
निश्चय गरे। औ समस्त जातिले सम्मति
दिए।

दाऊद सन्दूक ल्याउनलाई गएका

५ यसैले किर्यात-आरीमबाट परमेश्वरको
सन्दूक ल्याउन मिश्र देशको शीहोरदेखि
लेबो-हमातसम्मका जम्मै इस्राएललाई दाऊदले
भेला गराए। ६ तब दाऊद र समस्त
यहूदामा पर्ने बालाह, अर्थात् किर्यात-आरीममा
करूबहरूमाथि विराजमान हुनुहुने उहाँकै
नाउँले कहलाइएको परमप्रभुको सन्दूक
लिनलाई उक्लेर गए। ७ अनि तिनीहरूले
अबीनादाबको घरबाट परमेश्वरको सन्दूक
एउटा नयाँ गाड़ामा राखे, औ उज्जा र
अहियोले चाहिँ त्यो गाड़ा हाँक्दै लगे।
८ दाऊद र सबै इस्राएल परमेश्वरको सामने
आनन्दले गीत, वीणा, सारङ्गी, खैंजड़ी,
झ्याम्टा र तुरहीको सोरमा खूब जोशले नाचे।
९ तर तिनीहरू कीदोनको खलामा
आइपुग्दा ती गोरुहरूले ठक्कर खाए, र
उज्जाले सन्दूक समाल्न आफ्नो हात
बढ़ाए। १० तर परमप्रभु उज्जासँग क्रोधित
भएर तिनलाई प्रहार गर्नुभयो। किनभने
तिनले आफ्नो हात बढ़ाएर सन्दूक छोएका
थिए। ११ यसैले तिनी परमेश्वरको सामने
त्यहींनै मरे। परमप्रभुको क्रोध उज्जामाथि
परेकोले दाऊद अप्रसन्न भए, र तिनले त्यस
ठाउँको नाउँ पेरेस-उज्जा राखे। त्यो नाउँ
अझसम्मै छ। १२ त्यस दिन दाऊद
परमेश्वरसँग डराए, र तिनले भने, "यसो
भएपछि मैले परमेश्वरको सन्दूकलाई कसरी
राख्नसक्छु?" १३ यसैले तिनले सन्दूक
आफूसित दाऊदको शहरमा लगेनन्,
तर एकातिर लागेर गित्ती ओबेद-एदोमको
घरमा लगे। १४ यसरी सन्दूक ओबेद-
एदोमको घरानासित तिनकै घरमा तीन
महीनासम्म रह्यो, औ परमप्रभुले ओबेदएदोमको
घराना र तिनका घरमा भएका सबैलाई
आशिष दिनुभयो।

हीरामले दाऊदलाई मान्यता दिएका

१४ सोरका राजा हीरामले दाऊदकहाँ
एउटा राजदूत पठाए। तिनले
देवदारका काठहरूसाथसाथै डकर्मी र सिकर्मीहरू
तिनका निम्ति एउटा घर बनाउन पठाए।
२ अब परमप्रभुले आफूलाई इस्राएलमाथि
राजा स्थिर गर्नुभयो, औ आफ्नो प्रजा
इस्राएलको खातिर आफ्ना राजकीय शक्तिलाई
उच्च पार्नुभयो भनी दाऊदलाई थाह भयो।

यरूशलेममा दाऊदका छोरा-छोरीहरू

३ दाऊदले यरूशलेममा अझै धेरै विवाह
गरे, औ तिनका अरू धेरै छोरा-छोरीहरू
भए। ४ यरूशलेममा जन्मेका तिनका
छोरा-छोरीहरूका नाउँ यिनै हुन्—शम्मू,
शोबाब, नातान, सुलेमान, ५ यिभार,
एलीशू, एल्पेलेत्, ६ नोगह, नेपेग, यापी,
७ एलीशामा, बेलीयादा र एलीपेलेत्।

दाऊद र पलिश्तीहरू

८ दाऊद सारा इस्राएलमाथि राजा
अभिषेक भए भनी जब पलिश्तीहरूले सुने,
तब तिनीहरू एक दल भएर तिनलाई खोज्न
निस्के। यो सुनेर दाऊद तिनीहरूका सामना
गर्न गए। ९ तब पलिश्तीहरूले आएर
रमाईमको बेंसी लूटे। १० यसैकारण दाऊदले
परमेश्वरलाई सोधे, "यदि मैले पलिश्तीहरूलाई
आक्रमण गरें भने के तपाईं तिनीहरूलाई
मेरो हातमा सुम्पिदिनुहुनेछ?" अनि परम-
प्रभुले जवाफ दिनुभयो, "जा, म तिनीहरूलाई
तेरो हातमा सुम्पिदिनेछु।" ११ यसैले तिनी
उक्ली गए र तिनीहरूलाई बाल-पराजीममा
आक्रमण गरेर जिते। दाऊदले भने, "नदीले
त्यसको किनार भत्काएझैं परमेश्वरले मद्वारा
मेरा शत्रुहरूको पंक्तिलाई भत्काइदिनुभयो।"
यसैले त्यस ठाउँको बाल-पराजीम राखियो।
१२ पलिश्तीहरूले त्यहाँ आपना देवताहरू
छोड़िराखे, र दाऊदको हुकूमअनुसार ती
जलाइए।

१३ पलिश्तीहरूले अर्को एकपल्ट बेंसीमा
लूट-पीट गरे। १४ फेरि दाऊदले परमेश्वरसँग
सोधे, र परमेश्वरले तिनलाई भन्नुभयो,
"यसपल्ट तँ तिनीहरूको पछिल्तिर जानुपर्छ।
तिनीहरूलाई आक्रमण नगरीकन घुमेर किम्बूको
रूखको सामनेबाट तिनीहरूमाथि जाइलाग्।
१५ त्यसपछि रूखहरूका टुप्पा टुप्पामा
हल्लरू आवाज आउने बित्तिकै तिनीहरूसित
लड़ाइँ गर्, किनभने परमेश्वर तिमीहरूको
अघिअघि पलिश्तीको सेनालाई परास्त गर्न
जानुहुनेछ।" १६ परमेश्वरले आज्ञा गर्नुभएझैं
दाऊदले गरे, र तिनीहरूले पलिश्ती सेनालाई
गिबोनदेखि गेजेरसम्मै खेदेर परास्त गरे।
१७ यसैले दाऊदको ख्याति सबै देशमा
फैलियो, र परमप्रभुले सबै जातिहरूमाथि
तिनको डर हालिदिनुभयो।

सन्दूक यरूशलेममा ल्याएका

१५ दाऊदले आपनो निम्ति दाऊदको
शहरमा महलहरू बनाए, औ
परमेश्वरको सन्दूकको निम्ति एउटा ठाउँ तयार
गरेर त्यसको लागि एउटा पाल टाँगे।
२ त्यसपछि लेवीहरूले मात्र परमेश्वरको सन्दूक
बोक्नुपर्छ भनी तिनले उर्दी दिए। किनभने
तिनीहरूनै त्यो बोक्न र सधैं उहाँको
सेवा गर्न चुनिएका थिए। ३ त्यसपछि
त्यसको निम्ति तयार गरिएको ठाउँमा
परमप्रभुको सन्दूक ल्याउन दाऊदले सबै
इस्राएललाई यरूशलेममा भेला गराए।
४ तिनले हारूनका छोराहरू र लेवीहरूलाई
एकसाथ भेला गराए—५ कहातका छोराहरूका
ऊरीएल चाहिं मुखिया र तिनका कुटुम्बहरू
एक सय बीस जना। ६ मरारीका छोरा-
हरूका असायाह चाहिं मुखिया र तिनका
कुटुम्बका दुइ सय बीस जना। ७ गेर्शोमका
छोराहरूका योएल चाहिं मुखिया र
तिनका कुटुम्बका एक सय तीस जना।
८ एलीसापानका छोराहरू शमायाह चाहिं
मुखिया र तिनका कुटुम्बका दुइ सय जना।
९ हेब्रोनका छोराहरूका एलीएल चाहिं
मुखिया र तिनका कुटुम्बका अस्सी जना।
१० उज्जीएलका छोराहरूका अम्मीनदाब
चाहिं मुखिया र तिनका कुटुम्बका एक
सय बाह्र जना भेला। ११ अनि दाऊदले
सादोक र एबीयातार पूजाहारीहरूलाई यी
लेवीहरूका साथमा बोलाइपठाए—ऊरीएल,

असायाह, योएल, शमायाह, एलीएल र
अम्मीनादाब, १२ र तिनीहरूलाई भने,
"लेवीहरूका परिवारहरूका प्रधानहरू तिमीहरू
हौ। तिमीहरू र तिमीहरूका कुटुम्बहरू आफू
आफूलाई पवित्र गर, र मैले त्यसको
निम्ति तयार पारेको ठाउँमा परमप्रभु
इस्राएलका परमेश्वरको सन्दूक ल्याऊ।
१३ किनभने तिमीहरू पहिलोपल्ट त्यहाँ
उपस्थित नभएकोले परमप्रभु हाम्रा परमेश्वर
हामीमाथि क्रोधित हुनुभयो। किनकि हामीले
गर्नुपरेअनुसार उहाँको अगुवाइ हामीले
खोजेनौं।" १४ यसैकारण परमप्रभु
इस्राएलका परमेश्वरको सन्दूक ल्याउन
पूजाहारीहरू र लेवीहरूले आफू आफूलाई
पवित्र गरे, १५ र परमप्रभुको आज्ञा-
अनुसार मोशाले तोकेझैं आफ्ना काँधमा
डण्डाले बोकेर परमेश्वरको सन्दूक उठाएर
ल्याए।

१६ त्यसपछि दाऊदले लेवीहरूका
मुखियाहरूलाई तिनीहरूका कुटुम्बहरू, जो जो
आफ्ना आफ्ना बाजा, सारङ्गी, वीणा र
खैंजडीमा हर्षको संगीत बजाउनमा निपुण थिए,
तिनीहरूलाई नियुक्त गर्नू भनी हुकूम गरे।
१७ यसैले लेवीहरूले योएलका छोरा हेमान
र तिनका कुटुम्बहरू, बेरेक्याहका छोरा
आसाप औ तिनीहरूका कुटुम्बहरू, मरारीका
वंशबाट कूशायाहका छोरा एतानलाई,
१८ तिनीहरूका दोस्रो दर्जाका कुटुम्बहरू,
जकर्याह, बेन, याजीएल, शमीरामोत, यहीएल,
उन्नी, एलीआब, बनायाह, मासेयाह, मत्तित्याह,
एलीपलेहू, मिक्नेयाह र द्वारपालहरू ओबेद-
एदोम र यीएललाई नियुक्त गरे।
१९ तिनीहरूले संगीतकार हेमान, आसाप र
एतानलाई पीतलका झ्याम्टाहरू बजाउन
नियुक्त गरे। २० जकर्याह, अजीएल,
शमीरामोत, यहीएल, उन्नी, एलीआब, मासेयाह
र बनायाहलाई सारङ्गीमा अल-अलामोत भन्ने
राग बजाउन, २१ औ मत्तित्याह, एली-
पलेहू, मिक्नेयाह, ओबेद-एदोम, यीएल र
अजज्याहलाई वीणामा शिमीनीत भन्ने
राग बजाउनलाई नियुक्त गरे। २२ लेवीहरूका
अफिसर कनन्याह आफ्नो निपुणताको कारण
संगीतको जिम्माका मुख्य गायक थिए।
२३ बेरेक्याह र एल्काना सन्दूकको निम्ति
द्वारपाल थिए, २४ औ शबन्याह, योशापात,
नतनेल, अमासै, जकर्याह, बनायाह र एलीएजेर
पूजाहारीहरू परमेश्वरको सन्दूकको अघि तुरही
बजाउँथे। ओबेद-एदोम र यहियाह पनि
सन्दूकको निम्ति द्वारपाल थिए।

२५ त्यसपछि दाऊद र इस्राएलका बूढ़ा-
प्रधानहरू र हजार हजारका फौजका कप्तानहरू
ओबेद-एदोमको घरबाट ठूलो उत्सवसाथ परम-
प्रभुको सन्दूक ल्याउन गए। २६ परम-
प्रभुको करारको सन्दूक बोक्ने लेवीहरूलाई
परमेश्वरले सहायता गर्नुभएको हुनाले तिनीहरूले
सातवटा गोरु र सातवटा भेड़ा बलिदान
चढ़ाए।

२७ दाऊद र सन्दूक बोक्ने सबै
लेवीहरू, संगीतकारहरू र गायक कनन्याहले
असल असल मलमलको लुगा लाएका थिए।
औ दाऊदले चाहिं मलमलकै एपोद लाएका
थिए। २८ यसरी सबै इस्राएल जय-ध्वनिको
साथ नरसिङ्गा र तुरही फुक्दै र झ्याम्टा,
सारङ्गी र वीणा बजाउँदै परमप्रभुको करारको
सन्दूक लिएर आए। २९ तर जब परमप्रभुको
करारको सन्दूक दाऊदको शहरभित्र ल्याउँदै
थियो, तब शाऊलकी छोरी मीकलले झ्यालबाट
हेरिन्, औ दाऊद राजालाई नाच्तै र
आनन्दित भएका देखे, र तिनले आफ्नो मनमा
तिनलाई तुच्छ ठानिन्।

१६ जब तिनीहरूले परमेश्वरको सन्दूक
भित्र ल्याइपुर्‍याए, तब त्यसको निम्ति
दाऊदले टाँगेको पालभित्र त्यो राखे, र
तिनीहरूले परमेश्वरलाई होमबलि र मेलबलि
चढ़ाए। २ जब दाऊदले यी बलिदानहरू
चढ़ाइसके, तब तिनले परमप्रभुको नाउँमा
मानिसहरूलाई आशीर्वाद दिए, ३ र हरेक

इस्राएली, पुरुष र स्त्रीलाई एउटा एउटा रोटी,
एक टुक्रा मासु र एक डल्लो किसमिस खान
दिए। ४ परमप्रभुको सन्दूकको सेवा गर्न,
उहाँको नाउँ स्मरण गर्न र परमप्रभु इस्राएलका
परमेश्वरको प्रशंसा र स्तुति गर्न दाऊदले
कुनै कुनै लेवीलाई नियुक्त गरे। ५ तिनी-
हरूका अगुवा आसाप थिए। तिनीपछि दोस्रो
जकर्याह, त्यसपछि सारङ्गी र वीणाको साथमा
यीएल, शमीरामोत, यहीएल, मत्तित्याह,
एलीआब, बनायाह, ओबेद-एदोम र यीएल
थिए। आसापले चाहिं झ्याम्टा बजाउँथे।
६ औ परमेश्वरको करारको सन्दूकको अघि
त्यस दिन निरन्तर तुरही बजाउन बनायाह
र यहजीएल पूजाहारीहरू नियुक्त भएका थिए।

दाऊदको धन्यवाद-प्रदानको भजन

७ त्यस दिन आसाप र तिनका कुटुम्ब-
हरूद्वारा परमप्रभुको निम्ति धन्यवादको मेलबलि
चढ़ाउन दाऊदले पहिलोपल्ट नियुक्त गरे—

८ परमप्रभुलाई धन्यवाद चढ़ाऊ,
र उहाँको नाउँ लिएर उहाँलाई पुकार,
संसारभरि उहाँका कार्यहरूको वर्णन गर।
९ गीत र भजनले उहाँको आदर गर,
र उहाँका सबै अचम्मका
कामहरूको विचार गर।
१० उहाँको पवित्र नाउँमा आनन्दले मग्न
होऊ।
परमप्रभुलाई खोज्नेहरू परमप्रभुमा
आनन्दित होऊन्।
११ परमप्रभु र उहाँको शक्तिलाई खोज,
सधैंभरि उहाँको उपस्थितिको खोजी गर।
१२ उहाँले गर्नुभएका अचम्मका कामहरू
र उहाँले दिनुभएका आश्चर्यका काम-
हरूको सम्झना गर।
१३ हे इस्राएलका सन्तान, उहाँका दासहरू,
हे याकूबका चुनिएका छोरा हो!
१४ उहाँ परमप्रभु, हाम्रा परमेश्वर हुनुहुन्छ,
उहाँका न्यायहरूले पृथ्वी भरिएका छन्।
१५ सदा सर्वदैदेखि उहाँले आफ्नो करार
सम्झनुभएको छ,
हजारौं पुस्ताहरूलाई दिनुभएको प्रतिज्ञा—
१६ अब्राहामसित बाँध्नुभएको करार,
इसहाकलाई दिनुभएको आफ्नो शपथ,
१७ त्यो विधि जसद्वारा उहाँले आफैलाई
याकूबसित बाँध्नुभयो,
इस्राएलसितको उहाँको सदा सर्वदा यो
करार—
१८ 'तेरो अधिकार र तेरो
पैतृक-सम्पत्तिको निम्ति,
कनान देश म तँलाई दिनेछु।'
उहाँले भन्नुभयो।
१९ त्यो ता एउटा सानो दल थियो,
संख्यामा थोरै, त्यस देशमा विदेशी,
२० जाति जातिहरूका बीचमा,
एउटा राज्यदेखि अर्को राज्यमा घुमफिर
गर्ने थियो।
२१ तर कसैले पनि तिनीहरूमाथि
अत्याचार गर्न उहाँले दिनुभएन,
तिनीहरूकै खातिर उहाँले राजाहरूलाई
यसो भनेर चेताउनी दिनुभयो,
२२ 'मेरा अभिषेक दासहरूलाई नछोऊ,
मेरा अगमवक्ताहरूलाई हानि नगर।'
२३ हे पृथ्वीका सबै मानिस हो,
परमप्रभुको स्तुति गाऊ,
दिनदिनै उहाँको विजयको घोषणा गर।
२४ जाति जातिहरूका बीचमा उहाँको महिमा,
सबै मानिसहरूका बीचमा उहाँको उदेकका
कार्यहरूको प्रचार गर।
२५ परमप्रभु ता महान् र सारा प्रशंसाको
योग्य हुनुहुन्छ।
सबै देवताहरूभन्दा उहाँको भय बढ़ता
मान्नुपर्छ।
२६ किनभने अन्यजातिहरूको हरेक देवता
ता मूर्ति मात्र हो,
तर परमप्रभुले स्वर्गहरू बनाउनुभयो।
२७ महा महिमा र गौरवले उहाँ सुशोभित
हुनुहुन्छ,

सामर्थ्य र रमाहट उहाँको बासस्थानमा
छन्।
२८ हे जाति जातिका परिवार हो,
परमप्रभुको स्तुति गर,
परमप्रभुको महिमा र शक्तिको गुण गाऊ।
२९ उहाँको नाउँ सुहाउँदो महिमाको प्रशंसा
गर।
भेटी ल्याएर उहाँको सामु आऊ।
पवित्रताको गौरवमा उहाँको सामु निहुर।
३० औ हे पृथ्वीका सबै मानिस हो,
उहाँको सामने नाच,
उहाँले पृथ्वीलाई स्थिर र नहल्लिने गरी
दृढ़ पार्नुभएको छ।
३१ स्वर्गले आनन्द गरोस्,
र पृथ्वी हर्षले गद्गद् होस्,
जाति जातिहरूका बीचमा मानिसहरूले
यसो भनेर प्रचार गरून्,
'परमप्रभुनै महाराजा हुनुहुन्छ।'
३२ समुद्र र तिनमा भएका सबै जन्तुहरू
गर्जून्,
मैदानहरू र तिनमा भएका सबै कुरा
आनन्दित होऊन्!
३३ जब उहाँ पृथ्वीको इन्साफ गर्नलाई
आउनुहुनेछ,
तब उहाँको सामु उजाड़-भूमिमा भएकाहरू
हर्षले कराऊन्।
३४ परमप्रभुलाई धन्यवाद दिनु असल कुरो हो,
किनभने उहाँको प्रेम सदा सर्वदा
रहिरहन्छ।
३५ यसो भनेर कराऊ,
हे हाम्रा उद्धारक परमेश्वर,
हामीलाई बचाउनुहोस्।
हामीलाई एकसाथ भेला गर्नुहोस्,
र अन्यजातिहरूबाट बचाउनुहोस्,
र हामी उहाँको पवित्र नाउँमा
धन्यवाद दिनसकौं,
र तपाइं हाम्रो गर्वको प्रशंसा होस्।
३६ परमप्रभु इस्राएलका परमेश्वर,
सदा सर्वदै धन्यका होऊन्।
औ सबै मानिसहरूले भने, 'आमेन।'
र परमप्रभुको स्तुति होस्।"

सन्दूकको निम्ति लेवीहरूको नियुक्ति

३७ तब दाऊदले प्रतिदिनको कामअनुसार
करारको अघि दिनहुँ काम गर्न त्यहाँ
परमप्रभुको करारको सन्दूकको सामने आसाप
र तिनका कुटुम्बहरूलाई नियुक्त गरे।
३८ द्वारपालहरूका काम गर्न यदूतूनका
छोरा ओबेद-एदोम र होस्सालाई खटाए।
(ओबेद-एदोम र तिनका कुटुम्बहरू संख्यामा
अठसट्टीजना थिए।) ३९-४० इस्राएलल्लाई
परमप्रभुको सेवा गर्न दिनुभएको व्यवस्था-
अनुसार लेखिएकैं बिहान र बेलुकी परम-
प्रभुको निम्ति होमबलि वेदीमा चढ़ाउन
तिनले सादोक पूजाहारी र तिनका पूजाहारी
कुटुम्बहरूलाई गिबीनमा भएको पूजा गर्ने
डाँड़ाको ठाउँमा परमप्रभुको बासस्थानको
सामने रहनलाई खटाए। ४१ तिनीहरूसँगै
तिनले हेमान र यदूतून र नाउँ नाउँ गरी
चुनिएका मानिसहरूलाई परमप्रभुलाई धन्यवाद
चढ़ाउन खटाए, 'किनभने उहाँको प्रेम
सदा सर्वदै रहिरहन्छ।' ४२ तिनीहरूसित
बजाउनेहरूका निम्ति तुरहीहरू र झैंजड़ीहरू,
र पवित्र भजनको निम्ति बाजाहरू थिए।
यदूतूनका छोराहरूले मूल्-ढोकाको देखरेख
गर्थे।
४३ त्यसपछि सबै मानिसहरू आफ्नो
आफ्ना घर फर्के, औ दाऊद चाहिं आफ्नो
घरानालाई आशीर्वाद दिन गए।

दाऊदसित परमेश्वरको करार

१७ आफ्नो घरमा स्थिर हुने बित्तिकै
दाऊदले नातान अगमवक्तालाई भने,
"मता यहाँ देवदारको घरमा बस्तैछु, तर
परमप्रभुको करारको सन्दूक चाहिं पालमा
राखिएको छ।" २ नातानले दाऊदलाई

जवाफ दिए, "तपाईंको मनमा जे छ त्यो
गर्नुहोस्, किनभने परमेश्वर तपाईंसँग
हुनुहुन्छ।" ३ तर त्यही रात परमेश्वरको
यो वचन नातानकहाँ आयो, ४ "गएर
मेरो दास दाऊदलाई भन्, 'परमप्रभु यो
भन्नुहुन्छ, तैंले मेरो लागि घर बनाउनेछैनस्।
५ इस्राएललाई मिश्र देशबाट ल्याएकोदेखि
यसो आजको दिनसम्म म कहिल्यै घरमा
बसेको छैनँ। म पाल र डेरामा बस्तै आएँ।
६ जहाँ जहाँ म इस्राएलसँग यात्रा
गरेँ के मैले मेरो निम्ति देवदारको
घर किन नबनाएको भनी सोधेँ र?'
७ यसैकारण मेरो दास दाऊदलाई भन्,
'सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ, मैले
तँलाई खर्कहरूबाट र भेड़ा-बाख्रा चराउनदेखि
मेरो प्रजा इस्राएलका राजा हुनलाई चुनेँ।
८ तँ जहाँ जहाँ गइस् म तेरो साथमा भएँ,
र तेरो बाटोदेखि तेरा सबै शत्रुहरूलाई नाश
पारेँ। म तँलाई पृथ्वीका महान् व्यक्तिहरूझैं
प्रसिद्ध तुल्याउनेछु। ९ म मेरो प्रजा
इस्राएलको निम्ति एउटा ठाउँ तोक्नेछु।
त्यहीं म तिनीहरूलाई बसाल्नेछु। तिनीहरू
आफ्नै देशमा बस्नेछन्। तिनीहरूलाई अरू
उप्रान्त दुःख दिइनेछैन। १० मैले पहिले
पहिले मेरो प्रजा इस्राएलमाथि न्यायकर्त्ता
नियुक्त गरेको समयदेखि यसो तिनीहरूले अघि
सताएझैं दुष्ट मानिसहरूले तिनीहरूलाई फेरि
कहिल्यै सताउनेछैनन्। म तेरा सबै शत्रु-
हरूलाई तेरो वशमा तुल्याइदिनेछु। तर म
तँलाई महान् तुल्याउनेछु, र परमप्रभुले तेरो
राजकीय घराना खड़ा गर्नुहुनेछ। ११ जब तेरो
जीवन खतम हुनेछ, र तँ तेरा पित्रहरूसित
मिल्नजानेछस् तब तेरै घरानाको एक जनालाई
तेरो पछि राज्य गर्न म नियुक्त गर्नेछु,
र म त्यसको राज्य स्थिर गर्नेछु।
१२ त्यसलेनै मेरो भवन बनाउनेछ, र त्यसको
सिंहासन सदाको निम्ति स्थिर गर्नेछु।
१३ म त्यसका पिता हुनेछु, र त्यो मेरो
छोरो हुनेछ। मैले तेरो अघिका शासन गर्ने
तेरा पुर्खाहरूदेखि मेरो प्रेम फिर्ता लिएझैं
म त्यसदेखि चाहिं मेरो प्रेम कहिल्यै फिर्ता
लिनेछैनँ। १४ तर म त्यसलाई मेरो भवन
र राज्यमा सधैंको निम्ति एउटा निश्चित
स्थान दिनेछु, र त्यसको सिंहासन सदा
सर्वदाको निम्ति स्थिर रहनेछ'।"

१५ तिनलाई भनेका र प्रकट गरिएका
सबै कुरा नातानले दाऊदलाई वर्णन गरिदिए।
१६ तब दाऊद राजा परमप्रभुको उपस्थितिमा
गए, र त्यहाँ बसेर तिनले भने, "हे
परमप्रभु परमेश्वर, म के हुँ र मेरो घराना
के हो र? कि तपाईंले मलाई यहाँसम्म
ल्याउनुभयो? १७ तापनि हे परमेश्वर,
तपाईंको दृष्टिमा यो ता अझ यथेष्ट छैन।
औ तपाईंले आफ्ना प्रतिज्ञा आफ्नो दासको
घरानामाथि दूर भविष्यसम्मलाई बढ़ाउनुभएको
छ। १८ आफ्नो दासलाई दिएको मानको
विषयमा दाऊदले तपाईंलाई अरू के भन्नसक्छ
र? तपाईंले ता त्यसलाई राम्ररी जान्नुभएको
छ। १९ हे परमप्रभु, आफ्नो दासको खातिर
र तपाईंको अभिप्रायअनुसार मलाई तपाईंले
यी सबै महानतामा ल्याउनुभएको छ।
२० तपाईंबाहेक अरू कुनै ईश्वर छैन।
२१ औ तपाईंको प्रजा इस्राएललाई चाहिं
कोसँग तुलना गर्नसकिन्छ र? दासत्वबाट
मुक्त गरेर आफ्नो प्रजा बनाउनलाई परमेश्वर
स्वयं आउनुभएको पृथ्वीमा अरू कुनै जाति
छ र? तपाईंले महान् र भयानक कार्यहरूद्वारा
मिश्र देशबाट मुक्त गर्नुभएको आफ्नो प्रजाको
अघि जाति जातिहरूलाई धपाएर आफ्नो
निम्ति ख्याति राख्नुभएको छ। २२ तपाईंले
आफ्नो प्रजा इस्राएललाई सदा सर्वदाको निम्ति
आफ्नो बनाउनुभएको छ। औ तपाईं, हे
परमप्रभु, तिनीहरूका परमेश्वर हुनुभएको छ।
२३ तर अब हे परमप्रभु, आफ्नो दास
र त्यसको घरानाको निम्ति तपाईंले जे
प्रतिज्ञा गर्नुभएको छ त्यो सब समयको लागि
स्थिर रहोस्। तपाईंले जे भन्नुभएको छ
त्यो पूरा होस्। २४ तपाईंको ख्याति

सदा सर्वदाको निम्ति महान् हुनलाई त्यो
स्थिर रहोस्, र मानिसहरूले यसो भनून्,
'सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर,
इस्राएलकै परमेश्वर हुनुहुन्छ।' यसरी तपाईंको
दास दाऊदको घराना तपाईंको सामने स्थिर
हुनेछ। २५ तपाईं, मेरा परमेश्वरले आफ्नो
दासको घर बनाउनलाई आफ्नो अभिप्राय
मलाई प्रकट गर्नुभएको छ। यसैकारण मैले
तपाईंको सामने यो प्रार्थना चढ़ाउनसकें।
२६ हे परमप्रभु, तपाईंनै परमेश्वर हुनुहुन्छ,
औ तपाईंले आफ्नो दाससित यी उच्च
प्रतिज्ञाहरू गर्नुभएको छ। २७ त्यो सधैं
तपाईंको सामने रहिरहोस् भनी आफ्नो
दासको घरानालाई आशिष दिनु तपाईंलाई
इच्छा भयो। तपाईंलेनै त्यसलाई आशिष
दिनुभएको छ, र त्यो सदा सर्वदै आशिषित
हुनेछ।''

दाऊदको राज्य विस्तार

१८ त्यसपछि दाऊदले पलिस्तीहरूलाई
जितेर तिनीहरूलाई परास्त गरे, औ
गात त्यसका गाउँहरूसमेत लिए। २ तिनले
मोआबीहरूलाई पनि जिते, औ तिनीहरू
तिनका अधीन भएर तिनलाई कर तिर्ने गरे।
३ यूफ्रेटिस नदीको किनारमा विजय स्मारक
खड़ा गर्न जानलागेका सोबा-हमातका राजा
हदर-एजेरलाई पनि तिनले जिते। ४ तिनीबाट
दाऊदले एक हजार रथ, सात हजार
घोड़चढ़ी र बीस हजार पैदल सिपाहीहरू
कैद गरे। तिनले एक सय रथ आफ्नो निम्ति
राखेका बाहेक अरू सबै रथका घोड़ाहरूका
धर्नासो काटिदिए। ५ जब सोबाका राजा
हदर-एजेरलाई सहायता गर्नलाई दमीशकका
अरामीहरू आए, तब दाऊदले तिनीहरूका
बाईस हजार जनालाई नाश पारे, ६ र ती
अरामीहरूका बीचमा छाउनी बसाले।
तिनीहरू तिनका अधीन भएर तिनलाई कर
तिर्ने गरे। यसरी दाऊद जहाँ गए तापनि
परमप्रभुले तिनलाईं विजयी तुल्याउनुभयो।
७ हदर-एजेरका सेवकहरूले भिरेका सुनका
ठोकराहरू दाऊदले खोसेर यरूशलेममा ल्याए।
८ तिनले हदर-एजेरका शहरहरू, तिभात र
कूनबाट पनि धेरै मात्रामा काँसा ल्याए।
यसैबाट सुलेमानले काँसाको एउटा विशाल-
खड्कुँला, स्तम्भहरू र काँसाका भाँड़ाहरू
बनाए।

९ जब दाऊदले सोबाका राजा हदर-
एजेरका जम्मै सेनालाई परास्त गरेको कुरा
हमातका राजा तोऊले सुने, १० तब
दाऊदले हदर-एजेरलाई लड़ाइँमा जितेको कारण
तिनलाई अभिवादन र बधाइ दिन तिनले
आफ्नो छोरा हदोरामलाई दाऊद राजाकहाँ
पठाए, (किनभने हदर-एजेर र तोऊका
बीचमा युद्ध चलेको थियो।) औ तिनले
आफूसँग सुन, चाँदी र तामाका भाँड़ाहरू
ल्याए। ती दाऊद राजाले परमप्रभुमा समर्पण
गरे। ११ तिनले अरू सबै जातिहरू—एदोम,
मोआब, अम्मोनी, पलिस्तीहरू र अमालेकबाट
लिएका सुन र चाँदी पनि समर्पण गरे।

१२ एदोम चाहिँ सरूयाहका छोरा
अबीशैले परास्त गरे। तिनले नूनको बेंसीमा
तिनीहरूका अठाह हजारलाई नाश गरे, र
तिनीहरूको देशमा छाउनी बसाले। १३ सबै
एदोमीहरू अब दाऊदका अधीन भए। यसरी
जहाँ जहाँ तिनी गए परमप्रभुले दाऊदलाई
विजयी तुल्याउनुभयो।

दाऊदका अफिसरहरू

१४ दाऊदले सारा इस्राएलमाथि राज्य
गरे, र आफ्ना सबै प्रजामाथि ऐन र न्याय
कायम गरे। १५ सरूयाहका छोरा योआब
सेनापति थिए। अहीलूदका छोरा यहोशापात
प्रधान सचिव थिए। १६ अहीतूबका छोरा
सादोक र एबीयातारका छोरा अहीमेलेक
पूजाहारीहरू थिए। शव्शा सेनाका मुख्य
सचिव थिए। १७ यहोयादाका छोरा

बनायाह करेती र पलेती अङ्गरक्षकहरूका
सेनापति थिए। दाऊदका छोराहरू चाहिं
राजाका मुख्य कर्मचारीहरू थिए।

अम्मोनी र अरामीहरूको परास्त

१९ केही समयछि अम्मोनीहरूका राजा
नाहाशको मृत्युभयो, र तिनको सट्टामा
तिनका छोरा राजा भए। २ दाऊदले भने,
"नाहाशका छोरा हानूनसित मैले त्यही साँचो
मित्रता राख्नुपर्छ जस्तो तिनका पिताले मलाई
देखाएका थिए।" औ तिनका पिताको मृत्युमा
सहानुभूति प्रकट गर्न तिनले दूतहरू पठाए।
तर जब दाऊदका दूतहरू हानूनलाई
सहानुभूति प्रकट गर्न अम्मोनीहरूको देशमा
पसे। ३ तब अम्मोनी शासकहरूले हानून-
लाई भने, "दाऊदले तपाईंलाई सहानुभूति
प्रकट गर्न मानिसहरू पठाउँदा तिनले तपाईंका
पितालाई मान गरेका हुन् भनी के तपाईं
सम्झनुहुन्छ? तपाईंको देश कसरी नाश गर्न
भनी जान्न पठाएका दाऊदका यी मानिसहरू ता
तिनका जासूसहरू हुन्।" ४ तब हानूनले
दाऊदका सेवकहरूलाई समातेर तिनीहरूका
कपाल खौरिदिए, र तलदेखि जाङ्गसम्म
तिनीहरूका आधा लुगा काटेर तिनीहरूलाई
पठाइदिए। ५ जब तिनीहरूमाथि गरिएको
त्यो व्यवहारको विषय दाऊदले सुने, तब तिनले
तिनीहरूसित भेट गर्न मानिसहरू पठाए।
किनभने तिनीहरूको साह्रै बेइज्जत गरिएको
थियो। औ तिनीहरूका दाह्री फेरि नबढून्जेल
यरीहोमा बस्न भनी तिनले हुकुम गरे।
६ जब अम्मोनीहरूले आफूहरूलाई दाऊदको
दृष्टिमा घृणित तुल्याएछौं भनी थाह पाए,
तब हानून र अम्मोनीहरूले अरम-नहरैम,
अरम-माका र सोबाबाट रथहरू र घोड़-
चढ़ीहरू ज्यालामा ल्याउन एक हजार
चाँदीका तोड़ा पठाए। ७ तिनीहरूले
बत्तीस हजार रथहरू र माकाका राजा र
तिनका मानिसहरूलाई ज्यालामा लिए, र
तिनीहरू आएर मेदबाको सामने छाउनी
बनाए। अम्मोनीहरू चाहिं आफ्ना आफ्ना
शहरहरूबाट आएर लड़ाइँको निम्ति भेला
भए। ८ दाऊदले त्यो कुरा सुनेर योआब
र सबै लड़ाकु मानिसहरूलाई पठाए।
९ अम्मोनीहरू आएर शहरमा जाने मूल-
ढोकामा लड़ाइँ गर्न तयार भए, औ तिनका
मित्र-राजाहरूले खुला मैदानमा आफ्नो
आफ्नो स्थान लिए। १० जब योआबले
आफूलाई अघि र पछि दुवैतिर लड़ाइँले घेरेको
थाह पाए, तब तिनले कुनै कुनै चुनिएको
इस्राएली फौजलाई अरामीहरूको सामना
गर्न पठाए। ११ तिनका अरू बाँकी
फौजलाई तिनले आफ्नो भाइ अबीशैको
अधीनमा दिए। तिनले अम्मोनीहरूको सामना
गर्नलाई स्थान लिए। १२ योआबले भने,
"यदि अरामीहरू मेरो निम्ति साह्रै शक्तिशाली
भए तिमी मेरो सहायता गर्न आउनू।
औ यदि अम्मोनीहरू तिम्रो निम्ति साह्रै
शक्तिशाली भए म तिमीलाई सहायता गर्न
आउनेछु। साहसिलो होऊ! १३ हामी
आफ्ना जाति र हाम्रा परमेश्वरका शहरहरूका
निम्ति साहससित लड़ाइँ गरौं। औ परमप्रभुको
इच्छा पूरा हुनेछ।" १४ तर योआब र
तिनका मानिसहरू अरामीहरूको नजीकै गएर
तिनीहरूलाई खेदे। १५ औ अम्मोनीहरूले
अरामीहरूलाई भागेका देखेर तिनीहरू
पनि तिनका भाइ अबीशैको सामनेबाट
भागेर शहरभित्र पसे। १६ तब योआब
यरूशलेममा आए। औ अरामीहरूले हामी
ता इस्राएलीद्वारा परास्त भएछौं भनी
देखेर यूफ्रेटिस नदीको ठूलो मोड़बाट हदर-
एजेरका सेनापति शोपकको अधीनमा
भएका अरू अरामीहरूलाई बोलाइपठाए।
१७ तिनीहरूको यो कुरो दाऊदलाई
सुनाइदियो। औ तिनले झट्टै इस्राएलका सबै
फौजलाई भेला गरेर यर्दन नदी पार गरी
तिनीहरूसँग लड़ाइँ गर्न मोर्चा बाँधे।
अरामीहरू पनि त्यस्तैगरी दाऊदको सामना

गर्न मोर्चा बाँधेर तिनीसँग लड़ाइँ गरे।
१८ तर इस्राएलीहरूले तिनीहरूलाई खेदे।
दाऊदले रथमा सवार भएका सात हजार
अरामीहरू, चालीस हजार पैदल सिपाहीहरू
र सेनापति शोपकलाई समेत मारे। १९ हदर-
एजेरका मानिसहरूले आफूलाई इस्राएलीहरूले
परास्त गरेका देखेर सन्धिको निम्ति बिन्ती
चढ़ाए, र दाऊदकहाँ आत्म-समर्पण गरे।
त्यसपछि अरामीहरूले फेरि कहिल्यै अम्मोनी-
हरूलाई सहायता दिनलाई राजी भएनन्।

रब्बा शहरमा दाऊदको कब्जा

२० अर्को वसन्त ऋतु लाग्दा जब राजाहरू
लड़ाइँ गर्न जान्थे, तब योआबले सेना
लिएर अम्मोनीहरूको देशलाई उजाड़ पारे।
तिनी रब्बा शहरमा गएर त्यसलाई घेरा हाले,
औ दाऊद चाहिं यरूशलेममानै रहे। तिनले
त्यस शहरलाई ध्वंस गरेर धूलोपीठो पारे।
२ दाऊदले मिल्कोमका राजाको शिरबाट
शिरपेच लगे। त्यसको तौल सुनको एक
तोड़ा थियो। त्यसमा एउटा बहुमूल्य रत्न
जड़ेको थियो। त्यो शिरपेच दाऊदले आफ्नै
शिरमा लाए। तिनले त्यस शहरबाट
धेरै परिमाणमा लुटका माल पनि
ल्याए। ३ तिनले त्यहाँका बासिन्दाहरूलाई
आरा र अरू फलामका हतियारहरू, दाँदे
र अङ्कुसे बनाउने काम गर्न लाए। दाऊदले
अम्मोनीहरूका सबै शहरहरूमा यसरीनै गरे।
त्यसपछि तिनी र तिनका सबै मानिसहरू
यरूशलेममा फर्के।

दाऊदका मानिसहरूले राक्षसजस्ता मानिसहरूलाई मारेका

४ यसको केही समयपछि गेजेरमा
पलिश्तीहरूसँग लड़ाइँ छेड़ियो। त्यसै बेला
हूशाका सिब्बकैले रपाईहरूको एउटा सन्तान
सिप्पैलाई मारे, र पलिश्तीहरू यिनीहरूका
अधीनमा भए। ५ पलिश्तीहरूसँगको अर्को
एउटा युद्धमा याएरको छोरा एल्हानानले
गातको गोल्यतको भाइ लह्मीलाई मारे,
जसको भालाको बिँड तानको मूढ़ा जत्रो
थियो। ६ गातको अर्को युद्धमा दुवै हात
र खुट्टामा छ छ औंला, जम्मा चौबीस
औंला भएको एउटा राक्षस देखा पर्‍यो।
त्यो पनि रपाईहरूकै सन्तान थियो, ७ औ
जब त्यसले इस्राएललाई निन्दा गर्‍यो तब
दाऊदका दाज्यू शिमीका छोरा जोनाथनले
त्यसलाई मारे। ८ यी राक्षसहरू गातमा
रपाईहरूका सन्तान थिए। तिनीहरू सबै
दाऊद र तिनका मानिसहरूका हातबाट
मारिए।

दाऊदले इस्राएल र यहूदाको जन-संख्या लिएका

२१ शैतान इस्राएलको विरुद्ध उठेर
दाऊदलाई आफ्नो प्रजा गन्नलाई
सुरायो। २ यसैकारण तिनले योआब
र आफ्ना अफिसरहरूलाई बेर्शेबादेखि
दानसम्मका इस्राएलीहरूको जन-संख्या लिएर
तिनलाई बताउनू भनी आदेश दिए।
३ योआबले जवाफ दिए, "यदि परमप्रभुले
आफ्नो प्रजालाई सय गुणा बढ़ाइदिनुभए
तापनि के हजूर अझै तिनीहरूका राजा र
सबै मानिसहरू हजूरका दास हुनेछैनन् र?
हजूरले किन यसो गर्नुपर्छ र? यसले
इस्राएलमाथि अपराध मात्र ल्याउनेछ।"
४ तर राजाको वचनले योआबको कुरालाई
रद्द गरिदियो। तिनी हिँडिगए, र इस्राएलभरि
घुमे। ५ तब तिनी यरूशलेममा आएर
दाऊदलाई आफूले लिएको जन-संख्या यसरी
बताइदिए—"हतियार चलाउनसक्नेहरू इस्राएलमा
एघार लाख र यहूदामा चार लाख सत्तरी
हजार रहेछन्।" ६ योआबले लेवी र
बिन्यामीनको गन्ती लिएनन्, किनभने राजाको
हुकूमले तिनी साह्रै अप्रसन्न भएका थिए।

७ यी सबै कामबाट परमेश्वर अप्रसन्न
हुनुभयो, र इस्राएललाई उहाँले दण्ड दिनुभयो।
८ दाऊदले परमेश्वरलाई भने, "मैले साह्रै
दुष्ट काम गरें। बिन्ती छ, आफ्नो दासको
दोषलाई हटाइदिनुहोस्, किनभने म साह्रै
मूर्ख भएछु।" ९ परमप्रभुले दाऊदका
दर्शी गादलाई भन्नुभयो, १० "गएर
दाऊदलाई भन्, 'परमप्रभु यही भन्नुहुन्छ—म
तेरो सामु तीनवटा प्रस्ताव राख्तैछु।
तीमध्ये एउटा छान्, र म त्यो
तँमाथि ल्याउनेछु'।" ११ यसैले गाद
दाऊदकहाँ आएर भने, "परमप्रभु यही
भन्नुहुन्छ, १२ 'एउटा चुन्—तीन
वर्षको अनिकाल, तीन महीनासम्म तेरा
शत्रुद्वारा सताइनु र त्यसको तरवारले तँ
खेदिइनु, अथवा सारा देशमा विपत्ति ल्याउने
परमप्रभुको आफ्नो तरवार र परमप्रभुका
दूतद्वारा इस्राएलका सबै इलाकाहरूमा
विनाश ल्याउने काम।' विचार गर्नुहोस्,
र मलाई पठाउनुहुनेकहाँ मैले के जवाफ
लानुपर्ने हो।" १३ तब दाऊदले गादलाई
भने, "म साह्रै संकष्टमा परेको छु। मलाई
परमप्रभुको हातमानै पर्न देऊ। किनभने
उहाँको करूणा अति महान् छ। मलाई
मानिसको हातमा पर्न नपरोस्।" १४ यस-
कारण परमप्रभुले इस्राएलभरिनै एउटा विपत्ति
पठाउनुभयो, र इस्राएलका सत्तरी हजार
मानिसहरू मरे। १५ परमेश्वरले यरूशलेम
विनाश गर्न एउटा स्वर्गदूत पठाउनुभयो। तर
तिनले त्यो नाश गर्नलाग्दा परमप्रभुले त्यो
देखेर त्यस सर्वनाशदेखि मन बदलेर यबूसी
ओर्नानको खलाको छेउमा उभिरहेको बेलामा
ती नाश गर्ने स्वर्गदूतलाई भन्नुभयो,
"अब भयो! तेरो हात थाम्!"

१६ माथितिर हेर्दा दाऊदले परमप्रभुको
स्वर्गदूतलाई स्वर्ग र पृथ्वीको बीचमा उभेर
आफ्नो नाङ्गो तरवार यरूशलेममाथि पसारेर
उभिरहेका देखे। तब तिनी र बूढ़ा-प्रधानहरू
भाङ्ग्रा लाएर भूइँमा घोप्टो परे। १७ औ
दाऊदले परमेश्वरलाई भने, "मानिसहरूको
गन्ती लिनलाई मैले पो हुकुम दिएको थिएँ।
मैले पो पाप गरेको थिएँ। म, गोठालाले पो
दोष गरेको थिएँ। तर ती विचारा भेड़ाहरूले
के गरेका थिए र? हे परमप्रभु, मेरा
परमेश्वर, तपाईंको हातको प्रकोप म र मेरो
घरानामाथि परोस्, तर यो विपत्ति यस प्रजा-
माथि नपरोस्।"

१८ परमप्रभुका स्वर्गदूतले गादको मुखद्वारा
बोलेर दाऊदलाई यबूसी ओर्नानको खलामा
गएर परमप्रभुको निम्ति एउटा वेदी बनाउन-
लाई हुकुम गरे। १९ परमप्रभुको नाउँमा
गादले हुकुम गरेझैं दाऊद त्यहाँ उक्लेर
गए। २० ओर्नानसँग भएका चार जना
छोराहरू चाहिं लुके। तर ओर्नान चाहिं
आफ्नो गहुँ दाइँ गरिरहेका थिए। तिनी
यसो फर्के, र ती स्वर्गदूतलाई देखे।
२१ दाऊद तिनको छेउमा आइपुग्दा
ओर्नानले माथितिर हेरे, र राजालाई देखेर
खलाबाट आई तिनको सामने घोप्टो परे।
२२ दाऊदले ओर्नानलाई भने, "मलाई यस
खलाको जग्गा परमप्रभुको निम्ति एउटा वेदी
बनाउन देऊ। त्यसको पूरै दाममा मलाई बेच,
र प्रजामाथि परेको यो विपत्ति थामिओस्।
२३ ओर्नानले दाऊदलाई जवाफ दिए, "लौ
लिनुहोस्, र महाराजालाई जस्तो इच्छा
लाग्छ गर्नुहोस्। होमबलिको निम्ति यहाँ
गोरूहरू छन्, दाइँका काठहरू दाउराको
निम्ति र गहुँ अन्नबलिको निम्ति छन्। म सबै
थोक तपाईंलाई दिँदैछु।" २४ तर दाऊद
राजाले ओर्नानलाई भने, "होइन, म पूरै दाम
दिनेछु। तिम्रो थोक लिएर म परमप्रभुलाई
चढ़ाउनेछैनँ, अथवा सित्तैमा पाएको थोकको
होमबलि म चढ़ाउनेछैनँ।" २५ यसैले त्यस
जग्गाको निम्ति दाऊदले ओर्नानलाई छ सय
सुनका शेकेल दिए, र तिनले त्यहाँ परमप्रभुको
निम्ति एउटा वेदी बनाए। २६ त्यसैमा
तिनले होमबलि र मेलबलि चढ़ाए, र परम-
प्रभुको नाउँको पुकारा गरे। परमप्रभुले स्वर्गबाट

होमबलिको वेदीमा आगो वर्षाएर जवाफ
दिनुभयो। २७ तब परमप्रभुको आज्ञाअनुसार
ती स्वर्गदूतले आफ्नो तरवार म्यानमा हाले।

मन्दिर बनाउनले स्थान

२८ त्यसै बेला परमप्रभुले यबूसी
ओर्नानको खलामा जवाफ दिनुभयो भनी
देखेर दाऊदले त्यहाँ बलिदान चढ़ाए।
२९ मोशाले उजाड़-स्थानमा बनाएको परम-
प्रभुको वासस्थान र होमबलिको वेदी त्यस
बेलासम्म गिबोनमा पूजा गर्ने स्थानमानै थिए।
३० औ परमप्रभुको अगुवाइ माग्न दाऊद
जानसकेका थिएनन्, किनभने ती स्वर्गदूतको
तरवार देखेर तिनी साह्रै भयभीत भएका थिए।

मन्दिर बनाउनलाई दाऊदको तयारी

२२ दाऊदले भने, "परमप्रभु परमेश्वरको
भवनको स्थान यहीं हुनेछ, र यहींनै
इस्राएलका निम्ति होमबलिको वेदी हुनेछ।"
२ तब दाऊदले इस्राएलमा बसोबासो गर्ने
अन्यजातिहरूलाई भेला हुने हुकूम गरे, र
तिनीहरूलाई ढुङ्गा काटेर तयार गर्ने र परमप्रभुको
भवन बनाउने काममा खटाए। ३ तिनले
ढोकाहरूका लागि कीला र चेपुवाहरू बनाउनको
निम्ति धेरै फलाम औ काँसा जोखी
नसक्ने गरी, ४ र देवदारका काठ बेहिसाब
थुपारे। सीदोन र सोरका मानिसहरूले दाऊदको
निम्ति प्रशस्त मात्रामा देवदार ल्याइदिए।
५ दाऊदले भने, "मेरो छोरा सुलेमान कलीलै
छ। परमप्रभुको निम्ति निर्माण गरिने भवन
अत्यन्तै शोभायमान, सबै देशमा प्रसिद्ध र
नाउँ चलेको हुनुपर्छ। यसकारण त्यो निर्माण
गर्नलाई म्रैलेनै सबै तयारी गर्नुपरेको छ।"
यसैले आफ्नो मृत्युअघिनै दाऊदले प्रचूर सामान
तयार गर्नलागे।
६ तिनले आफ्नो छोरो सुलेमानलाई
बोलाइपठाए, र परमप्रभु इस्राएलका परमेश्वरको
निम्ति एउटा भवन निर्माण गर्ने आज्ञा
दिए। ७ तिनले भने, "हे मेरो छोरो
सुलेमान, परमप्रभु मेरा परमेश्वरको नाउँको
सम्मानको निम्ति एउटा भवन निर्माण गर्ने मेरो
अभिप्राय थियो, ८ तर परमप्रभुले मलाई
मनाई गरेर भन्नुभयो, 'तैंले मेरो दृष्टिमा धेरै
रक्तपात र ठूला ठूला युद्ध गरेको छस्।
यसैकारण मेरो नाउँको सम्मानको निम्ति तैंले
त्यो भवन निर्माण गर्नेछैनस्। ९ तर तेरो
एउटा छोरो हुनेछ, जो शान्तिको मानिस
हुनेछ। म चारैतिर त्यसका सबै शत्रुहरूबाट
त्यसलाई शान्ति दिनेछु। त्यसको नाउँ सुलेमान
अर्थात् 'शान्तिको मानिस' हुनेछ। त्यसको
पालामा म इस्राएललाई शान्ति र चैन
दिनेछु। १० त्यसलेनै मेरो नाउँको सम्मानको
निम्ति एउटा भवन बनाउनेछ। त्यो मेरो
छोरा हुनेछ, र म त्यसका पिता हुनेछु।
म इस्राएलमा सदा सर्वदाको लागि त्यसको
राज्यधिकारको सिंहासन स्थिर गर्नेछु।'
११ अब हे मेरो छोरा सुलेमान, परमप्रभु
तँसँग रहून्। तैंलेनै बनाउनुपर्छ भनी उहाँले
प्रतिज्ञा गर्नुभएअनुसार तेरो उन्नति होस् र
तैंले परमप्रभु तेरा परमेश्वरको घर बना।
१२ तर परमप्रभुले तँलाई बुद्धि र ज्ञान
देऊन्, र उहाँले तँलाई इस्राएलमाथि
अधिकार दिनुहुँदा तैंले परमप्रभु तेरा
परमेश्वरको व्यवस्था पालन गर्। १३ इस्राएलको
निम्ति मोशालाई परमप्रभुले आदेश दिनुभए-
अनुसार यदि तँ उहाँका धर्म-विधि र
नियमहरू पालन गर्नलाई होशियार भइस् भने
मात्र तेरो उन्नति हुनेछ। साहसी र दृढ
हो, निर्बल र निरुत्साहित नहो।
१४ मलाई सबै किसिमको दुःख भए
तापनि मैले परमप्रभुको भवनको निम्ति एक
लाख तोड़ा सुन, दश लाख तोड़ा चाँदी,
बेहिसाब जोख्नै नसकिने गरी काँसा र
फलाम जोहो गरिराखेको छु। काठ-पात र
ढुङ्गा पनि तयार गरिराखेको छु। तैंले
त्यसमा अरू थप्नसक्छस्। १५ त्यसबाहेक

तँसित धेरै कारीगर, डकर्मी, ढुङ्गा कुँद्ने,
सिकर्मीहरू र सुन, चाँदी, काँसा र फलामका
सबै किसिमका काम गर्ने अमगन्ती निपुण
मानिसहरू छन्। १६ यसैकारण अब काम
गर्, र परमप्रभु तँसित होऊन्।"
१७ दाऊदले इस्राएलका सबै अफिसर-
हरूलाई आफ्नो छोरा सुलेमानलाई सघाउन
भनी यसो भनेर हुकूम गरे, १८ "के परमप्रभु
तिमीहरूका परमेश्वर तिमीहरूसँग हुनुहुन्न ?
के उहाँले तिमीहरूलाई चारैतिर शान्ति
दिनुहुनेछैन ? किनभने उहाँले यस देशका
बासिन्दाहरूलाई मेरो अधीन गरिदिनुभएको
छ। तिनीहरू परमप्रभु र उहाँको प्रजाको
अधीन हुनेछन्। १९ यसैकारण परमप्रभु
तिमीहरूका परमेश्वरको अगुवाइ खोज्न
आफ्नो मन-तन लगाऊ, र उहाँको बासस्थान
बनाउन लाग, र परमप्रभुको करारको सन्दूक
र परमेश्वरका पवित्र भाँडा-कुँडाहरू उहाँको
नाउँको सम्मानको निम्ति बनाइएको भवनमा
ल्याइऊन्।"

लेवीहरू र पूजाहारीहरूका विभिन्न काम

२३ दाऊद अब वृद्ध मानिस र धेरै उमेर
खाएका भए। औ तिनले आफ्नो
छोरा सुलेमानलाई इस्राएलमाथि राजा नियुक्त
गरे।
२ तिनले इस्राएलका सबै कुल-नायक,
पूजाहारी र लेवीहरूलाई भेला गराए।
३ लेवीहरू चाहिँ तीस वर्ष र त्यसभन्दा बढ़ी
उमेरकाहरूलाई चुने। तिनीहरूका पुरुषहरू
सबै जम्मा अड़तीस हजार थिए। ४ तिनीहरू-
मध्येका चौबीस हजार चाहिँ परमप्रभुको
भवनको देखरेख र सेवा गर्न, छ हजार
अफिसर र न्यायकर्त्ताहरू, ५ चार हजार
द्वारपालहरू र चार हजार चाहिँ दाऊदले
बनाएका बाजा बजाएर परमप्रभुको स्तुतिगान
गर्न तिनले खटाइदिए। ६ दाऊदले तिनी-
हरूलाई लेवीका छोराहरू गेर्शोन, कहात
र मरारीका नाउँमा भाग भाग गरी बाँड़िदिए।
७ गेर्शोनका छोराहरू—लादान र शिमी।
८ लादानका छोराहरू—मुखिया चाहिँ
यहीएल, जेताम र योएल, तीन जना।
लादानको अधीनमा जम्मा भएका घराना
घरानाका प्रधानहरू यिनै थिए। ९ शिमीका
छोराहरू—शलोमोत, हजीएल र हारान, तीन
जना। लादानका घरानाका पिताहरूका प्रधान
यिनै थिए। १० शिमीका छोराहरू—यहत, र
जीजा, यूश र बरीआ चार जना।
११ यहतचाहिँ मुखिया थिए, दोस्रो जीजा,
तर यूस र बरीआका थोरै छोरा-छोरीहरू
हुनाले तिनीहरूलाई कामको निम्ति एकै
घरानामा गनिए।
१२ कहातका छोराहरू—अम्राम, यिसहार,
हेब्रोन र उज्जीएल, चार जना।
१३ अम्रामका छोराहरू—हारून र मोशा।
हारूनलाई चाहिँ अलग गरिएका थिए। तिनी
र तिनका छोराहरू सधैंको लागि भेटीका
सबैभन्दा पवित्र थोक अर्पण गर्न, परमप्रभुको
सामने बलिदान चढ़ाउन, उहाँको सेवा
गर्न औ उहाँको नाउँमा सधैं आशीर्वाद
दिन अलग गरिएका थिए, १४ तर
परमप्रभुका जन मोशाका छोराहरू चाहिँ
लेवीकै नाउँले कहलाइए। १५ मोशाका
छोराहरू—गेर्शोम र एलीएजेर। १६ गेर्शोमका
छोराहरू—शबूएल चाहिँ मुखिया। १७ एलीए-
जेरका छोराहरू—रहब्याह चाहिँ मुखिया।
एलीएजेरका अरू छोराहरू थिएनन्,
तर रहब्याहका औधि धेरै थिए।
१८ यिसहारका छोराहरूमा—शलोमीत चाहिँ
मुखिया। १९ हेब्रोनका छोराहरूमा—
यरियाह चाहिँ मुखिया, दोस्रो अमर्याह, तेस्रो
यहजीएल र चौथो यक्माम। २० उज्जीएलका
छोराहरूमा—मीका चाहिँ मुखिया र दोस्रो
यिशियाह।
२१ मरारीका छोराहरू—महली र मूशी।
महलीका छोराहरू—एलाजार र कीश।

२२ एलाजार मर्दा तिनका छोरीहरू
मात्र थिए। छोराहरू थिएनन्। औ यसैले
तिनका दाज्यू-भाइहरू, अर्थात् कीशका
छोराहरूले तिनीहरूलाई बिवाह गरे।
२३ मूशीका छोराहरू—महली, एदेर र
यरेमोत, तीन जना।
२४ क्रम-सूचीमा लेखिएका प्रधानहरू
तिनमा पिताका सन्तानका घराना घराना-
अनुसार जम्मा गरिएका लेवीहरू यस्तै थिए।
बीस वर्ष र त्यसभन्दा बढ़ी उमेरकाहरूले
परमप्रभुको भवनको सेवा गर्थे। २५ किन-
भने दाऊदले भने, "परमप्रभु इस्राएलका
परमेश्वरले आफ्नो प्रजालाई शान्ति
दिनुभएको छ, र यरूशलेममा सदा सर्वदा
उहाँ बास गर्नुहुन्छ। २६ यसैले लेवीहरूले
फेरि कहिल्यै बासस्थान अथवा त्यसको सेवामा
प्रयोग गरिने भाँड़ाहरू बोक्नु पर्नेछैन।"
२७ दाऊदका यिनै पछिल्ला वचनद्वारा बीस
वर्ष र त्यसभन्दा बढ़ी उमेरका लेवीहरू
चुनिए। २८ यिनीहरूका काम परमप्रभुको
भवनको सेवामा हारूनका छोराहरूलाई
सघाउनु थियो। चोक र कोठाहरूको
देखरेख गर्नु, सबै पवित्र थोकहरू सफा
गर्नु, परमेश्वरको भवनको सेवाको साधारण
काम गर्नु, २९ वेदीको रोटीको पंक्ति
मिलाउनु, अन्नबलिको पीठो, अखमीरे रोटी,
पोलेका फुलौरा र तेलमा पकाएका फुलौरा औ
ढक र तराजु तयार गर्ने जिम्मा तिनीहरूको
थियो।
३० परमप्रभुको सामने सधैं बिहान
र बेलुकी धन्यवाद दिँदै र स्तुति गर्दै औ
तिनीहरूका तोकिएका संख्याअनुसार औंसी र
ठहराइएका चाड़हरूमा परमप्रभुको निम्ति
चढ़ाउने काम ३१ र हरेक होमबलिमा तिनीहरू
निरन्तर लागिरहनु पर्दथियो। ३२ लेवीहरूले
भेट हुने पाल र बासस्थानको जिम्मा लिनु
पर्थ्यो। तर तिनीहरूका कुटुम्ब हारूनका
छोराहरूलाई चाहिं परमप्रभुको भवनको पूजाको
कामको जिम्मा दिएका थिए।

२४ हारूनका छोराहरूका दर्जा—तिनका
छोराहरू, नादाब, अबीहू, एलाजार
र ईतामार थिए। २ नादाब र अबीहू
चाहिं तिनीहरूका पिताको मृत्युअघिनै कोही
छोराहरू नजन्मीकनै मरे। यसैकारण एलाजार
र ईतामारले पूजाहारीको काम गर्थे।
३ दाऊदले एलाजारका छोराहरूमध्ये सादोक
र ईतामारका छोराहरूमध्ये अहीमेलेक्का परामर्श
लिएर तिनीहरूका आफ्ना आफ्ना जिम्मावारी-
अनुसार काम गर्नलाई दल बनाइदिए।
४ तिनीहरूका घरानाका प्रधान प्रधान
पुरुषहरू ईतामारको भन्दा एलाजारको ज्यादा
भेटाइयो। यसैकारण एलाजारको सन्तानका सोह
जना प्रधान औ ईतामारको सन्तानका आठ
जनाका आफ्नो आफ्नो दल तिनले बाँधिदिए।
५ तिनले तिनीहरूका बीचमा गोला हालेर
काम गर्ने नियम बनाए। किनभने एलाजार
र ईतामारका सन्तानमा परमेश्वरका निम्ति
काम गर्ने कुल-नायक र पवित्र काम गर्ने
कुलनायकहरू थिए। ६ नतनेलका छोरा
शमायाह जो एक लेवी र शास्त्री पनि थिए
तिनले राजा, काम गर्ने कुलनायकहरू, सादोक
पूजाहारी र एबीयातारको छोरा अहीमेलेक, औ
पूजाहारीहरू र लेवीहरूका घराना घरानाका
प्रधानहरू, अर्थात् एलाजारका सन्तानबाट एउटा
पूजाहारीको घराना र ईतामारको घरानाबाट
एउटा पूजाहारीको सामने नाउँ लेखे।
७ पहिलो गोला यहोयारीबको नाउँमा
दोस्रो यदायाहको, ८ तेस्रो हारीमको, चौथो
सोरीमको, ९ पाँचौं मल्कियाहको, छैटौं
मियामीनको, १० सातौं हक्कोसको, आठौं
अबियाहको, ११ नवौं येशूअको, दशौं
शकन्याहको, १२ एघारौं एल्याशीबको,
बाह्रौं याकीमको, १३ तेह्रौं हुप्पाको,
चौधौं येशेबाबको, १४ पन्ध्रौं बिल्गाको,
सोह्रौं इम्मेरको, १५ सत्रौं हेजीरको, अठाह्रौं
हप्पिसेसको, १६ उन्नाईसौं पतहियाको, बीसौं
यहेजकेलको, १७ एक्काईसौं याकीनको, बाईसौं
गामूलको, १८ तेईसौं दलायाहको, चौबीसौं

माज्याहको नाउँमा निस्क्यो। १९ तिनीहरूका
पुर्खा हारूनले यो आदेश परमप्रभु इस्राएलका
परमेश्वरबाट पाएका थिए। तिनले तोकेका
नियमअनुसार जब तिनीहरू परमप्रभुको
भवनमा आफ्नो सेवाको काम गर्न जान्थे,
तब तिनीहरूको काम यही थियो।
२० बाँकी लेवीहरूबाट—अम्रामका
छोराहरूमध्येका—शूबाएल। शूबाएलका छोरा-
हरूबाट—येहदयाह। २१ रहब्याहका—
यिशियाह, जो रहब्याहका छोराहरूका
मुखिया थिए। २२ यिसहारका वंशका—
शलोमोत। शलोमोतका छोराहरूमध्येका—
यहत। २३ हेब्रोनका छोराहरू—यरियाह
चाहिँ मुखिया, दोस्रो अमर्याह, तेस्रो
यहजीएल, चौथो यक्माम। २४ उज्जीएलका
छोराहरूमध्येका—मीका। मीकाका छोराहरू-
मध्येका—शमीर। मीकाका भाइ—यिशियाह।
२५ यिशियाहका छोराहरूमध्येका—जकर्याह।
२६ मरारीका छोराहरू—महली र मूशी।
याजियाहका छोराहरूमध्येका—बनो। २७ मरा-
रीका छोराहरूमध्येका याजियाहका—बनो,
शोहम, जक्कूर र इब्री। २८ महलीका—
एलाजार, जसका कोही छोराहरू थिएनन्।
२९ कीशका—कीशका छोराहरूमध्येका—
यरहमेल। ३० औ मूशीका छोराहरूमध्येका
—महली, एदेर र यरीमोत। लेवीहरू घराना
घराना गरी यिनै थिए। ३१ यिनीहरू
पनि आफ्ना कुटुम्ब हारूनका छोराहरूसँगसँगै
राजा दाऊद, सादोक, अहीमेलेक र पूजाहारी
गर्ने र लेवीका घरानाहरूका उपस्थितिमा र
ठूला र साना घराना घराना गरी सँगसँगै
गोला हाले।

संगीतकारहरूको विभिन्न काम

२५ दाऊद र तिनका मुख्य मुख्य
अफिसरहरूले आसापका छोराहरू,
हेमानका छोराहरू र यदूतूनका छोराहरूलाई,
प्रेरणाद्वारा अगम कहने अगुवाहरू थिए।
विशेष विशेष काममा खटाइदिए। यिनीहरू
वीणा, सारङ्गी र खैँजडीहरूका साथमा मन्दिरमा
काम गर्नलाई मानिसहरूको संख्या यस
प्रकार थियो—२ आसापका छोराहरूका—
जक्कूर, योसेप, नतन्याह र अशरेला।
राजाका अधीनमा अगम गर्नलाई प्रेरणा
पाएका अगुवा आसापका अधीनमा यिनीहरू
थिए। ३ यदूतूनका छोराहरू—गदल्याह,
सरी, यशायाह, शिमी, हशब्याह र मत्तित्याह।
यी छ जना आफ्ना पिता यदूतूनका अधीनमा
थिए। यिनीहरू वीणाको साथमा परमप्रभुलाई
धन्यवाद र स्तुति गर्दै अगमवाणी कहनलाई
प्रेरणा पाएका अगुवाहरू थिए। ४ हेमानका
छोराहरूका—बुक्कियाह, मतन्याह, उज्जीएल,
शबूएल, यरीमोत, हनन्याह, हनानी, एलीआता,
गिद्दल्ती, रोमम्ती-एजेर, योश्बकाशा, मल्लोती,
होतीर र महजीओत। ५ यी सबै राजाका
दर्शी हेमानका छोराहरू थिए। तिनलाई आफ्नो
ठूलो महिमाको निम्ति परमेश्वरको प्रतिज्ञाद्वारा
यो काम दिइएको थियो। परमेश्वरले हेमान-
लाई चौध छोरा र तीन छोरी दिनुभएको
थियो। ६ तिनीहरू सबै परमप्रभुको भवनमा
गाएर आफ्ना पिताको अधीनमा सेवा
गर्दथिए। तिनीहरू खैँजडी, सारङ्गी र
वीणाद्वारा परमप्रभुको भवनको सेवामा भाग
लिन्थे। आसाप, यदूतून र हेमान चाहिँ
राजाका अधीनमा थिए। ७ तिनीहरूका
कुटुम्बहरूका साथमा संगीतकारहरूको संख्या
दुइ सय अठासी थियो। ८ जवान र बूढा
गाउनमा निपुण र सिकारुहरूलाई सँगसँगै
तिनीहरूका कामको निम्ति तिनीहरूले गोला
हालेकाहरू यसरी थिए—
९ पहिलो गोला आसापको घरानाको
यूसुफको नाउँमा पर्‍यो—तिनी र तिनका
दाज्यू-भाइ र छोराहरू, बाह्र जना। दोस्रो
गदल्याहको नाउँमा—तिनी र तिनका दाज्यू-भाइ
र छोराहरू, बाह्र जना। १० तेस्रो जक्कूरको
नाउँमा—तिनका छोराहरू र दाज्यू-भाइहरू,
बाह्र जना। ११ चौथो यिस्रीको नाउँमा—

तिनका छोराहरू र दाज्यू-भाइहरू, बाह जना।
१२ पाँचौं नतन्याहको नाउँमा—तिनका
छोराहरू र दाज्यू-भाइहरू, बाह जना।
१३ छैटौं बुक्कियाहको नाउँमा—तिनका
छोराहरू र दाज्यू-भाइहरू, बाह जना
१४ सातौं यसरेलाको नाउँमा—तिनका
छोराहरू र दाज्यू-भाइहरू, बाह जना।
१५ आठौं यशायियाहको नाउँमा—तिनका
छोराहरू र दाज्यू-भाइहरू, बाह जना।
१६ नवौं मत्तन्याहको नाउँमा—तिनका
छोराहरू र दाज्यू-भाइहरू, बाह जना।
१७ दशौं शिमीको नाउँमा—तिनका छोराहरू
र दाज्यू-भाइहरू, बाह जना। १८ एघारौं
अज्रेलको नाउँमा—तिनका छोराहरू र दाज्यू-
भाइहरू, बाह जना। १९ बाह्रौं हशब्याहको
नाउँमा—तिनका छोराहरू र दाज्यू-भाइहरू,
बाह जना। २० तेह्रौं शूबाएलको नाउँमा—
तिनका छोराहरू र दाज्यू-भाइहरू, बाह
जना। २१ चौधौं मत्तित्याहको नाउँमा—
तिनका छोराहरू र दाज्यू-भाइहरू, बाह जना।
२२ पन्ध्रौं यरेमोतको नाउँमा—तिनका छोरा-
हरू र दाज्यू-भाइहरू, बाह जना। २३ सोह्रौं
हनन्याहको नाउँमा—तिनका छोराहरू र
दाज्यू-भाइहरू, बाह जना। २४ सत्रौं
योशबकाशाको नाउँमा—तिनका छोराहरू र
दाज्यू-भाइहरू, बाह जना। २५ अठाह्रौं
हनानीको नाउँमा - तिनका छोराहरू र दाज्यू-
भाइहरू, बाह जना। २६ उन्नीसौं मल्लोतीको
नाउँमा—तिनका छोराहरू र दाज्यू-भाइहरू,
बाह जना। २७ बीसौं एलियाताको नाउँमा—
तिनका छोराहरू र दाज्यू-भाइहरू, बाह
जना। २८ एक्काईसौं होतीरको नाउँमा—
तिनका छोराहरू र दाज्यू-भाइहरू, बाह जना।
२९ बाईसौं गिद्दल्तीको नाउँमा—तिनका
छोराहरू र दाज्यू-भाइहरू, बाह जना।
३० तेईसौं महजीओतको नाउँमा—तिनका
छोराहरू र दाज्यू-भाइहरू, बाह जना।
३१ चौबीसौं रोम्मती-एजेरको नाउँमा—
तिनका छोराहरू र दाज्यू-भाइहरू, बाह जना।

द्वारपाल र कामको हेर-विचार गर्नेहरू

२६ द्वारपालहरूका हिस्सा—कोरहीहरू—
कोरहका छोरा मशेलेम्याह,
(एलीआसापका छोरा)। २ मेशेलेम्याहका
छोराहरू—जेठा जकर्याह, माहिला यदीएल,
साँहिला जबदियाह, काँहिला यत्नीएल, ३ अन्तरे
एलाम, जन्तरे यहोहानान, र कान्छा
एलिहोनै। ४ ओबेद-एदोमका छोराहरू जेठा
शमायाह, माहिला यहोजाबाद, साहिँला
योआह, काँहिला साकार, अन्तरे नतनेल,
५ जन्तरे अम्मीएल, खन्तरे यिस्साकार
र कान्छा पुल्लतै। (किनभने परमेश्वरले
तिनलाई आशिष दिनुभएको थियो।)
६ तिनका छोरा शमायाह ती छोराहरूका
पिता थिए जसका अधिकार आफ्नो घरानामा
थियो, किनभने तिनीहरू खूब योग्यता भएका
मानिसहरू थिए। ७ शमायाहका छोराहरू—
ओत्नी, रफाएल, ओबेद, एल्जाबाद र तिनका
भाइहरू एलीहू र समकियाह। यिनीहरू योग्यता
भएका मानिसहरू थिए। ८ यी सबै ओबेद-
एदोमका घरानाकाहरू थिए। तिनीहरू, तिनी-
हरूका छोराहरू र दाज्यू-भाइहरू योग्यता
भएका मानिसहरू, मन्दिरको कामको लागि योग्य
थिए। तिनीहरू जम्मा बयासट्ठी जना थिए।
९ मशेलेम्याहका छोराहरु र दाज्यू-भाइहरू
सबै योग्यता भएका मानिसहरू, अठाह जना
थिए। १० एक जना मरारी, होसाका छोराहरू—
मुखिया चाहिं शिम्री, (तिनी जेठा थिएनन्,
तर तिनका पिताले तिनलाई मुखिया तुल्याएका
थिए।) ११ माहिला हिल्कियाह, साहिँला
तबल्याह र कान्छा जकर्याह। होसाका
छोराहरू र दाज्यू-भाइहरू, जम्मा तेह जना
थिए।

१२ घराना घरानाका प्रधान प्रधान
द्वारपाल पुरुषहरू चाहिं भाग भाग गरी
छुट्याइएका थिए। तिनीहरूका काम आफ्ना
कुटुम्बहरूसँगसँगै परमप्रभुको भवनको सेवा
गर्नु पर्दथियो। १३ जवान र बूढा, घराना

घरानाअनुसार मूल्-ढोकाको निम्ति गोला
हाले। १४ पूर्वतिरका मूल्-ढोकाको लागि
शलेम्याहको नाउँमा पऱ्यो। त्यसपछि तिनका
छोरा बुद्धिमान सल्लाहकार जकर्याहको नाउँमा
गोला हाले। तिनलाई उत्तरको मूल्-ढोका
पऱ्यो। १५ ओबेद-एदोमलाई चाहिं दक्षिणको
मूल्-ढोका पऱ्यो। औ तिनका छोराहरूलाई
मूल्-ढोकाको घर पऱ्यो। १६ शूप्पीम र
होसालाई पश्चिमको मूल्-ढोका उकालो लाग्ने
बाटोको शल्लेकेत भन्ने मूल्-ढोकासमेत पऱ्यो।
पाले पालेहरूका बीचमा नभिल्ने केही
थिएन। १७ छ जना लेवीहरू दिनहुँ
पूर्वतिर, चार जना उत्तरतिर र चार जना
दक्षिणतिर औ दुइ दुइ जना मूल्-ढोकाको
भण्डारमा पहरा बस्थे। १८ औ पश्चिमको
स्तम्भ-पंथमा जाने बाटोमा चार जना र
स्तम्भ-पंक्तिमा दुइ जना। १९ कोरही र
मरारीका सन्तानका द्वारपालहरूका भाग यसरी
बाँटिएका थिए।

२० तिनीहरूका संगी-लेवीहरूलाई परम-
प्रभुको भवनका भण्डारहरू र पवित्र भेटीहरूका
भण्डारका जिम्मा दिएका थिए। २१ लादानका
छोराहरू, लादानबाट गेर्शोनका सन्तान,
गेर्शोनी लादानका दलका घरानाहरूका प्रधानहरू।
२२ यहीएल र तिनका भाइहरू, जेताम र
योएल चाहिं परमप्रभुको भवनको भण्डारका
जिम्मावाल थिए। २३ अम्रामका घरानाका
यिसहार, हेब्रोन र उज्जीएल थिए।
२४ मोशाका छोरा गेर्शोमका छोरा
शबूएल भण्डारका हेर-विचार गर्ने थिए।
२५ तिनका भाइ एलाजारका सन्तान—
तिनका छोरा रहब्याह, जसका छोरा यशयिया,
जसका छोरा योराम, जसका छोरा जिक्री,
जसका छोरा शलोमीत थिए। २६ दाऊद
राजा, घराना घरानाका प्रधानहरू, हजार र
सयका फौजका अफिसरहरू र सेनाका अरू
अफिसरहरूले समर्पण गरेका पवित्र भेटीका
सबै जिम्मा यिनै शलोमीत र तिनका कुटुम्ब-
लाई दिएका थिए। २७ तिनीहरूले लडाइँमा
लिएका कुनै कुनै लूटका मालहरू परमप्रभुको
भवनको मरम्मतको निम्ति समर्पण गरेका
थिए। २८ दर्शी शमूएल, कीशका छोरा
शाऊल, नेरका छोरा अबनेर र सरूयाहका
छोरा योआबले समर्पण गरेका, अर्थात् सबै
पवित्र थोकहरू शलोमीत र तिनका कुटुम्ब-
हरूका जिम्मामा थिए। २९ यिसहारका
घरानाका केनन्याह र तिनका छोराहरूले
चाहिं इस्राएलका धर्म-सम्बन्धी कामबाहेक
अरू कामका शास्त्री र न्यायकर्त्ता काम
गर्थे। ३० हेब्रोनका घरानाका हशब्याह
र तिनका कुटुम्बहरू, सत्र सय योग्य
मानिसहरू चाहिं यर्दन नदीका पश्चिमका
इस्राएलका परमप्रभुको भवनका काम र
राजाको सेवाको कामका हेर-विचार गर्नेहरू
थिए। ३१ हेब्रोनका घरानाका यरियाह
चाहिं मुखिया थिए। (दाऊदको शासनको
चालीसौं वर्षमा हेब्रोनीहरूको परिवारको
इतिहासमा खोज-तलास गरियो, र गिलादको
याजेरमा तिनीहरूका ठूला ठूला योग्यका
मानिसहरू भेट्टाइए।) ३२ तिनका कुटुम्ब,
सबै योग्यका मानिसहरू, तिनीहरूमध्येका दुइ
हजार सात सय, घराना घरानाका प्रधान-
हरूलाई दाऊद राजाले रूबेनीहरू, गादीहरू र
मनश्शेका आधा कुलमाथि धार्मिक र
राज्य-शासनका काम दुवैका हेर-विचार गर्नेहरू
तुल्याए।

राज्यका अफिसरहरू

२७ इस्राएलीहरूको संख्या—अर्थात्,
घराना घरानाका प्रधानहरू, हजार
र सयका फौजका अफिसरहरू, सरकारी
लेखकहरू वर्षभरि महीना महीनामा पालैपालो
राजाको सेवाका विभिन्न भागहरूमा काम
गर्नेहरू—प्रत्येक भागमा चौबीस हजार थिए।

२ पहिलो, जब्दीएलको छोरा याशोबामको
आफ्नो भागमा चौबीस हजार भएका,
पहिलो महीनाको लागि जिम्मावाल थिए।

३ पेरेसको घरानाको एक जना पहिलो
महीनामा मन्दिरको काम गर्नेहरूका मुख्य
अफिसर थिए। ४ अहोही दोदैका छोरा
एल्याजार आफ्नो भागमा चौबीस हजार
भएका, दोस्रो महीनाको लागि जिम्मावाल
थिए। ५ तेस्रो, मुख्य पूजाहारी यहोयादाका
छोरा सेनापति बनायाह आफ्नो भागमा
चौबीस हजार भएका, तेस्रो महीनाको लागि
जिम्मावाल थिए, ६ (यिनी तिनै बनायाह
थिए, जो तीस जना वीरहरूमध्येका एक
थिए, ती तीसमध्ये तिनी मुख्य थिए।) तर
तिनका छोरा अम्मीजाबादले तिनको भाग हेर्थे।
७ चौथो, योआबका भाइ असाहेल, आफ्नो
भागमा चौबीस हजार भएका, चौथो महीनाको
लागि जिम्मावाल थिए। तिनीपछि तिनका
छोरा जबदियाह भए। ८ पाँचौं, यिज्राही
शम्हूत, आफ्नो भागमा चौबीस हजार भएका,
पाँचौं महीनाको लागि जिम्मावाल थिए।
९ छैटौं, तकोका मानिस ईक्केशको छोरा
ईरा, आफ्नो भागमा चौबीस हजार भएका,
छैटौं महीनाको लागि जिम्मावाल थिए।
१० सातौं, पालोनका एप्रैमी हेलेस, आफ्नो
भागमा चौबीस हजार भएका, सातौं महीनाको
लागि जिम्मावाल थिए। ११ आठौं, जेरहको
घरानाका हूशाती सिब्बकै, आफ्नो भागमा
चौबीस हजार भएका, आठौं महीनाको
लागि जिम्मावाल थिए। १२ नवौं,
बिन्यामीनमा भएको अनातोतबाटको अबीएजेर,
आफ्नो भागमा चौबीस हजार भएका, नवौं
महीनाको लागि जिम्मावाल थिए।
१३ दशौं, जेरहका घरानाका नतोपाती महरै,
आफ्नो भागमा चौबीस हजार भएका, दशौं
महीनाको लागि जिम्मावाल थिए।
१४ एघारौं, एप्रैमका पिरातोनी बनायाह,
आफ्नो भागमा चौबीस हजार भएका, एघारौं
महीनाको लागि जिम्मावाल थिए। १५ बाहौं,
ओत्नीएलका घरानाका नतोपाती हेल्दै, आफ्नो
भागमा चौबीस हजार भएका, बाहौं महीनाको
लागि जिम्मावाल थिए।

१६ इस्राएलका कुलहरूका मुख्य अफिसर-
हरू यिनै थिए—रूबेनको कुलका जिक्रीका
छोरा एलीएजेर मुख्य अफिसर थिए।
शिमोनका—माकाका छोरा शपत्याह।
१७ लेवीका—कमूएलका छोरा हशब्याह।
हारूनका—सादोक। १८ यहूदाका—दाऊदका
कुटुम्ब एलीहू। इस्साकारका—मीकाएलका
छोरा ओम्री। १९ जबूलूनका—ओबदियाहका
छोरा यिश्मायाह। नप्तालीका—अज्रीएलका
छोरा यरीमोत। २० एप्रैमका—अजज्याहका
छोरा होशे। मनश्शेको आधा कुलका—
पदायाहका छोरा योएल। २१ गिलादमा
भएका मनश्शेको आधा कुलका—जकर्याहका
छोरा इद्दो। बिन्यामीनका—अबनेरका छोरा
यासीएल। २२ दानका—यरोहामका छोरा
अज्रेल। कुलहरूका मुख्य अफिसरहरू यिनै
थिए।

२३ दाऊदले बीस वर्षदेखि उँधोकाहरूको
जन-संख्या लिएनन्, किनभने परमप्रभुले
इस्राएललाई आकाशका ताराहरूझैं संख्यामा
बढ़ाउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो।
२४ सरूयाहका छोरा योआबले जन-संख्या
लिन थालेका थिए। तर तिनले त्यो काम
सिध्याएनन्। यसले गर्दा इस्राएलमाथि
जोखिम आइपर्‍यो, र यो जन-संख्या दाऊद
राजाको शासनको इतिहासमा लेखिएन।

२५ राजाका भण्डार अदीएलका छोरा
अज्मावेतको जिम्मामा थियो। देशका, शहर-
हरूका, गाउँहरूका र किल्लाहरूका भण्डारहरू
उज्जियाहका छोरा जोनाथनको जिम्मामा
थियो। २६ देशमा खेती-किसान गर्नेहरू
कलूबको छोरा एज्रीको जिम्मामा थियो।
२७ दाखबारी गोड़-गाड़ गर्नेहरू रामाका
शिमीको जिम्मामा थिए, औ दाखबारीको
उब्जनीको दाखमद्य राख्ने भण्डार शेपेमका
जब्दीको जिम्मामा थियो। २८ शेफेलामा
भएका जङ्गली-भद्राक्ष र किम्बूको हेरचाहा
गर्ने गदेरी बाल-हानान थिए। तेल-भण्डार
योआशको जिम्मामा थियो। २९ शारोनमा

चर्ने गाई-गोरुहरू शारोनवासी शित्रैको
जिम्मामा थियो। बँसीमा गाई-गोरुहरू
अद्लैका छोरा शापातको जिम्मामा थियो।
३० ऊँटहरू इश्माएली ओबीलको जिम्मामा
थियो। गधाहरू मेरोनोती यहदियाको
जिम्मामा थियो। ३१ भेड़ा-बाख्रा हगरी
याजीजको जिम्मामा थियो। दाऊद राजाका
आफ्नै निज सम्पत्ति यिनै अफिसरहरूको
जिम्मामा थिए।

३२ दाऊदका प्यारो भतीजा जोनाथन,
जो एक सल्लाहकार, ज्ञानी र बुद्धिमान मानिस
थिए, र हक्मोनी यहीएल राजाका छोराहरूका
गुरुहरू थिए। ३३ अहीतोपेल राजाका
सल्लाहकार थिए। एरका हूशै राजाका मित्र
थिए। ३४ अहीतोपेलपछि बनायाहका छोरा
यहोयादा र एबीयातार सल्लाहकार भए। औ
योआब चाहिं सेनापति थिए।

मन्दिर बनाउने अभिभारा दाऊदले सुलेमानलाई दिएका

२८ दाऊदले यरूशलेममा इस्राएलका सबै
भारादार, कुल कुलमाथिका अफिसर,
राजाका सेवामा लाग्ने दलदल माथिका
हजार र सयका फौजहरूमाथिका अफिसरहरू
औ राजा र तिनका छोराहरूका सबै
सम्पत्तिका र गाई-गोरुहरूका जिम्मामा
भएका अफिसरहरू, नपुंसकहरूसमेत, वीर वीर
पुरुषहरू र सबै योग्य योग्य मानिसहरूलाई
भेला गरे। २ तब खड़ा भएर दाऊद
राजाले भने, "हे मेरा दाज्यू-भाइ र प्रजा
हो, मेरा कुरा सुन। परमप्रभुको करारको
सन्दूकको निम्ति एउटा विश्राम-स्थान, एउटा
भवन हाम्रा परमेश्वरको खुट्टाको पाउदानको
काम दिनलाई बनाउनको निम्ति मेरो मनमा
विचार गरेको थिएँ, औ मैले त्यो निर्माण
गर्नलाई तयार पनि गरें। ३ तर परमेश्वरले
मलाई यसो भन्नुभयो, 'मेरो नाउँको सम्मानको
निम्ति तैंले भवन बनाउनेछैनस्। किनभने तैं
लड़ाइँ गर्ने मानिस होस्, र तैंले
रक्तपात गरेको छस्।' ४ तापनि परमप्रभु
इस्राएलका परमेश्वरले मेरा पिताका सबै घराना-
बाट सदा सर्वदैको निम्ति इस्राएलमाथि
राज्य गर्न मलाई चुन्नुभयो। किनभने
उहाँले यहूदालाईनै राज्य गर्ने कुल चुन्नुभयो,
औ यहूदाका परिवारबाट मेरो पिताको
घरानालाई चुन्नुभयो। मेरा पिताका
छोराहरूमध्ये उहाँले सारा इस्राएलमाथि
मलाईनै राजा तुल्याउन उहाँलाई असल
लाग्यो। ५ मेरा सबै छोराहरूमध्ये—किनभने
परमप्रभुले मलाई धेरै छोराहरू दिनुभएको
छ—इस्राएलमाथि परमप्रभुको राज्यधिकार
लिएर सिंहासनमा बस्न उहाँले सुलेमानलाई
चुन्नुभयो। ६ औ उहाँले मलाई यसो
भन्नुभयो, 'तेरो छोरा सुलेमानलेनै मेरो भवन
र मेरा चोकहरू बनाउनेछ। किनभने मैले
त्यसलाई मेरो छोरा हुन चुनेको छु र म त्यसको
पिता हुनेछु। ७ यदि अहिले पालन गरेझैं
त्यसले मेरा आज्ञाहरू दृढ़तापूर्वक पालन गर्‍यो
र मेरा व्यवस्थाहरू मान्यो भने म
त्यसको राज्यधिकार सदा सर्वदैको निम्ति स्थिर
राख्नेछु।' ८ यसकारण अब, तिमीहरू यस
सुन्दर देशका अधिकारी हुन सक, र त्यो
तिमीहरूको पैतृक-सम्पत्तिझैं तिमीहरूपछि
तिमीहरूका छोरा-छोरीहरूलाई दिन सक
भनेर सारा इस्राएल परमप्रभुको समुदायको
सामने र हाम्रा परमेश्वरले सुन्ने
गरी होशियारीसँग परमप्रभु तिमीहरूका
परमेश्वरका आज्ञाहरू अध्ययन गर भनी म
तिमीहरू सबैलाई हुकुम गर्दछु।' ९ औ
तिमी सुलेमान मेरो छोरा चाहिं, तिम्रा
पिताका परमेश्वरलाई आफ्नै ईश्वर मान, र
सारा हृदय र इच्छुक मनले उहाँको सेवा
गर। किनभने परमप्रभुले सबै हृदय जाँच्नुहुन्छ
र मानिसको हरेक विचारलाई थाह
पाउनुहुन्छ। यदि उहाँलाई खोज्यौ भने
तिमीले उहाँलाई भेट्टाउनेछौ, तर तिमीले
उहाँलाई त्याग्यौ भने उहाँले तिमीलाई

सधैँको निम्ति फाल्नुहुनेछ। १० यसैले याद
राख, परमप्रभुले आफ्नो बासस्थानको निम्ति
एउटा भवन निर्माण गर्न तिमीलाईनै
चुन्नुभएको छ—दृढ़ होऊ र त्यो पूरा गर।"
११ दाऊदले आफ्नो छोरो सुलेमानलाई
मन्दिरको दलान र त्यसका घर, भण्डार,
कौसीका कोठाहरू र भित्री चोकहरू औ
प्रायश्चित गर्ने पवित्रस्थानको नक्शा दिए।
१२ तिनले परमप्रभुको भवनका चोकहरूका
नक्शाहरू सबै, जो तिनले विचार गरेका थिए,
औ त्यसका चारैपट्टिका कोठाहरू, परमप्रभुको
भवनका भण्डारहरूका निम्ति र पवित्र भेटी
राख्ने भण्डारको निम्ति, १३ लेवी र
पूजाहारीहरूका भाग भागको, परमप्रभुको
भवनको सेवाको सम्बन्धमा गरिने सबै कामको
र त्यसका सेवामा प्रयोग गरिने सबै
भाँड़ाहरूका नक्शा पनि तिनलाई दिए।
१४ विभिन्न सेवामा प्रयोग गरिने सबै सुनका
भाँड़ाहरूका निम्ति सुनका तौल र सबै
चाँदीका भाँड़ाहरूका निम्ति चाँदीका तौल
तिनले तोकिदिए। १५ औ सुनका सामदान र
तिनका दियोहरूका निम्ति चाहिँदो तौलअनुसार
तोकिदिए। १६ औ हरेक भेटीको रोटीको
पंक्तिहरूका टेबलहरूका निम्ति सुनको तौल र
चाँदीका टेबलहरूका निम्ति चाँदीकै तौल
तिनले तोकिदिए। १७ तिनले काँटा,
छर्कने डाड़ र कचौराहरू निखुर सुनका,
हरेक सुनको भाँड़ाको निम्ति सुन र
हरेक चाँदीको भाँड़ाको निम्ति चाँदीका
तौल तोकिदिए। १८ धूप-वेदीको निम्ति पनि
निखुर सुनको तौल औ रथको नमूना,
अर्थात् परमप्रभुको करारको सन्दूकलाई पर्दाले
जस्तै छेक्ने करूबहरूका फैलाएका पखेटाहरूका
निम्ति पनि सुनका तौल तोकिदिए।
१९ दाऊदले भने, "यी सबै परमप्रभुकै
हातले बनाएका नक्शा हुन्। औ मेरो काम
चाहिँ यही नक्शाका सम्पूर्ण ससाना कामहरूको
हेर-विचार गर्नु हो।"
२० त्यसपछि दाऊदले आफ्नो छोरा
सुलेमानलाई भने, "बलियो र आँटिलो हो र
यो गर्। नडरा र निरुत्साहित नहो,
किनभने परमप्रभु परमेश्वर, मेरा परमेश्वर तेरो
साथमा हुनुहुनेछ। परमप्रभुको सेवाको
निम्तिका सबै चाहिँदो काम तैंले पूरा
नगरूञ्जेल उहाँले नता तँलाई निराश
तुल्याउनुहुनेछ न तँलाई त्याग्नुहुनेछ।
२१ परमप्रभुको भवनको सबै सेवा गर्न
पूजाहारीहरू र लेवीहरूका भाग भागहरू
यहाँ तयार छन्। तेरा सबै काममा कुनै
पनि काम गर्न खुशीसित काम गर्ने हरेक
कारीगरको सहायता तँलाई मिल्नेछ। औ
अफिसरहरू र सबै मानिसहरू जम्मै तेरै
हुकूममा चल्नेछन्।"

२९ त्यसपछि राजा दाऊदले सारा
समुदायलाई भने, "मेरो छोरो सुलेमान,
कलिलै उमेरका सुलेमानलाईनै परमेश्वरले
चुन्नुभएको हो। औ यो काम महान् छ।
किनभने यो भवन मानिसको निम्ति होइन तर
परमप्रभु परमेश्वरको निम्ति हो। २ मेरो
बलले भियाएसम्म मैले मेरा परमेश्वरको
भवनको लागि सुनको कामको निम्ति सुन,
चाँदीको कामको निम्ति चाँदी, काँसाको निम्ति
काँसा, फलामको निम्ति फलाम, काठको
निम्ति काठ औ जड़ान गर्ने सुलेमानी पत्थर
र अरू मणिहरू, बुट्टेदार कामका निम्ति
पत्थरहरू, र सबै किसिमका दामी दामी ढुङ्गा
तयार पारिराखेको छु। ३ त्यसबाहेक मेरा
परमेश्वरको भवनप्रति मलाई ज्यादै प्रेम भएको
हुनाले मेरा परमेश्वरको भवनको निम्ति म
मेरो आफ्नो निजी भण्डारबाट सुन र चाँदी
दिँदैछु—त्यो चाहिँ बासस्थानको निम्ति मैले
जम्मा गरेका सबै थोकबाहेक हो—४ अर्थात्
तीन हजार तोड़ा सुन, ओपीरको सुन,
भवनका भित्ताहरू मोहोर्नलाई सात हजार
तोड़ा निखुर चाँदी, ५ सुनका कामको
निम्ति सुन, चाँदीका कामको निम्ति चाँदी
औ निपुण कारीगरले गर्ने कुनै पनि कामको

निम्ति दिँदैछु। अब मुठी खोलिकन आज
परमप्रभुलाई दिनु को राजी छ?"
६ तब घराना घरानाका कुल-नायकहरू,
इस्राएलका कुलहरूका शासन गर्ने अफिसरहरू,
हजार र सयका अफिसरहरू र राजाका सेवाका
जिम्मामा रहेका अफिसरहरू, ७ राजी-खुशीसित
परमप्रभुको भवनको कामको निम्ति पाँच
हजार तोड़ा सुन र दश हजार असर्फी*,
दश हजार तोड़ा चाँदी, अठाह हजार तोड़ा
काँसा र एक लाख तोड़ा फलाम दिए।
८ त्यसबाहेक जस जसकहाँ दामी दामी
रत्नहरू थिए तिनीहरूले ती गेर्शोनी एहीएलको
जिम्मामा परमप्रभुको भवनको भण्डारको
निम्ति दिए। ९ मानिसहरूले यसरी
राजी-खुशीसित दिएकोमा आनन्द मनाए।
किनभने आफ्ना हृदयको भक्तिसाथ परम-
प्रभुको निम्ति तिनीहरूले राजी-खुशीसित
ती दिएका थिए।

परमप्रभुलाई दाऊदको धन्यवाद ज्ञापन

१० दाऊद राजा पनि साह्रै आनन्दित
भए। तिनले सबै समुदायको उपस्थितिमा
परमप्रभुलाई धन्यवाद दिएर भने, "हे हाम्रा
पुर्खाहरूका परमप्रभु परमेश्वर, तपाईं
सनातनदेखि सनातनसम्म धन्यका होऊन्।
११ हे परमप्रभु, महानता, शक्ति, महिमा,
गौरव र वैभव तपाईंकै हुन्। किनभने स्वर्ग
र पृथ्वीमा भएका सबै कुरा तपाईंकै हुन्।
हे परमप्रभु, राज्याधिकार तपाईंकै हो, औ
सबैका माथि तपाईं सर्वोच्च हुनुहुन्छ।
१२ धन र मान तपाईंबाटनै आउँछन्।
तपाईंनै सबैमाथि शासन गर्नुहुन्छ। पराक्रम
र शक्ति तपाईंकै हातमा छन्। सबैलाई बल
र शक्ति दिनु तपाईंकै हातमा छ। १३ औ
अब, हे हाम्रा परमेश्वर, हामी तपाईंलाई
धन्यवाद दिँदैछौं औ तपाईंको महिमित नाउँको
प्रशंसा गर्दैछौं।

* इब्रानीमा-दारिक

१४ तर म को हुँ, औ मेरो प्रजा
को हो र? कि हामी राजी-खुशीसित
यसरी दिनसक्तछौं? किनभने सबै कुरा
तपाईंबाटै आउँछन्, औ तपाईंकै दानबाट
हामी तपाईंलाई दिँदैछौं। १५ हामी ता
तपाईंको सामु विदेशी र प्रवासीहरू हौं,
जस्ता हाम्रा पुर्खाहरू थिए। हाम्रा
दिन यस पृथ्वीमा छायाजस्तो मात्र छ।
हाम्रा स्थायी बस्ने ठाउँ छैन। १६ हे
परमप्रभु हाम्रा परमेश्वर, तपाईंको पवित्र
नाउँको सम्मानको निम्ति भवन बनाउन
जम्मा गरेका यी सबै धन तपाईंबाटनै
आउँछन्, औ यी सबै तपाईंकै हुन्।
१७ हे मेरा परमेश्वर, म जान्दछु कि
तपाईं हृदयको जाँच गर्नुहुन्छ। मनको
सोझोपनादेखि तपाईं खुशी हुनुहुन्छ। साँचो
हृदयले मैले राजी-खुशीसित यी सबै दान
तपाईंमा टक्राएको हुँ। औ यहाँ उपस्थित
भएका तपाईंको प्रजाले राजी-खुशीसित
टक्राएको देख्ता अब मलाई आनन्द लागेको
छ। १८ हे हाम्रा पुर्खा अब्राहाम, इसहाक
र इस्राएलका परमेश्वर, तपाईंको प्रजाको यो
अभिप्राय सधैँलाई कायम राख्नुहोस्, र
तिनीहरूका हृदयलाई तपाईंतिर खिँच्नुहोस्।
१९ मेरो छोरा सुलेमानले तपाईंका आज्ञाहरू,
तपाईंका धार्मिक-नियमहरू र तपाईंका धर्म-
विधिहरू भक्तिसाथ पालन गर्न अनुग्रह
गर्नुहोस्। त्यसले ती सबै पूरा गर्नसकोस्,
र त्यसले त्यो भवन निर्माण गर्नसकोस्,
जसको निम्ति मैले सबै कुरा तयार
पारिराखेको छु।"

दाऊदपछि सुलेमान राजा भएका

२० त्यसपछि सारा समुदायतिर फर्केर
दाऊदले भने, "अब परमप्रभु तिमीहरूका
परमेश्वरको प्रशंसा गर।" यसैले सारा
समुदाय परमप्रभु र राजाको सामु घोप्टो
परी साष्टाङ्ग प्रणाम गरेर आफ्ना

पुर्खाहरूका परमप्रभु परमेश्वरको प्रशंसा गरे।
२१ भोलिपल्ट तिनीहरूले परमप्रभुको निम्ति
बलिदान चढ़ाए, र उहाँलाई होमबलि गरी
एक हजार साँढ़े, एक हजार साँढ़-भेड़ा, एक
हजार थुमा, तिनका साथसाथै तोकिएको
अर्घबलिसित सबै इस्राएलको निम्ति प्रशस्त
बलिदान चढ़ाए। २२ यसरी ठूलो आनन्दसित
परमप्रभुको सामने तिनीहरूले त्यस दिन
खाना-पीना गरे। त्यसपछि तिनीहरूले दोस्रो
खेप दाऊदका छोरा सुलेमानलाई राजा
नियुक्त गरे, र तिनलाई परमप्रभुको राजा
र सादोकलाई चाहिं पूजाहारी अभिषेक गरे।
२३ यसरी सुलेमान आफ्ना पिता दाऊदको
सट्टा परमप्रभुको सिंहासनमा राजा भएर
विराजमान गरे। तिनको उन्नति भयो र सबै
इस्राएलले तिनको हुकुम पालन गरे। २४ सबै
अफिसरहरू र योद्धाहरू, औ दाऊद राजाका
सबै छोराहरूले पनि सुलेमान राजालाई
आफ्नो राजभक्ति देखाउने प्रतिज्ञा गरे।
२५ सारा इस्राएलका नजरमा परमप्रभुले
सुलेमानलाई अति उच्च तुल्याउनुभयो, औ
तिनलाई यस्तो राज्यधिकार दिए, जस्तो
तिनीअघि इस्राएलमा कुनै राजालाई दिनुभएको
थिएन।

२६ यिशैका छोरा दाऊदले सारा
इस्राएलमाथि राज्य गरेका थिए, औ तिनले
इस्राएलमाथि चालीस वर्ष राज्य गरे।
२७ तिनले हेब्रोनमा सात वर्ष र यरूशलेममा
तेँतीस वर्ष राज्य गरे। २८ तिनी धन-
सम्पत्ति र मानले पूर्ण भई पूरा उमेर पुगेर
वृद्धावस्थामा मरे। औ तिनीपछि तिनका
छोरा सुलेमान राजा भए। २९-३० दाऊद
राजाको राज्यका घटनाहरू शुरूदेखि
आखिरीसम्म, तिनका राज्यका पूरा पूरा
वर्णन, तिनका बीरताका कामहरू, औ तिनी
र इस्राएल र संसारका सबै राज्यहरूका
समयमा बितेका घटनाहरू दर्शी शमूएल,
अगमवक्ता नातान र दर्शी गादका
पुस्तकहरूमा लेखिएका छन्।

इतिहासको दोस्रो पुस्तक

बुद्धिको निम्ति सुलेमानको प्रार्थना

1 दाऊदका छोरा राजा सुलेमानले
राज्यमा आफ्नो अधिकार स्थिर गरे,
किनभने परमप्रभु तिनका परमेश्वर तिनको
साथमा हुनुहुन्थ्यो। उहाँले तिनलाई महान्
तुल्याउनुभयो।

२ तब सुलेमानले सबै इस्राएलसित,
अर्थात् सहस्रपति र शतपति, न्यायकर्त्ताहरू र
इस्राएलका सारा अगुवा र कुल-नायक
हरूसित बातचीत गरे। ३ औ तिनी र
जम्मा भएका सबै मानिसहरू गिबोन
डाँड़ाको पूजा-थानमा गए। किनभने परमेश्वरका
दास मोशाले उजाड़-स्थानमा बनाएको
परमेश्वरको भेट हुने पाल त्यहीं थियो।
४ तर दाऊदले चाहिं परमेश्वरको सन्दूक
कर्यात-यारीमबाट आफूले तयार गरेको ठाउँमा
ल्याएका थिए। किनभने तिनले यरूशलेममानै

त्यसको निम्ति पाल टाँगेका थिए।
५ त्यसबाहेक ऊरीका छोरा हूरका नाति
बजलेलले बनाएको पीतलको बेदी पनि त्यहींनै
परमप्रभुको बासस्थानको सामने थियो। सुलेमान
र सबै समुदाय त्यहींनै गए। ६ त्यहाँ भेट
हुने पालमा परमप्रभुको सामने भएको
पीतलको वेदीसम्म तिनी उक्लिगएर त्यसमा
एक हजार होमबलि चढ़ाए। ७ त्यस रात
परमेश्वर सुलेमानकहाँ देखा पर्नुभयो र उहाँले
तिनलाई भन्नुभयो, "म तँलाई के दिऊँ?
मलाई भन्।" ८ सुलेमानले जवाफ दिए,
"तपाईंले मेरा पिता दाऊदलाई महान् र दृढ़
प्रेम देखाउनुभयो, र मलाई उहाँको सट्टामा
राजा तुल्याउनुभएको छ। ९ अब हे
परमप्रभु परमेश्वर, तपाईंले मेरा पिता दाऊद-
लाई दिनुभएको तपाईंको वचन पक्का गर्नुहोस्,
किनभने पृथ्वीको धूलो जतिकै अनगन्ती
प्रजामाथि तपाईंले मलाई राजा तुल्याउनुभएको
छ। १० अब यस प्रजाको अगुवाइ गर्न
मलाई बुद्धि र ज्ञान दिनुहोस्। किनभने
तपाईंको यो ठूलो प्रजालाई शासन गर्ने
को योग्यको छ?" ११ तब परमेश्वरले
सुलेमानलाई भन्नुभयो, "तेरो इच्छा यही
रहेछ। तैंले धन-सम्पत्ति अथवा अधिकार
वा मान-मर्यादा वा आफ्ना शत्रुहरूको प्राण
वा आफ्नो निम्ति दीर्घायु मागेनस्, तर
मैले तँलाइ राजा तुल्याएको यस प्रजामाथि
शासन गर्ने बुद्धि र ज्ञान तैंले मागेको
हुनाले १२ बुद्धि र ज्ञान मैले तँलाई
दिएँ। म तँलाई धन-सम्पत्ति अधिकार र
मान-मर्यादा पनि दिनेछु, जो तैंभन्दा अघिका
कुनै राजाले पाएको थिएन, औ पछिको राजाले
पनि पाउनेछैन।" १३ तब सुलेमान
गिबोनको पूजा-थान, भेट हुने पालबाट
यरूशलेममा आए, र इस्राएलमाथि शासन
गर्नलागे।

घोड़ा र रथको व्यापार

१४ सुलेमानले धेरै रथ र घोड़ाहरू जम्मा
गरे। तिनका चौध सय रथ र बाह्र हजार
घोड़ाहरू थिए। कोही तिनले रथ राख्ने
शहरमा र कोही चाहिं आफूसित यरूशलेममा
राखे। १५ राजाले सुन र चाँदी यरूशलेममा
ढुङ्गासरह तुल्याए, औ देवदार चाहिं शेफेलाका
किम्बूसरह धेरै तुल्याए। १६ सुलेमानको
निम्ति घोड़ाहरू मिश्र देश र क्यूएबाट पैठारी
हुन्थे। राजाका व्यापारीहरूले ती क्यूएबाट
किनेर ल्याउँथे। १७ प्रत्येक रथ मिश्र
देशबाट चाँदीका छ सय शेकेल र
घोड़ा चाहिं एक सय पचासमा पैठारी
गरिन्थ्यो। यसरीनै हित्तीहरूका सबै राजाहरू
र अरामका राजाहरूबाट निकासी गर्न व्यापारी-
हरूले प्राप्त गर्थे।

राजा हूरामसँग सुलेमानको सम्झौता

२ सुलेमानले परमप्रभुको नाउँको सम्मानको
निम्ति एउटा भवन र आफ्नै निम्ति
एउटा महल निर्माण गर्ने अठोट गरे।
२ तिनले सत्तरी हजार भारी बोक्ने, अस्सी
हजार ढुङ्गा काटने र तीन हजार छ सय
मानिसहरू तिनीहरूमाथि हेर-विचार गर्ने नियुक्त
गरे। ३ तब तिनले सोरका राजा हूरामलाई
यसो भनेर समाचार पठाए, "तपाईंले दयागरी
मेरा पिता दाऊदलाई तिनको राजकीय
निवासस्थान निर्माण गर्न देवदारका काठहरू
पठाइदिनुभएको थियो। ४ अब मैले पनि
परमप्रभु मेरा परमेश्वरको सम्मानको निम्ति
एउटा भवन निर्माण गर्न र त्यो उहाँको निम्ति
समर्पण गर्न र उहाँको सामने सुगन्धित धूप
बाल्न र भेटीको रोटी नित्य लहर लहर गरी
राखेर चढ़ाउन, औ बिहान, बेलुकी, विश्राम-
दिन, औंसी र परमप्रभु हाम्रा परमेश्वरका
निम्ति ठहराएका चाडहरूमा बलि चढ़ाउन
निर्माण गर्नलागेको छु। किनभने सधैंको
निम्ति यो इस्राएललाई एउटा कर्त्तव्य-कर्म गरी
ठहराइएको छ। ५ मैले निर्माण गर्नलागेको
भवन एउटा अत्यन्तै ठूलो भवन हुनेछ,

किनभने हाम्रा परमेश्वर सबै देवताहरूभन्दा
महान् हुनुहुन्छ। ६ तर स्वर्ग, अर्थात्
सर्वोच्च स्वर्गले उहाँको निम्ति सानो
छ भने कसले उहाँको निम्ति भवन निर्माण
गर्नसक्छ? उहाँको सामने बलिदान चढ़ाउन-
बाहेक उहाँको निम्ति भवन निर्माण गर्ने म
को हुँ र? ७ यसकारण मेरो निम्ति एक
निपुण कारीगर पठाइदिनुहोस्—एउटा यस्तो
मानिस जसले सुन, चाँदी, काँसा र फलाम
औ बैजनी, रातो नीलो धागोको काम गर्नसक्छ,
र तिनी निपुण कुँदने मानिस पनि होस्।
तिनले मेरा पिता दाऊदले जुटाइदिनुभएका
निपुण कारीगरहरूसँग यहूदा र यरूशलेममा
काम गर्नेछन्। ८ मलाई लबानोनबाट देवदार,
सल्ला र चन्दन-काठहरू पनि पठाइदिनुहोस्,
किनभने मलाई थाह छ कि तपाईंका
मानिसहरू लबानोनमा काठहरू काट्न निपुण
छन्। ९ मेरा मानिसहरू तपाईंका
मानिसहरूसँग धेरै काठ तयार गर्न काम
गर्नेछन्। किनभने जुन भवन म निर्माण गर्नेछु,
त्यो भव्य र आश्चर्यको हुनेछ। १० म
तपाईंका कर्मीहरू, अर्थात् रूखहरू ढाल्नेहरूका
निम्ति बीस हजार मुरी गहुँ, बीस हजार
मुरी जौ, बीस हजार पाथी दाखमद्य र बीस
हजार पाथी तेल जुटाइदिनेछु।”
११ सोरका राजा हूरामले पत्रद्वारा
सुलेमानलाई यो समाचार पठाए, “परमप्रभुको
प्रेम आफ्नो प्रजामाथि रहेको कारण उहाँले
तपाईंलाई तिनीहरूमाथि राजा तुल्याउनुभयो।”
१२ पत्रमा यस्तो पनि लेखेको थियो, “स्वर्ग
र पृथ्वीका सृष्टिकर्त्ता परमप्रभु इस्राएलका
परमेश्वर धन्यका होऊन् जसले दाऊद
राजालाई तीव्र-बुद्धि र समझ-शक्तिले पूर्ण
भएका एउटा बुद्धिमान छोरा दिनुभएको छ,
जसले परमप्रभुको निम्ति एउटा भवन र
आफ्नै निम्ति एउटा महल बनाउनुहुनेछ,
१३ अब म तपाईंको निम्ति एक जना
निपुण र खूबै अनुभवी कारीगर हूराम-
अबीलाई पठाउँदैछु। १४ तिनी दानवंशी
स्त्रीका छोरा हुन्। तिनका पिता चाहिं
एक सोरबासी हुन्। तिनी सुन र चाँदी,
काँसा र फलाम, ढुङ्गा र काठका काम औ
बैजनी, रातो र नीलो धागो र मसिनो
मलमलका काममा पनि अनुभवी कारीगर
हुन्। तिनी बुट्टाका काममा तालिम पाएका
मानिस हुन्। तिनी तपाईंका निपुण
कारीगरहरूका साथमा, र मेरा स्वामी तपाईंका
पिता दाऊदका कारीगरहरूका साथमा
तिनलाई दिएका कुनै पनि नमूनाका काम
गर्नसक्नेछन्। १५ यसकारण अब मेरा
स्वामीले आफ्ना चाकरहरूका निम्ति आफूले
प्रतिज्ञा गर्नुभएका गहुँ, जौ, तेल र दाखमद्य
पठाइदिनुहोस्। १६ तपाईंलाई चाहिएका
सबै काठ हामी लबानोनमा ढाल्नेछौं, र
मूढ़ाहरू बाँधेर यापोको बाटोसम्म बगाएर
पठाइदिनेछौं। तपाईंले चाहिं त्यहाँबाट
यरूशलेमसम्म लाने बन्दोबस्त मिलाउनुहोला।”
१७ यसैले आफ्ना पिता दाऊदले
मानिसहरूको जनगणना लिएझैं सुलेमानले
इस्राएलमा बस्ने विदेशीहरूको जनगणना
लिए। यिनीहरू एक लाख त्रिपन्न हजार
छ सय थिए। १८ तिनले यिनीहरूमध्येका
सत्तरी हजारलाई भारी बोक्ने र अस्सी
हजारलाई ढुङ्गा काट्ने औ तीन हजार छ
सयलाई चाहिं मानिसहरूमाथि कामदारी
नियुक्त गरे।

परमप्रभुको भवन निर्माण

३ तब सुलेमानले तिनका पिता दाऊदले
परमप्रभुको दर्शन पाएर यबूसी
ओर्ननको खलामा एउटा स्थान तयार पारेका
यरूशलेमको मोरीयाह डाँड़ामा परमप्रभुको
भवन निर्माण गर्न शुरू गरे। २ तिनले
आफ्नो शासनकालको चौथो वर्षको दोस्रो
महीनाको दोस्रो दिनमा त्यो निर्माण गर्न
शुरू गरे। ३ परमेश्वरको भवन निर्माण
गर्न सुलेमानले राखेका जग यिनै हुन्—

पुरानो नमूनाको नापअनुसार लम्बाइ साठी
हात र चौड़ाइ बीस हात थियो। ४ भवनको
सामनेको दलान बीस हात लामो,
घरको एक छेउदेखि अर्को छेउसम्मको
चौड़ाइ जतिकै थियो। त्यसको उँचाइ
बीस हात थियो। भित्रपट्टि चाहिँ तिनले निखुर
सुनले मोहोरे। ५ तिनले ठूलो कोठामा
सल्लाको तख्ता लगाए, र त्यसलाई निखुर
सुनले मोहोरे, औ तिनमा खजूरका बोटहरू
र सिक्रीहरूका बुट्टा बनाए। ६ त्यसको
शोभाको लागि तिनले त्यस घरलाई बहूमूल्य
पत्थरहरूले जड़े। त्यसमा तिनले पूर्वैमबाट
ल्याएका सुन प्रयोग गरे। ७ तिनले जम्मै
घरलाई, अर्थात् त्यसका दलीन र चौखट,
भित्ता र ढोकाहरू सुनले मोहोरे, औ तिनले
भित्ताहरूमा करूबहरू खोपेर बनाए।

८ तिनले भवनको चौड़ाइबमोजिमनै
महा-पवित्रस्थान बीस हात लम्बाइ र बीस
हात चौड़ाइको बनाए। तिनले ती जम्मैलाई
छ सय तोड़ा निखुर सुनले मोहोरे।
९ कीलाहरूको ओजन पचास शेकेल सुनको
थियो। तिनले माथिल्लो काठहरू पनि सुनले
मोहोरे।

१० तिनले महा-पवित्रस्थानमा दुइ करूबका
प्रतिरूप खोपेर सुनले मोहोरे। ११ करूबका
पखेटा एक छेउदेखि अर्को छेउसम्म बीस हात
थियो। एउटा करूबको एउटा पखेटा घरको
भित्तामा छुने गरी पाँच हातको थियो।
त्यसको अर्को पखेटा चाहिँ अर्को करूबको
पखेटामा छुने गरी पाँच हातकै थियो।
१२ त्यस्तै गरी दोस्रो करूबको एउटा पखेटा
घरको भित्ता छुने गरी पाँच हातको थियो।
१३ करूबहरूका पखेटा बीस हातसम्म
फिँजिएका थिए। तिनीहरू आफ्ना खुट्टामा
उभिएका थिए। तिनीहरूका मुख बाहिरका
कोठाहरूतिर फर्केका थिए। १४ तिनले नीलो,
बैजनी र रातो रङ्गको मसिनो मलमलको पर्दा
बनाए, र त्यसमा बुट्टा काढ़ेका करूबहरू
बनाए। १५ भवनको सामनेपट्टि तिनले
अठाह अठाह हात अग्ला दुइवटा स्तम्भ
बनाए। प्रत्येकको टुप्पामा पाँच हात अग्ला
स्तम्भ-शिरा थिए। १६ तिनले हारजस्तै
सिक्रीका काम बनाएर स्तम्भका टुप्पा टुप्पामा
राखे। तिनले सयवटा दारीम बनाएर ती
सिक्रीहरूमा लगाए। १७ तिनले मन्दिरको
सामनेपट्टि दुइवटा स्तम्भ खड़ा गरे—एउटा
दाहिनेपट्टि र अर्को देब्रेपट्टि। दाहिनेपट्टिको
स्तम्भको नाउँ तिनले याकीन र देब्रेपट्टिको
स्तम्भको नाउँ बोअज राखे।

४ त्यसपछि तिनले बीस हात लामो,
बीस हात चौड़ा र दश हात अग्लो
काँसाको एउटा वेदी बनाए। २ तिनले
ढालेर बनाएको धातुको एउटा विशाल-खड्कुँलो
पनि बनाए। त्यो गोलाकार थियो। त्यसको
एक किनारदेखि अर्को किनारसम्मको व्यास दश
हात थियो। त्यो पाँच हात अग्लो थियो।
त्यसको रिङ्गै फेरो तीस हात थियो।
३ खड्कुँलाको मन्तिर फेरोको चारैतिर तीस
हात परिधिको पूरै घेरामा फर्सीजस्तै दुइ लहर
खड्कुँलासँगै एउटै भागजस्तै टुक्रा गरी लाएका
थिए। ४ त्यो खड्कुँला बाहवटा गोरुहरू-
माथि बसालिएको थियो। तीनवटा उत्तरतिर
फर्केका, तीनवटा पश्चिमतिर फर्केका, तीनवटा
दक्षिणतिर फर्केका र तीन वटा पूर्वतिर फर्केका
थिए। तिनीहरूका पछाड़िका भाग चाहिँ
भित्रपट्टि थिए। त्यो खड्कुँला चाहिँ
तिनैमाथि बसालिएको थिए। ५ त्यसको
मोटाइ एक बित्ता थियो। त्यसको
बिट कचौराको जस्तै बनाइएको थियो, त्यो
लिली-फूलको पुष्प-कोषजस्तै आकारको थियो।
त्यसको मुखसम्मै सत्तरी हजार पाथी पानी
अटाउँथ्यो। ६ तिनले दशवटा स्नान-भाँड़ाहरू
पनि बनाए। ती तिनले पाँचवटा देब्रेपट्टि र
र पाँचवटा दाहिनेपट्टि राखे। यिनैमा
तिनीहरूले होमबलिका सबै चीजहरू धुन्थे।
खड्कुँलो चाहिँ पूजाहारीहरूले नुहाउनलाई
बनाएको थियो।

७ तिनले दशवटा सुनका सामदान
तोकिएबमोजिम बनाए। ती तिनले मन्दिरमा
राखे—पाँचवटा दाहिनेपट्टि र पाँचवटा
देब्रेपट्टि। ८ तिनले दशवटा टेबलहरू पनि
बनाएर मन्दिरमा राखे पाँचवटा दाहिनेपट्टि
र पाँचवटा देब्रेपट्टि। तिनले एक सयवटा
सुनका छर्कने-डाडू बनाए। ९ तिनले
पूजाहारीहरूको चोक बनाए, र ठूलो चोक
र त्यसका ढोकाहरूसमेत बनाएर दुवैका
ढोकाहरू तामाले मोहोरे। १० त्यो विशाल-
खड्कुँलो चाहिँ तिनले दाहिनेपट्टि, अर्थात्
मन्दिरको दक्षिण-पूर्व कुनामा राखे।
११ हूरामले भाँड़ा, धूपौरा र छर्कने-
डाड़हरू बनाए। यसरी तिनले परमेश्वरको
भवनमा सुलेमान राजाको निम्ति आफूले
जिम्मा लिएका काम सिध्याए, १२ अर्थात्
दुइ स्तम्भहरू, स्तम्भहरूका शिरामा दुइवटा
बटुकाका आकारमा स्तम्भ-शिराहरू, स्तम्भ-
शिरामा भएका दुइ बटुका आकारमा स्तम्भ-
शिरालाई ढाक्ने दुइ बुट्टेदार जालीहरू।
१३ ती दुइ जालीदार कामहरूका निम्ति
चार सय दारीम, अर्थात् प्रत्येक जालीका
कामको निम्ति दुइ दुइ सय लहर दारीम। ती
दुइ स्तम्भ-शिरामा भएका बटुका आकारका
दुइ स्तम्भ-शिरालाई ढाक्न बनाइएका थिए।
१४ दशवटा ठेला-गाड़ीमाथि दशवटा पानीका
बाटा, १५ एउटा विशाल-खड्कुँला र
त्यसलाई अड़ाउने बाहवटा गोरु, १६ भाँड़ा,
धूपौरा र छर्कने-डाडूहरू—निपुण हूरामले यी
सबै काँसाका खूबै टल्काएका काम परमेश्वरको
भवनको निम्ति सुलेमानका लागि बनाए।
१७ यर्दन नदीको समतल मैदानमा राजाले
ती ढालेर बनाए। सुक्कोत र सरेदाको बीचमा
भएको धातु गाल्ने साँचा-घरमा ढालेर तिनले
ती बनाए। १८ यी सबै थोक सुलेमानले
धेरै संख्यामा बनाए त्यसमा लागेको तामाको
ओजनको हिसाबै थिएन।

१९ सुलेमानले परमेश्वरको भवनका सबै
बजाउने सामग्रीहरू पनि बनाए, अर्थात् सुनको
वेदी, भेटीको रोटी राख्ने टेबलहरू,
२० निखुर सुनका सामदानहरू, जसका
बत्तीहरू विधिपूर्वक भित्री पूजा-कोठामा
बलिरहन्थे, २१ औ फूलहरू र बत्तीहरू
र असल सुनका चिम्टाहरू, अमेरूदानीहरू,
छर्कने डाडू, धूपौरा, असल सुनका
आगो राख्ने भाँड़ाहरू, २२ र भवनको
ढोका र महा-पवित्रस्थानमा पस्ने भित्रका
ढोका र पवित्रस्थानमा पस्ने ढोकाहरू जम्मै
सुनका बनाए।

५ सुलेमानले परमप्रभुको भवनको निम्ति
गरेका सबै कामहरू सिध्याएपछि
आफ्ना पिता दाऊदले पवित्र कामको लागि
अलग राखेका चीजहरू, अर्थात् सुन, चाँदी,
भाँड़ाहरू ल्याए र ती परमप्रभुको भवनको
भण्डारमा राखे।

सुलेमानले सन्दूक भवनमा ल्याएका

२ त्यसपछि सुलेमानले इस्राएलका बूढ़ा-
प्रधानहरू र कुल कुलका नायकहरू सबैलाई
परमप्रभुको करारको सन्दूक दाऊदको शहर
सियोनमा ल्याउन यरूशलेममा भेला हुन भनी
बोलाए। ३ तब इस्राएलका सबै मानिसहरू
सातौं महीनामा झुप्रो-बासको चाड़को समयमा
राजाको सामने भेला भए। ४ इस्राएलका
सबै बूढ़ा-प्रधानहरू आइसकेपछि, ५ लेवी-
हरूले सन्दूक, भेट हुने पाल र
पालका सबै पवित्र सामानहरूसमेत उठाएर
बोके—पूजाहारी र लेवीहरू मिलेर ती बोकेर
माथि लगे। ६ सुलेमान राजा र इस्राएलका
सारा समुदायले सन्दूकको सामने भेला भएर
अनगन्ती भेड़ा र गोरुहरू बलिदान चढ़ाए।
७ त्यसपछि पूजाहारीहरूले परमप्रभुको
करारको सन्दूक त्यसको स्थानमा, अर्थात्
भवनको भित्री पूजा-कोठा, अर्थात् महा-
पवित्रस्थानमा करूबहरूका पखेटामनि राखे।
८ करूबहरूले आफ्ना पखेटा सन्दूक राखेको

ठाउँमाथि फैलाएका थिए, औ तिनले सन्दूक
र त्यसका डण्डाहरू ढाकेका थिए। ९ डण्डा-
हरू चाहिं यसरी निस्केका थिए, कि टुप्पाहरू
भित्री पूजा-कोठाको सामने भएको महा-
पवित्रस्थानबाट देखिनसकिन्थे, तर बाहिर
कतैबाट पनि देखिनसकिँदैन थिए। ती
आजको दिनसम्म त्यहींनै छन्। १० सन्दूकमा
दुइवटा पाटीबाहेक अरू केही थिएन। यी
मोशाले होरेब पर्वतमा त्यहाँ राखेका थिए—
इस्राएलीहरूले मिश्र देश छोड़दा परमप्रभुले
तिनीहरूसित गर्नुभएका करारका पाटीहरू।
११ जब पूजाहारीहरू पवित्र-स्थानबाट
बाहिर निस्केर आए, (किनभने त्यहाँ हाजिर
भएका सबै पूजाहारीहरूले आफ्नो आफ्नो
पालो नपर्खिकनै आफैलाई पवित्र गरेका
थिए,) १२ तब सबै लेवी गायकहरू,
अर्थात् आसाप, हेमान र यदूतून तिनीहरूका
छोराहरू र तिनीहरूका कुटुम्बहरू मिहीन
मलमलका लुगा लगाएर झ्याम्टा, मृदङ्ग र
वीणाहरू लिएर वेदीको पूर्वपट्टि उभिए। औ
तिनीहरूका साथमा एक सय बीस
जना पूजाहारीहरू पनि थिए। तिनीहरूले
चाहिं तुरही बजाए। १३ तुरही बजाउने-
हरू र गाउनेहरूले परमप्रभुको प्रशंसा र
धन्यवादको निम्ति एक सोर गरी आवाज
निकाले। औ तुरही, झ्याम्टा र बाजाहरूसित
परमप्रभुको प्रशंसा गर्नलाई गीतको आवाज
निस्क्यो, किनभने, 'त्यसो गर्नु असल छ,
किनकि उहाँको प्रेम सदा सर्वदै रहिरहन्छ।'
औ भवन चाहिं परमप्रभुको महिमाको
बादलले भरिएको थियो। १४ बाक्लो धुँवाले
गर्दा पूजाहारीहरूले सेवा गर्नसकेनन्, किनकि
परमेश्वरको भवन परमप्रभुको महिमाले भरिएको
थियो।

भवनको समर्पण

६ तब सुलेमानले भने, "बाक्लो
अँध्यारोमा विराजमान हुन चाहने
हे परमप्रभु, २ यहाँ मैले तपाइंको
निम्ति एउटा उच्च भवन निर्माण गरेको छु—
तपाइं सदा सर्वदै बास गर्नलाई तपाइंको
निम्ति एक बासस्थान।"
३ औ जब मानिसहरू उभिरहेका थिए,
तब राजा तिनीहरूतिर फर्के, र यसो भनेर
इस्राएलका सबै समुदायलाई आशीर्वाद दिए।
४ परमप्रभु इस्राएलका परमेश्वर धन्यका
होऊन्। उहाँ मेरा पिता दाऊदसँग आमने-
सामने बोल्नुभयो, र उहाँले स्वयं आफ्नो
प्रतिज्ञा पूरा गर्नुभयो। किनभने उहाँले
यसो भन्नुभयो, ५ 'मेरो प्रजालाई मिश्र
देशबाट ल्याएको दिनदेखि यसो आजसम्म
एउटा घरमा मेरो नाउँ कायम राख्नलाई
इस्राएलका सबै कुलको कुनै पनि शहरलाई
मैले छानिनँ। मेरो प्रजा इस्राएलमाथि राज्य
गर्न मैले कुनै मानिसलाई राजा चुनिनँ।
६ तर त्यहाँ मेरो नाउँ कायम राख्न
यरूशलेमलाईनै मैले छानें, र दाऊदलाईनै मेरो
प्रजा इस्राएलमाथि शासन गर्नलाई राजा चुनें।'
७ परमप्रभु इस्राएलका परमेश्वरको नाउँको
सम्मानको निम्ति एउटा भवन निर्माण गर्न
मेरा पिता दाऊदको इच्छा थियो। ८ तर
परमप्रभुले उहाँलाई भन्नुभयो, 'मेरो नाउँको
सम्मानको निम्ति तैंले एउटा भवन निर्माण
गर्ने विचार गरिस्। त्यो विचार असलै थियो।
९ तापनि तैंले त्यो निर्माण गर्नेछैनस्, तर
तँबाट जन्मने तेरो छोरालेनै मेरो नाउँको
सम्मानको निम्ति त्यो भवन निर्माण गर्नेछ।'
१० परमप्रभुले अब त्यो प्रतिज्ञा पूरा गर्नु-
भएको छ। परमप्रभुले प्रतिज्ञा गर्नुभएबमोजिम
म मेरा पिता दाऊदको सट्टामा राजा भएको
छु। इस्राएलको सिंहासनमा उहाँको सट्टामा
म विराजमान भएको छु। औ परमप्रभु
इस्राएलका परमेश्वरको नाउँको सम्मानको
निम्ति मैले यो भवन निर्माण गरेको छु।
११ उहाँले इस्राएलसित गर्नुभएको परम-
प्रभुको करारका सन्दूक मैले त्यहाँ स्थापन
गरेको छु।"

१२ तब परमप्रभुको वेदीको सामने
इस्राएलका जम्मै समुदायको उपस्थितिमा खड़ा
भएर सुलेमानले आफ्ना हात फैलाए।
१३ तिनले पाँच हात लामो, पाँच हात
चौड़ा र तीन हात अल्गो काँसाको एउटा
मञ्च बनाएर चोकको बीचमा राखेका थिए।
तिनी त्यसमाथि उक्लेर समुदायको उपस्थितिमा
घुँड़ा टेके, र आफ्ना हात स्वर्गतिर उठाएर
तिनले भने, १४ "हे परमप्रभु इस्राएलका
परमेश्वर, आफ्ना मन-तनले तपाईंको
विश्वासमा लागिरहने आफ्ना दासहरूसँग
आफ्नो करार पूरा गर्ने र तिनीहरूलाई
आफ्नो प्रेम देखाउने तपाईंजस्तै अरू कुनै
ईश्वर स्वर्ग र पृथ्वीमा छैन। १५ तपाईंले
आफ्नो दास मेरा पिता दाऊदसित आफ्नो
प्रतिज्ञा पूरा गर्नुभयो। औ तपाईंले उहाँलाई
आफ्नो वचनद्वारा दिनुभएको कुरा आजको
दिन आफ्ना कार्यहरूद्वारा पूरा गर्नुभयो।
१६ यसैकारण, अब हे परमप्रभु इस्राएलका
परमेश्वर, आफ्नो दास मेरा पिता दाऊदसित
गर्नुभएको यो प्रतिज्ञा पूरा गर्नुहोस्, 'तैंले
मेरो दृष्टिमा गरेझैं तेरा छोराहरूले आफ्ना
चालमा होशियारीसित हिंड़ेर मेरो व्यवस्था
पालन गरे भने मात्र इस्राएलको सिंहासनमा
विराजमान हुन मद्वारा नियुक्त गरिएको कुनै
मानिसको अभाव हुनेछैन।' १७ औ अब
हे परमप्रभु इस्राएलका परमेश्वर, आफ्नो दास
दाऊदसित गरेको आफ्नो वचन पूरा
गर्नुहोस्।

१८ तर के परमेश्वर साँच्चैनै मानिससित
पृथ्वीमा बस्नुहुन्छ र? स्वर्ग, अर्थात् उच्च स्वर्ग
तपाईंको निम्ति सानो छ भने मैले निर्माण
गरेको यो भवन तपाईंको निम्ति कति सानो
छ। १९ हे परमप्रभु मेरा परमेश्वर, आफ्नो
दासको प्रार्थना र अर्जबिन्ती तपाईंले सुन्नुहोस्।
आफ्नो दासले तपाईंलाई चढ़ाएको दोहाइ र
बिन्ती सुन्नुहोस्, २० र तपाईंको दृष्टि
यस भवनमाथि रात-दिन रहोस्। यस भवन-
माथि, जसको विषयमा तपाईंले यसो भन्नु-
भएको थियो, 'यसमा मेरो नाउँ रहिरहनेछ।'
यसैले तपाईंको दासले यस ठाउँतिर प्रार्थना
गर्दा तपाईंले सुन्नुहोस्। २१ तपाईंको दास
र तपाईंको प्रजा इस्राएलले यस ठाउँतिर
फर्केर प्रार्थना गर्दा तिनीहरूको अर्जबिन्ती
तपाईंले सुन्नुहोस्। आफ्नो बासस्थान स्वर्ग-
बाट तिनीहरूको बिन्ती सुन्नुहोस्, र सुनेर
तिनीहरूलाई क्षमा गर्नुहोस्।"

२२ "यदि कुनै मानिसले आफ्नो
छिमेकीको विरुद्धमा पाप गर्‍यो, र त्यसलाई
शपथ खान लायो, र त्यो शपथ यस भवन-
भित्र तपाईंको वेदीको सामने खायो भने,
२३ तपाईंले स्वर्गमा तिनीहरूको प्रार्थना सुनेर
त्यहीबमोजिम गर्नुहोस। दोषी मानिसलाई
दोषी ठहराउनुहोस् र त्यसका कामहरूको
प्रतिफल त्यसलाई दिनुहोस्। निर्दोषीलाई मुक्त
गर्नुहोस् र त्यसको निर्दोषताअनुसारको प्रतिफल
दिनुहोस्, र तपाईंनै आफ्ना दासहरूका
न्यायकर्त्ता हुनुहोस्।

२४ यदि तपाइको प्रजा इस्राएलले
तपाईंको विरुद्धमा पाप गरेको कारण तिनीहरू
आफ्ना शत्रुद्वारा पराजित भएर यस भवनमा
तपाइंको नाउँ लिंदै तपाइंलाई प्रार्थना र
अर्जबिन्ती चढ़ाउँदै तपाईंतिर फर्के भने,
२५ तपाईंले स्वर्गमा तिनीहरूको प्रार्थना
सुन्नुहोस्। आफ्नो प्रजा इस्राएलको पाप
क्षमा गर्नुहोस्, र तिनीहरूका पुर्खाहरू-
लाई दिनुभएको देशमा तिनीहरूलाई
फर्काइल्याउनुहोस्।

२६ तपाईंको दास र तपाइंको प्रजा
इस्राएलले तपाइंको विरुद्धमा पाप गरेकोले
आकाशबाट पानी परेन, र तपाइंको दण्ड
थाह पाएर तपाइंको नाउँ लिंदै आफ्ना पाप
त्यागी यस ठाउँतिर फर्केर प्रार्थना गर्‍यो
भने स्वर्गमा तिनीहरूको प्रार्थना सुन्नुहोस्,
र तिनीहरूका पाप क्षमा गर्नुहोस्। २७ यसरी
तिनीहरूले हिंड्नुपर्ने असल चाल तपाइंले
तिनीहरूलाई सिकाउनुहोस्। औ आफ्नो
प्रजा इस्राएललाई तिनीहरूका आफ्नै

अधिकारको निम्ति दिनुभएको तपाईंको देशमा
पानी वर्षाइदिनुहोस्।
२८ यदि देशमा अनिकाल वा विपत्ति
पऱ्यो, अथवा वनस्पति ओइलाउने कि रूखहरू
मक्काउने रोग वा सलह कि फुसिल्कीरा
लाग्यो, अथवा तिनीहरूका कुनै पनि शहरमा
शत्रुले घेरा हाल्यो, अथवा रूढ़ी कि देशानले
तिनीहरूलाई सतायो, २९ औ आफ्नो
दुःख वा कष्टमा पछितो गरेर यस भवनतिर
आफ्नो हात उठायो भने, तपाईंले आफ्नो
प्रजा इस्राएलको हरेक मानिसको प्रार्थना र
अर्जबिन्ती सुन्नुहोस्। आफ्नो बासस्थान
स्वर्गमा सुन्नुहोस् र क्षमा गर्नुहोस्।
३० तपाईं हरेक मानिसको मनलाई जान्नु-
हुन्छ। यसकारण तपाईंले त्यसलाई त्यसको
कर्मअनुसार प्रतिफल दिनुहोस्। किनभने
तपाईं मात्र मानिसको हृदयलाई जान्नुहुन्छ।
३१ यसरी हाम्रा पुर्खाहरूलाई दिनुभएको
देशमा तिनीहरूले आफ्नो जीवनभरिनै
तपाईंको भय मानेर आज्ञा पालन
गर्नेछन्।
३२ तपाईंको प्रजा इस्राएलको कुलको
नभएको कुनै पनि विदेशीले तपाईंको ठूलो
ख्याति र तपाईंको बाहुबलको शक्तिको
विषयमा सुनेर टाढ़ाबाट आई यस भवनतिर
फर्केर प्रार्थना गऱ्यो भने, ३३ आफ्नो
बासस्थान स्वर्गमा त्यो प्रार्थना सुनेर त्यस
विदेशीको पुकाराको प्रत्युत्तर दिनुहोस्।
यसरी तपाईंको प्रजा इस्राएलझैं पृथ्वीका सबै
मानिसहरूले तपाईंको ख्यातिलाई जानून्।
औ तपाईंको भय मानून्, र मैले बनाएको
यो भवन चाहिं तपाईंकै नाउँको हो भनी
तिनीहरूले जानून्।
३४ तपाईंले जहाँ पठाउनुहुन्छ त्यहाँ
तपाईंको प्रजा कुनै शत्रुसँग लड़ाइँ गर्न जाँदा
तपाईंले चुन्नुभएको यस शहर र मैले
तपाईंको नाउँको सम्मानको निम्ति बनाएको
यस भवनतिर तिनीहरू फर्केर प्रार्थना गर्दा
३५ तपाईंले तिनीहरूको प्रार्थना र अर्जबिन्ती
स्वर्गमा सुन्नुहोस्, र तिनीहरूको न्याय
गरिदिनुहोस्।
३६ तिनीहरूले तपाईंको विरुद्धमा पाप
गरे, (औ कुन चाहिं मानिस पापरहित
होला ?) औ तपाईंले आफ्नो क्रोधमा
तिनीहरूलाई कुनै शत्रुको हातमा सुम्पनुभयो,
र तिनीहरूले उनीहरूलाई टाढ़ा वा नजीकको
कुनै देशमा कैद गरेर लगे, ३७ औ
तिनीहरूलाई कैद गरेर लगेको देशमा तिनीहरूले
दुःख पाएकोले शिक्षा लिए, औ फर्केर पश्चाताप
गरी 'हामीले पाप गऱ्यौं, र हठी भएर हामीले
दुष्ट काम गऱ्यौं,' भनी त्यस देशमा तपाईंलाई
यस्तो अर्जबिन्ती चढ़ाए भने, ३८ औ यदि
तिनीहरूलाई कैद गरेर लगिएको देशमा फेरि
तपाईंतिर फर्केर आफ्नो पूरा हृदय र मनले
तिनीहरूका पुर्खाहरूलाई तपाईंले दिनुभएको
तिनीहरूको देश र तपाईंले चुन्नुभएको यस
शहर र तपाईंको नाउँको सम्मानको निम्ति
मैले बनाएको यस भवनतिर फर्केर तिनीहरूले
तपाईंलाई प्रार्थना चढ़ाए भने, ३९ आफ्नो
बासस्थान स्वर्गमा तिनीहरूको प्रार्थना र अर्ज-
बिन्ती सुन्नुहोस्, र तिनीहरूको न्याय गरिदिनु-
होस्। तपाईंको विरुद्धमा गरेका पाप तपाईंको
प्रजालाई क्षमा गरिदिनुहोस्। ४० अब हे
मेरा परमेश्वर, आफ्नो आँखा खोल्नुहोस्, र
यस ठाउँमा चढ़ाएको यो प्रार्थना सुनिदिनुहोस्।
४१ हे परमप्रभु परमेश्वर, अब उठ्नुहोस्,
आफ्नो विश्रामको ठाउँमा आउनुहोस्—तपाईं
र तपाईंको शक्तिको सन्दूकमा। हे परमप्रभु
परमेश्वर, तपाईंका पूजाहारीहरूलाई उद्धारको
वस्त्रले पहिराउनुहोस्, र तपाईंका सन्तहरू
आफ्नो सुदिनमा रमाहट गर्नेछन्। ४२ हे
परमप्रभु परमेश्वर, तपाईंले अभिषेक गर्नुभएको
राजालाई इन्कार नगर्नुहोस्। आफ्नो दास
दाऊदको भक्तिपूर्ण सेवा तपाईंले सम्झनुहोस्।"

७ जब सुलेमानले यो प्रार्थना गरिसके
तब स्वर्गबाट आगो झऱ्यो, र आगोले
होमबलि र बलिदानहरू भस्म गऱ्यो, औ

परमप्रभुको महिमाले भवन भरियो। २ परम-
प्रभुको महिमाले उहाँको भवन भरिएकोले
गर्दा पूजाहारीहरू भवनभित्र पस्नसकेनन्।
३ परमप्रभुको महिमासित आगो भवनमा
झर्दा सबै इस्राएलीहरूले हेरिरहेका थिए।
औ तिनीहरू खड़ा भएको ढुङ्गा छापेको
चोकमा तिनीहरू भूइँसम्मै घोप्टो परेर दण्डवत्
गर्दै यसो भनेर परमप्रभुलाई धन्यवाद दिए,
"परमप्रभु भलो हुनुहुन्छ, किनकि उहाँको
करुणा सदा सर्वदै रहिरहन्छ।'
४ त्यसपछि राजा र सबै मानिसहरूले
परमप्रभुको सामने बलि चढ़ाए। ५ राजा
सुलेमानले बाइस हजार साँढ़े र एक लाख बीस
हजार भेड़ा बलि चढ़ाए। राजा र सबै मानिस-
हरूले यसरी परमप्रभुको भवनलाई समर्पण गरे।
६ पूजाहारीहरू चाहिँ तोकिएको स्थानमा
खड़ा भए। त्यसैगरी लेवीहरू पनि आफ्नो
आफ्नो बाजाका साथमा परमप्रभुको सेवामा
हाजिर थिए। दाऊद राजाले परमप्रभुको
स्तुतिको लागि बनाएका बाजाहरूद्वारा यसरी
परमप्रभुको प्रशंसा गर्थे—'किनभने उहाँको करुणा
सदा सर्वदै रहिरहन्छ।' तिनीहरूका सामने
पूजाहारीहरूले आफ्नो आफ्नो तुरही बजाए।
त्यस बेला सबै इस्राएलीहरू त्यहाँ खड़ा
भइरहेका थिए।
७ त्यसपछि सुलेमानले परमप्रभुको
भवनको सामनेको चोकको बीच भागलाई
पवित्र गरे। त्यहाँ तिनले होमबलि
र मेलबलिहरूको बोसोका भाग चढ़ाए।
किनभने तिनले बनाएको काँसाको वेदीमा
होमबलि, अन्नबलि र बोसोका भाग अटाएनन्।
८ यसरी सुलेमान र तिनीसँग भएका सबै
इस्राएल, लेबो-हमातदेखि मिश्रको खोल्वा-
सम्मको एक ठूलो समुदायले त्यस बेला सात
दिनसम्म झुप्रो-बासको चाड़ मान्दै रहे।
९ आठौं दिनमा तिनीहरूले आखिरी सभा
माने। तिनीहरूले वेदीको समर्पणको सेवा
सात दिनसम्म मान्दै रहे। झुप्रो-बासको
चाड़ चाहिँ सात दिनसम्म भयो। १० सातौं
महीनाको तेईसौं दिनमा परमप्रभुले दाऊद
र सुलेमान औ आफ्नो प्रजा इस्राएललाई
दिनुभएका सबै सुदिनको कारण तिनीहरू
मनमा खुशी र आनन्द मनाए, र सुलेमानले
मानिसहरूलाई आफ्नो आफ्नो घरमा जान
बिदा गरे।

दोस्रोपल्ट सुलेमानलाई परमप्रभुको दर्शन

११ जब सुलेमानले परमप्रभुको भवन र
राजमहल बनाइसके, औ परमप्रभुको भवन र
राजमहलको निम्ति योजना गरेका सबै कुरा
पनि सफलतापूर्वक सिध्याए, तब परमप्रभु
राती तिनीकहाँ देखा परेर तिनलाई भन्नुभयो,
१२ "मैले तेरो प्रार्थना सुनें, र यो स्थान
मेरो बलिदानको ठाउँ चुनें। १३ जब म
आकाशको ढोका थुन्छु, र पानी पर्दैन,
अथवा देशलाई नष्ट गर्ने सलहलाई आज्ञा
दिन्छु, अथवा मेरो प्रजामाथि विपत्ति
पठाउँछु। १४ यदि मेरो आफ्नै नाउँ
दिएको मेरो प्रजाले मप्रति अर्पण गरेर
प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट
चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनी-
हरूको प्रार्थना सुन्नेछु, र तिनीहरूका पाप
क्षमा गर्नेछु, र तिनीहरूको देशलाई म फेरि
अघिको जस्तै स्वस्थ्य पार्नेछु। १५ अब यस
ठाउँमा गरिएका प्रार्थना ध्यानसित सुन्न मेरो
कान र हेर्न मेरो आँखा खुला रहनेछन्।
१६ मेरा नाउँ सदा सर्वदैको निम्ति त्यहाँ
रहन र मेरो दृष्टि र मेरो हृदय सधैंभरि
स्थिर राख्न मैले यस भवनलाई चुनेको छु,
र त्यसलाई पवित्र पारेको छु। १७ औ
यदि तँ पनि मैले तँलाई दिएका सबै आज्ञा
पालन गर्दै र मेरो धर्म-विधि र साक्षी-
वचनहरू मान्दै तेरा पिता दाऊद मेरो
दृष्टिमा हिँड़ेझैं हिँड़िस् भने, १८ म तेरो
सिंहासन स्थिर गर्नेछु। मैले तेरो पिता
दाऊदलाई यसो भनेर करारद्वारा प्रतिज्ञा
गरेको थिएँ, 'इस्राएलमाथि राज्य गर्न तँलाई

एउटै मानिसको पनि अभाव हुनेछैन ।’
१९ तर यदि मैंले तेरो सामने राखेका
मेरा धर्म-विधिहरू र मेरा आज्ञाहरू मानेनस्
र ती त्यागिस् औ गएर अरू
देवताहरूको सेवा गरिस् र तिनीहरूलाई
दण्डवत् गरिस् भने, मैले दिएको यस
देशबाट म तँलाई जरैसमेत उखेलिदिनेछु।
२० मैले मेरो नाउँको सम्मानको लागि
पवित्र गरेको यस भवनलाई म त्याग्नेछु,
र सबै जातिहरूका बीचमा त्यसलाई एउटा
आहान र गिल्लाको कारण बनाउनेछु।
२१ औ यो भवन एउटा नाशको ढेर हुनेछ।
यसलाई देखेर आउने जाने हरेक मानिस
अवाक् भएर आश्चर्य प्रकट गर्नेछ, र यसो
भनेर सोध्नेछ, ‘परमप्रभुले किन यस देश र
यस भवनसित यस्तो व्यवहार गर्नुभयो ?’
२२ जवाफ यस्तो हुनेछ, ‘किनभने तिनी-
हरूलाई मिश्र देशबाट निकालेर ल्याउनुहुने
आफ्ना पुर्खाहरूका परमप्रभु परमेश्वरलाई तिनी-
हरूले त्यागे, र अरू देवताहरू मानेर तिनलाई
दण्डवत् गर्दै तिनीहरूको पूजा गरे। यसैकारण
परमप्रभुले यो ठूलो खराबी तिनीहरूमाथि
ल्याउनुभयो’।’’

सुलेमानका अरू कार्यहरू

८ परमप्रभुको भवन र आफ्नो राजमहल
निर्माण गर्न सुलेमानलाई बीस वर्ष
लाग्यो। २ हूरामले तिनलाई दिएका शहर-
हरू तिनले पुनर्निर्माण गरेर तिनमा इस्राएली-
हरूलाई बसाले। ३ तब तिनी हमातसोबामा
गएर त्यो कब्जा गरे। ४ औ उजाड़-
स्थानको तद्मोर र हमातमा तिनले बनाएका
भण्डार राख्ने सबै शहरहरूलाई पुनर्निर्माण
गरे। ५ तिनले माथिल्लो र तल्लो बेत-
होरोनलाई पर्खालले घेरे, र आग्ला लाएका
मूल-ढोकाहरू बनाएर सुरक्षित शहरहरू निर्माण
गरे। ६ औ बलात र तिनका सबै भण्डार
राख्ने शहरहरू, र आफ्ना रथहरू र
घोड़ाहरू राख्ने सबै नगरहरू बनाए।
यरूशलेममा, लबानोनमा र आफ्ना सारा
राज्यभरि तिनले इच्छा गरेका परियोजना-
अनुसार घरहरू बनाए। ७ हित्ती, एमोरी,
परिज्जी, हिव्वी र यबूसीहरूका सबै बाँकी
रहेकाहरू, जो इस्राएलका वंश बाहिरका थिए—
८ अर्थात् इस्राएलीहरूले नाश नगर्नसकेका
देशमा भएका तिनीहरूका सन्तान-दरसन्तानहरू-
लाई सुलेमानले बेगारी काममा लाए,
तिनीहरू आजको दिनसम्मैं त्यस्तैछन्।
९ तिनले कुनै पनि इस्राएललाई आफ्नो
सरकारी कामको निम्ति बेगारी काममा
लगाएनन्। तिनीहरू चाहिँ तिनका कप्तान,
नायक, औ रथहरू र घोड़ाचढ़ीहरूका सेनापति
भए। १० औ दुइ सय पचास जना चाहिँ
मानिसहरूको हेर-विचार गर्ने कामदारीहरूका
जिम्मामा सुलेमान राजाका अफिसरहरू भए।
११ सुलेमानले फिरऊनकी छोरीलाई
दाऊदको शहरबाट तिनको निम्ति बनाएको
महलमा ल्याए। तिनले भने, ‘इस्राएलका
राजा दाऊदको महलमा मेरो कुनै पनि पत्नी
बस्नेछैन। किनभने परमप्रभुको सन्दूक
भित्र्याइएको यो ठाउँ पवित्र छ।’
१२ त्यसपछि सुलेमानले चोकको पूर्वपट्टि
आफूले बनाएको वेदीमा परमप्रभुको निम्ति
होमबलि चढ़ाउनेगरे, १३ अर्थात् मोशाको
व्यवस्थाअनुसार विश्राम-दिन, औंसी र
वर्षेनि तीनपल्ट चढ़ाउने तोकिएका चाडहरू
अर्थात् अखमीरे रोटीका चाड़, सप्ताहिक चाड़
र झुप्रो-बासको चाड़ हरेक दिन चढ़ाउनु-
पर्नेअनुसार चढ़ाउने गरे। १४ आफ्ना पिता
दाऊदको रीतिअनुसार चलेर प्रतिदिन चाहिँदो
कामबमोजिम पूजाहारीहरूलाई पूजाको लागि
औ लेवीहरूले चाहिँ स्तुतिगानको अगुवाइ
गर्न र पूजाहारीहरूको काममा सहायता दिन,
औ द्वारपालहरूलाई प्रत्येक मूल-ढोकामा रहन
तिनले एउटा कामको तालिका बनाइदिए।
किनभने परमेश्वरका जन दाऊदले दिएको
आज्ञा यस्तै थियो। १५ पूजाहारीहरू, लेवीहरू

र राज-कोष सम्बन्धी विषयमा दाऊदले दिएका आज्ञा तिनले भूलेनन्।

१६ त्यस बेलासम्म परमप्रभुको भवनको जगदेखि लिएर त्यो सिध्याउन्जेल सुलेमानका सबै काम खतम गरिसकेका थिए। परमप्रभुको भवन खूबै राम्रोगरी सिध्याएको थियो।
१७ त्यसपछि सुलेमान एदोमको किनारमा भएको एसोन-गेबेर र एलोतमा गए।
१८ औ हूरामले आफ्ना अफिसरहरूका अधीनमा जहाजहरू र अनुभवी नाविकहरूको दल पठाइदिए। औ यिनीहरू सुलेमानका सेवकहरूका साथमा ओपीरमा गएर चार सय पचास तोड़ा सुन ल्याएर सुलेमान राजालाई दिए।

शबाकी रानी र सुलेमान

९ शबाकी रानीले सुलेमानको कीर्ति सुनिन्, र गाहारो गाहारो प्रश्नहरू लिएर तिनको जाँच गर्न तिनी आइन्। तिनी यरूशलेममा एक अत्यन्तै ठूलो लावा-लस्करको साथ मसाला, प्रशस्त सुन र बहुमूल्य रत्नहरू ऊँटहरूमा लदाएर आइन्। तिनी सुलेमानकहाँ आएपछि उनलाई तिनले आफ्नो मनमा भएका सबै कुरा बताइन्।
२ सुलेमानले पनि तिनका सबै प्रश्नहरूका जवाफ दिए। कुनै प्रश्नको उत्तर तिनको निम्ति गाहारो थिएन।
३ सुलेमानको बुद्धि, तिनले बनाएको भवन,
४ तिनको टेबलको भोजन, वरिपरि-बस्ने तिनका भारादार, उर्दी लाएर तिनका पछि खड़ा रहने नोकर-चाकरहरू र तिनका मद्य-पियाउनेहरू र परमप्रभुको भवनमा उक्लेर जाने भऱ्याङ्गहरू देखेर तिनी अवाक् भइन्।
५ तब तिनले राजालाई भनिन्, "तपाइं र तपाइंको बुद्धिको विषयमा मैले मेरो देशका सुनेको कुरा साँचो रहेछ।
६ तर म आफै आएर नहेरुन्जेल तिनीहरूले भनेका कुरा मैले पत्याएको थिइन। साँच्चै, तपाइंको बुद्धिको महानताको आधा पनि मलाई बताएको रहेनछ। तपाइंको विषयमा मैले सुनेका कुराभन्दा ता तपाइं ज्यादै बढ़ी हुनुहुँदो रहेछ।
७ तपाइंका रानीहरू कति सुखी! तपाइंका सामने प्रतिदिन तपाइंको सेवामा हाजिर हुने र तपाइंको बुद्धि सुन्नपाउने यी तपाइंका भारादारहरू कति सुखी!
८ तपाइंसित प्रसन्न भई तपाइंलाई राजा नियुक्त गरेर सिंहासनमा बसाल्नुहुने परमप्रभु तपाइंका परमेश्वर धन्यका होऊन्। किनभने तपाइंका परमेश्वरले आफ्नो प्रेममा सदा सर्वदै रहन इस्राएललाई चुन्नुभयो। तपाइंले न्याय कायम राख्न उहाँले तपाइंलाई इस्राएलका राजा तुल्याउनुभयो।"

९ त्यसपछि तिनले राजालाई एक सय बीस तोड़ा सुन, प्रशस्त मात्रामा मसाला र बहुमूल्य रत्नहरू चढ़ाइन्। सुलेमान राजालाई शबाकी रानीले दिएको बराबर कुनै मसाला-हरू कहिल्यै आएको थिएन।

१० यी सबैबाहेक हूराम र सुलेमानका सेवकहरूले ओपीरबाट सुन ल्याए। तिनीहरूले चन्दनका काठ र बहुमूल्य रत्नहरू पनि ल्याए।
११ राजाले यी काठहरूबाट परमप्रभुको भवन र राजमहलका मञ्च र गवैयाहरूका निम्ति वीणा र सितारहरू पनि बनाए। त्यस्ता थोक यहूदा देशमा अघि कहिल्यै देखिएका थिएनन्।
१२ सुलेमान राजाले शबाकी रानीलाई राजाको आफ्नो उदारताले दिएको बाहेक र उनलाई ल्याएर दिएका सौगातहरूका सट्टामा आफ्नो दानबाहेक तिनले इच्छा गरेर मागेका सबै कुरा दिए। तब तिनी बिदा भएर लावा-लस्करसाथ आफ्नो देशमा फर्किन्।

१३ सुलेमानकहाँ वर्षेनि आउने सुनको तौल छ सय छियासट्ठी तोड़ा थियो।
१४ त्यसबाहेक मालहरू निकासी गर्ने व्यापारी र पैकारीहरूका महसूलबाट पनि कर आउँथ्यो। अरब देशका सबै राजाहरू र प्रादेशिक प्रदेशपालहरूले पनि राजाको निम्ति सुन र चाँदी ल्याउँथे।
१५ पीटेका सुनका

दुइ सय ठूला ठूला ढालहरू सुलेमान राजाले
बनाए। प्रत्येक ढालमा छ सय शेकेल सुन
लागेको थियो। १६ पीटेका सुनका तीन
सयवटा साना साना ढालहरू पनि तिनले
बनाए। प्रत्येक ढालमा तीन शेकेल सुन
लागेको थियो। राजाले लबानोनको जङ्गलमा
भएको महलमा ती राखे।
१७ राजाले हात्ती दाँतको एउटा ठूलो
सिंहासन पनि बनाएर त्यसलाई निखुर सुनले
मोहोरे। १८ सिंहासनमा उक्लने छवटा
खुड्किला र पाउदान सबै सुनले मोहोरेका
थिए। आसनको दुवैतिर हात राख्ने बाहु
थिए। औ प्रत्येकको छेउमा खड़ा भएको
एक एकवटा सिंह थियो। १९ छवटै
खुड्किलाका दुवैपट्टि प्रत्येक खुड्किलामा एक
एकवटा गरी जम्मा बाह्रवटा सिंह थिए।
कुनै पनि राजाको निम्ति यस्तो किसिमको
सिंहासन कहिल्यै बनाइएको थिएन।
२० सुलेमानका पिउने सबै कचौराहरू सुनका
थिए। औ लबानोनको जङ्गलको महलका
थालहरू निखुर सुनका थिए। सुलेमानको
समयमा चाँदीको केही मोलनै थिएन।
२१ हूरामका नाविकहरूसँग तर्शीशमा
जाने राजाको जहाजको एक बेड़ा थियो।
तीन तीन वर्षमा एकपल्ट यो व्यापारी-बेड़ाले
सुन, चाँदी, हात्ती-दाँत, बाँदर र मयुरहरू
लिएर आउँथे।
२२ यसरी सुलेमान राजाले धन-सम्पत्ति
र बुद्धिमा संसारका सबै राजाहरूलाई जिते।
२३ औ परमेश्वरले तिनको हृदयमा हालि-
दिनुभएको बुद्धि सुन्न संसारका सबै राजाहरूले
तिनको दर्शन खोज्थे। २४ हरेकले आफ्नो
सौगात चाँदी, सुनका भाँड़ा, लुगा, अत्तर र
मसाला औ घोड़ा र खच्चरहरू वर्ष वर्षको
हिसाबले ल्याउँथे।
२५ सुलेमानका चार हजार घोड़ा र
रथहरू औ बाह्र हजार घोड़चढ़ीका घोड़ाहरू
राख्ने तबेला थिए। तीमध्ये कतिलाई
तिनले रथहरू राख्ने शहरहरूमा र अरूलाई
चाहिँ आफूसित यरूशलेममा राखेका थिए।
२६ तिनले यूफ्रेटिस नदीदेखि लिएर पलिश्ती-
हरूको देश र मिश्र देशको सीमानासम्मै
राज्य गर्थे। २७ तिनले चाँदी यरूशलेममा
ढुङ्गासरह तुल्याए, र देवदारको काठ चाहिँ
शेफेलाका किम्बूसरह धेरै तुल्याए।
२८ घोड़ाहरू चाहिँ मिश्र देश र सबै
देशहरूबाट सुलेमानको निम्ति पैठारी हुन्थे।

सुलेमानको मृत्यु

२९ सुलेमानका राज्यका अरू घटना
शुरूदेखि आखिरीसम्मै नातान अगमवक्ताको
इतिहास, शीलोनी अहियाहको अगमवाणी र
नबातको छोरा यारोबामका विषयमा दर्शी
इद्दोका दर्शनको पुस्तकमा वर्णन गरिएका
छन्। ३० सुलेमानले सारा इस्राएलमाथि
यरूशलेममा चालीस वर्ष राज्य गरे।
३१ त्यसपछि तिनी आफ्ना पित्रहरूसित
सुते, र आफ्ना पिता दाऊदको शहरमा
गाड़िए। तिनीपछि तिनका छोरा रहबाम
राजा भए।

इस्राएलको विद्रोह

१० रहबाम शेकेममा गए, किनभने सारा
इस्राएल तिनलाई राजा तुल्याउन
त्यहाँ गएका थिए। २ नबातका छोरा
यारोबामले यो कुरा सुलेमानदेखि उम्कनलाई
शरण लिएको देश मिश्रमा सुनेर त्यहाँबाट
फर्के, ३ किनभने मानिसहरूले तिनलाई
बोलाइपठाएका थिए। तिनी र जम्मै इस्राएल
रहबामकहाँ आएर भने, ४ "तपाईंका
पिताले हामीमाथि गह्रौं जूवा बोकाइदिनु-
भएको थियो, तर उहाँले हामीमाथि
लाउनुभएको यो कठोर दासत्व र गह्रौं
जूवा तपाईंले हलुङ्ग गरिदिनुभयो भने
हामी तपाईंको सेवा गर्नेछौं।" ५ तिनले
भने, "मलाई तीन दिनको समय देऊ र

फेरि आऊ।'' यसैले ती मानिसहरू गइहाले।
६ तब राजा रहबामले तिनका पिता
सुलेमान जीवित छँदा तिनका सल्लाहकार ती
बूढ़ा-प्रधानहरूसित यसो भनेर सल्लाह मागे,
"यी मानिसहरूलाई मैले जवाफ दिने
तपाइंहरू के सल्लाह दिनुहुन्छ?'' ७ तिनी-
हरूले भने, "यदि तपाईंले यी मानिस-
हरूलाई अहिले राम्रो व्यवहार देखाउनुभयो, र
तिनीहरूसित दयाको वचन बोलेर तिनीहरूलाई
सन्तुष्ट बनाउनुभयो भने पछि सधैंको निम्ति
तिनीहरू तपाइंका दास हुनेछन्।'' ८ तर
ती बूढ़ा-प्रधानहरूले दिएका सल्लाहलाई तिनले
इन्कार गरे। त्यसपछि तिनले आफूसित
बढ़ेका जवान भारादारहरूको सल्लाह लिएर
तिनीहरूलाई सोधे, ९ "मेरा पिताले
तिनीहरूमाथि बोकाएको जूवा हलुङ्ग गरिदिन
यी मानिसहरूले बिन्ती गरेकोमा जवाफ दिन
तिमीहरू मलाई के सल्लाह दिन्छौ?''
१० ती जवान मानिसहरूले जवाफ दिए,
"हजूरका पिताले तिनीहरूका जूवा गह्रौं
पारिदिनुभएको थियो। त्यो हलुङ्ग गरिदिनुहोस्
भनी हजूरलाई भन्ने मानिसहरूलाई यो
जवाफ दिनुहोस्। तिनीहरूलाई भन्नुहोस्,
'मेरो कान्छी औंली मेरा पिताको कम्मरभन्दा
मोटो छ। ११ मेरा पिताले तिमीहरूमाथि
गह्रौं जूवा बोकाइदिनुभएको थियो, तर म
त्यो अझै गह्रौं बनाइदिनेछु। मेरा पिताले
तिमीहरूलाई बेंत लगाउनुहुन्थ्यो, तर म कोर्रा
लाउनेछु।'' १२ यारोबाम र ती सबै
मानिसहरू हुकुम गरेझैं तेस्रो दिन रहबामकहाँ
आए। १३ औ राजाले तिनीहरूलाई कड़ा
जवाफ दिए। ती बूढ़ा-प्रधानहरूले तिनलाई
दिएको सल्लाह तिनले इन्कार गरे। ती जवान
मानिसहरूले तिनलाई दिएको सल्लाहअनुसार
ती मानिसहरूलाई भने, १४ "मेरा पिताले
ता तिमीहरूका जूवा गह्रौं बनाइदिनुभएको
थियो, तर म त्यो अझै गह्रौं बनाइदिनेछु।
मेरा पिताले तिमीहरूलाई बेंत लगाउनुहुन्थ्यो,
तर म तिमीहरूलाई कोर्रा लाउनेछु।''
१५ यसरी राजाले मानिसहरूको कुरा सुनेनन्,
किनभने शीलोका अहियाहद्वारा नबातका
छोरा यारोबामलाई परमप्रभुले भन्नुभएको
वचन पूरा हुन उहाँले यस्तो परिस्थिति
ल्याउनुभएको थियो।
१६ जब राजाले तिनीहरूका कुरा
नसुनेका सारा इस्राएलले देखे तब तिनीहरूले
जवाफ दिए,

'दाऊदसित हाम्रो के हिस्सा,
यिशैको छोरासित हाम्रो केही भाग छैन!
हे इस्राएल हो, आफ्नो आफ्नो
घर जाऊ,
हे दाऊद, तिमी आफ्नै घर सम्हाल!'

१७ यसैकारण इस्राएलीहरू आफ्ना
आफ्ना घर लागे, र रहबामले चाहिं यहूदाका
शहरहरूमा बस्ने इस्राएलहरूमाथि शासन
गर्नलागे।
१८ तब राजा रहबामले बेगारी काममा
लाउने मानिसहरूका अधिपति हदोरामलाई
तिनीहरूकहाँ पठाए। तर इस्राएलीहरूले
तिनलाई ढुङ्गाले हानेर मारे। त्यसैले राजा
रहबाम हतार हतार आफ्नो रथमा चढ़ेर
यरूशलेममा भागेर गए। १९ यसरी त्यस
दिनदेखि आजसम्मै इस्राएल दाऊदका
परिवारका विरुद्धमा बागी भएका छन्।

११ जब रहबाम यरूशलेममा पुगे तब तिनले
आफ्नो राज्य फिर्ता लिन इस्राएलको
विरुद्धमा लड़ाइँ गर्न यहूदा र बिन्यामीनका
कुलहरूका एक लाख अस्सी हजार चुनिएका
योद्धाहरू भेला गरे। २ तर परमप्रभुको
यो वचन परमेश्वरका जन शमायाहकहाँ आयो,
३ "सुलेमानको छोरा यहूदाको राजा
रहबाम औ यहूदा र बिन्यामीनमा भएका
सबै इस्राएलीहरूलाई भन्, ४ 'परमप्रभु
यसो भन्नुहुन्छ, तिमीहरू आफ्ना दाज्यू-
भाइहरूको विरुद्धमा युद्ध गर्न उक्लेर नजाऊ।
तिमीहरू आफ्नो आफ्नो घरमा फर्केर जाऊ,
किनभने मेरो इच्छा यही हो'।'' यसैकारण

तिनीहरूले परमप्रभुको वचन पालन गरे, र
यारोबामको विरुद्धमा आफ्नो धावा त्यागिदिए।

रहबामको उन्नति

५ तब रहबाम यरूशलेममानै बस्नलागे,
र तिनले यहूदाका कुनै कुनै शहरका गढ़ीहरू
सुरक्षित बनाए। ६ तिनले सुरक्षित बनाएका
यहूदा र बिन्यामीनका शहरहरू यिनै थिए—
७ बेतलेहेम, एताम, तको, ८ बेतसूर,
सोको, अदुल्लाम, गात, मरेशा, जीप,
९ अदोरेम, लाकीश, अजेका, १० सोरा,
अयालोन र हेब्रोन। ११ तिनले यी
सुरक्षित शहरहरूका गढ़ीहरू सुदृढ़ पारे, र
तिनमा राज्यपालहरूलाई नियुक्त गरे, औ
खानेकुरा, तेल र मद्यहरू पनि तिनमा
सञ्चय गरिदिए। १२ तिनले प्रत्येक शहरमा
ढाल र भालाहरू जम्मा गरेर राखे, र
तिनका गढ़ीहरू सुदृढ़ पारे। यसरी तिनले
यहूदा र बिन्यामीनमाथि आफ्नो अधिकार
कायम राखे।

१३ त्यसपछि जम्मै इस्राएलका चारैतिर-
बाट पूजाहारीहरू र लेवीहरू आफ्ना आफ्ना
इलाकाहरूबाट रहबामकहाँ आए। १४ किनभने
लेवीहरू आफ्ना सबै खर्क र पैतृक-जग्गा-
जमीनहरू छोड़ेर यहूदा र यरूशलेममा बस्न
गएका थिए। किनकि यारोबाम र तिनका
सन्तानहरूले तिनीहरूलाई परमप्रभुका पूजाहारी-
गिरीबाट बञ्चित गरेका थिए। १५ डाँड़ा-
हरूका पूजा-थानहरू र तिनले बनाएका
वन-देव र बाछाहरूको पूजा गर्न यारोबामले
आफ्नै पूजाहारीहरू नियुक्त गरेका
थिए। १६ तर परमप्रभु इस्राएलका
परमेश्वरलाई खोज्न अठोट गर्ने इस्राएलका
सबै कुलबाट आएकाहरू चाहिँ परमप्रभु
तिनीहरूका पुर्खाहरूका परमेश्वरलाई बलिदान
चढ़ाउन यरूशलेममा जाने लेवीहरूका पछि
लागे। १७ यसरी तिनीहरूले यहूदाको
राज्य स्थिर गरेर तीन वर्षसम्म सुलेमानका
छोरा रहबामलाई सुरक्षित राखे, किनभने
तिनी त्यस बेलासम्म दाऊद र सुलेमानको
चालअनुसार हिँड़ेका थिए।

१८ रहबामले महलत्तलाई विवाह गरे।
तिनका पिता दाऊदका छोरा यरीमोत र
आमा चाहिँ यिशैका छोरा एलीआबकी
छोरी अबीहेल थिइन्। १९ तिनीबाट
रहबामका यी छोराहरू भए—यूश, शमर्याह
र साहम। २० त्यसपछि तिनले अब्शा-
लोमकी नातिनी माकालाई विवाह गरे।
तिनीबाट तिनका यी सन्तान भए—
अबियाह, अत्तै, जीजा र शलोमीत।
२१ आफ्ना सबै पत्नी र उप-पत्नीहरूमध्ये
रहबामले माकालाई ज्यादै प्रेम गर्थे। तिनका
सबै जम्मा अठाह पत्नी र साठी उप-पत्नी-
हरू थिए। तिनी अठाईस जना छोरा र
साठी छोरीहरूका पिता भए। २२ तिनले
माकाका छोरा अबियाहलाई युवराज बनाएर
आफूपछि सिंहासनमा बसाल्न योजना बनाई
आफ्ना सबै दाज्यू-भाइहरूमध्ये सबैभन्दा मुख्य
नियुक्त गरे। २३ यहूदा र बिन्यामीनका जम्मै
इलाकाहरूका चारैतिर भएका सबै सुरक्षित
शहरहरूका जिम्मा आफ्ना छोराहरूलाई दिएर
तिनले आफ्नो बुद्धिमानी देखाए। तिनले
उनीहरूका निम्ति प्रशस्त खानेकुरा सञ्चय
गरि, औ तिनीहरूका निम्ति पत्नीहरू पनि

यहूदामाथि शीशकको आक्रमण

१२ रहबामको राज्य स्थिर भएर तिनी
शक्तिशाली भएपछि तिनले परमप्रभुको
व्यवस्था त्यागे—तिनी र तिनीसँग जम्मै
इस्राएलले। २ रहबामको शासनकालको
पाँचौं वर्षमा परमप्रभुको विरुद्धमा तिनी
अविश्वासी भएकोले गर्दा ३ मिश्र देशका
राजा शीशकले बाह्र सय रथ र साठी हजार
घोड़चढ़ी लिएर यरूशलेममाथि आक्रमण गरे।
औ शीशकको साथ मिश्र देशबाट आएका
असंख्य लूबी, सुक्किया र कूशीहरू पछि

लागेका थिए। ४ यहूदाका सुरक्षित शहरहरू
जित्दै तिनी यरूशलेममा आइपुगे। ५ तब
रहबाम र शीशकको आक्रमणदेखि बाँच्नलाई
यरूशलेममा भेला भएका यहूदाका कुल-नायक
हरूलाई शमायाह अगमवक्ताले भने,
"परमप्रभु यसो भन्नुहुन्छ, 'तिमीहरूले मलाई
त्यागेका छौ, यसैकारण अब म तिमीहरूलाई
शीशकको हातमा सुम्पिदिनेछु।'" ६ तब
इस्राएलका कुल-नायकहरू र राजाले विनम्र
भएर भने, "परमप्रभु न्यायी हुनुहुन्छ।"
७ परमप्रभुले तिनीहरूलाई विनम्र भएका
देखेर उहाँबाट शमायाहकहाँ यो वचन
आयो—"तिनीहरूले आफैलाई विनम्र तुल्याएको
कारण म तिनीहरूलाई विनाश गर्नेछैनँ। म
तिनीहरूलाई उम्कन मात्र दिनेछु। मेरो क्रोध
शीशकद्वारा यरूशलेममा म खन्याउनेछैनँ।
८ तर तिनीहरू त्यसका दास हुनेछन्। तब
मात्र तिनीहरूले मेरो सेवा गर्न अथवा अरू
देशका शासकहरूको सेवा गर्नमा के भिन्नता
रहेछ सो थाह पाउनेछन्।"

९ मिश्र देशका राजा शीशकले
यरूशलेममाथि चढ़ाइ गरेपछि परमप्रभुको
भवन र राजाको महलका भण्डारका
सबै थोकहरू लूटे, औ सुलेमानले
बनाएका सुनका सबै ढाल र जम्मै थोक
जब्त गरे। १० रहबाम राजाले तिनको
सट्टामा काँसाका ढालहरू बनाएर राजाको
महलको प्रवेश-ढोका रक्षा गर्ने रक्षकहरूका
अफिसरहरूको जिम्मामा राखे। ११ राजा
परमप्रभुको भवनमा पस्दा रक्षकहरू ती
ढालहरू बोकेर पस्थे। त्यसपछि तिनीहरूले
रक्षक बस्ने कोठामा फेरि ती राख्थे।
१२ रहबामले आफूलाई विनम्र तुल्याएकोले गर्दा
परमप्रभुको क्रोध तिनीबाट हट्यो, र तिनी
पूरै नाश भएनन्। औ यहूदाको उन्नति पनि
भइनै रह्यो।

१३ यसरी यरूशलेममा राजा रहबामको
शक्ति बढ़्दै गयो। तिनी सिंहासन आरोहण
गर्दा एकचालीस वर्षका थिए, औ परमप्रभुले
इस्राएलका सारा कुलबाट आफ्नो नाउँ
कार्यमा राख्नको निम्ति चुन्नुभएको शहर
यरूशलेममा तिनले सत्र वर्ष राज्य गरे,
तिनकी आमाको नाउँ अम्मोनी नामा थियो।
१४ तिनले जे खराब थियो त्यही गरे।
किनभने तिनले परमप्रभुको अगुवाइ खोज्नु
कोशिष गरेनन्।

१५ रहबामको शासन शुरुदेखि आखिरी-
सम्मका घटनाहरू शमायाह अगमवक्ता र
दर्शी इद्दोका इतिहासहरूमा लेखिएका छन्।
रहबाम र यारोबामका बीचमा निरन्तर लड़ाइँ
भइरह्यो। १६ तिनी आफ्ना पित्रहरूसित
सुते, र दाऊदको शहरमा गाड़िए। तिनीपछि
तिनका छोरा अबियाह राजा भए।

अबियाहको शासन

१३ राजा यारोबामको अठाहौं वर्षमा
अबियाह यहूदाका राजा भए।
२ तिनले यरूशलेममा तीन वर्ष राज्य गरे।
तिनकी आमा गिबाका ऊरीएलकी छोरी माका
थिइन्। अबियाह र यारोबामका बीचमा
युद्ध भइरह्यो। ३ अबियाहले युद्धको निम्ति
चार लाख चुनिएको फौजको सेना तयार
गरे, औ यारोबामले चाहिँ तिनको विरुद्धमा
आठ लाख चुनिएका फौज तयार गरे।
४ तब अबियाह एप्रैमको पहाड़ी-देशमा
भएको समारैम डाँड़ाको ओहालोमा उभिएर
यसो भनी कराए, "हे यारोबाम र सारा
इस्राएल हो, मेरो कुरा सुन—५ "के तिमी-
हरूलाई थाह छैन कि परमप्रभु इस्राएलका
परमेश्वरले निमकको सोझो हुने करारद्वारा
सधैंको निम्ति दाऊद र तिनका सन्तानलाई
इस्राएलमाथि शासन गर्न राज्य दिनुभएको
होइन र? ६ तापनि दाऊदका छोरा
सुलेमानका सेवक नबातको छोरो यारोबाम
आफ्ना मालिकको विरुद्धमा बागी भयो।
७ औ केही बेकम्मा बदमाशहरू त्यसको
साथमा लागे। तिनीहरू सुलेमानका छोरा

रहबाम कलिलै र अनुभवै नभएको देखेर जिद्दी
गरेर तिनको विरुद्धमा उठे। त्यस बेला
रहबाम तिनीहरू जत्तिकै थिएनन्। ८ अब
तिमीहरू दाऊदका छोराहरूले शासन गरेका
परमप्रभुको राज्यको विरुद्ध खड़ा हुनलाई
विचार गर्दैछौ—तिमीहरू र तिमीहरूलाई
सहयोग दिने यारोबामले तिमीहरूका देवता
हुनलाई यी सुनका बाछाहरू बनाएको
दल। ९ के तिमीहरूले हारूनका वंशका
परमप्रभुका पूजाहारी र लेवीहरूलाई
निकालेर अरू देशको दस्तूरझैं पूजा
गरेका छैनौ र? यदि कुनै मानिस अर्पण
गर्नलाई एउटा बाछा र सातवटा भेड़ा लिएर
आयो भने तिमीहरू त्यसलाई त्यस ईश्वरको
पूजाहारी भनी ग्रहण गर्छौ जो ईश्वरै होइन।
१० तर हाम्रो निम्ति चाहिं परमप्रभुनै हाम्रा
परमेश्वर हुनुहुन्छ। औ हामीले उहांलाई
त्यागेका छैनौ। हाम्रा परमप्रभुको सेवा गर्न
लेवीहरूका साथमा आफ्नो सेवाको काम गर्न
हारूनका वंशका पूजाहारीहरू छन्।
११ तिनीहरू बिहान र बेलुकी होमबलि र
सुगन्धित धूप परमप्रभुको निम्ति चढ़ाउँछन्।
औ भेटीको रोटी विधिअनुसार पवित्र गरेर
टेबलमा लहर लहर गरी राख्छन्। तिनीहरू
बेलुकैपिच्छे सुनको सामदानमा बत्ती बाल्छन्।
यसरी परमप्रभु हाम्रा परमेश्वरले आज्ञा
दिनुभएका कुरा हामी साँच्चिनै पालन गर्छौं।
तर तिमीहरूले ता उहांलाई त्यागेका छौ।
१२ परमेश्वर हामीसँग हाम्रा शिर भएर
साथ दिनुहुन्छ। औ उहांका पूजाहारीहरू
तिमीहरूका विरुद्धमा युद्ध-ध्वनिको संकेत
दिनलाई तुरही लिएर खड़ा छन्। हे
इस्राएली हो, परमप्रभु तिमीहरूका पुर्खाहरूका
परमेश्वरका विरुद्धमा युद्ध नगर। तिमीहरू
सफल हुनेछैनौ।"
१३ यहूदाका ढुक्नेहरू पछिल्तिर बसिरहँदा
यारोबामले आफ्नो फौजको एक दल
पछिल्तिर गएर ढुकिबस्नलाई पठाए, र तिनको
मुख्य सेनाले चाहिं यहूदाको सामना गरे।
१४ जब यहूदाका मानिसहरूले फर्केर हेरे,
तब तिनीहरूले लड़ाइँ आफ्नो अघि र पछि
दुवैतिर रहेछन् भनी देखे। तब तिनीहरूले
सहायताको निम्ति परमप्रभुलाई पुकारे।
पूजाहारीहरूले आफ्ना आफ्ना तुरही फुके,
र यहूदाका मानिसहरू चिच्याएर कराए।
१५ तिनीहरूले त्यसो गर्दा परमेश्वरले
यारोबाम र सबै इस्राएललाई अबियाह र
यहूदाको सामने परास्त गर्नुभयो।
१६ इस्राएलीहरू यहूदाका मानिसहरूको
सामनेबाट भागे, औ परमेश्वरले तिनीहरूलाई
उनीहरूका हातमा सुम्पिदिनुभयो। १७ यसरी
अबियाह र तिनका मानिसहरूले उनीहरूलाई
धेरै खतिको साथमा जिते। औ पाँच लाख
चुनिएका इस्राएलीहरू लड़ाइँमा मारिए।
१८ त्यसपछि इस्राएलीहरू पराजय भए, र
यहूदा विजयी भए। किनभने तिनीहरूले
परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वर-
माथि भरोसा गरेका थिए। १९ यारोबाम-
माथि बिजय प्राप्त गरेपछि अबियाहले
तिनलाई खेदे, र तिनीबाट बेतेल, यशाना र
एप्रोनका शहरहरू तिनका बस्तीहरूसमेत
अबियाहले कब्जा गरे। २० अबियाहका
पालामा यारोबामले आफ्नो शक्ति फेरि प्राप्त
गर्नसकेनन्। आखिरमा परमप्रभुले तिनलाई
प्रहार गर्नुभयो, र तिनी मरे।
२१ तर अबियाहले आफ्नो स्थान स्थिर
गरे। तिनले चौधवटा पत्नी ल्याए, र
तिनी बाईस छोरा र सोह छोरीहरूका
पिता भए। २२ अबियाहका राज्यका अरू
घटनाहरू, तिनले भनेका कुरा र तिनले
गरेका कार्यहरू इद्दो अगमवक्ताको कथामा
लेखिएका छन्।

आसाको शासन

१४ अबियाह आफ्ना पित्रहरूसित सुते र
दाऊदको शहरमा गाड़िए। तिनीपछि
तिनका छोरा आसा सिंहासनमा चढ़े। तिनको

पालामा देशले दश वर्षसम्म शान्ति पायो।
२ आसाले परमप्रभु आफ्ना परमेश्वरको
द्रष्टिमा जे कुरो असल र ठीक थियो
त्यही गरे। ३ तिनले विदेशी वेदीहरू र
डाँड़ाहरूमा भएका पूजा-थानहरू हटाए,
देवी बनाएका खामाहरू भत्काइदिए, र
अशेरा-देवीहरूलाई ढालिदिए। ४ औ
यहूदालाई परमप्रभु तिनीहरूका पुर्खाहरूका
परमेश्वरको अगुवाइ खोज्न औ व्यवस्था र
आज्ञा पालन गर्न भनी हुकूम गरे।
५ तिनले सबै शहरहरूमा भएका पूजा-
थानहरू र धूप बाल्ने वेदीहरू पनि हटाइ-
दिए। तिनको शासनमनि देशले शान्ति
पायो। ६ देशमा शान्ति भएको कारण
तिनले यहूदामा सुरक्षित शहरहरू पनि बनाए।
त्यस समय तिनलाई कुनै युद्ध गर्नु परेन,
किनभने परमप्रभुले तिनलाई सुरक्षित राख्नु-
भएको थियो। ७ तिनले यहूदाका मानिस-
हरूलाई भने, "हामी यी शहरहरूलाई
निर्माण गरौं। तिनका चारैतिर पर्खाल
लाएर धरहरा र आग्लाहरू भएका मूल-
ढोकाहरू बनाएर तिनलाई सुरक्षित पारौं।
किनभने देश हाम्रो सामने खुल्लै छ।
हामीले परमप्रभु हाम्रा परमेश्वरको अगुवाइ
खोजेका हुनाले उहाँले पनि हामीलाई
खोजेर हाम्रा चारैतिर हामीलाई सुरक्षित
राख्नुभएको छ।" यसैले तिनीहरूले ती
शहरहरू निर्माण गरे, र तिनीहरूको उन्नति
भयो।

८ ढालहरू र भालाहरूले सुसज्जित
भएको आसाको एउटा सेना थियो। यहूदा-
बाट तीन लाख र बिन्यामीनबाट दुइ लाख
अस्सी हजार ढाल बोक्ने र धनुर्धारीहरू
आएका थिए। ती सबै वीर वीर योद्धा
थिए। ९ कूशी जेरा तिनीहरूका विरुद्धमा
दश लाख मानिसहरूको एक सेना र तीन
सय रथहरू लिएर आए। १० तिनी
मारेशामा आइपुग्दा आसा तिनको सामना
गर्न निस्केर आए, र मारेशाको सपाताको
बेंसीमा तिनीहरूले एक अर्काको सामना
गरे। ११ आसाले परमप्रभु आफ्ना
परमेश्वरको पुकारा गरेर भने, "हे परमप्रभु,
बलिया अथवा कमजोर जस्तोसुकै मानिस-
हरूलाई सहायता गर्ने ता तपाईंजस्तै अरू
कोही छैन। हे परमप्रभु हाम्रा परमेश्वर,
हाम्रो सहायता गर्नुहोस्, किनभने हामी
तपाईंमाथि भर परेका छौं। हामी तपाईंकै
नाउँमा यस ठूलो सेनाको विरुद्धमा सामना
गर्न आएका छौं। हे परमप्रभु, तपाईं
हाम्रा परमेश्वर हुनुहुन्छ, यसर्थ मानिस कसरी
तपाईंको विरुद्धमा खड़ा हुनसक्छ र?"
१२ यसैकारण परमप्रभुले आसा र यहूदालाई
कूशीहरूमाथि विजयी तुल्याउनुभयो, र कूशीहरू
भागे। १३ औ आसा र तिनका मानिस-
हरूले तिनीहरूलाई गरारसम्म खेदे। कूशीहरू
परमप्रभु र उहाँका सेनाको सामने परास्त
भए, र तिनीहरूका धेरै मानिसहरू मरणान्त
चोट पाएर मरे। औ यहूदाले धेरै लूटका
मालहरू लगे। १४ तिनीहरूले गरारका
चारैतिरका सबै शहरहरू नाश पारे,
किनभने परमप्रभुले त्यहाँका मानिसहरूलाई
त्रासमा पारिदिनुभएको थियो। तिनीहरूले
ती शहरहरू लूटे, र ती सबैबाट दामी
दामी लूटका माल फेला पारे। १५ तिनी-
हरूले धेरै गोठालाहरूलाई पनि मारे, र
तिनीहरूका धेरै भेड़ा र ऊँटहरू पक्रेर लगे।
त्यसपछि तिनीहरू यरूशलेममा फर्के।

आसाको सुधार

१५ तब परमेश्वरका आत्मा ओदेदका
छोरा अजर्याहमाथि उत्रनुभयो।
२ तिनी आसालाई भेट गर्न निस्केर
तिनलाई भने, "हे आसा, सबै यहूदा र
बिन्यामीन, मेरो कुरा सुन। जब तिमीहरू
परमप्रभुसँग हुन्छौ तब उहाँ पनि तिमीहरूसँग
हुनुहुनेछ। तिमीहरूले उहाँलाई त्याग्यौ भने
उहाँले पनि तिमीहरूलाई त्याग्नुहुनेछ।

३ धेरै समयसम्म ता इस्राएल साँचो
परमेश्वर, व्यवस्था बुझाइदिने पूजाहारी र
व्यवस्थाविना थियो। ४ तर जब आफ्नो
कष्टमा तिनीहरूले परमप्रभु इस्राएलका
परमेश्वरतिर फर्केर उहाँलाई खोजे । तब
तिनीहरूले पाऊन् भनी उहाँ स्वयं प्रकट
हुनुभयो । ५ मानिसहरू आफ्ना आफ्ना
काममा लागेका बेला तिनीहरू सुरक्षित
थिएनन्। सारा देशका बासिन्दाले हुनसम्मको
कष्ट भोग्नुपर्‍यो। चारैतिर विनाश मात्र
थियो। ६ किनभने परमेश्वरले तिनीहरूलाई
सबै किसिमको दुःख दिएर सताउनुभएको
थियो। ७ तर अब तिमीहरू शक्तिशाली
हुनुपर्छ, र तिमीहरूको साहस घट्नुहुँदैन।
किनभने तिमीहरूको कामको प्रतिफल तिमी-
हरूले पाउनेछौ।'' ८ जब आसाले यी
कुरा सुने तब तिनले सारा यहूदा र बिन्या-
मीन औ तिनले कब्जा गरेका एप्रैमका
पहाड़ी-देशका शहरहरूबाट घिनलाग्दा मूर्तिहरू
सबै हटाइदिए। तिनले परमप्रभुको भवनको
दलानको अघि भएको परमप्रभुको वेदी पनि
मरम्मत गरे। ९ त्यसपछि तिनले सारा
यहूदा र बिन्यामीन औ एप्रैम, मनश्शे र
शिमोनबाट तिनीहरूसँग बस्न आएकाहरूलाई
भेला गरे । किनभने परमप्रभु तिनका
परमेश्वर तिनीसँग हुनुभएको देखेर इस्राएलबाट
धेरै संख्यामा मानिसहरू तिनीतर्फ आएका
थिए। १० यसैले आसाको शासनको पन्ध्रौं
वर्षको तेस्रो महीनामा तिनीहरू यरूशलेममा
भेला भए, ११ औ त्यस दिन तिनीहरूले
लूटका मालबाट ल्याएका सात सय साँढ़े र
सात हजार भेड़ा बलिदान चढ़ाए ।
१२ औ तिनीहरूले आफ्ना पूरा मन-तनले
परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वरको
अगुवाइ खोज्न करार बाँधे। १३ औ
परमप्रभु इस्राएलका परमेश्वरलाई नखोज्ने सबै
बूढ़ा र जवान, स्त्री र पुरुषलाई मार्ने
तिनीहरूले निश्चय गरे । १४ त्यसपछि ठूलो
सोरले चिच्याएर तुरही र नरसिङ्गा बजाउँदै
तिनीहरूले स्वयं परमप्रभुको शपथ खाएर
बाचा बाँधे। १५ सारा यहूदा यो शपथ
खाएकोले गर्दा आनन्दित भए। किनभने
तिनीहरूले आफ्ना पूरा मनले परमेश्वरलाई
यत्नपूर्वक खोजेका थिए। औ उहाँ पनि
तिनीहरूले पाऊन् भनी स्वयं प्रकट हुनुभएको
थियो । यसैकारण परमप्रभुले तिनीहरूलाई
चारैतिरबाट सुरक्षित गर्नुभएको थियो।
१६ आसा राजाले आफ्नी बज्यै माकालाई
पनि राज-माताको पदबाट हटाइदिए। किनभने
अशेरा-देवीको पूजा गर्न एउटा घिनलाग्दो
कुरो तिनले राखेकी थिइन्। आसाले त्यो
काटेर ढालिदिए, र त्यसलाई धूलो-पीठो
पारेर किद्रोन खोल्वामा जलाइदिए।
१७ डाँड़ाहरूमा भएका पूजा-थानहरू
इस्राएलमा रहनदिए तापनि आसा आफ्नो
जीवनकालभरिनै परमप्रभुका विश्वासी भइरहे।
१८ तिनले आफ्ना पिता र तिनी आफैले
अर्पण गरेका भेटीहरू औ आफ्नै सुन,
चाँदी र पवित्र भाँड़ा-कुँड़ाहरू परमप्रभुको
भवनमा ल्याए। १९ आसाको शासनकालको
पैंतीस वर्षसम्म कुनै युद्ध भएन।

आसा र बेनहदद्को सन्धि

१६ आसाको शासनको छत्तीसौं वर्षमा
इस्राएलका राजा बाशाले यहूदामाथि
चढ़ाइ गरे। यहूदाका राजा आसाले सबै
प्रवेश गर्ने ठाउँहरू रोक्न भनी रामालाई
मजबूत बनाए । २ आसाले परमप्रभुको
भवन र राजाको महलका भण्डारहरूका
सुन र चाँदीहरू निकालेर अरामका
राजा बेन-हददकहाँ यसो भनेर बिन्ती
गरिपठाए—अरामको राजधानी चाहिं दमीशक
थियो—३ ''हाम्रा पुर्खाहरूका बीचमा भएझैं
हाम्रो बीचमा मित्रता छ। अब म यो सुन र
चाँदी सौगात पठाउँदैछु। यसैकारण इस्राएलका
राजा बाशासँग तपाइंको मित्रता तोड़िदिनुहोस्,
र मेरो विरुद्धमा गरेको यो धावा तिनले

छोड़िदेऊन् ।" ४ बेन-हददले खुशीसित
आसा राजाको कुरा सुने। तिनले आफ्ना
सेनापतिहरूलाई इस्राएलका शहरहरूका विरुद्धमा
लड्न हुकूम दिए, र तिनीहरूले इयोन,
दान, आबेल-मैम र नप्तालीका सबै भण्डार
राख्ने शहरहरूमाथि आक्रमण गरे। ५ जब
बाशाले यो कुरा सुने तब तिनले
रामालाई मजबूत बनाउन छोड़िदिए। औ
त्यसमा गरिराखेका सबै काम बन्द गरिदिए।
६ त्यसपछि आसा राजाले यहूदाका सबै
मानिसहरूलाई आफूसित लगेर बाशाले
सुरक्षित गरेको रामा शहरका ढुङ्गा र काठहरू
उठाएर लगे। औ गेबा र मिस्पालाई मजबूत
पार्न ती प्रयोग गरे।

७ त्यस बेला दर्शी हनानी यहूदाका राजा
आसाकहाँ आएर भने, "तपाईंले परमप्रभु
आफ्ना परमेश्वरमाथि होइन तर अरामको
राजामाथि भरोसा गर्नुभएकोले गर्दा इस्राएलका
राजाको सेना भाग्यो। ८ के कूशीहरू
र लूबीहरू असंख्य रथहरू र घोड्चढ़ीहरू
भएको विशाल सेना थिएन? तापनि
तपाईंले परमप्रभुमाथि भरोसा राखेको हुनाले
उहाँले तिनीहरूलाई तपाईंको हातमा सुम्पि-
दिनुभयो। ९ जसका हृदय उहाँप्रति भक्त
छन् तिनीहरूलाई सहायता र सान्त्वना दिन
सारा पृथ्वीभरिनै परमप्रभुको दृष्टि रहिरहन्छ।
यस कुरामा तपाईंले मूर्खता गर्नुभयो। अब
उप्रान्त तपाईंले युद्ध गरिरहनुपर्नेछ।"
१० आसा ती दर्शीसँग रिसाए, र तिनलाई
थुनामा राखे। किनभने तिनका यी कुराले
राजालाई क्रोधित तुल्याएको थियो। त्यस
बेला तिनले कोही कोही मानिसहरूमाथि साह्रै
अत्याचार गरे।

११ आसाको शासनका अरू घटनाहरू,
शुरूदेखि आखिरसम्मैं यहूदा र इस्राएलका
राजाहरूका इतिहासमा लेखिएका छन्।
१२ आफ्नो शासनको उनन्चालीस वर्षमा
तिनलाई खुट्टा कुहुने रोगले आक्रमण गर्‍यो।
तिनले परमप्रभुको अगुवाइ खोजेनन्, तर
वैद्यहरूको सल्लाह लिए। १३ आफ्ना
राजत्वकालको एकचालीसौं वर्षमा तिनी आफ्ना
पित्रहरूसित सुते। १४ तिनी त्यस चिहानमा
गाड़िए, जो तिनले दाऊदको शहरमा आफ्नो
निम्ति किनिराखेका थिए। त्यहींनै खोपेर
बनाएको एउटा ठाउँमा अर्थीमै तिनको लाश
राखे। त्यसमा निपुणतासाथ मिसाएर
बनाएका सबै किसिमका मसाला थुपारेको
थियो। औ मानिसहरूले तिनको सम्मानमा
एउटा ठूलो आगो बाले।

यहोशापातको शासन

१७ आसापछि तिनका छोरा यहोशापात
राजा भए। तिनले जबरदस्ती
इस्राएललाई रोक्न अठोट गरे। २ तिनले
यहूदाका सबै सुरक्षित शहरहरूमा फौज राखे।
औ यहूदाभरि र तिनका पिता आसाले
कब्जा गरेको एप्रैमका शहरहरूमा रक्षाको
निम्ति फौज राखे। ३ तिनी आफ्ना
पिताले शुरू शुरूमा देखाएका उदाहरणअनुसार
हिंड़े। बाल देवताहरूपछि नलागेका हुनाले
परमप्रभु यहोशापातसँग हुनुहुन्थ्यो। ४ तिनले
आफ्ना पिताका परमेश्वरको अगुवाइ खोजे,
र उहाँका आज्ञाहरू पालन गरे। तिनी
इस्राएलको चालमा चलेनन्। ५ यसैकारण
परमप्रभुले तिनको शासनमनि तिनको राज्य
स्थिर गर्नुभयो, र सारा यहूदाले तिनलाई
उपाहारहरू चढ़ाए। तिनको धन-सम्पत्ति र
ख्याति साह्रै बढ़्यो। ६ परमप्रभुको सेवा
गर्न तिनी गर्व गर्थे। तिनले यहूदाका
डाँड़ाहरूका पूजा-थानहरू र अशेरा-देवीहरू
हटाइदिए।

७ आफ्नो शासनकालको तेस्रो वर्षमा
यहूदाका शहरहरूमा शिक्षा दिन तिनले बेन-
हेल, ओबदियाह, जकर्याह, नतनेल र
मीकायाह, यी अफिसरहहरूलाई, ८ यी
लेवीहरूसँग, अर्थात् शमायाह, नतन्याह,
जबदियाह, असाहेल, शमीरामोत, यहोनातान,

अदोनियाह, तोबियाह, तोब-अदोनियाहसँग
पूजाहारी एलीशामा र यहोरामका साथमा
पठाए। ९ परमप्रभुको व्यवस्थाको पुस्तक
लिएर तिनीहरूले यहूदाका मानिसहरूलाई
सिकाए। मानिसहरूलाई सिकाउँदै तिनीहरू
यहूदाका शहरहरूमा गए।
१० यसैले यहूदाका चारैतिरका देशहरूका
शासकहरूमाथि परमप्रभुको भय परेकोले
गर्दा तिनीहरूले यहोशापातको विरुद्धमा युद्ध
गरेनन्। ११ कुनै कुनै पलिश्तीहरूले ता
यहोशापातकहाँ धेरै संख्यामा चाँदीको सौगात
पनि ल्याए। अरबीहरूले पनि सात हजार सात
सय भेड़ा र सात हजार सात सय बोकाहरू
ल्याए। १२ यसरी यहोशापात झन्
शक्तिशाली भए। तिनले यहूदामा किल्लाहरू र
भण्डार राख्ने शहरहरू बनाए। १३ तिनको
हातमा यहूदाका शहरहरूमा गर्नुपर्ने काम
धेरै थिए। यरूशलेममा तिनका स्थायी
र खूबै तालिम पाएका फौजहरू थिए।
तिनीहरू आफ्नो आफ्नो गोत्रअनुसार यसरी
भर्त्ती भएका थिए—१४ हजारका फौज-
माथिका अफिसरहरू—सेनापति अदना र
तिनका साथमा तीन लाख तालिम पाएका
फौज। १५ तिनीपछि सेनापति योहानान र
तिनका साथमा दुइ लाख अस्सी हजार फौज।
१६ औ तिनीपछि जिक्रीका छोरा अमस्याह,
जसले परमप्रभुको सेवाको निम्ति स्वयं-सेवकको
काम गर्थे। तिनका साथमा दुइ लाख
तालिम पाएका फौज थियो। १७ बिन्या-
मीनबाट—एक जना अनुभवी योद्धा एल्यादा।
तिनको साथमा धनु र ढालले सुसज्जित भएका
दुइ लाख मानिसहरू थिए। १८ तिनीपछि
यहोसाबाद, तिनको साथमा हात-हतियारले
सुसज्जित भएका एक लाख अस्सी हजार
थिए। १९ यहूदाका चारैतिरका सुरक्षित
शहरहरूमा राजाले राखेकाहरूबाहेक यी
मानिसहरू राजाका सेवामा लागेका
थिए।

मीकायाको अगमवाणी

१८ जब यहोशापात साह्रै धनी र प्रसिद्ध
भए तब तिनले आहाबसित वैवाहिक
सम्बन्ध जोड़े। २ केही सालपछि तिनी
सामरियामा आहाबलाई भेट गर्न गए।
आहाबले तिनी र तिनका लावा-लस्करका
निम्ति धेरै भेड़ा र गोरुहरू मारे, र रामोत-
गिलादलाई आक्रमण गर्न तिनलाई उस्काए।
३ इस्राएलका राजा आहाबले यहूदाका राजा
यहोशापातलाई भने, "रामोत-गिलादमाथि
आक्रमण गर्न तपाईं मलाई साथ दिनुहुन्छ?"
औ तिनले जवाफ दिए, "मेरा जे जत्ति छन्
सो तपाईंकै हुन्, अर्थात् म र मेरा मानिस-
हरू। यस लड़ाइँमा म तपाईंलाई साथ
दिनेछु।" ४ तब यहोशापातले इस्राएलका
राजालाई भने, "हामी पहिले परमप्रभुसँग सल्लाह
लिऔं।" ५ तब इस्राएलका राजाले चार
सय जत्ति अगमवक्ताहरूलाई भेला गराएर
तिनीहरूलाई सोधे, "म रामोत-गिलादमाथि
आक्रमण गरूँ कि नगरूँ?" तिनीहरूले
जवाफ दिए, "आक्रमण गर्नुहोस्। परमप्रभुले
त्यो तपाईंको हातमा सुम्पिदिनुहुनेछ।"
६ यहोशापातले सोधे, "सल्लाह लिन यहाँ
परमप्रभुका अरू अगमवक्ता कोही छैन?"
७ इस्राएलका राजाले जवाफ दिए,
"परमप्रभुबाट सल्लाह लिनलाई अझै एक जना
त छन्, तर म ती मानिसलाई घृणा गर्दछु।
किनभने तिनले मेरो निम्ति असल अगमवाणी
कहँदैनन्। तिनी खराबबाहेक अरू केही
भन्दैनन्। तिनको नाउँ यिम्लाको छोरा
मीकाया हो।" यहोशापातले भने, "हे राजन्,
तपाईंको मुखबाट यस्तो वचन ननिस्कोस्।"
८ तब इस्राएलका राजाले नपुंसकहरूमध्येको
एक जनालाई बोलाएर यिम्लाको छोरा
मीकायालाई तुरुन्तै ल्याउने हुकुम गरे।
९ इस्राएलका राजा र यहूदाका राजा
यहोशापात सामरियाको मूल-ढोकामा राजकीय
पोशाकमा अस्त्र-शस्त्रले सुशोभित भएर आफ्नो

आफ्नो राजगद्दीमा बसिरहेका थिए। औ सबै अगमवक्ताहरूले उनीहरूका सामने अगमवाणी कहिरहेका थिए। १० तिनीहरूमध्येका एक जना केनानाको छोरा सिदकियाहले आफ्नो निम्ति फलामका सीङहरू लगाएर यसो भने, "परमप्रभु यही भन्नुहुन्छ, 'यस्तै किसिमका सीङहरूद्वारा तिमीहरूले अरामीहरूलाई हानेर खतम पार्नेछौ'।" ११ औ सबै अगमवक्ताहरूले त्यही किसिमले अगमवाणी कहेर भने, "रामोत-गिलादमाथि आक्रमण गरेर विजयी हुनुहोस्। परमप्रभुले त्यो तपाइंको हातमा सुम्पिदिनुहुनेछ।" १२ मीकायालाई बोलाएर ल्याउने समाचारवाहकले तिनलाई भन्यो, "अरू अगमवक्ताहरूले ता एकै मत भएर राजालाई असल जवाफ दिएका छन्। त्यसले अझै थपेर भन्यो, "सुन्नुहोस्, तपाइं पनि उनीहरूसित सहमत हुनुहोस्।" १३ तर मीकायाले भने, "जीवित परमप्रभुको नाउँमा म भन्दछु, परमप्रभुले मलाई जे भन्नू भनी आज्ञा गर्नुहुन्छ त्यही मात्र म बोल्नेछु।"

१४ मीकाया राजाको सामने हाजिर भएपछि राजाले तिनलाई भने, "मीकाया हामी रामोत-गिलादमाथि चढ़ाइ गरौं कि नगरौं?" तिनले भने, "चढ़ाइ गर्नुहोस्, विजयी हुनुहोस्। त्यो तपाइंको हातमा पर्नेछ!" १५ राजाले भने, "कतिपल्ट म तिमीलाई परमप्रभुको नाउँमा साँचो कुरा मात्र भन्नू भनी शपथ खानलाऊँ?" १६ मीकायाले भने, "मैले सबै इस्राएललाई गोठाला नभएका भेड़ाहरूझैं पहाड़ हुँदो तितर-बितर भएको देखें। औ परमप्रभुले यसो भनिरहनुभएको मैले सुनें, 'तिनीहरूका मालिक छैनन्। तिनीहरूलाई कुशलसित घर जानदेऊ'।" १७ तब इस्राएलका राजाले यहोशापातलाई भने, "तिनले मेरो निम्ति खराबबाहेक असल अगमवाणी कहँदैन भनी के मैले तपाइंलाई भनेको थिइनँ?" १८ मीकायाले अझै यसो भने, "परमप्रभुको यो वचन सुन्नुहोस्। मैले परमप्रभुलाई उहाँको सेवा गर्ने आफ्ना सबै स्वर्ग-सेना उहाँको दाहिने र देब्रे-पट्टि भई आफ्ना सिंहासनमा विराजमान हुनुभएको देखें। १९ परमप्रभुले भन्नुभयो, 'रामोतगिलादमाथि आक्रमण गरेर मारिनलाई कसले आहाबलाई बहकाउँछ?' २० तब एउटाले एउटा कुरा र अर्कोले अर्को कुरा गर्‍यो। तर एउटा आत्मा अघि आएर परमप्रभुको सामने उभिएर भन्यो, 'म तिनलाई बहकाउनेछु।' २१ परमप्रभु भन्नुभयो, 'कसरी?' त्यसले भन्यो, 'म गएर आहाबका सबै अगमवक्ताहरूका मुखमा झूट बोल्ने एउटा आत्मा हुनेछु।' परमप्रभुले त्यसलाई भन्नुभयो, 'तैंले त्यसलाई बहका, र तँ सफल हुनेछस्। जा गएर त्यसै गर्।' २२ अब तपाईलाई थाह भयो होला कि कसरी परमप्रभुले तपाइंका यी सबै अगमवक्ताहरूको मुखमा झूट बोल्ने आत्मा हालिदिनुभएको छ। उहाँले तपाइंमाथि सत्यानाशको आज्ञा दिनुभएको छ।" २३ तब केनानाको छोरा सिदकियाह आएर मीकायालाई मुखैमा हिर्काएर भने, 'कसरी परमप्रभुका आत्मा मबाट तिमीसँग बोल्न जानुभयो त?" २४ मीकायाले जवाफ दिए, "त्यो तिमी भित्री कोठामा लुक्न गएको दिन तिमीले थाह पाउनेछौ।" २५ तब इस्राएलका राजाले मीकायालाई पक्रन लाए, र शहरका राज्यपाल आमोन र राजकुमार योआशको जिम्मामा सुम्पिदिए। २६ राजाले भने, "यस मानिसलाई थुनामा राख, र म कुशलसित नआउञ्जेल त्यसलाई कैदीहरूलाई दिने रोटी र पानी देऊ।" २७ मीकायाले जवाफ दिए, "यदि तपाइं कुशलसाथ फर्किआउनुभयो भने परमप्रभु मद्वारा बोल्नुभएको होइन रहेछ।"

२८ यसैले इस्राएलका राजा र यहूदाका राजा यहोशापात रामोत-गिलादमा उक्लेर गए। २९ इस्राएलका राजाले यहोशापातलाई भने, "म गुप्त भेषमा लड़ाइँमा जानेछु, तर तपाइं आफ्नो राजसी पोशाकनै लाउनुहोस्।" यसैकारण तिनी गुप्त भेषमा लड़ाइँमा गए। ३० अरामका राजाले आफ्नो रथ-हरूका कप्तानहरूलाई इस्राएलका राजाबाहेक

अरू साना ठूलासित लड़ाइँ नगर्नू भन्ने हुकूम
दिएका थिए। ३१ जब कप्तानहरूले
यहोशापातलाई देखे तब तिनीहरूले तिनलाईनै
इस्राएलका राजा भनिठानेर तिनलाई आक्रमण
गर्न फर्के। तर यहोशापात चर्को सोरले
कराए। औ परमप्रभु तिनको सहायताको
निम्ति आउनुभयो, र परमेश्वरले ती कप्तान-
हरूलाई तिनीतर्फबाट अर्कोतिर लानुभयो।
३२ औ कप्तानहरूले तिनी ता इस्राएलका
राजा होइन रहेछन् भनी जानेपछि तिनीहरूले
तिनलाई आक्रमण गर्न छोड़िदिए। ३३ तर
एक जना मान्छेले आफ्नो धनु तानेर जथा-
भावी कांड़ हानिपठायो। त्यस कांड़ले
इस्राएलका राजालाई छाती र झिलमको
जोर्नीमा लाग्यो। यसैकारण तिनले आफ्नो
सारथिलाई भने, "रथ घुमाएर मलाई रण-
भूमिको बाहिर लैजा। मलाई चोट लाग्यो।"
३४ लड़ाइँले भीषण रूप धारण गर्दा राजा
आफ्नो रथमा अड़िएर अरामीहरूको सामना
गरिरहेका थिए। तिनी साँझसम्म त्यही
अवस्थामा रहे, औ सूर्यास्त हुँदा तिनी मरे।

अगमवक्ता येहू र यहोशापात

१९ यहूदाका राजा यहोशापात यरू-
शलेममा आफ्नो घरमा कुशलसाथ
फर्केपछि २ दर्शी हनानीका छोरा येहू
तिनलाई भेटन आए। तिनले यहोशापातलाई
भने, "के दुष्टलाई सहायता र परमप्रभुका
शत्रुहरूसँग मित्रता गरेर तपाइं खुशी हुनुहुन्छ?
यसको निम्ति परमप्रभुबाट तपाईंले दुःख
पाउनुहुनेछ। ३ तापनि तपाइंमा केही असल
कुरो छ। तपाईंले अशेरा-देवीहरूलाई देशबाट
हटाइदिनुभएर परमप्रभुबाट अगुवाइ खोज्न
परमेश्वरतिर तपाईंले मन लाउनुभएको छ।"

न्यायकर्त्ताहरूको नियुक्ति

४ यहोशापातको निवासस्थान यरूशलेममा
थियो। तर तिनी फेरि बेर्शेबादेखि एप्रैमको
पहाड़ी-देशमा मानिसहरूकहाँ गएर तिनीहरूलाई
परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वरकहाँ
फर्काएर ल्याए। ५ तिनले देशभरिनै यहूदाको
हरेक सुरक्षित शहरमा न्यायकर्त्ताहरू नियुक्त
गरे। ६ तिनले उनीहरूलाई भने,
"तिमीहरू जे गर्छौ त्यसमा सतर्क होऊ।
तिमीहरूले न्यायको फैसला सुनाउँदा
मानिसहरूलाई होइन तर तिमीहरूसित हुनुहुने
परमप्रभुलाई खुशी तुल्याउन तिमीहरू त्यहाँ
न्यायकर्त्ता नियुक्त भएका छौ। ७ यसकारण
परमप्रभुको भय तिमीहरूमा रहोस्। तिमीहरू
जे गर्छौ त्यसमा सतर्क होऊ। किनभने परम-
प्रभु हाम्रा परमेश्वर अन्याय, पक्षपात र
घूस लिएको सहनुहुन्न।"
८ यहोशापातले यरूशलेममा कति लेवी,
पूजाहारी र परिवार परिवारका प्रधानहरूलाई
इस्राएलमा तिनीहरूका पैतृक-सन्तानअनुसार
परमप्रभुको व्यवस्था कायम राख्न र शहरका
बासिन्दाहरूका बीचमा न्याय गर्न नियुक्त
गरे। ९ तिनले उनीहरूलाई यो अर्ती दिए,
"तिमीहरूले सधैं परमेश्वरको भय राखेर
विश्वाससित मन-तनले काम गर्नुपर्छ।
१० सबै मुद्दा जो तिमीहरूका कुटुम्बहरूबाट
तिमीहरूको सामने आउँछन्, तिनीहरू जुनसुकै
शहरमा बस्ने होस्, मुद्दाहरू हत्यासम्बन्धी
होऊन् अथवा व्यवस्थाको आज्ञाको विरुद्धमा
होऊन्, धर्म-विधि अथवा नियमहरूका विरुद्धमा
होऊन्, तिमीहरूले तिनीहरूलाई परमप्रभुको
विरुद्धमा कुनै किसिमको अपराध नगर्नू भनी
चेताउनी दिनू। नत्रता तिमीहरूका कुटुम्बले
पनि त्यसको निम्ति सजाय भोग्नुपर्छ।
तिमीहरूले यसो गर्‍यौ भने तिमीहरू सबै
दोषी ठहरिनेछैनौ। ११ परमप्रभुसम्बन्धी
मुख्य पूजाहारी अजर्याह अधिकारी छन्।
राज्यसम्बन्धी विषयमा यहूदाका राजकुमार
इश्माएलका छोरा जबदियाह छन्। लेवीहरू
चाहिं तिमीहरूका माथि अफिसरहरू हुन्।
बलिया र दृढ़ होऊ। परमप्रभु असल
गर्नेहरूका साथमा होऊन्।"

मोआब र अम्मोनमाथि विजय

२० यसको केही समयपछि मोआबी,
अम्मोनी र केही मिनुईहरू
यहोशापातको विरूद्धमा युद्ध गर्न आए ।
२ तिनलाई यो समाचार सुनाइदियो कि एक
ठूलो सैन्य-दल खारा समुद्र पारि एदोमबाट
तिनको विरुद्धमा लड़ाइँ गर्न आइरहेछ,
औ हसासोन-तामार, अर्थात् एन-गदीमा
पुगिसकेको छ। ३ यस्तो विपदको समाचार
सुनेर यहोशापातले परमप्रभुको अगुवाइ खोज्न
अठोट गरे। तिनले सारा यहूदाभरिनै उपवास
बस्नलाई घोषणा गरे। ४ यहूदा परमेश्वरको
सल्लाह माग्नलाई भेला भयो। देशको हरेक
शहरबाट तिनीहरू उहाँसित सल्लाह माग्न
आए। ५ यहूदा र यरूशलेमका सभाको
सामने परमप्रभुको भवनको नयाँ चोकको अघि
खड़ा भएर यहोशापातले भने, ६ "हे परम-
प्रभु हाम्रा पुर्खाहरूका परमेश्वर, के तपाईंनै
स्वर्गमा विराजमान हुने परमेश्वर हुनुहुन्न ?
तपाईं जाति जातिका सबै राज्यहरूमा शासन
गर्नुहुन्छ। तपाईंकै हातमा शक्ति र बल
छन्। औ तपाईंको सामना गर्ने कोही छैन।
७ हे परमेश्वर, हाम्रा परमेश्वर, के तपाईंलेनै
इस्राएलका पक्षमा भएर यस देशका बासिन्दा-
हरूलाई धपाउनुभएको र आफ्ना मित्र
अब्राहामका सन्तानलाई सदा सर्वदैको निम्ति
दिनुभएको होइन ? ८ यसैले तिनीहरू त्यहाँ
रहनलागे, र तपाईंको नाउँको सम्मानको
निम्ति एउटा बासस्थान बनाएर भने,
९ 'यदि विपत्ति हामीमाथि आइलाग्यो भने,
अर्थात् युद्ध वा रूढ़ी, विपत्ति वा अनिकाल
पर्‍यो भने हामी यस भवनको अघि औ
तपाईंको सामने खड़ा हुनेछौं, किनभने यस
भवनमा तपाईंको नाउँ छ। हामी आफ्नो
विपत्तिमा तपाईंलाई पुकार्नेछौं, औ तपाईंले
हाम्रो बिन्ती सुनेर हामीलाई बचाउनुहुनेछ।'
१० मिश्र देशबाट आउँदा तपाईंले
इस्राएललाई अम्मोनी र मोआबीहरू औ
सेईरको पहाड़ी-देशका मानिसहरूको देशमा
पस्न मनाई गर्नुभएको थियो । यसैले
तिनीहरू एकातर्फ लागे। तिनीहरूलाई त्यसै
छोड़िदिए, र तिनीहरूलाई नाश गरेनन्।
११ तर अब हेर्नुहोस्, यी मानिसहरूले
हामीलाई कस्तो बदला दिइरहेछन्। तपाईंले
हामीलाई अधिकार गर्न दिनुभएको जग्गादेखि
हामीलाई तिनीहरू धपाउन आइरहेछन्।
१२ हे परमेश्वर, हाम्रा परमेश्वर, तिनीहरूको
न्याय गर्नुहोस्। किनभने हाम्रो देशलाई
आक्रमण गर्न आइरहेको यो ठूलो सैन्य-
दलको सामना गर्न हाम्रो केही शक्ति छैन।
हामीले के गर्नुपर्ने हो सो हामी जान्दैनौं।
हामी आफ्ना आँखा तपाईंतिर उठाउँछौं।"
१३ यसरी सारा यहूदा, तिनीहरूका
अधीनमा रहेका मानिसहरू, तिनीहरूका
पत्नीहरू र तिनीहरूका बालकहरूसमेत त्यहाँ
परमप्रभुको सामने खड़ा भए। १४ तब
आसापको वंशका एक जना लेवी यहजीएल-
माथि परमप्रभुको आत्मा उत्रनुभयो। तिनी
मतन्याहका खनाति, यीएलका पनाति,
बनायाहका नाति औ जकर्याहका छोरा थिए।
१५ तिनले भने, "हे सबै यहूदा, यरूशलेमका
सबै बासिन्दा र राजा यहोशापात सुन्नुहोस्,
परमप्रभु तपाईंहरूलाई यही भन्नुहुन्छ, 'नडराऊ,
यस ठूलो सैन्य-दलदेखि नआत्तियो। किनभने
लड़ाइँ परमप्रभुको हातमा छ। तिमीहरूको
हातमा होइन। १६ भोलि तिनीहरूसँग
युद्ध गर्न निस्क। तिनीहरू सीसको
उकालोबाट भएर आउँछन्। तिमीहरूले
तिनीहरूलाई यरूएलको उजाड़-स्थानको पूर्वपट्टि
बेंसीको पल्लो छेउमा भेट्नेछौ। १७ यो
लड़ाइँ तिमीहरूले लड़नेछैनौ। दृढ़ भएर
पर्खिबस। परमप्रभुले तिमीहरूको उद्धारको
काम गर्नुभएको तिमीहरू देख्नेछौ। नडराऊ,
नता आत्तियौ। भोलि तिनीहरूको सामना
गर्न तिमीहरू निस्किजाऊ। किनभने परमप्रभु
तिमीहरूतर्फ हुनुहुन्छ। हे यहूदा र यरूशलेम,
उहाँ तिमीहरूतर्फ हुनुहुन्छ'।" १८ तब

यहोशापात भूइँमा घोप्टो परे, र सबै यहूदा
र यरूशलेमका बासिन्दाहरू परमप्रभुको सामने
दण्डवत् गर्न घोप्टो परे। १९ तब कहात
र कोरहका वंशका लेवीहरू खड़ा भए, र
चर्को सोरले परमप्रभु इस्राएलका परमेश्वरको
प्रशंसा गरे।

२० तब तिनीहरू बिहान सबैरै उठेर
तकोको उजाड़-स्थानमा गए। तिनीहरू निस्केर
जाँदा खड़ा भएर यहोशापातले भने, "हे
यहूदा र यरूशलेमका बासिन्दा हो, मेरो कुरा
सुन, 'परमप्रभु तिमीहरूका परमेश्वरको विश्वासमा
तिमीहरू स्थिर भइरहो, र उहाँले तिमी-
हरूलाई थामिराख्नुहुनेछ। उहाँका अगमवक्ता-
हरूमाथि विश्वास गर, र तिमीहरूको फलिफाप
हुनेछ'।" २१ त्यसपछि मानिसहरूसित
सल्लाह गरेर तिनले कति जनालाई परमप्रभुको
स्तुतिगान गर्न र उहाँको पवित्रताको प्रतापको
प्रशंसा गर्न हतियारले सुसज्जित भएका सेनाको
अघि अघि गएर गाउनलाई नियुक्त गरे।
औ तिनीहरूले यसो भनेर गाए,

"परमप्रभुलाई धन्यवाद देऊ,
किनभने उहाँको प्रेम सदा सर्वदै
रहिरहन्छ।"

२२ तिनीहरूको प्रशंसाको चर्को आवाज सुन्ने
बित्तिकै परमप्रभुले यहूदासँग युद्ध गर्न
आएका अम्मोनी, मोआबी र सेईरको पहाड़ी-
देशका मानिसहरूलाई अल्मलाइदिनुभयो, र
तिनीहरूलाई परास्त गर्नुभयो। २३ यस्तो
भयो, कि अम्मोनी र मोआबीहरू सेईरका
पहाड़ी-देशका मानिसहरूको विरुद्धमा तिनी-
हरूलाई खतम गर्न र नाश गर्न उठे। जब
तिनीहरूले सेईरका मानिसहरूलाई नाश गरिसके
तब तिनीहरू आपसमानै एक अर्कालाई अन्धा-
धुन्ध आक्रमण गर्नलागे।

२४ जब यहूदा उजाड़-स्थानमा भएको
पहरा राखेको धरहरामा आइपुगेर शत्रुको
सैन्य-दललाई हेरे, तब त्यहाँ तिनीहरूले उनी-
हरूलाई भूइँमा मारिएर पड़िरहेका देखे, औ
उनीहरू एउटै पनि उम्केको थिएन। २५ जब
यहोशापात र तिनका मानिसहरू लूटका माल
जम्मा गर्न आए, तब तिनीहरूले असंख्य गाई-
गोरुहरूका बथान, सामानहरू, लुगा-फाटाहरू
र बहुमूल्य रत्नहरू लानै नसक्ने गरी लूटेर
लगे। तिनीहरूले तीन दिनसम्म लूटका माल
जम्मा गरे। किनभने ती त्यति धेरै थिए।
२६ चौथो दिन तिनीहरू बराकाको बेंसीमा
भेला भए। तिनीहरूले परमप्रभुलाई त्यहाँ
धन्यवाद दिएको हुनाले आजको दिनसम्मै
त्यसको नाउँ त्यही छ। २७ त्यसपछि यहूदा
र यरूशलेमका सबै मानिसहरू यहोशापातलाई
अघिअघि लाएर विजयको साथ शहरमा फर्के।
किनभने परमप्रभुले तिनीहरूका शत्रुमाथि
तिनीहरूलाई विजयी तुल्याउनुभएको थियो।
२८ तिनीहरू सितार, वीणा र तुरही बजाउँदै
यरूशलेममा र परमप्रभुको भवनभित्र पसे।
२९ परमप्रभुलेनै इस्राएलका शत्रुहरूको विरुद्धमा
युद्ध गर्नुभयो भनी सुनेर सबै देशका शासक-
हरूमा परमेश्वरको भय फैलियो। ३० परमेश्वरले
तिनलाई चारैतिर सुरक्षित पार्नुभयो, र
यहोशापातको राज्यमा शान्ति भयो।

यहोशापातको शासन

३१ यसरी यहोशापातले यहूदामाथि
राज्य गरे। राजगद्दी आरोहण गर्दा तिनी
पैंतीस वर्षका थिए। तिनले यरूशलेममा
पच्चीस वर्ष शासन गरे। शिल्हीकी छोरी
अजूबा तिनकी आमा थिइन्। ३२ तिनी
आफ्ना पिता आसाको चालमा हिंड़े, औ
तीबाट तर्केनन्। परमप्रभुको दृष्टिमा जे कुरो
असल थियो त्यही तिनले गरे। ३३ तर
डाँड़ाहरूका पूजा-थानहरू तिनले हटाएनन्।
मानिसहरूले आफ्ना पुर्खाहरूका परमेश्वरमाथि
आफ्नो मन लाएनन्। ३४ यहोशापातको
राज्यका अरू घटनाहरू, शुरुदेखि अन्तसम्मै
हनानीका छोरा येहूको इतिहासमा लेखिएका
छन्। ती इस्राएलका राजाहरूका इतिहासमा
गाभिएका छन्।

३५ पछि यहूदाका राजा यहोशापातले
इस्राएलका राजा अहस्याहसँग मित्रता बाँधे।
३६ तर्शीशसित व्यापार गर्न जहाजहरू
बनाउनको निम्ति अहस्याहसित लागेर तिनले
खराबी गरे। यी जहाजहरू एसोन-गेबेरमा
बनाएका थिए। ३७ तर मेरेशाका दोदा-
बाहुका छोरा एलाजारले यहोशापातको विरुद्धमा
यो अगमवाणी कहे, "तपाईंले अहस्याहसँग
मित्रता बाँध्नुभएको हुनाले परमप्रभुले तपाईंको
काम निष्फल तुल्याउनुहुनेछ।" यसरी ती
जहाजहरू नष्ट भएर तर्शीशमा यात्रा
गर्नपाएनन्।

यहूदाका राजा योरामको शासन

२१ यहोशापात आफ्ना पित्रहरूसित सुते
र तिनीहरूसँग दाऊदको शहरमा
गाड़िए। २ तिनीपछि तिनका छोरा योराम
राजा भए। तिनका भाइहरू अजर्याह,
यहीएल, जकर्याह, अजर्याह, मीकाएल र
शपत्याह थिए। यी यहोशापातका छोराहरू
थिए। यी सबै इस्राएलका राजा यहोशापातका
छोराहरू थिए। ३ औ तिनका पिताले
तिनीहरूलाई सुन, चाँदी, बहुमूल्य थोकहरू र
यहूदामा सुरक्षित शहरहरू पनि दान दिए।
तर राज्याधिकार चाहिँ तिनले योरामलाईनै
दिए। किनभने तिनी चाहिँ जेठा थिए।
४ जब योराम आफ्ना पिताको
सिंहासनमा सुदृढ़ भए तब तिनले आफ्ना
सबै भाइहरू र इस्राएलका कति जना
राजकुमारहरूलाई पनि तरवारले काटेर मारे।
५ तिनी राजगद्दी आरोहण गर्दा बत्तीस वर्षमा
थिए। तिनले यरूशलेममा आठ वर्ष शासन
गरे। ६ आहाबको घरानाझैं तिनी इस्राएलका
राजाहरूका चालमा हिंड़े, किनभने तिनले
आहाबकी छोरीलाई विवाह गरेका थिए। औ
परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो
त्यही तिनले गरे। ७ तर दाऊदसित
परमप्रभुले गर्नुभएको करारको खातिर उहाँले
दाऊदको घरानालाई नाश गर्ने इच्छा गर्नुभएन।
किनभने दाऊद र तिनका छोराहरूलाई सधैं
प्रकाश दिइरहने एउटा बत्ती दिन्छु भनी उहाँले
प्रतिज्ञा गर्नुभएको थियो।
८ तिनको शासनकालमा यहूदाको विरुद्धमा
बागी भएर एदोमले आफ्नै राजा खड़ा
गरे। ९ योराम आफ्ना सेनापतिहरू र
सबै रथहरूका साथमा एदोमतिर बढ़े।
तिनी र तिनका रथका सेनापतिहरू राती
हिंड़े, र एदोमीहरूलाई घेरेर परास्त गरे।
१० यसकारण एदोम आजको दिनसम्मै
यहूदाबाट स्वतन्त्र भएको छ। त्यसै बेला
लिब्नाले पनि तिनको विरुद्धमा विद्रोह गरे,
किनभने तिनले परमप्रभु आफ्ना पुर्खाहरूका
परमेश्वरलाई त्यागेका थिए। ११ तिनले
यहूदाका पहाड़ी-देशमा पूजा-थानहरू बनाएर
यरूशलेमका बासिन्दाहरूलाई मूर्तिपूजा गर्ने
परीक्षामा पारे, र यहूदालाई कुपथतिर
ढल्काए।
१२ योरामले एलिया अगमवक्ताबाट
एउटा पत्र पाए। त्यसमा यो कुरो
लेखिएको थियो—"तपाईंका पुर्खा दाऊदका
परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'तेरा पिता
यहोशापात र यहूदाका राजा आसाको
चालमा तँ हिंड़िनस्, १३ तर आहाबको
घरानाले गरेझैं इस्राएलका राजाहरूका चालमा
हिंड़ेर तैंले यहूदा र यरूशलेमका बासिन्दा-
हरूलाई परीक्षामा पारिस्। औ तेरा पिताका
परिवारका छोराहरू, अर्थात् आफ्नै भाइहरूलाई
तैंले मारिस्। तिनीहरू तँभन्दा असल
मानिसहरू थिए। १४ ती सबै गरेकोले
गर्दा परमप्रभुले तेरो प्रजा, तेरा बालकहरू,
तेरा पत्नीहरू र तेरा सबै धन-सम्पत्तिमाथि
प्रहार गर्नलाग्नुभएको छ। १५ औ तँ आफै
चाहिँ निको नहुने पेटको रोगले ग्रस्त
हुनेछस्। औ तेरो पेट घाउैघाउ भएर
कुहुने छ'।"
१६ त्यसपछि परमप्रभुले योरामको
विरुद्धमा पलिश्ती र कूशीहरूको छेउमा बस्ने

अरबीहरूलाई उस्काउनुभयो। तिनीहरूले यहूदा-
लाई आक्रमण गरेर त्यसको भित्रसम्मै
छिरिगए। १७ सबै धन-सम्पत्ति जो
तिनीहरूले राजाको महलमा फेला पारे, औ
तिनका छोराहरू र पत्नीहरूलाई समेत लगे।
कान्छा छोरा *यहोआहजबाहेक तिनका कुनै
छोरा पनि बाँकी रहेन।
१८ यी सबै भएपछि परमप्रभुले राजालाई
पेटको निको नहुने रोगले ग्रस्त पार्नुभयो।
१९ त्यस रोगले तिनलाई केही समयसम्म
सताइरह्यो। औ दोस्रो वर्षको अन्तमा त्यही
रोगले तिनको पेट कुह्यो, र त्यही घावको
पीडाले तिनको मृत्यु भयो। तर तिनको
प्रजाले तिनका पुर्खाहरूको निम्ति गरेझैं तिनको
सम्मानमा आगो जलाएन। २० तिनी राजा
हुँदा बत्तीस वर्षका थिए। तिनले यरूशलेममा
आठ वर्ष शासन गरे। तिनको मृत्युमा
कसैले शोक प्रकट गरेन। औ तिनी दाऊदको
शहरमा गाडिए, तर राजाहरूको चिहानमा
होइन।

यहूदाका राजा अहज्याहको शासन

२२ त्यसपछि यरूशलेमका बासिन्दाहरूले
तिनको सट्टामा तिनका कान्छा छोरा
अहज्याहलाई राजा तुल्याए, किनभने आक्रमणमा
अरबीहरूसित मिलेका लुटपीट गर्नेहरूले तिनका
सबै ठूला छोराहरूलाई मारेका थिए। यसै-
कारण योरामका छोरा अहज्याह यहूदाका राजा
भए। २ राजगद्दी आरोहण गर्दा तिनी बियालीस
वर्षका थिए। तिनले यरूशलेममा एक वर्ष
शासन गरे। तिनकी आमा ओम्रीकी नातिनी
अतल्याह थिइन्। ३ तिनी पनि आहाबका
घरानाको चालमा हिँडे। किनभने दुष्ट काम
गर्नलाई तिनकी आमाले तिनलाई सल्लाह
दिन्थिन्। ४ आहाबको घरानाले गरेझैं
तिनले पनि परमप्रभुको दृष्टिमा जे कुरो
खराब थियो त्यही गरे। तिनका पिताको
मृत्युपछि तिनको पतन गराउनेहरूनै तिनका
सल्लाहकार थिए। ५ रामोतगिलादमा
अरामका राजा हजाएलको विरुद्धमा लड़ाइँ
गर्न तिनले इस्राएलका राजा आहाबका
छोरा योरामसित मित्रता बाँध्न उनीहरूको
सल्लाह लिए। तर अरामीहरूद्वारा योरामले
चोट पाए, ६ र अरामका राजा हजाएलसँग
रामोतमा पाएको चोटबाट निको हुन तिनी
यिज्रेलमा फर्केर गरे। योरामको बिरामी सुनेर
यहूदाका राजा योरामका छोरा अहज्याह
तिनलाई हेर्न यिज्रेल गए।
७ परमप्रभुको इच्छाअनुसार योराम र
अहज्याहको भेटको अवसरनै योरामको पतनको
कारण भयो। यही भेटको समयमा अहज्याह
योरामसँग निम्शीका छोरा येहूलाई भेट गर्न
गए। आहाबको घरानालाई नाश गर्न
परमप्रभुले येहूलाईनै नियुक्त गर्नुभएको थियो।
८ येहूको आहाबको घरानासित मेल थिएन।
अहज्याहसँग भएको यहूदाका अफिसरहरू र
तिनका कुटुम्बका सेवकहरूलाई भेट्टाएर येहूले
मारे। ९ त्यसपछि तिनले अहज्या-
हलाई खोजे। येहूका मानिसहरूले तिनलाई
सामरियामा फेला पारे। त्यहाँ तिनी लुक्न
गएका थिए। तिनीहरूले तिनलाई येहूकहाँ
ल्याएर मारे। 'आफ्नो पूरो हृदयले परमप्रभुको
अगुवाइ खोज्ने तिनै यहोशापातको छोरा
यिनी हुन्' भनेर उनीहरूले तिनलाई राम्ररी
दफन दिए। त्यसपछि अहज्याहका घरानाका
कोही पनि राज्य गर्न शक्तिशाली भएन।

अतल्याहको षड्यन्त्र

१० अहज्याहकी आमा अतल्याहले
आफ्नो छोरो मरेको देख्ने बित्तिकै राजकीय
वंशलाई नाश गर्न तिनी निस्किन्। ११ तर
योराम राजाकी छोरी यहोशेबाले अहज्याहका
छोरा योआशलाई मारिन लागेका राजकुमार-
हरूका बीचबाट सुटुक्क भगाएर लगिन्, र
त्यसकी धाई र त्यसलाई एउटा सुत्ने-कोठाभित्र

* अथवा अहज्याह

लुकाइराखिन्। यसरी योराम राजाकी छोरी
र पूजाहारी यहोयादाकी पत्नी यहोशेबा
अहज्याहकी दिदी भएकी हुनाले योआशलाई
अतल्याहको हातबाट लुकाइराखिन्, र तिनले
त्यसलाई मार्न पाइनन्। १२ अतल्याहले
देशमा राज्य गर्दा योआश उनीहरूसितै
परमप्रभुको भवनमा छ वर्षसम्म लुकेर बसे।

२३ सातौं वर्षमा यहोयादाले योरामका
छोरा अजर्याह, यहोहानानका छोरा
इश्माएल, आबेदका छोरा अजर्याह, अदायाहका
छोरा मासेयाह, जिक्रीका छोरा एलीशापात,
र सय सयका दलका सबै कप्तानहरूसित मित्रता
बाँध्नलाई अब शक्तिशाली भएछु भनी विचार
गरे। २ औ यहूदाका शहरहरूबाट लेवीहरू
र इस्राएलका कुल-नायकहरूलाई यरूशलेममा
भेला गर्न सबै यहूदाभरि तिनीहरू गएर
यरूशलेममा आए। ३ त्यहाँ भेला भएका
सबै जनाले परमप्रभुको भवनमा राजासित
करार बाँधे। यहोयादाले तिनीहरूलाई भने,
"राजाका छोरा यहाँ छन्। परमप्रभुले
दाऊदका छोराहरूनै राजा हुनेछन् भनी प्रतिज्ञा
गर्नुभएझैं तिनीनै राजा हुनेछन्। ४ तिमी-
हरूले यसो गर्नुपर्छ—'तिमीहरू, पूजाहारीहरू
र लेवीहरूको एक तिहाइ विश्राम-दिनमा
आफ्नो काममा आउँदा मूल-ढोकाको दैलोमा,
५ अर्को एक तिहाइ चाहिं राजकीय महलमा
र अर्को एक तिहाइ चाहिं जगको मूल-
ढोकामा रक्षा गर्नू। अरू जम्मै मानिसहरू
चाहिं परमप्रभुको भवनको चोकमा हुनेछन्।
६ पूजाहारीहरू र सेवा गर्ने लेवीहरूबाहेक
अरू कसैलाई परमप्रभुको भवनभित्र पस्न
नदिनू। तिनीहरू पवित्र भएकाले पूजा-
हारी चाहिं भित्र पस्नसक्छन्। तर अरू
सबै मानिसहरू चाहिं परमप्रभुले दिनुभएको
आज्ञामा लागिरहनू। ७ लेवीहरूले आफ्नो
आफ्नो हतियार तयार राखेर राजाको
चारैतिर पहरा देऊन्। कोही भवनभित्र
पस्नलाई चेष्टा गर्‍यो भने त्यसलाई मारिहाल्नू।
राजा जहाँ गए तापनि तिनीहरू चाहिं
राजासँगै रहनुपर्छ'।"
८ पूजाहारी यहोयादाले गरेको एक एक
कुरो लेवीहरू र सबै यहूदाले पालन गरे।
हरेक कप्तानले आफ्ना मानिसहरू, अर्थात्
विश्राम-दिनमा काममा खटिएकाहरू र काम
सकेर फुर्सत पाएकाहरूलाई लिए। किनभने
पूजाहारी यहोयादाले बाहिर जाने पालोलाई
छोड़िदिएका थिएनन्। ९ पूजाहारी यहोयादाले
कप्तानहरूलाई परमेश्वरको भवनमा भएका
दाऊदका भालाहरू, ठूला र साना ढालहरू
दिए। १० त्यसपछि तिनले सबै मानिस-
हरूलाई आफ्नो हातमा हतियार लिईं आफ्नो
आफ्नो स्थानमा राजालाई घेरेर उत्तर र
दक्षिणपट्टि एक कुनादेखि अर्को कुनासम्म राखे।
११ त्यसपछि तिनीहरूले राजाका छोरालाई
बाहिर ल्याए, औ तिनको शिरमा शिरपेच
लगाइदिएर साक्षी-पत्र दिए, र तिनलाई राजा
घोषणा गरे। औ यहोयादा र तिनका
छोराहरूले तिनलाई अभिषेक गरेर यसो
भनी चर्को सोरले कराए, "राजा अमर
रहोस्।" १२ जब अतल्याहले मानिसहरूलाई
राजाको जयजयकार गर्दै यताउता गरिरहेको
आवाज सुनिन्। तब तिनी परमप्रभुको
भवनमा आइन। त्यहाँ मानिसहरू भेला भएका
थिए। १३ औ राजालाई स्तम्भको छेउमा
प्रवेश-ढोकानेर उभिरहेका र तिनको सम्मानमा
आनन्द-उत्सव मनाउँदै बाजा र तुरही बजाउँदै
गरेको देखिन्। सबै मानिसहरू चाहिं रमाहट
गर्दै थिए। औ गायकहरू बाजाका साथमा
उत्सवको अगुवाइ गरिरहेका थिए। तब
अतल्याहले आफ्नो लुगा च्यातिन् र कराएर
भनिन्, "धोका! धोका!" १४ पूजाहारी
यहोयादाले फौजका कप्तानहरूलाई यसो भनेर
हुकुम गरे, "त्यसलाई भवनको बाहिर ल्याएर
त्यसका पछि लाग्नेहरू हरेकलाई समेत तरवारले
मार। त्यसलाई परमप्रभुको भवनभित्र
नमार।" १५ तब तिनीहरूले तिनलाई
समाते, र राजाको महलमा लगेर त्यहींनै

अश्व-मूल-ढोकाको छेउँमा मारे।
१६ त्यसपछि तिनीहरू परमप्रभुको प्रजा
हुनुपर्छ भनी परमप्रभु र जम्मै मानिसहरू,
र राजाका बीचमा यहोयादाले करार बाँधे।
१७ अनि सबै मानिसहरू बालको मन्दिरभित्र
गएर त्यो भत्काए। तिनीहरूले त्यसका
वेदी र मूर्तिहरूलाई टुक्रा टुक्रा पारे, र
बालको पूजाहारी मातानलाई वेदीहरूको अघि
मारे। १८ तब यहोयादाले परमप्रभुको
भवनको हेर-विचार गर्ने जिम्मा पूजाहारीहरू र
लेवीहरूको हातमा दिए। आफ्नो समयदेखिनै
स्तुतिगान गर्दै र आनन्द मनाउँदै मोशाको
व्यवस्थामा तोकिएबमोजिम परमप्रभुको निम्ति
होमबलि चढ़ाउन र परमप्रभुको भवनमा काम
गर्न दाऊदले तिनीहरूलाई खटाइदिएका थिए।
१९ कुनै किसिमले अशुद्ध भएको कुनै
मानिसलाई भित्र पस्न नदिनलाई तिनले
परमप्रभुको भवनको मूल-ढोकाहरूमा द्वारपालहरू
राखिदिए। २० तब तिनले शतपति,
भारादारहरू, मानिसहरूका राज्यपालहरू र
देशका सारा मानिसहरूलाई लिएर राजालाई
परमप्रभुको भवनबाट माथिल्लो मूल-ढोकाबाट
भएर राजकीय महलमा ल्याए, औ तिनलाई
सिंहासनमा बसाले। २१ सारा मानिसहरू
आनन्दित भए, र शहरमा शान्ति भयो।
यसरीनै अतल्याह तरवारले मारिइन्।

यहूदाका राजा योआशको शासन

२४ योआश राजा हुँदा सात वर्षका
थिए। तिनले यरूशलेममा चालीस
वर्ष राज्य गरे। तिनकी आमा बेर्शेबाकी
सिब्या थिइन्। २ पूजाहारी यहोयादा
बाचुन्जेल तिनले परमप्रभुको दृष्टिमा जे कुरो
असल थियो त्यही गरे। ३ यहोयादाले
तिनको निम्ति दुइवटी पत्नीहरू चुने। तिनका
धेरै छोरा-छोरीहरू भएको एउटा ठूलो घराना
थियो।
४ यसको केही समयपछि योआशले
परमप्रभुको भवनको मरम्मत गर्ने विचार
गरे। ५ यसकारण तिनले पूजाहारी र
लेवीहरूलाई भेला गरेर भने, "यहूदाका
शहरहरूमा गएर सबै इस्राएलीहरूबाट परम-
प्रभुको भवनको पुनर्निर्माणको निम्ति वर्षेनि
दिने तिरो जम्मा गर। औ मरम्मतको
काम झट्टै गरिहाल।" तर लेवीहरूले त्यो
काम झट्टै गरेनन्। ६ तब राजाले मुख्य
पूजाहारी यहोयादालाई बोलाएर भने, "किन
साक्षीको पालको निम्ति परमप्रभुका दास
मोशा र इस्राएलको समुदायले लगाएको
तिरो यहूदा र यरूशलेममा ल्याउन
लेवीहरूबाट तपाईंले माग्नुभएको छैन?"
७ किनभने दुष्ट अतल्याह र तिनीसँग
लाग्नेहरूले परमप्रभुको भवनभित्र पसेर त्यहाँका
सबै पवित्र थोकहरू बाल देवताहरूका पूजामा
उपयोग गरेका थिए। ८ यसैकारण राजाले
तिनीहरूलाई एउटा बाकस बनाएर परमप्रभुको
भवनको मूल-ढोकाको बाहिर राख्ने हुकुम
गरे। ९ औ तिनले यहूदा र यरूशलेमभरिनै
यस्तो घोषणा गरेका थिए कि परमेश्वरका
दास मोशाले उजाड़-स्थानमा इस्राएलमाथि
लगाएको तिरो मानिसहरूले परमप्रभुकहाँ
ल्याउनुपर्छ। १० औ सबै कुल-नायक र
मानिसहरूले खुशीसित आफ्नो आफ्नो तिरो
ल्याएर बाकस नभरून्जेल त्यसमा हाले।
११ लेवीहरूले राजाका अफिसरहरूकहाँ त्यो
बाकस ल्याउँदा तिनीहरूले त्यो राम्ररी
भरिएको हेर्थे। तब राजाका सचिव र
मुख्य पूजाहारीका अफिसर त्यो खाली गर्न
आउँथे, र त्यो बाकस फेरि त्यसकै स्थानमा
राखिदिन्थे। तिनीहरूले दिनहुँ त्यसै गर्थे।
यसरी तिनीहरूले दिनहुँ धेरै रुपियाँ-पैसा
सञ्चय गरे। १२ राजा र यहोयादाले त्यो
पैसा परमप्रभुको भवनमा काम गर्नलाउने
मानिसहरूको जिम्मामा दिन्थे। तिनीहरूले
चाहिं मरम्मत गर्न ज्यालामा लगाएका
डकर्मी र सिकर्मीहरूलाई, औ भवनको पुन-
र्निर्माण गर्न फलाम र काँसाका काम गर्ने

कारीगरहरूलाई दिन्थे। १३ यसरी कामदारीहरूले आफ्ना काम गर्नलागे, र तिनीहरूकै हातमा यो नयाँ कामको उन्नति भयो। तिनीहरूले पहिलेकै नमूनाअनुसार परमप्रभुको भवनको पुनर्निर्माण गरेर त्यसलाई पक्का बनाए। १४ तिनीहरूले यो काम सिध्याएपछि उब्रेको पैसा चाहिँ राजा र यहोयादाकहाँ ल्याएर दिए। औ ती पैसाबाट परमप्रभुको भवनको निम्ति भाँडाहरू बनाए—सेवाको काम र बलिदानको काम दुवैको निम्ति धूपौरा र अरू सुन र चाँदीका भाँडाहरू। यहोयादा बाचुञ्जेल परमप्रभुको भवनमा होमबलि निरन्तर चढ़ाउने गर्थे।

१५ यहोयादा वृद्ध र दीर्घायु भएर एक सय तीस वर्षका उमेरमा मरे। १६ तिनी दाऊदको शहरमा राजाहरूकै चिहानमा गाड़िए। किनभने तिनले इस्राएलमा असल काम गरेर परमेश्वर र उहाँको भवनको सेवा गरेका थिए।

१७ यहोयादाको मृत्युपछि यहूदाका मुख्य मुख्य मानिसहरू राजालाई भेट गर्न आए। १८ राजाले तिनीहरूका कुरा सुने। तिनीहरूले परमप्रभु आफ्ना पुर्खाहरूका परमेश्वरलाई त्यागेर अशेरा-देवी र मूर्तिहरूलाई पूजे। यस बुराइले गर्दा यहूदा र यरूशलेमले दुःख भोग्नु पर्‍यो। १९ तर तिनीहरूलाई आफैंकहाँ फर्काएर ल्याउन परमप्रभुले अगमवक्ताहरू पठाउनुभयो। ती अगमवक्ताहरूले तिनीहरूको दोष देखाइदिए। तर तिनीहरूले उनीहरूका कुरा सुनेनन्। २० तब परमेश्वरका आत्मा पूजाहारी यहोयादाका छोरा जकर्‍याहमाथि उत्रनुभयो। तिनी खड़ा भएर मानिसहरूलाई हेर्दै भने, "परमप्रभु यो भन्नुहुन्छ—'तिमीहरू किन परमप्रभुका आज्ञा उलङ्घन गरेर आफूमाथि नाश ल्याउँछौ? तिमीहरूले परमप्रभुलाई त्यागेको कारण उहाँले पनि तिमीहरूलाई त्याग्नुभएको छ'।" २१ तर तिनीहरूले जकर्‍याहको विरुद्धमा षड्यन्त्र रचे, र राजाको हुकुम पाएर परमप्रभुको भवनको चोकमा ढुङ्गा हानेर तिनलाई मारे। २२ राजा योआशले जकर्‍याहका पिता यहोयादाको राजभक्तिलाई सम्झेनन्, तर तिनका छोरालाई मारे। तिनले मर्ने बेलामा यसो भनेका थिए, "परमप्रभुले यो देखून् र त्यहीअनुसारको दण्ड देऊन्।"

२३ त्यही वर्षको अन्तमा अरामी सेना योआशको विरुद्धमा आयो। तिनीहरूले यहूदा र यरूशलेममाथि आक्रमण गरेर सबै अफिसरहरूलाई मारे। त्यसले गर्दा राजाको सेनाको अस्तित्वनै रहेन। तिनीहरूले आफ्ना सबै लूटका माल दमीशकका राजाकहाँ पठाइदिए। २४ अरामीहरूको एक सानो फौजले मात्र आक्रमण गरे, तापनि परमप्रभुले इस्राएलको एक ठूलो सेनालाई तिनीहरूको हातमा सुम्पिदिनुभयो। किनभने मानिसहरूले परमप्रभु आफ्ना पुर्खाका परमेश्वरलाई त्यागेका थिए। औ योआशले चाहिँ उचित दण्ड भोग्नुपर्‍यो।

२५ राजालाई साह्रै घाइते बनाएर अरामीहरू गएपछि पूजाहारी यहोयादाका छोराको मृत्युको साटो लिन राजाका सेवकहरूले तिनको विरुद्धमा षड्यन्त्र रचे। तिनीहरूले राजालाई तिनको ओछ्यानमानै मारे। यसरी तिनी मरे, र दाऊदको शहरमा गाड़िए। तर राजाहरूको चिहानमा चाहिँ होइन। २६ ती षड्यन्त्रकारीहरू चाहिँ अम्मोनी स्त्री शिमातको छोरो जावाद र मोआबी स्त्री शिम्रितको छोरो यहोजाबाद थिए। २७ योआशका सन्तान, तिनको विषयका धेरै ईश्वर-वाणी, परमप्रभुको भवन तिनले पुनर्निर्माण गरेका विषय सबै राजाहरूका इतिहासहरूको लेखिएका छन्। तिनीपछि तिनका छोरा अमस्याह राजा भए।

अमस्याहको शासन

२५ अमस्याह राजगद्दी आरोहण गर्दा पच्चीस वर्षका थिए। तिनले यरू-

शलेममा उनन्तीस वर्ष राज्य गरे। तिनकी
आमा यरूशलेमकी यहोअद्दान थिइन्।
२ तिनले परमप्रभुको दृष्टिमा जे कुरो असल
थियो त्यही गरे। तर पूरा मनले ता होइन।
३ तिनको हातमा राजकीय अधिकार स्थिर
भएपछि आफ्ना पिता राजाको हत्या गर्ने
सेवकहरूलाई तिनले मारे। ४ तर तिनले
मोशाको व्यवस्थामा लेखिएको यसो भन्ने
परमप्रभुको आज्ञा पालन गरेर तिनीहरूका
छोरा-छोरीलाई चाहिँ छोड़िदिए, 'बाबुहरू
तिनीहरूका छोरा-छोरीहरूका निम्ति औ
छोरा-छोरीहरू आफ्ना बाबुहरूका निम्ति,
नमारिऊन्। मानिस आफ्नै पापको निम्ति
मात्र मारिओस्।'
५ त्यसपछि अमस्याहले यहूदाका मानिस-
हरूलाई भेला गराएर सबै यहूदा र बिन्यामीन-
समेत परिवार परिवार, अफिसरहरूका मनि
हजार हजार र सय सय गरी जम्मा
गरे। तिनले बीस वर्ष पुगेका र त्यसभन्दा
बढ़ी उमेरकाहरूलाई जम्मा गरे। तिनीहरूको
संख्या तीन लाख थियो। ती सबै लड़ाइँ
गर्न चुनिएको फौज, लड़नको निम्ति तयार,
भाला र ढाल चलाउनसक्नेहरू थिए।
६ तिनले इस्राएलबाट एक लाख वीर
लड़नमा निपुण योद्धाहरू पनि एक सय
चाँदीका तोड़ा ज्याला दिएर लिए। ७ तर
परमेश्वरका एक जन तिनीकहाँ आएर भने,
"हे मेरा राजन्, 'इस्राएली सेनालाई
तपाइंसँग नलैजानुहोस्। परमप्रभु इस्राएलसँग
हुनुहुन्न—यी जम्मै एफ्रैमीहरूसँग।' ८ किनभने
यदि तपाइंले यी मानिसहरूलाई युद्धमा
आफ्ना मित्र बनाउनुभयो भने परमेश्वरले
तपाइंलाई लड़ाइँमा परास्त गर्नुहुनेछ।
तपाइंलाई सहायता गर्नु अथवा परास्त गर्नु
उहाँको हातमा छ।" ९ तब अमस्याहले
परमेश्वरका जनलाई भने, "इस्राएली सेनामाथि
खर्च गरेको त्यो सय तोड़ाको विषयमा
चाहिँ म के गरूँ त?" परमेश्वरका जनले
जवाफ दिए, "तपाइंलाई त्यसभन्दा पनि बढ़ी
दिनु परमेश्वरको हातमा छ।" १० यसैले
अमस्याहले एफ्रैमबाट तिनीकहाँ आएको
फौजलाई अलग गरेर घर पठाइदिए। यसले
गर्दा तिनीहरू यहूदासित क्रोधित भए, र
रिसले चूर भएर तिनीहरू घर फर्के।
११ त्यसपछि अमस्याहले हौसला लिएर
आफ्ना मानिसहरूलाई नूनको बेंसीमा लगे।
त्यहाँ सेईरका दश हजार मानिसहरूलाई
मारे। १२ यहूदाका मानिसहरूले अरू दश
हजार मानिसहरूलाई जीवितै पक्रे, र तिनीहरू-
लाई एउटा चटानको टाकुरामा लगेर तल
खसालिदिए। त्यहाँ तिनीहरू सबै छिन्न-भिन्न
भए। १३ यसै बीचमा अमस्याहले लड़ाइँमा
भाग नलिई घरमा पठाइदिएको त्यस फौजले
यहूदाका शहरहरू सामरियादेखि लिएर बेत-
होरोनसम्म लूटे। त्यहाँ तिनीहरूले तीन
हजार मानिसहरूलाई मारे, र धेरै लूटका
मालहरू लगे।
१४ एदोमीहरूलाई परास्त गरेर फर्केपछि
अमस्याहले सेईरका मानिसहरूका देवताहरू
ल्याएर आफ्नै देवता बनाए। तिनले ती
देवताहरूलाई पूजे, र तिनका निम्ति होमबलि
चढ़ाए। १५ यसैले गर्दा परमप्रभु अमस्याह-
सँग क्रोधित हुनुभयो। उहाँले एउटा
अगमवक्ता पठाएर तिनलाई भन्नुभयो,
"आफ्नै भक्तहरूलाई ता तपाइंको हातदेखि
बचाउन नसक्ने देवताहरूको पछि तपाइं किन
लाग्नुभयो?" १६ तर जब तिनी बोलिरहेका
थिए तब राजाले तिनलाई भने, "के हामीले
तिमीलाई राजाका सल्लाहकार नियुक्त गरेका
हौं र? चूप लाग। किन आफ्नो जीवन
खतरामा पार्छौ?" ती अगमवक्ता चूप
लाग्नअघि यसो भने, "मलाई थाह छ कि
तपाइंले यस्तो गरेर मेरो सल्लाह नसुन्नुभएको
कारण परमेश्वरले तपाइंलाई नाश गर्नु
निश्चय गर्नुभएको छ।"
१७ त्यसपछि यहूदाका राजा अमस्याहले
सल्लाह गरेर इस्राएलका राजा येहूका नाति
यहोआहाजका छोरा योआशलाई युद्धको निम्ति

हाँक दिए। १८ तर इस्राएलका राजा
योआशले यहूदाका राजा अमस्याहलाई यो
जवाफ पठाए, "लबानोनको एउटा लुहुढे-
काँढ़ाले लबानोनकै एउटा देवदारलाई यसो
भनी पठायो, 'तिम्री छोरी मेरो छोरासित
विवाह गरिदेक।' तर लबानोनको एउटा
वन-पशु त्यताबाट भएर जाँदा त्यस लुहुढे-
काँढ़ालाई कुल्चिदियो। १९ 'एदोमलाई जितें'
भनी तिमी भन्छौ, र तिम्रो शेखी बढ्यो।
आफ्नो विजय घरैमा मनाऊ, र त्यहींनै
बसिरहू। आफनै र यहूदाको पनि पतन
ल्याउन तिमी किन खतरामा पर्छौ?"

२० तर अमस्याहले यस कुरामा ध्यानै
दिएनन्। यो ता यहूदालाई योआशको हातमा
सुम्पिदिन परमेश्वरले युक्ति गर्नुभएको
थियो। किनभने तिनीहरू एदोमका देवताहरू
पछि लागेका थिए। २१ यसैले, इस्राएलका
राजा योआश अघि बढ़े। औ तिनी र
यहूदाका राजा अमस्याह यहूदाको बेत-शेमेशमा
भिड़िए। २२ यहूदाका मानिसहरू इस्राएल-
द्वारा पराजित भए, र तिनीहरू आफ्नो आफ्ना
घरमा भागे। २३ तर इस्राएलका राजा
योआशले यहोआहाजका नाति योआशका छोरा
यहूदाका राजा अमस्याहलाई बेत-शेमेशमा
पक्रेर यरूशलेममा ल्याए। तिनले एप्रैमको
मूल-ढोकादेखि कुने-मूल-ढोकासम्म चार सय
हात लामो शहरको पर्खाल भत्काइदिए।
२४ तिनले ओबेद-एदोमको जिम्मा राखेका
परमप्रभुको भवन र राजमहलका भण्डारमा
भेट्टाएका सबै सुन र चाँदी औ सबै भाँड़ा-
हरू र राज-कैदीहरूलाई पनि लगे र तिनी
सामरियामा फर्के।

२५ इस्राएलका राजा यहोआहाजका छोरा
योआशभन्दा यहूदाका राजा योआशका छोरा
अमस्याह पन्ध्र वर्ष ज्यादा बाँचे।
२६ अमस्याहको शासनका अरू घटनाहरू,
शुरुदेखि आखिरीसम्म यहूदा र इस्राएलका
राजाहरूका इतिहासहरूमा लेखिएका छन्।
२७ तिनी परमप्रभुबाट तर्केर गएको दिन-
देखिनै यरूशलेममा तिनको विरूद्ध षड्यन्त्र
भइरहेको थियो, र तिनी लाकीशमा भागेर
गए। तर तिनीहरूले लाकीशमा तिनको
पछिपछि मानिसहरू पठाएर तिनलाई त्यहीं
मारे। २८ त्यसपछि तिनको लाश घोड़ा-
माथि बोकाएर यरूशलेममा ल्याए। तिनी त्यहाँ
आफ्ना पित्रहरूसित दाऊदको शहरमा
गाड़िए।

उज्जियाहको शासन

२६ तब यहूदाका सबै मानिसहरूले सोह
वर्ष पुगेका उज्जियाहलाई तिनका
पिता अमस्याहपछि राजा तुल्याए।
२ राजा आफ्ना पित्रहरूसित सुतिसकेपछि
यिनलेनै एलात शहर बनाएर यहूदालाई फिर्ता
गरिदिए।

३ उज्जियाह राजगद्दी आरोहण गर्दा सोह
वर्षका थिए। तिनले यरूशलेममा बाउन्न वर्ष
राज्य गरे। तिनकी आमा यरूशलेमकी
यकोल्याह थिइन्। ४ तिनले आफ्ना पिता
अमस्याहले गरेझैं परमप्रभुको दृष्टिमा जे कुरो
असल थियो त्यही गरे। ५ जकर्याहको
समयमा तिनले उनलाई परमेश्वरको भयमा
शिक्षा दिएबमोजिम परमेश्वरको अगुवाइ
खोजनमा तिनले मन-तन लगाए। परमप्रभुलाई
खोज्दै रहुन्जेलसम्म परमेश्वरले तिनलाई फलि-
फाप गराइदिनुभयो।

६ तिनी पलिश्तीहरूसँग युद्ध गर्न रण-
भूमिमा गए, र गात, यब्ने र अश्दोदका
पर्खालहरू तिनले भत्काइदिए। तिनले अश्दोदको
इलाका र पलिश्तीहरूका बीचमा शहरहरू
बनाए। ७ परमेश्वरले तिनलाई पलिश्तीहरू,
गुर-बालमा बस्ने अरबीहरू र म्यूनीहरूका
विरुद्धमा सहायता गर्नुभयो। ८ अम्मोनीहरूले
उज्जियाहकहाँ सौगातहरू ल्याए। औ तिनको
ख्याति मिश्र देशको सीमानासम्मै पुग्यो,
किनभने तिनी धेरै शक्तिशाली भएका थिए।
९ यसबाहेक तिनले यरूशलेमको कुने-मूल-

ढोका, बेंसीको मूल-ढोका र पर्खालका कुना
कुना घुम्तीमा पनि बुर्जा बनाएर तिनलाई
सुरक्षित पारे। १० तिनले उजाड़-स्थानमा अरू
धरहराहरू बनाए। औ तिनले शेफेला र
बेंसी दुवैमा तिनका गाई-वस्तुका धेरै बथान
भएको कारण धेरै कूवाहरू खने। पहाड़ र
मदेशमा तिनका खेती गर्ने किसान र दाखबारी
हेर्नेहरू पनि थिए, किनभने तिनी खेती-पातीमा
ध्यान दिन्थे।

११ यसबाहेक उज्जियाहको तालिम पाएका
र युद्धको निम्ति सधैं तयार रहने सिपाही-
हरूको एउटा सेना पनि थियो। सेनाका
मुख्य सचिव यीएल र अफिसर मासेयाहले
बनाएका जन-गणनाअनुसार दल दल गरी
राजाका एक जना सेनापति हनन्याहको
अधीनमा यिनीहरूलाई राखेका थिए।
१२ वीर वीर योद्धाहरू पठाउने परिवार
परिवारका प्रधानका जम्मा संख्या दुइ हजार
छ सय थियो। १३ तिनीहरूका अधीनमा
राजालाई शत्रुको विरुद्धमा सहायता गर्न तीन
लाख सात हजार पाँच सय योद्धाहरू भएको
एक लड़ाकु सेना पनि थियो। १४ जम्मै
सेनाको निम्ति उज्जियाहले ढाल, भाला,
टोप, झिल्म, धनु र धुँयेत्राहरू तयार गरे।
१५ धरहरा र बुर्जाहरूमा प्रयोग गर्न काँड़-
हरू र कारीगरहरूले बनाएका ठूला ठूला ढुङ्गा
फ्यांक्ने यन्त्रहरू यरूशलेममा थिए। तिनलाई
यस्तो आश्चर्यको वरदान मिलेको कारण तिनको
ख्याति चारैतिर फैलिएको थियो। यसले गर्दा
तिनी ज्यादै शक्तिशाली भए।

१६ तर तिनी यति शक्तिशाली भएपछि
तिनको अहंकारले गर्दा तिनको पतन भयो।
तिनी धूप-वेदीमा धूप बाल्नलाई परमप्रभुको
मन्दिरमा पसेर परमप्रभु आफ्ना परमेश्वरको
विरुद्धमा तिनले अपराध गरे। १७ तर
पूजाहारी अजर्याह र परमप्रभुका अरू अस्सी
जना पूजाहारीहरू, सबै वीर वीर पुरुषहरू,
राजा उज्जियाहका पछिपछि गई तिनको
विरोध गरेर तिनलाई भने, १८ "हे उज्जियाह,
परमप्रभुको निम्ति धूप बाल्ने काम तपाइंको
होइन। यस कामको निम्ति ता अर्पण
गरिएका हारूनका वंशका पूजाहारीहरू
छन्। पवित्रस्थानबाट हटिजानुहोस्।
किनभने परमेश्वरबाट तपाईंले केही कदर
पाउनुहुनेछैन।" १९ हातमा धूप बाल्न
तयारी भएका राजा क्रोधित भए। औ
पूजाहारीहरूसित क्रोधित भएकोले गर्दा
ती पूजाहारीहरूकै सामने परमप्रभुको भवन-
भित्रै धूप-वेदीको छेउमा तिनको निधारमा
कोर निस्क्यो। २० मुख्य पूजाहारी अजर्याह
र अरू पूजाहारीहरूले तिनलाई हेर्दाहेर्दै
निधारमा कोर निस्केको तिनीहरूले पनि देखे, र
तिनलाई हतार हतार मन्दिरको बाहिर निकाले।
औ तिनी आफै पनि बाहिर निस्कनलाई हतार
गरे। किनभने परमप्रभुले यस रोगले तिन-
लाई प्रहार गर्नुभएको थियो। २१ औ
राजा उज्जियाह आफ्नो मर्ने दिनसम्मै कोरी
भए। तिनी आफ्नै घरमा कोरी भएर
बस्नलागे। राज्यका सबै काम-काजहरूबाट
तिनलाई कार्य-मुक्त गरिए। औ तिनका
छोरा योतामले महलका देखरेख गर्ने अधिकारी
र राज-प्रतिनिधि भएर राज्य चलाउनलागे।
२२ उज्जियाहका शासनका अरू घटनाहरू,
शुरुदेखि अन्तसम्मै, आमोसका छोरा यशैया
अगमवक्ताले लेखेका छन्। २३ तिनी आफ्ना
पित्रहरूसित सुते, र एउटा चिहानमा गाड़िए।
तर राजाहरूको चिहानमा चाहिँ होइन।
किनभने मानिसहरू भन्थे, "तिनी एक कोरी
हुन्।" औ तिनीपछि तिनका छोरा योताम
राजा भए।

योतामको शासन

२७ राजगद्दी आरोहण गर्दा योताम पच्चीस
वर्षका थिए। तिनले यरूशलेममा
सोह वर्ष राज्य गरे। तिनकी आमा सादोककी
छोरी यरूशा थिइन् र तिनका पिता
उज्जियाहले झैं तिनले परमप्रभुको दृष्टिमा जे

कुरो असल थियो त्यही गरे। तर आफ्ना
पिताझैं तिनी परमप्रभुको मन्दिरमा पसेनन्।
तापनि मानिसहरू चाहिं आफ्ना दुष्ट चालमा
लागिरहे। ३ तिनले परमप्रभुको भवनको
माथिल्लो मूल-ढोका बनाए, र ओपेलको
पर्खालमाथि खूब धेरै कुराहरू बनाए।
४ तिनले यहूदाको पहाड़ी-देशमा शहरहरू
बनाए, र जङ्गलका डाँड़ाहरूमा किल्ला र
धरहराहरू बनाए। ५ तिनले अम्मोनीहरूका
राजासँग युद्ध गरेर तिनलाई परास्त गरे।
औ त्यस वर्ष अम्मोनीहरूले तिनलाई एक सय
तोड़ा चाँदी, दश हजार मुरी गहुँ र दश
हजार मुरी जौ दिए। तिनीहरूले दोस्रो र
तेस्रो वर्ष पनि त्यहीबमोजिम कर तिरे।
६ परमप्रभु आफ्ना परमेश्वरको सामने आफ्नो
चाल ठीक राखेकोले गर्दा योताम अत्यन्त
शक्तिशाली भए।

७ योतामका राज्यका अरू घटनाहरू,
तिनले युद्ध र शान्तिको बेलामा गरेका सबै
काम इस्राएल र यहूदाका राजाहरूका
इतिहासमा लेखेका छन्। ८ तिनी राजगद्दी
आरोहण गर्दा पच्चीस वर्षका थिए। तिनले
यरूशलेममा सोह्र वर्ष राज्य गरे। ९ तिनी
आफ्ना पित्रहरूसित सुते, औ दाऊदको शहरमा
गाड़िए। तिनीपछि तिनका छोरा आहाज
राजा भए।

आहाजको शासन

२८ आहाज राजगद्दी आरोहण गर्दा बीस
वर्षका थिए। तिनले यरूशलेममा
सोह्र वर्ष राज्य गरे। तिनले आफ्ना पिता-
पुर्खा दाऊदलेझैं जे कुरो परमप्रभुको द्रृष्टिमा
असल थियो त्यही गरेनन्। २ तर इस्राएलका
राजाहरूका चालमा हिंड़े, र बाल-देवताहरूका
निम्ति ढलौटे धातुका मूर्तिहरू बनाए।
३ तिनले बेन-हिन्नोनको बेंसीमा बलिदानहरू
पनि चढ़ाए। इस्राएलको पक्षमा भएर जुन
जातिहरूलाई परमप्रभुले देशबाट निकाल्नुभएको
थियो तिनीहरूकै घिनलाग्दा चालमा हिंड़ेर
तिनले आफ्नो छोरालाई आगोमा होम गरे।
४ तिनले डाँड़ाहरूमा भएका पूजा-थानहरू
र डाँड़ाहरूका टाकुरा र झ्याम्म परेका
रूखहरूमा बलि गरे, र होमबलि चढ़ाए।

५ परमप्रभु तिनका परमेश्वरले तिनलाई
अरामका राजाको हातबाट हार खुवाए।
अरामीहरूले तिनलाई परास्त गरेर धेरै
जनालाई कैद गरेर दमीशकमा लगे। तिनले
इस्राएलका राजाको हातबाट पनि हार
खाए। उनले तिनलाई सम्पूर्ण परास्त गरे।
६ रमल्याहका छोरा पेकहले एकै दिनमा
यहूदाका एक लाख बीस हजार मानिसहरूलाई
मारे। तिनीहरू वीर वीर मानिसहरू थिए।
७ एक जना एप्रैमी वीर जिक्रीले राजाका
छोरा मासेयाह र राजाका महलका देखरेख
गर्ने अधिकारी अज्रीकाम र राजाका मुख्य
मंत्री एल्कानालाई मारे। ८ इस्राएलीहरूले
आफ्ना कुटुम्बका दुइ लाख स्वास्नीमानिसहरू
र केटा-केटीहरूलाई कैद गरेर लगे।
तिनीहरूले धेरै लूटका मालहरू पनि लगेर
सामरियामा ल्याए।

९ त्यहाँ ओबेद नाउँ भएका परमप्रभुका
एक अगमवक्ता थिए। सेना सामरियामा
फर्किरहेको बेला तिनी त्यस सेनालाई भेट्न
निस्के। तिनले त्यस सेनाका मानिसहरूलाई
भने, "परमप्रभु तिमीहरूका पुर्खाहरूका
परमेश्वर यहूदासँग रिसाउनुभएको हुनाले
तिमीहरूलाई तिनीहरूका हातमा सुम्पिदिनु-
भएको हो। औ तिमीहरूले चाहिं अत्यन्त
रिसको झोंकमा तिनीहरूको संहार गर्‍यौ।
१० अब तिमीहरू, यहूदा र यरूशलेमका
मानिस पुरुष-स्त्री दुवैलाई दास-दासी बनाउने
इच्छा गर्दछौ। त्यसो गर्दा के तिमीहरू पनि
परमप्रभु तिमीहरूका परमेश्वरका सामने दोषी
हुँदैनौ? ११ अब मेरा कुरा सुन, 'आफ्ना
कुटुम्बहरूबाट कैद गरेर ल्याएकाहरूलाई
फर्काइदेऊ। किनभने परमप्रभुको क्रोध तिमी-
हरूमाथि खनिएको छ'।" १२ फेरि कुनै

कुनै एप्रैमी प्रधानहरू, अर्थात् योहानानका
छोरा अजर्याह, मशिल्लेमोतका छोरा बेरेक्याह,
शल्लूमका छोरा हिजकियाह र हद्लेका छोरा
अमासाले युद्धबाट फर्केर आइरहेकाहरूलाई
भेट्टाएर भने, १३ "यी कैदीहरूलाई
तिमीहरूले हाम्रो देशमा ल्याउनुहुन्न।
तिमीहरू जे विचार गरिरहेछौ त्यसले हामीहरू
परमप्रभुको दृष्टिमा दोषी हुनेछौं, औ हाम्रा
पाप र अपराधहरू थपिनेछन्। हामी ता
दोषी भइसकिहालेका छौं। औ इस्राएलको
विरुद्धमा भयानक क्रोध आइपरेको छ।"
१४ यसैकारण योद्धाहरूले कैदीहरू र लूटेका
माल-सामानहरू, कुल-नायकहरूलाई जम्मा भएका
समुदायहरूसितै छोड़िदिए। १५ तिमीहरूले
कैदीहरूलाई त्यही कामको निम्ति खटिएका
मानिसहरूको जिम्मामा छोड़िदिए। औ
तिनीहरूले लूटेका मालबाट सबै नाङ्गा
मानिसहरूलाई लुगा दिए। उनीहरूले
तिनीहरूलाई लुगा र जुत्ता लगाइदिए।
औ खाना-पीना दिएर तेल पनि लगाइदिए।
औ साह्रै थाकेका र हिंड्न नसक्नेहरूलाई
उनीहरूले गधामा चढ़ाएर आफ्ना कुटुम्ब-
हरूकहाँ खजूरहरूको बेंसी, अर्थात् यरीहोसम्म
ल्याइदिए। त्यसपछि तिनीहरू आफै चाहिं
सामरियामा फर्के।

१६ त्यस बेला राजा आहाजले अश्शूरका
राजाकहाँ सहायता मागिपठाए। १७ किनभने
एदोमीहरूले फेरि आक्रमण गरी यहूदालाई
जितेर कैदी बनाई लगेका थिए।
१८ पलिश्तीहरूले पनि शेफेला र यहूदाको
नेगेव शहरहरू लूटेर बेतशेमेश, अय्यालोन
र गदेरोत, औ सोको, तिम्ना र गिम्जो
तिनका बस्तीहरूसमेत कब्जा गरेर अधिकार
गरेका थिए। १९ यहूदाका राजा आहाजको
कारणलेनै परमप्रभुले यहूदालाई आत्म-समर्पण
गर्नेसम्म तुल्याउनुभएको थियो। किनभने
यहूदामा तिनको काममा कुनै शासन थिएन।
औ तिनी परमप्रभुतर्फ साह्रैनै अविश्वासी भएका
थिए। २० तब अश्शूरका राजा तिग्लत-
पिलेसेर तिनको विरुद्धमा सेना लिएर आए,
र तिनलाई सहायता दिनको सट्टा झन्
तिनलाई कष्ट दिए। २१ आहाजले परम-
प्रभुको भवन, राजाको महल र आफ्ना
भारादारहरूका घरबाट सबै कुरा लिएर
अश्शूरका राजालाई दिए। तर यी सबै
व्यर्थ भयो।

२२ यिनै राजा आहाज आफ्नो कष्टको
समयमा झन् झन् परमप्रभुप्रति अविश्वासी
भए। २३ तिनले आफूलाई परास्त गर्ने
दमीशकका देवताहरूलाई बलिदान चढ़ाएर
भने, "अरामका राजाहरूका देवताहरूले
तिनीहरूलाई सहायता गरे। तिनीहरूले मलाई
सहायता गरून् भनी म पनि तिमीहरूलाई
बलिदान चढ़ाउनेछु।" तर वास्तवमा
तिनीहरूलेनै तिनको र सारा इस्राएलको पतन
ल्याए। २४ त्यसपछि आहाजले परमप्रभुको
भवनका भाँड़ा-कुँड़ाहरू जम्मा गरेर तिनलाई
टुक्रा टुक्रा पारे, औ परमप्रभुको भवनका
ढोकाहरू पनि बन्द गरिदिए। तिनले
यरूशलेमका कुना कुनामा आफ्नो निम्ति
वेदीहरू बनाए। २५ औ यहूदाका शहरै-
पिच्छे अरू देवताहरूलाई बलिदान चढ़ाउनको
निम्ति डाँड़ाहरूमा थानहरू बनाए। यसरी
तिनले परमप्रभु आफ्ना पुर्खाहरूका परमेश्वरलाई
क्रोधित तुल्याए।

२६ तिनको शासनका शुरूदेखि आखिरी-
सम्मका घटनाहरू यहूदा र इस्राएलका राजा-
हरूका इतिहासमा लेखिएका छन्। २७ यसरी
आहाज आफ्ना पित्रहरूसित सुते, र यरूशलेम
शहरमा गाड़िए तर तिनलाई यहूदाका
राजाहरूको चिहानमा गाड़ेनन्। तिनीपछि
तिनका छोरा हिजकियाह राजा भए।

हिजकियाहको शासन

२९ हिजकियाह राजगद्दी आरोहण गर्दा
पच्चीस वर्षका थिए। तिनले
यरूशलेममा उनन्तीस वर्ष राज्य गरे। तिनका

आमा जकर्याहकी छोरी अबियाह थिइन्।
२ आफ्ना पिता-पुर्खा दाऊदले गरेझैं परम-
प्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही
तिनले गरे।

हिजकियाह र मन्दिरको सेवा

३ आफ्नो शासनको पहिलो वर्षको
पहिलो महीनामा तिनले परमप्रभुको भवनका
ढोकाहरू खोलेर तिनलाई मरम्मत गरे।
४ तिनले पूजाहारीहरू र लेवीहरूलाई ल्याएर
पूर्वपट्टिको चोकमा भेला गराएर, ५ तिनीहरू-
लाई भने, "हे लेवी हो, मेरो कुरो सुन,
तिमीहरू आफू, आफूलाई पवित्र गर।
परमप्रभु तिमीहरूका पुर्खाहरूका परमेश्वरको
भवनलाई पवित्र पार, र पवित्रस्थानबाट
अपवित्र कुरा हटाइदेऊ। ६ किनभने हाम्रा
पुर्खाहरू ता अविश्वासी भएर परमप्रभु हाम्रा
परमेश्वरको दृष्टिमा जे कुरो खराब थियो
त्यहीनै उनीहरूले गरे। उनीहरूले उहांलाई
त्यागे, र उहांको बासस्थानको केही वास्तै
गरेनन्। उनीहरूले ता त्यसतिर आफ्नो पीठ
फर्काए। ७ उनीहरूले त्यसको चोकका
ढोकाहरू बन्द गरिदिए, र बत्ती बाल्न पनि
छोड़िदिए। उनीहरूले इस्राएलका परमेश्वरको
बासस्थानमा धूप बाल्न र होमबलि चढ़ाउन
छोड़िदिए। ८ यसैकारण परमप्रभुको क्रोध
यहूदा र यरूशलेममाथि पर्‍यो, र तिनीहरूलाई
घृणित, आतंक र हांसोका पात्र तुल्याउनुभयो।
ती तिमीहरू आफैले देख्तैछौ। ९ त्यसले
गर्दानै हाम्रा पुर्खाहरू तरवारले मारिए, र
हाम्रा छोरा-छोरीहरू र स्वास्नीहरू कैदमा
छन्। १० अब मेरो इच्छा यही छ कि
हामीहरूबाट उहांको क्रोध हटाउनलाई
हामीले परमप्रभु इस्राएलका परमेश्वरको निम्ति
भाकल गर्नुपर्छ। ११ यसैले हे मेरा छोरा
हो, समय खेरो नफाल। किनभने परमप्रभुले
उहांको सामने खड़ा भएर उहांको सेवा गर्न
र उहांको निम्ति बलिदान चढ़ाउन तिमीहरू-
लाई चुन्नुभएको हो।"
१२ तब यी लेवीहरूले काम गर्न शुरू
गरे—कहातका परिवारका अमासैका छोरा
महत र अजर्याहका छोरा योएल, मरारीका
परिवारका अब्दीका छोरा कीश र यहल्लेलका
छोरा अजर्याह, गेर्शोनका परिवारका जीम्माका
छोरा योआह र योआहका छोरा एदेम,
१३ एलीसापानका परिवारका शिम्री र यूएल,
आसापका परिवारका जकर्याह र मत्तन्याह,
१४ हेमानका परिवारका यहूएल र शिमी
औ यदूतूनका परिवारका शमायाह र उज्जीएल।
१५ तिनीहरूले आफ्ना आफ्ना कुटुम्बहरूलाई
भेला गराए, र तिनीहरूले आफैलाई पवित्र
गरे। औ परमप्रभुको आज्ञाअनुसार र
राजाले तिनीहरूलाई हुकूम गरेबमोजिम
परमप्रभुको भवनलाई शुद्ध पार्न मन्दिरभित्र
पसे। १६ परमप्रभुको भवन शुद्ध गर्न
पूजाहारीहरू पनि भित्र पसे। तिनीहरूले
परमप्रभुको भवनको चोकभित्र मन्दिरमा
भेट्टाएका सबै अशुद्ध कुराहरू हटाए।
लेवीहरूले ती तिनीहरूबाट लिएर बाहिर
किद्रोन खोल्सामा लगेर फालिदिए।
१७ पहिलो महीनाको पहिलो दिनमा
तिनीहरूले शुद्ध पार्ने रीति शुरू गरे, औ
आठौं दिनमा तिनीहरूले दलानसम्म शुद्ध
गरे। औ अरू आठ दिनसम्मै तिनीहरूले
परमप्रभुको भवन पवित्र गरे। पहिलो
महीनाको सोह्रौं दिनमा तिनीहरूले त्यो काम
सिध्याए। १८ त्यसपछि तिनीहरू राजमहलमा
गएर हिजकियाह राजालाई भने, "हामीले
परमप्रभुको भवन जम्मै पवित्र गरिसक्यौं,
अर्थात् होमबलिको वेदी, तिनका सबै भांड़ा-
कुँड़ाहरूसमेत लहर लहर गरी मिलाएर
राखिसक्यौं। १९ औ राजा आहाजले
आफ्नो शासनकालमा अविश्वासी भएर
पन्साइराखेका जम्मै भांड़ा-कुँड़ाहरू पनि
हामीले नियत स्थानमा पवित्र गरेर
राखिदियौं। अब ती परमप्रभुको वेदीको
सामने राखिएका छन्।"

२० तब राजा हिजकियाह बिहान सबेरै
उठी शहरका कुल-नायकहरूलाई भेला गराएर
परमप्रभुको भवनमा उक्लेर भए। २१ तिनी-
हरूले होमबलिको निम्ति सातवटा गोरु,
सातवटा साँढ़-भेड़ा र सातवटा थुमा ल्याए,
औ सारा देशको पापबलिको निम्ति,
र यहूदाको निम्ति सातवटा बोका ल्याए।
तिनले हारूनको वंशका पूजाहारीहरूलाई यी
सबै परमप्रभुको वेदीमा चढ़ाउने हुकूम गरे।
२२ यसरी गोरुहरू मारिए, र पूजाहारीहरूले
तिनका रगत लिएर वेदीमा खन्याए। अनि
साँढ़-भेड़ाहरू मारिए, र तिनका रगत लिएर
वेदीमा खन्याए। तब थुमाहरू मारिए, र
तिनका रगत लिएर वेदीमा खन्याए।
२३ त्यसपछि पापबलिको निम्ति बोकाहरू
राजा र समुदायको सामने ल्याइए। औ
उनीहरूले तिनीहरूमाथि आफ्ना आफ्ना हात
राखे। २४ अनि पूजाहारीहरूले ती मारे,
र सारा इस्राएलको निम्ति प्रायश्चित गर्न
पापबलि स्वरूप वेदीमा चढ़ाए। किनभने
होमबलि र पापबलि चाहिं सारा इस्राएलको
निम्ति चढ़ाउनुपर्छ भन्ने हुकूम राजाले
दिएका थिए।
२५ राजाले लेवीहरूलाई परमेश्वरको
भवनमा दाऊद राजा, राजाका दर्शी गाद र
नातान अगमवक्ताले तोकिदिएको मियमअनुसार
झ्यास्टा, सितार र वीणाका साथमा आफ्ना
आफ्ना काममा खटाए। किनभने यो नियम
चाहिं परमप्रभुबाट आफ्ना अगमवक्ताहरूद्वारा
दिइएको थियो। २६ लेवीहरू दाऊदले
बनाएका बाजाहरू र पूजाहारीहरू चाहिं
तुरहीहरू लिएर उभिए। २७ होमबलि
वेदीमानै चढ़ाउनुपर्छ भनी हिजकियाहले हुकूम
गरेका थिए। होमबलि चढ़ाउने काम शुरू
हुँदा तुरहीहरू र इस्राएलका राजा दाऊदले
बनाएका बाजाहरूबाट परमप्रभुको स्तुतिगान
पनि शुरू भयो। २८ गवैयाहरूले गाए र
तुरही बजे औ सारा समुदाय भूइँमा घोप्टो
परेर दण्डवत् गरे। होमबलि खतम
नहोउञ्जेल सबै काम यसरीनै निरन्तर
भइरह्यो। २९ बलिदान समाप्त भइसकेपछि
राजा र तिनका सबै समुदाय भूइँमा घोप्टो
परेर दण्डवत् गरे। ३० अनि राजा
हिजकियाह र कुल-नायकहरूले लेवीहरूलाई
दाऊद र दर्शी आसापको शब्दमा परमप्रभुको
स्तुतिगान गर्नलाए। यसरी तिनीहरूले साह्रै
रमाहटसित उहाँको प्रशंसा गरे, औ घोप्टो
परेर दण्डवत् गरे।
३१ त्यसपछि हिजकियाहले भने,
"तिमीहरूले परमप्रभुलाई मुठी खोलेर दिएका
छौ। तिमीहरूका बलिदान र धन्यवादको
बलि लिएर तिमीहरू परमप्रभुको घरमा
आऊ।" यसैकारण समुदायले बलिदानहरू र
धन्यवादी-बलि ल्याए, र राजी-खुशी हुनेहरू
हरेकले आफ्ना आफ्नो होमबलि ल्यायो।
३२ समुदायले ल्याएका होमबलिको संख्या
सत्तरीवटा साँढ़िहरू, एक सय साँढ़-भेड़ा, दुइ
सय थुमाहरू थियो। यी सबै मिलाएर
परमप्रभुको निम्ति होमबलि भयो। ३३ औ
परमप्रभुमा अर्पण गरिएको भेटी चाहिं छ
सय साँढ़िहरू र तीन हजार थुमाहरू थिए।
३४ तर पूजाहारीहरू साह्रै कम भएका
हुनाले सबै होमबलिका छाला काढ़नसकेनन्।
यसैकारण तिनीहरूका लेवी साथीहरूले त्यो
काम खतम नहोउञ्जेल तिनीहरूलाई सघाए।
सबै पूजाहारीहरूले आफू आफूलाई पवित्र
गरे—किनभने आफू आफूलाई पवित्र गर्नमा
लेवीहरू पूजाहारीहरूभन्दा बढ़ी होशियारी
थिए। ३५ हरेक होमबलिको निम्ति
चढ़ाएको मेलबलिको बोसो र अर्घबलिको
साथ होमबलिहरू प्रशस्त मात्रामा थिए।
यसरी परमप्रभुको भवनको सेवा पहिलेको
जस्तै गरिनथाल्यो। ३६ औ परमेश्वरले
आफ्नो प्रजाको निम्ति गर्नुभएको काम र
त्यो यति चाँड़ै पूरा भएकोले हिजकियाह
र सबै मानिसहरू खुशी भए।

निस्तार-चाड़को नयाँ उत्सव

३० त्यसपछि हिजकियाहले सबै इस्राएल र
यहूदाकहाँ समाचार पठाए, औ एप्रैम
र मनश्शेलाई पनि यरूशलेममा परमप्रभु
इस्राएलका परमेश्वरको निम्ति निस्तार-चाड़
परमप्रभुको भवनमा मान्न आउन् भनी निम्तो
दिएर चिठीहरू पठाए। २ राजा, तिनका
कुल-नायकहरू र यरूशलेममा भेला भएका
सबै समुदाय दोस्रो महीनामा निस्तार-चाड़
मनाउन सहमत भएका थिए। ३ तर तिनी-
हरूले त्यस बेला मनाउनसकेनन्। किनभने
प्रशस्त पूजाहारीहरूले आफू आफूलाई शुद्ध
गरेका थिएनन्। औ मानिसहरू पनि
यरूशलेममा भेला हुनसकेका थिएनन्। ४ यो
प्रस्ताव राजा र सारा समुदायलाई असल
लाग्यो। ५ तब तिनीहरूले बेर्शेबादेखि
दानसम्मै सारा इस्राएलभरि यस्तो घोषणा गर्ने
निश्चय गरे कि परमप्रभु इस्राएलका परमेश्वरको
निम्तिको निस्तार-चाड़ मान्न मानिसहरू यरू-
शलेममा आउनैपर्छ। यसको अघि कहिल्यै
तोकिएको नियमबमोजिम यति धेरैले यो चाड़
मानेका थिएनन्। ६ यो शाही-घोषणा लिएर
राजा र तिनका कुल-नायकहरूबाट यस्तो घोषणा-
पत्र लिएर समाचारवाहकहरू सारा इस्राएल
र यहूदाभरि गए—'हे इस्राएलका मानिस हो,
अब्राहाम, इसहाक र इस्राएलका परमप्रभु
परमेश्वरतिर तिमीहरू फर्क, र अश्शूरका राजा-
हरूको कैदबाट उम्कनेहरूतिर उहाँ पनि
फर्कनुहुनेछ। ७ तिमीहरू आफ्ना पुर्खाहरू
र तिमीहरूका कुटुम्बहरूजस्तै नहोऊ। तिनीहरू
ता परमप्रभु तिमीहरूका पुर्खाहरूका परमेश्वरका
विरुद्धमा अविश्वासी भए, र परमप्रभुले तिनी-
हरूलाई त्रासको पात्र तुल्याउनुभयो। त्यो
तिमीहरू आफैले देख्यौ। ८ तिमीहरूका
पुर्खाहरूझैँ तिमीहरू पनि हठी नहोऊ।
तिमीहरू आफू आफूलाई परमप्रभुमा समर्पण
गर, औ उहाँले सदा सर्वदाको निम्ति पवित्र
पार्नुभएका उहाँको बासस्थानमा प्रवेश गर।
परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर, र
उहाँको क्रोध तिमीहरूबाट पर हटोस्।
९ तिमीहरू परमप्रभुतिर फर्क्यौ भने तिमी-
हरूका कुटुम्बहरू र तिमीहरूका छोरा-छोरी-
हरूलाई कैद गरेर लैजानेहरूबाट तिनीहरूले
दया पाउनेछन्, र तिनीहरू यस देशमा फर्केर
आउनपाउनेछन्। परमप्रभु तिमीहरूका परमेश्वर
दयालु र करूणामय हुनुहुन्छ। तिमीहरू
उहाँतर्फ फर्क्यौ भने उहाँ पनि तिमीहरूबाट
फर्कनुहुनेछैन।''

१० तब ती समाचारवाहकहरू एप्रैम र
मनश्शेका देशभरिनै शहर शहरमा भएर
जबूलूनसम्मै गए। तर मानिसहरूले तिनीहरूको
गिल्ला र हाँसो गरे। ११ तापनि आशेर,
मनश्शे र जबूलूनका कुनै कुनै मानिसहरू
आज्ञाकारी भएर यरूशलेममा आए।
१२ यसबाहेक राजा र कुल-नायकहरूले
परमप्रभुको आज्ञाअनुसार दिएका हुकूम एक-
मत भई पालन गर्न परमेश्वरको हातले
यहूदाका मानिसहरूलाई उस्काए।

१३ धेरै मानिसहरू, अर्थात् एउटा साह्रै
ठूलो समुदाय दोस्रो महीनामा अखमीरे रोटीको
चाड़ मान्न यरूशलेममा भेला भए।
१४ तिनीहरूले यरूशलेममा भएका वेदीहरू
हटाउन शुरू गरे। तिनीहरूले बलिदान
चढाउने वेदीहरू हटाइदिए, र तिनलाई
किद्रोनको खोल्वामा फ्याँकिदिए। १५ तिनी-
हरूले दोस्रो महीनाको चौधौं दिनमा निस्तार-
चाड़को थुमा मारे। पूजाहारीहरू र लेवीहरू
साह्रै लज्जित भए। तिनीहरूले आफू आफूलाई
शुद्ध गरे, र परमप्रभुको भवनमा होमबलि
ल्याए। १६ परमेश्वरका जन मोशाले दिएको
व्यवस्थाअनुसार तिनीहरू आफ्नो आफ्नो
नियत स्थानमा बसे। लेवीहरूबाट लिएको
रगत पूजाहारीहरूले वेदीमा खन्याए।
१७ तर समुदायका धेरै जनाले आफू आफू-
लाई पवित्र गरेका थिएनन्। यसैकारण
परमप्रभुको सामने पवित्र गर्नलाई अशुद्ध हुने
हरेकको निम्ति लेवीहरूले निस्तार-चाड़को थुमा

मानुंपर्‍यो। १८-१९ किनभने मानिसहरू-
मध्येको धेरै जना, एप्रैम, मनश्शे, इस्साकार
र जबूल्लनका धेरै जना विधिपूर्वक शुद्ध भएका
थिएनन्। तिनीहरू अनियमित रीतिले निस्तार-
चाड़ मान्थे। तर हिजकियाहले यसो भनेर
तिनीहरूका निम्ति प्रार्थना गरे, "यद्यपि
बासस्थानको शुद्धेइँको नियम त्यसले पालन
गरेको छैन भने पनि परमप्रभु त्यसका
पुर्खाहरूका परमेश्वरको अगुवाइ खोज्न संकल्प
गर्ने हरेकलाई परमप्रभुले क्षमा गरून्।"
२० परमप्रभुले हिजकियाहको प्रार्थना सुन्नु-
भयो, र मानिसहरूलाई निको पार्नुभयो।
२१ अनि यरूशलेममा उपस्थित भएका
इस्राएलीहरूले सात दिनसम्म ठूलो रमाहटको
साथ अखमीरे रोटीको चाड़ मनाए। औ
लेवीहरू र पूजाहारीहरूले नथामिकनै बाजा-
हरूका साथ दिनहुँ खूब जोशसँग परमप्रभुको
प्रशंसा गरे। २२ परमप्रभुको सेवाको निम्ति
साँचो ज्ञान भएका लेवीहरूलाई हिजकियाहले
खूबै उत्साहको वचन बोले। यसरी तिनीहरूले
चाड़को सात दिन मेलबलिको बलिदान
चढ़ाउँदै परमप्रभु तिनीहरूका पुर्खाहरूका
परमेश्वरकहाँ आफ्ना आफ्ना पापको कायल
हुँदै बिताए।

२३ तब सारा समुदाय अरू सात दिन-
सम्म चाड़ मान्न सहमत भए। यसैकारण
सर्व-साधारणले रमाहटसित अरू सात दिन चाड़
मनाए। २४ किनभने यहूदाका राजा
हिजकियाहले समुदायको निम्ति एक हजार
गोरु र सात हजार भेड़ा, र कुल-नायकहरूले
समुदायको निम्ति एक हजार गोरु र दश
हजार भेड़ा अलग राखिदिएका थिए।
पूजाहारीहरूले धेरै संख्यामा आफू आफूलाई
शुद्ध पारे। २५ यसरी यहूदाका सारा
समुदाय, पूजाहारीहरू र लेवीहरूसमेत इस्राएल-
बाट आएका सबै समुदायसाथ इस्राएलमा
बसोबासो गर्ने विदेशीहरू र यहूदामा बस्ने-
हरूले रमाहट गरे। २६ यरूशलेममा ठूलो
रमाहट भयो। त्यस्तो ता इस्राएलका राजा
दाऊदका छोरा सुलेमानको पालादेखि यसो
त्यहाँ भएको थिएन। २७ तब पूजाहारीहरू
र लेवीहरू मानिसहरूलाई आशीर्वाद खड़ा भए।
भए। परमप्रभुले पुकारा सुन्नुभयो, र
तिनीहरूको प्रार्थना स्वर्गमा परमेश्वरको पवित्र
बासस्थानसम्मै पुग्यो।

३१ जब यो उत्सव भइसकियो तब
उपस्थित भएका सबै इस्राएलीहरू
यहूदाका शहरहरू हुँदो गएर ती सबै खतम
नहोउन्जेल तिनीहरूले पवित्र मानेका खामाहरू
टुक्रा टुक्रा पारिदिए र अशेरा-देवीहरू
ढालिदिए, औ यहूदा र बिन्यामीन, एप्रैम र
मनश्शेभरिका डाँड़ाहरूमा भएका पूजा गर्ने
थानहरू र वेदीहरू भत्काइदिए। त्यति गरि-
सकेपछि इस्राएलीहरू हरेक आफ्नो आफ्नो
पैतृक-भूमि, आफ्नो आफ्नो शहरमा फर्के।

हिजकियाहले पूजाहारीहरू र लेवीहरूका निम्ति खानेकुरोको बन्दोवस्त मिलाइदिएका

२ त्यसपछि हिजकियाहले पूजाहारीहरू र
लेवीहरूलाई भाग भाग गरी प्रशंसा गर्न वा
परमप्रभुको भवनका भिन्दा भिन्दै घरहरूका
मूल-ढोकाहरूमा सेवा गर्न आफ्नो आफ्नो
विशेष विशेष कामहरू हरेकलाई खटाइदिए।
३ आफूले दिनुपर्ने भाग गरी राजाले आफ्नै
भण्डारबाट बिहान र बेलुकी समयको निम्ति,
विश्राम-दिन, औंसी र तोकिएका चाड़हरूको
निम्ति परमप्रभुको व्यवस्थामा लेखिएबमोजिम
जुटाइदिए। ४ पूजाहारीहरू र लेवीहरू
परमप्रभुको व्यवस्थामानै लागिरहून् भनेर
राजाले यरूशलेममा बस्ने मानिसहरूलाई
तिनीहरूको भाग जुटाइदेऊन् भनी हुकूम गरे।
५ राजाको हुकूम इस्राएलीहरूलाई दिने बित्तिकै
तिनीहरूले आफ्ना अन्नका नयाँ दाखमद्य,
तेल र मह औ जमीनका सबै उब्जनीका
पहिलो असल असल भाग दिए। तिनीहरूले

सबै थोकको पूरा दशौं अंश ल्याए। ६ यहूदाका शहरहरूमा बस्ने इस्राएलीहरू र यहूदीहरूले पनि गाई-वस्तुको दशौं अंश, औ परमप्रभु तिनीहरूका परमेश्वरलाई भेटीको रूपमा चढ़ाएका सबै उब्जनीको दशौं अंश ल्याएर थाक थाक गरी थुपारे। ७ तिनीहरूले तेस्रो महीनामा थुपार्न शुरू गरे, र सातौं महीनामा सिध्याए। ८ हिजकियाह र तिनका अफिसरहरू आएर ती थुपारेका कुरा देखेर परमप्रभु र उहाँको प्रजा इस्राएललाई धन्यवाद दिए। ९ यी थुपारेका कुराहरूका विषयमा हिजकियाहले पूजाहारीहरू र लेवीहरूसित सोध-पूछ गरे। १० औ सादोकका वंशका मुख्य पूजाहारी अजर्याहले जवाफ दिए, "मानिसहरूले परमप्रभुको भवनको निम्ति आफ्नो आफ्नो भेटी ल्याएको समयदेखि यसो तिनीहरूलाई खानको निम्ति प्रशस्त भयो औ उब्रेका पनि छन्। साँच्चै, परमप्रभुले तिनीहरूलाई यति धेरै आशिष दिनुभएको छ, कि यति धेरै सामान उब्रेका पनि छन्।"

११ तब हिजकियाहले परमप्रभुको भवनमा भण्डार राख्ने कोठाहरू तयार गर्न हुकूम गरे, र ती तयार गरिए। १२ अनि मानिसहरूले इमान्दारीसाथ आफ्ना आफ्ना भेटीहरू ल्याए, अर्थात् दशौं अंश र तिनीहरूले अर्पण गरेका दानहरू। तिनको जिम्मा लिने अधिकारी लेवी कोनन्याह थिए। औ तिनका भाइ शिमी चाहिँ उप-अधिकारी थिए। १३ राजा हिजकियाह र परमेश्वरको भवनका अधिकारी अजर्याहले कोनन्याह र तिनका भाइ शिमीलाई सहायता गर्न यहीएल, अजज्याह, नहत, असाहेल, यरीमोत, योजाबाद, एलीएल, यिस्मक्याह, महत र बनायाहलाई नियुक्त गरेका थिए। १४ औ परमप्रभुको निम्ति दिएका दान र महा-पवित्र थोकहरूका भाग परमेश्वरको निम्ति ल्याएका राजी-खुशीका भेटी छुट्याइदिन लेवी यिम्नाका छोरा पूर्व-मूल-ढोकाका द्वारपाल कोरेको जिम्मामा थियो। १५ पाले-पालो काम गर्ने ठूला-साना कुटुम्ब-हरूलाई ठीक ठीक हिस्सा बाँड्न पूजाहारी-हरूका शहरहरूमा कोरेलाई एदेन, मिन्यामीन, येशूअ, शमायाह, अमर्याह र शकन्याहले सहायता गरे। १६ तिनीहरूले नाउँ लेखाएका अथवा नलेखाएका बाहेक परमप्रभुको भवनमा नित्य खटिएको काममा तिनीहरूका पाले-पालोअनुसार काम गर्ने तीन वर्ष र त्यसभन्दा बढ़ी उमेरका पुरुषहरू सबैलाई पनि तिनीहरूका कामअनुसार भाग बाँड़िदिएका थिए। १७ पूजाहारीहरूका नाउँ तिनीहरूका परिवार परिवारअनुसार लेखिएका थिए। लेवीहरू चाहिँ तिनीहरूका भागअनुसार बीस वर्ष र त्यसभन्दा बढ़ी उमेरकाहरूका नाउँ लेखिएका थिए। १८ तिनीहरूमाथि भर पर्ने सबैका नाउँ पनि लेखिएका थिए, अर्थात् तिनीहरूका पत्नी, छोरा-छोरीहरू। ती जम्मैका दल स्थायी भएको हुनाले तिनीहरूले आफू आफूलाई विधिपूर्वक शुद्ध गर्नु पर्थ्यो। १९ औ शहरहरूका छेउछाउका गाउँ-बस्तीहरूमा हारूनका वंशका पूजाहारीहरू चाहिँ शहर शहरमा लेवीहरूसँग नाउँ लेखिएका पूजाहारी-हरूको हरेक पुरुषलाई त्यसको भाग दिन मानिसहरू खटाइदिए।

२० हिजकियाहले यहूदाभरि नै यसरी काम गरे। परमप्रभु आफ्ना परमेश्वरको दृष्टिमा जे असल, ठीक र विश्वासयोग्यका काम थिए तिनै तिनले गरे। २१ परमप्रभुको भवनको सेवामा र आफ्ना परमेश्वरको अगुवाइ खोज्न उहाँको व्यवस्था र आज्ञा पालन गर्नलाई तिनले जुन कामको अभिभारा लिएका थिए ती तिनले आफ्ना मन-तनले गरे। औ तिनी सफल पनि भए।

सनहेरीबको आक्रमण

३२ यी घटनाहरू र यस्तो भक्तिको कामपछि अश्शूरका राजा सनहेरीबले यहूदामाथि आक्रमण गरे। तिनले यहूदाका शहरहरूलाई आफ्नै अधीन गराउने हेतुले

त्यसका सुरक्षित शहरहरूको बाहिर आफ्नो
छाउनी बनाए। २ सनहेरीब आएका छन् र
यरूशलेमलाई आक्रमण गर्न अठोट गरेका छन्
भनी हिजकियाहलाई थाह हुने बित्तिकै,
३ शहरबाहिरका खोलाहरूका मूल बन्द
गरिदिन तिनले राजनैतिक र फौजी अफिसर-
हरूसित सल्लाह लिए। औ तिनीहरूले उनलाई
यस विषयमा प्रोत्साहन दिए। ४ तिनीहरूले
धेरै संख्यामा मानिसहरू जम्मा गरेर देशबाट
भएर बग्ने सबै खोला-नालाहरू थुनिदिए।
तिनीहरूले यसो भने, "अश्शूरका राजाहरू
यहाँ आएर किन प्रशस्त पानी पाऊन् ?"
५ तब राजाले साहससित काम गरे। तिनले
शहरको पर्खालका सबै प्वालहरू राम्ररी
मरम्मत गरेर तिनमा बुर्जाहरू बनाए।
पर्खालको बाहिरपट्टि तिनले अर्को पर्खाल बनाए
र दाऊदको शहरको मिल्लोलाई सुदृढ़ पारे।
तिनले धेरै हात-हतियार र ढालहरू पनि
जम्मा गरे। ६ तिनले मानिसहरूमाथि
सेनापतिहरू नियुक्त गरे, र मानिसहरूलाई
शहरको मूल-ढोकाको चोकमा भेला गराएर
यसो भनी तिनीहरूलाई प्रोत्साहन दिए,
"आँटिला होऊ, साहसिला होऊ ! ७ अश्शूर-
का राजा अथवा तिनले ल्याएको यस भीड़ले
तिमीहरूका हृदयमा त्रास नल्याओस् !
८ हामीसित तिनीहरूभन्दा अझ बढ़ी सामर्थी
एक हुनुहुन्छ। तिनीहरूसित शारीरिक शक्ति
होला, तर परमप्रभु हाम्रा परमेश्वर हामीलाई
सहायता गर्ने र हाम्रा निम्ति युद्ध गर्ने
हामीसित हुनुहुन्छ।" यहूदाका राजा हिज-
कियाहको वचनले गर्दा मानिसहरूको हौसला
बढ्यो।

९ त्यसपछि तिनी र तिनका मुख्य मुख्य
अफिसरहरू लाकीशमा हुँदा अश्शूरका राजा
सनहेरीबले यहूदाका राजा हिजकियाह र
यरूशलेमका सबै यहूदीहरूलाई यो समाचार
दिन भनी यरूशलेममा राजदूतहरू पठाए—
१० "अश्शूरका राजा सनहेरीब यो भन्दछन्,
'घेरा हालिएको यरूशलेममा बस्न तिमीहरूलाई
कहाँबाट यस्तो साहस आयो ? ११ जब
परमप्रभु तिमीहरूका परमेश्वरले अश्शूरका
राजाको हातबाट बचाउनेछन् भनी हिजकियाहले
तिमीहरूलाई भन्छन् भने तिमीहरू बसेकै
ठाउँमा तिमीहरूलाई अनिकाल अथवा तिर्खाले
मार्नलाई तिनले तिमीहरूलाई धोकामा पार्दैछन्।
१२ के यिनै हिजकियाह आफैले डाँड़ामा
भएका परमप्रभुको पूजा-थानहरू र वेदीहरू
भत्काएर यहूदा र यरूशलेमका मानिसहरूलाई
एउटै मात्र वेदीमा पूजा गर्नू, र त्यहाँ
मात्र बलिदान चढ़ाउनू भनी भनेका थिएनन्
र ? १३ म र मेरा पुर्खाहरूले देश देशका
सबै मानिसहरूलाई के कसो गर्‍यौं सो ता
तिमीहरूलाई थाहै छ। के यी जातिहरूका
देवताहरूले मेरो हातबाट तिनीहरूका देशहरू
बचाउनसके र ? १४ मेरा पुर्खाहरूले
सत्यानाश पारेका जातिहरूका देवताहरूमध्ये
एउटाले पनि मेरो हातबाट आफ्ना मानिस-
हरूलाई बचाउनसकेनन्। त्यसैगरी तिमीहरूका
ईश्वरले पनि तिमीहरूलाई बचाउनसक्तैनन् !
१५ तब कसरी हिजकियाहले तिमीहरूलाई
यसरी धोका दिन अथवा भ्रममा पार्नसक्छन् ?
तिमीहरू कसरी तिनीमाथि विश्वास गर्नसक्छौ ?
किनभने कुनै देवताले आफ्ना मानिसहरूलाई
मेरा अथवा मेरा पुर्खाहरूका हातबाट
बचाउनसकेका छैनन् भने तिमीहरूका देवता-
हरूले तिमीहरूलाई बचाउनसक्तैनन्'।"

१६ सनहेरीबका दूतहरूले परमप्रभु परमेश्वर
र उहाँका सेवक हिजकियाहका विरुद्धमा अझै
ज्यादा भने। १७ राजा आफैले यसो भनेर
परमप्रभु इस्राएलका परमेश्वरलाई तुच्छ ठानेर
एउटा पत्र लेखे—"जसरी अरू जातिहरूका
देवताहरूले आफ्ना मानिसहरूलाई मेरो
हातबाट बचाउनसकेनन् त्यसरीनै हिजकियाहको
ईश्वरले पनि आफ्ना मानिसहरूलाई मेरो
हातबाट बचाउनसक्नेछैन।" १८ तब तिनी-
हरूले शहर कब्जा गर्ने आशा गरेर यरूशलेमका
मानिसहरूलाई इब्रानी भाषामा डर र त्रासले
आतंक पार्न चर्को सोरमा नारा लाए।

१९ औ मानिसका हातले बनाएको देवता र
अर्थात् पृथ्वीका मानिसहरूका देवताहरूजस्तै
तिनीहरूले यरूशलेमका परमेश्वरलाई निन्दा
गरे।

परमप्रभुले हिजकियाहलाई बचाउनुभएको

२० यस अवस्थामा राजा हिजकियाह
र आमोसका छोरा यशैया अगमवक्ताले
स्वर्गतिर कराएर प्रार्थना गरे। २१ तब
अश्शूरका राजाका पालहरूमा हुने सबै योद्धा,
नायक र सेनापतिहरूलाई समेत काटेर मार्न
भनी परमप्रभुले एउटा स्वर्गदूत पठाउनुभयो।
तब सनहेरीब बेइज्जत भएर आफ्नो देशको
आफ्नै घरमा फर्के। जब तिनी आफ्नो
देवताको मन्दिरमा पसे तब तिनका छोरा-
मध्येका कोही कोहीले तिनलाई तरवारले
काटेर मारे।
२२ यसरी परमप्रभुले हिजकियाह र
यरूशलेमका बासिन्दाहरूलाई अश्शूरका राजा
सनहेरीब र तिनीहरूका सबै शत्रुहरूबाट
बचाउनुभयो। औ उहाँले तिनीहरूलाई
चारैतिर शान्ति दिनुभयो। २३ धेरै मानिस-
हरूले यरूशलेममा परमप्रभुको निम्ति भेटीहरू
र यहूदाका राजा हिजकियाहको निम्ति दामी
दामी उपहारहरू ल्याए। त्यसपछि तिनले सबै
जातिहरूद्वारा ठूलो सम्मान पाए।

हिजकियाह बिरामी परेका

२४ त्यसपछि हिजकियाह सिकिस्त बिरामी
परे, र तिनले परमप्रभुलाई प्रार्थना गरे।
परमप्रभुले तिनलाई भन्नुभयो, "म तँलाई
निको पार्नेछु।" औ तिनलाई एउटा चिह्न
दिनुभयो। २५ तर हिजकियाह अभिमानी
मानिस भएका हुनाले परमप्रभुले तिनलाई
असल गरेकोमा तिनी कृतज्ञ भएनन्।
यसैले गर्दा यहूदा र यरूशलेमले त्यसको
फल भोग्नुपर्‍यो। २६ अभिमानी भए
तापनि हिजकियाह र तिनीसँग यरूशलेमका
सबै मानिसहरूले परमप्रभुमा आफू आफूलाई
सर्मपण गरे। त्यसले गर्दा हिजकियाहको
समयभरिनै परमप्रभुको क्रोध फेरि तिनीहरूमाथि
परेन।

हिजकियाह र बाबेलका राजदूतहरू

२७ हिजकियाहले धेरै धन-सम्पत्ति र
मान-मर्यादा पाएका थिए। तिनले आफ्नो
निम्ति सुन र चाँदी, बहुमूल्य पत्थर र
मसालाहरू, ढालहरू र अरू दामी दामी
चीजहरूका निम्ति भण्डारहरू बनाए।
२८ अन्न, नयाँ दाखमद्य, तेलका लागि
ढिकुटीहरू, हरेक किसिमको जन्तुको लागि
तबेला र भेड़ाहरूका गोठहरू पनि तिनले
बनाए। २९ तिनले गाई-वस्तुको धेरै बथान
र भेड़ाबाख्राका धेरै बगालहरू पनि जम्मा
गरे। परमेश्वरले साँच्चिनै तिनलाई धेरै
धन-सम्पत्ति दिनुभएको थियो। ३० यिनै
हिजकियाहले गीहोन नदीको माथिल्लो
मूललाई थुनेर तलतिर र पश्चिमपट्टि दाऊदको
शहरतिर बग्ने बनाउनलाएका थिए।
३१ वास्तवमा आफूले बनाएका हरेक परि-
योजना र बाबेलका राजाले राजदूत पठाउने
काममा पनि हिजकियाह सफल भए।
बाबेलका राजाले पठाएका राजदूतहरूका
विषयमा पनि—ती राजदूतहरू परमेश्वरले
तिनलाई त्यागनुभएको समयमा तिनको हृदयका
सबै कुरा जाँच गरेर पत्ता लाउन, देशमा
देखिएका चिह्नहरूको विषयमा सोध्नलाई
आएका थिए।

हिजकियाहको मृत्यु

३२ हिजकियाहको शासनका अरू घटना
र तिनको भक्तिका कामहरू आमोसका छोरा
यशैया अगमवक्ताको दर्शन-शास्त्रमा र यहूदा र

इस्राएलका राजाहरूका इतिहासहरूमा लेखिएका
छन्। ३३ तब हिजकियाह आफ्ना पित्रहरू-
सित सुते र दाऊदका छोराहरूका चिहानहरूको
सबैभन्दा माथिल्लो ठाउँमा गाड़िए। तिनको
मृत्युमा सारा यहूदा र यरूशलेमका मानिस-
हरूले तिनलाई श्रद्धाञ्जलि चढ़ाए, औ
तिनीपछि तिनका छोरा मनश्शे राजा भए।

मनश्शेको शासन

३३ मनश्शे राजगद्दी आरोहण गर्दा बाह
वर्षका थिए। तिनले पचपन्न वर्ष
यरूशलेममा राज्य गरे। २ इस्राएलीहरूका
पक्षमा भएर धपाउनुभएका जातिहरूका
घिनलाग्दा चालहरूमा हिंड़ेर तिनले परमप्रभुको
दृष्टिमा जे खराब थियो त्यही गरे।
३ तिनका पिता हिजकियाहले नष्ट गरेका
डाँड़ाहरूका पूजा-थानहरू तिनले फेरि
बनाए। तिनले बाल देवताहरू खड़ा
गरे, अशेरा-देवीहरू बनाए र आकाशका
सारा तारा-मण्डलको सामने घोप्टो परेर
तिनलाई पूजे। ४ तिनले परमप्रभुको भवनमा
वेदीहरू बनाए। त्यस भवनको विषयमा
परमप्रभुले यसो भन्नुभएको थियो,
"यरूशलेममानै मेरो नाउँ सदा सर्वदैको
लागि रहनेछ।" ५ तिनले आकाशका
सारा तारा-मण्डलका निम्ति परमप्रभुको
भवनका दुवै चोकमा वेदीहरू बनाए।
६ तिनले आफ्ना छोराहरूलाई बेन-हिन्नोनको
बँसीमा होम गरे। तिनले मंत्र-तंत्र गरे।
जोखना हेराए र भूत-प्रेत र पिशाचहरू
खेलाए। तिनले परमप्रभुको दृष्टिमा साह्रै
खराबी गरेर उहाँलाई रिस उठाए।
७ तिनले बनाउनलाएका मूर्तिको प्रतिमा
परमेश्वरको भवनभित्र राखे। त्यस स्थानको
विषयमा परमप्रभुले दाऊद र तिनका छोरा
सुलेमानलाई यसो भन्नुभएको थियो, "मैले
इस्राएलका सबै कुलहरूमध्ये चुनेको, यो भवन
र यरूशलेममा, सदा सर्वदैको निम्ति मेरो
नाउँ रहनेछ। ८ यदि तिनीहरूले मेरा सबै
आज्ञा र मेरो दास मोशाले तिनीहरूलाई
दिएका सबै व्यवस्था, धर्म-विधि र नियमहरू
होशियारसित पाल्न गरे भने मात्र मैले
तिनीहरूका पुर्खाहरूलाई दिएको देशबाट
इस्राएललाई म पर हटाउनेछैनँ।" ९ तर
परमप्रभुले इस्राएलको निम्ति नाश गरेका
जातिहरूले भन्दा पनि धेरै ज्यादा मनश्शेले
यहूदा र यरूशलेमका बासिन्दाहरूलाई कुपथमा
चलाए।

१० मनश्शे र तिनका मानिसहरूसित
परमप्रभु बोल्नुभयो, तर तिनीहरूले वास्ता
गरेनन्। ११ यसैकारण परमप्रभुले तिनी-
हरूका विरुद्धमा अश्शूरका राजाका सेनापतिहरू
ल्याउनुभयो। तिनीहरूले लाग्ने हतियारहरू
प्रयोग गरेर मनश्शेलाई पक्रे, र तिनलाई
साङ्‌लाले बाँधेर बाबेलमा ल्याए। १२ आफ्नो
कष्टमा तिनले परमप्रभु आफ्ना परमेश्वरलाई
प्रार्थना गरेर उहाँलाई शान्त गराउन खोजे।
औ आफ्ना पुर्खाहरूका परमेश्वरकहाँ विनम्र
भएर झुके। १३ तिनले प्रार्थना गरे। औ
परमेश्वरले तिनको अर्जबिन्ती सुनेर तिनको
प्रार्थना ग्रहण गर्नुभयो। उहाँले तिनलाई
यरूशलेममा फेरि फर्काएर ल्याउनुभयो, र
तिनलाई राजगद्दीमा बसाल्नुभयो। यसरी
मनश्शेले परमप्रभुनै परमेश्वर हुनुहुँदो रहेछ
भन्ने थाह पाए।

१४ त्यसपछि तिनले दाऊदको शहरको
निम्ति गीहोनको पश्चिमपट्टिको खोंचको
बाहिरको पर्खाल बनाए, र ओपेललाई घेरेर
पर्खाल मतस्य-मूल-ढोकासम्म लगे। तिनले त्यो
पर्खाल धेरै अग्लो बनाए। तिनले यहूदाका
सुरक्षित शहरहरूमा सेनापतिहरू पनि
खटाइदिए। १५ तिनले विदेशी देवताहरू
र खोपेर बनाएका मूर्तिहरू परमप्रभुको
भवनबाट, औ डाँड़ाको मन्दिर र यरूशलेममा
तिनी आफैले बनाएका सबै वेदीहरू हटाइदिए,
र ती सबैलाई शहरबाट बाहिर फ्याँकिदिए।
१६ त्यसबाहेक तिनले परमप्रभुको वेदी

मरम्मत गरेर त्यसमा मेलबलि र धन्यवाद
बलि चढ़ाए, र यहूदालाई परमप्रभु इस्राएलका
परमेश्वरको सेवा गर्नलाई हुकुम दिए।
१७ तापनि मानिसहरूले डाँड़ाका पूजा-
थानहरूमा परमप्रभु तिनीहरूका परमेश्वरको
निम्ति मात्र बलिदान चढ़ाउँदैरहे।
१८ मनश्शेका बाँकी कार्यहरू, परमेश्वर-
लाई चढ़ाएको तिनको प्रार्थना र परमप्रभु
इस्राएलका परमेश्वरको नाउँमा दर्शीहरूसँगको
तिनको बातचीत सबै इस्राएलका राजाहरूका
इतिहासहरूमा लेखिएका छन्। १९ परम-
प्रभुमा अर्पण गर्नअघि तिनको प्रार्थना र
तिनले पाएका जवाफ, तिनका सबै पाप र
अविश्वासका काम, तिनले बनाएका डाँड़ा-
हरूका पूजा-थानहरू र अशेरा-देवी र
खोपिएका मूर्तिहरू सबै दर्शीहरूका इतिहास-
हरूमा लेखिएका छन्। २० यसरी मनश्शे
आफ्ना पित्रहरूसित सुते, र आफ्नो
घरानाको बगैंचाको चिहानमा गाड़िए।
तिनीपछि तिनका छोरा आमोन राजा
भए।

आमोनको शासन

२१ राजगद्दी आरोहण गर्दा आमोन बाईस
वर्षका थिए। तिनले यरूशलेममा दुइ वर्ष
राज्य गरे। २२ तिनका पिता मनश्शेले
गरेझैं तिनले परमप्रभुको दृष्टिमा जे कुरो
खराब थियो त्यही गरे। तिनले आफ्ना पिता
मनश्शेले बनाएका सबै मूर्तिहरूलाई बलिदान
चढ़ाए, र तिनको पूजा गरे। २३ तिनी
आफ्ना पिता मनश्शेजस्तै परमप्रभुको सामने
विनम्र भएनन्। तिनको अपराध झन् बढ़ी
भयो। २४ तिनका भारादारहरूले तिनको
विरुद्धमा षड्यन्त्र रचे, र तिनलाई तिनको
आफ्नै महलमा मारे। २५ तर देशका
मानिसहरूले ती सबै षड्यन्त्रकारीहरूलाई मारे,
र तिनको छोरा योशियाहलाई तिनको सट्टामा
राजा बनाए।

योशियाहको शासन

३४ राजगद्दी आरोहण गर्दा योशियाह आठ
वर्षका थिए। तिनले यरूशलेममा
एकतीस वर्ष राज्य गरे। २ तिनले परम-
प्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही
गरे। तिनी दाहिने-देब्रे नलागी आफ्ना पुर्खा
दाऊदकै सबै चालमा हिंड़े।

योशियाहको सुधार

३ तिनको शासनको आठौं वर्षमा तिनी
बालकै छँदा तिनले आफ्ना पुर्खा दाऊदका
परमेश्वरको अगुवाइ खोज्न शुरु गरे। औ
बाह्रौं वर्षमा यहूदा र यरूशलेममा डाँड़ाका
पूजा-थानहरू र अशेरा-देवी र खोपेर
बनाएका र धातुका मूर्तिहरू हटाउन शुरु
गरे। ४ बाल देवताका वेदीहरू तिनले
भत्काउनलाए, र तिनीहरूका माथि भएका धूप
बाल्ने वेदीहरू टुक्रै-टुक्रा पारे। तिनले अशेरा-
देवी र खोपेर बनाएका मूर्तिहरू टुक्रै-टुक्रा
पारेर धूलो-पीठो बनाए, र तिनीहरूलाई बलि-
दान चढ़ाउने मानिसहरूका चिहानहरूमा ती
छरिदिए। ५ तिनले तिनका पूजाहारीहरूका
हड्डी पनि तिनीहरूका वेदीहरूमा जलाइदिए।
तिनले यहूदा र यरूशलेमलाई शुद्ध पारे।
६ तिनले मनश्शे, एप्रैम, शिमोन र नप्ताली-
सम्मका शहरहरूमा भेट्टाएका तिनीहरूका
जस्मै घरहरू जलाइदिए। ७ तिनले तिनी-
हरूका वेदीहरू र अशेरा-देवीहरू भत्काइदिए।
औ ढालेर बनाएका मूर्तिहरूलाई धूलो-पीठो
पारिदिए। इस्राएलको देशभरिनै भएका
तिनीहरूका धूप बाल्ने वेदीहरूलाई तिनले
नाश गरे। त्यसपछि तिनी यरूशलेममा फर्के।

व्यवस्थाको पुस्तक भेट्टाएका

८ आफ्नो राज्यका अठाह्रौं वर्षमा
देश र परमप्रभुको भवनलाई शुद्ध पारेपछि

तिनले अजलियाहका छोरा शापान, शहरका
राज्यपाल मासेयाह र राज्यका प्रधान मंत्री
योआहाशका छोरा योआहलाई परमप्रभु
तिनका परमेश्वरको भवन मरम्मत गर्न पठाए।
९ तिनीहरू प्रधान पूजाहारी हिल्कियाहकहाँ
आएर तिनलाई परमप्रभुको भवनमा ल्याएका
चाँदी दिए, अर्थात् ती चाँदी जो प्रवेश-
ढोकामा काम गर्ने लेवीहरूले मनश्शे, एप्रैम र
इस्राएलका बाँकी सबै मानिसहरू र यहूदा,
बिन्यामीन र यरूशलेमका बासिन्दाहरूबाट
पनि जम्मा गरेका थिए। १० तिनले त्यो
चाँदी परमप्रभुको भवनमा काम गर्नेहरूका
मुख्य कर्मचारीको हातमा दिए, औ भवनमा
काम गर्ने मानिसहरूले त्यो चाँदी भवनको
मरम्मत र त्यसलाई सुदृढ़ पार्न प्रयोग गरे।
११ तिनीहरूले त्यस चाँदीबाट यहूदाका
राजाहरूले नष्ट हुन छोड़िदिएका घरहरू
मरम्मत गर्न काटेका ढुङ्गा, दलिन र बीमका
काठहरू किन्न पनि सिकर्मी र डकर्मीहरूलाई
दिए। १२-१३ यी मानिसहरूले मरारीवंशका
लेवीहरू यहत र ओबदियाह, औ कहातका
परिवारका मानिसहरू जकर्याह र मशुल्लामका
अधीनमा देखाएअनुसार काम गरे। यिनीहरूका
अधीनमा मजदूरहरू पनि थिए। औ सबै
किसिमका काम गर्ने मानिसहरूको हेर-विचार
पनि यिनीहरूलेनै गर्थे। सबै लेवीहरू चाहिँ
निपुण संगीतज्ञ थिए। तिनीहरूमध्ये कोही
सचिव, कोही कारिन्दा अथवा कोही
द्वारपालहरू थिए। १४ तिनीहरूले परमप्रभुको
भवनमा ल्याएका चाँदी निकाल्दा पूजाहारी
हिल्कियाहले मोशाद्वारा दिएको परमप्रभुको
व्यवस्थाको पुस्तक भेट्टाए। १५ तब सेनाका
सचिव शापानलाई हिल्कियाहले यसो भने,
"मैले परमप्रभुको भवनमा व्यवस्थाको
पुस्तक भेट्टाएको छु।" १६ हिल्कियाहले
त्यो पुस्तक शापानलाई दिए। शापानले
त्यो राजाकहाँ ल्याएर भने, "हजूरले
दिनुभएका सबै काम हजूरका सेवकहरूले
गरिरहेका छन्। १७ तिनीहरूले परमप्रभुको
भवनको कामको लागि चाँदीहरू गलाएर
मुख्य कर्मचारी र कामदारीहरूलाई दिएका
छन्।" १८ पूजाहारी हिल्कियाहले तिनलाई
एउटा पुस्तक दिएका कुरा पनि सेनाहरूका
मुख्य सचिव शापानले राजालाई बताइदिए।
तिनले त्यो पुस्तक राजाको सामने
पढ़ेर सुनाए। १९ राजाले व्यवस्थाको
पुस्तकमा लेखिएको कुरा सुने पछि आफ्नो
लुगा च्याते, २० र हिल्कियाह, शापानको
छोरा अहीकाम, मीकाका छोरा अब्दोन,
सेनाका सचिव शापान र राजाका अङ्गरक्षक
असायालाई राजा आफ्नै निम्ति र इस्राएल
र यहूदामा अझै बाँकी रहेकाहरूका निम्ति
त्यस पुस्तकको विषयमा भएको कुरा
जान्न परमप्रभुको अगुवाइ खोज्न भनी
हुकूम गरे। २१ तिनले भने, "हाम्रा
पुर्खाहरूले परमप्रभुको आज्ञा पालन नगरेका
र यस पुस्तकमा लेखिएका कुरा नमानेका
हुनाले हामीमाथि परमप्रभुको ठूलो क्रोध
खनिएको छ।"

२२ यसैकारण हिल्कियाह र राजाले
हुकूम गरेका मानिसहरू राजाका वस्त्रहरूको
देखरेख गर्ने हसेराका छोरा शल्लूमकी पत्नी
हुल्दा अगमवादिनीकहाँ यरूशलेमको दोस्रो
टोल तिनको घरमा गएर तिनीसँग सोधपूछ
गरे। २३ तिनले भनिन्, "परमप्रभु इस्राएलका
परमेश्वर यही भन्नुहुन्छ, 'तिमीहरूलाई पठाउने
मानिसलाई भन, २४ परमप्रभु यही भन्नुहुन्छ—
यहूदाका राजाको सामने पढ़ेको पुस्तकमा
लेखिएका सबै सरापहरू पूरा गर्न म यस देश
र त्यसका बासिन्दाहरूमाथि नाश ल्याउँदैछु।
२५ किनभने तिनीहरूका आफ्नै हातले
हातले बनाएका मूर्तिहरूद्वारा मलाई रिस
उठाएर तिनीहरूले मलाई त्यागे, र अरू
देवताहरूलाई बलिदान चढ़ाए। यसैकारण
मेरो क्रोध यस ठाउँमाथि परेको छ, र
त्यो साम्य हुनेछैन।' २६ परमप्रभुको
अगुवाइ खोज्न तिमीहरूलाई पठाउने यहूदाका
राजालाई यो कुरा भनिदेऊ, 'परमप्रभु

इस्राएलका परमेश्वर यही भन्नुहुन्छ—
२७ तैँले मेरा कुरा सुनेर पश्चातापी भइस्
र यस देश र यहाँका बासिन्दाहरूको विषयमा
मैले भनेको कुरा सुनेर परमेश्वरको सामने
तँ विनम्र भइस्। तँ विनम्र भइस्। तेरो
लुगा च्यातिस् र मेरो सामने रोइस्। यी
सबै गरेको हुनाले मैले पनि तेरो प्रार्थना
सुनें।' परमप्रभु यही भन्नुहुन्छ, २८ 'यसैकारण
म तँलाई तेरा पित्रहरूसँगै जम्मा गर्नेछु, र
तँ तेरो चिहानमा कुशलसित गाड़िनेछस्।
यस ठाउँ र यसका बासिन्दाहरूमाथि मैले
ल्याउने विपत्ति देख्नलाई तँ बाँचिरहनेछैनस्'।"
तब तिनीहरूले यो समाचार राजाकहाँ
ल्याए।

२९ त्यसपछि राजाले यहूदा र
यरूशलेमका सबै बूढ़ा-प्रधानलाई भेला हुन भनी
बोलाइपठाए, र तिनीहरू परमप्रभुको भवनमा
उक्लेर गए। ३० तिनले आफूसँग यहूदाका
सबै मानिसहरू, यरूशलेमका बासिन्दा,
पूजाहारी र लेवीहरू, औ साना ठूला जम्मै
मानिसहरूलाई लगे। त्यहाँ तिनले परमप्रभुको
भवनमा पाइएको करारको पुस्तक सबै पढ़ेर
सुनाए। ३१ तब मञ्चमा खड़ा भएर
परमेश्वरको हुकूम मान्न औ उहाँका आज्ञा,
नियम र धर्म-विधिहरू आफ्नो सम्पूर्ण मन
र तनले पालन गर्न औ त्यस पुस्तकमा
लेखिएका करारका शर्तहरू पूरा गर्न
परमप्रभुको सामने राजाले बाचा बाँधे।
३२ त्यसपछि यरूशलेममा उपस्थित भएका
सबैलाई त्यो करार पूरा गर्न तिनले शपथ
खान लाए। त्यस उप्रान्त यरूशलेमका
बासिन्दाहरूले परमेश्वर, तिनीहरूका पुर्खाहरूका
परमेश्वरको करार पालन गरे। ३३ इस्राएलमा
बस्ने हरेकले परमप्रभु तिनका परमेश्वरको
सेवा गरोस् भनी योशियाहले इस्राएलीहरूका
इलाकाहरूबाट सबै घृणित कुराहरू हटाइदिए।
तिनी बाचुञ्जेल परमप्रभु तिनीहरूका पुर्खा-
हरूका परमेश्वरको भक्ति गर्नदेखि तिनीहरू
तर्केनन्।

योशियाह र निस्तार-चाड़

३५ योशियाहले परमप्रभुको निम्ति
यरूशलेममा निस्तार-चाड़ मनाए।
पहिलो महीनाको चौधौँ दिनमा निस्तार-
चाड़को थुमा मारियो। २ तिनले पूजा-
हारीहरूलाई आफ्नो आफ्नो काममा नियुक्त
गरिदिए। औ परमप्रभुको भवनको सेवा गर्ने
तिनीहरूलाई प्रोत्साहन दिए। ३ तिनले
परमप्रभुमा समर्पित भएका इस्राएलका शिक्षक
लेवीहरूलाई भने, "इस्राएलका राजा दाऊदका
छोरा सुलेमानले निर्माण गरेको भवनमा
पवित्र सन्दूक राख। त्यो तिमीहरूले
बोकिहिँड्नु पर्दैन। ४ अब ता परमप्रभु
तिमीहरूका परमेश्वर र उहाँको प्रजा
इस्राएलको सेवा गर्ने समय पो हो।
इस्राएलका राजा दाऊद र तिनका छोरा
सुलेमानले दिएका लिखित अर्तीहरू पालन
गर्दै तिमीहरूका भाग भागअनुसार परिवार
परिवार गरी तयार होऊ। ५ हरेक
परिवारका दलका लेवीहरूको एक भाग
तिमीहरूका दाज्यू-भाइहरू, साधारण मानिस-
हरूको दल दलका प्रतिनिधि भई पवित्र
स्थानमा खड़ा होऊ। ६ निस्तार-चाड़को
थुमा मार। तिमीहरू आफू आफूलाई शुद्ध
गर, र मोशाद्वारा परमप्रभुले दिनुभएको
वचन पालन गर्न तिमीहरूका दाज्यू-भाइहरूका
निम्ति तयार होऊ।

७ योशियाहले निस्तार-चाड़को निम्ति
त्यहाँ उपस्थित भएका सर्व-साधारणका लागि
तीन हजार साँढ़ेबाहेक तीस हजार साना
पशुहरू, अर्थात् ससाना थुमाहरू र पाठाहरू
दान दिए। यी सबै राजाले आफ्नै आमदानी-
बाट दिए। ८ तिनका अफिसरहरूले पनि
मानिसहरू, पूजाहारीहरू र लेवीहरूका निम्ति
राजी-खुशी दान दिए। परमप्रभुको भवनका
कुल-नायकहरू, हिल्कियाह, जकर्याह र यहीएलले
पूजाहारीहरूका पक्षमा निस्तार-चाड़को निम्ति
तीन सय साँढ़ेबाहेक दुइ हजार छ सय ससाना

पशुहरू दिए। ९ औ लेवीहरूका पक्षमा
चाहिं कोनन्याह र तिनका भाइहरू शमायाह
र नतनेल, र लेवीहरूका मुख्य मुख्यहरू
हशबियाह, यीएल र योजाबदाले पांच सय
साँढ़हरूबाहेक पांच हजार ससाना पशुहरू
दिए।
१० सेवाको बन्दोबस्त भइसकिएपछि
पूजाहारीहरू आफ्ना आफ्ना स्थानमा औ
लेवीहरू चाहिं आफ्ना आफ्ना भाग भाग-
अनुसार राजाको हुकुमबमोजिम खड़ा भए।
११ तब तिनीहरूले निस्तार-चाड़को पशु मारे,
औ पूजाहारीहरूले वेदीमा रगत खन्याए, र
लेवीहरूले चाहिं ती पशुहरूका छाला काढ़े।
१२ त्यसपछि तिनीहरूले मोशाको पुस्तकमा
लेखिएबमोजिम परिवार परिवारको झुण्ड झुण्ड-
द्वारा परमप्रभुमा चढ़ाउन मानिसहरू तोकिए-
अनुसार बोसो चाहिं अलग गरे औ
साँढ़हरूलाई पनि त्यसै गरे। १३ तिनीहरूले
विधिअनुसार निस्तारको मासु आगोमा पोले,
र पवित्र भेटी चाहिं भाँड़ा, कराही र ताई-
ताप्केमा उसिने, औ ती सबै मानिसहरूलाई
चाँड़ो चाँड़ो गरी बाँढ़े। १४ त्यसपछि
हारूनका वंशका पूजाहारीहरू साँझसम्मै
होमबलि र बोसो चढ़ाउनमा व्यस्त हुनाले
तिनीहरू आफ्नो निम्ति र पूजाहारीहरूका निम्ति
यथोचित तयारी गर्नलागे। त्यसैगरी लेवीहरूले
पनि आफ्नो आफ्नो लागि र हारूनका वंशका
पूजाहारीहरूका निम्ति यथोथित तयारी गरे।
१५ आसापका छोराहरू, अर्थात् गवैयाहरू
चाहिं दाऊद र आसाप, हेमान र राजाका
दर्शी यदूतूनले तोकेका नियमबमोजिम आफ्ना
आफ्ना स्थान लिए। हरेक द्वारपाल आफ्नो
आफ्नो मूल-ढोकाका खड़ा थियो। तिनीहरूका
कुटुम्ब लेवीहरूले तिनीहरूका निम्ति तयार
गरेका हुनाले तिनीहरूलाई आफ्नो काम
छोड़ेर आउनुपरेन।
१६ यस किसिमले योशियाह राजाको
हुकूमअनुसार निस्तार-चाड़ मान्न र परमप्रभुको
वेदीमा होमबलि चढ़ाउनको निम्ति परमप्रभुका
सबै सेवाको बन्दोबस्त त्यस दिन गरियो।
१७ उपस्थित भएका इस्राएलीहरूले त्यस बेला
निस्तार-चाड़ मनाए। औ सात दिनसम्म
अखमीरे रोटीको चाड़ मनाए। १८ शमूएल
अगमवक्ताको समयदेखि यसो यस प्रकार
निस्तार-चाड़ इस्राएलमा कहिल्यै मनाएको
थिएन। पूजाहारी, लेवीहरू र सबै यहूदा
र उपस्थित भएका इस्राएल र यरूशलेमका
बासिन्दाहरूका साथमा योशियाहले मानेझैं
इस्राएलका अरू कुनै राजाहरूले कहिल्यै यस्तो
किसिमको निस्तार-चाड़ मानेका थिएनन्।
१९ योशियाहको शासनको अठाहौं वर्षमा यो
निस्तार-चाड़ मनाएको थियो।

योशियाहको मृत्यु

२० योशियाहले यसरी भवनका सबै
कामहरू मिलाइसकेपछि मिश्र देशका राजा
नेको यूफ्रेटिस नदीको किनारको कर्कमीश शहर-
माथि आक्रमण गर्नलाई निस्के। योशियाह
तिनको सामना गर्न गए। २१ तर नेकोले
यसो भनेर राजदूतहरू पठाए, "हे यहूदाका
राजा, तपाइं मसित के गर्न चाहनुहुन्छ?
आज मेरो तपाइंसित केही झगड़ा छैन। तर
तिनीहरूसित मात्र छ जोसँग म युद्ध गरि-
रहेछु। मलाई चाँड़ो जानू भनी परमेश्वरको
इच्छा छ। औ परमेश्वर मतर्फ हुनुहुन्छ।
मेरो विरुद्धमा खड़ा नहुनुहोस्, नत्रता उहाँले
तपाइंलाई नाश गर्नुहुनेछ।" २२ योशियाह
आफ्नो अभिप्रायबाट हटून मानेनन्, तर
लड़ाइँ गर्ननै जिद्दी गरे। परमेश्वरको आज्ञाद्वारा
नेकोका वचन सुन्न तिनले इन्कार गरे, र
मगिद्दोको बँसीमा लड़ाइँ गर्न तिनी झट्टै
तल झरे। २३ तब धनुर्धारीहरूले तिनलाई
हाने, र तिनलाई शक्त चोट लाग्यो। औ
तिनले आफ्नो अङ्गरक्षकलाई रण-भूमिबाट
बाहिर लान हुकूम गरे। २४ सिपाहीहरूले
तिनलाई तिनको रथबाट उठाएर तिनका मुख्य
सेवकको रथमा चढ़ाएर यरूशलेममा ल्याए।

औ तिनी त्यहींनै मरे, र तिनका पित्रहरूका
चिहानमा तिनलाई गाड़े। औ सारा यहूदा
र यरूशलेमले तिनको निम्ति शोक मनाए।
२५ यिर्मयाहले पनि योशियाहको निम्ति एक
विलापी-गीत रचे। गवैयाहरू, पुरुष र स्त्री
दुवैले आजको दिनसम्म आफ्नो विलापी-गीतमा
योशियाहको स्मरण गर्दछन्। यस्ता विलापी-
गीतहरू इस्राएलीहरूमा एउटा वंश-परम्परा
भएका छन्, औ लिखित सङ्कलनमा ती
पाइन्छन्।
२६ योशियाहको शासनका अरू घटनाहरू,
औ परमप्रभुको व्यवस्थामा लेखिएअनुसार
२७ तिनले गरेका अरू कामहरू शुरुदेखि
अन्तसम्मै इस्राएल र यहूदाका राजाहरूका
इतिहासहरूमा लेखिएका छन्।

यहोआहाजको राजगद्दी आरोहण र पदच्यूति

३६ त्यसपछि देशका मानिसहरूले योशि-
याहका छोरा यहोआहाजलाई लिएर
यरूशलेममा तिनका पिताको स्थानमा राजा
तुल्याए। २ राजगद्दी आरोहण गर्दा तिनी तेईस
वर्षका थिए। तिनले यरूशलेममा तीन महीना
राज्य गरे। ३ त्यसपछि मिश्र देशका राजा
नेकोले तिनलाई पदच्यूत गरे, र देशमाथि
एक सय तोड़ा चाँदी र एक तोड़ा सुन दण्ड
लगाए, ४ औ तिनका भाइ एल्याकीमलाई
यहूदा र यरूशलेममाथि राजा तुल्याए।
उनले तिनको नाउँ यहोयाकीममा बदलि-
गरिदिए। नेकोले तिनका दाज्यू यहोआहाजलाई
मिश्र देशमा लगे।

यहोयाकीमको शासन

५ राजगद्दी आरोहण गर्दा यहोयाकीम
पच्चीस वर्षका थिए। तिनले यरूशलेममा एघार
वर्ष शासन गरे। ६ तिनले परमप्रभु
आफ्ना परमेश्वरको विरुद्धमा जे कुरो खराब
थियो त्यही गरे। यसैले बाबेलका राजा
नबूकदनेसरले तिनको देश आक्रमण गरेर
तिनलाई साङ्लाले बाँधेर बाबेलमा लगे।
७ नबूकदनेसरले परमप्रभुको भवनका कुनै
कुनै भाँड़ाहरू लगेर बाबेलमा तिनको आफ्नै
महलमा राखे।
८ यहोयाकीमको शासनका अरू घटना
तिनले गरेका घिनलाग्दा र दोषी ठहरिने
तिनका सबै कामहरू इस्राएल र यहूदाका
राजाहरूका इतिहासहरूमा लेखिएका छन्।
तिनीपछि तिनका छोरा यहोयाकीन राजा
भए।

यहोयाकीनको कैद

९ राजगद्दी आरोहण गर्दा यहोयाकीन
आठ वर्षका थिए। तिनले यरूशलेममा तीन
महीना दश दिन शासन गरे। तिनले परम-
प्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही
गरे। १० वसन्त ऋतुमा राजा नबूकदनेसरले
मानिसहरू पठाएर परमप्रभुको भवनका असल
असल भाँड़ाहरूसमेत तिनलाई बाबेलमा ल्याए,
र तिनका पिताका भाइ सिदकियाहलाई यहूदा
र यरूशलेमका राजा नियुक्त गरे।

सिदकियाहको शासन

११ राजगद्दी आरोहण गर्दा सिदकियाह
एक्काईस वर्षका थिए। तिनले यरूशलेममा
एघार वर्ष राज्य गरे। १२ तिनले परम-
प्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही
गरे। यिर्मयाह अगमवक्ताले देखाएको बाटोमा
तिनी हिंड़ेनन्। १३ सन्धिको निम्ति गंभीर
शपथ खुवाउने नबूकदनेसर राजाको विरुद्धमा
तिनी बागी भए। तिनी अट्टेरी र हठी थिए।
त्यसैकारण परमप्रभु इस्राएलका परमेश्वरतिर
फर्की आउन तिनले इन्कार गरे। १४ अरू
जातिहरूका सबै घिनलाग्दा कामहरू गरेर
यहूदाका सारा कुल-नायक, पूजाहारी र

मानिसहरू झन् झन् अविश्वासी भए परमप्रभुले यरूशलेममा पवित्र गर्नुभएको परमप्रभुको भवन तिनले अपवित्र पारे। १५ आफ्नो प्रजा र आफ्नो बासस्थानमाथि दया गर्नुभएको हुनाले परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वरले तिनीहरूलाई दूतहरूद्वारा घरिघरि चेताउनी दिनुभएको थियो। १६ तर परमप्रभुको क्रोध तिनीहरूमाथि नपरुन्जेल तिनीहरूले उहाँको दूतहरूलाई हँसी-ठट्टा गर्न, उहाँको वचनहरूको निन्दा गर्न र उहाँका अगमवक्ताहरूका गिल्ला गर्न छोड़ेनन्। औ त्यो शान्त हुनैसकेन।

यहूदा कैदमा परेको

१७ यसैकारण उहाँले तिनीहरूका विरुद्धमा कल्दीहरूका राजालाई ल्याउनुभयो, जसले बासस्थान भित्रै तिनीहरूका जवान मानिसहरूलाई तरवारले मारे, औ जवान मानिस कुमारी, वृद्ध कमजोर कसैलाई तिनले छोड़ेनन्। परमेश्वरले ती सबैलाई नबूकदनेसरको हातमा सुम्पिदिनुभयो। १८ तिनले परमेश्वरको भवनका साना ठूला सबै भाँड़ाहरू, औ परमप्रभुको भवन औ राजा र तिनका अफिसरहरूले संग्रह गरेका दामी दामी थोकहरू सबै लगे। १९ तिनीहरूले परमप्रभुको भवन जलाइदिए, र यरूशलेम शहरको पर्खाल जमीनसम्मै भत्काइदिए। शहरका सबै सुन्दर सुन्दर घरहरू र तिनीहरूका सबै दामी दामी सामानहरू सर्वनाश नहोउन्जेल जलाइदिए। २० तरवारबाट उम्केकाहरूलाई तिनले कैद गरेर बाबेलमा लगे, र राज-सत्ता फारसको हातमा नहोउन्जेल तिनीहरू उनका र उनका छोराहरूका दास-दासी भए। २१ यिर्मयाह अगमवक्ताद्वारा परमप्रभुको वचन पूरा हुनलाई सत्तरी वर्ष पूरा नहोउन्जेल इस्राएलको देशले विश्रामको पूरा समय नकाटुन्जेल नाश भएको सबै समयभरिनै देशले विश्राम पाल्न गर्दैरह्यो।

कोरेसको घोषणा

२२ अनि फारसका राजा कोरेसको पहिलो वर्षमा यिर्मयाहद्वारा भनिएको परमप्रभुको वचन पूरा हुन परमप्रभुले फारसका राजाको हृदय उत्तेजित पार्नुभयो। औ तिनले आफ्नो साम्राज्यभरिनै मुखैले र लिखित रूपमा यस किसिमको एउटा घोषणा निकाले—

२३ फारसका राजा कोरेस यसो भन्छन्—"परमप्रभु स्वर्गका परमेश्वरले पृथ्वीका सबै राज्य मलाई दिनुभएको छ। औ उहाँलेनै मलाई यहूदाको यरूशलेममा उहाँको निम्ति एउटा भवन बनाउन आज्ञा गर्नुभएको छ। उहाँको प्रजाको हरेक मानिसलाई, जो अहिले तिमीहरूका बीचमा छ, म यो भन्दछु, 'परमप्रभु त्यसका परमेश्वर त्यससँग रहून्, औ त्यो मानिस उक्लेर यरूशलेममा जाओस्'।"

एज्राको पुस्तक

कोरेस राजाको घोषणा

१ फारसका राजा कोरेसको पहिलो
वर्षमा यिर्मयाहद्वारा भनिएको परम-
प्रभुको वचन पूरा हुन परमप्रभुले फारसका
राजा कोरेसको हृदयलाई उत्तेजित पार्नुभयो।
औ तिनले आफ्नो राज्यभरि मुखको वचन
र लिखित रूपमा यस्तो एउटा घोषणा
निकाले—
२ फारसका राजा कोरेस यसो भन्दछन्—
"परमप्रभु स्वर्गका परमेश्वरले पृथ्वीका सबै
राज्य मलाई दिनुभएको छ। उहाँले नै मलाई
यहूदाको यरूशलेममा उहाँको निम्ति एउटा
भवन बनाउन आज्ञा गर्नुभएको छ।
३ अहिले तिनीहरूका बीचमा हुने उहाँको
प्रजाको हरेक मानिसलाई म यो भन्दछु,
'परमेश्वर त्यससँग रहून्। त्यो मानिस
यहूदाको यरूशलेमका उक्लेर जाओस्, र
यरूशलेम शहरमा हुनुहुने परमेश्वरको भवन
त्यसले फेरि निर्माण गरोस्। ४ बाँकी
जहाँसुकै बस्ने हरेक यहूदीले यरूशलेममा
भएको परमेश्वरको भवनको निम्ति राजी-
खुशीले दिएको भेटीबाहेक चाँदी, सुन,
धन-सम्पत्ति र गाई-वस्तुहरू त्यही ठाउँमा
आफ्नो छिमेकीबाट सहायताको लागि दाबी
गर्नसक्छ'।"

कैद गरिएकाहरू यरूशलेममा फर्केका

५ त्यसपछि यरूशलेममा परमप्रभुको
भवनको पुनर्निर्माण गर्ने परमेश्वरले उत्तेजित
पार्नुभएका यहूदा र बिन्यामीनका घरानाका
प्रधान पूजाहारी र लेवीहरू सबैले त्यस
अह्वानलाई स्वीकार गरे। ६ उनीहरूका
छिमेकीहरू सबैले राजी-खुशीले दिएको सेवा-
बाहेक सबै किसिमका दान—चाँदी, सुन,
धन-सम्पत्ति, गाई-वस्तु र बहुमूल्य पदार्थहरू
प्रशस्त मात्रामा दिएर उनीहरूलाई सहायता
गरे। ७ त्यसबाहेक नबूकदनेसरले यरूशलेम-
बाट ल्याएर आफ्नो देवताको मन्दिरमा राखेका
परमप्रभुको भवनका भाँडाहरू फारसका राजा
कोरेसले निकाले। ८ औ तिनले ती
भण्डारको जिम्मावाल मित्रदातको जिम्मामा
दिए। तिनले यहूदाका कुल-नायक शेशबस्सरको
निम्ति ती चीजहरूको एउटा तालिका
बनाइदिए। ९ तालिका यही थियो—तीसवटा
सुनका भाँडा, एक हजार चाँदीका बटुका,
उनन्तीसवटा बिभिन्न किसिमका भाँडा,
१० तीसवटा सुनका कचौरा, चार सय
दशवटा चाँदीका बिभिन्न किसिमका कचौरा
र एक हजार अरू किसिमका भाँडाहरू।
११ सुन र चाँदीका भाँडाहरू सबै जम्मा
पाँच हजार चार सयको हिसाब लगाए।
कैदमा लगिएकाहरू यरूशलेममा फर्कंदा
शेशबस्सरले ती सबै यरूशलेममा ल्याए।

कैदबाट फर्कनेहरूको सूची

२ बाबेलका राजा नबूकदनेसरले बाबेलमा
कैद गरेर लगेकाहरूमध्ये प्रान्त
प्रान्तका मानिसहरू यिनै थिए। यरूशलेम र
यहूदामा हरेक आफ्नो आफ्नो शहरमा
फर्केका यिनै थिए। २ उनीहरू यरूबाबेल,
येशूअ, नहेम्याह, सरायाह, रेलायाह, मोर्दकै,

बिल्शान, मिस्पार, बिग्वै, रहूम बानाको
नेतृत्वमा आएका थिए।
३ इस्राएलको प्रजाका मानिसहरूको
नामावली यही थियो—परोशका परिवारका दुइ
हजार एक सय बहत्तर। ४ शपत्याहका
परिवारका तीन सय बहत्तर। ५ आरहका
परिवारका सात सय पचहत्तर। ६ पहत-मो-
आबका परिवारका येशूअ र योआबका घरानाका
दुइ हजार आठ सय बाह्र। ७ एलामका
परिवारका बाह्र सय चौउन्न। ८ जत्तूका
परिवारका नौ सय पैंतालीस। ९ जक्कैका
परिवारका सात सय साठी। १० बानीका
परिवारका छ सय बयालीस। ११ बेबैका
परिवारका छ सय तेईस। १२ अज्गादका
परिवारका बाह्र सय बाईस। १३ अदोनी-
कामका परिवारका छ सय छियासट्ठी।
१४ बिग्वैका परिवारका दुइ हजार छप्पन्न।
१५ आदीनका परिवारका चार सय चौवन्न।
१६ हिजकियाहका परिवारका आतेरका
घरानाका अन्ठानब्बे। १७ बेसैका परिवारका
तीन सय तेईस। १८ योराका परिवारका
एक सय बाह्र। १९ हाशूमका परिवारका
दुइ सय तेईस। २० गिब्बारका परिवारका
पन्चानब्बे। २१ बेतलेहेमका परिवारका एक
सय तेईस। २२ नतोपाका मानिसहरू छप्पन्न।
२३ अनातोतका मानिसहरू एक सय अट्ठाईस।
२४ बेत-अज्मावेतका मानिसहरू बियालीस।
२५ किर्यात-आरीम, कपीरा र बेरोतका
मानिसहरू सात सय त्रिचालीस। २६ रामा
र गिबाका परिवारका छ सय एक्काईस।
२७ मिक्मासका मानिसहरू एक सय बाईस।
२८ बेतेल र ऐका मानिसहरू दुइ सय तेईस।
२९ नेबोका परिवारका बाउन्न। ३० मग्बीशका
मानिसहरू एक सय छप्पन्न। ३१ अर्को
एलामका मानिसहरू बाह्र सय चौउन्न।
३२ हारीमका मानिसहरू तीन सय बीस।
३३ लोब, हादीद र ओनोका मानिसहरू
सात सय पच्चीस। ३४ यरीहोका मानिसहरू
तीन सय पैंतालीस। ३५ सेनाहका मानिसहरू
तीन हजार छ सय तीस।
३६ पूजाहारीहरू—येशूअका वंशका यदा-
याहका परिवारका नौ सय त्रिहत्तर।
३७ इम्मेरका परिवारका एक हजार बाउन्न।
३८ पश्हूरका परिवारका बाह्र सय सैंतालीस।
३९ हारीमका परिवारका एक हजार सत्र।
४० लेवीहरू—होदवियाहका वंशका येशूअ
र कदमीएलका परिवारहरूका चौहत्तर।
४१ गवैयाहरू—आसापका परिवारका एक
सय अट्ठाईस। ४२ द्वारपालहरूका दलका
शल्लूमका परिवारका, आतेरका परिवारका,
तल्मोनका परिवारका, अक्कूबका परिवारका
हतीताका परिवारका र शोबैका परिवारका
सबै जम्मा एक सय उनन्चालीस।
४३ मन्दिरका सेवकहरू—सीहाका परिवार,
हसूपाका परिवार, तब्बाओतका परिवार,
४४ केरोसका परिवार, सीआका परिवार,
पादोनका परिवार, ४५ लबानाका परिवार,
हगाबाका परिवार, अक्कूबका परिवार,
४६ हागाबका परिवार, शल्मैका परिवार,
हानानका परिवार, ४७ गिद्देलका परिवार,
गहरका परिवार, रायाहका परिवार,
४८ रसीनका परिवार, नकोदाका परिवार,
गज्जामका परिवार, ४९ उज्जाका परिवार,
पासेहका परिवार, बेसैका परिवार,
५० अस्नाका परिवार, मेनिमका परिवार,
नेपिसीमका परिवार, ५१ बक्बूकका परिवार,
हकूपाका परिवार, हर्हूरका परिवार,
५२ बस्लूतका परिवार, महीदाका परिवार,
हर्शाका परिवार ५३ बर्कोसका परिवार,
सीसराका परिवार, तेमहका परिवार,
५४ नसीहका परिवार र हतीपाका परिवार।
५५ सुलेमानका चाकरहरूका सन्तान—
सोतैका परिवार, हस्सोपेरेतका परिवार
परूदाका परिवार, ५६ यालाका परिवार,
दर्कोनका परिवार, गिद्देलका परिवार,
५७ शपत्याहका परिवार, हत्तीलका परिवार,
पोकेरेत-हस्सबायीमका परिवार र आमीका
परिवार। ५८ मन्दिरका सेवकहरू र

सुलेमानका चाकरहरूका सन्तान सबै जम्मा
तीन सय बियानब्बे थिए।
५९ तेल्-मेलह, तेल्-हर्शा, करूब, आदान
र एम्मेरबाट फर्केर आएकाहरू यिनै हुन्।
तर तिनीहरूले आफ्ना पुर्खाका परिवारहरू
बताउनसकेनन्। तिनीहरूले इस्राएलका
सन्तानबाट आएका हुन् भनेर पनि बताउन-
सकेनन्। ६० दलायाहका परिवार,
तोबियाहका परिवार र नकोदाका परिवार,
छ सय बाउन्न जना। ६१ पूजाहारीहरूबाट
—हबायाहका परिवार, हक्कोसका परिवार र
गिलादी बर्जिलैकी एउटी छोरीलाई विवाह
गरेर तिनकै नाउँ राख्ने बर्जिलैका परिवार।
६२ यिनीहरूले वंशावलीको सूचीमा दर्त्ता
गरिएको नाउँहरूमा आफ्ना आफ्ना नाउँ
खोजे। तर ती पाइएनन्। तिनीहरू
पूजाहारीगिरीको निम्ति अशुद्ध ठहरिएका
हुनाले अयोग्य भए। ६३ औ राज्यपालले
ऊरीम र तुम्मीमको सल्लाह लिने योग्यका
एउटा पूजाहारी नहोउन्जेल तिनीहरूलाई
महा-पवित्र थोक खान मनाई गरे।
६४ भेला भएका जम्मै मानिसहरूको
संख्या बियालीस हजार तीन सय साठी
थियो। ६५ तिनीहरूका दास-दासीहरू सात
हजार तीन सय सैंतीस जना थिए।
तिनीहरूका दुइ सय पुरुष र स्त्री गवैयाहरू
थिए। ६६ तिनीहरूका घोड़ाहरूको संख्या
सात सय छत्तीस, खच्चर दुइ सय पैंतालीस,
६७ ऊँट चार सय पैंतीस र गधा छ हजार
सात सय बीस थियो।
६८ तिनीहरू यरूशलेममा परमप्रभुको
भवनमा आएपछि कुनै कुनै परिवारका
प्रधानहरू चाहिं परमेश्वरको भवन त्यसको
पहिलेकै ठाउँमा पुनर्निर्माण गर्न स्वेच्छापूर्वक
काम गर्न अग्रसर भए। ६९ तिनीहरूले आफ्नो
आफ्नो औकातअनुसार मन्दिर पुनर्निर्माण गर्ने
भण्डारमा जम्मा एकसठ हजार सुनका असर्फी,
पाँच हजार मीना चाँदी र एक सयवटा
पूजाहारीहरूले लाउने पोशाक दिए।
७० ती पूजाहारीहरू, लेवीहरू र कुनै
कुनै मानिसहरू यरूशलेम र त्यसका चारै-
तिरका बस्तीहरूमा बसे। तर गवैया,
द्वारपाल, मन्दिरका सेवक र अरू सबै
इस्राएलीहरू चाहिं आफ्ना आफ्नै गाउँहरूमा
बस्नलागे।

आराधनाको पुनर्स्थापन

३ सातौं महीना लागेपछि इस्राएलीहरू
आफ्ना आफ्ना गाउँहरूमा बसिसकेका
थिए। त्यस बेला मानिसहरू एकै मतो
भएर यरूशलेममा भेला भए। २ तब
परमेश्वरले मोशाको व्यवस्थामा तोकिएअनुसार
होमबलि चढ़ाउन योसादाकका छोरा येशूअ
र तिनका संगी-पूजाहारीहरू, औ शाल्तीएलका
छोरा यरूबाबेल र तिनका कुटुम्बहरू
इस्राएलका परमेश्वरको वेदी निर्माण गर्ने
काममा लागे। ३ तिनीहरूलाई विदेशी
जनताको डर भएको कारण सबैभन्दा
पहिले तिनीहरूले वेदी त्यसको नियत
स्थानमा राखे। तिनीहरूले परमप्रभुको निम्ति
बिहान र बेलुकी दुवै समयको बलिदानमा
होमबलि यसैमा चढ़ाए। ४ तिनीहरूले
तोकिएअनुसार झुप्रो-बासको चाड़ मनाए, र
प्रतिदिनको निम्ति तोकिएको संख्याअनुसार
दिनहुँ होमबलि चढ़ाए। ५ यीबाहेक
नित्यको होमबलि र विश्राम-दिनको लागि
ल्याएका बलि, औंसी र परमप्रभुले ठहराउनु-
भएका सबै पवित्र चाड़हरू र परमप्रभुको
निम्ति ल्याएका सबै राजी-खुशीको भेटी
चढ़ाउनेगरे। ६ यद्यपि परमप्रभुको भवनको
जग अहिलेसम्म बसालिएको नभए तापनि
सातौं महीनाको पहिलो दिनमा होमबलिको
बलिदान शुरू गरियो। ७ तिनीहरूले डकर्मी
र सिकर्मीहरूका निम्ति रुपियाँ, औ सीदोनी
र सोरबासीहरूलाई लबानोनबाट समुद्रको
बाटो यापोसम्म देवदारका काठहरू ल्याउन
तेल र खाना-पीना दिए। किनभने तिनीहरूले

फारसका राजा कोरेसबाट यसो गर्ने अनुमति
पाएका थिए।

मन्दिरको पुनर्निर्माण

८ यरूशलेममा भएको परमेश्वरको भवनमा
फर्केर आएको दोस्रो वर्षको दोस्रो महीनामा
शाल्तीएलका छोरा यरूबाबेल र योशादाकका
छोरा येशूअले तिनीहरूका जम्मै इस्राएली-
संगीहरू, पूजाहारीहरू र लेवीहरू औ कैदबाट
यरूशलेममा फर्केर आएका सबै जनाको
सहायता पाएर काम शुरू गरे। परमप्रभुको
भवनको कामको देखरेख गर्न बीस वर्ष र
त्यसभन्दा उँभोका लेवीहरूलाई उनीहरूले
नियुक्त गरे। ९ परमप्रभुको भवनको काम
गर्नेहरूको जिम्मा लिनेहरूका अधिकारी
येशूअ तिनका छोराहरू र तिनका कुटुम्बहरू,
कदमीएल तिनका छोराहरू, बिन्नूई र
होदबियाह थिए।

१० जब बनाउनेहरूले परमप्रभुको मन्दिरको
जग बसाले, तब पूजाहारीहरूले आफ्ना
पोशाक लगाएर आफ्ना तुरहीका साथमा,
र आसापका छोरा लेवीहरू आफ्ना आफ्ना
खैंजड़ी लिएर इस्राएलका राजा दाऊदले
तोकिदिएको रीतिअनुसार परमप्रभुको प्रशंसा
गर्न आफ्नो आफ्नो ठाउँमा खड़ा भए।
११ औ तिनीहरूले स्तुति गर्दै र परमप्रभुलाई
धन्यवाद दिँदै यसो भनेर गाए, 'परमप्रभुलाई
धन्यवाद दिनु असल कुरो हो, किनभने उहाँको
करुणा इस्राएलमाथि सदा सर्वदै रहिरहँदछ।'
औ परमप्रभुको भवनको जग बसालिएको
हुनाले सबै मानिसहरूले ठूलो सोरले परम-
प्रभुको स्तुति गरे। १२ तर अघिको भवन
देख्ने धेरै जना वृद्ध पूजाहारी, लेवीहरू
र घराना घरानाका प्रधानहरू भवनको जग
बसालेको देखेर रोए, र चर्को सोरले विलाप
गरे। औ अरू धेरै चाहिं आनन्दले चर्को
गरी नारा लाए। १३ मानिसहरूले आनन्दले
कराएको सोर औ रोएको र विलाप गरेको
सोर ठम्याउनसकेनन्। किनभने मानिसहरूले
कराएको सोर यति चर्को थियो कि त्यो
आवाज टाढ़ा टाढ़ासम्म पनि सुनिन्थ्यो।

विरोधीहरूको बाधा

४ कैदबाट फर्केर आएकाहरूले परमप्रभु
इस्राएलका परमेश्वरको मन्दिर बनाउँदै-
छन् भन्ने कुरा जब यहूदा र बिन्यामीनका
शत्रुहरूले सुने, २ तब तिनीहरू यरूबाबेल,
येशूअ र घराना घरानाका प्रधानहरूकहाँ
आएर तिनीहरूलाई यसो भने, "हामीलाई
पनि तपाईंसँग भवन निर्माण गर्न दिनुहोस्,
किनभने हामी पनि तपाईंहरूझैँ तपाईंहरूका
परमेश्वरका खोजीमा छौं। औ हामीलाई यहाँ
ल्याउने अश्शूरका राजा एसरहद्दोनका पाला-
देखिनै हामी उहाँलाईनै बलिदान चढ़ाउँदै
आएका छौं।" ३ तर यरूबाबेल, येशूअ र
इस्राएलका बाँकी रहेका घरानाका प्रधानहरूले
तिनीहरूलाई भने, "यो भवन जो हामी हाम्रा
परमेश्वरका निम्ति निर्माण गरिरहेका छौं
त्यसमा तिमीहरूको केही सम्बन्ध छैन।
फारसका महाराजा कोरेसले हामीलाई आज्ञा
गर्नुभएझैँ हाम्रा परमप्रभु इस्राएलका परमेश्वरका
निम्तिको यो भवन हामी मात्र निर्माण
गर्नेछौं।" ४ तब त्यस देशका मानिसहरूले
यहूदीहरूको मन निराश गराइदिए, र त्यो
भवन निर्माण गर्न त्रासमा पारिदिए। ५ औ
तिनीहरूको अभिप्रायलाई नाश गर्न तिनीहरूले
उनीहरूको विरुद्धमा काम गर्न दरबारका
अफिसरहरूलाई घूस दिए। कोरेसको शासन
कालभरि औ फारसका राजा दाराको शासन-
कालसम्म यस्तो काम चलिनै रह्यो।

६ अहासूरसको राजत्वकालको शुरूमा त्यस
देशका मानिसहरूले यहूदा र यरूशलेमका
बासिन्दाहरूका विरुद्धमा एउटा अभियोग-पत्र
लेखेर पठाए।

७ फारसका राजा आर्ट-जारसेजका
पालामा बिश्लाम, मित्रदात, तोबेल र तिनका

सबै मित्रहरूले उनलाई एउटा चिठी लेखे।
त्यो चिठी अरामी भाषामा लेखिएको थियो,
र अरामी भाषामानै चर्को गरी पढ़ियो।
८ राज्यपाल रहूम र सचिव शिम्शैले
यरूशलेमको विषयमा तल्का विवरण दिएर
अहासूरस राजालाई एउटा चिठी लेखे—
९ राज्यपाल रहूम, सचिव शिम्शै र
तिनीहरूसँग काम गर्ने तिनीहरूका सबै मित्र-
हरू, न्यायाधीश, अञ्चल अञ्चलका हाकीमहरू
कामका देखरेख गर्नेहरू, मुख्य अफिसरहरू,
एरेक र बाबेलका मानिसहरू, शूशनका
एलामीहरू, १० औ अरू मानिसहरूबाट,
जसलाई महान् र प्रसिद्ध ओस्नापरले देश
निकाला गरेर सामरियाको शहर र यूफ्रेटिस
नदीको पारिको प्रान्तमा बसालेका थिए—
११ तिनीहरूले पठाएको चिठीको नकल
यही थियो—आर्ट-जारसेज राजाकहाँ, हजूरको
दास यूफ्रेटिस पारिका मानिसहरूबाट—
१२ "महाराजाधिराजलाई यो कुरो
जाहेर होस् कि हजूरलाई छोड़ेर यस ठाउँमा
आएका यहूदीहरू, यरूशलेममा आइपुगेर
यस दुष्ट र बागी शहरको पुनर्निर्माण गरि-
रहेका छन्। तिनीहरूले त्यसको जग बसालेर
निरीक्षण गरी त्यसको पर्खाल सिध्याउनैलागेका
छन्। १३ महाराजाधिराजलाई यो कुरो
थाह होस् कि तिनीहरूको शहरको पुनर्निर्माण
भयो र त्यसको पर्खाल सिध्याइयो भने तिनी-
हरूले राज-कर, आय-कर र महसूल, अथवा
जमीनको पोत तिर्नेछैनन्। औ आखिरमा
तिनीहरूले राज-सत्तामा हानि ल्याउनेछन्।
१४ किनभने हामी राजाको निमकका सोझो
छौं औ राजाको अपमान गरेको हामी
हेर्न चाहन्नौं। यसैकारण महाराजाधिराजलाई
यो कुरो जनाउनलाई हामी मानिस पठाइरहेका
छौं, कि हजूरका पूर्वजहरूका इतिहासमा तलास
गरिबक्सिओस्। १५ इतिहासहरूमा खोजे
हजूरले यो कुरो पाइबक्सिन्छ कि यो शहर
एउटा बागी शहर हो, जो राज-सत्ता र
प्रान्तहरूमाथि हानि पुऱ्याउने हो। त्यो
शहरमा अघिदेखिनै राजद्रोह फैलिरहेको हुनाले
यो शहर उजाड़ पारिएको हो। १६ महा-
राजाधिराजकहाँ हामी यही जनाउनचाहन्छौं
कि यदि यस शहरको पुनर्निर्माण भयो र
त्यसको पर्खाल सिध्यायो भने त्यसको परिणाम
यही हुनेछ कि यूफ्रेटिस-पारिका प्रान्तमा
अब उपरान्त हजूरको केही अधिकार
रहनेछैन।"
१७ राजाले यस्तो जवाफ पठाए—
"राज्यपाल रहूम, सचिव शिम्शै औ सामरिया-
पारिका बाँकी प्रान्तमा बस्ने तिमीहरूका सबै
सहकर्मीहरूलाई—शान्ति। १८ तिमीहरूले
मलाई पठाएको पत्र मेरो सामने राम्ररी
पढ़ेर सुनायो। १९ मैले हुकूम दिएँ र
खोज-तलास गरियो। औ यो पाइयो कि जुन
शहरको विषयमा यो प्रश्न उठेको छ, त्यस
शहरले राज-सत्ताको विरुद्धमा गरेको राजद्रोहको
एउटा लामो इतिहास रहेछ, औ विद्रोह र
राजद्रोह त्यहाँ चलिनै आएको रहेछन।
२० यूफ्रेटिस-पारिका सबै प्रान्तमाथि आफ्नो
अधिकार जमाएर शक्तिशाली राजाहरूले
यरूशलेममाथि शासन गरेका थिए। औ
मानिसहरूले राज-कर, आय-कर अथवा
जमीनको पोत उनीहरूलाई तिर्ने गरेका रहेछन।
२१ यसकारण यी मानिसलाई काम रोक्नेपर्छ
भनी हुकूम देऊ। त्यस विषयमा मबाट उर्दी
नआउन्जेल त्यस शहरको पुनर्निर्माण नहोस्।
२२ हेर, यस विषयमा तिमीहरूले आफ्नो
कर्तव्यको अवहेलना नगर। नत्रता राज-
अधिकारमाथि अझ क्षति हुनेछ।"
२३ राजा आर्ट-जारसेजको पत्रको
विषय राज्यपाल रहूम, सचिव शिम्शै र
तिनीहरूका सहकर्मीहरूको सामने पढ़िसुनाएपछि
तिनीहरू हतार हतार गरी यरूशलेममा गए,
र यहूदीहरूलाई जबरदस्त काम रोक्नलगाए।
२४ त्यसपछि यरूशलेममा परमप्रभुको भवनको
काम रोकियो। औ फारसका राजा दाराको
राजत्वकालको दोस्रो वर्षसम्मै त्यो काम
रोकियो।

मन्दिरको पुनर्निर्माण

५ तर हाग्गै र इद्दोका छोरा जकर्याह
अगमवक्ताहरूले यरूशलेममा भएका
यहूदीहरूलाई इस्राएलका परमेश्वरको नाउँमा
अगमवाणी कहेर हप्काए। २ तब शाल्ती-
एलका छोरा यरूबाबेल र योशादाकका छोरा
येशूअले फट्टै यरूशलेममा परमेश्वरको भवनको
पुनर्निर्माण गर्नथाले। औ परमेश्वरका
अगमवक्ताहरूले पनि तिनीहरूका साथ दिएर
तिनीहरूलाई सघाए। ३ तर यूफ्रेटिस-पारिका
प्रान्तका राज्यपाल तत्तनै, शत्तर-बोज्नै र
तिनीहरूका सहकर्मीहरूले तुरुन्तै उनीहरूकहाँ
आएर भने, "यो भवनको पुनर्निर्माण र
यसको काठका सम्पूर्ण काम सिध्याउन
तिमीहरूलाई कसले आज्ञा दियो?"
४ तिनीहरूले उनीहरूसँग त्यस निर्माणको
काममा लाग्ने मानिसहरूका नाउँ पनि मागे।
५ तर यहूदी बूढ़ा-प्रधानहरू ता परमेश्वरको
निगाह पात्र भएकोले दारा राजाकहाँ खबर
पुगेर त्यसको जवाफमा शाही-पत्र नपाउञ्जेल-
सम्म काम गरिरहन तिनीहरूलाई कसैले
रोक्नसकेनन्।

६ दारा राजालाई यूफ्रेटिस-पारिका
प्रान्तका हेर-विचार गर्नेहरूले पठाएको
चिठीको विषय यस्तो छ। ७ तिनीहरूले
पठाएको चिठीको लिखित विवरण यही हो—
दारा राजाकहाँ, सम्पूर्ण शान्ति।
८ "महाराजाकहाँ यो कुरो जाहेर होस्
कि हामी यहूदाको प्रान्तमा गएका थियौं,
औ यहूदी बूढ़ा-प्रधानहरूले बड़े बड़े ढुङ्गाहरू
र काठहरूमा पर्खाल खड़ा गरेर ती महान्
परमेश्वरको भवन निर्माण गरिरहेका रहेछन्।
औ तिनीहरूको देखरेखमा काम राम्ररी
गरेर निकैनै सिध्याएको हामीले देख्यौं।
९ 'यस भवनको पुनर्निर्माण र सम्पूर्ण काम
सिध्याउन तिमीहरूलाई कसले आज्ञा-पत्र
दियो?" भनी हामीले तिनीहरूलाई सोध्यौं।
१० औ हजूरलाई सूचना दिन तिनीहरूका
नेताहरूका नाउँको सूची तयार गर्न हामीले
तिनीहरूका नाउँ पनि माग्यौं। ११ तर
तिनीहरूले यस्तो जवाफ दिए, 'हामी ता
स्वर्ग र पृथ्वीका परमेश्वरका सेवक हौं।
औ धेरै वर्षअघि बनाएको भवन पो हामी
पुनर्निर्माण गरिहेका छौं। इस्राएलका एउटा
महान् राजाले यो बनाएर सिध्याएका थिए।
१२ तर हाम्रा पुर्खाहरूले स्वर्गका परमेश्वरलाई
रिस उठाएको हुनाले उहाँले उनीहरूलाई
बाबेलका कल्दी राजा नबूकदनेसरको हातमा
सुम्पिदिनुभयो। तिनले यस भवनलाई
भत्काएर मानिसहरूलाई कैद गरी बाबेलमा
लगे। १३ तर बाबेलका राजा
कोरेसले आफ्नो शासनको पहिलो वर्षमा
परमेश्वरको यो भवनको पुनर्निर्माण गरिओस्
भन्ने एउटा आज्ञा-पत्र निकाल्नुभयो।
१४ त्यसबाहेक परमेश्वरको भवनमा सुन र
चाँदीका भाँड़ाहरू थिए। ती चाहिं
नबूकदनेसरले यरूशलेमको मन्दिरबाट लगेर
बाबेलको मन्दिरमा राख्नुभएको थियो। ती
यिनै कोरेस राजाले बाबेलको मन्दिरबाट
निकालेर राज्यपाल नियुक्त गर्नुभएका
शेशबस्सर नाउँका एक जना मानिसलाई
दिएर भन्नुभयो, १५ 'यी भाँड़ाहरू लगेर
यरूशलेमको मन्दिरमा फेरि राखिदेऊ। औ
त्यहाँका परमेश्वरको भवन त्यसको अहिलेकै
स्थानमा पुनर्निर्माण गरिओस्'।' १६ त्यसपछि
यिनै शेशबस्सरले आएर यरूशलेममा
परमेश्वरको भवनको जग बसाले। त्यस
बेलादेखि अहिलेसम्म त्यसको पुनर्निर्माण
भइरहेछ। औ त्यो काम अझसम्म
सिध्याएको छैन। १७ यसकारण, अब,
हजूर महाराजाको इच्छा भए हजूरले
बाबेलको शाही-ऐतिहासिक घटनाहरू लेखेर
राखिएको स्थानमा खोजतलास गरिबक्सिस्गेस्।
यो खोज्नलाई कि यरूशलेममा परमेश्वरको
भवनको पुनर्निर्माणको निम्ति राजा कोरेसले
आज्ञा-पत्र निकाल्नुभएको रहेछ कि रहेनछ।
त्यसपछि यस विषयमा महाराजाले हामीलाई

आफ्नो इच्छा जनाइबक्सिओस्।"
६ तब दारा राजाले यो हुकुम गरे,
र बाबेल्मा ऐतिहासिक घटनाहरू
लेखेर राखिएको र धनसम्पत्ति जम्मा गरिने
स्थानमा खोज-तलास गरियो। २ मादी
प्रान्तको एक्बातानामा एउटा बेहेरूवा भेट्टाइयो,
त्यसमा यो स्मारक-पत्र लेखिएको थियो—
३ कोरेस राजाको पहिलो वर्षमा
राजाले यरूशलेमका परमेश्वरको भवनको
विषयमा यो उर्दी निकालिबक्सियो—"त्यो भवन
बलिदान चढ़ाउन र होमबलि ल्याउनको निम्ति
पुनर्निर्माण गरिओस्। त्यसको उँचाइ साठी
हात र चौड़ाइ साठी हातको, ४ ठूला ठूला
ढुङ्गाका तीस लहर र काठको एक लहर
होस्। त्यसको खर्च चाहिँ शाही-कोषबाट
दिनू। ५ नबूकदनेसरले यरूशलेमको मन्दिर-
बाट निकालेर बाबेलमा ल्याएका परमेश्वरको
भवनका सुन र चाँदीका भाँड़ाहरू पनि फेरि
तिनकै स्थानमा राखिदिनू। ती सबै यरू-
शलेमको मन्दिरमा लानू, र परमेश्वरको
भवनको आफ्नो आफ्नो स्थानमा हरेक चीज
राखिदिनू।"
६ तब दारा राजाले यस्तो हुकुम गरे—
"यसैले अब, यूफ्रेटिस-पारिको प्रान्तका राज्य-
पाल तत्तनै, शत्तर-बोज्नै र यूफ्रेटिस-पारिको
प्रान्तका हेर-विचार गर्ने तिमीहरूका सहकर्मी-
हरूलाई—७ तिमीहरू त्यस स्थानबाट
अलग रहनू, औ तिमीहरूले यहूदीहरूका
राज्यपाल र तिनीहरूका बूढ़ा-प्रधानहरूलाई
परमेश्वरको भवन पुनर्निर्माण गर्न छोड़िदिनू।
तिनीहरूले त्यो त्यसको पहिलेकै स्थानमा
बनाऊन्। ८ परमेश्वरको त्यो भवन पुन-
र्निर्माण गरिओस् भनी तिमीहरूले ती यहूदी
बूढ़ा-प्रधानहरूका निम्ति के गर्नुपर्छ सो पनि
म तिमीहरूलाई हुकुम गर्दैछु। औ त्यो
काम नरोकिओस् भनेर यूफ्रेटिस-पारिको
प्रान्तबाट आएको करको आमदानीबाट पाएको
शाही-कोषबाट तिनीहरूको खर्च भर्नू।
९ औ तिनीहरूलाई चाहिएका जेसुकै कुरा
तिमीहरूले दिनहुँ नबिराईकन दिनू, अर्थात्
बाछा, भेड़ा, अथवा थुमाहरू स्वर्गका
परमेश्वरलाई चढ़ाउने होमबलिका थोकहरू,
अथवा गहुँ, नून, दाखमद्य, तेल, जस्तो
यरूशलेमका पूजाहारीहरूले माग्छन् ती दिनू।
१० औ तिनीहरूले स्वर्गका परमेश्वरलाई मनपर्ने
बलिदान चढ़ाऊन् र राजा र तिनका छोरा-
हरूको दीर्घायुको निम्ति तिनीहरूले प्रार्थना
गरिदेऊन्। ११ त्यसबाहेक, म यस्तो हुकुम
दिँदैछु, कि जसले यस उर्दीलाई परिवर्त्तन
गर्ला त्यसको घरबाट एउटा खामो उखालेर
त्यसलाई त्यही खामामा ठाड़ै बाँधेर कोर्रा
लगाइनेछ। औ त्यति मात्र होइन, तर
त्यसको घर पनि जब्त गरिनेछ। १२ औ
आफ्नो नाउँको निम्ति त्यस स्थानलाई
एउटा बासस्थान बनाउनुहुने परमेश्वरलेनै यस
उर्दीलाई परिवर्त्तन गर्ने वा यरूशलेमको
परमेश्वरको त्यस भवनलाई नष्ट गर्न आँट गर्ने
कुनै पनि राजा वा मानिसलाई विध्वंस गरून्।
म, दारा राजाले यो उर्दी निकालेको हुँ।
औ त्यो अक्षरशः पूरा गरिओस्'।"
१३ तब दारा राजाले तिनीहरूलाई
दिएका आदेश यूफ्रेटिस पारिका प्रान्तका
राज्यपाल तत्तनै, शत्तर-बोज्नै औ तिनीहरूका
सहकर्मीहरूले अक्षरशः पालन गरे, १४ र
यहूदी बूढ़ा-प्रधानहरू पुनर्निर्माणको काममा
लागिरहे। हाग्गै अगमवक्ता र इद्दोका छोरा
जकर्याहका अगमवाणीको फल-स्वरूप तिनीहरू
यस काममा सफल भए। इस्राएलका
परमेश्वरको आज्ञाअनुसार औ कोरेस, दारा
र फारसका राजा आर्ट-जारसेजका उर्दीअनुसार
तिनीहरूले भवनको पुनर्निर्माण गरेर काम
सिध्याए। १५ दारा राजाको छैटौं वर्षको
अदार महीनाको तेईसौं दिनमा भवनको काम
सिद्धियो।
१६ त्यसपछि इस्राएलका मानिस, पूजाहारी,
लेवीहरू र कैदबाट फर्केर आएका अरू सबैले
ठूलो रमाहटसाथ परमेश्वरको भवनको समर्पण-

सेवा मनाए। १७ त्यसको समर्पण-सेवामा
तिनीहरूले एक सय साँढ़े, दुइ सय साँढ़-भेड़ा,
चार सय थुमा, औ सबै इस्राएलका पापबलिको
निम्ति इस्राएलका कुलहरूको संख्याअनुसार
बाह्रवटा बोका चढ़ाए। १८ तिनीहरूले
मोशाको पुस्तकमा लेखिएबमोजिम पूजाहारी-
हरूलाई तिनीहरूका दल दलअनुसार र
लेवीहरूलाई तिनीहरूका भाग भागअनुसार
यरूशलेममा परमेश्वरको सेवा गर्न पुनःस्थापन
गरे।

१९ पहिलो महीनाको चौधौं दिनमा
कैदबाट फर्केर आएकाहरूले निस्तार-चाड़
मनाए। २० पूजाहारीहरू र लेवीहरू सबैले
आफू आफूलाई विधिपूर्वक पवित्र गरे।
तिनीहरू सबै विधिपूर्वक शुद्ध भए, औ
तिनीहरूले कैदबाट आएका सबैका निम्ति
आफ्ना आफ्ना पूजाहारी-संगीहरूका निम्ति र
आफ्नै निम्ति निस्तार-चाड़को थुमा मारे।
२१ कैदबाट फर्केर आएका इस्राएलीहरू औ
देशका मानिसहरूबाट र तिनका अशुद्धेईंबाट
अलग रहेर परमप्रभु इस्राएलका परमेश्वरलाई
खोज्नेहरू सबैले त्यो खाए। २२ औ
तिनीहरूले रमाहटसाथ सात दिनसम्म अखमीरे
रोटीको चाड़ धूमधामसित मनाए। किनभने
अश्शूरका राजाको मन बद्लिगरिदिएर परम-
प्रभुले तिनीहरूलाई आनन्दित तुल्याउनुभएको
थियो। परमेश्वर इस्राएलका परमेश्वरको भवनको
काममा तिनीहरूलाई अश्शूरका राजाले
प्रोत्साहन दिए।

यरूशलेममा आएका एज्रा र तिनको दल

७ यी घटनापछि फारसका राजा आर्ट-
जारसेजको राजत्वकालमा सरायाहका
छोरा एज्रा बावेलबाट उक्लेर आए। तिनी
अजर्याहका छोरा, जो हिल्कियाहका छोरा,
२ जो शल्लूनका छोरा, जो सादोकका छोरा,
जो अहीतूबका छोरा, ३ जो अमर्याहका
छोरा, जो अजर्याहका छोरा, जो मरायोतका
छोरा, ४ जो जरहियाहका छोरा, जो
उज्जीका छोरा, जो बुक्कीका छोरा, ५ जो
अबीशूअका छोरा, जो पीनहासका छोरा,
जो एलाजारका छोरा, जो प्रधान पूजाहारी
हारूनका छोरा थिए। ६ परमप्रभु इस्राएलका
परमेश्वरले तिनीहरूलाई मोशाद्वारा दिनुभएको
व्यवस्थामा एज्रा चाहिं एक विशेषज्ञ थिए।
तिनले मागेका सबै कुरा राजाले मञ्जूर
गरिदिए। किनभने परमप्रभु तिनका परमेश्वरको
हात तिनीमाथि थियो। ७ आर्ट-जारसेज
राजाको सातौं वर्षमा इस्राएली, पूजाहारी,
लेवी, गवैया, द्वारपाल र मन्दिरका सेवकहरू
तिनका साथ यरूशलेममा गए। ८ औ
तिनै राजाका सातौं वर्षको पाँचौं महीनामा
तिनीहरू यरूशलेममा पुगे।

९ पहिलो महीनाको पहिलो दिनमा
तिनले बावेलबाट बिदा लिने दिन तोकिदिए,
र पाँचौं महीनाको पहिलो दिनमा तिनीहरू
यरूशलेममा आइपुगे। किनभने परमप्रभुको
कृपालु हात तिनीमाथि थियो। १० एज्राले
परमप्रभुको व्यवस्था अध्ययन गर्न र पालन
गर्न औ इस्राएलमा धर्म-विधि र धार्मिक-
विचार सिकाउन मन दिएका थिए।

११ इस्राएललाई दिनुभएका परमप्रभुका
आज्ञा र धर्म-विधिको विषय, र धार्मिक
प्रश्नमा विशेषज्ञ पूजाहारी-शास्त्री एज्रालाई
आर्ट-जारसेज राजाले दिएका शाही-पत्रको
नकल यही हो—

१२ "राजाहरूका महाराजा आर्ट-जारसेज-
बाट स्वर्गका परमेश्वरको व्यवस्थामा निपुण
पूजाहारी-शास्त्री एज्रालाई—१३ यो मेरो
दृढ़ संकल्प हो, र म यो उर्दी दिँदैछु कि
मेरो देशमा भएको कुनै पनि मानिस अथवा
त्यसका पूजाहारी वा लेवीहरू जो राजी-
खुशीसित यरूशलेममा जानचाहन्छ त्यो
तिमीसँग जानसक्छ। १४ तिम्रो जिम्मामा
भएको तिम्रा परमेश्वरको व्यवस्थाको सम्बन्धमा
यहूदा र यरूशलेममा के भइरहेछ वा कस्तो

चल्दैछ सो हेर-विचार गर्न राजा र तिनका
सात जना सल्लाहकारहरूले तिमीलाई पठाएका
हुन्। १५ राजा र तिनका सल्लाहकारहरूले
यरूसलेममा वासस्थान हुने इस्राएलका परमेश्वर-
लाई सित्तैंमा दिएका, सुन र चाँदी पनि
तिमीले लानू। १६ बाबेलका प्रदेशभरि तिमीले
पाउने कुनै पनि सुन र चाँदी साथै लानू,
र यरूशलेममा तिनीहरूका परमेश्वरको भवनको
निम्ति मानिसहरू र पूजाहारीहरूले राजी-
खुशीसित जो भेटीहरू दिन्छन् ती पनि
तिमीले लैजानसक्छौ। १७ यस उर्दीअनुसार
तिमीले यरूशलेमका तिम्रा परमेश्वरको वेदीमा
चढ़ाइने साँढे, साँढ-भेड़ा, थुमाहरू र यथोचित
अन्नबलि र अर्घबलिका सामानहरू किन्न मात्र
त्यो पैसा चलाउनसक्छौ। १८ त्यसबाहेक कुनै
सुन वा चाँदी उब्र्यो भने तिम्रा परमेश्वरको
इच्छाबमोजिम तिमी र तिम्रा दाज्यू-
भाइहरूले जस्तो ठीक लाग्छ त्यसरीनै त्यो
चलाउनसक्छौ। १९ तिम्रा परमेश्वरको भवनको
कामको निम्ति दिएका भाँड़ाहरू चाहिँ तिमीले
यरूशलेमका परमेश्वरलाई दिनू। २० औ
तिम्रा परमेश्वरको भवनको निम्ति चाहिएका
कुनै पनि जुटाउने चीज तिमीले राज-कोषबाट
जुटाउनसक्छौ।

२१ औ म, राजा आर्ट-जारसेज यूफ्रेटिस-
पारिको प्रान्तका सबै कोषाध्यक्षहरूलाई यो
हुकुम दिँदैछु—स्वर्गका परमेश्वरको व्यवस्थामा
निपुण पूजाहारी एज्राले तिमीहरूलाई जेसुकै
मागेबमोजिम झट्टै जुटाइदिनु—२२ अर्थात्
एक सय तोड़ा चाँदी, एक सय मुरी गहुँ,
एक सय पाथी दाखमद्य, एक सय पाथी
तेल, र नून चाहिँ जत्ति चाहिन्छ
नसोधीकनै दिहाल्नू। २३ स्वर्गका परमेश्वरले
जे आज्ञा गर्नुहुन्छ त्यो स्वर्गका परमेश्वरको
भवनको निम्ति झट्टै पूरा गरिदिनू, नत्रता
राजा र तिनका छोराहरूको राज्यमाथि क्रोध
आइपर्ला। २४ हामी यो पनि तिमीहरूलाई
जनाउँदैछौं, कि कुनै पनि पूजाहारी, लेवी,
गवैया, द्वारपाल, मन्दिरका सेवक अथवा
परमेश्वरको यस भवनका अरू सेवकहरूलाई
राज-कर र जमीनको पोत लाउने तिमीहरू-
लाई अधिकार छैन।

२५ औ तिमी, एज्राले चाहिं तिमीसित
भएको तिम्रा परमेश्वरको बुद्धिअनुसार
यूफ्रेटिस-पारिको प्रान्तका तिम्रा परमेश्वरका
व्यवस्थालाई स्वीकार गर्ने तिम्रा सबै
मानिसमाथि न्याय गर्न मध्यस्थ र न्यायकर्त्ता
नियुक्त गर्नू। तिमी र तिनीहरूले ती
स्वीकार नगर्नेहरूलाई सिकाउनू। २६ तिम्रा
परमेश्वरको व्यवस्थाको र राजाको कानून
पालन नगर्ने जुनसुकैलाई पनि कठोर दण्ड
दिनू—चाहे मृत्यु-दण्ड होस् वा देश-निष्कासन
होस्। त्यसका सबै सम्पत्ति जब्त गर्नू वा
कैद गर्नू।"

एज्राको प्रार्थना

२७ तब एज्राले भने, "परमप्रभु हाम्रा
पुर्खाहरूका परमेश्वर धन्यका होऊन्,
जसले राजालाई यसरी यरूशलेममा भएको
परमेश्वरको भवनको महिमा बढ़ाउन
राजाको मनमा यो विचार हालिदिनुभयो,
२८ औ राजा, तिनका सल्लाहकारहरू र
तिनका सबै उच्च पदाधिकारीहरूलाई मतर्फ
कृपादृष्टि गर्ने तुल्याउनुभयो।"

यसैले परमप्रभु मेरा परमेश्वरको हात
ममाथि रहेको छ भनी जानेर मैले साहस
गरें, र मसँग जान इस्राएलका मुख्य मुख्य
मानिसहरूलाई मैले भेला गरें।

८ आर्ट-जारसेज राजाको राजत्वकालमा
बाबेलबाट मसँग गएका घराना
घरानामध्येका सूचीमा लेखिएका परिवारहरूका
प्रधानहरू यिनै हुन्—

२ पीनहासका परिवारका—गेर्शोम।
ईतामारका परिवारका—दानियेल। दाऊदका
परिवारका—शकन्याहका छोरा हत्तूश।
३ परोशका परिवारका—जकर्याह, औ

तिनीसँग सूचीमा भएका एक सय पचास
जना पुरुष। ४ पहत-मोआबका परिवारका
—जरहियाहका छोरा एल्यहोएनै, औ
तिनीसँग दुइ सय जना पुरुष। ५ जत्तूका
परिवारका—यहजीएलका छोरा शकन्याह, औ
तिनीसँग तीन सय जना पुरुष। ६ आदीनका
परिवारका जोनाथनका छोरा एबेद, औ
तिनीसँग पचास जना पुरुष। ७ एलामका
परिवारका—अतल्याहका छोरा यशयियाह, औ
तिनीसँग सत्तरी जना पुरुष। ८ शपत्याहका
परिवारका—मीकाएलका छोरा जबदियाह, औ
तिनीसँग अस्सी जना पुरुष। ९ योआबका
परिवारका—यहीएलका छोरा ओबदियाह, औ
तिनीसँग दुइ सय अठाह जना पुरुष।
१० बानीका परिवारका—योसिपियाहका
छोरा शलोमीत, औ तिनीसँग एक सय
साठी जना पुरुष। ११ बेबैका परिवारका—
बेबैका छोरा जकर्याह, औ तिनीसँग अट्ठाईस
जना पुरुष। १२ अज्गादका परिवारका—
हक्कातानका छोरा योहानान, औ तिनीसँग
एक सय दश जना पुरुष। १३ आखिरी
चाहिं अदोनीकामका परिवारका थिए।
तिनका नाउँ यिनै हुन्—एलीपेलेत, यीएल,
शमायाह औ तिनीहरूसँग साठी जना पुरुष।
१४ औ बेग्वैका परिवारका—उत्तै र जब्बूद,
औ तिनीहरूसँग सत्तरी जना पुरुष।

१५ मैले तिनीहरूलाई अहावातिर बग्ने
नदीको किनारमा भेला गरें। औ हामी
त्यहाँ तीन दिनसम्म छाउनी हालेर बस्यौं।
जब मैले मानिसहरू र पूजाहारीहरूको निरीक्षण
गरें तब मैले कुनै पनि लेवीलाई त्यहाँ
देखिनँ। १६ यसैले मैले एलाजार, अरीएल,
शमायाह, एल्नातान, यारीब, एल्नातान,
नातान, जकर्याह र अश्शूलाम, यी मुख्य
मुख्य मानिसहरू औ योयारीब र एल्नातान
यी बुद्धिमान मानिसहरूलाई १७ कासिपियाह
इलाकाका मुखिया इद्दोकहाँ जान आदेश
दिएर पठाएँ। औ मैले तिनीहरूका हातमा
तिनको र तिनका कुटुम्ब, त्यहाँका मन्दिरका
सेवकहरूका निम्ति हाम्रा परमेश्वरको भवनको
लागि हामीकहाँ सेवकहरू पठाइदेऊन् भनी
समाचार पठाएँ। १८ किनभने हाम्रा
परमेश्वरको कृपालु हात हामीमाथि रहेकोले
गर्दा उनीहरूले हामीकहाँ इस्राएलका छोरा,
लेवीका छोरा महलीका परिवारका एक
बुद्धिमानी मानिस शरेबियाहलाई, तिनका
छोराहरू र कुटुम्बहरूका साथमा जम्मा अठाह
जना पुरुषहरूलाई पठाएँ। १९ हशबियाह-
लाई पनि मरारीका परिवारका यशायियाहका
साथमा तिनका कुटुम्ब र तिनीहरूका बीस
जना पुरुषलाई पठाएँ। २० यीबाहेक दुइ
सय बीस जना मन्दिरका सेवकहरू थिए।
लेवीहरूलाई सघाउन यो विधि दाऊद र
तिनका अफिसरहरूले स्थापित गरेका थिए।
यिनीहरू सबै नाउँ नाउँ गरी तोकिएका
थिए।

२१ तब हाम्रा परमेश्वरका सामने हामी
आफैंलाई दीन तुल्याउन र हाम्रा आफ्नै
निम्ति, हाम्रा बाल-बच्चाहरूका निम्ति र
हाम्रा सबै सम्पत्तिका निम्ति कुशलको यात्रा
देऊन् भनी मैले त्यहाँ अहावा नदीको
किनारमा उपवास गर्नुपर्छ भनी घोषणा गरें।
२२ किनभने बाटोमा हाम्रा शत्रुहरूका
विरुद्धमा सिपाहीहरू र घोड़चढ़ीहरू हामीलाई
सहायता गर्न हाम्रो साथमा रक्षक भई
जानलाई राजाकहाँ माग्न मलाई शर्म लाग्यो।
किनभने हामीले राजालाई यसो भनेका थियौं,
'तिनीहरूको हितको निम्ति उहाँलाई खोज्ने
सबैमाथि हाम्रा परमेश्वरको निगाह रहन्छ।
तर उहाँलाई त्याग्नेहरू सबैमाथि उहाँको
भयङ्कर क्रोध पर्छ।' २३ यसैले हाम्रो
कुशलको यात्राको लागि हामीले उपवास
बसेर हाम्रा परमेश्वरलाई बिन्ती चढ़ायौं, र
उहाँले हाम्रो बिन्ती सुन्नुभयो।

२४ तब मैले शेरेब्याह र हबिशयाह औ
तिनीहरूका कुटुम्बका दश जनाका साथमा
पूजाहारीहरूमध्येका बाह जना मुख्य मुख्य-
हरूलाई अलग गरें, २५ र राजा र तिनका

सङ्ग्राहकारहरू, तिनका अफिसरहरू र उपस्थित भएका सबै इस्राएलीहरूले परमप्रभुको भवनको निम्ति भेटीको रूपमा अलग गरेका सुन, चाँदी र अरू भाँड़ाहरू तिनीहरूका हातमा मैले दिएँ। २६ मैले तिनीहरूका हातमा छ सय तोड़ा चाँदी, दुइ तोड़ा ओजनका एक सय चाँदीका भाँड़ाहरू, २७ एक सय तोड़ा सुन, एक हजार असर्फीका मोलका बीसवटा सुनका बाटा र सुनजस्तै असल रातो-तामाका दुइवटा भाँड़ाहरू पनि दिएँ। २८ मैले ती मानिसहरूलाई भनें, 'तिमीहरू परमप्रभुमा समर्पित भएका छौ, औ यी भाँड़ाहरू पनि पवित्र छन्। यी सुन र चाँदीहरू परमप्रभु तिमीहरूका पुर्खाहरूका परमेश्वरलाई चढ़ाएका राजी-खुशीका भेटी हुन्। २९ पूजाहारी, लेवी र मुखियाहरू औ यरूशलेममा भएका इस्राएलका परिवारका मुखियाहरूकहाँ परमप्रभुका भवनको कोठाहरूमा ती नदिऊन्जेलसम्म तिमीहरूले तिनका रखवाली गर्नू।'

३० यसैले ती पूजाहारीहरू र लेवीहरूले यरूशलेमको परमेश्वरको भवनमा लैजान पठाएका सुन, चाँदी र भाँड़ाहरूका जिम्मा लिए। ३१ औ पहिलो महीनाको बाह्रौं दिनमा यरूशलेम जान हामी अहावा नदीबाट हिंड्यौं। परमेश्वर हामीसँग हुनुभएकोले हामीलाई उहाँले बाटोमा शत्रुहरू र ढुकेर बस्ने लुट्नेहरूदेखि बचाउनुभयो। ३२ यरूशलेममा पुगेपछि हामीले तीन दिनसम्म विश्राम गर्‍यौं। ३३ औ चौथो दिनमा ती सुन, चाँदी र भाँड़ाहरू हाम्रा परमेश्वरको घरमा उरियाह पूजाहारीका छोरा मरेमोतको जिम्मामा दियौं। तिनीसँग पीनहासका छोरा एलाजार थिए। तिनीहरूसँग लेवीहरू येशूअका छोरा योजाबाद र बिन्नूईका छोरा नोअदियाह थिए। ३४ सबै कुरा जाँच गरी गरीकन दिइयो। त्यस बेला सँगसँगै जम्मै सामानको एउटा लिखित सूची पनि बनाइयो। ३५ त्यसपछि कैदबाट फर्केकाहरू, अर्थात् फर्केर आएका निष्कासन गरिएकाहरूले इस्राएलका परमेश्वरको निम्ति बाह्रवटा साँढ़े, सबै इस्राएलका निम्ति छियानब्बे साँढ़-भेड़ा र सत्तहत्तर थुमा, बाह्रवटा बोकाको साथमा पापबलि पनि चढ़ाए। यी सबै परमप्रभुको निम्ति होमबलि गरी चढ़ाए। ३६ तिनीहरूले यूफ्रेटिस-पारिको प्रान्तका राजकीय प्रदेशपाल र राज्यपालहरूलाई राजाका लिखित-आज्ञा पनि दिए। औ त्यसले गर्दा मानिसहरू र परमेश्वरको भवनमा ठूलो मदत मिल्यो।

एज्राको प्रार्थना र पश्चाताप

९ जब यी सबै गरिसिध्याए तब कुनै कुनै मुखियाहरूले मकहाँ आएर भने, 'इस्राएलका मानिस, पूजाहारी र लेवीहरूले विदेशी मानिसहरू, अर्थात कनानी, हित्ती, परिज्जी, यबूसी, अम्मोनी, मोआबी, मिश्री र एमोरीहरूका घिनलाग्दा कामहरूदेखि आफूलाई अलग राखेका छैनन्। २ तिनीहरूले यी जातिहरूका स्त्रीहरूलाई आफना र आफना छोराहरूका निम्ति पत्नीहरू राखेका छन्, र यसरी पवित्र जाति विदेशी मानिसहरूसँग मिसिएका छन्। औ यसमा मुखियाहरू र न्यायकर्त्ताहरूनै खास दोषी छन्।' ३ जब मैले यो कुरा सुनें तब आफ्नो पोशाक र खाष्टो फारें, र आफ्नो कपाल र दाह्रीका केश उखेलें र अवाक् भइरहें। ४ औ यी कैदमा गएकाहरूको दोषले गर्दा इस्राएलका परमेश्वरका वचनदेखि डराउनेहरू सबै मतर्फ भएर जम्मा भए। म त्यहाँ बेलुकीको बलिदानको समयसम्मै अवाक् भइरहें।

५ तब बेलुकीको बलिदानको समयमा म फाटेका पोशाक र खाष्टोमानै आफ्नो यस अवाक् अवस्थाबाट उठें। मैले घुँड़ा टेकेर परमप्रभु मेरा परमेश्वरतिर हात पसारेर भनें, ६ "हे मेरा परमेश्वर, म अति चूर्ण अवस्थमा पुगेको छु। मेरो अनुहार तपाईं-

तिर उठाउन पनि म लजाउँछु। मेरा
परमेश्वर, हामी आफ्ना अधर्ममा पतित
भएका छौं। औ हाम्रो दोष यति ठूलो
भएको छ कि त्यो आकाशसम्मै पुगेको छ।
७ हाम्रा पुर्खाहरूका दिनदेखि आजको
दिनसम्म हाम्रो दोष अत्यन्तै ठूलो भएको छ।
हाम्रै अधर्महरूले गर्दा हाम्रा राजा र
हाम्रा पूजाहारीहरूलाई विदेशी राजाहरूका
हातमा मृत्यु, कैद, लूटपीट र साह्रै
बेइज्जतीको शिकार हुनुपर्‍यो। औ हाम्रो
वर्त्तमान दशा पनि यस्तै छ। ८ तर अब
परमप्रभु हाम्रा परमेश्वर हाम्रो निम्ति केही
बाँकी मानिसहरू छोडी आफ्नो पवित्र
स्थानमा हामीलाई स्थान दिएर हामीमाथि
एक छिनको लागि कृपालु हुनुभएको छ।
९ उहाँलेनै हाम्रो आँखालाई फेरि उज्यालो
पारिदिनुभएको छ। हाम्रो दासत्वको समयमा
हाम्रा परमेश्वरले हामीलाई त्याग्नुभएको छैन।
तर हामीले हाम्रा परमेश्वरको भवन फेरि
मरम्मत गर्न र त्यसका भत्केका भागलाई
पुनर्निर्माण गर्न र हामीलाई यहूदा र
यरूशलेममा रक्षाको निम्ति एउटा पर्खाल
बनाउन हामीलाई नयाँ जीवनको साधन
दिलाउन फारसका राजाहरूलाई हामीमाथि
कृपालु तुल्याइदिनुभयो। १० अब हे हाम्रा
परमेश्वर, यति भएपछि हामी के भनौं?
११ तपाईंले आफ्ना दास अगमवक्ताहरूद्वारा
दिनुभएका आज्ञाहरूको अवहेलना हामीले
गरेका छौं। जब तपाईंले यसो भन्नुभएको
थियो, 'तिमीहरूले अधिकार गर्न तिमीहरू
पसिरहेको त्यो देश एक दूषित देश छ—
आफ्ना घिनलाग्दा चलनद्वारा विदेशीहरूले
दूषित पारेको देश। त्यो देश कुना
कुनासम्मै अशुद्ध पारिएको छ। १२ यसकारण
तिमीहरूले आफ्ना छोरीहरूलाई तिनीहरूका
छोराहरूसित, औ तिमीहरूका छोराहरूलाई
तिनीहरूका छोरीहरूसित विवाह नगरिदिनू।
तिनीहरूले तिनीहरूका भलाइ र उन्नतिको
चाह नगर्नू। यसरी तिमीहरू शक्तिशाली
भएर त्यस देशका असल असल कुराहरूको
भोग गर्नेछौ। तिमीहरूका सन्तानलाई ती
सदा सर्वदैको अधिकार हुनलाई छोड़ि-
राख्नेछौ।' १३ अब हाम्रा खराब कामहरू
र हाम्रो ठूलो दोषका निम्ति हामीले दुःख
पाएका भए तापनि—यद्यपि तपाईं, हाम्रा
परमेश्वरले हामीलाई हाम्रा अधर्मको कारण
पाउनुपर्ने थोरैनै दण्ड दिनुभएको छ, र
हामी अहिले बाँचेझैं हामीलाई बाँच्नदिनु-
भएको छ—१४ के हामी तपाईंका आज्ञाहरू
उल्लङ्घन गरेर यी मानिसहरूसँग वैवाहिक
सम्बन्ध जोड़ौं? तिनीहरू ता यस्ता
घिनलाग्दा चालहरूमा चल्छन्। बाँचेका कुनै
बचति भाग खतम नहोउन्जेल तपाईंले
हाम्रो विरुद्धमा आफ्नो रिस थाम्नुहुने
थिएन? १५ हे परमप्रभु इस्राएलका
परमेश्वर, तपाईं न्यायी हुनुहुन्छ। अब
अघिझैं, बाँचेकाहरूको हामी एक बचति
भाग मात्रै हौं। तपाईंको दृष्टिमा हामी
दोषी भए तापनि हामीमाथि कृपादृष्टि
राख्नुहोस्। किनभने हाम्रो दोषले गर्दा
हामीमध्येको कोही पनि तपाईंको सामने
टिक्नसक्तैन।"

विदेशी पत्नीहरू र छोरा-छोरीको त्याग

१० जब एज्रा परमप्रभुको भवनको अघि
घोप्टो परेर प्रार्थना गर्दै, पश्चाताप
गर्दै र रुँदै थिए, तब इस्राएलको एउटा ठूलो
भीड़—लोग्ने-मानिस, स्वास्नी-मानिस, र केटा-
केटीहरू तिनको चारैतिर भेला भए। औ
तिनीहरू सबै धुरुधुरु रोए। २ तब एलामका
परिवारको एक जना यहीएलको छोरा
शकन्याहले सम्बोधित गरेर एज्रालाई भने,
"विदेशी मानिसहरूका छोरीहरू, विदेशी
पत्नीहरू ल्याएर हामीले आफ्ना परमेश्वरको
विरुद्धमा अपराध गरेका छौं। तर यसो
भए तापनि इस्राएलका निम्ति अझै केही
आशा छ। ३ यसकारण अब यी सबै

स्वास्नीमानिसहरू र तिनीहरूका छोरा-छोरी
सबैलाई, हे हजूर, तपाइंका र हाम्रा
परमेश्वरका आज्ञादेखि डराउनेहरूको सल्लाह-
अनुसार त्यागिदिने हामी आफै हाम्रा
परमेश्वरसित बाचा बाधौं। औ व्यवस्थाले
दिएबमोजिम काम गरौं। ४ अब उठ्नुहोस्,
यो काम तपाइंको हो। हामी तपाईंलाई
साथ दिनेछौं। साहस गरेर काम गर्नुहोस्।''
५ तब एज्रा खड़ा भएर मुख्य पूजाहारी,
लेवी र सबै इस्राएलीहरूलाई भनेका कुरा
शपथ खानलाए। औ तिनीहरूले शपथ खाए।
६ त्यसपछि एज्रा परमेश्वरको भवनको अघिबाट
एल्यासीबका छोरा योहानानको कोठामा गएर
बसे। तिनले केही खान-पीन गरेनन्।
किनभने कैदबाट फर्केर आएकाहरूको
अपराधको निम्ति तिनी विलाप गर्दैथिए।
७ त्यसपछि, 'कैदबाट फर्केकाहरू सबै
यरूशलेममा भेला होऊन्। ८ औ यदि
तीन दिनभित्रमा कोही नआएको खण्डमा
मुख्य अफिसरहरू र बूढ़ा-प्रधानहरूको फैसला-
अनुसार त्यसको सबै धन-सम्पत्ति जब्त
गरिनेछ, र कैदबाट आएकाहरूको समुदायबाट
त्यो अलग गरिनेछ' भनी यहूदा र यरूशलेम-
भरि एउटा घोषणा पठाइयो। ९ यसैकारण
यहूदा र बिन्यामीनका सबै मानिसहरू तीन
दिनभित्रै यरूशलेममा भेला भए। औ नवौं
महीनाको बीसौं दिनमा सबै मानिसहरू डरले
काम्दै र ठूलो पानी-झरीमा थरथराउँदै परम-
प्रभुको भवनको सामने चोकमा बसे।
१० तब खड़ा भएर पूजाहारी एज्राले
भने, "तिमीहरूले विदेशी पत्नीहरू विवाह
गरेर अपराध गरेका छौ, र इस्राएलको दोष
बढ़ाएका छौ। ११ अब परमप्रभु तिमीहरूका
पुर्खाहरूका परमेश्वरको सामने आफ्नो पापको
कायल होऊ, र उहांको इच्छाअनुसार काम
गर। तिमीहरू विदेशी मानिसहरू र तिमी-
हरूका विदेशी पत्नीहरूबाट अलग होऊ।''
१२ तब भेला भएका सबै मानिसहरूले
कराएर जवाफ दिए, "हो, तपाईंले भन्नुभए-
बमोजिम हामीले गर्नैपर्छ। १३ तर हामी
यहाँ एउटा ठूलो भीड़ छौं। औ यो वर्षा
ऋतुको समय छ। हामी यहाँ खुला ठाउँमा
उभिरहनसक्तैनौं। यसबाहेक यो काम एक
दुइ दिनमा खतम हुनेछैन। किनभने यस
विषयमा हामीले घोर अपराध गरेका छौं।
१४ हाम्रा मुख्य मुख्य मानिसहरूले हामी
जम्मै समुदायको निम्ति काम गरिदेऊन्।
औ यस विषयमा परमप्रभुको क्रोध शान्त
नहोउन्जेल हाम्रा शहरमा हुने विदेशी
पत्नी विवाह गरेकाहरू सबै तोकिएको
समयमा हाजिर होऊन्, अर्थात् हरेक मानिस
आफ्नो शहरका बूढ़ा-प्रधान र न्यायकर्त्ताका
साथमा हाजिर होस्।'' १५ केवल असाहेल्का
छोरा जोनाथन र तिनका छोरा याजयाहले
मशुल्लाम र लेवी शब्बतैको समर्थन पाएर यस
कुराको विरोध गरे।
१६ यसैले कैदबाट फर्केर आएकाहरू
सहमत भएकै पूजाहारी एज्राले आफ्ना
आफ्ना परिवारका घराना घरानालाई
प्रतिनिधित्व गर्न नाउँ तोकेकाहरूलाई छाने।
तिनीहरूले दशौं महीनाको पहिलो दिन
यस विषयमा जाँच शुरू गरे। १७ पहिलो
महीनाको पहिलो दिन विदेशी स्त्रीहरूसित
सबै विवाहको खोज-तलास गरिसिध्याए।
१८ विदेशी स्त्री विवाह गर्नेहरू पूजाहारी
परिवारहरूका योशादाकका छोरा येशूअ र
तिनका दाज्यू-भाइहरूका मासेयाह, एलाजार,
यारीब र गदल्याह थिए। १९ तिनीहरूले
आफ्ना आफ्ना पत्नीहरूलाई त्यागिदिए,
र तिनीहरूले दोषबलिको रूपमा आफ्ना
बगालबाट एउटा साँढ़-भेड़ा पनि ल्याए।
२० इम्मेरका परिवारका—हनानी र
जबदियाह। २१ हारीमका परिवारका—
मासेयाह, एलियाह, शमायाह, यहीएल र
उज्जियाह। २२ पशहूरका परिवारका—
एल्योएनै, मासेयाह, इस्माएल, नतनेल,
योजाबाद र एलासा।
२३ लेवीहरूका—योजाबाद, शिमी,

केलायाह अर्थात् कलीता, पतहियाह, यहूदा
र एलाजार।
२४ गवैयाहरूका—एल्याशीब। द्वारपाल-
हरूका—शल्लूम, तेलेम र ऊरी।
२५ औ इस्राएलका—परोशका परि-
वारका—रम्याह, यिज्जिया, मल्किया,
मिय्यामीन, एलाजार, मल्कियाह र बनायाह।
२६ एलामका परिवारका—मत्तन्याह, जकर्याह,
यहीएल, अब्दी, यरेमोत र एलिया।
२७ जत्तूका परिवारका—एल्योएनै, एल्याशीब,
अत्तन्याह, यरेमोत, जरबाद र अजीजा।
२८ बेबैका परिवारका—यहोहानान, हनन्याह,
जब्बै र अत्लै। २९ बानीका परिवारका—
मशुल्लाम, मल्लूक, अदायाह, याशूब, शाल
र यरेमोत। ३० पहत-मोआबका परि-
वारका—अद्ना, कयाल, बनायाह, मासेयाह,
मत्तन्याह, अस्लेल, बिन्नूई र मनश्शे।
३१ हारीमका परिवारका—एलाजार,
यिश्शियाह, मल्कियाह, शमायाह, शिमोन,
३२ बिन्यामीन, मल्लूह र शमर्याह।
३३ हाशूमका परिवारका—मत्तनै, मत्तता,
जाबाद, एलीपेलेत, येरेम, मनश्शे र शिमी।
३४ बानीका परिवारका—मादे, अम्राम र
ऊएल, ३५ बनायाह, बेदयाह, कलूही,
३६ बन्याह, मरेमोत, एल्याशीब,
३७ मत्तन्याह, मत्तनै र यासू। ३८ बिन्नूईका
परिवारका—३९ शिमी, शेलेम्याह, नातान
र अदाया, ४० मक्नादबै, शाशै,
शारै, ४१ अस्रेल, शेलेम्याह, शमर्याह,
४२ शल्लूम, अमर्याह, र योसेप।
४३ नबोका परिवारका—यीएल, मत्तियाह,
जाबाद, जबीना, इद्दै, योएल, र बनायाह।
४४ यी सबैले विदेशी स्त्रीहरूलाई विवाह
गरेका थिए। औ तिनीहरूले उनीहरूलाई
तिनीहरूका छोरा-छोरीहरूसमेत त्यागिदिए।

नहेम्याहको पुस्तक

यरूशलेमको लागि नहेम्याहको प्रार्थना

१ हकल्याहका छोरा नहेम्याहको विवरण।
बीसौं वर्षको किसलेव महीनामा
जब म राजधानी शूशनमा थिएँ, २ तब
मेरा दाज्यू-भाइहरूमध्येका एक जना हनानी,
अरू कति जनासँग यहूदाबाट आइपुगे। मैले
यरूशलेमको र कैदबाट अरू बाँचेका यहूदीहरूका
परिवारहरूका विषयमा तिनीहरूसित सोधपूछ
गरें। ३ तिनीहरूले मलाई भने, "अझै पनि
प्रदेशमानै रहेका र कैदबाट बाँचेकाहरूले साह्रै
दुःख र निन्दा सहनुपरिरहेका छन्। यरूशलेमको
पर्खाल भत्काइयो र त्यसका मूल-ढोकाहरू
आगोले नष्ट भए। ४ मैले यो समाचार
सुनेपछि बसेर म रोएँ। म केही दिनसम्म
विलाप गर्दैरहें, र उपवास बसीकन स्वर्गका
परमेश्वरलाई प्रार्थना गर्दैरहें। ५ मैले यही
प्रार्थना गरें—'हे परमप्रभु स्वर्गका परमेश्वर, हे
महान् र भययोग्य परमेश्वर, तपाईंलाई प्रेम
गर्नेहरू र तपाईंका आज्ञा पालन गर्नेहरूसँग,
आफ्नो करार विश्वाससित पूरा गर्ने
६ इस्राएलका सन्तान, तपाईंका दासहरूको

पक्षमा रात-दिन तपाईंलाई गरेका मेरो विनम्र
प्रार्थना सुन्न तपाईंले आफ्नो कान थाप्नुहोस्
र आँखा खोल्नुहोस्। तपाईंको विरुद्धमा
हामी सबै इस्राएलले गरेका पापको कायल
म हुँदैछु। म र मेरा पिताको घराना पनि
त्यसका दोषी छौं। ७ तपाईंले आफ्नो दास
मोशालाई दिनुभएका आदेश, आज्ञा, धर्म-
विधि र नियमहरूलाई पालन नगरेर हामीले
तपाईंको विरुद्धमा घोर अपराध गरेका छौं।'
८ आफ्नो दास मोशालाई यसो भनेर आज्ञा
गर्नुभएको वचन सम्झनुहोस्, ९ 'यदि
तिमीहरू अविश्वासी भयौ भने म तिमीहरूलाई
जाति जातिहरूका बीचमा तितर-बितर पार्नेछु।
तिमीहरू मतिर फर्क्यौ, र मेरा आज्ञाहरू
पालन गर्‍यौ र ती पूरा गर्‍यौ भने पृथ्वीको
पल्लो छेउसम्म तितर-बितर भएका तिमीहरूका
छोरा-छोरीहरूलाई म भेला गर्नेछु, र मेरो
नाउँको बासस्थान हुन मैले छानेको ठाउँमा
म तिमीहरूलाई फर्काएर ल्याउनेछु।''
१० तपाईंले आफ्नो महाबल र शक्तिशाली
हातद्वारा उद्धार गर्नुभएका तिनीहरू तपाईंका
दासहरू र तपाईंको प्रजा हुन्। ११ हे
परमप्रभु, मेरो विनम्र प्रार्थनामा ध्यानसित
कान थाप्नुहोस्, र तपाईंको नाउँको सम्मान
गर्न प्रसन्न हुने तपाईंका दासहरूको प्रार्थना
सुन्नुहोस्। आजको दिन मलाई सफल
तुल्याउनुहोस्, र यी मानिसलाई मप्रति दया
देखाउने हृदय दिनुहोस्।'' त्यस बेला म
राजाका मद्य-टक्राउनेहरूका अधिकारी थिएँ।

नहेम्याहलाई यरूशलेममा पठाएका

२ एक दिन आर्ट-जारसेज राजाको बीसौं
वर्षको नीसान महीनामा जब उहाँको
दाखमद्य तयार भयो तब मैले त्यो लगेर
राजालाई टक्राएँ, र उहाँको सामने साह्है
अफसोसी भएर उभिरहेको बेला,
२ उहाँले मलाई सोध्नुभयो, 'तिमी किन
यति उदासी देखिन्छ? तिमी बिरामी ता
छैनौ। उदासबाहेक अरू केही होइन।'
३ म साह्है डराएँ, र यसो भनेर जवाफ दिएँ,
'राजा सदा सर्वदै अमर रहोस्। तर मेरा
पुर्खाहरू गाड़िएको शहर उजाड़ भइरहेको
छ। त्यसका मूल-ढोकाहरू आगोले जलेका
छन् भने म किन उदास नहुने?'
४ राजाले भन्नुभयो, 'मबाट तिमी के
चाहन्छौ?' ५ मैले स्वर्गका परमेश्वरलाई
प्रार्थना गरें। त्यसपछि मैले यो जवाफ दिएँ,
'हजूरलाई असल लागे, र म हजूरको
निगाह पात्र भएको छु भने मेरा पुर्खाहरू
गाड़िएको शहरलाई मैले पुनर्निर्माण गर्न
मलाई यहूदामा पठाइबक्सिओस्।' ६ आफ्नी
पत्नी रानी पनि साथमा रहेका राजाले मलाई
सोध्नुभयो, 'यात्रालाई कति समय लाग्ला, र
तिमी कहिले फर्कनसक्छौ?' तब राजाले मेरो
बिन्ती मञ्जूर गरेर मलाई जाने अनुमति
दिनुभयो। औ कति दिन लाग्छ सो मैले
उहाँलाई बताइदिएँ। ७ त्यसपछि मैले
राजालाई भने, 'हजूरलाई असल लागे
यूफ्रेटिस-पारिका प्रान्तका राज्यपालहरूलाई
यहूदाको मेरो यात्रामा मलाई चाहिने सहायता
दिइओस् भनी आज्ञा-पत्र दिबक्सिओस्।
८ महलसित गाँसिएका गढ़ीका मूल-ढोकाहरू,
औ शहरको पर्खाल र म बस्ने घरको
निम्ति बीमहरू बनाउन मलाई काठ-पात
जुटाइदेऊन् भनी हजूरको शाही-वनका देखरेख
गर्ने मानिस आसापलाई आदेश दिएर मलाई
एउटा पत्र दिबक्सिओस्।' राजाले मेरो
बिन्ती मञ्जूर गर्नुभयो। किनभने मेरा
परमेश्वरको कृपालु हात ममाथि रहेको थियो।
९ समयमा यूफ्रेटिस-पारिका प्रान्तका राज्य-
पालहरूकहाँ म आइपुगें। उनीहरूलाई मैले
राजाका पत्रहरू दिएँ। राजाले मेरो साथमा
जानलाई घोड़चढ़ीहरूका साथ सेनाका
अफिसरहरू दिनुभएको थियो। १० तर
इस्राएलको भलोलाई चाहने कोही एक जना
मानिस आएका छन् भन्ने कुरा होरोनी
सम्बलत र दास अम्मोनी तोबियाहले सुनेर

तिनीहरू साह्रै अप्रसन्न भए ।

नहेम्याह र पर्खालहरूको पुनर्निर्माण

११ यरूशलेममा आइपुगेपछि त्यहाँ मैले तीन दिनसम्म पर्खें । १२ त्यसपछि मसँग केही मानिसहरू लिएर म राती निस्कें । तर यरूशलेमको निम्ति मेरो मनमा मेरा परमेश्वरले दिनुभएको प्रेरणा मैले कसैलाई भनिनँ । म सवार भएको पशुबाहेक अरू पशु मसित थिएन । १३ म राती बेंसीको मूल-ढोका भएर अजीङ्गरे-कूवा र घुरयाने-मूल-ढोकातिर गएँ, र यरूशलेमका पर्खालहरू भत्केका र मूल-ढोकाहरू जलाइएका ठाउँको मैले निरीक्षण गरें । १४ त्यसपछि म फोहोरा-मूल-ढोका र राजाको पोखरीसम्म गएँ । तर त्यहाँ मेरो लागि सवार भएर जाने ठाउँनै थिएन । १५ म राती बेंसीबाट उक्लेर गएँ, र शहरको पर्खालको मैले निरीक्षण गरें । त्यसपछि म फेरि बेंसीको मूल-ढोका भएर शहरमा पसें । १६ यसरी म कहाँ गएँ, र के गरें, सो हाकिमहरूले थाह नपाई म फर्केर आएँ । अझसम्म यहूदी, पूजाहारी, भारादार, हाकिमहरूलाई अथवा यस कामको जिम्मा लिनेहरू कसैलाई पनि मैले केही भनेको थिइनँ ।

१७ त्यसपछि मैले तिनीहरूलाई भने, "तिमीहरू हाम्रो दुर्दशा जान्दछौ । यरूशलेम उजाड़ भएको छ । त्यसका मूलढोकाहरू आगोले भस्म भएका छन् । आऊ, हामी यरूशलेमको पर्खालको पुनर्निर्माण गरेर हाम्रो निन्दा हटाऔं ।" १८ परमेश्वरको कृपालु हात कसरी ममाथि परेको थियो, र राजाले मलाई के भन्नुभएको थियो, सो मैले तिनीहरूलाई बताइदिएँ । तिनीहरूले जवाफ दिए, "हामी पुनर्निर्माणको काम शुरू गरौं ।" यसैले तिनीहरूले उत्साहपूर्वक यो राम्रो काम शुरू गर्नलागे ।

१९ तर होरोनी सम्बलत, दास अम्मोनी तोबियाह र अरबी गेशेमले यो कुरा सुनेर हामीलाई यसो भनेर खिसी गर्दै हाम्रो गिल्ला गर्नलागे—२० "यो तिमीहरू के गरिहेका छौ ? के यो राजाको विरुद्धमा गरेको विद्रोह होइन र ?" तर मैले तिनीहरूलाई यो जवाफ दिएँ, "स्वर्गका परमेश्वरले हामीलाई सफल तुल्याउनुहुनेछ । हामी, उहाँका दासहरू पुनर्निर्माणको काम शुरू गर्दैछौं । यरूशलेममा तिमीहरूको केही भाग, दाबी र परम्पराको अधिकार छैन ।"

मरम्मत गर्ने काम

३ प्रधान पूजाहारी एल्यासीब र तिनका संगी-पूजाहारीहरूले काम शुरू गरेर भेड़ा-ढोकाको पुनर्निर्माण गरे । तिनीहरूले त्यसका बीमहरू बसाले र त्यसका ढोकाहरू खड़ा गरे । तिनीहरूले यो काम हन्मेआ बुर्जा र हननेलको बुर्जासम्मै लगे, र त्यसलाई पवित्र गरेर समर्पण गरे । २ एल्यासीबको छेउमा यरीहोका मानिसहरूले बनाए । औ तिनीहरूको छेउमा इम्रीका छोरा जक्कूरले बनाए ।

३ माछा-ढोका चाहिं हस्सनाका छोराहरूले बनाए । तिनीहरूले त्यसका बीमहरू बसाले, छेस्कनी र आग्लाहरू लगाए र ढोकाहरू बसाले । ४ तिनीहरूको छेउमा उरियाहका छोरा हक्कोसका नाति मरेमोतले आफ्नो भाग मरम्मत गरे । तिनीहरूको छेउमा बेरेक्याहका छोरा मशेजेबेलका नाति मशुल्लामले मरम्मत गरे । तिनीहरूको छेउमा बानाका छोरा सादोकले मरम्मत गरे । ५ तिनीहरूको छेउमा तकोका मानिसहरूले मरम्मत गरे । तर तिनीहरूका भारादारहरू चाहिं आफ्ना आफ्ना राज्यपालहरूका सेवा गरेर आफैलाई नीच तुल्याउन मानेनन् ।

६ पुरानो शहरको मूल-ढोका पासेहका छोरा योयादा र बसोदयाहका छोरा मशुल्लामले मरम्मत गरे । तिनीहरूले त्यसका बीमहरू

बसालेर छेस्कनी र आग्लाहरू लगाएर ढोकाहरू
बसाले। ७ तिनीहरूको छेउमा गिबोनी
मलत्याह र मेरोनोती यादान, गिबोन र
मिस्पाका मानिसहरूले यूफ्रेटिस-पारिका प्रान्तका
राज्यपालको निवासस्थानसम्म मरम्मत गरे।
८ तिनीहरूको छेउमा सुनार हर्हयाहका छोरा
उज्जीएलले मरम्मत गरे। त्यसको छेउमा अत्तर
बनाउने हनन्याहले मरम्मत गरे। तिनीहरूले
चौड़ा-पर्खालसम्मै यरूशलेमको पुनर्निर्माण गरे।
९ तिनीहरूको छेउमा यरूशलेमको आधा
जिल्लाका शासक हूरका छोरा रपायाहले
मरम्मत गरे। १० तिनीहरूको छेउमा
हरूमापका छोरा यदायाहले आफ्नै घरको
सामने मरम्मत गरे। तिनको छेउमा हश-
बियाहको छोरा हत्तूशले मरम्मत गरे।
११ दोस्रो भाग चाहिँ भट्टीको बुर्जासमेत
हारीमका छोरा मल्कियाह र पहत-मोआबको
छोरा मश्शूबले मरम्मत गरे। १२ तिनी-
हरूको छेउमा आधा यरूशलेमको जिल्लाका
शासक हल्लोहेशका छोरा शल्लूमले आफ्ना
छोरीहरूका सहायताले मरम्मत गरे।

१३ बेंसीको मूल-ढोका चाहिँ हानून र
जानोहका बासिन्दाहरूले मरम्मत गरे।
तिनीहरूले त्यो पुनर्निर्माण गरे, र छेस्कनीहरू
र आग्लाहरू लगाएर ढोकाहरू बसाले, र
घुर्याने-मूल-ढोकासम्मै एक हजार हात लामो
पर्खाल मरम्मत गरे। १४ घुर्याने-मूल-ढोका
चाहिँ बेत-हक्केरेम जिल्लाका शासक रेकाबका
छोरा मल्कियाहले मरम्मत गरे। तिनले त्यो
पुनर्निर्माण गरी छेस्कनीहरू र आग्लाहरू
लगाएर त्यसका ढोकाहरू बसाले।

१५ फोहोरा-मूल-ढोका चाहिँ मिस्पा
जिल्लाका शासक कोल-होजेका छोरा शल्लूमले
मरम्मत गरे। तिनले त्यो पुनर्निर्माण गरेर
त्यसमा छाना लगाए, र त्यसका छेस्कनीहरू
र आग्लाहरू लगाएर त्यसका ढोकाहरू
बसाले। तिनले राजाको बगैंचाको छेउमा
भएको शेलहको कूवाको पर्खाल दाऊदको
शहरबाट ओर्लने खुड्किलाहरूसम्मै बनाए।

१६ तिनको छेउमा बेत-सूरको आधा
जिल्लाका शासक अज्जबूका छोरा नहेम्याहले
दाऊदको कबर-स्थानको सामने एउटा
जग्गा, बनावटी-पोखरी र सेना बस्ने
छाउनीसम्म मरम्मत गरे। १७ तिनको
छेउमा लेवीहरू, बानीका छोरा रहूमले मरम्मत
गरे, र तिनको छेउमा कीला जिल्लाका
आधाका शासक हशबियाहले आफ्नो जिल्लाको
मरम्मत गरे। १८ तिनको छेउमा तिनका
कुटुम्बहरूले मरम्मत गरे, अर्थात् कीलाका
आधा जिल्लाका शासक हेनादादका छोरा
बिन्नूईले मरम्मत गरे। १९ तिनको छेउमा
मिस्पाका शासक येशूअका छोरा एजेरले अर्को
एउटा भाग कुनाको हतियारखानासम्म
भिरालोको सामने मरम्मत गरे। २० तिनको
छेउमा जब्बैका छोरा बारूकले अर्को एउटा
भाग कुनादेखि प्रधान पूजाहारी एल्यासीबको
घरको ढोकासम्म मरम्मत गरे। २१ तिनको
छेउमा हक्कोसका छोरा उरियाहले अर्को एउटा
भाग, एल्यासीबको घरको ढोकादेखि तिनको
घरको छेउसम्मै मरम्मत गरे।

२२ तिनको छेउमा यरूशलेमका छेउछाउ-
का मैदानमा बस्ने पूजाहारीहरूले मरम्मत
गरे। २३ तिनको छेउमा बिन्यामीन र
हाश्शूबले आफ्नो आफ्नो घरको सामने
मरम्मत गरे। तिनको छेउमा मासेयाहका
छोरा हननियाहका नाति अजर्याहले आफ्नो
घरको छेउमा मरम्मत गरे। २४ तिनको
छेउमा हेनादानका छोरा बिन्नूईले अर्को एउटा
भाग अजर्याहको घरदेखि कुनाको भिरालोसम्म
मरम्मत गरे। २५ उज्जैको छोरा पालालले
भिरालो ठाउँको सामने र राजाको महलदेखि
बाहिर निस्केको माथिल्लो बुर्जा रक्षकहरूको
चोकसम्म मरम्मत गरे। २६ तिनको छेउमा
परोशका छोरा पदायाहले पूर्वपट्टिको पानी-
मूल-ढोका र बाहिर निस्केको बुर्जाको
सामने अर्को एउटा ठाउँसम्म मरम्मत गरे।
२७ तिनको छेउमा तकोईका मानिसहरूले
बाहिर निस्केको ठूलो बुर्जाको सामने

अर्को एउटा ठाउँदेखि ओपेलको पर्खालसम्म
मरम्मत गरे।
२८ अश्व-मूल-ढोकाको माथ्तिर पूजाहारी-
हरूले आफ्नो आफ्नो घरको सामने मरम्मत
गरे। २९ तिनीहरूको छेउमा इम्मेरका
छोरा सादोकले आफ्नो घरको सामने मरम्मत
गरे। तिनको छेउमा पूर्वको मूल-ढोकाका
द्वारपाल शकन्याहका छोरा शमायाहले मरम्मत
गरे। ३० तिनको छेउमा शेलेम्याहका छोरा
हनन्याह र सालाबाका जन्तरे छोरा हानूनले
अर्को एउटा भाग मरम्मत गरे। तिनको
छेउमा बेरेकियाका छोरा मशुल्लामले आफ्नो
कोठाको सामने मरम्मत गरे। ३१ तिनको
छेउमा सूनार मल्कियाहले मन्दिरका सेवकहरू
र व्यापारीहरूको घरसम्म सेना जम्मा हुने
मूल-ढोकाको सामने कुनाको कौसीको कोठा-
सम्म मरम्मत गरे। ३२ कुनाको कौसीको
कोठा र भेड़ा-ढोकाको बीचमा चाहिं सूनारहरू
र व्यापारीहरूले मरम्मत गरे।

विरोधीहरूबाट कारिन्दाहरूको रक्षा

४ जब हामीले पर्खालको पुनर्निर्माण
गरिरहेको कुरा सम्बलतले सुने तब
तिनी साह्रै क्रोधित भए। २ रिसको झोंकमा
तिनले यहूदीहरूलाई खिसी गरेर आफ्ना
मित्रहरू र सामरियाको फौजको सामने यसो
भने, "यी निर्बल यहूदीहरू के गर्दैछन्?
यो ठाउँको पुनर्निर्माण गर्ने तिनीहरूले विचार
गर्दैछन् कि कसो? के तिनीहरूले बलिदान
चढ़ाएर यो काम एकै दिनमा सिध्याउने आशा
गर्दैछन् कि कसो? ती जलिसकेका देखेर
पनि के तिनीहरूले धूलोबाट ढुङ्गाहरू निकाल्न-
सक्छन् र?" ३ तिनको छेउमा उभिरहने
अम्मोनी तोबियाहले भने, "तिनीहरूले जेसुकै
बनाइरहे तापनि एउटा स्याल ढुङ्गाको त्यस
पर्खालमा चढ्यो भने, त्यो भत्किनेछ।"
४ हे हाम्रा परमेश्वर, हाम्रो प्रार्थना
सुन्नुहोस्। किनभने तिनीहरूले ता हाम्रो
अपमान गरिरहेका छन्। तिनीहरूको गिल्ला
तिनीहरूकै शिरमाथि फर्काइदिनुहोस्, र कैदको
देशमा तिनीहरू निन्दित होऊन्। ५ तिनी-
हरूको अपराध क्षमा नगर्नुहोस्, अथवा
आफ्नो दृष्टिबाट तिनीहरूका पाप
नहटाउनुहोस्, किनभने तिनीहरूले निर्माण
गर्नेहरूलाई खुल्लमखुल्ला रिस उठाएका
छन्।
६ हामीले त्यसको आधा उँचाइसम्म
चारैतिर पर्खाल बनायौं। औ मानिसहरूले
मनतन दिएर काम गरे। ७ तर जब
सम्बलत, तोबियाह, अरबी, अम्मोनी र
अश्दोदीहरूले यरूशलेमको पर्खालको नयाँ
कामको खूब प्रगति भएको छ र छेँड़छाड़
पनि पुरिँदैछन् भनी सुने तब तिनीहरू साह्रै
रिसाए। ८ औ तिनीहरू सबै आएर
यरूशलेमलाई आक्रमण गरी खलबल पार्न
भेला भए। ९ तब हामीले हाम्रा
परमेश्वरलाई प्रार्थना गर्‍यौं, र रात-दिन
तिनीहरूका विरुद्धमा पहरा राख्यौं।
१० तर यहूदाका मानिसहरूले भने,
'मजदूरहरूको बल घट्दैजाँदैछ, औ कसिङ्गर-
हरू थुप्रिँदैजाँदै छन्। हामी आफैले कहिल्यै
यो पर्खालको पुनर्निर्माण गर्नसक्नेछैनौं।'
११ औ हाम्रा विरोधीहरूले भने, 'तिनी-
हरूले चाल पाउन वा देख्नअघिनै हामी
तिनीहरूमाथि जाइलागेर तिनीहरूलाई
मारिदिऔं, र यस कामलाई खतम पारिदिऔं।'
१२ तिनीहरूका बीचमा बस्ने यहूदीहरू
शहरमा आए, र तिनीहरूले हामीलाई धेरैपल्ट
यसो भनेर चेताउनी दिए, कि हाम्रा
विरोधीहरू जहाँ बसे तापनि हरेक ठाउँबाट
हामीलाई आक्रमण गर्न भेला हुनेछन्।
१३ औ पर्खालको मन्तिर सबैभन्दा तल्लो
समतल ठाउँहरू वा खुला मैदानहरूमा अड्डा
जमाएर बस्न भनी मैले मानिसहरूलाई
तिनीहरूका परिवार परिवारअनुसार आफ्ना
तरवार, भाला र काँड़-धनु लिएर बस्ने
हुकुम दिएँ। १४ तब मैले ती स्थानहरूको

निरीक्षण गरें। औ भट्टै भारादार, हाकिम
र सबै मानिसहरूलाई यसो भनेर भाषण दिएँ,
'तिनीहरूसँग नडराऊ। महान् र भययोग्य
परमप्रभुको सम्झना गर, औ आफ्ना दाज्यू-
भाइ, छोरा-छोरी, पत्नी र घरहरूका निम्ति
युद्ध गर।' १५ हामीलाई सबै कुरा थाह
भएछ, र परमेश्वरले हाम्रा योजना विफल
पार्नुभयो भनी हाम्रो शत्रुहरूले सुनेछन्। औ
हामी सबै फेरि पर्खाल निर्माणको काममा
लाग्यौं।
१६ त्यस दिनदेखि उसो मेरो अधीनमा
भएका आधा मानिसहरू चाहिं निर्माण गर्ने
काममा लागे र अर्को आधा चाहिं आफ्ना
भाला, ढाल, धनु र झिलम लाएर तयार
भइरहे। औ अफिसरहरूले चाहिं पर्खालको
काममा लागेका यहूदाका सबै मानिसहरूको
निरीक्षण गरे। १७ भारी बोक्ने मजदूर-
हरूको एउटा हात भारीमा र अर्को हात
आफ्नो हतियारमा हुन्थ्यो। १८ निर्माण
गर्नेहरू आफ्नो पटुकामा तरवार भिरेर
बनाउने काम गर्थे। तुरही फुक्ने मेरो
छेउमा थियो। १९ मैले भारादार, हाकिम
र सबै मानिसहरूलाई यसो भनेर भाषण
दिएँ, 'काम ठूलो र जग्गा फराकिलो छ।
हरेक मानिस आफ्नो छिमेकीबाट केही
टाढ़ामा मात्र छ। हामी पर्खालमा अलग
अलग भएर बसेका छौं। २० जब तुरही
बज्छ तब हामी भएको ठाउँमा भेला होऊ,
र हाम्रा परमेश्वरले हाम्रा निम्ति युद्ध
गर्नुहुनेछ।' २१ यसरी हामीले हाम्रो
काम जारी राख्यौं। सूर्योदयदेखि सूर्यास्तसम्म
आधा मानिसहरू भाला लिएर बसे।
२२ मैले मानिसहरूलाई यसो पनि भनेको
थिएँ, 'हाम्रा निम्ति राती रक्षा गर्ने र
दिनमा काम गर्ने दलको. हरेक मानिस र
त्यसको नोकरले रात यरूशलेममानै
बिताओस्।' २३ यसरी हरेकले दाहिने
हात आफ्नो हतियारमा राखेर काम गर्‍यो।
औ मैले, मेरा कुटुम्ब, मेरा अधीनमा भएका
मानिसहरूले, मेरा अङ्गरक्षकले आफ्नो लुगा
फुकालेनौं।

सूद दिने चलनको अन्त

५ यस्तो समय आयो जब साधारण
मानिसहरू, पुरुष र स्त्री दुवैले
आफ्ना यहूदी दाज्यू-भाइहरूका विरुद्धमा
यस्तो हल्ला फैलाए। २ मानिसहरू आफू
जीवित रहनलाई खानेकुराको लागि आफ्ना
छोरा-छोरीहरू धितो राख्तैछन् भनी दोष
दिनलागे। ३ अरूले चाहिं अनिकालको
समयमा अन्न किन्न आफ्ना खेतहरू,
दाखबारी र घरहरू बन्धक राख्तैछन् भनी
उजर गरे। ४ अरूहरूले चाहिं राज-कर
तिन आफ्ना खेत र दाखबारीहरूको सट्टामा
ऋण लिँदैछन् भनी दुःख पोखाए।
५ तिनीहरूले भने, 'हाम्रो शरीर अरू
मानिसहरूको शरीरजस्तै हो। हाम्रा छोरा-
छोरीहरू उनीहरूका छोरा-छोरीहरूजस्तै प्रिय
छन्। तापनि हामी आफ्ना छोरा-छोरीहरू
कमारा-कमारी तुल्याउन जबरदस्त दिइरहेका
छौं। कसै कसैका छोरीहरू ता अघिनै
कमारी तुल्याइसके। औ हामी केही पनि
गर्नसक्तैनौं। किनभने हाम्रा खेत र दाख-
बारीहरू अरूहरूका भइसकेका छन्।'
६ तिनीहरूको रोदन र तिनीहरूले भनेको
कुरा सुनेर मलाई साह्रै रीस उठ्यो। ७ तर
मैले आफ्नो रीस थामें। औ भारादार र
हाकिमहरूसित कुरा छलफल गरें। मैले
तिनीहरूलाई भनें, "ऋणको निम्ति तिमीहरू
आफ्ना यहूदी दाज्यू-भाइहरूलाईनै धितो
राख्तैछौ।" ८ मैले तिनीहरूलाई खूब
हप्काएर भनें, "हामीले ता सक्दोभर अरू
जातिहरूमा बेचिएका हाम्रा यहूदी बन्धुहरूलाई
किनेर छुटकारा गर्‍यौं। तर अब हामीले
दाम तिरेर छुटकारा दिएका आफ्ना जात-
भाइलाई पो तिमीहरू बेचिरहेका छौ।"
९ तिनीहरू चूप्प रहे, र एउटै कुरा पनि

भनेनन्। मैले अझै भनें, "तिमीहरू जे
गरिरहेका छौ सो भुल हो। हाम्रा शत्रु
यी जातिहरूका नजरमा निन्दित नहुनलाई
परमेश्वरको डर राखेर तिमीहरू बस्नु
पर्नेथियो। १० म आफैले र मेरा
कुटुम्बहरू र मेरा अधीनका मानिसहरूले पनि
तिनीहरूलाई रूपियाँ पैसा र अन्न पेश्गी
दिँदैछौं। ऋणको लागि मानिसहरूलाईनै
धितो लिने काम हामी छोड़िदेऔं।
११ तिनीहरूका खेत, दाखबारी, भद्राक्षबारी
र घरहरू, औ रूपियाँ-पैसा, अन्न नयाँ
दाखमद्य र तेलबाट आएको आमदानी आज
तिमीहरूका ऋणीहरूलाई फर्काइदेऊ।"
१२ 'हामी फर्काइदिनेछौं औ तिनीहरूबाट
अरू केही लिनेछैनौं। तपाईंले जे भन्नुहुन्छ
सो हामी गर्नेछौं' भनी तिनीहरूले प्रतिज्ञा
गरे। यसैकारण मैले ती अपराधीहरूलाई
तिनीहरूले प्रतिज्ञा गरेझैं पूजाहारीहरूको
सामने शपथ खानलाएँ। १३ त्यसपछि
मैले मेरो खास्टोको छेउ टक्टकाएर
भनें, "आफ्नो प्रतिज्ञा पूरा नगर्ने
हरेक मानिसको घर र धन-सम्पत्तिबाट
परमेश्वरले यसरीनै टक्टकाइदेऊन्। त्यसलाई
यसरीनै टक्टकाएर रित्तो बनाइदेऊन्।" औ
भेला भएका सबै मानिसहरूले भने,
'आमेन।' औ तिनीहरूले परमप्रभुको
प्रशंसा गरे। औ तिनीहरूले आफ्नो
प्रतिज्ञाअनुसार गरे।

१४ त्यसबाहेक यहूदा देशका राज्यपाल
म नियुक्त भएको समयदेखि, अर्थात् आर्ट-
जारसेज राजाको बीसौं वर्षदेखि बत्तीसौं
वर्षसम्म, अर्थात् बाह्र वर्षसम्म मैले र मेरा
कुटुम्बहरूले राज्यपालले पाउनुपर्ने खानेकुराको
भत्ता लिएनौं। १५ पहिलेका राज्यपालहरूले
चालीस चाँदीको शेकेल जत्तिको रोटी र
दाखमद्य दिनहुँ दिने कर तोकेर मानिस-
हरूलाई ठूलो भारले सताएका थिए।
त्यसबाहेक उनीहरूका अधीनका मानिसहरूले
तिनीहरूमाथि अत्याचार गरेका थिए।
तर परमेश्वरको भय राखेर मैले त्यस्तो
व्यवहार गरिनँ। १६ मैले पर्खाल बनाउने
काममा मेरो सारा शक्ति पनि लगाएँ।
मैले मानिसहरूबाट कुनै जग्गा-जमीन लिइनँ।
मेरा सबै मानिसहरू कामको लागि त्यहाँ
भेला भए। १७ यसबाहेक मसँग मेरो
टेबलमा बसेर खानेहरू एक सय पचीस जना
यहूदी हाकिमहरूलगायत छिउछाउका जाति-
हरूबाट हामीकहाँ आउने अतिथिहरू पनि
थिए। १८ प्रतिदिन खानलाई जुटाउनुपर्ने
कुरा एउटा गोरु र छवटा मोटा मोटा भेड़ा
थिए। मेरो निम्ति कुखुराहरू पनि तयार
गरिन्थ्यो। औ दश दश दिनपछि मसकमा
प्रशस्त दाखमद्य पनि हुन्थ्यो। यति भए
तापनि मैले राज्यपालले पाउनुपर्ने भत्ता
लिइनँ। किनभने मानिसहरूलाई ठूलो भार
परेको थियो। १९ हे परमेश्वर, मेरो
हितको निम्ति मैले गरेका सबै कामको
सम्झना रहोस्।

विरोधीहरूको षड्यन्त्र

६ मैले पर्खालको पुनर्निर्माण गरिसकेको
र त्यसमा एउटै पनि प्वाल नरहेको
खबर सम्बलत, तोबियाह र अरबी गेशेम र
हाम्रा अरू बाँकी शत्रुहरूका कानमा पुग्यो।
मैले मूल-ढोकाहरूमा खापाहरू चाहिं उभ्याइ-
सकेको थिइनँ। २ तब सम्बलत र गेशेमले
मलाई ओनोको बेंसीको हक्केपिरिममा आएर
तिनीहरूसित बातचीत गर्नलाई निम्तो पठाए।
मलाई हानि गर्न यो ता तिनीहरूको कुटनीति
मात्र थियो। ३ यसैकारण मैले यस्तो जवाफ
दिएर समाचार पठाएँ, "अहिले मेरो हातमा
विशेष काम छ। म त्यहाँ आउनसक्तिनँ।
काम छोड़ेर तिमीहरूकहाँ आउँदा यो काम
किन रोकिने?" ४ तिनीहरूले मलाई
चारपल्ट यस्तै निम्तो पठाए। औ हरेकपल्ट
मैले तिनीहरूलाई त्यस्तै जवाफ दिएँ।
५ पाँचौंपल्ट सम्बलतले त्यस्तै किसिमको

निम्तो पठाए। यसपल्ट त्यो समाचार-वाहक
खुला-पत्र लिएर मकहाँ आयो। ६ त्यसमा
यस्तो लेखिएको थियो, "अन्यजातिहरूका
बीचमा यस्तो कुरा फैलिएको छ, औ यस
कुरालाई गेशेमले पनि पुष्टि गर्दछन्, कि
तिमी र यहूदीहरूले विद्रोहको षड्यन्त्र रच्दैछौ।
यसैकारण ता तिमीहरूले पर्खालको पुनर्निर्माण
गरिरहेका छौ। औ यस्तो पनि सुनिँदैछ,
कि तिमी आफै चाहिं राजा हुन खोज्दैछौ
अरे। ७ यहूदाका राजा छन्, अर्थात्
तिमी आफैंनै त्यो राजा हो भनी तिमीले
यरूशलेममा घोषणा गर्न अगमवक्ताहरू राखेका
छौ भनेर पनि सुनिँदैछ। महाराजाले निश्चय
पनि यो कुरा सुन्नुहुनेछ। यसैले झट्टै यस
विषयमा कुरा गर्न आऊ, र हामी कुरा गरौं।"
८ तर मैले यस्तो जवाफ पठाएँ, "तिमीले
दोष लगाएको कुनै पनि कुरो साँचो छैन।
यो सबै कुरा ता तिमी आफैले बनाएका हौ।"
९ हाम्रो परिश्रमलाई ढीला गर्छ होला, र
हाम्रो काम कहिल्यै सिद्धिनेछैन भन्ने आशाले
तिनीहरूले हामीलाई धम्की दिने चेष्टा
गर्दैथिए। तर अब हे परमेश्वर, मेरो हात
बलियो पार्नुहोस्।

१० एक दिन म दलायाहका छोरा
महेतबेलका नाति शमायाहको घरमा गएँ।
तिनलाई आफ्नो घरभित्रै बस्नुपरेको थियो।
तिनले भने, "हामी परमेश्वरको भवनभित्र
पवित्रस्थानमा ढोकाहरू थुनेर भेट गरौं।
किनभने तिनीहरू तपाईंलाई मार्न आउँदैछन्—
तिनीहरू तपाईंलाई मार्न राती आउनेछन्।"
११ तर मैले भनें, "के मजस्तो मानिस
भाग्नु र? औ के मजस्तो मानिस बाँच्नलाई
पवित्रस्थानमा जानु र? म जान्नँ।"
१२ तब मलाई यस्तो प्रकाश भयो—
परमेश्वरले तिनलाई पठाउनुभएको होइन रहेछ।
मेरो हानि गर्न तिनले अगमवाणी कहेका
रहेछन्। औ सम्बलत र तोबियाहले
तिनलाई यो कुरा भन्न घूस दिएका रहेछन्।
१३ मेरो बदनाम गरेर अपमान गर्न औ
मलाई धम्की दिएर सहमत हुन र पाप गर्न
लाउनलाई तिनले घूस लिएका रहेछन्।
१४ हे परमेश्वर, तोबियाह र सम्बलतले जे
गरेका छन् सो सम्झना राख्नुहोस्। औ
मलाई डर देखाउने चेष्टा गरिरहने स्त्री
अगमवादिनी नोअदियाह र अरू सबै
अगमवक्ताहरूलाई पनि सम्झना राख्नुहोस्।

१५ एलूल महीनाको पच्चीसौं दिनमा
पर्खालको काम सिद्धियो। त्यो बनाउन
बाउन्न दिन लाग्यो। १६ जब हाम्रा
शत्रुहरूले यो कुरा सुने, औ वरिपरिका सब
अन्यजातिहरूले यो देखे, तब तिनीहरूले यस्तो
विचार गरे, 'यो ता साह्रै उदेकको काम
भयो।' औ यो काम परमेश्वरको सहायता-
द्वारा पूरा भएको हो भनी तिनीहरूले स्वीकार
गरे।

१७ त्यस बेला यहूदाका भारादारहरूले
तोबियाहलाई धेरै पत्र लेख्दैथिए। औ
उनीहरूले तिनीबाट जवाफ पनि पाउँदैथिए।
१८ किनभने यहूदाका धेरै जनाले तिनीसित
गठ बाँधेका थिए। तिनी आरहका छोरा
शकन्याहका जुवाइँ थिए। तिनका छोरा
यहोहानानले चाहिं बेरेक्याहका छोरा
मशुल्लामकी एउटी छोरीलाई विवाह गरेका
थिए। १९ तिनीहरू सधैं मेरो सामने
तोबियाहको प्रशंसा गर्थे, र मैले भनेको कुरा
गएर तिनलाई सुनाउँथे। तोबियाहले पनि
मलाई धम्की दिएर पत्रहरू लेखेका थिए।

नहेम्याह यरूशलेमका शासक

७ जब पर्खालको निर्माण भइसकियो,
र मैले ढोकाहरू तिनका ठाउँ ठाउँमा
लगाइसके, औ द्वारपाल, गवैया र लेवीहरू
नियुक्त गरिसकिए, २ तब मैले मेरो भाइ
हनानी र किल्लाका शासक हनन्याहलाई
यरूशलेमको जिम्मा दिएँ। किनभने अरू
मानिसहरूभन्दा तिनी चाहिं ज्यादै विश्वासी
र परमेश्वरसँग डराउने मानिस थिए। ३ मैले

तिनीहरूलाई भनें, "यरूशलेमका मूल्-ढोकाहरू
घाम निकै लागेर मात्र खोल्नू। द्वारपालहरू
पहराभा बस्दा मूल्-ढोकाहरू बन्द गरेर
आग्लाहरू लाएर बस्नुपर्छ। कसैलाई
पहरा बस्न र कसैलाई चाहिं आफ्नै घरको
सामने रक्षा गर्न यरूशलेमकै बासिन्दाहरूबाट
रक्षकहरूलाई नियुक्त गर।"
४ शहर ठूलो र विस्तृत थियो। त्यसमा
मानिसहरू थोरै थिए। औ अफसम्म कुनै
घरको पुनर्निर्माण भएको थिएन।

कैदबाट फर्केर आएकाहरूको सूची

५ तब भारादार, हाकिम र मानिसहरूलाई
परिवार परिवार गरी नाउँ लेखाउन
भनी भेला गराउन परमेश्वरले मलाई प्रेरणा
दिनुभयो। औ मैले सबैभन्दा पहिले
फर्कनेहरूको वंशावलीको पुस्तक भेट्टाएँ।
त्यसमा लेखिएको कुरो मैले यही पाएँ—
६ बाबेलका राजा नबूकदनेसरले कैदमा
लगेकाहरूमध्येका यरूशलेम र यहूदामा हरेक
आफ्नो आफ्नो शहरमा फर्केर आएका प्रदेश
प्रदेशका मानिसहरू यिनै हुन्—७ तिनीहरू
यरूबाबेल, येशूअ, नहेम्याह, अजर्याह, राम्याह,
नहमानी, मोर्दकै, बिल्शान, मिसपेरेत, बिग्वै,
नहूम र बानाका नेतृत्वमा आएका थिए।
८ इस्राएलका मानिसहरूका नामावली
यही हो—परोशका परिवारका दुइ हजार एक
सय बहत्तर। ९ शपत्याहका परिवारका तीन
सय बहत्तर। १० आरहका परिवारका छ
सय बाउन्न। ११ पहत-मोआब, अर्थात्
येशूअ र योआबका परिवारका दुइ हजार
आठ सय अठाह। १२ एलामका परिवारका
एक हजार दुइ सय चवन्न। १३ जत्तूका
परिवारका आठ सय पैंतालीस। १४ जक्कैका
परिवारका सात सय साठी। १५ बिन्नूईका
परिवारका छ सय अठचालीस। १६ बेबैका
परिवारका छ सय अठाईस। १७ अज्गादका
परिवारका दुइ हजार तीन सय बाईस।
१८ अदोनीकामका परिवारका छ सय सड्सट्ठी।
१९ बिग्वैका परिवारका दुइ हजार सड्सट्ठी।
२० आदीनका परिवारका छ सय पचपन्न।
२१ आतेरका, अर्थात् हिज्कियाहका परिवारका
अन्ठानब्बे। २२ हाशूमका परिवारका तीन
सय अट्ठाईस। २३ बेसैका परिवारका तीन
सय चौबीस। २४ हारीमका परिवारका एक
सय बाह। २५ गिबोनका परिवारका
पन्चानब्बे। २६ बेतलेहेम र नतोपातका
मानिसहरू एक सय अठासी। २७ अनातोतका
मानिसहरू एक सय अठाईस। २८ अज्मा-
वेतका मानिसहरू बयालीस। २९ किर्यत्यारीम,
कपीरा र बेरोतका मानिसहरू सात सय
त्रिचालीस। ३० रामा र नेबाका मानिसहरू
छ सय एक्काईस। ३१ मिक्मासका मानिसहरू
एक सय बाईस। ३२ बेतेल र ऐका
मानिसहरू एक सय तेईस। ३३ अर्को
नबोका मानिसहरू बाउन्न। ३४ अर्को
एलामका मानिसहरू एक हजार दुइ सय
चवन्न। ३५ हारीमका मानिसहरू तीन सय
बीस। ३६ यरीहोका मानिसहरू तीन सय
पैंतालीस। ३७ लोद, हादीद र ओनोका
मानिसहरू सात सय एक्काईस। ३८ सनाका
मानिसहरू तीन हजार नौ सय तीस।
३९ पूजाहारीहरू—येशूअका वंशका
यदायाहका परिवारका नौ सय त्रिहत्तर।
४० इम्मेरका परिवारका एक हजार बाउन्न।
४१ पशहूरका परिवारका एक हजार दुइ
सय सैंतालीस। ४२ आरीमका परिवारका
एक हजार सत्र।
४३ लेवीहरू—होदवाका वंश येशूअ र
कद्मीएलका परिवारका चौहत्तर। ४४ गवैया-
हरू—आसापका परिवारका एक सय
अड्चालीस। ४५ द्वारपालहरू—शल्लूमका
परिवारका, आतेरका परिवारका, तल्मोनका
परिवारका, अक्कूबका परिवारका, हतीताका
परिवारका, शेबैका परिवारका, सबै जम्मा
एक सय अड्तीस।
४६ मन्दिरका सेवकहरू—सीहाका परिवार

हसूपाका परिवार, तब्बाओतका परिवार,
४७ केरोसका परिवार, सीआका परिवार,
पादोनका परिवार, ४८ लबानाका परिवार,
हगाबाका परिवार, सल्मैका परिवार,
४९ हाननका परिवार, गिद्देलका परिवार,
गहरका परिवार, ५० रायाहका परिवार,
रसीनका परिवार, नकोदाका परिवार,
५१ गज्जामका परिवार, उज्जाका परिवार,
पसेहका परिवार, ५२ बेसैका परिवार,
मुनीमका परिवार, नापीशका परिवार,
५३ बक्बुकका परिवार, हकूपाका परिवार,
हर्हूरका परिवार, ५४ बस्लीतका परिवार,
महीदाका परिवार, हर्शाका परिवार,
५५ बर्कोसका परिवार, सीसराका परिवार,
तेमहका परिवारका ५६ नसीहका परिवार,
हतीमका परिवार।

५७ सुलेमानका चाकरहरूका सन्तानहरू—
सोतैका परिवार, सोपेरेतका परिवार, परीदाका
परिवार, ५८ यालाका परिवार, दर्कोनका
परिवार, गिद्देलका परिवार, ५९ शपत्याहका
परिवार, हत्तीलका परिवार, पोकेरेत-
हसेबायीमका परिवार र आमोनका परिवार।

६० मन्दिरका सेवकहरू र सुलेमानका
चाकरहरूका सन्तानको संख्या जम्मा तीन
सय बयानब्बे थियो।

६१ तेल-मेलेह, तेल-हर्शा, करूब, अद्दोन
र इम्मेरबाट उक्लेर आएकाहरू, तर आफ्ना
पिता-पुर्खाहरूका परिवार अथवा इस्राएलका
सन्तानबाटका हुन् भनी बताउन नसक्नेहरू
तल लेखिएकाहरू हुन्—६२ दलायाहका
परिवार, तोबियाहका परिवार, नकोदाका
परिवार, जम्मा छ सय बयालीस
जना। ६३ पूजाहारीहरूका पनि—होबायाहका
परिवार, हक्कोसका परिवार र गिलादी
बर्जिलैकी एउटी छोरीलाई विवाह गरेर
त्यसैको नाउँले कहलिएका बर्जिलैका परिवार।
६४ वंशावलीहरूमा लेखिएका नाउँहरूमा
यिनीहरूका नाउँ पनि खोजिए तर पाइएनन्।
तिनीहरू पूजाहारीगिरीको निम्ति अशुद्धझैं
अयोग्य ठहराइए। ६५ उरीम र तुम्मीमको
सल्लाह लिने कुनै एक जना पूजाहारी खड़ा
नहोउञ्जेल राज्यपालले तिनीहरूलाई सबैभन्दा
पवित्र थोक खानलाई मनाई गरे।

६६ पुरुष र स्त्री कमारा-कमारीहरू जो
सात हजार तीन सय सैंतीस जना थिए।
६७ यीबाहेक भेला भएका सबै मानिसहरू
जम्मा बयालीस हजार तीन सय साठी जना
थिए। औ तिनीहरूका दुइ सय पैंतालीस
जना पुरुष र स्त्री गवैयाहरू थिए।
६८ तिनीहरूका घोड़ाहरूको संख्या सात
सय छत्तीस, खच्चर दुइ सय पैंतालीस,
६९ ऊँटहरू चार सय पैंतीस औ गधा छ
हजार सात सय बीस थिए।

७० परिवारहरूका कति जना प्रधानहरूले
कामको निम्ति दान दिए। राज्यपालले
भण्डारमा सुनको एक हजार असर्फी,
पचासवटा छकने डाड़ू र पाँच सय तीसवटा
पूजाहारीहरूले लाउने पोशाक दिए।
७१ परिवारहरूका कुनै कुनै प्रधानहरूले
मन्दिर मरम्मत गर्ने कामको भण्डारमा
सुनका बीस हजार असर्फी र चाँदीका दुइ
हजार दुइ सय मीना दिए। ७२ बाँकी
मानिसहरूले चाहिं सुनका बीस हजार
असर्फी, चाँदीका दुइ हजार मीना र
सड़सठ्ठीवटा पूजाहारीहरूले लाउने पोशाक
दिए।

७३ पूजाहारीहरू, लेवीहरू र कुनै कुनै
मानिसहरू यरूशलेम र त्यसको छेउछाउका
बस्तीहरूमा बस्ये। द्वारपालहरू, गवैयाहरू,
मन्दिरका सेवकहरू र अरू सबै इस्राएलीहरू
चाहिं आफ्ना आफ्नै गाउँहरूमा बस्ये।

एज्रा र व्यवस्था

८ सातौं महीना लाग्दा जब इस्राएलीहरू
आफ्ना आफ्ना गाउँहरूमा बसोबासो
गरिसकेका थिए। तब मानिसहरू पानी-
मूल-ढोकाको सामनेको चोकमा एउटै

मानिसजस्तै गरी भेला भए। औ परमप्रभुले
इस्राएललाई आज्ञा गर्नुभएको मोशाको
व्यवस्थाको पुस्तक ल्याउन शास्त्री एज्रालाई
अहाए। २ सातौं महीनाको पहिलो दिनमा
पूजाहारी एज्राले समुदायको सामने सुनेका
कुरा बुझ्नसक्ने सबै पुरुष र स्त्रीहरूको
सामने त्यो व्यवस्थाको पुस्तक ल्याए।
३ तिनले त्यसबाट पानी-मूलढोकाको चोकको
सामनेपट्टि फर्केर बिहानदेखि मध्य दिनसम्म
पुरुष, स्त्री र बुझ्नेहरूको उपस्थितिमा पढ़े।
औ सबै मानिसहरूले व्यवस्थाको पुस्तकबाट
पढ़िएको कुरा ध्यानसँग सुने। ४ शास्त्री
एज्रा यही कामको लागि बनाएको एउटा
काठको मञ्चमा उभिए। तिनको दाहिने
हातपट्टि तिनको छेउमा मत्तित्याह, शेमा,
अनायाह, उरियाह, हिल्कियाह र मासेयाह
खड़ा थिए। तिनको देब्रेपट्टि पदायाह,
मीशाएल, मल्कियाह, हाशूम, हशवदा,
जकर्याह र मशुल्लाम थिए। ५ जब एज्राले
सबै मानिसहरूले देख्ने गरी त्यो पुस्तक
खोले, तब सबै मानिसहरू खड़ा भए।
६ एज्राले परमप्रभु महान् परमेश्वरलाई
धन्यवाद दिए, औ सबै मानिसहरूले आफ्नो
आफ्नो हात उठाएर यसो भनेर जवाफ
दिए, 'आमेन, आमेन।' त्यसपछि तिनी-
हरूले आफ्नो आफ्नो शिर निहुराएर
परमप्रभुको सामने नम्रतापूर्वक प्रणाम गरे।
७ येशूअ, बानी, शेरेबियाह, यामीन, अक्कूब,
सब्बतै, होदियाह, मासेयाह, कलीता,
अजर्याह, योजाबाद, हानान, पलायाह र
लेवीहरूले चाहिं मानिसहरूलाई आफ्नो
आफ्नो ठाउँमा बसेकै बेला व्यवस्था
बुझाइदिए। ८ तिनीहरूले परमेश्वरको
व्यवस्थाको पुस्तक राम्ररी पढ़ेर त्यसको अर्थ
बुझाइदिए। औ जे पढ़िएको थियो त्यसबाट
तिनीहरूलाई शिक्षा दिए।

९ तब राज्यपाल नहेम्याह, शास्त्री-
पूजाहारी एज्रा औ मानिसहरूलाई शिक्षा
दिने लेवीहरूले तिनीहरू सबैलाई भने,
"आजको दिन परमप्रभु तिमीहरूका परमेश्वरको
निम्ति पवित्र छ। विलाप नगर औ नरोऊ।"
किनभने व्यवस्थाका वचनहरू सुनेर तिनीहरू
सबै रूँदै थिए। १० तब नहेम्याहले
तिनीहरूलाई भने, "अब तिमीहरू जाऊ।
स्वादिष्ट भोजन खाऊ र मीठो दाखमद्य
पिएर ताजा होऊ। आफ्नो निम्ति जुटाउन
नसक्नेहरूलाई पनि भाग पठाइदेऊ। किनभने
आजको दिन हाम्रा परमप्रभुको निम्ति पवित्र
छ। उदास नहोऊ, किनभने परमप्रभुको
आनन्दनै तिमीहरूको बल हो।" ११ लेवी-
हरूले यसो भनेर मानिसहरूलाई चूप लगाए,
"चूप लाग, किनभने आजको दिन पवित्र
छ। उदास नहोऊ।" १२ यसैले सबै
मानिसहरू खान-पीन गर्न, अरूहरूलाई भाग
पठाइदिन र धूमधामसित उत्सव मनाउन
गए। किनभने तिनीहरूलाई सम्झाएको कुरा
तिनीहरूले बुझे।

१३ भोलिपल्ट सारा मानिसहरूका घराना
घरानाका मुख्य मुख्य मानिसहरू, पूजाहारी-
हरू र लेवीहरूका साथमा व्यवस्थाको अध्ययन
गर्न शास्त्री एज्राको सामने भेला भए।
१४ औ व्यवस्थामा सातौं महीनाको चाड़को
बेला छाप्रोमा बस्नुपर्छ भन्ने मोशाद्वारा
परमप्रभुले आज्ञा गर्नुभएको कुरा, १५ औ
आफ्ना सबै शहरहरूभरि र यरूशलेममा
तिनीहरूले यो कुराको घोषणा गर्नुपर्छ भन्ने
कुरा पनि तिनीहरूले भेट्टाए—'डाँड़ाहरूमा
गएर भद्राक्ष र जङ्गली भद्राक्ष, मेहदी र
खजूरका हाँगा र अरू पातहरू भएका
हाँगाहरू लेखिएअनुसार छाप्रो बनाउन ल्याऊ।'
१६ यसैले मानिसहरू गएर ती ल्याए, र
हरेकले आफ्नो आफ्नो घरको कौसी, आँगन
र परमेश्वरको भवनका चोकहरू, औ पानी-मूल
ढोकाको चोक र एप्रैम-मूल-ढोकाको चोकम
पनि आफ्नो आफ्नो निम्ति छाप्रो बनाए
१७ कैदबाट आएका सबै समुदायले छाप्रो
बनाएर तिनमा बसे। नूनका छोरा यहोशूको
पाल्नादेखि त्यस दिनसम्म यो काम इस्राएलीहरूले

गरेका थिएनन्। औ त्यहाँ असाध्य
ठूलो रमाहट भयो। १८ पहिलो दिनदेखि
पछिल्लो दिनसम्म दिनहुँ परमेश्वरको व्यवस्थाको
पुस्तक पढ़ियो। तिनीहरूले सात दिनसम्म
यो चाड़ मनाए। औ आठौं दिनमा विधि-
अनुसार आखिरी चाड़ मनाइयो।

इस्राएलका पाप र एज्राको पश्चाताप

९ त्यही महीनाको चौबीसौं दिनमा
इस्राएलीहरू भाङ्ग्रा लगाई आफ्नो
आफ्नो शिरमा धूलो हालेर उपवासको निम्ति
भेला भए। २ इस्राएली वंशकाहरूले
सबै विदेशीहरूबाट आफैलाई अलग गरे।
आफ्नो आफ्नो स्थानमा बसेर तिनीहरू
आफ्नो आफ्नो पाप र आफ्ना पुर्खाहरूका
अधर्म स्वीकार गरे। ३ त्यसपछि तिनीहरू
आफ्नो आफ्नो स्थानमा खड़ा भए, र पहिलो
एक पहर चाहिं परमप्रभु परमेश्वरको
व्यवस्थाको पुस्तक पढ़ियो। अर्को एक पहर
चाहिं आफ्नो आफ्नो पापको स्वीकार गर्दै
परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्दैरहे।
४ लेवीहरूका निम्ति तोकिएका खुड्किलामा
येशूअ, बानी, कद्मीएल, शबन्याह, बुन्नी
शेरेब्याह, बानी र कनानीले खड़ा भएर
ठूलो सोरले कराएर परमप्रभु परमेश्वरलाई
पुकारे। ५ तब यी लेवीहरू येशूअ,
कद्मीएल, बानी, हशबियाह, होदियाह,
शबन्याह र पतहियाहले भने, "उभिएर
परमप्रभु आफ्ना परमेश्वरलाई यसो भनेर
धन्यवाद देऊ, 'युगयुगदेखि युगयुगसम्म
तपाइंको महिमित नाउँ धन्यको र सारा
धन्य र प्रशंसामा सर्वोच्च छ। ६ तपाइं
मात्र परमप्रभु हुनुहुन्छ। तपाइंलेनै स्वर्ग,
सर्वोच्च स्वर्ग, त्यसका सबै तारा-मण्डल,
पृथ्वी र त्यसमा भएका सबै थोक, समुद्र र
तिनमा भएका सबै थोकहरू बनाउनुभयो।
तपाइंलेनै तिनीहरू सबैको रक्षा गर्नुहुन्छ। औ
स्वर्गदूतहरूले तपाइंको सेवा गर्दछन्।
७ तपाइं तिनै परमप्रभु हुनुहुन्छ, ती परमेश्वर
जसले अब्रामलाई कल्दीहरूको ऊरबाट चुनेर
निकालिल्याउनुभयो, र तिनलाई अब्राहाम नाउँ
राख्नुभयो। ८ तिनी तपाइंप्रति विश्वासी
भएकोले तिनलाई र तिनका सन्तानलाई कनानी,
हित्ती, एमोरी, परिज्जी, यबूसी र गिर्गाशी-
हरूको देश दिनुभयो। तपाइंले आफ्नो
प्रतिज्ञा दिएर त्यो पूरा गर्नुभयो, किनभने
तपाइं धर्मी हुनुहुन्छ'।"
९ तपाइंले मिश्र देशमा हाम्रा पुर्खाहरूले
पाएको दुःख देख्नुभयो, औ लाल समुद्रमा
सहायताको निम्ति कराएको तिनीहरूको पुकारा
तपाइंले सुन्नुभयो। १० औ अभिमानी
भएर तिनीहरूले हाम्रा पुर्खाहरूसित
व्यवहार गरेको हुनाले तपाइंले फिरऊन,
तिनका भारादार र तिनको देशका सबै
मानिसहरूको विरुद्धमा चिह्न र आश्चर्यकामहरू
गरेर आफ्नो निम्ति एउटा नाउँ राख्नुभयो,
जो आजको दिनसम्म छँदैछ। ११ औ
तिनीहरू बीचबाट सुखा जमीनमा हिंड़िजान
तिनीहरूको सामने समुद्रलाई दुइ भाग पारि-
दिनुभयो। तर उर्लंदो पानीमा ढुङ्गा फालेझैं
ती खेद्नेहरूलाई तपाइंले फालिदिनुभयो।
१२ तिनीहरूले यात्रा गरेको बाटोमा प्रकाश
दिन दिउँसो बादलको र राती आगोको मुस्लो-
द्वारा डोऱ्याएर तपाइंले तिनीहरूलाई लानुभयो।
१३ तपाइं सीनै पर्वतमाथि ओर्लनुभयो, र
स्वर्गबाट तिनीहरूसँग बात गर्नुभयो, औ तिनी-
हरूलाई उचित न्याय-वचन, साँचो व्यवस्था,
धर्म-विधिहरू र आज्ञाहरू दिनुभयो। ती असल
थिए। १४ आफ्ना दास मोशाद्वारा पवित्र
विश्राम-दिन स्थापित गर्नुभयो, र आफ्नो
प्रजालाई आज्ञा, धर्म-विधि र व्यवस्थाहरू
दिनुभयो। १५ तिनीहरूको भोक मार्नलाई
तपाइंले तिनीहरूलाई स्वर्गबाट रोटी दिनुभयो।
तिनीहरूको तिर्खा मेटाउन तिनीहरूका
निम्ति चटानबाट पानी निकाल्नुभयो।
तिनीहरूलाई दिन्छु भनी तपाइंले गंभीर करार
गर्नुभएको देश अधिकार गर्नलाई पस्न भनी

तपाईंले हुकुम दिनुभयो। १६ तर हाम्रा
पुर्खाहरू हठी र अट्टेरी भएर तपाईंका
आज्ञाहरू उल्लङ्घन गरे। १७ आज्ञा पालन
गर्न तिनीहरूले इन्कार गरे, र तिनीहरूका
बीचमा तपाईंले गर्नुभएका आश्‍चर्यकर्महरूलाई
तिनीहरूले यादै गरेनन्। तिनीहरू अट्टेरी
भए, र मिश्र देशको दासत्वमा फेरि लैजान
तिनीहरूले एक जना मानिसलाई नियुक्त गरे।
तर तपाईं क्षमा गर्नुहुने परमेश्‍वर, अनुग्रही,
धीरजी र दृढ़ प्रेमले पूर्ण हुनुहुन्छ। यसैले
तिनीहरूलाई तपाईंले त्याग्नुभएन। १८ तिनी-
हरूले ढलौटे बाछा बनाएर यसो पनि भने,
'तिमीहरूलाई मिश्र देशबाट निकालेर ल्याउने
तिनीहरूका ईश्‍वर यही हो।' औ तिनीहरू
ईश्‍वर-निन्दाको ठूलो दोषी भए। १९ तापनि
तपाईंले तिनीहरूलाई ठूलो करुणा देखाएर
उजाड़-स्थानमा त्याग्नुभएन। तिनीहरूको
यात्रामा दिउँसो बादलको खामाले बाटो
देखाउन र राती तिनीहरूको यात्राको बाटोमा
प्रकाश दिने आगोको मुस्लाले तिनीहरूलाई
छोड़ेनन्। २० तिनीहरूलाई शिक्षा दिन
तपाईंले आफ्नो असल आत्मा दिनुभयो।
तिनीहरूलाई मन्न दिनु तपाईंले छोड्नुभएन,
औ तिनीहरूको तिर्खा मार्न तिनीहरूलाई पानी
दिनुभयो २१ चालीस वर्षसम्म तपाईंले
उजाड़-स्थानमा तिनीहरूलाई पाल्नुभयो, औ
तिनीहरूका खुट्टा पनि सुन्निएन।''

२२ लड़ाइँमा लूटेका मालहरूझैं तपाईंले
राज्यहरू र मानिसहरू तिनीहरूलाई दिनुभयो।
यसरी तिनीहरूले हेशबोनका राजा सीहोन र
बाशानका राजा ओगका देशहरू अधिकार
गरे। २३ तिनीहरूका पुर्खाहरूलाई तिनी-
हरूका अधिकारझैं दिन तपाईंले प्रतिज्ञा
गर्नुभएको देशमा ल्याएर तिनीहरू आकाशका
ताराहरू जत्तिकै अनगन्ती नहोउन्जेल तिनी-
हरूका सन्तान बढ़ाउनुभयो। २४ तिनीहरूका
सन्तान त्यहाँ पसेर त्यो देश अधिकार गर्दा
त्यहाँका बासिन्दा कनानीहरूलाई तपाईंले
तिनीहरूकै अधीन तुल्याइदिनुभयो, र ती राजा
र प्रजाहरूलाई समेत उनीहरूले इच्छा लागेझैं
व्यवहार गर्न उनीहरूका हातमा दिनुभयो।
२५ पर्खाल लाएका शहरहरू र मलिलो देश
तिनीहरूले लिए। असल असल थोकहरू
भएका घरहरू कब्जा गरे। ढुङ्गामा खनेका
कूवा, दाखबारी, भद्राक्षका रूख र अरू फलका
रूखहरू प्रशस्त मात्रामा तिनीहरूले पाए।
यसरी खाएर तिनीहरू तृप्त भए। औ पुष्टाएर
तपाईंको महान् काममा तिनीहरू आनन्दित
भए।

२६ तर तिनीहरू अहंकारी भएर तपाईंको
विरुद्धमा बागी भए। तिनीहरूले तपाईंको
व्यवस्थाको वास्ता गरेनन्। तर तपाईंतर्फ
फर्कनलाई गंभीर चेताउनी दिने तपाईंको
अगमवक्ताहरूलाई तिनीहरूले मारे। यसरी
तिनीहरू ठूलो ईश्‍वर-निन्दका दोषी भए।
२७ यसैकारण तपाईंले तिनीहरूलाई शत्रुहरूका
हातमा दिनुभयो। उनीहरूले तिनीहरूलाई
अत्याचार गरे। तर तिनीहरू अत्याचारमा
पर्दा तिनीहरूले सहायताको लागि तपाईंको
पुकारा गरे। तपाईंले स्वर्गबाट तिनीहरूको
पुकारा सुन्नुभयो। औ आफ्नो ठूलो करुणा
देखाएर तिनीहरूलाई आफ्ना शत्रुहरूबाट
बचाउन उद्धारकहरू पठाउनुभयो। २८ तर
वरिपरिबाट शान्ति पाएपछि तिनीहरूले फेरि
तपाईंको दृष्टिमा खराबी गरे। औ तपाईंले
तिनीहरूलाई शत्रुका हातमा त्याग्नुभयो।
उनीहरूले तिनीहरूलाई आफ्ना अधीन गराए।
तर फेरि तिनीहरूले सहायताको निम्ति तपाईं-
लाई पुकारा गरे। औ धेरैपल्ट तपाईंले
स्वर्गबाट तिनीहरूको पुकारा सुन्नुभयो, र
आफ्नो करुणा देखाएर तिनीहरूलाई उद्धार
गर्नुभयो। २९ तपाईंले तिनीहरूलाई आफ्नो
व्यवस्थातिर फर्कनलाई गंभीर चेताउनी दिनु-
भयो। तर तिनीहरू अहंकारी भएर तपाईंका
आज्ञाहरूको वास्ता गरेनन्। तिनीहरूले
तपाईंका धार्मिक-विधानको विरुद्धमा पाप गरे।
यो पालन गर्नेलाई जीवन छ। हठी र
आफ्नो जिद्दीमा अट्टेरी भएर तिनीहरूले

तपाईंको आज्ञा पालन गरेनन्। ३० धेरै
वर्षसम्म तपाईंले तिनीहरूसित धीरज धर्नुभयो।
आफ्ना अगमवक्ताहरूद्वारा तपाईंको आत्माले
तिनीहरूलाई चेताउनी दिनुभयो। तर तिनी-
हरूले सुनेनन्। यसैकारण तपाईंले तिनीहरूलाई
विदेशी मानिसहरूको हातमा सुम्पिदिनुभयो।
३१ तापनि आफ्नो ठूलो करुणा देखाएर
तपाईंले तिनीहरूलाई खतम पार्नुभएन।
तिनीहरूलाई त्याग्नु पनि भएन। किनभने
तपाईं अनुग्रह गर्ने र करुणामय परमेश्वर
हुनुहुन्छ।

३२ यसकारण हे हाम्रा परमेश्वर, तपाईं
महान्, पराक्रमी र भययोग्य परमेश्वर हुनुहुन्छ।
तपाईं आफ्नो करार विश्वाससित पूरा गर्नुहुन्छ।
हाम्रा राजा, राजकुमार, पूजाहारी, अगम-
वक्ता, पुर्खाहरू र तपाईंका सबै प्रजामाथि
परिआएका कष्ट—अश्शूरका राजाहरूका समय-
देखि आजको दिनसम्म पाएका कष्टलाई
हलुका नसम्भनुहोस्। ३३ हामीमाथि सबै
जे जत्ति बितेका छन् तिनमा तपाईंले
न्यायसित काम गर्नुभयो। तपाईंले विश्वाससित
काम गर्नुभयो, तर हामीले चाहिं दोष
गर्यौं। ३४ हाम्रा राजा, राजकुमार,
पूजाहारी र पुर्खाहरूले तपाईंको व्यवस्था
पालन गरेनन्। औ तपाईंले दिनुभएका
तपाईंका आज्ञाहरू र चेताउनीहरूको वास्ता
गरेनन्। ३५ तपाईंले तिनीहरूलाई दिनुभएको
ठूलो देशमा उन्नति गरे, र विस्तृत र मलिलो
भूमिको उब्जनी तिनीहरूले उपभोग गर्नपाए
तापनि आफ्ना राजाहरूका अधीनमा हुँदा
तिनीहरूले तपाईंको सेवा गरेनन्। तिनीहरूले
आफ्ना दुष्ट चाल त्यागेनन्। ३६ आज
हामी दास भएका छौं। तपाईंले हाम्रा
पुर्खाहरूलाई त्यसका फलहरू खान र
त्यसका असल कुराहरू उपभोग गर्नलाई
दिनुभएको यही देशमा हामी दास भएका छौं।
३७ तपाईंले हाम्रा पापहरूले गर्दा हामीमाथि
प्रभुत्व गर्न खटाउनुभएका राजाहरूकहाँ
त्यसका सबै उब्जनीहरू जान्छन्। हाम्रा
शरीरमाथि तिनीहरूको हक छ। औ हाम्रा
पशुहरूमाथि तिनीहरू आफूखुशी गर्दछन्।
औ हामी चाहिं यति दुःखमा परेका छौं।"

३८ यी सबैको कारण हामी लिखित
रूपमा यो बाचा बाँध्दैछौं, औ हाम्रा शासक
लेवी र पूजाहारीहरूले सही-छाप लाउँछन्।

१० सही-छाप लाउनेहरूमध्ये यिनै थिए—
हकल्याहका छोरा राज्यपाल नहेम्याह,
सिद्कियाह, २ सारायाह, अजर्याह, यिर्मयाह,
३ पशहूर, अमर्याह, मल्कियाह, ४ हत्तूश,
शबन्याह, मल्लूह, ५ हारीम, मरेमोत,
ओबदियाह, ६ दानियल, गिन्नतोन, बारूक,
७ मशुल्लाम, अजर्याह, मियामीन,
८ माज्याह, बिल्गै, शमायाह, यिनीहरू
चाहिं पूजाहारी थिए। ९ लेवीहरू—
अजन्याहका छोरा येशूअ, हेनादादका परिवारका
बिन्नूई, कदमीएल, १० र तिनीहरूका
दाज्यू-भाइहरू शबन्याह, होदियाह, कलीता,
पलायाह, हानान, ११ मीका, रहोब,
हशब्याह, १२ जक्कूर, शेरेब्याह, शबन्याह,
१३ होदियाह, बानी, बनीनू। १४ मानिस-
हरूका मुखियाहरू—परोश पहत-मोआब, एलाम,
जत्तू, बानी, १५ बुन्नी, अज्गाद, बेबै,
१६ अदोनियाह, बिग्वै, आदीन, १७ आतेर,
हिज्कियाह, अज्जूर, १८ होदियाह, हाशूम,
बेसै, १९ हारीत, अनातोत, नोबै,
२० मग्पीआश, मशुल्लाम, हेजीर, २१ मशे-
जबेल, सादोक, यद्दू, २२ पलत्याह, हानान,
अनायाह, २३ होशे, हनन्याह, हश्शूब,
२४ हल्लोहेश, पिल्हा, शेबेक, २५ रहूम,
हशब्ना, मासेयाह, २६ अहियाह, हानान,
आनान, २७ मल्लूक, हारीम र बाना।

२८ औ बाँकी मानिसहरू, पूजाहारी
लेवी, द्वारपाल, गवैयाहरू, मन्दिरका सेवकहरू
तिनीहरूका पत्नीहरू, छोरा-छोरीहरू सबै
बुझ्नसक्नेले परमेश्वरको व्यवस्थाको खातिर
आफू आफूलाई विदेशी मानिसहरूबाट अलग
गरेका थिए। २९ तिनीहरू सबै परमेश्वरका

दास मोशाद्वारा दिएको परमेश्‍वरको व्यवस्था मान्‍न र परमप्रभु हाम्रा परमेश्‍वरका सबै आज्ञा, उहाँका नियम र धार्मिक-विधिहरू पालन गर्न शपथ खाएर किरिया हालेको समयमा तिनीहरूका दाज्यू-भाइहरू र तिनीहरूका मुख्य मुख्य मानिसहरूसित तिनीहरू मिले।

३० "हामी आफ्ना छोरीहरू विदेशी मानिसहरूलाई विवाह गरिदिनेछैनौं अथवा हाम्रा छोराहरूका निम्ति तिनीहरूका छोरीहरू ल्याउनेछैनौं। ३१ यदि विश्राम-दिनमा यी मानिसहरूले व्यापारका माल, विशेष गरी अन्‍न बेच्‍न ल्याए भने हामी विश्राम-दिन अथवा अरू कुनै पवित्र दिनमा तिनीहरूबाट किन्‍नेछैनौं। सातौं वर्षको उब्जनी हामी छोड़िदिनेछौं, र ऋण बापत त्यस बेलासम्म लिएका सबै बन्धक छोड़िदिनेछौं।

३२ परमप्रभुको भवनको सेवाको निम्ति, भेटीका रोटीको निम्ति, ३३ नियमित अन्‍नबलि र होमबलि, विश्राम-दिन, औंसी, ठहराइएका चाड़हरू, पवित्र-दानहरू, इस्राएलको प्रायश्‍चितको निम्ति पापबलि र परमप्रभुको भवनको निम्ति गरिने अरू सबै कामको निम्ति हामी वर्षैपिच्छे शेकेलको एक तिहाइ दिन आफ्नो कर्त्तव्य सम्झनेछौं। ३४ पूजाहारीहरू, लेवीहरू र मानिसहरूले व्यवस्थामा लेखिएअनुसार परमप्रभु हाम्रा परमेश्‍वरको वेदीमा जलाउन वर्षैपिच्छे ठहराइएको समयमा पालैपालो परिवार परिवार गरी हाम्रा परमेश्‍वरको भवनमा ल्याउनलाई काठ-बलिको निम्ति चिट्ठा हामीले हाल्यौं। ३५ परमप्रभु परमेश्‍वरको भवनमा वर्षैपिच्छे हाम्रा जमीनको अगौटे फल र फल फलाउने हरेक रूखको अगौटे फल ल्याउन, ३६ औ हाम्रा परमेश्‍वरको भवनमा पूजाहारीकहाँ परमेश्‍वरको भवनमा सेवा गर्दा, व्यवस्थामा तोकिएअनुसार हाम्रा छोराहरू, गाई-वस्तुहरू र भेड़ा-बाख्राहरूका बथान र बगालबाट पहिले जन्मेका ल्याउन हामी प्रतिज्ञा गर्छौं। ३७ औ पूजाहारीहरूकहाँ मुछेको पहिलो पीठो र हरेक रूखको अगौटे फल, नयाँ दाखमद्य र नयाँ तेल परमप्रभुको भवनको भण्डारमा ल्याउन, औ लेवीहरूकहाँ हाम्रा जमीनको दशौं अंश ल्याउन हामी प्रतिज्ञा गर्छौं—किनभने हाम्रा खेती-पाती गरिने बस्तीहरूको दशौं अंश उठाउने लेवीहरूनै हुन्। ३८ दशौं अंश उठाउँदा हारूनका वंशका पूजाहारीहरू लेवीहरूका साथमा हुनेछन्। औ लेवीहरूले दशौं अंशको दशौं भाग परमेश्‍वरको भवनको तोकिएका भण्डारका कोठाहरूमा ल्याउनेछन्। ३९ किनभने इस्राएलीहरू र लेवीहरूले अन्‍नका दान, नयाँ दाखमद्य र तेल पवित्रस्थानका भाँड़ाहरू राख्‍ने कोठाहरूमा र त्यहाँ सेवा गर्ने पूजाहारी, द्वारपाल र गवैयाहरू बस्‍ने ठाउँमा ल्याउनेछन्। हामी परमेश्‍वरको भवनलाई त्याग्‍नेछैनौं।"

यरूशलेमका निवासस्थान

११ प्रजाका कुल-नायकहरू यरूशलेममा बस्थे। औ बाँकी मानिसहरूले चाहिं दश जनापिच्छे एक जनालाई पवित्र शहर यरूशलेममा रहनलाई चिट्ठा हाले। औ अरू नौ जना चाहिं अरू गाउँहरूमा बसे। २ मानिसहरूले यरूशलेममा बस्‍न राजीहुनेहरूलाई आशीर्वाद दिए।

३ यरूशलेममा बस्‍ने प्रदेशका मुखियाहरू यिनै थिए—तर यहूदाका शहरहरूमा अरू इस्राएली, पूजाहारी, लेवी, मन्दिरका सेवक र सुलेमानका चाकरहरूका सन्तानहरू चाहिं आफ्नै निज जग्गा-जमीन आफ्नै गाउँहरूमा बसे। ४ यहूदा र बिन्यामीनका कुलका कुनै कुनै मानिसहरू चाहिं यरूशलेममा बसे। यहूदाका—पेरेसका परिवारका उज्जियाहका छोरा अतायाह, जो जकर्याहका छोरा, जो अमर्याहका छोरा, जो शपत्याहका छोरा, जो महललेलका छोरा थिए। ५-६ शीलोनीका परिवारका बारूकका छोरा

मासेयाह, जो कोल-होजेका छोरा, जो
हजायाहका छोरा, अदायाहका छोरा, जो
योयारीबका छोरा, जकर्याहका छोरा थिए।
तिनका परिवारका सबै चार सय अड्सट्ठी जना
वीर वीर मानिसहरू थिए। तिनीहरू
यरूशलेममा बसे।
७ बिन्यामीनीहरू चाहिँ यिनै थिए—
मशुल्लामका छोरा सल्लू, जो योएदका छोरा,
जो पदायाहका छोरा, जो कोलायाहका छोरा,
जो मासेयाहका छोरा, जो इतीएलका छोरा,
जो यशायियाहका छोरा थिए। ८ औ तिनका
कुटुम्बहरू गब्बै र सल्लै, सबै जम्मा नौ सय
अठाईस जना थिए। ९ जिक्रीका छोरा
योएल चाहिँ तिनीहरूका कामको हेर-विचार गर्ने
थिए, जो हासेनूआका छोरा यहूदा शहरको
हेर-विचार गर्ने अधिपति थिए।
१० पूजाहारीहरूका—योयारीबका छोरा
यदायाह, ११ जो सरायाहका छोरा, जो
हिल्कियाहका छोरा, जो मशुल्लामका छोरा,
जो सादोकका छोरा, जो मरायोतका छोरा,
जो परमेश्वरको भवनको देखरेख गर्ने
अहीतूबका छोरा, १२ र मन्दिरको कामको
जिम्मामा रहेका तिनका दाज्यू-भाइहरू सबै
जम्मा आठ सय बाईस जना थिए। औ
अदायाह, जो यरोहामका छोरा, जो
पतल्याहका छोरा, जो अम्सीका छोरा, जो
जकर्याहका छोरा, जो मल्कियाहका छोरा
थिए। १३ औ तिनका दाज्यू-भाइहरू जो
पिताका घरानाका मुखियाहरू सबै जम्मा दुइ
सय बयालीस जना थिए। औ अमासै, जो
अज्रैलका छोरा, जो अहजैका छोरा, जो
मशिल्लेमोतका छोरा, जो इम्मेरका छोरा
थिए। १४ औ इम्मेरका दाज्यू-भाइहरू
वीर वीर सबै जम्मा एक सय अठाईस
जना थिए। तिनीहरूका हेर-विचार गर्ने
हग्गदोलीमका छोरा जब्दीएल थिए।
१५ लेवीहरूका—हश्शूबका छोरा
शमायाह, जो अज्रीकामका छोरा, जो
हशबियाहका छोरा, जो बुन्नीका छोरा थिए।
१६ अनि लेवीहरूका मुखियाहरू शब्बतै र
योजाबाद थिए। तिनी परमप्रभुको भवनको
बाहिरका कामका जिम्मावाल थिए। १७ औ
मीकाका छोरा मतन्याह, जो जब्दीका छोरा,
जो आसापका छोरा थिए। तिनी स्तुति गर्ने-
हरूका मुखिया थिए। तिनका दाज्यू-भाइहरूमध्ये
दोस्रो स्थान लिने बकबुक्याह थिए।
शम्मूअका छोरा अब्दा, जो गालालका छोरा,
जो यदूतूनका छोरा थिए। १८ पवित्र
शहरमा लेवीहरूको संख्या जम्मा दुइ सय
चौरासी थियो।
१९ मूल-ढोकाका द्वारपालहरू अक्कूब,
तल्मोन र तिनीहरूका दाज्यू-भाइहरू एक सय
बहत्तर जना थिए। २० बाँकी इस्राएलीहरू
चाहिँ हरेक आफ्नै अधिकारको जग्गामा
यहूदाका सबै शहरहरूका थिए। २१ तर
ओपेल, सीहा र गिश्पामा बस्ने मन्दिरका
सेवकहरू उनीहरूका जिम्मावाल थिए।
२२ यरूशलेममा भएका लेवीहरूका
मुखिया चाहिँ परमप्रभुको भवनको देखरेख
गर्ने कामको निम्ति बानीका छोरा उज्जी
थिए, जो हशबियाहका छोरा, जो मतन्याहका
छोरा, जो मीकाका छोरा, गवैया आसापका
सन्तान थिए। २३ तिनीहरू राजाको
हुकूमभनि भएको हुनाले गायकहरूले प्रतिदिन
पालन गर्ने कर्त्तव्य तिनीहरूकै थियो।
२४ मानिसहरूको विषयमा राजाका सल्लाहकार
मशजबेलका छोरा पतहियाह थिए। तिनी
जेरहका परिवारका यहूदाका छोरा थिए।
२५ गाँउहरू र तिनका बस्तीहरूमा
यहूदाका कति जना मानिसहरू किर्यत-अर्बा र
त्यसका बस्तीहरूमा, दीबोन र तिनका बस्ती-
हरूमा, यकब्सेल र त्यसका बस्तीहरूमा,
२६ येशूअ, मोलादा, बेत्पेलेत, २७ हसर्शू-
आल, बेर्शेबा र तिनका बस्तीहरूमा,
२८ सिकलग, मकोना, र त्यसका बस्तीहरूमा
२९ एरिमोन, सोराह, यर्मूत, ३० जानोह,
अदुल्लाम र त्यसका बस्तीहरूमा, लाकीश र
त्यसका खेतहरू र अजेका र त्यसका बस्ती-

हरूमा बस्थे। यसरी तिनीहरूले बेर्शेबादेखि
हिन्नोमको बेंसीसम्मका देश ओगटे।
३१ बिन्यामीनका मानिसहरू गेबा,
मिकमाश, अय्या, बेतेल र त्यसका बस्तीहरू-
समेतमा, ३२ अनातोत, नोब र अनन्याह,
३३ हासोर, रामा, गित्तैम, ३४ हादीद,
सबोईम, नबलत, ३५ लोद, ओनो र
गे-हाराशिममा बस्थे। ३६ यहूदामा भएका
लेवीहरूका कुनै कुनै भाग चाहिं बिन्यामीनसँगै
मिलेका थिए।

पूजाहारीहरू र लेवीहरू

१२ शाल्तीएलका छोरा यरूबाबेल र
येशूअसँग फर्किआएका पूजाहारी र
लेवीहरू यिनै हुन्—२ सरायाह, यिर्मयाह,
एज्रा, अमर्याह, मल्लूक, हत्तूश, ३ शकन्याह,
रहूम, मरेमोत, ४ इद्दो, गिन्नतोन, अबियाह,
५ मियामीन, माथाह, बिल्गा, ६ शमायाह,
योयारीब, यदायाह, ७ सल्लू, अमोक,
हिल्कियाह र यदायाह। येशूअका पालामा
पूजाहारीहरू र तिनीहरूका दाज्यू-भाइहरूका
मुखिया यिनै थिए।
८ औ लेवीहरू—येशूअ, बिन्नूई,
कद्मीएल, शेरेबियाह, यूदा र मत्तन्याह।
यिनीहरू आफ्ना दाज्यू-भाइहरूसँग धन्यवादी
भजनहरूका जिम्मावाल थिए। ९ औ
बक्बुक्याह र उन्नी तिनीहरूका दाज्यू-भाइहरू
चाहिं सेवा गर्दा तिनीहरूका सामने बस्थे।
१० येशूअ योयाकीमका पिता थिए।
योयाकीम एल्याशीबका पिता थिए। एल्याशीब
योयादाका पिता थिए। ११ योयादा
जोनाथनका पिता थिए औ जोनाथन यद्दूका
पिता थिए। १२ योयाकीमका पालामा यी
पूजाहारीहरू आफ्ना आफ्ना परिवारका
मुखिया थिए—सरायाहका मरायाह, यिर्मयाह,
हनन्याह, १३ एज्राका मशूल्लाम, अमर्याहका
यहोहानान। १४ मल्लूदाका जोनाथन,
शबन्याहका योसेप। १५ हारीमका अद्ना
मरायोतका हेल्कै। १६ इद्दोका जकर्याह,
गिन्नतोनका मशुल्लाम, १७ अबियाहका
जिक्री, मिन्यामीनका, मोअद्याहका पिल्तै,
१८ बिल्गाका शम्मू, शमायाहका यहोनात,
१९ योयारीबका मत्तनै, यदायाहका उज्जी,
२० सल्लैका कल्लै, आमोकका एबेर,
२१ हिल्कियाहका हशबियाह, यदायाहका
नतनेल।
२२ एल्याशीब, योयादा, योहानान र
यद्दूका पालादेखि फारसी राजा दाराको
राजत्वकालसम्म पूजाहारी परिवारहरूका प्रधान-
हरूका नाउँ लेखिएका थिए। २३ लेवी
परिवारहरूका प्रधानहरूका नाउँ चाहिं एल्या-
शीबका नाति योहानानका पालासम्म मात्र
लेखिएका थिए। २४ लेवीहरूका मुखियाहरू
हशब्याह, शेरेबियाह, येशूअ, बिन्नूई र
कद्मीएल तिनीहरूका दाज्यू-भाइसित आफ्नो
कामको पालोअनुसार परमेश्वरका जन दाऊदको
आज्ञाअनुसार पालैपालो स्तुति गर्ने र धन्यवाद
चढाउने गर्थे। २५ मत्तन्याह, बक्बुक्याह,
ओबदियाह, मशुल्लाम, तल्मोन र अक्कूब चाहिं
मूल-ढोकाका घरहरूमा रक्षा दिने द्वारपालहरू
थिए। २६ येशूअका छोरा योसादाकका नाति
योयाकीम, राज्यपाल नहेम्याह र पूजाहारी-
शास्त्री एज्राका पालामा यही बन्दोबस्त
गरिएको थियो।

यरूशलेमको पर्खालको समर्पण

२७ यरूशलेमको पर्खालको समर्पण गर्दा
यरूशलेममा रमाहट, धन्यवाद र भजन,
झ्याम्टा, सारङ्गी र वीणाका साथमा समर्पणको
उत्सव मनाउन लेवीहरूलाई तिनीहरू बसेका
सबै निवासस्थानहरूबाट खोजेर ल्याए।
२८ लेवी गवैया यरूशलेमका चारैतिरका
जिल्लाहरूबाट र नतोपातीहरूका गाउँहरूबाट,
२९ बेत-गिलगालबाट पनि, औ गेबाका
इलाकाहरूबाट र बेत-अज्मोतबाट भेला भए।
किनभने गवैयाहरूले यरूशलेमका छेउछाउमा

आफ्ना निम्ति गाउँहरू बनाएका थिए।
३० पूजाहारी र लेवीहरूले आफू आफूलाई
पवित्र गरे। अनि तिनीहरूले मानिसहरू,
मूल-ढोकाहरू र पर्खाललाई शुद्ध पारे।
३१ त्यसपछि मैले यहूदाका मुख्य मुख्य
मानिसहरूलाई शहरको पर्खालमाथि ल्याएँ, र
धन्यवाद दिन दुइवटा ठूला स्तुति गाउनेहरूका
दल नियुक्त गरें। एक दल जुलुसको साथमा
दाहिनेतिर पर्खालमा कसिङ्गरे-मूल-ढोकासम्म
गयो। ३२ त्यस दलको पछिपछि यहूदाका
आधा मानिसहरूका साथमा होशायाह,
३३ र अजर्याह, एज्रा, मशुल्लाम,
३४ यहूदा, बिन्यामीन, शमायाह र यिर्मयाह
थिए। ३५ औ तुरहीको साथमा कति जना
पूजाहारीहरू—जोनाथनका छोरा जकर्याह, जो
शमायाहका छोरा, जो मत्तन्याहका छोरा, जो
मीकायाहका छोरा, जो जक्कूरका छोरा,
३६ जो आसापका छोरा र तिनका कुटुम्बहरू,
शमायाह, अज्रेल, मिललै, गिललै, माऐ,
नतनेल, यहूदा र हनानी—परमेश्वरका जन
दाऊदका बाजाहरूका साथमा थिए। औ
शास्त्री एज्रा तिनीहरूका अगुवा थिए।
३७ तिनीहरू फोहरा-मूल-ढोकाबाट भएर
सिँढ़ीहरूबाट सोझै सामने शहरको पर्खालमा
उकालो चढ़ने बाटो भएर दाऊदको घरबाट
नाघेर दाऊदको शहरसम्म पूर्वतिर भएको
पानी-मूल-ढोकासम्म गए।

३८ भजन गाउँदै हिँड़ने अर्को दल
चाहिँ देब्रेतिर लाग्यो। अगिअगि जाने
मानिसहरूका पछिपछि मानिसका अगुवाहरूका
आधा भागसँग पछिपछि म हिँड़ें। यो
दल पर्खाल माथिमाथि भट्टीधरहरा भएर,
३९ चौड़ा पर्खालसम्म र एप्रैमी-मूल-ढोका
भएर पुरानो शहरको मूल-ढोकाबाट
मतस्य-मूल-ढोकातिर गएर हननेलको बुर्जा
र सयको बुर्जदेखि भेड़ा-ढोकासम्म गएपछि
तिनीहरू गारदको मूल-ढोकामा अड़िए।
४० यसरी ती दुइ भजन गर्ने दल परम-
प्रभुको भवनमा आफ्नो आफ्नो स्थानमा बसे।
मसँग अगुवाहरूका आधा दल थियो।
४१ पूजाहारी एल्याकीम, मासेयाह, मिन्यामीन,
मीकायाह, एल्योएनै, जकर्याह र हनन्याह
तुरहीका साथमा थिए। ४२ औ मासेयाह,
शमायाह, एलाजार, उज्जी, यहोहानान,
मल्कियाह, एलाम र एजेर पनि थिए।
यिज्रहियाहको नेतृत्वमा गवैयाहरूले उच्च सोरमा
गाए। ४३ त्यस दिन एउटा ठूलो बलिदानको
उत्सव मनाइयो। औ परमप्रभु परमेश्वरले
तिनीहरूलाई रमाहट गर्ने अवसर दिनुभएकोले
तिनीहरू सबैले आनन्द मनाए। स्त्रीहरू र
बालक-बालिकाहरूले पनि तिनीहरूसँग आनन्द-
मनाए। औ यरूशलेमको आनन्द-उत्सव टाढ़ा
टाढ़ासम्म पनि सुनियो।

पूजाहारी र लेवीहरूको बन्दोबस्त

४४ त्यस दिन भेटीहरू, अगौटे-फलहरू
र दशौं अंशको निम्ति भण्डारको जिम्मा
लिन र शहरहरूका वरिपरि बस्तीहरू फैलिएको
हुनाले पूजाहारीहरू र लेवीहरूका निम्ति
ठहराइएको व्यवस्थाबमोजिम हिस्सा बटुल्न
मानिसहरू नियुक्त गरिए। किनभने पूजा-
हारीहरू र लेवीहरूको सेवाबाट सबै यहूदा
साह्रै प्रसन्न थिए। ४५ दाऊद र तिनका
छोरा सुलेमानले दिएका नियमअनुसार आफ्ना
परमेश्वरको सेवा र शुद्धिको सेवा तिनीहरूले
गरे। ४६ दाऊदको पालामा गवैयाहरू र
परमेश्वरको प्रशंसा र धन्यवाद चढ़ाउनेहरूका
अगुवा आसाप थिए। ४७ औ यरूबाबेल
र नहेम्याहका पालामा गवैया र द्वारपाल-
हरूलाई सबै इस्राएलले प्रतिदिनको चाहिएको
भाग दिन्थे। तिनीहरूले लेवीहरूका भाग
अलग गरे। औ लेवीहरूले चाहिँ हारूनका
सन्तानको भाग अलग गरे।

नहेम्याहको सुधार

१३ त्यस दिन जनताको सामने मोशाको
पुस्तक पढ़ेको बेलामा यस्तो कुरा

लेखिएको भेट्टाइयो, 'कुनै पनि अम्मोनी
अथवा मोआबी परमेश्वरको सभामा कहिल्यै
पस्नपाउनेछैन। २ किनभने तिनीहरू रोटी
र पानी लिएर इस्राएलीहरूसित भेट गर्न
आएनन्, तर उनीहरूलाई सराप दिन
बिलामलाई ज्यालामा बोलाए। तापनि हाम्रा
परमेश्वरले त्यस सरापलाई आशिषमा परिवर्त्तन
गरिदिनुभएको थियो।' ३ मानिसहरूले त्यो
व्यवस्था सुनेर सबै मिश्रित-जातिलाई अलग
गरे।

४ तर यो हुनभन्दा पहिलेनै हाम्रा
परमेश्वरको भवनको भण्डारका अधिकारी
नियुक्त भएका पूजाहारी एल्याशीबले एउटा ठूलो
कोठा तयार गरेका थिए। तिनको तोबियाहसँग
बैवाहिक सम्बन्ध थियो। ५ त्यहाँ पहिले
तिनीहरूले अन्नबलि, धूपहरू, मन्दिरका
भाँडाहरू, अन्नका दशौं अंश, नयाँ दाखमद्य
र तेल लेवीहरू र गवैयाहरू औ द्वारपाल-
हरूका निम्ति तोकिएबमोजिम र पूजाहारी-
हरूका निम्तिका दान राख्थे। यही कोठा
तिनले तोबियाहको निम्ति चलाउन राखेका
थिए। ६ त्यस बेला म चाहिँ यरूशलेममा
थिइनँ। किनभने बाबेलका राजा आर्ट-
जारसेजको बत्तीसौं वर्षमा म राजाकहाँ
गएको थिएँ। ७ केही समयपछि यरूशलेम
फर्किजानलाई मैले उहाँको अनुमति मागें।
तोबियाहको निम्ति परमप्रभुको भवनका
चोकहरूमा एउटा कोठा दिएर एल्याशीबले
गरेको खराब कुरो मैले भेट्टाएँ। ८ म
साह्है अप्रसन्न भएँ। मैले त्यो कोठाबाट
तोबियाहका सबै कुराहरू फालिदिएँ।
९ त्यसपछि त्यस कोठालाई शुद्ध गरेर
परमप्रभुको भवनका भाँडाहरू, अन्नबलि र
धूपहरूसमेत त्यसमा फेरि राख्न मैले हुकूम
दिएँ।

१० लेवीहरूले आफ्ना भागहरू पाएका
रहेनछन् भन्ने कुरा पनि मैले सुनें। आफ्ना
आफ्ना कामका जिम्मा लिने, लेवीहरू र
गवैयाहरू दुवै, आफ्ना आफ्ना गाउँहरूमा
गइहाले भन्ने पनि मैले सुनें। ११ यसैकारण
मैले अधिकारीहरूलाई सम्झाई-बुझाई भनें,
"परमेश्वरको भवन किन त्यागिएको छ?"
अनि मैले ती मानिसहरूलाई बोलाएर फेरि
उनीहरूकै स्थानमा नियुक्त गरें। १२ त्यसपछि
सबै यहूदाले अन्नका आफ्नो दशौं अंश,
नयाँ दाखमद्य र तेल भण्डारमा ल्याए।
१३ औ मैले पूजाहारी शेलेम्याह, हिसाब-
किताब राख्ने सादोक, लेवीहरूमध्येका एक
जना पदायाह र जक्कूरका छोरा मत्तन्याहका
नाति हाननलाई तिनीहरूका साथमा जिम्मा
दिएँ। किनभने तिनीहरू विश्वासी मानिसहरू
थिए। तिनीहरूका काम चाहिँ आफ्ना
दाज्यू-भाइहरूका भाग वितरण गर्नु थियो।
१४ हे परमेश्वर, मेरो यस कामको निम्ति
सम्झना राख्नुहोस्, र मैले मेरा परमेश्वरको
भवनको र उहाँको सेवाको निम्ति देखाएको
भक्ति तपाईंको सम्झनामा रहिरहोस्।

१५ त्यस बेला यहूदामा मानिसहरूलाई
मैले विश्राम-दिनमा कोल पेलिरहेका देखें।
खेतको अन्न जम्मा गरेर गधामा राखेका
दाखमद्य, दाख, नेभारा र सबै किसिमको
भारी तिनीहरूले विश्राम-दिनमा यरूशलेममा
ल्याएको पनि मैले देखें। विश्राम-दिनमा
खानेकुरा बेच्न मैले तिनीहरूको विरोध गरें।
१६ यरूशलेममा बसोबासो गर्ने सोरवासीहरूले
पनि माछा र अरू सबै किसिमका व्यापारका
मालहरू ल्याएर विश्राम-दिनमा यहूदाका
मानिसहरूलाई यरूशलेममा बेच्दा रहेछन्।
१७ तब यहूदाका भारादारहरूलाई
सम्झाई-बुझाई मैले भनें, "यस्तो दुष्ट चाल
चलेर तिमीहरू विश्राम-दिन कसरी अपवित्र
गर्न आँट गर्छौ? १८ के तिमीहरूका
पुर्खाहरूले पनि ठीक यस्तै काम गरेका हुनाले
हाम्रा परमेश्वरले हामी र यस शहरमाथि
यो विपत्ति ल्याउनुभएको होइन र? अब
तिमीहरूले विश्राम-दिनलाई अपवित्र पारेर
झन् परमप्रभुको क्रोध जगाउँदैछौ।" १९ औ
विश्राम-दिनको तयारीको निम्ति यरूशलेमका

प्रवेश-द्वारहरू सफा गरिएपछि मूल-ढोकाहरू
थुन्नू र विश्राम-दिनपछिसम्म ती नखोल्नू भनी
मैले हुकूम गरें। औ विश्राम-दिनमा कुनै
पनि भारी भित्र नपसोस् भनेर मेरामनिका
कति जना मानिसहरूलाई मूल-ढोकाको
जिम्मामा मैले नियुक्त गरें। २० तब एक
दुइपल्ट व्यापारीहरू र सबै किसिमका थोक
ल्याउने पैकारीहरूले यरूशलेमको बाहिर नजीकै
आफ्ना पाल टाँगे। तर मैले तिनीहरूलाई
यसो भनेर चेताउनी दिएँ, २१ "तिमीहरू
किन शहरको पर्खालकै सामने पाल टाँगेर
बस्तैछौ ?" मैले तिनीहरूलाई भनें,
"यदि तिमीहरूले फेरि यसो गर्‍यौ भने म
तिमीहरूको विरुद्धमा कारवाही गर्नेछु।"
त्यसपछि तिनीहरू फेरि कहिल्यै विश्राम-दिनमा
आएनन्। २२ विश्राम-दिन निश्चयनै पवित्र
गरिओस् भनी ती लेवीहरूले आफैलाई शुद्ध
गरी मूल-ढोकामा पहरा दिने काममा नियुक्त
गर्न मैले हुकूम गरें। हे परमेश्वर, यो पनि
मेरो निम्ति सम्झना रहोस्, र तपाइंको ठूलो
कृपा ममाथि रहोस्।

२३ त्यस बेला पनि कुनै कुनै यहूदीहरूले
अश्दोद, अम्मोन र मोआबका स्त्रीहरूलाई
विवाह गरेका मैले भेट्टाएँ। २४ तिनीहरूका
आधा बालकहरू अश्दोदी भाषा बोल्थे—अरू
मानिसहरूको भाषा। औ तिनीहरू यहूदी
भाषा बोल्न जान्दैन थिए। २५ मैले
तिनीहरूसित बहस गरें, र तिनीहरूलाई
हप्काएँ। मैले तिनीहरूलाई पीटें। तिनी-
हरूलाई जगल्टाएँ। औ यसो भनेर परमेश्वरको
नाउँमा तिनीहरूलाई शपथ खानलाएँ, 'हामी
आफ्ना छोरीहरू तिनीहरूका छोराहरूसित
विवाह गरिदिन्नौं, अथवा तिनीहरूका
कुनै पनि छोरीहरू हाम्रा छोराहरूसित
वा हामी आफै विवाह गर्नेछैनौं।'
२६ मैले भनें, 'के यस्तै स्त्रीहरूको कारण
इस्राएलका राजा सुलेमानले पाप गरेका
थिएनन् ? समस्त जातिहरूमा तिनीजस्तै अरू
कुनै राजा थिएनन्। तिनलाई आफ्ना
परमेश्वरले प्रेम गर्नुभएको थियो। औ
परमेश्वरले तिनलाई जम्मै इस्राएलमाथि राजा
तुल्याउनुभएको थियो। तापनि विदेशी
स्त्रीहरूलेनै तिनलाई पाप गर्नलाए।
२७ त्यसैकारण हामीले पनि तिनकै उदाहरण
लिई विदेशी स्त्रीहरूलाई विवाह गरी,
यो घोर अपराध गरेर, हाम्रा परमेश्वरसितको
विश्वास हामी तोड्छौं।'

२८ प्रधान पूजाहारी एल्याशीबका छोरा
यहोयादाको एक जना छोराले होरोनी
सम्बल्लतकी एउटी छोरीलाई विवाह गरेको
रहेछ। यसैकारण मैले त्यसलाई मेरो
सामनेबाट निकालिदिएँ। २९ हे परमेश्वर,
तिनीहरूले पूजाहारीगिरीलाई र पूजाहारीहरू
र लेवीहरूको करारलाई अपवित्र गरेकोमा
तिनीहरूको शर्मलाई याद राख्नुहोस्।

३० यसरी मैले तिनीहरूलाई हरेक
विदेशी कुराबाट शुद्ध गरें, औ लेवीहरू
र पूजाहारीहरूलाई तिनीहरूका आफ्ना
आफ्ना काममा फेरि नियुक्त गरें।
३१ ठहराएको समयमा दाउराको भेटी
ल्याउने र अगौटे-फलको निम्ति पनि मैले
बन्दोबस्त मिलाइदिएँ। हे परमेश्वर मेरो
हितको निम्ति यस कामको सम्झना रहोस्।

एस्तरको पुस्तक

अहासूरस राजाको अपमान

१ यहाँ वर्णन गरिएका घटनाहरू
अहासूरस राजाका पालामा भएका
थिए। तिनी त्यही अहासूरस थिए जसले
भारतवर्षदेखि लिएर कूश देशसम्म एक सय
सत्ताईस प्रान्तहरूमाथि राज्य गर्थे। २ त्यस
बेला तिनी आफ्नो राजधानी शूशनको राज-
सिंहासनमा विराजमान थिए। ३ तिनको
शासनको तेस्रो वर्षमा तिनले आफ्ना सबै
अफिसर र भारादारहरूलाई एउटा ठूलो भोज
दिए। औ जब तिनका फारसी र मादी
सेनाका प्रतिष्ठित मानिसहरू र प्रान्त प्रान्तका
प्रदेशपालहरू तिनको सामने उपस्थित थिए,
४ तब तिनले धेरै दिनसम्म, अर्थात् एक
सय अस्सी दिनसम्म, आफ्ना राज्यका धन-
सम्पत्ति र आफ्नो खाफ र ऐश्वर्य देखाए।
५ ती दिन खतम भएपछि राजाले आफ्नो
राजधानी शूशनका ठूला र साना सबै
मानिसहरूलाई ठूलो भोज दिए। त्यो भोज
राजाको राज-दरबारको बगैंचामा सात दिनसम्म
भइरह्यो। ६ त्यहाँ सेता पर्दाहरू र नीला
झालरहरू भएका सुन्दर मलमल र बैजनी
फिता बाँधेका र चाँदीका कुण्डल झुण्डाइएका
थिए। हरिया र सेता सङ्गमर्मरले सुन्दर सुन्दर
बुट्टा बनाएका मोती र नीलो पत्थर छापेका
फर्शमाथि सङ्गमर्मरका स्तम्भहरू औ सुन र
चाँदीका बस्ने आसनहरू त्यहाँ थिए।
७ राजाले किसिम किसिम बुट्टा भएका
सुनका कचौराहरूमा दाखमद्य दिए। राजाले
दिएको दाखमद्य राजसी प्रशस्ततामा थियो
८ त्यहा कसैलाई जबरदस्तासत पियाउने
नियम थिएन। हरेक मानिसको इच्छाको ख्याल
राख्नू भनी राजाले आफ्ना भण्डारका सबै
कर्मचारीहरूलाई हुकुम गरेका थिए।
९ यसबाहेक रानी वश्तीले पनि राजा
अहासूरसकै राज्यमहलमा स्त्रीहरूलाई ठूलो
भोज दिइन्।

१० सातौं दिनमा जब राजा दाखमद्य
पिएर मस्त भएका थिए तब तिनले आफ्नो
घरको बन्दोबस्त मिलाउने सात जना नपुंसक
कर्मचारीहरू, अर्थात् यहूमान, बिज्ता, हर्बोना,
बिग्ता, अबगता, जेतेर र कर्कसलाई,
११ मानिसहरू र अफिसरहरूको सामने रानी
वश्तीलाई राजकीय शिरपेच लाएर आफ्नो
सौन्दर्य देखाउनलाई ल्याउनू भनी हुकुम गरे।
किनभने तिनी असाध्य सुन्दरी थिइन्।
१२ तर ती नपुंसकद्वारा दिइएको राजाको
हुकुम मानेर आउन रानी वश्तीले इन्कार
गरिन्। यसले गर्दा राजा अत्यन्त क्रोधित
भए। तिनी रिसले आगो भए।

१३ राजाले वूराचरण सम्बन्धी ज्ञानमा
पोख्त भएका आफ्ना ज्ञानी मानिसहरूसित
सल्लाह लिए। किनभने व्यवस्था र ऐन-
कानूनमा पोख्त भएका सबै मानिसहरूसित
सल्लाह लिने तिनको राजकीय चलन थियो।
१४ तीमध्ये आफूमनिका ज्ञानी फारस र
मादीका सात जना रजौटाहरू, कर्शना, शेतार,
अद्माता, तर्शीश, मेरेस, मर्सना र ममूकान
थिए। उनीहरूलाई राजाको उपस्थितिमा प्रवेश
गर्ने अधिकार थियो। औ तिनीहरूले
राज्यमा पहिलो स्थान पाएका थिए।
१५ राजाले उनीहरूलाई सोधे, "नपुंसकद्वारा
दिइएको राजा अहासूरसको हुकुम इन्कार
गरेकोमा रानी वश्तीलाई कस्तो व्यवहार
गर्नुपर्छ? कानूनले के भन्छ?" १६ तब

ममूकानले राजा र रजौटाहरूका सामने यो
जवाफ दिए, "रानी वश्तीले केवल राजाको
मात्र होइन तर सबै अफिसरहरूको र राजा
अहासूरसका सारा प्रान्तका सबै मानिसहरूको
अनादर गर्नुभयो। १७ रानीले गर्नुभएको
काम सबै स्त्रीले थाह पाउनेछन्, र त्यसले
गर्दा तिनीहरूले आफ्ना पतिहरूलाई तुच्छ
ठान्नेछन्। तिनीहरूले यसो भन्नेछन्, 'राजा
अहासूरसले रानी वश्तीलाई आफ्नो सामने
ल्याउन हुकूम गर्नुभएको थियो, तर उहाँ
आउनुभएन।' १८ रानीको व्यवहारको
विषयमा सुन्ने फारस र मादीका ठूला घरानाका
स्त्रीहरूले राजाका सबै अफिसरहरूसित
आजको दिनको कुरा गर्नेछन्। औ यसले
गर्दा अनादर र अशिष्टताको सीमा रहनेछैन।
१९ यदि हजूरको इच्छा भए हजूरबाट एउटा
यस्तो शाही-उर्दी निकालिबक्सिओस् औ
त्यो फारसी र मादीहरूको ऐन-कानूनमा
कहिल्यै रद्द नहुने गरी लेखिओस्। वश्तीले
फेरि कहिल्यै राजा अहासूरसको सामने
देखा पर्न नपाऊन् भन्ने राजाज्ञा पनि
निकालिबक्सिओस्। औ राजाले उहाँको सट्टामा
उहाँभन्दा अझै योग्यको स्त्रीलाई रानीको स्थान
दिइबक्सिओस्। २० यसरी जब यो शाही-उर्दी
राज्यको चारैतिर सुनिन्छ तब ठूला र साना
दर्जाका सबै स्त्रीहरूले आफ्ना पतिहरूको
आदर गर्नेछन्।" २१ ममूकानको सल्लाहलाई
रजौटाहरू सबैले असल ठाने, र तिनको
प्रस्ताव राजाले स्वीकार गरे। २२ तब
हरेक मानिस आफ्नो घरका मालिक भएर
आफ्ना सबै स्त्रीहरूमाथि अधिकार चलाओस्
भनेर राज्यका सबै प्रान्त र हरेक प्रदेशमा
आफ्नो आफ्नो लिपिबमोजिम र हरेक
जातिलाई आफ्नो आफ्नो भाषामा पत्रहरू
पठाइए।

एस्तर महारानी

२ पछि जब राजा अहासूरसको रीस
मर्‍यो तब तिनलाई रानी वश्ती र
तिनले गरेको कामको विरुद्धमा निकालेको
उर्दीको सम्झना भयो। २ यसैले राजाको
सेवा गर्ने चाकरहरूले भने, "हजूरको निम्ति
सुन्दरी सुन्दरी कन्ये-केटीहरू खोजि-
बक्सिओस्। ३ औ हजूरले आफ्ना
राज्यका सबै प्रान्तहरूबाट यी सबै सुन्दरी
जवान कन्ये-केटीहरूलाई राजधानी शूशनको
स्त्रीहरू राख्ने घरहरूमा ल्याउनलाई उच्च
कर्मचारीहरू खटाइबक्सिओस्। तिनीहरूलाई
महाराजाका स्त्रीहरूका जिम्मावाल नपुंसक
हेगेको जिम्मामा दिइबक्सिओस्। औ सिङ्गार-
पटारका वस्तुहरू तिनीहरूलाई दिइओस्।
४ औ जुन स्त्री महाराजाको दृष्टिमा
ग्रहणयोग्य हुनेछ तिनैलाई वश्तीको सट्टामा
रानी तुल्याइबक्सिओस्।" यो सल्लाह
राजालाई मन पर्‍यो। तिनले त्यहीबमोजिम
गरे।

५ राजधानी शूशनमा मोर्दकै नाउँका
एक यहूदी थिए। तिनी याईरका छोरा,
बिन्यामिनी कीशका छोरा शिमीका नाति
थिए। ६ बाबेलका राजा नबूकदनेसरले
यरूशलेमबाट यहूदाका राजा यकोन्याहसँग*
कैदमा लगेकाहरूमध्येका यिनी पनि एक
थिए। ७ तिनले आफ्ना काकाकी छोरी
हदस्सा, अर्थात् एस्तरलाई धर्म-पुत्री बनाएका
थिए। एस्तरका माता-पिता थिएनन्। तिनी
राम्री र सुन्दरी थिइन्। तिनका माता-
पिताको मृत्युपछि मोर्दकैले तिनलाई आफ्नै
छोरीजस्तै गरी पालेका थिए। ८ जब
राजाको हुकूम र उर्दी प्रसार भयो, औ
हेगेको जिम्मामा दिनलाई धेरै ठिटीहरू
राजधानी शूशनमा ल्याइए, तब एस्तर पनि
स्त्रीहरूका जिम्मावाल हेगेको जिम्मामा दिन
राजमहलमा लगिइन्। ९ तिनलाई देखेर
त्यो नपुंसक आकर्षित भयो। औ एस्तरले
तिनीबाट विशेष निगाह पाइन्। उनले तिनलाई
तुरुन्तै खुशीसित सिङ्गार-पटारका सामग्रीहरू र

* यहोयाकीन

खानेकुराको भाग जुटाइदिए। औ राजाको महलबाट सात जना चुनिएका सहेलीहरू पनि खटाइदिए। स्त्रीहरू बस्ने घरहरूमा तिनलाई र तिनका सहेलीहरूलाई विशेष सुविधा पनि दिइयो।

१० मोर्दकैले त्यसो गर्न तिनलाई मनाई गरेकाले एस्तरले आफ्नो वंश अथवा घराना बताएकी थिइनन्। ११ एस्तरलाई के कसो हुँदैछ सो जान्नलाई मोर्दकै दिनहुँ स्त्रीहरू बस्ने घरको सामनेको चोकबाट भएर जानेगर्थे।

१२ छ महीना तेल र मुर्र दलेर औ छ महीना अत्तर र श्रृङ्गारका वस्तुहरूले सिङ्गारिदिएर स्त्रीहरूलाई तयारी हुने तोकिएको पूरा समय बाह्र महीना थियो। समय पूरा भएपछि अहासूरस राजाकहाँ जाने हरेक स्त्रीको पालो आउँथ्यो। १३ औ स्त्रीहरू घरबाट राजाको महलमा जाँदा त्यसले मागेको जेसुकै थोक त्यसलाई लानदिन्थ्यो। १४ बेलुका त्यो महलभित्र जान्थी र बिहान उप-पत्नीहरूका जिम्मावाल राजाको नपुंसक शाश्गजको अधीनमा रहन स्त्रीहरू बस्ने घरको अर्को भागमा फर्केर जान्थी। राजाले आफ्नो इच्छा प्रकट गरेर त्यसको नाउँ काढ़ीकन नबोलाउन्जेल त्यो फेरि राजाकहाँ जानपाउँदैन थिई।

१५ जब मोर्दकैकी धर्म-पुत्री, तिनका काका अबीहेलकी छोरी एस्तरको राजाकहाँ जाने पालो आयो, तब तिनले स्त्रीहरूको जिम्मावाल राजाको नपुंसक हेगेले सल्लाह दिएका कुराबाहेक अरू केही लगिनन्। तिनलाई देख्ने सबैलाई एस्तरले मोहित गराइन्। १६ जब अहासूरसको राजत्व-कालको सातौं वर्षको दशौं महीना, अर्थात् तेबेत महीनामा तिनी राजमहलमा राजा अहासूरसकहाँ लगिइन् १७ तब राजालाई अरू सबै स्त्रीहरूभन्दा एस्तरलाईनै मन पर्‍यो। औ राजाले अरू कन्ये-केटीहरूभन्दा तिनलाई निगाह र दया देखाए। उनले तिनको शिरमा राजकीय शिरपेच लगाइदिए। औ वस्तीको सट्टामा तिनलाई आफ्नी रानी तुल्याए। १८ त्यसपछि राजाले आफ्ना सबै अफिसर र भारादारहरूलाई एस्तरको सम्मानमा एउटा ठूलो भोज दिए। तिनले प्रान्त प्रान्तहरूमा बिदाको घोषणा गरेर राजाले दिनुपर्ने योग्यका इनामहरू दिए।

१९ दोस्रोपल्ट कन्ये-केटीहरू भेला गर्दा मोर्दकै राजाको दरबारमा उपस्थित थिए। २० मोर्दकैको आदेशअनुसार एस्तरले आफ्नो घराना अथवा वंश बताएकी थिइनन्। मोर्दकैको अधीनमा हुँदा उनले तिनलाई भनेझैं तिनले गरिन्। २१ एक दिन जब मोर्दकै राज-दरबारमा उपस्थित थिए, तब राजाका दुइ जना नपुंसक मूल-ढोकाका द्वारपालहरू बिग्तान र तेरेशले असन्तुष्ट भएर राजा अहासूरसलाई मार्न षड्यन्त्र रचे। २२ यो कुरो मोर्दकैले थाह पाएर रानी एस्तरलाई भनिदिए। औ रानीले मोर्दकैको नाउँ लिएर राजालाई सो कुरो बताइदिइन्। २३ यस कुराको जाँच-बुझ भएपछि पक्का सबुत भयो। औ राजाले ती दुइ मानिसहरूलाई फाँसीको सजाय दिएर काठमा झुण्डाइदिए। यी सबै कुरा राजाको सामने राजकीय इतिहासमा लेखिए।

हामानको षड्यन्त्र

३ त्यसपछि राजा अहासूरसले अगामी हम्मदाताका छोरा हामानको दर्जा बढ़ाइदिएर तिनका सबै संगी-अफिसरहरूभन्दा तिनलाई श्रेष्ठ स्थान दिई उच्च-पदमा राखे। २ यसैले राज-दरबारका राजाका सेवकहरू सबैले राजाको आज्ञाअनुसार हामानलाई निहुरेर दण्डवत् गर्थे। तर मोर्दकैले चाहिं तिनलाई दण्डवत् गर्दैन थिए। ३ एकपल्ट राज-दरबारका सेवकहरूले मोर्दकैलाई भने, "तपाईं किन राजाको आज्ञा उल्लङ्घन गर्नुहुन्छ?" ४ उनीहरूले तिनलाई दिनदिनै

त्यही कुरा भन्थे। तर तिनले उनीहरूका
कुरा सुन्दैनथिए। मोर्दकैले इन्कार गरेको
कुरा सहन्छ कि सहँदैन भनी बुझ्नलाई
उनीहरूले हामानलाई यो कुरा जनाइदिए।
किनभने 'म एक यहूदी हुँ' भनी मोर्दकैले
उनीहरूलाई भनिदिएका थिए। ५ मोर्दकैले
तिनलाई निहुरेर दण्डवत् नगरेको कुरा
हामानले थाह पाएर तिनी रीसले चूर भए।
६ हामानले मोर्दकैका जात-भाइ को रहेछन्
भनी थाह पाएपछि तिनलाई मात्र हात
हाल्न मन गरेनन्। औ अहासूरसका
समस्त राज्यका सबै यहूदीहरू, मोर्दकै र
तिनका सबै जातिलाईनै, नाश गर्ने उपाय
तिनी खोज्नलागे।

७ अहासूरस राजाको बाह्रौं वर्षको
पहिलो महीना, अर्थात् नीसान महीनामा,
हामानको सामने दिन र महीना तोकेर
त्यस कामको निम्ति तिनीहरूले चिट्ठा
हाले। त्यस चिट्ठालाई 'पूर' भन्थे। चिट्ठा
बाह्रौं महीना, अर्थात् अदार महीनाको तेह्रौं
दिनमा पर्‍यो। ८ तब हामानले राजा
अहासूरसलाई भने, "हजूरको राज्यका
समस्त प्रान्तमा धेरै मानिसहरूका बीचमा
फैलिएको एउटा जाति छ। तिनीहरू
अलग्गै बस्छन्। तिनीहरूका रीति-रिवाजहरू
अरू सबै जातिको भन्दा भिन्दै छन्। तिनीहरूले
हजूरका ऐन-कानून पाल्न गर्दैनन्। हजूरले
तिनीहरूलाई सहानुभूति देखाउनु उचित
छैन। ९ यदि महाराजाको इच्छा भए
तिनीहरूको विनाशको निम्ति एउटा लिखित-
आज्ञा निकालिबक्सिओस्। म राजकोषमा
जम्मा गर्न हजूरका कर्मचारीहरूका हातमा
दश हजार तोड़ा चाँदी दिनेछु।" १० तब
राजाले आफ्नो छाप-औंठी आफ्नो औंलाबाट
झिकेर यहूदीहरूको शत्रु अगागी हम्मदाताका
छोरा हामानलाई दिए। ११ औ उनले
हामानलाई भने, "त्यो चाँदी र ती मानिस-
हरू तिम्रा हुन्। तिमीलाई जे इच्छा लाग्छ
त्यही गर।"

१२ तब पहिलो महीनाको तेह्रौं दिनमा
राजाका सरकारी लेखकहरू बोलाइए। औ
हामानको आदेशअनुसार हरेक प्रान्तका
प्रदेशपाल र राज्यपाल र विभिन्न जातिका
अफिसरहरूलाई लिखित रूपमा हुकूम
पठाइयो—हरेक प्रान्तमा त्यहाँकै लिपि र
हरेक जातिलाई उनीहरूको आफ्नै भाषामा
त्यो पठाइयो। राजा अहासूरसको नाउँमा
त्यो निकालियो। राजाकै छाप त्यसमा
लगाएको थियो। १३ यसरी अदार भन्ने बाह्रौं
महीनाको तेह्रौं दिनमा समस्त यहूदीहरूलाई
एकै दिनमा, जवान, बूढ़ा, स्त्री, नानीहरू
सबैलाई नाश गर्ने, मार्ने र तिनीहरूको नाउँ-
निशानै मेटिदिने औ तिनीहरूका सम्पत्ति लूट्ने
हुकूम राज्यका सारा प्रान्तहरूमा शाही-दूत-
हरूद्वारा पठाइयो। १४ त्यस दिनको निम्ति
तयार हुनू भनी त्यो लिखित-आज्ञाको एउटा
नकल उर्दीको रूपमा हरेक प्रान्तमा घोषणा
गरेर सबै मानिसहरूलाई प्रचार गर्नुपर्ने थियो।
१५ राजाको आज्ञामा ती शाही-दूतहरू
चाँड़ोभन्दा पनि चाँड़ो जान पठाइए। त्यो
उर्दी राजधानी शूशनमा पनि प्रसार गरियो।
त्यसपछि राजा र हामान पिउन बसे। तर
शूशन शहरमा चाहिं हलचल मच्चियो।

एस्तरको हस्तक्षेप

४ मोर्दकैले यी सबै कुरा सुनेर
आफ्नो लुगा च्याते। औ भाङ्ग्रा
र खरानी लाएर चर्को सोरले विलाप गर्दै
शहरका चारैतिर गए। २ तिनी राजमहलको
मूल-ढोकाको सामने आए। किनभने भाङ्ग्रा
लाएको कुनै पनि मानिस मूल-ढोकाबाट भएर
जान पाउँदैन थियो। ३ राजाको आज्ञा र
उर्दी पुगेको हरेक प्रान्तमा यहूदीहरूका बीचमा
उपवास, रूवाबासी, शोक र विलाप भयो।
तिनीहरूमध्ये धेरै भाङ्ग्रा लाएर खरानीको
ओछ्यानमा बसे। ४ जब एस्तर रानीका
सहेली र नपुंसकहरूले आएर तिनलाई यो

कुरा बताइदिए तब तिनी व्याकुल भइन्।
भाङ्ग्रा फुकालेर लुगा लगाउन भनी तिनले
मोर्दकैको निम्ति लुगा पठाइदिइन्। तर
तिनले ती ग्रहण गर्न मानेनन्। ५ तब
एस्तरले आफ्नो सेवामा खटाइएको राजाको
एक नपुंसक हताकलाई बोलाइपठाएर मोर्दकै-
लाई के दुःख पर्‍यो र किन त्यसो गरेको
भनी मोर्दकैसित सोध्न हुकूम गरी पठाइन्।
६ हताक राजमहलको सामने शहरको चोकमा
मोर्दकैकहाँ गए। ७ मोर्दकैले आफूलाई के
कसो भएको छ ती सबै कुरा र हामानले
यहूदीहरूलाई नाश गर्नको निम्ति कति पैसा
राजकोषमा दिएको छ सो पनि हताकलाई
बताइदिए। ८ औ त्यस विषयमा एस्तरलाई
भनिदिनू र राजाकहाँ गएर निगाह प्राप्त गरेर
आफ्नो जातिको निम्ति अर्जी चढ़ाउन
भनी अनुरोध गरी शूशनमा तिमीहरूको
सत्यानाशको लागि निकालिएको राजाज्ञाको
एउटा नकल पनि एस्तरलाई देखाउन भनी
तिनले पठाइदिए। ९ हताकले एस्तरकहाँ
गएर मोर्दकैले भनेका कुरा बताइदियो।
१० औ तिनले हताकद्वारा फेरि यो
समाचार दिएर पठाइन्, ११ "राजाका
सबै भारादारहरू र प्रान्तका सारा मानिस-
हरूलाई यो कुरा विदितै छ, कि यदि कुनै
लोग्नेमानिस वा स्वास्नीमानिस राजाको हुकूम-
विना राजाको उपस्थितिमा भित्री दरवारमा
पस्छ भने त्यसको निम्ति एउटै मात्र कानून
यही छ कि राजाले आफ्नो सुनको राजदण्ड
पसार्नुभएन भने त्यो मारिनेछ। औ सुनको
राजदण्ड पसार्नुभयो भने मात्र त्यो बाँच्नेछ।
तीस दिन भयो म आफैलाई पनि राजाकहाँ
जाने हुकूम भएको छैन।" १२ तर जब
एस्तरले भनेको कुरा तिनीहरूले मोर्दकैलाई
सुनाइदिए, १३ तब तिनले तिनीहरूलाई
एस्तरकहाँ गएर यसो भन्नू भनी अह्राए, "यो
नसोच कि तिमी राजमहलमा भएकोले
सबै यहूदीहरूमध्ये तिमी मात्रै बाँच्नेछौ।
१४ यस्तो बेलामा तिमी चूपै लागी बस्यौ
भने यहूदीहरूका निम्ति सहायता र छुटकारा
अरूद्वारै आउनेछ। तर तिमी र तिम्रा
पिताका घराना चाहिँ नाश हुनेछ। कसले
जान्दछ कि यस्तै समयको निम्तिनै तिमी यो
राजपदमा पुगेको होकि?" १५ एस्तरले
तुरुन्तै मोर्दकैकहाँ यस्तो जवाफ पठाइन्,
१६ "गएर शूशनमा भेट्टाएका जति सबै
यहूदीहरूलाई मेरो निम्ति उपवास बस्न भेला
गर्नुहोस्। तीन दिन तीन रातसम्म नता
खानेकुरा खानुहोस् न पानी पिउनहोस्। म
र मेरा सहेलीहरू पनि तपाईंहरूजस्तै उपवास
बस्नेछौं। त्यसपछि कानूनको विरुद्ध भए
पनि म राजाकहाँ जानेछु। मेरो विनाश
भए पनि होस्।" १७ तब मोर्दकै
गइहाले, र एस्तरले हुकूम गरेअनुसारनै गरे।

एस्तरको निमंत्रणा

५ तेस्रो दिन एस्तरले आफ्नो राजकीय
पोशाक लगाइन्, र राजमहलतिर
फर्केर राजमहलको भित्री दरवारमा उभिरहिन्।
राजा चाहिँ सिंहासनमा बसेर मूल-ढोकातिर
फर्कका थिए। २ जब राजाले एस्तर
रानीलाई दरवारमा उभिरहेका देखे तब
राजाको निगाह तिनीमाथि भयो, र आफ्नो
साथमा लिइराखेको सुनको राजदण्ड तिनले
तिनीतिर पसारे। तब अगि बढ़ेर एस्तरले
राजदण्डको टुप्पालाई छोइन्। ३ राजाले
तिनलाई भने, "रानी एस्तर, तिमी के
चाहन्छौ? तिमी जेसुकै माग मेरो आधा
राज्यसम्म पनि म तिमीलाई दिनेछु।"
४ एस्तरले भनिन्, "हे महाराजा, हजूरलाई
असल लागे हजूरको निम्ति मैले तयार
गरेको भोजमा आज हामानको साथमा हजूरको
सवारी होस्।" ५ एस्तरको इच्छा पूरा
गर्न राजाले हामानलाई तुरुन्तै बोलाएर
ल्याउने हुकूम गरे। औ एस्तरले तायर
गरेको भोजमा राजा र हामान गए।
६ मद्य पिउँदै राजाले एस्तरलाई भने,

"तिमीले मलाई जेसुकै मागे पनि म तिमीलाई
दिनेछु। तिमीले जे मागे म दिनेछु, मेरो आधा
राज्यसम्म पनि म तिमीलाई दिनेछु।"
७ जवाफमा एस्तरले भनिन्, "मेरो बिन्ती
र अर्जी यही छ। ८ यदि मैले महाराजाको
निगाह पाएकी छु औ यदि मैले मागेको
कुरा दिनु र मैले चढ़ाएको बिन्ती सुन्नु
महाराजालाई असल लागे हजूर दुवैको निम्ति
मैले तयार गरेको भोजमा हजूर महाराजा
र हामान भोलि पनि आइबक्सिओस्।
भोलि म महाराजाले भन्नुभएकैं गर्नेछु।"

हामानको षड़यन्त्र

९ त्यस दिन हामान रमाउदै र
मनमा खुशी हुँदै गए। तर जब तिनले
मोर्दकैलाई दरबारमा हाजिर भएका र तिनका
सामने झुकेर तिनलाई आदर पनि
नगरेका देखे तब तिनी रिसले चूर भए।
१० तर आफैलाई सह्मालेर तिनी घर गए।
त्यसपछि तिनले आफ्ना मित्रहरू र आफ्नी
पत्नी जेरेशलाई बोलाइपठाए, र तिनीहरूलाई
आफ्नो धन-सम्पत्ति र धेरै छोराहरू भएको
खाफ ११ औ राजाले तिनलाई उच्च पद
दिएका र अरू अफिसरहरू र भारादारहरूमा
आफूलाई बढ़ी मान दिएको कुरा बताए।
१२ हामानले भने, 'त्यति मात्र होइन, तर
रानी एस्तरले तयार गर्नुभएको भोजमा
राजासित जान मलाई मात्र रानीले निम्तो
दिनुभयो। औ राजासित जान भोलि पनि
मलाई निम्तो दिनुभएको छ। १३ तापनि
त्यस यहूदी मोर्दकैलाई दरबारमा हाजिर
भएको देख्ता यी सबै मेरो निम्ति केही
पनि होइन जस्तै लाग्छ।' १४ तब तिनकी
पत्नी जेरेश र तिनका सबै मित्रहरूले तिनलाई
भने, "पचास- हात अग्लो एउटा फाँसीको
काठ खड़ा गर्नुहोस्, औ बिहान मोर्दकैलाई
त्यसमा झुण्डाउन राजासित बिन्ती गर्नुहोस्।
त्यसपछि खुशीसित राजासँग भोजमा
जानुहोस्।" हामानलाई यो कुरो साह्रै
असल लाग्यो, र तिनले त्यो फाँसीको काठ
खड़ा गरे।

मोर्दकैको सम्मान

६ त्यस रात राजालाई निद्रै लागेन।
तिनले दैनिक घटनाहरूको विवरण
पुस्तक ल्याउन हुकूम गरे, र त्यो
राजालाई पढ़ेर सुनाइयो। २ त्यसमा प्रवेश-
ढोकाका रखवाली गर्नेहरूमध्ये दुइ जना
शाही-नपुंसक बिग्ताना र तेरेशले राजा
अहासूरसलाई मार्ने षड़यन्त्र गरेका र मोर्दकैले
त्यो जाहेर गरिदिएको विषयमा लेखिएको
थियो। ३ तब राजाले भने "यसको
निम्ति मोर्दकैलाई कुनै सम्मान अथवा पद
दिइयो?" त्यहाँ उपस्थित भएका राजाका
भारादारहरूले भने, "मोर्दकैको निम्ति ता
केही गरिएको छैन।" ४ राजाले सोधे,
"त्यो चोकमा को छ?" त्यस बेला हामान
पनि भर्खरै आफूले तयार गरेको फाँसीको
काठमा मोर्दकैलाई झुण्डाउन भनी राजासित
बिन्ती गर्न महलको बाहिर चोकमा आइपुगेका
थिए। ५ राजाका सेवकहरूले जवाफ दिए,
"हामान त्यहाँ उभिरहेका छन्!" राजाले
तिनलाई भित्र ल्याउने हुकूम गरे। ६ तिनी
भित्र आए। औ राजाले तिनलाई भने,
"राजा आफैले सम्मान दिन इच्छा
गरेका मानिसलाई के गर्नुपर्छ?" हामानले
मनमनै सोचे—'मबाहेक राजाले अरू कसलाई
सम्मान दिनु इच्छा गर्नुभएको होलान् र?'
७ औ तिनले राजालाई भने, "जुन
मानिसलाई राजाले सम्मान दिने इच्छा
गरिबक्सिन्छ ८ तिनको निम्ति राजा आफैले
लाउने पोशाक र राजाले सवार गर्ने घोड़ा
ल्याइओस्, र एउटा राजकीय शिरपेच
तिनको शिरमा लगाइओस्। ९ औ ती
पोशाकहरू राजाका सबैभन्दा माननीय
भारादारहरूका एक जनाले राजाले सम्मान

गर्न इच्छा गर्नुभएको ती मानिसलाई पहिराइ-
देऊन्, र त्यही घोड़ामा सवार गराएर
शहरका चोकहरूमा तिनी जाँदा यसो भन्दै
कराऊन्, "राजाले सम्मान गर्न इच्छा
गर्नुभएको मानिसको निम्ति के गरिएको छ,
सो हेर।" १० तब राजाले हामानलाई
भने, "तिमीले भनेझैं तुरुन्तै पोशाकहरू र
घोड़ा ल्याऊ, र यहूदी मोर्दकैको निम्ति त्यसै
गर। तिनी दरबारमा उपस्थित छन्।
तिमीले भनेबमोजिम सबै कुरामध्ये केही
नचुकोस्।" ११ यसैकारण हामानले
ती पोशाकहरू मोर्दकैलाई पहिराइदिए, र
घोड़ा लिएर तिनलाई सवार गराई शहरका
सड़कहरूमा यसो भन्दै तिनी कराए, "राजाले
सम्मान गर्न इच्छा गर्नुभएको मानिसको निम्ति
के गरिएको छ, सो हेर।"
१२ त्यसपछि मोर्दकै राज-दरबारमा
फर्किआए। औ हामान चाहिं मुख छोपेर
अफसोस गर्दै हतार हतार आफ्नो घर गए।
१३ तिनले आफ्नी पत्नी जेरेश र तिनका
सबै मित्रहरूलाई तिनीमाथि के भयो सो एक
एक कुरा बताए। औ तिनका मित्रहरू र
तिनका पत्नीले यो जवाफ दिए, "यदि मोर्दकै,
जसको सामने तपाईंको भाग्यको पतन
हुनलागेको छ, यहूदी जातिका हुन् भने
तपाईं तिनीमाथि विजयी हुनसक्नुहुन्न। तिनले
तपाईंको सर्वनाश गरिछोड्नेछ।"
१४ हामानसित तिनीहरू कुरा गरिरहँदा
राजाका नपुंसकहरू आइपुगे, र तिनलाई एस्तर
रानीले तयार गरेको भोजमा लगिहाले।

हामानको षड़यन्त्र विफल भएको

७ तब राजा र हामान रानी एस्तरसित
भोजन गर्न गए। २ फेरि त्यस
दिन पनि मद्य पिउँदै राजाले भने, "रानी
एस्तर, तिमीले मसित जेसुकै मागे पनि म
दिनेछु। तिमीले मसित बिन्ती चढ़ाएर
मेरो आधा राज्यसमेत मागे तापनि त्यो पूरा
गरिनेछ।" ३ रानी एस्तरले भनिन्, "यदि
मैंले महाराजाको निगाह प्राप्त गरेकी छु, औ
यदि महाराजाको मर्जी भए बिन्ती यही छ
कि मेरो आफ्नो ज्यान र मेरो जातिको
ज्यान जोगाइदिनुहोस्। ४ किनभने म र
मेरो जाति नाश गरिन, मारिन र नाउँ-
निशानै मेटिनलाई बेचिएका छौं। यदि
हामी, पुरुष र स्त्री सबैलाई दासत्वमा बेच्ने
कुरो मात्र भएको भएता म चूप्पै लागिरहने
थिएँ। किनभने त्यसो भए हाम्रो दशा
महाराजाको हितमा हानि पुर्‍याउने किसिमको
हुनेथिएन।" ५ तब राजा अहासूरसले
एस्तर रानीलाई भने, "यस्तो काम गर्न ठान्ने
को हो, औ त्यो कहाँ छ?" ६ एस्तरले
भनिन्, "त्यो विरोधी र शत्रु यही दुष्ट
हामान हो।" राजा र रानीको सामने हामान
अवाक् भए। ७ तब राजा रीसले चूर भएर
भोजबाट उठे, र महलको बगैंचामा गए। औ
हामान चाहिं रानी एस्तरसँग प्राणदानको
लागि बिन्ती चढ़ाउन भनी आफू बसेकै
ठाउँमा बसिरहे। किनभने राजाले मनमनै
तिनलाई सत्यानाश गर्ने निश्चय गरिसकेका छन्
भनी तिनले बुझे। ८ जब राजा बगैंचाबाट
भोज गर्ने कोठामा फर्केर आए त्यस बेला
हामान चाहिं एस्तर ढल्किरहेको पलङ्गको
छेउमा झुकिरहेका थिए। तब राजाले
कराएर भने, "के त्यसले रानीलाई यहाँ मेरो
नजरकै सामने हात लाउनचाहन्छ?" राजाको
मुखबाट यो कुरो निस्कने बित्तिकै निराश
भएर हामानले आफ्नो मुख छोपे। ९ तब
राजाको सामने हाजिर रहने नपुंसकहरूमध्येको
एक जना हर्बोनले भन्यो, "हामानको घरमा
महाराजाको प्राण जोगाइदिने मोर्दकैलाई
झुण्डाउन भनी हामान आफैले पचास हात
अग्लो फाँसीको काठ बनाएको छ।" राजाले
भने, "त्यसैमा हामानलाई झुण्डया।" १० तब
मोर्दकैको निम्ति आफैले तयार गरेको
फाँसीको काठमा तिनीहरूले हामानलाई लगेर
झुण्डाए। त्यसपछि राजाको रीस मर्‍यो।

यहूदीहरूको नयाँ अधिकार

८ त्यस दिन राजा अहासूरसले यहूदीहरूको
शत्रु हामानको घर रानी एस्तरलाई
दिए। औ एस्तरले मोर्दकै तिनको आफ्नै
पर्छ भनेको हुनाले मोर्दकै राजाको उप-
स्थितिमा हाजिर भए। २ तब राजाले
हामानबाट लिएको छाप-औंठी फुकालेर
मोर्दकैलाई दिए। औ एस्तरले मोर्दकैलाई
हामानको घरको जिम्मा दिइन्।
३ फेरि एकपल्ट एस्तरले रूँदै राजाको
पाउमा घोप्टो परेर अगागी हामानले गरेको
दुष्ट योजना टारिदिन र तिनले यहूदीहरूको
विरुद्धमा गरेको षड्यन्त्रलाई विफल गराइदिन
भनी बिन्ती चढ़ाइन्। ४ राजाले एस्तरतिर
सुनको राजदण्ड पसारे। औ तिनी उठेर
राजाको सामने खड़ा भएर तिनले भनिन्,
५ "महाराजाको इच्छा भए, औ यदि मैंले
हजूरको निगाह पाएकी छु भने मैंले दिन-
लागेको प्रस्ताव महाराजाले उचित सम्झि-
बक्सिए र मैंले हजूरको स्वीकृति पाउनसके
अगागी हम्मदाताको छोरा हामानले राजाका
सबै प्रान्तहरूका यहूदीहरूलाई नाश गर्ने
योजना बनाएर लेखेका पत्रहरूलाई रद्द
गर्ने एउटा लिखित राजाज्ञा पठाइबक्सिओस्।
६ किनभने मेरा जात-भाइहरूमाथि परेको
विपत्ति म कसरी हेर्न सकूँला? अथवा मेरो
परिवारको विनाश म कसरी हेर्न सकूँला?"
७ तब राजा अहासूरसले रानी एस्तर र
यहूदी मोर्दकैलाई भने, "त्यसले यहूदीहरूलाई
नाश गर्ने प्रयत्न गरेको हुनाले मैंले हामानको
घर एस्तरलाई दिएको छु, औ त्यो चाहिं
फाँसीको काठमा झुण्डाइयो। ८ तिमीहरूलाई
उचित लागेका शर्त्तहरूबमोजिम एउटा
राजाज्ञा मेरो नाउँमा निकाल। त्यसमा
शाही-मोहर लगाऊ, किनभने राजाको नाउँमा
लेखिएको शाही-मोहर लगाएको हुकूम रद्द
गर्नसकिँदैन।"
९ त्यस पछि तेस्रो महीना, अर्थात्
सीवान महीनाको तेइसौं दिनमा राजाका
सचिवहरू बोलाइए। औ मोर्दकैले भनेबमोजिम
यहूदीहरूलाई, भारतवर्षदेखि कूश देशसम्मका
एक सय सत्ताईस प्रान्तका प्रदेशपाल, राज्य-
पाल र अफिसरहरूका निम्ति हरेक प्रान्तलाई
आफ्नो आफ्नो लिपिअनुसार र हरेक मानिस-
लाई त्यसको आफ्नै भाषामा, औ यहूदीहरू-
लाई पनि आफ्नै लिपि र भाषामा एउटा
राजाज्ञा निकालियो। १० त्यो राजाज्ञामा
राजा अहासूरसको नाउँमा लेखेर शाही-मोहर
लगाइएको थियो। त्यो राजाज्ञा शाही
अस्तबलका घोड़ाहरूमा सवार भएर समाचार-
वाहकहरूद्वारा पठाइए। ११ यी पत्रहरूद्वारा
राजाले हरेक शहरमा यहूदीहरूलाई संगठित
भएर आफ्नो रक्षा गर्नू, औ तिनीहरूलाई
आक्रमण गर्ने कुनै पनि जातिको सारा शक्ति
वा प्रान्तका मानिसहरू जसले तिनीहरूका
स्त्रीहरू र बालकहरूसमेत तिनीहरूलाई आक्रमण
गर्छ, १२ तिनीहरूलाई एकै दिनमा, अर्थात्
बाह्रौं महीनाको वा अदार महीनाको तेह्रौं
दिनमा नाश गर्नू, मार्नू र नाउँ-निशानै
मेटिदिनू, औ अहासूरस राजाको प्रान्तभरिनै
तिनीहरूका अधिकारका जग्गा-जमीन लूट्ने
हुकूम मञ्जूरी भयो। १३ यस आज्ञा-पत्रको
एउटा नकल हरेक प्रान्तमा उर्दीको रूपमा
निकालिने र सारा मानिसहरूका बीचमा
प्रचार गरिने भयो। यहूदीहरू चाहिं त्यस
दिनको निम्ति, अर्थात् आफ्ना शत्रुहरूमाथि
साटो लिने दिनको निम्ति तयार रहून् भन्ने
आज्ञा-पत्र निकालिएको थियो। १४ यसैले
ती समाचार-वाहकहरू शाही-घोड़ाहरूमा सवार
भएर राजाको जरूरी हुकूम चाँड़ो भन्दा
चाँड़ो लैजान पठाइए। यो उर्दी राजधानी
शूशनमा पनि निकालियो।
१५ तब मोर्दकै बैजनी र सेतो शाही-
पोशाक र ठूलो सुनको मुकुट पहिरेर, मसिनो
मलमल र बैजनी वस्त्र लाएर राजाको
उपस्थितिबाट निस्के। औ समस्त शूशन शहरका
मानिसहरू खुशी र आनन्दले कराए।

१६ यहूदीहरूका निम्ति चाहिं त्यो दिन
उज्ज्वल र हर्ष, प्रसन्नता र इज्जतको दिन
भयो। १७ राजाज्ञा र उर्दी पुगेको हरेक
प्रान्त र हरेक शहरमा यहूदीहरूका निम्ति
आनन्द र हर्ष, भोज र बिदाको दिन भयो।
औ देशका धेरै मानिसहरूले आफू आफूलाई
यहूदी बनाए। किनभने यहूदीहरूको डर
तिनीहरूमाथि परेको थियो।

यहूदीहरूका शत्रुहरूको संहार

९ बाह्रौं महीना, अर्थात् अदार महीनाको
तेह्रौं दिनमा राजाज्ञा र उर्दी पूरा
गरिने दिन आइपुग्यो। त्यही दिन जब
यहूदीहरूका शत्रुहरूले तिनीहरूलाई आफ्नो
अधीनमा पार्न आशा गरेका थिए। तर
त्यसको विपरीत तिनीहरूलाई घृणा गर्नेहरूलाई
यहूदीहरूले अधीन गर्ने दिन भयो। २ त्यस
दिन तिनीहरूको सत्यानाश गर्न खोज्नेहरू-
माथि आक्रमण गर्न राजा अहासूरसका सबै
प्रान्तका शहरहरूमा यहूदीहरू संगठित भएका
थिए। तिनीहरूलाई कसैले रोक्नसकेन।
किनभने सबै मानिसहरूमाथि तिनीहरूको डर
परेको थियो, ३ र मोर्दकैको डर तिनीहरू-
माथि भएकोले गर्दा प्रान्त प्रान्तका सबै
अफिसर, प्रदेशपाल, राज्यपाल र सबै शाही
कर्मचारीहरूले यहूदीहरूलाई सघाए। ४ राज-
दरवारमा मोर्दकै एक महान् व्यक्ति भए।
तिनको शक्ति क्रमशः बढ्दै गएकोले गर्दा
तिनको ख्याति सबै प्रान्तहरूमा फिँजियो।
५ यसरी यहूदीहरूले आफ्ना शत्रुहरूलाई
ठूलो मारकाट र विनाश गरेर तरवारले
मारे। आफूहरूलाई घृणा गर्नेहरूमाथि
तिनीहरूले आफूखुशी गरे। ६ राजधानी
शूशनमा यहूदीहरूले पाँच सय मानिसहरूलाई
मारेर नाश गरे। ७ तिनीहरूले पर्शन्दाता,
दल्पोन, अस्पाता, ८ पोराता, अदल्या,
अरीदाता, ९ पर्मश्ता, अरीसै, अरीदै र
बैजाता, १० हम्मदाताका छोरा यहूदीहरूको
शत्रु हामानका यी दशै जना छोराहरूलाई
पनि मारे। तर तिनीहरूले लूटपीटमा हात
लगाएनन्।

११ त्यस दिन जब राजधानी शूशनमा
मारिएकाहरूको संख्या राजालाई सुनाइयो,
१२ तब राजाले रानी एस्तरलाई भने,
"राजधानी शूशनमा यहूदीहरूले पाँच सय
मानिसहरूलाई र हामानका दशै जना छोरा-
हरूलाई मारेर नाश पारेका छन् भने
राजाका अरू प्रान्तहरूमा झन् के के गरे
होलान्? तिमीले अरू जेसुकै मागे तापनि
त्यो दिइनेछ। अझै अरू जे तिमी चाहन्छौ
त्यो गरिनेछ।" १३ एस्तरले तिनलाई
जवाफ दिइन्, "महाराजाको इच्छा भए
आजको उर्दीअनुसार भोलि पनि यसै गरी
शूशनमा यहूदीहरूले गर्न पाऊन् भन्ने मञ्जूरी
दिइबक्सिओस्। औ हामानका ती दशै
जना छोराहरूका लाश फाँसीको काठमा
झुण्डाइऊन्।" १४ त्यसै गर्न राजाले
हुकूम दिए। शूशनमा उर्दी निकालियो, र
हामानका दशै जना छोराहरूका लाश फाँसीको
काठमा झुण्डाइयो। १५ अदार महीनाको
चौधौं दिनमा यहूदीहरू फेरि संगठित भएर
शूशनमा तीन सय जना मानिसहरूलाई मारे।
तर तिनीहरूले लूटपीटमा हात लगाएनन्।

पूरीम चाड़को स्थापन

१६ राजाका प्रान्तहरूका अरू यहूदीहरू
आफूलाई रक्षा गर्न संगठित भएका थिए।
आफूलाई घृणा गर्ने आफ्ना शत्रुहरूका पचहत्तर
हजार जनालाई मारेर तिनीहरूले बदला लिए।
तर तिनीहरूले लूटपीटमा हात लगाएनन्।
१७ यो चाहिं अदार महीनाको तेह्रौं दिनमा
गरियो। औ चौधौं दिनमा तिनीहरूले विश्राम
लिए। त्यो दिन एक चाड़ र हर्षको दिन
मनाइयो। १८ शूशनका यहूदीहरू त्यस
महीनाको तेह्रौं र चौधौं दिनमा संगठित भए
औ पन्ध्रौं दिनमा विश्राम लिए, र त्यस

दिनलाई चाड र हर्षको दिन ठहराए।
१९ यसैकारण टाढ़ा टाढ़ाका गाउँहरूमा
बस्ने अलग अलग रहेका यहूदीहरूले
अदार महीनाको चौधौं दिन बिदाको दिनजस्तै
हर्ष र चाड़को दिन मान्छन्। त्यस दिन
तिनीहरू एक अर्कोलाई खानेकुराका सौगातहरू
पठाउँछन्।
२० त्यसपछि मोर्दकैले यी कुराहरू लिखित
रूपमा पठाए, र राजा अहासूरसका समस्त
प्रान्तहरूका टाढ़ा र नजीकका सबै यहूदीहरूलाई
२१ वर्षेनि अदार महीनाको चौधौं र पन्ध्रौं
दिन, २२ आफ्ना शत्रुहरूदेखि विश्राम पाएका
दिनझैं तिनीहरूका निम्ति शोकबाट हर्ष,
विलापको समयबाट बिदाको समयमा परिवर्त्तन
भएको महीना मनाउन वाध्य गराए।
तिनीहरूले ती दिन चाड़ र हर्ष, एक अर्कालाई
खानेकुराको सौगात पठाउने र गरीबहरूलाई
दिने दिनझैं मान्नुपर्ने भयो।
२३ यसैकारण यहूदीहरूले मोर्दकैको
पत्रअनुसार शुरू गरेको रीति कायम राख्नलाई
प्रतिज्ञा गरे। २४ यो तिनीहरूले यसकारण
गरे, किनभने सबै यहूदीहरूको शत्रु अगागी
हम्मादाताका छोरा हामानले यहूदीहरूलाई
दबाउने र नाश पार्ने हेतुले षड्यन्त्र रचेर
चिट्ठा हालेका थिए। त्यसलाई 'पूर'
भनिन्थ्यो। २५ तर यो कुरा राजाकहाँ
जाहेर भएपछि यहूदीहरूको विरुद्धमा
हामानले रचेको त्यो खराब योजनालाई त्यसकै
शिरमा लाग्न र त्यो र त्यसका छोराहरूलाई
फाँसीको काठमा झुण्डाउन राजाले लिखित
हुकुम निकाले। २६ त्यसैकारण यी दिनलाई
'पूर' शब्दअनुसार 'पूरीम' भन्दछन्।
त्यसबमोजिम त्यस पत्रमा लेखेअनुसार र त्यस
विषयमा तिनीहरूले देखेका र अनुभव गरेका
हुनाले २७ यहूदीहरूले आफ्नै, आफ्ना
सन्तानहरूका र तिनीहरूसँग मिल्नेहरू सबैका
पक्षमा यी दुइ दिनलाई वर्षेनि निर्दिष्ट रीति-
बमोजिम र ठहराएको समयमा मनाउन
२८ र पुस्तौंसम्म सम्झना गर्नू र मान्नुपर्छ,
औ हरेक घरानाले हरेक प्रान्त र शहरमा,
यहूदीहरूका बीचमा पूरीमका दिनहरू मान्नैपर्छ
र तिनको सम्झना तिनीहरूका सन्तान-
दरसन्तानहरूमा कहिल्यै नरोकिओस् भनी
तिनीहरूले ठहराए।
२९ अबीहेलकी छोरी रानी एस्तरले
यहूदी मोर्दकैलाई पूरीम विषय त्यो दोस्रो पत्र
पक्का गराउन लिखित रूपमा पूर्ण अधिकार
दिइन्। ३०-३१ यहूदी मोर्दकैले नियम बनाएझैं
पूरीमका यी दिन तिनका ठहराएको समयमा
मान्न वाध्य तुल्याउँदै राजा अहासूरसका
एक सय सत्ताईस प्रान्तहरूमा शान्ति र
सुरक्षाको शुभकामना प्रकट गर्दै सबै
यहूदीहरूलाई पत्रहरू पठाइए। त्यसैगरी
तिनीहरूले आफ्नै निम्ति र आफ्ना सन्तान-
हरूका निम्ति उपवास र विलापका नियमहरू
तोकिदिए। ३२ पूरीमको निम्ति यी नियमहरू
एस्तरको हुकूमले पक्का गराइए। औ यी
विवरण लिखित रूपमा पुस्तकमा लेखेर
राखिए।

मोर्दकैको महानता

१० राजा अहासूरसले देश देशमा, समुद्र
किनारका देशहरू र टापूहरूमा वेगार
काम गर्नेहरू खटाए। २ राजाका अधिकार
र शक्तिका कार्यहरू र तिनले मोर्दकैमाथि
बक्सेका सम्मानहरू मादी र फारसी
राजाहरूका इतिहासमा लेखिएका छन्।
३ यहूदी मोर्दकै राजादेखि दोस्रो दर्जामनि
थिए। तिनी यहूदीहरूमा एक महान् मानिस
थिए। औ आफ्ना स्वदेशी दाज्यू-भाइहरूका
बीचमा तिनी लोकप्रिय भए। तिनले आफ्ना
मानिसहरूको हित गरे। र तिनीहरूका सारा
सन्तानको उन्नति र कल्याण गरे।

अय्यूबको पुस्तक

अय्यूबको जाँच

१ ऊज देशमा अय्यूब नाउँ भएका एक
जना मानिस थिए। तिनी निर्दोष
र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग
डराउँथे र खराब कामबाट अलग रहन्थे।
२ तिनका सात छोरा र तीन छोरी थिए।
३ तिनका सात हजार भेड़ा-बाख्रा, तीन
हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय
गधाबाहेक धेरै कमारा-कमारीहरू पनि थिए।
यसरी अय्यूब पूर्वका सबै मानिसहरूमध्ये
सबैभन्दा महान् थिए।
४ तिनका छोराहरूले पालैपालो भेला
भएर आफ्नो घरमा भोज दिने गर्थे। औ
आफूहरूसँग खान-पीन गर्न आफ्ना तीनै जना
बहिनीहरूलाई बोलाइपठाउँथे। ५ भोज दिने
हरेकको पालो सिद्धिएपछि अय्यूबले आफ्ना
छोरा-छोरीहरूलाई बोलाएर बिहान सबेरै उठी
तिनीहरू प्रत्येकको निम्ति एउटा एउटा
होमबलि चढ़ाएर तिनीहरूलाई पवित्र गर्थे।
किनभने तिनीहरूले कतै परमेश्वरको विरुद्धमा
पाप गरेर आफ्ना मनमा ईश्वरनिन्दा गरे
होलान् भनी तिनी सम्झन्थे। तिनी सधैं
यसै गर्थे।
६ एक दिन स्वर्गीय-जनहरू* परमप्रभुको
सामने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग
थियो। ७ तब परमप्रभुले शैतानलाई
सोध्नुभयो, "तँ के गर्दै थिइस्?" त्यसले
भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको
हुँ।" ८ तब परमप्रभुले शैतानलाई सोध्नु-
भयो, "के तैंले मेरो दास अय्यूबलाई याद
गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट
कामबाट अलग रहने पृथ्वीमा त्योजस्तै
निर्दोष र सोझो जीवन व्यतीत गर्ने मानिस
तैंले कोही पाउनेछैनस्।" ९ शैतानले
परमप्रभुलाई यसो भनेर जवाफ दियो,
"परमेश्वरको डर राख्ने के अय्यूबको खास
कारण छैन? १० के तिनलाई, तिनका घराना
र तिनका सबै धन-सम्पत्तिलाई तपाइंले
चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन?
तिनका सबै काममा तपाईंले आशिष
दिनुभएको छ, औ तिनका गाई-वस्तुहरू
अनगन्ती बढ़ेका छन्। ११ तर आफ्नो हात
पसारेर तिनका सबैचीज छुनुहोस्, र तिनले
तपाईंलाई तपाईंकै मुखको सामने सराप्नेछन्।"
१२ तब परमप्रभुले शैतानलाई भन्नुभयो,
"हुन्छ, त्यस्तै होस्। त्यसकहाँ जे जत्ति छन्
सबै तेरै हातमा भयो। केवल अय्यूबको
शरीरलाई चाहिं नछो।" तब शैतान
परमप्रभुको उपस्थितिबाट निस्किहाल्यो।
१३ एक दिन अय्यूबका छोरा-छोरीहरू
आफ्ना जेठा दाज्यूको घरमा खान-पीन गर्दै
थिए। १४ त्यस दिन एउटा समाचार-वाहक
कुदेर अय्यूबकहाँ आएर भन्यो, १५ "गोरुहरू
जोतिरहेका र गधाहरू तिनीहरूका नजीकै
चरिरहेका बेला शबाईहरूले गोठालाहरूलाई
आक्रमण गरेर मारे, र ती सबै लगे। औ
तपाइंलाई समाचार दिन म एउटै मात्र
उम्कें।" १६ त्यो बोल्दा बोल्दै अर्को
समाचार-वाहक आइपुग्यो। त्यसले भन्यो,
"परमेश्वरको अग्नि स्वर्गबाट झरेर भेड़ाहरू र
गोठालाहरूलाई भस्म पार्‍यो। औ तपाइंलाई
समाचार दिन म एउटै मात्र उम्कें।"
१७ त्यो बोल्दा बोल्दै अर्को एक जना आएर

* परमेश्वरका छोराहरू

भन्यो, "कल्दीहरूका तीन दलले नोकरहरूलाई
तरवारले मारेर ऊँटहरू लगे। औ तपाईंलाई
समाचार दिनलाई म एउटा मात्र उम्कें।"
१८ त्यो मानिस बोल्दा बोल्दै अझै एक
जना आइपुग्यो। त्यसले भन्यो, "तपाईंका
छोरा-छोरीहरू आफ्ना जेठा दाज्यूको घरमा
खान-पीन गर्दै थिए। १९ त्यसै बेला
मरूभूमिबाट अचानक आँधी-बेही आएर घरको
चारै कुनामा हान्यो, र त्यो घर ती जवान
मानिसहरूमाथि ढलेर तिनीहरू सबैलाई
थिचेर मार्‍यो। औ समाचार दिन म एउटा
मात्र उम्कें।" २० यो सुनेर अय्यूब उठे, र
तिनले आफ्नो लुगा च्याते। तिनले आफ्नो
कपाल खौरे, २१ र भूइँमा घोप्टो परेर
दण्डवत् गरी भने,

"म आफ्नी आमाको गर्भबाट नाङ्गै आएँ,
औ जहाँबाट म आएँ त्यहाँ नाङ्गै फर्केर
जानेछु।
परमप्रभुले दिनुभयो, औ परमप्रभु
लानुभयो,
परमप्रभुको नाउँ धन्यको होस्।"

२२ यो सबै कुरामा अय्यूबले पाप
गरेनन्। तिनले परमेश्वरलाई अन्यायको दोष
पनि लगाएनन्।

२ फेरि एक दिन स्वर्गीय-जनहरू परम-
प्रभुको सामने उपस्थित हुँदा शैतान
पनि तिनीहरूसँगै थियो। २ परमप्रभुले
त्यसलाई सोध्नुभयो, "तँ के गर्दै थिइस्?"
त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर
गर्दै आएको हुँ।" ३ तब परमप्रभु शैतानलाई
सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई
याद गरिस्? परमेश्वरसँगको डर राख्ने र दुष्ट
कामबाट अलग रहने पृथ्वीमा त्यो जस्तो
निर्दोष र सोझो जीवन व्यतीत गर्ने मानिस
तैंले कोही पाउनेछैनस्। तैंले मलाई विना
कारण त्यसलाई नाश गर्नलाई उस्काइस। तर
त्यसको निष्ठा अझसम्म ढलपल भएको
छैन।" ४ शैतानले परमप्रभुलाई जवाफ
दियो, "चामको साटो चाम। आफ्नो ज्यान
बचाउन मानिसले आफ्नो भएका सबै कुरा
दिँदैन र? ५ आफ्नो हात पसारेर तिनको
शरीरमा चोट पुर्‍याउनुभए तिनले तपाईंको
मुखकै सामने तपाईंलाई सराप्नेछन्।"
६ तब परमप्रभुले शैतानलाई भन्नुभयो,
"हुन्छ, त्यस्तै होस्। त्यो तेरो हातमा छ।
त्यसको ज्यान चाहिं छोड़िदे।" ७ तब
शैतान परमप्रभुको सामनेबाट निस्किहाल्यो।
त्यसले अय्यूबको टाउकोदेखि पैतालासम्म खटिरा
उब्जाइदियो। ८ खरानीमा बसेर कन्याउनलाई
तिनले एउटा खपटाको टुक्रा लिए। ९ तब
तिनका पत्नीले तिनलाई भनिन्, "के तपाईं
आफ्नो निष्ठामा अझै अड़िनै रहनुहुन्छ?
परमेश्वरलाई सरापेर मरे असल हुन्छ।"
१० तर अय्यूबले जवाफ दिए, "तिमी एक
मूर्ख आइमाईजस्तै कुरा गर्छौ। परमेश्वरबाट
सुख चाहिं भोगेर हामीले दुःख नभोग्नू र?"
यी सबै कुरामा अय्यूबको मुखबाट एउटै
पापको कुरा निस्केन।

११ अय्यूबका तीन जना मित्र, एलीपज
तेमानी, बिल्दद शुही र सोपर नमातीले
तिनीमाथि आइपुरेका यी विपत्तिका कुरा
सुनेपछि आफ्ना घर छोड़ेर तिनीकहाँ
सहानुभूति प्रकट गर्न र तिनलाई सान्त्वना
दिनआउने बन्दोबस्त मिलाए। १२ तिनीहरूले
तिनलाई टाढ़ैबाट देखे, तर चिन्नैसकेनन्।
तिनीहरू चिच्याएर रोए औ आफ्ना
लुगा च्यातेर शिरमास्तिर धूलो छरे।
१३ तब तिनीहरू सात दिन सात रात
भूइँमा तिनको छेउमा बसे। औ तिनीहरूमध्ये
कसैको मुखबाट एक शब्द पनि निस्केन।
किनभने तिनलाई साह्रै कष्ट परेको रहेछ
भनी तिनीहरूले बुझे।

अय्यूबको शोक

३ तब अय्यूबले आफ्नो मुख खोलेर,
२ आफ्नो जन्मेको दिनलाई

धिक्कार्नलागे। अनि तिनले भने,
३ धिक्कार होस्, म जन्मेको दिन,
'एउटा बालकको गर्भधारण भयो' भन्ने
रात।
४ त्यो दिन अन्धकारमा परिवर्त्तन होस्।
स्वर्गबाट परमेश्वरले त्यसको वास्ता नगरून्,
ज्योति त्यसमाथि नचम्कोस्।
५ कालो, धमिलो र अँध्यारो भएर त्यो रात
दूषित होस्,
बादलले त्यस दिनलाई निसासिदेओस्।
त्यसको घामलाई चाँड़ो आउने अन्धकारले
छोपोस्।
६ निष्पट्ट अँध्यारोले त्यस रातलाई निलोस्,
वर्षका दिनहरूमा त्यस रातको गन्ती
नहोस्।
महीनाको गन्तीमा त्यो आउन् नपाओस्।
७ त्यो रात सदा सर्वदैको निम्ति बाँझो
रहोस्,
त्यसमा कुनै रमाहटको सोर नसुनिओस्।
८ गहीरा गहीरामा बस्ने वृहत जल-
जन्तुलाई आफ्नो वशमा ल्याउने
जादूगरले त्यस दिनलाई धिक्कारोस्।
९ त्यसको सन्ध्यालाई कुनै ताराले प्रकाश
नदेओस्।
कहिल्यै नआउने प्रभातको उज्यालोको
त्यसले प्रतीक्षा गरिरहनुपरोस्।
त्यस दिनले उषालाई कहिल्यै देख्ननपाओस्।
१० किनभने मलाई जन्माएको गर्भको ढोका
त्यसले थुनेन,

र मेरो दृष्टिबाट त्यसले कष्ट दूर गरेन।
११ म किन मरेकै जन्मिनँ ?
गर्भबाट निस्कनसाथ म किन मरिनँ ?
१२ मलाई मेरी आमाको काखमा किन
राखियो ?
उहाँको दूध चुस्न म किन छातीमा
राखिएँ ?
१६ समय नपुगी तुहेको बालकझैं मलाई
किन लुकाएन ?
उज्यालो हेर्न नबाँचेको बालकझैं ?
१३ त्यसो हुँदो हो ता म शान्तिसित शून्य
चिहानमा पड़िरहनेथिएँ,
म मृत्युको निद्रामा सुतिरहनेथिएँ, र
विश्राम लिनेथिएँ।
१४ पृथ्वीका राजाहरू र तिनीहरूका
मंत्रीहरूका साथमा,
जसले आफ्ना निम्ति महलहरू बनाए।
१५ सुनले धनी भएका राजाहरूसँग,
जसले आफ्ना घरहरू चाँदीले भरे।
१७ चिहानमा दुष्ट मानिसहरू जोशिला हुन
छोड़छन्,
त्यहाँ थकित मजदूरहरूले विश्राम
पाउँछन्।
१८ बन्धुवाले पनि त्यहाँ शान्ति पाउँछ,
र वेगार काममा लाउनेको सोर त्यहाँ
सुनिँदैन।
१९ ठूला र साना त्यहाँ छन्,
त्यहाँ दास पनि आफ्ना मालिकबाट मुक्त
भएको हुन्छ।

२० दुःख भोग्नेहरू उज्यालो देख्न किन
जन्मन्छन् ?
मनमा उदास हुनेहरूलाई जीवन किन
दिइन्छ ?
२१ तिनीहरू मृत्युको प्रतीक्षा गर्दछन्, तर
मृत्यु आउँदैन,
गाड़धन खोजेकोभन्दा पनि धेरै जोशसँग
तिनीहरू मृत्यु खोज्दछन्।
२२ तिनीहरू कबर-स्थान पुग्दा रमाउँछन्,
औ तिनीहरू चिहानमा आइपुग्दा
आनन्दले मग्न हुन्छन्।

२३ परमेश्वरले चारैतिर घेरा लाउनुभएको
बाटोमा अन्धाझैं हिंड्न
मानिसले किन जन्म लियो ?
२४ मेरो सुस्केरानै मेरा भोजन भएका छन्,
आर्तनादहरू धाराजस्तै भएर मबाट
निस्कन्छन्।

२५ मलाई तर्साउने त्रासहरूले मलाई समातेका छन्,
सबै, जे जेदेखि म डराउँदछु, ती ममाथि आइपरेका छन्।
२६ मेरो मनमा नता शान्ति छ,
न मेरो निम्ति विश्रामनै छ,
म पीड़ाले आकुल हुन्छु, औ ममा विश्राम छैन।

अय्यूबलाई एलीपजको हप्की

४ तब एलीपज तेमानीले जवाफ दिए—
२ यदि कसैले तपाइंसित बात गर्ने आँट गर्‍यो भने, के तपाइं रिसाउनुहुन्छ?
किनभने को अझै नबोली चूप लागी बस्ला?
३ सम्झनुहोस्, पहिले तपाइं शंका गर्नेहरूलाई साहस दिनुहुन्थ्यो,
निर्बल हातलाई तपाइं सबल पार्नुहुन्थ्यो।
४ ठोकर खानेहरू तपाइंका वचनहरूले सह्मालिन्थे,
र निर्बल घुँडाहरूलाई बल दिन्थे।
५ तर अब संकष्ट तपाइंमाथि आइलाग्दा तपाइंनै अधैर्य हुनुहुन्छ।
विपत्तिले तपाइंलाई छुँदा तपाइं घबराउनुहुन्छ।
६ के तपाइंको धर्मले तपाइंलाई सान्त्वना दिँदैन?
के तपाइंको निर्दोष जीवनले तपाइंलाई आशा दिँदैन?
७ किनभने सोच्नुहोस्, कुन निर्दोष मानिस कहिल्यै नाश भएको छ?
सोझो मानिसले कहाँ कष्ट पाएको तपाइंले देख्नुभएको छ?
८ यति मलाई थाह छ, कि अधर्म जोत्ने र दुःख छर्नेहरूले
आफैले छरेको कुराको कटनी गर्छन्।
९ परमेश्वरको सासले तिनीहरू नष्ट हुन्छन्,
र उहाँको क्रोधको रापले
तिनीहरू ओइलाउँछन्।
१० सिंहको गर्जन, अथवा त्यसका डमरुहरूको रोदन बन्द हुन्छ,
जवान सिंहहरूका दाँत भाँचिन्छन्।
११ शिकारको अभावले सिंह मासिन्छ,
औ सिंहनीका डमरुहरू त्यागिन्छन्।
१२ एउटा कुरा सुस्त सुस्त मेरो कानमा आयो,
र त्यसको कानेखुशी मेरो कानले सुन्यो।
१३ रातका दर्शनहरूको चिन्तामा,
जब मानिस घोर निद्रामा परेको हुन्छ,
१४ त्रास र थरहरीले मलाई पक्रे,
डरले मेरो शरीर काम्यो।
१५ एउटा मन्द बतासले
मेरो अनुहार छोएर गयो,
र मेरो शरीरको रौं खड़ा भयो।
१६ एउटा रूप त्यहाँ खड़ा भयो,
जसको आकार मैले ठम्याउनसकिनँ,
एउटा प्रेत मेरो सामने देखा पर्‍यो,
औ यसो भन्ने एउटा मधुर सोर मैले सुने—
१७ 'के मरणशील मानिस परमेश्वरको सामने धर्मी ठहरिनसक्छ?
के कुनै प्राणी आफ्ना सृष्टिकर्ताको सामने पवित्र हुनसक्छ?
१८ यदि परमेश्वरले आफ्नै सेवकहरूमाथि भरोसा गर्नसक्नुभएन भने
र आफ्नै दूतहरूमा दोष भेट्टाउनुभयो भनेता,
१९ मट्टीका घरहरूमा बस्नेमाथि झन् बढ़ी दोष किन भेट्टाउनुहुन्न?
त्यसको आधार ता धूलो हो,
जो सानो पुतलीझैं कुल्ची-मिल्ची पारिनसकिन्छ,
२० अथवा बिहानदेखि बेलुकीसम्ममा त्यो नाश होइजान्छ।
केहीको वास्ता नभई ती सम्पूर्ण नाश हुन्छन्।
२१ तिनीहरूका जम्मै कुरा खोसिए

तापनि के तिनीहरू ज्ञाननै नपाई
मर्दैनन् र ?''

५ अब बोलाएर हेर्नुहोस्, तपाईंलाई
जवाफ दिने कोही छ कि ?
कुन पवित्र-जनतिर तपाईं फर्कनुहुनेछ ?
२ मूर्ख ता आफ्नै रीसको झोंकमा नाश
हुन्छ ?
औ केटा-केटीको असन्तोषले मृत्यु
ल्याउँछ।
३ मूर्खलाई जरैसमेत उखेलिएको
र त्यसको घर एक्कासि त्यसको चारैतिर
नष्ट भएको म आफैले देखेको छु।
४ त्यसका नानीहरू सुरक्षित नभएका
अदालतमा पेलिएका, र बचाउने कोही
नभएका मैले देखेको छु।
५ तिनीहरूले कटनी गरेको फसल भोका-
हरूले खान्छन्,
झाड़ीहरूमा उम्रेका पनि बटुलेर
लान्छन्,
तिर्खाएकाहरूले तिनीहरूका धन-सम्पत्तिको
तृष्णा गर्छन्।
६ माटोबाट कष्ट उब्जदैन,
जमीनबाट दुःख पनि उत्पन्न हुँदैन।
७ आगोको फिलिङ्गो माथि उड़ेझैं,
मान्छे-जात पनि दुःखकै लागि जन्मन्छ।

८ म मेरो अर्जी परमेश्वरमानै चढ़ाउनेछु
र मेरो मामिला उहाँकै सामने राख्नेछु।
९ उहाँले महान् र बुझ्नसकिने कार्यहरू
अनगन्ती आश्चर्यकामहरू गर्नुहुन्छ।
१० उहाँले पृथ्वीमा पानी वर्षाउनुहुन्छ,
र खेतहरूमा पानी पठाउनुहुन्छ।
११ उहाँले नम्रहरूलाई उच्च पार्नुहुन्छ,
शोक गर्नेहरूलाई विजयी तुल्याए
उचाल्नुहुन्छ।
१२ धूर्तहरूको युक्तिलाई उहाँले विफल
गराउनुहुन्छ,
औ तिनीहरूले सफलता पाउँदैनन्।
१३ उहाँले चलाकहरूलाई तिनीहरूका
चलाकीमा पक्रनुहुन्छ,
र युक्ति गर्नेहरूका योजनाहरू खलबल
पारिदिनुहुन्छ।
१४ दिउँसै तिनीहरू अन्धकारमा झैं कुद्छन्,
र मध्य दिनमा तिनीहरू रातमा झैं
छामेर हिंड़छन्।
१५ उहाँले दरिद्रहरूलाई मृत्युदेखि
र कङ्गालीहरूलाई बलियाहरूका पञ्जादेखि
जोगाउनुहुन्छ।
१६ यसैले गरीबहरूको आशा फेरि बढ़छ,
र दुष्टको मुख बन्द हुनेछ।

१७ त्यो मानिस धन्यको हो जसलाई
परमप्रभुले चेताउनुहुन्छ।
यसकारण सर्वशक्तिमानको अनुशासनलाई
इन्कार नगर।
१८ किनभने उहाँले चोट पार्नुभए
तापनि उहाँलेनै पट्टी बाँध्नुहुन्छ,
र हिर्काउने हातलेनै निको पार्नु पनि हुन्छ।
१९ छःपल्ट तिमीमाथि आपत् आइपरे
तापनि उहाँले तिमीलाई बचाउनुहुनेछ,
सातपल्टको हानिले पनि तिमीलाई
छुनेछैन।
२० अनिकालको बेलामा उहाँले तिमीलाई
मृत्युबाट बचाउनुहुनेछ,
उहाँले तिमीलाई युद्धमा तरवारबाट
जोगाउनुहुनेछ।
२१ उहाँले तिमीलाई निन्दाको कोर्राबाट
सुरक्षित राख्नुहुनेछ,
उपद्रव आउँदा तिमी डराउनुपर्नेछैन।
२२ उपद्रव र अनिकालको दिनमा तिमी
हाँसिरहनेछौ,
औ जङ्गली जानवरहरूदेखि तिमी
डराउनुपर्नेछैन।
२३ जोतेका खेतहरूमा केही ढुङ्गा पनि
हुनेछैन,
वनपशुहरूले तिमीसँग मेल-मिलाप
राख्नेछन्।

२४ तिम्रा परिवारहरू सबै कुशलै छन्
भनी तिमीलाई थाह हुनेछ,
तिमीले आफ्ना घरमा चारैतिर हेर्दा
केही अभाव पाउनेछैनौ।
२५ तिम्रा सन्तान-दरसन्तानहरू धेरै भएका
र तिम्रा छोरा-छोरीहरू जमीनका
घाँसहरूझैँ धेरै भएका तिमीलाई थाह
हुनेछ।
२६ आफ्नो ठीक ऋतुमा खलामा बाली
आएझैँ
पूरा वृद्धावस्थामा तिमी आफ्नो मृत्युमा
पुग्नेछौ।
२७ हामीले यी सबैका विषयमा सोधपूछ गर्‍यौं,
औ सबै त्यस्तैनै भएका देखिए,
यो हामीले सुनेका छौं,
औ यो कुरो साँचै हो भनी जानिराख।

आफ्ना मित्रहरूलाई अय्यूबको हप्की

६ तब अय्यूबले जवाफ दिए—
२ हाय, मेरो मनको दुःख जोख्नु-
सकेता!
औ मेरो विपत्ति तीसँगै तराजुमा राखेको
भएता!
३ समुद्रका बालुवाभन्दा पनि ती गह्रौं
हुनेथिए—
मेरा वचन समझहीन भए त्यसमा के
आश्चर्य छ र?
४ सर्वशक्तिमानका काँड ममा गाड़िएका
छन्,
ओ तिनका विष मेरो आत्मासम्मै
पसेको छ।
परमेश्वरको त्रास मेरो विरुद्धमा आक्रमण
गर्नलाई उठेको छ।
५ के वन-गधा घाँस पाउँदा कराउँछ?
अथवा आफ्नो कुँडो पाउँदा गोरु
राम्छ?
६ के खलो खानेकुरो नूनविना
खानसकिन्छ?
के अण्डाको सेतो भागमा केही स्वाद
हुन्छ?
७ भोक लाग्दा पनि ती छुन मन लाग्दैन,
ती मेरो निम्ति दिगमिगलाग्दा हुन्छन्।
८ हाय, मैले बिन्ती गरेको कुरा पाए ता
हुनेथियो!
मैले आशा गरेको थोक परमेश्वरले
मञ्जूर गर्नुभएता हुनेथियो!
९ मलाई धूलो-पीठो पार्न मन लागे ता
हुनेथियो!
आफ्नै हातले चुँडेर मलाई खतम पारे
ता हुनेथियो!
१० त्यसले बरु मलाई शान्ति हुनेथियो!
र कष्टमा पनि म आनन्दले उफ्रनेथिएँ!
किनभने पवित्र-जनका वचन मैले इन्कार
गरेको छैनँ।
११ के ममा पर्खने शक्ति छ र?
मेरो अन्त के हुन्छ र म धैर्य धारण
गरूँ?
१२ के मेरो शक्ति ढुङ्गाको जस्तै छ र?
अथवा के मेरो मासु काँसाको हो र?
१३ हाय, ममा केही बल रहेको छैन।
आफैलाई बचाउने मेरो शक्ति मबाट
टाढा भयो!
१४ निराश भएको र सर्वशक्तिमानतर्फको
विश्वास हराउनेलाई
मित्रहरूबाट सहायता मिल्नुपर्ने!
१५ तर मेरा दाज्यू-भाइहरू ता पहाड़का
खोलाझैँ
सुकेर जाने खोलाको पानीझैँ धोकाबाज
भए।
१६ बर्फ पग्लेर ती काला भइहाल्छन्,
अथवा हिउँको थुप्रोले ढाकिएका हुन्छन्।
१७ उर्लंदा उर्लंदै ती हराइहाल्छन्,
तापले ती बिलिन्छन् र हराइहाल्छन्।
१८ तब यात्री-दल यताउता घुम्दै,
उजाड़-स्थानतिर उक्लन्छन् र नष्ट हुन्छन्।

१९ तेमाका यात्री-दल आफ्ना निम्ति ती
खोलाका पानी खोज्छन्,
शेबाका व्यापारीदल तिनको आशा
गर्छन्।
२० आफूले भरोसा गरेका सबै कुरामा
तिनीहरू निराश हुन्छन्,
तिनीहरू व्यर्थमा त्यहाँ पुग्छन्।
२१ मलाई यस्तै धोकाबाजी गर्ने तपाईंहरू
हुनुभयो,
तपाईंहरू व्याकुल र भयभीत हुनुभयो।
२२ 'यो दिनुहोस् अथवा त्यो दिनुहोस्,
मेरो प्राण बचाउन तपाईंहरूका रुपियाँको
थैलो फुकाल्नुहोस्,
२३ मलाई मेरो शत्रुबाट छुटाउनुहोस्,
निष्ठूर मानिसहरूका हातबाट दाम तिरेर
मलाई मुक्त गर्नुहोस्,'
भनी के मैले कहिल्यै भने?
२४ मलाई सफासँग बताउनुहोस्, र म
चूपचाप बसेर सुन्नेछु,
मैले कहाँ गलती गरें,
मलाई देखाइदिनुहोस्।
२५ सोभ्को मानिसका वचन कति गहकिला
छन्।
तर तपाईंहरूको तर्कको के मतलब छ?
२६ मता व्यर्थमा कुरा गर्दैछु भनी तपाईंहरू
सम्भनुहुन्छ,
त किन मेरो निराशको वचनको जवाफ
तपाईंहरू दिनुहुन्छ?
२७ के तपाईंहरू निर्दोष मानिसलाई आक्रमण
गर्नुहुन्छ?
र आफन्तमाथि जाइलाग्नु हुन्छ?
२८ यसैले, अब म बिन्ती गर्दछु, फर्केर
मलाई हेर्नुहोस्,
के म तपाईंहरूको मुखकै सामने असत्य
बोल्नेजस्तै छु र?
२९ फेरि विचार गर्नुहोस्,
ममाथि अरू अन्याय नगर्नुहोस्,
फेरि सम्भनुहोस्, किनभने यहाँ मेरो
इमानदारीको सवाल छ।
३० मैले अन्यायको के कुरा गरेको छु?
मेरा कुरा समभहीन भए के मेरो
विवेकले मलाई चेताउनी दिँदैन र?

परमेश्वरसँग अय्यूबको प्रतिवाद

७ के पृथ्वीमा मानिसले कठिन कार्य
गर्नुपर्दैन?
औ के त्यसका दिन ज्यालामा काम
गर्नेहरूका जस्तै छैनन् र?
२ शीतल छाया खोज्ने दासले भैं
अथवा आफ्नो ज्यालाको निम्ति
पर्खिरहने नोकरभैं?
३ यस्तै व्यर्थैका महीना मेरो भाग भएका
छन्,
दुःखका रातहरू मेरो निम्ति ठहराइएका
छन्।
४ जब म ढल्किबस्छु तब म विचार गर्दछु,
'कहिले उज्यालो हुन्छ, र म उठूँ?'
जब साँभ लामो हुन्छ र म सुलजान्छु,
तब मिरमिरे उज्यालो नहोउन्जेल
म यताउता छट्पटाइरहन्छु।
५ मेरो शरीर कीरै कीराले भरिएको छ,
चर्मरोगले जम्मै भरिएको छ,
र मेरो छालामा चिराचिरा परेर पीप
निस्कन्छ।
६ जुलाहाको थुरीभन्दा चाँडो मेरा दिन
बित्छन्,
मेरा दिनहरू आशाविना अन्त हुन्छन्।
७ मेरो जीवन ता हावाको एक भोंक
मात्र हो भनी सम्भनुहोस्।
मैले फेरि सुदिन देख्नपाउनेछैनँ।
८ देख्ने आँखाले मलाई तपाईंले फेरि
कहिल्यै देख्नुहुनेछैन।
तपाईंकै आँखाको सामने म लोप
भइहाल्नेछु।
९ जसरी बादल फाटेर छताछुल्ल हुन्छ,
त्यसरीनै पातालमा जाने फेरि कहिल्यै
फर्कनेछैन।

त्यो फेरि कहिल्यै घरमा फर्केर आउँदैन,
औ त्यसलाई चिन्नेहरूले त्यसलाई बिर्सनेछन् ।

तर म चूप लागी बस्नेछैनँ,
मेरो मनको पीरमा म बोल्नेछु,
र मेरो व्याकुलतामा म उजूर गर्नेछु ।
के म समुद्र हुँ ? अथवा समुद्रको भयानक जन्तु हुँ ?
र तपाइं मलाई देखरेख गर्ने पहरा राख्नुहुन्छ ?
मेरो ओछयानमा म सान्त्वना पाउँछु
र निद्राले मलाई मेरो कष्टबाट छुटकारा दिन्छ भनी जब म सम्झन्छु,
तब तपाइंले मलाई सपनाले तर्साउनुहुन्छ,
र दर्शनहरूद्वारा तपाइं मलाई डर देखाउनुहुन्छ ।
म पूरै निसासिएको भएता हुनेथियो,
मेरा सबै कष्टहरूभन्दा ता मृत्युनै म चाहनेथिएँ ।
म हताश भएको, छु बाँचिरहने मलाई इच्छा छैन ।
मलाई छोड़िदिनोस्, किनभने मेरो जीवन वाफजस्तो मात्र छ ।
मानिस के हो, र तपाइं त्यसको यति ख्याल गर्नुहुन्छ ?
औ तपाइं त्यसको फिक्री गर्नुहुन्छ ।
बिहानैपिच्छे त्यसलाई तपाइं सजाय दिनुहुन्छ,
अथवा दिनको घण्टैपिच्छे त्यसलाई जाँच गर्नुहुन्छ ?
के एक क्षण पनि तपाइं मबाट अन्त कतै हेर्नुहुन्न ?
तपाइं मलाई थूक निल्न पनि दिनुहुन्न ?
हे मानिसहरूका हृदय जाँच्नुहुने,
यदि मैले पाप गरेको भए, मैले कसरी तपाइंको हानि गरें त ?
तपाइंले किन मलाई आफ्नो निशाना बनाउनुभयो ?
र म किन तपाइंको तारो भएँ ?
२१ तपाइं किन मेरो अपराध क्षमा गर्नुहुन्न
र मेरो कसूर टाढ़ा राख्नुहुन्न ?
तर जब म चिहानमा सुतिजानेछु,
मलाई खोज्दा पनि तपाइं मलाई पाउनुहुनेछैन ।

परमप्रभुको न्यायलाई बिल्ददको पुष्टिकरण

८ तब बिल्दद शुहीले यसो भन्न शुरू गरे—
२ तपाइं ता वृद्ध मानिसझैं लामो—टुप्पा न फेदको कुरा गरिरहनुहुन्छ,
तपाइं कहिलेसम्म यस्तो कुरा गरिरहनुहुन्छ ?
३ के परमेश्वरले न्याय उल्टा-सीधा गर्नुहुन्छ ?
के सर्वशक्तिमानले इन्साफको दुरुपयोग गर्नुहुन्छ ?
४ तपाइंका छोराले उहाँको विरुद्धमा पाप गरे,
यसैले उहाँले तिनीहरूलाई आफ्नै अधर्मका शिकार बनाउनुभयो ।
५ अब यत्नपूर्वक तपाइं परमेश्वरलाई खोज्नुहोस्,
र सर्वशक्तिमानको निगाहको निम्ति उजूर गर्नुहोस् ।
६ यदि तपाइँ निर्दोष र सोझो हुनुभयो भने,
निश्चयनै उहाँले तपाइंको हेर-चाहा गर्नुहुनेछ ।
र उहाँले तपाइंको घर पुनर्निर्माण गरिदिनुहुनेछ ।
७ औ तपाइंको पहिलेको अवस्था निम्न भए तापनि तपाइंको अन्त महान् हुनेछ ।

८ तादिका पुस्तालाई सोध्नुहोस्,
औ तिनीहरूका पुर्खाहरूका अनुभवलाई विचार गर्नुहोस् ।

९ किनभने हामी ता हिज-अस्तिका मात्र
हौं, औ हामी केही पनि जान्दैनौं।
पृथ्वीमा हाम्रो दिन ता छायाजस्तो
मात्र छ।
१० के ती तपाईंसँग बोल्दैनन्, र तिनले
तपाईंलाई सिकाउँदैनन्?
र तिनका हृदयका ज्ञानको कुरा
पोखाउँदैनन्?
११ के सिमसार नभएको ठाउँमा कास-नर्कट
उम्रन्छन्?
के निगालाहरू पानीविना लहलह
बढ्नसक्छन्?
१२ तिनीहरू फूलेको अवस्थामा काट्न तयार
नभएकै समयमा
अरू कुनै हरिया बोटभन्दा चाँडै
ओइलाइहाल्छन्।
१३ परमेश्वरलाई बिर्सनेको दशा पनि त्यस्तै हुन्छ,
ईश्वरहीन मानिसको आशा नष्ट हुन्छ।
१४ त्यसको भरोसा पातलो धागोजस्तै हुन्छ,
त्यसको आशाको जड माकुराको
जालजस्तै हुन्छ।
१५ त्यो आफ्नो घरमा अड्डेस लाग्छ, तर
त्यसले उसलाई थाम्नसक्तैन।
उसले त्यसलाई अँठ्याएर समाते तापनि
त्यो स्थिर रहँदैन।
१६ घाम पाएर रसिलो भई त्यो बढेको
जस्तो ता हुन्छ,
औ त्यसका पालुवाहरू बारीमा झाँगेर
जान्छन्,
१७ तर त्यसका जरा ढुङ्गाका थुप्रामा
जेलिएका र पहरामाथि गएका हुन्छन्।
१८ तब कसैले त्यसलाई त्यसको ठाउँबाट
जरैसमेत उखेल्छ,
औ त्यस ठाउँले त्यसलाई इन्कार गरेर
यसो भन्छ,
'मैले तँलाई कहिल्यै चिनेको थिइनँ।'
१९ त्यसरीनै त्यसको जीवन ओइलाएर जान्छ,
र अरू बोटहरू जमीनबाट उम्रेर
निस्कन्छन्।
२० यो निश्चय जान, निर्दोष मानिसलाई
परमेश्वरले तुच्छ ठान्नुहुन्न,
उहाँले दुष्ट काम गर्नेहरूको हात
सह्याल्नुहुँदैन।
२१ तापनि उहाँले तपाईंलाई हँसिलो
तुल्याउनुहुन्छ,
र रमाहटको ठूलो सोर तपाईंको ओठँमा
हुनेछ।
२२ तपाईंका शत्रुहरू शर्ममा पर्नेछन्,
र दुष्टहरूका डेरा लोप हुनेछन्।

परमेश्वरलाई जवाफ दिन अय्यूबको असमर्थता

९ अय्यूबले जवाफ दिए—
२ निश्चयनै म यो जान्दछु,
कि परमेश्वरको अगि कुनै मानिसले
आफूलाई सत्य ठहराउनसक्तैन।
३ यदि कुनै मानिससित परमेश्वरले बहस
गर्न इच्छा गर्नुभयो भने
त्यसले हजारमा एउटा प्रश्नको जवाफ
दिनसक्तैन।
४ उहाँ ज्ञानी हुनुहुन्छ, उहाँ शक्तिशाली
हुनुहुन्छ।
उहाँको प्रतिरोध गरी जिद्दी गरेर कुन
मानिस बाँच्नसकेको होला?
५ आफ्नो क्रोधमा परमेश्वरले पर्वतहरू
पल्टाउनुहुन्छ,
औ तिनीहरूले त्यो जान्दैनन्।
६ उहाँले पृथ्वीमा भैँचालो पठाएर त्यसका
जमीन हल्लाउनुहुन्छ,
र त्यसका सबै जगहरू काम्छन्।
७ उहाँले सूर्यलाई उदय नहुने आज्ञा
गर्नुहुन्छ।
र आफ्नो छाप लाएर ताराहरू बन्द
गर्नुहुन्छ।
८ उहाँले आफै आकाश फिँजाउनुभयो,
र समुद्रका भयानक जन्तुलाई कुल्चनुभयो।
९ उहाँले सप्तर्षि, मृगशिरा र किर्किटि ताराहरू

र दक्षिणका तारागण बनाउनुभयो।
१० उहाँले महान् र अथाह कार्यहरू
अनगन्ती आश्चर्यका कामहरू गर्नुहुन्छ।

११ उहाँ मेरो छेउबाट भएर जानुहुन्छ,
औ म उहाँलाई देख्नसक्तिनँ,
मलाई थाहै नभई उहाँ आफ्नो बाटो
लाग्नुहुन्छ।
१२ उहाँ चाँडो चाँडो जानुभयो भने
कसले उहाँलाई फर्काएर ल्याउनसक्छ र?
उहाँ के गर्नुहुन्छ भनी कसले उहाँलाई
सोध्नुसक्छ?
१३ परमेश्वरले आफ्नो क्रोध शान्त गर्नुहुन्न,
राहाबका सहयोगीहरू उहाँका खुट्टामा
निहुरिन्छन्।
१४ म उहाँलाई कति कम उत्तर दिनसक्छु,
अथवा उहाँसँग विवाद गर्ने म कति
शब्द पाउनसक्छु?
१५ म ठीक भए तापनि उत्तरै दिनसक्तिनँ,
मलाई दोषी ठहराउनुहुनेसँग मैले कृपाको
निम्ति बिन्ती गर्नुपरेको छ।
१६ उहाँलाई अदालतमा आइदेऊन् भनी
डाकेर, उहाँ आउनुभयो भने तापनि
उहाँले मेरो उजूर सुन्नुहुन्छ भनी म
विश्वासै गर्नसक्तिनँ—
१७ किनभने सानो कुराको निम्ति उहाँले
ममाथि कठोर व्यवहार देखाउनुहुन्छ।
र विना कारण मलाई मुक्कामाथि मुक्का
लाउनुहुन्छ।
१८ उहाँले मलाई सास फेर्नसम्म पनि
दिनुहुन्न,
तर तिक्त विचारले मेरो मन
भरिदिनुहुन्छ।
१९ बलको निम्ति मैले बिन्ती गरें भनेता,
हेर, उहाँ कति बलवान् हुनुहुन्छ,
इन्साफको निम्ति बिन्ती गरे भने
मेरो कुरा सुन्न उहाँलाई कसले जिद्दी
गर्नसक्छ?
२० म ठीकै भए तापनि उहाँले मेरै मुखका
वचनले मलाई दोषी ठहराउनुहुन्छ।
म निर्दोष भए तापनि उहाँले मेरो
कुरालाई उल्टा-पाल्टी गर्नुहुन्छ।
२१ म निर्दोष छु, तर म केही वास्ता
गर्दिनँ,
म आफूलाई घृणा गर्दछु।
२२ तर कुरो ता एउटै छ। यसैकारण म
भन्दछु,
'उहाँले निर्दोष र दुष्ट दुवैलाई नष्ट
गर्नुहुन्छ।'
२३ जब विपत्तिले एक्कासि मृत्यु ल्याउँछ,
उहाँले निर्दोषको दशामाथि ठट्टा
गर्नुहुन्छ।
२४ पृथ्वी दुष्टहरूको हातमा दिइएको छ,
औ त्यसका सबै न्यायकर्त्ताहरूका आँखा
बन्द गरिएका छन्,
अथवा त्यो गर्नुहुने उहाँनै हुनुहुन्न
भनेता को हो?

२५ मेरो आयु ता दगुर्नेको भन्दा पनि
चाँडो सकिँदैजाँदैछ।
त्यो बित्दै जाँदैछ, र कुनै सुदिन
देखिँदैन।
२६ डुङ्गाजस्तै ती चाँडो बगेर जाँदैछन्,
गिद्धहरू सिनुमाथि वेगले झम्टेझैं।
२७ म आफ्ना दुःख बिर्सनेछु,
म खुशीको अनुहार देखाएर
हाँस्नेछु भनी विचार गर्छु भने,
२८ मैले भोग्नुपर्ने सबै दुःखदेखि म डराउँछु
म जान्दछु कि तपाईंले मलाई
निर्दोष ठहराउनुहुन्न।
२९ म दोषी ठहरिनु हो भने,
म किन व्यर्थमा परिश्रम गर्छु?
३० मैले आफैलाई हिउँले नुहाएँ भने
अथवा पानीले आफ्नो हात सफा गरी
धोएँ भने,
३१ तापनि तपाईं मलाई हिलैमा फाल्नुहुन्छ,
र मेरा लुगा घिनलाग्दा
हुनेछन्।

३२ उहाँ मजस्तै मानिस हुनुहुन्न, कि म
उहाँलाई जवाफ दिनसक्छु
अथवा अदालतमा हामी एउटा अर्कोको
सामना गर्नसक्छौं।
३३ हाम्रा बीचमा कोही मध्यस्थ भएता
औ हामी दुइमाथि अधिकार चलाउने
कोही भएता
३४ परमेश्वरले आफ्नो लाठो मेरो पीठबाट
हटाउनुहुनेथियो,
र उहाँको त्रास ममाथि एक्कासि
आउनेथिएन।
३५ तब म उहाँसँग नडराईकन बोल्ने थिएँ,
किनभने मैले सोचेझैं म आफै रहेनछु
भनी म जान्दछु।

आफ्नो दशामा अय्यूबको बिलौना

१० मेरो जीवनदेखि म विरक्त भएँ।
मेरो दुःख नरोकी म पोखाउनेछु।
म मेरो मनको पीरमा बोल्नेछु।
२ म परमेश्वरलाई भन्नेछु, 'मलाई दोषी
नठहराउनुहोस्,
मेरो विरुद्ध तपाइंको अभियोगको मूल-
कारण मलाई बताइदिनुहोस्।'
३ के तपाइं अत्याचारमा
आफ्नो सारा परिश्रमको फललाई
तुच्छ ठानेर
दुष्ट मानिसहरूको नीतिमा निगाह राखेर
केही लाभ पाउनुहुन्छ र?
४ के तपाइंको मानिसका जस्ता आँखा छन्?
अथवा के तपाइं मरणशील मानिसझैं
५ के तपाइंका दिन विनाशी मानिसका
जस्तै छन्?
अथवा तपाइंको आयु मानिसको
जस्तै छ?
६ र तपाइं ममा दोष र पाप पाइन्छ
कि भनी खोज्नुहुन्छ।
७ म निर्दोष छु भनी तपाइं जान्नुहुन्छ,
औ तपाइंबाट बचाउने मेरो कोही छैन्।
८ तपाइंकै हातले मेरो आकार बनाएर
मलाई सृष्टि गर्‍यो
के अब तुरुन्तै फर्केर तपाई मलाई नाश
गर्नुहुन्छ?
९ यो कुरा सम्झनुहोस् कि तपाईंलेनै मलाई
माटोझैं मुछ्नुभयो,
के अब मलाई धूलैमा परिणत गर्नुहुन्छ?
१० के तपाईंले मलाई दूधझैं खन्याउनु भएको
होइन?
र दहीझैं मलाई जमाउनुभएको होइन?
११ के तपाईंले मलाई मासु र छालाले
पहिर्‍याउनुभएको होइन?
र हड्डी र नसाहरूले मलाई
गाँस्नुभएको होइन?
१२ तपाईंले मलाई जीवन प्रदान गर्नुभयो,
र आफ्नै निगाहमा मलाई राख्नुभयो,
औ मेरो आत्मालाई तपाइंकै ईश्वरीय
अनुग्रहले देखरेख गर्‍यो।
१३ तापनि यो तपाइंको हृदयको गुप्त
अभिप्राय थियो,
औ म जान्दछु कि यो तपाइको संकल्प
थियो,
१४ कि मैले पाप गरेको भए तपाईंले मलाई
हेरिरहनुहुन्थ्यो,
र मेरो दोषबाट मलाई तपाईंले
छोड्नुहुनेथिएन।
१५ म साँच्चिनै दुष्ट छु भने, मलाई
धिक्कार होस्!
म धर्मी छु भने पनि मेरो शिर म
खड़ा गर्नसक्तिनँ,
किनभने लाजले भरिएर म मेरो कष्टमा
झुकेको छु।
१६ म सिंहझैं अहंकारी छु भने,
मलाई खेदी खेदीकन
तपाइं शिकार गर्नुहुन्छ,
र फेरि आश्चर्यको शक्तिले तपाइं मेरो
सामना गर्नुहुन्छ।
१७ आफ्नो भयङ्कर आक्रमण ममाथि तपाइं
फेरि जगाउनुहुन्छ,

र रीस उठेर आक्रमण गर्न
मेरो विरुद्धमा नयाँ फौज ल्याउनुहुन्छ।
१८ तपाईंले किन मलाई गर्भबाट निकाल्नुभयो?
म त्यहींनै खतम भएको र कुनै आँखाले
पनि मलाई नदेखेको भएता हुनेथियो!
१९ र गर्भैंबाट चिहानमा पुर्‍याएको भए
औ नजन्मेको जस्तै भएता हुनेथियो!
२०-२१ के मेरो जीवन छोटो र बितिजाने
छैन र?
अन्धकारको देशमा जानअघि, घनघोर
अन्धकारको देशबाट, कहिल्यै नफर्कनअघि,
२२ छायाहरू जम्मा हुने, देश, अँध्यारो
व्याप्त हुने देश,
उज्यालोको किरणले प्रकाश नदिएको देश,
निष्पट्ट अँध्यारोमा जानअघि
मलाई रहन दिनुहोस्, र केही क्षणको
निम्ति म सुखी हुनसकूँ।

सोपरबाट अय्यूबलाई अधर्मको दोष

११ सोपर नमातीले भन्न शुरू गरे—
२ के यो कुराको बव्याइँलाई जवाफ
नदिने?
के झट्टै जवाफ दिने मानिस सधैंनै
ठीक हुन्छ?
३ के तपाईंको नटुँगिने कुराले मानिसलाई
चूप लगाउँछ?
के तपाईं व्यर्थका कुरा गर्नुभएर कसैले
तपाईंलाई नहप्काउने?
४ तपाईं यो दाबी गर्नुहुन्छ कि तपाईंका
विचार ठीकै छन्,
तपाईं परमेश्वरलाई भन्नुहुन्छ, 'तपाईंको
दृष्टिमा म चोखो छु।'
५ तर उहाँ बोल्नुभयो भने
र तपाईंसँग बात गर्न मुख खोल्नुभयो भने
६ र तपाईंलाई बुद्धिका रहस्यहरू
खोलिदिनुभयो भने मात्र पनि
त्यसका परिणाम अचम्मका हुन्छन्!
यो कुरो जान्नुहोस्
कि तपाईंको पापको कारण तपाईंले
पाउनुपर्ने दण्डभन्दा
परमेश्वरले तपाईंबाट थोरै ऐँचाएर
लिनुहुन्छ।
७ के तपाईं परमेश्वरको रहस्यको गहिराइलाई
बुझ्नुसक्नुहुन्छ?
के तपाईं सर्वशक्तिमानको सिद्धताको
गहिराइलाई जान्नसक्नुहुन्छ?
८ त्यो ता स्वर्गभन्दा अग्लो छ।
तपाईं के गर्नसक्नुहुन्छ?
त्यो ता पातालभन्दा गहिरो छ।
तपाईं के जान्नुहुन्छ?
९ त्यसको नाप पृथ्वीभन्दा लामो छ,
र समुद्रभन्दा चौडा छ।
१० उहाँ नजीकैबाट भएर जानुभयो भने,
उहाँले त्यो कुरो गुप्त राख्नुहुन्छ,
र उहाँले त्यो कुराको घोषणा
गर्नुभयो भने कसले उहाँलाई फर्काउनुसक्छ?
११ कुन कुन मानिस झूटा छन्
उहाँले निश्चय जान्नुहुन्छ,
औ उहाँले अधर्म देख्नुभयो भने,
के उहाँले त्यसको लेखा राख्नुहुन्न?
१२ के मूर्ख मानिस ज्ञानी हुनसक्छ?
के जङ्गली-गधाको बछेड़ा मान्छे भएर
जन्मनसक्छ?
१३ तपाईंले आफ्नो हृदय ठीक बाटोमा
चलाउनुभएको भए,
र आफ्ना हात उहाँलाई प्रार्थना गर्न
पसार्नुभएको भए ता हुनेथियो!
१४ तपाईंको हातमा खराब काम भए त्यो
दूर गर्नुहोस्।
कुनै अधर्मले तपाईंमा घर बनाउन
नपाओस्।
१५ तब कुनै कसूरविना तपाईंले आफ्नो शिर
खड़ा गर्नुहुनेछ,
तपाईं कुनै डर नभएको स्थिर मानिस-
जस्तै हुनुहुनेछ।
१६ तब तपाईंले आफ्नो दुःख बिर्सनुहुनेछ।
भलको पानी बगेर गएजस्तै मात्र

त्यो तपाइंले सम्भनुहुनेछ।
१७ जीवन मध्याह्नभन्दा उज्यालो हुनेछ,
र अन्धकार चाहिं बिहानमा परिवर्त्तन
हुनेछ।
१८ आशा भएको हुनाले तपाइं ढुक्क
हुनुहुनेछ।
सुरक्षा निश्चय पाउनुहुनेछ
र तपाइं निर्धक्क सुत्नुहुनेछ।
१९ तपाइं निडर भई पल्टनुहुनेछ।
ठूला ठूला मानिसहरूले पनि
तपाइंको निगाह प्राप्त गर्न खोज्नेछन्।
२० दुष्टहरूका आँखा बन्द हुनेछन्,
भाग्ने बाटोहरू तिनीहरूका निम्ति बन्द
हुनेछन्,
र मृत्युमानै तिनीहरूको आशा हुनेछ।

परमेश्वरको शक्ति र बुद्धिलाई अय्यूबको समर्थन

१२ तब अय्यूबले जवाफ दिए—
२ तपाइंहरू ता सिद्ध मानिस हुनुहुन्छ,
औ सम्पूर्ण बुद्धि तपाइंहरूकै!
यसमा केही सन्देह छैन!
३ मेरो विवेक छ औ तपाइंहरूको पनि,
तः तपाइंहरूका जस्तै मेरो पनि
विचारशक्ति छ,
केही कुरामा पनि म तपाइंहरूभन्दा
कम छैनँ।
यस्ता कुरा कसले जान्दैन?
४ तापनि म मेरा मित्रहरूको निम्ति
एउटा हाँसोको पात्र भएको छु—
हाँसोको पात्र, म निर्दोष र निरपराध छु।
म यस्तो मानिस जसले परमेश्वरको
पुकार गर्दा उहाँले जवाफ दिनुहुन्थ्यो।
५ तपाइंहरूलाई दुःखनै छैन,
तापनि तपाइंहरू मेरो हाँसो गर्नुहुन्छ,
लोट्न लागेको मानिसमाथि तपाइंहरू
अझै प्रहार गर्नुहुन्छ।
६ लूटपीट गर्नेहरूका पालहरू त्यसै छोडिन्छन्,
र परमेश्वरलाई रीस उठाउनेहरू चाहिं
सुरक्षित रहन्छन्,
जसको निम्ति बलनै आफ्नो ईश्वर हो।
७ गएर गाईवस्तुहरूलाई आज्ञा दिनुहोस्,
तपाइंहरूलाई जनाउनलाई आकाशका
पक्षीहरूलाई भन्नुहोस्,
८ अथवा तपाइंहरूलाई सिकाइदिन घस्रने
जन्तुहरूलाई
र तपाइंहरूलाई शिक्षा दिन समुद्रका
माछाहरूलाई अह्राउनुहोस्।
९ परमप्रभुको आफ्नै हातले यी सबै
गर्नुभएको हो भनी
यी सबैबाट कसले सिक्नसक्तैन?
१० जीवितहरू सबैको प्राण, सबै मानिस-
जातिका आत्मा परमेश्वरकै हातमा छ।
११ (के जिब्रोले खानेकुराको स्वाद लिएझैं
बोलेको वचन कानले जाँच गर्दैन र?
१२ यो याद राख कि उमेर ढल्केकोसँग
बुद्धि हुन्छ,
र दीर्घ-जीविमा समझ हुन्छ।
१३ बुद्धि र पराक्रम उहाँकै हुन्,
उहाँसँगै दृढ़ता र समझ छन्।
१४ उहाँले भत्काउनुभयो भने त्यो पुनर्निर्माण
हुँदैन,
उहाँले कैद गर्नुभयो भने छुटकारा हुँदैन।
१५ उहाँले पानी रोक्नुभयो भने खड़ेरी पर्छ,
उहाँले त्यो छोड़िदिनुभयो भने
त्यसले भूमिलाई सर्वनाश पार्छ।
१६ सामर्थ्य र सफलता उहाँकै हुन्,
धोका दिने र धोका खानेलाई
उहाँले उपयोग गर्नुहुन्छ।
१७ उहाँले सल्लाहकारहरूलाई निर्बुद्धि
तुल्याउनुहुन्छ,
र न्यायाधीशहरूलाई पागल
बनाइदिनुहुन्छ।
१८ राजाहरूले लगाइदिएका बन्धनलाई
उहाँले फुकाल्नुहुन्छ,
औ तिनीहरूका कम्मरबाट अधिकारको

पट्का फुकालिदिनुहुन्छ।
१९ उहाँले पूजाहारीहरूलाई मूर्खहरूलेझैँ काम गर्ने तुल्याउनुहुन्छ,
र चीरकालसम्म काम गर्ने मानिस-हरूलाई उहाँले खारेज गरिदिनुहुन्छ।
२० भर पर्नसक्नेलाई उहाँले लाटो तुल्याउनुहुन्छ,
वृद्ध मानिसहरूको बुद्धि उहाँले रद्द गर्नुहुन्छ।
२१ उहाँले शासकहरूमाथि कटुनिन्दा-दिनुहुन्छ,
र भारादारहरूको अहंकारलाई चूर पार्नुहुन्छ।
२२ उहाँले अन्धकारका गहिराइका रहस्यहरू प्रकट गर्नुहुन्छ,
र निष्पट्ट अँध्यारोमा उहाँले प्रकाश ल्याउनुहुन्छ।
२३ उहाँले जातिहरूलाई भ्रममा पारेर नाश पार्नुहुन्छ,
उहाँले तिनीहरूलाई तल खसाल्नुहुन्छ,
र तिनीहरू त्यहीं पड़िरहन्छन्।
२४ उहाँले जाति जातिका शासकहरूका बुद्धि खोस्नुहुन्छ,
र बाटो नभएको उजाड़-स्थानमा यताउता बरालिन तिनीहरूलाई छोडिदिनुहुन्छ।
२५ उज्यालो विना तिनीहरू अन्धकारमा छामछाम-छुमछुम गरिहिंड़छन्,
र मताहा मानिसझैँ धर्मरिँदै हिंड़नलाई त्यागिदिनुहुन्छ।

अय्यूबको इमान्दारीको प्रमाण

१३ यी सबै ता मैले आफ्नै आँखाले देखेको छु,
मेरो आफ्नै कानले ती सुनेको छ,
र मैले ती बुझेको छु।
२ तपाईंहरू जे जान्नुहुन्छ, त्यो म पनि जान्दछु।
कुनै कुरामा म तपाईंहरूभन्दा कम छैनँ।
३ तर म चाहिं ता सर्वशक्तिमानसँग कुरा गर्नेछु,
र परमेश्वरसँग बहस गर्न तयार छु।
४ तपाईंहरू चाहिं मूर्खहरूजस्तै आफ्ना झुटा कुराले सत्यलाई कलंकित पार्नहुन्छ,
तपाईंहरू सबै बेकम्मा हुनुहुन्छ।
५ तपाईंहरू चूप लागी बसे ता हुनेथियो!
औ चूप लागेकोलेनै तपाईंहरू बुद्धिमान ठहरिनुहुनेथियो!
६ अब मेरो बहस सुन्नुहोस्,
औ मैले मेरो मामिला पेश गर्दा ध्यानसित सुन्नुहोस्।
७ के तपाईंहरू परमेश्वरको पक्षमा भएर यसरी अप्रिय कुरा बोल्नुहुन्छ?
अथवा उहाँको तर्फ भएर तपाईंहरू झूटो कुराको साबित गर्नुहुन्छ?
८ के तपाईंहरूले परमेश्वरको स्थान लिनैपर्छ?
अथवा उहाँको निम्ति मामिला पेश गर्नुहुन्छ?
९ उहाँले तपाईंहरूको जाँच गर्नुहुँदा के सबै ठीकै पाइएला?
के मानिसहरूलाई छक्काएझैँ तपाईंहरू उहाँलाई पनि छक्काउनुहुन्छ?
१० मलाई झूटा दोष लाएर तपाईंहरूले उहाँको पक्ष लिनुभयो भने
उहाँले ता निश्चयनै तपाईंहरूलाई हप्काउनुहुन्छ।
११ के परमेश्वरको महा-महिमाले तपाईंहरूलाई भयभीत पार्दैन?
औ उहाँको भयले तपाईंहरूलाई विह्वल पार्दैन?
१२ तपाईंहरूको अभिमानी कुरा ता धूलो र खरानी मात्र हो,
तपाईंहरूका आड़ माटोजस्तै धूलो-पीठो हुनेछन्।
१३ तपाईंहरू चूप लागी बस्नुहोस्, मलाई मेरो मनको कुरा बोल्नदिनुहोस्,
औ ममाथि जे हुनआउँछ, सो आउन दिनुहोस्।

१४ म मेरो घिच्रो पासोमा थापिदिनेछु,
र मेरो प्राण मेरो हातमा राख्नेछु।
१५ उहाँले मलाई मार्नुभए तापनि
म धुकचुक मान्नेछैनँ।
म अझै मेरो मामिला उहाँको
सामने पेश गर्नेनैछु।
१६ यसले कमसे कम मेरो सफलतामा
विश्वास दिलाउनेछ,
कि कुनै पनि ईश्वरहीन मानिस उहाँको
सामने देखा पर्नसक्तैन।
१७ सुन्नुहोस्, मेरो कुरा सुन्नुहोस्
र मेरो व्याख्यामा कान थाप्नुहोस्।
१८ यो कुरा निश्चय थाह पाउनुहोस्—
मैले मेरो मामिला पेश गरेपछि
मलाई यो थाह हुन्छ कि म निर्दोष
ठहरिनेछु।
१९ मसँग प्रखर बहस गरेर मेरो मुख बन्द
गरिदिने र मृत्युमा पार्ने को छ?
२० मलाई यी दुइ शर्तहरू मात्र मञ्जूर
होस्,
तब म तपाईंको दृष्टिबाट लुक्नेछैनँ।
२१ तपाईंको गह्रौं हात मबाट टाढ़ा
लैजानुहोस्,
र तपाईंको डरले मलाई भयभीत
नपारोस्।
२२ तब मलाई डाक्नुहोस्, र म जवाफ
दिनेछु,
अथवा पहिले म बोल्नेछु, र तपाईंले
मलाई जवाफ दिनुहोस्।
२३ मेरो बिरुद्धमा कतिवटा अधर्म र पापका
अभियोग छन्?
मलाई मेरा कसूर र मेरो पाप
जनाइदिनुहोस्!
२४ तपाईं आफ्नो मुख किन लुकाउनुहुन्छ?
र मलाई आफ्नो शत्रुझैं व्यवहार
गर्नुहुन्छ?
२५ के तपाईं उड़ाएको पातलाई पनि
खेद्नुहुन्छ?
के तपाईं सुकेको भूसको पछि
लाग्नुहुन्छ?
२६ मेरो निम्ति तपाईंले दण्ड तोकिदिनुभयो,
मेरो युवावस्थाका दोष भोग्नलाउनुभयो।
२७ ठिँगुरामा मेरो खुट्टा ठोकिदिनुभयो,
मेरा पैतालामा कमाराको निशान
लगाउनुभयो
२८ यसकारण मता सड़ेको र नाश हुने
र कीराले खाएको वस्त्रजस्तै नष्ट हुँदैछु।

आफ्नो छोटो जीवनमाथि अय्यूबको चिन्ता

१४ स्त्रीबाट जन्मेको मानिस अल्प-आयुका
र अशान्तिले भरिएको हुन्छ,
२ त्यो फूलझैं फक्रन्छ र ओइलाइहाल्छ।
त्यो छायाजस्तै हराइहाल्छ, रहँदैन।
३ औ के तपाईं यस्तो प्राणीमाथि दृष्टि
गर्नुहुन्छ?
के त्यसलाई तपाईंको सामना गर्न
अदालतमा ल्याउनुहुन्छ?
४ अशुद्धबाट कसले शुद्ध निकाल्नसक्छ?
कसैले सक्तैन।
५ त्यसको जीवनका दिन तोकिएका छन्,
औ त्यसका महीनाको संख्या
तपाईंलाई थाहै छ।
तपाईंले त्यसको सीमा ठहराउनुभएको छ,
त्यसले त्यो नाघ्नसक्तैन।
६ यसकारण त्यसबाट तपाईं आफ्नो मुख
फर्काउनुहोस्,
र दिनहुँ घड़ी गन्दै बस्ने ज्यालादार
मजदूरजस्तै
त्यसलाई एक्लै छोड़िदिनुहोस्।
७ रूख काटदियो भने
त्यो फेरि पलाउने आशा हुन्छ,
र नयाँ पालुवा आउन थामिँदैन।
८ त्यसका जराहरू भूईंमा छिप्पिसके
र त्यसको ठूटा जमीनभित्र मरे तापनि
९ पानीको गन्ध पाएपछि
त्यो फेरि पलाउनथाल्छ,

र कलिलो बोटझैं त्यो पलाएर आउँछ।
१० तर मान्छे ता मरिहाल्छ, र लोप हुन्छ।
मानिस आफ्नो आखिरी अवस्थामा
आइपुग्छ, र त्यो कहाँ हुन्छ ?
११ जसरी पोखरीको पानी बिस्तार बिस्तार
घट्दैजान्छ,
अथवा जसरी नदी घटेर सुकिहाल्छ,
१२ त्यसरीनै मरणशील मानिस ढल्छ,
र कहिल्यै उठ्दैन,
आकाश चिरिएर नफाटुञ्जेल।
कोही मानिस मर्‍यो भने के त्यो फेरि
जीवित हुनसक्छ ?
त्यो आफ्नो निद्राबाट फेरि कहिल्यै
उठनेछैन।
१३ तपाईंले मलाई पातालमा लुकाउनुभएता,
औ तपाईंको रीस नमरूञ्जेल मलाई
गुप्तमा राख्नुभएता,
तपाईंले मेरो समयको सीमा तोकिदिएर
मलाई सम्झनुभएता हुनेथियो!
१४ तर मेरो सेवा जतिसुकै लामो भए
तापनि म आशा मार्नेथिइनँ ?
मेरो उद्धार आउनेछ भनी म प्रतीक्षा
गर्नेथिएँ।
१५ तपाईंले मलाइ आज्ञा गर्नुहुनेथियो,
र म जवाफ दिनेथिएँ।
आफूले सृजनुभएको प्राणीलाई तपाईंले
हेर्न इच्छा गर्नुहुनेथियो।
१६ तर मेरा सबै चाल हेरेर
अब तपाईं मेरो हरेक कदम गन्नुहुन्छ।
१७ मेरो हरेक कसूर तपाईंको थैलामा
सञ्चय गरिएको छ।
तपाईंले मेरो अधर्म छाप लाएर
राख्नुभएको छ।
१८ तापनि पहिरोले लगिरहेको पहाड़ तल
बगेर गएझैं,
औ चटान त्यसको ठाउँबाट हटाएझैं,
१९ पानीले ढुङ्गाहरूलाई खियाएझैं,
औ वर्षाको पानीले भूइँको माटोलाई
खाएझैं,
तपाईंले कमजोर मानिसको आशा
टुटाइदिनुभएको छ।
२० आखिरमा तपाईंले त्यसलाई जित्नुहुन्छ,
र त्यो रहँदैरहँदैन,
त्यसको अनुहारको रूप बद्लन्छ,
र त्यो तपाईंको दृष्टिबाट बहिष्कृत हुन्छ।
२१ त्यसका छोराहरू मान पाएर आदरणीय
बन्नेछन्,
औ त्यसले चाहिं त्यो देख्नैपाउँदैन।
ती अन्जान भएर हराइहाल्छन्,
औ त्यसलाई त्यो पनि थाह हुनेछैन।
२२ त्यसले केवल आफ्नै
शरीरको कष्ट मात्र थाह गर्छ,
औ त्यसले आफ्नै निम्ति विलाप गर्छ।

अय्यूबलाई एलीपजको हप्की

१५ तब एलीपज तेमानीले जवाफ
दिए—
२ के बुद्धि भएको मानिसले यस्तो मूर्ख
विचार गर्नुहुन्छ ?
औ यस्तो वाहियात कुरा मात्र गर्नुहुन्छ र ?
३ यस्ता बेकामका बहसहरू गरेर
के व्यर्थका कुरामा बाद-विवाद गर्नु र ?
४ तपाईं ता मानिसहरूलाई परमेश्वरको
भय मान्नलाई बाधा दिनुहुन्छ,
र परमेश्वरप्रतिको ध्यान भङ्ग गर्नुहुन्छ।
५ तपाईं जे भन्नुहुन्छ त्योता तपाईंको
अधर्मलेनै भन्नलाउँछ,
औ छलको भाषा तपाईं रूचाउनुहुन्छ।
६ तपाईं आफ्नै कुराबाट दोषी ठहरिनुभएको
छ, मबाट ता होइन।
तपाईंको आफ्नै मुखको वचनले तपाईंको
विरुद्धमा साक्षी दिन्छ।

७ के तपाईं मानिस-जातिमा सबैभन्दा
पहिले जन्मनुभएको हो ?
के तपाईंको उत्पत्ति डाँड़ाहरूभन्दा पहिले
भएको हो ?

८ के तपाइं परमेश्वरको गुप्त सभामा बसेर
सुन्नुहुन्छ ?
अथवा सबै बुद्धिका कुरा तपाइं आफ्नै
मात्र बनाउनुहुन्छ ?
९ हामीले नजानेका कुरा तपाइं के
जान्नुहुन्छ ?
हामीमा नभएको अन्तरज्ञान तपाइंमा
के छ ?
१० हाम्रा बीचमा वृद्ध र पाको मानिसहरू छन्,
तपाईंका पिताभन्दा पनि वृद्ध मानिस
हाम्रा साथमा छन्।
११ तपाईंको कानमा बिस्तारै परेको मधुरो
शब्द,
परमेश्वरको सान्त्वना के तपाईंको निम्ति
यथेष्ट छैन ?
१२ केले तपाईंको हृदयमा यस्तो आँट
दिन्छ ?
औ तपाइं किन आफ्नो आँखा फुकाएर
हेर्नुहुन्छ ?
१३ कि तपाइं आफ्नो रीस परमेश्वरलाई
पोखाउनुहुन्छ,
औ यस्ता शब्दको राश निकाल्नुहुन्छ ?
१४ निर्बल मानिस के हो र त्यो निर्दोष
हुनसक्छ ?
अथवा स्त्रीबाट जन्मेको कुनै बालक,
के त्यो निष्कलंक ठहरिनसकिन्छ ?
१५ परमेश्वरले आफ्नै पवित्र जनमाथि भरोसा
राख्नुहुन्न भने
र स्वर्गनै उहाँको दृष्टिमा निर्दोष छैन भने
१६ मानिस ता झन् कति कम होला,
जो घिनलाग्दो र सड़ेको हुन्छ,
र जसले अधर्मलाई पानीझैँ पिउँदछ !

१७ यदि तपाईंले सुन्नुभयो भने मात्र म
बताउनेछु,
र मैंले देखेको कुरा म बयान गर्नेछु।
१८ (ज्ञानी जनहरूले जे भनेर गएका छन्,
औ जो तिनीहरूका पुर्खाहरूले तिनी-
हरूबाट लुकाएका थिएनन्,
१९ उनीहरूलाई मात्र देश अधिकार गर्न
दिएका थिए,
औ उनीहरूसँग कुनै विदेशी बसोबासो
गरेका थिएनन्।)
२० दुष्टहरू आफ्ना जीवनकालभरिनै दुःखले
सताइएका हुन्छन्,
निष्ठूर मानिसका वर्ष गनेर तोकिएका छन्।
२१ त्रासको शब्द त्यसको कानमा गुञ्जिरहन्छ,
शान्तिको समयमा पनि नाश गर्न
त्यसमाथि आइलाग्नेछ।
२२ अन्धकारको मृत्युबाट त्यसले उम्कने
आशा गर्नसक्तैन,
तरवारले मारिन त्यो तारो हुन्छ।
२३ गिद्धको लागि आहारा फेंकिएझैं
त्यो फेंकिन्छ,
आफ्नो विनाश निश्चयनै आउँछ भनी
त्यस्तो मानिसले जान्दछ।
२४ एक्कासि एक अँध्यारो दिन त्यसमाथि
आउँछ,
दुःख र सुर्ताले त्यसलाई घेर्छ।
(युद्ध गर्नलाई तयार भएका राजाझैं)।
२५ किनभने त्यसले परमेश्वरको विरुद्धमा
आफ्नो हात उठाएको छ,
सर्वशक्तिमानको विरुद्धमा जोरी खोजेको छ।
२६ आफ्नो विशाल ढाल लिएर
परमेश्वरको विरुद्धमा सीधै आक्रमण गर्न
त्यो जाइलाग्छ।

२७ त्यसको गाला चिल्लो र भरिएको भए तापनि
त्यसको कम्मर बोसोले भरिएको भए तापनि
२८ त्यो बसेको शहर नाश हुनेछ,
त्यसको घर उजाड़ हुनेछ,
त्यो चाँडै नाशको ढेर हुनेछ !
२९ त्यो अब उप्रान्त धनी हुनेछैन,
त्यसको धन सधैंभरि रहनेछैन,
त्यसले भूइँमा जरा हाल्नेछैन,
अन्धकारबाट त्यो उम्कनसक्नेछैन।
३० टनटलापुर घामले त्यसका टुसाहरू
चाउरिनेछन्,

औ त्यसको फूल बतासले झारिदिनेछ।
३१ आफ्नो उच्च पदमा भरोसा गरेर त्यसले
आफैलाई धोका दिनेछ,
किनभने त्यसका सबै काम व्यर्थका
हुनेछन्।
३२ त्यसका खजूरका बोटहरू ऋतु अघिनै
ओइलाउनेछन्,
औ त्यसका हाँगाहरू फैलिनेछैनन्।
३३ काँचैमा फल खस्ने अङ्गूरका बोटजस्तै
त्यो हुनेछ,
फूलहरू झरेको भद्राक्षको बोटझैं त्यो
हुनेछ।
३४ किनभने ईश्वरहीनहरू सबै बाँझो हुनेछन्,
घूसका मालले बनाएका घरहरू आगोले
नष्ट हुनेछन्।
३५ यी तिनै मानिस हुन्, जसले दुःख दिने
युक्ति र खराबी गर्दछन्,
तिनीहरूका हृदय सधैं धोकाले भरिएका
हुन्छन्।

परमेश्वरको व्यवहारमा अय्यूबको उजूर

१६ तब अय्यूबले जवाफ दिए—
२ मैंले ता यस्तो कुरा अघि पनि
धेरै सुनेको छु,
तपाईंहरू ता सबै हरेक कुरामा यसो भन्दै
व्यर्थका सान्त्वना दिनेहरू मात्र हुनुहुन्छ,
३ 'के वाहियात कुराको अन्त हुनेछैन?
केले तपाईंलाई आफ्नो बहसमा यस्तो
ढीट बनाउँछ?'
४ यदि तपाईंहरू र मैंले आफ्नो स्थान
साटासाट गरेको भएता
म तपाईंहरूजस्तै बोल्नसक्ने थिएँ!
म मेरो औंला तपाईंहरूलाई ठड्याउने थिएँ!
५ तर होइन, म साहसको वचन बोल्नेथिएँ,
तब मेरो सहानुभूति खोलाझैं बग्नेथियो।
६ म बोलें भने मेरो पीड़ा कम हुँदैन,
म चूप लागें भने पनि मेरो कष्टले
मलाई छोड़दैन।
७ हे परमेश्वर, तपाईंले मलाई व्याकुल
पार्नुभएको छ,
मेरो परिवार मर्नलाई त्यागिदिनु
भएको छ।
८ तपाईंले मलाई पक्रनुभएको छ,
तपाईं मेरो शत्रु हुनुभएको छ।
म हड्डी र छाला भएको छु,
यहीनै मेरो दोषको प्रमाण हो भनी
मानिसहरू ठान्छन्।
९ क्रोधमा परमेश्वरले मलाई छिन्न-भिन्न
पार्नुहुन्छ,
उहाँले घृणाको दृष्टिले मलाई हेर्नुहुन्छ।
मेरा शत्रुहरूले मसित साह्रै दुश्मनी
गर्छन्।
१० मानिसहरू मेरो गिल्ला गर्छन्,
तिनीहरू मेरो चारैतिर भीड़ लागेर
मलाई थप्पड़ लाउँछन्।
११ परमेश्वरले मलाई कुकर्मीहरूको हातमा
छोड़िदिनुभएको छ,
र दुष्ट मानिसहरूका हातमा फालिदिनु-
भएको छ।
१२ मता आराममा बसिरहेको थिएँ,
तर उहाँले ममाथि आक्रमण गरेर
लुछ्नुभयो।
उहाँले मलाई घिच्रोमा अँठ्याएर धुजा
पार्नुभयो,
उहाँले मलाई आफ्नो तारो
बनाउनुभयो।
१३ उहाँका काँड़हरू ममाथि चारैतिरबाट बर्षे,
निर्दयी भएर उहाँले मेरो मर्ममा
छेड्नुभयो।
उहाँले मेरो पित्त भूईंमा पोखाउनुभयो।
१४ मेरो रक्षाको पर्खालमा उहाँले छेंड़े-छेंड़
पार्नुभयो,
एक लड़ाकु मानिसझैं उहाँ ममाथि
आइलाग्नुभयो।
१५ मेरो शरीर ढाक्नलाई मैंले भाङ्ग्रा सिएँ,

मैंले आफ्नो निधार धूलोमा गाड़ें।
१६ रूँदा रूँदा मेरा गालाहरू राता भएका छन्,
मेरा आँखाका चारैतिर कालो भएको छ।
१७ तापनि मेरो हात उपद्रवमा लागेको छैन,
औ मेरो प्रार्थना साँचो छ।
१८ हे पृथ्वी, मेरो रगतलाई नढाकू,
औ न्यायको निम्तिको मेरो पुकारा नथामिओस्!
१९ किनभने हेर, मेरा गवाही ता स्वर्गमा हुनुहुन्छ,
मेरो निम्ति जवाफ दिनलाई उच्चमा एक जना तयारी हुनुहुन्छ।
२० मेरो आँखाले परमेश्वरलाई घरिघरि हेरिरहँदा,
मेरो बिन्ती उहाँकै सामने पुग्नेछ।
२१ मानिस र त्यसको छिमेकीको बीचमा न्याय गर्नेझैँ
मानिस परमेश्वरको बीचमा कुनै एक जना मध्यस्थ भएता हुनेथियो!
२२ किनभने जहाँबाट म फेरि फर्कनेछैनँ,
म नफर्किने बाटोमा लाग्नभन्दा अघि रहेका वर्षहरू थोरै मात्र छन्।

१७ मेरो मन व्याकुल भएको छ, मेरो दिनको अन्त आइपुगेको छ,
चिहान मेरो निम्ति तयार छ।
२ म जता फर्कें पनि मानिसहरू मलाई ठट्टा गर्दछन्,
तिनीहरूको गिल्लाले गर्दा मेरो दिन धमिलिएको छ।
३ तपाईंनै मेरो निम्ति जमानी हुनुहोस्,
किनभने को मेरो निम्ति जमानी बसिदिन्छ र?
४ तपाईंले ती मानिसहरूलाई विजयी तुल्याउनुहुनेछैन,
जसका मन तपाईंले मूर्खताले भरिदिनुभएको छ।
५ त्यस्तो मानिसले आफ्ना मित्रहरूलाई नाश होऊन् भनी दोष दिन्छन् भने
त्यसका छोराहरूका आँखा कमजोर हुनेछन्।
६ मता सबै देशमा एउटा उखानको पात्र बनेको छु,
सबैले हेर्नें एउटा अप-शकुन भएको छु।
७ मेरा आँखा अफसोसले धमिला भएका छन्,
मेरा हात-खुट्टा छायाजस्तै सुकिगएका छन्।
८ यसले गर्दा इमान्दार मानिसहरू अलमल्ल परेका छन्,
औ मेरो दशामा निर्दोष मानिसहरू रीसले चूर भएका छन्।
९ यी सबै भए तापनि धर्मी मानिस आफ्नै बाटोमा हिँड़िरहन्छ,
औ जसको हात निर्दोष छ, त्यो फेरि बलियो हुनेछ।

१० तर आऊ, सबका सब फेरि कोशिष गर!
तिमीहरूका बीचमा ता म एउटै बुद्धिमानी मानिस पाउँदिनँ।

११ मेरा दिन बितिसके, मेरा युक्तिहरू विफल भए,
मेरो आशा खतम भयो।
१२ दिन चाहिँ रातमा परिवर्त्तन भयो,
औ बिहानको प्रकाश मेरो सामने अँध्यारो भयो।
१३ यदि मैले पाताललाई मेरो घर होस् भनी नापें भने
यदि मैले मेरो ओछयान अन्धकारमा बनाएँ भने,
१४ यदि मैले चिहानलाई मेरो बाबु,
र कीरालाई मेरी आमा अथवा मेरा दिदी-बहिनीहरू भनी पुकारें भने
१५ मेरो आशा कहाँ रहला?

र कसले मेरो धर्म-कार्यलाई ख्याल
गर्ला ?
१६ म ती चिहानमा मसित लानसक्तिनँ,
नता ती मसित माटोमा तल
झर्नसक्नेछन् ।

दुष्टहरूको प्रतिफललाई बिल्ददले वर्णन गरेका

१८ तब शिल्दद शुहीले यसो भनेर जवाफ
दिए—
२ तपाईंले कहिले आफ्नो जिब्रोलाई वशमा
ल्याउनुहुन्छ ?
विचार गर्नुहोस्, र हामी कुरा गर्नेछौं।
३ तपाईंले हामीलाई पशुझैं व्यवहार
गर्नुभएको मतलब के हो ?
तपाईंको विचारमा के हामी केवल पशु
मात्र हौं ?
४ तपाईं ठीकै हुनुहुन्छ भनी प्रमाण
गर्न पृथ्वीलाई त्यागिदिने र ?
अथवा पहराहरू तिनीहरूका ठाउँबाट
हटाउनु र ?
५ होइन, बरू दुष्टको बत्ती निभाइन्छ,
जसको आगोबाट फेरि कुनै ज्वाला
निस्कँदैन ।
६ त्यसको पालमा उज्यालो कम हुँदै जान्छ,
त्यसको बत्ती निभ्छ, र त्यसलाई प्रकाश
दिँदैन ।
७ त्यसको अधर्ममा त्यसको पाइला लर्बरिन्छ,
त्यसको आफ्नै युक्तिले त्यसलाई लड़ाउँछ ।
८ त्यो पासोमा सीधै जाकिन्छ,
र खाल्टामा छोपेर राखेको धरापमा
त्यसको खुट्टा पर्छ ।
९ त्यसको खुट्टा पासोमा जेलिन्छ,
पासोका डोरीले त्यसलाई कस्सेर बाँध्छ ।
१० त्यसको लागि डोरी भूईंमा
र जाल त्यसको बाटोमा लुकाइएको छ ।
११ मृत्युको डरले त्यसलाई झट्टै घेर्छ,
र कदम कदममा त्यसलाई खेद्छ ।
१२ त्यसको पूरा बल भए तापनि डरले
त्यसका हात-खुट्टै चल्दैन,
त्यो जत्तिसुकै बलियो भए तापनि
त्यसको नाश हुनेनैछ,
१३ रोगले त्यसको छाला खाइहाल्छ,
र त्यसका हात-खुट्टा कुहाइदिन्छ ।
१४ घरको सुरक्षाबाट पनि त्यसलाई तानेर
निकाल्छ,
र मृत्युको डरले त्यसलाई आफ्ना
राजाकहाँ लैजान्छ ।
१५ त्यसको पालको चारैतिर जादूका बुटी
छरिएका छन्,
त्यसको घरको रक्षाको निम्ति गन्धक
छर्किएको छ ।
१६ त्यसको मनिका जराहरू सुक्छन्,
त्यसका माथिका हाँगाहरू ओइलाउँछन् ।
१७ पृथ्वीबाट त्यसको सम्झना लोप हुन्छ,
औ संसारमा त्यसको नाउँ-निशानै
रहनेछैन ।
१८ त्यो उज्यालोबाट अँध्यारोमा धपाइन्छ,
र जीवितहरूको देशबाट निकालिन्छ ।
१९ आफ्ना मानिसहरूका बीचमा त्यसको
आफ्नो कुनै सन्तान हुनेछन्,
त्यसको घरमा कोही बाँचेका हुनेछैनन् ।
२० पश्चिमका मानिसहरू त्यसको दण्ड सुनेर
छक्क पर्नेछन्,
पूर्वका मानिसहरू डरले काम्नेछन् ।
२१ दुष्ट काम गर्नेहरूका घरको अन्त यस्तै
हुनेछ,
परमेश्वरको वास्ता नगर्नेहरूको घरको
दशा यस्तै हुनेछ ।

अय्यूबको विश्वास

१९ तब अय्यूबले जवाफ दिए—
२ कहिलेसम्म तपाईंहरू मलाई
थकित तुल्याउनुहुन्छ,
र वचनहरूले मलाई आघात गर्नुहुन्छ ?

३ बारंबार तपाईंहरूले मलाई अपमान गर्नुभयो,
र निर्लज्ज भएर मेरो खराबी गर्नुभयो।
४ वास्तवमा यदि मैंले भुल गरेको भए
तापनि भुल ता मेरैनै हो।
५ तर यदि साँच्चै तपाईंहरू मउपर
अख्तियार चलाउनुहुन्छ भने
र ममाथि लगाएको दोषलाई साँचो
साबित गर्नुहुन्छ भने,
६ म यो तपाईंहरूलाई भन्दछु, कि
परमेश्वरलेनै मलाई अपराधी तुल्याउनुभएको हो,
र उहाँले मेरो चारैतिर जाल
फिँजाउनुभएको हो।
७ यदि 'हत्या भयो' भनी म कराएँ भने,
कसैले जवाफ दिँदैन।
सहायताको निम्ति बिन्ती गरें भने पनि
म न्याय पाउँदिनँ।
८ उहाँले मेरो बाटोमा पर्खाल लाउनुभयो,
र म निस्कनसक्तिनँ,
मेरो अगि जाने बाटोमा उहाँले बार
लाउनुभयो।
९ उहाँले मेरा जम्मै मान खोसिलिनुभयो,
उहाँले मेरो शिरबाट मुकुट उतारिदिनुभयो।
१० उहाँले चारैतिरबाट मलाई हिर्काउनुहुन्छ,
र मता खतम भएँ,
रूख उखेलिएझैं उहाँले मेरो आशा
टुटाइदिनुभयो।
११ उहाँको रीस ममाथि साह्रै परेको छ,
उहाँले मलाई आफ्नो शत्रु ठान्नुहुन्छ।
१२ मलाई आक्रमण गर्नलाई उहाँले फौज
पठाउनुहुन्छ,
र तिनीहरू मेरो पालको चारैतिर
छाउनी हाल्छन्।
१३ मेरा दाज्यू-भाइहरू मबाट टाढ़ा
रहन्छन्,
मेरा मित्रहरू मबाट बिलकुलै अलग्
रहन्छन्।
१४ मेरा कुटुम्बहरू र चिना-जानाहरू पछि
हट्छन्,
मेरा अतिथिहरूले मलाई बिर्सेका छन्।
१५ मेरा दासीहरूले मलाई बिरानाझैं व्यवहार
गर्छन्,
तिनीहरूका दृष्टिमा म ता एक विदेशी
भएको छु।
१६ मेरो दासलाई म बोलाउँछु,
मलाई सहायता गरोस् भनेर बिन्ती गर्दा
पनि त्यसले मेरो कुरै सुन्दैन।
१७ मेरो सास मेरी पत्नीलाई दुर्गन्धमय लाग्छ,
मेरो परिवारको नाकमा म गह्राउने
भएको छु।
१८ नानीहरू धरिले मलाई घृणा गर्छन्,
र म उठ्दा तिनीहरू मतिर आफ्नो पीठ
फर्काउँछन्।
१९ मेरा घनिष्ट साथीहरू मलाई घृणा गर्छन्,
औ मैंले प्रेम गरेकाहरू मेरा विरुद्धमा
उठेका छन्।
२० मता हड्डी र छाला भएको छु,
मता मरिसकेरै बाँचेको छु।
२१ दया गर्नुहोस्, दया गर्नुहोस्, हे मेरा
मित्र हो!
किनभने परमेश्वरको हात ममाथि
परेको छ।
२२ परमेश्वरले मेरो खेदो गर्नुभएझैं तपाईंहरू
किन खेदो गर्नुहुन्छ?
के तपाईंहरूले मलाई सताइसक्नुभएन र?
२३ मेरा वचनहरू शिलामा लेखिएका भएता
ती शिलामा कँदेर लेखिएका भएता,
२४ फलामको हतियारले खोपेर सीसाले
भरिदिएता,
सङ्गमर्मरमा सधैंको निम्ति साक्षी हुनलाई
राखिए ता हुनेथियो।
२५ तर मेरो भित्री हृदयमा म जान्दछु कि
मलाई साँचो ठहराउनुहुने जीवित हुनुहुन्छ,
सबैभन्दा अन्तिम समयमा उहाँनै मेरो
पक्षमा बोल्नुहुनेछ।
२६ म मेरो गवाहीलाई मेरो छेउमा उभिरहनुभएको देख्नेछु,

मेरो पक्षमा बोल्नुहुने स्वयं परमेश्वरलाईनै
म देख्नेछु।
२७ जसलाई म आफ्नै आँखाले देख्नेछु,
म आफैंले, औ अरू कसैले ता होइन।

२८ जब तपाईंहरूले मलाई यसो भन्नुभयो,
'तिनले आफैमाथि कतिका दुःख ल्याएका
छन्,
दुःखका जड़ तिनी आफै हुन्।'
तब मेरो हिम्मतले हरेस खायो।
२९ तर तपाईंहरूलाई ताकिरहेको तरवारदेखि
होशियार रहनुहोस्,
त्यो तरवार जसले सारा अधमलाई काटेर
नाश गर्दछ,
तब तपाईंहरू जान्नुहुन्छ कि एउटा
न्यायकर्त्ता हुनुहुँदो रहेछ।

दुष्टको प्रतिफल, सोपरको बयान

२० तब सोपर नमातीले जवाफ दिए—
२ मेरो मनको पीरले गर्दा जवाफ
दिनु मलाई करै लाग्छ,
यसैकारण बोल्नलाई म हतारी रहेछु।
३ मलाई निन्दित तुल्याउने बहसहरू मैले
सुनेको छु,
मेरो समझ-शक्तिको आत्माले मलाई
जवाफ दिन्छ।
४ तपाईंलाई निश्चय यो कुरो थाहा छ कि
यस्तो ता समयको शुरूदेखिनै भएर
आउँदैछ,
मानिसलाई पृथ्वीमा राखेका समयदेखिनै।
५ दुष्टहरूको विजय थोरै दिनको निम्ति
मात्र हो,
ईश्वरहीन मानिसको आनन्द क्षण भरको
निम्ति मात्र हो।
६ त्यो आकाश जत्तिकै अग्लो भएर उठे
तापनि,
औ त्यसको शिरले बादलहरूलाई छोए
तापनि,
७ त्यो आफ्नै मलजस्तै बिलकुलै खतम भएर
नष्ट हुन्छ,
र त्यसलाई देख्ने सबैले भन्नेछन्, 'त्यो
कहाँ गयो, खोई?'
८ त्यो सपनाझैं बिसिहालिन्छ,
र हराइहाल्छ,
रातको दर्शनझैं त्यो लोप भैहाल्छ।
९ त्यसलाई देख्ने आँखाले त्यसलाई फेरि
कहिल्यै देख्नेछैन,
र त्यसलाई त्यसको ठाउँमा फेरि कहिल्यै
देख्नेछैन।
१० त्यसका छोराहरूले कङ्गालीहरूको निगाह
खोज्नेछन्,
र त्यसका धन-सम्पत्तिहरू त्यसका
छोराहरूकै हातबाट दिइनेछन्।
११ युवावस्था र बल त्यसको हड्डी हड्डीमा
भए तापनि
ती त्यससँगै धूलोमा पड़िरहनेछन्।
१२ खराब कुरो त्यसको मुखमा मीठो
लागे तापनि
जिब्रोले त्यसलाई लटपटाएर मीठो
बनाए तापनि
१३ त्यसलाई धेरै समयसम्म राखेर
नखाए तापनि
र जिब्रोमा राखिछोड़े तापनि
१४ त्यसको खानेकुरो त्यसको पेटमा तीतो
हुनेछ,
र साँपको विषझैं त्यो त्यसभित्र परिवर्त्तन
हुनेछ।
१५ त्यसले धन-सम्पत्ति निल्छ, र फेरि बमन
गरेर निकाल्छ,
अथवा परमेश्वरले त्यसलाई त्यो
उकेल्नलाउनुहुन्छ।
१६ त्यसले साँबे-सर्पको विष चुस्छ,
विषालु साँपको दाँतले त्यसलाई मार्छ।
१७ दूधको तरका नदीहरू अथवा मह र
दहीका भलहरूबाट
त्यसले पिउन पाउनेछैन।
१८ आफूले पाएका नाफाहरू त्यसले

नखाईकनै दिनुपर्नेछ,
र आफ्ना लाभहरू नपचाइकनै त्यसले
उकेल्नुपर्नेछ।
१९ किनभने त्यसले गरीबको खेदो गरेर
त्यसलाई सताएको छ,
आफूले नबनाएका घरहरू त्यसले
बलपूर्वक अधिकार गरेको छ।
२० किनभने त्यसको भोक शान्त भएन,
र आफ्नो इच्छा त्यसले मार्नसकेन।
२१ खानलाई त्यसको निम्ति केही पनि रहेन,
यसैले त्यसको सुदिन धेरै दिनसम्म
रहँदैन।
२२ त्यसको हरेक इच्छा पूरा हुँदा पनि
त्यसको दुःख शुरू भइनैरहन्छ,
औ पूरा कष्ट त्यसमाथि आइलाग्नेछ।
२३ परमेश्वरले आफ्नो क्रोध त्यसमाथि
पोखाउनुहुनेछ,
र त्यसमाथि कड़ा मुक्का बर्षाउनु हुनेछ।
२४ फलामका हतियारहरूको चोट त्यसले
पाउनेछ,
र काँसाको टुप्पा भएको काँड़ले त्यसलाई
छेँड्नेछ।
२५ त्यसको टुप्पा त्यसको पीठको पछिल्तिर
निस्कनेछ,
त्यसको चम्कने टुप्पो त्यसको पित्तको
थैलाबाट निस्कनेछ।
त्रास त्यसमाथि आइपर्नेछ।
२६ नहट्ने अन्धकारले त्यसलाई पर्खिरहनेछ,
प्रचण्ड आगोले त्यसलाई भस्म पार्नेछ।
(त्यसको पालमा बाँच्नेलाई धिक्कार!)
२७ स्वर्गले त्यसको दोष खुलस्त देखाउनेछ,
त्यसलाई दोष लाउनलाई पृथ्वी खड़ा
हुनेछ
२८ त्यसको घरलाई भलले,
क्रोधको दिनमा उर्लंदो बाढ़ले बगाएर
लैजानेछ।
२९ दुष्ट मानिसको निम्ति परमेश्वरको इनाम
र बागीहरूका लागि परमेश्वरले
ठहराउनुभएको फल यस्तै हुन्छ।

दुष्टहरूको क्षणिक सफलता

२१ तब अय्यूबले जवाफ दिए—
२ सुन्नुहोस्, कृपा गरी सुन्नुहोस्,
तपाईंहरूले सुनिदिनुभए मलाई
सान्त्वना हुनेछ।
३ मैले कुरा गर्दा तपाईंहरूले सुनिदिनुहोस्,
मैले सकेपछि तपाईंहरूले मेरो ठट्टा
उड़ाए हुन्छ।
४ के मेरो झगड़ा मानिसहरूसितको हो र?
अधैर्य हुने मेरो पनि केही असल कारण
छैन र?
५ मेरो दशालाई हेर्नुहोस्, र अवाक
हुनुहोस्,
र हातले मुख छोप्नुहोस्।
६ जब म सोचमा पर्छु तब म त्रासले भरिन्छु,
र मेरो सारा शरीरनै थरथर काम्छ।

७ दुष्टहरू किन चिरञ्जीवि हुन्छन्?
वृद्धावस्थामा पनि तिनीहरू हृष्ट-पुष्ट,
महान् र शक्तिशाली किन हुन्छन्?
८ आफ्ना छोरा-छोरीहरूलाई राम्ररी
बसोबासो गरेका
र आफ्ना कुटुम्बहरू र सन्तानलाई
फलिफाप भएका तिनीहरू देख्न पाउँछन्।
९ तिनीहरूका परिवारहरू सुरक्षित र कुशल
हुन्छन्।
परमेश्वरको न्यायको दण्ड तिनीहरूमाथि
पर्दैन।
१० तिनीहरूका बहर मिसिन्छन् र खेरो
जाँदैनन्,
तिनीहरूका गाईहरूले ब्याउँछन् र
तुहिँदैनन्।
११ तिनीहरूका छोरा-छोरीहरू थुमाहरूझैं
खेल्न कुद्छन्,
र तिनीहरूका ससाना नानीहरू नाच्दै
उफ्रन्छन्।
१२ खैंजड़ी र वीणासित तिनीहरू आनन्द
मनाउँछन्,

र बाँसुरीको सूरमा तिनीहरू रमाउँछ।
१३ उन्नतिमानै तिनीहरूको जीवन बित्छ,
र शान्तिसित तिनीहरू मर्छन्।
१४ तिनीहरू परमेश्वरलाई भन्छन्, 'हामीलाई
छोड़िदिनुहोस्,
हामी तपाईंका मार्गहरू जान्न चाहन्नौं।
१५ सर्वशक्तिमान भनेको के हो र हामी
उहाँको आराधना गरौं?
उहाँको निगाह खोजेर हामीले के
पाउने र?'

१६ के दुष्टहरूको उन्नति तिनीहरूकै हातमा
र तिनीहरूका अभिप्राय परमेश्वरको भन्दा
एकदमै भिन्दै हुँदैनन् र?
१७ दुष्टको बत्ती कतिपल्ट निभाइन्छ र?
कतिपल्ट तिनीहरूको नाश तिनीहरूमाथिनै
आइपर्छ र?
परमेश्वरले आफ्नो क्रोधमा दुष्टलाई
कहिले दण्ड दिनुहुन्छ र?
१८ दुष्ट मानिस कतिपल्ट बतासमा परालको
टुक्राझैं
र हुरीले उड़ाएको भूसझैं हुन्छ र?
१९ तपाईंहरू भन्नुहुन्छ, 'तिनले कमाएका
दुःख ता परमेश्वरले तिनका
छोरा-छोरीहरूका निम्ति साँचिराख्नुहुन्छ।'
त्यसो नहोस्, तर परमेश्वरले त्यसलाई
पूरा गरी दण्ड देऊन्।
२० त्यसकै आँखाले त्यसमाथि आउने नाश
देखोस्,
औ सर्वशक्तिमानको क्रोध त्यसले पिओस्।
२१ जब मानिसको जीवन समाप्त भएको छ भने
के त्यसले आफ्ना छोरा-छोरीहरूको
सुखको वास्ता गर्छ र?
२२ के मानिसले परमेश्वरलाई सिकाउन-
सक्छ र?
परमेश्वरलाई, जसले स्वर्गमा हुनेहरूलाई
पनि न्याय गर्नुहुन्छ?

२३ म भन्दछु, कोही मानिस ता मृत्युको
दिनसम्मै पूरा स्वस्थ्य रहेको हुन्छ,
सुख र चैनमा त्यो मर्छ।
२४ त्यसको शरीर हृष्ट-पुष्ट हुन्छ,
त्यसको हड्डीमा मासीले रसिलो भएकै
हुँदा त्यो मर्छ।
२५ अर्को चाहिं दुःखै दुःखले भरिएर मर्छ,
सुखको स्वाद त्यसले चाखेकै हुँदैन।
२६ ती दुवै माटोमा सँगसँगै गाड़िन्छन्,
औ कीराहरूनै तिनीहरूका कात्रो भएका
हुन्छन्।

२७ तपाईंहरू के सम्झँदैहुनुहुन्छ मलाई
राम्ररी थाह छ,
र मेरो विरुद्धमा रचिरहेका तपाईंहरूको
बहस मलाई थाह छ।
२८ 'अब त्यो ठूला मानिसको घर कहाँ
छ, खोई?
त्यो दुष्टको घर के भयो?' भनी
तपाईंहरू मलाई सोध्नुहुनेछ भनी मलाई
थाह छ।
२९ के तपाईंहरूले कहिल्यै यात्रीहरूलाई
प्रश्न गर्नुभएको छैन?
तिनीहरूका वर्णनहरूबाट के तपाईंहरू
सिक्नसक्नुहुन्न?
३० आपद् परिआउँदा दुष्ट जोगिन्छ,
औ क्रोधको दिनको अघिनै त्यो सुरक्षित
स्थानमा सारिन्छ।
३१ कसैले त्यसलाई त्यसको मुखेञ्जि दोषी
ठहराउँदैन,
त्यसले गरेको कामको निम्ति कसैले
साटो लिँदैन।
३२ जब त्यो चिहानमा लगिन्छ,
तब सारा संसारै त्यसको अगि र पछि
लाग्छ,
३३ भूइँको माटो त्यसलाई मीठो लाग्छ,
र त्यसको चिहानमा हजारौं हजारले हेर्छन्।
३४ यसैकारण तपाईंहरूले दिनुभएको
सान्त्वनाको वचन कति निरर्थक छ!
तपाईंहरूका जवाफ कस्तो झूटा सुनिन्छ!

एलीपजको अभियोग

२२ तब एलीपज तेमानीले जबाफ दिए—
२ के मानिस परमेश्वरको निम्ति
केही लाभको हुन्छ र ?
के कुनै बुद्धिमानी मानिस पनि उहाँको
निम्ति लाभको हुनसक्छ र ?
३ यदि तपाइं धर्मी हुनेभए पनि
सर्वशक्तिमानलाई के फायदा ?
तपाइंको चालचलन सिद्ध भए पनि
त्यसले उहाँलाई के लाभ हुन्छ ?
४ यो न सम्झनुहोस् कि तपाइं धर्मी
हुनुभएकोले गर्दा उहाँले तपाइंलाई
हप्काउनुहुन्छ,
कि यसै खातिर उहाँले तपाइंको इन्साफ
गर्नुहुन्छ।
५ त्यसो होइन, तर तपाइं साह्रै दुष्ट
मानिस हुनुभएकोले त्यसो भएको हो,
र तपाइंको दुष्टताले सीमा नाघिसकेको छ।
६ केही कारणै विना तपाइं एउटा भाइलाई
बन्धकको रूपमा लिनुहुन्छ,
मानिसहरूका लुगा खोसेर तपाइं
तिनीहरूलाई नाङ्गो पार्नुहुन्छ।
७ थाकेको मानिसलाई तपाइं पानी दिनुहुन्न,
भोकाएको मानिसलाई तपाइं भोजन
दिनलाई इन्कार गर्नुहुन्छ।
८ तब के संसार चाहिं बलियाहरूको मात्र
पेवा,
र निगाह प्राप्त गर्ने थोरैको निम्ति
मात्र हो र ?
९ तपाइंले ता विधवाहरूलाई रित्तो हात
फर्काउनुभयो,
तपाइंले टुहुरा-टुहुरीहरूको सहारा
हटाइदिनुभयो।
१० यसैले तपाइंका मार्गका चारैतिर
खाडलहरू छन्,
औ तपाइं एक्कासि डरले भरिनुहुन्छ।
११ उज्यालो चाहिं अँध्यारोमा परिवर्तन
भएको छ, र तपाइं देख्नसक्नुहुन्न।
भलको पानीले तपाइंलाई डुबाएको छ।
१२ निश्चयनै परमेश्वर ता आकाशको
शिर-बिन्दुमा हुनुहुन्छ,
र सबै ताराहरू कत्तिकै अग्लामा भए
तापनि उहाँले तिनलाई तलै देख्नुहुन्छ।
१३ तर तपाइं भन्नुहुन्छ, 'परमेश्वर के
जान्नुहुन्छ र ?
इन्साफ गर्नलाई के उहाँले बाक्लो
बादललाई हेर्नसक्नुहुन्छ र ?
१४ आकाश-मण्डलमा उहाँ यताउता हिँड्नुहुँदा
उहाँको आँखाले बादलहरूको पर्दालाई
'छिचल्नसक्तैन'
१५ दुष्ट मानिसको चाललाई हेर्नुहोस्,
दुराचारी मानिसले हिँड्ने बाटोलाई
ख्याल गर्नुहोस्।
१६ हेर्नुहोस्, तिनीहरू आफ्नो समयअघिनै
हटाइन्छन्,
नदीझैं तिनीहरूका जगनै बगाएर
लगिन्छन्।
१७ ती मानिसहरूले परमेश्वरलाई भने,
'हामीलाई छोडिदिनुहोस्,
सर्वशक्तिमानले हामीलाई के
गर्नसक्नुहुन्छ र ?'
१८ तिनीहरूका र उहाँको अभिप्राय एकदमै
बेग्ला बेग्लै भए तापनि
उहाँले तिनीहरूका घरहरू असल
असल थोकहरूले भरिदिनुभएको थियो।
१९ तिनीहरूका दुर्दिन देखेर धर्मीहरू
आनन्दले मग्न हुनेछन्,
निर्दोषहरू तिनीहरूको ठट्टा गरेर
हाँस्छन्।
२० किनभने तिनीहरूका धन-सम्पत्ति ता
उडिहाल्छन्,
र तिनीहरूका धन-दौलतको राश
आगोले भस्म हुन्छ।
२१ अब परमेश्वरसित मिलाप गर्नुहोस् र
तपाइंले सुदिन देख्नुहुनेछ,

तपाईंको सुदिन फर्काएर ल्याउने उपाय
यही हो।
२२ उहाँको मुखबाट शिक्षा लिनुहोस्,
र तपाईंले आफ्नो मनमा उहाँका
वचनहरू सञ्चय गर्नुहोस्।
२३ नम्रसित तपाईं सर्वशक्तिमानतिर फर्केर
आउनुभयो भने,
तपाईंले आफ्नो घरबाट खराबी
त्यागिदिनुभयो भने,
२४ तपाईंले आफ्ना बहुमूल्य पदार्थहरू
धूलोसरह ठान्नुभयो भने,
औ ओपीरको सुनलाई नदीको तहको
ढुङ्गासरह मान्नुभयो भने,
२५ सर्वशक्तिमानले तपाईंको बहुमूल्य पत्थरझैं
हुनुहुनेछ,
र उहाँनै तपाईंको निम्ति दुइ गुणा
बढ़ी चाँदी हुनुहुनेछ।
२६ तब सर्वशक्तिमानमाथि पूरा भरोसा
राखीकन
तपाईंले आफ्नो नजर परमेश्वरतिर
उठाउनसक्नुहुनेछ।
२७ तपाईंले उहाँलाई प्रार्थना गर्नुहुनेछ, र
उहाँले सुन्नुहुनेछ,
र तपाईंले आफ्नो भाकल पूरा
गर्नसक्नुहुनेछ।
२८ तपाईं आफ्ना सबै युक्तिहरूमा सफल
हुनुहुनेछ,
तपाईंको बाटोमा ज्योति चम्कनेछ।
२९ तर अहंकारीहरूको घमण्डलाई परमेश्वरले
चूर पार्नुहुनेछ,
र नम्र मानिसलाई उहाँले कुशल
राख्नुहुनेछ।
३० उहाँले निर्दोषहरूलाई छुटाउनुहुनेछ,
औ तपाईंको हात निर्दोष भएकोले
गर्दा उहाँले तपाईंलाई छुटकारा
दिनुहुनेछ।

अय्यूबको मामिला परमेश्वरको सामने

२३ तब अय्यूबले जवाफ दिए—
२ आज मेरो मन तीतो भएको छ,
किनभने मेरो कष्टमा परमेश्वरको गह्रौं
बाहु ममाथि परेको छ।
३ हाय! उहाँलाई भेट्टाउन सकेता
हाय! उहाँको दरबारमा पस्न पाएता
४ म मेरो मामिला उहाँको सामने
र मेरो सम्पूर्ण बहस उहाँकै अगि
राख्नेथिएँ!
५ तब उहाँले कस्तो जवाफ दिनुहुने थियो
म जान्नेथिएँ,
र उहाँले के भन्नुहुने थियो म थाह
पाउनेथिएँ।
६ के उहाँले आफ्नो सारा महा-शक्ति
मेरो बिरुद्धमा प्रयोग गर्नुहुन्छ र?
अहँ, परमेश्वर आफैले ता मेरो बिरुद्धमा
कहिल्यै दोष लाउनुहुनेछैन।
७ उहाँको सामने सोझा मानिसहरू साँचो
ठहरिनेछन्,
र मेरा न्यायकर्ताद्वारा म सम्पूर्ण मुक्ति
पाउनेछु।

८ यदि म पूर्बतिर गएँ भने उहाँ त्यहाँ
हुनुहुन्न,
पश्चिमतिर गएँ भने म उहाँलाई त्यहाँ
पाउँदिनँ।
९ म उत्तरतिर फर्कें भने उहाँलाई भेट्टाउँदिनँ,
दक्षिणतिर फर्कें भने पनि म उहाँलाई
देख्नसक्तिनँ।
१० तर म काम गर्दा वा बिश्राम लिँदा
उहाँले मलाई जान्नुहुन्छ।
उहाँले मलाई जाँच गर्नुहुँदा म खारिएको
सुनझैं ठहरिनेछु।
११ उहाँले खटाउनुभएको बाटोमा मेरा
खुट्टाले टेकेको छ,
म उहाँको मार्गमा चलेको छु,
औ त्यसबाट म यताउता लागेको छैनँ।

१२ उहाँको मुहारबाट निस्केको आज्ञालाई
म इन्कार गर्दिनँ,
उहाँले भन्नुभएको कुरा मैले मेरो
हृदयमा सञ्चय गरिराखेको छु।
१३ उहाँले अठोट गर्नुहुन्छ, औ कसले
उहाँलाई आफ्नो अभिप्रायदेखि
तर्काउनसक्छ ?
उहाँले आफ्नो मनको इच्छाबमोजिम
गर्नुहुन्छ।
१४ उहाँले जे संकल्प गर्नुभएको छ त्यो
पूरा गर्नुहुन्छ।
यस्तो योजनाहरूले उहाँको हृदय
भरिपूर्ण छ।
१५ यसैकारण उहाँसँग भेट गर्न मलाई डर
लाग्छ,
उहाँको विषयमा विचार गर्दा मलाई
डर लाग्छ।
१६ परमेश्वरलेनै मलाई निरुत्साहित
तुल्याउनुहुन्छ,
औ सर्वशक्तिमानलेनै मलाई भयले
भरिदिनुहुन्छ।
१७ तापनि अन्धकारले मलाई चूप्प
लाउनसक्तैन,
नता उहाँलाई ढाकिदिने रहस्यले मलाई
चूप्प लाउनसक्छ:

२४ सर्वशक्तिमानको निम्ति ता दण्डको
दिन केही गुप्त छैन,
यद्यपि उहाँलाई चिन्नेहरूको निम्ति
त्यस दिनको केही संकेत छैन।
२ दुष्ट मानिसहरूले साँध-सीमानाको ढुङ्गा
हटाउँछन्,
औ भेड़ाका बगाल र तिनका
गोठालाहरूलाई लैजान्छन्।
३ तिनीहरू टुहुरा-टुहुरीहरूको गधा धपाएर
लान्छन्,
र विधवाको गोरु डोरीले बाँधेर लान्छन्।
४ तिनीहरू गरीबहरूलाई आफ्नो बाटोदेखि
धक्का दिँदै हिँड्छन्,
कङ्गालीहरू तिनीहरूबाट लुकेर एकै
ठाउँमा थुप्रो लाग्छन्।
५ चारोको लागि वन-गधा वनमा घुमफिर
गरेझैँ
गरीबहरू एका बिहानै उठ्छन्।
६ गरीबहरू खेतमा ती थोकका कटनी
गर्छन् जो तिनीहरूका होइनन्,
धनी मानिसको दाखबारीबाट तिनीहरू
अङ्गूर टिप्छन्।
७ तिनीहरू नाङ्गो भएर आफ्ना रात
बिताउँछन्,
जाड़ोमा ढाक्नलाई तिनीहरूको केही
हुँदैन।
८ पहाड़बाट आएको वृष्टिले तिनीहरू
निथ्रुक्क भिज्छन्,
र तिनीहरूका एक मात्र शरण चटाननेर
तिनीहरू थुप्रन्छन्।
९ बाबु नभएका नानीहरूलाई दुष्टहरू
आमाको काखबाट खोसेर लान्छन्,
र गरीब मानिसको बालकलाई तिनीहरू
बन्धकमा लैजान्छन्।
१० तर गरीबहरू ता नाङ्गो भएर आफ्ना
काममा जान्छन्,
र भोकै तिनीहरू आफ्ना अन्नका बिटा
बोक्छन्।
११ दुइ पर्खाल मिलेको छायामा तिनीहरू
तेल पेल्छन्,
तिनीहरू कोल ता पेल्छन् तर आफै
चाहिँ तिर्खाउँछन्।
१२ शहरबाट टाढ़ामा तिनीहरू मर्न लागेको
मानिसजस्तै कराउँछन्,
र चोट लागेको मानिसझैँ तिनीहरू
चिच्याउँछन्,
१३ कोही मानिसहरू ता दिनको
उज्यालोलाई घृणा गर्छन्,
तिनीहरू त्यसको विषयमा केही जान्दैनन्,
र ज्योतिको मार्गमा हिँड्दैनन्।
१४ हत्यारा चाहिँ रिमरिम उज्यालो अघिनै
उठेर गरीबलाई मार्न जान्छ,

र राती चाहिं लूटपीट गर्छ।
१५ व्यभिचारी चाहिं उत्सुकतासित साँझको
प्रतीक्षा गर्छ,
त्यसलाई कसैले नदेखोस् भनेर आफ्नो
भेष त्यसले बद्लन्छ।
१६ राती चोरहरू घर फोरेर पस्छन्,
तर दिनमा तिनीहरू लुक्छन् र
उज्यालोदेखि अलग्ग बस्छन्।
१७ तिनीहरू दिनको उज्यालोदेखि डराउँछन्,
तर अँध्यारोदेखि तिनीहरू डराउँदैनन्।

तब सोपर नमातीले जवाफ दिए—
१८ त्यस्ता मानिसहरू पानीको सतहमा
लागेको मैला तरजस्तै हुन्,
तिनीहरूका खेत देशभरिनै दुर्नाम पाएको
हुन्छ।
१९ जसरी हिउँलाई खडेरी र तापले बिलाउँछ,
त्यसरीनै पातालले पापीलाई विनाश पार्छ।
२० त्यसलाई कसैले याद गर्नेछैन,
त्यसकै आमाले पनि सम्झनेछैन,
कीराले त्यसलाई खाइहाल्छ,
र त्यो एकदमै नष्ट हुनेछ।
२१ त्यसले बाँझी स्त्रीलाई अत्याचार
गरेकोले
र विधवालाई सहायता नगरेकोले त्यसो
भएको हो।
२२ परमेश्वरले आफ्नो सामर्थ्यमा
शक्तिशालीलाई पनि नाश गर्नुहुन्छ,
तिनीहरू उठे तापनि तिनीहरूका जीवनको
आशा हुँदैन।
२३ परमेश्वरले तिनीहरूलाई सुरक्षित रहनदिनु
भए तापनि
उहाँले हर समय तिनीहरूको चालमाथि
आफ्नो नजर राख्नुहुन्छ।
२४ केही क्षणको निम्ति दुष्ट मानिस सफल
हुन्छ,
तर त्यसपछि त्यो झार्छै
र काटेर राखेको अन्नको बालाझैं
ओइलाइहाल्छ।
२५ के यसो हो भनी कसैले इन्कार
गर्नुसक्छ र?
मेरा वचन सत्य होइनन् भनी कसैले
प्रमाण गर्नसक्छ र?

बिल्ददको प्रत्युत्तर

२५ तब बिल्दद शुहीले जवाफ दिए—
२ अधिकार र भय उहाँसँग छन्,
जसले उच्चमा आफ्नो राज्यमा शान्ति
कायम गर्नुभएको छ।
३ उहाँका फौज असंख्य छन्,
लुकेको ठाउँबाट कसमाथि तिनीहरू
जाइलाग्दैनन् र?
४ परमेश्वरको दृष्टिमा मानिस कसरी धर्मी
हुनसक्छ र?
अथवा स्त्रीबाट जन्मेको मानिस निर्दोष
हुनसक्छ र?
५ उहाँको दृष्टिमा त जून पनि चहकिलो
छैन,
अथवा ताराहरू पनि निर्मल छैनन् भने
६ त झन् मानिस, जो कीरा मात्र हो,
परमेश्वरको दृष्टिमा के मोलको छ र?

अय्यूबले परमेश्वरको सर्वाधिकारलाई वर्णन गरेका

२६ तब अय्यूबले जवाफ दिए—
२ निर्बल मानिसलाई तपाईंले के
सहायता गर्नुभयो,
शक्तिहीनको निम्ति तपाईंले के उद्धार
ल्याउनुभयो?
३ बुद्धि हराएको मानिसलाई तपाईं के
सल्लाह दिनुहुन्छ,
के मूर्खलाई राम्रो अर्ती तपाईं दिनुहुन्छ?
४ यस्ता कुरा गर्न तपाईंलाई कसले
उस्कायो?
औ तपाईंको भाषणमा कसको आत्मा
प्रकट गरिएको छ?

५ पातालमा मरेकाहरूका आत्मा डरले काम्छन् ,
त्यहाँका जल र बासिन्दाहरू सबैलाई त्रासले छाएको छ ।
६ पाताल उदाङ्गै भएको छ,
र विनाश परमेश्वरको सामने प्रकट भएको छ ।
७ परमेश्वरले आकाश-मण्डललाई फैलाउनुभयो,
र अन्तरिक्षमा पृथ्वीलाई
झुण्डाउनुभयो ।
८ उहाँले पानीलाई बाक्लो बादलको थुप्रोमा बन्द गरी राख्नुहुन्छ,
औ तिनको भारले मेघहरू फुटेर निस्कँदैनन्
९ आफ्ना बादलहरू फैलाएर
उहाँले पूर्णिमाको चन्द्रमालाई ढाक्नुहुन्छ ।
१० उज्यालो र अँध्यारोको पल्लो सीमानामा
उहाँले पानीको सतहमा क्षितीजलाई स्थिर राख्नुभएको छ ।
११ उहाँको हप्काइमा आकाशका खामाहरू काम्छन्
र डरले विस्मित हुन्छन् ।
१२ आफ्नो बलियो बाहुले उहाँले समुद्रका भयङ्कर-जन्तुलाई साम्य गराउनुभयो,
र आफ्नो निपुणताले भयानक-जन्तु राहाबलाई मार्नुभयो ।
१३ उहाँको सासमा आकाश सफा हुन्छ,
औ वेगले भागिरहेको समुद्रको सर्पलाई उहाँको हातले नाश पार्नुभयो ।
१४ यी ता उहाँको शक्तिको एक छेउ मात्र हुन् ,
औ हामीले सुन्ने उहाँको मधुर-सोर कति मधुरो छ ।
परमेश्वर साँच्चिनै कस्तो महान् हुनुहुन्छ भनी कसले पत्ता लाउनुसक्छ र ?

२७ तब अय्यूबले आफ्नो बहस फेरि शुरू गरे—
२ मेरो इन्साफ गर्नलाई इन्कार गर्नुहुने परमेश्वरको नाउँमा शपथ खाएर म भन्दछु,
र सर्वशक्तिमानको नाउँमा, जसले मेरो मन तीतो बनाइदिनुभयो ।
३ मेरो शरीरमा प्राण रहुन्जेल,
र परमेश्वरको सास मेरो नाकमा रहुन्जेल,
४ कुनै पनि असत्य वचन मेरो मुखबाट निस्कनेछैन,
औ मेरो जिब्रोले कुनै झूट बोल्नेछैन ।
५ नमरुन्जेल म निर्दोष छु भन्ने मेरो दाबीलाई म छोड्नेछैनँ ।
म तपाईंहरूलाई साँचो ठहराउन सक्तै सक्तिनँ
६ म ठीकै छु भन्ने मेरो दाबीलाई म कायम राख्नेछु,
म बाँचुन्जेल मेरो मन बदल्नेछैन ।
७ मेरो शत्रुहरूले दुष्टहरूको दुर्दिन देख्नपरोस् ,
र मेरा विरोधीहरूले खराब काम गर्नेहरूको दण्ड पाऊन् ।
८ ईश्वरहीन मानिस नाश हुँदा त्यसको के आशा हुन्छ र ?
जब परमेश्वरले त्यसको प्राण लिइहाल्नुहुन्छ ।
९ जब दुःख त्यसमाथि आइलाग्छ,
के परमेश्वरले त्यसको पुकारा सुन्नुहुन्छ ?
१० के त्यसले सर्वशक्तिमानमाथि भरोसा राख्छ ?
र हर समय उहाँको नाउँको पुकारा गर्छ र ?

११ परमेश्वरको शक्तिमा के छ भनी म तपाईंहरूलाई सिकाउनेछु,
सर्वशक्तिमानको अभिप्रायलाई म गुप्त राख्नेछैनँ ।
१२ यदि तपाईंहरू सबैले यी कुरा देख्नुभएको भए,
तपाईंहरू यस्ता व्यर्थका कुरा किन गर्नुहुने थियो र ?
१३ दुष्टको निम्ति परमेश्वरले ठहराउनभएको

भाग यही हो,
निष्ठूर मानिसको इनाम सर्वशक्तिमानबाट
यही हो।
१४ त्यसका धेरै छोरा-छोरीहरू भए
तापनि तिनीहरू तरवारले मारिनेछन्,
र त्यसको सन्तानहरू भोकै रहनेछन्।
१५ औ बाँचेकाहरू रूढ़ीले मरेर चिहानमा
लगिनेछन्,
औ कुनै विधवा तिनीहरूका निम्ति
रूनेछैन।
१६ त्यसले कसिङ्गरसरह अनगन्ती धन-सम्पत्ति
थुपारे तापनि,
र गाँठका गाँठ लुगाहरू जम्मा गरे
तापनि,
१७ ती त्यसले जम्मा ता गर्ला, तर
धर्मीहरूले ती लगाउनेछन्,
र त्यसका धन-सम्पत्तिहरू निर्दोष
मानिसहरूका बीचमा बाँड़िनेछन्।
१८ त्यसले बनाएको घर चराको गुँड़जस्तै
कमजोर हुन्छ,
अथवा पहरेको टौवाजस्तै हुन्छ।
१९ एक दिन ता त्यो धनी भएर सुत्ला,
तर एक दिनलाई मात्र,
त्यसले आँखा खोल्दा ता ती सबै
गइहालेको हुन्छ।
२० विनाश भल्झैं त्यसमाथि आइलागनेछ,
र आँधी-बेहीले त्यसलाई राती उड़ाएर
लैजानेछ।
२१ पूर्वको बतासले त्यसलाई उड़ाएर लैजानेछ,
र त्यसको नाउँ-निशानै रहनेछैन,
बतासले त्यसलाई त्यसको घरबाट टाढ़ा
उड़ाई हुत्याउँदै लैजानेछ।
२२ निर्दयीसाथ त्यो त्यसमाथि
आइलागनेछ,
र त्यसको जोरले त्यो पछारिनेछ,
र त्यो चोटैचोट हुनेछ।
२३ त्यसको पतनमा तालीबजाएको आवाज
र त्यसको चारैतिर खिसीको सोर हुनेछन्।

ज्ञानको निम्ति मानिसको खोजी

२८ चाँदीका खानीहरू हुन्छन्,
र सुन विशुद्ध गर्ने ठाउँहरू छन्।
२ जमीनबाट फलाम निकाल्ने स्थानहरू छन्,
र काँचो धातु गलाएर तामा निकालिन्छ।
३ मानिसहरू घनघोर अँध्यारोमा पनि
अनुसन्धान गर्छन्,
तिनीहरू पृथ्वीको गहिराइभित्र पस्छन्,
र अँध्यारोमा चटानहरू खन्छन्।
४ मानिस बसेको ठाउँभन्दा धेरै टाढ़ामा,
अथवा मानिसहरूका खुट्टाले नटेकेको
ठाउँमा
मानिसहरू खानीमा तल जाने प्वालहरू
खन्छन्,
त्यहाँ तिनीहरू एकान्तमा
डोरीमा झुण्डिँदै खाड़लमा काम गर्छन्।
५ अन्न जमीनमाथि उम्रिरहेको हुन्छ,
जमीनभित्र रहेको चीजलाई चाहिं
आगोले पल्टाउँछ।
६ त्यसका चटानहरूबाट सुनका कणाहरूसहित
नीलमणि निस्कन्छन्।
७ कुनै शिकारी-पक्षीले त्यहाँ जाने बाटो
चिन्दैन,
औ बाजको तीखो आँखाले पनि त्यो
पत्ता लाउनसक्तैन।
८ कुनै रवाफिला पशुले त्यसमाथि
टेक्दैनन्,
कुनै सिंह पनि त्यहाँ पस्तैन।
९ मानिसले आफ्नो हातले कड़ा ढुङ्गा
काट्दछ,
र पहाड़हरूलाई तिनका फेदैबाट
पल्टाउँछ।
१० जब त्यसले चटानमा सुरुङ्ग खन्दछ,
तब त्यसले बहुमूल्य पत्थरहरू देख्तछ।
११ त्यसले खोलाका मूलहरूमा बाँध बाँध्दछ,
र जमीनभित्र भएका गाड़-धनहरू
निकाल्दछ।
१२ तर बुद्धि चाहिं कहाँ पाइन्छ?

औ समझ-शक्तिको मूल कहाँ छ ?
१३ कुनै पनि मानिसले त्यहाँ जाने बाटो
थाह पाएको छैन,
जीवित मानिसहरूको देशमा त्यो पाइँदैन।
१४ महासागरको गहिराइहरूले भन्दछन्,
'त्यो हामीसँग छैन।'
औ समुद्र भन्दछ, 'त्यो मसित छैन।'
१५ निखुर सुनले त्यो किन्न सकिँदैन,
नता चाँदीसँग त्यसको मोल गर्नसकिन्छ।
१६ एउटै तराजूमा ओपीरको सुनसँग त्यो
तौलिनसकिँदैन,
अथवा बहुमूल्य पत्थर वा नीलमणिसित
त्यो जोखिनसकिँदैन।
१७ सुन र स्फटिकसँग त्यसको तुल्ना
गर्नसकिँदैन,
नता निखुर सुनको असल काम भएको
चीज़सित त्यो साट्न सकिन्छ।
१८ मूगा र बिल्लोरको ता कुरै गर्नुपर्दैन,
बुद्धिको सानो कणा मूगाभन्दा दामी हुन्छ।
१९ कूश देशको पुष्पराज त्यसको बराबर
हुनैसक्तैन।
निखुर सुनसित त्यो एउटै तराजूमा
तौलिनसकिँदैन।
२० तब बुद्धि कहाँबाट आउँछ ?
र समझ-शक्तिको मूल कहाँ छ ?
२१ संसारको कुनै जीवित प्राणीले त्यो
देख्नसक्तैन,
औ आकाशको पक्षीबाट त्यो लुकाइएको
हुन्छ।
२२ विनाश र मृत्युले भन्दछन्,
'हामीले ता सुनेको मात्र हौं।'
२३ तर परमेश्वरले त्यसको चाल बुझ्नुहुन्छ।
उहाँले मात्र त्यसको मूल जान्नुहुन्छ।
२४ किनभने उहाँले पृथ्वीको पल्लो छेउसम्म
देख्नुहुन्छ,
र उहाँले आकाशमनिका सबै कुरालाई
निरीक्षण गर्नुहुन्छ।
२५ जब परमेश्वरले बतासलाई शक्ति दिनुभयो,
र समुद्रको सीमाना बाँधिदिनुभयो,
२६ जब उहाँले वृष्टिको हद तोकिदिनुभयो,
र बिजुली-बज्रको मार्ग तोकिदिनुभयो।
२७ त्यस बेला पनि उहाँले बुद्धिलाई देखेर
त्यसको मोल जाँच्नुभयो।
उहाँले त्यसलाई विचार गर्नुभयो, र
त्यसको भेद बुझ्नुभयो।
२८ औ उहाँले मानिसलाई भन्नेभयो,
'परमेश्वरको डरनै बुद्धि हो,
र दुष्टताबाट अलग रहनु
समझ-शक्ति हो।'

अय्यूबले आफ्नो पहिलेको सुखलाई सम्झेका

२९ तब अय्यूबले फेरि आफ्नो बहस
शुरू गरे—
२ यदि म बितेका दिनमा फर्किनु सकेता,
त्यस समयमा जब परमेश्वरले मेरो रक्षा
गर्नुहुन्थ्यो !
३ जब उहाँको दियो मेरो शिरमाथि चम्कँथ्यो,
र त्यसको उज्यालोद्वारा म अँध्यारोमा
हिँड्डुल गर्थें !
४ यदि म मेरो उन्नतिको दिनमा झैं
हुनुसकेता !
जब परमेश्वरले मेरो घरको रक्षा गर्नुहुन्थ्यो।
५ जब सर्वशक्तिमान अझै मेरो साथमा
हुनुहुन्थ्यो,
औ मेरा नोकर-चाकरहरू मेरो चारैतिर
खड़ा भइरहन्थे।
६ जब मेरो बाटोमा दूध बहन्थ्यो,
र चटानहरूबाट तेल बग्थ्यो।
७ अदालतको मुख्य स्थानमा बस्नलाई
जब म शहरको मूल-ढोकाबाट भएर जाँदा
८ जवान मानिसहरू मलाई देखेर परपरै
भाग्थे,
र वृद्ध मानिसहरू खड़ा हुन्थे।
९ अधिकारीवर्गको कुरै बन्द हुन्थ्यो,
र चूप बस्नलाई आफ्नो मुखमा हात
राख्थे।

१० भारादारहरूको बोलीनै बन्द हुन्थ्यो,
र हरेक मानिस चूप लाग्थ्यो ।
११ मेरो विषयमा सुन्नेहरू मेरै तर्फमा बोल्थे,
औ मलाई देख्नेहरू मेरो योग्यताको साक्षी दिन्थे ।
१२ सहायताको लागि पुकारा गर्दा गरीब मानिसलाई
र रक्षाहीन टुहुरा-टुहुरीलाई मैले बचाएँ ।
१३ नाश आउनलागेको मानिसले मलाई आशीर्वाद दिन्थ्यो,
र विधवाको मन मैले आनन्दले गाउने पारिदिन्थे ।
१४ धार्मिकतालाई मैले आफ्नो लुगाजस्तै पहिरेर त्यो मेरो वस्त्र भयो,
इन्साफलाई मैले मेरो पोशाक वा फेटाझैं लगाएँ ।
१५ अन्धाको लागि म आँखा भएँ,
र लङ्गड़ाको निम्ति खुट्टा ।
१६ दरिद्रको लागि म बाबुझैं थिएँ,
र विदेशीको पक्षमा म मुद्दामा खड़ा हुन्थें ।
१७ अधर्मीको शक्तिलाई मैले नाश गरें,
र त्यसको मुखबाट मैले शिकार खोसें ।
१८ म दीर्घायु भएर मर्नेछु,
र घरमा सुखसित मर्नेछु भनी आशा गर्थें ।
१९ जराहरू पानीतिर फैलिएर गएको
र हाँगाहरू शीतले भिजेको रूखझैं म थिएँ ।
२० सबैले सधैं मेरो प्रशंसा गर्थे,
र मेरो बल कहिल्यै घट्दैन थियो ।
२१ मानिसहरू ठूलो आशा लिएर मेरो कुरा सुन्थे,
र मेरो सल्लाहको निम्ति चूपचाप पर्खिरहन्थे ।
२२ म बोलिसक्दा तिनीहरूले थप्ने कुरो केही हुँदैन थियो ।
मेरा वचन तिनीहरूका हृदयमा बिस्तारसँग भिज्दैजान्थे ।
२३ वर्षाको प्रतीक्षा गरेझैं तिनीहरू तिनका लागि पर्खिरहन्थे,
र वसन्तको झरीझैं तिनीहरूले ती पिउँथे ।
२४ म मुसुक्क हाँसिदिँदा तिनीहरूले साहस पाउँथे,
मेरो अनुहार उज्यालो हुँदा तिनीहरूको मुखको अँध्यारो हट्थ्यो ।
२५ तिनीहरूका कामको अभिभारा मैले लिन्थें,
र फैसला गरिदिन्थें,
राजाले आफ्नो फौजलाई युद्धमा लगेझैं म तिनीहरूलाई लान्थें,
र तिनीहरू निरुत्साह हुँदा म तिनीहरूलाई सान्त्वना दिन्थें ।

वर्त्तमान दुर्दशामा अय्यूबको बिलौना

३० तर अब जवानहरू ममाथि ठट्टा गरेर हाँस्छन्,
ती मानिसहरू, जसका बाबुहरूलाई मेरा भेड़ा रुङ्ने कुकुरहरूसँग राख्न पनि म अयोग्य ठान्थें ।
२ तिनीहरूका बलिया पाखुरा मेरो निम्ति के कामको छ र ?
किनभने तिनीहरूको शक्तिशाली पुरुषार्थ खतम भइसकेको छ ।
३ तिनीहरू यति साह्रो गरीब र भोकाएका हुन्थे
कि राती सूनसान र उजाड़ ठाउँहरूमा तिनीहरू सुखा जराहरू पनि चपाउँथे ।
४ खानको निम्ति तिनीहरू नुनिलो-झार र ऐरेलु र झ्याऊका जराहरू उखेल्थे ।
५ मानिसहरूको समाजबाट लखेटिएर हल्ला-खल्लासाथ चोरहरूझैं खेदिएका भएर
६ तिनीहरू खोल्वा-खाल्वीहरू र धाँदाहरूमा, जमीनका प्वालहरू र चटानका चिराहरूमा बस्थे ।
७ पशुहरूजस्तै तिनीहरू झाडीहरूमा कराउँथे,
र पोथ्राहरूमनि गुटमुटिएर बस्थे ।

८ तिनीहरू निम्न घरानामा जन्मेका दूराचारी,
मानिसहरूका बासबाट खेदिन्थे।
९ अब मलाई तिनीहरू गिल्ला गर्दछन्,
तिनीहरूका बीचमा म ठट्टाको पात्र बनेको छु।
१० तिनीहरू मलाई घिन गर्छन्,
तिनीहरू मबाट टाढ़ा रहन्छन्,
तिनीहरू मेरो मुखमा थुक्न आँट गर्छन्।
११ परमेश्वरले मलाई कमजोर र असहाय तुल्याउनुभएको हुनाले
तिनीहरू मेरो विरुद्धमा आफ्ना सारा रीस पोखाउँछन्।
१२ जुलुस निकालेर तिनीहरू मेरो दाहिनेतिर मलाई आक्रमण गर्छन्
तिनीहरू आफ्ना घेरा-मचान मेरो विरुद्धमा खड़ा गर्छन्।
१३ मेरो खराबी गर्न मेरो भत्किरहेको पर्खाललाई झन् भत्काइदिन्छन्,
र केही विघ्न-बाधा नभई हारालुछ गर्दै
तिनीहरू मेरो विरुद्धमा आइलाग्छन्।
१४ भ्वाङ्ग परेका प्वालहरूबाट तिनीहरू अँटाई नअँटाई पस्छन्,
पर्खाल भत्कने बित्तिकै तिनीहरू ठेलमठेल गर्दै आउँछन्।
१५ त्रासमाथि त्रासले मलाई घेर्छ,
त्यसले मेरो गौरवलाई बतासझैं उड़ाएर लैजान्छ,
र विजय गर्ने मेरो आशा चाहिं बादलझैं हराइहाल्छ।
१६ यसैले मेरो प्राण मभित्रै शेष हुँदै जाँदैछ,
र कष्टले मलाई आफ्नो पञ्जामा पक्रेको छ।
१७ राती पीड़ाले मेरो हड्डी हड्डीमा घोंच्छ,
र मेरा नसा नसामा निरन्तर धड्कन भइरहन्छ।
१८ मेरा लुगाहरू सबै खकारले बिग्रेका छन्,
मलाई कमीजको कठालोले घाँटीमा अँठ्याउँछ।
१९ परमेश्वर आफैले मलाई हिलोमा जाकिदिनुभएको छ,
म धूलो खरानीभन्दा असल छैन।
२० सहायताको लागि मैले तपाइंलाई पुकारें,
तर तपाइंले मलाई जवाफ दिनुभएन,
मेरो मामिला पेश गर्नलाई म खड़ा हुन्छु,
तर तपाइं वास्ता गर्नुहुन्न।
२१ तपाइं मलाई निष्ठूरताको व्यवहार गर्नुहुन्छ,
र आफ्नो सारा शक्तिले मलाई सताउनुहुन्छ।
२२ मलाई उड़ाएर लैजान तपाइं बतास पठाउनुहुन्छ,
र प्रचण्ड आँधीले मलाई यताउता हुर्राउँदै लान्छ।
२३ मलाई थाह छ कि तपाइंले मलाई मृत्युको हातमा सुम्पनुहुन्छ,
त्यस ठाउँमा, जो सबै मरणशील मानिसको निम्ति तपाइंले ठहराउनुभएको छ।
२४ तापनि कुनै यस्तो भिखारी थिएन
जसले हात पसार्दा आफ्नो दुःखमा मद्दारा सहायता पाएन।
२५ आफ्नो जीवन कष्टमा बिताउनेको निम्ति के म रोइनँ र?
के गरीबको निम्ति मेरो मन दुखेन र?
२६ भलाइको आशा गरेको थिएँ,
तर बुराइ पो आइलाग्यो,
उज्यालोको प्रतीक्षा गरेको थिएँ,
तर अँध्यारो पो आयो।
२७ सुर्त्ता र पीड़ाले म छिया-छिया भएको छु,
मेरो अगि दुःखबाहेक अरू केही छैन।
२८ उदासी र मित्रहीन भएर म यताउता हिंड्छु,
सहायताको निम्ति बिन्ती गर्नलाई मात्र म सभामा खड़ा हुन्छु।
२९ ब्वाँसो अब मेरो भाइ भएको छ,
वनका लाटोकोसेराहरू मेरा साथी भएका छन्।

३० कालो भएको मेरो छाला पत्रै-पत्र भएर झर्छ,
र गर्मीले मेरो शरीर डढ़ेको छ।
३१ वीणाको लय ता मृत्युको गीत भएको छ,
मेरो बाँसुरी चाहिँ रूनेहरूको सोरर्फै भएको छ।

"म निर्दोष छु"

३१ कुनै स्त्रीलाई कुदृष्टिले नहेर्ने
मैले दृढ़ संकल्प गरें।
२ परमेश्वरले स्वर्गबाट ठहराउनुभएको भाग कुन चाहिँ हो?
उँभोबाट सर्वशक्तिमानले दिनुभएको इनाम!
३ के दूराचारीको लागि नाश
खराबी गर्नेहरूको लागि विपत्ति उहाँले ठहराउनुभएको छैन र?
४ तापनि के परमेश्वर आफैले मेरा चाल देख्नुहुन्न र?
र मेरो हरेक पाइला गन्नुहुन्न र?

५ म शपथ खाएर भन्दछु, कि झूटा कुरासित मेरो केही सरोकार भएको छैन,
छली चालमा म फँसेको छैनँ।
६ न्यायको तराजूमा परमेश्वरले मलाई तौलून्,
र उहाँले जान्नुहुनेछ कि म निर्दोष छु।
७ यदि मेरो पाइला सोझो बाटोदेखि तर्किगएको छ भने,
यदि मेरो मनले आँखाको इच्छाअनुसार गरेको छ भने,
अथवा मेरो हातमा मैला टाँसिएको छ भने,
८ मैले रोपेको अन्न अर्कोले खाओस्,
र मेरा बाली जरैसमेत उखेलिऊन्!
९ यदि मेरो हृदय कुनै स्त्रीले मोहित पारेको रहेछ भने,
अथवा मेरा छिमेकीहरूको ढोकामा म ढुकिबसेको छु भने,
१० मेरी पत्नी अर्को मानिसको कमारी भइजाओस्,
र अरू मानिसहरूले त्यससित सम्भोग गरून्।
११ (तर त्यो ता दुष्ट कर्म हो,
न्यायको सामने एउटा अपराध हो।
१२ त्यो ता भस्म गर्ने र नाश गर्ने आगो हुनेछ,
चारैतिर मेरो बालीलाई खाने भयङ्कर आगो!)
१३ मैले मेरो दास वा दासीको बिन्तीलाई इन्कार गरेको भए,
तिनीहरूले मकहाँ आफ्नो उजूर ल्याउँदा मैले त्यो इन्कार गरेको छु भने,
१४ परमेश्वर देखा पर्नुहुँदा म के गरूँ?
उहाँले हस्तक्षेप गर्नुहुँदा मैले के जवाफ दिने?
१५ गर्भमा मलाई रच्नुहुनेले तिनीहरूलाई पनि रच्नुभएको होइन र?
के एउटै परमेश्वरले हामीहरूलाई गर्भमा सृष्टि गर्नुभएको होइन र?
१६ यदि गरीबहरूलाई तिनीहरूले चाहिएका कुरा दिनलाई मैले इन्कार गरेको छु भने,
अथवा विधवाको आँखा आँसुले धमिल्याइदिएको छु भने,
१७ यदि मैले मेरो गाँस एक्लै खाएको छु भने,
र टुहुरा-टुहुरीले मसित त्यो खान पाएन भने—
१८ त्यो टुहुरो केटो जसले मलाई बाल्यकालदेखिनै बाबु भनी मान गर्थ्यो,
जसलाई मैले त्यसको जन्मेको दिनदेखिनै हुर्काएर बढाएँ—

१९ यदि मैले कसैलाई लुगा-फाटाको अभावले नष्ट भएको
अथवा कुनै गरीब मानिसलाई ओढ्ने नभएको देखेको छु भने,

२० मेरो भेड़ाको ऊनले न्यानो पार्न नदिएको
कारण
त्यसले मलाई हृदयसमेत प्रशंसा गरेको
छैन भने,
२१ मानिसहरूले अदालतमा मेरो पक्ष
लिनेछन् भनी जानेर
यदि मैले मेरो हात निर्दोषमाथि
उठाएको छु भने,
२२ मेरो पाता काँधबाट खुस्कोस्,
मेरो पाखुरा जोर्नीबाट खुस्कोस्!
२३ तर परमेश्वरको त्रास ममाथि साह्रै
परेको थियो,
औ उहाँको महा-महिमाको डरले गर्दा
मैले यी सबै कुरा गरिनँ।
२४ यदि मैले सुनमा मेरो भरोसा राखेको
भए,
र निखुर सुनमा मैले आशा गरेको
भए,
२५ यदि मैले मेरो धन-सम्पत्तिमा
र सम्पत्तिको बढ़तिमा रमाहट गरेको
भए,
२६ यदि मैले सूर्यको प्रतापलाई
अथवा चन्द्रमाको सम्पूर्ण सौन्दर्यलाई
हेरेर
२७ मेरो गुप्त हृदयमा भड्केर
तिनलाई पूज्न मेरो हात उठाएको
भए,
२८ त्यो ता व्यवस्थाको विरुद्धमा एउटा
अपराध हुनेथियो,
किनभने म स्वर्गमा हुनुहुने परमेश्वरको
विरुद्धमा अविश्वासी हुनेथिएँ।
२९ मलाई घृणा गर्ने मानिसको विनाशलाई
देखेर के म रमाएको छु र?
अथवा दुःखले त्यसलाई घेर्दा के म
खुशी भएँ र?
३० 'त्यो मरिजाओस्' भनी सराप दिएर
मैले कहिल्यै पाप गरिनँ।
३१ मेरो निम्ति काम गर्न सबै मानिसहरूले
जान्दछन्,
कि मैले सधैँ अतिथि-सत्कार गरेको छु।
३२ मैले यात्रीहरूलाई मेरो घरमा स्वागत
गरेँ,
र तिनीहरूलाई राती सड़कहरूमा
सुतदिइनँ।
३३ अरू मानिसहरूले आफ्ना पाप लुकाउन
चेष्टा गरे,
तर मैले ता मेरा पाप कहिल्यै
लुकाएको छैनँ।
३४ मानिसहरूले के भन्लान् भनी म कहिल्यै
डराइनँ,
तिनीहरूको गिल्लाको डरले
म कहिल्यै चूप्प लागिनँ, र घरभित्रै
बसिरहिनँ।
३५ म जे भनिरहेछु के कसैले सुनिदिँदैन?
म शपथ खाएर भन्दछु, कि एक एक
कुरा सत्य छ,
सर्वशक्तिमान परमेश्वरले जवाफ देऊन्!
मेरा विरोधीहरूले मेरो विरुद्धमा
ल्याएका दोषहरू मैले पाउनलाई
लेखिएको भए,
३६ म ती घमण्डसाथ मेरो गलामा
पहिरिनेथिएँ,
र सबैले हेर्न भनी माथि उठाइराख्नेथिएँ।
३७ मैले गरेका सबै काम म परमेश्वरलाई
बताउनेथिएँ,
म उहाँको सामने मेरो शिर ठाड़ो
पार्नेथिएँ।
३८ खन-जोत गरेको जमीन मैले चोरेको भए,
र त्यसको हक भएको मालिकबाट त्यो
लिएको भए—
३९ उमानेहरूलाई भोकै राखेर
मैले खाएको भए,
किसानले उमारेको अन्न—
४० जौको सट्टामा झार
र लुहुदे-काँढा उम्रून्।

अय्यूबको वक्तव्यको समाप्ति।

एलीहूको वक्तव्य

३२ तब ती तीन जना मानिसहरूले अय्यूब-
लाई जवाफ दिनु छोड़े। किनभने
तिनले आफूलाई निर्दोषनै छु भनी सम्झे।
२ तब रामको सन्तानको बुजी बारकेलका
छोरा एलीहूलाई रीस उठ्यो। किनभने अय्यूबले
आफूलाई परमेश्वरभन्दा पनि धेरै धर्मी तुल्याए।
३ औ ती तीन जना मित्रहरूसँग पनि तिनी
रिसाए। किनभने अय्यूबलाई जवाफ दिन
तिनीहरूसित केही जवाफै रहेन, र तिनीहरूले
परमेश्वरलाई दोषी देखाए। ४ उनीहरू
अय्यूबसँग बात गरुञ्जेल एलीहू चाहिं चूप्प
लागी बसेका थिए, किनकि उनीहरू तिनी-
भन्दा उमेरमा पाको थिए। ५ तर ती
तीन जनासँग अय्यूबलाई फर्काउन जवाफ
केही नभएको देखेर तिनले आफ्नो रीस
थाम्नसकेनन्। ६ तब बुजी बारकेलका छोरा
एलीहूले भन्न शुरू गरे—

मता उमेरमा सानै छु,
औ तपाइंहरू पाको हुनुहुन्छ।
यसैकारण तपाइंको सामने मेरो ज्ञान
देखाउन चाहिनँ
र चूप्प लागिबसेको छु।
७ मैंले यस्तो विचार गरें, 'बूढ़ाहरू बोलून्,
र उमेर ढल्केकाहरूले आफ्ना ज्ञान
प्रकट गरून्।'
८ तर मानिसमा त परमेश्वरका आत्मा
हुनुहुन्छ,
र सर्वशक्तिमानको सासले त्यसलाई
समझ-शक्ति दिन्छ।
९ बूढ़ाहरू मात्रै ता बुद्धिमानी हुँदैनन्,
अथवा जे ठीक छ सो बुझ्ने
पाकोहरू मात्र हुँदैनन्।
१० यसैकारण म भन्दछु, मेरो कुरा
सुन्नुहोस्।
म पनि मेरो बुद्धिको प्रदर्शन गर्नेछु।
११ हेर्नुहोस्, मता तपाइंहरूका कुरा
सुन्दैथिएँ,
तपाइंहरू शब्दहरू खोज्नुहुँदा तपाइंहरूका
विचारको अन्त के हुन्छ भनी
मता ध्यानसित सुनिरहेको थिएँ।
१२ तपाइंहरूको विचारको अन्त के हुन्छ भनी
मता सोचिरहेको थिएँ,
र तपाइंहरूमध्येको कसैले पनि अय्यूबलाई
खण्डन गर्नुभएन,
नता तिनको बहसको जवाफै दिनुभयो।
१३ यसैले होशियार गर्नुहोस्, बुद्धि पाएका
छौं भनी तपाइंहरू दाबी नगर्नुहोला।
परमेश्वरले तिनलाई खण्डन गर्नुहुन्छ,
मानिसले ता होइन।
१४ मता तपाइंहरूजस्तै कुराहरू थुपार्नेछैनँ,
अथवा तपाइंहरूजस्तै म तिनलाई जवाफ
दिनेछैनँ।

१५ यदि यी मानिसहरू अलमल्ल परिबसेका
छन्, र अझै जवाफ दिँदैनन् भने,
यदि भन्नलाई तिनीहरूसित शब्दै
छैन भने,
१६ के तिनीहरू बोल्दैनन् भनेर मैले
पर्खिबस्ने र?
किनभने तिनीहरू त्यहाँ उभिबस्छन्,
र फेरि जवाफै दिँदैनन्।
१७ होइन, अब म मेरै जवाफ दिनेछु,
र म के विचार गर्छु, म तपाइंहरूलाई
भन्नेछु।
१८ किनभने मेरो मुखभरि जवाफ आएको छ,
मेरो मनमा कुरा भरिएको छ।
१९ मद्याले जस्तै मेरो पेट फूलेको छ,
लोहारको खँलातिजस्तै पूरा फूलेको छ।
२० शान्ति पाउनलाई मैंले बोल्नैपर्छ,
मैले मेरो मुख खोलेर जवाफ दिनैपर्छ।
२१ म कसैको पक्ष लिनेछैनँ,
परमेश्वर होस् अथवा मानिस होस्,
म कसैलाई सर्काउनेछैनँ।
२२ म सर्काउन जान्दिनँ,
नत्रता मेरा सृष्टिकर्त्ताले मलाई चाँडै
नाश गर्नुहुनेछ।

अय्यूबलाई एलीहूको हप्की

३३ अब अय्यूब, मेरा वचन सुन्नुहोस्,
र मैले भनेको हरेक कुरालाई ध्यान
दिएर सुन्नुहोस्।
२ हेर्नुहोस्, म जवाफ दिनलाई तयार छु,
शब्दहरू मेरो मुखभरि आएका छन्।
३ म बुद्धिसित बोल्दैछु
र मेरो मुखले इमान्दारीसित बोल्दैछु
भनी मलाई विश्वास छ।
४ किनभने परमेश्वरका आत्माले मलाई
सृजनुभयो,
र सर्वशक्तिमानको सासले मलाई
जीवन दियो।
५ तपाईं सक्नुहुन्छ भने मलाई जवाफ
दिनुहोस्,
आफ्ना तर्कहरू थुपारेर मेरो सामना
गर्नुहोस्।
६ परमेश्वरको दृष्टिमा म तपाईंजस्तै छु,
म पनि एक मुठी माटो मात्र हुँ।
७ मेरो डरले तपाईंलाई लज्जित नपारोस्,
नत्ता मेरो कुनै दबाउले तपाईंलाई
थर्कमान पारोस्।
८ तपाईंले आफ्नो भन्ने कुरा भन्नुभयो,
र मैले तपाईंको कुरा सुनें,
मैले तपाईंका वचन ध्यानसित सुनें।
९ तपाईंले भन्नुभयो, 'म निर्दोष र बेकसूर,
निरपराध र दोषरहित छु।
१० तपाईं मलाई दोषी ठहराउने कारण
परमेश्वरले भेट्टाउनुभएको छ,
उहाँले मलाई आफ्नो शत्रु
ठान्नुभएको छ।
११ उहाँले मेरा खुट्टामा ठिङ्गुरा
ठोकिदिनुभएको छ,
अनि मैले गरेका सबै काम उहाँले
नियालेर हेर्नुहुन्छ।'
१२ हेर्नुहोस्, यो मेरो उत्तर हो—तपाईं
गल्ती हुनुहुन्छ,
परमेश्वर मानिसभन्दा महान् हुनुहुन्छ।
१३ परमेश्वरले मानिसको उजूरको जवाफ
दिनुहुन्न भनेर
तपाईं किन परमेश्वरलाई दोष लाउनुहुन्छ?
१४ निश्चय, परमेश्वर धेरै प्रकारले
बोल्नुहुन्छ भने पनि
कसैले त्यसको वास्ता गर्दैन।
१५ सपनाहरूमा, रातका दर्शनहरूमा,
जब मानिसहरू मस्त निद्रामा परेका
हुन्छन्,
१६ जब तिनीहरू आफ्ना ओछ्यानमा सुतेका
हुनुहुन्छ, तब परमेश्वरले तिनीहरूलाई
सुन्नलाउनुहुन्छ,
र उहाँको शिक्षाले तिनीहरूलाई
भयभीत पार्छ।
१७ मानिसलाई त्यसको लापर्वाही चालबाट
सुधार्नलाई
मरणशील मानिसको अहंकार रोक्नलाई
१८ खाड़लको मुखैबाट उहाँले मानिसलाई
तानेर बचाउनुहुन्छ,
र मृत्युरूपी नदी पार गर्नलाई
त्यसलाई रोक्नुहुन्छ।
१९ अथवा फेरि, त्यसका हड्डी-हड्डीमा
निरन्तर पीड़ा पाएर
कष्टको शय्यामा मानिसले शिक्षा
पाउँछ।
२० आफ्नो खानेकुरादेखि त्यसले अति
घृणाले आफ्नो मुख फर्काउँछ,
र मीठोभन्दा पनि मीठो भोजन
त्यसलाई अरूचि लाग्छ।
२१ त्यसको शरीरको मासु लत्रक्क झर्छ,
त्यसका हड्डीहरू जोर्नी जोर्नीहरूमा
शिथिल हुन्छन्।
२२ त्यसको प्राण खाड़लको नजीक पुग्छ,
त्यसको जीवन मृत्युका दूतहरूकहाँ पुग्छ।
२३ तर यदि हजारौंमा एक स्वर्गदूत,
परमेश्वर र मानिसको बीच एक मध्यस्थ,
मानिसलाई त्यसको कर्त्तव्य सम्झाउनलाई
त्यसको छेउमा खड़ा भयो भने,

२४ औ यदि मानिसको पक्षमा बोलेर त्यसले
यसो भन्यो भने,
'त्यसलाई छोड़िदेऊ, त्यसलाई खाड़लमा
जान नदेऊ,
त्यसलाई छुटाउने दाम मसित छ।'
२५ तब त्यो मानिस आफ्नो युवावस्थामा
भन्दा पनि झन् बलियो हुनेछ,
त्यो आफ्नो मस्त जवानीको बेलामा
जस्तै हुनेछ।
२६ त्यसले प्रार्थना गर्दा परमेश्वरले त्यसलाई
जवाफ दिनुहुनेछ,
त्यसले आनन्दसित परमेश्वरको सेवा गर्नेछ।
परमेश्वरले त्यसको निम्ति सबै कुरा ठीक
गर्नुहुनेछ।
२७ 'मैले पाप गरेको छु,
मैले ठीक गरेको छैनँ, तर परमेश्वरले
मलाई बचाउनुभयो,
२८ उहाँले मलाई मृत्युमा पर्नदेखि
जोगाउनुभयो,
र अझै जीवितै छु,' भनी त्यसले
खुल्लम-खुल्ला भन्नेछ।
२९-३० त्यसलाई खाड़लबाट निकालेर
जीवनको पूरा ज्योतिको उपभोग गन
यी सबै काम परमेश्वरले मानिसको
निम्ति गर्नुहुनेछ, औ बारंबार गर्नुहुनेछ।
३१ अय्यूब सुन्नुहोस्, मेरो कुरा ध्यानसित
सुन्नुहोस्,
चूप्प लागी बस्नुहोस्, र म आफै बोल्नेछु।
३२ यदि तपाईंको बहस गर्ने कुनै कुरा छ
भने मलाई जवाफ दिनुहोस्,
बोल्नुहोस्, र तपाईं ठीक हुनुहुन्छ
भनी प्रमाण पाएर म खुशी हुनेछु।
३३ तर बहस गर्न तपाईंको कुरा छैन भने
मेरो कुरा सुन्नुहोस्,
चूप्प लागी बस्नुहोस्, र म तपाईंलाई
बुद्धिको कुरा सिकाउनेछु।

एलीहूले परमेश्वरलाई धर्मी ठहराएका

३४ तब एलीहूले अझै भन्दै गए—
२ हे बुद्धिमानी मानिस हो, मेरो
कुरा ध्यानसित सुन्नुहोस्,
हे धेरै अनुभवी मानिस हो, मेरो
कुरामा काम थाप्नुहोस्।
३ जस्तो जिब्रोले भोजनको स्वाद लिन्छ,
त्यसरीनै भनिएको कुरा कानले जाँच गर्छ।
४ यसैले जे कुरो ठीक छ सो हामी आफै
जाँच गरौं।
र कुन कुरो साँचो र असल छ सो
हामी मिलेर निर्णय गरौं।
५ अय्यूब भन्नुहुन्छ, 'म निर्दोष छु,
तर पर परमेश्वरले मेरो न्यायनै
गरिदिनुभएको छैन।
६ उहाँले मेरो मुद्दालाई झूटा साबित गर्नुभयो,
मेरो दशा निराशमय छ, तापनि मैले
केही खराबी गरेको छैनँ।'
७ अनादरको कुरा गर्न रूचाउने
अय्यूबजस्तै के कुनै मानिस कहिल्यै
थियो र?
८ जो आफ्ना यात्राको निम्ति खराब सङ्गत
छान्छ,
दुष्ट मानिसहरूलाई आफ्नो यात्राका
साथी बनाउँछ।
९ किनभने तिनी भन्छन् कि परमेश्वरको
निगाह प्राप्त गर्नमा
मानिसलाई केही फायदा छैन।
१० तर हे असल विवेकका मानिस हो, मेरो
कुरा सुन्नुहोस्,
परमेश्वरले कहिल्यै खराबी गर्नुहुन्न,
र सर्वशक्तिमानले कहिल्यै छल गर्नुहुन्न।
११ किनभने उहाँले ता मानिसलाई त्यसको
कामअनुसार प्रतिफल दिनुहुन्छ,
औ त्यसको कामअनुसारको फल त्यसले
पाएको चाहनुहुन्छ।
१२ साँचो कुरो ता यो हो कि परमेश्वरले
कहिल्यै खराबी गर्नुहुन्न,

सर्वशक्तिमानले न्याय बिगार्नुहुन्न।
१३ कसले पृथ्वी उहाँको जिम्मामा दियो,
उहाँबाहेक कसले सारा संसारलाई स्थिर गर्‍यो र?
१४ यदि उहाँले आफ्ना विचारहरू उल्टाउनुभयो भने,
र जीवन दिने उहाँको आत्मा फर्काइलानुभयो भने,
१५ क्षणभरिमानै सबै जीवित प्राणीहरू नष्ट हुनेछन्,
र मानिस फेरि माटोमानै फर्किजानेछ।

१६ यसैले अय्यूब, यदि तपाईंको बुद्धि छ भने, यस कुरालाई विचार गर्नुहोस्,
मैले बोलेको कुरालाई ध्यानसित सुन्नुहोस्।
१७ न्यायलाई घृणा गर्नेले शासन थाम्न सक्छ र?
के अति असल शासन चलाउनुहुने यस्ता सर्वाधिकारीलाई तपाईं तुच्छ ठान्नुहुन्छ?
१८ जसले एउटा राजालाई 'तँ बदमाश!' भन्नेछ,
र तिनका भारादारहरूलाई तिनीहरूका मुखकै सामने 'दुष्ट' भन्नुहुन्छ।
१९ जसले उच्च स्थानमा रहनेहरूलाई विशेष निगाह देखाउनुहुन्न,
जसले धनी र गरीब दुष्टलाई समान दृष्टिले हेर्नुहुन्छ।
सबै ता एकै समान परमेश्वरले सृष्टि गर्नुभएका प्राणी हुन्,
२० जो क्षणभरिमानै, मध्य-रातमा, मरिजानसक्छ।
उहाँले छुनुभएपछि धनीहरू फेरि जीवित रहँदैनन्।
कसैको हात नपरे तापनि शक्तिशालीहरू लोप भइहाल्छन्।
२१ उहाँको दृष्टि मानिसहरूको चालमाथि रहेको हुन्छ,
र तिनीहरू हिंडेको हरेक कदमलाई उहाँले देख्नुहुन्छ।
२२ कुनै यस्तो अँध्यारो, घोर अँध्यारो स्थान छैन,
जहाँ दुष्टहरू उहाँदेखि लुक्नसक्छन्।
२३ परमेश्वरको सामने न्यायको लागि देखा पर्नलाई
मानिसहरूका निम्ति ठहराइएका दिनहरू हुँदैनन्।
२४ उहाँले सोध-पूछको समय राख्नुहुन्न, तर शक्तिशालीहरूलाई नाश गर्नुहुन्छ;
र तिनीहरूका सट्टामा अरूहरूलाई बसाल्नुहुन्छ।
२५ यसैकारण तिनीहरूले गरेका सबै काम उहाँले जान्नुहुन्छ,
उहाँले तिनीहरूलाई राती पल्टाइदिनुहुन्छ,
र तिनीहरू धूलो-पीठो हुन्छन्।
२६ तिनीहरूका अपराधको कारण उहाँले तिनीहरूमाथि प्रहार गर्नुहुन्छ,
र सबैले हेर्नलाई तिनीहरूलाई कैदी तुल्याउनुहुन्छ।
२७ किनभने तिनीहरूले उहाँको आज्ञा पालन गर्न छोडे,
र उहाँका मार्गहरूको वास्ता गरेनन्।
२८ तब गरीबहरूको रोदन उहाँको कानमा पुग्छ,
र दुःख पाएकाहरूको दोहाइ उहाँले सुन्नुहुन्छ।
२९ (उहाँ चूप लागिबस्नुभए तापनि कसले उहाँलाई दोष दिनसक्छ?
उहाँले अर्कोतिर हेर्नुहुँदा कसले उहाँको कसूर भेट्टनसक्छ?
३० हठी जाति र त्यसका सारा जनतामाथि ईश्वरहीन मानिसलाई उहाँले राजा बनाउनुभयो भने पनि के हुन्छ त?)

३१ तर अय्यूब, तपाईंले परमेश्वरलाई यसो भन्नुभयो भने,
'मैले सीमाना नाघेको छु म अझै दुष्ट काम गर्नेछैनँ।
३२ अभागी दुःखी म, तपाईं मेरो अगुवा हुनुहोस्।

मैले जतिसुकै अपराध गरे तापनि अब
म फेरि अपराध गर्नेछैनँ ।'
३३ के यी कुराहरू भन्दैमा तपाईंले उहाँलाई
इन्कार गरेको दोष उहाँले क्षमा
गर्नुहुन्छ र ?
यो ता तपाईंले निर्णय गर्नुपर्ने तपाईंको
कुरा पो हो, मेरो होइन,
तर तपाइं के जवाफ दिनुहुन्छ ?
३४ असल बुद्धि भएका मानिसहरूले भन्नेछन्,
कुनै पनि बुद्धिमान श्रोताले यसो भनेर
मलाई बताउनेछ,
३५ 'अय्यूब ता बुद्धि विनाको कुरा गर्दछन्,
र तिनले भनेका कुराको केही मतलब
हुँदैन ।
३६ नोक्सानी गर्ने जवाफहरूका निम्ति
यदि अय्यूबलाई एकैपल्ट मात्र जाँच
गर्नसकिए ता !
३७ तिनी ता पापी र विद्रोही पनि हुन्,
तिनले ता हामी सबैका सामने निरन्तर
परमेश्वरको विरोध गर्दछन् !'

३५ एलीहूले अझै भन्नलागे—
२ अय्यूब, तपाईंलाई ता यसो
भन्नु ठीक हुँदैन,
कि तपाइं परमेश्वरको दृष्टिमा निर्दोष
हुनुहुन्छ ।
३ 'पाप गरेर मलाई के लाभ,
त्यसले मलाई के फायदा हुन्छ ।'
भनी तपाइं भन्नुहुन्छ भने
४ म आफै तपाईंको विरुद्धमा
तपाईंका तीन जना मित्रहरूका विरुद्धमा
बहस गर्नेछु ।
५ माथि आकाशमा हेरेर विचार गर्नुहोस्,
तपाईंको मास्तिर उठेका पानीको बादललाई
नियालेर हेर्नुहोस् ।
६ तपाईंले पाप गर्नुभएको भए त्यसले
उहाँलाई कसरी असर पार्नसक्छ र ?
तपाईंका अधर्म जतिसुकै भए तापनि
त्यसले उहाँलाई के हुने हो त ?
७ तपाईंले असल काम गर्नुभयो भने पनि
त्यसले उहाँलाई के फायदा गर्छ र ?
अथवा तपाईंबाट उहाँलाई के लाभ
हुन्छ र ?
८ तपाईंका दुष्टताले ता तपाईंजस्तै
मानिसहरूलाई मात्र छुन्छ ।
तपाईंले ठीक काम गरेकोले ता मरणशील
मानिसलाई मात्र प्रभाव पार्छ ।

९ अत्याचारको भारमा परेर मानिसहरू
कराउनेछन्,
र ठूलाहरूको शक्तिको विरुद्धमा
सहायताको निम्ति पुकारा गर्नेछन् ।
१० तर तिनीहरूमध्येका कसैले पनि यसो
भनेर सोद्धैनन्,
'राती पनि रक्षा गर्नुहुने मेरा सृष्टिकर्त्ता
कहाँ हुनुहुन्छ ?
११ जसले हामीलाई पृथ्वीका पशुहरूलाईभन्दा
बढ़ी बुद्धि दिनुहुन्छ,
र आकाशका चराहरूलाई भन्दा हामीलाई
अझ ज्ञानी तुल्याउनुहुन्छ ।'
१२ यसैले तिनीहरूले पुकारा गर्दा उहाँले
जवाफ दिनुहुन्न,
किनभने तिनीहरू स्वाभिमानी र
अहंकारी छन् ।
१३ सबै कुरा व्यर्थका हुन् ! परमेश्वरले ती
सुन्नुहुन्न,
सर्वशक्तिमानले देख्नुहुन्न ।

१४ 'उहाँले ता मलाई देख्नुहुन्न ।'
भनी तपाइं भन्नुहुन्छ भने
त्यो तपाईंको निम्ति अझ नराम्रो हो ।
उहाँको सामने आफूलाई विनम्र
तुल्याउनुहोस्,
र उहाँको वचनको
प्रतीक्षा गर्नुहोस् ।
१५ तर अब, परमेश्वर क्रोधित हुन र
उहाँले दण्ड दिनुहुन्न,
औ मूर्खताको केही वास्ता नगरेकोले

१९ अय्यूबले फोस्रा कुरा गर्नुहुन्छ,
र खोक्रा कुराको प्रदर्शन गर्नुहुन्छ।

परमेश्वरको महानतालाई एलीहूको प्रशंसा

३६ तब एलीहूले फेरि भन्नलागे—
२ एक छिन धैर्य धारण गर्नुहोस्,
तपाईंलाई म अझै बुझाइदिऊँ,
परमेश्वरको तर्फमा मैले अझै भन्नुपरेको छ।
३ मेरा सृष्टिकर्त्ताको न्यायको पक्ष लिँदा
मेरो निर्णयको पुष्टिमा म चारै दिशामा खोजिगर्नेछु।
४ किनभने मैले गरेको विचारमा केही दोष छैन।
तपाईंको सामने एक जना खड़ा छ,
जसको निर्णय सिद्ध छ।

५ परमेश्वर कस्तो पराक्रमी हुनुहुन्छ,
उहाँले कसैलाई घृणा गर्नुहुन्न,
उहाँले नबुझ्ने कुरा केही छैन।
६ औ दुष्टहरूलाई उन्नति गर्नदिनुहुन्न,
र गरीबहरूको उचित न्याय गर्नुहुन्छ।
७ उहाँले दुःखमा परेकाहरूको उचित न्याय बिगार्नुहुन्न।
सिंहासनमा विराजमान भएका राजाहरूलाई हेर्नुहोस्,
परमेश्वरले तिनीहरूलाई सर्वाधिकार दिनुहुँदा तिनीहरू अभिमानी हुन्छन्।
८ त्यसपछि तपाईं तिनीहरूलाई साङ्गलाले बाँधिएका
कैदीहरूका साङ्गलाले कस्सिएर बाँधिएका देख्नुहुन्छ।
९ तिनीहरूको दोष कस्तो अपमानित र अत्याचारी थियो भनी
उहाँले तिनीहरूलाई आफ्ना चालको दोष देखाइदिनुहुन्छ।
१० उहाँको चेताउनी तिनीहरूका कानमा गुञ्जिरहन्छ,
र तिनीहरूका दुष्ट चालहरूबाट फर्कनलाई तिनीहरूलाई बोलाउनुहुन्छ।
११ यदि तिनीहरूले उहाँको कुरा सुने भने
तिनीहरूले आफ्ना दिन उन्नतिमा
र आफ्ना वर्ष सुख-शान्तिमा बिताउनेछन्।
१२ तर तिनीहरूले उहाँका कुरा सुनेनन् भने केही शिक्षा नलिईकनै तिनीहरू
मर्छन्, र मृत्यु रूपी नदी तर्छन्।
१३ ईश्वरहीन मानिसहरू रिसाइनै रहन्छन्,
औ परमेश्वरबाट दण्ड पाउँदा पनि
तिनीहरू सहायताको लागि उहाँको पुकारा गर्दैनन्।
१४ अपमानित जीवनदेखि थाकेकाहरूझैं
तिनीहरू आफ्ना जवानीपनमै मर्छन्।
१५ दुःख पाउनेहरूलाई उहाँले दुःखद्वारै छुटाउनुहुन्छ,
र दुःखको अनुशासनद्वारा तिनीहरूलाई शिक्षा दिनुहुन्छ।

१६ परमेश्वरले तपाईंलाई कष्टबाट निकालेर सुरक्षित राख्नुभएको छ।
तपाईंसित खानेकुरा प्रशस्त थियो।
१७ तर अब ता तपाईं आफूले पाउनुपर्ने दण्ड भोग्दैहुनुहुन्छ।
१८ होशियार हुनुहोस्, घूसले तपाईंलाई धोका नदेओस्,
औ धनले तपाईंलाई नभर्माओस्।
१९ सहायताको निम्ति पुकारा गरेर तपाईंलाई केही फायदा हुनेछैन,
तपाईंको सारा शक्तिले तपाईंलाई केही सहायता गर्नेछैन।
२० रात परोस् भनी तपाईं इच्छा नगर्नुहोला,
अर्थात् त्यो बेला, जब जाति जातिहरू नाश हुनेछन्।
२१ दुष्ट कामतिर नफर्कनु होस्,
किनभने त्यसकै निम्तिनै तपाईंलाई विपत्तिद्वारा जाँच गरिएको हो।

२२ परमेश्वर ता हामीभन्दा अति-उच्च
महिमामा रहनुहुन्छ,
उहाँको जस्तै सर्वाधिकार कसको छ र ?
२३ कसले उहाँलाई उहाँको जिम्मा
तोकिदिएको छ ?
'तपाईंले ता गल्ती पो गर्नुभएको छ,'
भनी कसले उहाँलाई भनेको छ ?
२४ मानिसहरूले सधैं उहाँको कार्यको
प्रशंसा गाएझैँ
तपाईंले पनि उहाँको कामको प्रशंसा
गाउन नभुल्नुहोस् ।
२५ सबै मानिसहरू उहाँदेखि परै खड़ा
रहन्छन्,
मरणशील मानिस-जातिले टाढैबाट
उहाँलाई हेर्छन् ।
२६ परमेश्वरको महानताको विषयमा हामी
पूरा जान्नसक्तैनौं,
अथवा उहाँको वर्षको गणना गर्नसक्तैनौं ।
२७ उहाँले समुद्रबाट पानीको थोपा
खिँच्नुहुन्छ,
र आफूले बनाउनुभएको मेघबाट झरी
वर्षाउनुहुन्छ ।
२८ वृष्टिको मेघले मूसलधार पानी वर्षाउँछ,
मानिस-जातिमाथि ती झरी भएर
झर्छन् ।
२९ आकाशमा गलैंचाझैं फैलिएको उड़िरहने
बादलको रहस्यलाई कुन मानिसले
जान्दछ र ?
३० उहाँले आकाशका चारैतिर बिजुली
पठाउनुहुन्छ,
तर समुद्रका गहिराइहरू अँध्यारोनै
रहन्छन् ।
३१ यसरी उहाँले जाति जातिहरूको पोषण
गर्नुहुन्छ,
र तिनीहरूलाई प्रशस्त गरी खानेकुरा
दिनुहुन्छ ।
३२ उहाँले बिजुली-वाणलाई ज्वालाले
भर्नुहुन्छ,
र सीधै निशानामा फाल्नुहुन्छ ।
३३ आफ्नो क्रोधमा उहाँले आँधी-बेहीलाई
डाक्नुहुन्छ,
औ गर्जन चाहिं त्यसको अग्र-दूत हो ।

३७ आँधी-बेहीले गर्दा पनि मेरो मुटु
साह्रै ढुकढुक गर्दछ,
त्यसले आफ्नो ठाँवै छोड़छ ।
२ सुन्नुहोस्, परमेश्वरको आवाजलाई
सुन्नुहोस्,
र उहाँको बोली, मुखबाट निस्कने
गर्जनलाई सुन्नुहोस् ।
३ पृथ्वीको एक छेउदेखि अर्को छेउसम्म
उहाँले आकाशको वारपार बिजुली
पठाउनुहुन्छ ।
४ आफ्नो महा-महिमाको सोरले गर्जनुहुँदा
गर्जनको आवाज सुनिन्छ ।
५ परमेश्वरको आज्ञामा आश्चर्यका कामहरू
हुन्छन्,
हाम्रा बुद्धिले नभियाउने महा-कार्यहरू
उहाँ गर्नुहुन्छ ।
६ उहाँले हिउँलाई भन्नुहुन्छ,
"पृथ्वीमा झर्,"
र आँधी-बेहीलाई भन्नुहुन्छ, 'भयङ्कर हो ।'
औ जब उहाँको सोर सुनिन्छ
तब वृष्टिको भल नरोकीकनै उर्लन्छ ।
७ उहाँले मानिसको सबै परिश्रमलाई
रोक्नुहुन्छ,
उहाँले तिनीहरूलाई सृष्टि गर्नुभएको हो ।
'म काम गर्नेछु' भनी उहाँले तिनीहरूलाई
देखाउनुहुन्छ ।
८ वन-पशुहरू आफ्ना ओढ़ारतिर जान्छन्,
र आफ्ना गुफाहरूमा शरण लिन्छन् ।
९ प्रचण्ड-आँधी दक्षिणबाट फुटेर निस्कन्छ,
र उत्तरबाट कड़ा जाड़ो आउँछ ।
१० परमेश्वरको सासले वर्फ बनिन्छ,
र विस्तृत पानी कड़ा फलामझैं गरी
जम्छ ।
११ उहाँले बाक्लो बादललाई वाफको भारी
बोकाउनुहुन्छ,

र मेघहरूले आफ्नो कुइरो यताउता
पठाउँछन्।
१२ आबाद भएको पृथ्वीउपर उहाँको हातले
डोऱ्याउँदै
उहाँको आज्ञा पालन गर्न ती आफ्नो
मार्गमा उड़िरहन्छन्।
१३ परमेश्वरले पृथ्वीलाई भिजाउनलाई वृष्टि
पठाउनुहुन्छ,
मानिसहरूलाई दण्ड दिनु अथवा
आफ्नो निगाह देखाउन पनि
उहाँले त्यो पठाउनुहुन्छ।

१४ अय्यूब, यो कुरा सुन्नुहोस्।
चूपचाप खड़ा भएर परमेश्वरका उदेकका
कामहरूलाई विचार गर्नुहोस्।
१५ परमेश्वरले तिनीहरूका काम कसरी
खटाइदिनुहुन्छ,
र आफ्ना मेघहरूबाट बिजुली
चम्काउनुहुन्छ, सो तपाईं जान्नुहुन्छ र?
१६ बादलहरू किन माथि आकाश-मण्डलमा
रहन्छन्?
यो ता उहाँको निपुणताको अचम्मको
काम हो भनी के तपाईंलाई थाह छ?
१७ अहँ, दक्षिणे-बतासले भूमिलाई ग्रस्त
पारेको समयमा
तपाईं केवल गर्मीले व्याकुल हुनुहुन्छ।
१८ के तपाईं आकाश-मण्डललाई उहाँलेझैं
पगालेर बनाएको
धातुको कड़ा ऐनाजस्तै बनाउनसक्नुहुन्छ र?
१९ उहाँलाई के भन्नुपर्ने हो सो तपाईं
हामीलाई सिकाउनुहोस्,
किनभने सबै अन्धकार छ, र हामी
सोच्नैसक्तैनौं।
२० परमेश्वरले के भन्नुपर्ने हो भनी के कुनै
मानिसले उहाँलाई आज्ञा दिनसक्छ र?
अथवा घोषणा गर्न उहाँलाई हुकूम
गर्नसक्छ र?
२१ एकै क्षणमा उज्यालो देखिँदैन
त्यो बादल र वृष्टिले छोपिएको हुन्छ.
२२ त्यसपछि बतास त्यहाँबाट भएर जान्छ र
बादलहरू हटाइदिन्छ,
र उत्तर दिशाबाट सुनौलो चमक आउँछ,
औ परमेश्वरको महिमाले हामीलाई डरले
भरिदिन्छ।
२३ तर सर्वशक्तिमानलाई हामी भेटाउनसक्तैनौं।
उहाँको शक्ति हाम्रो समझको बाहिर छ।
उहाँको धार्मिकता न्याय गर्नलाई ढीलो
हुँदैन।
२४ यसैकारण मरणशील मानिसले उहाँलाई
आदर गर्छन्,
औ बुद्धिमानीहरू सबैले उहाँतिरै हेर्छन्।

परमेश्वरले अय्यूबलाई तिनको मूर्खता जनाउनुभएको

३८ तब परमप्रभुले अय्यूबलाई आँधी-
बेहीबाट यसरी जवाफ दिनुभयो—
२ यो को हो जसले मूर्ख कुराहरू गरेर
मेरो योजनालाई धमिल्याउनखोज्छ?
३ तेरो कम्मर कसेर मर्दझैं खड़ा हो,
म तँलाई सवाल गर्छु, र तैंले मलाई
जवाफ दे।
४ पृथ्वीको जग मैले बसाल्दा तँ कहाँ
थिइस्?
तैंले जान्दछस् र बुझ्दछस् भने मलाई
बता।
५ त्यसको नाप कसले ठहरायो?
तैंले ता जान्नुपर्ने!
कसले त्यसमा नापको डोरी टाँग्यो?
६ त्यसलाई थाम्ने खामाहरू कहाँ अड़ाएका
छन्?
त्यसको जगको ढुङ्गा कसले बसाल्यो?
७ त्यस दिनको मिरमिरे उज्यालोमा
ताराहरूले एकसाथ गाए,
र स्वर्गीय-जनहरू रमाहटले कराए।
८ त्यो पृथ्वीको गर्भबाट फुटेर निस्कँदा
त्यसलाई रोक्न कसले ढोकाहरू
बन्द गऱ्यो?

९ जब मैले त्यसलाई बादलको कम्बलले
ढाकें,
र बाक्लो कुइरोले त्यसलाई लेपेटें।
१० त्यसका ढोकाहरू र आग्लाहरू ठीक
ठाउँमा राखेर
जब मैले त्यसका सीमाना ठहराएँ,
११ र मैले भनें, यतिसम्म मात्र तँ
आउनसक्छस्,
अरू यता आउनसक्तैनस्,
औ तेरा शक्तिशाली छालहरू यहाँनै
रोकिनुपर्छ।
१२ तेरो जीवनकालमा के तैंले कहिल्यै
उषालाई आज्ञा गरेको छस्?
अथवा प्रभातलाई त्यसको ठाउँ देखाएको
छस्।
१३ के तैंले त्यसलाई पृथ्वीको छेउ समातेर
उज्ज्वल-तारालाई तिनीहरू लुकेका
ठाउँहरूबाट लुप्त गराइदिन सिकाएको
होस्?
१४ हिलोमा छाप देखेझैं उषाले डाँड़ाहरू
र बेंसीहरू छर्लङ्गै देखाउँछन्,
जबसम्म सबै कुरा लुगाका पत्रहरूझैं
देखिँदैनन्।
१५ तब उज्ज्वल-ताराको प्रकाश मधुरो हुन्छ,
र जहाजको दिशा देखाउने ताराहरू
एक एक गरी लुप्त हुँदैजान्छन्।
१६ के तँ समुद्रको मूलहरूसम्म झरेको
छस्?
अथवा जानै नसकिने गहिराइमा हिंड़ेको
छस्?
१७ के मृत्युको मूल-ढोकाहरू तँलाई प्रकट
गरिएका छन्?
के तैंले अँध्यारो ठाउँका पालेहरूलाई
कहिल्यै देखेको छस्?
१८ के तैंले पृथ्वीको विस्तृत फैलाउलाई
बुझेको छस्?
यी सबै तैंले जानेको भए आएर मलाई
बता।
१९ ज्योतिको मुहान कता छ?
उज्यालो कहाँबाट आउँछ?
अथवा अँध्यारोको बस्ने स्थान कहाँ छ?
के तैंले जानेको छस्?
२० के तैंले तिनीहरू हरेकलाई तिनीहरूका
ठहराएका सीमानामा लैजानसक्छस्?
र तिनीहरूका घर जाने बाटोमा
पुऱ्याउनसक्छस्?
२१ निःसन्देह तैंले यी सबै कुरा जान्दछस्
होला,
संसारको सृष्टि हुनभन्दा पहिलेनै तँ
जन्मेको थिइस् नि!
२२ के तँ हिउँको भण्डारमा पुगेको छस्?
अथवा असिना थुपारेको स्थान तैंले
देखेको छस्?
२३ जो मैले विपत्तिको दिनको
युद्ध र लड़ाइँको घड़ीको निम्ति तयार
पारी राखेको छु।
२४ कुन बाटोहरूदेखि गर्मी यताउता
फैलिन्छ?
अथवा पूर्वीय बतास पृथ्वीमा चारैतिर
उड़ाइन्छ,
२५ महा-वृष्टिको लागि कसले नहर खनेको छ?
र तूफानको निम्ति बाटो कसले तयार
गरेको छ?
२६ निर्जन ठाउँमा र उजाड़ वनमा
वृष्टि हुनको निम्ति
२७ उजाड़ र रूखो जमीनहरूलाई हरियो-
भरियो बनाउनलाई
र सुखा जमीनमा घाँसहरू उमार्नलाई
कसले बाटो तयार गऱ्यो?
२८ के वृष्टिको कुनै बाबु छ?
शीतको थोपालाई जन्माउने बाबु
को हो?
२९ कसको गर्भले हिउँलाई जन्मायो?
आकाशबाट झर्ने तुसारोको आमा
चाहिं को हो?
३० जेले पानीलाई ढुङ्गाजस्तै बनाउँछ,
र विस्तृत महासागरलाई बर्फ
तुल्याइदिन्छ।

३१ के तँ किर्किटि-ताराको पुञ्जलाई बाँध्नसक्छस् ?
अथवा मृगशीराको पेटी फुकाल्नसक्छस् ?
३२ के तैंले राशिचक्रका चिह्नहरू तिनका ऋतु ऋतुमा निकाल्नसक्छस् ?
अथवा सप्तर्षि-तारा र तिनका दललाई डोऱ्याउनसक्छस् ?
३३ आकाशको शासन गर्ने नियमहरूलाई के तैंले घोषणा गरेको होस् ?
अथवा पृथ्वीको प्राकृतिक नियमहरूलाई तैंले ठहराएको होस् ?
३४ त्यसका पानीको भारले तँलाई छोपोस् भनी
के घनघोर बादललाई तैंले हुकूम गर्नसक्छस् ?
३५ तैंले बिजुलीलाई चम्कन लाउँदा
'म तयार छु' भनी त्यसले भन्छ र ?
३६ कसले सासलाई बुद्धि दियो ?
कसले भालेलाई पूर्व-ज्ञान दियो ?
३७ को यस्तो बुद्धिमानी छ जसले बृद्धिको मेघलाई जम्मा गर्छ,
र आकाशमा भएको भण्डारलाई रित्याउँछ ?
३८ जब धूलोले भरिएको माटो फलामझैं कडा हुन्छ,
र माटोको डल्ला एकसाथ टाँसिर बस्छ।
३९ के सिंहनीको निम्ति तैंले शिकार खोजिदिन्छस् ?
र जवान सिंहको भोकलाई तैंले तृप्त पार्नसक्छस् ?
४० जब तिनीहरू आफ्नो ओढारमा ढुकिबस्छ,
अथवा आफू लुकेको ठाउँमा पर्खिबसेको हुन्छ ?
४१ त्यसका बचेराहरूले खानेकुराको अभावमा परमेश्वरको पुकारा गर्दा
कसले कागलाई त्यसको आहार जुटाइदिन्छ ?

३९ घोरल कहिले जन्मन्छ,
के तैंले जान्दछस् ?
हरिणीको प्रसव वेदनामा के तैंले त्यसको हेरचाहा गरेको छस् ?
२ तिनीहरूले पेटमा बच्चा बोक्दा के तैंले तिनीहरूका महीना गन्दछस र ?
अथवा तिनीहरूका ब्याउने बेला तैंले जान्दछस् ?
३ जब तिनीहरू ब्याउनलाई निहुरिन्छन्
र तिनीहरूले आफ्ना बच्चा जन्माउँछन्,
४ जब मृगको पाठो बढ्छ र खुला जङ्गलमा हुर्किन्छ,
औ बाहिर निस्कन्छ र कहिल्यै फेरि आउँदैन
के यी कुरा तैंले थाह पाएको छस् ?
५ कसले सिरिया-देशको वन-गधालाई आफू-खुशी गरी चर्नलाई छोड़िदियो,
औ अरब-देशको वन-गधालाई त्यसको स्वतंत्रता दियो ?
६ जसको बासस्थान मैले निर्जन स्थानमा बनाइदिएको छु,
औ त्यसको गौंडा खारको जग्गामा बनाइदिएको छु।
७ त्यसले शहरको होहल्लालाई घीन गर्छ,
र धपाउनेको आवाजको वास्ता गर्दैन।
८ त्यसले डाँड़ाहरूमा आफ्नो चरन बनाउँछ,
र सबै हरिया घाँसहरू खोज्दछ।
९ के अर्ना-भैंसीले तेरो सेवा गर्न मान्छ ?
के त्यसले तेरो गोठमा रात बिताउँछ र ?
१० के तैंले त्यसको बललाई लठारोले बाँधेर त्यसलाई जोताउनसक्छस् ?
११ त्यो त्यस्तो बलियो छ रपनि के तैंले त्यसमाथि भरोसा गर्नसक्छस् ?
अथवा तेरो निम्ति परिश्रम गर्न लाउनसक्छस् ?
१२ खलाबाट तेरो अन्न ढिकुटीमा ल्याउनलाई त्यो फर्किआउँछ भनी के तैंले त्यसमाथि भरोसा गर्नसक्छस् ?

१३ शतुर्मुर्गका पखेटा कति चाँड़ो चाँड़
चल्छ,
तर कुनै पनि शतुर्मुर्ग सारसजस्तै
उड़नसक्तैन।
१४ त्यसले आफ्ना फुलहरू बालुवाले तातो
पारिदेओस् भनी भूइँमानै छोड़िराख्छ।
१५ खुट्टाले ती कुल्चिदिन्छ
अथवा वन-पशुले कुल्चन्छ भनी
त्यसले केही वास्तै गर्दैन।
१६ आफ्नो परिश्रम खेरो गएको वास्ता नगरी
बच्चाहरूलाई आफ्नो होइन जस्तैगरी
त्यसले निर्दयी व्यवहार गर्छ।
१७ (किनभने परमेश्वरले त्यसलाई बुद्धिहीन
तुल्याउनुभएको छ,
र त्यसलाई अज्ञान अवस्थामानै
छोड़िदिनुभएको छ।)
१८ जब त्यो डाँड़ाहरू हुँदो भालेझैं
खाफसँग कुद्छ,
तब त्यसले घोड़ा र त्यसको सवारलाई
तुच्छ ठान्छ।

१९ के तैंले घोड़ालाई त्यसको बल दिएको
होस्?
के तैंले त्यसको घिच्रो जगरले
पहिराइदिएको होस्?
२० के तैंले त्यसलाई सलहझैं उफ्रन लाउँछस्?
जब त्यसको चर्को हिनहिनाइले डर
फैलाउँछ।
२१ त्यसले आफ्नो टाप बजाउँदै र नाच्दै
आफ्नो जोश देखाउँछ,
त्यो आफ्नो पूरा बलले झिलम लाएका
सेनामाथि जाइलाग्छ।
२२ त्यसले डरलाई तुच्छ ठान्छ, र भय के
हो जान्दैन,
र तरवारको सामने त्यो झुक्तैन।
२३ काँड़को ठोकरा त्यसको बगलमा थरथर
बज्छ।
भाला र तरवार चम्कन्छन्।
२४ जोशले त्यो काम्दै कुदेर अगि बढ्छ,
औ नरसींङ्गा फुकेको आवाज सुन्दा पनि
त्यसलाई थाम्नसकिँदैन।
२५ नरसींङ्गा बजेको सुनेर त्यसले भन्छ,
'आहा!'
र टाढ़ैबाट त्यसले लड़ाइँको गन्ध
पाउँछ।
२६ के बाजलाई त्यसको पखेटा चलाउन
र दक्षिण दिशामा त्यसका पखेटा
फैलाउन तेरो बुद्धिले सिकाएको हो?
२७ के गिद्धलाई माथिमाथि उड़न
र आफ्नो गुँड़ अग्लो ठाउँमा बनाउन तैंले
सिकाउँछस्?
२८ त्यो पहराहरूमा बास गर्छ, र त्यहींनै
त्यसको बासस्थान हो।
त्यसको बस्ने ठाउँ पहराका धाँदाहरू
हुन्।
२९ टाढ़ा टाढ़ा राम्ररी नियाली
त्यहींबाट त्यसले आफ्ना आहार
खोज्दछ।
३० त्यसका बचेराहरूलाई रगत चुसाउन
जहाँ लाश हुन्छ त्यहाँ गिद्ध अवश्य
हुन्छ।

४०

फेरि परमप्रभुले अय्यूबलाई भन्नुभयो,
२ सर्वशक्तिमानसँग वाद-विवाद
गर्नलाई के मानिस हठी हुनुपर्छ र?
परमेश्वरसित बहस गर्नेले जवाफ
फर्काउनुपर्छ र?

३ तब अय्यूबले परमप्रभुलाई यसो भनेर
जवाफ दिए,
४ म जाबोले तपाईंलाई के जवाफ
दिनसक्छु र?
म मेरो हात मेरो मुखमा राख्तछु।
५ मैले एकैपल्ट बोलिहालें, अब म फेरि
जवाफ दिनेछैनँ,
मैले दुइपल्ट बोलें,
औ अब म फेरि कहिल्यै
त्यसो गर्नेछैनँ।

परमेश्‍वरले आफ्नो शक्ति प्रकट गर्नुभएको

६ तब परमप्रभुले आँधी-बेहीबाट अय्यूबलाई
फेरि यसो भनेर जवाफ दिनुभयो—

७ कम्मर कस्, र मर्दझैँ खड़ा हो,
म तँलाई प्रश्‍नहरू सोध्नेछु, र तैँले
तिनको जवाफ दे।
८ म धर्मी छु भन्‍ने कुरालाई के तँ
अस्वीकार गर्न साहस गर्छस् ?
र तँ आफै चाहिँ ठीक हुनलाई मलाई
गलत सम्झन्छस् ?
९ के तेरो पाखुरा परमेश्‍वरका पाखुराजस्तै छ ?
के उहाँको सोरजस्तै तँ गर्जनसक्छस् ?
१० यदि सक्छस् भने अहंकार र मर्यादाले
तैँले आफूलाई आभुषित गर्,
रवाफ र गौरवले आफैलाई सिङ्गार।
११ तेरो रीसको झोँक पोखा,
अहंकारी मानिसलाई हेरेर त्यसलाई
विनम्र तुल्या।
१२ हरेक अहंकारी मानिसलाई हेरेर
त्यसलाई होँच्या,
तिनीहरू खड़ा भएकै ठाउँमा दुष्ट
मानिसहरूलाई त्यहाँबाट पछारिदे।
१३ तिनीहरूलाई एकैसाथ धूलोमा लुका,
र तिनीहरूलाई नचिनिने चिहानमा
कात्रोसहित गाड़िदे।
१४ तब तेरो दाहिने हातले तँलाई
बचाउनसक्दो रहेछ भनी
म पनि स्वीकार गर्नेछु।

१५ जन्तुहरूमध्येका श्रेष्ठ, गोहीलाई विचार गर्,
जसले गाई-वस्तुलाई घाँसझैँ निल्छ।
१६ त्यसको कम्मर कस्तो बलियो हुन्छ !
त्यसको पेटको माँस-पेशीमा कस्तो शक्ति
हुन्छ !
१७ त्यसको पुच्छर देवदारको रूखझैँ कड़ा
हुन्छ,
त्यसको ढाड़का नसाहरू खूब कस्सिएका
हुन्छन्।
१८ त्यसका हड्डीहरू काँसाका नलहरूजस्तै
हुन्छन्
र त्यसका हात-खुट्टाहरू फलामका
आगलाजस्तै हुन्छन्।
१९ परमेश्‍वरका कार्यहरूमा त्यो सबैभन्दा
मुख्य छ,
सबै पशु-जातिमाथि त्यसले बलपूर्वक
शक्ति चलाउँछ।
२० किनभने त्यसले आफ्नो शिकारको निम्ति
डाँडाका गाई-वस्तुहरूलाई आक्रमण गर्छ,
र त्यसका बंगराले सबै वन-पशुहरूलाई
कत्याप-कुरूप पार्छ।
२१ त्यो काँढ़ा भएका कमलमनि बस्छ,
काँस-घारी र सिमसारहरूमा त्यो
लुकिरहन्छ।
२२ कमलले त्यसलाई आफ्ना छायामनि
लुकाइराख्छ,
खोलाका बैँसका रूखहरूले त्यसलाई
घेरिराख्छन्।
२३ नदी उर्लेर आयो भने पनि त्यो
डराउँदैन,
खोलामा भल बढ़ेर आयो भने पनि त्यो
लमतन्न परिरहन्छ।
२४ के कुनै मानिसले त्यसका आँखा
फुटाइदिएर त्यसलाई पक्रनसक्छ ?
अथवा पासोको दाँतिले त्यसको नाक
घोँच्नसक्छ ?

४१ के तैँले बल्छीले समुद्रको वृहत-
जन्तुलाई तान्नसक्छस् ?
अथवा त्यसको जिब्रोमा पासोको डोरी
लगाउनसक्छस् ?
२ के तैँले त्यसको नाक छेँडेर डोरी
लगाउनसक्छस् ?
अथवा त्यसको बंगरामा अङ्कुसे
लाउनसक्छस्।
३ के दयाको लागि त्यसले तँसित बिन्ती गर्छ ?

अथवा आफ्नो निम्ति त्यसले तँसित नम्र
सोरमा भिक्षा माग्छ ?
४ त्यसको जीवनभरिनै तेरो कमारा हुनलाई
के त्यसले तँसित बाचा बाँध्छ र ?
५ चरालाई खेलाएझैं के तँ त्यसलाई
खेलाउनसक्छस् ?
अथवा तेरा स्त्रीहरूका निम्ति एउटा
पालेको चराझैं त्यसलाई डोरीले बाँधिर
राख्नसक्छस् ?
६ के व्यापारी मित्रहरू त्यसको निम्ति भाउ
कसाकस गर्छन् र ?
अथवा व्यापारीहरूले त्यसलाई भाग
भाग गर्छन् र ?
७ के तैंले त्यसको छालामा भालाले
अथवा त्यसको टाउकोलाई माछा मार्ने
अङ्कुसेले रोप्नसक्छस् ?
८ यदि तैंले आफ्नो हात त्यसको विरुद्धमा
उठाइस् भने
त्यससित कस्तो लडाइँ गर्नुपर्ला सो
सम्झी त।
९ समुद्रको वृहत-जन्तु देख्ने कुनै पनि मानिस
हतास भएर जमीनमा लोट्छ।
१० त्यसलाई जगाउँदा त्यो कस्तो डरलाग्दो
हुन्छ,
त्यसको सामने को खडा हुनसक्छ ?
११ आफूलाई नोक्सानी नभई कसले त्यसलाई
आक्रमण गर्नसक्छ ?
विस्तृत आकाशमनि यस्तो कोही मानिस
पनि छैन।
१२ त्यसका अङ्गहरू, त्यसको बल,
र त्यसको आकारको सौन्दर्यको विषयमा
नभनी म रहनेछैनँ।
१३ त्यसको बाहिरको पोशाकलाई कसले
कहिल्यै उतारेको होला ?
अथवा त्यसको दोहोरो छालालाई कसले
घोंचेको होला ?
१४ कसले त्यसको मुखको ढोकाहरू उघारेको
होला ?
किनभने त्यसका दाँतका लहरहरू
डरलाग्दा हुन्छन्।
१५ दर्शन-ढुङ्गाको पर्खालले घेरिएको जस्तै
त्यसको पीठ ढालमाथि ढाल राखेको
जस्तै हुन्छ।
१६ त्यो एउटामाथि अर्को यस्तो खापखाप
भएर रहेको हुन्छ
कि हावा पनि त्यसको बीचबाट
छिर्नसक्तैन।
१७ ती एका अर्कासँग यस्तो प्रकारले सटिएर
बसेका हुन्छन्
कि तिनीहरू कसै गरेर पनि छुट्टिनसक्तैनन्।
१८ त्यसले छिँउ काढ्दा ज्वाला निकाल्छ,
र त्यसका आँखा सूर्योदयजस्तै चम्कन्छन्।
१९ त्यसको मुखबाट राँको
र झिल्काहरू धाराजस्तै निस्कन्छन्।
२० पूरा ताव लागेको आगोमाथि कराही
राखेझैं
त्यसका नाकका प्वालबाट धुवाँ निस्कन्छ।
२१ त्यसको सासले जल्रिहेको आगोका
फिलुङ्गाहरू झन् दन्कन्छन्,
औ त्यसको मुखबाट आगोको ज्वाला
चम्कन्छ।
२२ त्यसको घिच्रोमा बल भरिएको हुन्छ,
त्यसको सामने भय नाचिरहन्छ।
२३ त्यसको पेटको तलो भाग बटारिएको हुन्छ,
केही कुराले थिचिए तापनि त्यो दबिँदैन।
२४ त्यसको मुटु ढुङ्गाजस्तै कडा हुन्छ,
जाँतोको तलो पाटाझैं त्यो दृढ हुन्छ।
२५ त्यो खडा हुँदा बीर मानिसहरू पनि
डराउँछन्,
त्यसले पुच्छर हलाउँदा तिनीहरू अलमल्ल
पर्छन्।
२६ तरवार अथवा भाला, चूपी वा बर्छाले
त्यसलाई घोंच्यो भने पनि तिनको केही
असर हुँदैन।
२७ फलामलाई ता त्यसले परालजस्तै ठान्छ,
काँसा ता त्यसको निम्ति कुहेको काठझैं
हुन्छ।

२८ कुनै पनि काँड़ले त्यसलाई छेँड्नसक्तैन,
औ घुँयेत्रोको ढुङ्गा त्यसको लागि
भूसजस्तै हुन्छ।
२९ मुँग्रो त्यसको निम्ति निगालोजस्तै मात्र
हुन्छ,
तरवार चलाउँदा ता त्यो हाँसिदिन्छ।
३० त्यसका नङ्ग्रा तीखा तीखा खपटाजस्तै छन्,
त्यो हिँड्दा हिलोलाई यताउता घोल्छ!
३१ त्यसले गहीरो पानीलाई कराहीको
पानीजस्तै उमाल्छ,
औ झीललाई भिसाउने-भाँड़ामा मलहम
घोलेझैं घोल्छ।
३२ त्यो हिँड्दा त्यसले आफूपछि चहकिलो
दाग छोड़िराख्छ,
औ महा-नदी चाहिं सेतो केशजस्तै
देखिन्छ।
३३ पृथ्वीमा त्यसको बराबरी कोही छैन,
किनभने त्यो ता एकदम डर विनाको
पशु सृष्टि गरिएको हो।
३४ त्यसले सबै जानवरहरू, सबैभन्दा
ठूलालाई पनि तुच्छ दृष्टिले हेर्छ,
त्यो ता सबै वन-पशुहरूको राजा हो।

अय्यूबको पश्चाताप

४२ तब अय्यूबले यसो भनेर परमप्रभुलाई
जवाफ दिए—
२ तपाईं सबै कुरा गर्नसक्नुहुन्छ भनी म
जान्दछु,
औ कुनै काम पनि तपाईंको शक्तिको
बाहिर छैन।
३ तर मैले ता म आफैले नजानेका
महान् कामहरूका विषयमा भनेको छु,
मैले जान्न नसक्ने साह्रै अचम्मका
कुराहरू!
४ तपाईं बोल्नुहुँदा ध्यानसित सुन्नु
र तपाईंका प्रश्नहरूका जवाफ दिनलाई
तयार हुन भनी
तपाईंले मलाई भन्नुभएको थियो।
५ त्यस बेला ता सुनेको कुराले मात्रै
मैले तपाईंलाई चिन्दथिएँ।
तर अब ता म तपाईंलाई आफ्नै
आँखाले देख्तछु।
६ यसैकारण म आफूलाई तुच्छ ठान्छु,
म धूलो र खरानीमा बसेर पश्चाताप
गर्दछु।

उपसंहार

अय्यूबको सुदिन

७ जब परमप्रभु अय्यूबसित बोलिसक्नु-
भयो तब उहाँले एलीपज तेमानीलाई
भन्नुभयो, "तँ र तेरा दुइ मित्रहरूसँग म
क्रोधित भएको छु, किनभने मेरो दास
अय्यूबले मेरो विषयमा भनेझैं तिमीहरूले
भन्नुपर्ने कुरा भनेनौ। ८ यसैले अब
सातवटा साँढ़े र सातवटा भेड़ा लिएर मेरो
दास अय्यूबकहाँ जाऊ, र तिमीहरू आफ्ना
निम्ति होमबलि चढ़ाऊ, र त्यसले तिमीहरूका
निम्ति अन्तरबिन्ती चढ़ाउनेछ। औ
तिमीहरूले पाउनुपर्ने योग्यको निष्ठूरता
नदेखाएर म निश्चय त्यसमाथि निगाह गर्नेछु,
किनभने अय्यूबले झैं मेरो विषयमा
भन्नुपर्ने कुरा तिमीहरूले बोलेनौ।" ९ तब
एलीपज तेमानी, बिल्दद शुही र सोपर
नमातीले परमप्रभुको आज्ञाअनुसार गरे, र
आफ्ना मित्रहरूका निम्ति अय्यूबले अन्तरबिन्ती
गरिदिँदा परमप्रभुले अय्यूबमाथि निगाह
गर्नुभयो। १० यसरी परमप्रभुले अय्यूबको
सुदिन फर्काइदिनुभयो, र तिनका सबै
धन-सम्पत्ति दुइ गुणा बढ़ाइदिनुभयो।
११ त्यसपछि अय्यूबका सबै दाज्यू-भाइ,
दिदी-बहिनीहरू र तिनका अघिका परिचित
मानिसहरू आएर तिनीसित तिनको घरमा
भोज गरे, र परमप्रभुले तिनीमाथि ल्याउनु-
भएका सबै दुर्दशाहरूका निम्ति तिनीहरूले
तिनलाई समवेदना र सान्त्वना प्रकट गरे।
औ हरेकले तिनलाई एक एक टुक्रा चाँदी

र एउटा एउटा सुनको औँठी दियो।
१२ त्यसबाहेक परमप्रभुले अय्यूबको जीवनको
आखिरी समयमा शुरूको समयभन्दा बढ़ी
आशिष दिनुभयो। औ तिनका चौध हजार
भेड़ा-बाख्रा, छ हजार ऊँट, एक हजार हल
गोरु र एक हजार गधा भए। १३ तिनका
सात छोरा र सात छोरी भए। १४ तिनले
जेठीको नाउँ यमीमा, माइलीको नाउँ
कसीआ र कान्छीको नाउँ केरेन-हप्पूक राखे।
१५ सारा देशमा अय्यूबका छोरीहरू
जत्तिकै सुन्दरी अरू कोही थिएनन्। औ
तिनका पिताले तिनीहरूलाई तिनीहरूका
दाज्यू-भाइसरह पैतृक-अधिकारको हिस्सा दिए।
१६ त्यसपछि अय्यूब अरू एक सय
चालीस वर्षसम्म बाँचे। औ तिनले आफ्ना
छोराहरू, नातिहरू र खनातिसम्म देखे।
१७ आखिरमा तिनी पूरा बूढ़ेसकालमा
दीर्घायु भएर मरे।

भजनसंग्रह

पहिलो भाग

(१-४१)

धर्मात्मा र दुष्टको तुलना

१ त्यो मानिस धन्य हो, जो दुष्टहरूको
युक्तिमा चल्दैन,
नता पापीहरूको मार्गमा खड़ा हुन्छ,
न गिल्ला गर्नेहरूको बैठकमा बस्तछ।
२ तर परमप्रभुको व्यवस्थामानै त्यो प्रसन्न
रहन्छ,
र दिनरात उहाँकै व्यवस्थामा त्यसले
ध्यान दिन्छ।
३ खोलाको धारको छेउमा रोपेको
बोटजस्तै त्यो हुन्छ,
जसले आफ्नो ऋतुमा फल दिन्छ,
जसको पात कहिल्यै ओइलाउँदैन,
र त्यसले जे गर्छ, त्यसमा त्यो सफल
हुन्छ।
४ दुष्टहरू ता त्यस्ता हुँदैनन्,
तर बतासले उड़ाएर लैजाने भूसजस्ता
हुन्छन्।
५ यसकारण दुष्टहरू इन्साफमा खड़ा
रहनेछैनन्,
नता पापीहरू धर्मात्माहरूका समुदायमा
रहनेछन्।
६ किनकि परमप्रभुले धर्मात्माको मार्ग
जान्नुहुन्छ,
तर दुष्टहरूको मार्गचाहिँ नष्ट हुनेछ।

परमप्रभुले अभिषेक गर्नुभएको जनको राज्य

२ अन्यजातिहरूले किन खैलाबैला
मचाउछन्,

र जाति जातिहरूले किन व्यर्थका कुरा सोच्तछन् ?
२ परमप्रभु र उहाँले अभिषेक गर्नुभएको जनको विरुद्धमा,
पृथ्वीका राजाहरू आफै खड़ा हुन्छन्,
र शासकहरू आपसमा यसो भनेर सल्लाह गर्छन्,
३ "लौ, हामी तिनीहरूका बन्धन टुक्रा टुक्रा पारेर छिनालौं,
र तिनीहरूका डोरीहरू हामीबाट फुकालेर फालिदिऔं।"
४ स्वर्गमा विराजमान हुनुहुने चाहिँ हाँस्नुहुनेछ।
परमप्रभुले तिनीहरूलाई खिसी गर्नुहुनेछ,
५ तब उहाँ रिसाएर तिनीहरूसँग कुरा गर्नुहुनेछ,
र उहाँको बल्दो रीसमा तिनीहरूलाई यसो भनेर व्याकुल पार्नुहुनेछ।
६ "मैले आफ्नै पवित्र डाँड़ा सियोनमा आफ्नै राजालाई स्थापित गरेको छु।"

७ उर्दी म घोषणा गर्नेछु।
परमप्रभुले मलाई भन्नुभयो, "तिमी मेरा पुत्र हौ।
आज मैलेनै तिमीलाई जन्माएको छु।
८ मसँग माग, र म अन्यजातिहरूलाई तिम्रो सम्पत्ति तुल्याइदिनेछु,
र पृथ्वीको पल्लो छेउसम्म
तिम्रो अधिकारमा राखिदिनेछु।
९ फलामको डण्डाले तिमीले तिनीहरूलाई फोर्नेछौ।
र कुमालेको भाँड़ालाई जस्तैगरी तिमीले तिनीहरूलाई चक्नाचूर पार्नेछौ।"
१० यसकारण हे राजा हो, बुद्धिमान होओ।
हे पृथ्वीका न्यायाधीश हो, शिक्षा लेओ।
११ डरसँग परमप्रभुको सेवा गर,
थरथर कामेर रमाओ।
१२ पुत्रलाई चुम्बन गर, नत्रता उहाँ रिसाउनुहुनेछ, र तिमीहरू बाटैमा नष्ट हुनेछौ,
किनभने उहाँको क्रोध चाँड़ै दन्कनेछ।
उहाँको शरण लिनेहरू सबै धन्यका हुन्।

परमप्रभुमा भरोसाको निम्ति बिहानको प्रार्थना

आफ्नो छोरो अब्शालोमदेखि भाग्दा दाऊदको भजन

३ हे परमप्रभु, मेरा विरोधीहरू कति धेरै भएर बढ़ेका छन्।
मेरो विरुद्धमा खड़ा हुनेहरू धेरै छन्।
२ मेरो प्राणको विषयमा यसो भन्नेहरू धेरै छन्,
'त्यसको निम्ति उद्धार परमेश्वरमा छैन।' सेला
३ तर हे परमप्रभु, तपाईं मेरो वरिपरि ढाल हुनुहुन्छ,
मेरो गौरव, र मेरो शिर ठाड़ो गराउने तपाईंनै हुनुहुन्छ।
४ म ठूलो सोरले परमप्रभुमा पुकारा गर्छु,
र उहाँले आफ्नो पवित्र डाँड़ाबाट मलाई जवाफ दिनुहुन्छ। सेला
५ म पल्टें, र निदाएँ।
म उठें, किनकि परमप्रभुले मलाई सह्याल्नुभयो।
६ मेरा चारैतिर मेरो विरुद्धमा मलाई घेरा हाल्ने,
दश हजार मानिसहरूसँग पनि म डराउनेछैनँ।

७ हे परमप्रभु, उठ्नुहोस्! हे मेरा परमेश्वर, मलाई बचाउनुहोस्, किनकि तपाईंले मेरा सबै शत्रुहरूका गालामा चड़्काउनुभएको छ।
तपाईंले दुष्टहरूका दाँत भाँच्नुभएको छ।
८ उद्धार परमप्रभुमा छ।

तपाईंको आशीर्वाद तपाईंको प्रजामाथि
रहोस्। सेला

शान्ति र सुखको निम्ति साँझको प्रार्थना

बाद्य-नाइकेको निम्ति—तारको बाजामा बजाउने दाऊदको भजन

४ हे मेरो धार्मिकताका परमेश्वर, मैंले
पुकारा गर्दा मलाई जवाफ
दिनुहोस्।
दुःखमा पर्दा तपाईंले मलाई ठाउँ
दिनुभएको छ।
ममाथि अनुग्रह गर्नुहोस्, र मेरो
प्रार्थना सुन्नुहोस्।
२ हे मानिसका सन्तान हो, मेरो गौरव
कहिलेसम्म अनादरमा परिणत होइरहला
कहिलेसम्म तिमीहरू व्यर्थका कुराहरू
रुचाउनेछौ,
कहिलेसम्म झूटको पछि लागनेछौ? सेला
३ तिमीहरूलाई थाह होस्, कि जो भक्त
छ, तिनलाई परमप्रभुले आफ्नो निम्ति
अलग्गै राख्नुभएको छ।
मैंले पुकारा गर्दा परमप्रभुले सुन्नुहुनेछ।
४ रीस ता गर, तर पापचाहिँ नगर।
तिमीहरूको ओछ्यानमा आफ्ना आफ्ना
मनमा गुन, र चूपचाप रहो। सेला
५ धार्मिकताको बलिदान चढ़ाओ,
र तिमीहरूको भरोसा परमप्रभुमा
राख।

६ यसो भन्ने धेरै छन्, 'हामीलाई
असल कुरा कसले देखाउला?'
हे परमप्रभु, तपाईंको मुहारको ज्योति
हामीमाथि प्रकाश गर्नुहोस्।
७ तिनीहरूका अनाज र दाखमद्य प्रशस्त
भएको बेलामाभन्दा,
तपाईंले मेरो हृदयलाई अझै आनन्दित
तुल्याइदिनुभएको छ।
८ शान्तिमा म पल्टूँला र निदाऊँला;
किनकि हे परमप्रभु, तपाईंले मात्र
मलाई सुरक्षित रहनदिनुहुन्छ।

शत्रुबाट रक्षाको निम्ति प्रार्थना

बाद्य-नाइकेको निम्ति—बाँसुरीको साथमा गाउने दाऊदको भजन

५ हे परमप्रभु, मेरा कुरामा कान
लगाउनुहोस्।
मेरो ध्यानतिर विचार गर्नुहोस्।
२ हे मेरा राजा, हे मेरा परमेश्वर, मेरो
पुकाराको सोर सुन्नुहोस्।
किनकि तपाईंमानै म प्रार्थना गर्दछु।
३ हे परमप्रभु, बिहानै तपाईंले मेरो सोर
सुन्नुहुनेछ।
बिहान तपाईंमा प्रार्थना गरेर म पहरा
बस्नेछु।
४ किनभने तपाईं दुष्टतामा प्रसन्न हुने
परमेश्वर हुनुहुन्न।
खराबी तपाईंमा रहनैसक्तैन।
५ घमण्डी मानिस तपाईंको नजरको सामु
उभिनसक्नेछैन।

अधर्मको काम गर्नेहरू सबैलाई तपाईं घृणा
गर्नुहुन्छ।
६ झूट बोल्नेहरूलाई तपाईं नष्ट गर्नुहुन्छ।
परमप्रभुले रक्तपात र छल गर्ने मानिसलाई
घृणा गर्नुहुन्छ।
७ तर मचाहिँ ता तपाईंको प्रशस्त
करुणाद्वारा तपाईंको भवनभित्र आउनेछु।
तपाईंको डर मानेर तपाईंको पवित्र
मन्दिरतिर दण्डवत् गर्नेछु।
८ हे परमप्रभु, मेरा शत्रुहरूका कारणले
गर्दा तपाईंको धार्मिकतामा मलाई
डोर्‍याउनुहोस्।
तपाईंको मार्ग मेरो सामने सोझो
पारिदिनुहोस्।
९ किनभने तिनीहरूको मुखमा सत्यता छैन।
तिनीहरूको अन्तस्करण दुष्टताले
भरिएको छ।

तिनीहरूको घोक्रो खुला चिहान-
जस्तै छ।
तिनीहरू आफ्ना जिब्रोले खुशामदी
कुरा गर्छन्।
१० हे परमेश्वर, तिनीहरूलाई दोषी
ठहराउनुहोस्।
तिनीहरूका आफ्नै युक्तिले तिनीहरू
पतित होऊन्।
तिनीहरूका थुप्रै अपराधले गर्दा
तिनीहरूलाई बाहिर धपाउनुहोस्।
किनकि तिनीहरू तपाईंको विरुद्धमा
बागी भएका छन्।
११ तर तपाईंको शरण लिनेहरूचाहिँ,
तपाईंले तिनीहरूलाई रक्षा गर्नुभएको
हुनाले रमाऊन्।
तिनीहरू सधैं आनन्दले कराऊन्।
तपाईंको नाउँलाई प्रेम गर्नेहरू तपाईंमा
प्रफुल्लित होऊन्।
१२ किनकि तपाईंले धर्मात्माहरूलाई आशिष
दिनुहुनेछ।
हे परमप्रभु, तपाईंले त्यसलाई ढालले झैं
आफ्नो निगाहले घेर्नुहुनेछ।

संकष्टमा कृपाको निम्ति प्रार्थना

बाद्य-नाइकेको निम्ति—तारको बाजाले खर्ज रागमा
बजाउने दाऊदको भजन

६ हे परमप्रभु, तपाईंको क्रोधमा मलाई
नहप्काउनुहोस्,
नता तपाईंको बल्दो रीसमा मलाई
चेताउनुहोस्।
२ ममाथि अनुग्रह गर्नुहोस्, हे परमप्रभु,
किनभने म ओइलाइसकेको छु,
हे परमप्रभु, मलाई निको पार्नुहोस्,
किनकि मेरा हाड़हरूमा बेचैनी छ।
३ मेरो प्राण पनि साह्रै बेचैनीमा छ,
तर तपाईंचाहिँ, हे परमप्रभु, कहिले
सम्म ?
४ फर्कनुहोस्, हे परमप्रभु, मेरो प्राणलाई
छुटकारा दिनुहोस्।
तपाईंको करुणाको खातिर मलाई
बचाउनुहोस्।
५ किनभने मरेपछि तपाईंको सम्झना हुँदैन,
पातालमा कसले तपाईंलाई धन्यवाद
दिनेछ र ?
६ विलाप गर्दा गर्दा म थाकिकेको छु।
हरेक रात आँसुले म मेरो ओछ्यान
डुबाउँछु।
म रोएर मेरो ओछ्यान भिजाउँछु।
७ दुःखले गर्दा मेरो आँखा निस्तेज हुन्छ,
मेरा विरोधीहरूका कारणले गर्दा त्यो
कमजोर हुन्छ।
८ अधर्म गर्नेहरू सबै मबाट पर बस,
किनभने परमप्रभुले म रोएको सोर
सुन्नुभएको छ।
९ परमप्रभुले मेरो अन्तरबिन्ती सुन्नुभएको
छ।
परमप्रभुले मेरो प्रार्थना ग्रहण गर्नुहुन्छ।
१० मेरा सबै दुश्मनहरू लाजले अति
व्याकुल हुनेछन्।
तिनीहरू पछि हट्छन्, र क्षणभरमा
लज्जित हुनेछन्।

दुष्टको विरुद्धमा इन्साफ होस् भन्ने प्रार्थना

बिन्यामिनी कूशको कुरा लिएर दाऊदले परमप्रभुको
सामने गाएको शिग्गायोन नामक भजन

७ हे परमप्रभु परमेश्वर, तपाईंमानै म
शरण लिन्छु।
मलाई खेद्नेहरू सबैबाट मलाई
बचाउनुहोस्, र मलाई छुटकारा
दिनुहोस्।
२ नत्रता सिंहले झैं त्यसले मेरो प्राणलाई
फहराउनेछ,
छुटकारा दिने कोही नहुँदा मलाई टुक्रा
टुक्रा पार्नेछ।
३ हे मेरा परमप्रभु परमेश्वर, यदि मैले
यसो गरेको भएदेखि,

यदि मेरा हातमा केही अधर्म भएदेखि,
४ यदि मसँग मेल राख्नेलाई मैले भलाइको बदलामा खराबी गरेको भए,
(जो विनाकारण मेरो विरोधी थियो, त्यसलाई मैले बचाएको छु।)
५ मेरो दुस्मनले मेरो प्राणलाई खेदेर पक्रोस्।
त्यसले मेरो ज्यानलाई भूइँमा कुल्चोस्,
र मेरो महिमा माटोमा मिलाइ देओस्।

६ हे परमप्रभु, तपाईंको रीसमा उठ्नुहोस्,
मेरा विरोधीहरूका क्रोधको विरुद्धमा तपाईं आफै खड़ा हुनुहोस्,
औ मेरो निम्ति उठ्नुहोस्।
इन्साफको आज्ञा तपाईंलेनै दिनुभएको छ।
७ जाति जातिको समुदायले तपाईंलाई चारैतिर घेरून्।
औ तिनीहरूकै माथिबाट तपाईं उच्च स्थानमा फर्केर जानुहोस्।
८ परमप्रभुले जाति जातिको इन्साफ गर्नु हुन्छ।
हे परमप्रभुले, मेरो धार्मिकताअनुसार,
र ममा भएको मेरो निर्दोषताअनुसार मेरो इन्साफ गर्नुहोस्।
९ दुष्टहरूको दिन पुगोस्,
तर धर्मात्माहरूलाई तपाईंले स्थिर गराउनुहोस्।
किनभने निष्पक्ष परमेश्वरले हृदय र मनको जाँच गर्नुहुन्छ।

१० मेरो ढाल परमेश्वरमा छ,
जसले सोझो हृदय भएको मानिसलाई बचाउनुहुन्छ।
११ परमेश्वर निष्पक्ष न्यायधीश हुनुहुन्छ,
औ यस्ता परमेश्वर, जो प्रतिदिन क्रोधी हुनुहुन्छ।

१२ यदि मानिसले पश्चाताप गरेन भनेता,
उहाँले आफ्नो तरवारमा सान लाउनुहुन्छ।
उहाँले धनुमा ताँदो चढ़ाएर तयार पार्नुभएको छ।
१३ उहाँले त्यसको विरुद्ध मृत्युको हतियार पनि तयार पार्नुभएको छ।
उहाँले आफ्ना काँड़हरूलाई अग्निबाण तुल्याउनुहुन्छ।
१४ हेर, त्यसले अधर्मको पीड़ा भोग्दछ।
त्यसले उपद्रव धारण गरेर झूट उत्पन्न गराएको छ।
१५ त्यसले गहीरो खाड़ल खनेको छ,
र त्यसले खनेको खाड़लमा त्यो आफै जाकिएको छ।
१६ त्यसको उपद्रव त्यसको आफ्नै टाउकोमा पर्नेछ,
औ त्यसको अत्याचार त्यसको आफ्नै थाप्लोमाथि ओइरिनेछ।

१७ उहाँको धार्मिकताअनुसार म परमप्रभुमा धन्यवाद चढ़ाउँछु।
सर्वोच्च परमप्रभुको नाउँमा म स्तुति गाउनेछु।

परमेश्वरको महामहिमा र मानिसको मर्यादा

पाच-नाइकेको निम्ति—गित्तित रागमा गाउने दाऊदको भजन

८ हे प्रभो, हाम्रा परमप्रभु,
जसले आफ्नो महिमा स्वर्गमा स्थिर गर्नुभएको छ,
सारा पृथ्वीभरि तपाईंको नाउँ कति उत्तम छ!
२ तपाईंका विरोधीहरूको कारणले गर्दा,
शत्रुहरू र बदला लिनेहरूलाई चूप तुल्याउन,
बालकहरू र दूध-चुस्ने बालकहरूको मुखबाट तपाईंले आफ्नो सामर्थ्यको

पर्खाल स्थापित गर्नुभएको छ।
३ जब म तपाईंका औंलाहरूको काम आकाश,
र तपाईं नियुक्त गर्नुभएका जून र ताराहरूलाई विचार गर्दछु,
४ मानिस के हो र, तपाईं त्यसको सम्झना गर्नुहुन्छ ?
र मानिसको सन्तान, जसको तपाईं चासो लिनुहुन्छ ?
५ किनकि तपाईंले त्यसलाई दूतहरूभन्दा केही मात्र कम गरेर बनाउनुभएको छ,
र त्यसलाई गौरव र आदरको मुकुट लगाइदिनुभएको छ।
६ तपाईंको बाहुलीका कार्यहरू सबैमाथि तपाईंले त्यसलाई प्रभुत्व दिनुभएको छ।
७ भेड़ा र गोरुहरू सबै वनका जानवरहरू पनि।
८ आकाशका चराहरू र समुद्रका माछाहरू, र समुद्रभित्र बग्ने सबै जन्तुहरू।

९ हे प्रभो, हाम्रा परमप्रभु, समस्त पृथ्वीभरि तपाईंको नाउँ कति उत्तम छ!

परमेश्वरको धार्मिक इन्साफ

गाय-नाइकेको निम्ति—मुतलबेन रागमा गाउने दाऊदको भजन

१ मेरो पूरा हृदयले म परमप्रभुमा धन्यवाद चढ़ाउनेछु।
तपाईंका सबै आश्चर्यकामहरूको वर्णन म गर्नेछु।
२ तपाईंमा म रमाउनेछु र आनन्दित हुनेछु।
हे सर्वोच्च, तपाईंको नाउँमा म स्तुति गाउनेछु।
३ जब मेरा शत्रुहरूले पीठ फर्काउँछन्, तब तिनीहरू तपाईंका सामने ठक्कर खाएर नष्ट हुन्छन्।
४ किनभने तपाईंले मेरा न्याय र मामिला कायम गरिदिनुभएको छ,
धर्मपूर्वक इन्साफ गरेर तपाईं सिंहासनमा विराजमान हुनुहुन्छ।
५ तपाईंले अन्यजातिहरूलाई हप्काउनुभएको छ, तपाईंले दुष्टहरूलाई नष्ट पार्नुभएको छ,
तपाईंले तिनीहरूको नाउँ सदा सर्वदाको निम्ति मेटिदिनुभएको छ।
६ शत्रुहरूको दिन पुगेको छ, तिनीहरू सदाको निम्ति उजाड़ भएका छन्,
र ती शहरहरू, जो तपाईंले भताभुङ्ग पारिदिनुभएको छ, तिनका नाउँ निशानै हराइसकेको छ।
७ तर परमप्रभु ता सदाको निम्ति राजा भएर विराजमान हुनुहुन्छ।
उहाँले इन्साफको निम्ति आफ्नो सिंहासन तयार पार्नुभएको छ।
८ र उहाँले धार्मिकतासाथ संसारको इन्साफ गर्नुहुनेछ,
उहाँले जाति जातिको विना पक्षपात इन्साफ गर्नुहुनेछ।
९ थिचोमिचोमा परेकाहरूका निम्ति पनि परमप्रभु एउटा अग्लो धरहरा हुनुहुनेछ,
कष्टका समयमा एउटा उच्च धरहरा।
१० तपाईंको नाउँ जान्नेहरू जत्ति चाहिँले आफ्नो भरोसा तपाईंमा राख्छन्।
किनभने हे परमप्रभु, तपाईंको खोजी गर्नेहरूलाई तपाईंले त्याग्नुभएको छैन।
११ सियोनमा विराजमान हुनुहुने परमप्रभुको स्तुति गाओ।
जाति जातिका बीचमा उहाँका कामहरूको घोषणा गर।
१२ किनकि रगतको बदला लिनुहुनेले तिनीहरूको सम्झना गर्नुहुन्छ।
गरीबहरूको पुकारा उहाँले बिर्सनुहुन्न।
१३ हे परमप्रभु, ममाथि अनुग्रह गर्नुहोस्।
मलाई घृणा गर्नेहरूबाट मैले भोग्नु परेको कष्ट हेर्नुहोस्,
तपाईं, जसले मलाई मृत्युको ढोकाबाट उठाउनुहुन्छ।
१४ र तपाईंको सबै प्रशंसा

सियोनकी छोरीका ढोकाहरूमा म
देखाउनसकूँ।
तपाईंले दिनुभएको उद्धारमा म रमाउनेछु।

१५ अन्यजातिहरू आफूले खनेका खाड़लमा
आफै जाकिएका छन्।
तिनीहरूले लुकाएर राखेका जालमा
तिनीहरूकै खुट्टा जेलिएका छन्।
१६ परमप्रभुले आफैलाई प्रकट गर्नुभएको छ।
उहाँले इन्साफ गर्नुभएको छ।
दुष्टचाहिँ आफ्नै हातको काममा फँसेको
छ। (सिग्गायोन) सेला

१७ दुष्टचाहिँ पातालमैं फर्केर जानेछ,
परमेश्वरलाई बिर्सने सबै जातिहरू पनि।
१८ किनकि उहाँले दरिद्रहरूलाई सधैंभरि
बिर्सनुहुनेछैन।
नम्रहरूको आशा सदाको निम्ति
नष्ट हुनेछैन।
१९ हे परमप्रभु उठ्नुहोस्! मानिस विजयी
हुन नपाओस्।
अन्यजातिहरूको इन्साफ तपाईंको सामने
होस्।
२० हे परमप्रभु, तिनीहरूलाई डरमा
राख्नुहोस्।
हामी मानिस मात्र हौं भन्ने अन्यजाति-
हरूले याद पाऊन्। सेला

दुष्टमाथि परमेश्वरको इन्साफ होस् भन्ने प्रार्थना

१० हे परमप्रभु, तपाईं किन टाढ़ा
उभिनुहुन्छ?
दुःखको बेलामा तपाईं आफै किन
लुक्नुहुन्छ?
२ दुष्टहरूको घमण्डमा दुःख पाएकाहरूलाई
ज्यादै खेदो हुन्छ।
तिनीहरूले रचेको युक्तिहरूमा तिनीहरू
आफै फँसून्।
३ किनभने दुष्टले आफ्नो हृदयको
इच्छाअनुसार अहंकार गर्छ,
र लोभीले चाहिँ परमप्रभुलाई त्याग
गर्छ। उहाँलाई हियाउँछ।
४ दुष्टले आफ्नो मुखको घमण्डमा भन्छ,
"उहाँले केही लेखा राख्नुहुन्न,"
"परमेश्वर हुँदै हुनुहुन्न" भन्ने त्यसका
सबै विचार छन्।
५ उहाँको मार्ग सधैं दृढ़ रहन्छ।
तपाईंको न्यायको वचन यति उच्च
छ, कि त्यसमा त्यसको विचारनै
पुग्दैन।
त्यसका विरोधीहरूलाई चाहिँ त्यसले
नाक चेप्राउँछ।
६ "म डग्नेछैनँ,
पुस्तौंसम्म म दुःखमा पर्नेछैनँ,"
भनी त्यसले आफ्नो मनमा भन्छ।
७ त्यसको मुख सराप, छल र अत्याचारले
भरिएको हुन्छ।
त्यसको जिब्रोमनि उपद्रव र अधर्म छन्।
८ गाउँ गाउँका ढुक्ने ठाउँहरूमा त्यो
बस्छ।
गुप्त ठाउँहरूमा त्यसले निर्दोषहरूको
हत्या गर्छ।
त्यसका आँखा असहायहरूका विरुद्धमा
गुप्तसँग गड़ेका हुन्छन्।
९ ओढ़ारको सिंहझैं त्यो गुप्त ठाउँमा
ढुकेर बस्छ।
दुःख पाएकाहरूलाई पक्रन त्यो
ढुकेर बस्छ।
त्यसले थापेको पासोमा पारेपछि त्यसले
दुःख पाएकाहरूलाई पक्रन्छ।
१० त्यो दबेर बस्छ, र निउरन्छ,
र असहायचाहिँ त्यसको शक्तिले
लड़िहाल्छ।
११ त्यसले आफ्नो मनमा भन्छ, "परमेश्वरले
बिर्सनुभएको छ।
उहाँले आफ्नो मुहार ढाक्नुभएको
छ, उहाँले कहिल्यै देख्नुहुनेछैन।"

१२ हे परमप्रभु, उठ्नुहोस्! हे परमेश्वर,
तपाईंको हात उठाउनुहोस्,
नम्रहरूलाई नबिर्सनुहोस्।
१३ दुष्टले किन परमेश्वरलाई हियाउँछ?
र त्यसको मनमा भन्छ, "तपाईं लेखा
राख्नुहुन्न।"
१४ तपाईंले यो देख्नुभएको छ,
किनकि आफ्नो हातले बदला लिना
उपद्रव र द्वेषलाई तपाईं हेर्नुहुन्छ।
असहायचाहिँ तपाईंकै शरणमा पर्दछ।
बाबु नभएकाहरूको सहाय तपाईंनै
हुनुहुन्छ।
१५ दुष्टको पाखुरा भाँचिदिनुहोस्।
खराब मानिसको चाहिँ फेरि कुनै
नभेट्टाउञ्जेल त्यसको दुष्टता खोज्नुहोस्।

१६ परमप्रभु सदा सर्वदाको निम्ति राजा
हुनुहुन्छ,
अन्यजातिहरू उहाँको देशबाट नष्ट
हुन्छन्।
१७ हे परमप्रभु, तपाईंले नम्रहरूको इच्छा
सुन्नुभएको छ।
तपाईंले तिनीहरूको हृदयलाई सुदृढ़
पार्नुहुनेछ,
१८ पृथ्वीको मानिस अबदेखि डरलाग्दो
नहोस्
औ बाबु नभएका र थिचोमिचोमा
परेकाहरूको इन्साफ होस् भनेर
तपाईंले आफ्नो कान सुन्ने
तुल्याउनुहुनेछ।

धर्मात्माको निम्ति परमप्रभुनै शरणस्थान हुनुहुन्छ

बाद्य-नाइकेको निम्ति—दाऊदको भजन

११ परमप्रभुमानै म शरण लिन्छु,
तिमीहरूले मेरो प्राणलाई कसरी
भन्नसक्छौ?
"चराझैं आफ्नो डाँड़ामा उड़ेर जा,
२ किनभने हेर, दुष्टहरूले धनुमा ताँदो
चढ़ाउँछन्,
सोझो हृदय भएकाहरूलाई अँध्यारोमा
हान्नौं भनेर
तिनीहरूले आफ्नो काँड़ तयार पार्छन्।
३ यदि जगहरूनै नष्ट हुन्छन् भने,
धर्मात्माहरूले के गर्नसक्छन् र?"
४ परमप्रभु आफ्नै पवित्र मन्दिरमा
हुनुहुन्छ,
परमप्रभुको सिंहासन स्वर्गमा छ।
मानिसका सन्तानलाई उहाँले हेर्नुहुन्छ,
मानिसहरूको परीक्षा उहाँ नियालेर
गर्नुहुन्छ।
५ परमप्रभुले धर्मात्माको परीक्षा गर्नुहुन्छ,
तर दुष्ट र अत्याचार निको मान्नेलाई
उहाँको आत्माले घृणा गर्छ।
६ दुष्टहरूमाथि उहाँ पासो वर्षाउनुहुन्छ।
आगो, गन्धक र प्रचण्ड लूह तिनीहरूको
कचौराको भाग हुनेछ।
७ किनभने परमप्रभु धर्मात्मा हुनुहुन्छ,
उहाँ धर्म-कर्म निको मान्नुहुन्छ।
सोझाहरूले उहाँको मुहार देख्नेछन्।

विश्वासघात गर्नेको विरुद्धमा परमेश्वरको सहायताको निम्ति प्रार्थना

बाद्य-नाइकेको निम्ति—शमिनिथ रागमा बजाइने
दाऊदको भजन

१२ हे परमप्रभु, सहायता गर्नुहोस्,
किनभने भक्त एउटै पनि बाँकी
रहेन।
किनकि मानिस लोप भएका छन्।
२ तिनीहरू हरेकले आफ्ना छिमेकीसँग
झूटा कुरा गर्दछन्।
खुशामदी ओठ र कालो मनले तिनीहरू
कुरा गर्दछन्।
३ सबै खुशामदी गर्ने ओठलाई र
ठूलाठूला कुरा गर्ने जिब्रोलाई परमप्रभुले
काटिदिनुहुनेछ।

४ तिनीहरूले भनेका छन्, "हाम्रा
जिब्रैले हामी प्रबल हुनेछौं।
हाम्रा ओठ हाम्रै हुन्, हाम्रा परमप्रभु
को हो र?"
५ परमप्रभु भन्नुहुन्छ, "नम्रहरूमाथिको
थिचोमिचो र दरिद्रहरूको लाभो
सुस्केराको कारण अब म उठ्नेछु।
त्यसले तिर्सना गरेबमोजिम म त्यसलाई
सुरक्षित राख्नेछु।"

६ परमप्रभुका वचनहरू पवित्र छन्।
माटोमाथि भट्टीमा खारेको चाँदीजस्तो।
७ हे परमप्रभु, तपाईंले तिनीहरूलाई रक्षा
गर्नुहुनेछ,
यस पुस्तादेखि सधैंभरि तपाईंले
तिनीहरूलाई जोगाएर राख्नुहुनेछ।
८ मानिसका सन्तानहरूमा नीचपनाको
बढ़िबढ़ाउ हुँदा दुष्टहरू चारैतिर डुल्छन्।

सङ्कष्टमा प्रार्थना

वाद्य-नाइकेको निम्ति—दाऊदको भजन

१३ कहिलेसम्म हे परमप्रभु, तपाईंले
सधैंभरि मलाई बिर्सनुहोला?
तपाईंले आफ्नो मुहार मसँग कहिलेसम्म
लुकाउनुहोला?
२ दिनभरि मेरो हृदयमा शोक बोकिरहेर
कहिलेसम्म म मेरो आत्मामा चिन्ता
लिइरहूँ?
कहिलेसम्म मेरा शत्रुहरू ममाथि प्रबल
भइरहनेछन्।
३ हे परमप्रभु, मेरा परमेश्वर, विचार गरेर
मलाई जवाफ दिनुहोस्।
मेरा आँखालाई ज्योति दिनुहोस्,
नत्रता म मृत्युको निद्रामा पर्नेछु।
४ नत्रता मेरो शत्रुले भन्नेछ,
"त्यसमाथि म प्रबल भएको छु।"
नत्रता म डगमगाउँदा मेरा विरोधीहरू
रमाउनेछन्।

५ तर मैले ता तपाईंको करुणामा भरोसा
गरेको छु,
तपाईंले गर्नुहुने उद्धारमा मेरो हृदय
रमाउनेछ।
६ उहाँले मलाई प्रशस्तसँग दिनुभएको
हुनाले परमप्रभुको म स्तुति गर्नेछु।

मानिसहरूको बेवकूफी र दुष्टता

वाद्य-नाइकेको निम्ति—दाऊदको भजन

१४ मूर्खले आफ्नो मनमा भनेको छ,
"ईश्वर छैन।"
तिनीहरू भ्रष्ट भएका छन्, तिनीहरूले
घिनलाग्दा कामहरू गरेका छन्।
असल गर्ने कोही छैन।
२ बुद्धिमानीसाथ काम गर्ने कोही छ कि?
परमेश्वरलाई खोज्ने कोही छ कि?
भनेर हेर्नलाई
परमप्रभुले स्वर्गबाट मानिसका सन्तानलाई
हेर्नुभयो।
३ तिनीहरू सबै एकातिर लागेका छन्।
तिनीहरू जम्मै एकैचोटि फोहोरी भएका
छन्।
असल गर्ने कोही पनि छैन। अहँ, एउटै
पनि छैन।

४ के अधर्म काम गर्नेहरू सबैको ज्ञान छैन?
जसले मेरा मानिसहरूलाई रोटीझैं
खाइहाल्दछन्।
र परमप्रभुमा पुकारा गर्दैनन्।
५ त्यहीँनै तिनीहरूमाथि ठूलो डर
आइलाग्यो।
किनभने धर्मात्माहरूका सन्तानमा परमेश्वर
हुनुहुन्छ।
६ किनभने त्यसका शरणचाहिँ परमप्रभु
हुनुभएको हुनाले
तिमीहरूले दुःखमा परेकाहरूको मतोलाई
शर्ममा पारेका छौ।
७ आहा, इस्राएलको उद्धार सियोनबाट
आएको भएता हुनेथियो!

जब परमप्रभुले आफ्ना मानिसहरूलाई
कैदबाट फर्काएर ल्याउनुहुन्छ,
तब याकूब रमाउनेछन् र इस्राएल
खुशी हुनेछन्।

परमेश्वरको पवित्र डाँड़ामा रहने इच्छा

दाऊदको भजन

१५ हे परमप्रभु, तपाईंको बासस्थानमा
कसले बास गर्न पाउनेछ?
तपाईंको पवित्र डाँड़ामा को
रहनपाउनेछ?
२ त्यो, जो सोझो मनले हिंड़्छ,
र धर्म-कर्म गर्छ,
र हृदयले सत्य बोल्छ।
३ जसले आफ्नो जिब्रोले निन्दा गर्दैन,
औ आफ्ना मित्रको खराबी गर्दैन,
आफ्ना छिमेकीहरूको बेइज्जत गर्दैन।
४ जसको आँखामा बेकम्मा मानिस तुच्छ
हुन्छ,
तर परमप्रभुको भय मान्नेहरूलाई चाहिं
त्यसले कदर गर्दछ।
जसले आफ्नो हानि हुँदा पनि किरिया
खाएर कुरा बदलँदैन।
५ जसले आफ्नो रूपियाँ व्याजमा लाउँदैन,
नता निर्दोषको विरुद्धमा घूस लिन्छ।
यस्ता यस्ता काम गर्ने कहिल्यै पनि
डग्नेछैन।

परमेश्वरको जीवनको श्रेष्ठता

दाऊदको मिक्तम भन्ने भजन

१६ मलाई रक्षा गर्नुहोस्, हे परमेश्वर।
किनकि तपाईंमानै मैले शरण लिएकोछु।
२ मैले परमप्रभुलाई भनेको छु—तपाईं
मेरा परमप्रभु हुनुहुन्छ।
तपाईंबाहेक मेरो भलाइ अन्त कहीं छैन।
३ पृथ्वीमा भएका भक्तहरू चाहिं
उत्तम छन्,
मेरा सब आनन्द तिनीहरूमानै छन्।
४ परमप्रभुको सट्टामा अरू देवता लिनेहरूका
दुःख बढ़्नेछन्।
तिनीहरूले दिएको रगतको बलि म
चढ़ाउनेछैनँ,
तिनीहरूको नाउँ म आफ्नो मुखले
लिनेछैनँ।
५ परमप्रभुनै मेरो अधिकारको हिस्सा र
कचौराको भाग हुनुहुन्छ।
तपाईंले मेरो भाग कायम राख्नुहुन्छ।
६ नापको जञ्जीर मलाई मनपर्ने ठाउँमा
परेको छ।
मैले असल अधिकार पाएको छु।
७ मलाई सल्लाह दिनुहुने परमप्रभुलाई म
धन्यको भन्नेछु।
मेरो अन्तस्करणले पनि मलाई राती
शिक्षा दिन्छ।
८ मैले परमप्रभुलाई सधैं मेरो सामने
राखेको छु।
किनभने उहाँ मेरो दाहिने हाततर्फ
हुनुहुन्छ। म डग्नेछैनँ।
९ यसकारण मेरो हृदय आनन्दित र मेरो
आत्मा हर्षित हुन्छ।
मेरो शरीर पनि सुरक्षित रहनेछ।
१० किनभने तपाईंले मेरो प्राणलाई पातालमा
छोड़्नुहुनेछैन।
तपाईंले आफ्नो पवित्र जनलाई
कुहुनु दिनुहुनेछैन।
११ तपाईंले मलाई जीवनको मार्ग
देखाउनुहुनेछ।
तपाईंकै उपस्थितिमा, आनन्दको
भरपूरी छ।
तपाईंको दाहिने बाहुलीमा सदा सर्वदाको
निम्ति सुख छ।

छुटकाराको प्रार्थना

दाऊदको एउटा प्रार्थना

१७ सत्यको वचन सुन्नुहोस्,
हे परमप्रभु, मेरो पुकारामा ध्यान
दिनुहोस्।

निष्कपट मुखबाट निस्केको मेरो
प्रार्थनामा कान लगाउनुहोस्।
२ मेरो मामिलाको फैसला तपाईंकै सामने
होस्।
विना पक्षपात तपाईंको नजरले हेरोस्।
३ तपाईंले मेरो हृदय जाँच्नुभएको छ,
तपाईंले मलाई राती दर्शन
दिनुभएको छ।
तपाईंले मलाई जाँच्नुभएको छ,
तर मभित्र केही खराबी भेट्टाउनुहुन्न।
मेरो मुखबाट अपराधको कुरा
निस्कनेछैन भनी मैले निश्चय गरेको छु।
४ मानिसहरूका कामको विषयमा चाहिँ
तपाईंको ओठको वचनद्वारा मैले
आफैलाई उपद्रवका मार्गबाट बचाएर
राखेको छु।
५ मेरो पाइलाले तपाईंका बाटोहरूमा
दृढ़साथ टेकेका छन्,
मेरा खुट्टा चिप्लेका छैनन्।
६ मैले तपाईंमा पुकारा गरेको छु,
किनकि हे परमेश्वर, तपाईंले मलाई
जवाफ दिनुहुन्छ।
तपाईंको कान मतिर थाप्नुहोस्,
र मेरो कुरा सुन्नुहोस्।
७ तपाईं, जसले आफ्नो दाहिने बाहुलीले
तपाईंमा भरोसा गर्नेहरूलाई तिनका
विरोधीहरूबाट बचाउनुहुन्छ।
तपाईंको अचम्मको करुणा देखाउनुहोस्।
८ आँखाको नानीलाई झैं मलाई रक्षा
गर्नुहोस्।
तपाईंका पखेटाको छायामनि,
९ मलाई बिगार गर्ने ती दुष्टहरूबाट
मेरा चारैतिर मलाई घेरा लाउने
मेरा घातक शत्रुहरूबाट मलाई
लुकाउनुहोस्।
१० तिनीहरू आफ्नै बोसोमा लट्पटिएका
छन्।
तिनीहरू आफ्ना मुखले घमण्डका कुरा
गर्दछन्।
११ अहिले तिनीहरूले हाम्रा पाइलैपिच्छे
हामीलाई घेरेका छन्।
हामीलाई जमीनमा फाल्न तिनीहरूले
आँखा लगाएका छन्!
१२ शिकारको लोभी सिंहझैं,
र लुक्ने ठाउँमा ढुकी रहने जवान
सिंहझैं, त्यो छ।
१३ हे परमप्रभु, उठ्नुहोस्!
त्यसको सामना गर्नुहोस्,
त्यसलाई पछारिदिनुहोस्,
तपाईंको तरवारद्वारा दुष्टहरूबाट मेरो
प्राणलाई छुटकारा दिनुहोस्।
१४ मानिसहरूबाट, हे परमप्रभु,
तपाईंका बाहुलीले,
यस संसारका मानिसहरूबाट
जसको भाग यही जीवनमा छ,
र जसको पेट तपाईंले आफ्नो
भण्डारबाट भरिदिनुहुन्छ।
तिनीहरू आफ्ना बाल-बच्चासँग सन्तुष्ट
रहन्छन्,
र आफ्ना धन-सम्पत्तिको बचेको भाग
आफ्ना बाल-बच्चाका निम्ति छोड़िदिन्छन्।
१५ मचाहिँ ता, धार्मिकतामा तपाईंको
मुख हेर्नेछु।
म बिउँझदा तपाईंको रूपको दर्शनले
सन्तुष्ट हुनेछु।

छुटकारा दिनुभएकोमा परमप्रभुको प्रशंसा

दाऊदको भजन

१८ हे परमप्रभु, मेरो शक्ति, म तपाईंलाई
प्रेम गर्दछु।
२ परमप्रभु मेरो चटान, मेरो गढ़ी र
मलाई छुटकारा दिने हुनुहुन्छ।
मेरा परमेश्वर, मेरो बलियो चटान,
उहाँमै म भरोसा राख्नेछु।
मेरो ढाल, र मेरो उद्धारको सीङ,
मेरो अग्लो धरहरा।
३ म परमप्रभुमा पुकारा गर्नेछु, जो

प्रशंसाको योग्य हुनुहुन्छ, यसरी म
मेरा शत्रुहरुबाट बाँच्नेछु।
४ मृत्युका डोरीहरूले मलाई घेरे,
अधर्मका बाढ़ले मलाई तर्साए,
५ पातालका डोरीहरू मेरा चारैतिर
थिए।
मृत्युका पासोहरू ममाथि आइलागे।
६ मेरो आपद्मा मैले परमप्रभुको
पुकारा गरें,
र मेरा परमेश्वरलाई इपारें।
आफ्नो मन्दिरबाट उहाँले मेरो सोर
सुन्नुभयो।
उहाँको सामनेको मेरो पुकारा उहाँका
कानमा पुग्यो।
७ तब पृथ्वी हल्लिएर काम्यो।
पहाड़हरूका जगसमेत कामे,
र उहाँ रिसाउनुभएको हुनाले,
ती हल्लिए।
८ उहाँका नाकका फोहोराहरूबाट धुवाँ
निस्क्यो,
र उहाँको मुखबाट निस्केको आगोले
भस्म पार्‍यो।
यसबाट कोइलाहरू सल्किए।
९ स्वर्गलाई पनि निहुराएर उहाँ तल
आउनुभयो।
निष्पट्ट अँध्यारो उहाँको पाउमनि थियो।
१० र उहाँ एउटा करूबमाथि सवार भएर
उड़्नुभयो।
बतासका पखेटामा बसेर वेग हानेर
उहाँ उड़्नुभयो।
११ अन्धकारलाई उहाँले आफ्नो लुक्ने
ठाउँ,
र पानीका अन्धकार र आकाशका
बाक्ला बादलहरूलाई आफ्ना वरिपरि
छत तुल्याउनुभयो।
१२ उहाँको चमकको सामने बाक्ला बादलहरू
हटेर गए,
असिना र आगोका फिलिङ्गाहरू!
१३ परमप्रभु स्वर्गमा गर्जनु पनि भयो,
र सर्वोच्चले आफ्नो सोर सुनाउनुभयो।
असिना र आगोका फिलिङ्गाहरू!
१४ औ उहाँले आफ्ना काँड़हरू हानेर
तिनलाई छिन्न-भिन्न पारिदिनुभयो।
कैयौं बज्रहरू प्रयोग गरेर तिनीहरूलाई
ध्वंस गर्नुभयो।
१५ हे परमप्रभु, तपाइंको हप्कीमा,
तपाइंका नाकका फोहोराको सासको
झोक्कामा पानीका मूलहरू देखा परे,
र पृथ्वीका जगहरू प्रकट भए।
१६ उहाँले माथिबाट आफ्नो बाहुली
पसारेर मलाई थाम्नुभयो।
उहाँले मलाई गहीरो पानीबाट तानेर
निकाल्नुभयो।
१७ उहाँले मलाई मेरा बलवान शत्रुबाट
र मलाई घृणा गर्नेहरूबाट छुटाउनुभयो,
किनकि तिनीहरू मभन्दा ज्यादै बलिया
थिए।
१८ मेरो विपत्तिका दिनमा तिनीहरू ममाथि
आइलागे।
तर परमप्रभु मेरो आड़ हुनुभयो।
१९ उहाँले मलाई फराकिलो ठाउँमा पनि
निकालेर ल्याउनुभयो।
उहाँ मसँग प्रसन्न हुनुभएको हुनाले
मलाई छुटकारा दिनुभयो।
२० मेरो धार्मिकताअनुसार परमप्रभुले मलाई
इनाम दिनुभयो।
मेरा हातका शुद्धताअनुसार उहाँले
मलाई प्रतिफल दिनुभयो।
२१ किनकि म परमप्रभुको मार्गमा चलेको छु।
दुष्ट भएर मेरा परमेश्वरबाट म
अलग भएको छैनँ।
२२ किनभने उहाँका सारा विधानहरू मेरा
सामनेनै थिए,
र मैले उहाँका नियमहरू मबाट
त्यागिनँ।
२३ उहाँका सामने म सिद्ध पनि थिएँ,
र आफ्नो अधर्मबाट जोगिएर रहेको
थिएँ।

२४ यसकारण परमप्रभुले मेरो
धार्मिकताअनुसार
र उहाँको दृष्टिमा मेरा हातको
शुद्धताअनुसार मलाई प्रतिफल
दिनुभएको छ।

२५ कृपालुसँग तपाईं कृपालुनै देखा
पर्नुहुनेछ।
सिद्धसँग तपाईं सिद्धनै देखा पर्नुहुनेछ।
२६ शुद्धसँग तपाईं शुद्धै देखा पर्नुहुनेछ।
अशिष्टसँग तपाईं अशिष्टै देखा
पर्नुहुनेछ।
२७ किनकि दुःख पाएका मानिसहरूलाई
तपाईंले बचाउनुहुनेछ।
तर घमण्डी आँखाहरूलाई तपाईंले
लत्तार्नुहुनेछ।
२८ किनकि तपाईंले मेरो दियो
बालिदिनुहुनेछ।
मेरा परमेश्वर परमप्रभुले मेरो अन्धकारलाई
उज्यालो बनाउनुहुनेछ।
२९ किनकि तपाईंको सहायताले म
फौजमाथि आक्रमण गर्छु।
र मेरै परमेश्वरको सहायताले म पर्खाल
नाँघ्छु।

३० परमेश्वरको मार्ग चाहिँ सिद्ध छ,
परमप्रभुको वचन प्रमाणित भएको छ।
उहाँमा भरोसा गर्नेहरू जत्ति सबैका
उहाँ ढाल हुनुहुन्छ।
३१ किनभने परमप्रभुबाहेक
अरू को परमेश्वर छ?
हाम्रा परमेश्वर छोडेर अरू चटान को छ?
३२ उनै परमेश्वर, जसले मलाई शक्तिको
पटुका लाइदिनुहुन्छ,
र मेरो मार्ग सिद्ध तुल्याउनुहुन्छ।
३३ उहाँले मेरा खुट्टाहरू मुडुली जरायाका
खुट्टाजस्तै तुल्याउनुहुन्छ।
र मेरा उच्च स्थानहरूमा मलाई
बसाल्नुहुन्छ।
३४ उहाँले मेरा हातलाई लड़ाइँ गर्न
सिकाउनुहुन्छ।
यसैले मेरा पाखुराहरूले पीतले धनु
झुकाउँछन्।
३५ तपाईंले आफ्नो मुक्तिको ढाल पनि
मलाई दिनुभएको छ।
र तपाईंको दाहिने बाहुलीले मलाई
समातेको छ,
र तपाईंको नम्रताले मलाई ठूलो
तुल्याउनुभएको छ।
३६ मेरा पाइलाहरूका निम्ति तपाईंले मेरा
ठाउँ फराकिलो बनाउनुभएको छ।
र मेरा खुट्टा चिप्लेका छैनन्।
३७ मेरा शत्रुहरूलाई खेदेर म तिनीहरूलाई
भेट्टाउनेछु।
तिनीहरू भस्म नहोउञ्जेल म
फेरि फर्कनेछैनँ।
३८ तिनीहरू उठ्न नसक्नेगरी म
तिनीहरूलाई हिर्काउनेछु।
तिनीहरू मेरा पैतालामनि ढल्नेछन्।
३९ किनभने लड़ाइँको निम्ति तपाईंले
मलाई शक्तिको पटुका बाँधिदिनुभएको छ।
मेरो विरुद्धमा उठ्नेहरू जत्तिलाई
तपाईंले मेरो वशमा पारिदिनुभएको छ।
४० मलाई घृणा गर्नेहरूलाई
मैले काटिहालूँ भनेर
तपाईंले मेरा शत्रुहरूलाई पीठ फर्काउने
पनि तुल्याउनुभएको छ।
४१ तिनीहरूले पुकारा गरे, तर तिनीहरूलाई
बचाउने कोही भएन।
परमप्रभुमा पनि,
तर उहाँले पनि तिनीहरूलाई
जवाफ दिनुभएन।
४२ तब बतासको अगिल्तिर धूलाहरू
जस्तोगरी मसिनो पारेर मैले तिनीहरूलाई
टक्टकाएँ।
गल्लीको हिलोझैँ मैले तिनीहरूलाई फालें।
४३ प्रजाका झगड़ाहरूबाट तपाईंले मलाई
छुटाउनुभएको छ।

तपाईंले मलाई जाति जातिहरूका नेता
तुल्याउनुभएको छ।
मैले चिन्दै नचिनेका मानिसहरूले मेरो
चाकरी गर्नेछन्।
४४ मेरो आज्ञा पालन गर्नेछन्।
विदेशीहरूले आफै मेरो अधीनता
स्वीकार गर्नेछन्।
४५ विदेशीहरू ओइलाइहाल्नेछन्,
र आफ्ना आफ्ना किल्लाहरूबाट काम्दै
आउनेछन्।

४६ परमप्रभु जीवित हुनुहुन्छ, र मेरो
चटान धन्यको हुनुहुन्छ।
मलाई उद्धार गर्ने परमेश्वर सर्वोच्च
हुनुहुन्छ।

४७ उनै परमेश्वर, जसले मेरो निम्ति बदला
लिनुहुन्छ,
र मानिसहरूलाई मेरो वशमा पार्नुहुन्छ।
४८ उहाँले मलाई मेरा शत्रुहरूबाट छुटकारा
दिनुहुन्छ।
मेरो विरुद्धमा उठ्नेहरूभन्दा माथि
मलाई तपाईंले उठाउनुहुन्छ।
अत्याचारी मानिसहरूबाट तपाईंले मलाई
छुटाउनुहुन्छ।
४९ यसैकारण हे परमप्रभु, जाति जातिहरूका
बीचमा म तपाईंमा धन्यवाद चढ़ाउनेछु,
र तपाईंको नाउँको स्तुति गाउनेछु।
५० आफ्ना राजालाई उहाँले ठूलो छुटकारा
दिनुहुन्छ,
र उहाँ आफैले अभिषेक गर्नुभएको
दाऊद र उसका सन्तानमाथि सदा
सर्वदै करुणा देखाउँदैरहनुहुन्छ।

प्रकृति र उहाँको आफ्नो व्यवस्थामा परमेश्वरको महिमा

बाद्य-नाइकेको निम्ति—दाऊदको भजन

१९ आकाशले परमेश्वरको महिमाको वर्णन
गर्छ।
र आकाश-मण्डलले उहाँको हातको सीप
प्रकट गर्छ,
२ दिनले दिनसँग बात गर्छ,
र रातले रातलाई ज्ञान सिकाउँछ।
३ तिनीहरूको सोर सुन्न नसकिने,
कुनै बोली, कुनै वा भाषा छैन।
४ तिनीहरूको सोर सारा पृथ्वीभरि
गुञ्जायमान भएको छ,
र तिनीहरूका वचन संसारको अन्तसम्म।
तिनीहरूमानै उहाँले सूर्यको निम्ति एउटा
बासस्थान बनाउनुभएको छ,
५ जो आफ्नो कोठाबाट निस्कने
दुलहाजस्तै छ,
र आफ्नो दौड़ दौड़ने वीर पुरुषजस्तो
रमाउँछ।
६ त्यसको उदय आकाशको एक कुनाबाट
हुन्छ,
र त्यसको चक्कर अर्को कुनासम्म, औ
त्यसको तापबाट केही कुरा लुकेर
रहँदैन।

७ परमप्रभुको व्यवस्था निर्दोष छ, आत्मालाई
जागृत गराउने।
परमप्रभुको साक्षीवचन पक्का छ,
निर्बोधहरूलाई बुद्धिमान तुल्याउने।
८ परमप्रभुका आदेश ठीक छन्,
हृदयलाई आनन्द गराउने।
परमप्रभुको आज्ञा निर्मल छ, आँखालाई
उज्ज्वल तुल्याउने।
९ परमप्रभुको भय शुद्ध छ, अनन्तकालसम्मै
ठहर्ने,
परमप्रभुको न्यायको वचन सच्चा र
बिलकुलै धर्ममय छन्।
१० तिनीहरू सुनभन्दा औ ज्यादै निखुर
सुनभन्दा पनि मनपर्ने हुन्छन्।
मह र महको चाकाभन्दा पनि गुलियो।
११ तीबाटै तपाईंको दासले चेताउनी
पनि पाएको छ।
ती पालन गरेमा ठूलो इनाम छ।

१२ आफ्ना भुलहरू कसले सम्भनसक्छ ?
गुप्त दोषहरूबाट मलाई शुद्ध पार्नुहोस् ।
१३ अहंकारका पापबाट आफ्नो दासलाई
हटाउनुहोस् ।
तिनीहरूको प्रभुत्व ममाथि हुन नपाओस्,
तब म सिद्ध हुँला,
र म ठूलो अपराधबाट निर्दोष हुँला ।

१४ हे परमप्रभु, मेरो चटान
र मेरो उद्धारक,
मेरो मुखका वचनहरू र मेरो हृदयको
ध्यान तपाईंको दृष्टिमा ग्रहणयोग्य होऊन् ।

विजयको निम्ति प्रार्थना

बाद्य-नाइकेको निम्ति-दाऊदको भजन

२० सङ्कष्टको दिनमा परमप्रभुले तिमीलाई
उत्तर दिऊन् ।
याकूबका परमेश्वरको नाउँले तिमीलाई
उच्च स्थानमा राखोस् ।
२ पवित्र स्थानबाट तिमीलाई सहायता
पठाऊन्,
र सियोनबाट तिमीलाई सम्हालून् ।
३ तिम्रा सबै अन्नबलिको सम्भना राखून्,
र तिम्रो होमबलि ग्रहण गरून् । सेला
४ तिम्रो मनको इच्छा तिमीलाई
पुऱ्याइदिऊन्,
र तिमीलाई सारा युक्तिमा सफल गराऊन् ।
५ तिमीबाट हुने मुक्तिमा हामी विजयी
हुनेछौं,
र हाम्रा परमेश्वरको नाउँमा हामी
आफ्ना भण्डाहरू खड़ा गर्नेछौं,
परमप्रभुले तिम्रा सबै अर्जीहरू पूरा
गरिदिऊन् ।

६ अब मलाई थाह भयो, कि आफूले
अभिषेक गर्नुभएकोलाई परमप्रभुले उद्धार
गर्नुहुन्छ ।
आफ्नो दाहिने बाहुलीको उद्धार गर्ने
शक्तिले
उहाँले आफ्नो पवित्र स्वर्गबाट उनलाई
उत्तर दिनुहुनेछ ।
७ कतिले रथहरूमा, र कतिले
घोड़ाहरूमा भरोसा गर्छन् ।
तर हामी ता हाम्रा परमेश्वर परमप्रभुकै
नाउँ लिनेछौं ।
८ तिनीहरूचाहिं झुहेका र ढलेका छन् ।
तर हामी ता उठेर खड़ा भएका छौं ।
९ हे परमप्रभु, बचाउनुहोस् ।
हामीले पुकारा गर्दा महाराजाले हामीलाई
जवाफ दिऊन् ।

विजयको निम्ति धन्यवाद प्रदान

बाद्य-नाइकेको निम्ति—दाऊदको भजन

२१ हे परमप्रभु, तपाईंकै सामर्थ्यमा राजाले
आनन्द मनाउनुहुनेछ,
र तपाईंबाट हुने उद्धारमा उहाँ कति
हर्षित हुनुहुनेछ ।
२ तपाईंले उहाँको मनोरथ पूर्ण
गराइदिनुभएको छ,
र उहाँको मुखको बिन्ती तपाईंले
टार्नुभएको छैन । सेला
३ किनभने तपाईंले उत्तम उत्तम आशिष
लिएर उहाँसँग भेट गर्नुहुन्छ ।
तपाईंले चोखो सुनको शिरपेच उहाँको
शिरमा लगाइदिनुहुन्छ ।
४ उहाँले तपाईंसित जीवन माग्नुभयो,
तपाईंले त्यो उहाँलाई दिनुभयो ।
सदा सर्वदाको दीर्घायु पनि दिनुभयो ।
५ तपाईंबाट हुने उद्धारमानै उहाँको ठूलो
गौरव हुन्छ ।
आदर र उत्कृष्टता तपाईंले उहाँमाथि
राखिदिनुहुन्छ ।
६ किनभने तपाईंले उहाँलाई सदाका निम्ति
आशीर्वादी तुल्याउनुहुन्छ ।
तपाईंले उहाँलाई आफ्नै सम्मुखमा खुशीले
आनन्दित तुल्याउनुहुन्छ ।
७ किनभने राजाले परमप्रभुमा भरोसा
राख्नुहुन्छ,

र सर्वोच्चको कारण उ कहिल्यै पनि
डग्नेछैन ।

८ तपाईंकै बाहुलीले आफ्‍ना सारा शत्रुहरूको
पत्ता लाउनेछ ।
तपाईंलाई घृणा गर्नेहरू जतिलाई
तपाईंको दाहिने बाहुलीले पत्ता लाउनेछ ।
९ तपाईंले आफ्नो रीसको बखतमा
तिनीहरूलाई जलिरहेको भट्टीमैं
तुल्याउनुहुनेछ ।
परमप्रभुले आफ्नो क्रोधमा तिनीहरूलाई
निल्नुहुनेछ,
र आगोले तिनीहरूलाई भस्म पार्नेछ ।
१० तपाईंले तिनीहरूका छोरा-छोरीलाई
पृथ्वीबाट,
र तिनीहरूका वंशलाई मानिसहरूका
सन्तानबाट नष्ट पार्नुहुनेछ ।
११ किनभने तिनीहरूले तपाईंको विरुद्ध खराबी
चिताए,
आफूले गर्न नसक्ने युक्ति तिनीहरूले
रचे ।
१२ किनकि तिनीहरूका सामने तपाईंले
तिनीहरूको विरुद्धमा आफ्नो धनुमा ताँदो
चढाएर तिनीहरूलाई पीठ फर्काएर भाग्ने
तुल्याउनुहुनेछ ।

१३ हे परमप्रभु, आफ्नै सामर्थ्यमा तपाईं
उच्च हुनुहोस्,
यसरी हामी तपाईंको पराक्रमको भजन
र स्तुति गाउनेछौं ।

सङ्कटमा पुकारा र प्रशंसाको भजन

पाथ-नाइकेको निम्ति—अय्येलेथ-हश-शहर रागमा
दाऊदको भजन

२२ हे मेरा परमेश्वर, हे मेरा परमेश्वर,
तपाईंले मलाई किन त्याग्नुभयो ?
मलाई सहायता गर्न र मेरो
कङ्कलाशब्दबाट तपाईं किन टाढा
रहनुहुन्छ ?
२ हे मेरा परमेश्वर, दिनको समयमा म
कराउँछु, तर तपाईंले उत्तर दिनुहुन्न ।
र रातको समयमा पनि म चूप रहन्नँ ।
३ तर तपाईं, जो इस्राएलको स्तुतिको
सिंहासनमा विराजमान हुनुहुन्छ,
तपाईं पवित्र हुनुहुन्छ ।
४ हाम्रा पुर्खाले तपाईंमानै भरोसा
राखेका थिए ।
तिनीहरूले भरोसा राखे । तपाईंले
तिनीहरूलाई छुटकारा दिनुभयो ।
५ तपाईंमा तिनीहरूले पुकारा गरे, र
छुटकारा पाए ।
तिनीहरूले तपाईंमा भरोसा राखे,
र तिनीहरू शर्ममा परेनन् ।
६ तर म ता कीरा मात्रै हुँ, मानिस
होइन ।
मानिसहरूमा गिल्ला र जनतामा तुच्छ ।
७ मलाई देख्नेहरू जति सबैले मलाई
खिसी गरेर हाँस्छन् ।
तिनीहरू ओठ लेप्राउँछन्, र यसो
भन्दै टाउको हल्लाउँछन्,
८ "आफूलाई परमप्रभुमा समर्पण गर् ।
उहाँलेनै त्यसलाई छुटकारा गरिदिऊन् ।
उहाँबाट त्यसको छुटकारा होस्,
किनभने त्यससँग उहाँ प्रसन्न
हुनुहुन्छ ।"
९ तर मलाई गर्भबाट निकाल्ने ता तपाईंनै
हुनुहुन्छ ?
म मेरो आमाको कोखमा हुँदा तपाईंले
मलाई तपाईंमा भरोसा गर्न
तुल्याउनुभयो ।
१० गर्भदेखि म तपाईंमा सुम्पिएँ
म मेरो आमाको पेटमा हुँदैदेखि तपाईं
मेरा परमेश्वर हुनुहुन्छ ।
११ मबाट टाढा नहुनुहोस्, किनभने सङ्कट
नजीकै छ ।
मलाई सहायता गर्ने कोही छैन ।
१२ धेरै साँढेहरूले मलाई घेरेका छन् ।
बाशानका बलिया बलिया साँढेहरू मेरो

वरिपरि घेरा लागेका छन्।
१३ फहराउने र गर्जने सिंहले जस्तै,
तिनीहरूले मतिर आफ्ना मुख बाउँछन्।
१४ म ता पानीझैं पोखिएको छु,
र मेरा सारा हड्डीका जोर्नीहरू फुस्केका छन्।
मेरो मुटु मैनजस्तै भएको छ।
मेरा आन्द्रा-भुँडीको बीचमा त्यो पग्लेको छ।
१५ खपटाझैं मेरो बल टुटेको छ।
र मेरो जिब्रो मेरो तालुमा टाँसन्छि।
मृत्युको माटोमा तपाईंले मलाई पुऱ्याउनुभएको छ
१६ किनभने कुकुरहरूले मलाई घेरेका छन्।
कुकर्मीहरूको समूहले मलाई चारैतिरबाट थुनेर राखेका छन्।
तिनीहरूले मेरा हात र मेरा खुट्टा छेंडेका छन्।
१७ मेरा सबै हाड़हरू म गन्नसक्छु।
तिनीहरूले मलाई आँखाले ताकेर हेर्दछन्।
१८ तिनीहरूले मेरा लुगाहरू आपसमा बाँड्छन्।
र मेरो दौरामा चाहिं तिनीहरूले गोला हाल्दछन्।
१९ तर तपाईंचाहिं टाढा नहुनुहोस्, हे परमप्रभु।
हे मेरा सहायक, मलाई छिटो सहायता गर्नुहोस्।
२० मेरो प्राणलाई तरवारबाट,
र मेरो एक मात्र ज्यानलाई कुकुरहरूका पञ्जाबाट छुटाउनुहोस्।
२१ सिंहको मुखबाट जङ्गली साँढेका सीङ्बाट मलाई बचाउनुहोस्।

२२ म आफ्ना दाज्यू-भाइहरूलाई तपाईंको नाउँको वर्णन गर्नेछु।
समुदायको बीचमा म तपाईंको प्रशंसा गर्नेछु।
२३ परमप्रभुको महिमा गर्नेहरू जति सबै उहाँको स्तुति गर।
याकूबका सबै सन्तानहरू, उहाँको महिमा गर।
हे इस्राएलका सबै सन्तान हो, उहाँको डर राख।
२४ किनकि उहाँले दुःखीको दुःखलाई तुच्छ गर्नुभएको र घिनाउनुभएको छैन।
उहाँले आफ्नो मुहार त्यसबाट लुकाउनुभएको छैन।
तर त्यसले पुकारा गर्दा उहाँले सुन्नुभयो।

२५ ठूलो सभामा मेरो स्तुति तपाईंबाटनै उत्पन्न हुन्छ।
उहाँको डर राख्नेहरूका सामने म आफ्नो भाकल पूरा गर्नेछु।
२६ नम्र मानिसहरू खाएर तृप्त हुनेछन्।
परमप्रभुको खोजी गर्नेहरूले उहाँको प्रशंसा गर्नेछन्।
तिनीहरूको हृदय सदा जीवित रहोस्।
२७ पृथ्वीका अन्तसम्मैका देशका सबैले सम्झना गरेर परमप्रभुतिर फर्कनेछन्।
र जाति जातिका सबै परिवारले तपाईंको सामने दण्डवत् गर्नेछन्।
२८ किनभने राज्य ता परमप्रभुकै हो।
र सबै जातिहरूका शासक उहाँनै हुनुहुन्छ।
२९ पृथ्वीका सबै धनवानहरूले खाएर दण्डवत् गर्नेछन्।
धूलोमा मिलेर जाने जत्ति सबैले,
र आफ्ना आफ्ना प्राण रक्षा गर्न नसक्ने पनि उहाँको सामने घोप्टो पर्नेछ।
३० एउटा सन्तानले उहाँको सेवा गर्नेछ।
अर्को पुस्तसम्म परमप्रभुको वर्णन गरिनेछ।
३१ तिनीहरू आएर उहाँको धार्मिकताको विषयमा 'उहाँले यसो गर्नुभएको छ' भनेर पछि जन्मनेहरूलाई वर्णन गर्नेछन्।

परमप्रभु गोठाला

दाऊदको भजन

२३ परमप्रभु मेरा गोठाला हुनुहुन्छ,
मलाई केहीको खाँचो हुँदैन ।
२ उहाँले मलाई हरियो खर्कमा सुताउनुहुन्छ ।
उहाँले मलाई सुख-चैनको पानीनेर डोर्याउनुहुन्छ ।
३ उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ ।
उहाँले आफ्नै नाउँको खातिर मलाई धार्मिकताका मार्गमा अगुवाइ गर्नुहुन्छ ।
४ घोर अन्धकारमा मैंले हिँड्नु परे तापनि,
म कुनै खतरादेखि डराउँनेछैनँ ।
किनकि तपाइं मेरो साथमा हुनुहुन्छ ।
तपाइंको लट्ठी र तपाइंको लौरो,
तिनैले मलाई सान्त्वना दिन्छन् ।

५ मेरा शत्रुहरूका सामुन्ने तपाइंले मेरो निम्ति भोज तयार पार्नुहुन्छ ।
तपाइंले मेरो शिर तेलले अभिषेक गर्नुभएको छ, मेरो कचौरा भरेर पोखिन्छ ।
६ निश्चय मेरो जीवनभरि भलाइ र करुणा मपछि लाग्नेछ ।
र परमप्रभुको घरमा म सदा रहनेछु ।

परमप्रभु सृष्टिकर्त्ता र उहाँको मन्दिर

दाऊदको भजन

२४ पृथ्वी र त्यसमा भएका जे जति थोक छन्, सबै परमप्रभुकै हुन् ।
संसार र त्यसमा बास गर्नेहरू सबै पनि ।
२ किनभने उहाँलेनै त्यो समुद्रमाथि बसाल्नुभएको छ,
र छालहरूमाथि त्यो स्थापित गर्नुभयो ।

३ परमप्रभुको डाँडामा को उक्लनपाउला ?
र उहाँको पवित्र स्थानमा को उभिनपाउला ?
४ त्यहीनै, जसको हात निष्कलंक, र जसको हृदय शुद्ध छ ।
जसले आफ्नो मनलाई व्यर्थका कुरातिर लगाएको छैन,
र छल-छामसँग किरिया हालेको छैन ।
५ त्यसलेनै परमप्रभुबाट आशीर्वाद पाउनेछ,
र आफूलाई उद्धार गर्नुहुने परमेश्वरबाट त्यसले धार्मिकता प्राप्त गर्नेछ ।
६ उहाँको खोजी गर्नेहरूको पुस्ता यही हो,
जसले तपाइंको दर्शनको खोजी गर्दछन्,
हे याकूबका परमेश्वर । सेला

७ हे मूल-ढोका हो, तिमीहरूका शिर उठाओ ।
हे सनातनका ढोका हो, उच्च होओ ।
तब महिमाका महाराजा प्रवेश गर्नुहुनेछ ।
८ महिमाका महाराजा को हुनुहुन्छ ?
परमप्रभु, जो सामर्थी र प्रतापी हुनुहुन्छ,
परमप्रभु, जो लड़ाइँमा पराक्रमी हुनुहुन्छ ।
९ हे मूल-ढोका हो, तिमीहरूका शिर उठाओ ।
हे सनातनका ढोका हो, ती उठाओ ।
र महिमाका महाराजा प्रवेश गर्नुहुनेछ ।
१० महिमाका यो महाराजाचाहिँ को हुनुहुन्छ ?
सेनाहरूका परमप्रभु,
उहाँनै महिमाका महाराजा हुनुहुन्छ ।

क्षमा र रक्षाको निम्ति प्रार्थना

दाऊदको भजन

२५ हे परमप्रभु, म मेरो मन तपाइंतिर उचाल्छु ।
२ हे मेरा परमेश्वर, मैले तपाइंकै भरोसा गरेको छु,
मैले शर्माउन नपरोस् ।
मेरा शत्रुहरू ममाथि विजयी हुन नपाऊन् ।

३ तपाईंको बाटो हेर्ने जति कसैले शर्माउन नपरोस्।
विना कारण विश्वासघात गर्नेहरू शर्माउनेछन्।
४ तपाईंको मार्ग मलाई देखाउनुहोस्, हे परमप्रभु।
तपाईंको बाटो मलाई दिनुहोस्।
५ तपाईंको सत्यतामा मेरो अगुवा हुनुहोस्, र मलाई सिकाउनुहोस्।
किनकि तपाईंनै मलाई उद्धार गर्ने परमेश्वर हुनुहुन्छ,
दिनभरि म तपाईंकै बाटो हेर्दैरहन्छु।
६ हे परमप्रभु, तपाईंका कोमल कृपा र करुणाहरूको सम्झना रहोस्।
किनकि ती अनन्तकालदेखि भएर आएका हुन्।
७ मेरो जवानी अवस्थाका पापहरू र मेरा अपराधहरू नसम्झनुहोस्।
हे परमप्रभु, तपाईंको भलाइको खातिर, आफ्नो करुणाअनुसार मलाई सम्झनुहोस्।
८ परमप्रभु भला र सरल हुनुहुन्छ।
यसैकारण उहाँले पापीहरूलाई आफ्नो मार्गमा शिक्षा दिनुहुनेछ।
९ नम्रहरूलाई उहाँले न्यायमा अगुवाइ गर्नुहुनेछ।
औ नम्रहरूलाई उहाँले आफ्नो मार्ग सिकाउनुहुनेछ।
१० उहाँको करार र उहाँका साक्षीबचन पाल्न गर्नेहरू जतिलाई, परमप्रभुका सबै मार्गहरू करुणा र सत्यका हुन्छन्।
११ हे परमप्रभु, तपाईंको नाउँको खातिर, मेरो अधर्म क्षमा गर्नुहोस्,
किनकि त्यो ठूलो छ।
१२ परमप्रभुको डर मान्ने मानिस को छ?
आफूले छान्नुभएको मार्गको शिक्षा उहाँले त्यसैलाईनै दिनुहुनेछ।
१३ त्यसको आत्मा शान्तिमा रहनेछ।
र त्यसको सन्तानले देशमा अधिकार जमाउनेछन्।
१४ उहाँसँग डराउनेहरूसँगनै परमप्रभुको घनिष्ठता रहन्छ।
र उहाँले तिनीहरूलाई आफ्नो करार बताउनुहुनेछ।
१५ मेरा आँखा सदा परमप्रभुतर्फ लाग्छन्।
किनकि उहाँले मेरा खुट्टाहरू पासोबाट फुस्काउनुहुनेछ।
१६ तपाईं मतिर फर्कनुहोस्, र ममाथि अनुग्रह गर्नुहोस्।
किनकि म एक्लो र दुःखित छु।
१७ मेरो हृदयका दुःखहरू बढ़ेका छन्।
मलाई मेरा कष्टहरूबाट तपाईंलेनै छुटाउनुहोस्।
१८ मेरा दुःख र वेदनाको विचार गर्नुहोस्।
र मेरा सबै पापहरू क्षमा गर्नुहोस्।
१९ मेरा शत्रुहरूको विचार रहोस्,
किनभने तिनीहरू धेरैनै छन्।
र तिनीहरूले मलाई निर्दयको रीसले घृणा गर्दछन्।
२० मेरो प्राणलाई रक्षा गर्नुहोस्, र मलाई छुटाउनुहोस्।
मैले शर्माउन नपरोस्, किनकि म तपाईंको शरणमा परेको छु।
२१ इमान्दारी र सोझोपनले मलाई सुरक्षित राखून्,
किनभने म तपाईंकै बाटो हेर्दछु।
२२ हे परमेश्वर, इस्राएललाई
त्यसका सबै दुःखबाट मुक्त गर्नुहोस्।

इमान्दारीपनाको प्रतिवाद

दाऊदको भजन

२६ हे परमप्रभु, मेरो इन्साफ गर्नुहोस्, किनकि म मेरो इमान्दारीमा हिंड़ेको छु।
मैले कत्ति नधरमराईकन परमप्रभुमा भरोसा पनि गरेको छु।
२ मलाई जाँच्नुहोस्, हे परमप्रभु, र प्रमाणित गर्नुहोस्,

मेरो मन र हृदय जाँच्नुहोस्।
३ किनकि तपाईंको करुणा मेरो आँखाको सामने छ।
र तपाईंकै सत्यतामा म चलेको छु।
४ म व्यर्थका मानिसहरूसँग बसेको छैनँ।
नता म कपटीहरूको साथमा जानेछु।
५ कुकर्मीहरूको समुदायलाई म घृणा गर्दछु,
र दुष्टहरूसँग म बस्नेछैनँ।
६ म आफ्नो हात निर्दोषतामा धुनेछु।
यसरी, हे परमप्रभु तपाईंको वेदीको रिङ्गै म घुम्नेछु।
७ र मेरो धन्यवादको सोर तपाईंमा सुनाउनसकूँ,
र तपाईंका सारा आश्चर्यकामको वर्णन गर्नसकूँ।
८ हे परमप्रभु, तपाईंको भवनको बासस्थान,
र तपाईंको महिमा रहने ठाउँलाई म प्रेम गर्दछु।
९ मेरो आत्मालाई पापीहरूसित
ज्यान मार्नेहरूका साथमा मेरो
जीवनलाई भेला नगराउनुहोस्।
१० जसका हातमा उपद्रयाईँ हुन्छ,
र तिनीहरूको दाहिने हात घूसले भरिएको हुन्छ।
११ तर मचाहिं ता, आफ्नो इमानदारीमा चल्नेछु,
मलाई मोल तिरेर मुक्त गराउनुहोस्,
र ममाथि कृपालु हुनुहोस्।
१२ मेरो खुट्टाले सम्म ठाउँमा टेक्छ,
समुदायहरूमा म परमप्रभुको प्रशंसा गर्नेछु।

परमेश्वरमा निर्धक्क विश्वास

दाऊदको भजन

२७ परमप्रभु मेरो ज्योति र मलाई मुक्ति दिने हुनुहुन्छ, मैले कसको डर मान्नु ?
परमप्रभुनै मेरो जीवनको किल्ला हुनुहुन्छ, मैले कसको भय मान्नु ?
२ जब कुकर्मीहरू, मेरा विरोधीहरू र मेरा शत्रुहरू
मेरो मासु खान ममाथि आइलागे,
तब ठेस खाएर तिनीहरू लड़े।
३ सेनाले मेरो विरुद्धमा छाउनी बनाए,
तापनि मेरो मन कातर हुनेछैन।
मेरो विरुद्धमा लड़ाइँ खुल्यो भने पनि
म त्यस बेला कम्मर कस्नेछु।
४ एउटै कुरा मैले परमप्रभुसित मागेको छु,
म त्यसैको खोजी गर्नेछु,
कि परमप्रभुको शोभा हेर्न, र उहाँको मन्दिरमा ध्यान दिन जीवनभर म परमप्रभुको भवनमा रहनपाऊँ।
५ किनकि आपद्‌का दिनमा उहाँले मलाई उहाँको मण्डपमा लुकाइराख्नुहुनेछ,
आफ्नो पवित्र बासस्थानको गुप्त स्थानमा उहाँले मलाई लुकाउनुहुनेछ।
उहाँले मलाई चटानमाथि चढ़ाउनुहुनेछ।
६ अब मेरा वरिपरिका शत्रुहरूमा मेरो शिर उच्च हुनेछ,
र उहाँको पवित्र बासस्थानमा आनन्दको बलिदान चढ़ाउनेछु।
म भजन गाउनेछु। म परमप्रभुको प्रशंसामा गाउनेछु।

७ हे परमप्रभु, जब म मेरो चर्को सोरले कराउँछु, तब सुन्नुहोस्,
ममाथि अनुग्रह पनि गर्नुहोस्, र मलाई जवाफ दिनुहोस्।
८ जब तपाईंले भन्नुभयो, "मेरो दर्शनको खोजी गर्।" मेरो हृदयले तपाईंलाई भन्यो, "हे परमप्रभु, तपाईंको दर्शनको खोजी म गर्नेछु।"
९ तपाईंको मुहार मबाट नलुकाउनुहोस्।
तपाईंको दासलाई रीसमा नहटाउनुहोस्।
तपाईं मेरा सहायक हुनुभएको छ,
हे मेरा उद्धारकर्त्ता परमेश्वर, मलाई नफाल्नुहोस्, र मलाई नत्याग्नुहोस्।
१० किनकि मेरा बाबु र मेरी आमाले मलाई त्यागेका छन्,
तर परमप्रभुले मलाई सम्हाल्नुहुनेछ।

११ हे परमप्रभु, तपाईंको मार्ग मलाई सिकाउनुहोस्,
र मेरा शत्रुहरूका कारणले मलाई सम्म बाटोमा अगुवाइ गर्नुहोस्।
१२ मेरा विरोधीहरूको इच्छामा मलाई नसुम्पनुहोस्,
किनकि झूटा साक्षीहरू र निर्दयको सास फेर्नेहरू मेरो विरुद्धमा उठेका छन्।
१३ जीवितहरूको देशमा
परमप्रभुको भलाइ देख्ने मलाई विश्वास नहुँदो हो ता, म मुर्छै परिहाल्थें।
१४ परमप्रभुको बाटो हेर्, दह्रो हो,
र तेरो हृदयले साहस गरोस्,
तैंले परमप्रभुकै बाटो हेर्।

बदलाको निम्ति प्रार्थना

दाऊदको भजन

२८ हे परमप्रभु, म तपाईंमानै पुकारा गर्नेछु,
हे मेरा चटान, मेरो निम्ति बहिरो नहुनुहोस्,
यदि तपाईं मसित चूप रहनुभयो भनेता,
खाड़लमा पर्नेहरूजस्तै म हुनेछु।
२ जब तपाईंको पवित्र स्थानको भित्री कोठातिर म मेरो हात उठाउँछु,
र तपाईंलाई पुकारा गर्छु,
तब मेरो अन्तरबिन्ती सुन्नुहोस्।
३ मलाई दुष्टहरू र अपराधका काम गर्नेहरूसँग नघिस्याउनुहोस्,
जो तिनका छिमेकीहरूसँग कुरा त मेलको गर्दछन्,
तर तिनीहरूका हृदयमा दुष्टयाइँ हुन्छ।
४ तिनीहरूका काम र तिनीहरूले गरेका कामको खराबीअनुसार तिनीहरूलाई दिनुहोस्,
तिनीहरूका हातका कामअनुसार तिनीहरूलाई दिनुहोस्,
तिनीहरूलाई तिनीहरूकै प्रतिफलअनुसार दिनुहोस्।
५ किनभने तिनीहरूले परमप्रभुका काम र उहाँका बाहुलीका कामको वास्ता राख्तैनन्,
उहाँले तिनीहरूलाई बिगार्नुहुनेछ,
र फेरि बनाउनुहुनेछैन।

६ परमप्रभु धन्यको हुनुहुन्छ,
किनभने उहाँले मेरा अन्तरबिन्तीको सोर सुन्नुभएको छ।
७ परमप्रभु मेरो शक्ति र मेरो ढाल हुनुहुन्छ,
मेरो हृदयले उहाँमा भरोसा राखेको हुनाले मैले सहायता पाएको छु।
यसकारण मेरो हृदय ज्यादै रमाउँछ।
र भजन गाएर म उहाँको प्रशंसा गर्नेछु।
८ परमप्रभु तिनीहरूकै शक्ति हुनुहुन्छ,
र उहाँले अभिषेक गर्नुभएको जनको उद्धारको निम्ति उहाँनै दृढ़ गढ़ हुनुहुन्छ।

९ आफ्नो प्रजालाई बचाउनुहोस्,
र आफ्नो हकवालालाई आशिष दिनुहोस्,
तिनीहरूलाई खुवाउनु पनि होस्,
र तिनीहरूलाई सधैं सम्झाल्नु होस्।

आँधी-बेहीमा परमप्रभुको आवाज

दाऊदको भजन

२९ हे बलिष्टका सन्तान हो, परमप्रभुकै गुणानुवाद गर,
महिमा र सामर्थ्यलेनै परमप्रभुको गुणानुवाद गर।
२ उहाँका नाउँअनुसारको महिमा परमप्रभुलाई देओ।
पवित्रताले सुशोभित भएर परमप्रभुलाई दण्डवत् गर।

३ परमप्रभुको सोर बादलहरूमा हुन्छ।
महिमाका परमप्रभु, बाक्ला बादलहरू-
माथिका परमप्रभु, गर्जनुहुन्छ।
४ परमप्रभुको सोर शक्तिमान छ।
परमप्रभुको सोर महा-महिमाले परिपूर्ण छ।
५ परमप्रभुको सोरले देवदारहरू पनि
भाँच्छ।
परमप्रभुले लबानोनका देवदारहरू
टुक्रा टुक्रा पारेर भाँच्नुहुन्छ।
६ उहाँले तिनीहरूलाई बाछाहरूलाईझैं,
औ लबानोन र सिरिओनलाई चाहिं
जङ्गली बाछाहरूलाईझैं उफार्नुहुन्छ।
७ परमप्रभुको सोरले आगोको ज्वालालाई
चिर्छ।
८ परमप्रभुको सोरले वनलाई थर्काउँछ।
परमप्रभुले कादेशको वनलाई
थर्काउनुहुन्छ।

९ परमप्रभुको सोरले मुडुली-जरायाहरूको
गर्भ तुहुन्छ,
र जङ्गलहरू नाङ्गो तुल्याउँछ।
औ उहाँको मन्दिरमा हरेकले महिमानै
बोल्छ।
१० जलप्रलयमा परमप्रभु विराजमान
हुनुहुन्थ्यो।
परमप्रभु सदा सर्वदा महाराजा
भएर विराजमान हुनुहुन्छ।
११ परमप्रभुले आफ्ना मानिसलाई शक्ति
दिनुहुनेछ।
परमप्रभुले आफ्ना मानिसलाई शान्तिको
आशिष दिनुहुनेछ।

मृत्युबाट छुटकारा पाएकोमा प्रशंसा

भजन—महल प्रतिष्ठाको निम्ति दाऊदको भजन

३० हे परमप्रभु, म तपाईंको सहनी गर्छु।
किनभने तपाईंले मलाई माथि
उचाल्नुभएको छ,
र मेरा शत्रुहरूलाई ममाथि आनन्दित
तुल्याउनुभएको छैन।
२ हे मेरा परमप्रभु परमेश्वर,
मैले तपाईंलाई पुकारें,
तपाईंले मलाई निको पार्नुभयो।
३ हे परमप्रभु, तपाईंले मेरो आत्मालाई
पातालबाट माथि ल्याउनुभएको छ।
म खाड़लमा नपरूँ भनेर तपाईंले मलाई
जीवित राख्नुभएको छ।
४ हे परमप्रभुका भक्त हो, उहाँको भजन
गाओ,
र उहाँको पवित्र नाउँमा धन्यवाद
चढ़ाओ।
५ किनकि उहाँको रीस क्षणभरको मात्र
हुन्छ।
उहाँकै निगाहमा जीवन रहन्छ।
रूवाबासी रातभर मात्र रहन्छ,
तर बिहान आनन्द आइहाल्छ।
६ मैंले मेरो उन्नतिको समयमा
'म कहिल्यै डग्नेछैनँ,' भनेको थिएँ
७ हे परमप्रभु, तपाईंले निगाहसाथ मेरो
पहाड़ बलियो तुल्याउनुभएको थियो।
तपाईंले आफ्नो मुख लुकाउनुभयो,
म दुःखित भएँ।
८ हे परमप्रभु, मैले तपाईंलाई पुकारें।
र परमप्रभुमानै अन्तरबिन्ती गरें।
९ म खाड़लमा परें भने मेरो रगतमा के
लाभ हुन्छ ?
के माटोले तपाईंको प्रशंसा गर्छ ?
के त्यसले तपाईंको सत्यताको वर्णन गर्छ ?
१० हे परमप्रभु सुन्नुहोस्, र ममाथि अनुग्रह
गर्नुहोस्।
हे परमप्रभु, तपाईं मेरो सहायक
हुनुहोस्।
११ तपाईंले मेरो निम्ति मेरो विलाप
नाचमा परिवर्त्तन गर्नुभएको छ।
तपाईंले मेरो भाङ्ग्रा फुकालिदिनुभएको
छ, र आनन्दको पटुका बाँधिदिनुभएको
छ।
१२ यस हेतुले, कि मेरो गौरवले तपाईंको
भजन गाओस् र चूप नलागोस्।

हे मेरा परमप्रभु परमेश्वर, म सदा
सर्वदा तपाईंमा धन्यवाद चढ़ाउँदैरहनेछु।

सङ्कष्टमा परमेश्वरमाथिको भरोसा

वाद्य-नाइकेको निम्ति—दाऊदको भजन

३१ हे परमप्रभु, म तपाईंमा मेरो भरोसा
राख्तछु,
मैले कहिल्यै पनि शर्माउन नपरोस्।
तपाईंकै धार्मिकतामा मलाई छुटकारा
दिनुहोस्।
२ तपाईंको कान मतिर लगाउनुहोस्।
मलाई झट्टै छुटाउनुहोस्।
मेरो निम्ति तपाईं बलियो चटान,
र मलाई बचाउन रक्षाको घर हुनुहोस्।
३ किनकि मेरो चटान र किल्ला तपाईंनै
हुनुहुन्छ।
यसैकारण तपाईंकै नाउँको खातिर
मलाई डोर्‍याउनु र अगुवाइ गर्नुहोस्।
४ तिनीहरूले मेरो निम्ति गुप्तमा थापेको
पासोबाट मलाई फुस्काउनुहोस्।
किनकि तपाईंनै मेरो दृढ़ गढ़ हुनुहुन्छ।
५ तपाईंकै हातमा म आफ्नो आत्मा
सुम्पन्छु।
हे परमप्रभु, हे सत्य परमेश्वर, तपाईंले
मलाई मोल तिरेर मुक्त गर्नुभएको छ।
६ व्यर्थका झुट्टा कुराहरूतिर मन
लगाउनेहरू जत्तिलाई म घृणा गर्छु।
तर म ता परमप्रभुमानै भरोसा गर्छु।
७ तपाईंकै करुणामा म मग्न र आनन्दित
हुनेछु।
किनकि तपाईंले मेरो दुःख देख्नुभएको
छ।
दुःखका दिनमा मेरो आत्मालाई
तपाईंले चिन्नुभएको छ।
८ औ तपाईंले मलाई बैरीको हातमा पर्न
दिनुभएको छैन।
तपाईंले मेरा खुट्टाहरू फराकिलो ठाउँमा
राखिदिनुभएको छ।
९ ममाथि अनुग्रह गर्नुहोस्, हे परमप्रभु,
किनकि म सङ्कटमा परेको छु।
शोकले गर्दा मेरो आँखा,
मेरो आत्मा र मेरो शरीर सब सुकेका
छन्।
१० किनकि मेरो जीवन अफसोसमा, र
मेरो उमेरचाहिँ सुस्केरामा बितेका छन्।
मेरो अधर्मको कारणले मेरो बल
घटेको छ,
र मेरा हाड़हरू सुकिसकेका छन्।
११ मेरा सबै विरोधीहरूले गर्दा
म तुच्छ भएको छु,
मेरा छिमेकीहरू र चिनाजानाहरूमा
म ज्यादै डरको कारण
भएको छु,
मलाई बाहिर देख्नेहरू पनि मबाट पर
हट्छन्।
१२ मरिसकेको मानिसझैँ स्मृतिबाट म
हराएको छु।
म ता फुटेको भाँड़ाजस्तै भएको छु।
१३ किनकि धेरैले मेरो अपवाद गरेका
मैले सुनेको छु,
जताततै डरै मात्र छ।
तिनीहरूले मेरो विरुद्धमा जम्मा भएर
आपसमा सल्लाह गर्दा,
मेरो ज्याननै लिने तिनीहरूले मतो गरे।
१४ तर हे परमप्रभु, मैले ता तपाईंकै
भरोसा गरेँ,
मैले भनें, "तपाईंनै मेरा परमेश्वर
हुनुहुन्छ।"
१५ मेरो समय तपाईंकै हातमा छन्।
मेरा शत्रुहरूका हातबाट, र मलाई
खेदो गर्नेहरूबाट मलाई छुटाउनुहोस्।
१६ तपाईंको मुख आफ्नो दासमाथि
प्रज्ज्वलित गर्नुहोस्।
तपाईंको करुणाद्वारा मेरो उद्धार
गर्नुहोस्।
१७ मैले शर्माउन नपरोस्, हे परमप्रभु,
किनकि मैले तपाईंलाई पुकारा गरेको
छु।

दुष्टहरू शर्ममा परून्,
तिनीहरू पातालमा चूपचाप रहून्।
१८ अहंकार र हेला गरेर,
धर्मात्माहरूका विरुद्धमा
जसले अपमानका कुरा गर्छन्,
तिनका ढाँट्ने ओठ बन्द भइजाऊन्।
१९ तपाईंसँग डराउनेहरूका निम्ति
राख्नुभएको तपाईंको भलाइ कति ठूलो छ,
जो तपाईंले आफ्ना शरण पर्नेहरूका
निम्ति मानिसका सन्तानको सामने
प्रकट गर्नुभएको छ!
२० तपाईंको उपस्थितिको गुप्त ठाँउमा
तिनीहरूलाई तपाईंले मानिसका
षड्यन्त्रबाट लुकाउनुहुनेछ।
तपाईंले तिनीहरूलाई कलहबाट सुटुक्क
आफ्नो मण्डपमा लुकाइराख्नुहुनेछ।
२१ परमप्रभु धन्यको हुनुहुन्छ।
किनकि उहाँले आफ्नो गजबको करुणा
शक्तिशाली शहरमा मलाई देखाउनु-
भएको छ।
२२ मचाहिँ ता, तपाईंको दृष्टिबाट दूर
भएको छु भनी आत्तुरीमा मैले भनें।
तैपनि मैले तपाईंलाई पुकारा गर्दा
तपाईंले मेरो अन्तरबिन्तीको सोर
सुन्नुभयो।
२३ हे सबै भक्त हो, परमप्रभुलाई प्रेम गर।
विश्वास गर्नेहरूलाई परमप्रभुले रक्षा
गर्नुहुन्छ,
औ अहंकारीहरूलाई चाहिं प्रशस्तसँग
बदला दिनुहुन्छ।
२४ हे परमप्रभुमा आशा राख्ने हो,
बलियो होऊ, र तिमीहरूका हृदयमा
साहस आओस्।

पाप-क्षमाबाट हुने सुख

दाऊदको भजन—मस्किल

३२ त्यो धन्यको हो, जसको अपराध
क्षमा भएको छ, र जसको पाप
ढाकिएको छ।
२ त्यो मानिस धन्यको हो, जसको
अधर्मको लेखा परमप्रभुले राख्नुहुन्न,
र जसको आत्मामा छल छँदैछैन।
३ जब म चूप लागें, तब मेरा हड्डीहरू
दिनभरिको मेरो कङ्कलाशब्दले गर्दा
मक्किए।
४ किनकि दिन-रात तपाईंको बाहुलीको
भार ममाथि रह्यो।
मेरो शरीरको पानी ता ग्रीष्मको
खडेरीमा परिवर्त्तन भयो। सेला
५ मैले आफ्नो पाप तपाईंमा प्रकट गरें,
र मेरो अधर्म मैले लुकाएको छैनँ।
मैले भनें, 'म आफ्ना अपराध
परमप्रभुको सामने स्वीकार गर्नेछु।
र तपाईंले मेरो पापको अधर्म क्षमा
गर्नुभयो।' सेला
६ यसकारण हरेक भक्तले तपाईंसँग भेट
हुने समयमा तपाईंमा प्रार्थना गरोस्।
पानीको ठूलो भेल आउँदा पनि
निश्चय त्यसकहाँ पुग्नेछैन।
७ तपाईं ता मेरो लुक्ने ठाउँ हुनुहुन्छ।
तपाईंले मलाई दुःखबाट रक्षा
गर्नुहुनेछ।
तपाईंले मलाई चारैतिरबाट छुटकाराको
गीतले घेर्नुहुनेछ। सेला
८ म तँलाई शिक्षा दिनेछु, र तैंले कुन
मार्गमा चल्नुपर्ने हो सो तँलाई
सिकाउनेछु।
तँमाथि नजर राखेर म तँलाई सल्लाह
दिनेछु।
९ समझ नभएको घोडा अथवा खच्चरजस्ता
तिमीहरू नहोओ।
जसलाई रोक्न डोकरि र लगाम
चाहिन्छन्,
नत्रता तिनीहरू तेरो नजीक
आउनेछैनन्।
१० दुष्टहरूलाई ता धेरै अफसोस परी
आउनेछ।

तर परमप्रभुमा भरोसा राख्नेहरूलाई
भने करुणाले घेर्नेछ।
११ हे धर्मात्मा हो, परमप्रभुमा मग्न होओ
र रमाओ।
र सोझो हृदय भएका हो,
तिमीहरू सबै आनन्दसाथ कराओ।

सृष्टिकर्त्ता र पालनकर्त्ता परमेश्वरको प्रशंसा

३३ हे धर्मात्मा हो, परमप्रभुमा रमाओ,
सोझा मनकाहरूले स्तुति गर्न
सुहाउँछ।
२ वीणा बजाउँदै परमप्रभुमा धन्यवाद
चढ़ाओ,
दश-तारे सितार बजाउँदै उहाँको स्तुति
गाओ।
३ उहाँको निम्ति एउटा नयाँ भजन गाओ,
निपुणसाथ ठूलो सोरले बजाओ।
४ किनकि परमप्रभुको वचन पक्का छ,
र उहाँका सबै काम सत्यतामा हुन्छ।
५ उहाँले धार्मिकता र न्यायलाई निको
मान्नुहुन्छ,
परमप्रभुको करुणाले पृथ्वी भरिपूर्ण
भएको छ।
६ परमप्रभुकै वचनले स्वर्ग
र उहाँकै मुखको सासले त्यहाँका
तारागण बनिएका हुन्।
७ उहाँले समुद्रको पानीलाई जम्मा गरेर
थुप्रो पार्नुहुन्छ।
उहाँले गहीरा सागरहरूलाई आफ्ना
ढुकुटीहरूमा राख्नुहुन्छ।
८ सारा पृथ्वीले उहाँको डर मानोस्,
संसारका सारा निवासीहरूले उहाँको भय
राखून्,
९ किनकि उहाँ बोल्नुभयो, र यो हुनआयो,
उहाँले हुकूम गर्नुभयो, र त्यो स्थिर रह्यो।
१० परमप्रभुले अन्यजातिहरूका सल्लाह रद्द
तुल्याउनुहुन्छ,
उहाँले देश देशका मानिसहरूका
विचारलाई निष्फल तुल्याउनुहुन्छ।
११ परमप्रभुको सल्लाह ता सदा स्थिर
रहन्छ,
उहाँको हृदयका विचार पुस्तौंसम्म
पुग्दछ।
१२ त्यो जाति धन्यको हो, जसको परमेश्वर
परमप्रभु हुनुहुन्छ,
ती मानिसहरू जसलाई आफ्नो निज
अधिकारको निम्ति उहाँले चुन्नुभएको छ।
१३ परमप्रभुले स्वर्गबाट हेर्नुहुन्छ,
जहाँले सबै मानिसका सन्तानलाई
देख्नुहुन्छ।
१४ आफ्नो बासस्थानबाट
पृथ्वीका सारा बासिन्दालाई हेर्नुहुन्छ।
१५ तिनीहरू सबैका मनको रचना गर्ने र
तिनीहरू सबैका कामको विचार गर्ने
उहाँनै हुनुहुन्छ।
१६ सेनाहरूका फौजबाट कोही राजा
बच्नसक्तैन,
शक्तिशाली पुरुषले आफ्नो ठूलो बलद्वारा
छुटकारा पाउनसक्तैन।
१७ बचाउको निम्ति घोड़ा व्यर्थको कुरो हो,
नता त्यसले आफ्नो ठूलो ताकतले
कसैलाई बचाउनसक्छ।
१८ हेर, परमप्रभुको दृष्टि उहाँसित डराउने-
हरूमाथि,
र उहाँको करुणाको आशा गर्नेमाथि
रहन्छ।
१९ तिनीहरूका प्राणलाई मृत्युबाट छुटकारा
दिन,
र अनिकालको समयमा तिनीहरूलाई
जीवित राख्न,
२० हाम्रो आत्माले परमप्रभुको बाटो हेरेको छ,
हाम्रा सहायता र हाम्रो ढाल उहाँनै
हुनुहुन्छ।
२१ किनकि उहाँमै हाम्रो हृदय रमाउनेछ,
किनभने उहाँको पवित्र नाउँमा हामीले
भरोसा राखेका छौं।

२२ हे परमप्रभु, हामीले तपाईंमा आशा राखेझैं
तपाईंका करुणा पनि हामीमाथि रहोस्।

आफ्ना मानिसहरूमाथि परमप्रभुको रक्षा

दाऊदको एउटा भजन

३४ हर बखत म परमप्रभुलाई धन्यको भन्नेछु,
उहाँको प्रशंसा निरन्तर मेरो मुखमा हुनेछ।
२ परमप्रभुमानै मेरो आत्माले घमण्ड गर्नेछ,
नम्रहरू यो सुनेर खुशी हुनेछन्।
३ मसँगसँगै परमप्रभुको बढ़ाइ गर,
र हामी मिलेर उहाँको नाउँ उच्च पारौं।
४ मैले परमप्रभुको खोजी गरें,
र उहाँले मलाई जवाफ दिनुभयो,
र मलाई मेरा सबै डरहरूबाट छुटाउनुभयो।
५ तिनीहरूले उहाँलाई हेरे, र उज्ज्वल भए,
औ तिनीहरूका अनुहार कहिल्यै अँध्यारो हुनेछैनन्।
६ यस दुःखी मानिसले पुकारा गर्‍यो,
र परमप्रभुले सुन्नुभयो,
र त्यसलाई त्यसको सबै दुःखबाट बचाउनुभयो।
७ उहाँसित डराउनेको चारैतिर परमप्रभुका दूतले छाउनी बनाउँछन्,
र तिनीहरूलाई छुटकारा दिन्छन्।
८ पारख गरेर हेर, कि परमप्रभु कस्तो भलो हुनुहुन्छ,
उहाँमा भरोसा गर्ने मानिस धन्यको हो।
९ हे परमप्रभुका पवित्र जन् हो, उहाँको भय मान।
किनकि उहाँको डर मान्नेहरूलाई केही कुराको खाँचो पर्दैन।
१० जवान सिंहहरूलाई ता हर्जा पर्दछ, र भोकाउँछन्,
तर जस जसले परमप्रभुको खोजी गर्दछन्,
तिनीहरूलाई कुनै उत्तम कुराको खाँचो पर्नेछैन।
११ आऊ, हे बालक हो, मेरा कुरा सुन,
म तिमीहरूलाई परमप्रभुको डर मान्न सिकाउनेछु।
१२ जीवनको इच्छा गर्ने,
र भलाइ देख्नलाई दीर्घायु खोज्ने कुन मानिस छ?
१३ तेरो जिब्रोलाई खराबीबाट,
र तेरो ओठलाई छल-छामको बोलीबाट जोगा।
१४ खराबीबाट हटेर भलाइ गर्,
प्रेम खोज्, र त्यसकै पछि लाग्।
१५ परमप्रभुका नजर धर्मात्मातर्फ हुन्छन्,
र उहाँका कान तिनीहरूका पुकारा सुन्न खुला हुन्छन्।
१६ परमप्रभुको मुख खराबी गर्नेहरूका सम्झना पृथ्वीबाट मेट्न तिनीहरूका विरुद्धमा हुन्छ।
१७ धर्मात्माहरूले पुकारा गरे, र परमप्रभुले सुन्नुभयो,
र तिनीहरूका सबै दुःखबाट तिनीहरूलाई छुटाउनुभयो।
१८ टुटेका हृदय भएकाहरू सबैको नजीक परमप्रभु हुनुहुन्छ,
र पश्चातापी मन हुनेहरूलाई उहाँले बचाउनुहुन्छ।
१९ धर्मात्मालाई धेरै दुःख ता हुन्छ,
तर परमप्रभुले तिनलाई ती सबैबाट छुटाउनुहुन्छ।
२० उहाँले तिनका सबै हाडहरूको रक्षा गर्नुहुन्छ।
तिनमा एउटै पनि भाँचिएको हुँदैन।
२१ दुष्टलाई आफ्नै खराबीले मार्नेछ।
औ धर्मात्मालाई घृणा गर्ने जति दोषी ठहरिनेछन्।
२२ परमप्रभुले आफ्ना दासहरूका आत्मालाई

छुटकारा दिनुहुन्छ।
औ उहाँमा भरोसा गर्ने जति कोही
पनि दोषी ठहरिनेछैन।

इन्साफको निम्ति प्रार्थना

दाऊदको भजन

३५ हे परमप्रभु, मसँग झगड़ा गर्नेहरूसँग
तपाइं झगड़ा गर्नुहोस्।
मेरो विरुद्धमा लड़ाइँ गर्नेहरूको विरुद्धमा
तपाइं लड़ाइँ गर्नुहोस्
२ ठूलो ढाल र सानो ढाल लिनुहोस्,
र मेरो सहायतामा खड़ा हुनुहोस्।
३ भाला पनि थुत्नुहोस्, र मलाई
खेदनेहरूका विरुद्धमा तिनको बाटो
छेक्नुहोस्।
मेरो आत्मालाई भन्नुहोस्, 'म तेरो
उद्धार हुँ।'
४ मेरो प्राण लिन खोज्नेहरू शर्माऊन् र
बेइज्जत होऊन्।
मेरो हानि रच्नेहरूले पीठ फर्काउनपरोस्,
र अँध्यारो मुख लाउनपरोस्।
५ तिनीहरू बतासले उड़ाएका भूसजस्ता
होऊन्।
र परमप्रभुका दूतले तिनीहरूलाई
धपाउँदैरहून्।
६ तिनीहरूको बाटो अँध्यारो र चिप्लो
होस्,
र परमप्रभुका दूतले तिनीहरूलाई
खेद्दैरहून्।
७ किनकि विनाकारण तिनीहरूले मेरो
निम्ति तिनका पासो खाड़लमा लुकाएर
थापेका छन्,
विनाकारण मेरो प्राण लिन तिनीहरूले
खाड़ल खनेका छन्,
८ थाहै नभएर त्यसमाथि विपत्ति
आइपरोस्।
र त्यसले लुकाएर थापेको त्यसको
पासोमा त्यही फँसोस्।
त्यो आफै त्यही विपत्तिमा परोस्।
९ औ मेरो प्राणचाहिँ परमप्रभुमा मग्न
हुनेछ।
उहाँबाटै भएको उद्धारमा त्यो रमाउनेछ।
१० मेरा सारा हड्डीहरूले भन्नेछन्,
'हे परमप्रभु, तपाइंजस्तो को छ?
जसले नम्रलाई त्यसभन्दा बलियो
मानिसबाट बचाउनुहुन्छ।'
नम्र र गरीबलाई लुटेराबाट जोगाउनुहुन्छ?
११ अधर्मी साक्षीहरू खड़ा हुन्छन्।
मैले थाहै नपाएका कुरा तिनीहरू
मलाई सोध्छन्।
१२ तिनीहरूले मलाई भलाइको बदलामा
म मरुन्जेलसम्म मेरो खराबी गर्छन्।
१३ तर मचाहिँ ता, तिनीहरू बिरामी हुँदा
भाङ्ग्रा लाउँथें।
उपवास बसेर मैले आफ्नो ज्यानलाई
दुःख दिएको थिएँ।
र मेरो प्रार्थनाको फल मेरै छातीमा
फर्क्यो।
१४ मेरै साथी, अथवा भाइ जस्तै मैले
त्यससँग व्यवहार गरेथें।
आफ्नै आमाको निम्ति विलाप गरेझैं
मैले शिर झुकाएर अफसोस गरेको थिएँ।
१५ तर जब म खोच्याउनलागें, तब तिनीहरू
रमाएर एका ठाउँमा जम्मा भए।
ती नीच मानिसहरू जसको मलाई पत्तो
थिएन, मेरो विरुद्धमा जम्मा भए।
तिनीहरूले मलाई लगातार फट्टाइरहे।
१६ आफ्ना पेटको निम्ति खिसी गरी
हिँड़ने भोजको ढटुवारेजस्तै,
तिनीहरूले मलाई दाहा किटे।
१७ हे परमप्रभु, कतिसम्म तपाइं
हेरिरहनुहुन्छ?
तिनीहरूले ममाथि पारिदिएको विनाशबाट,
सिंहहरूबाट मेरो एक मात्र प्राणलाई
छुटाउनुहोस्।
१८ ठूलो समुदायमा म तपाइंमा धन्यवाद
चढ़ाउनेछु।

धेरै मानिसहरूका बीचमा म तपाईंको
प्रशंसा गर्नेछु।
१९ मेरा शत्रुहरू मेरो विरुद्ध व्यर्थैं
रमाउन नपाऊन्।
विनाकारण मसँग दुश्मनी गर्नेहरूले आँखा
झिम्काउन नपाऊन्।
२० किनभने तिनीहरू मेल-मिलापको कुरै
गर्दैनन्।
तर देशमा चूप लागेर बस्नेहरूका
विरुद्धमा छल-कपटका कुराहरू कल्पना
गर्छन्।
२१ तिनीहरूले मेरो विरुद्धमा ठूलो मुख
बाएर
'आहा, आहा, हाम्रै आँखाले देख्न
पायौं' भन्छन्।
२२ हे परमप्रभु, तपाईंले यो देख्नुभएको छ,
चूप नलाग्नुहोस्।
हे परमप्रभु, मबाट टाढ़ा नहुनुहोस्।
२३ उठ्नुहोस्, र मेरो इन्साफको निम्ति
जागा हुनुहोस्,
हे मेरा परमप्रभु, मेरा परमेश्वर, मेरै
मामिलाको निम्ति।
२४ हे मेरा परमप्रभु, परमेश्वर तपाईंकै
धार्मिकताअनुसार मेरो इन्साफ गर्नुहोस्।
र ममाथि तिनीहरू रमाउन नपाऊन्।
२५ तिनीहरूले आफ्ना मनमा, 'आहा,
हाम्रो इच्छा पूरा भयो' भन्न
नपाऊन्।
'हामीले त्यसलाई निलेका छौं', तिनीहरूले
भन्न नपाऊन्।
२६ जो जो मेरो हानिमा रमाउँछन्
तिनहरू एकै साथ लज्जित होऊन्,
र अँध्यारो मुख लगाऊन्।
जस जसले मेरो विरुद्धमा बड़प्पन
देखाउँछन्, तिनीहरूले शर्म र
बेइज्जतको लुगा लगाउनपरोस्।
२७ मेरो धार्मिकतामा प्रसन्न रहनेहरू
जत्तिचाहिं ठूलो सोरले गाउने र आनन्द
गर्ने होऊन्।
तिनीहरूले निरन्तर यसो भनी रहून्,
'परमप्रभुको बड़ाइ होस्, जो
आफ्नो दासको प्रगतिमा प्रसन्न हुन्छन्।'
२८ अनि मेरो जिब्रोले तपाईंको धार्मिकताको
विषयमा र तपाईंको प्रशंसाको कुरा
दिनभरि गर्नेछ।

दुष्टको चालचलन, परमप्रभुको स्वभाव

दाऊदको भजन

३६ दुष्टको अपराधले त्यसको हृदयभित्र
बोल्छ।
परमेश्वरको डर त्यसको आँखाको
सामने हुँदैन।
२ किनकि त्यसको अधर्म फैला नपरोस्
र घृणित नठहरियोस् भनेर
त्यसले आफ्नो मनमा खुशामदका कुरा
विचार गर्छ।
३ त्यसको मुखका कुराहरू अधर्म र
छलका हुन्छन्।
बुद्धिमानी र भलाइको काम गर्न त्यसले
छोड़ेको हुन्छ।
४ त्यसले आफ्नो ओछ्यानमा रहेरै अधर्म
विचार्छ।
त्यसले आफूलाई कुमार्गतिर लगाउँछ।
त्यसले खराबीलाई घिनाउँदैन।

५ हे परमप्रभु, तपाईंको करुणा ता
स्वर्गमा छ।
तपाईंको सत्यता आकाशसम्मै पुग्छ।
६ तपाईंको धार्मिकता परमेश्वरका
पहाड़हरूजस्तै छन्।
तपाईंका इन्साफहरू अगाध समुद्रजस्तै
छन्।
हे परमप्रभु, तपाईंले मानिस र पशुलाई
रक्षा गर्नुहुन्छ।
७ हे परमेश्वर, तपाईंको करुणा कस्तो
अनमोलको छ!
औ मानिसका सन्तानले तपाईंको

पखेटाको छायामा शरण लिन्छन्।
८ तपाईंको भवनको पुष्टकारी भोजनले
तिनीहरू प्रशस्तगरी तृप्त हुनेछन्।
र तपाईंको सुख-भोगको नदीबाट
तपाईंले तिनीहरूलाई पियाउनुहुनेछ।
९ किनकि जीवनको मूल तपाईंसँग छ।
तपाईंकै ज्योतिमा हामी ज्योति
पाउनेछौं।
१० तपाईंलाई चिन्नेहरूमाथि तपाईंको
करुणा।
र सोझो हृदय हुनेहरूमा तपाईंको
धार्मिकता निरन्तर रहोस्।
११ घमण्डीको खुट्टा ममाथि आइनलागोस्,
र दुष्टको हातले मलाई गलहत्याउन
नपाओस्।
१२ अधर्मीहरू त्यहींनै पतित भएका छन्।
तिनीहरू ढलिसकेका छन्, र फेरि
उठ्नसक्नेछैनन्।

दुष्टहरूको विनाश

दाऊदको भजन

३७ कुकर्मीहरूको कारण व्याकुल नहो,
नता अधर्म गर्नेहरूका विरुद्धमा डाह
गर्ने हो।
२ किनकि तिनीहरू चाँडैनै घाँसझैं
काटिनेछन्,
र हरियो झारझैं ओइलाउनेछन्।
३ परमप्रभुमा भरोसा राख्, र भलाइ
गर्।
देशमा रहेर सत्यताको पछि लाग्।
४ तँ आफै परमप्रभुमा मग्न हो।
र उहाँले तेरो मनोरथ पूर्ण गर्नुहुनेछ।
५ आफ्नो मार्ग परमप्रभुलाई सुम्पी।
उहाँमानै भरोसा राख्,
अनि उहाँले सो पुऱ्याइदिनुहुनेछ।
६ औ उहाँले तेरो धार्मिकता ज्योतिसमान,
र तेरो इन्साफ मध्य-दिन जस्तोगरी प्रकट
गर्नुहुनेछ।
७ परमप्रभुको सामने चूपचाप बस्,
आफ्नो मार्गमा फलिफाप हुने मानिसको
कारण,
र खराब युक्तिहरू निकाल्ने मानिसको
कारण व्याकुल नहो।
८ रिसाउन छोड र कोधलाई त्याग्।
व्याकुल नहो,
यसले खराबी गर्नतिर ढल्काउँछ।
९ किनकि कुकर्मीहरू नष्ट हुनेछन्।
तर परमप्रभुको बाटो हेर्ने जतिले देश
अधिकार गर्नेछन्।
१० किनकि थोरै बेरपछि, दुष्ट रहनेछैन।
तैंले त्यसको ठाउँ राम्ररी हेरे
तापनि त्यो पटक्कै रहनेछैन।
११ तर नम्रहरूले देश अधिकार गर्नेछन्।
र प्रशस्त शान्तिमा आफै खुशी
मनाउनेछन्।
१२ दुष्टले धर्मात्माको विरुद्धमा षड्यन्त्र
रच्दछ,
र त्यसमाथि दाह्रा किट्‌दछ।
१३ परमप्रभुले त्यसलाई हाँसोमा
उड़ाउनुहुनेछ।
किनभने त्यसको दिन आइपुगेको उहाँ
देख्नुहुन्छ।
१४ दुःखी र कङ्गालीहरूलाई ढाल्न,
र सीधा बाटोमा हिँड्नेहरूलाई मार्न
दुष्टहरूले तरवार थुतेका हुन्छन्,
र धनुमा ताँदो चढ़ाएका हुन्छन्।
१५ तिनीहरूको तरवारले आफ्नै मुटु छेड्नेछ,
र तिनीहरूका धनु भाँचिनेछन्।
१६ धर्मात्माको थोरै मात्र भए तापनि
दुष्टहरूको प्रशस्त धनभन्दा उत्तम
हुन्छ।
१७ किनकि दुष्टहरूका पाखुरा
भाँचिनेछन्।
तर परमप्रभुले धर्मात्माहरूलाई थाम्नुहुन्छ।
१८ परमप्रभुले सीधा मानिसहरूका दिनको
याद गर्नुहुन्छ।
र तिनीहरूको अधिकार सधैंभरिको
निम्ति हुनेछ।

१९ आपद्‌को बेलामा तिनीहरूले लाज
मान्नु पर्नेछैन।
र अनिकालका दिनमा तिनीहरू तृप्त
रहनेछन्।
२० तर दुष्टहरू ता नाश हुनेछन्,
र परमप्रभुका शत्रुहरूचाहिं खर्कको
शोभाजस्तै हुनेछन्।
तिनीहरू भस्म हुनेछन्, र धुवांजस्तै
बिलाएर जानेछन्।
२१ दुष्टले ऋण लिन्छ, र फेरि तिर्दैन।
तर धर्मात्माले ता अनुग्रहसाथ व्यवहार
गर्छन्।
२२ किनकि उहांबाट आशिष पाउनेहरूले
देश अधिकार गर्छन्।
र उहांबाट श्राप पाउनेहरूचाहिं नष्ट
हुन्छन्।
२३ सज्जनका पाइला परमप्रभुबाटै स्थिर
रहन्छ।
र उहां तिनको मार्गमा प्रसन्न हुनुहुन्छ।
२४ तिनी लड्हाल्यो भने पनि लोटिएरै
रहँदैनन्।
किनकि परमप्रभुले तिनको हात समातेर
तिनलाई थाम्नुहुन्छ।

२५ जवान थिएँ, र म अहिले बूढ़ो भएको
छु।
तैपनि धर्मात्मा त्यागिएको,
र तिनका सन्तानले भिक्षा मागेको
मैले देखेको छैनँ।
२६ तिनले दिनभरि अनुग्रहसाथ व्यवहार
गर्छन्, र ऋण दिन्छन्,
र तिनका सन्तानले आशिष पाउँछन्।
२७ खराबी गर्न छोड़, र भलाइ गर, र
सदा सर्वदै रहिरहो।
२८ किनर्कि परमप्रभुले इन्साफ प्रेम गर्नुहुन्छ,
र आफ्ना भक्तहरूलाई त्याग्नुहुन्न,
तिनीहरू सधैं सुरक्षित हुन्छन्,
तर दुष्टका सन्तान भने नष्ट हुनेछन्।
२९ धर्मात्माहरूले देश अधिकार गर्नेछन्,
र त्यसैमा सधैंभरि रहन्छन्।
३० धर्मात्माको मुखले ज्ञानको कुरा गर्छ, र
तिनको जिब्रोले इन्साफको कुरा बोल्छ।
३१ तिनको हृदयमा तिनका परमेश्वरको व्यवस्था
रहन्छ,
तिनका पाइलाहरू कुनै पनि चिप्लनेछैनन्।
३२ दुष्ट ता धर्मात्माको ताकमा रहन्छ,
र तिनलाई मार्न खोज्छ।
३३ परमप्रभुले तिनलाई उसको हातमा
छोड्नुहुनेछैन,
तिनको इन्साफ हुँदाखेरि
तिनलाई दोषी ठहराउनुहुनेछैन।
३४ परमप्रभुको बाटो हेर्, उहांकै मार्गमा
हिंड्,
र उहांले तँलाई देश अधिकार गर्न
बढ़ाउनुहुनेछ,
दुष्टहरू नष्ट भएर जांदा तैंले त्यो
देख्नेछस्।
३५ दुष्ट ठूलो पराक्रमी भएको
र हरियो रूखझैं आफ्नै ठाउँमा फैलिएको
मैले देखेको छु।
३६ तर कोही त्यसतिरबाट जांदा
त्यो रहेनछ,
मैले त्यसलाई खोजें, तर कतै पनि
पाउनसकिएन।
३७ सिद्ध मानिसलाई दृष्टि लगा,
र धर्मात्मालाई हेर्,
किनभने त्यस्ता मानिसको आखिरको
अवस्था शान्तिमय हुन्छ।
३८ अपराधीहरू चाहिं सबै सँगसँगै
नाश हुनेछन्,
दुष्टको आखिर अवस्था सर्वनाशको
हुनेछ।
३९ तर धर्मात्माको उद्धार परमप्रभुको तर्फबाट
हुन्छ,
दुःखको समयमा उहांनै तिनीहरूको दृढ़
गढ़ हुनुहुन्छ।
४० औ परमप्रभुले मदत गरेर तिनीहरूलाई
जोगाउनुहुन्छ,

उहाँले तिनीहरूलाई दुष्टबाट जोगाएर बचाउनुहुन्छ,
किनभने तिनीहरू उहाँको शरण परेका हुन्छन् ।

पश्चतापीको भजन

सम्झनाको निम्ति—दाऊदको भजन

३८ हे परमप्रभु, तपाइंको क्रोधमा मलाई नहप्काउनुहोस्,
तपाइंको तातो रीसमा मलाई नचेताउनुहोस् ।
२ किनकि तपाइंका वाणहरू ममा बेसरी गड़ेका छन्,
र तपाइंको बाहुलीले मलाई खूब थिचिराखेको छ ।
३ तपाइं रिसानी भएकोले मेरो शरीरमा कत्ति पनि आरोग्य छैन,
मेरो पापले गर्दा मेरा हाड़हरू स्वस्थ्य छैन ।
४ किनकि मेरा अधर्महरू मेरो शिरसम्म पुगेका छन्,
गह्रौं भारीझैँ ती मेरो निम्ति अति गह्रौं छन् ।
५ मेरो मूर्खताले गर्दा,
मेरा घाउहरू गह्राएका र सड़ेका छन् ।
६ म कुप्रिएको छु, र ज्यादै झुकेको छु,
दिनभरि म विलाप गर्दै हिंड़छु ।
७ किनकि मेरो कम्मर जलनले भरिएको छ,
र मेरो शरीरमा कत्ति पनि आरोग्यता छैन ।
८ म मुर्छित भएको छु,
र मैले ज्यादै चोट पाएको छु,
मेरो हृदयको बेचैनीले गर्दा म गर्जन्छु ।
९ हे परमप्रभु, मेरो सब अभिलाषा तपाइंकै सामने छ,
र मेरो कंकलाशब्द तपाइबाट लुकेको छैन ।
१० मेरो मुटु ढुक् ढुक् गर्छ, मेरो बल घट्दैछ,
मेरो आँखाको ज्योति पनि मबाट गइसकेको छ ।
११ मेरा प्रेमीहरू र मेरा मित्रहरू मेरो रोगबाट अलग रहन्छन्,
र मेरा कुटुम्बहरू टाढ़ै उभिन्छन् ।
१२ मेरो प्राण लिन खोज्नेहरूले पनि मलाई पासो थाप्छन्,
र मेरो हानि गर्न खोज्नेहरूले उपद्रवका कुराहरू बोल्छन्,
र दिनभरि छलको उपाय सोच्तछन् ।
१३ तर म ता बहिरोझैं सुन्दिनँ,
र मुखै नउघार्ने मानिसजस्तै म लाटो भएको छु ।
१४ सुन्दै नसुन्ने मानिसजस्तै म भएको छु,
जसको मुखमा विवादका कुराहरू छँदै छैनन् ।
१५ किनकि हे परमप्रभु, म तपाइंकै आशा गर्दछु,
हे परमप्रभु, मेरा परमेश्वर, तपाइंलेनै जवाफ दिनुहुनेछ ।
१६ किनकि मैले भनेथें, 'त्यसो भएता तिनीहरू ममाथि रमाउँछन्',
मेरो खुट्टा चिप्लँदा तिनीहरू मेरो विरुद्धमा आफै ठूलो भएँ भनी देखाउँछन् ।
१७ किनकि म ता खोच्याउनलागेको छु,
र मेरो शोक निरन्तर मेरै सामने छ ।
१८ किनकि म आफ्नो अधर्म प्रकट गर्नेछु,
मेरो पापको निम्ति म दुःखित हुनेछु ।
१९ तर मेरा शत्रुहरू फुर्तिला र बलिया छन् ।
र मसँग व्यर्थै विरोध गर्नेहरू धेरै भएका छन् ।
२० भलाइको बदलामा खराबी गर्नेहरू जो छन्,
ती पनि, भलाइको पछि म लागेको हुनाले, मेरा विरोधी भएका छन् ।
२१ हे परमप्रभु, मलाई नत्याग्नुहोस्,
हे मेरा परमेश्वर, मबाट टाढ़ा नहुनुहोस् ।

२२ हे परमप्रभु, मेरा उद्धारकर्त्ता,
मलाई सहायता गर्न छिटो गर्नुहोस्।

व्यर्थ र अनिश्चित जीवन

प्रधान-नाइके यदूतूनको निम्ति दाऊदको भजन

३९ मैले भनेथें "म आफ्नो चालचलनमा होशियार हुन्छु,
र मेरो जिब्रोद्वारा मैले पाप गर्न नपरोस्।
जबसम्म दुष्ट मेरो सामने रहन्छ,
तबसम्म महला लाएर म आफ्नो मुख बन्द गरी राख्नेछु।"
२ मौन धारण गरेर म लाटो बनें
भलाइको निम्ति पनि चूपचाप रहें।
र मेरो शोक हुँड्लियो।
३ मेरो हृदय भित्र-भित्रै जलेको थियो।
विचार गर्दागर्दै आगो दन्किहाल्यो।
तब मैले जिब्रो फड्कारेर भनें,
४ हे परमप्रभु, मलाई मेरो अन्तको
र मेरो आयुको दिन कति छ, सो पनि जान्ने ज्ञान दिनुहोस्
म कस्तो निफर छु, सो मलाई थाह होस्।
५ हेर्नुहोस्, तपाईंले मेरो दिन मुठीभरिको तुल्याउनुभएको छ।
र मेरो आयु तपाईंको सामने केही पनि छैन।
साँच्चिनै हरेक मानिस त्यसको सबैभन्दा असल अवस्थामा पनि बिल्कुलै व्यर्थको हुन्छ। सेला
६ साँच्चिनै हरेक मानिस छायाजस्तै हिंड्डुल गर्छ।
साँच्चिनै तिनीहरू व्यर्थमा बेचैन हुन्छन्।
त्यसले धन-सम्पत्ति थुपार्छ,
तर ती बटुल्ने को हुन्छ सो जान्दैन।
७ औ हे परमप्रभु, म केको निम्ति बाटो हेर्छु?
मेरो आशा ता तपाईंमानै छ।
८ मेरा सबै अपराधहरूबाट मलाई छुटाउनुहोस्।
मलाई मूर्खहरूको ठट्टा नतुल्याउनुहोस्।
९ म लाटो भएँ,
मैले आफ्नो मुख उघारिनँ।
किनभने तपाईंलेनै त्यसो गर्नुभयो।
१० तपाईंको प्रहार मबाट दूर गराउनुहोस्।
तपाईंको हातको चड्कनले म भस्म भएको छु।
११ जब तपाईंले अधर्मको निम्ति मानिसलाई हप्काएर सुधार्नुहुन्छ,
तब तपाईंले त्यसको सुन्दरता कीराले खाएझैं भस्म गर्नुहुन्छ।
साँच्चै हरेक मानिस व्यर्थको छ। सेला
१२ हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्।
मेरो पुकारामा कान लगाउनुहोस्।
मेरो आँसुप्रति मौन नहुनुहोस्।
किनकि मेरा सबै पुर्खाहरू भएझैं
तपाईंको सामने म एक परदेशी र प्रवासी मात्रै हुँ।
१३ ओहो, म अब गैहाल्नु र फेरि कहिल्यै हुँदै नहुनुभन्दा अघाडिनै, मबाट
तपाईंको आँखा उतातिर फर्काउनुहोस्,
र मेरो मुख उज्यालो हुनेछ।

परमेश्वरको सहायताको निम्ति प्रार्थना

प्रधान-नाइकेको निम्ति—दाऊदको भजन

४० मैले धीरजसाथ परमप्रभुको बाटो हेरें,
र उहाँले मतिर झुकेर मेरो पुकारा सुन्नुभयो।
२ उहाँले मलाई सत्यनाशको खाडल र
दलदले हिलोबाट तानेर पनि निकाल्नुभयो।
उहाँले मेरा खुट्टाहरूलाई चटानमाथि
बसालेर मेरा पाइलाहरू स्थिर गराउनुभयो।
३ औ उहाँले एउटा नयाँ गीत
मेरो मुखमा हालिदिनुभएको छ,

हाम्रा परमेश्वरको स्तुति!
धेरै जना यो देखेर डराउनेछन्,
र परमप्रभुमा भरोसा राख्नेछन्।
४ त्यो मानिस धन्यको हो, जसले
परमप्रभुमा आफ्नो भरोसा राख्तछ,
औ घमण्डी र भूटतिर लाग्नेहरूको
आदर गर्दैन।
५ हे परमप्रभु मेरा परमेश्वर, तपाईंले
गर्नुभएको अचम्मका कामहरू
र हामीतर्फको तपाईंको विचार धेरैनै
छन्।
तपाईंको सामने ती सम्भेर क्रमैसँग
राख्नसकिँदैन।
यदि तिनको विषयमा भनेर मैले बोले
भनेता
तिनको गन्ती हुनैसक्तैन।
६ बलिदान र अन्नबलिमा तपाईं प्रसन्न
हुनुहुन्न।
मेरा कानहरू तपाईंले खोलिदिनुभएको छ।
होमबलि र पापबलि तपाईंले चाह
गर्नुभएको छैन।
७ तब मैले भनें, "हेर्नुहोस्, म आएको छु।
पत्रको मुट्ठामा मेरो विषयमा यस्तै
लेखिएको छ।
८ हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम
गर्ने म प्रसन्न छु।
तपाईंको व्यवस्था मेरो हृदयमा छ।"
९ मैले ठूलो सभामा धार्मिकताको
सुसमाचार प्रकट गरेको छु।
हेर्नुहोस्, म मेरा ओठहरू बन्द
गर्नेछैनँ,
हे परमप्रभु, तपाईंलाई थाहै छ।
१० तपाईंको धार्मिकता मैले मेरो हृदयभित्र
लुकाइराखेको छैनँ।
तपाईंको सत्यता र तपाईंबाट हुने
उद्धारको मैले घोषणा गरेको छु।
तपाईंको करुणा र तपाईंको सत्यता
मैले ठूलो सभाबाट गुप्त राखेको छैनँ।
११ हे परमप्रभु, आफ्नो कोमल कृपा
मबाट नहटाउनुहोस्।
तपाईंको करुणा र तपाईंको सत्यताले
मलाई निरन्तर रक्षा गरून्।

१२ किनकि अनगन्ती खराबीहरूले मलाई
घेरेका छन्।
मैले मास्तिर पनि हेर्न नसक्ने गरी
मेरा अधर्मले मलाई पक्रेका छन्।
मेरो टाउकोका कपालभन्दा पनि
ती बढ़ी छन्, र मेरो आँटै
टुटिसकेकोछ।

१३ हे परमप्रभु, कृपागरी मलाई
छुटाउनुहोस्।
मलाई मदत गर्न छिटो गर्नुहोस्, हे
परमप्रभु।

१४ जस जसले मेरो प्राण नाश
गर्नखोज्दछन्।
ती सबै लज्जित होऊन् र अँध्यारो
मुख लाऊन्।
जो जो मेरो हानिमा प्रसन्न हुन्छन्,
ती पछाड़ि हटून्, र तिनको बेइज्जत
होस्।
१५ मलाई आहा! आहा! भन्नेहरू
आफ्नो लाजले गर्दा शर्माऊन्।

१६ जस जसले तपाईंलाई खोज्छन्
ती सबै रमाऊन् र तपाईंमा खुशी
होऊन्।
तपाईंबाट हुने मुक्तिको चाह गर्नेहरूले
निरन्तर भनून्,
'परमप्रभुको जय होस्।'

१७ तर म ता दुःखी र दरिद्र छु।
तैपनि परमप्रभुले मेरो विचार राख्नुहुन्छ।
तपाईं मेरा सहायक र छुटकारा दिने
हुनुहुन्छ।
हे मेरा परमेश्वर, ढीलो नगर्नुहोस्!

बिरामी मानिसको प्रार्थना

वाद्य-नाइकेको निम्ति—दाऊदको भजन

४१ त्यो धन्यको हो, जसले निर्धाहरूको चिन्ता गर्दछ।
परमप्रभुले त्यसलाई विपत्तिको दिनमा छुटकारा दिनुहुनेछ।
२ परमप्रभुले त्यसलाई रक्षा गरेर जीवित राख्नुहुनेछ,
र त्यो पृथ्वीमा आशीर्वादी हुनेछ।
तपाईंले त्यसलाई त्यसका शत्रुहरूको इच्छामा नछोड्नुहोस्।
३ परमप्रभुले त्यसलाई त्यसको बिरामी अवस्थामा पलङमा सम्हाल्नुहुन्छ।
त्यसलाई रोग लाग्दा तपाईंले त्यसको ओछ्यान बनाइदिनुहुन्छ।

४ मैले भनें, "हे परमप्रभु, ममाथि अनुग्रह गर्नुहोस्।
मलाई निको पारिदिनुहोस्, किनकि मैले तपाईंको विरुद्धमा पाप गरेको छु।"
५ मेरा शत्रुहरू यसो भनेर मेरो विरुद्धमा खराबी बोल्छन्,
"त्यो कहिले मर्ला, र त्यसको नाउँ मेटिएला?"
६ औ त्यो मलाई हेर्न आयो भने पनि त्यसले झूटा कुराहरू बोल्छ।
त्यसको हृदयमा अधर्मका कुराहरू जम्मा हुन्छन्।
औ बाहिर जाँदा त्यसले त्यही भन्छ।
७ मसँग दुश्मनी गर्नेहरू सबै जम्मा भएर मेरो विरुद्धमा कानेखुशी गर्छन्।
मेरै विरुद्धमा भएर तिनीहरू मेरो हानि रच्तछन्।
८ तिनीहरू भन्दछन्, "त्यसलाई कुनै खराब रोग लागेको छ।
त्यो अब ढलेको छ, फेरि उठ्नेछैन।"
९ मेरो आफ्नै परम मित्र, जसमाथि मैले भरोसा गरेको थिएँ, जसले मेरो रोटी खान्थ्यो,
त्यसले मेरो विरुद्धमा लात उठाएको छ।
१० तर, हे परमप्रभु, तपाईंले ममाथि अनुग्रह गरेर मलाई उठाउनुहोस्,
र म तिनीहरूलाई बदला लिनेछु।
११ मेरा शत्रुहरू ममाथि विजयी हुन नपाएकोले म थाह पाउँछु,
कि तपाईं मसँग प्रसन्न हुनुहुन्छ।
१२ औ मलाई तपाईंले मेरो इमानदारीमा सम्हाल्नुहुन्छ,
र सदा तपाईंको नजारको सामने मलाई राख्नुहुन्छ।

१३ इस्राएलका परमेश्वर परमप्रभु, आदिदेखि अनादिसम्म धन्यको हुनुहुन्छ।
आमेन, आमेन।

दोस्रो भाग

(४२-७२)

परमेश्वरप्रतिको तिर्सना

वाद्य-नाइकेको निम्ति—कोरहवंशीहरूको मस्किल नामक भजन

४२ जसरी मुढुली मृग खोलाको पानीको निम्ति तिर्सना गर्छ,
त्यसरीनै, हे परमेश्वर, मेरो आत्माले तपाईंको निम्ति तिर्सना गर्दछ।
२ मेरो आत्मा परमेश्वरको निम्ति,
जीवित परमेश्वरको निम्ति तिर्खाउँछ।
म कहिले आएर परमेश्वरको सामने देखा परूँ?
३ मेरो आँसु रातदिन मेरो आहारा भएका छन्,
औ तिनीहरूले दिनभरि मलाई भन्छन्,

"तेरा ईश्वर खोइ कहाँ छन् ?"
४ कसरी म मानिसको घुइँचोको साथमा
जाने गर्थें।
जयजयकार र धन्यवादसाथ उत्सव
मनाउने भीड़को अगुवा भएर
परमेश्वरको भवनमा ताँती लाग्दै जानेगर्थें।
यी कुराहरू सम्झँदा मेरो आत्मा
दुःखित हुन्छ।
५ हे मेरो आत्मा, तँ किन मभित्रै खिन्न
हुन्छस् ?
र मेरो अन्तस्करणमा तँ किन व्याकुल
हुन्छस् ?
परमेश्वरमा आशा राख्, किनकि म
अझै पनि उहाँको प्रशंसा गर्नेछु।
उहाँ मेरा सहायक र मेरा परमेश्वर
हुनुहुन्छ।
६ हे मेरा परमेश्वर, मेरो आत्मा मभित्रै
खिन्न भएको छ।
यसकारण म यर्दन नदीको देशदेखि
हर्मनका पहाड़ र मिसारको डाँड़ादेखि
तपाईंलाई सम्झन्छु।
७ तपाईंका छाँगाको आवाज सुनेर
गहीरोले गहीरोलाई बोलाउँछ।
तपाईंका छालहरू साना र ठूला दुवैले
मलाई छोपेका छन्।
८ तैपनि परमप्रभुले दिउँसो उहाँको
करुणालाई हुकूम गर्नुहुनेछ,
र राती मसित उहाँको भजन हुनेछ,
जीवनदाता परमेश्वरको प्रार्थना म गर्नेछु।
९ मेरा चटानरूपी परमेश्वरलाई म भन्नेछु,
"तपाईंले किन मलाई बिर्सनुभएको छ ?
शत्रुहरूको थिचोमिचोले गर्दा मैले किन
शोक गरेर हिँड़िरहनु ?"
१० मेरा शत्रुहरू कुल्ची-मिल्ची पारेझैं मेरा
विरोधीहरूले मलाई गाली गर्छन्।
किनभने तिनीहरू निरन्तर मलाई
भन्छन्, "तेरा ईश्वर खोई कहाँ छन् ?"
११ हे मेरो आत्मा, तँ किन मैभित्र खिन्न
हुन्छस् ?
र मेरो अन्तस्करणमा तँ किन व्याकुल
हुन्छस् ?
परमेश्वरमा आशा राख्,
किनकि म अझै पनि उहाँको प्रशंसा
गर्नेछु।
उहाँ मेरा सहायक र मेरा परमेश्वर
हुनुहुन्छ।

मन्दिरमा फर्कने आशाको प्रार्थना

४३ हे मेरा परमेश्वर, मेरो इन्साफ
गर्नुहोस्, र भक्तिहीन जातिको विरुद्धमा
मेरो मामिला चलाउनुहोस्।
मलाई छल र अन्याय गर्ने मानिसबाट
छुटाउनुहोस्।
२ किनकि तपाइं ता मेरो शक्तिका
परमेश्वर हुनुहुन्छ।
मलाई किन तपाईंले त्याग्नुभएको छ ?
शत्रुहरूको थिचोमिचोले गर्दा म किन
शोक गरेर हिंड़िरहूँ ?
३ तपाइंको ज्योति र तपाइंको सत्यता
पठाउनुहोस्, तिनैले मलाई डोर्‍याऊन्,
तिनलेनै मलाई तपाइंको पवित्र डाँड़ा
र तपाइंका बासस्थानमा पुर्‍याऊन्।
४ तब परमेश्वरको वेदीनेर
मेरो अत्यन्त आनन्दका परमेश्वरको
नजीकसम्मै म जानेछु,
र वीणा बजाएर म तपाइंको स्तुति
गर्नेछु,
हे परमेश्वर, मेरा परमेश्वर।
५ हे मेरो आत्मा, तँ किन मैभित्रै खिन्न
हुन्छस् ?
र मेरो अन्तस्करणमा तँ किन व्याकुल
हुन्छस् ?
परमेश्वरमा आशा राख्,
किनकि म अझै पनि उहाँको प्रशंसा
गर्नेछु।
उहाँ मेरा सहायक र मेरा परमेश्वर
हुनुहुन्छ।

सङ्कष्टमा अघिअघिको छुटकारा

बाद्य-नाइकेको निम्ति—कोरहवंशीहरूको मस्किल भन्ने भजन

४४ हे परमेश्वर, हामीले आफ्नै कानले सुनेका छौं,
हाम्रा पुर्खाहरूले हामीलाई भनेका छन्,
तपाईंले उनीहरूका समयमा, र प्राचीन कालमा कस्ता कस्ता काम गर्नुभयो।
२ तपाईंले आफ्नै बाहुलीले अन्यजातिहरूलाई धपाएर उनीहरूलाई बसाल्नुभयो,
तपाईंले ती मानिसहरूलाई दुःख दिएर उनीहरूलाई बाहिर जतातत्तै फिँजाउनुभयो।
३ किनकि उनीहरूले आफ्नो तरवारले देश अधिकार गरेनन्,
औ आफ्ना बाहुबलले उनीहरूलाई बचाएको पनि होइन।
तर तपाईंकै दाहिने बाहुली,
तपाईंकै पाखुराले र तपाईंको रूपको प्रकाशले हो, किनभने तपाईंको निगाह उनीहरूमाथि थियो।

४ तपाईं मेरा महाराजाधिराज हुनुहुन्छ, हे परमेश्वर,
याकूबको निम्ति उद्धारको हुकूम दिनुहोस्।
५ तपाईंद्वारै हामी आफ्ना विरोधीहरूलाई धक्का दिएर लडाउनेछौं,
हाम्रा विरुद्धमा उठ्नेहरूलाई तपाईंकै नाउँले कुल्चनेछौं।
६ किनकि म आफ्नो धनुमा भरोसा गर्नेछैनँ,
मेरो तरवारले मलाई बचाउनेछैन।
७ तर तपाईंलेनै हामीलाई हाम्रा विरोधीहरूबाट बचाउनुभएको छ,
र हामीलाई घृणा गर्नेहरूलाई शर्ममा पार्नुभएको छ।
८ परमेश्वरमै हामीले दिनभरि गर्व गरेका छौं,
र सदा तपाईंकै नाउँमा हामी धन्यवाद चढाउँछौं। सेला

९ तर अब ता तपाईंले हामीलाई त्यागेर हाम्रो अनादर गर्नुभएको छ,
र हाम्रा सेनाहरूका साथमा जानुहुन्न।
१० तपाईंले हामीलाई विरोधीहरूबाट पछि हटाउनुहुन्छ,
र हामीलाई घृणा गर्नेहरूले आफ्नै निम्ति लुट्तछन्।
११ खान राखेका भेड़ाहरूजस्ता तपाईंले हामीलाई तुल्याउनुभएको छ,
र हामीलाई अन्यजातिहरूका बीचमा छिन्न-भिन्न पार्नुभएको छ।
१२ तपाईं आफ्नो प्रजालाई सित्तैंमा बेच्नुहुन्छ,
र तिनीहरूका मोलले तपाईं धनी हुनुभएको छैन।

१३ तपाईंले हामीलाई हाम्रा छिमेकीहरूका सामने निन्दा,
र हाम्रा वरिपरि हुनेहरूमा खिसीको पात्र तुल्याउनुभएको छ।
१४ तपाईंले हामीलाई अन्यजातिहरूका बीचमा एक आहान तुल्याउनुभएको छ,
र मानिसहरूले हामीलाई देखेर टाउको हल्लाउने तुल्याउनुभएको छ।
१५ दिनभरि मेरै मुखको सामु मेरो अनादर हुन्छ,
र मेरो शर्मले मलाई ढाकेको छ।
१६ गाली गर्ने र निन्दा गर्नेको आवाजको कारणले, शत्रु र बदला लिनेले गर्दानै हो।

१७ यी सबै हामीमाथि परिआएका छन्,
तापनि हामीले तपाईंलाई बिर्सेका छैनौं,
तपाईंको करारको विषयमा विश्वासघात गरेका छैनौं।
१८ हाम्रा मन पछि फर्केको छैन,
हाम्रा पाइलाहरू तपाईंको मार्गबाट फिरेका छैनन्।
१९ तैपनि तपाईंले हामीलाई स्यालहरूका ठाउँमा चक्नाचूर पार्नुभएको छ,

र हामीलाई घोर अन्धकारले ढाक्नु-
भएको छ।
२० यदि हामीले हाम्रा परमेश्वरको नाउँ
बिर्सेको भएदेखि,
र अन्य देवतातिर हाम्रा हात
पसारेको भएदेखि।
२१ के परमेश्वरले यसको खोजी गर्नुहुनेछैन र?
किनकि उहाँले हृदयका गुप्त कुरा
जान्नुहुन्छ।
२२ तपाईंकै खातिर हामी दिनभरि
मारिएका छौं,
काट्न ल्याएका भेडाझैं हामी
गनिएका छौं।
२३ जाग्नुहोस् तपाईं किन सुत्नुहुन्छ,
हे परमप्रभु?
उठ्नुहोस्, हामीलाई सदाको निम्ति
नत्याग्नुहोस्!
२४ तपाईंले किन आफ्नो मुख लुकाउनुहुन्छ,
र हाम्रा दुःख र हामीमाथिको शासन
बिर्सनुहुन्छ?
२५ किनकि हाम्रो आत्मा माटोसम्मै
झुकेको छ,
हाम्रा पेट भूइँमा टाँसिएको छ।
२६ हाम्रो सहायताको निम्ति उठ्नुहोस्!
र तपाईंको करुणाको खातिर हामीलाई
मोल तिरेर छुटाउनुहोस्।

शाही विवाहको गीत

प्रधान-नाइकेको निम्ति—कोरहवंशीहरूको मस्किल
भन्ने भजन, शोशन्निम रागमा। प्रेमको भजन

४५ मेरो हृदयमा एक असल कुरा भरिएर
पोखिन्छ,
राजाको विषयमा लिएर रचेका कुराहरू
म बोल्छु,
मेरो जिब्रो सिपालु लेखकको
कलमजस्तै छ।
२ तिमी मानिसको सन्तानभन्दा परम
सुन्दर छौ,
तिम्रो ओठ अनुग्रहले भरपूर भएको छ,
यसकारण परमेश्वरले तिमीलाई सदाको
निम्ति आशिष दिनुभएको छ।
३ हे वीर, तिम्रो प्रताप र महामहिमासाथ
तिम्रो तरवार आफ्नो कम्मरमा भिर।
४ अनि सत्यता, नम्रता र धार्मिकताको
निम्ति तिम्रो महामहिमामा सफलतासाथ
सवारी गर।
औ तिम्रो दाहिने हातले तिमीलाई
भयानक काम सिकाउला।
५ तिम्रा काँड़हरू तीखा तीखा छन्,
राजाका शत्रुहरूका बीचमा ती हुनेछन्।
मानिसहरू तिम्रो सामने घोप्टो पर्छन्।
६ हे परमेश्वर, तपाईंको सिंहासन सदा सर्वदा
कायम रहन्छ,
पक्षपातरहितको राजदण्ड तपाईंको राज्यको
राजदण्ड हो।
७ तपाईंलाई धार्मिकता मन पर्छ, र
दुष्टतालाई तपाईं घृणा गर्नुहुन्छ, यसकारण
परमेश्वरले, तिम्रा परमेश्वरले तिम्रा
साथीहरूभन्दा बढ़ता गरेर हर्षको
तेलले तिमीलाई अभिषेक गर्नुभएको छ।
८ तिम्रा सबै पोशाकहरूमा मूर्र, घिउकुमारी
र तेजपातका बासना आउँछन्।
हस्तिहाड़को महलमा तारका बाजाले
तिमीलाई खुशी तुल्याउँछ।
९ तिम्रा माननीय स्त्रीहरूमध्ये राजकुमारीहरू
पनि छन्,
तिम्रो दाहिनेपट्टि ओपीरको सुनका गहना
पहिरेका महारानी खड़ा हुन्छिन्।
१० सुन, हे राजकुमारी, आफ्नो कान
लगाएर विचार गर,
तिम्रा आफ्नै मानिसहरू र तिम्रा
पिताको घरलाई पनि बिर्स।
११ यसरी राजाले तिम्रो सौन्दर्यको चाह
गर्नेछन्,
किनकि उनी ता तिम्रा स्वामी हुन्,
र तिमीले उनलाई दण्डवत् गर।

१२ औ टायरकी राजकुमारी पनि सौगात
लिएर हाजिर हुनेछन्,
प्रजाहरूमा धनीहरूले पनि तिम्रो निगाहको
निम्ति बिन्ती गर्नेछन्।

१३ राजकुमारी महलभित्र अति शोभायमान
हुन्छिन्,
तिनको पोशाकमा सुनौला कार्चोपको
काम भएको छ।
१४ कार्चोप भरिएको पोशाकमा तिनी
राजाकहाँ पुर्‍याइनेछन्।
तिनका पछिपछि लाग्ने कुमारी सहेलीहरू
तिमीकहाँ ल्याइनेछन्।
१५ खुशी र आनन्दसित तिनीहरू
डोर्‍याइनेछन्,
तिनीहरू राजाको महलभित्र पस्नेछन्।

१६ तिम्रा पुर्खाका सट्टामा तिम्रा
छोराहरू हुनेछन्।
तिनलाईनै तिमीले सारा पृथ्वीभरिका
राजकुमार तुल्याउनेछौ।
१७ म तिम्रो नाउँ पुस्तौंसम्म सम्झने
तुल्याउनेछु,
यसकारण देश देशका मानिसहरूले
तिमीलाई सदा सर्वदा धन्यवाद दिनेछन्।

परमेश्वर आफ्ना प्रजाको शरणस्थान

वाद्य-नाइकेको निम्ति—अलामोत नामक रागमा
गाउने कोरहवंशीहरूको एउटा भजन

४६ परमेश्वर हाम्रो शरणस्थान र बल
हुनुहुन्छ,
सङ्कष्टमा अति सजिलैसँग पाइने सहायक।
२ यसकारण पृथ्वीनै बद्लिए,
र पर्वतहरू समुद्रको गर्भमा पुर्‍याइए
भने पनि हामी डराउनेछैनौं,
३ चाहे समुद्र गर्जोस् र फींज काटोस्,
चाहे त्यो उर्लेर आएकोले पर्वतहरू
थर्कून्। सेला
४ एउटा नदी छ, जसका धारहरूले
परमेश्वरको शहर,
अर्थात् सर्वोच्चको बासस्थानहरूको पवित्र
स्थानमा आनन्द गराउँछ।
५ त्यसको बीचमा परमेश्वर हुनुहुन्छ, त्यो
डग्नेछैन,
झिसमिसेमै परमेश्वरले त्यसलाई सहायता
गर्नुहुनेछ।
६ जाति जातिहरू खड़ा भए, राज्यहरू
डग्मगाए,
उहाँले आफ्नो आवाज निकाल्नुभयो,
र पृथ्वी पग्लियो।
७ सेनाहरूका परमप्रभु हाम्रो साथमा
हुनुहुन्छ,
याकूबका परमेश्वर हाम्रो शरणस्थान
हुनुहुन्छ। सेला

८ आओ परमप्रभुका काम हेर,
उहाँले पृथ्वीमा कस्तो उजाड
पार्नुभएको छ।
९ पृथ्वीको अन्तसम्मै उहाँले युद्धहरू
रोक्नुहुन्छ।
उहाँले धनु भाँच्नुहुन्छ, र भालाहरू टुक्रा
टुक्रा पार्नुहुन्छ।
रथहरूलाई उहाँले आगोमा जलाइ-
दिनुहुन्छ।

१० 'मौन बस, र परमेश्वर मै हुँ भनी थाह
पाओ।
जाति जातिमा मेरो महत्त्व हुनेछ,
र पृथ्वीमा मेरो महत्त्व हुनेछ।
११ सेनाहरूका परमप्रभु हाम्रो साथमा
हुनुहुन्छ।
याकूबका परमेश्वर हाम्रो शरणस्थान
हुनुहुन्छ। सेला

सारा पृथ्वीका परमेश्वर

वाद्य-नाइकेको निम्ति—कोरहवंशीहरूको भजन

४७ हे देशका सबै मानिस हो,
ताली बजाओ,

उच्च सोरले परमेश्वरको जय-जयकार गर।
२ किनकि सर्वोच्च परमप्रभु भयानक हुनुहुन्छ,
सारा पृथ्वीभरिका महाराजाधिराज उहाँनै हुनुहुन्छ।
३ उहाँले मानिसहरूलाई हाम्रो अधीनमा र जाति जातिहरूलाई हाम्रो पैतालामनि पार्नुहुन्छ।
४ उहाँले हाम्रो निम्ति हाम्रो अधिकार छान्नुहुन्छ।
आफूले प्रेम गर्नुहुने याकूबको श्रेष्ठता उहाँ हुनुहुन्छ। सेला

५ परमेश्वर जयजयकारको ध्वनिसाथ, परमप्रभु तुरहीको सोरमा माथ्तिर जानुभएको छ।
६ परमेश्वरको भजन गाओ, भजन गाओ, हाम्रा महाराजाधिराजको भजन गाओ, भजन गाओ।
७ किनकि सारा पृथ्वीका महाराजाधिराज परमेश्वरै हुनुहुन्छ।
मीठो भजन गाएर स्तुति गर।
८ परमेश्वरले जाति जातिमाथि राज्य गर्नुहुन्छ।
परमेश्वर आफ्नो पवित्र सिंहासनमा विराजमान हुनुहुन्छ।
९ अब्राहामका परमेश्वरको प्रजा हुन जाति जातिका राजाहरू भेला भएका छन्।
किनभने पृथ्वीको ढाल परमेश्वरकै हातमा छ।
उहाँ अति उच्च हुनुहुन्छ।

सियोनको सौन्दर्य र शक्ति

एउटा गीत—कोरहवंशीहरूको भजन

४८ उहाँको पवित्र डाँडामा हाम्रा परमेश्वरको शहरमा, परमप्रभु महान् र उच्च स्तुतिको योग्य हुनुहुन्छ।
२ उँचाइमा राम्रो, सारा पृथ्वीको हर्षको ठाउँ, महाराजाको शहर, उत्तरतिर भएको सियोन डाँडा हो।
३ परमेश्वरले त्यसका महलहरूमा अलग अलग शरणस्थानको निम्ति आफ्नो परिचय दिनुभएको छ।
४ किनकि हेर, राजाहरू जम्मा भएका छन्, तिनीहरू एकैचोटि पार गरेर गइहाले।
५ तिनीहरू त्यो देखेर छक्क परे।
तिनीहरू आतसले भरिए, र आत्तुरीसाथ भागे।
६ त्यहीँनै तिनीहरूलाई कम्पले ग्रस्त पार्‍यो।
सुत्केरी हुने स्त्रीको वेदनाजस्तो तिनीहरूलाई भयो।
७ तपाईंले टार्ससका जहाजहरूलाई पूर्विय बतासले नष्ट गर्नुहुन्छ।
८ सेनाहरूका परमप्रभुको शहरमा, हाम्रा परमेश्वरको शहरमा,
हामीले जस्तो सुनेका छौं,
त्यस्तै देखेका छौं।
परमेश्वरले यसलाई सदा स्थिर राख्नुहुनेछ। सेला
९ हे परमेश्वर, तपाईंको मन्दिरको बीचमा, हामीले तपाईंको करुणामा ध्यान दिएका छौं।
१० हे परमेश्वर, तपाईंको नाउँजस्तो छ, त्यस्तै पृथ्वीको अन्तसम्मै तपाईंको प्रशंसा पनि छ।
तपाईंको दाहिने बाहुली धार्मिकताले भरिएको छ।
११ तपाईंको इन्साफले गर्दा, सियोन डाँडा हर्षित होस्,
र यहूदाको शहरका छोरीहरू रमाऊन्।

१२ सियोनको चारैतिर डुल, र त्यसलाई परिक्रमा गर।
त्यहाँका धरहराहरू गन।

१३ त्यसका पर्खालहरूमाथि राम्ररी दृष्टि लगाओ,
त्यहाँका महलहरूमा ध्यान लगाएर हेर
जसबाट तिमीहरूले पछि हुने पुस्तालाई बताउनसक।
१४ किनकि यही परमेश्वर सदा सर्वदा हाम्रा परमेश्वर हुनुहुन्छ।
मृत्युसम्मै उहाँ हाम्रा अगुवा हुनुहुनेछ।

धन-दौलतले मृत्युबाट छुटकारा दिनसक्तैन

बाद्य-नाइकेको निम्ति—कोरहवंशीहरूको भजन

४९ हे देश देशका सबै मानिस हो, सुन।
संसारका सबै बासिन्दा हो, कान थाप।
२ उच्च र नीच दुवै,
धनी र गरीब जम्मै।
३ मेरो मुखले ज्ञानको कुरा बोल्नेछ।
र मेरो मनको ध्यान समझको हुनेछ।
४ म उखानमा आफ्नो कान लगाउनेछु
वीणा बजाएर म आफ्नो अड्को फुकाउनेछु।
५ जब विपत्तिका दिनहरूमा मेरा कुर्कुच्चामा डस्ने अपराधहरूले मलाई घेर्छन्,
तब पनि मैले किन डराउनु पर्थ्यो?
६ जस जसले आफ्ना सम्पत्तिमाथि भरोसा राख्छन्।
र आफ्ना धनको थुप्रोमा अहंकार गर्दछन्।
७ तिनीहरूमा कसैले पनि कुनै किसिमले आफ्ना भाइलाई मोल तिरेर छुटाउनसक्तैन,
परमेश्वरलाई त्यसको छुटकाराको मोल त्यसले दिनसक्तैन।
८ (किनकि तिनीहरूको आत्माको मोल ज्यादै हुन्छ,
र कहिल्यै पनि तिर्न नसक्ने हुन्छ)।
९ कि यस्ता कोही छैनन् जो सधैं बाँचिरहन्छ, र कुहुनुपर्दैन।
१० किनकि त्यसले बुद्धिमान मानिसहरू पनि मरेको देख्तछ,
मूर्ख र पशुसरहका मानिसहरू पनि साथसाथै नष्ट भएका
र तिनीहरूका धन-सम्पत्ति अरूहरूलाई छोड़ेका देख्छ।
११ तिनीहरूका घरहरू सधैं स्थिर रहिरहन्छ।
र तिनीहरूका बासस्थान पुस्तौंसम्म रहन्छ भन्ने तिनीहरूका भित्री विचार हुन्छ।
तिनीहरूले आफ्ना जमीनलाई आफ्ना आफ्नै नाउँ राख्तछन्।
१२ तर इज्जतैमा मानिस रहँदैन,
त्यो ता नष्ट हुने पशुतुल्य छ।
१३ तिनीहरूको यो चलन केवल मूर्खता मात्र हो,
तैपनि तिनीहरूका पछि मानिसहरूले तिनीहरूकै कुरामा समर्थन गर्छन्। सेला
१४ तिनीहरू पातालको भेड़ा-बाख्राजस्तै ठहरिएका छन्।
मृत्युनै तिनीहरूको गोठालो हुनेछ।
र बिहान तिनीहरूमाथि सीधा मानिसहरूको शासन हुनेछ।
तिनीहरूको सुन्दरता भस्म हुन पातालको निम्ति हुनेछ,
र तिनीहरूका कुनै बास रहनेछैन।
१५ तर परमेश्वरले पातालको शक्तिबाट मेरो आत्मालाई छुटाउनुहुनेछ।
किनकि उहाँले मलाई ग्रहण गर्नहुनेछ। सेला
१६ कोही धनी भयो र त्यसको घरको गौरव बढ्यो भनेर तिमी नडराऊ।
१७ किनकि त्यो मर्दा त्यसले साथमा केही पनि लैजानेछैन।
त्यसको गौरव त्यसको पछिपछि चिहानमा जानेछैन।

१८ त्यो बाँचुन्जेल आफूले आफैलाई धन्यको ठान्छ,
र तैंले आफ्नै कल्याण गर्दा मानिसहरूले तेरो प्रशंसा गर्छन्।
१९ तापनि त्यो आफ्ना पुर्खाको पुस्तामा मिल्नजानेछ।
तिनीहरूले फेरि कहिल्यै उज्यालो देख्नेछैनन्।
२० मानिस चाहे जतिसुकै इज्जतमा होस्,
तर समझ राख्तैन भने त्यो नष्ट हुने पशुतुल्यनै हो।

दुष्ट र धर्मीका न्यायकर्त्ता परमेश्वर

आसापको भजन

५० परमेश्वर, सर्वशक्तिमान परमप्रभु परमेश्वर बोल्नुभएको छ,
र सूर्योदयदेखि लिएर सूर्यास्तसम्मै पृथ्वीका मानिसहरूलाई बोलाउनुभएको छ।
२ परम सुन्दर सियोनबाट
परमेश्वर प्रज्ज्वलित हुनुभएको छ।
३ हाम्रा परमेश्वर आउनुहुनेछ,
र चूप लाग्नुहुनेछैन।
आगोले उहाँको अगिअगि भस्म गर्नेछ,
र उहाँको वरिपरि ठूलो आँधी चल्नेछ।
४ आफ्ना प्रजाको इन्साफ गर्न उहाँले माथिको आकाश र पृथ्वीलाई बोलाउनुहुनेछ।
५ बलिदान चढ़ाएर मसँग करार बाँध्ने जति,
मेरा भक्त जनहरूलाई मकहाँ जम्मा गर।
६ अनि स्वर्गले उहाँको धार्मिकता प्रकट गर्नेछ।
किनकि परमेश्वर स्वयं न्यायाधीश हुनुहुन्छ। सेला

७ हे मेरो प्रजा सुन, र म बोल्नेछु।
हे इस्राएल, म तेरो विरुद्धमा साक्षी दिनेछु।
म परमेश्वर तेरै परमेश्वर हुँ।
८ तेरा बलिदानहरूका विषयमा म तँलाई दोष दिन्नँ।
तेरा होमबलिहरू ता नित्य मेरो सामने भएकै छ।
९ तेरो घरबाट बाछो,
अथवा तेरा गोठहरूबाट बोको म लिनेछैनँ।
१० किनकि जङ्गलको हरेक जन्तु,
र हजारौं डाँड़ाहरूका गाई-भैंसीहरू मेरै हुन्।
११ पर्वतका सबै पक्षीलाई मैले चिनेको छु।
र वनका सारा जङ्गली जन्तु मेरै हुन्।
१२ म भोकै भए पनि तँलाई भन्ने थिइनँ।
किनकि संसार र त्यसमा भएका यावत् थोक मेरै हुन्।
१३ के म साँढ़िहरूको मासु खान्छु,
अथवा बोकाहरूको रगत पिउँछु?
१४ परमेश्वरलाई धन्यवादको बलिदान चढ़ा।
र तेरो भाकल सर्वोच्चमा पूरा गर्।
१५ औ सङ्कटको दिनमा मलाई पुकार्।
म तँलाई छुटाउनेछु, र तैंले मेरो महिमा गर्नेछस्।

१६ तर दुष्टलाई परमेश्वरले भन्नुहुन्छ,
"मेरा नियम घोषणा गर्ने तेरो के हक छ?
तेरो मुखले किन मेरो करारको कुरा गर्दछ?"
१७ तँ ता अर्तीलाई घृणा गर्दछस्,
र मेरा वचन एकातिर लत्याउँछस्।
१८ चोरलाई देख्ता तँ त्यसको सङ्गतमा खुशी भएको थिइस्,
र व्यभिचारीसँग सम्भागी भएको थिइस्।
१९ तँ खराबी बोल्न आफ्नो मुख खोल्छस्,
र तेरो जिब्रोले छल रच्तछ।
२० तँ बसेर आफ्नै भाइको विरुद्धमा बोल्छस्।

र तेरो साक्खै भाइको विरुद्धमा
निन्दा गर्दछस्।
२१ तैंले यस्ता यस्ता काम गर्दा पनि म चूप
लागें।
तैंले मलाई तैंजस्तै हो भनी
ठानिस्।
तर म तैंलाई चेताउनेछु,
र तेरो आँखाकै सामने सबै कुरा ठीक
गराउनेछु।
२२ हे परमेश्वरलाई बिर्सने हो,
यो राम्ररी विचार गर,
नत्रता म तिमीहरूलाई टुक्रा टुक्रा पार्छु,
र छुटाउने कोही हुँदैन।
२३ धन्यवादको बलिदान चढ़ाउनेलेनै मेरो
महिमा गर्दछ।
र आफ्नो मार्ग सुधार्नेलाईनै
परमेश्वरबाट हुने उद्धार म देखाउनेछु।

क्षमाको निम्ति पापीको प्रार्थना

पाप-नाइकेको निम्ति—बतशेबासँग गएकोमा नातान अगमवक्ता उनीकहाँ आएपछि दाऊदको भजन

५१ तपाईंको करुणाअनुसार ममाथि
अनुग्रह गर्नुहोस्, हे परमेश्वर।
तपाईंको कोमल कृपाअनुसार मेरा
अपराधहरू मेटिदिनुहोस्।
२ मेरो अधर्मबाट मलाई सफासँग धुनुहोस्,
र मेरो पापबाट मलाई शुद्ध
गर्नुहोस्।
३ किनकि म आफ्ना अपराधहरू
स्वीकार गर्छु।
मेरो पाप सदा मेरै सामनेमा छ।
४ तपाईंको विरुद्धमा, केवल तपाईंकै
विरुद्धमा मैले पाप गरेको छु,
र तपाईंको दृष्टिमा जो खराबी छ,
त्यही गरेको छु।
तपाईं बोल्नुहुँदा ठीक,
र इन्साफ गर्नुहुँदा मुनासिब ठहरिनुहुन्छ।
५ हेर्नुहोस्, म अधर्ममा उत्पन्न भएँ।
र पापैमा मेरी आमाले मलाई
गर्भधारण गरिन्।
६ हेर्नुहोस्, अन्तस्करणमा तपाईं सत्य
खोज्नुहुन्छ।
र भित्र मनमा तपाईंले मलाई ज्ञान
जान्ने तुल्याउनुहुनेछ।
७ हिसपले* मलाई मस्काउनुहोस्,
र म सफा हुनेछु।
मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो
हुनेछु।
८ हर्ष उल्लासको र कुरा मलाई सुनाउनुहोस्।
र तपाईंले भाँचिदिनुभएका हड्डीहरू
आनन्दित होऊन्।
९ मेरा पापबाट तपाईंको मुख लुकाउनुहोस्।
र मेरा सारा अधर्महरू मेटिदिनुहोस्।

१० हे परमेश्वर, ममा शुद्ध हृदय
सृजनुहोस्।
र मभित्र स्थिर आत्मा पुनर्जीवित
पार्नुहोस्।
११ मलाई तपाईंको सामनेबाट ननिकाल्नुहोस्।
र मबाट तपाईंको पवित्र आत्मा
नलैजानुहोस्।
१२ तपाईंको मुक्तिको उमंग मलाई फेरि
दिनुहोस्।
र राजी-खुशीको आत्माले मलाई
सम्हाल्नुहोस्।

१३ तब अपराधीहरूलाई म तपाईंको मार्ग
सिकाउनेछु।
र पापीहरू तपाईंतर्फ फर्कनेछन्।
१४ हे परमेश्वर, हे मेरा उद्धारकर्ता
परमेश्वर, मलाई रक्तपातको पापबाट
छुटकारा दिनुहोस्।
र मेरो जिब्रोले तपाईंको धार्मिकताको
भजन चर्को गरी गाउनेछ।
१५ हे परमप्रभु, मेरा ओठ खोलिदिनुहोस्।

*एक सुगन्धित उद्भिद्

र मेरो मुखले तपाईंको प्रशंसा गर्नेछ।
१६ किनकि तपाईं बलिदानमा प्रसन्न हुनुहुन्न,
नत्रता म त्यो चढ़ाउने थिएँ।
होमबलि तपाईंलाई मनपर्दैन।
१७ चूर्ण आत्मानै परमेश्वरको निम्ति बलिदान हो।
हे परमेश्वर, चूर्ण र पूरा पश्चतापी हृदयलाई तपाईंले तुच्छ ठान्नुहुन्न।

१८ तपाईंको खुशीमा सियोनको भलाइ गर्नुहोस्,
यरूसलेमका पर्खालहरू बनाइदिनुहोस्।
१९ तब धार्मिकताको बलिदान, होमबलि र पशुको सर्वाङ्ग-बलिमा तपाईं मग्न हुनुहुनेछ।
तब तिनीहरूले तपाईंको वेदीमा साँढ़हरू चढ़ाउनेछन्।

अहंकारी दुष्टमाथि सर्पको

गाय-नाइकेको निम्ति—दाऊदको मस्किल भन्ने भजन

५२ ए वीर मानिस, दुष्ट काममा तँ किन अहंकार गर्दछस्?
परमेश्वरको करुणा निरन्तर रहिरहन्छ।
२ धारिलो छुराझैं छली काम गर्ने
तेरै जिब्रोले दुष्टताको युक्ति निकाल्दछ।
३ असलभन्दा खराब,
र धर्मका कुरा बोल्नुभन्दा बरू ढाँटनु तँलाई मनपर्छ। सेला
४ ए छली जिब्रो,
सबै विनाश गर्ने कुराहरू तँ निको मान्छस्।
५ परमेश्वरले तँलाई त्यसैगरी सदाको निम्ति नाश गर्नुहुनेछ।
उहाँले तँलाई तानेर तेरो पालबाट निकाल्नुहुनेछ।
र जीवनको देशबाट तँलाई जरैसमेत उखेल्नुहुनेछ। सेला
६ धर्मात्माहरू पनि यो देखेर डराउनेछन्,
र यसो भनेर त्यसलाई हाँसोमा उड़ाउनेछन्,
७ "हेर, परमेश्वरमा आश्रय नलिने मानिस यही हो।
तर त्यसले आफ्ना धन-सम्पत्तिको प्रशस्तपनामा भरोसा राख्यो,
र खराबीमा आफूलाई स्थिर गरायो।"
८ तर मचाहिँ परमेश्वरको भवनमा भएको हरियो भद्राक्षको बोटजस्तै छु।
म परमेश्वरको करुणामा सदा सर्वदा भरोसा राख्तछु।
९ त्यसो गर्नुभएकोमा म सदा सर्वदा तपाईंलाई धन्यवाद दिनेछु।
तपाईंका भक्त जनहरूका सामुन्ने म तपाईंको नाउँको बाटो हेरिरहन्छु,
किनकि त्यसो गर्नु असल हुन्छ।

मानिसहरूको दुष्टता र बेवकुफी

गाय-नाइकेको निम्ति—महलथ भन्ने रागमा दाऊदको मस्किल नामक भजन

५३ मूर्खले आफ्नो मनमा भनेको छ, "ईश्वर छैन!"
तिनीहरू भ्रष्ट भएका छन्, तिनीहरूले घिनलाग्दा पाप गरेका छन्।
असल गर्ने कोही छैन।
२ बुद्धिमानी साथ काम गर्ने कोही छ र परमेश्वरलाई खोज्ने कोही छ कि भनेर हेर्न
परमेश्वरले स्वर्गबाट मानिसको सन्तानलाई हेर्नुभयो।
३ तिनीहरूमध्ये हरेक पछि हटेको छ,
तिनीहरू जम्मै एकैचोटि फोहोरी भएका छन्।
असल गर्ने कोही पनि छैन,
अहँ, एउटै पनि छैन।

४ के अधर्म गर्नेहरूको ज्ञान छैन?
जसले मेरा मानिसहरूलाई रोटीझैं खाइहाल्छन्,

र परमेश्वरको पुकारा गर्दैनन् ।
५ जहाँ केही डर थिएन
त्यहींनै तिनीहरूमाथि ठूलो डर आइपर्‍यो ।
किनकि जसले तेरो विरुद्धमा पाल
टाँगेर घेरा हालेको थियो,
परमेश्वरले त्यसका हड्डीहरू छिन्न-भिन्न
पार्नुभएको छ ।
यसैकारण तिनीहरूलाई तैंले शर्ममा
पारिस् ।
किनभने परमेश्वरले तिनीहरूलाई इन्कार
गर्नुभएको थियो ।
६ आहा, इस्राएलको उद्धार सियोनबाट
आएको भएता हुनेथियो !
जब परमेश्वरले आफ्ना मानिसहरूलाई
कैदबाट फर्काएर ल्याउनुहुन्छ,
तब याकूब रमाउनेछन्, र इस्राएल
खुशी हुनेछन् ।

शत्रुहरूबाट छुटकाराको निम्ति प्रार्थना

बाद्य-नाइकेको निम्ति—दाऊदको मस्किल नामक भजन

५४ हे परमेश्वर, तपाईंकै नाउँले मलाई
बचाउनुहोस्,
र तपाईंको शक्तिले मेरो इन्साफ
गर्नुहोस् ।
२ हे परमेश्वर, मेरो प्रार्थना सुन्नुहोस् ।
मेरा मुखका कुरामा कान लगाउनुहोस् ।
३ किनकि विदेशीहरू मेरो विरुद्धमा खड़ा
भएका छन्,
र थिचोमिचो गर्ने मानिसहरूले मेरो
प्राण लिन खोजेका छन् ।
तिनीहरूले परमेश्वरलाई आफ्ना सामने
राखेका छैनन् । सेला

४ हेर, परमेश्वर मेरा सहायक हुनुहुन्छ ।
परमप्रभु मेरो प्राण सम्हाल्ने हुनुहुन्छ ।
५ खराबीचाहिं उहाँले मेरा शत्रुहरूतर्फ
फर्काइदिनुहुनेछ ।
आफ्नो सत्यतामा तपाईंले तिनीहरूलाई
नष्ट गर्नुहोस् ।

६ म तपाईंलाई स्वेच्छा-बलि चढ़ाउनेछु ।
हे परमप्रभु, म तपाईंको नाउँमा धन्यवाद
चढ़ाउनेछु, किनकि यो असल छ ।
७ किनकि उहाँले मलाई सबै कष्टबाट
छुटाउनुभएको छ ।
औ मेरो आँखाले मैले आफ्ना
शत्रुहरूलाई देखेर म सन्तुष्ट भएको छु ।

छुटकाराको निम्ति र विश्वासघातीको सर्वनाशको निम्ति प्रार्थना

बाद्य-नाइकेको निम्ति—दाऊदको मस्किल नामक भजन

५५ मेरो प्रार्थनातिर कान लगाउनुहोस्,
हे परमेश्वर,
र मेरो अन्तरबिन्तीबाट तपाईं नलुक्नुहोस् ।
२ मतिर ध्यान दिनुहोस्, र मलाई जवाफ
दिनुहोस्,
मेरो दुःखपुकारले म छटपटाउँछु, र
विलाप गर्छु ।
३ शत्रुहरूको सोरले
र दुष्टहरूको अत्याचारले गर्दा,
किनकि तिनीहरू मलाई अधर्म गर्दछन्,
र रीसले तिनीहरू मेरो खेदो गर्दछन् ।
४ मेरो मनले मभित्र ज्यादै कष्ट पाएको छ,
र मृत्युको डर ममाथि आइलागेको छ ।
५ डर र कम्प ममाथि आइलागेको छ,
र त्रासले मलाई व्याकुल गराएको छ ।
६ औ मैले भनें, "ढुकुरको जस्तै मेरो
पखेटा भएता हुनेथियो !
तब म उड़ेर विश्राम लिनेथिएँ ।
७ हेर, म टाढ़ा उड़ेर डुल्नेथिएँ,
म वनमा बास बस्नेथिएँ ।" सेला
८ प्रचण्ड हावा र आँधीबाट
आत्तुरी गरेर कुनै ओतमा जानेथिएँ ।
९ हे परमप्रभु, तिनीहरूलाई सर्वनाश
पार्नुहोस्,
र तिनीहरूका कुरामा फाटो परोस्,
किनकि मैले शहरमा उपद्रव र झगड़ा
देखेको छु ।
१० दिन-रात तिनीहरू त्यसको पर्खालमा चढ़ेर

बरिपरि घुम्छन्,
अधर्म र उपद्रव पनि त्यसको बीचमा छन्।
११ दुष्टता त्यसको बीचमा छ,
अत्याचार र छल त्यसका सडकहरूबाट दूर हुँदैनन्।
१२ किनकि मलाई तुच्छ ठान्ने ता मेरो शत्रु होइन,
त्यसो भएता म सहनसक्ने थिएँ।
नता त्यो मलाई घृणा गर्ने र मभन्दा ठूलो हुनखोज्ने थियो।
त्यसो भएता म त्यसदेखि लुक्ने पो थिएँ।
१३ तर तँचाहिं, म समानको मानिस, मेरो साथी र मेरो परम मित्र थिइस्।
१४ हामी आपसमा राम्रा राम्रा सल्लाह गर्थ्यौं,
हामी परमेश्वरको भवनमा भीड़हरूसाथै हिंड्थ्यौं।
१५ तिनीहरूमाथि अचानक मृत्यु आइपरोस,
तिनीहरू जिउँदै खाल्डामा परिजाऊन्,
किनकि दुष्टता तिनीहरूका घरमा,
तिनीहरूका अन्तस्करणभित्रै छ।
१६ मचाहिं ता, परमेश्वरलाई पुकार्नेछु,
र परमप्रभुले मलाई बचाउनुहुनेछ।
१७ बिहान, बेलुकी र दिउँसो म दुःखपुकार र विलाप गर्नेछु,
र उहाँले मेरो सोर सुन्नुहुनेछ।
१८ मेरो विरुद्ध उठेको लड़ाइँबाट उहाँले मेरो आत्मालाई उद्धार गर्नुभएको छ,
किनकि मसँग लड़ाइँ गर्नेहरू धेरै थिए।
१९ परमेश्वर शुरुदेखिनै विराजमान हुनुहुन्छ,
उहाँलेनै सुनेर तिनीहरूलाई जवाफ दिनुहुनेछ।
ती मानिसहरू जसको अवस्था कहिल्यै बद्लदैन,
र जसले परमेश्वरको भय मान्दैनन्।
२० त्यसले आफूसँग मिलाप गर्नेहरूलाई हात उठाएको छ,
त्यसले आफ्नो करार भङ्ग गरेको छ।
२१ त्यसको मुख नौनीजस्तै चिप्लो थियो,
तर त्यसको मनमा चाहिं लड़ाइँ थियो
त्यसका कुराहरू तेलभन्दा चिल्ला थिए,
तापनि ती नाङ्गो तरवारझैं थिए।
२२ तेरो भारी परमप्रभुमा राख्,
र उहाँले तँलाई सम्हाल्नुहुनेछ,
र उहाँले धर्मात्मालाई कहिल्यै डगनदिनु-हुनेछैन।
२३ तर हे परमेश्वर, तपाइंले तिनीहरूलाई विनाशको खाल्डामा खसाल्नुहुनेछ,
हत्यारा र छली मानिसहरू तिनीहरूका आधा आयुसम्म पनि जिउनेछैनन्,
तर मता तपाइंमा भरोसा राख्नेछु।

धूर्त शत्रुहरूको विरुद्धमा प्रार्थना

बाद्य-नाइकेको निम्ति—दाऊदको मिक्ताम भन्ने भजन

५६ हे परमेश्वर, ममाथि अनुग्रह गर्नुहोस्,
किनकि मानिसले मलाई निल्नखोज्छ,
दिनभरि लड़ाइँ गरेर मलाई त्यसले अत्याचार गर्दछ।
२ मेरा शत्रुहरूले दिनभरिनै मलाई निल्नखोज्छन्,
किनकि घमण्डसाथ मसित लड़ाइँ गर्नेहरू धेरै छन्।
३ जुन बेला मलाई डर लाग्छ,
तब म तपाइंमा भरोसा राख्नेछु।
४ परमेश्वरमा उहाँको वचनको प्रशंसा गर्नेछु,
परमेश्वरमा मैंले मेरो भरोसा राखेको छु,
म डराउनेछैनँ,
कसले मलाई के गर्नसक्छ ?
५ दिनभरि तिनीहरूले मेरा कुराहरूको उल्टो अर्थ लाउछन्,
तिनीहरूका सारा युक्ति मेरो हानि गर्नमा हुन्छन्।
६ तिनीहरू भेला भएर लुकेर बस्छन्,

मेरो प्राणको निम्ति तिनीहरू ढुकेर बस्छन् ।
तिनीहरूले मेरा पाइला पहिल्याउँछन् ।
७ के अधर्म गरेर तिनीहरू उम्कलान् ?
हे परमेश्वर, आफ्नो रीसले
ती मानिसहरूलाई भस्म गर्नुहोस् ।

८ म भागी भागी हिंड्केको वृतान्त तपाइंले लेख्नुभएको छ ।
मेरो आंसु तपाइंको भाँड़ामा हालिराख्नुहोस्,
ती सबै तपाइंको पुस्तकमा छन् ?
९ जुन दिन म पुकारा गर्छु, त्यस दिन मेरा शत्रुहरू फर्केर हट्नेछन्,
किनभने परमेश्वर मतर्फ हुनुहुन्छ ।
१० परमेश्वरमैं म उहांको वचनको प्रशंसा गर्नेछु,
परमप्रभुमा म उहांको वचनको प्रशंसा गर्नेछु ।
११ परमेश्वरमा मैले मेरो भरोसा राखेको छु, म डराउनेछैनँ ।
मानिसले मलाई के गर्नसक्छ र ?
१२ हे परमेश्वर, तपाइंप्रतिको मेरो भाकल मसँग छ ।
म तपाईंमा धन्यवादको बलि चढ़ाउनेछु ।
१३ किनकि तपाइंले मेरो प्राणलाई मृत्युबाट छुटकारा दिनुभएको छ ।
परमेश्वरको सामने जीवनको उज्यालोमा म हिंड़डुल गर्न
के तपाइंले मेरो खुट्टालाई चिप्लनदेखि जोगाउनुभएको छैन र ?

परमेश्वरबाट रक्षाको निम्ति विश्वासपूर्ण प्रार्थना

गाय-नाइकेको निम्ति—दाऊदको मिक्ताम भन्ने भजन

५७ ममाथि अनुग्रह गर्नुहोस् हे परमेश्वर, ममाथि अनुग्रह गर्नुहोस् ।
किनकि मेरो आत्माले तपाईंमा शरण लिन्छ ।
यी आपद् नहटुन्जेल
तपाइंकै पखेटाको छायामनि म शरण लिनेछु ।
२ मेरो निम्ति सबै कुरा गर्नुहुने परमेश्वरमा,
सर्वोच्च परमेश्वरमा म पुकारा गर्नेछु ।
३ मलाई निल्नखोज्नेले मलाई गाली गर्दा स्वर्गबाट दूत पठाएर उहांले मलाई बचाउनुहुनेछ । सेला
परमेश्वरले आफ्नो कृपा र सत्यता प्रकट गर्नहुनेछ ।
४ मेरो प्राण ता सिंहहरूका बीचमा छ ।
आगोले जलिरहेकाहरूका बीचमा मलाई लेट्नुपरेको छ ।
यस्ता मानिसहरूका बीचमा, जसका दांत भाला र कांड़जस्तै
र तिनीहरूका जिब्रो लाग्ने तरवारमैं छन् ।
५ हे परमेश्वर, तपाइं स्वर्गभन्दा पनि उच्च हुनुहोस् ।
तपाइंको महिमा सारा पृथ्वीभन्दा उच्च
६ तिनीहरूले मेरा पाइलाको निम्ति जाल फैलाएका छन् ।
मेरो प्राण झुकेको छ ।
तिनीहरूले मेरो सामने खाड़ल खनेका छन् ।
तिनीहरू आफै त्यसको बीचमा परेका छन् । सेला

७ मेरो मन दृढ़ छ, हे परमेश्वर, मेरो मन दृढ़ छ ।
म गाउनेछु, म स्तुति गाउनेछु ।
८ हे मेरो गौरव जाग्, हे सितार र वीणा, जागा होओ ।
म आफै पनि झिसमिसेमा जाग्नेछु ।
९ हे परमप्रभु, जाति जातिहरूका बीचमा म तपाईंमा धन्यवाद चढ़ाउनेछु ।
अन्यजातिहरूका बीचमा म तपाइंको स्तुति गाउनेछु ।

१० किनकि तपाईंको करुणा यति ठूलो छ,
कि त्यो स्वर्गसम्मैं पुग्छ,
र तपाईंको सत्यता चाहिं आकाशसम्मै।
११ हे परमेश्वर, तपाईं स्वर्गभन्दा पनि उच्च हुनुहोस्।
तपाईंको महिमा सारा पृथ्वीभन्दा उच्च होस्।

दुष्टमाथि दण्डको प्रार्थना

बाद्य-नाइकेको निम्ति—दाऊदको मिक्ताम भन्ने भजन

५८ के तिमीहरू धार्मिकताका कुरा बोल्नु पर्दा साँच्चिनै चूपचाप रहन्छौ ?
हे मानिसका सन्तान हो, के तिमीहरू ठीकसित इन्साफ गर्छौ ?
२ मनमा तिमीहरू खराबी गर्दछौ।
पृथ्वीमा तिमीहरूका हातले गरेका जबरदस्ती तिमीहरू जोख्दछौ।

३ दुष्टहरू ता गर्भबाटनै बिराना हुन्छन्।
जन्मने बित्तिकै झूट बोलेर तिनीहरू बरालिएर जान्छन्।
४ तिनीहरूका विष सर्पका विषजस्तै हुन्छन्।
तिनीहरू सुन्न इच्छा नगर्ने बहिरा साँबे सर्पजस्तै हुन्छन्।
५ कस्तै चलाकीसित मैंत्र गरे तापनि
त्यसले सपेराको सोर सुन्नचाहँदैन।

६ हे परमेश्वर तिनीहरूका दाँत तिनीहरूकै मुखमा भाँचिदिनुहोस्।
हे परमप्रभु, जवान सिंहहरूका बड़े बड़े दाहा भाँचिदिनुहोस्।
७ तिनीहरू लगातार बगेर गएको पानीजस्तै हराइ जाऊन्।
त्यसले काँड़हरू ताक्दा ती काटिएकाझैं होइजाऊन्।
८ तिनीहरू गलेर हराइ जाने चिप्ले कीराझैं होइजाऊन्।
र कहिल्यै घाम नदेख्ने स्त्रीको तुहेको गर्भझैं होइजाऊन्।

९ तिनीहरूका भाँड़ाले काँढाको आगोको राप थाह पाउन अघिनै,
चाहे हरियो होस्, चाहे जलिरहेको होस्, उहाँले आँधी-बेहीले लैजानुहुनेछ।

१० बदला दिनुभएको देखेर धर्मात्माहरू रमाउनेछन्।
तिनले आफ्ना खुट्टा दुष्टहरूको रगतले धुनेछन्।
११ यसैले मानिसहरूले भन्नेछन्, "साँच्चिनै धर्मात्माहरूका निम्ति ता इनाम छ।
साँच्चिनै पृथ्वीमा इन्साफ गर्ने परमेश्वर हुनुहुन्छ।"

शत्रुहरूबाट छुटकाराको प्रार्थना

बाद्य-नाइकेको निम्ति—कोरहवंशीहरूको भजन

५९ मलाई मेरा शत्रुहरूबाट छुटकारा दिनुहोस्, हे मेरा परमेश्वर।
मेरो विरुद्धमा खड़ा हुनेहरूबाट मलाई अलग्गो ठाउँमा राख्नुहोस्।
२ अधर्म गर्नेहरूबाट मलाई छुटकारा दिनुहोस्,
र रगतको प्यासी मानिसहरूबाट मलाई बचाउनुहोस।
३ किनकि हेर्नुहोस्, तिनीहरू मेरो प्राणको निम्ति ढुकेर बसेका छन्।
हे परमप्रभु, न मेरो अपराधको निम्ति,
नता मेरो पापको निम्ति,
पराक्रमीहरू मेरो विरुद्धमा जम्मा भएका छन्।
४ मेरो कसूरैविना तिनीहरू दगुरेर तम्सिन्छन्।
मलाई सहायता गर्नालाई उठ्नुहोस्,
र हेर्नुहोस्।
५ हे सेनाहरूका परमप्रभु, परमेश्वर
तपाईं इस्राएलका परमेश्वरनै,
सबै अन्यजातिहरूलाई सजाय दिनालाई खड़ा हुनुहोस्।
कुनै दुष्ट अपराधीहरूमाथि अनुग्रह

नगर्नुहोस् । सेला
६ साँझपिच्छे तिनीहरू कुकुरझैं भुक्तै
आउँछन्,
र शहरका चारैतिर घुम्छन्।
७ हेर, तिनीहरू तिनकै मुखले डकार्छन्,
तिनीहरूका ओठमा तरवार छन्।
तिनीहरू भन्छन्, "सुन्ने को छ र?"
८ तर तपाईंचाहिँ, हे परमप्रभु,
तिनीहरूमाथि हाँस्नुहुनेछ।
सबै अन्यजातिहरूलाई तपाईंले हाँसोमा
उड़ाउनुहुनेछ।
९ हे मेरा शक्ति, तपाईंको बाटो म
हेर्नेछु।
किनकि परमेश्वर मेरो अल्गो धरहरा
हुनुहुन्छ।
१० करुणाको मेरा परमेश्वरले मलाई भेट
गर्नुहुन्छ।
मेरा शत्रुहरूमाथिको मेरो इच्छा परमेश्वरले
मलाई देख्नदिनुहुनेछ।
११ तिनीहरूलाई नमार्नुहोस्, नत्रता मेरा
प्रजाले बिर्सन्छन्,
तपाईंको सामर्थ्यले तिनीहरूलाई छिन्नभिन्न
पारेर
तिनीहरूलाई होच्याउनुहोस्,
हे परमप्रभु, हाम्रा ढाल!
१२ तिनीहरूका मुखका पाप, र तिनीहरूका
ओठका वचनहरू,
र तिनीहरूले दिएका श्राप र बोलेका
झूटमा,
र तिनीहरूका घमण्डमा, तिनीहरू
पक्रा परून्।
१३ क्रोधले तिनीहरूलाई भस्म पार्नुहोस्,
तिनीहरूलाई भस्म पार्नुहोस्,
र तिनीहरू रहँदै नरहून्।
तिनीहरूले जानून्, कि परमप्रभुले
याकूबमा
र पृथ्वीको अन्तसम्मै राज्य गर्नुहुन्छ।
सेला
१४ औ साँझमा तिनीहरू फर्किआऊन्।
र कुकुरले झैं भुक्तै शहरका चारैतिर
जाऊन्।
१५ खानेकुराको निम्ति तिनीहरू माथि तल
डुल्छन्,
र सन्तुष्ट नभएमा तिनीहरू रातभरि
पर्खनेछन्।
१६ तर मचाहिँ ता तपाईंको शक्तिको
स्तुति गाउनेछु।
बिहानै तपाईंको करुणाको प्रशंसा चर्को
सोरले गाउनेछु।
किनकि तपाईं मेरो अल्गो धरहरा
र मेरो दुःखको दिनमा शरणस्थान
हुनुभएको छ।
१७ हे मेरो शक्ति म तपाईंको स्तुति
गाउनेछु।
किनकि परमेश्वर मेरो उच्च धरहरा
हुनुहुन्छ,
मेरा करुणामय परमेश्वर।

लड़ाइँ हारेकोमा बिलौना र सहायताको निम्ति प्रार्थना

बाद्य-नाइकेको निम्ति—दाऊदको मिक्ताम भन्ने भजन

६० हे परमेश्वर, तपाईंले हामीलाई
त्यागनुभएको छ।
तपाईंले हामीलाई टुक्राउनुभएको छ।
तपाईं रिसाउनुभएको छ, हामीलाई
पुनःस्थापित गर्नुहोस्।
२ तपाईंले देशलाई थर्काउनुभएको छ।
तपाईंले त्यसलाई फटाउनुभएको छ।
त्यसका घाँदोहरू पुर्नुहोस्।
किनकि त्यो हल्लिँदैछ।
३ तपाईंले आफ्ना प्रजाहरूलाई कठिन
कुराहरू देखाउनुभएको छ।
तपाईंले हामीलाई धरमराउने मद्य
खुवाउनुभएको छ।
४ सत्यताको खातिर फरफराउनालाई
तपाईंसित डराउनेहरूलाई तपाईंले झण्डा
दिनुभएको छ। सेला

५ तपाईंका प्रियहरूले छुटकारा पाऊन्,
तपाईंको दाहिने बाहुलीले हामीलाई
बचाउनुहोस्, र हामीलाई उत्तर
दिनुहोस्।
६ परमेश्वरले आफ्नो पवित्रतामा भन्नुभएको
छ, "म प्रफुल्लित हुनेछु।
शेकेमलाई म बाँड्नेछु, र सुक्कोतको
बेँसीको नापो गर्नेछु।
७ गिलाद मेरो हो, औ मनस्से पनि
मेरै हो।
एप्रैम पनि मेरो शिरको बचाउ हो।
यहूदा मेरो राजदण्ड हो।
८ मोआब मेरो पानीको बाटा हो।
एदोममा म आफ्नो जुत्ता फाल्नेछु,
हे पलिस्तीको देश, मेरो निम्ति जयजय
गर्।

९ सुरक्षित शहरमा मलाई कसले
पुऱ्याइदेला?
एदोमसम्म मलाई कसले डोऱ्याउला?"
१० हे परमेश्वर, के तपाईंलेनै हामीलाई
त्याग्नुभएको होइन र?
औ हे परमेश्वर, तपाईं हाम्रा
सेनाहरूको साथमा जानुहुन्न।
११ विरोधीहरूको विरोधमा हामीलाई
सहायता गर्नुहोस्।
किनकि मानिसको सहायता ता व्यर्थ हुन्छ।
१२ परमेश्वरद्वारानै हामी बहादुरी गर्नेछौं।
किनकि हाम्रा विरोधीहरूलाई कुल्चने
उहाँनै हुनुहुन्छ।

परमेश्वरको रक्षामा भरोसा

वाद्य-नाइकेको निम्ति—तार बाजाको साथमा बजाउने
दाऊदको भजन

६१ मेरो क्रन्दन सुन्नुहोस् हे परमेश्वर,
मेरो प्रार्थनामा ध्यान लगाउनुहोस्।
२ मेरो मन व्याकुल हुँदा पृथ्वीको पल्लो
छेउबाट
म तपाईंको पुकारा गर्नेछु।
मभन्दा अग्लो चटानमा मलाई डोऱ्याएर
लानुहोस्।
३ किनकि तपाईं मेरो शरणस्थान हुनुभएको
छ,
शत्रुहरूका विरुद्धमा एउटा बलियो
धरहरा।
४ म तपाईंको बासस्थानमा सधैँ बस्नेछु।
म तपाईंका पखेटाको आड्मा शरण
लिनेछु। सेला
५ किनकि हे परमेश्वर, तपाईंले मेरा
भाकलहरू सुन्नुभएको छ।
तपाईंको नाउँको डर मान्नेहरूको
अधिकार तपाईंले मलाई दिनुभयो।

६ राजाको आयु तपाईंले बढ़ाउनुहुनेछ।
उसको उमेर पुस्तौंसम्म चल्नेछ।
७ उ सदा सर्वदै परमेश्वरको सामने
रहनेछ,
उसको रक्षाको निम्ति तपाईंको करुणा
र सत्यता तयार गर्नुहोस्।

८ यसैले दिनहुँ मेरा भाकलहरू पूरा
गर्नलाई,
म तपाईंको नाउँको सदा सर्वदा प्रशंसा
गर्नेछु।

विश्वासघातबाट एउटै मात्र शरणस्थान परमेश्वर

दाऊदको भजन

६२ मेरो प्राणले केवल परमेश्वरकै बाटो
हेरिरहन्छ,
उहाँबाटै मेरो उद्धार हुन्छ।
२ उहाँ मात्र मेरो चटान र मेरो उद्धार
गर्ने हुनुहुन्छ,
उहाँ मेरो अग्लो धरहरा हुनुहुन्छ, म
साह्रोगरी डग्नेछैनँ।
३ तिमीहरू, सबैले त्यसलाई मारौं भनेर
मानिसमाथि तिमीहरू कत्तिसम्म
आइलाग्नेछौ?

त्यो ता ढल्नलागेको पर्खाल र झुकेको
बारझैं छ !
४ त्यसको बड्प्पनबाट त्यसलाई खसाल्नालाई
मात्र तिनीहरू सल्लाह गर्दछन्,
ढाँट्नमा तिनीहरू प्रसन्न रहन्छन्,
तिनीहरू मुखले ता आशीर्वाद दिन्छन्,
तर भित्रभित्रै तिनीहरू सराप्छन्। सेला
५ ए मेरो आत्मा, तँचाहिं केवल परमेश्वरको
बाटो हेरिरह,
किनकि मेरो आशा उहाँमै छ।
६ उहाँ मात्र मेरो चटान र उद्धार गर्ने
र मेरो अग्लो धरहरा हुनुहुन्छ, म
डग्नेछैनँ।
७ मेरो उद्धार र मेरो महिमाको आधार
परमेश्वरमै छ,
मेरो बलको चटान, र मेरो शरणस्थान
परमेश्वरमै छ।
८ मानिस हो, हर बखत उहाँमानै
भरोसा गर,
उहाँको सामने आफ्नो हृदयको दुःख
पोखाओ,
परमेश्वर हाम्रा निम्ति शरणस्थन
हुनुहुन्छ। सेला

९ निश्चय निम्न-स्तरका मानिसहरू एक
सासका, र उच्च-स्तरकाचाहिं झूटा
हुन्छन्,
तराजूमा तिनीहरू उचालिनेछन्, तिनीहरू
बिलकुलै व्यर्थकाभन्दा हलुका हुन्छन्।
१० अत्याचारमा भरोसा नगर,
र डकैती गर्नामा अभिमान नगर
धन-सम्पत्ति बढ्यो भने, त्यसमा मन
नलगाओ।
११ परमेश्वरले एकपल्ट भन्नुभएको छ
मैले दुइपल्ट सुनेको छु,
कि शक्ति परमेश्वरकै हो,
१२ हे परमप्रभु, तपाईंमा करुणा पनि छ,
किनकि हरेक मानिसलाई तपाईं त्यसको
कामअनुसार प्रतिफल दिनुहुन्छ।

तिर्खाएको प्राणलाई परमेश्वरले तृप्त पार्नुहुन्छ

दाऊदको भजन

६३ हे परमेश्वर, तपाइं मेरा परमेश्वर
हुनुहुन्छ, म तपाइंलाई बिहानै
खोज्नेछु,
पानी नभएको ओबानो र बाँझो
जमीनमा
मेरो प्राण तपाइंको निम्ति तिर्खाउँछ,
मेरो शरीरले तपाइंको अभिलाषा गर्छ।
२ तपाइंको शक्ति र महिमा देख्नालाई
मैले तपाइंलाई बासस्थानमा हेरें।
३ किनकि तपाइंको करुणा जीवनभन्दा
उत्तम छ,
मेरा ओठले तपाइंको प्रशंसा गर्नेछ।
४ यसैले म मेरो जीवनभरि तपाइंलाई
धन्यको भन्नेछु,
र तपाइंको नाउँ लिएर आफ्ना हात
उचाल्नेछु।
५ मेरो प्राण हड्डीको मासी र बोसोले तृप्त
हुनेछ,
र आनन्दित ओठबाट मेरो मुखले
तपाइंको प्रशंसा गर्नेछ,
६ आफ्नो ओछ्यानमा मैले तपाइंको
सम्झना गर्दा
र रातको पहर पहरमा तपाइंको ध्यान
गर्दा,
७ किनकि तपाइं मेरो सहायक हुनुभएको छ,
र तपाइंको पखेटाको छायामनि म
आनन्दित हुनेछु।
८ मेरो आत्मा खुरन्धारसँग तपाइंको पछि
लाग्छ,
तपाइंको दाहिने बाहुलीले मलाई
साझाल्छ।

९ तर मेरो प्राणलाई नाश गर्न खोज्ने-
हरूचाहिं
पृथ्वीको तल्लो भागमा पुग्नेछन्।

१० तिनीहरू तरवारको शक्तिलाई दिइनेछन्,
तिनीहरू स्यालहरूका भाग हुनेछन्।

११ तर राजाचाहिं परमेश्वरमा आनन्दित हुनेछन्,
उसको नाउँ लिएर किरिया हाल्नेहरू हरेकको गौरव हुनेछ,
किनकि झूटा बोल्नेहरूका मुख थुनिनेछन्।

गुप्त शत्रुहरूका विरुद्धमा प्रार्थना

वाद्य-नाइकेको निम्ति—दाऊदको भजन

६४ मैले उजूर गर्दा मेरो सोर सुन्नुहोस्, हे परमेश्वर,
शत्रुको डरबाट मेरो ज्यानलाई जोगाउनुहोस्।
२ कुकर्मीहरूको गुप्त सल्लाहबाट, र अधर्म काम गर्नेहरूको हल्लाबाट मलाई लुकाउनुहोस्।
३ जसले आफ्ना जिब्रोलाई तरवारझैं शान लगाएका छन्,
औ तीता वचनरूपी काँडहरूले ताकेका छन्।
४ गुप्त ठाउँहरूमा सुधाहरूलाई हान्नाको निम्ति,
अचानक नडराईकन तिनीहरूले त्यसलाई हान्छन्।
५ सबै दुष्ट अभिप्रायहरूमा तिनीहरू आफै उत्साह लिन्छन्,
गुप्तसित पासो थाप्नालाई मनमा गुन्छन्,
तिनीहरू भन्छन्, कसले हामीलाई देख्छ र?
६ तिनीहरू अधर्म खोज्छन्, तिनीहरू भन्छन्, हामीले परिश्रमसाथ त्यो खोजेका छौं।
किनकि मानिसको अन्तस्करण र मन गहीरो हुन्छ।
७ तर परमेश्वरले तिनीहरूलाईनै हान्नुहुनेछ,
एउटै काँडले तिनीहरू अचानक घायल हुनेछन्।
८ यसैले तिनीहरूको जिब्रोनै तिनीहरूको विरुद्धमा भएर तिनीहरूले ठक्कर खानेछन्,
तिनीहरूलाई देख्ने सबैले शिर हल्लाउनेछन्।
९ औ सबै मानिसहरू डराउनेछन्,
र तिनीहरूले परमेश्वरको कामको घोषणा गर्नेछन्,
र उहाँले गर्नभएको काममा बुद्धिमानीसाथ विचार गर्नेछन्।
१० धर्मात्माहरूचाहिं परमप्रभुमा आनन्दित हुनेछन्, र उहाँमाथिनै भरोसा गर्नेछन्,
औ सोझो मन भएकाहरूले चाहिं गौरव पाउनेछन्।

पृथ्वीलाई धनाढ्य तुल्याउनुहुने परमेश्वरमा प्रशंसा

वाद्य-नाइकेको निम्ति—दाऊदको भजन

६५ हे परमेश्वर, सियोनमानै तपाईंको प्रशंसा हुनुपर्दछ,
औ तपाईंमानै भाकल पूरा गरिनेछ।
२ हे प्रार्थना सुन्नुहुने,
तपाईंकहाँनै सबै प्राणी आउनेछन्।
३ अधर्महरू मेरो विरुद्धमा प्रबल हुन्छन्,
हाम्रा अपराधहरूचाहिं तपाईंलेनै शुद्ध पार्नुहुनेछ।
४ त्यो मानिस धन्यको हो, जसलाई तपाईंले छान्नुहुन्छ,
र तपाईंकहाँ रहनालाई आउने तुल्याउनुहुन्छ,
तपाईंको भवन, अर्थात् तपाईंको मन्दिरको पवित्र ठाउँका उत्तम उत्तम पदार्थले हामी सन्तुष्ट हुनेछौं।
५ महान कामहरूबाट धार्मिकतामा तपाईंले हामीलाई जवाफ दिनुहुन्छ,
हे हामीलाई मुक्ति दिने परमेश्वर,
पृथ्वीको पल्लो छेउ बस्ने,

र समुद्रमा टाढ़ा टाढ़ा बस्नेहरूका आशा
तपाईंनै हुनुहुन्छ।
६ शक्तिको पटुका कसेर
आफ्नो शक्तिद्वारा पहाड़हरूलाई जसले
दृढ़ गराउनुहुन्छ,
७ जसले समुद्रका गर्जन र तिनका छालका
गर्जनहरूलाई
र मानिसहरूका खैलाबैला शान्त गर्नुहुन्छ।
८ पृथ्वीको पल्लो छेउ बस्नेहरू तपाईंका
चिह्नहरू देखेर डराउँछन्,
तपाईंले सूर्योदय र सूर्यास्त रमाइलो
तुल्याउनुहुन्छ।

९ पृथ्वीको हेरचाहा गरेर तपाईंले त्यसलाई
पानीले भिजाउनुहुन्छ,
तपाईंले त्यसलाई ज्यादै फलिफाप
तुल्याउनुहुन्छ,
परमेश्वरको नदी पानीले भरिएको हुन्छ,
पृथ्वीलाई यसरी तयार गर्नुभएपछि
तपाईंले मानिसहरूलाई अन्न जुटाई-
दिनुहुन्छ।
१० तपाईंले त्यसका डयाङहरू प्रशस्तसँग
पानीले भिजाउनुहुन्छ,
तपाईंले त्यसका डीलहरू सम्म पार्नुहुन्छ,
तपाईंले त्यसलाई झरीले नरम
तुल्याउनुहुन्छ,
तपाईंले त्यसको उब्जनीलाई आशिष
दिनुहुन्छ।
११ आफ्नो भलाइले सालभरि त्यसलाई
मुकुट पहिऱ्याएजस्तो तुल्याउनुहुन्छ,
तपाईंका गोरेटाहरूमा उत्तम उत्तम
कुरा पाइन्छन्।
१२ ती वनका खर्कहरूमा चुहुन्छन्,
र पहाड़हरूले चाहिं आनन्दरूपी पटुका
कस्तछन्।
१३ खर्कहरूमा भेड़ा-बाख्रा प्रशस्त हुन्छन्।
बेंसी पनि अन्नले ढाकिएका हुन्छन्,
तिनीहरू आनन्दले कराउँछन्,
तिनीहरू भजन पनि गाउँछन्।

परमेश्वरका आश्चर्यकामको प्रशंसा

वाद्य-नाइकेको निम्ति—एउटा स्तुतिगान

६६ हे सारा पृथ्वी, परमेश्वरको
जयजयकार गर।
२ उहाँको नाउँको महिमाको स्तुति गाओ,
उहाँको महिमाको भजन गाओ।
३ परमेश्वरलाई भन, "तपाईंका कार्य
कस्ता भयानक छन्।
तपाईंको शक्तिको महत्त्वले तपाईंका
सारा शत्रुहरू तपाईंकहाँ खुमचिँदै
आउँछन्।
४ सारा पृथ्वीले तपाईंलाई दण्डवत् गर्नेछ,
र तपाईंको भजन गाउनेछ,
तिनीहरूले तपाईंको नाउँको भजन
गाउनेछन्।" सेला
५ आओ, परमेश्वरका कार्य हेर,
मानिसको सन्तानसित गर्नुभएको
व्यवहारमा उहाँ भयानक हुनुहुन्छ।
६ समुद्रलाई उहाँले सुखा जमीन
तुल्याउनुभयो,
तिनीहरू पैदलै नदी तरे,
उहाँले त्यहाँ हामीलाई आनन्दित
तुल्याउनुभयो।

७ उहाँले आफ्ना शक्तिद्वारा सदा शासन
गर्नुहुन्छ,
उहाँका आँखाले सबै जातिलाई
हेर्छ,
विद्रोहीहरूले आफ्ना शिर ठाड़ो गर्न
नपाऊन्। सेला

८ हे मानिस हो, हाम्रा परमेश्वरलाई
धन्यको भन,
औ उहाँको प्रशंसाको आवाज सुनाओ।
९ उहाँले हाम्रो प्राणलाई जीवित
राख्नुहुन्छ,
र हाम्रा खुट्टालाई चिप्लनदिनुहुन्न।
१० किनकि हे परमेश्वर, तपाईंले हामीलाई

जाँच्नुभएको छ,
चाँदी खारेको जस्तै तपाईंले हामीलाई खार्नुभएको छ।
११ तपाईंले हामीलाई जालमा पार्नुभयो,
तपाईंले हाम्रा पीठमा गहुँ भारी राख्नुभयो।
१२ तपाईंले हाम्रो शिरमाथि मानिसहरूलाई सवार गर्नलाउनुभयो,
हामी आगो र पानीबाट भएर गयौं,
तर तपाईंले हामीलाई प्रशस्त थोक हुने ठाउँमा पुऱ्याउनुभयो।

१३ होमबलि लिएर म तपाईंको भवनमा आउनेछु।
म मेरो भाकल तपाईंमा पूरा गर्नेछु।
१४ म दुःखमा पर्दा मेरो ओठले जे बोलेको थियो।
र मेरो मुखले जे भनेको थियो,
१५ तपाईंको निम्ति मोटा मोटा पशुका होमबलि चढ़ाउनेछु,
भेड़ाहरूका धुवांको धूपले,
बाख्राहरूसमेत म साँढ़ेहरू चढ़ाउनेछु। सेला

१६ हे परमेश्वरको डर मान्ने हो, आएर सुन,
र उहाँले मेरो आत्माको निम्ति
के गर्नुभयो सो म घोषणा गर्नेछु।
१७ आफ्नो मुखले मैले उहाँलाई पुकारें,
औ मेरो जिब्रोबाट उहाँको ठूलो स्तुति भयो।
१८ यदि मैले मेरो मनमा अधर्म लिएको छु भने, परमेश्वरले
सुन्नुहुनेछैन।
१९ तर साँच्चिनै परमेश्वरले सुन्नुभएको छ।
उहाँले मेरो प्रार्थनाको सोरतिर ध्यान लाउनुभएको छ।
२० परमेश्वर धन्यको हुनुहुन्छ,
जसले मेरो प्रार्थना, उहाँको करुणा हटाउनुभएको छैन।

सबै जातिबाट परमेश्वरको प्रशंसा

वाद्य-नाइकेको निम्ति—तार बाजामा बजाउने एउटा स्तुतिगान

६७ हे परमेश्वर, हामीमाथि अनुग्रह गर्नुहोस्,
र हामीलाई आशीर्वाद दिनुहोस्।
आफ्ना मुहार हामीप्रति उज्ज्वल गराउनुहोस्। सेला
२ तपाईंको मार्ग पृथ्वीमा,
औ तपाईंको उद्धार गर्ने शक्ति सबै जातिमा थाह होस्।
३ हे परमेश्वर, मानिसहरूले तपाईंको प्रशंसा गरून्।
सबै मानिसहरूले तपाईंको प्रशंसा गरून्।
४ जाति जातिहरू आनन्दित होऊन् र खुशीले गाऊन्।
किनकि तपाईंले मानिसहरूको इन्साफ विना पक्षपात गर्नुहुनेछ,
र जाति जातिहरूमाथि पृथ्वीमा राज्य गर्नुहुनेछ। सेला
५ हे परमेश्वर, मानिसहरूले तपाईंको प्रशंसा गरून्।
६ पृथ्वीले आफ्नो उब्जनी बढ़ाएको छ।
परमेश्वर, हाम्रा आफ्नै परमेश्वरले हामीलाई आशीर्वाद दिनुहुनेछ।

७ परमेश्वरले हामीलाई आशीर्वाद दिनुहुनेछ।
र पृथ्वीका टाढ़ा टाढ़ा देशका मानिसहरूले उहाँको डर मान्नेछन्।

परमेश्वरको निम्ति विजयको भजन

वाद्य-नाइकेको निम्ति—दाऊदको भजन

६८ परमेश्वर उठून्,
उहाँका शत्रुहरू तितर-बितर भइजाऊन्।
उहाँलाई घृणा गर्नेहरू पनि उहाँको सामुबाट भागून्।
२ धुवाँ पन्सिएझैं तिनीहरूलाई पन्साउनुहोस्।

आगोको सामु मैन बिलिएझैं
दुष्टहरू परमेश्वरको सामु नष्ट
भइजाऊन्।
३ तर धर्मात्माहरूचाहिँ खुशी होऊन्।
तिनीहरू परमेश्वरको अगि अति
आनन्दित होऊन्।
तिनीहरू खुशीले रमाऊन्।

४ परमेश्वरको भजन गाओ, उहाँको नाउँमा
स्तुति गाओ।
मरूभूमिबाट सवारी हुनेको निम्ति
राजपथ बनाओ।
उहाँको नाउँ याह हो, तिमीहरू
उहाँको अगि अति आनन्दित होओ।
५ परमेश्वर आफ्नो परमधाममा टुहुराका
बाबु र विधवाहरूका न्यायकर्त्ता
हुनुहुन्छ।
६ एकलो मानिसलाई परमेश्वरले परिवार
दिनुहुन्छ।
उहाँले कैदीहरूको पनि उन्नति गर्नुहुन्छ।
तर वागीहरू चाहिँ रूखो जमीनमा
रहन्छन्।
७ हे परमेश्वर, जब तपाईं आफ्ना
मानिसहरूका अगिअगि निस्कनुभयो,
जब तपाईं वनबाट भएर हिँड्नुभयो, सेला
८ तब पृथ्वी काम्यो,
आकाश पनि परमेश्वरको सामने
वर्षनलाग्यो।
परमेश्वर, अर्थात् इस्राएलका परमेश्वरको
सामने टाढ़ाको सीनै पहाड़ पनि थर्क्यो
९ हे परमेश्वर, तपाईंले प्रशस्त गरी पानी
वर्षाउनुभयो,
तपाईंको निज भाग थाक्दाखेरि तपाईंले
त्यसलाई स्थिर गर्नुभयो।

१० तपाईंको प्रजा त्यहाँ बसे,
हे परमेश्वर, तपाईंले दुःखीहरूका निम्ति
तपाईंको उत्तम उत्तम कुराहरू तयार
पार्नुभयो।

११ परमेश्वरले वचन दिनुहुन्छ।
शुभ समाचार सुनाउने स्त्रीहरूको एक
ठूलो दल हुन्छ।
१२ सेनाहरूका राजाहरूचाहिँ भाग्छन्,
तिनीहरू भाग्नेनैछन्।
र घरमा बस्ने स्त्रीले लूटका माल
बाँड्छ।
१३ जब तिमीहरू भेड़ा-गोठमा पल्टन्छौ?
तब ढुकुरका चाँदीले ढाकेका पखेटा
र सुनौला प्वाँख जस्तै पहेंलो
हुनछौ।
१४ जब सर्वशक्तिमानले राजाहरूलाई त्यहाँ
तितर-बितर पार्नुभयो,
तब जालमन-डाँड़ामा हिउँ परेजस्तै
भयो।

१५ परमेश्वरको पहाड़ बाशान-पहाड़ हो।
बाशानको पहाड़ एउटा अल्गो पहाड़
हो।
१६ हे अल्गो पहाड़,
परमेश्वरले आफू बस्न इच्छा गर्नुभएको
पहाड़,
जहाँ परमेश्वर सदा सर्वदाको
निम्ति बस्नुहुनेछ।
त्यसलाई किन तिमीहरू कर्के आँखाले
हेर्छौ?
१७ परमेश्वरका रथहरू बीस हजार, अर्थात
हजारौं हजार छन्।
सीनै पहाड़का बासस्थानमा जस्तै
परमप्रभु तिनीहरूका बीचमा हुनुहुन्छ।
१८ तपाईं उच्चमा चढ़नुभएको छ,
तपाईंले कैदीहरूलाई कैद पार्नुभएको छ
तपाईंले मानिसहरूका बीचमा
र वागीहरूमा पनि परमप्रभु परमेश्वरले
बास गरून् भनी उपहार लिनुभयो।

१९ हाम्रो बोझ दिनहुँ उठाउनुहुने परमप्र
धन्यका होऊन्,
हाम्रा परमप्रभु, हामीलाई उद्धा

गर्नुहुने परमेश्वर। सेला
२० परमेश्वर ता हाम्रा निम्ति छुटकारा
दिने परमेश्वर हुनुहुन्छ।
औ परमप्रभु परमेश्वरमानै मृत्युबाट
बचाउने उपाय छन्।
२१ तर परमेश्वरले उहाँका शत्रुहरूको टाउको
र आफ्नै गलतीमा चलिरहनेहरूका
लट्टा भएको थाप्लो फोर्नुहुन्छ।
२२ परमप्रभुले भन्नुभयो, "म बाशानबाट
फर्काएर ल्याउनेछु,
म तिनीहरूलाई फेरि समुद्रको गहराइबाट
फर्काएर ल्याउनेछु।
२३ र तिमीहरूले आफ्ना खुट्टा रगतमा
चोबौला,
औ तिमीहरूका कुकुरहरूका जिब्रोले
तिम्रा शत्रुहरूबाट तिनीहरूका हिस्सा
पाउलान्।"

२४ तिनीहरूले तपाईं जानुभएको देखेका
छन्, हे परमेश्वर,
हे मेरा परमेश्वर, हे मेरा राजा, पवित्र
बासस्थानमैं जानुभएको!
२५ खैंजड़ी बजाउने कुमारीहरू बीचमा
गाउनेहरू अगिअगि गए, र वाद्य-वादन
गर्नेहरू पछि लागे।
२६ हे इस्राएलका मूलबाट निस्केका हो,
समुदायहरूमा परमेश्वरलाई,
परमप्रभुलाईनै धन्यवाद चढ़ाओ।
२७ बिन्यामीन तिनीहरूमा सबैभन्दा
सानाचाहिं तिनीहरूका शासक भएर
यहूदाका राजाहरू तिनीहरूका दलमा,
जबूलूनका राजाहरू र नप्तालीका
राजाहरू छन्।

२८ तेरो बललाई तेरा परमेश्वरले हुकुम
गर्नुभएको छ।
हे परमेश्वर, तपाईंले हाम्रा निम्ति जे
बनाउनुभएको छ, त्यसलाई दृढ़
गर्नुहोस्।
२९ यरूशलेममा तपाईंको मन्दिरको खातिर
राजाहरूले तपाईंको निम्ति भेटी
ल्याउनेछन्।
३० कुश धारीका जङ्गली पशुहरूलाई
हप्काउनुहोस्,
बहरहरूको बथान, मानिसहरूका
बाछाहरूसमेत,
चाँदीका टुक्राहरू खुट्टामनि कुल्चँदै,
लड़ाइँमा खुशी हुने मानिसहरूलाई
उहाँले तितर-बितर पार्नुभएको छ।
३१ मिश्र देशबाट राजदूतहरू आउनेछन्।
एथिओपियाले आफ्नो हात परमेश्वरतिर
पसार्न आत्तुरी गर्नेछ।

३२ हे पृथ्वीका राज्य हो,
परमेश्वरको स्तुतिगान गर।
परमप्रभुको स्तुतिगान गर। सेला
३३ सबैभन्दा उच्च सनातन, स्वर्गमा सवारी
हुनुहुनेलाई,
हेर, उहाँले आफ्नो आवाज,
आफ्नै शक्तिशाली आवाज सुनाउनुहुन्छ।
३४ परमेश्वरको सामर्थ्यको वर्णन गर।
जसको महत्व इस्राएलमा छ,
औ उहाँको शक्ति आकाशमा छ।
३५ हे परमेश्वर, आफ्ना पवित्रस्थानमा
तपाईं डरलाग्दो हुनुहुन्छ।
इस्राएलका परमेश्वर, उहाँलेनै आफ्ना
मानिसहरूलाई बल र शक्ति दिनुहुन्छ।
परमेश्वर धन्यको हुनुहुन्छ।

छुटकारा र बदलाको निम्ति प्रार्थना

वाद्य-नाइकेको निम्ति—दाऊदको भजन

६९ हे परमेश्वर, मलाई बचाउनुहोस्।
१ किनकि पानी मेरो घिच्रैसम्म
आइसकेको छ।
२ उभिने ठाउँ नभएको गहीरो भासमा म
डुब्दैछु।
गहीरो पानीमा आइपुगेको छु,
जहाँ बाढ़हरू ममाथि उर्लंदैछन्।

३ म रूँदा रूँदा थाकिसकें,
मेरो घोक्रो सुकेको छ।
मेरा परमेश्वरको बाटो हेर्दा हेर्दा मेरा आँखा टटाइसके।
४ विनाकारण मलाई घृणा गर्नेहरू मेरो शिरका कपालभन्दा ज्यादा छन्।
झूटा कुराले मसँग दुश्मनी गरेर मलाई टुक्राउन खोज्नेहरू बलवान छन्।
तब मैले नलुटेका चीजहरू फिर्ता गर्नुपर्‍यो।
५ हे परमेश्वर, तपाईंले मेरो मूर्खता जान्नुहुन्छ।
र मेरा पापहरू तपाईंबाट लुकेका छैनन्।
६ तपाईंको बाटो हेर्नेहरू मद्वारा शर्ममा नपरून्,
हे परमप्रभु, सेनाहरूका परमेश्वर।
तपाईंलाई खोज्नेहरू मद्वारा अनादरमा नपरून्,
हे इस्राएलका परमेश्वर।
७ किनभने तपाईंकै खातिर मैले खप्की सहेको छु,
लाजले म भुतुक्क भएको छु।
८ मेरा भाइहरूका बीचमा म बिरानो भएको छु,
र मेरै आमाका छोराहरूमा विदेशी भएको छु।
९ किनकि तपाईंको घरको जोशले मलाई खाएको छ।
तपाईंलाई हप्काउनेहरूका खप्की ममाथि आइपरेका छन्।
१० उपवास बसीकन जब म रोएर मेरो प्राणलाई चेताएँ,
त्यहीचाहिँ मलाई अभिशाप भयो।
११ जब मैले भाङ्ग्राको लुगा लगाएँ।
तब म तिनीहरूका निम्ति एउटा उखान बनें।
१२ मूल-ढोकामा बस्नेहरू मेरै कुरा गर्छन्।
औ म मतवालाहरूको गीत बनें।
१३ तर मेरोचाहिँ ता, हे परमेश्वर, तपाईं खुशी भएको बेलामा, मेरो प्रार्थना तपाईंतिरै छ।
हे परमेश्वर, आफ्नो करुणाको प्रचूरतामा,
तपाईंको उद्धारको सत्यतामा मलाई उत्तर दिनुहोस्।
१४ मलाई भासबाट छुटाउनुहोस्, मैले डुब्न नपरोस्।
मलाई घृणा गर्नेहरूबाट र गहीरो पानीबाट म छुटूँ।
१५ पानीको बाढ़ले मलाई नअत्याओस्,
गहीरो पानीले मलाई ननिलोस्।
र खाल्डाले त्यसको मुख ममाथि नथुनोस्।
१६ हे परमप्रभु, मलाई उत्तर दिनुहोस्।
किनकि तपाईंको करुणा उत्तम छ।
आफ्नो कोमल कृपाको प्रचूरताअनुसार मतर्फ फर्कनुहोस्।
१७ तपाईंको मुख आफ्नो दासदेखि नलुकाउनुहोस्।
किनकि म दुःखमा छु,
मलाई झट्टै उत्तर दिनुहोस्।
१८ मेरो प्राणकै नजीक आएर त्यसलाई छुटाउनुहोस्।
मेरा शत्रुहरूका कारणले मलाई मोल तिरेर छुटाउनुहोस्।

१९ ममाथिको हप्की, मेरो शर्म र मेरो अनादर तपाईंले थाह पाउनुहुन्छ।
मेरो विरोधीहरू सबै तपाईंकै सामुन्ने छन्।
२० गालीले मेरो मन छिया छिया भएको छ।
म ज्यादै बिरामी भएको छु।
कसैले मलाई टिठाउँछ कि भनेर मैले हेरें, तर कोही भएनन्,
र सान्त्वना दिनेहरू पनि,
तर भेट्टाइनँ।
२१ तिनीहरूले मलाई खानलाई पित्त पनि दिए,

र मेरो तिर्खा मेटाउनलाई
तिनीहरूले मलाई सिर्का दिए।
२२ तिनीहरूका टेबल तिनीहरूका सामने पासोझैं भइहालोस्,
र तिनीहरूका मेल-मिलापका वरिपरि चाहिं धरापजस्तै होस्।
२३ तिनीहरूका आँखा धमिला भइजाऊन्,
र तिनीहरूका तिघ्रा निरन्तर कामिरहने तुल्याउनुहोस्।
२४ तिनीहरूमाथि तपाईंको घृणासहितको क्रोध खन्याउनुहोस्,
र तपाईंको रीसको आतंकले तिनीहरूलाई भेट्टाओस्।
२५ तिनीहरूको छाउनी उजाड भइजाओस्,
तिनीहरूका पालहरूमा कोही नबसोस्।
२६ किनकि जसलाई तपाईंले हिर्काउनुभयो,
त्यसैलाईनै तिनीहरूले खेदो गर्छन्,
र जसलाई तपाईंले घायल पार्नुभयो
त्यसको पीडाको तिनीहरू चर्चा गर्छन्।
२७ तिनीहरूका अधर्ममा अधर्म थपिदिनुहोस्
र तिनीहरू तपाईंको धार्मिकतामा आउन नपाऊन्।
२८ जीवनको पुस्तकबाट तिनीहरूको नाउँ मेटिओस्,
र धर्मात्माहरूका साथमा नलेखिओस्।

२९ तर मचाहिं दुःखित र पीडित भएको छु,
हे परमेश्वर, तपाईंको उद्धारले मलाई अल्गो ठाउँमा राखोस्।
३० स्तुति गाएर म परमेश्वरको नाउँको प्रशंसा गर्नेछु,
धन्यवाद चढाएर म उहाँको प्रशंसा गर्नेछु।
३१ यसले परमेश्वरलाई साँढे कि सीङ या खुर भएको गोरुभन्दा बढी प्रसन्न पार्नेछ।
३२ यो देखेर नम्रहरू रमाउनेछन्,
हे परमेश्वरलाई खोज्ने हो,
तिमीहरूको हृदय पुनर्जीवित होस्।
३३ किनकि परमेश्वरले दरिद्रहरूको पुकारा सुन्नुहुन्छ,
र बन्धनमा परेका आफ्ना मानिसहरूलाई उहाँले तुच्छ ठान्नुहुन्न।
३४ स्वर्ग र पृथ्वीले उहाँको प्रशंसा गरून्,
समुद्र र तिनमा चलहल गर्ने सबैले पनि।

३५ किनकि परमेश्वरले सियोनलाई बचाउनुहुनेछ, र यहूदाका शहरहरूलाई फेरि बनाउनुहुनेछ,
र तिनीहरू त्यहाँ बस्नेछन्, र त्यसलाई कब्जा गर्नेछन्।
३६ उहाँका दासहरूका सन्तानले पनि त्यसलाई अधिकार गर्नेछ,
र उहाँको नाउँलाई प्रेम गर्नेहरूले त्यसमा बास गर्नेछन्।

परमेश्वरको सहायताको निम्ति प्रार्थना

बाद्य-नाइकेको निम्ति—सम्झना गराउने, दाऊदको भजन

७० हे परमेश्वर, मलाई बचाउन छुटाउनुहोस्,
हे परमप्रभु, मलाई सहायता गर्नलाई आतुरी गर्नुहोस्।
२ मेरो प्राण लिन खोज्नेहरू शर्माऊन्
र अँध्यारो मुख लाऊन्,
मेरो हानि गर्न खोज्नेहरू पछि हटेर बेइज्जतीमा परून्।
३ मलाई आहा! आहा! भन्नेहरू आफ्ना शर्ममा परेर पछि हटून्।
४ तपाईंलाई खोज्नेहरू सबै तपाईंमा खुशी होऊन् र रमाऊन्,
तपाईंबाट हुने मुक्तिलाई प्रेम गर्नेहरूले निरन्तर भनून्,
"परमेश्वरको बडाइ होस्।"
५ तर म दुःखी र दरिद्र छु,
मकहाँ चाँडै आउनुहोस्, हे परमेश्वर,

तपाईंनै मेरो सहायक र मलाई मुक्ति
दिने हुनुहुन्छ,
हे परमप्रभु, ढीलो नगर्नुहोस्।

वृद्ध मानिसको प्रार्थना

७१ हे परमप्रभु, तपाईंमानै म भरोसा
गर्छु,
मैले कहिल्यै शर्माउन नपरोस्।
२ तपाईंकै धार्मिकतामा मलाई छुटाउनुहोस्,
र बचाउनुहोस्,
आफ्नो कान मतिर थाप्नुहोस्, र
मलाई बचाउनुहोस्।
३ तपाईं मेरो निम्ति बासस्थानको चटान
हुनुहोस्, जहाँ म निरन्तर रहनपाऊँ,
मलाई बचाउन तपाईंले आज्ञा
दिनुभएको छ,
किनकि तपाईं मेरो चटान र मेरो
किल्ला हुनुहुन्छ।
४ हे मेरा परमेश्वर, मलाई दुष्टको
हातबाट,
र अधर्मी र निर्दय मानिसको हातबाट
छुटाउनुहोस्।
५ किनकि हे परमप्रभु, तपाईं मेरो आशा
हुनुहुन्छ,
मेरो बाल्यकालदेखिनै तपाईं मेरो भरोसा
हुनुहुन्छ।
६ गर्भबाटनै म तपाईंद्वारा सम्हालिएको छु,
मेरी आमाको पेटबाट निकाल्ने तपाईंनै
हुनुहुन्छ।
मेरो प्रशंसा निरन्तर तपाईंकै
भइरहनेछ।
७ धेरैको निम्ति म अनौठो भएको छु।
तर तपाईं मेरो बलियो शरणस्थान
हुनुहुन्छ।
८ मेरो मुख तपाईंको प्रशंसा
र तपाईंको आदरमा दिनभरि भरिनेछ।
९ बूढेसकाल्मा मलाई नत्याग्नुहोस्,
मेरो बल घटेको बखतमा मलाई
नछोड्नुहोस्।
१० किनकि मेरा शत्रुहरूले मेरो विषयमा
कुरा गर्छन्।
मेरो प्राणको निम्ति ढुक्नेहरू आपसमा
यसो भनेर सल्लाह गर्छन्।
११ "परमेश्वरले त्यसलाई त्याग्नुभएको छ।
त्यसलाई खेदेर समात,
किनकि त्यसलाई छुटाउने कोही पनि
छैन।"
१२ हे परमेश्वर, मबाट टाढ़ा नहुनुहोस्,
हे मेरा परमेश्वर, मलाई सहायता चाँड़ो
गर्नुहोस्।
१३ मेरो प्राणको विरोधीहरू शर्ममा परेर
भस्म होइजाऊन्,
मेरो नोक्सानी गर्न खोज्नेहरू निन्दा र
अपमानले भरिऊन्!
१४ तर मचाहिं निरन्तर आशा गरिरहनेछु,
औ ज्यादा र अझै ज्यादा तपाईंको
प्रशंसा गर्नेछु।
१५ मेरो मुखले तपाईंको धार्मिकता, र
तपाईंबाट हुने उद्धारको विषयमा
दिनभरि बोल्नेछ,
किनकि त्यसको संख्या मलाई थाह छैन।
१६ परमप्रभु परमेश्वरको शक्तिशाली कार्य
लिएर म आउनेछु।
म तपाईंको मात्र धार्मिकताको प्रशंसा
गर्नेछु।
१७ हे परमेश्वर, बाल्यकालदेखिनै तपाईंले
मलाई शिक्षा दिनुभएको छ,
र अहिलेसम्म पनि तपाईंको उदेकको
कार्यहरू मैले घोषणा गरेको छु।
१८ हे परमेश्वर, म बूढ़ो हुँदा र मेरो
कपाल फुलिसक्दा पनि मलाई
नत्याग्नुहोस्।
जबसम्म म अर्को पुस्तामा र पछि
आउने हरेकलाई
तपाईंको सामर्थ्य र शक्तिको घोषणा
गरिसक्तिनँ।

१९ हे परमेश्वर, तपाईंको धार्मिकता पनि
साह्रै उच्च छ।
तपाईं, जसले बड़े बड़े कामहरू
गर्नुभएको छ।
हे परमेश्वर, तपाईंजस्तो को छ र?
२० तपाईं, जसले हामीलाई धेरै ठूला ठूला
कष्टहरू देखाउनुभयो,
हामीलाई फेरि जीवित पार्नुहुनेछ,
र पृथ्वीको गहिराइबाट फेरि हामीलाई
माथि ल्याउनुहुनेछ।
२१ मेरो मान बढ़ाउनुहोस्,
र मलाई सान्त्वना दिनुहोस्।
२२ हे मेरा परमेश्वर, तपाईंको सत्यतालाई
म बीणा बजाएर पनि प्रशंसा गर्नेछु।
सितार बजाएर म तपाईंको प्रशंसा
गर्नेछु,
हे इस्राएलका पवित्र जन।
२३ तपाईंको स्तुति गाउँदा मेरा ओठ र
तपाईंले छुटाउनुभएको मेरो प्राण ज्यादै
रमाउनेछन्।
२४ मेरो जिब्रोले तपाईंको धार्मिकताको
विषयमा दिनभरि कुरा गर्नेछ।
किनकि मेरो हानि गर्न खोज्नेहरू
शर्माएर अँध्यारो मुख लाएका छन्।

न्यायी राजाको शासन

सुलेमानको भजन

७२ राजालाई तपाईंको न्यायको वचन
दिनुहोस्, हे परमेश्वर,
र राजकुमारलाई चाहिं तपाईंको
धार्मिकता।
२ उसले तपाईंको प्रजालाई उचित र
तपाईंका गरीब जनहरूलाई न्यायसाथ
इन्साफ गर्नेछ।
३ पहाड़हरूले प्रजामा
र डाँड़ाहरूले धार्मिकताद्वारा शान्ति
ल्याउनेछन्।
४ प्रजाहरूका दुःखी-दाखीलाई उसले इन्साफ
गर्नेछ,
उसले दरिद्रहरूको सन्तानलाई
बचाउनेछ।
र अत्याचारीहरूलाई टुक्रा टुक्रा पार्नेछ
५ सूर्य रहुन्जेल, र पुस्तौंसम्म जून
रहुन्जेल तिनीहरू तँसँग डराउनेछन्।
६ काटेको घाँसमा पानीझैं
र पृथ्वीमा परेको झरीजस्तै उ तल
आउनेछ।
७ उसको दिनमा धर्मात्माहरूको फलिफाप
हुनेछ।
र जून रहुन्जेल प्रशस्त शान्ति रहनेछ।
८ एक समुद्रदेखि अर्को समुद्रसम्म उसको
साम्राज्य हुनेछ।
र यूफ्रेटिस नदीदेखि पृथ्वीको पल्लो
छेउसम्म रहनेछ।
९ वनमा रहनेहरू पनि उसको अगाड़ि
झुक्नेछन्।
र उसका शत्रुहरूले धूलो चाट्नेछन्।
१० तार्शिश र टापूहरूका राजाहरूले
उसलाई सौगात ल्याउनेछन्।
औ शेबा र सेबाका राजाहरूले उसलाई
भेटीहरू चढ़ाउनेछन्।
११ सब राजाहरू उसको अगाड़ि घोप्टो
पर्नेछन्।
र सबै जातिहरूले सेवा गर्नेछन्।
१२ किनकि दरिद्रहरूको पुकारा सुनेर उसले
छुटकारा दिनेछ।
र सहायता नभएका दुःखीहरूलाई
उसले छुटकारा दिनेछ।
१३ कमजोर र दरिद्रलाई उसले टिठाउनेछ,
र दरिद्रहरूको प्राण उसले बचाउनेछ।
१४ अत्याचार र थिचोमिचोबाट उसले
तिनीहरूको प्राण मोल तिरेर छुटाउनेछ।
र उसको दृष्टिमा तिनीहरूको रगत
बहुमूल्य हुनेछ।
१५ औ उ बाँचिरहनेछ।
र उसैलाई शेबाको सुन दिइनेछ।
उसको निम्ति मानिसहरूले निरन्तर
प्रार्थना गर्नेछन्,

दिनभरि तिनीहरूले उसलाई धन्यको
भन्नेछन्।
१६ पृथ्वीमा पहाड़का टाकुराहरूमा प्रशस्तगरी
अन्न हुनेछ।
त्यसको फल लबानोनको देवदारूभैं
हल्लिनेछन्।
र शहरकाहरूचाहिं पृथ्वीका घाँसभैं
सप्रनेछन्।
१७ उसको नाउँ सदा रहिरहनेछ।
उसको कीर्ति सूर्यभैं निरन्तर रहनेछ।
र मानिसहरू उसमा आशीर्वादी हुनेछन्।
सारा जातिहरूले उसलाई आशीर्वादी
भन्नेछन्।
१८ परमप्रभु, इस्राएलका परमेश्वर धन्यका
होऊन्,
उहाँले मात्र उदेकको काम गर्नुहुन्छ।
१९ उहाँको पराक्रमी नाउँ सदा सर्वदै
धन्यको होस्।
सारा पृथ्वी उहाँको महिमाले भरपूर होस्।
आमेन, आमेन।

२० यस्सीको छोरा दाऊदका प्रार्थनाहरू
समाप्त भयो।

तेस्रो भाग

(७३-८९)

दुष्टहरूको सुदिन—धर्मात्माहरूसँग तिनीहरूको तुलना

आसापको भजन

७३ निश्चय इस्राएलको निम्ति परमेश्वर
भला हुनुहुन्छ,
तिनीहरूका निम्ति, जसको हृदय शुद्ध छ।

२ तर मेरा खुट्टा भण्डै ठेस लागेका थिए।
मेरा पाइलाहरू चिप्लन लागेका थिए।
३ किनकि दुष्टहरूको उन्नति देख्ता ती
अहंकारीहरूको म डाही भएको थिएँ।
४ किनकि तिनीहरूलाई मृत्युको पीड़ा
हुँदैहुँदैन।
तर तिनीहरूको बल अटल हुन्छ।
५ अरू मानिसहरूभैं तिनीहरू कष्टमा
हुँदैनन्।
तिनीहरूलाई अरू मानिसलाईभैं विपत्ति
आइलाग्दैन।
६ यसकारण अहंकार तिनीहरूका गलामा
सिक्रीभैं रहन्छ।
अत्याचारले तिनीहरूलाई लुगालेभैं
ढाक्छ।
७ मोटाएर तिनीहरूका आँखा पुरिन्छन्।
मनले चिताएको भन्दा धेरै
तिनीहरूसँग हुन्छन्।
८ तिनीहरू गिल्ला गर्छन् र दुष्टतामा
अत्याचारको उच्चारण गर्छन्।
तिनीहरू धाक लाउँछन्।
९ तिनीहरू स्वर्गमा बसेभैं बोल्छन्,
र पृथ्वीमा जिब्रो चलाउँछन्।
१० यसकारण उहाँले आफ्ना प्रजाहरूलाई
फर्काएर ल्याउनुहुन्छ।
र कचौरा भरिका पानी तिनीहरूद्वारा
रित्याइनेछ।
११ अनि तिनीहरू भन्छन्, "परमेश्वरले
कसरी जान्नुहुन्छ?
ओ के सर्वोच्चमा ज्ञान छ र?"
१२ हेर, दुष्टहरू यिनीहरूनै हुन्।
र सधैं आरामीमा बसेर तिनीहरू
धनको पौलमा बढ्छन्।
१३ निश्चय व्यर्थमा मैले आफ्नो हृदय शुद्ध
गरेको छु,
र निर्दोषतामा आफ्नो हात धोएँ।
१४ किनकि दिनभरि म विपत्तिमा परेको छु,
र बिहानैपिच्छे मैले चेताउनी

पाउँदैरहें।
१५ यदि "म यसो भन्नेछु" भनी मैले
भनेको भएता!
हेर, मैले तपाईंको सन्तानको पुस्तालाई
धोका दिएको हुनेथियो।
१६ यो म कसरी जान्नसकूँ भनी जब मैले
विचार गरें,
त्यो मेरो दृष्टिमा साह्रै कठिन भयो।
१७ जब सम्म म परमेश्वरको पवित्र
स्थानमा पसिनँ,
र तिनीहरूको आखिरी अन्तको विचार
मैले गरिनँ।

१८ निश्चय तपाईंले तिनीहरूलाई चिप्ला
ठाउँहरूमा राख्नुहुन्छ,
तपाईंले तिनीहरूलाई सर्वनाशमा
फाल्नुहुन्छ।
१९ कसरी तिनीहरू क्षणभरमा उजाड
भइगएका हुन्छन्!
तिनीहरू डरले सम्पूर्ण भस्म भइगएका
हुन्छन्।
२० जस्तो बिउँझनेले सपनालाई अन्छ
हे परमप्रभु, तपाईं बिउँझदा
तिनीहरूलाई छायाझैं तुच्छ ठान्नुहुन्छ।

२१ किनकि मेरो हृदय दुःखित भएको
थियो,
र मेरो मुटुमै घोचेको थियो।
२२ म यस्तो जङ्गली र मूर्ख थिएँ,
तपाईंको सामने म पशुसमान थिएँ।
२३ तैपनि म निरन्तर तपाईंसँगै छु।
तपाईंले मेरो दाहिने हात
थाम्नुभएको छ।
२४ तपाईंले आफ्नै सल्लाहले मलाई
डोर्‍याउनुहुनेछ।
र त्यसपछि मलाई आफ्नो महिमा
लिनुहुनेछ।
२५ स्वर्गमा तपाईंबिना मेरो अरूको छ र?
र पृथ्वीमा पनि मैले चाहना गर्ने
तपाईंबाहेक कोही छैन।
२६ मेरो तन र मन दुवै खिन्न भएको छ।
तर परमेश्वर ता सधैंको निम्ति मेरो
मनको चटान र मेरो भाग हुनुहुन्छ।
२७ किनकि हेर, तपाईंबाट टाढ़ा रहनेहरू
नष्ट हुन्छन्।
तपाईंको विरुद्धमा व्यभिचार गर्नेहरूलाई
तपाईंले नष्ट गर्नुभएको छ।
२८ तर परमेश्वरको नजीक जान मेरो
निम्ति असल छ।
मैले तपाईंका सबै कार्यहरूको बयान
गरूँ भनी
मैले परमप्रभु परमेश्वरलाई मेरो
शरणस्थान बनाएको छु।

शत्रुहरूबाट देश उजाड हुँदा परमेश्वरबाट छुटकाराको निम्ति प्रार्थना

आसापको मस्किल भन्ने भजन

७४ हे परमेश्वर, तपाईंले हामीलाई किन
सधैंको निम्ति त्याग्नुभएको छ?
तपाईंको रीस तपाईंको खर्कको
भेड़ाहरूको विरुद्धमा किन धुवाँझैं
उठ्छ।
२ जो समुदाय तपाईंले तादिदेखि
किन्नुभएको छ,
जसलाई तपाईंले आफ्नो अधिकारको
कुल हुन मोल तिरेर छुटाउनुभएको छ।
सियोन डाँड़ालाई सम्झना गर्नुहोस्,
जहाँ तपाईं बिराजमान हुनुभएको छ।
३ अनन्त उजाड़तिर तपाईंको गोड़ा
उठाउनुहोस्।
पवित्र स्थानमा शत्रुहरूले सबै खराबी
गरेका छन्।

४ तपाईंको सभाको बीचमा तपाईंका
विरोधीहरू गर्जेका छन्।
तिनीहरूले आफ्ना झण्डाहरू चिह्नको
रूपमा राखेका छन्।

५ रूखहरूको झोरमा बञ्चरा हान्ने
मानिसहरूजस्तै ती देखिन्छन्।
६ र अब त्यसको बेल-बुट्टाका काम सबै
तिनीहरूले छोटो बीँड भएको बञ्चरो
र घनहरूले भत्काउँछन्।
७ तिनीहरूले तपाईंको पवित्रस्थानमा आगो
लगाएका छन्।
तपाईंको नाउँको बासस्थान तिनीहरूले
जमीनसम्मै अपवित्र गरेका छन्।
८ तिनीहरूले आफ्ना मनमा भने,
"आऊ, हामी तिनीहरूलाई पूरै
नाश गरौं।"
तिनीहरूले देशमा भएका परमेश्वरका
सभाघरहरू जम्मै जलाइदिएका छन्।

९ हामी आफ्ना चिह्नहरू देख्तैनौं।
कोही अगमवक्ता अब रहेन।
नता हाम्रा बीचमा यस्ता कोही छ,
जसले यो कहिलेसम्म हुने हो,
सो जान्दछ।
१० हे परमेश्वर, कहिलेसम्म विरोधीहरूले
अपवाद गरिरहनेछन्?
के शत्रुहरूले तपाईंको नाउँको निन्दा
सधैँभरि गरिरहून्?
११ तपाईं आफ्नो बाहुली, आफ्नो
दाहिने बाहुली, किन रोक्नुहुन्छ?
त्यसलाई आफ्नो छातीबाट निकालेर
तिनीहरूलाई भस्म गर्नुहोस्।

१२ तापनि पृथ्वीको बीचमा उद्धारको काम
गर्नुहुने
परमेश्वर तादिदेखि मेरा राजा हुनुहुन्छ।
१३ तपाईंले आफ्नो शक्तिले समुद्रलाई
विभक्त गर्नुभयो।
तपाईंले समुद्रका जलचरहरूका टाउको
चूर्ण पार्नुभयो,
१४ तपाईंले लिब्यातान माछाहरूका
शिर चूर-चूर पार्नुभयो,
तपाईंले त्यसलाई वनमा बास गर्ने
मानिसहरूका निम्ति मासुझैं
दिनुभयो।
१५ तपाईंले मूल फुटाएर बाढ़ चलाउनुभयो।
तपाईंले ठूला ठूला नदीहरूलाई
सुकाउनुभयो।
१६ दिन तपाईंको हो, रात पनि तपाईंकै हो।
ज्योति र सूर्य तपाईंलेनै तयार
पार्नुभएको हो।
१७ पृथ्वीका सबै सीमाना तपाईंलेनै
लगाउनुभएको हो।
तपाईंले ग्रीष्म ऋतु र शिशिर ऋतु
बनाउनुभएको हो।

१८ हे परमप्रभु, शत्रुले गाली गरेको
र मूर्ख मानिसहरूले तपाईंको नाउँको
निन्दा गरेको सम्झनुहोस्।
१९ तपाईंको कुर्लें ढुकुरको प्राण जङ्गली
जानवरलाई नदिनुहोस्।
तपाईंको दुःखीको ज्यानलाई कहिल्यै
पनि नभूल्नुहोस्।
२० करारको मर्यादा राख्नुहोस्।
किनकि पृथ्वीका अँध्यारा ठाउँहरू
उपद्रवका बासले भरिएका छन्।
२१ थिचोमिचोमा परेकाहरूलाई शर्ममा परेर
फर्कनु नदिनुहोस्। दुःखी र दरिद्रहरूले
तपाईंको प्रशंसा गरून्।
२२ हे परमेश्वर उठ्नुहोस्, आफ्नो मामिला
आफै वकालत गर्नुहोस्।
मूर्ख मानिसले दिनभरि कसरी तपाईंलाई
गाली गरिरहन्छ, सो सम्झनुहोस्।
२३ तपाईंका विरोधीहरूको सोरलाई
नबिर्सनुहोस्।
तपाईंको विरुद्धमा उठ्नेहरूको खैलाबैला
निरन्तर उठिनैरहन्छ।

परमेश्वरको धार्मिक इन्साफ

गाय-नाइकेको निम्ति—दाऊदको भजन

७५ हे परमेश्वर, हामी तपाईंमा धन्यवाद
चढ़ाउँछौं।

हामी धन्यवाद चढ़ाउँछौं,
किनकि तपाईंको नाउँ नजीकै छ।
मानिसहरूले तपाईंका आश्चर्यकामहरूको
वयान गर्छन्।

२ जब म ठीव समय पाउँछु
तब म आफै ठीक ठीक इन्साफ गर्नेछु।
३ पृथ्वी र त्यसमा भएका सबै बासिन्दाहरू
गलिसकेका छन्।
मैले त्यसका खामाहरू उठाएको छु। सेला
४ अहंकारीहरूलाई मैले भनें,
"अहंकारको व्यवहार नगर।"
र दुष्टहरूलाई भनें, "सीङ ठाड़ो नपार।
५ तिमीहरूका सीङ अल्गो गरी ठाड़ो नपार।
जिद्दी गरेर नबोल।"
६ किनकि उच्च पद पूर्वबाट अथवा,
पश्चिमबाट, वा दक्षिणबाटनै आउँदैन।
७ तर परमेश्वरनै न्यायकर्त्ता हुनुहुन्छ।
उहाँलेनै एउटालाई होच्याउनुहुन्छ,
र अर्कोलाई उच्च पार्नुहुन्छ।
८ किनकि परमप्रभुको बाहुलीमा एउटा
कचौरा छ,
जसमा दाखमद्यबाट फींज आउँछ।
त्यसमा मसाला भरिएको छ,
र उहाँले त्यसैबाट खन्याउनुहुन्छ।
निश्चय, त्यसका थेग्रा पृथ्वीका सारा
दुष्टहरूले निचोरेर पिउनेछन्।
९ तर मचाहिं ता सधैं घोषणा गरिरहनेछु,
म याकूबका परमेश्वरको स्तुति गाउनेछु।
१० दुष्टहरूका सबै सीङ म च्वाट्टै काट्नेछु।
तर धर्मात्माहरूका सीङ्चाहिं उच्च
पारिनेछन्।

सियोनमा परमेश्वरको बढ़ाइ

वाद्य-नाइकेको निम्ति—आसापको भजन

७६ यहूदामा परमेश्वर चिनिनुभएको छ।
इस्राएलमा उहाँको नाउँ महान् छ।
२ सालेममा पनि उहाँको वासस्थान छ,
र उहाँको बस्ने ठाउँ सियोनमा छ।

३ उहाँले त्यहाँ धनुका अग्नि-वाणहरू,
ढाल र तरवार, र लड़ाइँका हतियारहरू
भाँच्नुभयो। सेला

४ शिकारले भरिएको पहाड़भन्दा तपाइ
महिमायुक्त र उत्तम हुनुहुन्छ।
५ बलिया मन भएकाहरू लुटिएका छन्।
तिनीहरू निद्रैमा झुले,
र शूरवीरहरूमा कसैको पनि हात चलेन।
६ हे याकूबका परमेश्वर, तपाईंको खप्कीमा
रथ र घोड़ा दुवै भुसुक्क निदाए।
७ तपाइदेखिनै डराउनुपर्ने हो।
तपाईं एकपल्ट रिसानी हुँदा, को
तपाईंको सामनेमा खड़ा हुनुसक्छ?
८ तपाईंले स्वर्गबाट फैसला सुनाउनुभयो।
पृथ्वी डराएर चपचाप रह्यो।

९ पृथ्वीका नम्रहरूलाई बचाउनलाई।
जब परमेश्वर इन्साफको निम्ति खड़ा
हुनुभयो। सेला
१० निश्चय मानिसको क्रोधले तपाईंको
प्रशंसा गर्नेछ।
र जो क्रोध बाँकी रहन्छ, त्यो तपाईंले
रोक्नुहुन्छ।

११ तिमीहरूका परमेश्वर परमप्रभुको निम्ति
भाकल गर, र त्यो पूरा गर।
उहाँका वरिपरि रहनेहरू सबैले उहाँलाई
भेटी चढ़ाओ, जसदेखि भय मान्नुपर्ने हो।
१२ उहाँले राजकुमारहरूको घमण्ड चूर
गर्नुहुनेछ।
पृथ्वीका राजाहरूका निम्ति उहाँ
भयानक हुनुहुन्छ।

सङ्कटको बेला परमेश्वरका पराक्रमी कार्यहरूको सम्झना

वाद्य-नाइकेको निम्ति—आसापको भजन

७७ म आफ्नो सोरले कराई कराईकन
परमेश्वरमा पुकारा गर्नेछु।

आफ्नो सोरले परमेश्वरमा पुकारा गर्नेछु,
र उहाँले मतिर कान थाप्नुहुनेछ।
२ मेरो दुःखको दिनमा मैले परमप्रभुलाई खोजें।
राती मैले मेरो हात पसारें, र त्यो थाकेन।
मेरो प्राणलाई शान्ति भएन।
३ म परमेश्वरलाई सम्झन्छु,
र बेचैन रहन्छु।
म दुःखपुकार गर्छु, र मेरो आत्मा व्याकुल हुन्छ। सेला
४ तपाईंले मेरा आँखा लाग्न दिनुहुन्न
म यति दुःखित भएको छु, कि बोल्न पनि सक्तिनँ।
५ बितेका दिनहरू मैले सम्झेको छु,
पुराना वर्षहरू।
६ राती मेरो गीत म सम्झन्छु।
म मेरै मनमा गुन्छु।
र मेरो आत्माले परिश्रमसाथ खोजी गर्छ।

७ के परमप्रभुले सदाको निम्ति मलाई फाल्नुहुनेछ?
र उहाँले ममाथि फेरि कहिल्यै निगाह गर्नुहुनेछैन?
८ के उहाँको करुणा सदाको निम्ति एकदमै गइहालेको छ?
के उहाँको प्रतिज्ञा सदाको निम्ति भङ्ग हुन्छ?
९ के परमेश्वरले कृपालु हुनु बिर्सनुभयो?
के रिसाएर उहाँले आफ्ना कोमल कृपा बन्द गर्नुभयो? सेला
१० मैले भनें, यो मेरो कमजोरी हो,
तर सर्वोच्चको दाहिने बाहुलीका वर्षहरूलाई म सम्झनेछु।"

११ परमप्रभुका कार्यहरूको म चर्चा गर्नेछु,
किनकि म तपाईंका तादिका आश्चर्य-कामहरू सम्झनेछु।
१२ म तपाईंका सबै कामहरूमा पनि ध्यान गर्नेछु,
र तपाईंका कार्यहरूमा घोरिन्छु।
१३ हे परमेश्वर, तपाईंको मार्ग पवित्र छ,
परमेश्वरजस्तै अरू ठूलो देव कुन छ?
१४ तपाईं आश्चर्यकामहरू गर्ने परमेश्वर हुनुहुन्छ,
तपाईंले आफ्नो शक्ति मानिसहरूका बीचमा जनाउनुभएको छ।
१५ तपाईंले आफ्ना पाखुराले आफ्ना मानिसहरूलाई छुटकारा दिनुभएको छ,
याकूब र यूसुफका सन्तानहरूलाई। सेला

१६ हे परमेश्वर, पानीहरूले तपाईंलाई देखे,
पानीहरू तपाईंलाई देखेर डराए,
गहीरा गहीरा ठाउँहरू पनि कामे।
१७ बादलहरूले पानी खन्याए,
आकाशले एउटा आवाज गर्‍यो,
तपाईंका वाणहरू पनि यताउता गए।
१८ तपाईंको गर्जनको सोर आँधी-बेहरीमा थियो,
बिजुलीहरूले संसारलाई चमक दिए,
पृथ्वी काम्यो र हल्लियो।
१९ तपाईंको बाटो समुद्रमा थियो, र तपाईंका गोरेटाहरू ठूलाठूला पानीहरूमा,
र तपाईंका पाईलाहरू चिनिएनन्।
२० तपाईंले आफ्ना मानिसहरूलाई भेडाको बथानझैं
मोशा र हारूनका हातद्वारा डोर्‍याउनु-भएको थियो।

आफ्ना प्रजाको अनाज्ञाकारितामा पनि परमेश्वरको अगुवाइ

आसापको मस्किल

७८ ए मेरो प्रजा, मेरो शिक्षातिर कान लगाओ,
मेरो मुखका वचनतिर कान थाप।
२ उखानमा म मेरो मुख खोल्नेछु,
तादिका अड्कोहरू म भन्नेछु,
३ जो हामीले सुनेका र जानेका छौं,

र हाम्रा पिता-पुर्खाहरूले हामीलाई
भनेका छन्।
४ ती कुराहरू तिमीहरूका सन्तानबाट,
परमप्रभुको प्रशंसा, र उहाँको शक्ति, र
उहाँले गर्नुभएका उहाँका आश्चर्यकामहरू
आउँदो पुस्तालाई सुनाउन हामी
लुकाउनेछैनौं।
५ किनकि उहाँले याकूबमा एउटा साक्षीवचन
स्थिर गर्नुभयो,
र इस्राएलमा एउटा व्यवस्था नियुक्त
गर्नुभयो।
तिनीहरूले आफ्ना सन्तानलाई यो
जनाऊन् भनेर।
उहाँले हाम्रा पिता-पुर्खालाई हुकूम
गर्नुभयो,
६ यसकारण कि, आउँदो पुस्ताले, अर्थात्
भावी सन्तानले पनि ती जानून्,
जसले उठेर आफ्ना छोरा-छोरीहरूलाई
बयान गरून्,
७ कि तिनीहरूले आफ्नो आशा परमेश्वरमा
राखून्,
र परमेश्वरका कार्यहरूलाई नबिर्सून्,
तर उहाँका आज्ञाहरू पालन गरून्।
८ औ तिनीहरू आफ्ना पिता-पुर्खाझैं
अट्टेरी र बागी पुस्ता नहोऊन्,
आफ्नो हृदय ठीक नराख्ने पुस्ता,
जसको हृदय परमेश्वरतर्फ स्थिर थिएन।

९ एप्रैमका सन्तान हतियारले सुसज्जित
भई धनु बोकेर
लडाइँको दिनमा चाहिं पीठ फर्काए।
१० तिनीहरूले परमेश्वरको करार पालन
गरेनन्,
र उहाँको व्यवस्थामा चल्न इन्कार गरे।
११ र तिनीहरूले उहाँका कामहरूलाई
र उहाँले देखाउनुभएको आश्चर्यकाम-
हरूलाई बिर्से।

१२ तिनीहरूका पिता-पुर्खाका नजरको सामने
उहाँले अचम्म अचम्मका कामहरू
मिश्र देशमा र सोअनको मैदानमा
गर्नुभयो।
१३ उहाँले समुद्रलाई दुई भाग गर्नुभयो र
तिनीहरूलाई त्यहींबाट पारि तर्न
लगाउनुभयो,
र उहाँले पानीलाई एकै थुप्रो पार्नुभयो।
१४ दिनमा पनि उहाँले तिनीहरूलाई
बादलले
र रातभरि आगोको प्रकाशले अगुवाइ
गर्नुभयो।
१५ उहाँले वनमा चटानहरूलाई दुइ भाग
गर्नुभयो,
गहीरा गहीरा ठाउँहरूबाट दिनुभएझैं
प्रशस्त पानी खानदिनुभयो।
१६ उहाँले चटानहरूबाट पनि पानीका
धाराहरू निकाल्नुभयो,
र पानीलाई नदीझैं गरी बगाउनुभयो।
१७ तापनि सर्वोच्चको विरुद्धमा उजाड स्थानमा
बागी भएर
तिनीहरूले उहाँको विरुद्धमा अझै पाप
गरिनै रहे।
१८ आफ्नै इच्छाबमोजिम खानेकुरा मागेर,
तिनीहरूले आफ्नो हृदयमा परमेश्वरको
परीक्षा गरे।
१९ तिनीहरू परमेश्वरको विरुद्धमा बोले,
तिनीहरूले भने, "के परमेश्वरले वनमा
खानेकुरा दिनुसक्नुहुन्छ र?"
२० उहाँले चटानहरूलाई हिर्काउनुभयो,
र पानी निस्केर आयो
र खोलाहरू बढेर आएँ।
के उहाँले रोटी पनि दिनुसक्नुहुन्छ र?
के उहाँले आफ्ना मानिसहरूका निम्ति
मासु जुटाउनुहुन्छ र?
२१ यसैकारण परमप्रभुले सुन्नुभयो, र
रिसाउनुभयो,
र याकूबको विरुद्धमा आगो सल्क्यो,
र इस्राएलको विरुद्धमा पनि क्रोध
उत्पन्न भयो,

२२ किनभने तिनीहरूले परमेश्वरमा विश्वास गरेनन्,
र उहाँले दिने उद्धारमा भरोसा राखेनन्।
२३ तापनि उहाँले माथि आकाशलाई हुकुम गर्नुभयो,
र स्वर्गका ढोकाहरू खोलिदिनुभयो।
२४ औ उहाँले तिनीहरूलाई खानालाई मन्न वर्षाउनुभयो,
र तिनीहरूलाई स्वर्गको अन्न दिनुभयो।
२५ स्वर्गदूतहरूको रोटी हरेकले खायो।
उहाँले तिनीहरूलाई अघाउञ्जेल खानेकुरो दिनुभयो।
२६ उहाँले आकाशमा पूर्वीय बतास चलाउनुभयो।
र उहाँले आफ्नै शक्तिले दक्षिणी बतासलाई डोर्‍याउनुभयो।
२७ उहाँले मासु पनि तिनीहरूमाथि धूलोझैँ,
र उड्ने पक्षी समुद्रका बालुवाझैँ गरी वर्षाउनुभयो।
२८ र उहाँले त्यो तिनीहरूका छाउनीको बीचमा
तिनीहरूका बासस्थानका चारैतिर खसाल्नुभयो।
२९ यसरी तिनीहरूले खाए, र तिनीहरू अघाए।
र उहाँले तिनीहरूलाई तिनीहरूको इच्छाबमोजिम दिनुभयो।
३० तिनीहरू आफ्नो अभिलाषादेखि तर्केनन्,
तिनीहरूले खाएका मासु अझै तिनीहरूको मुखैमा हुँदा,
३१ परमेश्वरको क्रोध तिनीहरूमाथि उठयो,
र तिनीहरूका सबैभन्दा हृष्ट-पुष्टहरूलाई चाहिँ मार्नुभयो,
र इस्राएलका जवान मानिसहरूलाई हिर्काउनुभयो।

३२ यसो भए तापनि तिनीहरूले झन् पाप गरे,
र उहाँका अचम्मका काममा विश्वास गरेनन्।
३३ यसकारण उहाँले तिनीहरूका दिन व्यर्थमा
र तिनीहरूका वर्षचाहिँ आतंकमा भस्म पार्नुभयो।
३४ जब उहाँले तिनीहरूलाई मार्नुभयो,
तब तिनीहरूले उहाँको खोजी गरे,
र तिनीहरू फर्केर चाँडै परिश्रमसाथ परमेश्वरको खोजी गरे।
३५ र तिनीहरूले सम्झे कि परमेश्वर तिनीहरूको चटान,
र सर्वोच्च परमेश्वर तिनीहरूका उद्धार गर्ने हुनुहुँदो रहेछ।
३६ तर तिनीहरूले ता केवल मुखले मात्र उहाँको खुशामद गरे,
र तिनीहरूले आफ्ना जिब्रोले उहाँसित झूट बोले।
३७ किनकि तिनीहरूको हृदय उहाँप्रति सच्चा थिएन,
तिनीहरू उहाँको करारमा विश्वासी भएनन्।
३८ तर उहाँचाहिँ दयामा पूर्ण भएको हुनाले तिनीहरूका अपराध क्षमा गर्नुभयो, र तिनीहरूलाई नष्ट गर्नुभएन।
धेरैपल्ट उहाँले आफ्नो रीस मार्दै रहनुभयो,
र उहाँले आफ्नो सबै क्रोध पोखाउनुभएन।
३९ औ उहाँले यही सम्झनुभयो, कि तिनीहरू शरीर मात्र हुन्।
जो बतासजस्तै बहन्छ, र फर्केर आउँदैन।

४० कतिपल्ट तिनीहरू उजाड-स्थानमा उहाँको विरुद्धमा बागी भए,
र मरुभूमिमा उहाँलाई दुःखित तुल्याए!
४१ औ फेरि फर्केर तिनीहरूले परमेश्वरको परीक्षा गरे,
र इस्राएलका पवित्र जनलाई झोँक उठाए।

४२ तिनीहरूले उहाँको बाहुलीको सम्झना गरेनन्,
त्यो दिनको पनि सम्झना गरेनन्, जुन दिन उहाँले तिनीहरूलाई तिनका विरोधीहरूबाट मोल तिरेर छुटकारा दिनुभयो।
४३ उहाँले यसरी आफ्ना चिह्न देशमा,
र उहाँका आश्‍चर्यकामहरू सोअनको उजाड़-स्थानमा देखाउनुभयो,
४४ अनि तिनीहरूका खोलाहरू र तिनीहरूका नदीहरू,
तिनीहरूले पिउन नसकून् भनेर तिनका नदीहरू रगतमा परिवर्त्तन गर्नुभयो।
४५ उहाँले तिनीहरूका बीचमा डाँसहरूको हूल पठाउनुभयो, जसले तिनीहरूलाई टोके,
र भ्यागुताहरू, जसले तिनीहरूलाई नाश पारे।
४६ उहाँले तिनीहरूको उब्जनीको ज्यादा भाग पनि फूसिल्कीराहरूलाई दिनुभयो,
र तिनीहरूको परिश्रमचाहिँ सलहलाई।
४७ उहाँले तिनीहरूका अङ्गूरका बोटहरू असिनाले
र तिनीहरूका नेभाराहरूलाई तुसारोले नष्ट गर्नुभयो।
४८ उहाँले तिनीहरूका गाई-वस्तुहरू पनि असिनालाई
र तिनीहरूका भेड़ा-बाख्राका बथानमाथि चाहिँ तातो बज्रले प्रहार गर्नुभयो।
४९ उहाँले तिनीहरूमाथि आफ्नो रीसको भयानक रूप, क्रोध, घृणा र दुःख,
र दुष्टका दूतहरूको एक दल पठाउनुभयो।
५० उहाँले आफ्नो रीसको निम्ति बाटो बनाउनुभयो।
र तिनीहरूको प्राण मृत्युबाट बचाउनुभएन,
तर तिनीहरूका पशुहरू रूढ़ीलाई सुम्पनुभयो।
५१ र मिश्र देशमा सबै जेठा जेठाहरूलाई मार्नुभयो,
तिनीहरूका पुरुषार्थका मुख्य मुख्यलाई चाहिँ हामको पालमा!
५२ तर उहाँले आफ्ना मानिसहरू चाहिँ भेड़ाहरूलाई झैँ डोऱ्याउनुभयो।
र उहाँले तिनीहरूलाई उजाड़-स्थानमा भेड़ा-बाख्राहरूका बथानझैँ अगुवाइ गर्नुभयो।
५३ अनि उहाँले तिनीहरूलाई निर्भयसाथ चलून् भनेर कुशलसित डोऱ्याउनुभयो।
तर समुद्रले तिनीहरूका शत्रुहरूलाई छोप्यो।
५४ र उहाँले तिनीहरूलाई पवित्रस्थानको सीमानामा ल्याउनुभयो,
यही पहाड़मा, जो उहाँले आफ्नो दाहिने बाहुलीले किन्नुभएको थियो।
५५ उहाँले जाति जातिहरूलाई तिनीहरूकै सामने लखेट्नुभयो,
र तिनीहरूका जमीनलाई डोरीले नापी नापीकन तिनीहरूका अधिकारको निम्ति बाँटिदिनुभयो।
र इस्राएलका कुललाई तिनीहरूका पालहरूमा बसाल्नुभयो।
५६ तापनि तिनीहरू सर्वोच्चको विरुद्धमा बागी भए, र उहाँको परीक्षा गरे,
र उहाँका साक्षीवचनहरू पालन गरेनन्।
५७ तर उनीहरूका पुर्खाझैँ फर्केर धोकाबाजीको व्यवहार गरे।
उनीहरू धोका दिने धनुझैँ एकातर्फ लागे।
५८ किनकि तिनीहरूले आफ्ना आफ्ना अल्गा ठाउँहरूले उहाँलाई रीस उठाए,
र तिनीहरूका खोपेर बनाएका मूर्तिहरूले उहाँलाई डाह गर्ने तुल्याए।
५९ जब परमेश्वरले यो सुन्नुभयो, तब उहाँ क्रोधित हुनुभयो,
र इस्राएलीहरूलाई ज्यादै घृणा गर्नुभयो,
६० यहाँसम्म कि, उहाँले शीलोमा भएको बासस्थान छोड़्नुभयो,
अर्थात् त्यो पाल, जो उहाँले

मानिसहरूका बीचमा राख्नुभएको थियो।
६१ र आफ्नो शक्ति कैदमा
आफ्नो महिमा विरोधीहरूका हातमा सुम्पनुभयो।
६२ उहाँले आफ्नो प्रजालाई पनि तरवारलाई सुम्पनुभयो,
र आफ्नो हकदारसित पनि रिसाउनुभयो।
६३ आगोले तिनीहरूका जवानहरूलाई भस्म पार्‍यो,
र तिनीहरूका कन्याहरूका निम्ति विवाहको गीत भएन।
६४ तिनीहरूका पूजाहारी तरवारले काटिए,
र तिनीहरूका विधवाहरूले केही विलाप गरेनन्।

६५ तब परमप्रभु निद्राबाट बिउँझेझैं बिउँझनुभयो,
मद्यले कराएको शक्तिशाली मानिसझैं।
६६ औ उहाँले आफ्ना विरोधीहरूलाई हिर्काएर पछि हटाउनुभयो,
उहाँले तिनीहरूलाई सदाको निम्ति अपवादको कारण बनाउनुभयो।
६७ यसबाहेक उहाँले यूसुफको पाललाई इन्कार गर्नुभयो,
र एप्रैमको कुललाई छान्नुभएन।
६८ तर यहूदाको कुललाई चुन्नुभयो,
सियोन डाँडालाई, जो उहाँले प्रेम गर्नुहुन्थ्यो।
६९ र उहाँले आफ्नो पवित्रस्थान अल्गा पर्वतहरूजस्तो बनाउनुभयो,
पृथ्वीजस्तै, जो उहाँले सदाको निम्ति स्थापित गर्नुभएको छ।
७० उहाँले आफ्नो दास दाऊदलाई पनि चुन्नुभयो,
र तिनलाई भेडाहरूकै गोठबाट चुन्नुभयो।
७१ दुहुना भेडीहरूका पछिपछि जानभन्दा
आफ्ना प्रजा याकूब र आफ्नो अधिकारको भाग इस्राएललाई चराउन
उहाँले तिनलाई ल्याउनुभयो।
७२ यसैले उहाँले तिनीहरूलाई आफ्नो हृदयको इमान्दारीअनुसार चराउनु र
आफ्नो हातको निपुणताअनुसार
तिनीहरूलाई डोर्‍याउनुभयो।

पवित्रस्थानको निम्ति प्रार्थना

आसापको भजन

७९ हे परमेश्वर, अन्यजातिहरू तपाईंको निज अधिकारमा पसे,
तिनीहरूले तपाईंको पवित्र मन्दिरलाई बिटुलो पारे,
तिनीहरूले यरूशलेमलाई ध्वस्त पारेर थुप्रो लगाए।
२ तपाईंका दासहरूका मृत शरीर
तिनीहरूले आकाशका पक्षीहरूलाई आहाराको निम्ति दिए,
तपाईंका पवित्र जनहरूका शरीरचाहिं
पृथ्वीका पशुहरूलाई दिए।
३ तिनीहरूले उनीहरूको रगत यरूशलेमको चारैतिर पानीजस्तै बगाए,
र उनीहरूलाई गाड्ने कोही भएनन्।
४ हामी आफ्ना छिमेकीहरूका सामने गिल्ला,
र हाम्रा वरिपरि बस्नेहरूका हाँसो र दिल्लगी भएका छौं।

५ कहिलेसम्म, हे परमप्रभु, तपाईं सधैंभरि रिसाउनुहुन्छ?
के तपाईंको डाह आगोझैं बल्नेछ?
६ तपाईंलाई नचिन्ने अन्यजातिमाथि
तपाईंको क्रोध खन्याउनुहोस्,
र ती राज्यहरूमाथि, जसले तपाईंको नाउँ लिंदैनन्।
७ किनकि तिनीहरूले याकूबलाई निलिहाले,
र तिनको बासस्थान उजाड पारे।
८ हाम्रा पुर्खाका अधर्म हाम्रा विरुद्धमा नसम्झनुहोस्,
तपाईंको कोमल कृपाले हामीलाई चाँडै रोकोस्,

किनकि हामी साह्रै होंचिएका छौं।

९ हे हामीलाई उद्धार गर्ने परमेश्वर,
तपाइंको नाउँको महिमाको निम्ति
हामीलाई सहायता गर्नुहोस्,
आफ्नो नाउँको खातिर हामीलाई
छुटाउनुहोस्, हाम्रा पापको क्षमा
गर्नुहोस्।
१० अन्यजातिहरूले किन भनून्,
"तिनीहरूका परमेश्वर कहाँ हुनुहुन्छ ता?"
तपाइंका दासहरूको रगत बगाएको
बदला
हाम्रा आँखाकै सामने जाति जातिहरूका
बीचमा जनाउनुहोस्।

११ कैदीहरूको सुस्केरा तपाइंको सामु
आओस्,
मारिनलाई नियुक्त भएकाहरूलाई तपाइंको
शक्तिको बड्प्पनमा जोगाउनुहोस्।
१२ औ हाम्रा छिमेकीहरू, जसले तपाइंलाई
गाली गरेका छन्,
तिनीहरूका पोल्टामा सात गुणा
दिनुहोस्, हे परमप्रभु।
१३ यसैले हामी, जो तपाइंका प्रजा र
तपाइंका खर्कका भेडा हौं,
तपाइंमा सदा धन्यवाद गर्नेछौं, भनी
हामी सबै पुस्तालाई तपाइंको प्रशंसा
देखाउनेछौं।

छुटकाराको प्रार्थना

आसापको भजन

८० हे इस्राएलका गोठाला, कान
थाप्नुहोस्,
जसले यूसुफलाई भेडाको बथानझैं
अगुवाइ गर्नुभयो,
तपाइं, जो करूबहरूका बीचमा विराजमान
हुनुहुन्छ, चम्कनुहोस्,
२ एप्रैम, मनश्शे र बिन्यामीनको सामने
आफ्नो पराक्रम चलाउनुहोस्,
र हामीलाई बचाउन आउनुहोस्।
३ हे परमेश्वर, हामीलाई फर्काउनुहोस्,
आफ्नो मोहडा चम्काउनुहोस्,
र हामी बाँच्नेछौं।
४ हे परमप्रभु, सेनाहरूका परमेश्वर
आफ्नो प्रजाको प्रार्थनाको विरुद्ध तपाइं
कहिलेसम्म रिसाउनुहुन्छ?
५ तपाइंले तिनीहरूलाई आँसुको रोटी
खुवाउनुभयो,
र धेरै मात्रामा आँसु पिउन दिनुभयो।
६ तपाइंले हामीलाई हाम्रा छिमेकीहरूको
झगड़ाको कारण तुल्याउनुहुन्छ,
र हाम्रा शत्रुहरू आपसमा हाँस्तछन्।
७ हे सेनाहरूका परमेश्वर, हामीलाई
फर्काउनुहोस्।
आफ्नो मोहडा चम्काउनुहोस्,
र हामी बाँच्नेछौं।

८ तपाइंले मिश्रबाट एउटा दाखको बोट
ल्याउनुभयो,
तपाइंले जातिहरूलाई धपाएर त्योचाहिं
रोप्नुभयो,
९ तपाइंले त्यसको सामने ठाउँ तयार
पार्नुभयो,
र त्यसको जरा खूब गहिरो भएर देश
भरियो।
१० पहाडहरू त्यसको छायाले ढाकियो,
र त्यसका हाँगा-बिँगाहरू परमेश्वरका
देवदारझैं भए।
११ त्यसले आफ्ना हाँगाहरू समुद्रसम्म र
आफ्ना टुसाहरू चाहिं महानदीसम्म
बढायो।
१२ त्यहाँबाट जानेहरू सबैले त्यसलाई टिपून्
भनेर
तपाइंले त्यसका बारहरू किन
भत्काइदिनुभयो?
१३ जङ्गलको बनेल्ले त्यसलाई नाश पार्छ,
र वनका जङ्गली जानवरहरू त्यसमा
चर्छन्।

१४ हे सेनाहरूका परमेश्वर, हामी आग्रहपूर्वक बिन्ती गर्दछौं, फेरि फर्कनुहोस्।
स्वर्गबाट तल दृष्टि गर्नुहोस्, र हेर्नुहोस्, र यो दाखको बोटलाई हेरचाहा गर्नुहोस्,
१५ औ तपाईंको दाहिने हातले रोप्नुभएको त्यो बिरुवालाई
र त्यस हाँगालाई, जो तपाईंले आफ्नो निम्ति बलियो तुल्याउनुभएको छ।
१६ त्यो आगोले डढ़ेको छ, त्यो काटिएको छ।
ती ता तपाईंको मुखको चेताउनीले नष्ट हुन्छन्।
१७ तपाईंको बाहुली, आफ्नो दाहिने हातको मानिसमाथि रहोस्,
मानिसको पुत्रमाथि, जसलाई तपाईंले आफ्नो निम्ति बलियो तुल्याउनुभयो।
१८ यसरी हामी तपाईंतिर फर्कनेछैनौं।
हामीलाई जीवित पार्नुहोस्, र हामी तपाईंको नाउँको पुकारा गर्नेछौं।
१९ हे परमप्रभु, सेनाहरूका परमेश्वर, हामीलाई फर्काउनुहोस्।
आफ्नो मोहड़ा चम्काउनुहोस्, र हामी बाँच्नेछौं।

विश्वासरहित प्रजामाथि परमेश्वरको उदारता र तिर्सना

बाब-नाइकेको निम्ति-आसापको भजन

८१ परमेश्वर, जो हाम्रा शक्ति हुनुहुन्छ, उहाँको स्तुति चर्को सोरले गाओ।
याकूबका परमेश्वरको निम्ति जयजयकार गर।
२ भजन गाओ, र खैंचड़ी यहाँ ल्याओ, सीतारसित मीठो बज्ने वीणा पनि।
३ औंसीको चन्द्रमामा तुरही बजाओ, पूर्णिमामा, र हाम्रो ठूलो चाडको दिनमा।
४ किनकि यो इस्राएलको निम्ति एउटा नियम हो,
याकूबका परमेश्वरले ठहराउनुभएको एउटा धर्म-विधि हो।
५ उहाँले यूसुफमानै यो साक्षीको निम्ति ठहराउनुभयो,
जब तिनी मिश्र देशमा गएका थिए।
जहाँ मैले नजानेको एउटा भाषा सुनें।
६ मैले तिनको काँधको भारी उतारिदिएँ।
डालो उठाउनबाट तिनका हात मुक्त भए।
७ तैंले दुःखमा पुकार्दा मैले तँलाई छुटाएँ।
बादल गर्जने गुप्त ठाउँबाट मैले तँलाई उत्तर दिएँ
मरीबाका पानीमा मैले तेरो जाँच गरें।
८ हे मेरो प्रजा सुन, र म तिमीहरूलाई मेरो साक्षीवचन दिनेछु।
हाय इस्राएल, तिमीहरूले मेरो कुरा सुनेको भएता!
९ तिमीहरूमा बिरानो देवता हुनेथिएन।
तिमीहरूले कुनै बिरानो देवतालाई पूज्नेथिएनौ।
१० म परमप्रभु तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्र देशबाट निकालेर ल्यायो।
तिमीहरूका मुख पूरा आँ गर, र म त्यो भरिदिनेछु।
११ तर मेरो प्रजाले मेरो सोर सुनेन।
इस्राएलले मेरो वास्ता गरेन।
१२ तिनीहरू आफ्नै सल्लाहमा हिंड्न् भनेर, मैले तिनीहरूलाई तिनीहरूकै मनको जिद्दीमा छोड़िदिएँ।
१३ हाय, मेरो प्रजाले मेरो कुरा सुनेको भएता,
इस्राएल मेरो मार्गमा हिंड़ेको भएता!

१४ म चाँडै तिनीहरूका शत्रुहरूलाई पराजित गर्नेथिएँ,
र तिनीहरूका विरोधीहरूका विरुद्धमा म आफ्नो तरवार चलाउनेथिएँ।
१५ परमप्रभुलाई हेला गर्नेहरू उहाँकै अधीनमा आफूलाई सुम्पनुपर्छ।
तर तिनीहरूको समयचाहिँ सधैंभरि रहिरहनेछ।
१६ उहाँले तिनीहरूलाई सबभन्दा असल गहुँ खुवाउनु पनि हुनेथियो।
र पहराको महले म तँलाई तृप्त पार्नेथिएँ।

अन्यायी शासकहरूलाई खप्की

आसापको भजन

८२ परमेश्वरचाहिँ आफ्नै पवित्र समुदायमा खड़ा हुनुहुन्छ।
देवहरूका बीचमा उहाँले इन्साफ गर्नुहुन्छ।
२ तिमीहरू कहिलेसम्म बेठीकसित इन्साफ गर्नेछौ,
र दुष्टहरूको पक्षपात गर्दैरहनेछौ? सेला
३ कमजोरीहरू र टुहुरोको इन्साफ गर्नुहोस्।
दुःखी र कङ्गालीहरूको न्याय गर्नुहोस्।
४ गरीब र निर्धनहरूलाई छुटाउनुहोस्।
दुष्टहरूको हातबाट तिनीहरूलाई छुटाउनुहोस्।
५ तिनीहरूले जान्दैनन्। तिनीहरूले बुझ्नसक्तैनन्।
तिनीहरू अँध्यारोमा यता उता डुल्छन्।
पृथ्वीका सारा जग हल्लिएका छन्।
६ मैले भनें "तिमीहरू देवहरू हौ,
र तिमीहरू सबैचाहिँ सर्वोच्चका छोरा हौ।"
७ तापनि तिमीहरू मानिसहरूझैं मर्नेछौ,
र राजकुमारहरूमध्ये कोही एक जनाझैं पतन हुनेछौ।
८ हे परमेश्वर, उठ्नुहोस्, पृथ्वीको इन्साफ गर्नुहोस्।
किनकि तपाईंले सबै जातिहरूलाई आफ्नो अधिकारमा ल्याउनुहुनेछ।

शत्रुहरूलाई परास्त गराउने प्रार्थना

एउटा स्तुतिगान—आसापले रचेको भजन

८३ हे परमेश्वर, तपाइं चूप नरहनुहोस्,
शान्तिसित नबस्नुहोस्, र चूपचाप नबस्नुहोस्, हे परमेश्वर।
२ किनकि हेर्नुहोस्, तपाइंका शत्रुहरूले खैलाबैला गर्छन्,
तपाइंलाई घृणा गर्नेहरूले आफ्नो शिर ठाड़ो पारेका छन्।
३ तिनीहरूले तपाइंको प्रजाको विरुद्ध छलको सल्लाह गर्दछन्,
र तपाइंले लुकाउनुभएका मानिसहरूको विरुद्धमा जम्मा भएर मतो गर्दछन्।
४ तिनीहरूले भनेका छन्, "आओ, हामी तिनीहरूलाई यसरी नाश गरौं, कि तिनीहरू एक जातिनै नरहोस्,
र इस्राएलको नाउँ फेरि सम्झनामानै नआओस्।"
५ किनकि तिनीहरूले एकै मतो गरेर सल्लाह गरेका छन्,
तपाइंको बिरुद्धमा तिनीहरूले करार बाँधेका छन्।
६ एदोमका पालहरू, इस्माएलीहरू,
मोआबीहरू र हागारीहरू,
७ गलाबीहरू, अम्मोनीहरू र अमालेकीहरू,
टायरका बासिन्दाहरूसमेत पलिश्तीहरू।
८ असिरिया पनि तिनीहरूसित लागेका छन्,
तिनीहरूले लूतका सन्तानहरूलाई सहायता दिएका छन्। सेला
९ मिद्यानीहरूलाई गर्नुभएझैं तिनीहरूलाई पनि गर्नुहोस्,
सीसरा र याबीनलाई किशोन खोलामा गरेझैं।

१० जो एन्दोरमा नष्ट भए,
तिनीहरु जमीनको निम्ति मलजस्तै भए।
११ तिनीहरूका भारादारहरूलाई ओरेब र जीबझैं तुल्याउनुहोस्,
तिनीहरूका सबै राजकुमारहरूलाई जेबह र सल्मुन्नाझैं।
१२ जसले भने,
"परमेश्वरका खर्कका अधिकारी हामी आफै होऔं।"
१३ हे मेरा परमेश्वर, तिनीहरूलाई भुमरीको धूलो
र बतासले उड़ाएको भूसझैं तुल्याउनुहोस्।
१४ जङ्गल उड़ाउने आगोझैं,
र पहाड़ सल्काउने ज्यालाझैं।
१५ तपाईंको प्रचण्ड आँधीले तिनीहरूलाई खेद्नुहोस्,
र तपाईंको आँधी-बेहीले तिनीहरूलाई तर्साउनुहोस्।
१६ तिनीहरूका अनुहार लाजले भर्नुहोस्,
र हे परमप्रभु, तिनीहरूले तपाईंको नाउँको खोजी गरून्।
१७ तिनीहरु सधैंको निम्ति शर्ममा परून्,
र आतसले भरिऊन्,
तिनीहरूका मुख कालो होऊन्, र नष्ट भइजाऊन्,
१८ र तिनीहरूले जानून्, कि तपाईं जसको नाउँ परमप्रभु हो,
तपाईं सारा पृथ्वीमा सर्वोच्च हुनुहुन्छ।

परमेश्वरको महलमा पूजा गर्ने तिर्सना

पाप-नाइकेको निम्ति—गित्तित भन्ने रागमा एउटा भजन

८४ हे सेनाहरूका परमप्रभु, तपाईंका बासस्थानहरू कति प्रिय छन्!
२ परमप्रभुका दरबारका निम्ति मेरो आत्माले अति इच्छा गर्छ, मूर्छा पनि खान्छ,
मेरो तन र मन दुवै जीवित परमेश्वरको निम्ति चर्को सोरले गाउँछन्।
३ भँगेराले पनि आफ्नो निम्ति एउटा बास र गौंथलीले आफ्नो बच्चा राख्न
आफ्नो निम्ति एउटा गुँड़ पाएका छन्,
हे सेनाहरूका परमप्रभु, तपाईंकै वेदी,
हे मेरा राजा, र मेरा परमेश्वर।
४ तपाईंको भवनमा बस्ने धन्यका हुन्,
तिनीहरूले अझै तपाईंको प्रशंसा गर्दै रहन्छन्। सेला
५ त्यो मानिस धन्यको हो, जसको बल तपाईंमा छ,
जसको मनमा सियोनसम्म पुग्ने मूल बाटोहरु छन्।
६ रूने बँसीमा जाँदाहुँदि तिनीहरूले त्यो पानीका मूल भएको जग्गा बनाउँछन्,
शुरूको झरीले आशिष भएर त्यसलाई ढाक्छ।
७ तिनीहरूले बलमाथि बल पाउँछन्,
तिनीहरूमध्ये प्रत्येक सियोनका परमेश्वरको सामने देखापर्छ।

८ हे सेनाहरूका परमेश्वर परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्। हे याकूबका परमेश्वर, कान थाप्नुहोस्। सेला
९ हे परमेश्वर, जो हाम्रा ढाल हुनुहुन्छ। हेर्नुहोस्, र अभिषेक भएका
आफ्नो जनको मुख हेर्नुहोस्।
१० किनकि तपाईंको दरबारमा एक दिन हजार दिनभन्दा असल छ।
दुष्टका पालहरूमा बस्नभन्दा ता बरु परमेश्वरको भवनको ढोके हुन मलाई मनपर्छ।
११ किनकि परमप्रभु परमेश्वर, सूर्य र ढाल हुनुहुन्छ,
परमप्रभुले अनुग्रह र गौरव दिनुहुनेछ,
इमान्दारीसँग हिंड्नेहरूदेखि उहाँले कुनै असल कुरा इन्कार गर्नुहुन्न।

१२ हे सेनाहरूका परमेश्वर,

तपाईंमा भरोसा राख्ने मानिस धन्यको हो।

परमेश्वरको कृपा र उहाँमाथि दृढ़ विश्वासको निम्ति प्रार्थना

नाच-नाइकेको निम्ति—कोरहवंशीहरूको एउटा भजन

८५ हे परमप्रभु, आफ्नो देशमाथि तपाईंको निगाह भएको छ,
तपाईंले याकूबको कैदलाई फर्काउनुभएको छ।
२ आफ्ना प्रजाको अधर्म तपाईंले क्षमा गर्नुभएको छ,
तपाईंले तिनीहरूका सबै पाप ढाक्नुभएको छ। सेला
३ तपाईंले आफ्ना सबै क्रोध लैजानुभयो,
तपाईं आफ्नो जल्दिरहेको रिसबाट फर्कनुभयो।

४ हे हाम्रा उद्धार गर्ने परमेश्वर, हामीलाई फर्काउनुहोस्,
र हामीतर्फ तपाईंको उत्तेजित रीस रोक्नुहोस्।
५ के तपाईं हामीमाथि सधैं रिसाउनुहुन्छ ?
के तपाईं पुस्तादेखि पुस्तासम्म रीस गरिरहनुहुन्छ ?
६ तपाईंको प्रजा तपाईंमानै रमाऊन्
के तपाईं हामीलाई फेरि जीवित पार्नुहुन ?
७ हे परमप्रभु, हामीलाई तपाईंको करुणा देखाउनुहोस्,
र हामीलाई आफ्नो उद्धार मन्जूर गर्नुहोस्।

८ परमप्रभु परमेश्वरले के भन्नुहुनेछ,
त्यो म सुन्नेछु।
किनकि उहाँले आफ्ना प्रजा र आफ्ना पवित्र जनहरूलाई शान्तिको वचन भन्नुहुन्छ।
तर तिनीहरू फेरि मूर्ख काम गर्न नलागून्।
९ हाम्रो देशमा महिमाले बास गरून् भनेर उहाँसित डराउनेहरूको निम्ति
अवश्य उहाँको उद्धार नजीकै छ।
१० कृपा र सत्यता आपसमा मिलेका छन्।
र धार्मिकता र शान्तिले एक दोस्रोलाई चुम्बन गरेका छन्।
११ पृथ्वीबाट सत्यता उम्रेर निस्कन्छ,
र धार्मिकताले चाहिं स्वर्गबाट तल हेरेको छ।
१२ जे असल छ त्यही परमेश्वरले दिनुहुनेछ।
र हाम्रो जमीनले बेसरी उमार्नेछ।
१३ धार्मिकताचाहिं उहाँको अगिअगि जानेछ।
र उहाँका पाइलाहरूमा हामीलाई हिंड्ने बाटो बनाउनेछ।

सङ्कटमा भक्त मानिसको प्रार्थना

दाऊदको प्रार्थना

८६ हे परमप्रभु, कान थापेर मलाई जवाफ दिनुहोस्।
किनकि म दुःखी र दरिद्र छु।
२ मेरो प्राणलाई जोगाउनुहोस्,
किनकि म ईश्वरभक्त छु।
हे मेरा परमेश्वर, तपाईंमा भरोसा गर्ने आफ्नो दासलाई बचाउनुहोस्।
३ हे परमप्रभु, ममाथि अनुग्रह गर्नुहोस्।
किनकि दिनभरि म तपाईंमा पुकारा गरिरहन्छु।
४ आफ्नो दासको मनलाई खुशी पार्नुहोस्,
किनकि, हे परमप्रभु, म आफ्नो आत्मालाई उचाल्छु।
५ किनकि हे परमप्रभु, तपाईं भली र क्षमा गर्ने हुनुहुन्छ,
र तपाईंमा पुकारा गर्नेहरूमाथि तपाईं अति कृपालु हुनुहुन्छ।
६ हे परमप्रभु, मेरो प्रार्थनातिर आफ्नो कान थाप्नुहोस्

र मेरो अन्तरबिन्तीको सोरलाई सुन्नुहोस्।
७ मेरो दुःखको दिनमा म तपाईंको पुकारा गर्नेछु।
किनकि तपाईंले जवाफ दिनुहुनेछ।

८ हे परमप्रभु, देवहरूमा तपाईंजस्तै अरू कोही छैन।
तपाईंका कामहरूजस्ता अरू कुनै कामहरू छैनन्।
९ हे परमप्रभु, तपाईंले बनाउनुभएका सब जाति तपाईंको अगि आएर दण्डवत् गर्नेछन्।
र तिनीहरूले तपाईंको नाउँको महिमा गर्नेछन्।
१० किनकि तपाईं महान् हुनुहुन्छ,
र आश्चर्यकामहरू गर्नुहुन्छ।
तपाईं मात्र परमेश्वर हुनुहुन्छ।

११ हे परमप्रभु, मलाई तपाईंको मार्ग सिकाउनुहोस्, म तपाईंको सत्यतामा हिंड्नेछु।
तपाईंको नाउँको डर राख्न मेरो मन एक चित्तको पार्नुहोस्।
१२ हे परमप्रभु मेरा परमेश्वर, मेरो सारा हृदयले म तपाईंको प्रशंसा गर्नेछु।
र म तपाईंको नाउँको महिमा सदाको निम्ति गर्नेछु।
१३ किनकि मप्रति तपाईंको कृपा महान् छ।
र तपाईंले मेरो प्राणलाई पातालबाट छुटाउनुभएको छ।
१४ हे परमेश्वर, घमण्डीहरू मेरो विरुद्धमा उठेका छन्।
र उपद्रव गर्ने मानिसहरूको समुदायले मेरो प्राणको खोजी गरेको छ,
र तिनीहरूले तपाईंलाई आफ्ना सामु राखेका छैनन्।
१५ तर हे परमप्रभु, तपाईं दया र अनुग्रहले पूर्ण भएका परमेश्वर हुनुहुन्छ,
रीस गर्नमा धीरजी, कृपा र सत्यतामा भरिपूर्ण हुनुहुन्छ।
१६ मतिर फर्कनुहोस् र मलाई अनुग्रह गर्नुहोस्।
तपाईंको शक्ति आफ्नो दासलाई दिनुहोस्,
र आफ्नो दासीको छोरालाई बचाउनुहोस्।
१७ मलाई शुभ लक्षण देखाउनुहोस्।
र मलाई घृणा गर्नेहरू त्यो देखेर शर्ममा परून्,
किनकि हे परमप्रभु, तपाईंले मलाई सहायता गर्नुभएको छ, र सान्त्वना दिनुभएको छ।

परमेश्वरको महिमापूर्ण प्रतापी शहर

कोरहवंशीहरूको एउटा भजन—स्तुतिगान

८७ उहाँको जग पवित्र पर्वतहरूमा छ।
२ याकूबका सबै बस्ने ठाउँहरूभन्दा परमप्रभुलाई सियोनको मूल-ढोका मन पर्छ।
३ हे परमेश्वरको शहर,
तेरो विषयमा महिमाका कुराहरू भनेका छन्।
४ मलाई चिन्नेहरूमध्ये म राहाब र बेबिलोनको चर्चा गर्नेछु।
फिलिस्तिया, टायर र एथियोपियालाई-समेत हेर्नुहोस्।
योचाहिं त्यहीं जन्मेको थियो।
५ सियोनको विषयमा चाहिं यो भनिनेछ,
"यो र त्योचाहिं त्यसैमा जन्मेको थियो।
र सर्वोच्चलेनै त्यसलाई बसाल्नुहुनेछ।"
६ मानिसहरूको नाउँ लेख्नुहुँदा परमप्रभुले गन्नुहुनेछ,
योचाहिं त्यहीं जन्मेको थियो। सेला
७ गाउने र नाच्नेहरूले पनि भन्नेछन्,
"मेरा सबै पानीका मूलहरू तैँमानै पाइन्छन्।"

एकान्त ठाउँमा बिरामी मानिसको प्रार्थना

एज्री हेमानको मस्किल भन्ने भजन

८८ हे मेरा उद्धार गर्ने परमप्रभु, परमेश्वर म तपाईंको सामने दिनरात कराइरहेकोछु।
२ मेरो प्रार्थना तपाईंकै सम्मुख पुगोस्। मेरो चिच्याइमा तपाईंले कान थाप्नुहोस्।
३ किनकि मेरो प्राण दुःखले भरिएको छ, र मेरो जीवन पातालकै नजीक पुग्दैछ।
४ खाड़ल्मा परेकाहरूसँगै म गनिएको छु। सहायता नभएको मानिसजस्तै म भएको छु।
५ मुर्दाहरूका बीचमा फालिएकाझैँ, मारिएर चिहानमा पड़िरहेझैँ, जसलाई तपाईंले कहिल्यै सम्झनुहुन्न। तपाईंको हातबाट त्यागिएका छन्।
६ तपाईंले मलाई खाड़्लको तल्लो भागमा, अँध्यारा ठाउँहरू र गहीरा गहीरा जग्गाहरूमा राख्नुभयो।
७ तपाईंको क्रोध ममाथि साह्रै परेको छ, र तपाईंले आफ्ना सारा छाल्हरूले मलाई दुःख दिनुभएको छ। सेला
८ मेरा चिनाजानाहरूलाई तपाईंले मबाट टाढ़ा राख्नुभएको छ। तपाईंले मलाई तिनीहरूको लेखामा घृणित तुल्याउनुभएको छ। म थुनिएको छु, र म बाहिर आउनसक्तिनँ।
९ दुःखले मेरो आँखा धमिलो हुन्छ। हे परमप्रभु, दिनहुँ मैले तपाईंमा पुकारा गरें, मैले मेरा हात तपाईंतिर पसारें।
१० के तपाईं मुर्दाहरूलाई आश्चर्यकाम देखाउनुहुन्छ? के मरेकाहरू बिउँतेर तपाईंमा धन्यवाद गर्नेछन् र?
११ चिहानमा तपाईंको करुणा अथवा विनाशमा तपाईंको सत्यताको घोषणा गरिनेछ र?
१२ के तपाईंका आश्चर्यकामहरू अँध्यारोमा, र बिर्सने देशमा तपाईंको धार्मिकता चिनिन्छ र?
१३ तर हे परमप्रभु, मैले ता तपाईंमानै पुकारा गरेको छु, र बिहानै मेरो प्रार्थना तपाईंमा आउनेछ।
१४ हे परमप्रभु, मेरो प्राणलाई तपाईं किन फाल्नुहुन्छ? आफ्नो मोहोड़ा मबाट किन लुकाउनुहुन्छ?
१५ म दुःखमा परेको छु, युवावस्थामानै मर्न लागेको छु। तपाईंदेखि डराउँदा म अत्यन्त व्याकुल भइसकेको छु।
१६ तपाईंको भयानक रीस ममाथि खनिएको छ। तपाईंको भयले मलाई खाइहालेको छ।
१७ ती ता दिनभरि मेरा वरिपरि पानीझैँ आउँछन्। तिनले मलाई मेरा चारैपट्टि घेर्दछन्।
१८ मलाई माया गर्ने र मेरा मित्रलाई तपाईंले टाढ़ा र मेरा चिनाजानालाई अन्धकारमा राख्नुभएको छ।

दाऊदसँग परमेश्वरको करार र इस्राएलको दुर्दशा

एज्री एथानको मस्किल भन्ने भजन

८९ परमप्रभुको कृपा म सदाको निम्ति गाउनेछु। सबै पुस्तालाई म तपाईंको सत्यता मेरै मुखले जनाउनेछु।
२ किनकि मैले भनेको छु, "कृपा सदाको निम्ति बनिरहनेछ। स्वर्गैमा, खुद स्वर्गमा तपाईंले आफ्नो

सत्यता स्थिर गर्नुहुनेछ।
३ मैले मेरो चुनेकोसँग करार बाँधेको छु,
मेरो दास दाऊदसित मैले कसम
खाएको छु।
४ तेरो सन्तानलाई म सदाको निम्ति
नियुक्त गर्नेछु,
र तेरो सिंहासन सारा पुस्तामा
बनाइराख्नेछु।"
५ हे परमप्रभु, स्वर्गले तपाईंको आश्चर्यको
प्रशंसा गर्नेछ।
तपाईंको सत्यताले पनि पवित्रहरूको
सभामा प्रशंसा गर्नेछन्।
६ किनकि स्वर्गमा परमेश्वरको तुलना
कोसँग गर्नसकिन्छ?
परमेश्वरका छोराहरूमध्ये को परमप्रभुको
बराबरी हुनसक्छ र?
७ परमेश्वर, जो पवित्रहरूको सभामा बड़ा
भयानक
र उहाँका वरिपरि हुनेहरूमध्ये उहाँकोनै
डर मान्नुपर्ने हुनुहुन्छ।
८ हे सेनाहरूका परमप्रभु, परमेश्वर
हे परमप्रभु, तपाईंजस्तो शक्तिशाली को
छ र?
तपाईंको सत्यता तपाईंको चारैतिर छ।
९ समुद्रको प्रचण्डतालाई तपाईंलेनै राज्य
गर्नुहुन्छ।
जब त्यहाँ छालहरू उठ्छन्, तब
तपाईंलेनै ती शान्त गराउनुहुन्छ।
१० तपाईंलेनै राहबलाई मारेकोलाईझैं
टुक्रा टुक्रा पार्नुभयो।
तपाईंले आफ्ना शत्रुहरूलाई आफ्नो
बाहुबलले तितर-बितर पार्नुभयो।
११ स्वर्ग तपाईंको हो, र पृथ्वी पनि
तपाईंकै हो।
संसार र त्यसको सारा पूर्णता तपाईंलेनै
बसाल्नुभएको हो।
१२ उत्तर र दक्षिण, ती तपाईंलेनै सृष्टि
गर्नुभएको हो।
ताबोर र हर्मोन तपाईंको नाउँमा
रमाउनेछन्।
१३ तपाईंको पाखुरा शक्तिशाली छ।
तपाईंको हात बलियो छ, र तपाईंको
दाहिने बाहुली अग्लो छ।
१४ धार्मिकता र इन्साफ तपाईंको
सिंहासनका जग हुन्।
कृपा र सत्यता तपाईंको मुखको सामने
जान्छन्।

१५ ती मानिसहरू धन्य हुन्, जसले
आनन्दको सोर चिन्छन्।
हे परमप्रभु, तिनीहरू तपाईंको
मोहोडाको प्रकाशमा हिँड्छन्।
१६ तिनीहरू दिनभरि तपाईंकै नाउँमा
रमाउँछन्,
र तिनीहरू तपाईंकै धार्मिकतामा उच्च
पारिन्छन्।
१७ किनकि तपाईं तिनीहरूको शक्तिको
महिमा हुनुहुन्छ
र तपाईंकै निगाहमा हाम्रो सींङ ठाडो
हुनेछ।
१८ किनकि हाम्रो ढाल परमप्रभुकै हो।
र हाम्रा राजाचाहिं इस्राएलका पवित्र
जनको हुनुहुन्छ।
१९ तब तपाईं आफ्ना पवित्र जनहरूसित
दर्शनमा बोल्नुभयो,
र भन्नुभयो, "मैले उहाँलाई सहायता
मागेको छु, जो शक्तिशाली हुनुहुन्छ।
मैले उहाँलाई उच्च पारेको छु, जो
मानिसहरूबाट चुनिनुभएको छ।"
२० मैले मेरो दास दाऊदलाई पाएको छु।
मेरो पवित्र तेलले मैले तिनलाई
अभिषेक गरेको छु।
२१ जसमा मेरो हात स्थिर रहनेछ।
मेरो पाखुरा पनि तिनमा बलियो
हुनेछ।
२२ शत्रुहरूले तिनीमाथि अत्याचार
गर्नेछैनन्।

नता दुष्टताको सन्तानले तिनलाई दुःख
दिनेछ।
२३ औ तिनका विरोधीहरूलाई तिनकै
सामनेमा प्रहार गर्नेछु,
र तिनलाई घृणा गर्नेलाई मार्नेछु।
२४ तर मेरो सत्यता र मेरो कृपा तिनीसँग
हुनेछन्।
र मेरो नाउँमा तिनको सीङ ठाड़ो हुनेछ।
२५ म तिनको हात पनि समुद्रमाथि,
र तिनको दाहिने हातचाहिं नदीहरूमाथि
राख्नेछु।
२६ तिनले मलाई यसो भनी पुकार्नेछ,
"तपाईं मेरा पिता हुनुहुन्छ,
मेरा परमेश्वर, र मलाई उद्धार गर्ने
मेरो चटान।"
२७ म तिनलाई मेरो जेठो छोरो पनि
तुल्याउनेछु,
पृथ्वीका राजाहरूमा सबैभन्दा उच्च।
२८ म मेरो कृपा तिनको निम्ति सदाको
लागि राख्नेछु,
र मेरो करार तिनीसित रहिरहनेछ।
२९ तिनको सन्तानलाई म सदाको लागि,
र तिनको सिंहासनचाहिं स्वर्गका दिनझैं
रहनदिनेछु।
३० यदि तिनका सन्तानले मेरो व्यवस्था
त्यागे भने,
र मेरो इन्साफमा हिंड्नेनन् भने।
३१ यदि तिनीहरूले मेरा नियम भङ्ग गरे,
र मेरा आज्ञा मानेनन् भने,
३२ तब म तिनीहरूका अपराधको सजाय
बेतले,
र तिनीहरूका अधर्मको सजाय कोरर्ले
दिनेछु।
३३ तर मेरो कृपाचाहिं त्यसबाट म पूरै ता
हटाउनेछैनँ,
नता मेरो सत्यता घटाउनेछु।
३४ म मेरो करार भङ्ग गर्नेछैनँ,
नता मेरो मुखबाट निस्केको वचनलाई
बदल्नेछु।

३५ मैले एउटा कुरो पवित्रतामा कसम
खाएको छु।
म दाऊदलाई ढाँट्नेछैन।
३६ तिनको वंश सदाको निम्ति रहनेछ,
र तिनको सिंहासनचाहिं सूर्यझैं मेरो
अगाड़ि रहनेछ।
३७ त्यो चन्द्रमाझैं सदाको निम्ति,
र आकाशमा विश्वासी गवाहीझैं स्थिर
रहनेछ। सेला

३८ तर तपाईंलेनै फाल्नु र त्याग्नुभएको छ,
तपाईंलेनै आफ्ना अभिषेक जनसित क्रोध
गर्नुभएको छ।
३९ तपाईंले आफ्नो दासको करारलाई
घिनाउनुभएको छ।
तपाईंले तिनको मुकुट भूइँसम्मै अपवित्र
गर्नुभएको छ।
४० तपाईंले तिनका सबै बारहरू
भत्काउनुभएको छ।
तपाईंले तिनका गढ़ीहरू नष्ट
पार्नभएको छ।
४१ त्यसबाट जानेहरू सबैले त्यसलाई
लुट्तछन्।
त्यो आफ्नो छिमेकीहरूका निम्ति
अपवादको कारण भएको छ
४२ तपाईंले तिनका विरोधीहरूका दाहिने
हात उच्च पार्नभएको छ।
तपाईंले तिनका सबै शत्रुहरूलाई खुशी
पार्नभएको छ।
४३ तपाईंले तिनका तरवारको धार बोधो
तुल्याउनुहुन्छ,
र तिनलाई लड़ाईंमा खड़ा हुन
दिनुहुन्न।
४४ तपाईंले तिनको तेज रोक्नुभएको छ,
र तिनको सिंहासन भूइँमा फाल्नुभएको छ।
४५ तिनको जवानीका दिन तपाईंले कम
गर्नुभएको छ।
तपाईंले तिनलाई शर्मले ढाक्नुभएको
छ। सेला

४६ कहिलेसम्म, हे परमप्रभु, तपाईं सदाको
निम्ति लुकिरहनुहुन्छ ?
तपाईंको क्रोध कहिलेसम्म आगोझैं
बलिरहनेछ ?
४७ मेरो आयु कति छोटो छ,
सो सम्झनुहोस् ।
कस्तो व्यर्थको निम्ति तपाईंले
मानिसको सन्तानलाई सृजनुभएको छ !
४८ यस्तो को मानिस होला जो सधैंभरि
बाँचिरहन्छ र मृत्यु देख्तैन,
जसले आफ्नो प्राणलाई पातालबाट
छुटकारा दिनसक्छ ? सेला
४९ हे परमप्रभु, तपाईंले दाऊदलाई आफ्नो
सत्यतामा कसम खानुभएको छ ।
तपाईंका अघिका कृपाहरू कता गए ?
५० हे परमप्रभु, आफ्ना दासहरूलाई गरेका
खप्कीलाई सम्झनुहोस् ।
सारा शक्तिशाली मानिसहरूका खप्की
म कसरी आफ्नो हृदयमा सहँदैछु ।
५१ हे परमप्रभु, जससित तपाईंका शत्रुहरूले
निन्दा गरेका छन् ।
जससित तिनीहरूले तपाईंका अभिषेक
जनका पाइलाहरूको निन्दा गरेका
छन् ।

५२ परमप्रभु सदा सर्वदा धन्यका होऊन् ।
आमेन, आमेन ।

चौथो भाग

(९०-१०६)

अविनाशी परमेश्वरनै मानिसको शरणस्थान हुनुहुन्छ

परमेश्वरको जन मोशाको प्रार्थना

९० हे परमप्रभु, पुस्तादेखि पुस्तासम्म,
तपाईं हाम्रा धाम हुनुभएको छ ।
२ पहाड़हरू उत्पन्न हुनभन्दा अघि
र तपाईंले पृथ्वी र संसार सृजनभन्दा
अघिदेखि,
अनादिदेखि अनन्तसम्म तपाईंनै
परमेश्वर हुनुहुन्छ ।
३ तपाईंले मानिसलाई धूलोमा परिवर्त्तन
गर्नुहुन्छ ।
र भन्नुहुन्छ, "ए मानिसका सन्तान हो,
फर्केर आओ ।"
४ किनकि तपाईंको दृष्टिमा एक हजार
वर्ष बितेको
हिजको दिनजस्तै
र रातीको एक पहरजस्तै हुन्छ ।
५ बाढ़ले लगेझैं तपाईंले तिनीहरूलाई
लैजाउनुहुन्छ, तिनीहरू निद्राजस्तै छन् ।
तिनीहरू बिहान उम्रने घाँसजस्ता छन्
६ त्यो बिहान पलाउँछ र बढ़्छ ।
बेलुकी त्यो काटिन्छ र ओइलिहाल्छ ।
७ किनकि हामी ता तपाईंको रीसमा भस्म
भएका छौं,
र तपाईंको क्रोधमा हामी व्याकुल हुन्छौं ।
८ तपाईंले हाम्रा अधर्म आफ्नै सामु
राख्नुभएको छ,
हाम्रा गुप्त पापहरू तपाईंकै मोहोड़ाको
प्रकाशमा छन् ।
९ किनकि हाम्रा सारा दिन तपाईंकै
क्रोधमा बितिगएका छन् ।
सुस्केरामा हामी आफ्ना वर्ष बिताउँछौं ।
१० हाम्रा आयु ता तीन कोरी र दश
वर्ष मात्र छन्,
पौरखले चार कोरीसम्म ता होला ।
तापनि तिनीहरूको घमण्ड ता केवल
दुःख र मेहनत मात्र हुन्छन्,
किनकि त्यो चाँड़ै बित्छ, र हामी
उड़िजान्छौं ।
११ तपाईंको रीसको शक्ति,

तपाईंलाई दिनुपर्ने भयबमोजिम तपाईंको क्रोध कसलाई थाह छ ?
१२ यसकारण हामीले आफ्ना दिन गनेर बस्न हामीलाई सिकाउनहोस्,
र हामीले बुझ्ने हृदय पाऔं।
१३ हे परमप्रभु, फर्कनुहोस्, कहिलेसम्म ?
र आफ्ना दासहरूमाथि दया गर्नुहोस्।
१४ बिहान आफ्नो कृपाले हामीलाई तृप्त पार्नुहोस्,
र हामी आफ्ना सारा दिन रमाऔं र आनन्दित होऔं।
१५ हामीलाई दुःख दिनुभएका दिनहरूझैं र हामीले क्लेश देखेका वर्षअनसार हामीलाई आनन्दित तुल्याउनुहोस्।
१६ तपाईंको काम तपाईंका दासहरूकहाँ
र तपाईंको महिमा तपाईंका छोरा-छोरीहरूकहाँ देखा परोस्।
१७ हाम्रा परमप्रभु परमेश्वरको सुन्दरता हामीमा रहोस्,
र हाम्रा हातका कामहरू हाम्रा निम्ति स्थिर गर्नुहोस्।
हाम्रा हातका कामहरूचाहिँ तपाईंलेनै स्थिर गर्नुहोस्।

उहाँमाथि विश्वास गर्नेहरूलाई परमेश्वरको रक्षा

९१ जो परम प्रधानको गुप्त ठाउँमा बास गर्दछ,
त्यो सर्वशक्तिमानको छत्र छायामनि रहन्छ।
२ परमप्रभुको विषयमा म भन्छु, "उहाँ मेरो शरणस्थान र मेरो किल्ला हुनुहुन्छ,
मेरा परमेश्वर, जसमा म भरोसा राख्तछु।
३ किनभने उहाँले तिमीलाई शिकारीको पासोबाट
र हानिकारक रूढ़ीबाट बचाउनुहुनेछ।
४ उहाँले तिमीलाई आफ्ना पखेटाले ढाक्नहुनेछ,
र उहाँका पखेटामनि तिमीले शरण लिनेछौ,
उहाँको सत्यता सानो ढाल र ठूलो ढाल हो।
५ तिमी रातको ठूलो त्रासदेखि,
दिनमा उड़ेर आउने वाणदेखि,
६ राती चल्ने रूढ़ीदेखि,
दिउँसो क्षय गर्ने नाशदेखि डराउनेछैनौ।
७ एक हजार जना तिम्रो नजीक लोट्नेछन्,
र तिम्रो दाहिने हाततर्फ दश हजार जना,
तर तिम्रो नजीक कोही आइपुग्दैन।
८ तिम्रो आँखाले मात्र त्यो हेर्नेछौ,
र दुष्टहरूको प्रतिफल देख्नेछौ।
९ किनकि हे परमप्रभु, तपाईं मेरो शरणस्थान हुनुहुन्छ!
तिमीले परम प्रधानलाई आफ्नो बासस्थान तुल्याएका छौ।
१० तिमीमाथि कुनै खराबी आउनेछैन,
कुनै रूढ़ी तिम्रो पालको नजीक आउनेछैन।
११ किनकि उहाँले आफ्ना दूतहरूलाई तिम्रा सबै मार्गमा रक्षा गर्नलाई कड़ा आज्ञा दिनुहुनेछ।
१२ तिनीहरूले तिमीलाई आफ्ना हात माथि माथिनै उठाउनेछन्,
नत्रता तिम्रा खुट्टाले ढुङ्गामा ठेस खानेछ।
१३ तिमीले सिंह र अजिङ्गरलाई कुल्चनेछौ,
जवान सिंह र सर्पलाई तिमीले पैतालामनि लत्तार्नेछौ।
१४ उनले मसित प्रेम गरेको हुनाले म उनलाई छुटाउनेछु,
उनले मेरो नाउँ जानेको कारण म उनलाई उच्च स्थानमा राख्नेछु।
१५ उनले मेरो पुकारा गर्नेछन्, र म उनलाई उत्तर दिनेछु,
उनको दुःखमा म उनीसित हुनेछु,

म उनलाई छुटकारा दिनेछु, र आदर गर्नेछु।
१६ म उनलाई दीर्घायु बनाएर सन्तुष्ट तुल्याउनेछु,
र मेरो उद्धार देखाउनेछु।

परमेश्वरको दूरदर्शिताको निम्ति प्रशंसा

विश्रामको दिनको निम्ति एउटा भजन—स्तुतिगान

९२ परमप्रभुमा धन्यवाद दिनु,
र हे परम प्रधान, तपाईंको स्तुति गर्नु,
२ बिहान तपाईंको करुणाको प्रचार गर्नु,
र हरेक रात तपाईंको सत्यताको,
३ दश तारेबाजा, र सितारले,
वीणाको मृदु सोरमा स्तुति गर्नु, असल कुरो हो।
४ किनकि हे परमप्रभु, तपाईंले आफ्नो कामद्वारा मलाई आनन्दित तुल्याउनुभएको छ,
तपाईंका हातका काममानै म कराई कराईकन गाउनेछु।
५ हे परमप्रभु, तपाईंका कार्यहरू कति महान् छन्!
तपाईंका विचारहरू अति गम्भीर छन्।
६ पशुसरहको मानिसले त्यो जान्दैन,
नता मूर्खले त्यो बुझ्न सक्छ।
७ जब दुष्टहरू घाँसझैं बढ्छन्,
र सबै अधर्म गर्नेहरूको फलिफाप हुन्छ,
यही कारणले हो, कि तिनीहरू सधैंको निम्ति नष्ट हुनेछन्।
८ तर हे परमप्रभु, तपाईंचाहिं सदाको निम्ति उच्चमा रहिरहनुहुन्छ।
९ किनकि हे परमप्रभु, हेर्नुहोस्, तपाईंका शत्रुहरू,
किनकि हेर्नुहोस्, तपाईंका शत्रुहरूचाहिं नष्ट हुनेछन्
अधर्म गर्नेहरूचाहिं सबै तितर-बितर हुनेछन्।
१० तर तपाईंले मेरो सीङ जंगली साँढ़ेको सीङजस्तै उच्च पार्नुभएको छ,
म ताजा तेलले अभिषेक गरिएकोछु।
११ मेरा आँखाले पनि मेरा शत्रुहरूमाथि दृष्टि गरे,
मेरा कानले मेरा विरुद्धमा उठ्ने कुकर्मीहरूका कुरा सुनेका छन्।
१२ धर्मात्माचाहिं खजूरका बोटझैं लहलह हुन्छन्,
तिनी लबानोनको देवदारुजस्तै बढ्नेछन्।
१३ परमप्रभुको घरमा रोपेकाहरू
हाम्रा परमेश्वरका दरबारमा लहलह हुन्छन्।
१४ तिनीहरूले बूढ़ेसकालमा पनि फल फलाउँछन्,
तिनीहरू जीवन दिने रसले भरिएका हरिया-भरिया हुन्छन्।
१५ परमप्रभु सोझो हुनुहुन्छ भनी देखाउन,
उहाँ मेरो चटान हुनुहुन्छ, औ उहाँमा केही अधर्म छँदैछैन्।

परमेश्वरको महत्त्व

९३ परमप्रभुले राज्य गर्नुहुन्छ, उहाँ महामहिमाले पहिरिनुभएको छ।
परमप्रभु पहिरिनुभएको छ, उहाँले सामर्थ्यको पटुका लाउनुभएको छ।
संसार पनि सार्न नसक्ने गरी स्थिर गरिएको छ।
२ तपाईंको सिंहासन तादिदेखि स्थिर गरिएको छ।
तपाईं उहिलेदेखिनै हुनुहुन्छ।
३ हे परमप्रभु, बाढ़हरू बढ़ेर आएका छन्,
बाढ़हरूले आफ्ना सोर बढ़ाएका छन्।
बाढ़हरूले आफ्ना छाल बढ़ाएका छन्।
४ धेरै नदीहरूको आवाजभन्दा समुद्रका शक्तिशाली तरङ्गहरूभन्दा पनि

उच्चमा रहनुहुने परमप्रभु प्रतापी हुनुहुन्छ।

५ तपाईंका साक्षीवचनहरू साह्रै पक्का छन्।
हे परमप्रभु पवित्रताले तपाईंको भवनको निम्ति सदा सर्वदाको लागि सुहाउँछ।

बदला र छुटकाराको निम्ति प्रार्थना

९४ हे बदला लिनुहुने परमप्रभु परमेश्वर,
हे बदला लिनुहुने परमेश्वर, चम्कनुहोस्!
२ हे पृथ्वीका न्यायाधीश, उठ्नुहोस्,
अहंकारीहरूलाई तिनीहरूको प्रतिफल दिनुहोस्।
३ हे परमप्रभु,
दुष्टहरू कहिलेसम्म रमाउँछन् र?
४ तिनीहरू बकबक गर्दछन्, तिनीहरू अहंकारी कुरा गर्दछन्।
अधर्म काम गर्नेहरू सबै आफै शेखी गर्दछन्।
५ हे परमप्रभु, तिनीहरूले तपाईंका प्रजालाई पेल्दछन्,
र तपाईंका निज भागलाई दुःख दिन्छन्।
६ तिनीहरूले विधवाहरू र विदेशीहरूलाई मार्दछन्।
र टुहुरालाई हत्या गर्दछन्।
७ औ तिनीहरू भन्छन्, "परमप्रभुले देख्नुहुनेछैन,
नता याकूबका परमेश्वरले विचार गर्नुहुनेछ।"
८ ए मानिसहरूमा पशुजस्ता हो, विचार गर।
ए मूर्ख हो, तिमीहरू कहिले बुद्धिमान हुन्छौ?
९ के कान दिनले सुन्नुहुन्न र?
के आँखा सृजनले देख्नुहुन्न र?
१० के जाति जातिहरूलाई चेताउनी दिने
मानिसलाई ज्ञान सिकाउनेले
सुधार्नुहुन्न र?
११ परमप्रभुले मानिसका विचार
एक निश्वास मात्र हुन भनी जान्नुहुन्छ।

१२ हे परलप्रभु, त्यो मानिस धन्यको हो,
जसलाई तपाईंले चेताउनी दिनुहुन्छ।
र आफ्नो व्यवस्थाबाट सिकाउनुहुन्छ।
१३ त्यसलाई विपत्तिका दिनमा चैन दिनालाई
जबसम्म दुष्टहरूका निम्ति खाडल खनिँदैन।
१४ किनकि परमप्रभुले आफ्नो प्रजालाई फाल्नुहुनेछैन्,
नता उहाँले आफ्ना निज भागलाई त्याग्नुहुनेछ।
१५ किनकि इन्साफबाहिं धार्मिकतामा परिवर्त्तन हुनेछ।
र सबै सोझाहरू त्यसको पछि लाग्नेछन्।

१६ दुष्ट काम गर्नेहरूको विरुद्धमा मतर्फ भएर को उठ्नेछ?
अधर्म गर्नेहरूका विरुद्धमा मतर्फ भएर को खड़ा हुनेछ?
१७ परमप्रभु मेरो सहायक नहुनुहुँदो हो ता,
मेरो प्राण चाँडै सूनसानमा बस्नेथियो।
१८ जब मैले भनें, "मेरो खुट्टा चिप्लन्छ"
तपाईंको कृपाले मलाई थाम्यो,
हे, परमप्रभु।
१९ मेरो मनमा ज्यादा फिक्री हुँदा
तपाईंका सान्त्वनाहरूले मलाई आनन्दित तुल्याउँछन्।
२० दुष्टहरूको सिंहासन्, जसले नियमद्वारा अधर्म रच्तछ,
के त्यसले तपाईंसँग सङ्गति गर्छ र?
२१ तिनीहरू धर्मात्माको प्राणको विरुद्धमा आपसमा भेला हुन्छन्,
र निर्दोषलाई हत्याको दोषी ठहराउँछन्।

२२ तर परमप्रभु मेरो अग्लो धरहरा
हुनुभएको छ।
र मेरा परमेश्वरचाहिँ मेरो शरणस्थानको
चटान हुनुहुन्छ।
२३ औ उहाँले तिनीहरूमाथिनै तिनीहरूका
अधर्म ल्याउनुभएको छ,
र उहाँले तिनीहरूलाई तिनीहरूकै
दुष्टतामा खतम पार्नुहुनेछ।
हाम्रा परमप्रभु परमेश्वरले तिनीहरूलाई
खतम पार्नुहुनेछ।

परमेश्वरलाई प्रशंसा—अनाज्ञाकारिताको विरुद्धमा चेताउनी

एउटा भजन—विश्रामको दिनको निम्ति एउटा स्तुतिगान

९५ आओ, परमप्रभुको निम्ति हामी
गाऔं।
हाम्रा उद्धारको चटानको निम्ति
जयजयकार गरौं।
२ धन्यवाद गर्दै उहाँको सामने आऔं,
भजन गाउँदै उहाँको जयजयकार गरौं।
३ किनकि परमप्रभु महान् परमेश्वर
हुनुहुन्छ,
र सारा देवहरूमाथिका महान् राजा।
४ उहाँकै हातमा पृथ्वीका गहीरा गहीरा
स्थानहरू छन्।
पहाड़का चुचुराहरू पनि उहाँकै हुन्।
५ समुद्र उहाँकै हो, औ त्यो उहाँलेनै
बनाउनुभएको हो।
सुखा जमीन उहाँकै हातद्वारा बनिएको
हो।
६ आओ, दण्डवत् गरौं र निहुरौं।
हाम्रा सृष्टिकर्ता, परमप्रभुकै सामु घुँडा
टेकौं।
७ किनभने उहाँनै हाम्रा परमेश्वर हुनुहुन्छ,
र हामी उहाँको खर्कका प्रजा,
र उहाँका हातका भेड़ा हौं।
आज तिमीहरूले उहाँको सोर सुन्यौ
भनेता!
८ मरीबामा गरेझैं तिमीहरू आफ्नो
हृदय कठोर नगर,
उजाड़-स्थान मस्साको दिनमा भएअनुसार।
९ जब तिमीहरूका पिता-पुर्खाले मेरो
परीक्षा गरे,
मेरो प्रमाण खोजे, र मेरो काम
देखे।
१० चालीस वर्षसम्म त्यस पुस्तादेखि म
दुःखित भएँ,
र मैले भनें, "आफ्नो हृदयमा गलती
गर्ने यो एउटा प्रजा हो,
र तिनीहरूले मेरो मार्ग चिनेका
छैनन्।
११ तिनीहरू मेरो विश्राममा पस्न
पाउनेछैनन् भनेर
मेरो क्रोधमा मैले कसम खाएँ।"

सबै जातिहरूबाट परमेश्वरको प्रशंसा

९६ परमेश्वरको निम्ति एउटा नयाँ भजन
गाओ।
हे सारा पृथ्वी, परमप्रभुकै निम्ति
गाओ।
२ परमप्रभुको निम्ति गाओ, उहाँको
नाउँलाई धन्य भन।
दिनहुँ उहाँले दिनुभएको उद्धार
प्रचार गर।
३ उहाँको महिमाको वर्णन जाति जातिका
बीचमा गर।
सारा मानिसहरूका बीचमा उहाँका
अचम्मका कामहरू वर्णन गर।
४ किनकि परमप्रभु महान् हुनुहुन्छ,
उच्च प्रशंसा गरिने योग्यको हुनुहुन्छ।
सारा देवहरूभन्दा बढ़ी उहाँकै डर
राख्नुपर्छ।
५ किनकि मानिसहरूका सारा देवहरू
केवल मूर्ति मात्र हुन्।
तर परमप्रभुले ता स्वर्ग सृष्टि गर्नुभयो।
६ उहाँको सामने आदर र महामहिमा
छन्।

शक्ति र सुन्दरता उहाँको पवित्र ठाउँमा छन्।

७ हे विभिन्न जातिका मानिस हो, परमप्रभुलाई,
परमप्रभुलाईनै महिमा र शक्ति देओ।
८ परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा देओ।
भेटी लिएर उहाँको दरबारमा आओ।
९ पवित्रतामा सुशोभित भएर परमप्रभुलाई दण्डवत् गर।
हे सारा पृथ्वी, उहाँकै सामु थरथर होओ।
१० जाति जातिहरूका बीचमा भन, "परमप्रभुले राज्य गर्नुहुन्छ।
संसार पनि नडग्ने गरी स्थिर भएको छ।
उहाँले मानिसहरूको ठीकसित इन्साफ गर्नुहुन्छ।"
११ स्वर्ग आनन्दित होस्, र पृथ्वी रमाओस्।
समुद्र त्यसको पूर्णतामा गर्जोस्।
१२ खेत र त्यसमा भएका सबै कुरा उल्लसित होस्।
तब जङ्गलमा भएका सबै रूखहरू आनन्दले गाउनेछन्।
१३ परमप्रभुको सामु, किनकि उहाँ आउनुहुन्छ।
किनकि पृथ्वीको इन्साफ गर्न उहाँ आउनुहुन्छ।
उहाँले संसारको इन्साफ धर्मसित गर्नुहुनेछ,
र मानिसहरूको इन्साफचाहिँ आफ्नै सत्यताले गर्नुहुनेछ।

आँधी बेह्रीमा परमेश्वरको शक्ति

९७ परमेश्वरले राज्य गर्नुहुनेछ, पृथ्वी रमाओस्।
द्वीप-पुञ्ज पनि खुशी होऊन्।
२ उहाँको वरिपरि बादल र अन्धकार छन्।
धार्मिकता र इन्साफ उहाँको सिंहासनका जग हुन्।
३ उहाँको अगिअगि आगो जान्छ,
र उहाँका चारैपट्टिका विरोधीहरूलाई स्वाहा पार्छ।
४ उहाँका बिजुलीले संसारलाई चमक दिएर उज्यालो पाऱ्यो,
पृथ्वीले देख्यो, र थरथर काम्यो।
५ परमप्रभुको सम्मुखमा मैनझैँ बिलिए।
परमप्रभुकै सम्मुखमा सारा पृथ्वी बिलिए।
६ स्वर्गले उहाँको धार्मिकताको वर्णन गर्दछ,
र सारा मानिसहरूले उहाँको महिमालाई देखेका छन्।
७ खोपेर बनाएका मूर्तिहरूको सेवा गर्नेहरू सबै,
र आफै मूर्तिमा घमण्ड गर्नेहरू शर्ममा परून्।
हे सारा देव हो, तिमीहरू उहाँलाईनै पूज।
८ सियोनले सुन्यो, र खुशी भयो,
र यहूदाका छोरीहरू रमाए।
तपाईंकै इन्साफहरूले गर्दा, हे परमप्रभु।
९ किनकि हे परमप्रभु, तपाईं पृथ्वीभन्दा पनि अति उच्च हुनुहुन्छ।
तपाईं सारा देवहरूभन्दा बढ़ी उच्च हुनुहुन्छ।
१० हे परमप्रभुले प्रेम गर्ने हो, खराबीलाई घृणा गर।
उहाँले आफ्ना पवित्र जनहरूका प्राणलाई जोगाइराख्नुहुन्छ।
उहाँले तिनीहरूलाई दुष्टका हातबाट छुटाउनुहुन्छ।
११ धर्मात्माहरूको निम्ति ज्योति,
र हृदयमा सोझा भएकाहरूको निम्ति

आनन्द छनुँभएको छ।
१२ हे धर्मात्मा हो, परमप्रभुमा रमाओ।
र उहाँको पवित्र नाउँलाई धन्यवाद देओ।

उहाँको धार्मिकताको लागि परमेश्वरको प्रशंसा

एउटा भजन

९८ परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ।
किनकि उहाँले अचम्म अचम्मका काम गर्नुभएको छ।
उहाँको दाहिने बाहुली, र उहाँको पवित्र पाखुराले उद्धार गरेका छन्।
२ आफूले गर्नुभएको उद्धार परमप्रभुले प्रकट गर्नुभएको छ।
उहाँले आफ्नो धार्मिकता जाति जातिहरूका दृष्टिमा प्रष्टै देखाउनुभएको छ।
३ इस्राएलको घरानालाई गर्नुभएको आफ्नो कृपा र आफ्नो सत्यता उहाँले सम्झनुभएको छ।
हाम्रा परमेश्वरले गर्नुभएको उद्धार पृथ्वीको कुना कुनाले देखेको छ।

४ हे सारा पृथ्वी, परमप्रभुको निम्ति जयजयकार मनाओ।
जोशिलो भएर गाउँदै निस्क।
जयजयकार मनाओ।
५ वीणा बजाएर परमप्रभुको भजन गाओ,
वीणा र मधुर लयमा गाओ।
६ तुरही र कर्णाल बजाएर,
परमप्रभु महाराजाको सामु जयजयकार गर।
७ समुद्र र त्यसमा भएका सबै कुरासमेत गर्जून्।
संसार र त्यसमा रहनेहरू सबै।
८ बाढ़हरूले ताली बजाऊन्,
डाँड़ाहरू आनन्दले एकसाथ गाऊन्।
९ परमप्रभुको सामु, किनकि उहाँ पृथ्वीको इन्साफ गर्न आउनुहुन्छ।
उहाँले धर्मसित संसारको
र निष्पक्षतामा मानिसहरूको इन्साफ गर्नुहुनेछ।

एक मात्र पवित्र परमेश्वरको प्रशंसा

९९ परमप्रभुले राज्य गर्नुहुन्छ,
मानिसहरू थरथर कामून्।
उहाँ करूबहरूमाथि विराजमान हुनुहुन्छ,
पृथ्वी हल्लिओस्।
२ परमप्रभु सियोनमा महान् हुनुहुन्छ।
र उहाँ सबै मानिसहरूभन्दा सर्वोच्च हुनुहुन्छ।
३ तिनीहरूले तपाईंको महान् र भयानक नाउँको प्रशंसा गरून्।
उहाँ पवित्र हुनुहुन्छ।
४ राजाको शक्तिले पनि इन्साफ गर्न निको मान्छ।
तपाईंले निष्पक्षतालाई स्थिर गराउनुहुन्छ,
तपाईंले याकूबमा इन्साफ र धार्मिकता पूरा गर्नुहुन्छ।
५ परमप्रभु, हाम्रा परमेश्वरलाई सर्वोच्च बनाओ,
र उहाँको पाउदानमा दण्डवत् गर।
उहाँ पवित्र हुनुहुन्छ।

६ उहाँका पूजाहारीहरूमा मोशा र हारूनले,
र उहाँको नाउँ लिनेहरूमा शमूएलले
परमप्रभुको नाउँको पुकारा गरे,
र उहाँले तिनीहरूलाई जवाफ दिनुभयो।
७ बादलको खामामा उहाँ तिनीहरूसित बोल्नुभयो।
उहाँले तिनीहरूलाई दिनुभएका साक्षीवचन
र नियम तिनीहरूले पालन गरे।
८ हे परमप्रभु हाम्रा परमेश्वर, तपाईंले

तिनीहरूलाई जवाफ दिनुभयो।
तपाईंले तिनीहरूका कामको बदला दिनुभए,
तापनि तपाईं तिनीहरूलाई माफी दिने परमेश्वर हुनुभयो।
९ परमप्रभु हाम्रा परमेश्वरलाई सर्वोच्च बनाओ,
र उहाँको पवित्र डाँड़ामा सेवा गर,
किनकि परमप्रभु हाम्रा परमेश्वर पवित्र हुनुहुन्छ।

मानिसजातिलाई परमप्रभुको प्रशंसा गर्ने आह्वान

१०० हे सारा पृथ्वीका मानिस हो,
परमप्रभुको जयजयकार मनाओ।
२ आनन्दसाथ परमप्रभुको सेवा गर,
भजन गाएर उहाँको सामने आओ।
३ परमप्रभुनै परमेश्वर हुनुहुन्छ भनी जान।
उहाँलेनै हामीलाई बनाउनुभएको हो,
र हामी उहाँकै हौं।
हामी उहाँका प्रजा, र उहाँका खर्कका भेड़ाहरू हौं।
४ धन्यवादसाथ उहाँका मूल-ढोकभित्र,
र प्रशंसा गर्दै उहाँका चोकभित्र पस।
उहाँलाई धन्यवाद चढ़ाओ,
र उहाँको नाउँलाई धन्यको भन।
५ किनभने परमप्रभु भलो हुनुहुन्छ,
उहाँको कृपा सर्वैभरि र उहाँको सत्यता पुस्तौंसम्म स्थिर रहन्छ।

भजन-गायकको व्यक्तिगत आचरण

दाऊदको भजन

१०१ कृपा र निसाफको विषयमा म गाउनेछु।
हे परमप्रभु, म तपाईंकै स्तुति गाउनेछु।
२ बुद्धिमानीसाथ म सत्य बाटोमा हिंड्नेछु।
ओहो, तपाईं मकहाँ कहिले आउनुहुनेछ?
सिद्ध हृदयले म आफ्नो घरभित्र हिंड्डुल गर्नेछु।
३ मेरो आँखाको सामने कुनै नीच कुरा म राख्नेछैनँ।
कुमार्गतर्फ लाग्नेहरूको कामलाई म घृणा गर्छु।
यस्तो काम मसँग लिप्त हुनेछैन।
४ बिंग्र्याहा हृदय मबाट दूर हुनेछ।
कुनै खराबी काम म जान्नेछैनँ।
५ जसले सुटुक्क आफ्नो छिमेकीको निन्दा गर्दछ,
त्यसैको म सत्यानाश पार्नेछु,
अहंकारी दृष्टि भएको र घमण्डी हृदय भएकोलाई म सहनेछैनँ।
६ तिनीहरू मेरै साथमा रहिरहून् भनेर मेरा आँखा देशका विश्वासीहरूतर्फ लाग्नेछन्,
सत्य बाटोमा हिंड्नेलेनै मेरो सेवा गर्नेछ।
७ छली काम गर्नेचाहिं मेरो घरमा टिक्न पाउनेछैन,
झूट बोल्ने पनि मेरो नजरको सामने अड्न पाउनेछैन।
८ परमप्रभुको नगरबाट अधर्मीहरूलाई मेट्न,
बिहानैपिच्छे देशका सबै दुष्ट जनहरूको म सर्वनाश गर्नेछु।

दुःख पाएको मानिसले गरेको प्रार्थना

१०२ हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्,
मेरो पुकारा तपाईंकहाँ पुगोस्।
२ मेरो सङ्कष्टको दिनमा तपाईंले आफ्नो मुख मबाट नलुकाउनुहोस्।
तपाईंको कान मतिर थाप्नुहोस्।
मैले पुकारा गरेको दिन मलाई तुरुन्तै जवाफ दिनुहोस्।
३ किनभने मेरा दिनहरू धुवाँझैं विलोप हुन्छन्,

र मेरा हाड़ अगुल्टोझैं सल्केका छन्।
४ मेरो हृदय ओइलाएको घाँसझैं सुकेको छ,
किनभने म आफ्नो रोटी खान पनि बिर्सन्छु।
५ सस्केराले गर्दा मेरा हड्डीहरू मेरो छालामा टाँसिएका छन्।
६ जङ्गलको पेलिकन पक्षीजस्तो म भएको छु।
म ता उजाड़ ठाउँहरूको लाटोकोसेरो-जस्तै भएको छु।
७ म जागी रहन्छु।
र छानामाथिको एकलो भङ्गेराजस्तो भएको छु।
८ मेरा शत्रुहरूले मलाई दिनभरि गाली गर्छन्।
जो जो मेरो विरुद्धमा रीसले बौलाएका छन्, तिनीहरू मेरा नाउँ लिएर सराप्दछन्।
९ किनभने रोटीजस्तै गरी मैले खरानी खाएको छु,
र आँसु मिसाएर म पानी पिउँछु।
१० यो ता तपाईंकै रीस र क्रोधको कारणले हो।
किनभने तपाईंले मलाई उचालेर फाल्नुभयो।
११ मेरा दिनहरू ढल्केको छायाजस्तो छ।
र म घाँसजस्तै ओइलाएको छु।

१२ तर तपाईं ता हे परमप्रभु, सदा रहिरहनुहुन्छ।
र तपाईंको सम्झना पुस्तौंसम्म रहन्छ।
१३ तपाईं उठेर सियोनलाई कृपा गर्नुहुनेछ।
किनभने यसमाथि अनुग्रह गर्ने समय, तोकिएको समय आइपुगेको छ।
१४ किनभने तपाईंका दासहरू त्यसका ढुङ्गाहरूमा खुशी हुन्छन्,
र त्यसको धूलोमा टिठाउँछन्।
१५ यसरी अन्यजातिहरूले परमप्रभुको नाउँको भय राख्नेछन्;
र पृथ्वीका सारा राजाहरूले तपाईंको प्रतापदेखि डर मान्नेछन्।
१६ किनभने परमप्रभुले सियोनलाई फेरि बसाल्नुभएको छ,
आफ्नो महिमामा उहाँ प्रकट हुनुभएको छ।
१७ उहाँले दीनहरूका प्रार्थनातर्फ ध्यान लगाउनुभएको छ,
तिनीहरूको प्रार्थनालाई उहाँले तुच्छ गर्नुभएको छैन।
१८ अब आउने पुस्ताको निम्ति यो कुरा लेखिनेछ।
अनि जुन मानिसहरू सृष्टि हुनेछन्, तिनीहरूले परमप्रभुको प्रशंसा गर्नेछन्।
१९ किनभने उहाँले आफ्नो पवित्रस्थानको उँचाइबाट तल दृष्टि लगाउनुभएको छ।
स्वर्गदेखि परमप्रभुले पृथ्वीमा हेर्नुभएको छ।
२० कैदीहरूका सुस्केरा सुन्नालाई,
मारिनालाई तोकिएकाहरूका बन्धन फुकाउनालाई,
२१ कि मानिसहरूले परमप्रभुको नाउँ सियोनमा वर्णन गरून्,
र उहाँको प्रशंसा यरूसलेममा गरून्।
२२ जब परमप्रभुको सेवा गर्नालाई देश देशका मानिसहरू
र राज्य राज्य जम्मा हुन्छन्।

२३ मेरो यात्रामा उहाँले मेरो तागत तोड्नुभयो।
र मेरो आयु घटाउनुभयो।
२४ मैले भनें, "हे मेरा परमेश्वर, मेरो आधा उमेरमै मलाई नलैजानुहोस्।
तपाईंका वर्षता पुस्तौंसम्म रहन्छन्।
२५ आदिमै तपाईंले पृथ्वीको जग बसाल्नुभएको हो।
र स्वर्ग तपाईंकै बाहुलीको कार्य हो।
२६ तिनीहरू ता नष्ट हुन्छन्, तर तपाईं रहिरहनुहुन्छ।

ती सबै लुगाझैं पूरामा भइहाल्छन्।
पोशाक फेरेझैं गरी तपाईंले तिनीहरूलाई
फेर्नहुन्छ, र ती फेरिन्छन्।
२७ तर तपाईं ता एकैनासको हुनुहुन्छ,
र तपाईंका वर्षहरूको अन्त हुँदैन।
२८ तपाईंका दासहरूका सन्तान रहिरहनेछन्,
र तिनीहरूका वंश तपाईंको सामने
स्थापित भएकै हुनेछन्।

परमेश्वरको करुणाको प्रशंसा

दाऊदको भजन

१०३ हे मेरो आत्मा, परमप्रभुलाई
धन्य भन्।
र ममा भएका जो जति छन् ती
सबैले उहाँको पवित्र नाउँलाई धन्यको
भनून्,
२ हे मेरो आत्मा, परमप्रभुलाई धन्य भन्,
र उहाँका सबै उपकारहरू नबिर्सी।
३ जसले तेरा सबै अधर्महरू क्षमा
गर्नुहुन्छ।
जसले तेरा सबै रोगहरू निको
पार्नुहुन्छ।
४ जसले तेरो जीवनलाई सर्वनाशबाट मुक्त
गर्नुहुन्छ।
जसले तँलाई करुणा र कोमल कृपाको
मुकुट लगाइदिनुहुन्छ।
५ जसले तेरो मुखलाई उत्तम कुराहरूले
तृप्त गराउनुहुन्छ।
यसैले कि, तेरो जवानी गरुडजस्तो
नयाँ भइहाल्छ।
६ थिचोमिचोमा परेकाहरू सबैका निम्ति
परमप्रभुले धर्म र न्यायका काम
गर्नुहुन्छ।
७ उहाँले मोशालाई आफ्नो मार्ग,
र इस्राएलीहरूलाई आफ्नो काम प्रकट
गर्नुभयो।
८ परमप्रभु दयासागर र अनुग्रही,
रीसमा ढीला र अति करुणामय हुनुहुन्छ।
९ उहाँले सधैँ हप्काइरहनुहुन्न।
नता उहाँले सधैँभरि रीस लिइराख्नुहुन्छ।
१० उहाँले हामीसँग हाम्रा पापअनुसारको
व्यवहार गर्नुभएको छैन,
नता हाम्रा अधर्मअनुसार हामीलाई
बदला दिनुभएको छ।
११ किनकि पृथ्वीबाट स्वर्ग जति अल्गो छ।
उहाँसँग डराउनेहरूमाथि उहाँको कृपा
त्यत्तिकै ठूली हुन्छ।
१२ पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ,
उहाँले हाम्रा अपराधहरू हामीबाट
त्यत्तिनै टाढ़ा हटाइदिनुभएको छ।
१३ जसरी बाबुले आफ्ना छोरा-छोरीहरूलाई
टिठाउँछन्,
त्यसरीनै उहाँसँग डराउनेहरूलाई
परमप्रभुले टिठाउँनुहुन्छ।
१४ किनभने उहाँले हाम्रो बनोट
जान्नुहुन्छ।
मानिसहरू माटोनै हुन् भनी उहाँ
सम्झनहुन्छ।
१५ मानिसको विषयमा त, त्यसको आयु
घाँसको जस्तो हो।
मैदानको फूलझैं त्यो फूल्दछ।
१६ किनकि बतास त्यसबाट भएर जाने
बित्तिकै त्यो खतम हुन्छ।
र त्यस ठाउँले फेरि त्यसलाई कहिल्यै
चिन्दैन।
१७ तर परमप्रभुको कृपा भने उहाँको भय
मान्नेहरूमाथि युगयुगसम्म रहन्छ,
र उहाँको धार्मिकता छोरा-नातिसम्मै
रहन्छ।
१८ अर्थात् तिनीहरूमाथि, जस जसले
उहाँको करार पाल्न गर्दछन्,
र उहाँका आदेशहरू स्मरण गरेर
त्यहीबमोजिम चल्छन्।
१९ परमप्रभुले ता आफ्नो सिंहासन स्वर्गमा
स्थापित गराउनुभएको छ।

र उहाँको राज्य सबैमाथि छ,
२० हे परमप्रभुका दूत हो, हे शक्तिमान वीर हो,
जसले उहाँको वचन शिरोपर गर्दछ,
उहाँकै वचनको शब्द सुन्दै उहाँलाई धन्यको भन।
२१ हे परमप्रभुका सारा सेना हो, हे उहाँका सेवक हो,
जो उहाँको इच्छाबमोजिम गर्दछौ,
परमप्रभुलाई धन्यको भन।
२२ हे परमप्रभुका सारा सृष्टि हो,
उहाँको साम्राज्यका सबै ठाउँहरूमा
उहाँलाई धन्यको भन,

हे मेरो आत्मा, परमप्रभुलाई धन्यको भन्।

सृष्टिमा परमेश्वरको महिमा

१०४ हे मेरो आत्मा, परप्रभुलाई धन्यको भन्,
हे मेरा परमेश्वर परमप्रभु, तपाईं अति महान् हुनुहुन्छ।
तपाईंले आदर र महामहिमाको पोशाक पहिरिनुभएको छ।
२ जसले पोशाक पहिरिएझैं गरी आफैंलाई ज्योतिले ढाक्नुभएको छ।
जसले आकाशलाई चँदुवाजस्तै टाँग्नुभएको छ।
३ जसले आफ्ना कोठाहरूका दलिनहरू पानीमाथि बसाल्नुभएको छ।
जसले बादलहरूलाई आफ्नो रथ तुल्याउनुहुन्छ।
र बतासको पखेटामाथि हिँड्नुहुन्छ।
४ जसले बतासलाई आफ्ना दूत,
र बल्दो आगोलाई आफ्नो सेवक तुल्याउनुहुन्छ।
५ त्यो कहिल्यै नडगमगाओस् भनेर,
जसले पृथ्वीको जग बसाल्नुभयो।
६ तपाईंले त्यसलाई बस्त्रलेझैं गरी गहीरो समुद्रले ढाक्नुभयो।
पानीहरू डाँडा माथि माथि पुगेका छन्।
७ तपाईंको खप्कीमा ती भागिहाले।
तपाईंको गर्जनको आवाजमा ती आतुरी गर्दै गए।
८ पहाडहरू माथि उठे, र बेंसीहरू तल झरे,
त्यस ठाउँसम्म, जहाँ तिनीहरूका निम्ति स्थापितगर्नुभएको थियो।
९ तिनीहरू फेरि फर्केर पृथ्वीलाई ढाकन नआऊन् भनेर
तिनीहरूले नाप्न नसक्ने एक सीमाना तपाईंले राखिदिनुभएको छ।
१० उहाँले बेंसीहरूमा पानीका मूलहरू पठाउनुहुन्छ।
पहाड हुँदो ती बग्छन्।
११ बनका सबै जीवजन्तु त्यसैबाट पानी पिउँछन्।
जङ्गली गधाहरूले पनि तिनका प्यास मार्दछन्।
१२ तिनीहरूकै नजीक आकाशका चराहरूले आफ्ना बास बनाउँछन्,
तिनीहरू हाँगा हाँगामा गाउँछन्।
१३ उहाँले आफ्ना कोठाहरूबाट डाँडाहरूलाई पानीले भिजाउनुहुन्छ।
तपाईंको कामको फलबाट पृथ्वी तृप्त हुन्छ।
१४ गाई-वस्तुहरूका निम्ति उहाँले घाँस,
र त्यसले पृथ्वीबाट खाने पदार्थहरू उब्जाऊन् भनेर
मानिसको कामको निम्ति सागपातहरू उमार्नुहुन्छ।
१५ मानिसको मन खुश गराउनालाई दाखमद्य,
र त्यसको मुख चहकिलो पार्नालाई तेल

र मानिसको हृदय बलियो तुल्याउनलाई
अन्न उमार्नुहुन्छ ।
१६ परमप्रभुका वृक्षहरू तृप्त भएका हुन्छन् ।
उहाँले लगाउनुभएको लबानोनका
देवदारूहरू
१७ जहाँ चराहरूले आफ्ना गुँड
बनाउँछन्,
सारसको विषयमा चाहिँ, सल्लाका रूखहरू
त्यसका घर हुन्छन् ।
१८ अल्गा अल्गा डाँडाहरू घोरलहरूका
निम्ति छन् ।
चट्टानका चिराहरू खरायाहरूका निम्ति
शरणस्थान हो ।

१९ उहाँले नियत समयहरूका निम्ति
चन्द्रमालाई नियुक्त गर्नुभयो ।
सूर्यले आफ्नो अस्ताउने बेला थाह पाउँछ ।
२० तपाईंले अँध्यारो तुल्याउनुहुन्छ,
अनि रात पर्छ ।
तब वनका सबै पशुहरू घस्रेर
निस्कन्छन् ।
२१ जवान सिंहहरूले शिकार खोज्नालाई
गर्जन्छन्,
तिनीहरूले परमेश्वरसँग आफ्नो आहार
माग्छन् ।
२२ सूर्य उदाउँदाखेरि ती गइहाल्छन्,
र आफ्ना आफ्ना गुफाहरूमा गएर
ढल्कन्छन् ।
२३ मानिसचाहिँ आफ्नो काम गर्नालाई र
साँझसम्म परिश्रम गर्नालाई निस्कन्छन् ।
२४ हे परमप्रभु, तपाईंका कार्यहरू कस्ता
किसिम किसिमका छन् ।
ती सबै तपाईंले आफ्नो बुद्धिले
बनाउनुभएको हो ।
पृथ्वी तपाईंको सम्पत्तिले परिपूर्ण छ ।
२५ त्यहाँ विशाल र फराकिलो समुद्र छ,
जसमा बेहिसाब पौडने थोकहरू,
ठूला साना दुवै थरीका जन्तुहरू छन् ।
२६ त्यसमा जहाजहरू पनि चल्छन् ।
त्यहाँ लिब्यातान पनि छ,
जसलाई तपाईंले त्यहाँ खेल्नालाई
बनाउनुभएको छ ।

२७ तपाईंले तिनीहरूको आहारा ठीक ठीक
समयमा दिनुहुन्छ भनेर,
ती सबै तपाईंकै बाटो हेर्दछन् ।
२८ तपाईंले तिनीहरूलाई दिनुहुँदा तिनीहरूले
बटुल्दछन् ।
तपाईंले आफ्नो मुट्ठी फुकाउनुहुँदा
उत्तम पदार्थले तिनीहरू तृप्त हुन्छन् ।
२९ तपाईंले आफ्नो मुख छोप्नुहुँदा
तिनीहरू दुःखमा पर्छन् ।
तपाईंले तिनीहरूको सास लिनुहुँदा
ती मरिहाल्छन्,
र फेरि माटामै मिलिहाल्छन्,
३० तपाईंले आफ्नो आत्मा पठाउनुभएमा
ती सृष्टि हुन्छन् ।
र तपाईंले पृथ्वीको सतहलाई नयाँ
तुल्याउनुहुन्छ ।

३१ परमप्रभुको महिमा सदा भइरहोस् ।
परमप्रभु आफ्ना कार्यहरूमा आनन्दित
रहून् ।
३२ जसले पृथ्वीलाई हेर्नुहुँदा त्यो काम्छ,
उहाँले डाँडाहरू छुनुहुन्छ, र त्यहाँ धुवाँ
निस्कन्छ ।

३३ जहिलेसम्म म बाँच्नेछु, म परमप्रभुको
भजन गाउँदैरहनेछु ।
मेरो जीवन रहुन्जेल मेरा परमेश्वरको
स्तुति म गाउँदैरहनेछु ।
३४ मेरो ध्यान उहाँलाई मन परोस् ।
म परमप्रभुमा आनन्दित हुनेछु ।
३५ पापीहरू पृथ्वीबाट भस्म भइजाऊन्,
र दुष्टहरू फेरि नरहून् ।

हे मेरो प्राण परमप्रभुलाई धन्य भन् ।
याहको प्रशंसा गर् ।

इस्राएलीतर्फ परमेश्वरका आश्चर्यकाम

१०५ परमप्रभुमा धन्यवाद चढ़ाओ,
उहाँको नाउँमा पुकारा गर।
देश देशका मानिसहरूलाई उहाँका
कार्यहरू प्रचार गर।
२ उहाँको निम्ति गाओ, उहाँको निम्ति
स्तुति गाओ।
उहाँको सबै आश्चर्यकाममा ध्यान देओ।
३ उहाँकै पवित्र नाउँमा तिमीहरू
घमण्ड गर।
परमप्रभुलाई खोज्नेहरूको हृदय आनन्दित
होस्।
४ परमप्रभु र उहाँको शक्तिको खोजी गर।
उहाँको दर्शन सधैं खोज।
५ उहाँले गर्नभएको उहाँका आश्चर्य
कामहरू,
र उहाँको मुखको इन्साफ सम्झ।
६ हे उहाँको दास अब्राहमको वंश,
याकूबका सन्तान, उहाँबाट चुनिएका
हो,

७ उहाँ परमप्रभु, हाम्रा परमेश्वर हुनुहुन्छ।
पृथ्वीभरि उहाँकै इन्साफ हुन्छ।
८ उहाँले आफ्नो करारको सम्झना सधैं
राख्नुभएको छ,
यो त्यही वचन हो, जो उहाँले हजार
पुस्तासम्मलाई हुकूम गर्नुभएको छ।
९ त्यो करार, जो उहाँले अब्राहामसँग
बाँध्नुभयो,
र त्यस विषयमा उहाँले इसहाकसग
प्रतिज्ञा गर्नुभयो।
१० अनि त्यसैलाई नियम बनाएर उहाँले
याकूबमा त्यो पक्का गराउनुभयो,
र इस्राएलसँग यसो भनेर सदाको निम्ति
करार बाँध्नुभयो,
११ "तिमीहरूको अधिकार, अर्थात् नाप,
कनानको देश म तँलाईंनै दिनेछु।"
१२ जब तिनीहरू गन्तीमा थोरै मात्र थिए,
साह्रै थोरै, र त्यसमा परदेशी मात्र
थिए,
१३ औ तिनीहरू एक जातिबाट अर्को
जातिमा,
र एक राज्यबाट अर्को राज्यमा
डुलफिर गर्थे।
१४ तब उहाँले कसैलाई पनि तिनीहरूमाथि
अत्याचार गर्न दिनुभएन,
तिनीहरूको खातिरमा उहाँले राजाहरूलाई
पनि यसो भनेर हप्काउनुभयो।
१५ "मेरा अभिषेक भएकाहरूलाई नछोओ,
र मेरा अगमवक्ताहरूलाई केही हानि
नगर।"

१६ अनि उहाँले त्यस देशमा अनिकाल
पार्नुभयो,
अन्नको सारा आधार हटाइदिनुभयो
१७ उहाँले यूसुफ नाउँ भएका एकजनालाई
तिनीहरूको अगि पठाउनुभयो,
जो कमारा भएर बेचिएका थिए।
१८ तिनका खुट्टामा तिनीहरूले नेल ठोकेर
दुःख दिए,
तिनी फलामका जञ्जीरमा राखिए,
१९ उहाँको वचन पूरा नहोउञ्जेलसम्म
परमप्रभुको वचनले तिनको पारख गर्‍यो।
२० राजाले मानिस पठाएर तिनलाई छुटाए,
जनताका शासकले तिनलाई बन्धनबाट
मुक्त गरे।
२१ उहाँले तिनलाई आफ्नो घरको मुख्य
मानिस,
र आफ्नो सबै सम्पत्तिका मालिक
तुल्याउनुभयो।
२२ तिनलाई मन लागेको बेलामा उनका
भारादारहरूलाई बाँध्न,
र उनका बूढ़ा-पाकाहरूलाई ज्ञान
सिकाउनालाई हो।
२३ इस्राएल पनि मिश्र देशमा आए,
र हामको देशमा याकूब परदेशी भए।
२४ अनि उहाँले आफ्ना प्रजालाई गन्तीमा

ज्यादै बढ़ाउनुभयो।
र तिनीहरूका विरोधीहरूभन्दा तिनीहरूलाई बढ़ी बलिया तुल्याउनुहुन्छ।
२५ आफ्ना निजी प्रजाहरूलाई घृणा गर्नलाई,
र आफ्ना दासहरूमाथि छल-कपटको व्यवहार गर्नालाई
मिश्रीहरूको मन फर्काउनुभयो।
२६ उहाँले आफ्नो दास मोशा,
र आफूले चुन्नुभएको हारूनलाई पठाउनुभयो।
२७ तिनीहरूले तिनीहरूका बीचमा उहाँका चिह्नहरू,
र हामको देशमा गजबको कामहरू देखाए।
२८ उहाँले अन्धकार पठाउनुभयो, र अँध्यारो भयो,
र उनीहरूले उहाँका वचनको विरोध गरेनन्।
२९ उहाँले तिनीहरूका पानीलाई रगत तुल्याउनुहुन्छ,
र तिनीहरूका माछालाई मारिदिनुभयो।
३० भ्यागुताका बथान तिनीहरूको देशमा,
र राजाका कोठा कोठासम्म आए।
३१ उहाँ बोल्नुभयो, औ डाँसको बथान,
र उनीहरूका देशका सीमानाभित्र भुसुनाहरू आए।
३२ उहाँले तिनीहरूलाई पानीको सट्टामा असिना,
र बलिरहेको आगो तिनीहरूको देशमा वर्षाउनुभयो।
३३ उहाँले तिनीहरूका अङ्गूरका लहराहरू र नेभाराका बोटहरू ध्वंस पार्नुभयो,
र तिनीहरूको देशको सीमानाका रूखहरू भाँचिदिनुभयो।
३४ उहाँ बोल्नुभयो, अनि सलहहरू
र अनगन्ती फ़ुसिल्कीराहरू आए,
३५ र तिनीहरूको देशका सबै साग-पातहरू
र तिनीहरूको जमीनको फल खाइदिए।
३६ उहाँले तिनीहरूका देशका सबै जेठा जेठाहरूलाई,
तिनीहरूका शक्तिको मुख्य मुख्यहरूलाई ध्वंस पार्नुभयो।
३७ अनि उहाँले सुन चाँदीसहित तिनीहरूलाई निकासेर ल्याउनुभयो,
र तिनीहरूका कुलमा कोही निर्बल थिएन।
३८ तिनीहरू निस्केकोले मिश्र देशने खुशी भए,
किनभने तिनीहरूलाई यिनीहरूको डर भएको थियो।
३९ उहाँले छायाको निम्ति बादल फिँजाउनुभयो,
र राती उज्यालो गराउन आगो दिनुभयो।
४० तिनीहरूले मागे, अनि उहाँले बट्टाई चराहरू दिनुभयो,
र स्वर्गको भोजनले तिनीहरूलाई तृप्त पार्नुभयो।
४१ उहाँले चटान फोर्नुभयो, र पानी हलहली निस्क्यो,
र सुखा जमीनमा नदी बग्नलाग्यो।
४२ किनभने उहाँले आफ्नो पवित्र वचन
र आफ्नो दास अब्राहामलाई सम्झनुभयो।
४३ उहाँले आफ्ना प्रजाहरूलाई आनन्दित गराएर
आफ्ना चुनिएकाहरूलाई गाउन लगाउँदै ल्याउनुभयो।
४४ अनि उहाँले तिनीहरूलाई अन्यजातिहरूको देश दिनुभयो,
र तिनीहरूले अरू मानिसहरूको परिश्रमको फल अधिकारमा पारे।
४५ उहाँका नियमहरू पालन गर्नलाई,
र उहाँका व्यवस्थाहरू पूरा गर्नालाई हो।
परमप्रभुको प्रशंसा गर।

इस्राएलको पाप र परमेश्वरको उदारता

१०६ परमप्रभुको प्रशंसा गर*।
परमप्रभुमा धन्यवाद चढ़ाओ।

किनकि उहाँ भला हुनुहुन्छ,
किनकि उहाँको कृपा सधैँभरि रहन्छ।
२ परमप्रभुको पराक्रमी कामहरूको बयान कसले गर्नसक्तछ ?
उहाँको पूरा प्रशंसा कसले गर्नसक्तछ ?
३ तिनीहरू धन्यका हुन्, जो न्यायमा चल्दछन्,
र त्यो जसले हर समय धर्म-कर्म गर्दछ।
४ हे परमप्रभु, तपाईंले आफ्नो प्रजामाथि निगाह गर्नुहुँदा मलाई सम्फनुहोस्,
तपाईंबाट हुने उद्धारले मलाई हेर्नुहोस्।
५ कि तपाईंका चुनिएकाहरूको कल्याण म देखूँ।
तपाईंको प्रजाको हर्षमा आनन्दित होऊँ।
तपाईंको निजी अधिकारसँग घमण्ड गर्नपाऊँ।

६ हामीले आफ्ना पुर्खासँग पाप गरेका छौं,
हामीले अधर्म गरेका छौं, हामीले दुष्टयाइँ गरेका छौं।
७ मिश्रमा तपाईंका आश्चर्यकामहरूलाई हाम्रा पुर्खाहरूले बुझेनन्।
तपाईंका प्रशस्त कृपा तिनीहरूले सम्फेनन्।
तर समुद्रमा, लाल समुद्रमाने बागी भए।
८ त्यसो भए तापनि उहाँले आफ्नो महा पराक्रम प्रकट होस् भनेर,
आफ्नो नाउँको खातिर तिनीहरूको उद्धार गर्नुभयो।

९ उहाँले लाल समुद्रलाई पनि हप्काउनुभयो,
र त्यो सुकिहाल्यो।
यसरी उहाँले तिनीहरूलाई उजाड़-स्थानको बाटो जस्तोगरी गहीरो ठाउँबाट डोर्‍याएर लानुभयो।
१० औ उहाँले तिनीहरूलाई घृणा गर्नेको हातबाट बचाउनुभयो,
र शत्रुको हातबाट तिनीहरूलाई मोल तिरेर छुटाउनुभयो।
११ अनि तिनका विरोधीहरू चाहिँ तिनीहरूमध्ये एक पनि बाँकी रहेन।
१२ तब पो तिनीहरूले उहाँको वचनमा बिश्वास गरे।
र उहाँको स्तुति गरे।

१३ उनीहरूले तुरुन्तै उहाँका कार्यहरू बिर्सिहाले।
उहाँको सल्लाहलाई उनीहरूले पर्खेनन्।
१४ तर जङ्गलमा अभिलाषा गरे,
र मरुभूमिमा परमेश्वरको परीक्षा गरे।
१५ अनि उहाँले तिनीहरूलाई तिनका भाग दिनुभयो।
तर तिनीहरूका आत्मा निर्बल गराइदिनुभयो।

१६ तिनीहरूले छाउनीमा मोशामाथि र परमप्रभुको पवित्र जन हारूनमाथि पनि डाह गरे।
१७ धरती फाटेर दातानलाई निलिदियो,
र अबिरामको दललाई पुरिदियो।
१८ औ तिनीहरूका दलमा आगो सल्क्यो।
र आगोको ज्वालाले दुष्टहरूलाई भस्म पार्‍यो।

१९ होरेबमा तिनीहरूले बाछा बनाए,
र ढालेको मूर्तिको पूजा गरे।
२० यसरी तिनीहरूले आफ्नो गौरवलाई घाँस खाने गोरुको रूपमा परिवर्त्तन गरे।

* हल्लेलूयाह।

२१ तिनीहरूले आफ्ना उद्धारकर्त्ता परमेश्वरलाई बिर्से।
जसले मिश्र देशमा महान् कार्यहरू गर्नुभएको थियो।
२२ उहाँले हामको देशमा आश्चर्यकामहरू र लाल समुद्रको किनारमा भयङ्कर कामहरू गर्नुभएको थियो।
२३ यसकारण उहाँको रीस मार्न,
उहाँले तिनीहरूलाई नाश नपार्नुहोस् भनी
उहाँको चुनिएको मोशा, फाटोको बीचमा खड़ा नहुँदो हो ता,
उहाँले तिनीहरूलाई नाश पार्छु भनी भन्नुभएको थियो।
२४ तिनीहरूले रमाइलो देशलाई तुच्छ ठाने,
तिनीहरूले उहाँको वचनमा विश्वास गरेनन्।
२५ तर आफ्ना आफ्ना पालमा गनगनाए,
र परमप्रभुको शब्द सुनेनन्।
२६ यसकारण तिनीहरूलाई वनैमा परास्त गर्नलाई
उहाँले तिनीहरूको विरुद्धमा आफ्नो हात उठाउनुभयो।
२७ र तिनीहरूको वंशलाई अन्यजातिहरूका बीचमा परास्त गर्न,
र तिनीहरूलाई देश देशमा तितर-बितर पार्नलाई हो।
२८ तिनीहरूले पोर भन्ने जग्गाको बाल्लाई पनि पूज्नलागे,
र मरेकाहरूलाई चढ़ाएका प्रसाद खाए।
२९ यसरी तिनीहरूले आफ्ना कामले उहाँलाई रीस उठाए।
र महामारी रोग तिनीहरूमा फैलियो।
३० तब पीनहास उठेर इन्साफ गरे।
र यसैले महामारी थामियो।
३१ अनि यो तिनको निम्ति पुस्तौंसम्म सदाको निम्ति उचित काम गनियो।
३२ तिनीहरूले मरीबाको पानीको नजीक पनि परमप्रभुलाई रीस उठाए,
फलस्वरूप तिनीहरूले गर्दा मोशाको खराबी हुनगयो।
३३ किनभने तिनीहरूले उनको आत्मालाई बागी तुल्याए,
र उनले अनर्थ बोलिपठाए।
३४ परमप्रभुले तिनीहरूलाई हुकूम बक्सेकै तिनीहरूले ती मानिसहरूलाई नाश पारेनन्।
३५ तर तिनीहरू अन्यजातिहरूसँग मिसिए।
र उनीहरूका व्यवहार सिके।
३६ अनि तिनीहरूले उनीहरूका मूर्ति पूज्नलागे।
र त्यही तिनीहरूका निम्ति पासो भयो।
३७ तिनीहरूले आफ्ना छोरा-छोरीहरू भूतहरूलाई बलि चढ़ाए,
३८ र निर्दोष रगत, आफ्नै छोरा-छोरीहरूका रगत बगाए,
जसलाई तिनीहरूले कनानका मूर्तिहरूका निम्ति बलि चढ़ाए।
र त्यो देश रगतले अशुद्ध भयो।
३९ यसरी तिनीहरू आफ्नै कामले अशुद्ध भए,
र तिनीहरूका कामले गर्दा व्यभिचारी पनि बने।
४० यसकारण आफ्नो प्रजामाथि परमप्रभुको रीस उठ्यो,
र उहाँले आफ्नो निज भागलाई घृणा गर्नुभयो।
४१ अनि उहाँले तिनीहरूलाई अन्यजातिहरूको हातमा दिनुभयो।
र जस जसले तिनीहरूलाई घृणा गर्दथे,
उनीहरूले तिनीहरूमाथि शासन गरे।
४२ तिनीहरूका शत्रुहरूले पनि तिनीहरूलाई थिचोमिचो गरे,
र उनीहरूको हातको अधीनमा तिनीहरू परे।

४३ धेरै चोटि उहाँले तिनीहरूलाई
छुटाउनुभयो।
तर तिनीहरू आफ्नै सल्लाहमा बागी
भए,
र तिनीहरूका अधर्मले गर्दा होचिँदैगए।
४४ त्यसो भए तापनि, उहाँले तिनीहरूका
पुकारा सुनेर,
तिनीहरूका आपद्‌मा ध्यान दिनुभयो।
४५ औ तिनीहरूका निम्ति आफ्नो करार
सम्झनुभयो,
र आफ्नो प्रशस्त करुणाअनुसार पछितो
गर्नुभयो।
४६ तिनीहरूलाई कैदी बनाएर लैजानेहरूले
तिनीहरूलाई टिठाउने पनि तुल्याउनुभयो।
४७ हे हाम्रा परमप्रभु परमेश्वर, हाम्रो
उद्धार गर्नुहोस्,
र तपाईंको पवित्र नाउँमा धन्यवाद
चढ़ाउन
र तपाईंको स्तुतिमा खुशी मनाउन,
हामीलाई अन्यजातिहरूबाट सम्मिलित
गर्नुहोस्।
४८ इस्राएलको परमप्रभु परमेश्वर अनादिदेखि
अनन्तकालसम्मै धन्यको हुनुहुन्छ।
औ सबै मानिसले भनून्, 'आमेन'।
परमप्रभुको स्तुति गर।

पाँचौं भाग

(१०७-१५०)

छुटकाराको निम्ति धन्यवाद

१०७ परमप्रभुमा धन्यवाद चढ़ाओ,
किनभने उहाँ भलो हुनुहुन्छ,
किनभने उहाँको करुणा सदाको निम्ति
रहिरहन्छ।
२ परमप्रभुले छुटकारा गराउनुभएकाहरूले
यसै भनून्,
जस जसलाई उहाँले विरोधीको हातबाट
मोल तिरेर छुटाउनुभएको छ,
३ र तिनीहरूलाई देश देशबाट, पूर्व
र पश्चिमबाट,
उत्तर र दक्षिणबाट भेला गर्नुभएको छ।

४ तिनीहरू उजाड़-स्थानमा मरुभूमिको बाटो
गरी अलमलिएर हिंड़ेका थिए,
बास बस्न तिनीहरूले कुनै शहर
पाएनन्।
५ भोका र प्यासा भई
तिनीहरूलाई भाउन्न छुटेको थियो।
६ तब तिनीहरूले सकसमा परमप्रभुको
पुकारा गरे,
र उहाँले तिनीहरूलाई सङ्कष्टबाट
छुटाउनुभयो।
७ तिनीहरू बास बस्ने कुनै शहरमा पुगून्
भनेर।
उहाँले तिनीहरूलाई सीधा बाटोतिर
डोर्‍याउनुभयो।
८ मानिसहरूले परमप्रभुको करुणाको निम्ति
र मानिसका सन्तानहरूप्रति उहाँका
आश्चर्यकामका निम्ति उहाँको प्रशंसा गरून्!
९ किनभने उहाँको तिर्सना गर्ने आत्मालाई
उहाँले सन्तुष्ट गराउनुहुन्छ,
र भोकालाई उहाँले उत्तम पदार्थले तृप्त
गराउनुहुन्छ।

१० जो जो अन्धकार र घोर अन्धकारमा
दुःख र साङ्गलाले बाँधिएका भएर
बसेका थिए।
११ किनभने तिनीहरू परमेश्वरको वचनका
विद्रोही भएका थिए,
र सर्वोच्चको सल्लाह अवहेलना गरेका
थिए।
१२ यसकारण उहाँले तिनीहरूकै हृदयलाई

परिश्रमद्वारा होच्याउनुभयो,
तिनीहरू ठेस खाएर लड़े, तिनीहरूलाई सहायता गर्ने कोही भएन ।
१२ तब तिनीहरूले आफ्ना सकसमा परमप्रभुको पुकारा गरे,
र उहाँले तिनीहरूलाई तिनीहरूका सङ्कष्टबाट बचाउनुभयो ।
१४ उहाँले तिनीहरूलाई अन्धकार र घोर अन्धकारबाट पार गर्नुभयो, र उहाँले तिनीहरूका बन्धनलाई टुक्रा टुक्रा पारिदिनुभयो ।
१५ मानिसहरूले परमप्रभुको करुणाको निम्ति,
र मानिसका सन्तानहरूप्रति उहाँका आश्चर्यकामका निम्ति उहाँको प्रशंसा गरून् !
१६ किनभने उहाँले पीतलको मूल-ढोकाहरू भाँचिदिनुभयो,
र फलामे गजबारहरू काटेर टुक्रा टुक्रा पारिदिनुभयो ।

१७ मूर्खहरू आफ्नै अपराध
र आफ्नै अधर्महरूको कारणले दुःखित हुन्छन् ।
१८ तिनीहरूका आत्मा सब किसिमका खाने कुरादेखि दिग्मिगाउँछ,
र तिनीहरू मृत्युका ढोका नजीकै पुग्छन् ।
१९ तब तिनीहरूले आफ्ना सकसमा परमप्रभुको पुकारा गर्छन्,
र उहाँले तिनीहरूलाई तिनीहरूका सङ्कष्टबाट बचाउनुहुन्छ ।
२० उहाँले आफ्नो बचन पठाउनुहुन्छ, र तिनीहरूलाई निको पार्नुहुन्छ,
र तिनीहरूलाई सर्वनाशबाट छुटाउनुहुन्छ ।
२१ मानिसहरूले परमप्रभुको करुणाको निम्ति,
र मानिसका सन्तानहरूप्रति उहाँका आश्चर्यकामका निम्ति उहाँको प्रशंसा गरून्,
२२ औ तिनीहरूले धन्यवादको बलिदान चढ़ाऊन् ।
र भजन गाउँदा उहाँका कार्यहरूको वर्णन गरून् ।

२३ ती मानिसहरू जो जहाजमा समुद्रमा जान्छन्,
र महासागरमा भएर व्यापार गर्छन् ।
२४ तिनीहरूले परमप्रभुको कार्यहरू,
र गहीरो ठाउँमा उहाँका आश्चर्यकामहरू देख्छन् ।
२५ किनभने उहाँले हुकूम दिनुहुन्छ, र प्रचण्ड आँधी उठाउनुहुन्छ,
जसले त्यसका छालहरू उठाउँछन् ।
२६ तिनीहरू आकाशसम्म चढ़्छन् र ती फेरि गहीरासम्मै तल पुग्छन्,
बिपदले गर्दा तिनीहरूको साहस छुटिसकेको हुन्छ ।
२७ तिनीहरूलाई रिँगटा लाग्छ, र मतवालीजस्तै धरमराउँछन्,
र तिनीहरूका अक्कल गुम भएको हुन्छ ।
२८ तब तिनीहरूले आफ्ना सकसमा परमप्रभुको पुकारा गर्छन्,
र उहाँले तिनीहरूलाई तिनका सङ्कष्टबाट बचाउनुहुन्छ ।
२९ उहाँले आँधीलाई शान्त गराउनुहुन्छ,
र छालहरू साम्य हुन्छन् ।
३० तब शान्त भएर तिनीहरू खुशी हुन्छन्,
यसरी उहाँले तिनीहरूलाई तिनीहरूले मनले चिताएको बन्दरगाहमा पुऱ्याउनुहुन्छ ।
३१ मानिसहरूले परमप्रभुको करूणाको निम्ति, र मानिसका सन्तामहरूप्रति उहाँका आश्चर्यकामहरूका निम्ति उहाँको प्रशंसा गरून् ।
३२ तिनीहरूले सभामा पनि उहाँको सह्रनी गरून्,

र बूढ़ा-प्रधानहरूका बैठकमा उहाँको प्रशंसा गरून्।

३३ उहाँले नदीहरूलाई पनि उजाड़-स्थानमा परिवर्त्तन गर्नुहुन्छ,
र पानीको मूललाई सुखा भूमि तुल्याउनुहुन्छ।
३४ त्यहाँ रहनेहरूको दुष्टयाइँको निम्ति मलिलो जमीनलाई नुनीलो बलौटे तुल्याउनुहुन्छ।
३५ उहाँले जङ्गललाई तालमा
र सुखा जमीनलाई पानीको मूलमा परिवर्त्तन गर्नुहुन्छ।
३६ तिनीहरूले आफू बस्ने शहर तयार पारून् भनेर
उहाँले भोकाहरूलाई त्यहीं बसाल्नुहुन्छ।
३७ खेतहरू रोपून्, र दाखबारी लगाऊन्,
र किसिम किसिमका फलहरू उब्जाऊन्,
भन्ने हेतुले हो।
३८ उहाँले तिनीहरूलाई यसरी आशिष दिनुहुन्छ, कि तिनीहरूको संख्याको वृद्धि पनि अग्घोरै हुन्छ।
र तिनीहरूका वस्तुहरूलाई पनि उहाँले घट्न दिनुहुन्न।
३९ अत्याचार, दुःख र शोकले गर्दा तिनीहरू फेरि घटेर दब्दैजान्छन्।
४० उहाँले राजाहरूलाई तुच्छ ठान्नुहुन्छ,
र तिनीहरूलाई बाटै नभएको उजाड़ ठाउँमा हिंड़ाउनुहुन्छ।
४१ तैपनि उहाँले दरिद्रहरूलाई दुःखबाट छुटाएर उच्च स्थानमा राख्नुहुन्छ,
र त्यसका परिवारहरू भेड़ाको बगालझैं तुल्याउनुहुन्छ।
४२ धर्मात्माहरू यो देखी आनन्दित हुन्छन्।
र सबै अधर्मले चाहिं मुख बन्द गर्छन्।
४३ जो बुद्धिमान छ, त्यसले यी कुराहरूमा ध्यान दिनेछ,
र तिमीहरूले परमप्रभुको करुणाको विचार गर्नेछन्।

विजयको निम्ति प्रार्थना

दाऊदको भजन

१०८ मेरो मन स्थिर छ, हे मेरा परमेश्वर।
म गाउनेछु, मेरो आत्मालेनै म स्तुति गाउनेछु।
२ हे सितार र वीणा, जाग्।
म आफै पनि बिहान सबेरै जागा हुनेछु।
३ हे परमप्रभु, देश देशको मानिसहरूका बीचमा म तपाईंमा धन्यवाद चढ़ाउनेछु।
र जाति जातिका बीचमा म तपाईंको स्तुति गाउनेछु।
४ किनभने तपाईंको करुणा आकाशभन्दा पनि उच्च छ,
र तपाईंको सत्यता आकाशसम्मै पुग्छ।
५ हे परमेश्वर, तपाईं आकाशभन्दा उच्च हुनुहोस्।
र तपाईंको महिमा सारा पृथ्वीमाथि होस्।
६ औ तपाईंका प्रिय जनहरूले छुटकारा पाऊन्।
तपाईंको दाहिने बाहुलीले हामीलाई बचाउनुहोस्, हामीलाई जवाफ दिनुहोस्।

७ परमेश्वरले आफ्नो पवित्रतामा भन्नुभएको छ, 'म प्रफुल्लित हुनेछु,
शेकेमलाई म बाँड़नेछु, र सुक्कोतको बेंसीको म नाप गर्नेछु।
८ गिलाद मेरो हो, मनस्से पनि मेरै हो।
यहूदा मेरो राजदण्ड हो।
९ मोआब मेरो पानीको बाटा हो।
एदोममा म आफ्नो जुत्ता फाल्नेछु।
पलिस्तिमाथि म विजय गर्नेछु।'

१० पर्खाल भएको शहरमा मलाई कसले पुर्याइदेला ?

एदोमसम्म मलाई कसले डोऱ्याउला ?
११ हे परमेश्वर, के तपाईंले हामीलाई त्यागनुभएको होइन ?
औ हे परमेश्वर, तपाईं हाम्रा सेनाहरूका साथमा जानुहुन्न र ?
१२ विरोधीहरूका विरुद्धमा हामीलाई सहायता गर्नुहोस्।
किनकि मानिसको सहायता ता व्यर्थको हुन्छ।
१३ परमेश्वरद्वारा हामी बहादुरी गर्नेछौं।
किनकि हाम्रा विरोधीहरूलाई कुल्चने उहाँनै हुनुहुन्छ।

बदलाको निम्ति पुकार

पाच-नाइकेको निम्ति—दाऊदको भजन

१०९ हे मेरो प्रशंसाको परमेश्वर,
तपाईं चूप नलाग्नुहोस्।
२ किनभने तिनीहरूले मेरो विरुद्धमा दुष्ट र छलीहरूका मुख खोलिदिएका छन्।
तिनीहरूले मेरो विषयमा झूट बोल्ने मुखले बोलेका छन्।
३ घृणाको वचनले तिनीहरूले मलाई घेरेका छन्,
र विनाकारण मेरो विरुद्धमा आक्रमण गरेका छन्।
४ किनभने मेरो प्रेमको साटो तिनीहरू मेरा विरोधी भएका छन्।
तर म ता प्रार्थना गरिरहन्छु।
५ तिनीहरूले भलाइको सट्टा मलाई खराबी र मेरो प्रेमको सट्टा घृणा गरेका छन्।
६ तपाईंले कुनै दुष्टलाई त्यसमाथि नियुक्त गर्नुहोस्।
र कुनै विरोधी त्यसको दाहिनेतर्फ खड़ा होस्।
७ त्यसको इन्साफ हुँदा त्यो दोषी ठहरिओस्।
र त्यसको प्रार्थनाचाहिँ पापमा परिवर्त्तन होस्।
८ त्यसका दिन थोरै होऊन्।
र त्यसको पद अर्कौले लेओस्।
९ त्यसका छोरा-छोरीहरू टुहुरा होऊन्।
र त्यसकी स्वास्नी विधवा होस्।
१० त्यसका छोरा-छोरीहरू डुलुवा भएर भीक माग्ने होऊन्।
र आफ्ना उजाड़ ठाउँमा गएर आफ्ना खानेकुरा तिनीहरूले खोज्नुपरोस्।
११ त्यससँग भएका सबै त्यसको साहूले जफत गरोस्।
र परदेशीहरूले त्यसको कमाइ लुटून्।
१२ त्यसमाथि कृपा गर्ने कोही पनि नहोस्।
नता त्यसका पितृहीन सन्तानमाथि दया गर्ने कोही होस्।
१३ त्यसका सन्तान दर-सन्तान नष्ट होइजाऊन्।
अब आउने पुस्तामा तिनीहरूका नाउँ पनि मेटिओस्।
१४ त्यसका पिता-पुर्खाको अधर्म परमप्रभुमा सम्झना होस्।
र त्यसकी आमाको पाप न मेटिओस्।
१५ तिनीहरू निरन्तर परमप्रभुको सामु रहून्,
र उहाँले तिनीहरूको सम्झना पृथ्वीबाट हटाऊन्।
१६ किनभने त्यसले कृपा देखाउन बिर्सेको थियो,
तर दुःखी र दरिद्र मानिसलाई,
र चूर्ण हृदय भएकाहरूलाई मार्ने खेदो गरेको थियो।
१७ त्यसले सराप दिने मन गर्थ्यो र त्योचाहिँ त्यहीमाथि आइपर्‍यो,
औ त्यसले आशिष दिन निको मान्दैन थियो, र त्यो त्यसबाट टाढ़ै रह्यो।
१८ त्यसले सराप पनि आफ्नो लुगाजस्तै गरी लाउँथ्यो,
र त्यो त्यसको पेटमा पानीजस्तै गरी,
र त्यसका हाडहरूमा तेलजस्तै गरी पर्‍यो।
१९ त्यो ता त्यसलाई ओढ़ने लुगाजस्तै

र त्यसले निरन्तर बाँध्ने पटुकाजस्तै होस्।
२० परमप्रभुबाट मेरा विरोधीहरूलाई,
र मेरो प्राणको विरुद्धमा मेरो खराबी बोल्नेहरूलाई यही इनाम मिलोस्।

२१ तर, हे परमप्रभु परमेश्वर, तपाइंको नाउँको खातिर मसँग सद्व्यवहार गर्नुहोस्, किनभने तपाइंको करुणा ठूलो छ, तपाइंले मलाई छुटाउनुहोस्।
२२ किनभने म दुःखी र दरिद्र छु,
र मेरो हृदय ममा घायल भएको छ।
२३ म ता बेलुकीको छायाजस्तै भइरहेको छ,
सलहझैं म उचालिने र खसालिने भएको छु।
२४ उपवास बस्ता बस्ता मेरा खुट्टाहरू निर्बल भएका छन्,
र बोसो नरहेकोले मेरो शरीर सुक्तैछ।
२५ म ता तिनीहरूका निम्ति अपवाद पनि भएको छु।
तिनीहरूले मलाई देख्ता आफ्ना मण्टो हल्लाउँछन्।
२६ हे मेरा परमप्रभु परमेश्वर, मलाई सहायता गर्नुहोस्,
तपाइंको करुणाअनुसार मलाई बचाउनुहोस्।
२७ यो तपाइंकै बाहुली हो,
तपाइं परमप्रभुलेनै यो गर्नुभएको हो भनी तिनीहरूले थाह पाऊन्।
२८ तिनीहरूले सरापून्, तर तपाइंले आशिष दिनुहोस्,
तिनीहरू उठ्ता ती शर्माऊन्, तर तपाइंको दास रमाउनेछ।
२९ मेरा विरोधीहरूले अनादरको लुगा लगाएको होऊन्,
र तिनीहरूले आफ्ना शर्मको खास्टोले आफैलाई ढाकून्।
३० म मेरो मुखले परमप्रभुमा पूरा धन्यवाद चढाउनेछु,
धेरै भीड़को बीचमा म उहाँको प्रशंसा गर्नेछु।
३१ किनभने त्यसको प्राणको इन्साफ गर्नेहरूबाट त्यसलाई बचाउन,
उहाँ ता दरिद्रको दाहिनेतिर खड़ा हुनुहुनेछ।

राजालाई परमेश्वरले अधिकार दिनुहुन्छ

दाऊदको भजन

११० परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो,
तिमी मेरो दाहिने हाततर्फ बस
जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रो पाउदान तुल्याउन्नँ।
२ परमप्रभुले सियोनबाट तिम्रो पराक्रमको राजदण्ड पठाउनुहुनेछ,
तिम्रा शत्रुहरूका बीचमा तिमीले राज्य गर।
३ तिम्रा पराक्रमको दिनमा तिम्रो प्रजाले राजी-खुशीले आफैलाई अर्पण गर्नेछन्,
पवित्र पोशाकमा बिहानको गर्भबाट,
शीतजस्तै तिम्रो जवानी तिम्रो निम्ति आउनेछ।
४ परमप्रभुले शपथ लिनुभएको छ, औ पछताउनुहुनेछैन,
तिमी सदाको निम्ति
मल्कीसेदेकको रीतिबमोजिम पूजाहारी हौ।
५ तिम्रो दाहिनेतर्फ रहने परमप्रभुले उहाँको क्रोधको दिनमा राजाहरूलाई चूर गर्नुहुनेछ।
६ उहाँले जाति जातिको बीचमा इन्साफ गर्नुहुनेछ।
उहाँले मृत-शरीरले जमीन भरिदिनुहुनेछ,
धेरै देशहरूमा उहाँले टाउकेहरूलाई हिर्काउनुहुनेछ।
७ बाटोमा खोलाको पानी पिउनेछन्,
यसकारण तिनले टाउको ठाड़ो पार्नेछन्।

परमप्रभुको महत्त्व र उदारता

१११ परमप्रभुको प्रशंसा गर।

मेरो पूरा हृदयले सोझा
मानिसहरूका सभा र समुदायमा,
म परमप्रभुमा धन्यवाद चढ़ाउनेछु।
२ परमप्रभुका कामहरू महान् छन्,
तिनमा प्रसन्न हुनेहरू सबैले ती
खोजिगरेका छन्।
३ उहाँको काम आदरको योग्य र
महामहिमायुक्त हुन्छ,
र उहाँको धार्मिकता सदा रहिरहन्छ।
४ उहाँले आफ्ना आश्चर्यकामहरूको
स्मरण गराउनुभएको छ,
परमप्रभु कृपालु र करुणामय हुनुहुन्छ।
५ उहाँसँग डराउनेहरूलाई उहाँले भोजन
दिनुभएको छ,
उहाँले सधैँ आफ्नो करारको सम्झना
राख्नुहुन्छ।
६ उहाँले आफ्नो प्रजालाई अन्यजातिहरूको
सम्पत्ति दिनालाई आफ्नो कामको शक्ति
तिनीहरूलाई देखाउनुभएको छ।
७ सत्य र इन्साफ उहाँका बाहुलीका
कामहरू हुन्,
उहाँका सबै आदेश पक्का हुन्छन्।
८ सत्यता र इमान्दारी भावमा पालन
गरिन ती सदा सर्वदाको निम्ति स्थिर
भएका छन्।
९ उहाँले आफ्ना प्रजाहरूका निम्ति मुक्ति
पठाउनुभएको छ,
उहाँले आफ्नो करारको हुकूम सदाको
निम्ति ठहराउनुभएको छ।
उहाँको नाउँ पवित्र र भययोग्य
छ।
१० परमप्रभुको भयनै ज्ञानको शुरू हो,
उहाँको आज्ञा मान्नेहरू सबैको असल
समझ हुन्छ,
उहाँको प्रशंसा सधैँभरि रहिरहन्छ।

भक्त जनको सुख

११२ परमप्रभुको प्रशंसा गर।

त्यो मानिस धन्यको हो जसले
परमप्रभुको भय मान्दछ,
र उहाँका आज्ञाहरूमा प्रसन्न हुन्छ।
२ त्यसको वंश पृथ्वीमा पराक्रमी हुनेछ,
भद्र मानिसको सन्तानले आशिष पाउनेछ।
३ त्यसको घरमा धन-सम्पत्ति रहन्छ,
र त्यसको धार्मिकता सदा रहिरहन्छ।
४ सोझा मानिसहरूको निम्ति अन्धकारमा
ज्योतिको उदय हुन्छ।
परमप्रभु अनुग्रही, र दयावन्त र
धर्मात्मा हुनुहुन्छ।
५ जसले अनुग्रह गर्छ र ऋण दिन्छ,
त्यसको भलो हुन्छ,
त्यसको सबै काम-कुरो न्यायसंगत हुन्छ।
६ किनभने त्यो कहिले पनि डगमगाउनेछैन।
धर्मात्मा सदा सर्वदै सम्झनामा रहन्छ।
७ त्यो नराम्रो खबरले डराउँदैन।
परमप्रभुमा भरोसा गरेर त्यसको हृदय
स्थिर रहन्छ।
८ त्यसले आफ्नो विरोधीहरूमाथि आफ्नो
इच्छा पुगेको नदेखुञ्जेल त्यसको हृदय
सम्हालिएको हुन्छ, र त्यो डराउनेछैन।
९ त्यसले बाँड-चूँड गरेर दरिद्रहरूलाई
दिएको हुन्छ।
त्यसको धर्म-कर्म सधैँभरि रहिरहन्छ।
त्यसको सीङ आदरसाथ उच्च गराइन्छ।
१० दुष्ट त्यो देखेर कँड्छि।
दाहा किटी-किटी त्यो गल्जिान्छ,
दुष्टको अभिलाषा नष्ट हुनेछ।

दीन दुःखीमाथि परमेश्वरको नजर

११३ परमप्रभुको प्रशंसा गर।

हे परमप्रभुका दास हो, प्रशंसा गर।

परमप्रभुको नाउँको प्रशंसा गर।
२ परमप्रभुको नाउँ
अहिलेदेखि लिएर सधैँभरि धन्यको भइरहोस्।
३ सूर्योदयदेखि लिएर सूर्यास्तसम्म परमप्रभुको प्रशंसा हुनुपर्छ।
४ परमप्रभु सबै जातिहरूदेखि उच्च हुनुहुन्छ,
र उहाँको महिमा स्वर्गभन्दा उच्च छ।
५ हाम्रा परमेश्वर परमप्रभुजस्तो को छ?
उहाँ ता उच्च स्थानमा विराजमान हुनुभएको छ।
६ औ आकाश र पृथ्वीका कुराहरूमा
नजर गर्नालाई निहुरिनुहुन्छ
७ कङ्गालीहरूलाई धूलोबाट उहाँलेनै उठाउनुहुन्छ,
र दरिद्रहरूलाई घुल्यानबाट उचाल्नुहुन्छ।
८ त्यसलाई भारादारहरूको साथमा, आफ्नै प्रजाका भारादारहरूको साथमा राख्नालाई।
९ बाँझी आइमाईलाई उहाँले घर मन
र सुखी आमा तुल्याउनुहुन्छ।
परमप्रभुको प्रशंसा गर।

इस्राएललाई परमेश्वरको छुटकारा

११४ जब इस्राएल मिश्र देशबाट, अर्थात्
याकूबको वंश अन्यभाषा बोल्ने ठाउँको बीचबाट निस्केर गए,
२ तब यहूदा परमप्रभुको पवित्रस्थान
र इस्राएलचाहिँ उहाँको
साम्राज्यको प्रजा भइहाले।
३ यो देखेर समुद्र भाग्यो।
यर्दन नदी उल्टा बग्यो।
४ डाँडाहरू भेडाहरूझैँ उफ्रनलागे,
साना साना पहाडहरू थुमाहरूझैँ उफ्रनलागे।
५ हे समुद्र, तँलाई के भयो, र तँ भागिस्?
र हे यर्दन, तँ फर्केर गइस?
६ हे डाँडा हो, तिमीहरू भेडाहरूझैँ।
हे डाँडा हो, तिमीहरू भेडाका पाठाहरूझैँ उफ्रन्छौ?
७ हे पृथ्वी, परमप्रभुको सामने,
याकूबका परमेश्वरको सामने थरहरी हो।
८ उहाँले चटानलाई पानीको ताल,
र दर्शन-ढुङ्गाहरूलाई पानीको मूलमा परिवर्त्तन गर्नुहुन्छ।

मूर्ति र परमप्रभुको तुलना

११५ हाम्रो होइन, हे परमप्रभु, हाम्रो होइन
तर तपाईंको करुणा र सत्यताको खातिर तपाईंको आफ्नै नाउँको महिमा बढ़ाउनुहोस्।
२ "तिनीहरूको परमेश्वर कहाँ छन्?" भनी
अन्यजातिहरूले किन भन्न पाउन्?
३ हाम्रा परमेश्वर ता स्वर्गमा हुनुहुन्छ।
आफ्नो इच्छा मुताबिक उहाँले गर्नुहुन्छ।
४ तिनीहरूका मूर्तिहरू सुन र चाँदी हुन्,
ती मानिसका हस्तकला हुन्।
५ तिनीहरूका मुख छन्, तर बोल्दैनन्।
आँखा छन्, तर देख्दैनन्।
६ कान छन्, तर सुँन्दैनन्।
नाक छन्, तर सुँघ्दैनन्।
७ हात छन्, तर समात्दैनन्।
खुट्टा छन्, तर हिँड्दैनन्।
तिनीहरूका मुखले तिनीहरू कुरा गर्नसक्दैनन्।
८ तिनीहरूलाई बनाउने जस्ता छन्,
ती पनि त्यस्तै हुन्छन्।
तिनीहरूमाथि भरोसा राख्नेहरू पनि
सबै त्यस्तै हुन्छन्।

९ हे इस्राएल, तैंले परमप्रभुमा भरोसा राख्।
तिनीहरूका सहायक र ढाल उहाँनै हुनुहुन्छ।
१० हे हारूनका परिवार हो, परमेश्वरमा भरोसा राख्।
तिनीहरूका सहायक र ढाल उहाँनै हुनुहुन्छ।
११ हे परमप्रभुसँग डराउने हो, परमप्रभुमा भरोसा राख।
तिनीहरूका सहायक र ढाल उहाँनै हुनुहुन्छ।
१२ परमप्रभुले हामीलाई सम्झनुहुन्छ।
हामीलाई आशीर्वाद दिनुहुनेछ।
उहाँले इस्राएलका वंशलाई आशीर्वाद दिनुहुनेछ।
उहाँले हारूनका परिवारलाई आशीर्वाद दिनुहुनेछ।
१३ ठूला साना दुवै
परमप्रभुसँग डराउनेहरूलाई उहाँले आशीर्वाद दिनुहुनेछ।

१४ परमप्रभुले तिमीहरूलाई,
तिमीहरूलाई र तिमीहरूका छोरा-छोरीहरूलाई समेत झन् झन् बढाऊन्।
१५ परमप्रभु, जसले स्वर्ग र पृथ्वी बनाउनुभयो,
उहाँबाट तिमीहरूले आशिष पाएका छौ।
१६ स्वर्ग ता परमप्रभुकै हो।
तर पृथ्वीचाहिं उहाँले मानिस जातिलाई दिनुभएको छ।
१७ मरेकाहरूले परमप्रभुको प्रशंसा गर्दैनन्,
तल सूनसानमा जानेहरूले उहाँको प्रशंसा गर्दैनन्।
१८ तर हामी ता परमप्रभुलाई
अहिलेदेखि लिएर सधैंभरि धन्यका भन्दछौं।
परमप्रभुको प्रशंसा गर।

मृत्युबाट छुटकारा—धन्यवादको भक्ति

११६ परमप्रभुमा म प्रेम राख्तछु,
किनभने उहाँले मेरो सोर र मेरो अन्तरबिन्ती सुन्नुभएको छ।
२ किनभने उहाँले आफ्नो कान मतिर थाप्नुभएको छ,
यसकारण म बाँचुन्जेल उहाँको पुकारा गर्नेछु।
३ मृत्युका पासोहरूले मलाई घेरेका थिए,
र पातालको पीडाले मलाई फेला पारेको थियो।
दुःख शोक मैले भोग्नुपरेको थियो।
४ तब मैले परमप्रभुको नाउँमा पुकारा गरें।
हे परमप्रभु, म आग्रहपूर्वक बिन्ती गर्दछु,
मेरो प्राण बचाइदिनुहोस्।
५ परमप्रभु अनुग्रही र धार्मिक हुनुहुन्छ।
हाम्रा परमेश्वर कृपालु हुनुहुन्छ।
६ परमप्रभुले सोझाहरूलाई रक्षा गर्नुहुन्छ।
म लड्सिकेको थिएँ, तर उहाँले मेरो उद्धार गर्नुभयो।
७ हे मेरो प्राण, तँ आफ्नो विश्रामस्थानमा फर्की।
किनभने परमप्रभुले तँलाई प्रशस्तसित दिनुभएको छ।
८ किनभने तपाईंले मेरो प्राणलाई मृत्युबाट
मेरो आँखालाई आँसु झार्नबाट,
र मेरा खुट्टालाई चिप्लनबाट जोगाउनुभएको छ।
९ जीवितहरूको देशमा
म परमप्रभुको सामने हिंडडुल गर्नेछु।

१० म विश्वास गर्दछु, यसैले म भन्छु पनि
"म ता साह्रै कष्टित भएको थिएँ।"
११ मैले आतुरीमा
"सबै मानिस झूटा हुन्" भनेथें।
१२ परमप्रभुले गर्नुभएको मेरो उपकारको निम्ति
म उहाँलाई के भर्ना चढाऊँ?
१३ उद्धारको कचौरा लिएर

म परमप्रभुको नाउँको पुकारा गर्नेछु।
१४ परमप्रभुमा म आफ्नो भाकल पूरा
गर्नेछु।
उहाँका सारा प्रजाहरूके सामने
पूरा गर्नेछु।
१५ परमप्रभुको दृष्टिमा
उहाँका भक्तहरूको मृत्यु अनमोल छ।
१६ हे परमप्रभु, साँच्चिनै म तपाईंको दास हुँ,
तपाईंकी कमारीको छोरो, तपाईंको
दास हुँ।
तपाईंले मेरो बन्धन फुकाइदिनुभएको हो।
१७ म तपाईंमा धन्यवादको बलि चढ़ाउनेछु,
र परमप्रभुको नाउँको पुकारा गर्नेछु।
१८ परमप्रभुमा म आफ्नो भाकल पूरा
गर्नेछु
उहाँका सारा प्रजाहरूके सामने
पूरा गर्नेछु।
१९ परमप्रभुको भवनको चोकमा,
हे यरूशलेम, तेरो बीचमा पूरा गर्नेछु।

परमप्रभुको प्रशंसा गर।

प्रशंसा

११७ हे सबै जातिका मानिस हो
परमप्रभुको प्रशंसा गर।
हे सबै जन हो, उहाँको तारीफ गर।
२ किनभने हामीप्रति उहाँको करुणा
अपार छ।
र परमप्रभुको सत्यता सधैंको निम्ति
रहन्छ।
परमप्रभुको प्रशंसा गर।

परमप्रभुको करुणा

११८ परमप्रभुलाई धन्यवाद चढ़ाओ,
किनभने उहाँ भलो हुनुहुन्छ।
किनभने उहाँको करुणा सदा सर्वदा
रहिरहन्छ।
२ अब इस्राएलले भनून्,
"उहाँको करुणा सदा सर्वदा रहिरहन्छ।"
३ हारूनको परिवारले भनून्,
"उहाँको करुणा सदा सर्वदा रहिरहन्छ।"
४ अब उहाँसँग डराउनेहरूले भनून्,
"उहाँको करुणा सदा सर्वदा रहिरहन्छ।"
५ आफ्नो सङ्कष्टमा मैले परमप्रभुलाई पुकारा
गरें
परमप्रभुले मलाई जवाफ दिनुभयो र
मलाई फराकिलो ठाउँमा राख्नुभयो।
६ परमप्रभु मतर्फ हुनुहुन्छ, म डराउनेछैनँ।
मानिसले मलाई के गर्नसक्छ र?
७ मलाई मदत गर्नेहरूका बीचमा परमप्रभु
मतर्फ हुनुहुन्छ।
यसकारण मलाई घृणा गर्नेहरूमाथि मेरो
इच्छा पुगेको म देख्नेछु।
८ परमप्रभुको शरण पर्न
मानिसमाथि निर्भर गर्नभन्दा उत्तम छ।
९ परमप्रभुको शरण पर्न
राजाहरूमाथि निर्भर गनभन्दा उत्तम छ।
१० सबै जातिहरूले मलाई घेरे।
परमप्रभुको नाउँमा म तिनीहरूलाई
काट्नेछु।
११ तिनीहरूले मलाई घेरे।
परमप्रभुको नाउँमा म तिनीहरूलाई
काट्नेछु।
१२ तिनीहरूले मलाई भीर-माउरीहरूले
घेरेझैं घेरे, तिनीहरू काँढ़ाका आगोजस्तै
निभे।
परमप्रभुको नाउँमा म तिनीहरूलाई
काट्नेछु।
१३ मलाई लढ़ाउनलाई तैंले मलाई बेसरी
घचेटेको थिइस्।
तर परमप्रभुले मलाई सहायता गर्नुभयो
१४ परमप्रभु मेरो शक्ति र भजन हुनुहुन्छ।
र उहाँ मेरो उद्धारको हुनुभएको छ।
१५ धर्मात्माहरूका पालमा रमाहट र
उद्धारको ध्वनि हुन्छ,
परमप्रभुको दाहिने बाहुलीबाट पराक्रमको

कार्य हुन्छ।
१६ परमप्रभुको दाहिने बाहुली उचालिएको छ।
परमप्रभुको दाहिने बाहुलीबाट पराक्रमको कार्य हुन्छ।
१७ म मर्दिनँ, तर बाँच्नेछु,
र परमप्रभुका कार्यहरूको वर्णन गर्नेछु।
१८ परमप्रभुले मलाई बेसरी दण्ड दिनुभएको छ।
तर उहाँले मलाई मृत्युको अधीनमा छोड्नुभएन।

१९ मेरो निम्ति धार्मिकताका ढोकाहरू खोलिदिनुहोस्।
तीभित्र पसेर म परमप्रभुमा धन्यवाद चढ़ाउनेछु।
२० परमप्रभुको ढोका यही हो।
धर्मात्माहरू यसभित्र पस्नेछन्।
२१ किनकि तपाईंले मलाई जवाफ दिनुभएको छ,
र परमप्रभु मेरो उद्धार हुनुभएको छ
भनेर तपाईंमा धन्यवाद चढ़ाउनेछु।

२२ जुन ढुङ्गालाई डकर्मीहरूले रद्दी गरे,
त्यहीचाहिँ कुनाको शिर-ढुङ्गा भयो।
२३ यो परमप्रभुबाट भएको हो।
यो हाम्रो दृष्टिमा गजबको छ।
२४ यो दिन परमप्रभुलेनै बनाउनुभएको हो।
यसमा हामी हर्षित हुनेछौं, आनन्दित हुनेछौं।
२५ हे परमप्रभु, हामी आग्रहपूर्वक बिन्ती गर्दछौं, "अब उद्धार गर्नुहोस्।"
हे परमप्रभु, हामी आग्रहपूर्वक बिन्ती गर्दछौं, "अब सुदिन पठाइदिनुहोस्।"
२६ परमप्रभुको नाउँमा आउने धन्यको हो।
हामीले तिमीहरूलाई परमप्रभुको भवनबाटै आशीर्वाद दिएका छौं।
२७ परमप्रभुनै परमेश्वर हुनुहुन्छ, र उहाँले ज्योति दिनुभएको छ।
बलिदानको पशुलाई वेदीको सीङमा डोरीले तन्काएर बाँध।
२८ तपाईं मेरा परमेश्वर हुनुहुन्छ, म तपाईंमा धन्यवाद चढ़ाउनेछु।
तपाईं मेरा परमेश्वर हुनुहुन्छ, म तपाईंको सहनी गर्नेछु।
२९ अहो! परमप्रभुलाई धन्यवाद चढ़ाओ,
किनभने उहाँ भलो हुनुहुन्छ।
र उहाँको करुणा सदा सर्वदा रहिरहन्छ।

परमप्रभुको व्यवस्था

अलिफ्

११९ तिनीहरू धन्यका हुन्, जसको चाल निर्दोष छ,
जो परमप्रभुका व्यवस्थामा चल्दछन्।
२ तिनीहरू धन्यका हुन्, जसले उहाँका साक्षी-वचन पालन गर्दछन्,
जसले उहाँलाई पूरा हृदयले खोज्दछन्।
३ तिनीहरूले कुनै अधर्म गर्दैनन्।
उहाँका मार्गमा तिनीहरू चल्दछन्।
४ हामीले ती पूर्ण हृदयले पालन गरौं भनेर तपाईंले हामीलाई आफ्ना आदेशहरू दिनुभयो।
५ आहा, तपाईंका नियमहरू मान्न मेरा चालहरू दृढ़ भइदिए ता असल हुने थियो!
६ जब तपाईंका सब आज्ञाहरूमा मेरो ध्यान रहन्छ,
तब मैले शर्माउन पर्नेछैनँ।
७ जब म तपाईंका धार्मिक इन्साफ सिक्तछु,
तब म सोझो मनले तपाईंमा धन्यवाद चढ़ाउनेछु।
८ म तपाईंका नियमहरू पालन गर्नेछु।
मलाई बिलकुलै नत्यागनुहोस्।

बेथ्

९ जवान मानिसले आफ्नो चालचलन
कसरी शुद्ध राख्नसक्ला ?
तपाईंको वचनमा ध्यान दिएरनै हो।
१० मैले आफ्नो पूरा मन तपाईंको खोजीमा
लगाएको छु।
तपाईंका आज्ञाहरूबाट मलाई तर्कन
नदिनुहोस्।
११ तपाईंको बिरुद्धमा पाप नगरूँ भनेर,
तपाईंको वचन मैले मेरो हृदयमा
राखेको छु।
१२ हे परमप्रभु, तपाईं धन्यको हुनुहुन्छ।
मलाई तपाईंका नियमहरू सिकाउनुहोस्।
१३ मैले मेरा ओठले
तपाईंका सबै इन्साफहरू वर्णन गरेको छु।
१४ धन-सम्पत्तिमा जतिकै,
तपाईंका साक्षी-वचनहरूको मार्गमा म
आनन्दित भएको छु।
१५ तपाईंका आदेशहरूमा म ध्यान दिनेछु,
र तपाईंका मार्गहरूलाई म आदर
गर्नेछु,
१६ तपाईंका नियमहरूमा म स्वयं रमाउनेछु।
तपाईंका वचन म बिर्सनेछैनँ।

गिमेल्

१७ मलाई जीवन दिनुहोस् र म बाँचेर।
तपाईंको वचन पालन गर्नेछु।
१८ मेरा आँखा खोलिदिनुहोस्, र म
तपाईंको व्यवस्थाबाट
उदेकका कुरा देख्नसकूँ।
१९ म ता पृथ्वीमा एक प्रवासी हुँ।
तपाईंका आज्ञाहरू मबाट नलुकाउनुहोस्।
२० तपाईंका इन्साफको अभिलाषाले गर्दा
मेरो मन हर समय खिन्न हुन्छ।
२१ श्रापित भएका अभिमानीहरूलाई तपाईंले
हप्काउनुभएको छ,
जो तपाईंका आज्ञाहरूबाट तर्केर
हिंड्छन्।
२२ मबाट तिनीहरूका अपवाद र घृणा
हटाइदिनुहोस्,
किनकि मैले तपाईंका साक्षी-वचन पालन
गरेको छु।
२३ राजाहरूले पनि बसेर मेरो विरुद्धमा
कुरा गरेका थिए।
तर तपाईंको दासले ता तपाईंका
नियममा ध्यान दियो।
२४ तपाईंका साक्षी-वचन पनि मेरो आनन्द
र मेरा सल्लाहकार हुन्।

दालथ्

२५ मेरो जीउ धूलोमा टाँसिएको छ।
तपाईंको वचनले मलाई जीवित
राख्नुहोस्।
२६ मैले आफ्नो चालचलन तपाईंलाई
बताएँ, र तपाईंले मेरो कुरा
सुन्नुभयो।
मलाई तपाईंका नियम सिकाउनुहोस्।
२७ मलाई तपाईंका आदेशहरूका मार्ग
बुझ्ने तुल्याउनुहोस्।
यसरी तपाईंका उदेकका कामहरूमा म
ध्यान लगाउनेछु।
२८ दुःखित भएको हुनाले मेरो मन
पग्लन्छ।
तपाईंको वचनअनुसार मलाई बलियो
तुल्याउनुहोस्।
२९ मबाट असत्य मार्ग हटाउनुहोस्।
र अनुग्रहसाथ तपाईंको व्यवस्था मलाई
दिनुहोस्।
३० मैले सत्यको मार्ग छानेको छु।
तपाईंको न्यायका वचन मैले मेरो
सामने राखेको छु।
३१ तपाईंका साक्षी-वचनहरूमा म
लागिरहन्छु।
हे परमप्रभु, मलाई शर्ममा नपार्नुहोस्।
३२ जब तपाईंले मेरो समझ बढ़ाउनुहुनेछ
तब तपाईंका आज्ञाका मार्गमा म
दगुर्नेछु।

हेथ्

३३ हे परमप्रभु, मलाई तपाईंका नियमको
मार्ग सिकाउनुहोस्।
र अन्तसम्मै म त्यो पालन गर्नेछु।
३४ मलाई समझ दिनुहोस्, र म तपाईंको
व्यवस्था पालन गर्नेछु।
मेरो पूरा हृदयले म त्यो पालन गर्नेछु।
३५ तपाईंका आज्ञाहरूको गोरेटोमा मलाई
चलाउनुहोस्।
किनकि त्यसैमा म प्रसन्न हुन्छु।
३६ लोभतिर होइन,
तर तपाईंका साक्षी-वचनहरूतिर मेरो
मन झुकाउनुहोस्।
३७ व्यर्थका कुराहरू हेर्नदेखि मेरा आँखा
फर्काइदिनुहोस्।
र मलाई तपाईंको मार्गमा जीवित
राख्नुहोस्।
३८ तपाईंको डर मान्नेहरूको निम्ति
भएको प्रतिज्ञा
तपाईंको दासलाई पनि पक्का
गर्नुहोस्।
३९ जुन खप्कीदेखि म डराउँछु, त्यो
मबाट हटाइदिनुहोस्।
किनकि तपाईंको न्याय-वचन उत्तम
छन्।
४० हेर्नुहोस्, म तपाईंका आदेशहरूका
अभिलाषी छु।
तपाईंको धार्मिकतामा मलाई जीवित
राख्नुहोस्।

वाव्

४१ हे परमप्रभु, तपाईंका करुणा तपाईंले
दिनुभएको उद्धार पनि मकहाँ आओस्।
४२ तब मलाई गाली गर्नेहरूलाई मैले
जवाफ दिन पाउनेछु।
किनकि म तपाईंको वचनमा भरोसा
राख्तछु।
४३ औ सत्यको वचन मेरो मुखबाट
बिलकुल नहर्नुहोस्।
किनकि मैले तपाईंको न्याय-वचनमा
आशा राखेको छु।
४४ यसरी तपाईंको व्यवस्था म निरन्तर,
सदा सर्वदै पालन गर्नेछु।
४५ औ म स्वतन्त्र भएर हिँड्नेछु।
किनकि मैले तपाईंका आदेशहरूको
खोजी गरेको छु।
४६ म राजाहरूका सामने पनि तपाईंका
साक्षी-वचनको विषयमा बोल्नेछु,
र म लाज मान्नेछैनँ।
४७ औ मैले प्रेम गरेको तपाईंका
आज्ञाहरूमा म आनन्द्रित हुनेछु।
४८ मैले प्रेम गरेको तपाईंका आज्ञातिर
मेरा हातहरू पनि उचाल्नेछु,
र तपाईंका नियममा ध्यान दिनेछु।

ज़ाइन

४९ तपाईंको दासको निम्ति आफ्नो वचन
सम्झनुहोस्,
जसमा तपाईंले मलाई आशा गर्ने
तुल्याउनुभएको छ।
५० मेरो सङ्कष्टमा मलाई सान्त्वना यही छ,
किनकि तपाईंको वचनले मलाई जीवित
पारेको छ।
५१ अहंकारीहरूले मेरो ज्यादै हाँसो
गरेका छन्।
तापनि तपाईंको व्यवस्थाबाट म हटेको
छैनँ।
५२ हे परमप्रभु, मैले तपाईंको उहिलेको
न्याय-वचन सम्झेको छु,
र सान्त्वना पाएको छु।
५३ तपाईंको व्यवस्था त्याग्ने ती दुष्टहरूले
गर्दा,
भयंकर रीसले मलाई पक्रेको छ।
५४ मेरो प्रवासको घरमा तपाईंका नियमहरू
मेरा गीत भएका छन्।
५५ हे परमप्रभु, मैले राती तपाईंको नाउँ
स्मरण गरेको छु,
र तपाईंको व्यवस्था पालन गरेको छु।

५६ यो मलाई यसकारणले हुनआयो,
किनभने मैले तपाईंका आदेशहरू पालन
गरेको थिए।

हेथ्

५७ परमप्रभु मेरा भाग हुनुहुन्छ।
तपाईंका वचनहरू पालन गर्छु भनी
मैले भनेको छु।
५८ मैले आफ्नो पूरा हृदयले तपाईंको
निगाहको निम्ति बिन्ती गरें।
तपाईंको वचनअनुसार ममाथि अनुग्रह
गर्नुहोस्।
५९ मैले आफ्नो चालचलनको विषयमा
विचार गरें,
र तपाईंका साक्षी-वचनहरूतिर आफ्नो
खुट्टा फर्काएँ।
६० तपाईंका आज्ञाहरू पालन गर्न,
मैले आतुरी गरें, ढीलो गरिनँ।
६१ दुष्टहरूका डोरीले मलाई जेलेका छन्।
तर मैले तपाईंका व्यवस्था बिर्सेको
छैनँ।
६२ तपाईंका धार्मिक इन्साफहरूको कारण
आधा रातमा तपाईंमा धन्यवाद
चढ़ाउन म उठ्नेछु।
६३ तपाईंको डर मान्नेहरू र तपाईंका
आदेश पालन गर्नेहरूका म एक
साथी हुँ।
६४ हे परमप्रभु, तपाईंको करुणाले पृथ्वी
भरिपूर छ।
मलाई तपाईंका नियमहरू सिकाउनुहोस्।

तेथ्

६५ हे परमप्रभु, तपाईंको वचनअनुसार,
तपाईंले आफ्नो दाससँग भलाइ
गर्नुभएको छ।
६६ मलाई असल विवेकशक्ति र ज्ञान
सिकाउनुहोस्।
किनकि मैले तपाईंका आज्ञाहरूमा
विश्वास गरेको छु।
६७ दुःख पाउनभन्दा अघाडि म बरालिएको
थिएँ।
तर अब ता तपाईंको वचन पालन
गर्दछु।
६८ तपाईं भलो हुनुहुन्छ, र भलाइ गर्नुहुन्छ।
मलाई तपाईंका नियमहरू सिकाउनुहोस्।
६९ अहंकारीहरूले मेरो विरुद्धमा झूटा कुरा
कथेका छन्।
मेरो पूरा हृदयले म तपाईंका आदेशहरू
पालन गर्नेछु।
७० तिनीहरूको हृदय बोसोजस्तै बाक्लो
भएको छ।
तर म ता तपाईंका व्यवस्थामा प्रसन्न
छु।
७१ तपाईंका नियमहरू सिकेकोमा
मैले दुःख पाएको मलाई असलै भएको छ।
७२ तपाईंको मुखबाट निस्केको व्यवस्था
मेरो निम्ति
हजारौं सुन र चाँदीभन्दा असल छ।

योद्

७३ तपाईंकै हातले मलाई बनाएको र
रचेको छ।
मलाई समझ दिनुहोस्, र म तपाईंका
आज्ञाहरू सिकूँ।
७४ तपाईंको डर मान्नेहरू मलाई देखेर
खुशी हुनेछन्।
किनभने मैले तपाईंको वचनमा आशा
राखेको छु।
७५ हे परमप्रभु, तपाईंको न्याय-वचन
धार्मिक छन्,
र तपाईंले सत्यमा मलाई दुःख
दिनुभएको हो भन्ने मलाई थाह छ।
७६ तपाईंको दासलाई तपाईंका वचनअनुसार
तपाईंको करुणा मेरो सान्त्वनाको निम्ति
होस् भनेर म बिन्ती चढ़ाउँछु।
७७ तपाईंका कोमल कृपा ममाथि रहोस्,
र म जीवित रहूँ।
किनकि तपाईंको व्यवस्थामा म प्रसन्न छु।

७८ अहंकारी शर्माउन परोस्।
किनकि तिनीहरूले जाल गरेर मलाई
प्लटाएका छन्,
तर म ता तपाईंका आदेशहरूमा ध्यान
दिनेछु।
७९ तपाईंको डर मान्ने जति मतिर फर्कून्,
अनि तिनीहरूले तपाईंका साक्षी-वचनहरू
जान्नेछन्।
८० मेरो हृदय तपाईंका नियमहरूमा सिद्ध
होस्।
र मैले शर्माउन नपरोस्।

काफ्

८१ मेरो आत्मा तपाईंबाट हुने उद्धारको
निम्ति बेचैन छ।
तर म तपाईंको वचनको आशा राख्तछु।
८२ 'तपाईंले मलाई कहिले सान्त्वना
दिनुहुन्छ?' भनेर
तपाईंको वचनको निम्ति मेरा आँखा
टट्टाइसकेका छन्।
८३ किनकि धुवाँमा रहेको छालाको
भाँडाजस्तै म भएको छु।
तापनि तपाईंका नियमहरू मैले बिर्सेको छैनँ।
८४ तपाईंका दासका दिन अब कति बाँकी
छन् र?
मलाई खेदो गर्नेहरू जो छन्,
तिनीहरूको इन्साफ कहिले गर्नुहुन्छ?
८५ तपाईंको व्यवस्थाबमोजिम नचल्ने
अहंकारीहरूले मेरो निम्ति खाड्लहरू
खनेका छन्।
८६ तपाईंका आज्ञाहरू सबै विश्वासयोग्य छन्।
तिनीहरूले मलाई अन्यायमा खेदो गरेका
छन्,
तपाईंले मलाई सहायता गर्नुहोस्।
८७ तिनीहरूले मलाई झण्डै पृथ्वीमाथि
भस्म पारेका थिए।
तर मैले तपाईंका आदेशहरू त्यागिनँ।
८८ तपाईंको करुणाअनुसार मलाई जीवित
पार्नुहोस्,
तब तपाईंका साक्षी-वचनहरू म पालन
गर्नेछु।

लामेद

८९ हे परमप्रभु, तपाईंको वचन
सदा सर्वदा, स्वर्गमा स्थिर रहेको छ।
९०, तपाईंको सत्यता पुस्तौंसम्म रहन्छ।
तपाईंले पृथ्वीलाई स्थापित गर्नुभएको छ,
र त्यो रहिरहन्छ।
९१ तपाईंकै धार्मिक-विधानहरूअनुसार ती
अड़ेका छन्।
किनकि सबै थोक तपाईंका चाकरहरू हुन्।
९२ तपाईंको व्यवस्थामा मेरो आनन्द
नहुँदो हो ता
म आफ्नो दुःखमा नष्ट भइसक्ने थिएँ।
९३ तपाईंका आदेशहरू म कहिल्यै
बिर्सनेछैनँ।
किनकि तीद्वारानै तपाईंले मलाई जीवित
राख्नुभएको छ।
९४ म तपाईंकै हुँ, मेरो उद्धार गर्नुहोस्।
किनकि मैले तपाईंका आदेशहरूको
खोजी गरेको छु।
९५ दुष्टहरू मलाई नाश पार्न ढुकेका छन्।
तर म ता तपाईंका साक्षी-वचनमा
विचार गर्नेछु।
९६ मैले सबै भरपूरीको अन्त देखेको छु।
तर तपाईंको आज्ञा ता अत्यन्तै
विस्तृत छ।

मेम्

९७ आहा! तपाईंको व्यवस्थालाई म
कस्तो प्रेम गर्दछु!
दिनभरि मेरो ध्यान त्यसैमा रहन्छ।
९८ तपाईंका आज्ञाहरूले मलाई मेरा
शत्रुहरूभन्दा बढ़ता बुद्धिमान तुल्याउँछ।
किनकि ती सधैं मसँगै छन्।
९९ मेरा सबै गुरुभन्दा मेरो समझ ज्यादा छ।
किनकि मेरो ध्यान तपाईंका साक्षी-
वचनमा छ।

१०० बूढ़ापाकाहरूले भन्दा म ज्यादै बुझ्दछु,
किनभने मैले तपाइंका आदेशहरू
पालन गरेको छु।
१०१ तपाइंको वचन पालन गरूँ भनेर
मैले आफ्ना खुट्टालाई हरेक खराब
चालबाट रोकेको छु।
१०२ तपाइंका न्यायको वचनबाट म तर्केको
छैनँ।
किनकि तपाइंलेनै मलाई सिकाउनुभएको
छ।
१०३ तपाइंका वचनहरू मेरो स्वादमा कति
गुलिया छन्।
मेरो मुखमा महभन्दा बढ़ी मीठा छन्।
१०४ तपाइंकै आदेशहरूद्वारा म बुद्धिमान
हुन्छु।
यसकारण सबै झूटा मार्गहरू म घृणा
गर्दछु।

नून

१०५ तपाइंको वचन मेरो खुट्टाको निम्ति
बत्ती
र मेरो बाटोको निम्ति उज्यालो छ।
१०६ तपाइंको न्यायका वचनहरू पालन
गर्नेछु भनेर
मैले शपथ खाएको छु, र त्यसलाई
पक्का गरेको छु।
१०७ म ज्यादै दुःखित भएको छु।
हे परमप्रभु, तपाइंको बचनअनुसार
मलाई जीवित राख्नुहोस्।
१०८ हे परमप्रभु, बिन्ती छ, मेरो मुखको
स्वेच्छाबलि ग्रहण गर्नुहोस्,
र तपाइंको न्यायका वचनहरू मलाई
सिकाउनुहोस्।
१०९ मेरो प्राण निरन्तर मेरो हातमा छ।
तापनि म तपाइंको व्यवस्था बिर्सन्नँ।
११० दुष्टहरूले मेरो निम्ति पासो थापेका
छन्।
तापनि तपाइंका आदेशहरूबाट म
हटेको छैनँ।

१११ तपाइंका साक्षी-वचनहरू मैले सधैंभरि
आफ्नो हक मानिलिएको छु।
किनकि तिनीहरूनै मेरो हृदयको
आनन्दका कारण हुन्।
११२ तपाइंका नियमहरू पालन गर्न मैले
मेरो हृदय सधैंको निम्ति,
औ अन्तसम्मै झुकाएको छु।

साख्मे

११३ दोहोरो मन भएका मानिसहरूलाई म
घृणा गर्दछु।
तर तपाइंको व्यवस्थासित म प्रेम
राख्तछु।
११४ तपाइं मेरो लुक्ने ठाउँ र मेरो ढाल
हुनुहुन्छ।
म तपाइंको वचनमा आशा राख्तछु।
११५ हे कुकर्मी हो, मबाट पर हट।
र आफ्ना परमेश्वरका आज्ञाहरू
म पालन गरूँ।
११६ तपाइंको वचनअनुसार मलाई
सह्माल्नुहोस्, र म जीवित रहूँ।
र आफ्नो आशामा मैले शर्माउन
नपरोस्।
११७ मलाई थामिराख्नुहोस्, र म कुशल
रहूँ,
औ तपाइंका नियमहरूमा मेरो निरन्तर
आदर रहोस्।
११८ तपाइंका नियमहरूबाट बरालिने
जातिलाई तपाइंले लत्याउनुभएको छ।
किनकि तिनीहरूको चतुऱ्याइँ ता झूटो
हो।
११९ पृथ्वीका सबै दुष्टहरूलाई तपाइंले
कसरजस्तै गरेर पन्साउनुहुन्छ।
यसकारण तपाइंका साक्षी-वचनहरूलाई
म प्रेम गर्दछु।
१२० तपाइंको डरले
मेरो शरीर काम्छ
र तपाइंको न्याय-वचनहरूदेखि मलाई
डर लाग्दछ।

ऐन

१२१ मैले न्याय र धर्म-कर्म गरेको छु।
अत्याचारीहरूका हातमा मलाई नछोड्नुहोस्।
१२२ तपाईंको दासको भलाइको निम्ति जमानी हुनुहोस्।
अहंकारीहरूले मलाई थिचोमिचो गर्न नपाऊन्।
१२३ तपाईंबाट हुने उद्धारको निम्ति र तपाईंको धार्मिक वचनको निम्ति
मेरा आँखाहरू टट्टाउँछन्।
१२४ तपाईंको करुणाअनुसार तपाईंको दाससँग व्यवहार गर्नुहोस्,
र आफ्ना नियमहरू मलाई सिकाउनुहोस्।
१२५ म तपाईंकै दास हुँ, मलाई समझ दिनुहोस्,
र तपाईंका साक्षी-वचनहरू म जान्नसकूँ।
१२६ परमप्रभुले काम गर्नुहुने बेला भएको छ,
किनकि तिनीहरूले तपाईंको व्यवस्था भङ्ग गरेका छन्।
१२७ यसकारण तपाईंका आज्ञाहरूलाई सुनभन्दा, र चोखो सुनभन्दा पनि
म बढ़ी प्रेम गर्दछु।
१२८ यसकारण सबै कुराको विषयमा तपाईंका आदेशहरूलाई ठीक हो भन्दछु
र हरेक झूटो मार्गलाई म घृणा गर्दछु।

पे

१२९ तपाईंका साक्षी-वचनहरू अचम्मका छन्,
यसकारण मेरो हृदयले तिनलाई पालन गर्दछ।
१३० तपाईंको वचनको अर्थले ज्योति चम्काउँछ,
त्यसले निर्बोध मानिसहरूलाई समझ दिन्छ।
१३१ आफ्नो मुख बाएर म तड़पिएँ,
किनकि म तपाईंका आज्ञाहरूको प्यासी थिएँ।
१३२ तपाईं मतिर फर्कनुहोस्, र ममाथि अनुग्रह गर्नुहोस्,
जसरी तपाईंको नाउँ प्रेम गर्नेहरूलाई तपाईंले गर्नुहुन्थ्यो।
१३३ तपाईंको वचनमा मेरा पाइलाहरू लगाइदिनुहोस्,
र कुनै अधर्मले ममाथि राज्य गर्न नपाओस्।
१३४ मलाई मानिसको थिचोमिचोबाट छुटाउनुहोस्,
अनि तपाईंका आदेशहरू पालन गर्नेछु।
१३५ तपाईंको दासमाथि आफ्नो मोहोड़ा प्रकाश गर्नुहोस्,
र तपाईंका नियमहरू सिकाउनुहोस्।
१३६ मेरा आँखाबाट आँसुका धारा बहन्छन्,
किनभने तिनीहरूले तपाईंको व्यवस्था पालन गर्दैनन्।

त्साधे

१३७ हे परमप्रभु, तपाईं धार्मिक हुनुहुन्छ,
र तपाईंको न्याय-वचनहरू ठीक ठीक छन्।
१३८ तपाईंले आफ्ना साक्षी-वचनहरू धर्ममा र पूरा सत्यतामा दिनुभएको छ।
१३९ मेरो जोशले मलाई भस्म पारेको छ,
किनभने मेरा विरोधीहरूले तपाईंको वचनहरू बिर्सेका छन्।
१४० तपाईंको वचन पूरा तौरले जाँचिएको छ,
यसकारण तपाईंको दासले यसमा प्रेम राख्तछ।
१४१ म क्षुद्र र तुच्छ छु,
तापनि म तपाईंका आदेशहरू बिर्सन्नँ।
१४२ तपाईंको धार्मिकता सनातनको धार्मिकता हो,
र तपाईंको व्यवस्थाचाहिं सत्य हो।
१४३ दुःख र सङ्कष्टले मलाई फेला पारेको छ,

तापनि तपाईंका आज्ञाहरूमा म प्रसन्न छु।
१४४ तपाईंका साक्षी-वचनहरू सदा धर्ममय छन्,
मलाई समझ दिनुहोस्, र म जीवित रहनेछु।

क्रोफ

१४५ आफ्नो पूरा हृदयले मैले तपाईंलाई पुकारेको छु,
हे परमप्रभु, मलाई जवाफ दिनुहोस्,
तपाईंका नियमहरू म पालन गर्नेछु।
१४६ मैले तपाईंलाई पुकारा गरेको छु,
मेरो उद्धार गर्नुहोस्,
अनि म तपाईंका साक्षी-वचनहरू पालन गर्नेछु।
१४७ झिसमिसे उज्यालोलाई उछिनेर मैले पुकारा गरें,
मैले तपाईंकै वचनहरूमा आशा गरें।
१४८ तपाईंको वचनमा ध्यान गरूँ भनेर
मेरा आँखाहरू रातको एक एक पहरलाई उछिनेर अघाडि खुल्थे।
१४९ तपाईंको करुणाअनुसार मेरा सोर सुन्नुहोस्,
हे परमप्रभु, तपाईंको न्याय-वचन-अनुसार मलाई बचाउनुहोस्।
१५० दुष्टयाईंको पछि लाग्नेहरू नजीक आउँदैछन्,
तिनीहरू तपाईंको व्यवस्थाबाट टाढ़ा छन्।
१५१ हे परमप्रभु, तपाईं ता नजीकै हुनुहुन्छ,
र तपाईंका सबै आज्ञाहरू सत्यका छन्।
१५२ उहिलेदेखि तपाईंका साक्षी-वचनहरूबाट
मैले थाह पाएको छु,
कि तपाईंले ती सधैंको निम्ति स्थापित गर्नुभएको छ।

रेश्

१५३ मेरो दुःखलाई विचार गर्नुहोस्, र
मलाई छुटकारा दिनुहोस्,
किनकि तपाईंको व्यवस्था म बिर्सन्नँ।
१५४ मेरो मुद्दामा बहस गर्नुहोस्, र मलाई मोल तिरेर छुटाउनुहोस्,
तपाईंको वचनअनुसार मलाई जीवित राख्नुहोस्।
१५५ दुष्टहरूलाई उद्धार मिल्न गाहारो छ,
किनकि तिनीहरूले तपाईंका नियमहरू खोज्दैनन्।
१५६ हे परमप्रभु, तपाईंका कोमल कृपा ता विशाल छन्,
तपाईंका न्याय-वचनअनुसार मलाई जीवित राख्नुहोस्।
१५७ मेरो खेदो गर्नेहरू र मेरा विरोधीहरू धेरै छन्,
तापनि तपाईंका साक्षी-वचनहरूबाट म तर्केको छैनँ।
१५८ विश्वासघातीहरूलाई देखेर म विरक्त भएँ,
किनभने तिनीहरूले तपाईंको वचन पालन गरेनन्।
१५९ विचार रहोस्, कसरी मैले तपाईंका आदेशहरूमा प्रेम राखेको छु,
हे परमप्रभु, तपाईंको करुणाअनुसार मलाई जीवित राख्नुहोस्।
१६० तपाईंको वचनको सार सत्य छ,
र तपाईंको प्रत्येक न्याय-वचन
सदाको निम्ति अटल रहन्छ।

शीन्

१६१ राजाहरूले विनाकारण मेरो खेदो गरेका छन्,
तर मेरो हृदयले ता तपाईंका वचनहरूको डर मान्दछ।
१६२ कसैले लूटको ठूलो धन पाएझैं
तपाईंको वचनमा म रमाउँछु।
१६३ झूटलाई म घृणा गर्छु र तुच्छ ठान्छु,

तर तपाईंको व्यवस्थालाई म प्रेम गर्दछु।
१६४ तपाईंको न्यायका वचनहरूको कारण दिनमा सातचोटि म तपाईंको प्रशंसा गर्दछु।
१६५ तपाईंको व्यवस्थामा प्रेम राख्नेहरूलाई ठूलो शान्ति हुन्छ,
र तिनीहरूले ठेस खाने कुनै कारणै रहँदैन।
१६६ हे परमप्रभु, तपाईंबाट हुने उद्धारको मैले आशा राखेको छु,
र तपाईंका आज्ञा पालन गरेको छु।
१६७ मेरो मनले तपाईंका साक्षी-वचनहरू पालन गरेको छ।
र म तिनीहरूलाई अत्यन्तै प्रेम गर्दछु।
१६८ तपाईंका आदेशहरू र साक्षी-वचनहरू मैले पालन गरेको छु।
किनकि मेरा सबै चालचलन तपाईंकै सामने छन्।

ताव्

१६९ हे परमप्रभु, मेरो पुकारा तपाईंको सामने पुगोस्।
तपाईंको वचनअनुसार मलाई समझ दिनुहोस्।
१७० मेरो अन्तरबिन्ती तपाईंको सामने पुगोस्।
तपाईंको वचनअनुसार मलाई छुटकारा दिनुहोस्।
१७१ मेरा ओठले प्रशंसा उच्चारण गरून्।
किनकि तपाईंले आफ्ना नियमहरू मलाई सिकाउनुहुन्छ।
१७२ मेरो जिब्रोले तपाईंको वचनको भजन गाओस्।
किनकि तपाईंका सब आज्ञाहरू धार्मिक छन्।
१७३ तपाईंको हात मलाई मदत गर्न तयार रहोस्।
किनकि तपाईंका आदेशहरूलाई मैले चुनेको छु।
१७४ हे परमप्रभु, मैले तपाईंबाट उद्धार पाउने इच्छा गरेको छु।
र तपाईंको व्यवस्थामा म प्रसन्न छु।
१७५ मेरो प्राण रहिरहोस्, अनि त्यसले तपाईंको प्रशंसा गर्नेछ।
र तपाईंको न्याय-वचनहरूले मलाई सहायता गरून्।
१७६ हराएको भेडाजस्तै म बरालिएको छु।
आफ्नो दासको खोजी गर्नुहोस्।
किनकि तपाईंका आज्ञाहरू म बिर्सन्नँ।

छलीको विरुद्धमा प्रार्थना

स्वर्गारोहीहरूको स्तुतिगान

१२० मेरो सङ्कष्टमा मैले परमप्रभुलाई पुकारा गरें,
र उहाँले मलाई जवाफ दिनुभयो।
२ "हे परमप्रभु, झूट बोल्ने मुख
र छल गर्ने जिब्रोबाट मलाई जोगाउनुहोस्।
३ ए छली जिब्रो,
तँलाई के दिइने हो? र तँलाई अरू बढ़ता के गरिने हो?
४ योद्धाका तीखा बाण,
पोथ्राको रूखका आगोका भुंग्रोसमेत।
५ मोशेकमा परदेशी भइरहेको
र केदारका पालहरूका बीचमा बसेको हुनाले मलाई धिक्कार छ।
६ शान्तिलाई घृणा गर्नेहरूका बीचमा मैले मेरो वासस्थान बनाएको छु।
७ म ता शान्तितर्फ छु।
तर जब म बोल्छु, तिनीहरू लड़ाइँतर्फ हुन्छन्।

परमप्रभु आफ्नो प्रजाको रक्षक

स्वर्गारोहीहरूको स्तुतिगान

१२१ पर्वतहरूतिर म आफ्ना आँखा उठाउँछु।

मलाई गोहार कहाँबाट आउँछ ?
२ मलाई गोहार परमप्रभुबाटनै आउँछ,
जसले स्वर्ग र पृथ्वी सृजनुभयो।
३ उहाँले तेरो खुट्टा चिप्लनदिनुहुन्न,
तेरो रक्षा गर्ने कहिल्यै उँघ्नुहुनेछैन।
४ हेर, इस्राएललाई रक्षा गर्नेचाहिँ
उँघ्नुहुनेछैन, र सुत्नुहुनेछैन।
५ परमप्रभु तेरो रक्षक हुनुहुन्छ।
परमप्रभुनै तेरो दाहिने हाततिरको छाया
हुनुहुन्छ।
६ दिउँसो घामले तँलाई पोल्नेछैन, औ
राती जूनले हानि गर्नेछैन।
७ परमप्रभुले तँलाई सब खराबीबाट
जोगाउनुहुनेछ।
उहाँले तेरो प्राणलाई जोगाउनुहुनेछ।
८ तँ बाहिर जाँदा र भित्र आउँदा,
अबोप्रान्त सधैंभरि परमप्रभुले तँलाई
रक्षा गर्नुहुनेछ।

यरूशलेमको शान्तिको निम्ति प्रार्थना

स्वर्गारोहीहरूको स्तुतिगान—
दाऊदले रचेको

१२२ जब तिनीहरूले मलाई भने,
"परमप्रभुको भवनमा जाऔं।"
तब म रमाएँ।
२ ए यरूशलेम, हाम्रा खुट्टा
तेरा मूल ढोकामा टेकिरहेका छन्।
३ ए यरूशलेम, तँ एकै ठाउँमा मिलेर
बनिएको शहर होस्।
४ जस्तो परमप्रभुको नाउँमा धन्यवाद
दिन
इस्राएलको निम्ति साक्षी भएअनुसार
जहाँ परमप्रभुका कुलहरू
उक्लन्छन्।
५ त्यहाँ इन्साफको सिंहासन,
दाऊदका परिवारका सिंहासनहरू
राखिदिएका छन्।
६ यरूशलेमको शान्तिको निम्ति प्रार्थना
गर।
तँलाई माया गर्नेहरूको उन्नति होस्।
७ तेरा पर्खालभित्र शान्ति होस्,
र तेरा महलहरूभित्र उन्नति होस्।
८ मेरा भाइहरू र मित्रहरूका निम्ति
"तँभित्र शान्ति होस्" भनेर अब म
भन्नेछु।
९ हाम्रा परमेश्वर, परमप्रभुको भवनको
खातिर,
म तेरो भलाइनै खोज्नेछु।

परमेश्वरको प्रीतक्षा

स्वर्गारोहीहरूको स्तुतिगान

१२३ हे स्वर्गको सिंहासनमा विराजमान
हुनुहुने,
तपाईंतिर म मेरा आँखा उचाल्छु।
२ जसरी नोकरहरूका आँखाले आफ्ना
मालिकको हाततिर हेर्दछन्,
र नोकर्नीका आँखाले आफ्नी
मालिक्नीको हाततिर हेर्दछन्,
त्यसरीनै जबसम्म उहाँले हामीमाथि
कृपा गर्नुहुन्न
तबसम्म हाम्रा आँखाले ता परमप्रभु,
परमेश्वरतिरै हेर्दछन्।
३ हामीमाथि कृपा गर्नुहोस्, हे परमप्रभु,
हामीमाथि कृपा गर्नुहोस्,
किनकि हामीलाई साह्रै हेला भएको छ।
४ सुखमा बस्नेहरूका गिल्लाले र
अहंकारीहरूका हेलाले
हाम्रा मन अत्यन्तै भरिएको छ।

छुटकाराको निम्ति प्रशंसा

दाऊदले रचेको स्वर्गारोहीहरूको स्तुतिगान—

१२४ परमप्रभु हाम्रातर्फ नहुनुभएता
इस्राएलले अहिले भनोस्!
२ परमप्रभु हाम्रातर्फ नहुनुभएता,
जब मानिसहरू हाम्रा विरुद्धमा उठेथे
३ तब तिनीहरूले हामीलाई जिउँदै
निल्नेथिए
जब तिनीहरूको रीस हाम्रो विरुद्धमा

उठेको थियो।
४ तब बाढ़ले हामीलाई बगाइहाल्नेथियो,
नदी हामीमाथि भएर जानेथियो।
५ तब भयानक नदीहरू हामीलाई छोपेर
जानेथिए।
६ हामीलाई तिनीहरूका दाहाका शिकार
बन नदिनुहुने परमप्रभु धन्यका हुनुहुन्छ।
७ शिकारीको पासोबाट चरा उम्केझैँ,
हाम्रो प्राण उम्केको छ।
पासो छिन्यो र हामी बाच्यौं।
८ हाम्रो गोहार स्वर्ग र पृथ्वी
सृष्टि गर्नुहुने परमप्रभुको नाउँमा छ।

आफ्नो प्रजाको चारैतिर परमप्रभु

स्वर्गारोहीहरूको स्तुतिगान

१२५ परमेश्वरमा भरोसा राख्नेहरूचाहिं
सियोन डाँडाझैँ छन्,
जो कहिल्यै डग्दैन, तर सदा सर्वदै
रहिरहन्छ।
२ जस्तो यरूशलेमको चारैतिर पहाड़हरू
छन्,
त्यस्तै अबदेखि उसो र सधैँभरि परमप्रभु
आफ्ना मानिसहरूका चारैतिर हुनुहुन्छ।
३ किनकि दुष्टयाईंको राज-दण्ड धार्मिकहरूका
भागमा पर्नेछैन।
नत्रता धार्मिकहरूले आफ्ना हात
अधर्मतिर लगाउनेछन्।
४ हे परमप्रभु, असल गर्नेहरूलाई असले
गर्नुहोस्,
र तिनीहरूलाईं, जसका हृदय सच्चा छन्।
५ तर कुमार्गतिर फर्कनेहरूलाई परमप्रभुले
खराब गर्नेहरूसँग अगि लगाउनुहुनेछ।
इस्राएलमा शान्ति होस्।

कैदबाट फर्केको

स्वर्गारोहीहरूको स्तुतिगान

१२६ जब परमप्रभुले सियोनको कैदलाई
फर्काएर ल्याउनुभयो,
तब हामी ता सपनामा भएजस्तै भयौं।
२ तब हाम्रो मुख हाँसोले
र हाम्रो जिब्रो गानले भरिए।
तब तिनीहरूले जाति जातिका बीचमा
भने,
"परमप्रभुले तिनीहरूका निम्ति ठूला
ठूला काम गर्नुभएको छ।"
३ परमप्रभुले हाम्रा निम्ति ठूला ठूला
काम गर्नुभएको छ, हामी आनन्दित छौं।

४ हे परमप्रभु, दक्षिणका नदीहरू बगेझैं,
हाम्रो कैदलाई फेरि फर्काइदिनुहोस्।
५ रूँदै छर्नेहरू आनन्दले कराउँदै कटनी
गर्नेछन्।
६ छर्नालाई रूँदै बिउ बोकेर लैजानेले
आफ्ना बिटा बोकेर आनन्दले कराउँदै
फेरि घर आउनेछ।

सुदिन दिने परमेश्वर

स्वर्गारोहीहरूको भजन—सुलेमानले रचेको

१२७ परमप्रभुलेनै घर नबनाउनु भएता
बनाउनेहरूले व्यर्थमा परिश्रम
गर्छन्।
परमप्रभुले शहरको रक्षा नगर्नु भएता
पाले व्यर्थैमा जागो रहन्छ।
२ बिहान सबैरै उठ्न, राती अबेर विश्राम
गर्नजान,
र परिश्रमको रोटी खान तिमीहरूलाई
व्यर्थै छ,
किनकि उहाँलेनै आफ्ना प्रियहरूलाई
निद्रा दिनुहुन्छ।
३ हेर, छोराहरू ता परमप्रभुले दिनुभएको
हक मात्र हुन्,
गर्भको फलचाहिं उहाँको इनाम हो।
४ बीर योद्धाको हातमा भएका काँड़झैं
युवावस्थाका छोराहरू हुन्छन्।
५ त्यो मानिस धन्यको हो, जसको ठोको
तिनले भरिएका हुन्छन्।
मूल-ढोकामा आफ्ना शत्रुहरूसित बोल्दा
तिनीहरू लाजमा पर्नेछैनन्।

धर्मात्माको घर

स्वर्गारोहीहरूको स्तुतिगान

१२८ हरेक जो परमप्रभुदेखि डराउँछ,
जो उहाँको मार्गमा हिंड्छ,
त्यो धन्यको हो।
२ किनकि तैंले आफ्नो हातको कमाइ खानेछस्,
तँ सुखी हुनेछस् र तँलाई असलै हुनेछ।
३ तेरी स्वास्नी फल दिने दाखजस्तै तेरो घरको भित्रपट्टि हुनेछ।
तेरा छोरा-छोरीहरू तेरो टेबलको वरिपरि भद्राक्षका मुनाहरूजस्तै हुनेछन्।
४ हेर, परमेश्वरको डर राख्ने मानिसहरू त्यस्तै आशीर्वादी हुनेछन्।
५ परमप्रभुले तँलाई सियोनबाट आशीर्वाद दिनुहुनेछ।
तेरो जीवनभरि तैंले यरूशलेमको उन्नति देख्नपाएस्,
६ तैंले तेरा नाति पनाति देख्नपाएस्,
इस्राएलमा शान्ति आओस्।

शत्रु-विजयको प्रार्थना

स्वर्गारोहीहरूको स्तुतिगान

१२९ तिनीहरूले मेरो बाल्यावस्थादेखि
मलाई धेरैचोटि कष्ट दिएका छन्,
अब इस्राएलले भनोस्।
२ तिनीहरूले मेरो बाल्यावस्थादेखि मलाई धेरैचोटि कष्ट दिएका छन्,
तापनि तिनीहरू ममाथि विजयी भएका छैनन्।
३ हलो जोत्नेहरूले मेरो पिठ्यूँमा हलो जोते।
तिनीहरूले लामा लामा डयाङ्हरू बनाए।
४ परमेश्वर धार्मिक हुनुहुन्छ।
उहाँले दुष्टहरूका डोरी काट्नुभएको छ।
५ सियोनलाई घृणा गर्ने सबै
शर्ममा परिहाल्न् र हटेर जाऊन्।
६ तिनीहरू घरका छानाका घाँसजस्ता होऊन्,
जो बढ्न अघिनै ओइलिहाल्छ,
७ जसबाट काट्नेले आफ्नो मुठी पनि भर्नसक्तैन,
बिटा बाँध्नेले आफ्नो पोल्टा भर्नसक्तैन,
८ नजीकबाट जानेहरूले भन्नेछैनन्,
"परमेश्वरको आशीर्वाद तिमीमाथि रहोस्।
परमप्रभुको नाउँमा हामी तिमीलाई आशीर्वाद दिन्छौं।"

परमप्रभुको क्षमाशील प्रेम

१३० हे परमप्रभु, गहीरा ठाउँहरूबाट
मैले तपाइंको पुकारा गरेको छु।
२ हे परमप्रभु, मेरो सोर सुन्नुहोस्,
मेरो अन्तरबिन्तीतिर तपाइंका कानले ध्यान दिऊन्।
३ हे परमप्रभु, तपाईंले अधर्मको लेखा दिनुभयो भनेता
हे परमप्रभु, को खड़ा हुनुसक्छ र?
४ तर तपाइंको डर मान्न तपाइंसित क्षमा पनि छ।
५ म परमप्रभुको बाटो हेर्छु, मेरो आत्माले बाटो हेर्छ,
र उहाँको वचनमा म आशा गर्छु।
६ पालेले बिहानको बाटो हेरेको भन्दा बढ़ी,
पालेले बिहानको बाटो हेरेको भन्दा बढ़ीनै,
मेरो आत्माले परमप्रभुको बाटो हेर्छ।
७ हे इस्राएल, परमप्रभुमा आशा गर्,
किनभने परमप्रभुमानै करुणा छ,
औ उहाँमा प्रशस्त उद्धार पनि छ।
८ औ उहाँलेनै इस्राएललाई
त्यसका सबै अधर्मबाट उद्धार दिनुहुनेछ।

परमेश्‍वरमा विनम्र भरोसा

स्वर्गारोहीहरूको स्तुतिगान—दाऊदको भजन

१३१ हे परमप्रभु, मेरो हृदय अहंकारी छैन,
मेरो आँखा लालची छैन,
ज्यादै ठूला कुराहरू र मेरो निम्ति
ज्यादै आश्‍चर्यका थोकहरूमा
मैले आफैलाई व्यस्त तुल्याएको छैनँ।
२ अवश्य मैले आफूलाई शान्त र चूपचाप गराएको छु,
आमाको काखमा रहेको दूध चूस्ने बालकझैँ,
दूध चूस्ने बालकझैँ मेरो मनको कुरा मभित्रै छ।
३ हे इस्राएल, आजदेखि उसो र सधैँभरि परमप्रभुमानै आशा राख्।

भवनमा आशिषको प्रार्थना

स्वर्गारोहीहरूको स्तुतिगान

१३२ हे परमप्रभु, दाऊदलाई तिनको सबै दुःखमा सम्झनुहोस्।
२ तिनले परमप्रभुको नाउँमा कसरी शपथ हालेका छन्,
र याकूबका शक्तिशालीको नाउँमा भाकल गरेका छन्,
३ "अवश्य म तबसम्म आफ्नो घरको बासस्थानमा पस्नेछैनँ,
औ मेरो ओछ्यानमा चढ्नेछैनँ।
४ न मेरा आँखामा निद्रा आउन दिनेछैनँ,
अथवा आफ्नो पटललाई झिम्काउनेछैनँ।
५ जबसम्म परमप्रभुको निम्ति एउटा ठाउँ
र याकूबका शक्तिशालीको निम्ति एउटा बासस्थान म पाउन्नँ।"
६ हेर, एफ्रातामा हामीले त्यसको विषयमा सुन्यौं,
हामीले जङ्गलको मैदानमा त्यो भेट्टायौं।
७ हामी उहाँको वासस्थानमा जानेछौं,
हामी उहाँको पाउदानमा दण्डवत् गर्नेछौं।
८ हे परमप्रभु, तपाईं आफ्नो शक्तिको सन्दूकसमेत,
आफ्नो विश्रामको ठाउँमा उठेर जानुहोस्।
९ तपाईंका पूजाहारीहरूले धार्मिकताको वस्त्र पहिरून्,
र तपाईंका भक्त जनहरू आनन्दले कराऊन्।
१० तपाईंको दास दाऊदको खातिर
तपाईंबाट अभिषेक भएको जनको मुख नफर्काइदिनुहोस्।
११ परमप्रभुले दाऊदसँग सत्यको शपथ हाल्नुभएको छ।
उहाँले त्यो टार्नुहुन्न,
"म तेरो सिंहासनमा तेरै शरीरको फललाई बसाल्नेछु।
१२ यदि तेरा सन्तानले मेरो करार
र मैले तिनीहरूलाई सिकाएका मेरो साक्षी-वचन पालन गर्छन् भने,
तिनीहरूका सन्तान पनि सदाको निम्ति
तेरो सिंहासनमा बस्नेछन्।"
१३ किनभने परमप्रभुले सियोनलाई छान्नुभएको छ,
उहाँले त्यसलाई आफ्नो बसोबासोको निम्ति चाहनुभएको छ।
१४ "यो सधैंको निम्ति मेरो विश्रामको ठाउँ हो।
म यहीं रहनेछु, किनकि मैले यस्तै इच्छा गरेको छु।
१५ त्यसको खानेकुरामा म प्रशस्त आशीर्वाद दिनेछु,
त्यहाँ दरिद्रहरूलाई म रोटीले तृप्त गराउनेछु।
१६ त्यसका पूजाहारीहरूलाई पनि म उद्धारको वस्त्र पहिऱ्याउनेछु,
र त्यसका भक्त जनहरू आनन्दले चर्को गरी कराउनेछन्।
१७ त्यहींनै म दाऊदको सीङ्को टुसा उमार्नेछु,

मैले आफ्नो अभिषेक जनको निम्ति
दियो नियुक्त गरेको छु।
१८ म त्यसका शत्रुहरूलाई शर्मको वस्त्र
परिस्याउनेछु,
तर त्यसमाथि चाहिँ त्यसका शिरपेच
चम्कनेछ।"

भ्रातृत्वको महत्त्व

स्वर्गारोहीहरूको स्तुतिगान—दाऊदको भजन

१३३ समाजका दाज्यू-भाइहरू आपसमा
एकतामा भएर बस्नु।
कत्ति असल र मनोहर कुरा हुन्छ!
२ यो ता शिरको त्यो उत्तम तेलजस्तो हो,
जो दाहीमा बगेथ्यो,
हारूनकै दाहीमा,
जो तिनको वस्त्रको किनारसम्मै
झरेको थियो।
३ हर्मोनको शीतजस्तै
जो सियोनका पहाड़हरूमा झर्छ,
किनकि त्यहींनै परमप्रभुले आशिषको
आज्ञा दिनुभयो,
अनन्तको जीवन।

रात्री स्तुतिगान

स्वर्गारोहीहरूको स्तुतिगान

१३४ हे परमप्रभुका सबै सेवक हो, जो
परमप्रभुको घरमा राती बस्तछन्,
हेर, परमप्रभुलाई धन्यको भन।
२ तिमीहरूका हात पवित्रस्थानतिर उचाल,
र परमप्रभुलाई धन्यको भन।
३ स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने
परमप्रभुले तँलाई सियोनबाट आशीर्वाद
दिऊन्!

परमप्रभुको महत्त्व, र मूर्तिको व्यर्थता

१३५ परमप्रभुको स्तुति गर।

परमप्रभुको नाउँको स्तुति गर,
हे परमप्रभुका सेवक हो, उहाँको स्तुति
गर।
२ तिमीहरू, जो परमप्रभुको भवनमा
परमप्रभुकै भवनका चोकहरूमा खड़ा
रहन्छौ।
३ परमप्रभुको स्तुति गर, किनभने परमप्रभु
भला हुनुहुन्छ,
उहाँको नाउँको भजन गाओ,
किनभने त्यो मनपर्नें हुन्छ।
४ किनकि परमप्रभुले याकूबलाई आफ्नो
निम्ति
र इस्राएललाई आफ्नै निज धनको
निम्ति चुन्नुभएको छ।
५ किनभने मलाई थाह छ, कि परमप्रभु
महान् हुनुहुन्छ,
र हाम्रा परमप्रभु सबै देवहरूभन्दा महान्
हुनुहुन्छ।
६ स्वर्गमा, पृथ्वीमा, समुद्रमा र सबै
गहीरा ठाउँहरूमा
परमप्रभु आफैले इच्छा गर्नुभएबमोजिम
गर्नुभएको छ।
७ उहाँले पृथ्वीको पल्लो छेउबाट कुइरो
उठाउनुहुन्छ,
उहाँले वर्षाको निम्ति बिजुली बनाउनु-
हुन्छ,
उहाँले आफ्ना भँड़ारहरूबाट बतास
निकाल्नुहुन्छ।
८ जसले मिश्र देशमा
मानिस र पशुहरूका जेठा जेठाहरूलाई
मार्नुभयो।
९ हे मिश्र देश, उहाँले तेरै बीचमा
फिरऊन र तिनका सारा कर्मचारीहरूका
सामने चिह्न र आश्चर्यका काम
गर्नुभयो।
१० जसले धेरै ठूला ठूला जातिहरूलाई
नाश पार्नुभयो,
र धेरै शक्तिशाली राजाहरूलाई नष्ट
गर्नुभयो।
११ अमोरीहरूका राजा सीहोन

र बाशानका राजा ओगलाई,
र कनानका सबै राज्यहरूलाई ।
१२ अनि आफ्नो प्रजा इस्राएललाई
अधिकारको भागजस्तै
तिनीहरूका देश बाँडेर अधिकारको
रूपमा दिनुभयो ।
१३ हे परमप्रभु, तपाईंको नाउँ सदा सर्वदै
रहिरहन्छ,
हे परमप्रभु, तपाईंको सम्झना पुस्तौंसम्म
भइरहन्छ ।
१४ किनभने परमप्रभुले आफ्नो प्रजाको
इन्साफ गर्नुहुनेछ,
र आफ्ना सेवकहरूलाई दया गर्नहुनेछ ।
१५ अन्यजातिका मूर्तिहरू ता सुन र चाँदी
हुन्,
ती ता मानिसका हातका काम हुन् ।
१६ तिनीहरूका मुख छन्, तर बोल्दैनन् ।
आँखा छन्, तर देख्तैनन् ।
१७ कान छन्, तर सुन्दैनन् ।
तिनीहरूका मुखमा केही सास हुँदैन ।
१८ तिनीहरूलाई बनाउने जस्ता छन्, ती
पनि त्यस्तै हुन्छन् ।
तिनीहरूमाथि भरोसा राख्नेहरू
पनि सबै उस्तै हुन्छन् ।
१९ हे इस्राएलको वंश, परमप्रभुलाई धन्यको
भन ।
हे हारूनको परिवार, परमप्रभुलाई
धन्यको भन ।
२० हे लेवीको वंश, परमप्रभुलाई धन्यको भन ।
हे परमप्रभुसित डराउने हो, परमप्रभुलाईनै
धन्यको भन ।
२१ परमप्रभु, जो यरूशलेममा बास गर्नुहुन्छ,
उहाँलाई सियोनबाट धन्यको भनियोस्,
परमप्रभुको स्तुति गर ।

परमेश्वरको करुणाको निम्ति धन्यवाद

१३६ परमप्रभुलाई धन्यवाद देओ,
किनभने उहाँ भलो हुनुहुन्छ ।
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
२ देवहरूका परमेश्वरलाई धन्यवाद देओ,
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
३ परमप्रभुहरूका प्रभुलाई धन्यवाद
देओ ।
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
४ उहाँलाई, जो एक्लैले महा आश्चर्यकामहरू
गर्नुहुन्छ ।
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
५ उहाँलाई, जसले आफ्नै बुद्धिले स्वर्ग
सृष्टि गर्नुभयो ।
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
६ उहाँलाई, जसले पानीमाथि पृथ्वी
फैलाउनुभयो ।
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
७ उहाँलाई, जसले ठूला ठूला ज्योतिहरू
सृष्टि गर्नुभयो ।
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
८ दिनमा राज्य गर्नलाई सूर्य,
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
९ र रातमा राज्य गर्नलाई चन्द्रमा र
ताराहरू ।
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
१० उहाँलाई, जसले मिश्र देशवासीहरूका
जेठा जेठाहरूलाई मार्नुभयो ।
किनभने उहाँको करुणा सदा सर्वदै
रहिरहन्छ ।
११ र तिनीहरूका बीचबाट इस्राएललाई
निकालेर ल्याउनुभयो ।
किनभने उहाँको करुणा सदा सर्वदै

रहिरहन्छ

१२ बलियो हात र पसार्नुभएको पाखुराले निकाल्नुभयो।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

१३ उहाँलाई, जसले लाल समुद्रलाई भाग भाग पारेर छुट्याउनुभयो।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

१४ र इस्राएललाई त्यसको बीचबाट पार गराउनुभयो।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

१५ तर फिरऊन र तिनका सेनालाई लाल समुद्रमा फालिदिनुभयो।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

१६ उहाँलाई, जसले आफ्ना प्रजालाई उजाड़-स्थान भित्रभित्रबाट डोऱ्याएर लानुभयो।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

१७ उहाँलाई, जसले ठूला ठूला राजाहरूलाई मार्नुभयो।
किनभने उहाँको करुणा सर्वदै रहिरहन्छ।

१८ र नामी नामी राजाहरूलाई नष्ट गर्नुभयो,
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

१९ अमोरीहरूका राजा सीहोनलाई।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

२० बाशानका राजा ओगलाई।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

२१ र तिनीहरूका देश अधिकारको निम्ति दिनुभयो।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

२२ आफ्नो दास इस्राएललाई अधिकारको निम्ति दिनुभयो।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

२३ जसले हामीलाई हाम्रा दुर्दशामा स्मरण गर्नुभयो।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

२४ र हामीलाई हाम्रा विरोधीहरूका हातबाट छुटाउनुभयो।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

२५ उहाँले सबै प्राणीहरूलाई आहार दिनुहुन्छ।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

२६ स्वर्गका परमेश्वरलाई धन्यवाद देओ।
किनभने उहाँको करुणा सदा सर्वदै रहिरहन्छ।

बेबिलोनमा कैदी अवस्थाको रोदन

१३७ बेबिलोनका नदीहरूका किनारमा बसेर
सियोनलाई सम्झँदै हामी रोयौं।

२ त्यहाँको बीचको बैंसको रूखमा हामीले आफ्नो वीणा झुण्डायौं।

३ किनकि हामीलाई कैद गरेर ल्याउनेहरूले त्यहाँ हामीबाट गीत सुन्ने इच्छा गरे,
र हामीलाई लुट्नेहरूले यो भनेर हामीबाट मनोरञ्जन खोजे,
"हाम्रा निम्ति सियोनको एउटा गीत गाओ।"

४ बिरानो देशमा
हामीले परमप्रभुको गीत कसरी गाउनु?

५ हे यरूशलेम, मैले तँलाई बिर्सेको भए
मेरो दाहिने हात कुहिजाओस्।

६ मैले तँलाई नसम्झेको भए,

यदि मैले यरूशलेमलाई
मेरो सारा आनन्दभन्दा श्रेष्ठ मानिनँ भने,
मेरो जिब्रो मेरो तालुमा टाँसिजाओस्।
७ हे परमप्रभु, एदोमीहरूका विरुद्धमा
यरूशलेमको दिनलाई सम्झाउनुहोस्।
जसले भनेथे, "पूर्णरूपले विध्वंस पार,
त्यसको जगसम्मै पूर्णरूपले विध्वंस पार।"
८ हे बेबिलोनकी छोरी, तँ नष्ट हुनेछस्।
तँलाई यस्तो व्यवहार गर्ने सुखी हुनेछ,
जसरी तैंले हामीलाई गरेकी छस्।
९ त्यसरी तेरा ससाना बच्चाहरूलाई
समातेर चटानमा पछार्ने सुखी हुनेछ।

निगाहको निम्ति प्रशंसा

दाऊदको भजन

१३८ म मेरो सारा हृदयले तपाईंलाई
धन्यवाद दिनेछु।
देवहरूका सामने म तपाईंको प्रशंसा
गर्नेछु,
२ म तपाईंको पवित्र मन्दिरतिर दण्डवत्
गर्नेछु।
र तपाईंको करुणा र सत्यताको निम्ति
तपाईंको नाउँमा धन्यवाद दिनेछु।
किनभने तपाईंले आफ्नो वचन आफ्ना
सारा नाउँमा श्रेष्ठ तुल्याउनुभएको छ।
३ मैले तपाईंलाई पुकारेको दिन तपाईंले
मलाई जवाफ दिनुभयो,
मेरो आत्मामा शक्ति दिएर तपाईंले
मलाई आँट दिनुभयो।
४ हे परमप्रभु, पृथ्वीका सबै राज्यहरूले
तपाईंलाई धन्यवाद दिनेछन्,
किनकि तिनीहरूले तपाईंको मुखका
वचन सुनेका छन्।
५ तिनीहरूले परमप्रभुका मार्गको विषयमा
गाउनेछन्।
किनभने परमप्रभुको महिमा ठूलो छ।
६ किनभने परमप्रभु उच्च हुनुभए, तापनि
उहाँले नम्रहरूलाई कदर गर्नुहुन्छ।
तर घमण्डीहरूलाई उहाँले टाढैबाट
चिन्नुहुन्छ।
७ दुःखको बीचमा हिँडे तापनि तपाईंले
मलाई पुनर्जीवन दिनुहुन्छ।
मेरा शत्रुहरूको क्रोधको विरुद्धमा
तपाईंले आफ्नो हात पसार्नुहुनेछ,
र तपाईंको दाहिने बाहुलीले मलाई
जोगाउनेछ।
८ मेरा सम्बन्धका सबै कुरा परमप्रभुले
ठीक पारिदिनुहुनेछ।
तपाईंको करुणा, हे परमप्रभु, सदाको
निम्ति रहिरहन्छ।
आफ्नै बाहुलीका कामलाई नत्याग्नुहोस्।

परमेश्वर सर्वज्ञानी र सर्वव्यापी

वाद्य-नाइकेको निम्ति—दाऊदको भजन

१३९ हे परमप्रभु, तपाईंले मलाई
जाँचेर चिन्नुभएको छ।
२ तपाईंले मेरो बसाइ र मेरो उठाइ
जान्नुहुन्छ,
तपाईंले टाढैबाट मेरो विचार बुझ्नुहुन्छ।
३ तपाईंले मेरो चाल र मेरो सुताइ ठीक
ठीक गरेर जाँच गरी चिन्नुहुन्छ,
र मेरो सबै चालचलनको भेद थाह
पाउनुहुन्छ।
४ किनकि मेरो जिब्रोमा कुनै कुरा आउन
अघिनै,
हे परमप्रभु, तपाईंले त्यो जान्नुहुन्छ।
५ तपाईंले मलाई अगि र पछि घेर्नुभएको छ,
र आफ्नो बाहुली ममाथि राख्नुभएको छ।
६ यस्तो ज्ञान मेरो निम्ति साह्रै आश्चर्यपूर्ण
छ।
ती उच्च छ, म त्यहाँसम्म पुग्नैसक्तिनँ।
७ तपाईंको आत्माको दृष्टिबाट म कहाँ
जाऊँ?
अथवा तपाईंको सामनेबाट म कहाँ भागूँ?
८ स्वर्गमा उक्लें भने, तपाईं त्यहाँ
हुनुहुन्छ,
पातालमा आफ्नो ओछ्यान बनाएँ
भने, त्यहाँ पनि तपाईं हुनुहुन्छ।

९ बिहानको पखेटामा उडेर
समुद्रको पल्लो किनारामा बसें भने पनि,
१० त्यहाँ पनि तपाईंको बाहुलीले मलाई डोर्‍याउनेछ,
र तपाईंको दाहिने बाहुलीले मलाई समाल्नेछ।
११ यदि म भनूँ, "निश्चय अँध्यारोले मलाई छोप्नसक्छ,
र मेरा चारैतिरको उज्यालो रातीको अँध्यारोजस्तो होस्।"
१२ तापनि अँध्यारोले तपाईंबाट लुकाउनेछैन,
तर रात पनि दिनझैं चम्कन्छ।
तपाईंको निम्ति ता रात र दिन एकनासका छन्।

१३ किनकि तपाईंलेनै मेरो अन्तस्करण बनाउनुभयो।
तपाईंले मलाई मेरी आमाको गर्भमा रच्नुभयो।
१४ म तपाईंलाई धन्यवाद दिनेछु।
किनकि म भयानक र आश्चर्य रीतिले बनिएको छु।
तपाईंका कार्यहरू आश्चर्यका छन्।
र ती कुरा मेरो आत्माले राम्ररी जान्दछ।
१५ जब म गुप्तमा बनिएको थिएँ
र पृथ्वीको सबैभन्दा तल्लो भागमा अनौठो रीतिले आकारमा बनिँदैथिएँ,
तब मेरा हड्डीहरू तपाईंबाट लुकेका थिएनन्।
१६ मेरो रचना नभई तपाईंका आँखाले मलाई देखेका थिए,
म अपूर्ण रूपमै भएको तपाईंका आँखाले देखेका थिए,
र मेरा सबै अङ्ग जो दिन दिन बनिँदै आएका थिए,
ती नबनिँदै तपाईंका पुस्तकमा ती लेखिएका थिए।
१७ हे परमेश्वर, मेरो निम्ति तपाईंका विचारहरू कति अमूल्य छन्।
तिनीहरूको संख्याको सार कति ठूलो छ।
१८ तिनीहरूलाई गने भने, ती बालुवाका संख्याभन्दा बढ़ी छन्,
म जाग्दा तपाईंसँगै हुन्छु।

१९ हे परमेश्वर, निश्चय तपाईंले दुष्टहरूलाई मार्नुहुनेछ,
यसकारण, हे हत्यारा हो, मबाट पर हट।
२० किनभने तिनीहरूले तपाईंको विरुद्धमा खराबी बोल्दछन्,
र तपाईंका शत्रुहरूले व्यर्थमा तपाईंको नाउँ लिन्छन्।
२१ हे परमप्रभु, तपाईंलाई घृणा गर्नेलाई के म घृणा नगरूँ?
र तपाईंका विरुद्धमा उठ्नेहरूलाई के म तुच्छ न ठानूँ?
२२ म तिनीहरूलाई औधी घृणा गर्छु,
म तिनीहरूलाई मेरा शत्रुनै ठान्छु।

२३ हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदय बुझ्नुहोस्,
मलाई खार्नुहोस्, र मेरा विचारहरू जान्नुहोस्।
२४ र हेर्नुहोस्, ममा दुराचरण केही रहेछ कि रहेनछ,
र मलाई अनन्तको चालमा डोर्‍याउनुहोस्।

अत्याचारबाट रक्षाको प्रार्थना

गाय-नाइकेको निम्ति—दाऊदको भजन

१४० हे परमप्रभु, खराब मानिसबाट मलाई बचाउनुहोस्।
२ जसले आफ्नो मनमा खराब कल्पना रच्दछन्,
तिनीहरू निरन्तर लड़ाइँको निम्ति भेला हुन्छन्।

३ तिनीहरूले आफ्नो जिब्रो साँपले जस्तै
धारिलो पारेका छन्,
तिनीहरूका ओठमनि साँबे साँपका
विष छन्। सेला
४ हे परमप्रभु, दुष्टहरूका हातबाट मलाई
बचाउनुहोस्,
अत्याचारी मानिसबाट मलाई
जोगाउनुहोस्,
जसले मेरा पाइला चिप्ल्याउने युक्ति
गरेका छन्।
५ घमण्डीहरूले मेरो निम्ति पासो र
डोरी लुकाइराखेका छन्,
तिनीहरूले बाटोको किनारमा एउटा
जाल थापिराखेका छन्,
तिनीहरूले मेरो निम्ति धराप थापेका
छन्। सेला
६ मैले परमप्रभुलाई भनें, "तपाईं मेरा
परमेश्वर हुनुहुन्छ।"
हे परमप्रभु, मेरो अन्तरबिन्तीको सोर
सुन्नुहोस्।
७ हे परमप्रभु परमेश्वर, मेरो मुक्तिको शक्ति,
लडाइँको दिनमा तपाईंले मेरो शिर
छोप्नुभएको छ।
८ हे परमप्रभु, दुष्टहरूको इच्छा पूरा हुन
नदिनुहोस्,
त्यसको खराब युक्ति सफल नगराउनुहोस्,
नत्रता तिनीहरू उच्च हुनेछन्। सेला
९ मलाई चारैतिर घेर्नेहरूको शिरचाहिं
तिनीहरूका आफ्नै ओठको उपद्रयाइँले
ढाकोस्।
१० जलजलाउँदो भुँग्रो तिनीहरूमाथि
ओइरिऊन्,
तिनीहरू आगोमा फालिऊन्,
गहीरा खाल्डामा फेरि नउठ्ने गरी
तिनीहरू फालिऊन्।
११ पृथ्वीमा बकबादी स्थिर रहनेछैन,
अत्याचारी मानिसलाई पल्टाउन
दुष्टयाइँले त्यसलाई खेद्नेछ।
१२ मलाई थाह छ, कि परमप्रभुले दुःखी-
हरूका कुरा
र दरिद्रहरूका हक सम्झाल्नुहुनेछ।
१३ निश्चय धर्मीहरूले तपाईंको नाउँमा
धन्यवाद दिनेछन्,
सोझा मानिसहरू तपाईंको सामने बास
गर्नेछन्।

शुद्धि र रक्षाको प्रार्थना, सन्ध्या-काल

१४१

हे परमप्रभु, मैले तपाईंमा पुकारा
गरेको छु, मेरो निम्ति आतुरी
गर्नुहोस्,
मैले तपाईंलाई पुकारा गर्दा आफ्नो
कान मतिर थाप्नुहोस्।
२ मेरो प्रार्थना तपाईंको सामने धूपजस्तै
र मैले हात उठाउँदा बेलुकीको बलिजस्तै
ठहरिओस्।
३ हे परमप्रभु, मेरो मुखको सामने पाले
राखिदिनुहोस्,
मेरो ओठको ढोकालाई रक्षा गर्नुहोस्।
४ अधर्मका काम गर्नेहरूसित
र दुष्ट कामहरू गर्न मेरो हृदय कुनै
खराब कुरातिर नढल्काउनुहोस्,
र मैले तिनीहरूका स्वादिलो भोजन
खान नपरोस्।
५ धर्मात्माले मलाई पिटोस्,
त्यो मेरो निम्ति दयाझैं हुनेछ,
तिनले मलाई चेताउनी दिऊन्,
त्यो मेरो शिरमा तेलझैं हुनेछ।
मेरो शिरले त्यो इन्कार नगरोस्,
किनकि तिनीहरूका बिपत्तिमा -पनि
मेरो प्रार्थना लगातार भइरहनेछ।
६ तिनीहरूका न्यायाधीश चटानको
किनारमा अफालिएका हुन्छन्।
र तिनीहरूले मेरा कुरा सुन्नेछन्,
किनभने ती मीठा छन्।
७ हलो जोत्ने र भूइँ खन्नेले गरेझैं,
हाम्रा हाडहरू बिहानको मुखमा

छरिएका छन् ।
८ हे मेरा परमप्रभु परमेश्वर, निश्चय मेरा आँखाचाहिँ तपाईंतिरै रहन्छन्,
तपाईंमानै मैले भरोसा गरेको छु,
मेरा आत्मालाई असहाय नतुल्याउनुहोस् ।
९ तिनीहरूले मेरो निम्ति थापेका पासोबाट
र अधर्म काम गर्नेहरूको धरापबाट मलाई जोगाउनुहोस् ।
१० दुष्टहरू आफ्नै जालमा फँसून्,
त्यस बेला मचाहिँ उम्कनसकूँ ।

खेदोबाट छुटकाराको प्रार्थना

गुफामा हुँदा दाऊदको मस्किल भन्ने भजन—प्रार्थना

१४२ उच्च सोरमा म परमप्रभुलाई पुकाछुं,
मेरो उच्च सोरले म परमप्रभुमा अन्तरबिन्ती गर्छुं ।
२ म मेरो दुःखपुकार उहाँकै सामने राख्छु,
म मेरो दुःख उहाँलाई देखाउँछु ।
३ मेरो आत्मा मभित्र खिन्न हुँदा तपाईंले मेरो बाटो जान्नुहुन्छ ।
म हिँड्ने बाटोमा तिनीहरूले मेरो निम्ति पासो लुकाइराखेका छन् ।
४ मेरो दाहिने हातपट्टि आँखा फर्काएर हेर्नुहोस्,
किनभने मलाई चिन्ने कोही छैन ।
मेरो निम्ति कहीँ शरण छैन,
कोही मानिसले मेरो आत्माको वास्ता गर्दैन ।
५ हे परमप्रभु, मैले तपाईंलाई पुकारा गरें ।
मैले भनें, "तपाईं मेरो शरणस्थान र जीवितहरूको देशमा मेरो भाग हुनुहुन्छ ।
६ मेरो क्रन्दनमा ध्यान दिनुहोस् ।
किनकि म ता साह्रै नीच भएको छु ।
मलाई खेदो गर्नेहरूबाट बचाउनुहोस्,
किनकि तिनीहरू मभन्दा साह्रै बलिया छन् ।
७ तपाईंको नाउँमा धन्यवाद गर्न मेरो प्राणलाई कैदबाट छुटाउनुहोस् ।
धर्मात्माहरूले मलाई घेर्नेछन् ।
किनकि तपाईंले मलाई उपहार दिनुहुनेछ ।

दाऊदको भजन

१४३ हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्
मेरो बिन्तीमा कान थाप्नुहोस् ।
आफ्नो सत्यता र धार्मिकतामा मलाई जवाफ दिनुहोस् ।
२ आफ्नो दासको विरुद्धमा मामिला नउठाउनुहोस् ।
किनकि तपाईंको दृष्टिमा कुनै जीवित मानिस निर्दोष ठहरिनेछैन ।
३ किनकि शत्रुले मेरो प्राणको खेदो गरेको छ ।
त्यसले मेरो प्राणलाई जमीनसम्मै मिचेको छ ।
अघिनै मरिसकेकाहरू जस्तैगरी त्यसले मलाई अँध्यारा ठाउँहरूमा बस्न लगाएको छ ।
४ यसकारण मेरो आत्मा मभित्र खिन्न भएको छ,
मेरो हृदय मभित्रै दिक्क भएको छ ।
५ म उहिले उहिलेका दिनहरू सम्झन्छु ।
म तपाईंका सारा कार्यहरूमा ध्यान लगाउँछु ।
म तपाईंका हातको काममा विचार गर्छु ।
६ म मेरा हात तपाईंतिर पसाछुं ।
मेरो प्राण बाँझो जमीनझैं तपाईंको निम्ति तिर्खाउँछ । सेला
७ मलाई जवाफ दिन चाँडो गर्नुहोस् ।
हे परमप्रभु, आफ्नो मुख मबाट नलुकाउनुहोस्,
नत्रता मेरो आत्मा निराश हुन्छ ।

नत्रता म खाड़लमा पर्नेहरूझैं हुनेछु।
८ बिहान तपाईंको करुणा मलाई सुन्नलाउनुहोस्।
किनकि तपाईंमानै म भरोसा गर्छु।
जुन मार्गमा मैले चल्नुपर्छ, त्यो मलाई जान्नदिनुहोस्।
किनकि म मेरो मन तपाईंतिर लगाउँछु।
९ हे परमप्रभु, मलाई मेरा शत्रुहरूबाट छुटकारा दिनुहोस्।
म लुक्न भनी तपाईंकहाँ भाग्दै आउँछु।
१० तपाईंको इच्छाबमोजिम गर्न मलाई सिकाउनुहोस्, किनकि तपाईं मेरा परमेश्वर हुनुहुन्छ।
तपाईंको आत्मा भला छ, मलाई सोझो बाटोमा डोऱ्याउनुहोस्।
११ हे परमप्रभु, तपाईंको नाउँको खातिर मलाई जीवित पार्नुहोस्।
तपाईंको धार्मिकतामा मेरो आत्मालाई दुःखबाट छुटाउनुहोस्।
१२ औ तपाईंको करुणामा मेरा शत्रुहरूलाई सर्वनाश पार्नुहोस्,
र मेरो प्राणलाई दुःख दिने सबैलाई नाश पार्नुहोस्।
किनकि म तपाईंको दास हुँ।

खतराबाट रक्षाको प्रार्थना

दाऊदको भजन

१४४ परमप्रभु, मेरो चटान धन्यको हुनुहुन्छ,
जसले मेरा हातलाई युद्ध गर्न र मेरा औंलाहरूलाई लड़ाईं गर्न सिकाउनुहुन्छ।
२ मेरा करुणानिधान र मेरो किल्ला,
मेरो उच्च धरहरा, र मलाई मुक्ति दिने।
मेरो ढाल, जसमा म भरोसा राख्तछु।
जसले मेरो प्रजालाई मेरो अधीनमा पार्नुहुन्छ।

३ हे परमप्रभु, मानिस के हो, र तपाईंले त्यसको सुधि लिनुहुन्छ?
अथवा मानिसको सन्तान, जसको तपाईं लेखा लिनुहुन्छ?
४ मानिस एक सासजस्तो मात्र हो।
त्यसको दिन बिती जाने छायाजस्तो मात्र हुन्छ।
५ हे परमप्रभु, आफ्नो स्वर्ग झुकाएर ओर्लनुहोस्।
पहाड़हरूलाई छुनुहोस्, र तीबाट धुवाँ उठ्नेछ।
६ बिजुली चम्काएर तिनीहरूलाई छिन्नभिन्न पार्नुहोस्।
आफ्ना काँड़हरू छोड़ेर तिनीहरूलाई ध्वँस पार्नुहोस्।
७ माथिबाट आफ्नो हात पसार्नुहोस्।
मलाई गहीरा गहीरा पानीबाट तानेर बचाउनुहोस्,
विदेशीका हातबाट मलाई छुटकारा दिनुहोस्।
८ जसको मुखले व्यर्थका कुरा बोल्छ, र तिनीहरूको दाहिने हात झूटको दाहिने हात हो*।

९ हे परमेश्वर म तपाईंको निम्ति एउटा नयाँ भजन गाउनेछु।
दश तारे वीणामा म तपाईंको स्तुति गाउनेछु।
१० उहालेनै राजाहरूको उद्धार गर्नुहुन्छ।
जसले आफ्नो दास दाऊदलाई हानिकारक तरवारबाट बचाउनुहुन्छ।
११ मलाई विदेशीको हातबाट छुटकारा दिएर बचाउनुहोस्,
जसको मुखले व्यर्थका कुरा बोल्दछ,
तिनीहरूको दाहिने हात झूटको दाहिने हात हो*।
१२ जब हाम्रा छोराहरू, तिनीहरूका युवावस्थामा रूखहरू बढ़ेझैं हुन्छन्,
र हाम्रा छोरीहरू महलको निम्ति

*तिनीहरूको शपथ असत्य हुन्छ।

कुँदेका कुने-ढुङ्गाझैं हुन्छन्।
१३ जब हाम्रा भँडार सबै किसिमका अन्न
हालेर भरिएका हुन्छन्।
र हाम्रा भेडा-बाख्राहरूले हाम्रा
खेतहरूमा हजारौं हजार ब्याउँछन्।
१४ जब हाम्रा साँढ़ेहरू खूब लादिएका
हुन्छन्।
जब भित्र फोर्ने र बाहिर निस्कने
हुँदैनन्।
र हाम्रा सड़कहरूमा हाहाकार
हुँदैन।
१५ यस्तो अवस्थामा हुने मानिसहरू कति
सुखी हुन्छन्।
ती मानिसहरू सुखी हुन्छन्,
जसका परमेश्वर परमप्रभुनै हुनुहुन्छ।

परमेश्वरको महत्त्व र उदारता

दाऊदको स्तुतिको भजन

१४५ हे मेरा परमेश्वर, हे महाराजा,
म तपाईंको प्रशंसा गर्नेछु।
र म तपाईंको नाउँलाई सदा सर्वदा
धन्यको भन्नेछु।
२ प्रतिदिन म तपाईंलाई धन्यको भन्नेछु।
र म तपाईंको नाउँको स्तुति सदा
सर्वदा गर्नेछु।
३ परमप्रभु महान् र स्तुतिको अति योग्य
हुनुहुन्छ।
र उहाँको महानता अगम छ।
४ एक पुस्ताले अर्को पुस्तालाई तपाईंको
कामको प्रशंसा गर्नेछ,
र तपाईंका शक्तिशाली कार्यहरूको
घोषणा गर्नेछ।
५ तपाईंको प्रतापी र शाही महत्त्वमा,
र तपाईंका आश्चर्यपूर्ण कार्यहरूमा
म ध्यान दिनेछु।
६ र मानिसहरूले तपाईंका भयानक
कामहरूका शक्तिको विषयमा कुरा
गर्नेछन्।
र म तपाईंको महानताको घोषण्ा गर्नेछु।
७ तिनीहरूले तपाईंको ठूलो भलाइको
सम्झनामा बोलेर प्रकाश गर्नेछन्,
र तपाईंका धार्मिकताको विषयमा
गाउनेछन्।
८ परमप्रभु अनुग्रही र दयाले भरिपूर्ण
हुनुहुन्छ।
रिसाउनमा धीरजी र अति करुणामय
हुनुहुन्छ।
९ परमप्रभु सबैमाथि भलो हुनुहुन्छ।
र उहाँका कोमल कृपा उहाँका
कार्यहरूमा श्रेष्ठ छन्।
१० तपाईंका सारा कार्यले तपाईंलाई धन्यवाद
दिनेछन्, हे परमप्रभु।
र तपाईंका भक्त जनहरूले तपाईंलाई
धन्यको भन्नेछन्,
११ तिनीहरूले तपाईंको राज्यको महिमाको
वर्णन गर्नेछन्।
र तपाईंको शक्तिको कुरा गर्नेछन्।
१२ उहाँका शक्तिशाली कार्यहरू
र उहाँका राज्यको शाही महिमा
मानिसहरूका सन्तानलाई जनाउनेछन्।
१३ तपाईंको राज्य अमर छ, र तपाईंको
प्रभुत्व सबै पुस्तासम्म रहिरहनेछ।
१४ पतन भएकाहरू सबैलाई परमप्रभुले
सम्हाल्नुहुन्छ,
निहुरेकाहरू सबैलाई उठाउनुहुन्छ।
१५ सबैका आँखाले तपाईंकै बाटो हेर्दछन्।
र तपाईंले तिनीहरूलाई ठीक समयमा
आहार दिनुहुन्छ।
१६ तपाईंले आफ्नो मुठी खोल्नुहुन्छ,
र सबै जीवित प्राणीहरूको इच्छालाई
सन्तुष्ट पार्नुहुन्छ।
१७ परमप्रभु आफ्ना सब मार्गमा धार्मिक
र आफ्ना सारा व्यवहारमा अनुग्रही
हुनुहुन्छ।
१८ उहाँमा पुकारा गर्ने सबैका नजीक

परमप्रभु हुनुहुन्छ,
उहाँलाई साँचोसित पुकारने सबैका नजीक।
१९ उहाँसित डराउनेहरूको इच्छा उहाँले पूरा गर्नुहुनेछ।
उहाँले तिनीहरूको पुकारा पनि सुन्नुहुनेछ,
र तिनीहरूलाई बचाउनुहुनेछ।
२० उहाँलाई प्रेम गर्ने सबैलाई परमप्रभुले जोगाउनुहुनेछ।
तर सबै दुष्टहरूलाई उहाँले नाश गर्नुहुनेछ।
२१ मेरो मुखले परमप्रभुको प्रशंसाको बयान गर्नेछ।
र सारा प्राणीले सधैंको निम्ति उहाँको पवित्र नाउँलाई धन्यको भनून्।

मानिसजातिका सहायक

१४६ परमप्रभुको प्रशंसा गर,
ए मेरो आत्मा, परमप्रभुको प्रशंसा गर्।
२ म बाँचुन्जेल परमप्रभुको प्रशंसा गर्नेछु।
मेरो जीवन रहुन्जेलसम्मै मेरा परमेश्वरको स्तुति म गाउँदैरहनेछु।
३ राजाहरूमाथि तँ भरोसा नगर्,
मानिसमाथि पनि नगर्,
तिनीहरूबाट केही सहायता हुँदैन।
४ त्यसको सास निस्किहाल्छ, त्यो माटैमा मिलिहाल्छ।
त्यही दिन त्यसका युक्तिहरू नष्ट भइहाल्छन्।

५ याकूबका परमेश्वरलाई आफ्नो सहायक बनाउनेचाहिँ सुखी हुन्छ,
जसको आशा परमप्रभु तिनका परमेश्वरमा, हुन्छ।
६ जसले स्वर्ग र पृथ्वी सृजनुभयो,
समुद्र र त्यसमा भएका यावत् थोक।
जसले सधैँ सत्यलाई पालन गर्नुहुन्छ।
७ जसले अत्याचारमा परेकाहरूको इन्साफ गर्नुहुन्छ।
जसले भोकाहरूलाई खानेकुरा दिनुहुन्छ।
परमप्रभुले कैदीहरूलाई छोड़िदिनुहुन्छ।
८ परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ।
परमप्रभुले निहुरेकाहरूलाई खड़ा गर्नुहुन्छ।
९ धर्मात्माहरूलाई परमप्रभुले प्रेम गर्नुहुन्छ।
विदेशीहरूलाई परमप्रभुले जोगाउनुहुन्छ।
टुहुराहरूलाई र विधवाहरूलाई उहाँले सम्हाल्नुहुन्छ।
तर दुष्टहरूको युक्तिचाहिँ उहाँले पल्टाइदिनुहुन्छ।
१० परमप्रभुले सधैंको निम्ति राज्य गर्नुहुनेछ,
ए सियोन, तेरा परमेश्वरले, सारा पुस्तासम्मै राज्य गर्नुहुन्छ।
परमप्रभुको प्रशंसा गर।

परमेश्वरको प्रशंसा

१४७ परमप्रभुको प्रशंसा गर।
किनकि हाम्रा परमेश्वरको स्तुतिगान गाउनु असल कुरा हो।
किनकि त्यो रमाइलो हुन्छ,
र उहाँको प्रशंसा गर्न सुहाउँछ।
२ परमप्रभुले यरूशलेम बनाउनुहुन्छ।
उहाँले इस्राएलका तितर-बितर भएकाहरूलाई जम्मा पार्नुहुन्छ।
३ उहाँले मन भाँचेकाहरूलाई निको पार्नुहुन्छ,
र तिनीहरूको मनको चोटमा पट्टी बाँधिदिनुहुन्छ।
४ उहाँले ताराका संख्या गन्नसक्नुहुन्छ।
र ती सबैलाई नाउँ दिनुहुन्छ।
५ हाम्रा परमप्रभु महान् र पराक्रमी हुनुहुन्छ,

उहाँको ज्ञान अपार छ।
६ परमप्रभुले नम्रहरूलाई सम्हाल्नुहुन्छ,
उहाँले दुष्टलाई तल भूइँमा
खसाल्नुहुन्छ।
७ धन्यवाद दिएर परमप्रभुको स्तुति
गाओ,
वीणा बजाएर हाम्रा परमेश्वरको
भजन गाओ।
८ जसले आकाशलाई बादलले ढाक्नुहुन्छ,
जसले पृथ्वीको निम्ति पानीको
झरी तयार गर्नुहुन्छ,
जसले पहाडहरूमा घाँस उमार्नुहुन्छ।
९ उहाँले पशुहरूलाई
र कराइरहने कागका बचेराहरूलाई
आहार दिनुहुन्छ।
१० घोडाको बलमा उहाँ प्रसन्न हुनुहुन्न,
मानिसका खुट्टामा उहाँ खुशी हुनुहुन्न।
११ उहाँसँग डराउनेहरूसित
र उहाँको करुणामा आशा गर्नेहरूसित
परमप्रभु खुशी हुनुहुन्छ।

१२ हे यरूशलेम, परमप्रभुको प्रशंसा गर्।
हे सियोन, आफ्ना परमेश्वरको प्रशंसा
गर्।
१३ किनकि उहाँले तेरा मूल-ढोकाको
गजबार बलियो तुल्याउनुभएको छ,
उहाँले तेरा छोरा-छोरीहरूलाई तँमानै
आशीर्वाद दिनुभएको छ।
१४ उहाँले तेरा साँध-सीमानामा शान्ति
ल्याउनुहुन्छ,
उहाँले तँलाई सबैभन्दा असल गहुँले
तृप्त गराउनुहुन्छ।
१५ उहाँले आफ्नो हुकूम पृथ्वीमा
पठाउनुहुन्छ,
उहाँको वचन साह्रै चाँडो गरी
फैलिन्छ।
१६ उहाँले हिउँ ऊनजस्तै गरी दिनुहुन्छ,
उहाँले तुसारोचाहिँ खरानीझैँ छरिदिनु-
हुन्छ
१७ उहाँले आफ्नो बरफ रोटीका टुक्राहरूझैँ
फालिदिनुहुन्छ,
उहाँको जाडोको सामने को उभिन-
सक्छ ?
१८ उहाँले आफ्नो वचन पठाएर ती
पगाल्नुहुन्छ,
उहाँले आफ्नो बतास चलाउनुहुन्छ,
र पानी बग्छ।
१९ उहाँले आफ्नो वचन याकूबलाई
र आफ्नो नियम र इन्साफ
इस्राएललाई देखाउनुहुन्छ।
२० उहाँले अरू कुनै जातिमाथि यस्तो
व्यवहार देखाउनुभएको छैन,
र उहाँका इन्साफ पनि तिनीहरूले थाह
पाएका छैनन्।

परमप्रभुको प्रशंसा गर।

सारा सृष्टिमा परमप्रभुको प्रशंसा

१४८

परमप्रभुको प्रशंसा गर।

स्वर्गबाट परमप्रभुको प्रशंसा गर,
उच्च स्थानहरूमा उहाँको प्रशंसा गर।
२ हे उहाँका सारा दूतगण हो, उहाँको
प्रशंसा गर,
हे उहाँका सारा तारा-मण्डल हो, उहाँको
प्रशंसा गर।
३ हे सूर्य र चन्द्र, उहाँको प्रशंसा गर,
हे ज्योति दिने तारा हो, उहाँको
प्रशंसा गर।
४ हे आकाशहरूका आकाश उहाँको प्रशंसा
गर,
र आकाशहरूमाथि भएका पानी हो
तिमीहरूले पनि।
५ तिनीहरूले परमप्रभुको नाउँको प्रशंसा
गरून्,
किनकि उहाँले हुकूम गर्नुभयो, र ती
सृष्टि भए।

६ उहाँले सधैंको निम्ति स्थिर पनि गर्नुभयो,
उहाँले एउटा उर्दी बनाउनुभएको छ, जो बित्नेछैन।
७ हे जलजन्तु हो, र गहीरा सागर हो,
पृथ्वीबाट परमप्रभुको प्रशंसा गर।
८ आगो र असिना, हिउँ र कुइरो,
उहाँको वचन मान्ने आँधी र बतास हो,
९ पहाड़हरू र सबै डाँड़ा हो,
फल फलाउने रूख, र सबै देवदार हो,
१० पशु र सबै गाई-वस्तु हो,
घस्रने जन्तु र उड़ने चरा हो।
११ पृथ्वीका राजाहरू र सारा मानिसहरू,
भारादारहरू र सारा न्यायाधीशहरू,
१२ जवान ठिटा र कुमारीहरू,
वृद्ध मानिस र केटा-केटीहरू।
१३ तिनीहरू सबैले परमप्रभुको नाउँको प्रशंसा गरून्,
किनकि उहाँको नाउँ मात्रै उच्च मानिएको छ,
उहाँको महिमा पृथ्वी र आकाशको माथिर छ।
१४ उहाँले आफ्ना सारा पवित्र जनहरूको प्रशंसा,
उहाँकै नजीकका मानिसहरू, अर्थात् इस्राएलका सन्तानलाई आदर र मानले भर्नुभएको छ।

परमप्रभुको प्रशंसा गर।

परमप्रभुको प्रशंसा

१४९ परमप्रभुको प्रशंसा गर।

परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ,
र भक्त जनहरूको सभामा उहाँको प्रशंसा गर।
२ आफ्नो सृष्टिकर्त्तामा इस्राएल रमाऊन्,
सियोनका छोराहरू आफ्ना राजामा आनन्दित होऊन्।
३ नाच्ता तिनीहरूले उहाँको नाउँमा प्रशंसा गरून्,
खैंजड़ी र वीणासहित तिनीहरूले उहाँको स्तुति गाऊन्।
४ किनकि परमप्रभु आफ्ना प्रजासँग खुशी हुनुहुन्छ,
उहाँले नम्रहरूलाई मुक्तिले शोभायमान गराउनुहुन्छ।
५ भक्त जनहरू महिमाले उच्च पारिऊन्,
आफ्ना ओछ्यानमा तिनीहरू आनन्दले गाऊन्।
६ तिनीहरूका मुखमा परमेश्वरको उच्च स्तुति
र तिनीहरूका हातमा दुइ-धारे तरवार रहून्।
७ अन्यजातिहरूलाई बदला दिनलाई,
र मानिसहरूलाई सजाय दिनलाई।
८ तिनीहरूका राजालाई साङ्लाले,
र तिनीहरूका भारादारहरूलाई फलामका सिक्रीले बाँध्नलाई।
९ तिनीहरूलाई लेखिएका इन्साफ गर्नालाई,
यो इज्जत उहाँका सारा भक्त जनहरूलाई छ।

परमप्रभुको प्रशंसा गर।

परमेश्वरको प्रशंसा

१५० परमप्रभुको प्रशंसा गर।

परमप्रभुलाई उहाँको पवित्र स्थानमा प्रशंसा गर,
उहाँको पराक्रमको आकाशमण्डलमा,

उहाँको प्रशंसा गर।
२ उहाँका शक्तिशाली कार्यहरूका निम्ति,
उहाँको प्रशंसा गर,
उहाँको उत्तम महत्त्वअनुसार, उहाँको
प्रशंसा गर।
३ तुरहीको सोरले, उहाँको प्रशंसा गर,
सितार र वीणा बजाएर, उहाँको प्रशंसा
गर।
४ खैँजड़ी बजाएर नाच्दै, उहाँको
प्रशंसा गर,
तार बाजा र बाँसुरी बजाएर, उहाँको
प्रशंसा गर।
५ साहो बज्ने झ्यालीहरू बजाएर, उहाँको
प्रशंसा गर,
घर्को सोरले बज्ने झ्यालीहरू बजाएर,
उहाँको प्रशंसा गर।
६ सास हुने जति सबैले, परमप्रभुको
प्रशंसा गर।

परमप्रभुको प्रशंसा गर!

हितोपदेशको पुस्तक

हितोपदेशको मूल्य

१ दाऊदका छोरा इस्राएल्का राजा
सुलेमानका हितोपदेश—
२ जसद्वारा मानिसहरूले बुद्धि र शिक्षा
प्राप्त गर्नेछन्,
औ गहन अर्थ भएका कुराहरू
बुझ्नेछन्।
३ औ तीद्वारा तिनीहरूले बुद्धिसित जीवन
चलाउन सिक्नेछन्,
र इमान्दारी, धार्मिकता र न्यायपरायणता
प्राप्त गर्नेछन्।
४ सोझाहरू चतुर्‍याइँले औ युवकहरू ज्ञान
र विवेकले परिपूर्ण हुनेछन्।
५-६ हितोपदेश र दृष्टान्तहरू बुद्धिमान
मानिसका आहान र अड्कोहरू बुझ्न
बुद्धिमान मानिसले यो ध्यानसित सुन्यो
भने आफ्नो विद्या बढाउनेछ,
औ समझ-शक्ति भएको मानिसले निपुणता
प्राप्त गर्नेछ।
७ परमप्रभुको भय ज्ञानको शुरू हो।
तर मूर्खले बुद्धि र अनुशासनलाई तुच्छ
ठान्दछ।

अर्ती र चेताउनी

८ हे मेरो छोरो, आफ्ना बाबुको शिक्षा
ध्यानसित सुन्
र आफ्नी आमाको अर्ती इन्कार नगर्।
९ किनभने ती तेरो शिरमा शोभाको मुकुट
र तेरो गलामा सम्मानको हार हुन्।
१०-११ हे मेरो छोरो, यदि दुष्ट
मानिसहरूले तँलाई फकाएर यसो भन्ला,
"हामीसँग आऊ। कसैको हत्या गर्न
हामी ढुकिबसौं।

हामीलाई नोक्सान नगर्ने कुनै निर्दोष
मानिसलाई बाटोमा ढुकिबसौं ।
१२ पातालझैं हामी तिनीहरूलाई निल्नेछौं,
निर्दोष भए तापनि तिनीहरू गहीरो
भड़खालामा पर्ने मानिसहरूझैं हुनेछन् ।
१३ हामीहरू सबै किसिमका बहुमूल्य धन
लिनेछौं,
र हाम्रो घर लूटका मालले भर्नेछौं ।
१४ तिमी हाम्रो साझेदार होऊ,
हामी ती आपसमा बाँड़ौं ।''
१५ हे मेरो छोरो, तिनीहरूसँग नजा,
तिनीहरूका चालमा हिंड्दै नहिंड् ।
१६ अपराध गर्न तिनीहरू चाँड़ो चाँड़ो
दगुर्छन् ,
हत्या गर्न तिनीहरू आतुरी गर्छन् ।
१७ पक्षीले देख्ने गरी जाल फिँजाउनु
व्यर्थ छ ।
१८ यी मानिसहरू आफ्नै रगतको निम्ति
ढुकिबस्छन् ,
औ आफ्नै बाहेक अरू कसैको बाटो
ढुक्दैनन् ।
१९ बेइमानीसित कमाउन इच्छा गर्ने
मानिसहरूको अन्त यस्तै हुन्छ ।
लोभकै कारण तिनीहरूको प्राण नाश
हुन्छ ।

बुद्धि प्राप्त गर्नलाई आग्रह

२० बुद्धि खुला सड़कहरू तिर कराउँछ,
त्यसले चोकहरूतिर आफ्नो सोर
उचाल्छ ।
२१ त्यसले शोर-गुल भएको गल्ली हुँदो
प्रचार गर्छ,
त्यसले शहरका मूल-ढोकाहरूमा यसो
भन्दै घोषणा गर्छ,
२२ 'हे मूर्ख हो, तिमीहरू कहिलेसम्म'
आफ्नो मूर्खतामा सन्तुष्ट भइरहन्छौ ?
ढीट मानिसहरू आफ्नो ढिट्याइँमा
आनन्द गर्छन् ,
र निर्बुद्धि मानिसहरूले ज्ञानलाई तुच्छ
ठान्छन् ।
२३ तिमीहरूले मेरो चेताउनीलाई सुनेको
मात्र भए,
म मेरो सल्लाह तिमीहरूलाई दिनेथिएँ,
र मेरो आदेश तिमीहरूलाई
सिकाउनेथिएँ ।
२४ तर मैले बोलाउँदा तिमीहरूले इन्कार
गरेको हुनाले
औ मैले मेरो हात फैलाउँदा कसैले ध्यान
नदिएको हुनाले
२५ औ मेरा सबै अर्तीलाई तुच्छ ठानेको
हुनाले
र मेरो चेताउनीको केही वास्ता नगरेको
हुनाले
२६-२७ जब त्रास तिमीहरूमाथि आँधी-
बेहीझैं आइपर्नेछ,
र तिमीहरूको दण्ड तिमीहरूमाथि
भुमरीझैं ओर्लनेछ,
जब फिक्री र दुःख तिमीहरूमाथि
आइपर्नेछ,
म पनि तिमीहरूलाई खिसी गर्नेछु,
र तिमीहरूको विपत्तिको समयमा
हाँस्नेछु ।
२८ तिनीहरूले पुकारा गर्दा म तिनीहरूलाई
जवाफ दिनेछैनँ ।
तिनीहरूले खोज्दा मलाई भेट्टाउनेछैनन् ।
२९ तिनीहरूले ज्ञानलाई घृणा गरेको हुनाले
र परमेश्वरको भय मान्न नचाहेका हुनाले
३० तिनीहरूले मेरो सल्लाहलाई ग्रहण
नगरेको हुनाले, मेरा सबै चेताउनीलाई
इन्कार गरेका हुनाले
३१ तिनीहरूले आफ्नो व्यवहारको फल
भोग्नेछन् , र आफ्ना युक्तिहरूमा
तिनीहरू आफै वाक्क हुनेछन् ।
३२ किनभने ध्यान नदिएकोले मूर्खहरू
दुःखमा पर्छन् ,
निर्बुद्धिहरू चाहिं आफ्नै निश्चिन्तताले

गर्दा नाश हुन्छन्।
३३ तर जसले मेरा वचन सुन्छन् तिनीहरू
बेफिक्री रहनेछन्।
दुर्दिनमा डरैविना तिनीहरू ढुक्क
रहनेछन्।

ज्ञानको खोजी गर्नेलाई इनाम

२ हे मेरो छोरो, यदि तैंले मेरा वचन
हृदयमा लिइस्
र मेरा आज्ञा तेरो मनमा राखिस् भने
२ बुद्धिमा तेरो ध्यान र तेरो मन
समझ-शक्तिमा लगाइस् भने,
३ तैंले विवेक माग्छस् भने समझ-
शक्तिलाई पुकार्।
४ यदि तैंले त्यसलाई चाँदीझैं खोजिस्
र गाड़-धनझैं त्यो खनिस् भने,
५ तैंले परमप्रभुको भय बुझ्नेछस्,
र परमेश्वरको ज्ञान प्राप्त गर्नेछस्।
६ किनभने बुद्धि दिने परमप्रभुनै हुनुहुन्छ,
र ज्ञान र समझ-शक्ति उहाँबाटनै
आउँछन्।
७ आफ्नो भण्डारबाट उहाँले सोझालाई
योग्यता प्रदान गर्नुहुन्छ।
निर्दोष जीवन व्यतीत गर्नेहरूको निम्ति
उहाँ ढाल हुनुहुन्छ।
८ किनभने उहाँले न्यायको मार्गको रक्षा
गर्नुहुन्छ,
र आफ्ना भक्त सेवकहरूको बाटोको
हेरचाहा गर्नुहुन्छ।

९ तब जे ठीक र न्यायसंगत छ सो तैंले
बुझ्नेछस्, र असल मानिसको बाटोमा
मात्र तँ हिंड्नेछस्।
१० किनभने बुद्धि तेरो मनभित्र गाड़िनेछ,
र ज्ञान तेरो हृदयको आनन्द हुनेछ।
११ विवेकले तँमाथि हेरचाहा गर्नेछ,
समझ-शक्तिले तेरो रक्षा गर्नेछ।
१२ त्यसले तँलाई खराब चालबाट
र छली कुरा गर्ने मानिसहरूबाट
जोगाउनेछ।
१३ अन्धकारको बाटोमा हिंड्न
जसले इमान्दारी चाललाई त्याग्दछन्,
१४ जो खराब काम गर्नमा प्रसन्न हुन्छन्,
र दुष्ट र छली कामहरूमा हर्षित
हुन्छन्,
१५ जसका आफ्नै चालहरू टेढ़ा
र जसका मार्गहरू अनिश्चित छन्।
१६ त्यसले तँलाई व्यभिचारी स्त्रीबाट
लोभ्याउने कुराहरू भएकी दुष्टाबाट
जोगाउनेछ।
१७ त्यसले आफ्नो बाल्यवस्थाको शिक्षालाई
त्यागेकी छ,
र आफ्ना परमेश्वरको करारलाई भुलेकी
छ।
१८ त्यसको मार्ग मृत्युतिर ओह्रालो लागेको
हुन्छ,
र त्यसको बाटोले मृत्युको देशतिर
ताकेको हुन्छ।
१९ त्यस स्त्रीतिर जानेहरू कोही पनि फर्केर
आउनसक्तैन,
अथवा जीवनको मार्ग त्यसले फेरि
पहिल्याउनसक्तैन।

२० यसैकारण तैंले भला मानिसहरूको
अनुसरण गर्,
र धर्मी मानिसको चालमा लागिबस्।
२१ किनभने सोझाहरू पृथ्वीमा बास
गर्नेछन्।
र निर्दोष मानिसहरू त्यहाँ रहनेछन्।
२२ तर दुष्टहरू त्यहाँबाट जरैसमेत
उखेलिनेछन्,
र विश्वासघातीहरू झारझैं फ्याँकिनेछन्।

आज्ञाकारी हुने अर्ती

३ हे मेरो छोरो, मेरो अर्तीलाई नभूल,
तर मेरो आज्ञालाई तेरो हृदयमा

जोगाइराख्।
२ किनभने त्यसले तँलाई दीर्घायु र धेरै
वर्ष र तँलाई उन्नति पनि दिन्छन्।

३ तेरा दृढ़ विश्वास र भक्तिले तँलाई
कहिल्यै नछोडून्,
तर ती तैंले आफ्नो गलामा बाँधिराख्।
४ यसरी परमेश्वर र मानिसको दृष्टिमा
तैंले निगाह र सफलता प्राप्त गर्नेछस्।

५ तेरो सारा भरोसा परमेश्वरमा राख्,
र तेरो आफ्नै समझ-शक्तिमा भरोसा
नगर्।
६ आफ्नो सबै चालमा उहाँलाई सम्झी
र उहाँले तेरा बाटोहरू सुगम
तुल्याइदिनुहुनेछ।
७ आफैलाई बुद्धिमान नसम्झी,
तर परमप्रभुको भय मान्, र दुष्कर्मबाट
अलग बस्।
८ तँलाई स्वस्थ्य राख्नलाई त्यही तेरो
निम्ति औषधि,
तेरा हात-खुट्टाका निम्ति मलहम हो।
९ आफ्नो धन-सम्पत्तिले परमप्रभुको आदर
गर् र तेरा सबै आम्दानीको सबैभन्दा
पहिलो अंशले परमप्रभुको इज्जत गर्।
१० तब तेरा ढुकुटीहरू अन्नले भरिपूर्ण
हुनेछन्,
र तेरा मसक नयाँ दाखमद्यले
भरिभराउ हुनेछन्।
११ हे मेरो छोरो, परमप्रभुको अनुशासनलाई
अवहेलना नगर्,
अथवा उहाँको ताड़नादेखि चित्त
नदुःखा।
१२ किनभने जसलाई परमप्रभु प्रेम गर्नुहुन्छ
तिनीहरूलाईनै उहाँले हप्काउनुहुन्छ,
र आफ्ना प्यारो छोरालाई उहाँले
दण्ड दिनुहुन्छ।

१३ बुद्धि पाउने र समझ-शक्ति प्राप्त गर्ने
मानिस सुखी रहन्छ।
१४ किनभने बुद्धि चाँदीभन्दा धेरै
लाभदायक हुन्छ,
र त्यसबाट हुने फायदा सुनभन्दा बढ़ी
हुन्छ।
१५ त्यो मूगा-मोतीभन्दा पनि बहुमूल्य हुन्छ,
र तेरा सबै रत्नहरू त्यसको बराबरी
हुनैसक्तैन।
१६ बुद्धिको दाहिने हातमा दीर्घायु
र त्यसको देब्रे हातमा धन र यश
हुन्छन्।
१७ त्यसका मार्गहरू आनन्ददायक हुन्छन्,
र त्यसका सबै बाटोहरू उन्नतितिर
लान्छन्।
१८ त्यसलाई समात्नेहरू सबैका निम्ति त्यो
जीवनको सहारा हो,
र त्यसलाई बलियोगरी समात्नेहरू
सुरक्षित रहन्छन्।

१९ बुद्धिलेनै परमप्रभुले पृथ्वीको जग
बसाल्नुभयो,
र समझ-शक्तिले उहाँले आकाशलाई
त्यसको ठाउँमा राख्नुभयो।
२० उहाँको ज्ञानले गहीरा सागरहरू
फुटिनिस्के,र बादलहरूबाट शीत झरे।

२१ हे मेरो छोरो, आफ्नो योग्यता र
विवेकको रक्षा गरिराख्,
तेरो दृष्टिबाट ती फुत्केर नजाऊन्।
२२ ती तेरो आत्माको प्राण
र तेरो छातीमा हारझैं हुनेछन्।
२३ तब तँ आफ्नो बाटोमा निष्फिक्री
हिंड्नेछस्,
र तेरा खुट्टाले ठेस खानेछैनन्।
२४ तँ बस्ता डराउनुपर्नें छैन।
तँ सुत्दा तँलाई मीठो निद्रा लाग्नेछ।
२५ मूर्खहरू भयभीत हुँदा
अथवा दुष्टहरूमाथि विनाश आइलाग्दा
तँ नडरा।

२६ किनभने परमप्रभु तेरा छेवैमा हुनुहुनेछ,
उहाँले तेरो खुट्टालाई पासोदेखि
जोगाउनुहुनेछ ।
२७ मानिसलाई दिने तेरो औकात छ भने
त्यसलाई दया देखाउन अस्वीकार नगर् ।
२८ तँसित छ भने तेरो मित्रलाई, 'फेरि
आऊ, भोलि दिनेछु,' भनी नभन् ।
२९ शंकै नगरेको तेरो छिमेकी,
आफ्नो मित्रको विरुद्धमा षड्यन्त्र
नरच् ।
३० तेरो विरुद्धमा कुनै मानिसले केही
खराबी गरेको छैन भने
विनाकारण त्यससित झगड़ा नगर् ।
३१ उपद्रव गर्ने मानिसको अनुसरण नगर् ।
त्यसकै चालमा चल्ने इच्छा नगर् ।
३२ किनभने जो सोझो छैन, त्यसलाई
परमप्रभु घीन गर्नुहुन्छ,
तर सोझा मानिसहरू परमेश्वरका
विश्वास-पात्र हुन्छन् ।
३३ दुष्ट काम गर्नेको घरमा परमप्रभुको
सराप पर्छ,
तर धर्मीको घरलाई उहाँले आशिष
दिनुहुन्छ ।
३४ अभिमानी मानिससित परमेश्वरले त्यस्तै
व्यवहार गर्नुहुन्छ,
तर नम्रहरूमाथि उहाँले निगाह
गर्नुहुन्छ ।
३५ बुद्धिमानको भाग आदर हो,
तर मूर्खहरूको चाहिँ अपमान ।

बुद्धिबाट हुने लाभ

४ हे मेरा छोरा हो, आफ्नो बाबुको
अर्ती ध्यानसित सुन ।
समझ-शक्ति कसरी प्राप्त गर्नु हो सो ध्यान
लगाएर विचार गर ।
२ किनभने म तिमीहरूलाई उत्तम शिक्षा
दिन्छु,
यसैकारण मेरो अर्तीलाई नत्याग ।
३ म पनि मेरा बाबुको छोरा थिएँ,
कलिलो र आफ्नी आमाको एक मात्र
छोरा ।
४ उहाँले मलाई शिक्षा दिनुभयो र भन्नुभयो,
'तेरो पूरा हृदयले मेरो वचन पक्रिराख् ।
मेरो आज्ञा पालन गर्, र तैँले जीवन
पाउनेछस् ।
५ मैले भनेको कुरालाई नभूल्,
अथवा नसुनेको जस्तो नगर् ।
६ त्यसलाई नत्याग् र त्यसले तँलाई
सुरक्षित राख्नेछ,
त्यसलाई प्रेम गर् र त्यसले तेरो
रक्षा गर्नेछ ।
७ सर्वप्रथम कुरा बुद्धि प्राप्त गर्नु हो ।
तँसँग भएका सबै कुरा त्याग्नु परे
तापनि समझ-शक्ति प्राप्त गर् ।
८ त्यसलाई कदर गर् र त्यसले तँलाई
आदर दिनेछ,
त्यसलाई अङ्गालो हाल्दा त्यसले तँलाई
सम्मानमा पुर्‍याउनेछ ।
९ त्यसले तेरो शिरमा शोभाको मुकुट
पहिराइदिनेछ,
र तँलाई महिमाको शिरपेच दिनेछ ।'
१० हे मेरो छोरो, सुन् । मेरो वचन
हृदयमा राख्,
र तँ दीर्घायु हुनेछस् ।
११ म तँलाई बुद्धिको बाटोमा डोर्‍याउनेछु,
र सोझो बाटोमा हिँड़ाउनेछु ।
१२ तँ हिँड्दा चिप्लनेछैनस्,
औ तँ दगुरिस् भने पनि केही कुराले
तँलाई लड़ाउनेछैन ।
१३ अर्तीलाई समातिराख् र त्यसलाई
कहिल्यै नछोड़्,
त्यसलाई राम्ररी पालन गर्, किनभने
त्यो तेरो जीवन हो ।
१४ दुष्टको चालमा नहिँड़्,
अथवा दुष्ट मानिसहरूको मार्गलाई
नपछ्या ।

१५ त्यसमा तेरो पाइलाले नटेक्, तर
त्यसलाई छोड़िदे;
त्यसबाट तर्केर आफ्नै बाटो लाग्।
१६ किनभने दुष्टहरू खराब काम
नगरूञ्जेल सुत्नैसक्तैनन्,
कसैको पतन नगरूञ्जेल तिनीहरूलाई
निद्रै लाग्दैन।
१७ दुष्टता तिनीहरूको भोजन
औ उपद्रव र अत्याचार तिनीहरूको
पिउने पदार्थ हो।
१८ धर्मीको चाल बिहानको उज्यालोजस्तै हो,
त्यो मध्य-दिन नहोउञ्जेल झन् झन्
चहकिलो हुँदैजान्छ।
१९ तर दुष्टको चाल रातको अन्धकार-
जस्तै हो,
आफ्नो पतन केमा हुँदैछ सो तिनीहरू
जान्दैनन्।

२० हे मेरो छोरो, मेरो बचनमा ध्यान दे,
मेरा कुरामा कान थाप्।
२१ ती तेरो मनबाट उम्केर जान नदे,
ती तेरो हृदयमा लिइराख्।
२२ किनभने त्यसलाई पाउनेको निम्ति त्यो
जीवन हो,
र त्यसको सारा शरीरको निम्ति
स्वास्थ्य हो।
२३ कुनै मूल्यवान वस्तुलाई भन्दा पनि
आफ्नो हृदयलाई सुरक्षित राख्,
किनभने त्यो सारा जीवनको मूल हो।
२४ तेरो मुखबाट दुर्वाच्य ननिकाल्
र तेरो ओठबाट छल-कपटको कुरो
ननिस्कोस्।
२५ तेरो आँखाले तेरो अगि सीधा हेरोस्,
सामनेतिर के छ सो तेरो आँखाले एक
टक लाएर हेरोस्।
२६ तैंले हिंड्नुपर्ने बाटोको खोजिगर्,
र तेरो मार्ग सुरक्षित रहनेछ।
२७ दाहिने देब्रेतिर नलाग्,
र सबै खराब कुराबाट अलग बस्।

पवित्र रहने चेताउनी

५ हे मेरो छोरो, मेरो बुद्धिमा
ध्यान दे,
र मेरो अर्तीलाई ध्यानसित सुन्।
२ यसरी तैंले विवेकलाई कायम राख्नेछस्।
र तेरो बोली ज्ञान-पूर्ण हुनेछ।
३ किनभने व्यभिचारी स्त्रीको ओठबाट
मह चुहुन्छ, औ त्यसको जिब्रो तेलभन्दा
चिप्लो हुन्छ।
४ तापनि अन्तमा ता त्यो ऐरेलुभन्दा तीतो
हुन्छ,
र दुइ-धारे तरवारजस्तै लाग्नेहुन्छ।
५ त्यसको खुट्टा मृत्युको बाटोतिर ओह्रालो
लाग्छ,
त्यसको चाल पातालको बाटोमा लागेको
हुन्छ।
६ त्यसले जीवनतिर लाने बाटोलाई
हेर्दैन,
त्यसको चाल चंचल हुन्छ, रपनि त्यसले
वास्ता गर्दैन।

७ अब हे मेरो छोरो, मेरो कुरा सुन्,
औ मैले भनेको कुराको अवहेलना नगर्।
८ त्यस्ता स्त्रीदेखि टाढ़ा बस्,
औ त्यसको घरको ढोकाको नजीक
नजा।
९ नत्रता तैंले अरूहरूको दृष्टिमा आफ्नो
इज्जत
र विदेशीहरूको सामने तेरो मान
हराउनेछस्।
१० विदेशीहरूले तेरो सम्पत्तिमा चैन गर्नेछ,
र तैंले दुःखसित कमाएको धन अरू
मानिसको परिवारले लैजानेछ।
११ आखिरमा तँ भोकै मर्नेछस्,
तँ हाड़ र छाला मात्र हुनेछस्।
१२ तब तैंले भन्नेछस्, "हाय, मैले
अनुशासनलाई किन घृणा गरें!
र हप्कीलाई तिरस्कार गरें।

१३ मैले मेरा गुरुहरूको वचन सुनिनँ,
मेरा शिक्षकहरूलाई ध्यानै दिइनँ।
१४ मैले चाँडै नराम्रो नाउँ कमाएँ,
सारा समाजको सामने म निन्दित भएँ।"

१५ आफ्नै कुण्डको पानी
र आफ्नै खोलाबाट बगेको पानी पी।
१६ तेरो कूवाको पानी चुल्लिएर बाटोतिर नजाओस्,
तेरो पानीका धारा सड़कहरू तिर नबगून्।
१७ त्यो तेरै निम्ति मात्र होस्,
परदेशीले त्यसको उपभोग नगरोस्।
१८ तेरो फोहोरा, तेरो युवावस्थाकी पत्नी
आशीर्वादी होस्। त्यहीसित तँ सुखी हो।
१९ मायालु मृग, राम्री हरिणीझैं त्यो तेरो
साथी होस्, त्यसकै वक्षमा त सन्तुष्ट बन्,
तँ सधैं त्यसकै प्रेममा डुबिरह्।
२० हे मेरो छोरो, तँ किन वेश्याको प्रेममा फँस्छस् ?
तँ किन खराब स्त्रीलाई आलिङ्गन गर्छस् ?
२१ किनभने मानिसको चाल ता सधैं
परमप्रभुको दृष्टिमा रहिरहन्छ,
त्यो हिँड्ने हरेक मार्गलाई उहाँले हेर्नुहुन्छ।
२२ दुष्ट मानिस आफ्नै अधर्ममा पक्राउ पर्छ,
र आफ्नै पापको पासोमा जेलिन्छ।
२३ अनुशासनको अभावले त्यो नाश हुनेछ,
आफ्नै असीम मूर्खता त्यसको कात्रो हुनेछ।

आलस्य र झूटका विरुद्धमा चेतावनी

६ हे मेरो छोरो, यदि तँ आफै
कसैको बन्धकी बसेको छस्,
औ कुनै परदेशीको जमानी बसेको छस् भने
२ आफ्नो प्रतिज्ञाको वचनले तँ फँसेको छस्,
र आफ्नै मुखको प्रतिज्ञाले बाँधिएको छस् भने,
३ म अब जे भन्दैछु सो गर्,
र तँले आफूलाई बचा,
हे मेरो छोरो—
जब तँ अरू मानिसको पञ्जामा पर्छस्,
तब झट्टै गएर घरिघरि बिन्ती गरिबस्,
४ एकछिन पनि विश्राम नली,
तेरो आँखालाई निद्रा नदे।
५ शिकारीको पासोबाट मृग उम्केझैं
शिकारीको हातबाट चरा फुत्केझैं तैंले
आफूलाई बचा।

६ ए अल्छे! कमिलाकहाँ गएर त्यसको
चाल-ढङ्ग हेर्, र ज्ञान सिक्।
७ त्यसको कुनै हेर-विचार गर्ने हुँदैन,
कुनै राज्यपाल अथवा शासन गर्ने हुँदैन।
८ तर ग्रीष्म ऋतुमा त्यसले आफ्नो अन्नको
भण्डार तयार गर्छ,
र कटनीको समयमा आफ्नो खानेकुरो
सञ्चय गर्छ।
९ ए अल्छे, तँ कहिलेसम्म सुतिरहन्छस् ?
तँ कहिले आफ्नो निद्राबाट जाग्छस् ?
१० एक छिनको सुताइ र एक छिनको उँघाइले
आरामको निम्ति छातीमा एक छिनको
हात रखाइले
११ दरिद्रता तँमाथि डाँकूझैं
र अभाव चाहिं हत्याराझैं आइलाग्नेछ।

१२ बदमाश, उपद्रवी मानिस त्यही हो
जो दुर्वाच्य बोलिहिँड्छ—
१३ आँखा झिम्क्याएर,
खुट्टाले चाल गरेर,
औंलाले पनि इशारा गर्छ।
१४ विनाशनै त्यसको षड्यन्त्र हो।
त्यसले सधैंनै झगड़ा उठाउँछ।
१५ त्यसमाथि अचानक विपत्ति आइलाग्छ।
निरुपाय त्यो एक्कासि नाश हुनेछ।

१६ छवटा कुरालाई परमप्रभु घृणा गर्नुहुन्छ,

सातवटा कुरादेखि उहाँ घिनाउनुहुन्छ—
१७ अहंकारी आँखा, झूट बोल्ने जिब्रो,
निर्दोष रगत बगाउने हात,
१८ खराबी चिताउने मन,
र दुष्ट काम गर्न अग्रसर हुने खुट्टा,
१९ धेरै असत्य बोल्ने झूटा गवाही,
र दाज्यू-भाइहरूका बीचमा झगड़ा उठाउने मानिस।

२० हे मेरो छोरो, आफ्ना पिताको आज्ञा पालन गर्,
औ आफ्नी आमाको अर्तीलाई इन्कार नगर्।
२१ ती तेरो हृदयमा सधैँ राख्,
र तिनलाई तेरो गलामानै बाँधिराख्।
२२ तँ जैता गए तापनि तिनले तेरो अगुवाइ गर्नेछन्,
औ जब तँ जागा हुनेछस् तब तिनले तँसित बातचीत गर्नेछन्।
२३ किनभने आज्ञा चाहिँ बत्ती र अर्ती चाहिँ ज्योति हो,
शिक्षा र सुधारले जीवनको मार्ग देखाउँछन्।
२४ अर्को मानिसकी पत्नीबाट
खराब स्त्रीको लोभ्याउने जिब्रोबाट तँलाई अलग राख्छ।
२५ तेरो मनमा त्यसको सुन्दरताको इच्छा नगर्, अथवा त्यसको हेराइले तँलाई नफँसाओस्।
२६ किनभने वेश्या त एक टुक्रा रोटीको दाममा पाइन्छ,
तर विवाह गरेकी स्त्रीले त सम्पूर्ण जीवनमा बर्बादी ल्याउँनेछ।

२७ आफ्नो लुगा नडढ़ाईकन के कुनै मानिसले आफ्नो छातीमा आगो राख्नसक्छ?
२८ जलि रहेको भुंग्रोमा कुनै मानिस हिँड़यो भने के त्यसको खुट्टा पोल्दैन र?
२९ अर्काकी पत्नीसित सुत्ने त्यस्तैनै हुन्छ,
त्यस्ती स्त्रीलाई छुने कुनै पनि मानिस उम्केर जाँदैन।
३० आफ्नो भोक मार्न चोरी गर्दा पनि के चोर घृणित हुँदैन र?
३१ औ त्यो पक्राउ पर्‍यो भने के त्यसले सात गुणा बढ़ी दिनु पर्दैन र?
र त्यसको घरमा भएका सबै थोक त्यसले दिनु पर्दैन र?
३२ त्यसरीनै व्यभिचार गर्ने मानिस विवेकहीन मूर्ख हो,
त्यसले त्यस स्त्रीको बेइज्जत गर्छ,
र आफूमाथि बर्बादी ल्याउँछ।
३३ त्यसले मुक्का र तिरस्कारबाहेक अरू केही पाउँदैन, त्यसको अपमान कहिल्यै हट्दैन।
३४ किनभने लोग्नेको रीस ईर्ष्याले भरिएको हुन्छ, साटो लिने दिनमा त्यसले केही दया देखाउँदैन।
३५ त्यसले कहिल्यै कुनै भर्ना ग्रहण गर्दैन, कतिकै घूसले पनि तैँले त्यसको क्षमा पाउँदैनस्।

व्यभिचारिणीको चलाकी

७ हे मेरो छोरो, मेरो वचन पालन गर्,
मेरा आज्ञा तेरो मनमा राखिछोड़।
२ तँ जीवित रहन चाहन्छस् भने मेरा आज्ञा पालन गर्,
र मेरो अर्तीलाई तेरो आँखाको नानीजस्तै जोगाइराख्।
३ त्यसलाई तेरो औंलीमा औंठीझैँ लगाइराख्,
मनको पाटीमा ती लेखिराख्।
४ बुद्धिलाई तेरी बहिनी भन्,
समझ-शक्तिलाई तेरो परम मित्रलाईझैँ अभिवादन गर्।
५ तब तिनले तँलाई वेश्याबाट
र खराब स्त्रीको मोहित गराउने कुरादेखि जोगाइराख्नेछन्।

६ मैले मेरो घरको झ्यालबाट चियाएर हेरें,
मैले आँखी-झ्यालबाट तल हेरें,
७ औ मैले के देखें भने, सीधा-साधा
केटाहरूका बीचमा, ठिटाहरूका बीचमा
एउटा मूर्ख केटा रहेछ ।
८ गल्लीको कुनाबाट त्यो गइरहेको
र त्यस स्त्रीको घरतिर आफ्नो पाइला
बढ़ाइरहेको मैले देखें ।
९ साँझमा, जब दिन अस्ताउँदैजान्छ,
रात अँध्यारो हुँदैजान्छ,
१० झट्टै एउटी स्त्री त्यसलाई भेटन
निस्कन्छे,
वेश्याको वस्त्रमा, आफ्नो सबै फँसाउने
चलाकीसाथ
११ चंचली र अस्थिर एउटी स्त्री,
जो कहिल्यै आफ्नो घरमा बस्न चाहँदिन ।
१२ कुना-काप्चा हुँदो, कहिले सड़कहरूमा
औ कहिले चोकहरूमा ढुकिबस्ने स्त्री,
१३ त्यसलेनै उसलाई समाती र चुम्बन गरी,
लाजै नमानी त्यसले उसलाई अनुरोध गरी,
१४ "मैले एउटा बलिदान, एउटा भेटी,
चढ़ाउनुपर्ने थियो, औ मैले आज
आफ्नो भाकल पूरा गरें ।
१५ यसैकारण म तपाईंलाई भेट्न
तपाईंलाई खोजेर भेट्टाउनलाई बाहिर
निस्केकी छु ।
१६ मैले मेरो ओछ्यानमा चादर लगाएकी छु,
मिश्र देशको रङ्ग-बिरङ्गी
मलमल ओछ्याएकी छु ।
१७ मैले मेरो ओछ्यानमा मूर्र छर्केकी छु,
मेरा लुगाहरूमा सुगन्धित अत्तर र
सिन्कौलीको अत्तर छर्केकी छु ।
१८ आऊ ! हामी विलासमा मन बहलाऔं,
औ हामी रातभरि प्रेममा डुबौं ।
१९ किनभने मेरा पति घरमा हुनुहुन्न,
उहाँ त टाढ़ा यात्रामा जानुभएकी छ ।
२० उहाँले आफूसित रुपियाँको थैली
लानुभएको छ ।
पूर्णिमासम्म उहाँ घरमा आउनुहुन्न ।"
२१ फकाई-फुल्लाईकन त्यसले उसलाई
डोराएर लगी,
लोभ्याउने कुराहरू गरेर त्यसले उसलाई
फँसाई ।
२२ लाटो मूर्खझैं उ त्यसको पछि लाग्यो,
कसाईखानाको बाटोतिर लागेको गोरुझैं
पासोतिर लागेको मृगझैं,
२३ जालतिर वेग हानेर गएको चराझैं ।
काँड़ले त्यसको मर्ममा नछेंडुन्जेल
आफ्नो ज्यान खतरामा हालेको उसले
जान्दैन ।

२४ तर अब हे मेरो छोरो, मेरो कुरा सुन्,
मैले भनेको कुरालाई ध्यानसित सुन् ।
२५ तेरो मन त्यसको चालतिर फँस्न नदे,
त्यसको बाटोतिर बरालिएर नजा ।
२६ धेरै जनालाई त्यसले घाइते बनाएकी
छ,
त्यसको पन्जामा पर्नेहरू असंख्य छन् ।
२७ त्यसको घर पातालको ढोका हो,
जसले मृत्युका कोठाहरूतिर पुर्‍याउँछ ।

बुद्धि श्रेष्ठ र अनन्तसम्म रहने हुन्छ

८ सुन त, बुद्धि चर्को सोरले कराउँछ,
र समझ-शक्ति उच्च सोरले पुकार्छ ।
२ त्यो दोबाटोहरूमा उभिरहन्छ,
बाटोको किनारमा, डाँड़ाको टाकुरामा
त्यो खड़ा हुन्छ ।
३ मूल-ढोकाको छेउमा, शहरको प्रवेश-
द्वारमानै,
खुला फाटकको पस्ने ठाँवैमा, त्यो चर्को
सोरले यसो भनेर कराउँछ,
४ 'हे मानिस हो, तिमीहरूलाई म
हपारिरहेछु ।
म सबै मानिसहरूलाई बिन्ती गर्दछु—
५ हे मूर्ख हो, चातुर्य के हो, सो बुझ ।
हे निर्बुद्धि हो, विवेक के हो, सो बुझ ।
६ सुन, म राम्ररी बताउनेछु,

तिमीहरूले यसबाट सफा कुरा सुन्नेछौ।
७ म साँचो कुराबाहेक अरू केही बोल्दिनँ,
औ मेरो मुखले खराब कुरालाई घीन गर्छ।
८ म जे भन्दछु, सो सबै ठीकै छ,
एउटै शब्द पनि बाङ्गो-टेढ़ो हुँदैन।
९ जसले बुझ्नसक्छ त्यसकोलागि सबै सरल छन्।
ज्ञान हुने मानिसको निम्ति सबै स्पष्टै छन्।
१० अर्ती लेऊ, चाँदी होइन।
मूगा-मोतीभन्दा बरू ज्ञान लेऊ।
११ किनभने बुद्धि मूगा-मोतीभन्दा उत्तम हो,
कुनै पनि रत्न त्यसको दाँजामा आउनसक्तैन।
१२ म बुद्धि हुँ, म चातुर्य दिन्छु,
औ ज्ञान विवेकको बाटो देखाउँछु।
१३ परमेश्वरको भय मान्नु दुष्टतालाई घृणा गर्नु हो,
अभिमान, अहंकार, खराब चाल,
भड़काउने कुराहरू,
यी सबैलाई म घृणा गर्छु।
१४ मेरो बल प्रभावशाली छ, मेरो योग्यता पनि छ,
समझ-शक्ति र शक्ति मेरै हुन्।
१५ मद्वारै राजाहरू सर्वाधिकारी हुन्छन्,
र शासकहरूले उचित कानून बनाउँछन्।
१६ मद्वारै शासकहरू शासन गर्दछन्,
मद्वारै पृथ्वीका शासकहरूले सम्मान प्राप्त गर्दछन्।
१७ मलाई प्रेम गर्नेहरूलाई म प्रेम गर्छु,
मलाई खोज्नेहरूले मलाई भेट्टाउँछन्।
१८ मेरो हातमा धन-सम्पत्ति र आदर छन्,
असंख्य धन-दौलत र भलाइको कामका इनाम छन्।
१९ जे म दिन्छु त्यो सुनभन्दा, निखुर सुनभन्दा राम्रो छ,
र मबाट प्राप्त हुने इनाम असल चाँदीभन्दा राम्रो छ।
२० म भलाइको चालमा हिंड्छु,
मेरो बाटो न्यायको बाटो हो।
२१ मलाई प्रेम गर्नेहरूलाई म धन-दौलतले भरिपूर्ण पार्छु,
र म तिनीहरूका भण्डार भरिदिनेछु।
२२ परमप्रभुको सृष्टिको प्रारम्भनै म हुँ,
उहिलेनै, उहाँले बनाउनुभएका अरू सबै कुरा भन्दा पहिलेनै।
२३ परमप्रभुले मलाईनै सबैभन्दा पहिले सृष्टि गर्नुभयो,
सबैभन्दा पहिले संसारको शुरूभन्दा पहिले।
२४ महासागर नभईकनै म जन्मेको थिएँ।
पानीले भरिएका खोला-नालाहरूभन्दा धेरै अघिनै,
२५ पर्वतहरू आफ्नो आफ्नो स्थानमा स्थापित हुनभन्दा पहिलेनै,
पहाड़हरूभन्दा धेरै अघिनै,
२६ उहाँले जमीन र झील नबनाईकनै
सबैभन्दा पहिले धूलोको कणा नबनाईकनै
म जन्मेको थिएँ।
२७ उहाँले आकाशलाई त्यसको ठाउँमा बसाल्नुहुँदा,
महासागरलाई क्षितिजले घेर्नुहुँदा,
२८ बादलको छतलाई फैलाउनुहुँदा,
र महासागरको मूलहरूलाई तिनीहरूका स्थानमा दृढ़सँग बसाल्नुहुँदा,
२९ उहाँले समुद्रको सीमाना तोकिदिनुहुँदा,
र पृथ्वीको जगहरू एकसाथ बाँध्नुहुँदा,
म थिएँ।
३० त्यस बेला म उहाँको छेउमा
उहाँको प्रिय र आनन्दको पात्रझैं
दिनहुँ उहाँकै सामने निरन्तर खेल्दै बस्थें।
३१ उहाँले बनाइसक्नुभएपछि पृथ्वीमा खेल्दै,

मेरो आनन्द चाहिँ मानव-जातिमा थियो।

३२-३३ औ अब हे मेरा छोरा हो, मेरो कुरा सुन,
अर्ती सुन र बुद्धिमान हुँदै जाऊ,
र त्यसलाई इन्कार नगर।
त्यो मानिस सुखी हो जो मेरा चाल्मा हिँड्छ,
३४ जो मेरो ढोकामा दिनहुँ हेर्दै
जो मेरो ढोकामा आफ्नो आँखा लगाउँदै
मेरा कुरामा कान थाप्छ।
त्यही मानिस सुखी हो।
३५ किनभने जसले मलाई भेट्टाउँछ,
त्यसले जीवन पाउँछ
र परमप्रभुको निगाह प्राप्त गर्छ।
३६ मलाई नभेट्टाउनेले आफैलाई हानि गर्छ,
औ मलाई घृणा गर्ने सबैले मृत्युसित प्रेम राख्छ।'

बुद्धि र निर्बुद्धिको बिन्ती

९ बुद्धिले आफ्नो घर बनाएको छ,
त्यसले आफ्ना सात खामा गाड़ेको छ।
२ त्यसले पशु मारेको छ, दाखमद्यमा मसाला मिसाएको छ,
र त्यसले आफ्नो टेबल तयार पारेको छ।
३ शहरका अल्गा अल्गा ठाउँहरूबाट
यसो भनेर प्रचार गर्न
त्यसले आफ्ना दासीहरूलाई पठाएको छ,
४ 'ए मूर्ख मानिस हो, भित्र आऊ।'
त्यसले मूर्खलाई यसो पनि भन्छ,
५ 'आऊ, मसँग खाऊ,
र मैले मसाला हालेको दाखमद्य चाख।'
६ मूर्ख हुन छोड़िदेऊ, र तिमी बाँच्नेछौ,
तिम्रो समझ-शक्ति बढ़नेछ।'
७ गिल्ला गर्नेलाई अर्ती दिनेले अपयश पाउँछ,
दुष्टलाई हकार्नेले दोष पाउँछ।
८ गिल्ला गर्नेलाई नसुधार्,
नत्रता त्यसले तँसित दुश्मनी राख्नेछ।
बुद्धिमान मानिसलाई सुधार्,
र त्यो चाहिँ तेरो मित्र हुनेछ।
९ बुद्धिमानलाई अर्ती दियो भने
त्यो झन् बुद्धिमानी हुनेछ,
धर्मीलाई शिक्षा दियो भने
त्यसको ज्ञान अझ बढ़नेछ।

१० परमप्रभुको डर मान्नु बुद्धिको प्रथम खुड़किलो हो,
परम-पवित्रको ज्ञाननै समझ-शक्ति हो।
११ किनभने मद्वारै तँ दीर्घायु हुनेछस्,
र तेरो जीवनको दिन लामो हुनेछ।
१२ तँ बुद्धिमान भइस् भने, त्यो तेरै लाभको निम्ति हुनेछ,
तँ अहंकारी भइस् भने, त्यो तेरै दोष हो।
१३ मूर्खता चाहिँ चंचल, अज्ञानी, निर्लज्ज स्त्री हो,
त्यसले केही कुराको वास्ता गर्दैन।
१४ त्यो आफ्नो घरको ढोकामा,
शहरको सबैभन्दा अल्गो स्थानमा
भएको आसनमा बसिरहन्छे,
१५ आफ्नो बाटोमा हतार हतार गरी
हिँड़ने मानिसलाई त्यसले यसो भनेर बोलाउँछे,
१६ त्यसले भन्छे, 'ए मूर्ख मानिस हो, भित्र आऊ।'
त्यसले मूर्खलाई यो पनि भन्छे,
१७ 'चोरीको पानी मीठो हुन्छ,
चोरेर ल्याएको रोटी स्वादिलो हुन्छ।'
१८ मृत्युले त्यहाँ ढुकिरहेको र त्यसका अतिथिहरू पातालको गहिराइमा पुगेका त्यसलाई थाहै हुँदैन।

१० सुलेमानको हितोपदेश—

बुद्धिमान छोराले बाबुलाई खुशी तुल्याउँछ,
मूर्ख छोराले आफ्नी आमालाई पिरोल्छ।
२ अन्यायको धनले केही लाभ हुँदैन।
सोझोपनाले मानिसलाई मृत्युबाट रक्षा गर्छ।
३ परमप्रभुले धर्मीलाई भोकै राख्नुहुन्न,
तर दुष्टको मनको इच्छालाई निराश तुल्याउनुहुन्छ।
४ अल्छे हातले मानिसलाई गरीब तुल्याउँछ,
परिश्रमी हातले धनी तुल्याउँछ।
५ अग्र-सोची छोराले ग्रीष्म ऋतुमानै जोहो गर्छ।
कटनीको समयमा सुत्ने छोराले लाज पार्छ।
६ धर्मीमाथि आशिषको झरी वर्षन्छ।
दुष्टहरू आफ्नै अत्याचारले निसासिन्छन्।
७ धर्मीहरूको सम्झना आशिष हो,
दुष्टको नाउँ चाहिँ सडेर जान्छ।
८ बुद्धिमान मानिसले आज्ञालाई मनमा राख्छ,
तर मूर्ख कुरा गर्ने दुःखमा पर्छ।
९ निर्दोष जीवन बिताउने सुरक्षित हुन्छ,
कुचाल चल्ने मानिसको पतन हुन्छ।
१० दोषप्रति आँखा चिम्लनाले विपद् ल्याउँछ,
साँचो हप्काइले शान्ति ल्याउँछ।
११ भला मानिसहरूका वचन जीवनको फोहोरा हो,
दुष्टहरू आफ्नै अत्याचारले निसासिन्छन्।
१२ घृणाले सधैं झगडा उत्पन्न गराउँछ,
तर परमप्रभुले चाहिँ कुनै दोषलाई हेर्नुहुन्न।
१३ समझ-शक्ति भएको मानिसको मुखमा बुद्धिको कुरा पाइन्छ,
तर मूर्खको पीठको लागि कोर्रा तयारी हुन्छ।
१४ बुद्धिमान मानिसले ज्ञान सञ्चय गर्छ,
मूर्ख बोल्दा नाश नजीक आउँछ।
१५ धनी मानिसको धननै त्यसको बलियो शहर हो,
तर दरिद्रताले असहायहरूको पतन हुन्छ।
१६ असल मानिसको जीविका त्यसको मेहनत हो,
तर दुष्ट मानिसको कमाइले त्यसको अन्त खराब हुन्छ।
१७ सुधारनै जीवनको मूल-बाटो हो,
हप्काइको वास्ता नगर्दा बाटो बिराउँछ।
१८ धर्मी मानिसको कुराःमा कति पनि डाह हुँदैन,
तर जसले अपवाद फैलाउँछ त्यो मूर्ख हो।
१९ मानिसहरू जति धेरै बोल्छन् उतिनै धेरै पाप गर्ने सम्भावना हुन्छ।
बुद्धिमान मानिस चूप लागिबस्छ।
२० मानिसको जिब्रो निखुर चाँदीजस्तै हो,
दुष्ट मानिसको हृदय बेकामको हुन्छ।
२१ असल मानिसको मुखले धेरैलाई सिकाउँछ,
तर बुद्धिको अभावलेनै मूर्ख नाश हुन्छ।
२२ परमप्रभुको आशिषले धन-सम्पत्ति ल्याउँछ,
उहाँले तीसित दुःख पठाउनुहुन्न।
२३ मूर्खको निम्ति व्यभिचार, खेलजस्तै हो।
समझ-शक्ति भएका मानिसहरू बुद्धिमा प्रसन्न हुन्छन्।
२४ दुष्टको भयले आफैलाई पक्रन्छ,
तर धर्मीको इच्छा पूरा हुन्छ।
२५ विपत्तिको आँधी-बेही आउन बित्तिकै दुष्ट रहँदैरहँदैन,
तर धर्मीका जगहरू अनन्तसम्मै रहन्छन्।
२६ सिर्काले दाँत कुँडिए र धुवाँले आँखा पिराएझैं
अल्छे दास त्यसका मालिकको निम्ति हुन्छ।
२७ परमप्रभुको डरले मानिस दीर्घायु हुन्छ,

तर दुष्टहरूको आयु छोटो हुन्छ।
२८ धर्मीको आशा पहलाउँछ,
तर दुष्टको भरोसा ओइलाउँछ।
२९ परमप्रभुको मार्ग इमान्दारीको निम्ति
एक किल्ला हो,
तर दुष्ट काम गर्नेको निम्ति विध्वंस हो।
३० धर्मी मानिस कहिल्यै डगमगाउँदैन,
तर दुष्ट मानिस पृथ्वीमा रहँदैन।
३१ धर्मीको मुखबाट बुद्धिको कुरा निस्कन्छ,
तर भड्काउने जिब्रो जरैबाट उखेलिन्नेछ।
३२ धर्मी मानिसले ठीक समयमा ठीक कुरा
गर्छ,
तर दुष्टले नाश गर्ने कुरा मात्र जान्दछ।

११ छलको तराजू परमप्रभुलाई घीन
लाग्छ,
ठीक ढकदेखि उहाँ प्रसन्‍न हुनुहुन्छ।
२ अहंकार आउँदा निन्दा पनि आउँछ,
तर चातुर्यमा बुद्धि हुन्छ।
३ इमान्दारीनै सोझाहरूको पथ-प्रदर्शक हो,
तर बदमाशहरू आफ्नै छलमा विनाश
हुन्छन्।
४ क्रोधको अन्तिम सममया धन-सम्पत्तिको
केही मोल हुँदैन,
तर सोझोपनाले मृत्युबाट रक्षा गर्छ।
५ निर्दोषहरू सोझोपनाले आफ्नै चालमा
चल्छन्,
तर दुष्टहरू आफ्नै दुष्टताले
होच्याइन्छन्।
६ सोझोपनाले धर्मीलाई बचाउँछ,
तर बदमाशहरू आफ्नै लोभको पासोमा
पर्छन्।
७ जब मानिस मर्छ तब त्यसको आशाको
पनि अन्त हुन्छ,
औ त्यससँगै त्यसको धन-सम्पत्तिको
आशा पनि खतम हुन्छ।
८ धर्मी मानिस सर्वनाशबाट बचाइन्छ,
औ दुष्ट मानिस चाहिँ त्यसभित्र
जाकिन्छ।
९ ईश्वरहीन मानिस आफ्नो वचनले
अरूहरूलाई नाश गर्न चेष्टा गर्छ,
तर धर्मी मानिसले तिनीहरूका निम्ति
बिन्ती गर्दा तिनीहरू बचाइन्छन्।
१० जब धर्मीको कल्याण हुन्छ तब शहरै
खुशी हुन्छ,
जब दुष्टको नाश हुन्छ तब रमाहट
हुन्छ।
११ सोझाहरूको आशीर्वादले शहरको उन्नति
हुन्छ,
तर दुष्टहरूका वचनले त्यो भताभुङ्ग
हुन्छ।
१२ निर्बुद्धि मानिसले अरूहरूलाई घृणा गर्छ,
तर समझ-शक्ति भएको मानिस चूप
लागिबस्छ।
१३ कुरा ओसार्नेले गुप्त कुरा प्रकट गर्छ,
तर विश्वासयोग्य मानिसले गुप्त कुरा
आफ्नै मनमा राख्छ।
१४ बुद्धि भएको अगुवा छैन भने जातिको
पतन हुन्छ,
तर सल्लाहकार धेरै भएकाले सुरक्षा
हुन्छ।
१५ अपरिचित मानिसको जमानी बस्नाले
कहिल्यै शान्ति हुँदैन,
तर कसैको जमानी नबस, र सुरक्षित
होऊ।
१६ सुशीलताले स्त्रीलाई आदरणीय बनाउँछ,
तर गुणहीन स्त्रीको घर अपमानित
हुन्छ।
कामदेखि डराउने मानिस कङ्गाली हुन्छ,
साहससित काम गर्नेले धन कमाउँछ।
१७ उदार मानिसले आफ्नै कल्याण ल्याउँछ,
तर निष्ठूर मानिसले आफ्नै भाइ-
बन्धुलाई कष्टमा पार्छ।
१८ दुष्ट मानिसले सत्यको धन कमाउँदैन,
भलाइ रोप्नेले निश्चयनै प्रतिफल
पाउँछ।
१९ धार्मिकतामा लाग्ने मानिसले जीवन
पाउँछ,

तर दुष्टताको पछि लाग्ने मानिस
मृत्युमा पर्छ।
२० कुटिल हृदयलाई परमप्रभुले घृणा
गर्नुहुन्छ,
तर निर्दोष स्वभाव हुनेलाई उहाँले प्रिय
ठान्नुहुन्छ।
२१ यो कुरा साँचो हो—दुष्ट मानिस
सजायबाट उम्कनेछैन,
तर धर्मी र त्यसका सबै सन्तानको
केही हानि हुनेछैन।
२२ विवेक नभएकी सुन्दरी स्त्री
सुङ्गुरको थुतुनामा सुनको नत्थ लाएझैं
हो।
२३ धर्मी मानिसले असल कुराको मात्र
लालसा गर्छ,
तर दुष्टको आशा निष्फल हुन्छ।
२४ कोही मानिस उदार हातले खर्च गरेर
पनि धनी नै हुन्छ,
अर्कोले असाध्य जोहो गर्छ, रपनि गरीब
भएरै मर्छ।
२५ उदार मानिसको उन्नति हुन्छ,
अरूलाई सहायता गर्नेले सहायता
पाउँछ।
२६ अरूलाई अन्न नदिएर सञ्चय मात्र गर्नेलाई
मानिसहरूले सराप्छन्,
तर आफ्नो अन्न बेच्नेले आशिष
पाउँछ।
२७ यत्नसित असल कुरो खोज्नेले निगाह
प्राप्त गर्छ,
तर मानिसले दुष्ट काम गर्न खोज्यो
भने त्यो त्यसकै शिरमा आइलाग्छ।
२८ आफ्नो धन-सम्पत्तिमा भरोसा गर्नेको
पतन हुन्छ,
तर धर्मी मानिस हरियो पातजस्तै
लहलह भएर बढ्छ।
२९ आफ्नो सन्तानमाथि दुःख ल्याउनेको
भाग हावा हुन्छ,
मूर्ख चाहिं बुद्धिमानको सेवक हुन्छ।
३० धार्मिकताको प्रतिफल जीवनको सहारा हो,
तर उपद्रवले मानिसको ज्यान लिन्छ।
३१ यदि देशका धर्मी मानिसले आफ्नो
प्रतिफल पाउँछ भने
झन् बढ़ी दुष्ट मानिस र पापीले किन
पाउँदैन र?

१२

अर्तीलाई प्रेम गर्नेले ज्ञानलाई प्रेम
गर्छ,
सुधारलाई घृणा गर्ने केवल मूर्ख हो।
२ असल मानिसले परमप्रभुको निगाह
प्राप्त गर्छ,
तर खराब युक्ति गर्ने चाहिं दोषी
ठहरिनेछ।
३ दुष्ट काम गरेर कुनै पनि मानिस
स्थिर हुँदैन,
तर असल मानिसका जराहरू
नहल्लिनेहुन्छन्।
४ सुयोग्य पत्नी आफ्नो पतिको मुकुट हो,
तर तिनीमाथि अपमान ल्याउने पत्नी
तिनका हड्डीको घाउजस्तै हो।
५ धर्मी मानिसको अभिप्राय न्यायसंगत हुन्छ,
तर दुष्टहरूको युक्ति छलले भरिएको
हुन्छ।
६ दुष्टहरू आफ्नै कुराले नाश हुन्छन्,
तर असल मानिसको वचनले त्यसको
उद्धार हुन्छ,
७ दुष्टहरू एकपल्ट लोट्यो भने त्यहीँनै
त्यसको अन्त हुन्छ,
तर असल मानिसको सन्तान रहिरहन्छ।
८ आफ्नो तीव्र बुद्धिको निम्ति मानिसको
प्रशंसा हुन्छ,
तर बाङ्गो-टेढ़ो मन हुने तुच्छ गनिन्छ।
९ आफूलाई उच्च देखाएर पनि रोटी नहुने
भन्दा
विनम्र भएर आफ्नै कमाइ गर्ने असल
हो।
१० असल मानिसले आफ्नो पशुको पालना
गर्छ,
तर दुष्ट मानिस मनमा कठोर हुन्छ।

११ आफ्नै जमीन जोत्नेकहाँ प्रशस्त खानेकुरा हुन्छ,
तर व्यर्थको योजना बनाउनु मूर्खता हो।
१२ दुष्टको किल्ला माटोजस्तै ढलेर जान्छ,
तर धर्मी चाहिं जरा गाड़ेर बस्छ।
१३ दुष्ट मानिस आफ्नै झूटा कुराले पक्राउ पर्छ,
तर धर्मी चाहिं दुःखबाट पनि कुशलसित निस्कनसक्छ।
१४ कोही मानिस आफ्नो वचनले सफल हुन्छ,
तर कोही मानिसले आफ्नो हातको कामद्वारा उचित इनाम पाउँछ।
१५ मूर्ख मानिसले आफू सधैं ठीक छु भनी सम्झन्छ,
तर बुद्धिमान मानिसले अरूको सल्लाहलाई सुन्छ।
१६ मूर्खले आफ्नो रीस झट्टै पोखाउँछ,
तर अपमान गरिएको चतुर मानिसले आफ्नो मनोभाव प्रकट गर्दैन।
१७ इमान्दारी वक्ताले साँचो कुरा बोल्छ,
तर झूटो गवाही छलले भरिएको हुन्छ।
१८ व्यर्थको गफ तरवारझैं तीखो हुन्छ,
तर बुद्धिमानको बोलीले मानिसलाई निको पार्छ।
१९ सत्य कुरा सधैंको लागि स्थिर रहन्छ,
तर झूटा कुरा एक छिनको निम्ति मात्र रहन्छ।
२० खराब योजना बनाउनेहरू आफै धोकामा पर्छन्,
तर सबैको भलाइ गर्नेहरूका निम्ति रमाहट हुन्छ।
२१ धर्मीहरूमाथि कुनै किसिमको खराबी आइलाग्दैन,
तर दुष्ट मानिसहरू ता दुःखै दुःखले भरिन्छ।
२२ झूट बोल्नेलाई परमप्रभु घीन गर्नुहुन्छ,
तर इमान्दार मानिससित उहाँ प्रसन्न हुनुहुन्छ।
२३ चतुर मानिसले आफ्नो बुद्धि प्रकट गर्दैन,
तर मूर्ख मानिसले आफ्नो मूर्खताको प्रचार गर्छ।
२४ परिश्रमले मानिसको बल बढ़ाउँछ,
तर आलस्यले बेगारी काम गर्ने तुल्याउँछ।
२५ चिन्तित हृदयले मानिसलाई अशान्ति ल्याउँछ,
तर दयालु वचनले त्यसलाई आनन्द दिन्छ।
२६ धर्मी मानिस खराब कामबाट पछि हट्छ,
तर दुष्टहरूले बरालिने बाटो लिन्छन्।
२७ अल्छे शिकारीले कुनै शिकार फेला पार्दैन,
तर उद्योगी मानिसले धेरै धन कमाउँछ।
२८ धार्मिकतानै जीवनको बाटो हो,
तर मूर्खता मृत्युको बाटो हो।

१३ बुद्धिमान छोराले आफ्ना बाबुको अर्तीमा ध्यान दिन्छ,
तर हठी मानिसले शिक्षा सुन्दैन।
२ असल मानिसले धार्मिकताको फलको भोग गर्छ,
तर छलीको भोजननै उपद्रव हो।
३ आफ्नो वचनको ख्याल गर्नेले आफ्नो प्राण जोगाउँछ,
तर धेरै बोल्ने शोकमा पर्छ।
४ अल्छे मान्छेको भोक कहिल्यै तृप्त हुँदैन,
तर परिश्रमी मानिसहरू मोटा-ताजा र उन्नत हुन्छन्।
५ धर्मीले झूटलाई घृणा गर्छ,
तर दुष्टको काम दूषित र छली हुन्छ।
६ धार्मिकताले इमान्दार मानिसको रक्षा गर्छ,
तर दुष्टताले पापीमाथि दुःख ल्याउँछ।
७ कोही मानिस आफूसित केही नभए पनि धनी छु भनी धाक दिन्छ।

कोहीसँग धन-सम्पत्ति हुन्छ रपनि झुत्रो-
झाम्रो भएर हिँड्छ।
८ धनी मानिसले धन दिएर आफ्नो प्राण
बचाउनुपर्छ,
तर गरीब मानिस धम्कीबाट सुरक्षित
रहन्छ।
९ धर्मी मानिसको बत्ती उज्यालो भएर
बलिरहन्छ,
तर दुष्टको भुंग्रो पनि निभाइन्छ।
१० अट्टेरीको घमण्डले झगड़ा उठाउँछ,
सर-सल्लाह लिनेहरूका बीचमा बुद्धि
पाइन्छ।
११ एक्कासि आएको धन घट्दैजान्छ,
तर अलि अलि गरी कमाएको धन
बढ्दैजान्छ।
१२ आशा साकार नहुँदा मन मर्छ,
तर इच्छा पूर्ण हुनुनै जीवनको सहारा
हो।
१३ सर-सल्लाह तुच्छ ठान्नेमाथि दुःख
आइपर्छ,
तर भनेको कुरा मान्नेले पुरस्कार
पाउँछ।
१४ बुद्धिमान मानिसको अर्ती मृत्युको
पासोबाट उम्कनेलाई जीवनको मूल हो।
१५ तीव्र बुद्धिले निगाह प्राप्त गर्छ,
तर विश्वासघातले नाश ल्याउँछ।
१६ चतुर मानिस बुद्धिमानी हुन्छ र सबै
कुरा लुकाइराख्छ,
तर मूर्खले आफ्नो मूर्खताको तमाशा
देखाउँछ।
१७ समाचार ल्याउने दुष्ट दूतले फूट
ल्याउँछ,
तर विश्वासी दूतले मिलाप ल्याउँछ।
१८ अर्ती नमान्नेले दरिद्रता र अपमान
ल्याउँछ,
तर शिक्षा मनमा राख्नेको मान हुन्छ।
१९ इच्छा पूर्त्ति भएकोले चैन ल्याउँछ,
मूर्खले आफ्नो चाल सुधार्ने मन
गर्दैन।
२० बुद्धिमानीहरूको सङ्गत गर्नाले बुद्धिमान
होइन्छ
मूर्खहरूसित लागे बरालिन्छ।
२१ पापीहरूलाई दुर्भाग्यले पछ्याउँछ,
तर सौभाग्यले धर्मीहरूलाई प्रतिफल
दिन्छ।
२२ असल मानिसले आफ्ना सन्तानहरूका
निम्ति पैतृक-सम्पत्ति छोड़िराख्छ,
तर पापीले थुपारेको धन धर्मीहरूको
हातमा पर्छ।
२३ बाँझो जमीनले गरीबलाई प्रशस्त अन्न
देला,
तर अन्यायद्वारा त्यो पनि खोसिएला।
२४ छड़ी नचलाउने बाबुले छोरालाई घृणा
गर्छ,
तर छोरालाई प्रेम गर्नेले त्यसलाई
बाल्यवस्थादेखिने अनुशासनमा राख्छ।
२५ धर्मी मानिसले पेटभरि खान्छ,
तर दुष्ट मानिस भोक-भोकै हिँड्नुपर्छ।

१४ बुद्धिमान स्त्रीले आफ्नो घर निर्माण
गर्छे,
तर निर्बुद्धि स्त्रीले आफ्नै हातले त्यो
भत्काउँछे।
२ इमान्दार मानिसले परमप्रभुको भय
मान्छ,
तर छलीले उहाँको तिरस्कार गर्छ।
३ मूर्खको बोली आफ्नै पीठमाथि ल्याउने
लाठो हो,
बुद्धिमान मानिसको वचन त्यसको
रक्षा हो।
४ जहाँ गोरुहरू छैन त्यहाँ भकारी
खाली रहन्छ,
तर बलियो गोरुको बलले प्रशस्त अन्न
दिन्छ।
५ साँचो गवाहीले झूट बोल्दैन,
झूटा गवाहीले अनेक झूट बोल्छ।
६ अहंकारी मानिसले बुद्धि खोज्छ, तर
पाउँदैन,

तर समझ-शक्ति भएकोलाई ज्ञान सजिलैसित आउँछ।
७ मूर्ख मानिसको सङ्गत नगर, किनभने त्यसबाट ज्ञानको एउटै कुरा सुन्न पाइँदैन।
८ चतुर मानिससित ठीक बाटो पहिल्याउने बुद्धि हुन्छ,
तर मूर्ख मानिसहरूको मूर्खताले मानिसहरू बहकाउँछ।
९ मूर्ख आफ्नो भुल सुधार्न अति अभिमानी हुन्छ,
मिलाप गर्नु के हो सो इमान्दार मानिसहरूले जान्दछन्।
१० मनको दुःख मनलेनै जान्दछ,
औ त्यसको आनन्दमा अरूको भाग हुँदैन।
११ दुष्टको घर भत्काइनेछ,
तर सोझो मानिसको घरको फलिफाप हुनेछ।
१२ कुनै बाटो मानिसलाई सीधा देखिएला
तापनि आखिरमा त्यसले मृत्युमानै पुर्‍याउने हुन्छ।
१३ मुखमा हाँसो भए पनि मनमा पीर होला,
औ आनन्दको पनि अफसोसमा अन्त हुनसक्ला।
१४ पाखण्डीले आफ्नो चालको फल भोग्छ,
औ भला मानिसले आफ्नै कामको प्रतिफल पाउँछ।
१५ निर्बुद्धि मानिसले आफूले सुनेको एक एक कुरा पत्याउँछ,
चतुर मानिसले चाहिं प्रमाणको आवश्यकतालाई बुझ्छ।
१६ बुद्धिमान मानिस होशियार हुन्छ र खराब कुरादेखि परै बस्छ,
मूर्ख मानिस बेहोशियारी हुन्छ र त्यसमा सोझै जाकिन्छ।
१७ अधीर-झोंकीले मूर्ख काम गर्छ,
तर बुद्धिमान मानिस शान्त रहन्छ।
१८ अबूझ मानिसहरूले आफ्नो मूर्खताको योग्य प्रतिफल पाउँछन्,
चतुरले ज्ञानको मुकुट लगाउँछ।
१९ दुष्ट मानिसहरू असल मानिसहरूको सामने
र खराब मानिसहरू धर्मी मानिसहरूको ढोकामा झुक्नुपर्छ।
२० गरीब मानिस आफ्नै मित्रको निम्ति अप्रिय हुन्छ,
तर धनीको ता धेरै मित्रहरू हुन्छन्।
२१ भोका मानिसलाई अवहेलना गर्नेले अन्याय गर्छ,
तर गरीब मानिसलाई उदारता देखाउने सुखी हुन्छ।
२२ के खराब विचार गर्नेहरू भ्रममा पर्दैनन्?
औ असल विचार गर्नेहरू भक्त र विश्वासी हुँदैनन्?
२३ मेहनतको फल मीठो हुन्छ,
तर कुरा मात्र गर्नाले दरिद्रता बढ्छ।
२४ अन्तर-ज्ञान बुद्धिमानको मुकुट हो,
मूर्खता चाहिं मूर्खको प्रमुख गहना हो।
२५ साँचो गवाहीले प्राण जोगाउँछ,
तर झूटा दोष लाउनेले असत्यबाहेक केही बोल्दैन।
२६ परमप्रभुको भयमाथि भरोसा गर्ने बलियो मानिस
आफ्ना छोराहरूका निम्ति शरण हुनेछ।
२७ मृत्युको पासोबाट उम्कन इच्छा गर्ने मानिसको निम्ति
परमेश्वरको भय जीवनको मूल हो।
२८ प्रजाको धेरै संख्याले राजा प्रसिद्ध हुन्छ,
प्रजा विनाको शासक नाश हुन्छ।
२९ धीरज धारण गर्नु ठूलो समझ-शक्ति देखाउनु हो,

झ्वाट्टै रीस गर्नु मूर्खताको चरमसीमा हो।
३० शान्त मनले मानिसलाई स्वास्थ्य बनाउँछ,
तर क्रोधले त्यसको हड्डी गलाउँछ।
३१ गरीबलाई अत्याचार गर्नेले आफ्नो सृष्टिकर्त्ताको विरोध गर्छ।
दरिद्रलाई उदारता देखाउनेले उहाँलाई आदर गर्छ।
३२ दुष्ट मानिस आफ्नै खराबीले नष्ट हुन्छ,
तर सोझो मानिस आफ्नो इमान्दारीले सुरक्षित रहन्छ।
३३ बुद्धिमान मानिसको हरेक विचारमा ज्ञान भरिएको हुन्छ,
तर मूर्खले बुद्धिको विषयमा केही जान्दैन।
३४ धार्मिकताले जातिको मान बढ़ाउँछ,
तर अधर्म गर्नु जातिको बेइज्जती हो।
३५ बुद्धिमान सेवकमाथि राजाको निगाह रहन्छ,
तर अयोग्य सेवकमाथि तिनको क्रोध पर्छ।

१५ मीठो जवाफले क्रोधलाई शान्त गर्छ,
तर नमीठो वचनले रीस उठाउँछ।
२ बुद्धिमान मानिसको वचनले ज्ञान फैलाउँछ,
तर मूर्ख मानिसले मूर्खै कुरा गर्छ।
३ परमप्रभुको नजर दुष्ट र असल दुवैलाई हेर्दै सर्वत्र रहन्छ।
४ शान्ति दिने वचन जीवनको सहारा हो,
तर निष्ठूर वचनले आत्मालाई दुःखित तुल्याउँछ।
५ मूर्खले आफ्नो बाबुको अर्तीलाई तुच्छ ठान्छ,
तर हप्की सुन्नु असल कुरा हो।
६ धर्मी मानिसको घरमा प्रशस्त धन हुन्छ,
तर दुष्ट मानिसको कमाइले दुःख ल्याउँछ।
७ बुद्धिमान मानिसको मुखले ज्ञान बढ़ाउँछ,
तर मूर्खहरूको हृदय बेइमान हुन्छ।
८ दुष्ट मानिसको बलिदान परमप्रभुको दृष्टिमा घृणित हुन्छ,
असल मानिसको प्रार्थनादेखि उहाँ प्रसन्न हुनुहुन्छ।
९ दुष्ट मानिसको चालचलन परमप्रभुको दृष्टिमा घृणित हुन्छ,
तर धर्मको खोजी गर्नेलाई उहाँले प्रेम गर्नुहुन्छ।
१० मूल बाटो छोड्ने मानिसले अर्तीलाई घीन गर्छ,
औ सुधारलाई घृणा गर्ने चाहिं मर्छ।
११ पाताल र विनाश परमप्रभुको सामने खुलस्त छन् भने
मानिसको मन झन् कति खुलस्त होला।
१२ अहंकारी मानिसले अर्ती रूचाउँदैन,
औ त्यसले बुद्धिमान मानिसको सल्लाह लिँदैन।
१३ प्रसन्न हृदयले मुख उज्यालो पार्छ,
दुःखित हृदयले आत्मालाई चूर्ण पार्छ।
१४ चतुर समझ-शक्ति भएको हृदय ज्ञानको खोजीमा रहन्छ,
तर मूर्ख मानिसले मूर्ख कुरा मात्र रूचाउँछ।
१५ अवहेलितको जीवन दिनहुँ दुःखको हुन्छ,
तर सुखी हृदय सबै दिन हर्षमय हुन्छ।
१६ दुःखको थुप्रोको साथमा धेरै धन राख्नुभन्दा
थोरै धनसित परमप्रभुको भय राख्नु असल हो।
१७ डाहसित खाएको मोटो बहरभन्दा
प्रेमसित खाएको साग-पात असल हो।

१८ तातो रीसले झगड़ा उठाउँछ,
तर धीरजले झगड़ालाई मेटाउँछ।
१९ अल्छेको बाटोमा काँढ़े-काँढ़ा हुन्छ,
तर परिश्रमीको मार्ग चाहिँ मूल-बाटो हो!
२० बुद्धिमान छोराले बाबुलाई खुशी पार्छ,
तर मूर्खले आफ्नी आमाको अनादर गर्छ।
२१ निर्बुद्धिलाई मूर्खताले खुशी पार्छ,
तर समझ-शक्ति भएको मानिस सीधै आफ्नो लक्ष्यतिर बढ्छ।
२२ परामर्श विनाको योजना विफल हुन्छ,
तर धेरै सोचेर गरेको योजना सफल हुन्छ।
२३ मानिस आफ्नो जवाफले आफै खुशी हुनसक्छ भने
ठीक बेलामा भनिएको कुरा झन् कति असल हुन्छ।
२४ बुद्धिमान मानिसहरूका निम्ति जीवनको बाटो उँभोतिर जान्छ,
र तल पातालदेखि परै राख्छ।
२५ अहंकारी मानिसको घर परमप्रभुले भत्काइदिनुहुन्छ,
तर विधवाको साँध-सीमाना उहाँले स्थिर पार्नुहुन्छ।
२६ खराब मानिसका विचारलाई परमप्रभुले घृणा गर्नुहुन्छ,
तर शुद्ध मानिसका वचनदेखि उहाँ प्रसन्न हुनुहुन्छ।
२७ नाफा गर्ने लोभीले आफ्नो परिवारमा दुःख ल्याउँछ,
तर घूसलाई घीन गर्नेको जीवन सुखी हुन्छ।
२८ जवाफ दिनअघि धर्मीहरू सोच्दछन्,
तर दुष्टले दिएको तत्काल जवाफमा दुष्ट्याइँ भरिएको हुन्छ।
२९ दुष्टदेखि परमप्रभु परै रहनुहुन्छ
तर उहाँले धर्मी मानिसको प्रार्थना सुन्नुहुन्छ।
३० हँसिलो मुखले मनमा आनन्द दिन्छ,
औ शुभ समाचारले शरीरलाई उत्तेजित पार्छ।
३१ जसले असल शिक्षा सुन्छ
त्यसले बुद्धिमान मानिसहरूको सङ्गत पाउँछ।
३२ अर्ती नसुन्नेले आफ्नै दुश्मनी गर्छ
तर खप्की सुन्नेले बुद्धि बढ़ाउँछ।
३३ परमप्रभुको भय बुद्धिको तालिम पाउनु हो, औ आदरको मार्ग नम्रता हो।

१६ मानिसको हृदयले आफ्ना योजनाहरू रच्दछ,
तर त्यसले बोलेको वचनमा परमप्रभुले प्रेरणा दिएको हुन्छ।
२ मानिसको सारा चाल-चलन उसको आफ्नै दृष्टिमा शुद्ध होला,
तर मानिसको इच्छा जाँच गर्ने परमप्रभुनै हुनुहुन्छ।
३ आफूले गर्ने सबै काम परमप्रभुलाई सुम्पिदेऊ,
र तिम्रा योजनाहरू सफल हुनेछन्।
४ परमप्रभुले हरेक कुरा त्यसको प्रयोजनसहित बनाउनुभएको छ,
दुष्टलाई पनि विनाशको दिनको लागि बनाउनुभएको हो।
५ अहंकारी मानिस, सबका सब, परमप्रभुको दृष्टिमा घृणित छन्,
यो निश्चय याद राख—तिनीहरू दण्डबाट उम्कनसक्तैनन्।
६ विश्वास र भक्तिद्वारा दोष मेटिन्छ,
परमप्रभुको भयले मानिसहरूलाई खराब कामबाट फर्काउँछ।
७ जब मानिस र त्यसको चालबाट परमप्रभु प्रसन्न हुनुहुन्छ,
तब उहाँले त्यसका शत्रुहरूलाई पनि त्यससित मिलापमा राख्नुहुन्छ।
८ इमान्दारीसित कमाएको थोरै धन बेइमानीसित पाएको ठूलो लाभभन्दा असल हो।

९ मानिसले आफ्नो बुद्धिले आफ्नो यात्राको योजना बनाउँछ,
तर परमप्रभुलेनै उसको कदम डोऱ्याउनुहुन्छ।
१० राजाको मुखबाट दिव्य-वचन निस्कन्छ,
न्यायको फैसला गर्दा तिनी चुक्दैनन्।
११ परमप्रभु ठीक ठीक ढक र तराजू हेर्न चाहनुहुन्छ,
थैलीका सबै ढकहरू उहाँकै हुन्।
१२ राजाहरूले दुष्ट्याइँ घृणा गर्छन्,
किनभने धार्मिकतामानै सिंहासन स्थिर रहन्छ।
१३ राजाहरू इमान्दार कुरा चाहन्छन्,
सत्य बोल्ने मानिसलाई तिनीहरू प्रेम गर्छन्।
१४ राजाको क्रोध मृत्युको दूत हो,
औ बुद्धिमान मानिसले त्यो शान्त गराउँछ।
१५ राजाको मुहारको ज्योतिमा जीवन हुन्छ,
तिनको निगाह वसन्त ऋतुको झरीको बादलजस्तै हो।
१६ बुद्धि प्राप्त गर्नु सुनभन्दा पनि असल हो,
औ विचार-शक्ति छान्नु निखुर चाँदीभन्दा असल हो।
१७ बुराइदेखि अलग रहनु सोझाहरूको मूल बाटो हो,
होशियार होऊ, र आफ्नो ज्यान जोगाऊ।
१८ नाशको अघि अहंकार
र पतनको अघि अभिमान आउँछ।
१९ अहंकारीहरूसित लूटका माल बाँड्नुभन्दा खाँचोमा परेकाहरूसित नम्रपूर्वक बस्नु असल हो।
२० वचन ध्यानसित सुन्ने मानिस सुखी हुन्छ,
र परमप्रभुमा भरोसा राख्ने मानिस आशीषित हुन्छ।
२१ विवेकशील मानिसले बुद्धिमानको सल्लाह लिन्छ,
त्यसले त्यो लिन्छ र आफ्नो ज्ञान बढ़ाउँछ।
२२ तीव्र-बुद्धि हुनेको निम्ति त्यो जीवनको मूल हो,
तर मूर्खले आफ्नै मूर्खताबाट दण्ड भोग्छ।
२३ ज्ञानी मानिसको मनले त्यसको बोली सम्हाल्छ,
र त्यसको मुखले बोलेको कुराले बुद्धि बढ़ाउँछ।
२४ दयालु वचन तपतप चुहुने मह्जस्तै हो,
जिब्रोलाई मीठो बनाउने र शरीरलाई स्वास्थ्यकर बनाउने त्यो हुन्छ।
२५ कुनै बाटो मानिसलाई सोझोजस्तै लाग्छ,
तापनि अन्तमा त्यसले मृत्युमा पुऱ्याउँछ।
२६ परिश्रमीको पेटलेनै त्यसलाई परिश्रमी काम गर्नलाउँछ,
त्यसको भोकले त्यसलाई उत्तेजित पार्छ।
२७ बदमाशले खराब कुरा दोहोऱ्याइरहन्छ,
त्यो त्यसको मुखमा आगोको मुंग्रोझैं हुन्छ।
२८ निष्प्रेमले झगड़ा उठाउँछ,
चुक्ली-खोरले मित्रहरूमा फाटो गराउँछ।
२९ उपद्रवी मानिसले अरूलाई पनि फँसाउँछ,
र तिनीहरूलाई अन्यायको बाटोतिर डोऱ्याउँछ।
३० आँखा बन्द गर्नेले दुष्ट कुराको कल्पना गर्छ,
औ मुख बन्द गर्ने मानिसले खराब विचार रच्दछ।
३१ फुलेको केश शोभाको मुकुट हो,
धर्मी जीवनबाट त्यो प्राप्त हुन्छ।
३२ झगड़ालु हुनुभन्दा रीसमा धीमा हुनु असल हो,
शहरलाई कब्जा गर्नुभन्दा आफ्नो क्रोधलाई दमन गर्नु असल हो।

२३ चिट्ठा त हालिन्छ
तर सबै कुराको फैसला परमप्रभुमानै निर्भर हुन्छ।

१७ भोज र झगड़ाले भरिएको घरभन्दा मेलसित खाएको निरतो गाँस असल हो।
२ अयोग्य छोरालाई बुद्धिमान दासले हुकूम चलाउनसक्छ,
र त्यसका दाज्यू-भाइहरूसँग पैतृक-सम्पत्ति त्यसले पाउनसक्छ।
३ चाँदी पगाल्ने भाँडो हुन्छ र सुन खान पात्र हुन्छ,
तर मानिसको मन जाँच गर्ने परमप्रभुनै हुनुहुन्छ।
४ खराब कुरा सुन्न बदमाश मानिस आफ्नो कान ठाड़ो पार्छ,
औ झूट बोल्नेले चुक्ली सुन्छ।
५ गरीबमाथि हाँस्नेले सृष्टिकर्त्ताको अपमान गर्छ,
अरूको नाशमा रमाहट गर्नेले निश्चय दण्ड पाउँछ।
६ नाति-नातिनीहरू वृद्धावस्थाका मुकुट हुन्,
औ छोराहरूको गर्व आफ्ना बाबुमाथि हुन्छ।
७ मूर्ख मानिसलाई मीठो कुरा नसुहाएझैं शिष्ट मानिसलाई झूटा कुरा सुहाउँदैन।
८ घूस दिनेले जादूझैं काम भएको देख्छ,
त्यसले गरेको सबै काममा त्यो सफल हुन्छ।
९ अर्काको दोष ढाक-छोप गर्नेले त्यसबाट प्रेम-भावको आशा गर्छ,
तर अर्काको कुरा घरिघरि दोहोऱ्याउनेले मित्रता तोड़्छ।
१० मूर्ख मानिसले सय मुक्का खाएकोभन्दा समझ-शक्ति हुने मानिसलाई अर्तीको असर हुन्छ,
११ दुष्ट मानिसले विद्रोही कुरा मात्र सोच्छ,
यसकारण त्यसको विरुद्धमा निर्दयी दूत पठाइन्छ।
१२ मूर्ख मानिसलाई त्यसको मूर्खतामा भेट्नुभन्दा ता
बरू बचा खोसिएको भालुसित भेट गर्नु असल छ।
१३ भलोको साटो बुरो गर्ने मानिसको घरमा खराबीले कहिल्यै छोड़्दैन।
१४ झगड़ाको शुरू मूल फुटेर निस्केको बेरोक पानीजस्तै हो,
यसकारण त्यो बढ्नअघिनै रीस छोड़िदेऊ।
१५ दोषीलाई निर्दोष ठहराउनु र निर्दोषलाई दोषी ठहराउनु
दुवै परमप्रभुको दृष्टिमा घृणित हुन्छन्।
१६ मूर्ख मानिसको हातमा पैसा केही कामको हुँदैन।
त्यसको ज्ञान छैन भनेर के त्यसले बुद्धि किन्नसक्छ?
१७ मित्र सब समय एक प्रेमी साथी हुन्छ,
औ दाज्यू-भाइ चाहिं दुःखमा सहभागी हुनलाई जन्मेको हुन्छ।
१८ जमानीमा बस्ने मानिस निर्बुद्धि हो,
त्यसले अर्को मानिसको निम्ति आफैलाई जमानी राख्छ।
१९ झगड़ा रूचाउनेले पापलाई रूचाउँछ,
अहंकारी वचनले सत्यानाश ल्याउँछ।
२० दुष्ट हृदयलाई केही भलो हुँदैन,
छली जिब्रोले विनाश ल्याउँछ।
२१ मूर्ख मानिस आफ्ना बाबु-आमाको निम्ति सराप हो,
औ मूर्ख छोरादेखि बाबु प्रसन्न रहँदैन।
२२ प्रसन्न हृदयले हँसिलो अनुहार देखाउँछ,
उदासी मनले मानिसको बल शोषण गर्छ।
२३ दुष्ट मानिसले न्याय बिगार्न खाष्टोभित्र लुकाएर घूस लिन्छ।
२४ बुद्धिमान मानिसको नजरबाट बुद्धि कहिल्यै लोप हुँदैन,

तर मूर्ख मानिसको दृष्टिले सधैं यताउता
हेरिरहन्छ।
२५ मूर्ख छोराले आफ्ना बाबुलाई पिर्छ,
औ त्यसलाई जन्माउने आमाको निम्ति
त्यो अत्यन्तै शोकको कारण हुन्छ।
२६ धर्मी मानिसलाई दण्ड दिनु असल
होइन,
औ असल मन भएका मानिसहरूलाई
मुक्का लगाउनु खराबी हो।
२७ अनुभवीले थोरै शब्द मात्र बोल्छ,
समझ-शक्ति भएकोले ठण्डा मिजास
राख्छ।
२८ चूप लागिबस्ने मूर्ख ज्ञानी देखिन्छ।
आफ्नो मुख बन्द गर, र सुबुद्धि
देखाऊ।

१८ अलग्गै बस्ने मानिसले
सुयोग्य मानिसलाई गिल्ला गर्न सबै
किसिमको बहाना गर्छ।
२ मूर्ख मानिसले केही कुरा बुझ्ने इच्छा
गर्दैन,
तर आफ्नो बुद्धि देखाउन मात्र बढ़ी
रूचाउँछ।
३ जहाँ बुराइ हुन्छ त्यहाँ निन्दा पनि
हुन्छ,
मान लोप हुँदा निन्दा पनि आउँछ।
४ मानिसको मुखको वचन पानीको
भलजस्तै हो,
तर बुद्धिको कूवाको पानी गहीरो
हुन्छ।
५ दुष्टलाई निगाह गर्नु
अथवा धर्मी मानिसको न्याय बिगार्नु
असल होइन।
६ मूर्ख मानिस बोल्दा झगड़ा उत्पन्न
हुन्छ।
त्यसको मुखको वचनले गर्दा त्यसले
चुटाइ पाउँछ।
७ अबूझ मानिसको बोलीले त्यसकै
नाश हुन्छ,
त्यसको थुतुनाले त्यसको जीवन
खतरामा पार्छ।
८ निन्दा गर्नेको साउति भोक जगाउने
गाँसजस्तै हो,
त्यो मानिसको अन्तस्करणसम्मै पुग्छ।
९ अल्छे मानिस नाश चाहने मानिसको
साक्खै भाइजस्तै हो।
१० परमप्रभुको नाउँ एक बलियो
धरहराजस्तै हो,
त्यहाँ धर्मीहरू शरणको निम्ति कुदेर
जान्छन्।
११ धनी मानिसको धन-सम्पत्तिनै त्यसको
बलियो शहरजस्तै हो,
उसले धनलाईनै उच्च पर्खाल सम्झन्छ।
१२ नाश आउनअघि मानिसमा घमण्ड हुन्छ,
तर आदरको मार्ग नम्रता हो।
१३ राम्ररी सुन्न अघिनै प्रश्नको जवाफ दिनु
मूर्खता र अशिष्टता हो।
१४ मानिसको आत्माले त्यसलाई बिरामी
अवस्थामा सहारा दिन्छ,
तर आत्माले चोट लागेको छ भने
कसले त्यसलाई निको तुल्याउनसक्छ?
१५ बुझ्ने मनमा ज्ञान आउँछ,
औ ज्ञान पाउन बुद्धिमानको कानले
ध्यानसित सुन्छ।
१६ दानले दाताको निम्ति ढोका उघार्छ,
त्यसले ठूलाहरूको सम्मुख प्रवेश पाउँछ।
१७ मुद्दा मामिलामा अगि आएर प्रश्न
नगरूञ्जेल
पहिले बोल्नेनै ठीक देखा पर्छ।
१८ गोला हालेर झगड़ा मेट,
यसरी दुइ झगड़ियाहरूका मामिला रोक।
१९ चित्त दुःखाएको भाइलाई मनाउनु
किल्ला लिनुभन्दा गाहारो हुन्छ,
यस्तो झगड़ा किल्लाका बारहरूजस्तै
बलियो हुन्छ।
२० मानिस आफ्नो बोली-वचनले बाँच्छ।
त्यसको मुखैले आफ्नो जीविका
कमाउनसक्छ।

२१ जीवन र मृत्युको शक्ति बोलीमा रहन्छ ।
आफ्नो बोली-वचनको फल आफैले भोग्नुपर्छ ।
२२ पत्नी पाउनेले असल कुरा पाउँछ,
यसरी तिमीले परमप्रभुको निगाह प्राप्त गर्छौ ।
२३ गरीबले बिन्ती-भाउगरी बोल्छ,
तर धनी मानिसले ठाडै जवाफ दिन्छ ।
२४ कुनै कुनै साथीहरू बेफायदाको कुराको लागि मात्र असल हुन्छन्,
तर मित्र चाहिं ता दाज्यू-भाइभन्दा पनि नजीकको हुन्छ ।

१९ धनी भएर कुटिल कुरा गर्नुभन्दा गरीब भएर निर्दोष हुनु असल हो ।
२ बिना ज्ञानको अभिलाषा असल हुँदैन,
हतार गर्ने मानिसले बाटो बिराउँछ ।
३ मानिसको आफ्नै मूर्खताले आफ्नो जीवन नाश गर्छ,
त्यसपछि त्यसले परमप्रभुको विरुद्धमा असन्तोष प्रकट गर्छ ।
४ धनले धेरै मित्र बनाउँछ,
तर धन नहुने मानिसले आफ्नो मित्र पनि गुमाउँछ ।
५ झूटा गवाही दिने दण्ड नपाई उम्कँदैन,
औ झूट कुरा मात्रै गर्ने त्यसै उम्कँदैन ।
६ धेरैले ठूलाहरूको निगाह प्राप्त गर्न खोज्छन्,
तर उदारसित दिनेको निम्ति संसारै आफ्नो मित्र हुन्छ ।
७ गरीब मानिसलाई त्यसका सबै दाज्यू-भाइहरूलेनै दुर्दुर गर्छन्,
आफ्ना मित्रहरूबाट त्यो झन् किन त्यागिँदैन ?
८ बुद्धि प्राप्त गर्नु आफैलाई साँची प्रेम गर्नु हो,
समझ-शक्ति प्राप्त गर्नु सफलता पाउनु हो ।
९ झूटा गवाही दिने व्यक्ति दण्डबाट उम्कनसक्तैन,
औ झूट कुरा गर्ने नष्ट हुन्छ ।
१० शासनको स्थान मूर्खलाई सुहाउँदैन भने
उच्च पदाधिकारीहरूलाई कमाराले हुकूम चलाउनु झन् के सुहाउँछ ?
११ धीरज धारण गर्नु चातुर्य हो,
दोषको वास्ता नगर्नु मानिसको गौरव हो ।
१२ राजाको रीस सिंहको गर्जनजस्तै हो,
तिनको निगाह घाँसमाथिको शीतजस्तै हो ।
१३ मूर्ख छोराले आफ्ना बाबुमाथि विपत्ति ल्याउँछ,
कचकचे पत्नी तपतपे झरीजस्तै हो ।
१४ घर-बारी र धन-सम्पत्ति पुर्खादेखिनै आएको हुन्छ,
तर बुद्धिमती पत्नी परमप्रभुको वरदान हो ।
१५ बेकामेहरूको बर्बादी आलस्य हो,
सुस्तहरूले भोकै हिँड्नुपर्छ ।
१६ आज्ञापालनले मानिस सुरक्षित हुन्छ,
तर परमप्रभुको मार्गलाई तिरस्कार गर्नाले मृत्यु ल्याउँछ ।
१७ उदारचित्तले गरीबलाई जो दिन्छ,
त्यसले परमप्रभुलाई दिन्छ,
उहाँले त्यसलाई भरिपूर्ण प्रतिफल दिनुहुन्छ ।
१८ आशा रहुन्जेल छोरालाई दण्ड देऊ,
तर त्यसलाई पिटेर मारि नहाल ।
१९ मानिसको ज्यादा रीसले आफूमाथि दण्ड ल्याउँछ,
त्यसलाई जोगाउने चेष्टा गरे झन् खराबी हुन्छ ।
२० दिएको सल्लाह राम्ररी सुन, र अर्ती ग्रहण गर,
यसरी बुद्धिमान भएर तिमी मर्नेछौ ।
२१ मानिसको मन योजनाले भरिएको हुन्छ,

तर परमप्रभुको उद्देश्यनै प्रबल हुन्छ।
२२ लोभ मानिसको निम्ति बेइज्जतको कुरा हो,
झूट बोल्ने हुनुभन्दा ता गरीब हुनु असल हो।
२३ परमप्रभुको भय जीवन हो,
यसले पूर्ण भएकोलाई दुष्टताले छुनैसक्तैन।
२४ अल्छेले आफ्नो हात थालमा गाड्छ,
तर त्यो उठाएर आफ्नो मुखमा पुऱ्याउँदैन।
२५ अट्टेरी मानिसलाई हिर्कायो भने त्यसले मूर्खझैं रीस देखाउँछ।
समझ-शक्ति भएको मानिसलाई हप्कायो भने तैंले भनेको कुरा त्यसले बुझ्छ।
२६ बाबुसँग मुख-मुख लाग्नेले आफ्नी आमालाई पिरोल्छ,
त्यो आफ्ना बाबु-आमालाई लाजमा पार्ने र बेइज्जत गर्ने छोरा हो।
२७ अर्ती ग्रहण नगर्ने छोराले
ज्ञानको शिक्षाप्रति आफ्नो पीठ फर्काउँछ।
२८ बदमाश गवाहीले न्याय बिगार्छ,
औ दुष्ट मानिसको कुराले उपद्रव बढ़ाउँछ।
२९ अट्टेरीको लागि बेंत
र निर्बुद्धिको लागि कोर्रा राखिएको छ।

२० मद्य घृणित वस्तु हो, औ कड़ा मद्यले होहल्ला मचाउँछ,
त्यसमा लत्त बस्ने कोही पनि बुद्धिमानी हुँदैन।
२ राजाको धम्की सिंहको गर्जनजस्तै हो,
त्यो नटेर्ने आफ्नै परम शत्रु हो।
३ झगड़ादेखि हट्नु आदरणीय कुरो हो,
मूर्खलेनै धेरै मुख बजाउँछ।
४ जाड़ोमा नजोत्ने अल्छेले
फसलको समयमा भीख माग्दै हिंड्नुपर्छ,
रपनि केही पाउँदैन।
५ अर्काको मनको विचार गहीरो पानीझैं हो,
तर समझदार मानिसले त्यो तानेर निकाल्छ।
६ धेरै मानिसहरू भक्त हुँ भनी प्रचार गरिहिंड्छन्,
तर भरपर्दो मानिस कहाँ पाउनसकिन्छ र?
७ यदि कुनै मानिसले असल र सोझो जीवन बिताउँछ भने
त्यसपछि आउने छोराहरू सुखी हुन्छन्।
८ न्याय-आसनमा बसेका राजाको आँखाले
सबै बुराइलाई छानबिन गर्दछ।
९ कसले यो कुरा भन्नसक्छ?
'मेरो विवेक सफा छ, म मेरो पापबाट शुद्ध भएको छु।'
१० दुइ किसिमका नाप राख्ने
परमप्रभुको दृष्टिमा घृणित हुन्छ।
११ निर्दोष वा दोषी मानिस
उसको कामबाट थाह गर्नसकिन्छ।
१२ सुन्ने कान र देख्ने आँखा दुवै
परमप्रभुलेनै बनाउनुभएको हो।
१३ निद्रा प्रेम गर्नेको जीवनको अन्त दरिद्र हुन्छ।
आँखा खुला राख्नेले भरपेट खान्छ।
१४ गाहकीले व्यापारीलाई भन्छ, "भाउ महँगो भयो।"
तर अलिक पर पुगेर आफूले भाउ कसेकोमा घमण्ड गर्छ।
१५ सुन र मूगा-मोती प्रशस्त पाइन्छन्,
तर ज्ञानको कुरा बहुमूल्य रत्नजस्तै हो।
१६ परदेशीको जमानी बस्नेको लुगा पनि खोस,
र त्यो नचिनिने मानिसको बन्धकको रूपमा राख।
१७ छलसित लिएको रोटीको स्वाद पहिले ता मीठो हुन्छ,
तर पछि त्यसको मुखमा त्यो बालुवासरह हुन्छ।
१८ असल योजनाको रहस्य होशियारी हो,

निपुण युद्ध-कलालेनै युद्धहरू जितिन्छ।
१९ कुरौटेले गुप्त कुरा प्रकट गर्छ,
त्यस्तासित सङ्गतै नगर।
२० बाबु-आमालाई तिरस्कार गर्नेको अन्धकार
आउँदा बत्तीनै निभ्नेछ।
२१ यदि तैँले हतार हतार गरी धन जम्मा
गरिस् भने
अन्तमा त्यसले तँलाई चैन दिनेछैन।
२२ बुराइको साटो बुराइ दिने विचार
नगर्,
तँलाई बचाउन परमप्रभुको प्रतीक्षा
गर्।
२३ दुइ किसिमको ढक परमप्रभुलाई घीन
लाग्छ,
औ छलको तराजू उहाँको दृष्टिमा
असल हुँदैन।
२४ परमप्रभुलेनै मानिसलाई बाटो देखाउनु-
हुन्छ,
आफूले यात्रा गर्ने बाटो मरणशील
मानिसलाई के थाह हुन्छ?
२५ केही विचार नगरी दान दिनु
अथवा भाकल गर्नु र त्यसपछि मात्र
विचार गर्नु डरलाग्दो कुरो हो।
२६ बुद्धिमान राजाले दुष्टहरूलाई पन्साउँछन्,
र तिनीहरूलाई दया नगरी दण्ड
दिन्छन्।
२७ मानिसको आत्मा परमप्रभुको दियो हो
त्यसले त्यसको अन्तस्करणमा प्रकाश
ल्याउँछ।
२८ राजभक्ति र विश्वासनै राजाका
अङ्गरक्षक हुन्,
तिनको सिंहासन धर्म-कर्मले थामिराखेको
हुन्छ।
२९ जवान मानिसहरूको गौरव तिनीहरूको
बल हो,
वृद्ध मानिसहरूको शोभा उनीहरूका
फुलेको कपाल हो।
३० बेसरी चुटाइले मन पखाल्छ,
र मुक्काले भित्री हृदय सफा गर्छ।

२१

राजाको हृदय परमप्रभुको हातमा
हुन्छ,
खोलाको पानीझैँ जता मन लाए उतै
उहाँले फर्काउनुहुन्छ।
२ मानिसले सधैँ आफै चाहिँ ठीकै छु
भनी सम्झन्छ,
तर मनको इच्छा परमप्रभुलेनै जाँच
गर्नुहुन्छ।
३ जे ठीक र न्यायसंगत छ त्यही गर।
बलिदानभन्दा बढ़ी परमप्रभुलाई त्यही
मन पर्छ।
४ अहंकारी आँखा र घमण्डी हृदय—
यिनै पापबाट दुष्ट मानिसहरू
चिनिन्छन्।
५ पूर्व-सोच र परिश्रमले अवश्य लाभ
ल्याउँछ,
हतार गर्ने मानिस निश्चय कङ्गाली हुन्छ।
६ झूट बोलेर धन कमाउने
व्यर्थमा मृत्युको पासोमा पर्छ।
७ दुष्टहरू आफ्नै अत्याचारमा पक्राउ
पर्छन्,
किनभने जे कुरा न्यायसंगत छ त्यो
तिनीहरू इन्कार गर्छन्।
८ अपराधीको चाल कुटिल हुन्छ,
इमान्दारीको चिह्न सीधा-साधा व्यवहार
हो।
९ कचकचे स्त्रीसित एउटै घरमा
बस्नुभन्दा ता
घरको कौसीको एउटा कुनामा बस्नु
असल हो।
१० दुष्ट मानिस खराबी गर्न भठोट गर्छ,
त्यसले आफ्नो मित्रलाई पनि दया
देखाउँदैन।
११ निन्दा गर्ने मानिसले दण्ड पाएको
देख्ता सोझो मानिस बुद्धिमान हुन्छ,
औ बुद्धिमान मानिसको उन्नति हुँदा
त्यसले शिक्षा पाउँछ।
१२ परमेश्वरले दुष्टको परिवारलाई हेरिरहनु
हुन्छ,

उहाँले दुष्टहरूलाई नाश गर्नुहुन्छ।
१३ कसैले असहायको बिन्ती सुनेन भने
त्यसले पनि सहायताको निम्ति पुकारा
गर्दा त्यसको बिन्ती सुनिनेछैन।
१४ गुप्तमा दिएको दानले रीस मारिदिन्छ,
सुटुक्क दिएको घूसले ठूलो क्रोध शान्त
गराउँछ।
१५ ठीक न्यायमा भलो मानिसहरू
रमाउँछन्,
तर त्यसले दुष्ट काम गर्नेहरूको
सर्वनाश हुन्छ।
१६ आफ्नो विवेक-शक्तिअनुसार नचल्ने
मृतकहरूसँग संगत गर्न पुग्छ।
१७ सुख-विलास प्रेम गर्नेले भोजनको लागि
भीख माग्नुपर्छ,
मद्य र मीठो मीठो भोजनको चाह गर्ने
कहिल्यै धनी हुँदैन।
१८ धर्मीको उद्धारको साधन दुष्ट मानिस
हो,
त्यसरीनै विश्वासघात सोझो मानिसको
निम्ति राखिएको हुनेछ।
१९ कचकचे र रीसाहा पत्नीसँग बस्नुभन्दा
एक्लै उजाड़-स्थानमा बस्नु असल हो।
२० बुद्धिमान मानिसको घर सुन्दर र दामी
दामी सामानहरूले भरिएको हुन्छ,
निर्बुद्धि चाहिं केवल पैसा उड़ाउने
हुन्छ।
२१ असल चालचलन र भक्ति देखाउनेले
जीवन र आदर पाउँछ।
२२ सशस्त्र मानिसहरूले भरिएको शहरमा
आक्रमण गर्न बुद्धिमानी उक्लन्छ,
र त्यस शहरको शक्ति र भरोसा
भताभुङ्ग पारिदिन्छ।
२३ आफ्नो मुख र जिब्रो सम्हाल्नेले
आफूलाई दुःखबाट जोगाइराख्छ।
२४ अहंकारी मानिस हठी हुन्छ,
त्यसको नाउँ निन्दा गर्ने हो,
त्यसले गरेको सबै काममा अभिमान र
अधैर्य हुन्छ।
२५ अल्छेको इच्छाले आफैलाई मार्छ,
किनभने त्यसले आफ्नो हातले काम
गर्दैन।
२६ दिनभरिनै त्यसको इच्छा पूरा हुँदैन,
तर धर्मी मानिसले लालच नगरी दिन्छ।
२७ दुष्ट मानिसको बलिदान परमप्रभुको
दृष्टिमा घिनलाग्दो हुन्छ,
त्यसले दुष्ट अभिप्रायले चढ़ाएको
बलिदान झन् कति घृणित हुन्छ।
२८ झूठ बोल्ने साक्षी नाश हुन्छ,
तर साँचो कुरा गर्नेका सन्तान रहिरहन्छ।
२९ दुष्ट मानिसले बहाना गर्छ,
तर सोझो मानिसले आफ्नो चालमाथि
राम्ररी विचार राख्छ।
३० परमप्रभुको सामने
बुद्धि, समझ-शक्ति र युक्ति केही सीप
लाग्दैन।
३१ युद्धको दिनको लागि घोड़ा तयार
पार्नसकिन्छ,
तर विजय ता परमप्रभुबाटनै हुन्छ।

२२

धेरै धन-सम्पत्ति भन्दा असल नाउँको
इच्छा गर्नु धेरै उत्तम हो,
सुन अथवा चाँदीभन्दा मान-इज्जत अझ
असल हो।
२ धनी र गरीब यस कुरामा एकै
हुन्छन्—
ती दुवैलाई परमप्रभुलेनै सृष्टि गर्नुभएको
हो।
३ चतुर मानिस दुःख आएको देखेर
जोगिन्छ,
तर सीधा-साधा त्यसमा पर्छ र दण्ड
भोग्छ।
४ नम्रताको फल परमप्रभुको भय हो,
धन, मान र जीवन पनि साथ हुन्छन्।
५ बदमाश मानिसको मार्गमा पासो र
खाड़ल राखेको हुन्छ,
चंखो मानिस तीबाट अलग्गै तर्केर जान्छ।
६ बालकलाई ठीक बाटोमा लगाऊ,

र वृद्धावस्थामा पनि त्यसले त्यो त्याग्दैन।
७ धनीले गरीबमाथि प्रभुत्व गर्छ,
साहूको चाकरे असामी हुन्छ।
८ बुराइ रोप्नेले दुःख कटनी गर्छ,
र त्यसको रीसको लाठो त्यो आफैमाथि पर्छ।
९ दयालु मानिस आशीषित हुन्छ,
किनभने त्यसले आफ्नो खानेकुरा गरीबलाई बाँड्छ।
१० निन्दा गर्ने मानिसलाई निकालिदियो भने झगड़ा मेटिन्छ,
कलह र अपवाद हराइहाल्छ।
११ परमेश्वरले इमान्दार मानिसलाई प्रेम गर्नुहुन्छ,
मीठो बोलीले राजा पनि मित्र हुन्छ।
१२ परमप्रभुको दृष्टिले ज्ञानको रक्षा भएको हेर्छ।
झूटाको कुरालाई उहाँले पल्टाइदिनुहुन्छ।
१३ अल्छेले यस्तो बहाना गर्छ,
'बाहिर एउटा सिंह छ।
सड़कमा गएँ भने मलाई मार्छ।'
१४ व्यभिचारी स्त्रीको वचन गहीरो खाड़लजस्तै हुन्छ,
परमप्रभुबाट सराप पाएकाहरू त्यसमा पर्छन्।
१५ बालकको हृदयभित्र मूर्खता गाड़िएको हुन्छ,
खूब पिटाइले त्यो त्यसबाट पूरै निकालिदिन्छ।
१६ गरीबलाई अत्याचार गर्नाले मानिसलाई लाभ त होला,
तर धनीलाई दिनाले दरिद्रता मात्र बढ़ाउँछ।

१७ बुद्धिमानी मानिसका वचन—
होशियार गर् मेरो वचनमा ध्यान दे,
र मैले दिएको ज्ञानको कुरामा तेरो मन लगा।
१८ तेरो मनमा ती राख्नाले तँलाई आनन्द हुनेछ,
त्यसपछि ती तेरो मुखमा सधैं भर्दै आउनेछन्।
१९ तैंले परमप्रभुमाथि आफ्नो भरोसा राख् भनेरनै
तेरो आफ्नै भलाइको निम्ति आज यी कुरा म तँलाई भन्दैछु।
२० यहाँ मैले तेरो निम्ति बुद्धिका अर्ती र ज्ञानका कुराहरूले भरिएका
तीसओटा नीतिवचन लेखेको छु।
२१ साँचो ज्ञान तँलाई दिन,
र तँलाई पठाउनुहुनेलाई तैंले साँचो खबर दिनसक्नेछस्।

२२ असहाय छ भनेर गरीब मानिसलाई कहिल्यै नलुट्,
अदालतमा गरीब-दुःखीसित कुव्यवहार नगर्।
२३ किनभने परमप्रभुले तिनीहरूको पक्ष लिनुहुनेछ,
र उहाँले तिनीहरूको जीविका लुट्नेहरूलाई लुट्नुहुनेछ।
२४ रीसगर्ने मानिसलाई कहिल्यै मित्र नबना,
नता क्रोधी-स्वभावको मानिससित सङ्गत गर्।
२५ त्यसको चाल नसिक्,
नत्रता तँ पासोमा पर्नेछस्।
२६ कहिल्यै कसैको जिम्मवारी लिने नहो,
अथवा अर्काको जमानी नबस्।
२७ किनभने तैंले तिर्न सकेनस् भने
हेर्, तेरो ओछ्यानै तँ सुतेको ठाउँबाट लगिनेछ।
२८ तेरा पुर्खाहरूले राखेको
पुरानो साँध-सीमाना नहटा।
२९ निपुण कारीगरले
राजाको सेवा गर्छ,
त्यसले साधारण मानिसको
सेवा गर्दैन।

२३ शासकसँग खान बस्दा
तेरो सामने जे राखिएको छ त्यो
राम्ररी विचार गर्।
२ औ यदि तँ लोभी छस् भने
संयमसित खा।
३ तिनको मीठो भोजनको लोभ नगर्,
किनभने त्यो भोजन देखिएको जस्तै
हुँदैन।
४ धन-सम्पत्ति कमाउनको निम्ति कमाराजस्तै
नघोटी,
विवेकी मानिस बन्, र त्यो गर्न
छोड़िदे।
५ तैंले यताउता हेर्न अघिनै त्यो गइहाल्छ,
चील आकाशतिर उड़ेझैं त्यसको पखेटा
लाग्छ।
६ कञ्जूस मानिसकहाँ भोज खान नजा,
त्यसले दिएको मीठो खानेकुरामा लोभ
नगर्।
७ ती तेरो घाँटीमा केशझैं अड़्कन्छ,
त्यसले तँलाई, 'खानुहोस्, पिउनुहोस्' भन्छ
तर त्यसको मन तँसित हुँदैन।
८ तैंले खाएको गाँस उगेलिदिनेछस्,
र तैंले त्यसलाई सर्काएर भनेको कुरो
खेरो जानेछ।

९ मूर्खले सुन्नेगरी तँ नबोल्,
किनभने त्यसले तेरो बुद्धिको कुराको
निन्दा गर्छ।
१० पुरानो साँध-सीमामा नसार्,
अथवा टुहुरा-टुहुरीको जमीन नमिच्।
११ किनभने तिनीहरूका एक शक्तिशाली
रक्षक हुनुहुन्छ,
जसले तेरो विरुद्धमा तिनीहरूका पक्ष
लिनुहुनेछ।
१२ तेरो मन अर्तीमा लगा,
तेरो कान ज्ञानका कुरातिर लगा।
१३ बालकलाई अनुशासन गर्न नछोड्,
त्यसलाई खूब बेंत लगाइस् भने पनि
त्यो मरिजाँदैन।
१४ तँ आफैले त्यसलाई बेंत लगाइस्
भनेदेखि
तैंले त्यसलाई मृत्युको मुखदेखि
बचाउनेछस्।
१५ हे मेरो छोरो, तँ बुद्धिमानी छस् भने
मेरो मन पनि खुशी हुनेछ।
१६ तैंले ठीक कुरा गर्दा
म मेरो सारा मन-तनले रमाहट गर्नेछु।

१७ पापीहरूको अनुसरण गर्न चेष्टा नगर्,
तर दिनहुँ परमेश्वरको भय मान्।
१८ त्यसो गरिस् भने तेरो भविष्य उज्ज्वल
हुनेछ,
तेरो आशा व्यर्थमा जानेछैन।
१९ सुन्, हे मेरो छोरो, सुन् र बुद्धिमानी
बन्,
तेरो मन ठीक बाटोतिर लगा।
२० मतवाला अथवा घिचुवाहरूको सङ्गत
नगर्।
२१ किनभने मद्य र खानुको लोभले दरिद्र
तुल्याउँछ,
औ मतवालापनले थाञ्ने बनाइदिन्छ।

२२ तँलाई जीवन दिने तेरो बाबुका वचन
सुन्,
औ आफ्नी आमा वृद्ध हुँदा तिनलाई
तुच्छ नठान्।
२३ सत्य किन्, औ त्यसलाई कहिल्यै नबेच्,
बुद्धि, अर्ती र समझ-शक्तिलाई किन्।
२४ असल मानिसको बाबु रमाउनेछन्,
बुद्धिमानी छोरादेखि बाबु खुशी
हुनेछ।
२५ तेरा आमा-बाबुलाई खुशी हुने केही
कारण होस्,
तँलाई जन्म दिने आमाले रमाहट
गरोस्।

२६ हे मेरो छोरो, मेरा कुरा ध्यानसित
सुन्,

र मेरो उपदेश मन दिएर ग्रहण गर्।
२७ वेश्या एउटा गहीरो खाड़ल्जस्तै हो,
औ खराब स्त्री एउटा साँघुरो कूवाफैं
हो।
२८ त्यो डाँकूफैं ढुकिबस्छे,
र धेरै मानिसहरूसँग लागेर त्यसले
आफ्ना पतिलाई धोखा दिन्छे।
२९ कष्ट कसको हो? अनुताप कसको हो?
झगड़ा कसको हो? औ फिक्री कसको
हो?
कारणै विना कसलाई चोट लाग्छ?
कसको आँखा राता राता हुन्छन्?
३० तिनहरूकै, जो अबेरसम्म दाखमद्य
पिइरहन्छ,
तिनीहरूकै, जो सधैं नयाँ मसाला हालेको
दाखमद्य चाखिरहन्छन्।
३१ कचौरामा खन्याउँदा फिँज उठ्ने
कड़ा रातो दाखमद्य स्वाट्टै नपार्।
३२ किनभने अन्तमा त्यसले साँपलेफैं डस्छ,
र कोब्रा साँपलेफैं ठुँग्छ।
३३ तब तेरो आँखाले अचम्म अचम्मका
कुराहरू देख्छ,
तेरो विचार शक्ति तेरो बोली
लरबरिन्छ।
३४ ताँ समुद्रको बीचमा यताउता हुत्याएको
मानिसफैं हुनेछस्,
मस्तूल्को डोरीको टुप्पामा फ़ुण्डिरहनेजस्तै
हुनेछस्।
३५ ताँ भन्छस्, 'त्यसले मलाई चीत बनाए
तापनि म पर्वाह गर्नेछैनँ।
त्यसले मलाई भूइँमा पछारे तापनि
मलाई के हुन्छ र?'

२४ दुष्टहरूको अनुसरण नगर्,
अथवा तिमीहरूलाई आफ्ना मित्र
नबना।
२ किनभने तिनीहरू ता उपद्रव गर्न मात्र
विचार गर्दछन्,
तिनीहरूले भनेका सबै कुरा हानिकारक
मात्र हुन्छन्।
३ बुद्धिले घर बनाउँछ,
असल समझ-शक्तिले त्यसलाई सुरक्षित
राख्छ।
४ ज्ञानले कोठाहरू
धन-सम्पत्तिले किन्न सक्ने। सबै दामी
दामी
र सुन्दर सुन्दर थोकहरूद्वारा सुसज्जित
पार्छ।
५ बल भन्दा बुद्धि ठूलो
र शक्ति भन्दा ज्ञान झन् मुख्य हो।
६ किनभने निपुण युद्ध-कलाले लड़ाइँहरू
जितिन्छ,
धेरै दिनदेखिको योजनाको परिणाम
विजय हुन्छ।
७ मूर्खको निम्ति बुद्धि साह्रै उच्च हुन्छ,
त्यसले अदालतमा आफ्नो मुख खोल्ने
आँट गर्दैन।
८ उपद्रवतिर लाग्ने मानिसले
षड़यन्त्रमा नाउँ कमाउँछ।
९ मूर्खहरूले गरेका कुटनीति निष्फल हुन्छ,
औ निन्दक आफ्ना मित्रहरूका द्रृष्टिमा
घृणित हुन्छ।
१० सुदिनमा तेरो बल घट्यो भनेदेखि
विपत्को दिनमा ताँ झन् कति असहाय
हुनेछस्।
११ मार्नलाई कुनै मानिसलाई तान्दै लगेको
देखिस् भने
त्यसलाई छुटाउन ताँ जा,
औ मार्नलाई हतार हतार गरी
लगेकाहरूलाई बचा।
१२ 'मता यी मानिसलाई चिन्दिनँ'
भनिस् भनें

परमेश्वर, जसले हृदयको जाँच गर्नुहुन्छ
उहाँले त्यो। ख्याल राख्नुहुनेछ,
परमेश्वर, जसले तँलाई देख्नुहुन्छ—
उहाँले जान्नुहुन्छ भनी निश्चय थाह गर्,
हरेक मानिसले गरेको कामको साटो
उहाँले लिनुहुन्छ।

१३ हे मेरो छोरो, मह खा, किनभने त्यो
असल छ,
औ महको चाका जिब्रोलाई कति
स्वादिष्ट हुन्छ।
१४ बुद्धिलाई पनि तैंले आफ्नो बना,
त्यो पाइस् भने तैंले आफ्नो भविष्य
निर्माण गर्नसक्छस्।

१५ ए दुष्ट, धर्मी मानिसको घरमा बाजझैं
ढुकि नबस्,
अथवा त्यसको जग्गा-जमीन नलूट्।
१६ धर्मी मानिस सातपल्ट लोट्यो भने पनि
फेरि उठ्छ,
तर बदमाश चाहिं दुर्दिनलेनै गिर्नेछ।
१७ तेरो शत्रुको पतन हुँदा तँ नरमा,
त्यसले ठेस खाँदा तँ खुशी नहो।
१८ नत्रता परमप्रभुले त्यो देख्नुहुनेछ, र
तँसित अप्रसन्न हुनुहुनेछ,
तर उहाँ त्यससँग रिसाउनुहुनेछैन।

१९ दुष्ट काम गर्नेहरूको होड़बाजी नगर्,
अथवा बदमाशहरूको अनुसरण नगर्।
२० किनभने दुष्ट मानिसको भविष्य असल
हुँदैन,
तिनीहरूको बत्ती निभाइनेछ।
२१ मेरो छोरो, परमप्रभुको भय मान् र
राजाको पनि डर राख्,
तर तिनीहरूका विरुद्धमा बागी हुनेहरूको
केही ख्याल नगर्।
२२ तिनीहरूलें चेताउनी नदिईकनै सर्वनाश
ल्याउनेछन्।
त्यस्ता मानिसहरूले कस्तो किसिमको
सर्वनाश ल्याउँछन् भनी कसले जान्दछ र?
२३ बुद्धिमान मानिसको नीतिवचन—
न्याय गर्दा पक्षपात गर्नु असल होइन।
२४ दोषी मानिसलाई निर्दोषी ठहराउने
न्यायधीशलाई सबै जातिहरूले सराप्छन्,
सबै मानिसहरूले अत्यन्त घृणा गर्छन्।
२५ तर दोषीलाई दोषी ठहराउनेहरूका
निम्ति सबै कुरा राम्रै हुन्छ,
तिनीहरूको उन्नति भएर तिनीहरूले
आशिष पाउनेछन्।
२६ सोझो जवाफ मित्रताको चुम्बनजस्तै
असल हो।

२७ सबैभन्दा पहिले घरका बाहिरका कुराहरू
सह्माल्। खेतमा सबै तयार गर्,
त्यसपछि मात्र घरको प्रवन्ध मिला।

२८ आफ्नो छिमेकीको विरुद्धमा केही कारणै
विना गवाही नदे,
अथवा आफ्नो साक्षीमा झूटा बयान नदे।
२९ यसो नभन्, 'त्यसले मलाई गरेझैं म
पनि गर्नेछु,
त्यसले मलाई गरेको साटो लिनेछु।'

३० एउटा अल्छे मानिसको खेतबाट,
एउटा निर्बुद्धि मानिसको दाखबारीबाट
भएर म गएँ,
३१ मैले हेरें, औ के देखें भने,
त्यो पूरै सुक्खा भएछ,
त्यसको चारैतिर काँढा उम्रिरहेको
रहेछ, र झारले भरिएको रहेछ,
त्यसको पर्खालका ढुङ्गाहरू भत्काइएका
रहेछन्।
३२ मैले हेरें, औ राम्ररी विचार गरें,
मैले सोचें र यो शिक्षा सिकें,
३३ 'एकछिनको सुताइ र एक छिनको
उँघाइले
आरामको निम्ति छातीमा एक छिनको
हात रखाइले

३४ दरिद्रता तँमाथि डाँकूभैँ
र अभाव चाहिँ हत्याराभैँ आइलाग्छ

२५ सुलेमानको अरू हितोपदेश, जो यहूदाका राजा हिजकियाहका मानिस-हरूले नकल गरे—
२ परमेश्वरको महिमा रहस्यहरू गोप्य राख्नुमानै छ,
तर राजाहरूको महिमा ती खोजेर निकाल्नुमा छ।
३ राजाले के विचार गरिरहेका छन् सो तँ जान्दैनस्,
आकाशको उँचाइ र समुद्रको गहिराइ-जस्तै तिनको विचार हुन्छ।
४ चाँदीको कसर निकालिदे,
तब मात्र कलाकारले एउटा सुन्दर चीज बनाउनसक्छ।
५ राजाको उपस्थितिबाट दुष्टहरूलाई निकालिदे,
तब तिनको सिंहासन धार्मिकताले स्थिर हुनेछ।
६ राजाको सामने जान तँ आफै अगि नसर्,
अथवा ठूला मानिसहरूसित सँगै नबस्।
७ तिनले तँलाई 'आऊ, माथि बस', भनेको
अरू कुनै भारादारको निम्ति ठाउँ बनाउन तँलाई तल भारेको भन्दा असल हो।
८ तँले देखेको कुरा बताउन तँ अदालतमा भट्टै नजा,
नत्रता अर्को गवाहीले तँलाई भूटा प्रमाण दियो भने तँ के गर्नेछस्?
९ तेरो छिमेकीसितको भगड़ा तँ आफै छलफल गर्,
तर अरू मानिसको गुप्त कुरा प्रकट नगर्।
१० नत्रता त्यो कुरा सुनेर त्यसले तँलाई अपवाद गर्ला,
र तेरो बदनाम कसै गरेर पनि मेटिनेछैन।
११ ठीक बेलामा भनेको ठीक कुरा
चाँदीको टोकरीमा सुनका स्याउहरूजस्तै हो।
१२ बुद्धिमान मानिसको अर्ती सुन्नेहरूको निम्ति
ती सुनको लुर्का अथवा निखुर सुनको हारजस्तै हो।
१३ कटनीको समयमा हिउँको चिसोजस्तै विश्वासी दूत त्यसका पठाउनेहरूको निम्ति हो।
१४ आफूले कहिल्यै नदिएको दानमा घमण्ड गर्ने मानिस
पानी नल्याउने बादल र बतासजस्तै हो।
१५ धीरज गर्नाले राजालाई पनि मनाउनसकिन्छ,
मीठो बोलीले कड़ा हड्डीलाई पनि गलाउनसकिन्छ।
१६ मह भेटाउँदा चाहिँदो मात्र खाऊ,
धेरै खानाले खति गर्छ।
१७ तेरो छिमेकीको घरमा घरिघरि नजा,
तँलाई ज्यादै देख्ता त्यसले तँलाई घृणा गर्नलाग्छ।
१८ आफ्नो मित्रलाई भूटा गवाही दिने मान्छे
लाठी अथवा तरवार वा तीखो काँडजस्तै हो।
१९ विपत्तिको दिनमा विश्वासघातीमाथि विश्वास गर्नु
दुखेको दाँत अथवा लङ्गड़ा खुट्टाजस्तै हो।
२० दुःखित मन भएकोलाई मीठो गीत गाउने
जाड़ोको दिनमा लुगा नलाउनु अथवा चोटमा नून-चूक लाउनुजस्तै हो।
२१ तेरो शत्रु भोका छ भने त्यसलाई खुवा,

त्यो तिर्खाएको छ भने त्यसलाई
पानी दे।
२२ त्यसरी तैँले त्यसको थाप्लोमा आगोको
भुंग्रो खनाइदिनेछस्,
र परमप्रभुले तँलाई प्रतिफल दिनुहुनेछ।
२३ उत्तरी बतासले वृष्टि ल्याएझैँ
निन्दाले क्रोध जन्माउँछ।
२४ कचकचे स्त्रीसँग बस्नु भन्दा ता
घरको कौसीको एक कुनामा बस्नु असल
हो।
२५ टाढ़ाको शुभ समाचार
घाँटी सुक्खा हुँदा चीसो पानी
पिएजस्तै हो।
२६ हिलैहिलो भएको जल्वा पानी अथवा
दूषित कूवाजस्तै
दुष्टलाई मनपरि गर्न दिने धर्मी मानिस
हो।
२७ धेरै मह खान मानिसलाई असल हुँदैन,
आफ्नै मान खोज्नु चाहिं बोझा मात्र हो।
२८ जुन मानिसले आफ्नो रीस थाम्नसक्तैन
त्यो मानिस शत्रुको आक्रमणको निम्ति
पर्खाल विनाको शहरजस्तै हो।

२६ ग्रीष्म ऋतुमा हिउँ र कटनीको
समयमा पानी परेझैँ
मूर्खलाई सम्मान दिएको सुहाउँदैन।
२ फुर्र फुर्र उड़ने भँगेरा अथवा वेगले
उड़ने गौंथलीझैँ
कारणै विनाको सरापको केही असर
हुँदैन।
३ घोड़ाको लागि चाबूक र गधाको लागि
करेलीझैँ
मूर्खको पिठ्यूँमा लाठी!
४ मूर्खलाई मूर्खकै बोलीमा जवाफ नदे,
नत्रता तँ पनि त्यहीजस्तै हुनेछस्।
५ मूर्खलाई त्यसको मूर्खताअनुसारको
जवाफ दे,
नत्रता त्यसले आफूलाई बुद्धिमान
सम्झनेछ।
६ जसले मूर्खको हातमा समाचार पठाउँछ
त्यसले आफ्नो खुट्टामा आफैले बन्चरो
हानेर दुःख पाउँछ।
७ मूर्ख मानिसहरूले बोलेको आहान
खोरण्डेको खुट्टा बेफायदा झुण्डिएको
जस्तै हो।
८ मूर्खलाई सम्मान दिनु ता
घुँयेत्रोको ढुङ्गा आफैतिर फर्केर आएको
जस्तै हो।
९ मूर्ख मानिसले बोलेको आहान
काँढ़ाले घोंचेको मतवाला मानिसको
हातझैँ हो।
१० मूर्ख अथवा मतवाला मानिसलाई
ज्यालामा लगाउने मानिस
धनर्धारीले आफ्नो काँड जथाभावी
हानेझैँ हो।
११ कुकुर आफ्नो बान्ता खान फर्केर
आएझैँ
मूर्ख मानिसले आफ्नो मूर्खता
दोहोराउँछ।
१२ आफूलाई बुद्धिमान सम्झने मानिसलाई
देखेको छस्?
त्यसको भन्दा ता बरू मूर्खको धेरै
आशा हुन्छ।
१३ अल्छेले यसो भनेर बहाना गर्छ,
'सड़कमा सिंह छ,
गल्लीहरूमा सिंह उम्केको छ।'
१४ ढोकाको पाटा कब्जामा यताउता
फर्केझैँ
अल्छे आफ्नो ओछ्यानमा पल्टन्छ।
१५ अल्छेले आफ्नो हात थालमा डुबाउँछ,
तर मुखसम्म लान पनि त्यसले अल्छी
गर्छ।
१६ विवेकसित जवाफ दिने सात जना
मानिसभन्दा पनि
अल्छेले आफैलाई बुद्धिमान सम्झन्छ।
१७ अर्काको झगड़ामा हस्तक्षेप गर्ने मानिस
छेउबाट जाने खिच्चा कुकुरको कान
समात्ने मानिसजस्तै हो।

१८-१९ अर्कोलाई छल गरेर ठट्टा मात्र हो भन्ने मानिस
प्राणनाशक बर्छा र काँड़हरू जथाभावी हान्ने बौलाहा मानिसजस्तै हो
२० दाउरा विना आगो निभ्छ,
कुरौटे विना झगड़ा शान्त हुन्छ।
२१ भुंग्रोको लागि खँलाती र चुल्हाको लागि दाउराजस्तै
झगड़ा उठाउने झगड़ालु मानिस हो।
२२ निन्दक मानिसको चुक्ली भोक जगाउने गाँसजस्तै हो,
त्यो मानिसको अन्तस्करणसम्मैं पुग्छ।
२३ आडम्बरी वचनले दुष्ट हृदय ढाक्नु
माटोको भाँड़ामा चाँदीको जलप लाएझैं हो।
२४ शत्रुको मुखले मीठो कुरा गर्छ,
तर भित्री मनमा भने त्यसले छल रच्दछ।
२५ त्यसका वचन मीठा छन् भने त्यसलाई विश्वास नगर्,
किनभने सातवटा घिनलाग्दा कुराहरू त्यसको मनमा हुन्छन्।
२६ छलसित त्यसले आफ्नो कुरा लुकाए तापनि
त्यसको दुष्टता सभामा प्रकट हुन्छ।
२७ त्यसले खाड़ल खन्यो भने त्यसमा त्यो आफै जाकिनेछ,
त्यसले ढुङ्गा लड़ायो भने त्यो आफै लड़ेर जाउनेछ।
२८ झूटो बोलीले निर्दोषलाई पनि दोषी देखाउँछ,
औ चिप्ले कुराले त्यसको खीललाई लुकाउँछ।

२७ भोलिको घमण्ड नगर्,
आज र भोलिभित्र के हुन्छ भनी तँ जान्दैनस्।
२ तेरो प्रशंसा अरूहरूबाट होस् त आफैबाट होइन,
अरू मानिसहरूको मुखबाट होस्,
तेरो आफ्नै मुखबाट होइन।
३ ढुङ्गा गह्रौं हुन्छ, र बालुवा ओजनदार,
तर मूर्खले उठाएको झोंक तीभन्दा पनि अझ गह्रौं हुन्छ।
४ क्रोध निर्दयी हुन्छ, औ रीस चाहि भल हो,
तर डाहको सामने को खड़ा हुनसक्छ?
५ गुप्त प्रेमभन्दा
खुल्लमखुल्ला गरेको हप्की असल हो।
६ मित्रले दिएको चोट सुधारको निम्ति हुन्छ,
तर शत्रुको चुम्बन छली हुन्छ।
७ अघाएको पेटले मह रूचाउँदैन,
तर भोकालाई नमीठो भोजन पनि मीठो लाग्छ।
८ घरबाट टाढ़ा भएको मानिस
गुँड़बाट बिच्केर टाढ़ा भएको चराजस्तै हो।
९ तेल र अत्तरले मानिसको मनलाई खुशी तुल्याउँछ,
तर फिक्रीले ता मानिसको हृदयलाई कष्ट दिन्छ।
१० आफ्नै मित्र अथवा आफ्ना बाबुका मित्रलाई बेइज्जत नगर्,
टाढ़ाको मित्रभन्दा घरको भूतनै असल हो।
११ हे मेरो छोरो, बुद्धिमान हो, र त्यसले मेरो हृदयलाई आनन्दित तुल्याउँछ,
र मेरो आलोचना गर्नेहरूलाई म मुखभरिको जवाफ दिनसक्छु।
१२ चतुर मानिस दुःख आइरहेको देखेर जोगिन्छ,
तर सीधा-साधा त्यसमा पर्छ र दण्ड भोग्छ।
१३ परदेशीको जमानी बस्नेको लुगा पनि खोस्,
र त्यो नचिनिने मानिसको बन्धकको रूपमा राख्।

१४ छिमेकीलाई कसैले एका बिहानै कराएर
आशिष दिएको
तिनलाई सराप दिएको बराबर हुन्छ।
१५ कचकच गर्ने पत्नी
वर्षाको तपतपे झरीजस्तै हो।
१६ त्यसलाई अधीन गर्नु बतासलाई अधीन
गर्नु जतिकै हो।
औँलाले तेल टिप्ने कोशिष गर्नु बराबर हो।
१७ फलामले फलामलाई उध्याएजस्तै
एउटा मानिसको बुद्धिले अर्को मानिसको
बुद्धिलाई तिखार्छ।
१८ अंजीरको बोटको रक्षा गर्नेले त्यसको
फल खानपाउँछ,
आफ्नो मालिकको धन-सम्पत्तिको रक्षा
गर्नेले सम्मान पाउँछ।
१९ पानीमा आफ्नै अनुहारको छाया देखेझैं
मानिसको हृदयले आफ्नै स्वभाव प्रकट
गर्छ।
२० पाताल र विनाश कहिल्यै नअघाएझैं
मानिसको आँखा पनि कहिल्यै सन्तुष्ट
हुँदैन।
२१ चाँदी पगाल्नलाई भाँडो र सुन
खार्नलाई पात्र,
तर चालचलनको जाँच प्रशंसा हो।
२२ मूर्खलाई ओखलीमा हालेर मुस्लीले कुटे
तापनि
त्यसको मूर्खता त्यसबाट कहिल्यै
निकाल्नसकिँदैन।

२३ आफ्नै भेडा चिन्न होशियार हो,
र तेरा बगालहरूको राम्ररी हेर-विचार
गर्।
२४ किनभने धन-सम्पत्ति ता सधैंको निम्ति
रहँदैन,
मुकुट पनि पुस्तौंसम्म रहँदैन।
२५ घाँस हराउँछ, नयाँ नयाँ पालुवा
देखिन्छ,
तब डाँडा डाँडाका हरिया घाँसहरू
बटुलिन्छन्।
२६ भेडाको ऊन तेरो लागि लुगा हुन्छ,
औ बाख्राहरू बेचेर जग्गा-जमीन किन्न
सकिन्छ।
२७ औ बाख्रीको दूध तँलाई खान प्रशस्त
हुन्छ,
र तेरा स्त्रीहरूका निम्ति पुष्टकारी
हुन्छ।

२८

कसैले नखेदे तापनि दुष्ट मानिस
भाग्छ,
तर धर्मी चाहिं सिंहजस्तै आँटिला
हुन्छ।
२ रिसाहा मानिसको दोषबाटनै झगडा
उत्पन्न हुन्छ,
तर तीव्र-बुद्धि भएको मानिसले त्यो
मेटाउँछ।
३ गरीबलाई उपद्रव गर्ने अत्याचारी
अन्न विनाश गर्ने मूसलधारे वृष्टिजस्तै
हो।
४ व्यवस्थाहीन मानिसहरूले दुष्टहरूको
प्रशंसा गर्छन्,
तर व्यवस्था मान्नेहरूले तिनीहरूको विरोध
गर्छन्।
५ दुष्ट मानिसहरूले न्याय के हो भनी
जान्दैनन्,
तर परमप्रभुलाई खोज्नेहरूले सबै असल
कुरा जान्दछन्।
६ गरीब हुनु तर ठोकररहित हुनु
धनी भएर टेढ़ो चालको हुनुभन्दा
असल हो।
७ अन्तर-ज्ञान भएको छोराले व्यवस्था
मान्छ,
तर कुसंगतमा लाग्ने छोराले आफ्ना
बाबुलाई चोट पुर्‍याउँछ।
८ जसले रुपियाँ व्याजमा लाएर धन
कमाउँछ
त्यसको धन गरीबमाथि उदारता देखाउने
मानिसको लागि हुनेछ।
९ व्यवस्था नमान्ने मानिसको

प्रार्थना पनि घिनलाग्दा हुन्छन्।
१० जसले सीधा-साधा मानिसलाई दुष्ट
चालमा हिंड्न लोभ्याउँछ
त्यो आफूले खनेको खाड़लमा आफै
पर्छ।
११ धनी मानिसले आफैलाई बुद्धिमानी
सम्झन्छ,
तर समझ-शक्ति भएको गरीबले ता
त्यसलाई चिनिहाल्छ।
१२ जब धर्मी मानिस उच्च पदमा पुग्छ
तब उसको निम्ति ठूलो उत्सव हुन्छ,
तर जब दुष्ट मानिस उच्च पदमा
पुग्छ तब अरूहरूलाई थिचोमिचो हुन्छ।
१३ तिम्रा दोषहरू लुकायौ भने तिम्रो
उन्नति हुँदैन,
तर स्वीकार गरेर ती छोड़यौ भने
तिमीले कृपादृष्टि पाउनेछौ।
१४ परमप्रभुसँग सधैं डराउने मानिस सुखी
हुन्छ,
तर मन कठोर भएको मानिस दुर्दशामा
पर्छ।
१५ भोकाएको सिंह र तिर्खाएको भालूजस्तै
असहाय मानिसहरूमाथि शासन गर्ने
दुष्ट मानिस हो।
१६ मूर्ख र लोभी मानिस नाश हुन्छन्,
तर दुष्ट कमाइले पाएको धन घृणा गर्ने
दीर्घायु हुन्छ।
१७ हत्याको अभियोग लाएको मानिसले
पक्राउमा पर्छ भनी उम्कनलाई कूवामा
हाम फाल्छ।
१८ सुचालमा जीवन बिताउने जोसुकै पनि
सुरक्षित रहन्छ,
तर बदमाशको कसो न कसो गरी पतन
हुन्छ।
१९ आफ्नो बारी कमाउनेसित प्रशस्त
खानेकुरा हुन्छ,
तर आलस्य गर्नाले कङ्गाली हुन्छ।
२० धीर चाल-चलन भएको मानिसले धेरै
आशिष पाउनेछ,
तर छिट्टै धनी हुन खोज्नेले दण्ड
पाउनेछ।
२१ पक्षपात गर्नु असल होइन,
तर रोटीको सानो टुक्राको निम्ति पनि
मानिस खराब काम गर्छ।
२२ कञ्जूस मानिस धनी हुन आतुरी गर्छ,
आफूमाथि पनि अभाव आइलाग्छ भनी
त्यसले सपनामा पनि चिताउँदैन।
२३ मानिसलाई सकाउनेभन्दा
मानिसलाई हकार्ने अन्तमा धन्यवादको
पात्र हुन्छ।
२४ बाबु-आमालाई लूटेर 'मैले केही अनर्थ
गरेको छैनँ' भन्नु
साधारण डाँकूभन्दा पनि खराब हो।
२५ स्वार्थी मानिसले झगड़ा उठाउँछ,
तर परमप्रभुमाथि भरोसा गर्ने मानिस
स्वास्थ्यकर र उन्नतशील हुन्छ।
२६ आफ्नै बुद्धिमा मात्र भरोसा गर्नु
सरासर मूर्खता हो
तर बुद्धिको मार्गमा हिंड्ने सुरक्षित
रहनेछ।
२७ गरीबलाई दिनेलाई कहिल्यै अभाव हुँदैन,
त्यसलाई वास्ता नगर्नेले सरापबाहेक अरू
केही पाउँदैन।
२८ जब दुष्टहरू उच्च पदमा पुग्छन् तब
अरूहरू थिचोमिचोमा पर्छन्।

२९ धेरै सुधारले पनि हठी बानी
नछोड़ने मानिस
सह्याल्न नसकिने गरी एक्कासि नाश
हुन्छ।
२ जब धर्मीहरू अधिकारमा हुन्छन् तब
मानिसहरू रमाउँछन्,
तर दुष्टको हातमा अधिकार आउँदा
तिनीहरू दुःखी हुन्छन्।
३ बुद्धि प्रेम गर्नेले आफ्ना बाबुलाई खुशी
तुल्याउँछ,
तर वेश्याको सङ्गत गर्नेले तिनको धन-
सम्पत्ति उड़ाउँछ।

४ राजाको न्यायसंगत शासनले राज्य
स्थिर हुन्छ,
तर जबरदस्त कर लिनाले त्यो नाश
हुन्छ।
५ आफ्नो छिमेकीको झूटा प्रशंसा गर्नेले
त्यसको खुट्टामा जाल फिँजाउँछ।
६ दुष्ट मानिस आफ्नो पापले गर्दा पासोमा
पर्छ,
तर धर्मी मानिसको उन्नति भइरहन्छ।
७ धर्मी मानिस असहायको सहायता गर्ने
फिक्री गर्छ,
तर दुष्ट मानिसले ता त्यस्तो कुरा केही
बुझ्दैन।
८ अहंकारले शहरमा आगो लगाउँछ,
तर बुद्धिले मानिसको रीस दूर गर्छ।
९ बुद्धिमान मानिसले मूर्खको विरुद्धमा
मामिला लड्यो भने
अपवाद र खिसी मात्र पाउनेछ,
तर त्यसको केही फायदा हुनेछैन।
१० हत्या गर्ने मानिसले निर्दोष मानिसलाई
घृणा गर्छ,
तर सोझा मानिसहरूले त्यसको प्राणको
रक्षा गर्छन्।
११ मूर्ख मानिसले रीस पोखाउँछ,
तर बुद्धिमान मानिसले पर्खेर त्यो शान्त
हुनदिन्छ।
१२ यदि कुनै शासकले झूटा कुरा सुन्छ
भने
तिनका सबै सेवकहरू दुष्ट हुनेछन्।
१३ गरीब मानिस र अत्याचारी मानिसमा
यो कुरो समान हुन्छ,
जत्तिसुकै सुख तिनीहरूले पाए तापनि
त्यो परमप्रभुबाटै आउँछ।
१४ असहायहरूको ठीक न्याय गर्ने राजा
आफ्नो सिंहासनमा सदा सर्वदै सुरक्षित
रहनेछन्।
१५ बेंत र हप्काइले बुद्धि दिन्छ,
तर छाडा छोडेको छोराले आफ्नी
आमालाई लाजमा पार्छ।
१६ जब दुष्ट अधिकारमा आउँछ तब पापको
शक्ति बढ्छ,
तर धर्मीहरूले एक दिन तिनीहरूको
पतन देख्छन्।
१७ आफ्नो छोरालाई सुधार, र त्यसले
तँलाई सुख दिन्छ,
र तँलाई सब किसिमको आनन्द मिल्छ।
१८ जहाँ अधिकारी छैन त्यहाँ मानिसहरू
छाडा हुन्छन्,
तर व्यवस्थाका संरक्षकले तिनीहरूलाई
ठीक मार्गमा डोर्‍याउँछन्।
१९ कुराले मात्र दास सुधार्रिंदैन,
त्यसले बुझ्छ होला, तर मान्दैन।
२० तैंले कसैलाई झट्टै बोल्न इच्छा गरेको
देख्छस् भने
त्यसको निम्ति भन्दा त एउटा मूर्खको
निम्ति धेरै आशा हुन्छ।
२१ दासलाई बाल्यकालदेखिनै खूब लाड-प्यार
गर्‍यो भने आखिरमा त्यो कृतघ्न हुन्छ।
२२ रिसाउने मानिसले झगडा उठाउँछ,
औ गरम-मिजास भएको मानिसले धेरै
खराब काम गर्छ।
२३ अहंकारले मानिसलाई तल खसाल्छ,
तर नम्र मानिसले सम्मान पाउँछ।
२४ चोरको साझेदार हुने आफ्नै शत्रु
हुन्छ,
त्यसलाई शपथ खुवाउनलायो भने पनि
त्यसले गवाही दिन आँट गर्दैन।
२५ मानिसको डर त्यसको निम्ति पासो हो,
तर परमप्रभुमाथि भरोसा गर्ने मानिस
सुरक्षित रहन्छ।
२६ धेरैले राजाको निगाह प्राप्त गर्न
खोज्दछन्,
तर सबै कुरामा परमप्रभुलेनै फैसला
गर्नुहुन्छ।
२७ जसरी धर्मी मानिस अधर्मी मानिसको
सङ्गतमा रहनमान्दैन,
त्यसरीनै दुष्ट मानिस पनि सोझो
मानिससँग रहनमान्दैन।

३०

मासाका बासिन्दा याकेका छोरा आगूरका नीतिवचन—
'परमेश्वर मसँग हुनुहुन्न, परमेश्वर मसँग हुनुहुन्न,
औ म असहाय छु।
२ मता मानिस गनिन नसुहाउने पशुसमान छु,
मानिसको जस्तै समझ-शक्ति नभएको।
३ मैले बुद्धि प्राप्त गरेको छैनँ,
परम-पवित्रबाट मैले ज्ञान पाएको छैन।
४ माथि स्वर्गमा उक्लेर को फेरि तल आएको छ?
कसले बतासलाई आफ्नो मुठीमा पारेको छ?
कसले समुद्रलाई आफ्नो पोल्टोमा बाँधेको छ?
कसले पृथ्वीका साँध-सीमाना तोकिदियो?
उहाँको नाउँ के हो? अथवा उहाँका पुत्रको नाउँ के हो?
तँ जान्दछस् भने भन्!
५ परमेश्वरको हरेक प्रतिज्ञा जाँचमा साँचो ठहरिएको छ।
उहाँमा शरण लिनेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ।
६ उहाँका वचनहरूमा केही नथप्,
नत्रता उहाँले तँलाई झूटा साबित गर्नुहुनेछ।
७ म तपाईंबाट दुइवटा कुरा माग्दछु,
म मर्नअघि ती मबाट इन्कार नगर्नुहोस्।
८ छल र झूट मबाट दूर राख्नुहोस्,
मलाई नता दरिद्र बनाउनुहोस्,
न मलाई धन दिनुहोस्।
मलाई चाहिँदो भोजन मात्र जुटाइ दिनुहोस्।
९ किनभने मसित धेरै भयो भने
म तपाईंलाई इन्कार गरूँला,
र यसो भनूँला, 'परमप्रभु को हो र?'
यदि म दरिद्र भएँ भने,
म चोर्न लागूँला,
र परमेश्वरको नाउँमा कलंक लगाउँला।
१० मालिकको सामने कुनै दासको निन्दा नगर्,
नत्रता त्यसले तेरो विषयमा खराब कुरा गर्ला, र तैंले दण्ड भोग्नु पर्ला।
११ आफ्ना बाबुको नाउँमा कलंक लाउने एक थरीका
र आफ्नी आमाको विरुद्धमा कुरा गर्ने अर्को थरीका मानिसहरू हुन्छन्।
१२ अर्को एक थरीकाहरू आफ्नो दृष्टिमा आफै शुद्ध हुन्छन्।
वास्तवमा तिनीहरू आफ्ना कलंकबाट शुद्ध भएका हुँदैनन्
१३ अर्को एक थरीका मानिसहरूका
अनुहार चाहिँ यति अहंकारी देखिन्छ,
तिनीहरूका नजर यति घिनलाग्दा देखिन्छन्।
१४ अर्को एक थरीकाहरू जसका दाँत तरवारझै
र जसका बङ्गरा छुरीझैं हुन्छन्।
तिनीहरूले देशका गरीब-दुःखीहरूलाई
र दरिद्रहरूका घर-बार खाइहाल्छन्।
१५ खरी-जुगाका दुइ बहिनी छोरी छन्,
एउटीले भन्छे, 'देऊ।' औ अर्कीले पनि भन्छे, 'देऊ।'
तीन कुरा छन् जो कहिल्यै अघाउँदैनन्,
औ चारवटा जसले कहिल्यै 'बस्, भयो' भन्दैनन्।
१६ चिहान र बाँझो गर्भ,
पानीको निम्ति तिर्खाएको जमीन
औ आगो, जसले कहिल्यै 'बस, भयो।' भन्दैन।
१७ आफ्ना बाबुको निन्दा गर्ने अथवा
आफ्नी आमाको वृद्धावस्थालाई
तुच्छ ठान्नेका आँखा कागहरूले ठुँगेर निकाल्छन्
र गिद्धका बच्चाहरूले खान्छन्।
१८ तीनवटा कुरा छन् जो मेरो निम्ति साह्रै अचम्मका छन्,

औ चारवटा जो म बुझ्नै सक्तिनँ—
१९ आकाशमा गिद्धको चाल,
पहरामा सर्पको चाल,
समुद्रमा जहाजको चाल,
स्त्रीसँग पुरुषको चाल।
२० अविश्वासी पत्नीको चाल यस्तो हुन्छ—
त्यसले खान्छे, त्यसपछि मुख पुछेर भन्छे,
'मैले ता केही खराबी गरेकी छैन।'
२१ तीनवटा कुराले पृथ्वी काम्छ,
औ चारवटा कुरा जो त्यसले
खप्नैसक्तैन—
२२ कमारा राजा भएको,
कञ्जूसले हाम र झाम गरी खाएको,
२३ प्रेम नपाउने विवाहिता,
आफ्नी मालिक्नीलाई पन्साएर तिनको
सट्टामा बस्ने कमारी।

२४ चारवटा कुरा छन् जो पृथ्वीमा साना छन्,
तापनि तिनीहरू साह्रै बुद्धिमानी छन्—
२५ कमिला—शक्तिहीन प्राणी हुन्,
तर तिनले ग्रीष्म ऋतुमा आफ्ना
खानेकुराको भण्डार तयार गर्छन्।
२६ पहराको-न्याउरी मूसो—कमजोर जन्तु
हुन्छन्,
तापनि तिनीहरूले आफ्नो घर
पहराहरूमानै बनाउँछन्।
२७ सलहहरू—तिनका राजा हुँदैन,
तापनि तिनीहरू दल्-दल गरी आक्रमण
गर्छन्।
२८ छेपारो—त्यसलाई हातमा पक्नसकिन्छ,
तापनि त्यो राजाहरूका महलहरूमा पनि
पाइन्छन्।
२९ तीनवटा कुरा छन् जो आफ्ना हिँड़ाइमा
खाफिला छन्,
चारवटा, जो आफ्ना चालमा प्रतापी
छन्—
३० सिंह—जो पशुहरूमा सबैभन्दा वीर छ,
जसले कसैको सामने आफ्नो पुच्छर
लुकाउँदैन।
३१ खाफसित हिँड्ने भाले र बोका
औ आफ्नो सेनाको अगिअगि जाने
राजा।
३२ यदि तँ मूर्ख र हठी छस् भने
र खराब कुरा गर्न तँलाई मनपर्छ भने
चूप लागिबस्।
३३ किनभने दूध मथेर दही निकाल्छ,
नाक माड्यो भने रगत निस्कन्छ।
त्यसरीनै रीस उठाउनेले झगड़ा शुरू
हुन्छ।

राजालाई अर्ती

३१ मासाका राजा लमूएलका नीतिवचन,
जो तिनलाई तिनको आमाले
सिकाएकी थिएन्—
२ हे मेरो छोरो, म तँलाई के भनूँ?
तँ मेरो गर्भको छोरो, मेरो प्रार्थनाको
जवाफ!
३ तेरो बल स्त्रीलाई नदे,
नता तिनीहरूलाई तेरो प्रेम दे, जसले
राजाहरूलाई नाश पार्दछन्।
४ हे लमूएल, राजाहरूले मद्य पिउनु
असल होइन,
शासकहरूलाई कड़ा मद्यपान गर्नु पनि
असल होइन।
५ तिनीहरूले मद्य पियो भने उचित
ऐन-कानून र नीतिहरूलाई बिर्सनेछन्,
र दुःखीहरूको निसाफलाई उल्टो
पारिदिनेछन्।
६ कड़ा मद्य निराश भएकोलाई देऊ,
र दाखमद्य मनमा उदास भएकोलाई
देऊ।
७ त्यस्ता मानिसहरूले पिएर आफ्नो
दरिद्रता भुल्नेछन्,
र आफ्नो दुःख फेरि सम्झनेछैनन्।
८ बोल्न नसक्नेहरूको निम्ति तँ बोल्,
औ असहायहरूलाई सताउनेको
विरुद्धमा तैंले आफ्नो मुख खोल्।

९ ठीक न्याय गर्नलाई मात्र तँ बोल्,
र दुःखी र दरिद्रको पक्षमा ठीक
न्याय गर्।

असल पत्नीको प्रशंसा

१० सुयोग्य पत्नी कसले पाउनसक्छ ?
तिनी मूगा-मोतीभन्दा पनि ज्यादा
बहुमूल्यकी हुन्छिन्।
११ तिनका पतिले तिनलाई पूरा भरोसा
गर्छन्।
औ तिनलाई छोरा-छोरीको केही अभाव
हुँदैन।
१२ तिनले आफ्नो जीवनकालभरिनै
आफ्ना पतिको भलो गर्छिन्, तर
बुरो होइन।
१३ तिनले ऊन र सनपाट चुनेर
आफ्नो काममा मेहनत गर्छिन्।
१४ व्यापारको मालले भरिएको जहाजभैं
तिनले टाढ़ाबाट घरमा खानेकुरो
ल्याउँछिन्।
१५ तिनी रातीनै उठ्छिन्,
र आफ्ना दासीहरूलाई अह्राएर
घरानालाई भोजन दिन्छिन्।
१६ खूबै सोच-विचार गरेर तिनले एउटा
खेत किन्छिन्,
र आफ्नो कमाइले दाखबारी लाउँछिन्।
१७ तिनी परिश्रम गरेर आफ्नो काम
गर्छन्,
र कामको लागि आफ्नो कम्मर कस्छिन्।
१८ तिनले आफ्नो व्यवसाय राम्ररी चलेको
हेर्छिन्,
तिनले राती कहिल्यै आफ्नो बत्ती
निभाउँदिनन्।
१९ तिनी आफ्नै हातले चर्खा चलाउँछिन्,
र आफ्नै औंलाले पिउरी समात्छिन्।
२० दुःखीहरूका निम्ति तिनको मुठी सधैं
खुला हुन्छ,
गरीबहरूलाई तिनी उदारचित्तले दिन्छिन्।
२१ हिउँ पर्दा आफ्नो परिवारको निम्ति
तिनी डराउनुपर्दैन,
किनभने तिनीहरूले दुइसरो लुगा ओढ़ेका
हुन्छन्।
२२ तिनले आफ्नो ओढ़्ने
र मसिनो मलमल र बैजनी कपड़ा
आफै बनाउँछिन्।
२३ तिनका पति शहरको मूल-ढोकामा
शहरका बूढ़ा-प्रधानहरूसँग बस्ता
सबैका बीचमा तिनी लोकप्रिय हुन्छन्।
२४ तिनी मलमलको लुगा कातेर बेच्छिन्,
र व्यापारीहरूलाई तिनीहरूका पटुका
बेच्छिन्।
२५ तिनी गौरव र शक्तिले सुशोभित
हुन्छिन्,
र भोलिको लागि तिनी चिन्ता गर्दिनन्।
२६ तिनी आफ्नो मुख खोल्दा बुद्धिका
कुरा गर्छिन्,
र तिनको शिक्षाको सार दयाले
भरिएको हुन्छ।
२७ तिनी आफ्नो परिवारको कामको
हेर-विचार गर्छिन्,
र परिश्रम विनाको कमाइ खाँदिनन्।
२८ तिनका छोराहरूले एकै मतका भएर
तिनलाई सुखी भन्छन्,
तिनका पतिले पनि तिनको प्रशंसा गरेर
भन्छन्,
२९ 'धेरै स्त्रीहरूले आफ्नो योग्यता
देखाउँछन्,
तर तिमीनै तिनीहरू सबैभन्दा
श्रेष्ठ छौ।
३० सौन्दर्य भ्रमात्मक हुन्छ, औ सुन्दरता
उड़िजाने हुन्छ,
तर परमेश्वरको भय मान्ने स्त्रीनै
आदरणीय हुन्छिन्।
३१ तिनको मेहनतको फलको निम्ति तिनको
प्रशंसा गर्,
र तिनको परिश्रमबाट तिनले शहरको
मूल्-ढोकामा आदर पाऊन्।

उपदेशकको पुस्तक

सबै कुरा व्यर्थ हुन्

१ दाऊदका छोरा यरूशलेमका राजा
उपदेशकका वचन।
२ व्यर्थनै व्यर्थ, व्यर्थनै व्यर्थ, सबै व्यर्थँ
हुन्। ३ मानिसले संसारमा आफ्ना सारा
परिश्रम र आफ्ना मेहनतबाट के लाभ पाउँछ
र? ४ पुस्ताहरू आउँछन्, पुस्ताहरू
जान्छन्, तर पृथ्वी चाहिँ सदा सर्वदै रहि-
रहन्छ।
५ सूर्य उदाउँछ र सूर्य अस्ताउँछ। त्यो
आफ्नो ठाउँमा जान्छ, र फेरि त्यहाँबाट उदय
हुन्छ। ६ बतास दक्षिणतिर बहन्छ, बतास
उत्तरतिर बहन्छ, घुमेर फेरि चक्कर मार्छ।
७ सबै खोलाहरू समुद्रमानै बग्छन्, तापनि
समुद्र चाहिँ कहिल्यै भरिएर पोखिँदैन। जुन
स्थानबाट खोलाहरू बग्छन् फेरि बग्नलाई ती
त्यतै फर्कन्छन्।
८ सबै कुराहरू विरक्तका छन्! कुनै
मानिसले पनि ती सबैका विषयमा भन्नसक्तैन।
देखेर आँखा सन्तुष्ट र सुनेर कान तृप्त
हुन्छ? ९ जे भएको छ त्यो फेरि हुनेनै
छ, औ जे गरिएको छ, त्यो फेरि गरिनेनै
छ, औ संसारमा कुनै कुरो नयाँ छैन।
१० के कुनै कुरो छ जसको बारेका कसैले
भन्नसक्छ, "हेर त, यो नयाँ कुरा हो?"
अहँ, त्यो ता अघि पनि थियो, हाम्रा पाला-
भन्दा उहिलेनै। ११ तादिका मानिसहरूको
केही सम्झना रहँदैन, औ तीपछि आउने-
हरूको पनि तीपछि आउनेद्वारा सम्झना
हुँदैन।

उपदेशकको अनुभव

१२ म उपदेशकले यरूशलेममा इस्राएलका
राजा भएर शासन गरे। १३ औ आकाश-
मनि जे गरिन्छ ती अध्ययन गर्न र
अनुसन्धान गर्नलाई बुद्धिसित मेरो मन लगाए।
यो ता परमेश्वरले मानिसहरूलाई व्यस्त
हुनलाई दिनुभएको दिक्क लाग्दो भार दिनु-
भएको मात्र हो। १४ संसारमा गरिएका
सबै काम मैले देखेको छु। ती सबै व्यर्थ
हुन् र बतासलाई खेदेको जस्तो मात्र हो।
१५ जे बाङ्गो छ त्यो सोझो बन्नसक्तैन।
जे छैन त्यसको गन्तीनै हुँदैन। १६ मैले
आफ्नो मनमा विचार गरें, 'यरूशलेमको
सिंहासनमा विराजमान हुने मेरा सबै पूर्वज-
हरूभन्दा मैले धेरै बुद्धि प्राप्त गरेको छु।
बुद्धि र ज्ञानसित म परिचित भएँ।"
१७ यसैले बुद्धि र ज्ञान, पागलपना र
मूर्खता जान्न मैले मन लगाएँ। औ यो
पनि बतासलाई खेदेको जस्तो मात्र रहेछ भनी
मैले जाने। १८ किनभने धेरै विरक्ति
हुन्छ, औ मानिसले जति धेरै जान्यो
त्यतिनै धेरै दुःख पाउँछ।

२ मैले आफ्ना मनमा विचार गरें, "म
सुख-विलासमा बसेर खूब मजा गर्नेछु।"
तर त्यो पनि व्यर्थ रहेछ। हंसीको विषयमा
मैले भने, "त्यो ता पागलपना हो।"
२ औ विलासको विषयमा चाहिं, "त्यसले के
फायदा गर्छ?" भनें ३ यसैले तिनीहरूको
जीवनको छोटो अवधिमा संसारमा मानिस-

हरूले गर्नुपर्ने असल कुरा के हो सो जान्ने
आशामा मैले दाखमद्य पिएर आफूलाई
उत्तेजित पार्नखोजें। तर मेरो मनलाई बुद्धिले
डोऱ्यायो, मूर्खताले अन्धा तुल्याएन।
४ मैले ठूला ठूला कामहरू गरें। मैले
आफ्नो निम्ति घरहरू बनाएँ औ दाखबारी-
हरू लगाएँ। ५ मैले आफ्नो निम्ति फल-
फूलका बगैँचाहरू र उद्यानहरू बनाए तिनमा
किसिम किसिमका फलका रूखहरू रोपें।
६ बढ्दै गरेका रूखहरूलाई सिँचाइ गर्न
मैले दहहरू खन्नलाएँ। ७ मैले कमारा-
कमारीहरू किनें, औ मेरो घरमा जन्मेका
कमारा-कमारीहरू पनि थिए। मेरा धन-
सम्पत्ति थिए औ यरूशलेममा भएका मेरा
पूर्वजहरूभन्दा मेरा धेरै गाई-वस्तु र भेड़ा-
बाख्राहरू थिए। ८ मैले राजाहरूबाट र
देश देशहरूबाट धन-दौलत, सुन र चाँदी
पनि थुपारें। मैले गायक गायिकाहरू
औ मानिसले मनोरञ्जन गर्ने सबै कुरा प्राप्त
गरें। ९ यरूशलेममा भएका मेरा सबै
पूर्वजहरूभन्दा म महान्, धेरै महान् भएँ
औ मेरो बुद्धिले गर्दा म उच्च पदमा पुगें।
१० लोभ लागेको कुरो प्राप्त गर्न मैले
आफैलाई इन्कार गरिनँ, नता मैले कुनै
किसिमको सुख-चैनलाई इन्कार गरें।
साँच्चिनै मैले मेरा सबै मेहनतबाट सुख
पाए, औ मेरा सबै मेहनतको फल यही
थिए। ११ तब फर्केर मैले गरेका सबै
हातका कामलाई विचारें, मेरा सबै परिश्रम
र मेहनतलाई—औ के देखें भने सबै कुरा
व्यर्थ र बतासलाई खेदेको जस्तो मात्र रहेछ
ती सबै संसारमा बेफायदाका कुरा रहेछन्।
१२ तब मैले बुद्धि, पागलपना र
मूर्खता के रहेछन् सो हेर्नलाई विचार गरें,
किनभने मपछि हुने राजाले के गर्नसक्छ र?
केवल यति मात्र जे अघि गरिएको थियो।
१३ औ जस्तो अँध्यारोभन्दा उज्यालो धेरै
लाभदायक हुन्छ, त्यस्तैगरी मूर्खताभन्दा बुद्धि
धेरै लाभदायक हुन्छ भनी मैले देखें।
१४ आफू कहाँ जाँदैछ सो बुद्धिमानले
देख्छ, तर मूर्ख चाहिँ अँध्यारोमानै हिंड्छ।
तापनि तिनी दुवैमाथि एउटै घटना घट्दो
रहेछ भनी मैले देखें। १५ यसैले मैले
आफ्नो मनमा विचार गरें, "ममाथि पनि
मूर्खको दशा आइपर्ने रहेछ। म बुद्धिमान
भएको के मतलब भयो? बुद्धिले मलाई के
फायदा हुन्छ र? मैले मनमनै विचार गरें,
"यो पनि व्यर्थ रहेछ। १६ मूर्खको भन्दा
बुद्धिमानको बेसी सम्झना हुँदैन, किनभने
जसरी दिन बितेर जान्छ त्यसरीनै सबैको
सम्झना पनि रहनेछैन। हाय! बुद्धिमान र
मूर्खको एउटै मरण हुन्छ।" १७ यसैले
मैले जीवनलाई घृणा गर्नलागें, किनभने
संसारमा गरेको हरेक काम मेरो निम्ति दुःख
रहेछ, किनकि सबै कुरा व्यर्थका र बतासलाई
खेदेको जस्तो मात्र रहेछन्। १८ यसैले
संसारमा मैले गरेका मेरो सबै परिश्रम र
मेहनतलाई मैले घृणा गर्नलागें, किनभने मैले
त्यसको फल मेरो उत्तराधिकारीको
निम्ति छोड़िराख्नुपर्छ। १९ त्यो बुद्धिमान
हुने हो कि मूर्ख हुने हो कसलाई थाह छ
र? तापनि संसारमा मेरा सबै परिश्रम र
निपुणताको फल त्यसैले पाउनेछ। यो पनि
व्यर्थ हो।
२० तब मेरा सबै परिश्रम र मेहनतलाई
सम्झेर म स्वयं निराश भएँ। २१ किनभने
बुद्धि, ज्ञान र निपुणतासँग मेहनत गर्नेले ती
सबै कुनै परिश्रमनै नगर्ने मानिसको
निम्ति छोड़िदिनुपर्छ। २२ यो पनि व्यर्थ
र एकदमै भूल हो। संसारमा मानिसले
गरेका आफ्ना सबै परिश्रम, आफ्ना योजनाहरू
र आफ्ना मेहनतको फल के पाउँछ र?
२३ त्यसका सारा जीवनकालभरिनै त्यसका
काम त्यसको निम्ति पीड़ा र दिक्दार
मात्र हो। राती पनि त्यसको मनले विश्राम
पाउँदैन। यो पनि व्यर्थ हो।
२४ मानिसको निम्ति आफ्नो परिश्रमको
सट्टामा खानु, पिउनु र मोज-मजा गर्नुभन्दा

अरू बढ़ी केही छैन। तापनि मैले यो
देखे कि यो पनि परमेश्वरको हातबाटै
मिल्दछ। २५ किनभने उहाँले दिनुभएन
भने कसलाई भोजन अथवा कसलाई सुख
मिल्नेछ र? २६ जुन मानिसले परमेश्वरलाई
खुशी तुल्याउँछ त्यसैलाई उहाँले बुद्धि, ज्ञान
र आनन्द दिनुहुन्छ। तर पापीलाई परमेश्वर
प्रसन्न हुनुभएको व्यक्तिको निम्ति धन-सम्पत्ति
जम्मा गर्ने र थुपार्ने कष्ट दिनुहुन्छ। यो पनि
व्यर्थ र बतासलाई खेदेको जस्तो मात्र हो।

सबै कुराको समय छ

३ सबै कुराको लागि समय छ,
औ संसारमा सबै कामको बेला छ—
२ जन्मने एउटा समय छ,
मर्ने एउटा समय।
रोप्ने एउटा समय छ,
उखेल्ने एउटा समय।
३ मार्ने एउटा समय छ,
निको पार्ने एउटा समय।
भत्काउने एउटा समय छ,
बनाउने एउटा समय।
४ रूने एउटा समय छ,
हाँस्ने एउटा समय।
शोक गर्ने एउटा समय छ,
नाच्ने एउटा समय।
५ ढुङ्गा फ्याँक्ने एउटा समय छ,
ती बटुल्ने एउटा समय।
अङ्गालो हाल्ने एउटा समय छ,
अङ्गालो नहाल्ने एउटा समय।
६ भेट्टाउने एउटा समय छ,
हराउने एउटा समय।
राख्ने एउटा समय छ,
फाल्ने एउटा समय।
७ च्यात्ने एउटा समय छ,
सिउने एउटा समय।
चूप लाग्ने एउटा समय छ,
बोल्ने एउटा समय।
८ प्रेम गर्ने एउटा समय छ,
घृणा गर्ने एउटा समय।
युद्ध गर्ने एउटा समय छ,
मिलाप गर्ने एउटा समय।

९ आफ्नो सबै परिश्रमबाट मानिसले
के लाभ पाउनुसक्छ र? १० मानिस व्यस्त
रहनलाई परमेश्वरले दिनुभएको काम मैले
देखेको छु। ११ सबै काम त्यसको समयानुकुल
उहाँले बनाउनुभएको छ। त्यसबाहेक उहाँले
मानिसलाई बितेको समय र आउने समयको
चेतना दिनुभएको छ, तर शुरूदेखि अन्तसम्म
परमेश्वरको कार्य बुझ्ने-शक्ति दिनुभएको छैन।
१२ जीवित छँदानै सबैभन्दा सुन्दर जीवन
निर्वाह गर्नु र सुखी हुनबाहेक मानिसको
निम्ति अरू केही कुरो असल छैन भनी म
जान्दछु। १३ त्यसबाहेक आफ्नो सारा
परिश्रमको फलस्वरूप मानिसले खानु, पिउनु
र आनन्द उपभोग गर्नुनै परमेश्वरको दान
हो। १४ मलाई थाँह छ कि परमेश्वर जे
गर्नुहुन्छ त्यो सधैँभरिनै रहिरहन्छ। त्यसमा
थप्नु वा घटाउनु असम्भव छ। औ उहाँले
यी सबै यस्तो किसिमले गर्नुभएको छ कि
उहाँको उपस्थितिमा मानिसले श्रद्धापूर्ण भय
राख्नुपर्दछ। १५ जे छ त्यो अघिदेखिनै
थियो, औ जे हुनआउने छ त्यो पनि
अघिदेखिनै भइरहेछ, औ परमेश्वरले त्यही
कुरा घट्न घरिघरि घट्नलाउनुहुन्छ।

जीवनको अनुचित कार्य

१६ त्यसबाहेक मैले संसारमा न्याय
हुनुपर्ने ठाउँमा खराबी भएको र धर्म हुने
ठाउँमा अधर्म भएको देखें। १७ मैले
आफ्नो मनमा विचार गरें, "परमेश्वरले धर्मी
र अधर्मीलाई एकै समान न्याय गर्नुहुन्छ।
हरेक कार्य र हरेक अभिप्रायको ठीक समय
हुन्छ।" १८ मैले आफ्नो मनमा विचार
गरें, "मानिसहरूसित व्यवहार गर्नुहुँदा
तिनीहरूलाई जाँच गर्नु र तिनीहरू वास्तवमा

कस्ता छन् भनी हेर्नु परमेश्वरको अभिप्राय
हो। १९ किनभने मानिस मौकावादी
हुन्छ औ पशु पनि मौकावादी हुन्छ, औ
ती दुवैको एउटै दुर्दशा हुन्छ—अर्थात्
ती दुवैमाथि मृत्यु आइपर्दछ। ती दुवैको
एउटै सास छ। मानिसहरूको पशुहरूमाथि
कुनै प्राधान्यता हुँदैन। २० किनभने
सबै माटैले बनिएका हुन्, औ सबै माटैमा
मिल्नेछन्। २१ मानिसको प्राण चाहिं
उँभोतिर अथवा पशुको प्राण तल माटोमा
जान्छ भनी कसलाई थाह छ? २२ मानिसले
आफ्नो काममा आनन्द उपभोग गर्नुभन्दा
अरू असल केही छैन भनी मैले देखें,
किनभने त्यही त्यसको भाग हो, किनकि
फेरि के हुने हो भनी हेर्नलाई कसले
त्यसलाई फर्काएर ल्याउनसक्छ र?

४ फेरि मैले संसारमा अत्याचारका सबै
कामहरू देखें र विचार गरें।
अत्याचारमा परेकाहरूको आंसु मैले देखें,
औ मैले के देखें भने तिनीहरूलाई सान्त्वना
दिने कोही हुँदैन रहेछ। अत्याचारीहरूको
पक्षमा शक्ति थियो, तर अत्याचारमा
परेकाहरूको पक्षमा भएर साटो लिने कोही
थिए। २ मैले ता मरिसकेकाहरूलाई पनि
सुखी ठानें, किनभने तिनीहरू मरिसकेका
थिए जीवितहरूभन्दा तिनीहरू झन् सुखी
थिए। ३ ती दुवैभन्दा पनि अझ सुखी
नजन्मेको मानिस रहेछ, जसले संसारमा
गरिएका दुष्ट कामहरू देखेकै हुँदैनन्।
४ मैले सबै मेहनत र प्राप्तिहरूको विचार
गरें, औ के देखें भने ती सबै मानिसको
आपसको शत्रुताको नतीजा रहेछ। यो पनि
व्यर्थ र बतासलाई खेदेको जस्तो मात्र हो।
५ मूर्ख मानिस हात बाँधेर बस्छ र भोकै
नासिंदैजान्छ। ६ दुवै मुठी भएर व्यर्थको
परिश्रम गरेको भन्दा एक मुठी भरिएको
औ मनमा शान्ति भएको असल हो।
७-८ यो पनि मैले संसारमा व्यर्थ देखें
—मित्र नभएको, छोरा अथवा भाइ नभएको,
निरन्तर परिश्रम गरिरहने तापनि आफ्नो
धन-सम्पत्तिदेखि सन्तुष्ट नहुने एउटा एक्लो
मानिस मैले देखें—"कसको निम्ति जीवनको
उत्तम कुराहरू त्यागेर म मेहनत
गरिरहेछु?" भनी त्यसको मनमा प्रश्न उठछ।
यो पनि व्यर्थ हो, एउटा भार मात्र।
९ एकभन्दा दुइ असल हो। तिनीहरूले
आफ्नो मेहनतको असल इनाम पाउनेछन्,
१० किनभने एउटा लोट्यो भने अर्कोले
आफ्नो साथीलाई उठ्न सहायता गर्छ, तर
लोट्ने र कोही उठाउने साथी नहुने विचरा!
११ यदि दुइ जना सँगै सुते तिनीहरू
न्यानो हुन्छन्। तर एक्लै ता कसरी न्यानो
हुने? १२ यदि मानिस एक्लै छ भने कुनै
आक्रमणकारीले त्यसलाई जित्नसक्छ, तर
दुइ जनाले ता रोक्नसक्छन्। औ तीन
सुताले बाटिएको डोरी सजिलै चुँडिंदैन।
१३ सल्लाह नलिने वृद्ध मूर्ख राजा-
भन्दा निर्धन तर बुद्धिमान जवान मानिस
बढ़िया हो। १४ आफ्नो भावी राज्यमा
निर्धन जन्मेको भए तापनि झ्यालखानबाट
निस्केको मानिस पछि राजा हुने सम्भव छ।
१५ तर मैले संसारमा सबै प्राणीको जीवन
अध्ययन गर्दा के देखें भने त्यसको स्थान
पनि अझै अर्को जवान मानिसले लिन्छ,
औ जुन प्रजाको त्यो राजा भएको छ
त्यसको प्रजाको संख्या असीमित हुनेछ।
१६ औ आफूपछि हुनेहरूका लेखिमा त्यो
वीर-पुरुष ठहरिनेछैन। यो पनि व्यर्थका र
बतासलाई खेदेको जस्तो मात्र हो।

सोच-विचार नगरी शपथ खानमा मूर्खता

५ परमेश्वरको भवनमा जाँदा होशियार-
सित जाऊ। सोच-विचारै नगरी
पाप गर्ने मूर्खहरूले चढ़ाएको बलिदानभन्दा
श्रद्धाको भावनामा जानु असल हो।

२ बोल्नमा हतार नगर। परमेश्वरको
उपस्थितिमा विना सोच-विचारको बोली
ननिस्कोस्। परमेश्वर स्वर्गमा हुनुहुन्छ,
तिमीहरू चाहिँ पृथ्वीमा। यसैकारण तिमी-
हरूको वचन थोरै होस्। ३ समझदारको
हातमा धेरै काम हुन्छन्। मूर्ख चाहिं धेरै
बोल्छ, तर त्यसमा धेरै बकबक मात्र हुन्छ।
४ परमेश्वरमा भाकल गर्दा त्यो पूरा गर्न
ढीलो नगर्, किनभने मूर्खसँग उहाँ प्रसन्न
हुनुहुन्न। जे भाकल गर्दछस् त्यो पूरा गर्।
५ भाकल गरेर पनि पूरा नगर्नुभन्दा ता
भाकल नगरेको असल हो। ६ तेरो आफ्नै
जिब्रोले तँलाई पाप गर्न नलाओस, औ
त्यसपछि परमेश्वरका दूतको सामने 'त्यो ता
भुल भएको हो' भनी नभन्। नत्रता तेरा
वचनहरूले गर्दा परमेश्वर रिसाउनुहुनेछ, र
तैंले प्राप्त गरेका तेरा सबै सफलता विफल
हुनेछन्। ७ परमेश्वरको भय तैंले मान्नैपर्छ।

जीवनको व्यर्थता

८ यदि तैंले कुनै प्रान्तमा गरीबको
अत्याचार भएको औ त्यसको अधिकार र
र न्याय इन्कार भएको देखिस् भने जे
भइरहेको छ त्यसमा अचम्म नमान्, किनभने
हरेक अधिकारीमाथि अझ ठूलो अधिकारी
खटाइएका हुन्छन्, र सबैभन्दा ठूला
अधिकारीले तिनीहरू सबैमाथि हेर-विचार
गर्छन्। ९ जुन राजाको भूमि राम्ररी
खन-जोत गरिएको छ त्यही राजा देशको
लागि सबैभन्दा उत्तम कुरो हो।
१० जुन मानिसले रुपियाँ-पैसाको लोभ
गर्छ त्यसलाई कहिल्यै प्रशस्त हुँदैन। औ
धेरै धन-सम्पत्तिको लोभ गर्ने मानिसले
त्यसबाट केही सुख-भोग पाउनेछैन। यो पनि
व्यर्थ हो। ११ जब धन-सम्पत्ति बढ्छ तब
खाने मुख पनि धेरै बढ्छ। औ
धनसम्पत्ति हेर्नबाहेक त्यसलाई अरू के लाभ
हुन्छ र? १२ थोरै खाओस् कि धेरै
खाओस् परिश्रम गर्नेको निद्रा मीठो हुन्छ।
तर धनीको धन धेरै भएकोले गर्दा त्यसलाई
निद्रै लाग्दैन। १३ मैले संसारमा एउटा
विशेष खराबी देखें—एउटा मानिसले आफ्नै
नोक्सानीको लागि धन-सम्पत्ति सञ्चय गर्दछ,
१४ औ त्यसपछि कुनै असफल धन्धामा
त्यसले त्यो धन-सम्पत्ति गुमाउँछ, र त्यसको
छोराको निम्ति केही रहँदैन। १५ आफ्नी
आमाको गर्भबाट जसरी त्यो आएको छ
त्यसरीनै त्यो नाङ्गो फर्की जानुपर्छ। त्यसका
सबै मेहनतबाट त्यसले आफूलाई केही लाभ-
पाउनेछैन। १६ यो पनि एउटा साह्रै ठूलो
हानि हो। जसरी त्यो आएको छ त्यसरीनै
त्यो जानैपर्छ। त्यसका सबै परिश्रम हावा
मात्र हो भने त्यसलाई के लाभ भयो र?
१७ त्यसबाहेक त्यसले आफ्नो सारा जीवन-
काल अन्धकारमै बिताउनुपर्छ त्यसको भाग
फिक्री, ज्यादै अप्रसन्नता, रोग र असन्तुष्टता
हुनेछ। १८ मैले के देखें भने—परमेश्वरले
दिनुभएको यस जीवनको छोटो अवधिमा
संसारमा आफ्नो परिश्रमको सट्टा मानिसको
निम्ति खानु, पिउनु र आनन्द उपभोग गर्नुनै
असल र ठीक रहेछ। १९ त्यसबाहेक हरेक
मानिस जसलाई उहाँले धन-सम्पत्ति र ती
सबै उपभोग गर्ने शक्ति दिनुभएको छ, त्यसले
यी सबै आफ्नो भाग सम्झेर आफ्नो परिश्रममा
रसाहट गरोस्। २० जीवन कति छोटो
रहेछ भनी त्यसले धेरै फिक्री गर्नेछैन। किनभने
परमेश्वरले त्यसको समय आनन्दले भरिदिनु-
हुन्छ।

६ संसारमा मैले यस्तो एउटा बुराइ
देखेको छु जसले मानिसलाई थिचेर
राखेको छ। २ त्यस मानिसलाई विचार
गर जसलाई परमेश्वरले धन-सम्पत्ति दौलत
र मान दिनुभएको छ, र जसलाई मन
लागेका कुनै कुराको अभाव हुँदैन,—यदि
परमेश्वरले त्यसलाई यी सबै कुराको उपभोग
गर्ने शक्ति दिनुभएन तर एसको सट्टा एउटा

परदेशीले ती उपभोग गर्नपाउँछ भने, त्यो
व्यर्थ हो र उचित भएन। ३ कुनै मानिसको
एक सय जना छोराहरू भएर धेरै वर्षसम्म
बाँच्यो, तर त्यो धेरै दिनसम्म बाँचेर पनि
जीवनका असल असल कुराबाट सन्तुष्ट भएन
भने, औ अन्त्यमा मृत-संस्कारनै पाएन भने,
म भन्दछु कि त्योभन्दा ता तुहेको बालकको
दशा असल हुन्छ। ४ यस बालकको जन्म
व्यर्थको हो। त्यो अन्धकारमा हराइहाल्छ।
त्यहाँ त्यो बिर्सिहालिन्छ। ५ यसले कहिल्यै
घाम देखेको हुँदैन, अथवा केही कुरा
जानेको हुँदैन। तापनि त्यस मानिसको भन्दा
यसको दशा असल छ। ६ त्यस्तै गरी यदि
कोही मानिस दुइ हजार वर्ष बाँचेर पनि
कहिल्यै सुखभोग गर्न पाएन भने, त के भयो
र? आखिरमा के ती दुवै एउटै ठाउँमा
जाँदैनन् र?

७ मानिसका सबै परिश्रमको अभिप्राय
पेटै भर्नु मात्र छ, तापनि त्यसको भोक
कहिल्यै मर्दैन। ८ जीवनकी सामना गर्नेमा
ज्ञानी मानिस मूर्ख मानिसभन्दा कुन कुरामा
बढ़ी छ, अथवा आफ्ना सबै अनुभव लिएर
पनि गरीब मानिसभन्दा बढ़ी छ?
९ आफूसँग जे छ त्यसमा सन्तुष्ट हुनु अरू
कुराको लोभ गरिरहनुभन्दा असल छ। यो
पनि व्यर्थ र बतासलाई खेदेको जस्तो मात्र
हो। १० जे अघिदेखिनै छँदै थियो त्यस-
लाई नाउँ दिइएकै छ, त्यसको स्वभाव
जानिएकै छ। कोही मानिस आफूभन्दा
बलियो मानिससित विरोध गर्नसक्तैन।
११ जति धेरै कुरा गर्छ त्यतिनै व्यर्थ हुन्छ।
औ त्यसले त्यस मानिसलाई के लाभ हुन्छ
र? १२ किनकि यस जीवनमा मानिसलाई
के कुरो असल छ भनी कसले जान्नसक्छ
र—यस व्यर्थको छोटो अस्तित्वमा जसबाट उ
छायाजस्तै बितेर गइहाल्छ? यस संसारमा
भोलि के हुन्छ भनी मानिसलाई कसले
भन्नसक्छ र?

बुद्धिको श्रेष्ठता

७ असल नाउँको बासना अति सुगन्धित
अत्तरको भन्दा मीठो हुन्छ, औ
मृत्युको दिन, जन्मेको दिनभन्दा उत्तम हो।
२ भोजको घरमा जानुभन्दा शोकको
घरमा जानु असल हो। जीवित मानिसले
यो मनमा राखोस् कि मृत्यु चाहिँ हरेक
मानिसको भाग हो। ३ सुर्ता हँसाइभन्दा
असल हो—त्यसले अनुहारमा उदासी ल्याए
तापनि समझ-शक्ति तीक्ष्ण बनाउँछ।
४ बुद्धिमानको मन शोक परेको घरमा
हुन्छ, तर मूर्खको मन रमाहटको घरमा
हुन्छ। ५ बुद्धिमान मानिसको हप्काइ सुन्नु
मूर्खहरूको प्रशंसाभन्दा असल हो ६ किनभने
मूर्खको हँसाइ भाँडामनि पड्कने काँढाको
आगोजस्तै हो। यो पनि व्यर्थ हो।
७ छल गर्दा बुद्धिमान मानिसको मति
बिग्रन्छ र बलियो मानिसको चरित्र नाश
हुन्छ ८ कुनै कामको शुरूभन्दा त्यसको
अन्त असल हुन्छ। धीरजी हुनु अहंकारी
हुनुभन्दा असल हो। ९ रीस देखाउन छिटो
नगर्, किनभने रीस मूर्खको मनमा हुन्छ।
१० उहिले उहिलेका दिन अहिलेका भन्दा
किन असल थिए भनी नसोध, किनभने त्यो
ता मूर्ख सवाल हो। ११ बुद्धिनै धन-
सम्पत्तिभन्दा असल हो, र घाम सबै जीवित
मानिसका निम्ति लाभदायक हुन्छ।
१२ रूपियाँ-पैसाभन्दा बरू बुद्धि प्राप्त गर।
बुद्धिलाई चिन्नेले त्यसबाट जीवन पाउँछ, र
त्यो त्यसको निम्ति लाभदायक हुन्छ।

१३ परमेश्वरको हातका कार्यहरूलाई
विचार गर। उहाँले बाङ्गो बनाएको कुरालाई
कसले सोझो पार्नसक्छ र? १४ सबै कुरा
राम्रो हुँदा खुशी होऊ, तर जब सबै कुरा
खराब हुन्छ तब यो कुरा विचार गर—
परमेश्वरले एउटा कुरा अर्को कुरासित यस्तो
गरी राख्नुभएको छ कि फेरि के हुनेहो सो
कसैले बताउनसक्तैन। १५ धर्मी मानिस

धर्म गर्दागर्दै नष्ट भएको औ दुष्ट मानिस
चाहिँ आफ्नो दुष्टतामा वृद्धावस्थासम्म पुगेको
मेरो व्यर्थको जीवनमा यी सबै मैले देखेको
छु। १६ ज्यादै धर्मी र ज्यादै बुद्धिमानी
नहो। तिमी किन आफैलाई एउटा
हाँसोको पात्र बनाउँछौ? १७ ज्यादै दुष्ट
र मूर्ख नहोऊ। तिमी किन अकालमा
मर्छौ? १८ एउटै कुरामा लागेर अर्को
कुरालाई नगुमाउनु असल हो, किनभने जुन
मानिसले परमेश्वरको भय राख्छ त्यसले दुवैमा
सफलता प्राप्त गर्छ। १९ बुद्धिले बुद्धिमान
मानिसलाई एउटा शहरका दश जना
शासकहरूभन्दा बढ़ी बल दिन्छ।
२० संसारमा यस्तो कुनै धर्मी मानिस छैन
जसले सबै काम ठीक गर्छ र कहिल्यै भुल
गर्दैन। २१ त्यसबाहेक, मानिसहरूले भनेका
सबै कुरामा ध्यान नदेऊ, नत्रता तिम्रै
नोकरले तिम्रो निन्दा गरेको तिमीले
सुन्नेछौ। २२ किनभने तिमीले पनि कति
चोटि अरूहरूको निन्दा गरेका छौ भनी
तिमीलाई राम्रै थाह होला।

बुद्धिको खोजी

२३ यी सबै कुरा बुद्धिको जाँचको
लागि मैले राखें। मैले भनें, 'ज्ञानी
हुनलाई मैले निश्चय गरेको छु।' तर बुद्धि
ता मदेखि टाढ़ै रह्यो—२४ जे भएको छ
सो हाम्रो शक्तिबाट टाढ़ै रहन्छ, तल
गहीरोमा, मानिसको समझ-शक्तिभन्दा
गहीरोमा!
२५ मैले विचार गर्दैरहें, ज्ञानको हरेक
कुराको कारण खोज-तलाश गर्न मैले निश्चय
गरें, तर दुष्ट हुनु ता मूर्खता, र मूर्खझैं
काम गर्नु चाहिँ पागलपना मात्र रहेछ भन्ने
मैले थाह पाएँ। २६ स्वास्नीमानिसको छल
मृत्युभन्दा शक्तिशाली रहेछ भन्ने कुरा मैले पत्ता
लाएँ। तिमीलाई फँसाउन त्यसको मन एउटा
पासोझैं र त्यसका पाखुरा साङ्गलाझैं हुन्छ।
परमेश्वरलाई खुशी पार्ने मानिस त्यसको
पञ्जाबाट उम्कनसक्छ, तर पापीलाई ता
त्यसले पक्रन्छे। २७ उपदेशक भन्छन्,
'हेर मैले एक एक कुराको विचार गरेर
कति चोटि असफल भई अन्तमा मैले यही
कुरा भेट्टाएँ—२८ मैले हजार पुरुषमा एउटा
मात्र योग्यको भेट्टाएँ, तर स्त्रीहरूमा त
एउटै पनि भेट्टाइनँ। २९ यो कुरो मात्र
मैले भेट्टाएँ कि जब परमेश्वरले मानिसलाई
सृजनुभयो तब उहाँले त्यसलाई सोझो
बनाउनुभयो, तर मानिस आफैले चाहिँ अनेकौं
छलहरू रच्दछ।'

८ यी सबै कुरामा बुद्धिमानी को छ?
कसले केही कुराको अर्थ जान्दछ र?
बुद्धिले मानिसको अनुहार हँसिलो बनाउँछ,
र उसको उदासी अनुहार हटाउँछ।

राजाको आज्ञापालन गर्नेलाई शिक्षा

२ राजाले जे हुकूम गर्दछन् सो गर,
औ परमेश्वरको नाउँमा शपथ खानुपर्छ भने
हतार नगर। ३ राजाको सामनेबाट
गइहाल, औ तिनलाई अप्रसन्न तुल्याउने
कुराको जिद्दी नगर। किनभने तिनले आफ्नो
इच्छाबमोजिम गर्दछन्। ४ किनकि राजाको
वचनमा अख्तियार हुन्छ। ५ तिनले गरेको
काममा कसले सवाल गर्नसक्छ र? हुकूम
पालन गर्ने मानिसलाई कुनै किसिमको हानि
हुँदैन। बुद्धिमान मानिसले काम गर्न ठीक
समय र तरीका जान्दछ।

परमेश्वरको रीति मानिसको बुद्धिको बाहिर छ

६ भविष्यको अज्ञानताले मानिसलाई
साह्रै सताए तापनि हरेक उद्योगको समय
र तरीका हुन्छ। ७ भविष्यमा के हुन्छ
भनी हामी कसैले पनि जान्दैनौं, औ त्यो

हामीलाई कसले बताइदिन्छ र? ८ प्राणलाई
थामी राख्नु मानिसको शक्तिमा छैन, औ
मृत्युको दिनमाथि कसैको अधिकार छैन।
युद्धको समयमा कसैले आफ्ना हात-हतियार
पर राख्तैन। धन-सम्पत्ति हुनेलाई त्यसको
कत्तिकै धनले पनि बचाउनसक्तैन।
९ संसारमा यी सबै गरेका मैले मन
लाएर हेरें। एउटा मानिसले अर्को मानिसलाई
दुःख दिने अधिकारको समय थियो।
१० त्यस्तै बेला मैले दुष्ट मानिसहरूलाई पवित्र
स्थानमा गएका र त्यसभित्र पसेका पनि
देखें। औ ठीकै गरेको छु भनी अहंकार-
सित शहर हुँदो घुम्दै तिनीहरू हिंड़े। यो
पनि व्यर्थ हो। ११ खराब कामको दण्ड
तुरुन्तै नपाएकोलेनै मानिसले यति साहससित
खराब काम गर्दछ। १२ पापीले भुल काम
गरेर बूढेसकालसम्मै बाँचे तापनि परमेश्वरसँग
डराउनेहरूलाई असलै हुनेछ भनी मलाई
थाह छ। परमेश्वरप्रतिको तिनीहरूको भयले
यो कुरा पक्का गराउँछ, १३ तर दुष्ट
मानिसलाई भलो हुनेछैन। त्यो दीर्घायु पनि
हुनेछैन। परमेश्वरसँग नडराउने मानिस ता
केवल छाया मात्र हो। १४ संसारमा यस्तो
एउटा व्यर्थको कुरो पाइयो—अधर्मीले पाउने
दण्ड धर्मीले पाउँछ, र धर्मीले पाउने इनाम
अधर्मीले पाउँछ। यो पनि व्यर्थ हो भनी म
भन्छु। १५ यसैले सुख-चैन गर्नुनै म
सल्लाह दिन्छु, किनभने यस संसारमा
मानिसलाई खानु, पिउनु मोज-मजा गर्नु
भन्दा अरू असल केही रहे न छ। किनकि यस
संसारमा परमेश्वरले दिनुभएको जीवनको
अवधिभरि आफ्नो मेहनतको फल यही मात्र
रहनेछ। १६ मानिसले आफ्नो आँखा
कहिल्यै चिम्म नगरी रात-दिन नसुतेर यस
पृथ्वीमा काम गरेको हेरी बुद्धि प्राप्त गर्न
मैले आफ्नो मन लगाएँ। १७ औ मैले
सधैं यही देखें कि यस संसारमा के भइरहेछ
सो पत्ता लाउन नसकोस् भनी
परमेश्वरले यस्तो नियम बनाइदिनुभएको रहेछ।
मानिसले कत्तिकै ज्यादा चेष्टा गरे तापनि
त्यसले त्यो पत्ता लाउनसक्तैन। बुद्धिमान
मानिसले ता म जान्दछु भनी विचार गर्छ,
तर त्यसले त्यसको सत्यलाई जान्नेछैन।

जीवनको असमानता

९ यी सबै कुरामा मैले ध्यान दिएँ,
औ मैले यही बुझें कि धर्मी र
बुद्धिमानीहरू र तिनीहरूका सबै काम-कार्वाही
परमेश्वरकै अधीनमा हुन्छन्। तर प्रेम कि
घृणा कुन चाहिं? त्यो कसैले जान्दैन।
२ सबै कुरा जे त्यसले सामना गर्छ, ती
सबै व्यर्थ हुन्। किनभने धर्मी र अधर्मी,
असल र खराब, शुद्ध र अशुद्ध, बलिदान
चढ़ाउने मानिस र बलिदान नचढ़ाउने मानिस
हरेकमाथि एकै दशा आइपर्छ। भलो
मानिस र पापी मानिस, शपथ खान सक्ने
मानिस र शपथ खान आँट नगर्ने मानिस
दुवैको एउटै गति हुन्छ। ३ यस संसारमा
गर्ने सबै काममा यही ता भुल छ, कि
हरेक मानिसलाई एकै किसिमको दशा आइपर्छ।
मानिसको हृदय दुष्टताले भरिएको छ।
तिनीहरूका जीवनकालभरिनै तिनीहरूको हृदय
पागलपनाले भरिन्छ, र त्यसपछि तिनीहरू
मरेकाहरूसँग मिल्नजान्छन्। ४ तर बाँचि-
रहेको मानिसको निम्ति अझै केही आशा
छ। यो कुरो याद राख कि जिउँदो
कुकुर मरेको सिंहभन्दा असल हो। ५ यो
कुरो साँचो हो, कि जिउँदाहरूले हामी
मर्नेछौं भनी जान्दछन्, तर मरेकाहरूले ता
केही पनि जान्दैनन्। तिनीहरूका निम्ति
केही प्रतिफल हुँदैन। तिनीहरू बिलकुलै
बिर्सिजानेछन्। ६ तिनीहरूका निम्ति प्रेम, घृणा,
अभिलाषा सबै खतम भएका हुन्छन्।
संसारमा गरिएको काममा तिनीहरूको फेरि
कहिल्यै भाग हुनेछैन।
७ आफ्नो बाटो लाग्, आफ्नो
खानेकुरो खा र मोज-मजा गर्, खुशी मनले

आफ्नो दाखमद्य पी, किनभने तैंले गरेको
कामलाई परमेश्वरले ग्रहण गर्नुभएको छ।
८ सधैं सफा वस्त्र लगा र कपालमा तेल लाउन
नबिर्सी। ९ संसारमा तेरो जीवन व्यर्थ
भए तापनि आफूले प्रेम गरेकी स्त्रीसित
जीवनको सुखभोग गर्। किनभने संसारमा
तैं बस्ता र परिश्रम गर्दा तेरो सहभागिनी त्यहीनै
हुन्छ। १० तेरो हातमा जे काम छ त्यो
आफ्नो पूरा शक्तिले गर्, किनभने मृत्युमा,
जहाँ तैं जानैपर्छ, त्यहाँ नता केही गर्ने, न विचार
गर्ने, न समझ-शक्ति, न बुद्धिनै हुन्छ।
११ मैले संसारका अझै एउटा कुरो देखें—
वेग कुदाइले दौड जित्नसक्तैन, औ शक्तिले
लड़ाइँ जित्नसकिन्न। भोजन बुद्धिमानको
निम्ति, धन-सम्पत्ति समझदारको निम्ति,
सफलता निपुण मानिसको निम्ति हुँदैन।
समय र अवसरलेनै सबैलाई अधीन गरेको
हुन्छ। १२ यसबाहेक, आफ्नो काल
कहिले आउँछ भनी कुनै मानिसले जान्दैन।
माछा जाल्मा र चरा पासोमा परेझैं
मानिसहरू पनि झट्टै दुर्दशामा फैला
पर्छन्।

बलभन्दा बुद्धि ठूलो

१३ यो पनि बुद्धिको एउटा नमूना हो,
जस्तो मैले संसारमा देखें र त्यो मुख्य
कुरो पाएँ। १४ थोरै बासिन्दा भएको
एउटा सानो शहर थियो। त्यसलाई एउटा
ठूलो राजाले आक्रमण गरे। तिनले त्यसलाई
घेरेर त्यसको चारैतिर घेरा-मचान बनाए।
१५ त्यस शहरमा एउटा गरीब तर
बुद्धिमान मानिस थियो। त्यसले मात्र
आफ्नो बुद्धिले त्यो शहर बचाउनसक्थ्यो।
तर त्यस गरीब बुद्धिमान मानिसलाई कसैले
याद गरेन। मैले आफ्नो मनमा विचार
गरे, 'निश्चयनै, बलभन्दा बुद्धि ठूलो हो।'
१६ तर त्यस गरीब मानिसको बुद्धिको
अवहेलना भयो, र त्यसको वचनको केही
वास्ता भएन। १७ मूर्खहरूका बीचमा
कराएर चिच्याउने सेनापतिको भन्दा ता
आफ्नो मनको कुरा शान्त-भावले प्रकट
गर्ने बुद्धिमान मानिसको कुराको ज्यादा
वास्ता गर्नुपर्छ। १८ युद्धका हात-
हतियारभन्दा बुद्धि असल हो। एउटा गल्तीले
धेरै असल कामलाई सर्वनाश गर्छ।

मूर्खताको परिणाम

१० जसरी मरेका झींगाहरूले अत्तर
बनाउनेको सुगन्धित अत्तरलाई
दुर्गन्धित तुल्याइदिन्छ, त्यसरीनै थोरै मूर्खताले
बुद्धिलाई बेकामको तुल्याइदिन्छ। २ बुद्धिमान
मानिसको मन सोझो बाटोमा तर निर्बुद्धि
मानिसको बाङ्गो बाटोमा लागेको हुन्छ।
३ बाटोमा हिंड्दा पनि मूर्खले विचारै गर्दैन,
र सबैलाई त्यसले आफ्नो मूर्खता जनाउँछ।
४ यदि मालिक तेरो विरुद्धमा रिसाए तैंले
आफ्नो काम नछोड्। नम्रताले ठूला ठूला
भुल्लाई सुधार्छ। ५ संसारमा एउटा बुराइ
मैले देखें, एउटा यस्तो भुल जसको जिम्मावार
मालिक हुन्छ, ६ अर्थात् मूर्खलाई उच्च
स्थानमा राखेको, तर ठूला र धनीलाई निम्न
स्थानमा राखेको हुन्छ। ७ मैले दासहरू
घोड़ामा सवारी भएका उच्च पदका मानिसहरू
दासझैं पैदलै हिंड़ेका देखेको छु। ८ खाड़ल
खन्ने मानिस आफै त्यसमा पर्नसक्छ, र
पर्खाल भत्काउने मानिसलाई साँपले डस्नसक्छ।
९ ढुङ्गा फोर्ने मानिसलाई चोट लाग्नसक्छ,
औ दाउरा काट्ने मानिस चोटको खतरामा
पर्छ। १० बञ्चरो बोधे छ र त्यो
उध्याएको छैन भने ज्यादै बल प्रयोग
गर्नुपर्छ। बुद्धिमान मानिसलाई सफलता पाउने
ठूलो मौका हुन्छ। ११ लट्ट्याउन अघिनै
साँपले डस्यो भने सपेरालाई केही फायदा
हुँदैन।

१२ बुद्धिमान मानिसको वचनले निगाह
प्राप्त गर्छ, तर मूर्खको जिब्रोनै त्यसको

बर्बादीको कारण हुन्छ। १३ त्यसले अर्थहीन
कुरा गरेर शुरू गर्छ, र अन्तमा घोर उपद्रवमा
टँग्याउँछ। १४ मूर्खले बात गरेको गरेकै
हुन्छ, तर के हुने हो सो कसैले जान्दैन,
र त्यसपछि के आउने हो कसले बताउनसक्छ
र? १५ मूर्ख आफ्नो परिश्रमले आफै
थाक्छ, र त्यसले घर जाने बाटै चिन्दैन।

१६ जुन देशमा कमारा राजा हुन्छ र
त्यसका भारादारहरूले एका बिहानै भोज
लगाउँछ त्यस देशलाई धिक्कार छ! १७ त्यो
देश सुखी हो जसका राजा भला घरानामा
जन्मेका छन्, र तिनका भारादारहरू
दिनमा आफ्नो ठीक भोजन गर्छन्,
र मतवालाले जस्तै गर्दैनन्। १८ यदि
घरको मालिक बेपर्वाही छ भने घरको
धूरी भत्कन्छ, औ यदि त्यो अल्छे छ
भने घरै ढल्छ। १९ भोजनले आनन्द
दिन्छ, औ दाखमद्यले जीवन प्रसन्न तुल्याउँछ,
तर यी सबै गराउने रूपियाँ-पैसानै हो।
२० एकान्तमा पनि राजाको विरुद्धमा कुरा
नगर्, अथवा गुप्तमा धनी मानिसको विरूद्धमा
कुरा नगर्, किनभने पक्षीले पनि तेरो कुरा
लैजाला र तैंले भनेको कुरा बताइदेला।

बुद्धिमान मानिसको चाल-चलन

११ विदेशसित अन्नको व्यापार गर्, र
समयमा तैंले त्यसको आम्दानी
पाउनेछस्। २ तेरो धन सात-आठ किसिमका
व्यापारमा लगा, किनभने देशमा कस्तो विपत्ति
आइपर्ला तैंले जान्दैनस्। ३ बादल
पानीले पूर्ण भयो भने त्यसले जमीनमा पानी
वर्षाउँछ। रूख दक्षिणमा ढल्यो भने पनि अथवा
उत्तरमा ढल्यो भने पनि त्यो जहाँ ढलेको छ
त्यहींनै पड़िरहन्छ। ४ बतासको विचार
गर्नेले कहिल्यै छर्दैन, औ बदालमा
नजर राख्नेले कहिल्यै कटनी गर्दैन।
५ गर्भवती स्त्रीको गर्भमा शरीर बनिएको
र जीवित आत्मा रहेको रहस्य तँ बुझ्दैनस्।
त्यसरीनै सबै थोक सृजनुहुने परमेश्वरका काम-
लाई तैंले जान्दैनस्। ६ बिहान समयमानै
बिउ छर्, र बेलुकी साँझसम्म आफ्नो काम
गर्न न छोड्, किनभने अहिले छरेको अथवा
भरै छरेको कुन चाहिं सफल हुन्छ, अथवा
दुवैनै राम्रो हुन्छन् होला भनी तँ जान्दैनस्।

जवान मानिसहरूलाई सल्लाह

७ ज्योति असल हुन्छ। आँखाले
घामलाई देख्नु राम्रो कुरो हो। ८ कोही
धेरै वर्षसम्म बाँच्छ भने उसले ती सबैमा
आनन्दित बनोस्। तर उसले अँधकारका
दिनहरू पनि धेरै छन् भनी स्मरण राखोस्।
९ ए जवान मानिस, आफ्नो युवावस्थामा
सुखी होऊ। तेरो बैंस छउञ्जेल सुख-चैन
गर्। तेरो मन र आँखाले तँलाई बाटो
देखाऊन्। तर यो कुरो याद राख्, कि
यी सबै कुराको परमेश्वरले लेखा लिनुहुन्छ।
१० असन्तुष्टतालाई तेरो मनबाट पर हटा,
र शरीरको दुःखलाई टकटक्याइदे। बाल्यावस्था
र बैंस केवल व्यर्थ हुन्।

१२ दुःखको समय र वृद्धावस्था आउन-
अघिनै जब तैंले भन्नेछस्, 'यिनमा
मेरो मन लाग्दैन।' आफ्नो युवावस्थामा
आफ्ना सृष्टिकर्त्ताको सम्झना गर्। २ सूर्य
र दिनको प्रकाशलाई अँध्यारोले ढाक्नअघिनै,
चन्द्रमा र ताराहरू धमिला हुन र मेघहरू
वर्षामा परिणत हुनअघिनै—३ जब घरको
हेरचाहा गर्नेहरू थरथराउँछन्, र बलिया
मानिसहरू झुक्छन्, जब जाँतो पिँध्ने स्त्री-
हरू कम भएकाले गर्दा आफ्नो काम बन्द
गर्छन्, र झ्यालबाट हेर्नेहरू फेरि कहिल्यै
हेर्दैनन्, ४ जब गल्लीतिर जाने ढोकाहरू
बन्द हुन्छन्, जब जाँतोको आवाज कम
हुँदैजान्छ, जब भङ्गेराको चिरबिरे आवाज
मधुरो हुन्छ, र गीत गाउने चराहरू चूप
रहन्छन्, ५ जब मानिसहरू भिरालो

ठाउँदेखि डराउँछन् र गल्लीहरू त्रासले भरिएका
हुन्छन्, जब हाड़े-बदामको बोट सेतै फूलेर
फर्कन्छन् औ सलहका पेट डम्म हुन्छ र
फूलको केही सुन्दरता रहँदैन—यी सबै हुन-
भन्दा अघिनै उहाँको सम्झना गर्। किनभने
मानिस ता आफ्नो अनन्तको घरमा जानेछ
र शोक गर्नेहरू गल्लीको यताउता लाग्नेछ।
६ चाँदीको तार चुँड़िनअघि र सुनको कचौरा
फुटाइनअघि, माटोको गाग्री पँधेरामा टुक्रा-
टुक्रा पारिनअघि र कूवामा चक्का चुँड़ाइनअघि,
७ जसरी त्यो शुरू गरिएको थियो त्यसरीनै
माटो माटैमा मिल्नअघि र आत्मा दिने
परमेश्वरकहाँ जानअघि उहाँकोनै सम्झना गर्।
८ व्यर्थ, व्यर्थ, सबै व्यर्थ, उपदेशक भन्दछन्।

मानिसको सारा कर्तव्य

९ यसैकारण उपदेशकले आफ्नो बुद्धिमा
आफूले जानेका कुरा मानिसहरूलाई सिकाउँदै-
रहे। तिनले आफ्नो मनमा धेरै नीतिवचन-
हरू विचार गरे, र तिनलाई कसरी क्रमैसित
प्रयोग गर्नु भनी चेष्टा गरे। १० तिनले
अभिरूचिको निम्ति मीठा मीठा शब्दहरू
छाने, तर जे तिनले लेखे ती बिलकुलै सत्य
थिए। ११ बुद्धिमानका वचनहरू गोठालाका
लाठोझैं, ठीक स्थानमा ठोकेका कीलाझैं छन्।
ती वचनले मानिसको समुदायलाई डोर्‍याउँछ,
किनकि ती एउटै गोठालाबाट आएका हुन्।
१२ हे मेरो छोरो, अझै एउटा चेताउनी
सुनिराख्—पुस्तकहरूको उपयोगको केही अन्त
छैन, औ धेरै अध्ययनले थकाउँछ।

१३ कुराको अन्त यही हो—कि तैंले
सबै कुरा सुनिस्। परमेश्वरको भय राख्, र
उहाँका आज्ञा पालन गर्। योबाहेक मानिसले
गर्नुपर्ने अरू केही छैन। १४ किनभने
हामीले गरेको हरेक काम, असल होस् वा
खराब होस् हरेक गुप्त कुराको न्याय
परमेश्वरले गर्नुहुनेछ।

श्रेष्ठगीत

दुलही र यरूशलेमका कन्याहरू

१ श्रेष्ठगीत, जो सुलेमानको गीत हो।
२ उहाँले मलाई आफ्ना ओठले
चुम्बन गरून्।
तपाईंको प्रेम दाखमद्यभन्दा पनि मीठो छ,
३ तपाईंको तेलको बासना सुगन्धित छ,
औ तपाईंको नाउँको बासना खनाएको
अत्तरझैं छ।
यसैकारण कन्याहरू तपाईंलाई प्रेम
गर्दछन्।
४ मलाई तपाईंसँग लैजानुहोस्,
र हामी दुवै एकसाथ दगुरौं।
हे राजन्, मलाई तपाईंको कोठाभित्र
लैजानुहोस्।

तपाईंको निम्ति हामी रमाउनेछौं र
आनन्द मनाउनेछौं।

दाखमद्यभन्दा पनि बढ़ी हामी तपाईंको
प्रेमको प्रशंसा गर्नेछौं,
र कुनै गीतभन्दा पनि बढ़ी तपाईंको
मायाको प्रशंसा गर्नेछौं।

५ म श्यामवर्णकी तर सुन्दरी छु,
हे यरूशलेमका छोरी हो,
केदारका पालहरूजस्ता
अथवा शाल्माका पालका पर्दाहरूजस्ता।
६ घामले डढेर अलिक काली भए तापनि
मेरो अवहेलना नगर्नुहोस्,
मेरा दाज्यू-भाइहरू मदेखि असन्तुष्ट
थिए।
उनीहरूले मलाई दाखबारी हेरचाह गर्न
पठाए,
यसैकारण मैले मेरो आफ्नै दाखबारीको
हेरचाह गर्न पाइनँ।
७ हे मेरा साँचो प्रेमी,
आफ्ना भेड़ा-बाख्रा तपाईं कहाँ
चराउनुहुन्छ?
दिउँसो तपाईं तिनीहरूलाई कहाँ विश्राम
गर्नुदिनुहुन्छ? मलाई भन्नुहोस्।
र तपाईंका साथीहरूका बगालका
पछिपछि फिरन्ताझैं मैले हिँड्न नपरोस्।

८ हे स्त्रीहरूमा सबैभन्दा सुन्दरी,
तिमी आफै यो कुरा जान्दैनौ भने
गएर भेड़ा-बाख्राहरूका पाइला पहिल्याउँदै
जाऊ,
र गोठालाहरूका छाप्रोको छेउमा आफ्ना
पाठाहरूलाई चराऊ।

९ म तिमीलाई फिरऊनका रथका
घोड़ाहरूसित तुलना गर्दछु,
हे मेरो प्रिये।
१० बाटेका केशहरूका बीचमा तिम्रा
गालाहरू
रत्न जड़ेको हार लगाएका गला कति
सुन्दर छन्।

११ हामी तपाईंको निम्ति चाँदीका दानाले
जड़ेका
सुनका बाटेका हार बनाइदिनेछौं।

१२ महाराजा आफ्नो ओछ्यानमा
पल्टिरहनुहुँदा,
मेरो जटामसीको अत्तरले बासना दिन्छ।
१३ मेरो छातीमा उहाँ ढल्किरहनुहुँदा
मेरा प्रिय मेरो निम्ति मूर्रको झुप्पाझैं
हुनुहुन्छ।
१४ एन-गदीका दाखबारीबाट आएका
मेँहदी-फूलको झुप्पाजस्तै मेरा प्रिय
हुनुहुन्छ।
१५ हे मेरी प्रिये,
तिमी असाध्य सुन्दरी छौ,
आह, कति सुन्दरी!
तिम्रा आँखा ढुकुरका आँखाजस्तै छन्।

१६ हे मेरा प्रिय, तपाईं असाध्य सुन्दर
हुनुहुन्छ,
तपाईं कति प्यारो हुनुहुन्छ!

१७ हाम्रा ओछ्यान हाँगाहरूको छाहारीमा
छ,
देवदार, हाम्रो घरका दलिनहरू हुन्,
सल्लाका रूखहरू हाम्रा छाना हुन्।

२ म ता शारोनको गुलाफ,
बेँसीमा उम्रने लिली फूल हुँ।

२ होइन, तर स्त्रीहरूमा मेरी प्रिये चाहिँ
काँढ़ाहरूका बीचमा उम्रेको लिली
फूल हो।

३ जङ्गलका रूखहरूका बीचमा स्याउको
रूखजस्तै
पुरुषहरूका बीचमा मेरा प्रिय हुनुहुन्छ।
त्यसको छायामनि बस्न मलाई साह्रै
आनन्द लाग्छ,

औ त्यसको फल मलाई साह्रै मीठो लाग्छ।
४ उहाँले मलाई आफ्नो आनन्द-गृहमा लानुभयो,
र मलाई प्यारको नजरले हेर्नुभयो।
५ उहाँले मलाई किसमिसहरू दिनुभयो र म ताजा भएँ,
औ स्याउहरू दिएर सजीव पार्नुभयो।
किनभने म प्रेमले मोहित भएको थिएँ।
६ उहाँको देब्रे हात मेरो शिरमनि थियो,
र दाहिने हातले मलाई आलिङ्गन गरेको थियो।

७ हे यरूशलेमका छोरी हो,
म तिमीहरूलाई अनुरोध गर्दछु,
मृग र हरिणीका नाउँमा शपथ खाएर म भन्दछु,
उहाँ तयार नहोउन्जेल उहाँलाई नजगाऊ,
मेरी प्रियेलाई नउठाऊ।

८ सुन त! पर्वतहरूमा हाम-फाल्दै,
डाँडाहरू हुँदो उफ्रँदै
मेरा प्रिय आउँदैहुनुहुन्छ।
९ मेरा प्रिय त एउटा मृगजस्तै
जवान घोरलजस्तै हुनुहुन्छ।
हाम्रो पर्खालको बाहिर आइपुग्नुभयो,
उहाँले झ्यालबाट चियाउँदैहुनुहुन्छ,
आँखी-झ्यालबाट हेर्दैहुनुहुन्छ।

१० मेरा प्रियले जवाफ दिनुभयो,
उहाँले मलाई भन्नुभयो,
'उठ, हे मेरी प्रिये।
हे मेरी सुन्दरी, आऊ।
११ किनभने अब हिउँद बित्यो,
वर्षा पनि सिद्धियो,
१२ चारैतिर फूलहरू देखा पर्नलागे,
चराहरू गाउने समय आयो,
र हाम्रो देशमा कुर्ले-ढुकुर कुर्लेको सोर सुनिनेछ।
१३ हरिया हरिया अन्जीरहरू बोटमा पाक्नलागे,
र दाखले बासना दिनलागे,
उठ्नुहोस्, मेरो प्रिय,
हे मेरो प्राण-प्रिय, आउनुहोस्।'

१४ भिरालो चटानका प्वाल्हरू हुँदो लुकिबस्ने
अथवा पहराका दूलाहरू हुँदो बस्ने,
मेरी ढुकुर,
मलाई तिम्रो अनुहार देखाइदेऊ,
मलाई तिम्रो सोर सुनाइदेऊ,
किनभने तिम्रो सोर मीठो छ,
र तिम्रो रूप सुन्दर छ।

१५ दाखमा फूल फूलेको बेलामा हाम्रो दाखबारी बिगारिदिने,
ती साना साना स्यालहरूलाई हाम्रो निम्ति समातिदेऊ।

१६ मेरा प्रिय मेरै हुनुहुन्छ,
र म चाहिँ उहाँकी हुँ।
उहाँ लिली फूलहरूमा प्रसन्न हुनुहुन्छ।
१७ जब दिन शीतल हुँदैजान्छ,
र छाया हराउँदैजान्छ,
हे मेरा प्रिय, तब फर्कनुहोस्,
बेतेरका भिरालो पर्वत हुँदो कुदिहिंड्ने
मृग अथवा जवान घोरलझैं देखा पर्नुहोस्।

दुलहीको मनो-वेदना

३ रातैपिच्छे मेरो ओछ्यानमा
मेरो साँचो प्रेमीलाई मैले खोजें।
मैले उहाँलाई खोजें, तर उहाँलाई भेट्टाइनँ।
मैले उहाँलाई बोलाएँ, तर उहाँले जवाफ दिनुभएन।
२ मैले भनें, 'म उठेर शहरमा चक्कर लाउनेछु,

गली गल्लीहरू र चोकहरूमा,
म मेरा साँचो प्रेमीलाई खोज्नेछु।'
मैले उहाँलाई खोजें, तर उहाँलाई भेट्टाइनँ,
मैले उहाँलाई बोलाएँ, तर उहाँले जवाफ दिनुभएन।
३ शहरमा घुमिहिंड्ने पहरेहरूले मलाई भेटे,
औ मैले तिनीहरूलाई सोधें, 'के तपाईंहरूले मेरा प्रेमीलाई देख्नुभयो ?'
४ तिनीहरूलाई छोड़ेर म अलिक पर मात्र पुगेको थिएँ
मैले मेरा प्रेमीलाई भेटें।
मैले उहाँलाई मेरा आमाको घर, मलाई जन्मदिनुहुने मेरा आमाको
कोठामा नल्याउञ्जेल मैले उहाँलाई समातें,
र उहाँलाई छोड़दैछोड़िनँ।
५ हे यरूशलेमका छोरी हो, म तिमीहरूलाई अनुरोध गर्दछु,
मृग र हरिणीको नाउँमा शपथ खाएर म भन्दछु,
उहाँ तयार नहोउञ्जेल उहाँलाई नजगाऊ,
मेरा प्रियेलाई नउठाऊ।

विवाहको जन्ती

६ वनबाट धुवाँको मुस्लाजस्तै
जलिरहेको मूर्र र जटामसीबाट
व्यापारीहरूले ल्याएका सबै धूलो मसालाबाट !
माथि उक्ली आउने यो के हो ?
७ हेर त, पालकीमा बोकेर ल्याएका
सुलेमान राजानै हुनुहुँदो रहेछ।
इस्राएलका साठी जना चुनेका योद्धाहरू
उहाँका साथमा हिंड़नेहरू छन्।
८ ती सबै निपुण तरवार चलाउनेहरू हुन्,
सबै जना हात-हतियार चलाउनलाई तालिम पाएकाहरू,
रातको डर पर हटाउन
हरेकले आफ्नो बगलमा तरवार भिरेको छ।
९ सुलेमान राजाले आफ्नै निम्ति बनाउनुभएको पालकी चाहिं
लबानोनको काठको थियो।
१० त्यसका डण्डाहरू उहाँले चाँदीका बनाउनुभएको थियो।
त्यसको शिर अड़ाउने चाहिं सुनको,
त्यसको बस्ने आसन बैजनी लुगाको थियो,
त्यसको भित्री भाग छालाको थियो।
११ हे यरूशलेमका छोरी हो, बाहिर निस्किआऊ,
हे सियोनका छोरी हो, बाहिर निस्किआऊ,
र राजा सुलेमानलाई स्वागत गर,
आफ्नो विवाहको दिन, उहाँको रमाहटको दिनको निम्ति
आफ्नी आमाले पहिराइदिएको मुकुट लगाएका
सुलेमान राजालाई स्वागत गर !

दुलहीको प्रशंसा

४ हे मेरी प्रिये, तिमी कति सुन्दरी छौ, असाध्य सुन्दरी !
घुम्टोभित्र लुकेका तिम्रा आँखा ढुकुरजस्ता छन्,
तिम्रो केश गिलाद पहाड़को भिरालोमा चरिरहेका
भेड़ाबाख्राका बगालजस्तै छ।
२ तिम्रा दाँत चाहिं भर्खरै कत्रेका भेड़ीहरूको,
भर्खरै नुहाएर उक्लिआएका बगालजस्तै छन्।

हरेक भेडीले जम्ले पाठा ब्याएको
छ,
औ कसैको बच्चा तुहेको छैन।
३ तिम्रा ओठ राता डोरीजस्तै छन्,
औ तिम्रो मुखका वचन आनन्ददायक
छन्,
र तिम्रो मुख सुन्दर छ।
घुम्टोभित्र लुकेका तिम्रा ओठ
काटेर दुइ फ्याक पारेको दारीमका
फलझैं छन्।
४ तिम्रो गला घुमाउने सिँढ़ीहरू भएको
दाऊदको धरहराजस्तै छ।
त्यहाँ एक हजार ठूला ढाल
झुण्डाइएका छन्,
ती सबै योद्धाहरूका ढाल हुन्।
५ तिम्रा दुइ स्तन दुइ पाठजस्ता छन्,
मृगका दुइ जम्ले पाठाजस्तै।
६ जब दिन शीतल हुँदैजान्छ, र छाया
हराउँदैजान्छ,
म मूर्र भएका पर्वतमा
र जटामसी भएको डाँड़ामा जानेछु।
७ तिमी सुन्दरी छौ, हे मेरी प्रिये,
केही दाग नभएकी सुन्दरी

८ हे मेरी दुलही, लबानोनबाट आऊ,
लबानोनबाट मसँग आऊ।
अमानाको टाकुराबाट झरेर आऊ,
सेनीर र हर्मोनका टाकुराहरूबाट,
सिंहहरूका ओढ़ार र चितुवाहरू
घुमिहिँड़ने डाँड़ाहरूबाट।

९ हे मेरी बहिनी, तिमीले ता मलाई
मोहित गराएकी छौ,
हे मेरी दुलही, तिमीलेनै मोहित
गराएकी छौ।
तिम्रो आँखाको एक झलकले, तिम्रो
हारको एउटा रत्नले।
१० तिम्रा स्तनहरू कति सुन्दर छन्,
हे मेरी बहिनी, हे मेरी दुल्ही,
तिम्रो प्रेम दाखमद्यभन्दा पनि सुगन्धित
छ,
औ तिम्रा अत्तरहरू सबै मसालाको
बासनाभन्दा पनि मीठा छन्।
११ तिम्रा ओठले मौरीका चाकाझैं मीठास
चुहाउँछ, हे मेरी दुलही,
मह र दूध तिम्रो जिब्रोमनि छन्,
औ तिम्रो लुगामा लबानोनको सुगन्ध
भरिएको छ।
१२ मेरी बहिनी, मेरी दुलही, बन्द गरेर
ढोका लाएको बगैंचाजस्तै छिन्,
बन्द गरेर ढोका लाएको बगैंचा, छापा
लाएर बन्द गरेको फोहोराजस्तै छिन्।
१३ तिम्रा दुवै गाला दारीमका बगैंचाजस्तै
छन्,
दुर्लभ फलहरूले भरिएको बगैंचा,
मेंहदी र जटामसीको बगैंचा।
१४ जटामसी, केशर, ऊखु र सिन्कौली,
सब किसिमका धूप हुने रूखहरू,
मूर्र र घिउकुमारी,
र सबै किसिमका असल असल
मसालाहरूले भरिएको बगैंचा।

१५ मेरो बगैंचाको फोहरा बगिरहने पानीको
मूल
लबानोनबाट झर्ने स्रोत।
१६ हे उत्तर बतास, जाग्। हे दक्षिण
बतास, आइज,
त्यसको सुगन्ध चारैतिर फैलिन
मेरो बगैंचामा बह,
र मेरा प्रियले आफ्नो बगैंचामा आएर
त्यसका दुर्लभ फलहरू खाएर भोग
गरून्।

५ हे मेरी बहिनी, हे मेरी दुल्ही,
म मेरो बगैंचामा आएँ,
मैले मेरो मूर्र र मसालाहरू बटुलें।
मैले मेरो मह चाकैसित खाएँ,
मैले मेरो दाखमद्य र दूध पिएँ।

मित्र हो, खाऊ, पिऊ,
जबसम्म तिमीहरू प्रेमले मात्तिँदैनौ।

बिछोडको कष्ट

२ मता सुत्छु, तर मेरो मन चाहिं जागै रहन्छ,
सुन त, मेरा प्रियले यसो भन्दै ढक्ढकाइरहनुभएको छ—
'हे मेरी बहिनी, मेरी प्रिये, मेरो निम्ति खोलिदेऊ,
मेरी ढुकुर, मेरी प्राण-प्रिये,
मेरो कपाल शीतले भिजेको छ,
मेरो निधार रातको चिसोले भिजेको छ।'
३ 'मैले ता मेरो लुगा फुकालेकी छु,
के मैले फेरि त्यो लाउनू?
मैले मेरो खुट्टा धोइसकेकी छु,
के मैले त्यो फेरि मैला गर्नू?
४ जब मेरो प्रियले ढोकाको प्वालमा आफ्नो हात छिराउनुभयो,
तब मेरो मन उत्तेजित भयो।
५ मूर्रमा मेरो हात चोपलेर मेरो प्रियको निम्ति ढोका खोलिदिन
जब म उठें, तब पानीझैं मूर्र मेरा औंलाहरूबाट ढोका समात्नेको चारैतिर चुह्यो।
६ मेरै हातले मैले मेरो प्रियको निम्ति ढोका खोलिदिएँ,
तर मेरा प्रिय ता फर्केर गइहाल्नुभएछ।
उहाँ गइहाल्नुभएछ भनी देखेर मेरो मन खिन्न भयो।
मैले उहाँलाई खोजें, तर भेट्टाइनँ,
मैले उहाँलाई हापारें, तर उहाँले मलाई जवाफै दिनुभएन।
७ शहरभरि पहरा दिनेहरूले मलाई भेटे,
तिनीहरूले मलाई पीटे र चोटै-चोट पारे।
पर्खालका पालेहरूले मेरो खाष्टो खोसेर लगे।
८ हे यरूशलेमका छोरी हो, मेरो अनुरोध छ,
मेरो प्रियलाई भेट्यौ भने म उहाँको प्रेमले विह्वल भएकी छु भनी उहाँलाई भनिदिन्नौ?

९ हे सारा स्त्रीहरूमध्ये अति सुन्दरी,
तिम्रा प्रिय अरूहरूभन्दा कुन कुरामा असल हुनुहुन्छ?
तिम्रा प्रिय अरूहरूभन्दा कुन कुरामा असल हुनुहुन्छ?
र तिमी हामीलाई यो अनुरोध गर्छ्यौ?

दुलहाको प्रशंसा

१० मेरो प्रिय सुन्दर गोरो हुनुहुन्छ,
दश हजारमध्ये अफ्र सुन्दर।
११ उहाँको शिर निखुर सुन हो,
उहाँको निधारका काला केश खजूरका पातझैं छन्।
१२ दूधजस्तै पानीले पखालिएका,
ठीक ठाउँमा जड़िएका
उहाँका आँखा खोलाको छेउमा भएका ढुकुरझैं छन्।
१३ उहाँका गालाहरू मसालाका ड्याँग अथवा सुगन्धले भरिएका कन्तुरजस्तै छन्।
उहाँका ओठ मूर्रको रस चुहाउने लिली फूलहरू हुन्।
१४ उहाँका हात सुनका लहुरोमा पुष्प-राज जड़ेका जस्तै छन्।
उहाँका पेट नील-मणि जड़ेको हस्ती-हाड़को धातुको पाताजस्तै छ।
१५ उहाँका गोड़ा निखुर सुनका डोबमा सङ्गमरमरका खामाहरूजस्तै छन्।
उहाँको कद लबानोनका देवदारजस्तै श्रेष्ठ छ,
१६ उहाँको मधुर बोलीमा अति मनपर्दो मीठास छ,

मेरा प्रिय यस्तै हुनुहुन्छ, मेरा प्रेमी यस्तै हुनुहुन्छ,
हे यरूशलेमका छोरी हो।

६ तपाईंका प्रेमी कता जानुभयो ?
हे स्त्रीहरूमा सबैभन्दा सुन्दरी।
तपाईंका प्रेमी कुन बाटो लाग्नुभयो ?
र उहाँलाई खोज्न हामी तपाईंलाई सहायता गरौं।
२ मेरा प्रिय आफ्नो बगैंचामा
बलसान उम्रेका बारीमा
३ उहाँ बगैंचामा मन बहलाउनलाई र लिली फूलहरू टिप्नलाई
जानुभएको छ।

दुलहीको प्रशंसा

४ हे मेरी प्रिये, तिमी तिर्साजस्तै सुन्दरी छौ,
यरूशलेमझैं राम्री छौ।
ताराहरूले भरिएको आकाशझैं प्रतापी।
५ तिम्रा आँखा मबाट तर्काऊ,
किनभने तिनले मेरा आँखालाई तिरमिर पार्छ।
गिलादका डाँडाका भिरालोमा कुदेर जाने बाख्राहरूका
कुण्डजस्तै तिम्रो केश छ।
६ तिम्रा दाँत नुहाएर निस्किआएका बगालका भेड़ीहरूजस्तै छन्।
हरेक भेड़ीका जम्ले पाठा छन्,
औ एउटै पनि तुहेको छैन।
७ घुम्टोभित्र भएका तिम्रा दुइ गाला
दुइ फ्याक् काटेका दारीमजस्तै छन्।
८ साठीवटा राजकुमारी,
अस्सी उप-पत्नी र अनगन्ती युवतीहरूमध्ये
तिमीजस्तो कोही छैन।
९ हे मेरी ढुकुर, हे मेरी प्राण-प्रिय।
आमाको तिमी एउटै छोरी,
जन्म दिने आमाको भक्त।
युवतीहरू तिमीलाई देखेर सुखी भन्छन्,
राजकुमारीहरू र उप-पत्नीहरूले तिम्रो प्रशंसा गर्छन्।
१० प्रभातझैं उदय भएकी
चन्द्रमाझैं सुन्दरी, सूर्यझैं चहकिलो,
ताराहरूले भरिएको आकाशझैं प्रतापी
११ खोलाका छेउमा भएका निगाला हेर्नलाई
दाखका बोटहरूमा कोपिला लागेछ कि भनी हेर्नलाई
अथवा दारीममा फूल फूलेका छन् कि भनी हेर्नलाई
हाड़े-बदामका रूखहरू भएका बगैंचामा म गएँ।
१२ आफ्ना असंख्य प्रजाहरूमाथि शासन गर्ने राजाहरूभन्दा पनि
श्रेष्ठ हुँ भन्ने तिनले मलाई बनाएकी हुनाले
म को हुँ भनी मलाई थाहै भएन।
१३ हे शूलम्मेनी कुमारी, फर्केर आऊ, फर्केर आऊ,
फर्केर आऊ, र हामी तिमीलाई हेरौं।
नाच्नेहरूका बीचबाट भएर जाँदा
शुलम्मेनी कुमारीलाई हेर्न तिमीहरू कति रहर गर्छौ।

७ हे राजकुमारी, जुत्ता लाएका तिम्रा खुट्टा कति राम्रा छन्।
तिम्रा फिलाको गोलाई रत्नझैं
निपुण कारीगरका कामझैं छन्।
२ तिम्रो नाभी गोलो बटुकोजस्तै छ,
जसमा मसाला मिसाएको दाखमद्यको अभाव हुँदैन।
तिम्रो पेट लिली फूलहरूले घेरिएको गहुँको राशजस्तै छन्,
३ तिम्रा दुइ स्तनहरू दुइ मृगका पाठाहरूजस्तै छन्,
हरिणका दुइ जम्ले पाठाहरूझैं।

४ तिम्रा गला हाती-दाँतका धरहराजस्तै छ,
तिम्रा आँखा भीड भएको शहरको मूल-
ढोकाको छेउमा भएको
हेशबोन्का पोखरीहरूजस्तै छन्।
तिम्रो नाक दमिशकतिर हेर्ने
अल्गो उठेको लबानोनजस्तै छ।
५ तिमी आफ्नो शिर कर्मेल पर्वतजस्तै
ठाडो उठाउँछयौ,
तिम्रो कपालको लामो केश चहकिलो
कालो छ।
तिम्रो कपालको गुच्छा फिताहरूले
बाँधिएका छन्।

पारस्परिक आनन्द

६ तिमी कति सुन्दरी,
कति मोहित गराउने!
हे मेरो प्रिये,
मन लोभाउने कुमारी!
७ तिमी खजूरको रूखजस्तै शानदार छौ,
औ तिम्रा स्तनहरू खजूरका झुप्पाझैं
छन्।
८ मैंले भनें, "म त्यसका हाँगा
समाल्नलाई
खजूरको रूखमा चढ्नेछु।"
तिम्रा स्तनहरू दाखको बोटका झुप्पाझैं
होऊन्।
९ तिम्रो सासको बासना स्याउको
बासनाझैं
र तिम्रो चुम्बन ओठ र दाँतहरूका
बीचबाट बग्दैजाने
असल दाखमद्यझैं होऊन्।

१० म मेरो प्रियको हुँ,
उहाँको सबै तिर्सना मेरै निम्ति छ।
११ आउनुहोस्, मेरा प्रिय, हामी खेत हुँदो
मेंहदीका झाडीहरूमा ढल्कन जाऔं।
१२ हामी बिहानै दाखबारीमा जाऔं,
दाखमा कोपिलाहरू लागेर फक्रेका छन्
वा दारीमहरूमा फूल फूलेका छन् कि
भनेर हेर्नलाई जाऔं।

१३ जब दूधे-फलहरूले आफ्ना बासना दिन्छन्,
र सबै किसिमका दुर्लभ फलहरू हाम्रो
ढोकामा तयार हुन्छन्,
नयाँ र पुराना फलहरू,
जो मैले तपाईंको निम्ति राखेकी छु,
त्यहींनै म मेरो प्रेम पोखाउनेछु,
हे मेरा प्रिय।

८ एउटै आमाको दूध खाएर बढ़ेका
तपाईं मेरा साक्खै दाज्यू हुनुहुँदो
हो ता,
बाहिर भेटाउँदा पनि म तपाईंलाई
चुम्बन गर्नेथिएँ।
औ कुनै मानिसले मेरो निन्दा गर्ने
थिएन।
२ मलाई जन्मदिनुहुने आमाको कोठामा
म तपाईंलाई लानेथिएँ।
मलाई अङ्गालो हाल्नलाई म उहाँको
घरमा लानेथिएँ।
म तपाईंलाई मसाला गालेको दाखमद्य
औ दारीमका ताजा रस पिउनलाई
दिनेथिएँ।
३ तपाईंको देब्रे हात्त मेरो शिरमनि र
तपाईंको दाहिने हातले
मलाई अङ्गालो हालेको हुनेथियो।

४ यरूशलेमका छोरी हो,
अनुरोध गर्दछु,
जबसम्म तिनी तयार हुँदिनन्,
तिनलाई नजगाऊ,
मेरी प्रियेलाई नउठाऊ।

प्रेम मृत्युजस्तै प्रबल हुन्छ

५ आफ्ना प्रियेसित अड़ेस लाग्दै
वनबाट आउने को हुनुहुन्छ?

स्याउका रूखहरूमनि मैले तिमीलाई जगाएँ,
तिमी पेटमा हुँदा त्यहीँनै तिम्री
आमालाई सुत्केरी व्यथा लागेको थियो।
त्यहीँनै तिनले तिमीलाई जन्माएकी थिइन्।
६ मलाई तिम्रो हृदयमा एउटा छापजस्तै लगाऊ,
तिम्रो पाखुरामा एउटा छापजस्तै,
किनभने प्रेम चाहिँ मृत्युजस्तै प्रबल हुन्छ,
औ तृष्णा चाहिँ चिहानजस्तै निष्ठूर!
कुनै पनि ज्वालभन्दा पनि कड़ा,
त्यो दन्केको आगोझैं दन्किन्छ।
७ धेरै पानीले प्रेमको आगोलाई निभाउनसक्तैन,
कुनै पनि भलले त्यसलाई बगाएर लैजानसक्तैन,
कुनै मानिसले आफ्नो घरको सारा
सम्पत्तिनै प्रेमको निम्ति दिए तापनि
त्यो ता बिलकुलै तुच्छ गनिनेछ।
८ हाम्रो एउटी सानी बहिनी छे,
त्यसको स्तन उठेको छैन।
त्यसलाई विवाह गर्नलाई माग्न आएको दिन
हाम्री बहिनीको निम्ति हामी के गरौं?
९ यदि त्यो पर्खाल भएता
हामी त्यसमा चाँदीका बार लगाउनेथियौं।
त्यो ढोका भएदेखि
हामी देवदारका फल्याकले बारेर बन्द गर्नेथियौं।
१० म एक पर्खाल हुँ, र मेरा स्तन धरहराजस्तै छन्।
यसैले उहाँको नजरमा म सन्तुष्ट दिने भएकी छु।
११ बाल-हामोनमा सुलेमानको एउटा दाखबारी थियो,
उहाँले आफ्नो दाखबारी हेरचाह
गर्नेहरूलाई भाड़ामा दिनुभयो
औ हरेकले फसलको सट्टा
एक हजार चाँदीका टुक्रा ल्याउनु पर्नेथियो।
१२ तर मेरो दाखबारी दिने अधिकार ता मेरै हो,
हे सुलेमान, ती हजार टुक्रा ता तपाईंकै हो,
औ फलका हेरचाहा गर्नेहरूले चाहिँ
दुइ सय पाउनेछन्।
१३ मेरो बगैंचामा बस्ने, हे मेरी दुल्ही,
मेरा मित्रहरूले सुनिरहेको कुरो यो के हो?
म पनि तिम्रो सोर सुनपाऊँ।
१४ हे मेरा प्रिय, बाहिर खुला ठाउँमा आउनुहोस्,
औ मसाला हुने पर्वतहरूमा एउटा मृग
अथवा जवान घोरलझैं देखा पर्नुहोस्।

यशैयाको पुस्तक

इस्राएलको पाप र त्यसको दण्ड—
झूटा र सच्चा सेवा

१ यहूदाका राजाहरू, उज्जियाह, योताम,
आहाज र हिजकियाहका पालामा
यहूदा र यरूशलेमका विषयमा आमोसको
छोरो यशैयाले देखेका दर्शन।
२ हे आकाश सुन्, हे पृथ्वी कान
थाप्, किनकि परमप्रभुले भन्नुभएको छ,
मैले छोरा-छोरीहरूलाई पालन-पोषण गरेर
हुर्काएँ, तर तिनीहरू मेरो विरुद्धमा
बागी भएका छन्। ३ गोरुले आफ्नो
मालिक चिन्छ, र गधाले आफ्नो स्वामीको
डूँड चिन्छ, तर इस्राएल, मेरो प्रजाले
चिन्दैन, विचारै गर्दैन। ४ हाय, पापिष्ट
जाति, अधर्मले लादिएका मानिसहरू, दुष्ट
काम गर्नेहरूको वंश भ्रष्ट चाल चल्ने
सन्तान। तिनीहरूले परमप्रभुलाई त्यागेका
छन्, तिनीहरूले इस्राएलका पवित्र परमप्रभुको
निन्दा गरेका छन्, तिनीहरू बिराना भएर
पछि हटेका छन्। ५ तिमीहरू किन अझै
पिटिन्छौ, र किन झन् बागी बनिरहन्छौ?
सारा शिर दुःखेको छ, र सारा हृदय हैरान
भएको छ। ६ शिरदेखि पैतालासम्मै चोट
नभएको कहीं छैन। चोटै चोट, कोर्राका
डामहरू र सड़ेका घाउहरू मात्र छन्। ती
नता निचोरिएका न बाँधिएका, न तेलले
नरम बनाइएका छन्। ७ तिमीहरूको देश
उजाड़ छ। तिमीहरूका शहरहरू आगोले
डढ़ाइएका छन्। तिमीहरूको जमीन चाहिं
तिमीहरूकै सामने विदेशीहरूले निलिरहेछन्,
विदेशीहरूले नाश पारेझैं त्यो उजाड़ भएको
छ। ८ सियोनकी छोरी चाहिं दाखबारीको
छाप्रोजस्तै, काँक्राबारीको टौवाजस्तै र
घेरिएको शहरजस्तै भएकी छ। ९ यदि
सेनाहरूका परमप्रभुले हाम्रा निम्ति एक सानो
बचत भाग नछोड़नुभएको भएता हामी
सदोमजस्तै हुनेथियौं, हामी गमोराजस्तै
हुनेथियौं।
१० हे सदोमका शासकहरू हो, परमप्रभुको
वचन सुन! हे गमोराका मानिस हो,
हाम्रा परमेश्वरको शिक्षामा कान थाप!
११ परमप्रभु भन्नुहुन्छ, तिमीहरूका बलि-
दानहरूको थुप्रो मेरो निम्ति के काम लाग्छ?
म ता भेड़ाहरूका होमबलि र पालेका
पशुहरूका बोसोदेखि अघाएको छु। म
गोरु, थुमा र बाख्राहरूका रगतदेखि
प्रसन्न हुन्नँ। १२ जब तिमीहरू मेरो
सामने आउँछौ, तिमीहरूले चढ़ाएका यी
थोकहरू कसले चाहन्छ र? तिमीहरू केवल
मेरा आँगनहरू खुट्टाले दलीमली गर्न मात्र
आउँछौ। १३ अबदेखि व्यर्थका अन्नबलि
नल्याऊ। धूप ता मेरो निम्ति घिनलाग्दो
छ। औंसी र विश्रामको दिन, र सभा
बोलाउने काम—पवित्र सभाको साथसाथै
अधर्म म सहनसक्तिनँ। १४ तिमीहरूका
औंसीका दिनहरू र ठहराएका चाड़हरूलाई
मेरो हृदयले घृणा गर्छ। ती ता मेरो निम्ति
भार भएका छन्। ती बोक्ता म थाकेको
छु। १५ तिमीहरूले प्रार्थनामा आफ्ना
हात पसार्दा, म मेरो मुख तिमीहरूदेखि
अर्कोतिर फर्काउनेछु। तिमीहरूले ज्यादै
प्रार्थना गर्दा पनि म सुन्नेछैनँ। तिमीहरूका
हात रगतले भरिएका छन्। १६ आफूलाई

धोएर चोखो पार। मेरो सामनेबाट
तिमीहरूका दुष्टयाइँ फालिदेऊ, खराबी गर्न
छोड़। १७ भलाइ गर्न सिक, इन्साफ खोज,
अत्याचारलाई दमन गर, टुहुरा-टुहुरीको न्याय
गर, विधवाहरूको पक्षमा बोलिदेऊ।
१८ परमप्रभु भन्नुहुन्छ, आऊ, हामी बसेर
आफ्ना कुरा छलफल गरौं। तिमीहरूका पाप
सिन्दूरे रङ्गका भए, तापनि ती हिउँजस्तै सेता
हुनेछन्। गाढ़ा राता रङ्गका भए, तापनि
ती ऊनजस्तै हुनेछन्। १९ तिमीहरू राजी
र आज्ञाकारी भयौ भने, तिमीहरूले यस
देशका असल असल कुरा खान पाउनेछौ।
२० तर अस्वीकार गरेर तिमीहरू बागी
भयौ भनेता, तिमीहरू तरवारले काटिनेछौ,
किनकि परमप्रभुकै मुखले यो कुरा भन्नुभएको
हो।
२१ विश्वासयोग्य शहर कसरी वेश्या
भई त! त्यो न्यायले पूर्ण थियो। त्यसमा
धार्मिकताले बास गरेको थियो, तर अब ता
त्यो हत्याराहरूले भरिएको छ। २२ तेरो
चाँदीमा खिया लागेको छ, तेरो दाखमद्यमा
पानी मिसाइयो। २३ तेरा शासकहरू बागी
भएका छन्। तिनीहरू चोरहरूका साथी
भएका छन्। तिनीहरू हरेकलाई घूस
मनपर्छ, र कोसेली पाउन लोभ गर्छन्।
तिनीहरू टुहुरा-टुहुरीहरूको न्याय गर्दैनन्।
विधवाहरूको उजुर तिनीहरूकहाँ पुग्दैन।
२४ यसैकारण परमप्रभु, सेनाहरूका
परमप्रभु, इस्राएलका शक्तिशाली परमप्रभु
भन्नुहुन्छ, म मेरो क्रोध मेरा
विरोधीहरूमाथि खन्याउनेछु, र मेरा शत्रुहरू-
सित साटो लिनेछु। २५ मेरो हात तेरो
विरुद्धमा फर्काउनेछु, तेरो कसर जस्तै
जलाइदिनेछु, र तेरा सबै मिश्र-धातु निकालि-
दिनेछु। २६ म तेरा न्यायकर्त्ताहरूलाई
पहिलेजस्तै र तेरा सल्लाहकारहरूलाई शुरूजस्तै
फेरि नियुक्त गर्नेछु। त्यसपछि तँ न्यायले
भरिएको शहर र विश्वासयोग्य शहर
कहलाइनेछस्। २७ न्यायसाथ सियोनको उद्धार
हुनेछ, र पश्चात्ताप गर्ने त्यहाँका बासिन्दा-
हरूको उद्धार धार्मिकताले हुनेछ। २८ तर
बागीहरू र पापीहरूको एकैसाथ सर्वनाश
हुनेछ, र परमप्रभुलाई त्याग्नेहरू चाहिं भस्म
हुनेछन्। २९ किनकि तिमीहरूले अतिइच्छा
गरेका फलाँटका रूखहरूको कारण तिमीहरू
शर्ममा पर्नेछौ, र तिमीहरूले चुनेका
बगैँचाको कारण तिमीहरू लज्जित हुनेछौ।
३० किनकि पात ओइलाइसकेका फलाँटका
रूख र पानी नभएको बगैँचाजस्तै तिमीहरू
हुनेछौ। ३१ बलियो मानिस सनका
धुस्तुजस्तै, र त्यसको काम आगोको झिल्का-
जस्तै हुनेछ। ती दुवै एकैसाथ जल्नेछन्,
र कसैले तिनलाई निभाउनेछैन।

धर्मको केन्द्र र विश्वव्यापी शान्तिको राज्य सियोन

२ आमोसको छोरो यशैयाले यहूदा र
यरूशलेमको विषयमा देखेको दर्शनको
वचन—
२ पछिल्ला दिनमा परमप्रभुको भवन
बसालिएको पर्वत सबै पर्वतहरूभन्दा उच्च
पारिनेछ। डाँड़ाहरूभन्दा माथि त्यो उच्च
उठाइनेछ। सबै जातिहरू त्यहीतर्फ ओइरिएर
आउनेछन्। ३ जाति जातिका धेरै मानिस-
हरू त्यहाँ गएर भन्नेछन्, आऊ हामी
परमप्रभुको पर्वतमा उक्लेर याकूबका परमेश्वरको
भवनमा जाऔं। उहाँले हामीलाई आफ्नो
मार्ग देखाउनुहुनेछ, र हामी उहाँको बाटोमा
हिंड़नेछौं। किनकि शिक्षा चाहिं सियोनबाट,
र परमप्रभुको वचन यरूशलेमबाटनै
निस्कनेछन्। ४ उहाँले जातिहरूको इन्साफ
गर्नुहुनेछ, र उहाँलेनै जाति जातिहरूका
मानिसहरूका बीचमा निर्णय गर्नुहुनेछ।
तिनीहरूले आफ्ना आफ्ना तरवार पिटेर
हलोको फाली र भाला चाहिं हँसिया
बनाउनेछन्। एउटा जातिले अर्को जातिको
विरुद्धमा तरवार उठाउनेछैन, औ तिनीहरूले

अब उप्रान्त युद्ध गर्न सिक्नेछैनन्।'
५ हे याकूबका घराना, आऊ, हामी
परमप्रभुको ज्योतिमा हिँडौं।

इस्राएलको पाप—परमप्रभुको महिमा

६ तपाइंले आफ्नो प्रजा, अर्थात्
याकूबको घरानालाई त्यागनुभयो, किनकि
तिनीहरूको देश पूर्वका रीति-थीतिले भरिएको
छ। तिनीहरू पलिस्तीहरूझैं जोखना हेर्नें भएका
छन्। तिनीहरू विदेशीहरूसित सम्बन्ध
राख्तछन्। ७ तिनीहरूको देश सुन र
चाँदीले भरिएको छ, तिनीहरूका धनको
केही हिसाबै छैन। तिनीहरूको देश घोड़ाहरूले
भरिएको छ। तिनीहरूका रथहरूको केही
गन्तीनै छैन। ८ तिनीहरूको देश मूर्तिले
भरिएको छ आफ्नै हातका कामलाई
तिनीहरू पूज्दछन्। ती थोकहरूलाई जसको
आकार तिनीहरूका आफ्नै हातका औंलाले
बनाएका हुन्। ९ यसैले मानिस तुच्छ
हुन्छ। तिनीहरू नीच बनिन्छन्—तिनीहरूलाई
क्षमा नगर्नुहोस्। १० परमप्रभुको भयबाट,
उहाँको महामहिम् प्रतापबाट पहराका
गुफाभित्र पस, माटोभित्र लुक। ११ मानिसको
अभिमानी नजर खसालिनेछ र मानिसहरूको
सेखी झारिनेछ, औ परमप्रभु मात्र त्यस दिन
उच्च हुनुहुनेछ।
१२ किनभने सबै अहंकारीहरू र सेखी
गर्नेहरू, र सबै मै हुँ भन्नेहरूमाथि सेनाहरूका
परमप्रभुको यस्तो एक दिन आइपर्नेछ—
१३ लबानोनका सारा अग्ला र उच्च देवदार-
हरूमाथि, बाशानका सारा फँलाटहरूमाथि,
१४ सबै अग्ला पर्वतहरू, र डाँड़ाहरूमाथि,
१५ हरेक उच्च धरहरामाथि, र हरेक
सुरक्षित पर्खालमाथि, १६ तर्शीशका सबै
जहाजहरूमाथि, र सबै सुन्दर शिल्पहरूमाथि।
१७ मानिसको अभिमान खसालिनेछ, र
मानिसहरूका सेखी झारिनेछ। त्यस दिन
परमप्रभु मात्र उच्च हुनुहुनेछ। १८ मूर्तिहरू
चाहिं बिलकुलै लोप हुनेछन्। १९ जब
पृथ्वीलाई भयभीत तुल्याउन परमप्रभु
उठ्नुहुन्छ, तब परमप्रभुको भय र उहाँको
महामहिम प्रतापबाट मानिसहरू चटानका
गुफा र पृथ्वीका प्वालहरूभित्र जानेछन्।
२० त्यस दिन मानिसहरूले आफ्ना निम्ति
पूज्न बनाएका सुन र चाँदीका मूर्तिहरू
छुछुन्द्रा र चमेराका अघि फालिदिनेछन्।
२१ परमप्रभुको भय र उहाँको महामहिम
प्रतापबाट तिनीहरू चटानका प्वान्द्राहरू
र चटानका चिराहरूभित्र जानेछन्, जब
पृथ्वीलाई भयभीत तुल्याउन परमप्रभु
उठ्नुहुन्छ। २२ नाकका प्वालमा सास
हुने मानिसमा तिमीहरू भरोसा नराख,
किनकि त्यसको मूल्य के छ र?

यहूदाको राज्य-शासनमा अशान्ति

३ किनभने परमप्रभु, सेनाहरूका
परमप्रभुले, यरूशलेम र यहूदाबाट
सहारा र लौरो, रोटी र पानीका सबै सहारा,
२ वीर र योद्धा, न्यायकर्त्ता र अगमवक्ता,
जोखना हेर्नें र बूढ़ा-प्राधन, ३ पचासका
कप्तान र आदरणीय मानिस, सल्लाहकार,
जादूगरलाई लैजानुहुन्छ। ४ अनि म
तिनीहरूमाथि ठिटाहरूलाई शासक तुल्याइदिनेछु,
र बालकहरूले तिनीहरूमाथि शासन गर्नेछन्।
५ मानिसहरू एउटाले अर्कोलाई
अत्याचार गर्नेछ। हरेकले आफ्नै साथी,
आफ्नै छिमेकीलाई थिचोमिचो गर्नेछ।
ठिटाले बूढ़ा-पाकाको विरुद्धमा, र तुच्छले
आदरणीयको विरुद्धमा अभद्र व्यवहार
गर्नेछ। ६ त्यस बेला कुनै मानिसले आफ्नै
भाइलाई बाबुकै घरमा पक्रेर भन्छ,
'तिम्रो ता पोशाक छ, तिमी हाम्रा न्यायकर्त्ता
होऊ, र त्यो सर्वनाश चाहिं तिम्रै
होस्।' ७ त्यसदिन त्यसले आफ्नो सोर कड़ा
गरेर भन्नेछ, 'भत्केकोलाई बनाउने म
हुनेछैनँ। मेरो घरमा रोटी लुगाफाटा

पनि छैन। तिमीहरू मलाई मानिसहरूका
न्यायकर्त्ता नबनाऊ।'
८ यरूशलेम सर्वनाश भएको छ, औ
यहूदा पतन भएको छ, किनकि तिनीहरूका
जिब्रा र तिनीहरूका काम परमप्रभुको विरुद्धमा
छन्। उहाँको महिमापूर्ण उपस्थितिलाई
तिनीहरू अनादर गर्छन्। ९ तिनीहरूका
अनुहारलेनै तिनीहरूका विरुद्धमा गवाही दिन्छ।
सदोमझैं तिनीहरू आफ्नो पापको घोषणा
गर्दछन्। र त्यो कुरो तिनीहरू लुकाउँदैनन्।
तिनीहरूलाई धिक्कार! तिनीहरू आफैले
आफूमाथि खराबी ल्याएका छन्। १० धर्मी
मानिसलाई तिमीहरू भन, कि त्यसको असलै
हुनेछ, किनकि त्यसले आफ्नो कर्मको फल
भोग्नेछ। ११ दुष्ट मानिसलाई धिक्कार!
त्यसको खराबी हुनेछ, किनकि त्यसको हातको
प्रतिफल त्यसलाई मिल्नेछ। १२ मेरो
प्रजालाई ता बालकहरूले थिचोमिचो गर्नेछन्,
र स्वास्नीमानिसहरूले तिनीहरूमाथि शासन
गर्नेछन्। हे मेरो प्रजा, तिमीहरूलाई
डोऱ्याउनेहरूले तिमीहरूलाई भ्रममा पार्नेछन्,
र तिमीहरूको हिंड्ने बाटोहरूमा तिमीहरूलाई
अलमलाइ दिनेछन्।
१३ परमप्रभु न्यायको निम्ति खड़ा
हुनुहुन्छ, आफ्नो प्रजाको इन्साफ गर्नलाई
उहाँ उभिनुहुन्छ। १४ आफ्नो प्रजाको
बूढ़ा-प्रधानहरू र तिनका शासकहरूको परमप्रभुले
न्याय गर्नुहुनेछ। तिमीहरूले दाखबारी खाएका
छौ। गरीबहरूका लूटका माल तिमीहरूकै
घरमा छन्। १५ तिमीहरूले तिनीहरूलाई
पिँधेको मतलब के हो? सेनाहरूका परमप्रभु
परमेश्वर भन्नुहुन्छ।

यरूशलेममा विलासी स्त्रीहरूको दुर्दशा

१६ परमप्रभुले यो पनि भन्नुभयो,
सियोनका छोरीहरू अहंकारी छन्, औ मण्टो
ठाड़ो गर्दै, आँखा तर्काउँदै, कल्ली पहिरी
छमछम् गर्दै स्वांग पारेर हिंड्छन्।
१७ यसकारण परमप्रभुले सियोनका छोरीहरूका
टाउकोमा लूतै लूतो भरिदिनुहुन्छ। परमप्रभुले
तिनीहरूको गुप्त-अङ्ग नाङ्गो गराउनुहुन्छ।
१८ त्यस दिन परमप्रभुले तिनीहरूका सिङ्गारका
गहनाहरू, अर्थात, शिरबन्दी, चन्द्रहार,
१९ झुम्का, चूरा, पछयौरा, २० मुकुट-
घुम्टो, बाजु, पटुका, अत्तरदानी र जन्तर,
२१ औंठी र नत्थ, २२ उत्सवका वस्त्र,
अलखा, शाल र थैली, २३ हाते-ऐना
र मसिनो मलमल, मजेत्रो र घुम्टोहरूको
शोभालाई हटाउनुहुनेछ। २४ सुगन्धित
मसालाको सट्टामा सड़ेको दुर्गन्ध हुनेछ,
र पटुकाको सट्टामा डोरी, राम्ररी
बाटेको कपालको सट्टामा मुडुली हुनेछ,
सुन्दर वस्त्रको सट्टामा भाङ्राको पटुका
र सुन्दरताको सट्टामा डामै-डाम हुनेछ।
२५ तेरा मानिसहरू तरवारले मारिनेछन्,
तेरा वीरहरू लड़ाईंमा नाश हुनेछन्।
२६ शहरका मूल-ढोकाहरूले विलाप गर्नेछन्।
तिनीहरू रूनेछन्। शहर उजाड़ भएर
जमीनमा सोतर हुनेछ।

४ त्यस दिन सात जना स्वास्नीमानिस-
हरूले एउटै मानिसलाई यसो भन्दै
समात्नेछन्, "हामी आफ्नै भोजन खानेछौं,
आफ्नै लुगा लाउनेछौं, केवल हामीलाई तपाइंको
नाउँ दिनुहोस्। तपाईंले हाम्रो निन्दा दूर
गरिदिनुहोस्।"

सियोनको महिमा

२ त्यस दिन इस्राएलका बाँचेकाहरूका
निम्ति परमप्रभुको हाँगा सुन्दर र महिमित
हुनेछ, र जमीनको उब्जनी तिनीहरूका निम्ति
गर्व र गौरवको कारण हुनेछ। ३ सियोनमा
छोड़िएको र यरूशलेममा बाँचिरहने चाहिं,
अर्थात् यरूशलेममा हुने जीवनको पुस्तकमा
नाउँ लेखिएकाहरू चाहिं पवित्र कहलाइनेछन्।
४ जब परमप्रभुले इन्साफ र भष्म गर्ने

आत्माद्वारा सियोनको छोरीहरूको मैल
धुनेछ, र उहाँले यरूशलेमको रगतको दाग
त्यसको बीचबाट शुद्ध गर्नुहुनेछ ।
५ तब परमप्रभुले सियोन पर्वतका सारा
बासस्थानमाथि र त्यसका सभाका स्थानहरू-
माथि दिउँसो बादल र धुवाँ औ राती
ज्वालाले भरिएको आगोको चमक सृष्टि
गर्नुहुन्छ, किनकि उहाँले समस्त महिमामाथि
एउटा छत्र फिँजाउनुहुनेछ । ६ दिउँसो
घामबाट छायाको निम्ति औ आँधी-झरीमा
शरण र आड़को निम्ति मण्डप हुनेछ ।

फल नफल्ने दाखबारीको उखान

५ म आफ्नो प्रियको निम्ति तिनको
दाखबारीको विषयमा एउटा गीत
गाउनेछु । एउटा अत्यन्त उब्जनी हुने डाँड़ामा
मेरो प्रियको एउटा दाखबारी थियो ।
२ तिनले त्यो खने र त्यसका ढुङ्गाहरू
टिपेर फ्याँके, र त्यसमा तिनले सबैभन्दा
असल दाख रोपे । त्यसको माझमा तिनले
एउटा मचान बनाए र त्यहाँ तिनले एउटा
कोल पनि खोपे, औ दाख फल्छ कि भनेर
तिनले आशा गर्नलागे । तर त्यसमा जङ्गली
दाख पो फल्यो ।
३ त अब हे यरूशलेमका बासिन्दा,
र यहूदाका मानिस हो, म र मेरो
दाखबारीको बीचमा इन्साफ गरिदेऊ
भनी म बिन्ती गर्दछु । ४ मेरो
दाखबारीको निम्ति मैले नगरेको चाहिँ
के रहेको होला, जो अरू बढ़ता मैले
गर्नुपर्ने थियो ? दाख पो फल्छ कि भनेर
आशा गरेको ता के कारण हो त्यसले जङ्गली
दाख फलायो ? ५ अब म मेरो
दाखबारीलाई के गर्नेछु, सो तिमीहरूलाई
जनाउनेछु, म त्यसको बार उखेलिदिनेछु, र
त्यो भस्म हुनेछ । म त्यसको पर्खाल भत्काइ-
दिनेछु, र त्यो कुल्ची-मिल्ची गरिनेछ । ६ म
त्यसलाई उजाड़ पारेर छोड़नेछु । त्यो
छिमलिनेछैन, गोड़िनेछैन, तर त्यसमा सिउँडी
र काँढ़ाहरू उम्रनेछन् । म बादललाई पनि
त्यसमा पानी नपरोस् भनेर आज्ञा गर्नेछु ।
७ किनभने सेनाहरूका परमप्रभुको दाखबारी
चाहिँ इस्राएलको घराना हो, र यहूदाका
मानिसहरू उहाँको सुन्दर बोट हो । उहाँले
न्यायको आशा गर्नुभयो, तर हेर, अन्याय
भयो, धार्मिकताको आशा गर्नुभयो, तर हेर,
रूवाबासी भयो ।

दोषीहरूउपर दोषारोपण

८ धिक्कार तिनीहरूलाई, जसले केही
जग्गा नरहनेगरी घरसित घर, र खेतसित
खेत मिलाउँछन् । तिमीहरू चाहिँ देशको
बीचमा एक्लै रहनुपर्छ । ९ सेनाहरूका
परमप्रभुले मेरो कानमा भन्नुभएको छ,
साँच्चैनै धेरै घरहरू उजाड़ बनाइनेछन्,
निश्चय ठूला र सुन्दर घरहरू निर्जन हुनेछन् ।
१० दश बीघा दाखबारीले पाँच पाथी
दाखरस, र एक पाथी बिउले एक माना
अन्न मात्र उब्जाउनेछ ! ११ धिक्कार
तिनीहरूलाई जो मद्य पिउन बिहानै
उठ्छन्, जो मद्यले चूर हुन राती
अबेरसम्म बस्छन् ! १२ तिनीहरूको भोज-
हरूमा वीणा, सारङ्गी, ढोलक, बाँसुरी र मद्य
हुन्छन्, तर तिनीहरू परमप्रभुको कामको
वास्ता गर्दैनन् । तिनीहरू उहाँको हातको
काममा ध्यानै दिँदैनन् ।
१३ यसैकारण मेरो प्रजा अज्ञानताको
कारण कैदमा पर्छन्, र तिनीहरूका आदरणीय
मानिसहरू भोकले, औ तिनीहरूका भीड़हरू
प्यासले मर्छन् । १४ यसैकारण पातालले
अत्यन्त लालसा गरी आफ्नो मुख ठूलो गरी
बाएको छ । यरूशलेमका मालिकहरू र
त्यसको भीड़, त्यसको घुइँचो र त्यसमा गर्व
गर्नेहरू सबै त्यही पातालको मुखमा पर्छन् ।
१५ अनि नीच मानिसहरू निउराइन्छन्, र उच्च
मानिसहरू होंचाइन्छन् । औ अभिमानीका आँखा

झुकाइनेछन्। १६ तर सेनाहरूका परमप्रभु
इन्साफ गर्नमा उच्च हुनुहुन्छ, औ पवित्र
परमप्रभु धार्मिकतामा पवित्र हुनुहुन्छ।
१७ तब थुमाहरू आफ्नै खर्कमा झैं चर्नेछन्,
र बलियाहरूका उजाड़ जग्गा चाहिं घुमिहिंड्ने-
हरूले खानेछन्।

१८ धिक्कार तिनीहरूलाई, जसले अधर्मलाई
झूटरूपी डोरीले र पापलाई चाहिं गाड़ा
तान्ने डोरीहरूलेझैं तानेर ल्याउँछन्!
१९ तिनीहरू भन्छन्, 'त्यसले छिटो गरोस्,
त्यसले आफ्नो काम चाँडो गरोस्, र हामी
हेरौं। इस्राएलका पवित्र परमप्रभुको उपाय
झट्टै पूरा होस्, र हामी थाह पाउनसकौं।'
२० धिक्कार तिनीहरूलाई, जसले खराबलाई
असल र असललाई अँध्यारोको निम्ति,
तीतोलाई मीठो र मीठोलाई तीतोको निम्ति
लिन्छन्! २१ धिक्कार तिनीहरूलाई, जो
आफ्नै दृष्टिमा ज्ञानी, र आफ्नै हिसाबमा
बुद्धिमानी छन्! २२ धिक्कार तिनीहरूलाई,
जो दाखमद्य पिउनलाई वीर, र कड़ा मद्य
मिलाउनलाई तुजुक देखाउँछन्, २३ जसले
घूस लिएर दुष्टहरूलाई निर्दोष ठहराउँछन्,
र निर्दोषीहरूलाई चाहिं दोषी ठहराउँछन्!

प्रभुबाट दण्ड

२४ यसैकारण जसरी आगोको ज्वालाले
ठूटालाई भस्म गर्दछ, र सुकेको घाँस
ज्वालामा भस्म हुन्छ, त्यसैगरी यिनीहरूको
जरा कुहेर गएको जस्तै हुनेछ, र तिनीहरूका
फूल धूलो उड़ेझैं उड़ेर जानेछ। किनभने
तिनीहरूले सेनाहरूका परमप्रभुको व्यवस्थालाई
अस्वीकार गरे, र इस्राएलका पवित्र परमप्रभुको
वचनको निन्दा गरे। २५ यसैकारण
परमप्रभुको रीस आफ्नो प्रजामाथि उठेको
छ। उहाँले आफ्नो हात तिनीहरूका विरुद्धमा
पसार्नुभएको छ, र तिनीहरूलाई हिर्काउनु
भएको छ। डाँड़ाहरू हल्लिए, र ती
मानिसहरूका लाश सड़कका बीचमा कसिङ्गरझैं
भए। यति भए, तापनि उहाँको रीस मरेको
छैन, र उहाँको हात अझसम्म पसारिएकै छ।

२६ उहाँले टाढ़ाबाट जाति जातिहरूका
निम्ति एउटा झण्डा खड़ा गर्नुहुन्छ, र
सुसेलीले पृथ्वीको अन्तदेखि तिनीहरूलाई
बोलाउनुहुन्छ। हेर, तिनीहरू चाँड़ो चाँड़ो
फूर्तिसित आउँछन्। २७ तिनीहरूमध्ये कोही
थाक्ने कि ठक्कर खानेछैन, कोही लोट्नेछैन,
सुत्नेछैन, तिनीहरूका कम्मरको पटुका
खुकुलो हुनेछैन, तिनीहरूका जुताको फित्ता
चुँड़िनेछैन। २८ तिनीहरूका काँड़ तीखा
तीखा हुनेछन्, र धनु नुहेका हुनेछन्।
तिनीहरूका घोड़ाका टाप वज्रजस्तै, र
तिनीहरूका पाङ्राहरू आँधी-बेहीजस्तै हुनेछन्।
२९ तिनीहरूको गर्जन सिंहजस्तै हुनेछ,
तिनीहरू जवान सिंहजस्तै गर्जनेछन्। तिनी-
हरूले झुर्र झुर्र गरेर शिकार समात्नेछन्,
र ढुक्कसित त्यो लैजानेछन्। त्यसलाई
तिनीहरूबाट छुटाउने कोही पनि हुनेछैन।
३० त्यस दिन उनीहरूका विरुद्धमा समुद्र
गर्जेझैं तिनीहरू गर्जनेछन्। यदि देशलाई
कसैले हेर्‍यो भने, त्यहाँ अन्धकार र सङ्कष्ट
मात्र देखिन्छ, र उज्यालो चाहिं तिनीहरूको
धुइँचोले गर्दा अँध्यारो हुन्छ।

अगमवक्तालाई परमप्रभुबाट बोलावट

६ उज्जियाह राजा मरेको वर्षमा मैले
परमप्रभुलाई अल्गो र उच्च सिंहासनमा
विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको
छेउले मन्दिर भरिएको थियो। २ उहाँदेखि
मास्तिर सराफहरू* खड़ा थिए—प्रत्येकका ६
६ वटा पखेटा थिए। दुइवटाले तिनीहरूले
आफ्नो मुख ढाकेका थिए, दुइवटाले आफ्ना
खुट्टा ढाकेका थिए र दुइवटाले तिनीहरू
उड़दथिए। ३ अनि एउटाले अर्कोलाई यसो
भन्दै तिनीहरू कराउँदथिए,

* स्वर्गदूतहरू

"सेनाहरूका परमप्रभु, पवित्र, पवित्र, पवित्र
हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण
छ।" ४ अनि ती कराउनेहरूको सोरले
सँघारहरूका जग हल्लिए, र भवन धुवाँले भरियो।
५ तब मैले भनें 'हाय! म नष्ट भएँ, किनभने
म अशुद्ध ओठ भएको मानिस हुँ, औ
अशुद्ध ओठ भएका मानिसहरूका बीचमा
म बस्तछु, किनकि मैले मेरो आँखैले सेनाहरूका
परमप्रभु महाराजाधिराजलाई देखें।'
६ तब चिम्टाले वेदीबाट आगोको भुंग्रो
हातमा लिएर सराफहरूमध्येका एक जना
मकहाँ उड़ेर आए। ७ तिनले मेरो मुख
त्यस भुंग्रोले छोएर भने, 'हेर, यसले तिम्रो
ओठ छोएको छ। अब तिम्रो अधर्म मेटियो,
र तिम्रो पापको प्रायश्चित भयो।' ८ तब
मैले परमप्रभुको यो वचन सुनें, 'म कसलाई
पठाऊँ औ हाम्रा निम्ति को जाने?' तब
मैले भनें, 'परमप्रभु, म हाजिर छु। मलाई
पठाउनुहोस्।' ९ अनि उहाँले मलाई
भन्नुभयो, 'जा, गएर ती मानिसहरूलाई
भन्, तिमीहरू सुन्न ता सुन्छौ, तर
बुझ्दैनौ, तिमीहरू देख्न ता देख्छौ, तर
थाह पाउँदैनौ। १० यी मानिसहरूका हृदय
गह्रौं पार्, र तिनीहरूका कान बाक्लो पार्,
औ तिनीहरूका आँखा बन्द गरिदे, नत्रता
तिनीहरूले आफ्ना आँखाले देख्लान्, र आफ्ना
कानले सुन्लान्, र तिनीहरूले बुझ्लान्, र
फेरि फर्केर तिनीहरू निको होलान्!'
११ तब मैले भनें, 'परमप्रभु कहिलेसम्म?'
औ उहाँले भन्नुभयो, 'जबसम्म शहरहरू
बासिन्दा विनाका, र घरहरू मानिस विनाका
भएर नष्ट हुँदैनन्, र देश चाहिं बिलकुलै
उजाड़ हुँदैन, १२ र जबसम्म परमप्रभुले
मानिसहरूलाई टाढ़ा धपाउनुहुँदैन, र देशमा
निर्जन स्थान धेरै हुँदैनन्। १३ औ यदि
त्यहाँ अझै दशौं भाग रह्यो भने पनि, त्यो
तारपीन र फँलाटका रूखझैं जलाइनेछ, जसलाई
ढाले तापनि ठूटा चाहिं रहिरहन्छ। पवित्र
वंशने त्यसको ठूटा हो।'

यहूदाको विरुद्धमा अश्शूर र इस्राएलको सन्धि

७ यहूदाका राजा उज्जियाहको छोरो
योतामको छोरो आहाजको पालामा
अरामका राजा रसीन र इस्राएलका राजा
रमल्याहको छोरो पेकह यरूशलेमको विरुद्धमा
लड़ाइँ गर्न आए, तर विजयी हुनसकेनन्।
२ अनि 'एप्रैमले अरामसित सन्धि गर्‍यो'
भन्ने समाचार दाऊदको घरानाकहाँ पुग्यो।
औ बतासले जङ्गलका रूखहरू हल्लाएझैं
तिनी र तिनका प्रजाको मन पनि कामे।
३ तब परमप्रभुले यशैयालाई भन्नुभयो,
'अब तँ आफ्नो छोरो शार्यासूबलाई लिएर
माथिल्लो चाहिं पोखरीको कुलो, अर्थात्
धोबीहरूको खेतको मूल बाटोमा गएर
आहाजसित भेट गर्, ४ र त्यसलाई
भन्, "होशियार र शान्त बस्। यी दुइ
धुवाँ उठने अगुल्ठोका ठूटा, रसीन र
अरामको भयङ्कर रीस, औ रमल्याहको
छोरादेखि तँ नडरा, तेरो मन पनि कातर नहोस्।
५ अरामले एप्रैम र रमल्याहको छोरासित
मिलेर यस्तो सल्लाह गरेको छ, ६ 'लौ,
हामीहरू यहूदाको विरुद्धमा गएर त्यसलाई
घबराइ देऔं, र त्यसभित्र पसी त्यसलाई
जितेर ताबालको छोरालाई राजा बनाऔं'।
७ यसकारण परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'यो युक्ति नता ठहरिनेछ, न पूरा हुनेछ।
८ किनकि अरामको शिर दमीशक हो, र
दमीशकको शिर रसीन हो। (पैंसठ्ठी वर्ष
भित्रैमा त्यस जातिको नाउँ निशानै मेटिने
गरी एप्रैम टुक्रा टुक्रा पारिनेछ।) ९ औ
एप्रैमको शिर सामरिया हो, र सामरियाको शिर
चाहिं रमल्याहको छोरो हो। यदि तिमीहरूले
पत्याएनौ भने तिमीहरू स्थिर रहनेछैनौ।"

इम्मानुएलको चिह्न

१० फेरि परमप्रभुले आहाजलाई

भन्नुभयो, ११ 'पातालबाट होस् कि
आकाशबाट होस्, परमप्रभु आफ्ना परमेश्वर-
सित कुनै एउटा चिह्न माग्।' १२ तर
आहाजले भने, 'म माग्नेछैनँ। म
परमप्रभुको परीक्षा गर्नेछैनँ।' १३ अनि
यशैयाले भने, "हे दाऊदको घराना, अब
सुन, के मानिसहरूलाई थकित तुल्याउन
तिमीहरूका निम्ति एउटा सानो कुरो मात्र
हो? औ तिमीहरू मेरा परमेश्वरलाई
पनि थकित तुल्याउँछौ? १४ यसैकारण
परमप्रभु आफैले तिमीहरूलाई एउटा चिह्न
दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ, र
त्यसले एउटा छोरो जन्माउनेछ, र उनको
नाउँ इम्मानुएल राखिनेछ। १५ खराबलाई
इन्कार गर्न, र असललाई छान्न जानेपछि
उनले धीउ र मह खानेछन्। १६ किनकि
बालकले खराबलाई इन्कार गर्न र असललाई
छान्नअघि त्यो देश त्यागिनेछ, जसका दुइ
राजाहरूदेखि तिमीहरू घबराएका छौ।"

यहूदाको नाश

१७ परमप्रभुले तिमीहरूमाथि, तिम्रा
प्रजामाथि तिम्रा पिताका परिवारमाथि यस्तो
दिन ल्याउनुहुनेछ- कि एप्रैम यहूदादेखि
छुट्टिएकोदेखि यसो कहिल्यै आइलागेको थिएन,
अर्थात् उहाँले अश्शूरका राजालाई यस
देशमा चढ़ाइ गर्नलाई ल्याउनुहुनेछ।
१८ त्यो दिन परमप्रभुले मिश्रका नदीहरूका
मूलमा भएका झीँगाहरू र अश्शूर देशमा
भएका मौरीहरूलाई सुसेलीले बोलाउनुहुनेछ।
१९ औ तिनीहरू आएर जम्मै उजाड़
भएका बेंसीहरू, चटानका धाँदाहरू, सबै
काँढ़े-घारीहरू र सबै खर्कहरू हुँदो बस्नेछन्।
२० त्यो दिन परमप्रभुले महानदीको
ज्यालामा लिएको छुरा, अर्थात् अश्शूरका
राजाद्वारा शिर र खुट्टाका रौं खौरिदिनुहुनेछ।
त्यस छुराले दाही पनि खौरिदिनुहुनेछ।
२१ त्यो दिन एउटा मानिसले एउटा
कोरली र दुइवटा भेड़ी पाल्नेछ। २२ औ
तिनीहरूले दिएको प्रशस्त दूधको कारण
त्यसले दही खानेछ, किनकि देशमा छोड़ेको
प्रत्येक मानिसले घीउ र मह खानेछ।
२३ त्यो दिन हजार रूपियाँ दाम गर्ने
हजार दाखका बोटहरू भएको बारीमा काँढ़ा
र झुहुड़े-काँढ़ा हुनेछन्। २४ काँढ़ा र
झुहुड़े-काँढ़ा भएकोले गर्दा त्यहाँ मानिसहरू
काँड़-धनु लिएर आउनेछन्। २५ औ सबै
कोदालोले खन्ने डाँड़ाहरूमा काँढ़ा र
झुहुड़े-काँढ़ाको डरले तँ त्यहाँ जानेछैनस्,
तर त्यो गाई-गोरु चर्ने ठाउँ र भेड़ाहरू
चर्नको निम्ति हुनेछ।

८ परमप्रभुले मलाई भन्नुभयो, 'आफ्नो
निम्ति एउटा ठूलो पाटी ले, र
त्यसमा बुझ्ने अक्षरमा महेर-शालल-हाज-बजको
निम्ति भनेर लेख्। २ यसलाई पक्का
गर्नलाई मेरा दुइ विश्वासयोग्य गवाहहरू,
अर्थात् ऊरियाह पूजाहारी र येबेरक्याहको
छोरो जकर्याह छन्।' ३ तब म अगमवादिनी-
कहाँ गएँ, र त्यो गर्भवती भएर एउटा
छोरो जन्माई। तब परमप्रभुले मलाई-
भन्नुभयो, 'त्यसको नाउँ महेर-शालल-हाज-बज
राख्। ४ किनकि बालकले बाबु-आमा भन्न
जान्न अघिनै दमीशकको धन र सामरियाको
लूट अश्शूर राजाको सामने लगिनेछ।"

परमप्रभु र यहूदाका शत्रुहरू

५ फेरि परमप्रभुले मलाई यसो भन्नुभयो,
६ "किनभने यस प्रजाले शीलोको शान्तसित
बग्ने पानीलाई त्यागेर रसीन र रमल्याहको
छोरोमा घमण्ड गर्‍यो। ७ यसैले अब हेर्,
परमप्रभुले तिनीहरूमाथि महानदीको भयानक
तेजसित बग्ने पानी, अर्थात् अश्शूरका राजा
र त्यसका सारा गौरव ल्याउनुहुनेछ।
त्यसका सबै खोला-नालामाथि माथि त्यो उर्लेर
आउनेछ र त्यसका सबै किनार किनारमाथि

बग्नेछ। ८ त्यो अघाडि बढ़ेर बाढ़ीझैं
यहूदासम्मै बग्नेछ। त्यो त्यसको घिच्रैसम्म
पुग्नेछ। उहाँको पखेटाको फिँजाइले देशलाई
वारपार ढाक्नेछ। परमेश्वर हामीसित
हुनुहुन्छ।

९ हे विभिन्न जाति हो, हल्ला ता मचाऊ,
तर तिमीहरू नाश पारिनेछौ। ध्यानसित
सुन, हे टाढ़ा टाढ़ा-देशका मानिस हो,
तयार होऊ, तर तिमीहरू ध्वंस पारिनेछौ
तयार होऊ, तर तिमीहरू ध्वंस पारिनेछौ।
१० आपसमा सल्लाह गर, तर त्यो व्यर्थ
हुनेछ। कुरा-कानी गर, तर त्यो ठहर्नेछैन,
किनकि परमेश्वर हामीसित हुनुहुन्छ।
११ किनभने परमप्रभुले मलाई यी मानिस-
हरूको मार्गमा नहिँड्नलाई चेताउनी
दिनुभएको छ, र यसो भन्नुभएको छ,
१२ 'जुन कुरालाई यी मानिसहरू षड़यन्त्र
भन्छन्, त्यसलाई तैंले षड़यन्त्र नभन्नू,
औ जे कुरादेखि तिनीहरू डराउँछन् त्यसदेखि
तँ नडराउनू, त्यसदेखि भयभीत नहुनू।
१३ तर सेनाहरूका परमप्रभुलाईनै तैंले
पवित्र ठान्नू, र उहाँकै डर र भय तैंले
मान्नू। १४ उहाँनै तेरो पवित्रस्थान
हुनुहुनेछ, तर इस्राएलका दुवै परिवारका निम्ति
उहाँ ठेस लाग्ने ढुङ्गो र बाधा दिने चटान
र यरूशलेमका बासिन्दाहरूका निम्ति धराप
र पासो हुनुहुनेछ। १५ औ धेरै जना
त्यसमा ठेस खाएर लोटूनेछन्, छिन्नी-बिन्नी
हुनेछन्, पासोमा पर्नेछन् र पक्राउ पर्नेछन्।

१६ यो साक्षी-पत्र बन्द गरिदे। यो
शिक्षा-पत्र मेरा शिष्यहरूका सामने बन्द
गरेर त्यसमा छाप लगाइदे। १७ म
याकूबको परिवारदेखि आफ्नो मुख लुकाउनुहुने
परमप्रभुको बाटो हेर्नेछु, र उहाँकै आशामा
रहनेछु। १८ हेर्, म र परमप्रभुले
मलाई दिनुभएको छोरा-छोरीहरू चाहिं ता
सियोनमा विराजमान हुनुहुने सेनाहरूका
परमप्रभुतर्फबाट इस्राएलमा चिह्न र लक्षण
हुनेछौं।

१९ जब मानिसहरूले तिमीहरूलाई
परिचित भएका आत्मा र कराउँदै फलाक्ने
झाँक्री खोज भनी भन्लान्, तब के मानिसहरूले
आफ्ना परमेश्वरकहाँ गएर सोध्नुपर्दैनन् र ?
जीवितहरूका विषयमा मरेकाहरूलाई सोध्ने
हो त ? २० शिक्षा र साक्षी भएका
ठाउँमा जाऊ। यदि तिनीहरू यहीअनुसार
बोल्नेनन् भने तिनीहरूका निम्ति निश्चय बिहान
हुँदैन। २१ तिनीहरू यस देशमा कष्टित र
भोक भएर घुमिहिँड्नेछन्, र जब तिनीहरू
भोकै हुन्छन् तब तिनीहरू क्रोधित भएर
आफ्ना राजा र आफ्ना परमेश्वरलाई
सराप्नेछन्, र तिनीहरू आफ्ना शिर माथितिर
उठाउनेछन्। २२ तिनीहरूले पृथ्वीतिर नजर
लाउनेछन्, तर त्यहाँ दुःख, अन्धकार र
मानसिक वेदनाको नैराश्य देख्नेछन्। अनि
तिनीहरू घोर अन्धकारमा धपाइनेछन्।

इस्राएलका उद्धारक

९ तर मानसिक वेदनामा परेकीलाई
नैराश्य हुनेछैन। पहिले ता उहाँले
जबूलून र नप्ताली देशलाई अनादर गर्नुभयो,
तर पछि उहाँलेनै यर्दन पारिको देश, समुद्रतिर
जाने बाटो, जाति जातिहरू बस्ने गालीलमा
महिमा ल्याउनुहुनेछ।

२ अन्धकारमा हिँड्ने मानिसहरूले
एउटा ठूलो ज्योति देखे, मृत्युको छायाको
देशमा बसोबासो गर्नेहरूमाथि ज्योतिको
प्रकाश भयो।

३ तपाईंले त्यस जातिको वृद्धि
गराउनुभयो। तपाईंले तिनीहरूका आनन्द
बढ़ाउनुभयो। तिनीहरू तपाईंको सामने
कटनीको बेलामा रमाएझैं रमाउनेछन्,
र लूटको माल बाँड्दा खुशी भएझैं रमाहट
गर्नेछन्। ४ किनकि तपाईंले त्यसको
बोझ्काको जूवा र त्यसको काँधको लौरो,
त्यसलाई अत्याचार गर्नेको लाठो मिद्यानको
समयमा भएझैं भाँचिदिनुभयो। ५ किनभने

खल्याङ-मल्याङ्मा हतियार भिर्ने सिपाहीको
सबै हतियार र रगतमा लट्पटिएका सारा
पोशाक जलाउनको निम्ति दाउराझैं
हुनेछन्।
६ किनभने हाम्रा निम्ति एउटा पुत्र
दिइएको छ। शासन उहाँको हातमा
हुनेछ। उहाँको नाउँ उदेकका युद्धि
निकाल्नुहुने, पराक्रमी परमेश्वर, सनातनका
पिता, शान्तिका राजकुमार कहलाइनेछ।
७ उहाँको शासन र शान्तिको वृद्धिको अन्त
चाहिं कहिल्यै हुनेछैन। दाऊदको सिंहासन
र तिनको राज्यमाथि त्यसलाई न्याय र
धार्मिकताको साथ खड़ा गरी स्थिर गराउन
अब उप्रान्त सदाको निम्ति उहाँले शासन
गर्नुहुनेछ। सेनाहरूका परमप्रभुको उत्तेजित
जोशले यो गर्नेछ।

इस्राएलमाथि परमप्रभुको इन्साफ

८ परमप्रभुले याकूबको विरुद्धमा यो
वाणी भन्नुभएको छ, र त्यो इस्राएलमा परेको
छ। ९ ती सारा मानिसहरू, अर्थात् एप्रैम
र सामरियाका बासिन्दाहरूले जान्नेछन्,
जसले अहंकार र हृदयको सेखीमा भन्दछन्,
१० ईंटाहरू ता ढलेका छन्, तर हामीहरू
कुँदेका ढुङ्गाहरूले बनाउनेछौं। नेभाराका रूखहरू
काटिएका छन्, तर हामी तिनका सट्टामा देवदार
काममा लाउनेछौं। ११ यसकारण परमप्रभुले
तिनीहरूका विरुद्धमा विरोधीहरूलाई खड़ा
गर्नुहुनेछ, र तिनीहरूका शत्रुहरूलाई सुस्याउनु-
हुनेछ। १२ अरामीहरू पूर्वतिर र पलिस्तीहरू
पश्चिमतिर हुनेछन्। यतिमा पनि उहाँको
रीस मर्नेछैन, तर उहाँको हात अझै
पसारिएकै हुनेछ।
१३ तापनि मानिसहरू तिनीहरूलाई
हिर्काउनेतर्फ फर्कनेनन्। तिनीहरूले सेना-
हरूका परमप्रभुलाई खोजेका पनि छैनन्।
१४ यसैकारण परमप्रभुले इस्राएलदेखि शिर
र पुच्छर, खजूरका हाँगा र नर्कट एकै दिनमा
काट्नुहुनेछ—१५ बूढ़ा र आदरणीय मानिस
चाहिं शिर, औ झूटा कुरा सिकाउने अगम-
वक्ता चाहिं पुच्छर हुन्। १६ किनभने यस
प्रजालाई अगुवाइ गर्नेहरूले तिनीहरूलाई भुल
गर्न सिकाउँछन्। तिनीहरूबाट डोर्याइएकाहरू
चाहिं नष्ट हुनेछन्। १७ यसकारण तिनीहरूका
जवान मानिसहरूदेखि परमप्रभु प्रसन्न हुनुहुन्न,
उहाँले तिनीहरूका टुहुरा-टुहुरी र
विधवालाई पनि टिठाउनुहुनेछैन। किनकि हरेक
बिटुलिएको छ, र खराब काम गर्ने भएको
छ। हरेकको मुखबाट मूर्ख कुरा निस्कन्छ।
यतिमा पनि उहाँको रीस शान्त हुनेछैन, तर
उहाँको हात अझै पसारिएकै हुनेछ।
१८ किनभने खराबी आगोझैं बल्छ,
त्यसले ढुहुढ़े काँढ़ा र काँढ़ाहरू भस्म पार्छ।
त्यो जङ्गलका झाड़ीहरूमा दन्कन्छ, र ती
धुवाँको बाक्लो बादल भएर माथितिर बटारिँदै
जान्छन्। १९ सेनाहरूका परमप्रभुको क्रोधले
देश जलिसकेको छ। मानिसहरू पनि आगोका
निम्ति दाउराझैं भएका छन्। कुनै मानिसले
आफ्नो भाइलाई पनि टिठाउँदैन। २० तिनी-
हरूले दाहिनेपट्टिको खोस्नेछन्, तपनि भोकै
हुनेछन्। तिनीहरूले देब्रेपट्टिको पनि खानेछन्,
तरैपनि सन्तुष्ट हुनेछैनन्। ती मानिसहरू
हरेकले आफ्नै छिमेकीको मासु खानेछ,
२१ मनश्शेले एप्रैमलाई र एप्रैमले मनश्शेलाई,
औ तिनीहरू दुवै यहूदाको विरुद्धमा
हुनेछन्। यतिमा पनि उहाँको रीस शान्त
हुनेछैन, तर उहाँको हात अझै पसारिएकै
हुनेछ।
१० धिक्कार तिनीहरूलाई, जसले अधर्मका
विधि ठहराउँछ। ती लेखकहरूलाई,
जसले दुष्ट आज्ञाहरू लेख्छन्, २ जसले
दरिद्रहरूको इन्साफ गर्दैनन्, र विधवाहरूलाई
तिनका लूट बनाउन र टुहुराहरूलाई तिनी-
हरूका शिकार तुल्याउनलाई मेरा प्रजाहरूका
गरीबहरूका हक खोस्तछन्। ३ दण्डको दिन
र टाढ़ाबाट आउने आपत्तिको समयमा
तिमीहरू के गर्नेछौ? तिमीहरू सहायताको

निम्ति कहाँ भाग्नेछौ ? तिमीहरू आफ्ना
धन कहाँ छोड्नेछौ ? ४ कैदीहरूका साथ-साथै
झुक्न, र मारिएकाहरूका माझमा लोट्नबाहेक
अरू केही रहनेछैन। यतिमा पनि उहाँको
रीस शान्त हुनेछैन, तर उहाँको हात अझै
पसारिएकै हुनेछ।

अश्शूरको अभिमान र त्यसको दण्ड

५ धिक्कार अश्शूर, मेरो रीसको लाठो र
मेरो क्रोधको लौरो! ६ लूट र शिकार
लिनको निम्ति, र तिनीहरूलाई सड्कको
हिलोझैं कुल्चन, म अश्शूरलाई एक
बिटुलिएको जातिको विरुद्धमा पठाउनेछु, र
जुन प्रजामाथि मेरो बल्दो रीस उठेको छ,
त्यसको विरुद्धमा म त्यसलाई आज्ञा दिनेछु।
७ तर त्यसको यस्तो इच्छा छैन।
त्यसको हृदयले यस्तो विचार गर्दैन। तर त्यसको
हृदयमा सर्वनाश गर्ने र धेरै जातिहरूलाई
मेटिदिने विचार छ। ८ किनकि त्यसले
भन्छ, 'के मेरा सेनापतिहरू सबै राजैहरू
होइनन् ? ९ के कल्नो कर्कमीशजस्तै होइन
र ? के हमात अर्पदजस्तै र सामरिया
दमीशकजस्तै होइन र ?' १० जसरी मेरो
हात मूर्तिहरूले भरिएका राज्यहरूमा पुग्यो,
जसको खोपेर बनाएका मूर्तिहरू यरूशलेम र
सामरियाका मूर्तिहरूभन्दा धेरै थिए,
११ के त्यसरीनै मैले सामरिया र त्यसका
मूर्तिहरूलाई गरेझैं यरूशलेम र त्यसका मूर्ति-
हरूलाई म गर्नेछैनँ र ?

१२ जब परमप्रभुले सियोन पर्वत र
यरूशलेममा आफ्ना सारा काम गरिसक्नुभएको
हुन्छ, तब म अश्शूरका राजाको अभिमान र
चढ़ेको आँखालाई दण्ड दिनेछु। १३ किनकि
त्यसले भन्छ, 'मेरै पाखुराको बल र मेरै
बुद्धिले मैले यो गरेको हुँ, किनकि म
बुद्धिमान छु। मैले मानिसहरूको सीमाना
हटाएको छु, र तिनीहरूका ढुकुटीहरू लुटेको
छु। साँढ़ेले झैं सिंहासनमा विराजनेहरूलाई
मैले खसालिदिएको छु। १४ मानिसहरूका
धनलाई मेरो हातले चराको गुँड़लाई झैं समातेको
छु। छोड़िराखेका अण्डालाई कसैले बटुलेझैं
मैले समस्त पृथ्वीलाई बटुलें। तर त्यहाँ
पखेटा चलाउने अथवा चुच्चो खोल्ने अथवा
चूँ-चूँ चीं-चीं गर्ने कोही भएन। १५ के
बन्चरोले त्यसलाई चलाउनेको विरुद्धमा सेखी
गर्छ ? के आहीले त्यसलाई चलाउनेको
विरुद्धमा आफ्नो बड़प्पन देखाउँछ ? यो ता
लट्ठी आफैले पो त्यसलाई उठाउनेलाई मच्चाएझैं,
अथवा लौरो आफैले त्यसलाई उठाउने मानिस,
जो काठ होइन, उसलाई हल्लाएझैं हुन्छ।
१६ यसैकारण परमप्रभु, सेनाहरूका परमप्रभुले
त्यसका बलियाहरूका बीचमा दुर्बलता पठाउनु-
हुन्छ, र त्यसको बाहिरी महिमाको भित्र भने
आगो सल्कनेछ। १७ इस्राएलका ज्योति
आगो र त्यसका पवित्र परमप्रभु ज्वाला
हुनुहुनेछ, र त्यसले त्यसका काँढ़ा एकै दिनमा
जलाएर भस्म गर्नेछ। १८ उहाँले त्यसको
जङ्गलको शोभा र फलवन्त बारी सम्पूर्ण
रीतिले भस्म गर्नुहुनेछ। रोगले सुकतै गएको
मानिसझैं त्यो हुनेछ। १९ त्यसको जङ्गलको
बचेका रूखहरू चाहिं थोरै मात्र हुनेछन्।
यति थोरै कि एउटा बालकले पनि ती गनेर
लेख्नसक्छ।

२० त्यो दिन इस्राएलका बचेका याकूबका
घरानाका बाँचेकाहरू फेरि आफूलाई हिर्काउने-
माथि अड़ेस लाग्नेछैनन्, तर इस्राएलका
परमप्रभु, पवित्र प्रभुमाथिनै सत्यमा अड़ेस
लाग्नेछन्। २१ बाँचेका भाग मात्र, अर्थात्
याकूबको बाँचेको भाग, शक्तिशाली परमेश्वरतर्फ
फर्कनेछ। २२ किनकि हे इस्राएल, तेरा
मानिसहरू समुद्रका बालुवाझैं भए तापनि
तिनीहरूमध्ये एउट्टै बाँचेको भाग मात्र फर्कनेछ।
सर्वनाश ता पूरै न्यायसित ठहराइएको छ,
२३ किनकि परमप्रभु, सेनाहरूका परमप्रभुले
सारा पृथ्वीको बीचमा सर्वनाश, ठहराएअनुसारको
सर्वनाश ल्याउनुहुनेछ।

२४ यसैकारण परमप्रभु, सेनाहरूका परम-

प्रभु यसो भन्नुहुन्छ, 'हे सियोनमा बस्ने मेरा
प्रजा हो, अश्शूरहरूसित नडराऊ। तिनीहरूले
तिमीहरूलाई लाठोले हिर्काए पनि, अथवा
मिश्रले झैं तिनीहरूको लौरो तिमीहरूका
विरुद्धमा चलाए तापनि नडराऊ। २५ किनभने
थोरै समय मात्र छ, क्रोध पूरा हुनेछ, र
तिनीहरूको सर्वनाशको निम्ति मेरो रीस
चढ्नेछ। २६ सेनाहरूका परमप्रभुले ओरेबको
चटानमा मिद्यानमाथि महामारी ल्याएझैं त्यसको
विरुद्धमा एउटा कोर्रा चलाउनुहुनेछ।
उहाँको लौरो समुद्रमाथि हुनेछ। त्यो उहाँले मिश्र
देशमाथि उठाएझैं उठाउनुहुनेछ। २७ त्यो
दिन त्यसको बोझ तिमीहरूको काँधबाट,
र त्यसको जूवा तिमीहरूका घिच्रोबाट खस्नेछ,
र अभिषेकको कारणले जूवा भाँचिनेछ।
२८ अश्शूरले रिम्मोन छोड्यो, त्यो
अय्यातमा आएको छ। त्यो मिग्रोनबाट भएर
गएको छ। मिकमाशमा त्यसले आफ्नो
सामान राखेको छ। २९ तिनीहरू घाटीबाट
भएर गएका छन्। तिनीहरू गेबामा बास
बसेका छन्। रामा थरथराउँछ, शाऊलको
गिबा भागेको छ। ३० हे गल्लीमकी छोरी,
आफ्नो उच्च सोरले करा! ए लैशा, सुन्!
हाय, विचरा अनातोत! ३१ मदमेना भगुवा
भएको छ, गिबोनका बासिन्दाहरू भाग
भेला भएका छन्। ३२ आजनै नोबमा त्यो
अड्नेछ। सियोनको छोरीको पर्वत, यरूशलेमको
डाँड़ामा त्यसले हात उठाएर धम्किदिनेछ।
३३ हेर, परमप्रभु, सेनाहरूका परमप्रभुले
त्यसका ससाना हाँगाहरू निर्दयसित लाछ्नुहुनेछ।
त्यसका अल्गा अल्गा डाकलाहरू काटिनेछन्, र
अल्गा भएकाहरू होच्याइनेछन्। ३४ उहाँले
वनका झाड़ीहरूलाई बन्चरोले ढाल्नुहुनेछ, र
लबानोन त्यसका गौरवपूर्ण रूखहरूसमेत ढल्नेछ।

आदर्श शासन

११ यस्सीको ठुटाबाट एउटा बोट
उम्रनेछ, २ र परमप्रभुको आत्मा
उहाँमा रहनुहुनेछ—बुद्धि र समझको आत्मा,
सल्लाह र शक्तिको आत्मा, ज्ञान र परमप्रभु-
प्रतिको श्रद्धाको आत्मा। ३ औ परमप्रभुको
भयमानै उहाँको आनन्द हुनेछ। उहाँले मुख
हेरेर इन्साफ गर्नुहुनेछैन, औ कानले सुनेर
मात्र विचार गर्नेहुनेछैन। ४ तर गरीबहरूको
न्याय उहाँले ठीकसित गर्नुहुनेछ, र पृथ्वीलाई
लौरोले झैं आफ्नो वचनले हिर्काउनुहुनेछ, र
आफ्नो साससे दुष्टलाई नाश गर्नुहुनेछ।
५ उहाँको कम्मरको पटुका धार्मिकता हुनेछ।
र उहाँको जाङ्को बन्धन सत्यता हुनेछ,
६ ब्वाँसो चाहिं थुमासित बस्नेछ, र
चितुवा पाठासित सुतेर बस्नेछ। बाछा,
जवान सिंह र पालेको पशु एकैसाथ
रहनेछन्, र एउटा सानो बालकले तिनीहरू-
लाई डोऱ्याउनेछ। ७ गाई र भालू एकैसाथ
चर्नेछन्, र तिनीहरूका बच्चाहरू एकैसाथ
ढल्केर बस्नेछन्। सिंहले गोरुले झैं पराल
खानेछ। ८ दूधे-बालक साँबे सर्पको दुलामा
खेल्नेछ, र भर्खर दूध छोड़ेको बालकले
विषालु सर्पको दुलोमा आफ्नो हात हाल्नेछ।
९ तिनीहरूले मेरा सबै पवित्र पर्वतमा नता
केही हानि न नोक्सानी गर्नेछन्, किनकि
समुद्र पानीले भरिएझैं पृथ्वी परमप्रभुको ज्ञानले
भरिपूर्ण हुनेछ।

इस्राएल र यहूदाको विजयसाथ आगमन

१० त्यस दिन मानिसहरूका निम्ति एउटा
झण्डीको लागि खड़ा हुनुहुने, यस्सीको
जगलाईनै मानिसहरूले खोज्नेछन्। उहाँको
विश्रामको स्थान महिमित हुनेछ।
११ त्यस दिन परमप्रभुले आफ्नो हात
फेरि दोस्रोपल्ट पसारीकन अश्शूर, मिश्र, पत्रोस,
कूश, एलाम, शिनार, हमात र समुद्रका
किनारका देशहरूबाट आफ्ना प्रजाको बाँकी
रहेको भागलाई छुटाउनुहुनेछ। १२ उहाँले
जाति जातिहरूका निम्त झण्डा खड़ा गर्नु-

हुनेछ, र इस्राएलका निकालिएकाहरूलाई, र
यहूदाबाट तितर-बितर भएकाहरूलाई पृथ्वीका
चारै दिशाबाट भेला गराउनुहुनेछ।
१३ एप्रैमको सेखी झर्नेछ, र यहूदालाई
सताउनेहरू नष्ट हुनेछन्। एप्रैमले यहूदासँग
सेखी गर्नेछैन, औ यहूदाले एप्रैमलाई
सताउनेछैन। १४ अनि तिनीहरू पश्चिमतिर
पलिश्तीहरूका काँधमा वेग हानेर जानेछन्।
तिनीहरूले मिलेर पूर्वका बासिन्दाहरूलाई
लूट्नेछन्। तिनीहरूले आफ्नो हात एदोम
रं मोआबमाथि पसार्नेछन्, र अम्मोनीहरूले
उनीहरूका आज्ञा पालन गर्नेछन्।
१५ परमप्रभुले मिश्र देशको समुद्रको खाड़ी-
लाई बिलकुलै सुकाउनुहुनेछ। उहाँले परात
नदीमाथि लूह चलाउनुहुनेछ, र त्यसलाई
हिर्काएर सात भङ्गालो बनाइदिनुहुनेछ। त्यसमा
मानिसहरू जुत्ता लाएर सुक्खै तरेर जानेछन्।
१६ आफ्ना प्रजाका बाँचेको भागको निम्ति
अश्शूरबाट आउनलाई एउटा यस्तो मूल बाटो
हुनेछ, जस्तो मिश्र देशबाट आउँदा इस्राएल्को
निम्ति भएको थियो।

धन्यवादी भजनहरू

१२ त्यस दिन तिमीहरू भन्नेछौ, 'हे
परमप्रभु, म तपाईंलाई धन्यवाद
दिन्छु, किनकि तपाईं रिसाउनुभए तापनि
तपाईंको रीस अब मर्‍यो, र तपाईं
अब मलाई सान्त्वना दिनुहुन्छ। २ हेर,
परमेश्वर मेरा उद्धारक हुनुहुन्छ। म विश्वास
गर्नेछु। म डराउनेछैनँ, किनकि परमप्रभु
परमेश्वर मेरा शक्ति र भजन हुनुहुन्छ।
उहाँमानै मेरो उद्धार छ। ३ आनन्दसित
तिमीहरूले मुक्तिको इनारबाट पानी भर्नेछौ।
४ औ त्यस दिन तिमीहरूले भन्नेछौ,
'परमप्रभुलाई धन्यवाद देऊ। उहाँको नाउँको
पुकारा गर। जाति जातिहरूका बीचमा
उहाँका कार्यहरूको प्रचार गर, उहाँको नाउँ
उच्च पारिएको छ भनी चर्चा गर
५ परमप्रभुको भजन गाऊ, किनकि उहाँले
महिमित कामहरू गर्नुभएको छ। सारा
पृथ्वीमा यो कुराको प्रचार होस्। ६ हे
सियोनका बासिन्दा हो, जयजय मनाऊ, र
उच्च सोरले गाऊ, किनकि तिमीहरूका बीचमा
इस्राएल्का पवित्र परमप्रभु महान् हुनुहुन्छ।'

मिधानद्वारा बाबेलको नाश

१३ बाबेल्को विषयको ईश्वरवाणी, जो
आमोसको छोरो यशैयाले दर्शनमा
पाए—
२ नाङ्गो डाँड़ामा एउटा झण्डा खड़ा गर।
तिनीहरूका निम्ति उच्च सोरले कराऊ र
भारादारहरूका मूल-ढोकामा जानको निम्ति
हात हल्लाऊ। ३ मेरा पवित्र तुल्याइएका-
हरूलाई मैले आज्ञा गरें। निश्चय, मेरो रीस
पोखाउन मेरा शक्तिशाली मानिसहरूलाई
मैले बोलाएँ। मेरो प्रतापमा आनन्दले मग्न
भएका मेरा जनहरूलाई। ४ पर्वतहरूमा
भीड़को हल्लाजस्तै, धेरै मानिसहरूझैं। राज्यका
जाति जातिहरू एकसाथ जम्मा हुँदा भएको
खेलाबैलाको आवाजजस्तै। सेनाहरूका परम-
प्रभुले लड़ाईंको निम्ति सेना जम्मा गर्नुहुन्छ।
५ सारा देशलाई नष्ट गर्न, परमप्रभु
र उहाँको रीसका हतियारहरू टाढ़ा देश,
पृथ्वीको पल्लो छेउदेखि आउँछन्।
६ तिमीहरू डाँको छोड़ी छोड़ी रोऊ, किनकि
परमप्रभुको दिन नजीक छ। सर्वशक्तिमानको
तर्फबाट भयङ्कर सर्वनाशको रूपमा त्यो
आउनेछ। ७ यसैकारण सबै हातहरू कमजोर
हुनेछन्, र सबै मानिसहरूको मुटुले ठाउँ
छोड़्नेछ। ८ तिनीहरू घबराउनेछन्। वेदना
र अफसोसले तिनीहरूलाई छोप्नेछ, सुत्केरी
स्त्रीलाईझैं तिनीहरूलाई पीड़ा हुनेछ।
तिनीहरू एक अर्कालाई हेरेर छक्क पर्नेछन्।
तिनीहरूका अनुहार आगोको ज्वालाझैं
हुनेछ। ९ हेर, परमप्रभुको दिन देशलाई
उजाड़ पार्न, र त्यसका पापीहरूलाई

त्यहाँबाट सर्वनाश पार्न, क्रोध र भयानक
रीसको साथ निष्ठूर भएर आउँछ।
१० आकाशका नक्षत्र र तिनका तारा-मण्डलले
आफ्नो चमक दिनेछैनन्। सूर्य पनि उदय
हुँदा हुँदै अँध्यारो हुनेछ, र चन्द्रमाले ज्योति
दिनु छोड्नेछ। ११ म संसारलाई त्यसको
दुष्ट्याइँको निम्ति दण्ड दिनेछु, र दुष्टलाई
तिनका अधर्मका निम्ति। म घमण्डीको
अहंकारको अन्त गर्नेछु, र निष्ठूरहरूको सेखी
झार्नेछु। १२ म मान्छेलाई निखुर सुनभन्दा,
मानिस जातिलाई ओपीरको सुनभन्दा पनि
अझ कम संख्याको बनाउनेछु। १३ यसै-
कारण सेनाहरूका परमप्रभुको क्रोधमा, र
उहाँको भयङ्कर रीसको दिनमा म आकाशलाई
थरथर काम्ने तुल्याउनेछु, र पृथ्वी त्यसको
ठाउँदेखि सारिनेछ। १४ औ तिनीहरू
खेदिएको मुडुली मृगझैं, र गोठालो विनाका
भेड़ाहरूझैं, हरेक मानिस आफ्ना आफ्ना
लोककहाँ फर्केर जानेछ, र हरेक मानिस
आफ्नै देशमा भागी जानेछ, १५ भेटिएको
हरेक मानिस रोपिनेछ, र पक्रिएको हरेक
तरवारले ढालिनेछ। १६ तिनीहरूका बालकहरू
पनि तिनीहरूकै आँखाको सामने पछारिएर
छिन्निबिन्नी पारिनेछन्। तिनीहरूका घर
लूटिनेछन्, र तिनीहरूका स्वास्नीहरू भ्रष्ट
पारिनेछन्।

१७ हेर, म मादीहरूलाई तिनीहरूका
विरुद्धमा उठाउनेछु। तिनीहरूले चाँदीको
पर्वाह गर्नेछैनन्, औ सुनको लालच पनि
गर्नेछैनन्। १८ जवान मानिसहरू तिनीहरूका
काँड़हरूले छिन्निबिन्नी हुनेछन्, र तिनीहरूले
गर्भको फललाई दया गर्नेछैनन्। तिनीहरूका
नजरले केटा-केटीहरूलाई पनि टिठाउनेछैन।
१९ औ राज्यहरूको शोभा बाबेल, जसको
गौरवमा कल्दीहरू गर्व गर्दछन्, त्यो चाहिं
सदोम र गमोरालाई परमेश्वरले पल्टाउनुहुँदा
गर्नुभएझैं नाश गर्नुहुनेछ। २० त्यसको कहिल्यै
आबादी हुनेछैन। पुस्तौंसम्म त्यहाँ कोही
बस्नेछैन। कुनै अरबीले त्यहाँ आफ्नो पाल
टाँग्नेछैन। गोठालाहरूले आफ्नो बगाल त्यहाँ
विश्राम गर्नदिनेछैनन्। २१ तर जङ्गली
जानवरहरूले त्यहाँ विश्राम गर्नेछन्।
तिनीहरूका घरहरू स्यालहरूले भरिएका
हुनेछन्। शतुर्मुर्गहरू त्यहाँ बस्नेछन्, र
वन-देवहरू त्यहाँ नाच्नेछन्। २२ औ
ब्वाँसाहरू तिनीहरूका किल्लाहरूमा र स्यालहरू
तिनीहरूका सुन्दर सुन्दर महलहरूमा
कराउनेछन्। त्यसको समय नजीकै आएको
छ, र त्यसको दिन अब धेरै छैन।

इस्राएलको पुनःस्थापन

१४ किनभने परमप्रभुले याकूबमाथि
टिठाउनुहुनेछ, र इस्राएललाई फेरि
छान्नुहुनेछ। तिनीहरूलाई उहाँले तिनीहरूको
आफ्नै ठाउँमा बसाल्नुहुनेछ। विदेशी
तिनीहरूसित मिल्नेछन्, र तिनीहरू याकूबका
घरानासित मिलेर बस्नेछन्। २ देश देशका
लोकले तिनीहरूलाई तिनीहरूकै ठाउँमा
पुऱ्याउनेछन्। इस्राएलका परिवारले परमप्रभुको
देशमा तिनीहरूलाई कमारा-कमारी तुल्याउने-
छन्। तिनीहरूले उनीहरूलाई कैदी बनाउनेछन्,
पहिले जसका तिनीहरू कैदी थिए।
उनीहरूलाई अत्याचार गर्नेहरूमाथि तिनीहरूले
शासन गर्नेछन्।

बाबेलका राजाको मृत्युमा विजयको भजन

३ जब परमप्रभुले तिमीहरूको दुःख,
कष्ट र तिमीहरूले गर्नु परेको
कठिन परिश्रमबाट तिमीहरूलाई विश्राम
दिनुहुनेछ, ४ तब तिमीहरूले बाबेलको
राजाको यसरी ठट्टा गर्नेछौ, 'अत्याचारीको
कसरी पतन भयो, औ त्रास कसरी थामियो।
५ परमप्रभुले दुष्टहरूको लौरो भाँचिदिनुभयो,
शासन गर्नेहरूको राजदण्ड, ६ जसले
मानिसहरूलाई क्रोधले लगातार हिर्काइरहन्थ्यो।

कसैले रोक्न नसक्ने सतावटसाथ रीसमा जाति
जातिहरूलाई जसले शासन गर्थ्यो। ७ सारा
पृथ्वीले विश्राम पाएको छ, र शान्त छ।
तिनीहरू गाउनलागेका छन्।' ८ निश्चय,
सल्लाका रूखहरू र लबानोनका देवदारहरू
तँलाई हेरी यसो भनेर रमाउँछन्, 'तँ
ढलेकोदेखि यसो हामीलाई काट्ने कोही
आएको छैन। ९ तेरो आगमनमा तँलाई
भेट्न पाताल पनि तेरो निम्ति
खलबलिएको छ। त्यसले मरेकोलाई पनि,
अर्थात् पृथ्वीमा मुख्य हुनेलाई तेरो निम्ति
जगाउँछ। त्यसले जाति जातिहरूका सारा
राजाहरूलाई तिनीहरूका सिंहासनबाट उठाएर
खड़ा गरेको छ।' १० तिनीहरू सबैले तँलाई
जवाफ दिएर भन्नेछन्, 'तँ पनि हामीजस्तै
निर्बल भएको छस्। तँ हामीजस्तै भएको
छस्। ११ तेरो रवाफ र सारङ्गी बाजाहरूको
सोर पातालमा झारिएका छन्। कीरा तेरो
ओछ्यान र औंसा तेरो ओढ्ने हुनेछन्।
१२ ए चमकिलो तारा, प्रभातको पुत्र,
तँ कसरी स्वर्गबाट खसिस्। जाति
जातिहरूलाई होंच्याउने, तँ कसरी काटिएर
भूइँमा ढलिस्। १३ तैंले आफ्नो मनमा
भन्ने गर्थिस्, 'म स्वर्गमा उक्लनेछु।
परमेश्वरका ताराहरूभन्दा माथि म मेरो
सिंहासनलाई उच्च पार्नेछु, र उत्तरको पल्लो
छेउसम्म म सभा-मण्डलको पर्वतमा विराजमान
हुनेछु। १४ म बादलको उँचाइभन्दा माथि
उक्लनेछु, म परम परमेश्वर जत्तिकै हुनेछु।'
१५ तापनि तँ पातालसम्म, अर्थात् खाड़लको
तल्लो छेउसम्मै होंच्याइस्। १६ तँलाई
देख्नेहरूले नियालेर तँलाई हेर्नेछन्, र तेरो
विषयमा गुनी गुनीकन भन्नेछन्, 'पृथ्वीलाई
थरथर कमाउने, राज्यहरूलाई थरहरी पार्ने,
१७ संसारलाई त्यसका शहरहरू उजाड़ पारेर
वनझैं तुल्याउने, कैदीहरूलाई तिनीहरूका घर
जानलाई नछोड़ने के यो त्यही मानिस हो?'
१८ जाति जातिका सबै राजाहरू, प्रत्येक
आफ्ना आफ्नै महिमामा चिहानमा पल्टिरहेका
छन्। १९ तर तँ चाहिं ता तुहेको
गर्भको फलझैं तेरो चिहानदेखि फ्याँकिइस्।
तँ तरवारले रोपिएर खाड़लमा ढुङ्गाहरूको
बीचमा परेका लाशहरूले घेरिएको छस्—
तँ लतारिएको लाशझैं भएको छस्।
२० गाड़िंदा तँ तिनीहरूसित मिसिनेछैनस्,
किनकि तैंले आफ्नो देशको संहार गरेको
छस्, तैंले आफ्ना मानिसहरूलाई मारेको
छस्। 'दुष्ट काम गर्नेहरूको सन्तानको नाउँ
निशानै नरहोस्।'
२१ पुर्खाका अधर्मको निम्ति त्यसका
छोरा-छोरीलाई घात गर्न तिमीहरू तयार
होऊ। नत्रता तिनीहरू उठेर पृथ्वीलाई
आफ्नो तुल्याउलान्, र संसारभरि शहरहरूले
भर्लान्। २२ सेनाहरूका परमप्रभु यो
भन्नुहुन्छ, 'म तिनीहरूका विरुद्धमा खड़ा
हुनेछु, र बादलबाट तिनीहरू र तिनीहरूका
सन्तान दर-सन्तानको नाउँ निशानै मेटिदिनेछु,'
परमप्रभु भन्नुहुन्छ। २३ 'म त्यसलाई
दुम्सीको प्वाल बनाउनेछु। म त्यसलाई
पानीको दह बनाउनेछु। म त्यसलाई
सर्वनाशरूपी खरेटोले बढार्नेछु,' परमप्रभु
भन्नुहुन्छ।

अश्शूरको सर्वनाश

२४ सेनाहरूका परमप्रभुले यसो भनेर
शपथ खानुभएको छ, जो युक्ति मैले
गरेको छु, त्यो निश्चय पूरा हुनेछ, जो
अभिप्राय मैले गरेको छु, त्यो स्थिर रहनेछ,
२५ अर्थात्, म अश्शूरलाई मेरै देशमा विध्वंस
पार्नेछु, र मेरा पर्वतहरूमा त्यसलाई पैतालाले
कुल्चनेछु। त्यसपछि त्यसको जूवा तिनीहरूबाट
हट्नेछ। त्यसको भारी तिनीहरूका काँधबाट
उत्रनेछ।' २६ यही अभिप्राय सारा पृथ्वीको
निम्ति संकल्प गरिएको छ, र यो त्यही
हात हो, जो सारा जातिहरूमाथि फैलिएको
छ। २७ किनभने सेनाहरूका परमप्रभुले
अभिप्राय गर्नुभएको छ, र कसले त्यसको

खण्डन गर्नसक्छ ? औ उहाँको हात पसारिएको
छ, र कसले त्यो फर्काउनसक्छ ?

पलिश्तीहरूको देशको दुर्दशा

२८ आहाज राजा मरेको वर्षमा यो
ईश्वर-वाणी भयो—
२९ 'हे सारा पलिश्ती देश, तँलाई
हिर्काउने लौरो भाँचियो भनेर रमाहट
नगर, किनकि साँपको वंशबाट साँबे-सर्प
निस्कनेछ । त्यसको फल अति विषालु
उड्ने सर्प हुनेछ । ३० गरीबभन्दा गरीबले
पनि खान पाउनेछ । दरिद्र निर्धक्कसित ढल्कन
पाउनेछ, तर म तेरो वंशलाई अनिकालले
मार्नेछु, र तेरा बाँचेकाहरू चाहिं मारिनेछन् ।
३१ ए मूल-ढोका, डाँको छोड़ी छोड़ी रोऊ,
ए पलिश्ती देश, तिमीहरू सबै डरले
गलिसकेका छौ, किनकि उत्तरबाट धुवाँ आउँछ,
त्यसको सेनामध्येबाट कोही पनि पछि
रहनेछैन ।'
३२ तब अन्यजातिका राजदूतहरूलाई के
जवाफ दिने ? परमप्रभुले सियोनलाई
बसाल्नुभयो, र उहाँका प्रजाका दुःखमा
परेकाहरूले त्यसमा शरण लिनेछन् ।

मोआबको दुर्दशा

१५ मोआबको विषयमा ईश्वर-वाणी—
एकै रातमा मोआबको आर शहर
उजाड़ र नष्ट पारियो । एक रातमा मोआबको
कीर शहर उजाड़ नष्ट र भयो । २ रूनलाई
दीबोनकी छोरी अल्गा ठाउँहरूमा उक्लिन् ।
नबो र मेदबाका निम्ति मोआब डाँको छोड़ी
छोड़ी रून्छ । तिनीहरूका दाही खौरिएका छन् ।
३ तिनीहरू सड़क हुँदो भाङ्ग्रा लाएर बस्छन् ।
तिनीहरू हरेक आफ्ना आफ्ना घरका कौसी
र चोकमा बेसरी विलाप गर्दै रूँदै बस्छन् ।
४ हेशबोन र एलालेह शहरहरू चिच्याएर
रून्छन् । तिनीहरूका सोर यहजसम्मै सुनिन्छ ।
यसैकारण मोआबका हतियार भिरेका
मानिसहरू चर्को सोरले रून्छन् । मोआबको मन
थरथराउँछ । ५ मेरो मन मोआबको निम्ति
रून्छ । त्यसका भारादारहरू सोअर र एग्लत-
शलीशियाहसम्मै भागेर जान्छन् । लूहीतको
उकालोमा तिनीहरू रूँदै रूँदै उक्लन्छन् ।
होरोनैमको बाटोमा तिनीहरूले विनाशको सोर
उचाल्छन् । ६ निम्रीमको पानी उजाड़ भयो,
र घाँस सुकेको छ, कलिलो घाँस ओइलायो,
हरियो भन्ने केही छैन । ७ यसैकारण
तिनीहरूले पाएका प्रशस्त थोक, र तिनीहरूले
थुपारेका धन, बैंस घारीको खोला पारि
तिनीहरूले लानेछन् । ८ रोदन मोआबको
चारैतिर पुगेको छ, त्यसका विलापको
सोर एग्लैम र बीरएलीमसम्मै पुगेको
छ । ९ दीबोनको खोला रगतले भरिएको
छ, दीबोनमा म अझ बढ़ी दुःख ल्याउनेछु,
मोआबबाट बाँचेकाहरू र देशका बचेकाहरूमाथि
म एउटा सिंह ल्याउनेछु ।

१६ तिनीहरूले देशका शासकको निम्ति
सेलाबाट मरूभूमिको बाटो सियोनको
छोरीको पर्वतमा थुमाहरू पठाए ।
२ भत्काएका गुँड़बाट यताउता उड़िरहेका
चराहरूझैं अर्नोनका घाटहरू हुँदो मोआबका
छोरीहरू हुनेछन् । ३ 'सल्लाह देऊ, इन्साफ
गर । मध्य दिनमा तिम्रो छायालाई
रातजस्तै बनाऊ । निकालिएकाहरूलाई
लुकाऊ, भागी हिंड्नेहरूलाई धोका नदेऊ ।
४ मोआबबाट निकालिएकाहरू तिमीसँग
बसून् । नाश गर्नेहरूबाट तिनीहरूका निम्ति
एउटा शरणस्थान बनाऊ ।' जबरदस्ती
धुत्नेहरू अब रहँदैनन्, लूट बन्द हुनेछ,
र अत्याचारीहरू देशबाट भस्म हुनेछन् ।
५ कृपाको सिंहासन स्थिर गरिनेछ, त्यहाँ
दाऊदको पालमा सत्यताको साथ एक जना
विराजमान हुनुहुनेछ, जसले इन्साफ गर्नुहुनेछ,
न्यायको खोजी गर्नुहुनेछ, र धर्म गर्नु विलम्ब
गर्नुहुनेछैन ।

६ मोआबको घमण्डको कुरा हामीले
सुनेका छौं। त्यो कति घमण्डी थियो?
त्यसको सेखी व्यर्थको छ। ७ यसकारण
मोआबकै लागि मोआब विलाप गर्दै रूनेछ।
तिनीहरू हरेक विलाप गरेर रूनेछ।
किरहारेशेतका दाखका फुलौराको निम्ति
तिमीहरू साह्रै अफसोसी भएर विलाप
गर्नेछौ। ८ किनभने हेशबोनका खेतहरू
र सिब्माका दाखका बोटहरू ओइलाउँछन्।
जाति जातिका शासकहरूले त्यसका असल
असल बोटहरू भाँचेका छन्। ती याजेरसम्मै
पुगे। ती उजाड़-स्थानमा तितर-बितर
भए। त्यसका हाँगाहरू चारैतिर फैलिए।
ती समुद्र पारिसम्मै पुगे।
९ यसैकारण म सिब्माको दाखका
बोटहरूका निम्ति याजेर रोएझैं रूनेछु।
ऐ हेशबोन र एलाले, मेरो आँसुले म
तँलाई भिजाउनेछु, किनकि ग्रीष्म ऋतुको
तेरा फलहरू र फसलमा युद्ध-ध्वनि परेको
छ। १० अनि फल दिने बारीबाट आनन्द
र रमाहट लगिनेछ, औ दाखको बारीमा
भजन हुनेछैन, नता आनन्दको सोर हुनेछ,
न दाख-कुण्डमा कसैले पेल्नेछ। मैंले
तिनीहरूको हर्षको आवाज बन्द गरिदिएको
छु। ११ यसैकारण मेरो मन मोआबको
निम्ति र मेरो अन्तस्करण कीर-हेरेशको निम्ति
बीणाले झैं रोई रोईकन विलाप गर्दछ। १२ जब
मोआब अल्गो स्थानमा आएर भक्ति गर्दा
गर्दा थाक्छ, औ प्रार्थना गर्न पवित्र
स्थानमा आउँछ, तब त्यसलाई केही लाभ
हुनेछैन।
१३ मोआबको विषयमा परमप्रभुले
पहिलेनै भन्नुभएको वचन यही हो। १४ तर
अब परमप्रभु यसो भन्नुहुन्छ, 'तीन वर्षभित्रै,
जो ज्यालामा दिएको तीन वर्षजस्तै छन्,
मोआबको महिमा त्यसको सबै ठूलो भीड़समेत
तुच्छ ठहरिनेछ। त्यसको बचेको भाग
चाहिँ साह्रै थोरै र कुनै लेखाको पनि
हुनेछैन।'

दमीशक र इस्राएलको दुर्दशा

१७ दमीशकको विषयमा ईश्वर-वाणी—
हेर, दमीशक अब शहरजस्तो रहनेछैन।
त्यो भग्नावशेषको थुप्रो हुनेछ। २ अरोएरका
शहरहरू त्यागिएका छन्। ती ता विश्राम
गरिरहनलाई बगालका निम्ति हुनेछन्, जसलाई
कसैले तर्साउनेछैन। ३ एप्रैमको गढ़ी र
दमीशकको राज्यको अन्त हुनेछ। अरामको
बचेको भाग चाहिं इस्राएलीहरूको महिमा
लोप भएझैं नाश हुनेछ, सेनाहरूका परमप्रभु
भन्नुहुन्छ।
४ त्यो दिन याकूबको गौरव झारिनेछ,
र त्यसको शरीरको मोटाइ घटेर जानेछ।
५ जसरी कटनी गर्नेले पाकेको अन्न बटुल्छ,
रपाईको हातले बालाहरू काट्छ, त्यसरीनै
रफाईमको बेंसीमा सिलाबाला टिपेझैं हुनेछ।
६ तापनि भद्राक्ष झारेपछि अलि अलि
शिला रहेझैं, त्यसमा केही रहनेछ—माथिल्लो
हाँगाको टुप्पामा दुइ तीनवटा फल र अरू
हाँगाहरूमा चार पाँचवटा फल रहनेछन्,
परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ,
७ त्यस दिन मानिसले आफ्नो सृष्टिकर्त्तातिर
हेर्नेछ, र त्यसको दृष्टि इस्राएलका पवित्र
परमप्रभुतिर लागिरहनेछ। ८ त्यसले आफ्ना
हातले बनाएका वेदीतिर हेर्नेछैन, नता त्यसले
आफ्नो हातले बनाएका काम, अर्थात् अशेरा
भनिने मूर्ति अथवा सूर्यका मूर्तिहरूलाई
आदर गर्नेछ। ९ त्यस दिन त्यसका
शक्तिशाली शहरहरू हिव्वी र अमोरीहरूका
निर्जन स्थानहरूझैं हुनेछन्, जसलाई तिनीहरूले
इस्राएलीहरूको कारणले गर्दा त्यागेका थिए।
त्यहाँ उजाड़ हुनेछ। १० किनभने तैंले
तेरो उद्धार गर्ने परमेश्वरलाई बिर्सिस्, र तेरो
शक्तिको चटानलाई वास्ता गरिनस्।
यसैकारण, यद्यपि तैंले सुन्दर बोटहरू रोप्छस्,
र अनौठा कलमहरू लगाउँछस्, ११ औ
ती रोपेको दिन तैंले चारैतिर बार पनि
लगाउँछस्, र बिहानसम्ममा तेरो बिरुवालाई

फुलाउने बनाउँछस्, तापनि दुःखको दिन र
महा अफसोसको दिनमा कटनी हुँदैहुँदैन।

अश्शूरको पराजय

१२ अहा! लोक लोकको खैलाबैला,
समुद्रको गर्जनझैं, जाति जातिहरूको हल्ला,
शक्तिशाली सागरझैं तिनीहरू गर्जनछन्।
१३ जाति जातिहरू धेरै पानीको हुर्याइझैं
हुर्रिन्छन्। उहाँले तिनीहरूलाई हप्काउनुहुनेछ,
तर तिनीहरू टाढ़ा भागेर जानेछन्, र
बतासले उड़ाएको डाँड़ाको भूस र आँधी-बेहीले
उड़ाएका धूलोझैं खेदिनेछन्। १४ साँझमा
चाहिँ, हेर, त्रास! तर बिहान हुनभन्दा अघि
ती रहँदै रहँदैनन्! हामीहरूलाई लुट्नेहरूका
भाग यही हुनेछ, र हाम्रा चोरी गर्नेहरूको
गति यही हुनेछ।

कूश देशलाई समाचार

१८ अहा! हुरूरूरू आवाजले भरिएको
देश, जुन चाहिँ कूश देशका
नदीहरूको पारिपट्टि छ, २ जसले नील
नदीको मार्गबाट राजदूतहरू पठाउँछन्,
मालिङ्गोका नावहरूमा तिनीहरूलाई जल-
पथद्वारा यसो भनी पठाउँछन्; 'हे फुर्तिला
दूत हो, त्यो अल्गो र हृष्ट-पुष्ट जातिकहाँ
जाऊ, जोसँग नजीक र टाढ़ाकाहरू डराउछन्,
त्यो जाति बलियो र विजयी छ, जसको
देशलाई नदीहरूले भाग-भाग पारेको छ।'
३ हे सारा संसारका बासिन्दा हो, हे
पृथ्वीका बासिन्दा हो, जब एउटा झण्डा
डाँड़ामा खड़ा गरिनेछ, तब तिमीहरू त्यसलाई
हेर, र जब तुरही बजाइन्छ, तब तिमीहरू त्यो
सुन।
४ किनभने परमप्रभुले मलाई यसो
भन्नुभएको छ, 'घामको चर्को ताप र
कटनीको गर्मीमा शीतको बादलझैं म चूपचाप
बस्नेछु, र मेरो बस्ने ठाउँदेखि हेरिरहनेछु।'
५ किनभने कटनीको अघि जब फूल
फूलिसकेको हुन्छ, र फूलदेखि पाकेको अङ्गूर
हुन्छ, तब उसले डाँक्ला हँसियाले छाट्नेछ,
र फैलिएका हाँगाहरू काटी फ्याँक्नेछ।
६ तिनीहरू सबै एकसाथ पहाड़का हिंसक
पक्षी र पृथ्वीका वन-पशुहरूका निम्ति
छोड़िनेछन्। तब हिंसक पक्षीहरूले ती खाएर
आफ्नो ग्रीष्म काल बिताउनेछन्, र पृथ्वीका
सबै वन-पशुहरूले चाहिँ आफ्नो हिउँद
बिताउनेछन्। ७ त्यस समय त्यो अल्गो
हृष्ट-पुष्ट जातिले, जोसँग नजीक र टाढ़ाकाहरू
डराउँछन्, जो बलियो र विजयी छ, जसको
देश नदीहरूले भाग भाग पारिएको छ,
सेनाहरूका परमप्रभुको नाउँ भएको ठाउँमा,
सियोन पर्वतमानै परमप्रभुकहाँ सौगात
ल्याउनेछ।

मिश्र देशमाथिको इन्साफ

१९ मिश्र देशको विषयमा ईश्वरवाणी—
हेर, परमप्रभु चाँडै उड़ने बादलमा
सवारी भएर मिश्र देशमा आउनुहुन्छ, औ
मिश्र देशका मूर्तिहरू उहाँको उपस्थितिमा
थरथर हुनेछन्, र मिश्रीहरूको हृदय गलि-
जानेछ। २ म मिश्रीहरूलाई मिश्रीहरूकै
विरुद्धमा सुस्याउनेछु। तिनीहरू हरेक आफ्नो
दाज्यू-भाइको विरुद्धमा लड़नेछ, हरेक आफ्नो
छिमेकीको विरुद्धमा लड़नेछ, शहरको विरुद्धमा
शहर, र राज्यको विरुद्धमा राज्य। ३ औ
मिश्रीहरूको वृद्धि खतम हुनेछ। तिनीहरूको
सल्लाह म नष्ट गर्नेछु, र तिनीहरू मूर्तिहरू,
फलाक्नेहरू, मंत्र-तंत्र गर्नेहरू र झाँक्रीहरूकहाँ
गएर सोध्नेछन्। ४ अनि म मिश्रीहरूलाई
एउटा निष्ठूर मालिकको हातमा दिनेछु।
एउटा निर्दयी राजाले तिनीहरूमाथि राज्य
गर्नेछ, परमप्रभु सेनाहरूका परमप्रभु
भन्नुहुन्छ—
५ नील नदीको पानी घटेर जानेछ, र
त्यो नदी सुकेर ओबानो हुनेछ। ६ नहरहरू

गह्राउनेछन्। मिश्र देशका खोलाहरू घटेर
सुकिजानेछन्। निगालो र कांसहरू ओइलि-
हाल्नेछन्। ७ नील नदीको चउर, नील
नदीको किनारकै चउर, र नील नदीमा
उम्रिएका सबै थोक सुक्नेछन्, र बतासले
उड़ाएर लैजानेछ, ती रहनेछैनन्। ८ जालहारी-
हरू पनि विलाप गर्नेछन्। नील नदीमा
बल्छी हान्नेहरू सबै खिन्न हुनेछन्।
९ यसबाहेक बाटेका सनको काम र सेता
लुगा बुन्नेहरू निराश हुनेछन्। १० त्यसका
जगहरू भत्काइनेछन्, र ज्यालामा काम
गर्नेहरू सबैको मन अफसोसमा पर्नेछ।
११ सोअनका राजकुमारहरू असाध्य मूर्ख
छन्! बुद्धिमान मंत्रीहरूको युक्ति पशुहरूको
झैं भएको छ। तिमीहरू कसरी फिरऊनलाई
भन्छौ, 'म बुद्धिमान मानिसको छोरो हुँ,
प्राचीन समयका राजाहरूको छोरो? १२ तेरा
बुद्धिमान मानिसहरू कता गए? तिनीहरूले
तँलाई अहिलेनै भनून्। मिश्र देशको बारेमा
सेनाहरूका परमप्रभुको के अभिप्राय छ?
तिनीहरूले जानून्। १३ सोअनका राजकुमार-
हरू मूर्ख भएका छन्, नोपका राजकुमारहरू
धोकामा परेका छन्। तिनीहरूले मिश्र
देशलाई बहकाएका छन्, जो त्यसका कुलका
कुनाका ढुङ्गा हुन्। १४ परमप्रभुले तिनी-
हरूका बीचमा भर्माउने आत्मा मिसाइदिनु-
भएको छ, र मतवाला मानिस आफ्नै
वान्तमा धर्मरिँदै हिँड्झैं गरी तिनीहरूले
मिश्र देशलाई त्यसको हरेक काममा भ्रममा
पारिदिएका छन्। १५ मिश्र देशको निम्ति
केही काम रहनेछैन, जो शिर कि
पुच्छर, खजूरको हाँगा अथवा कांसबाट
हुनसक्ला।

१६ त्यस दिन मिश्रीहरू स्त्रीहरूजस्तै
हुनेछन्। सेनाहरूका परमप्रभुले तिनीहरूमाथि
आफ्नो हात हल्लाउनुहुँदा तिनहरू डरले
थरथर काम्नेछन्। १७ यहूदा देश
चाहिं मिश्र देशको निम्ति भयको कारण
हुनेछ। सेनाहरूका परमप्रभुको अभिप्रायको
कारणले, जो उहाँले, गर्नलाई निश्चय गर्नु-
भएको छ, त्यो सुन्ने प्रत्येक डराउनेछ।

१८ त्यस दिन मिश्रदेशमा कनान देशको
भाषा बोल्ने र सेनाहरूका परमप्रभुको भक्तिको
शपथ खाने पाँचवटा शहर हुनेछन्। तीमध्ये
एउटाको नाउ सूर्यनगरी भनिनेछ।

१९ त्यस दिन मिश्र देशको बीचमा
परमप्रभुको निम्ति एउटा वेदी हुनेछ, र त्यसका
सीमानामा परमप्रभुको निम्ति त्यो एउटा
खाम्बो खड़ा गरिनेछ। २० मिश्र देशमा
सेनाहरूका परमप्रभुको निम्ति त्यो एउटा चिह्न
र साक्षीको लागि हुनेछ, किनकि तिनीहरूले
अत्याचारीहरूका कारणले परमप्रभुलाई पुकारा
गर्नेछन्, र उहाँले तिनीहरूका निम्ति एउटा
मुक्तिदाता र एउटा रक्षक पठाउनुहुनेछ,
र उहाँले तिनीहरूलाई छुटाउनुहुनेछ।
२१ परमप्रभु मिश्र देशमा प्रकट हुनुहुनेछ,
र त्यस दिन मिश्रीहरूले परमप्रभुलाई चिन्नेछन्।
तिनीहरूले निश्चय बलिदान र अन्नबलिद्वारा
उहाँलाई पुज्नेछन्, र परमप्रभुको निम्ति
भाकल गरेर त्यो पूरा गर्नेछन्। २२ परम-
प्रभुले मिश्र देशलाई हिर्काउनुहुनेछ, उहाँले
हिर्काउनुहुनेछ, औ निको पनि पार्नुहुनेछ।
तिनीहरू परमप्रभुतर्फ फिर्नेछन्। उहाँले
तिनहरूको बिन्ती सुन्नुहुनेछ, र उहाँले
तिनीहरूलाई निको पार्नुहुनेछ।

२३ त्यस दिन मिश्र देशदेखि अश्शूर-
सम्म एउटा मूल-बाटो हुनेछ, र मिश्र देशमा
अश्शूरीहरूको औ अश्शूरमा मिश्रीहरूको
आवत्-जावत् हुनेछ, र मिश्रीहरूले अश्शूरी-
हरूसित आराधना गर्नेछन्।

२४ त्यस दिन मिश्र र अश्शूरका साथ
पृथ्वीमा आशिषको निम्ति इस्राएल चाहिं तेस्रो
देश हुनेछ, २५ सेनाहरूका परमप्रभुले
तिनीहरूलाई यसो भनेर आशिष दिनुभएको
छ, मिश्र मेरो प्रजा, अश्शूर मेरो हातको
काम र इस्राएल मेरो निज भाग धन्यका
होऊन्।

मिश्र देशको परास्तको चिह्न

२० जुन साल अश्शूरका राजा सर्गोनको
हुकुमअनुसार तिनका सेनापतिले
अश्दोदमा आएर लड़ाइँ गरेर त्यो कब्जा गरे,
२ त्यस बेला आमोसको छोरा यशैयालाई
परमप्रभुले यसो भन्नुभयो, "जा, तेरो कम्मर-
बाट भाङ्ग्रा उतार् र तेरा खुट्टाबाट जुत्ता
फुकाल्।" औ तिनले त्यसै गरे, र तिनी
नाङ्गै र खालीखुट्टा हिँड्नलागे। ३ तब
परमप्रभुले भन्नुभयो, "जसरी मेरो दास
यशैया मिश्र देश र कूश देशको निम्ति चिह्न
र चेताउनी होस् भनेर तीन वर्षसम्म नाङ्गो र
खाली-खुट्टा हिँड्यो, ४ त्यसरीनै अश्शूरका
राजाले मिश्र देशलाई शर्ममा पार्न मिश्र
देशका कैदीहरू र कूश देशबाट निकालिएका
जवान र बूढ़ा दुवैलाई नाङ्गो र खाली-
खुट्टा र चाक पनि नाङ्गै पारेर कैदी बनाएर
लानेछन्। ५ तिनीहरूको आशा कूश देश र
तिनीहरूको गौरव मिश्र देशको कारण
तिनीहरू व्याकुल र लज्जित हुनेछन्।
६ समुद्रका किनारका बासिन्दाहरूले त्यस
दिन भन्नेछन्, 'हेर, अश्शूरका राजाबाट
बाँच्न जस जसमाथि हामी आशा राख्तथियौं
र जसकहाँ हामी सहायताको निम्ति
भाग्न लागेका थियौं, तिनीहरूकै गति यस्तो
छ, तब हामी कसरी उम्कौंला'?"

बाबेलको कब्जा

२१ समुद्र-किनारको उजाड़-भूमिको विषयमा
ईश्वर-वाणी—दक्षिण देशमा भुमरी
जोरसित चलेझैं, मरूभूमिबाट, अर्थात् भयानक
देशबाट त्यो आइरहेछ। २ एउटा डरलाग्दो
दर्शन मैले देखें, धोकाबाजी गर्नेले धोका-
बाजीनै गर्छ, र लुट्नेले चाहिं लुट्छ। ए
एलाम, उक्ली, ए मादी, घेरा लगा। त्यसको
सबै सुस्केरा मैले बन्द गरिदिएको छु।
३ यसैकारण मेरो कम्मर भिषण वेदनाले
भरिएको छ। प्रसवमा परेकी स्त्रीको वेदनाझैं
तीक्ष्ण वेदनाले मलाई पक्रेको छ। म यस्तो
दुःखमा परेको छु कि सुन्नैसक्तिनँ। म यस्तो
व्याकुल भएको छु कि देख्नैसक्तिनँ।
४ मेरो मुटु ढुकढुक गर्छ। डरले मलाई
तर्साएको छ। मैले इच्छा गरेको झिसमिस
उज्यालो मेरो निम्ति कम्प भएको छ।
५ तिनीहरूले टेबल तयार गर्छन्, गलैंचा
बिछ्याउँछन्, खान्छन् र पिउँछन्। हे
राजकुमार हो, उठ, ढालमा तेल लगाऊ,
६ किनभने परमप्रभुले मलाई यसो भन्नुभएको
छ, 'जा, पहरादार राख्। त्यसले के देख्छ
त्यो बताओस्। ७ जब त्यसले सवारहरू,
अर्थात् घोड़चढ़ीका जोड़ी जोड़ी, गधा र
ऊँटहरूका सवारहरू देख्ला, तब त्यसले खूबै
ध्यान लगाएर सुनोस्।' ८ त्यो सिंहझैं
गर्ज्यो, 'हे परमप्रभु, म दिनभरि पहरा बस्ने
धरहरामा उभिरहन्छु, र रातभरि पनि पहरामा
बसिरहन्छु। ९ हेर्नुहोस्, सवारहरू, घोड़-
चढ़ीका जोड़ी जोड़ी आउँदैछन्।' अनि त्यसले
फेरि जवाफ दिएर भन्यो, 'बाबेलको पतन
भयो, पतन भयो, र त्यसका कुँदेर बनाएका
देवताका सबै मूर्तिहरू जमीनमा चकनाचूर
पारिएका छन्।
१० ए मेरो दाइँ गरिएको लोक, मेरो
खलाको अन्न! जे सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वरबाट मैले सुनें, त्यसको
प्रचार तिमीहरूलाई गरेको छु।'

एदोमको दुर्दशा

११ दूमाको विषयमा ईश्वर-वाणी—
'ए पहरादार, रात कति बाँकी छ? ए पहरादार,
रात कति रहेको छ? भनेर कसैले
मलाई सेईरबाट बोलाउँदैछ। १२ पहरादार
भन्छ, 'बिहान हुन्छ, र रात पनि पर्छ।
तिमीहरूको केही सोध्नु छ भने फर्केर आऊ
र सोध।'

ददानीहरूको दुर्दशा

१३ अरबको विषयमा ईश्वर-वाणी—
ए ददानीका यात्री दल, अरबको जङ्गलमा
तिमीहरूले वास बस्नु पर्नेछ। १४ हे तेमा
देशका बासिन्दा हो, तिर्खाउनेहरूका निम्ति
पानी ल्याऊ। शरणार्थीहरूलाई रोटी लिएर
भेट गर, १५ किनकि तिनीहरू तरवारको
सामनेबाट, नाङ्गो तरवारबाट त्रुहेका धनुबाट,
र घोर लड़ाइँबाट भागेर आएका छन्।
१६ किनभने परमप्रभुले मलाई यसो भन्नु-
भएको छ, 'ज्यालामा काम गर्नेहरूको वर्ष-
अनुसार, अर्थात् एकै वर्षमा केदारको सब
महिमाको अन्त हुनेछ। १७ धनुर्धारीहरूको
बाँकी संख्या, अर्थात् केदारका सन्तानका
शक्तिशाली मानिसहरू थोरै मात्र हुनेछ,
किनकि परमप्रभु इस्राएलका परमेश्वरले त्यसै
भन्नुभएको छ।'

यरूशलेमको बेवकुफीलाई हप्काएको

२२ दर्शनको बेंसीको विषयमा ईश्वरवाणी—
तिमीहरूलाई के भयो र तिमीहरू जम्मै
घरका कौसीमा उक्लेर गयौ? २ ए हल्ला र
खैलाबैलाले भरिएको शहर, रमाहटले भरिएको
नगर, तेरा मरेकाहरू तरवारले मारिएका
होइनन्। तिनीहरू लड़ाइँमा मारिएका पनि
होइनन्। ३ तेरा सबै शासकहरू एकैसाथ
भागे, धनु बिनानै तिनीहरू पक्राउ परे।
तेरा फेला परेका सबै टाढ़ा भागेका भए
तापनि तिनीहरू एकैसाथ बाँधिए। ४ यस-
कारण मैले भनें, 'मदेखि मुख फर्का। म
धुरुधुरु रुनेछु। मेरो प्रजाको छोरीलाई
बिगारेकोले मलाई सान्त्वना दिन कोशिष
नगर्।'
५ किनभने दर्शनको बेंसीमा परमप्रभु
सेनाहरूका परमप्रभुबाट भएको यो कोलाहलको
र कुल्ची-मिल्ची गर्ने र अलमल्ल पर्ने दिन यो
हो-—पर्खाल भत्काउने, र पर्वतसम्म पुग्ने
गरी कराउने दिन। ६ एलामले रथहरू र
घोड़चढ़ीहरूसमेत ठोकरा भिर्‍यो। कीरले
चाहिं ढालको खोल निकाल्यो। ७ तेरा
रथहरूले असल असल बेंसीहरू भरिए, र
घोड़चढ़ीहरू चाहिं मूल-ढोकामा ताँती लागेर
बसे। ८ उहाँले यहूदाको घुम्टो हटाउनुभयो।
त्यस दिन तिमीहरूले जङ्गलको जङ्गी-हतियारको
घरतिर दृष्टि गर्‍यौ। ९ तिमीहरूले दाऊदको
शहरका प्वालहरू धेरै रहेछन् भनी देख्यौ।
तिमीहरूले तल्लो दहको पानी एकसाथ जम्मा
गर्‍यौ। १० तिमीहरूले यरूशलेमका घरहरू
गन्यौ, र पर्खाल बलियो पार्न ती घरहरू
भत्कायौ। ११ तिमीहरूले दुइ पर्खालका
बीचमा पुरानो दहको पानीको निम्ति एउटा
तलाउ खन्यौ। तर तिमीहरूले यो गर्नेलाई
हेरेनौ। तिमीहरूले अघिदेखिनै रच्नेलाई आदर
गरेनौ।
१२ त्यस दिन परमप्रभु सेनाहरूका
परमप्रभुले तिमीहरूलाई रुन, विलाप गर्न,
खुइले हुन र भाङ्ग्रा लाउनलाई बोलाउनुभयो,
१३ तर हेर, आनन्द र रमाहट मनाइँदैछ।
गोरुहरू मार्ने र भेड़ाहरू मार्ने, मासु खाने
र मद्य पिउने काम पो भइरहेछ। 'लौ,
खाऔं र पियौं, किनकि भोलि ता हामी
मर्नेछौं,' भन्दैछौ। १४ सेनाहरूका परम-
प्रभुले मेरो कानमा यो प्रकट गर्नुभयो,
'निश्चय, यो अधर्म तिमीहरू नमरुन्जेलसम्म
तिमीहरूबाट पखालिनेछैन,' परमप्रभु, सेनाहरूका
परमप्रभु भन्नुहुन्छ।

शेब्ना खारेज भएर एल्याकीम नियुक्त भएको

१५ परमप्रभु, सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, "त्यो भण्डारे, अर्थात् शेब्नाकहाँ
जाऊ, जो घरको मूल हो, र त्यसलाई भन,
१६ 'तँ यहाँ के गर्दैछस्? र तेरो यहाँ
को छ? र तैंले आफ्नो निम्ति यहाँ एउटा
चिहान खन्न लाइस्? तँ अग्लो ठाउँमा

चटान फोरेर आफ्नो निम्ति चिहान बनाउन
र चटानमा बासस्थान खोप्न लाउँछस्।
१७ ए वीर पुरुष, हेर्, परमप्रभुले तँलाई
खूब जोरसित फ्याँक्नुहुनेछ। उहाँले तँलाई
खूब कसेर समात्नुहुनेछ। १८ उहाँले
निश्‍चय तँलाई एउटा विस्तृत जमीनमा घुमाई
घुमाईकन घुँयेत्रोको ढुङ्गाझैं फ्याँकिदिनुहुनेछ, र
त्यहीं तँ मर्नेछस्। ए आफ्ना परमप्रभुको
घरलाई शर्ममा पार्ने, तेरो गौरवको रथ त्यहीं
रहनेछ। १९ म तँलाई तेरो कामबाट
निकालिदिनेछु, र आफ्नो स्थानबाट तँ
खसालिनेछस्। २० त्यो दिन हिल्कियाहको
छोरो एल्याकीम मेरो दासलाई म बोलाउनेछु।
२१ म त्यसलाई तेरो वस्त्र पहिर्‍याउनेछु र
तेरो पटुका त्यसलाई बाँधिदिनेछु, औ म
तेरो अधिकार त्यसको हातमा सुम्पनेछु। त्यो
यरूशलेम र यहूदाका परिवारका बाबु हुनेछ।
२२ दाऊदको घरानाको साँचो म त्यसको हातमा
दिनेछु, त्यसले खोल्नेछ, र कसैले बन्द गर्नेछैन,
त्यसले बन्द गर्नेछ, र कसैले खोल्नेछैन। २३ म
त्यसलाई बलियो ठाउँमा कीलाझैं गाड्नेछु।
आफ्ना बाबुको घरमा महिमाको सिंहासन त्यो
हुनेछ। २४ तिनीहरूले त्यसका बाबुका जहानको
महिमा जे जे छन्, अर्थात् वंश र सन्तान
र हरेक ससाना पात्र, के कचौरो र गाग्रो
सबै त्यसैमा झुण्डाउनेछन्।' २५ सेनाहरूका
परमप्रभु भन्नुहुन्छ, 'त्यस दिन त्यो बलियो
ठाउँमा गाडिएको कीला नुहिन्छ, त्यो
काटेर ढालिनेछ। त्यसपछि त्यसमा टाँगिएको
भार काटिनेछ, किनकि परमप्रभुले यसै
भन्नुभएको छ।''

सोरको दुर्दशा

२३ सोरको विषयमा ईश्वर-वाणी—हे
तर्शीशका जहाज हो, विलाप गर्दै
कराऊ, किनकि सोर उजाड पारिएको छ।
यतिसम्म कि त्यहाँ कुनै घर अथवा कुनै
बन्दरगाह रहेको छैन। कूप्रुस टापूबाट त्यो
कुरो तिनीहरूलाई प्रकट भएको छ। २ हे
समुद्र किनारका बासिन्दा हो, हे सीदोनका
व्यापारी हो, विलाप गर। तिमीहरूका दूतहरू
समुद्र, अर्थात् धेरै समुद्र-मार्गहरू भएर पार गर्थे,
३ शीहोरको अन्न, नील नदीको कटनीको
कर समुद्र मार्गद्वारा तिनीहरूले पाउँथे।
तिनीहरूको देश अन्यजातिहरूको बजार थियो।
४ हे सीदोन, लज्जित होऊ, किनकि
समुद्रले, समुद्रनेरको बलियो शहरले यसो
भनेको छ, 'म सुत्केरी वेदनामा परेको छैनँ,
मैले केही जन्माएको छैनँ। मैले जवान
मानिसहरू र कन्ये-केटीलाई पालन-पोषण
गरेको छैनँ।' ५ जब त्यसको समाचार
मिश्र देशमा पुग्ला तब सोरको समाचार
सुनेर तिनीहरू साह्रै दुःखमा पर्नेछन्।
६ तिमीहरू तर्शीशमा जाऊ, समुद्र किनारका
बासिन्दा हो, विलाप गरेर रोऊ। ७ के
यो तिमीहरूको आनन्दले भरिएको शहर हो,
जसको आरम्भ प्राचीन कालदेखिको छ,
जसको खुट्टाले त्यसलाई टाढ़ामा प्रवास
गर्नलाई पुर्‍यायो?
८ मुकुटहरू प्रदान गर्ने शहर सोर,
जसका व्यापारीहरू राजकुमार हुन्, जसका
किन-बेच गर्नेहरू पृथ्वीका आदरणीय मानिसहरू
हुन्। त्यस शहरको विरुद्धमा कसले यस्तो
युक्ति रच्यो? ९ त्यसले घमण्ड गर्ने त्यसका
शहरको सबै गौरवलाई खोस्न, पृथ्वीका
सारा आदरणीय कुरालाई तुच्छ पार्न
सेनाहरूका परमप्रभुले यो युक्ति रच्नुभएको
हो। १० हे तर्शीशकी छोरी, नील नदीझैं
देशभरिनै फिँजिएर जा। अब केही बन्धन
छैन। ११ उहाँले आफ्नो हात समुद्रमाथि
फैलाउनुभएको छ। उहाँले राज्यहरूलाई
हल्लाउनुभएको छ। परमप्रभुले कनानका
बलिया बलिया शहरहरू नष्ट पार्न आज्ञा
दिनुभएको छ। १२ औ उहाँले भन्नुभयो,
'हे भ्रष्ट पारिएको सीदोनकी कन्ये-छोरी,
तँ अब फेरि कहिल्यै रमाउनेछैनस्। उठ्
कूप्रुस टापूतिर जा। तँले त्यहाँ पनि केही

विश्राम पाउनेछैनस् ।'
१३ कल्दीहरूको देशलाई हेर् । त्यो
जाति अब छैन । अश्शूरहरूले त्यसलाई
बनका पशुहरूका निम्ति ठहराएका छन् ।
तिनीहरूले घेरा-मचान खड़ा गरेर त्यसका
महलहरू भत्काइदिए । तिनीहरूले त्यो ध्वंस
पारे । १४ हे तर्शीशका जहाज हो,
विलाप गर्दै रोऊ, किनकि तिमीहरूको किल्ला
उजाड़ पारिएको छ ।
१५ त्यस दिन सोर सत्तरी वर्षसम्म, अर्थात्
एक राजाका पालासम्म बिर्सिनेछ । सत्तरी
वर्ष बितेपछि सोरको दशा एउटी वेश्याको गीत
जस्तै हुनेछ । १६ 'हे बिर्सिएकी वेश्या,
वीणा लिएर शहरको चारैतिर डुल् ।
सुमधुर संगीत बजा, धेरै गीत गा र फेरि
तेरो सम्झना गरिनेछ । १७ सत्तरी वर्षको
अन्तमा परमप्रभुले सोरमाथि निगाह गर्नुहुनेछ,
र त्यो फेरि आफ्नो पेशातिर फर्कनेछ, र
पृथ्वीभरिका सारा राज्यहरूसित त्यसले
वेश्याको काम गर्नेछ । १८ त्यसको व्यापार
र त्यसको ज्याला परमप्रभुको निम्ति अलग
गरिनेछन् । ती भण्डारमा थुपारिनेछैन
र राखिनेछैन, तर त्यसका व्यापारको धन
परमप्रभुका मानिसहरूका निम्ति प्रशस्त
खान र खापिलो पोशाक लगाउन हुनेछ ।

संसारको इन्साफ

२४ हेर, परमप्रभुले पृथ्वी शून्य र उजाड़
पार्नुहुन्छ, र त्यसलाई उथल-पुथल
पारेर त्यहाँका बासिन्दाहरूलाई तितर-बितर
पार्नुहुनेछ । २ जस्तो यजमानको दशा हुन्छ,
त्यस्तै पूजाहारीको पनि हुन्छ, जस्तो दासको
त्यस्तै मालिकको, जस्तो दासीको त्यस्तै
मालिक्नीको, जस्तो किन्नेको त्यस्तै बेच्नेको,
जस्तो व्याज लिनेको त्यस्तै व्याज दिनेको
दशा हुनेछ । ३ पृथ्वी बिलकुलै शून्य र
उजाड़ हुनेछ, किनकि परमप्रभुलेनै यो
कुरा भन्नुभएको छ । ४ 'पृथ्वीले विलाप
गर्छ, र त्यो ओइलाइहाल्छ । संसार खिन्न
हुन्छ, र त्यो ओइलाइहाल्छ । पृथ्वीका
आदरणीय मानिसहरू खिन्न हुन्छन् ।
५ पृथ्वी पनि त्यसमा रहने मानिसहरूको
कारण अपवित्र भएको छ, किनकि
तिनीहरूले व्यवस्था उल्लङ्घन गरे, धार्मिक-
विधानहरू बदले र सदा सर्वदाको करार
भङ्ग गरे । ६ यसकारण सरापले पृथ्वीलाई
भस्म गर्छ, र त्यसका बासिन्दाहरूले दोषको
दण्ड भोग्छन् । यसैकारण पृथ्वीका बासिन्दाहरू
डढाइए, र थोरै मानिसहरू मात्र बाँकी रहे ।
७ दाखमद्य हुँदैहुँदैन । दाखको बोट सुकिहाल्छ
हर्ष मनाउनेहरू सबैले सुस्केरा हाल्नेछन् ।
८ खैंजड़ीको खुशियाली बन्द हुनेछ । रमाहट
गर्नेहरूको सोर खतम हुनेछ । वीणाको आनन्द
बन्द हुनेछ । ९ दाखमद्य पिउँदा तिनीहरूले
गीत गाउनेछैनन् । मद्य पिउनेलाई त्यो तीतो
लाग्नेछ । १० शून्य शहर भत्काइयो ।
कोही मानिस पनि भित्र नपसोस् भनेर सबै
घरका ढोका थुनिए । ११ मद्यको निम्ति
सड़कहरूमा हल्ला हुन्छ । सबै रमाहट खतम
हुन्छन् । देशको खुशियाली गइहाल्यो ।
१२ शहरमा उजाड़ मात्र रह्यो, र मूल-ढोका
भत्काएर नष्ट पारियो, १३ किनकि भद्राक्षको
रूख हल्लाएपछि अथवा अङ्गूर टिपिसकेपछि
शिला रहेझैं पृथ्वीको बीचमा मानिसहरूमा
त्यस्तै हुनेछ ।
१४ तिनीहरू आफ्ना सोर उचालेर
कराउनेछन् । तिनीहरू रमाहटले गाउनेछन् ।
परमप्रभुको वैभव देखेर तिनीहरू समुद्रबाट
कराउनेछन् । १५ यसकारण पूर्वमा परमप्रभुको
महिमा गर । समुद्र किनारका देशहरूमा
परमप्रभु इस्राएलका परमेश्वरको नाउँको
प्रशंसा गर । १६ पृथ्वीको पल्लो छेउदेखि
हामीले धर्मात्मा परमप्रभुको महिमा र प्रशंसा
होस् भनी गाएको गीत सुनेका छौं ।'
तर मैले भनें, 'म सुक्तै जाँदै छु! म
सुक्तै जाँदै छु! मलाई धिक्कार छ!
धोकाबाजी गर्नेहरू धोकाबाजी गर्छन्,

तिनीहरू साह्रै धोकाबाजी गर्छन्।' १७ हे
पृथ्वीका बासिन्दा हो, डर, खाड्ल र पासो
तिमीहरूमाथि परेका छन्! १८ डरको
सोर सुनेर भाग्ने खाड्ल्मा पर्नेछ। र
खाड्लको बीचबाट माथि निस्केर आउने
चाहिं पासोमा पर्नेछ। किनकि स्वर्गको
झ्यालहरू खोलिएका छन्, र पृथ्वीका जगहरू
हल्लन्छन्। १९ धरती बिलकुलै फाट्यो।
पृथ्वी बिलकुलै गल्यो। पृथ्वी जोरसित
हल्लियो। २० पृथ्वी मतवाला मानिसझैं
धरमराउँछ। टौवाझैं त्यो यताउता हल्लिन्छ।
आफ्नो पापको गह्रौं भारले त्यो थिचिनेछ।
त्यो ढल्नेछ, र त्यो फेरि कहिल्यै उठ्नेछैन।
२१ त्यस दिन परमप्रभुले स्वर्गको दललाई
स्वर्गमा र पृथ्वीका राजाहरूलाई पृथ्वीमा
दण्ड दिनुहुनेछ। २२ कैदीहरू भलखाडोभित्र
जम्मा गरिएझैं जम्मा गरिनेछन्। औ
झ्यालखानमा बन्द गरिनेछन्, र धेरै
दिनपछि तिनीहरूको देखरेख गरिनेछ।
२३ तब चन्द्रमा अँध्यारो हुनेछ, र सूर्यको
किरण मधुरो हुनेछ। किनकि सेनाहरूका
परमप्रभुले सियोन पर्वतमा, यरूशलेममा र
तिनीहरूका बूढा-प्रधानहरूका सामने महिमासित
शासन गर्नुहुनेछ।

सियोनको उद्धारको उत्सवमा गाएको भजन

२५ हे परमप्रभु, तपाईं मेरा परमेश्वर
हुनुहुन्छ, म तपाईंको प्रशंसा गर्छु।
म तपाईंको नाउँको स्तुति गर्छु, किनकि
तपाईंले आश्चर्यका कामहरू गर्नुभयो। तादिका
तपाईंका योजना पूर्ण रूपले पूरा भएको छ।
२ तपाईंले शहरलाई ढुङ्गाको थुप्रो
बनाइदिनुभएको छ। सुरक्षित ध्वंस गर्नुभयो।
बिदेशीहरूको महलहरूले भरिएको शहर
अब शहर रहेन। त्यो फेरि कहिल्यै
बनाइनेछैन। ३ यसैकारण बलियो जातिले
तपाईंलाई आदर दिनेछ, र भयानक राष्ट्रले
तपाईंको डर मान्नेछन्, ४ किनकि तपाईं
गरीबहरू र दरिद्रहरूका दुःखमा आड़ हुनुभएको
छ, आँधी-बेहीमा शरण र घाममा छाया
हुनुभएको छ, किनकि निष्ठूरहरूको झोंक
पर्खालमा ठोकिएको आँधीझैं हो। ५ सुख्खा
ठाउँमा ताप परेझैं तपाईंले बिदेशीहरूको
हल्लालाई साम्य पार्नहुन्छ। बादलले घामलाई
छाया पारेझैं निष्ठूरहरूको गीत तपाईंले बन्द
गरिदिनुहुन्छ।
६ सेनाहरूका परमप्रभुले यसै पर्वतमा
सारा मानिसहरूका निम्ति मीठा मीठा
थोकहरू—छिप्पिएको मद्य, असल असल
स्वादिष्ट थोकहरू, एकदमै छिप्पिएको छानेको
मद्यको भोज लाउनुहुनेछ। ७ उहाँले यही
पर्वतमा सारा मानिसहरूमाथि परेको पर्दा
र सारा जातिमाथि परेको घुम्टो हटाइदिनु-
हुनेछ। ८ उहाँले मृत्युलाई सदाको निम्ति
निल्नुभएको छ, र परमप्रभु परमेश्वरले सबैका
आँखाबाट आँसु पुछिदिनुहुनेछ। उहाँले
सारा पृथ्वीबाट आफ्नो प्रजाको निन्दा दूर
गर्नुहुनेछ, किनकि परमप्रभुले यसै भन्नु-
भएको छ।
९ त्यस दिन यसो भनिनेछ, 'हेर,
हाम्रा परमेश्वर, हामीले उहाँको बाटो हेर्‍यौं,
र उहाँलेनै हामीलाई बचाउनुहुनेछ।
परमप्रभुलाई हेर, हामीले उहाँको बाटो हेर्‍यौं,
औ उहाँले दिनुभएको मुक्तिमा हामी खुशी
हुनेछौं र रमाउनेछौं।' १० यस पर्वतमा
परमप्रभुको हात रहनेछ, र मोआब आफ्नै
ठाउँमा यस्तो गरी कुल्ची-मिल्ची हुनेछ,
जस्तो पराल घुर्‍यानको पानीमा कुल्ची-मिल्ची
हुन्छ। ११ औ जसरी पौडनेले पौडँदा
आफ्नो हात पसार्छ, त्यसरीनै उहाँले आफ्नो
हात तिनीहरूका बीचमा पसार्नुहुनेछ। उहाँले
त्यसको हातको चलाकी, त्यसको घमण्डसमेत
तुच्छ पार्नुहुनेछ। १२ औ तेरो पर्खालका
अग्ला अग्ला किल्लाहरू उहाँले भत्काइदिनु-
हुनेछ, र तिनीहरूलाई जमीनमा, अर्थात्
माटोमा मिलाइदिनुहुनेछ।

यहूदामा प्रशंसाको भजन

२६ त्यस दिन यहूदाको देशमा यो गीत
गाइनेछ, 'हाम्रो एउटा बलियो शहर
छ। पर्खाल र आड़को निम्ति उहाँले
उद्धारक नियुक्त गर्नुहुनेछ। २ सत्य पालन
गर्ने धार्मिक जाति पस्न मूल-ढोकाहरू
खोल। ३ जसको मन तपाईंमा अड़िएको
छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नु-
हुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा
राख्छ। ४ सधैँ परमप्रभुमा भरोसा राख,
किनभने परमप्रभु परमेश्वर सनातनको चटान
हुनुहुन्छ। ५ किनभने अग्लो स्थान, उच्च
शहरमा बस्नेहरूलाई उहाँले होच्याउनुभएको छ।
उहाँले त्यस शहरलाई तल झारिदिनुहुनेछ।
उहाँले त्यसलाई जमीन अर्थात् माटोमा
मिलाइदिनुहुनेछ। ६ खुट्टाले त्यसलाई
कुल्चनेछ, गरीबका खुट्टा र दरिद्रका पाइलाले
पनि कुल्चनेछ।' ७ धर्मीको बाटो सोझो
हुन्छ। तपाईंलेनै धर्मीको बाटो सोझ्याउनुहुन्छ।
८ हे परमप्रभु, तपाईंको इन्साफका
मार्गमा, तपाईंका बाटो हामीले हेरेका छौं।
हाम्रा मनको इच्छा तपाईंकै नाउँ र
तपाईंकै सम्झनामा छ। ९ राती मैले
हृदयले तपाईंको लालसा गरें। मेरो
अन्तस्करणले तपाईंको खोजी तन-मनले गरेको
छ, किनकि जब तपाईंको इन्साफ पृथ्वीमा प्रकट
हुन्छ, तब संसारका बासिन्दाहरूले धार्मिकता
सिक्नेछन्। १० दुष्टमाथि निगाह रहे तापनि
तिनीहरूले धार्मिकता सिक्नेछैन। धार्मिकताको
राज्यमा त्यसले खराबीसित व्यवहार गर्नेछ, र
परमप्रभुको वैभवलाई देख्नेछैन।
११ हे परमप्रभु, तपाईंले हात उठाउनु-
भएको छ, तैपनि तिनीहरूले देख्तैनन्।
आफ्नो प्रजाको निम्तिको तपाईंको जोश
तिनीहरूले देखून्, र लज्जित होऊन्।
आगोले तपाईंको विरोधीहरूलाई भस्म पारोस्।
१२ हे परमप्रभु, तपाईंले हाम्रा निम्ति शान्ति
ठहराउनुभएको छ, किनकि हाम्रा निम्ति हाम्रा
सबै काम तपाईंलेनै गर्नुभएको छ। १३ हे
परमप्रभु, हाम्रा परमेश्वर, तपाईंबाहेक अरू
मालिकहरूले हामीमाथि शासन गर्थे, तर
तपाईंको नाउँको मात्र अब हामी प्रशंसा
गर्नेछौं। १४ तिनीहरू मरिहाले, फेरि
तिनीहरू जिउनेछैनन्। तिनीहरूको मृत्यु भयो,
तिनीहरू बिउँतनेछैनन्। यसैको निम्ति तपाईंले
तिनीहरूलाई नष्ट गर्नुभयो, र तिनीहरूको
सबै सम्झना मेटिदिनुभयो। १५ तपाईंले
जाति जातिहरूको वृद्धि गर्नुभएको छ। हे
परमप्रभु, तपाईंले जाति जातिहरूको वृद्धि
गर्नुभएको छ। तपाईं महिमित हुनुभएको
छ। तपाईंले देशका सारा सीमाना बढ़ाउनु-
भएको छ।
१६ हे परमप्रभु, दुःखमा तिनीहरूले
तपाईंलाई खोजे। तपाईंको शिक्षा-दण्ड
तिनीहरूमाथि पर्दा तिनीहरूले साउती गरेर
आफ्नो मनको कुरा तपाईंलाई पोखाए।
१७ जसरी गर्भवती स्त्री जन्म दिने बेला
नजीक आउँदा पीड़ामा पर्दछे, र आफ्नो
वेदनामा कराइउठ्छे, त्यसरीनै हे परमप्रभु,
हामी पनि तपाईंको सामने त्यस्तै भएका
छौं। १८ हामीले पनि गर्भ धारण गर्‍यौं।
हामी पनि पीड़ामा पर्‍यौं, तर हामीले ता
वायु मात्र जन्मायौं। हामीले देशको रक्षा
गर्नसकेनौं। हाम्रा वरिपरिका संसारका
बासिन्दाहरूमाथि हामी विजयी भएका
छैनौं। १९ मरिगएका तपाईंका जनहरू
जिउनेछन्। तिनीहरूको शरीरको पुनरुत्थान
हुनेछ। हे माटोमा बस्ने हो, उठेर आऊ।
तपाईंको शीत ज्योतिको शीतझैं झर्छ,
अधलोकमा तपाईंले त्यो झार्नुहुनेछ।
२० हे मेरा मानिस हो, आऊ, तिमी-
हरू आफ्ना भित्री कोठाहरूमा पसेर ढोकाहरू
थुन। परमप्रभुको क्रोध शान्त नहोउञ्जेल
केही क्षणको निम्ति लुकिबस २१ किनकि
हेर, पृथ्वीका बासिन्दाहरूलाई तिनीहरूका
अधर्मका निम्ति सजाय दिन परमप्रभु
आफ्नो ठाउँबाट निस्की आउनुहुन्छ। पृथ्वीले

आफूमाथि पोखाइएको रगत प्रकट गर्नेछ, र
मारिएकाहरूलाई अब उप्रान्त पृथ्वीले
छिपाउनेछैन ।

परमप्रभुको दाखबारी

२७ त्यस दिन परमप्रभुले आफ्नो लाग्ने,
र ठूलो बलियो तरवारले भाग्ने र
गुडुल्ने सर्प, लिव्यातानलाई दण्ड दिनुहुनेछ,
र समुद्रमा हुने अजिङ्गरलाई मार्नुहुनेछ ।
२ त्यस दिन, एउटा सुन्दर दाखबारी
हुनेछ । त्यसको गीत गाऊ । ३ म, परमप्रभु,
त्यसको हेरचाहा गर्छु । म त्यसमा क्षणक्षणमा
पानी हाल्छु । म रातदिन त्यसको देखरेख
गर्छु, नत्रता कसैले त्यसलाई नोक्सानी
गर्ला । ४ ममा रीस छैन । लड़ाइँ गर्न
मेरो विरुद्धमा काँढ़ाहरू खड़ा भएता हुनेथियो
म तिनीहरूमाथि जाइलाग्ने थिएँ ! म तिनी-
हरूलाई एकसाथ जलाउने थिएँ ! ५ होइन
भनेता त्यो मानिस मिलाप गर्न मेरो
शरणमा परोस् । त्यसले मसित मिलाप गरोस् ।
६ समयमा याकूबले जरा गाड्नेछ, इस्राएल
फूल्ने-फल्नेछ, र तिनीहरूले समस्त पृथ्वीलाई
फलले भर्नेछ ।
७ के त्यसलाई हिर्काउनेहरूलाई हिर्का-
उनुभएझैं उहाँले त्यसलाई हिर्काउनुभयो ? अथवा
उहाँद्वारा मारिएकाहरूझैं के त्यो पनि मारियो ?
८ तपाईंले त्यसलाई देश निर्वासन गर्नुभयो ।
तपाईंले त्यससित त्यसरीनै व्यवहार गर्नुभयो ।
पूर्वीय बतास चलेको दिनमा उहाँले त्यसलाई
भयङ्कर आँधीले उड़ाइदिनुभयो । ९ यसैद्वारा
याकूबको अधर्मको प्रायश्चित गरिनेछ, औ
त्यसको पाप दूर गरिएको सारा फल यही
हो—जब त्यसले वेदीका सबै ढुङ्गाहरू खरी-
ढुङ्गाझैं चक्नाचूर पार्छ, तब अशेरा भनिने
मूर्ति र सूर्यका प्रतिमाहरू फेरि खड़ा हुनेछैनन् ।
१० किनभने सुरक्षित शहर निर्जन भयो,
औ निर्जन र त्यागिएका बासस्थान उजाड़-
भूमि भयो । त्यहाँ बाछा चर्नेछ, त्यहाँ
त्यसले विश्राम गर्नेछ, र त्यसका हाँगाहरू
लुछेर खानेछ । ११ जब त्यसका हाँगाहरू
ओइलाउनेछन् तब ती भाँचिनेछन् । स्त्रीहरू
आएर ती आगोमा जलाउनेछन् , किनकि
बुद्धि नभएको यो एउटा जाति हो । यसैकारण
तिनीहरूलाई बनाउनेले तिनीहरूमाथि टिठाउनु-
हुनेछैन । तिनीहरूलाई रच्नेले तिनीहरूमाथि
निगाह गर्नुहुनेछैन ।
१२ त्यस दिन परमप्रभुले यूफ्रेटिस नदीको
बाढ़बाट मिश्र देशको खोलासम्मै आफ्नो
अन्न छाँट्नुहुनेछ, र हे इस्राएली हो,
तिमीहरू चाहिँ एक एक गरी जम्मा
गरिनेछौ ।
१३ त्यस दिन एउटा ठूलो तुरही
बज्नेछ । अश्शूरीहरूको देशमा हराएकाहरू
र मिश्र देशमा लखेटिएकाहरू आउनेछन् ।
तिनीहरूले यरूशलेमको डाँड़ामा परमप्रभुलाई
दण्डवत् गर्नेछन् ।

सामरियाको सर्वनाश

२८ धिक्कार एप्रैमका मतवालाहरूको
अहंकारको मुकुटलाई, र त्यसको
महिमित शोभाको ओइलाउने फललाई, जो
दाखमद्यले लठ्ठ भएका प्रशस्त उब्जनी हुने
बेंसीको सिरानमा छ ! २ हेर, परमप्रभुको
एउटा शक्तिशाली र बलियो जन छ—
असिनाको आँधी-बेहीझैं, नष्ट गर्ने आँधीझैं,
भयङ्कर बाढ़ीको तूफानझैं, जसले जोरसँग
त्यसलाई भूइँमा फालिदिनुहुनेछ । ३ एप्रैमका
मतवालाहरूको मुकुट खुट्टामनि कुल्ची-मिल्ची
हुनेछ, ४ र त्यसको शोभायमान सुन्दरताको
ओइलाउने फूल, जो प्रशस्त उब्जनी हुने
बेंसीको शिरमा छ, त्यो ग्रीष्म ऋतुभन्दा
पहिलेनै पाकेको नेभारा जस्तो हुनेछ, जो
हेर्नेले देख्ने बित्तिकै हतकेलामा लिएर
खाइहाल्छ । ५ त्यस दिन आफ्नो प्रजाका
बाँचेकाहरूका निम्ति सेनाहरूका परमप्रभु
आफै महिमाको मुकुट र सुन्दरताको शिरपेचका

निम्ति हुनुहुनेछ। ६ औ इन्साफ गर्नलाई
बस्नेको निम्ति इन्साफको आत्मा र शहरको
मूल-ढोकाबाट धपाइदिनेहरूका निम्ति शक्ति
हुनुहुनेछ।

यरूशलेमलाई सर्वनाशको चेतावनी

७ तर यिनीहरू कड़ा दाखमद्यले गर्दा
मताहा भएका छन्, दाखमद्यले गर्दा तिनीहरू
धरमरिएका छन्। पूजाहारी र अगमवक्ता
पनि कड़ा दाखमद्यले मताहा भएका छन्।
दाखमद्यले तिनीहरू लट्ठिएका छन्। तिनीहरू
कड़ा दाखमद्यले गर्दा धरमरिएका छन्।
तिनीहरू दर्शन देख्न र इन्साफ गर्नमा भूल
गर्दछन्, ८ किनकि सबै टेबलहरू वान्तले
भरिएका छन्। फोहोर नभएको ठाउँ एउटै
पनि छैन।

९ त्यसले कसलाई ज्ञान सिकाउला?
औ कसलाई त्यसले समाचारको अर्थ
बुझाउला? के हामीहरू भर्खर दूध छोड़ेका
बालकहरू हौं र? भर्खर स्तनबाट अलग
गरिएका हौं र? १० किनभने आदेश माथि
आदेश, आदेश माथि आदेश, नियममाथि
नियम, नियममाथि नियम, अलिकति यहाँ
अलिकति त्यहाँ सिक्नुपर्छ र?'

११ अहँ, तर अन्य भाषा र अरूनै
बोलीद्वारा उहाँ यस प्रजासित बोल्नुहुनेछ,
१२ जसलाई उहाँले भन्नुभयो, 'विश्राम यही
हो, थाकेकाहरूलाई तिमीहरूले विश्राम देऊ।
विश्रान्ति यही हो।' तापनि तिनीहरूले सुन्ने
मन गरेनन्। १३ यसकारण तिनीहरू अगि
बढ़ून् र लोट्न् र घाइते होऊन् र पासोमा
परेर पक्राउ परून् भनेर परमप्रभुको वचन
तिनीहरूका निम्ति आदेश माथि आदेश, आदेश
माथि आदेश, नियममाथि नियम, नियममाथि
नियम, अलिकति यहाँ, अलिकति त्यहाँ हुनेछ।
१४ यसैकारण हे निन्दा गर्ने मानिस हो,
जसले यरूशलेममा यस प्रजालाई शासन
गर्दछन्, परमप्रभुको वचन सुन, किनभने
तिमीहरूले भनेका छौ, १५ 'हामीले
मृत्युसित करार बाँधेका छौं, र पातालसित
हाम्रो मतो भएको छ, विपत्तिको बाढ़ आए
तापनि त्यो हामीसम्म आउँदैन, किनकि
हामीले झूटको शरण लिएका छौं, र
असत्यको आड़मनि हामी लुकेका छौं।'
१६ यसकारण परमप्रभु परमेश्वर भन्नुहुन्छ,
हेर मैले सियोनमा जगको एउटा ढुङ्गो
बसालेको छु, एउटा जाँचेको ढुङ्गो, एउटा
दृढ़ जगको कुनाको बहुमूल्य ढुङ्गो। विश्वास
गर्ने चाहिं अक्मकिनेछैन। १७ म
इन्साफलाई डोरी, र धार्मिकतालाई चाहिं
साहुल बनाउनेछु। असिनाले झूटको शरण-
स्थान बगाएर लैजानेछ, र पानीले लुक्ने
ठाउँ डुबाइदिनेछ।' १८ तब मृत्युसितको
तिमीहरूको करार रद्द गरिनेछ, र पातालसित
गरेको तिमीहरूको मतियारी स्थिर रहनेछैन। जब
विपत्तिको बाढ़ यताबाट जानेछ, तब तिमी-
हरूलाई त्यसले डुबाउनेछ। १९ जहिले
त्यो उर्लेर आउँछ, त्यसले तिमीहरूलाई
बगाउनेछ, किनकि बिहानैपिच्छे त्यो
उर्लेर आउँछ, दिनमा र रातमा पनि।
तब यो समाचार बुझ्न डर मात्र हुनेछ,
२० किनकि मानिस लम्पसार पर्दा ओछ्यान
छोटो हुन्छ, ओढ़ने लुगाले आफैलाई ढाक्दा
त्यो सानो हुन्छ, २१ किनकि पराजीम
पर्वतमा झैं परमप्रभु उठ्नुहुनेछ, गिबोनको
बेंसीमा उहाँ क्रोधित हुनुभएझैं क्रोधित
हुनुहुनेछ। उहाँले आफ्नो काम, अर्थात्
आफ्नो अनौठो काम गरून् भनेर र उहाँको
कार्य, अर्थात् आफ्नो अनौठो कार्य गरून्
भनेर हो। २२ यसैकारण तिमीहरू अब
निन्दा गर्नेहरू नहोऊ, नत्रता तिमीहरूको
बन्धन अझ्झ कसिनेछ, किनकि मैले परमप्रभु,
सेनाहरूका परमप्रभुबाट सारा पृथ्वी भस्म
हुने आदेश सुनेको छु। २३ कान थाप,
र मेरो सोर सुन, ध्यान देऊ, र मेरो कुरा
सुन। २४ के हलो जोत्नेले बिउ छर्न
निरन्तर जोत्दै रहन्छ? के उसले आफ्नो

जमीन निरन्तर खनेर डल्ला फोर्दै रहन्छ ?
२५ जब उसले जमीन खनेर तयार गरिसक्छ
तब के उसले सूँप र जीरा छर्दैन ? औ
गहुँ लहर गरी रोप्दैन ? र जौ त्यसको
नियत स्थानमा रोप्दैन ? औ कठिया गहुँ
आली आलीमा रोप्दैन ? २६ किनभने
त्यसका परमेश्वरले त्यसलाई ठीक ठीक शिक्षा
दिनुहुन्छ र सिकाउनुहुन्छ । २७ सूँप कुनै
तीखो हतियारले छाँटिँदैन, नता गाड़ाको
पाङ्ग्राले जीरामाथि दाइँ गरिन्छ । तर सूँप
लौरोले र जीरा चाहिँ एउटा लट्ठीले
छाँटिन्छ । २८ रोटी बनाउने अन्न पिँधिन्छ,
किनकि कसैले त्यसलाई निरन्तर दाइँ गर्दैन ।
अनि त्यसको गाड़ाको पाङ्ग्रा र घोड़ा
त्यसमाथि हिँड़ाए तापनि त्यो पिधिँदैन ।
२९ यो पनि सेनाहरूका परमप्रभुबाटै आउँछ,
जो सल्लाह दिनमा उदेकका र बुद्धिमा
सर्वोत्तम हुनुहुन्छ ।

अरीएलको सर्वनाश

२९ हाय अरीएल, अरीएल, त्यो शहर
जहाँ दाऊदले छाउनी बनाएका थिए ।
वर्षमाथि वर्ष थप्दै जाऊ, चाड़हरू फेरो
मार्दै आऊन् । २ तब म अरीएललाई
कष्टमा हाल्नेछु, र त्यहाँ रोदन र विलाप
हुनेछ, तापनि मेरो निम्ति ता अरीएलनै
ठहर्छ । ३ म तेरो चारैतिर छाउनी हाली
किल्ला बनाएर तँलाई घेर्नेछु, र म तेरो
विरुद्धमा घेरा खड़ा गर्नेछु । ४ औ तँ
तल खसालिनेछस् र भूइँभित्रबाट बोल्नेछस्,
तेरो शब्द माटो भित्रबाट मधुरो सुनिनेछ,
तेरो सोर प्रेतको जस्तो भूइँ भित्रबाट
निस्कनेछ, र तेरो बोलीले माटो भित्रबाट
कानेखुशी गर्नेछ ।

५ तर तेरा शत्रुहरूको भीड़ चाहिँ
धूलोको कणाजस्तो हुनेछ, र डरलाग्दाहरूको
भीड़ चाहिँ उड़ी जाने भूतजस्तै हुनेछ ।
त्यो चाहिँ भट्टै पलभरिमानै हुनेछ ।
६ गड्याङ्ग-गुड्ङ, भैँचालो, ठूलो आवाज,
भुमरी र आँधी-बेहरी भस्म गर्ने आगोको
ज्वालासित सेनाहरूका परमप्रभु त्यसकहाँ
आउनुहुनेछ । ७ सारा जातिहरूका भीड़,
जो अरीएलको विरुद्धमा लड़ाइँ गर्छ, जो त्यो
र त्यसका किल्लाको विरुद्धमा लड़छ, र
त्यसलाई सताउँछ, ती सपनाभैँ, अर्थात्
रातको दर्शनभैँ हुनेछन् । ८ जसरी
भोकाएको मानिसले सपनामा खाएको देख्छ,
तर ब्यूँभदा पेट रित्तै हुन्छ, अथवा जसरी
तिर्खाएको मानिसले सपनामा पिएको देख्छ,
तर ब्यूँभदा घाँटी सुकिरहेको र तिर्खाले
मर्नलागेको हुन्छ, त्यसरीनै सियोन पर्वतको
विरुद्धमा लड़ने सबै जातिहरूको भीड़को दशा
पनि त्यस्तै हुनेछ ।

९ पर्ख, अचम्म मान, सुख विलासमा
मस्त भएर अन्धा होऊ । तिनीहरू मतवाला
भएका छन्, तर दाखमद्यले ता होइन !
तिनीहरू धरमरिँदछन्, तर कड़ा मद्यले ता
होइन, १० किनकि परमप्रभुले तिमीहरूमा
गहीरो निद्राको आत्मा हालिदिनुभएको छ,
र तिमी, अगमवक्ताहरूका आँखा बन्द
गरिदिनुभएको छ, औ तिमी, दर्शन देख्नेहरूका
शिर ढाकिदिनुभएको छ । ११ औ तिमीहरूका
निम्ति सारा दर्शनहरू छाप लगाएको बन्द
पुस्तकभैँ भएको छ, जो मानिसहरूले कोही
अशिक्षित मानिसलाई यसो भनेर दिन्छन्,
'बिन्ती छ, यी पढ़िदिनुहोस् ।' औ तिनले
जवाफ दिएर भन्छन्, 'अहँ, म पढ्नसक्तिनँ,
किनकि त्यो छाप लगाएको बन्द पुस्तक
हो ।' १२ औ त्यो पुस्तक अशिक्षितलाई
यसो भनेर दिइनेछ, 'बिन्ती छ, यो पढ़ि-
दिनुहोस् ।' औ तिनले भन्छन्, 'म ता
अशिक्षित हुँ ।'

१३ अनि परमप्रभुले भन्नुभयो, 'यो प्रजा
मेरो नजीक आएर तिनीहरूका मुख र
र ओठले मेरो आदर गर्छन्, तर तिनीहरूका
हृदय भने मबाट टाढ़ा राखेका छन् । र
मप्रतिको तिनीहरूको श्रद्धा केवल मानिसहरूले

तिनीहरूलाई रटाएको आज्ञा मात्र हो।
१४ यसकारण हेर, म यस प्रजाको बीचमा
एउटा उदेकको काम, एउटा उदेकको र
अचम्मको काम गर्नेछु, र तिनीहरूका ज्ञानी
मानिसहरूको ज्ञान नष्ट हुनेछ, औ
तिनीहरूका बुद्धिमानी मानिसहरूको बुद्धि
हराउनेछ।
१५ धिक्कार! तिनीहरूलाई, जसले
आफ्नो युक्ति परमप्रभुबाट लुकाउने प्रयत्न
गर्दछन्, जसले आफ्ना काम अँध्यारोमा
गर्दछन्, जसले भन्दछन्, 'हामीलाई कसले
देख्छ र? हामीलाई कसले जान्दछ र?
१६ तिमीहरू कुरा उल्टो-पुल्टो पार्छौ! के
कुमाले माटोजस्तै गनिन्छ? के बनाएको
चीजले बनाउनेको विषयमा भन्छ, 'त्यसले
मलाई बनाएको होइन।' अथवा रचितले
रचयितालाई 'त्यसको बुद्धिनै छैन' भन्छ?
१७ के थोरै दिन बितेपछि लबानोन
एउटा फलवन्त बारीमा परिवर्त्तन हुँदैन
र? औ फलवन्त बारी चाहिं जङ्गल
हुँदैन र? १८ त्यो दिन बहिराले पुस्तकको
कुरा सुन्नेछ, र अन्धाको आँखाले धमिलो र
अँध्यारोबाट पनि देख्नेछ। १९ नम्रहरूले
पनि परमप्रभुमा आफ्नो आनन्द बढ़ाउनेछन्,
र गरीबहरूले इस्राएलका पवित्र परमप्रभुमा
रमाहट गर्नेछन्, २० किनकि भयङ्कर मानिसको
चाहिं केही नाउँ निशानै रहनेछैन। निन्दा गर्ने
लोप हुनेछ, र अधर्मको अवसर खोज्नेहरू
नाश हुनेछन्, २१ जसले मानिसलाई बातमा
फँसाएर कसूरदार बनाउँछ, र मूल-ढोकामा
हप्काउनेलाई पासो थाप्छ, र धर्मीलाई
व्यर्थका बहानामा पन्साउँछ।
२२ यसकारण अब्राहामलाई उद्धार गर्ने
परमप्रभुले याकूबको विषयमा यसो भन्नुहुन्छ,
'याकूब अब लज्जित हुनेछैन, नता त्यसको
अनुहार अब फीका देखिनेछ। २३ तर
अब त्यसले आफ्नो बीचमा त्यसको सन्तानलाई
मेरो हातको कामलाई देख्छ, तिनीहरूले
मेरो नाउँ पवित्र तुल्याउनेछन्, तिनीहरूले
याकूबका पवित्र परमप्रभुलाई पवित्र मान्नेछन्,
र इस्राएलका परमेश्वरको भय मान्नेछन्।
२४ आत्मिक कुरामा भ्रममा परेकाहरूले
पनि बुद्धि प्राप्त गर्नेछन्, र गनगनाउनेहरूले
शिक्षा मान्नेछन्।'

मिश्र देशसँग सन्धि तोड़ियो

३० परमप्रभु यो भन्नुहुन्छ, धिक्कार! ती
वागी मानिसहरूलाई, जसले युक्ति ता
रच्दछन्, तर मेरो सल्लाहले होइन, औ
मित्र ता बनाउँदछन्, तर मेरो आत्माको
अगुवाइले होइन, तर पापमाथि पाप
बढ़ाउनलाई नै हो। २ तिनीहरू मिश्र
देशमा फिरऊनको रक्षामा आड़ लिन शरण
खोज्न जान र मिश्र देशको छत्र-छायामा
अगि बढ़्दछन्। ३ यसकारण फिरऊनको
आड़ले तिमीहरूलाई लाजमा पार्नेछ, र मिश्र
देशको छत्र-छायाको कारण तिमीहरू
अपमानित हुनेछौ। ४ किनकि तिनका
भारादारहरू सोअनमा छन्, र तिनका
राजदूतहरू चाहिं हानेसमा आएका छन्।
५ तिनीहरू हरेक यस्तो जातिको कारण
लाजमा पर्नेछ, जसबाट तिनीहरूको केही लाभ
हुनैसक्तैन, नता केही सहायता न केही लाभ
हुनसक्छ, तर शर्म र गिल्ला तिनीहरूमाथि
पर्नेछन्।
६ दक्षिण देशका पशुहरूका विषयमा
ईश्वर-वाणी—
सिंह र सिंहनी, नाग र अति विषालु
उड़ने सर्प निस्कने दुःख र वेदना
भएको देशबाट भएर यिनीहरू आफ्ना
धन-सम्पत्ति जवान गधाहरूका पिठ्यूँमा
र आफ्ना आफ्ना भण्डारहरू ऊँटहरूमा
लदाएर लैजान्छन्, त्यो प्रजाको निम्ति,
जसबाट तिनीहरूलाई केही लाभ हुँदैन,
७ किनकि मिश्र देशको सहायता व्यर्थको र
केही काम नलाग्ने छ। यसकारण मैले
त्यसलाई, 'चूपचाप बसिरहने राहाब' भनेको छु।

८ यसैले अब जा, आउँदो समयको
निम्ति, सदा सर्वदाको निम्ति रहिरहोस् भनेर
त्यो एउटा पाटीमा तिनीहरूकै सामने खोप्, र
एउटा पुस्तकमा लेख्, ९ किनकि यो
एउटा बागी प्रजा, भूट बोल्ने सन्तान,
अर्थात् परमप्रभुको शिक्षा नसुन्ने सन्तान हो।
१० दर्शन देख्नेहरूलाई तिनीहरू भन्दछन्,
'दर्शन नदेख।' औ अगमवक्ताहरूलाई भन्दछन्,
'हामीलाई ठीक ठीक कुराहरूको अगमवाणी
नभन, मनपर्दा कुराहरू हामीलाई भन, औ
भूटा अगमवाणी कह। ११ हाम्रो बाटो-
देखि हट, त्यो मार्गबाट एकातिर लाग,
इस्राएलका पवित्र परमप्रभुलाई हाम्रा सामनेबाट
दूर गराऊ।' १२ यसकारण इस्राएलका
पवित्र परमप्रभु भन्नुहुन्छ, 'किनभने
तिमीहरू यस कुरालाई तुच्छ ठान्दछौ, औ
अत्याचार र बाठो कुरामा भरोसा गर्दछौ,
र तिनैमा अड्ईई रहन्छौ, १३ यसकारण
यो अधर्म तिनीहरूका निम्ति पुट्ट निस्केर
खस्नलागेको अलग्गो पर्खालमा भएको धाँदो-
जस्तै हुनेछ, जो क्षणभरिमा एक्कासि
ढलिजान्छ। १४ औ जसरी कुमालेको भाँडा
फुट्दछ, त्यसरीनै उहाँले त्यो फुटाउनुहुनेछ,
कि त्यसका टुक्राहरूमा अगेनाबाट आगो
भिक्ने अथवा इनारबाट पानी उघाउने
खपटासम्म पनि रहनेछैन। त्यसरीनै त्यसको
विष्फोट हुनेछ।'
१५ किनभने परमप्रभु परमेश्वर इस्राएलका
पवित्र परमप्रभुले भन्नुभएको छ 'फर्की
आउँदा र विश्राम लिँदा तिमीहरूको उद्धार
हुनेछ। मौन बसेर भरोसा राख्दा
तिमीहरूलाई शक्ति मिल्नेछ।' तर तिमीहरू
चाहनौ। १६ तर तिमीहरूले भन्यौ, 'अहँ,
हामी ता घोड़ामा सवार भएर भाग्नेछौं!'
यसैकारण तिमीहरू भाग्नुपर्छ। यसो पनि
भन्यौ, 'हामी चाँड़ो हिंड्ने पशुहरूमाथि सवार
हुनेछौं।' यसैकारण तिमीहरूलाई खेद्नेहरू
पनि द्रूत गतिमा आउनेछन्। १७ एक
जनाको धम्कीले एक हजार जना भाग्नेछौ,
पाँच जनाको धम्कीलेनै तिमीहरू भाग्नेछौ।
तिमीहरू पर्वतको टाकुरामा खड़ा रहेको एउटै
डण्डा र भण्डाभैं हुनेछौ।
१८ तिमीहरूमाथि अनुग्रह गर्न परमप्रभुले
पर्खनुहुनेछ। तिमीहरूमाथि कृपा गर्न उहाँ
उच्च परिनुहुनेछ, किनकि परमप्रभु इन्साफ
गर्नुहुने परमेश्वर हुनुहुन्छ। उहाँको बाटो
हेर्नेहरू सबै धन्यका होऊन्।

इस्राएलको उज्ज्वल भविष्य

१९ हे यरूशलेममा बस्ने सियोनका
मानिस हो, तिमीहरू अब फेरि रुनेछैनौ।
किनभने तिमीहरू रोएको सुनेर उहाँले निश्चय
तिमीहरूलाई अनुग्रह गर्नुहुनेछ। तिमीहरूको
बिन्ती सुनेर उहाँले तिमीहरूलाई जवाफ
दिनुहुनेछ। २० औ परमप्रभुले तिमीहरूलाई
दुःखको रोटी र क्लेशको पानी दिनुभए तापनि
तिमीहरूका गुरु अफ लुकाइनेछैन। तर तिमी-
हरूको आँखाले तिमीहरूका गुरुलाई देख्नेछ।
२१ तिमीहरू दाहिने-देब्रे लाग्दा तिमीहरूका
कानले तिमीहरूका पछिल्तिर यसो भन्ने शब्द
सुन्नेछौ, 'बाटो यही हो, यसैमा तिमीहरू
हिंड़।' २२ तब तिमीहरूका खोपेर
बनाइएका, चाँदीले मोड़िएका मूर्तिहरू र
तिमीहरूका गलाएर बनाएका सुनका मूर्तिहरू
तिमीहरूले अशुद्ध सम्भनेछौ। तिमीहरूले
तिनलाई अशुद्ध थोकभैं फालिदिनेछौ।
तिमीहरूले तिनीहरूलाई यसो भन्नेछौ, 'पर
हट।'
२३ तिमीहरूले भूमिमा छर्ने बिउका निम्ति
पानी, भूमिको उब्जनी, अर्थात् अन्न उहाँलेनै
दिनुहुनेछ, जो सप्रिएका र प्रशस्त हुनेछन्।
त्यस दिन गाई-गोरुहरू फराकिला चरनमा
चर्नेछन्। २४ तिमीहरूका खेतमा हलो
जोत्ने गोरुहरू र जवान गधाहरूले नाडलोले
निफनेको र चाल्नीले चालेको नुनीलो दाना
खानेछ। २५ त्यो ठूलो महामारीको दिन
जब धरहराहरू भत्कन्छन्, तब सबै अल्गा

अग्ला पर्वतहरू र सबै उच्च डाँडाहरूमा
पानी भरिएका खोलाहरू हुनेछन्। २६ त्यस-
बाहेक जब परमप्रभुले आफ्नो प्रजाको घाउ
बाँध्नुहुनेछ, र तिनीहरूका चोट निको पार्नुहुनेछ,
त्यस दिन चन्द्रमाको प्रकाश चाहिं सात
दिनको ज्योतिझैं सात गुणा बढ्ता हुनेछ।

अश्शूरको सर्वनाश

२७ हेर, क्रोधमा दन्केर उठिरहेको
बाक्लो धुवाँमा टाढ़ाबाट परमप्रभु आउँदै-
हुनुहुन्छ। उहाँको ओठ रीसले पूर्ण र उहाँको
जिब्रो भस्म गर्ने आगोजस्तै छन्। २८ औ
उहाँको सास घाँटीसम्मै डुबाउने उर्लंदो
नदीझैं हुनेछ, जाति जातिहरूलाई नाश गर्ने
नाङ्लोले निफन्नलाई र मानिसहरूलाई नाशको
बाटो लगाउने लगाम तिनीहरूका मुखमा
लगाइदिनलाई उहाँ आउनुहुनेछ। २९ पवित्र
चाड़ मनाउँदा गरेझैं राती तिमीहरूले भजन
गाउनेछौ। औ परमप्रभुको पर्वततिर, जो
इस्राएलको चटान हो, उहाँसित भेट गर्नलाई
बाँसुरी बजाउनेहरू रमाउँदै हिँडेझैं तिमीहरूको
मनमा पनि रमाहट हुनेछ। ३० रीसको
झोंक, भस्म गर्ने आगोको ज्वाला, औ
गड़्याङ-गुड़ूङ र आँधी-बेही र असिनासहित
परमप्रभुले आफ्नो प्रतापको वाणी सुनाउनु-
हुनेछ, र आफ्नो बाहुबलको चमक
देखाउनुहुनेछ। ३१ अश्शूरहरू परमप्रभुको
सोर सुन्दा, जब उहाँले लौरोले हिर्काउनुहुन्छ,
डरले भयभीत हुनेछन्। ३२ औ दण्डको
लौरोको प्रत्येक प्रहार, जो परमप्रभुले
तिनीहरूमाथि हान्नुहुनेछ, खैंजड़ी र वीणाको
सोरको साथ हुनेछ, र हतियार मच्चाउँदै
उहाँ तिनीहरूसित लड़ाइँ गर्नुहुनेछ।
३३ किनभने तादिदेखि एउटा तोपेत तयार
पारिएको छ। तिनले त्यो गहीरो र ठूलो
बनाएका छन्। त्यसको चिताको निम्ति आगो
र धेरै दाउरा छन्। गन्धकको खोलाले
झैं परमप्रभुको सासले त्यसलाई जलाउनेछ।

३१ धिक्कार! तिनीहरूलाई, जो मिश्र
देशमा सहायताको निम्ति जान्छन्,
र घोड़ाहरूमा भर पर्दछन्, औ रथहरू धेरै
छन् भनेर, र घोड़चढ़ीहरू अति बलिया
छन् भनी तीमाथि भरोसा गर्दछन् तर
तिनीहरूले इस्राएलका पवित्र प्रभुमाथि
दृष्टि लाउँदैनन्, औ परमप्रभुलाई खोज्दैनन्,
२ तापनि उहाँ बुद्धिमान हुनुहुन्छ। उहाँले
नाश ल्याउनुहुनेछ, र आफ्नो वचन टार्नुहुन्न।
तर यी कुकर्म गर्नेहरूका घराना र अधर्म
काम गर्नेहरूको सहायताका विरुद्धमा उठ्नुहुनेछ।
३ मिश्रीहरू ता मानिसहरू हुन्, परमेश्वर
होइनन्। तिनीहरूका घोड़ाहरू शरीर हुन्,
आत्मा ता होइनन्। जब परमप्रभुले आफ्नो
हात पसार्नुहुनेछ, तब सहायता गर्नेले ठोकर
खानेछ, र सहायता माग्ने पनि लोट्नेछ, र
तिनीहरू सबै एकै साथ नष्ट हुनेछन्।
४ किनभने परमप्रभुले मलाई भन्नुभएको
छ, जसरी सिंह अथवा जवान सिंह
सिंह आफ्नो शिकारमाथि कराउँछ, र
त्यसको विरुद्धमा गोठालाहरूको एक दल
उठे तापनि तिनीहरूको आवाजले त्यो
घबराउँदैन, नता तिनीहरूको हल्लाले त्यो दब्छ,
त्यसैगरी सेनाहरूका परमप्रभु सियोन पर्वत र
त्यसका डाँड़ाहरूका विरुद्धमा लड़ाइँ गर्नलाई
ओर्लनुहुनेछ। ५ चराहरूले कावा खाएझैं
सेनाहरूका परमप्रभुले यरूशलेमको रक्षा
गर्नुहुनेछ। उहाँले त्यसलाई रक्षा गर्नुहुनेछ,
र त्यसलाई छुटाउनुहुनेछ। उहाँले त्यसलाई
जोगाउनुहुनेछ, र त्यसलाई बचाउनुहुनेछ।
६ हे इस्राएली हो, जसबाट तिमीहरू ज्यादै
विद्रोही भएका छौ, उहाँतर्फ फर्क।
७ किनभने त्यस दिन तिमीहरू हरेकले
आफ्ना सुनका मूर्ति, जो तिमीहरूले आफ्नै
हातले आफ्नो पापको निम्ति बनाएका
छौ, ती फालिदिनेछौ। ८ तब अश्शूरहरू
त्यो तरवारले मारिनेछ, जो मानिसको होइन,
त्यो तरवारले भस्म हुनेछ, जो मानिसको
होइन। त्यस तरवारदेखि त्यो भाग्नेछ, र

त्यसका जवान मानिसहरू चाहिं बेगारी
काममा लगाइनेछन् । ९ त्यसको चटानमनै
डरले गर्दा भागेर जानेछ, र त्यसका
भारादारहरू झण्डालाई छोड़ेर भाग्नेछन्।
परमप्रभु, जसको अग्नि सियोनमा र भट्टी
यरूशलेममा छ, उहाँको यही वाणी छ।

आशीषित भावी युग

३२ हेर, राजाले न्यायोचित राज्य गर्नेछन्,
र भारादारहरूले उचित शासन
गर्नेछन्। २ औ प्रत्येक मानिस बतासबाट
लुक्ने ठाउँ, र आँधी-बेहीबाट आड़ लिने
ठाउँ, सुखा ठाउँमा पानी भएको खोला,
र बिरानो भूमिमा ठूलो चटानको
छायाजस्तै हुनेछ। ३ तब हेर्नेहरूका आँखा
धमिला हुनेछैनन्, र सुन्नेहरूका कानले
सुन्नेछन्। ४ अधीर हृदयले पनि ज्ञान
प्राप्त गर्नेछ, र भकभके जिब्रोले स्पष्टसित
बोल्नेछ। ५ मूर्ख मानिस फेरि कहिल्यै
सोझा भनिनेछैन, नता ठगलाई दानी
भनिनेछ। ६ किनकि मूर्ख मानिसले
मूर्खताकै कुरा बोल्छ, र अपवित्रता अभ्यास
गर्नलाई, परमप्रभुको विरुद्धमा गलत कुरो
बक्नलाई, भोकाहरूको भोजन इन्कार गर्न
र तिर्खाउनेहरूका निम्ति पानी रोकेर
राख्न, त्यसको मनले अधर्म रच्दछ।
७ ठगहरूका हतियार पनि खराबै हुन्छन्।
गरीबहरूलाई झूटो कुराले नष्ट गर्नलाई,
दरिद्रहरूले सच्चा बोले तापनि त्यसले खराब
उपायहरू रच्दछ। ८ तर भला मानिसले
भला कामहरूको उपाय रच्दछन्, औ भला
काममानै तिनी निरन्तर लागिरहन्छन्।

स्त्रीहरूलाई चेताउनी

९ हे आराम गरी बस्ने स्त्री हो, उठ, र
मेरो सोर सुन। हे निश्चिन्त बस्ने छोरी हो,
मेरो कुरामा कान थाप। १० हे निश्चिन्त
बस्ने स्त्री हो, अब एक वर्षभन्दा केही बढ़ी
समयमा तिमीहरू कष्टमा पर्नेछौ, किनकि
टिप्नलाई दाख हुनेछैन, फसल पनि हुनेछैन।
११ हे सुख-चैनमा रहने स्त्री हो, थरथर
होऊ। हे निश्चिन्त रहने स्त्री हो, दुःखित
होऊ। आफ्ना वस्त्र उतारेर नाङ्गो होऊ,
र आफ्नो आफ्नो कम्मरमा भाङ्ग्रा लगाऊ।
१२ रहरलाग्दा खेतहरू र फल दिने दाखका
बोटहरूका निम्ति छाती पिट। १३ किनभने
मेरो प्रजाको देशमा, रमाहटको शहरमा
भएका सबै रमाहटले भरिएका घरहरूमा,
काँढ़ा र सिँउड़ी उम्रेर आउनेछ।
१४ महलहरू त्यागिनेछन्, र धेरै जनसंख्या
भएको शहर सूनसान हुनेछ। डाँड़ा र
पहरा-चौकी सदाको निम्ति गुफा हुनेछ—
वन-गधाको निम्ति हर्ष र गाई-वस्तुको चरन,
१५ जबसम्म माथिबाट आत्मा हामीमाथि
खन्याइँदैन, र वन चाहिं फल दिने बारी
र फल दिने बारी चाहिं वनमा परिवर्त्तन
हुँदैन।

१६ तब त्यस वनमा न्यायको बास
हुनेछ, र फल दिने बारीमा धार्मिकता
रहनेछ। १७ अनि धार्मिकताको परिणाम
शान्ति हुनेछ, र त्यसको नतीजा चाहिं
सदाको शान्ति र निश्चयता हुनेछ।
१८ मेरो प्रजा चाहिँ शान्त डेरा, सुरक्षित
बासहरू र शान्तमय विश्रामका ठाउँहरूमा
बस्नेछन्। १९ तर वनको पतनमा असिना
वर्षनेछ, औ शहर चाहिँ बिल्कुलै उजाड़
पारिनेछ। २० तर सबै पानी भएका
ठाउँमा बिउ छर्ने र गोरु र गधाहरू जोत्ने,
तिमीहरू धन्यका हौ।

आक्रमणकारी दोषी ठहरिएको

३३ धिक्कार! तँ नाश गर्नेलाई, तँ आफै
चाहिं नाश पारिएको छैनस्, तँ
विश्वासघातको व्यवहार गर्छस्, तर तँसित
चाहिं तिमीहरूले विश्वासघातको व्यवहार

गरेनन्। जब तैंले नाश गरिसकेको हुन्छस्,
तब तिनीहरूले तँलाई नाश गर्नेछन्। औ
जब तैंले विश्वासघातको व्यवहार खतम गरेको
हुन्छस्, तब तिनीहरूले तँलाई विश्वासघात
गर्नेछन्। २ हे परमप्रभु, हामीमाथि अनुग्रह
गर्नुहोस्। हामीले तपाइंको बाटो हेरेका
छौं। बिहानैपिच्छे तपाइं हाम्रा बाहुबल र
हाम्रा दुःखमा उद्धारक हुनुहोस्। ३ खैला-
बैलाको आवाज सुन्दा मानिसहरू भागिहाले।
तपाइं उठ्नुहुँदा अन्यजातिहरू तितर-बितर
भए। ४ झूसिल्कीराले बटुलेझैं लूटको माल
बटुलिनेछ, सलह उफ्रेझैं तिनीहरू त्यसमाथि
उफ्रनेछन्। ५ परमप्रभु उच्च हुनुभएको छ,
किनकि उहाँ उच्चमा विराजमान हुनुहुन्छ।
उहाँले सियोनलाई इन्साफ र धार्मिकताले
परिपूर्ण पार्नुभएको छ। ६ औ तपाइंको
समयमा स्थिरता हुनेछ, मुक्ति, बुद्धि र
ज्ञानको प्रशस्तता। परमप्रभुको भय मान्नु नै
धन हो।

७ हेर, तिनीहरूका शूरवीरहरू बाहिर
रूँदै छन्। मिलापका राजदूतहरू धुरुधुरु
रूँदै छन्। ८ मूल सड़कहरू निर्जन भएका छन्,
बाटोमा हिंड्नेहरू हिंड्दैनन्। करारहरू भङ्ग
गरिएका छन्, गवाहीहरू घृणित तुल्याइए,
मानिसको केही आदरनै छैन। ९ पृथ्वी
विलाप गरेर दुर्बल भयो। लबानोन शर्ममा
परेर ओइलायो। शारोन उजाड़-भूमि भएको
छ। बाशान र कर्मेलले आफ्ना पातहरू
झार्छन्। १० परमप्रभु भन्नुहुन्छ, अब म
उठनेछु, म आफै उठ्नेछु, र उच्च हुनेछु।
११ तिमीहरूले भूसलाई गर्भधारण गर्नेछौ,
तिमीहरूले अनाजका ठोसाहरू जन्माउनेछौ।
तिमीहरूका सास तिमीहरूलाईनै भस्म गर्ने
अग्नि हुनेछ। १२ ती मानिसहरू चूना
जलेको झैं हुनेछन्—काटेका काँढ़ा आगोमा
जलाएझैं। परमप्रभुले आफ्नो प्रजाको उद्धार
गर्नुहुन्न।

१३ हे टाढ़ाका मानिस हो, सुन, मैले
के गरेको छु। हे नजीकका हो, मेरो
शक्तिलाई स्वीकार गर। १४ सियोनमा
भएका पापीहरू डराएका छन्। परमेश्वर
नमान्नेहरूलाई थरहरीले समातेको छ। भस्म
गर्ने आगोसँग हामीहरूमध्ये को बस्नसक्छ
र? अनन्त जलनमा हामीहरूमध्ये को
रहनसक्छ र? १५ त्यही, जो ठीक
बाटोमा हिंड्दछ, र सफा कुरा गर्दछ,
जसले अत्याचारको नाफा तुच्छ ठान्छ, जसले
घूसदेखि आफ्नो हात टक्टकाउँछ, हत्याका
कुरा सुन्नभन्दा बरू कान थुन्छ, र खराब
कुरा हेर्नभन्दा बरू आँखा बन्द गर्छ।
१६ त्योहीनै उच्चमा बस्नेछ। त्यसको
रक्षास्थान चटानका गढ़ीहरू हुनेछन्। त्यसको
भोजन त्यसलाई दिइनेछ। त्यसलाई पानी
निश्चयनै मिल्नेछ।

१७ तेरो आँखाले राजालाई उहाँको
सुन्दरतामा देख्नेछ, टाढ़ासम्म फैलिएको
देशलाई देख्नेछ। १८ तेरो मन भयभीत
हुनेछ। हिसाब लिने खोइ? कर तौल्ने कता
गयो? धरहरा गन्ने मानिस कहाँ छ?
१९ तैंले ती भयानक मानिसहरूलाई फेरि
देख्नेछैनस्—ती नबुझ्ने भाषा बोल्ने मानिस-
हरूलाई, एक अनौठो बोली बोल्नेहरूलाई,
जसको बोली तैंले ठिम्याउँदैनस्। २० हाम्रा
ठहराएका चाड़हरू मान्ने शहर सियोनलाई
हेर्! तेरो आँखाले यरूशलेमलाई देख्नेछ,
एउटा शान्तमय बासस्थान, एउटा तम्बू,
जो कहिल्यै हटाइनेछैन, जसका कीलाहरू
कहिल्यै उखालिनेछैनन्। त्यहाँका डोरीहरू
चुँड़ाइनेछैनन्। २१ तर त्यहाँ परमप्रभु हाम्रा
निम्ति आफ्नो महामहिमामा विराजमान
हुनुहुनेछ। ठूला ठूला नदीहरू र
खोलाहरूका ठाउँमा लड़ाइँका जङ्गी-जहाजहरू
चलाइनेछैन, ठूलो जहाज पनि त्यहाँबाट
जानेछैन। २२ किनभने परमप्रभु हाम्रा
न्यायकर्त्ता हुनुहुन्छ। परमप्रभु हाम्रा शासक
हुनुहुन्छ। परमप्रभु हाम्रा राजा हुनुहुन्छ,
उहाँलेनै हामीलाई बचाउनुहुनेछ। २३ तेरा
डोरीहरू खुकुला भएका छन्। मानिसहरूले

तिनका डण्डाका जग बलियो पार्नसकेनन्।
तिनीहरूले तिनका पाल टाँग्नसकेनन्।
तब एउटा ठूलो लूटको माल बाँडियो।
लङ्गडाहरूले लूटका मालका भाग लिनेछन्।
२४ त्यहाँका बासिन्दाहरूले यसो भन्नेछैनन्,
'म बिरामी परें' त्यहाँ बस्ने मानिसहरूका
अधर्म क्षमा गरिनेछ।

३४ हे जाति जातिका मानिस हो
सुन्नलाई नजीक आऊ, हे मानिस
हो, ध्यान लगाएर सुन! पृथ्वी र त्यसमा
भएका जम्मैले सुनून्, संसार र त्यसबाट उत्पन्न
भएका सारा थोकले सुनून्। २ किनभने
परमप्रभुको क्रोध सारा जातिहरूमाथि उठेको
छ। र तिनका सारा सेना उहाँको माथि
बल्दो रीस उठेको छ। उहाँले तिनीहरूलाई
बिलकुलै नाश पार्नुभएको छ, मार्नेको हातमा
उहाँले तिनीहरूलाई सुम्पनुभएको छ।
३ तिनीहरूका मारिएकाहरू पनि फालिनेछन्,
र तिनीहरूका लाशको दुर्गन्ध आउनेछ, र
पर्वतहरू तिनीहरूका रगतले बग्नेछन्।
४ औ स्वर्गका सारा दल गलिजानेछ, र
आकाश चाहिं बेहेरूवा बेहिएझैं बेहिनेछ,
औ जसरी अङ्गूरको लहराबाट पातहरू
ओइलाएर झर्छन्, औ नेभाराको बोटबाट
ओइलाएका पातहरू झर्छन्, त्यसरीनै
आकाशका तारामण्डल झर्नेछन्। ५ किनभने
मेरो तरवारले स्वर्गमा अघाउन्जेल पिएको छ।
हेर, एदोममाथि त्यसको प्रहार पर्नेछ, नाश
हुन ठहराएको जातिमाथि त्यो पर्नेछ।
६ परमप्रभुसित भएको तरवार रगतले तृप्त
भएको छ। त्यो बोसोले भरिएको छ, र
भेड़ा-बाख्राहरूको रगतले, भेड़ाका मिर्गौलाको
बोसोले त्यो लतपत भएको छ, किनभने
बोज्रामा परमप्रभुको एक बलिदान छ, र
एदोममा एक ठूलो संहार। ७ अर्नाहरू
तिनीहरूसित, र गोरुहरू बलिया साँढ़ेहरूसित
झर्छन्, तिनीहरूको देश रगतले र तिनीहरूको
माटो बोसोले पूर्णरूपले भरिनेछ।
८ किनभने परमप्रभुको बदला लिने एक
दिन छ—सियोनको पक्षमा साटो लिने वर्ष।
९ एदोमका खोलाहरू अलकत्रामा परिवर्त्तन
हुनेछन, त्यसको माटो चाहिं गन्धकमा, र
त्यसको देश चाहिं बल्दो अल्कत्रामा
परिवर्त्तन हुनेछ। १० त्यो रातदिन कहिल्यै
पनि निभ्नेछैन। त्यसको धुवाँ सधैंभरि उठ्दै
रहनेछ, त्यो पुस्तौंसम्म उजाड़ भएर रहनेछ,
फेरि कहिल्यै त्यसबाट भएर कोही पनि
जानेछैन। ११ तर धनेस र दुम्सीको त्यो
बासस्थान हुनेछ, लाटोकोसेरो र कागहरू
त्यसमा बास गर्नेछ। औ उहाँले त्यसमाथि
गैलाबैलाको डोरी र सूनसानको साहुल
तान्नुहुनेछ। १२ त्यसलाई फेरि कहिल्यै
राज्य भनिनेछैन, औ फेरि कहिल्यै त्यसका
शासकहरू हुनेछैनन्। १३ त्यसका महलहरूमा
काँढ़ा, र त्यसका किल्लाहरूमा सिस्नु र
सिउँढीहरू उम्रनेछ। त्यो स्यालहरूको बास
र शतूर्मूर्गको आँगन हुनेछ। १४ अनि
निर्जल-भूमिका जङ्गली जानवरहरू ब्वाँसाहरूसित
मिलेर त्यहाँ बस्नेछ, भूत-प्रेतले आफ्नो
साथीलाई डाक्नेछ, रातको वन-देवले विश्राम
गर्ने ठाउँ पाएर त्यहाँ बास बस्नेछ।
१५ त्यहाँ सर्पले आपनो गुँड़ बनाउनेछ,
फुल पार्नेछ, र ओथ्रनेछ, र आफ्नो छायामनि
बच्चाहरू जम्मा गर्नेछ। त्यहाँ भाले-पोथी
चीलहरू आफ्ना आफ्ना जोड़ीसित जम्मा
हुनेछ।

१६ परमप्रभुको पुस्तकमा खोजेर पढ़।
यिनमा एउटै पनि हराउनेछैन। कसैलाई
आफ्नो जोड़ीको अभाव हुँदैन, किनकि
परमेश्वर आफैले यो गर्नुभएको छ, औ
उहाँको आत्माले तिनीहरूलाई जम्मा गर्नु-
भएको छ। १७ उहाँले तिनीहरूका निम्ति
गोला हाल्नुभएको छ, र उहाँकै हातले
डोरीले नापेर तिनीहरूका निम्ति त्यो
बाँड़िदिनुभएको छ। तिनीहरूले सदाको
निम्ति त्यो अधिकार गर्नेछन्। औ पुस्तौंसम्म
तिनीहरू त्यहाँ बास गर्नेछन्।

परमेश्वरको प्रजा धन्यका भएका

३५ उजाड़ र निर्जल-भूमि हर्षित हुनेछ।
मरुभूमि रमाउनेछ। वसन्तको फूलझैँ
त्यो फक्रनेछ। २ त्यो अत्यन्त प्रफुल्लित
हुनेछ, र हर्षले गाउँदै रमाहट गर्नेछ।
लबानोनको महिमा औ कर्मेल र शारोनको
शोभा त्यसलाई दिइनेछ। तिनीहरूले परम-
प्रभुको महिमा र हाम्रा परमेश्वरको प्रताप
देख्नेछन्।

३ कमजोर हातहरू बलिया बनाऊ, र
दुर्बल घुँड़ाहरू सोझो पार। ४ हृदय
डरले भरिएकाहरूलाई भन, 'साहस गर, न
डराऊ। हेर, तिमीहरूका परमेश्वर बदला
दिनलाई आउनुहुनेछ। परमेश्वर प्रतिफल
दिनलाई आउनुहुनेछ। उहाँ आउनुहुनेछ, र
तिमीहरूलाई बचाउनुहुनेछ।

५ तब अन्धाहरूका आँखा खोलिनेछन्,
र बहिराहरूका कान उघारिनेछन्। ६ तब
लङ्गड़ा मृगझैँ उफ्रनेछ, र गूङ्गाको जिब्रोले
स्तुति गर्नेछ, किनकि उजाड़-स्थानमा पानी
फूटेर निस्कनेछ, र मरुभूमिमा खोलाहरू
बग्नेछन्। ७ मृग-तृष्णा दह हुनेछ, र
ओबानो भूमिमा पानीका मूल फूट्नेछन्।
स्यालहरू बस्ने ठाउँमा काँस र कुशहरू
उम्रनेछन्। ८ तर त्यहाँ एउटा मूल बाटो
हुनेछ, औ त्यो चाहिं पवित्र बाटो भनिनेछ।
कोही अशुद्ध जन त्यसबाट भएर जान
पाउनेछैन। तर उहाँ तिनीहरूसँग हुनुहुनेछ,
बाटो हिंड्नेहरू मूर्ख भए तापनि भुलमा
पर्नेछैनन्। ९ त्यहाँ कुनै सिंह हुनेछैन,
नता कुनै हिंसक पशु त्यहाँ जानेछ। ती
त्यहाँ पाइनेछैनन्। तर उद्धार पाएकाहरू
त्यहाँ हिंड्नेछन्। १० अनि परमप्रभुले
उद्धार गर्नुभएकाहरू फर्केर आउनेछन्।
तिनीहरू सियोनमा गाउँदै आउनेछन्।
तिनीहरूका अनुहारमा सदा आनन्द देखिनेछ।
तिनीहरूले आनन्द र रमाहट प्राप्त गर्नेछन्,
र शोक र सुस्केरा दूर हुनेछ।

सनहेरीबको आक्रमण

३६ हिजकियाह राजाको चौधौँ वर्षमा
अश्शूरका राजा सनहेरीबले यहूदाको
सारा पर्खाल लगाएका शहरहरूलाई आक्रमण
गरेर तिनलाई लिइहाले। २ अनि अश्शूरका
राजाले एउटा अफिसर अथवा रबशाकेलाई
ठूलो सेनासमेत लाकीशबाट यरूशलेममा
हिजकियाह राजाकहाँ पठाए। ३ औ तिनी
धोबीको खेतको मूल बाटोमा भएको माथिल्लो
पोखरीको कुलोनेर उभिए। तब हिल्कियाहका
छोरा राज-दरबारका प्रधान एल्याकीम,
थिए, राजाका मंत्री शेब्ना, र सचिव
आसापका छोरा योआह बाहिर निस्केर
तिनीकहाँ आए।

४ अनि रबशाकेले तिनीहरूलाई भने,
"तिमीहरूले अब हिजकियाहलाई भन,
'महाराजाधिराज, अश्शूरका राजा यसो
भन्नुहुन्छ—तँ के आशामा भरोसा गर्दछस्?
५ म यो भन्दछु, कि लड़ाइँको निम्ति
गरेको तेरो सल्लाह र पराक्रम व्यर्थका कुरा
हुन्। अब तँ कसमाथि भरोसा गरेर?
मेरो विरुद्धमा बागी भएको छस्? ६ हेर्,
तँ भाँचिएको निगालोको लौरोमा भरोसा
राख्छस्, अर्थात् मिश्र देशमा, जसमा कोही
मानिस भर पर्‍यो भने, त्यो त्यसको हातमा
पसेर त्यसलाई घोँच्नेछ। मिश्र देशको राजा
फिरऊनमाथि भरोसा राख्ने सबैको निम्ति
त्यो यस्तै छ। ७ तर तैँले मलाई
'हामी आफ्नो परमेश्वरमाथि भरोसा राख्तछौं'
भनी भन्छस् भने, के उहाँ उही हुनुहुन्न,
जसका अल्गा अल्गा ठाउँहरू र जसका
वेदीहरू हिजकियाहले हटाएका छन्, र
यहूदा र यरूशलेमलाई भनेका छन्, 'तिमीहरू
यस वेदीको सामने पूजा गर्नेछौ।' ८ यस-
कारण कृपागरी मेरा मालिक अश्शूरका
राजासित होड़बाजी राख्। म तँलाई दुइ
हजार घोड़ा दिनेछु। हेरौँ, तीमाथि तँ सवार
चढ़ाउनसक्छस् कि सक्तैनस्। ९ तब र

सवारहरूका निम्ति मिश्र देशमाथि भरोसा
राख्छस् भने कसरी तैंले मेरा मालिकका
चाकरहरूमध्ये मामुली कप्तानलाई पनि
धपाउनसक्लास्? १० के म यस देशलाई
नष्ट गर्नु यसको विरुद्धमा परमप्रभु विना आएको
छु? परमप्रभुलेनै मलाई भन्नुभएको छ,
'त्यस देशमा गएर त्यसलाई नष्ट गर्'।''
११ तब एल्याकीम, शेब्ना र योआहले
रबशाकेलाई भने, "बिन्ती छ, तपाईंका
दासहरूसित अरामी भाषामा बोल्नुहोस्,
किनकि हामी त्यो भाषा बुझ्छौं। पर्खालमा
भएका मानिसहरूका कानमा पुग्ने गरी यहूदी
भाषामा हामीसित नबोल्नुहोस्।'' १२ तब
रबशाकेले भने, "के मेरा मालिकले तँ र
तेरा मालिककहाँ यति कुरा मात्र भन्न मलाई
पठाउनुभएको हो र? के उहाँले मलाई
पर्खालमा बस्ने मानिसहरूकहाँ, तिनीहरूले
आफ्नै मल खाऊन् र आफ्नै मुत्र पिऊन्
भनेर पठाउनुभएको होइन र?''
१३ तब रबशाके खड़ा भए, र ठूलो
सोरमा यहूदीहरूकै भाषामा यसो भने,
"महाराजाधिराज अश्शूरहरूका राजाका कुरा
सुन। १४ महाराजा यसो भन्नुहुन्छ,
'हिजकियाहले तिमीहरूलाई धोका नदेओस्,
किनकि त्यसले तिमीहरूलाई छुटाउनसक्नेछैन,
१५ हिजकियाहले तिमीहरूलाई यसो भनेर
परमप्रभुमाथि भरोसा गर्न पनि नलाओस्,
'परमप्रभुले निश्चय हामीलाई बचाउनुहुनेछ।
यी शहर अश्शूरका राजाको हातमा सुम्पि-
दिनुहुनेछ।' १६ हिजकियाहको कुरा नसुन,
किनकि अश्शूरका राजा यसो भन्नुहुन्छ,
'तिमीहरू मसित मिलाप गर, र मकहाँ
निस्केर आऊ, र हरेकले आफ्नो आफ्नो
दाखको फलबाट र हरेकले आफ्नो आफ्नो
नेभाराको फलबाट खाऔला, र आफ्नो
आफ्नो पानीको कुण्डबाट पानी पिऔला,
१७ जबसम्म म आएर तिमीहरूकै जस्तो
अन्न र दाखमद्य औ रोटी र दाखबारीले
भरिएको देशमा तिमीहरूलाई लैजाँदिनँ।'
१८ होशियार होऊ, नत्रता यसो भनेर
हिजकियाहले तिमीहरूलाई फकाउनेछ,
'परमप्रभुले हामीलाई बचाउनुहुनेछ।' के
जाति जातिका देवताहरूले आफ्नो देश
अश्शूरका राजाको हातबाट बचाउनसकेको छ
र? १९ हमात र अर्पदका देवताहरू कहाँ
गए? सपर्वैमका देवताहरू कहाँ गए? के
तिनीहरूले सामरियालाई मेरो हातबाट
बचाएका छन्? २० यी देशहरूका
देवताहरूमध्ये कसले आफ्नो देश मेरो
हातबाट बचाउनसकेको छ? के परमप्रभुले
यरूशलेमलाई मेरो हातबाट बचाउनसक्नुहुन्छ
र?''
२१ तर तिनीहरू चूप लागिबसे, र
तिनलाई एउटै कुराको पनि जवाफ दिएनन्।
किनकि तिनलाई केही जवाफ नदिनू भन्ने
राजाको हुकूम थियो। २२ तब हिलकियाहको
छोरो राजाका घरानाका प्रधान एल्याकीम,
राजाका मंत्री शेब्ना र आसापको छोरो
सचिव योआहले आफ्ना लुगा च्याते, र
हिजकियाहकहाँ आएर रबशाकेका कुरा
तिनलाई सुनाए।

३७ जब हिजकियाह राजाले यो कुरा
सुने, तब तिनले आफ्नो लुगा
च्याते, र भाङ्ग्रा लगाएर परमप्रभुको भवनमा
पसे। २ अनि राजदरबारका प्रधान
एल्याकीम, मन्त्री शेब्ना र पूजाहारीहरूमध्येका
बूढ़ा-प्रधानहरूलाई भाङ्ग्रा लाउन भनी हुकूम
गरेर आमोसका छोरा यशैयाकहाँ पठाए।
३ तिनीहरूले उनलाई भने, "हिजकियाह
राजा यसो भन्नहुन्छ, 'आजको दिन दुःख,
गाली खाने र निन्दाको दिन छ, किनकि
बालकहरू जन्मन आँटेका छन्, तर जन्माउने
ताकत छैन। ४ शायद परमप्रभु तपाईंका
परमेश्वरले रबशाकेका कुरा सुन्नुभयो होला,
जसलाई त्यसका मालिक अश्शूरका राजाले
जीवित परमेश्वरको निन्दा गर्न पठाएका
छन्। शायद परमप्रभु तपाईंका परमेश्वरले

सुन्नुभएको वचनको कारण उहाँले तिनलाई
दण्ड दिनुहुनेछ। यसकारण बाँचेकाहरूका
निम्ति तपाईंले प्रार्थना गरिदिनुहोस्।''
५ यसैले हिजकियाहका भरादारहरू
यशैयाकहाँ आए। ६ अनि यशैयाले
तिनीहरूलाई भने, 'तिमीहरूले आफ्ना
मालिकलाई यसो भन, 'परमप्रभु यसो
भन्नुहुन्छ—तैंले सुनेको अश्शूरका राजाका
सेवकहरूले मलाई निन्दा गरेका कुरा देखि,
तँ नडरा। ७ हेर्, म त्यसभित्र एउटा
यस्तो आत्मा हालिदिनेछु, कि त्यो
एउटा हल्ला सुनेर आफ्नो देशमा फर्केर
जानेछ। औ म त्यसलाई त्यसकै देशमा
तरवारले मार्न लाउनेछु'।''
८ यसैले रबशाके फर्के। औ तिनले
अश्शूरका राजालाई लिब्नासित युद्ध गरिरहेका
भेट्टाए। राजाले लाकीश छोड़े भन्ने कुरा
रबशाकेले सुने। ९ औ कूशका राजा
तिर्हाका तिमीसित लड़न आएका छन्
भन्ने कुरा अश्शूरका राजाले सुने। जब
तिनले यो कुरा सुने तब तिनले हिजकियाह-
कहाँ यसो भनेर दूतहरू पठाए, १० 'जुन
परमेश्वरमाथि तैंले भरोसा राखेको छस् तिनले
यरूशलेम अश्शूरका राजाको हातमा दिनेछैनन्
भनी तँलाई छल नगरून्। ११ हेर्, सारा
देशलाई बिलकुलै नाश पारेर अश्शूरका
राजाले के गरेका छन् सो ता तैंले सुनेकै
छस्। औ के तैंले चाहिं छुटकारा पाउँछस
र? १२ के मेरा पुर्खाहरूले नाश
पारेका जातिहरू, अर्थात् गोजान, हारान,
रेसेप र तलस्सारमा भएका एदेन
वंशीहरूका देवताहरूले तिनीहरूलाई बचाए?
१३ हमातका राजा, अर्पादका राजा सपर्वैम
का राजा, हेना र इव्वाका राजाहरू कहाँ
गए?'
१४ तब हिजकियाहले दूतहरूका हातबाट
पत्र पढ़े। अनि परमप्रभुको भवनमा गएर
हिजकियाहले परमप्रभुको सामने त्यो पत्र
खोलेर राखिदिए। १५ अनि हिजकियाहले
यसो भनेर परमप्रभुलाई प्रार्थना गरे,
१६ "हे सेनाहरूका परमप्रभु, इस्राएलका
परमेश्वर, जो करूबहरूका बीचमा विराजमान
हुनुहुन्छ, तपाइं मात्र पृथ्वीका सारा
राज्यहरूका परमेश्वर हुनुहुन्छ। स्वर्ग र पृथ्वी
तपाईंलेनै सृष्टि गर्नुभएको हो। १७ हे
परमप्रभु, आफ्नो कान थापेर सुन्नुहोस्।
हे परमप्रभु, आफ्नो आँखा खोलेर हेर्नुहोस्।
औ सनहेरीबले जीवित परमेश्वरको निन्दा
गर्नको निम्ति पठाएका कुरा सुन्नुहोस्।
१८ हे परमप्रभु, साँच्चिनै अश्शूरका
राजाहरूले सबै जातिहरू र तिनका देशहरूलाई
समेत उजाड़ परेका छन्, १९ र तिनीहरूका
देवताहरूलाई आगोमा हाले, किनकि तिनीहरू
ईश्वरै होइनन्, तर मानिसका हातका काम,
काठ र ढुङ्गा हुन्। यसैकारण तिनीहरूले ती
नष्ट गरे। २० यसैकारण अब हे हाम्रा
परमप्रभु परमेश्वर, हामीलाई तिनका
हातबाट बचाउनुहोस्, र पृथ्वीका सारा
राज्यहरूले थाह पाऊन् कि तपाइं मात्र
परमप्रभु हुनुहुन्छ।''
२१ तब आमोस्को छोरो यशैयाले
हिजकियाहकहाँ यसो भनी पठाए, "परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, 'तैंले
अश्शूरको राजा सनहेरीबको विरुद्धमा मलाई
दोहाइ गरिस्, २२ यसकारण त्यसको
विषयमा परमप्रभुले भन्नुभएको वचन यही हो,
'सियोनकी कन्ये-छोरीले तँलाई तुच्छ ठानेकी
छ, र तँलाई खिसी गरेर हाँसेकी छ—
यरूशलेमकी छोरीले तेरो पछि शिर
हल्लाएकी छ। २३ तैंले कसको ठट्टा गरेको
छस्, र कसको निन्दा गरेको छस्? औ
कसको विरुद्धमा तेरो सोर उठाएको छस्,
र तेरो नजर उचालेको छस्? के इस्राएलका
पवित्र परमप्रभुको विरुद्धमा होइन र?
२४ तेरा आफ्नै नोकरहरूद्वारा यसो भनेर
तैंले परमप्रभुको निन्दा गरेको छस्, 'मेरा
रथहरूको दलसमेत म पहाड़हरूका टाकुरामा
आएको छु, लबानोनभित्र सम्मै। म त्यसका

अल्गा अल्गा देवदार र त्यसका असल असल
सल्लाका रूखहरू ढाल्नेछु। म टाढ़ाका
उच्च टाकुरामा भएको घनघोर र सुन्दर
वनसम्मै पस्नेछु। २५ मैले खनेर पानी
पिएको छु। मेरो पैतालाले मिश्र देशका
सबै नदीहरू सुकाएको छ।' पर्खाल लाएको
शहरलाई तैंले नाश पारेर थुप्रो लगाउनेछस्।
२६ मैले त्यो कसरी उहिलेनै निश्चय
गरेको थिएँ प्राचीन समयमानै त्यो पक्का
गरेथें। के तैंले सुनेको छैनस्? त्यो
कुरो मैले अब पूरा गरें। २७ यसैकारण
तिनका बासिन्दाहरूका बल घटेर गए।
तिनीहरू कातर भए, र तिनीहरूका होश-
हवास उड्यो। तिनीहरू मैदानका घाँसझैं
भए, हरिया साग-पातझैं, छतको घाँसझैं, र
बढ़न अघिनै सुकिहालेको अन्नको खेतझैं
तिनीहरू भए। २८ तर तेरो बसाइ, तेरो
जवाइ, तेरो अवाइ र मेरो विरुद्धको तेरो
रीस मलाई थाह छ। २९ तँ मेरो विरुद्धमा
रिसाएको हुनाले, र तेरो सेखी मेरो कानमा
परेको हुनाले, म मेरो नत्थ तेरो नाकमा
र मेरो लगाम तेरो मुखमा लगाएर तँलाई
तँ आएकै बाटोतिर फर्काउनेछु।''
३० औ तेरो निम्ति चिह्न यही हुनेछ,
यो साल चाहिं आफै उम्रेको कुरो तिमीहरूले
खानेछौ, औ दोस्रो साल चाहिं त्यहीबाट
उम्रेको, औ तेस्रो साल तिमीहरू छर,
कटनी गर, दाखबारी लगाऊ र तिनका फल
खाऊ। ३१ यहूदाका कुलबाट बचेर
रहेकाहरूले चाहिं फेरि तलतिर जरा हाल्नेछ,
र माथितिर फल लाग्नेछ। ३२ किनभने
यरूशलेमबाट एउटा बाँचेको भाग र सियोन
पर्वतबाट बाँचेकाहरूको एक दल निस्कनेछ।
सेनाहरूका परमप्रभुको जोशले यो काम
गर्नेछ।
३३ यसकारण अश्शूरका राजाको विषयमा
परमप्रभु यो भन्नुहुन्छ, 'त्यो शहरमा
आउनेछैन। त्यसले त्यहाँ एउटै काँड
हान्नेछैन। त्यो त्यसको सामने ढाल लिएर
आउनेछैन। त्यसको विरुद्धमा कुनै गढ़ी
बनाउनेछैन। ३४ जुन बाटो भएर त्यो
आयो, त्यही बाटो भएर त्यो फर्कनेछ, र
त्यो यस शहरमा आउनेछैन भनी परमप्रभु
भन्नुहुन्छ। ३५ किनभने मेरो आफ्नै
खातिर र मेरो दास दाऊदको खातिर म
यो शहर बचाउनको निम्ति त्यसको रक्षा
गर्नेछु।
३६ तब परमप्रभुका दूत गएर अश्शूर-
हरूको छाउनीमा एक लाख पचासी हजार
मानिसहरूलाई मारे। मानिसहरू बिहान
उठदा तिनीहरूले ती सबै लाशहरू देखे।
३७ यसैले अश्शूरहरूका राजा सनहेरीब
फर्केर गए, र निनवेमा बस्नलागे। ३८ औ
जब तिनी आफ्नो देवता निस्रोकको मन्दिरमा
पूजा गर्दै थिए तब तिनका छोराहरू
अद्रमेलेक र शरेसेरले तिनलाई तरवारले
मारे औ तिनीहरू भागेर अरारत देशमा
गए। अनि तिनको सट्टामा तिनको छोरा
एसर्हद्दोनले शासन गर्नलागे।

हिजकियाह बिरामी परेका

३८ त्यसपछि हिजकियाह राजा बिरामी
परेर मर्नै लागेका थिए। तब
आमोसको छोरो यशैया अगमवक्ताले
तिनीकहाँ आएर भने, परमप्रभु यसो
भन्नुहुन्छ, 'तेरो घर ठीकठाक गर्, किनकि
तँ मर्छस्, तँ बाँच्दैनस्'। २ तब
हिजकियाहले आफ्नो मुख भित्तातिर फर्काएर
परमप्रभुसित यसो भनेर प्रार्थना गरे,
३ "हे परमप्रभु, म बिन्ती गर्दछु, तपाइंको
सामने म कस्तो सत्यता र शुद्ध हृदयले
हिंडेको छु, औ तपाइंको दृष्टिमा जे असल
थियो त्यही गरेको छु त्यसको सम्झना
होस्।" अनि हिजकियाह धुरूधुरू रोए।
४ तब परमप्रभुको वचन यशैयाकहाँ यसो
भनेर आयो, ५ गएर हिजकियाहलाई
भन्—'तेरा पिता दाऊदका परमप्रभु परमेश्वर

यसो भन्नुहुन्छ, 'मैले तेरो प्रार्थना सुनें।
मैले तेरो आँसु देखें। हेर्, म तेरो आयु
अरू पन्ध्र वर्ष बढ़ाइदिनेछु। ६ म तँलाई
र यस शहरलाई अश्शूरको राजाको हातबाट
बचाउनेछु। म यस शहरको रक्षा गर्नेछु।
७ औ परमप्रभु आफैले भन्नुभएको कुरो
गर्नुहुनेछ भन्नी परमप्रभुको चिह्न तँलाई यो
हुनेछ, ८ 'हेर्, आहाजको धूप-घड़ीको
छाया जो तल गइसकेको छ, म दश कदम
पछि सार्नेछु'।" यसैले घामको छाया
धूप-घड़ीमा ढल्किसकेको पनि दश कदम पछि
सर्‍यो।

हिजकियाहको धन्यवाद प्रदान

९ बिरामी परेर निको भएपछि यहूदाका
राजा हिजकियाहले लेखेका कुरा यही हो।
१० 'मैले ता भनेथें, म आफ्नो आयुको
मस्त जवानीमानै पातालको ढोकाभित्र जानेछु,
मेरो आयुको शेष भाग छिनियो। ११ मैले
भनेथें, म परमप्रभुलाई फेरि देख्नेछैनँ,
जीवितहरूको देशमा परमप्रभुलाई म देख्नेछैनँ।
संसारका बासिन्दाहरूसित म मानिसलाई फेरि
देख्नपाउनेछैनँ। १२ गोठालाको पालझैं मेरो
डेरा मबाट उखेलिएर पर सारियो। जुलाहाले
लुगा बेहेरेझैं मैले मेरो जीवन बेहेरेको छु,
उहाँले मलाई तानबाट काटिदिनुहुनेछ। एक
दिनभरिमानै तपाईंले मेरो अन्त गराउनुहुनेछ।
१३ बिहानसम्म मैले आफ्नो मनलाई शान्त
गराउँदै रहें। सिंहले झैं उहाँले मेरा सबै हड्डी
भाँच्नुहुनेछ। एक दिनभरिमानै तपाईंले मेरो
अन्त गराइहाल्नुहुनेछ। १४ गौंथली अथवा
सारसझैं म चिरबिर गर्थें। ढुकुरझैं विलाप
गर्थें, माथितिर हेर्दा हेर्दा मेरा आँखा
टटाइसके। हे परमप्रभु, मलाई अत्याचार
भएको छ। तपाईं मेरो जमानी हुनुहोस्।
१५ म अब के भन्नसक्छु र? उहाँ मसित
बोल्नुभयो, औ उहाँलेनै त्यो गर्नुभयो। मेरो
आत्माको तीतोपनाले गर्दा अब म मेरो सारा
जीवनभरिनै सुस्तसित जानेछु। १६ हे
परमप्रभु, यिनै कुराद्वारा मानिसहरू जिउँछन्।
औ मेरो आत्मिक-जीवन बिलकुल त्यसैमा
निर्भर छ। यसैकारण तपाईंले मलाई निको
पार्नुहोस्, र मलाई बाँच्न दिनुहोस्।
१७ हेर्नुहोस्, मेरो भिषण कष्ट मेरो
कल्याणको निम्तिनै थियो, तर तपाईंले मेरो
आत्मालाई प्रेम गरेर विनाशको खाड़लबाट
छुटकारा दिनुभयो। किनभने तपाईंले मेरा
सारा पाप आफ्नै पिठयूँपछि फाल्नुभयो।
१८ किनभने पातालले तपाईंको प्रशंसा
गर्नसक्तैन। मृत्युले तपाईंको उत्सव मनाउन-
सक्तैन। खाड़लमा जानेहरूले तपाईंको
सत्यताको आशा गर्नसक्तैनन्। १९ जीवितले,
निश्चय जीवितले मात्र तपाईंको प्रशंसा गर्छ,
जसरी आज म गरिरहेछु। बाबुले आफ्ना
छोरा-छोरीहरूलाई तपाईंको सत्यता चिनाउने-
छन्। २० मलाई उद्धार गर्न परमप्रभु
तयार हुनुहुन्छ। यसैकारण हामी आफ्ना
जीवनभरि परमप्रभुको भवनमा मैले बनाएका
भजनहरू तार बाजाहरूमा गाउनेछौं।"
२१ यशैयाले यसो भनेका थिए,
नेभाराको भकानो लिएर हिजकियाहको
पीलोमा पट्टी लगाइदिनु, र तिनी निको
हुनेछन्। २२ हिजकियाहले पनि यसो
भनेर सोधेका थिए, 'म परमप्रभुको भवनमा
जान पाउनेछु भन्ने चिह्न के हुनेछ?'

बाबेलसँग वैमनस्य

३९ त्यस बेला बाबेलका राजा बलदानको
छोरो मरोदक-बलदानले हिजकियाहकहाँ
चिट्ठी र सौगातका साथमा राजदूतहरू पठाए।
किनकि तिनले उनी बिरामी भएर फेरि निको
भएका छन् भन्ने सुनेका थिए। २ हिजकियाहले
तिनीहरूलाई स्वागत गरे, र तिनीहरूलाई
आफ्ना रत्नका भण्डार, सुन, चाँदी, सुगन्धित
मसालाहरू, कीमती तेलहरू, आफ्ना सबै
हतियार राख्ने घर र आफ्नो भण्डारका

सबै चीजहरू देखाइदिए। आफ्नो घर र
आफ्नो राज्यमा भएको तिनले तिनीहरूलाई
न देखाएका। कुनै पनि थोक थिएन
३ तब यशैया अगमवक्ता हिजकियाह राजा-
कहाँ आएर भने, 'ती मानिसहरूले
के भने ? तिनीहरू कहाँबाट तपाईंकहाँ
आएका हुन् ?' हिजकियाहले भने,
'तिनीहरू टाढ़ा देश बाबेलबाट मकहाँ
आएका हुन्।' ४ तब उनले सोधे, 'तिनी-
हरूले तपाईंका घरमा के के देखे ?'
हिजकियाहले जवाफ दिएर भने, 'तिनीहरूले
मेरो घरमा भएका सारा चीजहरू देखे। मेरो
भण्डारमा भएका मैंले तिनीहरूलाई नदेखाएका
कुरा केही छैन।' ५ तब यशैयाले
हिजकियाहलाई भने, 'सेनाहरूका परमप्रभुको
वचन सुन्नुहोस्—६ हेर्, ती दिन आउँछन्
जब तेरो घरमा भएका तेरा पुर्खाहरूले
आजको दिनसम्म जम्मा गरेका सबै थोकहरू
बाबेलमा लगिनेछन्, परमप्रभु भन्नुहुन्छ, केही
पनि छोड़िनेछैन। ७ औ तँबाट जन्मेका तेरा
कति छोराहरू कैदमा लगिनेछन्, र तिनीहरू
बाबेलका राजाको महलमा नपुंसक बनिनेछन्।'
८ तब हिजकियाहले यशैयालाई भने, 'तपाईंले
भन्नुभएको परमप्रभुको वचन ठीकै हो।'
हिजकियाह राजाले विचार गरे, 'मेरो समयमा
त शान्ति र सुरक्षा हुनेछ।'

कैदबाट छुटकारा पाउने घोषणा

४० तिमीहरूका परमेश्वर भन्नुहुन्छ,
सान्त्वना, मेरो प्रजा तँलाई सान्त्वना।
२ यरूशलेमलाई सुमधुर वचन भन, 'त्यसका
दुःखको समय खतम भयो। त्यसको अधर्म
क्षमा गरियो। त्यसले परमप्रभुको हातबाट
आफ्ना सबै पापको निम्ति दोबर पाएको
छ भनी त्यसलाई कराएर भन।
३ एउटा आवाज सुनिन्छ—उजाड़-भूमिमा
परमप्रभुको बाटो तयार गर। हाम्रा परमेश्वरको
निम्ति मरूभूमिमा मूल-बाटो समतल बनाऊ
४ हरेक बेंसी अल्गो बनाइनेछ, र हरेक
पर्वत र डाँड़ा होँचाइनेछ, औ बाङ्गो-टेढ़ो जग्गा
सीधा बनाइनेछ, र खाल्टा-खुल्टी समतल
बनाइनेछ। ५ अनि परमप्रभुको महिमा
प्रकट गरिनेछ, र सारा प्राणीले उहाँलाई
एकैसाथ देख्नेछन्, किनकि परमप्रभुको मुखलेनै
यो भनेको छ।
६ एउटा आवाजले भन्छ, 'करा।'
औ यिनले भने, 'म के भनेर कराऊँ ?'
सारा प्राणी घाँस हो, र त्यसका सबै शोभा
मैदानको फूलजस्तै हो। ७ घाँस सुकिजान्छ,
फूल ओइलाइहाल्छ, किनभने परमप्रभुको सास
त्यसमाथि फूकिन्छ। साँच्चिनै मानिस घाँसनै
हो। ८ घाँस सुकिहाल्छ, फूल ओइलाइहाल्छ
तर हाम्रा परमप्रभुको वचन सधैंभरि अटल
रहनेछ।
९ हे शुभ समाचार सुनाउने सियोन,
अल्गो पर्वतमा चढ़िजा। हे शुभ समाचार
सुनाउने यरूशलेम, जोरसँग तेरो सोर उचाल्,
सोर उचाल्, नडरा। यहूदाका शहरहरूलाई
भन्, 'हेर, तिमीहरूका परमेश्वर।' १० हेर,
परमप्रभु परमेश्वर पराक्रमसाथ आउनुहुनेछ, र
उहाँले आफ्नो बाहुबलले शासन गर्नुहुनेछ।
हेर, उहाँको पुरस्कार उहाँसितै छ, र उहाँको
प्रतिफल उहाँकै सामने छ। ११ उहाँले
आफ्नो बगाललाई गोठालालेझैं चराउनुहुनेछ।
उहाँले थुमाहरूलाई आफ्नै अङ्गालोमा लिनु-
हुनेछ, र तिनीहरूलाई आफ्नै काखमा
बोक्नुहुनेछ, दूध खुवाउने माऊलाई चाहि
बिस्तार बिस्तार डोऱ्याएर उहाँले लैजानुहुनेछ।

परमेश्वरको महामहिमा

१२ कसले सागरलाई आफ्नो अञ्जुलीमा
नापेको छ ? र बित्ताले आकाशलाई ? औ
कसले पृथ्वीको माटो मानामा भरेर औ
पर्वतहरू तराजुमा र डाँड़ाहरू काँटामा
जोखेको छ ? १३ कसले परमप्रभुको
आत्मालाई आज्ञा गरेको छ, अथवा उहाँको

सल्लाहकार भएर उहाँलाई शिक्षा दिएको छ ?
१४ प्रकाशको निम्ति उहाँले कससित सल्लाह
लिनुभयो ? औ कसले उहाँलाई इन्साफको
मार्ग देखायो ? कसले उहाँलाई ज्ञान
सिकायो, र समझको मार्ग देखायो ? १५ हेर,
उहाँको लेखामा सबै जातिहरू ता गाग्रीबाट
चुहेको थोपोजस्तै मात्र छन्, र तराजूमा
टाँसेको धूलोजस्तै गनिएका छन् । हेर,
उहाँले टापूहरूलाई धूलोको कणाजस्तै उठाउनु-
हुन्छ। १६ दाउराको निम्ति लबानोन थोरै
हुन्छ, नता त्यसमा भएका पशुहरू होमबलिको
निम्ति प्रशस्त हुन्छन्। १७ सारा जातिहरू
उहाँको सामने केही पनि होइनन्। ती ता
उहाँको लेखामा तुच्छ र खोक्रा छन्।

१८ तिमीहरू परमेश्वरको तुलना कससित
गर्नेछौ ? अथवा केको प्रतिरूपसित उहाँको
मिलान गर्नेछौ ? १९ मूर्ति चाहिं
कारीगरले गलाउँछ, सुनारले सुनको जलप
लगाएर त्यो बनाउँछ । त्यसको निम्ति
चाँदीका सिक्रीहरू ढालेर बनाउँछ। २० यस्तो
भेटी चढ़ाउन नसक्ने साहै गरीबले चाहिं
नकुहुने रूख छान्छ, र उसले आफ्नो निम्ति
खोपेको मूर्ति नहल्लिने गरी बसाल्नलाई
कोही एक चतुर कारीगरलाई खोज्छ।
२१ के तिमीहरूले जानेका छैनौ ? के
तिमीहरूले सुनेका छैनौ ? के यो कुरो
तिमीहरूलाई शुरूदेखिनै भनेको छैन ? के
तिमीहरूले पृथ्वीका जग बसालेको देखिनै
बुझेका छैनौ ? २२ उहाँ तिनै हुनुहुन्छ जो
पृथ्वीभन्दा उच्चमा विराजमान हुनुहुन्छ, र
पृथ्वीका बासिन्दाहरू चाहिं फट्याङ्ग्राजस्तै छन्।
उहाँले आकाशलाई पर्दाझैं फिँजाउनुहुन्छ, औ
त्यसमा बास गर्नलाई पालझैं त्यो
फैलाउनुहुन्छ । २३ उहाँले राजाहरूलाई
बेकामका बनाइदिनुहुन्छ, र पृथ्वीका शासक-
हरूलाई रद्द तुल्याउनुहुन्छ।

२४ तिनीहरू रोपिनसाथ, छरिनसाथ,
तिनीहरूका टुसाले जमीनमा जरा हाल्नसाथ,
उहाँले तिनीहरूलाई फुकिदिनुहुन्छ, र तिनीहरू
ओइलाइहाल्छन् , र आँधीले तिनीहरूलाई
ठोसाझैं उड़ाएर लैजान्छ । २५ म को
समान छु ? तिमीहरू मलाई कोसित तुलना
गर्छौ ? पवित्र परमप्रभु भन्नुहुन्छ ।
२६ तिमीहरूका आँखा माथि उठाएर हेर,
यी कसले बनाएका हुन् ? उहाँलेनै होइन
र ? जसले तिनीहरूका दललाई गन्ती गरेर
नाउँ बोलाउँदै ल्याउनुहुन्छ। उहाँको शक्तिको
बड़प्पनले गर्दा, उहाँ सामर्थ्यमा बलियो
भएको हुनाले, तिनीहरूमध्ये एउटै पनि
हराउनेछैन। २७ हे याकूब, तँ किन यसो
भन्छस् ? हे इस्राएल, तँ किन भन्छस् ?
'मेरो बाटो परमप्रभुदेखि लुकेको छ, र मेरो
इन्साफ परमेश्वरदेखि गइहालेको छ ?' २८ के
तँलाई थाह छैन ? के तैंले सुनेको छैनस् ?
परमप्रभु सनातनका परमेश्वर, उहाँ सारा
पृथ्वीका सृष्टिकर्त्ता हुनुहुन्छ । उहाँ नता
दुर्बल, न थकित हुनुहुन्छ । उहाँको समझ
अथाह छ। २९ उहाँले दुर्बलहरूलाई बल
दिनुहुन्छ, र शक्तिहीनको शक्ति बढ़ाइदिनुहुन्छ।
३० युवक पनि दुर्बल र थकित हुन्छन्,
र जवान मानिसहरू थाकेर ढल्नेछन्।
३१ तर परमप्रभुको बाटो हेर्नेहरूले नविन
सामर्थ्य पाउनेछन्। तिनीहरू चीलझैं उँभो
उभो उड्नेछन्, र दगुरेर पनि तिनीहरू
थाक्नेछैनन्। तिनीहरू हिँडेर जान्छन्, तर
क्लान्त हुनेछैनन्।

परमेश्वरका प्रतिनिधि कोरेस

४१ हे समुद्र किनारका देश हो, मेरो
सामने चूपचाप बस, जाति जातिका
मानिसहरूले नयाँ बल प्राप्त गरून्। तिनीहरू
नजीक आऊन् र बोलून्। हामी एकसाथ
इन्साफको निम्ति जम्मा होऔं । २ कसले
पूर्व दिशादेखि एक जनालाई खड़ा गरेको
छ, जसको कदम कदममा विजय छ ?
उहाँले जाति जातिहरूलाई तिनको अधीनमा
पारिदिनुहुन्छ, र तिनलाई राजाहरूमाथि

अधिकार गर्न तुल्याउनुहुन्छ। उहाँले तिनी-
हरूलाई तिनको तरवारले धूलोजस्तै र तिनको
धनुको सामने उड़ाएको ठोसो जस्तै पारि-
दिनुहुन्छ ३ तिनले तिनीहरूलाई खेद्नेछन्,
अघि कहिल्यै न हिँड़ेका बाटोहरू भएर तिनी
विना रोकटोक अगि बढ़्छन्। ४ तादिदेखि
पुस्ताहरूलाई बोलाएर यो काम गर्ने को
हुनुहुन्छ? के मनै होइन र? म, परमप्रभु,
पहिलो र पछिल्लोसित रहने, म उही हुँ।
५ समुद्र किनारका देशहरूले देखेर डराए।
पृथ्वीका पल्लो छेउसम्मका देशहरू कामे।
तिनीहरू नजीक आएर भेला भए।
६ तिनीहरू हरेकले आफ्नो छिमेकीलाई
सहायता गर्‍यो, र हरेकले आफ्नो भाइलाई
भन्यो, 'ढाड़स गर्।' ७ यसैले सिकर्मीले
सुनारलाई र घन चुट्नेले लीहीमाथि घन
चुट्नेलाई रसाइको विषयमा भन्छ, 'यो असलै
छ,' र त्यो नहल्लिओस् भनेर त्यसलाई
कीला ठोकेर बलियो बनाउँछ।
८ तर ए मेरो दास इस्राएल, मेरो
छानिएको याकूब, मेरो मित्र आब्राहामको
वंश, ९ तँलाई मैले पृथ्वीको अन्तदेखि
समातेर ल्याएँ, र पृथ्वीको पल्लो छेउदेखि
बोलाएर तँलाई भनें, 'तँ मेरो दास होस्।
मैले तँलाई छानेको छु, र तँलाई फालेको
छैनँ।' १० नडरा, किनकि म तँसित छु।
निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर
हुँ। म तँलाई बलियो पार्नेछु। म तँलाई
सहायता गर्नेछु, म मेरो धार्मिकताको दाहिने
हातले तँलाई सम्हाल्नेछु। ११ हेर्, तँदेखि
रिसाउनेहरू सबै लज्जित हुनेछन्, र तिनी-
हरूको मुख कालो हुनेछ। तँसित झगड़ा
गर्नेहरू सबै व्यर्थका हुनेछन्, र नष्ट हुनेछन्।
१२ तँसित झगड़ा गर्नेहरूलाई तैंले खोज्नेछस्,
तर भेट्टाउनेछैनस्। तेरो विरोध गर्नेहरू
पनि बिलकुल फुस्साका हुनेछन्, र बेकामका
थोकझैँ हुनेछन्। १३ किनभने म, परमप्रभु
तेरा परमेश्वले तँलाई यसो भनेर तेरो दाहिने
हात समात्नेछु, 'नडरा, म तँलाई सहायता
गर्नेछु।' १४ ए भुसुना याकूब ए
इस्राएलका मानिस हो नडराऊ! परमप्रभु
भन्नुहुन्छ, 'म तेरो सहायता गर्नेछु।' तँलाई
छुटाउने इस्राएलका पवित्र परमप्रभु हुनुहुन्छ।
१५ हेर्, म तँलाई नयाँ तीखो दाँत
भएको अन्न कुट्ने हतियार बनाउनेछु।
तैंले पर्वतहरूलाई कुट्नेछस्, र कुटी कुटी
धूलो-पीठो बनाउनेछस्, र डाँड़ाहरूलाई भूसझैँ
पार्नेछस्। १६ तैंले तिनलाई निफन्नेछस्,
र बतासले तिनलाई उड़ाएर लैजानेछ, र
आँधीले तिनलाई तितर-बितर पार्नेछ। औ
तँ चाहिँ परमप्रभुमा रमाहट गर्नेछस्। तैंले
इस्राएलका पवित्र परमप्रभुको महिमा
गर्नेछस्।
१७ गरीब र दरिद्रहरूले पानी
खोज्नेछन्, तर पानी हुँदैन, र तिनीहरूका
जिब्रो प्यासले सुक्नेछ। म, परमप्रभुले
तिनीहरूलाई जवाफ दिनेछु। म, इस्राएलका
परमेश्वरले तिनीहरूलाई त्याग्नेछैनँ। १८ नाङ्गो
टाकुराहरूबाट म नदीहरू, र बेँसीका बीचबाट
पानीका मूलहरू निकाल्नेछु। म उजाड़-
भूमिलाई पानीको दह, र सुखा जमीनलाई
पानीका मूलमा परिवर्त्तन गर्नेछु। १९ उजाड़-
भूमिमा म देवदारहरू र बबुल, मेंहदी र
भद्राक्षका रूखहरू उमार्नेछु। म मरुभूमिमा
सल्ला, धूपी र सिसौका रूखहरू लगाउनेछु।
२० मानिसहरूले देखेर जानून् र विचार
गरून् र पूरा रीतिले सम्झून् कि यो परम-
प्रभुको काम हो, अर्थात् इस्राएलका पवित्र
परमप्रभुले सृष्टि गर्नभएको हो।

परमप्रभु र अन्यजातिहरूका देवताको भिन्नता

२१ परमप्रभु भन्नुहुन्छ, 'आफ्नो मुद्दा
पेश गर।' याकूबका महाराजाधिराज भन्नुहुन्छ,
'आफ्नो तर्क ल्याऊ।' २२ तिनीहरूले ती
कुरा देखाऊन् र जे हुन आउनेछ सो प्रकट
गरून्। भइसकेका कुरा प्रकट गर, र हामी

तिनको विचार गरौं, र तिनको नतीजा के
हुन्छ भनी हामी जान्नेछौं। अथवा भविष्य
हामीलाई देखाऊ। २३ हामीलाई अब
आउने कुराहरू प्रकट गर, र तिमीहरू ईश्वर
हौ भनी हामी जान्न सकौंला। असल गर
कि खराब गर, र हामीहरू चिन्तित भएर
त्रासमा परौं। २४ हेर, तिमीहरू ता केही
पनि होइनौ, र तिमीहरूका काम व्यर्थका
हुन्। जसले तिमीहरूलाई चुन्छ त्यो
घृणित हो।

२५ मैले कसैलाई उत्तर दिशादेखि खड़ा
गरेको छु, र त्यो आएको छ। सूर्य उदय
हुने दिशाबाट आएर त्यसले मेरो नाउँ
लिन्नेछ। जसरी कुमालेले माटो कुल्चन्छ,
त्यसरीनै त्यो राजाहरूमाथि जाइलाग्नेछ।
२६ शुरूदेखि कसले यो प्रकट गरेको छ
र हामीले जान्नसक्थ्यौं? अघिदेखि कसले
यो प्रकट गर्‍यो र उहाँ न्यायी हुनुहुन्छ भनी
हामी भन्नसक्थ्यौं? कोही प्रकट गर्नेछैन,
देखाउने कोही छैन, तिमीहरूका वचन सुन्ने
कोही छैन। २७ मैले पहिले सियोनलाई
भनेथें, हेर्, तिनीहरूलाई हेर्, अनि म
यरूशलेमको निम्ति शुभ समाचार सुनाउने
एउटालाई पठाउनेछु। २८ औ जब म
खोज्छु, तब त्यहाँ कोही पनि म भेट्टाउँदिनँ।
सोध्दा जवाफ दिने तिनीहरूमध्ये कोही
सल्लाहकार छैन। २९ हेर, ती सबै,
तिनीहरूका काम व्यर्थका र फुस्साका हुन्।
तिनीहरूका ढालेर बनाएका मूर्तिहरू हावा र
फुस्सा मात्र हुन्।

परमप्रभुको दास

४२ मेरो दासलाई हेर, जसलाई म
सम्हाल्दछु, मेरो चुनिएको, जसमा
मेरो प्राण प्रसन्न हुन्छ। तिनमा मैले मेरो
आत्मा हालेको छु। तिनले जाति जातिहरूका
बीचमा न्याय ल्याउनेछन्। २ तिनी
चिच्याउनेछैनन्, न उच्च सोरले कराउनेछन्
नता तिनले आफ्नो सोर सड़कमा सुनाउनेछन्।
३ चूर पारिएको निगालोलाई तिनले भाँच्ने-
छैनन्, र निभ्नै लागेको सलेतोलाई तिनले
निभाउनेछैनन्। तिनले सत्यसित न्याय
गर्नेछन्। ४ जबसम्म तिनले पृथ्वीमा न्याय
स्थिर गरिसक्तैनन् र समुद्र किनारका
बासिन्दाहरूले तिनको व्यवस्थाको बाटो
हेरिरहँदैनन्, तबसम्म नता तिनी दुर्बल
हुनेछन्, न निरुत्साहित हुनेछन्।
५ आकाश सृष्टि गरेर त्यो फैलाउनुहुने,
औ पृथ्वी र त्यसबाट उत्पन्न हुनेलाई
फैलाउनुहुने, र त्यसमा भएका मानिसहरूलाई
सास औ त्यसमा हिँड्डुल गर्नेलाई आत्मा
दिनुहुने, परमेश्वर परमप्रभु यसो भन्नुहुन्छ,
६ "म, परमप्रभुले तिमीलाई मेरो धार्मिकता-
अनुसार बोलाएको छु। र तिम्रो हात
समातेको छु, र तिम्रो रक्षा गरेको छु।
तिमीलाईनै मैले जाति जातिहरूका निम्ति
करार र जाति जातिहरूको ज्योतिको निम्ति
दिएको छु। ७ अन्धाहरूका आँखा
खोल्नलाई, कैदीहरूलाई कैदबाट, र अन्धकारमा
बस्नेहरूलाई झ्यालखानबाट निकाल्नलाई।
८ म परमप्रभु हुँ, मेरो नाउँ त्यही हो। औ
मेरो महिमा म अरूलाई दिनेछैनँ, मेरो
स्तुति ढालेर बनाएका मूर्तिहरूलाई दिनेछैनँ।
९ हेर, पहिलेका कुराहरू भइसके, र नयाँ
कुराहरू म बताउनेछु, ती हुनभन्दा अघिनै म
तिनका विषयमा तिमीहरूलाई बताउनेछु।

१० परमप्रभुको निम्ति एउटा नयाँ भजन
गाऊ, उहाँको प्रशंसा पृथ्वीको पल्लो छेउदेखि
गर—हे समुद्रमा यात्रा गर्ने र त्यसमा भएका
सारा थोक हो, हे समुद्र किनारका देश
र तिनका सबै बासिन्दा हो, ११ बन र
त्यसमा भएका शहरहरूले आफ्ना आफ्ना
सोर उचालून्, केदारले बास गरेका गाउँ-
हरूसमेतले गाऊन्, सेलाका बासिन्दाहरू
आनन्दले गाऊन्, तिनीहरू पर्वतका टाकुराबाट
कराऊन्। १२ तिनीहरूले परमप्रभुलाई
महिमा देऊन्, र समुद्र किनारका देशहरूमा

उहाँको प्रशंसाको प्रचार गरून्। १३ परम-
प्रभु शक्तिशाली पुरुषझैं निस्कनुहुन्छ। युद्ध
गर्ने मानिसझैं उहाँले आफ्नो रीस
दन्काउनुहुन्छ। उहाँ कराउनुहुन्छ, उहाँ ठलो
सोरले गर्जनुहुन्छ। उहाँले आफ्ना शत्रुहरूलाई
पराजित गर्नुहुन्छ।

१४ धेरै समयसम्म म चूपचाप लागेर
बसें। म चूपचाप बसें, र आफैलाई रोकीराखें।
अब म सुत्केरीले झैं चिच्याउनेछु। बलजफ्ती
गरी म सास फेर्नेछु। १५ म पहाड़हरू र
डाँड़ाहरूलाई उजाड़ पार्नेछु, र तिनका सारा
बनस्पतिलाई सुकाइदिनेछु। नदीहरूलाई म
टापूमा परिवर्त्तन गरिदिनेछु, र दहहरूलाई
सुकाइदिनेछु। १६ म अन्धाहरूलाई तिनी-
हरूले नचिनेको बाटोमा डोर्‍याउनेछु। तिनीहरूले
नजानेका बाटोमा म तिनीहरूलाई डोर्‍याएर
लानेछु। म तिनीहरूकै अगि अँध्यारोलाई
उज्यालो र खाल्टा-खुल्टी ठाउँलाई सम्म
बनाउनेछु। यिनै काम म गर्नेछु, र म
तिनीहरूलाई त्याग्नेछैनँ। १७ खोपेर बनाएका
मूर्तिहरूमा भरोसा राख्ने र ढालेर बनाएका
मूर्तिहरूलाई 'तिमी हाम्रा देवता हौ' भन्नेहरू
पछि हट्नेछन्, र तिनीहरू साह्रै लाजमा
पर्नेछन्। १८ हे बहिरा हो, सुन, हे अन्धा
हो, हेर, र तिमीहरूले देख्न सक।
१९ मेरा दासबाहेक अन्धा अरू को छ?
अथवा मैले पठाउने मेरा दूतजस्तो अरू को
अन्धा छ? मसित मिलापमा रहनेजस्तो
अन्धा को छ? परमप्रभुको दासजस्तो अन्धा
को छ? २० त्यसले धेरै कुराहरू देख्छ,
तर ध्यान दिएर हेर्दैन। त्यसका कान ता
खुल्लैछ, तर त्यसले सुन्दैन। २१ आफ्नो
धार्मिकताको खातिर व्यवस्थालाई ठूला गर्न
र त्यो महिमित पार्न परमप्रभुलाई खुशी
लाग्यो। २२ तर यिनीहरू ता लूटपीटमा
परेका लूटिएका मानिसहरू छन्। तिनीहरू
सबै खाल्डामाने परेका छन्। तिनीहरू झ्याल-
खानमा थुना परेका हुन्। तिनीहरू पक्राउ
परेका छन्, र तिनीहरूलाई छुटाउने कोही
छैन। तिनीहरू लूटका निम्ति भएका छन्,
र 'तिनीहरूको उद्धार गर' भन्ने कोही
हुनैछैन।

२३ तिमीहरूमध्ये को छ, जसले यस
कुरालाई सुन्छ? जसले ध्यान लगाउँछ, र
आउने समयको निम्ति सुन्छ? २४ याकूब-
लाई लूटको निम्ति, र इस्राएललाई डाँकूहरूका
वशमा कसले पारिदियो? के परमप्रभुले होइन
र? जसको विरुद्धमा हामीले पाप गरेका
छौं, जसको बाटोमा तिनीहरू हिंड़ेनन्, नता
तिनीहरू उहाँको व्यवस्थाको आज्ञाकारी भए।
२५ यसैकारण उहाँले त्यसमाथि रीसको आगो
र लड़ाइँको शक्ति पोखाउनुभयो, र त्यसको
चारैतिर आगो सल्काइदिनुभयो, तर त्यसले
सम्झेन, र आगोले त्यसलाई जलायो, तापनि
त्यसले त्यो कुरा मनमा राखेन।

इस्राएलको उद्धार

४३ तर हे इस्राएल तँलाई रच्ने, हे
याकूब तँलाई सृष्टि गर्ने, परमेश्वर
भन्नुहुन्छ, नडरा, किनकि मैले तँलाई
छुटाएको छु। मैले तँलाई तेरो नाउँ काढ़ेर
बोलाएको छु, तँ मेरै होस्। २ तँ पानी-
बाट भएर जाँदा म तेरो साथमा हुनेछु।
नदीहरूबाट भएर जाँदा तिनले डुबाउनेछैनन्।
तँ आगोबाट हिंड़ेर जाँदा डढ्नेछैनस्, नता
त्यसको ज्वालाले तँलाई भस्म पार्नेछ।

३ किनभने म परमप्रभु, तेरा परमेश्वर
हुँ, इस्राएलका पवित्र परमप्रभु, तेरा उद्धारक।
तँलाई छुटाउनको निम्ति मिश्र देश, औ तेरो
सट्टामा कूश र सब देशहरू दिएको छु।
४ किनभने तँ मेरो दृष्टिमा अनमोलको र
मानयोग्यको छस्, औ म तँलाई प्रेम गर्दछु।
यसैकारण म मानिसहरूलाई तेरो सट्टामा,
जाति जातिहरूलाई तेरो जीवनको सट्टामा
दिनेछु। ५ नडरा, किनकि म तँसित छु।
म तेरो वंशलाई पूर्वदेखि ल्याउनेछु, र
पश्चिमदेखि पनि भेला गर्नेछु। ६ म उत्तर

दिशालाई भन्नेछु, 'छोड़िदे।' र दक्षिण
दिशालाई भन्नेछु, 'थुनी राख्।' मेरा छोरा-
हरूलाई टाढ़ादेखि र मेरा छोरीहरूलाई
पृथ्वीको पल्लो छेउदेखि ल्याऊ, ७ हरेक
जो मेरो नाउँद्वारा बोलाइएको छ, र जसलाई
मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु,
त्यसको आकार मैलेनै बनाएँ र त्यसलाई रचेँ।
८ आँखा भएर पनि अन्धा र कान
भएर पनि बहिरा हुनेहरूलाई निकालेर ल्याऊ।
९ जाति जातिहरू एकैसाथ जम्मा होऊन।
तिनीहरूमध्ये कसले हामीलाई यो कुरा
बताउनसक्छ, र पहिलेका कुरा देखाउनसक्छ?
तिनीहरू सच्चा ठहरिनलाई आफ्ना आफ्ना
साक्षी ल्याऊन्, अथवा तिनीहरूले सुनून् र
भनून्, 'यो सत्य हो।' १० परमप्रभु
भन्नुहुन्छ, "तिमीहरू मेरा साक्षी र मैले
चुनेका दास हौ। तिमीहरूले मलाई जान्न र
विश्वास गर्न सक, र म उही हुँ भनी बुझ्न
सक। मेरो अघि कोही परमेश्वर थिएन, नता
मेरो पछि कोही हुनेछ। ११ म, अवश्य
मनै परमप्रभु हुँ। मबाहेक अरू कोही उद्धार
गर्नेछैन। १२ प्रतिज्ञा गरेअनुसार, मैले
बचाएँ, र मैले त्यो बताएँ। तिमीहरूका
बीचमा कुनै अन्य देवता थिएन। यसैकारण
तिमीहरू मेरा साक्षी हौ।' १३ परमप्रभु
भन्नुहुन्छ, म परमेश्वर हुँ। अबदेखि उसो
पनि म उहीनै हुँ, औ मेरो हातबाट छुटाउने
कोही पनि छैन। म काम गर्नेछु, मलाई
कसले रोक्नसक्छ?

१४ तिमीहरूलाई उद्धार गर्ने, इस्राएलका
पवित्र परमप्रभु यसो भन्नुहुन्छ, "तिमीहरूको
खातिर म बाबेलमा मानिसहरू पठाउनेछु।
म तिनीहरू, अर्थात् कल्दीहरू सबैलाई तिनीहरूले
गर्व गरेका जहाजहरूमानै शरणार्थीहरूलाई झैँ
ल्याउनेछु। १५ म परमप्रभु, तिमीहरूका
पवित्र परमप्रभु इस्राएलका सृष्टिकर्ता, तिमी-
हरूका राजा हुँ।" १६ समुद्रमा बाटो
बनाउने, शक्तिशाली सागरमा मार्ग बनाउने,
१७ रथ र घोड़ा, सेना र योद्धा, दुवैलाई
उठ्न नसक्ने गरी एकैसाथ नाश गर्नुहुने,
परमप्रभु यसो भन्नुहुन्छ, "तिनीहरू लोप
हुनेछन्। तिनीहरू बत्ती निभेझैँ निभिहाल्नेछन्।
१८ बितेका कुराहरूलाई नसम्झ, उहिलेका
कुराहरूलाई विचार नगर। १९ हेर,
म एउटा नयाँ कुरो गर्नेछु। त्यो अब हुन-
आउनेछ। के तिमीहरू त्यो जान्दैनौ?
म वनमा पनि बाटो र मरूभूमिमा नदीहरू
बनाउनेछु। २० वनका जन्तुहरू, स्याल र
शतुर्मुर्गले मेरो महिमा गर्नेछ किनभने म
मेरा मानिसहरू, मेरा चुनिएका मानिसहरूलाई
पिउनको निम्ति वनमा पानी र मरूभूमिमा
नदीहरू दिनेछु। २१ त्यस जातिलाई,
जसलाई मैले मेरो प्रशंसा गरून् भनेर मेरो
निम्ति उत्पन्न गरेँ।

२२ तापनि हे याकूब, तैँले मलाई पुकारा
गरेको छैनस्, तर हे इस्राएल, तँ मदेखि
थाकेको छस्! २३ तैँले आफ्नो होमबलिको
भेड़ा ल्याएको छैनस्, नता तैँले मलाई
आफ्नो बलिदानले मेरो आदर गरेको छस्।
अन्नबलि चढ़ाएर मेरो सेवा गर्नलाई मैले
तँलाई भार लगाएको छैनँ। धूप चढ़ाउन
लगाएर तँलाई थकाएको छैनँ। २४ तैँले
मेरो निम्ति बासना आउने काठ किनेर
ल्याएको छैनस्। तेरो बलिदानको बोसोले
मलाई तृप्त पारेको छैनस्। तर तैँले
मलाई तेरा पापले गर्दा भार लगाएको छस्।
तेरा अधर्मले गर्दा मलाई तैँले थकाएको छस्।

२५ म उही हुँ, जसले तेरा अपराध मेरै
खातिर मेटिदिन्छ, र म तेरा पापलाई
सम्झनेछैनँ। २६ मेरो सम्झना गर्। हामी
आपसमा कुरा छलफल गरौँ। तँ निर्दोष
ठहरिनलाई आफ्नो कुरा पेश गर्। २७ तेरा
पहिले पिताले पाप गर्‍यो, र तेरा दोभाषेहरूले
मेरो विरुद्धमा अपराध गरे। २८ यसैकारण
पवित्रस्थानका मालिकहरूलाई मैले अपवित्र
ठहराएको छु, र याकूबलाई बिलकुलै नाश
पार्नलाई औ इस्राएललाई निन्दित तुल्याउनलाई
मैले सुम्पेको छु।

४४ अब हे मेरो दास याकूब, मैले चुनेको इस्राएल, सुन्, २ तँलाई बनाउने, तँलाई गर्भमा रच्ने र तँलाई गोहार गर्ने। परमप्रभु यसो भन्नुहुन्छ, 'हे मेरो दास याकूब, मैले चुनेको यशूरून, तँ नडरा।' ३ म तिर्खाएकोलाई पानी खन्याइदिनेछु, र सुखा जमीनमा खोलाहरू बगाउनेछु। म तेरो वंशमाथि मेरो आत्मा खन्याउनेछु, र तेरो सन्तानलाई आशिष दिनेछु। ४ तिनीहरू घाँसहरूका बीचमा पानीको धाराको नजीक उम्रेका बेँसीजस्ता हुनेछन्। ५ कसले भन्नेछ, 'म परमप्रभुको हुँ।' औ अर्कोले आफ्नो नाउँ याकूब राख्नेछ औ अर्कोले आफ्नो हातले 'म परमप्रभुको,' भनेर सही गरेर आफ्नो कुलनाउँ इस्राएल राख्नेछ।

मूर्तिपूजकहरूका मूर्खता र परमप्रभुको महिमा

६ इस्राएलका महाराजा र तिनलाई उद्धार गर्ने सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ, मनै पहिलो र पछिल्लो हुँ, मबाहेक अरू परमेश्वर छैन। ७ म जस्तै को छ? त्यसले त्यो बताओस्। त्यसले बताओस् र मेरो अगि राखोस्, आदिदेखिनै कसले हुनआउने कुराहरू बतायो? अझ जे हुन आउनेछ, तिनीहरूले हामीलाई त्यो बताऊन्। ८ तिमीहरू नडराऊ, नता थरहरी होऊ। के मैले तिमीहरूलाई प्राचीन समयदेखि घोषणा गरेर देखाएको होइन र? तिमीहरू मेरा साक्षी छौ। के मबाहेक अरू परमेश्वर छ र? अहँ, कोही चटान छैन, म यस्तो कसैलाई जान्दिनँ।

९ खोपेका मूर्ति बनाउने सबै व्यर्थ हुन्, र तिनीहरूले रुचाएका वस्तुहरू केही लाभको हुनेछैन। तिनीहरूलाई शर्ममा पार्नलाई तिनीहरूका साक्षीहरूले नता देख्नेछन्, न जान्नेछन्। १० कसले देवता बनायो, अथवा केही काम नलाग्ने खोपेको मूर्तिलाई ढालेर बनायो? ११ हेर, त्यसका सबै संगीहरू लज्जित हुनेछन्। कारीगरहरू केवल मानिसहरू मात्र हुन्। तिनीहरू एकसाथ भेला होऊन्, तिनीहरू खड़ा होऊन्। तिनीहरू डराउनेछन्। तिनीहरू सबै एकसाथ लज्जित हुनेछन्।

१२ लोहारले बन्चरो बनाउँछ, र भुँग्रोमा काम गरेर घनले हिर्काएर आफ्नो बलियो पाखुराले त्यो तयार पार्दछ। त्यो भोकाउँछ, र त्यसको बल घट्छ। त्यसले पानी पिएन भने त्यसलाई भाउन्न छुट्छ। १३ सिकर्मीले सुत तानेर पेन्सिलले चिह्न लाउँछ। त्यसले रण्दाले चिल्लो पारेर त्यसको आकार निकाल्छ र परकालले त्यसमा चिह्न लगाएर घरमा राख्नलाई मानिसको सुन्दरताको रूपमा त्यसको आकार निकाल्छ। १४ त्यसले देवदार काट्छ अथवा सिताफल वा फँलाटको रूख चुन्छ, र जङ्गलका अरू रूखहरूसँग त्यसलाई छिप्पिनु दिन्छ। त्यसले सल्लाको रूख लगाउँछ र वर्षाको पानीले त्यसलाई बढ़ाउँछ। १५ तब त्यो मानिसको निम्ति दाउरा हुन्छ, र त्यसले त्यो लिएर आफै त्यसको आगो ताप्छ। त्यसले त्यो जलाएर रोटी पकाउँछ। त्यसले त्यसको देवता बनाएर त्यसलाई पूज्छ। त्यसले त्यसबाट खोपेर मूर्ति बनाउँछ, र त्यसलाई दण्डवत् गर्छ। १६ त्यसको केही भाग त्यसले आगोमा जलाउँछ, औ केही भागले मासु पकाएर खान्छ। त्यसैबाट त्यसले मासु भुटेर खान्छ, र सन्तुष्ट हुन्छ। त्यसले आगो तापेर भन्छ, 'अहा, म तातिएँ, मैले आगो देख्न पाएँ!' १७ त्यसको बाँकी भागको त्यसले एउटा देवता बनाउँछ, उसको खोपेको मूर्ति। त्यो त्यसको सामने घोप्टो परेर त्यसलाई पुज्छ, र त्यसलाई प्रार्थना गर्छ र भन्छ, 'मलाई बचाउनुहोस, किनकि तपाइं मेरा देवता हुनुहुन्छ।'

१८ ती मानिसहरूले केही जान्दैनन्, नता तिनीहरूले केही बुझ्दछन्, किनकि

तिनीहरूका आँखा बन्द गरिएको छ, र
तिनीहरूले देख्नसक्तैनन्, औ तिनीहरूका
हृदय बन्द गरिएको छ, र तिनीहरूले बुझ्दैनन्।
१९ औ कसैले मनमा सोच्दैन, नता त्यसको
यसो भन्ने ज्ञान र समझ हुन्छ, 'मैले त्यसको
केही भाग आगोमा जलाएँ, त्यसैको आगोमा
मैले रोटी पोलें। मैले मासु भुटेर खाएँ।
औ के म त्यसको बचेका भागबाट घिनलाग्दा
कुरा बनाऊँ? के म रूखको ठुटाको सामने
घोप्टो परूँ?' २० त्यसले खरानी बुकाउँछ,
धोकाबाजी हृदयले त्यसलाई यतिसम्म भ्रममा
पारेको छ, कि त्यसले न आफ्नो प्राणलाई
छुटकारा दिनसक्छ, नता भन्छ, 'के मेरो
हातको यो वस्तु झूट हो।''

२१ हे याकूब, हे इस्राएल, यी कुरालाई
सम्झना गर्, किनकि तँ मेरो दास होस्।
मैले तँलाई रचेको हुँ। तँ मेरो दास होस्।
हे इस्राएल, तँलाई म बिर्सनेछैनँ। २२ मैले
तेरा अपराधहरू बादलझैं र तेरा पापहरू
कुइरोझैं हटाइदिएँ। मतिर फर्की, किनकि
मैले तँलाई छुटाएको छु। २३ हे आकाश
गाऊ, किनकि परमप्रभुले त्यसो गर्नुभएको
छ। हे भूगर्भ हो, कराऊ। हे जङ्गल र
त्यहाँ भएको हरेक रूख हो, गाऊ, किनकि
परमप्रभुले याकूबलाई छुटाउनुभएको छ, र
उहाँ आफै इस्राएलमा महिमित हुनुहुन्छ।

२४ तेरा उद्धारक, र तँलाई गर्भमा
रच्ने परमप्रभु यसो भन्नुहुन्छ, म परमप्रभु
हुँ, जसले सारा थोकलाई बनायो, जसले
एक्लै आकाशलाई फैलायो, जसले पृथ्वीलाई
फिँजायो। मसित को थियो र? २५ म,
जसले झूटाहरूका चिह्न निष्फल तुल्याउँछु, र
जोखना हेर्नेहरूलाई बौलाहा तुल्याउँछु, जसले
बुद्धिमान मानिसलाई पछि हटाउँछु, र तिनी-
हरूका ज्ञानलाई मूर्खता तुल्याउँछु, २६ जसले
आफ्नो दासको वचनलाई पक्का गराउँछु, र
आफ्ना दूतहरूका युक्तिलाई पूरा गर्छु, जसले
यरूशलेमको बारेमा भन्छु, त्यसमा मानिस-
हरूको आबादी हुनेछ। औ यहूदाका
शहरहरूका बारेमा भन्छु, ती बनाइनेछन्,
र म त्यसका उजाड़ ठाउँहरूलाई खड़ा गर्नेछु।
२७ जसले सागरलाई भन्छ सुकिजा, म तेरा
नदीहरूलाई सुकाउनेछु। २८ जसले कोरेसका
बारेमा भन्छ, त्यो मेरो गोठाला हो, र मेरो
सबै इच्छा त्यसले पूरा गर्छ। यरूशलेमको
बारेमा पनि यसो भन्छ, त्यो फेरि बनाइनेछ।
औ मन्दिरको बारेमा चाहिं, 'तेरो जग
बसालिनेछ।'

४५ परमप्रभु यसो भन्नुहुन्छ, 'त्यसद्वारा
१ जाति जातिहरूलाई पराजित गर्नलाई,
राजाहरूका कम्मरका पटुका फुकाल्नलाई
ढोकाहरू खोल्नलाई, र मूल-ढोकाहरू बन्द
हुन नदिनलाई, मैले अभिषेक गरेको कोरेसको
हात मैले समातेको छु। २ म तेरो अगि
अगि जानेछु, र डाँड़ाहरूलाई समतल पार्नेछु।
पीतलका ढोकाहरू म टुक्रा टुक्रा पार्नेछु, र
फलामका बारहरू धुजा धुजा बनाउनेछु।
३ तँले यो थाह पाउनलाई कि म परमप्रभु हुँ,
जसले तँलाई तेरो नाउँ काढ़ेर बोलाएको छु।
मनै इस्राएलका परमेश्वर हुँ, म तँलाई
अँध्यारो ठाउँमा भएको धन र गुप्त स्थानमा
लुकाएका भण्डार दिनेछु। ४ मेरो दास
याकूब, मेरो चुनिएको इस्राएलको खातिर
मैले तँलाई तेरो नाउँ काढ़ेर बोलाएको हुँ।
तैंले मलाई नचिनेको भए तापनि मैले तँलाई
कुलनाउँ दिएको छु। ५ म परमप्रभु हुँ,
औ मबाहेक अरू कोही छैन। म सिवाय
अरू कोही परमेश्वर छैन। तैंले मलाई
नचिनेको भए तापनि म तँलाई तयार
पार्नेछु, ६ र पूर्वदेखि लिएर पश्चिमसम्म
मानिसहरूले जानून् कि मबाहेक अरू
कोही छैन। म परमप्रभु हुँ, र म सिवाय
अरू कोही छैन। ७ मैले उज्यालो बनाएँ,
औ अँध्यारोलाई सृष्टि गरें। शान्ति र दुष्टता
बनाउने मनै हुँ। म परमप्रभु हुँ, जसले
यी सारा काम गर्छ।

८ आकाश वृष्टि खन्या, बादलले

धार्मिकताको झरी वर्षाओस्। मुक्ति उत्पन्न
गराउनलाई पृथ्वी खोलिओस्, र धार्मिकता
साथसाथै बढ्‍न पाओस्। म, परमप्रभुलेनै
यो सृष्टि गरेको हुँ।
९ धिक्कार त्यसलाई, जसले आफ्नो
सृष्टिकर्तासित झगड़ा गर्छ! त्यो ता माटोको
खपटाहरूमध्ये एउटा खपटा मात्र हो! के
माटोले कुमालेलाई 'तैंले यो के बनाएको'
भनी खोज्छ? के तेरो कामले 'तेरो हातै
छैन?' भनी भन्छ? १० धिक्कार त्यसलाई,
जसले बाबुलाई भन्छ, 'तपाईं कसलाई
जन्माउनुहुन्छ? कि आमालाई भन्छ, 'केले
तपाईंलाई प्रसव वेदना भएको?'
११ परमप्रभु, इस्राएलका पवित्र परमप्रभु
र त्यसका सृष्टिकर्त्ता भन्नुहुन्छ, 'आउने कुरा-
हरूको विषयमा मलाई सोध। मेरा छोराहरू
र मेरा हातका कामका बारेमा तिमीहरू
मलाई आज्ञा देऊ। १२ पृथ्वी मैंलेनै
बनाएको हुँ, र त्यसमा मानिसहरूलाई सृजेको
हुँ। मैले, मेरै हातले आकाशलाई फिँजाएको
हो, र त्यसका सारा तारा-मण्डललाई मैलेनै आज्ञा
गरेको हुँ। १३ मैले कोरेसलाई धार्मिकतामा
खड़ा गरें, र म त्यसका सबै बाटो सीधा
पार्नेछु। त्यसले मेरो शहर बनाउनेछ, र
बन्धनमा परेका मेरा सबैलाई मुक्त गर्नेछ,
दाम लिएर होइन, नता इनाम लिएर,'
सेनाहरूका परमप्रभु यही भन्नुहुन्छ।
१४ परमप्रभु यसो भन्नुहुन्छ, 'मिश्र देशको
परिश्रम, कूश देशको व्यापार, र ठूला कदका
सवाई जातिहरू तेरो तर्फमा आउनेछन्, र
ती तेरा हुनेछन्। तिनीहरू तेरा पछि पछि
जानेछन्। साङ्लाले बाँधिएका भएर तिनीहरू
तँपट्टि आउनेछन्, र तिनीहरू तेरो सामने
झुक्नेछन्, र यसो भनेर तिनीहरूले तँलाई
बिन्ती गर्नेछन्, 'निश्चय, परमेश्वर तपाईंसँग
हुनुहुन्छ। अरू कोही छैन, उहाँबाहेक अरू
कोही परमेश्वर छैन'।' १५ हे इस्राएलका
परमेश्वर, हे उद्धारक, साँच्चै तपाईं गुप्त
रहने परमेश्वर हुनुहुन्छ। १६ तिनीहरू
लज्जित हुनेछन्, तिनीहरूका सबै काम विफल
हुनेछन्। मूर्ति बनाउनेहरू सबैका मुख
कालो हुनेछ। १७ तर इस्राएल चाहिं
परमप्रभुद्वारा बचाइनेछ। उहाँको सदा सर्वदाको
उद्धारद्वारानै तिनीहरू बचाइनेछन्। अनन्त-
कालसम्म तिमीहरू लज्जित हुनेछैनौ, नता
तिमीहरूको मुख कालो हुनेछ।
१८ स्वर्ग सृजने परमप्रभु यसो भन्नुहुन्छ,
(उहाँ परमेश्वर हुनुहुन्छ!) जसले पृथ्वी
रच्नुभयो र बनाउनुभयो। (उहाँले त्यो स्थिर
गर्नुभयो, उहाँले त्यो व्यर्थको वस्तु सृष्टि
गर्नुभएन, उहाँले त्यो आबाद गर्नलाई बनाउनु-
भयो।) म परमप्रभु हुँ, मबाहेक अरू कोही
छैन। १९ मैले गुप्तमा बोलेको छैनँ,
अन्धकारको देशमा म बोलेको छैनँ। मैले
याकूबको सन्तानलाई भनिनँ, तिमीहरू मलाई
व्यर्थमा खोज। म, परमप्रभु सत्य बोल्दछु,
म ठीक ठीक कुरा बताउँदछु।
२० तिमीहरू जम्मा भएर आऊ। एकसाथ
नजीक आऊ। तिमीहरू, जो जाति जातिका
बाँचेका हो! आफ्ना काठका मूर्तिहरू बोकि-
हिंड्नेहरू, र बचाउन नसक्ने देवतालाई
प्रार्थना गर्नेको बुद्धि हुँदैन। २१ तिनीहरूका
कुरा बताऊ, र पेश गर तिनीहरूले
आपसमा सल्लाह गरून्! यो कुरा कसले
प्राचीन समयदेखि देखाएको छ? औ
उहिलेदेखि कसले बताएको छ? के म,
परमप्रभुले होइन र? मबाहेक अरू कोही
परमेश्वर छैन। न्याय गर्ने परमेश्वर उद्धारक,
मबाहेक अरू कोही छैन। २२ हे पृथ्वीका
सबै टाढ़ा टाढ़ाका हो, मतिर हेर, र उद्धार
पाऊ, किनकि म परमेश्वर हुँ, औ अरू
कोही छैन। २३ मैले आफ्नो जीवनको शपथ
खाएको छु, मेरो वचन धार्मिकतामा मेरो
मुखबाट निस्केको छ, औ त्यो फर्कनेछैन।
'हरेक घुँडा मेरै सामने टेकिनुपर्नेछ। हरेक
जिब्रोले मेरै नाउँ लिए शपथ खानेछ।'
२४ मेरो विषयमा मानिसले भन्नेछ, 'परम-
प्रभुमानै धार्मिकता र शक्ति छ। उहाँप्रति

रीस गर्नेहरू सबै उहाँकहाँनै आउनेछन्, र
लज्जित हुनेछन्। २५ परमप्रभुमानै इस्राएलका
सबै वंश धर्मी ठहरिनेछन्, र तिनीहरूले
उहाँको महिमा गर्नेछन्

परमप्रभु र बाबेलका देवताहरू

४६ बाल देवता झुक्छ, नबो देवता
निहुरिन्छ। तिनीहरूका मूर्तिहरू
पशुमाथि र गाईवस्तुमाथि छन्। तिनीहरूले
लिएर हिंड्का थोकहरू थाकेका पशुहरूमाथि
भारीझैं लादिएका छन्। २ ती निहुरिन्छन्,
र सँगसँगै झुक्छन्। तिनीहरूले भारी छुटाउन-
सक्तैनन्, तर तिनीहरू आफै कैदमा
जान्छन्।

३ मतिर कान लगाऊ, हे याकूबका
परिवार, इस्राएलका परिवारका बाँचेका सबै
जना, जसलाई मैले जन्मदेखिनै बोकेको छु,
जसलाई गर्भदेखि बोकेर हिंड्को छु।
४ तिमीहरूको बूढ़ेसकालसम्म पनि म उही
हुनेछु। औ तिमीहरूका कपाल फुलेको
अवस्थासम्म पनि म तिमीहरूलाई बोक्नेछु।
मैले बनाएको हुँ, र म बोक्नेछु। म बोकेर
हिंड्नेछु र बचाउनेछु। ५ तिमीहरू मलाई
कोसँग तुलना गर्नेछौ, र कसको बराबरी
तुल्याउनेछौ? कि को जस्तो हुनालाई त्यससित
मलाई मिलान गर्छौ? ६ थैलाबाट सुन
झिकेर कि काँटामा चाँदी जोख्नेहरूले एउटा
सुनारलाई ज्यालामा लगाएर त्यसबाट देवता
बनाउँछ। तिनीहरू त्यसको सामने घोप्टो
पर्छन् र त्यसलाई पुज्छन्। ७ तिनीहरू
त्यसलाई काँधमा हालेर बोकेर लैजान्छन्,
र त्यसलाई त्यसको स्थानमा राख्छन्, र त्यो
त्यहाँ खड़ा रहन्छ। त्यसको स्थानबाट त्यो
चहहल गर्दैन। कसैले त्यसको सामने दुहाई
दिए तापनि त्यसले जवाफ दिनसक्तैन, नता
त्यसलाई त्यसको दुःखदेखि बचाउनसक्छ।

८ हे अपराधी हो, यस कुरालाई फेरि
मनमा गुन। ९ अघि अघिका पूराना
कुराहरूलाई सम्झ, किनकि म परमेश्वर हुँ,
औ मबाहेक अरू कोही छैनँ। म परमेश्वर
हुँ, म जस्तै अरू कोही छैन। १० म
आदिदेखि अन्तसम्मको, र प्राचीन समयदेखि
अहिलेसम्म नभएका कुराहरू यसो भनेर
घोषणा गर्छ, 'मेरो उद्देश्य ठहर्नेछ, र म
आफ्नो सबै इच्छा पूरा गर्नेछु।' ११ म
पूर्वबाट शिकारी पक्षीलाई, र टाढ़ा देशबाट
मेरो युक्ति पूरा गर्ने मानिसलाई डाक्नेछु।
मैले यो अभिप्राय गरेको छु। र म त्यो
गर्नेनै छु।"

१२ हे कठोर हृदयका र उद्धारबाट टाढ़ा
रहेका हो, मेरो कुरा सुन। १३ म आफ्नो
उद्धार नजीक ल्याउनेछु, त्यो टाढ़ा रहनेछैन,
र मेरो मुक्तिले बियाँलो गर्नेछैन। मेरो
महिमा इस्राएल हो। त्यसको निम्ति म मेरो
मुक्ति सियोनमा राख्नेछु।

बाबेलको पतनमा विजयको स्तुतिगान

४७ हे बाबेलकी कन्या, तल ओर्लेर
धूलोमा बस्। हे कल्दीहरूकी छोरी,
सिंहासन बिनै भूइँमा बस्। किनभने अब
उप्रान्त तँ कोमल र सुकुमारी भनिनेछैनस्।
२ जाँतो लिएर पीठो पिँध्। घुम्टो हटा,
फरिया माथि सार्, नाङ्गो जाङ् देखाएर
नदी तर्। ३ तेरो नग्नता उघारिनेछ।
तेरो शर्म प्रकट हुनेछ। म तँसित बदला
लिनेछु, औ कुनै मानिसलाई म छोड़नेछैनँ।
४ हामीलाई छुटकारा दिनेको नाउँ सेनाहरूका
परमप्रभु, इस्राएलका पवित्र परमप्रभु हो।
५ हे कल्दीहरूकी छोरी, तँ चूप लागेर बस्,
र अँध्यारोमा जा, किनकि अब उप्रान्त तँ
राज्य राज्यकी स्वामिनी भनिनेछैनस्। ६ म
मेरो प्रजादेखि रिसाएँ। मैले मेरो निज-
भागलाई अपवित्र गरेँ, र तिनलाई तेरो
हातमा दिएँ। तैंले तिनीहरूलाई दया देखाइनस्।
बूढ़ा-पाकाहरूलाई तैंले आफ्नो गह्रौं जूवा
बोकाइस्। ७ तैंले भनिस्, 'म सदाको

निम्ति स्वामिनीनै भइरहनेछु।’ तर तैंले यो
कुरा आफ्नो हृदयमा राखिनस्, नता त्यसको
आखिरी नतीजालाई सम्झिस्।
८ यसकारण हे विलासी, बेपर्वाहिसित
बस्ने, हृदयमा ‘मै हुँ’ भन्ने, र ‘मबाहेक अरू
कोही छैन’ भन्ने, ‘म विधवा भएर बस्नेछैनँ,
नता छोरा-छोरीहरूको वियोग जान्नेछु’ भन्ने,
अब यो कुरा सुन्, ९ ‘यी दुइ कुरा
तँमाथि एकै दिन, एकै क्षणमा आइपर्नेछ
छोरा-छोरीहरूका वियोग र विधवापना।’
तेरो ज्यादै तंत्र-मंत्र र तैंले अति
प्रशस्त टुना-मुना गरे तापनि परिमाणभन्दा
ज्यादै तँमाथि आइपर्नेछ। १० किनभने
तैंले आफ्नो खराबीमाथि भरोसा राखेकी
छस्, तैंले भनेकी छस् ‘कसैले मलाई
देख्तैन’ तेरो ज्ञान र तेरो बुद्धिले तँलाई
भ्रममा पारेको छ, औ तैंले आफ्नो मनमा
भनेकी छस्, ‘म, मनै हुँ, मबाहेक अरू
कोही छैन।’ ११ यसैकारण विपत्ति तँमाथि
आइपर्नेछ, जो तैंले हटाउनसक्तैनस्।
सत्यानाश तँमाथि एक्कासि आइलाग्नेछ, जो
तैंले प्रायश्चित गरेर पनि टार्नसक्तैनस्।
१२ अब तैंले आफ्नो जवानीपनदेखि
परिश्रमसाथ गरिल्याएको तेरो टुना-मुना र
ज्यादै तंत्र-मंत्रमा अडिएर बस्। १३ तँ
आफ्ना धेरै युक्तिमा थकित भएकी छस्,
अब ज्योतिषीहरू, ग्रह हेर्नेहरू, हरेक औंसीका
भविष्य बताउनेहरू खड़ा होऊन्, र
तँमाथि आइपर्ने कुराहरू तँलाई बताऊन्।
१४ हेर्, तिनीहरू भूसजस्तै हुनेछन्।
आगोले तिनीहरूलाई जलाउनेछ। आगोका
ज्वालाबाट तिनीहरू आफैलाई बचाउन-
सक्तैनन्। त्यो ता आगो ताप्ने भुंग्रोजस्तै
हुँदैन, नता सामने बस्नलाई आगोजस्तो
हुनेछ। १५ जसको निम्ति तैंले परिश्रम
गरेको थिइस्, ती कुराहरू यस्तै हुनेछन्।
तँसित जवानी अवस्थादेखिनै व्यापार गर्दै
आउनेहरू हरेक आफ्नो आफ्नो बाटो
लाग्नेछ। तँलाई बचाउने कोही हुनेछैन।

४८ यी कुरा सुन, हे याकूबका परिवार हो,
जो इस्राएलको नाउँले बोलाइएका
हौ, जो यहूदाको कम्मरबाट निस्केका हौ,
तिमीहरू, जसले परमप्रभुको नाउँमा शपथ
ता खान्छौ र इस्राएलका परमेश्वरको नाउँको
चर्चा ता गर्छौ, तर सत्यता र धार्मिकतामा
होइन। २ तिनीहरू आफै पवित्र शहरका हौं
भनी भन्छन्, इस्राएलका परमेश्वरमा भर
पर्छन्। सेनाहरूका परमप्रभुनै उहांको नाउँ
हो। ३ मैले प्राचीन समयको शुरूदेखिका
कुराहरू बताइदिएको छु। ती मेरा
मुखबाट निस्के, र मैले ती देखाइदिएँ।
मैले झट्टै ती गरें, र ती हुनआए।
४ किनभने मैले जान्दथिएँ, कि तँ अट्टेरी
छस्, र तेरो गर्दन चाहिं फलामको
नसाजस्तै छ, तेरो निधार पीतलको जस्तो
छ। ५ यसैकारण मैले यो तँलाई प्राचीन
समयदेखि बताइदिएँ। त्यो हुनआउन अघिनै
मैले यो तँलाई देखाएँ, नत्रता तैंले भन्ने-
थिइस् ‘मेरो मूर्तिले त्यो गरेको हो, मेरो
खोपिएको प्रतिमा र मेरो ढालेर बनाएको
प्रतिमालेनै त्यो आज्ञा गरेको हो।’
६ तैंले यो सुनेको छस्, यो सबै हेर्,
औ के तिमीहरूले यो बताएका छैनौ र?
यस समयदेखि मैले तँलाई नयाँ कुराहरू
देखाएको छु, गुप्त कुराहरू पनि, जो तैंले
जानेकै थिइनस्। ७ ती अहिले रचिएका
हुन्, प्राचीन समयदेखि ता होइन यस
दिनभन्दा अघि तैंले तिनका विषयमा सुनेको
थिइनस्, नत्रता तैंले भन्ने थिइस्, ‘हेर,
मैले ती जानेको थिएँ।’ ८ तैंले नता
सुनेको थिइस्, न जानेको थिइस्, नता
प्राचीन समयदेखि तेरो कान खुलेको
थियो। किनभने म जान्दछु, कि तैंले बड़ो
धोकासित व्यवहार गरेको थिइस्, र
गर्भदेखि तँ अपराधी भनिएको थिइस्।
९ मेरो नाउँको खातिर म मेरो रीसलाई
रोकिराख्नेछु, र तँलाई नाश नगर्नलाई म
मेरो महिमाको निम्ति तँदेखि हट्नेछैनँ।

१० हेर्, मैले तँलाई खारेको छु, तर
चाँदीजस्तो ता होइन। मैले तँलाई कष्टको
भट्टीमा जाँचेको छु। ११ मेरो आफ्नै
खातिर म त्यो गर्नेछु कसरी म मेरो
नाउँलाई अपवित्र हुन दिन्छु र मेरो
महिमा म अरूलाई दिन्नँ।
१२ हे याकूब, हे मैले बोलाएको मेरो
इस्राएल, मेरो कुरा सुन्। म त्यही हुँ।
आदि, र अन्त पनि म हुँ। १३ मेरो
हातले पृथ्वीको जग बसालेको हो। औ
मेरो दाहिने हातले आकाश फिँजाएको हो।
मैले तिनीहरूलाई बोलाउँदा ती एकसाथ
खड़ा हुन्छन्। परमप्रभुले कोरेसद्वारा इस्राएललाई
छुटाउनुहुनेछ, कोरेसद्वारा परमप्रभुले इस्राएलको
उद्धार गर्नुहुनेछ। १४ तिमीहरू सबै जम्मा
भएर सुन। तिमीहरूमध्ये कसले यो कुरा
बतायो ? परमप्रभुले तिनलाई प्रेम गर्नुभएको
छ। उहाँले बाबेलमा आफ्नो इच्छा पूरा
गर्नुहुनेछ, र उहाँको बाहुबल कल्दीहरूका
विरुद्धमा पर्नेछ। १५ मैले, मैलेनै यो
भनेको छु। 'मैले त्यसलाई बोलाएको
छु। मैले त्यसलाई ल्याएको छु, र
त्यो आफ्नो बाटोमा सफल हुनेछ।
१६ तिमीहरू मेरो नजीक आऊ।
तिमीहरू यो सुन। शुरूदेखिनै मैले गुप्तमा
भनेको छैनँ। यो भएको समयदेखिनै म
छँदैछु।' औ अब परमप्रभु परमेश्वरले मलाई
र उहाँको आत्मालाई पठाउनुभएको छ।
१७ परमप्रभु, जो तेरा उद्धारक र
इस्राएलका पवित्र परमप्रभु हुनुहुन्छ, उहाँ
भन्नुहुन्छ, 'म परमप्रभु तेरा परमेश्वर हुँ,
जसले तेरो फायदाको निम्ति तँलाई सिकाउँछ।
जसले तँ जाने बाटोमा तँलाई डोर्‍याउँछ।
१८ यदि तैँले मेरा आज्ञाहरू पाल्न गरेको
भएता तेरो शान्ति नदीझैँ र तेरो धार्मिकता
समुद्रका छालहरूझैँ हुनेथियो! १९ तेरो
वंश पनि बालुवासरह हुनेथियो, र तेरा
सन्तान त्यसका कणासरह हुनेथियो! त्यसको
नाउँ मबाट कहिल्यै काटिने थिएन!
त्यो मेरो सामने नाश हुने थिएन।'
२० बाबेलबाट निस्केर आऊ। कल्दीहरूको
देशबाट भाग। गाउँदै गाउँदै यो कुराको
घोषणा गर। यो सुनाऊ, पृथ्वीको पल्लो
छेउसम्म पनि सुनाऊ। तिमीहरू प्रचार गर,
'परमप्रभुले आफ्नो दास याकूबको उद्धार
गर्नुभएको छ!' २१ जब उहाँले तिमीहरू-
लाई मरूभूमिको बाटो भएर लैजानुभयो, तब
तिनीहरू तिर्खाएनन्। उहाँले चटानलाई
दुइ भाग पार्नुभयो, र पानी बगेर निस्कयो।
२२ 'दुष्टहरूलाई शान्ति हुँदैन,' परमप्रभु
भन्नुहुन्छ।

४९ हे समुद्र किनारका देश हो, ध्यानसित
मेरो कुरा सुन, हे टाढ़ाका मानिस
हो, सुन। परमप्रभुले मलाई गर्भदेखि
बोलाउनुभयो। मेरो आमाको पेटदेखिनै
उहाँले मेरो नाउँको चर्चा गर्नुभयो।
२ उहाँले मेरो मुख लाग्ने तरवारजस्तै
बनाउनुभयो। उहाँले मलाई आफ्नो हातको
छाहारीमनि लुकाउनुभयो। उहाँले मलाई
तीखो काँड़ बनाउनुभयो, र उहाँले मलाई
आफ्नो ठोक्रामा गुप्त राख्नुभयो। ३ उहाँले
मलाई भन्नुभयो, 'तँ मेरो दास इस्राएल
होस्। तँमानै म महिमित हुनेछु।' ४ तर
मैले भनेँ, 'मैले व्यर्थमा परिश्रम गरेँ। मेरो
बल मैले त्यसै र व्यर्थमा खर्च गरेँ। तापनि
निश्चय मेरो इन्साफ परमप्रभुमा छ, र मेरो
प्रतिफल मेरा परमेश्वरको हातमा छ।'
५ तर अब मलाई उहाँको दास हुन,
याकूबलाई फेरि उहाँकहाँ ल्याउन, र
इस्राएललाई उहाँकहाँ जम्मा गर्न मलाई
गर्भदेखिनै रच्नुहुने, परमप्रभु भन्नुहुन्छ,
किनकि परमप्रभुको दृष्टिमा म मानको
गनिएको छु, र मेरा परमेश्वर मेरो बल
हुनुभएको छ। ६ उहाँ भन्नुहुन्छ, 'याकूबको
वंशलाई खड़ा गर्न, र इस्राएलको जोगाई
राखेको सन्तानलाई फेरि स्थापित गर्न, तँ मेरो
दास हुनु भन्ने कुरो अति सानो छ। तर

पृथ्वीको पल्लो छेउसम्म मेरो उद्धार पुगोस्
भनी अन्यजातिहरूकहाँ एउटा ज्योति म
तँलाई बनाउनेछु।’

इस्राएलको उद्धार

७ शासकहरूका दास, जसलाई मानिस-
हरूले तुच्छ ठान्छन्, जसलाई जाति
जातिहरूले घृणा गर्छ, उसलाई परमप्रभु, जो
उद्धारक र इस्राएलका पवित्र परमप्रभु हुनुहुन्छ,
उहाँ यसो भन्नुहुन्छ, राजाहरूले तँलाई
देख्नेछन्। र तिनीहरू खड़ा हुनेछन्।
राजकुमारहरूले पनि खड़ा भएर तँलाई
दण्डवत् गर्नेछन्। विश्वासयोग्य परमप्रभुको
कारण तँलाई चुन्नुहने इस्राएलका पवित्र
परमप्रभुको कारण।
८ परमप्रभु भन्नुहुन्छ, निगाहको समयमा
मैले तँलाई जवाफ दिएको छु, र उद्धारको
दिनमा मैले तँलाई सहायता दिएँ। देश
स्थापित गर्न, र उजाड़ ठाउँहरू अधिकारको
निम्ति बाँड़िदिन मैले तँलाई जोगाइराखेर
करारको रूपमा मानिसहरूलाई दिएको
छु। ९ कैदीहरूलाई ‘निस्केर आऊ,’
अन्धकारमा हुनेहरूलाई ‘देखा पर’ भनी
भनेको छु। तिनीहरूले बाटोमा खान
पाउनेछन्, र सबै नाङ्गो डाँड़ाहरू तिनीहरूका
खर्क हुनेछन्। १० तिनीहरू भोकाउनेछैनन्,
तिर्खाउनेछैनन्, घामको तापले तिनीहरूलाई
पोल्नेछैन, किनकि तिनीहरूमाथि कृपा
गर्नेले तिनीहरूलाई डोर्‍याउनुहुनेछ। पानीको
धारानेर उहाँले तिनीहरूलाई अगुवाइ
गर्नुहुनेछ। ११ औ म मेरा सबै पर्वतहरू
बाटो बनाइदिनेछु, र मेरा मूलबाटोहरू
उच्च पारिनेछन्। १२ हेर, ती टाढ़ादेखि
आउनेछन्। औ ती उत्तर पश्चिमदेखि
र सिनिमको देशदेखि आउनेछन्। १३ हे
आकाश, गाऊ। हे पृथ्वी, आनन्दित
होऊ। हे पर्वत हो, गला खोलेर गाऊ।
किनकि परमप्रभुले आफ्नो प्रजालाई सान्त्वना
दिनुभएको छ, र कष्ट पाएको उहाँको
प्रजामाथि उहाँले टिठाउनुभएको छ।
१४ तर सियोनले भन्यो, ‘परमप्रभुले
मलाई त्याग्नुभएको छ। मेरा परमप्रभुले
मलाई बिर्सनुभएको छ।’ १५ ‘के कुनै
स्त्रीले आफ्नो दूधे-बालकलाई बिर्सनसक्छ र?
आफ्नो गर्भको बालकलाई के त्यसले टिठाउँदैन
र? यिनीहरूले बिर्सन पनि सक्छन्, तर
म ता तँलाई बिर्सनसक्तिनँ।’ १६ हेर्,
मैले तँलाई मेरो हत्केलामा खोपेको छु।
तेरा पर्खालहरू निरन्तर मेरै सामने छन्।
१७ तँलाई बनाउनेहरूले नष्ट गर्नेहरूलाई
उछिन्नेछन् र तँलाई उजाड़ गर्नेहरू तेरो
सामनेबाट निस्केर जानेछन्। १८ तेरा
आँखा उचालेर चारैतिर हेर्। ती सबै जम्मा
भएर तँकहाँ आउँछन्। म जीवित परमप्रभु
हुँ, उहाँ भन्नुहुन्छ, यसकारण तँ निश्चय
गहनाले सिङ्गारिएझैँ यी सबले सिङ्गारिनेछस्,
र दुलहीले झैँ तँले यी सबै लगाउनेछस्।
१९ किनभने तेरा बाँझो र उजाड़
ठाउँहरू र तेरा नाश पारिएको देशमा चाहिँ
निश्चय अब तेरा बासिन्दाहरू खचाखच
हुनेछन्, र तँलाई निल्नेहरू चाहिँ टाढ़ा
हुनेछन्। २० वियोगको समयमा जन्मेका
तेरा छोरा-छोरीहरूले तेरो कानमा फेरि यसो
भन्नेछन्, ‘यो जग्गा मेरो निम्ति साह्रै
खचाखच छ। मलाई बस्ने जग्गा दिनुहोस्।’
तब तँले तेरो मनमा भन्नेछस्, २१ ‘म
वियोगमा परेकी, बाँझी, वनबासी र
त्यागिएकी थिएँ, तर यिनीहरूलाई मेरो
निम्ति कसले जन्मायो? औ कसले यिनी-
हरूलाई हुर्कायो? हेर, म एक्लै छोड़िएकी
थिएँ। यिनीहरू चाहिँ कहाँबाट आए?’
२२ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
‘हेर, म आफ्नो हात अन्यजातिहरूतिर
उठाउँछु, र मेरो झण्डा जाति जातिहरूको
सामने खड़ा गर्छु। तब तिनीहरूले तेरा
छोराहरूलाई, आफ्ना हातमा बोकेर
ल्याइदिनेछन्, र छोरीहरू तिनीहरूका

आङ्मा बोकिनेछन्। २३ राजाहरू तेरा
धर्म-बाबु र रानीहरू तेरा धर्म-आमा हुनेछन्।
तिनीहरू भूइँमा पल्टिएर तँलाई दण्डवत्
गर्नेछन्, र तेरो खुट्टाको धूलो चाट्नेछन्।
अनि तैंले जान्नेछस् कि म परमप्रभु हुँ,
औ मेरो बाटो हेर्नेहरू शर्ममा पर्नेछैनन्।'

२४ के बलियोका हातबाट शिकार खोसेर
लानसकिन्छ ? अथवा निष्ठूर शासकका कैदीहरू
छुटाइन सक्छन् र ? २५ तर परमप्रभु
यसो भन्नुहुन्छ, बलियाका कैदीहरू पनि
लगिनेछन्, र निष्ठूर शासकका शिकार पनि
छुटाइनेछ, किनकि तँसित झगड़ा गर्नेसित
म आफै झगड़ा गर्नेछु, र तेरा छोरा-छोरी-
हरूलाई म बचाउनेछु। २६ औ तँलाई
अत्याचार गर्नेहरूलाई म तिनीहरूको आफ्नै
मासु खुवाउनेछु। दाखमद्यले मतवाला भएझैं
तिनीहरू आफ्नै रगतले मतवाला हुनेछन्।
औ सारा प्राणीले यो कुरा थाह पाउनेछन् कि
म परमप्रभु तेरा उद्धारक—तँलाई उद्धार
गर्ने, याकूबको शक्तिशाली परमप्रभु हुँ।

५० परमप्रभु यसो भन्नुहुन्छ, मैले त्यसलाई
त्यागेर दिएको तेरो आमाको त्याग-
पत्र कहाँ छ ? मैले तिमीहरूलाई बेचेको मेरो
साहूकार कुन हो ? हेर, तिमीहरूकै अधर्महरूले
गर्दा तिमीहरू बेचियौ, र तिमीहरूका अपराध-
हरूको कारण तिमीहरूका आमा त्यागिएको
हो। २ के कारण हो, कि म त्यहाँ आउँदा
कोही मानिस थिएन ? के कारण हो, कि
मैले बोलाउँदा मलाई जवाफ दिने त्यहाँ कोही
थिएन ? के मेरो हात तिमीहरूलाई छुटाउन
नसक्ने गरी शक्तिहीन भएको छ ? कि के
उद्धार गर्ने शक्ति मसित छैन र ? हेर, मैले
हप्काउँदा समुद्र सुकिजान्छ, र नदीहरू मरुभूमि
हुन्छन्। पानी नभएर त्यहाँका माछाहरू
सड्छ र तिर्खाले मर्छ। ३ म आकाश-
लाई अन्धकारले ढाक्छु, र त्यसलाई भाङ्ग्रा
ओढाइदिन्छु।'

परमप्रभुको दासको भरोसा

४ थाकेकोलाई वचनले कसरी बल दिनु
पर्ने हो सो जान्नसकूँ भनेर परमप्रभुले मलाई
सिक्नेहरूको बोली दिनुभएको छ। उहाँले
मलाई बिहानैपिच्छे जगाउनुहुन्छ। सिक्नेहरूलाई
झैं सुन्न उहाँले मेरो कान खोलिदिनुहुन्छ।
५ परमप्रभु परमेश्वरले मेरो कान खोल्नुभएको
छ, र म बागी भइनँ। औ पछि पनि
हटिनँ। ६ मैले मेरो पीठ पिट्नेहरूलाई, र
दाही लुछ्नेहरूलाई मेरो गाला फर्काइदिएँ।
अपमानित हुन र थुकिमारनबाट मैले मेरो
मुख लुकाइनँ। ७ किनकि परमप्रभु परमेश्वरले
मलाई सहायता गर्नुहुनेछ, यसैकारण म
शर्ममा पर्नेछैनँ। तर मैले मेरो मोहोड़ा
पत्थरजस्तै स्थिर पारेको छु, र मलाई थाह
छ कि म लाजमा पर्नेछैनँ। ८ मलाई
धर्मी ठहराउनुहुने मेरो नजीकै हुनुहुन्छ।
को मसित बहस गर्नेछ र ? हामी एकसाथ
खड़ा होऔं। मेरो विरोधी को हो ? त्यो
मेरो नजीक आओस्। ९ हेर, परमप्रभु
परमेश्वरले मलाई सहायता गर्नुहुनेछ। मलाई
दोषी ठहराउने को हुनेछ ? हेर, तिनीहरू
सबै लुगाझैं पुराना हुनेछन्। कीराले
तिनीहरूलाई खाइहाल्नेछ।

१० तिमीहरूमध्ये को छ, जसले
परमप्रभुको डर मान्छ, जसले उहाँको दासको
कुरा सुन्छ, जो ज्योतिविना अन्धकारमा हिंड्छ
तापनि परमप्रभुको नाउँमा त्यसले भरोसा गर्छ र
परमेश्वरमा अड़ेस लागिरहन्छ ? ११ हेर,
तिमीहरू सबै आगो बालेर, औ अगुल्टो
सल्काएर आफैले बालेको आगोको ज्योतिमा
हिंड्छौ। तिमीहरूले मेरो हातबाट यही
पाउनेछौ, अर्थात् तिमीहरू कष्टमा परिरहनेछौ।

परमप्रभुका कार्यमा इस्राएलको साहस

५१ हे उद्धारको पछि लाग्ने हो, हे
परमप्रभुलाई खोज्ने हो, मेरो कुरा

सुन, 'जुन चटानबाट तिमीहरू कुँदियौ, र जुन
खानिबाट तिमीहरू निकालियौ त्यसलाई हेर।
२ तिमीहरूका पुर्खा अब्राहाम र तिमीहरूलाई
जन्माउने सारालाई हेर। अब्राहाम एक
मात्र हुँदानै मैले त्यसलाई बोलाएँ, र मैले
आशिष दिएर त्यसद्वारा धेरै सन्तान बनाएँ।
३ त्यसरी परमप्रभुले सियोनलाई सान्त्वना
दिनुहुनेछ। उहाँले त्यसका सब उजाड़
स्थानहरूलाई सान्त्वना दिनुहुनेछ। औ त्यसको
उजाड़-भूमिलाई अदनको बगैँचाझैँ, र त्यसका
मरूभूमिलाई परमप्रभुको बगैँचाझैँ बनाउनुहुनेछ।
हर्ष र आनन्द, धन्यवाद र गीतको सोर त्यहाँ
सुनिनेछ।

४ हे मेरो प्रजा हो, मेरो कुरामा
ध्यान देऊ। हेर मेरो जाति हो, मेरो कुरामा
कान थाप, किनकि मबाट व्यवस्था निस्कनेछ,
र म मेरो इन्साफ मानिसहरूको ज्योतिको
निम्ति स्थिर गराउनेछु। ५ मेरो उद्धार
आइपुग्यो, मेरो उद्धार निस्क्यो। मेरो
बाहुबलले जाति जातिहरूमाथि शासन गर्नेछ।
समुद्रका किनारका देशहरूले मेरो बाटो
हेर्नेछन्, र मेरो बाहुबलमा तिनीहरूले
आशा राख्नेछन्। ६ तिमीहरू आफ्ना
आँखा स्वर्गतिर उठाएर पृथ्वीलाई हेर,
किनकि आकाश धुवाँझैँ लोप हुनेछ, र पृथ्वी
लुगाझैँ फुत्रो हुनेछ, र त्यसमा बस्नेहरू त्यही
किसिमले मर्नेछन्। तर मेरो मुक्ति नित्य
रहनेछ, र मेरो उद्धार खतम हुनेछैन।

७ 'हे धार्मिकतालाई बुझ्नेहरू, तिमीहरू
जसको हृदयमा मेरो व्यवस्था छ, मेरो कुरा
सुन। मानिसहरूको निन्दादेखि नडराऊ, नता
तिनीहरूका गिल्लादेखि निरुत्साहित होऊ।
८ किनकि लुगा खाएझैँ माऊले तिनीहरूलाई
खानेछ। ऊन खाएझैँ कीराले तिनीहरूलाई
खानेछ। तर मेरो उद्धार सदाको निम्ति
रहनेछ, र मेरो मुक्ति पुस्तादेखि पुस्तासम्म।

९ जाग्, जाग्, हे परमप्रभुको बाहु,
शक्ति धारण गर्, र प्राचीन कालमा झैं,
उहिलेका पुस्ताहरूको समयमा झैं, जाग्। के
तपाइं त्यही हुनुहुन्न, जसले राहाबलाई टुक्रा-
टुक्रा पार्नुभयो, र अजीङ्गरलाई छेड्नुभयो?
१० के तपाइं त्यही हुनुहुन्न, जसले समुद्र
सुकाउनुभयो, अथाह समुद्रको पानी सुकाउनु-
भयो, र आफूले उद्धार गर्नुभएकाहरूलाई
पार गर्नको निम्ति समुद्रको गहीराइलाई बाटो
बनाइदिनुभयो? ११ परमप्रभुले छुटाउनुभएका-
हरू फर्केर सियोनमा भजन गाउँदै आउनेछन्,
र तिनीहरूका मनमा सदा सर्वदा आनन्द
हुनेछ। तिनीहरूले आनन्द र हर्ष प्राप्त
गर्नेछन्। औ शोक र सुस्केरा दूर हुनेछ।

१२ तिमीहरूलाई सान्त्वना दिने मनै हुँ।
मरणशील मानिस, अर्थात् घाँसजस्तै ओइलाउने
मानिसको छोरादेखि तँ किन डराउँछस्?
१३ आकाशलाई फैलाउनुहुने र पृथ्वीको जग
बसाल्नुहुने आफ्ना सृष्टिकर्त्तालाई भुलेर अत्या-
चारीले नाश गर्न खोज्दा तँ किन दिनभरि
लगातार डराउँछस्? १४ बन्धुवा चाँड़ै
मुक्त हुनेछ। त्यो मर्नेछैन। त्यो कैदमा
पर्नेछैन। औ त्यसको रोटी घट्नेछैन। १५ किनकि
म तेरा परमप्रभु परमेश्वर हुँ, जसले समुद्रलाई
चलाउँछ, र छालहरू गर्जन्छन्। उहाँको नाउँ
सेनाहरूका परमप्रभु हो। १६ आकाशलाई
फैलाउँदै र पृथ्वीको जग बसाल्दै, औ
सियोनलाई 'तँ मेरो प्रजा होस्' भन्दै मैले
मेरो कुरा तेरो मुखमा हालिदिएको छु, र
मेरो हातको छायामनि तँलाई छोपिराखेको
छु।'

यरूशलेमको शोक आनन्दमा परिवर्त्तन

१७ ए यरूशलेम, तँ जसले परमप्रभुको
हातबाट रीसको ज्वाला पिएको छस्, र
धरमराइ दिने कचौराबाट पिएर त्यो रित्याएको
छस्। तँ जाग्, तँ जाग्। १८ आफूले
जन्माएका सबै छोराहरूमध्ये त्यसलाई डोर्‍याउने
कोही पनि छैन। त्यसले हुर्काएका
छोराहरूमध्ये कोही यस्ता छैन, जसले त्यस-
लाई हातमा समातेर लैजान्छ। १९ यी

दुइ कुरा तँमाथि आइलागेका छन्—तेरो लागि कसले विलाप गर्नें ? उजाड़ र नाश अनिकाल र तरवार! मैंले तँलाई कसरी सान्त्वना दिने ? २० तेरा छोराहरूले मुर्च्छा खाएका छन्। पासोमा परेको चित्तलझैं तिनीहरू सड़कका कुइन्याटोमा पड़िरहेका छन्। तिनीहरू परमप्रभुको रीस र तेरा परमेश्वरको हप्काइले पूर्ण भएका छन्।

२१ यसैकारण तँ दुःखित र मात्तिएकी छस्। तर दाखमद्यले ता होइन, यो कुरा सुन्। २२ परमप्रभु, तेरा परमप्रभु, अर्थात् आफ्नो प्रजाको निम्ति मामिला लड़्नुहुने तेरा परमेश्वर, यो भन्नुहुन्छ, 'हेर्, मैले तेरो हातबाट त्यो थरमराइदिने कचौरा लिएको छु, अर्थात् मेरो क्रोधको कचौरा! तैंले त्यो फेरि कहिल्यै पिउनेछैनस्। २३ औ म त्यो तँलाई सताउनेहरूका हातमा दिनेछु जसले तँलाई भनेका छन्, 'घोप्टो पर्, र हामी तँमाथि टेकेर हिंड़नेछौं।' तिनीहरू हिंड़्न भनेर तैंले आफ्नो पीठ भूइँ र सड़कजस्तै तुल्याइदिएको छस्।'

यरूशलेमको गौरवपूर्ण परिवर्त्तन

५२ जाग्, जाग्, ए सियोन आफ्नो शक्ति धारण गर्, ए पवित्र शहर यरूशलेम, आफ्नो सुन्दर पोशाक लगा, किनकि अब उप्रान्त तँभित्र खतना नभएका र बिटुलिएकाहरू आउनेछैनन्। २ तेरो धूलो टक्टका। ए यरूशलेम, उठेर बस्। हे कैदमा परेकी सियोनको छोरी, तेरो घिच्रोको बन्धन फुकालिदे।

३ किनकि परमप्रभु यसो भन्नुहुन्छ, 'तिमीहरू सित्तैंमा बेचियौ, र तिमीहरू रुपियाँ-बिनै छुटाइनेछौ।' ४ किनकि परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'मेरो प्रजा मिश्र देशमा पहिले त्यहाँ बसोबासो गर्न गए, र अश्शूरहरूले अकारण तिनीहरूलाई अत्याचार गरे।' ५ यसकारण अब परमप्रभु भन्नुहुन्छ, 'मेरो यहाँ के छ र? किनकि मेरो प्रजा सित्तैंमा लगियो।' परमप्रभु भन्नुहुन्छ, 'तिनीहरूका शासकहरू विलाप गर्छन् र मेरो नाउँको दिनभरि निरन्तर निन्दा भइरहन्छ। ६ यसैकारण मेरो प्रजाले मेरो नाउँ चिन्नेछ। औ तिनीहरूले त्यो दिन जान्नेछन् कि बोल्ने मनै हुँ। हेर, त्यो मनै हुँ।' ७ शुभ समाचार ल्याउनेको खुट्टा डाँड़ाहरू हुँदो कति सुन्दर छ, जसले शान्तिको प्रचार गर्दछ, जसले कल्याणको शुभ समाचार ल्याउँछ, जसले मुक्तिको प्रचार गर्दछ, जसले सियोनलाई भन्दछ, 'तेरा परमेश्वर राज्य गर्नुहुन्छ।' ८ तेरो पहरादारको सोर सुन्, तिनीहरू आफ्नो सोर उचालेर एकसाथ गाउँछन्। किनकि परमप्रभु सियोनमा आउनुहुँदा तिनीहरूले उहाँलाई मुखामुख देख्नेछन्। ९ आनन्दले एकसाथ गाऊ, हे यरूशलेमका उजाड़ ठाउँ हो, किनकि परमप्रभुले आफ्नो प्रजालाई सान्त्वना दिनुभएको छ। उहाँले यरूशलेमको उद्धार गर्नुभएको छ। १० सारा जातिको दृष्टिको सामने परमप्रभुले आफ्नो पवित्र बाहुबल प्रकट गर्नुभएको छ, र पृथ्वीको पल्लो छेउका लोकहरूले पनि हाम्रा परमेश्वरको मुक्तिलाई देख्नेछन्।

११ गइहाल, गइहाल, त्यहाँबाट जाऊ! अशुद्ध थोक नछोऊ! हे परमप्रभुका पात्र बोक्ने हो, त्यसको बीचबाट निस्केर जाऊ। तिमीहरू आफैलाई शुद्ध पार। १२ तिमीहरू हतार हतार गरेर जानेछैनौ, नता तिमीहरू भागेर जानेछौ, किनकि परमप्रभु तिमीहरूका अगिअगि जानुहुनेछ, इस्राएलका परमेश्वर तिमीहरूका पछिल्तिर हुनुहुनेछ।

परमप्रभुको दासको दुःखको अर्थ

१३ हेर, मेरो दास सफल हुनेछ। त्यो उच्च पारिनेछ र अल्गाइनेछ। औ अति उच्च हुनेछ। १४ त्यसदेखि धेरै मानिसहरू छक्क पर्नेछन्। उसको अनुहार चिन्नै नसकिने

गरी, उसको रूप मानिसको भन्दा ज्यादै बिग्रेको
थियो । १५ त्यसरीनै उसले धेरै जातिहरूलाई
भ्रसङ्ग पार्नेछ। राजाहरू उसको कारण
चूपचाप रहनेछन्, किनकि तिनीहरूलाई
नभनेको कुरा तिनीहरूले देख्नेछन्, र तिनी-
हरूले नसुनेका कुरा तिनीहरूले बुझ्नेछन्।

५३ हाम्रा समाचार कसले विश्वास गरेको
छ? औ परमप्रभुको बाहुबल कसलाई
प्रकट गरियो? २ किनकि उ त्यसको सामु
कलिलो बोटजस्तो र सुखा जमीनबाट जराजस्तो
बढ्यो। हामीले हेर्दा देख्ने उसको न केही
रूप नता शोभानै थियो, न उसमा हामीलाई
मनपर्ने केही सुन्दरतानै थियो । ३ उ
मानिसहरूबाट घृणित भयो, र हामीले उसलाई
कुनै मोलको गनेनौं ।

४ निश्चय उसले हाम्रै कष्टहरू सह्यो, र
हाम्रा दुःख भोग्यो । तापनि हामीले उसलाई
परमेश्वरबाट हिर्काइएको, पिटिएको र दुःखमा
परेको ठान्यौं । ५ तर उ ता हाम्रा अपराधको
निम्ति घायल भयो। उसले हाम्रा अधर्मका
निम्ति चोट पायो। हाम्रै शान्तिको निम्ति
दण्ड उसमाथि पर्‍यो, र उसले पाएको कोर्राको
चोटले हामी निको भयौं । ६ हामी सबै
भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै
बाटोतिर लागेका छौं, औ परमप्रभुले उसमाथि
हाम्रा सबै अधर्म हालिदिनुभयो ।

७ उ थिचोमिचोमा पर्‍यो, र उसलाई
कष्ट थियो, तापनि उसले आफूलाई नम्र
तुल्याएर आफ्नो मुख खोलेन। मारिनलाई
लगेको थुमा र आफ्नो ऊन कत्रनेको सामु
भेड़ा लाटो भएझैं उसले आफ्नो मुख खोलेन।
८ उसलाई अत्याचार गरियो, र दोष लगाएर
उ लगियो। उसको पुस्तामध्येको कसले विचार
गर्‍यो, कि उ जीवितहरूको देशबाट अलग
गरियो र मेरो प्रजाको अपराधको निम्ति
उसमाथि कुटाइ पर्‍यो? ९ औ तिनीहरूले
उसको चिहान दुष्टहरूसित बनाए, र मृत्युमा
धनी उसको साथमा भयो। उसले केही उपद्रव
गरेन। उसको मुखमा केही छल थिएन।
१० तापनि उसलाई चोट पार्न परमप्रभुको
इच्छा भयो। उहाँले उसलाई दुःखमा पार्नुभयो।
जब उसले आफैलाई पापको निम्ति बलिदान
गर्छ, तब उसले आफ्नो सन्तान देख्नेछ।
उसले आफ्नो दिन बढ़ाउनेछ, र परमप्रभुको
इच्छा उसमा पूरा हुनेछ । ११ उसको
प्राणको वेदना देखेर परमप्रभु सन्तुष्ट
हुनुहुनेछ । आफ्नो ज्ञानद्वारा धर्मी जन,
मेरो दासले धेरैलाई धर्मीको गणनामा
ल्याउनेछ, र उसले तिनीहरूका अधर्म
बोक्नेछ । १२ यसैकारण महान्हरूसँगै
उसलाई पनि म भाग बाँड़िदिनेछु, र उसले
लूटको माल सामर्थीहरूसित बाँड़नेछ। किनभने
उसले आफ्नो जीवन-रक्त खन्याएर प्राण
दियो, र उ अपराधीहरूको गन्तीमा गनियो।
तापनि उसले धेरैको पाप बोक्यो, र
अपराधीहरूका निम्ति अर्जबिन्ती गर्‍यो।

सियोनको पुनर्स्थापन

५४ हे नजन्माउने बाँझी, गीत गा!
हे सुत्केरी पीड़ामा परेकी स्त्री, गाउन
थाल्! जोर सोरले गा, किनकि परमप्रभु
भन्नुहुन्छ, 'त्यागिएकी स्त्रीको सन्तान विवाहित
स्त्रीभन्दा ज्यादा हुनेछ।'

२ तेरो पालको ठाउँ बढ़ा। तेरो डेराको
पाटा तन्काइऊन्। न थाम्, लामो पार्,
र तेरा कीलाहरू बलियो गर्। ३ किनकि
तिमीहरू बढ़ेर दाहिने र देब्रेतिर फैलिनेछौ,
र तेरो सन्तानले जातिहरूलाई आफ्नो
अधीनमा पार्नेछ, र उजाड़ भएका शहरहरू
मानिसहरूले भरिनेछन्।

४ नडरा, किनकि तँ शर्ममा पर्नेछैनस्।
आतस नखा, किनकि तँ शर्ममा पारिनेछैनस्।
तैंले आफ्नो जवानीपनको लाजलाई भुल्नेछस्।
तेरो विधवापनको निन्दा तैंले फेरि कहिल्यै
सम्झनेछैनस्। ५ किनकि तेरा सृष्टिकर्त्ता तेरा
स्वामी हुनुहुन्छ। उहाँको नाउँ सेनाहरूका परम-

प्रभु हो। इस्राएल्का पवित्र जन तेरा उद्धारक
हो। उहाँनै सारा पृथ्वीका परमेश्वर कहलाइनु-
हुन्छ। ६ किनकि त्यगिएकी र आत्मामा
दुःखित भएकी तरुणावस्थामा विवाह भएर पछि
त्यागिएकी स्वास्नीलाई झैं तेरा परमप्रभुले
तँलाई बोलाउनुभएको छ, तेरा परमेश्वर
भन्नुहुन्छ। ७ 'केही क्षणको निम्ति मैले
तँलाई त्यागेको थिएँ, तर अति मायाको
साथ म तँलाई फेरि ल्याउनेछु। ८ रीसको
झोंकमा क्षणभरको निम्ति मैले मेरो मुख
तँदेखि लुकाएको थिएँ, तर अब अनन्त प्रेम
देखाएर म तँलाई टिठाउनेछु,' तेरा उद्धारक
परमप्रभु भन्नुहुन्छ।

९ यो ता मेरो निम्ति नूहको पालाको
जलप्रलयको बेलाजस्तै छ, किनकि जसरी मैले
नूहको समयमा शपथ खाएको थिएँ, कि म
जलप्रलयको पानीले पृथ्वीलाई फेरि डुबाउनेछैनँ,
त्यसरीनै मैले शपथ खाएको छु कि अबदेखि
तँमाथि म रीस गर्नेछैनँ। म तँलाई
हप्काउनेछैनँ। १० पर्वतहरूले आफ्नो ठाउँ
छोड्नेछन्, तर मेरो अनुग्रह तँदेखि जानेछैन।
मेरो शान्तिको करार भङ्ग हुनेछैन। तँलाई
कृपा गर्ने परमप्रभु यही भन्नुहुन्छ।

११ हे दुःखमा परेकी, आँधी-बेहीले
पछारिएकी औ सान्त्वना नपाएकी, हेर्, म
तेरा पत्थरहरू राम्रो सजाएर बसाल्नेछु,
नीलमणिले तेरो जग बसाल्नेछु। १२ मणिले
तेरो गजूर, र लालमणिले तेरा मूल-ढोका
र बहुमूल्य रत्नहरूले तेरा सारा घेरा बनाउनेछु।
१३ औ तेरा सबै छोरा-छोरीहरू परमप्रभुबाट
सिकाइएका हुनेछन्, र तेरा छोरा-छोरीहरू-
लाई ठूलो शान्ति मिल्नेछ। १४ धार्मिकतामा
तँ स्थिर हुनेछस्। अत्याचारबाट तँ टाढ़ा
रहनेछस्, किनकि तँ डराउनेछैनस्। त्रासदेखि
पनि तँ डराउनेछैनस्, किनकि त्यो तेरो
नजीक आउनेछैन। १५ कसैले झगड़ा
उठायो भने पनि त्यो मबाट होइन। जसले
तेरो विरुद्धमा झगड़ा उठाउँछ, त्यो तँबाटै
परास्त हुनेछ। १६ हेर्, आगोको भुंग्रो
फुक्ने, र आफ्नो कामको निम्ति हतियार
तयार गर्ने लोहारलाई मैले सृष्टि गरें,
उत्पात गरेर नष्ट गर्नेलाई पनि मैलेनै सृष्टि
गरेको हुँ। १७ तेरो विरुद्धमा बनाइएको
जुनसुकै हतियार पनि बेकामको हुनेछ, औ
मामिलामा तेरो विरुद्धमा उठ्ने जोसुकैलाई पनि
तँले हराउनेछस्। यो चाहिँ परमप्रभुका दास-
हरूको अधिकार हो, र मद्वारानै तिनीहरूको
न्याय स्थापित हुनेछ, परमप्रभु भन्नुहुन्छ।

परमप्रभुको नयाँ करारको आशिष

५५ हे सबै तिर्खाउने हो, पानीनेर आऊ।
औ रुपियाँ नहुने पनि आऊ र
किनेर खाऊ। आऊ, विनापैसा र विना-
दाम दाखमद्य र दूध किन। २ जे खानेकुरो
होइन त्यसको निम्ति किन पैसा खर्च गर्छौ?
औ जे कुराले सन्तोषनै दिँदैन त्यसको निम्ति
किन परिश्रम गर्छौ? ध्यान दिएर मेरो कुरा
सुन, र जे कुरो असल छ त्यही तिमीहरू
खाऊ, र स्वादिष्ट थोकहरू खाएर तिमीहरू
सन्तुष्ट होऊ। ३ कान थाप, र मकहाँ
आऊ। सुन, र तिमीहरू जिउनेछौ। म
तिमीहरूसित सदाको करार बाँध्नेछु, अर्थात्
दाऊदमाथिको मेरो अटल प्रेम। ४ हेर,
मैले त्यसलाई जातिहरूका बीचमा साक्षी, र
जातिहरूमा एक नेता र सेनापति तुल्याएको
छु। ५ हेर, तिनीहरूले नजानेका जातिहरू-
लाई तिमीहरूले बोलाउनेछौ, र तिनीहरूले
नचिनेका जातिहरू तिमीहरूकहाँ दगुरेर
आउनेछन्। परमप्रभु, तिमीहरूका परमेश्वर,
इस्राएल्का पवित्र परमप्रभुको कारण, किनकि
उहाँले तिमीहरूलाई गौरवले युक्त पार्नुभएको
छ।

६ जबसम्म परमप्रभुलाई पाउनसक्छ
उहाँलाई खोज। उहाँ नजीक हुनुहुँदानै उहाँ-
लाई पुकार। ७ दुष्टहरूले आफ्नो बाटो र
अधर्मीहरूले आफ्नो विचार त्यागोस् र
परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा

गर्नुंहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, औ उहाँले त्यसलाई प्रशस्त गरी क्षमा गर्नुंहुनेछ। ८ किनभने मेरा विचारहरू तिमीहरूका विचार होइनन्। तिमीहरूका चाल मेरा चाल होइनन्, परमप्रभु भन्नुहुन्छ।
९ किनकि जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरीनै मेरो चाल तिमीहरूको चालभन्दा र मेरो विचार तिमीहरूका विचारभन्दा अल्गो छ।
१० किनकि जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमीनलाई भिजाएर बाली उमार्छ, औ छर्नेलाई बिउ र खानेलाई भोजन दिन्छ,
११ त्यसरीनै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ। त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ।
१२ तिमीहरू आनन्दसाथ जानेछौ, र शान्तिमा डोराइनेछौ। पर्वत र डाँड़ाहरू तिनीहरूका सामने गाउँदै निस्कनेछन्, र वनका सारा रूखहरूले ताली बजाउनेछन्।
१३ तब काँढ़ाहरूका सट्टा सल्लाका रूख र लुहुढ़े काँढ़ाको सट्टा बैंस उम्रनेछ। त्यो परमप्रभुको नाउँको निम्ति हुनेछ। त्यो कहिल्यै नमेटिने सदा सर्वदाको चिह्नको निम्ति हुनेछ।

उद्धारको इच्छाका शर्त

५६ परमप्रभु भन्नुहुन्छ, 'न्याय कायम राख। जे ठीक छ, त्यो गर। किनकि मबाट पाउने उद्धार चाँड़ै आउनेछ, र मैले दिने छुटकारा प्रकट हुनेछ। २ त्यो मानिस धन्यको हो जसले यो गर्दछ, त्यो मानिसको छोरो, जो यस कुरामा स्थिर रहन्छ, जो विश्राम-दिन बिटुलो पार्नबाट अलग रहन्छ, र आफ्नो हात कुनै खराबीबाट अलग राख्छ।' ३ परमप्रभुसँग मिलेको विदेशीहरूलाई यसो भन्न नदेऊ, 'निश्चय परमप्रभुले मलाई आफ्नो प्रजाबाट अलग गर्नुंहुनेछ।' नपुंसकले यसो नभनोस्, 'हेर, म ता सुकेको रूख हुँ।' ४ किनकि परमप्रभु यसो भन्नुहुन्छ, 'मेरो विश्रामवार पालन गर्ने, मलाई इच्छा लागेको काम गर्ने, र मेरो करार स्थिर राख्ने नपुंसकहरूलाई
५ म मेरो भवनमा र मेरो भित्ताभित्र छोरा-छोरीहरूभन्दा पनि अझ असल स्मारक तुल्याउनेछु, र तिनीहरूलाई नाउँ दिनेछु। म तिनीहरूलाई कहिल्यै नमेटिने सदाको नाउँ दिनेछु।'

६ परमप्रभुको सेवा गर्ने, र उहाँको नाउँलाई प्रेम गर्ने, उहाँको दास हुनलाई विश्राम-दिन मान्ने, र त्यसलाई बिटुलो पार्नदेखि अलग राख्ने विदेशीहरू जो परमप्रभुमा मिल्दछन्, ७ म मेरो पवित्र पर्वतमा ल्याएर मेरो प्रार्थनाको घरमा तिनीहरूलाई आनन्दित तुल्याउनेछु। तिनीहरूका होमबलि र बलिदान मेरो वेदीमा ग्रहणयोग्य हुनेछन्, किनकि मेरो भवन सबै जातिहरूका निम्ति प्रार्थनाको घर भनिनेछ। ८ इस्राएलका त्यागिएकाहरूलाई भेला गराउने परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'भेला भइसकेकाहरूबाहेक म त्यसकहाँ अझै अरूलाई पनि भेला गर्नेछु।'

दुष्ट शासक र मूर्तिपूजकहरू

९ हे वनका सबै पशु हो, हे जङ्गलका सबै पशु हो, गाँजिनिल्न आऊ!
१० त्यसका पहरादारहरू अन्धा छन्। तिनीहरू सबै ज्ञानविहिन छन्। तिनीहरू भुक्न नसक्ने लाटा कुकुरजस्तै छन्। सपना देख्ने, पल्टिरहने र सुत्न मात्र मन गर्ने तिनीहरू हुन्। ११ ती कुकुरहरू साह्रै भोका रहन्छन्। तिनीहरू कहिल्यै अघाउँदैनन्। ती अबुझ गोठालाहरू हुन्। तिनीहरू जम्मै आफ्नै बाटो लागेका छन्। एक एक गरी सबै जना आफ्नै लाभ मात्र

खोज्छन्। १२ तिनीहरू भन्छन्, 'आऊ,
दाखमद्य ल्याऊ। कड़ा मद्य खूब पिऔं।
भोलि पनि आजको दिनझैं हुनेछ--अति
मजाको दिन।'

५७ धर्मी मानिस नाश हुँदैछ, तर त्यस
कुराको कसैले वास्ता गर्दैन। भक्त
मानिसहरू उठाइलगिँदैछन्। तर कसैले विचार
गर्दैन। किनकि आउने विपत्तिबाट धर्मी
मानिस उठाइलगिन्छ। २ त्यो शान्तिमा
प्रवेश गर्छ। धर्मको बाटोमा हिंड्नेहरू
आफ्ना आफ्ना ओछयानमा विश्राम लिन्छन्।
३ तर हे झँक्रेनीका छोराहरू, र
व्यभिचारी र वेश्याका सन्तान हो, यता
नजीक आऊ! ४ तिमीहरू कसलाई ठट्टा
गर्दैछौ? तिमीहरू कसका विरुद्धमा मुख
बाउँदै र जिब्रो निकाल्दैछौ? के तिमीहरू
अपराधीका सन्तान होइनौ? छलीका
सन्तान! ५ तिमीहरू फँलाटका रूखहरूका
बीचमा हरेक हरियो रूखमनि काम-वासनाले
उत्तेजित हुन्छौ, औ आफ्ना छोरा-छोरीहरूलाई
बँसीका चटानका धाँदाहरूमा बलि गर्छौ।
६ बेंसीका चिल्ला ढुङ्गाहरूमा तिमीहरूको
भाग छ। तिनीहरूनै तिमीहरूका भाग
भए। तिनीहरूकै निम्ति तिमीहरूले अर्घ
र अन्नबलि चढ़ायौ। के यस्ता कुराले मेरो
रीस मर्छ? ७ अग्लो र उच्च पहाड़मा
तिमीहरूले आफ्नो ओछयान बनाएका
छौ। त्यहां तिमीहरू बलिदान चढ़ाउन
गयौ। ८ औ ढोका र चौखटको पछाड़ि
तिमीहरूले आफ्नो चिह्न राख्यौ। किनकि
मलाई त्यागेर तिमीहरूले आफ्नो नग्नता
अर्कोलाई देखायौ! तिमीहरू ओछयानमा
चढ़यौ—तिमीहरूले आफ्नो ओछयान ठूलो
पारेर तिनीहरूसित बाचा बाँध्यौ। तिनीहरूका
ओछयान तिमीहरूले रूचायौ र तिमीहरूले
नग्नता हेर्‍यौ। ९ तिमीहरू राजाकहाँ
तेल घसेर, खूब सुगन्धित तेल लगाएर गयौ।
तिमीहरूका राजदूतलाई टाढ़ा टाढ़ा पठायौ,
र आफूलाई पातालसम्मै पुर्‍यायौ।
१० लामो बाटोको कारण तिमीहरू
थाक्यौ, तापनि तिमीहरूले यसो भनेनौ,
'आशा छैन।' तिमीहरूले आफ्नो शक्तिको
निम्ति नयाँ बल पायौ, र तिमीहरूले मूर्च्छा
खाएनौ।

११ तिमीहरूले कसको डर र भय
मानेकोले झूट बोल्यौ र मेरो सम्झना गरेनौ,
औ मेरो ख्याल राखेनौ? के धेरै समयसम्म
म चूपचाप बसेकोले तिमीहरू मेरो डर
मान्दैनौ? १२ तिमीहरूका धार्मिकताको
म घोषणा गर्नेछु, औ तिमीहरूका कामको
विषयमा भन्नेछु, तर तीबाट तिमीहरूलाई
केही लाभ हुनेछैन। १३ तिमीहरूले पुकारा
गर्दा तिमीहरूले बटुलेका मूर्तिहरूले
तिमीहरूलाई बचाऊन्। तर बतासले तिनी-
हरूलाई उड़ाएर लैजानेछ। एकै सासले
तिनीहरू जम्मैलाई उड़ाएर लैजानेछ। तर
जसले आफ्नो भरोसा ममाथि राख्छ त्यसले
देश अधिकार गर्नेछ, र मेरो पर्वतको
अधिकारी हुनेछ।

परमप्रभुको भक्त जनलाई प्रतिज्ञा

१४ औ यसो भनिन्छ, 'बनाऊ, बनाऊ,
मूल-बाटो तयार गर। मेरो प्रजाको बाटोदेखि
ठेस लाग्ने ढुङ्गा पन्साऊ।' १५ सनातन-
देखि सनातनसम्म विराजमान हुनुहुने, उच्च
र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ
भन्नुहुन्छ, 'म उच्च र पवित्र ठाउँमा बस्तछु,
औ नम्रहरूको मन र चूर्ण हृदय भएकाहरूको
हृदयलाई जागृत गराउन, म नम्र र चूर्ण
मन भएकोसँग पनि बस्तछु।' १६ किनकि
म सधैं विवाद गरिरहनेछैनँ, औ म सधैं
क्रोधित हुनेछैनँ, नत्रता मेरो सामने आत्माहरू
र मैले बनाएका प्राणहरू नष्ट हुनेछन्।
१७ त्यसको लोभको अधर्मले गर्दा मैले
रिसाएर त्यसलाई हिर्काएँ। मैले मेरो मुख
लुकाएँ, र म क्रोधित भएँ। औ त्यो आफ्नै

इच्छाअनुसार अट्टेरी गरेर गयो। १८ मैले
त्यसका चालहरू देखें, तर त्यसलाई म निको
पार्नेछु। म त्यसलाई डोऱ्याउनेछु, औ त्यो
र त्यसको निम्ति विलाप गर्नेहरूलाई फेरि
सान्त्वना दिनेछु। १९ मुखका वचन मनै
सृष्टि गर्छु। टाढ़ा र नजीक बस्ने दुवैलाई
शान्ति होस्, शान्ति! म त्यसलाई निको
पार्नेछु, परमप्रभु भन्नुहुन्छ। २० तर दुष्टहरू
चाहिँ छाल उठेको समुद्रझैं हुन्, जो शान्त
हुनसक्तैन, र त्यसको पानीले हिलो र मैला
बाहिर फेंक्छ। २१ दुष्टहरूलाई शान्ति
हुँदैन भनी परमप्रभु भन्नुहुन्छ।

सत्य र असत्य उपवास

५८ गला खोलेर करा, बाँकी नराख्।
तुरहीको आवाजजस्तै चर्को करा, र
मेरो प्रजालाई तिनीहरूका अपराध, र याकूबको
परिवारलाई तिनीहरूका पाप जनाइदे।
२ तिनीहरू धर्म गर्ने र आफ्ना परमेश्वरको
धार्मिक-विधानलाई नत्याग्ने जातिजस्तै भएर
मलाई दिनहुँ खोज्छन्, र मेरो बाटो जान्न
अति इच्छा गर्दछन्। तिनीहरू मसित ठीक
न्याय माग्छन्। तिनीहरू परमेश्वरको नजीक
आउन अति इच्छा गर्छन्। ३ हामीहरू
किन उपवास बस्यौं, तर तपाईं देख्नुहुन्न?
हामीहरूले किन आफ्नो प्राणलाई दुःख दियौं,
तर तपाईं ध्यान दिनुहुन्न? हेर, तिमीहरूको
उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा
गर्दछौ, र तिमीहरूका काम गर्नेहरू सबैलाई
तिमीहरू थिचोमिचो गर्दछौ। ४ हेर,
तिमीहरू बाझ्न र झगड़ा गर्न र निर्दयतापूर्वक
हिर्काउन मात्र उपवास बस्तछौ। आजको
जस्तो तिमीहरूको उपवासले तिमीहरूको सोर
स्वर्गमा सुनिने तुल्याउनेछैन। ५ के मैले
चुनेको उपवास यस्तै हो? मानिसले आफ्नै
प्राणलाई दुःख दिने उपवासको दिन?
के निगालोझैं आफ्नो शिर झुकाउने, औ
भाङ्ग्रा र खरानी ओछ्याउने दिन
यो हो? के यसैलाई तिमीहरू उपवास र
परमप्रभुको निम्ति ग्रहणयोग्यको दिन भन्छौ?
६ 'दुष्टताको बन्धन फुकाल्नु, जूवाको डोरी
फुकाल्नु, र अत्याचारमा परेकाहरूलाई मुक्त
गराउनु, औ हरेक जूवा भाँचिदिनु, मैले
चुनेको उपवास यही होइन र? ७ आफ्नो
भोजन भोकाहरूलाई बाँड़िदिनु, र घर नभएका
गरीबहरूलाई आफ्नो घरमा ल्याउनु, नाङ्गा-
हरूलाई देखेर तिनलाई लुगा लगाइदिनु, र
आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र?'
८ तब तिमीहरूको ज्योति बिहानझैं
फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको
हुनेछौ। तिमीहरूको धार्मिकता तिमीहरूको
अगिअगि जानेछ, र परमप्रभुको महिमा चाहिं
पछिल्तिर हुनेछ। ९ तब तिमीहरू पुकारा
गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ।
तिमीहरूले बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ,
'म यहीं छु'।

यदि तिमीहरूले आफ्नो बीचबाट जूवा
उतार्‍यौ। अरूलाई औंला ठाड़ो गर्न र
दुष्ट कुरा बोल्न त्याग्यौ। १० सम्पूर्ण
हृदयले तिमीहरूले भोकाहरूलाई दियौ, र
दुःखमा परेकाहरूको इच्छा पूरा गरिदियौ
भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ,
तिमीहरूको अन्धकार मध्य-दिनमा परिवर्त्तन
हुनेछ। ११ औ परमप्रभुले तिमीहरूलाई
निरन्तर डोऱ्याउनुहुनेछ, र सुखा ठाउँहरूमा
पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र
तिमीहरूका हड्डीहरूलाई बलिया पार्नुहुनेछ।
औ तिमीहरू पानी लगाएको बगैंचाझैं र
पानीको मूलझैं हुनेछौ, जसको पानी कहिल्यै
सुक्तैन। १२ तिमीहरूका पुराना उजाड़
भएका ठाउँहरू फेरि बनाइनेछैन। धेरै
पुस्ताहरूका जग्गाहरू तिमीहरूले उठाउनेछौ।
तिमीहरूलाई 'भत्केकाहरू बनाउन र बस्नको
निम्ति बाटो फेरि नयाँ बनाउने' भन्नेछन्।
१३ तिमीहरू मेरो विश्राम-दिनमा
आफ्नो खुशी गर्नदेखि पर रह्यौ, औ पवित्र
दिनलाई हर्ष र परमप्रभुको विश्राम-दिन

आदरणीय मान्यौ, आफ्नो इच्छाअनुसार
नगरी यस दिनलाई मान्यता दियौ
भने, अथवा यसमा आफ्नो खुशी गरेनौ र
व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू
परमप्रभुमा रमाहट गर्नेछौ, औ म तिमीहरूलाई
पृथ्वीका उच्चस्थानहरूमा सवार गर्नें
तुल्याउनेछु। म तिमीहरूलाई तिमीहरूका
पुर्खा याकूबको पितृ-धन खुवाउनेछु, किनकि
परमप्रभुले यसो भन्नुभएको छ।

पापले परमेश्वरको काममा बाधा

५९ हेर, परमप्रभुको हात बचाउन नसक्ने
गरी शक्तिहीन भएको छैन। उहाँको
कान सुन्न नसक्ने गरी बाक्लो भएको पनि
छैन। २ तर तिमीहरूका अधर्मले तिमीहरूलाई
तिमीहरूका परमेश्वरबाट अलग गरेका छन्,
र तिमीहरूका पापले गर्दा उहाँको मुख
तिमीहरूदेखि छेलिएको छ, र उहाँले तिमी-
हरूको कुरा सुन्नुहुन्न, ३ किनकि तिमीहरूका
हात रगतले र तिमीहरूका औंला अधर्मले
अशुद्ध भएका छन्। तिमीहरूका ओठले
झूट बोलेको छ। तिमीहरूको जिब्रोले दुष्ट
कुरा बक्तछ। ४ कसैले न्यायपूर्वक मामिला
लड्दैन। औ कसैले इमान्दारीसाथ वकालत
गर्दैन। तिनीहरू व्यर्थ कुरामा भरोसा गर्छन्
र झूट बोल्छन्। तिनीहरू उपद्रव रच्दछन्,
र अधर्म जन्माउँछन्। ५ तिनीहरू
साँबे साँपका फुल ओथन्छन्, र माकुराको
जाल बुन्छन्। तिनीहरूका फुल खाने मर्छन्,
र त्यसलाई फुटायो भने साँपको बच्चा
निस्कन्छ। ६ तिनीहरूका जालले वस्त्र
बनिँदैन, नता तिनीहरू आफ्ना कामले
आफैलाई ढाक्नसक्तछन्। तिनीहरूका काम
अधर्मका काम छन्, र उपद्रवका कामनै
तिनीहरूको हातमा हुन्छन्। ७ तिनीहरूका
खुट्टा खराब कामतिर दौड्न्छन्, र तिनीहरू
निर्दोषीको रगत बगाउन हतार गर्छन्।
तिनीहरूका विचार अधर्मका छन्, औ उजाड
र नाश तिनीहरूका मूल-बाटोहरूमा
छन्। ८ तिनीहरू शान्तिको बाटो चिन्दैनन्,
औ तिनीहरूका मार्गमा न्याय छैन। तिनीहरूले
आफ्नो बाटोहरू बाङ्गा-टेढ़ा बनाएका छन्।
त्यसबाट हिंड्ने कसैले शान्तिलाई जान्दैन।
मानिसहरू आफ्ना पाप स्वीकार गर्छन्।
९ यसैकारण इन्साफ हामीहरूदेखि टाढ़ा
भएको छ। धर्मले हामीलाई भेट्टाउन-
सक्दैन। हामीहरू उज्यालोको बाटो हेर्छौं,
तर हेर, अँध्यारो छ! प्रकाशको बाटो हेर्छौं,
तर घोर अँध्यारोमा हिंड्दछौं! १० अन्धा
मानिसझैं हामी भित्ता छाम्दछौं! आँखा
नभएकाहरूलेझैं छाम्दछौं। हामी मध्य-
दिनमा पनि साँझमा झैं ठेस खान्छौं।
बलिया-बाङ्गाहरूका बीचमा हामी मरेका झैं
छौं। ११ हामी सबै भालूझैं कराउँछौं, र
ढुकुरझैं साह्रै विलाप गर्दछौं। हामी न्यायको
बाटो हेर्दछौं, तर छँदैछैन। मुक्तिको बाटो,
तर त्यो हामीबाट टाढ़ा छ। १२ किनकि
हाम्रो अपराध तपाइंको सामने बढ़ेको छ, र
हाम्रो पापले हाम्रै विरुद्धमा गवाही दिन्छ,
किनकि हाम्रो अपराध हामीसितै छ, र
हाम्रो अधर्महरू हामीलाई थाह छ।
१३ हामीले अपराध गरेर परमप्रभुलाई
अस्वीकार गर्‍यौं। हाम्रा परमेश्वरको पछि
लाग्नदेखि तर्की गयौं। अत्याचार र विद्रोहका
कुरा गर्‍यौं। हृदयमा असत्य वचनको कल्पना
गरेर त्यो उच्चारण पनि गर्‍यौं। १४ न्याय
पछिल्तिर हटाइएको छ, र धर्म टाढ़ा भएको
छ, सत्य चाहिं चोकमा ढलेको छ, र धर्म
प्रवेश गर्न पाउँदैन।

परमप्रभुबाट उद्धारको प्रारम्भ

१५ सत्यको अभाव भएको छ, र
दुष्टदेखि अलग बस्ने शिकार बनिन्छ।
परमप्रभुले यो देख्नुभयो, र न्याय
रहेनछ भनेर उहाँ नाराज हुनुभयो।
१६ त्यहाँ कोही मानिस रहेनछ भनी

उहाँले देख्नुभयो, र कोही मध्यस्थ पनि
नभएकोले अचम्म मान्नुभयो। यसर्थ उहाँकै
बाहुलीले त्यसको निम्ति उद्धार ल्याउनुभयो।
उहाँको धार्मिकताले त्यसलाई खड़ा गर्‍यो।
१७ उहाँले धर्मको झिलम र मुक्तिको टोप
लगाउनुभयो। उहाँले साटो लिने वस्त्र र
क्रोधको पोशाक पहिरिनुभयो। १८ तिनीहरूका
कर्मअनुसार उहाँले तिनीहरूलाई साटो
लिनुहुनेछ, अर्थात् उहाँका विरोधीहरूमाथि
क्रोध, उहाँका वैरीहरूमाथि बदला! समुद्र
किनारका देशहरूलाई उहाँले बदला दिनुहुनेछ।
१९ यसरी तिनीहरूले उहाँको नाउँको भय
पश्चिमका देशहरूदेखि मान्नेछन्, र उहाँको
महिमा पूर्वका देशहरूले गर्नेछन्। किनकि
परमप्रभुको सासले हाँकेको उर्लंदो खोलाझैँ
उहाँ आउनुहुनेछ। २० अपराधबाट फर्कने
याकूबका सन्तानहरूका निम्ति एउटा मुक्तिदाता
सियोनमा आउनुहुनेछ भनी परमप्रभु भन्नुहुन्छ।
२१ परमप्रभु भन्नुहुन्छ, मेरो करार तिनी-
हरूसित यही हुनेछ, मेरो आत्मा जो तँसित
छ, र मेरो वचन जो मैले तेरो मुखमा
हालिदिएको छु, त्यो तेरो मुखबाट, तेरो
सन्तानको मुखबाट, औ तेरा सन्तानबाट
अबदेखि उसो, सधैँभरिका निम्ति हट्नेछैन,
परमप्रभु भन्नुहुन्छ।

उद्धार पाएको सियोनको भजन

६० उठ्, प्रकाशमान हो, किनकि तेरो
ज्योति आएको छ, परमप्रभुको
महिमा तँमाथि उदाएको छ। २ किनभने
हेर्, अँध्यारोले पृथ्वीलाई, र निष्पट्ट
अँध्यारोले मानिसहरूलाई ढाक्नेछ। तर
तँमाथि परमप्रभु प्रकाश हुनुहुनेछ, र उहाँको
महिमा तँमाथि प्रकट हुनेछ। ३ जाति
जातिहरू तेरो ज्योतिमा र राजाहरू तेरो
उदयको प्रकाशमा आउनेछन्।

४ तेरो आँखा उठाएर चारैतिर हेर,
तिमीहरू सबै जम्मा भएर तँकहाँ आउँदैछन्।
तेरा छोराहरू टाढ़ाबाट आउनेछन्, र तेरा
छोरीहरू हात हातमा बोकेर ल्याइनेछन्।
५ तब यो देखेर तँ आनन्दित हुनेछस्, र
तेरो हृदय हर्षले गद्गद् हुनेछ। किनकि
समुद्रका सम्पूर्ण धन तँतर्फ फर्कनेछ। जाति
जातिको सम्पत्ति तँकहाँ आउनेछ। ६ ऊँट-
हरूका बथान, मिद्यान र एपाका सवारी
ऊँटहरूले तँ भरिपूर्ण हुनेछस्। तिनीहरू सबै
शबाबाट आउनेछन्। तिनीहरूले सुन र धूप
ल्याउनेछन्, र परमप्रभुको प्रशंसाको प्रचार
गर्नेछन्। ७ केदारका सबै भेड़ा-बाख्राहरू
तँकहाँ जम्मा हुनेछन्। नबाओतका साँढ़-
भेड़ाहरूले तेरो सेवा गर्नेछन्। तिनीहरू मेरो
वेदीमा ग्रहणयोग्य भएर आउनेछन्, र महिमाको
भवनलाई म महिमित पार्नेछु। ८ बादलझैँ
उड्ने र ढुकुरझैँ तिनीहरूका झ्यालमा उड्ने
यी को हुन्? ९ निश्चय, समुद्र किनारका
देशहरूले मेरो बाटो हेर्नेछन्। तेरा परमप्रभु
परमेश्वरको निम्ति, अर्थात् इस्राएलका
पवित्र परमप्रभुको निम्ति, तेरा छोराहरूलाई
तिनका सुन र चाँदीहरूसमेत टाढ़ा
टाढ़ाबाट ल्याउन तर्शीशका जहाजहरू पहिला
हुनेछन्। किनभने उहाँले तँलाई महिमित
पार्नुभएको छ।

१० परदेशीहरूले तेरा पर्खाल बनाउनेछन्,
र तिनका राजाहरूले तेरो सेवा गर्नेछन्।
किनकि मेरो क्रोधमा मैले तँलाई हिर्काएँ, र
मेरो निगाहमा तँलाई मैले कृपा गरेको छु।
११ तेरा शहरका मूल-ढोकाहरू पनि निरन्तर
खुला रहनेछन्। मानिसहरूले तँकहाँ जाति
जातिका धन-सम्पत्ति र तिनका राजाहरूलाई
साथमा ल्याउन ती ढोकाहरू न दिउँसो
न राती बन्द हुनेछन्। १२ किनकि
तेरो सेवा गर्ने त्यो जाति र राज्य
नष्ट हुनेछन्। ती जाति बिलकुलै नाश
हुनेछन्। १३ लबानोनको शोभा तँकहाँ
आउनेछ—सल्लिसाल, साल र धूपीका रूखसमेत
मेरो बासस्थान सुन्दर बनाउनलाई आउनेछन्,
र म मेरो चरणको स्थानलाई शोभायमान

बनाउनेछु १४ तँलाई सताउनेहरूका
छोराहरू तँकहाँ शिर झुकाउँदै आउनेछन्।
तँलाई घृणा गर्नेहरू सबै तेरा खुट्टामा
निउरनेछन्। तिनीहरूले तँलाई परमप्रभुको
शहर, इस्राएलका पवित्र परमप्रभुको सियोन
भन्नेछन्।

१५ तँ त्यागिएकी र घृणित भएकी
छस्—यतिसम्म कि तँबाट भएर कोही पनि
जाँदैन थियो। तर म तँलाई सदाको महिमा
र धेरै पुस्तासम्मको निम्ति रमाहटको कारण
तुल्याउनेछु। १६ तैंले जाति जातिहरूका
दूध र राजाहरूको थुन चुस्नेछस्। तब तैंले
यो जान्नेछस्, कि म परमप्रभु तेरा मुक्ति-
दाता र तेरो उद्धार गर्ने, याकूबको शक्ति-
शाली परमप्रभु हुँ। १७ काँसाको सट्टा
सुन र फलामको सट्टा चाँदी म ल्याउनेछु,
र काठको सट्टा पीतल र ढुङ्गाको सट्टामा
फलाम। म तेरा हाकिमहरूलाई मेल-मिलाप
गराउने, र तेरा शासकहरूलाई न्यायपूर्वक
काम गर्ने तुल्याउनेछु। १८ तेरो देशमा
उपद्रव सुनिनेछैन। तेरा सीमानामा उजाड
र नष्टकारी कुरा सुनिनेछैन। तर तैंले
तेरो पर्खाललाई मुक्ति भन्नेछस्, र तेरा मूल-
ढोकालाई प्रशंसा। १९ दिनमा सूर्यले फेरि
कहिल्यै तँलाई ज्योति दिनु पर्नेछैन, औ
प्रकाशको निम्ति राती चन्द्रमाले तँलाई ज्योति
दिनु पर्नेछैन। तर परमप्रभु तेरो निम्ति सदाको
ज्योति, र परमेश्वर तेरो निम्ति महिमा हुनुहुनेछ।
२० तेरो सूर्य फेरि कहिल्यै डुब्नेछैन, औ
न तेरो चन्द्रमा अस्ताउनेछ, किनकि परमप्रभु
तेरो निम्ति सदाको ज्योति हुनुहुनेछ, र तेरो
विलाप गर्ने दिनको अन्त्य हुनेछ।
२१ तेरा सबै प्रजा धर्ममा चल्ने हुनेछन्—
तिनीहरूले सदाको निम्ति देशको अधिकार
गर्नेछन्, मेरो बिरुवाको हाँगा, मेरो हातको
काम, जसबाट म महिमित हुनेछु। २२ थोरै
चाहिं हजार हुनेछ, र तुच्छ चाहिं एउटा
सामर्थी जाति हुनेछ। म, परमप्रभुले, त्यसको
समयमा त्यो चाँडै पूरा गर्नेछु।

सियोनमा मुक्तिको कार्य

६१ परमप्रभु परमेश्वरको आत्मा ममाथि छ,
किनकि नम्रहरूलाई सुसमाचार सुनाउन-
लाई परमप्रभुले मलाई अभिषेक गर्नुभएको
छ। मन भाँचिएकाहरूको हृदयलाई निको
पार्नलाई, कैदमा परेकाहरूलाई स्वतन्त्रता र
बन्धनमा परेकाहरूलाई छुटकाराको घोषणा
गर्नलाई पठाउनुभएको छ। २ परमप्रभुको
ग्रहणयोग्य वर्ष र हाम्रा परमेश्वरको बदला
दिने दिनको घोषणा गर्नलाई, सबै विलाप
गर्नेहरूलाई सान्त्वना दिनलाई, ३ सियोनमा
विलाप गर्नेहरूलाई खरानीको सट्टा फूलको
माला र शोकको सट्टा आनन्दको तेल
लगाइदिनलाई, थकित मनको सट्टा हर्षको
पोशाक पहिराइदिनलाई, कि तिनीहरू
परमप्रभुलेनै रोप्नुभएको धर्मको वृक्ष कहलाइऊन्
र उहाँको महिमा होस् भनेर परमप्रभुले मलाई
पठाउनुभएको हो।

४ तिनीहरूले पुराना उजाड भएका
ठाउँहरू बसाल्नेछन्। तिनीहरूले अघिअघिका
नष्ट भएका ठाउँहरू बनाउनेछन्, र तिनीहरूले
उजाड रहेका शहरहरूलाई फेरि बनाउनेछन्।
५ परदेशीहरू खड़ा हुनेछन्, र उभी उभी
तेरा भेड़ा-बाख्राहरूलाई चराउनेछन्, र
विदेशीहरू तेरा हलो जोत्ने र दाखबारीका
माली हुनेछन्। ६ तर तिमीहरू परमप्रभुका
पूजाहारी भनिनेछौ। मानिसहरूले तिमीहरूलाई
हाम्रा परमेश्वरका सेवक भन्नेछन्। तिमीहरूले
अन्यजातिहरूका धन-सम्पत्ति खानेछौ, र तिनी-
हरूकै सम्पत्तिमा तिमीहरूले गर्व गर्नेछौ।
७ तिमीहरूले आफ्नो शर्मको सट्टामा दोबर
पाउनेछौ, र अनादरको सट्टा तिमीहरू आफ्नै
भागमा रमाउनेछौ। यसैकारण तिमीहरू
आफ्नै देशमा दोबर भागका अधिकारी
हुनेछौ। तिमीहरूका निम्ति सदाको आनन्द
हुनेछ। ८ किनभने म, परमप्रभु चाहिं
न्यायलाई प्रेम गर्दछु, अन्यायको लूट मलाई
घीन लाग्छ। म सत्यमा तिनीहरूलाई प्रतिफल

दिनेछु, र म तिनीहरूसित सदाको करार
बाँध्नेछु। ९ तिनीहरूका सन्तान अन्यजाति-
हरूका बीचमा र तिनीहरूका बाल-बच्चाहरू
जाति जातिहरूका बीचमा प्रसिद्ध हुनेछन्।
तिनीहरूलाई देख्ने सबैले 'ती परमप्रभुबाट
आशिष पाएका सन्तान हुन्' भनी स्वीकार
गर्नेछन्।

१० म परमप्रभुमा साह्रै आनन्दित
हुनेछु। मेरो आत्माले मेरा परमेश्वरमा आनन्द
मनाउनेछ, किनकि उहाँले मलाई मुक्तिको
पोशाक पहिराउनुभएको छ, र उहाँले मलाई
धर्मको वस्त्रले ढाक्नुभएको छ—दुलहाले
फूलको माला पहिरेझैँ, र दुलहीले आफैलाई
गर-गहनाले आभुषित पारेझैँ। ११ जसरी
भूमिले आफ्नो बाली उमार्छ, र जसरी
बगैँचाले त्यसमा रोपेका थोकहरूलाई उमार्छ,
त्यसरीनै परमप्रभु परमेश्वरले धर्म र प्रशंसा
सारा जातिहरूका सामने उब्जाउनुहुनेछ।

सम्पूर्ण पृथ्वीको ज्योति सियोन हुनेछ

६२ सियोनको खातिर म चूपचाप
बस्नेछैनँ। यरूशलेमको खातिर म
विश्राम लिनेछैनँ। जबसम्म त्यसको जित छर्लङ्ग
र त्यसको मुक्ति राँकोझैँ बलिरहेको देखिँदैन।
२ अन्यजातिहरूले तेरो जित र सबै
राजाहरूले तेरो गौरव देख्नेछन्, र तँचाहिँ
परमप्रभु आफैले राख्नुभएको नयाँ नाउँद्वारा
बोलाइनेछस्। ३ तँचाहिँ परमप्रभुको हातमा
सुन्दरताको मुकुट पनि हुनेछस्, र तेरा
परमेश्वरका हातमा एउटा राजकीय शिरपेच
हुनेछस्। ४ तँ फेरि कहिल्यै 'त्यागिएकी'
भनिनेछैनस्, नता तेरो देश फेरि कहिल्यै
'उजाडिएको' भनिनेछ। तर तँ 'हेफ्जी-बाह'*
भनिनेछस्, र तेरो देश 'ब्युलाह'‡ भनिनेछ।
किनभने तँसित परमप्रभु खुशी हुनुहुन्छ, र
तेरो देशले विवाह गरेको हुनेछ।
५ किनभने जसरी एउटा जवान केटाले
कन्ये-केटीलाई विवाह गर्छ, त्यसरीनै तेरा
छोराहरूले विवाह गर्नेछन्, र जसरी दुलहा
आफ्नी दुलहीको निम्ति रमाहट गर्छ, त्यसरीनै
तेरा परमेश्वरले तेरो निम्ति रमाहट
गर्नुहुनेछ।

६ मैले तेरा पर्खालहरूमा पहरा बस्नेहरू
राखेको छु, ए यरूशलेम! तिनीहरू नता
दिनमा न रातमा चूपचाप बस्नेछन्। हे
परमप्रभुलाई सम्झना गराउने हो, विश्राम
नलेऊ! ७ जबसम्म उहाँले यरूशलेमलाई
स्थिर गरेर त्यसको महिमा पृथ्वीभरि
फिँजाउनुहुन्न, तबसम्म त्यसलाई विश्राम गर्न
नदेऊ। ८ परमप्रभुले यसो भनेर आफ्नो
दाहिने हात र आफ्नो शक्तिशाली बाहुबलको
शपथ खानुभएको छ, 'निश्चय म फेरि
कहिल्यै तेरो अन्न शत्रुहरूलाई खान दिनेछैनँ,
नता जुन नयाँ दाखमद्यको निम्ति तैँले
परिश्रम गरेको थिइस् त्यो विदेशीले खान
पाउनेछ। ९ तर जसले अन्न बटुलेका
छन्, तिनीहरूले त्यो खानेछन्, र परमप्रभुको
प्रशंसा गर्नेछन्। जसले त्यो जम्मा गरेका
छन्, तिनीहरूले मेरो वासस्थानको चोकमा
त्यो पिउनेछन्।'

१० जाऊ, मूल-ढोकाहरूबाट भएर
जाऊ। मानिसहरूका निम्ति बाटो तयार
गर। बनाऊ, राजपथ बनाऊ। त्यहाँबाट
ढुङ्गाहरू हटाऊ। जाति जातिहरूमाथि झण्डा
खडा गर। ११ हेर्, परमप्रभुले पृथ्वीको
पल्लो छेउसम्म यो घोषणा गर्नुभएको छ,
सियोनकी छोरीलाई भन, 'हेर्, तेरो मुक्ति
आउँदैछ। हेर्, उहाँको इनाम उहाँसित छ,
र उहाँको उपहार उहाँको सामने छ।'
१२ अनि तिनीहरू पवित्र जाति
कहलाइनेछन्—परमप्रभुद्वारा उद्धार पाएकाहरू।
तँचाहिँ खोजेर भेट्टाइएको, नत्यागिएको शहर
कहलाइनेछस्।

* जससँग म खुशी छु ‡ विवाह गरेकी

परमप्रभुको योद्धाको विजय

६३ एदोमबाट आउने, बोज्राबाट चहकिलो रातो वस्त्र पहिरेर आफ्नो वस्त्रमा महिमित र आफ्नो शक्तिको पराक्रममा बढ्दै आउने को हो? 'म हुँ, विजय घोषणा गर्ने, र बचाउनमा सामर्थी!' २ तिम्रो पोशाक किन रातो छ? र तिम्रो वस्त्र दाख-कुण्डमा पेल्नेको जस्तै? 'मैले एक्लै दाख-कुण्ड पेलें, मानिसहरूमध्ये कोही पनि मसित थिएन। ३ मैले रीसमा तिनीहरूलाई पेलें, र मेरो क्रोधमा तिनीहरूलाई कुल्चें। तिनीहरूको जीवन-रक्त मेरो पोशाकमा छर्किएको छ, र मेरा सबै वस्त्र रगतै रगत भयो। ४ किनभने बदला लिने दिन मेरो मनमा थियो, र मेरो प्रजाको उद्धारको दिन आएको छ। ५ मैले हेरें, तर सहायता गर्ने कोही पनि थिएन। भर पर्ने कोही पनि नभएकोले मैले अचम्म मानें। यसैले मेरो आफ्नै बाहुबलले मेरो विजय ल्यायो, र मेरो क्रोधले मलाई सम्हाल्यो। ६ अनि मेरो क्रोधमा मैले मानिसहरूलाई कुल्चें। मेरो बल्दो रीसमा तिनीहरूलाई धुजा पारें, र मैले तिनीहरूको जीवन-रक्त भूइँमा खन्याइदिएँ।'

परमप्रभुले देखाउनुभएको कृपाको निम्ति धन्यवाद प्रदान

७ इस्राएलको परिवारतर्फको त्यो ठूलो भलाइ जो उहाँले तिनीहरूलाई आफ्नो कृपा र अत्यन्त अटल प्रेमअनुसार र परमप्रभुले हामीमाथि बक्सेका सबै कुराअनुसार म परमप्रभुको अटल प्रेम र उहाँको प्रशंसाको वर्णन गर्नेछु। ८ किनकि उहाँले भन्नुभयो, 'निश्चय, यी मेरा प्रजा हुन्, त्यो सन्तान जसले मलाई धोका दिनेछैन। यसैले उहाँ तिनीहरूका मुक्तिदाता हुनुभयो। ९ तिनीहरूका सारा दुःखमा उहाँ दुःखित हुनुभयो, र उहाँले तिनीहरूलाई बचाउनुभयो। उहाँको प्रेम र करुणामा उहाँले तिनीहरूलाई उद्धार गर्नुभयो। उहाँले तिनीहरूलाई सहनुभयो, र तादिका सबै दिनमा उहाँले तिनीहरूलाई बोकेर हिंड्नुभयो।

१० तर तिनीहरू बागी भए, र उहाँको पवित्र आत्मालाई दुःखित तुल्याए। यसैकारण उहाँ तिनीहरूका शत्रु हुनुभयो, र उहाँ आफैले तिनीहरूका विरुद्धमा लडाइँ गर्नुभयो, ११ तब उहाँले तादिका दिन, अर्थात् आफ्नो दास मोशाको समयका दिनलाई सम्झनुभयो। समुद्रबाट उहाँका बगालका गोठालाहरू समेतलाई ल्याउने कहाँ हुनुहुन्छ? आफ्ना पवित्र आत्मा उनीहरूका बीचमा राख्ने कहाँ हुनुहुन्छ? १२ जसले आफ्नो प्रतापी बाहु मोशाको दाहिने हाततर्फ जानलाई बढाउनुभयो। आफ्नो नाउँ सदाको निम्ति राख्नलाई जसले तिनीहरूकै सामने पानीलाई दुइ भाग गर्नुभयो, १३ जसले तिनीहरूलाई ठेस नलागोस् भनेर वनमा घोडाहरूलाई झैं गहीरा गहीरा ठाउँहरूबाट डोऱ्याउनुभयो? १४ जसरी गाई-वस्तुहरू बँसीमा लेट्छन्, त्यसरीनै परमप्रभुको आत्माले तिनीहरूलाई विश्राम दिनुभयो। यसरी तपाइंले आफ्नो नाउँ शोभायमान बनाउन आफ्नो प्रजालाई डोऱ्याउनुभयो।

१५ स्वर्गबाट हेर्नुहोस्, आफ्ना पवित्र वासस्थान र महिमाबाट तल दृष्टि गर्नुहोस्। तपाइंको हृदयको उत्कट इच्छा र तपाइंको करुणा मतर्फ रोकिएका छन्। १६ तपाइं ता हाम्रा पिता हुनुहुन्छ। अब्राहामले हामीलाई नचिने र इस्राएलले हामीलाई स्वीकार नगरे तापनि तपाइं, हे परमप्रभु, हाम्रा पिता हुनुहुन्छ। तादिदेखिनै तपाइंको नाउँ हाम्रो उद्धारक हो। १७ हे परमप्रभु, तपाइंको मार्गबाट गल्ती गर्ने हामीलाई किन तुल्याउनुहुन्छ? र तपाइंको डर मानदेखि हाम्रो हृदयलाई किन कठोर पार्नुहुन्छ? तपाइंको निज कुललाई तपाइंका दासहरूको खातिर फर्काउनुहोस्। १८ तपाइंका

पवित्र प्रजा ता थोरै समयको निम्ति मात्र
तपाईंको वासस्थानको अधिकारी भए, तर
हाम्रा शत्रुहरूले त्यसलाई लत्तारे।
१९ तपाईंले कहिल्यै शासन नगर्नुभएको
जस्तै हामी भएका छौं। तिनीहरूजस्ता, जो
तपाईंको नाउँद्वारा कहलाइएका छैनन्।

६४ आकाश फटाएर तपाईं ओर्लनुभएता!
तपाईंको उपस्थितिमा पर्वतहरू
डगमगाउने थिए—२ आगोले झाडी डढ़ाएझैं
र पानी उमालेझैं, तपाईंका शत्रुहरूलाई
आफ्नो नाउँ प्रकट गर्नलाई, र जाति
जातिहरू तपाईंको उपस्थितिमा कामून् भनेर
तपाईं आउनुभएता! ३ जब तपाईंले
भयानक कामहरू गर्नुभयो, जो हामीले
चिताएकै थिएनौं, तब तपाईं तल आउनुभयो,
र पर्वतहरू तपाईंको उपस्थितिमा डगमगाए।
४ किनभने उहाँको बाटो हेर्नेहरूका निम्ति
काम गर्नुहुने तपाईंबाहेक अरू कोही परमेश्वर
छ भनी मानिसहरूले तादिदेखिनै कहिल्यै
सुनेका छैनन्, नता कानले सुनेका छन्,
न आँखाले देखेका छन्। ५ जसले खुशी
हृदयले ठीक काम गर्छ, र जो तपाईंको
मार्गमा हिंड्छ, जसले तपाईंलाई स्मरण गर्छ,
तिनीहरूसित तपाईं मिल्न आउनुहुन्छ।
हेर्नुहोस्, तपाईं रिसाउनुभयो, किनकि हामीले
पाप गर्‍यौं। हाम्रा पापमा हामी धेरै
दिनदेखि लागिरहेका छौं, त के हाम्रो
उद्धार हुनेछ र? ६ किनकि हामी सबै
अशुद्ध मानिसहरूझैं भएका छौं, र हाम्रा
धर्म-कर्म फोहोर लुगाझैं छन्। हामी
सबै पातझैं ओइलाइहाल्छौं, र हाम्रा अधर्मले
हामीलाई बतासलेझैं उडाइहाल्नेछन्।
७ तपाईंको नाउँ लिने कोही पनि छैन,
तपाईंलाई पछ्याउने कोही छैन, किनकि
तपाईंले आफ्नो मुख हामीदेखि लुकाउनुभएको
छ, र हाम्रा अधर्मले गर्दा हामीलाई भस्म
गर्नुभएको छ।
८ तर अब हे परमप्रभु, तपाईं हाम्रा
पिता हुनुहुन्छ। हामी माटा मात्र हौं, र
तपाईं चाहिं कुमाले हुनुहुन्छ। हामी सबै
तपाईंकै हातका कार्यहरू हौं। ९ हे परम-
प्रभु, ज्यादै क्रोधित नहुनुहोस्, औ न
हाम्रा अधर्म सधैंभरि सम्झिरहनुहोस्।
बिन्ती छ, विचार गरेर हेर्नुहोस्, हामी सबै
तपाईंकै प्रजा हौं। १० तपाईंका पवित्र
शहरहरू उजाड़ भए—सियोन निर्जन भयो,
यरूशलेम ध्वंस भयो। ११ हाम्रो पवित्र र
सुन्दर भवन, जहाँ हाम्रा पिता-पुर्खाहरूले
तपाईंको स्तुति गर्थे, त्यो आगोले डढ़ाएको
छ, र हाम्रा सबै मनपर्ने थोकहरू उजाड़
पारिएका छन्। १२ हे परमप्रभु, के तपाईं
यी सबै कुराबाट हट्नुहुन्छ? के तपाईं
चूपचाप बसेर हामीलाई ज्यादै कष्ट
दिनुहुन्छ?

६५ मलाई नसोध्नेहरूबाटनै मेरो सोधपूछ
हुन्छ। जसले मलाई खोजेनन्,
तिनीहरूले मलाई भेट्टाए। मेरो नाउँ
नलिने जातिलाई मैले भनें, 'मलाई हेर,
मलाई हेर।' २ मैले मेरो हात दिनभरिनै
एउटा विद्रोही प्रजाको अगि फैलाएँ, जो
आफ्नै विचारमा एउटा यस्तो बाटोमा
हिंड्छन् जो असल छैन—३ एउटा यस्तो
प्रजा, जसले निरन्तर मेरै सामने मलाई रीस
उठाउँछ बगैंचामा बलिदान चढ़ाउँछ, र
ईंटाहरूमा धूप बाल्छ, ४ जो चिहानहरूका
बीचमा बस्छन्, र गुप्त ठाउँहरूमा बास
गर्छन्, जसले सूँगुरको मासु खान्छ, र
भाँडामा घीनलाग्दा कुराहरूका झोल पकाउँछ,
५ जसले भन्छ, 'पर उभिबस्, मेरो
छेउमा नआइज, किनकि म तँभन्दा पवित्र
छु!' यी ता मेरो नाकमा धुवाँ, र दिनभरि
बलिरहने आगो हुन्। ६ हेर, मेरो सामने
यस्तो लेखिएको छ, 'म चूप्प रहनेछैनँ,
तर साटो लिनेछु। निश्चय म तिनीहरूसित
साटो लिनेछु।' ७ परमप्रभु भन्नुहुन्छ,
'तिमीहरूका र तिमीहरूका पिता-पुर्खाहरू-

समेतका अधर्मको साटो म लिनेछु—तिमीहरू
जसले पर्वतहरूमा धूप हाल्यौ, र डाँडाहरूमा
मेरो निन्दा गर्‍यौ। यसैकारण म पहिले
तिनीहरूका कामको बदला तिनीहरूकै पोल्टो-
भरि दिनेछु।'

८ परमप्रभु यसो भन्नुहुन्छ, "जसरी
कूप्पामा नयाँ दाखमद्य पाइन्छ, र कसैले
भन्छ, 'त्यसलाई नबिगार्, किनकि त्यसमा
आशिष परेको छ,' मेरा दासहरूका खातिर
म सोही गर्नेछु, र तिनीहरू सबैलाई म
म नष्ट गर्नेछैनँ। ९ म याकूबबाट एउटा
वंशको र यहूदाबाट मेरा पर्वतहरूको उत्तरा-
धिकारी उत्पन्न गर्नेछु। मेरो चुनिएकोले
त्यो अधिकार गर्नेछ, र मेरा दासहरू त्यहाँ
वास गर्नेछन्। १० मलाई खोज्ने मेरा
प्रजाहरूका निम्ति, शारोन चाहिं भेडा-
बाख्राहरूको चरन र आकोरको बेँसी चाहिं
गाई-वस्तुहरू खर्कने ठाउँ हुनेछन्। ११ तर
तिमीहरू, जसले परमप्रभुलाई त्याग्छौ,
जसले मेरो पवित्र पर्वतलाई बिर्सन्छौ, भाग्य-
देवको निम्ति टेबल तयार गर्नेहरू, भावी-
देवीको निम्ति मिसाएको दाखमद्य भर्नेहरू,
१२ म तिमीहरूलाई तरवारको निम्ति
खटाउनेछु, औ तिमीहरू सबै काटिनलाई
निहुरनेछौ। किनभने जब मैले तिमीहरूलाई
बोलाएँ, तब तिमीहरूले जवाफ दिएनौ।
जब म बोलेँ, तब तिमीहरूले सुनेनौ। तर
तिमीहरूले त्यो काम गर्‍यौ, जो मेरो नजरमा
दुष्ट थियो, र जुन कुरामा म प्रसन्न हुन्नँ,
त्यही तिमीहरूले गर्‍यौ।"

१३ यसैकारण परमप्रभु भन्नुहुन्छ, 'हेर,
मेरा दासहरूले खानेछन्, तर तिमीहरू भने
भोकाउनेछौ। हेर, मेरा दासहरूले पिउनेछन्,
तर तिमीहरू भने तिर्खाउनेछौ। हेर, मेरा
दासहरूले हर्ष मनाउनेछन्, तर तिमीहरू चाहिं
लाजमा पर्नेछौ। १४ हेर, मेरा दासहरू
हृदयमा आनन्द भएकाले गाउनेछन्, तर
तिमीहरू चाहिं हृदयमा दुःख भएकोले रुनेछौ,
र आत्मामा खिन्न भएकोले चिच्याई चिच्याई
रुनेछौ। १५ औ तिमीहरूले आफ्नो नाउँ
मेरा छानिएकाहरूका निम्ति सराप हुनलाई
छोड्नेछौ, र परमप्रभु परमेश्वरले तिमीहरूलाई
मार्नुहुनेछ, र उहाँले आफ्ना दासहरूलाई अर्को
नाउँले बोलाउनुहुनेछ। १६ यसकारण जसले
आफूलाई यस देशमा धन्यको भन्छ, त्यसले
आफूलाई साँचो परमेश्वरको नाउँमा धन्यको
भन्नेछ, र यस देशमा शपथ खानेले
परमेश्वरको नाउँमा शपथ खानेछ, किनभने
अघिअघिका दुःखहरू बिर्सिसकेका छन्, र
ती मेरो नजरबाट लुकिएका छन्।

१७ किनकि हेर, म नयाँ आकाश र
नयाँ पृथ्वी सृष्टि गर्नेछु, र अघिअघिका
कुराहरूको सम्झना हुनेछैन, नता ती स्मरणमा
आउनेछन्। १८ तर तिमीहरू मैले सृष्टि
गरेको कुरामा सदा सर्वदा आनन्द गर र हर्ष
मनाऊ। किनकि हेर, म यरूशलेमलाई हर्षित र
त्यसका मानिसहरूलाई आनन्दित तुल्याउनेछु।
१९ म यरूशलेममा हर्षित हुनेछु, र मेरो
प्रजामा रमाउनेछु, औ त्यहाँ नता रोएको
आवाज फेरि कहिल्यै सुनिनेछ, न चर्को गरी
रोएको सोर सुनिनेछ। २० त्यहाँ कहिल्यै
थोरै दिन मात्र जीवित रहने, र आफ्नो
पूरा उमेरसम्म नबाँच्ने मानिस हुनेछैन।
किनकि बालक सय वर्ष भएर मर्नेछ, र
पापी सय वर्ष श्रापित ठहरिनेछ। २१ तिनी-
हरूले घर बनाएर तिनमा वास गर्नेछन्,
र तिनीहरूले दाखबारी लगाएर तिनका फल
खानेछन्। २२ तिनीहरूले बनाएर अरूहरू
बस्ने, र तिनीहरूले रोपेर अरूहरूले खाने
चाहिं हुनेछैन, किनकि जस्तो रूखको आयु
हुन्छ, त्यस्तै मेरो प्रजाको आयु हुनेछ, र
छानिएकाहरूले आफ्ना हातले गरेका काम
धेरै दिनसम्मै भोग गर्नेछन्। २३ किनभने
तिनीहरूले व्यर्थमा परिश्रम गर्नेछैनन्, नता
विपदको दिनको निम्ति बालकहरू जन्माउनेछन्,
किनकि तिनीहरू आफ्ना बाल-बच्चाहरूसमेत
परमप्रभुको आशिष पाएको वंश हुन्।
२४ तिनीहरूले बिन्ती गर्न अघिनै म उत्तर

दिनेछु। तिनीहरूले बोल्दा बोल्दै म तिनी-
हरूका कुरा सुन्नेछु। २५ ब्वाँसो र थुमा
एउटै ठाउँमा खानेछ, र सिंहले चाहिं
गोरुहरूलेझैं पराल खानेछ, र साँपको आहारा
धूलो हुनेछ। मेरा सारा पर्वतमा तिनीहरूले
नोक्सानी गर्नेछैन, नष्ट गर्नेछैन,' परमप्रभु
भन्नुहुन्छ।

६६ परमप्रभु भन्नुहुन्छ, 'स्वर्ग मेरो
सिंहासन हो, र पृथ्वी चाहिं मेरो
पाउदान हो। मेरो निम्ति तिमीहरूले कस्तो
भवन बनाउनेछौ? औ मेरो विश्राम
गर्ने ठाउँ कुन हुनेछ? २ किनकि यी
कुराहरू ता मेरै हातले बनाएका हुन्
यसरी यी सबै कुराहरू हुन आए, परमप्रभु
भन्नुहुन्छ। तर म ता त्यस मानिसलाई
हेर्नेछु, जो दीन र चूर्ण हृदयको छ, र मेरो
वचनमा काम्दछ। ३ जसले गोरु मार्छ,
त्यो मान्छे मार्नेझैं हो। जसले थुमा बलिदान
गर्छ, त्यो कुकुरको मण्टो भाँच्नेझैं हो।
जसले अन्नबलि गर्छ, त्यो सूँगुरको रगत
चढाउनेझैं हो। जसले धूप बाल्छ, त्यो मूर्तिलाई
धन्यको भन्नेझैं हो। निश्चय, तिनीहरूले
आफ्नै बाटो चुनेका छन् र तिनीहरूका प्राण
आफ्नै घिनलाग्दा कामहरूमा खुशी हुन्छन्।
४ म पनि तिनीहरूका निम्ति विपद चुन्नेछु,
र तिनीहरूका डर तिनीहरूमाथिनै ल्याउनेछु,
किनभने मैले बोलाउँदा कसैले जवाफ दिएन।
जब म बोलें, तिनीहरूले सुनेनन् तर तिनी-
हरूले जे मेरो दृष्टिमा दुष्ट थियो, त्यही
गरे, र जुन कुरामा म प्रसन्न हुन्नँ, त्यही
तिनीहरूले चुने।
५ तिमीहरू, जो परमप्रभुको वचनमा
काम्दछौ, उहाँको वचन सुन, तिमीहरूका
दाज्यू-भाइहरू, जसले तिमीहरूलाई घीन गरे,
जसले तिमीहरूलाई मेरो नाउँको खातिर
बहिष्कार गरे, तिनीहरूले यसो भनेका छन्,
'परमप्रभुको महिमा होस्, र हामी तिमी-
हरूको आनन्द हेरौं। तर तिनीहरूनै लज्जित
हुनेछन्। ६ सुन, बाहिरबाट ठूलो हल्लाको
आवाज निस्केको! मन्दिरबाटको एउटा
आवाज! आफ्ना शत्रुहरूलाई बदला दिनुहुने
परमप्रभुको सोर!
७ सुत्केरी हुनभन्दा पहिलेनै त्यसले
जन्माई। सुत्केरी व्यथा लाग्नभन्दा पहिलेनै
त्यसले एउटा छोरो जन्माई। ८ यस्तो
कुरा कसले सुनेको छ? यस्तो कुरा कसले
देखेको छ? के एकै दिनमा एउटा देश
उत्पन्न हुन्छ र? के एकै क्षणमानै एउटा
जाति उत्पन्न हुन्सक्छ र? किनकि सियोनले
ता सुत्केरी व्यथा लाग्ने बित्तिकै बालकहरू
जन्माई। ९ के जन्माउने समयसम्म ल्याएर
म जन्माउने चाहिं नतुल्याऊँ? परमप्रभु
भन्नुहुन्छ, 'के म, जसले जन्माउन लाउँछु,
म गर्भ थुन्छु?' तेरा परमेश्वर भन्नुहुन्छ।
१० हे यरूशलेमलाई प्रेम गर्ने हो,
तिमीहरू सबै त्यससित आनन्द गर, र त्यसको
निम्ति प्रसन्न होओ। हे त्यसको निम्ति विलाप
गर्ने हो, आनन्दले गद्गद् होओ।
११ तिमीहरू त्यसका सान्त्वना दिने स्तन
चुसेर सन्तुष्ट होओ, र दूध दुहेर त्यसको
महिमाको प्रशस्तपनामा आनन्दित होओ।
१२ किनकि परमप्रभु भन्नुहुन्छ, 'हेर, म
नदीझैं मेरो आशिष, र बढेर आएको खोलाझैं
जाति जातिहरूको धन त्यसतर्फ बढाउनेछु।
तिमीहरूले चुस्नेछौ, तिमीहरू आफूमा बोकि-
नेछौ, र काखमा खेलाइनेछौ। १३ जस्तो
कसैलाई आफ्नी आमाले सान्त्वना दिन्छिन्,
त्यस्तै म तिमीहरूलाई सान्त्वना दिनेछु।
तिमीहरूले यरूशलेममानै सान्त्वना पाउनेछौ।
१४ तिमीहरूले त्यो देख्नेछौ। तिमीहरूका
हृदय रमाउनेछ, औ तिमीहरूका हड्डी कोमल
घाँसझैं भरिला हुनेछन्। परमप्रभुको हात
आफ्ना दासहरूतिर पसारेको र उहाँको क्रोध
चाहिं आफ्ना शत्रुहरूमाथि भएको थाह
हुनेछ।
१५ किनभने हेर, परमप्रभु अग्निमा, र
उहाँको रथहरू चाहिं आँधी-बेहरीझैं, आफ्नो

रीस भ्फोंकले पोखाउनलाई आउनुहुनेछ।
१६ किनकि आगो र तरवारद्वारा परमप्रभुले
सबै प्राणीको न्याय गर्नुहुनेछ, र परमप्रभुबाट
मारिएकाहरू धेरै हुनेछन्। १७ तिनीहरू
बारीमा कसैको पछि लागेर सुँगुरको मासु,
घीनलाग्दा कुराहरू र मुसा खान आफैलाई
पवित्र र शुद्ध पार्छन्। तिनीहरू सबैको
एकैसाथ अन्त हुनेछ, परमप्रभु भन्नुहुन्छ।
१८ किनकि म तिनीहरूका काम र तिनी-
हरूका विचार जान्दछु। म सारा जातिहरू
र विभिन्न भाषा बोल्नेहरूलाई जम्मा गर्न
आउनेछु। औ तिनीहरू आएर मलाई
देख्नेछन्। १९ म तिनीहरूका बीचमा एउटा
चिह्न राख्नेछु, र तिनीहरूमध्ये बाँचेकाहरूलाई
म जाति जातिहरूकहाँ, अर्थात् तर्शीश, र
लूदमा पठाउनेछु, जसले धनु धारण गर्छन्,
र तूबाल र यावानकहाँ, समुद्र किनारका टाढा
टाढाका देशहरूमा, जसले मेरो कीर्ति सुनेका
छैनन्, नता मेरो महिमा देखेका छन्।
तिनीहरूले मेरो महिमा जाति जातिहरूका
बीचमा घोषणा गर्नेछन्। २० तब तिनीहरूले
तिमीहरूका सबै दाज्यू-भाइहरूलाई सारा जाति
जातिहरूबाट घोडा, रथ, पाल्की, खच्चर
सवारी-ऊँटहरूमा चढाएर मेरो पवित्र पर्वत
यरूशलेममा परमप्रभुको निम्ति बलि हुनलाई,
इस्राएलका सन्तानले आफ्नो अन्नबलि चोखो
भाँडामा परमप्रभुको भवनमा ल्याएभैँ ल्याउने-
छन्, परमप्रभु भन्नुहुन्छ। २१ औ
परमप्रभु भन्नुहुन्छ, तिनीहरूमध्ये पनि पूजा-
हारी र लेवीहरू हुनको निम्ति म चुन्नेछु।
२२ किनकि जसरी नयाँ आकाश र
पृथ्वी, जो म बनाउनेछु, ती मेरै सामने
रहिरहनेछन्, त्यसरीनै तिमीहरूका सन्तान र
तिमीहरूका नाउँ पनि रहिरहनेछ, परमप्रभु
भन्नुहुन्छ। २३ औंसी र विश्राम-दिनैपिच्छे,
सबै मानिसहरू मलाई सेवा गर्न आउनेछन्,
परमप्रभु भन्नुहन्छ। २४ तिनीहरूले निस्केर
मेरो विरुद्धमा अपराध गर्ने मानिसहरूका
लाशहरूलाई हेर्नेछन्। तिनीहरूका कीरा
मर्नेछैन। तिनीहरूको आगो निभ्नेछैन।
सबैको निम्ति तिनीहरू घीनलाग्दा हुनेछन्।"

यर्मियाको पुस्तक

१ हिल्कियाहको छोरो यर्मिया, जो
बिन्यामीन देशको अनातोतमा बस्ने
पूजाहारीहरूमध्येका एक थिए तिनकै वचन
यी हुन्। २ आमोनका छोरा यहूदाका राजा
योशियाहका समयमा, अर्थात् तिनका शासन-
कालको तेह्रौं वर्षमा परमप्रभुको वचन तिनीकहाँ,
आयो। ३ परमप्रभुको वचन योशियाहका
छोरा यहूदाका राजा यहोयाकीमका समयका
पनि र योशियाहका अर्को छोरा यहूदाका
राजा सिदकियाहका शासनकालको एघारौं
वर्षको अन्तसम्मै, अर्थात् पाँचौं महीनामा
यरूशलेम कैदमा परेको समयसम्मै आइरह्यो।

अगमवक्ताको बोलावट

४ परमप्रभुको यो वचन मकहाँ आयो,
५ "मैले तँलाई गर्भमा रच्नभन्दा अघिनै
तँलाई चिनिसकेको थिएँ, तँ जन्मनभन्दा
अघिनै मैले तँलाई अलग गरें। मैले तँलाई
जाति जातिहरूका निम्ति एक अगमवक्ता
नियुक्त गरें।" ६ तब मैले भनें, "हे
परमप्रभु परमेश्वर, हेर्नुहोस्, मता बोल्ने
जान्दिनँ, किनभने मता बच्चै छु।" ७ तर
परमप्रभुले मलाई भन्नुभयो, 'मता बच्चै छु,'
भनी नभन्, किनभने जसकहाँ म तँलाई
पठाउनेछु ती सबैकहाँ तँ जानैपर्छ। औ जे
जे म तँलाई आज्ञा गर्छु, ती तैंले भनैपर्छ।
८ तिनीहरूसँग नडरा, किनभने तँलाई
बचाउनलाई म तेरो साथमा छु, परमप्रभु
भन्नुहुन्छ। ९ तब आफ्नो हात पसारेर
परमप्रभुले मेरो मुख छुनुभयो, औ परमप्रभुले
मलाई भन्नभयो, हेर्, मैले मेरो वचन
तेरो मुखमा हालिदिएको छु। १० हेर्,
उखेल्न र भत्काउन, नाश गर्ने र भताभुङ्ग
पार्न, बनाउन र स्थापित गर्न, मैले आज
तँलाई जाति जातिहरू र राज्य राज्यहरूमाथि
नियुक्त गरेको छु।

इन्साफका दुई दर्शन

११ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, 'यर्मिया, तँ के देख्छस्?' मैले भनें,
'म हाडे-बदामको रूखको एउटा हाँगा
देख्छु।' १२ तब परमप्रभुले मलाई
भन्नुभयो, 'तैंले ठीकै देखिस्, किनकि म
आफ्नो वचन चाँडै पूरा गर्नेछु।'
१३ अनि परमप्रभुको यो वचन दोस्रोपल्ट
मकहाँ आयो, 'तँ के देख्छस्?' मैले भनें,
'म उम्लिरहेको एउटा भाँडो देख्छु, जसको
मुख उत्तर दिशाबाट यतातिर फर्केको छ।'
१४ तब परमप्रभुले मलाई भन्नुभयो,
उत्तरदेखिने देशका सारा बासिन्दाहरूमाथि
आपत्ति आइलाग्छ, १५ किनकि हेर्, म
उत्तरका राज्यहरूका सबै कुलहरूलाई
बोलाउँदैछु, परमप्रभु भन्नुहुन्छ, र तिनीहरू
आएर हरेकले आफ्नो आफ्नो राजगद्दी
यरूशलेमका मूल-ढोकाहरूको पस्ने ठाउँमा,
त्यसका पर्खालहरूको चारैतिर र यहूदाका
सबै शहरहरूको बाहिर बसाल्नेछ। १६ औ
मलाई त्यागेर तिनीहरूले गरेका सबै दुष्टताको
कारणले गर्दा तिनीहरूका विरुद्धमा म मेरो
न्यायको फैसला सुनाउनेछु। तिनीहरूले पराई
देवताहरूका निम्ति धूप बाले, र आफ्नै
हातले बनाएका कुराहरूलाई दण्डवत् गरे।
१७ तर तैंले चाहिँ आफ्नो कम्मर कस्।
उठ् र जे जे कुराको म तँलाई आज्ञा दिन्छु
ती तिनीहरूलाई भन्। तिनीहरूदेखि तँ
हताश नहो, नत्रता मनै तँलाई तिनीहरूको
सामने हताशमा पार्नेछु। १८ औ हेर्,
मनै आज यो सारा देश, यहूदाका राजाहरू,
शासकहरू, पूजाहारीहरू र देशका साधारण
मानिसहरूका विरुद्धमा तँलाई एक किल्ला
भएको शहर, फलामको खाँबो र पीतलको
पर्खाल बनाउँछु। १९ तिनीहरूले तँसित
युद्ध गर्नेछन्, तर तिनीहरू तँमाथि विजयी
हुनेछैनन्, किनभने तँलाई बचाउनलाई म
तेरो साथमा छु—परमप्रभु भन्नुहुन्छ।

परमप्रभुप्रति इस्राएलीहरूको अविश्वास

२ परमप्रभुको यो वचन मकहाँ आयो,
२ जा, र यरूशलेमले सुन्ने गरी
यसो भनेर करा, परमप्रभु भन्नुहुन्छ—तेरो
युवावस्थाको भक्ति, दुलहीको जस्तो तेरो
प्रेमलाई म सम्झन्छु। त्यस उजाड-भूमिमा
कसरी तँ मेरो पछि पछि हिंडेको थिइस,
त्यस बाँझो भूमिमा। ३ इस्राएल आफ्ना
परमप्रभुको निम्ति पवित्र, उहाँको फसलको
अगौटे-फल थियो। त्यसलाई खानेहरू सबै
दोषी भए, विपत्ति तिनीहरूमाथि आइलागे,—
परमप्रभु भन्नुहुन्छ।

४ हे याकूबका घराना र इस्राएलका
घरका सबै जहान हो, परमप्रभुको वचन सुन।
५ परमप्रभु यसो भन्नुहुन्छ, तिमीहरूका
पिता पुर्खाहरूले ममा के दोष पाए र
तिनीहरू मबाट टाढा भए, औ व्यर्थका कुरा
पछि लागेर तिनीहरू आफै बेकामका भए?
६ तिनीहरूले भन्नेछन्, परमप्रभु कहाँ
हुनुहुन्छ, जसले हामीहरूलाई मिश्र देशदेखि
निकालेर ल्याउनुभयो, जसले हामीहरूलाई
त्यस उजाड़-भूमिमा डोऱ्याएर ल्याउनुभयो,
मरुभूमि र खाड़ल्हरू भएको जग्गा, पानी
नभएको र घोर अन्धकारको ठाउँमा यस्तो
ठाउँ जहाँ कोही पनि छिरेर जानसक्तैन।
जहाँ मानिसहरू बस्तैनन्? ७ अनि एउटा
प्रशस्त उब्जनी भएको देशमा, त्यसका
फलहरू र असल असल कुराहरू, तिमीहरूले
खाऊ भनी मैले तिमीहरूलाई ल्याएँ। तर
जब तिमीहरू त्यहाँ आयौ, तिमीहरूले मेरो
देशलाई अशुद्ध पाऱ्यौ, मेरो निज अधिकार-
लाई घृणित तुल्यायौ। ८ पूजाहारीहरूले
भनेनन्, 'परमप्रभु कहाँ हुनुहुन्छ?'
व्यवस्थाका अधिकारीहरूले मलाई चिनेनन्,
शासकहरूले मेरो विरुद्धमा अपराध गरे,
अगमवक्ताहरूले बाल देवताको नाउँमा
अगमवाणी बोले, र लाभ नहुने थोकहरूका
पछि लागे।

९ यसैकारण म अझै तिमीहरूसित औ
तिमीहरूका छोरा-नातिहरूसित बहस गरिनै
रहनेछु, परमप्रभु भन्नुहुन्छ। १० कित्तीमको
किनारमा गएर हेर, वा केदारमा दूतहरू
पठाएर राम्ररी हेर, के यस्तो काम भएको
रहेछ त? ११ के कुनै जातिले आफ्ना
देवताहरू बदलिगरेका छन्? यद्यपि ती
ईश्वर होइनन्। तर मेरो प्रजाले ता आफ्नो
महिमा लाभ नहुने कुराको निम्ति साट्यो।
१२ हे आकाश-मण्डल, यस कुरामा तिमीहरू
चकित होऊ, भयभीत होऊ, अनि मूर्छा पर—
परमप्रभु भन्नुहुन्छ। १३ किनभने मेरो
प्रजाले दुइ दुष्ट काम गरेका छन् म जीवित
पानीको मूललाई तिनीहरूले त्यागेका छन्,
र आफ्ना निम्ति पानी नरहने फुटेका इनार
खनेका छन्।

१४ के इस्राएल कमारो हो र? के
त्यो घरमा जन्मेको दास हो र? तब किन
त्यो शिकार बनियो त? १५ त्यसको
विरुद्धमा सिंहहरू गर्जेका छन्, तिनीहरू साह्रै
चर्को गरी गर्जेका छन्। तिनीहरूले त्यसको
देश उजाड़ पारिदिएका छन्। बासिन्दाहरू
नभएर त्यसका शहरहरू उजाड़ भएका छन्।
१६ त्यसबाहेक नोप र तहपन्हेसका
मानिसहरूले तेरो डाँडा नाङ्गो पारिदिए।
१७ जब परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई बाटोमा डोऱ्याएर ल्याउनुभयो,
तब उहाँलाई त्यागेर तिमीहरूले यो कसूर
आफैमाथि ल्याएका होइनौ र? १८ नील
नदीको पानी पिउनलाई मिश्र देशमा गएर
तिमीहरूलाई के लाभ हुन्छ र? अथवा
परात नदीको पानी पिउनलाई अश्शूरमा
गएर तिमीहरूलाई के लाभ हुन्छ र?
१९ तिमीहरूको दुष्टताले तिमीहरूलाई दण्ड
दिनेछ, तिमीहरूको धर्म-त्याग दोषको कारण
हुनेछ। यो जान कि तिमीहरूले परमप्रभु
आफ्ना परमेश्वरलाई त्यागेकोले गर्दा तिमी-
हरूको खराबी हुनेछ, तिमीहरूलाई तीतो
लाग्नेछ। मेरो भय तिमीहरूमा छैन,
सेनाहरूका परमेश्वर भन्नुहुन्छ।

२० धेरै अघिनै तैंले आफ्नो जुवा
भाँचिदिइस्, र बन्धनहरू फुकाइस्, र
भनिस्, 'म सेवा गर्नेछैनँ।' निश्चय, हरेक
डाँडामाथि, र हरेक हरियो रूखमनि तँ
वेश्याझैं झुकिस्। २१ मैले ता तँलाई
छानेको दाखको बोट, असल बिउ पो रोपेको
थिएँ। तँ कसरी पतित भएर जङ्गली दाखको
बोट भइस्? २२ तैंले आफैलाई खरानी-
पानी र बेसरी साबुन लगाएर धोइस् भने
पनि तेरो दोषको कलंक मेरो सामने
छ परमप्रभु भन्नुहुन्छ। २३ तैंले कसरी
भन्नसक्छस, 'म अशुद्ध भएको छैनँ, म बाल

देवताहरूको पछि लागेको छैनँ।' बेंसीमा
गरेका तेरा कामलाई हेर्, त्यहाँ तैँले के
गरेको छस्? सो याद गर्—वेगले यता
उता कुदिहिँड्ने तँ चञ्चली जवान ऊँट।
२४ उजाड़-स्थानमा बस्ने आदत भएकी,
कामातुर भएर हावामा सुँघिहिँड्ने वन-गधैनी।
त्यसको काम-वासनालाई कसले रोक्नसक्छ र?
त्यसलाई खोज्ने कोही थाक्नैपर्दैन, त्यसको
ऋतुमा त्यसलाई तिनीहरूले भेट्टाउनेछन्।
२५ तेरो खुट्टा नाङ्गो, र तेरो घाँटी तिर्खाले
सुकाउँदै नराख्। तर तैँले भनिस्, 'व्यर्थ
छ, किनभने मैले त म पराई मानिसहरूलाई
प्रेम गरेकी छु र तिनीहरूकै पछि म
जानेछु।'

२६ जसरी चोर पक्राउ पर्दा लज्जित
हुन्छ, त्यसरीनै इस्राएलका घराना, तिनीहरूका
राजाहरू, शासकहरू, पूजाहारीहरू र अगम-
वक्ताहरू लज्जित हुनेछन्। २७ तिनीहरू
जसले रूखलाई, 'तिमी मेरा पिता हौ,' र
ढुङ्गालाई, 'तिमीले मलाई जन्म दिएकी हौ'
भन्छन्! यसरी तिनीहरूले आफ्ना पीठ
मतिर फर्काए, औ मुख ता होइन। तर
दुःखका दिनमा तिनीहरू भन्छन्, 'उठनुहोस्,
हामीलाई बचाउनुहोस्।' २८ तिमीहरूले
आफ्ना निम्ति बनाएका देवताहरू कता गए?
तिमीहरूका दुःखको समयमा तिनीहरूले
तिमीहरूलाई बचाउनसक्ने भए तिनीहरू उठून्,
किनकि हे यहूदा, जति तिनीहरूका शहरहरू
छन्, तिमीहरूका देवताहरू पनि त्यतिनै
छन्।

२९ तिमीहरू किन मेरो विरुद्धमा
गनगनाउछौ? तिमीहरू ता सबै मेरो विरुद्धमा
बागी भएका छौ, परमप्रभु भन्नुहुन्छ।
३० तिमीहरूका छोरा-छोरीहरूलाई मैले दण्ड
दिएको व्यर्थै भयो, तिनीहरूले केही शिक्षा
ग्रहण गरेनन्। संहार गर्ने सिंहलेझैँ,
तिमीहरूकै तरवारले तिमीहरूका अगमवक्ता-
हरूलाई नाश गर्‍यो। ३१ हे पुस्ता हो,
परमप्रभुको वचनमा ध्यान देऊ। के म
इस्राएलीहरूका निम्ति एक मरुभूमि अथवा
बाक्लो अन्धकारको देश भएँ र? त किन
मेरो प्रजाले यसो भन्छ, 'हामी स्वतन्त्र
छौं, हामी तपाईंकहाँ फेरि कहिल्यै
आउनेछैनौं।' ३२ के तरुणीले आफ्नो
गहना, कि के दुलहीले आफ्नो वस्त्र
बिर्सनसक्छ र? तर मेरो प्रजाले त मलाई
कहिलेदेखिनै बिर्सिसक्यो। ३३ प्रेमको खोजमा
कसरी राम्रो बाटो तँ निकाल्छस्, यहाँसम्म
कि खराब स्त्रीहरूलाई पनि तैँले आफ्नो
चाल सिकाएको छस्। ३४ त्यसबाहेक तेरो
वस्त्रमा निर्धन निर्दोषहरूको जीवन-रक्त
भेट्टाइयो। तैँले तिनीहरूलाई घर फोरेर
भित्र पसेका त भेट्टाइनस्, ३५ तापनि तँ
भन्छस्, 'म ता निर्दोष छु, निश्चय,
उहाँको रीस मबाट हट्यो।' हेर्, 'मैले
पाप गरेको छैनँ' भनी तैँले भनेको
कारण म तँलाई अदालतमा खड़ा गर्नेछु।
३६ आफ्ना चाल फेर्दै तँ किन यसरी
यताउता हिँडिबस्छस्? जसरी अश्शूरले तँलाई
लाजमा पार्‍यो, त्यसरीनै मिश्रले पनि तँलाई
लाजमा पार्नेछ। ३७ कपालमा हात राखेर
तँ त्यहाँदेखि पनि निस्केर आउनेछस्,
तैँले भरोसा गरेकोलाई परमप्रभुले इन्कार
गर्नुभएको छ, औ तिनीहरूबाट तेरो केही
उन्नति हुनेछैन।

३ यदि कुनै मानिसले आफ्नो स्वास्नीलाई
त्याग्छ र त्यो स्त्री उदेखि छुट्टिएर
अर्को मानिसकी स्वास्नी भई भने, के त्यो
मानिस फेरि त्यसकहाँ फर्केर जान्छ? के
त्यो देश बिटुलो हुँदैन र? तैँले धेरै
प्रेमीहरूसित व्यभिचार गरेको छस्, औ के
तँ मकहाँ फर्केर आउँछस्? परमप्रभु
भन्नुहुन्छ। २ आफ्नो आँखा उठाएर नाङ्गो
डाँड़ामा हेर्। तिनीहरूमध्ये कुन चाहिँमा
तैँले कुकर्म गरेको छैनस् र? एउटा अरबी
मरुभूमिमा बसेझैँ तँ आफ्नो प्रेमिकाको
प्रतीक्षामा बाटो हुँदो बसिस्। तैँले देशलाई

आफ्नो व्यभिचार र दुष्ट कर्मले बिटुलो
पारिस्। ३ यसैकारण झरी थामियो, र
पछिलो झरी भएन। तापनि तैँले आफ्नो
आँखी-भुइँ वेश्याको जस्तै बनाइस्, तैँ लज्जित
हुन मानिनस्। ४ के भर्खरै मात्र तैँले
मलाई यसरी पुकारिनस् ? 'हे मेरा पिता,
तपाईं मेरा युवावस्थाका मित्र हुनुहुन्छ—
५ के उहाँ सधैँ रिसाउनुहुन्छ र ? के
अन्त्यसम्मै उहाँले मलाई घृणा गर्नुहुन्छ र ?'
हेर्, तैँले के भनेको छस्, तर तैँले
केसम्म खराबी गरेको छस्।

[illegible] मुल्कको खराबीबाट यहूदालाई चेताउनी

६ योशियाह राजाका पालामा परमप्रभुले
मलाई भन्नुभयो, विश्वासघाती इस्राएलले के
गर्‍यो, के तैँले देखेको छस् ? त्यो हरेक
डाँड़ामा गयो, र सबै हरिया रूखमनि त्यसले
व्यभिचारको काम गर्‍यो। ७ तर त्यसले
यी सबै काम गरेपछि मकहाँ फर्कन्छ
होला भनी मैले विचार गरेको थिएँ, तर
त्यो फर्केन, औ त्यसकी अविश्वासी बहिनीले
त्यो देखी। ८ त्यस विश्वासघाती इस्राएलका
सबै व्यभिचारको कारण मैले त्यसलाई
त्यागेर पठाएको देखेर पनि त्यसकी अविश्वासी
बहिनी यहूदा डराईन, तर गएर त्यसले पनि
वेश्यावृति गर्नलागी। ९ वेश्यावृति त्यसको
निम्ति यति सजिलो कुरा थियो, कि त्यसले
ढुङ्गा र रूखसित व्यभिचार गरेर देशलाई
बिटुलो पारी। १० यी सबै भएपछि पनि
त्यसकी अविश्वासी बहिनी यहूदा मतिर बाहिरी
रूपले मात्र फर्की, तर पूर्ण हृदयले ता होइन,
परमप्रभु भन्नुहुन्छ।
११ अनि परमप्रभुले मलाई भन्नभयो,
विश्वासघाती इस्राएल अविश्वासी यहूदाभन्दा कम
दोषी ठहरी। १२ जा, यो कुरा उत्तरका
देशहरूमा यसो भनेर प्रचार गर्, हे
विश्वासघाती इस्राएल, तँ फर्की, परमप्रभु
भन्नुहुन्छ, क्रोधले म तँलाई हेर्नेछैनँ, किनभने
म कृपालु छु, परमप्रभु भन्नुहुन्छ, म सधैँ
रीस गरिरहनेछैनँ।' १३ केवल, म, परमप्रभु
आफ्ना परमेश्वरको विरुद्धमा बागी भएँ, र
हरेक हरियो रूखमनि पराईहरूसित गएँ,
मैले तपाईंको आज्ञा पालन गरिनँ, भनी
आफ्नो दोष स्वीकार गर्, परमप्रभु
भन्नुहुन्छ। १४ फर्क, विश्वासघाती सन्तान
हो, परमप्रभु भन्नुहुन्छ, किनभने म
तिमीहरूका स्वामी हुँ। म तिमीहरूको हरेक
शहरबाट एक जनालाई, र हरेक जहानबाट
दुइ जनालाई सियोनमा ल्याउनेछु।
१५ अनि मेरो मनले रूचाएका गोठालाहरू
म तिमीहरूलाई दिनेछु, जसले तिमीहरूलाई
ज्ञान र बुद्धिसित चराउनेछन्। १६ औ जब
तिमीहरू देशमा खूब बढ़ेर फैलिनेछौ, तब
ती दिनमा तिनीहरूले फेरि कहिल्यै 'परमेश्वरको
करारको सन्दूक' भनी भन्नेछैनन्, परमप्रभु
भन्नुहुन्छ। त्यसको विचार मनमा आउनेछैन,
न त्यसको सम्झना हुनेछ, नत्ता त्यसको
अनुपस्थितिको केही ख्याल रहनेछ। त्यो
फेरि कहिल्यै बनाइनेछैन। १७ त्यस बेला
यरूशलेम परमप्रभुको सिंहासन भनिनेछ, र सबै
जातिहरू त्यहाँ भेला हुनेछन्, यरूशलेममा
परमप्रभुको सामने। हठी भएर आफ्नो
मनको दुष्ट कुराहरूको पछि तिनीहरू फेरि
कहिल्यै लाग्नेछैनन्। १८ ती दिनमा
यहूदाका घराना इस्राएलका घरानासित
मिल्नेछ, र मैले तिनीहरूका पिता-पुर्खाहरूलाई
अधिकार गर्नदिएको देशमा तिनीहरू उत्तरको
देशदेखि आउनेछन्।

परमप्रभुको अनुग्रह

१९ मैले ता विचार गरेको थिएँ, म
कुन प्रकारले तिमीहरूलाई आफ्ना छोराहरूका
बीचमा राखूँ, औ तिमीहरूलाई एउटा
सुन्दर देश, औ जातिहरूमा सबैभन्दा सुन्दर
अधिकार तिमीहरूलाई दिऊँ! औ मैले विचार

गरेको थिएँ, कि तिमीहरूले मलाई पिता भनी
पुकानेंछौ, र मलाई पछयाउनदेखि फर्केर
जानेछैनौ। २० तर वास्तावमा, जसरी
एक अविश्वासी स्वास्नीले आफ्नो लोग्नेलाई
त्याग्छे, त्यसरीनै तिमीहरू पनि मप्रति
विश्वासघाती भयौ, हे इस्राएलका घराना
हो, परमप्रभु भन्नुहुन्छ। २१ इस्राएलीहरूको
रोदन र पुकाराको सोर, नाङ्गो डाँड़ाहरूमा
सुनिन्छ, किनभने तिनीहरू कुमार्गमा
चलेका छन्। तिनीहरूले परमप्रभु आफ्ना
परमेश्वरलाई बिर्सेका छन्। २२ हे विश्वास-
घाती छोरा हो, फर्क, म तिमीहरूको
विश्वासघातलाई दूर गर्नेछु।

हेर्नुहोस्, हामी तपाइंकहाँ फर्केर आउँछौं,
किनकि तपाइं परमप्रभु हाम्रा परमेश्वर
हुनुहुन्छ। २३ डाँड़ाहरू ता साँच्चै धोका
मात्र हुन्, पहाड़हरूमा हुने कामायुक्त
पूजाहरूको हल्ला। तर परमप्रभु हाम्रा
परमेश्वर ता साँच्चै इस्राएलका उद्धारक
हुनुहुन्छ। २४ तर हाम्रा युवावस्थादेखिनै
त्यस लज्जित कुराले हाम्रा पिता-पुर्खादेखि
परिश्रम गरेर ल्याएका थोकहरूलाई, अर्थात्
तिनीहरूका बथान, बगाल, तिनीहरूका
छोराहरूलाई र तिनीहरूका छोरीहरूलाई भस्म
गऱ्यो। २५ यसकारण अब हामी आफ्ना
लाजमा डुबौं र हाम्रो अनादरले हामीलाई
ढाकोस्, किनभने हामी आफ्ना पिता-पुर्खाहरू-
समेत आफ्नो युवावस्थादेखि आजसम्म
परमप्रभु आफ्ना परमेश्वरका विरुद्धमा पाप
गर्दैआयौं। औ हामीले परमप्रभु आफ्ना
परमेश्वरका आज्ञा पालन गरेनौं।

४ हे इस्राएल, यदि तिमीहरू फर्कि-
आउँछौ भने, मतिरै फर्किआऊ,
यदि तिमीहरूले आफ्ना घीनलाग्दा कुराहरू
मेरो सामनेबाट हटायौ र तिमीहरू डगमगाएनौ
भने, २ औ तिमीहरूले सत्य, न्याय र
धर्मसित 'परमप्रभु जीवित हुनुहुन्छ', भन्ने
शपथ खायौ भने, उहाँको कारणले अन्यजाति-
हरूले आफैलाई धन्यको भन्नेछन्, औ
तिनीहरू उहाँमानै गर्व गर्नेछन्।

३ किनभने यहूदाका मानिसहरू र
यरूशलेमका बासिन्दाहरूलाई परमप्रभु यसो
भन्नुहुन्छ, तिमीहरूका बाँझो भूमिका डल्ला
फोर, औ काँढ़ाहरूका बीचमा नछर।
४ तिमीहरूको खतना परमप्रभुमा होस्,
हृदयको अपवित्रता फालिदेऊ। हे यहूदाका
मानिसहरू र यरूशलेमका बासिन्दाहरू हो,
नत्रता तिमीहरूका कामको दुष्टताले गर्दा
मेरो क्रोध आगोझैं निस्कनेछ, र कसैले
ननिभाउने गरी त्यो जल्नेछ।

पश्चाताप नगर्नेहरूको दुर्दशा

५ यहूदामा प्रचार गर, यरूशलेममा
यसो भन्दै घोषणा गर, देशका चारैतिर
तुरही फुक, चर्को गरी कराएर यसो भन,
भेला होऊ, र पर्खाल लगाएका शहरहरूमा
जाऊ। ६ सियोनतिर झण्डा उठाऊ,
सुरक्षाको निम्ति भाग, नबस, किनकि म
उत्तरदेखि विपत्ति र ठूलो सत्यनाश
ल्याउनेछु। ७ आफ्नो झाड़ीदेखि एउटा
सिंह निस्की आएको छ, जाति जातिहरूलाई
नष्ट गर्ने आएको छ, त्यो आफ्नो ठाउँदेखि
निस्केको छ। तिमीहरूको देशलाई उजाड़
पार्नलाई त्यो आएको छ, तिमीहरूका
शहरहरू नष्ट, हुनेछन्, ती जनशुन्य
हुनेछन्। ८ यसैकारण भाङ्ग्राले आफ्नो
कम्मर बेहेर, विलाप गर, रोऊ, किनभने
परमप्रभुको डरलाग्दो रीस हामीबाट हटेको
छैन। ९ परमप्रभु भन्नुहुन्छु 'त्यस दिन
राजा र शासकहरू सबैको साहस हराउनेछ,
पूजाहारीहरू भयभीत हुनेछन्, र अगमवक्ता-
हरू छक्क पर्नेछन्।'

१० तब मैले भनें, हाय परमप्रभु
परमेश्वर 'तिमीहरूको कुशल हुनेछ' भनी
साँच्चै तपाईंले यो प्रजा र यरूशलेमलाई
बिलकुलै धोका दिनुभएको छ, किनकि

तिनीहरूको प्राणलाईनै छेँड्ने गरी तरवार
आइपुगेको छ।
११ त्यस बेला यो प्रजा र यरूशलेमलाई
यसो भनिनेछ, मरूभूमिका नाङ्गा डाँड़ाहरूबाट
एउटा तातो बतास मेरो प्रजाकी छोरीतिर
बहन्छ, त्यो नता निफन्न न छान्नलाई हुन्छ।
१२ तीबाट एउटा प्रचण्ड वायु मेरो लागि
आउनेछ। अब तिनीहरूमाथि न्यायको आज्ञा
दिने मनै हुँ। १३ हेर, बादलझैं उहाँ
आउनुहुन्छ, उहाँका रथहरू आँधी-बेहीझैं
छन्, उहाँका घोड़ाहरू चीलहरूभन्दा तेज
छन्—हाय, हामीहरूलाई, हामी नाश भयौं!
१४ हे यरूशलेम, दुष्ट कुराहरू हृदयदेखि
पखालिफ्याँक्, र तँ बाँच्नेछस्। कहिलेसम्म
तेरा खराब विचारहरू तँमा रहिरहनेछन्?
१५ किनभने दानबाट घोषणा हुँदैछ,
एप्रैमको पहाड़ी देशबाट विपत्तिको खबर
दिँदैछ। १६ उहाँ आउँदैहुनुहुन्छ भनी
जाति जातिहरूलाई चेताउनी दे, यरूशलेमलाई
भन्, टाढ़ा देशबाट घेर्नेहरू आउँदैछन्,
तिनीहरू यहूदाका शहरहरूका विरुद्धमा
कराउँदैछन्। १७ बारी रूङ्नेहरूजस्तै
तिनीहरू त्यसको चारैतिर घेरेर बस्नेछन्,
किनभने त्यो शहर मेरो विरुद्धमा बागी भयो,
परमप्रभु भन्नुहुन्छ। १८ तेरो चाल र
तेरा कामहरूले गर्दा यो तँमाथि आइपर्नेछ।
तेरो अन्त्य यही हो, त्यो तीतो छ, त्यसले
तेरो मुटु छेड़्नेछ।

विनाशको दर्शन

१९ हाय मेरो वेदना, मेरो वेदना!
पीड़ाले म मड़ारिन्छु! मेरो हृदयको वेदना।
मेरो मुटुको ढुकढुकी जोरसित चल्नलाग्यो।
म चूप लागी रहनसक्तिनँ, किनकि तुरहीको
आवाज, लड़ाइँको ध्वनि म सुन्दछु।
२० नाशमाथि नाश आउँछ, सारा देशनै
उजाड़ पारिएको छ। मेरा पालहरू एक्कासि
भताभुङ्ग भए, मेरा पालका पर्दाहरू एक
छिनमै नाश भए। २१ कहिलेसम्म म
शत्रुहरूका झण्डालाई हेरिबसूँ? र तिनीहरूको
तुरहीको आवाजलाई सुनिबसूँ? २२ 'किनभने
मेरा प्रजा मूर्ख छन्, तिनीहरू मलाई
चिन्दैनन्, तिनीहरू मूर्ख बालकहरू हुन्,
तिनीहरूको समझ-शक्तिनै छैन। बुराइ गर्नलाई
ता तिनीहरू सिपालु छन्, तर भलाइ गर्न
तिनीहरू जान्दैनन्।
२३ मैले पृथ्वीलाई हेरें, औ हेर, त्यो
उजाड़ र रित्तो थियो, औ आकाशलाई पनि
हेरें, तर त्यहाँ ज्योतिनै थिएन। २४ मैले
पहाड़हरूलाई हेरें, औ हेर, ती काँमिरहेका
थिए, औ सबै डाँड़ाहरू यताउता हल्लिरहेका
थिए। २५ मैले हेरें, औ हेर, कोही
मानिस थिएन, औ आकाशका पक्षीहरू सब
भागिहालेका थिए। २६ मैले हेरें, औ
हेर, परमप्रभुको सामने, औ उहाँको भयानक
क्रोधको सामने मलिलो भूमि मरूभूमि भयो,
र त्यसका सबै शहरहरू ध्वंस पारिए।
२७ किनभने परमप्रभु यसो भन्नुहुन्छ,
सारा देश उजाड़ हुनेछ, तापनि म पूरै
अन्त्य ता गर्नेछैनँ। २८ यसैको लागि
पृथ्वीले विलाप गर्नेछ, औ आकाश अँध्यारो
भइजानेछ, किनकि यो मैले इच्छा गरें, औ
फैसला मेरो मुखबाट निस्केको छ, त्यसो
गर्नदेखि मेरो मन बदलेको छैन, नता म
पछि हट्नेछु। २९ घोड़चढ़ी र धनुर्धारीको
हल्ला सुनेर शहरका सारा बासिन्दाहरू भागेर
जान्छन्, तिनीहरू झाड़ीहरूमा पस्छन्,
तिनीहरू पहराहरूमा उक्लेर जान्छन्।
सबै शहरहरू त्यागिए, त्यहाँ एउटै मानिस
छैन। ३० औ हे उजाड़ पारिएकी, तैंले
लाल पोशाक पहिरेको मतलब के हो? तँ
किन सुनका गहना पहिरेर आफूलाई
सिँगार्छेस्? तँ किन गाजल लगाएर तेरा
आँखा ठूलो पार्छेस्? व्यर्थमा तँ आफूलाई
सुन्दर बनाउछेस्। तेरा प्रेमीहरूले तँलाई
घृणा गर्छन्, तिनीहरू तेरा ज्यान लिन
खोज्छन्। ३१ किनभने सुत्केरी पीड़ामा

परेको स्त्रीको सोरजस्तो एउटा आवाज मैले सुनें पहिलो बालक जन्माउने स्त्रीको सोरझैं । हात फैलाएर सासको निम्ति छटपटाउँदै सियोनकी छोरी भन्छे, हाय, हत्याराहरूका सामने म मूर्छा खाइरहेकी छु !

यरूशलेमको पाप र त्यसको दुर्दशा

५ यरूशलेमका सडकहरूमा यताउता दगुरेर राम्ररी हेर । त्यसका चोकहरूमा खोजेर हेर, न्याय गर्ने र सत्यको खोजी गर्ने कतै एउटै मानिसलाई त्यहाँ तिमीहरू भेट्टाउँछौ कि, र म त्यस शहरलाई क्षमा गरूँ । २ 'परमप्रभु जीवित हुनुहुन्छ' भन्ने शपथ ता तिनीहरू खान्छन्, तापनि तिनीहरू झूटा शपथ खान्छन् । ३ हे परमप्रभु, के तपाईंको दृष्टिले सत्यलाई खोज्दैन र ? तपाईंले तिनीहरूलाई हिर्काउनुभयो, तर तिनीहरू शोकित भएनन् । तपाईंले तिनीहरूलाई नाश गर्नुभयो, तर तिनीहरूले ताड़ना लिन इन्कार गरे । तिनीहरूले आफ्नो मन ढुङ्गाभन्दा पनि कड़ा बनाए, पश्चाताप गर्न तिनीहरूले इन्कार गरे ।

४ तब मैले भनें, निश्चय यिनीहरू ता गरीबहरू रहेछन्, यिनीहरू मूर्खहरू रहेछन्, किनभने यिनीहरूले परमप्रभुको मार्ग, अर्थात् आफ्ना परमेश्वरको व्यवस्थालाई जान्दैनन् । ५ म ठूला मानिसहरूकहाँ जानेछु, र तिनीहरूलाई भन्नेछु, किनभने तिनीहरू परमप्रभुको मार्ग, र आफ्ना परमेश्वरका व्यवस्थालाई जान्दछन् । तर तिनीहरू सबका सबले जुवा भाँचिदिए, तिनीहरूले बन्धन छिनालिदिए । ६ यसैकारण जङ्गलबाट निस्केको सिंहले तिनीहरूलाई मार्नेछ, वनबाट निस्केको ब्वाँसोले तिनीहरूलाई खतम पार्नेछ । चितुवा तिनीहरूका शहरहरूतिर ढुकिबस्छ । तीबाट निस्कने हरेक छिली-बिली पारिनेछ, किनभने तिनीहरूका अपराध धेरै छन् । तिनीहरूले आफ्नो धर्मलाई एकदमै त्यागेका छन् ।

७ म तिमीहरूलाई कसरी क्षमा गर्नसक्छु र ? तिमीहरूका छोरा-छोरीहरूले मलाई त्यागेका छन्, र तिनीहरूका शपथ खाँदछन्, जो ईश्वरनै होइनन् । जब मैले खुवाएर तिनीहरूको पेट भरिदिएँ, तब तिनीहरूले व्यभिचार गर्नलागे, र वेश्याहरूका घर हुँदो भीड़ भएर जम्मा हुनलागे । ८ तिनीहरू खूब पोसिएका र काम-वासनाले मस्त भएका घोड़ाहरूजस्तै, प्रत्येक आफ्नै छिमेकीकी स्वास्नीको निम्ति हिनहिनाउँछ । ९ के म यी कुराको निम्ति तिनीहरूलाई सजाय नदिऊँ ? के म यस्तो जातिदेखि बदला नलिऊँ ? परमप्रभु भन्नुहुन्छ ।

१० गएर त्यसका दाखबारीहरू नाश गरिदे, तर पूरै ता खतम नपार् । तिनीहरूका हाँगाहरू लाछिदे, किनकि ती परमप्रभुका होइनन् । ११ किनकि इस्राएलका घराना र यहूदाका घराना मप्रति अविश्वासी भए, परमप्रभु भन्नुहुन्छ । १२ तिनीहरूले परमप्रभुको विषयमा झूटा कुराहरू भनेका छन्, 'उहाँले केही गर्नुहुन्न । हामीमाथि कुनै खराबी आइपर्नेछैन । हामीमाथि तरवार चल्नेछैन, औ अनिकालनै पर्नेछैन । १३ अगमवक्ताहरू हावा हुनेछन्, वचन तिनीहरूमा छैन । तिनीहरूमाथि यस्तै परिआउनेछ ।'

१४ यसकारण परमप्रभु सेनाहरूका परमेश्वर यसो भन्नुहुन्छ, 'तिनीहरूले यस्ता कुरा भनेको कारण हेर, म मेरो वचन तेरो मुखमा आगो र यस प्रजालाई चाहिं दाउरा तुल्याउनेछु, र त्यस आगोले तिनीहरूलाई भस्म गर्नेछु । १५ परमप्रभु भन्नुहुन्छ, हे इस्राएलको घराना हो, म टाढ़ादेखि एउटा जातिलाई तिमीहरूमाथि चढ़ाइ गर्न ल्याउनेछु । त्यो एउटा सामर्थी जाति हो, त्यो एउटा प्राचीन जाति हो । त्यो एउटा यस्तो जाति हो, जसको भाषा तिमीहरू जान्दैनौ । तिनीहरूले भनेका

कुरा तिमीहरू बुझ्दैनौ। १६ तिनीहरूका
काँड्का ठोकरा खुला चिहानजस्तै छन्।
तिनीहरू सबै शूरवीर छन्। १७ तिनीहरूले
तिमीहरूका फसल र तिमीहरूका खानेकुरा
खाइहाल्नेछन्। तिनीहरूले तिमीहरूका छोरा-
छोरीहरूलाई खानेछन्। तिनीहरूले तिमीहरूका
भेड़ा-बाख्रा र गाई-गोरुहरू खाइहाल्नेछन्।
तिनीहरूले तिमीहरूका दाख र नेभाराहरू
खाइहाल्नेछन्। तिमीहरूले भरोसा राखेका
तिमीहरूका पर्खाल भएका शहरहरू तिनीहरूले
तरवारले नष्ट पार्नेछन्। १८ तापनि ती
दिनमा पनि म तिमीहरूको पूरै अन्त्य ता
गर्नेछैनँ, परमप्रभु भन्नुहुन्छ।

१९ औ जब तिमीहरूका मानिसहरूले
यसो भन्छन्, 'परमप्रभु हाम्रा परमेश्वरले
हामीमाथि किन यस्तो गर्नुभयो?' तब तैंले
तिनीहरूलाई भन्, 'जसरी तिनीहरूले मलाई
त्यागेर आफ्नौ देशमा अन्य देवताहरूको सेवा
गर्यौ, त्यसरीनै तिमीहरूले बिरानो देशमा
विदेशीहरूको सेवागर्नेछौ।'

२० याकूबको घरानामा यस कुराको
प्रचार गर, यहूदामा यो घोषणा गर,
२१ यो कुरा सुन, हे मूर्ख र समझ नभएका
मानिस हो, जसका आँखा ता छन्, तर
देख्तैनन्, जसका कान ता छन्, तर
सुन्दैनन्। २२ के तिमीहरू मेरो भय
मान्दैनौ? परमप्रभु भन्नुहुन्छ। के तिमीहरू
मेरो सामने काम्दैनौ? मैले बालुवालाई समुद्रले
नाघ्न नसक्ने गरी नित्य रहने बार त्यसको
सीमाना ठहराई दिएँ। छालहरू उठे तापनि
तिनीहरू त्यसमाथि विजयी हुनसक्तैनन्। ती
गर्जे तापनि त्यसलाई वाघ्नसक्तैनन्। २३ तर
यी मानिसहरूको तां हठी र बागी हृदय छ।
तिनीहरू बरालिएर गइहाले। २४ तिनीहरू
आफ्ना हृदयमा भन्दैछन्, 'हामी परमप्रभु
आफ्ना परमेश्वरको भय मानौं, किनभने उहाँले
हामीलाई ऋतुमा वर्षा दिनुहुन्छ। हेमन्तको
झरी र बसन्तको झरी र कटनीको निम्ति
ठहराइएका हप्ताहरू हामीलाई दिनुहुन्छ।'
२५ तिमीहरूका अधर्मले गर्दा यी कुराहरू पर
हटिगए। तिमीहरूको पापले असल कुराबाट
तिमीहरूलाई पर राख्यो। २६ मेरा प्रजाका
बीचमा दुष्ट मानिसहरू पनि भेट्टाइए। शिकारी-
हरूजस्तै तिनीहरू ढुकी बस्छन्। तिनीहरू
पासो थाप्छन्। तिनीहरू मानिसहरूलाई
पक्रन्छन्। २७ चराहरूले भरिएको टोकरीझैं
तिनीहरूका घरहरू छलले भरिएका छन्।
यसरी तिनीहरू ठूला र धनी भएका छन्।
२८ तिनीहरू मोटाएर चिल्ला चिल्ला भएका
छन्। दुष्ट काम गर्न तिनीहरूले सीमा
पार गरेका छन्। न्यायसाथ तिनीहरू इन्साफ
गर्दैनन्। टुहुरा-टुहुरीहरूको भलाइ होस् भनी
तिनीहरू तिनको न्याय गरिदिँदैनन्। दरिद्र-
हरूको हकको रक्षा तिनीहरू गर्दैनन्।
२९ के यी कामका निम्ति म तिनीहरूलाई
दण्ड नदिऊँ? औ के यस्तो जातिमाथि म
साटो नलिऊँ? परमप्रभु भन्नुहुन्छ।

३० यस देशमा छक्क पर्ने र डरलाग्दो
काम भएको छ। ३१ अगमवक्ताहरू झूटा
अगमवाणी कहन्छन्। औ पूजाहारीहरू आफ्नै
आदेशमा शासन गर्छन्। मेरो प्रजा चाहिं
यस्तै हुनु रूचाउँछन्। तर अन्त्यको समयमा
तिमीहरू के गर्नेछौ?

यरूशलेम घेरामा परेको

६ हे बिन्यामिनी हो, सुरक्षाको निम्ति
यरूशलेमको बीचबाट भाग। तकोमा
तुरही बजाऊ, बेथक्के-रेममा झण्डा खड़ा
गर। किनकि उत्तर दिशादेखि खराबी र भारी
सर्वनाश आउँदैछ। २ सुन्दरी र कोमलतामा
हुर्केकी सियोनकी छोरीलाई म नाश गर्नेछु।
३ गोठालाहरू आफना आफना बगालसाथ
त्यसमाथि आइलाग्नेछन्। तिनीहरूले आफ्नो
तम्बू त्यसको चारैतिर लगाउनेछन्। तिनीहरू
हरेकले त्यहीं चराउनेछ। ४ 'त्यसको
विरुद्धमा लड़ाइँको तयारी गर, उठ, हामी
मध्य-दिनमा त्यसमाथि हमला गरौं।' 'धिक्कार

हामीलाई, दिन ढल्कँदै जाँदैछ। बेलुकीको
छाया लमिँदै जाँदैछ। ५ उठ, हामी राती
त्यसमाथि हमला गरौं, र त्यसका महलहरू
नष्ट गरौं।' ६ किनभने सेनाहरूका परमप्रभु
यसो भन्नुहुन्छ, 'त्यसका रूखहरू काटेर ढाल,
र यरूशलेमलाई घेरा हाली चढ़ाइगर्न उच्च
उच्च ठाउँहरू बनाऊ दण्ड पाउनै पर्ने शहर
यो हो। यसभित्र अत्याचारबाहेक अरू केही
छैन। ७ जसरी इनारले आफ्नो पानी ताजा
राख्तछ, त्यसरीनै त्यसले आफ्ना दुष्टता ताजा
राख्तछे। त्यसभित्र उपद्रव र नाश भएको
सुनिन्छ। बिरामी र चोटहरू सधैं मेरो नजरको
सामने छन्। ८ हे यरूशलेम, होशियार
बस्, नत्रता म तँदेखि अलग होइजानेछु,
नत्रता म तँलाई उजाड़ पार्नेछु, र तँ निर्जन
हुनेछस्।'

९ सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ,
'इस्राएलका बचेकाहरूलाई दाखको बोटमा
छोड़िएका फल टिपेझैं एउटै नछोडीकन टिप्।
दाख टिप्नेले झैं त्यसका हाँगाहरू हुँदो फेरि
आफ्नो हात बढ़ा। १० म कसलाई भनूँ
र चेताउनी दिऊँ? कसले सुन्ला? हेर,
तिनीहरूका कान बन्द भएका छन्। तिनीहरू
सुन्न सक्तैनन्। हेर, परमप्रभुको वचन तिनी-
हरूका निम्ति ठट्टाको कुरो भएको छ।
तिनीहरू त्यसमा केही रूचि लिँदैनन्।
११ यसैकारण परमप्रभुको क्रोधले म भरिपूर्ण
भएको छु। त्यो थामेर राख्ता राख्ता म
थाकिसकेको छु। सड़कहरूमा केटा-केटीहरू-
माथि र जवानहरू भेला भएका ठाउँहरूमा
पनि त्यो खन्याइदे, लोग्ने र स्वास्नी दुवै,
आधा बैंसे र बूढ़ा-पाकाहरू सबै पक्राउ पर्नेछन्।
१२ तिनीहरूका घर, खेतबारी र स्वास्नीहरू
समेत अर्कोलाई दिइनेछन्। किनकि देशका
बासिन्दाहरूका विरुद्धमा म मेरो हात
बढ़ाउनेछु, परमप्रभु भन्नुहुन्छ। १३ किनभने
सबैभन्दा सानादेखि लिएर सबैभन्दा ठूलासमेत
तिनीहरू हरेक अन्यायले कमाउनलाई
लोभी भएका छन्। औ अगमवक्तादेखि
लिएर पूजाहारीसम्मैं तिनीहरू हरेक झूटा
व्यवहार गर्दछन्। १४ शान्तिनै नहुँदा पनि
'शान्ति, शान्ति' भनेर तिनीहरूले मेरो प्रजाको
चोटलाई बाहिरी तौरले मात्र निको पारेका
छन्। १५ घीनलाग्दो काम गर्दा के तिनीहरू
लज्जित भए र? अहँ, तिनीहरू कति पनि
लज्जित भएनन्। लाज मान्नु के हो,
तिनीहरूले जानेनन्। यसकारण नाश
हुनेहरूमध्ये तिनीहरू पनि हुनेछन्।
तिनीहरूलाई मैले दण्ड दिएको समयमा
तिनीहरू नष्ट हुनेछन्, परमप्रभु भन्नुहुन्छ।

आज्ञापालन बलिदानभन्दा उत्तम

१६ परमप्रभु यसो भन्नुहुन्छ, सड़कहरूमा
उभिएर हेर, असल मार्ग भएका पूराना
बाटोहरूका विषयमा सोध, र त्यसैमा हिंड,
र आफ्नो प्राणको निम्ति विश्राम पाउनेछौ।
तर तिनीहरूले भने, 'हामी त्यसमा
हिंड़नेछैनौं।' १७ तिनीहरूमाथि यसो भनेर
मैले पहरेहरू नियुक्त गरें, 'तुरहीको आवाजमा
ध्यान देऊ।' तर तिनीहरूले भने, 'हामी
ध्यान दिनेछैनौं।' १८ यसकारण तिनीहरूलाई
के हुनेछ? जाति जातिका मानिस हो, सुन,
हे समुदाय हो, सो जानिराख। १९ हे
पृथ्वी सुन्। हेर्, म यस प्रजामाथि विपत्ति
ल्याइरहेछु, जो तिनीहरूकै युक्तिको फल हो।
किनभने तिनीहरूले मेरो वचनमाथि ध्यान
दिएनन्। औ मेरो व्यवस्थालाई चाहिं तिनी-
हरूले इन्कार गरे। २० केको निम्ति शबा-
देखि धूप वा टाढ़ा देशदेखि चन्दन मकहाँ
ल्याइन्छन्? तिमीहरूका होमबलि ग्रहणयोग्य
छैनन्। तिमीहरूका बलिदानहरू मलाई
राम्रो लाग्दैन। २१ यसकारण परमप्रभु यसो
भन्नुहुन्छ, म यस प्रजाको अगाड़ि ठेस
लाग्ने ढुङ्गाहरू राखिदिनेछु। तिनैमाथि तिनी-
हरू ठेस खानेछन्। बाबु र छोराहरू, छिमेकी
र मित्रहरू एकैसाथ नष्ट हुनेछन्।'

२२ परमप्रभु यसो भन्नुहुन्छ, 'हेर,

उत्तर देशबाट एउटा जाति आउँदैछ। पृथ्वीको
पल्लो छेउदेखि आउनलाई एउटा ठूलो जाति
सुरिरहेछ। २३ धनु र भाला तिनीहरू
लिन्छन्, तिनीहरू निष्ठूर र निर्दयी छन्।
तिनीहरूको हल्ला समुद्रको गर्जनजस्तै छ। हे
सियोनकी छोरी, तेरो विरुद्धमा लड़ाइँ गर्न
पंक्ति बाँधेर तिनीहरू घोड़ाहरूमा सवार भएर
आउँछन्।' २४ हामीले यस कुराको समाचार
सुनेका छौं, हाम्रा हात ललाक्-लुलुक भए।
संकष्टले हामीलाई समातिहाल्यो, सुत्केरी
वेदनामा परेझैं हामी भयौं। २५ खेतमा
नजाऊ। बाटोमा नहिंड़। किनकि शत्रुको
हातमा तरवार छ। चारैतिर त्रास देखिन्छ।
२६ हे मेरो प्रजाकी छोरी, भाङ्ग्रा लगा,
र खरानीमा लड़ी-बड़ी गर्। किनकि विनाश
गर्ने चाहिं एक्कासि हामीमाथि आइलाग्नेछ।
२७ तैंले तिनीहरूको चाल जाज्न र जाँच्नलाई
मैले मेरो प्रजामथि एक परीक्षा गर्ने र
जाँच गर्ने ठहराएँ। २८ तिनीहरू अपवाद
गर्दै यताउता हिंड़ने अट्टेरी र बागी भएका
छन्। तिनीहरू सबै भ्रष्टाचारको व्यवहार
गर्दछन्, तिनीहरू काँसा र फलाम भइगएका
छन्। २९ खँलातिले खूब जोरसित फुक्छ।
सीसा आगोले भस्म हुन्छ। सफा गर्ने काम
व्यर्थमा भइरहन्छ, किनभने दुष्टहरू निकालिएका
छैनन्। ३० तिनीहरू खोटो चाँदी भनिन्छन्,
किनभने परमप्रभुले तिनीहरूलाई त्याग्नुभएको
छ।'

मन्दिरको मूल-ढोकामा दिएको उपदेश

७ यर्मियाकहाँ आएको परमप्रभुको वचन—
२ परमप्रभुको भवनको मूल्-ढोकामा
उभिएर यो वचन प्रचार गरेर भन्,
'परमप्रभुलाई पूज्न यी मूल्-ढोकाहरूबाट
पस्ने हे यहूदाका सबै मानिस हो, परमप्रभुको
वचन सुन। ३ सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, तिमीहरूका
चाल र कामहरू सुधार, र म तिमीहरूलाई
यस भवनमा रहन दिऊँला। ४ यो परम-
प्रभुको भवन हो भन्ने कुरामा भरोसा
नराख। ५ किनभने यदि तिमीहरूले आफ्ना
चाल र कामहरू साँच्चिनै सुधार्‍यौ भने,
यदि तिमीहरू एकाले अर्कोको न्याय साँच्चिनै
गर्‍यौ भने, ६ यदि तिमीहरूले विदेशी,
टुहुरा-टुहुरी र विधवाहरूमाथि अत्याचार गरेनौ
भने, अथवा यस ठाउँमा निर्दोषको रगत
बगाएनौ भने, औ तिमीहरूको आफ्नै
हानिको निम्ति अरू देवताहरूको पछि लागेनौ
भने, ७ म तिमीहरूलाई यस ठाउँमा बस्न
दिनेछु। यसै देशमा, जो मैले उहिलेनै तिमी-
हरूका पुर्खालाई युगयुगसम्म रहनलाई दिएको
थिएँ।

८ हेर, तिमीहरू झूटा कुरामा भरोसा
राख्तछौ त्यसबाट केही नाफा हुँदैन। ९ तिमीहरू
चोरी गर्छौं, हत्या गर्छौं व्यभिचार
गर्छौं, झूटा शपथ खान्छौ, बाल देवतालाई
धूप बाल्छौ औ तिमीहरूले नजानेका देवता-
हरूका पछि लाग्छौ, १० औ त्यसपछि मेरो
नाउँको यस भवनमा आई मेरो सामने खड़ा
भएर भन्छौ, 'हाम्रो छुटकारा भयो।' औ
फेरि यिनै घृणित कामहरू गरिरहन्छौ।
११ के मेरो नाउँले कहलाइएको यो भवन
तिमीहरूको दृष्टिमा डाँकूहरूको ओढ़ार भयो?
हेर, म आफैले यो कुरा देखेको छु,
परमप्रभु भन्नुहुन्छ।

१२ मेरो स्थान जो शीलोमा थियो।
जहाँ मैले पहिले मेरो नाउँको निवासस्थान
ठहराएको थिएँ, त्यहाँ गएर हेर। मैले
आफ्नो प्रजा इस्राएलको दुष्टयाइँको कारण
त्यस ठाउँलाई के गरें। १३ परमप्रभु
भन्नुहुन्छ, किनभने तिमीहरूले यी सबै काम
गर्‍यौ, औ मैले तिमीहरूलाई बारबार भन्दा
पनि तिमीहरूले सुनेनौ। औ मैले बोलाउँदा
तिमीहरूले जवाफै दिएनौ। १४ यसकारण
मेरो नाउँले कहलाएको भवन, जसमा तिमीहरू
भरोसा रखातछौ, र मैले तिमीहरू र

तिमीहरूका पुर्खाहरूलाई दिएको स्थानलाई
अब म शीलोलाई गरेझैं गर्नेछु। १५ मैंले
तिमीहरूका सबै आफन्तहरू, एप्रैमका सबै
सन्तानलाई फ्याँकिदिएझैं म तिमीहरूलाई
मेरो नजरदेखि बाहिर फ्याँकिदिनेछु।

मूर्तिपूजाबाट हुने खराबी

१६ तैंले चाहिं यस प्रजाको निम्ति
प्रार्थना नगर्, अथवा यिनीहरूका निम्ति
पुकारा वा बिन्ती नचढ़ा। मसित
यिनीहरूका निम्ति अन्तरबिन्ती नगर्,
किनकि म तेरो प्रार्थना सुन्दिनँ।
१७ यहूदाका शहरहरूमा र यरूशलेमका
गल्लीहरूमा तिनीहरू के गर्दैछन्, के तँ
देख्तैनस्? १८ छोरा-छोरीहरू दाउरा
बटुल्छन्, बाबुहरू आगो सल्काउँछन्, स्वर्गकी
रानीको निम्ति फुलौरा बनाउन स्वास्नी-
मानिसहरू पीठो मुछ्छन्, औ मलाई रीस
उठाउन अरू देवताहरूका निम्ति यिनीहरू
अर्घ चढाउँछन्। १९ के तिनीहरूले मलाईनै
रीस उठाउँछन् त? परमप्रभु भन्नुहुन्छ।
के तिनीहरू आफैलाई रीस उठाउनलाई होइन
र—आफैमा गड़बड़ी ल्याउनलाई? २० यसकारण
परमप्रभु परमेश्वर भन्नुहुन्छ, 'यस ठाउँमा मेरो
रीस, मेरो क्रोध खन्याइनेछ। मानिस र पशु
मैदानका रूखहरू र जमीनका उब्जनी
सबैमाथि यो सधैं जलिरहनेछ, कहिल्यै
निभ्नेछैन।'
२१ सेनाहरूका परमप्रभु, इस्राएलका
परमेश्वर भन्नुहुन्छ, 'तिमीहरूका बलिदानहरूमा
तिमीहरूका होमबलि पनि थप र मासु
चाहिं खाऊ। २२ किनभने तिमीहरूका
पुर्खाहरूलाई मिश्र देशबाट निकालेर ल्याएको
दिन मैले तिनीहरूलाई होमबलि र
बलिदानका बारेमा केही भनिनँ, नता केही
आज्ञा दिएँ। २३ तर मैले तिनीहरूलाई
यो आज्ञा दिएको थिएँ, 'यो वचन पालन
गर, र म तिमीहरूका परमेश्वर हुनेछु, औ
तिमीहरू चाहिं मेरो प्रजा हुनेछौ। औ जुन
मार्गको विषयमा म तिमीहरूलाई आज्ञा
गर्दछु त्यसैमा हिंड़ र तिमीहरूको भलो
हुनेछ। २४ तिनीहरूले आज्ञा पालन
गरेनन्। तिनीहरूले कान थापेनन्, तर
तिनीहरू आफ्नै युक्ति र आफ्नो दुष्ट मनको
अट्टेरीपनामा हिंड़दै रहे। औ अगि बढ्नको
सट्टामा पछि हटे। २५ तिमीहरूका पुर्खाहरू
मिश्र देशबाट निस्केको दिनदेखि यसो
आजसम्म मैले बारंबार दिनैपिच्छे मेरा सबै
सेवक, अगमवक्ताहरूलाई तिनीहरूकहाँ
पठाउँदैरहें, २६ तापनि तिनीहरूले मेरो
वचन सुनेनन्। तिनीहरूले मेरो कुरामा कान
थापेनन्, तर अट्टेरी भए। तिनीहरूले ता
आफ्ना पुर्खाहरूभन्दा पनि अझ खराबी गरे।
२७ यसैले यी सबै कुरा तैंले तिनीहरूलाई
भने तापनि तिनीहरूले तेरा कुरा सुन्नेछैनन्।
तैंले तिनीहरूलाई बोलाए तापनि तिनीहरूले
जवाफ दिनेछैनन्। २८ तब तैंले तिनी-
हरूलाई भन्, यो त्यही जाति हो जसले
परमप्रभु आफ्ना परमेश्वरका आज्ञा पालन
गरेनन्, र उहाँको अनुशासन ग्रहण गरेनन्।
सत्य चाहिं नाश भयो त्यो तिनीहरूको
मुखबाट टाढ़ा भयो।

यहूदाका मारिएकाहरूका निम्ति विलाप

२९ आफ्नो केश खौरेर फालिदे, नाङ्गो
डाँड़ाहरूमा विलाप गर् किनभने उहाँको
क्रोधमा परेको यस पुस्तालाई परमप्रभुले
अस्वीकार गर्नुभयो र त्यागनुभयो।
३० किनभने यहूदाका छोराहरूले मेरो दृष्टिमा
दुष्ट काम गरेका छन्, परमप्रभु भन्नुहुन्छ,
तिनीहरूले मेरो नाउँले कहलाएको भवन बिटुलो
पार्न घीनलाग्दा कुराहरू त्यसमा खड़ा गरेका
छन्, ३१ औ आफ्ना छोरा-छोरीहरूलाई
आगोमा बलि गर्न हिन्नोनको छोराको बेंसीमा
भएको तोपेतमा पूजा-थान तिनीहरूले बनाएका

छन्। त्यसो गर्ने आज्ञा मैले दिएको थिइनँ।
त्यो कुरा मेरो मनमा कहिल्यै उब्जेको थिइनँ।
३२ यसकारण हेर, परमप्रभु भन्नुहुन्छ, यस्ता
दिन आउँदैछ, जब त्यो तोपेत वा हिन्नोनको
छोराको बेंसी कहलाइनेछैन, तर हत्याको बेंसी
कहलाइनेछ। किनभने अरू ठाउँ नपाएको कारण
तिनीहरूले तोपेतमा गाड्नेछन्। ३३ औ
यस प्रजाका लाशहरू आकाशका पक्षीहरू र
पृथ्वीका पशुहरूका आहार हुनेछ। अनि
तिनीहरूलाई तर्साएर धपाउने कोही हुनेछैन्।
३४ औ म यहूदाका शहरहरू र यरूशलेमका
गल्लीहरूबाट हर्ष र आनन्दको सोर, दुलहा र
दुलहीको सोर बन्द गरिदिनेछु। किनभने देश
उजाड़ होइजानेछ।'

८ परमप्रभु भन्नुहुन्छ, 'त्यस बेला यहूदाका
राजाहरूका त्यसका शासकहरूका
त्यसका पूजाहारीहरूका, त्यसका अगमवक्ता-
हरूका र यरूशलेमका बासिन्दाहरूका हाड़हरू
तिनीहरूका चिहानहरूबाट निकालिनेछ,
२ र तिनीहरूले प्रेम गरेर सेवा गरेको
सूर्य, चन्द्र र आकाशका नक्षत्रहरूकै सामने
ती हाड़हरू फिँजाइनेछ, जसका पछि
तिनीहरू लागेका थिए। जसलाई तिनीहरूले
खोजेका र पूजा गरेका थिए, औ ती
जम्मा गरिनेछैन, तर ती जमीनमा
मलजस्तै हुनेछ। ३ तब यस दुष्ट
घरानाका सबै बाँकी रहेकाहरूले मैले
तिनीहरूलाई धपाइदिएको सबै ठाउँहरूमा
जीवनभन्दा मृत्युनै रुचाउनेछन्, सेनाहरूका
परमप्रभु भन्नुहुन्छ।'

पापमा यहूदाले अट्टेरी गरेको

४ परमप्रभु भन्नुहुन्छ, तैँले तिनीहरूलाई
यसो भन्, जब मानिसहरू लोट्दछन्, के
तिनीहरू फेरि उठदैनन्? जब कोही तर्कि-
जान्छ, के त्यो फर्केर आउँदैन? ५ तब
किन यरूशलेमका यी मानिसहरू निरन्तर
पछि हट्दै तर्किगए त? तिनीहरू छल
गर्न छोड्दैनन्, फर्की आउनलाई तिनीहरू
इन्कार गर्दछन्। ६ मैले ध्यान दिएर कुरा
सुनें, तर तिनीहरू ठीक कुरा बोल्दैनन्।
'मैले के गरें?' भनी कुनै मानिस पनि
आफ्नो दुष्टतादेखि पछताउँदैन। घोड़ा
लड़ाइँमा सीधै कुदेर गएझैं, हरेक आफ्नो
आफ्नै बाटोतिर लाग्दछ। ७ अकाशका
कस्याङ्कुरूले पनि आफ्नो समय जान्दछ,
औ कुर्ले-ढुकुर, गौंथली र सारसले आफ्नो
फर्कने समय जान्दछ, तर मेरो प्रजाले ता
आफ्नो परमप्रभुको धर्म-विधिलाई पालन
गर्दैन।

८ तिमीहरू कसरी भन्नसक्छौ, 'हामी
बुद्धिमान छौं, औ परमप्रभुको व्यवस्था
हामीसितै छ।' तर हेर, शास्त्रीहरूको झूटा
कलमले त्यसलाई झूट बनाइदिएको छ।
९ ज्ञानी मानिसहरू लाजमा पारिनेछन्,
तिनीहरूले हताश खानेछन्, र पक्राउ
पर्नेछन्। हेर, तिनीहरूले परमप्रभुको वचनलाई
इन्कार गरे, तिनीहरूमा कस्तो बुद्धि छ?
१० यसकारण म तिनीहरूका स्वास्नी अरूहरू-
लाई र तिनीहरूका खेत तिनीहरूलाई परास्त
गर्नेहरूलाई दिनेछु, किनभने सबैभन्दा
सानादेखि लिएर सबैभन्दा ठूलासमेत तिनीहरू
हरेक अन्यायले कमाउनमा लोभी भएको छ,
औ अगमवक्तादेखि लिएर पूजाहारी सम्मै
तिनीहरू हरेक झूटा व्यवहार गर्दछन्।
११ शान्ति नहुँदा पनि 'शान्ति शान्ति'
भनेर तिनीहरूले मेरो प्रजाको चोटलाई
बाहिर रूपमा मात्र निको पारेका छन्।
१२ घीनलाग्दो काम गर्दा के तिनीहरू
लज्जित भए र? लाज मान्नु के हो,
तिनीहरूले जानेनन्। यसकारण नाश हुने-
हरूमध्ये तिनीहरू हुनेछन्, तिनीहरूलाई मैले
दण्ड दिँदा तिनीहरू नष्ट हुनेछन्।
१३ परमप्रभु भन्नुहुन्छ, 'तिनीहरूलाई म
बिलकुलै नाश गर्नेछु। दाखको बोटमा दाख
हुनेछैन, नता नेभाराको बोटमा नेभारा

हुनेछ, तिनका पातहरूसम्म पनि ओइलाइ-
हाल्नेछ, औ मैंले तिनीहरूलाई दिएको पनि
तिनीहरूदेखि जाइजानेछ'।
१४ हामी किन चूप लागी बसेका छौं ?
आऊ, हामी जम्मा भएर पर्खाल भएका
शहरभित्र जाऔं र त्यहींनै नष्ट होऔं,
किनभने परमप्रभु हाम्रा परमेश्वरले हामीलाई
नष्ट हुन भनी ठहराउनुभएको छ, उहांले
हामीलाई विषालु पानी पिउन दिनुभएको छ,
किनभने हामीले परमप्रभुको विरुद्धमा पाप
गरेका छौं। १५ हामीले शान्तिको बाटो
हेर्‍यौं, तर केही असल भएन, निको हुने
समयको प्रतीक्षा गर्‍यौं, तर हेर, त्रास पो
आइलाग्यो। १६ तिनीहरूका घोड़ाहरूका
स्वां स्वां आवाज दानबाट सुनियो,
तिनीहरूका हिनहिनाइको आवाज सुन्दा सारा
देशनै काम्दछ। तिनीहरूले आएर देश र
त्यसमा भएका सबै थोकलाई र शहर र
त्यसमा बस्ने सबैलाई नाश गर्छन्,
१७ किनभने हेर, म सर्पहरू तिमीहरूका
बीचमा पठाउँछु, विषालु सर्पहरू, जसलाई
कुनै मंत्र-तंत्र लाग्दैन, र तिनीहरूले तिमीहरू-
लाई डस्नेछ, परमप्रभु भन्नुहुन्छ।

अगमवक्ताको शोक

१८ मेरो शोक शान्त हुन नसकिने
भएको छ, मेरो हृदय व्याकुल भएको छ।
१९ देशको चारैतिरबाट आएको मेरो
प्रजाको छोरीको रुवाइ सुन! 'के परमप्रभु
सियोनमा हुनुहुन्न ? के त्यसका महाराजा
त्यहां हुनुहुन्न ? तिनीहरूले किन आफ्ना
खोपिएका मूर्तिहरूले र तिनीहरूका अन्य
देवताहरूले मलाई रीस उठाए ? २० कटनीको
समय बितिहाल्यो, ग्रीष्म ऋतु समाप्त भयो,
अनि हामीहरूको चाहिं उद्धार भएकै छैन।'
२१ किनभने मेरो प्रजाको छोरीको चोटको
कारणले मेरो हृदयमा चोट पर्‍यो, म विलाप
गर्दछु, हताश मेरो हृदयमा छाएको छ।
२२ के गिलादमा कुनै मलहम छैन ? के
त्यहां कुनै वैद्य छैन ? किन मेरो प्रजाको
छोरी स्वस्थ भएकी छैन ?

अविश्वास र त्यसको दण्ड

९ मेरो शिर पानीनै पानी र मेरो आंखा
आंसुका फोहोरा भएता म मेरो
प्रजाको छोरीका मारिएकाहरूका निम्ति रात-
दिन रुने थिएँ। २ मरुभूमिमा मेरो निम्ति पाटी
भएता म आफ्नो जातिलाई छोड़ेर तिनीहरू-
बाट टाढ़ा जानेथिएँ। किनभने तिनीहरू सबै
व्यभिचारी हुन्, विश्वासघातीको एक दल।
३ तिनीहरू आफ्नो जिब्रो धनुर्झैं बङ्गाउँछन्।
सत्य होइन तर झूट पो देशमा प्रबल भएको
छ, किनभने तिनीहरू एक दुष्टयाइँदेखि अर्को
दुष्टयाइँतिर लम्कँदछन्, औ मलाई चिन्दैनन्,
परमप्रभु भन्नुहुन्छ। ४ हरेक आफ्नो
छिमेकीदेखि होशियार रहोस्, र हरेकले कुनै
पनि दाज्यू-भाइमाथि भरोसा नराखोस्।
किनभने हरेक दाज्यू-भाइ जरा खोतल्ने हुन्छ,
औ हरेक छिमेकी झूटा दोष लगाउँदै
हिंड्छ। ५ हरेकले आफ्नो छिमेकीलाई
छल्छ, औ कसैले पनि सत्य कुरा बोल्दैन।
तिनीहरूले आफ्नो जिब्रोलाई झूट बोल्न
सिकाएका छन्, तिनीहरू अधर्म गर्दछन्, र
पश्चाताप गर्नलाई थकित भएका छन्।
६ अत्याचारमाथि अत्याचार र छलमाथि
छल थुपारेर तिनीहरू मलाई चिन्न इन्कार
गर्दछन्, परमप्रभु भन्नुहुन्छ।
७ यसैकारण सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, हेर, म तिनीहरूलाई खारेर
जाँच्छु, किनकि म अरू के गर्नसक्छु र—
मेरो प्रजाकै कारणले हो। ८ तिनीहरूको
जिब्रो विषालु कांड़ हो, त्यसले छलको कुरा
बोल्दछ। हरेकले आफ्नो छिमेकीसित मुखले
ता शान्तिको कुरा गर्दछ, तर मनले चाहिं
त्यसको विरुद्ध ढुकेर बस्ने युक्ति गर्दछ।
९ के यी कुराको निम्ति म तिनीहरूलाई

दण्ड नदिऊँ ? औ यस्तो जातिमाथि म बदला नलिऊँ ?' परमप्रभु भन्नुहुन्छ।

१० पहाड़हरूका निम्ति रोऊ र शोक गर, वनमा भएका खर्कहरूका निम्ति विलाप गर, किनभने त्यो उजाड़ पारिएको छ, यसकारण त्यसबाट भएर कोही जाँदैन, औ गाई-गोरुहरू रामेको सोर त्यहाँ सुनिँदैन। आकाशका पक्षीहरू औ पशुहरू दुवै भागेर गए। ११ म यरूशलेमलाई भत्केको थुप्रो, स्यालहरूका ओढ़ार तुल्याइदिनेछु, म यहूदाका शहरहरूलाई कुनै बासिन्दा नभएको उजाड़-स्थान तुल्याइदिनेछु।

१२ यो बुझ्ने कुन यस्तो ज्ञानी मानिस होला ? त्यसले यो कुरा बताओस् भनी कोसँग परमप्रभु आफै बोल्नुभएको छ र ? कोही त्यसमा भएर जान नसक्ने गरी किन देश उजाड़-भूमिजस्तै नाश र उजाड़ पारियो ? १३ तब परमप्रभु भन्नुहुन्छ, किनभने मैले तिनीहरूका अगि राखेका मेरो व्यवस्थालाई तिनीहरूले त्यागेर मेरो आज्ञा पालन गरेका छैनन्, अथवा त्यस-बमोजिम हिंड़ेका छैनन्, १४ तर हठी भएर आफ्नै मनखुशले तिनीहरूका पिता-पुर्खाहरूले सिकाएका बाल देवताका पछि तिनीहरू लागेका छन्। १५ यसकारण सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, हेर, म यस प्रजालाई ऐरेलु खुवाउनेछु, तिनीहरूलाई पिउनलाई विषालु पानी दिनेछु। १६ औ नता तिनीहरूले न तिनीहरूका पिता-पुर्खाहरूले जानेका जातिहरूका बीचमा म तिनीहरूलाई तितर-बितर पार्नेछु, र मैले तिनीहरूलाई भस्म नपारून्जेल तिनीहरूका पछि म तरवार चलाउनेछु।'

१७ सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ, 'विचार गर, र विलाप गर्ने स्त्रीहरूलाई बोलाऊ,। १८ तिनीहरू चाँड़ो आऊन् र हाम्रा निम्ति विलाप गरिदेऊन्, र हाम्रो आँखाभरि आँसु होस्, र हाम्रा परेला-बाट आँसुको धार छुटोस्। १९ किनभने सियोनदेखि यस्तो विलापको सोर सुनिँदैछ, हामीहरू कसरी नष्ट भयौं ? हामीहरू बिलकुलै लाजमा पर्यौं, किनभने हामीले देश छोड़्यौं, किनभने तिनीहरूले हाम्रो बस्ने ठाउँहरू भत्काइदिए। २० 'हे स्त्री हो, परमप्रभुको वचन सुन, उहाँको मुखको वचन तिमीहरूको कानमा परोस्। तिमीहरूका छोरीहरूलाई शोकको गीत, र तिमीहरू हरेकले आफ्नो छिमेकीलाई विलापको गीत सिकाइदेऊ। २१ किनभने हाम्रा बालकहरूलाई गल्लीदेखि, औ हाम्रा जवानहरूलाई चोकहरूदेखि नाश गर्दै मृत्यु हाम्रा झ्यालसम्मै आएको छ। त्यो हाम्रा महलहरूमा पसेको छ।' २२ तैंले भन्, 'परमप्रभु यसो भन्नुहुन्छ, 'मानिसहरूका लाश बारीमा गोबरझैं, बाली काटनेहरूका बिटाझैं पड़िरहनेछ, औ कसैले तिनलाई उठाउनेछैन। २३ परमप्रभु भन्नुहुन्छ, ज्ञानी मानिसले आफ्नो ज्ञानमा घमण्ड नगरोस्, बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, २४ तर जसले घमण्ड गर्छ त्यसले यसो भनेर घमण्ड गरोस 'म परमप्रभुलाई बुझ्दछु, चिन्दछु औ उहाँनै परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, इन्साफ र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनै कुरामा म प्रसन्न हुन्छु,' परमप्रभु भन्नुहुन्छ।

२५ परमप्रभु भन्नुहुन्छ, 'हेर, समय आउँदैछ, जब म खतना भएका भनाउँदाहरू, तर यथार्थमा बिखतनेहरू सबैलाई दण्ड दिनेछु—२६ अर्थात् मिश्र देश, यहूदा, एदोम, अम्मोन वंशीहरू, मोआब र कपालका कुना कुना खौरनेहरू, जो मरुभूमिमा बस्तछन् सबैलाई, किनभने यी जातिहरू बिखतनेहरू हुन्, औ इस्राएलका सारा घरानाको चाहिं हृदयमा खतना भएको छैन।''

मूर्तिपूजा मूर्खता हो

१० हे इस्राएलका घराना, यो वचन
सुन, जो परमप्रभुले तिमीहरूलाई
भन्नहुन्छ । २ परमप्रभु यसो भन्नुहुन्छ,
"अन्यजातिहरूका चाल नसिक, नता तिनी-
हरूझैं आकाशका चिह्नहरूदेखि हताश खाऊ,
किनभने तीदेखि अन्यजातिहरू हताश
खान्छन्, ३ किनकि अन्यजातिहरूका रीति-
थिति ता झूटा हुन् । जङ्गलमा एउटा रूख
ढालिन्छ, र सिकर्मीको हातले बञ्चरोद्वारा
त्यसमा काम गरिन्छ । ४ मानिसहरूले
त्यसलाई सुन र चाँदीले सिँगार्दछन् । त्यो
नहल्लिओस् भनेर तिनीहरूले त्यसलाई मार्तोल
र कीलाले ठोक्दछन् । ५ तिनीहरूका
मूर्तिहरू ता काँक्रा बारीमा राखेका तर्साउने
पुतला हुन् । ती बोल्नसक्तैनन् ।
तिनीहरूलाई बोक्नु पर्दछ, किनकि तिनीहरू
हिंड्नसक्तैनन् । तिनीहरूदेखि नडराऊ,
किनकि तिनीहरूले केही खराबी गर्नसक्तैनन् ।
नता तिनीहरूमा असल गर्ने शक्ति हुन्छ ।
६ हे परमप्रभु, तपाईंजस्तो कोही पनि
छैन । तपाईं महान् हुनुहुन्छ । पराक्रममा
तपाईंको नाउँ महान् छ । ७ हे जाति
जातिका महाराजा, को तपाईंदेखि डराउदैन
र ? किनकि तपाईं यस योग्यका हुनुहुन्छ ।
किनकि जाति जातिका ज्ञानी मानिसहरूमध्ये
र तिनीहरूका जम्मै राज्यहरूमा तपाईं
समान कोही पनि छैन । ८ तिनीहरू ता
निर्बुद्धि र मूर्ख छन् । मूर्तिहरूका शिक्षा के
हुन् र ? ती काठै हुन् । ९ तर्शीशबाट
पीटेको चाँदी ल्याइन्छ, उपज देश बाट
सुन । ती कारीगरको काम र सुनारको
हातका काम हुन् । तिनका लुगा बैजनी र
नीला छन्, ती सबै सिपालु मानिसहरूका
काम हुन् । १० तर परमप्रभु ता साँचो
परमेश्वर हुनुहुन्छ, उहाँ जीवित परमेश्वर र
अनन्तका महाराजा हुनुहुन्छ । उहाँको क्रोधमा
पृथ्वी काम्दछ, औ अन्यजातिहरू उहाँको
क्रोधको सामने टिक्नैसक्तैनन् ।
११ तैंले तिनीहरूलाई यसो भन्, ती
देवताहरू जसले आकाश र पृथ्वीलाई
बनाएनन्, तिनीहरू पृथ्वीबाट र आकाश-
मनिबाट नाश हुनेछन् ।'
१२ उहाँनै हुनुहुन्छ, जसले पृथ्वीलाई
आफ्नो सामर्थ्यले सृजनुभयो जसले आफ्नो
ज्ञानले संसारलाई स्थापित गर्नुभयो, आफ्नो
बुद्धिले उहाँले आकाशलाई फैलाउनुभयो ।
१३ उहाँको सोरमा आकाशमा पानीको
गर्जन हुन्छ । उहाँले पृथ्वीको पल्लो छेउदेखि
कुइरो उठाउनुहुन्छ । उहाँले वृष्टिको लागि
बिजुली चम्काउनुहुन्छ । र आफ्ना भण्डारबाट
बतास चलाउनुहुन्छ । १४ हरेक मानिस
मूर्ख र बुद्धिहीन छ । हरेक सुनार त्यसका
मूर्तिहरूद्वारानै लाजमा पर्नेछ, किनकि त्यसका
मूर्तिहरू झूटा हुन्, औ तिनमा सास छैन ।
१५ ती व्यर्थका हुन्, छलको काम मात्र ।
तिनीहरूलाई दण्ड दिदा ती नष्ट हुन्छन् ।
१६ उहाँ, जो याकूबका भाग हुनुहुन्छ, यी
जस्ता हुनुहुन्न, किनकि उहाँ उही हुनुहुन्छ,
जसले सारा थोकहरू रच्नुभयो, औ इस्राएल
चाहिँ उहाँको निज अधिकारको कुल हो ।
सेनाहरूका परमप्रभु उहाँको नाउँ हो ।

कैदमा लगिएको

१७ हे घेराभित्र परेका हो, आफ्ना
आफ्ना पोको-पतेरो भूइँबाट जम्मा गर ।
१८ किनभने परमप्रभु भन्नुहुन्छ, 'हेर, अब
म यस देशका बासिन्दाहरूलाई घुँयेत्रोमा
राखेर फ्याँकिदिनेछु र तिनीहरूमाथि दुःख
ल्याउनेछु, र तिनीहरूले यो थाह गर्नेछन् ।'
१९ मेरो चोट असहनीय छ । तर
मैले भनें, 'साँच्चिनै यो ता एउटा कष्ट
हो जो मैले सहनै पर्छ ।' २० मेरो तम्बू
नष्ट भएको छ । मेरा सबै डोरीहरू चुँडिएका
छन् । मेरा बालकहरू मबाट टाढा गइहाले,
र तिनीहरू छैनन् । मेरो तम्बू फेरि

टाँगिदिने र मेरा पर्दाहरू ल्याइदिने अब
कोही छैन । २१ किनभने गोठालाहरू
निर्बुद्धि छन्, र परमप्रभुलाई सोधपूछ
गर्दैनन्। यसैकारण तिनीहरू सफल भएका
छैनन्, र तिनीहरूका सबै बगाल तितर-
बितर भएका छन्। २२ सुन, एउटा
हल्ला! हेर, त्यो आइरहेछ! उत्तरको
देशबाट एउटा ठूलो खैलाबैला, यहूदाका
शहरहरूलाई उजाड़ पार्न र स्यालहरूका ओढ़ार
तुल्याउन!
२३ हे परमप्रभु, मलाई थाह छ, कि
मानिसहरूको मार्ग त्यो आफैमा छैन। आफ्नो
पाइलालाई ठीक मार्गमा हिंड़ाउने शक्ति
मानिसमा छैन। २४ हे परमप्रभु, मलाई
सुधार्नुहोस्, तर ठीक परिमाणमा। तपाईंको
रीसमा ता होइन, नत्रता तपाईंले मलाई
नाश पार्नुहुनेछ। २५ तपाईंलाई नचिन्ने
जातिहरूमाथि र तपाईंको नाउँ नलिने मानिस-
हरूमाथि आफ्नो क्रोध खन्याउनुहोस्, किनभने
तिनीहरूले याकूबलाई स्वाहा पारेका छन्।
तिनीहरूले तिनलाई निलेका छन्, र भस्म
पारेका छन्, र तिनको बासस्थानलाई उजाड़
पारिदिएका छन्।

करारमा अविश्वास गर्दा ल्याउने दण्ड

११ यर्मियाकहाँ आएको परमप्रभुको
वचन—२ यस करारका कुराहरू
सुन्, र यहूदाका मानिसहरू र यरूशलेमका
बासिन्दाहरूलाई भन्। ३ तैंले तिनीहरूलाई
यसो भन्, परमप्रभु इस्राएलका परमेश्वर यसो
भन्नुहुन्छ—यस करारका कुराहरूलाई ध्यान
नदिने मानिस श्रापित होस्। ४ त्यो
करारका कुराहरू जो मैले तिनीहरूका
पुर्खाहरूलाई आज्ञा गरेको थिएँ। जब मैले
तिनीहरूलाई फलामको भट्टी, अर्थात् मिश्र
देशबाट निकालेर ल्याउँदा यसो भनेर आज्ञा
गरेको थिएँ, 'मेरो कुरा सुन, र मैले
तिमीहरूलाई आज्ञा गरेका सबै कुरा मान।
यसरी तिमीहरू मेरा प्रजा हुनेछौ, र म
तिमीहरूका परमेश्वर हुनेछु, ५ र मैले
तिमीहरूका पिता-पुर्खाहरूसित यसो भनेर
खाएको शपथ म पूरा गर्नसकूँ कि तिमी-
हरूलाई दूध र मह बहने एउटा देश दिनेछु,
जस्तो आजको दिनमा भएको छ।' तब
मैले जवाफ दिएँ, 'हे परमप्रभु, यसै होस्!'
६ तब परमप्रभुले मलाई भन्नुभयो,
यहूदाका सबै शहरहरू र यरूशलेमका गल्ली
गल्लीहरू हुँदो यसो भन्दै यी सबै कुरा प्रचार
गर् 'यस करारका कुरा सुन र पालन गर।
७ किनभने जुन बेला मैले तिमीहरूका
पुर्खाहरूलाई मिश्र देशबाट छुटाएर ल्याएको
थिएँ, त्यस बेलादेखि आजको दिनसम्म तिनी-
हरूलाई दृढ़तापूर्वक बारंबार 'मेरा कुरा सुन'
भनेर चेताउनी दिँदै आएको छु। ८ तापनि
तिनीहरूले आज्ञा पालन गरेनन्। मेरा
कुरामा कान थापेनन्। तर तिनीहरू हरेक
आफ्ना आफ्नै दुष्ट हृदयको हठीपनामा
लागिरह्यो। यसकारण मैले तिनीहरूलाई गर्न
भनी आज्ञा गरेका यस करारका सबै कुराहरू
तिनीहरूमाथि ल्याएँ, तर तिनीहरूले पालन
गरेनन्।'
९ फेरि परमप्रभुले मलाई भन्नुभयो,
"यहूदाका मानिसहरू र यरूशलेमका बासिन्दा-
हरू विद्रोही भएका छन्। १० तिनीहरू
आफ्ना पुर्खाहरू, जसले मेरा वचन
सुन्न इन्कार गरे, तिनका अधर्मतिर
फर्किगएका छन्। तिनीहरू अन्य देवताहरूको
सेवा गर्न तिनीहरूका पछि लागेका छन्।
मैले तिनीहरूका पुर्खाहरूसित गरेको मेरो
करारलाई इस्राएलका घराना र यहूदाका
घरानाले भङ्ग गरेका छन्।' ११ यसकारण
परमप्रभु यसो भन्नुहुन्छ, 'हेर, म तिनीहरू-
माथि विपत्ति ल्याउनेछु, जसबाट तिनीहरू
भाग्नसक्तैनन्। तिनीहरूले मेरो पुकारा गरे
तापनि म सुन्नेछैनँ। १२ तब यहूदाका
शहरका र यरूशलेमका बासिन्दाहरूले
ती देवताहरूको पुकारा गर्नेछन्, जसका

निम्ति तिनीहरूले धूप बालेका थिए, तर ती
देवताहरूले तिनीहरूका दुःखको बेलामा
तिनीहरूलाई बचाउनसक्नेछैनन्। १३ किनभने
हे यहूदा, तिमीहरूका जति शहरहरू छन्
त्यतिनै तिमीहरूका देवताहरू भएका छन्।
औ यरूशलेमका गल्लीहरूको संख्या जतिकै
तिमीहरूले शर्म लाग्दा वेदीहरू खड़ा गरेका
छौ—बाल देवताहरूलाई धूप चढ़ाउने
वेदीहरू।

१४ यसैकारण यस जातिको निम्ति
प्रार्थना नगर्, अथवा तिनीहरूका पक्ष लिएर
पुकारा वा बिन्ती नचढ़ा। किनकि तिनीहरूको
दुःखको समयमा तिनीहरूले गरेको पुकारा म
सुन्नेछैनँ। १५ मेरो घरमा मेरी प्रियको
के अधिकार छ, जब कि त्यसले कुकर्म गरेकी
छ? के भाकलहरू र बलिदानका मासुहरूले
तिमीहरूको दण्ड दूर गर्न सक्छन् र?
के तिमीहरू हर्षित हुनसक्छौ र? १६ एक
समय तिमीहरूलाई परमप्रभुले असल फल
भएको सुन्दर हरियो भद्राक्षको रूख भनी
नाउँ दिनुभएको थियो, तर आँधी-बेहीको
गर्जनसित उहाँले त्यसलाई आगो लगाइदिनु-
हुनेछ, र त्यसका हाँगाहरू भस्म पारिनेछन्।
१७ सेनाहरूका परमप्रभु, जसले तिमीहरूलाई
रोप्नुभएको थियो, उहाँले तिमीहरूमाथि
विपत्ति त्याउनलाई फैसला गर्नुभएको छ।
उहाँ भन्नुहुन्छ, इस्राएलका घराना र
यहूदाको घरानाले बाल देवताको निम्ति
धूप चढ़ाएर दुष्ट काम गरे र मलाई रीस
उठाए।'

अनातोतमा अगमवक्ताको विरुद्धमा षड्यन्त्र

१८ परमप्रभुले मलाई यो कुरा बताउनुभयो
र मैले थाह पाएँ। तब तपाईंले मलाई
तिनीहरूका खराब कामहरू देखाउनुभयो।
१९ तर म ता मार्नलाई लैजानलगेको
एउटा सुधो थुमाजस्तो थिएँ। मलाई
यस कुराको थाह थिएनँ कि तिनीहरूले यसो
भन्दै मेरो विरुद्धमा षड्यन्त्र रचेका छन्,
'त्यस रूखलाई त्यसको फलैसमेत नाश गरौं,
त्यसलाई जीवितहरूको देशबाट नष्ट गरिदेऔं।
र त्यसको नाउँको कहिल्यै सम्झना नगरोस्।'
२० तर हे सेनाहरूका परमप्रभु, तपाईं
जसले धर्मसित न्याय गर्नुहुन्छ, जसले हृदय
र मनको जाँच गर्नुहुन्छ, तपाईंले तिनीहरूमाथि
बदला लिएको म देख्नपाऊँ, किनभने तपाईं-
लाईनै मैले मेरो कुरा सुम्पिदिएको छु।
२१ यसकारण तेरो प्राण लिन खोज्ने
अनातोतका मानिसहरू यसो भन्दछन्,
'परमप्रभुको विषयमा अगमवाणी नभन्,
नत्रता तँ हाम्रो हातबाट मर्नेछस्।' तिनी-
हरूका विषयमा परमप्रभु यसो भन्नुहुन्छ,
२२ सेनाहरूका परमप्रभु भन्नुहुन्छ, 'हेर, म
तिनीहरूलाई दण्ड दिनेछु। तिनीहरूका जवान
मानिसहरू तरवारले काटिनेछन्, र तिनीहरूका
छोरा-छोरीहरू चाहिँ अनिकालले मर्नेछन्।
२३ औ तिनीहरू कोही पनि बाँच्नेछैन,
किनभने म अनातोतका मानिसहरूमाथि विपत्ति
त्याउनेछु। म तिनीहरूमाथि तिनीहरूको
दण्डको दिन त्याउनेछु।'

अधर्मबाट भएको उन्नतिको समस्या

१२ हे परमप्रभु, म तपाईंसित बहस
गर्दा तपाईंनै ठीक ठहरिनुहुन्छ, तापनि
बहस गर्न म मेरो कुरा तपाईंको सामने
त्याउँछु। दुष्टहरूको युक्ति किन सफल
हुन्छ? छल गर्नेहरू सबैले किन उन्नति
गर्छन्? २ तपाईंले तिनीहरूलाई रोप्नुहुन्छ,
र तिनीहरूले जरा हाल्छन्। तिनी बढ़छन्,
र फल फलाउँछन्। मुखले भने तपाईंलाई
तिनीहरू नजीक राख्तछन् तर तिनीहरूका
हृदयबाट चाहिँ टाढ़ा राख्तछन्। ३ तर
हे परमप्रभु, तपाईं मलाई चिन्नुहुन्छ,
तपाईं मलाई देख्नुहुन्छ, र तपाईंप्रति मेरो
हृदयको झुकाउ तपाईं जाँच्नुहुन्छ। मार्नलाई

लैजाने भेड़ाहरूझैँ तिनीहरूलाई तान्नुहोस्, र
मार्ने दिनको लागि तिनीहरूलाई अलग गर्नुहोस्।
४ देशले कहिलेसम्म विलाप गरिबस्ने?
र मैदानका घाँस कहिलेसम्म ओइलाइरहने?
किनकि त्यहाँ बस्नेहरूको दुष्टयाइँले गर्दा पशु-
पक्षीहरू सबै नाश भए। किनभने मानिस-
हरूले भने, 'उहाँले हाम्रो अन्त्य देख्नुहुनेछैन।'
५ यदि तैँ मानिसहरूसित दगुरिस् र
तिनीहरूले तँलाई थकायो भने घोड़ाहरूसित
तैँ कसरी दगुर्नसक्छस्? यदि सुरक्षित
स्थानमानै तैँ लोटिस् भने यर्दनको जङ्गलमा
तैँ के गर्छस्? ६ किनभने तेरा दाज्यू-
भाइहरू र तेरा बाबुका घरानालेनै तँसित
छलको व्यवहार गरेका छन्। तिनीहरू तेरो
पछि जोरसित कराउँदै आएका छैनन्।
तिनीहरूले तँसित मीठा कुरा गरे तापनि
तिनीहरूको कुरा नपत्या।
७ मैले मेरो घर छोड़िदिएको छु मैले
मेरो निज भागलाई त्यागिदिएको छु, मैले
मेरो प्राणकी प्रियलाई त्यसका शत्रुहरूको
हातमा दिएको छु। ८ मेरो निज भाग
मेरो लेखि वनको सिंहजस्तै भएको छ। त्यो
मेरो विरुद्धमा गर्जन्छ। यसैकारण म त्यसलाई
घृणा गर्दछु। ९ के मेरो निज भाग मेरो
निम्ति एउटा छिरबिरे शिकारी-पक्षी जस्तै
भयो? के शिकारी पक्षीहरूले त्यसलाई घेरेर
राखेका छन्? जा, सबै वन-पशुहरूलाई
जम्मा गर्। त्यसलाई खान तिनीहरूलाई
ले। १० धेरै गोठालाहरूले मेरो दाखको
बारीलाई नाश पारेका छन्। तिनीहरूले मेरो
भागलाई कुल्ची-मिल्ची गरेका छन्। तिनी-
हरूले मेरो सुन्दर भागलाई उजाड़-भूमिझैँ
उजाड़ बनाइदिएका छन्। ११ तिनीहरूले
त्यसलाई उजाड़ तुल्याइदिए। उजाड़ भएर
त्यसले मेरो सामने विलाप गर्दछ, सारा
देशनै उजाड़ पारिएको छ, तर कुनै मानिसले
आफ्नो मनमा सोच्तै सोच्तैन। १२ मरु-
भूमिका सबै नाङ्गा डाँडाहरूमा नाश गर्नेहरू
आएका छन्। किनभने परमप्रभुको तरवार
देशको यो छेउदेखि पल्लो छेउसम्म नाश
गर्दैजान्छ। कुनै मानिसलाई शान्ति हुँदैन।
१३ तिनीहरूले गहुँ छरे, तर काँढ़ा पो
कटनी गरे। तिनीहरूले कष्ट उठाए,
तर केही लाभ भएन। तिनीहरू आफ्ना
कटनीको कारण लज्जित हुनेछन्। किनभने
परमप्रभुको भयानक क्रोध तिनीहरूमाथि परेको
छ।
१४ आफ्नो प्रजा इस्राएलले अधिकार
गर्न मैले दिएको अधिकारलाई छोएको
हुँदा मेरा दुष्ट छिमेकीहरूका विषयमा परम-
प्रभु यसो भन्नुहुन्छ, 'हेर्, म तिनीहरूलाई
तिनीहरूको देशबाट उखेल्नेछु, र यहूदाको
घरानालाई तिनीहरूका बीचबाट उखेल्नेछु।
१५ औ तिनीहरूलाई उखेलेपछि म फेरि
तिनीहरूलाई टिठाउनेछु, र तिनीहरू हरेकलाई
आफ्नो आफ्नै निज अधिकारमा र आफ्नो
आफ्नै देशमा फेरि बसाल्नेछु। १६ औ
तिनीहरूले मेरो प्रजालाई बाल देवताको
नाउँमा शपथ हाल्न सिकाएझैँ यदि तिनीहरूले
मेरो नाउँमा 'परमप्रभु जीवित हुनुहुन्छ'
भन्दै शपथ खाएर मेरो प्रजाको चाल परिश्रम-
साथ सिक्यो भने तिनीहरू मेरो प्रजाको
बीचमा बढ़्दै जानेछन्। १७ तर कुनै पनि
जातिले सुनेन भने ता म त्यसलाई बिलकुलै
उखेलेर नाश गर्नेछु,' परमप्रभु भन्नुहुन्छ।

सुती पटुकाको चिह्न

१३ परमप्रभुले मलाई भन्नुभयो, 'गएर
एउटा सुती कपड़ा किन्, र त्यो तेरो
कम्मरमा बाँध, औ त्यसलाई पानीमा भिज्न
नदे।' २ यसैले परमप्रभुको वचनअनुसार
मैले एउटा पटुका किनेर आफ्नो कम्मरमा
बाँधेँ। ३ फेरि दोस्रोपल्ट परमप्रभुको यो
वचन मकहाँ आयो। ४ 'उठ्, तैँले
किनेकी तेरो कम्मरको पटुका लिएर
परात नदीमा जा, र पहरामा भएको
ओढ़ारभित्र त्यो लुकाइराख्।' ५ तब

परमप्रभुले मलाई आज्ञा गर्नुभएअनुसार गएर
मैले परात नदीको किनारमा त्यो
लुकाइराखें। ६ औ धेरै दिनपछि परमप्रभुले
मलाई भन्नुभयो, 'उठ्, परात नदीमा जा,
र त्यहाँबाट त्यो पटुका ले, जो मैले तँलाई
त्यहाँ लुकाइराख्नलाई आज्ञा गरेको थिएँ।'
७ तब म परात नदीमा गएँ, र मैले
लुकाएको ठाउँबाट त्यो पटुका खनेर निकालें।
औ हेर, त्यो पटुका ता मक्किएछ। त्यो
ता बेकामको भएछ।
८ तब परमप्रभुको यो वचन मकहाँ
आयो, ९ 'परमप्रभु भन्नुहुन्छ, यसरीनै
यहूदाको अहंकार र यरूशलेमको ठूलो सेखी
म झारिदिनेछु। १० यो दुष्ट लोक जसले
मेरो वचन सुन्न इन्कार गर्‍यो, जो
आफ्नो मनमा अट्टेरी गरेर अन्य देवताहरूको
सेवा र पूजा गर्न गए। तिनीहरू यही
पटुकाजस्तै हुनेछन्, जो बेकामको भएको
छ। ११ किनभने जसरी पटुका मानिसको
कम्मरमा कसिरहेको हुन्छ, त्यसरीनै मैले
इस्राएल र यहूदाका सबै घरानालाई मेरो
निम्ति एक प्रजा, एक नाउँ औ मेरो
प्रशंसा र महिमाको कारण होऊन् भनेर
ममा लीन रहनलाई नियुक्त गरें, तर
तिनीहरूले मेरा कुरा सुनेनन्,' परमप्रभु
भन्नुहुन्छ।
१२ तैंले तिनीहरूलाई भन्, परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, 'हरेक
घैंटो दाखमद्यले भरिनेछ। औ तिनीहरूले
तँलाई भन्नेछन्, 'के हरेक घैंटो दाखमद्यले
भरिनेछ भनी हामीलाई थाह छैन र?'
१३ तब तैंले तिनीहरूलाई भन्, 'परमप्रभु
भन्नुहुन्छ, हेर, म यस देशका सबै
बासिन्दाहरूलाई दाऊदको राजगद्दीमा बस्ने
राजा, पूजाहारी, अगमवक्ता र यरूशलेमका
सब बासिन्दाहरूलाई सम्पूर्ण मताइदिनेछु।
१४ औ म तिनीहरूलाई, एउटालाई अर्कोको
विरुद्धमा, बाबु र छोराहरूलाई आपसमा
जुझाइदिनेछु। म तिनीहरूमाथि टिठाउनेछैनँ,
तिनीहरूलाई बाँकी राख्नेछैनँ, तिनीहरूमाथि
दया देखाएर नाश गर्नदेखि म थामिनेछैनँ,'
परमप्रभु भन्नुहुन्छ।

यहूदालाई व्यर्थको बिन्ती

१५ सुन, कान थाप, र अहंकार नगर,
किनकि परमप्रभु बोल्नुभएको छ। १६ उहाँले
अन्धकार ल्याउन अघिनै, साँझको अँध्यारोमा
पहाड़हरूमा ठेस लाग्न अघिनै, तिमीहरूले
उज्यालोको प्रतीक्षा गर्दा गर्दै उहाँले
त्यसलाई अँध्यारोमा परिणत गरेर घर
अन्धकार बनाउन अघिनै, परमप्रभु आफ्ना
परमेश्वरलाई महिमा देऊ। १७ तर तिमी-
हरूले सुनेनौ भनेता तिमीहरूको अहंकारको
कारण मेरो मन गुप्तमा रुनेछ। परमप्रभुको
बगाल कैदमा लगियो। यसकारण म धुरूधुरू
रुनेछु, र मेरो आँखाबाट आँसुको धारा
बग्नेछ।
१८ राजा र राज-मातालाई भन, 'दीन
भएर भूइँमा बस, किनकि तिमीहरूका शिरबाट
तिमीहरूका सुन्दर मुकुट खसिगए।'
१९ दक्षिणका शहरहरू थुनिएका छन्;
तिनीहरूलाई उघार्ने कोही पनि छैन, जम्मै
यहूदा कैदमा लगिएको छ, बिल्कुलै कैदमा
लगिएको छ।
२० आफ्ना आँखा उठाएर ती उत्तर
दिशाबाट आउनेहरूलाई हेर्। तँलाई दिएको
बगाल, त्यो सुन्दर बगाल कहाँ छ?
२१ जब तँमाथि शासक हुनलाई तैंले
आफ्नो मित्र बनाउनलाई शिक्षा दिएकाहरूलाई
तिनीहरूले खटाउँछन्, तब तैंले के भन्नेछस्?
के सुत्केरी पीड़ामा परेकी स्त्रीझैं तँलाई पीड़ा
हुनेछैन? २२ औ 'यस्ता कुरा किन ममाथि
आइलाग्यो' भनेर तैंले मनमा भन्छस् भने
यो चाहिं तेरो ठूलो अधर्मको कारण हो।
यसैकारण तेरो फरिया उघारियो, र तैंले
अत्याचार सहनुपर्‍यो। २३ के हब्शीले
आफ्नो छालाको रङ्ग फेर्नसक्छ? के चितुवाले

आफ्नो छालाको थोप्ला बद्लनसक्छ ?
त्यस्तो भए मात्र तिमीहरू दुष्टयाइँ गर्ने
बानी बसेकाहरूले भलाइ गर्नसक्नेछौ। २४ म
तिमीहरूलाई मरूभूमिबाट आएको बतासले
उड़ाएको भूसझैं तितर-बितर पार्नेछु। २५ तेरो
हिस्सा, मैले ठहराएको तेरो भाग यही हो,
परमप्रभु भन्नुहुन्छ। किनभने तैंले मलाई
बिर्सेको छस्, र झूटतिर भरोसा राखेको
छस्। २६ म आफैंले तेरो फरिया तेरो
मुखसम्मै उचालिदिनेछु, र तेरो लाज
देखिनेछ। २७ तैंले वनका डाँड़ा हुँदो
गरेका तेरा घिनलाग्दा कामहरू, तेरो
व्यभिचार, तेरो हिनहिनाइ, तेरा वेश्यावृत्ति
मैंले देखेको छु। हे यरूशलेम, तँलाई
धिक्कार! त शुद्ध हुनभन्दा अघि कति लामो
समय बित्ले होला?

यहूदामा भएको खड़ेरी

१४ खड़ेरीको विषयमा यर्मियाकहाँ आएको
परमप्रभुको वचन—
२ यहूदा विलाप गर्छ, र त्यसका मूल-
ढोकाहरू दुर्बल भएका छन्। त्यसका
मानिसहरू भूइँमा बसेर शोक गर्दछन्, र
यरूशलेमको चिच्याइ आकाशसम्म पुगेको छ।
३ त्यसका भारादारहरू आफ्ना नोकरहरूलाई
पानी लिन पठाउँछन्। तिनीहरू कूवामा
आउँछन्, तर पानी पाउँदैनन्। तिनीहरू
आफ्ना भाँड़ाहरू रित्तै लिएर फर्कन्छन्।
तिनीहरू लज्जित भएर अलमल्ल परी आफ्ना
मुख ढाक्छन्। ४ देशमा पानी नपरेकोले
गर्दा जमीन चिरा-चिरा परे। किसानहरू
लज्जित भएर आफ्ना मुख ढाक्छन्।
५ घाँस नभएकोले जङ्गलका मुड़ुली-मृगले
पनि आफ्नो भखर जन्मेको बच्चालाई छोड़ेर
जान्छ। ६ वन-गधाहरू नाङ्गो डाँड़ामा
उभिएर स्यालहरूझैं हावाको निम्ति हाँप्छ।
हरिया घाँस-पाते नभएकोले तिनीहरूका आँखा
तिमिराउँछ।

७ हाम्रा अधर्मले हाम्रा विरुद्धमा साक्षी
दिए तापनि हे परमप्रभु, तपाईंकै नाउँको
खातिर केही काम गर्नुहोस्। विश्वासको
मार्गबाट धेरैपल्ट हामी पछि हट्यौं। हामीले
तपाईंको विरुद्धमा पाप गरेका छौं। ८ हे
इस्राएलको आशा, दुःखको बेलामा त्यसलाई
उद्धार गर्नुहुने, यस देशमा तपाईं किन एक
परदेशीजस्तै हुनुहुन्छ? एक रातको निम्ति
मात्र अड़िने बटुवाजस्तै किन हुनुहुन्छ?
९ अलमल्ल परेका मानिसझैं तपाईं किन
हुनुहुन्छ? बचाउन नसक्ने वीर पुरुषझैं किन
हुनुहुन्छ? हे परमप्रभु, तापनि तपाईं हाम्रा
माझमा हुनुहुन्छ। औ हामी तपाईंकै नाउँले
कहलाइएका हौं, हामीलाई नत्याग्नुहोस्।
१० यस प्रजाको विषयमा परमप्रभु यसो
भन्नुहुन्छ, 'तिनीहरू ता यसरीनै बरालिएर
हिड्न मन पराउँछन्। तिनीहरूले आफ्ना
खुट्टालाई वशमा राखेका छैनन्। यसैकारण
परमप्रभुले तिनीहरूलाई ग्रहण गर्नुहुन्न। अब
उहाँले तिनीहरूको अधर्मको सम्झना गर्नुहुनेछ,
र तिनीहरूको पापको दण्ड तिनीहरूलाई
दिनुहुनेछ।' ११ परमप्रभुले मलाई भन्नुभयो,
'यस जातिको भलाइको निम्ति प्रार्थना
नगर्। १२ तिनीहरू उपवास बसे तापनि
म तिनीहरूको दुहाई सुन्नेछैनँ। तिनीहरूले
होमबलि र अन्नबलि चढ़ाए तापनि म
ग्रहण गर्नेछैनँ, तर म तिनीहरूलाई तरवार,
अनिकाल र रूढ़ीले नाश पार्नेछु।'
१३ तब मैंले भनें, 'हाय, परमप्रभु
परमेश्वर, हेर्नुहोस्, अगमवक्ताहरूले ता
तिनीहरूलाई भन्दछन्, तिमीहरूले तरवार
देख्नेछैनौ। तिमीहरूमा अनिकालनै पर्नेछैन,
तर म तिमीहरूलाई यस ठाउँमा पक्का
शान्ति दिनेछु।' १४ औ परमप्रभुले
मलाई भन्नुभयो, 'अगमवक्ताहरूले मेरो नाउँमा
झूटो अगमवाणी कहन्छन्। मैले तिनीहरूलाई
पठाएको होइन। मैले तिनीहरूलाई आज्ञा
गरेको होइन म तिनीहरूसित बोलेको
होइन। तिनीहरूले ता तिमीहरूलाई झूटो

दर्शन, व्यथका तंत्र-मंत्रका कुराको र
आफ्नै मनको छलका कुराहरूको अगमवाणी
कहन्छन्। १५ यसकारण ती अगमवक्ताहरू,
जसलाई मैंले पठाएको होइन तापनि मेरो
नाउँमा यस्तो अगमवाणी कहन्छन्, 'तरवार
र अनिकाल यस देशमा आउनेछैनन्।' यस्ता
अगमवक्ताहरूको विषयमा परमप्रभु यसो
भन्नुहुन्छ, 'तरवार र अनिकालद्वारानै ती
अगमवक्ताहरू नाश गरिनेछन्। १६ औ
तिनीहरूले अगमवाणी भनेका ती
मानिसहरू चाहिँ तरवार र अनिकालका
शिकार भएर यरूशलेमका गल्लीहरूमा
फ्याँकिनेछन्। औ तिनीहरूलाई गाड्ने कोही
हुनेछैन—तिनीहरू, तिनीहरूका स्वास्नीहरू,
तिनीहरूका छोराहरू र तिनीहरूका
छोरीहरूलाई गाड्ने। किनभने तिनीहरूका
दुष्टयाइँ म तिनीहरूमाथिनै खन्याउनेछु।'
१७ तैंले तिनीहरूलाई यी कुरा भन्, 'मेरा
आँखाबाट दिन रात आँसु बगोस्। त्यो
नथामिओस्, किनभने मेरो प्रजाकी कन्ये-
छोरीले साह्रै चोट पाई, ठूलो चोट पार्ने
चुटाइ त्यसले पाई। १८ म वनमा गएँ
भने त्यहाँ तरवारले मारिएका मात्र देखिन्छन्।
म शहरमा पसें भने त्यहाँ अनिकालले पीड़ित
भएकाहरू मात्र देखिन्छन्। किनभने अगम-
वक्ता र पूजाहारी दुवै, देशमा आफ्ना
व्यापारका लागि डुलिहिंड्छन्। औ तिनीहरूमा
केही ज्ञानै छैन।

१९ के तपाईंले यहूदालाई बिलकुलै
त्यागनुभयो? के तपाईंको हृदयले सियोनलाई
घृणा गर्छ? तपाईंले हामीलाई निको नहुने
गरी किन हिर्काउनुभयो? हामीले ता शान्ति
पाइन्छ कि भनेर प्रतीक्षा गर्‍यौं, तर केही
असल भएन। निको हुने समय हेर्‍यौं, तर
त्रास पो आइलाग्यो! २० हे परमप्रभु,
हामी आफ्ना दुष्टयाइँ, र हाम्रा पुर्खा-
हरूका अधर्मलाई स्वीकार गर्दछौं। किनभने
हामीले तपाइंका विरुद्धमा पाप गरेका छौं।
२१ तपाइंको नाउँको खातिर हामीलाई
तिरस्कार नगर्नुहोस्। तपाइंको महिमित
सिंहासनको अनादर नगर्नुहोस्। हामीसित
गर्नुभएको आफ्नो करारको सम्झना गर्नुहोस्,
र त्यो भङ्ग नगर्नुहोस्। २२ अन्यजातिहरूका
झूटा देवताहरूमध्ये कोही छ, जसले वर्षा
ल्याउनसक्छ? अथवा के आकाशले आफै
झरी वर्षाउनसक्छ? त्यो गर्ने ता के
तपाइंनै हुनुहुन्छ? हे परमप्रभु हाम्रा परमेश्वर!
हामी हाम्रा आशा तपाइंमानै राख्तछौं,
किनकि तपाइंलेनै यी सबै गर्नुहुन्छ।

१५ तब परमप्रभुले मलाई भन्नुभयो,
'मोशा र शमूएल मेरो सामने
खड़ा भए तापनि यस जातितिर मेरो मन
फर्कनेछैन। तिनीहरूलाई मेरो सामनेबाट
निकालिदे। तिनीहरू गइहालून्। २ औ
तिनीहरूले तँलाई 'हामी कहाँ जाऔं?'
भनेर सोधे तैंले तिनीहरूलाई यसो भन्,
'रूढ़ीले मारिनेहरू रूढ़ीतिर जाऊन्, तरवारले
मारिनेहरू तरवारतिरै जाऊन्, अनिकालले
मारिनेहरू अनिकालतिरै जाऊन्, कैदमा
लगिनेहरू कैदतिरै जाऊन्।' ३ म तिनी-
हरूमाथि चार किसिमका नाश ल्याउनेछु—
मार्नलाई तरवार, फहराउनलाई कुकुर, आकाश
पक्षीहरू र जङ्गलका पशुहरू चाहिँ निल्न र
नाश पार्नलाई' भनी परमप्रभु भन्नुहुन्छ।
४ हिजकियाहको छोरो मनश्शेले यरूशलेममा
जे गरेको थियो त्यसैको कारण म तिनी-
हरूलाई पृथ्वीका सारा राज्यहरूमा एउटा
त्रासको कारण बनाउनेछु।

५ हे यरूशलेम, कसले तँलाई
टिठाउनेछ? वा कसले तेरो निम्ति शोक
गर्नेछ? शुभकामनाको इच्छा प्रकट गर्न
तँतिर को फर्कनेछ? ६ तैंले मलाई त्यागेको
छस्, तँ पछिनै सरिबस्छस्, परमप्रभु
भन्नुहुन्छ। यसैकारण मैंले मेरो हात उठाएर
तँलाई नाश गरें। रीस थाम्दा थाम्दा
म हैरान भइसकेको छु। ७ मैंले तिनीहरूलाई
पखालें, हम्केर मूल-ढोकाबाट बाहिर उडाइ-

दिएँ। मैले तिनीहरूलाई निर्वंश तुल्याएँ।
मैले मेरो प्रजालाई नाश गरें। तिनीहरू
आफ्ना चालबाट फर्कनन्। ८ मैले
तिनीहरूका विधवाहरूको संख्या समुद्रका
बालुवाभन्दा धेरै बनाएँ। तिनीहरूका जवान
मानिसहरूका आमाहरूलाई लूट्न मैले
मध्यदिनमानै बर्बाद गर्नेलाई ल्याएँ। शोक र
त्रास एक्कासि मैले तिनीहरूमाथि ल्याएँ।
९ सात जना जन्माउने दुर्बल भई। त्यसले
मूर्च्छा खाएकी छ। दिन छँदै त्यसको सूर्य
अस्ताइहाल्यो। त्यो लाजमा पारिएकी छ।
त्यसको अनादर भयो। तिनीहरूमा बाँकी
रहेकाहरूलाई चाहिं म शत्रुहरूका तरवारले
काटिनलाउनेछु,' परमप्रभु भन्नुहुन्छ।
१० धिक्कार मलाई, हे मेरी आमा
किमकि तपाईंले मलाई जन्म दिनुभयो, म
जस्तोलाई, जो देशको निम्ति झगड़ा र
विवाद गर्ने मानिस भएको छु। मैले ऋण
दिएको छु, न ऋण लिएको छु, तापनि
तिनीहरू सबैले मलाई श्राप्छन्।
११ परमप्रभुले भन्नुभयो, निश्चय म
तँलाई भलाइको निम्ति बलियो बनाउनेछु।
निश्चय दुःख र संकष्टको समयमा म तेरो
शत्रुलाई तँलाईनै बिन्ती चढ़ाउने तुल्याउनेछु।
१२ के कसैले फलाम भाँच्नुसक्छ र ?
—उत्तर दिशाको फलाम र पीतललाई ?
१३ तेरो पापले गर्दा तेरो धन-सम्पत्ति र
तेरी भण्डारका माल तेरो सबै देशभरि विना
दामैमा लूटको मालझैं बाँड़िदिनेछु। १४ म
तँलाई तैंले नचिनेको देशमा तेरा शत्रुहरूको
सेवा गर्नलाउनेछु, किनभने मेरो रीसमा
एउटा आगो दन्केको छ, जो सधैंसम्म
जलिरहनेछ।
१५ हे परमप्रभु, तपाईंलाई जाहेरै छ,
मलाई सम्झनुहोस्, र मलाई हेर्न आउनुहोस्,
मलाई सताउनेहरूसित मेरो निम्ति बदला
लिनुहोस्। तपाईंको धैर्यमा सोहोरिएर मलाई
जान नपरोस्। १६ तपाईंका वचन पाइए
औ मैले ती खाएँ, तपाईंका वचन मलाई
रमाहट, र मेरो हृदयलाई आनन्द दिने कुरा
भए, किनभने हे सेनाहरूका परमप्रभु,
तपाईंको नाउँले म कहलाइन्छु। १७ हंसी
दिल्लगी गर्नेहरूको झुण्डमा म बसिनँ, नता
मैले हर्ष मनाएँ। मता एकलै बसें, किनभने
तपाईंको हात ममाथि थियो, किनभने तपाईंले
मलाई रीसले भरिदिनुभयो। १८ मेरो कष्ट
किन थामिँदैन ? मेरो घाउ किन निको
नहुने भएको छ ? त्यो किन निको हुन
मान्दैन ? के तपाईं मेरो लागि धोका दिने
खोलाझैं, पानी सुक्ने खोलाझैं हुनुहुन्छ ?
१९ यसैकारण परमप्रभु यसो भन्नुहुन्छ,
'तँ फर्किस् भने म तँलाई फेरि स्थापित
गर्नेछु, र तँ मेरो सामने खड़ा रहनेछस्।
यदि तैंले मूल्यवान कुरा गरिस् र व्यर्थका कुरा
गरिनस् भने तँ मेरो मुखपात्र हुनेछस्।
तिनीहरू तँतिर आउनेछन्, तर तँ तिनी-
हरूतिर जानेछैनस्। २० औ म तँलाई यस
प्रजाको निम्ति पीतलको बलियो पर्खाल
बनाउनेछु। तिनीहरू तेरो विरुद्धमा लड़ाइँ
गर्नेछन्, तर तँमाथि विजयी हुनेछैनन्,
किनभने तँलाई बचाउन र छुटाउनलाई म तँसित
छु, परमप्रभु भन्नुहुन्छ। २१ दुष्टहरूका
हातदेखि म तँलाई छुटाउनेछु, र निष्ठूरहरूको
पञ्जादेखि म तँलाई उद्धार गर्नेछु।'

आउने दुःखहरू

१६ परमप्रभुको यो वचन मकहाँ आयो,
२ तैंले पत्नी नले, नता यस
ठाउँमा तेरो कोही छोरा-छोरी जन्मोस्।
३ किनभने यस ठाउँमा जन्मेका छोरा-
छोरीहरू, तिनीहरूलाई जन्माउने आमा
बाबुहरूका विषयमा परमप्रभु यसो भन्नुहुन्छ।
४ तिनीहरू डरलाग्दा रोगहरूले मर्नेछन्।
तिनीहरूका लागि कसैले शोक गर्नेछैन, नता
कसैले तिनीहरूलाई गाड़नेछ। तिनीहरू भूइँमा
मलझैं पड़िरहनेछन्। तिनीहरू तरवार र
अनिकालले मर्नेछन्, औ तिनीहरूका लाश

आकाशका पक्षीहरू र वनका पशुहरूका लागि
आहार हुनेछन्।
५ किनभने परमप्रभु यसो भन्नुहुन्छ,
रुवाबासी भएका घरमा नपस्, तिनीहरूका
लागि नता विलाप गर्, नता शोक गर्,
किनकि परमप्रभु यसो भन्नुहुन्छ, 'मैले यस
जातिदेखि मेरो शान्ति, दृढ़ प्रेम र दया
उठाइलगेको छु। ६ ठूला साना दुवै यस
देशमा मर्नेछन्। तिनीहरू गाड़िनेछैनन्।
कसैले तिनीहरूका निम्ति विलाप गर्नेछैन,
आफ्नो शरीर काट्नेछैन, कपाल खौरनेछैन।
७ मर्नेको लागि विलाप गर्नेलाई सान्त्वना
दिन भनी कसैले उसको निम्ति रोटी
भाँच्नेछैन, नता आमा-बाबुको लागि विलाप
गर्नेलाई कसैले सान्त्वनाको कचौरा पियाउनेछ।
८ भोज-भतियार भएको घरमा तिनीहरूसित
खान पिउनलाई तँ तिनीहरूकहाँ नजा।
९ किनभने सेनाहरूका परमप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ, हेर्, तेरै आँखाको
सामने तेरै समयमा यस ठाउँमा खुशीयालीको
आवाज, रमाहटको आवाज, दुलहाको सोर
र दुलहीको सोर म रोकिदिनेछु।
१० औ जब तैंले यस जातिलाई सबै
कुरा भन्छस्, औ जब तिनीहरूले तँलाई
भन्नेछन्, किन परमप्रभुले हामीमाथि यो
ठूलो विपत्ति आओस् भनी आज्ञा गर्नुभयो?
हाम्रो अधर्म के हो? परमप्रभु हाम्रा
परमेश्वरको विरुद्धमा हामीले कुन चाहिँ पाप
गरेका छौं र? ११ तब तैंले तिनीहरूलाई
यसो भन्, परमप्रभु भन्नुहुन्छ, किनभने
तिमीहरूका पिता-पुर्खाहरूले मलाई त्यागी
पराई देवताहरूका पछि लागेर तिनीहरूको
सेवा गरे र तिनीहरूलाई पूजे। तिनीहरूले
मलाई त्यागे र मेरा व्यवस्था पालन गरेनन्,
१२ औ तिमीहरूले ता तिमीहरूका पिता-
पुर्खाहरूले भन्दा पनि बढ़ता दुष्ट काम
गर्‍यौ, किनभने हेर, तिमीहरू हरेक आफ्नै
हठी र दुष्ट इच्छामा चल्छौ, र मेरो कुरा
सुन्नलाई इन्कार गर्छौ, १३ यसैकारण म
तिमीहरूलाई नता तिमीहरूले न तिमीहरूका
पिता-पुर्खाहरूले जानेको देशमा हुत्याइदिनेछु,
औ त्यहाँ तिमीहरूले रात-दिन पराई देवता-
हरूको सेवा गर्नेछौ, किनभने म तिमीहरूमाथि
अनुग्रह गर्नेछैनँ।'
१४ यसैकारण परमप्रभु परमेश्वर भन्नुहुन्छ,
हेर, समय आउँदैछ, जब फेरि कहिल्यै यसो
भनिनेछैन, 'इस्राएलीहरूलाई मिश्र देशदेखि
ल्याउनुहुने जीवित परमप्रभुको नाउँमा,'
१५ तर इस्राएलीहरूलाई उत्तरको देश र
अरू सबै देशहरूबाट जहाँ जहाँ तिनीहरूलाई
उहाँले धपाएर पठाउनुभएको थियो, ती सबै
देशबाट ल्याउनुहुने जीवित परमप्रभुको
नाउँमा भन्नेछन्, किनभने मैले तिनीहरूका
पुर्खाहरूलाई दिएको तिनीहरूको निज देशमा
तिनीहरूलाई म फेरि ल्याउनेछु।
१६ परमप्रभु भन्नुहुन्छ, 'हेर, म धेरै
जालहारीहरूलाई पठाउनेछु, र तिनीहरूले
यिनीहरूलाई पक्रनेछन्। औ त्यसपछि म धेरै
शिकारीहरूलाई पठाउनेछु, औ तिनीहरूले
यिनीहरूलाई हरेक पर्वत, डाँड़ा र पहराका
ओढ़ारहरूबाट खोजी खोजी निकाल्नेछन्।
१७ किनभने तिनीहरूका सबै चालामा मेरो
दृष्टि पुगेको छ। ती मदेखि लुकिएका
छैनन्। तिनीहरूको अधर्म मेरो दृष्टिबाट
छिपेको छैन। १८ औ तिनीहरूका अधर्म र
पापको निम्ति म तिनीहरूलाई दोबर दण्ड
दिनेछु। किनभने तिनीहरूले मेरो देशलाई
काठका घिनलाग्दा मूर्तिहरूले बिटुलो
पारे, र मेरो अधिकारको ठाउँलाई तिनीहरूले
आफ्ना घिनलाग्दा कामहरूले भरे।'
१९ हे परमप्रभु, मेरो बल र मेरो
किल्ला, दुःखको दिनमा मेरो शरणस्थान,
पृथ्वीका कुना कुनाबाट जाति जातिहरू तपाइं-
कहाँ आएर भन्नेछन्, 'हाम्रा पुर्खाहरूले
ता झूटा कुरा, लाभ नहुने व्यर्थका कुराहरू-
बाहेक केही पनि अधिकार गरेनन्।'
२० के मानिसले आफ्नो निम्ति देवहरू
बनाउनसक्छ? यस्ताहरू ता देवहरू होइनन्।

२१ 'यसैकारण हेर, म तिनीहरूलाई यो
कुरा जनाउनेछु। यो एकपल्ट म तिनीहरूलाई
मेरो शक्ति, मेरो पराक्रम देखाउनेछु, र
तिनीहरूले मेरो नाउँ परमप्रभु हो भनी
जान्नेछन्।'

१७ यहूदाको पाप फलामको कलमले
लेखिएको छ। त्यो तिनीहरूका हृदयको
पाटीमा र तिनीहरूका वेदीका सीङ्हरूमा
हीराको टुप्पाले खोपिएको छ। २ औ
हरेक हरियो रूखनेर र अल्गा डाँड़ाहरूमा,
३ र वनका पहाड़हरूमा तिनीहरूका छोरा-
छोरीहरूलाई आफ्ना वेदीहरू र अशेरा
देवताहरूको याद आउनेछ। तेरा धन-सम्पत्ति
र तेरा जम्मै दौलत म तेरा सबै देशभरि
तेरो पापको मोल स्वरूप लूटिनलाई दिनेछु।
४ मैले तँलाई दिएको तेरो अधिकारको भाग
तेरो हातबाट खोसिनेछ, औ बिरानो देशमा
म तँलाई तेरा शत्रुहरूको सेवा गर्न लाउनेछु,
किनभने तैंले मेरो रीसको आगो सल्काइस्,
औ त्यो सधैँ जलिरहनेछ।
५ परमप्रभु भन्नुहुन्छ, 'श्रापित होस्
त्यो मानिस जसले मानिसहरूमाथि भरोसा
राख्तछ, र शारीरिक शक्तिलाई आफ्नै तागत
सम्झन्छ, जसको हृदय परमप्रभुदेखि टाढ़ा
भएको छ। ६ त्यो मरूभूमिको झाड़ीझैँ छ।
त्यसले कुनै असल कुरो देख्नेछैन। त्यो
भूमिको सुक्खा ठाउँहरूमा बस्नेछ। त्यो
निर्जन र नुनिला ठाउँमा बस्नेछ। ७ त्यो
मानिस धन्यको हो, जसले परमप्रभुमाथि
भरोसा राख्तछ, जसको आशा परमप्रभु
हुनुहुन्छ। ८ त्यो पानीमा रोपेको रूखजस्तो छ,
जसले आफ्ना जराहरू खोलाका किनारसम्म
फिँजाएको हुन्छ। घाम लाग्दा त्यो डराउँदैन,
किनभने त्यसका पातहरू सधैँ हरियै रहन्छन्,
खड़ेरी पर्दा त्यसलाई केहा चिन्ता हुँदैन,
किनभने त्यसले फल फलाउन थाम्दैन।
९ मानिसको हृदय सबै कुराभन्दा छली
हुन्छ, त्यो अति भ्रष्ट हुन्छ, त्यसलाई कसले
जान्नसक्छ र? १० हरेक मानिसलाई
त्यसको चालअनुसार र त्यसको कर्मको
फलअनुसार दिनलाई म परमप्रभु मानिसको
मन तलाश गर्छु, त्यसको हृदयको म जाँच
गर्छु। ११ आफूले नकाढ़ेका चल्ला बटुल्ने
प्यूराजस्तै त्यो मानिस हो जसले अन्यायसित
धन कमाउँछ, त्यस धनले त्यसलाई त्यसको
जीवनकाल्मानै छोड़ेर जान्छ, र जीवनको शेष
कालमा त्यो मूर्ख ठहर्छ।
१२ आदिदेखि उच्चमा स्थापित गरिएको
महिमित सिंहासन, हाम्रो पवित्र शरणस्थान
त्यही हो। १३ हे परमप्रभु, इस्राएलको
आशा, तपाईंलाई त्यागनेहरू सबै लाजमा
पारिनेछन्। तपाईंदेखि तर्की जानेहरू सब
माटोमा लेखिएका नाउँहरू मात्र हुनेछन्,
किनभने तिनीहरूले परमप्रभु, जीवित पानीको
मूललाई त्यागेका छन्। १४ हे परमप्रभु
मलाई निको पार्नुहोस्, र म निको
हुनेछु, मलाई बचाउनुहोस् र म बाँच्नेछु,
किनभने मेरो प्रशंसा तपाईंनै हुनुहुन्छ।
१५ हेर, तिनीहरू मलाई भन्छन्, 'परमप्रभुको
वचन कहाँ छ? त्यो आओस्।'
१६ तपाईं जान्नुहुन्छ, विपत्ति पठाउनुहोस्
भनी मैले तपाईंसित जिद्दी गरेको छैनँ, नता
विपत्तिको दिनको इच्छा मैले गरेको छु।
मेरो मुखबाट जे कुरा आयो त्यो तपाईंको
सामने प्रकट थियो। १७ तपाईं मेरो
त्रासको कारण नबन्नुहोस्, मेरो विपत्तिको
दिनमा तपाईंनै मेरो शरणस्थान हुनुहुन्छ।
१८ मलाई सताउनेहरू लाजमा परून्,
तर म चाहिं लाजमा नपरूँ। तिनीहरू
हताश होऊन्, तर म चाहिं हताश नखाऊँ।
तिनीहरूमाथि विपत्तिको दिन पठाउनुहोस्,
दोबर विनाशले तिनीहरूलाई नाश पार्नुहोस्।

विश्राम दिनको प्रतिपालन

१९ परमप्रभुले मलाई यसो भन्नुभयो,
"यहूदाका राजाहरू भित्र बाहिर गर्ने

बिन्यामीन मूल-ढोका र यरूशलेमका सबै
मूल-ढोकाहरूमा गएर उभी, २० र यसो
भन्, यी मूल-ढोकाहरूबाट भित्र पस्ने हे
यहूदाका राजा र यहूदाका सबै मानिस औ
यरूशलेमका बासिन्दा हो, परमप्रभुको वचन
सुन। २१ परमप्रभु भन्नुहुन्छ, 'तिमीहरूको
जीवनको खातिर यो ध्यान दिएर सुन,
विश्राम-दिनमा कुनै भारी नबोक, नता
यरूशलेमको मूल-ढोकाबाट त्यो भित्र ल्याऊ।
२२ विश्राम-दिनमा तिमीहरूका घरबाट
भारी बोकेर बाहिर नलैजाऊ, नता त्यो दिन
कुनै किसिमको काम गर, तर मैंले
तिमीहरूका पिता-पुर्खाहरूलाई आज्ञा दिए-
अनुसार विश्राम-दिनलाई पवित्र राख।'
२३ तर शिक्षा सुन्न र ग्रहण गर्नलाई अट्टेरी बनी
तिनीहरूले नता ध्यानै दिए न कान थापे,
तर ढीट भएर बसे। २४ परमप्रभु भन्नुहुन्छ,
'तर तिमीहरूले मेरो कुरा सुन्यौ र विश्राम-दिनमा
शहरका मूल-ढोकाहरूबाट कुनै पनि भारी भित्र
ल्याएनौ र विश्राम-दिन पवित्र मानेर कुनै
पनि काम गरेनौ भने २५ यस शहरका
मूल-ढोकाहरूबाट दाऊदको सिंहासनमा बिराजने
राजाहरू, रथ र घोड़ाहरूमा सवार भएर
पस्नेछन्—तिनीहरू र तिनीहरूका शासकहरू,
यहूदाका मानिसहरू र यरूशलेमका बासिन्दा-
हरू—यस शहरमा सदा सर्वदा मानिसहरू
बसोबासो गर्नेछन्। २६ औ यहूदाका
शहरहरूबाट, यरूशलेमका छेउछाउबाट
बिन्यामीनको देशबाट, शेफेलाबाट, पहाड़का
देशहरूबाट, दक्षिणको देशबाट होमबलि,
मेलबलि, अन्नबलि र धूप र धन्यवादको बलि
लिएर मानिसहरू परमप्रभुको भवनमा
आउनेछन्। २७ तर विश्राम-दिन पवित्र
राख्नलाई र विश्राम-दिनमा भारी बोकेर
यरूशलेमका मूल-ढोकाहरूबाट भित्र पस्न
छोड़नलाई मेरो कुरा मानेनौ भनेदेखि ता म
त्यसका मूल-ढोकाहरूमा आगो लगाइदिनेछु,
र त्यसले यरूशलेमका महलहरू स्वाहा पार्नेछ
र त्यो निभाइनेछैन।'

कुमाले र माटो

१८ यर्मियकहाँ आएको परमप्रभुको
वचन—२ 'उठ्, तल कुमालेको
घरमा जा। त्यहाँ म तँलाई मेरो कुरा
सुनाउनेछु।' ३ यसैले म कुमालेको घरमा
गएँ। त्यहाँ त्यसले आफ्नो चक्कामा केही
बनाइरहेको थियो। ४ बनाइरहेको माटोको
भाँड़ा कुमालेको हातमा बिग्रियो, र आफैले
मन गरेको अनुसार त्यसले त्यो फेरि अर्को
बनायो।

५ तब परमप्रभुको यो वचन मकहाँ
आयो, ६ 'हे इस्राएलको घराना, यस
कुमालेले गरेझैं के म तँलाई पनि गर्नसक्तिनँ
र? परमप्रभु भन्नुहुन्छ। हे इस्राएलको
घराना, कुमालेको हातमा माटो भएझैं तँ
पनि मेरो हातमा त्यस्तै छस्। ७ यदि
कुनै जाति अथवा कुनै राज्यको विषयमा
'त्यसलाई उखेलिदिन्छु, तोड़िदिन्छु र नाश
पारिदिन्छु' भनी म भनूँला, ८ औ यदि
जसको विषयमा मैंले यस्तो भनें र त्यो जाति
आफ्नो खराबीदेखि फर्क्यो भने त्यसमाथि
विपत्ति ल्याउने मेरो मन म बदल्नेछु।
९ औ यदि कुनै समयमा जाति अथवा
कुनै राज्यको विषयमा 'म त्यसलाई बनाउनेछु
र खड़ा गर्नेछु' भनी म भनूँला, १० औ
त्यसले मेरो कुरा नसुनेर मेरो दृष्टिमा खराबी
गर्‍यो भनेदेखि त्यसलाई असल गरूँ भन्ने
मेरो मन म बदल्नेछु। ११ यसैकारण अब
यहूदाका मानिसहरू यरूशलेमका बासिन्दा-
हरूलाई भन्, 'परमप्रभु भन्नुहुन्छ, हेर्, म
तिमीहरूका विरुद्धमा विपत्ति रच्दैछु, एउटा
युक्ति तिमीहरूका विरुद्धमा तयार गर्दैछु।
तिमीहरू हरेक आफ्नो आफ्नो दुष्ट मार्गबाट
फर्क, औ तिमीहरूका चाल र कामहरू
सुधार।' १२ तर तिनीहरू भन्छन्, 'त्यसो
गर्नु व्यर्थ छ। हामी ता आफ्नै युक्तिअनुसार
हिंड़नेछौं, औ हामी हरेक आफ्नै दुष्ट
मनको हठअनुसार गर्नेछौं।'

१३ यसकारण परमप्रभु यसो भन्नुहुन्छ,
‘अन्यजातिहरूलाई गएर सोध, यस्तो कुरो
कसले सुनेको छ? कुमारी इस्राएलले अति
घृणित काम गरेकी छ। १४ के लबानोनको
हिउँले सिरियोनको पहरालाई छोड्दिन्छ र?
के पहाड्बाट बगेर आउने पानी, ती चीसो
पानी बग्ने खोलाहरू सुकिजान्छन् र?
१५ तर मेरो प्रजाले ता मलाई बिर्सिसकेको
छ, तिनीहरू झूटा देवताहरूलाई धूप
बाल्छन्, आफ्नो मार्गमा—ती पूराना
बाटोहरूमा—तिनीहरूले ठेस खाएका छन्,
र तिनीहरू मूल बाटोमा होइन तर गोरेटोतिर
लागेका छन्। १६ यसरी आफ्नो देशलाई
तिनीहरूले अति घृणित, सधैंको निम्ति गिल्लाको
कुरा बनाए। त्यसबाट हिंड्ने हरेक तर्सन्छ,
र टाउको हल्लाउँछ। १७ शत्रुको सामने
म तिनीहरूलाई पूर्वीय बतासझैं उड़ाइदिनेछु।
तिनीहरूका विपत्तिको दिनमा म तिनीहरूलाई
मेरो मुख होइन, तर मेरो पीठ फर्काइदिनेछु।’
१८ तब तिनीहरूले भने, ‘आऊ,
हामीहरू यर्मियाको विरुद्धमा षड्यन्त्र रचौं,
किनभने नता पूजाहारीबाट व्यवस्था, न
ज्ञानी पुरुषबाट सल्लाह, न अगमवक्ताबाट
वचन नाश हुनेछन्। आऊ, हामीहरू
जिब्रोद्वारा त्यसलाई नाश गरौं, र त्यसको
कुनै पनि कुराको वास्ता नगरौं।’
१९ हे परमप्रभु मेरो वास्ता गर्नुहोस्,
मेरो बिन्ती सुन्नुहोस्। २० के भलाइको
सट्टामा बुराइ गरिन्छ? तर तिनीहरूले ता
मेरो प्राणको लागि एउटा खाड्ल खनेका
छन्। तपाइंको क्रोध तिनीहरूदेखि पर
हटाउनलाई, तिनीहरूको भलाइको निम्ति
कुरा गर्नलाई, म कसरी तपाइंको सामने
खड़ा रहें, सो सम्झनुहोस्। २१ यसकारण
तिनीहरूका छोरा-छोरीहरूलाई अनिकालको
गाँसमा हालिदिनुहोस्, तिनीहरूलाई तरवारको
धारमा सुम्पिदिनुहोस्। तिनीहरूका स्वास्नीहरू
निर्वंश र विधवा होऊन्, तिनीहरूका
मानिसहरू रूढ़ीले मरून्, तिनीहरूका जवान
लड़ाइँमा तरवारले मारिऊन्। २२ तपाइँले
तिनीहरूमाथि एक्कासि लूटपीट गर्नेहरू
ल्याउनुहुँदा तिनीहरूका घरहरूदेखि रुवाबासीको
सोर सुनिओस्। किनभने तिनीहरूले मलाई
फँसाउनलाई खाड्ल खने, र मेरा खुट्टालाई
पासो थापे। २३ तापनि, हे परमप्रभु,
मलाई मार्नलाई तिनीहरूले गरेको सबै युक्ति
तपाइंलाई जाहेरै छ। तिनीहरूको अधर्म
क्षमा नगर्नुहोस्, तिनीहरूका पाप तपाइंको
दृष्टिदेखि नमेटाउनुहोस्। तपाइंको सामने
तिनीहरू नाश होऊन्, तपाइंको क्रोधको
समयमा तिनीहरूसित उचित व्यवहार
गर्नुहोस्।

माटोको भाँड़ा

१९ परमप्रभुले भन्नुभयो, ‘गएर कुमालेको
एउटा माटोको गाग्रो किन्, अनि
प्रजामध्येका कोही बूढ़ा-पाकाहरू र कोही
पूराना पूराना पूजाहारीहरूलाई लिएर
२ बेनहिन्नोनको बँसीमा भएको खपटे-ढोकामा
गएर जुन कुरा म तँलाई भन्छु त्यो त्यहाँ
सुना। ३ तैंले यसो भन्, ‘हे यहूदाका
राजाहरू र यरूशलेमका बासिन्दा हो,
परमप्रभुको वचन सुन। सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, ‘हेर,
म यस ठाउँमा यस्तो विपत्ति ल्याउनेछु कि
त्यसको विषयमा सुन्नेहरू सबैको कान
झन्झनाउनेछ। ४ मानिसहरूले मलाई
त्यागेर, नता तिनीहरूले, न तिनीहरूका
पिता-पुर्खाहरूले, न यहूदाका राजाहरूले
चिनेका अरू देवताहरूको लागि धूप बालेर
यस ठाउँलाई बिटुलो पारेको हुनाले, औ
तिनीहरूले यस ठाउँमा निर्दोषहरूको रगतले
भरेको कारण ५ आफ्ना छोराहरूलाई बाल
देवताको लागि आगोमा होमबलि चढ़ाउन-
लाई बाल देवताका उच्च उच्च स्थानहरू
बनाएको कारण, जो गर्नलाई मैले नता
आज्ञा दिएको थिएँ न उर्दीनै दिएको थिएँ,

न मेरो मनमा कहिल्यै फुरो आएको थियो,
६ हेर, यस्तो दिन आउँदैछ, परमप्रभु
भन्नुहुन्छ, जब यो ठाउँ फेरि कहिल्यै
तोपेत अथवा बेनहिन्नोनको बेंसी भनिनेछैन,
तर घातको बेंसी भनिनेछ। ७ औ यसै
ठाउँमा म यहूदा र यरूशलेमका युक्ति-
हरूलाई निष्फल बनाईदिनेछु, र तिनीहरूका
बासिन्दाहरूलाई तिनीहरूका शत्रुहरूको सामने
तरवारले, र तिनीहरूका ज्यान लिन
खोज्नेहरूको हातद्वारा ढल्मलाउनेछु। म
तिनीहरूका लाशहरू चाहिं आकाशका पक्षीहरू
र वनका पशुहरूलाई आहाराको निम्ति
दिनेछु। ८ औ म यस शहरलाई अति घृणित
र गिल्ला गरिने कुरो तुल्याउनेछु। त्यसका
सबै दुर्घटनाहरू देखेर त्यसको छेउबाट भएर
जानेहरू हरेक तर्सनेछ र त्यसलाई गिला
गर्नेछ। ९ औ त्यस घेराउ र दुःखमा
जसद्वारा तिनीहरूका ज्यान लिन खोज्नेहरूले
तिनीहरूलाई सताउँछन्, त्यस बेला म
तिनीहरूलाई तिनीहरूका आफ्ना छोरा-
छोरीहरूको मासु खान लाउनेछु, र हरेकले
आफ्नै छिमेकीको मासु खानेछ'।
१० त्यसपछि तैंले त्यो गाग्री तँसँग
जानेहरूकै सामने फुटाइदिनू, ११ र तिनी-
हरूलाई यसो भन्नू, "सेनाहरूका परमप्रभु
यसो भन्नुहुन्छ, 'जसरी कसैले कुमालेको
भाँड़ा कहिल्यै नजोड़िने गरी फुटाउँछ,
त्यसरीनै म यस प्रजा र यस शहरलाई नाश
पार्नेछु। अरू कतै ठाउँ नभएकोले मानिस-
हरूले लाश तोपेतमा गाड्नेछन्।' १२ परम-
प्रभु भन्नुहुन्छ, 'म यस ठाउँ र यहाँका
बासिन्दाहरूलाई त्यसै गर्नेछु, यस शहरलाई
तोपेतजस्तै बनाउनेछु। १३ यरूशलेमका
घरहरू र यहूदाका राजाका महलहरू—अर्थात्
ती घरहरू जसका कौसीहरूमा आकाशका
सारा ग्रह-नक्षत्रहरूका निम्ति धूप बालिएका
छन् र पराई देवताहरूका निम्ति अर्घ
चढ़ाइएका छन्—ती सबै तोपेतका ठाउँजस्तै
बिटुलो पारिनेछन्'।"
१४ तब यर्मिया तोपेतबाट आए, जहाँ
तिनलाई परमप्रभुले अगमवाणी गर्नलाई
पठाउनभएको थियो, औ परमप्रभुको
भवनको आँगनमा खड़ा भएर मानिसहरूलाई
तिनले यसो भने, १५ सेनाहरूका परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, 'हेर,
म यस शहरमा र यसका सबै गाउँहरूमा
मैले भनेका सबै विपत्तिहरू ल्याउनेछु,
किनभने मेरो वचन सुन्न इन्कार गर्दै
तिनीहरू ढीट भएर बसे'।

यर्मियालाई ठिँगुरो हालेका

२० जब इम्मेरको छोरो, परमप्रभुको
भवनका मुख्य अफिसर, पूजाहारी
पशहूरले यर्मियाले यी कुराहरूको अगमवाणी
गरिरहेका सुने, २ तब पशहूरले यर्मिया
अगमवक्तालाई पीटे र परमप्रभुको भवनको
माथिल्लोपट्टि बिन्यामीन-ढोकामा भएको
ठिँगुरोमा हालिदिए। ३ भोलिपल्ट जब पशहूरले
यर्मियालाई ठिँगुरोबाट निकाले तब यर्मियाले
तिनलाई भने, परमप्रभुले तिम्रो नाउँ पशहूर
होइन, तर 'चारैतिरको त्रास' भन्नुहुन्छ।
४ किनभने परमप्रभु यसो भन्नुहुन्छ,
तँलाई तेरो आफ्नै निम्ति र तेरा सब
मित्रहरूका निम्ति म त्रास बनाउनेछु।
तिनीहरू आफ्ना शत्रुहरूका तरवारले तेरै
आँखाको सामने मारिनेछन्। म यहूदालाई
बाबेलको राजाको हातमा सुम्पिदिनेछु। त्यसले
तिनीहरूलाई कैद गरेर बाबेलमा लैजानेछ, र
तिनीहरूलाई तरवारले मार्नेछ। ५ यसबाहेक
म यस शहरका सबै धन-सम्पत्ति, त्यसका
सबै नाफाहरू त्यसका सबै बहुमूल्य चीजहरू,
र यहूदाका राजाका सारा धन-दौलत तिनी-
हरूका शत्रुहरूको हातमा दिनेछु, जसले ती
सबै लूट्नेछन्, जफत गर्नेछन्, र बाबेलमा
लैजानेछन्। ६ औ हे पशहूर, तिमी र
तिम्रो घरमा बस्ने सबै कैदी भएर जानेछौ।
बाबेलमा तिमी जानेछौ, औ त्यहींनै तिमी

मर्नेछौ, तिमी र तिम्रा सब मित्रहरू जसलाई
तिमीले झूटा अगमवाणी भनेका थियौ सबै
त्यहीं गाड़िनेछौ'।''

अगमवक्ताको नैराश्य

७ हे परमप्रभु, तपाईंले मलाई धोका
दिनुभयो, औ मैले धोका खाएँ। तपाईं
मभन्दा सामर्थी हुनुहुन्छ, औ तपाईं ममाथि
विजयी हुनुभयो दिनभरिनै म हाँसोको पात्र
बनें, सबले मलाई ठट्टा गर्छन्। ८ किनभने
जब जब म बोल्छु, तब तब म साह्रो
कराउँछु, 'उपद्रव र सर्वनाश भयो,' भनी म
चिच्याउँछु। किनभने परमप्रभुको वचन मेरो
निम्ति दिनभरिनै निन्दा र खिसीको कारण
भएको छ। ९ 'म उहाँको चर्चा गर्नेछैनँ,
म फेरि कहिल्यै उहाँको नाउँ लिन्नँ, भनी
मैले भनेंता मेरो हृदयमा जलिरहेको आगो
हड्डीहरूका बीचमा थुनिराखेको जस्तै हुनेछ,
त्यसलाई भित्र रोकि राख्ता म थकित
हुन्छु, औ म त्यो थाम्नै सक्तिनँ। १० धेरैले
कानेखुशी गरेका म सुन्दछु, त्रास मेरो
चारैतिर छ। मेरा सबै मित्रहरू मेरो पतन
हेर्दै भन्छन्, 'त्यसलाई दोषी ठहराऊँ, दोषी
ठहराऊँ। सायद त्यसले धोका खान्छ होला,
र हामी त्यसमाथि विजयी भएर साटो
फेर्नसक्छौं। ११ तर परमप्रभु एक भयङ्कर
योद्धाझैं मसित हुनुहुन्छ, यसैकारण मलाई
सताउनेहरू ढल्नेछन्, तिनीहरू ममाथि विजयी
हुनेछैनन्। सफल नभएकाले तिनीहरू साह्रै
लाजमा पर्नेछन्। तिनीहरूको सदाको
अनादर कहिल्यै बिर्सिइनेछैन। १२ हे
सेनाहरूका परमप्रभु, जसले धर्मीहरूको जाँच
गर्नुहुन्छ, जसले हृदय र मन देख्नुहुन्छ,
तपाईंले तिनीहरूलाई बदला लिएको म हेर्न
पाऊँ, किनभने मैले मेरो विषय तपाईंलाईनै
सुम्पिदिएको छु। १३ परमप्रभुलाई स्तुति
चढ़ाऊ, परमप्रभुको प्रशंसा गर, किनभने
उहाँले दरिद्रहरूको प्राणलाई दुष्टहरूको
हातदेखि छुटाउनुभएको छ।
१४ म जन्मेकी दिन श्रापित होस्!
मेरी आमाले मलाई जन्म दिएको दिन
आशीषित नहोस्! १५ त्यो मानिस श्रापित
होस्, जसले मेरा बाबुलाई 'तिम्रो एउटा
छोरो भयो' भन्ने समाचार ल्यायो, र
तिनलाई खुशी तुल्यायो। १६ त्यो मानिस
ती शहरहरूजस्तो होस्, जसलाई परमप्रभुले
दया बिना सत्यानाश पार्नुभयो, त्यसले बिहान
रूवाबासी, र मध्यदिनमा चाहिं चेताउनेध्वनि
सुन्नुपरोस्, १७ किनभने त्यसले गर्भमा
मारेन, नत्रता मेरी आमा मेरो चिहान
हुनेथियी, औ तिनको गर्भ सधैं ठूलै रहिरहने
थियो। १८ परिश्रम र अफसोस भोग्नलाई
र मेरो जीवनको दिन लाजमा बिताउनलाई,
म किन गर्भबाट निस्केछु नि?

शहर घेराउमा परेको नतीजा

२१ जब सिदकियाह राजाले मल्कियाहको
छोरो पशहूर र मासेयाहको छोरो
पूजाहारी सपन्याहलाई यर्मियाकहाँ यसो भनी
पठाए, २ हाम्रा निम्ति परमप्रभुसित
सोध्नुहोस्, किनभने बाबेलको राजा
नबूकदनेस्सरले हाम्रो विरुद्धमा लड़ाइँ गर्दैछ।
सायद आफ्ना सबै आश्चर्यकामअनुसार
परमप्रभुले हामीसित व्यवहार गर्नुहुन्छ होला,
र उहाले त्यसलाई हामीदेखि फर्केर जानलाउनु-
हुन्छ होला। तब त्यस बेला परमप्रभुबाट
यर्मियाकहाँ आएको वचन यही हो।
३ यर्मियाले तिनीहरूलाई भने, ४ 'तिमी-
हरूले सिदकियाहलाई भन, परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ,
'लड़ाइँका जुन हतियारहरू तिमीहरूका हातमा
छन्, पर्खालका बाहिर तिमीहरूलाई घेर्ने
कल्दीहरू र बाबेलको राजाको विरुद्धमा जुन
हतियारले तिमीहरू लड़ाइँ गर्छौ, ती म जम्मा
गरेर यस शहरको बीचमा ल्याउनेछु।
५ हात उठाएर बलियो पाखुराले रीस र

साहै क्रोधमा म आफै तिमीहरूसित लड़ाइँ
गर्नेछु। ६ म यस शहरका बासिन्दाहरू
के मानिस के पशु दुवैलाई नाश गर्नेछु,
तिनीहरू ठूलो रूढ़ीले मर्नेछन्।' ७ औ
परमप्रभु भन्नुहुन्छ, 'त्यसपछि यहूदाको राजा
सिदकियाह, त्यसका नोकर-चाकरहरू रूढ़ी,
तरवार र अनिकालबाट बाँचेका यस शहरमा
हुने मानिसहरूलाई बाबेलको राजा नबूकदनेस्सर
र तिनीहरूका शत्रुहरूका हातमा सुम्पिदिनेछु,
तिनीहरूकै हातमा, जसले तिनीहरूका प्राण
लिन खोज्दछन्। त्यसले तिनीहरूलाई तरवारले
मार्नेछु, त्यसले तिनीहरूलाई नता दया
देखाउनेछ, न छोड़नेछ, न तिनीहरूमाथि
टिठाउनेछ'।

८ औ यस प्रजालाई चाहिं तैंले यसो
भन्, 'परमप्रभु भन्नुहुन्छ, हेर, म तिमीहरूका
सामने जीवनको बाटो र मृत्युको बाटो
राख्तछु। ९ जो यस शहरमा रहन्छ त्यो
तरवार, अनिकाल र रूढ़ीले मर्नेछ, तर जो
बाहिर निस्केर तिमीहरूलाई घेर्ने कल्दीहरूका
हातमा आत्म समर्पण गर्छ, त्यो जीवित रहनेछ,
र त्यसको प्राण त्यसको निम्ति लूटको धनसरह
हुनेछ। १० किनभने मैले आफ्नो मोहोड़ा
यस शहरतिर यसको भलाइको निम्ति होइन
तर बुराइको निम्ति फर्काएको छु, परमप्रभु
भन्नुहुन्छ। यो शहर बाबेलको राजालाई
दिइनेछ, र त्यसले यसलाई आगोले भस्म
गर्नेछ'।

११ औ यहूदाको राजाको घरानालाई
भन्, परमप्रभुको वचन सुन्, १२ हे
दाऊदको घराना, परमप्रभु यसो भन्नुहुन्छ,
'बिहान न्याय गर, लूटिएकोलाई अत्याचार
गर्नेको हातबाट छुटाऊ, नत्रता तिमीहरूको
कुकर्मको कारणले गर्दा, मेरो क्रोध आगोझैं
दन्कनेछ, र कसैले निभाउन नसक्ने गरी
बल्नेछ'। १३ हे बेंसीका बासिन्दा हो, हे
मैदानका पहरा हो, परमप्रभु भन्नुहुन्छ, 'हेर,
म तिमीहरूको विरुद्धमा छु तिमीहरू भन्छौ,
'हाम्रो विरुद्धमा को आउँछ? अथवा हाम्रो
बासस्थानमा को पस्छ र? १४ परमप्रभु
भन्नुहुन्छ, 'म तिमीहरूलाई तिमीहरूकै कामको
फलअनुसार दण्ड दिनेछु। म त्यसको जङ्गलमा
आगो सल्काइदिनेछु, र त्यसले त्यसको चारै-
तिर भएकाहरूलाई भस्म गर्नेछु।'

२२ परमप्रभु भन्नुहुन्छ, यहूदाको राजा
को महलमा गएर त्यहाँ यो कुरा
भन्, २ 'दाऊदको सिंहासनमा विराजमान
हुने हे यहूदाको राजा, परमप्रभुको वचन
सुन्—तँ, तेरा नोकर-चाकर र यी मूल-ढोका-
हरूबाट भित्र पस्ने तेरा प्रजाहरू—३ परम-
प्रभु भन्नुहुन्छ, न्याय र धर्म गर र
लूटिएकोलाई अत्याचारीको हातबाट छुटाऊ।
औ विदेशी, टुहुरा-टुहुरी र विधवाहरूमाथि
अन्याय वा उपद्रव नगर, नता यस ठाउँमा
निर्दोषहरूको रगत बगाऊ। ४ किनभने
तिमीहरूले साँच्चै यो वचन पालन गर्यौ
भने यस महलका यी मूल-ढोकाहरूबाट दाऊदको
सिंहासनमा बस्ने राजाहरू, रथहरू र घोड़ा-
हरूमा सवार भएर प्रवेश गर्नेछन्— तिनका
नोकर-चाकरहरू र तिनका प्रजाहरू, ५ तर
यदि तिमीहरूले यी कुरा पालन गरेनौ
भने म आफ्नो नाउँको शपथ खाएर
भन्दछु कि यो महल उजाड़ होइजानेछ।
६ किनभने यहूदाको राजाको घरानाको
विषयमा परमप्रभु भन्नुहुन्छ, 'तँ ता मेरो
निम्ति गिलाद र लबानोनको टाकुराजस्तै छस्,
तापनि म तँलाई मरूभूमिजस्तै तुल्याउनेछु—
निर्जन शहरझैं। ७ म तेरो विरुद्धमा नाश
गर्नेहरूलाई तयार गर्नेछु, प्रत्येकलाई उसको
आफ्नो आफ्नो हतियारसहित। तिनीहरूले
तेरा सबैभन्दा असल देवदारहरू काटनेछन्,
र आगोमा फालिदिनेछन्। ८ अनि धेरै
जातिहरू यस शहरबाट भएर जानेछन्, र
हरेक मानिसले आफ्नो छिमेकीलाई सोध्नेछ,
'किन परमप्रभुले यस ठूलो शहरमाथि यस्तो
व्यवहार गर्नुभयो?' ९ औ तिनीहरूले यसो
भनेर जवाफ दिनेछन्, 'किनभने तिनीहरूले

परमप्रभु तिनीहरूका परमेश्वरको करारलाई त्यागे
र अरू देवताहरूको पूजा गरे।'
१० जो मरिगएको छ त्यसको लागि
नरोऊ, नता त्यसको लागि विलाप गर। तर
गइहाल्नेको लागि धुरूधुरू रोऊ, किनभने
आफ्नो स्वदेश हेर्नलाई उ फेरि कहिल्यै
आउनेछैन। ११ किनभने यहूदाका राजा,
योशियाहको छोरो शल्लूम जसले आफ्नो बाबु
योशियाहको सट्टामा राज्य गरे, औ जो यस
ठाउँ देखि गए, तिनको विषयमा परमप्रभु
यसो भन्नुहुन्छ, त्यो फेरि कहिल्यै यहाँ फर्केर
आउनेछैन, १२ तर जुन ठाउँमा तिनीहरूले
त्यसलाई कैद गरेर लगेका छन्, त्यहाँ त्यो
मर्नेछ, र त्यसले फेरि कहिल्यै यो देश
देख्नपाउनेछैन।
१३ धिक्कार त्यसलाई, जसले अधर्मले
आफ्नो घर बनाउँदछ, जसले आफ्नो माथिल्लो
कोठाहरू अन्यायले बनाउँछ, जसले आफ्नो
छिमेकीलाई सित्तैंमा सेवा गर्न लगाउँछ, र
त्यसलाई त्यसको ज्याला दिँदैन, १४ जसले
भन्दछ, 'म आफ्नो निम्ति माथिल्लो तलामा
फराकिला कोठाहरू भएको एउटा ठूलो घर
बनाउनेछु', र जसले देवदारका पल्ला भएका
झ्यालहरू बनाउँछ, र ती सिँदूरे रङ्गले रङ्गाउँछ।
१५ देवदारका काठ सम्बन्धी अरूसँग
होड़बाजी गर्छस् भन्दैमा के तँ आफैलाई
राजा सम्झन्छस्? के तेरो बाबूले खाँदै
धर्म र न्यायको काम गर्दै आएन र? त्यसैले
ता त्यसलाई असल भयो। १६ उसले गरीब
र दरिद्रहरूको न्याय गर्द थियो, तब त्यसलाई
असल भयो। के यो मलाई चिन्नलाई होइन
र? परमप्रभु भन्नुहुन्छ। १७ तर तेरो
आँखा र मन ता बेइमान गरेर नाफा गर्नु,
निर्दोषहरूको रगत बगाउनु, अत्याचार र
उपद्रव गर्नुमा मात्र छ। १८ यसकारण
योशियाहको छोरो यहूदाका राजा यहोयाकीमको
विषयमा परमप्रभु भन्नुहुन्छ, 'हाय, मेरो दाज्यू!
हाय, मेरी बहिनी!' भन्दै त्यसको लागि
कोही रूनेछैन, 'हाय, मेरा मालिक! हाय,
मेरा महाराजा!' भन्दै त्यसको निम्ति
कोही रूनेछैन। १९ घिस्याउँदै ल्याएर
यरूशलेमको मूल-ढोकाको बाहिर त्यो फ्याँकि-
नेछ, एउटा गधा गाड़िएको जस्तै त्यो
गाड़िनेछ।
२० 'लबानोनमा गएर करा। बाशानमा
गएर चिच्याएर रो। अबारीम डाँड़ामा गएर
कराएर रो, किनभने तेरा सबै प्रेमीहरू नाश
भए। २१ तेरो सुखको दिनमा मैले तँलाई
भन्दैरहें, तर तैंले भनिस्, 'म सुन्नेछैनँ।'
युवावस्थादेखिनै तेरो चाल यस्तै छ, र
मेरो कुरा तँ सुन्दैनस्। २२ तेरा सबै
गोठालाहरूलाई बतासले चराउँछ, र तेरा
सबै प्रेमीहरू कैदमा लागिनेछन्। तब तेरा
सबै दुष्ट कामको कारणले गर्दा तँ
लज्जित हुनेछस्, तँ अलमल्ल पर्नेछस्।
२३ हे देवदारहरूका बीचमा गुँड़ बनाएर
बस्ने लबानोनका बासिन्दा, जब पीड़ा,
अर्थात् सुत्केरी व्यथाको पीड़ा तँमाथि
आइलाग्छ, त बतँ कस्तो कष्टले छटपटाउनेछस्?'
२४ म जीवित परमप्रभु भन्दछु, 'यहोया
कीमको छोरो यहूदाको राजा कोन्याह मेरो
दाहिने हातको छाप-औंठी भए तापनि म
तँलाई निकालेर फ्याँकिदिनेछु। २५ औ
तेरो प्राण लिन खोज्नेहरूका हातमा म
तँलाई सुम्पिदिनेछु, जसदेखि तँ डराउँदछस्,
तिनीहरूकै हातमा म तँलाई सुम्पिदिनेछु,
अर्थात् बाबेलको राजा नबूकदनेस्सरको
हातमा र कल्दीहरूको हातमा म तँलाई
सुम्पिदिनेछु। २६ म तँलाई र तँलाई
जन्म दिने तेरो आमालाई, तिमीहरूको
जन्म नभएको देशमा फ्याँकिदिनेछु,
र तिमीहरू त्यहींनै मर्नेछौ। २७ तर
तिनीहरूले इच्छा गरेको देशमा तिनीहरू
फर्कनेछैनन्। २८ के यो कोन्याह एउटा
तुच्छ फुटेको भाँड़ा हो, एउटा भाँड़ा जसको
कसैले वास्ता गर्दैन? किन त्यो र त्यसका
छोरा-छोरीहरू तिनीहरूले नजानेको देशमा
फ्याँकिए? २९ ए देश, ए देश, ए

देश! परमप्रभुको वचन सुन्। ३० परमप्रभु
भन्नुहुन्छ, 'यस मानिसको नाउँ निर्वंश
मानिस भनी लेख्। त्यो मानिस जो आफ्नो
जीवनमा सफल हुनेछैन, किनभने त्यसका
कुनै सन्तानले दाऊदको सिंहासन र यहूदामा
राज्य गर्न पाउनेछैन।'

२३ परमप्रभु भन्नुहुन्छ, 'मेरो खर्कका
भेड़ाहरूलाई नष्ट गर्ने र तितर-बितर
पार्ने गोठालाहरूलाई धिक्कार!' २ यसैकारण
परमप्रभु, इस्राएलका परमेश्वर आफ्ना प्रजाको
हेरचाह गर्ने गोठालाहरूको विषयमा
भन्नुहुन्छ, 'तिमीहरूले मेरो बगाललाई तितर-
बितर पार्‍यौ। तिमीहरूले तिनीहरूलाई
धपायौ। तिमीहरूले तिनीहरूको हेरचाह
गरेनौ। हेर, तिमीहरूको दुष्ट कामको
प्रतिफल म तिमीहरूलाई दिनेछु,' परमप्रभु
भन्नुहुन्छ। ३ त्यसपछि मेरा बगालका
बाँचेकाहरूलाई मैले तिनीहरूलाई धपाएका सबै
देशहरूबाट भेला गरेर म तिनीहरूलाई
तिनीहरूको बगाल भएको ठाउमा फर्काई
ल्याउनेछु, र तिनीहरू फलवन्त हुनेछन्, र
तिनीहरूको वृद्धि हुनेछ। ४ म तिनीहरूमाथि
गोठालाहरू खटाउनेछु जसले तिनीहरूको
हेरचाह गर्नेछन्, तब तिनीहरू नता
डराउनेछन्, न घबराउनेछन्, न तिनीहरूमध्ये
कोही हराउनेछ।

५ परमप्रभु भन्नुहुन्छ, 'हेर, यस्ता दिन
आउँदैछन् जब म दाऊदको कुलमा एउटा
धार्मिक हाँगा खड़ा गर्नेछु, औ तिनले
राजाजस्तै राज्य गर्नेछन् र बुद्धिसित काम
गर्नेछन्, औ देशमा न्याय र धर्म गर्नेछन्।
६ तिनका समयमा यहूदा बचाइनेछ, औ
इस्राएल ढुक्कसित रहनेछ। औ जुन नाउँले
तिनी कहलाइनेछन् त्यो यो हो, 'परमप्रभु
धार्मिकता हुनुहुन्छ।' ७ यसकारण परमप्रभु
भन्नुहुन्छ, 'यस्ता दिन आउनेछन् जब
मानिसहरूले कहिल्यै यस्तो भन्नेछैनन्,
'जसरी परमप्रभु जीवित हुनुहुन्छ जसले मिश्र
देशबाट इस्राएलीहरूलाई निकालेर ल्याउनुभयो,'
८ तर 'जसरी परमप्रभु जीवित हुनुहुन्छ जसले
इस्राएलीहरूलाई उत्तर देशबाट, र जहाँ जहाँ
उहाँले तिनीहरूलाई धपाउनुभएको थियो, ती
देशहरूबाट निकालेर ल्याउनुभयो!' त्यसपछि
तिनीहरू आफ्नै देशमा बस्नेछन्।

९ अगमवक्ताहरूको विषयमा चाहिं,
अन्तस्करणमा मेरो मन भाँचेको छ। मेरो
सबै हड्डीहरू काम्दछन्। परमप्रभुको र उहाँको
पवित्र वचनको कारणले म मतवाला मानिसजस्तै
भएकोछु, दाखमद्यले चूर भएको मानिसजस्तै।
१० किनभने देश व्यभिचारीहरूले भरिएको
छ, सराप पाएकोले देशले विलाप गर्छ,
वनमा खर्क सुकिगएका छन्। तिनीहरूको
शक्ति न्यायसंगत छैन। ११ अगमवक्ता
र पूजाहारी दुवै भ्रष्ट भएका छन्, मेरै
भवनमा तिनीहरूको दुष्टता मैले भेट्टाएको छु,
परमप्रभु भन्नुहुन्छ। १२ यसैकारण तिनीहरूको
बाटो तिनीहरूका निम्ति अँध्यारोमा चिप्लने
बाटोजस्तै हुनेछ, त्यसैमा तिनीहरू खेदिएर
लोट्नेछन्। किनभने तिनीहरूमाथि म विपत्ति
ल्याउनेछु, तिनीहरूले दण्ड पाउने वर्षमा,
परमप्रभु भन्नुहुन्छ।

१३ सामरियाका अगमवक्ताहरूमा मैले
मूर्खता देखें। तिनीहरूले बाल देवताको
नाउँमा अगमवाणी भने, र मेरो प्रजालाई
भर्माए। १४ यरूशलेमका अगमवक्ताहरूमा
मैले साह्रै घिनलाग्दो कुरो देखें। तिनीहरू
व्यभिचार गर्दछन्, र झूटो चाल चल्छन्।
खराब गर्नेहरूका हात थिनीहरू बलिया
पार्दछन्। यसैले कोही पनि आफ्नो दुष्टतादेखि
फर्कदैन। तिनीहरू सबै मेरो निम्ति
सदोमझैं भएका छन्। १५ यसकारण ती
अगमवक्ताहरूका विषयमा सेनाहरूका परमप्रभु
यसो भन्नुहुन्छ, हेर, म तिनीहरूलाई ऐरेलु
खुवाउनेछु, र विष हालेको पानी तिनीहरूलाई
पिउनलाई दिनेछु, किनभने यरूशलेमका
अगमवक्ताहरूदेखि देशभरि भक्तिहीनता
फैलिएको छ!'

१६ सेनाहरूका परमप्रभु भन्नुहुन्छ,
'तिनीहरूका हृदयलाई आशाले भरिपूर्ण पार्ने
अगमवक्ताहरूका कुरा तिमीहरू नसुन।
तिनीहरू परमप्रभुको मुखको वचन होइन, तर
आफ्नै मनको दर्शनको कुरा बताउँदछन्।
१७ परमप्रभुको वचनको अवहेलना गर्नेहरूलाई
तिनीहरू निरन्तर भन्छन्, 'तिमीहरूलाई
भलै हुन्छ, र अट्टेरी गरी आफ्नै मनको
इच्छामा हिँड्नेहरूलाई तिनीहरू भन्छन्,
'तिमीहरूमाथि कुनै विपत्ति आउनेछैन'।
१८ किनभने तिनीहरूमध्ये को उहाँको वचन
सुन्न र बुझ्न भनी परमप्रभुको सभामा बसेको
छ र? अथवा कसले उहाँको वचन ध्यान
दिएर सुनेको छ र? १९ हेर, परमप्रभुको
आँधी, उहाँको क्रोध उठेको छ, भुमरी चल्ने
आँधी-बेही, दुष्टहरूका टाउकामा त्यो
बजारिनेछ। २० आफ्नो मनको उद्देश्य
सिद्ध नहोउन्जेल, परमप्रभुको रीस मर्नेछैन।
पछिल्ला दिनमा तिमीहरूले यो राम्ररी
बुझ्नेछौ। २१ यी अगमवक्ताहरूलाई मैले
पठाइनँ, तर तिनीहरू कुदेर गए। तिनीहरू-
सित म बोलिनँ तापनि तिनीहरूले अगमवाणी
कहे। २२ तर तिनीहरू मेरो सभामा
बसेका भए तिनीहरूले मेरो प्रजालाई मेरो
वचन बताउने थिए, र तिनीहरूलाई
उनीहरूका कुबाटोदेखि र तिनीहरूका कामको
दुष्टतादेखि फर्काएर ल्याउने थिए।

२३ परमप्रभु भन्नुहुन्छ, 'के म नजीक
मात्र रहने परमेश्वर हुँ औ टाढ़ाको चाहिं
होइन? २४ के कोही मानिस गुप्त
ठाउँहरूमा लुक्नसक्छ र म त्यसलाई
देख्नसक्तिनँ?' परमप्रभु भन्नुहुन्छ। 'के
स्वर्ग र पृथ्वी दुवैलाई म ढाक्तिनँ र?'
परमप्रभु भन्नुहुन्छ। २५ 'मैले सपना देखेको
छु, मैले सपना देखेको छु,' भन्दै मेरो
नाउँमा झूटा अगमवाणी कहने अगमवक्ताहरूको
कुरा मैले सुनेको छु। २६ अगमवक्ताहरू
जसले झूटा र आफ्नै मनको छलको
अगमवाणी कहन्छन्, तिनीहरूको हृदयमा
कहिलेसम्म झूट रहने हो? २७ तिनीहरूका
पिता-पुर्खाहरूले बाल देवताको कारण मेरो
नाउँ बिर्सेझैं यी अगमवक्ताहरूले एक
दोस्रालाई आफ्ना सपना कहेर मेरो प्रजालाई
मेरो नाउँ बिर्सनलाउने विचार गर्छन्।
२८ कुनै अगमवक्ताले सपना देखेको भए
त्यसले सपनानै कहोस्। तर कसैसित मेरो
वचन छ भने त्यसले इमानदारीसित मेरो
वचन बोलोस। पराल र गहुँमा के समानता
छ?' परमप्रभु भन्नुहुन्छ। २९ 'के मेरो
वचन आगोजस्तै छैन र? के त्यो एउटा
ठूलो घनझैं छैन र? जसले चटानलाई
चूर चूर पार्दछ, परमप्रभु भन्नुहुन्छ।
३० यसैकारण म ती अगमवक्ताहरूको
विरुद्धमा छु जसले एका अर्कादेखि मेरा
वचन चोर्दछन्, परमप्रभु भन्नुहुन्छ।
३१ हेर, म ती अगमवक्ताहरूको विरुद्धमा
छु जसले झूटा सपना कहन्छन्, परमप्रभु
भन्नुहुन्छ, ३२ औ मैले तिनीहरूलाई
नपठाएर पनि र आज्ञा नदिएर पनि झूटा
कुरा गरेर तिनीहरूका बेपर्वाहीले मेरो
प्रजालाई भर्माउँदछन्। यसैले यस प्रजालाई
तिनीहरूबाट केही लाभ हुनेछैन,' परमप्रभु
भन्नुहुन्छ।

३३ 'जब यस प्रजाको कसैले अथवा
कुनै अगमवक्ता वा कुनै पूजाहारीले तिमीहरू-
लाई 'परमप्रभुको बोझ के हो?' भनी
सोध्यो भने, तिमीहरूले तिनीहरूलाई भन्नू,
'बोझ तिमीहरूनै हौ' औ म तिमीहरूलाई
फालिदिनेछु, परमप्रभु भन्नुहुन्छ। ३४ औ
त्यो अगमवक्ता वा पूजाहारी वा प्रजामध्येको
कोही होस् त्यसलाई त्यसको घरानासमेत म
दण्ड दिनेछु।' ३५ 'परमप्रभुले के जवाफ
दिनुभयो' वा 'परमप्रभुले के भन्नुभयो?'
भनी तिमीहरू हरेकले आफ्नो छिमेकी र
आफ्नो दाज्यू-भाइलाई सोध। ३६ तर
'परमप्रभुको बोझ' भनेर तिमीहरूले फेरि
कहिल्यै चर्चा नगर, किनभने बोझ चाहिं
मानिसको आफ्नै वचन हो। औ जीवित

परमेश्वर, सेनाहरूका परमप्रभु, हाम्रा परमेश्वरका
वचनको तिमीहरूले दुरुपयोग गरेका छौ।'
३७ औ अगमवक्तालाई तैंले यसो भन्नू,
'परमप्रभुले तिमीलाई के जवाफ दिनुभयो ?'
अथवा 'परमप्रभुले के भन्नुभएको छ ?'
३८ तर तिमीहरूले 'परमप्रभुको बोझ' भन्यौ
भने ता परमप्रभु यसो भन्नुहुन्छ, 'परमप्रभुको
बोझ' नभन भनी मैले तिमीहरूकहाँ मानिस-
हरू पठाएँ, तर तिमीहरूले ता, 'परमप्रभुको
बोझ' भन्यौ, ३९ यसकारण हेर, म
निश्चय तिमीहरूलाई मेरो सामनेदेखि उठाएर
फ्यांकिदिनेछु—तिमीहरूलाई र मैले तिमीहरू-
लाई र तिमीहरूका पिता-पुर्खाहरूलाई दिएको
शहरसमेतलाई। ४० औ म तिमीहरूमाथि
सदा सर्वदाको गिल्ला र सधैं रहिरहने लाज
ल्याउनेछु, जो कहिल्यै बिर्सनेछैन।'

नेभाराका दुइ टोकरी

२४ बाबेलका राजा नबूकदनेसरले
यहूदाका राजा यहोयाकीमको छोरो
यकोन्याह र यहूदाका भारादारहरूसमेत
कारीगरहरू र लोहारहरूलाई यरूशलेमबाट
कैद गरी बाबेलमा लगेपछि परमप्रभुले मलाई
यो दर्शन दिनुभयो, 'हेर, परमप्रभुको मन्दिरको
सामने नेभाराका दुइ डालो राखिएका
रहेछन्। २ एउटा डालोमा खूब असल
नेभाराहरू पहिले पाकेका आगौटे-फलहरूजस्तै
थिए, तर अर्को डालोमा नराम्रा नेभाराहरू
थिए, यति नराम्रा कि ती खान पनि
नहुने थिए। ३ तब परमप्रभुले मलाई
भन्नुभयो, 'ए यर्मिया, तँ के देख्तछस् ?
मैले भने, 'नेभाराहरू, राम्राहरू चाहिं साह्रै
राम्रा, र नराम्राहरू यति नराम्रा कि ती
खान लायकका पनि छैनन्।'
४ तब परमप्रभुको यो वचन मकहाँ
आयो, ५ 'परमप्रभु, इस्राएलका परमेश्वर
भन्नुहुन्छ, यी राम्रा नेभाराहरू जस्तै मैले
यस देशबाट, अर्थात् यहूदाबाट कल्दीहरूको
देशमा पठाएकाहरूलाई म त्यतिनै राम्रा
सम्झनेछु। ६ तिनीहरूको भलाइको निम्ति
म मेरो दृष्टि तिनीहरूमाथि राख्नेछु, र म
तिनीहरूलाई फेरि यस देशमा फर्काएर
ल्याउनेछु। म तिनीहरूलाई बनाउनेछु, म
तिनीहरूलाई नष्ट पार्नेछैनँ। म तिनीहरूलाई
रोप्नेछु औ उखेल्नेछैनँ। ७ मनै परमप्रभु हुँ
भनी चिन्ने मन तिनीहरूलाई म दिनेछु।
औ तिनीहरू मेरा प्रजा र म तिनीहरूका
परमेश्वर हुनेछु, किनभने तिनीहरू आफ्नो
सम्पूर्ण हृदयले मकहाँ फर्कनेछन्।'
८ तर परमप्रभु भन्नुहुन्छ, 'ती खानै
पनि नहुने जस्ता एकदमै नराम्रा नेभारा-
हरूलाई झैं म यहूदाको राजा सिदकियाह,
त्यसका भारादारहरू, यरूशलेमका बासिन्दा
जो बाँचेर यस देशमा बस्छन् र मिश्र देशमा
रहेकाहरूलाई व्यवहार गर्नेछु। ९ औ
पृथ्वीका सारा राज्यहरूमा जहाँ म तिनीहरू
लाई खेदिदिनेछु त्यहाँ तिनीहरू त्रासको
कारण, गिल्ला, हाँसोको कारण र सराप
बनिनेछन्। १० औ मैले तिनीहरूलाई र
तिनीहरूका पिता-पुर्खाहरूलाई दिएको यस
देशदेखि तिनीहरू पूरै नाश नहोउन्जेलसम्म
म तिनीहरूमाथि तरवार, अनिकाल र रूढी
पठाइदिनेछु।'

यहूदामाथि बाबेलको अधिकार

२५ योशियाहको छोरो यहूदाका राजा
यहोयाकीमको शासनकालको चौथो
वर्षमा, (जो बाबेलका राजा नबूकदनेसरको
शासनकालको पहिले वर्ष थियो) परमप्रभुको
वचन यर्मिया अगमवक्ताकहाँ आयो, २ त्यही
वचन यर्मियाले यहूदाका जम्मै मानिसहरू र
यरूशलेमका जम्मै बासिन्दाहरूलाई सुनाए,
३ 'आमोनको छोरो यहूदाका राजा
योशियाहको राज्यको तेह्रौं वर्षदेखि आजको
दिनसम्म, अर्थात् तेईस वर्षसम्म, परमप्रभुको
वचन मकहाँ आइरहेको छ, र मैले त्यो

तिमीहरूलाई एकोहोरो सुनाउँदै आएको छु,
तर तिमीहरूले ध्यान दिएका छैनौ।
४ तिमीहरूले नता ध्यान दियौ न
सुन्नलाई कान थाप्यौ, यद्यपि परमप्रभुले
एकोहोरो आफ्ना दास, अगमवक्तालाई तिमी-
हरूकहाँ यसो भनी पठाउनुभयो, ५ 'अब
तिमीहरू हरेक आफ्नो खराब चाल र
कुकर्मदेखि फर्क, र परमप्रभुले तिमीहरूका
पिता-पुर्खाहरूलाई तादिदेखि सधैंको लागि
दिनुभएको देशमा बस। ६ औ पराई
देवताहरूको सेवा र भक्ति गर्नलाई तिनीहरूको
पछि नलाग, अथवा तिमीहरूको हातले
बनाएका कामबाट मलाई रीस नउठाऊ। तब
म तिमीहरूको केही नोक्सानी गर्नेछैनँ।
७ तापनि मेरो कुरामा तिमीहरूले ध्यानै
दिएनौ, तर तिमीहरूको आफ्नै हातको काम-
द्वारा तिमीहरूको आफ्नै नोक्सानी गर्नलाई
तिमीहरूले मलाई रीस उठायौ,' परमप्रभु
भन्नुहुन्छ। ८ यसकारण सेनाहरूका परमप्रभु
भन्नुहुन्छ, 'किनभने तिमीहरूले मेरा वचन
पालन गरेनौ, ९ यसैले हेर, म उत्तरका
सबै कुलहरूलाई र मेरो दास, बाबेलको राजा
नबूकदनेस्सरलाई डाकेर ल्याउनेछु। म तिनी-
हरूलाई यो देश र यसका बासिन्दाहरू र
चारैतिर रहने यी सबै जातिहरूका विरुद्धमा
ल्याउनेछु। म तिनीहरूलाई बिलकुलै नाश
गर्नेछु। म तिनीहरूलाई भय र घृणा उत्पन्न
गराउने औ सधैँ उजाड़ रहिरहने तुल्याउनेछु।
१० यस बाहेक तिनीहरूबाट आनन्द र हर्षको
आवाज, दुल्हाको सोर र दुलहीको सोर
जाँतोको पिँधाइ र बत्तीको उज्यालो म
उठाइलानेछु। ११ यो सारा देश नष्ट र
उजाड़ हुनेछ, र यस जातिले सत्तरी वर्षसम्म
बाबेलको राजाको सेवा गर्नेछ।
१२ सत्तरी वर्ष पूरा भएपछि म बाबेलको
राजा र त्यस जाति, अर्थात् कल्दीहरूको
देशलाई तिमीहरूको अधर्मको कारण सदाको
निम्ति उजाड़ पार्ने गरी दण्ड दिनेछु,
परमप्रभु भन्नुहुन्छ।'
१३ मैले त्यस देशको विरुद्धमा भनेका सबै
कुरा, अर्थात् यस पुस्तकमा लेखेका एक एक
कुरो जो यर्मियाले सबै जातिहरूको विरुद्धमा
अगमवाणी गरेको छ, म त्यस देशमाथि
ल्याउनेछु। १४ किनभने धेरै जातिहरू र
ठूला ठूला राजाहरूले पनि यिनीहरूलाई कमारा
तुल्याउनेछन्, औ म तिनीहरूका कर्म र
हातका कामअनुसार तिनीहरूलाई बदला
दिनेछु।'
१५ परमप्रभु, इस्राएलका परमेश्वरले मलाई
भन्नुभयो, 'मेरो हातबाट यो क्रोधको दाख-
मद्यको कचौरा ली, र ती जम्मै जातिहरू,
जसकहाँ म तँलाई पठाउनेछु, तिनीहरूलाई
त्यो पिउनलगा। १६ त्यो पिएर तिनीहरू
धरमराउनेछन्, औ मैले तिनीहरूका बीचमा
पठाएको तरवारको कारणले गर्दा तिनीहरू
बौलाहा होइजानेछन्। १७ यसैले मैले
परमप्रभुको हातबाट त्यो कचौरा लिएँ, र ती
जम्मै जातिहरू, जसकहाँ परमप्रभुले मलाई
पठाउनुभएको थियो तिनीहरूलाई त्यो पिउन
लगाएँ, १८ अर्थात् आज देखिएझैं तिनी-
हरूलाई नाश, उजाड़, घृणित र श्रापित
बनाउनलाई मैले यरूशलेम र यहूदाका शहर-
हरूलाई र तिनका राजाहरू र भारादारहरूलाई
त्यो पिउन लगाएँ। १९ मिश्र देशका
राजा फिरऊन र त्यसका सबै कर्मचारीहरूलाई,
त्यसका भारादारहरू र त्यसका सबै प्रजालाई,
२० औ तिनीहरूमा भएका सबै विदेशी-
हरूलाई, ऊज देशका सबै राजाहरूलाई र
पलिश्तीहरूका सबै राजाहरूलाई, (अश्कलोन,
गाजा, एक्रोन, र अश्दोदका बाँचेकाहरूलाई),
२१ एदोम, मोआब र अम्मोन वंशीहरूलाई,
२२ सोरका सबै राजाहरू र सीदोनका सबै
राजाहरूलाई, समुद्र किनारका सबै राजा-
हरूलाई, २३ ददान, तेमा र बूज, र
आफ्ना कपालका कुना कुना काटने सबैलाई,
२४ अरब देशका सबै राजाहरू र मरुभूमिमा
बस्ने मिश्रित जातिका सबै राजाहरूलाई,
२५ जिम्रीका सबै राजाहरू, एलामका सबै

राजाहरू र मादैका सबै राजाहरूलाई, २६ उत्तर दिशाका नजीक र टाढा बस्ने सबै राजाहरू एक पछि अर्कोलाई र पृथ्वीमा हुने सबै संसारका राज्यहरूलाई त्यो पिउन लगाएँ। तिनीहरूपछि बाबेलका राजाले त्यो पिउनेछ।'

२७ तब तैंले तिनीहरूलाई यसो भन्, 'सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, पिऊ, मात र वान्त गर, लोट र फेरि कहिल्यै नउठ, मैले तिमीहरूका बीचमा पठाएको तरवारको कारणले गर्दा यो हुनेछ।' २८ 'औ यदि तिनीहरूले तेरो हातबाट त्यो कचौरा पिउनलाई इन्कार गऱ्यो भने तैंले तिनीहरूलाई भन्, 'सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ, तिमीहरूले त्यो पिउनैपर्छ। २९ किनभने हेर, जुन शहर मेरो नाउँमा कहलिएको छ त्यसमा म विपत्ति ल्याउनलागेको छु, औ के तिमीहरू दण्ड नपाई बाँच्नेछौ र? तिमीहरू दण्ड नपाई छोडिनेछैनौ, किनभने म पृथ्वीका सबै बासिन्दाहरूको विरुद्धमा तरवार खटाउनेछु,' सेनाहरूका परमप्रभु भन्नुहुन्छ। ३० यसैकारण तैंले चाहिं तिनीहरूका विरुद्धमा यी सबै कुराको अगमवाणी गर्, र तिनीहरूलाई भन्, 'परमप्रभु उँभोबाट गर्जनुहुनेछ, आफ्नो पवित्र बासस्थानबाट उहाँले आफ्नो सोर सुनाउनुहुनेछ, आफ्नो बथानको विरुद्धमा उहाँ खूब जोरसित गर्जनुहुनेछ, र पृथ्वीका बासिन्दाहरूका विरुद्धमा दाखमद्य कुल्चनेहरूजस्तै कराउनुहुनेछ। ३१ हल्लाको प्रतिध्वनि पृथ्वीको पल्लो छेउसम्मै सुनिनेछ, किनभने पृथ्वीका जातिहरूका विरुद्धमा परमप्रभुको अभियोग छ, सब मानिसहरूसित उहाँ मुद्दा लड्नुहुनेछ, औ दुष्टलाई चाहिं उहाँले तरवारले नाश गर्नुहुनेछ,' परमप्रभु भन्नुहुन्छ।

३२ परमप्रभु भन्नुहुन्छ, 'हेर, विपत्ति एक जातिदेखि अर्को जातिसम्मै फैलिंदै जानेछ, पृथ्वीको पल्लो भागदेखि एउटा ठूलो तूफान चल्नेछ। ३३ त्यस दिन परमप्रभुले मार्नुभएकाहरू पृथ्वीको एक कुनादेखि अर्को कुनासम्म हुनेछन्। तिनीहरूका निम्ति कसैले विलाप गर्नेछैन, नता ती लाशहरूलाई कसैले जम्मा गर्नेछ, न गाड्नेछ। तिनीहरू जमीनमा मल हुनेछन्। ३४ 'विलाप गर, हे गोठाला हो, रोऊ, तिमी बथानका मालिकहरू, खरानीमा लडीबडी गर। किनभने तिमीहरूका मारिने र तितर-बितर हुने दिनहरू आएका छन्, छानेर राखेका भेडाझैं तिमीहरू ढल्नेछौ। ३५ गोठालाहरूका निम्ति शरण-स्थान रहनेछैन, बथानका मालिकहरूका निम्ति भाग्ने ठाउँ हुनेछैन। ३६ गोठालाहरूको रोदन सुनथाल्यो, बथानका मालिकहरूको विलाप, किनभने परमप्रभुले तिनीहरूका खर्क नष्ट पार्दैहुनुहुन्छ ३७ परमप्रभुको भीषण क्रोधले गर्दा शान्तसित रहेका गोठहरू उजाड पारिए। ३८ सिंहलेझैं उहाँले आफ्नो ठाउँ छोड्नुभएको छ किनभने कठोर तरवार र उहाँको भीषण क्रोधको कारण तिनीहरूको देश उजाड भएको छ।

मन्दिरको सर्वनाशको अगमवाणी

२६ योशियाहको छोरो यहूदाका राजा यहोयाकीमको राज्यकालको शुरूमा यो वचन परमप्रभुबाट आयो, २ 'परमप्रभु भन्नुहुन्छ, परमप्रभुको भवनको चोकमा आराधना गर्न खडा हो, र परमप्रभुको भवनमा आउने यहूदाका जम्मै शहरहरूका मानिसहरूलाई मैले तँलाई भन्नू भनी आज्ञा गरेका सबै कुरा भन्, एउटै कुरा पनि नराख्। ३ सायद त्यो सुनेर तिनीहरू हरेक आफ्नो आफ्नो दुष्ट चालदेखि फर्केला, र तिनीहरूको दुष्टताको कारण तिनीहरूमाथि विपत्ति ल्याउने मेरो मन म बदल्नेछु।' ४ तैंले तिनीहरूलाई भन्, 'परमप्रभु भन्नुहुन्छ, मैले तिमीहरूको सामने राखिदिएको मेरो व्यवस्था पालन गर्नलाई तिमीहरूले

कुरा सुनेनौ, ५ र मैले तिमीहरूकहाँ
जल्दीसाथ पठाएका मेरा दास, अगमवक्ता-
हरूका कुरा ध्यानसित सुनेनौ भने
(तिमीहरूले ध्यानसित सुनेका ता छैनौ)
६ म यस भवनलाई शीलोजस्तै बनाइदिनेछु,
र यस शहरलाई चाहिँ पृथ्वीका सारा
जातिहरूका निम्ति एउटा श्रापित ठाउँ
बनाइदिनेछु'।' ७ पूजाहारीहरू, अगमवक्ता-
हरू र सबै मानिसहरूले परमप्रभुको भवनमा
यर्मियाले भनेका यी कुरा सुने।
८ औ जब परमप्रभुले सबै मानिसहरूलाई
भन्नू भनी आज्ञा गरेका सबै कुरा यर्मियाले
भनिसके, तब पूजाहारीहरू, अगमवक्ताहरू
र सबै मानिसहरूले तिनलाई समातेर भने,
'तँ, निश्चय मर्नेछस्। ९ यो भवन
शीलोजस्तै हुनेछ, र यो शहर चाहिँ एउटै
मानिस पनि नरहने गरी नाश हुनेछ भनी
किन तैंले परमप्रभुको नाउँमा अगमवाणी
गरिस्?' औ सबै मानिसहरू परमप्रभुको
भवनमा यर्मियाको चारैपट्टि जम्मा भए।
१० जब यहूदाका शासकहरूले यी कुरा
सुने तिनीहरू राजाका महलदेखि परमप्रभुको
भवनमा आए, र परमप्रभुको भवनको नयाँ
फाटकनेर बसे। ११ तब पूजाहारीहरू र
अगमवक्ताहरूले शासकहरू र सबै मानिस-
हरूलाई भने, 'यो मानिस प्राणदण्डको
योग्य छ, किनभने यसले यस शहरको
विरुद्धमा अगमवाणी गरेको छ, जो तपाईंहरू
आफ्नै कानले सुन्नुभएको छ।' १२ तब
यर्मियाले सबै शासक र सारा मानिस-
हरूलाई भने, 'यस भवन र यस शहरका
विरुद्धमा तिमीहरूले सुनेका जम्मै कुराहरूको
अगमवाणी गर्नलाई परमप्रभुले मलाई
पठाउनुभएकै हो। १३ यसकारण अब
तिमीहरू आफ्ना आफ्ना चाल र काम
सुधार, र परमप्रभु, आफ्ना परमेश्वरको
आज्ञा पालन गर, र उहाँले भन्नुभएको
तिमीहरूमाथि ल्याउने विपत्तिको विषयमा
परमप्रभुले आफ्नो मन बदल्नुहुनेछ। १४ तर
हेर, म चाहिँ ता तिमीहरूका हातमा छु।
तिमीहरूलाई जे असल र ठीक लाग्छ त्यही
मसित गर। १५ केवल यो चाहिँ निश्चय
जानिराख, कि तिमीहरूले मेरो हत्या
गर्‍यौ भनेदेखि तिमीहरू आफैंमाथि, यस
शहरमाथि र यसका बासिन्दाहरूमाथि एक
निर्दोष मानिसको रगत बगाएको अपराध
ल्याउनेछौ, किनभने साँच्चिनै तिमीहरूलाई
यी कुरा भन्न परमप्रभुले मलाई पठाउनु-
भएको हो।'
१६ तब शासकहरू र ती सबै मानिस-
हरूले पूजाहारीहरू र अगमवक्ताहरूलाई भने,
'यी मानिस प्राणदण्डको योग्य छैनन्,
किनभने यिनले हामीलाई परमप्रभु हाम्रा
परमेश्वरको नाउँमा यो कुरा भनेका छन्।'
१७ तब त्यस देशका कति बूढ़ा-पाकाहरूले
खड़ा भएर त्यहाँ जम्मा भएका सबै
मानिसहरूलाई भने, १८ 'यहूदाका राजा
हिजकियाहका पालामा मारसेतका मीकाले
अगमवाणी गरेर यहूदाका सबै मानिसहरूलाई
यसो भने, 'सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, खेतझैं सियोन जोतिनेछ। यरूशलेम
भत्केका कुराहरूको ढेर बनिनेछ। परमप्रभुको
भवन भएको डाँड़ा, जङ्गलले भरेको पहाड़
हुनेछ।' १९ तब के यहूदाका राजा
हिजकियाह र यहूदाका सबैले तिनलाई
प्राणदण्ड दिए र? के परमप्रभुदेखि डराएर
ती राजाले कृपादृष्टिको निम्ति बिन्ती
गरेनन्? औ के तिनीहरूमाथि ल्याउने
विपत्तिदेखि परमप्रभुले आफ्नो मन बदल्नु
भएन? तर हामीले ता हामीमाथि ठूलो
विपत्ति ल्याउनलागेका छौं।'
२० अर्को एक जना मानिस पनि
थिए जसले परमप्रभुको नाउँमा अगमवाणी
कहे। तिनी किर्यत्यारीममा बस्ने शमायाहको
छोरो ऊरियाह थिए। तिनले पनि यस
शहर र यस देशको विरुद्धमा यर्मियाले
भनेजस्तै अगमवाणी कहे। २१ औ जब
राजा यहोयाकीम र तिनका सबै योद्धाहरू

र शासकहरूले ऊरियाहका यी अगमवाणी
सुने तब राजाले तिनलाई मार्न खोजे।
यो कुरा सुनेर ऊरियाह डराए, र मिश्र
देशमा भागेर गए। २२ तब राजा
यहोयाकीमले मिश्र देशमा कोही कोही
मानिसहरू पठाए, अर्थात् अकबोरको छोरो
एल्नातान र तिनका साथमा अरुहरूलाई।
२३ तिनीहरूले ऊरियाहलाई मिश्र देशबाट
ल्याए, र राजा यहोयाकीमको सामने हाज़िर
गराए। राजाले तिनलाई तरवारले मारे, र
तिनको लाश साधारण मानिसहरू गाड्ने
चिहानमा फ्याँकिदिए। २४ तर शापानको
छोरो अहीकाम यर्मियातर्फ थिए यसैले मारिनलाई
मानिसहरूका हातमा यर्मिया सुम्पिएनन्।

२७ योशियाहको छोरो यहूदाका राजा
यहोयाकीमको शासनकालको शुरूमा
परमप्रभुबाट यो वचन यर्मियाकहाँ आयो,
२ 'परमप्रभुले मलाई यो कुरो भन्नुभयो,
जुवाको डोरी र जोतारो बनाएर तेरो
काँधमा राख्। ३ त्यसपछि यहूदाको
राजा, सिदकियाहकहाँ यरूशलेममा आएका
दूतहरूका हातमा एदोमको राजा, मोआबको
राजा अम्मोनवंशी राजा, सोरको राजा र
सीदोनको राजाकहाँ समाचार पठा।
४ तिनीहरूका मालिकहरूका निम्ति यो आज्ञा
तिनीहरूलाई दे, 'सेनाहरूका परमप्रभु,
इस्राएलका परमेश्वर भन्नहुन्छ, तिमीहरूले
आफ्ना आफ्ना मालिकलाई यसो भन्नू,
५ 'यो पृथ्वी, यस पृथ्वीमा भएका मानिस-
हरू र पशुहरू समेतलाई मैलेनै आफ्नो
महा-शक्ति र बाहुबलले बनाएको होइन? औ
जसलाई इच्छा गर्छु त्यसलाई म त्यो दिन्नँ?
६ अब यी सबै देशहरू मैले मेरो दास,
बाबेलको राजा नबूकदनेसरलाई दिएँ। औ
वनका जन्तुहरूले पनि त्यसको सेवा गरोस्
भनेर त्यसलाई दिएको छु। ७ औ
त्यसको आफ्नै देशको समय नआउञ्जेल
सबै जातिहरूले त्यसको, त्यसको छोराको
र त्यसको नातिको सेवा गर्नेछन्। त्यसपछि
धेरै जातिहरू र ठूला ठूला राजाहरूले
त्यसलाई आफ्नो कमारो तुल्याउनेछन्।
८ तर यदि कुनै जाति अथवा राज्यले
बाबेलको राजा, नबुकदनेसरको सेवा
गर्न र बाबेलको राजाको जुवामुनि आफ्नो
घिच्रो राख्न चाहँदैन भने म त्यस जातिलाई
तरवार, अनिकाल र रूढ़ीले दण्ड दिनेछु,
जबसम्म त्यसकै हातबाट म तिनीहरूलाई
नष्ट गर्दिनँ। ९ यसैकारण 'बाबेलको
राजाको सेवा तिमीहरूले गर्नेछैनौ' भन्ने
तिमीहरूका अगमवक्ताहरू, जोखना हेर्नेहरू,
दर्शन देख्नेहरू, ज्योतिषीहरू र जादूगरी
गर्नेहरूका कुरा नसुन। १० किनभने
तिनीहरूले कहेका अगमवाणी ता झूटा हुन्।
त्यसको फल के हुन्छ भने, तिमीहरू आफ्नो
देशदेखि टाढ़ा हटाइनेछौ। म तिमीहरूलाई
धपाउनेछु र तिमीहरू नष्ट हुनेछौ। ११ तर
जुन जातिले आफ्नो घिच्रो बाबेलको राजाको
जुवामुनि राख्छ र त्यसको सेवा गर्छ, त्यस
जातिलाई म उसको आफ्नै देशमा खनजोत
गर्न र रहनदिनेछु भनी परमप्रभु भन्नुहुन्छ'।'
१२ सोही प्रकारले यहूदाको राजा
सिदकियाहलाई मैले भनें, 'बाबेलका राजाको
जुवा आफ्नो काँधमा लेऊ, र तिनी र तिनका
प्रजाको सेवा गरेर बाँचिबस।' १३ बाबेलका
राजाको सेवा नगर्ने जातिको विषयमा परम-
प्रभुले भन्नुभएमैं तरवार, अनिकाल र रूढ़ीले
तिमी र तिम्रो प्रजा किन मर्छौ?
१४ 'बाबेलका राजाको सेवा गर्नेछैनौ'
भन्ने अगमवक्ताहरूका कुरा नसुन। किनभने
तिनीहरूले ता तिमीहरूलाई झूटा अगमवाणी
कहँदैछन्। १५ परमप्रभु भन्नुहुन्छ, 'मैले ता
तिनीहरूलाई पठाएको होइन, तर तिनीहरू
मेरो नाउँमा झूटो अगमवाणी कहिरहेका
छन्। त्यसको फल के हुन्छ भने, म
तिमीहरूलाई धपाउनेछु, र तिमीहरू नष्ट
हुनेछौ—तिमीहरू र तिमीहरूलाई अगमवाणी
कहने तिमीहरूका अगमवक्ताहरू।'

१६ त्यसपछि पूजाहारीहरू र यस
प्रजालाई पनि मैले यसो भनें, 'परमप्रभु
भन्नुहुन्छ, तिमीहरू आफ्ना अगमवक्ताहरूका
कुरा नसुन, जसले यसो भन्दै अगमवाणी
गर्छन्, 'हेर, परमप्रभुको भवनका भाँडा-
कुँडाहरू अब चाँडै बाबेलबाट ल्याइनेछन्।'
किनभने तिनीहरूले तिमीहरूलाई झूटा अगम-
वाणी कहन्छन्। १७ तिनीहरूका कुरा
नसुन। बाबेलका राजाको सेवा गर, र बाँची
रहो। यो शहर किन नष्ट हुने? १८ यदि
तिनीहरू अगमवक्ता हुन् र परमप्रभुको वचन
तिनीहरूसित छ भने परमप्रभुको भवनमा
रहेका, यहूदाका राजाको महलमा रहेका र
यरूशलेममा रहेका भाँडा-कुँडाहरू बाबेलमा
नलगिऊन् भनी सेनाहरूका परमप्रभुसित
तिनीहरूले बिन्ती गरून्। १९ स्तम्भहरू,
पीतलको विशाल खड्कुँला, आधारहरू र यस
शहरमा छोडिएका भाँडा-कुँडाहरू, २० जो
बाबेलका राजा नबूकदनेसरले यहोयाकीमको
छोरा यहूदाका राजा यकोन्याह औ यहूदा र
यरूशलेमका जम्मै भारादारहरूलाई यरूशलेममा
कैद गरेर लाँदा लगेका थिएनन्। २१ ती
भाँडा-कुँडाहरू, जो परमप्रभुको भवन, यहूदाका
राजाको महल र यरूशलेममा छोडिएका छन्,
तिनको विषयमा सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वर भन्नुहुन्छ, २२ ती
बाबेलमा पुऱ्याइन्छन्, र तबसम्म ती त्यहींनै
रहिरहनेछन् जबसम्म म तिनीहरूको फिक्री
गर्दिनँ, परमप्रभु भन्नुहुन्छ, त्यसपछि म ती
फेरि फर्काएर ल्याउनेछु, र तिनलाई यस
ठाउँमा फेरि राख्नेछु।'

हनन्याहको झूठो अगमवाणी

२८ त्यही वर्ष, यहूदाका राजा सिद-
कियाहको शासनकालको शुरू, अर्थात्
चौथो वर्षको पाँचौं महीनामा अज्जूरको छोरो
गिबोनमा बस्ने हनन्याह अगमवक्ताले परम-
प्रभुको भवनमा पूजाहारीहरू र सारा
मानिसहरूका सामने मलाई भने, २ 'सेना-
हरूका परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ,
मैले बाबेलको राजाको जुवा भाँचिदिएको
छु। ३ बाबेलको राजा नबूकदनेसरले
परमप्रभुको भवनका जति भाँडा-कुँडा यस
ठाउँबाट बाबेलमा लगेको छ, ती सबै दुइ
वर्ष भित्रैमा म फेरि यस ठाउँमा ल्याउनेछु।
४ औ यहोयाकीमको छोरो यकोन्याह र
यहूदाबाट लगिएका सबै कैदीहरूलाई म फेरि
यस ठाउँमा फर्काएर ल्याउनेछु, किनभने म
बाबेलको राजाको जुवा भाँचिदिनेछु,' परम-
प्रभु भन्नुहुन्छ।
५ तब यर्मिया अगमवक्ताले हनन्याह
अगमवक्तालाई परमप्रभुको भवनमा उभिरहेका
पूजाहारीहरू र सबै मानिसहरूको सामने भने,
६ 'आमेन, परमप्रभुले त्यसैनै गरून्।
तिमीले अगमवाणी गरेका कुरा परमप्रभुले
पूरा गरिदेऊन्। परमप्रभुको भवनका भाँडा-
कुँडा र सबै कैदमा लगिएका मानिसहरू
उहाँले बाबेलबाट यस ठाउँमा फर्काइल्याऊन्।
७ तापनि तिमी र यी सबै मानिसहरूले
सुन्ने गरी मैले भनेको यो वचन तिमी सुन,
८ 'म र तिम्रा अघिका तादिका अगम-
वक्ताहरूले ता धेरै देशहरू र ठूला ठूला
राज्यहरूका विरुद्धमा लड़ाइँ, अनिकाल र
रूढ़ीका विषयमा अगमवाणी कहे। ९ जुन
अगमवक्ताले शान्तिको अगमवाणी कहन्छन्
र जब त्यो पूरा हुन्छ, तब साँच्चिनै ती
अगमवक्तालाई परमप्रभुले पठाउनुभएको रहेछ
भनी चिनिनेछ।' १० तब हनन्याह अगम-
वक्ताले यर्मिया अगमवक्ताको काँधबाट त्यो
जुवा निकालेर भाँचिदिए। ११ अनि
हनन्याहले सबै मानिसहरूको सामने यसो
भने, 'परमप्रभु भन्नुहुन्छ, यसरीनै यी दुइ
वर्ष भित्रमा म सबै जातिका काँधबाट
बाबेलको राजा नबूकदनेसरको जुवा
उतारिदिनेछु।' तब यर्मिया अगमवक्ता चाहिं
आफ्नो बाटो लागे।
१२ हनन्याह अगमवक्ताले यर्मिया अगम-

वक्ताको काँधबाट जुवा भाँचेको केही
समयपछि परमप्रभुको यो वचन यर्मियाकहाँ
आयो, १३ 'गएर हनन्याहलाई भन्,
परमप्रभु, यसो भन्नुहुन्छ, तैँले ता काठका
जुवाहरू भाँचेको छस्, तर म तिनको सट्टामा
फलामको जुवा बनाउनेछु।' १४ किनभने
सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छ, 'यी सबै जातिहरूका काँधमा मैले
बाबेलको राजा नबूकदनेसरको दासत्वको
फलामको जुवा लगाइदिएको छु। तिनीहरूले
त्यसको सेवा गर्नैपर्छ। किनभने मैले वनका
पशुहरूलाई समेत त्यसको हातमा दिएको छु।'
१५ अनि यर्मिया अगमवक्ताले हनन्याह
अगमवक्तालाई भने, 'हे हनन्याह सुन,
परमेश्वरले तिमीलाई पठाउनुभएको होइन।
तिमीले यी मानिसहरूलाई झूटा कुरामा
विश्वास गर्नलगाएका छौ। १६ यसकारण
परमप्रभु भन्नुहुन्छ, 'हेर, म तँलाई
यस पृथ्वीबाट हटाइदिनेछु। यही वर्ष
तँ मर्नेछस्। किनभने तैँले परमप्रभुको
विरुद्धमा विद्रोही कुरा गरिस्।' १७ त्यही
वर्षको सातौँ महीनामा हनन्याह अगमवक्ता
मरे।

यर्मियाको पत्र

२९ कैदमा लगिएका बूढ़ा-प्रधान, पूजाहारी,
अगमवक्ता र सबै मानिसहरू, जसलाई
नबूकदनेसरले यरूशलेमबाट बाबेलमा कैद
गरेर लगेका थिए, तिनीहरूलाई यर्मिया
अगमवक्ताले पठाएको पत्रका कुरा यिनै
हुन्। २ राजा यकोन्याह, राज-माता,
नपुंसकहरू, यहूदा र यरूशलेमका शासक,
कारीगर र लोहारहरू यरूशलेमबाट
गएपछि यो पत्र लेखिएको हो।
३ यो पत्र शापानको छोरो एलासा र
हिल्कियाहको छोरो गमर्याह, जसलाई यहूदाका
राजा सिदकियाहले बाबेलका राजा नबूक-
दनेसरकहाँ बाबेलमा पठाएका थिए, तिनीहरूकै
हातमा पठाएका थिए। पत्र यस्तो थियो—
४ 'यरूशलेमदेखि बाबेलमा मैले कैदमा
पठाइदिएका सबै जो कैदमा छन्, तिनीहरू-
लाई सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छ, ५ 'त्यहाँ तिमीहरू घर बनाएर
बस, बारीहरू लगाऊ र तिनका फल खाऊ।
६ बिहे-बारी गरेर छोरा-छोरीहरू जन्माऊ,
छोराहरूका निम्ति बुहारीहरू ल्याऊ, औ
छोरीहरूको विवाह गरिदेऊ, र तिनीहरूले
छोरा-छोरीहरू जन्माऊन्। त्यहाँ आफ्नो
संख्या बढ़ाऊ, घटेर नजाओस्। ७ औ मैले
तिमीहरूलाई कैदमा पठाएको शहरको भलो
चिताऊ, र त्यसको निम्ति परमप्रभुसित प्रार्थना
गर। त्यसको भलो चिताएकोमानै तिमीहरूको
भलो हुनेछ। ८ किनभने सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वर भन्नुहुन्छ, 'तिमीहरूका
बीचमा हुने तिमीहरूका अगमवक्ताहरू र
मंत्र-तंत्र गर्नेहरूले तिमीहरूलाई धोका नदेऊन्,
औ तिनीहरूले देखेका सपनाका कुराहरूमा
ध्यान नदेऊ, ९ किनभने तिनीहरूले तिमी-
हरूलाई मेरो नाउँमा कहेका अगमवाणी झूटा
हो। मैले तिनीहरूलाई पठाएको होइन,
परमप्रभु भन्नुहुन्छ।' १० किनभने परमप्रभु
भन्नुहुन्छ, 'बाबेलको सत्तरी वर्ष पूरा भएपछि
म तिमीहरूको सुधि लिनेछु र मेरो प्रतिज्ञा म
पूरा गर्नेछु, र तिमीहरूलाई यस ठाउँमा
फर्काएर ल्याउनेछु। ११ किनभने परमप्रभु
भन्नुहुन्छ, जुन उपायहरू मैले तिमीहरूका
निम्ति गरेको छु ती म जान्दछु। ती
तिमीहरूका भलाइको निम्ति हुन्, बुराइको
निम्ति होइन। तिमीहरूलाई भविष्य सुधार्न र
एउटा आशा दिनलाई हो। १२ तब
तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना
गर्नेछौ, र म तिमीहरूको प्रार्थना सुन्नेछु।
१३ जब तिमीहरूले आफ्नो हृदयले मलाई
खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर
पाउनेछौ। १४ परमप्रभु भन्नुहुन्छ, तिमीहरूले
मलाई भेट्टाउनेछौ। औ तिमीहरूको धन-
सम्पत्ति म तिमीहरूलाई र मैले धपाइपठाएका

हरूलाई दिनेछु। औ जाति जातिहरू र ठाउँ
ठाउँहरूदेखि म तिमीहरूलाई जम्मा गर्नेछु, र
मैंले तिमीहरूलाई कैदमा पठाएका ठाउँदेखि
तिमीहरूलाई फेरि ल्याउनेछु।'
१५ किनभने तिमीहरूले भनेका छौ,
'परमप्रभुले ता हाम्रा निम्ति बाबेल्मानै
अगमवक्ताहरू खड़ा गर्नुभएको छ।' १६ यसैले
परमप्रभु भन्नुहुन्छ, दाऊदको सिंहासनमा बस्ने
राजा, यस शहरमा बस्ने सबै मानिसहरू र
तिमीहरूका आफन्तहरू जो तिमीहरूसित
कैदमा गएनन् तिनीहरूका विषयमा परमप्रभु
यसो भन्नुहुन्छ, १७ 'सेनाहरूका परमप्रभु
भन्नुहुन्छ, हेर, म तिनीहरूका बीचमा तरवार,
अनिकाल र रूढ़ी पठाउनेछु, र तिनीहरूलाई
म कुहेका नेभाराहरूझैं तुल्याउनेछु, जो यति
साहो कुहेका हुन्छन् कि ती खान सकिँदैनन्।
१८ तिनीहरूलाई म तरवार, अनिकाल र
रूढ़ीले खेद्नेछु। म तिनीहरूलाई पृथ्वीका
सबै राज्यहरूमा त्रासको कारण तुल्याउनेछु।
औ सारा जातिहरूका बीचमा तिनीहरू सराप,
डर, घृणा र निन्दाको कारण बनिनेछन्।
१९ किनभने तिनीहरूले मेरा कुरामा ध्यान
दिएनन्, परमप्रभु भन्नुहुन्छ। जुन वचन
मैंले मेरा दास अगमवक्ताहरूद्वारा एकोहोरो
पठाएको थिएँ, त्यो तिमीहरूले सुनेनौ,
परमप्रभु भन्नुहुन्छ। २० हे सबै कैदमा
लगिएकाहरू जसलाई मैले यरूशलेमदेखि
बाबेल्मा पठाएँ, परमप्रभुको वचन सुन—
२१ 'कोलायाहको छोरो आहाब र मासेयाहको
छोरो सिदकियाह, जसले परमप्रभुको नाउँमा
झूटा अगमवाणी भन्दैछन्, तिनीहरूको विषयमा
सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ, 'हेर, म
तिनीहरूलाई बाबेल्मा राजा नबूकदनेसरको
हातमा सुम्पिदिनेछु, औ त्यसले तिनीहरूलाई
तिमीहरूकै नजरको सामने मार्नेछ।
२२ तिनीहरूकै कारण यो सराप यहूदाबाट
बाबेल्मा कैदमा लगिएकाहरूमाथि पर्नेछ,
परमप्रभुले तिमीहरूलाई सिदकियाह र आहाब-
जस्तै बनाऊन्, जसलाई बाबेल्को राजाले
आगोमा डढ़ाएको थियो। २३ किनभने
तिनीहरूले इस्राएलमा मूर्ख काम गरेका छन्।
तिनीहरूले आफ्नै छिमेकीकी स्वास्नीसित
व्यभिचार गरेका छन्, र मैंले तिनीहरूलाई
आज्ञा नगरेका झूटा कुरा बोलेका छन्। यो
कुरा जान्ने मनै हुँ, र म यो कुराको साक्षी
छु, परमप्रभु भन्नुहुन्छ।'
२४ नेहेलामको शमायाहलाई तैंले यसो
भन्, २५ 'सेनाहरूका परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ, तैंले तेरो नाउँ यरूशलेममा
रहेका सबै मानिसहरूलाई र बाँकी सबै पूजा-
हारीलाई समेत मासेयाहको छोरो सपन्याह
पूजाहारीलाई यसो भनेर चिठीहरू लेखेको
छस्, २६ 'परमप्रभुले तिमीलाई यहोयादा
पूजाहारीको सट्टामा यस निम्ति पूजाहारी
नियुक्त गर्नभएको हो कि तिमीले परमप्रभुको
भवनको जिम्मा लिएर त्यहा अगमवाणी गर्ने
प्रत्येक बौलाहालाई ठिँगुरोमा हाली त्यसको
घिच्रोमा काठ झुण्ड्याएर राख्नू। २७ तँ
आफै तिमीहरूका बीचमा अगमवक्ता
हुने अनातोतको यर्मियालाई तैंले किन
हप्काइस्? २८ किनभने बाबेल्मा हामीलाई
त्यसले यस्तो समाचार पठाएको छ, 'तिमी-
हरूको कैद धेरै समय रहनेछ। घरहरू बनाएर
बस, बारी लगाऊ र त्यसका उब्जनी खाऊ'।'
२९ सपन्याह पूजाहारीले यो पत्र यर्मियालाई
पढ़ेर सुनाए। ३० तब परमप्रभुको यो वचन
यर्मियाहकहाँ आयो, ३१ 'कैदमा लगिएका-
हरू सबैलाई यो समाचार पठा, 'नेहेलामको
शमायाहको विषयमा परमप्रभु भन्नुहुन्छ,
किनकि मैले नपठाईकन शमायाहले अगमवाणी
कहेर तिमीहरूलाई झूटा कुरामाथि विश्वास
गर्नलगायो, ३२ यसकारण हेर्, म
नेहेलामको शमायाह र त्यसका सन्तानलाई
दण्ड दिनेछु। मेरो प्रजालाई जो भलाइ म
गर्नेछु त्यो हेर्नलाई त्यसको कुनै पनि सन्तान
यस प्रजामा जीवित रहेको हुनेछैन, किनकि
त्यसले परमप्रभुको विरुद्धमा विद्रोही कुरा
गरेको छ, परमप्रभु भन्नुहुन्छ।'

इस्राएल र यहूदाको उद्धार

३० परमप्रभुबाट यर्मियाकहाँ आएको
वचन, 'परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छ, २ 'मैले तँलाई भनेका सबै
कुरा एउटा पुस्तकमा लेख्। ३ किनभने
हेर्, यस्तो दिन आउँदैछ, जब म मेरो
प्रजा इस्राएल र यहूदालाई कैदबाट फर्काएर
ल्याउनेछु। मैले तिनीहरूका पुर्खाहरूलाई
दिएको त्यस देशमा तिनीहरूलाई फर्काएर
ल्याउनेछु, र तिनीहरूले त्यसको अधिकार
गर्नेछ, परमप्रभु भन्नुहुन्छ।'
४ इस्राएल र यहूदाको विषयमा
परमप्रभुले भन्नुभएका कुरा यिनै हुन्,
५ 'परमप्रभु भन्नुहुन्छ, आतंकले भरिएको
र त्रासको रूवाइ हामीले सुनेका छौं। शान्ति
छैन। ६ अहिले सोध, र हेर, के लोग्ने
मानिसलाई सुत्केरी वेदना हुन्छ र? किन ता
हरेक मानिस सुत्केरी पीड़ामा परेझैं आफ्नो
आफ्नो हात कम्मरमा राखेको म देख्तछु?
किन हरेकको अनुहार पहेंलो भएको छ?
७ हाय! त्यो दिन यस्तो महा संकष्टको
दिन हुनेछ! त्यो जस्तो अरू कुनै दिन
छैन। याकूबको निम्ति यो दुःखको दिम छ,
तापनि त्यो त्यसबाट बचाइनेछ।' ८ औ
सेनाहरूका परमप्रभु भन्नुहुन्छ, 'त्यस दिन
म त्यो जुवा तिनीहरूको काँधबाट
भाँचिदिनेछु। म तिनीहरूको बन्धन फुकाइ-
दिनेछु, विदेशीहरूले कहिल्यै तिनीहरूलाई
दास बनाउनेछैनन्। ९ तर तिनीहरूले
परमप्रभु आफ्ना परमेश्वर र मैले तिनीहरूका
निम्ति खड़ा गरेका तिनीहरूका राजा
दाऊदकै सेवा गर्नेछन्। १० परमप्रभु
भन्नुहुन्छ, तब हे मेरो दास याकूब, नडरा,
हे इस्राएल, नघबरा। किनभने हेर्, म तँलाई
टाढ़ा देशबाट र तेरो सन्तानलाई कैदको
देशबाट छुटाएर ल्याउनेछु। याकूब फर्केर
शान्ति र सुखमा बस्नेछ। औ कसैले त्यसलाई
डर देखाउन सक्नेछैन। ११ परमप्रभु भन्नुहुन्छ,
किनभने तेरो उद्धार गर्न म तेरो
साथमा रहनेछु। जुन जातिहरूकहाँ तँलाई
मैले तितर-बितर पारेको थिएँ, ती सबलाई
म बिलकुलै खतम पार्नेछु। तर तँलाई
ता म बिलकुलै खतम पार्नेछैनँ। म तँलाई
ठीक नापले शिक्षा-दण्ड दिनेछु। औ तँलाई
दण्ड नदिई म छोड़नेछैनँ।'
१२ किनभने परमप्रभु यसो भन्नुहुन्छ,
'तेरो घाउ निको नहुने, र तेरो चोट
डरलाग्दो छ। १३ तेरो पक्षमा बोलिदिने
कोही छैन। तँलाई निको पार्ने कोही छैन।
१४ तेरा सबै प्रियहरूले तँलाई बिर्सिसके।
तिनीहरू तेरो केही वास्ता गर्दैनन्। तेरो
ठूलो अपराधले गर्दा तेरा भयङ्कर पापहरूले
गर्दा शत्रुलाई हिर्काउने प्रहारले मैले तँलाई
हिर्काएँ। निष्ठूर बैरीको दण्ड तँलाई दिएँ।
१५ आफ्नो घाउको कारण तँ किन रून्छस्?
तेरो पीड़ा निको हुननसक्ने छ। किनभने
तेरो अपराध घोर भएकोले गर्दा यी सबै
मैले तँलाई गरेको हो। १६ यसैकारण
तँलाई निल्नेहरू सबै निलिइनेछन्, र तेरा
सबै शत्रुहरू एक एक गरी कैदमा
लगिनेछ। तँलाई लुट्नेहरू लुटिनेछन्।
तँलाई शिकार बनाउनेहरू आफै शिकार
बनिनेछन्। १७ किनभने म तँलाई फेरि
स्वस्थ्य तुल्याउनेछु, र तेरा चोटहरू म निको
पार्नेछु, परमप्रभु भन्नुहुन्छ। किनभने
तिनीहरूले तँलाई त्यागिएका भने, सियोनको
निम्ति चाहिं कसैले वास्तै गर्दैन।
१८ परमप्रभु भन्नुहुन्छ, 'हेर, म याकूबको
पालको कैदलाई छुटाएर ल्याउनेछु, र त्यसका
डेराहरूलाई टिठाउनेछु। त्यसकै डाँड़ामा त्यो
शहर फेरि बनाइनेछ, र अघिको आफ्नै
स्थानमा महल फेरि खड़ा हुनेछ।
१९ धन्यवादको स्तुतिगान र आनन्द
मनाउनेहरूको सोर त्यहाँ सुनिनेछ। म
तिनीहरूको संख्याको वृद्धि गर्नेछु, औ
तिनीहरू थोरै हुनेछैनन्। म तिनीहरूलाई
आदरणीय तुल्याउनेछु। तिनीहरू साना

हुनेछैनन्। २० तिनीहरूका बालकहरू अघि
अघिका जस्तै हुनेछन्, र मेरो सामने
तिनीहरूको समुदाय स्थापित हुनेछ। तिनीहरू-
माथि अत्याचार गर्नेहरूलाई म दण्ड दिनेछु।
२१ तिनीहरूका राजा तिनीहरूमध्येकै एक
जना हुनेछ। तिनीहरूका शासक तिनीहरूकै
बीचबाट निस्कनेछ। म त्यसलाई नजीक
आउने तुल्याउनेछु, र त्यो मेरो नजीक
आउनेछ। किनभने को आफै मेरो नजीक
आउनलाई साहस गर्नसक्छ? परमप्रभु
भन्नुहुन्छ, २२ औ तिमीहरू मेरो प्रजा
हुनेछौ, र म तिमीहरूका परमेश्वर हुनेछु।'
२३ हेर, परमप्रभुको आँधी! क्रोध
उठेको छ, आँधी बेही, दुष्टहरूको शिरमा
त्यो बज्रिनेछ। २४ जबसम्म उहाँले आफ्नो
मनको इच्छा कार्यहरूमा परिणत गर्नुहुन्न,
तबसम्म परमप्रभुको भयङ्कर रीस शान्त
हुनेछैन। पछिका दिनहरूमा तिमीहरू यो
बुझ्नेछौ।'

३१ परमप्रभु भन्नुहुन्छ, 'त्यस बेला म
इस्राएलका सबै घरानाका परमप्रभु
हुनेछु, औ तिनीहरू मेरा प्रजा हुनेछन्।'
२ परमप्रभु भन्नुहुन्छ, 'तरवारबाट बाँचेका
मानिसहरूले उजाड़-भूमिमा अनुग्रह पाए,
अर्थात् इस्राएलले, जब म त्यसलाई विश्राम
दिन गएँ। ३ परमप्रभु टाढ़ादेखि मकहाँ
यसो भन्दै देखा पर्नुभयो, 'अनन्त प्रेमले
मैले तँलाई प्रेम गरेको छु। यसैकारण तँप्रति
मैले मेरो विश्वासयोग्यता कायम राखेको छु।
४ म फेरि तँलाई बनाउनेछु। तँ फेरि
बनाइनेछस्, हे कुमारी इस्राएल! खैंजड़ीले
फेरि तैंले आफैलाई सुशोभित तुल्याउनेछस्।
आनन्द मनाउनेहरूको नाचमा तँ निस्कनेछस्।
५ सामरियाका डाँड़ाहरूमा तैंले फेरि दाखका
बोटहरू लगाउनेछस्, रोप्नेहरूले रोप्नेछन्,
र फलको स्वाद लिनेछन्। ६ किनभने
यस्तो दिन आउनेछ, जब एप्रैमको पहाड़ी-
देशमा प्रहरी यसरी कराउनेछ, 'उठ, हामी
सियोनमा परमप्रभु हाम्रा परमेश्वरकहाँ जाऔं।'
७ किनभने परमप्रभु भन्नुहुन्छ, 'खुशीले
याकूबको निम्ति चर्को सोरले गाऊ। हाम्रा
जातिका नायकको निम्ति उच्च सोर
निकाल। घोषणा गर, प्रचार गर, प्रशंसा
गर्दै यसो भन, 'परमप्रभुले आफ्नो प्रजा
इस्राएलका बाँचेकाहरूलाई उद्धार गर्नुभएको
छ।' ८ हेर, म तिनीहरूलाई उत्तर देशदेखि
ल्याउनेछु, पृथ्वीको पल्लो छेउदेखि म
तिनीहरूलाई जम्मा गर्नेछु, तिनीहरूका
बीचमा अन्धा र लङ्गड़ा, गर्भवती स्त्री र
सुत्केरीसमेत हुनेछन्, एउटा ठूलो समुदाय
भएर तिनीहरू फर्की आउनेछन्। ९ तिनीहरू
रूँदै आउनेछन्, म तिनीहरूलाई सान्त्वना
दिँदै डोर्‍याएर ल्याउनेछु, म तिनीहरूलाई
पानी भएका खोलाहरूका किनार किनार
हिंड़ाउनेछु, सीधा बाटोमा जहाँ तिनीहरूले
ठेस खानेछैनन्, किनभने इस्राएलको निम्ति
म पिता हुँ, औ एप्रैम मेरो जेठो छोरो
हो। १० हे जाति हो, परमप्रभुको वचन
सुन, औ टाढ़ा टाढ़ा समुद्र-किनारका
देशहरूमा प्रचार गर, औ भन, 'इस्राएललाई
तितर-बितर पार्नेले त्यसलाई भेला गर्नुहुनेछ,
औ गोठालाले आफ्नो बगाललाई रक्षा
गरेझैं उहाँले त्यसलाई रक्षा गर्नुहुनेछ।
११ किनभने परमप्रभुले याकूबलाई
छुटाउनुभएको छ, त्योभन्दा शक्तिशालीको
हातदेखि त्यसलाई उहाँले उद्धार गर्नुभएको
छ। १२ तिनीहरू आएर सियोनको
टाकुरामा गाउनेछन्, औ परमप्रभुको कृपाको
कारण अन्न, दाखमद्य र तेल, भेड़ा-बाख्राका
पाठाहरू र गाई-गोरुका बाछाहरूको कारण
तिनीहरू अति हर्षित हुनेछन्। तिनीहरूको
जीवन पानीले भिजेको बारीझैं हुनेछ,
तिनीहरू फेरि कहिल्यै ओइलाउनेछैनन्।
१३ तब तरुणीहरू आनन्दले नाच्नेछन्,
औ जवान र बूढ़ाहरू हर्षित हुनेछन्। म
तिनीहरूको शोकलाई हर्षमा परिवर्तन
गरिदिनेछु, म तिनीहरूलाई सान्त्वना दिनेछु,

तिनीहरूको अफसोसको सट्टामा रमाहट दिनेछु,
१४ पूजाहारीहरूलाई म असल असल
भोजनले तृप्त गराउनेछु, र मेरो प्रजा मेरो
भलाइले तृप्त हुनेछ परमप्रभु भन्नुहुन्छ।'
१५ परमप्रभु भन्नुहुन्छ, 'रामामा एउटा
शब्द सुनियो, विलाप र चर्को रोदन,
राहेल आफ्ना बालकहरूका निम्ति रून्छे,
त्यो शान्त हुनै मान्दिन, किनकि तिनीहरू
रहेनन्।' १६ परमप्रभु फेरि भन्नुहुन्छ,
'नरो, आँसु नखसाल्,' किनभने तेरो काम
फलवन्त हुनेछ औ तिनीहरू आफ्नो शत्रुको
देशदेखि फर्केर आउनेछन्। १७ तिमीहरूको
भविष्यको आशा छ, तिमीहरूका छोरा-छोरी-
हरू तिनीहरूको आफ्नै देशमा आउनेछन्,
परमप्रभु भन्नुहुन्छ।' १८ मैले एप्रैमले
यसो भन्दै विलाप गरेको सुनें, 'तपाईंले
मलाई दण्ड दिनुभयो, एउटा सधिएको बाछाले
जस्तै मैले दण्ड पाएँ। मलाई फर्काएर
ल्याउनुहोस्, र म फर्कनेछु, किनभने तपाईं
परमप्रभु मेरा परमेश्वर हुनुहुन्छ, १९ तपाईं-
तिर फर्केपछि मैले पछुताएँ, शिक्षा-दण्ड
पाएपछि मैले मेरो छाती पिटें। म लज्जित
भएँ, म जिल्ल परें, किनभने युवावस्थाको
कलङ्क मैले बोकेको छु।' २० के एप्रैम
मेरो प्यारो छोरो हो? के त्यो मेरो
लाडे-बालक हो? किनभने त्यसको विरुद्धमा
मैले जतिनै बोले तापनि, त्यसकै याद अझै
मलाई आउँछ। यसकारण मेरो हृदय त्यसको
लागि मायाले भरिएको छ, म निश्चय त्यसलाई
दया गर्नेछु, परमप्रभु भन्नुहुन्छ।'
२१ 'बाटो देखाउने चिह्न र खाँबाहरू
खड़ा गर्, त्यो मूल सड़कलाई राम्ररी याद
राख्, त्यो बाटो जुन बाटो तँ गएको
थिइस्। हे कन्ये इस्राएल, फर्की। तेरा यी
शहरहरूमा फर्केर आइज। २२ हे विश्वासघाती
छोरी, तँ कहिलेसम्म ढलपल गरिबस्छेस्?
किनभने परमप्रभुले पृथ्वीमा एउटा नयाँ कुरो
सृष्टि गर्नुभएकोछ, 'स्त्रीले पुरुषलाई रक्षा गर्छे।'
२३ सेनाहरूका परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ, 'जब म तिनीहरूलाई
कैदबाट फर्काएर ल्याउनेछु तब तिनीहरूले
यहूदाको देश र त्यसका शहरहरूमा यी वचन
फेरि भन्नेछन्, 'हे धार्मिकताको बासस्थान,
हे पवित्र डाँड़ा, तँलाई परमप्रभुले आशिष
देऊन्।' २४ 'औ यहूदा र त्यसका सबै
शहरहरू मिलेर त्यहाँ बस्नेछन्, खेतीवाल, र
आफ्ना बगालसँग घुम्ने गोठालाहरू सबै,
२५ किनभने म थकित प्राणलाई सन्तुष्ट
गराउनेछु। हरेक सुक्दै जाने प्राणलाई म
भरिलो तुल्याउनेछु।' २६ यतिमै म बिउँझें
र हेरें, औ मेरो निद्रा मलाई मीठो लाग्यो।
२७ परमप्रभु भन्नुहुन्छ, 'हेर, दिन
आउँदैछ, जब म इस्राएलको घराना र
यहूदाको घरानाको मानिस र पशु दुवैको
संख्याको वृद्धि गर्नेछु। २८ औ जसरी
तिनीहरूलाई उखेल्नु, पल्टाउनु, नाश गर्नु र
तिनीहरूमाथि विपत्ति ल्याउनुलाई मैले मेरो
दृष्टि तिनीहरूमाथि निरन्तर राखें, त्यसरीनै
तिनीहरूलाई बनाउनु र रोप्नुलाई मेरो दृष्टि
तिनीहरूमाथि राख्नेछु भनी परमप्रभु भन्नुहुन्छ।
२९ ती दिनमा तिनीहरूले फेरि कहिल्यै
यसो भन्नेछैनन्, 'अमिलो अङ्गूर खाए
पिता-पुर्खाले दाँत कुँड़िन्छ छोरा-छोरीको।'
३० तर हरेक आफ्नै पापले मर्नेछ। जसले
अमिलो अङ्गूर खान्छ त्यसैको दाँत कुँड़िन्छ।'

नयाँ करार

३१ परमप्रभु भन्नुहुन्छ, 'हेर, दिन
आउँदैछ, जब म इस्राएलको घराना र
याकूबको घरानासित एउटा नयाँ करार बाँध्नेछु,
३२ त्यो करार मैले तिनीहरूका पिता-पुर्खा-
हरूलाई हातमा समातेर मिश्र देशदेखि
निकालेर ल्याएको बेलामा तिनीहरूसित बाँधेको
करार हुनेछैन, जुन करार तिनीहरूले भङ्ग
गरे, यद्यपि म तिनीहरूका स्वामी थिएँ,'
परमप्रभु भन्नुहुन्छ। ३३ तर ती दिनपछि
जुन करार म इस्राएलको घरानासित बाँध्नेछु,

त्यो यही हो, 'म मेरो व्यवस्था तिनीहरूको
अन्तस्करणमा हालिदिनेछु तिनीहरूको हृदयमा
म त्यो लेखिदिनेछु। औ म तिनीहरूका
परमेश्वर हुनेछु, तिनीहरू मेरा प्रजा हुनेछन्।
३४ कसैले आफ्नो छिमेकीलाई वा दाज्यू-
भाइलाई फेरि यसो भनेर सिकाउनु पर्नेछैन,
'परमप्रभुलाई चिन,' किनभने सानादेखि
ठूलासम्म सबैले मलाई चिन्नेछन्, किनकि म
तिनीहरूका अपराध क्षमा गर्नेछु, र म
तिनीहरूका पापलाई फेरि कहिल्यै सम्झनेछैनँ।'
३५ परमप्रभु, जसले दिन उज्यालो
पार्नलाई सूर्य, र राती प्रकाश दिनलाई चन्द्रमा
र ताराहरू स्थिर गर्नभएको छ, जसले छाल-
हरू गर्जनुलाई समुद्रलाई चलाउनुहुन्छ—उहाँको
नाउँ सेनाहरूका परमप्रभु हो। ३६ परमप्रभु
भन्नुहुन्छ, 'यदि यो स्थिर नियम मबाट
हटिगयो भने, एक जातिमा परिणत हुन
नपाई इस्राएलको सन्तान पनि सधैंको निम्ति
अन्त हुनेछ। ३७ यदि आकाशलाई नाप्न
सक्यो भने, औ पृथ्वीको जगलाई खोजेर
निकाल्नसक्यो भने, म इस्राएलका सन्तानलाई
पनि तिनीहरूले गरेका सबै अधर्मको कारण
फालिदिनेछु, परमप्रभु भन्नुहुन्छ।'
३८ परमप्रभु भन्नुहुन्छ, 'हेर, दिन
आउदैछ, जब हननेलको धरहरादेखि कुने-
मूल-ढोकासम्मै शहर फेरि परमप्रभुको निम्ति
बनाइनेछ। ३९ औ नाप्ने डोरी सीधै गारेब
डाँडासम्म पुग्नेछ, र त्यहाँबाट घुमेर गोआ-
सम्म जानेछ। ४० लाशहरू र खरानीको
सारा उपत्यका औ किद्रोन खोल्वासम्मका
सबै मैदान पूर्वतिर भएको घोडे-ढोकाको कुना-
सम्म मैदान परमप्रभुको निम्ति पवित्र हुनेछ।
औ सदाको निम्ति त्यो नता कहिल्यै
उखेलिनेछ न भत्काइनेछ।'

अनातोतमा देशको उद्धार

३२ यहूदाका राजा सिदकियाहको शासन-
कालको दशौं वर्षमा, जो
नबूकदनेस्सरको अठारौं वर्ष थियो, परमप्रभुबाट
यर्मियाकहाँ आएको वचन यही हो—२ त्यस
बेला बाबेलका राजाका सेनाले यरूशलेममा
घेरा हालेको थियो, औ यर्मिया अगमवक्ता
बाहिँ यहूदाका राजाको महलको प्रहरीको
चोकमा थुना परेका थिए। ३ किनभने
यहूदाका राजा सिदकियाहले तिनलाई यसो
भनेर कैद गरेका थिए, 'तँ किन यसो भन्दै
अगमवाणी कहन्छस्, 'परमप्रभु भन्नुहुन्छ,
हेर, म यो शहर बाबेलको राजाको हातमा
दिँदैछु, र त्यसले यो लिइहाल्नेछ।
४ यहूदाको राजा सिदकियाह कल्दीहरूका
हातबाट उम्कनेछैन, तर त्यो निश्चय बाबेलको
हातमा सुम्पिइनेछ, औ त्योसित आमने
सामने भएर हेराहेर गर्दै बात गर्नेछ।
५ त्यसले सिदकियाहलाई बाबेलमा पुर्या-
उनेछ, औ जबसम्म म त्यसको हेरचाह
गर्दिनँ, तबसम्म त्यो त्यहीं रहनेछ। तिमीहरू
कल्दीहरूको विरुद्धमा लड़ाइँ गरे तापनि
सफल हुनेछैनौ।' ६ यर्मियाले भने,
परमप्रभुको यो वचन मकहाँ आयो—७ 'हेर,
तेरो काका शल्लूमको छोरो हनमेल तकहाँ
आएर भन्नेछ, 'अनातोतमा भएको मेरो
जमीन किन्नुहोस्, किनभने त्यो किनेर
छुटाउने हक तपाईंकै छ।' ८ तब परम-
प्रभुले भन्नुभएअनुसार मेरो काकाको छोरो
हनमेल मकहाँ प्रहरीको चोकमा आयो, र
मलाई भन्यो, बिन्यामीनको देशमा अनातोतमा
भएको मेरो जमीन किन्नुहोस्, किनभने
त्यसको अधिकार लिने र छुटाउने हक
तपाईंकै छ। त्यो तपाईंले आफ्नै निम्ति
किन्नुहोस्।' तब यो परमप्रभुको वचन थियो
भनी मैले जानें। ९ 'तब मैले मेरो
काकाको छोराको हातबाट अनातोतमा भएको
जमीन किनें, र चाँदीको सत्र शेकेल दाम
त्यसलाई जोखेर दिएँ। १० मैले तमसुकमा
सही गरें, छाप लगाएँ, साक्षीहरू राखें र
जोखेर दाम दिएँ। ११ तब मैले शर्तहरू
भएको छाप लगाएको र खुला तमसुक दुवै

लिएँ, १२ र मेरो काकाको छोरो हनमेल,
तमसुकमा सही हाल्नेहरू र प्रहरीको चोकमा
बसेका सबै यहूदीहरू सामने ती तमसुकहरू
मैले नेरियाहको छोरो मासेयाहको नाति
बारूकलाई सुम्पिदिएँ। १३ मैले बारूकलाई
तिनीहरूकै सामने यसो भनेर आज्ञा दिएँ,
१४ सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छ, 'छाप लगाएको र खुला यी दुवै
तमसुकहरू लिएर एउटा माटोको भाँडामा
हालिराख्, र ती धेरै दिनसम्म रहनदे।
१५ किनभने सेनाहरूका परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ, 'घरहरू, खेतहरू र
दाखबारीहरू फेरि यस देशमा किनिनेछन्'।'
१६ नेरियाहको छोरो बारूकलाई त्यो
तमसुक दिएपछि मैले परमप्रभुलाई यो प्रार्थना
गरें, १७ 'हे परमप्रभु परमेश्वर, तपाईंलेनै
आफ्नो महा-शक्ति र बाहुबलले आकाश र
पृथ्वी सृष्टि गर्नुभएको हो। तपाईंको लागि
कुनै काम पनि कठीन छैन। १८ हजारौं
हजारलाई तपाईं आफ्नो करुणा देखाउनुहुन्छ,
तर पिता-पुर्खाहरूको अपराधको साटो उनी-
हरूका भावी सन्तानलाई दिनुहुन्छ। हे
महान् र शक्तिशाली परमेश्वर, जसको नाउँ
सेनाहरूका परमप्रभु हो, १९ युक्ति रच्नमा
महान् र कामहरूमा पराक्रमी तपाईं
हुनुहुन्छ। मानिसहरूका सबै चाल तपाईंको
दृष्टिमा छर्लङ्ग छन्, र हरेक मानिसलाई
उसको चाल र कामको फलअनुसार तपाईं
प्रतिफल दिनुहुन्छ। २० मिश्र देशमा चिह्न
र आश्चर्य कामहरू तपाईंले देखाउनुभयो।
औ आजको दिनसम्म इस्राएलीहरू र सारा
मानिसजातिलाई ती प्रकट गर्दै आउनुभएको
छ। २१ तपाईंलेनै आफ्नो प्रजा इस्राएली-
हरूलाई मिश्र देशबाट चिह्न र आश्चर्यकाम-
हरूका साथ बलियो हात र बाहुबलद्वारा
भीषण आतङ्क फैलाउँदै निकालेर ल्याउनुभयो,
२२ औ तपाईंले तिनीहरूका पिता-पुर्खाहरूलाई
दिन्छु भनेर शपथ खानुभएको यो देश, जो
दूध र मह बहने देश हो, तिनीहरूलाई
दिनुभयो, २३ र तिनीहरू पसेर यो देश
अधिकार गरे। तर तिनीहरूले तपाईंको
आज्ञा पालन गरेनन्, नता तपाईंको
व्यवस्थाअनुसार तिनीहरू चले। तिनीहरूलाई
गर्न भनी तपाईंले आज्ञा दिनुभएको कुनै कुरा
पनि तिनीहरूले पालन गरेनन्। यसैकारण
तपाईंले यी सबै विपत्ति तिनीहरूमाथि
ल्याउनुभयो। २४ हेर्नुहोस्, शहर लिनलाई
घेरा-मचान शहरसम्मै आइसकेको छ। तरवार,
अनिकाल र रूढ़ीले गर्दा शहर कल्दीहरूको
हातमा परिसकेको छ। तपाईंले जे भन्नुभएको
थियो त्यो पूरा भयो। हेर्नुहोस्, तपाईं त्यो
देख्नैहुनुहुन्छ। २५ तापनि हे परमप्रभु
परमेश्वर, तपाईंले मलाई भन्नुभयो, 'साक्षीहरू
डाकेर दाम हालेर जमीन किन्'—यद्यपि यो
शहर कल्दीहरूका हातमा दिइसकेको छ।'
२६ तब परमप्रभुको यो वचन यर्मियाकहाँ
आयो, २७ 'हेर्, सबै जीवधारीका परमेश्वर,
म परमप्रभु हुँ। के कुनै कुरो मेरो निम्ति
कठिन छ र? २८ यसैकारण परमप्रभु
भन्नुहुन्छ, 'हेर्, म यो शहर कल्दीहरूको
हातमा र बाबेलको नबूकदनेस्सरको हातमा
दिनेछु, र त्यसले यो लिनेछ। २९ यस
शहरको विरुद्धमा लड़ाइँ गर्ने कल्दीहरू आएर
यस शहरलाई आगो लगाइदिनेछन्, र मलाई
क्रोधित तुल्याउनलाई बाल देवताको लागि
कौसी कौसीमा धूप र अरू देवताहरूलाई
अर्घ चढ़ाउने घरहरूसमेत यसलाई जलाइ-
दिनेछन्। ३० किनभने इस्राएलका छोराहरू
र यहूदाका छोराहरूले युवावस्थादेखिनै मेरो
सामने खराब सिवाय अरू केही गरेका
छैनन्। इस्राएलका छोराहरूले आफ्ना हातका
कामद्वारा मलाई रीस उठाउने काम मात्र
गरेका छन्, परमप्रभु भन्नुहुन्छ।
३१ बनिएको आजको दिनसम्मै यस शहरले
मलाई रीस उठाएको छ र क्रोधित तुल्याएको
छ। यसैकारण मेरो सामुदेखि म यसलाई
पर हटाइदिनेछु, ३२ किनभने मलाई
क्रोधित तुल्याउनलाई इस्राएलका छोराहरू र

यहूदाका छोराहरू, अर्थात् तिनीहरूका
राजाहरू, शासकहरू, पूजाहारीहरू, अगमवक्ता-
हरू, यहूदाका मानिसहरू र यरूशलेमका
बासिन्दाहरूले दुष्ट काम गरेका छन्।
३३ तिनीहरूले मतिर मुख होइन तर पीठ
फर्काएका छन्। औ मैले तिनीहरूलाई
एकोहोरो सिकाए तापनि मेरो शिक्षा सुन्नलाई
तिनीहरूले ध्यानै दिएनन्। ३४ मेरो नाउँ
कहलिएको भवनलाई दूषित पार्नलाई तिनी-
हरूले आफ्ना घिनलाग्दा कुराहरू त्यहाँ खडा
गरे। ३५ औ तिनीहरूले हिन्नोनको छोराको
बेँसीमा बाल देवताका अल्गा अल्गा ठाउँहरू
बनाए, र आफ्ना छोरा-छोरीहरूलाई मोलेकको
लागि आगोमा बलि चढ़ाए। यहूदालाई
पापमा पार्नें तिनीहरूले यस्ता घिनलाग्दा
काम गरून् भनी मैले तिनीहरूलाई कहिल्यै
आज्ञा दिइनँ, न यस्तो कुरो कहिल्यै मेरो
मनमा आएको थियो।

३६ तर जुन शहरको चर्चा तिमीहरू
यसरी गर्छौ, 'यो ता तरवार, अनिकाल र
रूढ़ीद्वारा बाबेलका राजाको हातमा दिएको
छ', त्यसैका विषयमा परमप्रभु इस्राएलका
परमेश्वर अब यसो भन्नुहुन्छ, ३७ 'हेर, म
तिनीहरूलाई ती सबै देशहरूबाट भेला गर्नेछु,
जुन देशहरूमा मैले तिनीहरूलाई मेरो रीस
र प्रकोपमा अत्यन्त क्रोधित भएर धपाएको
थिएँ। म तिनीहरूलाई फेरि यस देशमा
फर्काएर ल्याउनेछु र सुरक्षितसाथ बसाल्नेछु।
३८ औ तिनीहरू मेरा प्रजा हुनेछन् र म
तिनीहरूका परमेश्वर हुनेछु। ३९ म तिनी-
हरूलाई एउटै मन दिनेछु र तिनीहरू एउटै
चालमा चल्नेछन्, र तिनीहरूले आफ्नै र
तिनीहरूका भावी सन्तानको भलाइको निम्ति
सधैंभरि मेरो डर मान्नेछन्। ४० तिनी-
हरूलाई म भलाइ गर्न छोड्नेछैन भनी
तिनीहरूसित सधैंको निम्ति करार बाँध्नेछु।
तिनीहरू मदेखि फर्केर नजाऊन् भनी मेरो
डर म तिनीहरूका हृदयमा हालिदिनेछु।
४१ तिनीहरूलाई भलाइ गर्नमाने म खुशी
हुनेछु, औ यस देशमा तिनीहरूलाई म मेरो
पूरा हृदय र प्राणले विश्वासयोग्यतामा
बसाल्नेछु।'

४२ किनभने परमप्रभु भन्नुहुन्छ, 'जस्ती
मैले यस प्रजामाथि यस्तो ठूलो विपत्ति
ल्याएँ त्यसरीनै मैले प्रतिज्ञा गरेको सबै भलाइ
म तिनीहरूमाथि गर्नेछु। ४३ यस देशमा
फेरि जग्गा-जमीनहरू किनिनेछन्, जसका
विषयमा तिमीहरू भन्दछौ, 'यो ता मानिस
र पशु केही नभएको निर्जन स्थान छ। यो
ता कल्दीहरूको हातमा दिइएको छ।'
४४ बिन्यामीनको देशमा, यरूशलेमका
छेउछाउका ठाउँहरूमा, यहूदाका शहरहरूमा,
पहाड़का शहरहरूमा, बेँसीका शहरहरूमा र
दक्षिणका शहरहरूमा दाम दिएर जग्गा-जमीन
किनिनेछन्, तमसुकहरूमा साक्षी राखेर छाप
लगाइनेछन्, किनभने म तिनीहरूलाई फेरि
फर्काएर ल्याउनेछु,' परमप्रभु भन्नुहुन्छ।

उद्धारको प्रतिज्ञा

३३ प्रहरीहरूको चोकमा थुनामा परेको
बेलामा परमप्रभुको वचन यर्मियाकहाँ
दोस्रोपल्ट यसो भनेर आयो, २ 'पृथ्वी
बनाउनुहुने परमप्रभु, तिनै परमप्रभु, जसले
त्यसको आकार बनाएर त्यसलाई स्थापित
गर्नुभयो—जसको नाउँ परमप्रभु हो, उहाँ
यसो भन्नुहुन्छ, ३ मलाई पुकार्, र म
तँलाई जवाफ दिनेछु र तैंले नजानेका गहीरा
र गुप्त कुराहरू तँलाई बताउनेछु।'
४ किनभने यस शहरका घरहरू र यहूदाका
राजाका घरहरू, जो घेरा मचान र तरवारहरूको
आक्रमणदेखि सुरक्षित रहनलाई भत्काइएका
थिए, तिनको विषयमा परमप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ, ५ 'कल्दीहरू लड़ाईं
गर्न र ती घरहरूलाई मानिसहरूका लाशले
भर्नलाई आइरहेका छन्—ती मानिसहरूका
लाशहरूले, जसलाई म मेरो रीस र क्रोधमा
मार्नेछु, किनभने तिनीहरूका सबै दुष्टयाईंले

गर्दा मैले मेरो मुख यस शहरदेखि लुकाएको
छु। ६ तर हेर्, म त्यसमा स्वस्थ्य र
आरोग्यता ल्याउनेछु, र म तिनीहरूलाई
निको पार्नेछु, औ उन्नति र कुशलता प्रशस्त
मात्रामा ल्याइदिनेछु। ७ म यहूदा र
इस्राएलको सुदिन फेरि फर्काएर ल्याइदिनेछु,
र तिनीहरूलाई फेरि अघिकै जस्तो
बनाइदिनेछु। ८ मेरो विरुद्धमा गरेका
तिनीहरूका सबै पापको दोषदेखि म
तिनीहरूलाई शुद्ध पार्नेछु, र मेरो विरुद्धमा
गरेका तिनीहरूका पाप र विद्रोह म
तिनीहरूलाई सबै क्षमा गर्नेछु। ९ औ यो
शहर संसारका सबै जातिहरूका सामने मेरो
निम्ति हर्ष, प्रशंसा र महिमा दिने नाउँ हुनेछ,
औ मैले यिनीहरूलाई गरेका भलाइ र
उन्नतिको कारणले तिनीहरू डराएर काम्नेछन्।'
१० परमप्रभु भन्नुहुन्छ, 'यो ठाउँ
जसलाई तिमीहरू भन्छौ, 'यो मानिस र
पशुको नभएको उजाड ठाउँ छ,' यहूदाका
यी शहरहरू र यरूशलेमका सडकहरूमा जो
मानिसहरू र पशुहरूविना निर्जन छन्,
११ त्यहाँ आनन्दको सोर, खुशीको सोर,
दुलहाको सोर, दुलहीको सोर र परमप्रभुको
भवनमा यसो भन्दै धन्यवादको बलि ल्याउने-
हरूको सोर, फेरि सुनिनेछन्,—'सेनाहरूका
परमप्रभुलाई धन्यवाद चढाऊ, किनभने उहाँ
भलो हुनुहुन्छ, किनभने उहाँको करुणा सदा
सर्वदै रहिरहन्छ।' किनभने देशको सुदिन
म फेरि फर्काएर ल्याउनेछु, र अघिजस्तै
तुल्याइदिनेछु, परमप्रभु भन्नुहुन्छ।'
१२ सेनाहरूका परमप्रभु भन्नुहुन्छ, 'यो
ठाउँ, जो मानिस वा पशुविना उजाड छ,
त्यसका सबै शहरहरूमा फेरि गोठालाहरूका
बस्ने ठाउँ र बगालहरू विश्राम गर्ने ठाउँ
हुनेछन्। १३ पहाडी देशहरू, शहरहरूमा,
बेँसीका शहरहरूमा, दक्षिणका शहरहरूमा
बिन्यामीनका देशमा, यरूशलेमको छेउछाउका
ठाउँहरूमा र यहूदाका शहरहरूमा बगालहरू
गनी गनीकन चराइनेछन् परमप्रभु भन्नुहुन्छ।'

१४ परमप्रभु भन्नुहुन्छ, 'हेर्, ती दिन
आउँदैछन्, जब इस्राएलका घराना र
यहूदाका घरानालाई गरेको मेरो प्रतिज्ञा म
पूरा गर्नेछु। १५ ती दिन, त्यस समयमा
म दाऊदको वंशमा धार्मिकताको एउटा टुसा
उत्पन्न गराउनेछु, र तिनले देशमा न्याय र
धर्मको काम गर्नेछन्। १६ ती दिनमा
यहूदा बचाइनेछ, औ यरूशलेम सुरक्षितसाथ
रहनेछ। औ यो नाउँले त्यो बोलाइनेछ,
'परमप्रभु हामीहरूको धार्मिकता हो'।'
१७ किनभने परमप्रभु भन्नुहुन्छ, 'इस्राएलको
घरानाको राजगद्दीमा विराजमान हुनलाई
दाऊदको वंशमा मानिसको कमी हुनेछैन,
१८ औ मेरो निम्ति होमबलि, अन्नबलि र
सधैंनै बलिदान चढाउनलाई लेवी पूजाहारी-
हरूमा मानिसको कमी हुनेछैन।
१९ फेरि परमप्रभुको वचन यर्मियाकहाँ
आयो, २० 'परमप्रभु भन्नुहुन्छ, यदि
तिनीहरूले दिन र रातसँगको मेरो करार
भङ्ग गराउनसक्यौ र दिन र रात आफ्नो
ठहराएको समयमा निस्केनन् भने,
२१ दाऊदसित गरेको मेरो करार भङ्ग हुनेछ,
र त्यसको राजगद्दीमा बस्नलाई छोराको कमी
हुनेछ। औ मेरा सेवक लेवी पूजाहारीहरूसित
गरेको मेरो करार पनि भङ्ग हुनेछ।
२२ जसरी आकाशका तारा गन्नसकिँदैन,
र समुद्रका बालुवा जोखिनसकिँदैन त्यसरीनै
म मेरो दास दाऊदको र मेरो सेवा गर्ने
लेवी पूजाहारीहरूको सन्तानको संख्या
बढाउनेछु।'
२३ फेरि परमप्रभुको यो वचन यर्मिया-
कहाँ आयो, २४ 'यी मानिसहरू के
भन्दैछन् के त्यसमा तैंले ध्यान दिएको
छैनस्? यिनीहरू भन्छन्, 'परमप्रभु आफैले
चुन्नुभएका ती दुइ घरानालाई उहाँले
त्यागनुभएको छ।' यसरी तिनीहरूले मेरो
प्रजालाई यस्तो तुच्छ ठानेका छन् कि
तिनीहरूको दृष्टिमा मेरो प्रजा एउटा जातिनै
होइन।' २५ परमप्रभु भन्नुहुन्छ, 'यदि

दिन र रात सम्बन्धी मेरो करार रहेन भने,
यदि स्वर्ग र पृथ्वीको विषयका नियमहरू
मैले स्थायी राखेको छैनँ भने, २६ तब
मात्र म याकूबको र मेरो दास दाऊदको
सन्तानलाई इन्कार गर्नेछु, र त्यसको सन्तानको
कसैलाई पनि अब्राहाम, इसहाक र याकूबको
वंशमाथि राज्य गर्न म दिनेछैनँ। तर
यस्तो नगरेर म तिनीहरूको सुदिन
फर्काइदिनेछु र तिनीहरूमाथि कृपा गर्नेछु।'

सिदकियाह राजाको दुर्दशा

३४ जब बाबेलका राजा नबूकदनेसर
आफ्ना सबै सेना, तिनका अधीनमा
भएका पृथ्वीका सबै राज्यहरू र तिनका
सबै मानिसहरू यरूशलेम र सबै शहरहरूका
विरुद्धमा लडाइँ गरिरहेका थिए, तब
परमप्रभुको यो वचन यर्मियाकहाँ आयो,
२ 'परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ,
यहूदाका राजा सिदकियाहकहाँ गएर त्यसलाई
भन्, परमप्रभु यसो भन्नुहुन्छ, हेर्, म
यो शहर बाबेलको राजाको हातमा
सुम्पिदिँदैछु, औ त्यसले यसलाई आगोले
जलाइदिनेछ। ३ त्यसको हातबाट तँ
उम्कन पाउनेछैनस्, तर तँ निश्चय पक्राउ
परेर त्यसको हातमा सुम्पिइनेछस्। तैँले
बाबेलको राजालाई आँखाकै सामने देख्नेछस्,
र त्यससँग मुखामुख बोल्नेछस्, र तँ
बाबेलमा जानेछस्। ४ तापनि हे यहूदाको
राजा सिदकियाह, यो कुरा सुनिराख्, तेरो
विषयमा परमप्रभु यसो भन्नुहुन्छ, 'तँ
तरवारले मारिनेछैनस्। ५ तँ शान्तिसित
मर्नेछस्। औ जसरी तेरा पुर्खाहरू, अर्थात्
तँभन्दा अघिका राजाहरूका लागि धूप
जलाइएका थिए, तेरो लागि पनि धूप
जलाइनेछ, र मानिसहरू तेरो लागि यसो
भन्दै विलाप गर्नेछन्, 'हाय, प्रभु!' किनकि
यो कुरो मैले भनेको छु भनी परमप्रभु
भन्नुहुन्छ।'

६ तब यर्मिया अगमवक्ताले यहूदाका
राजा सिदकियाहलाई यरूशलेममा यी सबै
वचन त्यस बेला भने, ७ जब बाबेलका
राजाका सेनाले यरूशलेमसित र यहूदाका
बाँकी रहेका सबै शहरहरूसित, अर्थात्
लाकीश र अजेकासित लडाइँ गर्दैथियो। किनभने
यहूदाका पर्खाल भएका शहरहरूमध्ये यी
दुइ शहर मात्रै बाँकी रहेका थिए।

हिब्रू कमाराहरूप्रतिको व्यवहार

८ फेरि परमप्रभुको वचन यर्मियाकहाँ
त्यस बेला आयो जब सिदकियाह राजाले
यरूशलेमका सबै मानिसहरूसित आफ्ना
आफ्ना कमाराहरूलाई छुटकारा दिने घोषणा
गर्नलाई यस्तो करार बाँधे ९ कि हरेकले
आफ्ना आफ्ना हिब्रू कमारा-कमारी, स्वतंत्र
गरिदिओस्, कसैले पनि आफ्नो यहूदी दाज्यू-
भाइलाई कमारो नतुल्याओस्। १० शासकहरू
र मानिसहरू सबैले यो आज्ञा पालन
गरे, जसले आफ्नो कमारा-कमारी, सबैलाई
स्वतंत्र गरिदिने र फेरि कमारा नतुल्याउने
करार थियो। तिनीहरूले यो आज्ञा पालन गरे,
र उनीहरूलाई स्वतंत्र गरिदिए। ११ तर पछि
फेरि तिनीहरूले आफ्नो मन बदलिगरेर
आफूले स्वतंत्र गरेका कमारा-कमारीलाई
त्याएर कमाराकै रूपमा अधीन गराए।
१२ तब परमप्रभुबाट यो वचन यर्मिया-
कहाँ आयो, १३ 'परमप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ, 'जब मैले
तिमीहरूका पुर्खाहरूलाई मिश्र देश, अर्थात्
बँधुवाइको घरबाट निकालेर ल्याएँ, तब मैले
उनीहरूसित यसो भनेर करार बाँधेको थिए,
१४ 'छ वर्षको अन्तमा तिनीहरूका हातमा
बेचिएका तिमीहरूका हिब्रू दाज्यू-भाइ,
जसले छ वर्षसम्म तिमीहरूको चाकरी गरेको
छ, त्यसलाई स्वतंत्र गरिदिनू। त्यसलाई
आफ्नो कामबाट स्वतंत्र गरिदिनू। तर
तिमीहरूका पुर्खाहरूले मेरा कुरामा ध्यान

दिएनन्, तिनीहरूले मेरा कुरा सुनेनन्।
१५ तिमीहरूले चाहिँ भर्खरै पश्चाताप
गर्‍यौ, र आफ्नो छिमेकीलाई स्वतंत्र
घोषणा गर्‍यौ। मेरो नाउँ कहलिएको भवनमा
मेरो सामने करार बाँधेर मेरो दृष्टिमा जे
असल थियो त्यही गर्‍यौ। १६ तर अब
तिमीहरूले मन बदलिगरेर मेरो नाउँ
अपवित्र पार्‍यौ। किनकि तिमीहरूले जुन
कमारा-कमारीलाई तिमीहरूको इच्छाअनुसार
छोड़िदिएर स्वतंत्र गरिदिएका थियौ,
तिनीहरूलाई तिमीहरू हरेकले फेरि आफ्नो
कमारा-कमारी तुल्याउनलाई अधीन गरायौ।
१७ यसकारण परमप्रभु भन्नुहुन्छ,
तिमीहरू हरेकले आफ्नो दाज्यू-भाइ र
छिमेकीलाई स्वतंत्र घोषणा गर्ने मेरो
आज्ञा पालन गरेनौ। यसकारण परमप्रभु
भन्नुहुन्छ, म तिमीहरूलाई तरवार, रूढ़ी र
अनिकालको स्वतंत्रको घोषणा गर्दैछु। औ म
तिमीहरूलाई पृथ्वीका सबै राज्यहरूको त्रासको
कारण तुल्याउनेछु। १८ औ मेरो करारको
विरुद्धमा अपराध गर्ने, र मेरो सामु
गरेका करारका नियमहरू पालन नगर्ने,
ती मानिसहरूलाई म त्यही बाछा
जस्तै तुल्याउनेछु जो तिनीहरूले दुइ फ्याक
पारेर तिनका बीचबाट हिँड़ेर गए—
१९ यहूदाका शासक, यरूशलेमका शासक,
नपुंसकहरू, पूजाहारी र देशका सबै
मानिसहरू जो बाछाका दुइ फ्याकका
बीचबाट हिँड़ेर गए। २० म तिनीहरूलाई
तिनीहरूका शत्रुहरूका हातमा र तिनीहरूका
प्राण लिनखोज्नेहरूका हातमा दिनेछु।
तिनीहरूका लाशहरू चाहिँ आकाशका
चराहरू र पृथ्वीका पशुहरूका आहार हुनेछन्।
२१ औ यहूदाका राजा सिदकियाह र
त्यसका शासकहरूलाई म तिनीहरूका
शत्रुहरूका हातमा र तिनीहरूका प्राण
लिनखोज्नेहरूका हातमा औ बाबेलको राजाका
सेना, जो तिमीहरूदेखि फर्केर गएका थिए,
तिनीहरूकै हातमा सुम्पिदिनेछु। २२ परम-
प्रभु भन्नुहुन्छ, हेर, म आज्ञा दिन्छु र
तिनीहरूलाई यस शहरमा फर्काएर ल्याउनेछु।
औ तिनीहरूले यस शहरको विरुद्धमा लड़ाइँ
गरेर त्यसलाई लिइहाल्नेछन्, र त्यसलाई
जलाइदिनेछन्। म यहूदाका शहरहरू
बासिन्दानै नभएको उजाड़-स्थान बनाइदिनेछु।'

रेकाबीहरूका आज्ञापालनबाट शिक्षा

३५ योशियाहको छोरो यहूदाका राजा
यहोयाकीमको पालामा परमप्रभुबाट
यो वचन यर्मियाकहाँ आयो, २ 'रेकाबी-
हरूका घरानाकहाँ गएर तिनीहरूसित कुरा
गर्, तिनीहरूलाई परमप्रभुको भवनको
एउटा कोठामा ल्याएर दाखमद्य खुवा।'
३ यसैले मैले यर्मियाको छोरो, अर्थात्
हबसिन्याहको नाति याजन्याह र त्यसका
भाइहरू, त्यसका सबै छोराहरू, अर्थात्
रेकाबीहरूका सबै जहानैलाई ल्याएँ,
४ औ परमप्रभुको भवनमा उहाँको भक्त
यिग्दल्याहको छोरो हाननका छोराहरूको
कोठामा मैंले तिनीहरूलाई ल्याएँ। यो कोठा
चाहिँ शल्लूमको छोरो मासेयाह ढोकेको
कोठाको छेउमा थियो। ५ त्यसपछि मैले
रेकाबीहरूका अगि दाखमद्यको घैंटो र बटुको
राखिदिएँ, र तिनीहरूलाई भने, 'दाखमद्य
खाऊ।' ६ तर तिनीहरूले जवाफ दिए,
"हामी दाखमद्य खानेछैनौं। किनभने
रेकाबको छोरो हाम्रा पित्र योनादाबले
हामीलाई यस्तो आज्ञा गर्नुभएको छ,
'तिमीहरूले, र तिमीहरूका सन्तानले कहिल्यै
दाखमद्य नखानू, ७ तिमीहरूले न घर
बनाउनू, नता बिउ छर्नू, न रोप्नू, नता
दाखबारी लगाउनू, तर तिमीहरू बसोबासो
गरेको देशमा धेरै दिनसम्म बाँचिरहनलाई
तिमीहरू सधैं तम्बूहरूमा बस्नू।' ८ यसैले
रेकाबका छोरो योनादाब हामीहरूका पित्रको
जम्मै आज्ञा हामीले पालन गरेका छौं,
अर्थात् नता हामी आफै न हाम्रा स्वास्नीहरू,

न छोरा-छोरीहरूले मद्य पिउँछौं, ९ न घर
बनाएर बस्छौं। हाम्रा दाखबारी, खेत वा
बिउ छैनन्। १० तर हामी तम्बूहरूमा
बस्तैआएका छौं, र हाम्रा पित्र योनादाबले
आज्ञा गर्नुभएका सबै वचन पालन गर्दैआएका
छौं। ११ तर जब बाबेलका राजा
नबूकदनेसरले यस देशमाथि चढ़ाइ गरे
तब हामीले भन्यौं, 'कल्दीहरू र अरामीहरूका
सेनाको त्रासको कारण अब हामी
यरूशलेममा जाऔं।' यसैले हामीहरू
यरूशलेममा बसेका छौं।
१२ तब परमप्रभुको यो वचन यर्मियाकहाँ
आयो, १३ यहूदा र यरूशलेमका बासिन्दा-
हरूलाई गएर भन्, 'के तिमीहरू शिक्षा
ग्रहण गर्दैनौ ? के तिमीहरू मेरा कुरा
सुन्दैनौ ? परमप्रभु भन्नुहुन्छ। १४ रेकाबको
छोरो योनादाबले आफ्ना सन्तानलाई 'तिमी-
हरूले दाखमद्य नखानू' भनेर दिएको आज्ञा
तिनीहरू मान्दै आएका छन्। तिनीहरू
आजसम्म दाखमद्य खाँदैनन्, किनभने तिनी-
हरूले आफ्ना पित्रका आज्ञा पालन गरेका
छन्। मैले तिमीहरूलाई एकोहोरो भन्दैआएँ,
तर तिमीहरूले ता मेरो कुरा सुनेका छैनौ।
१५ मैले तिमीहरूकहाँ मेरा दास अगमवक्ता-
हरूलाई एकोहोरो यसो भनी पठाएँ, 'तिमीहरू
हरेक अब आफ्नो आफ्नो दुष्ट मार्गबाट
फर्क, र आफ्ना चालहरू सुधार, र अन्य
देवताहरूको सेवा गर्न तिनीहरूका पछि
नलाग, तब मात्र मैले तिमीहरू र तिमीहरूका
पुर्खाहरूलाई दिएको देशमा तिमीहरू रहन-
पाऔला।' तर तिमीहरूले मेरो वचनमा
ध्यान दिएनौ। तिमीहरूले मेरा कुरा सुनेनौ।
१६ रेकाबको छोरो योनादाबका सन्तानले
ता आफ्ना पित्रले दिएका आज्ञा पालन गरे,
तर यस प्रजाले मेरो आज्ञा पालन गरेको
छैन। १७ यसैकारण परमप्रभु, सेनाहरूका
परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ, 'हेर,
म यहूदा र यरूशलेमका सबै बासिन्दाहरूमाथि
मैले भनेका सबै विपत्तिहरू ल्याउनेछु, किनभने
मैले तिनीहरूलाई भने, तर तिनीहरूले सुनेनन्।
मैले तिनीहरूलाई बोलाएँ, तर तिनीहरूले
जवाफै दिएनन्'।
१८ तब यर्मियाले रेकाबीहरूका घराना-
लाई भने, 'सेनाहरूका परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ, 'हेर, तिमीहरूले आफ्ना
पित्र योनादाबका आज्ञा पालन गर्दैआयौ, र
तिनका सबै विधिहरू मान्यौ, र तिनले
तिमीहरूलाई दिएका सबै आज्ञा मानेका
छौ।' १९ यसकारण सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वर भन्नुहुन्छ, 'रेकाबको छोरो
योनादाबको सन्तानमा मेरो सामने हाजिर
रहने एउटै मानिसको पनि अभाव हुनेछैन'।

३६ योशियाहको छोरो यहूदाका राजा
यहोयाकीमको शासनकालको चौथो
वर्षमा परमप्रभुको यो वचन यर्मियाकहाँ आयो,
२ एउटा बेहेरूवा लिएर त्यसमा मैले
तँसित बात गरेका दिन, योशियाहको समय
देखि आजसम्म, इस्राएल र यहूदा र सबै
जातिहरूका विरुद्धमा मैले भनेका जम्मै
कुराहरू लेख्। ३ सायद मैले तिनीहरूका
बीचमा गर्नलाई ठानेका विपत्तिहरूको विषयमा
यहूदाका घरानाले सुन्नेछन्, र तिनीहरू
हरेकले आफ्ना दुष्ट चाल छोड़ला, र म
तिनीहरूका अपराध र पाप क्षमा गरूँला।
४ तब यर्मियाले नेरियाहको छोरो
बारूकलाई बोलाए, र बारूकले एउटा
बेहेरूवामा यर्मियाले लेखाएका सबै कुरा, जो
परमप्रभुले यर्मियालाई भन्नुभएको थियो, सो
लेखे। ५ तब यर्मियाले यसो भनेर आज्ञा दिए,
'परमप्रभुको भवनमा जान मलाई मनाई छ,
६ यसकारण कुनै उपवासको दिन परमप्रभुको
भवनमा गएर तिमीले मबाट सुनेर बेहेरूवामा
लेखेका कुरा सबै मानिसहरूले सुन्ने गरी
पढ़ेर सुनाइदेऊ यहूदाका शहरबाट आएका
मानिसहरूलाई पनि सुन्ने गरी पढ़ेर
सुनाइदेऊ। ७ शायद तिनीहरूका बिन्ती
परमप्रभुकहाँ पुग्ला, र तिनीहरू हरेकले

आफ्नो आफ्नो दुष्ट चाल छोड्‌ला।
किनभने यस जातिको विरुद्धमा जुन रीस र
र क्रोध पोखाउँछु भनी परमप्रभुले भनिसक्नु-
भएको छ त्यो भयानक छ!' ८ तब
नेरियाहको छोरो बारूकले यर्मियाको आज्ञा-
अनुसार बेहेरूवामा लेखिएका परमप्रभुका कुरा
परमप्रभुको भवनमा पढ़ेर सुनाए।
९ योशियाहको छोरो यहूदाका राजा
यहोयाकीमको शासनकालको पाँचौं वर्षको
नवौं महीनामा यरूशलेममा आएका सबै
मानिसहरूले परमप्रभुको सामु उपवास बस्ने
घोषणा गरे। १० तब परमप्रभुको भवनमा,
सचिव शापानको छोरा गमर्याहको कोठामा,
जो माथिल्लो चोकमा परमप्रभुको फाटकको
मुखमा थियो, बारूकले बेहेरूवाबाट यर्मियाका
कुरा सबै मानिसहरूले सुन्ने गरी पढ़े।
११ जब गमर्याहको छोरो, अर्थात्
शापानको नाति मीकायाहले त्यस बेहेरूवामा
लेखिएका परमप्रभुको सबै वचन सुने, १२ तब
तिनी तल झरेर राजाको महलमा सचिवको
कोठाभित्र पसे। त्यहाँ सबै हाकिमहरू
बसिरहेका थिए—सचिव एलीशामा, शमायाहको
छोरो दलायाह, अकबोरको छोरो एल्नातान,
शापानको छोरो गमर्याह, हनन्याहको
छोरो सिदकियाह र सबै हाकिमहरू।
१३ तब मानिसहरूले सुन्ने गरी बेहेरूवाबाट
बारूकले पढ़ेका सबै कुरा, जो तिनले सुनेका
थिए, मीकायाहले उनीहरूलाई बताइदिए।
१४ तब हाकिमहरू सबै मिलेर नतन्याहको
छोरो शेलेम्याहको नाति कूशीको पनाति
यहूदीलाई बारूककहाँ यो समाचार भनी
पठाए, 'मानिसहरूले सुन्ने गरी पढ़ेको बेहेरूवा
लिएर यहाँ आऊ।' यसैले नेरियाहको छोरो
बारूक त्यो बेहेरूवा लिएर उनीहरूकहाँ आए।
१५ तब उनीहरूले तिनलाई भने, 'बसेर त्यो
पढ़। तब बारूकले उनीहरूलाई त्यो पढ़ी
सुनाए। १६ जब उनीहरूले ती सबै कुरा
सुने तब उनीहरू डरले एका अर्कालाई हेर्नलागे
औ उनीहरूले बारूकलाई भने, 'हामीले यी
सबै कुरा राजालाई सुनाइदिनुपर्छ।' १७ तब
उनीहरूले बारूकलाई भने, 'हामीहरूलाई बताऊ
तिमीले यी सबै कुरा कसरी लेख्यौ? के
यर्मियाले लेखाएअनुसार तिमीले लेखेका हौ?
१८ तब बारूकले उनीहरूलाई भने,
'उहाँलेनै मलाई यी सबै कुरा लेखाउनुभयो र
मैले चाहिँ पुस्तकमा मसीले लेखें।'
१९ तब ती हाकीमहरूले बारूकलाई भने,
'तिमी र यर्मिया दुवै गएर लुक। तिमीहरू
कहाँ छौ भनी कसैले थाह नपाओस्।'
२० तब उनीहरूले सचिव एलीशामाको
कोठामा त्यो बेहेरूवा राखे, र राजाको
महलको चोकमा गएर राजालाई सबै कुरा
बताइदिए। २१ तब राजाले त्यो बेहेरूवा
ल्याउन भनी यहूदीलाई पठाए, र तिनले
सचिव एलीशामाको कोठाबाट त्यो निकालेर
ल्याए, औ राजा र राजाका छेउमा उभि-
रहेका हाकिमहरूलाई त्यो पढ़ेर सुनाए
२२ नवौं महीना थियो, यसैले राजा
हिउँदमा बस्ने महलमा बसिरहेका थिए।
तिनको सामने मकलमा आगो बलिरहेको
थियो। २३ औ यहूदीले तीन चार चरण
पढ़िसकेपछि राजाले छुरीले त्यो काटेर
मकलमा हालिदिन्थे। त्यो जम्मै बेहेरूवा
मकलमा भस्म नभएसम्म तिनले त्यसो
गर्दैरहे। २४ तापनि नता राजा न तिनका
कुनै नोकरहरू यी कुरा सुनेर डराए,
नता तिनीहरूले आफ्ना लुगा च्याते।
२५ एलानातान, दलायाह र गमर्याहले
राजालाई त्यो बेहेरूवा नजलाउनुहोस्
भनी बिन्ती गर्दा पनि तिनले उनीहरूको
कुरा सुनेनन्। २६ त्यसपछि राजाले
आफ्नो छोरो यरहमेल, अज्रिएलको छोरो
सरायाह र अबदीलको छोरो शेलेम्याहलाई
सचिव बारूक र यर्मिया अगमवक्तालाई
पक्रेर ल्याउने हुकुम गरे। तर परमप्रभुले
उनीहरूलाई लुकाउनुभयो।
२७ यर्मियाले लेखाएअनुसार बारूकले
लेखेको बेहेरूवा राजाले जलाइदिएपछि

परमप्रभुको यी वचन यर्मियाकहाँ आयो,
२८ 'अर्को एउटा बेहेरुवामा यहूदाको राजा
यहोयाकीमले जलाइदिएको अघिको बेहेरुवामा
भएका सबै कुरा लेख्। २९ अनि यहूदाको
राजा यहोयाकीमको विषयमा यसो भन्,
'बाबेलको राजा आएर निश्चय यो देश नाश
पार्छ, औ मानिस र पशु दुवैलाई त्यसले
नामेट गर्छ भनी किन तैंले लेखिस्?' भन्दै
तैंले त्यो बेहेरुवा जलाइदिइस्, परमप्रभु
भन्नुहुन्छ। ३० यसैकारण यहूदाको राजा
यहोयाकीमको विषयमा परमप्रभु भन्नुहुन्छ,
'दाऊदको सिंहासनमा बस्ने अब त्यसको कोही
सन्तान हुनेछैन। त्यसको लाश दिउँसो
घाममा र राती शीतमा पड़िरहने गरी
फालिनेछ। ३१ म त्यसलाई, त्यसका
सन्तानलाई र त्यसको नोकर-चाकरहरूलाई
तिनीहरूका अधर्मका निम्ति दण्ड दिनेछु।
म तिनीहरूमाथि र यरूशलेमका बासिन्दा-
हरूमाथि र यहूदाका मानिसहरूमाथि ती सबै
विपत्ति ल्याउनेछु, जसको घोषणा मैले
तिनीहरूका विरुद्धमा गरिसकेकोछु, जुन
कुरामा तिनीहरूले ध्यानै दिएनन्।'
३२ तब यर्मियाले अर्को एउटा बेहेरुवा
ल्याएर नेरियाहको छोरो बारुकलाई दिए, र
तिनले यर्मियाले लेखाएअनुसार यहूदाका
राजा यहोयाकीमले आगोमा जलाइदिएका
बेहेरुवाको सबै कुरा त्यसमा लेखे औ त्यस्तै
अरू धेरै कुरा पनि त्यसमा थपिए।

३७ योशियाहको छोरो सिदकियाहले,
जसलाई बाबेलका राजा नबूकद-
नेसरले यहोयाकीमको छोरो कोन्याहको
सट्टामा यहूदाका राजा नियुक्त गरेका थिए,
राज्य गर्नलागे। २ तर नता तिनले, न
तिनका कर्मचारीहरूले, न देशका मानिसहरूले
यर्मिया अगमवक्ताद्वारा परमप्रभुले भन्नुभएका
वचनमा ध्यान दिए।
३ अनि सिदकियाह राजाले शेलेम्याहको
छोरो यहूकल र मासेयाहको छोरो सपन्याह
पूजाहारीहरूलाई यर्मिया अगमवक्ताकहाँ यसो
भनेर पठाए, 'हाम्रा निम्ति परमप्रभु हाम्रा
परमेश्वरलाई प्रार्थना गरिदेऊ।' ४ त्यस
बेलासम्म यर्मिया मानिसहरूका बीचमा
हिँड्डुल गर्दैथिए, किनभने तिनी झ्यालखानामा
हालिएका थिएनन्। ५ फिरऊनको सेना
मिश्र देशबाट आएका थिए, र जब
यरूशलेमलाई घेरालाउने कल्दीहरूले यो कुरा
सुने तब तिनीहरू यरूशलेमबाट पछि
हटे।
६ तब यर्मियाह अगमवक्ताकहाँ परम-
प्रभुको यो वचन आयो, ७ 'परमप्रभु
इस्राएलका परमेश्वर भन्नुहुन्छ, यहूदाको राजा,
जसले तँलाई मकहाँ सोध्नलाई पठायो,
त्यसलाई यसो भन्, 'हेर्, तँलाई सहायता
गर्नलाई आएको फिरऊनको सेना फेरि आफ्नै
देश मिश्रमा फर्कन लागेको छ। ८ औ
कल्दीहरू फर्किआएर यस शहरसित लड़ाइँ
गर्नेछन्। तिनीहरूले यसलाई लिनेछन् र
जलाइदिनेछन्। ९ यसकारण परमप्रभु
भन्नुहुन्छ, 'कल्दीहरू निश्चय हामीहरूदेखि
परै रहनेछन्' भनी तिमीहरू धोका नखाऊ,
किनभने तिनीहरू पर रहनेछैनन्। १० किनकि
तिमीहरूका विरुद्धमा लड्ने कल्दीहरूको सबै
सेनालाई तिमीहरूले जित्यौ भने र तिनीहरूका
घाइतेहरू मात्र तम्बूमा बाँकी रहेका छन्
भने पनि ती घाइतेहरूलेनै उठेर यस
शहरलाई जलाइदिनेछन्'।
११ फिरऊनको सेना यरूशलेममा पसेपछि
जब कल्दीहरूको सेना त्यहाँबाट हट्यो,
१२ तब मानिसहरूको उपस्थितिमा आफ्नो
अंश लिनलाई यर्मिया यरूशलेमबाट
बिन्यामीनको देश हिंड़े। १३ औ जब तिनी
बिन्यामीन-ढोकामा आइपुगे तब हनन्याहको
नाति, अर्थात् शेलेम्याहको छोरो यिरियाह
प्रहरीले यर्मिया अगमवक्तालाई यसो भनेर
पक्र्यो, 'तिमी कल्दीहरूकहाँ भागेर जाँदैछौ।'
१४ औ यर्मियाले भने, 'यो कुरो झूटा
हो। म कल्दीहरूकहाँ भागेर गएको होइन।'

तर यर्मियाले तिनका कुरा सुन्न मानेनन्, र
त्यसले यर्मियालाई पक्रेर हाकिमहरूकहाँ
ल्यायो। १५ ती हाकिमहरू यर्मियासित
रिसाए, र तिनलाई पिटे, र सचिव
जोनाथनको घरमा कैद गरेर राखे, किनभने
तिनीहरूले त्यस घरलाई झ्यालखाना बनाएका
थिए।
१६ जब यर्मिया तहखानाको सानो
कोठामा रहेका निकै दिन भइसकेको थियो,
१७ तब सिदकियाह राजाले तिनलाई
झिकाइपठाए, र तिनलाई स्वागत गरे। तब
राजाले आफ्नो घरमा गुप्तमा तिनलाई यसो
भनेर सोधे, 'के परमप्रभुबाट केही कुरा
छ?' यर्मियाले भने, 'ज्यू छ, तपाईं
बाबेलका राजाको हातमा सुम्पिनुहुनेछ।'
१८ यर्मियाले सिदकियाह राजालाई यसो
पनि भने, 'मैंले तपाईंलाई वा तपाईंका
भारादारहरू वा यस प्रजालाई के गरें, र
तपाईंले मलाई झ्यालखानमा हाल्नुभयो?
१९ बाबेलका राजा तपाईंको विरुद्ध र यस
देशको विरुद्धमा आउनेछैनन् भनी तपाईंलाई
अगमवाणी कहने तपाईंका अगमवक्ताहरू
कहाँ छन्? २० यसकारण हे मेरा प्रभु
राजा, बिन्ती छ, सुन्नुहोस्। मेरो नम्र
निवेदन ग्रहण गर्नुहोस्। मलाई सचिव
जोनाथनको घरमा नपठाइदिनुहोस्, नत्रता म
त्यहाँ मर्नेछु।' २१ यसैले सिदकियाह
राजाको हुकूमअनुसार यर्मियालाई प्रहरीहरूको
चोकमा राखे। औ शहरका जम्मै रोटी
नसकून्जेलसम्म बजारको पसलबाट दिनहुँ
एउटा एउटा रोटी तिनलाई दिन्थे। यसरी
यर्मिया प्रहरीहरूको चोकमा रहे।

यर्मिया कैदमा

३८ यर्मियाले सबै मानिसहरूलाई भनेका
कुरा मत्तानको छोरो शपत्याह,
पशहूरको छोरो गदल्याह, शेलेम्याहको छोरो
यूकल र मल्कियाहको छोरो पशहूरले सुने।
यर्मिया भन्दै थिए २ 'परमप्रभु यसो
भन्नुहुन्छ, 'जो यस शहरमा बस्छ त्यो तरवार,
अनिकाल र रूढीले मर्नेछ, तर जो निस्केर
कल्दीहरूकहाँ जान्छ त्यो बाँच्नेछ। त्यसको
प्राण त्यसको निम्ति युद्धको लूटको धनसरह
हुनेछ, र त्यो बाँच्नेछ। ३ परमप्रभु
भन्नुहुन्छ, यो शहर निश्चय बाबेलका राजाको
सेनाको हातमा सुम्पिइनेछ। यो कब्जा
गरिनेछ'।' ४ तब हाकिमहरूले राजालाई
भने, 'यो मारिओस्, किनभने यस मानिसले
यस्ता कुरा गरेर यस शहरमा बाँकी रहेका
सिपाहीहरू र मानिसहरूका मन कमजोर
पारिदिँदैछ। यस मानिसले मानिसहरूको
भलो होइन तर तिनीहरूको हानि चाहन्छ।'
५ सिदक्रियाह राजाले भने, 'हेर, त्यो
तिमीहरूकै हातमा छ, किनभने राजाले ता
तिमीहरूका विरुद्धमा केही गर्नसक्तैनन्।'
६ यसैले तिनीहरूले यर्मियालाई लगे, र
राजकुमार मल्कियाहको पानीको इनार, जो
प्रहरीहरूको चोकमा थियो, त्यसमा डोरीले
सुर्काएर हालिदिए। यो इनारमा पानी थिएन
तर हिलो मात्र थियो। यसैले यर्मिया त्यस
हिलोमा हालिए।
७ राजा त्यस बेला बिन्यामीन-ढोकामा
बसिरहेका थिए। औ जब यर्मिया इनारमा
हालिएको कुरो राज दरबारका नपुंसक कूशी
एबेदमेलेकले सुने, ८ तब तिनले राज-
महलमा गएर राजालाई भने, ९ 'हे मेरा
प्रभु, हे मेरा राजा, यी मानिसहरूले
यर्मिया अगमवक्तालाई इनारमा हालेर दुष्ट
काम गरे। तिनी ता त्यहाँ भोकै मर्नेछन्,
किनभने शहरमा अब रोटीनै छैन।'
१० तब राजाले कूशी एबेदमेलेकलाई यसो
भनेर हुकूम गरे, 'यहाँबाट तीस जना
मानिसहरू साथमा लगेर तिनी त्यहाँ मर्न
अघिनै यर्मिया अगमवक्तालाई त्यस इनारबाट
निकाल।' ११ यसैले एबेदमेलेकले ती
मानिसहरूलाई लगेर राजमहलको भण्डारमा
गए, र लुगा राख्ने आल्मारीबाट पुराना

थोत्रे फाटेका लुगाहरू झिके र तिनले इनारमा
यर्मियाको लागि डोरीहरूले बाँधेर ती
खसालिदिए। १२ तब कूशी एबेदमेलेकले
यर्मियालाई भने, 'यी थोत्रे लुगाहरू तिम्रा
काखी र डोरीहरूका बीचमा लगाऊ।'
यर्मियाले त्यसै गरे। १३ तब तिनीहरूले
ती डोरीहरूको सहायताले यर्मियालाई
इनारबाट बाहिर निकाले। त्यसपछि यर्मिया
प्रहरीहरूको चोकमा बसे।

१४ तब सिदकियाह राजाले यर्मिया
अगमवक्तालाई बोलाइपठाए, र परमप्रभुको
मन्दिरको तेस्रो ढोकामा तिनीसित भेट गरे।
राजाले यर्मियालाई भने, 'म तिमीसित
एउटा कुरो सोध्नेछु। मदेखि केही कुरा
पनि नलुकाऊ।' १५ यर्मियाले सिदकियाह-
लाई भने, 'मैले तपाईंलाई भन्दा के
तपाईंले मलाई मार्न निश्चय गर्नुहुन्न र?
औ मैले तपाईंलाई सल्लाह दिएँ भने तपाईंले
त्यो मान्नुहुन्न।' १६ तब सिदकियाह
राजाले गुप्तमा यर्मियासित यसो भनेर शपथ
खाए, 'जीवित परमप्रभु, जसले हाम्रा
प्राणलाई सृष्टि गर्नुभयो, उहींकै नाउँमा शपथ
खाँदैछु, म तिमीलाई मार्नेछैनँ, नता तिम्रो
ज्यान लिन खोज्ने मानिसहरूको हातमा
तिमीलाई सुम्पनेछु।'

१७ तब यर्मियाले भने, "सेनाहरूका
परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ,
'यदि बाबेलका राजाका हाकिमहरूका हातमा
तैंले आफैलाई सुम्पिदिइस् भने तेरो प्राण
बाँच्नेछ, र यो शहर जलाइनेछैन, र तेरो
घरानासहित तँ बाँच्नेछस्। १८ तर तैंले
आफूलाई बाबेलको राजाका हाकिमहरूका
हातमा सुम्पिदिइनस् भनेता यो शहर कल्दी-
हरूका हातमा दिइनेछ, र तिनीहरूले यसलाई
जलाइदिनेछ, र तँ तिनीहरूका हातबाट
उम्कनेछैनस्'।' १९ तब सिदकियाह
राजाले यर्मियालाई भने, 'कल्दीहरूकहाँ
भागेर गएका यहूदीहरूसित मलाई डर
लागिरहेछ। मलाई तिनीहरूका हातमा
सुम्पिदियो भनेता तिनीहरूले मेरो बेइज्जत
गर्नेछन्।' २० यर्मियाले भने, 'तपाईं
तिनीहरूका हातमा सुम्पिइनेछैन। मैले
तपाईंलाई भनेका परमप्रभुको वचन पालन
गर्नुहोस् र तपाईंको भलो हुनेछ, र तपाईंको
प्राण बाँच्नेछ। २१ तर सुम्पिनलाई तपाईंले
इन्कार गर्नुभयो भनेता परमप्रभुले मलाई
देखाउनुभएको दर्शन यही हो, २२ 'हेर्,
यहूदाको राजाको महलमा छोडिएका सबै
स्वास्नी-मानिसहरू बाबेलको राजाका हाकिम-
हरूकहाँ लगिए, औ तिनीहरू यसो भन्दैथिए,
'तिमीले भरोसा गरेका तिम्रा मित्रहरूले
तिमीलाई धोका दिए। तिनीहरू तिमीमाथि
विजयी भए। अब तिम्रा खुट्टा हिलोमा
भासिएकोले गर्दा तिमीलाई तिनीहरूले त्यागे।'
२३ तपाईंका सबै स्वास्नीहरू र छोराहरू
कल्दीहरूकहाँ पुर्‍याइनेछन्। औ तपाईं आफै
पनि तिनीहरूका हातबाट उम्कनपाउनुहुनेछैन,
तर बाबेलका राजाले तपाईंलाई पक्रनेछन्,
र यो शहर चाहिँ जलाइनेछ।'

२४ तब सिदकियाहले यर्मियालाई भने,
'यो कुरो कसैले थाह नपाओस्, र तिमी
मर्नेछैनौ। २५ तर यदि तिमीसित मैले
गरेको कुरा हाकिमहरूले सुनेछन् र तिमी-
कहाँ आएर 'तिमीले राजालाई के भन्यौ
औ राजाले के भन्नुभयो? हामीलाई केही
कुरा नलुकाऊ, र हामी तिमीलाई मार्नेछैनौं,'
भनी तिमीलाई सोधेछन् भने २६ तिमीले
तिनीहरूलाई भन्नू, 'मलाई मर्नलाई जोनाथनको
घरमा नपठाइदिनुहोस् भनी मैले राजलाई एउटा
नम्र निवेदन मात्र गरें।' २७ तब सबै
हाकिमहरू यर्मियाकहाँ आएर तिनलाई सोधे।
औ तिनले पनि राजाले सिकाएअनुसार
तिनीहरूलाई जवाफ दिए। औ उनीहरूले
तिनीसित अरू केही सोधेनन्। किनभने
राजा र यर्मियाका बीचको बातचीत कसैले
सुनेका थिएनन्। २८ औ यरूशलेम लिने
दिनसम्मै यर्मिया प्रहरीहरूको चोकमानै
रहे।

सिदकियाह बाबेलमा कैदी

३९ यहूदाका राजा सिदकियाहको शासनकालको नवौं वर्षको दशौं महीनामा बाबेलका राजा नबूकदनेसर र तिनका सबै सेना आएर यरूशलेमलाई घेरा हाले। २ औ सिदकियाह राजाको एघारौं वर्षको चौथो महीनाको नवौं दिनमा त्यस शहरको पर्खालमा एउटा प्वाल बनाइयो। ३ जब यरूशलेम लिइयो, तब नेर्गल-सरेसेर, समगर्‌नबो, सर्सकीम, रब-सारीस, नेर्गल-सरेसेर, रबमाग र बाबेलका राजाका बाँकी अफिसरहरू आए, र माझको मूल-ढोकामा बसे।

४ जब यहूदाका राजा सिदकियाह र सबै सिपाहीहरूले तिनीहरूलाई देखे तब तिनीहरू दुइ पर्खालका बीचमा भएको मूल-ढोकाबाट छिरेर राजाको बगैंचाबाट भएर रातीनै शहरदेखि बाहिर भागे, र अराबातिर लागे। ५ तर कल्दीहरूको सेनाले तिनीहरूलाई खेदे, र सिदकियाहलाई यरीहोको मैदानमा फेला पारे। तिनीहरूले तिनलाई पक्रेर हमातहरूको देशको रिबला भन्ने ठाउँमा बाबेलका राजा नबूकदनेसरकहाँ ल्याए, र तिनले सिदकियाहलाई दण्डको आज्ञा दिए। ६ बाबेलका राजाले सिदकियाहका छोराहरूलाई रिबलामा तिनकै आँखाको सामने मारे। बाबेलका राजाले यहूदाका सबै भारादारहरूलाई पनि मारे। ७ तिनले सिदकियाहका आँखा निकाले, र बाबेलमा लान तिनलाई साङ्‌लाले बाँधे। ८ त्यसपछि कल्दीहरूले राजाको महल र मानिसहरूका घरहरू जलाइदिए, र यरूशलेमको पर्खाल भत्काइदिए। ९ तब शहरमा छोडिएका बाँकी मानिसहरू र तिनीकहाँ भागेर आउनेहरूलाई र अरू मानिसहरूलाई प्रहरीहरूका कप्तान नबूजरदानले कैद गरेर बाबेलमा लगे। १० तर केही पनि नभएका केही गरीब मानिसहरूलाई प्रहरीहरूका कप्तान नबूजरदानले यहूदा देशमा छोडिराखे, औ तिनीहरूलाई तिनले दाखबारी र खेतहरू दिए।

११ बाबेलका राजा नबूकदनेसरले प्रहरीहरूका कप्तान नबूजरदानलाई यर्मियाको विषयमा यस्तो आज्ञा दिए, १२ 'यसलाई चाहिं लगेर राम्ररी हेरचाह गर्नू। यसलाई कुनै किसिमको हानि नगर्नू। त्यसले तिमीलाई भनेझैं त्यसलाई व्यवहार गर्नू।' १३ यसकारण प्रहरीहरूका कप्तान नबूजरदानले नबु-शजबान, रब-सारीस रबमाग, नेर्गल्सरसेर र बाबेलका राजाका अफिसरहरूले १४ मानिसहरू पठाएर यर्मियालाई प्रहरीको चोकबाट ल्याए। तिनलाई घरमा लैजाने जिम्मावारी तिनीहरूले शापानको नाति अहीकामको छोरो गदल्याहको हातमा छोड़िदिए। यसरी यर्मिया आफ्ना मानिसहरूसितै रहे।

१५ प्रहरीहरूको चोकमा थुनिएको बेलामा परमप्रभुको यो वचन यर्मियाकहाँ आयो, १६ 'गएर कूशी एबेदमेलेकलाई भन्, सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ, 'हेर, भलाइको निम्ति होइन, तर विपत्तिको निम्ति, यस शहरको विरुद्धमा मैले भनेका कुरा म पूरा गर्नेछु, औ ती तेरै सामने त्यो दिन पूरा हुनेछ। १७ तर म तँलाई त्यस दिन बचाउनेछु, औ जुन मानिसहरूदेखि तँ डराउँछस् यिनीहरूको हातमा तँ सुम्पिइनेछैनस्। १८ किनभने म निश्चय तँलाई बचाउनेछु। तँ तरवारले मारिनेछैनस्, तर तैंले तेरो प्राण युद्धको लूटको धनसरह हासिल गर्नेछस्, किनभने तैंले ममाथि भरोसा गरेको छस्, परमप्रभु भन्नुहुन्छ'।'

यर्मियाको छुटकारा

४० साङ्‌लाले बाँधेर बाबेलमा लगिरहेका यरूशलेम र यहूदाका अरू कैदीहरूका बीचदेखि जब प्रहरीहरूका कप्तान नबू-जरदानले यर्मियालाई रामाबाट छोड़िदिएका थिए, तब परमप्रभुको यो वचन यर्मियाकहाँ

आयो। २ प्रहरीका कप्तानले यर्मियालाई
बोलाएर भने, 'परमप्रभु तिम्रा परमेश्वरले
यस ठाउँमा जो विपत्ति ल्याउनलाई
भन्नुभएको थियो, ३ सो विपत्ति
ल्याउनुभयो, र आफूले भन्नुभएझैँ उहाँले
गर्नुभयो, किनभने तिमीहरूले परमप्रभुको
विरुद्धमा पाप गर्‍यौ, र उहाँको आज्ञा पालन
गरेनौ। यसैले यो कुरा तिमीहरूमाथि
आइपर्‍यो। ४ अब हेर, तिम्रा हातको
साङ्लाबाट म तिमीलाई मुक्त गरिदिँदैछु।
यदि मसित बाबेलमा आउन तिमीलाई
असल लाग्यो भने आऊ। म तिम्रो राम्ररी
हेरचाह गर्नेछु। तर यदि तिमीलाई मसित
बाबेलमा आउन ठीक लागेन भने नआऊ।
हेर, यो सारा देश तिम्रो सामने छ।
तिमीलाई जहाँ जान असल र ठीक लाग्छ,
त्यहीँ जाऊ। ५ तिमी बस्छौ भने
शापानको नाति अहीकामको छोरो गदल्याह-
कहाँ जाऊ, जसलाई बाबेलका राजाले
यहूदाका राज्यपाल नियुक्त गर्नुभएको छ।
त्यहाँ तिनीसँगै अरू मानिसहरूसित तिमी
बस, अथवा तिमीलाई जता जान ठीक
लाग्छ त्यतै जाऊ।' तब प्रहरीहरूका
कप्तानले तिनलाई खाने भत्ता र उपहार
दिए, र तिनलाई छोड़िदिए। ६ तब
यर्मिया मिस्पामा अहीकामको छोरो
गदल्याहकहाँ गए, र तिनीसित देशमा
छोड़िएका मानिसहरूसँगै बस्नलागे।

राज्यपाल गदल्याह

७ जब बस्ती बस्तीका फौजका
कप्तानहरू र मानिसहरूले यो कुरा सुने
कि बाबेलका राजाले अहीकामको छोरो
गदल्याहलाई देशका राज्यपाल नियुक्त
गरेका छन्, र बाबेलमा कैद गरेर
नलगिएका देशका सबैभन्दा गरीब,
लोग्नेमानिस, स्वास्नीमानिस र केटा-केटी
जम्मैलाई तिनका हातमा सुम्पिदिएका
छन्, ८ तब तिनीहरू मिस्पामा
गदल्याहकहाँ आए—तिनीहरू यिनै थिए,
नतन्याहको छोरो इश्माएल, कारेहका दुइ
छोराहरू योहानान र जोनाथन, तन्हूमेतको
छोरो सरायाह, नतोफाबासी एपेका छोराहरू,
माकाबासीको छोरो याजन्याह र यिनीहरू
सबैका मानिसहरू। ९ शापानको नाति
अहीकामको छोरो गदल्याहले शपथ खाँदै
तिनीहरू र तिनीहरूका मानिसहरूलाई भने,
'कल्दीहरूको सेवा गर्न नडराऊ। देशमा
बसेर बाबेलका राजाको सेवा गर, र
तिमीहरूको भलो हुनेछ। १० म चाहिँ
ता कल्दीहरू, जो हामीहरूकहाँ आउनेछन्,
तिनीहरूको सामने तिमीहरूका निम्ति खड़ा
रहनलाई मिस्पामानै बस्नेछु। तिमीहरू चाहिँ
दाखमद्य, ग्रीष्म ऋतुका फलहरू र तेल
आफ्ना भाँड़ामा जम्मा गर्दै राख, अनि
तिमीहरूले छानेका शहरहरूमा बस।'
११ औ यसरीनै जब मोआबमा भएका,
अम्मोनीहरूका बीचमा भएका, औ अरू
अरू देशमा भएका सबै यहूदीहरूले यो
कुरा सुने कि बाबेलका राजाले यहूदामा
केही मानिसहरूलाई छोड़िराखेका छन्,
र शापानको नाति अहीकामको छोरो
गदल्याहलाई राज्यपाल नियुक्त गरेका छन्,
१२ तब सबै यहूदीहरू जहाँ जहाँ तिनीहरू
धपाइएका थिए, ती ठाउँहरूबाट फर्केर
यहूदाको मिस्पामा गदल्याहकहाँ आए।
त्यहाँ तिनीहरूले प्रशस्त मात्रामा दाखमद्य
र ग्रीष्म ऋतुका फलहरू जम्मा गरे।
१३ तब कारेहको छोरो योहानान र
बस्तीका फौजका सबै कप्तानहरू मिस्पामा
गदल्याहकहाँ आए, १४ औ तिनलाई
यसो भने, 'के तपाइंलाई थाह छ कि
अम्मोनवंशी राजा बालीसले नतन्याहको
छोरो इश्माएललाई तपाइंको ज्यान लिन
पठाएका छन्?' तर अहीकामको छोरो
गदल्याहले तिनीहरूको कुरा पत्याएनन्।
१५ तब कारेहको छोरो योहानानले

मिस्पामा गदल्याहलाई गुप्तमा भने,
'नतन्याहको छोरो इश्माएललाई मार्न
मलाई अनुमति दिनुहोस्। औ यो कुरा
कसैले थाह पाउनेछैन। तपाईंको चारैतिर
जम्मा भएका यहूदीहरू तितर-बितर हुनलाई,
र बाँकी रहेका यहूदाका सन्तान नष्ट
हुनलाई त्यसले किन तपाईंको ज्यान लिने ?'
१६ तर अहीकामको छोरो गदल्याहले
कारेहको छोरो योहानानलाई भने, "तिमीले
यस्तो काम नगर। किनभने तिमीले
इश्माएलको विषयमा झूटा कुरा गरिरहेका
छौ।'

४१ सातौं महीनामा एलीशामाको नाति,
नतन्याहको छोरो इश्माएल, जो
राज-घरानाको र राजाका अफिसरहरूमध्येको
एक थियो, दश जना मानिसहरू लिएर
मिस्पामा अहीकामको छोरो गदल्याहकहाँ
आयो। औ जब तिनीहरू सबै एकैसाथ
खाना खाइरहेका थिए, २ तब नतन्याहको
छोरो इश्माएल र ती दश जना मानिसहरू
उठेर बाबेलका राजाले देशको लागि
राज्यपाल नियुक्त गरेका शापानको नाति,
अहीकामको छोरो गदल्याहलाई तरवारले
मारे। ३ इश्माएलले मिस्पामा गदल्याह-
सँगका सबै यहूदीहरू र त्यहाँ भएका कल्दी
सिपाहीहरूलाई पनि मार्‍यो।
४ गदल्याह मारिएको कुरा कसैले जान्न
अघि भोलिपल्ट ५ शेकेम, शीलो र
सामरियाबाट दाही काटेका, लुगा च्यातेका
र शरीर चिरै-चिरा काटेका अस्सी जना
मानिसहरू परमप्रभुको भवनमा अन्नबलि
र धूप चढाउन आए। ६ औ
नतन्याहको छोरो इश्माएल मिस्पाबाट रुँदै
रुँदै तिनीहरूलाई भेट्न निस्क्यो। औ
तिनीहरूलाई भेटेर त्यसले भन्यो, 'अहीकामको
छोरो गदल्याहकहाँ आऊ।' ७ औ जब
तिनीहरू शहरभित्र आए तब नतन्याहको
छोरो इश्माएल र त्यसको साथमा भएका
मानिसहरूले तिनीहरूलाई मारे, र तिनीहरूका
लाश एउटा इनारमा फालिदिए। ८ तर
तिनीहरूसित भएका दश जना मानिसले
इश्माएललाई भने, "हामीलाई नमार्नुहोस्,
किनकि हामीसित वनमा लुकाइराखेका गहुँ,
जौ, तेल र मह छन्।" यसैले त्यसले
तिनीहरूलाई तिनीहरूका साथीहरूसित मारेन,
तर छोडिदियो। ९ त्यो इनार, जहाँ
इश्माएलले गदल्याह र अरू मानिसहरूलाई
मारेर फालिदिएको थियो, त्यो त्यही इनार
थियो जो आसा राजाले इस्राएलका राजा
बाशाको डरले गर्दा रक्षाको निम्ति खनाएका
थिए। नतन्याहको छोरो इश्माएलले मारेका
मानिसहरूले त्यो भरिदियो। १० त्यसपछि
इश्माएलले मिस्पामा बाँकी रहेका जम्मै
मानिसहरू, अर्थात् राजाका छोरीहरू र
अरू मानिसहरू, जुनलाई प्रहरीका कप्तान
नबूजरदानले अहीकामको छोरो गदल्याहको
हातमा सुम्पेका थिए, कैद गरे। यी
कैदीहरूलाई लिएर सीमाना पारि अम्मोनीकहाँ
जानलाई त्यो हिंड्यो।
११ तर जब कारहको छोरो योहानान
र तिनीसित भएका फौजका सबै कप्तानहरूले
नतन्याहको छोरो इश्माएलले गरेका दुष्टयाइँको
विषयमा सुने, १२ तब तिनीहरू आफ्ना
सबै मानिसहरूलाई लिएर नतन्याहको छोरो
इश्माएलसित लड़ाइँ गर्नलाई हिंडे। तिनीहरूले
त्यसलाई गिबोनको ठूलो दहनेर भेट्टाए।
१३ औ जब इश्माएलसित भएका ती
मानिसहरूले कारेहको छोरो योहानान र
तिनका साथमा भएका फौजका सबै कप्तान-
हरूलाई देखे तब तिनीहरू रमाए।
१४ यसैले इश्माएलले मिस्पाबाट लगेका
सबै कैदीहरू फर्केर कारेहको छोरो
योहानानकहाँ आए। १५ तर नतन्याहको
छोरो इश्माएल आठ जना मानिसहरूसित
योहानानको हातबाट उम्केर अम्मोनवंशी-
हरूकहाँ भागे। १६ तब अहीकामको छोरो
गदल्याहलाई मारेपछि नतन्याहको छोरो

इश्माएलले मिस्पाबाट लगेका मानिसहरूमा
बाँचेकाहरूलाई, अर्थात् सिपाहीहरू, स्वास्नी-
मानिसहरू, केटा-केटीहरू र नपुंसकहरूलाई
कारेहको छोरो योहानान र तिनीसित भएका
फौजका सबै कप्तानहरूले ल्याए। तिनीहरूलाई
योहाननले गिबोनमा फर्काए। १७ औ
तिनीहरू मिश्रमा जानलाई विचार गरेर
बेतलेहेमको नजीकको गेरूथ-किम्हाममा बसे,
१८ तिनीहरू कल्दीहरूसित डराएका
थिए, किनभने बाबेलका राजाले देशको
लागि नियुक्त गरेका राज्यपाल अहीकामको
छोरो गदल्याहलाई नतन्याहको छोरो
इश्माएलले हत्या गरेको थियो।

४२ तब फौजका सबै कप्तानहरू, कारेहको
छोरो योहानान र होशायाहको छोरो
याजन्याह र सानोभन्दा सानो दर्जादेखि
लिएर ठूलोभन्दा ठूलो दर्जाका सबै मानिस-
हरू सबै यर्मिया अगमवक्ताकहाँ आए। औ
तिनीहरूले भने, २ 'हाम्रो बिन्ती ग्रहण
गरी परमप्रभु आफ्नो परमेश्वरसित तपाईंले
हाम्रो निम्ति र यी बाँचेकाहरूका निम्ति
बिन्ती गरिदिनुहोस्, किनकि तपाईं आफ्नै
आँखाले देख्नुहुन्छ कि हामी त्यति धेरै
थियौं तर अब थोरै मात्र रहेका छौं,
३ र परमप्रभु आफ्ना परमेश्वरले हामीलाई
हामी जाने बाटो र हामीले गर्नुपर्ने काम
देखाइदेऊन्।" ४ यर्मिया अगमवक्ताले
तिनीहरूलाई भने, "मैले तिमीहरूको बिन्ती
सुनें। हेर, म परमप्रभु तिमीहरूका
परमेश्वरलाई तिमीहरूको बिन्तीअनुसार प्रार्थना
गरिदिनेछु, र परमप्रभुले जे जवाफ
तिमीहरूलाई दिनुहुन्छ सो तिमीहरूलाई
बताइदिनेछु। म केही कुरा पनि तिमीहरू-
देखि लुकाउनेछैनँ।" ५ तब तिनीहरूले
यर्मियालाई भने, "परमप्रभु तपाईंको
परमेश्वरले तपाईंद्वारा पठाउनुभएका कुराअनुसार
हामीले गरेनौं भने परमप्रभुनै हामीहरूका
विरुद्धमा साँचो र विश्वासी साक्षी होऊन्।
६ चाहे त्यो असल होस् वा खराब होस्
परमप्रभु हाम्रा परमेश्वर, जसकहाँ हामी
तपाईंलाई पठाइरहेका छौं, उहाँको वचन
हामी पालन गर्नेछौं, र परमप्रभु हाम्रा
परमेश्वरको कुरा हामीले मानेकोले हाम्रो
भलो होला।"

७ दश दिनको अन्त्यमा परमप्रभुको यो
वचन यर्मियाकहाँ आयो। ८ तब तिनले
कारेहको छोरो योहानान र तिनका साथमा
भएका फौजका सबै कप्तानहरू र साना ठूला
सबै मानिसहरूलाई बोलाए। ९ औ
यर्मियाले तिनीहरूलाई भने, 'परमप्रभु
इस्राएलका परमेश्वर, जसका सामने तिमीहरूले
मलाई आफ्नो बिन्ती चढ़ाउनलाई पठाएका
थियौ, यसो भन्नुहुन्छ, १० 'तिमीहरू यही
देशमा रह्यौ भने म तिमीहरूलाई बनाइ-
राख्नेछु तर भत्काउनेछैनँ, म तिमीहरूलाई
रोपिराख्नेछु तर उखेल्नेछैनँ, किनभने मैले
तिमीहरूलाई गरेको हानिदेखि मेरो मन
बदलेको छ। ११ बाबेलको राजा, जससँग
तिमीहरू डराउँदछौ, अब नडराऊ, किनभने
तिमीहरूलाई त्यसको हातदेखि बचाउन र
छुटाउनलाई म तिमीहरूसित हुनेछु, परमप्रभु
भन्नुहुन्छ। १२ म तिमीहरूमाथि दया
गर्नेछु, र त्यसले तिमीहरूमाथि दया गर्नेछ
र तिमीहरूलाई तिमीहरूकै देशमा बस्न
दिनेछ। १३ तर यदि तिमीहरूले परमप्रभु
तिमीहरूका परमेश्वरको कुरा मानेनौ, र
'हामी यस देशमा बस्नेछैनौं, तर हामी
मिश्र देशमानै जानेछौं, किनभने त्यहाँ हामी
लडाइँ देख्नेछैनौं, न तुरहीको सोर सुन्नेछौं,
नता रोटी नपाई भोकै रहनेछौं, १४ हामी
त्यहीँनै गएर रहनेछौं, भन्यौ भनेदेखि ता
१५ हे यहूदाका बाँचेकाहरू हो, परमप्रभुको
वचन सुन। सेनाहरूका परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ, यदि तिमीहरूले मिश्र
देशमा गएर त्यहाँ बस्नलाई पक्कानै गरेका
छौ भने, १६ जुन तरवारदेखि तिमीहरू
डराउँदछौ त्यसलेनै तिमीहरूलाई मिश्र

देशमा भेट्टाउनेछ, औ जुन अनिकालदेखि
तिमीहरू डराउँदछौ, त्यो त्यहींनै मिश्र देशमा
तिमीहरूका पछि पछि आउनेछ, औ तिमीहरू
त्यहींनै मर्नेछौ। १७ मिश्र देशमानै गएर
त्यहीं रहनलाई मन पक्का गर्ने जति जम्मै
तरवार, अनिकाल र रूढ़ीले मर्नेछन्। मैले
तिमीहरूमाथि ल्याउने विपत्तिबाट बाँचेका
अथवा रहेकाहरू कोही पनि हुनेछैन'।'

१८ किनभने सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वर भन्नुहुन्छ, 'जसरी मेरो
रीस र क्रोध यरूशलेमका बासिन्दाहरूमाथि
खनिएका थिए त्यसरीनै तिमीहरू मिश्र
देशमा गयौ भने मेरो क्रोध तिमीहरूमाथि
पनि खनिनेछ। तिमीहरू थुकिएका हुनेछौ,
अति घृणित, सराप र गिल्ला बनिनेछौ।
तिमीहरूले यो ठाउँ फेरि कहिल्यै देख्न-
पाउनेछैनौ। १९ हे यहूदाका बाँकी रहेका
हो, परमप्रभुले तिमीहरूलाई भन्नुभएको छ,
'मिश्र देश नजाऊ।' यो कुरा तिमीहरूले
निश्चय जानिराख, आजको दिन मैले तिमी-
हरूलाई, चेताउनी दिएको छु। २० किनकि
तिमीहरूले आफ्नै प्राणलाई धोका दिएका
छौ। किनभने तिमीहरूले मलाई परमप्रभु
तिमीहरूका परमेश्वरकहाँ यसो भनेर पठायौ,
'परमप्रभु हाम्रा परमेश्वर जे भन्नुहुन्छ त्यो
हामीलाई बताइदिनुहोस् र हामी त्यो
गर्नेछौं।' २१ औ आजको दिन मैले
तिमीहरूलाई त्यो बताइदिएको छु। तर जे
कुरा भन्नू भनी उहाँले मलाई तिमीहरूकहाँ
पठाउनुभयो ती कुनै पनि कुरामा परमप्रभु
तिमीहरूका परमेश्वरका आज्ञा तिमीहरूले
पालन गरेका छैनौ। २२ यसकारण अब
यो कुरो निश्चय जानिराख, कि तिमीहरू
जानलाई इच्छा गरेको देशमा तिमीहरू
तरवार, अनिकाल र रूढ़ीले मर्नेछौ।"

४३ परमप्रभु परमेश्वरले दिनुभएको वचन
यर्मियाले सबैलाई सुनाइसक्ता,
२ होशायाहको छोरो अजर्याह र कारेहको छोरो
योहानान र सबै अभिमानी मानिसहरूले
यर्मियालाई भने, "तिमी झूट बोलिरहेका छौ!
'तिमीहरू मिश्र देशमा बस्नलाई नजाऊ' भन्नू
भनी परमप्रभु हामीहरूका परमेश्वरले तिमी-
लाई पठाउनुभएको होइन, ३ तर कल्दी-
हरूले हामीहरूलाई मारून् अथवा बाबेलमा
कैद गरी लैजाऊन् भन्ने विचारले नेरियाहको
छोरो बारूकले तिमीलाई हाम्रा विरुद्धमा
उठाएको हो।" ४ यसैले कारेहको छोरो
योहानान र फौजका सबै कप्तानहरू र अरू
सबै मानिसहरूले यहूदाको देशमानै रहनू
भन्ने परमप्रभुको आज्ञा पालन गरेनन्।
५ तर यहूदाका बाँकी रहेका जम्मै मानिस-
हरूलाई, जो ती सबै जातिहरूका बीचबाट
जहाँ तिनीहरू धपाइएर यहूदामा बस्नलाई
फर्किआएका थिए, तिनीहरूलाई कारेहको
छोरो योहानान र फौजका सबै कप्तानहरूले
लगे—६ अर्थात् लोग्नेमानिसहरू, स्वास्नी-
मानिसहरू, केटा-केटीहरू, राजकुमारीहरू,
प्रत्येक जसलाई प्रहरीहरूका कप्तान नबू-जरदानले
शापानको नाति, अहीकामको छोरो
गदल्याहको हातमा सुम्पेका थिए, तिनीहरूलाई
र यर्मिया अगमवक्ता र नेरियाहको छोरो
बारूकलाई पनि तिनीहरूले लगे। ७ यसरी
परमप्रभुको आज्ञा पालन नगरेर तिनीहरू
मिश्र देशमा गए। औ तिनीहरू तहपनेससमा
पुगे।

८ त्यसपछि तहपनेससमा परमप्रभुको यो
वचन यर्मियाकहाँ आयो, ९ 'तेरा हातमा
ठूला ठूला ढुङ्गा ली, र यहूदाका मानिसहरूका
आँखाकै सामने तहपनेससमा भएको फिरऊनको
महलको फाटक अगिको ढुङ्गाले छापेको
बाटोमा हिलोमनि त्यो लुकाइराख्। १० औ
तिनीहरूलाई भन्, 'सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, म
आफ्नो दास बाबेलको राजा नबूकदनेसरलाई
बोलाउनेछु, र मैले लुकाइराखेका यी
ढुङ्गाहरूमाथि त्यसले आफ्नो सिंहासन
बसाल्नेछ, र तीमाथि आफ्नो राज-छत्र

फैलाउनेछ। ११ औ त्यसले आएर मिश्र
देशलाई नाश गर्नेछ, र रुढ़ीले मर्नुपर्नेहरूलाई
रुढ़ीलाईनै सुम्पिदिनेछ, कैदमा जानेहरूलाई
कैदमा पठाउनेछ, तरवारले मर्नेहरूलाई तरवारले
मार्नेछ। १२ त्यसले मिश्र देशका देवता-
हरूका मन्दिरहरूमा आगो लगाइदिनेछ।
त्यसले ती जलाइदिनेछ, र मूर्तिहरूलाई कैद
गरेर लानेछ। औ जसरी गोठालाले आफ्नो
वस्त्र पहिरिन्छ त्यसरीनै त्यसले आफैलाई
मिश्र देशले सिँगार्नेछ, औ त्यहाँबाट त्यो
शान्तिसित फर्कनेछ। १३ त्यसले मिश्र
देशमा भएको हेलिओपोलिसका खामाहरू
भत्काइदिनेछ, र मिश्र देशका देवताहरूका
मन्दिरहरूमा आगो लगाइदिनेछ।'

४४ मिश्र देशका मिग्दोल, तहपनेस,
मेम्फिस र पत्रोसमा रहने सबै
यहूदीहरूका विषयमा परमप्रभुको यो वचन
यर्मियाकहाँ आयो। २ 'सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वर भन्नुहुन्छ, यरूशलेम र
यहूदाका सबै शहरहरूमा मैले ल्याएका सबै
विपत्तिहरू ता तिमीहरूले देखेकै छौ। हेर,
आज ती उजाड़ छन्, र कोही पनि तिनमा
बस्तैनन्, ३ यो तिनीहरूको दुष्टयाइँको
कारणले हो। किनकि मलाई क्रधित तुल्याउँदै
तिनीहरू धूप बाल्न र अन्य देवताहरूको
सेवा गर्न गए, जसलाई नता तिनीहरू आफैले,
न तिमीहरू र तिमीहरूका पुर्खाले चिनेका
थिए। ४ तापनि मैले मेरा दास, अगम-
वक्ताहरूलाई बारंबार यसो भनेर तिनीहरूकहाँ
पठाएँ, 'मलाई घिनलाग्ने यस्तो घृणित काम
नगर।' ५ तर तिमीहरूले आफ्ना दुष्ट
कामदेखि फर्कन र अन्य देवताहरूलाई
धूप नबाल्न ध्यान दिएनौ औ कान पनि
थापेनौ। ६ यसैकारण यहूदाका शहरहरू र
यरूशलेमका गल्लीहरूमा मेरो क्रोध र मेरो
रीस खनिए, औ त्यहाँ जल्न लागे। ती
उजाड़ र नष्ट भए जस्तो आज ती देखिन्छन्।
७ औ अब सेनाहरूका परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ, यहूदाको बीचबाट लोग्ने-
मानिस, स्वास्नीमानिस, साना नानी र दूध
खाने बालकहरू नाश भएर तिमीहरूको
वंश बाँकी नरहन, ८ तिमीहरू प्रवासी
भएर बस्नलाई आएको मिश्र देशमा
तिमीहरूका कामद्वारा, अर्थात् अरू
देवताहरूलाई धूप बालेर मलाई किन
रीस उठाउँछौ? तिमीहरू नष्ट हुनेछौ र
पृथ्वीका सबै जातिहरूका बीचमा तिमीहरू
सराप र गिल्ला बन्नेछौ। ९ जुन दुष्ट काम
तिनीहरूका पुर्खाहरू, यहूदाका राजाहरू,
तिनीहरूका पत्नीहरू, तिमीहरू र तिमीहरूका
पत्नीहरूले यहूदा देश र यरूशलेमका गल्ली
गल्लीहरूमा गर्दथियौ, के ती तिमीहरूले
भुल्यौ? १० आजको दिनसम्म पनि
तिनीहरूले आफैलाई नम्र तुल्याएका छैनन्,
नता तिनीहरू मदेखि डराउँदछन्, न मेरा
व्यवस्था र विधिहरूमा चल्छन्, जो मैले
तिमीहरू र तिमीहरूका पुर्खाहरूका सामने
राखिदिएकोथिएँ।'
११ यसैकारण सेनाहरूका परमप्रभु इस्रा-
एलका परमेश्वर भन्नुहुन्छ, हेर, सारा
यहूदालाई नष्ट गरेर निश्चय म तिमीहरूको
खराबी गर्नेछु। १२ मिश्र देशमा
आएर बस्न निश्चय गर्ने यहूदाका
बाँकी रहेका सबैलाई म नष्ट
गर्नेछु। मिश्र देशमानै तिनीहरूको पतन
हुनेछ। तरवार र अनिकालले तिनीहरू
नष्ट हुनेछन्। सानोभन्दा सानो मानिसदेखि
लिएर ठूलोभन्दा ठूलो मानिस सबै तरवार
र अनिकालद्वारा मर्नेछन्। तिनीहरू थुकिएका
र अति घृणित सराप र गिल्ला
बनिनेछन्। १३ जसरी मैले यरूशलेमलाई
तरवार, अनिकाल र रुढ़ीले दण्ड दिएथें
त्यसरीनै मिश्र देशमा बस्नेहरूलाई म
दण्ड दिनेछु, १४ र यहूदाका बाँचेकाहरू
जो मिश्र देशमा प्रवासी भएर बस्नलाई
आएका छन्, तिनीहरूले यहूदा देशमा
फर्कने इच्छा गरे तापनि तिनीहरूमध्ये

एक जना पनि बाँचेर त्यहाँ फर्कन पाउनेछैन।
कुनै कुनै भागेर गएकाहरूबाहेक तिनीहरू
त्यहाँ फर्कन पाउनेछैनन्।'
१५ तब त्यस महासभामा उपस्थित
भएका सबै मानिसहरूले, जसले जान्दथिए
कि तिनीहरूका स्वास्नीहरूले अन्य देवता-
हरूलाई धूप चढ़ाएका थिए, र त्यहाँ खड़ा
हुने सबै स्वास्नीमानिसहरूले, अर्थात् मिश्र
देशको पत्रोसमा बस्ने सबै यहूदीहरूले
यर्मियालाई जवाफ दिए, १६ 'जो कुरा
तिमीले हामीहरूलाई परमप्रभुको नाउँमा
सुनाएका छौ त्यो हामी सुन्नेछैनौं।
१७ तर जो शपथ हामीले खाएका छौं
त्यो हामी सब पूरा गर्नेछौं। औ जसरी
हाम्रा पुर्खाहरू, हामीहरू र हाम्रा
शासकहरूले पनि यहूदाका शहरहरूमा र
यरूशलेमका गल्लीहरूमा स्वर्गकी रानीको
निम्ति धूप बाल्यौं र अर्घ चढ़ायौं, त्यसरीनै
अब पनि हामीहरू गर्नेछौं। किनभने त्यसो
गर्दा हामीले भरपेट खान पाउँथ्यौं। हाम्रो
फलिफाप भएको थियो र हामीमाथि कुनै
किसिमको विपत्ति आएको थिएन। १८ तर
स्वर्गकी रानीलाई धूप बाल्न र अर्घ
चढ़ाउन छोड़ेपछि हामीलाई सबै किसिमको
अभाव हुँदै आयो, औ तरवार र अनिकाल-
द्वारा हामी भस्म हुँदै गयौं।' १९ अनि
स्वास्नीमानिसहरूले भने, 'जब हामीले
स्वर्गकी रानीको निम्ति धूप बाल्यौं अथवा
अर्घ चढ़ायौं, तब के हामीले आफ्ना
पतिहरूको सहमत विनानै स्वर्गकी रानीको
निम्ति तिनको मूर्ति भएको फुलौरा पोल्यौं
अथवा अर्घ चढ़ायौं र?'
२० तब यर्मियाले तिनलाई जवाफ
दिने लोग्नेमानिस र स्वास्नीमानिस दुवैलाई
भने, २१ 'तिमीहरू, तिमीहरूका पुर्खाहरू,
तिमीहरूका राजाहरू, तिमीहरूका शासकहरू
र देशका मानिसहरूले यहूदाका शहरहरू र
यरूशलेमका गल्लीहरूमा हालेको धूपको विषय
के परमप्रभुलाई स्मरण थिएन? के उहाँको
नजरमा त्यो आएन? २२ परमप्रभुले
तिनीहरूका दुष्ट चाल र तिनीहरूले
गरेका घृणित कामहरू अरू बेसी
सहनसक्नुभएन। यसैले तिमीहरूका देश
उजाड़, ध्वंस, श्रापित र बासिन्दा विना
भएको छ, जस्तो आज देखिन्छ।
२३ तिमीहरूले धूप जलाएको, तिमीहरूले
परमप्रभुको विरुद्धमा पाप गरेको र परमप्रभुको
वचनमा ध्यान नदिएको, अथवा उहाँको व्यवस्था,
विधि र साक्षी-वचन पालन नगरेको कारण
यो विपत्ति, जो आज देखिन्छ, तिमीहरूमाथि
आएको हो।'
२४ यर्मियाले ती सबै लोग्नेमानिस र
स्वास्नीमानिसहरूलाई भने, 'मिश्र देशमा
भएका हे सबै यहूदी हो, परमप्रभुको वचन
सुन, २५ 'सेनाहरूका परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ, 'स्वर्गकी रानीलाई धूप
बाल्ने र अर्घ खन्याउने हामीले गरेको
भाकल हामी निश्चय पूरा गर्नेछौं' भनी
तिमीहरू र तिमीहरूका स्वास्नीहरूले आफ्नै
मुखले भनेका छौ र आफ्नै हातले ती पूरा
गरेका छौ, तब तिमीहरूका भाकलहरू पूरा गर।
तिमीहरूका भाकलहरू चढ़ाऊ। २६ यसकारण
मिश्र देशमा बस्ने हे सबै यहूदी हो,
परमप्रभुको वचन सुन, परमप्रभु भन्नुहुन्छ,
हेर, मेरो ठूलो नाउँमा मैले शपथ खाएको
छु, कि सारा मिश्र देशभरिनै कुनै यहूदीको
मुखबाट 'जीवित परमप्रभुको नाउँमा' भन्दै
मेरो नाउँको पुकारा हुनपाउनेछैन। २७ हेर,
म तिनीहरूलाई असलको निम्ति होइन तर
खराबको निम्ति हेर्दै बस्तैछु। मिश्र देशमा
हुने सबै यहूदीहरू तरवार र अनिकालले भस्म
हुनेछन्। २८ औ तरवारबाट बाँचेकाहरू
थोरै मात्र मिश्र देशदेखि यहूदाको
देशमा फर्केर जानेछन्। औ यहूदाका
बाँचेकाहरू जम्मै मिश्र देशमा बस्न
आएकाहरूले जान्नेछन् कि कसको वचन चाहिं
सत्य ठहर्दो रहेछ। मेरो कि तिनीहरूको!
२९ परमप्रभु भन्नुहुन्छ, तिमीहरूको खराबी

गर्नें मेरो वचन निश्चय पूरा हुन्छ भनी तिनीहरूले जान भनेर म तिमीहरूलाई यसै ठाउँमा दण्ड दिनेछु। औ योनै तिमीहरूलाई चिह्न हुनेछ। ३० परमप्रभु भन्नुहुन्छ, हेर, जसरी मैले यहूदाको राजा सिदकियाहलाई त्यसो ज्यान लिन खोज्ने त्यसको शत्रु बाबेल्को राज नबूकदनेसरको हातमा सुम्पि-दिएँ, त्यसरीनै म मिश्र देशको राजा फिरऊन होप्रालाई पनि त्यसको ज्यान लिन खोज्ने त्यसको शत्रुको हातमा सुम्पिदिनेछु।'

बारूकलाई अगमवाणी

४५ योशियाहको छोरो यहूदाका राजा यहोयाकीमको शासनकाल्को चौथो वर्षमा नेरियाहको छोरो बारूकले यर्मिया अगमवक्ताले लेखाएका वचन एउटा पुस्तकमा लेखिसक्दा यर्मियाले बारूकलाई भने, २ 'हे बारूक, परमप्रभु इस्राएल्का परमेश्वर तिमीलाई यसो भन्नुहुन्छ, ३ 'तैंले भनिस्, 'धिक्कार मलाई! किनकि परमप्रभुले मेरो दुःखमाथि दुःख थपिदिनुभयो! सुस्केरा मार्दा मार्दा म थाकि-सकें! म कतै पनि विश्राम पाउँदिनँ!' ४ यसैकारण परमप्रभु भन्नुहुन्छ, 'तैंले त्यसलाई यसो भन्, हेर, जे मैले बनाएको छु, त्यो म भत्काइरहेछु। औ जे मैले रोपेको छु, त्यो म उखेलिरहेछु—अर्थात् यो सारा देशनै। ५ के तैं चाहिं आफ्नै निम्ति ठूला कुराहरू खोज्छस्? ती नखोज्। किनकि हेर्, म सबै प्राणीमाथि विपत्ति ल्याइरहेछु, तर तैं जहाँ जान्छस् ती सबै ठाउँमा तेरो प्राण म तँलाई युद्धको लूटको धनसरह छोडिदिनेछु, परमप्रभु भन्नुहुन्छ'।'

मिश्रको विरुद्धमा अगमवाणी

४६ जाति जातिहरूका विषयमा यर्मियाकहाँ आएको परमप्रभुको वचन। २ मिश्र देशको विषयमा—मिश्र देशका राजा फिरऊन नेकोको सेनाको विषयमा, जो यूफ्रेटिस नदीको तीर कर्कशमा थियो, औ जसलाई यहूदाका राजा यहोयाकीमको शासनकाल्को चौथो वर्षमा बाबेलका राजा नबूकदनेसरले जितेका थिए।

३ 'साना र ठूला ढाल्हरू तयार पार, औ युद्धको लागि अघि बढ़। ४ घोड़ाहरूमा जीन-लगाम कस। हे घोड़चढ़ी हो, सवार होऊ। लड़ाइँका टोप लगाएर आफ्नो ठाउँमा खड़ा होऊ। तिमीहरूका भाला टल्काऊ। झिलम लगाऊ। ५ मैले किन यो देखें? तिनीहरू ता आतसले भरिएर पछि हटेका छन्। तिनीहरूका योद्धाहरूले हार खाए। तिनीहरू चाँड़ो चाँड़ो गरी भागे। तिनीहरू पछि हेर्दैनन्—चारैतिर त्रासै त्रास छ। परमप्रभु भन्नु-हुन्छ। ६ 'चाँड़ो भाग्ने पनि भाग्नसक्तैन। योद्धा उम्कनसक्तैन। उत्तरमा यूफ्रेटिस नदीको किनारमा तिनीहरू ठक्कर खाएर लोटे। ७ नील नदीझैं बढ़ेर आउने नदीहरूको पानी उर्लेर आउँछ। यो को हो? ८ मिश्र देश नील नदीझैं बढ़ेर आउँछ। नदीहरूझैं पानी उर्लेर आउँछ। त्यसले भन्छ, 'म बढ़नेछु। म पृथ्वीलाई ढाक्नेछु। म शहर-हरू र तिनका बासिन्दाहरूलाई नाश पार्नेछु।' ९ हे घोड़ा हो, अघि बढ़। हे रथ हो, बेगले हिंड़। योद्धाहरू अघि बढ़न्। ढाल चलाउने कूश र पूतका मानिसहरू, बाण हान्नमा सिपालु लूदका मानिसहरू अघि बढ़ून्। १० त्यो दिन परमप्रभु सेनाहरूका परमेश्वरको दिन हो। बदला लिने दिन, आफ्ना शत्रुहरूलाई साटो फेर्ने दिन। तरवार खाएर तृप्त हुनेछ। तिनीहरूको रगत पिएर त्यो अघाउनेछ। किनभने उत्तर दिशामा, यूफ्रेटिस नदीको किनारमा, परमप्रभु सेनाहरूका परमेश्वरको निम्ति बलिदान छ। ११ हे मिश्र देशकी कन्ये-छोरी, गिलादमा गएर मलहम ले, तैंले व्यर्थमा धेरै किसिमका औषधिहरू लगाइस्। तँ निको हुनेछैनस्। १२ जाति जातिहरूले तेरो लाजको कुरा

सुनेका छन्। तेरो क्रन्दनले सारा पृथ्वी
भरियो। किनभने योद्धासित योद्धा ठक्कर
खान पुगे। तिनीहरू दुवै एकसाथ लोटे।''
१३ बाबेलका राजा नबूकदनेसरले आएर
मिश्र देशलाई कसरी आक्रमण गर्नेछ, त्यस
विषयमा परमप्रभुले यर्मिया अगमवक्तालाई
भन्नुभएको वचन—
१४ 'मिश्र देशमा प्रचार गर। मिग्दोल्मा
घोषणा गर, मेमफिस र तहपन्हेसमा पनि
घोषणा गरेर यसो भन्, 'तयार भएर
खड़ा होऊ, तयार होऊ, किनभने तरवारले
तिमीहरूका चारैतिर नष्ट गर्नेछ।' १५ तेरा
बलियाहरू किन सोहोरिएर लगिए? तेरा
साँढे किन खड़ा हुनसकेन? किनभने परम-
प्रभुले त्यसलाई घचेटिदिनुभयो। १६ तेरा
घोड़हरू ठक्कर खाएर लोटे, औ तिनीहरू
एकाले अर्कोलाई भन्नेलागे, 'उठ, अत्याचारको
तरवारदेखि भागेर हामीहरू आफ्नै मानिसकहाँ
र आफ्नै जन्म-देशमा फर्केर जाऔं।
१७ मिश्र देशको राजा फिरऊनको नाउँ
'हल्ला गर्ने, समय बर्बाद गर्ने' भनी राख।'
१८ जसको नाउँ सेनाहरूका परमप्रभु हो,
उहाँ भन्नुहुन्छ, 'मेरो जीवनको शपथ,
पहाड़हरूमध्ये याबेरझैं, र समुद्रको किनारको
कर्मेलझैं एक जना आउनेछ। १९ हे मिश्र
देशका बासिन्दा हो, कैदमा जानलाई
तिमीहरू आफ्ना आफ्ना झिटिमिटि तयार
पार। किनभने मेमफिस उजाड़ हुनेछ। बासिन्दा
नभएको भत्केको ढेर त्यो हुनेछ। २० मिश्र
एउटी सुन्दरी कोरली हो, तर उत्तर दिशा-
बाट एउटा डाँस त्यसमा आएर बसेको छ।
२१ त्यसका ज्यालादार सिपाहीहरू पनि
पोसिएका बाछाहरूझैं छन्, किनभने तिनीहरू
एकैसाथ पीठ फर्काएर भागे, तिनीहरू
अड़नसकेनन्। किनकि तिनीहरूका विपत्तिको
दिन, तिनीहरूको सजाको दिन आइसकेको
छ। २२ सर्प सुलुलुलु गएको जस्तै आवाज
निकाल्छ, किनभने त्यसका शत्रुहरू जबरदस्त
अघि बढ्दै आउँछन्। बन्चरो लिएर
रूख ढाल्न आउनेझैं आइलाग्नेछन्।
२३ परमप्रभु भन्नुहुन्छ, 'त्यसका जङ्गलहरू
छिरि नसक्ने भए तापनि तिनीहरूले ती
ढाल्नेछन्। किनकि संख्यामा तिनीहरू सलह-
भन्दा पनि धेरै छन्। तिनीहरू अनगन्ती छन्।
२४ मिश्र देशकी कन्या लाजमा पारिनेछ।
उत्तर दिशाबाट आएका मानिसको हातमा त्यो
सुम्पिइनेछ।' २५ सेनाहरूका परमप्रभु
इस्राएलका परमेश्वरले भन्नुहुन्छ, 'हेर, म
थेबेसको आमोन, फिरऊन, मिश्र देश र त्यसका
देवता र राजाहरू औ फिरऊन र त्यस-
माथि भरोसा राख्नेहरूमाथि दण्ड ल्याउँदैछु।
२६ म तिमीहरूलाई तिनीहरूका ज्यान
लिनखोज्नेहरूका हातमा, अर्थात् बाबेलको
राजा नबूकदनेसर र त्यसका अफिसरहरूका
हातमा सुम्पिदिनेछु। त्यसपछि चाहिँ अघिझैं
फेरि मिश्र देश आबादी हुनेछ, परमप्रभुको
भन्नुहुन्छ'।'
२७ 'तर हेर मेरो दास याकूब, तँ
चाहिँ नडरा। हे इस्राएल, तँ हतास नहो।
किनभने हेर्, म तँलाई टाढ़ा देशदेखि
र तेरा सन्तानलाई कैदमा बसेकी देशदेखि
छुटाउनेछु। याकूब फर्केर सुख र शान्तिमा
बस्नेछ, औ कसैले त्यसलाई डर देखाउन-
सक्नेछैन।' २८ परमप्रभु भन्नुहुन्छ, 'हे
मेरो दास याकूब, नडरा। किनभने म
तँसित छु। जुन जुन जातिहरूका बीचमा
मैंले तँलाई धपाएर पठाएँ, तिनीहरूको म
पूरै संहार गर्नेछु। तर तेरो चाहिँ म
पूरै संहार गर्नेछैनँ। ठीकसँग म तँलाई चेताउनी
दिनेछु। कुनै किसिमले पनि तँलाई दण्ड नदिई
म छोड़नेछैनँ।'

पलिश्तीहरूको विरुद्धमा अगमवाणी

४७ फिरऊनको गाजा शहरलाई नष्ट
पार्न अघि पलिश्तीहरूको विषयमा
यर्मिया अगमवक्ताकहाँ आएको परमप्रभुको
वचन—

२ 'परमप्रभु भन्नुहुन्छ, हेर, उत्तर
दिशादेखि पानी बढ़ेर आइरहेछ। त्यो
बाढ़ीको भलझैं हुनेछ। त्यसले देश र
त्यसमा भएका जम्मै कुरालाई डुबाउनेछ,
शहर त्यसमा बसेका जम्मैलाई। मानिसहरू
रूनेछन्, र देशका बासिन्दाहरू प्रत्येकले
बिलाप गर्नेछ। ३ त्यसका घोड़ाहरूका
टापको आवाजले, त्यसका रथहरू
वेगले कुदेको तिनका पाङ्राका गुड़गुड़
शब्दले गर्दा बाबुहरूका हात यति दुर्बल
हुन्छ, कि तिनीहरू पछि फर्केर आफ्ना
छोरा-छोरीहरूलाई पनि हेर्दैनन्। ४ किनभने
सबै पलिश्तीहरूको नाश हुने दिन
आउँदैछ। बाँचेका सबै सहायता गर्नेहरू,
सोरदेखि सिदोनसम्मै नष्ट हुनेछन्। किनभने
परमप्रभुले पलिस्तीहरूलाई नाश गर्नुहुनेछ,
कप्तोरका किनारमा बस्नेहरू सबैलाई।
५ गाजाले कपाल मुढ़ाएको छ। अश्कलोन
नाश भयो। हे अनाकीममा बाँचेका हो,
कहिलेसम्म तिमीहरू आफ्ना शरीर चिर्दै
रहन्छौ ? ६ हे परमप्रभुको तरवार, तँ
कहिलेसम्म शान्त हुनेछैनस् ? आफ्नो म्यानमा
पस्। विश्राम ली, र शान्तसँग बस्।
७ परमप्रभुले त्यसलाई हुकूम गर्नुभएको छ।
त्यो कसरी शान्त भएर बस्छ र ? अश्कलोन
र समुद्र किनारका देशहरूका विरुद्धमा
परमप्रभुले त्यसलाई नियुक्त गर्नुभएको छ।'

मोआबको विरुद्धमा अगमवाणी

४८ मोआबको विषयमा— 'सेनाहरूका
परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छ, 'नबोलाई धिक्कार! किनभने त्यो
नाश भएको छ। किर्यातैम लाजमा परेका
छ, त्यो कब्जा गरियो। किल्ला लाजमा
पारियो, र भत्काइयो। २ मोआबको ख्याति
अब रहेन।' हेसबोनमा तिनीहरूले यसो
भनेर त्यसको विरुद्धमा खराबी रचे, 'आऊ,
हामी त्यसलाई नाश गरेर एउटा जाति
भन्न नदिऔं।' हे मदमेन, तँ चूप हुनेछस्,
तरवारले तँलाई खेद्नेछ! ३ सुन, होरोनैम-
देखि एउटा क्रन्दन, 'उजाड़ र ठूलो
सर्वनाश। ४ मोआब नाश भयो।'
सोअरसम्मै त्यसको रूवाइ सुनिन्छ।
५ लूहीतको उकालोमा तिनीहरू रूँदै
उक्लन्छन्। किनकि होरोनैमको ओहालोमा
तिनीहरूले विनाशको क्रन्दन सुनेका छन्।
६ भाग! आफ्नो ज्यान बचाऊ! जस्तो
मरुभूमिमा वन-गधा, त्यस्तै होऊ!
७ किनभने तिमीहरूले आफ्ना किल्लाहरू र
धनहरूमा भरोसा राख्यौ। तिमीहरू पनि
कब्जामा पर्नेछौ। कमोश आफ्ना पूजाहारी
र राजकुमारहरूसमेत कैदमा जानेछ।
८ परमप्रभुले भन्नुभएअनुसार हरेक
शहरमा नाश गर्ने आउनेछ, र एउटै शहर
उम्कनेछैन। बेंसी नष्ट हुनेछ, र मैदान
नाश पारिनेछ। ९ मोआबलाई पखेटा
लगाइदेऊ, किनभने त्यो उड़ेर जानेछ।
त्यसका शहरहरू उजाड़ होइजानेछन्। तिनमा
एउटै बासिन्दा हुनेछैन।' १० परमप्रभुको
काम सुस्तसित गर्ने श्रापित हो! आफ्ना
तरवारलाई रक्तपात गर्नदेखि रोक्ने श्रापित
हो!'

११ 'मोआब युवावस्था देखिनै आराममा
छ। त्यो ढुक्क भएर बसेको छ। त्यो
एउटा भाँडाबाट अर्को भाँडामा रित्याइएको
छैन। त्यो कैदमा गएको छैन। यसैले
त्यसको स्वाद त्यसमा रहिरहेको छ। त्यसको
सुगन्ध बदलेको छैन।' १२ यसकारण
परमप्रभु भन्नुहुन्छ, 'हेर, दिन आउँदैछ,
जब म खन्याउनेहरूलाई त्यसकहाँ पठाउनेछु।
तिनीहरूले त्यसलाई खन्याउनेछन्, र त्यसका
भाँड़ाहरू रित्याउनेछन् औ त्यसका गाग्राहरू
चूर चूर पारेर फुटाइदिनेछन्। १३ औ
जसरी आफूले भरोसा गरेको बेतेलदेखि
इस्राएल लाजमा पारियो, त्यसरीनै मोआब
पनि कमोशदेखि लाजमा पारिनेछ।'
१४ 'हामीहरू वीर र शक्तिशाली' योद्धा

भनेर तिमीहरू कसरी भन्छौ ? १५ मोआब र
त्यस शहरहरूलाई नाश गर्ने आएको छ।
त्यसका जवानहरूमा सबैभन्दा खाइलाग्दाहरू
मारिनलाई गएका छन्। महाराजा, जसको
नाउँ सेनाहरूका परमप्रभु हो, उहाँ यो कुरा
भन्नुहुन्छ, १६ 'मोआबको विपत्ति नजीकै
आएको छ, त्यसको संकष्ट एकदमै चाँडो
आउँदैछ। १७ त्यसका चारैतिर रहनेहरू
र त्यसका नाउँ जान्ने हो, त्यसको निम्ति
शोक गर, औ भन, 'त्यो शक्तिशाली
राजदण्ड, महिमाको लौरो कसरी भाँचियो ?'
१८ हे दीबोनको बासिन्दा, आफ्नो महिमित
स्थानदेखि ओर्हेर खहरिएको सुखा जमीनमा
बस्! किनभने मोआबमाथि नाश आएको छ।
त्यसले तेरा किल्लाहरू नाश पारेको छ।
१९ हे अरोएरका बासिन्दा, बाटोमा खड़ा
भएर हेर। भाग्ने र उम्कनेलाई सोध,
'के भयो ?' भनी तिनीहरूलाई सोध।
२० मोआब लाजमा परेको छ, किनभने
त्यो नाश भएको छ। विलाप गर, रोऊ
मोआब उजाड़मा पारियो भनी अर्नोनको
किनारमा गएर भन। २१ माल भूमिमाथि
दण्डको आज्ञा परेको छ, अर्थात् होलोन,
यहसा र मेपातमाथि, २२ दीबोन, नबो र
बेत-दिबलातैममाथि, २३ कियतैम, बेतगामूल
र बेत-मोनमाथि, २४ करियोत, बोज्रा र
मोआबका नजीक र टाढ़ाका जम्मै शहर-
हरूमाथि त्यो परेको छ। २५ मोआबको
सीङ काटियो, र त्यसका पाखुरा भाँचिए!
परमप्रभु भन्नुहुन्छ।'
२६ त्यसलाई मताऊ, किनभने त्यसले
परमप्रभुको विरुद्धमा आफैलाई ठूलो बनायो।
मोआब आफ्नै वान्तमा लड़िबड़ि खेल्नेछ, र
त्यसको पनि ठट्टा उड़ाउनेछ। २७ के
इस्राएल तेरो निम्ति ठट्टाको कुरो भएको
थिएन ? के त्यो चोरहरूको बीचमा
पक्राउ परेको थियो ? किनकि जब तैंले
त्यसको कुरा गर्छस् तैंले आफ्नो शिर हल्लाई
हल्लाईकन त्यसको ठट्टा गर्छस्। २८ शहरहरू
छोड़ र चटानहरूमा बस, हे मोआबका
बासिन्दा हो! ओढ़ारको मुखको छेउमा
गुँड़ लाउने ढुकुरजस्ता होऊ।
२९ मोआबको अहंकारको कुरा हामीले
सुनेका छौं—त्यो साह्रै घमण्डी छ—त्यसको
फुटानी, त्यसको घमण्ड, त्यसको सेखी,
र त्यसको अहंकारको कुरा हामीले सुनेका
छौं! ३० त्यसको रीस म जान्दछु,
परमप्रभु भन्नुहुन्छ, त्यसको घमण्ड फोस्रो छ,
त्यसको घमण्डले केही गर्न सकेको छैन।
३१ यसैकारण म मोआबको निम्ति विलाप
गर्दछु। म सारा मोआबको निम्ति रून्छु।
कीरहेरेसका मानिसहरूका निम्ति म शोक
गर्दछु। ३२ याजेरको लागि भन्दा बढ़ी
म तेरो लागि रून्छु। ए सिब्नाका दाखका
बोट, तेरा लहराहरू समुद्र पार गरेर
याजेरसम्म पुगे। तेरा ग्रीष्मका फलहरू र
तेरा दाखको रसमा नाश गर्ने आइलागेको
छ। ३३ मोआबको फलवन्त देशबाट
आनन्द र रमाहट उठाइलगिएको छ। दाखको
कोलबाट मैले दाखको रस बन्द गरिदिएको
छु। आनन्दले कराउँदै कसैले त्यो कुल्चँदैन।
तिनीहरूको कराइ हर्षको कराइ होइन।
३४ हेशबोन र एलाले कराउँछन्।
तिनीहरूको सोर यहससम्मै पुग्छ—सोअरदेखि
होरोनैमसम्म, र एग्लतशलीशियासम्मै।
किनकि निम्रीमको पानी पनि सुकिसकेको
छ। ३५ परमप्रभु भन्नुहुन्छ, अल्गा डाँड़ामा
बलिदान चढ़ाउने र त्यसको देवतालाई
धूप बाल्नेलाई म मोआबदेखि बिलकुलै नाश
गर्नेछु।
३६ यसकारण मेरो हृदय मोआबको
लागि बाँसुरीले झैं विलाप गर्नेछ! मेरो मन
कीरहेरेसका मानिसहरूका निम्ति बाँसुरीले
झैं विलाप गर्नेछ! यसकारण तिनीहरूले
कमाएका धन नष्ट भए। ३७ किनभने
तिनीहरू हरेकले कपाल मुढ़ाएको छ।
दाही काटिएको छ। तिनीहरूका हात
काटेर चिरिएका छन्। तिनीहरूको कम्मरमा

भाञ्रा छ। ३८ मोआबका सबै घरका
कौसी कौसीमा र चोकहरूमा रूवाइबाहेक
अरू केही छैन, किनकि मैंले मोआबलाई
भाँडा फुटाएजस्तै फुटाइदिएँ, जुन
कुराको कसैले वास्ता गर्दैन, परमप्रभु
भन्नुहुन्छ। ३९ त्यो कसरी फुट्यो!
तिनीहरू कसरी विलाप गर्दछन्! मोआबले
कसरी लाजले आफ्नो पीठ फर्कायो!
यसैले मोआब आफ्ना चारैतिर हुनेहरूका
निम्ति हाँसो र अति घृणित भयो।
४० किनभने परमप्रभु भन्नुहुन्छ, चीलले
झैं वेगसित उड्रेर कसैले मोआबमाथि आफ्नो
पखेटा फिजाउनेछ। ४१ शहरहरू कब्जा
गरिनेछन्, र किल्लाहरू अधिकार गरिनेछन्।
त्यस दिन मोआबका योद्धाहरूको मुटु
प्रसव वेदनामा परेकी स्त्रीको जस्तै हुनेछ।
४२ मोआब नष्ट पारिनेछ, र त्यो फेरि
कहिल्यै एउटा जाति रहनेछैन, किनभने
त्यसले परमप्रभुको विरुद्धमा आफैलाई ठूलो
बनायो। ४३ त्रास, खाड्ल र पासो
तिमीहरूका अगि छन्, हे मोआबका बासिन्दा
हो, परमप्रभु भन्नुहुन्छ। ४४ त्रासदेखि
भाग्ने खाड्लमा पर्नेछ। खाड्लदेखि माथि
निस्कने पासोमा पर्नेछ। किनभने तिनीहरूले
दण्ड पाउने वर्षमा म मोआबमाथि यो कुरा
ल्याउनेछु, परमप्रभु भन्नुहुन्छ।

४५ भाग्नेहरू हेशबोनको छायामा बल
नभएर अड्छिन्छन्। किनभने हेशबोनदेखि
एउटा आगो निस्की गएको छ—सीहोनको
घरानादेखि एउटा ज्वाला। त्यसले मोआबको
निधारलाई नाश पारेको छ, झगडा गर्नेका
छोराहरूको थाप्लोलाई। ४६ धिक्कार
तँलाई, ए मोआब! कमोशका मानिसहरू
नष्ट भए, किनभने तेरा छोराहरू कैदी
बनाएर लगिए। तेरा छोरीहरू कैदमा
लगिए। ४७ तापनि पछिल्ला दिनमा
म मोआबको सुदिन फेरि ल्याइदिनेछु,
परमप्रभु भन्नुहुन्छ।' मोआबमाथिको दण्डाज्ञा
यतिसम्म हो।

अम्मोनवंशीहरूको विरुद्धमा अगमवाणी

४९ अम्मोनवंशीहरूको विषयमा परमप्रभु
यसो भन्नुहुन्छ, 'के इस्राएलका
छोरीहरू छैनन्? के त्यसको कुनै उत्तराधि-
कारी छैन? किन ता मल्कामले गादलाई
त्यसको ठाउँदेखि निकाल्यो, र त्यसका आफ्ना
मानिसहरू शहरहरूमा आएर बसे? २ हेर,
यसैकारण दिन आउँदैछ, जब म अम्मोनी-
हरूको रब्बाको विरुद्ध युद्धको ध्वनि सुन्न
लाउनेछु भनी परमप्रभु भन्नुहुन्छ। त्यो
एउटा उजाड डाँडा जस्तै हुनेछ, र त्यसका
गाउँहरू आगोले भस्म पारिनेछन्। तब
आफूलाई अधिकार गर्नेहरूलाई इस्राएलले
खेदिनिकाल्नेछ, परमप्रभु भन्नुहुन्छ। ३ हे
हेशबोन, विलाप गर्। किनभने ऐ शहर
उजाड पारिएको छ। हे रब्बाका छोरी
हो, रोऊ! भाञ्रा लगाऊ, विलाप गर,
र झाडीहरूका बीचमा यताउता दँगुर!
किनभने मल्काम त्यसका पूजाहारी र
शासकहरूसित कैदमा जानेछ। ४ तँ किन
आफ्ना बँसीहरूका निम्ति घमण्ड गर्दछस्?
हे अविश्वासी छोरी, 'मेरो विरुद्धमा को
आउँछ?' भन्दै आफ्नो धनमा तैंले भरोसा
गर्थिस्। ५ सेनाहरूका परमप्रभु भन्नुहुन्छ,
'हेर्, तेरा चारैतिर हुनेहरूदेखि म तँमाथि
त्रास ल्याउनेछु, र तिमीहरू हरेक सीधै
धपाइनेछौ, भाग्नेहरूलाई जम्मा गर्ने कोही
हुनेछैन। ६ तर पछि म अम्मोनवंशीहरूको
सुदिन ल्याइदिनेछु, परमप्रभु भन्नुहुन्छ।'

एदोमको विरुद्धमा अगमवाणी

७ एदोमको विषयमा—सेनाहरूका परम-
प्रभु भन्नुहुन्छ, 'के तेमानमा अब केही
बुद्धि छैन? के ज्ञानीहरूको युक्ति नष्ट
भयो? के तिनीहरूको बुद्धि हरायो?
८ हे ददानका बासिन्दा हो, भाग, फर्क,

गहीरो ठाउँहरूमा बस! किनभने म एसावको दुःख त्यसमाथि ल्याउनेछु, अर्थात् त्यो समय जब मैले एसावलाई दण्ड दिएको थिएँ। ९ दाख टिप्नेहरू तँकहाँ आएको भए, के तिनीहरूले शिला-बाला छोड़ने थिएनन्? राती चोरहरू आएका भए, के तिनीहरूले आफ्नै निम्ति यथेष्ट हुने मात्र फोरेर लैजाने थिएनन्? १० तर मैले एसावलाई नाङ्गो-झार पारें, मैले त्यसका लुक्ने ठाउँहरू प्रकट गरिदिए, त्यसले अब आफैलाई लुकाउनसक्नेछैन। त्यसका बालकहरू, दाज्यू-भाइहरू त्यसका छिमेकीहरू नाश पारिए, अब त्यसको नाउँ-निशानै छैन। ११ तेरा टुहुरा-टुहुरीहरूलाई छोड़िराख्, म तिनीहरूलाई जीवित राख्नेछु, औ तेरा विधवाहरूले ममाथि भरोसा राखून्।' १२ परमप्रभु भन्नुहुन्छ, 'यदि कचौरा पिउन नपर्नेले पनि त्यो पिउनैपर्छ भने, के दण्ड नपाईकन तँ उम्कन पाउँछस्? दण्डबाट तँ उम्कन पाउनेछैनस्। तैंले कचौरा पिउनैपर्छ। १३ किनभने मैले आफ्नै नाउँमा शपथ खाएको छु, कि बोज्रा अति घृणित, गिल्ला उजाड़ र सराप बन्नेछ र त्यसका सबै शहरहरू सधैंको निम्ति उजाड़ हुनेछ, परमप्रभु यही भन्नुहुन्छ।

१४ मैले परमप्रभुबाट समाचार सुनेको छु, र जाति जातिहरूकहाँ यसो भन्नू भनी एउटा दूत पठाइएको छ, १५ किनभने हेर्, मैले तँलाई जाति जातिहरूका बीचमा तुच्छ, मानिसहरूका बीचमा घृणित तुल्याएको छु। १६ हे चटानका चिराहरूमा बस्ने, हे डाँड़ाका टाकुराहरूमा ढुक्कसित बस्ने, तैंले आफ्नो गुँड़ चीलको झैं अग्लोमा बनाए तापनि म तँलाई त्यहाँबाट तल झार्नेछु, परमप्रभु भन्नुहुन्छ। १७ एदोम अति घृणित हुनेछ। त्यसका सबै नाश देखेर त्यहाँबाट जाने सबै तर्सनेछन् र त्यसको गिल्ला गर्नेछन्। १८ परमप्रभु भन्नुहुन्छ, सदोम र गमोरा र तिनका छेउछाउका शहरहरू नष्ट हुँदा भएझैं त्यहाँ कोही मानिस रहनेछैन, त्यहाँ कोही मानिस प्रवासी भएर बस्नेछैन। १९ हेर, त्यो बलियो भेड़ीगोठमा जाइलाग्न, यर्दनको जङ्गलबाट आउने सिंहझैं आउँछ, तर म त्यसलाई एक्कासि त्यसदेखि भाग्नलाउनेछु। औ जसलाई म छान्छु, त्यसैलाई म त्यसमाथि नियुक्त गर्नेछु। किनभने को मजस्तो छ र? मलाई कसले हुकुम गरेर बोलाउनसक्छ?

२० कुन चाहिं गोठाला मेरो सामने अड़िनसक्छ? यसैकारण एदोमको विरुद्धमा परमप्रभुले रच्नुभएको युक्ति, र तेमानका बासिन्दाहरूका विरुद्धमा उहाँको अभिप्राय कस्तो छ? सुन, 'बगालका साना साना पाठाहरूलाई पनि तानेर लैजानेछ। निश्चय, तिनीहरूले त्यसको दुर्दशा देखेर गोठ भेड़ा-बाख्रा विना रित्तो पारिदिनेछ। २१ तिनीहरू लोटेको आवाजले पृथ्वीनै काम्नेछ। तिनीहरू कराएको सोर लाल समुद्रसम्मै सुनिनेछ। २२ हेर, त्यो आउनेछ, र चीलझैं वेग हानेर उड़नेछ, बोज्राको विरुद्धमा त्यसले आफ्नो पखेटा फिँजाउनेछ। औ एदोममा योद्धाहरूको मन त्यस दिन प्रसव वेदनामा परेकी स्त्रीको झैं हुनेछ।'

दमिशकको विरुद्धमा अगमवाणी

२३ दमिशकको विषयमा—'हमात र अर्पाद अलमल्ल परे, किनभने तिनीहरूले खराब समाचार सुनेका छन्। तिनीहरू डरले गलिसकेका छन्, शान्त हुन नसक्ने समुद्रझैं तिनीहरूको मन घबराएको छ। २४ दमिशक निर्बल भएको छ, त्यो भाग्नलाई पछि फर्क्यो, त्रासले त्यसलाई समातेको छ, सुत्केरी वेदनामा परेकी स्त्रीझैं चिन्ता र शोकले त्यसलाई पक्रेको छन। २५ त्यो प्रसिद्ध शहर, त्यो रमाहटले पूर्ण भएको शहर, कसरी त्यागियो! २६ यसै-

कारण त्यसका जवान मानिसहरू चोकहरूमा
ढल्नेछन्, र त्यस दिन त्यसका सबै
सिपाहीहरू नाश पारिनेछन्, सेनाहरूका
परमप्रभु भन्नुहुन्छ। २७ म दमिशकको
पर्खालमा आगो लगाइदिनेछु, र त्यसले
बेनहददका महलहरू भस्म पार्नेछ।'

विभिन्न जातिका विरुद्धमा अगमवाणी

२८ बाबेलका राजा नबूकदनेसरले नाश
पारेका केदार र हासोरका राज्यहरूका
विषयमा—'परमप्रभु भन्नुहुन्छ, उठ, केदारको
विरुद्धमा अगि बढ़। पूर्वका मानिसहरूलाई
नाश पार। २९ तिनीहरूका पाल र
बगालहरू, तिनीहरूका पर्दा र सबै मालताल
लगिनेछन्, तिनीहरूका उँटहरू तिनीहरूबाट
खोसी लगिनेछन्, औ मानिसहरूले कराई
कराईकन तिनीहरूलाई भन्नेछन्, चारैतिर
त्रास! त्रास!' ३० परमप्रभु भन्नुहुन्छ,
'हे हासोरका बासिन्दा हो, भाग, फिरन्ते
भएर टाढ़ा जाऊ, गुप्त ठाउँहरूमा लुकेर
बस, किनभने बाबेलको राजा नबूकदनेसरले
तिमीहरूका विरुद्धमा एउटा युक्ति रचेको
छ। तिमीहरूका विरुद्धमा त्यसले एउटा
उपाय रचेको छ। ३१ परमप्रभु भन्नुहुन्छ,
उठ, त्यो आराम र ढुक्कसित बस्ने जातिको
विरुद्धमा अगि बढ़, त्यो जाति जसको नता
मूल-ढोका न गजबार छन्, जो एक्लै
बस्तछ। ३२ तिनीहरूका उँटहरू लुटका
माल हुनेछन्, तिनीहरूका गाई-गोरुका बथान
लुटिनेछन्। कपालका कुना कुना मुड़ाउनेहरू-
लाई म चारै दिशामा तितर-बितर पार्नेछु,
र तिनीहरूका चारतिरबाट तिनीहरूमाथि
विपत्ति ल्याउनेछु, परमप्रभु भन्नुहुन्छ।
३३ हासोर स्यालहरूका कुर हुनेछ, त्यो
सदाको निम्ति उजाड़-स्थान बन्नेछ, त्यहाँ
कुनै मानिस बस्नेछैन, त्यसमा कुनै मानिस
प्रवास गर्नेछैन।'
३४ यहूदाका राजा सिदकियाहको
शासनकालको शुरूमा एलामको विषयमा
यर्मिया अगमवक्ताकहाँ आएको परमप्रभुको
वचन। ३५ सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, "हेर, म एलामको धनु, जो
तिनीहरूको शक्तिको आधार हो, त्यो म
भाँचिदिनेछु। ३६ औ एलाममाथि
आकाशका चारै दिशाबाट बतास चलाएर
तिनीहरूलाई चारै दिशामा तितर-बितर
पारिदिनेछु, औ समस्त जातिहरूको बीच
एलामदेखि धपाइएकाहरू पुग्नेछन्।
३७ तिनीहरूका शत्रुहरूका र तिनीहरूका
प्राण लिनेहरूका सामने म एलामलाई
भयभीत तुल्याउनेछु। म तिनीहरूमाथि
विपत्ति, अर्थात् मेरो भयानक क्रोध
ल्याउनेछु, परमप्रभु भन्नुहुन्छ। म तिनीहरूलाई
भस्म नपारूञ्जेल तिनीहरूका पछि पछि
तरवार पठाउनेछु। ३८ त्यसपछि म मेरो
सिंहासन एलाममा बसाल्नेछु, र तिनीहरूका
राजाहरू र शासकहरूलाई नाश पार्नेछु,
परमप्रभु भन्नुहुन्छ। ३९ परमप्रभु भन्नुहुन्छ,
तर पछिल्ला दिनमा म एलामको सुदिन
फेरि ल्याइदिनेछु।'

बाबेलको विरुद्धमा अगमवाणी

५० बाबेल र कल्दीहरूको देशका विषयमा
यर्मिया अगमवक्ताद्वारा परमप्रभुले
भन्नुभएको वचन।
२ 'जाति जातिहरूका बीचमा यो कुरा
प्रचार गर, र घोषणा गर, झण्डा खड़ा गरेर
घोषणा गर, नलुकाइकन भन, 'बाबेल लिइयो,
बाल देव लाजमा पारियो, मरोदक अलमल्ल
पर्‍यो। त्यसका मूर्तिहरू लाजमा पारिए,
त्यसका प्रतिमाहरू अलमल्ल परे।' ३ किनभने
उत्तर दिशाबाट एउटा जाति त्यसको विरुद्धमा
आएको छ, जसले त्यसको देश उजाड़
पार्नेछ, र त्यसमा कोही पनि बस्नेछैन,
मानिस र पशु दुवै भागिजानेछन्।
४ परमप्रभु भन्नुहुन्छ, 'ती दिनमा र त्यस

बेला इस्राएल र यहूदाका मानिसहरू सँगसँगै
रूँदै आउनेछन्, र तिनीहरूले परमप्रभु
आफ्ना परमेश्वरलाई खोज्नेछन्। ५ तिन-
हरूले सियोनतिर मोहोड़ा फर्काएर यसो भन्दै
त्यहाँ जाने बाटो कुन हो भनी सोध्नेछन्,
'आऊ, हामी स्थायी रहने, कहिल्यै नबिर्सने
करारद्वारा परमप्रभुमा लीन भइरहौं।'
६ मेरा प्रजा हराएका भेड़ाझैं भएका
छन्। तिनीहरूका गोठालाहरूले तिनीहरूलाई
पहाड़तिर लगेर भेर्माइदिए। पहाड़देखि
डाँड़ातिर तिनीहरू भरे, तिनीहरूले आफ्नो
गोठलाई भुले। ७ तिनीहरूलाई भेट्टाउने-
हरू सबैले तिनीहरूलाई खाइहाले। तिनीहरूका
शत्रुहरूले भनेका छन्, 'हामीहरू दोषी छैनौं,
किनभने तिनीहरूले परमप्रभु तिनीहरूको साँचो
बासस्थान, तिनीहरूका पिता-पुर्खाहरूको आशा
परमप्रभुको विरुद्धमा पाप गरेका छन्।'
८ बाबेलको बीचबाट भाग, र कल्दीहरूका
देशदेखि बाहिर निस्की जाऊ, औ बगालको
अगि अगि साँढ़-भेड़ाझैं होऊ। ९ किनभने
हेर, म उत्तर देशबाट ठूला जातिहरूको
एक दललाई बाबेलको विरुद्धमा सुत्याउँछु।
तिनीहरूले त्यसको विरुद्धमा पँक्ति पँक्ति
बाँध्नेछन्, र तिनीहरूले त्यसलाई लिनेछन्।
तिनीहरूका काँड़ निपुण योद्धाजस्तै छन्,
जो रित्तो हात फर्कंदैन। १० कल्दीहरूको
देश लूटिनेछ। त्यसलाई लूटने सबै तृप्त
हुनेछन् भनी परमप्रभु भन्नुहुन्छ।
११ 'हे मेरो निज-अधिकारलाई लूटनेहरू
हो, तिमीहरूले रमाहट गरे तापनि, तिमी-
हरूले अत्यन्त हर्ष मनाए तापनि, तिनीहरू
घाँसमा चरिबस्ने बाछीझैं मस्त भए तापनि,
र जवान घोड़ाहरूझैं हिनहिनाए तापनि,
१२ तिमीहरूकी आमा अति लजित हुनेछन्,
तिमीहरूलाई जन्म दिने तिरस्कृत हुनेछन्।
हेर, जातिहरूमा त्यो सबैभन्दा पछिला हुनेछ,
उजाड़-भूमिझैं सुखा र मरुभूमिझैं त्यो हुनेछ।
१३ परमप्रभुको क्रोधले गर्दा त्यसमा कोही
बास गर्नेछैन, तर त्यो बिलकुलै सर्बनाश
हुनेछ। बाबेलबाट भएर जाने सबै छक्क
पर्नेछन्, र त्यसको चोट देखेर खेद प्रकट
गर्नेछन्। १४ बाबेलका चारैतिर तिमीहरू
पँक्ति पँक्ति बाँधेर बस। हे सबै धनु नुहाउने
हो, एउटै काँड़ पनि बाँकी नराखेर त्यसलाई
हान, किनभने त्यसले परमप्रभुको विरुद्धमा
पाप गरेकी छ। १५ त्यसको चारैतिर
कराएर भन, त्यसले हार स्वीकार गरी, त्यसका
पर्खालहरू ढले, त्यसका भित्ताहरू भत्काइए।
किनभने परमप्रभुको बदला यहीनै हो, त्यस-
माथि बदला लेऊ, त्यसले जस्तो गरी त्यसलाई
पनि त्यसै गर। १६ बिऊ छर्ने र फसल
काटने दुवैलाई बाबेलबाट नष्ट गर। अत्या-
चारीको तरवारको कारणले हरेक आफ्नै
मानिसकहाँ फर्कनेछ। हरेक आफ्नै देशमा
भागेर जानेछ। १७ इस्राएल ता सिंहहरूले
खेदेको भेड़ाझैं छ। पहिले अश्शूरको राजाले
त्यसलाई निल्यो, औ अब आखिरमा बाबेलको
राजा नबूकद्नेसरले त्यसका हड्डीहरू चपायो।'
१८ यसकारण सेनाहरूका परमप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ, 'हेर, म बाबेलको
राजा र त्यसको देशलाई अश्शूरको राजालाई
दण्ड दिएझैं दण्ड दिनेछु। १९ म इस्राएल-
लाई त्यसको खर्क फर्काइदिनेछु, र त्यो कर्मेल
र बाशानमा चर्नेछ, औ एप्रैम र गिलादका
डाँड़ाहरूमा त्यसको भोक तृप्त हुनेछ।
२० परमप्रभु भन्नुहुन्छ, ती दिनमा र त्यस
बेला इस्राएलमा अधर्म खोजे तापनि पाउनेछैन।
यहूदामा पाप खोजे तापनि पाउनेछैन, किनभने
जसलाई म बचाइराख्छु तिनीहरूलाई म क्षमा
गर्नेछु।'
२१ 'मरातैमको देश र पकोदका
बासिन्दाहरूका विरुद्धमा जाऊ। तिनीहरूलाई
मार, र बिलकुलै नाश पार, परमप्रभु
भन्नुहुन्छ, औ मैले तिनीहरूलाई आज्ञा दिएका
काम सबै पूरा गर। २२ देशमा लड़ाइँ
र ठूलो सर्बनाशको आवाज सुनिन्छ।
२३ सारा पृथ्वीको घन कसरी काटिएर
भाँचियो! जातिहरूका बीचमा बाबेल कसरी

अति घृणित भयो! २४ हे बाबेल, मैले
तेरो लागि पासो थापेको थिएँ, र तँ त्यसमा
परिस्। यो तैंले थाह पाएनस्। तँ फेला
परिस्, किनभने तँ परमप्रभुको विरुद्धमा
खड़ा भइस्। २५ परमप्रभुले आफ्नो
सिलखाना खोल्नुभएको छ। उहाँले आफ्नो
क्रोधका हतियारहरू निकाल्नुभएको छ, किन-
भने कल्दीहरूको देशमा परमप्रभु सेनाहरूका
परमेश्वरले गर्नुपर्ने एउटा काम छ। २६ सबै
दिशाबाट त्यसको विरुद्धमा आऊ। त्यसका
अन्नका ढुकुटीहरू खोल। अन्न थुपारेझैं
त्यसलाई थुपार। त्यसलाई बिलकुलै नाश पार।
त्यसको केही पनि नरहोस्। २७ त्यसका सब
साँढ़हरू मार। ती काटिनलाई जाऊन्। हाय
तिनीहरूलाई, किनभने तिनीहरूको दिन आइ-
पुग्यो, तिनीहरूको दण्डको समय आइपुग्यो।'
२८ 'सुन! सियोनमा परमप्रभु हाम्रा
परमेश्वरको बदला उहाँको मन्दिरको बदला
प्रचार गर्नलाई बाबेल देशदेखि तिनीहरू
उम्केर भाग्छन्।

२९ बाबेल्को विरुद्धमा काँड हान्नेहरू-
लाई बोलाऊ, धनु तुहाउने ती सबैलाई।
त्यसका चारैतिर घेरा लगाऊ, कोही पनि
उम्कन नपाओस्। त्यसका कामअनुसार
त्यसलाई बदला देऊ, त्यसले गरेझैं त्यसलाई
गर, किनभने त्यसले अहंकार गरेर परमप्रभु
इस्राएलका पवित्र परमप्रभुको निन्दा गऱ्यो।
३० यसैकारण त्यसका जवान मानिसहरू
आफ्नै चोकहरूमा ढल्नेछन्, र त्यसका सबै
सिपाहीहरू त्यस दिन नाश पारिनेछन्, परम-
प्रभु भन्नुहुन्छ। ३१ हे अहंकारी हेर्, म
तेरो विरुद्धमा छु, सेनाहरूका परमप्रभु
भन्नुहुन्छ। किनभने तेरो दिन आइपुगेको छ,
मैंले तँलाई दण्ड दिने दिन। ३२ अहंकारी
चाहिं ठक्कर खाएर लोटनेछ। त्यसलाई उठाउने
कोही हुनेछैन। औ म त्यसका शहरहरूमा
आगो लगाइदिनेछु। र त्यसले त्यसका
चारैतिर हुनेहरू सबैलाई भस्म पार्नेछ।
३३ सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ,
'इस्राएलीहरू र तिनका साथमा यहूदाका
मानिसहरू अत्याचारमा परेका छन्। तिनी-
हरूलाई कैद गरेर लाने सबैले तिमीहरूलाई
बलियो गरी समातिराखेका छन्। तिनीहरू
उनीहरूलाई छोड़िदिन चाहदैनन्। ३४ उनी-
हरूका उद्धारक सामर्थी हुनुहुन्छ। उहाँको
नाउँ सेनाहरूका परमप्रभु हो। उहाँले निश्चय
तिनीहरूका पक्ष लिनुहुन्छ, तर बाबेल्का
बासिन्दाहरूलाई चाहिं बेचैनमा पार्नहुन्छ।
३५ परमप्रभु भन्नुहुन्छ, कल्दीहरूमाथि तरवार
परेको छ, बाबेल्का बासिन्दाहरूमाथि, र
त्यसका शासकहरूमाथि र ज्ञानीहरूमाथि पनि!
३६ तिनीहरू मूर्ख भइजाऊन् भनेर जोखना
हेर्नेहरूमाथि पनि तरवार परेको छ!
तिनीहरू नाश भइजाऊन् भनेर त्यसका योद्धा-
हरूमाथि पनि तरवार परेको छ!
३७ त्यसका घोड़ाहरू र रथहरूमाथि तरवार
परेको छ। तिनीहरू स्त्रीहरूझैं होऊन् भनेर
त्यसका बीचमा भएका सारा विदेशी फौज-
हरूमाथि तरवार परेको छ! ती लुटिऊन्
भनेर तरवार त्यसका भण्डारहरूमाथि परेको
छ! ३८ पानी सुकिजाओस् भनेर खडेरी
परेको छ! किनभने त्यो मूर्तिहरूको देश हो,
र तिनीहरू मूर्तिपूजामा उन्मत्त भएका छन्!
३९ यसैकारण बाबेलमा जङ्गली जानवरहरू र
स्यालहरू बस्नेछन्, शतुर्मुर्गहरू त्यसमा बास
गर्नेछन्। त्यसमा अब फेरि कहिल्यै कोही
मानिस बस्नेछैन। युगयुगसम्म त्यसमा कोही
बासिन्दा बस्नेछैन। ४० परमप्रभु भन्नुहुन्छ,
सदोम र गमोरा र तिनका छेउछाउका
शहरहरूलाई परमेश्वरले नाश पार्नुहुँदाझैं
बाबेलमा कोही मानिस बस्नेछैन। औ कुनै
मानिसको सन्तानले त्यहाँ प्रवास गर्नेछैन।

४१ हेर, एउटा जाति उत्तर दिशाबाट
आउँदैछ, एक शक्तिशाली जाति र धेरै राजा
हरू पृथ्वीको पल्लो भागमा सुरिंदैछन्, हे
बाबेलकी छोरी! ४२ तिनीहरूले धनु र
भाला लिएका छन्। तिनीहरू निष्ठूर छन्।
तिनीहरूमा दया छैन। तिनीहरूका आवाज

समुद्रको गर्जनझैं छ। तिनीहरू घोड़ाहरूमा
सवार भएका छन्। योद्धाझैं तेरो विरुद्धमा
पंक्ति पंक्ति भएर तिनीहरू खड़ा छन्।
४३ बाबेलको राजाले तिनीहरूको खबर सुन्यो,
र त्यसको हात फतक्क गलिहाल्यो। प्रसव
वेदनामा परेकी स्त्रीझैं त्यसलाई फिक्री पर्‍यो।
४४ हेर, त्यो बलियो भेड़ी-गोठमा जाइलाग्न
यर्दनको जङ्गलबाट आउने सिंहझैं आउँछ,
तर म त्यसलाई एक्कासि त्यसैदेखि भाग्न-
लाउनेछु। औ जसलाई म छान्छु त्यसैलाई
म त्यसमाथि नियुक्त गर्नेछु। किनभने को
मजस्तो छ र? मलाई कसले हुकूम गरेर
बोलाउनसक्छ? कुन चाहिं गोठाला मेरो
सामने अड़िनसक्छ? ४५ यसैकारण बाबेलको
विरुद्ध प्रभुले रच्नुभएको युक्ति, र कल्दीहरूको
देशको विरुद्धमा उहाँको अभिप्राय कस्तो छ?
सुन, 'बगालका साना साना पाठाहरूलाई
पनि तानेर लैजानेछ। निश्चय, तिनीहरूले
त्यसको दुर्दशा देखेर भेड़ा-बाख्रा विना गोठ
रित्तो पारिदिनेछ। ४६ बाबेल कब्जा गर्दा
सुनिएको आवाजले पृथ्वी काम्छ, र त्यसको
रूवाबासी जाति जातिहरूका बीचमा
सुनिनेछ।'

५१ परमप्रभु यसो भन्नुहुन्छ, 'म बाबेलको
विरूद्धमा र कल्दीका बासिन्दाहरूका
विरुद्धमा एउटा नाश पार्नेको आत्मालाई
सुर्त्याउनेछु, २ र बाबेलमा म निफन्नेहरू-
लाई पठाउनेछु। विपत्तिको दिनमा तिनीहरू
त्यसको विरुद्धमा चारैतिरबाट आउँदा, तिनी-
हरूले त्यसलाई निफनेर त्यस्को देश रित्तो
पार्नेछन्। ३ धनुर्धारीले आफ्नो धनु
मर्काओस्, औ त्यो आफ्नो झिलम लगाएर
खड़ा नहोस्। त्यसका जवान मानिसहरूलाई
नछोड़। त्यसका सबै सेनाहरूलाई बिलकुलै
सर्वनाश पार। ४ तिनीहरू कल्दीहरूको
देशमा मारिनेछन्। तिनीहरू त्यसका गल्लीहरूमा
घाइते हुनेछन्।
५ किनभने इस्राएल र यहूदा आफ्ना
परमेश्वर, सेनाहरूका परमप्रभुद्वारा त्यागिएका
छैनन्। तर इस्राएलका पवित्र परमप्रभुको
विरुद्धमा कल्दीहरूको देश चाहिं दोषपूर्ण छ।
६ बाबेलबाट भाग। हरेक मानिसले आफ्नो
आफ्नो ज्यान जोगाओस्। त्यसको दण्डमा
नाश नहोऊ, किनभने यो परमप्रभुको बदला
लिने दिन हो, उहाँले त्यसलाई साटो फेर्ने
दिन। ७ बाबेल परमप्रभुको हातमा सारा
पृथ्वीलाई मताउने सुनको कचौरा थियो।
जाति जातिहरूले त्यसबाट पिए। त्यसैकारण
जाति जातिहरू बौलाहा भए। ८ बाबेलको
पतन एक्कासि भयो। त्यो नाश पारियो।
त्यसको निम्ति विलाप गर! त्यसको घाउमा
मल्हम लगाइदेऊ, कतै त्यो निको हुन्छ कि!
९ हामीहरूले बाबेललाई निको पार्न खोज्यौं,
तर त्यो निको भएन। त्यसलाई छोड़िदेऊ,
र हामी आफ्नो आफ्नो देशमा गइहालौं।
किनभने त्यसमाथि पर्ने दण्डको निर्णय आकाश
औ स्वर्गसम्मै पुगेको छ। १० परमप्रभुले
हाम्रो न्याय गरिदिनुभएको छ, आऊ, हामी
परमप्रभु, हाम्रा परमेश्वरको कामको प्रचार
सियोनमा गरौं।
११ काँड तिखार! ढालहरू लेऊ। परमप्रभुले
मादीहरूका राजाहरूको मन सुर्त्याउनुभएको
छ, किनभने बाबेललाई नाश पार्नुने उहाँको
अभिप्राय छ, औ त्यहीनै परमप्रभुको बदला
हो। त्यो उहाँको मन्दिरको बदला हो।
१२ बाबेलका पर्खालहरूको विरुद्धमा झण्डा
खड़ा गर। पहरा-चौकी बलियो पार। प्रहरीहरू
खटाऊ। लुकेर हमला गर्ने ठाउँ तयार पार।
किनभने बाबेलका बासिन्दाहरूका विषयमा
परमप्रभुले जे भन्नुभएको थियो, त्यसको युक्ति
रचेर उहाँले पूरा पनि गर्नुभयो। १३ हे
धेरै पानी भएका ठाउँहरूमा बस्ने, भण्डारले
पूर्ण भएको शहर, तेरो अन्त आइपुग्यो, तेरो
अन्त आइपुग्यो, तेरो जीवनको डोरी चुँड़ियो।
१४ सेनाहरूका परमप्रभुले यसो भनेर आफ्नै
नाउँमा शपथ खानुभएको छ, 'निश्चय
सलहसरि तिमीहरूका बीचमा म मानिसहरू

भरिदिनेछु, र तिनीहरूले विजयको नारा
लगाउनेछन् ।'
१५ उहाँनै हुनुहुन्छ जसले पृथ्वीलाई
आफ्नो सामर्थ्यले सृजनुभयो, जसले आफ्नो
ज्ञानले संसारलाई स्थापित गर्नुभयो, आफ्नो
बुद्धिले उहाँले आकाशलाई फैलाउनुभयो ।
१६ उहाँको सोरमा आकाशमा पानीको
गर्जन हुन्छ । उहाँले पृथ्वीको पल्लो छेउदेखि
कुइरो उठाउनुहुन्छ । उहाँले वृष्टिको लागि
बिजुली चम्काउनुहुन्छ, र आफ्नो भण्डारदेखि
बतास चलाउनुहुन्छ । १७ हरेक मानिस
मूर्ख र बुद्धिहीन छ । हरेक सुनार त्यसका
मूर्तिहरूद्धारानै लाजमा पर्नेछ, किनकि त्यसका
मूर्तिहरू झूटा छन्, औ तिनमा सास छैन ।
१८ ती व्यर्थका हुन्, छलको काम मात्र ।
तिनीहरूलाई दण्ड दिँदा ती नष्ट हुन्छन् ।
१९ उहाँ, जो याकूबका भाग हुनुहुन्छ, यी
जस्ता हुनुहुन्न, किनकि उहाँ उही हुनुहुन्छ
जसले सारा थोकहरू रच्नुभयो, औ इस्राएल
चाहिं उहाँको निज अधिकारको कुल हो,
सेनाहरूका परमप्रभु उहाँको नाउँ हो ।
२० तँ मेरो घन र युद्धको हतियार
होस् । तँद्वारा म जाति जातिहरूलाई टुक्रा
टुक्रा पार्नेछु, तँद्वारै म राज्यलाई नाश पार्नेछु ।
२१ म घोड़ा र त्यसको सवारलाई
टुक्रा टुक्रा पार्नेछु । २२ म रथ र
सारथिलाई टुक्रा टुक्रा पार्नेछु । म पुरुष
र स्त्रीलाई टुक्रा टुक्रा पार्नेछु । म बूढ़ा
र जवान दुवैलाई टुक्रा टुक्रा पार्नेछु । म
तरूणी र तन्हेरि दुवैलाई टुक्रा टुक्रा
पार्नेछु । २३ तँद्वारै म गोठाला र
त्यसको बगालाई टुक्रा टुक्रा पार्नेछु । म
किसान र त्यसको हल-गोरुलाई टुक्रा टुक्रा
पार्नेछु । म राज्यपाल र सेनापतिलाई
टुक्रा टुक्रा पार्नेछु । २४ परमप्रभु भन्नुहुन्छ,
'तिनीहरूले सियोनमा गरेका सबै खराबीको
कारण म बाबेल र कल्दीका सबै बासिन्दा-
हरूलाई तेरै आँखाको सामने प्रतिफल दिनेछु ।'
२५ परमप्रभु भन्नुहुन्छ, 'हे नाश गर्ने
पहाड़ जसले सारा पृथ्वीलाई नाश गर्दछ,
म तेरो विरुद्धमा छु । म मेरो हात तेरो
विरुद्धमा उठाउनेछु, र तँलाई भीरबाट तल
लड़ाइदिनेछु, र तँलाई डढ़ेको पहाड़ तुल्याइ-
दिनेछु । २६ तँबाट एउटै ढुङ्गा पनि घरको
कुने-ढुङ्गाको लागि लिइनेछैन, जग बसाल्नको
लागि लिइनेछैन । तर सदाको निम्ति तँ
उजाड़ भइरहनेछस्', परमप्रभु भन्नुहुन्छ ।
२७ पृथ्वीमा एउटा झण्डा खड़ा गर,
जाति जातिहरूका बीचमा तुरही बजाऊ,
त्यसको विरुद्धमा युद्ध गर्नलाई जातिहरूलाई
तयार गर, अरारत, मिन्नी र अश्कनज यी
राज्यहरूलाई बाबेलको विरुद्धमा बोलाऊ ।
त्यसको विरुद्धमा एउटा सेनापति नियुक्त गर,
जगरे-सलहहरूझैं घोड़ाहरू ल्याऊ । २८ त्यसको
विरुद्धमा युद्ध गर्नलाई जाति जातिहरूलाई
तयार पार । मादीहरूका राजा, तिनका
राज्यपाल र तिनका मनिका शासकहरूलाई-
समेत, तिनका अधिकारका सारा देशलाई
तयार पार । २९ बाबेल देशलाई उजाड़
र कुनै बासिन्दा विनाको बनाउनलाई परमप्रभुको
अभिलाषा कायम रहन्छ । यसकारण देश
काम्छ र कष्टले छटपटाउँछ । ३० बाबेलका
योद्धाहरूले युद्ध गर्न छोड़े, तिनीहरू ता
आफ्ना किल्लाभित्रै बसे । तिनीहरूको
बल घटिहाल्यो तिनीहरू स्त्रीझैं भए ।
त्यसका घरहरूमा आगो लाग्यो । त्यसका
गजबारहरू भाँचिए । ३१ बाबेलको
राजालाई उसको शहर चारैतिरबाट लिइहाल्यो
भनी सुनाउनलाई एउटा हुलाकी अर्कोकहाँ
र एउटा समाचार-वाहक अर्कोकहाँ दौड़ेर
जान्छ । ३२ घाटहरू लिइए, किल्लाहरूमा
आगो लगाइए, सिपाहीहरू डरले आत्तिए ।
३३ किनभने सेनाहरूका परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, 'बाबेल
दाइँ गर्ने खलाजस्तै भएकी छ । थोरै
समयपछि त्यसको कटनीको समय आउनेछ ।'
३४ बाबेलको राजा नबूकदनेसरले मलाई
खाइहाल्यो । त्यसले मलाई चूर पार्यो । त्यसले

मलाई एउटा रित्तो भाँडाजस्तै तुल्याएको छ,
त्यसले मलाई राक्षासलेझैं निलिहाल्यो। त्यसले
मलाई स्वादिलो थोकझैं बनाएर आफ्नो पेट
भर्‍यो, त्यसले मलाई कुल्ला गरेर फ्याँक्यो।
३५ ममाथि र मेरा आफन्तहरूमाथि
गरेको उपद्रव बाबेलमाथिनै परोस्। सियोनको
बासिन्दाले यसो भनोस्, यरूशलेमले भनोस्,
'मेरो रगतको बदला कल्दीका बासिन्दाहरू-
माथिनै परोस्। ३६ यसकारण परमप्रभु
यसो भन्नुहुन्छ, 'म तेरो पक्ष लिनेछु, तेरो
निम्ति बदला मनै लिनेछु। म त्यसको समुद्र
सुकाइदिनेछु, त्यसको पानीको मूल
सुकाइदिनेछु। ३७ बाबेल उजाड्को ढेर र
स्यालहरूको बस्ने ठाउँ, मानिस विनाको
तर्साउने र खेद प्रकट गरिने ठाउँ हुनेछ।
३८ तिनीहरू एकसाथ सिंहझैं गर्जन्छन्,
तिनीहरू सिंहका डमरूहरूझैं गर्जनेछन्।
३९ तिनीहरू उन्मत्त भएको बेलामा म
तिनीहरूका निम्ति भोज तयार पार्नेछु, मूर्च्छा
नपरूञ्जेलसम्म म तिनीहरूलाई मताउनेछु,
तिनीहरू सदाको निम्ति निदाउनेछन्, र
बिउँझनेछैन, परमप्रभु भन्नुहुन्छ। ४० म
तिनीहरूलाई काटिनलाई लगिने थुमा, भेडा
र बोकाहरूझैं काटने ठाउँमा ल्याउनेछु।
४१ सारा पृथ्वीको प्रशंसाको पात्र
बाबेल कसरी लिइयो। जाति जातिहरूका
बीचमा बाबेल कसरी अति घृणित बनियो!
४२ बाबेलमा समुद्रनै उर्लेर आयो, समुद्रका
भयानक छालहरूले त्यसलाई डुबाइहाले।
४३ त्यसका शहरहरू पानी नभएका सुख्खा
ठाउँ, मरूभूमि, कोही पनि नबस्ने जग्गा,
अति घृणित भएका छन्, त्यताबाट भएर
कोही मानिस जाँदैन। ४४ म बाबेलमा
बाल-देवलाई दण्ड दिनेछु, र त्यसले निलेका
सब म त्यसको मुखबाट निकाल्नेछु। जाति
जातिहरू फेरि कहिल्यै त्यसकहाँ ओइरिनेछैनन्,
बाबेलका पर्खाल भत्क्यो।
४५ हे मेरो प्रजा, त्यसको बीचबाट
निस्केर आऊ! परमप्रभुको भयानक रीसदेखि
सबै मानिसहरूले आफ्नो आफ्नो ज्यान
बचाऊन्। ४६ देशमा केही हल्ला सुन्दा, एक
वर्षमा एक किसिमको हल्ला, अनि अर्को वर्षमा
अर्को किसिमको हल्ला सुन्दा, देशमा उपद्रव
र शासकको विरुद्धमा शासक उठेको समयमा,
तिमीहरूको मन कातर नहोस्, औ तिमीहरू
भयभीत नहोऊ। ४७ यसकारण हेर, यस्ता
दिन आउँदैछन्, जब म बाबेलको मूर्तिहरूलाई
दण्ड दिनेछु। त्यसका सारा देश लाजमा
पारिनेछन्, र त्यसका मारिएका मानिसहरू
त्यसकै बीचमा ढल्नेछन्। ४८ तब स्वर्ग,
र पृथ्वी र तिनमा भएका सबैले बाबेलको
हारमा आनन्दले गाउनेछन्, किनभने त्यसलाई
नाश गर्ने उत्तर देशबाट त्यसको विरुद्धमा
आउनेछ, परमप्रभु भन्नुहुन्छ। ४९ जसरी
इस्राएलका मारिएकाहरूलाई बाबेलले ढाल्यो,
त्यसरीनै बाबेलमा त्यसका समस्त देशका
मारिनेहरू ढल्नेछन्।
५० तिमीहरू, जो तरवारबाट उम्केका
छौ, जाऊ, चूप लागेर नबस। परमप्रभुलाई
टाढ़ैदेखि सम्झ, र यरूशलेमको सम्झना
तिमीहरूको मनमा रहोस्। ५१ हामीहरू
लाजमा पारिएका छौं, किनभने हामीले गाली
सुनेका छौं। अपमानले हाम्रो मुख ढाकेको
छ, किनभने परमप्रभुको भवनका पवित्र
ठाउँहरूमा विदेशीहरू आएका छन्।'
५२ यसैकारण, परमप्रभु भन्नुहुन्छ, 'यस्ता
दिन आउँदैछन्, जब म त्यसका मूर्तिहरूमाथि
न्याय-दण्ड प्रयोग गर्नेछु, र त्यसको देशभरिनै
घाइतेहरूको क्रन्दन सुनिन्छ। ५३ उँभो
स्वर्गसम्म बाबेल उक्ले तापनि औ आफ्नो
अग्ला अग्ला गढ़ीहरू बलिया पारे तापनि
त्यसलाई नाश गर्नेहरू म पठाउनेछु,'
परमप्रभु भन्नुहुन्छ।
५४ 'सुन! बाबेलबाट निस्केको विलाप!
कल्दीहरूको देशबाट निस्केको ठूलो सर्वनाशको
आवाज! ५५ किनभने परमप्रभुले बाबेललाई
उजाड़ पार्नुहुन्छ, र त्यसको ठूलो हल्लालाई
उहाँले दमन गर्नुहुन्छ। त्यसका शत्रुहरू

समुद्रझैं गर्जन्छन्, तिनीहरूका हल्लाको सोर
मच्चिन्छ, ५६ किनभने एउटा नाश गर्ने
त्यसमाथि, अर्थात् बाबेलमाथि आइलाग्यो,
त्यसका योद्धाहरू पक्राउ परे, तिनीहरूका
धनु टुक्रा टुक्रा पारिए, किनभने परमप्रभु
बदला लिने परमेश्वर हुनुहुन्छ, उहाँले निश्चय
प्रतिफल दिनुहुनेछ। ५७ म त्यसका शासक-
हरू र ज्ञानी मानिसहरूलाई राज्यपाल, र
त्यसका सेनापति र त्यसका योद्धाहरूलाई
मतवाला बनाउनेछु। तिनीहरू सदाको निम्ति
निदाउनेछन्, र बिउँझनेछैनन्,' महाराजा,
जसको नाउँ सेनाहरूको परमप्रभु हो, उहाँ
भन्नुहुन्छ। ५८ सेनाहरूको परमप्रभु यसो
भन्नुहुन्छ, 'बाबेलका चौड़ा पर्खाल भत्काएर
सम्म पारिनेछ, त्यसका अल्गा मूल-ढोकाहरू
आगोले जलाइनेछन्। मानिसहरू व्यर्थैमा
परिश्रम गर्दछन् जाति जातिहरू थाकुन्जेल
काम गर्दछन्, आगोकै गाँसको निम्ति।
५९ मासेयाहको नाति नेरियाहको छोरो
सरायाह जो राजभवनका मुख्य अधिकारी
थिए, औ जो यहूदाका राजा सिदकियाहको
शासनकालको चौथो वर्षमा राजासँगै बाबेलमा
गएका थिए, त्यस बेला तिनलाई यर्मियाले
दिएको आज्ञाको वचन यही हो।
६० बाबेलमा आइपर्ने सबै विपत्ति, बाबेलको
विषयको यी सबै कुरा यर्मियाले एउटा
पुस्तकमा लेखे। ६१ औ यर्मियाले सरायाह-
लाई भने, 'जब तिमी बाबेलमा पुग्छौ तव
यी सबै कुरा तिमीले पढ़्नू, ६२ र भन्नू,
'हे परमप्रभु, तपाईंले यस ठाउँको विषयमा
भन्नुभएको छ, कि म यसलाई सत्यानाश
पार्नेछैनँ, औ मानिसहरू र पशुहरू कोही
पनि यसमा बास गर्नेछैनन्।' यो सदाको
निम्ति उजाड़ पारिनेछ।' ६३ यो पुस्तक
पढ़िसकेपछि यसलाई एउटा ढुङ्गामा बाँधेर
यूफ्रेटिस नदीमा फालिदेऊ, ६४ र यसो भन,
'परमप्रभु भन्नुहुन्छ, मैले त्यसमाथि ल्याउने
विपत्तिको कारणले बाबेल यसरीनै फेरि
कहिल्यै नउठ्ने गरी डुब्नेछ'।

ऐतिहासिक सूची

५२ सिदकियाहले राज्य गर्न थाल्दा तिनी
एक्काईस वर्षका थिए। तिनले
यरूशलेममा एघार वर्षसम्म राज्य गरे।
तिनकी आमाको नाउँ हमूतल थियो, जो
लिब्नामा बस्ने यर्मियाकी छोरी थिइन्।
२ यहोयाकीमले गरेअनुसार परमप्रभुको
दृष्टिमा जे जे कुरा दुष्ट थिए तिनले पनि
त्यहीनै गरे। ३ निश्चय परमप्रभुको रीसको
कारणले यरूशलेम र यहूदामा यस्तो कुरा
हुनआयो कि उहाँले तिनीहरूलाई आफ्नो
दृष्टिदेखि फालिदिनुभयो। सिदकियाह
बाबेलका राजाको विरुद्धमा बागी भए।
४ औ यिनको शासनकालको नवौं वर्षको
दशौं महीनाको दशौं दिनमा बाबेलका
राजा नबूकदनेसर आफ्ना सबै सेनाको साथ
यरूशलेमको विरुद्धमा आएर त्यसलाई तिनले
घेरा हाले र त्यसका चारैतिर गढ़ीहरू बनाए।
५ यसरी सिदकियाह राजाको शासनकालको
एघार वर्षसम्म शहर घेराउमा पर्‍यो।
६ चौथो महीनको नवौं दिनमा शहरमा
यस्तो घोर अनिकाल पर्‍यो कि देशका
मानिसहरूका निम्ति केही खानेकुरै रहेन।
७ तव शहरको पर्खालमा एउटा प्वाल
बनाइयो। औ जब कल्दीहरू शहरका
वरिपरि थिए तब राजाको बगैंचाको छेउमा
दुइ पर्खालको बीचको मूल-ढोकाबाट भएर
रातीनै सिपाहीहरूका साथमा तिनी भागे।
तिनीहरू आराबातिर लागे। ८ तर
कल्दीहरूको सेनाले राजा सिदकियाहलाई देखे
र तिनलाई यरीहोको मैदानमा भेट्टाए। औ
तिनका सबै सेना तिनीबाट तितर-बितर भए।
९ तब तिनीहरूले राजालाई पक्रेर हमात
देशको रिब्लामा बाबेलका राजाको सामने
ल्याए, र तिनले उनीमाथि दण्डको आज्ञा
दिए। १० बाबेलका राजाले सिदकियाहका
छोराहरूलाई तिनकै आँखाको सामु मारे, र
रिब्लामा यहूदाका सबै शासकहरूलाई पनि

मारे। ११ तिनले सिदकियाहका आँखा
निकालदिए, र तिनलाई साङ्लाले बाँधे।
त्यसपछि बाबेलका राजले तिनलाई बाबेलमा
लगेर तिनको मृत्यु नहोउन्जेलसम्म कैदमा
राखे।

१२ पाँचौं महीनाको दशौं दिनमा,
अर्थात् बाबेलका राजा नबूकदनेसरको
शासनकालको उन्नाईसौं वर्षमा राजाका
अङ्गरक्षकहरूका कप्तान नबूजरदान, जसले
बाबेलका राजाको चाकरी गर्थ्यो, यरूशलेममा
पस्यो। १३ त्यसले परमप्रभुको भवन,
राजाका महलहरू र यरूशलेमका जम्मै
घरहरूमा आगो लगाइदियो। त्यसले सबै
ठूला ठूला घरहरूमा आगो लगाइदियो।
१४ औ रक्षकहरूका कप्तानसित हुने सेनाले
यरूशलेमका चारैतिर भएका पर्खाल
भत्काइदिए। १५ औ मानिसहरूमा सबभन्दा
गरीबहरू र शहरमा छोड़िएका मानिसहरू र
बाबेलका राजाकहाँ भागेर जाने मानिसहरू
र बाँकी रहेका कारीगरहरू समेतलाई
रक्षकहरूका कप्तान नबूजरदानले कैद गरेर
लगे। १६ तर नबूजरदानले कुनै कुनै
जोत्ने काम गर्न छोड़िराखे।

१७ अनि कल्दीहरूले परमप्रभुको भवनमा
भएका पीतलका स्तम्भहरू, र परमप्रभुको
भवनमा भएका आधार, पीतलको ठूलो भाँड़ा
टुक्रै टुक्रा पारेर सबै पीतलहरू बाबेलमा
लगे। १८ तिनीहरूले भाँड़ा, बेलचा, सिट्ठी
काटने कैंची, पानीको बाटा धूपौरा र
मन्दिरको सेवामा चलाइने सबै पीतलका
वर्तनहरू, १९ साना कचौराहरू, मकलहरू,
ठूला बाटाहरू, भाँड़ाहरू, सामदानहरू, धूप-
दानीहरू पनि लगे। रक्षकका कप्तानले चाहिं
सुनका चीजहरू सुन देखेर र चाँदीका चीज-
हरू चाँदी देखेर लगे। २० ती दुइ स्तम्भ,
एउटा विशाल पीतलको खड़कुँला, त्यसमनि
भएका बाहवटा पीतलका गोरुहरू र आधार-
हरू जो सुलेमान राजाले परमप्रभुको
भवनको निम्ति बनाएका थिए, ती सबै
पीतलका चीजहरू तौल गरी नसक्नु थिए।
२१ स्तम्भमध्ये एउटाको उँचाइ अठाह हात
थियो। त्यसको गोलाइ बाह हात र मोटाइ
चार अङ्गूल थियो। त्यो खोक्रो थियो।
२२ त्यसमाथि पीतलको शिरा थियो।
एउटा शिराको उँचाइ पाँच हात थियो।
शिराका चारैतिर पीतलका जाली र दारीम
थिए। दोस्रो स्तम्भको पनि दारीमहरूसहित
त्यस्तै थिए। २३ छेउ छेउमा छियानब्बे
दारीमहरू थिए। चारैतिर जालीमा भएका
दारीमहरू जम्मा एक सय थिए।

२४ रक्षकहरूको कप्तानले मुख्य पूजाहारी
सरायाह, दोस्रो पूजाहारी सपन्याह र तीन जना
ढोकेहरूलाई लगे। २५ औ शहरबाट चाहिं
सिपाहीहरूमाथि खटिएका एउटा अफिसर,
राजाका सात जना सल्लाहकार, जो जो
शहरमा भेट्टाइएका थिए, देशका मानिस-
हरूलाई जम्मा गर्ने सेनापतिका सचिव र
शहरमा भेट्टाइएका त्यस देशका बासिन्दा-
हरूमध्ये साठी जना पुरुषलाई लगे।
२६ रक्षकहरूको कप्तान नबूजरदानले
यिनीहरूलाई लगेर रिब्लामा बाबेलका राजाका
सामु ल्याए। २७ औ बाबेलका राजाले
यिनीहरूलाई हमात देशको रिब्लामा मारे।
यसरी यहूदा आफ्नो देशबाट कैदमा
लगियो।

२८ नबूकदनेसरले कैद गरेर लगेका
मानिसहरूको संख्या यी हो—तिनको शासन-
कालको सातौं वर्षमा तीन हजार तेईस
यहूदीहरू। २९ फेरि तिनको शासनकालको
अठारौं वर्षमा नबूकदनेसरले यरूशलेमबाट
आठ सय बत्तीस मानिसहरूलाई लगे।
३० नबूकदनेसरको शासनकालको तेईसौं
वर्षमा रक्षकहरूको कप्तान नबूजरदानले सात
सय पैंतालीस जना यहूदीहरूलाई कैद गरेर
लगे। यसरी जम्मा मानिसहरू चार हजार
छ सय जना थिए।

३१ यहूदाका राजा यहोयाकीन कैदमा
परेका सैंतीसौं वर्षको बाहौं महीनाको पच्चीसौं

दिनमा बाबेलका राजा एवील-मरोदकले आफू
राजा भएकै वर्षमा यहूदाका राजा यहोया-
कीनको शिर खड़ा गरिदिए, र तिनले उनलाई
कैदबाट मुक्त गरिदिए। ३२ तिनले
उनीसित प्रेमपूर्वक बात गरे र आफूसित
बाबेलमा भएका अरू राजाहरूभन्दा उनलाई
उच्च स्थान दिए। ३३ यसरी यहोयाकीनले
आफ्नो कैदको लुगा उतारे। औ आफ्नो
जीवनभरिनै नित्य तिनी राजासितै बसेर
खानेगरे। ३४ उनको दिन-दिनको भत्ताको
निम्ति चाहिँ उनको मृत्यु नहोउञ्जेलसम्म
दिन दिने खाँचोअनुसार राजाले दिए।

विलापको पुस्तक

(यर्मियाको विलाप)

सियोनको उजाड़ र दुःख

१ मानिसहरूले भरिएको शहर
अब कस्तो एकलो भयो।
त्यो ता एक विधवाजस्तो भएको छ,
जाति जातिहरूमा महान् र शहरहरूमा
राजकुमारीजस्तै त्यो थियो,
अब दासत्वमा परेको शहर त्यो भएको छ।
२ रातभरि त्यो धुरुधुरु रुन्छ,
त्यसको गालामा आँसु बगिरहन्छ।
त्यसका सबै प्रियहरूमध्ये,
त्यसलाई सान्त्वना दिने कोही पनि छैन।
त्यसका सबै मित्रहरूले त्यसलाई धोका
दिए,
र तिनीहरू त्यसका बैरी बने।
३ दुःख र कठोर दासत्वको कारणले
देशबाट यहूदा बन्धुवाइमा लगियो।
अब त्यो अन्यजातिहरूका बीचमा रहन्छ,
तर त्यसले कुनै विश्रामको स्थान पाउँदैन,
त्यसको सबै खेदो गर्नेहरूले दुःखको
बीचमा त्यसलाई पक्रे
४ सियोन जाने बाटोहरूले विलाप गरिरहेका
छन्,
किनभने ठहराएका चाडहरूमा कोही पनि
आउँदैन।
त्यसका सबै मूल-ढोकाहरू उजाड़ छन्,
त्यसका पूजाहारीहरू सुस्केरा मार्दछन्।
त्यसका कुमारीहरूसित क्रूर बर्ताव गरिए,
औ त्यसको दशा कति दयनीय छ।
५ त्यसका शत्रुहरू त्यसका मालिक भएका
छन्,
त्यसका विरोधीहरू निर्धक्क भएका छन्,
किनभने त्यसका धेरै अपराधहरूले गर्दा
परमप्रभुले त्यसलाई दुःख दिनुभएको हो।
त्यसका बालकहरूलाई शत्रुहरूले कैदमा
लगे।
६ सियोनको छोरीबाट त्यसका सबै गौरव
गइहाले।

त्यसका राजाहरू खर्क नपाउने मृगहरूजस्ते
भए।
दुर्बल भएर तिनीहरू खेदनेहरूका अगि
अगि भागे।
७ यरूशलेमलाई आफ्ना दुःख र संकष्टका
दिनमा उहिले भएका
त्यसका सबै बहुमूल्य कुराहरूको सम्झना
भयो।
जब त्यसका मानिसहरू शत्रुहरूका हातमा
परे
र त्यसको सहायक कोही पनि थिएन,
तब त्यसको पतन देखेर
त्यसका शत्रुहरूले त्यसलाई ठट्टा गरे।
८ यरूशलेमले घोर पाप गर्‍यो,
यसैले त्यो अशुद्ध भएको छ।
त्यसलाई मान गर्ने सबैले त्यसको निन्दा
गर्दछन्,
किनभने तिनीहरूले त्यसको नग्नता देखे।
त्यसले सुस्केरा हाल्छे र मुख फर्काउँछे।
९ त्यसको अशुद्धपना त्यसको फरियामा
थियो,
त्यसले आफ्नो दुर्दिनलाई सम्झिन।
यसैकारण त्यसको पतन भयङ्कर भयो,
त्यसलाई सान्त्वना दिने कोही भएन।
'हे परमप्रभु, मेरो कष्टलाई हेर्नुहोस्,
किनभने शत्रु विजयी भएको छ।
१० त्यसका सबै बहुमूल्य कुराहरू खोस्न
शत्रुले आफ्नो हात हालेको छ।
जसलाई तपाईंले आफ्नो सभामा पस्न
मनाही गर्नुभएको थियो,
तिनै अन्यजातिहरू त्यसको पवित्रस्थानमा
पसेका त्यसले देख्यो।
११ त्यसका सबै मानिसहरू सुस्केरा हाल्दै
अन्नका खोजीमा छन्।
आफ्नो प्राण बचाउनलाई तिनीहरू
खानेकुराका लागि
आफ्ना बहुमूल्य कुराहरू साट्‌दछन्।
हे परमप्रभु, हेर्नुहोस र विचार गर्नुहोस्,
किनभने म तुच्छ गनिएँ।'
१२ यताबाट भएर जाने तिमीहरू सबै,
के तिमीहरूलाई त्यसको केही वास्ता छैन ?
हेर र विचार गर,
आफ्नो भयानक क्रोधको दिनमा,
परमप्रभुले मलाई दिनुभएको कष्टजस्तै
अरू कुनै पीडा छ र ?
१३ उहाँले उँभोबाट आगो झारिदिनुभयो।
त्यो मेरा हड्डीमा पस्यो।
उहाँले मेरा खुट्टाको लागि जाल
फिँजाउनुभयो, र मलाई फर्काउनुभयो।
उहाँले मलाई उजाड़को एक उदाहरण
तुल्याउनुभयो,
दिनभरि म बेहोश भइरहन्छु।
१४ मेरा अपराधहरू ममा बाँधिए,
उहाँकै हातद्वारा ती बाँधिए,
उहाँको जुवा मेरो काँधमा राखियो,
त्यसको भारले मेरो बल घट्यो।
परमप्रभुले मलाई तिनीहरूका हातमा
पारिदिनुभयो,
जसको म सामना गर्नसक्तिनँ।
१५ परमप्रभुले मेरा सबै वीर वीर मानिस-
हरूलाई तुच्छ ठान्नुभयो,
मेरा जवान मानिसहरूलाई धूलोपीठो
पार्नलाई फौजका फौज मेरो विरुद्धमा
उहाँले जम्मा गर्नुभयो।
कोलको दाखमैं परमप्रभुले यहूदाको
कुमारीलाई पेल्नुभयो।
१६ यी सबैको कारणले म रूँदैछु,
मेरो आँखबाट आँसुको धारा बहन्छ।
किनभने मलाई सान्त्वना र साहस दिने
मबाट टाढ़ा हुनुभयो।
मेरा बालकहरू एकलै छोडिए,
किनभने शत्रु प्रबल भएको छ।
१७ सियोन बिन्ती गर्नुलाई आफ्नो हात
पसार्छे,
तर त्यसलाई सान्त्वना दिने कोही छैन्।
परमप्रभुले याकूबको विरुद्धमा त्यसका
छिमेकीहरू त्यसका शत्रु होऊन् भनी
हुकुम गर्नुभयो।

तिनीहरूका बीचमा यरूशलेम
एक अशुद्ध थोक भयो।
१८ परमप्रभुले ता ठीकै गर्नुभएको थियो,
किनभने म उहाँको आज्ञाको विरुद्धमा
बागी भएको थिएँ।
तर हे सबै जातिहरू सुन,
र मेरो कष्टलाई हेर।
मेरा कुमारीहरू र जवान मानिसहरू
कैदमा लगिए।
१९ मैले आफ्ना प्रेमीहरूलाई बोलाएँ,
तर तिनीहरूले मलाई धोका दिए।
आफ्ना बल पुनर्प्राप्त गर्नलाई खानेकुरा
खोजेर नपाउँदा
शहरका मेरा पूजाहारीहरू र बूढा-
प्रधानहरू भौकै भए।
२० हे परमप्रभु, हेर्नुहोस्,
किनभने म दुःखमा परेको छु,
मेरो प्राण मभित्र मढारिन्छ।
म साह्रै बागी भएको कारणले
मेरो हृदय मभित्र छट्पटिन्छ।
घरभित्र काल्ले छोपेझैं
बाहिर सड़कहरूमा तरवारद्वारा टुहुरा-टुहुरी
बनाइन्छ।
२१ सुन्नुहोस्, म कस्तो सुस्केरा मार्दछु,
मलाई सान्त्वना दिने कोही छैन।
मेरा सबै शत्रुहरूले मेरो विपत्तिको कुरा
सुने।
तपाईंले यसो गर्नुभएकोमा तिनीहरू खुशी
भए!
तपाईंले घोषणा गर्नुभएको दिन
ल्याउनुहोस्,
र तिनीहरू पनि मैंजस्ता होऊन्।
२२ तिनीहरूका सबै दुष्ट कामहरू तपाईंको
सामु आऊन्,
औ मेरा सबै अपराधहरूको कारण
मलाई गर्नुभएझैं
तिनीहरूमाथि पनि त्यस्तै व्यवहार गर्नुहोस्।
किनभने म धेरै सुस्केरा मार्दछु,
औ मेरो मन निर्बल छ।

सियोनको अफसोस

२ परमप्रभुले आफ्नो रीसमा सीयोनकी
छोरीलाई
घोर अन्धकारले ढाकिदिनुभयो।
इस्राएलको गौरवलाई उहाँले आकाशदेखि
पृथ्वीमा खसालिदिनुभयो।
उहाँले आफ्नो रीसको दिनमा आफ्नो
पाउदान, सियोनलाई पनि सम्भनुभएन।
२ याकूबका सबै बासस्थानहरूलाई परमप्रभुले
कत्ति पनि नटिठाएर नष्ट गर्नुभयो।
आफ्नो क्रोधमा उहाँले यहूदाको छोरीका
किल्लाहरू भत्काइदिनुभयो।
त्यो राज्य र त्यसका शासक-
हरूलाई
उहाँले भूईंमा ढालेर अपमानित
तुल्याउनुभयो।
३ आफ्नो भयंकर रीसमा उहाँले इस्राएलका
सबै शक्तिलाई नाश गर्नुभयो।
शत्रुकै सामने उहाँले आफ्नो गोहारको
हात हटाउनुभयो।
उहाँको प्रकोप याकूबमाथि
चारैतिर भस्म गर्ने तरवारजस्तै पर्‍यो।
४ शत्रुलेझैं उहाँले आफ्नो धनुमा ताँदो
चढाउनुभयो,
विरोधीझैं उहाँ खड़ा हुनुभयो।
आँखालाई मन पर्ने जति कुरा प्रिय थिए,
ती सबैलाई उहाँले घात गर्नुभयो।
सियोनको छोरीको पालमा
उहाँले आफ्नो रीस आगोझैं पोखाउनुभयो
५ परमप्रभु शत्रुझैं हुनुभएको छ,
उहाँले इस्राएललाई नष्ट गर्नुभयो।
उहाँले इस्राएलका सबै महलहरू नाश
गर्नुभयो,
त्यसको सबै किल्लाहरू भत्काइदिनुभयो।
उहाँले यहूदाको छोरीको शोकमाथि
शोक थपिदिनुभयो।
६ उहाँले आफ्नो पाल बारीको छाप्रोजस्तै
भत्काइदिनुभयो,

उहाँले पवित्र-वास दाखलताझैं
लाछिदिनुभयो ।
आफ्ना ठहराइएका चाडहरू मान्ने ठाउँ
नष्ट पार्नुभयो ।
सियोनमा हुने ठहराइएका चाडहरू र
विश्राम-दिन दुवैको सम्झना मेटाइदिनुभयो ।
आफ्नो भयानक रीसमा उहाँले राजा
र पूजाहारी दुवैलाई तिरस्कार गर्नुभयो ।
७ परमप्रभुले आफ्नो वेदीलाई घीन गर्नुभयो,
आफ्नो पवित्रस्थानलाई श्रापित
तुल्याउनुभयो ।
त्यसका महलका भित्ताहरू
उहाँले शत्रुको हातमा दिनुभयो ।
तिनीहरूले परमप्रभुको भवनमानै
ठहराइएका चाडका दिनमाझैं
विजयको ध्वनि लगाए ।
८ परमप्रभुले सियोनकी छोरीको पर्खाललाई
नष्ट गर्ने निश्चय गर्नुभयो ।
उहाँले फिताले त्यो नाप्नुभयो ।
त्यसलाई नष्ट पार्नेदेखि उहाँले आफ्नो
हात रोक्नुभएन ।
उहाँले गढ़ी र पर्खाल दुवैलाई विलाप गर्न
लाउनुभयो,
ती दुवै एकैसाथ भत्के ।
९ त्यसको मूल-ढोकाहरू भूइँमै भासिए ।
उहाँले त्यसका गजबारहरू भत्काएर नाश
पार्नुभयो ।
त्यसका राजा र शासकहरू अन्यजातिहरूका
बीचमा छन्,
र व्यवस्था रहँदैरहेन ।
औ त्यसका अगमवक्ताहरूले पनि
परमप्रभुबाट केही दर्शन पाएनन् ।
१० सियोनकी छोरीका बूढ़ा-प्रधानहरू भूइँमा
बसेर सुस्केरा मार्छन्,
तिनीहरूले आफ्ना टाउकामा धूलो हालेका
छन् ।
र भाङ्ग्रा ओढ़ेका छन् ।
यरूशलेमका कुमारीहरूले आफ्ना शिर
भूइँसम्मै निहुराएका छन् ।

११ रोदनको आँसुले मेरो आँखा टटाइसक्यो ।
मेरो प्राण मभित्र मड़ारिन्छ ।
मेरो प्रजाको छोरीको नाशले गर्दा
नानीहरू र दूध-खाने बालकहरू
शहरका गल्लीहरू हुँदो मूर्च्छा खाएको
कारण
मेरो हृदय छिया छिया भयो ।
१२ ती नानीहरू शहरका गल्ली गल्लीमा
घायल मानिसहरूझैं मुर्च्छा पर्छन् ।
जब आफ्ना आमाहरूका काखमा
तिनीहरूका प्राण शिथिल हुँदै जान्छ,
तिनीहरू आफ्ना आमाहरूलाई रोएर
भन्छन्,
'अन्न र दाखमद्य कहाँ छन् ?'
१३ हे यरूशलेमको छोरी, म तँलाई कसरी
उत्साह दिऊँ ?
कसको दशा तेरो जस्तो छ ?
हे सियोनकी कन्ये छोरी, सान्त्वनाको
निम्ति तँलाई कोसित तुलना गरूँ !
किनभने तेरो चोट महा समुद्रजस्तै
गहीरो छ ।
कसले तँलाई बिसेक गराउनसक्छ र ?
१४ तेरा अगमवक्ताहरूले तेरो निम्ति देखेका
दर्शनहरू आडम्बरी छन् ।
तेरो सुदिन ल्याउन तिनीहरूले तेरो
अधर्म प्रकट गरेनन्,
तर तिनीहरूले तेरो निम्ति देखेका दर्शन
झूटा र भर्माउने मात्र थिए ।
१५ तेरा छेउबाट भएर जानेहरू सबैले
तँलाई खुच्चिङ गरेर काखी बजाउँछन् ।
यरूशलेमकी छोरीको विरुद्धमा खिसी गरेर
तिनीहरू शिर हलाउँछन्,
के यो त्यही शहर हो, जो 'परम
सुन्दरी र सारा पृथ्वीको आनन्द'
भनी कहलाइन्थ्यो ?'
१६ तेरा सबै शत्रुहरू तँलाई गिल्ला गर्दछन् ।
तिनीहरूले तँलाई खिसी गर्दछन् र दाहा
किट्दछन् ।
तिनीहरू भन्छन्, 'हामीले त्यसलाई नाश

पार्‍यौं !
अहा, यही दिन हेर्नलाई हामी पर्खिरहेका थियौं,
हामीले हेर्न पायौं ।'
१७ परमप्रभुले जे ठान्नुभएको थियो त्यही गर्नुभयो,
तादिमा उहाँले जे ठहराउनुभएको थियो त्यो पूरा गर्नुभयो,
दयाविना उहाँले भत्काउनुभयो ।
उहाँले शत्रुलाई तँमाथि आनन्दित तुल्याउनुभयो,
र तेरा वैरीहरूको शिर खड़ा गर्नुभयो ।
१८ हे सियोनकी छोरीको पर्खाल,
परमप्रभुलाई पुकार्,
तेरो आँसु भलजस्तै रात-दिन बगा !
कत्ति पनि विश्राम नली !
तेरो आँसु नथामिओस् !
१९ राती उठेर करा !
हरेक पहरको शुरुमा परमप्रभुको उपस्थितिमानै
तेरो हृदय पानीझैं पोखा ।
गल्लीका मोड़मा भोकले मुर्च्छा खाने
आफ्ना बालकहरूका प्राणको निम्ति
आफ्नो हात उहाँतिर उठा ।
२० हेर्नुहोस्, हे परमप्रभु, र विचार गर्नुहोस् ।
कसलाई तपाईंले यस्तो दुःख दिनुभयो ?
के स्त्रीहरूले आफ्नै गर्भका फल आफूले जन्माएका बालकहरूलाई खाऊन् ?
के पूजाहारीहरू र अगमवक्ताहरू परमप्रभुको पवित्रस्थानमा मारिऊन् ?
२१ गल्ली गल्लीका धूलामा बूढ़ा र जवानहरू सोतर परे ।
मेरा कुमारीहरू र जवान मानिसहरू तरवारले ढालिए ।
आफ्ना रीसको दिनमा तपाईंले तिनीहरूलाई मार्नुभयो,
नटिठाइकनै मार्नुभयो ।
२२ चाड़मा मानिसहरू भेला भएझैं
तपाईंले मेरो शत्रुहरूलाई मेरा चारैतिरबाट जम्मा गर्नुभयो,
औ परमप्रभुको रीसको दिनमा
नता कोही उम्कन पायो न कोही बाँच्यो ।
मैले हुर्काएर बढ़ाएकाहरूलाई मेरा शत्रुहरूले नाश गरिदिए ।

सियोनको आशा

३ उहाँको क्रोधको लाठोको दुःख भोग्ने मानिस मनै हुँ ।
२ उहाँले मलाई केही प्रकाश नभएको अँध्यारोमा डोर्‍याउनुभयो ।
३ दिनभरि उहाँको हात मेरै विरुद्ध उठिरहन्छ ।
४ उहाँले मेरो मासु र छाला गलाइदिनुभयो,
र मेरा हड्डीहरू भाँचिदिनुभयो ।
५ दुःख र कष्टद्वारा उहाँले मलाई घेरेर थुन्नुभयो ।
६ धेरै दिनदेखि मरेको मुर्दाझैं
उहाँले मलाई अँध्यारो ठाउँमा हालिदिनुभयो ।
७ उम्कन नसकोस् भनी उहाँले मेरो चारैतिर पर्खाल उठाउनुभयो ।
उहाँले मलाई गह्रौं साङ्लाले बाँध्नुभयो ।
८ सहायताको लागि म चिच्याएर कराउँदछु,
तापनि उहाँ मेरो प्रार्थनालाई इन्कार गर्नुहुन्छ ।
९ कुँदेको ढुङ्गाहरूले उहाँले मेरो बाटो थुनिदिनुभयो,
उहाँले मेरो बाटो बाङ्गो-टेढ़ो बनाइदिनुभयो ।
१० आक्रमण गर्नलाई ढुकिरहने भालु
र लुकिरहने सिंहजस्तै उहाँ मलाई लाग्छ ।
११ उहाँले मलाई बाटोदेखि तर्काइलानुभयो,
र फहराएर छिया छिया पार्नुभयो ।
उहाँले मलाई उजाड़ तुल्याउनुभयो ।
१२ उहाँले आफ्नो धनुमा ताँदो चढ़ाउनुभयो,

र मलाईनै काँड़को तारो बनाउनुभयो।
१३ आफ्नो ठोकराका काँड़हरूले
उहाँले मेरो मुढु छेँड़िदिनुभयो।
१४ म सबै जातिहरूको हाँसोको पात्र
बनेको छु।
र दिनभरिनै तिनीहरूको ठट्टाको गीत
बनेको छु।
१५ उहाँले मलाई तिक्तताले भरिदिनुभयो,
र चिराइतो खुवाइदिनुभयो।
१६ उहाँले रोड़ा खुवाएर मेरा दाँत
भाँचिदिनुभयो,
र मलाई खरानीमा राख्नुभयो।
१७ शान्ति मेरो जीवनबाट दूर भयो।
कल्याण के हो, सो मैले बिर्सें।
१८ यसैले मैले भने, मेरो बल नष्ट भयो,
परमप्रभुमा भएको मेरो बल पनि टुट्यो।'
१९ चिराइतो र पित्त, अर्थात् मेरो दुःख र
दुर्दशालाई याद गर्नुहोस्।
२० मेरो प्राणले निरन्तर त्यसलाई सम्भिरहन्छ,
र त्यो मभित्रै हताश हुँदैजान्छ।
२१ तर म यो स्मरण गर्दछु,
यसैले मलाई आशा दिन्छ।
२२ परमप्रभुको दृढ़ प्रेम कहिल्यै थामिँदैन,
उहाँको कृपाको अन्त कहिल्यै हुँदैन।
२३ हरेक बिहान ती नयाँ नयाँ हुन्छन्।
तपाईंको विश्वस्तता महान् छ।
२४ मेरो प्राणले भन्छ,
'परमप्रभुनै मेरो सर्वस्व हुनुहुन्छ,
यसैकारण म धैर्यसाथ उहाँको प्रतीक्षा
गरिरहन्छु।'
२५ परमप्रभुको बाटो हेर्ने, उहाँलाई
खोज्नेहरूप्रति परमप्रभु कृपालु हुनुहुन्छ।
२६ चूपचाप परमप्रभुको उद्धारको बाटो हेर्नु,
मानिसहरूलाई असल हुन्छ।
२७ आफ्नो युवावस्थामानै
जुवा बोक्नु मानिसलाई असल हुन्छ।
२८ आफ्नो काँधमा परेपछि
त्यो एकलै शान्त रहोस्।
२९ त्यसले आफ्नो मुखले भूइँ छोओस्,
यसरी अझै आशा होस्।
३० आफ्नो गाला हिर्काउनेपट्टिनै
त्यसले फर्काइदेओस्,
र गिल्ला सहँदै रहोस्।
३१ किनभने परमप्रभुले सधैंको निम्ति
फाल्नुहुन्न,
३२ तर दुःख दिनुभए तापनि आफ्नो दृढ़
प्रेमको परिपूर्णताअनुसार
उहाँले करुणा देखाउनुहुनेछ।
३३ किनभने उहाँले मानिसको सन्तानलाई
खुशीसित दुःख दिनुहुन्न।
३४ पृथ्वीका सबै कैदीहरूलाई खुट्टाले दल्ने
३५ सर्वोच्च परमेश्वरको सामने कुनै मानिसको
हक मार्ने
३६ कुनै मानिसको मामिला-मुद्दा बिगार्नेलाई
परमप्रभु हेर्न सक्नुहुन्न।
३७ परमप्रभुले आज्ञा नगरून्जेल
कसले अह्राएर त्यो पूरा भएको छ?
३८ के सर्वोच्च परमेश्वरको
मुखबाट भलो र बुरो निस्कँदैन?
३९ आफ्ना पापको दण्डको निम्ति मरणशील
मानिसले किन गनगनाउने?
४० हामी आफ्ना चाल जाँचेर हेरौं,
र परमप्रभुतिर फर्कौं।
४१ हामी आफ्नो हातसमेत हृदय स्वर्गका
परमेश्वरतिर उठाऔं।
४२ हामीले अपराध गर्‍यौं, हामी बागी
भयौं,
औ तपाईंले क्षमा गर्नुभएको छैन।
४३ तपाईं क्रोधले पूर्ण हुनुभयो।
र तपाईंले हामीहरूको खेदो गर्नुभयो।
दया नगरी हामीलाई मार्नुभयो।
४४ तपाईंकहाँ कुनै पनि प्रार्थना नपुगोस्
भनेर
तपाईंले आफूलाई बादलले ढाकिराख्नुभयो।
४५ तपाईंले हामीलाई जाति जातिहरूका
बीचमा
खुर्केर निकालेका थोक र कसिङ्गरसरह
तुल्याउनुभयो।

४६ हाम्रा सबै शत्रुहरूले हाम्रा विरुद्धमा
अनुहार बिगारेर गिल्ला गर्छन्।
४७ आतङ्क र खाड़ल, उजाड़ र विनाश
हामीमाथि आइपरेका छन्।
४८ मेरो प्रजाको सर्वनाश देखेर
मेरो आँखाबाट आँसुको धारा बग्छ।
४९ मेरो आँखाबाट आँसु निरन्तर बगिरहन्छ,
५० जहिलेसम्म परमप्रभुले स्वर्गदेखि तल
हेरेर देख्नुहुन्न।
५१ मेरो शहरका कुमारीहरूका
दुर्दशा देखेर मलाई दुःख लाग्छ।
५२ विनाकारण मेरा शत्रुहरूले
मलाई चरालाईझैं शिकार गरिहिंडे।
५३ तिनीहरूले मलाई जिउँदै खाड़लमा हाले,
र ममाथि ढुङ्गो लगाइदिए।
५४ पानी मेरो कपालसम्मै आयो,
मैंले भने, 'मेरो अन्त आइपुग्यो।'
५५ हे परमप्रभु, खाड़लको गहिराइदेखि
मैंले तपाईंको नाउँको पुकारा गरें।
५६ तपाईंले मेरो बिन्ती सुन्नुभयो,
सहायताको निम्तिको मेरो पुकारामा
तपाइं आफ्नो कान नथुन्नुहोस्।
५७ मैंले तपाईंमा पुकारा गर्दा
तपाइं मेरो नजीक आउनुभयो,
तपाईंले भन्नुभयो, 'नडरा'!
५८ हे परमप्रभु, मेरो पक्षमा लड़ेर
तपाईंले मेरो प्राण बचाउनुभयो।
५९ हे परमप्रभु, ममाथि गरिएको अत्याचार
तपाईंले देख्नुभएको छ।
मेरो न्याय गरिदिनुहोस्।
६० तिनीहरूले मसित लिएको बदला मेरो
विरुद्धमा गरेका तिनीहरूका सबै
युक्ति तपाईंले देख्नुभयो।
६१ हे परमप्रभु, तिनीहरूले गरेको निन्दा
मेरो विरुद्धमा रचेका तिनीहरूका सबै
युक्ति तपाईंले सुन्नुभयो।
६२ मेरा विरोधीहरूका वचन र विचार
दिनभरिनै मेरो विरुद्धमा छन्।
६३ तिनीहरू उठ्दा र बस्ता पनि
मेरो ठट्टा गर्छन्।
६४ हे परमप्रभु, तिनीहरूका कामअनुसार
तिनीहरूलाई उचित दण्ड दिनुहोस्।
६५ तपाईंको हृदय तिनीहरूप्रति कठोर र
तपाईंको फिक्री तिनीहरूप्रति थोरै छन्
भनी तिनीहरूलाई देखाउनुहोस्।
६६ हे परमप्रभु, तपाईंले तिनीहरूलाई
आफ्नो रीसमा खेदी खेदीकन
पृथ्वीबाट नाश गर्नुहोस्।

सियोनको दण्ड

४ सुन कसरी फीका भयो!
निखुर सुन कसरी बद्लियो!
२ कञ्चन सुनजस्तै सियोनका बहुमूल्य
छोराहरू,
कुनै कुमालेका हातले बनाएका माटाका
भाँड़ाहरूजस्तै गनिए।
३ स्यालका माऊहरूले पनि आफ्ना थुन
निकालेर
आफ्ना बच्चाहरूलाई चुस्नदिन्छन्,
तर मेरो प्रजाकी छोरी ता मरुभूमिका
शतुर्मुर्गहरूजस्तै भएकी छ।
४ दूध खाने बालकको जिब्रो तिर्खाले
तालुमा टाँसियो।
केटा-केटीहरू खानेकुरा माग्छन्,
तर कसैले तिनीहरूलाई केही दिँदैन।
५ मीठा मीठा खानेहरू अब गल्ली गल्ली
हुँदो नाश भएका छन्,
बैजनी वस्त्र लाएर बढ़ेकाहरू घुर्यान
हुँदो बसिरहन्छन्।
६ किनभने मेरो प्रजाकी छोरीको अपराध
सदोमको पापभन्दा ठूलो छ,
जो कसैको हात नपरे तापनि
क्षणभरमानै उल्टाइयो।
७ त्यसका युवराजहरू हिउँभन्दा सफा र
दूधभन्दा सेता थिए,
तिनीहरूका शरीर मूँगाभन्दा राता थिए,
तिनीहरूको रूप नीलमजस्तो थियो

८ अब तिनीहरूका रूप मोसोभन्दा कालो भयो,
तिनीहरू गल्लीहरूमा पनि चिनिएनन्।
तिनीहरूका छाला हड्डीमा टाँसिए।
काठझैँ त्यो सुखा भयो।
९ भोकले मर्नेहरूभन्दा तरवारले मर्नेहरू सौभाग्यशाली भए,
किनभने जमीनको फलको अभावले
तिनीहरू सुक्दै गए।
१० कोमल हृदयका स्त्रीहरूले आफ्नै हातले आफ्ना बालकहरूलाई पकाए।
मेरो प्रजाकी छोरीको सर्वनाशमा
तिनीहरूका नानीहरूनै आफ्नो आहार भए।
११ परमप्रभुले पूरा क्रोधको आगो देखाउनुभयो,
उहाँले आफ्नो ज्वलन्त रीस पोखाउनुभयो।
उहाँले सियोनमा आगो सल्काउनुभयो।
त्यसले गर्दा त्यसका जगहरू भस्म पारिए।
१२ कुनै शत्रु यरूशलेमका मूल-ढोकाहरूबाट पस्छन् भनी
पृथ्वीका कुनै राजा वा संसारको कुनै बासिन्दाले पनि चिताएको थिएन।
१३ यो चाहिँ त्यसका अगमवक्ताहरूका पाप र त्यसका पूजाहारीहरूका अधर्मले भएको हो।
तिनीहरूले आफ्नै बीचमा धर्मीहरूको रगत बगाए।
१४ तिनीहरू गल्ली गल्लीमा रगतले बिटुलो भएर अन्धाहरूझैँ डुलिहिँड्छन्,
यतिसम्म कि तिनीहरूका लुगा कसैले पनि छुँदैन।
१५ मानिसहरू कराएर तिनीहरूलाई भन्छन्,
'जाऊ, हे अशुद्धहरू!
दूर हो, नजीक नआओ!'
यसरी तिनीहरू भगुवा र फिरन्ता भए।
अन्यजातिहरूका बीचमा मानिसहरूले भने,
'अब ता तिनीहरू हामीसित बास गर्दैनन्।'
१६ परमप्रभु आफैलेनै तिनीहरूलाई तितर-बितर पार्नुभयो,
उहाँले अब फेरि कहिल्यै तिनीहरूको वास्ता गर्नुहुनेछैन।
उहाँले पूजाहारीहरूको वास्ता गर्नुभएन,
औ न बूढ़ा-प्रधानहरूमाथि केही निगाह गर्नुभयो।
१७ सहायताको लागि व्यर्थै बाटो हेर्दा आँखा टट्टाए। हामीले व्यर्थै हामीलाई बचाउनसक्ने एउटा जातिको
बाटो हेरिबस्यौँ।
१८ मूल-बाटो हिँड्छ कि भनेर मानिसहरू हाम्रा पछि लागे।
हाम्रो अन्त नजीक आयो, हाम्रो दिन पूरा भयो।
१९ हामीलाई खेद्नेहरू आकाशका गिद्धहरूभन्दा पनि तेज छन्।
तिनीहरूले पहाड़हरूमा हामीलाई खेदे,
उजाड़-स्थानमा तिनीहरूले हामीलाई ढुकिबसे।
२० उहाँकै रक्षामा अन्यजातिहरूका बीचमा सुरक्षित रहनेछौँ भनी हामीले ठानेका थियौँ।
परमप्रभुका अभिषिक्त हाम्रा प्राणाधार,
तिनीहरूका जालमा परे।
२१ हे ऊजमा बस्ने एदोमको छोरी, खुशी हुँदै रमा,
कचौरा तँलाई पनि दिइनेछ।
तँ मात्तिनेछस्, र लाजमा पर्नेछस्।
२२ हे सियोनको छोरी, तेरो अधर्मको दण्ड पूरा भयो,
उहाँले तँलाई फेरि कहिल्यै निकालावास गर्नुहुनेछैन।
तर हे एदोमको छोरी, तेरो अधर्मको दण्ड उहाँले तँलाई दिनुहुनेछ,
उहाँले तेरा पापहरू प्रकट गर्नुहुनेछ।

कृपाको निम्ति प्रार्थना

५ हे परमप्रभु, हामीमाथि के परिआएको
छ, सो सम्झनुहोस्।
हामी कति घृणित भएका छौं, सो
विचार गर्नुहोस्।
२ हाम्रा पैतृक-धन पराईहरूका भए,
हाम्रा घर विदेशीहरूका भए।
३ हामी टुहुरा-टुहुरी र पितृहीन भयौं,
हाम्रा आमाहरू विधवाजस्ता भए।
४ हामीले आफ्नै पानी पनि किनेर
खानुपर्छ,
आफ्नै दाउरा पनि किनेर लिनुपर्छ।
५ जूवा हाम्रो काँधमा लगाएर हामीलाई
खूब जोत्छन्।
हामी थाकेका छौं, हामीलाई विश्राम
छैन।
६ प्रशस्त खानेकुराको निम्ति
हामी कहिले मिश्रीहरूका
र कहिले अश्शूरीहरूका भयौं।
७ हाम्रा पिता-पुर्खाहरूले पाप गरे,
र अब उनीहरू छैनन्,
औ हामी उनीहरूका अधर्मको फल
भोग्दछौं।
८ कमाराहरू हाम्रा शासक भए,
हामीलाई तिनीहरूका हातबाट छुटाउने
कोही पनि भएन।
९ उजाड़-स्थान भएका शत्रुले गर्दा
हामीले आफ्नो प्राणलाई खतरामा
राखेर पनि
रोटी ल्याउनुपर्छ।
१० अनिकालको प्रचण्ड तापले गर्दा
हाम्रो छाला चुलाझैं डढ़ेको छ।
११ सियोनमा स्त्रीहरू र यहूदाका शहरहरूमा
कन्ये-केटीहरू भ्रष्ट पारिए।
१२ शासकहरू पाता कसेर झुण्डाइए,
बूढ़ा-प्रधानहरूको केही माननै भएन।
१३ जवान मानिसहरूले जबरदस्त जाँतो
पिँध्नुपर्दछ,
ठिटाहरू दाउराको भारीले थिचिएर
लड़बड़ाउँदै हिंड्छन्।
१४ बूढ़ा-प्रधानहरू शहरका मूल-ढोकामा
जम्मा हुन छोड़िदिए,
जवान मानिसहरूले संगीत छोड़िदिए।
१५ हाम्रो मनबाट आनन्द हटिगयो,
हाम्रो नाच शोकमा परिवर्त्तन भयो।
१६ हाम्रो शिरबाट मुकुट खस्यो!
हामीलाई धिक्कार!
किनभने हामीले पाप गर्‍यौं।
१७ यसैकारण हाम्रो हृदय निर्बल भएको
छ,
यिनै कामको कारण हाम्रो आँखा
धमिलिएको छ।
१८ किनकि सियोन पर्वत उजाड़ भयो,
स्यालहरू त्यसमा घुमिहिंड्छन्।
१९ तर हे परमप्रभु, तपाईं ता सदा सर्वदै
विराजमान हुनुहुन्छ।
तपाईंको सिंहासन पुस्तौंसम्म रहिरहन्छ।
२० तपाईंले किन हामीलाई एकदमै
भुल्नुभयो?
तपाईंले किन यति धेरै समयसम्म
हामीलाई त्याग्नुभयो?
२१ हे परमप्रभु, हामीलाई आफूतिर
फर्काउनुहोस्, र हामी फर्कनेछौं।
हाम्रा दिन तादिका दिनझैं बनाइ-
दिनुहोस्।
२२ तपाईंले हामीलाई बिलकुलै इन्कार
गर्नुभएको हो भनेता
तपाईं हामीसित अत्यन्तै क्रोधित
हुनुभएको रहेछ।

इजकिएलको पुस्तक

चार करूबहरूको दर्शन

1 तीसौं वर्षको चौथो महीनाको पाँचौं
दिनमा जब म कैदमा लगिएका-
हरूसँग कबार नदीको किनारमा थिएँ तब
स्वर्ग खोलियो र मैले परमेश्वरका दर्शनहरू
देखें। २ त्यस महीनाको पाँचौं दिनमा
यहोयाकीन राजा कैदमा लगिएका यो पाँचौं
वर्ष थियो। ३ कल्दीहरूको देशमा कबार
नदीको किनारमा परमप्रभुको वचन बूजीको
छोरो यहेजकेल पूजाहारीकहाँ आयो। त्यहाँ
परमप्रभुको हात तिनीमाथि थियो।
४ औ मैले आँधी-बेही र घना बादल
उत्तरतिरबाट आइरहेको देखें। बादलको
चारैतिर उज्यालो थियो औ एकोहोरो आगो
चम्किरहेको थियो। त्यस आगोको बीचमा
टल्किएको पीतलझैं केही देखिन्थ्यो।
५ त्यसको बीचबाट चार जीवित प्राणीहरूझैं
देखा परे। औ तिनीहरू यस्ता देखिन्थे—
तिनीहरूको रूप मानिसहरूको जस्तै थियो,
६ तर हरेकका चार मोहोड़ा र चार पखेटा
थिए। ७ तिनीहरूका गोड़ा सीधा थिए,
औ तिनीहरूका पैताला बाछाका खुरका
पैतालाजस्ता थिए। ती टल्काइराखेका
पीतलजस्तै टल्कन्थे। ८ तिनीहरूका
पखेटामनि चारैतर्फ मानिसका हात थिए।
औ ती चारै जनाका मोहोड़ा र पखेटा
यस्ता थिए—९ तिनीहरूका पखेटा एउटाले
अर्कोलाई छोएको थियो। तिनीहरू हिंड्दा
हरेक सीधा सोझै हिंड्थे, औ यता उता
फर्कंदैन थिए। १० तिनीहरू हरेकको अगाड़ि-
पट्टिको मोहोड़ा चाहिं मानिसको मोहोड़ाझैं
थियो। ती चारैका दाहिनेपट्टिको मोहोड़ा
सिंहको झैं थियो। तिनीहरूको देब्रेपट्टिको
मोहोड़ा चाहिं गोरुको झैं र पछिपट्टिको
मोहोड़ा चाहिं चीलको झैं थियो।
११ तिनीहरूका मोहाड़ा यस्तै थिए।
तिनीहरूका पखेटा चाहिं मास्तिर फैलिएका
थिए। हरेकका दुइ पखेटाले चाहिं एउटाले
अर्कोको पखेटालाई छोएको थियो र अरू
दुइ पखेटाले आफ्ना शरीर ढाकेका थिए।
१२ तिनीहरू हरेक सीधा सोझै हिंड्थे।
आत्माले जता जता जान लाउँथे त्यतै
तिनीहरू जान्थे। औ तिनीहरू यता उता
नफर्की हिंड्थे। १३ ती जीवित प्राणीका
अनुहार जलिरहेको आगोको भुंग्रो वा
रांकोजस्तो केही यतादेखि उता र उतादेखि
यता गरिरहेको देखिन्थ्यो। आगो चहकिलो
थियो, औ त्यसबाट बिजुली निस्कन्थ्यो।
१४ औ ती जीवित प्राणीहरू बिजुली चम्के-
जस्तै यतादेखि उता र उतादेखि यता वेग
हान्थे।

चारवटा पांग्रा वा चक्का

१५ औ जब मैले ती जीवित प्राणीलाई
हेरिरहेको थिएँ, तब ती चारै जीवित प्राणी
हरेकलाई एउटा एउटा हुने गरी तिनकै
छेउमा मैले जमीनमा पांग्रा देखें। १६ ती
पांग्राहरूका रूप र बनावट यस्ता थिए—
तिनीहरूको रूप फिरोजा पत्थरको चमकजस्तै
थियो। ती चारैवटाको रूप एकै थियो।
तिनीहरूको बनावट चाहिं पांग्राभित्र पांग्रा
भएझैं थियो। १७ तिनीहरू हिंड्दा

तिनीहरूका चारैपट्टि कुनै पनि तर्फ हिंड्थे,
औ हिंड्दा यता उता नफर्की हिंड्थे।
१८ ती चारै पांग्राका घेरा थिए, र तीभित्र
सुइराहरू थिए। ती घेराका चारैतिर आँखाले
भरिएका थिए। १९ ती जीवित प्राणीहरू
हिंड्दा ती पांग्राहरू पनि साथसाथै हिंड्थे।
ती जीवित प्राणीहरू जमीनबाट उठ्दा ती
पांग्राहरू पनि उठ्थे। २० आत्माले जता
जान लाग्थे तिनीहरू त्यतै जान्थे, औ ती
पांग्राहरू पनि तिनीहरूसँगै उठ्थे, किनभने
ती जीवित प्राणीहरूका आत्मा तिनै पांग्रामा
थिए। २१ ती जाँदा यी पनि जान्थे।
ती खड़ा हुँदा यी पनि खड़ा हुन्थे।
ती जमीनबाट उठ्दा यी पांग्रा पनि तिनीहरूसँग
उठ्थे। जीवित प्राणीहरूका आत्मा ती
पांग्रामानै थिए।

परमेश्वरको महिमाको दर्शन

२२ ती जीवित प्राणीका शिरको
माथ्तिर आकाशजस्तै देखिन्थ्यो—स्फटिकझैं
चम्किरहेको, औ तिनीहरूका शिरहरूमाथि
फिंजिएको। २३ औ आकाशको मन्तिर
तिनीहरूका पखेटा एउटाको पखेटाले अर्कोको
पखेटालाई छुने गरी सोझो फैलिएका थिए।
हरेक जीवित प्राणीका दुइ दुइ पखेटाले
आफ्नो शरीर ढाकेका थिए। २४ तिनीहरू
जाँदा तिनीहरूका पखेटाको आवाज धेरै
पानीको सोर, सर्वशक्तिमानको गर्जन, सेनाहरूको
खल्याङ्-मल्याङ्को आवाजजस्तै मैले सुनें।
तिनीहरू टक्क अड़िँदा तिनीहरूले आफ्ना
पखेटा तल झार्थे। २५ औ तिनीहरूका
शिरका माथ्तिर आकाशबाट एउटा आवाज
निस्कन्थ्यो। तिनीहरू टक्क अड़िँदा तिनी-
हरूले आफ्ना पखेटा तल झार्थे।
२६ तिनीहरूका शिरमाथ्तिरको आकाश-
माथि एउटा सिंहासनजस्तो थियो। हेर्दा
त्यो नीलमजस्तै देखिन्थ्यो। सिंहासन-
जस्तोमा बस्नेको रूप मानिसको जस्तो
थियो। २७ तिनको कम्मरदेखि माथ्तिर
चहकिलो पीतलजस्तै मैले देखें—चारैतिर
आगोले घेरिएको जस्तै। औ कम्मरदेखि
मन्तिर पनि आगोजस्तै मैले देखें। २८ औ
तिनको चारैतिर उज्यालो थियो। पानी
परेको दिन बादलमा इन्द्रेनीको आकार
देखेझैं चारैतिरको उज्यालो रूप त्यस्तै
थियो।

परमप्रभुको महिमाको प्रतिरूप यस्तै
थियो। औ जब मैले त्यो देखें तब म
घोप्टो परें, औ कोही बोलिरहेको सोर मैले
सुनें।

इजकिएलको पहिलो काम

२ उहाँले मलाई भन्नुभयो, 'हे
मानिस, खड़ा हो, म तँसित
कुरा गर्नेछु।' २ औ जब उहाँ मसित
बोल्नुभयो तब उहाँका आत्मा ममा पस्नुभयो र
मलाई खड़ा गराउनुभयो। औ उहाँ मसित
कुरा गर्नुभएको मैले सुनें। ३ उहाँले
मलाई भन्नुभयो, 'हे मानिस, म
तँलाई इस्राएली जातिकहाँ पठाउँछु, एउटा
बागी जातिकहाँ, जो मेरो विरुद्धमा उठेको
छ। तिनीहरूका पिता-पुर्खाहरूले र तिनीहरूले
पनि आजको दिनसम्मै मेरो विरुद्धमा अपराध
गरेका छन्। ४ तिनीहरू निर्लज्ज र ढीट
छन्। म तँलाई तिनीहरूकहाँ पठाउँछु, औ
तँले तिनीहरूलाई भन्नेछस्, परमप्रभु परमेश्वर
यसो भन्नुहुन्छ। ५ औ तिनीहरूले सुने
पनि वा सुन्नलाई अस्वीकार गरे तापनि
(किनभने तिनीहरू बागी सन्तान हुन्)
तिनीहरूले आफ्ना बीचमा एउटा अगमवक्ता
ता रहेछन् भन्ने कुरा जान्नेछन्। ६ औ
तँ चाहिं, हे मानिस, तिनीहरूदेखि
नडरा, नता तिनीहरूका कुरादेखि डरा।
तँसित झाँड़ा र छुछुंदे काँड़ा भए तापनि,
अथवा तँलाई बिच्छुहरूका बीचमा बस्नु
परे तापनि तिनीहरूका कुरादेखि तँ नडरा,

नता तिनीहरूका अनुहार देखेर भयभीत हो,
किनभने तिनीहरू ता वागी सन्तान हुन्।
७ तैंले तिनीहरूलाई मेरो वचन सुना, चाहे
तिनीहरूले सुनून् वा सुन्नलाई अस्वीकार
गरून्, किनभने तिनीहरू वागी सन्तान
हुन्।

८ तर तैंले चाहिं, हे मानिस,
म तँलाई जे भन्छु त्यो कुरा सुन्। त्यो
वागी सन्तानझैं तँ वागी नहो। तेरो मुख
खोल्, र मैले दिएको खा। ९ औ जब
मैले हेरें तब एउटा हात मतिर पसारेको
मैले देखें, र त्यस हातमा एउटा बेहेरिएको
पुस्तक रहेछ। १० औ उहाँले त्यो मेरै
सामने खोलेर फिंजाइदिनुभयो। त्यसका अगाडि
र पछाडि दुवैतिर लेखिएको रहेछ। त्यसमा
विलाप, शोक र दुःखका कुराहरू लेखिएका
रहेछन्।

३ अनि उहाँले मलाई भन्नुभयो, 'हे
मानिस, तँलाई जे दिएको छ
त्यो खा। त्यो बेहेरिएको पुस्तक खा र
गएर इस्राएलीहरूलाई भन्।' २ यसैले
मैले मेरो मुख खोलें, र उहाँले त्यो बेहेरिएको
पुस्तक मलाई खानलाई दिनुभयो।
३ त्यसपछि उहाँले मलाई भन्नुभयो, 'हे
मानिस, मैले तँलाई दिएको यो बेहेरिएको
पुस्तक खा र तेरो पेट भर्।' तब मैले
त्यो खाएँ, र त्यो मेरो मुखमा महझैं
मीठो भयो।

४ तब उहाँले मलाई भन्नुभयो, 'हे
मानिस, इस्राएलीहरूकहाँ जा, र तिनीहरूलाई
मेरो कुरा सुना, ५ किनभने तँ
कुनै विदेशी वा कठिन भाषा बोल्ने
मानिसहरूकहाँ पठाइएको छैनस्, तर इस्राएली-
हरूकहाँ मात्र—६ विदेशी वा कठिन भाषा
बोल्ने धेरै मानिसहरूकहाँ होइन, जसको
भाषा तैंले बुझ्दैनस्। मैले तँलाई त्यस्ता-
हरूकहाँ पठाएँ भने तिनीहरूले निश्चय तेरा
कुरा सुन्नेछन्। ७ तर इस्राएलीहरूले ता
तेरो कुरा सुन्नेछैनन्, किनभने मेरो कुरा
सुन्न तिनीहरू इच्छा गर्दैनन्, किनकि
इस्राएलको सारा घरानानै अट्टेरी र ढीट
छन्। ८ हेर्, मैले तँलाई तिनीहरूजस्तै
जिद्दीवाल र हठी तुल्याइदिएको छु।
९ मैले तेरो निधार दर्शन ढुङ्गाभन्दा कड़ा
पत्थरतुल्य पारिदिएको छु। तिनीहरूदेखि
नडरा, नता तिनीहरूका अनुहार देखेर
भयभीत हो, किनभने तिनीहरू वागी सन्तान
हुन्। १० उहाँले मलाई यसो पनि
भन्नुभयो, हे मानिस तँलाई भनेका सबै
कुरा तेरो मनमा राख् ती सुन्।
११ अनि ती देश-निकालावासी तेरा
मानिसहरूकहाँ जा, र चाहे तिनीहरूले सुनून्
वा सुन्नलाई अस्वीकार गरून्, तिनीहरूलाई
भन्, परमप्रभु यसो भन्नुहुन्छ।'

१२ तब आत्माले मलाई माथि उठाउनु-
भयो, औ जब परमप्रभुको महिमा आफ्नो
स्थानबाट माथि उठ्यो तब मैले एउटा ठूलो
भैंचालोको आवाज सुनें। १३ त्यो आवाज
ती प्राणीहरूका पखेटाले एउटाले अर्कोलाई
छुँदा निस्केको र तिनीहरूका छेउका ती
पांग्राहरूको आवाज थियो। त्यो आवाज
एउटा ठूलो भैंचालोको आवाजजस्तो थियो।
१४ आत्माले मलाई उठाएर लानुभयो, र
नमीठो मान्दै क्रोधमा म गएँ, औ परम-
प्रभुको बाहुली ममाथि प्रबल थियो।
१५ तब म तेलाबीबमा ती देश-
निकालावासीहरूकहाँ आएँ, जो कबार नदीको
किनारमा बसेका थिए। अनि सात दिनसम्म
तिनीहरूका बीचमा म लट्टिएर बसिरहें।

१६ सात दिनको अन्तमा परमप्रभुको
वचन मकहाँ आयो, १७ 'हे मानिसको
छोरो, मैले तँलाई इस्राएलको घरानाको
प्रहरी तुल्याएको छु। जब जब तैंले मेरो
मुखबाट केही कुरा सुन्छस् तब तब तिनी-
हरूलाई मतर्फबाट त्यो चेताउनी तैंले दिनू।
१८ जब दुष्टलाई 'तँ निश्चय मर्नेछस्' भनी
म भन्छु, तर त्यसको प्राण बचाउनलाई तैंले

त्यसलाई चेताउनी दिएनस्, दुष्टलाई त्यसको
दुष्ट चाल्को लागि चेताउनी दिनलाइ तैँले
केही भनेनस् भनेदेखि त्यो दुष्ट मानिस ता
आफ्नो अधर्ममा मर्छनै, तर त्यसको मरणको
लेखा म तँबाटै लिनेछु। १९ तर यदि तैँले
दुष्टलाई चेताउनी दिइस् र त्यो आफ्नो
दुष्टयाइँ अथवा आफ्नो दुष्ट चालदेखि
फर्कंदैन भने ता त्यो आफ्नो अधर्ममानै
मर्नेछ, तर तैँले चाहिँ आफ्नो प्राण बचाएको
हुनेछस्। २० फेरि कुनै एउटा धर्मी
मानिस आफ्नो धार्मिकताबाट फर्केर दुष्ट्याइँ
गर्छ, औ त्यसको अगि ठक्कर मैले राखें
भने त्यो मर्नेछ। तैँले त्यसलाई चेताउनी
नदिएकोले त्यो आफ्नो पापको कारण मर्नेछ,
र त्यसले गरेको धर्मका कामको केही
सम्झना हुनेछैन। तर त्यसको रगतको लेखा
म तँबाट लिनेछु। २१ तर यदि धर्मी
मानिसलाई पाप नगर् भनी तैँले चेताउनी
दिइस् र त्यसले पाप गरेन भने त्यो निश्चय
बाँच्नेछ, किनभने त्यसले चेताउनी ग्रहण
गर्‍यो, र तैँले आफ्नो प्राण बचाउँछस्।

इजकिएललाई तेस्रोपल्ट काम सुम्पेको

२२ अनि परमप्रभुको हात ममाथि
थियो। उहाँले मलाई भन्नुभयो, 'उठ्,
मैदानमा जा, र त्यहाँ म तँसित बात
गर्नेछु।' २३ तब म उठेर मैदानमा गएँ,
र हेर, कबार नदीको किनारमा मैले देखेको
जस्तो परमप्रभुको महिमा त्यहाँ पनि देखा
पर्‍यो। अनि म भूइँमा घोप्टो परेँ।
२४ तर आत्मा ममा पस्नुभयो र मलाई
उभ्याएर मसित बात गर्नुभयो, र भन्नुभयो,
'जा, आफ्नो घरभित्र ढोका थुनेर बस्।'
२५ औ हे मानिस, हेर्, तँलाई
डोरी लगाइनेछ। तँ बाँधिनेछस्, र तँ
मानिसहरूका बीचमा जानपाउनेछैनस्।
२६ म तेरो जिब्रो तेरो तालुमा टँसाइ-
राख्नेछु, र तँ गूङ्गा हुनेछस्, औ तिनीहरूलाई
हप्काउन सक्नेछैनस्, किनभने तिनीहरू बागी
सन्तान हुन्। २७ तर जब म तँसित बात
गर्छु, तब म तेरो मुख खोलिदिनेछु, र तैँले
तिनीहरूलाई भन्, 'परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, 'सुन्न चाहनेले सुनोस् अस्वीकार
गर्नेले अस्वीकार गरोस्, किनभने तिनीहरू
बागी सन्तान हुन्'।'

यरूशलेमलाई घेरा हालेर कैदमा लाने चिह्न

४ औ हे मानिस, एउटा ईंटा लिएर
त्यो तेरो सामने राख्, र
त्यसमा एउटा शहर, अर्थात् यरूशलेम
शहरको चित्र बना। २ त्यसको चारैतिर
घेरा हालेको बना। त्यसलाई घेरा हाल्ने
पर्खाल बना, र त्यसको सामने गढ़ी खड़ा
गर्। त्यसको चारैतिर छाउनी लगा र
वरिपरि त्यसलाई भत्काउने मूढ़ाहरू राख्।
३ औ एउटा फलामको पाता लिएर शहर
र तेरो बीचमा एउटा फलामको पर्खालझैँ
त्यो खड़ा गर्। तेरो मोहोड़ा त्यतातिर
फर्का, र त्यो घेरा लगाएको अवस्थामा
होस्, औ घेरा अझै साँघुरो बनाउँदै ले।
इस्राएलको घरानाको निम्ति यो एउटा
चिह्न हो।
४ त्यसपछि देब्रेतिर कोल्टे परेर सुत्,
र म इस्राएलको घरानाको दण्ड तँमाथि
राखिदिनेछु, किनभने जति दिनसम्म तँ त्यसरी
कोल्टे परेर रहन्छस् त्यति दिनसम्म तैँले
तिनीहरूको दण्ड भोग्नेछस्। ५ किनभने
तिनीहरूको दण्डको बर्षको संख्याकै बराबर
तेरो लागि दिनको संख्या तोकेको छु, अर्थात्
तीन सय नब्बे दिन। त्यतिञ्जेलसम्म तैँले
इस्राएलको घरानाको दण्ड भोग्नेछस्।
६ औ ती दिन पूरा भइसकेपछि फेरि
दाहिनेतिर कोल्टे पर्, र यहूदाको घरानाको
दण्ड भोग्। यसपल्ट चालीस दिन तेरो
निम्ति तोकेको छु, प्रत्येक बर्षको लागि एक

दिन। ७ तेरो पाखुरा नाङ्गो राखेर तैंले
मोहोडा यरूशलेमको घेरातर्फ फर्काएर राख्,
र त्यस शहरको विरुद्धमा अगमवाणी भन्।
८ औ हेर्, म तँलाई डोरीहरूले कसी
राख्नेछु, र तेरो घेराको दिन समाप्त
नहोउन्जेल तँ यताउता फर्कनसक्नेछैनस्।
९ त्यसपछि गहुँ, जौ, सिमी, दाल,
कोदो र फापर लिएर एउटै भाँडामा हालेर
त्यसको रोटी पोल्। औ जति दिनसम्म तँ
कोल्टे परेर रहन्छस् त्यति दिनसम्म, अर्थात्
तीन सय नब्बे दिनसम्म तैंले त्यो खानू।
१० तैंले खाने भोजन चाहिं तौलअनुसार
हुनेछ, दिनमा बीस शेकेल। दिनमा एकपल्ट
तैंले खानू। ११ पानी पनि तैंले तौलेर
खानू। दिनको एकपल्ट एक पाथीको छैटौं
भाग खानू। १२ जौको फुलौराजस्तै
बनाएर तैंले खानू। त्यो तिनीहरूकै आँखाको
सामने मानिसको मलले पकाउनू।'
१३ औ परमप्रभुले भन्नुभयो, 'इस्राएली-
हरूलाई जुन जातिहरूकहाँ म धपाउनेछु
तिनीहरूका बीचमा तिनीहरूले यसरीनै
आफ्ना भोजन अशुद्ध गरी खानेछन्।'
१४ तब मैंले भनें, 'हे परमप्रभु परमेश्वर,
हेर्नुहोस्, मैले ता कहिल्यै आफूलाई अशुद्ध
पारेको छैनँ। बालककालदेखि कहिल्यै
मेरो मुखमा आफै मरेको थोक अथवा
पशुले फहराएको कुरो वा अपवित्र मासु
परेको छैन।' १५ तब उहाँले मलाई
भन्नुभयो, हेर्, म तँलाई मानिसहरूको
मलको सट्टा गोबर दिनेछु, र त्यसैले तैंले
तेरो भोजन पका। १६ उहाँले अझै
मलाई यसो भन्नुभयो, हेर् ए मानिस
म यरूशलेमबाट अन्नको मूल नाश
पारिदिनेछु। जोखी जोखीकन चिन्तित
भई तिनीहरूले रोटी खानेछन्, औ
जोखी जोखीकन डराउँदै पानी पिउनेछन्।
१७ तिनीहरूमा रोटी र पानीको अभाव
होस्, र त्रासले पूर्ण भई एउटाले
अर्कोलाई हेरोस्, र आफ्नो दण्डले
गर्दा तिनीहरू सुक्दैजाऊन् भनेर म यसो
गर्नेछु।

५ औ हे मानिस, हजामको छुराजस्तै
प्रयोग गर्नलाई एउटा लाग्ने
तरवार ली। त्यसले तेरो कपाल र
दाही खौरी। त्यसपछि जोख्नलाई तराजु
ली, र ती केशहरूलाई भाग भाग गर्।
२ औ जब घेराको दिन समाप्त हुन्छ तब
त्यसको एक तिहाइ शहरको आगोमा
जलाइदे। अर्को एक तिहाइलाई चाहिं
शहरको चारैतिर तरवारले टुक्रा टुक्रा
पारिदे, बाँकी एक तिहाइ चाहिं हावामा
उड़ाइदे, र तिनीहरूमाथि प्रहार गर्नलाई
म तरवार थुत्नेछु। ३ तैंले तीबाट केही
लिएर आफ्नो वस्त्रको किनारमा बाँधिराख्।
४ औ तीबाट पनि केही लिएर आगोमा
हालेर तैंले जलाइदे। त्यसबाट इस्राएलका
सबै घरानामा एउटा आगो निस्कनेछ।
५ परमप्रभु परमेश्वर भन्नुहुन्छ, यरूशलेम
यही हो, जसलाई मैले जाति जातिहरूको
केन्द्रमा बसालेको छु, जसको चारैतिर
देशहरू छन्। ६ मेरा धर्म-विधिहरूको
विरुद्धमा अन्यजातिहरूभन्दा पनि अझ बढ़ी
र मेरो नियमहरूका विरुद्धमा त्यसका
चारैतिर भएका देशहरूले भन्दा पनि बढ़ी
दुष्ट्याइँसित त्यो बागी भई, किनभने
तिनीहरूले मेरा धर्म-विधिलाई इन्कार गरे, र
मेरा नियमहरूमा तिनीहरू हिंडेनन्।
७ यसकारण परमप्रभु परमेश्वर भन्नुहुन्छ,
आफ्ना चारैतिरका जातिहरूभन्दा तिमीहरू
ज्यादै बागी छौ। तिमीहरू मेरा धर्म-
विधिहरूमा चलेनौ र मेरा धार्मिक-विधान-
हरू पालन गरेनौ, तर तिमीहरूका चारैतिर
भएका जातिहरूका रीतिमा चल्यौ।
८ यसकारण परमप्रभु परमेश्वर भन्नुहुन्छ,
हेर, म, मनै तिमीहरूका विरुद्धमा भएको
छु। ती जातिहरूको आँखाको सामने म
तिमीहरूलाई दण्ड दिनेछु। ९ औ

तिमीहरूका घिनलाग्दा कामहरूले गर्दा
तिमीहरूलाई म यस्तो गर्नेछु जो मैले
अहिलेसम्म कहिल्यै गरेको छैनँ, औ
त्यस्तो म फेरि कहिल्यै गर्नेछैनँ।
१० तिमीहरू भित्रैमा बाबुहरूले छोराहरूको
र छोराहरूले बाबुहरूको मासु खानेछन्।
औ म तिमीहरूमाथि दण्ड ल्याउनेछु, र
तिमीहरूमा जो बाँच्नेछ त्यसलाई म चारैतिर
तितर-बितर पारिदिनेछु। ११ जस्तो म
जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ,
तिमीहरूका सबै घिनलाग्दा कुरा र घृणित
कामहरूबाट तिमीहरूले मेरो वासस्थानलाई
बिटुलो पारेकोले म निश्चय तिमीहरूलाई
नाश पार्नेछु। मेरो नजरले तिमीहरूलाई
टिठाउनेछैन। म तिमीहरूमाथि दया
देखाउनेछैनँ। १२ तिमीहरूकै बीचमा एक
तिहाइ रूढ़ीले मर्नेछ, र अनिकालले भस्म
हुनेछ। एक तिहाइ चाहिं तिमीहरूका
चारैतिर तरवारले ढल्नेछ, औ एक तिहाइ-
लाई चाहिं म चारैतिर तितर-बितर पार्नेछु,
र तिनीहरूलाई प्रहार गर्नलाई म तरवार
थुत्नेछु।

१३ त्यसरी मेरो रीस आफै मर्नेछ, र
मेरो क्रोध तिनीहरूमाथि खन्याएर म सन्तुष्ट
हुनेछु। मेरो क्रोध तिनीहरूमाथि खन्याइ-
सकेपछि तिनीहरूले जान्नेछन् कि म परम-
प्रभुलेनै आफ्नो डाहले भरिएर यो कुरो
भनेको हुँ। १४ त्यसबाहेक म तँलाई तेरा
चारैतिरका जातिहरूका बीचमा, र तेरो
छेउबाट भएर जानेहरूका दृष्टिमा उजाड़ र
निन्दाको पात्र तुल्याउनेछु। १५ म परम-
प्रभुलेनै यो भनेको हुँ—तेरा चारैतिर भएका
जातिहरूमा तँ निन्दा, ठट्टा, अरूहरूको
निम्ति चेताउनी र अति घृणित हुनेछस्।
म मेरो क्रोध र प्रचण्डतामा भयानक ताड़ना
दिँदै तँलाई दण्ड दिनेछु। १६ म तेरो
विरुद्धमा अनिकालको मेरा विषालु वाणहरू,
नाश गर्ने वाणहरू छोड़दा तँलाई नाश
गर्ननै छोड़नेछु, औ म तँमाथि झन् झन्
बढ़ी अनिकाल ल्याउनेछु, र तेरो अन्नको
मूलनै खतम पारिदिनेछु। १७ म तेरो
विरुद्धमा अनिकाल र जङ्गली जानवरहरू
पठाइदिनेछु, र तिनीहरूले तेरा बालकहरूलाई
तँबाट खोस्नेछन्। रूढ़ी र रक्तपात तेरा
बीचमा भइरहनेछन्, र म तँमाथि तरवार
चलाउनेछु। म परमप्रभुलेनै यो भनेको हुँ।

मूर्तिपूजाको त्याग

६ परमप्रभुको यो वचन मकहाँ आयो,
२ हे मानिस, इस्राएलका पहाड़हरूतिर
तेरो मोहोड़ा फर्काएर तिनीहरूका विरुद्धमा
यो अगमवाणी भन्, ३ तिनीहरूलाई
भन्, हे इस्राएलका पहाड़ हो, परमप्रभु
परमेश्वरको वचन सुन। पहाड़हरू, खोल्चाहरू
र बेंसीहरूलाई परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, हेर, म, मनै तिमीहरूमाथि तरवार
चलाउनेछु, र म तिमीहरूका उच्च
स्थानहरूलाई नष्ट पार्नेछु। ४ तिमीहरूका
वेदीहरू उजाड़ हुनेछन्, तिमीहरूले धूप
चढ़ाउने वेदीहरू भत्काइनेछन्। औ म
तिमीहरूका मारिएकाहरूलाई तिमीहरूकै
मूर्तिहरूको सामने फालिदिनेछु। ५ इस्राएल
जातिका लाशहरू तिनीहरूकै मूर्तिहरूका
सामने म राखिदिनेछु। म तिमीहरूका
हड्डीहरू तिमीहरूकै वेदीका चारैतिर तितर-
बितर पार्नेछु। ६ तिमीहरू जहाँ बसे
तापनि तिमीहरूका शहरहरू उजाड़ र
तिमीहरूका उच्च स्थानहरू नष्ट पारिनेछन्।
र तिमीहरूका वेदीहरू उजाड़ र नष्ट हुनेछन्।
तिमीहरूका मूर्तिहरू भाँचेर नष्ट पारिनेछन्,
तिमीहरूका धूप चढ़ाउने वेदीहरू टुक्रा
टुक्रा पारिनेछन् र तिमीहरूका कामहरू
मेटाइनेछन्। ७ तिमीहरूका मारिएकाहरू
तिमीहरूकै बीचमा लोट्नेछन्, र तिमीहरूले
जान्नेछौ कि मनै परमप्रभु हुँ।

८ तापनि म तिमीहरूमध्येका कतिलाई
जीवितै छोड़नेछु। जब तिमीहरूका कोही

कोही तरवारबाट उम्केकाहरू जाति जाति-
हरूका बीचमा हुनेछन्, औ जब तिमीहरू
देश देशमा तितर-बितर हुनेछौ, ९ तब
तिमीहरूमध्येका बाँचेकाहरूले जाति जातिहरूका
बीचमा, जहाँ तिनीहरू देश-निकालावासी भएर
लगिएका छन्, त्यहाँ मेरो सम्झना गर्नेछन्।
जब मदेखि टाढ़ा भएको तिनीहरूको चंचल
हृदयलाई म चूर्ण पार्नेछु, औ तिनीहरूका
मूर्तिहरूको पछि दगुर्ने तिनीहरूको चंचल
आँखालाई म अन्धा पर्नेछु, तब
तिनीहरूले गरेका दुष्टता, तिनीहरूका
सबै घृणित कामहरूको कारण तिनीहरू
आफ्ना दृष्टिमा आफै घिनलाग्दा हुनेछन्।
१० औ तिनीहरूले जान्नेछन् कि मनै
परमप्रभु हुँ। तिनीहरूमाथि यो बुराइ
ल्याउँछु भनी मैले व्यर्थमा भनेको
होइनँ।'
११ परमप्रभु परमेश्वर भन्नुहुन्छ, 'ताली
बजाऊ र खुट्टा ठट्टाएर भन्, 'इस्राएलको
घरानाका सबै दुष्ट र घिनलाग्दा कामहरूको
कारण हाय! किनभने तिनीहरू तरवार,
अनिकाल र रूढ़ीले नष्ट हुनेछन्।
१२ टाढ़ामा हुने रूढ़ीले मर्नेछ। नजीकमा
हुने तरवारले नाश हुनेछ। छोड़िएको र
बचेको चाहिँ अनिकालले मर्नेछ। यसरी म
मेरो क्रोध तिनीहरूमाथि खन्याउनेछु!'
१३ औ जब तिनीहरूका मूर्तिहरूका
बीचमा, तिनीहरूका वेदीका चारैतिर, सबै
उच्च स्थानहरूमा, सबै पहाड़का टाकुराहरू-
माथि, सबै हरिया रूखहरूमनि औ सबै झ्याम्म
परेका बजराँठका रूखहरूमनि जहाँ जहाँ
तिनीहरूले आफ्ना मूर्तिहरूका निम्ति
सुगन्धित धूप चढ़ाउँथे, त्यहाँ त्यहाँ
तिनीहरूका मारिएकाहरू पड़िरहेका हुन्छन्,
तब तिमीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछौ। १४ म मेरो हात तिनीहरूका
विरुद्धमा उठाउनेछु, र मरुभूमिदेखि दिब्लासम्मै
तिनीहरूका सबै बस्ने ठाउँहरू, अर्थात्
देशलाई उजाड़ र सूनसान तुल्याइदिनेछु।
तब तिनीहरूले जान्नेछन् कि मनै परमप्रभु
हुँ।'

इस्राएलको दुष्टता र दण्ड

७ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस इस्राएलको देशलाई
परमप्रभु यसो भन्नुहुन्छ, अन्त! देशको
चारै दिशामा अन्त आइपुगेको छ।
३ अब अन्त तिमीहरूमाथि आएको छ।
म मेरो रीस तिमीहरूमाथि खन्याउनेछु, र
तिमीहरूको चालअनुसार म न्याय गर्नेछु।
तिमीहरूका सबै घिनलाग्दा कामहरूका निम्ति
म तिमीहरूलाई दण्ड दिनेछु। ४ मेरो
नजरले तिमीहरूलाई छोड़नेछैन। म
तिमीहरूलाई टिठाउनेछैनँ। जब कि घिनलाग्दा
कामहरू तिमीहरूका माझमा छन् भने
म तिमीहरूका चालअनुसार तिमीहरूलाई
दण्ड दिनेछु। तब तिमीहरूले मनै परमप्रभु
हुँ भनी जान्नेछौ।'
५ परमप्रभु परमेश्वर भन्नुहुन्छ,
'विपत्तिमाथि विपत्ति! हेर, त्यो आउँदैछ!
६ अन्त आएको छ! अन्त आएको छ!
त्यो तिमीहरूका विरुद्धमा उठेको छ। हेर,
त्यो आउँदैछ। ७ हे देशवासी, तेरो
सर्वनाश आएको छ। बेला आइपुग्यो,
दिन नजीकै छ, खैलाबैलाको दिन, तर
पहाड़हरूमा रमाहटको सोर ता होइन।
८ अब म चाँड़ै तिमीहरूमाथि मेरो क्रोध
खन्याउनेछु, मेरो रीस तिमीहरूमाथि
पोखाउनेछु। तिमीहरूको चालअनुसार तिमीहरूको
न्याय म गर्नेछु। घिनलाग्दा कामहरूको
कारण म तिमीहरूलाई दण्ड दिनेछु।
९ तिमीहरूका घिनलाग्दा कामहरू तिमीहरूका
माझमा छन् भने मेरो नजरले तिमीहरूलाई
छोड़नेछैन। म तिमीहरूलाई टिठाउनेछैनँ,
तिमीहरूका चालअनुसार म तिमीहरूलाई
दण्ड दिनेछु। तब तिमीहरूले जान्नेछौ
कि मनै परमप्रभु हुँ जसले नाश गर्दछ।

१० हेर त्यो दिन! हेर त्यो आउँदैछ!
तिमीहरूको सर्वनाश आयो। फूल फक्रेझैँ
अन्याय फक्र्यो। अहंकारको कोपिला लाग्यो।
११ उपद्रव बढेर दुष्टताको लौरो भएको
छ। तिनीहरूमध्येको कुनै पनि रहनेछैन।
तिनीहरूका प्रचुरता, तिनीहरूका धन-सम्पत्ति,
तिनीहरूका बीचमा प्रमुखता रहनेछैन।
१२ बेला आइपुग्यो, दिन नजीक
आयो। किन्नेले रमाहट नगरोस्,
बेच्नेले शोक नगरोस्, किनभने क्रोध
तिनीहरूका सबै भीड़माथि परेको छ।
१३ किनभने बाँचुन्जेल आफूले बेचेको
बेच्नेले फेरि प्राप्त गर्नसक्नेछैन, किनभने
क्रोध तिनीहरूका समस्त धुइरोमाथि परेको छ।
त्यो फर्केर जानेछैन, औ आफ्नो अधर्मले
गर्दा कसैको केही उन्नति हुनेछैन।
१४ तिनीहरूले तुरही फुके र सबै
कुरा तयार पारे, तर कोही लड़ाइँ गर्न
जाँदैन, किनभने मेरो क्रोध तिनीहरूका सबै
धुइरोमाथि परेको छ। १५ बाहिर चाहिँ
तरवार चल्छ, र भित्र रूढी र अनिकाल
हुन्छन्। बाहिर मैदानतिर हुने तरवारले
मारिनेछ, र शहरमा हुने चाहिँ अनिकाल र
रूढीको गाँस हुनेछ। १६ औ कोही बाँचेर
उम्कयो भने तिनीहरू पहाड़हरूमा बँसीका
ढुकुरझैँ सबै आफ्नो आफ्नो अधर्मको लागि
शोक गर्दै रहनेछन्। १७ सबै हात दुर्बल
हुनेछन्, घुँडा निर्बल हुनेछन्। १८ तिनी-
हरूले कम्मरमा भाङ्ग्रा लाउनेछन्, र भयानक
डरले तिनीहरूलाई छोप्नेछ। सबैका अनुहारमा
लाज हुनेछ, र तिनीहरू सबैका शिर खुईले
हुनेछन्। १९ तिनीहरूले आफ्ना चाँदी
सड़कहरू हुँदो फालिदिनेछन्, र तिनीहरूका
सुन अशुद्ध थोकजस्तो हुनेछ। परमप्रभुको
क्रोधको दिनमा तिनीहरूका चाँदी र सुनले
तिनीहरूलाई बचाउनसक्नेछैनन्। सुन र
चाँदीले तिनीहरूले आफ्नो भोक मार्न अथवा
पेट भर्न सक्नेछैनन्, किनभने यहीनै
तिनीहरूलाई अधर्ममा पार्ने अधर्मको ठक्कर
थियो। २० तिनीहरूका सुन्दर सुन्दर गहना
तिनीहरूले व्यर्थका घमण्डको लागि पहिरे,
औ त्यसबाट तिनीहरूले आफ्ना घिनलाग्दा
मूर्तिहरू र घृणित वस्तुहरू बनाए। यसकारण
यो म तिनीहरूका निम्ति अशुद्ध थोक
तुल्याइदिनेछु। २१ त्यो म विदेशीहरूका
हातमा लूट्नलाई दिनेछु। त्यो म पृथ्वीका
दुष्टहरूलाई लूटको मालझैँ दिनेछु, र
तिनीहरूले त्यो बिटुलो पार्नेछन्।
२२ तिनीहरूलाई मेरो बहुमूल्य भवन बिटुलो
पार्न दिनलाई म मेरो मोहोड़ा तिनीहरूदेखि
फर्काउनेछु। डाँकूहरू त्यहाँ पसेर त्यसलाई
बिटुलो पार्नेछन्, २३ र त्यसलाई उजाड़
पार्नेछन्, किनभने देश हत्याको दुष्ट कामले
भरिएको छ, र शहर उपद्रवले भरिएको छ।
२४ म जाति जातिहरूका सबैभन्दा दुष्ट
मानिसहरूलाई तिनीहरूका घरहरू अधिकार
गर्नलाई ल्याउनेछु। म तिनीहरूको गर्व गर्ने
शक्ति खतम पार्नेछु, र तिनीहरूका पवित्र
ठाउँहरू बिटुलो पारिनेछन्। २५ जब कष्ट
आउँछ तब तिनीहरूले शान्तिको खोजी गर्नेछन्,
तर शान्ति कहीं हुनेछैन। २६ विपत्तिमाथि
विपत्ति आउनेछ। एउटा पछि अर्को
अफवाह! तिनीहरूले अगमवक्ताबाट दर्शन
खोज्नेछन्, तर पूजाहारीबाट शिक्षा र
बूढ़ा-प्रधानहरूबाट परामर्श लोप भइजानेछन्।
२७ राजाले शोक गर्नेछन्। भारादारहरू
निराशामा डुब्नेछन्। देशका मानिसहरूका
हात त्रासले गर्दा नचल्ने हुनेछन्।
तिनीहरूका चालअनुसारनै म तिनीहरूलाई
गर्नेछु। तिनीहरूले गरेकै न्यायअनुसार म
तिनीहरूको न्याय गर्नेछु। औ मनै परमप्रभु
हुँ भनी तिनीहरूले जान्नेछन्।'

यरूशलेममा भएको मूर्तिपूजाको दर्शन

८ छैटौं वर्षको छैटौं महीनाको पाँचौं
दिनमा जब म आफ्नो घरमा
बसिरहेको थिएँ, औ यहूदाका बूढ़ा-प्रधानहरू

मेरो सामने थिए, तब त्यहाँ परमप्रभुको
बाहुली ममाथि पर्‍यो। २ तब मैले हेरें,
औ मानिसको रूप भएको आकार मैले
देखें। त्यसको कम्मरको मनि आगो थियो
र कम्मरको माथि चाहिँ टल्काएको पीतलको
झलकजस्तो देखिन्थ्यो। ३ त्यसले हात-
जस्तै आकार पसारेर मेरो केशको एउटा
लट्टा समातेर मलाई उठायो। त्यसपछि
आत्माले मलाई पृथ्वी र आकाशको बीचमा
उचालेर परमेश्वरका दर्शनहरू देखाउँदै यरू-
शलेममा मन्दिरको भित्री चोकमा प्रवेश गर्ने
उत्तरपट्टिको मूल-ढोकानेर पुर्‍यायो। त्यहाँ
डाहको मूर्तिको आसन थियो। त्यसले डाह
उत्पन्न गराउँछ। ४ औ मैले बेंसीमा देखेको
दर्शनजस्तै त्यहाँ इस्राएलका परमेश्वरको महिमा
थियो।

५ तब उहाँले मलाई भन्नुभयो, 'हे
मानिस, अब तेरो आँखा उठाएर उत्तर
दिशातिर हेर्।' तब मैले मेरो दृष्टि उत्तर
दिशातिर लगाएँ। औ त्यहाँ वेदी-ढोकाको
उत्तरपट्टिको प्रवेश-ढोकानेर त्यो डाहको मूर्ति
थियो। ६ त्यसपछि उहाँले मलाई भन्नुभयो,
'हे मानिस, तिनीहरू के गर्दैछन् के तैं
देख्छस्? इस्राएलको घरानाले मलाई मेरो
पवित्रस्थानदेखि पर हटाउनलाई कस्तो
घिनलाग्दा काम यहाँ गरिरहेका छन्। तर
तैंले योभन्दा अर्कै घिनलाग्दा कामहरू
देख्नेछस्।'

७ औ उहाँले मलाई चोकको ढोकामा
ल्याउनुभयो, र जब मैले हेरें तब भित्तामा
एउटा प्वाल देखें। ८ तब उहाँले मलाई
भन्नुभयो, 'हे मानिस, यो भित्तामा
खन्।' औ जब मैले त्यो भित्ता खनें तब
त्यहाँ एउटा ढोका रहेछ। ९ अनि उहाँले
मलाई भन्नुभयो, 'भित्र गएर तिनीहरूले त्यहाँ
गरिरहेका अति घिनलाग्दा कामहरू हेर्!'
१० तब म भित्र पसें, र मैले हेरें। त्यहाँ
चारैतिर भित्तामा सबै किसिमका घस्रने
जन्तुहरू, घिनलाग्दा पशुहरू र इस्राएलका
घरानाका जम्मै मूर्तिहरूका चित्रहरू बनाएका
रहेछन्। ११ औ तिनीहरूका सामने
इस्राएलका घरानाका सत्तरी जना बूढ़ा-
प्रधानहरू, शापानको छोरो याजन्याहको
साथमा उभिरहेका रहेछन्। हरेकको
हातमा आफ्नो आफ्नो धूपौरो रहेछ, औ
धूपको धुवाँ बादलसरह मास्तिर उठिरहँदो
रहेछ। १२ तब उहाँले मलाई भन्नुभयो
'हे मानिस, इस्राएलका घरानाका बूढ़ा-
प्रधानहरू अँध्यारोमा चित्रहरूले भरिएको
आफ्नो आफ्नो कोठामा के गर्दारहेछन्, के
तैंले देखिस्? किनभने तिनीहरू भन्छन्,
'परमप्रभुले हामीलाई देख्नुहुन्न। परमप्रभुले
यस देशलाई त्याग्नुभएको छ।' १३ फेरि
उहाँले मलाई भन्नुभयो, 'तिनीहरूले गरेका
यीभन्दा पनि अति घिनलाग्दा कामहरू तैंले
देख्नेछस्'।'

१४ तब उहाँले मलाई परमप्रभुको
भवनको उत्तरपट्टिको ढोकाको मुखमा ल्याउनु-
भयो। त्यहाँ तम्मूज देवताको लागि रोइ-
रहेका स्त्रीहरूलाई मैले देखें। १५ तब
उहाँले मलाई भन्नुभयो, 'हे मानिस, के तैंले
यो देखिस्? तैंले यीभन्दा पनि झन्
घिनलाग्दा कामहरू देख्नेछस्।'

१६ तब उहाँले मलाई परमप्रभुको
भवनको भित्री चोकमा ल्याउनुभयो। त्यहाँ
वेदी र दलानको बीचमा परमप्रभुको मन्दिरको
ढोकामा प्रायः पचीस जना मानिसहरू आफ्नो
पीठ परमप्रभुको मन्दिरतिर र मुख चाहिं
पूर्वतिर फर्काएर पूर्वतिरै सूर्यलाई दण्डवत्
गरिरहेका रहेछन्। १७ तब उहाँले भन्नुभयो,
'हे मानिस, के तैंले यो देखिस्? आफ्नो
देश उपद्रवले भरेर मलाई झन् रीस
उठाउनलाई तिनीहरूले यहाँ गरेका यी घिन-
लाग्दा काम यहूदाको घरानाको लागि के
साह्रै खेलाँची कुरा हो र? हेर्, तिनीहरू
मेरो साह्रै बेइज्जत गर्दछन्। १८ यसकारण
क्रोधमा म तिनीहरूसित व्यवहार गर्नेछु। मेरो
नजरले तिनीहरूलाई छोड्नेछैन। म टिठाउनेछैनँ।

औ तिनीहरू उच्च सोरले मेरो कानैमा कराए
तापनि म सुन्नेछैनँ।'

यरूशलेमका मूर्तिपूजकहरूको हत्या

९ तब उहाँ ठूली सोरले मेरो कानमा
यसो भनेर कराउनुभयो, २ 'हे
शहरका पौंड़ेहरू, तिमीहरू सबै हातमा
आफ्नो आफ्नो नाश गर्ने हतियार लिएर
नजीक आऊ।' ३ तब छ जना
मानिसहरू आफ्नो आफ्नो हातमा लाग्ने
हतियार लिएर उत्तरतिर फर्केको माथिल्लो मूल-
ढोकाबाट आए। औ मिहिन कपड़ा लाएको
र कम्मरमा सीक्को मसीदानी भिरेको एक
जना मानिस तिनीहरूसित थियो। तिनीहरू
भित्र गएर पीतलको वेदीको छेउमा उभिए।
३ त्यस बेला इस्राएलका परमेश्वरको
महिमा चाहिं त्यो महिमा रहेको
करूबहरूदेखि हटेर परमप्रभुको भवनको
सँघारमा पुगिसकेको थियो। तब उहाँले त्यस
मिहिन कपड़ा मसीदानी भिरेको
मानिसलाई आफ्नो छेउमा बोलाउनुभयो।
४ औ परमप्रभुले तिनलाई भन्नुभयो,
'शहर, अर्थात् यरूशलेमभित्र चारैतिर जा,
र त्यसमा गरिएका सबै घिनलाग्दा कामहरू
देखेर शोक र विलाप गर्ने सबै मानिसहरूका
निधार निधारमा चिह्न लगा।' ५ औ
अरूहरूलाई चाहिं मैले सुन्ने गरी उहाँले
भन्नुभयो, 'तिमीहरू चाहिं शहरभित्र त्यसको
पछिपछि गएर हिर्काऊ। तिमीहरूका
नजरले कसैलाई नछोड़ोस्, तिमीहरूले
कसैमाथि दया नगर्नू। ६ बूढ़ा मानिस,
तरुणी, तन्नेरि, बालकहरू र स्वास्नीमानिसहरू
सबैलाई खतम पार, तर त्यो चिह्न भएको
कसैलाई पनि नछोऊ। मेरो पवित्रस्थानदेखिनै
शुरू गर।' यसैले तिनीहरूले परमप्रभुको
भवनको अघाड़ि भएका बूढ़ा-प्रधानहरूदेखिनै
शुरू गरे। ७ तब उहाँले तिनीहरूलाई
भन्नुभयो, 'भवन बिटुलो पारिदेऊ। चोकहरू
मारिएकाहरूका लाशहरूले भरिदेऊ! जाऊ!"
यसकारण तिनीहरूले गएर शहर नाश पारे।
८ औ जब तिनीहरूले मार्दै थिए औ म
एक्लै छोड़िएको थिएँ, तब घोप्टो परेर रूँदै
मैले भनें, 'हे परमप्रभु परमेश्वर, यरूशलेम-
माथि आफ्नो क्रोध खन्याउनुहुँदा इस्राएलका
बचेकाहरू सबैलाई पनि के तपाईं नाश
गर्नुहुन्छ?'
९ तब उहाँले मलाई भन्नुभयो,
'इस्राएल र यहूदाका घरानाका दोष असाध्य
ठूलो छ। देश रगतले भरिएको छ, र शहर
चाहिं अन्यायले भरिपूर्ण छ, किनभने तिनीहरू
भन्छन्, 'परमप्रभुले देशलाई त्यागनुभएको
छ, परमप्रभुले देख्नुहुन्न।' १० तर मेरो
नजरले तिनीहरूलाई छोड़नेछैन। म टिठा-
उनेछैनँ, तर म तिनीहरूको कामको बदला
तिनीहरूकै शिरमा खन्याइदिनेछु।'
११ औ मिहिन कपड़ा लगाएको
र कम्मरमा सीक्को मसीदानी भिरेको
मानिसले यसो भनेर खबर ल्याए, 'तपाईंले
मलाई आज्ञागर्नुभए बमोजिम मैले गरें।'

यरूशलेम आगोले नाश भएको

१० त्यसपछि मैले हेरें, औ करूबहरूका
शिरदेखि मास्तिर आकाशमा
सिंहासनको आकार भएको नीलमजस्तै केही
देखा पर्‍यो। २ औ उहाँले त्यो मिहिन
कपड़ा लगाएको मानिसलाई भन्नुभयो,
'करूबहरूका मनि ती हुरूरूरू घुमिरहेका
पांग्राहरूका बीचमा जा, र ती करूबहरूका
बीचमा भएको जलिरहेको आगोको मुंग्रो
हातभरि लिएर त्यस शहरमाथि छरिदे।'
तब मैले हेर्दा हेर्दै त्यो भित्र गयो।
३ त्यो मानिस भित्र जाँदा करूबहरू भवनको
दक्षिणपट्टि उभिरहेका थिए, औ बादलले
भित्री चोक भरियो। ४ औ परमप्रभुको
महिमा करूबहरूबाट भवनको सँघारमा गयो,
र भवन बादलले भरियो, र चोक परमप्रभुको

महिमाको चमकले पूर्ण भयो। ५ करूबहरूका
पखेटाको आवाज़ बाहिरको चोकसम्मै
सुनिन्थ्यो। त्यो आवाज सर्वशक्तिमान
परमेश्वर बोल्नुहुँदा सुनिने आवाजजस्तै थियो।
६ अनि उहाँले त्यो मिहिन कपड़ा
लाउने मानिसलाई यसो भनेर आज्ञा दिनुभयो,
'ती हुरुरुरु घुमिरहेका पांग्राको बीच
करूबहरूका माझबाट आगो ली।' तब त्यो
गएर एउटा पांग्राको छेउमा उभियो।
७ तब एउटा करूबले आफ्नो हात
करूबहरूकै बीचमा भएको आगोतिर पसारेर
त्यहाँबाट केही आगोको भुंग्रो लिएर त्यो
मिहिन कपड़ा लाउने मानिसको हातमा
राखिदिए, औ आगो लिएर त्यो मानिस
बाहिर गयो। ८ पखेटामनि ती करूबहरूका
हात मानिसका हातजस्तै देखिन्थे।
९ अनि मैले हेरें, औ के देखें भने,
करूबहरूका छेउमा चार पांग्राहरू रहेछन्,
प्रत्येक करूबको छेउमा एउटा एउटा पांग्रा।
ती पांग्राहरू चहकिलो फिरोजामणि जस्तै
देखिन्थे। १० हेर्नमा चारै पांग्रा एकै
किसिमका थिए, एउटाभित्र अर्को पांग्रा
भएजस्तै। ११ चारै दिशामा कुनै पनि
दिशातिर हिंड्दा नफर्कीकन ती हिंड्थे।
तर जुन दिशातिर अघिल्लो पांग्रा फर्कन्थ्यो
अरूहरू पनि नफर्कीकनै त्यसकै पछि लाग्थे।
१२ तिनीहरूका सम्पूर्ण शरीर, तिनीहरूका
पीठ, हात, पखेटा र पांग्राहरू—ती
चारै जनाका पांग्राहरूसमेत—चारैतिर आँखै
आँखाले भरिएका थिए। १३ ती पांग्राहरू-
लाई हुरुरुरु घुम्ने भनिएको मैले सुनें।
१४ प्रत्येकका चारवटा मोहोड़ा थिए। पहिलो
मोहोड़ा करूबको, दोस्रो मानिसको, तेस्रो
सिंहको र चौथो चीलको जस्तै थियो।
१५ अनि ती करूबहरू उँभो उँभो
अकाशिनलागे। यी तिनै जीवित प्राणीहरू
थिए जो मैले कबार नदीको किनारमा देखेको
थिएँ। १६ औ जब ती करूबहरू जान्थे
पांग्राहरू पनि तिनीहरूसितै जान्थे। जब ती
करूबहरू पृथ्वीबाट उँभो जानलाई आफ्ना
पखेटा फैलाउँथे, तब ती पांग्राहरू करूबहरूका
छेउबाट हट्दैनथे। १७ जब करूबहरू टक्क
खड़ा बस्थे ती पनि खड़ानै रहन्थे, औ जब
तिनीहरू उँभो उँभो अकाशिन्थे ती पनि उँभो
उँभोनै अकाशिन्थे, किनभने ती जीवित प्राणी-
हरूको आत्मा तिनमानै थियो।

ईश्वरीय महिमाको दर्शन

१८ त्यसपछि प्रभुको महिमा भवनको
सँघारबाट निस्केर करूबहरूको मास्तिर अड़ियो।
१९ औ आफ्ना पखेटा फैलाएर ती करूबहरू
मैले हेर्दा हेर्दै पृथ्वीबाट उँभो उँभो गए,
औ ती पांग्राहरू पनि तिनीहरूसितै उँभो
उँभो उठे। औ परमप्रभुको भवनको पूर्वतिरको
मूल-ढोकाको मुखैमा तिनीहरू खड़ा भए।
औ इस्राएलका परमेश्वरको महिमा तिनीहरू-
माथि थियो।
२० कबार नदीको किनारमा इस्राएलका
परमेश्वरमनि मैले देखेका जीवित प्राणी यिनै
थिए। औ तिनीहरू ता करूबहरू रहेछन् भनी
मैले जानें। २१ प्रत्येकका चार चारवटा
मोहोड़ा, चार चारवटा पखेटा र पखेटामनि
मानिसका जस्तै हात थिए। २२ औ तिनी-
हरूका मोहोड़ाको रूप चाहिं कबार नदीमा
मैले देखेका मोहोड़ाझैं थियो। तिनीहरू
प्रत्येक सीधा सोझै हिंड्थे।

दोष गर्ने अगुवाहरूलाई दण्ड

११ आत्माले मलाई उठाएर पूर्वतिर
फर्केको परमप्रभुको भवनको पूर्वको
मूल-ढोकामा ल्याउनुभयो। त्यहाँ मूल-ढोकाको
मुखैमा पच्चीस जना मानिसहरू रहेछन्।
तिनीहरूका बीचमा मैले प्रजाका शासकहरू
अज्जूरको छोरो याजन्याह र बनायाहको
छोरो पलत्याहलाई देखें। २ तब उहाँले
मलाई भन्नुभयो, 'हे मानिस, यी तिनै

मानिसहरू हुन् जसले यस शहरमा
कुकर्म रच्तछन्, र दुष्ट सल्लाह दिन्छन्।
३ औ तिनीहरू भन्छन्, 'घरहरू बनाउने
समय आइपुगेको छैन। यो शहर कराही
हो, र हामीहरू चाहिं मासु।' ४ यसैकारण
हे मानिस, तिनीहरूका विरुद्धमा अगमवाणी
भन्, अगमवाणी भन्!'
५ त्यसपछि परमप्रभुको आत्मा ममाथि
उत्रनुभयो, र उहाँले मलाई भन्नुभयो, 'भन्,
परमप्रभु यसो भन्नुहुन्छ, 'तिमीहरू ता यस्तै
विचार गर्दछौ, हे इस्राएलका घराना,
किनकि तिमीहरूका मनमा आउने विचारहरू
म जान्दछु। ६ यस शहरमा तिमीहरूले
धेरैलाई मारेका छौ, र यसका गल्लीहरू
मारिएकाहरूका लाशले भरिदिएका छौ।'
७ यसकारण परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'तिमीहरूले मारेका मानिसहरू चाहिं, जसलाई
तिमीहरूले मारेर यसका बीचमा पढ्रिहन
दिएका छौ, ती मासु हुन्, र यो शहर
चाहिं कराही। तर तिमीहरू त्यसका बीचबाट
बाहिर ल्याइनेछौ। ८ तिमीहरू तरवारदेखि
डराउँछौ, तर म तिमीहरूमाथि तरवार
ल्याउनेछु, परमप्रभु परमेश्वर भन्नुहुन्छ।
९ म त्यसको बीचबाट तिमीहरूलाई बाहिर
निकाल्नेछु, र विदेशीहरूका हातमा तिमीहरू-
लाई सुम्पिदिनेछु, र तिमीहरूलाई दण्ड दिनेछु।
१० तिमीहरू तरवारले ढल्नेछौ। इस्राएलको
सीमानामा म तिमीहरूको इन्साफ गर्नेछु, औ
मनै परमप्रभु हुँ भनी तिमीहरूले जान्नेछौ।
११ यो शहर तिमीहरूको लागि कराही
हुनेछैन। तिमीहरू त्यस भित्रको मासु हुनेछैनौ।
तर म तिमीहरूको इन्साफ इस्राएलको
सीमानामा गर्नेछु। १२ औ मनै परमप्रभु
हुँ भनी तिमीहरूले जान्नेछौ, किनभने तिमीहरू
मेरा नियमहरूमा हिंडेका छैनौ, नता मेरा
धर्म-विधिहरू तिमीहरूले पालन गरेका छौ, तर
तिमीहरूका वरिपरि भएका जातिहरूका विधि-
अनुसार तिमीहरूले काम गरेका छौ।'
१३ अनि जब मैले अगमवाणी भनिरहेको
थिएँ तब बनायाहको छोरो पलत्याह मरे।
तब म घोप्टो परें, र चर्को सोरमा कराएर
मैले भने, 'हाय, परमप्रभु परमेश्वर! के तपाइं
इस्राएलका बचेकाहरूलाई सम्पूर्ण नाश
गर्नुहुन्छ?'

देश-निकालावासीहरूलाई सान्त्वना

१४ त्यसपछि परमप्रभुको यो वचन मकहाँ
आयो, १५ हे मानिस, तेरा आफन्त
तेरै दाज्यू-भाइहरू, तँसँग देशनिकालावास
भएका तेरा साथीहरू, इस्राएलका सारा
घराना, ती सबै तिनै हुन् जसका विषयमा
यरूशलेमका बासिन्दाहरूले यसो भनेका
छन्, 'यिनीहरू परमप्रभुदेखि टाढ़ा भएका
छन्। औ यो देश हामीलाई अधिकार गर्न
दिइएको छ।' १६ यसकारण यसो भन्,
'परमप्रभु परमेश्वर भन्नुहुन्छ, मैले तिनीहरू-
लाई जाति जातिहरूका बीचमा टाढ़ा पठाए
तापनि औ तिनीहरूलाई देश देश हुँदो
तितर-बितर पारे तापनि तिनीहरू गएका देशमा
केही समयको निम्ति म तिनीहरूको शरण-
स्थान भएको छु।' १७ यसकारण भन्,
'परमप्रभु यसो भन्नुहुन्छ, मानिसहरूका बीच-
देखि म तिमीहरूलाई जम्मा गर्नेछु, र म
तिमीहरूलाई इस्राएलको देश दिनेछु।
१८ औ जब तिनीहरू त्यहाँ आउँछन् तब
तिनीहरूले त्यहाँबाट त्यसका सबै घृणित कुराहरू
र घिनलाग्दा कामहरू हटाउनेछन्। १९ औ
म तिनीहरूलाई नयाँ हृदय दिनेछु, र तिनी-
हरूमा एउटा नयाँ आत्मा हालिदिनेछु। म
तिनीहरूका शरीरदेखि ढुङ्गाको हृदय निकालेर
मासुको हृदय हालिदिनेछु। २० तिनीहरू
मेरा नियमहरूमा हिंडून् र तिनीहरूले मेरा
धर्म-विधिहरू मानेर ती पालन गरून्। औ
तिनीहरू मेरा प्रजा हुनेछन्, र म तिनीहरूका
परमेश्वर हुनेछु। २१ तर आफ्ना घृणित
कुराहरू र घिनलाग्दा कामहरूका पछि लाग्ने-
हरूलाई चाहिं म तिनीहरूका कामहरूको

प्रतिफल तिनीहरूकै शिरमा खन्याइदिनेछु,
'परमप्रभु परमेश्वर भन्नुहुन्छ।'

दर्शनको अन्त

२२ तब ती करूबहरूले आफ्ना आफ्ना
पखेटा फैलाए। तीसित भएका ती पाङ्ग्राहरू
पनि उठे, औ इस्राएलका परमेश्वरको महिमा
तिनीहरूमाथि थियो। २३ त्यसपछि शहरको
बीचबाट परमप्रभुको महिमा उँभो उँभो गएर
त्यो डाँडामाथि अडियो जो शहरको
पूर्वपट्टि थियो। २४ औ आत्माले मलाई
उठाउनुभयो। औ दर्शनमा परमेश्वरको आत्मा-
द्वारा कल्दीहरूको देशमा देश-निकालावास
भएकाहरूकहाँ म ल्याइएँ। तब मैले देखेको
त्यो दर्शन मबाट गइहाल्यो। २५ औ परम-
प्रभुले मलाई देखाउनुभएका सबै कुरा मैले
देश-निकालावास भएकाहरूलाई बताइदिएँ।

देश-निकालावास हुने, भाग्ने र अनिकालका चिह्नहरू

१२ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस तँ बागी घरानाको
बीचमा बस्छस्, जसका हेर्ने आँखा छन्
तर देख्तैनन्, जसका सुन्ने कान छन्
तर सुन्दैनन्, ३ किनभने तिनीहरू बागी
घराना हुन्। यसकारण हे मानिस देश-
निकालावास भएको व्यक्तिलाई झैं चाहिने
सामान तयार पार्, र दिउँसो तिनीहरूका
आँखाकै सामने देशबाहिर गइहाल्। तिनी-
हरूका आँखाकै सामने देशनिकालावास भएको
व्यक्ति जस्तो तेरो ठाउँदेखि अर्को ठाउँ
गइहाल्। तिनीहरू बागी घराना भए तापनि
सायद तिनीहरूले बुझ्लान्। ४ देश-
निकालावासको चाहिने सामानजस्तै गरी तैंले
आफ्नो सामान दिउँसो तिनीहरूका आँखाकै
सामने निकाल्, र तिनीहरूका आँखाकै सामने
बेलुकी देश-निकालावासीजस्तै गरी जा।
५ तिनीहरूले देख्ने गरी भित्तामा
प्वाल बना, र त्यतैबाट निस्केर जा।
६ तिनीहरूका आँखाकै सामने तैंले
आफ्नो सामान काँधमा उठा, र अँध्यारोमा
बोकेर लैजा। तैंले आफ्नो मुख छोप्, र
तैंले भूइँ देख्न नपाओस्। किनभने इस्राएलको
घरानाको निम्ति मैले तँलाई एउटा चिह्न
तुल्याएको छु।'
७ अनि मलाई आज्ञा दिएबमोजिम मैले
गरें। देश-निकालावासीजस्तै मैले मेरो
सामान दिउँसो बाहिर निकालें, औ बेलुकी
मैले आफ्नै हातले भित्तामा प्वाल बनाएँ।
राती तिनीहरूका आँखाकै सामने मेरो सामान
काँधमा बोकेर म गइहालें।
८ फेरि बिहान परमप्रभुको यो वचन
मकहाँ आयो, ९ 'हे मानिस, के इस्राएलको
घराना, त्यो बागी घरानाले तँलाई
यसो भनेर सोधेन, 'तिमी के गर्दैछौ?'
१० तिनीहरूलाई भन्, 'परमप्रभु परमेश्वर
यसो भन्नुहुन्छ, 'यो ईश्वरवाणी यरूशलेमका
शासक र यरूशलेमभित्र भएका सारा
इस्राएलका घरानाको विषयमा छ।'
११ तिमीहरूलाई भन्, 'म तिमीहरूको निम्ति
एउटा चिह्न हुँ। मैले गरेझैं तिनीहरूले पनि
गर्नुपर्नेछ। तिनीहरू देशदेखि निकालिनेछन्,
तिनीहरू देश-निकालावासी हुनेछन्।' १२ औ
तिनीहरूका बीचमा हुने शासक अँध्यारोमा
आफ्नो काँधमा सामान बोकेर जानेछ। भित्ता
फोरेर त्यतैबाट त्यो बाहिर निस्कनेछ। औ
आफ्नो आँखाले भूइँ देख्न नपरोस् भनेर
त्यसले आफ्नो मुख छोप्नेछ। १३ अनि म
आफ्नो जाल त्यसमाथि फिँजाउनेछु, र त्यो
मेरो पासोमा पर्नेछ। औ म त्यसलाई कल्दी-
हरूको देश बाबेलमा ल्याउनेछु, तापनि त्यसले
त्यो देख्नेछैन। त्यो त्यहीं मर्नेछ। १४ औ
त्यसका चारैतिर हुने त्यसका सहायकहरू र
त्यसका फौजलाई सबै दिशामा म तितर-बितर
पार्नेछु, औ तिनीहरूका पछि पछि म तरवार
चलाउनेछु। १५ अनि जब जाति जातिहरूका

बीचमा म तिनीहरूलाई तितर-बितर पार्नेछु, र
देश देशमा यत्रतत्र पार्नेछु, तब मनै परमप्रभु
हुँ भनी तिनीहरूले जान्नेछन्। १६ तर म
तिनीहरूमध्येका थोरैलाई तरवार, अनिकाल र
रूढ़ीबाट उम्कन दिनेछु, र जहाँ तिनीहरू
जानेछ त्यहाँका जातिहरूका बीचमा आफ्ना
घिनलाग्दा कामहरू तिनीहरूले स्वीकार गर्नेछन्,
औ मनै परमप्रभु हुँ भनी तिनीहरूले जान्नेछन्।'
१७ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, १८ 'हे मानिस, तैंले आफ्नो
रोटी काम्दै काम्दै खा, र थरथराउँदै डरको
साथ पानी पिई। १९ देशका मानिसहरूका
विषयमा परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'तिनीहरूले आफ्नो रोटी डरको साथ
खानेछन्। त्राससित तिनीहरूले पानी पिउनेछन्,
किनभने त्यहाँका सबै बासिन्दाहरूको कारणले
त्यसमा भएका सबै कुरासमेत तिनीहरूको
देश उजाड़ हुनेछ। २० मानिसहरू बसेका
शहरहरू नष्ट पारिनेछन्, र देश उजाड़
हुनेछ, र मनै परमप्रभु हुँ भनी तिमीहरूले
जान्नेछौ।'

साँचो अगमवाणीको रक्षा

२१ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, २२ 'हे मानिस, 'दिन बित्दै
जान्छ, रपनि दर्शन भने कुनै पनि पूरा
हुँदैन' भन्ने तिमीहरूको देश इस्राएलमा चल्दै
आएको यो उखान के हो?' २३ यसैकारण
तिनीहरूलाई भन्, 'परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, म यस उखानको अन्त गरिदिनेछु,
र तिनीहरूले इस्राएलमा फेरि कहिल्यै यो
उखान प्रयोग गर्नेछैनन्। तर तिनीहरूलाई
भन्, समय नजीकै आएको छ, हरेक
दर्शन पूरा हुनेछ। २४ किनभने अब फेरि
कहिल्यै इस्राएलका घरानामा झूटा दर्शन र
फुल्लाउने भविष्यवाणी हुनेछैनन्। २५ तर
मैले भन्ने कुरा म, परमप्रभु आफैलेनै
भन्नेछु, र त्यो पूरा हुनेछ। त्यो अझ
फेरि ढिलाउनेछैन। त्यो तिनीहरूका दिनमानै
पूरा गर्नेछु, परमप्रभु परमेश्वर भन्नुहुन्छ।'
२६ परमप्रभुको यो वचन फेरि मकहाँ
आयो, २७ 'हे मानिस, हेर्, इस्राएलका
घरमा भएकाहरू यसो भन्छन्, 'त्यसले
देखेको दर्शन धेरै दिनपछि मात्र पूरा
हुनेछ, र त्यसले धेरै समय पछिका कुराहरूको
अगमवाणी कहन्छ।' २८ यसैकारण तिनी-
हरूलाई भन्, परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
मेरो कुनै पनि वचन पूरा हुन अब ढिलो
हुनेछैन, तर जे कुरा म भन्दछु सो पूरा
हुनेनैछ, 'परमप्रभु परमेश्वर भन्नुहुन्छ।'

झूटा अगमवक्ताहरूलाई हप्की

१३ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस इस्राएलका अगमवक्ता-
हरूका विरुद्धमा अगमवाणी भन्, अगम-
वाणी भन्, र आफ्नै मनका अगमवाणी
कहनेहरूलाई भन्, 'परमप्रभुको वचन सुन!
३ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, मूर्ख
अगमवक्ताहरूलाई धिक्कार, जो केही दर्शन
नदेखेर पनि आफ्नै मनको कुराको पछि लाग्दछ।
४ हे इस्राएल, तिमीहरूका अगमवक्ताहरू
ता भत्केका ठाउँहरू हुँदो बस्ने स्यालहरू
जस्ता छन्। ५ परमप्रभुको दिनमा युद्धमा
त्यो स्थिर रहोस् भनी नता तिमीहरूले
इस्राएलका घरका पर्खाल बनायौ, न
त्यसका प्वालहरूमा तिमीहरू खड़ा भयौ।
६ तिनीहरू भन्दछन्, 'परमप्रभु भन्नुहुन्छ,'
जब परमप्रभुले तिनीहरूलाई पठाउनुभएकै
होइन, तापनि उहाँले तिनीहरूको वचन पूरा
गरिदिऊन् भनी तिनीहरू आशा गर्दछन्।
७ मैले नभने तापनि जब तिमीहरू
'परमप्रभु भन्नुहुन्छ' भनी भन्दछौ, तब के
तिमीहरूले छलका दर्शन देखेका होइनौ?
र झूटा अगमवाणी भनेका होइनौ र?
८ यसैकारण परमप्रभु परमेश्वर भन्नुहुन्छ,
'तिमीहरूले छलका कुरा गरेको र झूटा

दर्शन देखेको कारण म तिमीहरूका विरुद्धमा
छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ। ९ मेरो
हात ती अगमवक्ताहरूका विरुद्धमा हुनेछ
जसले छलका दर्शनहरू देख्छन् र झूटा
अगमवाणीहरू कहन्छन्। तिनीहरूलाई मेरो
प्रजाको सभामा ठाउँ हुनेछैन। तिनीहरूको
नाउँ इस्राएलका वंशको वंशावलीमा हुनेछैन,
इस्राएलको देशमा तिनीहरू पस्नपाउनेछैनन्।
तब मनै परमप्रभु परमेश्वर हुँ भनी तिमीहरूले
जान्नेछौ। १० किनकि शान्ति न हुँदा
पनि शान्ति भनी तिनीहरूले मेरो प्रजालाई
भ्रममा पारेका छन्, किनकि जब
मानिसहरूले पर्खालि बनाउछन् तब यी
अगमवक्ताहरूले त्यसमा चूना लगाउँछन्,
११ यसकारण ती चूना लगाउनेहरूलाई भन्,
'पर्खाल ढल्नेछ। पानीको बाढ़ी आउनेछ।
ठूला ठूला असिना वर्षनेछ र आँधी-बेही
आउनेछ। १२ औ जब त्यो पर्खाल ढल्नेछ,
तब के तिमीहरूलाई यसो भनेर सोध्नेछैन,
'तिमीहरूले पोतेको चूना कहाँ गयो?'
१३ यसैकारण परमप्रभु परमेश्वर भन्नुहुन्छ,
'म मेरो क्रोधमा एउटा आँधी-बेही
चल्नलाउनेछु। औ मेरो रीसमा ठूलो पानीको
बाढ़ी आउनेछ, औ त्यो भत्काउनलाई मेरो
क्रोधमा ठूला ठूला असिना वर्षनेछ।
१४ औ तिमीहरूले चूना लगाएको पर्खाल
त्यसको जग देख्नेसम्म गरी म भत्काइदिनेछु,
र त्यसलाई भूइँमा ढालिदिनेछु। त्यो भत्कँदा
त्यसको साथमा तिमीहरू पनि नष्ट हुनेछौ,
तब परमप्रभु मनै हुँ भनी तिमीहरूले
जान्नेछौ। १५ यसरी म मेरो क्रोध त्यस
पर्खालमाथि र चूनाले पोत्नेहरूमाथि खन्याउनेछु,
र म तिमीहरूलाई भन्नेछु, 'त्यो पर्खाल अब
छैन, नता त्यसलाई चूनाले पोत्नेहरू छन्,
१६ अर्थात् इस्राएलका ती अगमवक्ताहरू जसले
यरूशलेमको विषयमा अगमवाणी कहे र
केही शान्ति नहुँदा पनि त्यसको निम्ति
शान्तिको दर्शन देखे, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।

झूटो अगमवादिनी त्यागिएकी

१७ औ हे मानिस, इस्राएलका
छोरीहरू, जसले आफ्नै मनको अगमवाणी
कहन्छन् तिनीहरूको सामना गर्। तिनीहरूका
विरुद्धमा अगमवाणी कह् र भन्,
१८ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'धिक्कार ती स्त्रीहरू, जसले नाड़ीहरूमा बुटी
बाँधिदिन्छन्, र प्राणलाई पासोमा पार्न
मानिसहरूका कदअनुसारका शिर ढाक्ने लुगा
बनाउँछन्। के तिमीहरू आफ्नै लाभको
निम्ति मेरा मानिसहरूका प्रजालाई पासोमा
पार्ने औ अरूहरूको प्राणलाई चाहिं
बचाइराख्ने र? १९ झूटा कुरा सुन्ने मेरो
प्रजालाई झूट बोलेर मर्नु नपर्ने मानिसहरूलाई
मार्‍यौ औ बाँच्नु नपर्नेहरूलाई चाहिं
तिमीहरूले बचाइराख्यौ, र यसरी दुइ चार
मुठी जौ र रोटीका टुक्राहरूका निम्ति मेरो
प्रजाको बीचमा तिमीहरूले मलाई अनादर
गर्‍यौ।
२० यसकारण परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, हेर, म तिमीहरूका बुटीहरूको
प्रयोगको विरुद्धमा छु, जुनद्वारा तिमीहरू
मानिसको प्राणलाई पासोमा पार्नखोज्छौ। म
ती तिमीहरूका हातदेखि चुँड़ाइदिनेछु, र
तिमीहरूको पासोका ती प्राणीहरूलाई म
चराहरूलाई जस्तै छोड़िदिनेछु। २१ म
तिमीहरूको घुम्टो पनि च्यातिदिनेछु, र मेरो
प्रजालाई तिमीहरूका हातदेखि छुटाउनेछु।
औ तिनीहरू फेरि कहिल्यै तिमीहरूका
हातमा शिकारमैं हुनेछैनन्। तब तिमीहरूले
मनै परमप्रभु हुँ भनी जान्नेछौ।
२२ किनभने मैले धर्मीलाई निराश नबनाए
तापनि तिमीहरूले झूट बोलेर त्यसलाई
निराश बनायौ। आफ्नो चाल त्यागी दुष्टले
आफ्नो प्राण बचाउला कि भनेर तिमीहरूले
दुष्टलाई आफ्नो चाल नत्यागनलाई उत्साह
दियौ। २३ यसकारण तिमीहरूले अब फेरि
कहिल्यै झूटा दर्शन देख्नेछैनौ, नता

अगमवाणी कह्नेछौ। म मेरो प्रजालाई
तिमीहरूको हातदेखि छुटाउनेछु। तब मनै
परमप्रभु हुँ भनी तिमीहरूले जान्नेछौ।'

मूर्तिपूजकहरू त्यागिएका

१४ त्यसपछि इस्राएलका कति जना
बूढा-प्रधानहरू मकहाँ आएर मेरो
सामने बसे। २ तब परमप्रभुको यो वचन
मकहाँ आयो, ३ 'हे मानिस, यी
मानिसहरूले आफ्ना मूर्ति आफ्ना हृदयमा
राखेका छन्, र आफ्नो अधर्मको ठक्कर
आफ्नै सामने राखेका छन्। त के
तिनीहरूका सोधनिको जवाफ मैले दिनुपर्ने
हो? ४ यसकारण तिनीहरूसित कुरा गरेर
भन्, परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
इस्राएलको घरानाको कुनै पनि मानिस जसले
आफ्नो मूर्ति आफ्नो हृदयमा राख्तछ, औ
आफ्नो अधर्मको ठक्कर आफ्नो सामने
राख्तछ, रपनि अगमवक्ताकहाँ आउँदछ
भने, तिनीहरूका अनगन्ती मूर्तिहरूको संख्या-
अनुसार म, परमप्रभु आफै तिनीहरूलाई
जवाफ दिनेछु, ५ र तिनीहरूका मूर्तिहरूको
कारण मदेखि बिराना भएको इस्राएलको
घरानालाई म तिनीहरूकै युक्तिमा फसाउनेछु।'
६ यसकारण इस्राएलका घरानालाई भन्,
'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, पश्चाताप
गर। आफ्ना मूर्तिहरूदेखि फर्किआऊ,
औ आफ्ना सबै घिनलाग्दा कामहरूबाट
आफ्ना मोहोड़ा फर्काऊ। ७ इस्राएलका
घरानाको कोही पनि अथवा इस्राएलमा प्रवास
गर्ने कुनै पनि प्रवासी, जो आफ्ना मूर्तिहरू
आफ्नो हृदयमा र आफ्नो अधर्मको ठक्कर
आफ्नो सामने राखेर मदेखि अलग हुन्छ,
रपनि आफ्नो विषयमा मबाट जवाफ
पाउनलाई अगमवक्ताकहाँ आउँछ भने, म
परमप्रभु आफै त्यसलाई जवाफ दिनेछु।
८ म त्यस मानिसको विरुद्धमा हुनेछु, औ
म त्यसलाई एक चेताउनीको चिह्न तुल्याउनेछु।
म त्यसलाई गिल्लाको आहान बनाउनेछु, र
मेरो प्रजाको बीचदेखि त्यसलाई अलग
गर्नेछु। औ तिमीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछौ। ९ औ यदि अगमवक्ताले
धोकामा परेर केही वचन भन्यो भनेदेखि,
म, परमप्रभुले त्यस अगमवक्तालाई धोका
दिएको हुँ। औ म मेरो हात त्यसको
विरुद्धमा उठाउनेछु, र मेरो प्रजा इस्राएलको
बीचदेखि त्यसलाई नाश गर्नेछु। १० तिनी-
हरू दुवैले आफ्नो आफ्नो दण्ड भोग्नेछन्—
अगमवक्ताले भोग्ने दण्ड र सोधनि गर्नेले
भोग्ने दण्ड एकै किसिमको हुनेछ, ११ र
इस्राएलको घराना मदेखि फेरि कहिल्यै
नबरालिओस् र आफ्ना सबै अपराधहरूले
फेरि कहिल्यै आफैलाई अपवित्र नपारोस्,
तर तिनीहरू मेरो प्रजा होऊन् र म
तिनीहरूका परमेश्वर हुनेछु, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।'

दुष्ट देश र धर्मी मानिस

१२ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, १३ 'हे मानिस, जब कुनै
देशले विश्वासघात गरेर मेरो विरुद्धमा पाप
गर्छ, र त्यसको विरुद्धमा आफ्नो हात
उठाएर त्यसको अन्नको मूल म नाश
गरिदिऊँला, र त्यहाँ अनिकाल ल्याइदिऊँला,
र त्यहाँबाट मानिस र पशु दुवैलाई नाश
गरिदिऊँला, १४ औ त्यहाँ यी तीन जना
मानिस, अर्थात् नूह, दानियल र अय्यूब भए
पनि तिनीहरूले आफ्ना धार्मिकताद्वारा
आफ्नै प्राण मात्र बचाउनसक्नेछन्, परमप्रभु
परमेश्वर भन्नुहुन्छ। १५ यदि मैले देशमा
जङ्गली पशुहरूलाई पठाइदिएँ, र तिनीहरूले
त्यस देशलाई ध्वंस पारे भने, र देश
उजाड़ भयो र ती पशुहरूले गर्दा कुनै पनि
मानिस त्यताबाट जानसक्तैन भने, १६ औ
यदि त्यहाँ यी तीन जना मानिस भए तापनि,
'जस्तो म जीवित छु' परमप्रभु परमेश्वर

भन्नुहुन्छ, तिनीहरूले छोरा-छोरीहरूलाई
बचाउनसक्नेछैनन्। तिनीहरू आफै मात्र
बाँच्नेछन्, तर देश चाहिँ उजाड़
होइजानेछ। १७ अथवा यदि मैले
देशमा तरवार ल्याएँ र देशमा तरवार
चलोस् भनी भनें, औ मैले त्यहाँ
मानिस र पशुलाई नष्ट गरें, १८ औ
यी तीन जना मानिस त्यहाँ भए तापनि,
'जस्तो म जीवित छु,' परमप्रभु परमेश्वर
भन्नुहुन्छ, तिनीहरूले छोरा-छोरीहरूलाई
बचाउनसक्नेछैनन्, तर तिनीहरू आफै मात्र
बाँच्नेछन्। १९ अथवा यदि मैले देशमा
रूढ़ी पठाएँ, र त्यहाँका मानिस र पशुहरू
नष्ट हुने गरी मैले मेरो क्रोध पोखाएँ,
२० औ यदि त्यहाँ नूह, दानियल र अय्यूब
भए तापनि तिनीहरूले छोरा-छोरीहरूलाई
बचाउनसक्नेछैनन्, 'जस्तो म जीवित छु,'
परमप्रभु परमेश्वर भन्नुहुन्छ, तिनीहरूले आफ्नो
धार्मिकताले आफ्नो प्राण मात्र बचाउन-
सक्नेछन्।
२१ किनभने परमप्रभु परमेश्वर भन्नुहुन्छ,
जब मैले यरूशलेममा मेरा चार भयानक
दण्डहरू, अर्थात् तरवार, अनिकाल, दुष्ट
पशुहरू र रूढ़ी त्यहाँका मानिस र
पशुहरूलाई नष्ट गर्न पठाएँ भने, झन्
कस्तो हुन्छ होला। २२ तापनि, यदि
छोराहरू र छोरीहरूलाई डोऱ्याउन
त्यहाँ कोही जीवित रहे तापनि, जब
तिनीहरू तिमीहरूकहाँ निस्केर आउनेछन्
र तिमीहरूले तिनीहरूका चाल र
कामहरू देख्छौ, तब मैले यरूशलेममाथि
ल्याएका ती सबै विपत्तिहरू हेरेर
तिमीहरूले सान्त्वना पाउनेछौ। २३ जब
तिमीहरूले तिनीहरूका चाल र कामहरू
देख्नेछौ तब ती विपत्तिहरू देखेर
तिमीहरूले सान्त्वना पाउनेछौ, औ मैले
त्यहाँ जे जे गरें ती मैले विनाकारण
गरिनँ भनी तिमीहरूले जान्नेछौ, परमप्रभु
परमेश्वर भन्नुहुन्छ।'

बेकामको दाखको बोटको उखान

१५ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, २ हे मानिस, दाखलता
जङ्गलका अरू रूखहरूमध्ये एउटा भए तापनि
दाखको बोट अरू कुनै रूखभन्दा
कसरी श्रेष्ठ छ? ३ के केही चीज
बनाउन त्यसबाट काठ लिइन्छ? के
मानिसले भाँड़ा-कुँड़ा झुण्डयाउनलाई त्यसको
कीला बनाउँछ? ४ हेर्, त्यो ता
दाउराको लागि आगोमा हालिन्छ। जब
त्यसका दुवै छेउ आगोले भस्म गर्छ,
र त्यसको बीचको भाग चाहिँ कोइला
हुन्छ, तब के त्यो कुनै कामको हुन्छ
र? ५ हेर्, त्यो सिङ्गै हुँदा पनि केही
कामको थिएन, अझै त्यो आगोले भस्म
भएर कोइला भयो भने त्यो झन् के
कामको हुन्छ? के त्यो कुनै कामको
योग्य हुन्छ? ६ यसकारण परमप्रभु
परमेश्वर भन्नुहुन्छ, 'जसरी जङ्गलका रूखहरूमध्ये
दाखको बोटको काम मैले आगोको
लागि दाउरा हुनलाई दिएँ, त्यसैगरी म
यरूशलेमका बासिन्दाहरूलाई पनि दिनेछु।
७ म तिनीहरूको विरोधी हुनेछु। तिनीहरू
आगोबाट उम्के तापनि तिनीहरूलाई आगोलेनै
भस्म गर्नेछ, औ जब म तिनीहरूको
विरोधी हुन्छु, तब तिनीहरूले मनै परमप्रभु
हुँ भनी जान्नेछन्। ८ औ तिनीहरूले
विश्वासघाती काम गरेकोले म तिनीहरूको
देशलाई उजाड़ पार्नेछु, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।'

यरूशलेमको अविश्वासी स्त्री र तुलना

१६ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, २ 'हे मानिस, यरूशलेमलाई
त्यसका घिनलाग्दा कामहरू जनाइदे,
३ र त्यसलाई भन्, यरूशलेमलाई
परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'तेरो

उत्पत्ति र तेरो जन्म कनानीहरूको देशबाट
भएको हो। तेरो बाबु एक एमोरी थियो
र तेरी आमा एक हित्तिनी थिई। ४ तेरो
जन्मको विषयमा चाहिँ—तँ जन्मँदा कसैले
तेरो नाभी काटेन, नता तँलाई सफा
तुल्याउनलाई पानीले नुहायो। कसैले तेरो
शरीर नूनले मलेन। कसैले तँलाई लुगाले
बेहेरेन। ५ यी सबै काम गर्न तँलाई
कसैले टिठाएर तँमाथि दया देखाएन, तर
तँ जन्मँदा घृणित वस्तुझैं बाहिर मैदानमा
तिनीहरूले तँलाई फालिदिए।

६ औ म तेरो छेउबाट भएर जाँदा
मैले तँलाई तेरो रगतमा लट्पटिरहेको देखें,
र रगतमा लट्पटिएको अवस्थामानै मैले
तँलाई भनें, 'मैदानको बोटजस्तै बाँच् र
बढ़।' ७ अनि तँ बढ़ेर ठूलो भइस्
र मस्त तरुणी भइस्। तेरा स्तन पनि
बनिए र तेरो कपाल लामो भयो, तर तँ
नाङ्गै र वस्त्रविनै थिइस्। ८ फेरि म
तेरो छेउबाट भएर जाँदा मैले तँलाई
प्रेम गर्ने अवस्थामा पुगेको देखें। तब
मैले मेरो वस्त्र तँमाथि फैलाएर तेरो नग्नता
ढाकिदिएँ। मैले तँसित वाचा बाँधें र
शपथ खाएँ, र तँ मेरो भइस्, परमप्रभु
परमेश्वर भन्नुहुन्छ। ९ मैले तँलाई
पानीले नुहाएर तेरो रगत धोइदिएँ, र तेलले
तँलाई अभिषेक गरें। १० त्यसपछि तँलाई
जड़ीदार वस्त्र पहिराइदिएँ, र तेरो खुट्टामा
छालाको जुत्ता लगाइदिएँ। सुन्दर मलमलले
मैले तँलाई लपेटें, र रेशमी वस्त्र पहिराएँ।
११ मैले तँलाई गर-गहनाले आभुषित गरें,
र तेरो हातमा चुरा लगाइदिएँ, र तेरो
गलामा सिक्री पहिराइदिएँ। १२ मैले
तेरो नाकमा नत्थ लगाइदिएँ, र कानमा
लुर्का लगाइदिएँ, र तेरो शिरमा सुन्दर
शिरपेच लगाइदिएँ। १३ यसरी तँ सुन
र चाँदीले आभुषित भइस्, र तेरा वस्त्र
सुन्दर मलमल, रेशम र जड़ीदार कपड़ाका
भए। तेरो खानेकुरो मसिनो पीठो, मह र
तेल थिए। तँ अत्यन्तै सुन्दरी भएर
बढ़िस्, र रानी हुने योग्यकी भइस्।
१४ तेरो सौन्दर्यको प्रशंसा जातिहरूमा
फिँजियो, किनभने मैले तँलाई दिएको
गौरवको कारण तेरो सौन्दर्य कलंकरहित
थियो, परमप्रभु परमेश्वर भन्नुहुन्छ।

१५ तर तँले आफ्नो सौन्दर्यमा
भरोसा राखिस्, र तेरो ख्यातिको कारण
तँले वेश्यावृत्ति गर्नलागिस्, र तेरो वेश्या-
वृत्तिको पेशा बाटोमा हिंड्नेहरू जोसुकैसँग
गर्नलागिस्। १६ आफ्नो केही कपड़ा
लिएर तँले आफ्नो निम्ति राम्रो सिँगारेको
गुप्त-स्थान बनाइस्, र त्यहीं तँले वेश्यावृत्ति
गरिस्। त्यस्तो ता अघि कहिल्यै भएको
थिएन, नता पछि हुनेछ। १७ मैले तँलाई
दिएको सुन र चाँदीका तेरा सुन्दर सुन्दर
रत्नहरूबाट तँले आफ्नो निम्ति मानिसहरूका
मूर्ति बनाएर तीसित वेश्यावृत्ति गरिस्।
१८ तँले आफ्ना जड़ीदार वस्त्रहरू ती
ढाक्नलाई लगिस्, र मेरो तेल र मेरो धूप
तिनका अघि चढ़ाइस्। १९ मैले तँलाई
दिएको भोजन पनि—मैले तँलाई मसिनो
पीठो, मह र तेलका चीजहरू खुवाएँ—तँले
तिनीहरूका अगि सुगन्धित बासना हुनलाई
चढ़ाइस्, परमप्रभु भन्नुहुन्छ। २० औ
तँले मेरो निम्ति जन्माएका तेरा छोरा-
छोरीहरूलाई लगेर तिनीहरूलाई भोग
चढ़ाइस्। के तेरो यो वेश्यावृत्ति यति
खेलाँचीको कुरो थियो, २१ कि तँले मेरा
छोरा-छोरीहरूलाई मारेर ती मूर्तिहरूका निम्ति
आगोमा भोग दिइस्? २२ तेरा सबै
घृणित काम र वेश्यावृत्तिमा तँले आफ्ना
बाल्यवस्थाका दिनलाई सम्झेनस् जब तँ
नाङ्गो, वस्त्र विनाको र आफ्नो रगतमा
लट्पटिएको थिइस्।

२३ औ तेरा यी सबै दुष्टताबाहेक
(धिक्कार, धिक्कार तँलाई! परमप्रभु परमेश्वर
भन्नुहुन्छ), २४ तँले आफ्नो निम्ति
वेश्या-गृह बनाइस्। चोक चोकमा आफ्नो

निम्ति उच्च स्थानहरू बनाइस्।
२५ दोबाटोमा आफ्नो निम्ति उच्च
स्थानहरू बनाएर कुनै पनि बाटो हिंड्नेलाई
आफ्नो शरीर सुम्पँदै तैंले आफ्नो वेश्यावृत्ति
बढ़ाइस्, र तेरो सौन्दर्यलाई भ्रष्ट पारिस्।
२६ मलाई रीस उठाउन तेरा कामासक्त
मिश्री छिमेकीहरूसित पनि तैंले वेश्यावृत्ति
गरिस् र आफ्नो वेश्यावृत्ति बढ़ाइस्।
२७ हेर्, यसैकारण मैले मेरो हात तेरो
विरुद्धमा उठाएँ, र तेरो भाग घटाइदिएँ,
र तँलाई तेरो शत्रु पलिश्तीहरूको लोभको
शिकार हुनलाई सुम्पिदिएँ। तिनीहरू पनि
तेरो भ्रष्ट चालचलन देखेर शर्माए।
२८ तैंले अश्शूरहरूसित पनि वेश्यावृत्ति
गरिस्, किनभने तँ अतृप्त थिइस्।
तैंले तिनीहरूसित वेश्यावृत्ति गरिस्, रपनि तँ
सन्तुष्ट भइनस्। २९ कल्दीहरूको व्यापार
गर्ने देशसँग पनि तैंले तेरो वेश्यावृत्ति
बढ़ाइस्। तर यसले पनि तँ सुन्तुष्ट
भइनस्।'

३० परमप्रभु भन्नुहुन्छ, 'तेरो हृदय
प्रेमले कस्तो उन्मत्त छ। किनभने तैंले यी
सब काम गरिस्, जो निर्लज्ज वेश्याका
काम हुन्, ३१ अर्थात् हरेक दोबाटोमा
आफ्नो निम्ति वेश्या-गृह र हरेक चोकमा
उच्च स्थान बनाइस्। तापनि तँ वेश्याजस्तै
थिइनस्, किनभने तँ ज्याला लिन घृणा
गर्थिस्। ३२ व्यभिचारी पत्नी तँ, आफ्नो
लोग्नेको सट्टामा बिरानाहरूलाई लिने!
३३ मानिसहरूले ता सबै वेश्याहरूलाई इनाम
दिन्छन्, तर तैंले चाहिँ उल्टा आफ्ना सबै
प्रेमीहरूलाई आफ्नै उपहार दिइस्। तिनीहरू
चारैतिरबाट आएर तँसित व्यभिचार गर्नलाई
घूस पो दिइस्। ३४ यसैले तँचाहिँ आफ्नो
वेश्यावृत्तिमा अरू स्त्रीहरूभन्दा भिन्दै भइस्।
कसैले तँसित वेश्यागमन गर्न मागेन। तँलाई
कसैले ज्याला नदिए तापनि तैंले ज्याला
दिइस्, यसकारण तँ भिन्दै भइस्।'

३५ यसैले ए वेश्या, परमप्रभुको वचन
सुन्। ३६ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'तेरा प्रेमीहरूसितको तेरो वेश्यावृत्तिमा तैंले
आफ्नो लाज र नग्नता खुला पारेको
कारण, तेरा सबै मूर्तिहरूको कारण र तैंले
तिनीहरूलाई चढ़ाएका तेरा छोरा-छोरीहरूको
रगतको कारण, ३७ हेर्, तँलाई मन
परेका र मन नपरेका तेरा सबै प्रेमीहरू,
जससँग तैंले चैन गरिस्, ती सबैलाई म
चारैतिरबाट तेरो विरुद्धमा भेला गर्नेछु, र
तिनीहरूले तेरो नग्नता देखून् भनेर तेरो
नग्नता म उघारिदिनेछु। ३८ आफ्नो
पतिव्रता नष्ट गर्ने र हत्या गर्ने र स्त्रीलाई
दिनेझैं दण्ड म तँलाई दिनेछु। क्रोध र
डाहको रगत तँमाथि खन्याउनेछु। ३९ म
तँलाई तेरा प्रेमीहरूका हातमा सुम्पिदिनेछु,
औ तिनीहरूले तेरा वेश्या-गृहहरू भत्काइ-
दिनेछन्। तिनीहरूले तेरा उच्च स्थानहरू
ढालिदिनेछन्। तिनीहरूले तेरा वस्त्रहरू
फुकाएर तँलाई नाङ्गो पार्नेछन्। तेरा दामी
दामी गहनाहरू लैजानेछन्, औ तँलाई नाङ्गो
पारेर छोड़िदिनेछन्। ४० तिनीहरूले
तेरो विरुद्धमा धुइरो उठाउनेछन्, औ
तिनीहरूले तँलाई ढुङ्गाले हान्नेछन्, र
तँलाई तरवारले टुक्रै टुक्रा पार्नेछन्।
४१ तिनीहरूले तेरा घरहरू जलाइदिनेछन्,
र धेरै स्त्रीहरूका सामने तँलाई दण्ड
दिनेछन्। यसरी म तँलाई तेरो वेश्यावृत्तिदेखि
रोक्नेछु, र तैंले ज्याला पनि दिनेछैनस्।
४२ यसरीनै तँमाथि मेरो क्रोध खन्याएर
म सन्तुष्ट हुनेछु, र तँप्रति म डाही
हुनेछैनँ। म शान्त हुनेछु, र म अरू
रिसाउनेछैनँ। ४३ किनभने तैंले आफ्नो
जवानीको दिनलाई सम्झना गरिनस्, तर यी
सबै कामद्वारा मलाई रीस उठाइस्।
यसैकारण सुन्, म तेरा कामहरूको प्रतिफल
तेरै शिरमा खन्याइदिनेछु, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।

के तेरा सबै घिनलाग्दा कामहरूबाहेक
तैंले चरित्र भ्रष्ट पारेको छैनस् र ?

४४ सुन्, उखान कहने हरेकले तेरो
विषयमा यो उखान कहनेछ, 'जस्तो आमा
त्यस्तै छोरी।' ४५ तँ उही आमाकी छोरी
होस्, जसले आफ्नै लोग्ने र छोरा-छोरी-
हरूलाई घिन गरी। औ तँ तिनै दिदीहरूकी
बहिनी होस्, जसले आफ्ना लोग्नेहरू र
छोरा-छोरीहरूलाई घृणा गरिन्। तेरी आमा
एउटी हित्तिनी थिई, र तेरा बाबु एउटा
एमोरी थियो, ४६ औ तेरी दिदी
सामरिया हो, जो तेरो उत्तर दिशामा
आफ्ना छोरीहरूसित बस्थी। औ तेरी
बहिनी चाहिं सदोम हो, जो तेरो दक्षिणमा
आफ्ना छोरीहरूसित बस्थी। ४७ तापनि
तँ तिनीहरूका चालामा चल्न अथवा
तिनीहरूका घिनलाग्दा कामहरू गर्नमा
अघाइनस्। तँ चाहिं ता थोरै समयमानै
आफ्ना सबै चालामा तिनीहरूभन्दा पनि
अझ भ्रष्ट भइस्। ४८ 'जस्तो म जीवित
छु' परमप्रभु परमेश्वर भन्नुहुन्छ, तैंले र तेरा
छोरीहरूले गरेझैं ता तेरी बहिनी सदोम र
त्यसका छोरीहरूले गरेका छैनन्। ४९ सुन्,
तेरी बहिनी सदोमको दोष यही थियो, 'त्यो
र त्यसका छोरीहरू घमण्ड गर्दथिए, पेटभरि
खाँदथिए र सुख-चैनमा बस्तथिए, तर गरीब
र दुःखीहरूलाई तिनीहरूले सहायता गरेनन्।
५० तिनीहरू अहंकारी थिए, र मेरो
सामने घिनलाग्दा काम गरे, र जब मैले
त्यो देखें तब मैंले तिनीहरूलाई हटाएँ।
५१ सामरियाले ता तैंले गरेको पापभन्दा
आधा पनि गरेको छैन। तिनीहरूले भन्दा
तैंले ज्यादै घिनलाग्दा काम गरेकी छस्।
औ तैंले गरेका सबै घिनलाग्दा कामहरूद्वारा
तैंले तेरा दिदी-बहिनीहरूलाई धर्मी देखिने
तुल्याइस्। ५२ यसैले तैंले पनि तेरो
आफ्नो बेइज्जती भोग्, किनभने तैंले
गर्दा न्याय तेरा दिदी-बहिनीहरूको पक्षमा
पर्‍यो। तिनीहरूले भन्दा ज्यादै घिनलाग्दा
पाप तैंले गरिस्, यसकारण तिनीहरू तँभन्दा
कम दोषी छन्। यसैले तैंले पनि आफ्नो
बेइज्जती भोग्, र लज्जित हो, किनभने
तैंले तेरा दिदी-बहिनीहरूलाई निर्दोष देखिने
तुल्याइस्।

५३ म तिनीहरूको सुदिन फर्काइदिनेछु,
सदोम र त्यसका छोरीहरूको सुदिन, औ
सामरिया र त्यसका छोरीहरूको सुदिन, र
तिनीहरूसितै म तेरो सुदिन पनि फर्काइदिनेछु।
५४ यसरी तिनीहरूका निम्ति केही
सान्त्वनाको कारण हुनलाई आफूले गरेका
सबै कामको निम्ति तँ दुःखित र लज्जित
हुनेछस्। ५५ तेरा दिदी-बहिनीहरू, अर्थात्
सदोम र सामरिया आफ्ना आफ्ना छोरी-
हरूसमेत आफ्नो पहिलेको अवस्थामा
फर्कनेछन्, औ तँ चाहिं तेरा छोरीहरूसमेत
आफ्नो पहिलेको अवस्थामा पुग्नेछस्।
५६ तेरो दुष्टयाइँ प्रकट नहोउन्जेल के
तेरो अहंकारको दिनमा तेरी बहिनी सदोम
तेरो मुखमा एउटा गिल्लाको आहान
भएको थिएन र? ५७ अब तँ त्यहीजस्तै
तँलाई तुच्छ ठान्ने, तेरा चारैतिरका
मानिसहरू तिनै एदोमका छोरीहरू र
त्यसका सबै छिमेकीहरू र पलिस्तीका
छोरीहरूका निम्ति, गिल्लाको कारण भएकी
छस्। ५८ तैंले व्यभिचार र घृणित
कामको दण्ड भोग्छस्, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।

५९ परमप्रभु परमेश्वर भन्नुहुन्छ,
निश्चय म तँसित त्यस्तै व्यवहार गर्नेछु,
जस्तो तैंले गरेकी छस्, किनभने तैंले
करार भङ्ग गरेर शपथलाई तुच्छ ठानिस्,
६० तापनि म तेरो जवानीको दिनमा
तँसित गरेको मेरो शपथलाई सम्झेर तँसित
सदा सर्वदाको करार बाँध्नेछु। ६१ औ
जब म तेरा दिदी-बहिनी, अर्थात् तेरी
दिदी र तेरी बहिनी दुवैलाई लिएर तिनलाई
तेरा छोरीहरूजस्तै दिनेछु—तर तँसित बाँधेको
करारको कारणले ता होइन—तब आफ्नो
चालालाई सम्झेर तँ लज्जित हुनेछस्।
६२ म तँसित आफ्नो करार स्थिर गर्नेछु,

र तैँले थाह पाउनेछस् कि म नै परमप्रभु हुँ। ६३ औ जब तैँले गरेको सबै कुरा म क्षमा गर्नेछु तब तैँले याद गर्नेछस् र तँ छक्क पर्नेछस्, औ तेरो शर्मको कारण तैँले आफ्नो मुख कहिल्यै उघार्नेछैनस्, परमप्रभु परमेश्वर भन्नुहुन्छ।

१७ फेरि परमप्रभुको यो वचन मकहाँ आयो, २ हे मानिस, एउटा अड्को थाप् र इस्राएलको घरानालाई एउटा रूपक-दृष्टान्त दे। ३ तिनीहरूलाई भन्, परमप्रभु परमेश्वर भन्नुहुन्छ, ठूला ठूला पखेटा र लामा लामा प्वाँख भएको रङ्ग बिरङ्गका प्वाँखले भरिएको एउटा ठूलो चीलले लबानोनमा आएर देवदारको टुप्पा चुँडायो। ४ त्यसले त्यसको टुप्पाको कमुलो ससाना हाँगाहरू भाँचेर एउटा व्यापारको देशमा ल्यायो, र व्यापारीहरूको एउटा शहरमा रोप्यो। ५ त्यसपछि त्यसले देशको बिउ लगेर मलिलो जमीनमा रोप्यो। त्यसले प्रशस्त पानी भएको छेउमा त्यो रोप्यो। बैंसको हाँगाझैँ त्यसले त्यो रोप्यो, ६ र त्यो उम्रेर होँचो फैलिने दाखलता भयो, र त्यसका हाँगाहरू त्योतिरै फर्के। औ त्यसका जरा चाहिँ जहाँ थियो त्यहीं रह्यो। यसरी त्यो एउटा दाखलता भयो, हाँगाहरू उम्रन थाले, र पातहरू निस्कनलागे।

७ तर त्यहाँ ठूला ठूला पखेटा र धेरै प्वाँखले भरिएको अर्को एउटा ठूलो चील थियो। औ त्यसले त्यसमा पानी हालोस् भनेर त्यो दाखलताले आफ्ना जराहरू त्योतिर झुकाउन र आफ्ना हाँगाहरू त्योतिर फैलाउनलाग्यो। ८ औ त्यसमा हाँगाहरू लागून् फलहरू फलून् र त्यो एउटा असल दाखलता त्यो होस् भनेर त्यसले त्यहाँबाट प्रशस्त पानी भएको एउटा राम्रो जमीनमा सार्‍यो।' ९ यसैले भन्, परमप्रभु परमेश्वर भन्नुहुन्छ, 'के त्यो सप्रला र? के त्यो रोप्नेले त्यसलाई जरैसमेत उखेल्दैन, र त्यसका हाँगाहरू काट्दैन औ त्यसका उम्रिरहेका पातहरू ओइलाइहाल्दैनन् र? त्यसलाई जरैसमेत उखेल्नलाई बल बलियो हात अथवा धेरै मानिसहरू चाहिँदैन। १० हेर्, जब त्यो सारिन्छ तब के त्यो सप्रन्छ? पूर्वीय बतासले हानेपछि के त्यो सुकिहाल्दैन?—त्यो उम्रेकै ठाउँमा त्यो सुकिहाल्दैन?'

११ तब परमप्रभुको यो वचन मकहाँ आयो, १२ अब त्यस बागी घरानालाई भन्, यी कुराको अर्थ के हो? के तिमीहरू जान्दैनौ?' तिनीहरूलाई भन्, हेर, बाबेलको राजा यरूशलेममा आयो र त्यसका राजा र शासकहरूलाई आफूकहाँ बाबेलमा ल्यायो। १३ तब राजाको वंशमध्येको एउटालाई लिएर त्यसलाई शपथ खुवाएर त्यससित करार बाँध्यो। १४ त्यो राज्य निर्बल रहोस् र खड़ा हुन नसकोस् र त्यसको करार पाल्न गरेर मात्र स्थिर रहनसकोस् भनेर देशका मुख्य मुख्य मानिसहरूलाई चाहिँ त्यसले ल्यायो। १५ तर मिश्र देशले त्यसलाई घोड़ाहरू र एउटा ठूलो सेना देओस् भनेर त्यसले मिश्र देशमा राजदूतहरू पठाएर बाबेलको राजाको विरुद्धमा त्यो बागी भयो। त के त्यो सफल हुन्छ र? के त्यसो गर्ने मानिस उम्कन सक्छ र? १६ करार भङ्ग गरे पछि पनि के त्यो उम्कन सक्छ र? "जस्तो म जीवित छु" परमप्रभु परमेश्वर भन्नुहुन्छ, त्यसलाई शपथ खुवाउने जुन राजाको शपथ त्यसले तुच्छ ठान्यो, औ जससँगको करार त्यसले भङ्ग गर्‍यो त्यो निश्चय त्यही राजाको मुलुक अर्थात् बाबेलमा मर्नेछ। १७ जब धेरै मानिसहरूलाई नाश गर्न भनी चढ़ाइ गर्नलाई ठूला ठूला घेरा-मचान तयार गरिन्छन् र घेरा हाल्नलाई पर्खालहरू बनाइन्छन् तब फिरऊनका शक्तिशाली सेना र ठूला दलले लड़ाइँमा त्यसलाई सहायता गर्नेछैन। १८ किनभने त्यसले शपथलाई तुच्छ ठान्यो

र करारलाई भङ्ग गर्‍यो, किनकि त्यसले
आफ्नो वचन दिएर पनि त्यस्ता त्यस्ता काम
गर्‍यो, यसैले त्यो उम्कनेछैन। १९ यसै-
कारण परमप्रभु परमेश्वर भन्नुहुन्छ, "जस्तो
म जीवित छु", निश्चय त्यसले तुच्छ
ठानेको मेरो शपथ र त्यसले भङ्ग गरेको
मेरो करारको बदला म त्यसकै थाप्लोमा
खन्याइदिनेछु। २० म मेरो जाल त्यसमाथि
फिँजाउनेछु, र त्यो मेरो पासोमा पर्नेछ,
औ म त्यसलाई बाबेलमा ल्याउनेछु, र
त्यसले मसित विश्वासघात गरेको निम्ति
म त्यसको न्याय गर्नेछु। २१ अनि त्यसका
सेनाका चुनिएका सबै असल असल सिपाही-
हरू तरवारले मारिनेछन्, र बाँचेकाहरू
चाहिं चारैतिर तितर-बितर पारिनेछन्। तब
म परमप्रभुलेनै यो कुरा भनेको हुँ भनी
तैँले जान्नेछस्।'
२२ परमप्रभु परमेश्वर भन्नुहुन्छ, मनै
त्यस देवदारको सबैभन्दा टुप्पाको भर्खर
पहलाएको सानो हाँगाको एउटा कमुलो
चाहिं लिएर एउटा अग्लो र उच्च डाँड़ामा
रोप्नेछु। २३ त्यो झाँगिएर त्यसले धेरै
फल फलाओस् र त्यो एउटा असल देवदार
होस् भनेर इस्राएलको डाँड़ाको टाकुरामा
म त्यसलाई रोप्नेछु, र त्यसको छायामा
सबै किसिमका पशुहरू बस्नेछन्, र त्यसका
हाँगाहरूमा सबै किसिमका पक्षीहरूले गुँड़
बनाउनेछन्। २४ औ जङ्गलका सबै
रूखहरूले यो कुरा जान्नेछन् कि अग्लो
रूखलाई होचो बनाउने र होचो रूखलाई
अग्लो बनाउने, हरियो रूखलाई सुकाइदिने
र सुकेको रूखलाई हरियो-भरियो बनाउने म
परमप्रभुनै हुँ। म परमप्रभुले भनेको छु, र
म त्यो गर्नेनै छु।

१८ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, र 'इस्राएलको देशको
सम्बन्धमा तिनीहरूले यो उखान दोहोर्‍याएको
अर्थ के हो? 'अमीलो अङ्गूर खाने बाबु,
दाँत कुड़िने छोरा-छोरी।' ३ 'जस्तो म
जीवित छु 'परमप्रभु परमेश्वर भन्नुहुन्छ, निश्चय
इस्राएलमा फेरि कहिल्यै यो उखान कहनेछैन।
४ हेर् सबै प्राण मेरै हुन्, बाबुको प्राण
र छोराको प्राण पनि मेरै हुन्। जुन प्राणीले
पाप गर्छ त्यही मर्छ।
५ यदि कुनै मानिस धर्मी छ र न्याय-
सँगत र ठीक काम गर्छ भने— ६ यदि
त्यसले डाँड़ा हुँदो खाइहिँड़ेन अथवा इस्राएलका
घरानाका मूर्तिहरूतिर आफ्नो आँखा उठाएन
भने, अर्काकी स्वास्नीलाई बिटुलो पारेन,
रजस्वलाको समयमा कुनै स्त्रीकहाँ गएन,
७ कसैलाई अत्याचार गरेन, तर कर्जदारको
बन्धक फर्काइदियो भने, चोरी गरेन, भोको-
लाई आफ्नो खानेकुरो दियो र नाङ्गोलाई
लुगा पहिरायो भने, ८ ब्याजमा रूपियाँ
लिएन, कुकर्म गर्नबाट आफ्नो हात परै राख्यो,
मानिस मानिसको बीचमा सत्यसित न्याय
गर्‍यो भने, ९ मेरा नियमहरूको पालन
गर्‍यो, र मेरा धर्म-विधिहरू खूबै होशियारी-
सित मान्यो भने—त्यही मानिस धर्मी हो,
त्यो निश्चय बाँच्नेछ, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।
१० 'यदि त्यसले डाँकू, हत्यारा छोरो
जन्मायो जसले यी कर्त्तव्यहरूमा कुनै पनि
गर्दैन, ११ तर डाँड़ाहरू हुँदो खान्छ,
आफ्नो छिमेकीकी स्वास्नीलाई बिटुलो पार्छ,
१२ गरीब र दुःखीमाथि अत्याचार गर्छ,
डाँका मार्छ, राखेको चीज फर्काउँदैन, मूर्ति-
हरूतिर आफ्नो आँखा उठाउँछ, घिनलाग्दा
कामहरू गर्छ, १३ सूदमा रूपियाँ दिन्छ,
दिएको भन्दा बढ़ता लिन्छ भने के त्यो
जीवित रहन्छ र? त्यो बाँच्नेछैन। त्यसले
यी सबै घिनलाग्दा कामहरू गरेको छ। त्यो
निश्चय मर्नेछ। त्यसको रगत त्यसकै शिरमाथि
पर्नेछ।
१४ तर यदि त्यस मानिसले एउटा
यस्तो छोरो जन्मायो जसले आफ्ना बाबुले
गरेका सबै पापहरू देख्छ, र डराएर त्यस्ता

कामहरू गर्दैन, १५ जसले डाँडाहरू हुँदो
खाँदैन, अथवा आफ्नो आँखा इस्राएलका
घरानाका मूर्तिहरूतिर उठाउँदैन, आफ्नो
छिमेकीकी स्वास्नीलाई बिटुलो पार्दैन,
१६ कसैको खराबी गर्दैन, बन्धक राख्नलाई
कर लाउँदैन, डाँका मार्दैन, तर भोकालाई
आफ्नो खानेकुरा दिन्छ, नाङ्गोलाई लुगाले
पहिराउँछ, १७ अधर्मदेखि आफ्नो हात
परै राख्छ, सूद वा बढ़ता रुपियाँ लिँदैन,
मेरा धर्म-विधिहरू मान्छ, र मेरा नियमहरू
पालन गर्छ भने, त्यो आफ्नो बाबुको
अधर्मको कारण मर्नेछैन। त्यो निश्चय
बाँच्नेछ। १८ तर त्यसको बाबु चाहिँ
त्यसले जबरदस्त लिने गरेको, आफ्नो
भाइलाई डाँका मारेको, र आफ्ना मानिस-
हरूका बीचमा नराम्रो काम गरेको हुनाले,
हेर, त्यो आफ्नो अधर्मको कारण मर्नेछ।'
१९ तापनि तिमीहरू भन्दछौ, छोराले
बाबुको अधर्मको फल किन भोग्नुपर्दैन र?
जब छोराले न्यायसंगत र ठीक काम गरेको
छ, र मेरा सबै नियमहरू होशियारीसित
पालन गरेको छ भने त्यो निश्चय बाँच्नेछ।
२० जसले पाप गर्छ त्यही मर्छ। छोराले
बाबुको अधर्मको फल भोग्नेछैन, नता
बाबुले छोराको अधर्मको फल भोग्नेछ।
धर्मीले आफ्नो धर्मको फल र दुष्टले आफ्नो
दुष्टयाइँको फल पाउनेछ।
२१ तर यदि दुष्ट मानिसले आफूले
गरेका सबै पापहरू त्यागेर मेरा नियमहरू
पालन गर्‍यो, र न्यायसंगत र ठीक काम
गर्‍यो भने त्यो निश्चय बाँच्नेछ। त्यो
मर्नेछैन। २२ त्यसको विरुद्धमा त्यसले
गरेका कुनै पनि अपराधको फेरि सम्झना
हुनेछैन। त्यसले गरेको धर्मको कारण त्यो
बाँच्नेछ।' २३ परमप्रभु परमेश्वर भन्नुहुन्छ,
'के दुष्टको मृत्युमा म खुशी हुन्छु र?
के आफ्नो चाला छोड़ेर त्यो बाँचेको म
चाहन्नँ र?' २४ तर धर्मी मानिस आफ्नो
धर्मको कामलाई त्यागेर अधर्म गर्छ र दुष्ट
मानिसले गरेका दुष्ट कामहरू गर्छ भने के
त्यो बाँच्नेछ र? त्यसले अघि गरेका कुनै
पनि धर्मको कामको सम्झना हुनेछैन।
विश्वासघात र त्यसले गरेको पापको कारण
त्यो मर्नेछ।
२५ तापनि तिमीहरू भन्छौ, 'परमप्रभुको
काम न्यायसंगत छैन।' हे इस्राएलका
घराना, अब सुन, के मेरो काम न्यायसंगत
छैन? के ठीक मार्गमा नचल्ने ता तिमीहरू
होइनौ र? २६ धर्मी मानिसले आफ्नो
धर्म त्यागेर अधर्म गर्‍यो भने अधर्मको कारण
त्यो मर्नेछ। त्यसले गरेको अधर्मको कारण
त्यो मर्नेछ। २७ फेरि, दुष्ट मानिसले
आफूले गरेको दुष्टयाइँलाई त्यागेर न्यायसंगत
र ठीक काम गर्‍यो भने त्यसले आफ्नो
प्राण बचाउनेछ। २८ किनभने विचार गरेर
आफूले गरेका सबै अपराध त्यसले त्याग्यो।
यसले त्यो निश्चय बाँच्नेछ, त्यो मर्नेछैन।
२९ तापनि इस्राएलको घराना भन्छ,
'परमप्रभुको काम न्यायसंगत छैन।' हे
इस्राएल, के मेरो काम न्यायसंगत छैन?
के ठीक मार्गमा नचल्ने ता तिमीहरू
होइनौ र?
३० यसकारण, हे इस्राएल, म तिमीहरू
हरेकको न्याय त्यसको चालअनुसार गर्नेछु,
परमप्रभु परमेश्वर भन्नुहुन्छ। पश्चाताप
गर, र आफ्नो सबै अधर्महरूदेखि फर्क,
नत्रता अधर्म तिमीहरूको नाशको कारण
हुनेछ। ३१ मेरो विरुद्धमा गरेका
तिमीहरूका सबै अपराधहरू त्याग, र नयाँ
मन र नयाँ आत्मा लेऊ। हे इस्राएल,
तिमीहरू किन मर्छौ? ३२ किनभने
कसैको मृत्युमा म प्रसन्न हुन्नँ। यसैकारण
फर्क र बाँच, परमप्रभु परमेश्वर भन्नु-
हुन्छ।

१९ औ तैँले इस्राएलका शासकहरूका
निम्ति यो विलापीगीत गा,
२ 'तेरो आमा सिंहहरूका बीचमा कस्तो

सिंहनी थिई।
आफ्ना डमरूहरूलाई हुर्काउँदै जवान सिंहका बीचमा
त्यो ढल्केर बस्तथी।
३ ती डमरूहरूमध्ये एउटालाई त्यसले हुर्काएर बढायो,
र त्यो एउटा जवान सिंह भयो।
त्यसले शिकार गर्न सिक्यो,
र मानिसहरूलाई खानलाग्यो।
४ जाति जातिहरूले त्यसको विरुद्धमा आवाज़ उठाए,
तिनीहरूले खनेको खाड़लमा त्यो पर्‍यो।
नत्थ लगाएर तिनीहरूले त्यसलाई मिश्र देशमा ल्याए।
५ आफू छलिएको देख्ता,
र आशा हराएको देख्ता,
त्यसले आफ्नो डमरूहरूमध्ये अर्को एउटा लिई,
र त्यसलाई जवान पारी।
६ त्यो सिंहहरूसँग हिंड्डुल गर्नलाग्यो,
त्यो जवान सिंह भयो।
त्यसले शिकार पक्रन सिक्यो,
र मानिसहरूलाई खानलाग्यो।
७ औ त्यसले तिनीहरूका किल्लाहरू भत्काइदियो,
र तिनीहरूका शहरहरू उजाड़ पार्‍यो।
त्यसको गर्जनको आवाजले
देश र त्यसमा भएका सबै जना तर्से।
८ तब जाति जातिहरूले चारैतिर त्यसको लागि पासो थापे।
तिनीहरूले त्यसमाथि जाल फिँजाए,
त्यो तिनीहरूले बनाएको खाल्डामा पर्‍यो।
९ अङ्कुसेले तिनीहरूले त्यसलाई खोरमा हाले,
र त्यसलाई बाबेलको राजाकहाँ ल्याए।
इस्राएलका डाँड़ाहरूमा त्यसको आवाज फेरि कहिल्यै नसुनिओस् भनेर
तिनीहरूले त्यसलाई थुनामा राखे।
१० पानीको छेउमा रोपिएको दाखको बारीमा दाखलताजस्तै तेरी आमा थिई,
प्रशस्त पानीको कारणले
त्यो फलवन्त र हाँगाहरूले झ्याम्म परेकी थिई।
११ त्यसको सबैभन्दा बलियो हाँगा,
शासकको एउटा राजदण्ड भयो।
बाक्ला हाँगाहरूका बीचमा त्यो अग्लो भएर बढ्यो।
बेहिसाब हाँगाहरूका बीचमा त्यो अग्लो देखिन्थ्यो।
१२ तर क्रोधमा त्यो दाखलता उखेलियो,
जमीनमा त्यो फेँकियो,
पूर्वीय बतासले त्यसलाई सुकाइदियो।
त्यो फलरहित पारियो,
त्यसको बलियो हाँगा सुकिहाल्यो,
आगोले त्यसलाई भस्म पार्‍यो।
१३ अब त्यो मरूभूमिमा सारियो,
सुखा, पानी नभएको ठाउँमा।
१४ त्यसका डालाहरूबाट आगो निस्केर
त्यसका हाँगा र फलहरूलाई भस्म पार्‍यो,
र त्यसको कुनै बलियो डाला बाँकी रहेन,
शासकको राजदण्ड भएन।
यो एउटा विलापगीत हो,
र विलापगीतनै भएको छ।

२० सातौं बर्षको पाँचौं महीनाको दशौं
दिनमा इस्राएलका कोही बूढ़ा-
प्रधानहरू परमप्रभुसित सोधपूछ गर्नलाई आएर
मेरो सामने बसे। २ तब परमप्रभुको यो
वचन मकहाँ आयो, ३ 'हे मानिस,
इस्राएलका बूढ़ा-प्रधानहरूलाई यो समाचार
भन्, परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
के तिमीहरू मसित सोधपूछ गर्नलाई
आएका छौ ? परमप्रभु भन्नुहुन्छ,
"जस्तो म जीवित छु" निश्चय मलाई

तिमीहरू सोधपूछ गर्नपाउनेछैनौ। ४ के तँ
तिनीहरूको न्याय गर्नेछस्, हे मानिस
के तँ तिनीहरूको न्याय गर्नेछस्? त्यसो
भए तिनीहरूले आफ्ना पिता-पुर्खाहरूका
घिनलाग्दा कामहरूका विषयमा सुनून्,
५ तिनीहरूलाई भन्, परमप्रभु परमेश्वर
यसो भन्नुहुन्छ, जुन दिन मैले इस्राएललाई
छाने, त्यसै दिन मिश्र देशमा म आफैलाई
तिनीहरूलाई चिनाउँदै याकूबको वंशसित मैले
शपथ खाएँ। मैले तिनीहरूसित यसो भनेर
शपथ खाएँ, म तिमीहरूका परमप्रभु
परमेश्वर हुँ। ६ त्यस दिन मैले तिनीहरू-
सित यो शपथ खाएँ कि म तिनीहरूलाई
मिश्र देशदेखि निकालेर मैले तिनीहरूका
निम्ति रोजेको देशमा ल्याउनेछु, जुन देशमा
दूध र मह बग्छ, र जुन देश सबै
देशहरूभन्दा गौरवपूर्ण छ। ७ औ मैले
तिनीहरूलाई भनें, तिमीहरू हरेकले आफ्नो
नजरको प्यारो वस्तु, ती घिनलाग्दा कुराहरू
फालिदेऊ, र मिश्र देशका मूर्तिहरूले आफूलाई
बिटुलो नपार, म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ। ८ तर मेरो विरुद्धमा बागी
भएर तिनीहरूले मेरा कुरा सुनेनन्।
हरेकले आफ्नो नजरको प्यारो वस्तु, ती
घिनलाग्दा कुराहरू फालेन, नता तिनीहरूले
मिश्र देशका मूर्तिहरू त्यागे। तब मैले
विचार गरें कि मिश्र देशमानै म मेरो क्रोध
तिनीहरूमाथि खन्याउनेछु, मेरो रीस पूरै
पोखाउनेछु। ९ तर जुन जातिहरूका
बीचमा तिनीहरू बसेका थिए र जसका
नजरकै सामने मैले तिनीहरूलाई मिश्र
देशबाट निकालेर ल्याउँदा आफैलाई तिनी-
हरूलाई चिनाएँ, तिनीहरूका सामने मेरो
नाउँ अपवित्र नहोस् भनेर आफ्नो नाउँको
खातिर मैले काम गरें। १० यसैले मैले
तिनीहरूलाई मिश्र देशबाट निकालेर वनमा
ल्याएँ। ११ मैले त्यहाँ तिनीहरूलाई मेरा
नियमहरू दिएँ र मेरा धर्म-विधिहरू देखाएँ,
जुन पालन गर्नाले मानिस बाँच्नेछ।
१२ त्यसबाहेक तिनीहरूलाई पवित्र पार्ने म
परमप्रभुनै हुँ भन्ने कुरा तिनीहरूले जानून्
भनेर तिनीहरू र मेरो बीचमा चिह्नको लागि
मैले तिनीहरूलाई विश्राम-दिनहरू ठहराइदिएँ।
१३ तर इस्राएलको घराना वनमा मेरो
विरुद्धमा बागी भयो। तिनीहरू मेरा
नियमहरूमा चलेनन्, तर तिनीहरूले मेरा
धर्म-विधिहरूलाई अस्वीकार गरे, जुन पालन
गर्नाले मानिस बाँच्नेछ। औ मेरा विश्राम-
दिनहरूलाई तिनीहरूले साह्रै अपवित्र पारे।
तब मैले यो विचार गरें कि तिनीहरूको
पूरै अन्त गर्नलाई म यहीं वनमा तिनीहरू-
माथि मेरो क्रोध खन्याउनेछु। १४ तर
जुन जातिहरूको नजरकै सामने मैले यिनी-
हरूलाई निकालेर ल्याएँ, तिनीहरूका सामने
मेरो नाउँ अपवित्र नहोस् भनेर मेरो
नाउँको खातिर मैले काम गरें। १५ त्यस-
बाहेक तिनीहरूलाई दिएको देश, जहाँ दूध
र मह बग्छ, जुन देश सबै देशहरूभन्दा
गौरवपूर्ण छ, त्यहाँ तिनीहरूलाई म ल्याउने-
छैनँ भनी मैले तिनीहरूको विरुद्धमा शपथ
खाएँ। १६ किनभने तिनीहरूले मेरा
धर्म-विधिहरूलाई अस्वीकार गरे, र मेरा
नियमहरूमा चलेनन्, औ मेरा विश्राम-
दिनहरूलाई अपवित्र पारे, किनकि तिनीहरूका
हृदय आफ्ना मूर्तिहरूपछि लागेका थिए।
१७ तापनि मैले तिनीहरूलाई दया गरेर
छोडिदिएँ, र मैले तिनीहरूलाई उजाड़-स्थानमा
नष्ट गरिनँ, अथवा तिनीहरूको पूरै अन्त
गरिनँ।

१८ औ मैले उजाड़-स्थानमा तिनीहरूका
छोरा-छोरीहरूलाई भनें, तिमीहरू आफ्ना
पुर्खाहरूका नियमहरूमा नहिँड, नता
तिनीहरूका विधिहरू मान, न तिनीहरूका
मूर्तिहरूले आफैलाई अपवित्र पार। १९ म
परमप्रभु तिमीहरूका परमेश्वर हुँ। मेरा
नियमहरूमा हिँड, र मेरा धर्म-विधिहरू पालन
गर्नलाई होशियार होऊ, २० मेरा विश्राम-
दिनहरू पवित्र राख, र ती मेरो र

तिमीहरूका बीचमा चिह्न होऊन् र तिमीहरूले
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ भन्ने
जान। २१ तर ती छोरा-छोरीहरू मेरो
विरुद्धमा बागी भए। तिनीहरू मेरा
नियममा हिंड़ेनन्, र मेरा धर्म-विधिहरू
पालन गर्नलाई होशियार भएनन्, जुन पालन
गर्नाले मानिस बाँच्नेछ। तिनीहरूले मेरा
विश्राम-दिनहरूलाई अपवित्र पारे।
तब मैंले विचार गरें कि उजाड़-स्थानमा
म मेरो क्रोध तिनीहरूमाथि खन्याउनेछु, मेरो
रीस तिनीहरूमाथि पोखाउनेछु। २२ तर
मैंले मेरो हात रोकें, र जुन जातिहरूका
नजरको सामने मैंले तिनीहरूलाई निकालेर
ल्याएँ, तिनीहरूका सामने मेरो नाउँ अपवित्र
नहोस् भनेर मैंले काम गरें। २३ त्यस-
बाहेक उजाड़-स्थानमा मैंले तिनीहरूका
विरुद्धमा यस्तो शपथ खाएँ कि म तिनीहरूलाई
जाति जातिहरूका बीचमा तितर-बितर पार्नेछु,
देश देशमा यत्रतत्र पारिदिनेछु, २४ किनभने
तिनीहरूले मेरा धर्म-विधिहरू मानेनन्, तर
मेरा नियमहरूलाई अस्वीकार गरे, र मेरा
विश्राम-दिनहरूलाई अपवित्र पारे, औ
तिनीहरूका नजर तिनीहरूका पुर्खाहरूका
देवताहरूमाथि लागिनै रहेको थियो।
२५ तब मैंले तिनीहरूलाई यस्ता नियमहरू
दिएँ जो असल थिएनन्, औ यस्ता
धर्म-विधिहरू दिएँ जसद्वारा तिनीहरूले जीवन
प्राप्त गर्नसक्ने थिएनन्। २६ औ तिनीहरू-
लाई भयभीत तुल्याउनलाई मैंले तिनीहरूका
तिनै बलिदानहरूद्वारा तिनीहरूलाई अपवित्र
तुल्याएँ, जुन बलिदानमा तिनीहरूले आफ्ना
सबै पहिले जन्मेकाहरूलाई आगोमा बलि
चढ़ाए। तिनीहरूले म परमप्रभु तिनीहरूका
परमेश्वर हुँ भनी जानून् भनेर यसो गरें।
२७ यसकारण हे मानिस, इस्राएलको
घरानालाई यो समाचार दे, परमप्रभु परमेश्वर
भन्नुहुन्छ, मसित विश्वासघातको व्यवहार गरेर
फेरि तिमीहरूका पुर्खाहरूले मेरो निन्दा गरे।
२८ किनकि जब मैंले शपथ खाएर
तिनीहरूलाई दिन्छु भनेका देशमा तिनीहरूलाई
ल्याएँ, तब जहाँ जहाँ तिनीहरूले कुनै अल्गो
डाँड़ा वा कुनै झ्याम्म पातहरू भएको रूख
देखे त्यहाँ तिनीहरूले आफ्ना बलिदान
चढ़ाए, र मलाई रीस उठाउने तिनीहरूको
भेटी चढ़ाए। त्यहाँ तिनीहरूले आफ्ना
सुगन्धित बासना आउने बलि चढ़ाए, र
आफ्ना अर्घबलि चढ़ाए। २९ मैले तिनी-
हरूलाई भनें, तिमीहरू जाने गरेको अल्गो
ठाउँ के हो? यसकारण अहिले पनि
त्यसको नाउँ बामा* भनिन्छ। ३० यसैकारण
इस्राएलको घरानालाई भन्, परमप्रभु
परमेश्वर यसो भन्नुहुन्छ, के तिमीहरू पनि
आफ्ना पुर्खाहरूका चालअनुसार हिंडेर
आफैलाई अशुद्ध पार्छौ? औ तिनीहरूका
घिनलाग्दा कुराहरूका पछि लागेर भर्मी
हिंड़छौ? ३१ जब तिमीहरू आफ्ना भेटी
चढ़ाउँदछौ र आफ्ना छोराहरूलाई आगोमा
बलिदान गर्दछौ तब आजसम्म पनि आफ्ना
सबै मूर्तिहरूले तिमीहरू आफैलाई अशुद्ध
पार्दछौ। त हे इस्राएलको घराना, के
तिमीहरूबाट मलाई सोधनि हुनसक्छ र?
परमप्रभु परमेश्वर भन्नुहुन्छ, "जस्तो म
जीवित छु" निश्चय मलाई तिमीहरू सोधपूछ
गर्न पाउँनेछैनौ।
३२ हामीहरू अरू जातिहरूजस्तै होऊँ,
अरू देशहरूका कुलहरूजस्तै भएर काठ र
ढुङ्गाहरूलाई पूजौं भन्ने तिमीहरूको मनको
कुरो पूरा हुनेछैन।
३३ "जस्तो म जीवित छु" परमप्रभु
परमेश्वर भन्नुहुन्छ, निश्चय शक्तिशाली
बाहु, उठाएको हातद्वारा र क्रोध खन्याउँदै
म तिमीहरूमाथि राज गर्नेछु। ३४ म
तिमीहरूलाई शक्तिशाली बाहु, उठाएको
हात र क्रोध खन्याउँदै जाति जाति-
हरूबाट निकालेर ल्याउनेछु, र तिमीहरू
तितर-बितर भएका देशहरूबाट भेला

* अल्गो ठाउँ

गर्नेछु, ३५ र म तिमीहरूलाई ठूलो
मरुभूमिमा ल्याउनेछु र त्यहाँ तिमीहरूकै
सम्मुख तिमीहरूको न्याय गर्नेछु। ३६ जसरी
मिश्र देशको उजाड़-स्थानमा मैले तिमीहरूका
पिता-पुर्खाहरूको न्याय गरेको थिएँ, त्यसरीनै
तिमीहरूको पनि म न्याय गर्नेछु, परमप्रभु
परमेश्वर भन्नुहुन्छ। ३७ म तिमीहरूलाई
टाँगोमनि छिर्न लाउनेछु, एक एक गरी
गन्तीसित तिमीहरूलाई पार गर्न लाउनेछु।
३८ तिमीहरूमध्येका बागीहरू र मेरो
विरुद्धमा अपराध गर्नेहरूलाई म अलग
गर्नेछु। तिनीहरू प्रवासी भएर बसेको
देशबाट म तिनीहरूलाई निकालेर ल्याउनेछु,
तर तिनीहरू इस्राएलको देशमा पस्न
पाउनेछैनन्। तब मनै परमप्रभु हुँ भनी
तिमीहरूले जान्नेछौ।

३९ औ हे इस्राएलको घराना, तिमी-
हरूलाई परमप्रभु परमेश्वर भन्नुहुन्छ, 'जाऊ,
यदि तिमीहरू मेरो कुरा सुन्दैनौ भनेदेखि
आज औ आज उपरान्त तिमीहरू हरेकले
आफ्नो आफ्नो मूर्तिहरूलाई पूज। तर
तिमीहरूका भेटीहरू र मूर्तिहरूले मेरो पवित्र
नाउँलाई फेरि कहिल्यै अपवित्र गर्न
पाउनेछैनौ।

४० किनभने परमप्रभु भन्नुहुन्छ, देशमा
इस्राएलका सबै घरानाले मेरो पवित्र डाँड़ा,
इस्राएलको अग्लो डाँड़ामा तिनीहरू सबैले
मेरो सेवा गर्नेछन्। त्यहाँ म तिनीहरूलाई
ग्रहण गर्नेछु, त्यहींनै म तिमीहरूका भेटीहरू,
तिमीहरूका सबैभन्दा उत्तम भेटीहरू,
सबै पवित्र भेटीहरू म चाहनेछु। ४१ जब
म तिमीहरूलाई जाति जातिहरूका बीचदेखि
निकालेर ल्याउनेछु, र तिमीहरू तितर-बितर
भएका देशहरूबाट भेला गराउनेछु, तब म
तिमीहरूलाई सुगन्धित बासना आउने भेटीझैं
ग्रहण गर्नेछु। औ जाति जातिहरूका
द्रष्टिमा तिमीहरूका बीचमा मेरो पवित्रतालाई
प्रकट गर्नेछु। ४२ औ जब म तिमीहरूलाई
इस्राएलको देशमा ल्याउनेछु जुन देश
दिनलाई मैले तिमीहरूका पुर्खाहरूसित
शपथ खाएको थिएँ, तब तिमीहरूले मनै
परमप्रभु हुँ भनी जान्नेछौ। ४३ औ जुन
चाल र कामहरूबाट तिमीहरू अपवित्र भएका
थियौ ती तिमीहरूले त्यहाँ याद गर्नेछौ, र
तिमीहरूले गरेका सबै दुष्टयाइँहरू याद गरेर
तिमीहरू आफैंले आफैंलाई घीन गर्नेछौ।
४४ औ हे इस्राएलका घराना, तिमीहरूका
दुष्ट चालअनुसार होइन, नता तिमीहरूका
भ्रष्टाचारअनुसार, तर मेरो नाउँको खातिर
जब म तिमीहरूसित व्यवहार गर्नेछु तब
तिमीहरूले मनै परमप्रभु हुँ भनी जान्नेछौ,
परमप्रभु परमेश्वर भन्नुहुन्छ।'

४५ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, ४६ 'हे मानिस, तेरो मोहोड़ा दक्षिण
दिशातिर फर्काएर दक्षिण दिशाको विरुद्धमा
प्रचार गर्, जङ्गलले भरिएको दक्षिण देशको
विरुद्धमा अगमवाणी भन्। ४७ दक्षिण देशको
जङ्गललाई भन्, परमप्रभुको यो वचन सुन्,
उहाँ भन्नुहुन्छ, म तँमा आगो सल्काइदिनेछु,
त्यसले तेरो हरेक हरियो रूख र सुकेको
रूखलाई भस्म पार्नेछ। त्यसको दन्केको ज्वाला
निभ्नेछैन, औ त्यसद्वारा दक्षिणदेखि उत्तरसम्मै
सबैको मुख डढ़्नेछ। ४८ म परमप्रभुले त्यो
सल्काएको हो भनी सबै प्राणीले जान्नेछन्।
औ त्यो निभ्नेछैन।' ४९ मैले भनें, "हे
परमप्रभु, मैले उखानमा बोलें भनी यिनीहरू
मलाई दोष लाउँछन्।"

२१ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस, तेरो मोहोड़ा
यरूशलेमतिर फर्काएर पवित्रस्थानको विरुद्धमा
प्रचार गर्। इस्राएल देशको विरुद्धमा
अगमवाणी भन्, ३ इस्राएल देशलाई
भन्, परमप्रभु यसो भन्नुहुन्छ, हेर्,
म तेरो विरुद्धमा छु। म मेरो तरवार
म्यानबाट थुतेर तेरा धर्मी र दुष्ट दुवैलाई
नाश गर्नेछु। ४ किनभने म तेरा धर्मी र
दुष्ट दुवैलाई नाश गर्नेछु, यसकारण दक्षिण

देशदेखि उत्तरसम्मका सबै प्राणीको विरुद्ध
मेरो तरवार म्यानबाट निस्कनेछ। ५ औ
म परमप्रभुले मेरो तरवार म्यानबाट झिकेको
रहेछु भनी सबै प्राणीले थाह पाउनेछन्।
त्यो म्यानमा फेरि हाल्निनेछैन। ६ यसकारण
हे मानिस, सुस्केरा हाल्। साह्रै शोक
गर्दै फोक्सो फुटुन्जेल तिनीहरूका
आँखाकै सामने सुस्केरा हाल्। ७ औ
तिनीहरूले तँलाई तिमी किन खुइ खुइ
गर्छौ? भनी सोधे भने यस्तो जवाफ दे,
समाचारको कारण, किनकि यस्तो कुरा
आउनलागेको छ कि सबैका हृदय गलिजानेछन्,
र सबै हात शिथिल हुनेछन्, सबै आत्मा
निरुत्साहित हुनेछन्, र सबै घुँडा पानीजस्तै
निस्तेज हुनेछन्। हेर्, यस्तो आउनेछ, औ
त्यो पूरा हुनेनैछ, परमप्रभु परमेश्वर भन्नुहुन्छ।
८ औ परमप्रभुको यो वचन मकहाँ
आयो, ९ हे मानिस, अगमवाणी भन्,
परमप्रभु यसो भन्नुहुन्छ,

एउटा तरवार, एउटा तरवारमा सान
लगाइएको छ,
त्यो टल्काइएको छ,
१० मार्नलाई सान लगाइएको छ,
बिजुलीझैं चम्कनलाई टल्काइएको छ।
हे मेरो छोरो, सबै काठका मूर्तिहरूलाई
तिरस्कार गर्न,
डण्डा मच्चाइएको छ।
११ तरवार चलाउन भनेरनै टल्काउनलाई
दिइएको छ।
मार्नेको हातमा दिनलाईनै
त्यसमा सान लगाउनलाई र टल्काउनलाई
दिइएको छ।

१२ हे मानिस, करा र विलाप
गर् किनभने त्यो तरवार मेरो प्रजाको
विरुद्धमा चल्नेछ। इस्राएलका सबै शासक-
हरूका विरुद्धमा त्यो चल्नेछ, मेरो प्रजासितै
तिनीहरू पनि तरवारलाई सुम्पिएका छन्।
यसकारण तैंले आफ्नो छाती पिट्,
१३ किनकि यो एउटा जाँच हो—औ के
वास्तवमा यो तिरस्कारको डण्डा नभए पनि
भयो त? परमप्रभु परमेश्वर यही भन्नुहुन्छ।
१४ यसकारण हे मानिस अगमवाणी
भन्, ताली बजा र मारिनेहरूका निम्ति
तरवार दुइपल्ट, तीनपल्ट आओस्। त्यस
ठूलो घातको निम्ति यो तरवार हो,
जेले तिनीहरूलाई घेर्छ। १५ तिनीहरूका
हृदय गलिजाऊन् र ती ढलिजाऊन् भनेर
तिनीहरूका सबै मूल-ढोकाहरू हुँदो
मैले तरवारको डर फिँजाइदिएको छु।
ओह! बिजुलीजस्तै चम्कने त्यो तरवारको
डर, जो मार्नलाई निकालिएको छ!
१६ तेरो धार जतातिर फर्काइन्छ दहिने
र देब्रेतिर तेजसित काट्। १७ म पनि
ताली बजाउनेछु, र मेरो रीस मार्नेछु।
म, परमप्रभुलेनै भनेको हुँ।

यहूदा र अम्मोनको विरुद्धमा बाबेल

१८ परमप्रभुको वचन मकहाँ फेरि
आयो, १९ 'हे मानिस बाबेलको
राजाको तरवार आउनलाई दुइ बाटो
पहिल्या, दुवै एउटै देशबाट आएका
बाटोहरू। औ बाटो देखाउने एउटा मार्ग-
दर्शक बना। शहरतिर जाने बाटोको
मुखमा त्यो बना। २० अम्मोन वंशीहरूको
रब्बा शहरमा र घेरा लगाइएको यरूशलेम
शहरमा आउनलाई त्यस तरवारको लागि
एउटा बाटो पहिल्या। २१ किनभने
बाबेलको राजा जोखना हेर्नलाई दोबाटोमा,
अर्थात् ती दुवै बाटोको सिहानमा उभिरहेको
छ। त्यसले काँडहरू हल्लायो, त्यसले
घर-देवताहरूसित सल्लाह गऱ्यो, त्यसले मुढ
छाम्यो। २२ गला खोलेर ध्वंस गर्ने हुकुम
दिनलाई, चिच्याई चिच्याई हुकुम दिनलाई,
मूल-ढोका भत्काउने ठूला ठूला मुढाहरू
लगाउनलाई, घेरा-मचान तयार पार्न र घेरा
हाल्ने किल्लाहरू खडा गर्नलाई त्यसको
दाहिने हातमा यरूशलेमको भाग्य पऱ्यो।

२३ तर तिनीहरूका निम्ति त्यो झूटा जोखना हेरेजस्तो देखिनेछ। तिनीहरूले गंभीर शपथ खाएका छन्। तर तिनीहरू पक्राउ परून् भनेर त्यसले तिनीहरूलाई तिनीहरूको दोषको सम्झना गराइदिन्छ।'

२४ यसकारण परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'तिमीहरूको खुलस्त बागीपनाले तिमीहरूले मलाई तिमीहरूको अपराध सम्झना गराएकोले औ तिमीहरूका पाप तिमीहरूका सबै काममा प्रकट भएकोले तिमीहरूले मलाई तिमीहरूको सम्झना गरायौ र तिमीहरू शत्रुको हातमा बलजफतीसँग पर्नेछौ। २५ औ हे अपवित्र दुष्ट जन, इस्राएलका कुमार, तेरो दिन आइपुगेको छ, आखिरी इन्साफको दिन। २६ परमप्रभु परमेश्वर भन्नुहुन्छ, 'पगरी हटा र शिरपेच उतारिदे। अबदेखि त्यसो अघिजस्तो केही रहनेछैन। जो होचो छ त्यसलाई उँचा बना, र जो उँचा छ त्यसलाई होचो बना। २७ उजाड़, उजाड़! म त्यसलाई उजाड़ पार्नेछु। जसको त्यसमाथि अधिकार छ, औ जसलाईनै म यो सुम्पिनेछु, उ नआइपुगुन्जेल त्यसको नाउँ निशानै रहनेछैन।'

२८ औ हे मानिस, अगमवाणी भन्, 'अम्मोनवंशीहरू र तिनीहरूले गरेको निन्दाको विषयमा परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, तिनीहरूलाई भन्, एउटा तरवार, मार्नलाई एउटा तरवार थुतिएको छ! बिजुलीजस्तै चम्कनलाई त्यो टल्काइएको छ—२९ तेरो लागि झूटो दर्शन देख्ने, तेरो लागि झूटा अगमवाणी कहने, अपवित्र दुष्टहरू, जसको दिन आइपुगेको छ, जसको आखिरी इन्साफको दिन आइपुगेको छ, तिनीहरूका गर्दनहरूमा हाल्नलाई त्यो निकालिएको छ। ३० त्यसपछि त्यो म्यानमा हाल्। तँ सृजना गरिएकै ठाउँमा, तँ जन्मेकै देशमा म तेरो इन्साफ गर्नेछु। ३१ म मेरो क्रोध तँमाथि खन्याउनेछु। मेरो क्रोधको आगो तँमाथि फुकिदिनेछु। तँलाई म नाश गर्नमा सिपालु, क्रूर मानिसहरूका हातमा सुम्पिदिनेछु। ३२ तँ आगोको लागि दाउरा हुनेछस्। तेरो रगत देशको बीचमा बग्नेछ। तेरो सम्झना फेरि कहिल्यै हुनेछैन, किनभने म, परमप्रभुलेनै यो भनेको हुँ।'

यरूशलेमका पाप र तिनको सजाय

२२ परमप्रभुको यो वचन मकहाँ आयो, २ 'औ तँ, हे मानिस, के तँ इन्साफ गर्छस्? के तँ खूनी शहरको इन्साफ गर्छस्? त्यसोभए त्यसका सबै घिनलाग्दा कामहरू त्यसलाई जनाइदे। ३ तँले भन्, परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'आफ्नै अन्तको समय ल्याउनलाई आफ्नै बीचमा रगत बगाउने र आफूलाई बिटुलो पार्नलाई मूर्तिहरू बनाउने शहर! ४ तँले बगाएको रगतको कारण तँ दोषी भएको छस्। तँले बनाएका मूर्तिहरूद्वारा तँ बिटुलो भएको छस्। तँले आफ्नो अन्तको समय नजीक ल्याएको छस्, र तेरो तोकिएको समय आइपुगेको छ। यसैकारण मैले तँलाई जाति जातिहरूको बीचमा गिल्ला र सबै देशहरूमा ठट्टाको कारण तुल्याएँ। ५ तेरो नजीक र टाढ़ा हुनेहरूले तेरो ठट्टा गर्नेछन्, ए बदनामी र उपद्रवले भरिएको शहर!

६ हेर्, तँमा भएका इस्राएलका शासकहरू हरेकले आफ्नो आफ्नो शक्तिअनुसार रगत बगाउननै तम्सिएका छन्। ७ तँमा भएका माता-पिताहरूको अवहेलना भएको छ। परदेशीहरू अत्याचारमा परेका छन् औ टुहुराटुहुरी र विधवाहरूलाई अन्याय भएको छ। ८ तँले मेरा पवित्र चीजहरूलाई तुच्छ ठानिस्, र मेरा विश्राम-दिनहरू अपवित्र गरिस्। ९ रगत बगाउनलाई झूटा दोष लाउने मानिसहरू तँमा छन्। औ यस्ता मानिसहरू पनि छन्

जसले डाँडाहरूमा प्रसाद खान्छन्। तँभित्र
मानिसहरूले भ्रष्टाचार गर्छन्। १० तँभित्रै
मानिसहरूले आफ्ना पिताको नग्नता उदाङ्ग
पार्छन्। तँभित्रै मानिसहरूले अशुद्ध अवस्थामा
भएकी स्त्रीसित कुकर्म गर्छन्। ११ तँभित्रै
कसैले आफ्नो छिमेकीकी स्वास्नीसित
घिनलाग्दा काम गर्छ। अर्कोले आफ्नी
बुहारीलाई बिगारेर भ्रष्ट पार्छ। फेरि अर्कोले
आफ्नै बाबुकी छोरी, मझ्केली बहिनीलाई
बिगार्छ। १२ तँभित्रै मानिसहरूले हत्या
गर्नलाई घूस लिन्छन्। तँले ब्याज र
बढ़ती लिन्छस्, औ आफ्नो छिमेकीलाई
अन्याय गरेर नाफा गर्छस्। तँले मलाई
बिर्सेको छस्, परमप्रभु परमेश्वर भन्नुहुन्छ।
१३ यसैकारण हेर्, तँले अन्यायसित
नाफा गरेको र तेरो बीचमा भएको
हत्याको कारण मैले क्रोधले हात ठट्टाएँ।
१४ जुन दिन म तेरो न्याय गरूँला के
त्यस बेला तेरो साहस स्थिर रहला र?
अथवा के तेरो हात दहिलो होला त?
म परमप्रभुले यो भनेको छु र यसै गर्नेछु।
१५ म तँलाई जाति जातिहरूका बीचमा
तितर-बितर पार्नेछु, र देश देशमा यत्रतत्र
पार्नेछु, र तँमा भएको फोहोरलाई भस्म
गर्नेछु। १६ औ अन्यजातिहरूका दृष्टिमा
तँ बिटुलो हुनेछस् औ म परमप्रभु हुँ
भनी तँले जान्नेछस्।'
१७ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, १८ 'हे मानिस, इस्राएलको घराना
ता मेरो लेखामा मिश्रित-धातु भएको छ।
तिनीहरू ता भट्टीमा भएका चाँदी, काँसा,
टीन, फलाम र सीसाका मिश्रित-धातु भएका
छन्।' १९ यसकारण परमप्रभु परमेश्वर
यसो भन्नुहुन्छ, 'तिमीहरू सबै मिश्रित-धातु
भएका छौ। यसैले हेर, म तिमीहरूलाई
यरूशलेमभित्र जम्मा गर्नेछु। २० आगो
हुरुरुरु पारेर गलाउनलाई जसरी मानिसहरू
चाँदी, तामा, फलाम, सीसा र टीन भट्टीमा
जम्मा गर्दछन्, त्यसरीनै म पनि मेरो रीस र
मेरो क्रोधमा तिमीहरूलाई जम्मा गर्नेछु।
तिमीहरूलाई त्यहाँ हालेर गाल्नेछु। २१ म
तिमीहरूलाई भेला गर्नेछु, र मेरो क्रोधको
अग्नि-ज्वाला तिमीहरूमाथि दन्काउनेछु, र
तिमीहरू त्यसैका बीचमा गल्नेछौ।
२२ जसरी भट्टीमा चाँदी गल्दछ त्यसरीनै
त्यसको बीचमा तिमीहरू गल्नेछौ, औ म,
परमप्रभुलेनै तिमीहरूमाथि आफ्नो क्रोध
खन्याएको हुँ भनी तिमीहरूले जान्नेछौ।'
२३ औ परमप्रभुको यो वचन मकहाँ
आयो, २४ 'हे मानिस, यरूशलेमलाई
भन्, 'क्रोधको दिनमा तँ वृष्टि नभएको र
झरी न भेटेको भूमि होस्। २५ त्यसमा
भएका त्यसका शासकहरू गर्जंदै शिकार
गाँज्ने सिंहझैं छन्। तिनीहरूले मानिसहरूलाई
निलेका छन्। तिनीहरूले धन-सम्पत्ति र
बहुमूल्य पदार्थहरू लुटेका छन्। तिनीहरूले
आफ्ना बीचमा धेरैलाई विधवा बनाइसकेका
छन्। २६ त्यसका पूजाहारीहरूले मेरो
व्यवस्था भङ्ग गरेका छन्, र मेरो पवित्र
कुराहरू बिटुलो पारेका छन्। कुन पवित्र,
कुन साधारण कुरो हो त्यसको तिनीहरूलाई
केही विचारै छैन, नता तिनीहरूले
शुद्ध र अशुद्धको भिन्नता सिकाएका
छन्। औ तिनीहरूले मेरो विश्राम-दिनको
वास्तानै गरेका छैनन्। यसरी तिनीहरूका
बीचमा म अपमानित भएको छु।
२७ त्यसमा भएका त्यसका शासकहरू शिकार
फहराउने, रगत बगाउने ब्वाँसाहरूजस्ता छन्।
बेइमानीसित नाफा कमाउनलाई प्राण नाश
गर्नेहरू! २८ औ त्यसका अगमवक्ताहरू
चाहिँ केवल बाहिरबाट चूना पोत्दछन्, झूटा
दर्शन देख्छन्, र झूटा अगमवाणी कहन्छन्
र परमप्रभुले केही भन्नु नहुँदा पनि 'परम-
प्रभु यसो भन्नुहुन्छ' भनी तिनीहरू भन्छन्।
२९ देशका प्रजाहरू चाहिँ अत्याचारी डाँकू
हुन्। तिनीहरूले गरीब र दरिद्रहरूमाथि
थिचोमिचो गरेका छन्, र न्यायको वास्ता
नगरेर विदेशीहरूका धन क्षतिपूर्ति नगरी

खोसेका छन्। ३० औ पर्खाल बनाउने र
मद्वारा नाश नहोस् भनी देशको लागि मेरो
सामनें धाँदोमा उभिने एउटा मानिस तिनी-
हरूका बीचमा मैले खोजें, तर पाउँदै पाइनँ।
३१ यसकारण मैले तिनीहरूमाथि मेरो
क्रोधको आगो खन्याएर तिनीहरूलाई भस्म
पारें। तिनीहरूको काम सुहाउँदो दण्ड मैले
दिएँ, परमप्रभु परमेश्वर भन्नुहुन्छ।'

ओहोला र ओहोलीबाका व्यभिचार र तिनीहरूको दण्ड

२३ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस, कुनै समय दुइ स्त्री
थिए—एउटै आमाका दुइ छोरीहरू।
३ तिनीहरूले मिश्र देशमा वेश्यावृति गरे।
तरुणी अवस्थामा हुँदै तिनीहरूले वेश्यावृति
गरे। त्यहाँ तिनीहरूका स्तन मिचिए र
तिनीहरूको कुवाँरी अवस्थाको स्तन माड़िए।
४ तिनीहरूमा दिदी चाहिंको नाउँ
ओहोला र बहिनीको नाउँ ओहोलीबा थियो।
तिनीहरू मेरा भए, र तिनीहरूले छोरा-
छोरीहरू जन्माए। तिनीहरूका नाउँअनुसार
ओहोला चाहिं सामरिया र ओहोलीबा चाहिं
यरूशलेम हुन्।
५ मेरो हुँदाहुँदै पनि ओहोलाले
वेश्यावृति गरी। आफ्ना प्रेमी अश्शूरहरूसित
त्यो मोहित भई। ६ तिनीहरू सबै बैजनी
वस्त्र लाउने योद्धा, राज्यपाल र सेनापतिहरू
थिए। ती सब सुन्दर जवान मानिसहरू,
घोड़ामा सवार गर्ने घोड़चढ़ीहरू थिए।
७ अश्शूरका चुनिएका सबै असल असल
मानिसहरूसित त्यसले व्यभिचार गरी, र सबै
जो जोसित त्यो मोहित भई तिनीहरूका
सबै मूर्तिले आफैलाई त्यसले अशुद्ध पारी।
८ आफू मिश्र देशमा छँदादेखि गरेको
वेश्यावृति त्यसले छोड़ीन। किनकि त्यसको
युवावस्थामा मानिसहरू त्यससित सुते, र
त्यसको कुवाँरी अवस्थाको स्तनमा हात
लगाए, र आफ्नो काम-वासना त्यसमाथि
पोखाए। ९ यसैकारण मैले त्यसलाई त्यसका
प्रेमी, अश्शूरहरूका हातमा सुम्पिदिएँ,
जुनसँग त्यो मोहित भएकी थिई।
१० यिनीहरूले त्यसलाई भ्रष्ट पारे।
तिनीहरूले त्यसका छोराहरू र छोरीहरूलाई
पक्रे। औ त्यसलाई चाहिं तिनीहरूले तरवारले
मारे। इन्साफ गरियो र त्यसलाई दण्ड
दिइयो। तब स्त्रीहरूमध्ये त्यो गिल्लाको पात्र
बनी।
११ त्यसकी बहिनी ओहोलीबाले यो
देखी, तापनि विलासी हुन र वेश्यावृतिमा त्यो
अझ भ्रष्ट भई—दिदीभन्दा झन् खराब।
१२ अश्शूरहरू, राज्यपालहरू र सेनापतिहरू,
पूरा जङ्गी पोशाक पहिरेका योद्धाहरू, घोड़ामा
सवार हुने घोड़चढ़ीहरू, यी सबै सुन्दर
जवान मानिसहरूसित त्यो मोहित भई।
१३ औ त्यो पनि अशुद्ध भएकी मैले
देखें। ती दुवै एउटै चालमा हिंड़े।
१४ तर यसले ता आफ्नो वेश्यावृति झन्
बढ़ाई। भित्तामा मानिसहरूका चित्र कोरिएको
त्यसले देखी—सिन्दूरले अंकित गरेका कल्दी-
चित्र, १५ कम्मरमा पटुका र शिरमा
लट्कने फेटा बाँधेका, सबै अफिसरहरू जस्ता
देखिन्थे। यो बाबेलवासीहरूका चित्र थिए,
जसको देश कल्दी थियो। १६ जब त्यसले
तिनीहरूलाई देखी तब तिनीहरूसित मोहित
भएर कल्दीहरूको देशमा तिनीहरूकहाँ त्यसले
दूतहरू पठाई। १७ तब बाबेलवासीहरू
त्यसकहाँ त्यसको ओछ्यानमा सहवास गर्न
आए, र आफ्नो काम-वासनाले त्यसलाई
अशुद्ध पारे। तिनीहरूबाट भ्रष्ट भएपछि
वाक्क भएर त्यसको मन तिनीहरूदेखि
हट्यो। १८ जब त्यसले त्यसरी खुल्लमखुल्ला
वेश्यावृति गरेर आफैलाई भ्रष्ट पार्न दिई,
तब त्यसकी दिदीप्रति भएझैं त्यसप्रति पनि
वाक्क भएर मैले त्यसलाई घृणा गर्नलागें।
१९ तापनि मिश्र देशको आफ्नो युवावस्थाको
दिनलाई सम्झी सम्झीकन त्यसले आफ्नो

वेश्यावृत्ति झन् बढ़ाउन लागी। २० यस्ता
प्रेमीहरूसित त्यो मोहित भई, जसका लिङ्ग
गधाहरूका जस्ता थिए, र वीर्य चाहिं
घोड़ाहरूका झैं निस्कन्थ्यो। २१ यसरी
मिश्रीहरूले तेरो छातीमा हात ल्याएका तेरा
युवावस्थाका स्तन माड़ेका कुरा सम्झेर तँ
आफ्ना युवावस्थाको कामुकताको कुइच्छा
गर्दछस्।

२२ यसैकारण हे ओहोलीबा, परमप्रभु
परमेश्वर यसो भन्नुहुन्छ, 'हेर्, तँ वाक्क
भएकी तेरा प्रेमीहरूलाई, म चारैतिरबाट
तेरो विरुद्धमा उठाइल्याउनेछु, २३ अर्थात्
बाबेलबासीहरू, र पकोद, शोअ र कोअका
सबै कल्दीहरू र तिनीहरूसित सबै
अश्शूरहरूलाई, जो सुन्दर जवानहरू छन्, र
राज्यपालहरू, सेनापतिहरू, अफिसरहरू र
योद्धाहरूलाई सबै घोड़ामा सवार हुनेहरूलाई
ल्याउनेछु। २४ तिनीहरू तेरो विरुद्धमा
उत्तरबाट रथहरू र गाड़ाहरू र जाति जाति-
हरूका सैन्यदलका साथमा आउनेछन्। ठूला
र साना ढाल लिएर, टोप लाएर तिनीहरूले
तँलाई घेरा हाल्नेछन्, र म तिनीहरूलाई
इन्साफ गर्ने अधिकार दिनेछु। तिनीहरूले
आफ्ना विचारअनुसार तेरो इन्साफ गर्नेछन्।
२५ म मेरो रीस तँतिर फर्काउनेछु, र क्रोधमा
तिनीहरूले तँसित व्यवहार गर्नेछन्। तिनीहरूले
तेरा नाक र कान काट्नेछन्। तेरा बाँचेकाहरू
तरवारले ढल्नेछन्। तिनीहरूले तेरा छोरा-
छोरीहरूलाई पक्रेर लैजानेछन्, र बाँचेकाहरू
आगोले भस्म हुनेछन्। २६ तिनीहरूले
तेरा वस्त्र उतारेर तँलाई नाङ्गै बनाउनेछन्,
र तेरा राम्रा राम्रा गहनाहरू लैजानेछन्।
२७ यसरी तँले मिश्र देशबाट ल्याएको
तेरो भ्रष्टता र कामुकताको म अन्त
गरिदिनेछु, र तँले फेरि कहिल्यै मिश्रीहरूतिर
आफ्नो दृष्टि लाउनेछैनस्। तिनीहरूलाई सम्झने
पनि छैनस्।' २८ किनभने परमप्रभु परमेश्वर
यसो भन्नुहुन्छ, 'हेर् म तँलाई तिनीहरूकै
हातमा सुम्पिदिनेछु, जसलाई तँ घिन गर्दछस्।
तिनीहरूकै हातमा, जसदेखि तँ वाक्क भएर
फर्केकी छस्। २९ घृणापूर्वक तिनीहरूले तँसित
व्यवहार गर्नेछन्। तिनीहरूले तेरो परिश्रमका
सबै फल लानेछन्, र तँलाई नाङ्गो-भुतुङ्गो पारेर
छोड्नेछन्, र तेरो वेश्यावृत्तिको नग्नता प्रकट
हुनेछ। तेरो भ्रष्टता र तेरो कामुकताले
३० तँमाथि यस्तो दशा ल्याएको हो, किनभने
तँले जाति जातिहरूसित वेश्यावृत्ति गरिस्, र
तिनीहरूका मूर्तिहरूले तँले आफूलाई अशुद्ध
पारिस्। ३१ तँ तेरी दिदीकै चालमा
हिंड़िस्। यसैकारण म त्यसको कचौरा तेरो
हातमा दिनेछु।' ३२ परमप्रभु परमेश्वर
यसो भन्नुहुन्छ,

'तँले तेरो दिदीको कचौराबाट पिउनेछस्
जो गहिरो र ठूलो छ।
तँलाई देखेर मानिसहरू हाँस्नेछन्,
र तँलाई हाँसोमा उड़ाउनेछन्।
किनकि कचौरा भरिएको छ।
३३ तँ मात र शोकले पूर्ण हुनेछस्।
तेरो दिदी सामरियाको कचौरा
त्रास र उजाड़पनाको कचौरा हो।
३४ रित्तो नभएसम्म तँले त्यो पिउनेछस्,
औ तँले कपाल लुछ्नेछस्,
र आफ्नो स्तन चिथोर्नेछस्।

किनकि मैलेनै यो कुरा बोलेको हुँ,
परमप्रभु परमेश्वर भन्नुहुन्छ।' ३५ यसकारण
परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'किनभने
तँले मलाई बिर्सिस् र पिठ्यूँ पछाड़ि राखिस्,
यसैकारण आफ्नो भ्रष्टता र कामुकताको
फल भोग्।'

३६ परमप्रभुले मलाई भन्नुभयो, 'हे
मानिस, के तँ ओहोला र ओहोलीबाको
इन्साफ गर्छस्? त्यसोभए तिनीहरूले गरेका
घिनलाग्दा काम तिनीहरूलाई बताइदे।
३७ किनकि तिनीहरूले व्यभिचार गरेका
छन्। तिनीहरूका हातमा खून छ। तिनी-
हरूले आफ्ना मूर्तिहरूसित व्यभिचार गरे।
औ मेरो लागि जन्माएका छोराहरूलाई
तिनीहरूले ती मूर्तिहरूका निम्ति भोग चढ़ाए।

३८ त्यसबाहेक तिनीहरूले मसित यसो पनि
गरेका छन्—एकै दिनमा तिनीहरूले मेरो
पवित्रस्थानलाई बिटुलो र मेरो विश्राम-दिनहरू-
लाई अशुद्ध पारे। ३९ किनकि जुन दिन
तिनीहरूले आफ्ना छोरा-छोरीहरूलाई तिनी-
हरूका मूर्तिहरूका निम्ति बलि चढ़ाए,
त्यही दिन तिनीहरू मेरो पवित्रस्थानभित्र
बिटुलो पार्न आए। औ हेर्, तिनीहरूले
मेरो भवनमा यस्तै काम गरेका छन्।
४० तिनीहरूले टाढ़ा टाढ़ाका मानिसहरूलाई
पनि एउटा मान्छेको हातमा समाचार पठाएर
बोलाइपठाए, र तिनीहरू आए। तैंले तिनी-
हरूका निम्ति नुहाइ-धुहाइ गरिस्, आँखामा
गाजल लगाइस् र गर-गहना लाएर आफैलाई
सिङ्गारिस्। ४१ तँ आफै सुन्दर पलङ्गमा
बसिस्, औ त्यसको अगाड़ि टेबल राखेर
त्यसमाथि मेरो धूप र तेल राखिस्।
४२ विलासीहरूको भीड़को हल्ला ठूलो थियो।
यी साधारण श्रेणीका मानिसहरूबाहेक मरूभूमि-
बाट ल्याएका मतवाला मानिसहरू थिए। औ
तिनीहरूले स्वास्नीमानिसहरूका हातमा चूरा
र तिनीहरूका टाउकामा सुन्दर सुन्दर शिर-
बन्दी लगाइदिए।'

४३ तब मैंले भनें; 'के मानिसहरूले
त्यससित वेश्यागमन गर्दा अब व्यभिचार गर्दैनन्
र? ४४ किनभने तिनीहरू वेश्याकहाँ गएझैं
त्यसकहाँ गएका छन्। यसरी तिनीहरू
भ्रष्टाचार गर्नलाई ओहोला र ओहोलीबाकहाँ
गए। ४५ तर धार्मिक मानिसहरूले चाहिं
तिनीहरूलाई व्यभिचारी र हत्या गर्ने स्त्रीहरू
भनी इन्साफको फैसला सुनाउनेछन्। किनभने
तिनीहरू वेश्याहरू हुन्, र तिनीहरूका हातमा
हत्याको रगत छ।'

४६ किनभने परमप्रभु परमेश्वर भन्नुहुन्छ,
'तिनीहरूका विरुद्धमा एउटा सैन्य-दल उठा,
र तिनीहरूलाई त्रास र लूटको शिकार बना।
४७ औ त्यस सैन्य-दलले तिनीहरूलाई ढुङ्गाले
हान्नेछन्। तिनीहरूका तरवारले तिनीहरूलाई
खतम पार्नेछन्। तिनीहरूका छोरा-छोरीहरूलाई
तिनीहरूले मार्नेछन्, र तिनीहरूका घरहरू
जलाइदिनेछन्। ४८ यसरी म देशमा
कामुकतालाई खतम पार्नेछु, र तैंले गरेको
कामुकता जस्तै नगरून् भनी सबै
स्त्रीहरूको निम्ति चेताउनी हुनेछ।
४९ औ तेरो कामुकताको बदला तँमाथि
पर्नेछ, र तैंले गरेको मूर्तिपूजाको पापको दण्ड
तैंले भोग्नेछस्, र मनै परमप्रभु परमेश्वर हुँ
भनी तैंले जान्नेछस्।'

उम्लिरहेको कराहीको उपमा

२४ फेरि नवौं वर्षको दशौं महीनाको
दशौं दिनमा परमप्रभुको यो वचन
मकहाँ आयो, २ 'हे मानिस, आजको
दिन, आजैको दिनको नाउँ लेखिराख्।
आजकै दिन बाबेलको राजाले यरूशलेमलाई
घेरा हालेको छ। ३ बागी घरानालाई यो
रूपक-दृष्टान्त भन्, परमप्रभु परमेश्वर भन्नुहुन्छ,
'आगोमाथि भाँड़ा राख्, भाँड़ा राख्,
त्यसमा पानी पनि हाल्
४ त्यसमा मासुका टुकाहरू हाल्,
सबै असल असल टुकाहरू,
अर्थात् फिला र कुमका मासुहरू,
असल असल हड्डीहरूले त्यो भर्।
५ बगालका सबैभन्दा असल पशु छानेर ले,
त्यसमनि दाउराको थुप्रो लगा।
त्यसका टुक्राहरूलाई उमाल्,
त्यसका हड्डीहरूलाई पनि राम्ररी पका।'
६ यसैकारण परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, 'यस खूनी शहरलाई धिक्कार! त्यो
खिया लागेको भाँड़ालाई, जसको खिया
त्यसबाट गएको छैन! केही पनि नछानेर
त्यसबाट टुक्रा टुक्रा निकाल्! ७ किनभने
त्यसले बगाएको रगत अझै त्यसकै बीचमा
छ। त्यसले त्यो रगत नाङ्गो चटानमा बगायो,
धूलोले छोप्नलाई त्यसले त्यो रगत भुईंमा
पोखाएन। ८ मेरो रीस जगाएर साटो
लिनलाई त्यसले बगाएको रगत नढाकिओस्

भनेर त्यो मैले नाङ्गो चटानमा राखेको छु।'
९ यसैकारण परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, 'धिक्कार, त्यस खूनी शहरलाई !
म पनि त्यसमनि दाउराको थुप्रो राख्नेछु।
१० दाउरा थुपार्, आगो सल्का, मासु
राम्ररी उमाल्, झोल खन्या र हड्डीहरू डढून्।
११ तब भाँडा खाली गरेर आगोमाथि राख्
र त्यो गरम होस्, त्यसको तामा गलोस् र
मैला त्यहींभित्र गलिजाओस् र त्यसको खिया
खतम होस्। १२ व्यर्थमा मैले आफैलाई
थकित तुल्याएँ। त्यसको बाक्लो खिया
आगोले जाँदै जाँदैन। १३ त्यसको खिया
चाहिं तेरो फोहोर कामुकता हो। मैले ता
तँलाई शुद्ध गर्न इच्छा गरें, तर तँ तेरो
अशुद्धताबाट शुद्ध भइनस्। यसकारण जबसम्म
म आफ्नो रीस तँमाथि पोखाएर सन्तुष्ट हुन्नँ,
तबसम्म तँ फेरि शुद्ध पारिनेछैनस्। १४ म
परमप्रभुले यो कुरा बोलेको हुँ। त्यो हुनेनै
छ। म त्यो गर्नेछु। म पछि हट्नेछैनँ। म
छोड्नेछैनँ। म पछितो गर्नेछैनँ। तेरै चाला
र तेरै कामहरूअनुसार म तेरो इन्साफ गर्नेछु,
परमप्रभु परमेश्वर भन्नुहुन्छ।'
१५ औ परमप्रभुको यो वचन पनि मकहाँ
आयो, १६ 'हे मानिस हेर्, एकै प्रहारमा
तँबाट म तेरो आँखाको तारालाई लैजान-
लागेको छु। तापनि तँ नता शोक गर्नेछस्,
न रूनेछस्, न तेरो आँखाबाट आँसु झर्नेछ।
१७ सुस्केरा हाल, तर साह्रै ता होइन।
मृतकको निम्ति शोक नगर्। टाउकोमा फेटा
र खुट्टामा जुत्ता लगा। तेरो ओठ नछोप्।
शोक गर्नेहरूले खाने रोटी नखा।'
१८ यसर्थ बिहान मैले यो कुरा मानिसहरू-
लाई भनें। अनि त्यही दिन बेलुकी मेरी पत्नी
मरी। अनि भोलिपल्ट बिहान मैले जे आज्ञा
पाएको थिएँ त्यसै गरें।
१९ औ मानिसहरूले मलाई भने,
'तपाईंले गर्नुभएको यस्तो व्यवहार के हो?
यो सबको अर्थ हाम्रो निम्ति के हो? के
हामीलाई बताउनुहुन्न?' २० तब मैले
तिनीहरूलाई भनें, 'परमप्रभुको वचन मकहाँ
आयो, २१ 'इस्राएलको घरानालाई भन्,
परमप्रभु परमेश्वर भन्नुहुन्छ, 'हेर्, म मेरो
पवित्रस्थान जसमा तिमीहरूलाई सामर्थ्यको गर्व
छ, जो तिमीहरूको दृष्टिमा अति प्रिय छ
र जसलाई तिमीहरू हृदयले चाहन्छौ, त्यसलाई
म अपवित्र तुल्याउनेछु। औ तिमीहरूले
छोड्राखेका तिमीहरूका छोरा-छोरीहरू तरवारले
मारिनेछन्।
२२ औ मैले गरेझैं तिमीहरूले गर्नेछौ,
तिमीहरू आफ्नो मुख छोप्नेछैनौ, नता
शोक गर्नेहरूले खाने रोटी तिमीहरू
खानेछौ। २३ तिमीहरूका फेटा तिमी-
हरूकै टाउकोमा हुनेछन्, र तिमीहरूका
जुत्ता तिमीहरूका खुट्टामा। तिमीहरू नता
शोक गर्नेछौ न रूनेछौ, तर तिमीहरू
आफ्ना अधर्ममा सुकेर जानेछौ, र एक्का
अर्कोसित अफसोस गर्नेछौ। २४ यसरी
इजकिएल तिमीहरूका निम्ति एउटा चिह्न हुनेछ।
उसले गरेका सबै कुरा तिमीहरूले पनि गर्नेछौ।
जब यो कुरा भइसक्ला तब तिमीहरूले जान्नेछौ
कि मनै परमप्रभु परमेश्वर हुँ।'
२५ औ हे मानिस, त्यस दिन जब म
तिनीहरूदेखि तिनीहरूका गढ़ी, तिनीहरूका
आनन्द र गौरव, तिनीहरूका आँखाका अति
प्रिय कुरा तिनीहरूका हृदयको इच्छा र
तिनीहरूका छोरा-छोरीहरू पनि लानेछु,
२६ त्यस दिन तँलाई यी समाचार बताउन-
लाई एउटा भागेर आउने तँकहाँ आउनेछ।
२७ त्यस दिन तँ त्यस भगुवासँग बात
गर्नेछस्। तैंले आफ्नो मुख खोल्नेछस्, र
तँ अरू गूङ्गो रहनेछैनस्। यसरी तँ तिनीहरूको
निम्ति एउटा चिह्न हुनेछस्, र तिनीहरूले
मनै परमप्रभु हुँ भनी जान्नेछन्।'

अम्मोनको विरुद्धमा अगमवाणी

२५ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस, अम्मोन वंशीहरूतिर

मुख फर्का, र तिनीहरूका विरुद्धमा अगमवाणी
भन्। ३ अम्मोनवंशीहरूलाई भन्,
'परमप्रभु परमेश्वरको वचन सुन, परमप्रभु
परमेश्वर यसो भन्नुहुन्छ, मेरो पवित्रस्थान
अपवित्र तुल्याउँदा, इस्राएलको देश उजाड़
बनाइँदा र यहूदाको घराना कैदमा लगिँदा
तिमीहरूले भन्यौ, 'अहा।' ४ यसैकारण
म तिमीहरूलाई पूर्वका मानिसका अधीनमा
सुम्पिदिनेछु। तिनीहरूले तिमीहरूका बीचमा
छाउनी हाल्नेछन्, र तिमीहरूकै बीचमा
तिनीहरूले आफ्ना घरहरू बनाउनेछन्।
तिमीहरूका फलहरू तिनीहरूले खानेछन्, र
तिमीहरूका दूध तिनीहरूले पिउनेछन्।
५ म रब्बा शहरलाई ऊँटहरूका खर्क र
अम्मोन वंशीहरूको शहरलाई भेड़ाको गोठ
तुल्याइदिनेछु। तब तिमीहरूले मनै परमप्रभु
हुँ भनी जान्नेछौ।' ६ परमप्रभु परमेश्वर
यसो भन्नुहुन्छ, 'किनभने इस्राएलको देशको
विरुद्धमा ताली बजाउँदै, खुट्टा ठट्टाउँदै औ
तिमीहरूको हृदय भित्रका जम्मै ईर्ष्या प्रकट
गर्दै तिमीहरूले हर्ष मनायौ, ७ यसकारण
हेर, मैले मेरो हात तिमीहरूको विरुद्धमा
उठाएको छु, तिमीहरूलाई जाति जातिहरूको
हातमा लूटेको मालझैं सुम्पिदिनेछु। जाति
जातिहरूका बीचदेखि म तिमीहरूको नाउँ
निशानै मेटाइदिनेछु, देश देशदेखि
तिमीहरूलाई खतम गरिदिनेछु। म
तिमीहरूलाई सर्वनाश पार्नेछु। तब तिमीहरूले
मनै परमप्रभु हुँ भनी जान्नेछौ।'

मोआबको विरुद्धमा अगमवाणी

८ परमप्रभु परमेश्वर भन्नुहुन्छ, 'किनभने
मोआबले यसो भन्यो, 'हेर, यहूदाका घराना
ता अरू सबै जातिहरूजस्तै छन्। ९ यस-
कारण त्यसको सीमानामा भएका शहरहरू,
जो मोआब देशको गौरव हुन्, अर्थात्
बेत्याशीमोत, बाल्मोन र कर्यातैमदेखि त्यस
देशको एकापट्टिको भागलाई म खुला
पारिदिनेछु। १० म त्यसलाई अम्मोन
वंशीसितै पूर्व देशका मानिसहरूको अधिकारको
निम्ति दिनेछु, र जाति जातिहरूका
बीचमा फेरि कहिल्यै त्यसको सम्झना
हुनेछैन। ११ म मोआबलाई दण्ड दिनेछु।
तब तिनीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछन्।'

१२ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'किनभने एदोमले यहूदाको घरानासित बदला
लिने काम गर्‍यो र तिनीहरूसित बदला लिँदा
ठूलो दोष गर्‍यो। १३ यसैकारण परमप्रभु
परमेश्वर यसो भन्नुहुन्छ, म मेरो हात
एदोमको विरुद्धमा उठाउनेछु, र त्यसका
मानिस पशु दुवैलाई नाश गर्नेछु। म त्यस-
लाई उजाड़ पार्नेछु। तेमानदेखि ददानसम्मै
तिनीहरू तरवारले ढल्नेछन्। १४ म मेरो
प्रजा इस्राएलद्वारा एदोमलाई बदला लिनेछु,
र इस्राएलीहरूले मेरो रीस र मेरो क्रोध-
अनुसार एदोममाथि कारवाही गर्नेछन्।
तब तिनीहरूले मेरो बदला कस्तो
रहेछ भनी जान्नेछन्, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।'

पलिश्तीहरूको विरुद्धमा अगमवाणी

१५ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'किनभने पलिश्तीहरूले बदला लिने काम गरे,
र सदाको दुश्मनीमा ईर्ष्या राखेर सर्वनाश
गर्नेलाई बदला लिए। १६ यसकारण
परमप्रभु परमेश्वर भन्नुहुन्छ, हेर, म पलिश्ती-
हरूका विरुद्धमा आफ्नो हात उठाउनेछु, र
करेतीहरूलाई म नाश गर्नेछु, र समुद्र
किनारमा बस्ने बाँकी रहेकाहरूलाई नष्ट
गर्नेछु। १७ म तिनीहरूलाई क्रोधसित
दण्ड दिँदै भयानक बदला लिनेछु। जब
म तिनीहरूसित मेरो बदला लिनेछु
तब तिनीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछन्।

टायरको विरुद्धमा अगमवाणी

२६ एघारौं वर्षको पहिला महीनाको
पहिलो दिनमा परमप्रभुको यो वचन
मकहाँ आयो, २ 'हे मानिस, किनभने
यरूशलेमको बारेमा टायर शहरले यसो भन्यो,
अहो, जाति जातिहरूको मूल्-ढोका भत्कियो,
ढोका मेरो निम्ति उघारियो। त्यो उजाड़
भएको हुनाले म अब भरिपूर्ण हुनेछु।'
३ यसैकारण परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'ए टायर शहर, म तेरो विरुद्धमा छु, औ
समुद्रले छालहरू ल्याएझैं म धेरै जातिहरूलाई
तेरो विरुद्धमा उठाउनेछु। ४ तिनीहरूले
टायरका पर्खालहरू भत्काउनेछन्, र त्यसका
धरहराहरू ढालिदिनेछन्। म त्यसको माटो
खुर्की खुर्कीकन त्यसलाई नाङ्गो पहराजस्तै
तुल्याइदिनेछु। ५ किनभने मैले भनेको छु, त्यो
समुद्रको बीचमा जाल्हरू फैलाउने ठाउँ
हुनेछ। परमप्रभु परमेश्वर भन्नुहुन्छ। औ
जाति जातिहरूका निम्ति लूटको माल त्यो
हुनेछ। ६ बस्ती बस्तीमा हुने त्यसका छोरी-
हरू तरवारले मारिनेछन्। तब तिनीहरूले
मनै परमप्रभु हुँ भनी जान्नेछन्।'

७ किनभने परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, 'हेर, म उत्तरदेखि राजाहरूको
राजा, बाबेलको राजा नबूकदनेसरलाई घोड़ा-
हरू, रथहरू, घोड़चढ़ीहरू र धेरै सिपाहीहरूको
दल लिएर टायरमाथि चढ़ाइ गर्न ल्याउनेछु।
८ त्यसले बस्ती बस्तीमा भएका तिनीहरूका
छोरीहरूलाई तरवारले मार्नेछ। त्यसले तेरो
विरुद्धमा घेरा-मचान खड़ा गर्नेछ, र तँलाई
चढ़ाइ गर्नेलाई ढिस्कुरो अल्गो गरी तयार
पार्नेछ। औ तेरो विरुद्धमा ढालहरूको छत
उठाउनेछ। ९ त्यसले पर्खाल भत्काउने
मूढ़ाहरूले तेरा पर्खालहरूलाई हिर्काउनेछ र
त्यसका बञ्चरोहरूद्वारा तेरा धरहराहरू त्यसले
ढालिदिनेछ। १० त्यसका घोड़ाहरू यति धेरै
हुनेछन् कि तिनीहरूले उड़ाएको धूलोले तँलाई
ढाक्नेछ। धाँदो परेको पर्खालबाट शहरमा
प्रवेश गर्नेजस्तै जब त्यो तेरो मूल्-ढोका
भित्र पस्छ तब घोड़ाहरू, गाड़ाहरू र रथहरूका
आवाजले तेरो शहरका पर्खालहरू हल्लिनेछन्।
११ त्यसले आफ्ना घोड़ाका टापहरूले तेरा
सबै सड़कहरू कुल्ची-मिल्ची पार्नेछ। त्यसले
तरवारले तेरा मानिसहरूलाई मार्नेछ। औ
तेरा बलिया बलिया खामाहरू जमीनमा
ढल्नेछन्। १२ तिनीहरूले तेरा धन-सम्पत्ति-
हरू लूट्नेछन्, तेरा व्यापारका मालहरू खोसेर
लैजानेछन्। तिनीहरूले तेरा पर्खालहरू
ढालिदिनेछन्, र तेरा सुन्दर सुन्दर घरहरू
भत्काइदिनेछन्। तेरो ढुङ्गा-माटो, काठ-पात-
लाई समेत त्यसले समुद्रमा फ्याँकिदिनेछ।
१३ औ म तेरो गीतको सोर बन्द गरि-
दिनेछु। तेरा वीणाहरूका ध्वनि फेरि कहिल्यै
सुनिनेछैन। १४ म तँलाई नाङ्गो पहरा
तुल्याइदिनेछु। तँ जालहरू फिँजाउने ठाउँ
हुनेछस्। तँ फेरि कहिल्यै निर्माण हुनेछैनस्।
किनभने म, परमप्रभुले यो बोलेको छु,
परमप्रभु परमेश्वर भन्नुहुन्छ।'

१५ परमप्रभु परमेश्वर टायर शहरलाई
यसो भन्नुहुन्छ, 'घाइतेहरूले जब कष्टको
सोर निकाल्छन्, जब तेरो बीचमा मार-काट
हुनेछ, तब तँ ढलेको सोर सुनेर के समुद्र
किनारका मुलुकहरू काम्दैनन्? १६ तब
समुद्र किनारका मुलुकका सबै शासकहरू
आफ्नो आफ्नो सिंहासनबाट उत्रेर आफ्नो
आफ्नो पोशाक रत्तार्नेछन्, र बेल्-बुट्टा काढ़ेका
वस्त्रहरू फुकाल्नेछन्। तिनीहरू थरथराउनेछन्।
तिनीहरू भूइँमा बस्नेछन्, र प्रत्येक क्षण
काम्दै रहनेछन्, र तँलाई देखेर भयभीत
हुनेछन्। १७ तिनीहरूले तेरो निम्ति विलाप
गर्नेछन्, र तँलाई यसो भन्नेछन्,

ए प्रसिद्ध शहर, तँ समुद्रका मुलुकहरूबाट
कसरी लोप भइस्,
तँ समुद्रमा शक्तिशाली थिइस्,
तँ र तेरा बासिन्दाहरू,
तैंले सबै पाखाका मुलुकहरूलाई थर्कमान
तुल्याएको थिइस्!

१८ अब तेरो पतनको दिनमा
टापूहरू काम्दछन्,
साँच्चिनै, तँ बितेर गएकोमा
समुद्रका सबै टापूहरू त्रासमा परेका
छन्।'
१९ किनभने परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, 'जब म तँलाई जनशून्य शहरहरू-
जस्तै एउटा उजाड़िएको शहर तुल्याउँछु,
जब म गहीरो सागरलाई तँमाथि उर्लाउँछु, र
ठूला ठूला छालले तँलाई ढाक्छ, २० तब
म तँलाई पातालमा जानेहरूसित, ती तादिका
मानिसहरू भएकहाँ तल खसालिदिनेछु, र म
तँलाई पातालमा उहिले उहिलेका भग्नावशेष-
हरूको माझमा पातालमा जानेहरूसित
बस्नलाउनेछु, र तँ फेरि कहिल्यै आबाद
हुनेछैनस्, जीवितहरूको संसारमा पनि
तेरो स्थान हुनेछैन। २१ म तेरो अन्त
डरलाग्दो तुल्याउनेछु, र म तँलाई निमिठ्यान्न
पार्नेछु। तँलाई मानिसले खोज्नेछ तर तेरो
फेरि कहिल्यै पत्तो लाग्नेछैन, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।'

२७ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'अब हे मानिस, टायर शहरको
निम्ति विलाप गर्। ३ समुद्रको प्रवेश-द्वारमा
बस्ने, समुद्र किनारका धेरै देशहरूसित
जाति जातिहरूका निम्ति व्यापार गर्ने शहर
टायरलाई भन्, परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ,
ए टायर शहर, तँ भन्छस्,
'म सर्वाङ्ग सुन्दरी छु।'
४ तेरा सीमानाहरू समुद्रका बीचमाने
छन्।
तँलाई बनाउनेहरूले तँलाई सर्वाङ्ग
सुन्दर बनाए।
५ तिनीहरूले तेरा सबै फल्याकहरू सनीर
पहाड़का सल्लाका काठहरूका बनाए।
तिनीहरूले तेरा मस्तूल बनाउनलाई
लबानोनका देवदार लिए।
६ तेरा बहनाहरू तिनीहरूले बाशानका
फँलाटका बनाए।
साइप्रसका समुद्र-किनारहरूबाट ल्याएका
धूपीका काठले
तिनीहरूले जहाजको तला बनाए
र त्यसलाई हात्ती-दाँतहरूले मोहोरे।
७ तेरो जहाजको पाल मिश्र देशको
मिहिन बुट्टेदार मलमलको थियो।
त्यही तेरो झण्डा थियो।
एलीशा टापूको समुद्र-किनारका नीलो
र बैजनी रङ्गका कपड़ाको तेरो चँदुवा
थियो।
८ सीदोन र अर्वदका बासिन्दाहरू तेरा
नाविक थिए।
येमेरका सिपालु मानिसहरू तँसित थिए।
तिनीहरू तेरा चालकहरू थिए।
९ गबल्का बूढ़ा र सिपालु मानिसहरू
तँसित थिए।
तिनीहरूनै जहाजका छेँड़हरू टाल्-टुल
गर्ने तेरा मानिसहरू थिए।
तेरा माल्-सामानहरू किनबेच गर्नलाई
समुद्रका सबै जहाज र तिनका जहाजीहरू
तँसित थिए।
१० फारस, लूद र पूतका योद्धाहरू
तेरा सेनामा थिए। तिनीहरूले आफ्ना
आफ्ना ढाल र टोप तँभित्र टाँगेर तेरो
गौरव बढ़ाइदिए। ११ अर्वद र हेलेकका
मानिसहरू तेरा चारैतिरका पर्खालमाथि
खड़ा थिए। औ गमादका मानिसहरू तेरा
धरहराहरूमा थिए। तिनीहरूले आफ्ना
आफ्ना ढाल तेरा चारैतिर पर्खालमा टाँग्थे।
तिनीहरूले तेरो सौन्दर्यलाई सिद्ध तुल्याइदिए।
१२ तँसँग हर किसिमका धेरै धन
भएकोले तर्शीशले तँसित व्यापार गर्‍यो।
तिनीहरूले तेरा माल्-सामानसित चाँदी,
फलाम, टीन, र सीसा साटे। १३ यावान,
तूबल र मेशेकले तँसित व्यापार गरे।
तिनीहरूले आफ्ना मानिसहरू र काँसाका
भाँड़ाहरू तेरा व्यापारका माल्-सामानहरूसित

साटे। १४ तेरा माल-सामानहरूसित बेथ-
तोगर्माले घोड़ा, फौजी-घोड़ा र खच्चरहरू
साटे। १५ ददानका मानिसहरूले तँसित
व्यापार गरे। समुद्र-किनारका धेरै देशहरू
तेरो आफ्नै चल्ती-बजारहरू भए। तँलाई
तिनीहरूले हाती-दाँत र काली-काठ दाम
स्वरूप दिए। १६ तेरो प्रशस्त माल-
सामान भएकोले सदोमले तँसित व्यापार
गऱ्यो। तेरा माल-सामानको सट्टामा तिनी-
हरूले तँलाई पन्ना, बैजनी रङ्ग र बुट्टा
भएका कपड़ा, मिहिन मलमल, मूगा र
लाल-मणि दिए। १७ यहूदा र इस्राएलका
देशले तँसित व्यापार गरे। तेरा व्यापारका
माल-सामानहरूका सट्टामा तिनीहरूले तँलाई
गहुँ, भद्राक्ष, अगौटे-नेभारा, मह, तेल र
अत्तर दिए। १८ तेरा प्रशस्त माल-सामान
र हर किसिमका तेरा धेरै धन भएको
हुनाले दमीशकले तँसित व्यापार गऱ्यो।
तिनीहरूले तेरा माल-सामानको सट्टामा
हेलबोनका दाखमद्य र सेतो ऊन साटे, १९ औ
उजालको मद्य, फलाम, तेजपात र सिन्काउली-
सित तिनीहरूले तेरा माल-सामान साट्ने
गर्थे। २० ददानले तँसित घोड़ाको जीन-
पोशको व्यापार गर्थ्यो। २१ अरब देश र
केदारका सबै शासकहरू तेरा थुमा, भेड़ा र
बाख्राका असल व्यापारी थिए, र तिनीहरूले
तँसित यिनै चीजहरू व्यापार गर्थे।
२२ शबा र रामाका व्यापारीहरू तँसित
व्यापार गर्थे। तिनीहरूले तेरा माल-सामान-
हरूका सट्टामा सबै किसिमका असल असल
मसाला, सबै किसिमका बहुमूल्य रत्न र सुन
साट्थे। २३ हारान, कन्ने, एदेन, अश्शूर
र कलमदले तँसित व्यापार गर्थे। २४ असल
पोशाकहरू, नीलो र बुट्टेदार लुगाहरू, किसिम
किसिमका रङ्गका डोरीहरूले बाँधेर बलिया
बनाएका गलैंचाहरू, यिनै चीजहरूको तिनी-
हरूले तँसित व्यापार गर्थे। २५ तर्शीशका
जहाजहरू तेरा व्यापारका माल-सामानहरू
लिएर समुद्र-यात्रा गर्थे।

यसरी समुद्रहरूको बीचमा
तँ भरिपूर्ण र धन-सम्पत्तिले खचाखच
थिइस्।
२६ तेरा नाविकहरूले तँलाई मध्य-समुद्रमा
लगे।
पूर्वीय बतासले तँलाई समुद्रकै बीचमा
ध्वंस गऱ्यो।
२७ तेरा धन-सम्पत्ति, तेरा माल-सामान र
तेरा व्यापारका मालहरू,
तेरा जहाजीहरू र तेरा चालकहरू,
जहाजका छेँड़ टाल-टुल गर्नेहरू, तेरा
व्यापारका मालहरू बेच्ने व्यापारीहरू,
र तँसित भएका तेरा सबै योद्धाहरू,
तेरा सबै दलहरूसमेत,
तेरो सर्वनाशको दिनमा बीच समुद्रमा
डुब्नेछन्।
२८ तेरा जहाजका चालकहरूका चिच्याएको
सोरले
तेरा वरिपरिका ठाउँहरू थर्कनेछन्,
२९ औ खियाउनेहरू सबै
आफ्नो आफ्नो जहाजबाट बाहिर
आउनेछन्।
जहाजीहरू र जहाजका चालकहरू सबै
पाखामा खड़ा हुनेछन्,
३० र तेरो लागि साह्रो विलाप गर्नेछन्,
र धुरुधुरु रूनेछन्।
तिनीहरूले आफ्ना टाउकामा धूलो
छर्नेछन्,
र खरानीमा लड़ीबड़ी गर्नेछन्।
३१ तिनीहरू तेरो लागि आफ्ना कपाल
मुण्डन गर्नेछन्,
र तेरो निम्ति हृदयमा पीर लिई
साह्रै शोक गरेर रूनेछन्।
३२ तिनीहरू आफ्ना रोदनमा तेरो निम्ति
विलाप गर्नेछन्,
र तेरो निम्ति यसो भनेर विलाप
गर्नेछन्,
'समुद्रको बीचमा टायर शहरजस्तै अरू
को नाश भएको छ र?'

३३ समुद्रबाट तेरा माल-सामानहरू आउँदा
तैँले धेरै मानिसहरूलाई सन्तुष्ट
गराउँथिस्।
तेरा प्रशस्त धन-सम्पत्ति र व्यापारका
मालहरूले पृथ्वीका राजाहरूलाई
तैँले धनी तुल्याइस्।
३४ अब गहीरो समुद्रमा समुद्रलेनै तँलाई
ध्वंस गर्‍यो।
तेरा व्यापारका मालहरू र तेरा
जहाजका जहाजीहरू तँसँगसँगै डुबे।
३५ समुद्र किनारका सबै बासिन्दाहरू
तँलाई देखेर भयभीत भएका छन्।
औ तिनीहरूका राजाहरू साह्रै डराए,
तिनीहरूका मोहोड़ा चाउरिए।
३६ देश देशका व्यापारीहरूले तँलाई
खुच्चिङ गर्छन्।
तँ डरलाग्दो अन्तमा आइपुगेको छस्,
अब सधैँको निम्ति तँ शेष भइस्।'

टायरको राजाको पतन र तिनको निम्ति विलौना

२८ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस, टायरका शासकलाई
भन्, परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
किनभने तेरो हृदयमा घमण्ड छ,
र तैँले यसो भनेको छस्
'म ईश्वर हुँ।
म समुद्रको बीचमा ईश्वरको सिंहासनमा
बस्तछु!'
तापनि तँता एउटा मानिस मात्र होस्,
ईश्वर होइनस्।
यद्यपि तैँले आफैलाई ईश्वर बराबर
ज्ञानी सम्झन्छस्—
३ साँच्चै, तँ दानियलभन्दा बढ़ी ज्ञानी
छस्।
तँबाट कुनै गुप्त कुरो लुकिएको छैन।
४ तेरो ज्ञान र समझ शक्तिले
तैँले आफ्नो निम्ति धेरै धन-सम्पत्ति
प्राप्त गरेको छस्,
र तैँले आफ्नो भण्डारमा सुन र
चाँदी थुपारेको छस्।
५ व्यापारमा ज्यादै बुद्धि देखाएर
तैँले आफ्नो धन-सम्पत्ति बढ़ाएको छस्
र तेरो धन-सम्पत्तिमा तेरो हृदयले
घमण्ड गर्छ।
६ यसकारण परमप्रभु परमेश्वर भन्नुहुन्छ,
'किनकि तँ आफूलाई ईश्वर बराबर
ज्ञानी ठान्छस्,
७ यसकारण हेर् जाति जातिहरूमा
सबैभन्दा क्रूर,
विदेशीहरूलाई म तँकहाँ ल्याउनेछु।
औ तिनीहरूले आफ्ना तरवार तेरो
बुद्धिको चमत्कारको विरुद्धमा
प्रहार गर्नलाई थुत्नेछन्,
र तेरो गौरवलाई बिटुलो पार्नेछन्।
८ तिनीहरूले तँलाई पातालमा ढकेलिदिनेछन्,
र बेइज्जतसाथ समुद्रको बीचमा तँ
मर्नेछस्।
९ तब तँलाई घात गर्नेहरूका सामने के
तँ अझै पनि म ईश्वर हुँ भन्नेछस्?
यद्यपि तँलाई घायल गराउनेहरूका निम्ति
तँ ईश्वर होइनस्,
तर मानिस मात्र होस्।
१० विदेशीहरूका हातमा तँ एक बिखतनेझैँ
मारिनेछस्,
किनभने मैले यो बोलेको छु, परमप्रभु
परमेश्वर भन्नुहुन्छ।'
११ यसबाहेक परमप्रभुको यो वचन
मकहाँ आयो, १२ 'हे मानिस, टायरको
राजाको निम्ति विलाप गर्, र त्यसलाई
भन्, परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'तँता सिद्धताको चिह्न थिइस्,
सर्वाङ्ग सुन्दर र बुद्धिले पूर्ण।
१३ परमेश्वरको बगैँचा अदनमा तँ थिइस्,
सुनमा जड़िएको र बुट्टा काढ़ेको हरेक
बहुमूल्य रत्न—
लाल, पुष्पराज, हीरा, फिरोजा,

सुलेमानी, यशब, नीलम, मर्तक र
पन्नाले तँ आभुषित थिइस्।
तँ सृजिएको दिनमानै ती तयार
पारिएका थिए।
१४ एक अभिषेक गरिएका करूबलाई मैले
तेरो पहरा राखेँ।
तँ परमेश्वरको पवित्र पर्वतमा थिइस्,
आगोजस्तै पत्थरहरूका बीचमा तँ
हिँड्थिस्।
१५ तँ सृजिएको दिनदेखि अधर्म तँमा फेला
नपरेको दिनसम्म
तेरो चाल-ढङ्गमा तँ निर्दोष थिइस्।
१६ तेरो व्यापार प्रशस्त हुँदा
तँ अत्याचारले भरिइस्,
र तैंले पाप गरिस्।
यसैकारण मैले तँलाई परमेश्वरको पर्वतबाट
दूषित कुराझैं फालिदिएँ।
पहरा दिने करूबहरूले तँलाई आगोजस्तै
चम्कने पत्थरहरूका बीचदेखि धपाइदिए।
१७ तेरो सुन्दरताले गर्दा तेरो हृदय गर्वले
फूलियो,
तैंले आफ्नो गौरवको खातिर तेरो
बुद्धिलाई भ्रष्ट पारिस्।
मैले तँलाई जमीनमा फ्याँकिदिएँ।
राजाहरूको तमाशाका लागि
मैले तँलाई तिनीहरूको सामने प्रकट
गरिदिएँ।
१८ व्यापारको तेरो अधर्ममा
तेरा बढ़ेका अनगन्ती अपराधमा
तेरा पवित्रस्थानहरूलाई तैंले बिटुलो
पारिस्।
यसैले गर्दा मैले तेरो बीचदेखि
तँलाई भस्म गर्ने आगो लगाइदिएँ।
तँलाई देख्नेहरू सबैका दृष्टिमा
मैले तँलाई पृथ्वीमा खरानी तुल्याइदिएँ।
१९ जाति जातिहरूमा तँलाई चिन्नेहरू तँलाई
देखेर भयभीत हुन्छन्।
डरलाग्दो अन्तमा तँ आइपुगिस्,
फेरि कहिल्यै तेरो नाउँ-निशान रहनेछैन।'

सीदोनको विरुद्धमा अगमवाणी

२० परमप्रभुको यो वचन मकहाँ आयो,
२१ 'हे मानिस, सीदोनतिर तेरो मुख
फर्काएर त्यसको विरुद्धमा यो अगमवाणी
भन्।
२२ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'हे सीदोन, म तेरो विरुद्धमा छु।
मेरो महिमा तेरो बीचमा म प्रकट
गर्नेछु।
जब म त्यसलाई दण्ड दिनेछु,
र मेरो पवित्रता त्यसको बीचमा प्रकट
गर्नेछु,
तब तिनीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछन्।
२३ किनभने म त्यहाँ रूढ़ी फैलाउनेछु।
त्यसका सड़कहरूमा म रगत बगाउनेछु।
त्यसको चारैतिर भएका
शत्रुको तरवारले मार्नेहरू
त्यसको बीचमा ढल्नेछन्।
तब मनै परमप्रभु हुँ भनी तिनीहरूले
जान्नेछन्।'
२४ अनि इस्राएलका घरानालाई घृणा
गर्ने त्यसका चारैतिरका जातिहरूका बीचमा
अब कहिल्यै त्यसलाई घोंच्ने सुइरो, चोट
पार्ने काँढ़ा हुनेछैन। तब तिनीहरूले मनै
परमप्रभु परमेश्वर हुँ भनी जान्नेछन्।'

इस्राएलको पुनर्स्थापन

२५ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'तितर-बितर भएका जातिहरूका बीचबाट
इस्राएलका घरानालाई मैले भेला गरेपछि, र
जाति जातिहरूका दृष्टिमा मेरो पवित्रता
मैले प्रकट गरेपछि, मेरो दास याकूबलाई
मैले दिएको तिनीहरूको आफ्नै देशमा
तिनीहरू बस्नेछन्। २६ औ तिनीहरू त्यहाँ
सुरक्षित रहनेछन्, र तिनीहरूले घरहरू
बनाउनेछन्, र दाखबारी लगाउनेछन्।

तिनीहरूलाई घृणा गर्ने तिनीहरूका चारैतिर
भएकाहरूलाई मैले दण्ड दिएपछि तिनीहरू
त्यहाँ सुरक्षित रहनेछन्। तब तिनीहरूले
मनै परमप्रभु तिनीहरूका परमेश्वर हुँ भनी
जान्नेछन्।'

मिश्र देशको विरुद्धमा अगमवाणी

२९ दशौं वर्षको दशौं महीनाको बाह्रौं
दिनमा परमप्रभुको यो वचन
मकहाँ आयो—
२ 'हे मानिस, तेरो मुख मिश्र देशको
राजा फिरऊनतिर फर्काएर त्यसको र सारा
मिश्र देशको विरुद्धमा अगमवाणी भन्।
३ त्यसलाई भन्, परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ,
हे मिश्र देशको राजा, फिरऊन,
हेर्, म तेरो विरुद्धमा उठेको छु।
आफ्ना नदीहरूका बीचमा सुतिरहने
तँ ठूलो अजीङ्गर,
तँ भन्छस्, 'मेरो नील नदी मेरै हो,
त्यो मैलेनै खनाएको हुँ।'
४ म तेरो मुखमा बल्छी लगाउनेछु,
तेरै कत्लाहरूमा तेरा नदीका माछाहरू
म टाँसिनलाउनेछु।
औ तेरा कत्लाहरूमा टाँसिएका ती
माछाहरूसमेत
म तँलाई तेरा नदीहरूका बीचबाट
तानेर निकाल्नेछु।
५ त्यसपछि तँ र तेरा नदीका सबै
माछाहरूलाई
म उजाड़-भूमिमा फ्याँकिदिनेछु।
तँ खुला मैदानमा लोट्नेछस्,
तँलाई कसैले पनि उठाएर गाड्नेछैन।
मैले तँलाई पशुहरू र पक्षीहरूको
आहाराको निम्ति दिएको छु।
६ तब मिश्रका सारा बासिन्दाहरूले
मनै परमप्रभु हुँ भनी जान्नेछन्।
किनभने तँ इस्राएलका घरानाको निम्ति
एउटा नर्कटको लहुरो भइस्। ७ तिनीहरूले
तँलाई समात्दा तँ भाँचिइस्, र तिनीहरूका
पाखुरामा चोटै-चोट पर्‍यो। तिनीहरू
तँमा भर पर्दा तँ भाँचिइस्। तिनीहरूका
तिघ्रा कामे। ८ यसैकारण परमप्रभु परमेश्वर
भन्नुहुन्छ, 'हेर्, म तँ माथि तरवार चलाउन
लाउनेछु, र तेरा मानिस र पशु दुवैलाई
म नाश गर्नेछु, ९ र मिश्र देश शुन्य र
उजाड़ हुनेछ। तब तिनीहरूले मनै परमप्रभु
हुँ भनी जान्नेछन्।
किनभने तैंले भनिस्, 'नील नदी मेरै
हो, औ मैले त्यो खनाएको हुँ।'
१० यसकारण हेर्, म तेरा नदीहरूका
विरुद्धमा छु। म मिग्दोलदेखि सबेनेसम्म,
कूश देशको सीमानासम्म बिलकुल उजाड़ र
शुन्य तुल्याइदिनेछु। ११ कुनै मानिस वा
पशुको खुट्टाले त्यहाँ टेक्नेछैन। चालीस वर्षसम्म
त्यो निर्जन रहनेछ। १२ म मिश्र देशलाई
उजाड़ देशहरूका बीचमा उजाड़ पारिदिनेछु,
र त्यसका शहरहरू ध्वंस भएका शहरहरूका
बीचमा चालीस वर्षसम्म उजाड़ रहनेछन्।
म मिश्रीहरूलाई जाति जातिहरूका बीचमा
तितर-बितर र मुलुकहरूका बीचमा यत्र-तत्र
पारिदिनेछु।'
१३ किनभने परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, 'चालीस वर्षको अन्तमा म
मिश्रीहरूलाई तिनीहरू तितर-बितर भएका
जातिहरू बीचबाट भेला गर्नेछु। १४ म
मिश्र देशको सुदिन फर्काइ ल्याइदिनेछु, र
तिनीहरूको जन्म-देश, अर्थात् पत्रोसमा
तिनीहरूलाई ल्याउनेछु। औ त्यहाँ त्यो एक
तुच्छ राज्य भएर बस्नेछ। १५ त्यो सारा
राज्यहरूमा सबैभन्दा तुच्छ राज्य हुनेछ, र
अरू जातिहरूमाथि त्यो फेरि कहिल्यै प्रबल
हुनेछैन। म त्यसलाई यति तुच्छ
तुल्याइदिनेछु कि फेरि कहिल्यै अरू
जातिहरूमाथि त्यसको प्रभुत्व रहनेछैन।
१६ इस्राएलको घरानाको निम्ति मिश्र
देश फेरि कहिल्यै भरोसा बन्नेछैन।

किनभने तिनीहरू सहायता माग्न गएर
तिनीहरूले गरेको आफ्नो अधर्मको सम्झना
तिनीहरूलाई हुनेछ। तब तिनीहरूले मनै
परमप्रभु परमेश्वर हुँ भनी जान्नेछन्।'

बाबेलद्वारा मिश्र देशको नाश

१७ फेरि सत्ताईसौं वर्षको पहिलो
महीनाको पहिलो दिनमा परमप्रभुको यो
बचन मकहाँ आयो, १८ 'हे मानिस,
बाबेलको राजा नबूकदनेसरले टायरको
विरुद्धमा आफ्नो सेनालाई यति परिश्रम
गर्न लगायो कि प्रत्येकको तालु खुइलियो,
प्रत्येकको काँध दलिँदा दलिँदा पिल्सियो।
तापनि टायरको विरुद्धमा गरेको परिश्रमको
सट्टा नता त्यसले न त्यसको सेनाले टायरबाट
केही पाउनसक्यो। १९ यसकारण परमप्रभु
परमेश्वर यसो भन्नुहुन्छ, हेर्, म मिश्र
देशलाई बाबेलको राजा नबूकदनेसरको
हातमा दिनेछु। त्यसले त्यसका धन-सम्पत्ति
लैजानेछ। लूट-पीट गरेर त्यसलाई सखाप
पार्नेछ, र लूटेको त्यो धन त्यसको सेनाको
ज्याला हुनेछ। २० नबूकदनेसरले गरेको
परिश्रमको निम्ति मिश्र देशनै मैले त्यसलाई
इनाममा दिएको छु, किनभने तिनीहरूले मेरो
निम्ति परिश्रम गरे, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।

२१ त्यस दिन म इस्राएलको घरानामा
एउटा सींङ उमार्नेछु, र तिनीहरूका बीचमा
तेरो मुख खोलिदिनेछु। तब तिनीहरूले मनै
परमप्रभु हुँ भनी जान्नेछन्।'

३० परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस, यो अगमबाणी भन्—
परमप्रभु परमेश्वर भन्नुहुन्छ,
विलाप गर, हाय त्यो दिन्!
३ किनकि त्यो दिन नजीकै छ,
परमप्रभुको दिन नजीकै छ!
बादल लागेको दिन त्यो हुनेछ,
अन्यजातिहरूको इन्साफको समय त्यो
हुनेछ।
४ मिश्र देशमाथि एउटा तरवार चल्नेछ,
र कूश देशमा पनि संकष्ट आउनेछ,
जब मिश्र मुलुकमा मानिसहरू मारिएर
जमीनमा ढल्छन्,
जब त्यसका धन-सम्पत्तिहरू लगिन्छन्,
र त्यसका जगहरू भत्काइन्छन्!
५ कूश, पूत र लूद र सबै अरबीहरू,
लिबीहरू र तिनीहरूका मित्र-राष्ट्रहरू
तिनीहरूसँगै ढालिनेछन्।'
६ परमप्रभु यसो भन्नुहुन्छ,
'मिश्र देशलाई सहायता गर्नेहरू ढल्नेछन्,
त्यसले अहंकार गरेको शक्तिको पतन
हुनेछ,
मिग्दोलदेखि सबेनेसम्मै त्यसमा भएकाहरू
तरवारले ढालिनेछन्,
परमप्रभु परमेश्वर भन्नुहुन्छ।
७ उजाड़ देशहरूका बीचमा त्यो उजाड़
हुनेछ,
र त्यसका शहरहरू ध्वंस भएका
शहरहरूजस्तै हुनेछन्।
८ जब म मिश्र देशमा आगो लगाइदिनेछु,
र त्यसका सबै सहायकहरू नाश
हुनेछन्,
तब तिनीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछन्।
९ त्यस दिन ढुक्कसित बसेका कूशीहरू-
लाई विपद्को खबर दिनलाई दूतहरू मकहाँबाट
आत्तुरीसाथ जानेछन्, र मिश्र देशको
इन्साफको दिनमा तिनीहरूमाथि त्रास
आइपर्नेछ, अहिलेनै त्यो आइरहेछ।'
१० परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'म बाबेलको राजा नबूकदनेसरको
हातद्वारा
मिश्र देशको धन-सम्पत्ति शेष गरिदिनेछु।
११ जाति जातिहरूमा सबैभन्दा क्रूर जातिसँग
त्यो र त्यसका मानिसहरू
देश ध्वंस गर्नलाई ल्याइनेछन्।

तिनीहरूले आफ्ना तरवार मिश्र देशको
विरुद्धमा थुत्नेछन्,
र मृतकहरूले देश भरिनेछन्।
१२ म नील नदीलाई सुकाइदिनेछु,
म मिश्र देशलाई दुष्ट मानिसहरूका
हातमा बेचिदिनेछु।
त्यो देश र त्यसमा भएका सारा
थोकहरूलाई
म विदेशीहरूका हातद्वारा उजाड़
पारिदिनेछु,
म, परमप्रभुले यो बोलेको छु।
१३ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
'म मूर्तिहरूलाई नष्ट गर्नेछु,
र नोपमा भएका प्रतिमाहरू खतम
पारिदिनेछु।
मिश्र देशमा फेरि कहिल्यै शासक खड़ा
हुनेछैन।
यसरी म मिश्र देशमा डर उत्पन्न
गराउनेछु।
१४ पत्रोसलाई म उजाड़ पारिदिनेछु,
र सोअनमा आगो लगाइदिनेछु,
र नो शहरमाथि इन्साफको कारवाही
गर्नेछु।
१५ म मिश्र देशको किल्ला, सीनमा मेरो
क्रोध खन्याउनेछु,
र नो शहरका भीड़हरूलाई नष्ट पार्नेछु।
१६ म मिश्र देशलाई जलाइदिनेछु,
सीन पीड़ाले छट्पटिनेछ,
नो शहरका पर्खालहरूमा धाँदा
पारिनेछन्,
र भलको पानी त्यसभित्र पस्नेछ।
१७ ओन र पी-बेसेतका जवान मानिसहरू
तरवारद्वारा मारिनेछन्,
र जम्मै शहर कैदमा लगिनेछ।
१८ जब म मिश्र देशको आधिपत्य तोड़नेछु,
तब तहपनहेसमा दिन अँध्यारो हुनेछ,
र त्यसले अहंकार गरेको शक्ति खतम
हुनेछ।
त्यो एउटा बादलले ढाकिनेछ,
र त्यसका छोरीहरू कैदी भएर जानेछन्।
१९ यसरी म मिश्र देशमाथि इन्साफको
कारवाही गर्नेछु,
तब तिनीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछन्।'

२० फेरि एघारौं वर्षको सातौं महीनाको
पहिलो दिनमा परमप्रभुको यो वचन मकहाँ
आयो, २१ 'हे मानिस, मैले मिश्र देशको
राजा फिरऊनको हात भाँचिदिएको छु। औ
हेर, निको भई बलियो भएर फेरि तरवार
चलाउनलाई मलहम-पट्टीले त्यो बाँधिएको
छैन। २२ यसकारण परमप्रभु परमेश्वर
यसो भन्नुहुन्छ, म मिश्र देशको राजा फिर-
ऊनको विरुद्धमा छु। म त्यसका हातहरू
भाँचिदिनेछु, बलियो र भाँचिएका दुवै, औ म
त्यसको तरवार त्यसको हातबाट खसाइदिनेछु।
२३ म मिश्रीहरूलाई जाति जातिहरूका
बीचमा तितर-बितर पारिदिनेछु, र तिनीहरूलाई
देश देशमा यत्र-तत्र पार्नेछु। २४ औ
म बाबेलको राजाको हातमा शक्ति दिनेछु,
र मेरो तरवार त्यसको हातमा दिनेछु। तर
म फिरऊनको हात भाँचिदिनेछु, र त्यो चाहिं
बाबेलको राजाको सामने मरणान्त चोट
पाएको मानिसझैं पीड़ाले कराउनेछ। २५ म
बाबेलको राजाको हातमा शक्ति दिनेछु, तर
फिरऊनको हात निर्बल हुनेछ। जब म
राजाको हातमा मेरो तरवार दिनेछु, र
त्यसले त्यो मिश्र देशको विरुद्धमा उठाउनेछ,
तब तिनीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछन्। २६ म मिश्रीहरूलाई जाति
जातिहरूका बीचमा तितर-बितर पारिदिनेछु,
र देश देशहरूमा तिनीहरूलाई यत्र-तत्र
पारिदिनेछु। तब तिनीहरूले मनै परमप्रभु हुँ
भनी जान्नेछन्।'

३१ फेरि एघारौं वर्षको तेस्रो महीनाको
पहिलो दिनमा परमप्रभुको यो वचन
मकहाँ आयो, २ 'हे मानिस, मिश्र देशको
राजा फिरऊन र त्यसका दललाई भन्,

'तेरो बड़प्पनमा तँ केजस्तो छस् ?
३ अश्शूरलाई हेर्, लबानोनमा त्यो एउटा
देवदारनै थियो,
त्यसका सुन्दर हाँगाहरूले जङ्गले ढाकि-
राखेका थिए,
रूखहरूका हाँगा-बिँगाहरूका बीचबाट
टुप्पा अग्लो भई त्यो बढ़ेर निस्केको थियो।
४ पानीको मूलले त्यसलाई तृप्त पारेर
बढ़ायो।
जमीन भित्रको पानीले त्यसलाई अग्लो
बनायो।
त्यसका वरिपरिका नदीहरूले भिजाइदिए,
त्यसका खोलाहरूले जङ्गलका सबै
रूखहरूलाई भिजाए।
५ यसरी जङ्गलका सबै रूखहरूमा त्यो
सबैभन्दा अग्लो भयो,
खोलाहरूमा पानी प्रशस्त भएकोले
त्यसका हाँगाहरू धेरै भए,
र त्यसका हाँगा-बिँगाहरू फैलिएर गए।
६ त्यसका हाँगाहरूमा आकाशका सबै
पक्षीहरूले आफ्ना गुँड़ बनाए।
त्यसका हाँगा-बिँगाहरूमनि जङ्गलका
पशुहरूले आफ्ना बचाहरू हुर्काए।
औ त्यसका छायामनि सबै ठूला ठूला
जातिहरूले आफ्ना निवासस्थान बनाए।
७ फैलिएका लामा लामा हाँगाहरू भएको
त्यो एउटा शोभायमान ठूलो वृक्ष थियो,
किनकि त्यसका जराहरू प्रशस्त पानीका
नजीक थिए।
८ परमेश्वरको बगैँचाको कुनै देवदारले त्यसको
दाँजा गर्नसक्तैन थियो।
कुनै सल्लाको रूख त्यसको हाँगासित
तुल्ना आउनसक्तैन थियो।
औ त्यसका जस्तै हाँगा-बिँगा भएको कुनै
धूपी थिएन।
परमेश्वरको बगैँचाको कुनै पनि रूखनै
त्यसको सुन्दरताको दाजा गर्नसक्तैन
थियो।
९ फैलिएका प्रशस्त हाँगाहरूले पूर्ण पारेर
म, परमप्रभुलेनै त्यसलाई सुन्दर पारेँ।
परमेश्वरको बगैँचा, अर्थात् अदनका सबै
रूखहरूले त्यसलाई डाह गर्थे।

१० यसैकारण परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, किनभने त्यो त्यति अग्लो भयो,
र आफ्नो टुप्पालाई त्यसले हाँगा-बिँगाहरूका
बीचबाट छिचलेर बढ़ायो। औ जति जति त्यो
बढ़थ्यो त्यसको मन पनि घमण्डले फूलिन्थ्यो।
११ यसैकारण जाति जातिका एक शासकको
हातमा मैले त्यसलाई दिएँ। निश्चय, त्यसले
त्योसित त्यसको दुष्ट्याइँअनुसारको उचित
व्यवहार गर्नेछ। मैले त्यसलाई फालिदिएँ।
१२ जातिहरूमा सबैभन्दा क्रूर जातिका
विदेशीहरूले त्यसलाई ढालेर छोड़िदिए।
पहाड़हरू र सबै बेँसीहरू हुँदो त्यसका हाँगा-
हरू ढले। औ त्यसका हाँगा-बिँगा देशका सबै
खोलाहरू हुँदो भाँचिएर पड़िरहे। पृथ्वीका
सबै जातिहरू त्यसका छायाबाट गइहाले, र
त्यसलाई छोड़े। १३ ढलेको त्यस रूखको
मूढ़ामा आकाशका सबै पक्षीहरू बसे। त्यसका
हाँगाहरूको छेउमा जङ्गलका सबै पशुहरू उभिए।
१४ यसकारण फेरि कहिल्यै प्रशस्त पानीमा
उम्रेका रूखहरू यति अग्लो बढ़नेछैनन्।
तिनीहरूका हाँगा-बिँगाहरूका बीचबाट छिचलेर
तिनीहरूका टुप्पा बढ़ेर निस्कनेछैनन्।
तिनीहरूमा सबैभन्दा बलियो चाहिँ जत्तिकै
मल-जल पाएका भए तापनि पूरा उँचाइमा
ठाड़ो बढ़नसक्नेछैन, किनकि तिनीहरू सबै एकै
दण्डको भागीदार बन्न, मरेर पाताल अथवा
अधोलोकमा जानेछन्।'

१५ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'जब
त्यो पातालमा गयो, तब मैले अथाह समुद्र
त्यसमाथि फाटकझैँ बन्द गरिदिएँ। मैले त्यसका
नदीहरूमा बाँध बाँधिदिए र पानीका विशाल
छालहरू रोकिए। त्यसको निम्ति मैले लबानोन-
लाई शोक गर्न लगाएँ, र जङ्गलका सबै
रूखहरू ओइलाए। १६ पातालमा जाने-
हरूसित जब मैले त्यसलाई अधोलोकमा
झारिदिएँ, तब मैले जाति जातिहरूलाई त्यो

लोटेको आवाजले थर्काएँ। औ अदनका सबै
रूखहरू, लबानोनका सबैभन्दा असल रूखहरू,
मल-जल पाएर सबै रूखहरूले अधोलोकमा
सान्त्वना पाए। १७ त्यो तरवारले मारिएका-
हरूकहाँ गएका थिए। औ त्यसका छायामा
बस्नेहरू चाहिँ जाति जातिहरूका बीचमा
तितर-बितर भए। १८ महिमा र महानतामा
अदनका रूखहरूमा तँजस्तो अरू को थियो
र? तापनि तँ अदनका रूखहरूसितै अधो-
लोकमा खसालिनेछस्। यो चाहिँ फिरऊन र
त्यसका सबै दलको निम्ति हो, परमप्रभु
परमेश्वर भन्नुहुन्छ।'

फिरऊनमाथि गरिएको विलाप

३२ बाह्रौँ वर्षको बाह्रौँ महीनाको पहिलो
दिनमा परमप्रभुको यो वचन मकहाँ
आयो, २ 'हे मानिस, मिश्र देशको राजा
फिरऊनको विषयमा विलापको, यो गीत सुना—

जाति जातिहरूको जवान सिंह, तँ बर्बाद
भइस्,
थुतुनाले पानी छर्कंदै, खुट्टाले पानी
छपाप्दै,
नदीहरूलाई मैला पार्ने,
नील नदीका पानीमा तँ एउटा अजिङ्गरझैं
थिइस्।
३ परमप्रभु परमेश्वर भन्नुहुन्छ,
धेरै जातिहरू भेला हुँदा
म मेरो जाल तँमाथि फ्याँक्नेछु,
र जालमा तँ खींचिनेछस्।
४ औ म तँलाई जमीनमा मिल्काइदिनेछु।
पाखामा म तँलाई फ्याँकिदिनेछु।
आकाशका सबै पक्षीहरूलाई म तँमाथि
बस्नलाउनेछु,
र पृथ्वीका जम्मै पशुहरूलाई तेरो मासु
गाँजनलाउनेछु।
५ तेरो मासु म पर्वतहरूमा छरिदिनेछु,
र त्यसलाई खाने औँसाहरूले बेँसीहरू
भरिदिनेछु।
६ तेरो रगतले पहाड़को टुप्पासम्मै जमीन
भिजाउनेछ,
र खोला-नाला त्यहीद्वारा भरिनेछन्।
७ मैले तेरो ज्योति निभाइदिएको दिन,
म आकाशलाई ढाकिदिनेछु,
र त्यसका ताराहरूलाई अँध्यारो
पारिदिनेछु।
म सूर्यलाई बादलले ढाक्नेछु,
र चन्द्रमाले प्रकाश दिनेछैन।
८ आकाशका सबै चम्कने ज्योतिहरूलाई
म अँध्यारो पारिदिनेछु,
र तेरो देशमा म अन्धकार ल्याउनेछु,'
परमप्रभु परमेश्वर भन्नुहुन्छ।

९ तैंले कहिल्यै नजानेका देशहरूमा जब
म तँलाई जाति जातिहरूका बीचमा कैद
गरेर लैजानेछु, तब म धेरै जातिहरूका
हृदयलाई व्याकुल तुल्याउनेछु। १० म धेरै
जातिहरूलाई तेरो कुदिनले भयभीत पार्नेछु।
तिनीहरूका राजाहरूको अगि मैले मेरो
तरवार चलाउँदा तिनीहरू डरले आत्तिनेछन्।
तेरो पतनको दिनमा तिनीहरू हरेक आफ्नो
आफ्नै दशाको निम्ति काम्दै बस्नेछ।
११ किनभने परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ,
बाबेलको राजाको तरवार तिमीहरूमाथि
पर्नेछ। १२ म तेरो जम्मै सेनालाई योद्धा-
हरूका तरवारद्वारा ढालिदिनेछु। तिनीहरू
मानिसहरूमा सबैभन्दा क्रूर छन्।

तिनीहरूले मिश्र देशको घमण्डलाई चूर
पार्नेछन्,
र त्यसका सबै सेनालाई निमिट्यान्न
पार्नेछन्।
१३ खोलाहरूका छेउमा त्यसका सबै गाई-
वस्तुहरूलाई म नष्ट गर्नेछु,
त्यसपछि नता मानिसहरूका खुट्टाले
न पशुको खुरले ती खलबलाइनेछन्।
१४ त्यसपछि म त्यसको पानी शान्त
पारिदिनेछु, र त्यसका नदीहरू तेलझैं
सलल बग्नेछन्,
परमप्रभु परमेश्वर भन्नुहुन्छ।

१५ जब म मिश्र देशलाई
उजाड़ पार्नेछु,
औ जम्नैं देश नाश भएको हुनेछ,
जब म त्यसमा बस्ने सबैलाई मारेर
सोतर पार्नेछु,
तब तिनीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछन्।
१६ यो विलापको एउटा गीत हो।
जाति जातिहरूका स्त्रीहरूले विलौनाको
रूपमा यो गीत गाउनेछन्। मिश्र देश र
त्यसका सारा सैन्यदलमाथि शोक मनाउँदै
तिनीहरूले यो गीत गाउनेछन्, परमप्रभु
परमेश्वर भन्नुहुन्छ।'
१७ बाह्रौं वर्षको पहिलो महीनाको
पन्ध्रौं दिनमा परमप्रभुको यो वचन मकहाँ
आयो, १८ 'हे मानिस, मिश्र देशका
सैन्यदल र त्यसका भारादारहरूमाथि शोक
मनाउँदै जाति जातिहरूका छोरीहरूसित यो
विलाप गर्। पातालमा जानेहरूसित तिनी-
हरूलाई म अधोलोकमा खसालिदिनेछु।
१९ के तँ अरूभन्दा बढ्ता निगाहको पात्र
छस् र?
तल भर्, र शक्तिहीन मुर्दाहरूका
साथमा पस्।
२० एउटा तरवार तयार छ! त्यो र
त्यसका सारा सैन्यदलसित युद्ध गर्न हिंड्नेहरू
तरवारले मारिएकाहरूका बीचमा ढल्नेछन्।
२१ पातालमा वीर कप्तानहरूले फिरऊन र
सहायकहरूलाई भन्नेछन्, 'तरवारले मारिएका
शक्तिहीन मुर्दाहरू तल आएर चूपचाप
पल्टिरहेका छन्।'
२२ अश्शूर त्यसका सबै दलसमेत त्यहाँ
छ। तिनीहरूका चिहानहरू त्यसका चारैतिर
छन्। ती सबै तरवारले काटिएर मारिएका-
हरू हुन्। २३ त्यसका चिहानहरू पातालको
तहका गुफामा छन्। त्यसको दल बाहिर
त्यसको चिहानको चारैतिर छन्। यी सबै
तरवारले काटिएर मारिएकाहरू हुन्, जसले
कुनै समय जीवित मानिसहरू बस्ने
ठाउँहरूमा आतंक फैलाएका थिए।
२४ एलाम त्यहाँ छ! त्यसका चारैतिर
त्यसका दलका चिहानहरू छन्! यी सबै
तरवारले काटिएर मारिएकाहरू हुन्, जो
अधोलोकमा शक्तिहीन भएर गए। जीवित
मानिसहरू बस्ने ठाउँहरूमा तिनीहरूले आतंक
भरिदिएको थिए, तर अब ता पातालमा
जानेहरूको बेइज्जत तिनीहरूले भोग्दैछन्।
२५ मारिएकाहरूका बीचमा त्यसको
निम्ति एउटा विश्राम-स्थान बनाइएको छ,
औ त्यसको चारैतिर त्यसका सैन्यदल
गाड़िएका छन्। ती सबै तरवारले मारिएका
र शक्तिहीन छन्। जीवित मानिस बस्ने
ठाउँहरूमा तिनीहरूले एक समय आतंक
फैलाएका थिए, औ अब पातालमा जानेहरूको
बेइज्जत तिनीहरूले भोग्दैछन्। मारिएका-
हरूसितै तिनीहरूका निम्ति स्थान नियुक्त
गरिएको छ।
२६ मेशेक र तूबल पनि तिनीहरूका
सबै भीड़हरूसमेत त्यहाँ छन्। तिनीहरूका
चारैतिर तिनीहरूका मानिसहरूका चिहान
छन्। तिनीहरू सबै तरवारले मारिएका
र शक्तिहीन छन्। यी यिनै हुन्, जसले
एक समय जीवित मानिस बस्ने ठाउँहरूमा
आतंक फैलाएका थिए। २७ के तिनीहरू
शक्तिहीन योद्धाहरूसित विश्राम गर्दैनन् र?
ती योद्धाहरूसित, जो आफ्ना लड़ाइँका
हतियारका साथ पातालमा गए, जो मर्दा
तरवारहरू तिनका शिरमनि र ढालहरू
तिनका शरीरमाथि राखिन्छन्, यद्यपि
जीवित मानिसहरू बस्ने ठाउँहरूमा एकपल्ट
तिनीहरूको पराक्रमको जगजगी फैलिएको
थियो। २८ तँ, फिरऊन पनि शक्तिहीन
मुर्दाहरूका साथ ध्वंस भएर लोट्नेछस्। तँ
ती तरवारले मारिएकाहरूसित पल्टिरहनेछस्।
२९ एदोम आफ्ना राजाहरू र सबै
शासकहरूसित त्यहाँ छ। तिनीहरू आफ्नो
त्यत्रो ठूलो शक्ति भए तापनि तरवारले
मारिएकाहरूसित पल्टिरहेका छन्। तिनीहरू

खाड़लमा जाने शक्तिहीन मुर्दाहरूसितै
पड़िरहेका छन्।
३० उत्तरका सबै शासकहरू र सबै
सीदोनीहरू त्यहाँ छन्, जो मारिएकाहरूसितै
बेइज्जत भई चिहानमा गएका छन्,
किनकि आफ्नो शक्तिले तिनीहरूले आतंक
मच्चाएका थिए। तिनीहरू शक्तिहीन भएर
तरवारले मारिएकाहरूसित पड़िरहेका छन्।
खाड़लमा जानेहरूसितै तिनीहरूको पनि
बेइज्जत भएको छ।
३१ आफ्ना सबै सेनाको साथ तरवारले
मारिने फिरऊनले तिनीहरूलाई देख्नेछ, र
आफ्नो सैन्यदल नाश भएकोमा सान्त्वना
पाउनेछ, परमप्रभु परमेश्वर भन्नुहुन्छ।
३२ जीवित मानिसहरू बस्ने ठाउँहरूमा
त्यसले आतंक फैलाएको भए तापनि त्यो
आफ्ना सबै सैन्यदलसहित तरवारले मारिएका-
हरूका साथमा, शक्तिहीन मुर्दाहरूसितै विश्राम
गर्न जानेछ, 'परमप्रभु परमेश्वर भन्नुहुन्छ।'

पहरादारको कर्त्तव्य

३३ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस, आफ्ना देशवासी-
हरूलाई भन्, 'जब एउटा देशलाई चढ़ाइ
गर्न भनी सेनाहरूलाई म पठाउँछु तब
त्यस देशका मानिसहरूले आफूमध्येको कुनै
एक जनालाई पहरादार छान्छन्। ३ त्यसले
शत्रुलाई आइरहेको देखेर मानिसहरूलाई
चेताउनी दिनलाई तुरही बजाउँदा ४ कसैले
त्यो चेताउनीलाई ध्यान नदिएर शत्रुको
हातमा फेला पर्‍यो भने आफ्नो दुर्दशाको
त्यो आफै जिम्मावारी हुनेछ। ५ त्यो
जिम्मावारी हुनेछ, किनभने त्यसले चेताउनी
सुनेर पनि त्यसको केही वास्ता गरेन।
ध्यान दिएको भए ता त्यो बाँच्नेथियो।
६ तर यदि शत्रुलाई आइरहेको देखेर
पनि त्यो पहरादारले तुरही बजाएन, अथवा
मानिसहरूलाई चेताउनी दिएन भने ता
मारिने कुनै पनि मानिस आफ्ना सबै
पापसहित मर्छँमर्छ, तर म पहरादारलाईनै
त्यसको मृत्युको जवाफदेही तुल्याउनेछु।
७ हे मानिस, मैले तँलाई इस्राएलीहरूको
पहरादार तुल्याएको छु। तैँलेनै मबाट
समाचारहरू लिएर मेरो चेताउनी तिनीहरूलाई
लैजानेछस्। ८ कुनै मानिस दुष्ट भएको
कारण म त्यसलाई मृत्युको सजाय सुनाउँला,
र यदि तैँले त्यसलाई आफ्नो चाल त्यागोस्
भनेर चेताउनी दिएनस् भने दोष चाहिँ
त्यसकै हो, र आफ्नो दुष्टयाइँको कारण त्यो
मर्नेछ, तर म तँलाई त्यसको मृत्युको
जवाफदेही तुल्याउनेछु। ९ तर त्यसले
आफ्नो चाल त्यागोस् भनी तैँले त्यसलाई
चेताउनी दिइस् र त्यसले आफ्नो चाल
त्यागेन भने त्यो आफ्नो दुष्टयाइँको कारण
मर्नेछ, तर तैँले चाहिँ आफूलाई बचाउनेछस्।

परमेश्वरले उचित न्याय गर्नुहुन्छ

१० हे मानिस, इस्राएललाई भन्,
'तिमीहरू यसो भनी दुःख पोखाउँछौ,
हाम्रा पाप र अपराधले हामी थिचिएका
हुनाले हामी अशक्त हुँदै जाँदैछौं। हामीलाई
आफ्नो जीवनको आशा छैन।' ११ यसैले
तिनीहरूलाई भन्, 'परमप्रभु परमेश्वर
भन्नुहुन्छ, दुष्टको मृत्यु म चाहन्नँ, बरु
दुष्ट मानिसले आफ्नो चाल त्यागेर जिओस्
भन्ने म चाहन्छु। आफ्नो दुष्ट चाल त्याग,
ती त्यागिहाल। हे इस्राएली हो, तिमीहरू
किन मर्छौ?'
१२ हे मानिस, आफ्ना देशवासीहरूलाई
भन्, कुनै धर्मी मानिसले अपराध गर्‍यो
भने त्यसको धार्मिकताले त्यसलाई बचाउन-
सक्तैन। औ कुनै दुष्ट मानिसले आफ्नो
चाल सुधार्‍यो भने त्यसको पहिलेको दुष्टयाइँले
त्यसलाई नाश गर्नेछैन। जब कुनै धर्मी
मानिसले पाप गर्छ, तब त्यसका जम्मै
धार्मिकताले पनि त्यसको प्राण बचाउन-

सक्नेछैन। १३ हुनसक्छ, मैले त्यस धर्मी
मानिसलाई 'तैंले आफ्नो प्राण बचाउन-
सक्छस्' भनी भन्दा त्यसले आफ्नो
धार्मिकतामा भर परेर अपराध गर्ला, तब ता
त्यसको कुनै पनि धार्मिकताको कामको
सम्झना हुनेछैन। त्यसले गरेको अपराधको
कारण त्यो मर्नेछ। १४ औ हुनसक्छ,
मैले दुष्टलाई मृत्यु दण्डको आज्ञा दिँदा
त्यसले आफ्नो दुष्ट चाल त्यागेर न्यायसंगत
र ठीक काम गर्ला, १५ यदि त्यसले
धितो फर्काइदियो, आफूले चोरी लगेको
मालको क्षतिपूर्ति गरिदियो, असल जीवन-
मार्गमा चलेर अरू अधर्म गरेन भने, त्यो
बाँच्नेछ, त्यो मर्नेछैन। १६ त्यसले गरेको
कुनै पापको लेखा लिइनेछैन। त्यसले
न्यायसंगत र ठीक काम गरेको हुनाले त्यो
बाँच्नेछ।

१७ तेरा देशवासीहरू भन्छन्, 'परमप्रभुको
व्यवहार न्यायसंगत छैन'। तर वास्तवमा
तिनीहरूका कामहरू पो न्यायसंगत छैन्।
१८ कुनै धर्मी मानिसले आफ्नो धार्मिकतालाई
त्यागेर खराब काम गर्नेतिर लाग्यो भने
त्यसको कारण त्यो मर्नेछ। १९ औ कुनै
दुष्ट मानिसले आफ्नो दुष्टतालाई त्यागेर
न्यायसंगत र ठीक काम गऱ्यो भने त्यो
बाँच्नेछ। २० म तिमीहरू हरेक मानिसको
न्याय त्यसको कामअनुसार गर्दछु हे इस्राएली
हो, तिमीहरू कसरी भन्छौ कि परमप्रभुको
व्यवहार न्यायसंगत छैन?

यरूशलेम किन नाश गरियो

२१ हामीहरू कैदमा लगिएको बाह्रौं
वर्षको दशौं महीनाको पाँचौं दिनमा
यरूशलेमबाट भागेर आएको एक जना
मानिसले आएर शहर दुश्मनले लियो भनी
मलाई समाचार दियो। २२ त्यो भाग्ने
मानिस आएको अघिल्लो साँझ परमप्रभुको
हात ममाथि परेको थियो, औ बिहान त्यो
आइपुग्न अघि परमप्रभुले मेरो वाक्य
खोलिदिनुभएको थियो। यसरी मेरो वाक्य
खोलियो, र म त्यस उप्रान्त गूङ्गा रहिनँ।
२३ परमप्रभुको यो वचन मकहाँ आयो,
२४ 'हे मानिस, इस्राएलका भूमिमा भएका
यी उजाड़ ठाउँहरूका बासिन्दाहरू भन्छन्,
'जब अब्राहामले यो देश अधिकार गरे तब
तिनी ता एकै जना मात्र थिए। अब हामी
धेरै छौं, र हामीलाई यो देश अधिकार
गर्नलाई दिइएको हो'। २५ यसैकारण
तिनीहरूलाई भन्, 'परमप्रभु परमेश्वर
भन्नुहुन्छ, तिमीहरू रगतैसित मासु खान्छौ,
तिमीहरू मूर्ति-पूजा गर्छौ, तिमीहरू रगत
बगाउँछौ, तापनि तिमीहरू देशलाई अधिकार
गर्ने आशा राख्ने? २६ तिमीहरू आफ्ना
तरवारमाथि भरोसा गर्दछौ, तिमीहरू
घिनलाग्दा कामहरू गर्दछौ, तिमीहरू एका
अर्काको स्वास्नीसित व्याभिचार गर्दछौ,
त के तिमीहरू देशलाई अधिकार गर्ने आशा
राख्ने?' २७ तिनीहरूलाई भन्, 'परमप्रभु
यसो भन्नुहुन्छ, मेरो जीवनको शपथ, उजाड़
ठाउँहरू हुँदो तिनीहरू तरवारले ढल्नेछन्, र
खुला मैदानमा तिनीहरूलाई म पशुहरूको
आहाराको निम्ति दिनेछु। ओढारहरू र
गुफाहरूमा तिनीहरू रूढ़ीले मर्नेछन्।
२८ देशलाई निर्जन र उजाड़ तुल्याउनेछु।
त्यसले अहंकार गरेको शक्ति खतम हुनेछ,
र इस्राएलका पर्वतहरू कोही नहिँड्ने मरूभूमि
हुनेछ। २९ तिनीहरूले गरेका तिनीहरूका
घिनलाग्दा कामहरूको कारणले म देशलाई
निर्जन र उजाड़ तुल्याइदिनेछु, तब तिनीहरूले
मनै परमप्रभु हुँ भनी जान्नेछन्।'

३० हे मानिस, तेरा देशवासीहरू झुण्ड
झुण्ड भएर तेरो विषयमा पर्खाल र ढोका-
हरूका कुना कुनामा उभिएर एउटाले
अर्कोलाई यसो भन्छन्, 'आऊ, गएर हेरौं,
परमप्रभुबाट आएको वचन के रहेछ?'
३१ यसैले जस्तो मानिसको स्वभाव छ

त्यसरीनै धुइरो लागेर मेरा मानिसहरू
आउनेछन् र तेरो अगि बस्नेछन्। तैंले भन्ने
कुरा तिनीहरूले सुन्नेछन्, तर त्यसबमोजिम
गर्नेछैनन्। 'साह्रै राम्रो कुरा रहेछ' भनी
तिनीहरूले भन्नेछन्, तर तिनीहरूको हृदय
भने आफ्नै स्वार्थको पछि हुन्छ।
३२ तँ ता तिनीहरूका निम्ति सुरिलो
सोर भएको गायक अथवा निपुण वीणा
वादकभन्दा बढ़ी अरू केही हुनेछैनस्।
तैंले भनेका कुरा ता तिनीहरूले सुन्नेछन्
तर कदापि त्यसबमोजिम गर्नेछैनन्।
३३ तर समय आउँछ, औ निश्चय
आउनेछ, जब तिनीहरूका बीचमा एउटा
अगमवक्ता थिए भनी तिनीहरूले जान्नेछन्।'

इस्राएलको स्वार्थी गोठालाहरू

३४ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस, इस्राएलका गोठाला-
हरूका विरुद्धमा यो अगमवाणी कह, र
तिनीहरूलाई भन्, परमप्रभु परमेश्वर
भन्नुहुन्छ, धाह! इस्राएलका गोठालाहरू,
जसले आफ्नै मात्र वास्ता गर्दछन्। के
गोठालाले भेड़ाहरूको वास्ता गर्नुपर्ने होइन
र? ३ तिमीहरू मीठा मीठा कुरा
खान्छौ। ऊनी वस्त्र लाउँछौ। मोटा मोटा
पशुहरू मार्छौ, तर भेड़ाहरूलाई भने
तिमीहरू खुवाउँदैनौ। ४ तिमीहरूले थकित-
लाई प्रेरणा दिएका छैनौ, बिरामीलाई
सम्भार गरेका छैनौ, घाइतेलाई मलहम-
पट्टी लगाइदिएका छैनौ, बाटो बिराएकोलाई
बाटोमा ल्याएका छैनौ, हराएकोलाई खोजेका
छैनौ। बलियोलाई पनि तिमीहरूले असह्य
निष्ठुरतासित धपाएका छौ। ५ तिनीहरू
तितर-बितर भएका छन्, तिनीहरूका
गोठालानै छैनन्, तिनीहरू जङ्गली
जानवरहरूका शिकार भएका छन्। ६ मेरा
भेड़ाहरू बाटो बिराउँदै पहाड़ र हरेक
अग्लो डाँड़ा हुँदो जान्छन्। मेरो बगाल
सारा देशभरिनै तितर-बितर भएको छ।
कसैले तिनीहरूको सोधपूछ गर्दैन, कसैले
तिनीहरूको खोजी गर्दैन।'
७ यसकारण, हे गोठाला हो,
परमप्रभुको वचन सुन, ८ परमप्रभु परमेश्वर
भन्नुहुन्छ, मेरो जीवनको शपथ छ,
गोठाला नभएकोले मेरा भेड़ाहरूलाई
जङ्गली जानवरहरूले फहराएका छन्, र
तिनीहरूका शिकार भएका छन्, औ मेरो
गोठालाहरूले भेड़ाहरूको खोजी गरेनन्।
भेड़ाहरूको होइन आफ्नै मात्रै वास्ता
गरे, ९ यसकारण, हे गोठाला हो,
परमप्रभुको वचन सुन। १० परमप्रभु यसो
भन्नुहुन्छ, म गोठालाहरूको विरुद्धमा छु।
तिनीहरूदेखि म मेरा भेड़ाहरू फिर्ता
माग्नेछु। म ती गोठालाहरूका काम खारिज
गरिदिनेछु। तिनीहरूले अब आफैलाई मात्र
पोष्याउन पाउनेछैनन्। म तिनीहरूका
मुखबाट मेरा भेड़ाहरूलाई छुटाउनेछु, र
मेरा भेड़ाहरू तिनीहरूको भोजन हुनेछैनन्।'
११ किनभने परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ, 'अब म आफै मेरा भेड़ाहरूको
सोधपूछ गरेर तिनीहरूलाई खोज्न जानेछु।
१२ आफ्ना बगाल यताउता तितर-बितर हुँदा
गोठाला भेड़ाहरूलाई खोज्न जान्छ। अँध्यारो
धुम्मिएको दिनमा पनि तितर-बितर भएका मेरा
भेड़ाहरूलाई खोज्न र खतराबाट बचाउन म
जानेछु। १३ म तिनीहरूलाई हरेक जाति-
बाट निकाली ल्याउनेछु। अरू अरू देशबाट
भेला गर्नेछु। औ तिनीहरूलाई घर फर्काएर
तिनीहरूको आफ्नै भूमिमा डोर्‍याएर म
ल्याउनेछु। म तिनीहरूलाई इस्राएलका पहाड़-
हरूमा, त्यसका खोलाहरूका किनारमा र
त्यसका सबै हरिया हरिया मैदानहरूमा
चराउनेछु। १४ म तिनीहरूलाई राम्रो
चरनमा चराउनेछु, इस्राएलका अग्ला पहाड़हरू
तिनीहरूका खर्क हुनेछन्। ती असल खर्कमा
तिनीहरू विश्राम गर्नेछन्। इस्राएलका
पहाड़हरूमा घाँसले भरिएको चरन तिनीहरूले

पाउनेछन्। १५ म आफै मेरो बगालको
हेरचाहा गर्नेछु। म आफै तिनीहरूको
गोठाला हुनेछु, परमप्रभु परमेश्वर भन्नुहुन्छ।
१६ हराएकोलाई म खोज्नेछु, बाटो
बिराएकोलाई म फेला पारेर ल्याउनेछु,
घाइतेलाई म मलहम-पट्टी लगाइदिनेछु,
रोगीलाई स्वस्थ तुल्याउनेछु, मोटाताजा र
बलियाहरूलाई म खेल्न दिनेछु, र म तिनी-
हरूको आहारको उचित बन्दोबस्त गरिदिनेछु।'
१७ हे मेरो बगाल, तिमीहरूलाई चाहिँ
परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, 'म भेड़ा
भेड़ाका बीचमा न्याय गर्नेछु। १८ हे साँढ़-
भेड़ा र बोका हो! के असल चरनमा चर्न
पाएर पनि तिमीहरूलाई पुगेन? तिमीहरू
किन बाँकी चरनलाई खुट्टाले माड़छौ? अथवा
स्वच्छ पानी खान पाए पुगेन? तिमीहरू
किन अरू पानीलाई खुट्टाले फोहोर बनाउछौ?
१९ मेरो बगालले ता तिमीहरूले खुट्टाले
माड़ेको खानुपर्छ, र तिमीहरूले खुट्टाले फोहोर
बनाएको पिउनुपर्छ।' २० यसकारण परमप्रभु
परमेश्वर तिमीहरूलाई यसो भन्नुहुन्छ, 'अब
म आफै मोटा मोटा र दुब्ला दुब्ला
भेड़ाहरूको बीचमा न्याय गर्नेछु। २१ तिमी-
हरू दुब्लाहरूलाई कुमले घचेट्दै, सीङ्ले हान्दै
धपाउँछौ, र यत्रतत्र तितर-बितर पारिदिन्छौ।
२२ यसैकारण म मेरो बगाललाई बचाउनेछु,
र तिनीहरू फेरि कहिल्यै कसैको शिकार
हुनेछैनन्। म भेड़ा भेड़ाको बीचमा न्याय
गर्नेछु। २३ त्यसपछि म तिनीहरूको हेरचाहा
गर्नलाई मेरो दास दाऊदलाई गोठाला
नियुक्त गर्नेछु। त्यसले तिनीहरूको हेरचाह
गर्नेछ, र त्यो तिनीहरूको गोठाला हुनेछ।
२४ म, परमप्रभु, तिनीहरूका परमेश्वर हुनेछु,
र मेरो दास, दाऊद तिनीहरूका बीचमा राजा
हुनेछ। यो मेरो वाणी हो, परमप्रभु भन्नुहुन्छ।'

उहाँको शान्तिको करार

२५ तिनीहरूकै उन्नतिको निम्ति म
तिनीहरूसित एउटा करार बाँध्नेछु। म
जङ्गली जानवरहरूलाई निकाल्नेछु, र मेरा
मानिसहरू निर्धक्क भएर खुला चौरमा
बस्नेछन् र उजाड़-स्थानमा सुत्नसक्नेछन्।
२६ म तिनीहरूलाई मेरो डाँड़ाको छेउछाउमा
बसाल्नेछु, र ठीक ऋतुमा तिनीहरूका निम्ति
झरी वर्षाइदिनेछु, आशिषको झरी त्यो हुनेछ।
२७ खेतमा भएका रूखहरूले फल दिनेछन्,
भूमिले आफ्नो फसल दिनेछ, र मानिसहरू
मनमा चैन लिएर निज भूमिमा बस्नेछन्।
तिनीहरूका जुवा भाँचेर तिनीहरूलाई
कमारा तुल्याउनेहरूबाट मुक्त गर्दा मनै
परमप्रभु हुँ भनी तिनीहरूले जान्नेछन्।
२८ तिनीहरूलाई जाति जातिहरूले फेरि
कहिल्यै शिकार बनाउनेछैनन्, नता जङ्गली
जानवरहरूले तिनीहरूलाई निल्नेछन्। तिनीहरू
भयहीन भएर बस्नेछन्। तिनीहरूलाई
झस्काउने कोही हुनेछैन। २९ म तिनीहरूका
खेतीपाती अन्नले भरिभराउ पारिदिनेछु, देशमा
तिनीहरू फेरि कहिल्यै अनिकालको शिकार
हुनेछैनन्, नता तिनीहरूले जाति जातिहरूको
खिसी-टिउरी सहनुपर्नेछ। ३० तिनीहरूले म
परमप्रभु, तिनीहरूका परमेश्वर तिनीहरूका
साथमा छु औ तिनीहरू चाहिँ मेरो प्रजा
इस्राएल भनी जान्नेछन्, परमप्रभु परमेश्वर
भन्नुहुन्छ। ३१ तिमीहरू मेरो प्रजा हौ,
औ मेरो बगाल, जसलाई म चराउँछु। औ
म चाहिँ तिमीहरूका परमेश्वर हुँ, परमप्रभु
परमेश्वर भन्नुहुन्छ।'

सेईर डाँड़ा र एदोमको विरुद्धमा अगमवाणी

३५ परमप्रभुको यो वचन मकहाँ आयो—
२ 'हे मानिस, सेईरको पहाड़ी-
देशतिर हेर्, र त्यसको विरुद्धमा अगमवाणी
गरेर भन्। ३ परमप्रभु परमेश्वर यसो
भन्नुहुन्छ,

हे सेईरको पहाड़ी-देश,

म तेरो विरुद्धमा छु,
म मेरो हात तँमाथि उठाउनेछु,
र तँलाई उजाड़ र निर्जन तुल्याइदिनेछु।
४ म तेरा शहरहरूलाई ध्वंस पारिदिनेछु,
तँ निर्जन हुनेछस्।
तब तँले मनै परमप्रभु हुँ भनी जान्नेछस्।
५ किनभने तँले लगातार वैरभाव राखिस्,
र इस्राएलीहरूलाई तिनीहरूको विपत्तिको समय,
अर्थात् तिनीहरूका आखिरी दण्डको समयमा
तरवारले काटिनलाई सुम्पिदिइस्।
६ यसैकारण, परमप्रभु परमेश्वर भन्नुहुन्छ,
'मेरो जीवनको शपथ',
रगत तेरो दण्ड हुनेछ,
र रगतलेनै तेरो खेदो गर्नेछ,
तँ बिलकुलै रगतको दोषी छस्,
र रगतलेनै तेरो खेदो गर्नेछ।
७ सेईरको पहाड़ी-देशलाई म उजाड़ र निर्जन पार्नेछु,
र त्यहाँ आउ-जाउ गर्ने जम्मैलाई,
म खतम पार्नेछु।
८ म तेरा डाँडाहरू र बेंसीहरूलाई त्यसका मृतकहरूले भर्नेछु, औ तरवारले
मारिएकाहरू तेरा खोलाहरूमा खस्नेछन्।
९ म तँलाई सधैंको निम्ति उजाड़ तुल्याउनेछु,
औ तेरा शहरहरूमा कोही बासिन्दा हुनेछैनन्,
तब तँले मनै परमप्रभु हुँ भनी जान्नेछस्।'

परमेश्वरको धार्मिक इन्साफ

१० परमप्रभु त्यहाँ हुनुहुन्छ रपनि
तँ भन्छस् 'ती दुइ जाति र ती दुइ
देश मेरा हुनेछन्। म तिनीहरूलाई अधिकार
गर्नेछु।' ११ यसकारण परमप्रभु परमेश्वर
भन्नुहुन्छ, 'मेरो जीवनको शपथ,' तेरो
क्रोध र डाहको बदला लिइनेछ, किनकि
तँले तिनीहरूलाई घृणा गरेर जे गरेको
थिइस् म पनि तँलाई त्यसैनै गर्नेछु।
मैले तेरो इन्साफ गर्दा मलाई
तिमीहरूले चिन्नेछौ। परमप्रभु मनै हुँ भनी
तिमीहरूले जान्नेछौ। १२ तिमीहरूको ईश्वर-
निन्दा सबै मैले सुनेको छु। तिमीहरू भन्छौ,
'इस्राएलका पर्वतहरू उजाड़ भएका छन्, र
ती खतम पारिनलाई हामीलाई दिइएको छ।'
१३ तिमीहरू मेरो विरुद्धमा खड़ा भएका
छौ, र मेरो विरुद्धमा जथाभावी बोलेका छौ।
तिमीहरूका कुरा म आफैले सुनेको छु।'
१४ परमप्रभु परमेश्वर भन्नुहुन्छ, 'म तिमी-
हरूलाई यस्तो उजाड़ तुल्याउनेछु कि सारा
संसारले तिमीहरूलाई हेरेर मजा मान्नेछ।
१५ जसरी मेरो निज अधिकार इस्राएलको
उजाड़लाई हेरेर तिमीहरूले मजा गर्‍यौ, म
पनि तिमीहरूलाई त्यसैनै गर्नेछु। हे सेईरको
पहाड़ी-देश, तँ उजाड़ हुनेछस्! औ सारा
एदोमको अन्त हुनेछ! यसरी मनै परमप्रभु
हुँ भनी मानिसहरूले जान्नेछन्।'

इस्राएलका पर्वतहरूको उन्नति

३६ औ हे मानिस, इस्राएलका पर्वतहरूलाई
यो अगमवाणी भन्, 'हे इस्राएलका
पर्वत हो, परमप्रभुको वचन सुन, २ परम-
प्रभु परमेश्वरको यो वाणी छ, 'शत्रुले
भन्छ, 'अहा! अब ता ती अनन्तका
पर्वतहरू हाम्रै भए!' ३ यसकारण अगम-
वाणी गरेर तिनीहरूलाई भन्, परमप्रभु
परमेश्वरको यो वाणी छ, 'हे इस्राएलका
पर्वत हो, जब बाँकी रहेका जातिहरूले
तिमीहरूलाई दखल गरेर आफ्नो अधीन
गराए, तब तिमीहरूका चारैतिरका मानिस-
हरूले तिमीहरूलाई हेरेर मजा माने, औ
तिमीहरूलाई खुट्टाले कुल्ची-मिल्ची गरे।
तिमीहरूको नाउँ मानिसहरूको आहान भयो।
४ यसकारण, तिमीहरूका चारैतिरका बाँकी

रहेका जातिहरूद्वारा लूटिएका र घृणा
गरिएका पर्वतहरू र डाँड़ाहरू, खोलाहरू र
बेंसीहरू, सूनसान महलहरू र उजाड़
शहरहरूलाई परमप्रभु परमेश्वर जे भन्नुहुन्छ,
सो सुन। ५ परमप्रभु परमेश्वरको यो वाणी
छ, 'मेरो प्रचण्ड डाहमा मैले अरू बाँकी
रहेका जातिहरूका विरुद्धमा र विशेष गरी
एदोमको विरुद्धमा सफासित भनिसकेको छु।
किनभने एदोमले विजयको घमण्डले फूलिएर
घृणापूर्वक मेरो देशलाई खुल्लमखुल्ला बेइज्जत
गर्नलाई दखल गर्‍यो।' ६ यसकारण
इस्राएलका भूमिप्रति अगमवाणी गरेर त्यसका
पर्वतहरू र डाँड़ाहरू, खोलाहरू र बेंसीहरूलाई
भन्, 'परमप्रभु परमेश्वरको यो वाणी छ,
तिमीहरूले सबै जातिहरूका गिल्ला सहनु
परेको हुनाले मैले डाह र रीसमा मेरो
मनको कुरा प्रकट गरेको छु।' ७ यसकारण
परमप्रभु परमेश्वरको यो वाणी छ,
'चारैतिरका जातिहरूले गिल्ला गरेको कारण
तिनीहरूले दण्ड भोग्नु पर्नेछ भनी हात
उठाएर मैले शपथ खाएको छु। ८ तर
तिमीहरू, हे इस्राएलका पर्वत हो, तिमीहरूले
चाहिं आफ्ना हाँगा फैलाउनेछौ, औ मेरा
प्रजा इस्राएलको लागि फलहरू फलाउनेछौ,
किनभने तिमीहरूको घर फर्कने बेला
आइपुगेको छ! ९ हेर अब म तिमीहरूको
पक्षमा छु। म तिमीहरूतिर फर्कनेछु। म
तिमीहरूलाई स्याहारेर बिउ लगाई तयार
पार्नेछु। १० धेरै मानिसहरूको संख्याले म
तँलाई भरिभराउ पार्नेछु, अर्थात् इस्राएलका
समस्त घरानाले। शहरहरूमा फेरि मानिसहरू
बास गर्नेछन् र महलहरू फेरि बनाइनेछन्।
११ म धेरै मानिस र पशुको संख्याले
तँलाई भरिभराउ पार्नेछु, तिनीहरूको वृद्धि
हुनेछ, तिनीहरू फलवन्त हुनेछन्। अघि
जस्तै म तिमीहरूको संख्या बढ़ाउनेछु, र
तिमीहरूलाई पहिलेभन्दा अझ फलिफाप
तुल्याउनेछु। तब तिमीहरूले मनै परमप्रभु
हुँ भनी जान्नेछौ। १२ म मेरा मानिसहरू,
अर्थात् मेरो प्रजा इस्राएललाई फेरि तिमीहरूका
बाटोहरूमा हिंड्नदिनेछु। तिनीहरू तिमीहरू-
भित्र बसोबासो गर्नेछन् र तिमीहरूलाई
तिनीहरूले आफ्नो अधीन गराउनेछन्। तर
तिमीहरूले कहिल्यै तिनीहरूका नानीहरूलाई
खोसेर भोग दिनेछैनौ'।'

१३ परमप्रभु परमेश्वरको यो वाणी छ,
'मानिसहरू भन्छन्, 'तँ यस्तो देश होस्
जसले मानिसहरू खान्छ र आफ्ना कुलका
नानीहरूलाई भोग दिन्छ।' १४ तर तैंले
अब फेरि कहिल्यै मानिसहरूलाई खानेछैनस्,
नता आफ्ना कुलका नानीहरूलाई भोग
दिनेछस्।' परमप्रभु परमेश्वर भन्नुहुन्छ।
१५ 'म तँलाई जाति जातिहरूको गिल्ला
फेरि कहिल्यै सुन्न दिनेछैनँ, नता तैंले
मानिसहरूको निन्दा सहनु पर्नेछ,' परमप्रभु
परमेश्वर भन्नुहुन्छ।'

१६ परमप्रभुको यो वचन मकहाँ आयो,
१७ 'हे मानिस, जब इस्राएलीहरू आफ्नै
देशमा बसेका थिए, तब तिनीहरूले त्यस
देशलाई आफ्ना चाल र कामले बिटुलो
पारे। तिनीहरूका चाल मेरो दृष्टिमा फोहोर
र घृणित थिए। १८ तिनीहरूले देशमा
रगत बगाएको र मूर्तिहरूद्वारा त्यो बिटुलो
पारेको हुनाले मैले मेरो क्रोध तिनीहरूमाथि
खन्याएँ। १९ मैले तिनीहरूलाई जाति
जातिहरूका बीचमा तितर-बितर पारें, र
तिनीहरू विभिन्न देशहरूमा यत्रतत्र छरिए।
तिनीहरूका चाल र कामका योग्यको दण्ड मैले
तिनीहरूलाई दिएँ। २० जब तिनीहरू ती
जातिहरूका बीचमा गए तब जहाँ जहाँ तिनीहरू
गए तिनीहरूले मेरो पवित्र नाउँलाई अपवित्र
पारे। मानिसहरूले तिनीहरूका विषयमा यसो
भने, 'यिनीहरू ता परमप्रभुको प्रजा हो, औ
उहाँकै देशबाट यिनीहरू आएका हुन्।'
२१ औ मेरो पवित्र नाउँको खातिर मैले
तिनीहरूलाई छोड़िदिएँ, जुन नाउँलाई
इस्राएलीहरूले तिनीहरू गएका जातिहरूका
बीचमा अपवित्र पारेका थिए।'

२२ यसैकारण इस्राएलीहरूलाई भन्, 'परमप्रभु परमेश्वरको यो वाणी छ, 'हे इस्राएली हो, म ता तिमीहरूकै खातिर काम गरिरहेको होइन, तर मेरो पवित्र नाउँको खातिर हो, जुन नाउँलाई तिमीहरू गएका जाति जातिहरूका बीचमा तिमीहरूले अपवित्र पारेका छौ।
२३ म मेरो महान् नाउँलाई पवित्र पार्नेछु, जुन नाउँ ती जातिहरूका बीचमा अपवित्र भएको छ। जब तिमीहरूद्वारा मैले मेरो पवित्रतालाई प्रकट गरेको तिनीहरूले देख्नेछन् तब जाति जातिहरूले जान्नेछन् कि मनै परमप्रभु हुँ, परमप्रभु परमेश्वर भन्नुहुन्छ।

२४ म जाति जातिहरूबाट तिमीहरूलाई निकाल्नेछु, र हरेक देशबाट तिमीहरूलाई भेला गर्नेछु, र तिमीहरूलाई तिमीहरूको आफ्नै भूमिमा ल्याउनेछु।
२५ म तिमीहरूमाथि शुद्ध पानी छर्किदिनेछु, र तिमीहरूलाई अशुद्ध पार्ने सबै कुरादेखि तिमीहरू शुद्ध हुनेछौ। म तिमीहरूलाई तिमीहरूका सबै मूर्तिहरूको अशुद्धिबाट शुद्ध तुल्याउनेछु।
२६ म तिमीहरूलाई नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र नयाँ आत्मा हालिदिनेछु। तिमीहरूको शरीरदेखि ढुङ्गाको हृदय निकालेर त्यसको सट्टामा म तिमीहरूलाई मासुको हृदय दिनेछु।
२७ म मेरो आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरो नियमहरू पालन गर्ने, मेरा व्यवस्था मान्ने र तिनैद्वारा तिमीहरू जीवित रहने तुल्याउनेछु।
२८ मैले तिमीहरूका पिता-पुर्खाहरूलाई दिएको देशमा तिमीहरू रहनेछौ। तिमीहरू मेरा प्रजा हुनेछौ र म तिमीहरूका परमेश्वर हुनेछु।
२९ तिमीहरूलाई बिटुलो पार्ने सबै कुरादेखि म तिमीहरूलाई जोगाउनेछु। म आज्ञा दिनेछु, र अन्न प्रशस्त हुनेछ। म तिमीहरूमाथि फेरि कहिल्यै अनिकाल पठाउनेछैनँ।
३० म रूखहरूलाई प्रशस्त फल दिने तुल्याउनेछु, र जमीनले ज्यादै अन्न उमार्नेछ, यतिसम्म कि जाति जातिहरूका बीचमा तिमीहरूले अनिकालको कष्ट सहनु पर्नेछैन।
३१ तिमीहरूले आफ्ना दुष्ट चाल र खराब कामको सम्झना गर्नेछौ, औ आफ्ना दुष्टयाइँ र घिनलाग्दा कामहरूको कारण आफैलाई घृणा गर्नेछौ।
३२ तिमीहरूकै खातिर मैले यी काम गरिरहेको होइन, यो कुरो चाहिं निश्चय जानिराख, परमप्रभु परमेश्वर भन्नुहुन्छ। हे इस्राएली हो, तिमीहरूका चालले ल्याउने शर्म र अनादर थाह गर।'

३३ परमप्रभु परमेश्वरको यो वाणी छ, 'जब म तिमीहरूलाई तिमीहरूका सबै दुष्ट्याइँदेखि शुद्ध गर्नेछु, तब म शहरहरूलाई फेरि आबाद तुल्याउनेछु, र महलहरू फेरि बनाइनेछन्।
३४ आउने-जानेहरूको दृष्टिमा उजाड़ै रहनुको सट्टा अहिलेको उजाड जमीन फेरि खन-जोत गरिनेछ।
३५ मानिसहरूले यस्तो भन्नेछन्, 'यही जमीन जो उजाड थियो अब अदनको बगैंचाजस्तै भएछ। औ ती उजाड शहरहरूमा मानिसहरूले आफ्ना घरहरू बनाउनेछन्, जो धूलो-पीठो भएका थिए, तर अब पर्खालले घेरिएका छन्।
३६ तिमीहरूका चारैतिर बाँकी रहेका अरू जातिहरूले जान्नेछन् कि नाश पारिएका शहरहरूलाई म, परमप्रभुले फेरि बनाइदिएको छु, र उजाड जमीनलाई फेरि उर्वरा भूमिमा परिणत गराइदिएको छु। म परमप्रभुले बोल्को छु, म गर्नेनै छु।'

३७ परमप्रभु परमेश्वरको यो वाणी छ, 'तिनीहरूको निम्ति काम गर्नलाई म फेरि इस्राएलीहरूलाई मकहाँ बिन्ती चढ़ाउने मौका दिनेछु। म तिनीहरूका मानिसहरूलाई भेड़ाहरूझैं असंख्य तुल्याइदिनेछु, अर्थात् पवित्र-भेटीमा चढ़ाउने भेड़ाहरू जत्तिकै, यरूशलेममा चाड़को समयमा भएका भेड़ाहरू जत्तिकै।
३८ यसरी तिनीहरूका भत्केका शहरहरू मानिसहरूका भीड़ले भरिनेछन्, र तिनीहरूले मनै परमप्रभु हुँ भनी जान्नेछन्।'

हाड़को दर्शन

३७ परमप्रभुको हात ममाथि पऱ्यो, अनि
उहाँले मलाई आफ्ना आत्माद्वारा
लगेर हाड़ैहाड़ भएको मैदानमा राख्नुभयो।
२ त्यस भित्रका सबै हाड़हरूका वरिपरि
घुमिनसकुन्जेल उहाँले मलाई त्यसका चारैतर्फ
पठाउनुभयो। तिनीहरूले त्यो मैदान ढाकेका
थिए। ती असंख्य थिए। औ ती साह्रै
सुकेका थिए। ३ उहाँले मलाई भन्नुभयो,
'हे मानिस, के यी हाड़हरू फेरि जीवित
हुनसक्छन्?' मैले जवाफ दिएँ, 'हे
परमप्रभु परमेश्वर, केवल तपाईंले मात्र त्यो
जान्नुहुन्छ।' ४ उहाँले मलाई भन्नुभयो,
'यी हाड़हरूलाई अगमवाणी गरेर भन्,
हे सुकेका हाड़ हो, परमप्रभुको वचन सुन।
५ यी हाड़हरूलाई परमप्रभुको यो वाणी
छ, 'म तिमीहरूमा सास हालिदिनेछु, र
तिमीहरू जीवित हुनेछौ। ६ म तिमीहरूलाई
नसाहरूले भरिदिनेछु, तिमीहरूमा मासु
भरिनेछ, र छालाले ती मासुलाई ढाकिदिनेछ,
र तिमीहरूमा सास हालिदिनेछु र तिमीहरू
जीवित हुनेछौ, औ तिमीहरूले मनै परमप्रभु
हुँ भनी जान्नेछौ।' ७ उहाँले आज्ञा
गर्नुभएझैं मैले अगमवाणी कहनलागें। औ
जब मैले अगमवाणी गरें तब त्यहाँ हुरुरुरु
आवाज आयो, र ती हाड़हरू एका अर्कासँग
जोड़िनलागे। ८ औ मैले हेर्दा हेर्दै
तिनमा नसा भरिए, तिनमा मासु भरिए,
औ तिनीहरू छालाले ढाकिए, तर तिनमा
सास चाहिं थिएन। ९ तब उहाँले मलाई
भन्नुभयो, 'हे मानिस, हावालाई अगमवाणी
गर्, अगमवाणी गर्, र त्यसलाई यसो भन्,
'परमप्रभु परमेश्वरको यो वाणी छ, हे हावा,
चारै दिशाबाट आइज, र यी मृतकहरूले
जीवन पाउनलाई तिनीहरूमा सास हालिदे'
१० तब उहाँले आज्ञा गर्नुभएझैं मैले
अगमवाणी गर्नलागें। तब सास तिनमा
पसे। तिनीहरू जीवित भएर तिनीहरू एक
अत्यन्त ठूलो दल भएर खड़ा भए—
११ उहाँले मलाई भन्नुभयो, 'हे मानिस
यी हाड़हरू जम्मै इस्राएलीहरूनै हुन्।
तिनीहरू भन्छन्, 'हाम्रा हड्डीहरू सुकिसकेका
छन्, हाम्रो जीवनै टुङ्गियो, हामी सम्पूर्ण
रीतिले नाश भयौं।' १२ यसकारण अगम-
वाणी गरेर तिनीहरूलाई भन्, 'परमेश्वरको यो
वाणी छ हे मेरो प्रजा, म तिमीहरूका
चिहानहरू खोलेर तीबाट तिमीहरूलाई बाहिर
निकाल्नेछु, र तिमीहरूलाई इस्राएलको देशमा
फेरि बसाल्नेछु। १३ हे मेरो प्रजा, जब
म तिमीहरूका चिहानहरू खोलेर तिमीहरूलाई
तीबाट निकालेर बाहिर ल्याउनेछु तब
तिमीहरूले मनै परमप्रभु हुँ भनी जान्नेछौ।
१४ तब म मेरो आत्मा तिमीहरूमा
हालिदिनेछु, र तिमीहरू जीवित हुनेछौ, र
म तिमीहरूलाई तिमीहरूकै भूमिमा बसाल्नेछु,
तब तिमीहरूले यो जान्नेछौ कि म परमप्रभुलेनै
यो बोलेको हुँ, र म यो गर्नेनै छु, परमप्रभु
यही भन्नुहुन्छ।'

यहूदा र इस्राएल संगठित भएका

१५ परमप्रभुको यो वचन मकहाँ आयो,
१६ 'हे मानिस, काठको एउटा लाठो लिएर
त्यसमा यो लेख्, 'यहूदा र त्यसका
इस्राएली सहयोगीहरू!' त्यसपछि अर्को
एउटा लाठो लिएर त्यसमा यो लेख्,
'एप्रैमको लाठो यूसुफ, र त्यसका सबै
इस्राएली सहयोगीहरू।' १७ तब ती
दुवैलाई लिएर जोड़िदे। ती तेरो हातमा
एउटै लौरो जस्तै हुनेछ। १८ जब तेरा
देश-वासीहरूले त्यसको अर्थ के हो भनी
सोध्छन्, १९ तैंले तिनीहरूलाई भन्,
'परमप्रभु परमेश्वरको यो वाणी छ, म
यूसुफको लौरो, जो एप्रैम र त्यसका
इस्राएली सहयोगीहरूको लौरो हो, लिएर
त्यसमा यहूदाको लौरो जोड़िदिनेछु। यसरी
म तिनीहरूलाई एउटै लौरो तुल्याइदिनेछु,

र ती मेरो हातमा एउटै हुनेछन्। २० तैंले
लेखेका ती लौरोहरू तेरो हातमा सबैले प्रष्ट
गरा देख्नेछन्।'
२१ त्यसपछि तिनीहरूलाई भन्, 'परम-
प्रभु परमेश्वरको यो वाणी छ, निकालाबास
भएर गएका जातिहरूका ठाउँहरूबाट
इस्राएलीहरूलाई म भेला गर्नेछु। चारैतिरबाट
तिनीहरूलाई भेला गराएर तिनीहरूलाई
आफ्नै भूमिमा म फेरि बसाल्नेछु। २२ म
तिनीहरूलाई देशमा, इस्राएलका पर्वतहरूमा,
एउटा फरक जाति बनाउनेछु, र तिनीहरूका
एउटै राजा हुनेछ। तिनीहरू फेरि कहिल्यै
दुइ अलग अलग जाति अथवा दुइ अलग
अलग राज्यमा विभक्त हुनेछैनन्।
२३ तिनीहरू फेरि कहिल्यै तिनीहरूका
मूर्तिहरू, तिनीहरूका घृणित चाल र
तिनीहरूका सबै भक्तिहीन कामद्वारा अशुद्ध
हुनेछैनन्। मबाट पछि हटाउने तिनीहरूका
सबै पापी कामबाट म तिनीहरूलाई
छुटाउनेछु, र तिनीहरूलाई शुद्ध पार्नेछु।
यसरी तिनीहरू मेरो प्रजा हुनेछन्, र म
तिनीहरूका परमेश्वर हुनेछु।

एउटै प्रजाको राजा दाऊद

२४ मेरो दास दाऊद तिनीहरूमाथि
राजा हुनेछ, औ तिनीहरूको एउटै गोठाला
हुनेछ। तिनीहरूले मेरा व्यवस्था पालन
गर्नेछन्। तिनीहरूले मेरा धर्म-विधिहरू
मान्नेछन्, र कायम राख्नेछन्। २५ मैले
मेरो दास याकूबलाई दिएको देशमा तिनीहरू
बस्नेछन्। त्यस देशमा, जहाँ तिमीहरूका
पिता-पुर्खाहरू बसेका थिए। तिनीहरू र
तिनीहरूका सन्तान-दरसन्तानहरू सदा सर्वदा
त्यहाँ बस्नेछन्, र मेरो दास दाऊद सदा
सर्वदाको निम्ति तिनीहरूको राजा हुनेछ।
२६ म तिनीहरूसित सुख-शान्तिको करार
बाँध्नेछु, यो करार सदा सर्वदा तिनीहरूका
निम्ति हुनेछ। म तिनीहरूको संख्या खूब
बढ़ाउनेछु, र मेरो पवित्र-स्थान तिनीहरूका
बीचमा सधैंको निम्ति राख्नेछु। २७ तिनी-
हरू मेरो बासस्थानको शरणमनि रहनेछन्।
म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू
मेरो प्रजा हुनेछन्। २८ जाति जातिहरूले
यो जान्नेछन् कि म परमप्रभुलेनै इस्राएललाई
आफ्नै निम्ति पवित्र राख्तछु, किनभने
मेरो बासस्थान तिनीहरूका बीचमा सदा
सर्वदा रहिरहन्छ।'

संसारमाथि परमेश्वरको ठूलो विजय

३८ परमप्रभुको यो वचन मकहाँ आयो,
२ 'हे मानिस, मागोग देशमा
भएको रोश, मेशेक र तूबलको राजा
गोगतिर फर्केर त्यसको विरुद्धमा अगमवाणी
गर्। ३ त्यसलाई भन्, 'परमप्रभु परमेश्वरको
यो वाणी छ, हे रोश, मेशेक र तूबलको
राजा गोग, म तेरो विरुद्धमा छु। ४ म
तँलाई फनक्क घुमाउनेछु। तेरो मुखमा म
बल्छी लगाउनेछु। म तँलाई र तेरो समस्त
सेनालाई, घोड़ाहरू र घोड़-चढ़ीहरूलाई, जो
सबै पूरै झिलम लाएका छन्, ठूलो र सानो
ढाल लिएको एक ठूलो दल र तरवार
चलाउनेहरू सबैलाई सशस्त्र तयार गराउनेछु,
५ तिनीहरूसित भएका फारस, कूश र
पूतका मानिसहरूलाई, जसले ढाल र जङ्गी
टोप लाएका छन्, ६ गोमेर र त्यसका
सबै सेना र उत्तरको पल्लो छेउदेखिका बेथ-
तोगोर्मा र त्यसका सबै सेनालाई सहित
तँसित भएका मानिसहरूको ठूलो दललाई
लिएर म तँलाई संग्रामको लागि भेला
गर्नेछु। ७ तयार हो, तँ र तँसित मिल्नलाई
जम्मा भएको सबै सेनालाई तयार राख्, र
तिमीहरू मेरो निम्ति जम्मा भएर बस।
८ धेरै दिनपछि तिमीहरूलाई आह्वान हुनेछ।
समयमा ध्वंस भएर पुनर्निमित देशमा
तिमीहरू प्रवेश गर्नेछौ, जुन देशका मानिसहरू
धेरै जाति जातिहरूबाट यतिञ्जेल उजाड़

इस्राएलका पर्वतहरूमा भेला भएका छन्। रहेका
जाति जातिहरूबाट ल्याइएका इस्राएलीहरू सबै
ढुक्कसित बस्नेछन्। ९ औ तँचाहिं तूफानझैं
वेगसित आउनेछस्। तँ र तेरा सबै सैन्य-
दलले, अर्थात् मानिसको ठूलो दलले देशलाई
बादलले झैं ढाक्नेछस्।'

गोगमाथि परमेश्वरको विजय

१० परमप्रभु परमेश्वरको यो वाणी छ,
'त्यस बेला एउटा विचार तेरो मनमा आउनेछ,
र तैंले खराब युक्ति निकाल्नेछस्। ११ तैंले
भन्नेछस्, 'पर्खाल विनाका गाउँहरू भएको
देशलाई म आक्रमण गर्नेछु। मूल-ढोका र
बारहरू विनै बस्ने, पर्खालद्वारा सुरक्षित
नभएका शान्ति र ढुक्कसित बस्ने जातिहरूलाई
म आक्रमण गर्नेछु। १२ ती ध्वंस भएका
ठाउँहरूमा अहिले फेरि जाति जातिहरूबाट
भेला भएका मानिसहरू, गाई-वस्तु सम्पत्ति
प्राप्त गरेर, संसारको केन्द्रमानै आफ्नो घर
बनाएर बस्तैछन्। ती ठाउँहरूलाई लूट्दै,
सखाप र आबादीलाई ध्वंस पार्दै आउने
प्रतीक्षामा तिमीहरू बसेका छौ। १३ शबा
र ददान, तर्शीशका व्यापारीहरू, त्यसका
मुख्य मुख्य व्यापारीहरूले तँलाई भन्नेछन्,
'के तँ लूट्नलाई आएको होस्? के लूटका
माल हात पार्नलाई, सुन र चाँदी लैजानलाई
गाई-वस्तु, माल-सामान जफत गर्नलाई, दामी
दामी लूट जम्मा गर्नलाई के तैंले आफ्नो
सेना भेला गरेको होइनस्?'
१४ यसकारण हे मानिस, अगमवाणी
गरेर गोगलाई भन्, 'परमप्रभु परमेश्वरको
यो वाणी छ, त्यस दिन जब मेरो प्रजा
इस्राएल ढुक्कसित बसिरहेको हुन्छ,
१५ घोड़ाहरूमा सवार भएर एक ठूलो दल,
एक शक्तिशाली सेनाको साथ धेरै जाति-
हरूसित सुदूर उत्तरदेखि तँ आउनेछैनस्?
१६ मेरो प्रजा इस्राएलको विरुद्धमा तँ
आउनेछस्, औ ती भविष्यका दिनहरूमा
तँ पृथ्वीलाई ढाक्ने एउटा बादलझैं हुनेछस्।
हे गोग, तँद्वारा मेरो पवित्रतालाई प्रमाणित
गरेको देख्ता जाति जातिहरूले मलाईनै
चिनून् भनी तँलाई मेरो देशको विरुद्धमा
ल्याउनेछु।'
१७ परमप्रभु परमेश्वरको यो वाणी छ,
'प्राचीन समयमा निरन्तर अगमवाणी गरिरहने
मेरा दास, अगमवक्ताहरू द्वारा तँलाई
इस्राएलको सामना गर्न ल्याउनेछु, भनी मैले
चेताउनी दिएको थिएँ। १८ तर त्यस दिन
जब गोग इस्राएलको देशको विरुद्धमा आउँछ,
तब मेरो क्रोध दन्केर आउनेछ, परमप्रभु
परमेश्वर भन्नुहुन्छ। १९ डाह र प्रचण्ड
क्रोधको साथ, म शपथ खाएर भन्दछु,
'इस्राएलको देशभरिनै त्यस दिन एउटा ठूलो
भैंचालो आउनेछ। २० समुद्रका माछाहरू,
आकाशका पक्षीहरू, जङ्गली जानवर र
जमीनामा घस्रने सबै जन्तुहरू पृथ्वीका
सबै मानिसजाति मेरो सामने काम्नेछन्।
पहाड़हरूमा धाँदा हुनेछन्, गरै गरा भएका
डाँड़ाहरू भत्किनेछन्, र प्रत्येक पर्खाल
जमीनमा ढल्नेछ। २१ म गोगको विरुद्धमा
सबै किसिमका आतंक पठाउनेछु, र त्यसका
मानिसहरूले एका अर्काको विरुद्धमा तरवार
चलाउनेछन्, परमप्रभु परमेश्वर भन्नुहुन्छ!
२२ 'रूढ़ी र रक्तपातद्वारा म त्यसको इन्साफ
गर्नेछु। म त्यसमाथि, त्यसका दलहरूमाथि र
त्यससित भएका जाति जातिहरूका सबै
भीड़हरूमाथि घनघोर वर्षा, ढुङ्गाहरूझैं कड़ा
आसिना, आगो र गन्धक वर्षाउनेछु।
२३ यसरी मेरो महानता र पवित्रताको
प्रमाण दिएर धेरै जातिहरूकहाँ आफैलाई
प्रकट गर्नेछु। तब तिनीहरूले मनै परमप्रभु
हुँ भनी जान्नेछन्।'

गोगको सेना गाड़िएको

३९ अनि हे मानिस, गोगको विरुद्धमा
यो अगमवाणी गर्, परमप्रभु

परमेश्वरको यो वाणी छ, 'हे रोश, मेशेक
र तूबलको राजा गोग, म तेरो विरुद्धमा
छु। २ म तँलाई फनक्क घुमाएर धपाउनेछु।
म तँलाई उत्तरको पल्लो छेउदेखि पक्रेर
इस्राएलका पर्वतहरूमा ल्याउनेछु। ३ म
तेरो देब्रे हातमा भएको धनुलाई हिर्काउनेछु,
र तेरो दाहिने हातमा भएका काँडहरूलाई
खसालिदिनेछु। ४ तँ, तेरा सबै दलहरू
र तेरा मित्र-राष्ट्रहरू इस्राएलका पर्वतहरूमा
ढल्नेछन्। म तँलाई शिकारी पक्षीहरू र
जङ्गली पशुहरूका आहाराको निम्ति दिनेछु।
५ खुला मैदानमा तँ ढल्नेछस्, किनकि
मैलेनै यो भनेको छु। यो परमप्रभु
परमेश्वरको वचन हो। ६ म मागोग र
समुद्रका किनारका देशहरूमा र टापूहरूमा
ढुक्कसित बस्नेहरूमाथि आगो पठाइदिनेछु,
तब तिनीहरूले मनै परमप्रभु हुँ भनी
जान्नेछन्। ७ म मेरो पवित्र नाउँ मेरो
प्रजा इस्राएलको बीचमा प्रकट गर्नेछु, र
त्यो फेरि कहिल्यै अपवित्र पारिनेछैन। औ
अन्यजातिहरूले इस्राएलमा म, परमप्रभु,
पवित्र छु भनी जान्नेछन्।'

८ हेर्, यो बित्न आउनेछ, औ
हुनेनै छ, परमप्रभु परमेश्वर भन्नुहुन्छ,
त्यो दिन जसको विषयमा मैले बोलेको छु।
९ इस्राएलका शहरहरूका बासिन्दाहरू
आउनेछन्, आगो जलाउनलाई हतियारहरू,
साना र ठूला ढालहरू, धनु र काँडहरू,
बर्छा र भालाहरू जम्मा गर्नेछन्। यी
लिएर सात वर्षसम्म तिनीहरूले आगो
जलाउनेछन्। १० तिनीहरूले नता वनबाट
दाउरा बटुल्नेछन्, न जङ्गलहरूबाट दाउरा काटेर
ल्याउनेछन्, तर ती हतियारहरूलेनै तिनीहरूले
आफ्नो आगो जलाउनेछन्। यसरी तिनीहरूले
आफूलाई लुट्नेहरूलाई लुट्नेछन्, र बर्बाद
गर्नेहरूलाई बर्बाद गर्नेछन्, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।'

११ त्यस दिन गोगलाई म इस्राएलमा
एउटा चिहान दिनुको सट्टा खारा समुद्रको
पूर्वपट्टि अबारिमको बँसी दिनेछु। त्यहींनै
तिनीहरूले गोग र त्यसका सारा दललाई
गाड्नेछन्, र सबै अबारिम चारैतिरबाट
थुनिनेछ। औ मानिसहरूले त्यसलाई गोगको
दलको बँसी भन्नेछन्। १२ इस्राएलीहरूले
तिनीहरूलाई सात महीनासम्म गाड्दै रहनेछन्,
र यसरी देशलाई शुद्ध पार्नेछन्। सबै
मानिसहरूले गाड्ने काममा भाग लिनेछन्।
१३ मैले आफ्नो महिमा पाएको दिन
तिनीहरूको निम्ति एक स्मरणीय दिन हुनेछ,
परमप्रभु परमेश्वर भन्नुहुन्छ। १४ देश
शुद्ध पार्नलाई जमीनमा कुनै लाश छोड्यो
कि भनी खोज्नलाई मानिसहरू खटाइनेछन्
सातौं महीनाको अन्त्यमा तिनीहरूले खोज्ने
काम शुरू गर्नेछन्। १५ तिनीहरू देशमा
चारैतिर जानेछन्, र गोगको दलको
बँसीमा त्यो नगाडुञ्जेल कसैले मानिसको
एउटा हाड देख्यो भने त्यसको छेउमा
एउटा चिह्न लगाइराख्नेछ। १६ यसरी त्यस
ठूलो दलको विषयमा कसैले कहिल्यै केही
सुन्नेछैन, र देश यसरी शुद्ध पारिनेछ।'

१७ 'हे मानिस, परमप्रभु परमेश्वरको
यो वाणी छ, सबै किसिमका उड्ने पक्षीहरू
र जङ्गली पशुहरूलाई कराएर भन्, आऊ,
भेला होऊ, चारैतिरबाट भेला भएर मैले
तयार पारेको बलिदानमा आऊ—त्यो ठूलो
बलिदान जो म इस्राएलका डाँडाहरूमा
तिमीहरूका निम्ति तयार गरिरहेछु।
१८ मासु खाऊ र रगत पिऊ, योद्धाहरूको
मासु खाऊ र पृथ्वीका शासकहरूको रगत
पिऊ। यी सबै तिमीहरूका साँढ-भेड़ा र
थुमा, बोका र साँढे र बाशानका भैंसीहरू
हुन्। १९ तिमीहरूका निम्ति मैले तयार
गरिरहेको बलिदानमा अघाउञ्जेल तिमीहरूले
बोसो खानेछौ, र मातुञ्जेल रगत पिउनेछौ।
२० मेरो टेबलमा घोड़ाहरू र तिनका
सवारहरू, योद्धाहरू र लड़ाइँ गर्ने सबै
थरिका मानिसहरू खाएर तिमीहरू तृप्त

हुनेछौ, परमप्रभु परमेश्‍वर यही भन्‍नुहुन्छ।
२१ जाति जातिहरूका बीचमा म मेरो
महिमा प्रकट गर्नेछु। सबैले मैले गरेको
इन्साफ र तिनीहरूमाथि परेको मेरो गह्रौं
हातलाई देख्‍नेछन्। २२ त्यस दिनदेखि
उप्रान्त इस्राएलीहरूले मनै परमप्रभु तिनीहरूका
परमेश्‍वर हुँ भनी जान्‍नेछन्। २३ जाति
जातिहरूले यो जान्‍नेछन् कि इस्राएलीहरू
आफ्नो अपराधले गर्दा देश-निकाला भएका
थिए, किनभने तिनीहरू मप्रति भक्तिहीन
भएका थिए। यसैले मैले तिनीहरूदेखि
आफ्नो मुख लुकाएँ र तिनीहरूलाई आफ्ना
शत्रुहरूका हातमा सुम्पिदिएँ, र तिनीहरू
हरेक तरवारले ढालिए। २४ तिनीहरू
बिटुलो र बागी भएको कारण मैले तिनीहरू-
सित तिनीहरूको व्यवहारअनुसारको बर्ताव
गरें, र मेरो मुख तिनीहरूदेखि लुकाएँ।’
२५ यसकारण परमप्रभु परमेश्‍वरको यो
वाणी छ, ‘म याकूबको सुदिन फर्काइल्याउनेछु,
र सबै इस्राएलीहरूका निम्ति मेरो अनुग्रह
देखाउनेछु। मेरो पवित्र नाउँको महिमा म
कायम राख्‍नेनै छु? २६ जब तिनीहरू
देशमा आफ्नै घरमा ढुक्कसाथ निर्धक्क
भएर बस्‍नेछन् तब तिनीहरूले आफ्नो शर्म
र मप्रति गरेको भक्तिहीनतालाई भुल्‍नेछन्।
२७ जाति जातिहरूका बीचबाट जब म
तिनीहरूलाई आफ्नो घरमा ल्याउनेछु र
तिनीहरूलाई आफ्ना शत्रुहरूका देशबाट भेला
गर्नेछु, तब धेरै जातिहरूले हेरून् भनी म
तिनीहरूलाई एक उदाहरण तुल्याउनेछु।
२८ तिनीहरूले जान्‍नेछन् कि म परमप्रभु
तिनीहरूका परमेश्‍वर हुँ, किनभने मैले तिनी-
हरूलाई जाति जातिहरूका बीचमा देश-
निकालाबास गरेर पठाएको थिएँ, औ मनै
तिनीहरूलाई तिनीहरूको आफ्नै देशको
भूमिमा भेला गराएर ल्याउनेछु, र तिनीहरू-
मध्येको कुनैलाई पनि परदेशमा म छोड्नेछैनँ।
२९ तिनीहरूदेखि म मेरो मुख अब उप्रान्त
लुकाउनेछैनँ, किनभने मैले आफ्नो आत्मा
इस्राएलमाथि खन्याएको छु, परमप्रभु परमेश्‍वर
यही भन्‍नुहुन्छ।’

नाप्ने टाँगो लिएको मानिस

४० हामी देश-निकालाबास भएको
पच्चीसौं वर्षको शुरूमा, महीनाको
दशौं दिनमा, अर्थात् यरूशलेम शहर सर्वनाश
भएको चौधौं वर्षपछि, त्यही दिन परमप्रभुको
हात ममाथि पर्‍यो। २ दर्शनमा उहाँले
मलाई इस्राएलको देशमा ल्याउनुभयो, र
एउटा अति अग्लो डाँडामा मलाई राख्‍नुभयो।
त्यहाँ मतिर फर्केको एउटा शहरका घरहरू-
जस्तै मैले देखें। ३ उहाँले मलाई
त्यतातिर लानुभयो, औ मैले काँसाले बनिएको
जस्तै एउटा मानिसलाई सनको एउटा डोरी
र एउटा टाँगो लिएको र मूल-ढोकाको
छेउमा उभिरहेको देखें। ४ उहाँले मलाई
भन्‍नुभयो, ‘हे मानिस, राम्ररी नियालेर हेर्,
र ध्यानसित सुन्। म जे जे तँलाई
देखाउनेछु सो सबै हृदयमा राख्, किनभने
यसैको निम्ति तँ यहाँ ल्याइएको होस्। तैंले
देखेका सबै कुरा इस्राएलीहरूलाई बता।’
५ मन्दिरको बाहिर चारैतिर एउटा
पर्खाल थियो। लामो हातको नापअनुसार,
जो नापमा साधारण हातको लमाइभन्दा चार
अँगूल लामो हुन्छ, ती मानिसले लिएको
टाँगोको लमाइ छ हात थियो। तिनले त्यस
पर्खालको मोटाइ र उँचाइ नापे। प्रत्येक
एक एक टाँगो थियो। ६ तब तिनी पूर्वतिर
फर्केको एउटा मूल-ढोकामा आए, औ त्यसका
खुड्किलाबाट उक्लेर मूल-ढोकाको सँघार
नापे। त्यसको गहिराइ एक टाँगो थियो।
७ प्रत्येक कोठा एक टाँगो लामो र एक
टाँगो चौडा थियो। कोठाहरूका बीच
बीचमा भएको खाली ठाउँ पाँच पाँच
हातको थियो। औ मन्दिरतिर फर्केको
दलानको आखिरी छेउमा भएको मूल-ढोकाको
सँघार एक टाँगो थियो। ८ तिनले मूल-

ढोकाको दलान नापे। त्यो आठ हात
थियो। त्यसका वर्गाकार-स्तम्भहरू दुइ दुइ
हात बाक्ला थिए। ९ मूल-ढोकाको दलान
चाहिं मन्दिरको नजीक कुनामा थियो।
१० मूल-ढोकामा भएका कोठाहरू जुन चाहिं
पूर्वपट्टि फर्केका थिए, ती एक एकपट्टि तीन
तीनवटा थिए। ती तीनैवटा एकै नापका
थिए, औ तिनका वर्गाकार-स्तम्भहरू पनि
एक एकपट्टि त्यही नापका थिए।
११ तिनले मूल-ढोकामा जाने सँघार नापे।
त्यो दश हात चौड़ा थियो, मूल-ढोका चाहिं
पूरै लमाइभर तेह्र हात चौड़ा थियो।
१२ कोठाहरूको एक एकपट्टि एक एक हात
चौड़ा पेटी थियो। प्रत्येक कोठा छ हात
लामो र छ हात चौड़ा थियो।
१३ आमने-सामनेमा भएका कोठाका
ढोकाहरूबाट, अर्थात् एक कोठाको पछिल्तिर-
बाट सामने कोठाको पछिल्तिरसम्म तिनले
मूल-ढोकाको चौड़ाइ नापे। १४ त्यो
पच्चीस हात थियो, औ दलान चाहिं बीस
हात थियो। मूल-ढोकाको दलानको चारैपट्टि
चोक थियो। १५ सँघारको सामने ढोकादेखि
भित्री मूल-ढोकाको दलानको बाहिरी
भागसम्मको दूरी पचास हात थियो।
१६ कोठाहरू र वर्गाकार-स्तम्भ दुवैका
मूल-ढोकाको भित्रीपट्टि चारैतिर प्वालहरू
थिए, औ दलानका चारैतिर भित्रपट्टि
झ्यालहरू थिए, औ हरेक वर्गाकार-स्तम्भमा
खजूरका बोटहरूका चित्र खोपेर बनाइएका थिए।
१७ तिनले मलाई बाहिरी चोकमा
ल्याए, र मैले त्यस चोकको वरिपरि कोठाहरू
र तिनको सामने ढुङ्गा छापेको भूइँ देखें—
यो छापेको भूइँमाथि तीसवटा कोठाहरू
थिए। १८ ढुङ्गा छापेको भूइँ मूल-ढोकाको
छेउसम्मै गएको थियो। त्यो भूइँको चौड़ाइ
मूल-ढोकाको लमाइ बराबर थियो। यो चाहिं
तल्लो पिँढ़ी थियो। १९ तिनले तल्लो मूल-
ढोकाको सामनेदेखि भित्रको मूल-ढोकाको
बाहिरपट्टिसम्म नापे। त्यो एक सय हात
थियो। तब तिनले मलाई घुमाएर उत्तरतिर
लगे। २० औ मैले उत्तरतिरै फर्केको
एउटा मूल-ढोका देखें, जो बाहिर चोकको
मूल-ढोका थियो। तब तिनले त्यसको लमाइ
र चौड़ाइ नापे। २१ त्यसका कोठाहरू
एकपट्टि तीन तीनवटा साथै त्यसका वर्गाकार-
स्तम्भहरू र दलान पहिलेको मूल-ढोकाका
जत्रै एकै नापका थिए—पचास हात लामो
र पच्चीस हात चौड़ा। २२ त्यसका
झ्यालहरू र त्यसका दलानहरू पनि त्यस्तै
थिए। त्यसका खजूरका बोटहरूका चित्रका
नाप पनि पूर्वतिर फर्केको मूल-ढोकामा
भएकाहरू जत्रै थिए। त्यहाँ जानलाई
सातवटा खुड़किला थिए। चोकको दलान
खुड़किलाको सामने थियो। २३ पूर्वतिरको
जस्तै एउटा मूल-ढोकाबाट उत्तरको
मूल-ढोकाको सामनेको भित्री चोकमा
जाने बाटो थियो। तिनले एक मूल-
ढोकादेखि अर्को मूल-ढोकासम्म नापे। त्यो
एक सय हात लामो थियो। २४ तब
तिनले मलाई घुमाएर दक्षिणतिर लगे। मैले
दक्षिणतिर फर्केको एउटा मूल-ढोका देखें।
२५ तिनले त्यसका कोठाहरू, त्यसका
वर्गाकार-स्तम्भहरू र त्यसका दलान नापे, र
ती पनि अरूजस्तै नापका पाए—पचास हात
लामो र पच्चीस हात चौड़ा। दुवै मूल-
ढोका र दलानका अरूजस्तै चारैतिर झ्यालहरू
थिए। २६ त्यहाँ जानलाई सातवटा
खुड़किलाहरू थिए। ती खुड़किलाहरूको
सामने दलान, र खजूरका बोटहरूका
चित्र खोपिएका वर्गाकार-स्तम्भहरू थिए।
२७ भित्री चोकको एउटा मूल-ढोका थियो,
जोचाहिं दक्षिणतिर फर्केको थियो। तिनले
एउटा मूल-ढोकादेखि अर्को मूल-ढोकासम्म
नापे। त्यो एक सय हात थियो।
२८ तिनले मलाई दक्षिणको मूल-
ढोकादेखि भएर भित्री चोकमा ल्याए।
तिनले त्यो नापे र अरूहरूजस्तै नापका
पाए। २९ त्यसका कोठाहरू, वर्गाकार

स्तम्भहरू, त्यसका दलान सबै त्यस्तै थिए—
पचास हात लामो र पच्चीस हात चौड़ा।
त्यसमा र त्यसको दलानमा चारैतिर झ्यालहरू
थिए। ३० त्यसका चारैतिर पनि दलानहरू
थिए, जो पच्चीस हात लामो र पाँच हात
चौड़ा थियो। ३१ त्यसको दलान बाहिरी
चोकतिर फर्केको थियो। त्यसका वर्गाकार-
स्तम्भहरूमा खजूरका बोटहरूका चित्र खोपेर
बनाइएका थिए। त्यहाँ जानलाई आठवटा
खुड्किला थिए।

३२ तब तिनले मलाई पूर्वतिरको भित्री
चोकमा ल्याए, र मूल्-ढोका नापे, र
अरूजस्तै नापका पाए। ३३ तिनका कोठा-
हरू, वर्गाकार स्तम्भहरू र दलान पनि त्यस्तै
थिए। त्यसमा र त्यसका दलानमा चारैतिर
झ्यालहरू थिए, औ त्यो पचास हात लामो
र पच्चीस हात चौड़ा थियो। ३४ त्यसको
दलान बाहिरी चोकतिर फर्केको थियो, र
हरेक वर्गाकार स्तम्भमा एउटा एउटा खजूरको
बोटको चित्र खोपिएको थियो। त्यहाँ जानलाई
आठवटा खुड्किला थिए। ३५ तब तिनले
मलाई उत्तरको मूल्-ढोकामा ल्याएर त्यो नापे,
औ त्यो पनि अरूजस्तै नापका पाए।
३६ त्यसका कोठाहरू, वर्गाकार-स्तम्भहरू र
दलान त्यस्तै थिए, औ त्यसका चारैतिर
झ्यालहरू थिए। त्यो पचास हात लामो र
पच्चीस हात चौड़ा थियो। ३७ त्यसको
दलान बाहिरी चोकतिर फर्केको थियो, र
त्यसको हरेकपट्टि भएका वर्गाकार-स्तम्भहरूमा
खजूरका बोटाहरूका चित्र खोपिएका थिए।
त्यहाँ जानलाई आठवटा खुड्किला थिए।

३८ मूल्-ढोकाको दलानदेखि एउटा कोठा
निस्केको थियो। त्यहाँ होमबलि धोइन्थे।
३९ होमबलि, पापबलि र दोषबलि मार्नलाई
मूल्-ढोकाको दलानको दुवैपट्टि दुइ दुइवटा
टेबल थिए। ४० बाहिर कुनामा उत्तरको
मूल्-ढोकासम्मै पुग्ने ठाउँमा दुइवटा टेबल
थिए। औ मूल्-ढोकाको दलानको अर्को कुनामा
पनि अरू दुइवटा टेबल थिए। ४१ मूल-
ढोकाको कुनाको एक एकपट्टि अरू चारवटा
टेबल थिए। पशुहरू काटनलाई जम्मा
आठवटा टेबल थिए। ४२ होमबलिको निम्ति
कपेका ढुङ्गाका चारवटा टेबल थिए। प्रत्येक
टेबल डेढ़ हात लामो, डेढ़ हात चौड़ा र
एक हात अग्लो थियो। तिनीहरूले तीमाथिनै
होमबलि र अरू बलिहरूका निम्ति चलाउने
हतियारहरू राख्थे। ४३ बलिदानको मासु
टेबलमाथि राखिन्थे, औ टेबलका बिटदेखि एक
अंगूल चौड़ाको डिल चारैतिर उठाइएको थियो।

४४ त्यसपछि तिनले मलाई भित्री चोकमा
लगे, औ त्यहाँ मैले दुइवटा कोठा देखें।
एउटा चाहिँ उत्तरको मूल्-ढोकाको कुनामा
दक्षिणतिर फर्केको र अर्को चाहिँ दक्षिणको
मूल्-ढोकाको कुनामा उत्तरतिर फर्केको थियो।
४५ तिनले मलाई भने, 'यो दक्षिणतिर फर्केको
कोठा ती पूजाहारीहरूको निम्ति हो जसको
जिम्मामा मन्दिर छ। ४६ उत्तरतिर फर्केको
कोठाचाहिँ ती पूजाहारीहरूको निम्ति हो
जसको जिम्मामा वेदी छ। यी सादोकका
छोराहरू हुन्। लेवीहरूमा तिनीहरू मात्र
परमप्रभुको सेवा गर्नलाई आउनसक्छन्।
४७ तिनले चोक नापे। त्यो वर्गाकार थियो,
एक एकपट्टि एक एक सय हात थियो। औ
वेदीचाहिँ मन्दिरको सामने स्थित थियो।

४८ तब तिनले मलाई मन्दिरको
दलानमा ल्याए, र दलानको वर्गाकार-स्तम्भ
नापे। यो चारैपट्टि पाँच पाँच हात थियो।
मूल्-ढोकाको चौड़ाइ चौध हात र मूल्-ढोकाका
कुलाहरूको चौड़ाइ चारैपट्टि तीन तीन हात
थियो। ४९ दलानचाहिँ बीस हात लामो
र बाह्र हात चौड़ा थियो। त्यसमा उक्लने
दशवटा खुड्किला थिए, औ वर्गाकार-स्तम्भको
छेउमा चारैपट्टि खामाहरू उठेका थिए।

मन्दिरको नाप र त्यसको वर्णन

४१ त्यसपछि तिनले मलाई पवित्रस्थानभित्र
ल्याए र त्यसका वर्गाकार-स्तम्भहरू

नापे। ती एक एकपट्टि छ छ हात चौड़ा
थिए। २ प्रवेश-ढोका दश हात चौड़ा
थियो, र त्यसका कुनाहरू हरेक दिशापट्टि
पाँच पाँच हात थियो। तिनले त्यसको
लमाइ नापे। त्यो चालीस हात थियो,
औ त्यसको चौड़ाइ बीस हात थियो।
३ तिनले भित्र पसेर प्रवेश ढोकामा भएको
वर्गाकार-स्तम्भ नापे। ती दुइ दुइ हात थिए।
प्रवेश ढोका छ हात थियो, औ प्रवेश-ढोकाका
कुनाहरू हरेक दिशामा सात सात हात थिए।
४ तब तिनले पवित्रस्थानको भित्री कोठा
नापे। त्यसका लमाइ र चौड़ाइ हरेक बीस
बीस हात थियो। तिनले मलाई भने, 'यो
चाहिं महा-पवित्रस्थान हो।'

५ तिनले मन्दिरको भित्ता नापे। त्यो
छ हात मोटो थियो, र भवनको चारैतिरको
प्रत्येक गाँसिएको घरको कोठा चार चार
हात थियो। ६ गाँसिएको घर तीन तले
थियो, औ प्रत्येक तलामा तीस तीस कोठा
थिए। मन्दिरको चारैतिर पर्खालमा गाँसिएको
घरको निम्ति टेवाहरू थिए। ती टेवाहरूले
गर्दा मन्दिरको भित्तामा नजोड़ीकनै ती त्यसै-
माथि अड़िएका थिए। ७ कोठाहरू जति
माथि गएका थिए त्यति त्यति चारैतिर
टेवाहरू थपिएकाले ती चौड़ा हुँदै गएका
थिए। ती कोठाहरू मन्दिरको चारैतिर एक
तलामाथि अर्को तला थपिँदै गएका थिए।
मन्दिरमा एउटा सिँढ़ी तलदेखि मास्तिर गएको
थियो। यसरी मानिस सबैभन्दा तल्लो तला-
देखि सबैभन्दा माथिल्लो तलासम्म बीचको
तला भएर जानसक्थ्यो।

८ त्यसपछि मैले मन्दिरको चारैपट्टि
ढुङ्गा छापेर उठाएको पिँड़ी देखें, औ गाँसिएको
घरका जगहरू त्यो सितै मिलाएका थिए।
त्यसको नाप पूरा एक ढाँगो, अर्थात् छ
हात अग्लो थियो। गाँसिएको घरको दलानको
बाहिरी भित्ता पाँच हात बाक्लो थियो।
९ मन्दिरसितै गाँसिएको घरको छेउमा खाली
ठाउँ थियो। त्यो घर यही खाली ठाउँतिर
खुला थियो। १०-११ एउटा प्रवेश-ढोका
उत्तरतिर फर्केको र अर्को चाहिं दक्षिणतिर
फर्केको थियो। त्यो खाली ठाउँ चारैतिर
पाँच पाँच हात चौड़ा थियो। मन्दिरको
चारैतिर बीस हात चौड़ा खुला ठाउँ थियो।
१२ पश्चिमपट्टि खुला ठाउँको पल्लो छेउमा
सत्तरी हात चौड़ा भएको एउटा भवन थियो।
त्यसको भित्ता चारैतिर पाँच हात बाक्लो
थियो, र लमाइ चाहिं नब्बे हात थियो।

१३ तिनले मन्दिर नापे। त्यो एक सय
हात थियो। औ खुला ठाउँ, भवन र त्यसका
भित्ताहरू सबै गरी एक सय हात थियो।
१४ मन्दिरको पूर्वको सामनेपट्टि र खुला ठाउँ
एक सय हात थियो। १५-१६ मन्दिरको
लमाइ खुला ठाउँको पल्लो कुनापट्टि र
मन्दिरको पश्चिमतिर र त्यसका दुवैतिरका
बार्दली तिनले नापे। ती एक सय हात
थिए।

पवित्रस्थान भित्रको आराधना-कोठा र
बाहिरको दलान काठले मोहोरिएका थिए।
ती तीनैवटाका झ्यालहरू चारैतिर काठका
फल्याकहरूले मोहोरिएका थिए। १७-१८ भुइँ-
देखि झ्यालसम्म र ढोकाको मास्तिर भित्री
र बाहिरी कोठाहरू दुवैमा सबै भित्ताका
चारैतिर भित्र र बाहिरपट्टि खोपिएका चित्रहरू
थिए। जोड़ी जोड़ी करूबहरू र तिनका बीचमा
खजूरको बोटको चित्र खोपिएको थियो।
१९ हरेक करूबका दुइ दुइवटा अनुहार
थिए—एउटा मानिसको जस्तै र खजूरतिर अर्को
चाहिं सिंहको जस्तै र अर्को खजूरतिर
फर्केको थियो। मन्दिरको चारैतिर सबै यस्तै
खोपिएको थियो। २० करूबहरू र खजूरको
बोटको चित्र भुइँदेखि ढोकाको टुप्पासम्मै र
पवित्रस्थानको भित्तामा खोपेर बनाइएका थिए।
२१ पवित्रस्थानका ढोकाका खामाहरू वर्गाकार
थए।

२२ पवित्रस्थानको सामने काठको एउटा
वेदीजस्तै देखिन्थ्यो। त्यो तीन हात लामो
र दुइ हात चौड़ा थियो। त्यो कुने-खामा-

हरूसित जोडिएको थियो, औ त्यसको आधार
र पाटाहरू पनि काठकै थिए। तिनले मलाई
भने, 'यो चाहिँ परमप्रभुको सामने
राखिएको टेबल हो।' २३ वासस्थानको दुइ
दुइ-पाटे ढोका थियो, औ पवित्रस्थानको पनि
दुइ-पाटे ढोका थियो। २४ ती दुइ-पाटे
ढोकामा भित्र-बाहिर गर्ने खापाहरू थिए।
प्रत्येक ढोकामा एक एक जोर खापा थिए।
२५ भित्ताहरूमा खोपिएका करूब र खजूरका
बोटका चित्रजस्तै तिनमा पनि खोपिएका
थिए। बाहिरचाहिँ दलानको माथ्तिर काठका
बुट्टेदार कार्निसहरू थिए। २६ दलानका
दुवैपट्टि प्वालहरू थिए, जसका कुना कुनामा
खजूरका बोटका चित्र खोपिएका थिए।

मन्दिरको चोकका कोठाहरू

४२ त्यसपछि तिनले मलाई उत्तरबाट
घुमाएर बाहिरी चोकमा ल्गी खुला
ठाउँहरू र उत्तरका भवनहरूसित फर्केका
कोठाहरूमा ल्याए। २ उत्तरतिरको लमाइ
एक सय हात थियो औ चौडाइ पचास हात
थियो। ३ बीस हात नापको खुला ठाउँतिर
फर्केको र भित्री चोकसित गाँसिएको
र बाहिरी चोकको ढुङ्गा छापेको पिँढीतिर
फर्केको एक अर्कोसित गाँसिएका तीन तला
भएका बार्दलीहरू थिए। ४ कोठाहरूका
सामने दश हात चौडा र एक सय हात
लामो सोतो थियो, जो भित्री चोकतिर गएको
थियो। कोठाका ढोकाहरू उत्तरतिर फर्केका
थिए। ५ बार्दलीहरूले ठाउँ ओगटेको हुनाले
माथिल्ला कोठाहरू बीचका र तल्ला कोठाहरू-
भन्दा साना थिए। ६ किनकि ती सबै
तीन तले थिए, र तिनमा चोकका जस्तै
खामाहरू थिएनन्, जसले गर्दा भूइँ तलाभन्दा
बीचका र माथिल्ला तलाहरू साँघुरिँदै गएका
थिए। ७ पचास हात लामो एउटा बाहिरी
पर्खाल कोठाहरूका समानन्तर तिनकै सामने
बाहिरी चोकको छेउ छेउ गएको थियो।
८ बाहिरी चोकसितै गाँसिएका कोठाहरू
चाहिँ पचास हात लामा थिए, औ पवित्र-
स्थानतिर फर्केकाहरू चाहिँ एक सय हात लामा
थिए। ९ यी कोठाहरूका मन्तिर बाहिर
चोकदेखि चोकको पर्खाल शुरू भएको पूर्वपट्टि
पस्ने ठाउँसम्म एउटा प्रवेश-ढोका थियो।
१०-११ दक्षिणपट्टि खुला ठाउँ र भवनबाट
भएर जाँदा सामनेमा सोतो भएका अरू
कोठाहरू थिए। यी कोठाहरू लमाइ, चौडाइ
र अरू साधारण बनावटमा उत्तरतिर फर्केका
कोठाहरूजस्तै थिए, १२ जसका बाहिर
जाने र भित्र पस्ने ठाउँहरू दक्षिणका कोठा-
हरूका जस्तै एकै किसिमका थिए। पूर्वतिर
जाँदा सोतोहरू शुरू भएको भित्री
पर्खालमा एउटा ढोका थियो। १३ तब
तिनले मलाई भने, 'खुला ठाउँतिर फर्केका
उत्तर र दक्षिणका कोठाहरू अर्पण गरिएका
कोठाहरू हुन्, जहाँ परमप्रभुको सामने जाने
पूजाहारीहरूले भेटीमा चढ़ाएका सबैभन्दा
पवित्र थोकहरू खाने गर्छन्। त्यहाँ तिनीहरूले
नैवेद्य र अन्नबलि, पापबलि र दोषबलि
राख्छन्, किनभने त्यो ठाउँ पवित्र छ।
१४ जब पूजाहारीहरू पवित्रस्थानमा पसेका
हुन्छन्, तब आफ्ना काम गर्दा आफूले
लाएका लुगा यहाँ नफुकाली फेरि बाहिर
चोकमा जानुहुँदैन, किनभने ती पवित्र हुन्।
मानिसहरूलाई बस्न तोकिएको ठाउँमा तिनीहरू
जाँदा तिनीहरूले अर्कै लुगा लाउनुपर्छ।'
१५ जब तिनले भित्री मन्दिर नापिसके
तब तिनले मलाई बाहिर मूल-ढोकामा ल्याए,
जो पूर्वतिर फर्केको थियो, र जम्मै ठाउँलाई
नापे। १६ तिनले नाप्ने टाँगोले पूर्व
भागलाई नापे, त्यो पाँच सय हात थियो।
१७ तिनले फर्केर उत्तरको भागलाई आफ्नो
टाँगोले नापे, त्यो पनि पाँच सय हात
थियो। १८ तिनले फर्केर दक्षिणको भागलाई
आफ्नो टाँगोले नापे, त्यो पाँच सय हात लामो
थियो। १९ तिनले फर्केर पश्चिमतिर आफ्नो
टाँगोले नापे, त्यो पाँच सय हात थियो।

२० यसरी तिनले चारै भाग नापे। हरेक दिशामा घेरिएको पर्खाल पाँच पाँच सय हात लामो थियो। त्यसरीनै पवित्र ठाउँ र अपवित्र ठाउँको सीमाना अलग गरिएको थियो।

परमप्रभुको महिमाले भवन भरिएको

४३ तब तिनले मलाई मूल-ढोकामा लगे—त्यो मूल-ढोका जो पूर्वपट्टि फर्केको थियो, २ औ मैले इस्राएलका परमेश्वरको महिमा पूर्वबाट आइरहेको देखें। उहाँको सोर शक्तिशाली पानीको छाल्को आवाजजस्तै थियो, र पृथ्वी उहाँको महिमाले चम्क्यो। ३ मैले देखेको रूप त्यही जस्तो थियो जब उहाँ शहरलाई सर्वनाश पार्नलाई आउनुहुँदा मैले देखेको थिएँ, औ त्यस्तै, जो कबार नदीको किनारमा मैले देखेको थिएँ। तब म भूईंमा घोप्टो परें। ४ परमप्रभुको महिमा चाहिं पूर्वपट्टि फर्केको मूल-ढोकाबाट मन्दिरसम्मै आयो। ५ आत्माले मलाई उचाल्यो र मलाई भित्री चोकमा ल्यायो, औ परमप्रभुको महिमाले मन्दिर भरियो। ६ तब मन्दिर-बाट कोही बोल्रिहेको मैले सुनें। औ यी मानिस चाहिं मेरो छेउमा उभिरहेका थिए। ७ बोल्नेले मलाई भन्नुभयो, 'हे मानिस, के तैंले मेरो सिंहासनको ठाउँ, मेरो पाउदान, इस्राएलीहरूसित सदा सर्वदै बस्ने ठाउँ देखिस्? तिनीहरूले र तिनीहरूका राजाहरूले आफ्नो मनमानी भक्तिहीनता र तिनीहरूका मरिसकेका राजाहरूका मृत-शरीर-द्वारा मेरो पवित्र नाउँलाई फेरि कहिल्यै अशुद्ध पार्नेछैनन्। ८ तिमीहरूले आफ्ना महलको सँघार मेरो भवनको सँघारसितै, र तिनीहरूका महलको चोक मेरो भवनको चोकससितै गाँसेर बनाए। तिनीहरूको महल र मेरो भवनको बीचमा एउटा पर्खाल मात्र राखे, र तिनीहरूले गरेका घिनलाग्दा कामहरूद्वारा मेरो पवित्र नाउँलाई अपवित्र पारे। यसैले मेरो क्रोधमा मैले तिनीहरूलाई नाश पारें। ९ तर अब तिनीहरूले आफ्नो मनमानी भक्तिहीनतालाई त्याग्नेछन्, र तिनीहरूका मरिसकेका राजाहरूका मृत-शरीर मबाट हटाउनेछन्, र म तिनीहरूका बीचमा सदा सर्वदा विराजमान हुनेछु।
१० यसकारण हे मानिस, इस्राएलीहरूलाई यस मन्दिरको आकार र यसको बनावटको विषयमा भन्, र तिनीहरू आफ्ना अधर्महरूका निम्ति लज्जित होऊन्।
११ यदि तिनीहरूले जे गरेका छन् ती सबैका निम्ति लज्जित भए भने तैंले तिनीहरूलाई यो मन्दिर र यसको बनावट, यसका बाहिर जाने र भित्र पस्ने ढोकाहरू, यसका उँचाइ र चित्र, यसको हरेक कुराको वृतान्त गरिदे। तिनीहरूलाई यसको वर्णन गरिदे, र तिनीहरूका आँखाकै सामने यसको चित्र आओस्, र तिनीहरूले त्यो तिनीहरूका मनमा राखून् र त्यहीअनुसार बनाऊन्।
१२ डाँडाको टुप्पामा बनाइने मन्दिरको चित्र यही हो! त्यसका चारैतिर भएका सीमाना महा-पवित्र हुनेछन्।
१३ वेदीको आयतको नाप हातको नापअनुसार यस्ता हुन्, (एक हातको नाप एक हात र एक अङ्गुल)। वेदीको उँचाइ यस्तो थियो—त्यसको आधार एक हात अल्गो बाहिर निस्केको थियो। त्यसको छेउमा एक बित्ता गहीरो बिट थियो।
१४ जमीनमा भएको आधारदेखि तल्लो तहको एक हाते-चौडा किनारसम्म दुइ हात थियो, औ हौंचो तहदेखि अल्गो तहको एक हाते-चौडा किनारसम्म चार हात थियो। १५ वेदीको अगेनु चार हात अल्गो थियो, औ एक एक हात अल्गो चारवटा सीङ्हरू त्यसका चारै कुनामा माथितिर निस्केका थिए। १६ अगेनुचाहिं बाह हात लामो र बाह हात चौडा औ ठीक वर्गाकार थियो। १७ माथिल्लो तह

चारैतिर चौध हात लामो र चौध हात
चौड़ा थियो, औ त्यसको चारैतिरको बिट
आधा हात गहीरो थियो। वेदीको आधार
एक हात बाहिर निस्केको थियो, औ
पूर्वतिर फर्केका खुड्किला पनि थिए।'

भवनका विधिहरू

१८ तिनले मलाई भने, 'हे मानिस,
परमप्रभु परमेश्वरको यो बाणी छ—होमबलि
चढ़ाउन र रगत छर्कनलाई वेदी बनाइसकेपछि
विधिहरू यिनै हुन्। १९ सादोकवंशी लेवी
पूजाहारीहरू मात्र मेरो सेवा गर्न मेरो
नजीक आउनसक्नेछन्, परमप्रभु परमेश्वर
भन्नुहुन्छ। २० तैंले तिनीहरूलाई पाप-
बलिको निम्ति एउटा बाछो खटाइदिनू।
तैंले त्यसको रगतबाट केही लिएर वेदीका
चारै सींङ, माथिल्लो तहका चारै कुना र
बिटका चारैतिर लगाउनू। यसरी तैंले त्यो
शुद्ध पार्नू र पवित्र तुल्याउनू। २१ त्यसपछि
पापबलिको बाछो ल्याएर पवित्रस्थानको
बाहिरपट्टि तोकिएको स्थानमा तिनीहरूले त्यो
आगोमा डढ़ाउन्। २२ दोस्रो दिन तैंले
एउटा निष्खोट बोका पापबलिको निम्ति
चढ़ाउनू। यसरी तिनीहरूले बाछाले वेदी
शुद्ध पारेझैं यसले पनि तिनीहरूले वेदी शुद्ध
पार्नेछन्। २३ जब तैंले वेदी पूरै शुद्ध
पारेको हुनेछस्, तब तैंले एउटा निष्खोट
बाछा र बगालबाट एउटा निष्खोट भेड़ा
चढ़ाउनू। २४ तैंले तिनलाई परमप्रभुको
सामने चढ़ाउनू। पूजाहारीहरूले तिनमा नून
छर्केर परमप्रभुको सामने होमबलि गरी
ती चढ़ाउनेछन्। २५ सात दिनसम्म
पापबलिको निम्ति दिनहुँ बगालबाट एउटा
बोका, एउटा बाछा र एउटा भेड़ा चढ़ाउने
गर्नू। ती सबै निष्खोट हुनुपर्छ। २६ सात
दिनसम्म तिनीहरूले वेदी पवित्र गर्नुपर्छ, र
विधिपूर्वक त्यसलाई पवित्र घोषणा गरी अर्पण
गर्नुपर्छ। २७ जब ती दिनहरू पूरा
हुन्छन्, अर्थात् आठौं दिनमा औ त्यस
उप्रान्त पनि पूजाहारीहरूले वेदीमा तिमीहरूका
होमबलि र मेलबलि चढ़ाउने गरून्, र म
तिमीहरूलाई ग्रहण गर्नेछु, परमप्रभु परमेश्वर
भन्नुहुन्छ।'

पवित्रस्थान बिटुलिन नपाओस्

४४ औ तिनले मलाई फेरि पूर्वपट्टि
फर्केको पवित्रस्थानको बाहिरी मूल-
ढोकामा घुमाएर ल्याए, औ त्यो बन्द थियो।
२ तब परमप्रभुले मलाई भन्नुभयो, 'यो
मूल-ढोका बन्दै रहनेछ। त्यो खोल्नुहुँदैन।
त्यसबाट कोही मानिस पस्नेछैन, किनभने
परमप्रभु इस्राएलका परमेश्वर त्यहाँबाट
प्रवेश गर्नुभएको छ। त्यो बन्दै रहनेछ।
३ तापनि राजाचाहिं ता, जब तिनी
राजाको रूपमा यहाँ आउँछन्, परमप्रभुको
सामने भोजन गर्नलाई यहाँ बस्नसक्छन्।
तिनी मूल-ढोकाको दलानबाट भित्र जान र
बाहिर निस्कनेछन्।'
४ उहाँले मलाई घुमाएर मन्दिरपट्टि
फर्केको उत्तरी मूल-ढोकामा ल्याउनुभयो, औ
मैले परमप्रभुको महिमाले परमप्रभुको भवन
भरिरहेको देखें, र म भूइँमा घोप्टो परें।
५ तब परमप्रभुले मलाई भन्नुभयो, 'हे
मानिस, परमप्रभुको भवनको निम्ति सबै
नियम र विधिहरूको विषयमा मैले तँलाई
भनेका सबै कुरामा राम्ररी ध्यान दे। तिनलाई
नियालेर हेर्, र राम्ररी सुन्। परमप्रभुको
भवनको पस्ने ठाउँ र पवित्रस्थानको बाहिर
निस्कने सबै ठाउँहरूलाई राम्ररी हेर्।
६ बागी इस्राएललाई भन्, 'परमप्रभु
परमेश्वरको यो बाणी छ, हे इस्राएली हो,
तिमीहरूका घिनलाग्दा काम अति भयो!
७ जब तिमीहरूले मेरो भोजन, अर्थात्
बोसो र रगत मलाई चढ़ाउँथ्यौ, तब
विदेशीहरू, शरीर र मनमा खतना नभएका-
हरूलाई मेरो पवित्रस्थानमा ल्याएर त्यो

अपवित्र पार्‍यौ, औ तिनीहरूले मेरो करार
भङ्ग गरे, र यसरी तिमीहरूले आफ्ना
घिनलाग्दा कामहरू बढ़ायौ। ८ मेरो
पवित्र थोकका जिम्मावार तिमीहरू आफै
हुनको सट्टा तिमीहरूले मेरो पवित्रस्थानको
जिम्मा यी मानिसहरूका हातमा दियौ।'
९ परमप्रभु परमेश्वरको यो वाणी छ,
'कुनै पनि विदेशी जो मन र शरीरमा
खतनारहित छ, मेरो पवित्रस्थानमा प्रवेश
गर्नेछैन, इस्राएलका बीचमा बस्ने कुनै बिदेशी
पनि प्रवेश गर्न पाउनेछैन। १० तर जब
इस्राएलीहरू आफ्ना मूर्तिहरूतिर बरालिएर
गएका थिए र आफ्ना अधर्मको दण्ड
तिनीहरूले पाए, औ यद्यपि लेवीहरूले मलाई
त्यागेका थिए तापनि तिनीहरूले मेरो
पवित्रस्थानमा सेवा गर्नसक्नेछन्। ११ तिनी-
हरूले मन्दिरका मूल-ढोकाहरूका जिम्मा
लिएर त्यहाँ सेवा गर्नेछन्। तिनीहरूले
होमबलि मार्नेछन्, र मानिसहरूका निम्ति
बलिदान चढ़ाउनेछन्, औ तिनीहरूको सेवा
गर्नलाई सधैँ उपस्थित हुनेछन्। १२ किनभने
तिनीहरूले आफ्नै मूर्तिहरूका सामने
तिनीहरूको सेवा गरे, र इस्राएललाई
तिनीहरूका अधर्मले तल भूइँसम्मै खसाले,
परमप्रभु परमेश्वर भन्नुहुन्छ, तिनीहरूले
आफ्नो अधर्मको दण्ड भोग्नै पर्छ भनी मैले
आफ्नो हात उठाएर शपथ खाएको छु।
१३ तिनीहरू पूजाहारीहरूलेझैं मेरो सेवा
गर्न मकहाँ आउन पाउनेछैनन्। तिनीहरू
मेरो पवित्र थोकहरू अथवा महा-पवित्रस्थानको
नजीक आउन पाउनेछैनन्। आफूले गरेका
घिनलाग्दा कामहरूको शर्म तिनीहरूले भोग्ने-
छन्। १४ मन्दिरमा गरिने सबै सेवा, जो
त्यहाँ गर्नुपर्नेछ, तिनीहरूको जिम्मा म
तिनीहरूलाई नै दिनेछु।

पूजाहारीहरूको निम्ति नियमहरू

१५ तर सादोकको परिवारका लेवी
पूजाहारीहरू चाहिँ ता इस्राएलीहरू मबाट
बरालिएर गए तापनि मेरो पवित्रस्थानको
जिम्मामा नै बसिरहे। यसैले यिनीहरू चाहिँ
मेरो सेवा गर्न मेरो नजीक आउन
पाउनेछन्। तिनीहरू मेरो सेवा-टहलको
निम्ति बोसो र रगत लिएर आउनेछन्,
परमप्रभु परमेश्वर भन्नुहुन्छ। १६ तिनीहरूनै
मेरो पवित्रस्थानमा पस्नेछन्, र मेरो सेवा गर्न
मेरो टेबलको नजीक आउनेछन्, र मेरो
कामको जिम्मा लिनेछन्। १७ जब
तिनीहरू भित्री चोकको मूल-ढोकामा आउनेछन्
तब तिनीहरूले सुती लुगा लाउनेछन्।
तिनीहरूले भित्री चोकका मूल-ढोकाहरूमा र
भित्रपट्टि मेरो सेवा गर्दा ऊनी लुगा
लाउनेछैनन्। १८ तिनीहरूले सुती फेटा र
सुती भित्री सुरुवाल लाउनेछन्। तिनीहरूले
पसीना आउने पटुका कस्नेछैनन्, १९ जब
तिनीहरू बाहिरी चोकमा मानिसहरूकहाँ
जानेछन् तब सेवा गर्दा लाएका लुगाहरू
फुकाउनुपर्छ, ती पवित्र कोठाहरूमा राखेर
अर्को लुगा लाउनुपर्छ, नत्रता तिनीहरूका
ती वस्त्रद्वारा मानिसहरूमा पवित्रताको प्रसार
होला।

२० तिनीहरूले नता आफ्ना केश
मुढाउनेछन् न तिनलाई लामो बढ़्न दिनेछन्।
तिनीहरूले आफ्नो केश छोटो गरी
काट्नेछन्। २१ भित्री चोकमा जाँदा कुनै
पूजाहारीले मद्यपान गर्नेछैन। २२ कुनै
पूजाहारीले विधवालाई अथवा त्यागिएकी
स्त्रीलाई विवाह गर्नेछैन। त्यसले इस्राएलको
कुलमा जन्मेकी कन्ये-केटीलाई विवाह
गर्नसक्छ। त्यसले कुनै पूजाहारीको
विधवालाई चाहिँ विवाह गर्नसक्छ।

२३ तिनीहरूले मेरो प्रजालाई पवित्र
र अपवित्र कुरा छुट्याउनु सिकाउनेछन्, औ
तिनीहरूलाई शुद्ध र अशुद्धको भिन्नता
देखाउनेछन्। २४ कलह-फूट हुँदा तिनीहरू
अदालतमा बसेर मेरो व्यवस्थाबमोजिम
तिनीहरूको मुद्दा फैसला गर्नेछन्। मैले

तोकेको समयमा तिनीहरूले मेरा व्यवस्था र
धर्म-विधिहरू पालन गर्नेछन्। तिनीहरूले
विश्राम-दिनलाई पवित्र मान्नेछन्।
२५ आमा-बाबु, छोरा-छोरी, दाज्यू-भाइ
अथवा अविवाहित दिदी-बहिनीको लाशबाहेक
कुनै मरेको मानिसलाई छोएर तिनीहरूले
आफूलाई बिटुलो पार्नेछैनन्। २६ चोखिएका
सात दिनपछि तिनीहरू शुद्ध हुनेछन्।
२७ जब तिनीहरू पवित्रस्थानमा सेवा
गर्न भित्री चोकमा पस्नेछन्, तब
तिनीहरूले आफ्नो पापबलि चढ़ाउनुपर्छ,
परमप्रभु परमेश्वर भन्नुहुन्छ।'

पूजाहारीहरूको हक

२८ तिनीहरूले इस्राएलमा कुनै पैतृक-
सम्पत्ति पाउनेछैनन्। तिनीहरूका पैतृक-सम्पत्ति
मनै हुँ। तिमीहरूले इस्राएलमा तिमीहरूलाई
जग्गा-जमीनको निजी अधिकार नदिनू। मनै
तिनीहरूको निजी अधिकार हुँ। २९ अन्न-
बलि, पापबलि र दोषबलि तिनीहरूलेनै खाने
गरून्। औ इस्राएलका परमेश्वरलाई भाकल
गरिएका सबै थोक तिनीहरूका हुनेछन्।
३० अगौटेफलका सबैभन्दा पहिले फलहरू र
तिमीहरूका सबै किसिमका भेटी जम्मै
पूजाहारीहरूकानै होऊन्। तिमीहरूको घरमा
आशिष आउनलाई आहीमा मुछेको
सबैभन्दा पहिलो ढिको पनि पूजाहारी-
हरूलाईनै दिनू। ३१ पूजाहारीहरूले आफै
मरेको होस् अथवा फहराएर मारिएको होस्
पक्षी कि पशुको मासु नखाऊन्।

पूजाहारीहरू, लेवीहरू र राजाहरूका निम्ति जग्गा-जमीन

४५ जब तिमीहरूले गोला हालेर कुल
कुललाई तिनीहरूका अधिकारको निम्ति
देश अंश-बण्डा गरिदिन्छौ तब तिमीहरूले
त्यसबाट परमप्रभुको निम्ति एक पवित्र ठाउँ
अलग्गै छुट्टयाउनू—त्यसको लम्बाइ पच्चीस
हजार हात र चौड़ाइ बीस हजार हात होस्।
घेरा भित्रको त्यो जम्मै भाग पवित्र होस्।
२ त्यसबाट लम्बाइ र चौड़ाइ दुवै पाँच पाँच
सय हात भएको एउटा वर्गाकार जग्गा
पवित्रस्थानको निम्ति राख्नू, पचास हात
खुला ठाउँ त्यसको चारैतिर होस्। ३ यही
क्षेत्रबाट पच्चीस हजार हात लामो र दश
हजार हात चौड़ा एउटा ठाउँ नाप्नू, जहाँ
पवित्रस्थान र सबैभन्दा महा पवित्रस्थान
हुनेछन्। ४ यो ठाउँ चाहिं पवित्रस्थानमा
परमप्रभुको सेवा गर्दा साह्रै नजीक
आउने पूजाहारीहरूका निम्ति होस्। त्यसै
भित्र तिनीहरूका घरहरूका निम्ति जग्गा
र पवित्रस्थानको निम्ति एउटा पवित्र
ठाउँ हुनेछन्। ५ पच्चीस हजार हात लामो
र दश हजार हात चौड़ा भएको एउटा क्षेत्र
मन्दिरका सेवक, लेवीहरूका निम्ति हुनेछ।
त्यसैमा तिनीहरूका बस्ने शहरहरू हुनेछन्।
६ पवित्र ठाउँको छेवैमा तिमीहरूले प्रत्येक
शहरलाई पच्चीस हजार हात लामो र पाँच
हजार हात चौड़ा भएको क्षेत्र दिनू। यो
चाहिं सबै इस्राएलीहरूका निम्ति हुनेछ।
७ पवित्र ठाउँ र शहर बसेको दुवैपट्टि
राजाको जग्गा हुनेछ, जो पवित्रस्थान र
शहर बसेको ठाउँतिर फर्केको हुनेछ, औ
पश्चिममा पश्चिमतिरै र पूर्वमा पूर्वतिरै गएको
हुनेछ। त्यो चाहिँ कुलहरूले पाएको एउटा
भागको छेउ छेवै भएर जानेछ, औ देशको
पश्चिम र पूर्व दुवै सीमानातिर फैलिएर गएको
हुनेछ। ८ यो चाहिँ इस्राएलमा त्यसको
जग्गा हुनेछ। इस्राएलका राजाहरूले मेरो
प्रजालाई फेरि कहिल्यै अत्याचार गर्नेछैनन्,
तर तिनीहरूले इस्राएलीहरूलाई कुल कुल
अनुसार जग्गा-जमीन दिनेछन्।'

न्याय कायम राख्न राजाको कर्तव्य

९ परमप्रभु परमेश्वरको यो वाणी छ—

हे इस्राएलका राजा हो! बस्, अब
भयो! उपद्रव र डकैती बन्द गर! न्याय
र इन्साफ़ कायम राख। मेरो प्रजालाई
शान्ति देऊ, र तिनीहरूलाई आफ्नो
अधिकारको ठाउँबाट निष्कासन नगर,
परमप्रभु परमेश्वर भन्नुहुन्छ। १० तिमीहरूका
ढक-तराजु ठीक तौल देखाउने होऊन्।
तिमीहरूका माना-पाथी पनि ठीक नापका
होऊन्। ११ हरेकको एक समान नाप
होस्, अर्थात् होमेरको दशांश भाग, औ
होमेर पनि तोकिएको नापको होस्।
१२ तिमीहरूको शेकेलको तौल बीस गेराको
होस्। तिमीहरूको मीना दश, पच्चीस र
पन्ध्र शेकेलको होस्।'

मानिसहरूले चढ़ाउने भेटी

१३ तिमीहरूले यो भेटी चाहिं अलग्गै
राख्नू—गहुँ वा जौको एक एक होमेरबाट
एपाको छैटौं भाग। १४ तेलको निम्ति
नियम चाहिं एक एक कोरबाट बतको दशौं
भाग (दश बत बराबर एक कोर)।
१५ इस्राएलको हरेक कुलले बगालको दुइ
सय भेड़ाहरूमध्ये एउटा अलग्गै राखोस्।
१६ आफ्नो प्रायश्चितको निम्ति देशका सबै
मानिसहरूले अन्नबलि, होमबलि र मेलबलिको
निम्ति यी भेटीहरू इस्राएलका राजाहरूकहाँ
ल्याउने गरून्, परमप्रभु परमेश्वर भन्नुहुन्छ।
१७ औ झुप्रो-बासको चाड़, औंसी,
विश्राम-दिन र इस्राएलीहरूले मान्ने सबै पवित्र
चाड़हरूमा चढ़ाउनलाई होमबलि, अन्नबलि,
अर्घबलिको जिम्मावार राजानै हुनेछ।
इस्राएलको प्रायश्चितको निम्ति चाहिने
पापबलि, अन्नबलि, होमबलि र मेलबलि
त्यसलेनै जुटाउनुपर्छ।'

१८ परमप्रभु परमेश्वरको यो वाणी छ—
'पहिलो महीनाको पहिलो दिनमा तिमीहरूले
एउटा निष्खोट बाछा लिएर पवित्रस्थानलाई
शुद्ध गर्नू। १९ पूजाहारीले पापबलिको
केही रगत लिएर मन्दिरको ढोकाका चौकस-
हरू, वेदीको सँघारका चारै कुनामा र भित्री
चोकका मूल-ढोकाका खामाहरूमा छर्किनू।
२० महीनाको सातौं दिनमा पनि तिमीहरूले
त्यसै गर्नू। यसरी मन्दिरको निम्ति तिमीहरूले
प्रायश्चित गर्नू।

२१ पहिलो महीनाको चौधौं दिनमा
तिमीहरूले निस्तार-चाड़, अर्थात् सात दिनको
झुप्रो-बासको चाड़ मान्ने गर्नू। रोटी अखमीरे
खानूपर्छ। २२ त्यस दिन राजाले आफ्नो
र सबै मानिसहरूका निम्ति पापबलिको एउटा
गोरु ल्याउनुपर्छ। २३ चाड़को सात
दिनसम्म त्यसले दिनहुँ परमप्रभुको निम्ति
सातवटा निष्खोट गोरु र सातवटा भेड़ा
होमबलि गरी, औ दिनहुँ एउटा बोका
पापबलि गरी चढ़ाओस्। २४ हरेक गोरु
र भेड़ाको साथ त्यसले एक एपा अन्नबलि
र हरेक एपाको निम्ति एक हीन तेल
चढ़ाओस्। २५ त्यसले झुप्रो-बासको चाड़मा
सातौं महीनाको पन्ध्रौं दिनमा पनि त्यसरीनै
गरोस्। यो पनि सात दिन भइरहोस्, औ
त्यसले त्यही पापबलि र होमबलि औ अन्न
र तेल त्यही नापमा चढ़ाउने गरोस्।'

विश्राम-दिन र औंसीमा चढ़ाउने बलिदान

४६ परमप्रभु परमेश्वरको यो वाणी छ—
'भित्री चोकको पूर्वपट्टिको मूल-ढोका
हप्ताको छ दिनसम्मै थुनिराखियोस्। केवल
विश्राम-दिन र औंसीको दिन त्यो खुला रहोस्।
२ जब राजा बाहिरदेखि मूल-ढोकाको
दलानबाट भएर आउँछ तब त्यो ढोकाको
चौकसको छेउमा उभिरहोस् र पूजाहारीहरूले
राजाको होमबलि र मेलबलि चढ़ाऊन्।
त्यसले मूल-ढोकाको सँघारको खुड़किलामा
दण्डवत् गरेर बाहिर जाओस् तर मूल-ढोका
चाहिं बेलुकीसम्मै नथुनिओस्। ३ विश्राम-
दिन र औंसीमा मानिसहरूले पनि मूल-

ढोकामा परमप्रभुको सामने दण्डवत् गरून्।
४ होमबलि जो राजाले परमप्रभुको निम्ति चढ़ाउँछ त्यो यस्तो हुनुपर्छ—विश्राम-दिनमा छवटा निष्खोट भेड़ा र एउटा निष्खोट साँढ़-भेड़ो। ५ अन्नबलि चाहिं साँढ़-भेड़ासित एक एपा र अरू भेड़ाहरूसित चाहिं जति इच्छा लाग्छ त्यतिनै, त्यससँग हरेक एपाको निम्ति एक हीन तेल।
६ औंसीमा चाहिं एउटा निष्खोट बाछा, छवटा भेड़ा र एउटा साँढ़-भेड़ो, जम्मै निष्खोट हुनुपर्छ। ७ त्यसले बाछासितै अन्नबलि एक एपा र साँढ़-भेड़ासित पनि एक एपा र अरू भेड़ाहरूसित जति दिनुसक्छ त्यति, साथै एक एक एपाको निम्ति एक हीन तेल थपेर चढ़ाओस्।

बलिदानको नियम

८ जब राजा भित्र आउँछ तब त्यो मूल-ढोकाको दलानबाट भएर भित्र पसोस्, औ त्यही बाटो भएर बाहिर निस्कोस्।
९ तर चाड़हरूका दिनमा जब मानिसहरू परमप्रभुको सामने आउँछन् तब उत्तरको मूल-ढोकाबाट दण्डवत् गर्नलाई भित्र पस्ने मानिस दक्षिणको मूल-ढोकाबाट बाहिर निस्कोस् औ दक्षिणको मूल-ढोकाबाट भित्र पस्ने मानिस उत्तरको मूल-ढोकाबाट बाहिर निस्कोस्। त्यो भित्र आएको मूल-ढोकातिर फर्केर त्यसैबाट बाहिर नजाओस्, तर सीधै जाओस्। १० त्यति बेला राजा पनि तिनीहरूसितै, तिनीहरू भित्र जाँदा भित्र जाने र बाहिर आउँदा बाहिर आउने गरोस्।
११ झुप्रो-बासको चाड़ र अरू चाड़का दिनमा अन्नबलि चाहिं एक एपा एउटा बाछासित, एक एपा साँढ़-भेड़ासित र अरू भेड़ासित चाहिं त्यसले जति इच्छा लाग्छ त्यतिनै एक एक एपाको निम्ति एक हीन तेलसितै चढ़ाओस्।
१२ जब राजाले परमप्रभुमा आफ्नै राजीखुशीको होमबलि अथवा मेलबलि चढ़ाउँछ तब त्यसको निम्ति पूर्वको मूल-ढोका खोलिदेओस्, औ त्यसले आफ्नो होमबलि र मेलबलि विश्राम-दिनमा चढ़ाएझैं चढ़ाओस्। त्यो बाहिर निस्केपछि मूल-ढोका पनि झट्टै थुनिओस्।
१३ तिमीहरूले परमप्रभुको निम्ति एक वर्षे निष्खोट भेड़ा दिनहुँ होमबलि गरी चढ़ाउनू। तिमीहरूले त्यो दिनहुँ बिहान बिहान चढ़ाउने गर्नू। १४ त्यससँग बिहानै-पिच्छे अन्नबलि गरी एपाको छैटौं भाग र पीठो भिजाउनलाई तेलको एक तिहाइ भाग चढ़ाउनू। यो परमप्रभुको अन्नबलिको नित्य मान्ने विधि हो। १५ बिहानैपिच्छे नियमित होमबलि गरी तिमीहरूले एउटा भेड़ो अन्नबलि र तेलसित चढ़ाउने गर्नू।'

राजा र तिनका दानहरू

१६ परमप्रभु परमेश्वरको यो वाणी छ, 'जब राजाले आफ्नो कुनै एउटा छोरालाई आफ्नो जायदातबाट दान दिन्छ तब त्यो जायदात त्यसका छोराहरूको होस्, किनभने त्यो त्यसको सन्तानको जायदातको अंश हो।
१७ तर जब त्यसले यस्तो दान आफ्ना दासहरूमध्येको कुनै एउटालाई दिन्छ भने त्यो दासत्वबाट मुक्त नहुने वर्षसम्म मात्रै त्यसको होस्, त्यसपछि त्यो फेरि राजाकै हुनेछ। त्यो त्यसका छोराहरूको जायदात हो, र त्यो तिनीहरूकै होस्।
१८ राजाले आफ्नो प्रजाको जग्गा-जमीन लिएर तिनीहरूलाई अत्याचार नगरोस्। त्यसले आफ्नै जग्गा-जमीनबाट केही भाग आफ्ना छोराहरूलाई अधिकारको रूपमा देओस्। यसरी मेरो प्रजा आफ्नो जग्गा-जमीनबाट तितर-बितर भएर अलग नहोऊन्।

भान्सा घरहरू

१९ तब तिनले मलाई मूल-ढोकाको
छेउमा भएको प्रवेश-ढोकाबाट भएर उत्तरतिर
फर्कका कोठाहरूमा ल्याए, (यी पवित्र
कोठाहरू पूजाहारीहरूका निम्ति अलग
राखिएका थिए, र पश्चिमतिरको छेउको
एउटा कोठालाई देखाउँदै तिनले मलाई भने,
२० 'यो त्यही ठाउँ हो जहाँ पूजाहारी-
हरूले दोषबलि र पापबलिका मासु उमाल्ने
र अन्नबलिका चीजहरू पकाउने गर्छन्।
तिनीहरूले यो बाहिर लैजानु हुँदैन, नत्रता
तिनीहरूका ती वस्त्रद्वारा मानिसहरूमा
पवित्रताको प्रसार होला।'
२१ त्यसपछि तिनले मलाई बाहिरी
चोकमा र चोकका चारै कुनातिर ल्याए,
हरेकको छेउ छेउमा अरू चोक थिए।
२२ यी चारै चोक चारैतिरबाट बन्द भएका
र एकै नापका थिए—चालीस हात लामो
र तीस हात चौड़ा थिए। २३ चारैवटाका
चारैपट्टि ढुङ्गाका लहर थिए। ती
लहरहरूका छेउ छेउमा सामनेपट्टि
चुल्हाहरू बनाइएका थिए। २४ तिनले
मलाई भने, 'यी तिनै भान्सा-घरहरू हुन्
जहाँ मानिसहरूले चढ़ाउने बलिदानहरू
चाकरहरूले उमाल्ने गर्छन्'।

मन्दिरबाट जीवनका खोलाहरू निस्केका

४७ तिनले मलाई फर्काएर मन्दिरको
मूल-ढोकामा ल्याए, औ मैले
मन्दिरको सँघारको मन्तिरबाट पानीको एउटा
मूल पूर्वतिर बगिरहेको देखें, किनभने मन्दिर
पूर्वतिर फर्केको थियो। पानी वेदीको
दक्षिणतिर दक्षिणपट्टिबाट बगिरहेको थियो।
२ तिनले मलाई उत्तरको मूल-ढोका भएर
बाहिर ल्याए, र बाहिरको एउटा बाटोदेखि
घुमाएर चोकको पूर्वको मूल-ढोकामा ल्याए।
पानी चाहिं दाहिनेतिरबाट अलि अलि गर्दै
निस्करहेको थियो। ३ ती मानिस पूर्वतिर
जाँदा तिनको हातमा एउटा टाँगो लिएको
थियो। तिनले एक हजार हात नाघेर मलाई
पानीबाटभएर हिंड़नलगाए। पानी मेरो
गोलीगाँठोसम्म भयो। ४ तिनले अरू
एक हजार हात नापे र मलाई पानीबाट
भएर हिंड़नलगाए। पानी मेरो घुँड़ासम्म
भयो। तिनले अरू एक हजार हात नापे
र मलाई पानीबाट भएर हिंड़नलगाए। पानी
मेरो कम्मरसम्म भयो। ५ अरू एक हजार
हातपछि त्यो भल बढ़ेर आएको जस्तो भयो,
र म पारि जानसकिनँ, किनभने पानी बढ़ेको
थियो पौरनु सक्ने गहीरो भएको थियो।
त्यो ता भल बढ़ेर आएको जस्तै भएको
थियो, र पारि जान सकिँदैन थियो।
६ तिनले भने, यो हेरिराख्, हे मानिस
तिनले मलाई फेरि भल आएको नदीको
किनारमा लगे। ७ जब हामी किनारमा
आयौं तब मैले दुवैतिर धेरै रूखहरू देखें।
८ तिनले मलाई भने, 'यो पानी पूर्वको
इलाकातिर बगेर जान्छ, र त्यहाँदेखि
अराबामा जान्छ। अन्तमा त्यो त्यस समुद्रमा
पुग्छ जसको पानी फोहोर छ, र जो मीठो
बनाइन्छ। ९ जब पृथ्वीमा भएका अनगन्ती
जीवित जीवात् कुनै पनि त्यो नदीको
पानीमा आउँछ तब त्यसले त्यसबाट
जीवन पाउँछ। माछा अनगन्ती हुनेछ,
किनभने त्यो पानी यहाँ अरू पानी मीठो
बनाउनलाई आउँछ, र जहाँ त्यो नदी बग्छ
त्यहाँ जेसुकै पनि बाँच्नेछ। १० एन-गदी
एन-एग्लैमसम्म त्यसको किनारमा जलहारीहरू
खड़ा रहनेछन्, किनभने जालहरू त्यहाँ
फिँजाइनेछन्। त्यहाँ सबै किसिमका माछाहरू
हुलका हुल हुनेछन्, महा-समुद्रमा पाइने
माछाहरूजस्तै। ११ तर त्यसका सिमसार र
दहहरूका पानी ता मीठा हुनेछैनन्, तर ती
नूनिलोनै रहनेछन्। १२ नदीका दुवै किनारमा
अनेक किसिमका खानुहुने फलका रूखहरू

उम्रनेछन्। तिनीहरूका पात ओइलाउने-
छैनन्। तिनीहरूका फलहरू कहिल्यै शेष
हुनेछैनन्। तिनीहरूमा फसलको कमी हुनेछैन।
तिनीहरूले महीनाको शुरूमानै फल दिनेछन्,
किनभने तिनीहरूका पानी पवित्रस्थानदेखि
निस्कन्छ। तिनीहरूको फल खानको निम्ति
र तिनीहरूका पातहरू चाहिँ आरोग्यको
लागि हुनेछन्।

देशको विभाजन

१३ परमप्रभु परमेश्वरको यो वाणी छ,
'देश अधिकार गर्नलाई जहाँ इस्राएलका
बाह्र कुलहरू पस्छन् तिनका सीमाना यिनै
हुन्, यूसुफले चाहिँ दुइ भाग पाउनेछ।
१४ जुन देश दिनलाई मैले तिमीहरूका
पिता-पुर्खाहरूसित मेरा हात उठाएर शपथ
खाएको थिएँ त्यो तिमीहरूले आपसमा
बाँड्नू। त्यो तिमीहरूलाई गोला हालेर
तिमीहरूका पैतृक-सम्पत्ति गरी दिइनेछ।
१५ त्यसको सीमाना यही हो—उत्तरपट्टि,
महा-समुद्रदेखि हेत्लोन, लेबो-हामात, सदाद,
बेरोता र सिब्रैम भएर १६ जो दमिशक
र हमातका सीमानाको बीचमा छन्,
हौरानको सीमानाको छेउ हसर-एननसम्मै।
१७ यसरी त्यो सीमाना समुद्रदेखि दमिशकको
सीमाना हसर-एननसम्म र उत्तरतिर गएको
छ। त्यो उत्तरीय भाग हो। १८ पूर्वीय
भाग चाहिँ हौरान, दमिशक र गिलादको
सीमानाको छेउ छेउ औ इस्राएलको सीमानाको
छेउ छेउ भएर जान्छ। पूर्वको सीमाना
यर्दनले तामारसम्मै छुट्याउँछ। यो चाहिँ
पूर्वको भाग हो। १९ दक्षिण भाग तामार-
देखि कादेशको मरीबाको नदीहरूसम्मै जान्छ।
तिमीहरूलाई दिइएको इलाका महा-समुद्रसम्मै
पुग्छ। यो चाहिँ दक्षिणतर्फको नेगेबतिरको
भाग हो। २० पश्चिमतिरको भाग महा-
समुद्र हो, जो लेबो-हामातको सामने एउटा
ठाउँसम्म पर्छ। यो चाहिँ पश्चिम भाग
हो। २१ यही देश तिमीहरूले इस्राएललाई
कुल कुलका बीचमा बाँटिदिनू, र गोला
हालेर पैतृक-सम्पत्ति गरी तिमीहरू र कुनै
पनि विदेशीहरू जो तिमीहरूका बीचमा
आफ्ना सन्तान छोड्राख्नेछन् तिनीहरूलाई
दिनू। २२ तिनीहरूलाई इस्राएलमानै
जन्मेका स्वदेशीहरूमैं ठान्नू, र इस्राएलीहरूकै
बीचमा गोला हालेर तिमीहरूसितै तिनीहरूले
पैतृक-सम्पत्ति पाउन्। २३ विदेशीलाई जुन
कुलसित त्यो बसेको छ त्यसैसित तिमीहरूले
त्यसको पैतृक-सम्पत्ति दिनू, परमप्रभु परमेश्वर
यही भन्नुहुन्छ।'

४८ कुल कुलका नाउँ यिनै हुन्—सुदूर
उत्तरमा, हेत्लोनतिर लेबोहामात
र हसर-एनानसम्म, हमाततिर दमिशक
उत्तर सीमाना राखेर, र यसरी पूर्वदेखि
पश्चिमसम्म दानको निम्ति एक भाग।
२ पूर्वदेखि पश्चिमतिर दानको सीमाना-
सम्मै छोएको आशेरको एक भाग।
३ पूर्वदेखि पश्चिमतिर आशेरको
सीमानासम्मै छोएको नप्तालीको एक भाग।
४ पूर्वदेखि पश्चिमतिर नप्तालीको
सीमानासम्मै छोएको मनश्शेको एक भाग।
५ पूर्वदेखि पश्चिमतिर मनश्शेको
सीमानासम्मै छोएको एप्रैमको एक भाग।
६ पूर्वदेखि पश्चिमतिर एप्रैमको सीमाना-
सम्मै छोएको रूबेनको एक भाग।
७ पूर्वदेखि पश्चिमतिर रूबेनको सीमाना-
सम्मै छोएको यहूदाको एक भाग।
८ पूर्वदेखि पश्चिमतिर यहूदाको सीमाना-
सम्मै छोएको तिमीहरूले छुट्याएको एक अलग
भाग होस्। त्यसको चौड़ाइ पच्चीस हजार
हात र लमाइ पूर्वदेखि पश्चिमसम्म अरू
भागको जत्तिनै होस्। औ पवित्रस्थान चाहिँ
त्यसको बीचमा होस्।
९ परमप्रभुको निम्ति जुन भाग छुट्याएको
हुन्छ त्यो पच्चीस हजार हात लामो र बीस
हजार हात चौड़ा हुनेछ। १० त्यो

छुटाएको भाग यस्तो हुनेछ—पूजाहारीहरूले
एउटा यस्तो क्षेत्र पाउनुपर्छ जसको नाप
उत्तरतिर पच्चीस हजार हात, पश्चिमतिर दश
हजार हात, पूर्वतिर दश हजार हात र
दक्षिणतिर दश हजार हात हुनेछ। परमप्रभुको
पवित्रस्थान चाहिँ बीचमा हुनेछ। ११ त्यो
चाहिँ सादोक पूजाहारीका छोराहरू, अर्थात्
समर्पण गरिएकाहरूका निम्ति होस्, जसले
मेरो आज्ञा पालन गरे, र जो चाहिँ
इस्राएलीहरू मूर्तिहरूसित बरालिएर जाँदा र
आफ्ना अधर्मको फल पाउँदा तिनीहरूका पछि
तिनीहरू लागेनन्, जसरी लेवीहरू लागेका
थिए। १२ छुटाएको भागदेखि पूजाहारी-
हरूका निम्ति छुटाएको क्षेत्र अति पवित्र
हुनेछ। त्यो लेवीहरूको सीमानासम्म जानेछ।
१३ लेवीहरूको भाग पूजाहारीहरूको
सीमानाको समानान्तर गएको हुनेछ। त्यो
पच्चीस हजार हात लामो र दश हजार
हात चौडा हुनेछ। सब जम्मा लमाइ
पच्चीस हजार हात र चौडाइ दश हजार
हात हुनेछ। १४ तिनीहरूले त्यो नता बेच्न
सक्छन् न साट्न सक्छन्, नता देशको
सबैभन्दा असल जग्गा अरू कसैलाई दिन
सक्छन्, किनभने यो परमप्रभुको निम्ति
पवित्र हुनेछ।
१५ जमीनको त्यो छोडिएको भाग,
पाँच हजार हात चौडा र पच्चीस हजार
हात लामो चाहिं पूजाहारी सबै जना
बस्ने जग्गा हुनेछ, औ शहर त्यसको
बीचमा हुनेछ। १६ त्यसको लमाइ
र चौडाइ यस्तो हुनेछन्—उत्तरपट्टि चार
हजार पाँच सय हात, दक्षिणपट्टि चार हजार
पाँच सय हात, पूर्वपट्टि चार हजार पाँच
सय हात र पश्चिमपट्टि चार हजार पाँच
सय हात। १७ सबै शहरको सबै जनाको
निम्तिको जग्गा चाहिं उत्तरपट्टि दुइ सय
पचास हात, दक्षिणपट्टि दुइ सय पचास हात,
पूर्वपट्टि दुइ सय पचास हात र पश्चिमपट्टि
दुइ सय पचास हात हुनेछ। १८ छुटाएको
जग्गाको समानन्तर चाहिं दश हजार हात
पश्चिमपट्टिबाट शहरमा काम गर्नेहरूलाई
उब्जनी गर्नको निम्ति हुनेछ। १९ शहरमा
काम गर्नेहरूले त्यसमा खेतीपाती लगाऊन्। ती
चाहिँ इस्राएलको कुनै कुलबाट लिनसकिन्छ।
२० तिनीहरूले छुटाएको भाग जम्मै,
अर्थात् पच्चीस हजार हात वर्गाकार जमीन
शहरको भागसम्म छुटाएको जग्गा पवित्र मानी
राख्नू। २१ छुटाएको पवित्र भाग र
शहरको भागबाट बाँकी रहेको भाग चाहिं
राजाहरूका निम्ति तोकिदिनू। पूर्वपट्टि,
छुटाएको भागको सामनेमा रहेको पच्चीस
हजार हात पूर्वको भागसम्मै पश्चिमपट्टि,
पश्चिम भागको पच्चीस हजार हातको सामने
रहेको कुल कुलका भागको समानन्तरमा
राजाको निम्ति तोकिदिनू। छुटाएको पवित्र
भाग र पवित्रस्थान चाहिं बीचमा हुनेछन्।
२२ राजालाई तोकिएको जग्गाको बीचमा
लेवीहरूको जग्गा र शहरको निम्ति जग्गा-
जमीन हुनेछन्। त्यो चाहिँ यहूदा र
बिन्यामीनका सीमानाको बीचमा हुनेछ।
२३ बाँकी कुलहरू—पूर्वदेखि पश्चिमसम्म
बिन्यामीनको एक भाग।
२४ पूर्वदेखि पश्चिमतिर बिन्यामीनको
सीमानासम्म छोएको एक भाग।
२५ पूर्वदेखि पश्चिमतिर शिमोनको
सीमानासम्म छोएको इस्साकारको एक भाग।
२६ पूर्वदेखि पश्चिमतिर इस्साकारको
सीमानासम्म छोएको जबूलूनको एक भाग।
२७ पूर्वदेखि पश्चिमतिर जबूलूनको
सीमानासम्म छोएको गादको एक भाग।
२८ गादको सीमानासम्म नेगेबतिर,
तामारदेखि दक्षिण सीमानातिर फैलिएको
कादेशको छेउ मरीबाको खोलासम्म, महा-
समुद्रसम्म खोलातिर, एक भाग।
२९ यही देश हो, जो तिमीहरूले
इस्राएलका कुल कुललाई तिनीहरूका पैतृक-
सम्पत्ति गरी तोकिदिनू, औ यही तिनीहरूका
भाग हुनेछन्, परमप्रभु परमेश्वर भन्नुहुन्छ।'

शहरका मूल-ढोकाहरू र तिनका नाउँ

३०-३१ शहरको बाहिर जाने बाटोहरू
यिनै हुन्। ती चाहिं इस्राएलका कुलहरूका
नाउँअनुसार हुनेछन्। उत्तरतिर चार हजार
पाँच सय हात लामो भागमा तीन मूल-ढोका
हुनेछन्—रूबेन, यहूदा र लेवीका। ३२ पूर्व-
तिर चार हजार पाँच सय हात लामो भागमा
तीन मूल-ढोका—यूसुफ, बिन्यामीन र दानका।
३३ दक्षिणतिर चार हजार पाँच सय हात
लामो भागमा तीन मूल-ढोका—शिमोन,
इसाकार र जबूलूनका। ३४ पश्चिमतिर चार
हजार पाँच सय हात लामो भागमा तीन
मूल-ढोका—गाद, आशेर र नप्तालीका।
३५ शहरको घेरा अठाह हजार हात
हुनेछ, र त्यस शहरको नाउँ सदा सर्वदैको
निम्ति 'यहोवा-शामा'* हुनेछ।

दानियलको पुस्तक

१ यहूदाका राजा यहोयाकीमको शासन-
कालको तेस्रो वर्षमा बाबेलका राजा
नबूकदनेसरले यरूशलेममा आएर त्यसलाई
घेरे। २ अनि परमप्रभुले परमेश्वरको
भवनका केही भाँडा-कुँडाहरू र यहूदाका
राजा यहोयाकीमलाई तिनको हातमा
सुम्पिदिनुभयो। औ तिनले ती सबै
भाँडा-कुँडा शिनार देशमा आफ्नो देवताको
मन्दिरमा ल्याए, र भाँडा-कुँडा चाहिं आफ्नो
देवताको भण्डारमा राखे। ३ तब बाबेलका
राजाले बँधुवाइमा लगिएका इस्राएलीहरू-
मध्येका राजकीय र भारादार घराना दुवैका
कुनै ४ खोट नभएका, सुन्दर र सारा
बुद्धिमा निपुण, औ ज्ञानले परिपूर्ण भएका,
समझदार र राजदर्बारमा सेवा गर्नसक्ने
युवोम्यहरूलाई कल्दीहरूका भाषा र साहित्य
सिकाउन भनी नपुंसकहरूका प्रधान अशपनज-
लाई हुकूम गरे। ५ औ राजा आफैले
खाने गरेका मीठा मीठा भोजन र पिउने
दाखमद्य तिनीहरूलाई दिनू भनी अह्राए।
औ तीन वर्षसम्म तालिम दिएर तिनीहरूलाई
राजाको सामने पेश गर्ने आज्ञा गरे।
६ तिनीहरूमध्ये दानियल, हनन्याह, मीशाएल
र अजर्याह चाहिं यहूदाका कुलका थिए।
७ नपुंसकहरूका प्रधानले तिनीहरूका नाउँ
बदली गरिदिए—दानियललाई बेलतसजर,
हनन्याहलाई शद्रक, मीशाएललाई मेशेक र
अजर्याहलाई अबेद्नगो नाउँ राखिदिए।
८ तर राजाले तिनीहरूलाई दिनू भनी
अह्राएका भोजन र दाखमद्य खाएर आफूलाई
अशुद्ध नपार्ने दानियलले निश्चय गरे।
यसैले आफूलाई अशुद्ध हुन नदिनुहोस् भनी
नपुंसकहरूका प्रधानलाई तिनले बिन्ती गरे।
९ औ परमेश्वरले नपुंसकहरूका प्रधानको
मनमा दानियलप्रति करुणा र दया
भरिदिनुभयो। १० तिनले दानियललाई

* परमेश्वर त्यहीं हुनुहुन्छ

भने, 'तिमीहरूका खाने र पिउने कुरा
खटाउनुहुने मेरा स्वामी महाराजाधिराजले
तिमीहरूका चेहरा तिमीहरूकै उमेरका अरू
जवानहरूका चेहराभन्दा उदास भएको
देख्नुभयो भने तिमीहरूले मेरो शिर खतरामा
पार्नेछौ भनी मलाई डर लाग्छ।" ११ तब
दानियल, हनन्याह, मीशाएल र अजर्याहमाथि
नपुंसकहरूका प्रधानले खटाएका कारिन्दालाई
दानियलले भने, १२ "हामीलाई दश
दिनसम्म जाँच गर्नुहोस्। हामीलाई खानलाई
साग-सब्जी र पिउनलाई पानी मात्र दिनुहोस्,
१३ त्यसपछि हाम्रा चेहरा र राजाका
मीठा मीठा भोजन खाने अरू जवानहरूका
चेहरा तपाईंले दजाउँनुहोस्, र जस्तो तपाईं
देख्नुहुन्छ हामीप्रति त्यस्तै गर्नुहोस्।'
१४ यसैले यस विषयमा तिनले उनीहरूका
कुरा सुने, र दश दिनसम्म उनीहरूको जाँच
गरे। १५ दश दिनपछि राजाका मीठा
मीठा भोजन खाने ती सबै जवानहरूभन्दा
यिनीहरूका चेहरा झन् राम्रो र पुष्टिएका
देखिए। १६ यसैले त्यस कारिन्दाले
तिनीहरूले खानु पर्ने मीठा मीठा भोजन र
दाखमद्य बन्द गरेर तिनीहरूलाई साग-सब्जीनै
दिनलागे।

१७ परमेश्वरले यी चारै युवकहरूलाई
विद्या, बुद्धि र सबै कुराको ज्ञान दिनुभयो।
औ दानियल्मा सबै दर्शन र सपनाहरूको
अर्थ खोल्ने ज्ञान भयो। १८ राजाले
तिनीहरूलाई आफ्नो सामने हाजिर गराउनू
भनी तोकेका समयमा नपुंसकका प्रधानले
उनीहरूलाई राजाको सामने हाजिर गराए।
१९ तब राजाले तिनीहरूसित बातचीत गरे,
र ती सबैमा कसैलाई पनि दानियल, हनन्याह,
मीशाएल र अजर्याहको बराबरी पाएनन्।
यसरी यिनीहरू राजाको काममा नियुक्त भए।
२० औ बुद्धि र ज्ञानको जे जे कुरामा
राजाले तिनीहरूसित परामर्श लिन्थे
राज्यभरिमा सबै ज्योतिषी र मंत्र-तंत्र
गर्नेहरूभन्दा यिनीहरूलाई दश गुणा
असल पाए। २१ औ दानियल चाहिं
कोरेस राजाको शासनकालको पहिलो वर्षसम्म
काममा रहिरहे।

राजाको सपना

२ नबूकदनेसर राजाको शासनकालको
दोस्रो वर्षमा राजाले एउटा
सपना देखे। तिनको मन घबरायो र
तिनलाई फेरि निद्रा लागेन। २ तब
आफ्नो सपनाको अर्थ खोलिदिनलाई
राजाले जादूगर, मंत्र-तंत्र गर्नेहरू, बिज्जुवाहरू
र कल्दीहरूलाई बोलाउन भनी हुकूम गरे।
यसैले तिनीहरू राजाको सामने हाजिर भए।
३ तब राजाले तिनीहरूलाई भने, "मैले
एउटा सपना देखें, औ त्यस सपनाको
अर्थ बुझ्नलाई मेरो मन घबराएको छ।"
४ तब कल्दीहरूले अरामी भाषामा राजालाई
भने, "महाराज अमर रहून्! हजूरका
दासहरूलाई हजूरको सपना बताइदिनुहोस्, र
हामी हजूरलाई त्यसको अर्थ खोलिदिनेछौं।"
५ राजाले कल्दीहरूलाई जवाफ दिए, "यो
कुरो म तिमीहरूलाई प्रष्टै भन्दछु, कि यदि
तिमीहरूले मेरो सपना र त्यसको अर्थ
बताएनौ भने तिमीहरू टुक्रा टुक्रा पारिनेछौ
र तिमीहरूका घर उजाड पारिनेछन्।
६ तर यदि तिमीहरूले मेरो सपना
र त्यसको अर्थ बतायौ भने तिमीहरूले
मबाट उपहार, इनाम र ठूला ठूला
मान पाउनेछौ। यसैकारण मेरो सपना र
त्यसको अर्थ बताइदेओ।" ७ तिनीहरूले
फेरि दोस्रोपल्ट राजालाई भने, "महाराजले
आफ्ना दासहरूलाई सपना बताइदिनुहोस् र
हामी त्यसको अर्थ खोलिदिनेछौं।"
८ राजाले जवाफ दिए, "मलाई यो
पक्का थाह भयो, कि तिमीहरू समय
निकाल्नलाई कुरा टार्दै छौ, किनभने
तिमीहरूलाई मेरो विचार थाह भइसकेको
छ। ९ तिमीहरूले मेरो सपना मलाई

बताउनसकेनौ भने तिमीहरूका निम्ति
एउटै मात्र फैसला छ। समयमा परिस्थिति
बदलिन्छ कि भन्ने आशाले तिमीहरू
मेरो अगि झूटा र व्यर्थका कुरा गर्न
तिमीहरूले आपसमा मतो गरेका छौ।
त्यसकारण सपना बताऊ, र तिमीहरूले
त्यसको अर्थ मलाई बताउनसक्नेछौ भन्ने
कुरो मलाई थाह हुनेछ।" १० कल्दीहरूले
राजालाई भने, "पृथ्वीमा कुनै यस्तो मानिस
छैन, जसले राजाको मनको कुरा बताउनसकला।
कुनै महान् र पराक्रमी राजाले कुनै जादूगर
वा मंत्र-तंत्र गर्ने अथवा कल्दीसँग यस्तो
कुरो कहिल्यै मागेका छैनन्। ११ महाराजले
सोध्नुभएको कुरा गाहारो छ, औ जीवधारी
मानिसहरूबाट टाढ़ा रहने देवताहरूबाहेक
अरू कसैले यो कुरा देखाउनसक्तैन।"

१२ यो सुनेर राजा रिसाए र अत्यन्तै
फोंकिएर बाबेलका सारा ज्ञानी पुरुषहरूलाई
मार्ने हुकूम दिए। १३ ज्ञानी पुरुषहरू
मारिऊन् भनी उर्दी निस्क्यो, र यहीमुताबिक
दानियल र तिनका मित्रहरूलाई पनि
मार्नलाई मानिसहरू पठाइए। १४ तब
बाबेलका ज्ञानी पुरुषहरूलाई मार्न
निस्केको राजाका अङ्ग-रक्षकका कप्तान
अर्योकलाई बड़ो युक्ति र निपुणतासाथ
दानियलले सोधे, १५ "तपाईं राजाका
प्रतिनिधि हुनुहुन्छ, भन्नुहोस्, राजाले किन
यस्तो कठोर उर्दी निकाल्नुभयो?" तब
अर्योकले दानियललाई सबै कुरा बताइदिए।

१६ तब दानियल भित्र राजाको सामने
गएर सपनाको अर्थ बताइदिनलाई केही समय
दिनुहोस् भनी राजालाई बिन्ती गरे।

१७ त्यसपछि दानियल आफ्नो घरमा
गएर यो कुरो आफ्ना मित्रहरू, हनन्याह,
मीशाएल र अजर्याहलाई सुनाइदिए,
१८ औ बाबेलका अरू ज्ञानी पुरुषहरूका
साथमा तिनी र तिनका मित्रहरू नष्ट
नहुनलाई स्वर्गका परमेश्वरले दयासाथ यो
रहस्य खोलिदिऊन् भनी उहाँलाई बिन्ती
गर्नुपर्छ भनी दानियलले भने। १९ तब
राती दर्शनमा दानियललाई त्यो रहस्य प्रकट
गरियो। अनि दानियलले स्वर्गका परमेश्वरको
प्रशंसा गरेर यसरी परमेश्वरलाई धन्यवाद
दिए—

२० परमेश्वरको नाउँ सदा सर्वदा धन्यको
होस्,
बुद्धि र पराक्रम उहाँकै हुन्।
२१ उहाँलेनै समय र ऋतुहरू परिवर्त्तन
गर्नुहुन्छ।
उहाँलेनै राजाहरूलाई हटाउनु र
बसाल्नुहुन्छ।
उहाँले ज्ञानीहरूलाई ज्ञान दिनुहुन्छ,
र समझदारहरूलाई बुद्धि दिनुहुन्छ।
२२ उहाँले गहीरा गहीरा रहस्यहरू प्रकट
गर्नुहुन्छ।
अन्धकारका के छ भनी उहाँ
जान्नुहुन्छ
औ उज्यालोले उहाँमा वास गर्छ।
२३ हे मेरा पिता-पुर्खाहरूका परमेश्वर,
तपाईंलाई म धन्यवाद दिन्छु, र
तपाईंका प्रशंसा गर्छु,
किनभने तपाईंले मलाई बुद्धि र शक्ति
दिनुभएको छ,
र तपाईंसँग मागेको कुरा तपाईंले
मलाई प्रकट गर्नुभयो,
किनभने तपाईंले हामीलाई राजाले
जान्नुपर्ने कुरा प्रकट गर्नुभयो।'

२४ यसैकारण दानियल बाबेलका ज्ञानी
पुरुषहरूलाई मार्न राजाले खटाउनुभएका
मानिस अर्योककहाँ गएर भने, "बाबेलका
ज्ञानी पुरुषहरूलाई नष्ट नगर्नुहोस्। मलाई
भित्र राजाकहाँ लैजानुहोस्, र म सपनाको
अर्थ राजालाई बताइदिनेछु।"

सपनाको अर्थ

२५ तब अर्योक उत्तेजित भएर दानियल-
लाई भित्र राजाको सामने ल्याएर यसो भने,

"यहूदाबाट आएका बन्धुवाहरूमध्ये एक
जनालाई मैले भेट्टाएको छु जसले
महाराजालाई सपनाको अर्थ खोलिदिनसक्छ।"
२६ राजाले दानियललाई, जसको नाउँ
बेल्तसजर पनि हो, सोधे, "के मैले देखेको
मेरो सपना र त्यसको अर्थ तिमी मलाई
खोलिदिनसक्छौ ?" २७ दानियलले राजा-
लाई उत्तर दिएर भने, "महाराजले
सोध्नुभएको कुरो कुनै ज्ञानी पुरुष, मंत्र-तंत्र
जान्नेहरू, जादूगर र ज्योतिषीहरूले बताउन-
सक्तैनन्, २८ स्वर्गमा एक ईश्वर हुनुहुन्छ,
औ अन्तका दिनमा के के हुनेछन् सो
उहाँलेनै महाराज नबूकदनेसरलाई बताइदिनु
भएको छ। सपना यही हो, र हजूरले
देख्नुभएका दर्शन यिनै हुन्—२९ हे महाराज,
हजूर पलङ्गमा ढल्किरहनुहुँदा पछि के हुने
होला भन्ने विचार हजूरको मनमा आयो, र
रहस्य खोल्नुहुनेले पछि के हुने हो सो
हजूरलाई बताइदिनुभएको छ। ३० तर अरू
जीवित प्राणीहरूभन्दा ममा बढ़ता बुद्धि छ
भनेर यो भेद मलाई खोलिदिनुभएको होइन,
तर यस खातिरले कि महाराजलाई यसको
अर्थ खोलिदेओस् र महाराजले आफ्नो मनको
विचार बुझ्नून् भनेर हो।
३१ हे महाराज, हजूरले हेरिरहनुहुँदा
एउटा विशाल मूर्ति देख्नुभयो। हजूरको
सामने खड़ा भएको त्यो मूर्ति विशाल र
अत्यन्तै चहकिलो थियो, हेर्दा त्यसको रूप
अति भयङ्कर थियो। ३२ त्यस मूर्तिको
टाउको निखुर सुनको, त्यसका छाती र
हातहरू चाँदीका, त्यसका पेट र फिला
पितलका, ३३ त्यसका गोड़ाहरू फलामका
र त्यसका खुट्टाहरू केही फलामका र केही
माटाका थिए। ३४ हजूरले हेरिरहनुहुँदा
पहराबाट एउटा ढुङ्गा फोरियो, तर मानिसका
हातले होइन, र त्यो आएर त्यस मूर्तिको
फलाम र माटाका खुट्टामा लाग्यो, र त
चक्नाचूर पारिदियो। ३५ त्यसपछि त्यो
फलाम, माटो, पीतल, चाँदी र सुन जम्मै
चक्नाचूर भए, औ ग्रीष्म ऋतुमा खलाबाट
भूस उड़ाएझैं नाउँ निशानै नपाइने गरी
बतासले उड़ाएर लगिहाले। तर त्यस मूर्तिमा
लाग्ने त्यो ढुङ्गा बढ़्दै एउटा ठूलो पहाड़
भएर सारा पृथ्वीलाई ढाक्यो।
३६ सपना यही थियो। अब हामी
महाराजलाई त्यसको अर्थ खोलिदिनेछौं।
३७ हे महाराज, हजूर राजाहरूका पनि
राजा हुनुहुन्छ जसलाई स्वर्गका परमेश्वरले
राज्य, सामर्थ्य, अधिकार र मान दिनुभएको
छ, ३८ र जहाँ जहाँ मानिसका सन्तान,
जङ्गलका पशु र आकाशका पक्षीहरू बसेका
छन्, तीमाथि अधिकार गर्नलाई जसको
अधीनमा दिनुभएको छ—हजूरनै त्यो सुनको
टाउको हुनुहुन्छ। ३९ हजूरपछि हजूरभन्दा
अलिक कमजोर राज्य खड़ा हुनेछ, औ
त्यसपछि अर्को एउटा तेस्रो राज्य पीतलको
राज्यजस्तै खड़ा हुनेछ, जसले सारा
पृथ्वीमाथि अधिकार जमाउनेछ। ४० त्यस-
पछि फलामजस्तै बलियो चौथो राज्य
हुनेछ। फलामले सबै थोकलाई चूर चूर
र नष्ट पारेझैं त्यसले सारा पृथ्वीलाई टुक्रा
टुक्रा पारेर तितर-बितर पार्नेछ। ४१ औ
हजूरले खुट्टा र औंला चाहिं केही भाग
फलामको देख्नुभएझैं त्यो एक विभक्त राज्य
हुनेछ। तापनि दर्शनमा हजूरले फलाम र
गिलो माटो मिसिएको देख्नुभएझैं त्यसमा
फलामको मजबूती रहनेछ। ४२ औ खुट्टाका
औंलाहरू केही भाग फलाम र केही भाग
माटो मिसिएझैं त्यो राज्य केही शक्तिशाली
र केही सजिलै टुक्रा टुक्रा हुने राज्य हुनेछ।
४३ हजूरले फलाम र गिलो माटो
मिसिएको देख्नुभएझैं ती राज्यहरू अन्तर-
जातीय वैवाहिक सम्बन्ध गरेर मिसिनेछ,
र फलाम माटोसित मिल्न नसकेझैं ती
राज्यहरू एकसाथ अड़िनसक्नेछैनन्। ४४ औ
ती राजाहरूका समयमा स्वर्गका परमेश्वरले
एउटा राज्य खड़ा गर्नुहुनेछ जो कहिल्यै
नाश हुनेछैन, नता त्यसको राज्य अरू कुनै

जातिको हातमा दिइनेछ। त्यसले यी सबै
राज्यहरूलाई चक्नाचूर पार्नेछ, र तिनीहरूको
अन्त गरिदिनेछ। तर यो राज्य चाहिं सदा
सर्वदै रहिरहनेछ। हजूरले एउटा ढुङ्गा
पहराबाट कसैको हातले नफोरिकनै आफै
उप्केर आएको देख्नुभयो, र त्यस ढुङ्गाले
फलाम, पीतल, माटो, चाँदी र सुनलाई चूर
चूर पारेको थियो, यो राज्य युगयुग स्थायी
रहनेछ। हजूरले देख्नुभएको त्यस ढुङ्गाको
अर्थ यही हो। ४५ महान् परमेश्वरले हजूर
महाराजलाई पछि के हुनेछ सो बताइदिनु-
भएको हो। यो सपना निश्चय पूरा हुनेछ,
र यसको अर्थमा केही सन्देह छैन।"

दानियलको पदोन्नति

४६ तब नबूकदनेसर राजाले घोप्टो
परेर दानियललाई दण्डवत् गरे, र तिनलाई
भेटी र धूप चढ़ाउने हुकुम गरे। ४७ अनि
राजाले दानियललाई भने, "साँच्चिनै तिमी-
हरूका परमेश्वर ईश्वरहरूका परमेश्वर, राजाहरूका
प्रभु र रहस्य खोलिदिनुहुने हुनुहुँदो रहेछ,
किनभने तिमीले यो रहस्य खोल्नसक्यौ।"
४८ तब राजाले दानियलको दर्जा बढ़ाइदिए,
र धेरै बहुमूल्य उपहार दिए, औ तिनलाई
बाबेलका सारा प्रदेशका शासक र बाबेलका
सबै ज्ञानी पुरुषमाथि प्रधान तुल्याए
४९ दानियलले राजालाई शद्रक, मेशक र
र अबेद्नगोका निम्ति पनि बिन्ती चढ़ाए, र
तिनले उनीहरूलाई बाबेलका प्रान्त प्रान्तको
शासणको निम्ति नियुक्त गरिदिए। तर
दानियल चाहिं राज-दरबारमानै रहनलागे।

नबूकदनेसरको सुनको मूर्ति

३ नबूकदनेसर राजाले एउटा सुनको
मूर्ति बनाए, जसको उँचाइ साठी
हात र चौड़ाइ छ हात थियो। औ तिनले
त्यो बाबेल प्रान्तको दूरा भन्ने मैदानमा
खड़ा गरे। २ त्यसपछि नबूकदनेसर राजाले
आफूले खड़ा गरेको मूर्तिको स्थापना गर्नलाई
प्रान्त प्रान्तका बड़ा-हाकिम, शासक, राज्य-
पाल, सल्लाहकार, खजाञ्ची, न्यायधीश,
हाकिम र प्रान्त प्रान्तका सबै राजकर्मचारी-
हरूलाई भेला हुनू भनी हुकुम गरे। ३ तब
नबूकदनेसर राजाले खड़ा गरेको मूर्तिको
स्थापन गर्नलाई प्रान्त प्रान्तका बड़ा-हाकिम,
शासक, राज्यपाल, सल्लाहकार, खजाञ्ची,
न्यायकर्त्ता, हाकिम र प्रान्त प्रान्तका सबै
राजकर्मचारी भेला भए। औ तिनीहरू
नबूकदनेसर राजाले खड़ा गरेको मूर्तिको
सामने उभिए। ४ तब झ्याली पिट्नेले चर्को
सोरमा कराएर भन्यो, "हे विभिन्न भाषा
बोल्ने जाति जातिका मानिस हो, ५ तिमी-
हरूलाई यो हुकुम सुनाइँदैछ कि जब नरसिङ्गा,
बाँसुरी, वीणा, सारङ्गी, सितार, मसक-बाजा र
सबै किसिमका बाजाहरूको सोर तिमीहरू सुन्छौ
तब नबूकदनेसर राजाले खड़ा गरेको यस
सुनको मूर्तिलाई घोप्टो परेर तिमीहरू सबैले
दण्डवत् गर्नुपर्छ। ६ औ घोप्टो परेर
दण्डवत् नगर्ने जति चाहिं उत्तिखेरै दन्केको
आगोको भट्टीमा हालिदिइनेछ।" ७ यसैले सबै
मानिसले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी,
सितार, मसक-वाद्य र सबै किसिमका वाद्य-
हरूको सोर सुन्ने बित्तिकै विभिन्न भाषा बोल्ने
जाति जातिका मानिसहरू सबैले घोप्टो परेर
नबूकदनेसर राजाले खड़ा गरेको त्यस सुनको
मूर्तिलाई दण्डवत् गरे।

मूर्तिपूजाको इन्कार र दण्ड

८ तब कति कल्दीहरूले राजाकहाँ आएर
यहूदीहरूका विरुद्धमा अभियोग लगाए।
९ तिनीहरूले नबूकदनेस्सर राजालाई भने,
"महाराज अमर रहून्। १० हजूरले
यस्तो हुकुम दिनुभएको छ कि हरेक मानिस
जसले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार,
मसक-बाजा र सबै किसिमका वाद्यहरूको सोर

सुन्छ, त्यसले घोप्टो परेर सुनको मूर्तिलाई
दण्डवत् गर्नुपर्छ। ११ औ घोप्टो परेर
दण्डवत् नगर्ने चाहिँ दन्केको आगोको भट्टीमा
हालिनेछ। १२ यहाँ कोही यहूदीहरू छन्
जसलाई हजूरले बाबेलका प्रान्तको शासनको
काममा नियुक्त गर्नुभएको छ—शद्रक, मेशक
र अबेद्नगो। हे महाराज, यी मानिसहरू
हजूरको हुकुमको वास्ता गर्दैनन्। तिनीहरू
हजूरका देवताको सेवा गर्दैनन्।"
१३ तब नबूकदनेसर रीसले चूर भएर
शद्रक, मेशक र अबेद्नगोलाई ल्याउने हुकुम
गरे। तब तिनीहरू राजाको सामने हाजिर
गराइए। १४ नबूकदनेसरले तिनीहरूलाई
भने, "ए शद्रक, मेशक र अबेद्नगो, के यो
कुरो साँचो हो कि तिमीहरू मेरा देवता-
हरूको सेवा गर्दैनौ, औ मैले खड़ा गरेको
सुनको मूर्तिलाई दण्डवत् गर्दैनौ ? १५ यदि
तिमीहरू नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी,
सितार, मसक-बाजा र सबै किसिमका वाद्य-
हरूको सोर सुन्ने बित्तिकै मूर्तिलाई दण्डवत्
गर्नलाई तयार भयौ भने भलो र राम्रै हुनेछ,
तर यदि दण्डवत् गरेनौ भनेता तिमीहरू
उत्तिखेरै दन्केको आगोको भट्टीमा हालिनेछौ,
र कुन देवताले तिमीहरूलाई मेरो हातबाट
बचाउनसक्ला ?"
१६ शद्रक, मेशक र अबेद्नगोले राजा-
लाई भने, "हे महाराज, यस कुरामा हामीले
हजूरलाई जवाफ दिनु केही खाँचो छैन।
१७ हामीलाई दन्केको आगोको भट्टीबाट
बचाउनसक्ने कोही ईश्वर हुनुहुन्छ भने हामीले
सेवा गरेका परमेश्वरनै हुनुहुन्छ। औ उहाँले
हामीलाई हजूरको हातबाट पनि बचाउनु-
हुनेछ। १८ तर त्यसो भएन भने पनि,
हे महाराज, यो कुरो हजूरलाई थाह होस्,
कि हामी हजूरका देवताहरूको सेवा गर्नेछैनौं,
अथवा हजूरले खड़ा गर्नुभएको यस सुनको
मूर्तिलाई हामी दण्डवत् गर्नेछैनौं।
१९ तब नबूकदनेसर शद्रक, मेशक र
अबेद्नगोसित रीसले चूर भए, र तिनको
अनुहार बिग्रियो। २० तब तिनले आफ्नो
सेनाका कति जना बलिया बलिया मानिस-
हरूलाई शद्रक, मेशक र अबेद्नगोलाई बाँधेर
त्यस दन्केको आगोको भट्टीमा हालिदिने हुकुम
गरे। २१ तब यी मानिसहरूलाई तिनीहरूका
दौरा, सुरुवाल, टोपी र तिनीहरूका अरू
लुगाहरूसितै बाँधेर दन्केको आगोको भट्टीमा
हालिदिए। २२ राजाको हुकुम साह्रै जरूरी
थियो, र भट्टी असाध्य तातेको हुनाले शद्रक,
मेशक र अबेद्नगोलाई लाने मानिसहरू
आगोको ज्वालाले भेटेर भस्म भए।
२३ औ शद्रक, मेशक र अबेद्नगो, यी
तीनै जना बाँधिएकै अवस्थामा दन्केको
आगोको भट्टीमा परे।

परमेश्वरको उद्धार

२४ त्यसपछि राजा नबूकदनेसर छक्क
परे, र साह्रै उत्तेजित भएर खड़ा भए।
तिनले आफ्ना सल्लाहकारहरूलाई भने, "के
हामीले आगोमा तीन जनालाई बाँधेर हालेका
होइनौं ?" तिनीहरूले राजालाई जवाफ दिए,
"हो महाराज !" २५ तिनले भने, "तर
हेर, चार जना मानिसहरू पो स्वतन्त्र भएर
आगोमा हिँडिरहेका छन्, औ तिनीहरूलाई
केही हानि भएको देखिँदैन ! औ चौथोको
अनुहारचाहिँ एक ईश्वरजस्तै देखिन्छ !"
२६ तब नबूकदनेसरले त्यस दन्केको
भट्टीको ढोकाको नजीक आएर भने, "हे
शद्रक, मेशक र अबेद्नगो, सर्वोच्च परमेश्वरका
सेवक हो, निस्केर आऊ।" तब शद्रक,
मेशक र अबेद्नगो आगोबाट निस्केर आए।
२७ प्रान्त प्रान्तका बड़ा-हाकिम, राज्यपाल,
सल्लाहकार र भारादारहरू जम्मा भएर
आगोले यी मानिसहरूका शरीरमा हानि गर्नु
नसकेको देखे। तिनीहरूका कपालका केश
पनि खहिएको थिएन। तिनीहरूका दौरालाई
पनि आगोले छोएको थिएन, र तिनीहरूमा
आगोको गन्धसम्म पनि पाइएन।

२८ तब नबूकदनेसरले भने, "शद्रक,
मेशक र अबेद्नगोका परमेश्वर धन्यका
होऊन्, जसले उहाँमाथि विश्वास गर्ने र
राजाको हुकुमलाई नमानी आफ्नै परमेश्वर-
बाहेक हामी अरू देवताको सेवा गर्नेछैनौं भनी
आफूलाई आगोमा तर्पिदिने आफ्ना यी
दासहरूलाई बचाउन आफ्ना स्वर्गदूतहरू
पठाउनुभयो। २९ यसकारण म यो उर्दी
दिँदैछु, 'कुनै मानिस, जुनसुकै जाति वा राष्ट्र
अथवा जुनसुकै भाषा बोल्ने होस्, जसले
शद्रक, मेशक र अबेद्नगोका परमेश्वरको
निन्दा गर्ला त्यो टुक्रै-टुक्रा बनाइनेछ, र
त्यसको घर उजाड पारिनेछ। किनभने यस
किसिमले उद्धार गर्ने अरू कुनै पनि देवता
छैन'।" ३० तब राजाले बाबेलको प्रान्तमा
शद्रक, मेशक र अबेद्नगोको मान बढ़ाइदिए।

रूखको सपना

४ सारा पृथ्वीमा रहने विभिन्न भाषा
बोल्ने जाति जातिहरूका मानिस-
हरूलाई राजा नबूकदनेसरबाट—'तिमीहरूको
भलो भइरहोस्। २ सर्वोच्च परमेश्वरले मेरो
निम्ति चिह्न र आश्चर्यकामहरू गरिदिनुभयो,
जो बताउन मलाई असल लाग्यो।
३ उहाँका चिह्नहरू कति महान् छन्।
उहाँका आश्चर्यकामहरू कति शक्तिशाली
छन्!
उहाँको राज्य सदा सर्वदा रहने राज्य,
औ उहाँको प्रभुत्व पुस्तौं पुस्तौंसम्म
रहिरहन्छ।
४ म, नबूकदनेसर, आफ्नो महलको
सुखमा आफ्नो घरमा शान्तिपूर्वक बसिरहेको
थिएँ। ५ म पलङ्गमा ढल्किरहेको बेला
मैले यस्तो सपना देखें, जसको कारण म
भयभीत भएँ, औ मेरो मनमा आएका
कल्पनाहरू र दर्शनहरूले गर्दा म व्याकुल
भएँ। ६ यसकारण मैले बाबेलका सबै
ज्ञानी पुरुषहरूलाई सपनाको अर्थ मलाई
खोलिदिनलाई मेरो सामु आऊन् भनी हुकुम
गरें। ७ तब जादूगर, मंत्र-तंत्र जान्ने,
कल्दी र ज्योतिषीहरू आए, र मैले तिनी-
हरूलाई सपना बताइदिएँ। तर तिनीहरूले
मलाई त्यसको अर्थ खोलिदिनसकेनन्।
८ फेरि एक जना दानियल भन्ने मेरो
सामु आए, जसको नाउँ मेरै देवताको
जस्तै बेल्तसजर थियो, र जससँग पवित्र
देवताहरूका आत्मा थियो। औ मैले तिनलाई
पनि सपना बताइदिएँ, ९ 'हे बेल्तसजर,
जादूगरहरूका प्रधान, मलाई थाह छ कि
तिमीमा पवित्र देवताहरूको आत्मा छ। औ
तिमीलाई कुनै पनि रहस्य गाहारो हुँदैन।
सपनामा मैले देखेको दर्शन सुन, र मलाई
त्यसको अर्थ खोलिदेऊ।
१० 'पलङ्गमा ढल्किरहेको बेलामा मैले
देखेको दर्शन यही थियो—
मैले के देखें भने,
पृथ्वीको माझमा एउटा अत्यन्त अग्लो
रूख रहेछ।
११ त्यो रूख बढ्यो र छिप्पियो।
त्यसको टुप्पा आकाससम्म पुग्यो।
पृथ्वीको पल्लो छेउबाट पनि त्यो
देखिन्थ्यो।
१२ त्यसका पातहरू सुन्दर सुन्दर
र त्यसका फलहरू प्रशस्तै थिए,
र सबैका निम्ति खानलाई पुग्थ्यो।
त्यसका छाहारीमनि जङ्गलका पशुहरू
बस्थे,
र आकाशका पक्षीहरू त्यसका हाँगा-
हरूमा बास गर्थे,
औ जम्मै जीवित प्राणीहरूले त्यसबाट
आहार पाउँथे।'
१३ पलङ्गमा ढल्किरहेको बेलामा मैले यो
अर्को दर्शन देखें—
'ध्यानसित हेरिरहेको बेलामा,
एउटा हेरचाह-गर्ने, पवित्र जन स्वर्गबाट
ओर्लेर आए।
१४ तिनले कराएर यसो भने,

'त्यस रूखलाई ढालिदे, त्यसका
हाँगाहरूलाई काटिदे,
त्यसका पातहरू झारिदे, र फलहरू
छरस्ट पारिदे।
जङ्गलका पशुहरू त्यसका छाहारीबाट
र पक्षीहरू त्यसका हाँगाहरूबाट
भागिजाऊन्।
१५ तर त्यसका ठुटा चाहिँ जरैसमेत
जमीनमानै रहोस्।
त्यही अवस्थामा, फलामको साङ्लाले
त्यो बाँधिएको भएर,
नरम घाँसले त्यसले आफ्नो पेट भरोस्।
आकाशको शीतले त्यसलाई भिजाओस्
र खर्कमा रहने पशुहरूशित त्यो रहोस्।
१६ त्यसको मानवी-मन बद्लेर पशुको मन
होओस्,
सात काल त्यसमाथि त्यस्तै बितोस्।
१७ हेरचाह गर्नेहरूबाट निर्णय निश्चय
गरियो,
र पवित्र जनहरूबाट फैसलाको घोषणा
भयो।'

यसैले जीवित प्राणीहरूले यो जान्नेछन्,
कि सर्वोच्चकोनै मानिसहरूमाथि सर्वाधिकार छ,
र उहाँले इच्छा गर्नुभएकोलाई राज्य
दिनुहुनेछ, र मानिसहरूमा सबैभन्दा नम्रलाई
राज्यमाथि खड़ा गर्नुहुन्छ।'

१८ म, राजा नबूक्दनेसरले यही सपना
देखें। अब तिमीले, हे बेल्तसजर, त्यसको
अर्थ खोलिदेऊ। मेरो राज्यमा कुनै पनि
ज्ञानी पुरुषले त्यसको अर्थ खोलिदिनसकेन,
तापनि तिमीले ता खोलिदिनसक्छौ, किनकि
पवित्र देवताहरूको आत्मा तिमीमा छ।"

सपनाको अर्थ

१९ तब दानियल, जसको नाउँ बेल्त-
सजर थियो, केही बेलासम्म घोरिए, औ
आफ्नो विचारले तिनी व्याकुल भए। राजाले
भने, "हे बेल्तसजर, सपना र त्यसको अर्थले
तिमी व्याकुल नहोऊ।" बेल्तसजरले जवाफ
दिएर भने, "हे मेरा प्रभु, यो सपना
हजूरप्रति घृणा गर्नेहरूलाई र त्यसको अर्थ
हजूरका दुश्मनहरूलाई भएता हुनेथियो!
२० हजूरले देख्नुभएको रूख, जो बढ़ेर
छिप्पियो र त्यसको टुप्पा आकाशसम्मै पुग्यो,
औ त्यो रूख पृथ्वीको पल्लो छेउबाट पनि
देखिनलाग्यो, २१ जसका पातहरू सुन्दर
र फलहरू प्रशस्त थिए, र जसमा सबैका
निम्ति आहार, र जसको छाहारीमनि
जङ्गलका पशुहरूले छाहारी पाएका थिए, र
जसका हाँगाहरूमा पक्षीहरूले बास गर्थे,
२२ हे महाराज, त्यो रूख हजूरनै
हुनुहुन्छ। हजूर बढ़ेर शक्तिशाली हुनुभएको
छ। हजूरको शक्ति बढ़ेर स्वर्गसम्मै पुगेको
छ, र हजूरको प्रभुत्व पृथ्वीको पल्लो छेउसम्मै
छ। २३ औ हे महाराज, हजूरले स्वर्गबाट
आएर यसो भन्ने एक हेरचाह गर्ने, एक
पवित्र जन देख्नुभयो, 'त्यस रूखलाई
काटेर नष्ट गरिदे, तर त्यसको ठुटा जरासँग
भूइँमानै छोड़िदे, जबसम्म त्यसमाथि सात
काल बित्दैन तबसम्म फलामको साङ्लाले
त्यो बाँधिएको भएर नरम घाँसले त्यसले
आफ्नो पेट भरोस्। त्यो आकाशको शीतले
भिजोस् र त्यसको भाग जङ्गलका पशुहरूसँग
होओस्।' २४ त्यसको अर्थ यही हो,
'हे महाराज, मेरा प्रभु महाराजलाई
सर्वोच्चबाट आएको यो एक उर्दी हो।
२५ हजूर मानिसहरूबाट निकालिनुहुनेछ, र
हजूरको बास जङ्गलका पशुहरूका साथमा
हुनेछ। गोरुले झैं हजूरले घाँस खानुहुनेछ,
र हजूर आकाशको शीतले भिजिनुहुनेछ। औ
जबसम्म हजूरले यो कुरो जान्नुहुनेछैन कि
सर्वोच्चकोनै मानिसहरूमाथि सर्वाधिकार छ,
र जसलाई उहाँले इच्छा गर्नुहुन्छ उसैलाईनै
राज्य दिनुहुन्छ, तबसम्म हजूरमाथि सात काल
यसरी बित्नेछ। २६ औ रूखको ठुटालाई
जरैसमेत छोड़िदिनू भन्ने हुकूम भयो।
यसद्वारा हजूरले यो जान्नुहुनेछ कि स्वर्गको

सर्वाधिकार हजूरले स्वीकार गर्नुभएको समय-
देखि हजूरको राज्य कायम रहनेछ।’
२७ यसकारण हे महाराज, मेरो यो सल्लाह
हजूरले लिनुहोला। आफ्नो पाप त्याग्नुहोस्
र धर्मतिर लाग्नुहोस्। अत्याचारमा परेका-
हरूलाई दया देखाएर आफ्नो अधर्म
त्याग्नुहोस्। त्यसो गर्नाले हजूरको मनमा
शान्ति हुनेछ।”
२८ यी सबै नबूकदनेसर राजामाथि
हुनआयो। २९ बाह्रौं महीनाको अन्त्यमा
जब तिनी बाबेलको राजमहल्को कौसीमा
टहलिरहेका थिए, ३० तब तिनले भने,
“के यो त्यही महान् बाबेल होइन जो मैले
आफ्नो ठूलो शक्तिले मेरो महोत्तमको
गौरवको निम्ति निवासस्थान बनाएको होइन
र?” ३१ राजाको मुखबाट यो कुरो
निस्किसकेकै थिएन, स्वर्गबाट यसो भन्ने
एउटा वाणी आयो, ‘हे नबूकदनेसर राजा,
तँलाईनै यो कुरो भनिएको हो। यो राज्य
तेरो हातबाट उम्किसकेको छ। ३२ तँ
मानिसहरूका समाजबाट धपाइनेछस्, र तेरो
बास जङ्गलका पशुहरूसित हुनेछ, र गोरुले
झैं तैंले घाँस खानेछस्। औ सर्वोच्चकोनै
मानिसहरूमाथि सर्वाधिकार छ, र जसलाई
उहाँले इच्छा गर्नुहुन्छ उसैलाईनै राज्य
दिनुहुन्छ भन्ने कुरो तैंले नजानुञ्जेल तँमाथि
सात काल बित्नेछ।’ ३३ यो कुरो तुरुन्तै
नबूकदनेसरमाथि पूरा भयो। तिनी मानिस-
हरूको समाजबाट धपाइए, र गोरुले झैं
तिनी घाँस खानलागे। औ तिनको कपाल
बाजाका भुत्लाजस्तै लामा लामा र तिनका
नङ्गहरू चीलका नङ्ग्राहरूजस्तै नहोउञ्जेल
आकाशको शीतले तिनको शरीर भिजाइरह्यो।
३४ ती दिन बितेपछि, म, नबूकदनेस्सरले
आफ्नो आँखा स्वर्गतिर उठाएँ, र मेरो
होश फर्क्यो। औ यसो भन्दै सदा सर्वदै
रहिरहनुहुनेलाई प्रशंसा र महिमा दिँदै मैले
यसो भनेर धन्यवाद चढाएँ—

उहाँको प्रभुत्व सदा-सर्वदाको प्रभुत्व हो,
र उहाँको राज्य पुस्ता पुस्तासम्मैं
रहिरहन्छ।
३५ पृथ्वीका सबै बासिन्दाहरू उहाँको
लेखीमा तुच्छ छन्।
स्वर्गको सेनालाई र पृथ्वीका
बासिन्दाहरूलाई
उहाँले आफ्नो इच्छाअनुसार व्यवहार
गर्नुहुन्छ।
औ उहाँको हात कसैले रोक्नसक्तैन,
औ उहाँले के गर्नुहुन्छ, कसैले
सोध्नसक्तैन।

३६ त्यसै बेला मेरो होश फर्क्यो। औ
मेरो राज्यको गौरवको निम्ति मेरो
महामहिमा र राजसी शान मकहाँ फर्केर
आयो। मेरा सल्लाहकार र भारादारहरू
मसँग भेट गर्न आए, र म मेरो राज्यमा
पुनर्स्थापन भएँ, र मेरो शक्ति झन् झन्
बढ्नलाग्यो। ३७ अब म, नबूकदनेसर,
स्वर्गका महाराजालाई प्रशंसा, स्तुति र
सम्मान दिँदैछु, किनभने उहाँका सबै काम
ठीक छन्, र उहाँका चाल न्यायसंगत
छन्, औ अहंकारीलाई उहाँले
खसाल्नुहुन्छ।”

बेलसजरको भोज

५ बेलसजर राजाले आफ्ना एक हजार
शासकहरूका निम्ति एउटा ठूलो
भोज लगाए, र ती हजार मानिसहरूको
उपस्थितिमा तिनले दाखमद्य पिउनलागे।
२ दाखमद्यले मात चढ्दै जाँदा तिनी आफैं,
आफ्ना शासकहरू, आफ्ना उप-पत्नीहरू र
रखौटीहरूले पिउनलाई आफ्ना बाबुले
यरूशलेमको मन्दिरबाट ल्याएका सुन र
चाँदीका भाँडा-कुँडाहरू त्यहाँ ल्याउने तिनले
हुकुम गरे। ३ तब मन्दिर, अर्थात्
यरूशलेममा भएका परमेश्वरको भवनबाट
ल्याएका सुन र चाँदीका भाँडा-कुँडाहरू
ल्याइए, औ राजा र तिनका शासकहरू, तिनका

उप-पत्नीहरू र रखौटीहरूले तिनमा दाखमद्य
हालेर पिए। ४ तिनीहरूले दाखमद्य पिए,
र सुन, चाँदी, पीतल, फलाम, काठ र
ढुङ्गाका देवताहरूको प्रशंसा गरे।

भित्तामा लेख्ने हात

५ एक्कासि मानिसको हातको औंलाले
पानसको सामने महलको भित्तामा केही
लेख्नलागेको देखियो। औ लेखिरहेको
हातको पछिल्तिरको भाग राजाले देखे।
६ यो देखेर राजा भयभीत भए, र तिनको
अनुहारको रङ्ग पहेंलो भयो, र तिनका
हात-खुट्टै गलेर तिनी थरथर काम्नलागे।
७ तब राजाले चिच्याएर बाबेलका मंत्र-तंत्र
जान्ने, कल्दी र ज्योतिषीहरूलाई ल्याउन
पठाए। तिनले बाबेलका ज्ञानी पुरुषहरूलाई
भने, "जसले यो लेखोट पढ़ेर मलाई
त्यसको अर्थ खोलिदिनसक्छ, त्यसलाई बैजनी
पोशाक पहिराइनेछ, र त्यसको गलामा
सुनको हार लगाइनेछ, र यस राज्यको
दर्जामा त्यो तेस्रो गनिनेछ।" ८ तब
राजाका सबै ज्ञानी पुरुषहरू भित्र आए,
तर तिनीहरूले त्यो लेखोट पढ्नसकेनन्, नता
तिनीहरूले राजालाई त्यसको अर्थ खोलि-
दिनसके। ९ तब बेल्सजर राजा साह्रै
भयभीत भए, र पहेंलो भएर बसिरहे। औ
तिनका शासकहरू चाहिं घबराए।

लेखोटको अर्थ

१० राजा र तिनका शासकहरू बातचीत
गरिरहेकै बेलामा रानी भोज खाने कोठामा
आइन्। तिनले भनिन्, "राजा अमर
रहून्। तपाईं किन व्याकुल हुनुभयो?
तपाईंको अनुहार किन यति पहेंलो देखिन्छ?
११ तपाईंको राज्यमा एउटा यस्ता मानिस
छन्, जसमा पवित्र देवताहरूको आत्मा छ।
तपाईंका पिताको पालामा तिनमा उत्तम
समझ र देवताको झैं ज्ञान भएको
पाइयो। यसैले तपाईंका पिता नबूकदनेसरले
तिनलाई जादूगर, मंत्र-तंत्र जान्ने, कल्दी र
ज्योतिषीहरूका प्रधान नियुक्त गरिदिए।
१२ यिनै दानियल, जसलाई राजाले
बेल्तसजर नाउँ राखेका थिए, खूबै उत्तम
आत्मा, बुद्धि र समझ भएका, सपनाको
अर्थ खोल्ने, अड्को फुकाउने र समस्याहरू
हल गर्ने ज्ञान भएका छन्। यिनै
दानियललाई अब बोलाइपठाउनुहोस्, र
तिनले अर्थ फुकाइदिनेछन्।"
१३ तब दानियल, राजाको सामु
ल्याइए। राजाले दानियललाई भने, "ए,
तिमीनै दानियल हौ, निकालाबास भएका
एक यहूदी, जसलाई राजा, मेरा
पिताले यहूदाबाट ल्याएका थिए? १४ मैले
सुनें कि पवित्र देवताहरूको आत्मा
तिमीमा छ, औ उत्तम समझ र अचम्मको
ज्ञान भएका मानिस तिमी हौ। १५ यो
लेखोट पढ्न र मलाई त्यसको अर्थ
खोलिदिन भनी ज्ञानी पुरुष, मंत्र-तंत्र
गर्नेहरू भर्खरै ल्याइए, तर तिनीहरूले यसको
अर्थ खोलिदिनसकेनन्। १६ मैले सुनें
कि तिमीले अर्थ खोलिदिनसक्छौ, र
समस्याहरू हल गर्नसक्छौ। यसैले अब
तिमीले यो लेखोट पढ़ेर मलाई त्यसको
अर्थ खोलिदिनसक्यौ भने तिमीलाई बैजनी
पोशाक पहिराइदिइनेछ, तिम्रो गलामा सुनको
हार लगाइनेछ, र यस राज्यको दर्जामा
तिमी तेस्रो गनिनेछौ।"
१७ तब राजाको सामने दानियलले
यस्तो उत्तर दिए, "हजूरका उपहारहरू
हजूरलेनै राख्नुहोला, अथवा आफ्ना उपहारहरू
अरूलाईनै दिनुहोला। तापनि म यो लेखोट
पढ़ेर हजूरलाई त्यसको अर्थ खोलिदिनेछु।
१८ हे महाराज, सर्वोच्च परमेश्वरले हजूरका
पिता नबूकदनेसरलाई एउटा राज्य र
अधिकार, गौरव र महत्तम दिनुभएको थियो।
१९ औ उहाँले दिनुभएको अधिकारले

गर्दा विभिन्न भाषा बोल्ने जाति जातिका
मानिसहरू तिनको अगि डरले थरथर काम्थे।
आफ्नो इच्छासुताबिक तिनले कसैको प्राण
लिन्थे वा जिँउदो राख्थे, पदोन्नति गरिदिन्थे
वा पदच्यूत गरिदिन्थे। २० जब तिनी
अट्टेरी, ढीट र अभिमानी भए तब तिनी
आफ्ना सिंहासनबाट खसालिए र तिनको गौरव
तिनीबाट खोसियो। २१ औ सर्वोच्च
परमेश्वरकोनै मानिसहरूमाथि सर्वाधिकार छ,
र आफूले इच्छा गरेकोलाईनै उहाँले राज्य
दिनुहुन्छ भन्ने कुरा नजानुञ्जेल तिनी
मानिसको समाजबाट निकालिए। र तिनको
मन पशुको जस्तै पारियो। तिनको बास
बन-गधाहरूसित भयो। तिनले गोरुले झैँ
घाँस खाने गरे, र तिनको शरीर
आकाशको शीतले भिज्यो। २२ औ हजूर
तिनकै छोरा बेलसजरले यी सबै कुरा
जानेर पनि आफ्नो हृदयलाई नम्र तुल्याउनु-
भएन, २३ तर स्वर्गका परमेश्वरको विरुद्धमा
खड़ा हुनुभयो। हजूरले उहाँको भवनका भाँड़ा-
कुँड़ाहरू यहाँभित्र आफ्ना शासक, उप-पत्नी
र रखौटीहरूका सामने ल्याएर तिनमा दाखमद्य
पिउनुभयो, र सुन, चाँदी, पीतल, फलाम,
काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गर्नुभयो।
तिनीहरूले नता देख्छन् न सुन्छन्, न केही
जान्दछन्, तर परमेश्वर जसको हातमा
हजूरको सास र हजूरका सबै चालहरू विदित
छन् उहाँको सम्मान हजूरले गर्नुभएन।
२४ यसैकारण उहाँबाटनै यो हात
पठाइएको हो, यो लेखोट खोपिएको हो।
२५ यो खापिएको लेखोटका शब्दहरू यिनै
हुन्—मने मने तकेल ऊपर्सीन। २६ यसको
अर्थ यही हो—मने, परमेश्वरले हजूरको
राज्यको गन्ती लाउनुभयो, र त्यसको अन्त
गरिदिनुभयो। २७ तकेल, हजूर तराजूमा
जोखिनुभयो, र हलुङ्ग ठहरिनुभयो।
२८ ऊपर्सीन, हजूरको राज्य भाग भाग
गरिएर मादी र फारसीहरूलाई दिइयो।"
२९ तब बेलसजर राजाले हुकुम गरे,
र दानियललाई बैजनी पोशाक पहिराइयो,
र सुनको हार तिनको गलामा पहिराइयो,
औ तिनी राज्यको दर्जामा तेस्रो हुन् भनी
घोषणा गरियो।
३० त्यही रात कल्दीहरूका राजा
बेल्सजर मारिए। ३१ अनि मादी राजा
दाराले त्यो राज्य लिए। दारा राजा त्यस
बेला बासट्ठी वर्षका थिए।

६ आफ्नो समस्त राज्यमा एक सय
बीस जना प्रान्तीय बड़ा-हाकिम
नियुक्त गर्न दारा राजालाई असल लाग्यो।
२ औ तिनीहरूमाथि तीन जना मुख्य मंत्री
तिनले नियुक्त गरे। राजाको काममा हानि
नहोस् भनेर यिनीहरूलाईनै ती प्रान्तीय
बड़ा-हाकिमहरूले आफ्नो आफ्नो कामको
लेखा दिऊन् भनी ठहराइयो। यी तीन
जनामध्ये दानियल एक थिए। ३ दानियल
अरू मंत्रीहरू र बड़ा-हाकिमहरूभन्दा श्रेष्ठ
हुनाले राजाले तिनलाईनै सारा राज्यका
शासक नियुक्त गर्ने विचार गरे। ४ तब
मुख्य मंत्रीहरू र बड़ा-हाकिमहरूले दानियलको
राज्य-शासनको विरुद्धमा केही निहुँ
खोज्नलागे। तर तिनी आफ्नो जिम्मावारीमा
बेइमान नभएकोले गर्दा तिनीहरूले तिनको
कर्त्तव्यमा वेपरवाही तथा बेइमानी नभेट्टाउँदा
यसो भने, ५ 'तिनको धर्मको सम्बन्धमा
बाहेक हामी यस दानियलको विरुद्धमा अरू
कुनै आरोप लाउनसक्तैनौं।'

दानियलको विरुद्धमा षड्यन्त्र

६ तब ती मुख्य मंत्री र प्रान्तीय
बड़ा-हाकिमहरू राजाकहाँ जाने सहमत गरी
आएर भने, "राजा दारा अमर रहून्!
७ राज्यमा हामी सबै मंत्री, शासक,
प्रान्तीय बड़ा-हाकिम, भारादार र
प्रदेशपालहरूले सल्लाह गरेर सहमत भएका
छौं कि राजाले एउटा यस्तो विशेष उर्दी

दिएर कायम राख्नुहोस्, र तीस दिनभित्र
हजूरलाई बाहेक अरू कुनै देवता वा मानिस-
लाई बिन्ती-प्रार्थना गर्ने मानिस सिंहको
खोरमा हालियोस्। ८ अब हे महाराज,
उर्दी दिनुहोस् र त्यो ऐन लिखित रूपमा
निकालियोस् र त्यो अदल-बदल हुन नपाओस्,
किनकि मादी फारसीहरूको कानून स्थायी
हुन्छ।" ९ थसरी दारा राजाले त्यो ऐन
लिखित रूपमा निकाले।
१० जब दानियलले राजाद्वारा यो
ऐनको उर्दी निकालिएको थाह पाए, तब
तिनी आफ्नो घरमा गए। त्यहाँ तिनले
कौसीको कोठामा झ्यालहरू यरूशलेमतिर
फर्केका बनाएका थिए। त्यहाँ आफ्नो
आदतअनुसार तिनी घुँडा टेकेर दिनमा
तीनपल्ट प्रार्थना गर्थे, र आफ्ना परमेश्वरलाई
धन्यवाद चढ़ाउँथे। ११ तिनका दुश्मनहरू
दानियललाई पक्रने मौका हेरिरहेका थिए, र
दानियलले आफ्ना परमेश्वरलाई बिन्ती-प्रार्थना
गरिरहेका तिनीहरूले भेट्टाए। १२ त्यसपछि
तिनीहरू राजाकहाँ आएर तिनलाई त्यस
ऐनको विषयमा यसो भनेर याद गराए, "हे
महाराज, हजूरले यस्तो ऐन निकाल्नुभएको
होइन कि तीस दिनभित्र हजूरलाई बाहेक
कसैले अरू कुनै देवता वा मानिसलाई
बिन्ती-प्रार्थना गर्‍यो भने त्यो सिंहको खोरमा
हालिनेछ?" राजाले जवाफ दिए, "हो यो
निश्चय गरिएको हो। मादी र फारसीहरूको
कानून स्थायी हुन्छ।" १३ तिनीहरूले
राजाको सामने भने, "निकालावास भएका
यहूदीहरूमध्येका एक जना दानियलले हजूरले
जारीगर्नुभएको ऐनको वास्ता गरेनन्।
तिनी आफ्ना देवतालाई दिनमा तीनपल्ट
बिन्ती-प्रार्थना गर्दछन्।"
१४ जब राजाले यो कुरा सुने तब
तिनी अत्यन्तै दुःखित भए, र दानियललाई
बचाउने उपाय विचार गर्नलागे। औ तिनी
सूर्यास्त सम्मै तिनलाई बचाउने युक्तिमा
लागिरहे। १५ तब मानिसहरू मौका
पाएर राजाकहाँ आएर भने, "हे महाराज,
यो कुरो हजूरलाई विदित होस् कि
मादी र फारसीहरूको कानूनबमोजिम राजाको
ऐन स्थायी हुन्छ।"

सिंहको खोर अनि छुटकारा

१६ तब राजाले हुकूम गरे, र दानियल-
लाई ल्याएर सिंहको खोरमा खसालिदिए। तर
राजाले दानियललाई भने, "तिमीले निरन्तर
सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई
बचाऊन्।" १७ त्यसपछि एउटा ढुङ्गा
ल्याएर त्यस ओढारको मुखमा राखियो।
औ दानियललाई बचाउन कसैले कोशिष
नगरोस् भनी राजाले आफ्नो लाल-मोहर र
शासकहरूका औंठीका छाप पनि लगाइदिए।
१८ त्यसपछि राजा आफ्नो महलमा गए,
र रात उपवासमा बिताए। औ कुनै
मनोरञ्जनका साधन तिनीकहाँ ल्याइएन, औ
तिनलाई निद्रै लागेन।
१९ तब बिहान झिसमिसे उज्यालोमा
राजा उठेर डरले काम्दै सिंहको खोरनेर
गए। २० जब तिनी त्यहाँ पुगे तब तिनले
चिन्तित भई दानियललाई कराएर भने, "हे
दानियल, जीवित परमेश्वरका सेवक, तिमीले
निरन्तर सेवा गरेका तिम्रो परमेश्वरले
तिमीलाई सिंहहरूदेखि बचाउनसक्नुभयो?"
२१ तब दानियलले जवाफ दिए,
"महाराज अमर रहून्! २२ सिंहहरूका
मुख थुनिदिनलाई मेरा परमेश्वरले आफ्ना
दूत पठाउनुभयो, र यी सिंहहरूले मलाई
केही हानि गरेनन्, किनभने उहाँको
सामने म निर्दोष पाइएँ। औ हे महाराजा,
हजूरको पनि मैले केही बिराएको थिइनँ।"
२३ तब राजा अत्यन्तै खुशी भएर
दानियललाई खोरबाट निकाल्ने हुकूम गरे।
तब दानियल बाहिर निकालिए, औ तिनमा
कुनै किसिमको हानि भएको पाइएन, किनभने
तिनले आफ्ना परमेश्वरमाथि भरोसा राखेका

थिए। २४ तब राजाको हुकुमबमोजिम
दानियललाई दोष लाउने मानिसहरूलाई
तिनीहरूका स्वास्नी र छोरा-छोरीसमेत
सिंहको खोरमा खसालिदिए। औ तिनीहरू
तल खोरको मुखमा पुग्दा नपुग्दै सिंहहरूले
झम्टेर तिनीहरूका हड्डीहरूसमेत तिनीहरूलाई
कल्याक-कुलुक खाइहाले।

२५ तब सारा पृथ्वीभरि रहने विभिन्न
भाषा बोल्ने जाति जातिका मानिसहरूलाई
दारा राजाले यसो लेखे, "तिमीहरूलाई
शान्ति होस्! २६ मैले यो ऐन निकालेको
छु कि मेरो साम्राज्यभरि मानिसहरूले
दानियलका परमेश्वरको भय मानून् र उहाँलाईनै
श्रद्धा देऊन्।

किनभने उहाँ सदा सर्वदै रहिरहनुहुने
जीवित परमेश्वर हुनुहुन्छ।
जसको राज्याधिकार निर्बल हुँदैन,
जसको सर्वाधिकारको अन्तनै हुँदैन।
२७ उहाँ मुक्तिदाता र उद्धारक,
स्वर्ग र पृथ्वीमा चिह्न र अचम्मका
काम गर्नुहुने हुनुहुन्छ।
जसले दानियललाई सिंहहरूको शक्तिदेखि
बचाउनुभयो।"

२८ यसैले दारा राजाको र फारसी
राजा कोरसको शासनकालमा यिनै दानियलको
उन्नति भइरह्यो।

चारवटा पशुको सपना

७ बाबेल्का राजा बेलसजरको पहिलो
वर्षमा दानियल आफ्नो पलङ्गमा
ढल्किरहेको बेला तिनले सपना र दर्शनहरू
देखे। तब तिनले त्यो सपना लेखे। त्यसको
विवरण यसरी शुरू हुन्छ—

२ राती दर्शनमा, म, दानियलले
एकोहोरो हेरिरहेको थिएँ। औ आकाशका
चारै बतासले महासमुद्रलाई हल्लाएको
मैले देखें। ३ औ समुद्रबाट चार किसिमका
भिन्दाभिन्दै ठूला ठूला जन्तुहरू बाहिर
निस्के। ४ पहिलो चाहिँ सिंहजस्तो थियो,
तर त्यसका पखेटा चीलका जस्तै थिए। मैले
त्यसका पखेटाहरू उखेलिएको हेरिरहें, त्यो
भूइँबाट उचालियो, र मानिसजस्तै दुइ
खुट्टामा उभ्याइयो। औ त्यसलाई मानिसको
मन पनि दिइयो। ५ औ अर्को एउटा
भालुजस्तै दोस्रो जन्तु मैले देखें। दुइ खुट्टा
चाहिँ उचालेर शरीरको आधा भागले मात्र
त्यो उठ्न खोजेको थियो। त्यसको मुखमा
दाँतहरूका बीचमा तीनवटा करङ थिए।
त्यसलाई यो आज्ञा दिइयो, "उठ्, मासु
खा, र पेट भर्।" ६ त्यसपछि मैले हेर्दा
पिठ्यूँमा पक्षीका चारवटा पखेटा भएको
चितुवाजस्तै अर्को एउटा जन्तु देखें। त्यस
जन्तुका चारवटा टाउका थिए। त्यसलाई
सर्वाधिकार दिइयो। ७ त्यसपछि मेरो रातीको
दर्शनमा एक डरलाग्दो, भयङ्कर र अत्यन्त
बलियो चौथो जन्तु मैले, देखें। त्यसका
फलामका ठूला ठूला दाँत र पीतलका
नङ्ग्राहरू थिए। त्यसले चपाउँथ्यो र निल्थ्यो,
र बाँकी रहेका सबैलाई चाहिँ आफ्नो
खुट्टाले कुल्चन्थ्यो। दशवटा सीङ भएकोले गर्दा
पहिले निस्केका सबै जन्तुहरूभन्दा त्यो बेग्लै
थियो। ८ मैले ती सीङहरूलाई ध्यानसित
हेर्दा हेर्दै तिनीहरूका बीचमा अर्को एउटा
सीङ उम्र्यो। त्यो सानो थियो। त्यसले गर्दा
पहिलेका तीनवटा सीङ जरैसमेत उखेलिए।
यस सीङमा मानिसको जस्तै आँखा र ठूला
ठूला कुरा गर्ने मुख थिए।

प्राचीन समय

९ मैले हेरिनै रहें, र के देखें भनें,
सिंहासनहरू बसालिए,
औ एक जना अति वृद्ध व्यक्ति त्यसमा
बस्नुभयो।
उहाँको पोशाक हिउँजस्तै सेतो थियो,
उहाँका शिरका केश सफा ऊनजस्तै
थिए।

उहाँको सिंहासन बलिरहेको आगोको
ज्वाला थियो,
र त्यसका पाङ्ग्राहरू दन्केको आगो
थियो।
१० उहाँको सामुबाट आगोको खोला बगेर
निस्कन्थ्यो।
हजारौं हजारले उहाँको सेवा गर्दथिए।
लाखौं लाख उहाँको सामु खड़ा
भइरहन्थे।
न्यायको निम्ति दरबार बस्यो,
औ पुस्तकहरू खोलिए।
११ औ त्यस सीङले बोलेको अभिमानी
शब्दहरूको कारण मैले त्यसलाई हेरिनै
रहें। मैले हेर्दा हेर्दै त्यो जन्तु मारियो,
र त्यसको लोथ नष्ट पारे र आगोमा
डढ़ाइयो। १२ अरू जन्तुहरूको सर्वाधिकार
खोसिए, तापनि केही काल तथा ऋतुको
निम्ति तिनीहरूलाई अरू बाँच्नदिइयो।

मानिसका पुत्र

१३ रातीको दर्शनमा मैले हेरिनै रहेको
थिएँ, औ आकाशका मेघहरूसँग मानिसका
पुत्रजस्तै कोही आइरहनुभएको मैले देखें।
उहाँ ती अति प्राचीन उमेरकहाँ आउनुभयो,
र उहाँकै सामने हाजिर गराइनुभयो।
१४ औ विभिन्न भाषा बोल्ने सबै जातिका
मानिसहरूले उहाँको सेवा गरून् भनेर
उहाँलाई सर्वाधिकार, महिमा र राज्याधिकार
दिइयो। उहाँको सर्वाधिकार कहिल्यै नबित्ने
सदा सर्वदैको सर्वाधिकार छ, औ उहाँको
राज्याधिकार कहिल्यै नष्ट हुनेछैन।

सपनाको अर्थ

१५ मेरो आत्मा मभित्र व्याकुल भयो,
र मैले पाएको दर्शनले, म, दानियल
घबराएँ। १६ त्यहाँ उभिरहनेहरूमध्ये एक
जनाकहाँ म गएँ, र तिनलाई यी सबैका
विषयमा मैले सोधें। औ तिनले मलाई त्यसको
अर्थ बताइदिए। १७ "यी ठूला ठूला चार
जन्तुहरू चार राज्य हुन्, जो पृथ्वीमा खड़ा
हुनेछन्। १८ तर सर्वोच्चका पवित्र जनहरूले
राज्याधिकार पाउनेछन्, र सदा सर्वदैको
निम्ति त्यो कायम रहनेछ।
१९ त्यो चौथो जन्तु, जो अरूहरूभन्दा
बेग्लै थियो, जो अत्यन्तै डरलाग्दो थियो,
जसका फलामका दाँतहरू र पीतलका नङ्ग्राहरू
थिए, र जसले सबै कुरा चपाएर निल्थ्यो,
र बाँकी रहेका सबैलाई आफ्नो खुट्टाले
कुल्चन्थ्यो, त्यस चौथो जन्तुको अर्थ जान्न
मलाई इच्छा भयो। २० त्यसको टाउकोमा
भएका दश सीङ र त्यो अर्को सीङको
विषयमा, जो उम्रँदा ती तीनवटा सीङ
झरिहाले। त्यो सीङ जसका आँखा र
अभिमानी कुराहरू बोल्ने मुख थियो, र जो
त्यसका साथीहरूभन्दा ठूलो देखिन्थ्यो, त्यसको
विषयमा पनि जान्न मलाई इच्छा भयो।
२१ मैले हेर्दा हेर्दै ती अति प्राचीन
उमेरका आइनपुगुन्जेल त्यस सीङले पवित्र
जनहरूसित युद्ध गर्दै रह्यो, र तिनीहरूलाई
जित्दै लग्यो। २२ तब सर्वोच्चका पवित्र
जनहरूका पक्षमा निर्णय दिइयो। औ ती
पवित्र जनहरूले राज्याधिकार प्राप्त गर्ने समय
आयो।
२३ तिनले मलाई यो जवाफ दिए,
"त्यस चौथो जन्तुले एउटा अर्को चौथो
राज्य बताउँछ, जो पृथ्वीमा देखा पर्नेछ,
जोचाहिँ अरू राज्यहरूभन्दा बेग्लै हुनेछ।
त्यसले समस्त पृथ्वीलाई निलिहाल्नेछ, खुट्टाले
कुल्चनेछ र धूलो-पीठो पार्नेछ। २४ ती
दश सीङको अर्थ यही हो—यस राज्यबाट
दश राजाहरू खड़ा हुनेछन्, औ त्यसपछि
अर्को एउटा राजा खड़ा हुनेछ। यो चाहिँ
अघिका राजाहरूभन्दा बेग्लै हुनेछ। त्यसले ती
तीन राजाहरूलाई परास्त गर्नेछ। २५ त्यसले
सर्वोच्चको विरुद्धमा हाँक दिनेछ, र सर्वोच्चका
पवित्र जनहरूलाई धुजा धुजा पार्नेछ।

ठहराइएका समय र व्यवस्थाहरू त्यसले
बदल्ने विचार गर्नेछ। औ पवित्र जनहरूलाई
त्यसको शक्तिमा एक समय, दुइ समय र
आधा समयको निम्ति सुम्पिदिनेछ। २६ तब
न्यायको दरबार बस्नेछ, र आखिरमा त्यसलाई
नष्ट र खतम पार्ने त्यसको सर्वाधिकार
खोसिनेछ। २७ अनि राज्याधिकार र
सर्वाधिकार र स्वर्गमनिका सारा राज्यहरूको
महिमा सर्वोच्चका पवित्र जनहरूलाई दिइनेछ।
तिनीहरूका राज्याधिकार सदा सर्वदैको हुनेछ,
र सबै सर्वाधिकार राख्नेहरूले तिनीहरूकै सेवा
गर्नेछन् र तिनीहरूकै आज्ञा पालन गर्नेछन्।”
२८ विवरण यही अन्त हुन्छ। म,
दानियलचाहिं मेरो विचारले गर्दा साह्रै
घबराएँ, र मेरो अनुहारको रङ्ग पहेंलो भयो,
र मैले यो कुरा आफ्नो मनैमा राखें।

दानियलले देखेका दर्शन

८ बेलसजर राजाको शासनकालको
तेस्रो वर्षमा म एलाम प्रदेशको
राजधानी शूशनमा भएको बेला मैले देखेको
पहिलो दर्शनजस्तै, म, दानियलले अर्को
एउटा दर्शन देखें। २ यस दर्शनमा ऊलै
नदीको छेउमा बसेर मैले हेरिरहेको थिएँ।
३ मैले मेरो आँखा उठाएर हेरें, औ नदी
र मेरो बीचमा दुइ सीङ भएको एउटा
साँढ़-भेड़ा उभिरहेको मैले देखें। ती दुवै
सीङ लामा लामा थिए, तर एउटा सीङ
अर्कोभन्दा अझ लामो थियो। यो लामो
सीङ्चाहिं पछित्तिर उम्रेको थियो। ४ त्यस
भेड़ाले पश्चिम, उत्तर र दक्षिणतिर सीङ्ले
हानिरहेको मैले हेरिरहेको थिएँ। औ
कुनै पनि जन्तु त्यसको सामने अड्निसक्तैन
थियो। औ त्यसको शक्तिबाट कसैले कसैलाई
छुटाउनसक्तैन थियो। त्यसले आफू-खुशी
गरेर आफ्नो शक्तिको प्रदर्शन गर्थ्यो।
५ यस कुरामा मैले विचार गरिरहेको
बेला एकासि एउटा बोका पश्चिमबाट
भूइँमा खुट्टा नछोईकन माथि माथिबाट
पृथ्वीभरि फेरो लाउँदै आयो। त्यस बोकाका
आँखाहरूको बीचमा एउटा प्रष्टै देखिने
सीङ थियो। ६ अनि नदीको किनारमा
उभिरहेको दुइ-सीङे साँढ़-भेड़ामाथि प्रचण्ड
झोंकले कुदेर त्यो जाइलाग्यो। ७ औ त्यस
साँढ़-भेड़ाको छेउमा गएर रीसले चूर भई
त्यस साँढ़-भेड़ालाई त्यसले हान्यो, र त्यसका
दुवै सीङ भाँचिदिएको मैले देखें। त्यसको
सामना गर्न त्यस साँढ़-भेड़ाको केही
शक्ति रहेन। त्यसले त्यो साँढ़-भेड़ालाई
भूइँमा पछारेर त्यसमाथि खुट्टाले कुल्च्यो।
त्यस साँढ़-भेड़ालाई बचाउने त्यहाँ कोही
भएन।
८ त्यसपछि त्यस बोकाले आफ्नो
शक्तिको ठूलो प्रदर्शन गर्नेलाग्यो। त्यो
शक्तिशाली भए तापनि त्यसको त्यो ठूलो
सीङ भाँचियो, र त्यसको सट्टामा आकाशका
चारै दिशातिर फर्केका चारवटा स्पष्ट
देखिने सीङ्हरू उम्रे। ९ तीमध्ये एउटा-
बाट एउटा सानो सीङ उम्र्यो, र त्यसले
दक्षिण, पूर्व र सबैभन्दा सुन्दर देशतिर
आफ्नो असाधारण शक्तिको प्रदर्शन गर्‍यो।
१० औ त्यसले स्वर्गको सेनाझैं ठूलो हुने
अभिलाषा गर्‍यो। त्यसले कुनै कुनै दल र
कुनै कुनै तारालाई पृथ्वीमा खसालेर
तिनलाई आफ्नो खुट्टाले कुल्च्यो।
११ सेनाहरूका कुमार जत्तिकै महान् हुने
त्यसले अभिलाषा गर्‍यो। औ सेनाहरूका
कुमारको नित्यको बलि त्यसले रोकिदियो, र
उहाँको पवित्रस्थान भत्काइदियो। १२ स्वर्गीय
सेनाहरू त्यसलाई सुम्पिए, र नित्यको
बलिको विरुद्धमा त्यो अधर्मी भएर खड़ा भयो,
र साँचो धर्मलाई भूइँमा फ्याँकिदियो। त्यसले
गरेका सबै काममा त्यो सफल भयो।
१३ त्यसपछि मैले एउटा जनलाई बोलिरहेको
र फेरि अर्को पवित्र जनले तिनलाई जवाफ
दिइरहेको सुने, को हो कुन्नि! एउटाले
भने, “यस दर्शनमा संकेत गरेको समय

कहिलेसम्म भइरहला ? नित्यको होमबलि
कहिलेसम्म रोकिरहला ? अधर्मले कहिलेसम्म
उजाड़ पारिरहला, औ पवित्रस्थान र
सबैभन्दा सुन्दर देश कहिलेसम्म खुट्टाले
कुल्चन सुम्पिरहला ?'' १४ औ जवाफ
यस्तो आयो, "दुइ हजार तीन सय साँझ
र बिहानसम्म ! त्यसपछि पवित्रस्थान विजय
भएर निस्कनेछ !''

दर्शनको अर्थ

१५ म, दानिएलले, यो दर्शन देखी-
रहँदा मैले त्यो बुझ्ने कोशिष पनि गरिरहें।
औ एक्कासि मानिसको रूप भएको कोही एक
जना मेरो सामने उभिरहेका मैले देखें।
१६ त्यसै बेला ऊलै नदीको मोड़बाट
मानिसको सोरले तिनलाई यसरी बोलाइरहेको
मैले सुनें, "हे गब्रिएल, यस मानिसलाई
त्यस दर्शनको अर्थ खोलिदेऊ।'' १७ तब
तिनी म उभिएको ठाउँमा आए। तिनी
आउँदा म डरले घोप्टो परें। तर तिनले
मलाई भनें, "हे मानिस, यो बुझ् कि
अन्तको समयलाई यसले संकेत गर्छ।''
१८ तिनी बोल्दाबोल्दै म भूइँमा
अचेत अवस्थामा परें। तर तिनले मलाई
समातेर म उभिएकै ठाउँमा फेरि उभ्याए।
१९ तिनले भने, "क्रोधको अन्त के हुनेछ
सो म तिमीलाई बताइदिनेछु। किनभने
ठहराइएको समयको पनि अन्त हुनेछ।
२० तिमीले देखेको दुइ-सीङे साँढ़-भेड़ा
मादी देश र फारस देशका राजाहरू हुन्।
२१ औ त्यो बोका चाहिं यूनानीहरूको
राज्य हो। औ त्यसको निधारको ठूलो
सीङ्चाहिं प्रथम राजा हो। २२ त्यो
भाँचिएको सीङ्को सट्टामा उम्रेका चार
सीङ्हरूचाहिं चार राज्यहरू हुन्, जो
त्यस जातिबाट खड़ा हुनेछन्। तर तुलनामा
त्यसको जत्तिकै पराक्रम हुनेछैन।
२३ ती राज्यहरूका पछिल्ला दिनहरूमा
जब तिनीहरूका पाप चरम सीमामा
पुगेको हुन्छ,
तब एउटा क्रूर, निष्ठूर र युद्ध-कलामा
निपुण राजा देखा पर्नेछ।
२४ त्यसको शक्ति महान् हुनेछ,
त्यसले अवर्णनीय विध्वंस ल्याउनेछ।
आफूले गरेको जुनसुकै काममा पनि
त्यो सफल हुनेछ।
त्यसले ठूला ठूला जातिहरू र पवित्र
जनहरूका बीचमा विध्वंस ल्याउनेछ।
२५ त्यसको मन निरन्तर क्रियाशील रहनेछ,
र आफूले रचेको चतुर षड्यन्त्रमा
त्यो सफल हुनेछ।
त्यसले ठूला ठूला युक्तिहरू रच्नेछ।
तिनीहरूले नचिताएको समयमा त्यसले
तिनीहरू धेरैमाथि विध्वंस ल्याउनेछ।
त्यसले प्रधानहरूका प्रधानलाई पनि
हाँक दिनेछ,
तर कुनै मानिसको हातबिनानै त्यो
ढल्नेछ।
२६ साँझ र बिहानको विषयमा दिइएको
यो प्रकाश सत्य छ।
तर यो दर्शन तिमीले गुप्त राख्नैपर्छ,
किनभने त्यसले धेरै पछि आउने
दिनहरूलाई संकेत गर्छ।''
२७ त्यसपछि म, दानियलको बल
हरायो, र केही समयको निम्ति म बिरामी
भइरहें। तब म उठेर फेरि राजाको काममा
लागें। तर त्यस प्रकाशले गर्दा म
घबराइ रहें, र कसैले मलाई त्यो
बुझाउनसकेन।

आफ्ना मानिसहरूका निम्ति दानियलको पश्चातापी प्रार्थना

९ अहासूरसको छोरा दाराको (जो
मादी वंशमा जन्मेका थिए, औ जो
कल्दीहरूका राज्यमा राजा नियुक्त भएका
थिए) शासनकालको पहिलो वर्षमा,

२ सत्तरी वर्ष नबितुञ्जेल यरूशलेम नाशको
अवस्थामा रहनेछ। यर्मिया अगमवक्तालाई
परमप्रभुबाट आएको वचनमा म, दानियलले
धर्मशास्त्र पढ़ेर विचार गरिरहेको थिएँ।
३ तब प्रार्थना र अन्तर-बिन्ती गरी, उपवास
बस्तै भाङ्ग्रा ओढ़ेर खरानी घसी मैले आफ्नो
मोहोडा परमप्रभु परमेश्वरतिर फर्काएँ।
४ पश्चाताप गर्दै मैले परमप्रभु मेरा
परमेश्वरलाई यसो भनेर प्रार्थना गरें—"हे
परमप्रभु, महान् र भययोग्य परमेश्वर, विश्वास-
सित तपाईंलाई प्रार्थना र तपाईंका आज्ञा
पालन गर्नेहरूसँग तपाईं आफ्नो करार पूरा
गर्नुहुन्छ। ५ हामीले पाप गर्‍यौं, औ भूल
र दुष्ट काम गर्‍यौं। हामी बागी भयौं र
तपाईंका आज्ञा र धार्मिक-नियमहरूबाट
तर्किगयौं। ६ तपाईंका दास अगमवक्ताहरू,
जसले हाम्रा राजाहरू, शासकहरू, पिता-
पुर्खाहरू र देशका सबै मानिसहरूसँग
तपाईंका नाउँमा बोलेका थिए, तिनीहरूका
कुरा हामीले सुनेनौं। ७ हे परमप्रभु,
तपाईंनै ठीक हुनुहुन्छ। सधैंझैं अहिले पनि
लाज हामीलाईनै भएको छ, अर्थात् यहूदाका
मानिसहरूलाई, यरूशलेमका बासिन्दाहरूलाई
र तपाईंको विरुद्धमा गरेका तिनीहरूको
विश्वासघातले गर्दा तपाईंले देश देशमा
धपाउनुभएका हामी सबै इस्राएलीहरूलाई, जो
नजीक र टाढ़ा छन्। ८ हे परमप्रभु,
हाम्रा राजाहरू, शासकहरू र पिता-पुर्खा-
हरूलेझैं हामीले लज्जित हुनुपरेको छ।
हामी सबैले तपाईंको विरुद्धमा पाप गरेका
छौं। ९ हामी उहाँको विरुद्धमा बागी
भए तापनि करुणा र क्षमा परमप्रभु, हाम्रा
परमेश्वरकै हुन्। १० औ हामीले परमप्रभु
हाम्रा परमेश्वरको आज्ञा पालन गरेका
छैनौं। आफ्ना दास अगमवक्ताहरूद्वारा
हामीलाई दिनुभएको व्यवस्था हामीले मानेका
छैनौं। ११ तपाईंको वचन पालन नगरेर
सारा इस्राएलले तपाईंको व्यवस्था भङ्ग गरेका
छन् र त्यसदेखि तर्किगएका छन्, औ
परमेश्वरका दास मोशाको व्यवस्थामा
देखाएका आज्ञा र ठहराइएका शपथमा पाउने
सराप हामीमाथि पानीझैं खनिएको छ, किनकि
हामीले उहाँको विरुद्धमा पाप गरेका छौं।
१२ हामीमाथि र यरूशलेममाथि संसारमा
कहिल्यै नभएको विपत्ति ल्याएर हामी र
हाम्रा शासकहरूका विषयमा भन्नुभएका कुरा
सबै तपाईंले पूरा गर्नुभएको छ। १३ हामी-
माथि आएका सबै विपत्तिहरू मोशाको
व्यवस्थाका पुस्तकमा पहिलेनै दर्शाएका थिए,
तापनि हामीले आफ्ना परमेश्वरलाई मनाउन-
लाई केही गरेका छैनौं। आफ्ना अधर्मका
कामबाट नता हामीले पश्चाताप गर्‍यौं, न
तपाईं आफ्नो वचनमा सत्य हुनुहुन्छ भन्ने
कुरामा हामीले ध्यान थियौं। १४ यसकारण
परमप्रभुले आफ्नो समयमा यो विपत्ति
हामीमाथि ल्याउनुभयो। आफूले गर्नुभएका
सबै कुरामा परमप्रभु हाम्रा परमेश्वर ठीकै
हुनुहुन्छ, तापनि हामीले उहाँको आज्ञा पालन
गरेका छैनौं।

१५ औ अब हे परमप्रभु, हाम्रा परमेश्वर
जसले आफ्ना लोकलाई शक्तिशाली हातद्वारा
मिश्र देशबाट निकालेर ल्याउनुभयो, र आजको
दिनसम्मै कायम रहने आफ्नो नाउँ राख्नुभएको
छ, हामीले पाप गरेका छौं, हामीले खराबी
गरेका छौं। १६ हे परमप्रभु, तपाईंको
उद्धारका कामहरूद्वारा आफ्नो शहर, आफ्नो
पवित्र डाँडा यरूशलेमबाट आफ्नो क्रोध र
रीस हटाउनुहोस्। हाम्रा पाप र हाम्रा
पिता-पुर्खाहरूका दोषले गर्दा यरूशलेम र
तपाईंको लोक हाम्रा सबै छिमेकीहरूका बीचमा
एउटा गिल्ला भएका छन्। १७ यसकारण
अब हे हाम्रा परमेश्वर, आफ्नो दासको
प्रार्थना र अन्तर-बिन्ती सुन्नुहोस्। हे परमप्रभु,
तपाईं आफ्नै खातिर, आफ्नो उजाड़ भएको
पवित्रस्थानमा आफ्नो रूप प्रकाश गर्नुहोस्।
१८ हे परमेश्वर, आफ्नो कान थापेर
सुन्नुहोस्, आफ्नो आँखा खोल्नुहोस्, र
हाम्रो उजाड़ अवस्थामाथि र तपाईंको नाउँ

भएको शहरमाथि निगाह राख्नुहोस्। हाम्रा
आफ्नै धार्मिकताद्वारा होइन, तर तपाईंको
असीम दयाद्वारा तपाईंको सामने हामी आफ्नो
अन्तर-बिन्ती टक्राउँदछौं। १९ हे परमप्रभु,
सुन्नुहोस्। हे परमप्रभु, क्षमा गर्नुहोस्।
हे परमप्रभु, सुनेर त्यसैअनुसार गरिदिनुहोस्।
आफ्नै नाउँको खातिर ढीलो नगर्नुहोस्।
हे परमेश्वर, किनभने तपाईंको शहर र
तपाईंको लोक तपाईंकै नाउँले कहलाइएका
छन्।"

२० यसरी म बोल्दै, प्रार्थना गर्दै, मेरो
आफ्नो पाप र मेरो जाति इस्राएलका
पापको पश्चाताप गर्दै, र उहाँको पवित्र
डाँड़ाको पक्षमा परमप्रभु मेरा परमेश्वरको सामु
मेरो अन्तर-बिन्ती टक्राइरहेको थिएँ। २१ जब
म प्रार्थना गरिरहेको थिएँ, तब तिनै मानिस,
गब्रिएल, जसलाई मैले अघि पनि दर्शनमा
देखेको थिएँ, साँझको बलिदानको समयमा
चाँड़ो गरी उड्दै मेरो छेउमा आए।
२२ स्पष्टसित बोलेर तिनले मलाई भने,
"हे दानियल, अहिले म तिम्रो समक्ष
खोलिदिनलाई आएको छु। २३ जब तिमीले
आफ्नो बिन्ती शुरू गरिरहेका थियौ तब
एउटा वचन निस्क्यो। त्यही म तिमीलाई
दिनलाई आएको छु, किनभने तिमी अति
प्रिय मानिस छौ। त्यो वचन राम्ररी विचार
गर, त्यस दर्शनलाइ विचार गर। २४ तिम्रो
जाति र तिम्रो पवित्र शहरका निम्ति
सत्तरी हप्ता तोकिएका छन्, त्यसपछि
विद्रोह थामिने छ, पापको अन्त
गरिनेछ, अपराधको प्रायश्चित हुनेछ,
अनन्तको धार्मिकता शुरू गरिनेछ, दर्शन
र अगमवाणीमा छाप लगाएर अन्त
गरिनेछ र सबैभन्दा पवित्रस्थान पवित्र
तुल्याइनेछ। २५ तब यो जान र
बुझ, यरूशलेमको पुनर्प्राप्ति र पुनर्निमाण
हुनेछ भन्ने वचन निस्केको समयदेखि एक
अभिषेक जन, एक राजकुमार देखा परेको,
समयसम्म सात हप्ता बित्नेछन्। त्यसपछि
ब्यासट्ठी हप्तासम्म गल्ली र नालाहरूसमेत त्यो
पुनर्प्राप्ति र पुनर्निमाण भइरहेको अवस्थामा
रहनेछ। २६ तब त्यही समयमा, अर्थात्
ती ब्यासट्ठी हप्तापछि तिनलाई कसैले
सहायता नदिने गरी ती अभिषेक
जन हटाइनेछन्। तब चढ़ाइ गर्ने कुनै
एक राजकुमारको सेनाले त्यस शहर र
पवित्रस्थानलाई विध्वंस गर्नेछ। त्यसको
अन्त चाहिं प्रलय, ठूलो त्राससमेत टार्न
नसकिने लड़ाइँ हुनेछ। २७ तिनले एक
हप्तासम्म धेरैसित गुठ बाँध्नेछन्, औ
बिताएको आधा हप्ता चाहिं तिनले सबै
बलिदान र भेटीहरूलाई रोकिदिनेछन्। औ
यिनै घृणित कुराहरूको साथमा नाशको कर्त्ता
आउनेछ। त्यसपछि अन्तमा उजाड़ सम्बन्धी
उर्दी पूरा गरिनेछ।"

दानियल र दर्शनको मानिस

१० फारसका राजा कोरेसको शासनकालको
तेस्रो वर्षमा दानियलकहाँ, जसलाई
बेल्तसजर नाउँ दिइएको थियो, एउटा कुरा
प्रकाश गरियो। त्यो कुरा सत्य थियो तापनि
तिनलाई त्यो बुझ्न साह्रै परिश्रम गर्नुपर्‍यो।
तर समयमा तिनले त्यो कुरा बुझे।

२ 'ती दिनमा, म, दानियलले, तीन
हप्तासम्म शोक गर्दैरहें। ३ ती तीन हप्ता
नबितुन्जेल सबै मीठो खानेकुरादेखि म अलग
बसें, नता मासु, न दाखमद्य मेरो मुखमा
पस्यो, औ न मैले आफ्नो शरीरमा तेल दलें
४ पहिलो महीनाको चौबीसौं दिनमा मैले
आफूलाई ठूलो नदी, अर्थात् टाइग्रिस नदीको
किनारमा देखें। ५ मैले मास्तिर हेरें, र
मिहिन लुगा लगाएको एउटा मानिसलाई
देखें। तिनको कम्मरमा ओपीरको सुनको
पटुका बाँधेको थियो। ६ तिनको शरीर
फिरोजा-पत्थरजस्तै चहकिलो थियो, तिनको
अनुहार बिजुलीझैं चम्कन्थ्यो, तिनका आँखा
राँकोझैं बलिरहेका थिए, तिनका हात र

घट्टाहरू चाहिँ टल्काइएको पीतलको पात्रमैं
टल्किरहेका थिए। औ जब तिनी बोल्थे
तिनको सोर भीड़को सोरमैं सुनिन्थ्यो।
७ म, दानियलले मात्र त्यो दर्शन देखें, तर
मेरो छेउमा हुनेहरू कसैले पनि त्यो दर्शन
देखेनन्। तर तिनीहरूलाई साहै डर भयो
र तिनीहरू सुटुक्क भागिहाले, ८ औ यो
महा-दर्शन हेर्नलाई म मात्र एक्लै छोड़िएँ।
तर ममा केही शक्तिनै रहेन। म ता
मानिसको पुतलाजस्तै भएँ, औ ममा केही
बलै रहेन। ९ जब तिनी बोलेको मैले सुनें,
औ जब मैले त्यो सुनें तब म भूईंमा
अचेत अवस्थामा लडें।

१० एक्कासि एउटा हातले मलाई समात्यो
र मलाई मेरो हात र घुँड़ामा उभिनलायो
११ तिनले मलाई भने, "हे दानियल अति
प्रिय मानिस, मैले तिमीलाई भनिरहेको बचन-
हरूमा ध्यान देऊ, र जहाँ तिमी छौ त्यहीं
खड़ा होऊ, किनकि अहिले म तिमीकहाँ
पठाइएको छु।" जब तिनले यो कुरा
भनिसके तब म थरथर काम्दै खड़ा
भएँ, र तिनले मलाई भने, १२ "हे
दानियल, नडराऊ, किनकि बुझ्नलाई तिमीले
मन दिएको र आफ्ना परमेश्वरका सामने
दीन भएको पहिलो दिनदेखिनै तिम्रा प्रार्थना-
हरूको सुनाइ भएको छ, र म तिनीहरूकै
जवाफमा आएको हुँ। १३ तर फारस
राज्यको कुमार-दूतले एक्काईस दिनसम्म मसँग
युद्ध गरिरह्यो, र त्यसपछि मैले त्यसलाई
रोकिराखेको देखेर मुख्य कुमारहरूमध्येका एक
जना, फारसको राज्यको कुमारको विरुद्धमा
मलाई सहायता गर्न माइकल आए।
१४ औ भविष्यमा तिम्रो जातिलाई के
हुनेछ सो म तिमीलाई बताउन आएको छु।
किनभने यो पनि ती दिनहरूलाई संकेत गर्ने
एक दर्शन हो।"

१५ जब तिनी मसित बोलिसके तब मैले
आफ्नो शिर निहुराएँ, र म लाटो भइरहें।
१६ एक्कासि मानिसजस्तै कुनै एक जनाले
मेरो मुख छोए। तब बोल्नलाई मैले
आफ्नो मुख खोलें, र तिनी मेरो सामने
उभिरहेकै बेलामा मैले भनें, "महाशय, यसले
ता मेरो मुटुमार्न थोंच्यो, औ मेरो बलनै
रहेन। १७ हजूरसँग म हजूरको दासले
कसरी बात गर्ने आँट गर्नु किनभने मेरो
केही बलनै रहेन, र ममा प्राणनै छैन।"
१८ तब ती व्यक्तिले फेरि मलाई छोएर
मेरो बल पुनर्प्राप्त गराए। १९ तिनले भने,
"हे अति प्रिय मानिस, नडराऊ। तिमी-
लाई राम्रै हुनेछ। बलियो होऊ, बलियो
होऊ।" जब तिनी मसँग बोलिसके, तब
मैले बल पाएँ, र भनें, "हे महाशय, बोल्नु-
होस्, किनभने तपाइँलेनै मलाई बल दिनु-
भयो।" २० तिनले भने, "म किन
तिमीकहाँ आएको छु, के तिमीलाई थाह छ?
पहिले म फारसको कुमारसँग युद्ध गर्नलाई
गइरहेछु, मैले छोड्ने बित्तिकै यूनानको राजा
देखा पर्नेछ। २१ मलाई मदत र सहायता
गर्नलाई मतर्फ तिम्रा कुमार माइकलबाहेक
अरू कुनै मित्र छैन। तापनि सत्यको पुस्तकमा
के लेखिएको छ सो म तिमीलाई बताउनेछु।
साँचो के हो, म तिमीलाई अब बताउनेछु।

युद्धको अगमवाणी

११ मादी राजा दाराको शासनकालको
पहिलो वर्षमा तिनलाई सुदृढ
पार्न र प्रोत्साहन दिनलाई म खड़ा भएँ।
२ "फारस देशमा अरू तीन राजाहरू
खड़ा हुनेछन्, औ चौथो चाहिं अरूहरू
सबैभन्दा धनाढयहुनेछन्। औ जब तिनले
आफ्नो धन-सम्पत्तिले आफ्नो शक्ति बढ़ाएका
हुनेछन्, तब तिनले सारा संसारलाई यूनान
राज्यको विरुद्धमा सुल्याउनेछन्। ३ तब
एउटा लड़ाकु राजा खड़ा हुनेछन्। तिनले
एउटा ठूलो राज्यमाथि शासन गर्नेछन्, र
जे मन लाग्यो त्यही गर्नेछन्। ४ तर
तिनी स्थिर हुने बित्तिकै तिनको राज्य

टुक्रा टुक्रा भएर उत्तर, दक्षिण, पूर्व र
पश्चिममा विभक्त हुनेछ। तिनका सन्तान-
हरूले त्यो राज्य पाउनेछैनन्, नता तिनका
अरू कुनै उत्तराधिकारीको तिनको जस्तै
साम्राज्य हुनेछ। तिनको राज्य जरैसमेत
उखेलिनेछ, औ तिनीहरू र साथसाथै
अरूहरूलाई पनि दिइनेछ।
५ त्यसपछि दक्षिणका राजा शक्तिशाली
हुनेछन्, तर कप्तानहरूमध्येका अर्को एक
जनाले तिनलाई शक्तिमा जित्नेछन्, र
तिनको भन्दा अझै ठूलो राज्य जित्नेछन्।
६ समयमा ती दुवैले मित्रताको सम्बन्ध
बाँध्नेछन्, र क्षतिपूर्ति गर्नलाई दक्षिणका
राजाकी छोरी उत्तरका राजालाई विवाहमा
दिइनेछ, तर ती राजकुमारीले आफ्नो
प्रभाव पार्नेछैनन्, र तिनीहरूको सन्तान
स्थायी हुनेछैन। तिनी र तिनका सहेली-
हरू, तिनको बालक र तिनका प्रभु र
स्वामी सबै षड्यन्त्रका शिकार बनिनेछन्।
७ त्यसपछि ती स्त्रीकै कुलको मूलबाट
एउटा हाँगा त्यसका पिताका सट्टामा उत्पन्न
हुनेछ। औ उत्तरका राजाको गढीलाई
नाघेर किल्लामा प्रवेश गर्नेछ, र तिनका
प्रजामाथि तिनी पूर्ण विजयी हुनेछन्।
८ तिनले उनीहरूका देवताहरूका ढलौटे
मूर्तिहरू औ सुन र चाँदीका भाँडा-कुँडाहरू
लूटका मालसरह मिश्र देशमा लैजानेछन्।
त्यसपछि केही वर्षसम्मलाई उत्तरका राजा-
माथि चढाइ गर्नेछैनन्। ९ तब उत्तरका
राजाले दक्षिणको राज्यलाई परास्त गर्नेछन्,
तर तिनी आफ्नै देशमा फर्किजानेछन्।
१० तिनका छोराहरू एक ठूलो सैन्यदल
जम्मा गर्नमा व्यस्त रहनेछन्। तिनीहरूमध्यको
एक जनाले चाहिं रोक्न नसकिने बाढीझैं
जित्दै जित्दै लानेछन्। त्यसपछि तिनी
शत्रुको किल्लासम्मै बढ्दै जानेछन्। ११ तब
क्रोधित भएर दक्षिणका राजा उत्तरका
राजासँग युद्ध गर्न निस्कनेछन्, औ तिनले
पनि, अर्थात् उत्तरका राजाले पनि एउटा
ठूलो सैन्य-दल खड़ा गर्नेछन्, तर त्यो
दल शत्रुको हातमा सुम्पिइनेछ। १२ जब
यो दल पक्राउमा परेको हुनेछ, तब जित्ने
चाहिंले घमण्डले फुलेर हजारौं हजारलाई
मार्नेछन्, तापनि त्यसबाट तिनले फायदा
उठाउनसक्नेछैनन्। १३ तब उत्तरका राजाले
फेरि एकपल्ट अघिको भन्दा पनि अझ
ठूलो सैन्य-दल खड़ा गर्नेछन्, र समय
सालमा एउटा ठूलो सेना र प्रशस्त
राशन-सामग्रीसमेत लिएर बढ्नेछन्।
१४ त्यस बेला धेरैले दक्षिणका राजाको
आक्रमणलाई रोक्नेछन्, तर तिम्रै मानिस
हरूका बीचदेखि कुनै कुनै उपद्रवी
मानिसहरूले दर्शन कार्य रूपमा परिणत गर्ने
कोशिष गर्नेछन्, र तिनीहरू नाश हुनेछन्।
१५ तब उत्तरका राजा आएर घेरा-मचान
उठाउनेछन्, र पर्खाल भएको शहरलाई
लिनेछन्, औ दक्षिणको सेनाले तिनको
सामना गर्नसक्नेछैनन्। यहाँसम्म कि तिनी-
हरूका फौजका वीर वीर जवानहरू पनि
तिनको सामने अडिनसक्नेछैनन्। १६ औ
यसरी तिनको विरोधीले जस्तो मन लाग्यो
त्यस्तै गर्नेछन्, औ तिनलाई कसैले विरोध
गर्नेछैन। सबैभन्दा असल देशमा तिनले
आफैलाई बसाल्नेछन्, औ ती जम्मै
तिनकै अधिकारमा आउनेछन्। १७ तिनले
दक्षिणका राजाका सबै राज्यहरू आफ्नो
अधीनमा ल्याउने निश्चय गर्नेछन्, र
तिनीसित उचित शर्तहरू बाँध्नेछन्, औ
त्यस राज्यलाई नाश गर्नलाई एउटी
तरुणीलाई विवाहमा दिनेछन्। तर नता
त्यो स्त्री स्थिर रहनेछ, न त्यसद्वारा तिनको
अभिप्राय सिद्ध हुनेछ। १८ तब तिनी
समुद्र किनारका देशहरू र टापूहरूतिर फर्केर
धेरैलाई कैदी बनाउनेछन्, तर एउटा विदेशी
सेनापतिले तिनलाई थकाएर तिनको हाँकलाई
अन्त गरिदिनेछन्। यसरी ती विदेशी
सेनापतिले तिनको हाँक तिनकै शिरमा
बजारिदिनेछन्। १९ तिनी आफ्नै किल्ला-

तिर भागेर जानेछन्। त्यहींनै तिनको
नाश हुनेछ, र फेरि कहिल्यै देखिनेछैनन्।
२० तिनी पछि यस्तो एक जना
आउनेछन् जसले शाही रक्षकसाथ एउटा
अफिसर कर उठाउनलाई पठाउनेछन्। केही
समयपछि यो राजाको पनि अन्त हुनेछ।
तिनको अन्त नता खुला रूपमा न लड़ाइँमा
हुनेछ।
२१ एउटा नीच व्यक्ति तिनको स्थानमा
आउनेछ, तर राजाले पाउने मान्यता त्यसले
पाउनेछैन। तापनि त्यसले कपटी चालले र
कूटनीतिद्वारा शान्तिको समयमा त्यस राज्य-
लाई खोस्नेछ। २२ त्यो बढ्दै जाँदा
विरोधीहरूका सबै शक्तिलाई त्यसले नाश
गर्नेछ, र करारअनुसारका राजकुमार पनि
परास्त गरिनेछन्। २३ त्यसले छली सम्बन्ध
बाँध्नेछ, औ त्यस पक्षका मानिसहरू थोरै
भए तापनि त्यो शक्तिशाली हुनेछ, र
शान्तिको समयमा त्यसले आफूलाई स्थिर
गर्नेछ। २४ त्यसले प्रान्तका सबैभन्दा धनी
जिल्लाहरू लूट्नेछ, र आफू पछि लाग्नेहरूलाई
लूटका माल, धन-सम्पत्ति र जग्गा-जमीन
दिनेछ। यसरी त्यसका पिता-पुर्खाहरूले गर्न
नसेकेका काम गर्नमा त्यो सफल हुनेछ।
त्यसले केही समयको निम्ति मात्र किल्लाहरूको
विरुद्धमा युक्ति लगाउनेछ।
२५ त्यसको सबै शक्ति र साहसमा त्यी
आफै खड़ा भएर दक्षिणको राजाको विरुद्धमा
एउटा ठूलो सेना लिएर त्यो जानेछ, तर
दक्षिणका राजाले एउटा साह्रै ठूलो र असंख्य
सेनाको साथ त्यसको विरुद्धमा युद्धको धावा
उठाउनेछ। तापनि दक्षिणका राजा युद्धमा
लागिरहनेछैन, तिनकै विश्वासघातीहरूले
षड़यन्त्र रच्नेछन्। २६ तिनकै निमक
खानेहरूले तिनलाई हराउनेछन्, र तिनका
सेनालाई परास्त गर्नेछन्, र धेरै जना रण-
भूमिमा लोट्नेछन्। २७ ती दुइ राजाहरू
दुष्ट काम गर्नमा लाग्नेछन्, र एउटै टेबलमा
बसे तापनि एउटाले अर्कोलाई झूट बोल्नेछन्,
जसले नता यिनलाई न उनलाई केही लाभ
हुनेछ। २८ तापनि ठहराइएको समयको
अन्त आउनेनै छ। तब एउटा चाहिँ आफ्नो
लामो लावा-लस्कर लिएर र पवित्र करारको
विरुद्धमा मनमा रीस लिएर आफ्नो घर
फर्कनेछ। तिनले आफ्नै इच्छाअनुसार काम
गर्नेछन्, र आफ्नै देशमा फर्किजानेछ।
२९ तोकिएको समयमा तिनले फेरि
दक्षिणमा चढ़ाइ गर्नेछन्, तर अघि सफल
भएझैँ तिनी सफल हुनेछैनन्। ३० पश्चिम-
बाट तिनको विरुद्धमा जहाजहरू आउनेछन्,
र तिनी पराजित हुनेछन्। तिनी फर्कनेछन्,
र पवित्र करारमाथि तिनले आफ्नो रीस
पोखाउनेछन्। तिनी फर्केपछि तिनलाई त्याग्ने-
हरूको तिनले राम्ररी सुधि लिनेछन्।
३१ तिनले पठाएका सैन्य-दलहरूले पवित्रस्थान
र किल्लाहरू बिटुलो पार्नेछन्, र नित्यको
बलिदान रोक्नेछन्। औ त्यहाँ तिनीहरूले
'नाश गर्ने घृणित वस्तुलाई' स्थापन गर्नेछन्।
३२ तिनले करार इन्कार गर्न तयार
भएकाहरूलाई झूटो प्रतिज्ञाहरूद्वारा आफ्नो
तर्फमा लानेछन्, तर आफ्ना परमेश्वरतिर
विश्वासी मानिसहरू दृढ़ बसेर तिनीसित लड़ाइँ
गर्नेछन्। ३३ जातिका ज्ञानी अगुवाहरूले
साधारण मानिसहरूलाई बाटो देखाउनेछन्।
तापनि तिनीहरू केही समयको निम्ति आगो
र तरवार, कैद र लूटका शिकार हुनेछन्।
३४ तर यी शिकारमा परेकाहरू थोरै
संख्यामा र अरूसित लाग्ने झूटा चाहिँ
धेरै भए तापनि यिनीहरूलाई सहायताको
अभाव हुनेछैन। ३५ तिनीहरू जाँचिन,
खारिन र उज्ज्वल सेता हुनलाई ती अगुवा-
हरूमध्येका कुनै कुनै केही समयको लागि
स्वयं शिकार बनिनेछन्। तापनि तोकिएको
समयको अझै अन्त हुनेछैन। ३६ राजाले
जे मन लाग्छ त्यही गर्नेछन्। हरेक देवता-
भन्दा तिनले आफैलाई उच्च पार्ने र ठूला
देखाउनेछन्, र ईश्वरहरूका परमेश्वरको विरुद्धमा
तिनले भयानक निन्दा बोल्नेछन्। क्रोधको

समय खतम नहोउन्जेल तिनको लागि सबै
राम्रै हुनेछ, किनभने जे निश्चय गरिएको छ
सो हुनैपर्छ। ३७ आफ्ना पिता-पुर्खाहरूका
देवताहरू र स्त्रीहरूका प्रिय देवताको पनि
तिनले अवहेलना गर्नेछन्। तिनले कुनै
देवताको वास्ता गर्नेछैनन्। तर तिनले तिनी-
हरू सबैभन्दा आफैंलाई उच्च पार्नेछन्।
३८ त्यसको सट्टामा तिनले आफ्ना
पिता-पुर्खाहरूले पनि नजानेको किल्लाको
देवतालाई सुन र चाँदी, रत्न र बहुमूल्य
उपहार चढ़ाएर मान गर्नेछन्। ३९ तिनले
विदेशी मानिसहरू राखेर आफ्ना किल्लाहरू-
लाई बलियो पार्नेछन्। तिनको निगाहमा
भएकाहरूलाई तिनले मान दिनेछन्। साधारण
मानिसहरूमाथि कर्मचारी नियुक्त गरी
जागीर दिएर मानले तिनीहरूलाई परिपूर्ण
पार्नेछन्।

४० तोकिएको समयको अन्तमा तिनी र
दक्षिणका राजाले एक अर्कोमाथि झूटा
आक्रमण गर्ने निहुँ गर्नेछन्, र उत्तरका राजा
रथहरू, घोड़चढ़ीहरू र धेरै जहाजहरू लिएर
तिनको विरुद्धमा आँधीझैं आक्रमण गर्न
आउनेछन्। ४१ तिनले देशमाथि देश
चढ़ाइ गर्नेछन्। बाढ़ीझैं तिनीहरूमाथि जित्दै
जानेछन्, र हजारौं हजार तिनको शिकार
हुनेछन्। तापनि यी सबै देश (एदोम,
मोआब र बाँकी अम्मोनीहरूलगायत) तिनको
आक्रमणदेखि बाँच्नेछन्। ४२ देश देशहरू
तिनले जित्दै जानेछन्, औ मिश्र देश पनि
उम्कन पाउनेछैन। ४३ तिनले मिश्र देशका
सुन, चाँदी र त्यसका सबै धन-सम्पत्तिहरूका
गुप्त भण्डारहरू आफ्नो अधीनमा पार्नेछन्।
लिब्नीहरू र कूशीहरू पनि तिनका पछिपछि
लाग्नेछन्। ४४ तब पूर्व र उत्तरका झूटा
समाचारहरूले तिनलाई तर्साउनेछन्, र
धेरैलाई नाश गर्न र नामेट पार्न रीसले
तिनी झोंकिएर जानेछन्। ४५ तिनले समुद्र
र पवित्र डाँड़ा, अर्थात् सबैभन्दा सुन्दर
डाँड़ाका बीचमा आफ्नो शाही शिविर खड़ा
गर्नेछन्। औ तिनलाई कसैले पनि सहायता
नदिई तिनको अन्त हुनेछ।

माइकल

१२ छुटकारा दिने माइकल
त्यस बेला माइकल देखा पर्नेछन्,
ती ठूला कप्तान माइकल,
जसले तिम्रा संगी-देशवासीहरूमाथि रक्षा
गरिरहन्छन्।
औ यस्तो सँकष्टको समय आउनेछ,
तिनीहरू एक राष्ट्र भएको समयदेखि
त्यस बेलासम्म त्यस्तो ता कहिल्यै
भएको थिएन।
तर त्यसै बेला तेरा जातिहरूले,
हरेक जसको नाउँ यस पुस्तकमा
लेखिएको छ,
तिनीहरूले छुटकारा पाउनेछ।
२ अनि पृथ्वीको धूलोमा सुत्नेहरू,
कतिचाहिँ अनन्त जीवनको निम्ति
औ कतिचाहिँ शर्म र अनन्तका
घृणाको निम्ति ब्यूँझनेछन्।
३ ज्ञानी अगुवाहरू उज्ज्वल आकाशझैं
चम्कनेछन्,
औ मानिसहरूलाई सत्य मागमा
सदा सर्वदाको निम्ति डोऱ्याउनेहरूचाहिँ
ताराहरूझैं हुनेछन्।

४ तर तिमीले चाहिँ, हे दानियल,
यी वचनहरूलाई गुप्तमा राख, र अन्तको
समयको लागि यो पुस्तकमा छाप लगाएर
बन्द गरिराख। धेरै जना ज्ञान-शून्य हुनेछन्,
औ दण्ड साह्रै कड़ा हुनेछ।"

समयको अन्त

५ तब म, दानियलले हेरें, र अरू दुइ
जनालाई उभिरहेका देखें—एउटाचाहिँ नदीको
यस किनारमा र अर्कोचाहिँ नदीको
अर्को किनारमा थिए। ६ औ नदीको

पानीमाथि हुने मलमल लाएका मानिसलाई मैले सोधें, "यी चिह्नहरूको अन्त हुनु कति समय लाग्ला?" ७ ती पानीमाथि हुने मलमल लाएका मानिसले आफ्नो दाहिने र देब्रे हात स्वर्गतिर उठाए, औ तिनले सर्वदा जीवित रहनुहुनेको शपथ खाएको मैले सुनें। "यो एक समय, दुइ समय र आधा समयको निम्ति हुनेछ। जब पवित्र जातिहरूको शक्ति छिन्न-भिन्न हुनुदेखि थामिन्छ, तब यो सबै कुराको अन्त हुनेछ।" ८ मैले सुन्न ता सुनें तर बुझ्नसकिनें। त्यसैकारण मैले भनें, "हे महाशय, यस कुराको परिणाम के हुनेछ?" ९ तिनले जवाफ दिए, "हे दानियल, तिमी आफ्नो बाटो लाग, किनभने यी वचन गुप्त राखिएका छन्, औ अन्तको समयसम्मलाई बन्द गरिएका छन्। १० धेरै जनाले आफूलाई पवित्र पार्नेछन्, तर दुष्टहरूले चाहिं दुष्टयाइँ गरिनैरहनेछन्, र तिनीहरूमध्येका कसैले पनि बुझ्नेछैन, केवल ज्ञानी अगुवाहरूले मात्र बुझ्नेछन्। ११ नित्यको बलि रोकिएको समयदेखि र 'उजाड्को घृणित वस्तु' स्थापन गरिएको समयसम्म एक हजार दुइ सय नब्बे दिनसम्मको अवधि हुनेछ। १२ त्यो मानिस धन्यको हो, जसले पर्खिरहन्छ र एक हजार तीन सय पैंतीस दिन पूरा भएको हेर्नलाई बाँच्छ। १३ तर आखिरसम्मैं तिमी आफ्नो बाटो लाग र विश्राम लेऊ। औ युगको अन्तमा तिमी आफ्नो ठहराइएको दिन हेर्नलाई खड़ा हुनेछौ।"

होशेको पुस्तक

होशेको विवाह-परमप्रभुको इस्राएलसितको सम्बन्धको एक दृष्टान्त

१ यहूदाका राजाहरू उज्जियाह, योताम, आहाज र हिजकियाह औ योआशको छोरो इस्राएलका राजा यारोबामका शासनकालमा बेरीको छोरो होशेकहाँ आएको परमप्रभुको वचन—

२ जब परमप्रभु पहिले होशेद्वारा बोल्नुभयो तब उहाँले होशेलाई भन्नुभयो, "जा, गएर एउटी वेश्या स्वास्नी ले, र त्यसको वेश्यावृत्तिबाट भएका सन्तानलाई आफ्नो बना, किनभने यस देशले परमप्रभुलाई त्यागेर घोर वेश्यावृत्ति गर्नलागेको छ।" ३ यसैले तिनी गएर दिब्लैमकी छोरी गोमेरलाई ल्याए, र त्यसले गर्भवती भएर तिनीबाट एउटा छोरो जन्माई।

४ तब परमप्रभुले तिनलाई भन्नुभयो, "त्यसको नाउँ यिज्रेल राख्, किनभने थोरै समयमा म येहूको घरानामाथि यिज्रेलको रगतको साटो लिनेछु, र इस्राएलको घरानाको राज्य अन्त गरिदिनेछु। ५ त्यस दिन म इस्राएलको धनु यिज्रेलको बेंसीमा भाँचिदिनेछु।" ६ त्यसले फेरि गर्भवती भएर एउटी छोरी जन्माई। औ परमप्रभुले होशेलाई भन्नुभयो, "त्यसको नाउँ लोरुहामा

राख्, किनभने इस्राएलका घरानालाई टिठाएर
म तिनीहरूलाई फेरि कहिल्यै कदापि क्षमा
गर्नेछैनँ। ७ तर म यहूदाको घरानालाई
टिठाउनेछु, र परमप्रभु तिनीहरूका परमेश्वर
भएर म तिनीहरूको उद्धार गर्नेछु। तर
धनु, तरवार, लड़ाइँ, घोड़ा र घोड़चढ़ी-
हरूद्वारा म तिनीहरूको उद्धार गर्नेछैनँ।"
८ जब त्यसले लोरुहामाको दूध छोड़ाई, तब
फेरि गर्भवती भएर त्यसले एउटा छोरो
जन्माई। ९ अनि परमप्रभुले होशेलाई
भन्नुभयो, "त्यसको नाउँ लोअम्मी राख्,
किनभने तिमीहरू मेरो प्रजा होइनौ, औ
नता म तिमीहरूका परमेश्वर हुँ।

इस्राएलीहरूको पुनर्नियुक्तिको प्रतिज्ञा

१० तरैपनि इस्राएलीहरूको संख्या
समुद्रको बालुवाझैं हुनेछ, जो नता जोखिन
न गनिन सक्नेछ। औ 'तिमीहरू मेरो
प्रजा होइनौ' भन्ने सट्टामा 'तिमीहरू
जीवित परमेश्वरका पुत्र हौ' भनिनेछौ।
११ तब यहूदावंशी र इस्राएलीहरू दुवै
एकसाथ मिल्नेछन्, र एउटै नेता नियुक्त
गरेर देशबाट निस्कनेछन्, किनभने यिज्रेलको
निम्ति त्यो महा दिन हुनेछ।

२ तिमीहरू आफ्ना भाइहरूलाई
'अम्मी' र बहिनीहरूलाई 'रुहामा'
भन।"

परमप्रभुप्रति इस्राएलको अविश्वास

२ 'आफ्नी आमासित बहस गर्,
किनकि त्यो मेरो स्वास्नी होइन, नता म
त्यसको लोग्ने हुँ। त्यसले आफ्नो अनुहार
र आफ्ना स्तनदेखि वेश्यावृत्तिको सिंगार-
पटार अलग गरोस्, ३ नत्रता म त्यसका
लुगाहरू उतारेर त्यो जन्मेको दिनमा
जस्तै त्यसलाई नाङ्गै पार्नेछु, र त्यसलाई
उजाड़-स्थान र सुखा ठाउँझैं पारेर तिर्खाले
मार्नेछु। ४ त्यसका छोरा-छोरीहरूमाथि
पनि म टिठाउनेछैनँ, किनकि तिनीहरू
वेश्यावृत्तिका सन्तान हुन्, ५ किनभने
तिनीहरूकी आमाले वेश्यावृत्ति लिएकी छ।
तिनीहरूलाई गर्भधारण गर्नेले लाजमर्दो काम
गरी। किनभने त्यसले भनी, 'मेरा प्रेमीहरूका
पछि म लाग्नेछु, जसले मलाई मेरो अन्न-
पानी, ऊन, कपास, तेल र दाखमद्य
दिन्छन्।' ६ यसकारण हेर्, म त्यसको
बाटो काँढाले थुन्नेछु, औ त्यसको अगि
पर्खाल खड़ा गरिदिनेछु, र त्यसले बाटै
पाउनेछैन। ७ त्यो आफ्ना प्रेमीहरूको
पछिपछि कुद्नेछ, तर त्यसले तिनीहरूलाई
भेट्टाउनेछैन। त्यसले तिनीहरूलाई खोज्नेछ,
तर तिनीहरूलाई पाउनेछैन। तब त्यसले
भन्नेछ, 'म मेरा पहिलेकै लोग्नेकहाँ
फर्केर जानेछु, किनभने त्यस बेला
मेरो गति अहिलेको भन्दा असल थियो।'

इस्राएलको अविश्वासको दण्ड

८ त्यसले सम्झिन कि मैले त्यसलाई
अन्न, दाखमद्य र तेल दिएको थिएँ, औ
त्यसको सुन र चाँदीको संख्या मैलेनै
बढ़ाइदिएको थिएँ। तीचाहिं तिनीहरूले बाल
देवताको निम्ति उपयोग गरे। ९ यसकारण
अन्नको समयमा मेरो अन्न र दाखमद्यको
बेलामा मेरो दाखमद्य म लगिहाल्नेछु, र
त्यसको नग्नतालाई ढाक्ने मेरो ऊन र
कपास खोसेर लैजानेछु। १० अब म
त्यसकै प्रेमीहरूका नजरको सामने त्यसको
लाज उघार्नेछु, र कसैले त्यसलाई मेरो
हातबाट छुटाउनेछैन। ११ म त्यसका सबै
भोज, त्यसका औंसी, त्यसका सबै विश्रामका
दिनहरू र त्यसका सबै ठहराएका चाड़हरूका
उत्सवहरू खतम गरिदिनेछु। १२ म त्यसका
दाखका बोट र त्यसका नेभाराका रूखहरू
उजाड़ पारिदिनेछु। तिनका विषयमा त्यसले

भनेकी छ, 'यी मेरा प्रेमीहरूले दिएका मेरा
ज्याला हुन्।' औ म तिनीहरूलाई एउटा
जङ्गल तुल्याइदिनेछु, र वन-जन्तुहरूले ती
खानेछन्। १३ बाल देवताहरूको चाड़मा
धूप हालेको निम्ति म त्यसलाई दण्ड दिनेछु।
त्यस बेला त्यो नत्थ र गहना पहिरेर आफ्ना
प्रेमीका पछि पछि जाँदथिई, र मलाई
बिर्सेकी थिई, परमप्रभु भन्नुहुन्छ।

परमप्रभु र इस्राएललाई

१४ यसैकारण हेर, म त्यसलाई फर्काएर
उजाड़-स्थानमा लानेछु, र त्यससित मयालु
कुरा गर्नेछु। १५ त्यहाँ म त्यसलाई त्यसका
दाखबारीहरू दिनेछु, र आकोरको बेंसीलाई
चाहिं आशाको ढोका तुल्याइदिनेछु। त्यहाँ
त्यसले आफ्नो जवानीको दिनमा जस्तै र
मिश्र देशबाट आएको दिनमा झैं मप्रति मन
दिनेछ। १६ परमप्रभु भन्नुहुन्छ, त्यस दिन
तैंले मलाई 'मेरो लोग्ने' भन्नेछस्, तर 'मेरो
बाल देवता' भन्नेछैनस्। १७ किनभने म
बाल देवताहरूको नाउँ त्यसको मुखबाट
हटाइदिनेछु, र तिनीहरूको नाउँको सम्झना
फेरि कहिल्यै हुनेछैन। १८ त्यस दिन
म तिनीहरूका निम्ति वनका पशुहरू र
आकाशका पक्षीहरू र जमीनमा घस्रने
जन्तुहरूसित करार बाँध्नेछु। म धनु र
तरवार भाँचीकन देशबाट लड़ाइँ दूर
गरिदिनेछु। तिमीहरूलाई कुशलसित सुत्न-
दिनेछु। १९ म तँलाई सधैंको निम्ति
स्वास्नी तुल्याउनेछु। म धर्म र न्यायपूर्वक
दृढ़ प्रेम र माया गरेर तँलाई स्वास्नी
तुल्याउनेछु। २० म तँलाई इमान्दारीसाथ
मेरी स्वास्नी तुल्याउनेछु, र तैंले परमप्रभु-
लाई चिन्नेछस्। २१ परमप्रभु भन्नुहुन्छ,
त्यस दिन म आकाशको बिन्तीको जवाफ
दिनेछु। औ आकाशले चाहिं पृथ्वीलाई
जवाफ दिनेछ, २२ औ पृथ्वीले अन्न,
दाखमद्य र तेललाई जवाफ दिनेछ। अनि
तिनीहरूले यिज्रेललाई जवाफ दिनेछन्।
२३ म मेरो निम्ति त्यसलाई पृथ्वीमा
छर्नेछु, र दया नपाउनेमाथि म दया
देखाउनेछु। औ जो मेरो प्रजा थिएन
तिनीहरूलाई म भन्नेछु, 'तिमीहरू मेरा
प्रजा हौ', र तिनीहरूले भन्नेछन्, 'तपाईं
हाम्रा परमेश्वर हुनेहुन्छ'।"

होशेको पुर्विवाह

३ परमप्रभुले मलाई भन्नुभयो, "अरू
देवताहरूका पछि लाग्ने र दाखका
रोटीहरूसित प्रेम गर्ने इस्राएलीहरूलाई परमप्रभुले
प्रेम गर्नुभएझैं जा, नाठाकी प्यारी र
व्यभिचारिणी स्त्रीलाई प्रेम गर्।" २ यसैले
मैले त्यसलाई पन्ध्र टुक्रा चाँदी र अढ़ाई
मुरी जौ दिएर किनें। ३ तब मैले
त्यसलाई भनें, "तँ धेरै दिनसम्म मसित
बस्नेछस्। तैंले वेश्यावृत्ति नगर्नू, औ तँ कुनै
मानिसकी स्वास्नी हुनलाई नजानू। म पनि
तेरो निम्ति त्यस्तै रहनेछु।" ४ किनभने
इस्राएलीहरू धेरै दिनसम्म राजा वा शासक-
विना, बलिदान वा पुज्ने-ढुङ्गाविना औ
एपोद वा तेराफिमविना रहनेछन्।
५ त्यसपछि इस्राएलीहरू फर्कनेछन्, परमप्रभु
आफ्ना परमेश्वरलाई र आफ्ना राजा
दाऊदलाई खोज्नेछन्, र पछिल्ला दिनहरूमा
तिनीहरू भयसित परमप्रभु र उहाँका
उदारतातिर आउनेछन्।

इस्राएलीहरूसित परमप्रभुको विवाद

४ हे इस्राएली हो, परमप्रभुको वचन
सुन, किनकि यस देशका बासिन्दा-
हरूसित परमप्रभुको विवाद छ, किनभने यस
देशमा नता सत्यता, न करुणा नता
परमेश्वरको ज्ञान छ। २ यहाँ कसम खानु,
झूट बोल्नु, हत्या, चोरी र व्यभिचार गर्नु
बाहेक अरू केही छैन। तिनीहरू सीमा

नाघेर हत्यामाथि हत्या गर्छन्। ३ यसैकारण
यस देशले विलाप गर्नेछ, र यसमा बस्ने
सबै दुर्बल हुनेछन्, र वनका जन्तु,
आकाशका पक्षी औ समुद्रका माछाहरूसमेत
पनि नष्ट हुनेछन्।

४ कसैले विवाद नगरोस्, कसैले दोष
नलगाओस्, किनकि मेरो झगड़ा तिमीहरू-
सित छ, हे पूजाहारी हो। ५ तिमीहरूले
दिउँसै ठेस खानेछौ, औ अगमवक्ताहरूले
पनि तिमीहरूसितै राती ठेस खानेछन्, र
तिमीहरूको आमालाई म नाश पार्नेछु।
६ मेरो प्रजा ज्ञानको कमीले गर्दा नष्ट
भयो, किनभने तिमीहरूले ज्ञानलाई अस्वीकार
गर्‍यौ। म पनि तिमीहरूलाई मेरा पूजाहारी
हुनदेखि अस्वीकार गर्नेछु। किनभने
तिमीहरूले आफ्ना परमेश्वरको व्यवस्थालाई
बिर्सेका छौ। यसकारण म पनि तिमीहरूका
सन्तानलाई बिर्सनेछु।

७ जति जति तिनीहरू संख्यामा बढ़दै
गए त्यति त्यति तिनीहरूले मेरो विरुद्धमा
पाप पनि गर्दैगए। म तिनीहरूको गर्वलाई
लाजमा परिवर्त्तन गरिदिनेछु। ८ तिनीहरू
मेरो प्रजाको पापद्वारा पोसिन्छन् र यी
प्रजाहरूले अपराध गर्दै रहून् भनी तिनीहरू
अति इच्छा गर्छन्। ९ औ जस्तो प्रजा
त्यस्तै पूजाहारी हुनेछ। म तिनीहरूका
चालको निम्ति सजाय दिनेछु, र तिनीहरूका
कामहरूको प्रतिफल तिनीहरूलाई दिनेछु।
१० तिनीहरूले खान त खान्छन् तर
अघाउँदैनन्। तिनीहरूले वेश्यागमन गर्नेछन्,
तर तिनीहरूको संख्या बढ़नेछैन, किनभने
वेश्यागमनमा मन लगाउनलाई तिनीहरूले
परमप्रभुतिर ध्यान दिन छोड़ेका छन्।

११ दाखमद्य र नयाँ दाखमद्यले बुद्धि
नाश पार्छ। १२ मेरो प्रजाले आफ्ना
काठका मूर्तिसित सोधनि गर्दछ, र तिनीहरूको
लौरोले साइत हेर्दछ, किनकि वेश्यागमन गर्ने
आत्माले तिनीहरूलाई भ्रममा पारेको छ, औ
आफ्ना परमेश्वरलाई त्यागेर तिनीहरू
वेश्यागमनमा लागेका छन्। १३ तिनीहरू
पर्वतका टाकुराहरू हुँदो बलि चढ़ाउँदछन्, र
फँलाट, ज्यामुना र कटुसका रूखमनि, त्यहाँ
छाया असल छ भनेर, डाँड़ाहरूमा धूप
बाल्छन्। यसैकारण तिमीहरूका छोरीहरूले
वेश्यागमन र तिमीहरूका दुलहीहरूले व्यभिचार
गरे तापनि १४ म तिनीहरूलाई दण्ड
दिनेछैनँ, किनभने तिनीहरू आफैंनै एकान्तमा
वेश्याकहाँ जान्छन्, र देवदासीहरूसित बलिदान
चढ़ाउँदछन्। यसैले समझ विनाका मानिसहरू
नाश हुनेछन्।

१५ ए इस्राएल, तैंले वेश्यागमन गरे
तापनि यहूदा दोषी नहोस्, नता तिमीहरू
गिलगालमा आऊ, न बेतावनमा आऊ, न
परमप्रभुको जीवनको शपथ खाऊ। १६ हठी
कोरली झैं इस्राएल ढीट छ। तब कसरी
परमप्रभुले तिनीहरूलाई विस्तृत चरनमा
थुमालाई चराएझैं चराउनुहुनेछ र?

१७ एप्रैम मूर्तिहरूको साथी भएको छ।
त्यसलाई छोड़िदेऊ। १८ तिनीहरू मतवाला-
हरूका दल, वेश्यागमनमा डुबेकाहरू,
तिनीहरूले इज्जतभन्दा शर्मलाई रूचाउँछन्।
१९ आँधीले तिनीहरूलाई बेहेरेर लैजानेछ,
र तिनीहरू आफ्ना बलिदानको कारणले गर्दा
लज्जित हुनेछन्।"

पूजाहारीहरू र शासकहरूले

५ हे पूजाहारी हो, यो कुरा सुन।
हे इस्राएलका घराना हो, ध्यान
दिएर सुन, हे राजाको घराना हो, कान
थापेर सुन, किनभने न्यायको फैसला तिमी-
हरूको विरुद्धमा छ, किनभने तिमीहरू
मिस्पामा पासो र ताबोरमा जाल भएका
छौ। २ शित्तीमका खाल्डाहरू तिनीहरूले
खूब गहीरा पारेका छन्, तर म तिनीहरू
सबैलाई दण्ड दिनेछु।

३ म एप्रैमलाई चिन्दछु, औ इस्राएल
मबाट लुकेको छैन। अब हे एप्रैम, तैंले

व्यभिचार गरिस्। इस्राएल अशुद्ध भएको
छ। ४ तिनीहरूका कामहरूले तिनीहरूलाई
आफ्ना परमेश्वरतिर फर्कन दिनेछैनन्, किनकि
व्यभिचारी मन तिनीहरूका बीचमा छ, र
तिनीहरूले परमप्रभुलाई चिन्दैनन्।
५ इस्राएलको अहँकारले आफ्नै विरुद्धमा
साक्षी दिन्छ। यसकारण इस्राएल र एप्रैम
दुवै आफ्ना आफ्ना अधर्ममा ठोकर खानेछन्।
यहूदाले पनि तिनीहरू सँगसँगै ठोकर
खानेछ। ६ तिनीहरू आफ्ना भेड़ा-बाख्रा
र गाई-गोरु लिएर परमप्रभुलाई खोज्न
आउछन्, तर तिनीहरूले उहाँलाई
पाउनेछैनन्। उहाँ तिनीहरूदेखि हटिजानु-
भएको छ। ७ तिनीहरूले परमप्रभुको
विरुद्धमा विश्वासघात गरेका छन्, किनकि
तिनीहरूले पराईका छोरा-छोरीहरू जन्माएका
छन्। अब औंसीमा आफ्ना खेतहरूसमेत
तिनीहरू नाश हुनेछन्।
८ गिबामा नरसिङ्गा र रामामा तुरही
फूक। बेतावनमा चेताउनीको आवाज
उठाऊ। ए बिन्यामीन, थरहरी हो।
९ दण्डको दिनमा एप्रैम उजाड़ हुनेछ।
जे कुरो निश्चय हुन आउनेछ, त्यो
इस्राएलका सारा कुलका बीचमा मैले
जनाएको छु। १० यहूदाका मालिकहरू
तिनीहरूजस्तै साँध-सीमाना सार्नेहरू भए।
म मेरो क्रोध तिनीहरूमाथि पानीझैं
खन्याउनेछु। ११ एप्रैम कष्टमा परेको छ,
मेरो न्यायमा त्यो चूर्ण भएको छ, किनभने
व्यर्थका कुरापछि हिंड्नलाई त्यसले निश्चय
गर्‍यो। १२ यसैले म एप्रैमको निम्ति नाश
पार्ने कीराझैं र यहूदाको घरानाको निम्ति
क्षय तुल्य हुँ।
१३ जब एप्रैमले आफ्नो रोग देख्यो
र यहूदाले आफ्ना चोट देख्यो, तब एप्रैम
अश्शूरकहाँ गयो, त्यसले ठूला राजाकहाँ
मानिस पठायो। तर त्यसले तँलाई निको
पार्न सक्तैन, नता त्यसले तेरो चोटलाई
जाती पार्नसक्नेछ, १४ किनकि म एप्रैमको
निम्ति एउटा सिंहझैं र यहूदाको घरानाको
निम्ति एउटा जवान सिंहझैं हुनेछु। म
आफैंले तिनीहरूलाई फहराएर बाटो लाग्नेछु,
म उठाएर लानेछु, औ छुटाउने कोही पनि
हुनेछैन।
१५ जबसम्म तिनीहरूले आफ्ना अपराध
स्वीकार गरेर मेरो उपस्थितिको खोजी गर्दैनन्
तबसम्म म फर्केर आफ्नै ठाउँमा जानेछु।
आफ्नो कष्टमा तिनीहरूले मलाई तनमनले
यसो भन्दै खोज्नेछन्,

६ "आऊ, हामी परमप्रभुतिर फर्कौं,
किनभने उहाँले हामीलाई घायल
पार्नुभएको छ, र उहाँलेनै हामीलाई निको
पार्नुहुनेछ। उहाँले चोट पार्नुभएको छ, र
उहाँलेनै हामीलाई मलहम-पट्टी बाँध्नुहुनेछ।
२ दुइ दिनपछि उहाँले हामीलाई पुनर्जीवित
पार्नुहुनेछ। तेस्रो दिन उहाँले हामीलाई
खड़ा गर्नुहुनेछ, र हामी उहाँकै सामने
जीवित रहनेछौं। ३ आऊ, हामी परमप्रभु-
लाई चिनौं, हामी परमप्रभुलाई चिन्नलाई
प्रयत्न गरिरहौं। उहाँको आगमन प्रभातझैं
निश्चय छ। उहाँ हामीकहाँ वर्षाको झरी,
जमीनलाई भिजाउने आखिरी वर्षाझैं
आउनुहुनेछ।
४ ए एप्रैम, म तँलाई के गरूँ? ए
यहूदा, म तँलाई के गरूँ? किनकि तेरो
प्रेम बिहानको कुइरो जस्तै र बिलिजाने
शीत जस्तै छ। ५ यसैकारण मैले
तिनीहरूमाथि अगमवक्ताद्वारा बन्चरो चलाएको
छु। मैले तिनीहरूलाई मेरो मुखको वचन-
द्वारा घात गरेको छु। मेरो न्यायहरू
ज्योतिझैं प्रकट हुनेछन्, ६ किनभने म
बलिदान होइन तर अटल प्रेम चाहन्छु, र
होमबलिभन्दा परमेश्वरलाई चिन्ने ज्ञान बढ़ता
चाहन्छु। ७ तर तिनीहरूले ता आदमले
झैं करार भङ्ग गरे। त्यसैमा तिनीहरूले मेरो
विरुद्धमा विश्वासघातको व्यवहार गरे।
८ गिलाद अधर्मीहरूको शहर हो। त्यो

रगतले भरिएको छ। ९ जसरी डाँकूहरूले
मानिसलाई ढुकिबस्छन् त्यसरीनै पूजाहारी-
हरूले गट्टा बाँधेका छन्। तिनीहरूले शकेम
जाने बाटोंमा हत्या गर्दछन्। निश्चय
तिनीहरूले महा अपराध गरेका छन्।
१० इस्राएलको घरानामा मैले एक
घिनलाग्दो कुरो देखेको छु, एप्रैमको वेश्या-
वृति त्यहाँ छ। इस्राएल अशुद्ध भएको छ।
११ ए यहूदा, तेरो निम्ति पनि कटनी
तोकिएको छ। जब म मेरो प्रजाको
सुदिन फर्काउनेछु।

७ जब म इस्राएललाई निको पार्नेछु,
तब एप्रैमको भ्रष्टाचार र सामरियाको
दुष्टकामहरू प्रकट हुनेछन्, किनकि तिनीहरू
झूटा व्यवहार गर्दछन्। चोरहरूले घर
फोर्छन् औ डाँकूहरूले चाहिं बाहिर लुटपीट
गर्छन्, २ तर म तिनीहरूका सबै दुष्ट
कामलाई याद राख्दछु भनी तिनीहरू
आफ्ना हृदयमा विचार गर्दैनन्। अब
तिनीहरूका आफ्नै कामले तिनीहरूलाई
घेरेर राखेका छन्। ती कामहरू मेरै
सामने छन्। ३ तिनीहरू आफ्ना दुष्ट
कामले राजालाई र आफ्ना बेइमानीले
मालिकहरूलाई खुशी तुल्याउँछन्। ४ तिनी-
हरू सबै व्यभिचारी हुन्। तिनीहरू रोटी
पकाउनेले गरम पारेका तन्दूर जस्तै छन्।
त्यसले पीठो मुछेको समयदेखि त्यो खमीरी
नहोउन्जेल आगो चलाउँदै चलाउँदैन।
५ हाम्रा राजाको उत्सवको दिनमा भारा-
दारहरू ज्यादै पिई मातेर चूर भए। त्यसले
ठट्टा गर्नेहरूसित हात मिलायो। ६ ढुकेर
बस्दा तिनीहरूको मन तन्दूर जस्तै जल्दछ,
किनकि तन्दूर जस्तै तिनीहरूका हृदय
छली-युक्तिले जल्दछ। रातभरि तिनीहरूका
रीस दन्किरहन्छ, बिहान त्यो जल्दै गरेको
आगोझैं हुन्छ। ७ तिनीहरू सबै तन्दूरझैं
तातिन्छन्, र आफ्ना शासकहरूलाई भस्म
पार्छन्। तिनीहरूका सबै राजाहरू मारिए।
तिनीहरूमध्ये कसैले पनि मेरो दोहाइ
गर्दैन।

८ एप्रैम चाहिं अन्यजातिका बीचमा
मिसिन्छ। एप्रैम एकातिर मात्र पाकेको
रोटी जस्तै छ। ९ पराई मानिसहरूले
त्यसको बल नाश पारे, तर त्यसलाई यो
थाह छैन। त्यसका कपाल्मा फाटफूट
फूलेका केश देखिनलागे, तर त्यसलाई त्यो
थाह छैन। १० इस्राएलको अहंकारले
आफ्नै विरुद्धमा साक्षी दिन्छ, तापनि तिनीहरू
परमप्रभु आफ्ना परमेश्वरतिर फर्कंदैनन्, न
उहाँको खोजी गर्दछन्।

११ एप्रैम बुद्धि नभएको मूर्ख ढुकुर-
जस्तै छ। मिश्र देशलाई तिनीहरू पुकारा
गर्छन्, अश्शूरमा तिनीहरू जान्छन्।
१२ जब तिनीहरू जान्छन्, तब म तिनी-
हरूमाथि आफ्नो जाल फिँजाउँछु। म
तिनीहरूलाई आकाशका पक्षीहरूझैं तल
झार्नेछु। तिनीहरूको दुष्ट कामको निम्ति म
तिनीहरूलाई दण्ड दिनेछु। १३ तिनीहरूलाई
धिक्कार! किनकि तिनीहरू मबाट तर्किगए।
तिनीहरूको सर्वनाश होस्। किनकि तिनीहरू
मेरो विरुद्धमा बागी भए। मैले तिनीहरूलाई
छुटाउने थिएँ, तर तिनीहरूले मेरो विरुद्धमा
झूट बोले।

१४ हृदयले तिनीहरू मेरो पुकारा
गर्दैनन्, तर आफ्ना ओछ्यानमा विलाप
गर्दछन्। अन्न र दाखमद्यका निम्ति तिनीहरू
भेला हुन्छन्। तिनीहरू मेरो विरुद्धमा बागी
हुन्छन्। १५ यद्यपि मैले तिनीहरूलाई
शिक्षा दिएँ, र तिनीहरूका पाखुरा बलियो
बनाएँ, तापनि तिनीहरू मेरो विरुद्धमा युक्ति
गर्दछन्। १६ तिनीहरू बाल देवतातिर
फर्कन्छन्। तिनीहरू धोका दिने धनुझैं
छन्। तिनीहरूका भारादारहरू आफ्ना रीसका
वचनले गर्दा तरवारले ढालिनेछन्। मिश्र
देशमा तिनीहरूको ठट्टाको कारण यही
हुनेछ।

इस्राएलको मूर्तिपूजा र त्यसको दण्ड

८ तुरही फूक! एउटा चील परमप्रभुको
भवनमा आउँदैछ, किनभने तिनीहरूले
मेरो करार भङ्ग गरे, र मेरो व्यवस्थाको
विरुद्धमा अपराध गरे! २ तिनीहरू मलाई
हपारेर भन्छन्, 'हे हाम्रा परमेश्वर, हामी
इस्राएलीहरू तपाईंलाई चिन्दछौं।' ३ जे
भलो छ त्यो इस्राएलले फालिदिएको छ।
बैरीले त्यसलाई खेद्नेछ।

४ तिनीहरूले राजाहरू नियुक्त गरे,
तर मेरो स्वीकृति लिएन। तिनीहरूले
भारादारहरू खटाए, तर मलाई थाहै थिएन।
आफ्नै विनाश हुनलाई तिनीहरूले सुन र
चाँदीका मूर्तिहरू आफ्ना निम्ति बनाए।
५ ए सामरिया, मैले तेरो बाछा मिल्काइ-
दिएँ! मेरो रीस तिनीहरूको विरुद्धमा
दन्केको छ! तिनीहरू कहिलेसम्म अशुद्ध
रहनेछन्?

६ कारीगरले त्यो बाछा बनायो। त्यो
ता परमेश्वर, होइन। निश्चय सामरियाको
बाछा टुक्रै-टुक्रा पारिनेछ।

७ तिनीहरू बतास छर्दछन्, र तिनीहरूले
आँधी-बेहीको कटनी गर्नेछन्। तिनीहरूको
केही फसल रहनेछैन। त्यसको डाँठमा केही
दाना लाग्नेछैन। त्यसमा पसाइहाले तापनि
अन्यदेशीहरूले त्यो खाइहाल्नेछन्। ८ इस्राएल
निलिह्याल्यो। अब तिनीहरू जाति जाति-
हरूका बीचमा बेकामको भाँडाजस्तै भएका
छन्। ९ वन-गधा आफै एक्लै हिँडिरहेझैं
तिनीहरू अश्शूरमा गए। एप्रैमले ज्यालामा
आफ्नो निम्ति नाठाहरू राखेकी छ।
१० तिनीहरूले अन्यजातिहरूलाई ज्यालामा
राखे तापनि म तिनीहरूलाई अब चाँडै
जम्मा गर्नेछु, र राजा र भारादारहरूलाई
अभिषेक गर्न केही समयको निम्ति तिनीहरू
रोकिन्छन्।

११ एप्रैमले पाप गर्नलाई वेदीको
संख्या बढ़ायो। ती चाहिं त्यसको निम्ति
पाप गर्ने वेदीहरू भए। १२ मैले त्यसको
निम्ति लाखौं विधिहरू मेरो व्यवस्थामा
लेखें, तापनि ती विराना कुरा ठानिनेछन्।
१३ मेरो भेटीको बलिदानमा तिनीहरूले
मासु चढ़ाउँछन्, र आफै खान्छन्। तर
परमप्रभुले ता ती ग्रहण गर्नुहुन्न। अब
चाहिं उहाँले तिनीहरूका अधर्म सम्झना
गरेर तिनीहरूका पापको निम्ति दण्ड
दिनुहुनेछ। तिनीहरू मिश्र देशमा फर्केर
जानेछन्, १४ किनभने इस्राएलले आफ्ना
सृष्टिकर्त्तालाई बिर्सेर महलहरू बनायो, औ
यहूदाले चाहिं पर्खाल भएका शहरहरूको
संख्या बढ़ायो। तर म तिनीहरूका शहरहरूमा
आगो लगाइदिनेछु, र त्यसले त्यसका महलहरू
भस्म पार्नेछ।

अविश्वासको दण्ड

९ ए इस्राएल, तँ अरू जातिहरूझैं
आनन्दले नरमा, किनभने तैंले आफ्ना
परमेश्वरलाई त्यागेर वेश्यावृति गर्न लागेको
छस्! प्रत्येक अन्नको खलामा वेश्यावृतिको
ज्याला लिन तँलाई मन पर्‍यो। २ अन्नको
खला र दाखबारीको कोलले तिनीहरूलाई
खुवाउनेछैन, औ नयाँ दाखमद्यले तिनीहरूलाई
निराश पार्नेछ। ३ तिनीहरू परमप्रभुको
देशमा बस्नेछैनन्, तर एप्रैम मिश्र देशमा
फर्किजानेछ। तिनीहरूले अश्शूरमा अशुद्ध
कुरा खानेछन्।

४ तिनीहरूले परमप्रभुको सामने अर्घको
रूपमा दाखमद्य खनाउनेछैनन्, नता तिनीहरूको
बलिदानले उहाँलाई प्रसन्न तुल्याउनेछ।
तिनीहरूले चढ़ाएका बलिदान तिनीहरूका
लागि मरेकाहरूको निम्ति शोक गर्नेहरूको
भोजन हुनेछ। ती खाने सबै अशुद्ध
हुनेछन्, किनकि तिनीहरूका रोटी तिनीहरूका
भोक मार्नलाई हुनेछ, त्यो परमप्रभुको
भवनमा आउनेछैन।

५ महा पवित्र सभाको दिन तथा

परमप्रभुको चाड़को दिनमा तिमीहरू के
गर्छौ ? ६ किनभने हेर, तिनीहरू सर्वनाश-
देखि त भागिजानेछन्, तर मिश्र देशले
तिनीहरूलाई बटुल्नेछ, र मोपका मानिसहरूले
तिनीहरूलाई गाड़नेछन्। तिनीहरूका चाँदीका
बहुमूल्य वस्तु सिस्नुघारीमा पर्नेछ। तिनीहरूका
तम्बूहरूमा काँढ़ा उम्रनेछ।
७ दण्ड दिने दिनहरू आएका छन्,
प्रतिशोधका दिनहरू आएका छन्। इस्राएलले
त्यो थाह पाउनेछ। तेरो धेरै अधर्म र
ठूलो वैर-भावको कारणले तेरो लागि
अगमवक्ता चाहिँ मूर्ख र आत्मा भएका
मानिस चाहिँ बौलाहासरह हुनेछ।
८ अगमवक्ता चाहिँ मेरा परमेश्वरको प्रजा,
एप्रैमको रखवाली गर्ने हो, तापनि त्यसको
सबै बाटोमा शिकारीको पासो थापिएको छ,
औ त्यसका परमेश्वरको भवनमा त्यसप्रति
दुश्मनी छ। ९ गिबाका दिनमा झैं
तिनीहरू आफैले आफैलाई साह्रै भ्रष्ट पारेका
छन्। उहाँले तिनीहरूको अधर्मको सम्झना
गर्नुहुन्छ। उहाँले तिनीहरूका पापको
दण्डदिनुहुन्छ।
१० उजाड़-भूमिमा दाख पाएझैं मैले
इस्राएललाई भेट्टाएँ। मैले तिमीहरूका
पिता-पुर्खालाई पहिलो ऋतुमा फलेको
नेभाराको अगौटे फलझैं देखें। तर तिनीहरू
बालपोरकहाँ गए, र बाल देवताकहाँ
आफूलाई अर्पण गरे, र तिनीहरूले रूचाएका
कुरोझैं तिनीहरू घिनलाग्दा भए।
११ एप्रैमको गर्व पक्षीझैं उड़िजानेछ।
तिनीहरूमा नता कुनै जन्म, न कोही
गर्भवती, न गर्भधारण हुनेछ। १२ तिनी-
हरूले छोरा-छोरी पाएर हुर्काए तापनि एउटै
बालक पनि नरहने गरी म तिनीहरूलाई
निस्सन्तान तुल्याउनेछु। हाय! तिनीहरूलाई,
जब म तिनीहरूलाई छोड़ेर जानेछु!
१३ मैले देखेअनुसार एप्रैमका छोराहरू
शिकारको निम्ति तोकिएका छन्। एप्रैमले
छोराहरूलाई संहारको निम्ति आफै डोर्‍याएर
ल्याउनुपर्नेछ। १४ हे परमप्रभु, तिनी-
हरूलाई दिनुहोस्—तपाईं के दिनुहुन्छ?
तिनीहरूको गर्भ तुहुने होस् र स्तन
सुकिजाओस्।
१५ तिनीहरूका सारा खराबी गिलगालमै
पाइन्छ। त्यहींनै मैले तिनीहरूलाई घीन
गर्न शुरू गरें। तिनीहरूका कामको दुष्टताले
गर्दा म तिनीहरूलाई मेरो भवनबाट
लघारिदिनेछु। म तिनीहरूलाई फेरि कहिल्यै
प्रेम गर्नेछैनँ। तिनीहरूका सबै भारादारहरू
वागीहरू हुन्।
१६ एप्रैममाथि प्रहार परेको छ!
तिनीहरूको जरा सुकिहाल्यो! तिनीहरूमा
फल लाग्नेछैन! तिनीहरूले जन्म दिए
तापनि तिनीहरूका प्रिय बालकहरूको प्राण
म लिनेछु! १७ मेरा परमेश्वरले तिनीहरू-
लाई त्याग्नुहुनेछ, किनभने तिनीहरूले उहाँको
कुरा सुनेनन्। तिनीहरू अन्यजातिहरूका
बीचमा घुमन्ते-फिरन्ते हुनेछन्।

इस्राएलको सर्वनाश

१० इस्राएल लहलह भएको दाखको बोट
हो, जसले फल दिन्छ। फलहरूको
संख्या बढ़्दै गएअनुसार त्यसले आफ्ना
वेदीहरूको संख्या बढ़ाएको छ। आफ्नो
देशको उन्नतिअनुसार तिनीहरूले सुन्दर सुन्दर
खामाहरू खड़ा गरेका छन्। २ तिनीहरूको
मन झूटो छ। अब तिनीहरूले आफ्नो
अपराधको दण्ड भोग्नैपर्छ। परमप्रभुले
तिनीहरूका वेदीहरू नाश पार्नुहुनेछ।
उहाँले तिनीहरूका खामाहरू टुक्रा टुक्रा
पारिदिनुहुनेछ।
३ निश्चय, अब तिनीहरूले भन्नेछन्,
"हाम्रो राजा छैन, किनभने हामी परमप्रभुको
भय मान्दैनौं। राजाले चाहिँ हाम्रा निम्ति
के गर्नसक्नुहुन्छ र?" ४ तिनीहरू व्यर्थका
कुरा बोल्दछन्, खोक्रो कुरा गरेर करार
बाँध्दछन्। यसैकारण हलोजोतेंको सियोमा

धतूरा उम्रेझैं दण्डाज्ञा तिनीहरूमाथि आइपर्नेछ।
५ सामरियाका बासिन्दाहरू बेतावनका
बाछाका मूर्तिहरूका लागि डराउँदै रहनेछन्।
त्यसको प्रजाले त्यसको निम्ति विलाप
गर्नेछ, औ ती पूज्ने त्यसका पूजाहारीहरू
त्यसको गौरव त्यसदेखि गइहालेको कारण
विलाप गर्नेछन्। ६ ठूला राजाको सौगातको
निम्ति त्यो अश्शूरमा लगिनेछ। एफ्रैम
लाजमा पारिनेछ, औ इस्राएलचाहिँ आफ्नै
सल्लाहमा लज्जित हुनेछ।

७ सामरियाका राजाचाहिँ पानीमाथि
बग्ने काठको टुक्राझैं नष्ट हुनेछ।
८ इस्राएलको पाप, अर्थात् आवेनका अल्गा
अल्गा ठाउँहरू नष्ट हुनेछन्। तिनका वेदीहरूमा
काँढ़ा र झुहुड़े-काँढ़ाहरू उम्रनेछन् र तिनी-
हरूले पर्वतहरूलाई भन्नेछन्, 'हामीलाई
ढाक', औ डाँडाहरूलाई भन्नेछन्,
'हामीमाथि खस।'

९ हे इस्राएल, गिबाका तैंले पाप गर्न
शुरू गरिस्, र अझै त्यसैमा लागिरहेको
छस्। अधर्मका सन्तानको विरुद्धमा लड़ाईंले
के गिबामा तिनीहरूलाई भेट्टाउनेछैन र?
१० जब मेरो इच्छा हुन्छ कुबाटोमा
लागेकाहरूलाई म ताड़ना दिनेछु। जब
तिनीहरू आफ्ना दोबर अधर्ममा फँसेका
हुन्छन्, तब जाति जातिहरू तिनीहरूका
विरुद्धमा भेला हुनेछन्।

११ एफ्रैमचाहिँ दाइँमा लाग्न मन
गर्ने सधाइएकी कोरली थिईं। मैले त्यसको
सुन्दर काँधलाई छोड़ेको थिएँ, तर म
एफ्रैमलाई जुवामनि लगाइदिनेछु। यहूदाले
हलो जोत्नुपर्नेछ। याकूबले आफ्नै निम्ति
डल्लाहरू फोर्नुपर्नेछ। १२ आफ्ना धर्मको
निम्ति बिउ रोप, दयाअनुसार कटनी
गर। तिमीहरूको बाँझो बारी जोत, किनकि
परमप्रभुलाई खोज्ने समय यही हो, र
उहाँ आएर तिमीहरूमाथि उद्धारको वृष्टि
बर्साउनुहुनेछ।

१३ तिमीहरूले अधर्म जोत्यौ। तिमी-
हरूले अन्याय कटनी गर्‍यौ। तिमीहरूले
झूटको फल खाएका छौ, किनकि तिमीहरूले
आफ्नै चाल र आफ्ना शक्तिशाली मानिस-
हरूको झुण्डमाथि भरोसा गर्‍यौ। १४ यसै-
कारण तिमीहरूका प्रजाको बीचमा खैलाबैला
मच्चिनेछ, र लड़ाईंमा शल्मनले बेतबेल्लाई
नाश पारेझैं तिमीहरूका सबै गढ़ीहरू नाश
पारिनेछन्—त्यस समय आमाहरू आफ्ना
नानीहरूसँगसँगै टुक्रै-टुक्रा पारिए। १५ त्यसरीनै
हे इस्राएलका घराना हो, तिमीहरूको
अत्यन्त दुष्टताले गर्दा तिमीहरूसित त्यसै
गरिनेछ। उज्यालो हुँदा नहुँदै इस्राएलका
राजा बिलकुलै नाश हुनेछ।

बरालिएको प्रजा र परमप्रभुको प्रेम

११ जब इस्राएल बालक थियो तब मैले
त्यसलाई प्यारो गरें, र मिश्र देशबाट
मैले मेरो छोरालाई बोलाएँ। २ जति
जति मैले तिनीहरूलाई बोलाएँ त्यति त्यति
तिनीहरू मबाट टाढ़ा भए। तिनीहरूले
बाल देवताहरूलाई बलि चढ़ाउँदैरहे, र
खोपिएका मूर्तिहरूका निम्ति धूप बाल्दैरहे।
३ तापनि एफ्रैमलाई हिंड्न सिकाउने
ता मनै थिएँ। मैले तिनीहरूलाई काखमा
बोकें। तर मैले तिनीहरूलाई निको पारें
भनी तिनीहरूले जानेनन्। ४ मैले तिनी-
हरूलाई मायाको डोरी, प्रेमको बन्धनले
बाँधिर डोर्‍याएँ। तिनीहरूका काँधबाट जुवा
उतारिदिएर तिनीहरूलाई खुवाउनसम्म म भुकें।
५ तिनीहरू मिश्र देशमा फर्केर जानेछन्,
औ अश्शूरनै तिनीहरूको राजा हुनेछ,
किनभने मकहाँ फर्कन तिनीहरूले अस्वीकार
गरे। ६ तरवार तिनीहरूका शहरहरूका
विरुद्धमा चल्नेछ, र तिनका मूल-ढोकाका
बारहरूलाई भत्काइदिनेछ, र तिनीहरूका
आफ्नै युक्तिको कारणले गर्दा तिनीहरू नाश
हुनेछन्। ७ मेरो प्रजा मबाट फर्की जाने
संकल्प गर्दछ। यसकारण तिनीहरू जुवामनि

पर्नलाई नियुक्त भएका छन्, र कसैले त्यो
हटाउनेछैन।
८ ए एप्रैम, म तँलाई कसरी छोड़िदिऊँ!
ए इस्राएल, म तँलाई कसरी दुश्मनको हातमा
सुम्पिदिऊँ! म तँलाई कसरी अदमाजस्तै
तुल्याऊँ! म तँसित कसरी सबोयीमसँग झैँ
व्यवहार गरूँ! मेरो हृदय व्याकुल भइरहेको
छ। दयाले मेरो मन पग्लिरहेको छ।
९ म मेरो प्रचण्ड रीस प्रयोग गर्नेछैनँ। म
एप्रैमलाई फेरि सर्वनाश गर्नेछैनँ, किनभने म
परमेश्वर हुँ, मानिस होइनँ—तिमीहरूका बीचमा
म पवित्र छु। म नाश गर्न आउनेछैनँ।
१० तिनीहरूले सिंहझैँ गर्जनुहुने
परमप्रभुलाई पछ्याउनेछन्। उहाँका बालकहरू
थरथर काम्दै पश्चिमबाट आउनेछन्।
११ तिनीहरू मिश्र देशदेखि चराझैँ वेगसित
र अश्शूरको देशदेखि ढुकुरझैँ आउनेछन्,
औ म तिनीहरूलाई आफ्ना आफ्नै घरमा
बसाल्नेछु, परमप्रभु भन्नुहुन्छ। १२ एप्रैमले
झूट र इस्राएलका घरानाले छलले मलाई
घेर्दछन्, औ यहूदाचाहिं पवित्र र विश्वास-
योग्य परमेश्वरको सामने अझसम्म स्थिर
छैन।

याकूबको कथाको स्मरण

१२ एप्रैमले बतास चराउँछ, त्यसले सारा
दिन पूर्वीय बतासलाई खेद्छ।
त्यसले निरन्तर झूट र हिंसा बढ़ाउँछ।
तिनीहरूले अश्शूरसित करार बाँध्छन्, र
मिश्रमा तेल बोकेर लैजान्छन्।
२ यहूदासित पनि परमप्रभुको विवाद छ,
र याकूबलाई त्यसको चालअनुसार उहाँले दण्ड
दिनुहुनेछ। त्यसको कामअनुसार उहाँले त्यस-
लाई बदला दिनुहुनेछ। ३ गर्भमानै याकूबले
आफ्नो दाज्यूको कुर्कुच्चा समात्यो, र जवान
भएपछि परमेश्वरसित त्यसले लड़न्त गर्‍यो।
४ दूतसित त्यसले लड़न्त गर्‍यो, र त्यो
विजयी भयो। त्यो रोयो र तिनीसित बिन्ती
गर्‍यो। त्यसले बेतेलमा परमेश्वरलाई भेट्यो,
र त्यहाँ त्योसित बोल्नुभयो—५ परमप्रभु
सेनाहरूका परमेश्वरनै त्यसको सम्झना हुनुहुन्छ।
६ 'यसैकारण तँ आफ्ना परमेश्वरतिर फर्की।
कृपा र न्याय कायम राख्, र निरन्तर
आफ्ना परमेश्वरको बाटो हेर्।'
७ त्यो एक व्यापारी हो जसको हातमा
छली तराजू छ। त्यसलाई अत्याचार असल
लाग्छ। ८ एप्रैमले भन्छ, "निश्चय म धनी
भएको छु, मैले धन प्राप्त गरेको छु।"
तर त्यसको सारा धन-सम्पत्तिले पनि त्यसको
दोष हटाउनेछैन। ९ तर मिश्र देशदेखिनै
म परमप्रभु तेरा परमेश्वर हुँ। औ ठहराइएका
चाड़का दिनमा झैँ म तँलाई फेरि पालहरूमा
बस्नलाउनेछु।
१० मैले अगमवक्ताहरूसित बात गरेको
छु, र बारंबार तिनीहरूलाई दर्शन दिएको छु,
र अगमवक्ताहरूद्वारानै मैले दृष्टान्तहरू दिएँ।
११ यदि गिलादमा अधर्म भए तिनीहरू
निश्चय नाश हुनेछन्। गिलगालमा तिनीहरू
साँढ़ेहरूको बलि गर्छन् भने तिनीहरूका वेदी-
हरू खेतमा हलोका सियोहरूमा ढुङ्गाको
राशजस्तै हुनेछन्। १२ याकूब अरामको
मैदानमा भागेर गयो, र इस्राएलले स्वास्नीको
निम्ति चाकरी गर्‍यो, औ स्वास्नीकै निम्ति
भेड़ा-बाख्रा चरायो। १३ एउटा अगमवक्ता-
द्वारा परमप्रभुले इस्राएललाई मिश्र देशबाट
निकालेर ल्याउनुभयो, र अगमवक्ताद्वारा उहाँले
त्यसको रक्षा गर्नुभयो। १४ एप्रैमले उहाँ-
लाई साह्रै रीस उठायो, यसैकारण त्यसले
बगाएको रगतको दोष त्यहीमाथि रहिरहनेछ,
र त्यसका परमप्रभुले त्यसको दोष त्यहीमाथि
खन्याइदिनुहुनेछ।

एप्रैमको मूर्तिपूजाको दण्ड

१३ एप्रैम बोल्दा मानिसहरू काम्थे।
इस्राएलमा त्यो श्रेष्ठ भयो, तर बाल
देवताको पूजा गरेर त्यो दोषी भयो र

मऱ्यो। २ तर अब तिनीहरू झन् बढी
पाप गर्दैछन् र आफ्ना निम्ति चाँदीका
ढालेका मूर्ति बनाएका छन्, अर्थात् आफ्नो
बुद्धिले जानेअनुसार देव-देवताहरूका मूर्तिहरू-
ती सबै शिल्पकारका कामहरू हुन्। तिनका
विषयमा तिनीहरू भन्छन्, 'बलिदान चढ़ाउने-
हरूले यी बाछाहरूलाई चुम्बन गर।'
३ यसैकारण तिनीहरू बिहानको कुइरो, सबेरै
बिलाउने शीत, आँधी-बेहोले खलाबाट
उड़ाइलैजाने भूस र झ्यालबाट निस्कने धुवाँझैं
हुनेछन्।
४ तापनि मिश्र देशदेखिनै म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ। मबाहेक तिमीहरूले
अर्को कुनै ईश्वरलाई चिनेका छैनौ। मबाहेक
अर्को कुनै उद्धारक छैन। ५ उजाड़-भूमि,
अर्थात् खड़ेरी परेको देशमा तिमीहरूलाई
निगाह गर्ने मनै हुँ। ६ तिनीहरूका खर्क-
अनुसार तिनीहरू तृप्त हुँदैगए। तिनीहरू
तृप्त भए र तिनीहरूको हृदय घमण्डी भयो,
यसैकारण तिनीहरूले मलाई भुलिहाले।
७ यसैकारण म तिनीहरूका निम्ति सिंहजस्तै
हुन्छु। चितुवाझैं तिनीहरूको बाटोमा म ढुकी
बस्छु। ८ छाउराहरू खोसिएको माऊ भालुझैं
तिनीहरूलाई भेट्टाएर म तिनीहरूलाई खान्छु।
बन-जन्तुले तिनीहरूलाई फहराएझैं म तिनी-
हरूको छाती फोर्नेछु र सिंहलेझैं भक्षण गर्नेछु।
९ हे इस्राएल, म तिमीहरूलाई नाश
पार्नेछु। कसले तिमीहरूलाई सहायता गर्न-
सक्छ? १० तिमीहरूका सबै शहरहरूमा
तिमीहरूलाई बचाउने तिमीहरूको राजा कता
छ त? औ तिमीहरूका शासकहरू, जसका
विषयमा तिमीहरू भन्थ्यौ, 'हामीलाई राजा
र भारादारहरू दिनुहोस्,' ती कहाँ गए?
११ मेरो रीसमा मैले तिमीहरूलाई राजा
दिएँ, र मेरो क्रोधमा मैले त्यसलाई उठाइलगें।
१२ एप्रैमको अधर्मको लेखा राखिएको छ।
त्यसको पाप जम्मा गरेर राखिएको छ।
१३ त्यसले सुत्केरी पीड़ा शुरू गरेको छ।
तर त्यो मूर्ख बालक हो, किनकि जन्मने
समयमा त्यो गर्भदेखि बाहिर आउँदैन।
१४ के म तिनीहरूलाई पातालको
शक्तिदेखि छुटाऊँ? के म तिनीहरूलाई
मृत्युदेखि मुक्त गरूँ? ए मृत्यु, तेरो विध्वंसक
प्रकोप कहाँ छ, ए चिहान्, तेरो नाश गर्ने
शक्ति कहाँ छ? दया अब मेरो आँखाबाट
छिपेको छ।
१५ एप्रैम आफ्ना दाज्यू-भाइहरूका
बीचमा फलिफाप भयो भने पनि पूर्वीय बतास
आउनेछ। परमप्रभुको बतास उजाड़-भूमितिरबाट
उठेर आउनेछ, र त्यसको पानीको खोला-
नाला सुक्नेछ, र पानीको मूल सुखा हुनेछ।
उहाँले त्यसका सबै बहुमूल्य वस्तुको भण्डार
रित्तो तुल्याउनुहुनेछ। १६ सामरियाले
आफ्नो दोषको दण्ड भोग्नेछ, किनभने
आफ्ना परमेश्वरको विरुद्धमा त्यो बागी भयो।
तिनीहरू तरवारले काटिनेछन्। तिनीहरूका
बालकहरू पछार्दै मारिनेछन्, औ तिनीहरूका
गर्भवती स्त्रीहरूका पेट चिरिदिनेछन्।

परमप्रभुतिर फर्कने आह्वान

१४ ए इस्राएल, परमप्रभु आफ्ना परमेश्वर-
तिर फर्केर आइज, किनकि तँ आफ्नो
अधर्मले गर्दा पतित भएको छस्। २ तिमी-
हरूका आफ्नो कुरा लिएर परमप्रभुतिर फर्क।
उहाँलाई भन, 'सबै अधर्म दूर गरेर जे
असल छ त्यही ग्रहण गर्नुहोस्। यसरी
हामी बाछाहरू चढ़ाएझैं आफ्ना ओठका
स्तुति चढ़ाउनेछौं।' ३ अश्शूरले हामीलाई
बचाउनेछैन। हामी घोड़ाहरूमाथि सवार
हुनेछैनौं, नता हामी फेरि कहिल्यै आफ्ने
हातले बनाएका कुरालाई 'हाम्रा ईश्वर' भनी
भन्नेछौं, किनभने पितृहीनले तपाईंबाट दया
पाउँदछन्।''

परमप्रभु अनुग्रही हुनुहुन्छ

४ तिनीहरू मबाट तर्किगएकोमा म

तिनीहरूलाई क्षमा गर्नेछु। म तिनीहरूलाई
अपार प्रेम देखाउनेछु, किनकि मेरो रीस
तिनीहरूदेखि हटिगएकोछ। ५ म इस्राएलको
निम्ति शीतझैं हुनेछु। त्यो लिली फूलझैं
फुल्नेछ, र लबानोनझैं त्यसको जरा फैलिनेछ।
६ त्यसका हाँगाहरू फैलिनेछन् र त्यसको
शोभा भद्राक्षको रूखझैं हुनेछ। त्यसको
बास्ना लबानोनको झैं हुनेछ। ७ तिनीहरू
फर्किआएर मेरो छाहारीमा बस्नेछन्। तिनीहरू
अन्नझैं बढ्नेछन्, र दाखको बोटझैं फल्ने-
फुल्नेछन्। तिनीहरूको बास्ना लबानोनको
दाखमद्यजस्तै हुनेछ।
८ हे एफ्रैम, अब मूर्तिहरूसित मेरो के
काम? सुनाइ गर्ने र तेरो सुधि लिने
मनै हुँ। म हरियो सल्लाको रूखझैं छु,
मबाटै तैंले फल पाउनेछस्।
९ जो ज्ञानी छ त्यसले यी कुराहरू
बुझोस्। जो बुद्धिमान छ त्यसले यी कुरा-
हरू जानोस्। किनभने परमप्रभुको मार्ग
ठीक छन्। धर्मी जन त्यसैमा हिंड्नेछन्, तर
अपराधीहरू तिनमा ठक्कर खाएर लोट्नेछन्।

योएलको पुस्तक

सलहहरूले देशलाई उजाड़ पारेका

१ पतुएलको छोरो योएलकहाँ आएको
परमप्रभुको वचन— २ हे बूढ़ा
मानिसहरू हो, यो कुरा सुन। हे देशका
सबै बासिन्दाहरू हो, कान थाप। के
तिमीहरूका दिनमा अथवा तिमीहरूका
पिता-पुर्खाका दिनमा यस्तो कहिल्यै भएको
थियो? ३ तिमीहरूका छोरा-छोरीहरूलाई
यो कुरा बताऊ, र तिमीहरूका छोरा-
छोरीहरूले उनीहरूका छोरा-छोरीहरूलाई
बताऊन्, र तिनीहरूका छोरा-छोरीहरूले
अझै अरू पुस्तालाई बताऊन्।
४ जे कुरो काट्ने-सलहहरूले छोड़ेका
थिए, ती बगाले-सलहले खाए। जे बगाले-
सलहले छोड़ेका थिए, ती उफ्रने-सलहले
खाइहाले। जे उफ्रने-सलहले छोड़ेका थिए,
ती झुस्ले-सलहले खाइहाले। ५ हे मतवाला
हो, जाग र रोऊ। तिमी सबै दाख-मद्य
पिउनेहरू हो, नयाँ दाख-मद्यको निम्ति
विलाप गर, किनकि दाख-मद्य तिमीहरूको
मुखमा अब जुट्ने छैन।
६ अनगन्ती संख्या भएको एउटा
बलियो जाति मेरो देशको विरुद्धमा आएको
छ। त्यसका दाँत सिंहका दाँत जस्तै
छन्, र त्यसका दाह्रा सिंहनीका जस्तै
छन्। ७ त्यसले मेरा दाखका बोटहरू
उजाड़ पारिदियो, र मेरो नेभाराका बोट-
हरू भाँचिदियो। त्यसले तिनका बोक्रा
लाछेर नाङ्गो पारी फालिदियो। त्यसका
हाँगाहरू सेतै बनाइदियो।
८ आफ्नो तरुणी अवस्थाको लोग्नेको
निम्ति भाङ्ग्रा लगाएर विलाप गर्ने कन्ये-
केटीले झैं विलाप गर। ९ परमप्रभुको

भवनमा अन्नबलि र अर्घबलि चढ़ाउन बन्द
भएका छन्। परमप्रभुका सेवक पूजाहारीहरू
विलाप गर्दछन्। १० खेत उजाड़ पारिएको
छ। भूमिले अफसोस गर्दछ, किनकि अन्न
नष्ट भयो, नयाँ दाखमद्य सुकिहाल्यो, तेल
पनि सुकिहाल्यो।

११ हे किसान हो, लज्जित होऊ।
हे दाखबारी छिँवल्नेहरू हो, गहुँ र जौका
निम्ति विलाप गर, किनकि खेतको फसल
नष्ट भएको छ। १२ दाखको बोट
ओइलायो, नेभाराको बोट सुक्यो। अनार,
खजूर र स्याउको बोट, अर्थात् उजाड़-
स्थानका सबै रूखहरू पनि ओइलाए।
मानिसका सन्तानको आनन्द शेष भयो।

१३ हे पूजाहारीहरू हो, भाङ्ग्रा
लाएर विलाप गर। हे वेदीका सेवकहरू
हो, विलाप गर। हे मेरा परमेश्वरका
सेवकहरू हो, भाङ्ग्रा लाएर रातभरि सुत,
किनकि तिमीहरूका परमेश्वरको भवनमा
अन्नबलि र अर्घबलि बन्द भएका छन्।

१४ उपवासको निम्ति शुद्ध होऊ, पवित्र
महा-सभा बोलाऊ। परमप्रभु तिमीहरूका
परमेश्वरको भवनमा देशका सारा बासिन्दा-
हरू र बूढ़ा-पाकाहरूलाई भेला गराएर परम-
प्रभुमा पुकारा गर। १५ हाय, त्यो दिन!
किनकि परमप्रभुको दिन नजीकै छ। त्यो
ता सर्वशक्तिमानको तर्फबाट सत्यानाश जस्तै
आउनेछ। १६ के खानेकुरो हाम्रो आँखाकै
सामने नष्ट भएन र? औ आनन्द र
हर्ष परमेश्वरको भवनबाट गएन र?

१७ बिउहरू माटाका डल्लामनि चाउरिए
ढिकुटीहरू उजाड़ पारिए, अन्नका भण्डारहरू
नष्ट भए, किनकि अन्नहरू हुँदै भएन।
१८ पशुहरू कसरी कराउँदैछन्। गाई-गोरुका
बथानहरू विचलित भएका छन्, किनभने
तिनीहरूका निम्ति खर्क छैन। भेड़ा-बाख्राका
बगाल पनि व्याकुल भएका छन्।

१९ हे परमप्रभु म तपाईंमा पुकारा
गर्दछु, किनकि वनका खर्कहरू आगोका
गाँस भइहाले, र आगोका ज्वालाले वनका
रूखहरूलाई जलाइदिए। २० वनका पशु-
हरूले पनि तपाईंमा दोहाइ गर्दछन्, किनभने
पानीका नालाहरू सुकी गए, र आगोले
वनको खर्कलाई भस्म पारेको छ।

सलहले ल्याउने रूढ़ी

२ सियोनमा नरसिङ्गा फूक, मेरो पवित्र
पर्वतमा जगाउको ध्वनि बजाऊ।
देशका सारा बासिन्दाहरू थरथर काम्रून्,
किनकि परमप्रभुको दिन आउँदै छ, त्यो
नजीकै छ, २ अन्धकार र उदासी दिन,
बादल र बाक्लो अँध्यारोले ढाकेको दिन।
अन्धकारले छाएझैं एक ठूलो र शक्तिशाली
जाति डाँड़ाहरूमा फैलिएको छ। त्यस्तो
अघि कहिल्यै भएको थिएन, नता फेरि
तिनीहरूपछि पुस्ता पुस्तासम्म कहिल्यै
हुनेछ।

३ तिनीहरूका अगि अगि आगोले
भस्म पार्छ र तिनीहरूका पछि पछि आगोको
ज्वाला दन्कन्छ। तिनीहरूका सामने भूमि
अदनको बगैँचाजस्तो छ, तर तिनीहरूले
त्यो वनजस्तै उजाड़ पार्नेछ, तिनीहरूदेखि
केही पनि उम्कनेछैन।

४ तिनीहरूको अनुहार घोड़ाको अनुहार-
जस्तै छ, र युद्धका घोड़ाहरूझैं ती कुद्छन्।
५ पहाड़का टाकुरामा कुदेका रथहरूका
आवाजझैं ती कुद्छन्, ठूटाहरूलाई भस्म
गर्ने आगोको ज्वालाको आवाजझैं, लड़ाइँको
निम्ति पंक्ति बाँधेका बलिया सिपाहीझैं।

६ तिनीहरूका सामने मानिसहरू भयभीत
हुन्छन्। ७ तिनीहरूले वीर योद्धा-
हरूलेझैं आक्रमण गर्छन्। तिनीहरू युद्ध
गर्ने निपुण सिपाहीहरूझैं पर्खाल चढ़छन्।
तिनीहरू आफ्ना पंक्ति नबिगारीकन प्रत्येक
आफ्नो ठाउँमा हिंड्छन्। ८ तिनीहरू
एउटाले अर्कोलाई धक्का दिँदै हिंड्दैनन्,
तर प्रत्येक आफ्ना आफ्नै पंक्तिमा हिंडेर

जान्छ। तिनीहरू शत्रुका हतियारको
सामना गर्दै बढ्छन् औ रोकिँदैनन्।
९ तिनीहरू शहरमा कुदेर पस्छन् र पर्खाल
माथि माथि कुद्नेछन्। तिनीहरू घरका
झ्यालहरूमा चोरहरूझैं पस्छन्।
१० पृथ्वी तिनीहरूका सामने काम्छ,
आकाश थरथराउँछ। सूर्य र चन्द्र अँध्यारो
हुन्छ र ताराहरूले आफ्नो चमक दिँदैन।
११ परमप्रभुले आफ्नो सेनाको सामने
आफ्नो सोर सुनाउनुहुन्छ, किनकि उहाँको
सेना अत्यन्त ठूलो छ। आफ्नो वचन
पूरा गर्ने उहाँ सामर्थी हुनुहुन्छ। परमप्रभुको
दिन महा र साह्रै डरलाग्दो छ, त्यसमा
को टिक्नसक्छ र?
१२ तापनि परमप्रभु भन्नुहुन्छ, "अहिले
पनि तिमीहरू आफ्ना सम्पूर्ण हृदयले,
उपवास बसेर, रुँदै र विलाप गर्दै मतिर फर्क,
१३ औ आफ्नो लुगा होइन, तर आफ्नो
हृदय फटाएर परमप्रभु आफ्ना परमेश्वरतिर
फर्क, किनभने उहाँ अनुग्रही, दयामा भरपूर,
रीस गर्नमा धीरजी र कृपामा भरिपूर्ण
हुनुहुन्छ, र विपत्ति ल्याउनुहुँदा उहाँ दुःखित
हुनुहुन्छ। १४ कसले जान्दछ कि कतै
उहाँले दुःखित भएर आफ्नो मन बदलेर
त्यसलाई आशिष दिनुहुन्छ होला कि? र
परमप्रभु तिमीहरूका परमेश्वरमा तिमीहरूले
चढाउने अन्नबलि र अर्घबलिका निम्ति अन्न
प्रशस्त गरी दिनुहुन्छ।
१५ सियोनमा तुरही फूक, उपवासको
दिन अलग गर, महा-पवित्र सभा बोलाऊ।
१६ मानिसहरूलाई भेला गर, समुदायलाई
शुद्ध पार, बूढा-पाकाहरूलाई जम्मा गर,
नानीहरू र दूधे-बालकहरूलाई बटुल। ब्याहुला
आफ्नो कोठाबाट र ब्याहुली आफ्नो भित्री
कोठाबाट निस्कून्।
१७ पूजाहारीहरू, अर्थात् परमप्रभुका
सेवकहरू दलान र वेदीका बीचमा रोऊन्,
र तिनीहरूले भनून्, "हे परमप्रभु, आफ्नो
प्रजालाई दण्ड नदिनुहोस्, आफ्नै प्रजाको
गिल्ला हुन नपाओस्, औ न अन्यजातिहरूले
तिनीहरूमाथि शासन गर्नपाऊन्। तिनीहरूका
परमेश्वर कहाँ छन् त? भनी अन्य-
जातिहरूले किन भन्न पाऊन्'?"
१८ तब परमप्रभु आफ्नो देशको निम्ति
डाही हुनुभयो र उहाँले आफ्नो प्रजालाई
टिठाउनुभयो। १९ परमप्रभुले आफ्नो
प्रजालाई यसो भनेर जवाफ दिनुभयो, "हेर,
म तिमीहरूलाई अन्न, दाखमद्य र तेल
पठाइदिनेछु, र तिमीहरू तृप्त हुनेछौ।
अन्यजातिहरूका बीचमा फेरि कहिल्यै म
तिमीहरूको गिल्ला हुनदिनेछैनँ।"
२० तर म उत्तरतिरबाट आएको
सेनालाई तिमीहरूदेखि टाढा हटाइदिनेछु, औ
म त्यसलाई बाँझो र उजाड देशमा
धपाइदिनेछु। त्यसको अघिल्लो भागलाई
पूर्वको समुद्रमा र त्यसको पछिल्लो भागलाई
चाहिँ पश्चिमको समुद्रमा धपाइदिनेछु, औ
त्यसका डरलाग्दा कामहरूको सड़ेको दुर्गन्ध
फैलिनेछ।
२१ ए देश नडरा, खुशी भएर
रमाहट गर, किनभने परमप्रभुले ठूला ठूला
कामहरू गर्नुभएको छ। २२ ए जङ्गलका
पशुहरू हो, नडराऊ, किनकि वनका खर्कहरू
हरिया भएका छन्, रूखमा फलहरू
लाग्नेछन्, नेभाराका बोट र दाखका बोटले
प्रशस्त फलहरू दिनेछन्।
२३ यसैले अब ए सियोनका बासिन्दाहरू
हो, खुशी होऊ, र परमप्रभु आफ्ना
परमेश्वरमा रमाहट गर, किनभने उहाँले
अघिल्लो झरी जति चाहिन्छ उति दिनुहुनेछ,
र तिमीहरूका निम्ति वर्षा ल्याइदिनुहुनेछ—
अघिल्लो झरी र पछिल्लो झरी पहिलेको झैं
वर्षाइदिनुहुनेछ।
२४ तब खलाहरू अन्नले भरिनेछ,
रस-कुण्ड दाखमद्य र तेलले भरेर पोखिनेछ।
२५ औ म तिमीहरूलाई ती वर्षहरूको भर्ना
गरिदिनेछु, जो काट्ने-सलह, बगाले-सलह,
उफ्रने-सलह—अर्थात् मैले तिमीहरूका विरुद्धमा

पठाएको मेरो ठूलो सेनाले खाएको थियो।
२६ तिमीहरू प्रशस्त खाएर तृप्त
हुनेछौ, र तिमीहरूका निम्ति उदेकका काम
गर्नुहुने परमप्रभु आफ्ना परमेश्वरको नाउँको
प्रशंसा तिमीहरू गर्नेछौ, र मेरो प्रजा फेरि
कहिल्यै लज्जित हुनेछैन। २७ औ म
इस्राएल्को बीचमा छु भनी तिमीहरूले
जान्नेछौ, औ म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ, र मबाहेक अरू कोही छैन
भनी तिमीहरूले जान्नेछौ, औ मेरो प्रजा
फेरि कहिल्यै लज्जित हुनेछैन।
२८ त्यसपछि म मेरो आत्मा सबैमाथि
खन्याउनेछु, र तिमीहरूका छोरा-छोरीहरूले
भविष्यवाणी कहनेछन्, तिमीहरूका बूढ़ा
मानिसहरू स्वप्नदर्शी हुनेछन्, र तिमीहरूका
तन्हेरीहरूले दर्शन देख्नेछन्। २९ औ ती
दिनमा तिमीहरूका दास र तिमीहरूका
दासीहरूमाथि पनि म आफ्नो आत्मा
खन्याउनेछु।
३० अनि आकाश र पृथ्वीमा म
अचम्मका कामहरू देखाउनेछु, अर्थात् रगत,
आगो र धुवाँका खामाहरू। ३१ परमप्रभुको
त्यो महा र भयङ्कर दिन आउनभन्दा अघि
सूर्य अँध्यारोमा र चन्द्र चाहिँ रगतमा
परिवर्त्तन हुनेछ। ३२ औ परमप्रभुको नाउँ
लिने जोसुकै पनि बचाइनेछ। किनकि
परमप्रभुले भन्नुभए अनुसार सियोन डाँड़ा र
यरूशलेममा बाँचेर उम्कनेहरू हुनेछन्, औ
बाँकी रहेकाहरूमा ती हुनेछन्, जसलाई
परमप्रभुले बोलाउनुहुन्छ।"

जाति जातिहरूका न्याय

३ किनभने हेर, ती दिनमा त्यसै बेला
जब म यहूदा र यरूशलेमका
बासिन्दाहरूलाई कैदबाट फेरि फर्काएर
ल्याउनेछु, २ तब म सबै जातिहरूलाई
भेला गर्नेछु, र तिनीहरूलाई यहोशापातको
बँसीमा ल्याउनेछु। त्यहाँ मेरो प्रजा, अर्थात्
मेरो निज भाग इस्राएल्को निम्ति, जसलाई
तिनीहरूले जाति जातिहरूका बीचमा
तितर-बितर पारे र मेरो देश भाग भाग
गरे—तिनीहरूलाई म दण्ड दिनेछु।
३ तिनीहरूले मेरो प्रजामाथि चिट्ठा हाले,
र वेश्यागमनको दाम चाहिँ केटा दिने गरे,
र केटीलाई बेचेर दाखमद्य पिउने गरे।
४ औ ए सोर र सिदोन, र
पलिस्तीका सारा मानिसहरू हो, तिमीहरू मेरो
निम्ति को हो र? के तिमीहरू मलाई
साटोमा केही दिन्छौ? तिमीहरूले साटोमा
केही दियौ भने पनि म त्यो तिमीहरूकै
थाप्लोमा झट्टै खन्याइदिनेछु। ५ किनभने
मेरा सुन र चाँदी र सबै असल असल
चीजहरू तिमीहरूले आफ्ना मन्दिरहरूमा
लगेका छौ। ६ यहूदाका सन्तान र
यरूशलेमका बासिन्दाहरूलाई तिमीहरूले
तिमीहरूकै सीमानादेखि टाढ़ा हटाउनलाई
यूनानीहरूका हातमा बेच्यौ। ७ हेर,
तिमीहरूले तिनीहरूलाई बेचेको ठाउँदेखि म
तिनीहरूलाई निकाल्नेछु, र तिमीहरूले दिएको
साटो म तिमीहरूकै थाप्लोमा खन्याइदिनेछु।
८ तिमीहरूका छोरा-छोरीहरूलाई यहूदाका
सन्तानका हातमा म बेचिदिनेछु, र तिनीहरूले
यिनीहरूलाई टाढ़ाको एक जाति, अर्थात्
शबाका मानिसहरूकहाँ बेचिदिनेछन्, किनकि
परमेश्वरले यसै भन्नुभएको छ। ९ जाति
जातिहरूका बीचमा यो प्रचार गर—लड़ाइँको
निम्ति तयार होऊ, शूरवीर मानिसहरूलाई
सुनाऊ। सबै योद्धाहरू नजीक आऊन्।
१० तिमीहरूका हलोका फालीहरू पिटेर
तरवार र तिमीहरूका हँसियाहरू भाला
बनाऊ। कमजोरीहरूले भनून्, 'म बलियो
छु।' ११ हे चारैतिरका जातिहरू हो, चाँड़ो
आऊ, र तिमीहरू त्यहाँ एकसाथ भेला
होओ। हे परमप्रभु, तपाईंका शूरवीरहरूलाई
त्यहाँ ल्याउनुहोस्। १२ अन्यजातिहरू
सुरिऊन् र यहोशापातको बँसीमा आऊन्,
किनकि त्यहींने म चारैतिरका जातिहरूको

इन्साफ गर्नलाई बस्नेछु। १३ हँसिया लगाऊ, किनभने खेत पाकिसकेको छ। आऊ, दाख कुल्च, किनभने दाखको कोल भरिएको छ। दाख-कुण्ड तिनीहरूको दुष्टताले ज्यादै भरिएर पोखिँदैछ।

परमप्रभु र यहूदाको उद्धार

१४ 'फैसला गरिने बेंसीमा धुइरोको धुइरो छ, किनभने फैसला गरिने बेंसीमा परमप्रभुको दिन नजीक आएको छ।
१५ सूर्य र चन्द्र अँध्यारो हुनेछ र ताराहरूले आफ्नो चमक दिनेछैन।
१६ परमप्रभु सियोनबाट गर्जनुहुनेछ, यरूशलेमबाट उहाँले आफ्नो सोर सुनाउनुहुनेछ। आकाश र पृथ्वी थरथर काम्नेछ, तर परमप्रभु आफ्नो प्रजाको निम्ति शरण-स्थान, इस्राएलका सन्तानको निम्ति गढ़ी हुनुहुनेछ।
१७ तब पवित्र पर्वत सियोनमा बास गर्ने, परमप्रभु तिमीहरूका परमेश्वर मनै हुँ भनी तिमीहरूले जान्नेछौ। तब यरूशलेम पवित्र हुनेछ, र त्यसबाट भएर कुनै विदेशी फेरि कहिल्यै जानेछैन।
१८ अनि त्यस दिन पहाड़हरूबाट मीठो दाखमद्य चुहुनेछ, र डाँड़ाहरूमा दूध बहनलाग्नेछ। यहूदाका सबै खोला-नालाहरूमा पानी बग्न थाल्नेछ, र परमेश्वरको भवनबाट एउटा मूल फुटेर शित्तीमको बेंसीलाई भिजाउनेछ।
१९ यहूदाका सन्तानमाथि गरेको अत्याचार र निर्दोष रगत बगाएको हुनाले मिश्र देश उजाड़ हुनेछ, र एदोम चाहिँ उजाड़-भूमि हुनेछ।
२० यहूदा सदा सर्वदैको निम्ति र यरूशलेम पुस्तौंसम्म रहिरहनेछ।
२१ औ म तिनीहरूको रगतको साटो लिनेछु, औ म दोषीलाई निर्दोष ठहराउनेछैनँ, किनकि परमप्रभु सियोनमा बास गर्नुहुन्छ।"

आमोसको पुस्तक

अन्य-जातिहरूमाथि परमेश्वरको न्याय

१ तकोमा बस्ने गोठालाहरूमध्येका आमोसले यहूदाका राजा उज्जियाह र योआशका छोरा इस्राएलका राजा यारोबामका पालामा भैंचालोका दुइ वर्ष अघि इस्राएलको विषयमा दर्शन पाएर भनेका कुरा यिनै हुन्।
२ तिनले भने, "परमप्रभु सियोनबाट गर्जनुहुनेछ, र उहाँले यरूशलेमबाट सोर सुनाउनुहुनेछ। तब गोठालाहरूका खर्कहरूले विलाप गर्नेछ, र कर्मेलको टाकुरा ओइलिनेछ।"
३ परमप्रभुको यो बाणी छ, "दमीशकको अपराधै अपराधको कारणले गर्दा त्यसले पाउने दण्ड म रद्द गर्नेछैनँ, किनभने त्यसले गिलादलाई फलामको दाँदेले धूलोपीठो पारेको छ।
४ तर म हजाएलको घरमा आगो लगाइदिनेछु, र त्यसले बेनहददका पर्खालहरू भस्म पार्नेछ।
५ म दमीशकको

बार भाँचिदिनेछु, र आवेनको बेंसीबाट
त्यहाँका बासिन्दाहरूलाई र बेथ-एदेनबाट
राजदण्ड लिनेलाई नाश पार्नेछु। अरामका
मानिसहरू कैदमा परेर कीरमा जानेछन्,
परमप्रभु भन्नुहुन्छ।"
६ परमप्रभुको यो वाणी छ, "गाजाका
अपराधै अपराधको कारणले गर्दा त्यसले पाउने
दण्ड म रद्द गर्नेछैनँ, किनभनें त्यसले सम्पूर्ण
प्रजालाई एदोमको हातमा सुम्पिदिनलाई कैद
गरेर लग्यो। ७ तर म गाजाका पर्खाल-
हरूमा आगो लगाइदिनेछु, र त्यसले त्यसको
पर्खालहरू भस्म गर्नेछ। ८ म अश्दोदबाट
त्यहाँका बासिन्दाहरूलाई र अश्कलोनबाट
राजदण्ड लिनेलाई नाश पार्नेछु। म एक्रोनको
विरुद्धमा आफ्नो हात चलाउनेछु, र बाँकी
रहेका पलिश्तीहरू नष्ट हुनेछन्, परमप्रभु
परमेश्वर भन्नुहुन्छ।"
९ परमप्रभुको यो वाणी छ, "सोरका
अपराधै अपराधको कारणले गर्दा त्यसले
पाउने दण्ड म रद्द गर्नेछैनँ, किनभने
त्यसले एउटा सम्पूर्ण प्रजालाई एदोमको
हातमा सुम्पिदियो, र दाज्यू-भाइहरूले
आपसमा बाँधेको करारको सम्झना गरेन।
१० तर म सोरको पर्खालमा आगो
लगाइदिनेछु, र त्यसले त्यसका पर्खालहरू भस्म
गर्नेछ।"
११ परमप्रभुको यो वाणी छ, "एदोमका
अपराधै अपराधको कारणले गर्दा त्यसले
पाउने दण्ड म रद्द गर्नेछैनँ, किनभने
त्यसले तरवार लिएर आफ्ना दाज्यू-
भाइहरूलाई खेद्यो, र केही दया
देखाएन। तर रीसले गर्दा त्यो निरन्तर
दन्किरह्यो, र आफ्नो क्रोध सधैंसम्मको
लागि राखिछोड्यो। १२ तर म तेमानमा
आगो लगाइदिनेछु, र त्यसले बोज्राका
पर्खालहरू भस्म गर्नेछ।"
१३ परमप्रभुको यो वाणी छ, "अम्मोनका
सन्तानका अपराधै अपराधको कारणले गर्दा
त्यसले पाउने दण्ड म रद्द गर्नेछैनँ, किनभने
त्यसले आफ्नो साँध-सीमाना बढ़ाउनलाई
गिलादका गर्भवती स्त्रीहरूका पेट तरवारले
चिरिदियो। १४ तर म रब्बाको पर्खालमा
आगो लगाइदिनेछु, र त्यसले त्यसका पर्खालहरू
त्यस लड़ाइँको दिनमा हो-हल्लासँग भस्म
पार्नेछ। त्यो प्रचण्ड आँधी-बेही को दिनमैं
हुनेछ। १५ औ तिनीहरूका राजा कैदमा
लगिनेछ, त्यो र त्यसका भारादारहरू सबै,
परमप्रभु भन्नुहुन्छ।"

सलहबाट हुने भयानक विपत्ति

२ "मोआबका अपराधै अपराधको
कारणले गर्दा त्यसले पाउने दण्ड म
रद्द गर्नेछैनँ, किनभने त्यसले एदोमको राजाका
हड्डीहरू जलाएर चूना बनायो। २ यसकारण
म मोआबमा आगो लगाइदिनेछु, औ त्यसले
करियोतका पर्खालहरू भस्म पार्नेछ, र मोआब
चाहिँ खैलाबैला, चिच्याइ र तुरहीको सोरको
बीचमा पर्नेछ। ३ म त्यसको बीचबाट
त्यसको शासकलाई नाश पार्नेछु, र त्यससँग
त्यसका सबै बूढ़ा-प्रधानहरूलाई मार्नेछु,
परमप्रभु भन्नुहुन्छ।"

यहूदा र इस्राएलको दण्ड

४ परमप्रभुको यो वाणी छ, "यहूदाका
अपराधै अपराधले गर्दा त्यसले पाउने दण्ड
म रद्द गर्नेछैनँ, किनभने तिनीहरूले परम-
प्रभुको व्यवस्थालाई अस्वीकार गरे, र उहाँका
धार्मिक-विधिहरू पालन गरेनन्। तिनीहरूका
पिता-पुर्खाहरू हिँड़ेकै चालमा तिनीहरूलाई
तिनीहरूका झूटले भर्माए। ५ यसकारण म
यहूदामा आगो लगाइदिनेछु, र त्यसले
यरूशलेमका पर्खालहरू भस्म पार्नेछ।"
६ परमप्रभुको यो वाणी छ, "इस्राएलका
अपराधै अपराधको कारणले गर्दा त्यसले
पाउने दण्ड म रद्द गर्नेछैनँ, किनभने तिनीहरू
निर्दोषलाई चाँदीमा र कङ्गालीलाई एक जोर

जुत्तामा बेच्छन्। ७ तिनीहरू गरीबको
थाप्लो धूलोमा कुल्ची-मिल्ची गर्दछन्, र
पीड़ितहरूको न्याय बिगारिदिन्छन्, औ बाबु
र छोरो एउटै तरुणीकहाँ गएर मेरो पवित्र
नाउँ बिटुलो पार्छन्। ८ तिनीहरू हरेक
वेदीको छेउमा बन्धकको लुगामा सुत्छन्,
र जरिमाना गरेकाहरूबाट पाएका दाखमद्य
आफ्ना परमेश्वरको भवनमा खान्छन्।
९ तर मैंले तिनीहरूका सामनेबाट
एमोरीहरूलाई नष्ट गरिदिएँ, जसको अल्गाइ
देवदारको जस्तै र बल बजरांठको जस्तै थिए।
मैले त्यसको फल माथिदेखि र त्यसका जरा
तलैदेखि नष्ट गरिदिएँ। १० त्यसबाहेक
एमोरीहरूको देश अधिकार गर्नलाई मैले
तिमीहरूलाई मिश्रदेखि निकालेर ल्याएँ, र
उजाड़-स्थानमा चालीस वर्ष डोर्याएँ।
११ मैले तिमीहरूका छोराहरूमध्येबाट र
तिमीहरूका जवानहरूबाट नाजिरीहरू खड़ा
गरें। हे इस्राएलीहरू हो, के यो कुरा सत्य
होइन? परमप्रभु भन्नुहुन्छ।
१२ तर तिमीहरूले नाजिरीहरूलाई दाख-
मद्य पिउनलायौ, र अगमवक्ताहरूलाई
'अगमवाणी नभन' भनी आज्ञा दियौ।
१३ हेर, तिमीहरूलाई तिमीहरूकै ठाउँमा
बिटाहरूको भारीले भरिएको गाड़ाले थिचेझैं
म थिच्नेछु। १४ वेगसित दगुर्नेले शरण-
स्थान पाउनेछैन, र बलियोको बल केही काम
लाग्नेछैन, नता शक्तिशालीले आफ्नो प्राण
बचाउनसक्नेछ। १५ धनु चलाउने खड़ा
हुनसक्तैन, न फूर्तीसित दगुर्नेले आफैलाई
बचाउनसक्छ, न घोड़ामा सवार हुनेले आफ्नो
प्राण बचाउनसक्छ। १६ औ शूरवीरहरू-
मध्येका साहसी पनि त्यस दिन नाङ्गो भाग्नेछ,
परमप्रभु भन्नुहुन्छ।

इस्राएललाई अन्यायको दण्ड

३ हे इस्राएली हो, यो वचन सुन, जो
परमप्रभुले तिमीहरूका विरुद्धमा,
अर्थात् मिश्रदेशबाट ल्याएका सारा कुलका
विरुद्धमा यसरी भन्नुभएको छ, २ "पृथ्वीका
सबै कुलहरूमा मैले केवल तिमीहरूमाथि मन
लगाएँ। यसैकारण म तिमीहरूका सबै
अधर्मको दण्ड तिमीहरूलाईनै दिनेछु।
३ दुइ जनाको आपसमा सहमत नभए-
सम्म के ती दुइ सँगसँगै हिंड़छन् र?
४ के जङ्गलमा शिकार नभए सिंह गर्जन्छ
र? केही फेला नपारेसम्म जवान सिंह
आफ्नो गुफाबाट ड्वँर् ड्वँर् गर्छ र? ५ के
पासो नथापिकनै चरो भूइँमा खस्छ र? के
केही नपरीकन पासो भूइँबाट माथि उछिटिन्छ
र? ६ के कुनै शहरमा तुरही फुकेपछि
मानिसहरू डराउँदैनन्? के कुनै शहरमा
परमप्रभुले नपठाएसम्म विपत्ति आउँछ र?
७ निश्चय परमप्रभुले आफ्ना दास अगमवक्ता-
हरूलाई आफ्नो रहस्य प्रकट नगरीकन केही
गर्नुहुनेछैन। ८ सिंह गर्जेको छ, को
डराउँदैन? परमेश्वर बोल्नुभएको छ, कसले
अगमवाणी कहँदैन र?"
९ अश्दोदका पर्खालहरू र मिश्रका
पर्खालहरूमा तिमीहरू यो प्रचार गरेर भन,
"सामरियाका पहाड़हरूमा तिमीहरू भेला
भएर हेर। त्यहाँ कस्तो खैलाबैला हुँदैछ,
र त्यसको बीचमा कस्तो अत्याचार हुँदैछ।"
१० परमप्रभु भन्नुहुन्छ, "तिनीहरू उचित
काम गर्न जान्दैनन्। तिनीहरू उपद्रव र
डकैती आफ्ना पर्खालहरूमा सञ्चय गर्छन्।"
११ यसकारण परमप्रभु परमेश्वरको यो वाणी
छ, "एउटा शत्रुले देशलाई घेरा हाल्नेछ, औ
त्यसले तेरो सुरक्षा तँबाट झार्नेछ, र तेरा
पर्खालहरू लुटिनेछन्।"
१२ "जसरी गोठालाले सिंहको मुखबाट
दुइवटा खुट्टा, अथवा कानको एक टुक्रा मात्र
छुटाउँछ, त्यसरीनै सामरियामा पलङ्गको किनार र
रेशमी गद्दीमा बस्ने इस्राएलीहरू छुटाइनेछन्।
१३ तिमीहरू सुन, र याकूबका
घरानाको विरुद्धमा यो साक्षी देऊ, परमेश्वर
सेनाहरूका परमप्रभु परमेश्वर भन्नुहुन्छ,

१४ त्यस दिन जब म इस्राएललाई त्यसका
अपराधहरूको दण्ड दिनेछु, तब म बेतेलका
वेदीहरूलाई पनि दण्ड दिनेछु, र वेदीका
सीङ्हरू काटिएर भूइँमा खस्नेछन्। १५ म
हिंउदमा बस्ने निवासस्थान र गर्मीमा बस्ने
निवासस्थानहरू दुवै नष्ट पार्नेछु, र हात्ती दाँतले
बनाएका निवासस्थानहरू नष्ट हुनेछन्, र
ठूला ठूला निवासस्थानहरू खतम हुनेछन्,
परमप्रभु भन्नुहुन्छ।"

धार्मिक चाड़हरूको ठट्टा

४ हे सामरिया डाँड़ामा बस्ने बाशानका
गाईहरू हो, तिमीहरू जसले गरीब-
हरूलाई थिचोमिचो गर्दछौ, जसले दरिद्र-
हरूलाई कुल्चदँछौ, तिमीहरू जसले आफ्ना
लोग्नेहरूलाई भन्दछौ, 'ल्याउनुहोस्, र
हामी पियौं।' तिमीहरू यो वचन सुन।
२ परमप्रभु परमेश्वरले आफ्नो पवित्रताको
शपथ खाएर यसो भन्नुहुन्छ, "हेर, यस्ता
दिन तिमीहरूमाथि आइलाग्नेछन्, कि तिनीहरूले
तिमीहरूलाई अङ्कुसेले र तिमीहरूका बाँकी
रहेकाहरूलाई बल्छीले समातेर लैजानेछन्।
३ औ तिमीहरू धाँदाहरूका बीचबाट भएर
सोझै जानेछौ, र तिमीहरू हर्मोनतिर
फ्याँकिनेछौ, परमप्रभु भन्नुहुन्छ।
४ बेतेलमा आएर अपराध गर।
गिल्गालमा आएर अपराधको संख्या बढ़ाऊ।
बिहानैपिच्छे तिमीहरूका भेटी ल्याऊ र
प्रत्येक तेस्रो दिनमा आफ्ना आफ्ना दशांश
ल्याऊ। ५ खमीर हालेको थोकको धन्य-
वादको बलि चढ़ाऊ, र स्वेच्छाबलिको घोषणा
गर, तिनको प्रचार गर, किनभने हे
इस्राएलीहरू हो, तिमीहरूलाई त्यस्तै गर्नु
मनपर्छ, परमप्रभु भन्नुहुन्छ।"

पहिलेका दण्डहरूको सम्झना

६ "मैले पनि तिमीहरूका सबै शहरहरूमा
रित्तो मुख, र तिमीहरूका सबै ठाउँहरूमा
भोजनको अभाव पारिदिएँ, तापनि तिमीहरू
फर्केर मतिर आएनौ, परमप्रभु भन्नुहुन्छ।
७ औ जब कटनी गर्न अरू तीन महीना
रहेको थियो तब मैले तिमीहरूका निम्ति वर्षा
रोकिदिएँ। औ मैले एउटा शहरमा ता झरी
वर्षाएँ, तर अर्को शहरमा भने वर्षाइनँ। एउटा
खेतमा पानी पर्‍यो र पानी नपरेको खेत चाहिं
सुकिहाल्यो। ८ यसैले दुइ वा तीन शहरका
मानिसहरू पानी पिउनलाई एउटै शहरमा
डुलिहिंडे, तर तृप्त भएनन्, तापनि तिमीहरू
मतिर फर्केनौ, परमप्रभु भन्नुहुन्छ। ९ मैले
तिमीहरूका उब्जनीलाई ओइलाएर नाश
पारिदिएँ। बगैंचा, तिमीहरूका दाखबारी,
तिमीहरूका नेभाराका रूखहरू र तिमीहरूका
भद्राक्षका रूखहरूलाई सलहहरूले खाइहाले,
तापनि तिमीहरू मतिर फर्केनौ, परमप्रभु
भन्नुहुन्छ। १० मैले तिमीहरूका बीचमा
मिश्रकै किसिमका रूढ़ीहरू पठाएँ। मैले
तिमीहरूका जवान मानिसहरूलाई तरवारले
मारें। औ तिमीहरूका घोड़ाहरू खोसेर
लगें, र तिमीहरूको छाउनीको सड़ेको गन्ध
तिमीहरूका नाकसम्मै ल्याएँ, तापनि
तिमीहरू मतिर फर्केनौ, परमप्रभु भन्नुहुन्छ।
११ मैले तिमीहरूमध्ये कति जनालाई
सदोम र गमोरालाई जस्तै गरी ध्वंस
पारिदिएँ, र तिमीहरू जलिरहेको आगोबाट
झिकेको अगुल्ठोजस्तै भयौ, तापनि तिमीहरू
मतिर फर्केनौ, परमप्रभु भन्नुहुन्छ।
१२ यसकारण हे इस्राएलीहरू हो, म
तिमीहरूसित यसो गर्नेछु, किनभने म
यसो गर्नेनेछु, यसकारण हे इस्राएलीहरू हो,
तिमीहरूका परमेश्वरसित भेट गर्न तिमीहरू
तयार भइरहो! १३ किनभने हेर, पर्वतहरू
बनाउनुहुने, बतास सृजनुहुने, मानिसहरूलाई
आफ्नो विचार प्रकट गर्नुहुने, बिहानलाई
अँध्यारो पार्नुहुने र पृथ्वीका अल्गा अल्गा
ठाउँहरूमा हिंड्नुहुने, परमप्रभु, सेनाहरूका
परमेश्वर उहाँको नाउँ हो।

५ हे इस्राएलका घराना हो, तिमी-
हरूमाथिको विलापका विषयमा जुन
कुरा म भन्दछु त्यो सुन। २ "इस्राएलकी
कन्ये केटी फेरि कहिल्यै नउठने गरी लोटी।
त्यो आफ्नै देशमा त्यागिएकी छ, त्यसलाई
उठाउने कोही छैन।"
३ परमप्रभु परमेश्वरको वाणी छ, "जुन
शहरबाट हजार जना बाहिर निस्कन्थे त्यसमा
एक सय बाँच्छन्, औ सय जना बाहिर
निस्कनेका दश जना मात्र बाँच्नेछन्।"

इस्राएल र परमप्रभु

४ इस्राएलका घरानाका विषयमा परमप्रभु
यसो भन्नुहुन्छ, "मलाई खोज र तिमीहरू
बाँच्नेछौ। ५ तर बेतेललाई नखोज, न
गिलगालमा पस, नता बेर्शेबामा जाऊ,
किनभने गिलगाल अवश्य कैदमा जानेछ, र
बेतेल चाहिं व्यर्थको हुनेछ। ६ परमप्रभुको
खोजी गर तिमीहरू बाँच्नेछौ, नत्रता यूसुफको
घरानामा आगो भएर उहाँ आउनुहुनेछ, र
त्यसले भस्म पार्छ, औ बेतेलमा त्यो निभाउने
कोही हुँदैन। ७ न्यायलाई ऐरेलुजस्तै तीतो
बनाउने र धर्मलाई माटोमा मिलाउने हो,
उहाँको खोजी गर। ८ किर्किटी र मृगशिरा
तारासमुहलाई सृजनुहुने, र घोर अन्धकारलाई
बिहानको उज्यालोमा परिवर्त्तन गर्नुहुने दिनलाई
अँध्यारो पारेर रात बनाउनुहुने, जसले
समुद्रको पानीलाई बोलाएर पृथ्वीको सतहमाथि
खन्याउनुहुन्छ, उहाँको नाउँ परमप्रभु हो।
९ उहाले बलियाको विरुद्ध एक्कासि सर्वनाश
ल्याउनुहुन्छ, र किल्ला नाश हुन्छ।
१० शहरका मूल-ढोकामा बसेर हकार-पकार
गर्नेलाई तिनीहरू घृणा गर्छन्, र सत्य
बोल्नेलाई पनि तिनीहरू घृणा गर्छन्।
११ किनभने तिमीहरू कङ्गालीलाई दल्दछौ
र अन्याय गरेर त्यसबाट अन्न उठाउँदछौ।
यसैकारण कूँदेका ढुङ्गाका घरहरू तिमीहरूले
बनाएका भए तापनि तिमीहरू तिनमा बस्न
पाउनेछैनौ। तिमीहरूले सुन्दर दाखबारी
लगाएका छौ, तर त्यसबाट आएको दाखमद्य
तिमीहरू पिउनेछैनौ। १२ म जान्दछु, कि
तिमीहरूका अपराधहरू कतिबिघ्न छन्, र
तिमीहरूका पाप कति ठूला ठूला छन्—
तिमीहरू जसले धर्मीहरूलाई सताउँदछौ,
जसले घूस लिन्छौ र शहरको मूल-ढोकामा
न्याय माग्न आएका दरिद्रहरूलाई
धपाइदिन्छौ। १३ यसैकारण जो बुद्धिमान
छ त्यो यस्तो समयमा चूप लागिरहनेछ,
किनभने समय खराब छ।
१४ भलाइको खोजी गर, बुराइको
होइन, र तिमीहरू जीवित रहौला, र
तिमीहरूले भनेझैं परमप्रभु सेनाहरूका
परमेश्वर तिमीहरूसँग रहनुहुनेछ। १५ बुराइ-
लाई घृणा औ भलाइ प्रेम गर, र शहरको
मूल-ढोकामा न्याय स्थापित गर। सायद
परमप्रभु सेनाहरूका परमेश्वरले यूसुफका
बाँचेकाहरूमाथि अनुग्रह गर्नुहुनेछ।"
१६ परमप्रभु, सेनाहरूका परमप्रभु
परमेश्वरको वाणी छ, "सबै चोकहरूमा
रुवाबासी हुनेछ, औ सबै सड़कहरू हुँदो
तिनीहरूले हाय! हाय! गर्नेछन्।
तिनीहरूले किसानहरूलाई विलाप गर्न र
शोक गर्नमा सिपालुहरूलाई बिलौना गर्न
बोलाउनेछन्। १७ सबै दाखबारी हुँदो
रुवाबासी हुनेछ, किनभने 'म तिमीहरूका
बीचबाट भएर जानेछु' परमप्रभु भन्नुहुन्छ।
१८ धिक्कार तिमीहरूलाई, जो परम-
प्रभुको दिनको अति इच्छा गर्दछौ!
परमप्रभुको दिन तिमीहरू किन चाहन्छौ?
त्यो ता अन्धकारमय हुन्छ, उज्यालो होइन,
१९ जसरी सिंहदेखि भाग्दा कोही मानिसको
भालूसित भेट हुन्छ, अथवा घरभित्र गएर
भित्तामा हात सटाएर अड़ेस लाग्दा साँपले
त्यसलाई डस्छ। २० तब के परमप्रभुको
दिन उज्यालो होइन तर अँध्यारो पो हुँदैन
र? पटक्कै उज्यालो नभएको निष्पट्ट
अँध्यारो त्यो हुन्न र?

२१ तिमीहरूका चाडहरूलाई म घृणा
गर्छु। म तुच्छ ठान्छु, औ तिमीहरूका पवित्र
सभाहरूदेखि म प्रसन्न हुन्नँ। २२ तिमीहरूले
मेरो निम्ति होमबलि र अन्नबलि चढ़ाए
तापनि म ती ग्रहण गर्नेछैनँ, नता तिमीहरूले
चढ़ाएका मोटा मोटा पशुहरूका मेलबलिमाथि
म नजर लाउनेछु। २३ तिमीहरूका
गीतहरूको हल्ला मदेखि टाढ़ा राख, किनभने
म तिमीहरूका वीणाहरूका तान सुन्न चाहन्नँ।
२४ तर न्यायचाहिँ पानीझैँ र धार्मिकता
उर्लंदो खोलाझैँ बढ़ेर बगून्।
२५ हे इस्राएलका घराना हो, के
तिमीहरूले उजाड़-स्थानमा ती चालीस वर्ष मेरो
निम्ति बलिदान र भेटीहरू ल्यायौ?
२६ तर अब तिमीहरूले आफ्नै निम्ति
बनाएका मूर्तिहरू, अर्थात् तिमीहरूको राजा
सिक्कूत् र तिमीहरूका तारा-देव
कीयूनलाई उठाएर तिमीहरू हिँड्नु पर्नेछ।
२७ यसकारण दमीशकदेखि पनि पारि म
तिमीहरूलाई कैदमा हालिदिनेछु, परमप्रभु
भन्नुहुन्छ, जसको नाउँ सेनाहरूका परमेश्वर
हो।"

भयानक दण्ड आइपर्नेछ

६ धिक्कार तिनीहरूलाई, जो सियोनमा
सुखसित रहन्छन्, औ तिनीहरूलाई,
जो सामरियाका पर्वतमा निश्चिन्त बस्छन्।
जातिहरूमा श्रेष्ठ जातिका ती प्रसिद्ध मानिसहरू,
जसकहाँ इस्राएलका घराना आउँछन्!
२ कल्ने शहरमा गएर हेर, औ त्यहाँबाट
त्यो ठूलो शहर हमातमा जाऊ। त्यसपछि
पलिस्तीहरूको गात भन्ने शहरमा जाऊ।
के ती यी राज्यहरूभन्दा असल छन् र?
अथवा के तिनीहरूको सीमाना तिमीहरूको
सीमानाभन्दा ठूलो छ र? ३ तिमीहरू,
जसले दुःखको दिन पन्छयाउन खोज्छौ, औ
हिंसाको शासन नजीक ल्याउँछौ।
४ धिक्कार तिनीहरूलाई, जो हात्ती-
दाँतका पलङमा सुत्दछन्, र आफ्ना आफ्ना
गद्दीमा लम्पसार पर्दछन्, र भेड़ा-बाख्राको
बगालबाट पाठाहरू र गाई-गोरुको गोठबाट
बाछा खान्छन्, ५ जो वीणाको लयमा
बेकामको गीत गाउँछन्, औ दाऊदले झैँ
आफ्नो लागि संगीतका यन्त्र आविष्कार
गर्दछन्! ६ जसले ठूला ठूला कचौरामा
दाखमद्य पिउँदछन्, र उत्तम उत्तम तेल
घस्दछन्, तर यूसुफको विनाशमा केही
अफसोस गर्दैनन्!
७ यसैकारण कैदमा जानेहरूमध्ये
तिनीहरू पहिले हुनेछन्, र लम्पसार
पर्नेहरूको मजा शेष हुनेछ! ८ परमप्रभु
परमेश्वरले आफ्नै नाउँमा शपथ खानुभएको
छ। (परमप्रभु सेनाहरूका परमेश्वर
भन्नुहुन्छ) "म याकूबको अहंकारलाई घीन
गर्छु, र त्यसका पर्खालहरूलाई तुच्छ ठान्छु।
यसैकारण म यसमा भएका सबै कुरा समेत
यस शहरलाई शत्रुको हातमा सुम्पिदिनेछु।
९ औ एउटा घरमा दश जना बाँकी
रहेका छन् भने तिनीहरू मर्नेछन्। १० औ
जब कसैको कुटुम्बले, अर्थात् त्यसलाई
जलाउनेले घरभित्रबाट लाश निकाल्न भनी
उठाए र घरको सबैभन्दा भित्री कोठामा
हुनेलाई सोध्लान्, 'के तिमीसित अझ अरू
कोही छ?' तब उसले जवाफ दिन्छ,
'अहँ, छैन।' तब तिनले भन्छन्, 'चूप
लाग, हामीले प्रभुको नाउँ लिनैहुँदैन।'
११ किनभने हेर, परमप्रभुले आज्ञा गर्नु-
हुन्छ, र ठूलो घर धुजै-धुजा र सानो
घर चिरै-चिरा पारिनेछन्।
१२ के घोड़ाहरू चटानहरू हुँदो दगुर्छन्?
के कसैले समुद्रमा गोरु जोत्छन्? तर तिमीहरूले
ता न्यायलाई विषालु र धर्मलाई ऐरेलुजस्तै
तीतो बनायौ— १३ तिमीहरू जसले व्यर्थका
कुरामा आनन्द मनाउँछौ, औ भन्छौ, 'के
हामी आफ्नै प्रयत्नले शक्तिशाली भएनौ?'
१४ हेर, हे इस्राएलका घराना हो, परमप्रभु
सेनाहरूका परमेश्वर भन्नुहुन्छ, म तिमीहरूका

विरुद्धमा एउटा यस्तो जाति खड़ा गर्नेछु,
जसले तिमीहरूलाई हमातको पस्ने ठाउँदेखि
लिएर अराबाको खोलासम्मै संकष्टमा
हाल्नेछ।”

सलह, आगो र साहुलको दर्शन

७ परमप्रभु परमेश्वरले मलाई यो
देखाउनुभयो, हेर्, पछि उम्रने घाँस
पहलाउँदा पहलाउँदै उहाँले सलहहरू सृष्टि
गर्नुभयो। औ त्यो ता राजाको निम्ति
काटिसके पछि उम्रने घाँस पो रहेछ।
२ जब ती सलहहरूले भूमिको घाँस
खाइसके तब मैंले भनें, ‘हे परमप्रभु परमेश्वर,
विन्ती छ, क्षमा गर्नुहोस्! याकूब कसरी
खड़ा रहनसक्छ? किनकि त्यो ता साह्रै दुर्बल
छ!’ ३ यस कुरामा परमप्रभु पछताउनुभयो,
‘औ यसो हुनेछैन’ भनी परमप्रभुले
भन्नुभयो।
४ परमप्रभु परमेश्वरले मलाई यो देखाउनु-
भयो, हेर्, आगोद्वारा न्याय गर्न परमप्रभु
परमेश्वरले ठहराउनुभयो। औ त्यस आगोले
महासागरलाई सुकाएर जमीनलाई पनि भस्म
गर्नलाग्यो। ५ तब मैंले भने, ‘हे परमप्रभु
परमेश्वर, बिन्ती छ, थाम्नुहोस्! याकूब
कसरी खड़ा रहनसक्छ? किनकि त्यो ता
दुर्बल छ।’ ६ यस कुरामा परमप्रभु
पछताउनु भयो, औ ‘यसो हुनेछैन’ भनी
परमप्रभु परमेश्वरले भन्नुभयो।
७ उहाँले मलाई यो पनि देखाउनुभयो,
हेर्, साहुल लगाएर बनाएको भित्तानेर
आफ्नो हातमा साहुल लिएर परमप्रभु उभिरहनु-
भएको रहेछ। ८ औ परमप्रभुले मलाई
भन्नुभयो, ‘आमोस, त के देख्तैछस्?’
मैंले भने, ‘एउटा साहुल।’ तब प्रभुले
भन्नुभयो, ‘हेर्, म मेरो प्रजा, इस्राएलको
बीचमा एउटा साहुल लगाउनेछु। म
तिनीहरूलाई अब फेरि बाँकी राख्नेछैनँ।
९ इसहाकका अल्गा अल्गा ठाउँहरू उजाड़
पारिनेछन्, औ इस्राएलका पवित्रस्थानहरू
शून्य हुनेछन्। औ म तरवार लिएर
यारोबामको विरुद्धमा खड़ा हुनेछु।’

पूजाहारी अमस्याह र आमोस

१० तब बेतेलका पूजाहारी अमस्याहले
इस्राएलका राजा यारोबामकहाँ यसो
भनिपठायो, “इस्राएलका घरानाको बीचमा
आमोसले तपाईंको विरुद्धमा षड्यन्त्र रचेको
छ। देशले त्यसका सबै कुरा खपिनसक्नु
भएको छ, ११ किनभने आमोस यसो
भन्छ, ‘यारोबाम तरवारद्वारा मारिनेछ, र
इस्राएल चाहिं आफ्नो देशदेखि निश्चय
कैदमा जानैपर्नेछ।’ १२ औ अमस्याहले
आमोसलाई भने, ‘हे दर्शन देख्ने, यहाँबाट
भागेर यहूदामा जाऊ, र त्यहीं रोटी खाएर
अगमवाणी कह। १३ तर बेतेलमा फेरि
कहिल्यै अगमवाणी नकह, किनकि यो ता
राजाको शरण-स्थान र शाही निवासस्थान
हो।’
१४ तब आमोसले अमस्याहलाई जबाफ
दिएर भने, ‘म ता अगमवक्ता होइन, नता
अगमवक्ताको छोरोनै हुँ! तर म एउटा
गोठाला र किम्बुका रूखहरू छिँवल्ने मानिस
हुँ! १५ परमप्रभुले मलाई भेड़ा-बाख्राका
पछि-पछि लाग्नदेखि बोलाउनुभयो, र मलाई
भन्नुभयो, ‘जा, मेरो प्रजा इस्राएललाई
अगमवाणी कह।’ १६ यसैले अब परम-
प्रभुको वचन सुन। तिमी भन्छौ,
‘इस्राएलको विरुद्धमा अगमवाणी नकह, र
इस्राएलको घरानाको विरुद्धमा कुरा नसुनाऊ।
१७ यसकारण, तिम्री स्वास्नी शहरमा एउटी
वेश्या हुनेछ, औ तिम्रा छोरा-छोरीहरू
तरवारले काटिनेछन्, औ तिम्रो देश डोरीले
नापी नापीकन बाँड़िनेछ। औ तिमी
आफैचाहिं एउटा अशुद्ध देशमा मर्नेछौ, र
इस्राएलचाहिं निश्चय आफ्नो देशबाट
कैदमा लगिनेछ।’

फलको डालोको दर्शन

८ परमप्रभु परमेश्वरले मलाई यो पनि
देखाउनुभयो। हेर्, ग्रीष्म ऋतुको
फलले भरिएको एउटा डालो रहेछ।
२ अनि उहाँले मलाई भन्नुभयो, 'आमोस,
तँ के देख्छस्?' मैले भने, 'ग्रीष्म
ऋतुको फलले भरिएको एउटा डालो।'
तब परमप्रभुले मलाई भन्नुभयो, 'मेरो प्रजा
इस्राएलको अन्त आइपुग्यो। म अब फेरि
तिनीहरूलाई छोड्नेछैन।' ३ परमप्रभु
परमेश्वर भन्नुहुन्छ, त्यस दिन मन्दिरका
गीतहरूको सट्टा रूवाबासी हुनेछन्।
लाशहरूको थुप्रो हुनेछ, ती जताततै चूपचाप-
सित फालिनेछन्।

४ सुन, हे कङ्गालीहरूलाई दबाउने र
देशका दरिद्रहरूलाई खतम पार्ने हो,
५ तिमीहरू जसले भन्छौ, 'औंसी कहिले
बित्छ र हामी अन्न बेच्न सकौंला? औ
विश्राम-दिन कहिले जान्छ र हामी गहुँ बेच्न
सकौंला, औ माना सानो र ढक गहौं बनाई
झूटो ढक-तराजू चलाएर ठग्न सकौंला,
६ औ गरीबलाई रूपियाँमा र दरिद्रलाई एक
जोर जुत्तामा किन्न सकौंला, औ कुहेका गहुँ
बेच्न सकौंला?" ७ याकूबको गर्वमा
परमप्रभुले यसो भनेर शपथ खानुभएको छ,
'निश्चय म तिनीहरूका कुनै पनि कामलाई
बिर्सनेछैनँ। ८ के यसैको कारण जमीन
काम्नेछैन र? औ के त्यसमा बस्ने सबैले
विलाप गर्नेछैनन् र? निश्चय सम्पूर्ण देश
नदीझैं बढ्नेछ, र फेरि मिश्रको त्यही
नील नदी उर्लेर घटेझैं घटेर जानेछ।'
९ परमप्रभु भन्नुहुन्छ, 'म सूर्यलाई
मध्य-दिनमा अस्ताइदिनेछु, र उज्यालो
दिनमानै पृथ्वीलाई अन्धकार पारिदिनेछु।
१० म तिमीहरूका चाडहरूलाई विलापमा
र तिमीहरूका सबै गीतहरूलाई विलौनमा
परिवर्त्तन गरिदिनेछु। म तिमीहरू सबैका
कम्मरमा भाङ्ग्रा बाँध्न र कपाल खौरन
लाउनेछु, र यस विलापलाई एउटै मात्र
छोराको निम्ति विलाप गरेझैं तुल्याउनेछु त्यो
दिन एक ठूलो विषादको दिन बन्नेछ।'

परमप्रभुको वचनको अनिकाल

११ परमप्रभु परमेश्वर भन्नुहुन्छ, "हेर्,
यस्ता दिनहरू आउँदैछन्, जब म देशमा
अनिकाल ल्याउनेछु—अनिकाल, जुनचाहिं नत
अन्नको न पानीको हो, तर परमप्रभुको वचन
सुन्ने तृष्णाको अनिकाल हुनेछ। १२ तिनीहरू
परमप्रभुको वचनको खोजीमा एक समुद्रदेखि
अर्को समुद्रसम्म, र उत्तरदेखि पूर्वसम्म घुमफिर
गर्नेछन् र यताउता दगुरिहिंड्नेछन्। तर
तिनीहरूले त्यो पाउनेछैनन्।

१३ त्यस दिन सुन्दरी तरुणीहरू र
जवान तन्हेरीहरू तिर्खाले मुर्च्छा खानेछन्।
१४ सामरियाको अशिमा देवीको नाउँमा शपथ
खाने र 'हे दान, तेरो देवता जीवित छ,
र बेर्शेबाको थिति रहिरहनेछ' भन्नेहरू पनि
सबै लोट्नेछन्, र फेरि कहिल्यै उठनेछैनन्।'

परमप्रभुको न्याय

९ मैले परमप्रभुलाई वेदीको छेउमा
उभिरहनुभएको देखें, औ उहाँले
मलाई भन्नुभयो, 'खामाका शिरहरूमा हिर्का
र संघारहरू हल्लिऊन्। औ मानिसहरूका
शिरमा ती खामाहरू टुक्रा-टुक्रा होऊन्,
र बचेकाहरूलाई चाहिं म तरवारले मार्नेछु।
तीमध्येका एउटा पनि भाग्न पाउनेछैन,
एउटा पनि उम्कन पाउनेछैन।

२ तिनीहरू पाताल खनेर भित्र गए
तापनि मेरो हातले तिनीहरूलाई त्यहाँबाट
तानेर ल्याउनेछ। तिनीहरू माथि स्वर्गमा
उक्ले, तापनि म तिनीहरूलाई उँधो तानेर
झार्नेछु। ३ तिनीहरू कर्मेल पर्वतको
टाकुरामा लुके, तापनि म त्यहाँबाट खोजी
खोजीकन तिनीहरूलाई निकाल्नेछु। औ

तिनीहरू मेरो दृष्टिबाट समुद्रको फेदीमा लुके,
तापनि म त्यहाँ सर्पलाई आज्ञा दिनेछु, र
त्यसले तिनीहरूलाई डस्नेछ। ४ औ
तिनीहरू आफ्ना आफ्ना शत्रुहरूका अगि
अगि कैदमा गए, तापनि म तरवारलाई
हुकुम गर्नेछु, र त्यसले तिनीहरूलाई मार्नेछ।
औ भलाइको निम्ति होइन, तर बुराइको
निम्ति म तिनीहरूमाथि नजर राख्नेछु।
५ किनभने परमप्रभु सेनाहरूका परमेश्वर
उहाँनै हुनुहुन्छ, जसले पृथ्वीलाई छुनुहुँदा
त्यो पग्लन्छ, र त्यसमा हुने सबैले विलाप
गर्नेछन्, र ती सबै नील नदीझैं उर्लेर
घट्नेछन्—मिश्रको नील नदीझैं। ६ जसले
आकाशमाथि आफ्नो वासस्थान बनाउनुहुन्छ,
र पृथ्वीमा आकाश-मण्डलको जग बसाल्नु-
हुन्छ, जसले समुद्रको पानीलाई बोलाएर
पृथ्वीमाथि खन्याउनुहुन्छ—उहाँको नाउँ
परमप्रभु हो।
७ हे इस्राएलीहरू हो, के तिमीहरू
मेरो निम्ति कूशका सन्तानजस्तै छैनौ र?
परमप्रभु भन्नुहुन्छ। के मैले इस्राएललाई
मिश्र देशदेखि, पलिश्तीहरूलाई कप्तोरदेखि र
अरामीहरूलाई कीरदेखि निकालेर ल्याएको
होइन र? ८ हेर, परमप्रभुको नजर यस
दुष्ट राज्यमाथि परेको छ, औ म त्यसलाई
पृथ्वीदेखि नाश पार्नेछु। केवल याकूबको
घरानालाई मात्र म बिल्कुलै सर्वनाश पार्नेछैनँ,
परमप्रभु भन्नुहुन्छ। ९ हेर, म आज्ञा
गर्नेछु, र इस्राएलकी घरानालाई समस्त
जातिहरूका बीचमा अन्न चाल्लोमा निफनेझैं
म निफन्नेछु, तापनि एउटा सानो दाना
पनि भूइँमा खस्नेछैन। १० 'विपत्ति हामी-
माथि आइपर्नेछैन, नता हामीलाई त्यसले
भेट्नेछ' भन्ने मेरो प्रजामध्येका सबै पापीहरू
तरवारले मारिनेछन्।
११ त्यस दिन म दाऊदको ढलेको
बासस्थानलाई फेरि उठाउनेछु, र त्यसका
प्वालहरू मरमत गर्नेछु। औ भत्केको
अवस्थाबाट त्यसलाई म खड़ा गर्नेछु र
अघिजस्तै गरी म त्यसलाई बनाउनेछु,
१२ औ तिनीहरूले एदोमको बाँकी रहेका, र
मेरो नाउँ लिने सबै जातिलाई अधिकार
गरून्, यसैनै गर्नुहुने परमप्रभु भन्नुहुन्छ।
१३ हेर, यस्ता दिन आउँछन्,
परमप्रभु भन्नुहुन्छ, जब कटनी गर्नेलाई
हलो जोत्नेले उछिन्नेछ, बिउ छर्नेलाई दाख
पेल्नेले उछिन्नेछ, औ पर्वतहरूबाट मीठो
दाखमद्य चुहुनेछ, र सबै डाँड़ाहरूमा त्यो
बहनेछ। १४ अनि म मेरो प्रजा
इस्राएलको कैदमा गएकाहरूलाई फर्काएर
ल्याउनेछु, र तिनीहरूले ध्वंस भएका
शहरहरूलाई फेरि बनाएर तिनमा बास
गर्नेछन्, र दाखका बारी लगाएर त्यसका
दाखमद्य पिउनेछन्। तिनीहरूले बारी बनाएर
त्यसका फलहरू खानेछन्। १५ म तिनीहरू-
हरूलाई तिनीहरूकै देशमा बसाल्नेछु, र मैले
तिनीहरूलाई दिएको देशदेखि तिनीहरू फेरि
कहिल्यै निकालिनेछैनन्, परमप्रभु तेरा परमेश्वर
भन्नुहुन्छ।"

ओबदियाको पुस्तक

एदोमको घमण्ड चूर हुनेछ

१ परमप्रभु परमेश्वरले एदोमको बारे
ओबदियालाई देखाउनुभएको दर्शन—
हामीले परमप्रभुतर्फबाट यो समाचार सुनेका
छौं, र एउटा दूत पनि जाति जातिका
बीचमा यसो भन्न पठाइएको छ, “उठ हामी
एदोमसित लड़ाइँ गर्नलाई जाऔं। २ हेर्,
मैले तँलाई जाति जातिहरूमा क्षुद्र तुल्याएको
छु। तँ ज्यादै तुच्छ भएको छस्। ३ तेरो
हृदयको घमण्डले तँलाई धोका दिएको छ
हे चटानका आड़हरू र अल्गा अल्गा ठाउँमा
बस्ने हो, ‘मलाई तल जमीनमा खसाल्ने को
छ?’ भनी तँ आफ्नो मनमा भन्छस्।
४ ‘तर चीलहरू जत्तिकै माथि तँ उड़िस्
भने पनि, र ताराहरूका बीचमा तेरो गुँड
बनाइस् भने पनि, त्यहाँबाट म तँलाई
खसाल्नेछु’ परमप्रभु भन्नुहुन्छ।
५ कस्तो सर्वनाश तेरो भयो! यदि
चोरहरू तँकहाँ आएको भए, यदि डाँकूहरू
राती तँलाई लूट्न आएका भए, के तिनी-
हरूले आफ्नै निम्ति यथेष्ट हुने मात्र लूटेर
लैजाने थिएन? दाख टिप्नेहरू तँकहाँ आएका
भए, के तिनीहरूले अलि अलि दाखहरू
फाटफूट छोड़दैन थिए? ६ एसावका धन-
सम्पत्तिहरू कसरी खोसिएका छन्। त्यसका
लुकाएका धनहरूको कसरी खोजी भएको छ।
७ तेरा सबै मित्रहरूले तँलाई धोका दिए,
तिनीहरूले तँलाई सीमाना बाहिरसम्म धपाइ-
दिएका छन्। तेरो विरुद्धमा षड़यन्त्र रच्नलाई
तिनीहरू तँसँग मेल राख्छन्। तैंले भरोसा
राखेका मित्रहरूले तेरो विरुद्धमा पासो
थापेका छन्। यस कुराको तँलाई केही ज्ञानै
छैन। ८ के त्यो दिन म एदोमबाट
बुद्धिमान मानिसहरूलाई र एसावको डाँड़ाबाट
समझदारलाई नाश पार्नेछैनँ र? परमप्रभु
भन्नुहुन्छ। ९ हे तेमान तेरा वीर पुरुषहरू
काथर हुनेछन्, यहाँसम्म कि, एसावको
डाँड़ाबाट एक एक मानिस काट-मार भएर
मारिनेछ। १० तेरो भाइ याकूबमाथि गरेको
जबरदस्तीको निम्ति शर्मले तँलाई ढाक्नेछ, र
तँ सदाको निम्ति नष्ट हुनेछस्। ११ जुन
दिन परदेशीहरूले त्यसका धन-सम्पत्ति खोसेर
लगे, र विदेशीहरूले ढोका ढोकाबाट भित्र
पसेर यरूशलेममा चिट्ठा हालेथे, र तँचाहिं
अर्कोतिर उभिरहेको थिइस्, त्यस दिन तँ पनि
तिनीहरूमध्येको एक जस्तै भएको थिइस्।
१२ तर तैंले तेरो भाइको दिनमा, अर्थात
उसको विपत्तिको दिनमा उसलाई हेरिरहनु
हुँदैन थियो, र यहूदाका सन्तान नाश भएको
दिनमा तिनीहरूमाथि रमाउनु हुँदैन थियो,
नता तिनीहरूको संकष्टको दिनमा घमण्डका
कुराहरू बोल्नु हुन्थ्यो। १३ मेरो प्रजाको
विपत्तिको दिनमा तैंले तिनीहरूको ढोकाबाट
भित्र पस्नु हुँदैनथियो, नता तैंले तिनीहरूको
विपत्तिको दिनमा तिनीहरूको धन-सम्पत्तिमा
हात हाल्नु हुन्थ्यो। १४ औ त्यसका भागेर
जाने जत्तिलाई मार्नलाई तैंले दोबाटोमा
उभिनु हुँदैनथियो। त्यसको संकष्टको दिनमा
त्यसका बाँचेकाहरूलाई तैंले पक्राइदिनु
हुँदैनथियो।

परमप्रभुको दिन

१५ किनभने सबै जातिहरूमाथि परम-
प्रभुको दिन नजीकै आइपुगेको छ। तैंले
जस्तो गरेको छस्, तँलाई पनि त्यस्तै
गरिनेछ। तेरो व्यवहार तेरो आफ्नै थाप्लोमा
फर्कर आउनेछ। १६ किनभने जसरी तैंले
मेरो पवित्र डाँड़ामा मेरो क्रोधको प्याला
पिइस्, त्यसरीनै सबै अन्यजातिहरूले पनि त्यो
पिउनेछन्। पिएर तिनीहरू धरमरिनेछन् र
तिनीहरूको नाउँ निशानै रहनेछैन। १७ तर
उम्केका जत्ति ता सियोन डाँड़ामा रहनेछन्,
त्यो पवित्र रहनेछ। याकूबका घरानाले
आफ्नै अधिकारको अधिकार गर्नेछ।
१८ अनि याकूबको घराना आगो, र
यूसुफको चाहिं ज्वाला बनिनेछ, र एसावको
घरानाचाहिं ठोसा-मोसा हुनेछ। यिनीहरूले
तिनीहरूलाई भस्म पारेर सखाप पार्नेछन्।
औ एसावको घरानामा एउटा पनि बाँकी
रहनेछैन, किनभने परमप्रभु यसो भन्नुहुन्छ।
१९ अनि दक्षिण देशका मानिसहरूले एसावको
डाँड़ा अधिकार गर्नेछन्, र बेंसीकाहरूले
पलिस्तीहरूको देश अधिकार गर्नेछन्। तिनी-
हरूले एप्रैमको जग्गा र सामरियाको जग्गा
पनि अधिकार गर्नेछन्। बिन्यामीनले गिलाद
अधिकार गर्नेछ। २० अनि इस्राएलको त्यो
फौज, जो बँधुवा भएर कनानीहरूका बीचमा
छन्, तिनीहरूले सारपतसम्म अधिकार
गर्नेछन्। सपारादमा भएका यरूशलेमका
बँधुवाहरूले दक्षिण देशका शहरहरू अधिकार
गर्नेछन्। २१ अनि एसावको डाँड़ाको
इन्साफ गर्नलाई उद्धार गर्नेहरू सियोन पर्वतमा
उक्लेर आउनेछन्। अनि राज्यचाहिं परम-
प्रभुको हुनेछ।

योनाको पुस्तक

योनाको बोलावट र अनाज्ञाकारिता

१ परमप्रभुको यो वचन अमित्तैको छोरो
योनाकहाँ आयो, २ "उठ्, त्यस
ठूलो शहर निनवेमा जा, र त्यसको विरुद्धमा
करा, किनकि त्यसको दुष्टयाइँ मेरो नजरको
सामने छ।"

३ तर योना परमप्रभुको सामनेबाट
भागेर तर्शीशतिर जानलाई उठे। तिनी
यापो शहरमा पुगे, र त्यहाँ तिनले तर्शीशमा
जाने एउटा जहाज भेट्टाए, औ भाड़ा दिएर
तिनी परमप्रभुको सामनेबाट भागेर जानलाई
तिनीहरूसित तर्शीश जानलाई त्यसमा चढ़े।

४ तर परमप्रभुले समुद्रमा एउटा ठूलो
बतास चलाउनुभयो, र समुद्रमा प्रचण्ड
आँधी उठेर जहाजलाई त्यसले नाश गर्ला जस्तै
भयो। ५ तब मल्लाहहरूले डराएर आफ्ना
आफ्ना देवताहरूको पुकारा गरे। अनि
तिनीहरूले आफ्ना निम्ति जहाज हलुक
बनाउनलाई त्यसमा भएका व्यापारका मालहरू
समुद्रमा फाल्नलागे। तर योना ता जहाजको
तल्लो तलामा गएर सुतेका थिए, र मस्त

निदाएका थिए। ६ यसैले जहाजका कप्तान
तिनीकहाँ आएर भने, "ए सुतुवा, तिमी
के गर्दैछौ ? उठेर तिम्रा परमेश्वरलाई पुकार,
सायद परमेश्वरले हाम्रो विचार राख्नुहुनेछ र
हामी नष्ट हुनेछैनौं।"
७ अनि तिनीहरू आपसमा भन्नलागे,
"कसको कारणले गर्दा यो आपद हामीमाथि
पर्नआएको होला सो थाह पाउनलाई हामी
चिट्ठा हालेर हेरौं।" यसो भनेर तिनीहरूले
चिट्ठा हाले, चिट्ठा योनाको नाउँमा पर्‍यो।
८ तब तिनीहरूले तिनलाई भने, "कृपागरी
हामीलाई भन, 'कसको कारणले गर्दा यो
आपद पर्नआएको हो ? तिम्रो काम के हो ?
तिमी कहाँबाट आएका हौ ? तिम्रो देश
कुन हो औ तिमी कुन जातिका हौ ?"
९ अनि तिनले तिनीहरूलाई भने, "म
हिब्रू हुँ। जल र स्थल दुवै बनाउनुहुने
परमप्रभु स्वर्गका परमेश्वरको भय म मान्दछु।'
१० तब अत्यन्तै डराएर ती मानिसहरूले
तिनलाई भने, "तिमीलेनै यो गरेका हौ ता ?"
किनकि तिनी आफैले यो तिनीहरूलाई
भनेका हुनाले तिनी परमप्रभुको सामनेबाट
भागेका रहेछन् भन्ने तिनीहरूले थाह पाए।
११ तब तिनीहरूले भने, "तिमीलाई अब
हामीले के गरेदेखि समुद्र हामीप्रति शान्त
होला ?" किनकि समुद्रका छालहरू झन् झन्
बढ्दैथिए। १२ तिनले तिनीहरूलाई भने,
"मलाई उचालेर समुद्रमा फालिदेऊ, र समुद्र
तिमीहरूप्रति शान्त हुनेछ, किनकि मेरै
कारणले गर्दा यो प्रचण्ड आँधी तिमीहरूमाथि
चलेको हो भन्ने मलाई थाह छ।" १३ तापनि
जहाजलाई किनार लगाउनलाई ती मानिसहरूले
खूब खियाए, तर तिनीहरूले सकेनन्, किनकि
तिनीहरूका विरुद्धमा समुद्रका छालहरू झन्
झन् बढ्दै गए। १४ यसकारण तिनीहरूले
परमप्रभुमा पुकारा गरेर भने, "बिन्ती छ,
हे परमप्रभु, बिन्ती छ, यस मानिसको ज्यानको
सट्टामा हामी नष्ट हुन नपरोस्, र हामी-
माथि निर्दोष हत्याको दोष नलागोस्,
किनकि हे परमप्रभु, तपाईंलाई जस्तो इच्छा
लागेको थियो सो गर्नुभएको छ।" १५ तब
तिनीहरूले योनालाई उचालेर समुद्रमा
फालि दिए, र समुद्र शान्त भइहाल्यो।
१६ तब ती मानिसहरूले परमप्रभुको अत्यन्तै
भय माने, र तिनीहरूले परमप्रभुको निम्ति
बलिदान चढाए र भाकल गरे।
१७ अनि योनालाई निल्न परमप्रभुले
एउटा विराट माछा खटाउनुभयो, र तीन दिन
र तीन रातसम्म योना त्यस माछाको
पेटभित्र रहे।

तिनको प्रार्थना र छुटकारा

२ तब योनाले माछाको पेटभित्रबाट
परमप्रभु आफ्ना परमेश्वरलाई प्रार्थना
गरे। २ तिनले भने,
"मैंले आफ्नो संकष्टको कारणले गर्दा
परमप्रभुमा पुकारा गरें,
र उहाँले मलाई जवाफ दिनुभयो।
पातालको पेटबाट म कराएँ,
र तपाईंले मेरो शब्द सुन्नुभयो।
३ तपाईंले मलाई गहीरोभित्र, समुद्रको
मुटुमै फालिदिनुभएको थियो,
र छालहरू मेरा चारैतिर थिए।
तपाईंका भयङ्कर छालहरूले मलाई
डुबाए।
४ तब मैले भनें, "मता तपाईंको दृष्टिबाट
निकालिएको छु,
तैपनि म फेरि तपाईंको पवित्र
मन्दिरतिर हेर्नेछु।
५ पानीले मलाई मेरो प्राणसम्मै घेर्‍यो,
गहीरो सागर मेरो चारैतिर थियो,
मेरो टाउकोभरि समुद्रका झ्याउहरू
बेहेरिएका थिए।
६ मता डाँडाहरूका फेदीसम्मै तल पुगे,
पृथ्वीले त्यसका बारहरूद्वारा मलाई
सदाको निम्ति थुनिदियो,
तैपनि, हे परमप्रभु, मेरा परमेश्वर,

तपाईंले मेरो ज्यानलाई उठाएर पाताल-
बाट ल्याउनुभयो।
७ जब मेरो प्राण गलिसकेको थियो,
तब मैले परमप्रभुलाई सम्झें
र मेरो प्रार्थना तपाईंकहाँ आयो,
तपाईंको पवित्र मन्दिरभित्रै पुग्यो।
८ जस जसले व्यर्थका मूर्तिहरूतिर मन
लगाउँछन्,
तिनीहरूले गर्नुपर्ने साँचो भक्तिलाई
त्याग्दछन्।
९ तर म ता धन्यवादका स्तुतिसहित तपाईंमा
बलिदान चढ़ाउनेछु,
मैले जे कुराको भाकल गरेको छु,
सो पूरा गर्नेछु।
उद्धार परमप्रभुबाटै हुन्छ"
१० तब परमप्रभुले माछालाई आज्ञा
गर्नुभयो, र त्यसले योनालाई पाखामा
उकेलिदियो।

निनवेको पश्चताप

३ अनि परमप्रभुको वचन दोस्रोपल्ट
योनाकहाँ आयो, २ "उठ्, र
त्यस ठूलो शहर निनवेमा जा, र म जे कुरा
तँलाई बताउँछु, सो त्यहाँ प्रचार गर्।'
३ यसैले योना उठे, र परमप्रभुले भन्नुभए
बमोजिम निनवेमा गए। निनवे ज्यादै ठूलो
शहर थियो। त्यो वारपार गर्नलाई तीन
दिन लाग्दथियो। ४ योना शहरमा एक
दिनको बाटो भित्र पसे, र यसो भनेर प्रचार
गरे, "अबको चालीस दिनमा निनवे नाश
हुनेछ!" ५ अनि निनवेका मानिसहरूले
परमेश्वरमा विश्वास गरे, र तिनीहरूले उपवास
बस्न भनी प्रचार गरे। तिनीहरूका साना
ठूला सबैले भाङ्ग्रा लगाए।
६ त्यो खबर निनवेका राजाकहाँ पनि
पुग्यो, र आफ्नो सिंहासनबाट उठेर तिनले
आफ्नो राज-पोशाक फुकालेर भाङ्ग्रा लगाए
र खरानिमा बसे। ७ अनि तिनले यसो
भन्ने झ्याली पिटाए, "राजाको र भारदारको
उर्दी अनुसार कुनै मानिस वा पशु, गाई-
गोरु वा भेड़ा-बाख्रा, कसैले केही खानेकुरा
नचाखून् नता तिनीहरूले केही खाऊन् वा
पिऊन्। ८ तर सबैले भाङ्ग्रा लगाऊन्,
र तिनीहरूले जोरसँग परमेश्वरमा पुकारा
गरून्। आफ्ना आफ्ना कुमार्गबाट
तिनीहरू फर्कून्, तिनीहरूले गर्ने उपद्रव
त्याग गरून्। ९ कसले जान्ने? सायद
परमेश्वर पछुताउनुहोला, र आफ्नो
भयानक रीस रोक्नुहोला, र हामी नष्ट
हुनेछैनौं।"
१० तब तिनीहरूले के गरे, कसरी
तिनीहरू आफ्ना कुमार्गबाट फिरेर आए, सो
परमेश्वरले देख्नुभयो। तब तिनीहरूमाथि
आपत्ति ल्याउने आफ्नो इच्छालाई परमेश्वरले
बद्लिनुभयो। उहाँले सो गर्नुभएन।

परमेश्वरलाई योनाको उजुर

४ तर योनालाई यो साह्रै मन परेन,
र तिनलाई रीस उठ्यो। २ अनि
तिनले परमप्रभुलाई यसो भनेर उजुर गरे,
"हे परमप्रभु, म आफ्नो देशमा छँदै के
मैले यही कुरा भनेको थिइनँ? यसैकारणले
ता तर्शीशतिर भागेर जान मैले आतुरी
गरेको थिएँ, किनकि तपाईं अनुग्रह गर्नुहुने
परमेश्वर, दया गर्नमा भरपूर, रीस गर्नमा
धीरजी, करुणामा प्रशस्त हुनुहुन्छ, र दुःख
दिँदा खुशी हुनुहुन्न भन्ने मलाई थाह थियो।
३ यसकारण अब हे परमेश्वर, बिन्ती छ,
मेरो प्राण लिनुहोस्, किनभने मेरो निम्ति
बाँच्नुभन्दा ता मर्नुनै निको छ।" ४ तब
परमप्रभुले भन्नुभयो, "के रिसाउनु असल
कुरो हो?" ५ तब योना शहरबाट निस्केर
त्यस शहरको पूर्वपट्टि गएर बसे। अनि
तिनले त्यहाँ एउटा छाप्रो बनाए, र त्यस
शहरलाई के हुँदो रहेछ, सो हेर्नलाई त्यसको
मनि छायामा बसे।

कुभिण्डोबाट शिक्षा

६ अनि परमप्रभु परमेश्वरले एउटा
कुभिण्डोको रूख उमार्नुभयो, र योनाको
शिरमा त्यो छाया होस् र तिनको दुःख
हरण होस् भनेर त्यसलाई बढ़ाउनुभयो। यसैले
कुभिण्डोको बोटले गर्दा योना अत्यन्तै खुशी
भए। ७ तर भोलिपल्ट बिहान उज्यालो
हुँदैमा परमेश्वरले एउटा कीरालाई खटाउनुभयो,
र त्यसले त्यस बोटलाई खाइदियो, र त्यो
ओइलाइहाल्यो। ८ अनि सूर्य उदाएपछि
परमेश्वरले पूर्वीय बतास चलाइदिनुभयो, र
घाम टनटनापुरसित योनाको टाउकोमा पर्‍यो,
र तिनी हैरान भए, र मरिनै जाला भनेर
परमेश्वरसित "मेरो निम्ति बाँच्नुभन्दा ता
मर्नुनै निको छ" भनी बिन्ती गरे। ९ अनि
परमेश्वरले योनालाई भन्नुभयो, "के
कुभिण्डोको कारण रिसाउनु असल कुरो हो
र?" अनि तिनले भने, "ज्यू, असल कुरो
हो। अँ, मरून्जेलसम्मै म रिसाउन पनि
ठीकै हो।" १० तब परमप्रभुले भन्नुभयो,
"तैंले केही परिश्रमै नगरेको, आफूले
नउमारेको, जो एकै रातमा हुनआयो, र
एकै रातमा नष्ट पनि भयो, त्यस्तो कुभिण्डो-
लाई तँ दया गर्छस्, ११ त के यति
ठूलो शहर निनवे, जसमा एक लाख बीस
हजारभन्दा बढ़ता मानिसहरू छन्, जसले
दाहिने र देब्रे हात चिन्नसक्तैनन्, जसमा
यतिका वस्तुहरू पनि छन्, के मैंले त्यसमाथि
दया नगर्नु?"

मीकाको पुस्तक

इस्राएल र यहूदाका विरूद्धमा अगमवाणी

१ यहूदाका राजाहरू योताम, आहाज र
हिजकियाहका शासनकालमा यरूशलेमका
विषयमा मोरेशेतमा बस्ने मीकाकहाँ आएको
परमप्रभुको वाणी—
२ हे जाति जातिका मानिस हो,
तिमीहरू सबैले सुन। हे पृथ्वी र त्यसमा
भएका सबै, ध्यानसित सुन, परमप्रभु आफ्नो
पवित्र मन्दिरबाट, परमप्रभु परमेश्वरनै तिमी-
हरूका विरूद्धमा साक्षी होऊन्। ३ किनभने
हेर, परमप्रभु आफ्नो स्थानदेखि आउँदैहुनु-
हुन्छ। पृथ्वीका उच्च स्थलहरूमा टेक्दै उहाँ
आउँदैहुनुहुन्छ। ४ आगोमा मैन पग्लेझैं र
पहाड़बाट पानी बगेझैं ती पर्वतहरू उहाँको
चरणमनि पग्लेर बेंसीतिर बगिजानेछन्।
५ यी सबै याकूबको अपराध र इस्राएलको
घरानाको पापले गर्दा भएको हो। याकूबको
अपराध के हो? के त्यो सामरिया
होइन? औ यहूदाको घरानाको पाप के हो?
के त्यो यरूशलेम होइन? ६ यसकारण
म सामरियालाई मैदानमा ढुङ्गाको थुप्रो
र दाखबारी लाउने ठाउँमा परिवर्तन
गरिदिनेछु, र म त्यसका ढुङ्गाहरू खोल्चा
हुँदो फालिदिनेछु, र त्यसका जगहरू नाङ्गो
बनाइदिनेछु। ७ त्यसका सबै खोपिएका

मूर्तिहरू टुक्रे-टुक्रा पारिनेछन्, र त्यसका
सबै ज्यालाको दाम आगोले जलाइनेछन्।
त्यसका सबै मूर्तिहरू म ध्वंस पारिदिनेछु,
किनकि वेश्याको ज्यालाझैँ त्यसले ती सञ्चय
गरेकी थिई, र वेश्याकै ज्यालाझैँ ती
फर्काइनेछन्।
८ यसैको निम्ति म विलाप गर्दै
रुनेछु। म लुगा फुकालेर नाङ्गै हिंड्नेछु।
म सियालझैँ रुनेछु र शतुर्मुर्गझैँ विलाप
गर्नेछु। ९ किनभने त्यसको घाउ निको
हुनेछैन। त्यो घाउ यहूदासम्मै आएको छ।
त्यो मेरो प्रजाको मूल-ढोका, अर्थात्
यरूशलेमसम्मै पुगेको छ। १० गातमा
यो नसुनाऊ, रूँदै नरोऊ, बेत-लाप्रामा
धूलोमा लडीबडी गर। ११ ए शाफीरका
बासिन्दा हो, नाङ्गो र लज्जित भएर
निस्किजाऊ। सानानका निवासीहरू बाहिर
ननिस्क। बेतेसेलको रुवाबासीले तिमीहरू-
बाट त्यसको उभिने ठाउँ लैजानेछ।
१२ मारोतका बासिन्दाहरू उत्सुक्तासित
कुशलको बाटो हेर्दछन्, किनभने यरूशलेमको
मूल-ढोकासम्मै परमप्रभुको तर्फबाट विपत्ति
आएको छ। १३ हे लाकीशका बासिन्दा
हो, चाँडो चाँडो कुद्ने घोडाहरू रथमा
कस। सियोनकी छोरीको निम्ति पापको
शुरु तिमीहरूनै भयौ, किनकि इस्राएलको
अपराध तिमीहरूमानै भेट्टाइयो। १४ यस-
कारण मोरशेत-गातलाई तेरो बिदाका सौगात
तैंले दिनेछस्। अकजीबका घरानाहरू
इस्राएलका राजाहरूका निम्ति धोका दिने
हुनेछन्। १५ हे मारेशाका बासिन्दा हो,
फेरि म तिमीहरूमाथि विजय गर्ने एक
जनालाई ल्याउनेछु। इस्राएलको महिमा
अदुल्लामसम्मै आउनेछ। १६ आफ्ना प्यारा
बालकहरूका निम्ति केश मुढाऊ। सबै
कपाल मुढाएर गिद्धको झैँ बनाऊ, किनकि
तिमीहरूका बालकहरू तिमीहरूबाट कैदमा
लगिनेछन्।

लोभ र अत्याचारको दण्ड

२ धिक्कार तिनीहरूलाई, जो आफ्नो
ओछ्यानमा ढल्केर अधर्मको युक्ति र
खराब विचार गर्दछन्। बिहान उज्यालो
हुनुबित्तिकै त्यो काम तिनीहरू गरिहाल्दछन्,
किनकि त्यो गर्ने सामर्थ तिनीहरूसँग छ।
२ तिनीहरू खेतहरूको लोभ गरेर खोस्छन्,
र घरहरूको लोभ गरेर लगिहाल्छन्।
तिनीहरू मानिसहरू र तिनका घरानाहरूमाथि
थिचोमिचो गर्दछन्। ३ यसैकारण परमप्रभुको
यो वाणी छ, 'हेर, यही घरानाको
विरुद्धमा म यस्तो एउटा युक्ति रच्छु,
त्यसबाट तिमीहरू आफ्ना घिच्रो हटाउन-
सक्नेछैनौ, नता तिमीहरू अहंकारसित
हिंड्नसक्नेछौ, किनकि त्यो एउटा खराब
समय हुनेछ। ४ त्यस दिन तिनीहरूले
तिमीहरूको विरुद्धमा ठट्टा गर्दै यस्तो
विलापको गीत गाउनेछन्, 'हामी बिलकुलै
नष्ट भयौं। उहाँले मेरो प्रजाको भाग
बदली गरिदिनुभयो! कसरी उहाँले त्यो
मबाट हटाउनुभयो? उहाँले हाम्रो जमीन
हामीलाई कैद गर्नेहरूलाई बाँडिदिनुभयो।'
५ यसकारण परमप्रभुको समुदायमा डोरी
लगाएर चिट्ठा हाल्ने तिमीहरूको कोही
पनि हुनेछैन।
६ प्रचार नगर। यी कुराहरूको प्रचार
गर्नुहुन्न। बेइज्जती हामीमाथि आइपर्नेछैन,
भनी तिनीहरू प्रचार गर्छन्। ७ हे
याकूबका जहान हो, के यसो भनिओस्
त? के परमेश्वरको आत्मा अधीर छ?
के यी उहाँकै काम हुन्? के सोझो
हिंड्नेहरूलाई मेरो वचनले असल गर्दैन?
८ तर भर्खरै तिमीहरू मेरो प्रजाको
विरुद्धमा शत्रुहरूझैँ उठेका छौ। लडाइँको
विचारै नराखेर निर्धक्कसँग हिंड्ने शान्तिप्रिय-
हरूको शरीरदेखि तिमीहरू खाष्टो खोसी
लैजान्छौ। ९ मेरो प्रजाका स्त्रीहरूलाई
तिनीहरूका सुखका घरहरूबाट तिमीहरू

निकालिदिन्छौ। तिनीहरूका बालकहरूबाट
मेरो महिमा सदाको निम्ति तिमीहरू खोसेर
लैजान्छौ। १० उठ, हिँडिजाऊ, किनकि
यो बिश्राम गर्ने ठाउँ होइन। घोर सर्वनाशले
ध्वंस गर्ने अशुद्धताको कारण यस्तो भएको
हो। ११ 'दाखमद्य र कड़ा मद्यको
विषयमा म तिमीहरूलाई भन्नेछु' भनी
व्यर्थ र मिथ्या कुरा गर्ने मानिसचाहिँ
यस प्रजाको प्रचारक हुनेछ।
१२ हे याकूब, म निश्चयनै तिमीहरू
सबैलाई भेला गर्नेछु। इस्राएलका बचेका-
हरूलाई म जम्मा गर्नेछु। म तिनीहरूलाई
एकै ठाउँमा राख्नेछु—गोठमा भेड़ा-बाखाहरू
र खर्कको बीचमा बथानझैं, यी हल्ला गर्ने भीड़
मानिसहरूलाई! १३ पर्खाल भत्काउने तिनी-
हरूका अगि जानुहुनेछ। तिनीहरूले भत्काउने-
छन् र मूल-ढोकाबाट छिरिजानेछन्। तिनीहरूका
राजा तिनीहरूका अगिअगि जानुहुन्छ।
परमप्रभु तिनीहरूका अगुवा हुनुहुन्छ।'

दुष्ट शासक र झूटा अगमवक्ताहरू

३ मैले भनें, 'हे याकूबका घरानाका
प्रधान र इस्राएलीहरूका शासकहरू
हो, सुन। के न्याय जान्नु तिमीहरूको
काम होइन? २ तिमीहरू जसले, भलाइलाई
घृणा गर्छौ र बुराइलाई रूचाउँछौ। तिमीहरू,
जसले मेरो प्रजाको छाला काढ़्दछौ
र तिनीहरूका हड्डीदेखि मासु निकाल्दछौ,
३ तिमीहरू जसले मेरो प्रजाको मासु पनि
खाँदछौ, र तिनीहरूका छाला काढ़ेर हाड़हरू
भाँच्तछौ, र भाँड़ामा हाल्ने र खड़कुँड़ामा
पकाउने मासुझैं तिनीहरूलाई टुक्रा-टुक्रा पार्दछौ।
४ तिनीहरू परमेश्वरको पुकारा गर्दछन्, तर
उहाँले तिनीहरूलाई जवाफ दिनुहुन्न।
तिनीहरूले बुराइ गरेको कारण उहाँले आफ्नो
मुख त्यस बेला तिनीहरूदेखि लुकाउनुहुनेछ।
५ मेरो प्रजालाई कुमार्गमा हिंड्नलाउने
अगमवक्ताहरू, जसले खान पाउँदा 'शान्ति
होस्' भन्दछन्, तर तिनीहरूका मुखमा
केही नहालिदिनेको विरुद्धमा चाहिँ लड़ाइँ
गर्न तयार हुन्छन्। तिनीहरूका विषयमा
परमप्रभुको यो वाणी छ—६ तिमीहरूका
लागि रात हुनेछ, र तिमीहरूले दर्शन
देख्नेछैनौ। तिमीहरूलाई अँध्यारोले
छोप्नेछ, र तिमीहरूले अगमवाणी गर्नेछैनौ।
अगमवक्तामाथि सूर्य अस्ताउनेछ, र
दिनचाहिँ तिनीहरूका निम्ति अन्धकार
हुनेछ। ७ औ दर्शन देख्नेहरूको बेइज्जत
हुनेछ, र अगमवाणी कहनेहरू लाजमा
पर्नेछन्। निश्चय तिनीहरू सबैले आफ्नो
मुख छोप्नेछन्, किनकि तिनीहरूले परमेश्वर-
बाट जवाफ पाउनेछैनन्। ८ तर म ता
याकूबलाई त्यसको अपराध र इस्राएललाई त्यसको
पाप जनाइदिनलाई परमप्रभुको आत्माद्वारा
शक्ति, न्याय र पराक्रमले पूर्ण छु।
९ हे याकूबका घरानाका प्रधान र
इस्राएलीहरूका शासक हो, जसले न्यायलाई
घृणा गर्दछौ र सोझो बाटोलाई बाङ्गो
टेढ़ो पार्दछौ, १० जसले रगत बगाई
अधर्म गरीकन सियोन र यरूशलेमलाई
बलियो बनाउँदछौ, यो कुरा सुन।
११ 'त्यसका प्रधानहरू घूस खाएर न्याय
गर्दछन्। त्यसका पूजाहारीहरू ज्याला लिएर
व्यवस्था सिकाउँदछन्। त्यसका अगमवक्ताहरू
पैसाको लागि अगमवाणी कहँदछन्, तापनि
तिनीहरू यसो भनेर परमप्रभुको आड़
लिँदछन्, 'के परमप्रभु हाम्रा बीचमा हुनुहुन्न
र? यसैले कुनै खराबी हामीमाथि
आइपर्नेछैन।' १२ यसैले तिमीहरूकै कारण
सियोन, खेतझैं जोतिनेछ, र यरूशलेम-
चाहिँ भत्केको ढेर बन्नेछ, औ घरका डाँड़ा
अल्गा जङ्गलका ठाउँहरूजस्तै होइजानेछ।'

शान्तिको राज्य

४ तर पछिल्ला दिनमा परमप्रभुको
भवनको डाँड़ाचाहिँ पहाड़हरूमा

सर्वोच्च बनाइने छ, र त्यो सबै पहाड़हरू-
भन्दा उच्च पारिनेछ। औ अन्यजातिहरू
त्यसमा ओइरिएर आउनेछन्। २ धेरै
जातिहरू आएर भन्नेछन्, 'आओ, हामीहरू
परमप्रभुको पहाड़, याकूबका परमेश्वरको
भवनमा जाऔं, र उहाँले हामीलाई आफ्नो
मार्ग सिकाउनुहुन्छ र हामी उहाँको मार्गमा
हिंड्नेछौं, किनभने व्यवस्था सियोनबाट र
परमप्रभुको वचन यरूशलेमबाट निस्कनेछन्।
३ उहाँले धेरै जातिहरूका बीचमा इन्साफ
गर्नुंहुनेछ, र टाढ़ा टाढ़ासम्मका सामर्थी
जातिहरूको झगड़ाको फैसला गर्नुंहुनेछ।
तिनीहरूले आफ्ना तरवार पिटेर हलोको
फाली र भालाहरू चाहिं हँसिया बनाउनेछन्।
जाति जातिहरूले एका अर्काको विरुद्धमा
तरवार चलाउनेछैनन्, नता तिनीहरूले फेरि
कहिल्यै लड़ाइँ गर्न सिक्नेछन्। ४ तर
तिनीहरूको हरेक मानिस आफ्नो आफ्नो
दाखको बोट र नेभाराको बोटमनि बस्नेछ।
कसैले तिनीहरूलाई डर देखाउनेछैन, किनभने
सेनाहरूका परमप्रभुको मुखलेनै यो कुरो
भनेको छ। ५ सबै जातिका मानिसहरू चाहिं
ता आफ्नो आफ्नो देवताको नाउँमा हिंड्छन्,
तर हामी चाहिं सदा सर्वदै परमप्रभु आफ्ना
परमेश्वरको नाउँमा हिंड्नेछौं।''

सियोनको लड़ाइँ र त्यसको विजय

६ परमप्रभु भन्नुहुन्छ, "त्यस दिन
लङ्गड़ाहरूलाई म जम्मा गर्नेछु औ धपाइएका-
हरूलाई र तिनीहरू जसलाई मैंले दण्ड
दिएको थिएँ, म भेला गर्नेछु। ७ लङ्गड़ा-
हरूलाई एउटा बचेको भाग र टाढ़ा
फेंकिएकाहरूलाई एउटा सामर्थी जाति
तुल्याउनेछु। तिनीहरूमाथि सियोनमा परम-
प्रभुले अबदेखि उसो सदा सर्वदै राज्य
गर्नुंहुनेछ।
८ औ तँ, ए एदेरको धरहरा,
सियोनकी छोरीको डाँड़ा तंकहाँ निश्चय
पहिलेको राज्य, अर्थात् यरूशलेमकी छोरीको
राज्य आउनेछ।
९ अब तँ किन चिच्याई चिच्याई
रून्छस्? के तँमाथि राज्य गर्ने कुनै राजा
छैन? के तेरो सल्लाहकार नष्ट भयो र
सुत्केरीलाई जस्तै तँलाई पीड़ाले सताएको
छ? १० हे सियोनकी छोरी, सुत्केरी
वेदनामा परेकी स्त्रीझैं पीड़ामा रहेस्, किनकि
अब तँ शहरबाट बाहिर जानेछस् र मैदानमा
बस्नेछस्, र बाबेलसम्मै तँ जानेछस् त्यहाँ
तँ छुटाइनेछस्। त्यहींनै परमप्रभुले तँलाई
तेरा शत्रुहरूका हातबाट उद्धार गर्नुंहुनेछ।
११ औ अब धेरै जातिहरू भेला
भएर तेरो विरुद्धमा भन्छन्, त्यो अशुद्ध
होस् र सियोनलाई हाम्रो आँखाले नियालेर
हेर्नपाओस्। १२ तर तिनीहरूले परमप्रभुको
विचारलाई जान्दैनन्, नता तिनीहरू उहाँको
युक्तिलाई बुझ्दछन्, किनकि उहाँले खलामा
बिटाहरू जम्मा गरेझैं तिनीहरूलाई जम्मा
गर्नुभएको छ। १३ हे सियोनकी छोरी,
उठेर दाइँ गर्, किनकि म तेरा सीङ्लाई
फलामका र तेरा खुरलाई पीतलका बनाउनेछु,
र तैंले धेरै जातिहरूलाई चूर चूर
बनाउनेछस् र तिनीहरूको कमाइ र तिनीहरूका
सम्पत्ति सारा पृथ्वीका परमप्रभुमा भाकल
गर्नेछस्।''

५ अब तँ पर्खालले घेरिइस्। हामी
घेरामा पर्यौं। तिनीहरूले इस्राएलका
न्यायकर्त्तालाई फलामको डण्डाले गालामा
हिर्काउनेछन्।

बेतलेहेमबाट आउने शासक

२ तर ए बेतलेहेम एप्राता, तँ जो
यहूदाका हजारौंका बीचमा सानो छस्,
तँबाट मेरो निम्ति एक जना निस्कनेछ, जो
इस्राएलका शासक हुनेछ, जसको शुरू
अघिदेखि, अर्थात् प्राचीनकालदेखिनै छ।

३ यसकारण जबसम्म जन्मको कष्टमा पर्नेले
जन्माउँदैन तबसम्म उहाँले सियोनलाई
त्यागिदिनुहुनेछ। तब तिनका बचेका दाज्यू-
भाइहरूचाहिँ इस्राएलीहरूकहाँ फर्केर
आउनेछन्। ४ औ तिनले खड़ा भएर
परमप्रभुको शक्तिमा र परमप्रभु आफ्ना
परमेश्वरको नाउँको महा-महिमामा आफ्ना
भेड़ा-बाख्राहरूलाई चराउनेछन्। औ तिनीहरू
सुरक्षित रहनेछन्, किनकि पृथ्वीको पल्लो
छेउसम्मै उहाँ महान् हुनुहुनेछ।
५ औ शान्ति यही हुनेछ, जब अश्शूरी
हाम्रो देशमा आउँछ र त्यसले हाम्रो भूमिमा
खुट्टा टेक्छ, तब हामी त्यसको विरुद्धमा
सात गोठाला र आठ मुखियाहरू खड़ा
गर्नेछौं। ६ अनि तिनीहरूले अश्शूर देशलाई
तरवारले र निम्रोदको देशलाई नाङ्गो तरवारले
शासन गर्नेछन्। जब अश्शूरीहरू हाम्रो
देशभित्र आउँछन् र हाम्रो सीमानामा
कुल्चन्छन्, तब उहाँले हामीहरूलाई अश्शूरी-
हरूको हातबाट बचाउनुहुनेछ। ७ अनि
याकूबका बाँकी रहेकाहरू चाहिँ धेरै मानिस-
हरूका बीचमा परमप्रभुबाट आएको शीत र
घाँसमाथि पर्ने झरीझैं हुनेछन्, जसले नता
कुनै मानिसलाई न मानिसहरूका सन्तानलाई
पर्खनेछ। ८ औ याकूबका बाँचेकाहरू
जाति जातिहरूका बीचमा जङ्गलका पशुहरूका
बीच सिंह र भेड़ा-बाख्राहरूका बीच जवान
सिंह जस्तो हुन्छन्, जो तिनीहरूका बीचमा
लताड्दै र फहराउँदै जानेछन्, र छुटाउने
कोही पनि हुनेछैन। ९ तपाईंका बाहुली
तपाईंका विरोधीहरूमाथि रहोस्, र तपाईंका
सबै शत्रुहरू नाश होऊन्।"
१० परमप्रभु भन्नुहुन्छ, "त्यस दिन म
तेरा घोड़ाहरूलाई तेरो बीचबाट नष्ट पार्नेछु,
र तेरा रथहरू विनाश पार्नेछु। ११ औ
म तेरो देशका शहरहरू नष्ट गर्नेछु, र तेरा
सबै गढ़ीहरू भत्काइदिनेछु। १२ म तेरो
हातदेखि तंत्र-मंत्र नष्ट गर्नेछु र तँकहाँ फेरि
कहिल्यै झाँक्री र बिजुवाहरू हुनेछैनन्।
१३ औ म तेरो बीचबाट खोपिएका मूर्तिहरू
र पूजिने खामाहरू नष्ट गर्नेछु, र तैंले फेरि
कहिल्यै आफ्ना हातले बनाएका कुराहरूलाई
पूजा गर्नेछैनस्। १४ तेरो बीचबाट अशेरा
देवताहरू उखेलेर फँकिदिनेछु, र तेरा
शहरहरूलाई नाश गर्नेछु। १५ औ मेरा
आज्ञा नमान्ने जातिहरूलाई म मेरो रीस र
क्रोधमा साटो लिनेछु।"

६ अब परमप्रभु के भन्नुहुन्छ, सो
तिमीहरू सुन। उठ, र पर्वतहरूको
सामने तिमीहरूको उजुर पेश गर, र
डाँड़ाहरूले तिमीहरूका कुरा सुनून्। २ हे
पर्वतहरू हो, हे अटल रहने पृथ्वीका जगहरू
हो, परमप्रभुको प्रतिवाद सुन। आफ्नो
प्रजासित उहाँको विवाद छ, उहाँ इस्राएलसित
बहस गर्नुहुनेछ।
३ हे मेरो प्रजा, मैले तिमीहरूलाई
के गरें? औ के कुरामा मैले तिमीहरूलाई
थकित तुल्याएँ? मलाई जवाफ देऊ।
४ किनभने मैले तिमीहरूलाई मिश्र देशदेखि
ल्याएँ र तिमीहरूलाई दासत्वको घरबाट
छुटाएँ। तिमीहरूका अगुवा हुनलाई मोशा,
हारून र मरियमलाई मैले पठाएँ। ५ हे
मेरो प्रजा, मोआबको राजा बालाकले के
युक्ति गरेको थियो, र बओरको छोरो
बिलामले त्यसलाई के जवाफ दियो, त्यो
सम्झ। शित्तीमदेखि गिलगालसम्मै के के
भयो, त्यो पनि सम्झ, र तिमीहरूले परम-
प्रभुको उद्धारका कामहरूलाई सम्झ।
६ के लिएर म परमप्रभुको सामु
आऊँ, र सर्वोच्च परमेश्वरको सामने निउरूँ?
के एक वर्षे बाछा लिएर होमबलि चढ़ाउन-
लाई म उहाँको सामु आऊँ? ७ के परमप्रभु
हजारौं भेड़ाहरू र तेलका लाखौं नदीसित
प्रसन्न हुनुहुन्छ? के म आफ्नो अपराधको
लागि आफ्नो जेठो छोरोलाई दिऊँ, मेरो
प्राणको पापको लागि मेरो शरीरको फललाई
दिऊँ? ८ ए मानिस, जे असल छ, त्यो

उहाँले तँलाई देखाउनुभएको छ। परमप्रभुले
तँबाट के चाहनुहुन्छ? केवल यति, कि
न्याय गर्नू, दया गर्नू, र तेरा परमेश्वरसित
नम्र भएर हिँड्नू।
९ त्यस शहरलाई परमप्रभु भन्नुहुँदैछ—
तपाईंको नाउँको भय मान्नु सिद्ध ज्ञान हो।
राजदण्ड र राजदण्ड दिनुहुनेको कुरा सुन!
१० के दुष्टको घरमा भएको दुष्टताको
धन-सम्पत्ति र श्रापित अल्प तौल म
बिर्सनसक्छु? ११ के कपटको तराजू र
छलका ढकको थैलो राख्नेलाई म निर्दोष
तुल्याऊँ? १२ तिमीहरूका धनी मानिसहरू
उपद्रवले भरिएका छन्। तिमीहरूका
बासिन्दाहरू झूट बोल्छन् औ तिनीहरूका
छली जिब्राहरू छन्। १३ यसकारण मैले
पनि तिमीहरूलाई साह्रै चोट दिएँ। तिमी-
हरूका पापहरूको कारणले गर्दा तिमीहरूलाई
उजाड़ पारिदिएँ। १४ तिमीहरू खान
त खान्छौ, तर अघाउनेछैनौ, र
तिमीहरूको पेट भोकै रहनेछ। तिमीहरू
राख्न त राख्छौ, बचाउनसक्नेछैनौ, औ जे
बचाउँछौ म त्यो तरवारलाई दिइहाल्नेछु।
१५ तिमीहरू छर्न त छर्छौ, तर कटनी
गर्नेछैनौ। तिमीहरू भद्राक्षका तेल निकाल्न
त निकाल्छौ, तर आफ्नो जीउमा लगाउन
पाउनेछैनौ, औ दाख पेल्न त पेल्छौ, तर
दाखमद्य पिउन पाउनेछैनौ, १६ किनभने
तिमीहरूले ओम्रीका विधिहरू र अहाबका
घरानाका सारा काम मानेका छौ, तिमीहरू
तिनीहरूका सल्लाहमा चल्दछौ। यसकारण म
तिमीहरूलाई उजाड़ पार्नेछु, र तिमीहरूका
बासिन्दाहरूलाई खिसीको पात्र तुल्याउनेछु,
र तिमीहरूले अन्यजातिहरूका गिल्ला
सहनुपर्नेछ।

समाजमा उपद्रव र भ्रष्टाचार

७ धिक्कार मलाई! किनकि म वसन्त
ऋतुका फलहरू टिपिसकेको समयमा
र दाख टिपिसकेको बेलामा आइपुगेको जस्तै
भएको छु। खानलाई केही झुप्पानै छैन।
मेरो हृदयले चाहना गर्ने पहिलो पाकेको
नेभारा छैन। २ भक्त मानिस पृथ्वीदेखि
नष्ट भएको छ, औ मानिसहरूका बीचमा
कोही पनि सोझो मानिस छैन। तिनीहरू
सबै हत्या गर्न ढुकी बस्छन्। औ जाल
थापेर हरेक मानिसले आफ्नै दाज्यू-भाइको
शिकार गर्दछ। ३ जे दुष्ट छ त्यो गर्नलाई
तिनीहरूका हात सधैँ तयार रहन्छ।
शासकहरू र न्यायकर्त्ताहरू घूस माग्दछन्।
ठूला मानिसहरू आफना आफना मनको कुइच्छा
प्रकट गर्दछन्। यसरी तिनीहरू एकसाथ सँगै
युक्ति रच्दछन्। ४ तिनीहरूमध्येका सबैभन्दा
असल चाहिँ काँढाजस्तै छ, सबैभन्दा सोझो
चाहिँ झाड़ीको काँढ़ाभन्दा खराब छ।
तपाइंका पहरा दिनेहरूको दिन, अर्थात्
तिनीहरूको दण्डको दिन आइपुग्यो। अब
तिनीहरूको घबराउने दिन आइपुग्यो।
५ तिमीहरूका छिमेकीमाथि विश्वास नगर।
तिमीहरूको हितका मितमाथि भरोसा नगर।
तिमीहरूका काखको स्वास्नीदेखि पनि आफ्नो
मुखको ढोका थुनी राख, ६ किनकि छोराले
बाबुको अपमान गर्दछ, छोरी आफ्नी
आमाको विरुद्धमा उठ्दछे, बुहारी आफ्नी
सासूको विरुद्धमा। मानिसको दुश्मन आफ्नै
घरका मानिसहरू हुन्छन्।
७ तर म चाहिँ ता परमप्रभुतिरै
हेर्नेछु। मलाई बचाउनुहुने परमेश्वरको बाटो
म हेर्नेछु। मेरा परमेश्वरले मेरो बिन्ती
सुन्नुहुनेछ।
८ हे मेरो बैरी, मेरो विरुद्धमा नरमा।
जब म लड्छु म उठिहाल्छु। जब म
अँध्यारोमा हुन्छु, तब परमप्रभु मेरो ज्योति
हुनुहुनेछ। ९ जबसम्म मेरो पक्षमा मुद्दा
लड़ी उहाँले मेरो इन्साफ गरिदिनुहुन,
तबसम्म म परमप्रभुको क्रोध सहनेछु, किनकि
मैंले उहाँकै विरुद्धमा पाप गरेको छु।
उहाँले मलाई ज्योतिमा निकालेर ल्याउनुहुन्छ,

र म उहाँको उद्धार देख्नेछु। १० तब मेरो
शत्रु, जसले मलाई भनेको थियो, 'तेरो परमेश्वर
खोइ ता?' त्यसले त्यो देख्नेछ र लाजले
भुतुक्क हुनेछ। मेरो आँखाले नै त्यसलाई
देख्नेछ। अब त्यो गल्लीको हिलोझैं कुल्चिनेछ।
११ तेरो पर्खाल लगाउने दिन! त्यस
दिन साँध-सीमाना टाढ़ासम्म सारिनेछ।
१२ त्यस दिन अश्शूरदेखि लिएर मिश्रका
शहरहरूसम्मैका, मिश्रदेखि लिएर महानदी-
सम्मका, समुद्रदेखि लिएर समुद्रसम्मका र
पर्वतदेखि पर्वतसम्मका मानिसहरू तँकहाँ
आउनेछन्। १३ तापनि त्यसमा रहनेहरूका
कारणले गर्दा तिनीहरूका कामको फलले देश
उजाड़ हुनेछ।

१४ जङ्गलका सूनसान पाखा पखेरूमा
बस्ने तपाईंको निज प्रजा, तपाईंका
बथानलाई तपाईंको आफ्नै लौरोले
चराउनुहोस्। तिनीहरू तादिका दिनमाझैं
बाशान र गिलादमा चरून्।

१५ तिमीहरू मिश्रदेखि निस्केर आएका
दिनमाझैं म तिमीहरूलाई अचम्मका कामहरू
देखाउनेछु।

१६ अन्यजातिहरू ती देखेर आफ्ना
सबै सामर्थ्यदेखि लज्जित हुनेछन्। तिनीहरूले
आफ्नो मुख हातले थुन्नेछन्, तिनीहरूको
कान बहिरा हुनेछ। १७ तिनीहरूले
साँपलेझैं धूलो चाट्नेछन्। पृथ्वीका घस्रने
जन्तुझैं आफ्ना आफ्ना लुकेका ठाउँदेखि
तिनीहरू थरथर काम्दै आउनेछन्, हाम्रा
परमप्रभु परमेश्वर प्रति त्रासित भई ती
आउनेछन् र तिमीहरूको कारणले गर्दा
डराउनेछन्।

१८ तपाईं जस्तो परमेश्वर को छ, जसले
अधर्म क्षमा गर्नुहुन्छ, र आफ्नो निज धनको
बाँकी रहेकाहरूको अपराध छोड़िदिनुहुन्छ?
उहाँले आफ्नो रीस सधैंसम्मलाई राखिछोड़्नु-
हुन्न, किनकि उहाँ दया गर्न रूचाउनुहुन्छ।
१९ उहाँले फर्केर हामीलाई टिठाउनुहुन्छ।
उहाँले हाम्रा अपराधलाई खुट्टाले कुल्चनुहुन्छ।
तपाईंले तिनीहरूका सबै पाप समुद्रको
गहराइमा फालिदिनुहुन्छ। २० तपाईंले
तादिका हाम्रा पिता-पुर्खासित गर्नुभएको
शपथअनुसार याकूबमाथि सत्यता र
अब्राहाममाथि करुणा देखाउनुहुन्छ।

नहूमको पुस्तक

परमप्रभुको बदला लिने क्रोध

१ निनवेको विषयमा ईश्वर-वाणी।
एल्कोशी नहूमले देखेका दर्शनको
पुस्तक।
२ परमप्रभु डाही र बदला लिने
परमेश्वर हुनुहुन्छ। परमप्रभु बदला लिने र
क्रोधले भरपूर हुनुहुन्छ। परमप्रभुले आफ्ना
आफ्ना दुश्मनहरूलाई बदला लिनुहुन्छ, र
शत्रुहरूका लागि क्रोध साँचिराख्नुहुन्छ।
३ परमप्रभु रीस गर्नमा धीरजी हुनुहुन्छ,
उहाँ अत्यन्त शक्तिमान हुनुहुन्छ, औ

दोषीलाई कुनै किसिमले निर्दोष ठहराउनु-
हुन्न। भुमरी र आँधी उहाँको बाटो,
र बादलहरू चाहिँ उहाँको खुट्टाका धूला
हुन्।
४ उहाँले हप्काउनुहुँदा समुद्र सुकिहाल्छ।
उहाँले सबै नदीहरू सुकाउनुहुन्छ। बाशान
र कर्मेल ओइलाउँछन्, र लबानोनको फूल
ओइलाउँछ। ५ उहाँको सामने पहाड़हरू
काँप्छन्, पर्वतहरू पगलछन्। उहाको सामने
पृथ्वी उजाड़ हुन्छ, जगत् र त्यसमा भएका
सबै कुरा।
६ उहाँको रीसको अगि को उभिन
सक्छ? उहाँको भयंकर रीसमा को टिक्न
सक्छ र? उहाँको बल्दो रीस आगोझैं
खनाइन्छ, र उहाँद्वारा चटानहरू टुक्रा टुक्रा
पारिनेछन्। ७ परमप्रभु भला हुनुहुन्छ,
संकष्टको दिनमा बलियो किल्ला उहाँनै
हुनुहुन्छ। उहाँमाथि भरोसा राख्नेहरूलाई
उहाँले चिन्नुहुन्छ। ८ तर उहाँले उलंदो
भलले आफ्ना शत्रुहरूलाई बिलकुलै खतम
गर्नुहुनेछ, र आफ्ना शत्रुहरूलाई अन्धकारमा
खेदिपठाउनुहुनेछ। ९ परमप्रभुको विरुद्धमा
तिमीहरू के षड्यन्त्र रच्छौ? उहाँले त्यो
बिलकुलै खतम पारिदिनुहुनेछ। उहाँले
आफ्ना शत्रुहरूमाथि दोस्रो पल्ट साटो फेर्नु
पर्नेछैन। १० तिनीहरू गुजुल्टी रहेका
काँढाहरूझैं र मद्यको मातले लट्ठिरहेका भए
पनि सुकेका ठुटाझैं ती परिनेछन्।

निनवेको पतन

११ परमप्रभुको विरुद्धमा दुष्ट कुरा
कल्पना गर्ने र नराम्रो सल्लाह दिने एक
जना तिमीहरूबाट निस्केको छ। १२ परम-
प्रभु यसो भन्नुहुन्छ, 'तिनीहरू पूरा सामर्थी
र धेरै संख्याका भए तापनि तिनीहरू नष्ट
हुनेछन्, र बितिजानेछन्। मैले तँलाइ
दुःख दिएँ, तापनि अब म फेरि दुःख
दिनेछैनँ। १३ अब त्यसको जूवा म तेरो
काँध माथिबाट भँचाई तेरा बन्धनहरू टुक्रै
टुक्रा पार्नेछु।''
१४ परमप्रभुले तेरो बारेमा यो आज्ञा
दिनुभएको छ, 'अब उप्रान्त तेरो नाउँ
कायम रहनेछैन, र तेरा देवताहरूका मन्दिर-
बाट कुँदिएका र ढालेर बनाएका मूर्तिहरू
म नामेट पार्नेछु। म तेरो चिहान बनाउनेछु,
किनकि तँ दुष्ट छस्।
१५ हेर्, सुसमाचार ल्याउने र शान्ति
प्रचार गर्नेका खुट्टाहरू डाँड़ाहरूतिर आएका
छन्। हे यहूदा, तैंले आफ्नो चाड़ मना,
आफ्ना भाकलहरू पूरा गर्, किनकि त्यो
दुष्ट मानिस अब फेरि तेरो देशको बाटो
गरी हिंड्नेछैन। त्यो पूरा तवरले नष्ट
भएको छ।

निनवेको पतन र त्यसको सर्वनाश

२ ध्वसकारी तेरो विरुद्धमा आएको छ।
किल्ला बलियो बना, सतर्क हो,
कम्मर कस् पूरा बल लगा।
२ (परमप्रभुले याकूबको श्रेष्ठतालाई
फेरि इस्राएलकै श्रेष्ठताझैं जस्ताको तस्तै
तुल्याइदिनुहुनेछ, किनकि उजाड़ पार्नेहरूले
तिनीहरूलाई उजाड़ पारेका छन्, र तिनी-
हरूका दाखका बोटका हाँगाहरू नाश पारेका
छन्।)
३ त्यसका वीर पुरुषहरूका ढाल राता
तुल्याएका छन्। त्यसका योद्धाहरूले लाल
पोशाक पहिरेका छन्। लड़ाइँको तयारीमा
रथहरूका फलाम आगोजस्तै गरी झल्कन्छन्,
घोड़ाहरू उफ्रन्छन्। ४ रथहरू सड़कमा खूब
वेगसित हाँकिन्छन्, र चौड़ा बाटाहरूमा
तिनीहरू ठक्कर खाँदै कुद्छन्। तिनीहरू
राँकोजस्तै देखिन्छन्, बिजुलीजस्तै तिनीहरू वेगले
कुद्छन्। ५ अफिसरहरू हाजिर गराइन्छन्।
तिनीहरू धरमराउँदै अगि बढ्छन्। तिनीहरू
आत्तुरीसाथ पर्खालतिर दगुर्छन्। युद्ध-यंत्र
तयार पारिन्छ। ६ नहर-द्वारहरू खोलिन्छन्,

राजभवनमा हाहाकार मचिन्छ। ७ यसको
मालिक्नी नाङ्गो पारेर कैदमा लगिन्छ, र
त्यसका दासीहरू छाती पिट्तै ढुकुरहरूझैं
विलाप गर्छन्। ८ निनवेचाहिं अघिदेखिनै
पानीको तलाउजस्तै छ, तापनि तिनीहरू
भागेर जान्छन्। 'पख! पख!' भनेर
कराउँदा पनि कसैले पछि फर्केर हेर्दैन।
९ चाँदी लूट, सुन लूट। त्यसको ढुकुटीमा
सबै बहुमूल्य थोकको धन-सम्पत्तिको केही
टुङ्गो छैन।

१० उजाड! उजाड र ध्वंस! हृदयहरू
गल्छन्, घुँडाहरू काँप्तछन्, र सारा कम्मरमा
पीड़ा छ, सबै चेहराहरू पहेंला पहेंला भएका
छन्। ११ सिंहहरूका गुफा र जवान सिंह-
हरूको खाने ठाउँ खोइ? जहाँ सिंह र
सिंहनी डमरूहरूसमेत हिंड्दथे, तिनीहरूलाई
तर्साउने कोही थिएन। १२ आफ्ना डमरू-
हरूलाई प्रशस्त हुने गरी सिंहले फराउँद
थियो, र त्यसको सिंहनीको निम्ति पशुहरूका
मण्टो भाँच्त थियो। त्यसले आफ्ना ओढ़ारहरू
शिकार गरेर ल्याएका पशुहरूले र आफ्ना
गुफाहरू चिथोरेका मासुहरूले भरपूर पार्द
थियो।

१३ सेनाहरूका परमप्रभु भन्नुहुन्छ, 'हेर्,
म तेरा विरुद्धमा छु। म तेरा रथहरू धुँवै
धुँवा हुने गरी जलाइदिनेछु, र तेरा जवान
सिंहहरू तरवारले काट्निेछन्। म तेरो
शिकारलाई पृथ्वीबाट नाश पार्नेछु, र तेरा
दूतहरूका शब्द अब उप्रान्त सुनिनेछैन।"

निनवेको घोर सत्यानाश

३ हत्यारा शहरलाई धिक्कार! त्यो
झूट र लूटको धनले भरिएको छ—
त्यहाँ लूटको अन्तै हुँदैन। २ कोर्राहरूको
आवाज पाङ्ग्राहरूका आवाज, घोड़ा-
हरूको दौड़, रथहरूको कुदाइ।
३ घोड़-चढ़ीहरूको हमला, झल्कने तरवार र
चम्कने भाला। मारिएकाहरूको राश, मुर्दा-
हरूको ढेर, अनगिन्ती लाशहरू—लाशहरूमा
तिनीहरू अल्झिन्दै हिंड्छन्। ४ यी सबै
चाहिं त्यो मन परेकी वेश्या र टुनामुना
गर्नेकी मालिक्नीका बेहिसाब वेश्यापनको
कारणले हो, जसले आफ्नो वेश्यापनले जाति
जातिहरूलाई, र टुनामुना गरेर कुल कुललाई
धोका दिन्छ।

५ सेनाहरूका परमप्रभु भन्नुहुन्छ, "हेर्,
म तेरो विरुद्धमा छु। तेरो मुखसम्म तेरा
लुगाहरू उचालेर अन्यजातिहरूलाई तेरो
नाङ्गोपना, र राज्यहरूलाई तेरो शर्म देखाउनेछु।
६ औ तँमाथि घिनलाग्दा फोहोर
फालेर तँलाई नीच तुल्याउनेछु, र तँलाई
हाँसोको पात्र बनाउनेछु। ७ औ तँलाई
देख्ने जत्ति सबै तँदेखि भाग्नेछन्, र
भन्नेछन्, 'निनवे नाश भएको छ। त्यसको
निम्ति कसले विलाप गर्ने? तँलाई शान्ति
दिने म कहाँ खोजूँ? ८ के तँ आमोन
देवताको नौ शहरभन्दा बढ़िया छस् र, जो
नील नदीको किनारमा स्थित थियो, जसको
चारैतिर पानी थियो, जसको किल्ला समुद्र र
पर्खाल चाहिं पानी थियो? ९ कूश र
मिश्र त्यसको असीम शक्ति थियो, पूत र
लबीम त्यसका सहायक थिए।

१० तैपनि त्यो कैदमा लगियो। त्यसका
साना साना केटाकेटीहरूलाई पनि गल्लीहरूको
सिरानमा बजारेर मारे। त्यसका इज्जतदार
मानिसहरूमाथि उनीहरूले चिट्ठा हाले, र
त्यसका ठूला मानिसहरू सबैलाई साङ्लाले
बाँधे। ११ तँ पनि मतवाली हुनेछस्,
तेरो होश उड़नेछ, र शत्रुको डरले गर्दा
तैंले पनि शरण-स्थान खोज्नेछस्। १२ तेरा
सबै किल्लाहरू पहिला फसल पाकेका नेभाराका
रूखहरूजस्तै हुनेछन्। यदि तिनीहरूलाई
हल्लायो भने फल खानेहरूको मुखैमा ती
खस्छन्। १३ हेर्, तँमा भएका मानिसहरू
ता स्त्री मात्र छन्। तेरो देशमा पस्ने मूल
ढोकाहरू तेरा शत्रुहरूका निम्ति उदाङ्गै
उघ्रिएका छन्। तेरा बारहरू आगोले खाएको

छ। १४ घेरामा पर्ने दिनको निम्ति पानी
भरेर राख्। तेरा किल्लाहरू बलियो पार्,
माटो भएको ठाउँमा गएर खुट्टाले माड़ेर
हिलो बना। ईंटाको भट्टी बलियो बना।
१५ त्यहीं तँलाई आगोले खानेछ, तरवारले
टुक्राउनेछ, सलहलाई झैं तँलाई स्वाहा पार्नेछ।
आफ्नो संख्या बढ़ा, सलह र फटेंग्राझैं।
१६ आकाशका ताराहरूभन्दा बढ़ता तैंले
आफ्ना व्यापारीहरूको संख्या बढ़ाइस्। सलह
पखेटा फैलाई उड़ेर जानेछ। १७ संख्यामा
तेरा मुकुटधारीहरू फटेंग्रा जत्तिकै, र तेरा
प्रधानहरू फटेंग्राका बथान जत्तिकै छन्,
जो जाड़ोमा बारहरूमा बस्छन्, र घाम
लागेपछि उड़ेर जान्छन्, र तिनीहरू कहाँ
हुन्छन् कसैले थाह पाउँदैन।
१८ हे अश्शूरको राजा, तेरा गोठाला-
हरू निदाएका छन्, तेरा भारादारहरू
आराममा छन्, तेरा प्रजा डाँड़ा-काँढ़ा हुँदो
तितर-बितर भएका छन्, र तिनीहरूलाई
जम्मा गर्ने कोही छैन। १९ तेरो चोट
निको हुनेछैन, तेरो घाउ डरलाग्दो छ।
जत्तिले तेरो विषयमा सुन्छन् ती सबैले तँ माथि
ताली बजाउँछन्, किनभने कोमाथि तेरो
उपद्रव निरन्तर परेको छैन र?"

हबकूकको पुस्तक

कल्दीहरू द्वारा दण्ड

1 हबाकूक अगमवक्ताले दर्शनमा पाएको
ईश्वर-वाणी—
२ हे परमप्रभु, कहिलेसम्म तपाईं मेरो
दोहाई सुन्नुहुन्न? उपद्रवको कारणले गर्दा
म तपाईंमा पुकारा गर्दछु, औ तपाईं उद्धार
गर्नुहुन्न। ३ तपाईं मलाई किन अधर्म हेर्न
लाउनुहुन्छ? र विपत्ति हेरिरहनुहुन्छ? नाश
र उपद्रव मेरै सामने भइरहेको छ। झगड़ा
र विवाद बढ़्दै जाँदैछन्। ४ यसैकारण
व्यवस्था ढीला हुँदैजाँदैछ, र न्याय कहिल्यै
हुँदैन। दुष्टहरूले धर्मीहरूलाई घेर्छन्,
यसैकारण न्यायको दुरुपयोग हुन्छ।
५ अन्यजातिलाई हेर्, देखेर छक्क
पर्, किनभने म तिमीहरूका दिनमा यस्तो
काम गर्छु, जो तिमीहरूलाई भने पनि
तिमीहरूले विश्वास गर्नेछैनौ। ६ हेर्, म
कल्दीहरूलाई खड़ा गर्नेछु, जो निष्ठूर र
फूर्तिलो जाति छ, जो अर्काको बासस्थान
अधिकार गर्नलाई पृथ्वीको पल्लो छेउसम्म
बढ़ेर जान्छ। ७ तिनीहरू डरलाग्दा र
भयानक छन्। आफ्ना न्याय र गौरवको
कारण तिनीहरू आफै हुन्छन्। ८ तिनीहरूका
घोड़ाहरू पनि चितुवाभन्दा चाँडो कुद्ने
हुन्छन्, र बेलुकी निस्कने ब्वाँसाहरूभन्दा
डरलग्दा छन्। तिनीहरूका घोड़सवारहरू
घमण्डसाथ अगि बढ़्छन्। हो, तिनीहरूका
घोड़सवारहरू टाढ़ादेखि आउँछन्। तिनीहरू
शिकारमाथि वेग हानेर आउने चीलझैं वेग
हान्छन्। ९ तिनीहरू सबका सब उपद्रव
गर्नलाई आउँछन् र तिनीहरूको अगि अगि

आतंक फैँजिन्छ। तिनीहरूले कैदीहरूलाई
बालुवा जत्तिकै जम्मा गर्छन्। १० तिनी-
हरूले राजाहरूलाई हँसीमा उड़ाउँछन् र
शासकहरू तिनीहरूको तमाशा बन्दछन्।
सबै बलिया किल्लाहरूलाई देखेर तिनीहरू
हाँस्नेछन्, किनकि माटोको ढिस्कुरो बनाएरनै
तिनीहरूले ती लिनेछन्। ११ तब तिनीहरू
बतासझैं हानिएर आउनेछन् र अगि बढ्नेछन्।
दोषी मानिसहरू जसको सामर्थ्यनै तिनीहरूको
देवता हो।

१२ हे परमप्रभु मेरा परमेश्वर, हे मेरा
पवित्र परमप्रभु, के तपाईं सनातनदेखिनै
हुनुहुन्न र? हामी मर्नेछैनौं। हे परमप्रभु,
तपाईंले तिनीहरूलाई न्यायको निम्ति नियुक्त
गर्नुभयो। हे चटान, ताड़ना दिनको
निम्ति तपाईंले तिनीहरूलाई खटाउनुभयो।
१३ तपाईं जसको दृष्टि यति शुद्ध छ कि
दुष्ट कुरा हेर्नसक्नुहुन्न, औ दुष्टकर्म देखेर
चूप्प रहनसक्नुहुन्न, र पनि छल गर्ने
मानिसहरूलाई किन तपाईं हेरिरहनुहुन्छ,
औ धर्मी मानिसलाई दुष्टले निल्दा तपाईं
किन चूप्प लाग्नुहुन्छ? १४ तपाईंले
मानिसहरूलाई समुद्रका माछा र शासक
विनाका घस्रने जन्तुहरूतुल्य बनाउनुभयो।
१५ मानिसले ती सबैलाई बल्छीले उठाइ-
लान्छ, र तिनलाई जालमा पक्रन्छ, र
महाजालमा थुपार्छ। यसकारण त्यो रमाउँछ
र खुशी हुन्छ। १६ यसैकारण त्यसले
आफ्नो जालको निम्ति बलि चढ़ाउँछ, र
महाजालको निम्ति धूप बाल्छ, किनभने
तीद्वारै त्यो सुख-चैनमा बस्छ र त्यसको
भोजन स्वादिष्ट हुन्छ। १७ के यसैकारण
त्यसले आफ्नो जाल रित्याउँदै रहोस्,
र निरन्तर जाति जातिहरूलाई निर्दयतापूर्वक
मार्दै रहोस्?

२ म मेरो पहरामानै उभिरहनेछु, औ
किल्लामा रहनेछु, र म हेर्दै रहन्छु
कि उहाँ मलाई के भन्नुहुन्छ, र मैले
आफ्नो बिन्तीको विषयमा के भन्नुपर्ने हो।
२ तब परमप्रभुले मलाई जवाफमा भन्नुभयो,
'तैंले यो दर्शन पाटीहरूमा प्रष्ट गरी लेख्,
र पढ़नेले त्यो छर्लङ्गै पढ़्नसकोस्। ३ त्यो
दर्शन ठहराएको समयमा पूरा हुनेछ, त्यो
पूरा हुने बेला चाँड़ै आउँदैछ, त्यसले धोका
दिँदैन। त्यो पूरा हुनु ढीलो भए तापनि
त्यसको बाटो हेर्दै बस्, किनभने त्यो
निश्चय पूरा हुनेछ, त्यसले ढीलो गर्नेछैन।
४ हेर्, त्यसको मन घमण्डले फूलिएको छ,
त्यो आफै सोझो छैन। तर धर्मी चाहिं
आफ्नो विश्वासद्वारा जिउँछ। ५ त्यसबाहेक
दाखमद्य धोकाबाज हो। अहंकारी मानिस
रहनेछैन। त्यसको लालसा चाहिं पातालझैं
कहिल्यै नअघाउने, औ त्यसको पेट चाहिं
मृत्युको झैं कहिल्यै नभरिने हुन्छ। तर सारा
जातिहरूलाई त्यसले आफूकहाँ तान्छ, र
सारा मानिसहरूलाई आफ्नो निज अधिकार
तुल्याउनलाई बटुल्छ।

६ के यी सबै त्यसको विरुद्धमा गिल्ला
गर्ने यस्तो उखान बन्दैन? अर्काको धन
खोसेर धनी हुनेलाई धिक्कार! त्यसले
कहिलेसम्म त्यसो गर्छ? धिक्कार त्यसलाई!
जसले बन्धकका मालहरूले घर भर्छ!
७ के तिनीहरूले एक्कासि उठेर तँलाई
खाँदैनन् औ जागेर तँलाई सताउँदैनन्, औ
के तँ लुटिँदैनस् र? ८ तैंले धेरै जाति-
हरूलाई लुटेको छस्, यसकारण बाँचेका
मानिसहरूले तँलाई लुटनेछन्, मानिसहरूका
हत्या औ देश र शहरहरू र तिनमा रहने
सबैमाथि गरेको जुलुमको कारणले गर्दा हो।
९ धिक्कार त्यसलाई, जसले विपत्तिदेखि
बाँच्नलाई आफ्नो गौँड़ा अग्लोमा बनाऊँ
भनेर अधर्मको धन बटुल्छ। १० धेरै
जातिहरूलाई नाश गरेको तेरो युक्तिले तैंले
आफ्नै घरलाई लाजमा डुबाइस्, र तैंले
आफ्नो जीवन गुमाइस्। ११ भित्तादेखि
ढुङ्गाले दोहाइ दिनेछ, औ छानादेखि दलिनले
पनि 'ठीकै हो' भन्नेछ।

१२ धिक्कार त्यसलाई, जसले रक्तपातले
नगर निर्माण गर्दछ, औ अधर्ममा शहर
स्थापित गर्दछ। १३ हेर्, के यो
सेनाहरूका परमप्रभुतर्फबाट होइन, कि देश
देशका जातिले गरेको परिश्रम आगोको
निम्ति मात्र हुँदछ, औ जाति जातिहरू
व्यर्थको काममा आफै थकित हुँदछन् ?
१४ समुद्र पानीले ढाकिएझैं पृथ्वी परमप्रभुको
महिमाको ज्ञानले भरिपूर्ण हुनेछ।

१५ धिक्कार त्यसलाई, जसले आफ्नो
छिमेकीको नग्नता हेर्नलाई तिनीहरूलाई
आफ्नो रीसको कचौराबाट पियाउँछ र
मताउँछ। १६ गौरवको सट्टा तँ अपमानले
भरिनेछस्। तँ पनि पी, र थरमराउँदै हिँड्।
परमप्रभुको दाहिने हातको रीसको कचौरा
तँतिरै खनिन्छ, र तेरो गौरव लाजमा
परिवर्त्तन हुनेछ। १७ किनभने लबानोनमा
तैंले गरेको उपद्रव तैंमाथि पर्नेछ, र
त्यहाँका पशुहरूलाई गरेको तेरो उत्पात,
जसले तिनीहरूलाई भयभीत तुल्याएको
थियो, तैंमाथि आइपर्नेछ। मानिसहरूको
हत्या, र देशमा, शहरमा, र ल
सबैमाथि गरेको उपद्रवको कारणले गर
कुरो हुनेछ।

१८ खोपेर बनाएको मूर्तिमा के
र बनाउनेले त्यसलाई आकार दियो
धातुको मूर्ति झूटको गुरू त्यो हो। गूंगा
मूर्ति बनाएर त्यो बनाउने कारीगरले आफ्नै
हातले बनाएको सृष्टिमा त्यसले भरोसा
राख्तछ।

१९ धिक्कार त्यसलाई—, जसले
काठलाई भन्छ, 'जाग्', औ बोल्न
नसक्ने ढुङ्गालाई भन्छ, 'उठ्'! के त्यसले
सिकाउनसक्छ ? हेर्, त्यो ता सुन र
चाँदीले मोहोरिएको छ, औ त्यसमा सासनै
छैन।

२० तर परमप्रभु ता आफ्नो पवित्र
मन्दिरमा हुनुहुन्छ। सारा पृथ्वी उहाँको
सामने चूपचाप रहोस्।

हबकूकको प्रार्थना

३ शिग्गिओनोथ रूपमा हबकूक
अगमवक्ताको प्रार्थना।
२ हे परमप्रभु, मैंले तपाईंको कीर्ति सुनें,
र म डराएँ।
हे परमप्रभु, यस समयमानै आफ्नो
कामलाई फेरि नयाँ तुल्याउनुहोस्,
यस समयमानै त्यो प्रकट गर्नुहोस्,
क्रोधमा पनि दयाको सम्झना होस्।
३ परमेश्वर तेमानबाट आउनुभयो,
पवित्र परमप्रभु पारान पर्वतबाट। सेला
उहाँको महिमाले स्वर्ग ढाक्यो,
औ पृथ्वी उहाँको प्रशंसाले भरियो।
४ उहाँको प्रकाश ज्योतिझैं थियो,
उहाँको हातबाट किरणहरू चम्की
निस्के,
औ उहाँको शक्ति त्यहाँ लुकेको थियो।
५ उहाँको अगि रूढ़ी फैलिँदै गयो,
औ महामारी पछि पछि लाग्यो।
६ खड़ा भएर उहाँले पृथ्वीलाई नाप्नुभयो,
उहाँले हेर्नुभयो, र जाति जातिहरूलाई
तितर-बितर पार्नुभयो,
र सनातनका पर्वतहरू छरपस्ट भए,
ती अनन्तका डाँड़ाहरू नुहे।
उहाँको चाल अनादिकोझैं थियो।
७ मैले कुशानका पालहरूलाई दुःखमा
परेको देखें,
मिद्यानका तम्बूका पर्दाहरू कामे।
८ के तपाईंको क्रोध नदीहरूको विरुद्धमा
थियो, हे परमप्रभु ?
के तपाईंको रीस नदीहरूको विरुद्धमा
थियो।
अथवा तपाईंको क्रोध समुद्रको विरुद्धमा
उठेको थियो ?
जब तपाइं आफ्ना घोड़ाहरूमाथि सवार
हुनुभयो,
अर्थात् आफ्नो विजयको रथमाथि ?
९ तपाईंले आफ्नो धनु निकाल्नुभयो,

कुलहरूसँग गरेको शपथ, तपाईंको वचन,
पक्का थियो। सेला
तपाईंले पृथ्वीलाई नदीहरूले चिर्नुभयो।
१० पर्वतहरू तपाईंलाई देखेर डराए।
समुद्रमा आँधी-बेहरी चले,
अथाह समुद्रले आफ्नो सोर उचाल्यो,
र आफ्नो हात उँभोतिर उठायो।
११ तपाईंका काँड़हरू वेगसित जाँदा,
तिनको ज्योतिको कारणले गर्दा,
र तपाईंका चम्कने भालाको चमकको
कारणले गर्दा,
सूर्य र चन्द्र आफ्नो आफ्नै ठाउँमा
टक्क अड़िए।
१२ क्रोधमा तपाईं पृथ्वीमा हिंड़नुभयो,
तपाईंको रीसमा तपाईंले जाति
जातिहरूलाई दाइँ गर्नुभयो।
१३ आफ्नो प्रजाको उद्धारको लागि तपाईं
निस्कनुभयो—
आफ्नो अभिषिक्त जनको उद्धारको
निम्ति।
जाक्देखि घिच्रोसम्मै नाङ्गो तुल्याएर
तपाईंले दुष्टको शिर कुच्याउनुभयो। सेला
१४ तिनीहरूका दलको नेतालाई तपाईंले
आफ्नै भालाले छेँड्नुभयो।
तिनीहरू मलाई तितर-बितर पार्नलाई
आँधी-बेहरीझैं आए,
गरीबहरूलाई गुप्तमा निल्हिालूँ भनेझैं
रमाउँदै आए।
१५ तपाईंले शक्तिशाली समुद्रका छालहरूलाई
आफ्नो घोड़-सवारले कुल्चनुभयो,
१६ मैले सुनें र मेरो मुटु काम्नलाग्यो,
त्यो सोर सुन्दा मेरो ओठ थरथर
काम्यो,
मेरा हड्डीहरू भित्रभित्रै मक्किए,
र म मेरै थलामा काम्यें।
हामीलाई आक्रमण गर्ने जातिमाथि
आउने विपत्तिको दिनको निम्ति
म चूपचाप पर्खी रहनेछु।
१७ चाहे नेभाराको रूखमा फुल नफुलोस्,
औ दाखको बोटमा फल नफलोस्,
चाहे भद्राक्षको रूखमा फल नलागोस्,
औ खेतले अन्न नउब्जाओस्,
खोरमा भेड़ा-बाख्रा नष्ट भए पनि
गोठमा गाई-वस्तुहरू रहेन भने पनि,
१८ म परमप्रभुमा रमाहट गर्नेछु,
म मेरो उद्धार गर्नुहुने परमेश्वरमा
रमाउनेछु।
१९ परमप्रभु, मेरा परमेश्वर, मेरा बल
हुनुहुन्छ,
उहाँले मेरो खुट्टा हरिणका खुट्टाझैं
पार्नुहुनेछ,
उहाँलेनै मलाई मेरा अल्गा अल्गा
स्थानहरूमा हिंड़ाउनुहुनेछ।

वाद्य नाइकेको निम्ति : तार बाजामा
बजाइने

सपन्याहको पुस्तक

यहूदियामाथि क्रोधको दिन

१ आमोनको छोरा यहूदाका राजा
योशियाहको पालामा, हिजकियाहको
खनाति, अमर्याहको पनाति, गदल्याहको नाति,
कूशीको छोरा सपन्याहकहाँ परमप्रभुको
यो वचन आयो।
२ "पृथ्वीतलबाट म सबै थोक ध्वंस
पार्नेछु," परमप्रभु भन्नुहुन्छ। ३ "मानिस
र पशु दुवैलाई म ध्वंस पार्नेछु। आकाशका
चराहरू, समुद्रका माछाहरूलाई म ध्वंस
पार्नेछु, र दुष्टहरूका साथसाथै ठोकर दिने
सबै कुराहरूलाई म ध्वंस पार्नेछु, र म पृथ्वी-
तलबाट मानिस जातिलाई नष्ट पार्नेछु,"
परमप्रभु भन्नुहुन्छ। ४ म यहूदा र
यरूशलेमका सारा बासिन्दाहरूमाथि मेरो हात
पसार्नेछु, र यस ठाउँबाट बाल देवताका
बचेकाहरूलाई र कमारीमको नाउँ त्यसका
पूजाहारीहरूसमेत म नष्ट पार्नेछु। ५ घरका
कौसीहरूमाथि आकाशका नक्षत्रहरूलाई दण्डवत्
गर्ने जत्ति सबैलाई र परमप्रभुको सेवा गरेको
भनेर शपथ खाएर पूज्ने तर मल्कामको
शपथ खानेहरूलाई, ६ औ परमप्रभुको पछि
लाग्न छोडेर फर्की जानेहरूलाई, र परमप्रभुको
खोजी पनि नगर्ने नता उहाँको विषयमा
सोधपूछ गर्नेहरूलाई समेत म नष्ट गर्नेछु।
७ परमप्रभु परमेश्वरको सामने चूप लाग।
किनभने परमप्रभुको दिन नजीकै छ। परम-
प्रभुले बलिदान तयार पार्नुभएको छ, र
उहाँले आफ्ना पाहुनाहरूलाई पवित्र पार्नु-
भएको छ। ८ परमप्रभुको त्यस बलिदानको
दिनमा—"म भारादारहरू, राजाका छोराहरू
र विदेशी पहिरन लाउनेहरू जत्ति सबैलाई
सजाय दिनेछु। ९ त्यस दिन संगार
नाघ्नेहरूलाई र आफ्ना मालिकहरूका
घरमा मारपीट र छल गर्नेहरू सबैलाई म
सजाय दिनेछु।"
१० परमप्रभु भन्नुहुन्छ, "त्यस दिन
माछा ढोकाबाट स्वाबासीको, दोस्रो टोलबाट
हाहाकारको र डाँडाहरूबाट भयानक
आवाज हुनेछ। ११ हे मोर्तारका बासिन्दा
हो, विलौना गर, किनकि कनानका सबै
व्यापारीहरूको नाश भयो। चाँदीले
लादिएका जत्ति सबै नष्ट भएका छन्।
१२ त्यस बेला बत्ती बालेर म
यरूशलेमलाई खोज्नेछु, औ ढुक्क भएर बसी
आफ्ना हृदयमा 'परमप्रभुले नता असल
गर्नुहुन्छ न खराब गर्नुहुन्छ' भन्ने मानिस-
हरूलाई पनि म सजाय दिनेछु। १३ तिनी-
हरूका धन-सम्पत्ति लुटिनेछ र तिनीहरूका
घर उजाड़ हुनेछन्। तिनीहरूले घर बनाए
तापनि तिनमा बस्न पाउनेछैनन्। तिनीहरूले
दाखबारी लगाए तापनि त्यसको मद्य खान
पाउनेछैनन्।
१४ परमप्रभुको भयानक दिन नजीकै
छ, नजीकै, त्यो चाँडै आउँदैछ। परमप्रभुको
दिन नमीठो हुनेछ। त्यो दिन वीर पुरुष
पनि ठूलो सोरले रूनेछ। १५ त्यो दिन
क्रोधको दिन हो, संकष्ट र दुःखको दिन,
बर्बादी र उजाड़को दिन, अँध्यारो र विरक्तको
दिन, बादल र घोर अन्धकारको दिन।
१६ किल्लाहरू र अग्ला अग्ला गढ़ी भएका
शहरहरूका विरुद्धमा तुरही बजाउँदै चढ़ाइ
गर्ने दिन १७ म मानिसहरूमाथि संकष्ट

ल्याउनेछु, तिनीहरू अन्धा मानिसहरू जस्तै
हिँड्नेछन्, किनभने तिनीहरूले परमप्रभुको
विरुद्धमा पाप गरेका छन्! तिनीहरूका रगत
धूलोसरि र तिनीहरूका मासु गोबरसरि
फ्याँकिनेछन्। १८ परमप्रभुको क्रोधको दिनमा
नता तिनीहरूका चाँदीले न तिनीहरूका सुनले
तिनीहरूलाई बचाउनसक्नेछ। तर उहाँको
डाहको आगोले सारा देश भस्म पारिनेछ,
किनकि उहाँले खतम पार्नुहुनेछ, पृथ्वीका सारा
बासिन्दाहरूलाई डरलाग्दोगरी खतम पार्नुहुनेछ।

२ ए लाज नभएको जाति हो,
तिमीहरू एकसाथ जम्मा होऊ,
२ सजायको आज्ञा आउन अघिनै र भूस
जस्तै दिन बितेर जान अघिनै, परमप्रभुको
भयंकर रीस तिमीहरूमाथि आउन अघिनै,
परमप्रभुको रीसको दिन तिमीहरूमाथि आउन
अघिनै जम्मा होऊ। ३ हे पृथ्वीका दीन
जन हो, जसले उहाँको न्यायको वचन पालन
गरेको छ, परमप्रभुको खोजी गर। धार्मिकता
खोज, नम्रता खोज, परमप्रभुको रीसको
दिनमा सायद तिमीहरूले शरण पाउँछौ कि।
४ गाजा चाहिं निर्जन र अश्कलोन उजाड़
हुनेछ। मध्य दिनमा तिनीहरूले अश्दोदलाई
धपाउनेछन् र एक्रोन चाहिं उखेलिनेछ।
५ समुद्र किनारमा रहने करेती जातिलाई
धिक्कार! परमप्रभुको वचन तिमीहरूको
विरुद्धमा छ, हे कनान, पलिस्तीहरूको देश।
तँमा कुनै बासिन्दा नरहने गरी म तँलाई
नाश पार्नेछु। ६ तँ समुद्रको किनार चाहिं
चरन हुनेछस्, गोठालाहरूका खर्कै खर्क र
भेड़ाहरूका निम्ति गोठै गोठ। ७ समुद्र
किनार चाहिं यहूदाको खलकका बाँकी
रहेकाहरूका निम्ति हुनेछ। तिनीहरूले
आफ्ना भेड़ाहरूका बथान त्यहीं चराउनेछन्।
अश्कलोनका घरहरूमा तिनीहरू साँझमा
सुत्नेछन्, किनकि परमप्रभु तिनीहरूका
परमेश्वरले वास्ता गर्नुहुनेछ। तिनीहरूको सुदिन
फर्काउनुहुनेछ।

८ मोआबको हेला र अम्मोनका
सन्तानहरूको अपवाद मैले सुनेको छु, जस-
द्वारा तिनीहरूले मेरो प्रजालाई हप्काएर
अहंकारसाथ उनीहरूको सीमानासम्म आइ-
लागेका छन्। ९ यसैकारण सेनाहरूका
परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ, "म
जीवित रहेझैं, निश्चय मोआब सदोमजस्तै र
अम्मोनका सन्तानहरू गमोराजस्तै सिस्नुधारी,
नूनका खानी र सदा सर्वदाको निम्ति
उजाड़ हुनेछन्। मेरा प्रजाका बाँकी
रहेकाहरूले तिनीहरूलाई लुट्नेछन्, र मेरो
प्रजाका बचेकाहरूले तिनीहरूलाई आफ्नो
भाग तुल्याउनेछन्।" १० तिनीहरूका
शेखीको निम्ति तिनीहरूलाई यही हुनेछ,
किनभने तिनीहरूले सेनाहरूका परमप्रभुको
प्रजालाई गाली गरेका छन्, र अहंकार-
साथ तिनीहरू उनीहरूमाथि आइलागेका छन्।
११ तिनीहरूका विरुद्धमा परमप्रभु भयंकर
हुनुहुनेछ। उहाँले पृथ्वीका सबै देवताहरूलाई
नाश पार्नुहुनेछ, र सबै जातिहरूले आफ्ना
आफ्ना ठाउँमा उहाँलाई दण्डवत् गर्नेछन्।
१२ हे कुशी हो, तिमीहरू पनि मेरो
तरवारले काटिनेछौ। १३ अनि उत्तर
दिशाको विरुद्धमा आफ्नो हात पसारेर उहाँले
अश्शूरलाई नाश पार्नुहुनेछ। उहाँले
निनवेलाई उजाड़ र बलौटे ठाउँजस्तो सुख्खा
तुल्याउनुहुनेछ, १४ र त्यहाँ वनका सबै
किसिमका पशुका बगालहरू बस्नेछ।
देवदारको काठमा खोपिएका बुट्टाहरूसमेत
छर्लङ्ग देखिने गरी घरहरू भत्केका हुनाले
लाटोकोसेरोहरू झ्यालहरूमा र कागहरू संगार-
हरूमा कराउनेछ, र त्यसका भत्केका
खामाहरूमा गिद्ध र दुम्सी बास बस्नेछ।
१५ यो ता त्यही निष्फिक्रीसाथ बस्ने
आनन्दित शहर हो, जसले आफ्नो हृदयमा
भन्दथियो 'म मै हुँ, मबाहेक अरू कोही
छैन।' त्यो कस्तो उजाड़ भयो, वन-पशुहरू
पल्टने ठाउँ। त्यताबाट भएर जानेहरू सबैले
थुच्युँ गर्दै कुम हल्लाउनेछन्।

यरूशलेमको पाप

३ धिक्कार त्यसलाई, त्यो बागी, अशुद्ध
र अत्याचारी शहरलाई! २ त्यसले
कुनै कुरा सुन्दैन, ताड़नालाई ग्रहण गर्दैन,
त्यसले परमप्रभुमा भरोसा राख्दैन, आफ्ना
परमेश्वरको नजीकमा त्यो आउँदैन।
३ त्यसका भारादारहरू त्यसको बीचमा
गर्जने सिंहहरू हुन्। त्यसका न्यायकर्त्ताहरू
चाहिँ भोलिपल्ट बिहानसम्म केही बाँकी
नराख्ने साँझका ब्वाँसाहरू हुन्। ४ त्यसका
अगमवक्ताहरू बेपर्वाही, अविश्वासी मानिसहरू
हुन्। त्यसका पूजाहारीहरूले चाहिँ पवित्र-
स्थानलाई अशुद्ध पारेका छन्। तिनीहरूले
व्यवस्थालाई उल्टापाल्टा पारेका छन्।
५ त्यसको बीचमा रहनुभएको परमप्रभु धर्मी
हुनुहुन्छ। उहाँ अधर्म गर्नुहुन्न। उहाँले
बिहान बिहानै आफ्नो न्याय प्रकट गर्नुहुन्छ।
उहाँ चुक्नुहुन्न। तर अन्यायी मानिसलाई
लाज लाग्दैन।
६ मैले अन्यजातिहरूलाई नाश पारेको
छु, तिनीहरूका गढ़हरू उजाड़ भएका छन्।
तिनीहरूका सड़कहरू बर्बाद पारिदिएको छु,
कोही तिनमा हिँड्दैनन्। तिनीहरूका शहरहरू
नष्ट भएका छन्, अब त्यहाँ कोही मानिस
छैन, त्यहाँ कुनै बासिन्दा छैन। ७ मैले
भनें, त्यसले निश्चय मेरो डर मान्नेछ, मेरो
ताड़ना ग्रहण गर्नेछ, र मैले त्यसलाई दिएका
सबै आज्ञाहरू त्यसले बिर्सनेछैन। तर
तिनीहरूका सबै काम अझ बेसी भ्रष्ट
गर्नलाई तिनीहरू झन् उत्सुक भए।
८ परमप्रभु भन्नुहुन्छ, यसकारण नाश
पार्नलाई म नउठुन्जेल तिमीहरू मलाई
पर्खिरहो। जाति जातिहरू र राज्य राज्य-
हरूलाई जम्मा गरेर तिनीहरूमाथि मेरो रीस,
मेरो भयानक रीस पूरा खन्याउने मेरो इच्छा
छ, किनकि सम्पूर्ण पृथ्वी मेरो डाहको
आगोले भस्म हुनेछ।
९ त्यस बेला देश देशका मानिसहरूलाई
एउटा शुद्ध भाषा बोल्न लाउनेछु, र
तिनीहरू सबैले परमप्रभुको नाउँको पुकारा
गरेर एकै हृदयको भएर उहाँको सेवा गर्नेछन्।
१० कूश देशका नदीहरू पारिबाट पनि
तितर-बितर भएका मेरा प्रजाहरूले, अर्थात्
थिचोमिचोमा परेकी मेरी छोरीले, मेरो
निम्ति भेटी ल्याउनेछ।
११ त्यस दिन, मेरो विरुद्धमा गरेको
तेरा सबै कामको कारण तँ शर्माउन पर्नेछैनस्,
किनकि घमण्डले फूलेकाहरूलाई म त्यस बेला
तिमीहरूका बीचबाट निकाल्नेछु, र मेरो
पवित्र पहाड़मा तँ फेरि अहंकारी हुनेछैनस्।
१२ तर तेरो बीचमा एउटा दीन र नम्र
जातिलाई म छोड़िराख्नेछु, र तिनीहरूले
परमप्रभुको नाउँमा विश्वास गर्नेछन्।
१३ इस्राएलका बाँकी रहेकाहरूले अधर्म
गर्नेछैनन्, नता झूट बोल्नेछन्, न तिनीहरूका
मुखमा छल हुनेछ, किनकि तिनीहरू चरनमा
हुनेछन् र विश्राम गर्नेछन्, र कसैले तिनी-
हरूलाई तर्साउनेछैन।
१४ हे सियोनकी छोरी, गा। हे
इस्राएल जयजयकार गर्। हे यरूशलेमकी
छोरी, खुशी हो र सम्पूर्ण हृदयले रमाहट
गर्। १५ तेरो विरुद्धमा भएको न्याय
परमप्रभुले हटाइदिनुभएको छ, उहाँले तेरो
शत्रुहरूलाई निकालिदिनुभएको छ। इस्राएलका
महाराजा, अर्थात् परमप्रभु तेरो बीचमा
हुनुहुन्छ। अब उप्रान्त तैँले कुनै खराबीको
डर मान्नुपर्दैन। १६ त्यस दिन यरूशलेम-
लाई यसो भनिनेछ, 'तँ नडरा, हे सियोन।'
तेरा हातहरू ढीला हुन नपाऊन्।
१७ परमप्रभु तेरा परमेश्वर तेरो बीचमा
हुनुहुन्छ। उहाँ बचाउनलाई सामर्थी हुनुहुन्छ
तेरो कारण उहाँ आनन्दित हुनुहुन्छ। आफ्ना
प्रेममा उहाँले तँलाई फेरि नयाँ तुल्याउनुहुन्छ।
पर्वको दिनमा झैं तेरो कारण उहाँ गीत
गाएर रमाउनुहुनेछ। १८ तिमीहरूबाट विपद
म हटाउनेछु, र तिमीहरूले त्यसको कारण
निन्दा सहनुपर्नेछैन। १९ हेर, तँलाई दुःख

दिने सबैसँग म त्यस बेला उचित व्यवहार
गर्नेछु। लङ्गड़ालाई म बचाउनेछु, र
धपाइएकाहरूलाई म जम्मा गर्नेछु। तिनी-
हरूको शर्म चाहिँ सारा पृथ्वीभरि म प्रशंसा
र कीर्तिमा परिवर्त्तन गरिदिनेछु। २० त्यस
बेला म तिमीहरूलाई घरमा ल्याउनेछु, र
त्यही बेला म तिमीहरूलाई जम्मा गर्नेछु।
जब म तिमीहरूको सुदिन तिमीहरूकै नजरको
सामने फर्काएर ल्याउनेछु तब पृथ्वीका सारा
जातिहरूमध्ये म तिमीहरूको कीर्ति र प्रशंसा
फिजाउनेछु, परमप्रभु भन्नुहुन्छ।"

हाग्गैको पुस्तक

मन्दिर निर्माणको शुरू

१ दारा राजाको दोस्रो वर्षको छैटौं
महीनाको पहिलो दिन परमप्रभुको
यो वचन हाग्गै अगमवक्ताद्वारा शाल्तीएलको
छोरा यहूदाका बड़ा हाकिम यरूबाबेलकहाँ
र यहोसादाकको छोरो यहोशू प्रधान
पूजाहारीकहाँ आयो। २ "सेनाहरूका परम-
प्रभु भन्नुहुन्छ, 'परमप्रभुको भवन बनाउने
समय अझ आएको छैन भनी यो प्रजा
भन्दछ'।" ३ तब परमप्रभुको वचन यसो
भनेर हाग्गै अगमवक्ताद्वारा आयो, ४ 'यो
भवन उजाड़ परिरहेको छँदा छँदै पनि के
तिमीहरू आफूचाहिँ छाना भएका घरमा बस्ने
समय छ र?' ५ यसकारण अब सेनाहरूका
परमप्रभु भन्नुहुन्छ, 'तिमीहरू आफ्ना आफ्ना
चालको विचार गर। ६ तिमीहरूले छर्न
ता धेरैनै छरेका छौ, तर थोरै मात्र कटनी
गरेका छौ। तिमीहरू खान ता खान्छौ,
तर अघाउँदैनौ। तिमीहरू पिउन ता पिउँछौ,
तर तिमीहरूको तिर्खा मर्दैन। तिमीहरू
लुगा लाउन ता लाउँछौ, तर तिमीहरूमा
कोही पनि न्यानो हुँदैनौ। कमाइ गर्नेले
पनि कमाएर ल्याएको जत्ति छेँड परेको
थैलीमा राख्तछौ।"
७ सेनाहरूका परमप्रभु भन्नुहुन्छ,
"तिमीहरूका आफ्ना आफ्ना चालको विचार
गर। ८ डाँड़ा डाँड़ा हुँदो उक्लेर काठपात
ल्याऊ र मेरो भवन बनाऊ। त म त्यसमा
खुशी हुनेछु र मेरो महिमा हुनेछ, परमप्रभु
भन्नुहुन्छ। ९ तिमीहरूले धेरै आशा ता
राख्यौ, तर हेर, थोरै मात्र हुनआयो, र
जब तिमीहरूले त्यो घरमा ल्याएका थियौ,
तब मैले त्यो फुकेर उड़ाइदिएँ। सेनाहरूका
परमप्रभु भन्नुहुन्छ, 'किन?' किनभने मेरो
भवन चाहिँ उजाड़ भइरहेको छ, तर
तिमीहरू भने आफ्ना आफ्ना घर बनाउनलाई
दगुरादगुर गर्दछौ। १० यसकारण आकाश-
बाट शीत पर्नु र पृथ्वीबाट अन्न उब्जनु
बन्द भएको छ। ११ औ मैले जमीन र
डाँड़ाहरू, अनाज र दाखमद्य, तेलमा र
जमीनले उब्जाएको जत्ति सबैमा, मानिसहरूमा,
घरपशुहरूमा र हातका सबै परिश्रमहरूमा
अनिकाल ल्याइदिएको छु'।"

१२ तब परमप्रभु आफ्ना परमेश्वरले
तिनलाई पठाउनुभए अनुसार, शाल्तीएल्को
छोरो यरूबाबेल, यहोसादाकको छोरो यहोशू
प्रधान पूजाहारी र बाँकी रहेका प्रजा
समेतले परमप्रभु आफ्ना परमेश्वरको वचन
र, हाग्गै अगमवक्ताको कुरा माने, र सो
प्रजाले परमप्रभुको डर माने। १३ तब
परमप्रभुका दूत हाग्गैले परमप्रभुको यो
समाचार प्रजालाई सुनाए, म तिमीहरूसँगै
छु भनी परमप्रभु भन्नुहुन्छ। १४ अनि
परमप्रभुले शाल्तीएल्को छोरो, यहूदाका बड़ा
हाकिम यरूबाबेल र यहोसादाकको छोरो
यहोशू प्रधान पूजाहारी र बाँकी रहेका
प्रजालाई उत्तेजित पार्नुभयो, र तिनीहरू
आएर सेनाहरूका परमप्रभु आफ्ना परमेश्वरको
भवनमा काम गरे। १५ दारा राजाको
दोस्रो वर्षको छैटौं महीनाको चौबीस दिन
जाँदा तिनीहरूले यसो गरे।

भवनको महिमा

२ सातौं महीनाको एकाइस दिनमा
परमप्रभुको वचन हाग्गै अगमवक्ताकहाँ
आयो, २ "शाल्तीएलको छोरो यहूदाका
बड़ा हाकिम यरूबाबेल, यहोसादाकको छोरो
यहोशू प्रधान पूजाहारी र बाँकी रहेका
प्रजालाई अब यसो भन्, ३ "तिमीहरूमध्ये
अब यहाँ को बाँकी छ जसले यो भवनको
अघिको महिमा देखेको थियो? औ अहिले
तिमीहरू यसलाई कस्तो देख्छौ? के तिमी-
हरूका आँखामा यी ता केही पनि होइन
जस्तो लाग्दैन?' ४ परमप्रभु भन्नुहुन्छ,
'तैपनि अब हे यरूबाबेल, साहस गर्, र
हे यहोसादाकको छोरो यहोशू प्रधान
पूजाहारी, साहस गर्।' परमप्रभु भन्नुहुन्छ,
'हे देशका सबै प्रजा हो, साहस गर,
काम शुरू गर किनभने म तिमीहरूका
साथमा छु भनी सेनाहरूका परमप्रभु
भन्नुहुन्छ। ५ तिमीहरू मिश्र देशबाट
निस्केर आउँदा मैले तिमीहरूसँग गरेको
प्रतिज्ञा अनुसार मेरो आत्मा तिमीहरूमा
रहेकै छ। तिमीहरू नडराऊ। ६ सेनाहरूका
परमप्रभु भन्नुहुन्छ, 'अब थोरै बेर बाँकी
छ, र म फेरि आकाश, पृथ्वी, समुद्र र
जमीन सबैलाई हल्लाउनेछु। ७ औ सबै
जातिहरूलाई हल्लाउनेछु, र सबै जाति
जातिका धन-सम्पत्तिहरू आउनेछ, र म
यस भवनलाई महिमाले परिपूर्ण पारिदिनेछु
भनी सेनाहरूका परमप्रभु भन्नुहुन्छ।
८ चाँदी मेरै हो, र सुन पनि मेरै हो
भनी सेनाहरूका परमप्रभु भन्नुहुन्छ। ९ यस
भवनको पछिको महिमा अघिको भन्दा अझ
बढ़्ता हुनेछ भनी सेनाहरूका परमप्रभु
भन्नुहुन्छ। अनि यस ठाउँमा म शान्ति
ल्याउनेछु भनी सेनाहरूका परमप्रभु
भन्नुहुन्छ'।"

१० दारा राजाको राज्यको दोस्रो वर्षको
नवौं महीनाको चौबीसौं दिनमा परमप्रभुको
यो वचन हाग्गै अगमवक्ताद्वारा आयो,
११ सेनाहरूका परमप्रभु भन्नुहुन्छ,
"पूजाहारीहरूलाई अब व्यवस्थाको बारेमा
यसो भनेर सोध्, १२ कसैले आफ्नो
लुगाको किनारमा पवित्र पारेको मासु
बाँधेर त्यस किनारले रोटी, वा सुरुवा, वा
दाखमद्य, वा तेल, वा कुनै किसिमको
खानेकुरा छोयो भने के त्यो खानेकुरा पवित्र
ठहर्ला र?" पूजाहारीहरूले जवाफ दिएर
भने, "अहँ," १३ तब हाग्गैले भने,
"मुर्दा छोएको अशुद्ध मानिसले यस्तो कुनै
कुरा छोयो भने के त्यो अशुद्ध हुन्छ?"
अनि ती पूजाहारीहरूले जवाफ दिएर भने,
"त्यो अशुद्ध हुनेछ।" १४ तब हाग्गैले
भने, "मेरो सामने यो प्रजा, यो जाति
त्यस्तै छ भनी परमप्रभु भन्नुहुन्छ।
यिनीहरूका हातको हरेक काम पनि त्यस्तै
छ। तिनीहरूले त्यहाँ चढ़ाएको कुरो जे
पनि अशुद्धै छ। १५ कृपा गरी विचार
गर, अब उप्रान्त के हुन आउनेछ?

परमप्रभुको मन्दिर बनाउँदा ढुङ्गामाथि ढुङ्गा
लगाउन अघि तिमीहरूको हालत कस्तो
थियो ? १६ ती दिनमा बीस मुरी लिन
आउनेले दशै मुरी मात्र पाउँद थियो।
दाखमद्यको कोलबाट पचास पाथी झिक्न
आउनेले बीसै मात्र पाउँद थियो। १७ मैले
तिमीहरूलाई तिमीहरूकै हातको सारा
काममा लुह, ढुसी, असिनाले हाने, तैपनि
तिमीहरू मतिर फर्केनौ भनी परमप्रभु
भन्नुहुन्छ।
१८ परमप्रभुको मन्दिरको जग बसालेको
दिन, अर्थात् नवौं महिनाको चौबीसौं दिन,
अर्थात् अबदेखि उसो विचार गर। १९ के
अहिलेसम्म भकारीमा बिउ थन्काएको छ ?
दाखको लहरा, नेभाराको बोट, अनार र
भद्राक्षको बोट अहिलेसम्म फलेको छैन।
आजको दिनदेखि म तिमीहरूलाई आशिष
दिनेछु'।"

यरूबाबेललाई परमेश्वरको प्रतिज्ञा

२० अनि त्यहीं महीनाको चौबीसौं
दिनमा दोस्रो चोटि परमप्रभुको वचन
हाग्गैकहाँ यसो भनेर आयो, २१ "म
आकाश र पृथ्वीलाई हल्लाउनेछु। २२ राज्य
राज्यहरूको गद्दी म पल्टाइदिनेछु, र राज्य
राज्यहरूको र जाति जातिहरूको शक्तिलाई
म नाश पार्नेछु। रथहरू र तिनमा सवार
हुनेहरूलाई समेत म पल्टाइदिनेछु। घोड़ाहरू
र घोड़चढ़ीहरू समेत आफ्ना आफ्ना
साथीको तरवारबाट काटिनेछन्' यो कुरा
यहूदाको बड़ा हाकिम यरूबाबेललाई भन्।
२३ सेनाहरूका परमप्रभु यही भन्नुहुन्छ,
'त्यस दिन, हे शाल्तीएलको छोरो मेरो
दास यरूबाबेल, म तँलाई लिएर छापऔंठी
जस्तै तुल्याउनेछु, किनभने मैले तँलाई रोजेको
छु' सेनाहरूका परमप्रभु यही भन्नुहुन्छ।"

जकरियाको पुस्तक

मानिसहरूसित परमप्रभुको विवाद

1 दारा राजाको दोस्रो वर्षको आठौं
महीनामा परमप्रभुको वचन इद्दोको
छोरो बेरेक्याह र उसको छोरो जकरिया
अगमवक्ताकहाँ यसो भनेर आयो,
२ "तिमीहरूका पिता-पुर्खासँग परमप्रभु
अति नाराज हुनुभयो। ३ यसकारण तैंले
तिनीहरूलाई भन्, 'सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, 'मतिर फर्की आऊ,' सेनाहरूका
परमप्रभु भन्नुहुन्छ, 'अनि म तिमीहरूतिर
फर्कनेछु,' सेनाहरूका परमप्रभु भन्नुहुन्छ।
४ 'तिमीहरू आफ्ना पिता-पुर्खाहरूजस्ता
नहोऊ, जसलाई अघिका अगमवक्ताहरूले कराई
कराईकन भन्थे, 'सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ 'तिमीहरू अब आफ्ना दुष्ट चाल
र आफ्ना दुष्ट कामदेखि फर्क।' तर
तिनीहरूले सुनेनन् नता मतिर ध्यानै
दिए,' परमप्रभु भन्नुहुन्छ। ५ 'तिमीहरूका
पिता-पुर्खाहरू कहाँ छन् ? औ के

अगमवक्ताहरू सधैँ बाँचिरहन्छन् र ?
६ तर तिमीहरूलाई सुनाउन भनी मैले
आफ्ना दास अगमवक्ताहरूलाई आज्ञा गरेका
मेरा वचन र विधिहरूले के तिमीहरूका
पिता-पुर्खाहरूलाई पक्रेनन् ? यसैले तिनीहरूले
पश्चाताप गरे र भने, 'सेनाहरूका परम-
प्रभुले हाम्रा चाल र कामअनुसार हामीसित
जे व्यवहार गर्ने विचार गर्नुभएको थियो
सो उहाँले हामीसित गर्नुभयो' ।"
७ दारा राजाको दोस्रो वर्षको शवात
भनिने एघारौँ महीनाको चौबासौँ दिनमा
इद्दोको छोरो बेरेक्याहको छोरो जकरिया
अगमवक्ताकहाँ परमप्रभुको वचन आयो, र
तिनले भने, ८ "मैले राती दर्शनमा के
देखेँ भने, एउटा मानिस रातो घोड़ामा चढ़ेर
तल बेंसीमा मेहेंदीका रूखहरूका बीचमा
अडिरहेको रहेछ, औ त्यसको पछिल्तिर रातो,
फुस्रो र सेतो घोड़ाहरू पनि रहेछन् ।"
९ तब मैले भनें, "हे मेरा परमप्रभु, यी
के हुन् ?" अनि मसित बात गर्ने ती
स्वर्गदूतले मलाई भने, "यी के हुन् म
तिमीलाई बताइदिनेछु ।" १० तब मेहेंदीका
रूखहरूका बीचमा उभिरहने मानिसले जवाफ
दिएर भने, "यी तिनै हुन् जसलाई परम-
प्रभुले पृथ्वीमा यता उता फेरो लाएर
हेर्नलाई पठाउनुभएको हो ।" ११ औ
तिनीहरूले मेहेंदीका रूखहरूका बीचमा
उभिरहने स्वर्गदूतलाई जवाफ दिएर भने,
"हामीहरू पृथ्वीमा यता उता फेरो लाएर
घुम्यौं, औ हेर, जम्मै पृथ्वीले आराम
गरिरहेको रहेछ ।"

सियोनलाई सान्त्वनाको सन्देश

१२ तब परमप्रभुको दूतले जवाफ दिएर
भने, 'हे सेनाहरूका परमप्रभु, यी सत्तरी
वर्षसम्म तपाईं यरूशलेम र यहूदाका शहर-
हरूसँग रिसाउनुभएको छ । तपाईं कहिलेसम्म
तिनीहरूमाथि दया देखाउनुहुन्न ?' १३ तब
परमप्रभुले मसित बात गर्ने स्वर्गदूतलाई दया र
शान्तिका कुरा भन्नुभयो । १४ यसैले मसित
बात गर्ने ती स्वर्गदूतले मलाई भने, 'तिमीले
कराई कराईकन यसो भन, 'सेनाहरूका
परमप्रभु यसो भन्नुहुन्छ, 'यरूशलेम र सियोनका
निम्ति म ज्यादै डाही भएको छु, १५ र
आरामसित रहने जातिहरूसित म साह्रै
क्रोधित भएको छु, किनकि म अलिक मात्र
क्रोधित हुँदा तिनीहरूले दुःखलाई झन्
बढ़ाइदिए ।' १६ यसैकारण परमप्रभु यसो
भन्नुहुन्छ, 'दयाले भरिएर म यरूशलेममा
फर्केको छु । त्यहाँ मेरो घर बनिने छ, र
यरूशलेममा नाप्ने डोरी तन्काइनेछ,' सेना-
हरूका परमप्रभु भन्नुहुन्छ । १७ फेरि कराई
कराईकन यसो भन, 'सेनाहरूका परमप्रभु
भन्नुहुन्छ, 'मेरा शहरहरू पोखिने गरी
उन्नतिले भरिभराउ भएर बाहिर फैलिएर
जानेछन् ।' औ परमप्रभुले सियोनलाई फेरि
शान्ति दिनुहुनेछ, औ यरूशलेमलाई फेरि
चुन्नुहुनेछ ।'

सीङ्हरू र लोहारहरूको दर्शन

१८ अनि मैले आफ्नो आँखा उचालेर
हेरें, औ हेर चारवटा सीङ रहेछन् ।
१९ औ मसित बात गर्ने ती स्वर्गदूतलाई
मैले सोधें, "यी के हुन् ?" औ तिनले
मलाई भने, 'यी तीनै सीङ्हरू हुन् जसले
यहूदा, इस्राएल र यरूशलेमलाई तितर-बितर
पारेका छन् ।" २० फेरि परमप्रभुले मलाई
चार लोहार देखाउनुभयो । २१ तब मैले
सोधें, 'यिनीहरू के गर्नलाई आएका ?' औ
तिनले जवाफ दिए 'एउटै मानिसले पनि शिर
खड़ा गर्न नसक्ने गरी यहूदालाई तितर-बितर
गर्ने सीङ्हरू यिनै हुन् । तर यिनीहरूचाहिँ
यहूदा देशको विरुद्धमा त्यसलाई तितर-बितर
पार्नलाई आएका जातिहरूका सीङ्हरूलाई
फालिदिन र तिनीहरूलाई त्रासमा पार्नलाई
आएका हुन् ।'

नाप्ने फिता लिएको मानिसको दर्शन

२ त्यसपछि मैले आफ्नो आँखा उचालेर
हेरें, औ के देखें भने, आफ्नो
हातमा एउटा नाप्ने फिता लिएको एउटा
मानिस रहेछ। २ तब मैले सोधें, "तपाईं
कहाँ जाँदैहुनुहुन्छ ?" अनि तिनले मलाई
भने, "यरूशलेम नाप्नलाई—त्यसको चौड़ाइ
र लम्बाई कति रहेछ हेर्न।" ३ तब
मसित बात गर्ने ती स्वर्गदूत गए, र अर्को
स्वर्गदूत तिनलाई भेट्नलाई आए, ४ औ
उनले तिनलाई भने, "दगुरिगएर त्यस
जवान मानिसलाई भन, 'मानिसहरू र पशुहरू
संख्यामा ज्यादै भएका हुनाले विना पर्खालका
गाउँहरूमा जस्तै यरूशलेममा मानिसहरू
बस्नेछन्। ५ त्यसको चारैतिर म आगोको
पर्खाल हुनेछु, परमप्रभु भन्नुहुन्छ, र
त्यसभित्रको महिमा मनै हुनेछु।

सियोनमाथि परमप्रभुको निगाह

६ 'आऊ, आऊ, उत्तरको देशदेखि
भागिआऊ' परमप्रभु भन्नुहुन्छ, 'किनभने
मैले तिमीहरूलाई आकाशका चार वायुझैं
चारै दिशामा तितर-बितर पारें, परमप्रभु
भन्नुहुन्छ। ७ हे बाबेलको छोरीसित बास
गर्नेहरू हो, सियोनमा भागेर जाऊ।
८ महिमाका परमप्रभुले तिमीहरूलाई लुट्ने
जातिहरूकहाँ मलाई पठाउनुभयो, किनभने
जसले तिमीहरूलाई छुन्छ त्यसले उहाँको
आँखाको नानीलाई छुन्छ। ९ हेर म
आफ्नो हात ती जातिहरूका विरुद्धमा
उठाउनेछु, र तिनीहरूकै सेवा गर्नेहरूद्वारा
तिनीहरू लुटिनेछन्। तब तिमीहरूले जान्नेछौ
कि मलाई सेनाहरूका परमप्रभुले पठाउनुभएको
हो। १० हे सियोनकी छोरी, गाऊ र
रमाहट गर, किनकी हेर, म आउनेछु र
तिमीहरूका बीचमा बास गर्नेछु, परमप्रभु
भन्नुहुन्छ। ११ धेरै जातिहरू त्यस दिन
परमप्रभुमा मिल्नआउनेछन्, र मेरा प्रजा
हुनेछन्, र म तिमीहरूका बीचमा बास
गर्नेछु, औ तिमीहरूले यो कुरा जान्नेछौ
कि सेनाहरूका परमप्रभुले मलाई तिमीहरू-
कहाँ पठाउनुभएको हो। १२ अनि पवित्र
शहरमा परमप्रभुले यहूदालाई आफ्नै निज
भाग गरी अधिकार गर्नुहुनेछ, र यरूशलेमलाई
फेरि चुन्नुहुनेछ।"

१३ हे सारा मनुष्यजाति हो, परमप्रभुको
सामने चूपचाप रहो, किनभने उहाँ आफ्नो
पवित्र बासस्थानबाट निस्किआउनुभएको छ।

हाँगाको चिह्न

३ तब प्रधान पूजाहारी यहोशूलाई
परमप्रभुको दूतको सामने उभिरहेका
तिनले मलाई देखाउनुभयो, औ शैतान
तिनको विरोध गर्नलाई तिनको दाहिने
हातपट्टि उभिरहेको थियो। २ अनि परम-
प्रभुले शैतानलाई भन्नुभयो 'ए शैतान,
परमप्रभुले तँलाई हकारून्। यरूशलेमलाई
चुन्नुहुने परमप्रभुले तँलाई हकारून्। के यो
आगोबाट निकालिएको अगुल्टो होइन र?'
३ यहोशू चाहिं परमप्रभुका दूतको सामने
फोहोर लुगा लगाएर उभिरहेका थिए।
४ तब दूतले आफ्नो सामने उभिरहने-
हरूलाई भने, "फोहोर लुगाहरू त्यसको
जीउबाट फुकालिदेओ।" औ यहोशूलाई
चाहिं तिनले भने, "हेर्, मैले तेरा अधर्म
दूर गरिदिएँ, औ म तँलाई दामी दामी
लुगा लगाइदिनेछु।" ५ तब मैले भनें,
"तिनको शिरमा एउटा सफा फेटा लगाइदेऊ
यसैले तिनीहरूले तिनलाई एउटा सफा फेटा
र लुगा लगाइदिए, औ परमप्रभुका दूत
नजीक उभिरहेका थिए। ६ अनि परमप्रभुका
दूतले चेताउनी दिँदै यहोशूलाई भने,
७ "सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ,
"तँ मेरो मार्गमा हिंडिस् र तैंले मेरो
आज्ञा पालन गरिस् भने, तँ पनि मेरो

घरको न्यायकर्ता र मेरो मन्दिरको चोकको
हेरचाह गर्ने हुनेछस्, र यी यहाँ उभिरहने-
हरूका बीचमा म तँलाई भित्र-बाहिर गर्न-
दिनेछु। ८ हे यहोशू प्रधान पूजाहारी,
अब तँ र तेरो सामने बस्ने तेरा साथीहरूले
यी कुरा सुनून्, किनकि ती मानिसहरू
शुभ लक्षण देखाउने हुन्। हेर्, म मेरो
दास हाँगालाई प्रकट गर्नेछु। ९ हेर्,
यहोशूको सामने मैले राखेको ढुङ्गा चाहिँ
एउटा ढुङ्गा हो जसमा सातवटा पाटा छन्।
सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ, हेर्,
म त्यसमा खोप्नेछु र म यस देशको दोष
एकै दिनमा दूर गरिदिनेछु। १० त्यस
दिन तिनीहरू हरेकले आफ्नो छिमेकीलाई
दाखको बोटमनि र नेभाराको बोटमनि
बोलाउनेछन्," सेनाहरूको परमप्रभु भन्नुहुन्छ।

सुनौलो पानस र भद्राक्षका रूखहरू

४ अनि मसित बात गर्ने ती स्वर्गदूतले
फेरि आएर मलाई यसरी जगाए
जसरी कोही मानिसलाई निद्राबाट जगाउँछ।
२ औ तिनले मलाई सोधे, "तिमी के
देख्छौ?" मैले भनें "जम्मै सुनको एउटा
पानस म देख्तछु। त्यसको टुप्पामा एउटा
कचौरा छ। त्यसमाथि सातवटा दिसाहरू
छन् औ टुप्पामा भएको प्रत्येक दियोमा
सातवटा नली गाँसिएका छन्। ३ औ
दुइवटा भद्राक्षका रूख एउटा बटुकोको
दाहिनेपट्टि र अर्को त्यसको देब्रेपट्टि छन्।"
४ तब मसित बात गर्ने ती स्वर्गदूतलाई
मैले सोधें "हे मेरा प्रभु, यी के हुन्?"
५ तब मसित बात गर्ने स्वर्गदूतले मलाई
जवाफ दिएर भने, "यो के हुन् भनी तिमी
जान्दैनौ?" मैले भनें, "अहँ, म जान्दिनँ,
मेरा प्रभु।" ६ तब तिनले मलाई
भने, यरूबाबेलको निम्ति परमप्रभुको यो
वचन छ, 'नता बलले, न शक्तिले, तर मेरो
आत्माले' भनी सेनाहरूका परमेश्वर भन्नुहुन्छ।

७ ए ठूलो पर्वत, तँ की होस्?
यरूबाबेल अघि तँ मैदान हुनेछस्। औ
'अनुग्रह, अनुग्रह होस्' भन्दै जयजयकारको
साथ यरूबाबेलले शिर ढुङ्गा ल्याउनेछ।"
८ फेरि परमप्रभुको यो वचन मकहाँ आयो,
९ "यस भवनको जग यरूबाबेल्को हातले
बसाल्यो औ त्यसैको हातले त्यो सिध्याउनेछ,
औ तैंले जान्नेछस् कि सेनाहरूका परमप्रभुले
मलाई पठाउनुभएको हो। १० यो कामको
क्षुद्र हिसाबले भएको शुरूलाई तुच्छ ठान्नेहरू
रमाउनेछन्, औ यरूबाबेलको हातमा
तिनीहरूले साहुल देख्नेछन्।"
"यी सातवटा दियो चाहिँ परमप्रभुको
आँखा हुन्, जसले सारा पृथ्वीमा यता
उता हेरिरहन्छन्।" ११ तब मैंले तिनलाई
सोधें, "यो पानसको दाहिनेपट्टि र त्यसको
देब्रेपट्टि भएका यी दुइ भद्राक्षका रूखहरू
चाहिँ के हुन्?" १२ फेरि मैंले तिनलाई
दोस्रोपल्ट सोधें "यी दुइ भद्राक्षका हाँगा
के हुन् जो ती दुइ सुनका नलीहरूका
छेउमा छन् र जसद्वारा तेल खनिन्छ?"
१३ तब तिनले मलाई जवाफ दिएर भने,
"यी के हुन् भनी तिमी जान्दैनौ?" मैंले
भनें, "अहँ, म जान्दिनँ, मेरा प्रभु।"
१४ तब तिनले मलाई भने, "यी तिनै
दुइ अभिषेक भएकाहरू हुन् जो सारा
पृथ्वीका परमप्रभुका सामने खड़ा छन्।"

उड़िरहेको पत्रको मुठाको दर्शन

५ फेरि मैंले आफ्ना आँखा उचालेर
हेरें, र के देखें भने, एउटा पत्रको
मुठा उड़िरहेको रहेछ। २ औ तिनले
मलाई सोधे, "तिमी के देख्छौ?" अनि
मैले जवाफ दिएर भनें, "एउटा उड़िरहेको
पत्रको मुठा, जसको लमाइ बीस हात र
चौड़ाइ दश हात छ।" ३ तब तिनले
मलाई भने, "सारा देशमा पर्ने लागेको यो
सराप हो, किनभने अबदेखि चोर्ने र शपथ

खाने प्रत्येक त्यसमा लेखिएअनुसार छाँटिनेछ,"
४ सेनाहरूका परमप्रभु भन्नुहुन्छ, "म सराप
पठाउनेछु, र चोरको घरमा र मेरो नाउँमा
झूटो शपथ खानेको घरमा त्यो पस्नेछ, र
त्यस घरभित्र रहेर त्यसको काठ-पात र
ढुङ्गा समेतलाई त्यसले खाइदिनेछ।"

एपा र एउटी स्त्रीको दर्शन

५ फेरि मसित बात गर्ने स्वर्गदूतले
अगि आएर मलाई भने, "तिम्रो आँखा
उचालेर हेर, त्यो निस्केर जाने के चीज
रहेछ।" ६ तब मैले सोधें, "त्यो के
हो?" तब तिनले भने, "त्यो निस्की जाने
एपा हो।" तिनले फेरि भने, "देशभरि
भएको दुष्टताको यो चित्र हो।" ७ तब मैले
शीशाको ढकनी मास्तिर उठाइएको औ एउटी
स्त्री त्यस एपाभित्र बसिरहेको देखें।
८ अनि तिनले भने, "दुष्टता यही हो।"
तब तिनले त्यस स्त्रीलाई एपाभित्र ढकेलिदिए,
र शीशाको ढकनीले एपाको मुख छोपिदिए।
९ त्यसपछि मैले आफ्नो आँखा उचालेर
हेरें, र दुइवटी स्त्रीहरू आइरहेका देखें, औ
तिनीहरूका पखेटामा बतास रहेछ।
तिनीहरूका पखेटा सारसका पखेटाजस्तै
रहेछन्, तिनीहरूले त्यो एपा पृथ्वीमाथि
आकाश मार्गबाट लगे। १० तब मैले
मसित बात गर्ने ती स्वर्गदूतलाई सोधें,
"यिनीहरू यो एपा कहाँ लगिरहेछन्?"
११ तिनले मलाई भने, "शिनार देशमा
त्यसको निम्ति एउटा घर बनाउनलाई, औ
जब त्यो तयार हुन्छ तब त्यसलाई त्यहाँ
त्यसकै स्थानमा राखिनेछ।"

रथहरू र घोड़ाहरूको दर्शन

६ फेरि मैले आँखा उचालेर हेरें, र
दुइ डाँड़ाहरूका बीचदेखि चारवटा
रथ आएका देखें, औ ती डाँड़ाहरू पीतलका
डाँड़ाहरू रहेछन्। २ पहिलो रथमा राता
घोड़ाहरू, दोस्रो रथमा काला घोड़ाहरू,
३ तेस्रो रथमा सेता घोड़ाहरू र चौथो
रथमा फुस्रो रङ्गका पाङ्रे घोड़ाहरू थिए।
४ अनि मसित बात गर्ने ती स्वर्गदूतलाई
मैले सोधें, "हे मेरा प्रभु, यी के हुन्?"
५ औ ती स्वर्गदूतले जवाफ दिएर मलाई
भने, "स्वर्गका चारै बतासतिर जाने यी
हुन्, जो सारा पृथ्वीका परमप्रभुका सामने
उपस्थित भएर निस्की आएका हुन्।
६ काला घोड़ाहरू भएको रथ चाहिं उत्तर
देशतिर लाग्छ, र सेताहरू चाहिं पश्चिमका
देशतिर लाग्छन्। पाङ्रेहरू चाहिं दक्षिण
देशतिर लाग्छन्।" ७ औ राता रङ्गकाहरू
चाहिं निस्केर पृथ्वीमा यता उता घेरो
लाउनलाई एकदमै छटपट गर्नलागे। औ
तिनले भने, "तिमीहरू गएर पृथ्वीका
चारैतिर यता उता फेरो मार।" यसैले
तिनीहरू पृथ्वीमा यता उता फेरो मार्नलागे।
८ तब तिनले कराएर मलाई भने, "हेर,
ती उत्तरको देशतिर लाग्नेहरूले मेरो
आत्मालाई त्यहाँ आराम दिए।"
९ फेरि परमप्रभुको यो वचन मकहाँ
आयो, १० "बाबेलको कैदबाट आएका हेल्दै,
तोबियाह र यदायाहबाट भेटी लिएर आजै
सपन्याहको छोरो योशियाहको घरमा जा।
११ तिनीहरूबाट सुन र चाँदी ली र मुकुट
बनाएर यहोसादाकको छोरो प्रधान पूजाहारी
यहोशूको शिरमा लगाइदे। १२ औ
त्यसलाई भन्, 'सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, हेर, यो मानिस जसको नाउँ
हाँगा हो, त्यो आफ्नो ठाउँमा बढ्नेछ, र
परमप्रभुको मन्दिर त्यसले बनाउनेछ।
१३ निश्चय त्यसले परमप्रभुको मन्दिर
बनाउनेछ, र त्यसले राजकीय मान पाउनेछ,
र आफ्नो सिंहासनमा विराजमान भएर राज्य
गर्नेछ। एउटा पूजाहारी त्यसको सिंहासनको
नजीक हुनेछ, र दुवैको बीचमा मिलापसित
काम गर्ने समझ रहनेछ। १४ हेलेम,

तोबियाह, यदायाह र सपन्याहको छोरो
योशियाहलाई सम्झना गराउनको निम्ति त्यो
मुकुट परमप्रभुको मन्दिरमा रहनेछ।
१५ अनि जो टाढ़ा टाढ़ामा छन् ती
आएर परमप्रभुको मन्दिर बनाउनेछन्, र
सेनाहरूका परमप्रभुले मलाई तिमीहरूकहाँ
पठाउनुभएको हो भनी तिमीहरूले थाह
पाउनेछौ। तिमीहरूले मन लगाएर परमप्रभु
आफ्ना परमेश्वरको आज्ञा मान्यौ भनेदेखि
सो हुनेछ।"

उपवास बारेमा एउटा प्रश्न

७ दारा राजाको चौथौं वर्षको नवौं
महीना, अर्थात् किसलेव भनिने
महीनाको चौथौं दिनमा परमप्रभुको वचन
जकरियाकहाँ आयो। २ बेतेलबासीहरूले
शरेशेर र रेगेम्मेलेक र तिनीहरूका मानिसहरू
समेतलाई यसकारण पठाए कि तिनीहरूले
परमप्रभुको अनुग्रहको निम्ति बिन्ती चढ़ाऊन्,
३ औ सेनाहरूका परमप्रभुको भवनका
पूजाहारीहरू र अगमवक्ताहरूलाई पनि यसो
भनेर सोधून्, "के पाँचौं महीनामा अघि धेरै
वर्षदेखि गर्दै आएझैं मैले विलाप गर्नु र
उपवास बस्नु हो?" ४ तब सेनाहरूका
परमप्रभुको वचन मकहाँ आयो ५ "देशका
सारा मानिसहरू र पूजाहारीहरूलाई यसो
भन्, "जब तिमीहरू यी सत्तरी वर्षसम्म
पाँचौं र सातौं महीनामा उपवास बसेर
विलाप गर्दथियौ, तब के त्यो उपवास मेरै
निम्ति गर्दथियौ र? ६ औ जब तिमीहरू
खाँद र पिउँदछौ, तब के तिमीहरू आफ्नै
निम्ति खाँदैनौ? पिउँदैनौ? ७ जब
यरूशलेम र त्यसका चारैतिरका शहरहरू
फलिफापले पूर्ण आबादी भएको थियो, र
दक्षिण र मधेसहरूमा पनि मानिसहरू बसेका
थिए, तब के अघिका अगमवक्ताहरूद्वारा कराई
कराईकन भनिएको परमप्रभुको वचन यही
थिएन र?"

८ फेरि परमप्रभुको यो वचन जकरिया
कहाँ आयो, ९ "सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, साँचो न्याय गर, र हरेकले
आफ्नो भाइप्रति कृपा र दयाको व्यवहार
गर। १० औ नता विधवा र टुहुरा-टुहुरी,
न परदेशी औ न गरीबहरूमाथि अत्याचार
गर। नता तिमीहरूमध्ये कसैले आफ्नो भाइको
विरुद्धमा आफ्नो मनमा खराब सोच गर।"
११ तर तिनीहरूले ता सुन्नलाई अस्वीकार
गरे, हठी छाती देखाए र नसुन्नलाई
आफ्नो कान थुने। १२ सेनाहरूका
परमप्रभुले आफ्नो आत्माले अघि अघिका
अगमवक्ताहरूद्वारा दिनुभएका व्यवस्था र वचन
सुन्नुपर्छ भनेर तिनीहरूले आफ्ना हृदय ढुङ्गाझैं
कड़ा बनाए। यसैकारण सेनाहरूका परमप्रभु-
बाट भयानक क्रोध आयो। १३ औ जसरी
मैले बोलाउँदा तिनीहरूले सुन्न मन गरेनन्,
त्यसरीनै तिनीहरूले बोलाउँदा म तिनीहरूको
बिन्ती सुन्नेछैनँ, सेनाहरूका परमप्रभु
भन्नुहुन्छ। १४ तिनीहरूले नजानेका
जातिहरूका बीचमा आँधी-बेहीले झैं मैले
तिनीहरूलाई तित्तर-बितर पारें। यसरी तिनी-
हरूका देश उजाड़ भयो र त्यसमा कुनै
पनि मानिस आउ-जाउ गरेन। त्यो सुन्दर
देश उजाड़ भयो।"

यरूशलेमलाई फेरि स्थापन

८ सेनाहरूका परमप्रभुको यो वचन फेरि
मकहाँ आयो, २ "सेनाहरूको
परमप्रभु यसो भन्नुहुन्छ, 'सियोनको निम्ति
डाहले म डाही भएको छु! म त्यसको
निम्ति क्रोधले साह्रै डाही भएको छु।'
३ परमप्रभु यसो भन्नुहुन्छ, 'म सियोनमा
फर्केर आउनेछु, र यरूशलेमको माझमा बास
गर्नेछु। औ यरूशलेम सत्यको शहर भनिनेछ,
औ सेनाहरूका परमप्रभुको पर्वत चाहिं पवित्र
पर्वत भनिनेछ' ४ सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, 'यरूशलेमका गलीहरूमा अझै पनि

बूढ़ा-बूढ़ीहरू, दिन धेरै खाएकोले हातमा लौरो
टेकेर बसिरहेका हुनेछन्। ५ शहरका गल्ली-
हरू चाहिँ खेल्ने केटा-केटीहरूले भरिएका
हुनेछन्।' ६ सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, 'ती दिनमा यी मानिसहरूमध्येबाट
बचेकाहरूका नजरमा त्यो कुरा अचम्मको
भयो भने के त्यो मेरो नजरमा पनि
अचम्मको हुन्छ ता?' सेनाहरूका परमप्रभु
भन्नुहुन्छ। ७ सेनाहरूका परमप्रभु यसो
भन्नुहुन्छ, "हेर, म मेरो प्रजालाई पूर्वको
देश र पश्चिमको देशदेखि उद्धार गर्नेछु।
८ म तिनीहरूलाई ल्याउनेछु, र तिनीहरू
यरूशलेमको बीचमा बसोबासो गर्नेछन्।
तिनीहरू मेरा प्रजा हुनेछन्, औ म सत्यता
र धार्मिकतामा तिनीहरूका परमेश्वर हुनेछु।"

९ सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ
"मन्दिर बनिओस् भनेर सेनाहरूका परमप्रभुको
भवनको जग बसालिएको दिनदेखि अगमवक्ता-
हरूका मुखबाट तिमीहरू जसले यी दिनसम्म
यी कुरा सुन्दै आएको छौ, तिमीहरूका
हातहरू बलिया होऊन्। १० यी दिनभन्दा
पहिले ता, नता मानिसहरूका निम्ति ज्याला
थियो, न पशुकै निम्ति, नता विरोधीहरूले
गर्दा आउने-जानेहरूलाई केही सुरक्षा थियो,
किनभने मैले सबै मानिसहरूलाई आफ्ना
आफ्नै छिमेकीको विरुद्धमा खड़ा गरेको
थिएँ। ११ तर अब म यो प्रजाका बाँकी
रहेकाहरूमाथि चाहिँ अघिका दिनमा जस्तै
गर्नेछैनँ, सेनाहरूका परमप्रभु भन्नुहुन्छ।
१२ शान्ति र फलिफाप हुनेछन्, दाखको
बोटले फल दिनेछ, भूमिले उब्जनी बढ़ाउनेछ,
र आकाशले शीत झार्नेछ। औ म आफ्नो
बाँचेको प्रजालाई यी सबै कुराको अधिकारी
तुल्याउनेछु। १३ हे यहूदा र इस्राएलका
घराना हो, जसरी तिमीहरू अन्यजातिहरूका
बीचमा अभिशाप भएका थियौ, त्यसरीनै म
तिमीहरूको उद्धार गर्नेछु, र तिमीहरू
आशिषको कारण हुनेछौ। नडराऊ, तर
तिमीहरूका हात बलिया होऊन्।"

१४ सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ,
"जसरी तिमीहरूका पिता-पुर्खाले मलाई रीस
उठाउँदा तिनीहरूको खराबी गर्न म सोच्दै
थिएँ, परमप्रभु भन्नुहुन्छ, औ मैले पछुतो
गरिनँ, १५ त्यसरीनै यी दिनमा यरूशलेमलाई
र यहूदाका घरानालाई भलाइ गर्न मैले
विचार गरेको छु। तिमीहरू नडराऊ।
१६ तिमीहरूले गर्नुपर्ने काम यिनै हुन्,
हरेकले आफ्नो छिमेकीसित साँचो बोल्ने
गर। आफ्नो शहरका मूल-ढोकाहरूमा सत्य
र शान्तिको व्यवहार गर। १७ औ
तिमीहरू आफ्नो छिमेकीको विरुद्धमा खराब
कल्पना नगर, र झूटा शपथ नरुचाऊ,
किनकि यी सबै कुरालाई म घीन गर्दछु,"
परमप्रभु भन्नुहुन्छ।

धेरै जातिहरू परमप्रभुलाई खोज्नेछन्

१८ फेरि सेनाहरूका परमप्रभुको यो
वचन मकहाँ आयो, १९ "सेनाहरूका परम-
प्रभु यसो भन्नुहुन्छ, 'चौथो महीना, पाँचौं
महीना, सातौं महीना र दशौं महीनामा
हुने उपवास यहूदाका घरानाको निम्ति
रमाहट, खुशी र आनन्दका चाड़हरू हुनेछन्।
यसैकारण तिमीहरू सत्य र शान्ति
रुचाऊ।"

२० सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ,
"यस्तो समय आउन लागेको छ जब धेरै
शहरका बासिन्दाहरू आउनेछन्, २१ औ
एउटा शहरका बासिन्दाहरू अर्को शहरमा
यसो भन्दै जानेछन्, 'परमप्रभुको निगाह
प्राप्त गर्नलाई र सेनाहरूका परमप्रभुलाई
खोज्नलाई चाँड़ै जाऔं। म पनि जानेछु।'
२२ साँच्चै, धेरै सामर्थी जातिका मानिस-
हरू यरूशलेममा सेनाहरूका परमप्रभुको खोजी
गर्न र उहाँको निगाह प्राप्त गर्न आउनेछन्।
२३ सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ, 'ती
दिनमा सबै जातिका विभिन्न भाषा बोल्ने-
हरूमध्ये दश जना मानिसले एउटा यहूदीको

लुगा समातेर यसो भन्नेछन्, 'हामी तपाईंसितै
जानेछौं, किनभने हामीले सुनेका छौं कि
परमेश्वर तपाईंसित हुनुहुन्छ'।"

हिम्रेकका जातिहरू दोषी ठहरिएका

९ हद्राक देशको विरुद्धमा परमप्रभुको
वचन यही छ, जो दमीशकमा पनि
पर्नेछ, किनभने इस्राएलका सारा कुलहरू
परमप्रभुकै भएझैं आरामका सबै शहरहरू पनि
परमप्रभुकै हुन्। २ औ सीमानामा भएको
हमातलाई पनि—सोर र सीदोनलाई पनि,
यद्यपि तिनीहरू साह्रै ज्ञानी छन्। ३ सोरले
आफ्नो निम्ति एउटा गढ़ी बनायो, र चाँदी
धूलोसरह र असल सुन गल्लीहरूको हिलोझैं
थुपाऱ्यो। ४ तर हेर, परमप्रभुले त्यसको
अधिकार खोस्नुहुनेछ, र त्यसको धन समुद्रमा
फालिदिनुहुनेछ, र त्यसलाई आगोले भस्म
पार्नेछ। ५ अश्कलोनले त्यो देख्नेछ र
डराउनेछ। गाजाले पनि त्यो देख्नेछ र
साह्रै पीड़ामा पर्नेछ। एक्रोन पनि पीड़ामा
पर्नेछ, किनकि त्यसको आशाले धोका
पाउनेछ। गाजाबाट राजा नष्ट हुनेछ, र
अश्कलोनमा फेरि कोही बास गर्नेछैन।
६ अश्दोदमा ठिमाहा सन्तान रहनेछ, औ
म पलिस्तीहरूको अहंकार नष्ट गरिदिनेछु।
७ त्यसपछि म त्यसको मुखबाट त्यसको
रगत र त्यसका दाँतबाट त्यसको घिनलाग्दो
कुरो निकालिदिनेछु, र त्यो पनि हाम्रा
परमेश्वरको निम्ति एउटा बाँकी रहेको भाग
हुनेछ। यहूदामा त्यो एउटा कुलपति जस्तै
औ एक्रोन चाहिँ यबूसी जस्तै हुनेछ।
८ मेरो भवनको रक्षा गर्नलाई त्यसको
चारैतिर म छाउनी बनाउनेछु, र कोही
त्यसको बिरुद्धमा अगि बढ्नेछैन। औ त्यस-
बाट भएर कहिल्यै कोही अत्याचारी जानेछैन,
किनभने अब म आफ्नै आँखाले देख्तछु।"

९ हे सियोनकी छोरी, खूब रमाऊ!
हे यरूशलेमकी छोरी, जयजयकार गर! हेर,
तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ। उहाँ
पराक्रमी र विजयी हुनुहुन्छ। उहाँ दीन
हुनुहुन्छ र गधामाथि, अर्थात् गधैनीको
बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ।
१० म एप्रैमका रथ र यरूशलेमका जङ्गी-घोड़ा
नष्ट पार्नेछु, औ लड़ाइँका धनु भाँचिदिनेछु।
उहाँले अन्यजातिहरूसित शान्तिको कुरा
गर्नुहुनेछ। उहाँको राज्य समुद्रसम्म र
महानदीदेखि पृथ्वीको अन्तसम्मै हुनेछ।

११ तँसित बाँधेको रगतको मेरो
करारको कारणले तेरो कैदीहरूलाई पानी
नभएको खाड़लबाट म उद्धार गर्नेछु।
१२ हे आशा गर्ने कैदी हो, आफ्नो गढ़ीमा
फर्केर जाऊ। तिमीहरूलाई दोबर दिनेछु
भनी आजै म तिमीहरूलाई बताइदिँदैछु।
१३ मैले यहूदालाई मेरो धनुझैं नुहाएको
छु, र एप्रैमलाई त्यसको काँड़ बनाएको छु।
हे सियोन, तेरा छोराहरूलाई म यूनानका
छोराहरूका विरुद्धमा उठ्याउनेछु, र म तँलाई
वीर मानिसको तरवारझैं तुल्याउनेछु।
१४ परमप्रभु तिमीहरूकहाँ देखा पर्नुहुनेछ,
र उहाँको काँड़ बिजुलीझैं निस्कनेछ, औ
परमप्रभु परमेश्वरले तुरही फुक्नुहुनेछ, र
दक्षिणको आँधी-बेहीमा भएर उहाँ जानुहुनेछ।
१५ सेनाहरूको परमप्रभुले तिनीहरूलाई रक्षा
गर्नुहुनेछ, र तिनीहरूले शत्रुलाई भस्म पार्नेछन्,
र घुँयेत्रोका ढुङ्गाहरूलाई झैं तिनीहरूलाई
कुल्चनेछन्, र दाखमद्यझैं तिनीहरूको रगत
पिउनेछन्, र कचौराहरूझैं तिनीहरू भरिनेछन्,
वेदीका कुना कुना भिजेझैं रगतले लफ्लफ
हुनेछन्।

१६ त्यस दिन तिनीहरूका परमप्रभु
परमेश्वरले तिनीहरूलाई बचाउनुहुनेछ, किनभने
तिनीहरू उहाँको प्रजाको बगाल हुन्, किनकि
मुकुटका रत्नझैं तिनीहरू उहाँको देशमा
चम्कनेछन्। १७ अहा, उहाँको भलाइ
कति महान्, उहाँको सुन्दरता कति उत्तम।
अन्नले जवान मानिसहरूलाई र नयाँ
दाखमद्यले जवान स्त्रीहरूलाई हृष्ट-पुष्ट पार्नेछ।

परमप्रभुको प्रतिज्ञा

१० पछिलो झरीको समयमा परमप्रभुसँग
वर्षा माग परमप्रभुसँगने, जसले
बिजुली चम्काउनुहुन्छ, जसले मानिसहरूलाई
पानीको झरी वर्षाइदिनुहुन्छ, हरेकलाई
खेतमा उब्जनी दिनुहुन्छ। २ तेराफिम
देवताले व्यर्थका कुरा बोल्छ, र मंत्र-तंत्र
खेलाउनेहरूले झूटा दर्शन देख्छन्, सपना
देख्नेहरू झूटा सपना कहन्छन्, तिनीहरू
व्यर्थका सान्त्वना दिन्छन्, यसैकारण मानिस-
हरू भेड़ाहरूझैं बरालिए। गोठाला नभएकोले
तिनीहरूले कष्ट पाए।

३ मेरो रीस गोठालाहरूमाथि परेको
छ, औ नेताहरूलाई म दण्ड दिनेछु, किनकि
सेनाहरूका परमप्रभुले आफ्नो बगाल, यहूदाको
घरानालाई हेरचाह गर्नुहुन्छ, र उहाँले तिनी-
हरूलाई लड़ाइँको आफ्नो तेजिलो घोड़ाझैं
तुल्याउनुहुनेछ। ४ तिनीहरूबाट कुनाको
ढुङ्गा, तिनीहरूबाट तम्बूको कीला, तिनीहरू-
बाटै लड़ाइँको धनु र तिनीहरूबाटै हरेक
शासक निस्कनेछन्। ५ लड़ाइँमा आफ्ना
शत्रुहरूलाई गल्लीको हिलोमा कुल्ची-मिल्ची
गर्ने वीर पुरुषझैं तिनीहरू सबै बन्नेछन्,
तिनीहरूले लड़ाइँ गर्नेछन्, किनभने परमप्रभु
तिनीहरूसँग हुनुहुन्छ, औ घोड़ामा सवार
हुनेहरूलाई तिनीहरूले घबराहटमा पार्नेछन्।

६ म यहूदाको घरानालाई बलियो
पार्नेछु, र यूसुफको घरानालाई बचाउनेछु।
म तिनीहरूलाई फेरि फर्काएर ल्याउनेछु,
किनभने म तिनीहरूमाथि दया गर्नेछु, औ
मैले तिनीहरूलाई कहिल्यै नत्यागेको झैं
तिनीहरू हुनेछन्, किनभने म तिनीहरूका
परमप्रभु परमेश्वर हुँ, र म तिनीहरूका बिन्ती
सुन्नेछु। ७ एप्रैम चाहिं वीर योद्धाझैं हुनेछ,
र दाखमद्य खाएर खुशी भएझैं तिनीहरूको
मन हुनेछ। साँच्चै, तिनीहरूका छोरा-छोरीहरू
त्यो देखेर रमाहट गर्नेछन्। तिनीहरूका
हृदय परमप्रभुमा रमाउनेछ।

८ म तिनीहरूलाई इशाराले बोलाएर
जम्मा गर्नेछु, किनकि मैले तिनीहरूलाई उद्धार
गरेको छु, औ तिनीहरू संख्यामा अघिको
जत्तिनै हुनेछन्। ९ मैले तिनीहरूलाई
जाति जातिहरूका बीचमा तितर-बितर पारें,
तापनि टाढ़ा टाढ़ा देशहरूमा तिनीहरूले
मेरो सम्झना गर्नेछन्। त्यहाँ आफ्ना छोरा-
छोरीहरूसित तिनीहरू बस्नेछन्, र फर्कि
आउनेछन्। १० म तिनीहरूलाई फेरि मिश्र
देशदेखि फर्काएर ल्याउनेछु, र अश्शूर देश-
देखि तिनीहरूलाई भेला गर्नेछु, र तिनीहरू-
लाई गिलाद र लबानोनका देशहरूमा
ल्याउनेछु, जबसम्म तिनीहरूका निम्ति त्यहाँ
रहने ठाउँ हुँदैन। ११ औ तिनीहरू
दुःखको सागरबाट पार हुनेछन्, किनकि
उहाँले त्यसका छालहरू शान्त गर्नुहुनेछ, र
नील नदीका सबै गहीरा पानी सुक्दै
जानेछन्। अश्शूरको अहँकार झर्नेछ, र
मिश्रको राजदण्ड रहनेछैन। १२ म तिनी-
हरूलाई परमप्रभुमा सामर्थी तुल्याउनेछु, र
तिनीहरू उहाँकै नाउँमा हिँड्डुल गर्नेछन्,"
परमप्रभु भन्नुहुन्छ।

इस्राएलका दुष्ट गोठालाहरू

११ ए लबानोन, तेरा ढोकाहरू
उघारिदे, र आगोले तेरा देवदार-
हरूलाई भस्म पारोस्। २ ए सल्लाका
रूखहरू, विलाप गर्, किनभने देवदारहरू
ढले, र असल असल रूखहरू नष्ट भए।
ए बाशानका फँलाटहरू हो, विलाप गर,
किनभने घनघोर जङ्गल फाँड़ियो। ३ गोठाला-
हरूको विलाप सुन। किनभने यर्दनको जङ्गल
उजाड़ पारियो।

४ परमप्रभु मेरा परमेश्वर यसो
भन्नुहुन्छ, "काटिने भेड़ा-बाख्राहरूलाई चरा।
५ ती किन्नेहरूले तिनलाई मार्दछन्, तापनि
आफूलाई दोषी सम्झँदैनन्, औ तिनलाई
बेच्नेहरू भन्दछन् "परमप्रभु धन्यको हुनुहुन्छ,

किनभने म धनी भएँ।' तिनीहरूका आफ्नै
गोठालाहरूले तिनलाई टिठाउँदैनन्। ६ म
देशका बासिन्दाहरूलाई टिठाउनेछैनँ, परमप्रभु
भन्नुहुन्छ। तर हेर, म हरेक मानिसलाई
त्यसकै छिमेकीको हातमा र त्यसकै राजाको
हातमा सुम्पिदिनेछु। तिनीहरूले देशलाई
नाश पार्नेछन्, र तिनीहरूका हातदेखि म
यिनीहरूलाई छुटाउनेछैनँ।"
७ यसैकारण भेड़ाको व्यापारीको लागि
मारिनलाई राखिएका भेड़ाहरूको बगालको
मैले रखवाली गरें। मैले आफ्नो निम्ति
दुइवटा लौरो लिएँ—एउटाको नाउँ मैले
अनुग्रह राखें, र अर्कोको एकता—र मैले
बगाललाई चराएँ। ८ तब मैले तीन जना
गोठालाहरूलाई एकै महीनामा नाश पारें
किनभने मेरो प्राण तिनीहरूदेखि थाकिसकेको
थियो, र तिनीहरूले पनि मलाई घीन
गर्दथिए। ९ तब मैले भनें, 'म तिनीहरू-
लाई चराउनेछैनँ, मर्नेहरू मरिरहून्, नष्ट
हुनेहरू नष्ट भइरहून्, औ बाँचिरहने चाहिँले
एउटाले अर्कोको मासु खाऊन्। १० सबै
जाति जातिहरूसित मैले बाँधेको करार भङ्ग
गर्नलाई मैले अनुग्रह भन्ने चाहिँ लौरो लिएँ
र भाँचें। ११ औ त्यो कुरा त्यही दिन
टुट्यो, र यसरी बगालका दुःखीहरूले, जसले
मेरो वचनमा ध्यान दिए, तिनीहरूले त्यो ता
परमप्रभुको वचन रहेछ भनी जाने।
१२ तब मैले तिनीहरूलाई भनें, 'तिमीहरू-
लाई असल लागे मलाई मेरो ज्याला देऊ,
नलागे नदेऊ।' यसैले तिनीहरूले मेरो ज्याला
चाँदीका तीस टुक्रा जोखेर दिए। १३ तब
परमप्रभुले मलाई भन्नुभयो, 'यो दाम
भण्डारमा फालिदे—यो बहुमूल्य दाम जो
तिनीहरूले मेरो निम्ति लगाए।' तब मैले
चाँदीका ती तीस टुक्रा लगेर परमप्रभुको
भवनको भण्डारमा फालिदिएँ। १४ त्यसपछि
यहूदा र इस्राएलका बीचको दाज्यू-भाइको
नाता टुटाइदिनलाई मैले त्यो मेरो अर्को
चाहिँ एकता नाउँ भएको लौरो भाँचें।
१५ अनि परमप्रभुले मलाई भन्नुभयो,
'मूर्ख गोठालाको हतियार तैंले एकपल्ट आफ्नो
निम्ति उठा, १६ किनभने म यस देशमा
यस्तो एउटा गोठाला खड़ा गर्नेछु, जसले नता
हराएका भेड़ा-बाख्रालाई खोज्नेछ, न छरपष्ट
भएकाहरूलाई भेला गर्नेछ, न चोट लागेका-
हरूलाई निको पार्नेछ, नता भला-चङ्गाहरूलाईनै
चराउनेछ, तर त्यसले मोटा-ताजाहरूको मासु
खानेछ, र तिनका खुरहरू च्यातिदिनेछ।
१७ बगाल छोड़ेर जाने बेकामको गोठाला-
लाई धिक्कार! त्यसको पाखुरा र
दाहिने आँखामा तरवारको चोट पर्नेछ।
त्यसको पाखुरा जम्मै सुकिजानेछ, र त्यसको
दाहिने आँखा अन्धा हुनेछ।"

यहूदा शक्तिशाली हुनेछ

१२ इस्राएलको विषयमा परमप्रभुको
ईश्वरवाणी—आकाश फैलाउनुहुने,
पृथ्वीको जग बसाल्नुहुने र मानिसको आत्मा
त्यसभित्र रच्नुहुने परमप्रभु यसो भन्नुहुन्छ,
२ "हेर, म यरूशलेमलाई त्यसका चारैतिरका
जातिहरूका निम्ति धरमराइदिने कचौरा
तुल्याइदिनेछु, औ यरूशलेमको घेरामा यहूदा
पनि त्यस्तै हुनेछ। ३ त्यस दिन म
यरूशलेमलाई सबै जातिहरूका निम्ति एउटा
गह्रौं ढुङ्गा तुल्याइदिनेछु। त्यसलाई उचाल्ने
सबैले साह्रै चोट पाउनेछन्, औ पृथ्वीका
सारा जाति त्यसको विरुद्धमा भेला हुनेछन्"
४ परमप्रभु यसो भन्नुहुन्छ, "त्यस दिन म
हरेक घोड़ालाई तर्साइदिनेछु, र त्यसको
सवारलाई बौलाहा तुल्याइदिनेछु। तर
यहूदाको घरानामाथि म मेरो दृष्टि राख्नेछु,
जब अन्यजातिको हरेक घोड़ालाई म अन्धा
तुल्याइदिनेछु। ५ तब यहूदाका मुखियाहरूले
आफ्ना आफ्ना मनमा यसो भन्नेछन्,
'सेनाहरूका परमप्रभु, तिनीहरूका परमेश्वरद्वारा
यरूशलेमका बासिन्दाहरूले बल पाएका छन्।'
६ त्यस दिन म यहूदाका मुखियाहरूलाई

दाउराको बीचमा आगोको भ्राहीजस्तै र
पिटाहरूको बीचमा बल्दो राँकोजस्तै
तुल्याउनेछु। तिनीहरूले चारैतिरका, दाहिने
र देब्रे हाततिरका, सबै जातिहरूलाई भस्म
पार्नेछन्। औ यरूशलेम अझै आफ्नै
स्थानमा, अर्थात् यरूशलेममानै रहनेछ।
७ परमप्रभुले यहूदाका तम्बूमा बस्ने-
हरूलाई पहिले विजय दिनुहुनेछ, र 'दाऊदको
घरानाको गौरव, र यरूशलेमका बासिन्दा-
हरूको गौरव यहूदाको भन्दा बढ़्ता नहोऊन्।
८ त्यस दिन परमप्रभुले यरूशलेमका
बासिन्दाहरूको रक्षा गर्नुहुनेछ। त्यस दिन
तिनीहरूमध्येको जो कमजोर छ त्यो दाऊदझैं
हुनेछ, र दाऊदको घराना चाहिं परमेश्वरझैं
हुनेछ—तिनीहरूका सामने स्वर्गदूतझैं हुनेछ।
९ औ त्यो दिन यरूशलेमको विरुद्धमा
आउने सारा जाति जातिहरूलाई नाश गर्ने
मेरो युक्ति हुनेछ।
१० म दाऊदका घराना र यरूशलेमका
बासिन्दाहरूमाथि दयाको र प्रार्थना गर्ने
आत्मा खन्याउनेछु। औ तिनीहरूले मलाई
हेर्नेछन्, जसलाई तिनीहरूले घोचेथे, र
जसरी एकमात्र छोराको लागि कोही विलाप
गर्दछ, त्यसरीनै तिनीहरू मेरो लागि विलाप
गर्नेछन्, औ यस्तो ठूलो शोक गर्नेछन्,
जसरी पहिले जन्मेको पुत्रको निम्ति गरिन्छ।
११ मगिद्दोनको बेंसी हद्रिम्मोनमा जस्तो
ठूलो स्वाबासी भएको थियो, त्यस्तै ठूलो
विलाप त्यस दिन यरूशलेममा हुनेछ।
१२ देशभरि प्रत्येक घरानामा अलग्ग अलग्गै
स्वाबासी हुनेछ, दाऊदका घरानाकाहरू
अलग्गै र तिनका स्वास्नीहरू अलग्गै, नातानका
घरानाकाहरू अलग्गै र तिनका स्वास्नीहरू
अलग्गै, १३ लेवीका घरानाहरू अलग्गै र
तिनका स्वास्नीहरू अलग्गै, शिमी वंशीहरूका
घरानाकाहरू अलग्गै र तिनका स्वास्नीहरू
अलग्गै, १४ बाँकी रहेका सबै घरानाहरू
अलग्ग अलग्ग र तिनका स्वास्नीहरू अलग्ग
अलग्ग विलाप गर्नेछन्।"

यरूशलेम शुद्ध गरिएको

१३ त्यस दिन तिनीहरूको पाप र
अशुद्धि धुनलाई दाऊदका घराना र
यरूशलेमका बासिन्दाहरूका निम्ति पानीको
एउटा मूल फुटेर निस्कनेछ।
२ सेनाहरूका परमप्रभु भन्नुहुन्छ, "म
त्यस दिन देशबाट मूर्तिहरूको नाउँ निशानै
मेटिदिनेछु, र तिनीहरूको सम्झनानै हुनेछैन।
औ अगमवक्ताहरू र अशुद्ध आत्मालाई पनि
देशबाट म निकालिदिनेछु। ३ औ अझै
कसैले अगमवाणी कह्यो भने पनि त्यसलाई
जन्माउने आमा-बाबुले त्यसलाई भन्नेछन्,
"तँ जीवित रहनेछैनस्, किनभने परमप्रभुको
नाउँमा झूटा बोल्दैछस्।" त्यसले अगमवाणी
कहँदा त्यसलाई जन्माउने आमा-बाबुले
त्यसलाई वारपार घोंचिदिनेछन्। ४ औ त्यस
दिन हरेक अगमवक्ता आफ्नै दर्शनदेखि
लजाउनेछ, र धोका दिनलाई तिनीहरूले
रौंका लुगा लाउनेछैनन्। ५ तर त्यसले
भन्नेछ, "म ता अगमवक्ता होइन्, तर
किसान मात्र हुँ, किनकि तरुण अवस्थादेखिनै
भूमि मेरो भाग भएको छ।" ६ औ
कसैले त्यसलाई "तिम्रो आङ्मा भएका यी
चोट चाहिं के हुन्?" भनी सोधे भने,
त्यसले जबाफ दिनेछ, "यी मेरा प्रियहरूका
घरमा मैले पाएका चोटहरू हुन्।"

परमप्रभुको गोठालामाथि प्रहार

७ "ए तरवार, मेरो गोठालाको विरुद्धमा
उठ्,
त्यस मानिसको विरुद्धमा जो मेरो
संगी हो।"
सेनाहरूका परमप्रभु भन्नुहुन्छ।
"गोठालालाई हिर्का, र भेडा
तितर-बितर हुनेछ,
औ ससाना पाठाहरूका विरुद्धमा म
मेरो हात उठाउनेछु।"

८ फेरि परमप्रभु यसो भन्नुहुन्छ,
"समस्त देशमा एक तिहाइ हिस्सा
मारिनेछ, र नष्ट हुनेछ,
औ एक तिहाइ चाहिं जीवित
छोड़िनेछ ।
९ औ म त्यस एक तिहाइ भागलाई
आगोमा हालेर
चाँदी निखारेझैं निखार्नेछु, र सुन
जाँचेझैं जाँच्नेछु ।
तिनीहरूले मेरो नाउँको पुकारा गर्नेछन्,
र म तिनीहरूको प्रार्थना सुन्नेछु ।
"यिनीहरू मेरो प्रजा हुन्," भनी म
भन्नेछु,
औ तिनीहरूले भन्नेछन्,
"परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ ।"

यरूशलेम र विभिन्न जाति

१४ हेर, परमप्रभुको यस्तो दिन आउँदैछ,
जब तिमीहरूबाट लूटिएको लूट
तिमीहरूकै सामने बाँड़िनेछ । २ म सबै
जातिलाई यरूशलेमको विरुद्ध लड़ाइँ गर्नलाई
भेला गराउनेछु, औ यो शहर लिइनेछ, र
घरहरू लूटिनेछन्, औ स्वास्नीमानिसहरू
भ्रष्ट पारिनेछन् । शहरको आधा भाग
कैदमा लगिनेछ, औ बाँकी रहेका मानिसहरू
चाहिं शहरबाट अलग गरिनेछैनन् । ३ तब
युद्धको दिनमा लड़ाइँ गरेझैं परमप्रभु निस्केर
ती जातिहरूसित लड़ाइँ गर्नुहुनेछ । ४ औ
त्यस दिन उहाँको खुट्टाले यरूशलेमको सामने
पूर्वतिर भएको जैतून पर्वतमा टेक्नेछ, अनि
पूर्वदेखि पश्चिमसम्म जैतून पर्वतको बीचमा
धाँदो फाट्नेछ, र त्यहाँ एउटा ठूलो खोल्चा
बनिनेछ । त्यसपछि आधा पर्वत उत्तरतिर र
आधा पर्वत दक्षिणतिर छुट्टिनेछ । ५ अनि
मेरा पर्वतहरूको बेंसी चाहिं बन्द हुनेछ,
किनकि पर्वतहरूको त्यस बेंसीले पर्वतको एक
पाटालाई छुनेछ, औ यहूदाका राजा,
उज्जियाहको पालामा आएको भइँचालोमा
मानिसहरू भागेझैं तिमीहरू भाग्नेछौ ।
त्यसपछि परमप्रभु मेरा परमेश्वर सबै पवित्र
जनहरूसँग आउनुहुनेछ ।"
६ त्यस दिन नता ठण्डा हुनेछ, न
तुसारो पर्नेछ । ७ त्यो नित्य दिन रहनेछ,
(जो परमप्रभुले जान्नुहुन्छ)—नता दिन न
रात, तर साँझमा पनि उज्यालै रहनेछ ।
८ त्यस दिन यरूशलेमबाट जिउँदो पानी
फूटेर निस्कनेछ, आधा चाहिं पूर्वको समुद्रतिर
औ आधा चाहिं पश्चिमको समुद्रतिर बगी
निस्कनेछ—हिउँद बर्खा नित्य बगिरहनेछ ।
९ तब परमप्रभु समस्त पृथ्वीका राजा
हुनुहुनेछ । त्यस दिन एकमात्र परमप्रभु
हुनुहुनेछ र उहाँकै एउटै नाउँ मात्र लिइनेछ ।
१० गेबादेखि यरूशलेमको दक्षिण रिम्मोनसम्म
सबै देश अराबाजस्तै समतल होइजानेछ । तर
यरूशलेम चाहिं अल्गो रहिरहनेछ, र
बिन्यामीनको मूल-ढोकादेखि पहिलो मूल-
ढोकाको ठाउँसम्म, कुनाको मूल-ढोकासम्म,
अनि हननेलको घरहरादेखि राजाको दाखको
कोलसम्म आफ्नै ठाउँमा रहनेछ । ११ औ
मानिसहरू त्यसमा बस्नेछन्, र तिनीहरूमा
फेरि फेरि सराप पर्नेछैन, तर यरूशलेम
कुशलसित रहनेछ ।
१२ औ जत्ति जातिहरूले यरूशलेमको
विरुद्धमा लड़ाइँ गरे ती सबैलाई परमप्रभुले
यस्तो रूढ़ीले मार्नुहुनेछ—तिनीहरू आफ्नो
खुट्टामा खड़ा भएर उभिएकैमा तिनीहरूको
मासु कुहेर जानेछ, औ तिनीहरूका आँखा
तिनीहरूकै टोड़कामा भस्म हुनेछ, र
तिनीहरूका जिब्रा तिनीहरूका मुखैमा
कुहिजानेछन् । १३ त्यस दिन तिनीहरूका
बीचमा परमप्रभुको तर्फबाट ठूलो घबराहट
पर्नेछ, र तिनीहरू हरेकले एउटाले
अर्कोको हात समात्नेछ, औ एउटाको
हात अर्कोको विरुद्धमा खड़ा हुनेछ ।
१४ यहूदाले यरूशलेमको विरुद्धमा लड़ाइँ
गर्नेछ, र वरिपरिका जाति जातिहरूका
धन-सम्पत्ति, अर्थात् सुन, चाँदी,

लुगाफाटाहरू ज्यादै प्रशस्त गरी बटुलिनेछ।
१५ औ घोड़ा, खच्चर, ऊँठ, गधा र ती
छाउनीमा भएका जम्मै पशुहरू जे होलान्,
तिनीहरूलाई पनि यही किसिमको रूढ़ी
हुनेछ।
१६ औ यरूशलेमको विरुद्धमा आइलाग्ने
जातिहरूमा जत्ति बाँचेका हुन्छन्, तिनीहरू
वर्ष वर्ष सेनाहरूका परमप्रभु महाराजा-
धिराजालाई दण्डवत् गर्न र झुप्रो-बासको चाड़
मान्नलाई यरूशलेममा जानेछन्। १७ औ
सेनाहरूका परमप्रभु महाराजाधिराजलाई
दण्डवत् गर्ने पृथ्वीका सबै परिवारमध्येका जो
जाँदैन, तिनीहरूको निम्ति पानी पर्नेछैन।
१८ मिश्र देशका परिवारहरू त्यहाँ गएनन्
भने तिनीहरूमाथि पनि त्यही रूढ़ी आउनेछ,
जुन रूढ़ीले झुप्रो-बासको चाड़ मान्न
नजानेहरूलाई परमप्रभुले नाश पार्नुभयो।
१९ मिश्र देशमाथि र झुप्रो-बासको चाड़
मान्नलाई नजाने ती जातिहरूमाथि पनि त्यही
दण्ड पर्नेछ।
२० त्यस दिन घोड़ाहरूका घण्टीहरूमा
पनि "परमप्रभुको निम्ति पवित्र" भनी
लेखिएको हुन्छ, र परमप्रभुका भवनका
भाँड़ाहरू वेदीको सामने भएका कचौराहरूजस्तै
हुनेछन्। २१ निश्चय, यरूशलेममा र
यहूदामा भएका हरेक भाँड़ा सेनाहरूका
परमप्रभुको निम्ति पवित्र ठहरिनेछ, र
बलिदान चढ़ाउनेहरू सबै मानिसहरू आएर
तीबाटै लिएर तिनमानै बलिदानको मासु
उमाल्नेछन्। त्यस दिन सेनाहरूका परमप्रभुको
भवनमा फेरि कहिल्यै कुनै व्यापार
गर्ने मानिस हुनेछैन।"

मलाकीको पुस्तक

इस्राएलप्रति परमप्रभुको प्रेम

१ मलाकीद्वारा इस्राएललाई परमप्रभुको
ईश्वरवाणी—२ "मैले तिमीहरूलाई प्रेम
गरें," परमप्रभु भन्नुहुन्छ। तर तिमीहरू
भन्छौ, 'तपाईंले हामीलाई के कुरामा प्रेम
गर्नुभयो र?' के एसाव याकूबको दाज्यू
थिएन र?" परमप्रभु भन्नुहुन्छ, "तापनि
मैले याकूबलाईने प्रेम गरें। ३ तर
एसावलाई मैले अप्रिय जानें, र मैले
त्यसको पहाड़ी देश उजाड़ पारिदिएँ, औ
त्यसको भाग वनका स्यालहरूका निम्ति
तुल्याइदिएँ।" ४ "हामीहरू नाश पारिएका
छौं, तर हामी फर्केर उजाड़ पारिएका
ठाउँहरू फेरि बनाउनेछौं।" भनी एदोमीहरूले
भने, तापनि सेनाहरूका परमप्रभु, भन्नुहुन्छ
"तिनीहरूले बनाऊन्, तर म भत्काइदिनेछु,
औ मानिसहरूले 'तिनीहरूको देशलाई
दुष्टताले भरिएको देश जसका मानिसहरूसित
परमप्रभु सधैं क्रोधित हुनुहुन्छ' भनी
भन्नेछन्।" ५ यो तिमीहरू आफ्नै
आँखाले देख्नेछौ, र भन्नेछौ 'इस्राएलको
सीमाना बाहिर पनि परमप्रभु महान्
हुनुहुन्छ'।"

इस्राएलका पूजाहारीहरू अधर्मी छन्

६ "छोराले बाबुको र नोकरले
मालिकको मान गर्दछ। यदि म बाबु हो
भने मेरो मान खोइ? यदि म मालिक
हो भने मेरो डर खोइ? तिमी
पूजाहारीहरूलाई, जो मेरो नाउँको अवहेलना
गर्दछौ, सेनाहरूका परमप्रभु यो सोध्नुहुन्छ,
'तिमीहरू भन्दछौ, 'हामीले कसरी तपाइंको
नाउँका अवहेलना गर्‍यौं'?' ७ तिमीहरू
मेरो वेदीमा अशुद्ध रोटी चढ़ाउँदछौ, औ
तिमीहरू भन्छौ, 'हामीले कसरी अशुद्ध
गर्‍यौं?' 'परमप्रभुको टेबल्को अवहेल्ना
गरे पनि हुन्छ' भनेकोमा तिमीहरूले
अवहेलना गर्दछौ। ८ जब तिमीहरूले
अन्धा पशु बलिदानमा चढ़ाउँदछौ, तब के
त्यो दुष्ट कुरो होइन र? जब तिमीहरूले
लङ्गड़ा र बेथा लागेको पशु बलिदानमा
चढ़ाँदछौ, तब के त्यो दुष्ट कुरो होइन र?
त्यो तिमीहरूका बड़ा-हाकिमलाई अब चढ़ाऊ,
के तिनी तिमीहरूदेखि खुशी हुनेछन्
र? अथवा तिनले तिमीहरूमाथि निगाह
गर्नेछन्? सेनाहरूका परमप्रभु भन्नुहुन्छ।
९ 'परमेश्वरको निगाहको निम्ति प्रार्थना गर,
र उहाँले हामीमाथि अनुग्रह गरून्। तिमी-
हरूबाट यस्तै भएको छ, त के उहाँले
तिमीहरूमध्ये कसैमाथि निगाह गर्नुहुनेछ र?'
सेनाहरूका परमप्रभु भन्नुहुन्छ। १० तिमीहरूले
व्यर्थमा मेरो वेदीमा आगो नसल्काउनलाई
तिमीहरूमध्ये कसैले ढोकाहरू थुनिदिए ता
हुनेथियो। म तिमीहरूसँग खुशी छैनँ, नता
तिमीहरूले चढ़ाएको भेटी म ग्रहण गर्नेछु,
सेनाहरूका परमप्रभु भन्नुहुन्छ। ११ 'किनकि
सूर्योदय देखि सूर्यास्तसम्म अन्यजातिहरूका
बीचमा मेरो नाउँ महान् छ, र सबै ठाउँमा
मेरै नाउँमा धूप र शुद्ध रोटी चढ़ाइन्छन्,
किनकि अन्यजातिहरूका बीचमा मेरो नाउँ
महान् छ। १२ तर तिमीहरू ता
'परमप्रभुको टेबल अशुद्ध छ, र त्यसमा
भएको फल, अर्थात् भोजन तुच्छ भएको छ'
भनेर मेरो नाउँ अपवित्र गर्दछौ।
१३ तिमीहरू यसो पनि भन्दछौ, 'यो ता
कस्तो दिक्क लाग्ने काम हो,' औ तिमीहरूले
त्यसमा नाक चेप्रायौ, परमप्रभु भन्नुहुन्छ।
तिमीहरूले जबरदस्तीसित खोसेर ल्याएका
थोकहरू औ लङ्गड़ा र बेथा लागेका पशुको
भेटी ल्याएका छौ। तिमीहरूले यस्तै भेटी
ता ल्याउँदछौ के तिमीहरूका हातबाट यस्ता
भेटीहरू मैले ग्रहण गर्नें?' परमप्रभु
भन्नुहुन्छ। १४ तर यस्तो छल गर्ने श्रापित
हो, जसले आफ्ना बगाल्को नर-पशु अर्पण
गर्नलाई भाकल ता गर्छ, तर खोट लागेको
चाहिं परमप्रभुलाई चढ़ाउँदछ। म महाराजा
हुँ, औ मेरो नाउँ अन्यजातिहरूका बीचमा
भययोग्य छ सेनाहरूका परमप्रभु भन्नुहुन्छ।"

२ अब हे पूजाहारी हो, यो आज्ञा
तिमीहरूका निम्ति हो। २ सेना-
हरूका परमप्रभु भन्नुहुन्छ, "मेरो नाउँलाई
महिमा दिनलाई तिमीहरूले सुनेनौ, र यो
तिमीहरूका हृदयमा राखेनौ भनेदेखि म
तिमीहरूलाई सराप दिनेछु, र तिमीहरूका
आशिषहरूमाथि मेरो सराप परिसकेको छ,
किनकि तिमीहरूले त्यो कुरो हृदयमा राख्तैनौ।
३ हेर, तिमीहरूको बिउलाई म सराप
दिनेछु, र तिमीहरूका मुखमा गोबर
दलिदिनेछु—तिमीहरूका चाड़हरूमा चढ़ाइएका
पशुहरूको गोबर—र तिमीहरू पनि त्योसँगै
फ्याकिनेछौ। ४ लेवीसित बाँधेको मेरो
करार स्थिर रहोस् भनी मैले यो आज्ञा
तिमीहरूलाई दिएको हुँ भन्ने कुरा तब
तिमीहरूले थाह पाउनेछौ, "सेनाहरूका
परमप्रभु भन्नुहुन्छ। ५ "त्यससितको मेरो
करार जीवन र शान्तिको करार थियो।
मेरो भय त्यसले मानोस् भनेर मैले ती
त्यसलाई दिएँ, औ त्यसले भय मान्यो।
मेरो नाउँको श्रद्धापूर्वक भय त्यसले मान्थ्यो।
६ सत्यको व्यवस्था त्यसको मुखमाने थियो।

त्यसको ओठबाट अधर्मको कुरो निस्कँदैन
थियो। शान्ति र सोझोपनामा त्यो मसितै
हिँड्दथियो, र धेरैलाई त्यसले अधर्मबाट
फर्कायो। ७ पूजाहारीको ओठले ज्ञानको
रक्षा गर्नुपर्दछ, र मानिसहरूले त्यसैको
मुखबाट व्यवस्था सिक्नु पर्दछ, किनभने त्यो
सेनाहरूका परमप्रभुको दूत हो। ८ तर
तिमीहरू ता बाटोदेखि एकातिर लागेका
छौ। तिमीहरूले धेरैलाई व्यवस्थाको विषयमा
ठोकर दियौ। तिमीहरूले लेवीसित बाँधिको
नियमलाई भ्रष्ट पार्‍यौ" सेनाहरूका परमप्रभु
भन्नुहुन्छ। ९ यसैकारण मैले पनि तिमी-
हरूलाई सबै मानिसहरूका सामने तुच्छ र
नीच तुल्याएँ, किनभने तिमीहरू मेरा बाटोमा
हिँडेका छैनौ, तर व्यवस्थाको कुरामा पनि
तिमीहरू मुख हेरी विचार गर्दछौ।"

इस्राएलको अनैतिकता

१० "के हामी सबैका एउटै पिता
छैनन् र? के एउटै परमेश्वरले हामीलाई
सृष्टि गर्नुभएको होइन र? त किन
हाम्रा पिता-पुर्खाको करारलाई भ्रष्ट गर्दै
हामी प्रत्येकले आफ्नै भाइको विरुद्धमा
धोका दिँदछौं? ११ यहूदाले धोका दिएको
छ, औ इस्राएल र यरूशलेममा घिनलाग्दो
काम भएको छ। यहूदाले आफूले प्रेम
गरेको परमेश्वरको वासस्थानलाई अपवित्र
तुल्याएर पराई देवताको छोरीलाई विवाह
गर्‍यो। १२ जागा रहने र जवाफ दिने
औ सेनाहरूका परमप्रभुमा भेटी चढाउने जो
पनि होस्, जसले यसो गर्छ, त्यस
मानिसलाई परमप्रभुले नाश गर्नुहुनेछ।

१३ फेरि तिमीहरू यसो पनि गर्दछौ
—तिमीहरू परमप्रभुको वेदीलाई रूनेहरूको
आँसुले भिजाउँदछौ, तिमीहरूको रोदन र
सुस्केराले—यतिसम्म कि उहाँले तिमीहरूका
हातको भेटी फेरि कहिल्यै ग्रहण गर्नुहुन्न,
नता त्यो उहाँलाई ग्रहणयोग्य हुन्छ।'
१४ तिमीहरू सोध्छौ, 'किन?' किनभने
परमप्रभु तिमीहरू र तिमीहरूका जवानीपनको
स्वास्नीको बीचमा गरिएको करारको साक्षी
हुनुहुन्छ—तिमीहरूका स्वास्नी जसलाई
तिमीहरूले धोका दियौ, यद्यपि ती तिमी-
हरूका जीवन-साथी र करारमा बाँधिएका
स्वास्नी हुन्। १५ के उहाँले एउटै
बनाउनुभएको होइन र? यद्यपि उहाँसित
आत्माको अभाव थिएन। औ किन एउटै?
किनभने उहाँले एक पवित्र सन्तान
चाहनुहुन्थ्यो? यसैले तिमीहरू आफ्नो
आत्माको विषयमा सचेत रहो, र कसैले
आफ्नो जवानीपनको स्वास्नीलाई धोका
नदेओस्। १६ किनभने स्वास्नीलाई त्याग्ने
कुरालाई म घिन गर्दछु, 'परमप्रभु
इस्राएलका परमेश्वर भन्नुहुन्छ, औ आफ्नो
वस्त्र अत्याचारले ढाक्नेलाई पनि म
घिनाउँछु, सेनाहरूका परमप्रभु भन्नुहुन्छ।
यसैकारण आफ्नो आत्माको विषयमा सचेत
रहो र आत्मालाई धोका नदेऊ।'

१७ "तिमीहरूले आफ्नो कुराले परम-
प्रभुलाई थकित तुल्यायौ, तापनि तिमीहरू
भन्दछौ, 'हामीले उहाँलाई के कुरामा थकित
तुल्यायौं?' तिमीहरूले यसो भन्यौ, 'दुष्ट काम
गर्ने प्रत्येक परमप्रभुको दृष्टिमा असल छ र
उहाँ तिनीहरूदेखि खुशी हुनुहुन्छ, अनि यसो
भन्यौ, न्याय गर्ने परमेश्वर कहाँ हुनुहुन्छ?"

परमप्रभुतर्फबाट आउने दूत

३ हेर, म आफ्नो दूतलाई पठाउँछु,
र उसले मेरो अगि अगि बाटो
तयार गर्नेछ, र परमप्रभु जसलाई तिमीहरू
खोज्दछौ एक्कासि आफ्नो मन्दिरमा आउनेछन्,
अर्थात् करारका ती दूत जसलाई तिमीहरू
औधि चाह गर्दछौ। हेर, तिनी आउँदैछन्,
'सेनाहरूका परमप्रभु भन्नुहुन्छ। २ तर
उनको आउने दिनमा को टिक्नसक्छ?
औ उनी देखा पर्दा को खडा हुनसक्छ?

किनकि उनी सुनारको आगो र
धोबीको साबुनजस्तै छन्। ३ चाँदी खार्ने
र सफा गर्ने जस्तो गरी उनी बस्नेछन्,
र लेवीका सन्तानलाई उनले शुद्ध पार्नेछन्,
र सुन र चाँदीझैँ निर्मल पार्नेछन्। औ
तिनीहरूले धर्मसित परमप्रभुमा भेटी
चढ़ाउनेछन्। ४ तब यहूदा र यरूशलेमका
भेटी परमप्रभुलाई उहिलेझैँ तथा प्राचीन
समयमा झैँ मन पर्नलाग्छ।
५ तब म न्याय गर्नलाई तिमीहरूकहाँ
आउनेछु, र मंत्र-तंत्र गर्नेहरू, व्यभिचारीहरू
र झूटा साक्षी बक्नेहरूका विरुद्धमा जसले
मजदूरहरूलाई मजदूरीमा मार्दछन् र विधवा
र टुहुरा-टुहुरीमाथि अत्याचार गर्दछन्, औ
परदेशीलाई पर हटाउनेहरू, औ मेरो डर
नमान्नेहरू, यी सबैका विरुद्धमा म विलम्ब
नगरी साक्षी दिनेछु, सेनाहरूका परमप्रभु
भन्नुहुन्छ।
६ किनकि म परमप्रभु कहिल्यै परिवर्त्तन
हुँदिनँ। यसैले हे याकूबका सन्तान हो,
तिमीहरू भस्म भएका छैनौ।

दशांश र परमप्रभुको आशिष

७ तिमीहरूका पिता-पुर्खाका दिनदेखिनै
तिमीहरू मेरा धार्मिक-विधानहरूदेखि तर्केर
गएका छौ, र ती तिमीहरूले पालन गरेका
छैनौ। मतिर फर्क र म तिमीहरूतिर
फर्कनेछु, सेनाहरूका परमप्रभु भन्नुहुन्छ।'
तर तिमीहरू ता भन्छौ, 'हामी के कुरामा
फर्कौं?' ८ के मानिसले परमेश्वरलाई
लूट्नेछ? तापनि तिमीहरू मलाई लूटदछौ।
तर तिमीहरू भन्दछौ, 'के कुरामा हामीले
तपाईंलाई लूट्यौं र?' 'दशांशको भेटीमा।'
९ सराप परेर तिमीहरू श्रापित भयौ,
किनकि तिमीहरू मलाई लूटदछौ—
तिमीहरू सम्पूर्ण जातिले। १० जम्मै
दशांश भण्डारमा ल्याऊ, र मेरो घरमा
भोजन रहोस्। यसरी मलाई जाँचेर हेर
कि म स्वर्गका झ्यालहरू उघारेर अटाउने
ठाउँ पनि नहुने सम्मका आशिष
तिमीहरूमाथि वर्षाउँछु वा वर्षाउँदिनँ"
सेनाहरूका परमप्रभु भन्नुहुन्छ। ११ "म
तिमीहरूका खातिर स्वाहा पार्ने सलहलाई
हप्काउनेछु, र त्यसले तिमीहरूको भूमिको
उब्जनीलाई नष्ट गर्नेछैन, नता बारीमा
तिमीहरूका दाखका बोटका फलहरू पाक्न
अघि झर्नेछन्, सेनाहरूका परमप्रभु
भन्नुहुन्छ। १२ तब सारा जातिहरूले
तिमीहरूलाई सुखी भन्नेछन् किनकि तिमी-
हरूको देश मनोहर देश हुनेछ, सेनाहरूका
परमप्रभु भन्नुहुन्छ।
१३ मेरो विरुद्धमा तिमीहरूले हठी
कुरा गर्‍यौ, परमप्रभु भन्नुहुन्छ। तरैपनि
तिमीहरू भन्दछौ, 'कुन विषयमा हामीले
तपाइंको विरुद्धमा कुरा गर्‍यौं?'
१४ तिमीहरूले भनेका छौ, 'परमेश्वरको
सेवा गर्नु व्यर्थ छ, औ उहाँको आज्ञा
पालन गर्नमा अथवा सेनाहरूका परमप्रभुको
सामने शोकको वस्त्र लगाएर हिंड्नमा
हामीलाई के नाफा छ र? १५ अब उप्रान्त
हामी अहंकारीलाईनै सुखी भन्छौं। दुष्ट काम
गर्नेहरू सफल भएका छन्। तिनीहरू परमेश्वर-
लाई जाँच्तछन्, रपनि तिनीहरू उम्कन्छन्।"
१६ तब परमप्रभुको डर मान्नेहरूले
आपसमा कुरा गरे, औ परमप्रभुले
तिनीहरूका कुरा ध्यानसित सुन्नुभयो, औ
उहाँको डर मान्नेहरू र उहाँको नाउँको
सोच गर्नेहरूका नाउँ सम्झनाको पुस्तकमा
उहाँकै सामने लेखियो। १७ जुन दिन
म तिनीहरूलाई मेरो निज धन बनाउनेछु
तिनीहरू मेरा हुनेछन्, सेनाहरूका परमप्रभु
भन्नुहुन्छ। औ कुनै मानिसले आफ्नो
सेवा गर्ने छोरालाई छोड़िदिएझैं म तिनीहरू-
लाई छोड़िदिनेछु। १८ तब तिमीहरू
फर्कनेछौ, औ धर्मी र दुष्ट, अनि परमेश्वरको
सेवा गर्ने र उहाँको सेवा नगर्नेको भेद
तिमीहरू छुट्याउनसक्नेछौ।"

४ हेर, भट्टीझैँ दन्कँदै त्यो दिन
आउँदैछ, जब सबै घमण्डी र दुष्ट
काम गर्नेहरू ठूटाझैँ हुनेछन्। त्यो आउने
दिनले तिनीहरूलाई भस्म गर्नेछ, सेनाहरूका
परमप्रभु भन्नुहुन्छ। त्यसले तिनीहरूको जरा
र हाँगा केही पनि छोड्नेछैन। २ तर
तिमीहरू मेरो नाउँको भय मान्नेहरूमाथि
चाहिं धर्मको सूर्य आफ्ना पखेटामा
आरोग्यता लिएर उदय हुनेछ। तिमीहरू
गोठबाट निस्केका बाछोजस्तै उफ्रँदै कुद्नेछौ।
३ औ तिमीहरूले दुष्टहरूलाई कुल्चनेछौ,
किनकि जुन दिन म यो काम गर्छु त्यस दिन
तिनीहरू तिमीहरूका पैतालामनि खरानिजस्तै
हुनेछन्, सेनाहरूका परमप्रभु भन्नुहुन्छ।
४ मेरो दास मोशाको व्यवस्था, अर्थात्
विधि र न्यायका वचनहरू जे जे सारा
इस्राएलले पालन गर्नको निम्ति होरेब पर्वतमा
मैले त्यसलाई दिएँ, तिनीहरूको सम्झना
राख।
५ हेर, परमप्रभुको त्यो महा र
डरलाग्दो दिन आउनअघि म एलिया
अगमवक्तालाई पठाउनेछु। ६ औ त्यसले
बाबुहरूका हृदय तिनीहरूका छोराहरूतिर
र छोराहरूका हृदय तिनीहरूका बाबुहरूतिर
फर्काइदिनेछ, नत्रता म आएर देशलाई
स्रापले नाश पार्नेछु।"

नयाँ नियम

नयाँ नियम

সপ্তমী পাঁজ

मत्तीको सुसमाचार

येशूका पुर्ख्यौली

1 अब्राहामका पुत्र, दाऊदका पुत्र,
येशू ख्रीष्टको वंशावली।
२ अब्राहामले इसहाकलाई जन्माए,
र इसहाकले याकूबलाई जन्माए। याकूबले
यहूदा र उनका भाइहरूलाई जन्माए।
३ औ यहूदाले तामारबाट पेरेज र जारालाई
जन्माए। औ पेरेजले हेस्रोनलाई जन्माए
र हेस्रोनले आरामलाई जन्माए। ४ औ
आरामले अमिनादाबलाई जन्माए, र अमिना-
दाबले नास्सोनलाई जन्माए, र नास्सोनले
सल्मोनलाई जन्माए। ५ औ सल्मोनले
राहबबाट बोअजलाई जन्माए, र बोअजले
रूतबाट ओबेदलाई जन्माए, र ओबेदले
यस्सीलाई जन्माए। ६ औ यस्सीले दाऊद
राजालाई जन्माए।
औ दाऊद राजाले उरियाकी पत्नीबाट
सुलेमानलाई जन्माए। ७ औ सुलेमानले
रोओबामलाई जन्माए, र रोओबामले
अबियालाई जन्माए, र अबियाले आसाफलाई
जन्माए। ८ औ आसाफले योसाफातलाई
जन्माए, र योसाफातले योरामलाई जन्माए
र योरामले ओजियालाई जन्माए। ९ औ
ओजियाले योआथामलाई जन्माए, र
योआथामले आहाजलाई जन्माए, आहाजले
एजेकियालाई जन्माए। १० औ एजेकियाले
मनस्सेलाई जन्माए, र मनस्सेले आमोसलाई
जन्माए, र आमोसले योसियालाई जन्माए।
११ औ योसियाले बेबिलोनमा लगिने बेलामा
येकोनिया र तिनका भाइहरूलाई जन्माए।
१२ औ बेबिलोनमा लगिएपछि
येकोनियाले शालतिएललाई जन्माए, र
शालतिएलले जरूबाबेललाई जन्माए। १३ औ
जरूबाबेलले अबिउदलाई जन्माए, र अबिउदले
एलियाकिमलाई जन्माए, र एलियाकिमले
आजोरलाई जन्माए। १४ आजोरले सादोक-
लाई जन्माए, औ सादोकले आखिमलाई
जन्माए, र आखिमले एलिउदलाई जन्माए।
१५ औ एलिउदले एलियाजरलाई जन्माए,
र एलियाजरले मत्थानलाई जन्माए, र
मत्थानले याकूबलाई जन्माए। १६ औ जुन
मरियमबाट ख्रीष्ट भन्ने येशू जन्मनुभयो,
तिनका पति यूसुफलाई याकूबले जन्माए।
१७ यसरी अब्राहामदेखि दाऊदसम्मका
सबै पुस्ताहरू चौध पुस्ता, र दाऊददेखि
बेबिलोनमा लगिने बेलासम्म चौध पुस्ता
र बेबिलोनमा लगिएकादेखि ख्रीष्टसम्म चौध
पुस्ता छन्।

येशूको जन्म

१८ येशू ख्रीष्टको जन्म यसरी भयो—
उहाँकी आमा मरियमको मगनी यूसुफसँग
भएको थियो। तर उनीहरूको सहवास
हुनभन्दा अघिबाटै मरियम पवित्र आत्माद्वारा
गर्भवती भएकी थिइन्। १९ तर तिनका
पति यूसुफ धार्मिक मानिस भएका हुनाले,
तिनलाई खुल्लमखुल्ला दोष दिने मन नगरी
गुप्तमै त्याग्ने इच्छा गरे। २० तर जब
उनले यी कुरा बिचार गर्दै थिए, हेर,
सपनामा परमप्रभुका एउटा दूतले उनलाई

यसो भनेर दर्शन दिए, "ए यूसुफ, दाऊदको
छोरो, तिम्री पत्नी मरियमलाई तिमीकहाँ
ल्याउनालाई नडराऊ, किनभने जो तिनको
गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाटकै
हुनुहुन्छ। २१ औ तिनले एउटा पुत्र
जन्माउनेछन्, र तिमीले उहाँको नाउँ येशू
राख्नेछौ, किनभने उहाँले आफ्ना मानिस-
हरूलाई तिनीहरूका पापबाट उद्धार
गर्नुहुनेछ।" २२ अगमवक्ताद्वारा परमप्रभुले
बोल्नुभएको वचन पूरा होस् भनेर यी
सब हुनआएका हुन्,
२३ "हेर, कन्या गर्भवती हुनेछन्,
र एउटा पुत्र जन्माउनेछन्,
र तिनीहरूले उहाँको नाउँ इम्मानुएल
राख्नेछन्, जसको अर्थ हो परमेश्वर
हामीहरूसित।'
२४ अब यूसुफ निद्राबाट ब्यूँझे, र परमप्रभुका
दूतले तिनलाई भने बमोजिम गरे, र
आफ्नी पत्नीलाई आफूकहाँ ल्याए, २५ र
उनले, पुत्र नजन्मिउञ्जेल, तिनीसँग सहवास
गरेनन्, औ तिनले उहाँको नाउँ येशू
राखे।

ज्योतिषीहरूको बालक येशूसँग भेट

२ अब हेरोद राजाको समयमा
यहूदियाको बेतलेहेममा येशू जन्मनु-
हुँदा, हेर, पूर्वबाट ज्योतिषीहरू यरूशलेममा
आए, र भने, २ "यहूदीहरूका राजा भएर
जन्मेका, उहाँ कहाँ हुनुहुन्छ? किनभने
हामीले उहाँको तारा पूर्वतिर देख्यौं, र
दर्शन गर्नआएका छौं।" ३ तर जब हेरोद
राजाले यो सुने, तब तिनीसमेत यरूशलेमका
सबै जनामा हलचल मच्चियो। ४ अनि
उनले सबै मुख्य पूजाहारीहरू र जनताका
शास्त्रीहरू जम्मा गरेर "ख्रीष्टको जन्म कहाँ
हुनेहो?" भनी सोधपूछ गरे। ५ औ तिनी-
हरूले उनलाई भने, "यहूदियाको बेतलेहेममा,
किनभने अगमवक्ताबाट लेखिएको छ,
६ "औ ए बेतलेहेम, यहूदाको मुलुक,
तँ कुनै किसिमले यहूदाका मालिकहरूका
बीचमा कुनैभन्दा पनि सानो छैनस्,
किनकि तँबाट एउटा मालिक निस्की
आउनेछन्,
जसले मेरा मानिस, इस्राएलको रखवाल
गर्नेछन्'।"
७ तब हेरोदले ती ज्योतिषीहरूलाई सुटुक्क
बोलाएर तिनीहरूसँग तारा देखा परेको समय
ठीकसित सोधपूछ गरी पत्ता लाए।
८ औ उनले तिनीहरूलाई बेतलेहेममा यसो
भनेर पठाए, "जाओ र साना बालकको
विषयमा खोजेर ठीकसित पत्ता लगाओ।
र जब भेट्टाउनेछौ तब मलाई खबर गर,
र म पनि गएर दर्शन गर्नेछु।" ९ तब
राजाको हुकूम सुनेर तिनीहरू गए, र हेर,
जो तारा तिनीहरूले पूर्वमा देखेथे, ती साना
बालक भएको ठाउँमा नपुगुञ्जेल त्यो
तिनीहरूका अगिअगि लाग्यो, र त्यहीं
अडियो। १० जब तिनीहरूले त्यो तारा
देखे, तब तिनीहरू अति आनन्दित भएर
रमाए। ११ औ घरभित्र पसेर तिनीहरूले
साना बालकलाई उहाँकी आमा मरियमको
साथमा देखे, र घोप्टो परेर उहाँलाई
दण्डवत् गरे अनि आफ्ना कन्तुर खोलेर
उहाँलाई सुन, धूप, मूर्रका भेटी चढ़ाए।
१२ औ "हेरोदकहाँ फर्की नजाओ" भन्ने
सपनामा ईश्वरवाणी पाएर तिनीहरू अर्कै बाटो
भएर आफ्ना निज देशमा गए।

मिस्र देशमा

१३ अब तिनीहरू गएपछि, हेर, परम-
प्रभुका एउटा दूतले सपनामा यूसुफकहाँ
देखा परेर यसो भने, "उठ, साना बालक
र उहाँकी आमालाई साथ लिई मिश्र
देशमा भागिहाल, र तिमीलाई मैले
नभनेसम्म त्यहीं बस। कारण, हेरोदले
साना बालकलाई नाश पार्नखोज्नेछ।"

१४ अनि तिनी उठेर साना बालक र उहाँकी
आमालाई रातीनै साथमा लिई मिश्र
देशमा गइहाले, १५ र हेरोदको मृत्यु
महोउन्जेल त्यहीं बसे, कि अगमवक्ताद्वारा
परमप्रभुले भन्नुभएको वचन पूरा होस्,
अर्थात्, "मैले आफ्ना पुत्रलाई मिश्र देशबाट
बोलाएँ।"
१६ तब ज्योतिषीहरूबाट धोका पाएको
थाह पाएर हेरोद साह्रै रिसाए, र ज्योतिषी-
हरूबाट जुन समय ठीक ठीक पत्ता लगाएका
थिए, त्यस अनुसार बेतलेहेम र त्यहाँका
सीमानामा भएका दुइ वर्ष र त्यसदेखि
मनिका सबै बालकहरूलाई मार्न लगाए।
१७ तब यर्मिया अगमवक्ताद्वारा यसो भनी
बोलिएको वचन पूरा भयो,
१८ "रामामा एउटा शब्द सुनियो,
रुवाबासी र आलाप विलाप।
राहेल आफ्ना बालकहरूका लागि
रोएकी,
तिनीहरू छैनन् भनेर तिनी शान्त
हुन मान्दिनन्।"

मिश्र देशबाट फर्केर आएका

१९ तब हेरोद मरेपछि, हेर, मिश्रमा
परमप्रभुका एउटा दूत सपनामा यूसुफकहाँ
देखा परे, २० र यसो भने, "साना
बालक र उहाँकी आमालाई साथमा लिई
उठेर इस्राएलको मुलुकमा जाऊ, किनभने
जसले साना बालकको प्राण लिन
खोज्द थिए, ती मरिसकेका छन्।"
२१ अनि तिनी उठेर साना बालक र
उहाँकी आमालाई साथमा लिई इस्राएलको
मुलुकमा आए। २२ तर यहूदियामा उनका
बाबु हेरोदको ठाउँमा अर्खिलाउस राज्य
गरिरहेका छन् भन्ने सुनेर तिनी त्यता जान
डराए, र सपनामा ईश्वरवाणी पाएर तिनी
गालीलको कुनै जिल्लामा गए, २३ औ
आएर तिनी नासरत भन्ने नगरमा बसे।
यसरी अगमवक्ताद्वारा बोलिएको वचन पूरा
भयो "उहाँ नासरी भनिनेछन।"

यूहन्ना र तिनको संदेश

३ अब त्यही समयमा बप्तिस्मा दिने
यूहन्ना यहूदियाको जङ्गलमा यसो
भन्दै प्रचार गर्दैआए, २ "पश्चाताप गर,
किनभने स्वर्गको राज्य नजीक आएको छ।
३ किनभने यी उही हुन् जसका
विषयमा यशैया अगमवक्ताद्वारा यसो
भनिएको छ,
"जङ्गलमा एक जना कराउनेको शब्द,
परमप्रभुको बाटो तयार पार,
उहाँका मार्गहरू सोझ्याऊ।"
४ यूहन्नाको आफ्नो लाउने लुगा
ऊँटको रौंको थियो, र तिनको कम्मरमा
छालाको पट्का थियो, र तिनको खानेकुरो
सलह र वनमह थियो। ५ अब यरूशलेम,
र सबै यहूदिया, र यर्दनका वरिपरिका
मुलुकका सबै मानिसहरू तिनीकहाँ गए,
६ र आफ्ना पापको साबीत हुँदै यर्दन
नदीमा तिनीबाट बप्तिस्मा लिए। ७ तर
तिनले फरिसीहरू र सदुकीहरूमध्ये धेरै
जनालाई तिनका बप्तिस्मामा आइरहेका देखेर
तिनीहरूलाई भने, "ए सर्पका सन्तान हो,
आउनलागेका क्रोधबाट भाग्न कसले
तिमीहरूलाई चेताउनी दियो? ८ यसकारण
पश्चाताप लायकको फल फलाओ। ९ औ
अब्राहामनै हाम्रा पिता हुनुहुन्छ भन्ने
आपसमा बिचार नगर। किनभने म
तिमीहरूलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाबाट
अब्राहामको लागि सन्तान खडा गर्न
सक्नुहुन्छ। १० औ अहिलेनै रूखको
फेदमा बञ्चरो परेको छ। यसकारण असल
फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र
आगोमा फालिन्छ। ११ म चाहिं ता
तिमीहरूलाई पश्चातापको लागि बप्तिस्मा
दिन्छु, मपछि आउने मभन्दा अझ शक्तिशाली

हुनुहुन्छ, जसका जूत्ता बोक्ने लायकको
म छैनँ, उहाँले तिमीहरूलाई पवित्र आत्मा र
आगोले बप्तिस्मा दिनुहुनेछ। १२ उहाँको
नाङ्लो उहाँकै हातमा छ, र उहाँले आफ्ना
खलालाई बिलकुलै सफा पार्नुहुनेछ, औ
आफ्नो गहुँ भकारीमा जम्मा गर्नुहुनेछ,
तर भूस जति चाहिँ ननिभ्ने आगोमा
जलाउनुहुनेछ।"

येशूको बप्तिस्मा

१३ तब येशू गालीलबाट यूहन्नाकहाँ
तिनीद्वारा बप्तिस्मा लिनालाई आउनुभयो।
१४ तर यूहन्नाले यसो भनेर उहाँलाई रोके,
"मलाई बरू तपाईंबाट बप्तिस्मा लिनु
आवश्यक छ, र के तपाईं मकहाँ आउनु-
हुने?" १५ तर येशूले तिनलाई भन्नुभयो,
"अहिले यसो हुनदेऊ। किनभने यसरीनै
हामीहरूले सबै धार्मिकता पूरा गर्नुपर्दछ।"
तब तिनले उहाँलाई मञ्जूर गरे। १६ अनि
येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि
निस्कनुभयो, र हेर स्वर्ग उहाँको निम्ति
उघ्रियो, र उहाँले परमेश्वरका आत्मालाई
ढुकुर झैं ओर्लंदैगर्नुभएको औ आफूमाथि
आउँदैगर्नुभएको देख्नुभयो। १७ औ हेर
स्वर्गबाट यसो भन्ने एउटा शब्द भयो,
"यिनी मेरो प्यारो पुत्र हुन्, जोसँग म
खुशी छु।"

उजाड़स्थानमा येशूको परीक्षा

४ तब दुष्टात्माबाट परीक्षा हुनालाई
येशू आत्माद्वारा उजाड़स्थानमा
लगिनुभयो। २ अनि चालीस दिन र
चालीस रात उपवास बसिसकेपछि उहाँ
भोकाउनुभयो। ३ औ परीक्षा गर्नेले
उहाँकहाँ आएर भन्यो, "यदि तपाईं
परमेश्वरका पुत्र हुनुहुन्छ भने, यी ढुङ्गाहरू
रोटी होऊन् भनी आज्ञा दिनुहोस्।"
४ तर उहाँले जवाफ दिएर भन्नुभयो,
"यस्तो लेखिएको छ, 'मानिस भोजनले मात्र
होइन, तर परमेश्वरको मुखबाट निस्केको
हरेक वचनले बाँच्तछ'।" ५ तब
दुष्टात्माले उहाँलाई पवित्र नगरमा लगेर
मन्दिरको गजूरमाथि राख्यो, ६ र उहाँलाई
भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने,
यहाँबाट तल हाम फाल्नुहोस्, किनभने
यस्तो लेखिएको छ,

> 'उहाँले तपाईंको विषयमा दूतहरूलाई
> खटाउनुहुनेछ,
> र तिनीहरूले तपाईंलाई हात-हात
> उचाल्नेछन्,
> नत्रता तपाईंको खुट्टा ढुङ्गामा
> बजारिनेछ'।"

७ येशूले त्यसलाई भन्नुभयो, "फेरि यस्तो
लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना
परमेश्वरको परीक्षा नगर्'।" ८ फेरि
दुष्टात्माले उहाँलाई एउटा अग्लो पर्वतमा
लगेर जगत्‌का सबै राज्य र तिनको गौरव
उहाँलाई देखायो। ९ र उहाँलाई भन्यो,
"तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो
भने, यी सबै थोक म तपाईंलाई दिनेछु।"
१० तब येशूले त्यसलाई भन्नुभयो, "ए
शैतान, हटी जा! किनभने यस्तो लेखिएको
छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई
दण्डवत् गर्नू, औ उहाँको मात्र सेवा गर्न'।"
११ तब दुष्टात्मा उहाँलाई छोड्यो।
र हेर, स्वर्गदूतहरूले आएर उहाँको
सेवा-टहल गरे।

१२ यूहन्ना थुनामा परे भन्ने सुनेर
येशू गालीलतिर लाग्नुभयो। १३ औ
नासरत छोडेर उहाँ जबलून र नप्तालीका
साँधमा, समुद्रको छेउमा भएको कफर्नहुममा
आएर बस्नुभयो, १४ र यसो भन्ने
यशैया अगमवक्ताद्वारा बोलिएको वचन
पूरा भयो,

१५ "यर्दनपारि समुद्रको किनारमा भएको
जबलूनको मुलुक, र नप्तालीको मुलुक,

अन्यजातिहरूको गालील,
१६ अँध्यारोमा बसेका मानिसहरूले एउटा
ठूलो ज्योति देखे,
र मृत्युका देश र छायामनि
बसेकाहरूका लागि
एउटा ज्योति उदय भयो।"
१७ त्यस बेलादेखि येशूले प्रचार गर्दै
भन्नलाग्नुभयो, "पश्चाताप गर। किनभने
स्वर्गको राज्य नजीक आइपुगेको छ।"

येशूका प्रथम चेलाहरू

१८ अनि गालील समुद्रको छेउमा
हिँड्रिहनुहुँदा उहाँले पत्रुस भन्ने शिमोन्, र
तिनका दाज्यू अन्द्रियास, दुवै भाइलाई
समुद्रमा जाल हान्दैगरेका देख्नुभयो। किनभने
तिनीहरू जलाहारी थिए। १९ उहाँले
तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग, र
म तिमीहरूलाई मानिसहरूका जलाहारी
तुल्याउनेछु" २० तब उत्तिखेरै जालहरू
छोड़ेर तिनीहरू उहाँको पछि लागे।
२१ त्यहाँबाट गएर उहाँले अर्को दुइ भाइ,
जब्दीको छोरो याकूब, र तिनको भाइ
यूहन्नालाई तिनीहरूका बाबु जब्दीसित डुङ्गामा
तिनीहरूका जाल तुन्दै गरेका देख्नुभयो,
र उहाँले तिनीहरूलाई बोलाउनुभयो।
२२ तब उत्तिखेरै डुङ्गा र तिनीहरूका
बाबुलाई छोड़ेर तिनीहरू उहाँको पछि लागे।
२३ अनि येशू तिनीहरूका सभाघरहरूमा
सिकाउँदै र राज्यको सुसमाचार प्रचार गर्दै,
र मानिसहरूमा भएका हरेक किसिमका रोग
र शारीरिक कमजोरी निको पार्दै, सारा
गालीलभरि घुम्नुभयो। २४ औ उहाँको
कीर्ति सिरियाभरि फिँजियो, र सबै
बिरामीहरू, रोग र नाना प्रकारका पीड़ाले
गाँजिएकाहरू, भूत लागेकाहरू, र छारेरोग
लागेकाहरू, पक्षवात भएकाहरूलाई तिनीहरूले
उहाँकहाँ ल्याए, र उहाँले तिनीहरूलाई निको
पार्नुभयो। २५ अनि गालील, डिकापोलिस,
यरूशलेम, यहूदिया र यर्दन पारिदेखिका ठूला
ठूला भीड़हरू उहाँको पछि लागे।

डाँड़ाको उपदेश

५ अनि भीड़लाई देखेर उहाँ डाँड़ामा
उक्लनुभयो, र उहाँ बस्नुभएपछि
चेलाहरू उहाँकहाँ आए। २ औ उहाँले
मुख खोलेर तिनीहरूलाई यसो भन्दै
सिकाउनुभयो—
३ धन्य आत्मामा दरिद्र हुनेहरू,
किनभने स्वर्गको राज्य तिनीहरूकै हो।
४ धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले
सान्त्वना पाउनेछन्।
५ धन्य नम्र हुनेहरू, किनभने तिनीहरूले
पृथ्वीको अधिकार पाउनेछन्।
६ धन्य धार्मिकता निम्ति भोकाउने
र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त
हुनेछन्।
७ धन्य दयावन्तहरू, किनभने तिनीहरूले
दया पाउनेछन्।
८ धन्य हृदयमा शुद्ध हुनेहरू, किनभने
तिनीहरूले परमेश्वरलाई देख्नेछन्।
९ धन्य मेल-मिलाप गराउनेहरू किनभने
तिनीहरू परमेश्वरका पुत्र कहलाइनेछन्।
१० धन्य धार्मिकता निम्ति सताइनेहरू,
किनभने स्वर्गको राज्य तिनीहरूकै हो।
११ धन्य हौ तिमीहरू जब मानिसहरूले
तिमीहरूलाई मेरो खातिर निन्दा गर्नेछन्,
र खेदो गर्नेछन्, र हरेक किसिमको खराबी
कुरा तिमीहरूका विरुद्धमा बोल्नेछन्।
१२ तब रमाओ, र अत्यन्त खुशी होओ।
किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो
हुनेछ। किनभने यसरीनै तिमीहरूका अघिका
अगमवक्ताहरूलाई तिनीहरूले खेदो गरेथे।
१३ तिमीहरू पृथ्वीका नून हौ, तर
नूनको स्वाद गयो भने त्यो केले नुनिलो
पार्ने र? त्यो ता फालिन र मानिसका
खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन।

१४ तिमीहरू जगत्का ज्योति हौ।
डाँड़ामा बसालिएको शहर लुक्नसक्तैन।
१५ मानिसहरूले बत्ती बालेर पाथीमनि ता
होइन, तर सामदानमाथि राख्तछन्। र
घरमा हुने सबैको निम्ति त्यो चम्कन्छ।
१६ उसरीनै तिमीहरूको ज्योति मानिसहरूका
सामु चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म
देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको
महिमा गरून्।

१७ म व्यवस्था अथवा अगमवक्ताहरूलाई
रद्द गर्न आएको भन्ने नसम्झ, रद्द
गर्न होइन, तर पूरा गर्न म आएँ।
१८ किनभने म तिमीहरूलाई साँचो भन्दछु,
जबसम्म स्वर्ग र पृथ्वी बितिजाँदैन, तबसम्म
सबै कुरा पूरा नहोन्जेल कुनै किसिमले
व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु
बितिजानेछैन। १९ यसैकारण जसले यी
सानाभन्दा पनि साना आज्ञाहरूमध्ये एउटा
भङ्ग गर्ला र मानिसहरूलाई त्यस्तै गर्न
सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा
सानो कहलाइनेछ। तर जसले त्यो पालन
गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो
कहलाइनेछ। २० किनभने म तिमीहरूलाई
भन्दछु, तिमीहरूका धर्म-कर्म शास्त्री र
फरिसीहरूकाभन्दा बेसी भएन भने तिमीहरू
कुनै रीतिले स्वर्गको राज्यमा पस्नेछैनौ।

रीस र हत्या

२१ तिमीहरूले सुनेका छौ, प्राचीन
समयकाहरूलाई यसो भनिएको थियो, 'हत्या
नगर, र जसले हत्या गर्छ, त्यो इन्साफको
योग्य हुनेछ।' २२ तर म तिमीहरूलाई
भन्दछु, 'जो कोही आफ्ना भाइसित रिसाउला,
त्यो इन्साफको योग्य हुनेछ, र जसले
आफ्नो भाइलाई 'ए बेवकूफ' भन्ला, त्यो
महासभाको योग्य हुनेछ, र जसले 'तँ मूर्ख'
भन्ला, त्यो नरकको आगोको योग्य हुनेछ।'
२३ यसकारण तिमीले वेदीमा आफ्नो भेटी
चढ़ाउँदा तिम्रो विरुद्धमा तिम्रो भाइको हृदयमा
केही छ भनी तिमीलाई याद भयो भने,
२४ त्यही वेदीको सामु तिम्रो भेटी छोड़,
र बाटो लाग। पहिले आफ्नो भाइसित
मिलाप गर, त्यसपछि आएर आफ्नो भेटी
चढ़ाऊ। २५ तिम्रो विरोधीसित बाटोमैं
छँदा झट्टै मिलाप गरिहाल। नत्रता विरोधीले
तिमीलाई न्यायधीशको हातमा सुम्पिदेला, र
न्यायधीशले अफिसरको हातमा सुम्पिदेलान्,
र तिमी झ्यालखानमा पर्नेछौ। २६ म
तिमीहरूलाई साँचो भन्दछु, तिमीले अन्तिम
पैसा नतिरुन्जेल तिमी त्यहाँबाट कुनै रीतिले
उम्कनेछैनौ।

२७ तिमीहरूले यसो भनेको सुनेका
छौ, 'तैँले व्यभिचार नगर्।' २८ तर म
तिमीहरूलाई भन्दछु, 'जसले कोही स्त्रीलाई
खराब इच्छाले हेर्दछ, त्यसले अघिबाटै त्यसको
हृदयमा व्यभिचार गरिसकेको हुन्छ।'
२९ यदि तिम्रो दाहिने आँखाले तिमीलाई
बाधा पार्ने तुल्याउँछ भने, त्यसलाई निकालेर
फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर
नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये
एउटा नष्ट हुनु तिम्रो निम्ति हितकारी हुन्छ।
३० तिम्रो दाहिने हातले तिमीलाई बाधा
पार्ने तुल्याउँछ भने त्यसलाई काटेर फालि-
देऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा
जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा नष्ट
हुनु तिम्रो निम्ति हितकारी हुन्छ। ३१ औ
यसो पनि भनिएको छ, कि 'जसले आफ्नो
पत्नीलाई त्याग गर्ला, त्यसले उसलाई त्यागपत्र
लेखी देओस्।' ३२ तर म तिमीहरूलाई
भन्दछु, 'जसले आफ्नो पत्नीलाई व्यभिचारको
कारणबाहेक त्याग गर्ला, उसलाई त्यसले
व्यभिचारिणी तुल्याउँछ, र जसले त्याग
गरेकोसित विवाह गर्ला, त्यसले व्यभिचार
गर्नेछ'।

३३ फेरि तिमीहरूले सुनेका छौ, कि
प्राचीन समयकाहरूलाई यसो भनिएको थियो,
'तँ आफैले झूटो कसम नखा, तर

परमप्रभुको निम्ति आफ्ना प्रतिज्ञा पूरा
गर्।' ३४ तर म तिमीहरूलाई भन्दछु,
कसम खाँदै नखाओ। नता स्वर्गको नाउँमा
किनकि त्यो परमेश्वरको सिंहासन हो।
३५ नता पृथ्वीको, किनकि त्यो
उहाँको पाउदान हो। नता यरूशलेमको,
किनकि त्यो महाराजाको शहर हो।
३६ नता आफ्नो शिरको किरिया खाओ,
किनकि तिमी एउटा केशलाई सेतो कि कालो
बनाउनसक्तैनौ।' ३७ तर तिमीहरूको वचन
चाहिँ, 'हो भने, हो'' 'होइन भने,
होइन' होस्। औ यीभन्दा बढ्ता चाहिँ
दुष्टतर्फबाट हो।

बदला

३८ तिमीहरूले सुनेका छौ, यसो
भनिएको थियो, 'आँखाको बदला आँखा,
र दाँतको बदला दाँत। ३९ तर म
तिमीहरूलाई भन्दछु, 'दुष्टको मुकाबिला
नगर। जसले तिम्रो दाहिने गाला चट्काउला
त्यसलाई अर्कोतिरको पनि फर्काइदेओ।
४० यदि कोही मानिसले मुद्दा चलाएर
तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई
तिम्रो खाष्टो पनि दिइहाल। ४१ औ
यदि कसैले तिमीलाई आधा कोशसम्म
जबरदस्त लैजान्छ भने, उसित एक कोशसम्मै
जाऊ। ४२ तिमीसित माग्नेलाई देऊ, र
तिमीसँग कर्जा लिनचाहनेलाई पीठ नफर्काऊ'।

प्रेम र शुद्ध आचरण

४३ तिमीहरूले सुनेका छौ, यसो
भनिएको थियो, 'तिम्रो छिमेकीलाई प्रेम
गर, र तिम्रो शत्रुलाई घृणा गर।' ४४ तर
म तिमीहरूलाई भन्दछु, 'आफ्ना शत्रुहरूलाई
प्रेम गर, औ तिमीहरूलाई खेदो गर्नेहरूका
निम्ति प्रार्थना गर। ४५ र तिमीहरू
तिमीहरूका स्वर्गका पिताका सन्तान
हुनसक्नेछौ। किनभने उहाँले दुष्ट र सज्जन
दुवैका निम्ति घाम लगाइदिनुहुन्छ, र धर्मी
र पापी दुवैमाथि वृष्टि दिनुहुन्छ।
४६ किनभने तिमीहरूसँग प्रेम गर्नेहरूलाई
मात्र प्रेम गर्दछौ भने, तिमीहरूलाई के इनाम
छ? के महसूल उठाउनेहरूले पनि त्यसै
गर्दैनन् र? ४७ औ तिमीहरूले आफ्ना
दाज्यू-भाइहरूलाई मात्र अभिवादन गर्छौ?
के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र?
४८ यसकारण जस्तो तिमीहरूका स्वर्गका
पिता सिद्ध हुनुहुन्छ, त्यस्तै तिमीहरू पनि
सिद्ध होऊ'।

गुप्तको दान

६ होशियार बस, तिमीहरू मानिसहरूले
देखून् भन्ने हेतुले धर्म-कर्म नगर।
नत्रता स्वर्गका पिताबाट तिमीहरूलाई केही
इनाम मिल्नेछैन।
२ यसकारण जब तिमी धर्म-कर्म
गर्दछौ, तब आफ्नो सामु तुरही नबजाऊ,
जस्तो कपटीहरूले सभाघरहरू र गल्लीहरूमा
मानिसहरूबाट प्रशंसा पाउनालाई गर्दछन्।
म तिमीहरूलाई साँचो भन्दछु, 'तिनीहरूले
आफ्ना इनाम पाइसकेका हुन्छन्।' ३ तर
जब तिमी दान-पुण्य गर्दछौ, तिम्रो दाहिने
हातले गरेको बायाँ हातले थाह नपाओस्।
४ तिम्रो दान-पुण्य गुप्तमा होस्, र
गुप्तमा देख्ने तिम्रा पिताले तिमीलाई
इनाम दिनुहुनेछ।

गुप्त प्रार्थना

५ औ जब तिमी प्रार्थना गर्दछौ
तब कपटीहरू जस्ता नहोऊ, किनकि तिनीहरू
सभाघरहरूमा र गल्लीहरूका कुनामा मानिस-
हरूले देखून् भनी खड़ा भएर प्रार्थना गर्न
मन गर्दछन्। म तिमीहरूलाई साँचो
भन्दछु, 'तिनीहरूले आफ्नो इनाम पाइसकेका

हुन्छन्। ६ तर तिमी जब प्रार्थना
गर्दछौ, त्यसबेला आफ्नो भित्री कोठाभित्र
पस, र ढोका थुनेर गुप्तमा बसेका तिम्रा
पितालाई प्रार्थना गर, र गुप्तमा देख्ने
तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ।
७ तर प्रार्थना गर्दा अन्यजातिहरू जस्ता
व्यर्थैं नबरबराऊ। किनभने कराएर बोल्दा
तिनीहरूको सुनाइ हुन्छ भन्ने तिनीहरू विचार
गर्दछन्। ८ यसकारण तिनीहरू जस्ता नहोऊ।
किनभने तिमीहरूले उहाँसँग मागनभन्दा
अघिबाटै तिमीहरूलाई कुन कुन कुराको खाँचो
छ, सो तिमीहरूका पिता जान्नुहुन्छ।

प्रभुको प्रार्थना

९ तर तिमीहरूचाहिँ यस किसिमले
प्रार्थना गर।

हे हाम्रा स्वर्गमा बस्ने पिता,
तपाईंको नाउँ पवित्र गरिओस्।
१० तपाईंको राज्य आओस्। तपाईंको
इच्छा स्वर्गमाझैं यस पृथ्वीमा पूरा होस्।
११ हाम्रो दिनभरिको भोजन आज
हामीलाई दिनुहोस्।
१२ औ हाम्रा अपराध क्षमा गर्नुहोस्,
जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई
क्षमा गरेका छौं।
१३ हामीलाई परीक्षामा नल्याउनुहोस्,
तर दुष्टबाट छुटाउनुहोस्। किनभने राज्य,
पराक्रम र महिमा सदा सर्वदा तपाईंकै हुन्,
आमिन।"

१४ किनकि तिमीहरूले मानिसहरूका
कसूर क्षमा गर्‍यौ भने तिमीहरूका
स्वर्गका पिताले पनि तिमीहरूलाई क्षमा
गर्नुहुनेछ। १५ तर तिमीहरूले मानिसहरूका
कसूर क्षमा गरेनौ भनेता तिमीहरूका
पिताले तिमीहरूका कसूर क्षमा गर्नुहुनेछैन।

उपवास

१६ जब तिमीहरू उपवास बस्तछौ, तब
कपटीहरू जस्ता उदासी चेहेरा नदेखाओ।
किनकि मानिसहरूलाई उपवास बसेका
देखाउनालाई तिनीहरू आफ्ना मुख बिगार्छन्।
म तिमीहरूलाई साँचो भन्दछु, 'तिनीहरूले
तिनका इनाम पाइसकेका हुन्छन्।'
१७ तर तिमी चाहिँ उपवास बस्ता आफ्नो
शिरमा तेल लगाऊ, र आफ्नो मुख धोऊ।
१८ औ तिमी उपवास बसेको मानिसहरूले
होइन, तर गुप्तमा हुने तिम्रा पिताले देखून्,
र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई
इनाम दिनुहुनेछ।

सत्य धन

१९ आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति
नथुपार, जहाँ कीरा र खियाले नष्ट पार्छ,
र जहाँ चोरहरूले फोरेर चोर्छन्। २० तर
आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार,
जहाँ कीराले वा खियाले नष्ट पार्दैन,
औ चोरले पनि चोर्दैन। २१ कारण
जहाँ तिम्रो सम्पत्ति हुन्छ, त्यहीं तिम्रो
मन पनि हुनेछ।

उज्यालो र अँध्यारो

२२ शरीरको ज्योति आँखा हो।
यसकारण यदि तिम्रा आँखा निर्मल छन्
भने, तिम्रा सारा शरीर उज्यालो हुनेछ।
२३ तर तिम्रा आँखा खराब छन् भने,
तिम्रो सारा शरीर अँध्यारो हुनेछ। यसकारण
तिमीमा भएको उज्यालो चाहिं अँध्यारो भयो
भने, त्यो अँध्यारो कस्तो घोर हुनेछ!
२४ कसैले दुइ मालिकको चाकरी गर्नसक्तैन।
किनभने त्यसले एउटालाई घृणा र अर्कोलाई
प्रेम गर्नेछ। अथवा त्यो एउटासित
टाँसिनेछ, र अर्कोलाई त्यसले तुच्छ गन्नेछ।
तिमीहरूले परमेश्वर र धन दुवैको चाकरी
गर्नसक्तैनौ।

फिक्री र परमेश्वर प्रति भरोसा

२५ यसैकारण म तिमीहरूलाई भन्दछु,

'हामी के खाउँला, कि के पिऔँला भनी
आफ्नो प्राणको निम्ति र आफ्नो शरीरको
निम्ति के लगाउँला भनी तिमीहरू फिक्री
नगर।' के प्राण खानेकुरोभन्दा र शरीर लुगा-
फाटाभन्दा उत्तम होइन? २६ आकाशका
चरा-चुरुङ्गीहरूलाई हेर। तिनीहरूले नता बिउ
छर्छ, न अन्न काट्छ। न भकारीहरूमा
बटुल्छ, तर तिमीहरूका स्वर्गका पिताले
तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू
तिनीहरूभन्दा ज्यादा श्रेष्ठ होइनौ?
२७ औ तिमीहरूमध्ये कुन चाहिँले फिक्री
गरेर आफ्नो कदमा एक हात थप्नसक्छौ?
२८ अनि लुगा-फाटाको निम्ति तिमीहरू
किन फिक्री मान्दछौ? मैदानका लिली
फूललाई विचार गर, ती कसरी बढ्दछन्।
ती न परिश्रम गर्दछ, न धागो कात्तछ,
२९ तैपनि म तिमीहरूलाई भन्दछु,
सुलेमान राजा पनि आफ्ना सारा गौरवमा
यिनीहरूमध्ये एउटा जत्ति सिँगारिएका
थिएनन्। ३० परमेश्वरले आज हुने र
भोलि चुह्लामा फालिने मैदानका घाँसलाई
यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी
हो के तिमीहरूलाई झन् बढ्ता गरी उहाँले
पहिराउनुहुनेछैन र? ३१ यसकारण के खाउँला?
कि के पिऔँला? कि के पहिरौँला?'
भनेर फिक्री नगर, ३२ किनकि अन्यजाति-
हरूले मात्र यी सब थोक खोजदछन्।
किनभने तिमीहरूका स्वर्गका पिताले
तिमीहरूलाई यी सबै थोकको दर्कार छ भनी
जान्नुहुन्छ। ३३ तर पहिले उहाँको राज्य
र उहाँको धार्मिकता खोजी गर, र यी सबै
थोक तिमीहरूलाई थपिनेछन्। ३४ यसकारण
भोलिको निम्ति फिक्री नगर, किनकि
भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ।
आजको बुराइ आजको निम्ति यथेष्ट छ।

अरूहरूउपरको निसाफ

७ अर्काको निसाफ नगर, र तिमीहरूको
निसाफ नगरिओस। २ किनभने
जुन निसाफले तिमीहरू निसाफ गर्दछौ,
उसैगरी तिमीहरूको पनि निसाफ गरिनेछ, र
जुन नापले तिमीहरू नाप्तछौ, त्यसैले
तिमीहरूलाई नापिदिनेछ। ३ किन तिमी
आफ्नो भाइको आँखामा भएको कसिङ्गर
देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको
मूढ़ा चाहिँ थाह पाउँदैनौ? अथवा हेर,
४ जब तिम्रो आफ्नै आँखामा मूढ़ा छ
भने, कसरी तिमी तिम्रो भाइलाई भन्नसक्छौ,
'पर्ख, मलाई तिम्रो आँखाबाट कसिङ्गर
निकाल्नदेऊ।' ५ ए कपटी, पहिले आफ्नै
आँखाबाट मूढ़ा निकाल, तब तिम्रो
भाइको आँखाबाट कसिङ्गर निकाल्नालाई
छर्लङ्गै देख्नसक्नेछौ।

६ पवित्र चीज कुकुरहरूलाई नदेऊ,
आफ्ना मोतीहरू सुँगुरका अगाडि नफाल,
नत्रता तिनले आफ्ना खुट्टाले तिनलाई
कुल्चेर फर्की तिमीलाई हमला गर्लान्।

प्रार्थनाको निम्ति प्रोत्साहन

७ माग, तिमीहरूलाई दिइनेछ, खोज,
तिमीहरूले भेट्टाउनेछौ, घचघच्याऊ,
तिमीहरूका निम्ति उघारिनेछ। ८ किनकि
जसले माग्दछ, त्यसले पाउँछ, जसले
खोज्दछ, त्यसले भेट्टाउँछ। जसले
घचघच्याउँछ, त्यसको निम्ति उघारिनेछ।
९ तिमीहरूमध्ये कुन मानिस होला, जसको
छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला?
१० कि माछा माग्दा त्यसलाई साँप
देला? ११ यसकारण तिमीहरू दुष्ट भएर
आफ्ना छोरा-छोरीहरूलाई असल चीज दिन
जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका
पिताले उहाँसित माग्नेहरूलाई कति बढ्ता
गरेर असल चीज दिनुहुनेछ।

प्रमुख नियम

१२ यसकारण मानिसहरूले तिमीहरूलाई

जे जसो गरून् भन्ने तिमीहरू चाहन्छौ,
तिमीहरूले पनि तिनीहरूलाई त्यसै गर,
किनभने यहीनै व्यवस्था र अगमवक्ताका
शिक्षा हुन्।

दुइ बाटो

१३ साँघुरो ढोकाबाट भित्र पस,
किनभने विनाशमा पुऱ्याउने ढोका फराकिलो
र बाटो चौड़ा हुन्छ, र यसबाट भित्र
पस्नेहरू धेरै हुन्छन्। १४ किनभने त्यो
ढोका साँघुरो हुन्छ, औ त्यो बाटो असजिलो
हुन्छ, जसले चाहिं जीवनमा पुऱ्याउँछ, र
त्यो भेट्टाउने थोरै हुन्छन्।

सत्य र झूटो

१५ झूटा अगमवक्ताहरूदेखि होशियार
रह, जो तिमीहरूकहाँ भेड़ाका भेषमा
आउँछन्, तर भित्रपट्टि चाहिं लुटाहा
ब्वाँसाहरू जस्ता हुन्छन्। १६ तिनीहरूका
फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ।
के काँड़ाका बोटहरूबाट अङ्गूर अथवा
सिउँडीहरूबाट नेभारा बटुलिन्छ र?
१७ त्यसैगरी हरेक असल रूखले
बढ़िया फल फलाउँछ। तर बिग्रेको रूखले
खराब फल फलाउँछ। १८ असल रूखले
खराब फल फलाउनसक्तैन, नता बिग्रेका
रूखले असल फल फलाउनसक्तछ।
१९ बढ़िया फल नफलाउने हरेक रूख
काटी ढालिन्छ, र आगोमा फालिन्छ।
२० यसकारण तिनीहरूका फलबाटनै
तिमीहरूले तिनीहरूलाई चिन्नेछौ।

कुरा र काम

२१ मलाई प्रभु, प्रभु, भन्ने सबै
स्वर्गको राज्यमा पस्न पाउनेछैन। तर
त्यो, जसले स्वर्गमा हुनुहुने मेरा पिताको
इच्छा पालन गर्दछ। २२ त्यो दिन धेरैले
मलाई भन्नेछन्, 'हे प्रभु, हे प्रभु
के हामीले तपाइंको नाउँमा अगमवाणी
बोलेनौं, र तपाइंको नाउँमा सामर्थ्यका काम
गरेनौं र? २३ अनि म तिनीहरूलाई
खुल्लमखुल्ला भन्नेछु, मैले तिमीहरूलाई
कहिले चिनेकै छैनँ। ए अधम काम गर्ने
हो, मबाट दूर होओ।

दुइ किसिमका जग

२४ यसकारण जसले मेरा यी वचनहरू
सुन्छ र गर्छ, म एउटा बुद्धिमान मानिससित
त्यसको तुलना गर्छु, जसले आफ्नो घर
चटानमाथि बनायो। २५ अनि पानी परेर
भल आयो, हुरी चल्यो, र त्यस घरमाथि
बजारियो, रपनि त्यो ढलेन। किनकि त्यो
चटानमाथि बसालिएको थियो। २६ औ जसले
मेरा यी कुरा सुनेर पनि त्यसअनुसार गर्दैन,
त्यसको तुलना एउटा मूर्ख मानिससित गरिन्छ,
जसले आफ्नो घर बालुवामाथि बनायो।
२७ पानी परेर भल आयो, हुरी चल्यो
र त्यस घरमाथि ठक्कर लाग्यो, र त्यो ढल्यो,
अनि त्यसको पतन ठूलो भयो।"
२८ येशूले यी कुरा गरिसक्नुभएपछि
भीड़ उहाँका शिक्षाले छक्क परे।
२९ किनकि उहाँले तिनीहरूका शास्त्रीहरूले
झैं होइन, तर अख्तियार भएकाले जस्तो
गरी सिकाउनुहुन्थ्यो।

एउटा कोरी शुद्ध भएको

८ उहाँ डाँड़ाबाट ओर्लनुभएपछि ठूलो
भीड़ उहाँको पछि लाग्यो। २ औ
एउटा कोरीले उहाँकहाँ आएर यसो भनी
प्रणाम गऱ्यो, "हे प्रभु, तपाइंको इच्छा
भए मलाई शुद्ध गर्नसक्नुहुन्छ।" ३ उहाँले
यसो भन्दै हात पसारेर त्यसलाई छुनुभयो,
"म इच्छा गर्छु, तिमी शुद्ध भइजाऊ।"

औ तुरुन्तै त्यसको कोर शुद्ध भइगयो।
४ तब येशूले त्यसलाई भन्नुभयो, "हेर,
कसैलाई नभन्नू। तर आफै गएर पूजाहारी-
लाई देखाऊ, र साक्षीको लागि मोशाको
आज्ञानुसार तिनीहरूका सामु भेटी चढाऊ।"

कप्तानको नोकर निको भएको

५ उहाँ कफर्नहुममा पस्नुहुदा, एउटा
कप्तान उहाँलाई बिन्ती गर्दै त्यहाँ आए,
६ र भने, "हे प्रभु, मेरो नोकर
पक्षवातले साह्रै दुःख पाएर घरमा लडिरहेको
छ।" ७ उहाँले तिनलाई भन्नुभयो, "म
आएर त्यसलाई निको पार्नेछु।" ८ तर
कप्तानले जवाफ दिएर भने, "हे प्रभु,
तपाईं मेरो छानामनि आउनुहुने योग्यको
म छैनँ, तर वचन मात्र बोलिदिनुहोस्,
र मेरो नोकर निको हुनेछ। ९ किनकि म
पनि आफूमनि सिपाही भएको पराधीन
मानिस हुँ, औ म यसलाई 'जा' भन्छु, र
त्यो जान्छ, र अर्कोलाई, 'आइज', र
आउँछ। मेरो चाकरलाई, 'यसो गर्',
भन्छु, र त्यसले गर्छ।" १० येशूले यो
सुनी आश्चर्य मानेर पछिपछि आउनेहरूलाई
भन्नुभयो, "म तिमीहरूलाई साँच्चै भन्दछु,
इस्राएलमा पनि यति ठूलो विश्वास मैले
पाएको छैन। ११ तर म तिमीहरूलाई
भन्दछु, पूर्व र पश्चिमबाट धेरैजना आउने-
छन्, औ अब्राहाम, इसहाक, याकूबसँग
स्वर्गराज्यमा बस्नेछन्। १२ तर राज्यका
सन्तान बाहिरको अन्धकारमा फालिनेछन्,
त्यहाँ रुवाबासी र दाहा किटाइ हुनेछ।"
१३ तब येशूले कप्तानलाई भन्नुभयो, "तिम्रो
विश्वास अनुसार होस्, जाऊ।" अनि त्यो
नोकर त्यही घडी निको भयो।

बिरामीहरू निको भएको

१४ पत्रुसको घरमा आएपछि येशूले
तिनका सासूलाई ज्वरोले थलिएर परिएको
देख्नुभयो। १५ औ उहाँले तिनको हात
छुनुभयो, र ज्वरोले तिनलाई छोड्यो। अनि
तिनी उठिन्, र उहाँको सुसार गरिन्।
१६ जब साँझ पर्‍यो, तब तिनीहरूले
उहाँकहाँ भूत लागेका धेरै जनालाई ल्याए।
र उहाँले वचनैले भूतहरूलाई धपाउनुभयो,
र जति बिरामी थिए, सबैलाई निको पार्नु-
भयो। १७ औ यशैया अगमवक्ताले
बोलेका कुरो पूरा भयो, "उहाँ आफैले
हामीहरूका कमजोरी लिनुभयो, र रोगहरू
बोक्नुभयो।"

भावी चेलाहरूको जाँच

१८ जब येशूले आफ्ना वरिपरि ठूला
ठूला भीडहरूलाई देख्नुभयो, तब उहाँले
पारिपट्टि जाने आज्ञा दिनुभयो। १९ अनि
उहाँकहाँ आएर एउटा शास्त्रीले भने,
"गुरुज्यू, तपाईं जताजता जानुहुन्छ, म
तपाईंको पछिपछि लाग्नेछु।" २० येशूले
तिनलाई भन्नुभयो, "फ्याउराहरूका प्वाल र
आकाशका चरा-चुरुङ्गीहरूका गुँड हुन्छन्, तर
मानिसको पुत्रको लागि त्रा शिर अड्याउने
ठाउँ पनि छैन।" २१ उहाँका चेलाहरूमध्ये
अर्को एउटाले भने, "हे प्रभु, मलाई गएर
पहिले मेरा बाबुलाई गाड्न दिनुहोस्।"
२२ तर येशूले तिनलाई भन्नुभयो, "मेरोपछि
लाग। मुर्दालाई तिनका आफ्नै मुर्दा गाड्न
देऊ।"

आँधीलाई शान्त पार्नुभएको

२३ अब उहाँ डुङ्गामा चढ्नुभएपछि
उहाँको चेलाहरू पछि लागे। २४ अनि
हेर, झीलमा ठूलो आँधी आयो, र डुङ्गा
छालहरूले ढाक्नलाग्यो। तर उहाँ चाहिं
निदाउनुभएको थियो। २५ औ तिनीहरू
आएर यसो भन्दै उहाँलाई बिउँझाए,

"बचाउनुहोस् प्रभु, हामीहरू नष्ट हुनलागयौं ।"
२६ उहाँले तिनीहरूलाई भन्नुभयो, "ए
अल्पविश्वासी हो, तिनीहरू किन डराउँछौ ?"
तब उठेर उहाँले बतास र झीललाई हकार्नुभयो,
र आँधी बिलकुल शान्त भयो । २७ अनि
"यिनी ता कस्ता मानिस हुन्, किनभने
बतास र झीलले पनि यिनका आज्ञा मान्दा
रहेछन्," भनी ती मानिसहरू छक्क परे ।

भूत लागेको मानिस

२८ जब उहाँ पारिपट्टि गदरिनीहरूको
मुलुकमा आइपुग्नुभयो, तब भूतहरूले ग्रस्त
पारेका दुइजनाले चिहानबाट निस्केर उहाँलाई
भेट गरे । जो यति डरलाग्दा थिए, कि
कोही पनि त्यहाँबाट ओहोर-दोहोर गर्नसक्तैन
थिए । २९ औ, तिनीहरू यसो भन्दै
चिच्याए, "हे परमेश्वरका पुत्र, हामीहरूको
तपाईंसँग के सरोकार ? के तपाईं बेला नपुग्दै
हामीहरूलाई सताउन यहाँ आउनुभएको
हो ?" ३० अब त्यहाँबाट अलि टाढामा
धेरै सूँगुरका एक बगाल चरिरहेको थियो ।
३१ औ भूतहरूले उहाँलाई यसो भनेर बिन्ती
गरे, "यदि तपाईंले हामीलाई निकाल्नुहुन्छ
भने, हामीलाई सूँगुरको बगालमा पठाइदिनु-
होस् ।" ३२ अनि उहाँले तिनीहरूलाई
भन्नुभयो, "जाओ ।" तब तिनीहरू निस्केर
सूँगुरहरूमा पसे । अब हेर, सूँगुरको जम्मै
बगाल बेगसित भीरतिरबाट समुद्रमा दगुरे,
र पानीमा नष्ट भए । ३३ तर सूँगुर
चराउनेहरू भागे, र शहरमा गएर सबै कुरा
र ती भूतहरूले ग्रस्त भएकाहरूलाई के भयो
सो समेत सुनाइदिए, ३४ र हेर, जम्मै
शहरले येशूलाई भेट गर्न उल्टेर आयो ।
उहाँलाई देखेर यसो भनी बिन्ती गर्‍यो,
"हामीहरूका सीमानाबाट निस्केर जानुहोस् ।"

पक्षवातीलाई निको पार्नुभएको

९ अनि उहाँ डुङ्गामा चढ़ेर वारि तर्नु
भयो, र आफ्नो शहरमा आउनुभयो ।
२ औ, मानिसहरूले खाटमा परिरहेको
एकजना पक्षवात भएको बिरामीलाई
उहाँकहाँ त्याए । येशूले तिनीहरूको विश्वास
देखेर पक्षवातीलाई भन्नुभयो, "हे पुत्र,
साहस गर । तिम्रा पाप तिमीलाई क्षमा
भयो ।" ३ औ, शास्त्रीहरूमध्ये कुनै कुनैले
आपसमा भने, "यिनीले ता परमेश्वरको
निन्दा गर्दारहेछन् ।" ४ येशूले तिनीहरूका
विचार बुझेर भन्नुभयो, "तिमीहरू किन
आफ्ना हृदयमा दुष्ट विचार गर्दछौ ?
५ किनकि कुन चाहिं सजिलो छ, 'तिम्रो
पाप क्षमा भयो' भन्नु, कि 'उठ र हिंड'
भन्नु ? ६ तर मान्छेको पुत्रलाई पृथ्वीमा
पाप क्षमा गर्ने अधिकार रहेछ भनी तिमी-
हरूले जान सक" भनेर (उहाँले त्यस
पक्षवातीलाई भन्नुभयो), "उठ तिम्रो बिस्तरा
बोक, र घर जाऊ ।" ७ अनि त्यो उठ्यो,
र आफ्नो घरतिर लाग्यो । ८ जब भीड़-
हरूले यो देखे, तब तिनीहरू डराए, र
मानिसहरूलाई यस्तो शक्ति दिने परमेश्वरको
प्रशंसा गरे ।

मत्तीलाई बोलावट भएको

९ येशू त्यहाँबाट जानुहुँदा मत्ती भन्ने
एउटा मानिसलाई महसूल उठाउने अड्डामा
बसिरहेका देख्नुभयो, र तिनलाई भन्नुभयो,
"मेरो पछि लाग ।" अनि तिनी उहाँको
पछि लागे ।
१० अनि घरमा उहाँ खान बस्नुभएको
बेला, धेरै महसूल उठाउनेहरू र पापीहरू
आएर येशू र उहाँका चेलाहरूका साथमा
खान बसे । ११ जब फरिसीहरूले त्यो देखे,
तब उहाँका चेलाहरूलाई भने, "किन
तिमीहरूका गुरु महसूल उठाउनेहरू र पापी-
हरूसित खान्छन् ?" १२ तर उहाँले यो
सुनेर भन्नुभयो, "निरोगीहरूलाई वैद्यको
आवश्यकता हुँदैन, तर रोगीहरूलाई मात्र ।
१३ तर तिमीहरू गएर सिक, यसको अर्थ

के हो ? 'म दया चाहन्छु, तर बलिदान
होइन।' किनकि म धर्मीलाई होइन, तर
पापीहरूलाई बोलाउन आएँ।"

उपवास

१४ तब यूहन्नाका चेलाहरूले उहाँकहाँ
आएर यसो भने, "किन हामीहरू र फरिसी-
हरू उपवास बस्तछौं, तर तपाईंका
चेलाहरू उपवास बस्तैनन् ?" १५ येशूले
तिनीहरूलाई भन्नुभयो, "के जन्तीहरूले,
दुलहा तिनीहरूसित हुँदा, शोक गर्छन
र ? तर ती दिन आउँछ जब दुलहा
तिनीहरूबाट अलग गरिनेछन्, तब
तिनीहरू उपवास बस्नेछन्। १६ कसैले
पुरानो वस्त्रमा नयाँ कपड़ाको टुक्रा टाल्दैन।
किनकि त्यस नयाँ टालाले वस्त्रलाई फटाउँछ,
र त्यो फटाइ बढ़ता खराब हुनजान्छ।
१७ औ पुराना छालाका भाँड़ामा नयाँ
दाखमद्य हालिँदैन, नत्रता छालाको भाँड़ा
फुट्छ, र दाखमद्य पोखिन्छ, र छाला
नष्ट हुन्छ। तर नयाँ दाखमद्य नयाँ छालाका
भाँड़ामा हाल्छन्, र दुवै जोगिन्छ।"

याइरसकी छोरी

१८ जब उहाँले तिनीहरूलाई यी कुरा
भन्नुहुँदै थियो, हेर, एउटा शासकले आएर
यसो भन्दै उहाँलाई प्रणाम गरे, "मेरी
छोरी अहिले मरी, तर आएर तपाईंको
हात त्यसमाथि राखिदिनुहोस्, र त्यो
बाँच्नेछ।" १९ येशू उठेर तिनको पछि
लाग्नुभयो, र उहाँका चेलाहरू पनि।
२० औ हेर, बाह्र वर्षदेखि रगत बहने
बेथा भएकी एउटी स्त्रीले पछिल्तिरबाट
आएर उहाँको वस्त्रको किनार छोई।
२१ किनकि त्यसले मनमनै भनेकी थिई,
"मैले उहाँको वस्त्र छोएँ भने मात्र पनि म
निको भइजानेछु।" २२ तर येशूले, फनक्क
फर्की त्यसलाई देखेर भन्नुभयो, "ए छोरी,
साहस गर, तिम्रो विश्वासले तिमीलाई निको
पारेको छ।" औ त्यो स्त्री त्यही घड़ीदेखि
निको भई। २३ अनि जब येशू शासकको
घरमा आइपुग्नुभयो, तब बाँसुरी बजाउनेहरू
र भीड़ले खैलाबैला मचाइरहेका देख्नुभयो,
२४ र उहाँले तिनीहरूलाई भन्नुभयो, 'हट,
हट। किनकि ठिटी मरेकी छैन, तर
निदाएकी छ।" औ तिनीहरूले चाहिं
उहाँको हाँसो गरे। २५ तर भीड़लाई
बाहिर निकालेपछि उहाँ भित्र पस्नुभयो,
र त्यसको हात समात्नुभयो, अनि त्यो ठिटी
जुरुक्क उठी। २६ तब यस कुराको यश
त्यस मुलकभरि फिँजियो।

दुइ अन्धा मानिस

२७ अब येशू त्यहाँबाट जानुहुँदा
दुइजना अन्धाहरू कराउँदै 'हे दाऊदका
पुत्र हामीमाथि दया गर्नुहोस्' भन्दै उहाँको
पछिपछि लागे। २८ औ उहाँ घरमा
आउनुभएपछि ती अन्धा मानिसहरू उहाँकहाँ
आए। येशूले तिनीहरूलाई भन्नुभयो, 'म
यो गर्नसक्छु भनी के तिमीहरू विश्वास
गर्दछौ ?' तिनीहरूले उहाँलाई भने, 'ज्यू,
प्रभु।' २९ तब उहाँले तिनीहरूका आँखा
छोएर भन्नुभयो, 'तिमीहरूको विश्वासअनुसार
तिमीहरूलाई होस्।' ३० अनि तिनीहरूका
आँखा खोलिए। येशूले यसो भनेर तिनी-
हरूलाई कड़ा आज्ञा दिनुभयो, 'हेर, यो
कुरो कसैले थाह नपाओस् है।' ३१ तर
तिनीहरूले निस्केर त्यस मुलकभरि उहाँको
यश फिँजाए।

भूत लागेको मानिस

३२ औ जब उहाँहरू निस्केर जानुहुँदै-
थियो, तब हेर, भूत लागेको एउटा लाटो
मानिस उहाँकहाँ ल्याइयो। ३३ भूत

निकालिएपछि त्यो लाटो बोल्यो, औ
'इस्राएल्मा कहिल्यै यस्तो देखिएन,' भनी
भीड़हरू छक्क परे। ३४ तर फरिसीहरूले
भने, 'भूतहरूका मालिकद्वारा त्यसले भूत
निकाल्दछ।'
३५ अनि येशू सब शहरहरू र गाउँ-
हरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै,
र राज्यको सुसमाचारको प्रचार गर्दै, र
हरेक किसिमका रोग र बिमार निको पार्दै
हिंड्नुभयो।
३६ तर भीड़हरूलाई देखेर उहाँको
हृदय तिनीहरूका निम्ति दयाले भरियो।
किनभने तिनीहरू गोठालो नभएका भेड़ाहरू
जस्तै हैरान भई तितर-बितर भएका थिए।
३७ तब उहाँले आफ्ना चेलाहरूलाई
भन्नुभयो, "फसल ता साँच्चिनै प्रशस्त छ,
तर खेतालाहरू भने थोरै छन्। ३८ यस-
कारण तिनीहरूले फसलका प्रभुलाई उहाँको
आफ्नो फसल्मा खेतालाहरू पठाइदिऊन् भनी
बिन्ती गर।"

बाह्र चेला र तिनका धार्मिक-कार्य

१० अनि उहाँले आफ्ना बाह्र चेलाहरू-
लाई बोलाएर अशुद्ध आत्माहरू
निकाल्ने र हरेक किसिमका रोग र
बिमारहरू निको पार्ने अधिकार तिनीहरूलाई
दिनुभयो।
२ अब बाह्र मुख्य चेलाहरूको नाउँ यी
हुन्, पहिलो पत्रुस भन्ने शिमोन, र तिनका
दाज्यू अन्द्रियास। जब्दीको छोरो याकूब, र
तिनको भाइ यूहन्ना। ३ फिलिप र
बारथोलोमाइ। थोमा र महसूल उठाउने
मत्ती। अल्फयसको छोरो याकूब, र
थेदियस। ४ शिमोन कनानी र इस्करयोतको
यहूदा, जसले उहाँलाई धोकाबाजी पनि
गर्‍यो।
५ यी बाह्रैलाई येशूले यसो भनी आज्ञा
दिएर पठाउनुभयो, 'अन्यजातिहरूका बाटोतिर
नजाओ, र सामरीहरूका शहरमा नपस।
६ तर इस्राएल्को घरानामा हराएका
भेड़ाहरूकहाँ जाओ। ७ 'स्वर्गको राज्य
नजीकै आइपुगेको छ,' भन्दै प्रचार
गर। ८ बिरामीहरूलाई निको पार,
मरेकाहरूलाई जगाओ, कोरीहरूलाई शुद्ध
पार, भूतहरूलाई निकाल। सित्तैमा पायौ,
सित्तैमा देओ। ९ तिमीहरूका पटुकामा
सुन, चाँदी, र तामा नलेओ। १० नता
सफरको निम्ति झोली, न दुइवटा दौरा,
न जुत्ता, न लौरो। किनभने खेताला
आफ्नो भोजनको योग्य हुन्छ। ११ औ
जुन शहर कि गाउँमा तिमीहरू पसौला,
त्यसमा 'को योग्य छ?' भनी सोधपूछ गर।
र जबसम्म तिमीहरू त्यहाँबाट निस्कँदैनौ
त्यसकहाँ बस। १२ औ घरभित्र पस्ता
त्यसलाई अभिवादन गर। १३ औ त्यो घर
योग्य रहेछ भने, तिमीहरूको शान्ति
त्यसमाथि रहोस्। तर त्यो योग्य रहेनछ
भने, तिमीहरूको शान्ति तिमीहरूमै फर्की
आओस्। १४ जसले तिमीहरूलाई ग्रहण
नगर्ला, र तिमीहरूको बात नसुन्ला त्यस
घर अथवा शहरबाट निस्कँदा तिमीहरूका
खुट्टाको धूलो टकटकाइदेओ। १५ म
तिमीहरूलाई साँच्चै भन्दछु, न्यायको दिनमा
त्यस शहरको गतभन्दा ता सोदोम र
गमोराको गत सहनसक्ने हुनेछ'।
१६ हेर, म तिमीहरूलाई ब्वाँसाका बीचमा
भेड़ाझैं गरी पठाउँछु, यसकारण तिमीहरू
सर्पझैं चनाखो र ढुकुरझैं सोझो होओ।
१७ तर मानिसहरूदेखि होशियार होओ।
किनभने तिनीहरूले तिमीहरूलाई अदालतमा
सुम्पिदिनेछन्, र तिनीहरूका सभाघरहरूमा
कोर्रा लाउनेछन्। १८ तिनीहरूलाई र
अन्यजातिहरूलाई साक्षीको निम्ति मेरो खातिर
हाकिमहरू र राजाहरूका सामुन्ने तिमीहरूलाई
खड़ा गराउनेछन्। १९ तर जब तिनीहरूले
तिमीहरूलाई सुम्पिदिन्छन्, तब कसरी र के
बोलौंला भनी फिक्री नगर। किनभने

तिमीहरूले के बोल्नुपर्ने हो, त्यही बेला
तिमीहरूलाई बताइनेछ। २० किनभने बोल्ने
तिमीहरू आफै हुनेछैनौ, तर तिमीहरूका
पिताका आत्मा तिमीहरूमा भएर बोल्नुहुनेछ।
२१ औ भाइले भाइलाई मृत्युको लागि
सुम्पिदिनेछ, र बाबुले छोरा-छोरीलाई, र
छोरा-छोरीहरू आमा-बाबुहरूका विरुद्धमा
उठ्नेछन्, र तिनीहरूलाई मार्न लाउनेछन्।
२२ औ मेरो नाउँको खातिर सबैबाट
तिमीहरू घृणित हुनेछौ। तर आखिरसम्म
सहने चाहिले उद्धार पाउनेछ। २३ तर
जब तिनीहरूले तिमीहरूलाई यस शहरमा
खेद्छन् तब अर्कोमा भाग। किनकि म
तिमीहरूलाई साँच्चै भन्दछु, मानिसको पुत्र
नआउञ्जेलसम्म तिमीहरू कुनै रीतिले
इस्राएलका शहरहरू पनि डुलिसकेको हुनेछैनौ।
२४ चेला गुरुभन्दा श्रेष्ठ हुँदैन, नता
नोकर मालिकभन्दा। २५ चेला आफ्ना
गुरु, र नोकर आफ्ना मालिकको बराबर
हुन यथेष्ट छ। तिनीहरूले घरको मालिकलाई
बालजिबुल भनेका छन् भने, उनका
घरानाकाहरूलाई झन् कति बढ़्ता गरी
भन्लान्? २६ यसकारण तिनीहरूसँग
नडराओ। किनभने ढाकिएर प्रकट नहुने
केही छैन, लुकेर थाह नहुने केही छैन।
२७ जो म तिमीहरूलाई अन्धकारमा भन्दछु,
त्यो तिमीहरूले उज्यालोमा भनिदेओ, र
जो तिमीहरूले कानमा सुन्छौ, त्यो घरका
धुरीबाट प्रचार गर। २८ शरीर मार्ने तर
आत्मालाई चाहिं घात गर्न नसक्नेहरूसँग
नडराओ। तर आत्मा र शरीर दुवैलाई
नरकमा नाश गर्नसक्नेसँग बरू डराओ।
२९ के एक पैसामा दुइ भँगेरा बिक्तैनन्?
तीमध्ये एउटा पनि तिमीहरूका पिताको
इच्छाविना भूइँमा खस्नेछैन। ३० तर तिमी-
हरूका शिरका केशहरू समेत पनि सबै गन्ती
भएका छन्। ३१ यसकारण तिमीहरू
नडराओ, तिमीहरू धेरै भँगेराहरूभन्दा बढ़्ता
मूल्यका छौ। ३२ यसकारण हरेक जसले
मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म
पनि उसलाई मेरा स्वर्गमा हुने पिताको
सामु स्वीकार गर्नेछु। ३३ तर हरेक जसले
मलाई मानिसहरूका सामु इन्कार गर्छ, म
पनि उसलाई मेरा स्वर्गमा हुने पिताको सामु
इन्कार गर्नेछु।
३४ म पृथ्वीमा मेल गराउन आएको
हुँ भनी नसम्झ। मेल गराउनालाई ता
होइन, तर तरवार चलाउनालाई म आएको
हुँ। ३५ किनकि म मानिसलाई उसको
बाबुको विरुद्धमा, र छोरीलाई उसकी
आमाको विरुद्धमा, र बुहारीलाई उसकी
सासूको विरुद्धमा अलग गराउन आएँ।
३६ मानिसका शत्रु ता उसको आफ्ना
परिवार भित्रकैहरू हुनेछन्। ३७ बाबु
अथवा आमालाई मभन्दा बढ़ता माया गर्ने
मेरो योग्यको हुँदैन र छोरा वा
छोरीलाई बढ़ता माया गर्ने मेरो योग्यको
हुँदैन। ३८ औ जो आफ्नो क्रूस उठाएर
मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको
हुँदैन। ३९ आफ्नो प्राण बचाउन खोज्नेले
त्यो गुमाउनेछ, औ आफ्नो प्राण मेरो
निम्ति गुमाउनेले त्यो बचाउनेछ।
४० तिमीहरूलाई ग्रहण गर्नेले मलाई
ग्रहण गर्दछ, र मलाई ग्रहण गर्नेले मलाई
पठाउनेलाई ग्रहण गर्दछ। ४१ अगमवक्तालाई
अगमवक्ताकै नाउँमा ग्रहण गर्नेले अगमवक्ताको
इनाम पाउनेछ। औ धर्मात्माको नाउँमा
धर्मात्मालाई ग्रहण गर्नेले धर्मात्माको इनाम
पाउनेछ। ४२ औ जसले यी सानाहरूमध्ये
एउटालाई चेलाको नाउँमा एक कचौरा चिसो
पानी मात्र भए पनि पिउन देला, म
तिमीहरूलाई साँच्चै भन्दछु, त्यसले कुनै
रीतिले त्यसको इनाम गुमाउनेछैन।"

११ अनि यसो भयो, आफ्ना बाह्र
चेलाहरूलाई आज्ञा गरिसकेपछि येशू
त्यहाँबाट तिनीहरूका शहर शहरमा सिकाउन
र प्रचार गर्नलाई जानुभयो।

बप्तिस्मा दिने यूहन्ना

२ अब यूहन्नाले झ्यालखानमा ख्रीष्टका
कामहरूको विषयमा सुनेर आफ्ना चेलाहरूद्वारा
उहाँकहाँ यसो भनेर पठाए—३ "के
आउनेवाला चाहिं तपाईंनै हुनुहुन्छ,
कि हामीहरू अर्कोको बाटो हेरौं ?"
४ येशूले तिनीहरूलाई भन्नुभयो, "गएर
यूहन्नालाई तिमीहरूले सुनेका र देखेका
कुराहरू सुनाइदेओ । ५ अन्धाहरू देख्तछन्,
र लङ्गडाहरू हिंड्दछन् । कोरीहरू शुद्ध
पारिएकाछन् । बहिराहरू सुन्छन् । मरेकाहरू
बिउँझाइन्छन्, र दरिद्रहरूलाई सुसमाचार
सुनाइन्छ । ६ जसले मसँग चित्त दुखाउँ-
दैन, त्यो धन्य हो ।" ७ अनि
तिनीहरू गएपछि यूहन्नाको विषयमा येशूले
भीड्हरूलाई भन्नलाग्नुभयो, 'तिमीहरू
उजाड्स्थानमा के हेर्न निस्क्यौ ? के बतासले
हल्लाइराखेको निगालोलाई ? ८ तर तिमीहरू
के हेर्न निस्क्यौ ? के नरम पोशाक लगाएका
मानिसलाई ? हेर, नरम वस्त्र लाउनेहरू
ता राजाहरूका घरमा हुन्छन् । ९ तर
तिमीहरू किन निस्क्यौ ? के अगमवक्ता
हेर्नलाई ? अँ, म तिमीहरूलाई भन्दछु,
अगमवक्ताभन्दा पनि श्रेष्ठलाई । १० यिनी
त्यही हुन् जसको विषयमा यस्तो
लेखिएको छ,

'हेर, म आफ्नो दूतलाई तिम्रो
अगिअगि पठाउँछु,
जसले तिम्रो सामने तिम्रो बाटो
तयार गर्नेछ' ।

११ म तिमीहरूलाई साँच्चै भन्दछु,
मानिसमध्ये बप्तिस्मा दिने यूहन्नाभन्दा
ठूलो कोही उठेको छैन । तरैपनि
स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ,
त्यो यिनीभन्दा ठूलो हो । १२ औ बप्तिस्मा
दिने यूहन्नाका दिनेदेखि यसो अहिलेसम्म
स्वर्गको राज्यमा बलजफत हुँदैछ, र बलजफत
गर्ने मानिसहरूले जबरदस्तसँग खोस्तछन् ।
१३ किनकि सबै अगमवक्ताहरू र व्यवस्थाले
यूहन्नासम्मनै अगमवाणी गरेका छन् ।
१४ औ तिमीहरू ग्रहण गर्न राजी हुन्छौ
भने, आउनु पर्ने एलिया यिनै हुन् ।
१५ जसको सुन्ने कान छ, त्यसले
सुनोस् । १६ अब यस पुस्ताको तुलना म
केसित गरूँ ? यो बजारमा खेल्ने ससाना
केटाकेटीहरू जस्तो हो, जसले तिनीहरूका
साथीहरूलाई बोलाउँछन्, १७ र भन्दछन्,
'हामीहरूले तिमीहरूका निम्ति बाँसुरी
बजायौं, र तिमीहरू नाचेनौ । हामीहरूले
विलाप गर्‍यौं, र तिमीहरूले अफसोस
गरेनौ ।' १८ किनभने यूहन्ना खाँदै पिउँदै
आएनन्, र तिमीहरू उसलाई भूत लागेको छ
भनी भन्दछौ । १९ मानिसको पुत्र खाँदै र
पिउँदै आयो, र तिनीहरू भन्दछन्, 'हेर,
एउटा घिचुवा र जँड्याहा, महसूल उठाउने
र पापीहरूका मित्र ! औ बुद्धि चाहिं
उसका कामहरूबाट योग्य ठहरिन्छ ।"

विश्वास नगर्नेहरूलाई धिक्कार

२० तब जुन जुन शहरमा उहाँका धेर
जसो शक्तिशाली कामहरू भएका थिए,
उहाँले तिनलाई हप्काउन लाग्नुभयो ।
किनभने तिनले पश्चाताप गरेनन् ।
२१ "धिक्कार तँलाई, ए कोराजिन !
धिक्कार तँलाई, ए बेथसेदा ! किनकि
तिमीहरूमा भएका शक्तिशाली कामहरू टायर
र सायडनमा भएदेखि तिनीहरूले उहिलेनै
भाङ्ग्रा र खरानी लाएर पश्चाताप
गरिसक्नेथिए । २२ तापनि म तिमीहरूलाई
भन्दछु, न्यायको दिनमा तिमीहरूकोभन्दा ता
टायर र सायडनको हालत बढ़्ता सहनसक्ने
हुनेछ । २३ औ ए कफर्नहुम, के तँ
स्वर्गसम्म उचालिनेछस् र ? तँ नरकसम्म
झारिनेछस् । किनकि तँमा भएका शक्तिशाली
कामहरू सदोममा भएका भएदेखि ता त्यो
आजको दिनसम्म रहिरहने थियो ।

२४ तापनि म तिमीहरूलाई भन्दछु, न्यायको
दिनमा तेरोभन्दा ता सदोम मुलुकको दशा
बढ़ता सहनसक्ने हुनेछ।
२५ त्यस बेला येशूले भन्नुभयो, "हे
पिता स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंमा
धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा
बुद्धिमान र समझदारबाट छिपाउनुभयो,
तर बालकहरूलाई ती प्रकट गर्नुभयो।
२६ हे पिता, किनकि तपाईंको दृष्टिमा
यही असल लाग्यो।
२७ सबै थोक मलाई मेरा पिताबाट
सुम्पिएका छन्, र पिताबाहेक अरू कसैले
पुत्रलाई चिन्दैन, औ नता पुत्र तथा पुत्रले
प्रकट गर्न इच्छा गरेकोले बाहेक अरू
कसैले पितालाई चिन्छ। २८ हे सबै मेहनत
गर्ने, र बोझले दबिएका हो! मकहाँ
आओ, म तिमीहरूलाई विश्राम दिनेछु।
२९ मेरो जुवा तिमी आफैले बोक, र मसँग
सिक। किनभने म विनयी, र नम्र हृदयको
छु। अनि तिमीहरूले आफ्ना आफ्ना
आत्मामा विश्राम पाउनेछौ। ३० किनकि
मेरो जुवा सजिलो र मेरो भारी
हलका छ।"

विश्राम दिनको प्रति-पालन

१२ त्यस बखत येशू विश्रामको दिन
अन्नका खेतहरूबाट भएर जानुहुँदै
थियो, र उहाँका चेलाहरू भोकाएका हुँदा
अन्नका बाला टिप्न र खानलागे। २ तर
फरिसीहरूले यो देखेर उहाँलाई भने, "हेर,
तिम्रा चेलाहरू विश्रामको दिन जे गर्नु
अनुचित छ त्यही गर्दछन्।" ३ तर
उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले,
तिनी र तिनीसँग हुनेहरू भोकाउँदा के
गरेथे, के तिमीहरूले पढ़ेका छैनौ?
४ कसरी तिनी परमेश्वरको घरभित्र पसेर
नैवेद्यका रोटीहरू खाए? जो खान नता
तिनलाई, न तिनीसँग हुनेहरूलाई, तर केवल
पूजाहारीहरूलाई मात्र उचित थियो।
५ अथवा के व्यवस्थामा पढ़ेका छैनौ,
कसरी विश्रामको दिनमा पूजाहारीहरूले
मन्दिरमा विश्रामको दिनलाई अपवित्र
तुल्याउँछन्, र पनि निर्दोष ठहरिन्छन्?
६ तर म तिमीहरूलाई भन्दछु, 'मन्दिरभन्दा
ठूलो यहाँ एक जना छ।' ७ तर 'म
दया चाहन्छु बलि होइन' भनेको अर्थ के
हो सो तिमीहरूले जानेका भए तिमीहरूले
निर्दोषलाई दोष लाउने थिएनौ। ८ किनकि
मान्छेको पुत्र विश्राम-दिनको प्रभु हो।"
९ त्यहाँबाट निस्केर उहाँ तिनीहरूको
सभाघरमा जानुभयो। १० औ त्यहाँ हात
सुकेको एउटा मानिस थियो। औ तिनीहरूले
उहाँलाई दोष लगाउनालाई उहाँसित यसो
भनेर सोधे, "के विश्रामको दिनमा कसैलाई
निको पार्नु उचित छ?" ११ तर उहाँले
तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये को
होला जसको एउटा मात्र भेड़ा छ, र
त्यो विश्रामको दिनमा खाल्डामा खस्यो
भने उसले समातेर त्यसलाई निकाल्दैन
र? १२ भेड़ाभन्दा मानिस कति बढ़ता
किम्मती हो? यसैकारण विश्रामको दिनमा
भलो गर्नु उचित छ।" १३ तब उहाँले
त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात
पसार।" औ त्यसले हात पसाऱ्यो, र त्यो
अर्को जस्तै ठीक भइगयो।

येशूलाई मार्ने षड़यन्त्र

१४ तर फरिसीहरूले बाहिर गएर
'उहाँलाई कसरी नाश गरौं' भनेर उहाँको
विरुद्धमा मतो गरे। १५ तब यो थाह
पाएर येशू त्यहाँबाट पन्सिनुभयो र धेरै जना
उहाँको पछि लागे, र उहाँले ती सबैलाई
निको तुल्याउनुभयो, १६ औ उहाँलाई प्रकट
नगराउनू भन्ने कड़ा आदेश तिनीहरूलाई
दिनुभयो। १७ यशैया अगमवक्ताद्वारा
बोलिएको यसो भन्ने बचन पूरा होस्,

१८ "हेर, मेरो दास जसलाई मैले
छानें, मेरो प्रिय, जससँग मेरो आत्मा
साह्रै खुशी छ।
म आफ्नो आत्मा तिनमा राखिदिनेछु,
र तिनले अन्यजातिहरूलाई न्यायको
फैसला सुनाइदिनेछन्।
१९ तिनी नता झगड़ा गर्नेछन् न साह्रै
चिच्याउनेछन्।
नता कसैले तिनको सोर गल्लीहरूमा
सुन्नेछ।
२० फुटेको निगालो पनि तिनले भाँच्नेछैनन्,
र धुँवा निस्किरहेको सलेतो तिनले
निभाउनेछैनन्।
जबसम्म तिनले न्यायलाई विजयमा
पुर्‍याउँदैनन्।
२१ औ उनैको नाउँमा अन्यजातिहरूले
आशा राख्नेछन्।"
२२ तब उहाँकहाँ एक जना अन्धो,
लाटो र भूत लागेकोलाई ल्याइयो, र
उहाँले त्यसलाई निको पार्नुभयो, यतिसम्म
कि, त्यो लाटो मानिस बोल्यो र देख्ने भयो।
२३ अनि सबै भीड़हरूले अचम्म मानेर
भने, "के यिनी दाऊदका पुत्र हुन्?"
२४ तर फरिसीहरूले यो सुनेर भने, "यस
मानिसले विना भूतको मालिक, बालजिबुल-
द्वारा भूतहरूलाई धपाउँदैन।" २५ तर
उहाँले तिनीहरूका विचार थाह पाएर
तिनीहरूलाई भन्नुभयो, "हरेक राज्य आफ्नै
विरुद्धमा अलग अलग भएको छ भने
उजाड़ पारिन्छ, र हरेक शहर अथवा
घर आफैमा फाटो पर्‍यो भने टिक्नेछैन।
२६ औ यदि शैतानले शैतानलाई निकाल्दछ
भने, त्यसको आपसमा फाटो पर्छ। तब
त्यसको राज्य कसरी टिक्न सक्नेछ र?
२७ औ मैले बालजिबुलद्वारा भूतहरू
धपाउँदैछु भने, तिमीहरूका छोराहरूले चाहिं
कोद्वारा निकाल्छन्? यसकारण तिनीहरूनै
तिमीहरूका न्यायाधीश हुनेछन्। २८ तर
म परमेश्वरका आत्माद्वारा भूतहरू धपाउँछु
भने, त परमेश्वरको राज्य तिमीहरूमा
आइसकेको छ। २९ अथवा पहिले बलियो
मानिसलाई नबाँधीकन, कसैले बलियो मानिसको
घरभित्र पसेर उसका मालताल कसरी
लूट्नसक्छ र? र तब त्यसले उसको घर
लुट्नेछ। ३० जो मसित छैन, त्यो मेरो
विरुद्धमा छ, र जसले मसित बटुल्दैन उसले
छर्दछ। ३१ त्यसैकारण म तिमीहरूलाई
भन्दछु, 'हरेक पाप र परमेश्वरको
निन्दा मानिसहरूलाई क्षमा हुनेछ। तर
पवित्र आत्माको विरुद्धका निन्दा क्षमा
हुनेछैन्।' ३२ औ कसैले मानिसको पुत्रको
विरुद्धमा बोल्यो भने त्यसलाई क्षमा हुनेछ,
तर कसैले पवित्र आत्माको विरुद्धमा बोल्यो
भने त्यो त्यसलाई यस जगत्मा, वा आउने
जगत्मा क्षमा हुनेछैन। ३३ कित रूख
असल र त्यसको फल असल पार, कि रूख
सड़ेको र त्यसको फल सड़ेको पार। किनभने
फलबाटै रूख चिनिन्छ। ३४ ए सर्पका
बच्चा हो, तिमीहरू दुष्ट भएर असल कुरा
कसरी बोल्नसक्छौ? किनभने हृदयमा
भरिएका कुरानै मुखले बोल्दछ। ३५ असल
मानिसले असल ढुकुटीबाट असलै कुराहरू
झिक्नेछ। तर दुष्ट मानिसले दुष्ट ढुकुटीबाट
दुष्टै कुराहरू झिक्तछ। ३६ औ म
तिमीहरूलाई भन्दछु, 'हरेक व्यर्थ कुरा जो
मानिसहरू बोल्दछन्, न्यायको दिनमा
तिनीहरूले सबको हिसाब दिनु पर्नेछ।'
३७ किनकि तिम्रा आफ्नै वचनहरूले तिमी
धर्मी ठहरिनेछौ, औ तिम्रा आफ्नै वचनहरूले
तिमी दोषी ठहरिनेछौ।"
३८ तब शास्त्रीहरू र फरिसीहरूमध्ये
कुनै कुनैले जवाफ दिएर उहाँलाई भने,
"गुरुज्यू, हामी तपाईंबाट एउटा चिह्न
हेर्नचाहन्छौं।" ३९ तर उहाँले तिनीहरूलाई
जवाफ दिएर भन्नुभयो, "दुष्ट र व्यभिचारी
पुस्ताले चिह्न खोज्दछ। औ त्यसलाई योना
अगमवक्ताको चिह्नबाहेक अरू चिह्न दिइनेछैन।
४० किनकि जंसरी योना ठूलो माछाको

पेटभित्र तीन दिन र तीन रात थियो,
उसरीनै मानिसको पुत्र पनि पृथ्वीको पेटभित्र
तीन दिन र तीन रात रहनेछ।
४१ निनवेका मानिसहरू न्यायमा यस
पुस्ताको साथ खड़ा हुनेछन्, र यसलाई
दोषी ठहराउनेछन्, किनकि तिनीहरूले
योनाको प्रचारमा पश्चाताप गरेथे, तर हेर,
योनाभन्दा श्रेष्ठ यहाँ छ। ४२ दक्षिणको
महारानी न्यायमा यस पुस्ताको साथमा खड़ा
हुनेछन्, र यसलाई दोषी ठहराउनेछन्,
किनकि तिनी पृथ्वीका अन्तदेखि सुलेमानको
ज्ञान सुन्नालाई आइन्, औ हेर, सुलेमान-
भन्दा श्रेष्ठ यहाँ छ।

अपूर्ण सुधारबाट हुने खतरा

४३ तर जब अशुद्ध आत्मा मानिसबाट
निस्केर जान्छ, त्यो ओबानो ठाउँतिर विश्राम
खोज्दै हिंड्छ, र पनि भेट्टाउँदैन। ४४ तब
त्यसले भन्छ, 'म आफ्नै घरमा फर्किजानेछु,
जहाँबाट म निस्केर आएँ।' औ त्यो आएर
यसलाई रित्तो, सफा गरी राखेको, र
सजिएको भेट्टाउँछ। तब त्यो जान्छ,
४५ र त्यसभन्दा बढ़ता दुष्ट अरू सातवटा
भूतात्माहरू त्यससँग ल्याउँछ, र भित्र पसेर
तिनीहरू त्यहाँ बास गर्छन्, र त्यस
मानिसको पछिल्लो दशा पहिलेभन्दा ज्यादै
खराब हुन्छ। यस दुष्ट पुस्तालाई पनि
यसैनै हुनेछ।"
४६ जब उहाँ भीड़हरूसँग बोलिरहनु-
भएको थियो, उहाँकी आमा, र उहाँका
भाइहरू उहाँसँग बात गर्नलाई बाहिर खड़ा
भए। ४७ तब एक जनाले उहाँलाई
भन्यो, "हेर्नुहोस्, तपाईंकी आमा र
तपाइंका भाइहरू बाहिर खड़ा छन्, तपाईंसँग
कुरा गर्न खोजदछन्।" ४८ तर
उहाँसित बोल्नेलाई उहाँले भन्नुभयो, "मेरो
आमा को हुन्? मेरा भाइहरू को हुन्?"
४९ औ उहाँले आफ्नो हात चेलाहरूतिर
पसारेर भन्नुभयो, "हेर, मेरो आमा र मेरा
भाइहरू। ५० किनभने जसले स्वर्गमा
हुनुहुने मेरा पिताको इच्छा पालन गर्दछ,
त्यही मेरो भाइ, र मेरो बहिनी, र मेरो
आमा।"

बिउ छर्नेको उखान

१३ त्यही दिन येशू घरबाट निस्केर
समुद्रको किनारमा बस्नुभयो, २ औ
यति अपार भीड़ उहाँको नजीक जम्मा
भए, कि उहाँ डुङ्गामा चढ़ेर बस्नुभयो।
र ती सबै भीड़ किनारमा खड़ा भए।
३ अनि उहाँले तिनीहरूलाई यसो भनेर धेरै
कुरा उखानहरूमा भन्नुभयो, "हेर, एउटा बिउ
छर्ने बिउ छर्नलाई निस्क्यो। ४ औ छर्दा
हुँदि केही बिउ बाटोतिर परे, र चरा-
चुरुङ्गीले आएर ती खाइदिए। ५ औ
केही ढुङ्गेनी जमीनमा परे, जहाँ धेर
माटो थिएन। र गहीरो माटो नभएकोले
ती छिट्टै उम्रे। ६ औ जब घाम लाग्यो
ती ओइलाए, र जरा नभएकोले ती
सुकिहाले। ७ औ अरूहरू चाहिँ काँढ़ा-
हरूमा परे, तर काँढ़ाले बढ़ेर तिनलाई
निसासिदिए। ८ अरू कुनै चाहिँ असल
जमीनमा परे, र कुनैले सय, कुनैले साठी,
कुनैले तीस गुणा फल दिए। ९ जसको
कान छ, त्यसले सुनोस्।"

उखानको प्रयोग

१० अनि चेलाहरू आएर उहाँलाई
भने, "तपाईं तिनीहरूसित किन उखानमा
बोल्नुहुन्छ?" ११ औ उहाँले तिनीहरूलाई
जवाफ दिएर भन्नुभयो, "तिमीहरूलाई
ता स्वर्गको राज्यको रहस्यको ज्ञान दिइएको
छ, तर तिनीहरूलाई दिइएको छैन।
१२ किनकि जससँग छ, त्यसलाई
दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ; तर

जससँग छैन भएको पनि त्यससँगबाट
खोसिनेछ। १३ यसैकारण म तिनीहरूसित
उखानहरूमा बोल्दछु, किनभने हेरेर पनि
तिनीहरू देख्दैनन्, सुनेर पनि तिनीहरू
सुन्दैनन्, नता तिनीहरू बुझ्दछन्। १४ औ
तिनीहरूमा यशैयाको अगमवाणी पूरा हुन्छ,
जसले भन्दछन्,

"सुन्न ता सुन्छौ, तर कुनै किसिमले
बुझ्दैनौ,
'हेर्न ता हेर्छौ, तर कुनै किसिमले
देख्दैनौ।
१५ किनकि यी मानिसहरूको मन भद्दा
भएको छ,
औ तिनीहरूका कान सुन्नमा ढीला
भएका छन्,
र तिनीहरूले आफ्ना आँखा चिम्लेका
छन्,
नत्रता तिनीहरूले आँखाले देख्नेथिए,
कानले सुन्नेथिए,
हृदयले बुझ्नेथिए,
मतर्फ फर्कनेथिए।
र म तिनीहरूलाई निको पार्नेथिएँ।'

१६ तर तिमीहरूका आँखा धन्य हुन्,
किनकि तिनले देख्दछन्। औ तिमीहरूका
कान, किनकि तिनले सुन्छन्। १७ म तिमी-
हरूलाई साँच्चै भन्दछु, 'धेरै अगमवक्ताहरूले
र धर्मात्माहरूले तिमीहरूले देखेका कुरा हेर्न
साह्रै इच्छा गरेथे, तर देखेनन्। र
तिमीहरूले सुनेका कुरा सुन्नलाई साह्रै इच्छा
गरेथे, तर सुनेनन्'।

उखानको अर्थ

१८ तिमीहरू बिउ छर्नेको उखान सुन।
१९ जब कसैले राज्यको वचन सुन्छ, र
बुझ्दैन, तब दुष्ट आउँछ र त्यसको हृदयमा
जे छरिएको थियो त्यो खोसेर लैजान्छ।
बाटोतिर छरिएको चाहिं त्यही हो।
२० ढुङ्गेनी जमीनमा छरिएको चाहिं त्यो
हो, जसले वचन सुन्ने बित्तिकै खुशीले झट्टै
त्यो स्वीकार गर्दछ। २१ तर त्यसको आफ्नै
जरा नभएकोले त्यो थोरै बेरसम्म रहन्छ।
र वचनको कारणले कष्ट कि खेदो परिआउने
बित्तिकै ठेस खान्छ। २२ काँढाहरूमा
छरिएको चाहिं त्यो हो, जसले वचन सुन्छ,
र यस संसारको फिक्री र धनसम्पत्तिको
मायाले वचनलाई निसासिदिन्छ, र त्यो
फल नदिने हुन्छ। २३ तर असल जमीनमा
छरिएको चाहिं त्यो हो, जसले वचन सुन्छ,
र बुझ्दछ, र साँच्चै फल फलाउँछ, र
कुनैले सय, कुनैले साठी र कुनैले तीस गुणा
फलाउँछ।"

सामाको उखान

२४ उहाँले यसो भन्दै तिनीहरूका सामु
अर्को उखान राखिदिनुभयो, "स्वर्गको राज्य
एउटा मानिस जस्तो हो। जसले आफ्नो
खेतमा असल बिउ छर्‍यो। २५ तर
मानिसहरू सुतेका बेलामा उसको शत्रु आयो,
र गहुँका बीच बीचमा सामा छरेर गयो।
२६ तर जब बोट निस्केर फल फल्यो,
त्यसबेला सामा पनि देखा पर्‍यो।
२७ औ घरका मालिकका चाकरहरूले
आई उसलाई भने, 'हजूर, के तपाइंले
आफ्नो खेतमा असल बिउ छर्नुभएको
होइन ? त त्यहाँ सामा कहाँबाट
आयो ?' २८ अनि उसले तिनीहरूलाई
भन्यो, 'कुनै शत्रुले यसो गरेको हो।'
औ चाकरहरूले उसलाई भने, 'त
के हामी गएर ती बटुलौं भन्ने तपाइंको
इच्छा छ ?' २९ तर उसले भन्यो, 'अहँ,
नत्रता तिमीहरूले सामा बटुल्दा गहुँ समेत
उखेल्छौ। ३० फसलको समयसम्म दुवैलाई
सँगसँगै बढ्न देओ। र फसलको बेलामा म
खेतालाहरूलाई भन्नेछु, पहिले सामा बटुलेर
जलाउनालाई बिटा बिटा बाँध, तर गहुँ
चाहिं मेरो धनसारमा हाल।"

रायोको बिउ र खमीरका उखानहरू

३१ उहाँले यसो भन्दै तिनीहरूका सामु
अर्को उखान राखिदिनुभयो, "स्वर्गको
राज्य रायोको एउटा गेड़ा जस्तो हो
जो एउटा मानिसले लिएर आफ्नो
बारीमा रोप्यो, ३२ जो सब बिउहरूमा
सानो हुन्छ, तर जब बढ्छ, तब त्यो साग-
पातहरूभन्दा ठूलो हुन्छ र रूखनै भइहाल्छ।
र आकाशका चरा-चुरुङ्गीहरू आएर त्यसका
हाँगामा बास बस्छन्।" ३३ उहाँले तिनी-
हरूलाई अर्को उखान भन्नुभयो, "स्वर्गको
राज्य खमीर जस्तो हो, जो एउटी स्त्रीले
तीन पाथी गहुँको पीठोमा त्यो जम्मै खमीरी
नहोउञ्जेल लुकाई राखी।"

३४ येशूले यी सबै कुरा उखानहरूमा
भीड़हरूलाई भन्नुभयो। औ विना उखान
उहाँले तिनीहरूलाई केही पनि भन्नुभएन।
३५ "म उखानहरूमा आफ्नो मुख खोल्नेछु,
संसारको उत्पत्तिदेखि लुकाइराखिएका कुरा
म जाहेर गर्नेछु।" भन्ने अगमवक्ताद्वारा
बोलिएको कुरो पूरा होस्।

सामाको उखानको अर्थ

३६ तब उहाँ भीड़हरूलाई छोड़ेर घरमा
जानुभयो, र उहाँका चेलाहरूले उहाँकहाँ
आएर भने, "हामीहरूलाई खेतको सामाको
उखानको अर्थ बताइदिनुहोस्।" ३७ उहाँले
तिनीहरूलाई जवाफ दिएर भन्नुभयो,
"असल बिउ छर्ने मानिसको पुत्र हो।
३८ औ खेत संसार हो। असल बिउ
जो हुन्, ती राज्यका सन्तान हुन्,
र सामा दुष्टका सन्तान हुन्। ३९ तिनलाई
छर्ने शत्रु शैतान हो, फसलको समय
चाहिं जगत्को अन्त हो। औ खेतालाहरू
स्वर्गदूतहरू हुन्। ४० जसरी सामा बटुलेर
आगोमा भस्म गरिन्छ, त्यस्तै जगत्को
अन्तमा पनि हुनेछ। ४१ मानिसको
पुत्रले आफ्ना दूतहरू पठाउनेछ, र सबै
बाधा पार्ने कुराहरू र अधर्म गर्नेहरूलाई
तिनीहरूले उसको राज्यबाट बटुल्नेछ,
४२ र तिनीहरूलाई आगोको धूनिमा
फालिदिनेछन्, त्यहाँ रूवावासी र दाहा
किटाइ हुनेछ। ४३ तब धर्मीहरू आफ्ना
पिताको राज्यमा सूर्य जस्ता चम्किला हुनेछन्।
जसको कान छ, त्यसले सुनोस्।

स्वर्गका राज्य

४४ स्वर्गको राज्य खेतमा गाड़ी
राखेको धन जस्तो हो, जो एउटा मानिसले
भेटेर लुकाई राख्यो, र आनन्दित भएर
उसले आफूसँग भएको सबै बेच्यो, र त्यो
खेत किन्यो।

४५ फेरि स्वर्गको राज्य असल मोतीहरू
खोज्ने एउटा व्यापारी जस्तो हो, ४६ र
त्यसले एउटा बहुमूल्य मोती भेट्टाएपछि गएर
आफूसँग भएका सबै बेचेर त्यो किन्यो।

४७ फेरि स्वर्गको राज्य समुद्रमा
हालेको एउटा महाजाल जस्तो हो, जसले
किसिम किसिमका माछाहरू जम्मा गरेर
ल्यायो। ४८ जो भरिए पछि तिनीहरूले
किनारमा तानी निकाले, र बसेर असल
जत्ति भाँड़ाहरूमा जम्मा गरे, र खराब
जत्तिलाई बाहिर फाले। ४९ जगत्को
अन्तमा यस्तै हुनेछ, स्वर्गदूतहरूले आएर
दुष्टहरूलाई धर्मीहरूको बीचबाट छुट्याउनेछन्।
५० र तिनीहरूलाई आगोको धूनिमा
फालिदिनेछन्, जहाँ रूवाबासी र दाहा
किटाइ हुनेछ।

५१ के तिमीहरूले यी सबै कुरा
बुझ्यौ?" तिनीहरूले उहाँलाई भने, "ज्यू
प्रभु।" ५२ अनि उहाँले तिनीहरूलाई
भन्नुभयो, "यसकारण स्वर्गको राज्यको लागि
शिक्षा पाएको हरेक शास्त्री एक जना घरको
मालिक जस्तो हो, जसले आफ्नो ढुकुटीबाट
नयाँ र पुराना चीजहरू बाहिर झिक्तछ।"

मानिसहरूले नासरतमा येशूलाई इन्कार गरेका

५३ यी उखानहरू बताइसक्नुभएपछि येशू
त्यहाँबाट जानुभयो। ५४ औ आफ्नो निज
देशमा आएर उहाँले तिनीहरूको सभाघरमा
तिनीहरूलाई यस्तो शिक्षा दिनुभयो, कि
तिनीहरूले छक्कै परेर भने, "यिनलाई यो
बुद्धि र शक्तिका काम कहाँबाट प्राप्त भयो?
के यिनी सिकर्मीका छोरा होइनन्? ५५ के
यिनका आमाको नाउँ मरियम, र यिनका
भाइहरू याकूब, यूसुफ, शिमोन र यहूदा
होइनन्? ५६ औ के यिनका बहिनीहरू सबै
हामीहरूसित छैनन् र? यिनलाई चाहिं
यी सबै कुरा कहाँबाट प्राप्त भयो?"
५७ अनि तिनीहरू उहाँसँग चिढ़िए। तर
येशूले तिनीहरूलाई भन्नुभयो, "अगमवक्तालाई
आफ्नै निज मुलुक र आफ्नै निज घरमा
बाहेक अन्यत्र सबैठाउँमा आदर हुन्छ।"
५८ औ तिनीहरूको अविश्वासले गर्दा उहाँले
त्यहाँ शक्तिको धेरै काम गर्नुभएन।

बप्तिस्मा दिने यूहन्नाको मृत्यु

१४ त्यस बेला देशको चौथाइका राजा
हेरोदले येशूको कीर्ति सुने। २ औ
आफ्ना चाकरहरूलाई भने, "यिनी बप्तिस्मा
दिने यूहन्ना हुन्, उनी मुर्दाबाट बिउँतेछन्,
यसैकारण यी शक्तिले उनमा काम गर्दछन्।"
३ किनभने हेरोदले आफ्नो भाइ,
फिलिपकी स्वास्नी हेरोदियासको खातिरमा
यूहन्नालाई पक्री बाँधेर झ्यालखानमा
हालेका थिए। ४ किनकि यूहन्नाले उनलाई
भनेका थिए, "तपाईंले तिनलाई राख्नु
उचित होइन।" ५ औ तिनले उनलाई
मार्ने इच्छा गरेका थिए, तर जनतादेखि
डराए, किनभने तिनीहरूले उनलाई अगम-
वक्ता ठान्थे। ६ तर जब हेरोदको
जन्मदिन आयो, तब हेरोदियासकी छोरीले
तिनीहरूका बीचमा नाचेर हेरोदलाई खुशी
पारी। ७ त्यसो हुँदा तिनले "तैंले जे
मागे पनि दिनेछु" भनी प्रतिज्ञा गरे।
८ तर आफ्नो आमाले सिकाइराखेको
हुँदा त्यसले भनी, "मलाई बप्तिस्मा
दिने यूहन्नाको शिर यहीं थालमा
दिनुहोस्।" ९ अब राजा साह्रै दुःखित
भए, तर आफ्ना शपथ र भोजमा
सँगै बस्नेहरूको कारण तिनले त्यो
दिने हुकूम गरे। १० औ तिनले पठाएर
झ्यालखानमा यूहन्नाको शिर काटून
लगाए। ११ औ उनको शिर थालमा
ल्याएर त्यस ठिटीलाई दिइयो। औ त्यसले
त्यो आफ्नी आमाकहाँ ल्याई। १२ अनि
उनका चेलाहरू आएर लाश लगेर गाड़े, र
गएर येशूलाई खबर दिए।

येशूले पाँच हजारलाई खुवाउनुभएको

१३ अनि यो सुनेर येशू डुङ्गामा चढ़ी
त्यहाँबाट अलग्गै एउटा एकान्त ठाउँमा
जानुभयो, र जब भीड़ले यो सुने तब
शहरबाट पैदलै उहाँका पछिपछि लागे।
१४ औ निस्केर एउटा ठूलो भीड़लाई
देखी उहाँले तिनीहरूलाई ठिटाउनुभयो
र तिनीहरूका बिरामीहरूलाई निको
पारिदिनुभयो। १५ अब साँझ परेपछि
चेलाहरू यसो भन्दै उहाँकहाँ आए, "यो
एकान्त ठाउँ छ, र बेला बितिसक्यो
भीड़हरूलाई बिदा दिनुहोस्, र तिनीहरूले
गाउँमा गएर आफ्ना लागि खानेकुरो
किनून्।" १६ तर येशूले तिनीहरूलाई
भन्नुभयो, "तिनीहरूलाई जानु खाँचो छैन।
तिमीहरूलेनै तिनीहरूलाई खान देओ।"
१७ तर तिनीहरूले उहाँलाई भने, "यहाँ
हामीहरूसित पाँच रोटी र दुइ माछा
सिवाय अरू केही छैन।" १८ तब उहाँले
भन्नुभयो, "ती यहाँ मकहाँ ल्याओ।"
१९ तब उहाँले भीड़हरूलाई चउरमा बस्ने

आज्ञा दिनुभयो, र ती पाँच रोटी र दुइ माछा
लिएर स्वर्गतिर हेरीकन आशीर्वाद गर्नुभयो,
र भाँचेर रोटीहरू चेलाहरूलाई दिनुभयो,
र चेलाहरूले भीड़हरूलाई दिए। २० औ
ती सबैले अघाउञ्जेल खाए, र उब्रेका
टुक्राहरू तिनीहरूले बाह्रवटा डालामा भरे।
२१ औ खानेहरू स्त्रीहरू र केटा-केटीहरू
छोड़ेर, पाँच हजार जति मानिसहरू थिए।
२२ अनि उहाँले भीड़हरूलाई बिदा
गरूञ्जेल चेलाहरूलाई चाहिँ तुरुन्तै डुङ्गामा
पसी उहाँभन्दा अगिअगि पारि पट्टि जाने
कड़ा आज्ञा दिनुभयो। २३ औ भीड़हरूलाई
बिदा गरिसकेपछि उहाँ डाँड़ामा अलग्गै
प्रार्थना गर्नालाई उक्लनुभयो। अब साँझ
पर्दा उहाँ एक्लै त्यहाँ हुनुहुन्थ्यो।
२४ तर अब डुङ्गा चाहिँ समुद्रको
बीचमा थियो, र बतासको विरुद्धमा
हुनाले छालहरूले त्यो उफार्दै थियो।
२५ तब रातको चौथो पहरमा उहाँ
समुद्रमाथि हिँड़दै तिनीहरूकहाँ आउनुभयो।
२६ औ जब चेलाहरूले उहाँलाई समुद्रमाथि
हिँडिरहनुभएको देखे, तब तिनीहरू यसो
भन्दै डराए, "यो ता भूत हो!"
र तिनीहरू डरले चिच्याए। २७ तर
येशू झट्टै तिनीहरूसित यसो भनेर
बोल्नुभयो, "साहस गर, मै हुँ, नडराओ।"
२८ औ पत्रुसले भने, "हे प्रभु, तपाइँनै
हुनुहुन्छ भने मलाई तपाइँकहाँ पानी
माथिमाथि आउने आज्ञा दिनुहोस्।"
२९ अनि उहाँले भन्नुभयो, "आऊ।" औ
पत्रुस डुङ्गाबाट ओर्लेर येशूकहाँ जानालाई
पानी माथिमाथि हिँड़े। ३० तर बतास
देखेर तिनी डराए, र जब डुब्नलागे तब
तिनले चिच्याएर भने, "हे प्रभु मलाई
बचाउनुहोस्।" ३१ तब येशूले झट्टै हात
पसारेर तिनलाई समातिहाल्नुभयो, र
तिनलाई भन्नुभयो, "ए अल्पविश्वासी, किन
शङ्का गर्‍यौ?" ३२ औ जब उहाँहरू
डुङ्गामा पसे तब बतास थामियो।
३३ अनि डुङ्गामा हुनेहरूले उहाँलाई भक्ति
चढ़ाएर भने, "साँच्चै तपाइँ परमेश्वरका
पुत्र हुनुहुँदोरहेछ।"
३४ अनि पारि तरेपछि उहाँहरू
गनेसरेतको जग्गामा आउनुभयो। ३५ औ
जब त्यस ठाउँका मान्छेहरूले उहाँलाई चिने
तब तिनीहरूले त्यस इलाकाका वरिपरि
मानिसहरू पठाएर रोग लागेका सबैलाई
उहाँकहाँ ल्याए, ३६ र तिनीहरूले उहाँको
वस्त्रको किनारा मात्र पनि छुनालाई
बिन्ती गरे, र जत्तिले छोए तिनीहरू
निको भए।

१५ तब यरूशलेमबाट फरिसीहरू र
शास्त्रीहरू येशूकहाँ आए, र भने,
२ "तपाइँका चेलाहरूले किन पुर्खाहरूको
रीति भङ्ग गर्दछन्? किनकि तिनीहरू
खाना अघि आफ्ना हात धुँदैनन्।"
३ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू
पनि किन तिमीहरूका रीतिद्वारा परमेश्वरका
आज्ञा भङ्ग गर्दछौ? ४ किनभने
परमेश्वरले भन्नुभएको छ, 'आफ्ना बाबु र
आमाको आदर गर, र बाबु वा आमालाई
अपशब्द लाउने चाहिँ अवश्य मारिओस्।'
५ तर तिमीहरू चाहिँ भन्दछौ, 'जसले
आफ्ना बाबु वा आमालाई भन्ला,
'मबाट जत्ति तपाइँलाई लाभ भएको छ,
सो परमेश्वरलाई दिइएको हो,' ६ त्यसले
आफ्ना बाबु वा आमालाई आदर गर्ने
जरूरत छैन' र तिमीहरूले आफ्नो
रीतिले गर्दा परमेश्वरको वचनलाई बेकम्मा
गराएका छौ। ७ ए कपटी हो, यशैयाले
तिमीहरूका विषयमा यसो भनेर ठीक ठीक
अगमवाणी बोले,

८ 'यस जातिले आफ्ना ओठले मेरो
आदर गर्दछ।
तर तिनीहरूको हृदय मबाट टाढ़ा छ।
९ औ मानिसका आदेशहरू तिनका
सिद्धान्त जस्तागरी

तिनीहरू व्यर्थमा मेरो उपासना
गर्दछन् ।”
१० अनि भीड़लाई बोलाएर उहाँले
तिनीहरूलाई भन्नुभयो, “सुनेर बुझ ।
११ जे मुखभित्र पस्तछ, त्यसले मानिसलाई
अशुद्ध गराउँदैन । तर जे मुखबाट बाहिर
निस्कन्छ, त्यसैले मानिसलाई अशुद्ध
तुल्याउँछ ।” १२ यसपछि उहाँका चेलाहरू
आएर उहाँलाई भने, “यो भनाइ सुनेर
फरिसीहरू चिढ़िए भनी के तपाईंले थाह
पाउनुभयो ?” १३ तर उहाँले भन्नुभयो,
“मेरा पिताले नरोपेको हरेक बोट उखेलिनेछ ।
१४ तिनलाई जान देओ, ती अन्धा
अगुवाहरू हुन् । अन्धाले अन्धालाई
डोर्याउँछ भने, दुवै खाल्डामा पर्नेछन् ।”
१५ पत्रुसले उहाँलाई भने, “हामीलाई यस
उखानको अर्थ बताइदिनुहोस् ।” १६ अनि
उहाँले भन्नुभयो, “के तिमीहरू पनि अझै
बेसमझका छौ ? १७ के तिमीहरूलाई थाह
छैन, जे मुखभित्र पस्छ त्यो पेटमा गइहाल्छ,
र दिसामा जान्छ ? १८ तर जुन
कुराहरू मुखबाट बाहिर निस्कन्छन्, ती
हृदयबाट निस्केर आउँछन्, र तिनैले
मानिसलाई अशुद्ध तुल्याउँछन् । १९ किनकि
हृदयबाटनै दुष्ट विचार, हत्या, जारी,
व्यभिचार, चोरी, झूटो साक्षी, निन्दा बाहिर
निस्कन्छन् । २० मानिसलाई अशुद्ध पार्ने
कुराहरू यिनै हुन् । तर हात नधोई खानाले
मानिसलाई अशुद्ध तुल्याउँदैन ।”
२१ तब येशू त्यहाँबाट निस्कनुभयो, र
टायर र सायडनका जिल्लातिर जानुभयो ।
२२ अनि हेर, त्यहाँका साँध-सीमानाबाट
एक कनानी स्त्री आएर यसो भन्दै कराई,
“हे प्रभु, दाऊदका पुत्र, ममाथि दया
गर्नुहोस् । मेरो छोरीलाई भूतले साह्रै ग्रस्त
पारेको छ ।” २३ उहाँले त्यसलाई केही
जवाफ दिनुभएन, र उहाँका चेलाहरूले
आएर उहाँलाई यसो भनेर बिन्ती गरे,
“यसलाई बिदा गर्नुहोस्, किनभने त्यो
हाम्रो पछिपछि कराउँदैछ ।” २४ उहाँले
भन्नुभयो, “म इस्राएलको घरानाका हराएका
भेड़ाहरू बाहेक अरूकहाँ पठाइएको
होइन ।” २५ तर त्यो आएर यसो भनेर
दण्डवत् गरी, “हे प्रभु, मलाई सहायता
गर्नुहोस् ।” २६ तर उहाँले भन्नुभयो,
“बालकहरूको रोटी लगेर कुकुरहरूलाई
फालिदिनु मनासिब हुँदैन ।” २७ अनि
त्यसले भनी, “हो प्रभु, तर कुकुरले
पनि ता आफ्ना मालिकको टेबलबाट
झरेको टुक्रा खान्छ ।” २८ तब येशूले
त्यसलाई भन्नुभयो, “ऐ नारी, तिम्रो
विश्वास ठूलो रहेछ । जे तिमी इच्छा
गर्दछयौ, तिमीलाई सो पुगोस् ।” औ त्यसको
छोरी त्यही घड़ीदेखि निको भइहाली ।
२९ औ येशू त्यहाँबाट निस्केर गालील
झीलनेर जानुभयो, र डाँड़ामा उक्लेर त्यहाँ
बस्नुभयो । ३० तब त्यहाँ लङ्गड़ा, अन्धा,
लाटा, कुँजो र धेरै अरूहरूसित भएका
ठूला भीड़ उहाँकहाँ आए र तिनीहरूलाई
उहाँका चरणमा राखिदिए, र उहाँले
तिनीहरूलाई निको पार्नुभयो । ३१ यहाँसम्म
कि, लाटाहरू बोलेका, कुँजोहरू निको भएका
लङ्गड़ाहरू हिँड़ेका, अन्धाहरूका आँखा
खोलिएका देखेर भीड़हरू छक्क परे, र
तिनीहरूले इस्राएलका परमेश्वरको महिमा
गरे ।

येशूले चार हजारलाई खुवाउनुभएको

३२ तब येशूले आफ्ना चेलाहरूलाई
आफूकहाँ बोलाएर भन्नुभयो, “भीड़हरूलाई
म टिठाउँछु, किनभने तीन दिन भइसक्यो
तिनीहरू मसँगै छन्, र तिनीहरूसित
खानेकुरो केही छैन । औ यिनीहरूलाई भोकै
पठाउन म चाहन्नँ, नत्रता तिनीहरू बाटामा
मूर्च्छा पर्नेछन् ।” ३३ औ चेलाहरूले
उहाँलाई भने, “यत्रो ठूलो भीड़लाई तृप्त
पार्नु यस एकान्त ठाउँमा हामीलाई यति धेरै

रोटी कहाँबाट आउँछ र ?'' ३४ येशूले
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूसित कतिवटा
रोटी छन् ?' तिनीहरूले भने, 'सातवटा,
र अलिकता ससाना माछाहरू ।' ३५ अनि
उहाँले भीड़लाई भूइँमा बस्ने आज्ञा
गर्नुभयो । ३६ र उहाँले ती सात रोटी
र माछाहरू लिएर धन्यवाद चढ़ाएपछि
भाँचेर चेलाहरूलाई दिनुभयो, र चेलाहरूले
भीड़हरूलाई दिए । ३७ अनि तिनीहरू
सबैले खाएर तृप्त भए, र उब्रेका
टुक्राहरू तिनीहरूले सात टोकरी भरी उठाए ।
३८ औ खानेहरू, स्त्रीहरू र केटा-केटी-
हरूबाहेक, चार हजार पुरुषहरू थिए ।
३९ तब भीड़लाई बिदा गरिसकेपछि
उहाँ डुङ्गामा पस्नुभयो, र मगदानको जिल्लातिर
जानुभयो ।

१६ अब फरिसीहरू र सदुकीहरूले,
उहाँकहाँ आएर उहाँलाई परीक्षा
गर्नालाई, यसो भने, 'हामीलाई स्वर्गबाट
एउटा चिह्न देखाउनुहोस् ।' २ तर उहाँले
तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, 'साँझ
पर्दा तिमीहरू भन्छौ, दिन राम्रो हुन्छ ।
किनकि आकाश रातो हुन्छ । ३ औ बिहान
आकाश रातो छ भने, आँधी आउँछ भनी
भन्छौ । तिमीहरू आकाशको अवस्थाबाट
दिन छुट्याउन जान्दछौ, तर समयका चिह्नहरू
चाहिँ छुट्याउनसक्तैनौ । ४ दुष्ट र
व्यभिचारी पुस्ताले चिह्न खोज्दछ, र त्यसलाई
योनाको चिह्न बाहेक अरू चिह्न दिइनेछैन ।'
औ तिनीहरूलाई छोड़ेर उहाँ गइहाल्नुभयो ।
५ औ पारिपट्टि आइपुग्दा चेलाहरूले
रोटी ल्याउन बिर्सेछन् । ६ तब येशूले
तिनीहरूलाई भन्नुभयो, 'होशियार रहो, र
फरिसी र सदुकीहरूको खमीरबाट बच ।''
७ अनि तिनीहरू आपसमा बहस गर्नलागे,
'हामीहरूले रोटी ल्याएनौं भनेर होला ।'
८ येशूले यो थाह पाएर भन्नुभयो, 'ए
अल्पविश्वासी हो, तिमीहरूसित रोटी छैन
भनेर किन आपसमा बहस गर्छौ ? ९ के
अझै थाह छैन, र सम्झदैनौ पाँच हजारका
निम्ति पाँच रोटी, र कति डालो
तिमीहरूले उठाएका थियौ ? १० औ
ती चार हजारका निम्ति सात रोटी, र
कति टोकरी उठाएका थियौ ? ११ मैले
रोटीको विषयमा भनेको होइन, तर
फरिसी र सदुकीहरूको खमीरबाट होशियार
रहो भनी भनेको, तिमीहरू कसरी बुझ्दैनौ ?'
१२ तब तिनीहरूले रोटीको खमीरबाट होइन
रहेछ, तर फरिसी, र सदुकीहरूको शिक्षाबाट
होशियार बस्नू भन्नुभएको रहेछ भनी
बुझे ।

१३ अब येशूले सिजरिया फिलिप्पीका
मुलुकमा आएर आफ्ना चेलाहरूलाई यसो
भनेर सोध्नुभयो, 'मानिसहरूले मानिसको
पुत्रलाई को हो भनी भन्दछन् ?'
१४ तिनीहरूले भने, 'कसैले बप्तिस्मा दिने
यूहन्ना, कसैले एलिया, र अरूहरूले यर्मिया
कि अगमवक्ताहरूमध्ये कुनै एक भनी
भन्दछन् ।' १५ उहाँले तिनीहरूलाई
भन्नुभयो, 'तर तिमीहरू चाहिं म को हुँ
भनी भन्दछौ ?' १६ शिमोन पत्रुसले
जवाफ दिएर भने, 'तपाईं जीवित
परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ ।' १७ येशूले
तिनलाई भन्नुभयो, 'धन्य हौ, हे योनाको
छोरो शिमोन, किनभने मानिसबाट तिमीलाई
यो प्रकट गरेको होइन, तर मेरा स्वर्गमा
हुने पिताले गर्नुभएको हो । १८ अनि म
पनि तिमीलाई भन्दछु, कि तिमी पत्रुस
हौ । म यस पत्थरमाथि आफ्नो मण्डली
स्थापित गर्नेछु, र मृत्यु त्यसमाथि विजयी
हुनेछैन । १९ म तिमीलाई स्वर्गको
राज्यका साँचाहरू दिनेछु, जे तिमीले पृथ्वीमा
बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, औ जे तिमीले
पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाउनेछौ ।'
२० तब उहाँले ख्रीष्ट यही हो भनेर कुनै
मानिसलाई नभन्नू भनी चेलाहरूलाई कड़ा
आज्ञा दिनुभयो ।

२१ त्यस बेलादेखि येशूले आफ्ना
चेलाहरूलाई देखाउनलाग्नुभयो, कि उहाँलाई
कसरी यरूशलेममा जानु, र बूढ़ा-प्रधान र
मुख्य पूजाहारीहरू औ शास्त्रीहरूबाट धेरै
शासना भोग्नु, र मारिनु, र तेस्रो दिनमा
बौरनु आवश्यक छ। २२ तर पत्रुसले
उहाँलाई एकातिर लगेर जिद्दी गर्न र
उहाँलाई हप्काउन लागे, 'परमेश्वरको कृपा
रहोस्, प्रभु, यस्तो कुरा तपाईंमाथि
कदापि परिआउने छैन।' २३ तर उहाँले
पत्रुसतिर फर्केर भन्नुभयो, 'ए शैतान, मेरो
सामनेबाट हटिजा, तँ मेरो निम्ति ठेस
लाग्ने कारण रहेछस्। किनभने तँ
परमेश्वरका होइन, तर मानिसहरूका कुराहरूमा
ध्यान दिन्छस्।'

स्वार्थ-त्याग

२४ तब येशूले आफ्ना चेलाहरूलाई
भन्नुभयो, 'कोही मेरोपछि आउने इच्छा
गर्दछ भने उसले आफूलाई इन्कार गरोस् र
आफ्नो क्रूस उठाएर मेरोपछि लागोस्।
२५ किनकि जसले आफ्नो प्राण जोगाउने
इच्छा गर्ला, उसले त्यो गुमाउनेछ, तर जसले
आफ्नो प्राण मेरो निम्ति गुमाउला, उसले
त्यो पाउनेछ।

२६ किनकि सिङ्गै पृथ्वी प्राप्त
गरेर आफ्नो प्राण चाहिँ गुमाउँछ
भने, मानिसलाई के लाभ हुनेछ
र? अथवा आफ्नो प्राणको बदलामा
मानिसले के देला र? २७ किनकि
मानिसको पुत्र आफ्ना पिताको महिमामा
आफ्ना दूतहरूसित आउनेछ, र त्यस बेला
उसले हरेक मानिसलाई त्यसको कर्मअनुसार
प्रतिफल दिनेछ। २८ म तिमीहरूलाई
साँच्चै भन्दछु, यहाँ खड़ा हुनेहरूमध्ये कोही
छन्, जसले मानिसको पुत्रलाई आफ्नो
राज्यमा आउँदै गरेको नदेखुन्जेल कुनै
रीतिले मृत्यु चाख्ने छैनन्।'

येशूको रूप परिवर्तन

१७ छ दिनपछि येशूले पत्रुस, याकूब र
तिनको भाइ यूहन्नालाई आफ्नो
साथमा लिनुभयो र एउटा अग्लो डाँड़ामा
एकान्तमा लैजानुभयो। २ अनि तिनीहरूका
सामने उहाँको रूप परिवर्तन भयो। उहाँको
चेहेरा सूर्यझैं चम्कयो, औ उहाँको वस्त्र
ज्योतिझैं सेतो भयो। ३ औ मोशा र
एलिया उहाँसित बातचीत गर्दै गरेका देखा
परे। ४ अनि पत्रुसले येशूलाई भने, 'हे
प्रभु, हामीहरूलाई यहीँ बस्नु असल छ।
तपाईंको इच्छा भए म यहाँ तीनवटा डेरा
बनाउनेछु, एउटा तपाईंको निम्ति, एउटा
मोशाको निम्ति र एउटा एलियाको निम्ति।'
५ तिनी बोल्दैनै थिए, चम्किलो बादलले
तिनीहरूलाई ढाकिहाल्यो, र त्यस बादलबाट
एउटा यसो भन्ने आवाज आयो, 'यिनी
मेरा प्रिय पुत्र हुन्, जसमा म प्रसन्न
छु, तिमीहरूले उनको कुरा सुन।' ६ जब
चेलाहरूले यो सुने, तब तिनीहरू घुलुंप्प
घोप्टे, र साह्रै डराए। ७ अनि येशूले
आएर तिनीहरूलाई छोएर भन्नुभयो, 'उठ,
नडराओ।' ८ जब तिनीहरूले आफ्ना
आँखा उठाए, तब येशूबाहेक अरू कसैलाई
देखेनन्।

९ जब उनीहरू डाँड़ाबाट ओर्लंदै
थिए, तब येशूले तिनीहरूलाई यसो
भन्ने आज्ञा दिनुभयो, 'जबसम्म मानिसको
पुत्रको पुनरुत्थान हुँदैन, तबसम्म तिमीहरूले
यो दर्शनको कुरो कसैलाई नभन्नू।'
१० अनि चेलाहरूले उहाँलाई यसो भनेर
सोधे, 'तब किन शास्त्रीहरूले पहिले एलिया
आउनुपर्छ भनी भन्छन्?' ११ उहाँले
तिनीहरूलाई भन्नुभयो, 'एलिया साँच्चिनै
आउँछन्, र तिनले सबै कुरा फेरि
सच्चाउनेछन्।' तर म तिमीहरूलाई भन्दछु,
'एलिया अघिनै आइसकेका छन्, औ
तिनीहरूले उनलाई चिनेनन्, तर जे इच्छा

लाग्यो तिनलाई तिनीहरूले त्यस्तै व्यवहार
गरे। त्यसरीनै मानिसको पुत्रले पनि
तिनीहरूबाट कष्ट पाउनु पर्नेछ।' १३ तब
उहाँले बप्तिस्मा दिने यूहन्नाको विषयमा
तिनीहरूलाई भन्नुभएको रहेछ भनी चेलाहरूले
सम्झे।

भूत लागेको ठिटो

१४ अब उहाँहरू भीड़ भएको ठाउँमा
आउनुभएपछि एक जना मानिसले यसो भन्दै
उहाँको सामु आएर घुँड़ा टेक्यो १५ 'हे
प्रभु, मेरो छोरामाथि दया गर्नुहोस्,
किनकि त्यसलाई छारे रोग लागेको छ, र
ठूलो शासना भोगदछ। किनकि त्यो बारम्बार
आगीमा र पानीमा लड्छ। १६ औ मैंले
त्यसलाई तपाइंका चेलाहरूकहाँ ल्याएँ, तर
तिनीहरूले त्यसलाई निको पार्नसकेनन्।'
१७ तब येशूले भन्नुभयो, 'ए अल्पविश्वासी
र अट्टेरी मानिस हो, म कहिलेसम्म तिमीहरूका
साथमा रहूँला? कतिसम्म म तिमीहरूलाई
सहनु? त्यसलाई यहाँ मकहाँ ल्याओ।'
१८ अनि येशूले हकार्नुभयो, र भूत त्यसबाट
निस्केर गयो। औ त्यो केटो त्यही घड़ीदेखि
निको भयो। १९ तब चेलाहरूले एकान्तमा
येशूकहाँ आएर भने, 'हामीहरूले त्यसलाई
किन निकाल्नसकेनौं?' २० उहाँले तिनीहरू-
लाई भन्नुभयो, 'तिमीहरूको अल्पविश्वासको
कारणले हो। किनकि म तिमीहरूलाई साँच्चै
भन्दछु, कि तिमीहरूमा एउटा रायोको गेड़ा
जति विश्वास भएदेखि यस डाँड़ालाई 'यहाँबाट
हटी जा' भन्यौ भने त्यो हटी जानेछ, र
तिमीहरूलाई केही असम्भव हुनेछैन।
२१ तापनि यस किसिमको काम चाहिं
प्रार्थना र उपवास विना निक्लँदैन।'
२२ औ उहाँहरू गालीलमा रहनुभएको
बेलामा येशूले तिनीहरूलाई भन्नुभयो,
'मानिसको पुत्र मानिसहरूका हातमा
सुम्पिइनेछ। २३ अनि तिनीहरूले उसलाई
मार्नेछन्, तर तेस्रो दिनमा उसको पुनरुत्थान
हुनेछ।' अनि तिनीहरू अत्यन्त दुःखित भए।
२४ जब उहाँहरू कफर्नहुममा आउनुभयो,
तब मन्दिरको तिरो उठाउनेहरूले पत्रुसकहाँ
आएर भने, 'के तिमीहरूका गुरुले तिरो
तिर्दैनन्?' २५ तिनले भने, 'हो, तिर्नु-
हुन्छ।' औ उहाँहरू घरमा पस्नुभएपछि
येशूले तिनलाई अघिबाटै भन्नुभयो, 'ए
शिमोन, तिमी के विचार गर्छौ? पृथ्वीका
राजाहरूले महसूल वा कर कोसँगबाट
उठाउँछन्? आफ्ना छोराहरूबाट कि पराई-
बाट?' २६ औ जब तिनले पराईबाट
भने, तब येशूले तिनलाई भन्नुभयो, 'उसो
भए छोरा-छोरीहरूले ता माफी पाएका
रहेछन्। २७ तर हामीबाट तिनीहरू
नचिढ़िनाको लागि तिमी समुद्रमा गएर बल्छी
थाप, र पहिले आएको माछा लेऊ, र
त्यसको मुख खोलेपछि तिमीले एउटा शेकेल
पाउनेछौ। त्यो लिएर तिम्रो र मेरो भनेर
तिनीहरूलाई तिरिदेऊ।'

नम्रताको शिक्षा

१८ त्यही घड़ी चेलाहरू येशूकहाँ यसो
भन्दै आए, 'स्वर्गको राज्यमा सबै-
भन्दा ठूलो को हो?' २ अनि उहाँले
एउटा सानो बालकलाई नजीक बोलाएर
त्यसलाई तिनीहरूका माझमा राख्नुभयो,
३ र भन्नुभयो, 'म तिमीहरूलाई साँचो
भन्दछु, तिमीहरू बदलिएर साना बालकहरू
जस्ता भएनौ भने कुनै रीतिले स्वर्गको
राज्यमा पस्नेछैनौ। ४ यसकारण जसले यो
सानो बालक जस्तै आफूलाई नम्र तुल्याउँछ,
त्यही स्वर्गको राज्यमा सबैभन्दा ठूलो हुनेछ।
५ औ जसले मेरो नाउँमा एउटा यस्तो सानो
बालकलाई ग्रहण गर्ला त्यसले मलाई ग्रहण
गर्दछ।
६ तर जसले ममाथि विश्वास गर्ने यी
सानाहरूमध्ये एउटालाई बाधा देला, त्यसको

निम्ति ता एउटा जाँतोको ढुङ्गा त्यसको
घिच्रोमा झुण्डाएर अगाध समुद्रमा डुबाइदिनु
बढ़िया हुनेथियो। ७ हाय, जगत्‌मा बाधा
पर्ने काम आइपरेकोमा, किनकि बाधा
ता आउने कुरै हो, तर हाय, त्यस
मानिसलाई जसबाट बाधा पर्नआउँछ।
८ तिम्रो हात कि खुट्टाले तिमीलाई
बाधा पार्छ भने, त्यसलाई काटी मिल्काइदेऊ।
दुइ हात कि दुइ खुट्टा राखेर अनन्त
आगोमा फालिनुभन्दा ता बरू हात विना
जीवनभित्र पस्नु तिम्रो निम्ति असल
हुन्छ। ९ औ यदि तिम्रो आँखाले
तिमीलाई बाधा पार्छ भने, त्यसलाई झिकेर
फालिदेऊ। दुवै आँखा राखेर आगोको
नरकमा फालिनुभन्दा ता बरू कानो भएर
जीवनभित्र पस्नु तिम्रो निम्ति असल हुन्छ।
१० हेर, तिमीहरूले यी सानाहरूमध्ये
एउटालाई पनि हेला नगर। किनभने म
तिमीहरूलाई भन्दछु, स्वर्गमा तिनीहरूका दूतले
मेरा स्वर्गका पिताको चेहेरा बराबर हेर्दछन्।
११ किनभने मानिसको पुत्र हराएकालाई
बचाउन आएको हो।

हराएको भेड़ा

१२ कोही मानिसका सय भेड़ामा एउटा
हरायो भने, त्यसले उनान्सयवटालाई छोड़ीकन
पर्वत हुँदो गएर त्यस हराएकोलाई खोजिगर्दैन
र? १३ औ यदि उसले त्यसलाई भेट्टाइ-
हाल्यो भने, म तिमीहरूलाई साँचो भन्दछु,
ती नहराएका उनान्सयभन्दा त्यो एउटाको
लागि बढ़ता रमाउनेछ। १४ त्यस्तै गरी
यी सानाहरूमध्ये एउटा पनि नष्ट नहोस्
भन्ने तिमीहरूका स्वर्गमा हुने पिताको
इच्छा छ।
१५ तिम्रो भाइले तिम्रो विरुद्धमा पाप
गर्‍यो भने, गएर तिमीहरू दुइ मात्र
हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले
तिम्रो कुरा सुन्यो भने, तिमीले तिम्रो
भाइलाई आफ्नो गरायौ। १६ तर त्यसले
सुनेन भने आफ्नो साथ अरू एक दुइ
जनालाई लैजाऊ, र दुइ तीन साक्षीका
मुखबाट एक एक कुरा पक्का गर।
१७ यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न
इन्कार गर्छ भने, समुदायलाई भन, र त्यसले
समुदायको बात पनि सुन्न इन्कार गर्छ भने,
त्यो तिम्रोलागि अन्यजाति र महसूल उठाउने
सरह होस्। १८ म तिमीहरूलाई साँच्चै
भन्दछु, जे तिमीहरूले पृथ्वीमा बाँधौला,
त्यो स्वर्गमा बाँधिएको हुनेछ। औ जे
तिमीहरूले पृथ्वीमा फुकाउँछौ त्यो स्वर्गमा
फुकाएको हुनेछ।

संयुक्त प्रार्थना

१९ फेरि म तिमीहरूलाई भन्दछु,
पृथ्वीमा तिमीहरूमध्ये दुइ जनाले एक मत
गरी केही कुराको विषयमा केही माग्यौ
भने, त्यो मेरा स्वर्गको पिताको तर्फबाट
तिमीहरूका निम्ति भइहाल्नेछ। २० किनकि
जहाँ दुइ कि तीन जना मेरो नाउँमा
भेला हुन्छन्, त्यहाँ म तिनीहरूका बीचमा
हुन्छु।'

अधन्यवादी नोकरको उखान

२१ तब पत्रुसले उहाँकहाँ आएर भने,
'हे प्रभु, मेरो भाइले मेरो विरुद्धमा
कति पल्टसम्म पाप गरे म त्यसलाई क्षमा
गरूँ? के सात पल्टसम्म?' २२ येशूले
तिनलाई भन्नुभयो, 'म तिमीलाई सात
पल्टसम्म भन्दिनँ, तर सात गुणा सत्तरी-
पल्टसम्म।' २३ यसैकारण स्वर्गको राज्य
एउटा राजा जस्तो हो, जसले आफ्ना
नोकरहरूसित हिसाब लिने इच्छा गरे।
२४ औ जब तिनले हिसाब लिनलागे, तब
दश हजार टालेन्टको ऋणी तिनीकहाँ
ल्याइयो। २५ तर त्यससँग त्यो ऋण

चुकाउनलाई केही नहुँदा त्यसका मालिकले
त्यो, त्यसकी स्वास्नी र छोरा-छोरीहरू,
औ त्यससँग भएका यावत थोक बेची
ऋण चुकाउनालाई आज्ञा दिए। २६ तब
त्यस नोकरले घोप्टेर तिनलाई दण्डवत् गरी
भन्यो, 'हे मलिक, ममाथि धीरज धर्नुहोस्,
र म तपाइंको जम्मै तिरिदिनेछु।'
२७ औ त्यस दासका मालिकले टिठाएर
त्यसलाई छोड़िदिए, र त्यसको ऋण माफी
गरिदिए। २८ तर त्यस दासले निस्केर
आफ्ना साथी-नोकरहरूमध्ये एक जनालाई
भेट्टायो, जो त्यसको एक सय दिनारको
ऋणी थियो त्यसलाई पक्रेर घोक्रो अँठ्याएर
भन्यो, 'तेरो ऋण तिरिहाल्।' २९ तर
त्यसको साथी-नोकरले घोप्टो परेर त्यसलाई
यसो भन्दै बिन्ती गर्‍यो, 'ममाथि धैर्य
धर्नुहोस्, म तपाइंलाई तिरिदिनेछु।'
३० तर त्यसले मञ्जूर गरेन तर गएर
ऋण नचुकाउञ्जेल झ्यालखानमा हालिदियो।
३१ यसैले त्यहाँ जे जे भएका
थिए, त्यसका साथी-नोकरहरू सो देखेर
अति दुःखित भए, र गएर भएका सबै
घटना तिनीहरूले आफ्ना मालिकलाई
सुनाइदिए। ३२ तब त्यसका मालिकले
त्यसलाई आफूकहाँ डाकेर भने, 'ए दुष्ट
नोकर, तैंले मसँग बिन्ती गरेको हुनाले
मैले तँलाई तेरो त्यो सब ऋण माफी
गरिदिएँ। ३३ जस्तो मैले तँमाथि दया
गरें, तैंले पनि तेरो साथीमाथि दया
गर्नुपर्ने थिएन ?' ३४ तब त्यसका
मालिकले रिसाएर त्यसलाई त्यसको सबै
ऋण नतिरुञ्जेल झ्यालखानका हाकिमको
हातमा जिम्मा लगाइदिए। ३५ मेरा
स्वर्गको पिताले पनि, तिमीहरू हरेकले
आफ्नो भाइलाई आफ्नो हृदयले माफी
दिएनौ भने, तिमीहरूलाई त्यसै गर्नुहुनेछ।'

१९ यी कुरा बोलिसक्नुभएपछि येशू
गालील छोड़ेर यर्दनपारि यहूदाका
सीमानातिर जानुभयो। २ औ ठूला ठूला
भीड़हरू उहाँको पछि लागे र उहाँले त्यहाँ
तिनीहरूलाई निको पार्नभयो।
३ अनि फरिसीहरू उहाँको परीक्षा
गर्नालाई उहाँकहाँ आएर भने, 'के कसैले
कुनै पनि कारणले स्वास्नी त्याग्नसक्छ ?'
४ तर उहाँले भन्नुभयो, 'के तिमीहरूले
पढ़ेका छैनौ, कि जसले बनाउनुभयो,
उहाँले तिनलाई शुरूदेखिनै नर र नारी
गरी बनाउनुभयो, ५ र भन्नुभयो, यही
कारण मानिसले आफ्ना आमा-बाबुलाई
छोड़ेर आफ्नो स्वास्नीसँग मिलिरहन्छ,
र ती दुइ जना एक शरीर हुनेछन्।
६ र ती अब दुइ होइन, तर एउटै
शरीर हुन्छन्। यसकारण जसलाई परमेश्वरले
एक साथ जोड़नुभएको छ, त्यसलाई
मानिसले नछुट्याओस्।' ७ तिनीहरूले
उहाँलाई भने, "मोशाले किन त्यागपत्र दिएर
छोड़नसक्ने आज्ञा दिए ?' ८ उहाँले
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूका हृदयको
कठोरताले गर्दानै मोशाले स्वास्नी
त्याग गर्ने मञ्जूरी तिमीहरूलाई दिएका
हुन्, तर शुरूदेखि ता यस्तो भएको
थिएन। ९ म तिमीहरूलाई भन्दछु,
जसले व्याभिचारको कारणबाहेक स्वास्नीलाई
त्यागेर अर्कोसित विवाह गर्ला, त्यसले
व्यभिचार गर्दछ, औ जसले त्याग
गरेकीलाई विवाह गर्छ, त्यसले पनि
व्यभिचार गर्दछ।' १० चेलाहरूले
उहाँलाई भने, 'लोग्नेको स्वास्नीसित यस्तै
सम्बन्ध हो भने ता, विवाह गर्नु केही
फायदा रहेनछ।' ११ तर उहाँले
तिनीहरूलाई भन्नुभयो, 'सबै मानिसले यो
वचन ग्रहण गर्नसक्तैनन्, केवल तिनीहरूले
मात्र जसलाई दिइएको छ। १२ विभिन्न
कारणले मानिसहरू विवाह गर्दैनन्, कोही
जन्मदेखिनै असमर्थ हुन्छन्—कतिजनालाई
मानिसहरूले त्यस्तो बनाए—कति चाहिं
स्वर्गराज्यको निम्ति अविवाहित रहन्छन्।

ग्रहण गर्नसक्नेले त्यो ग्रहण गरोस् ।'
१३ तब उहाँले तिनीहरूमाथि हात
राखून् र प्रार्थना गरिदिऊन् भनी साना
बालकहरूलाई उहाँकहाँ ल्याए तर चेलाहरूले
चाहिँ तिनीहरूलाई हकारे । १४ तर येशूले
भन्नुभयो, 'बालकहरूलाई मकहाँ आउनालाई
नरोक किनभने स्वर्गको राज्य यस्तैहरूको
हो ।' १५ औ उहाँले तिनीहरूमाथि हात
राखेपछि उहाँ त्यहाँबाट जानुभयो ।

अनन्त जीवनको तलास

१६ औ एक जनाले आएर उहाँलाई
भने, 'हे गुरु, अनन्त जीवन पाउनालाई
मैंले के असल काम गर्नुपर्छ ?' १७ उहाँले
तिनलाई भन्नुभयो, 'तिमीले मलाई असल
कामको विषयमा किन सोध्दछौ ? असल
ता एउटै मात्र हुनुहुन्छ तर तिमी
जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने,
आज्ञाहरू पालन गर ?' १८ तिनले
उहाँलाई भने, 'कुन कुन चाहिँ ?' येशूले
भन्नुभयो, 'यही अर्थात् तैंले हत्या नगर्नू,
व्यभिचार नगर्नू, चोरी नगर्नू, झूटो साक्षी
नदिनू । १९ आफ्ना आमाबाबुको आदर
गर्नू, र आफ्ना छिमेकीलाई आफूलाई झैँ
प्रेम गर्नू ।' २० ती जवान मानिसले उहाँलाई
भने, 'यी सब ता मैले पालन गर्दैआएको
छु अझ मैले के गर्नु बाँकी छ र ?'
२१ येशूले तिनलाई भन्नुभयो, 'तिमी सिद्ध
हुने इच्छा गर्छौ भने गएर तिमीसित जो छ,
सबै बेचेर दरिद्रहरूलाई देऊ, औ
तिमीलाई स्वर्गमा धन मिल्नेछ र आएर
मेरोपछि लाग ।' २२ तर ती जवान मानिस
यो कुरा सुनी दुःखित भएर गइहाले किनकि
तिनी धेरै धन-सम्पत्ति भएका मानिस थिए ।

धन-सम्पत्तिबाट हुने हानि

२३ अनि येशूले आफ्ना चेलाहरूलाई
भन्नुभयो, 'म तिमीहरूलाई साँच्चै भन्दछु,
धनी मानिस स्वर्गको राज्यमा कठिनसित
पस्नेछ । २४ अनि फेरि म तिमीहरूलाई
भन्दछु, धनी मानिसलाई परमेश्वरको
राज्यभित्र पस्नुभन्दा बरू ऊँटलाई
सियोको नाथ्रीबाट छिर्न सजिलो हुनेछ ।'
२५ यो सुनेर चेलाहरूले अति आश्चर्य
मानी भने, 'तब कसले उद्धार पाउनसक्छ
त ?' २६ येशूले तिनीहरूमाथि नजर गरेर
भन्नुभयो, 'मानिसहरूबाट ता यो असम्भव
छ, तर परमेश्वरबाट सबै कुरा सम्भव छ ।'
२७ तब पत्रुसले उहाँलाई भने, "हेर्नुहोस्
हामीले ता सबै थोक छोडेर तपाईंका
पछि लाग्यौं हामीले के पाउनेछौं ?'
२८ येशूले तिनीहरूलाई भन्नुभयो, 'म
तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरू,
जो मेरोपछि लागेका छौ, नयाँ सृष्टिमा
जब मानिसको पुत्र आफ्ना महिमाको
सिंहासनमा बस्नेछ, तब तिमीहरू पनि
इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्दै
बाह्रै सिंहासनमा बस्नेछौ । २९ औ जस
जसले मेरो नाउँको निम्ति घर,
दाज्यू-भाइ, कि दिदी-बहिनी, अथवा
बाबु, कि आमा, कि छोरा-छोरीहरू, कि
जग्गा-जमीनहरू छोड्छ, त्यसले सय गुणा
पाउनेछ, र अनन्त जीवनको अधिकार
गर्नेछ । ३० तर धेरै जो पहिला छन्
पछिल्ला हुनेछन् र पछिल्ला चाहिँ पहिला
हुनेछन् ।

दाखबारीका खेतालाहरूको उखान

२० किनभने स्वर्गको राज्य एउटा
घरको मालिक जस्तो हो, जो बिहान
सबैरै आफ्नो दाखबारीमा खेतालाहरूलाई
ज्यालामा लाउन बाहिर निस्क्यो ।
२ खेतालाहरूसित दिनको एक दिनार
बन्दोबस्त मिलाई उसले तिनीहरूलाई आफ्नो
दाखबारीमा पठायो । ३ जब उ तेस्रो

घड़ीतिर बाहिर निस्क्यो, उसले अरूहरूलाई
बजारमा बेकाममा उभिरहेका देख्यो
औ उसले तिनीहरूलाई भन्यो, 'तिमीहरू
पनि दाखबारीमा जाओ, र जे मनासिब
हुन्छ म तिमीहरूलाई दिऊँला।' औ तिनीहरू
गए। ५ फेरि उसले छैटौं घड़ीतिर र
नवौं घड़ीतिर बाहिर निस्केर त्यसै गर्‍यो।
६ उसले एघारौं घड़ीतिर बाहिर निस्केर
अरूहरूलाई उभिरहेका भेट्टायो, र तिनीहरू-
लाई भन्यो, 'तिमीहरू किन यहाँ दिनभरि
बेकाममा उभिरहेका छौ?' ७ तिनीहरूले
उसलाई भने, 'किनकि कसैले हामीलाई
काममा लगाएको छैन।' उसले तिनीहरूलाई
भन्यो, 'तिमीहरू पनि दाखबारीमा जाओ।'
८ जब साँझ पर्‍यो, तब दाखबारीको
मालिकले आफ्ना कारिन्दालाई भन्यो,
'खेतालाहरूलाई बोलाएर पछिल्लाहरूदेखि लिएर
पहिला पहिलासम्म तिनीहरूका ज्याला देऊ।'
९ औ जब एघारौं घड़ीमा काममा
लागेकाहरू आए, तब तिनीहरू हरेकले एक
एक दिनार पायो। १० औ जब
पहिलाहरू आए, तब तिनीहरूले बढ़ताने
पाउँला भन्ने बिचार गरेथे तर तिनीहरू
हरेकले पनि त्यहीसरह एक एक दिनार
मात्र पायो। ११ तिनीहरूले त्यो पाएपछि
घरको मालिकको विरुद्धमा यसो भनेर
गनगनाउन लागे, १२ 'यी पछिल्लाहरूले
एकै घड़ी मात्र काम गरे, र तपाईंले
तिनीहरूलाई हामी दिनभरिको भार र चर्को
गर्मी भोग्नेहरूकै सरह तुल्याउनुभयो,''
१३ तर उसले तिनीहरूमध्ये एउटालाई
जवाफ दिएर भन्यो, 'ए साथी, मैले
तिमीमाथि केही अन्याय ता गरेको छैनँ
के तिमीले मसँग एकै दिनारमा कबोल
गरेका होइनौ? १४ तिम्रो आफ्नो लेऊ,
र बाटो लाग तर यो पछिल्लोलाई पनि
तिमीलाई दिए जति म दिनचाहन्छु।
१५ मेरो निजी हकलाई मेरो खुशी गर्न के
मलाई उचित छैन र? के म असल भएँ
भनेर तिम्रो नेत्र जल्छ? १६ यसरीनै
पछिल्लाहरू पहिला औ पहिला पछिल्ला
हुनेछन्।'

१७ अब यरूशलेमतिर जानलाग्नुहुँदा
येशूले बाह्र चेलाहरूलाई अलग एकान्तमा
लगेर बाटोमा तिनीहरूलाई भन्नुभयो,
१८ 'हेर हामीहरू यरूशलेमतिर उक्लँदैछौं,
र मानिसको पुत्र मुख्य पूजाहारीहरू र
शास्त्रीहरूका हातमा सुम्पिनेछ र तिनीहरूले
उसलाई मृत्युदण्ड दिनेछन्, १९ र तिनी-
हरूले उसलाई गिल्ला गर्न, कोर्रा लाउन, र
क्रूसमा टाँग्नालाई अन्यजातिहरूका हातमा
सुम्पनेछन्, र तेस्रो दिनमा उ बौरनेछ।'

सांसारिक मानको निम्ति बिन्ती

२० तब जब्दीका छोराहरूका आमाले
आफ्ना छोराहरूलाई साथमा लिएर
उहाँकहाँ आएर दण्डवत् गरीकन उहाँसित
केही कुरो मागिन्। २१ उहाँले तिनलाई
भन्नुभयो, 'तिमी के चाहन्छौ?' तिनले
उहाँलाई भनिन्, 'तपाईंको राज्यमा, यी
मेरा दुइ छोराहरूमध्ये एउटा तपाईंको दाहिने
हातपट्टि, र एउटा तपाईंको देब्रे हातपट्टि
बस्न पाउनालाई हुकुम गर्नुहोस्।' २२ तर
येशूले भन्नुभयो, 'तिमीहरू के माग्छौ सो
जान्दैनौ। जुन कचौरा मैले पिउनलागेको
छु, तिमीहरू पिउनसक्छौ?' तिनीहरूले भने,
'सक्छौं।' २३ उहाँले भन्नुभयो, 'मेरो
कचौरा तिमीहरू पिऔला, तर मेरो दाहिने
र देब्रेपट्टि बस्नदिने मेरो हकमा छैन, तर
जस-जसको निम्ति हो, त्यो मेरो पिताबाट
तयार भइसकेको छ।' २४ यो सुनेर
दशै जना ती दुइ भाइसँग नाराज भए।

२५ तर येशूले तिनीहरूलाई आफूकहाँ
नजीक बोलाएर भन्नुभयो, 'तिमीहरूलाई
थाहने छ, कि अन्य जातिका शासकहरूले
तिनीहरूमाथि प्रभुत्व गर्दछन्, र तिनीहरूका
ठूला ठूलाहरूले तिनीहरूमाथि अख्तियार

चलाउँछन्। २६ तिमीहरूमा चाहिं ता
यस्तो हुनेछैन तर जो तिमीहरूमा ठूलो
हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक
हुनेछ। २७ जो तिमीहरूमा पहिलो हुने
इच्छा गर्दछ, त्यो तिमीहरूको चाकर हुनेछ
जस्तो कि, २८ मानिसको पुत्र पनि सेवा
पाउनालाई होइन, तर सेवा गर्न र धेरैको
उद्धारको निम्ति आफ्नो प्राण दिनालाई
आयो।'

दुइ अन्धा मानिस

२९ जब उहाँहरू जोरिकोबाट निस्के,
एउटा भीड़ उहाँको पछि लाग्यो।
३० औ बाटोमा बसिरहेका दुइजना
अन्धाहरूले येशू त्यो बाटो गइरहनुभएको
छ भन्ने सुनेर यसो भनी चिच्याए, 'हे
प्रभु, दाऊदका पुत्र, हामीमाथि दया रहोस्।'
३१ तर भीड़ले तिनीहरूलाई चूप लागून्
भनी हप्काए तर तिनीहरू यसो भन्दै झन्
साहो कराए, 'हे प्रभु, दाऊदका पुत्र,
हामीमाथि दया रहोस्।' ३२ तब अड़िएर
येशूले तिनीहरूलाई बोलाउनुभयो, र
भन्नुभयो, 'मैंले तिमीहरूको निम्ति के
गरिदिऊँ भन्ने तिमीहरूको इच्छा छ?'
३३ तिनीहरूले उहाँलाई भने, 'हे प्रभु,
हामीहरूका आँखा खोलिऊन्।' ३४ येशूले
टिठाएर तिनीहरूका आँखा छोइदिनुभयो र
उत्तिखेरै तिनीहरूले देख्नलागे, र उहाँका
पछि लागे।

यरूशलेममा येशूको प्रवेश

२१ जब उहाँहरू यरूशलेमको नजीक
जैतून डाँड़ाको बेथफागेमा आइपुगे
तब येशूले दुइजना चेलाहरूलाई यसो भनेर
पठाउनुभयो, २ 'तिमीहरू सामनेको गाउँमा
जाओ, र झट्टै तिमीहरूले एउटा गधा र
त्यसको बछेड़ा बाँधिएका भेट्टाउनेछौ,
तिनलाई फुकाएर मकहाँ ल्याओ। ३ औ
कसैले तिमीहरूलाई केही भन्यो भने,
प्रभुलाई यिनको जरूरत परेको छ भनी
तिमीहरूले भन र तिनले तुरुन्तै ती
पठाइदिनेछन्।' ४ अब अगमवक्ताले भनेको
यो कुरो पूरा होस् भनेर यो भएको
हो, अर्थात्,

५ सियोनकी छोरीलाई भन्,
हेर, तिम्रा राजा नम्र भएर,
गधा र भारी बोक्ने गधैनीको बच्चा,
एउटा बछेड़ामाथि सवार भएर तिमीहरू
कहाँ आउनुहुँदैछ।

६ तब चेलाहरूले गएर येशूले तिनीहरूलाई
अह्राए बमोजिम गरे। ७ औ गधा र
त्यसको बच्चा ल्याएर तीमाथि आफ्ना लुगा-
फाटा ओछ्याए, र उहाँ त्यसमाथि बस्नुभयो।
८ औ भीड़मा धेर जसोले आफ्ना लुगा-
फाटा बाटोमा ओछ्याए, र अरूहरूले
रूखका हाँगा काटेर बाटोमा ओछ्याए।
९ उहाँका अगिअगि गएका र पछिपछि
लागेका भीड़हरू यसो भन्दै कराए,
"दाऊदका पुत्रलाई होसन्ना परमप्रभुको नाउँमा
आउने धन्य हुन्, परमधाममा होसन्ना।"
१० औ जब उहाँ यरूशलेममा पस्नुभयो तब
यिनी को हुन्? भनी सारा शहरमा हलचल
मच्चियो। ११ औ भीड़हरूले भने, 'यिनी
गालीलको नासरतबाट आएका अगमवक्ता,
येशू हुन्।'

१२ येशू परमेश्वरको मन्दिरभित्र पस्नुभयो,
र उहाँले मन्दिरमा किन-बेच गर्ने सबैलाई
धपाउनुभयो, र सराफीहरूका टेबल र
ढुकुर बेच्नेहरूका आसन पल्टाइदिनुभयो।
१३ अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
'यो लेखिएको छ, मेरो घर प्रार्थनाको घर
कहलाइनेछ। तर तिमीहरूले चाहिं यसलाई
डाँकूहरूको ओड़ार बनाएका छौ' १४ औ
अन्धा र लङ्गड़ाहरू मन्दिरमा उहाँकहाँ आए,
र उहाँले तिनीहरूलाई निको पार्नुभयो।
१५ तर मुख्य पूजाहारीहरू र शास्त्रीहरू

चाहिँ उहाँले गर्नुभएको अचम्मका काम र
केटाकेटीहरू मन्दिरमा होसन्ना दाऊदका पुत्र-
लाई भन्दै चिच्याएका देखेर क्रोधित भए,
१६ र तिनीहरूले उहाँलाई भने, 'के सुन्छौ,
यिनीहरूले के भनिरहेका छन्?' तब येशूले
तिनीहरूलाई भन्नुभयो, 'हो, म सुन्दैछु।
के तिमीहरूले पढेका छैनौ? दूधे-बालक
र काखको बालकहरूका मुखबाट तपाईंले
स्तुति पूरा गर्नुभयो।' १७ औ उहाँले
तिनीहरूलाई छोड़ेर शहरबाट निस्केर
बेथानीमा गई त्यहाँ बास बस्नुभयो।

१८ बिहान शहरतिर फर्कनुहुँदा उहाँ
भोकाउनुभयो। १९ औ बाटोको किनारमा
नेभाराको एउटा रूख देखेर त्यहाँ आउनु-
भयो। तर त्यसमा पातबाहेक अरू केही
पाउनुभएन। तब उहाँले त्यसलाई भन्नुभयो,
'अब उप्रान्त तँबाट कहिल्यै पनि फल
नफलोस्' औ त्यो नेभाराको रूख तुरुन्तै
ओइलायो। २० अनि चेलाहरूले यो देखेर
अचम्म मानेर भने, 'यो नेभाराको बोट
कसरी तुरुन्तै सुकिहाल्यो?' २१ तर येशूले
जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, 'म
तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरूमा
विश्वास छ, र शङ्का छैन भने नेभाराको
बोटलाई गरे जस्तो मात्र गर्ने होइन
तर यस डाँड़ालाई समेत 'उखलिएर समुद्रमा
फालिजा' भन्यौ भने पनि सो हुनेछ।
२२ औ विश्वास गरेर जे पनि प्रार्थनामा
मागौला त्यो तिमीहरूले पाउनेछौ।'

२३ अब उहाँ मन्दिरमा आइपुगेर
सिकाइरहनुभएको बेलामा, मुख्य पूजाहारीहरू
र जन-साधारणका बूढ़ा-प्रधानहरूले उहाँकहाँ
आएर भने, 'के अख्तियारले तिमी यस्ता
कुराहरू गर्छौ? औ कसले तिमीलाई यो
अख्तियार दियो?' २४ तर येशूले तिनी-
हरूलाई जवाफ दिएर भन्नुभयो, 'म पनि
तिमीहरूलाई एउटा प्रश्न सोध्छु, त्यो
मलाई भन्यौ भने, म पनि के अख्तियारले
यी काम गर्दछु, सो तिमीहरूलाई भन्नेछु।
२५ यूहन्नाको बप्तिस्मा कहाँबाट भयो?
स्वर्गबाट कि मानिसहरूबाट?' तिनीहरू
आपसमा यसो भन्दै बहस गर्नलागे
'स्वर्गबाट भनौं भने, तिनले हामीहरूलाई
उसो भए तिमीहरूले उनलाई किन विश्वास
गरेनौ? भन्नेछन्। २६ तर मानिसहरूबाट
भनौं भने, हामीलाई भीड़सँग डर लाग्छ।
किनभने सबैले यूहन्नालाई अगमवक्ता हुन्
भनी ठान्छन्।' २७ औ तिनीहरूले येशूलाई
भने, 'हामीलाई थाह छैन' उहाँले पनि
तिनीहरूलाई भन्नुभयो, 'म पनि के
अख्तियारले यी काम गर्दछु, तिमीहरूलाई
भन्दिनँ।

२८ तर तिमीहरू के विचार गर्दछौ?
एकजना मानिसका दुइ छोराहरू थिए। उसले
जेठोकहाँ आएर भन्यो, 'ए छोरा, गएर
आज दाखबारीमा काम गरिदे।' २९ अनि
त्यसले भन्यो, 'म जान्नँ।' तर पछि-
बाट पछताएर गयो। ३० औ कान्छोकहाँ
आएर उसले त्यसैगरी भन्यो। त्यसले
भन्यो, 'म जान्छु।' तर गएन। ३१ अब
यी दुइमा कुन चाहिँले बाबुको आज्ञा
पालन गर्‍यो?' तिनीहरूले भने, 'जेठो
चाहिँले।' येशूले तिनीहरूलाई भन्नुभयो,
'म तिमीहरूलाई साँचो भन्दछु, महसूल
उठाउनेहरू र वेश्याहरू तिमीहरूभन्दा
अगि परमेश्वरका राज्यमा प्रवेश गर्छन्।
३२ किनकि तिमीहरूकहाँ यूहन्ना ठीक
मार्ग देखाउन आए, र तिमीहरूले उनीमाथि
विश्वास गरेनौ। तर महसूल उठाउनेहरू र
वेश्याहरूले उनीमाथि विश्वास गरे।
तिमीहरूले यो देखेपछि पनि उनीमाथि विश्वास
गर्नालाई पछितो गरेनौ।

३३ अर्को उखान सुन, कोही एउटा
गृहस्थी थियो, जसले एउटा दाखबारी लगायो,
र त्यसको वरिपरि बार लगाएर त्यसभित्र दाख
पेल्ने कोल बनायो, र एउटा मचान बनाएर
किसानहरूलाई त्यसको ठेक्का दिएर आफै
चाहिँ परदेश गयो। ३४ अनि जब फलको

समय नजीक आयो, उसले किसानहरूकहाँ
उसको फलको हिस्सा ल्याउनालाई आफ्ना
नोकरहरू पठायो। ३५ तर किसानहरूले
उसका नोकरहरूलाई समाती एउटालाई
पिटे, औ अर्कोलाई मारे, र अर्कोलाई ढुङ्गाले
हाने। ३६ फेरि उसले अधिकोभन्दा बढ़ता
नोकरहरू पठायो, औ तिनीहरूले यिनीहरूलाई
पनि त्यही किसिम गरे। ३७ तर मेरो
छोरालाई ता तिनीहरूले आदर गर्लान् भनेर
उसले आफ्ना छोरालाई पछिबाट तिनीहरूकहाँ
पठायो। ३८ तर किसानहरूले छोरालाई
देखेर आपसमा भने, 'यो ता उत्तरा-
धिकारी हो। आओ, त्यसलाई मारौं, र
त्यसको हक आफ्नो गराऔं।' ३९ तब
तिनीहरूले त्यसलाई समातेर दाखबारी बाहिर
निकाले, र मारे। ४० यसकारण जब
दाखबारीको मालिक आउला तब उनले ती
किसानहरूलाई के गर्ला?' ४१ तिनीहरूले
उहाँलाई भने, 'उसले ती दुष्ट मानिसहरूलाई
नाश गर्नेछ, र दाखबारी अरू किसानहरू-
लाई ठेक्कामा दिनेछ, जसले उसलाई समय
समयमा हिस्सा बुझाउनेछन्।' ४२ येशूले
तिनीहरूलाई भन्नुभयो, 'के तिमीहरूले कहिल्यै
धर्मशास्त्रमा पढेनौ?

'जुन ढुङ्गालाई डकर्मीहरूले रद्दी गरे,
त्यही चाहिं कुनाको शिर भयो,
यो परमप्रभुबाट भएको हो,
र यो हाम्रो दृष्टिमा अचम्मको छ'।

४३ यसैकारण म तिमीहरूलाई भन्दछु,
परमेश्वरको राज्य तिमीहरूबाट खोसिनेछ,
र एउटा यस्तो जातिलाई दिइनेछ, जसले
त्यसबाट फल फलाउँछ। ४४ औ यस
ढुङ्गामाथि खस्ने चाहिं टुका टुका हुनेछ,
तर जसमाथि त्यो ढुङ्गो खस्छ, त्यसले
त्यसलाई धूलोपीठो पार्नेछ।' ४५ अब मुख्य
पूजाहारीहरू र फरिसीहरूले उहाँका उखान
सुनेर तिनीहरूकै विषयमा उहाँले भन्नुभएको
हो भन्ने थाह पाए। ४६ औ तिनीहरूले
उहाँलाई समात्नखोजे, तर तिनीहरू भीड़सँग
डराए, किनभने भीड़हरूले उहाँलाई अगमवक्ता
हुन् भनी ठान्थे।

विवाहको भोजको उखान

२२ अनि येशूले जवाफ दिई फेरि यसो
भनेर तिनीहरूलाई उखानमा भन्नुभयो,
२ 'स्वर्गको राज्य एक जना राजा जस्तो हो,
जसले आफ्नो छोराको विवाहको भोज
तयार गरे, ३ औ भोजमा आमन्त्रित
व्यक्तिहरू बोलाउन भनी आफ्ना नोकरहरू
पठाए, तर तिनीहरूले आउन मन गरेनन्।
४ फेरि तिनले अरू नोकरहरूलाई यसो
भनेर पठाए, 'निमन्त्रणा पाउनेहरूलाई भन,
हेर, मैले मेरो भोज तयार गरेको छु,
मेरा गोरुहरू र मोटा मोटा पशुहरू मारिएका
छन्, र सब चीजहरू तयार छन्।
विवाहको भोजमा आओ।' ५ तर तिनीहरूले
वास्तै नगरी एउटा आफ्नो खेतबारीतिर,
अर्को आफ्नो व्यापारतिर लागे। ६ औ
बाँकी चाहिंले तिनका दासहरूलाई
पक्रेर तिनीहरूलाई बेइज्जत गरेर मारे।
७ तर राजा क्रोधित भए, र आफ्ना
फौजहरू पठाईकन ती ज्यानमाराहरूलाई नाश
गरे, र तिनीहरूको शहर जलाइदिए।
८ तब तिनले आफ्ना दासहरूलाई भने,
विवाहको भोज तयार छ, तर निम्तारोहरू
योग्य ठहरिएनन्। ९ यसकारण तिमीहरू
मूल सड़कका दोबाटोहरूमा जाओ,
र जत्तिलाई भेट्टाऔला बोलाओ। १० तब
ती नोकरहरूले मूल सड़कहरूमा गएर दुष्ट
र असल दुवै थरीका, जत्तिलाई भेट्टाए,
सबैलाई बटुलेर ल्याए, र विवाहको घर
पाहुनाहरूले भरियो। ११ तर जब पाहुना-
हरूलाई हेर्न भनी राजा भित्र आए, तब
तिनले विवाहको भोजको पोशाक नलगाएको
एउटा मानिसलाई देखे। १२ औ तिनले
त्यसलाई भने, 'ए साथी, तिमी चाहिं कसरी
विवाहको भोजको पोशाक नलाईकन यहाँ भित्र

आयौ ?' औ त्यो निरुत्तर भयो। १३ तब
राजाले नोकरहरूलाई भने, 'त्यसका हात-खुट्टा
बाँधेर त्यसलाई बाहिर अँध्यारोमा फालिदेओ,
त्यहाँ रूवाबासी र दाह्रा किटाई हुनेछ।
१४ किनभने बोलाइएका धेरै छन्, तर
चुनिएका थोरै मात्र हुन्छन्।'

कर सम्बन्धी प्रश्न

१५ तब फरिसीहरू गएर उहाँलाई कसरी
कुरामा फँसाऔं भनी आपसमा मतो गरे।
१६ तिनीहरूले आफ्ना चेलाहरूलाई
हेरोदीहरूसँग उहाँकहाँ यसो भनेर पठाए,
'हे गुरु, हामी जान्दछौं तपाईं सत्य
हुनुहुन्छ, र परमेश्वरको मार्ग साँचो गरी
सिकाउनुहुन्छ, र तपाईं कसैको वास्ता
गर्नुहुन्न, किनकि तपाईं मानिसहरूका मुख
हेर्नुहुन्न। १७ यसकारण हामीलाई
भन्नुहोस्, 'सिजरलाई कर तिर्नु मनासिब
हो कि होइन ?' १८ तर येशूले
तिनीहरूको दुष्टपना जानेर भन्नुभयो, 'ए
कपटी हो, तिमीहरू मलाई किन परीक्षा
गर्दछौ ? १९ कर तिर्ने सिक्का मलाई
देखाओ।' अनि तिनीहरूले उहाँकहाँ एउटा
दिनार ल्याए। २० उहाँले तिनीहरूलाई
भन्नुभयो, 'यो मूर्ति र छाप कसको हो ?'
२१ तिनीहरूले उहाँलाई भने, 'सिजरको।'
तब उहाँले तिनीहरूलाई भन्नुभयो, 'यसकारण
जे जे सिजरका हुन् सिजरलाई, र जे जे
परमेश्वरका हुन् परमेश्वरलाई देओ।' २२ यो
सुनेर तिनीहरू जिल्ल परे, र उहाँलाई छोड़ेर
आफ्नो बाटो लागे।

पुनरुत्थान सम्बन्धी प्रश्न

२३ पुनरुत्थान हुँदैन भन्ने सदुकीहरू
त्यही दिन उहाँकहाँ आए, र उहाँलाई यसो
भनेर सोधे, २४ 'हे गुरुज्यू, मोशाले
भनेका छन्, कोही मानिस निस्सन्तान
मऱ्यो भने भाइ चाहिँले आफ्नो भाउज्यूलाई
विवाह गरेर दाज्यूको सन्तान खड़ा गरोस्।
२५ अब हामीसँग सात दाज्यू-भाइ थिए,
जेठोले विवाह गरेपछि मऱ्यो, र सन्तान
नहुँदा उसको भाइको निम्ति स्वास्नी छोड़ेर
गयो। २६ उसैगरी माहिलोले पनि,
साहिँलोले पनि, र सातौंसम्मले त्यसै गरे।
२७ पछि त्यो आइमाई पनि मरी।
२८ त पुनरुत्थानमा ती सातै जनामध्ये
त्यो कसको स्वास्नी हुनेछ ? किनभने
त्यो सबैको भइसकेको छ।' २९ येशूले
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू धर्मशास्त्र
र परमेश्वरको शक्ति नबुझेर भूलमा
परेका छौ। ३० किनकि पुनरुत्थानमा नता
विवाह गर्दछन्, न विवाह गरिदिन्छन्, तर
स्वर्गमा स्वर्गदूतहरू जस्ता हुन्छन्। ३१ तर
मुर्दाको पुनरुत्थानको विषयमा यसो भन्ने
परमेश्वरको वचन, के तिमीहरूले पढ़ेका
छैनौ ? ३२ म अब्राहामका परमेश्वर,
इसहाकका परमेश्वर र याकूबका परमेश्वर
हुँ। परमेश्वर मुर्दाका त हुनुहुन्न, तर
जिउँदाका परमेश्वर हुनुहुन्छ।' ३३ औ
भीड़हरू यो सुनेर उहाँका शिक्षामा छक्क
परे।

सबैभन्दा ठूलो आज्ञा

३४ उहाँले सदुकीहरूलाई चूप पार्नुभयो
भनी सुनेर फरिसाहरू उहाँकहाँ जम्मा
भए। ३५ औ तिनीहरूमध्ये एक जना
व्यवस्थाका पण्डितले उहाँको परीक्षा गरेर
उहाँलाई सोधे, ३६ 'हे गुरु, व्यवस्थामा
प्रमुख आज्ञा कुन चाहिँ हो ?' ३७ उहाँले
तिनलाई भन्नुभयो, 'तैंले परमप्रभु
आफ्ना परमेश्वरलाई आफ्ना सारा हृदयले,
र आफ्ना सारा प्राणले, र आफ्ना सारा
समझले प्रेम गर्नू। ३८ प्रमुख र प्रथम
आज्ञा यही हो ३९ दोस्रो चाहिँ त्यही
जस्तो हो, तैंले आफ्ना छिमेकीलाई

आफैलाई जस्तै प्रेम गर्नू।' ४० सारा
व्यवस्था र अगमवक्ताहरूका शिक्षा यिनै दुइ
आज्ञामा निर्भर छन्।'

ख्रीष्ट सम्बन्धी प्रश्न

४१ जब फरिसीहरू जम्मा भएका थिए,
तब येशूले तिनीहरूलाई यसो भनेर सोध्नुभयो,
४२ 'ख्रीष्टको विषयमा तिमीहरू के ठान्छौ?
उ कसको पुत्र हो? तिनीहरूले उहाँलाई भने,
'दाऊदका पुत्र।' ४३ उहाँले तिनीहरूलाई
भन्नुभयो, 'त्यसो भए कसरी दाऊदले
आत्मामा उसलाई यसो भनी प्रभु भन्दछन्
त?
४४ 'प्रभुले मेरा प्रभुलाई भन्नुभयो,
तिमी मेरो दाहिने हातपट्टि बस,
जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा
गोडामनि राख्तिनँ।'
४५ यदि दाऊदले उसलाई प्रभु भन्दछन्
भनेदेखि, त उ कसरी तिनको पुत्र हुन्छ
र?' ४६ अनि कसैले पनि जवाफमा एक
वचन बोल्न सकेन, औ नता त्यस दिनदेखि
कसैलाई उहाँसँग प्रश्न सोध्ने आँट भयो।

धर्म गुरुहरूको पाप

२३ तब येशूले भीड़हरू र आफ्ना
चेलाहरूसित यसो भनेर कुरा
गर्नुभयो।
२ शास्त्रीहरू र फरिसीहरू मोशाको
आसनमा बस्तछन्। ३ यसकारण जे
तिनीहरूले भन्दछन् ती गर र मान, तर
तिनीहरूकै काम जस्तो चाहिं नगर, किनकि
तिनीहरूले भन्द ता छन्, तर गर्दैनन्।
४ हो, तिनीहरू गह्रौं र बोक्न नसक्ने
भारी बाँधेर मानिसहरूका काँधमा
हालिदिन्छन्। तर तिनीहरू आफैले भने
आफ्ना औंलाले पनि ती सारिदिने मन
गर्दैनन्। ५ तर तिनीहरू आफ्ना सारा काम
मानिसहरूलाई देखाउनाको निम्ति गर्दछन्।
किनभने तिनीहरू आफ्ना व्यवस्था पत्री ठूला
बनाउँछन्, र आफ्ना वस्त्रका झुम्काहरू
लामो तुल्याउँछन्, ६ औ भोजहरूमा
मुख्य स्थान र सभाघरहरूमा मुख्य मुख्य
आसनहरू, चाहन्छन् ७ र बजारहरूमा सलाम
खोज्छन् र मानिसहरूबाट गुरु कहलाइन
रुचाउँछन्। ८ तर तिमीहरूलाई कसैले गुरु
नभनोस् किनकि तिमीहरूका गुरु एउटै छन्,
र तिमीहरू चाहिं सबै दाज्यू-भाइ हौ।
९ तिमीहरू पृथ्वीमा कसैलाई आफ्ना पिता
नभन, किनकि तिमीहरूका पिता एउटै स्वर्गमा
हुनुहुन्छ। १० तिमीहरूलाई मालिक कसैले
नभनोस्, किनकि तिमीहरूका एक मात्र
मालिक ख्रीष्टनै हो। ११ तर तिमीहरूमा
जो सबैभन्दा ठूलो छ, त्योचाहिं तिमीहरूको
सेवक हुनेछ, १२ अनि जसले आफूलाई
ठूलो तुल्याउँछ, त्यो होच्याइनेछ, र जसले
आफूलाई होच्याउँछ, त्योचाहिं ठूलो हुनेछ।
१३ धिक्कार, तिमीहरूलाई, शास्त्री र
फरिसी हो, कपटीहरू! किनकि तिमीहरू
मानिसहरूका विरुद्ध स्वर्गको राज्य बन्द
गर्दछौ। किनभने तिमीहरू नता आफै
पस्तछौ, न पस्नेहरूलाई पनि पस्न दिन्छौ।
१४ धिक्कार तिमीहरूलाई, ए शास्त्री र
फरिसी हो, कपटीहरू! किनकि तिमीहरू
विधवाहरूका घर निलिहाल्दछौ, र
लोकाचारको लागि लामो प्रार्थना गर्दछौ,
यसैले तिमीहरू अरूले भन्दा ज्यादा दण्ड
पाउनेछौ।
१५ धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसी हो, कपटीहरू! किनकि तिमीहरू
एकै जनालाई आफ्नो मतमा ल्याउनाको
निम्ति समुद्र र पाखा चहार्दछौ, र त्यो
तिमीहरूका मतमा आएपछि त्यसलाई
आफूभन्दा दोबर नरकको कीरो बनाउछौ।
१६ धिक्कार तिमीहरूलाई, ए अन्धा
अगुवा हो, जसले भन्दछन्, 'कसैले मन्दिर
छोएर शपथ खायो भने, त्यो केही

होइन, तर कसैले मन्दिरको सुन छोएर शपथ
लियो भने, त्यो ऋणी ठहर्छ।' १७ ए
मूर्ख र अन्धाहरू, कुन चाहिँ ठूलो हो?
सुन कि सुनलाई चोख्याउने मन्दिर?
१८ 'औ कसैले वेदी छोएर शपथ खायो
भने, त्यो केही होइन, तर कसैले त्यसमाथिको
भेटी छोएर शपथ खायो 'भने त्यो ऋणी
हो।' १९ ए अन्धा हो, कुन चाहिँ
ठूलो हो? भेटी कि भेटीलाई चोख्याउने
वेदी? २० यसकारण वेदी छोएर शपथ
खानेले, त्यसैको र त्यसमाथिका सबै थोकको
शपथ लिन्छ। २१ औ मन्दिर छोएर
शपथ खानेले, त्यसैको र त्यसभित्र वास
गर्नेको किरिया हाल्दछ। २२ अनि स्वर्ग
छोएर शपथ खानेले, परमेश्वरको सिंहासनको
र त्यसमाथि विराजमान हुनेलाई छोएर
शपथ लिन्छ।

२३ धिक्कार तिमीहरूलाई, ए शास्त्री
र फरिसी हो, कपटीहरू! किनकि तिमीहरू
पदीना र सूँप र जीराको दशौं भाग दिन्छौ,
औ व्यवस्थाका तीभन्दा गहकिला कुराहरू,
अर्थात् न्याय, दया र विश्वास छोड्दछौ।
तर तिमीहरूले यो पनि गरेर ती पनि
नछोड्नु पर्थ्यो। २४ ए अन्धा अगुवा हो,
तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई चाहिँ
निलिहाल्दछौ।

२५ धिक्कार तिमीहरूलाई, ए शास्त्री
र फरिसी हो, कपटीहरू! किनभने तिमीहरू
कचौरा र थालको बाहिरपट्टि ता माझ्दछौ,
तर भित्रपट्टि भने ती लूट र असंयमले
भरिएका हुन्छन्। २६ ए अन्धा फरिसी,
पहिले कचौरा र थालको भित्रपट्टि माझ, र
तिनको बाहिरपट्टि पनि माझिएको होस्।

२७ धिक्कार तिमीहरूलाई, ए शास्त्री
र फरिसी हो, कपटीहरू! किनकि तिमीहरू
चून लाइराखेका चिहानहरू जस्ता छौ, जो
बाहिरपट्टि सुन्दर देखा पर्छन्, तर भित्रपट्टि
भने मुर्दाहरूका हाड़हरू र सबै अशुद्ध वस्तुले
भरिएका हुन्छन्। २८ यसरीनै तिमीहरू
पनि बाहिर भने मानिसहरूका साम्नु धर्मी
देखा पर्दछौ, तर भित्र भने कपट र
अत्याचारले भरिएका छौ।

२९ धिक्कार तिमीहरूलाई, ए शास्त्री र
फरिसी हो, कपटीहरू! किनकि तिमीहरू
अगमवक्ताका चिहानहरू बनाउँछौ, र
धर्मीहरूका कबरहरू सिँगार्छौ, ३० औ
भन्दछौ, हामी आफ्ना पुर्खाहरूका समयमा
हुँदा हौं ता हामी अगमवक्ताहरूको हत्यामा
उनीहरूसित सम्भागी हुने थिएनौं।
३१ यसरी अगमवक्ताहरू मार्नेका सन्तान
हामी हौं भन्ने प्रमाण तिमीहरू आफै
दिन्छौ। ३२ तिमीहरूले आफ्ना पुर्खाहरूका
पापको नाप पूरा गर। ३३ ए सर्पहरू,
साँपे सर्पका बच्चा हो, तिमीहरू नरकको
दण्डदेखि कसरी उम्कनेछौ? ३४ यसकारण
म तिमीहरूकहाँ अगमवक्ताहरू र बुद्धिमान
मानिसहरू, र शास्त्रीहरू पठाउँछु। तिनी-
हरूमध्ये कुनैलाई तिमीहरूले मार्नेछौ, र
क्रूसमा टाँग्नेछौ, र कुनैलाई आफ्ना
सभाघरहरूमा कोर्रा लगाउनेछौ, र शहर
शहर हुँदो खेदो गर्नेछौ, ३५ अर्थात्,
पृथ्वीमा बहेका सब धर्मी जनका रगत,
जोकि धर्मी हाबिलको रगतदेखि लिएर,
बरखियाको छोरो जकरियाको रगतसम्म,
जसलाई तिमीहरूले पवित्रबास र वेदीका
बीचमा हत्या गर्यौ, सो तिमीहरूमाथि
परोस्। ३६ म तिमीहरूलाई साँच्चै भन्दछु,
यी सबै कुरा यसै पुस्तामाथि आइपर्नेछन्।

३७ ए यरूशलेम, ए यरूशलेम तँ जो
अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएका-
हरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले
आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ,
त्यसरीनै कत्तिपल्ट मैले तेरा बालकहरूलाई
बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्।
३८ हेर तिमीहरूको घर तिमीहरूका निम्ति
उजाड़ छोड़िनेछ। ३९ किनभने म तिमी-
हरूलाई भन्दछु, अब उप्रान्त तिमीहरूले
मलाई फेरि देख्नेछैनौ, जहिलेसम्म 'धन्य हुन्,

तिनी परमप्रभुका नाउँमा आउने,' भनी
तिमीहरू भन्दैनौ ।

अन्तको दिन

२४ यसपछि येशू निस्केर मन्दिरबाट
जानुभयो, र जानलाग्नु हुँदा उहाँका
चेलाहरू उहाँलाई मन्दिरका बनौटहरू देखाउन
भनी उहाँकहाँ आए । २ तर उहाँले
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूले यो सब
देख्छौ ? तर म तिमीहरूलाई साँच्चै
भन्छु, यो भत्केर एउटा ढुङ्गामाथि अर्को ढुङ्गा
सम्म पनि रहनेछैन । ३ औ उहाँ जैतून
डाँडामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ
आएर भने, 'हामीलाई भन्नुहोस्, यो कुरा
कहिले हुनेछन्, र तपाईंको आगमन र
जगत्को अन्तको चिह्न के हुन्छ ?'
४ तब येशूले तिनीहरूलाई भन्नुभयो,
'होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा
नपारोस् । ५ किनभने धेरै जना मेरो नाउँमा
'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, धेरैलाई
भ्रममा पार्नेछन् । ६ औ तिमीहरूले लड़ाइँ,
र लड़ाइँका हल्ला सुन्नेछौ । हेर, न घबराओ,
किनकि यी हुनु आवश्यकने छन्, तर अन्त
ता त्यत्तिनैखेरि हुँदैन । ७ किनभने जातिको
विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य
उठ्नेछ, र ठाउँ ठाउँमा अनिकाल र भैँचालो
हुनेछ । ८ तर यी सब ता कष्टका शुरु
हुन् । ९ तब तिनीहरूले तिमीहरूलाई घोर
शासनाको लागि सुम्पिदिनेछन्, र तिमी-
हरूलाई मार्नेछन्, औ मेरो नाउँको खातिर
सबै जातिमध्ये तिमीहरू घृणित हुनेछौ ।
१० तब धेरै जनाले ठेस खानेछन्, र
एउटाले अर्कोलाई विश्वासघात गर्नेछ, र
घृणा गर्नेछ । ११ औ धेरै झूटा अगम-
वक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई भ्रममा
पार्नेछन् । १२ औ अधर्म बढ्ने हुनाले
धेरैका प्रेम सेलाएर जानेछ । १३ तर
अन्तसम्म स्थिर रहने चाहिँ उद्धार
पाउनेछ । १४ औ राज्यको यो सुसमाचार
सारा संसारमा सब जातिहरूलाई साक्षीको
निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त
हुनेछ ।
१५ यसकारण जब तिमीहरूले दानियल
अगमवक्ताबाट बोलिएको उजाड़ गर्ने
घृणित कुरा पवित्र स्थानमा खड़ा भएको
देखौला (पढ़नेले बुझोस्) १६ तब
यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्
१७ कौसीमा हुनेहरू आफ्ना घरमा भएका
केही निकाल्नालाई तल नझरून् १८ खेत-
बारीमा हुने आफ्नो खाष्टो लिनालाई
फर्की नआऊन् । १९ तर हाय, ती
दिनमा गर्भवतीहरू र दूध खुवाउनेहरूलाई ।
२० तिमीहरूको भगाई हिउँदमा, कि
विश्रामको दिनमा, नपरोस् भनी प्रार्थना गर ।
२१ किनकि त्यस बेला यस्तो महा सङ्कट
हुनेछ, जो जगत्को शुरूदेखि अहिलेसम्म
भएको छैन, नता फेरि कहिल्यै हुनेछ ।
२२ औ ती दिन नघटाइएका भए कोही
देहधारी बाँच्नसक्ने थिएन तर चुनिएका-
हरूका निम्ति ती दिन घटाइनेछन् ।
२३ त्यस बेला तिमीहरूलाई कसैले हेर,
ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन् भन्यो
भने, विश्वास नगर । २४ किनकि झूटा
ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा
हुनेछन्, औ हुनसके चुनिएकाहरूलाई
पनि भ्रममा पार्नालाई, ठूला-ठूला चिह्न
हरू र आश्चर्यका कामहरू देखाउनेछन् ।
२५ हेर, मैले तिमीहरूलाई अघिबाटै
भनिदिएको छु । २६ तिनीहरूले तिमीहरूलाई
'हेर, उनी वनमा छन्,' भनी भन्छन्
भने निस्केर नजाओ 'हेर, उनी भित्रका
कोठाहरूमा छन्,' भने पनि नपत्याओ ।
२७ किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा
पश्चिमसम्म देखिन्छ, उसरीनै मानिसको
पुत्रको आगमन पनि हुनेछ । २८ जहाँ
सिनो हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा
हुन्छन् ।

२९ तर ती सङ्कष्टका दिनको
तुरुन्त पछि सूर्य अँध्यारो हुनेछ, र जूनले
आफ्नो चमक दिनेछैन, र ताराहरू
आकाशबाट खस्नेछन्, तथा स्वर्गका
शक्तिहरू डगमगाउनेछ, ३० औ तब
मानिसको पुत्रको चिह्न आकाशमा देखा
पर्नेछ औ पृथ्वीका सब जातिहरू विलाप
गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई
आकाशका बादलहरूमा शक्ति र ठूलो
महिमासित आउँदैगरेको देख्नेछन्। ३१ औ
उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो
आवाजको साथमा पठाउनेछ, र तिनीहरूले
आकाशको एक छेउदेखि अर्को छेउसम्म
चारै दिशाबाट उसका चुनिएकाहरूलाई
जम्मा गर्नेछन्।

जागा रहने चेताउनी

३२ तर नेभाराको रूखबाट एउटा
उपमा सिक जब त्यसको हाँगा कमलो
भएर पातहरू पहाउँछ, तब ग्रीष्म ऋतु
आएछ भनी थाह पाउँछौ। ३३ त्यसरीनै
तिमीहरूले पनि जब यी सबै कुरा भएका
देख्नेछौ तब उ नजीकै, ढोकाहरूमै छ
भनी जान। ३४ म तिमीहरूलाई साँच्चै
भन्दछु, कि यो पुस्ता बिती नजाँदै यी
सब कुराहरू पूरा भइजानेछ। ३५ स्वर्ग
र पृथ्वी बितेर जानेछ, तर मेरो वचन
चाहिं बितेर जानेछैन। ३६ तर त्यस
दिन र घड़ीको विषयमा कसैले जान्दैन, नता
स्वर्गका दूतहरूले, न पुत्रले, तर पिताले
मात्र। ३७ तर जस्तो नूहको दिनमा
भएथ्यो, उस्तैगरी मानिसको पुत्रको आगमन
हुनेछ। ३८ किनकि जसरी जलप्रलयका
अघाड़िका दिनमा नूह जहाजमा नपसेका
दिनसम्म, मानिसहरू खाइरहेका, र पिइरहेका
र विवाह-बारी गरिरहेका थिए, ३९ औ
जलप्रलय आएर सबलाई स्वात्तै नलगुञ्जेल
तिनीहरूले थाहै पाएनथे, उसैगरी मानिसको
पुत्रको आगमन पनि हुनेछ। ४० त्यसबेला
दुइ जना खेतबारीमा हुनेछन्, एक जना
लगिन्छ अर्को छोड़िन्छ। ४१ दुइ स्त्रीहरू
जाँतो पिँधिरहेका हुनेछन्, एक जना लगिन्छे,
अर्को छोड़िन्छे। ४२ यसकारण जागा रहो,
किनकि कुन दिन तिमीहरूका प्रभु आउँछन्,
सो तिमीहरूले जान्दैनौ।

असल र खराब नोकरहरूको उखान

४३ तर यो जान, कि घरको मालिकले
चोर कुन पहरमा आउँछ भनी जानेको
भए, उ जागो रहनेथियो, र आफ्नो घर
फोरिन दिने थिएन। ४४ यसकारण
तिमीहरू पनि तयार रहो किनकि मानिसको
पुत्र तिमीहरूले नचिताएको बेलामा आउँछ।
४५ तब विश्वासी र बुद्धिमान दास को हो?
उही हो, जसलाई त्यसको मालिकले ठीक ठीक
समयमा खान देओस् भनेर आफ्नो परिवार-
माथि खटाएको हुन्छ? ४६ धन्य हो त्यो
नोकर, जसलाई त्यसको मालिकले आएर
त्यसै गरिरहेको भेट्टाउनेछ। ४७ म तिमी-
हरूलाई साँच्चै भन्दछु, उसले त्यसलाई
आफ्नो सारा सम्पत्तिमाथि नियुक्त गर्नेछ।
४८ तर त्यस दुष्ट नोकरले मेरा मालिक
बियाँलो गर्छन् भनी मनमा ठानी,
४९ आफ्ना साथी नोकरहरूलाई पिट्न, र
मतवालाहरूसित खान र पिउन लाग्यो
भने, ५० त्यस नोकरको मालिक, त्यसले
आशा नगरेको दिन र नसम्भेको समयमा,
आइपुग्नेछ। ५१ औ उसले त्यसलाई
टुक्राटुका पारी काटनेछ, र त्यसलाई कपटी-
हरूका भाग दिनेछ। त्यहाँ रूवाबासी र
दाहा किटाइ हुनेछ।

दश कन्याको उखान

२५ तब स्वर्गको राज्य दश कन्याहरू
जस्तो हो, जो आफ्नो आफ्नो

बत्ती लिएर दुलहालाई भेट्न निस्के।
२ तीमध्ये पाँच निर्बुद्धि, र पाँच
चाहिं बुद्धिमती थिए। ३ किनकि
निर्बुद्धिहरूले बत्ती लिएर आफूसित तेल
चाहिं लगेनन्। ४ तर बुद्धिमतीहरूले
चाहिं आफ्ना बत्तीसित भाँड़ाहरूमा तेल
लगे। ५ तर दुलहाले बियाँलो गर्दा ती सबै
निद्राले लट्ठ भए, र निदाए। ६ आधा
रातमा 'हेर दुलहा! उनलाई भेट्न आऊ'
भन्ने शब्द आयो। ७ तब ती सबै
कन्याहरूले उठेर आफ्ना आफ्ना बत्ती छाँटे।
८ औ निर्बुद्धिहरूले बुद्धिमतीहरूलाई भने,
'तिमीहरूको तेल हामीलाई पनि केही
देओ किनभने हाम्रा बत्ती ता निभ्नलागे।'
९ तर बुद्धिमतीहरूले यसो भनेर जवाफ
दिए, 'हामी र तिमीहरूलाई यो यथेष्ट छैन
बरू पसलेकहाँ गएर आफ्नो लागि किन।'
१० तिनीहरू किन्न जाँदा दुलहा आइपुगिहाले,
र तयार हुनेहरू तिनीसँग विवाहको भोजमा
भित्र पसे, र ढोका बन्द भयो।
११ पछिबाट ती कन्याहरू पनि यसो भन्दै
आइपुगे 'हे प्रभु, हे प्रभु, हामीलाई
खोलिदिनुहोस्।' १२ तर उनले जवाफ दिएर
भने, 'म तिमीहरूलाई साँच्चै भन्दछु, म
तिमीहरूलाई चिन्दिनँ।' १३ यसकारण
जागा रहो, किनकि तिमीहरू त्यो दिन र
त्यो बेला थाह पाउँदैनौ।'

तोड़ाको उखान

१४ किनकि यो ता त्यो मानिसजस्तो
हो, जसले परदेश जाँदा आफ्ना नोकरहरू-
लाई बोलाई आफ्ना धन-सम्पत्ति तिनीहरूलाई
जिम्मा दिए। १५ औ उसले हरेकलाई
तिनीहरूका आफ्ना आफ्ना खूबी अनुसार,
एउटालाई पाँच तोड़ा, अर्कोलाई दुइ,
र अर्कोलाई एक तोड़ा दिएर परदेशतिर
लागे। १६ तब पाँच तोड़ा पाउनेले तुरुन्तै
गएर त्यो व्यापारमा लगाईकन अरू पाँच
तोड़ा कमायो। १७ त्यसरीनै दुइ तोड़ा
पाउनेले पनि अरू दुइ कमायो। १८ तर
एक पाउनेले चाहिं गएर भूइँ खनेर आफ्ना
स्वामीको धन लुकाइराख्यो। १९ धेरै
दिनपछि ती नोकरहरूका स्वामी आए, र
तिनले तिनीहरूसँग हिसाब लिए। २० तब
पाँच तोड़ा पाउनेले अरू पाँच तोड़ा ल्याई
अगाड़ि आएर यसो भन्यो, 'हजूर तपाइंले
मलाई पाँच तोड़ा जिम्मा दिनुभएको थियो।
हेर्नुहोस्, मैले अरू पाँच तोड़ा कमाएको
छु।' २१ त्यसलाई त्यसका स्वामीले भने,
'स्याबास असल र इमान्दार नोकर! तैंले
थोरै कुरामा इमान देखाइस्, अब म तँलाई
धेरै कुरामा नियुक्त गर्नेछु। तँ आफ्ना
मालिकसँगै खुशी हो।' २२ दुइ तोड़ा
पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाइंले
मलाई दुइ तोड़ा दिनुभएको थियो, हेर्नुहोस्,
मैले अरू दुइ तोड़ा कमाएको छु।'
२३ त्यसका स्वामीले त्यसलाई भने,
'स्याबास, असल र इमान्दार नोकर, तैंले
थोरै कुरामा इमान देखाइस्, अब म धेरै
कुरामा तँलाई नियुक्त गर्नेछु। तँपनि आफ्ना
मालिक सँगसँगै खुशी हो।' २४ तर
जसले एक तोड़ा पाएको थियो त्यसले पनि
आएर भन्यो, 'हजूर तपाइं कठोर मानिस, र
आफूले नरोपेको कुराको कटनी गर्ने, र
ननिफनेको कुरा जम्मा गर्ने हुनुहुन्छ भन्ने
मलाई थाह थियो। २५ मलाई डर लाग्यो,
र गएर तपाइंको तोड़ा भूइँमा लुकाइराखें।
तपाइंको आफ्नो तोड़ा लिनुहोस्।'
२६ त्यसका मालिकले त्यसलाई जवाफ दिएर
भने, 'ए दुष्ट र अल्छी नोकर, मैले जहाँ
छरिनँ त्यहाँ कटनी गर्दछु, औ जहाँ
निफनिन त्यहाँ बटुल्छु भनेर तैंले जानेको
थिइस् भने, २७ तैंले मेरो धन सराफी-
हरूकहाँ राख्नुपर्द थियो, र आएर मैले ब्याज
समेत मेरो फिर्ता पाउने थिएँ। २८ यस-
कारण त्यससँगबाट त्यो तोड़ा खोसेर जससँग
दश तोड़ा छ, त्यसलाई देओ। २९ किनभने

जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यस-
सँग प्रशस्त हुनेछ। तर जससँग छैन,
त्यससँग भएको पनि त्यसबाट खोसिनेछ।
३० औ त्यो बेकम्मा नोकरलाई बाहिरको
अँध्यारोमा फालिदेओ, त्यहाँ रुवाबासी र
दाहा किटाइ हुनेछ।'

इन्साफको दिन

३१ 'तर जब मानिसको पुत्र स्वर्गदूत-
हरूसमेत आफ्नो महिमामा आउला, तब
आफ्नो महिमाको सिंहासनमा बस्नेछ।
३२ औ उसको सामु सबै देशका मानिसहरू
जम्मा हुनेछन्, र जसरी गोठालाले भेड़ा-
लाई बाख्राबाट छुट्याउँछ, उसरीनै उसले
तिनीहरू एकलाई अर्कोबाट छुट्याउनेछ।
३३ औ उसले भेड़ाहरूलाई आफ्नो दाहिने
हातपट्टि, तर बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ।
३४ तब राजाले आफ्ना दाहिने हातपट्टिका
हरूलाई भन्नेछन्, 'आओ, ए मेरा पिताका
धन्यका हो, जो राज्य जगत्‌को उत्पत्तिदेखि
तिमीहरूका निम्ति तयार गरिएको छ, त्यो
अधिकार गर। ३५ किनभने म भोकाएको
थिएँ, तिमीहरूले मलाई खान दियौ। म
तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन
दियौ। म परदेशी थिएँ, तिमीहरूले
मलाई तिमीहरूकहाँ ल्यायौ। ३६ नाङ्गो
थिएँ, तिमीहरूले मलाई पहिरायौ। बिरामी
थिएँ, तिमीहरूले मेरो हेरचाहा गर्‍यौ।
झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।'
३७ तब धार्मिकहरूले उनलाई यसो भन्दै
जवाफ दिनेछन्, 'हे प्रभु कहिले हामीले
तपाईंलाई भोकाउनुभएको देख्यौं, र तपाईंलाई
खान दियौं? अथवा तिर्खाउनुभएको, र
तपाईंलाई पिउनदियौं? ३८ औ कहिले
हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई
हामीहरूकहाँ ल्यायौं? अथवा नाङ्गो, र
पहिरायौं? ३९ र कहिले हामीले तपाईं-
लाई बिरामी पर्नुभएको, अथवा झ्यालखानमा
देख्यौं, र तपाईंकहाँ आयौं?' ४० तब
राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्,
'म तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरूले
यी मेरा भाइहरूमध्ये सबैभन्दा सानो एउटा-
लाई जे जति गर्‍यौ, त्यो तिमीहरूले मलाईनै
गर्‍यौ। ४१ त्यसपछि उनले देब्रे हातपट्टिका-
हरूलाई पनि भन्नेछन्, 'ए श्रापित हो,
शैतान र त्यसका दूतहरूका लागि तयार
गरिएको अनन्त आगोमा मबाट दूर भइजाओ।
४२ किनभने म भोकाएको थिएँ, तिमीहरूले
मलाई खानदिएनौ। तिर्खाएको थिएँ,
तिमीहरूले मलाई पिउनदिएनौ। ४३ म
परदेशी थिएँ, तिमीहरूले मलाई आफूकहाँ
लगेनौ। नाङ्गो, थिएँ र तिमीहरूले मलाई
पहिराएनौ बिमारी र झ्यालखानमा थिएँ, र
तिमीहरू मलाई हेर्न आएनौ। ४४ तापनि
तिनीहरूले यसो भनेर जवाफ दिनेछन्, 'हे प्रभु
कहिले हामीहरूले तपाईंलाई भोकाएका वा
तिर्खाएका, परदेशी, वा नाङ्गो वा बिरामी, वा
झ्यालखानमा देख्यौं, र तपाईंको सेवा
गरेनौं?' ४५ तब उनले तिनीहरूलाई यसो
भनेर जवाफ दिनेछन्, 'म तिमीहरूलाई साँच्चै
भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एउटालाई
जे जति गरेनौ, त्यो तिमीहरूले मलाईनै
गरेनौ। ४६ तब यिनीहरूचाहिँ अनन्त
दण्डमा, तर धार्मिकहरूचाहिँ अनन्त जीवनमा
जानेछन्।'

येशूलाई मार्ने षड्यन्त्र

२६ जब येशूले यी सबै कुरा गरिसक्नु-
भयो तब उहाँले आफ्ना चेलाहरू-
लाई भन्नुभयो, २ 'तिमीहरूलाई थाहै छ,
अबको दुइ दिनपछि निस्तार-चाड आउँछ,
औ मानिसको पुत्र क्रूसमा टाँगिनालाई
सुम्पिनेछ। ३ तब मुख्य पूजाहारीहरू, र
जनताका बूढ़ा-प्रधानहरू कैयाफा भन्ने प्रधान
पूजाहारीको चोकमा भेला भए। ४ औ
तिनीहरूले येशूलाई छलसित पक्रेर मारौं भनी

मतो गरे। ५ तर तिनीहरूले भने, 'चाडको
बेलामा ता होइन, नत्रता मानिसहरूमा
खैलाबैला हुनेछ।'
६ येशू बेथानीमा शिमोन कोरीको
घरमा हुँदा, ७ एउटी स्त्री सिँगमर्मरको
एउटा भुँडुल्कोमा बहुमूल्य अत्तर लिएर
उहाँकहाँ आई, र उहाँ भान्सामा बस्नुहुँदा
उसले त्यो उहाँको शिरमा खन्याई।
८ यो देखेर चेलाहरूलाई रीस उठ्यो, र
तिनीहरूले भने, 'केको निम्ति यत्रो बर्बादी ?'
९ किनकि यो अत्तर धेरै दाममा बिक्री
गरेर गरीबहरूलाई दिनसकिन्थ्यो। १० तर
येशूले यो थाह पाएर तिनीहरूलाई भन्नुभयो,
'तिमीहरू यस नारीलाई किन दुःख
दिन्छौ ? किनकि तिनले ता मप्रति एउटा
असल काम गरेकी छन्। ११ किनकि
गरीबहरू ता तिमीहरूसित सधैँ हुन्छन्। तर
म ता तिमीहरूसित सधैँ हुन्नँ। १२ किनकि
तिनले यो अत्तर मेरो शरीरमा खनाएर मेरो
मृत संस्कारको निम्ति तयार पारेकी हुन्।
१३ म तिमीहरूलाई साँच्चै भन्दछु, सारा
जगत्मा जहाँ यो सुसमाचार प्रचार गरिएला
यो नारीले जे गरिन् त्यसको चर्चा पनि
तिनको सम्झनाको लागि गरिनेछ।
१४ तब बाह्रमध्ये एक जना यहूदा
इस्करयोती भन्ने चाहिं मुख्य पूजाहारीहरूकहाँ
गयो, १५ र उसले भन्यो, तपाईंहरू
मलाई के दिनुहुन्छ ? म उहाँलाई
तपाईंहरूका हातमा सुम्पिदिनेछु। औ
तिनीहरूले त्यसलाई चाँदीका तीस टुक्रा
दिने बन्दोबस्त मिलाए। १६ औ त्यसै
बखतदेखि त्यसले उहाँलाई पक्राइदिने मौका
खोज्यो

आखिरी भोज

१७ अब अखमीरी रोटीको पहिलो
दिनमा चेलाहरूले येशूकहाँ आएर भने,
'तपाईंको इच्छा के छ, निस्तार-चाडको भोज
खानलाई तपाईंको निम्ति हामी कहाँ तयार
गरौं ? १८ उहाँले भन्नुभयो, 'शहरमा अमुक
मानिसकहाँ जाओ, र तिनलाई भन, 'गुरुज्यू
भन्नुहुन्छ, मेरो बेला नजीक आएको छ। म
आफ्ना चेलाहरूसित तिमीकहाँ निस्तार चाड
मान्नेछु।' १९ तब येशूले तिनीहरूलाई
अह्राउनुभएबमोजिम चेलाहरूले गरे, र
तिनीहरूले निस्तार चाड तयार पारे।
२० साँझ हुँदा उहाँ बाह्रै चेलाहरू-
सित भान्सामा बस्नुभएको थियो। २१ औ
उहाँहरूले खाइरहनुभएको बेलामा उहाँले
भन्नुभयो, 'म तिमीहरूलाई साँच्चै भन्दछु,
तिमीहरूमध्ये एक जनाले मलाई धोकाबाजी
गर्नेछ।' २२ तब यिनीहरू साह्रै चिन्तित
भएर हरेकले उहाँलाई भने, 'हे प्रभु, के
त्यो म हुँ ?' २३ अनि उहाँले भन्नुभयो,
'जसले मसित कचौरामा हात चोप्यो,
त्यसैले मलाई धोकाबाजी गर्नेछ।
२४ मानिसको पुत्र ता साँच्चै उसको
विषयमा लेखेबमोजिम जान्छ। तर धिक्कार
त्यस मानिसलाई, जसद्वारा मानिसको पुत्र
पक्राउ पर्नेछ। त्यो मानिस ता नजन्मिएकै
भए त्यसको निम्ति असल हुनेथियो।'
२५ तर उहाँलाई पक्राइदिने यहूदाले सोध्यो,
'गुरुज्यू, के म हुँ ?' उहाँले त्यसलाई भन्नु-
भयो, 'तिमी आफैले भन्यौ।' २६ अब
तिनीहरूले खाइरहेको बेलामा येशूले रोटी
लिएर आशीर्वाद गरी भाँच्नुभयो, र
चेलाहरूलाई दिएर भन्नुभयो, 'लेओ, खाओ,
यो मेरो शरीर हो।' २७ तब कचौरा
पनि लिएर धन्यवाद गरी उहाँले तिनीहरूलाई
यसो भनेर दिनुभयो, 'तिमीहरू सबैले यसबाट
पिओ। २८ किनभने यो नयाँ करारको
मेरो रगत हो, जो धेरैको निम्ति पापको
प्रायश्चितको लागि, बहाइन्छ। २९ तर म
तिमीहरूलाई भन्दछु, कि दाखको यस फल-
बाट म तबसम्म पिउनेछैनँ, जबसम्म आफ्ना
पिताको राज्यमा तिमीहरूसित नयाँ गरी
पिउँदिनँ।'

३० तब एउटा भजन गाएपछि उहाँ
हरू जैतून डाँडातिर निस्केर जानुभयो।
३१ तब येशूले तिनीहरूलाई भन्नुभयो,
'यही रात तिमीहरू मप्रति रुष्ट हुनेछौ,
किनभने यसो लेखिएको छ, म गोठालालाई
प्रहार गर्नेछु, र बगालका भेड़ाहरू जता-तती
तितर-बितर हुनेछन्। ३२ तर मेरो पुनरुत्थान
भएपछि, म तिमीहरूभन्दा अगि गालीलमा
जानेछु।' ३३ तब पत्रुसले उहाँलाई
भने, 'सबै जना तपाईंप्रति रुष्ट भए
तापनि म कहिल्यै रुष्ट हुनेछैनँ।'
३४ येशूले तिनलाई भन्नुभयो, 'म तिमीलाई
साँच्चै भन्दछु, यही रात भाले बास्नभन्दा
अघि तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ।'
३५ पत्रुसले उहाँलाई भने, 'मैले तपाईंसँगै
मर्नुपरे तापनि म तपाईंलाई इन्कार गर्नेछैनँ।'
अरू सबै चेलाहरूले पनि त्यसै भने।

येशू गेतसमनीमा

३६ तब येशू गेतसमनी भन्ने ठाउँमा
तिनीहरूसित जानुभयो, र चेलाहरूलाई
भन्नुभयो, 'तिमीहरू यहीं बस, मचाहिं अलि
पर गएर प्रार्थना गर्छु।' ३७ औ आफूसित
पत्रुस र जब्दीका दुइ छोराहरूलाई लिएर
शोकित र अति खिन्न हुनलाग्नुभयो,
३८ तब उहाँले तिनीहरूलाई भन्नुभयो
मेरो प्राण मरणान्त अति शोकित
भएको छ। तिमीहरू यहाँ बसेर
मसँग जागा रहो।' ३९ तब उहाँ अलि
अगाड़ि गएर घोप्टो पर्नुभयो, र यसो भनेर
प्रार्थना गर्नुभयो, 'हे मेरा पिता, हुनसक्छ
भने, यो कचौरा मबाट हटिजाओस्।
तरैपनि मेरो इच्छाबमोजिम होइन, तर
तपाईंको इच्छा बमोजिम होस्।' ४० अनि
उहाँ चेलाहरूकहाँ आएर तिनीहरूलाई निदाइ-
रहेका भेट्टाउनुभयो, र पत्रुसलाई भन्नुभयो,
'के तिमीहरू मसँग एक घड़ी पनि जागा
रहनसकेनौ ? ४१ जागा रह, र प्रार्थना
गर, र परीक्षामा नपर। आत्मा ता साँच्चै
तयार छ, तर शरीर दुर्बल छ।' ४२ औ
फेरि दोस्रोपल्ट गएर उहाँले यसो भनेर
प्रार्थना गर्नुभयो, 'हे मेरा पिता मैले यो
नपिउञ्जेल हट्नसक्तैन भने, तपाईंकै इच्छा
पूरा होस्।' ४३ औ उहाँ फेरि आएर
तिनीहरूलाई निदाइरहेकै भेट्टाउनुभयो, किनकि
तिनीहरूका आँखा लोलाएका थिए। ४४ तब
उहाँले तिनीहरूलाई फेरि छोड्नुभयो,
र गएर फेरि उही कुराहरू भनेर तेस्रोपल्ट
प्रार्थना गर्नुभयो। ४५ तब उहाँ चेलाहरू-
कहाँ आएर तिनीहरूलाई भन्नुभयो, 'अब
सुत, र थकाइ मार। हेर, समय नजीक
आइपुगिहाल्यो। मानिसको पुत्र पापीहरूका
हातमा पक्राउपरेको छ। ४६ लौ उठ,
जाऔं। हेर, मलाई पक्राइदिने नजीकै छ।

येशूको गिरफ्तार

४७ उहाँ बोल्दैहुनुहुन्थ्यो, हेर, बाह-
मध्येको एक जना, अर्थात् यहूदा, र त्यसको
साथमा मुख्य पूजाहारीहरू र जनताका
बूढ़ा-प्रधानहरूको एउटा ठूलो भीड़
तरवार र लाठा लिएर आयो। ४८ उहाँ-
लाई पक्राइदिनेले एउटा यस्तो इशारा
तिनीहरूलाई दिएको थियो, कि जसलाई
म म्वाइँ खाउँला, तिनै हुन्, तिनैलाई
समात। ४९ त्यसले झट्टै येशूकहाँ आएर
भन्यो, 'हे गुरु, सलाम।' र उहाँलाई
म्वाइँ खायो। ५० येशूले त्यसलाई
भन्नुभयो, 'ए मित्र, तिमी जे गर्नआएका
छौ, त्यो गरिहाल।' तब तिनीहरूले
नजीक आएर येशूमाथि हात हाले,
र उहाँलाई पक्रे। ५१ येशूको
साथमा हुनेहरूमध्ये एक जनाले हात
पसारेर आफ्नो तरवार थुत्यो, र मुख्य
पूजाहारीको दासलाई हानेर त्यसको कान
च्वाट्ट काटिदियो। ५२ तब येशूले तिनलाई
भन्नुभयो, 'तिम्रो तरवार फेरि त्यसकै ठाउँमा

हाल, किनभने तरवार लिनेहरू सबै जना
तरवारैले नष्ट हुनेछन्। ५३ तिमी के
ठान्दछौ, के म आफ्‍ना पितालाई बिन्ती
गर्नसक्तिनँ, र के उहाँले मलाई बाह्र पल्टन-
भन्दा बढ़ी स्वर्गदूतहरू अहिले जुटाइदिनुहुन्न
र? ५४ हुनुपर्छ भनी लेखिएको शास्त्रको
कुरा कसरी पूरा नभै रहनसक्छ?' ५५ त्यसै
बेला येशूले भीड़हरूलाई भन्‍नुभयो, 'के
तिमीहरू डाँकूको विरुद्धमा आएफैं गरी
मलाई पक्रन तरवार लाठाहरू लिएर निस्कि-
आयौ? म दिनहुँ मन्दिरमा सिकाएर बस्थें,
र तिमीहरूले मलाई समातेनौ। ५६ तर
अगमवक्ताहरूका शास्त्रहरू पूरा होऊन् भनी
यी सबै हुनआएको हो।' तब सबै चेलाहरू
उहाँलाई छोड़ेर भागे।

प्रधान पूजाहारीको सामने येशू

५७ येशूलाई समात्नेहरूले उहाँलाई
प्रधान पूजाहारी कैयाफाकहाँ लगे। त्यहाँ
शास्त्रीहरू र बूढ़ा-प्रधानहरू जम्मा भएका
थिए। ५८ तर पत्रुस टाढ़ैबाट प्रधान
पूजाहारीको चोकसम्मै उहाँका पछिपछि लागे
र भित्र पसेर परिणाम हेर्नालाई पालेहरूसित
बसे। ५९ अब मुख्य पूजाहारीहरू र
जम्मै महासभाले येशूलाई मार्नाको निम्ति
उहाँको विरुद्धमा झूटो गवाही खोजे
६० र धेरै झूटा साक्षीहरू आए।
तापनि तिनीहरूले गवाही पाएनन् तर
आखिरमा दुइ जना अगि सरेर आए,
६१ र भने, 'यस मानिसले म परमेश्वरको
मन्दिर भत्काउन र तीन दिनमा बनाउन
सक्छु' भन्थ्यो। ६२ तब प्रधान पूजाहारीले
जुरुक्क उठेर उहाँलाई भने, 'के तँ केही
जवाफ दिँदैनस्? यी गवाहीहरूले तेरो
विरुद्धमा दिएको गवाही के हो?'
६३ तर येशू चूप रहनुभयो, औ प्रधान
पूजाहारीले उहाँलाई भने, 'म जीवित
परमेश्वरको नाउँमा तँलाई भन्दछु,
हामीलाई भन्, तँ परमेश्वरको
पुत्र ख्रीष्ट होस् कि होइनस!'
६४ येशूले तिनलाई भन्‍नुभयो, 'तपाईंलेनै
भनिहाल्नुभयो। तापनि म तपाईंहरूलाई
भन्दछु, अब उप्रान्त तपाईंहरूले मानिसको
पुत्रलाई शक्तिको दाहिने हातपट्टि बसेको,
र आकाशको बादलमा आइरहेको देख्‍नुहुनेछ।'
६५ तब प्रधान पूजाहारीले आफ्‍ना
लुगा यसो भनेर च्याते, 'यसले ता
ईश्वर-निन्दा गरिरहेछ बस्, हामीलाई
अब अरू साक्षीको के दर्कार पर्‍यो र? हेर,
अब तिमीहरूलेनै ईश्वर-निन्दा सुनिहाल्यौ।
६६ तिमीहरू को के राय छ?'
तिनीहरूले जवाफ दिएर भने, यो प्राण-
दण्डको योग्य छ। ६७ तब तिनीहरूले
उहाँको मुखमा थुकेर उहाँलाई मुक्का
लगाए, औ कसै कसैले यसो भन्दै लपटाले
हिर्काए, ६८ हे ख्रीष्ट, लौ अगमवाणीद्वारा
भन्, तँलाई हिर्काउने को हो?

पत्रुसको इन्कार

६९ पत्रुस चाहिँ बाहिर चोकमा
बसिरहेका थिए। औ एउटी नोकर्नीले
तिनीकहाँ आएर यसो भनी, 'तिमी पनि
गालीलका येशूसितै थियौ?' ७० तर
तिनले उनीहरू सबैका सामु इन्कार गरेर
भने, 'तँ के भन्छेस्, म जान्दिनँ।'
७१ औ तिनी बाहिर दलानमा निस्केपछि
अर्कीले तिनलाई देखी, र त्यहाँ भएका-
हरूलाई भनी, 'यी मानिस पनि येशू
नासरीसितै थिए।' ७२ औ फेरि तिनले
शपथ खाएर इन्कार गरे, 'म ती
मानिसलाई चिन्दिनँ।' ७३ अलि बेरपछि,
त्यहाँ भएकाहरूले पनि नजीक आएर
पत्रुसलाई भने, 'साँच्चै तिमी पनि
तिनीहरूमध्येका एक हौ, किनकि तिम्रो
बोलीलेनै तिमीलाई जाहेर गर्दछ।'
७४ तब तिनले धिक्कार्दै यसो भनेर

शपथ खानलागे 'म ती मानिसलाई चिन्दै
चिन्दिनँ।' औ उत्तिखेरै भाले बास्यो।
७५ अब, 'भाले बास्नअघि तिमीले मलाई
तीनपल्ट इन्कार गर्नेछौ' भन्ने येशूले
भन्नुभएको कुरा पत्रुसले सम्झे। औ तिनी
बाहिर गएर धुरुधुरु रोए।

पिलातसको सामने येशू

२७ उज्यालो भयो, सबै मुख्य पूजाहारी-
हरू र जनताका बूढ़ा-प्रधानहरूले
येशूका विरुद्धमा उहाँलाई मार्न आपसमा मतो
गरे २ अनि तिनीहरूले उहाँलाई बाँधेर
लगे, र पिलातस बड़ा हाकिमकहाँ सुम्पिदिए।
३ तब उहाँलाई पक्राउने यहूदाले उहाँ
माथि दण्डाज्ञा भएको देखीकन पश्चाताप
गरेर मुख्य पूजाहारीहरू र बूढ़ा-प्रधानहरूलाई
सो चाँदीका तीस टुक्रा फिर्ता गर्नल्यायो,
४ र भन्यो, 'मैले निर्दोष मानिसलाई धोकाबाज
गरेर मृत्युमा पुर्‍याउने पाप गरेकोछु।' तर
तिनीहरूले भने, 'हामीलाई के? तिमी
आफै जान।' ५ तब ती चाँदीका टुक्राहरू
मन्दिरमा फ्याँकेर त्यो गइहाल्यो र
गएर झुण्डी मर्‍यो। ६ अनि मुख्य पूजा-
हारीहरूले ती चाँदीका टुक्राहरू लिएर
भने, 'पवित्र ढुकुटीमा यी हाल्न उचित
छैन, किनकि यो रगतको मोल हो।'
७ तिनीहरूले आपसमा सल्लाह गरेर ती
पैसाले परदेशीहरू गाड़नालाई चिहानको
निम्ति कुम्हालेको जमीन किने। ८ यसै-
कारण त्यो जमीन अहिलेको दिनसम्म
पनि रगतको जमीन भनिन्छ। ९ तब
यर्मिया अगमवक्ताद्वारा यसो भनी बोलिएका
कुरा पूरा भयो, त्यो मोल जो उनका
उपर इस्राएलका सन्तानले दाम लगाएका
थिए, त्यही मोल चाँदीका तीस टुक्रा
तिनीहरूले लिए, १० र कुम्हालेको
जमीनको लागि प्रभुले मलाई खटाउनुभए-
बमोजिम तिनीहरूले दिए।

पिलातसको सामने येशू

११ अब येशू बड़ा हाकिमका साम्नु
उभिनुभयो र बड़ा हाकिमले उहाँलाई
यसो भनेर सोधे, 'के तिमी यहूदीहरूका
राजा हौ?' येशूले भन्नुभयो, 'तपाइँले
भन्नुहुन्छ।' १२ अनि जब मुख्य
पूजाहारीहरू र बूढ़ा-प्रधानहरूले उहाँमाथि दोष
लगाए, तब उहाँले केही जवाफ दिनुभएन।
१३ तब पिलातसले उहाँलाई भने,
'तिम्रो विरुद्धमा तिनीहरूले कति धेरै
कुराहरूको गवाही दिँदैछन्, के तिमी
सुन्दैनौ?' १४ तर उहाँले तिनलाई एक
बातको पनि जवाफ दिनुभएन यहाँसम्म
कि बड़ा हाकिम साह्रै छक्क परे।
१५ अब चाड़को बेलामा भीड़को निम्ति
तिनीहरूले इच्छा गरेको एउटा कैदी
बड़ा हाकिमले छोड़ने गरेका थिए।
१६ औ त्यस बेला बरब्बा नाउँ भएको
तिनीहरूको एक जना मशहूर कैदी थियो।
१७ यसकारण तिनीहरू जम्मा हुँदा
पिलातसले तिनीहरूलाई भने, 'तिमीहरू के
चाहन्छौ, म तिमीहरूका निम्ति कसलाई
छोड़िदिउँ? बरब्बा कि ख्रीष्ट भन्ने येशूलाई?'
१८ किनभने तिनीहरूले उहाँलाई डाहालेनै
सुम्पिदिएका हुन् भनी तिनलै थाह पाएका
थिए। १९ तब न्याय-आसनमा बसिरहेका
बेलामा तिनको पत्नीले यसो भनी पठाइन्;
'त्यस धार्मिक मानिसलाई केही नगर्नुहोस्,
किनकि आज सपनामा तिनको कारण मैले
धेरै दुःख भोगेकी छु।' २० अनि मुख्य
पूजाहारीहरू र बूढ़ा-प्रधानहरूले मानिसहरूलाई
बरब्बाको लागि अर्जी गर्न र येशूलाई नाश
गर्न भनी सुल्याए। २१ तर बड़ा हाकिमले
तिनीहरूलाई भने, 'यी दुइमा कुन चाहिलाई
म तिमीहरूका निम्ति छोड़िदिऊँ भन्ने तिमीहरू
चाहन्छौ?' तिनीहरूले भने, 'बरब्बालाई।'
२२ पिलातसले तिनीहरूलाई भने, 'तब
ख्रीष्ट भन्ने येशूलाई चाहिं म के गरूँ त?'

तिनीहरू सबैले भने, 'त्यो ता क्रूसमा
टाँगिओस्।' २३ तर तिनले भने, 'किन ?
तिनले के खराबी गरेका छन् र ?' तर
तिनीहरू अचाक्लीसँग यसो भन्दै चिच्याए,
"त्यो क्रूसमा टाँगिओस्।" २४ तर केही
सीप नलागी झन् खैलाबैला मच्चिन लागेको
देखेर पिलातसले पानी लिई भीड़को
सामु आफ्नो हात धोएर भने, 'तिमीहरूलेनै
जान, म यस धार्मिक मानिसको रगतदेखि
निर्दोष छु।' २५ औ सबै मानिसहरूले
जवाफ दिएर भने, 'उसको रगत, हामीहरू
र हामीहरूका सन्तानमाथि परोस्।'
२६ तब उनले तिनीहरूका निम्ति
बरब्बालाई छोड़िदिए। तर येशूलाई कोर्रा
लगाएर क्रूसमा टाँगिनालाई जिम्मा
लगाइदिए।

येशू क्रूसमा टाँगिनुभएको

२७ तब बड़ा हाकिमका सिपाहीहरूले
येशूलाई महलमा लगेर जम्मै पल्टन भेला
गराए। २८ औ तिनीहरूले उहाँको वस्त्र
फुकालेर उहाँलाई लाल वस्त्र लगाइदिए।
२९ औ तिनीहरूले काँढ़ाको मुकुट बनाएर
उहाँको शिरमा लगाइदिए, र उहाँको दाहिने
हातमा निगालो राखिदिए, र उहाँको सामु
घुँड़ा टेकेर उहाँलाई यसो भन्दै गिज्याए,
'हे यहूदीहरूका राजा, सलाम।' ३० तब
तिनीहरूले उहाँलाई थुकेपछि त्यो निगालो
लिएर उहाँका शिरमा हिर्काए। ३१ औ
जब तिनीहरूले गिज्याइसके, तब त्यो वस्त्र
फुकालिदिए, र उहाँको आफ्नै पोशाक
पहिराएर उहाँलाई क्रूसमा टाँग्न लगे।
३२ अनि जाँदा जाँदै तिनीहरूले शिमोन
नाउँ भएको साइरिनीको एक जना मानिस-
लाई भेट्टाए, र तिनीहरूले त्यसलाई
उहाँको क्रूस बोकेर लैजानालाई कर लाए।
३३ औ जब तिनीहरू गलगथा भन्ने
ठाउँमा आइपुगे, जसलाई खप्परे ठाउँ
भन्दछन्, ३४ तब तिनीहरूले उहाँलाई
पित्त मिसाएको दाखमद्य पिउन दिए, तर
उहाँले चाखेर त्यो पिउन मन गर्नुभएन।
३५ औ तिनीहरूले उहाँलाई क्रूसमा
टाँगेपछि, गोला हालेर उहाँका पोशाकहरू
आफू आफूमा बाँड़े। ३६ औ त्यहाँ बसेर
तिनीहरूले उहाँलाई पहरा दिए। ३७ औ
"यो यहूदीहरूका राजा हुन्" भन्ने लेखिएको
उहाँको दोषपत्र तिनीहरूले उहाँको शिरदेखि
माथ्तिर टाँसिदिए। ३८ उहाँसँगै दुइ जना
डाँकूहरू क्रूसमा टाँगिएका थिए, एउटा
उहाँको दाहिने हातपट्टि र अर्को देब्रेपट्टि।
३९ औ त्यहाँबाट आउने जानेहरूले आफ्ना
आफ्ना शिर हल्लाएर उहाँलाई निन्दा गरे,
४० र भने, 'ए मन्दिर भत्काउने, र तीन
दिनमा बनाउने, आफैलाई बचा, औ तँ
परमेश्वरको पुत्र होस् भने, क्रूसबाट ओर्लेर
आइज।' ४१ त्यसैगरी मुख्य पूजाहारीहरूले
पनि, शास्त्रीहरू र बूढ़ा-प्रधानहरूका सँगसँगै,
गिल्ला गरेर भने, ४२ 'यसले अरूलाई ता
बचायो, आफूलाई चाहिँ बचाउनसक्तैन।
यो इस्राएलको राजा हो भने अब क्रूसबाट तल
ओर्ली आओस्, र हामी यसलाई विश्वास
गरौंला। ४३ त्यसले परमेश्वरमाथि विश्वास
राख्तछ, यदि उहाँले यसलाई चाहनुहुन्छ
भने, उहाँले यसलाई अहिले छुटकारा
दिऊन्, किनकि यसले 'म परमेश्वरको पुत्र
हुँ' भनी भन्थ्यो।' ४४ अनि उहाँसँग
क्रूसमा सँगै टाँगिने ती डाँकूहरूले पनि
उहाँलाई यही किसिमका वचन लगाए।

येशूको मृत्यु

४५ अब मध्य दिनदेखि तेस्रो पहरसम्म
देशमा जताततै अन्धकार भयो। ४६ औ
तेस्रो पहरतिर येशू यसो भनेर ठूलो
सोरले कराउनुभयो, "एली, एली, लामा
सबखथनी ?" अर्थात्, हे मेरा परमेश्वर, हे
मेरा परमेश्वर, तपाईंले मलाई किन त्यागु

भयो ? ४७ त्यहाँ उभिएकाहरूमध्ये कुनैले
यो सुनेर भने, 'यस मानिसले एलियालाई
बोलाउँदैछ ।' ४८ औ तिनीहरूमध्ये एक
जनाले झट्टै दगुरेर गई एउटा स्पन्ज लिई
सिर्कोले त्यो भरेर निगालोमा राखी उहाँलाई
पिउन दियो । ४९ तर बाँकीले भने, 'हेरौँ
ता, एलिया यिनलाई बचाउन आउँदारहेछन्
कि ?' ५० तब येशू फेरि ठूलो सोरले
कराउनुभयो र प्राण त्याग्नुभयो । ५१ हेर,
मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुइ भाग
भएर च्यातियो, र भैँचालो गयो, र चट्टानहरू
फाटे । ५२ औ चिहानहरू उघारिए, र
सुतिसकेका पवित्र जनहरूका धेरै लाशहरूको
पुनरुत्थान भयो । ५३ र उहाँको पुनरुत्थान
भएपछि तिनीहरू चिहानहरूबाट निस्केर पवित्र
शहरमा पसे, र धेरैकहाँ देखा परे ।
५४ तर जब कप्तान र तिनीसित येशूलाई
रुङ्नेहरूले भैँचालो र त्यहाँ भएका घटना
देखे तब साह्रै डराएर यसो भने, 'साँच्चिनै
यिनी परमेश्वरका पुत्र रहेछन् ।' ५५ अब
त्यहाँ गालीलबाट येशूको सेवा-टहल गर्दै
उहाँका पछिपछि आउने धेरै आइमाईहरू
थिए, जसले टाढ़ाबाट हेरिरहेका थिए ।
५६ यिनीहरूमध्ये मरियम मग्दलिनी, औ
याकूब र योसेकी आमा मरियम, र जब्दीका
छोराहरूकी आमा थिए ।

५७ अब साँझ परेपछि अरिमथियाका
यूसुफ नाउँ भएको एक जना धनी मानिस
आए, जो आफै पनि येशूको चेला थिए ।
५८ तिनले पिलातसकहाँ गएर येशूको
लाशको लागि बिन्ती गरे । तब पिलातसले
त्यो दिने हुकूम गरे । ५९ अनि यूसुफले
लाश लिएर त्यसलाई सफा सुती कपड़ाले
बेहेरे । ६० औ आफ्नो चिहानमा राखे, जो
तिनले चट्टानमा कपी बनाएका थिए, र
चिहानको ढोकामा एउटा ठूलो ढुङ्गो
गुढ़ाएर तिनी गए । ६१ औ त्यहाँ
चिहानको सासुन्ने मरियम मग्दलिनी र त्यो
अर्की मरियम पनि बसिरहेका थिए ।

६२ अब भोलिपल्ट, जो तयारीको
दिनको दोस्रो दिन हो, मुख्य पूजाहारीहरू
र फरिसीहरू पिलातसकहाँ जम्मा भए,
६३ र भने, 'हजूर, हामीलाई याद छ,
कि त्यस ठगाहाले त्यो जिउँदो छँदा 'तीन
दिनपछि म फेरि उठ्नेछु' भनेको थियो ।
६४ यसकारण त्यो चिहान तेस्रो दिनसम्म
सुरक्षित राख्नालाई हुकूम गर्नुहोस्, नत्रता
त्यसका चेलाहरूले आएर त्यसलाई चोरेर
लैजालान्, र 'त्यो ता मरेकोबाट जाग्यो'
भनेर मानिसहरूलाई भन्नेछन्, र त्यो
पछिल्लो गल्ती पहिलोभन्दा ज्यादै खराब
हुनेछ ।' ६५ पिलातसले तिनीहरूलाई भने,
'तिमीहरूको पहरा छँदैछ, जाओ, तिमीहरूले
सकेसम्म सुरक्षित राख ।' ६६ अनि
तिनीहरूले गएर ढुङ्गामा छाप लगाई पहरा
राखेर चिहान सुरक्षित राखे ।

येशूको पुनरुत्थान

२८ अब विश्रामको दिनको अन्तमा,
साताको पहिलो दिन, रिमरिम
उज्यालो हुँदा मरियम मग्दलिनी र अर्की
मरियम चिहान हेर्न आए । २ अनि हेर, ठूलो
भैँचालो गयो, किनकि परमप्रभुको एउटा दूत
स्वर्गबाट तल ओर्ले, र आएर ढुङ्गो
गुढ़ाएर त्यसमाथि बसे । ३ तिनको चेहरा
बिजुली जस्तो, र तिनको पोशाक हिउँ
जस्तो सेतो थियो । ४ औ तिनको डरले
ती रुङ्नेहरू थर्थर कामे, र मुर्दासरि भए ।
५ तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने,
'तिमीहरू नडराओ, किनभने मलाई थाह छ,
कि तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई
खोज्दैछौ । ६ उहाँ यहाँ हुनुहुन्न, किनकि
उहाँले भन्नुभए बमोजिम उहाँको पुनरुत्थान
भएको छ । आओ, प्रभु पल्टनुभएको ठाउँ
हेर । ७ अब चाँड़ो गएर उहाँका चेला-
हरूलाई खबर देओ, उहाँको पुनरुत्थान
भएको छ, र हेर, उहाँ तिमीहरूभन्दा

अगाड़ि गालीलमा जानुहुन्छ, त्यहाँ तिमीहरूले
उहाँलाई देख्नेछौ। हेर, मैंले तिमीहरूलाई
भनेको छु, है।’
८ अनि तिनीहरू डर र साह्रै
आनन्दसँग झट्टै चिहानबाट निस्केर गए,
र उहाँका चेलाहरूलाई खबर दिनालाई
दगुरे ९ अनि हेर, येशूले तिनीहरूलाई
भेटेर भन्नुभयो, ‘कल्याण।’ औ तिनीहरूले
नजीक आएर उहाँका पाउ पक्रेर उहाँलाई
दण्डवत् गरे। १० तब येशूले तिनीहरूलाई
भन्नुभयो, ‘नडराओ, जाओ, मेरा भाइहरू-
लाई गालीलमा जानालाई भनिदेओ, र
त्यहाँ तिनीहरूले मलाई देख्नेछन्।’
११ औ जब तिनीहरू जाँदै थिए, हेर,
पालेहरूमध्येका कुनै कुनै शहरमा आएर
मुख्य पूजाहारीलाई त्यहाँ भएका घटनाहरू
भनिदिए। १२ औ जब तिनीहरू
बूढ़ा-प्रधानहरूसित भेला भए, तब सिपाही-
हरूलाई यसो भनेर प्रशस्त पैसा दिए,
१३ ‘तिमीहरूले भन्नू, कि हामी निदाइरहेको
बेलामा त्यसका चेलाहरू आएर त्यसलाई
चोरेर लगेछन्। १४ औ कतै बड़ा
हाकिमको कानमा यो कुरा पुग्यो भने,
हामी उहाँलाई मनाएर तिमीहरूलाई जोगाइ-
दिऔंला।’ १५ तब तिनीहरूले सो पैसा
लिएर सिकाए बमोजिम गरे र यहूदी-
हरूमा आजको दिनसम्म यही कुरा
फैलिएको छ, र यही कहानी चलेको छ।
१६ तर एघारै चेलाहरू गालीलमा
येशूले तिनीहरूलाई खटाउनुभएको डाँड़ामा
गए। १७ औ तिनीहरूले उहाँलाई देखेर
दण्डवत् गरे, तर कसैले ता शङ्का गरे।
१८ अनि तिनीहरूकहाँ आएर येशू
तिनीहरूसित यसो भन्दै बोल्नुभयो, ‘स्वर्ग
र पृथ्वीमा सारा अधिकार मलाई दिइएको
छ। १९ यसकारण गएर सबै देशका
जातिहरूलाई चेला बनाओ, र पिता, पुत्र र
पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ।
२० जे जे मैंले तिमीहरूलाई आज्ञा गरें,
तिनीहरूलाई ती सबै गर्नालाई सिकाओ।
र हेर, म सब दिन, अँ, जगत्को अन्तसम्म
तिमीहरूका साथमा छँदैछु।’

मर्कूसको सुसमाचार

बप्तिस्मा दिने यूहन्ना र तिनको संदेश

१ येशू ख्रीष्टको सुसमाचारको
आरम्भ।
२ जस्तो यशैयाह भविष्यवक्ताको पुस्तकमा
लेखिएको छ,
‘हेर, म मेरो दूतलाई तिम्रो अगिअगि
पठाउँछु,
जसले तिम्रो बाटो तयार गर्नेछ।
३ वनमा कराउनेको शब्द,
प्रभुको बाटो तयार गर,
उहाँका गोरेटोहरू सोझो पार।’
४ बप्तिस्मा दिने यूहन्ना पापमोचनको
लागि पश्चातापको बप्तिस्माको प्रचार गर्दै
वनमा देखा पारे। ५ अनि जम्मै यहूदिया
देश र यरूशलेमका बासिन्दाहरू तिनीकहाँ

निस्किआए, औ तिनीहरूले आफ्ना
आफ्ना पाप स्वीकार गरेर तिनीबाट
यर्दन नदीमा बप्तिस्मा लिए। ६ यूहन्नाले
ऊँटको रौंको लुगा, र कम्मरमा छालाको
पटुका बाँधेका थिए र सलह र वन-मह
खान्थे। ७ औ तिनले यसो भन्दै प्रचार
गरे, 'जो मपछि आउनुहुन्छ, उहाँ
मभन्दा शक्तिमान हुनुहुन्छ, उहाँका
जुत्ताको फिता निहुरेर फुकाउने लायकको
म छैनँ। ८ मैंले तिमीहरूलाई पानीले
बप्तिस्मा दिएँ, तर उहाँले तिमीहरूलाई पवित्र
आत्माले बप्तिस्मा दिनुहुनेछ।'
९ अब ती दिनमा येशू गालीलको
नासरतबाट आउनुभयो, र यूहन्नाबाट
यर्दन नदीमा बप्तिस्मा लिनुभयो। १० औ
पानीबाट उक्ली आउने बित्तिकै उहाँले
स्वर्ग उघ्रिएको र आत्मालाई ढुकुरको
रूपमा आफूमाथि उत्रँदै गरेका देख्नुभयो।
११ औ स्वर्गबाट एउटा शब्द भयो,
"तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म
खुशी छु।"
१२ औ आत्माले उहाँलाई तुरुन्तै
बलजफतीसँग वनमा लैजानुभयो। १३ अनि
उहाँ वनमा चालीस दिन शैतानबाट
परीक्षामा पर्दै वनपशुहरूसित रहनुभयो,
र स्वर्गदूतहरूले उहाँको सेवा गर्दथे।

येशूको कामको प्रारम्भ

१४ अब यूहन्ना पक्राउ भएपछि
परमेश्वरको सुसमाचार प्रचार गर्दै येशू
गालीलमा आउनुभयो, १५ र भन्नुभयो,
'समय पूरा भएको छ, औ परमेश्वरको राज्य
नजीक आइपुगेको छ। पश्चाताप गर, र
सुसमाचारमा विश्वास गर।'
१६ अब गालील समुद्रको किनारकिनारै
टहलिरहनुहुँदा उहाँले शिमोनलाई र
शिमोनका दाज्यू अन्द्रियासलाई समुद्रमा
जाल हानिरहेका देख्नुभयो। किनकि
तिनीहरू जलाहारी थिए। १७ औ येशूले
तिनीहरूलाई भन्नुभयो, 'मेरोपछि लाग, र
म तिमीहरूलाई मानिसहरूका जलाहारी
तुल्याउनेछु।' १८ अनि तुरुन्तै आफ्ना
जालहरू छोड़ेर तिनीहरू उहाँको पछि
लागे। १९ अलि पर गएपछि उहाँले
जब्दीको छोरो याकूब, र तिनको भाइ
यूहन्नालाई देख्नुभयो। तिनीहरू पनि
डुङ्गामा जाल तुनिरहेका थिए। २० तब
तुरुन्तै उहाँले तिनीहरूलाई बोलाउनुभयो,
र तिनीहरू आफ्ना पिता जब्दीलाई ज्यामी-
हरूका साथमा डुङ्गामा छोड़ेर उहाँको
पछि लागे।
२१ तब उहाँहरू कफर्नहुममा जानुभयो,
र उत्तिखेर उहाँ विश्रामको दिनमा
सभाघरमा पसी शिक्षा दिनलाग्नुभयो।
२२ औ तिनीहरू उहाँका शिक्षामा छक्क परे
किनकि उहाँले तिनीहरूलाई शास्त्रीहरूले
जस्तो होइन, तर अख्तियारवालाहरूले
जस्तो सिकाउनुहुन्थ्यो। २३ त्यही बेला
तिनीहरूको सभाघरमा अशुद्ध आत्मा
भएको एउटा मानिस थियो, त्यो यसो
भन्दै चिच्यायो, २४ 'हे येशू नासरी,
हामीलाई तपाईंसँग के सरोकार? के तपाईं
हामीलाई सर्वनाश पार्न आउनुभएको
हो? म तपाईंलाई चिन्छु, तपाईं
परमेश्वरका पवित्र जन हुनुहुन्छ।' २५ येशूले
त्यसलाई यसो भन्दै हकार्नुभयो, 'चूप
लाग्, र त्यसबाट निस्केर आइज।'
२६ अनि अशुद्ध आत्माले त्यसलाई मरणान्त
पारेर ठूलो सोरले चिच्याई त्यसबाट
निस्केर आयो। २७ औ सबै जना अचम्ममा
परे, र तिनीहरू यसो भन्दै आपसमा
सोधासोध गर्नलागे, 'यो के हो? यो ता
नयाँ शिक्षा पो हो, यिनले अख्तियारसँग
अशुद्ध आत्माहरूलाई पनि आज्ञा गर्दछन्,
र तिनीहरूले यिनका आज्ञा मान्छन्।'
२८ औ यसो हुने बित्तिकै उहाँको कीर्ति
गालीलको सबै मुलुकभरि जताततै फैलियो।

२९ अब उहाँहरू सभाघरबाट निस्कने
बित्तिकै याकूब र यूहन्नाका साथमा शिमोन
र अन्द्रियासको घरमा आउनुभयो ।
३० शिमोनका सासू जरोले थला परेकी
थिइन्, र तिनीहरूले उहाँलाई झट्टै तिनको
विषयमा बिन्ती गरे । ३१ औ नजीक
आएर उहाँले तिनको हात समाती तिनलाई
जुरुक्क उठाउनुभयो, र जरोले तिनलाई
छोड़िहाल्यो, र तिनले उहाँहरूको सेवा
गरिन् ।
३२ अनि साँझमा जब सूर्य अस्तायो
तब तिनीहरूले उहाँकहाँ बिरामीहरू र भूत
लागेकाहरू जम्मैलाई ल्याए । ३३ औ सारा
शहरनै ढोकामा जम्मा भएको थियो ।
३४ औ उहाँले अनेक किसिमका बेथाले
ग्रस्त भएका बिरामीहरू धेरैलाई निको
पार्नुभयो, र धेरै भूतहरूलाई निकाल्नुभयो र
भूतहरूले उहाँलाई चिनेका हुनाले उहाँले
तिनीहरूलाई बोल्नदिनुभएन ।
३५ अब उज्यालो हुनभन्दा धेरै अघि
बिहानै उठेर उहाँ बाहिर एकलासको
ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नभयो ।
३६ औ शिमोन र तिनीसित हुनेहरू
उहाँलाई पहिल्याउँदै गए । ३७ औ
उहाँलाई भेट्टाएर भने, 'सबैले तपाईंलाई
खोजिरहेका छन् ।' ३८ तब उहाँले तिनी-
हरूलाई भन्नुभयो, 'आओ, हामीहरू अन्त
कहीं आसपासका शहरहरूमा जाऔं, र
त्यहाँ पनि म प्रचार गरूँ किनकि यसैको
निम्ति म निस्किआएको हुँ ।' ३९ अनि
सारा गालीलमा तिनीहरूका सभाघरहरूमा
प्रचार गर्दै र भूतात्माहरूलाई निकाल्दै उहाँ
हिंड्नुभयो ।

कोरी निको भएको

४० अनि एउटा कोरीले त्यहाँ आएर
बिन्ती गरेर यसो भन्दै घुँडा टेक्यो,
'तपाईंले इच्छा गर्नुभयो भने मलाई शुद्ध
पार्नसक्नुहुन्छ ।' ४१ तब उहाँले रिठाएर
आफ्नो हात बढ़ाई त्यसलाई छुनुभयो, र
त्यसलाई भन्नुभयो, 'म इच्छा गर्छु, तिमी
शुद्ध भइजाऊ ।' ४२ अनि झट्टै त्यसको
कोर त्यसबाट हट्यो, र त्यो शुद्ध
भइहाल्यो । ४३ औ उहाँले त्यसलाई कड़ा
आज्ञा दिएर तुरुन्तै पठाउनुभयो । ४४ औ
त्यसलाई भन्नुभयो, 'हेर, तिमीले यो
कसैलाई नभन्नू है, तर गएर तिमी आफैलाई
पूजाहारीकहाँ देखाऊ, र तिमीहरूलाई
गवाहीको लागि मोशाले बताएबमोजिम
शुद्धेइँको सामानहरू बलि चढ़ाऊ ।' ४५ तर
त्यो निस्केर गई यस कुराको यति
धेर प्रचार गर्न र कीर्ति फिँजाउनलाग्यो,
कि येशू फेरि खुल्लमखुल्ला शहरमा प्रवेश
गर्नसक्नुभएन, तर बाहिर एकलास ठाउँहरू
हुँदो रहनुभयो, र मानिसहरू चारैतिरबाट
उहाँकहाँ आए ।

पक्षवाती निको भएको

२ केही दिनपछि फेरि उहाँ जब
कफर्नहुममा पस्नुभयो, तब उहाँ
घरमा हुनुहुन्छ भन्ने सुनियो । २ औ
यति धेरै मानिसहरू जम्मा भए, कि तिनीहरू
त्यहाँ अटाएनन्, यहाँसम्म कि, ढोकाको
वरिपरिसमेत ठाउँ भएन । औ उहाँले
तिनीहरूलाई वचन सुनाउनुभयो । ३ औ
चार जनाले बोकेको एक जना पक्षवातीलाई
लिएर मानिसहरू उहाँकहाँ आए ।
४ भीड़को कारणले उहाँको नजीक आउन
नसक्दा तिनीहरूले उहाँ हुनुभएको ठाउँ-
माथिको छाना उघारे, र उघारिसकेपछि
त्यो पक्षवाती सुतिरहेकै खाट त्यहाँबाट तल
ओहाले । ५ येशूले तिनीहरूको विश्वास
देखेर त्यस पक्षवातीलाई भन्नुभयो, 'ए
छोरा, तिम्रा पाप क्षमा भए ।' ६ तर
त्यहाँ कोही शास्त्रीहरू बसिरहेका थिए,
र आफ्ना आफ्ना हृदयमा यसो भनेर

विचार गरिरहेका थिए, ७ 'किन यस
मानिसले यसरी बोल्दछ ? यसले ता
परमेश्वरको निन्दा पो गर्दछ। सिर्फ एक,
अर्थात् परमेश्वरले बाहेक अरू कसले पाप
क्षमा गर्नसक्छ ?' ८ अनि तिनीहरू
आपसमा यसरी विचार गर्दछन् भन्ने येशूले
तुरुन्तै आफ्नो आत्मामा थाह पाएर
तिनीहरूलाई भन्नुभयो, 'किन तिमीहरू
आफ्ना आफ्ना हृदयमा यस्तो कुराको विचार
गर्दछौ ? ९ पक्षवातीलाई 'तिम्रा पाप क्षमा
भए' भन्नु, कि 'उठ, तिम्रो खाट उठाएर
हिंड़' भन्नु, कुन चाहिं सजिलो छ ?
१० तर मानिसको पुत्रलाई पृथ्वीमा पाप
क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले
जान्न सक। (उहाँले पक्षवातीलाई भन्नु-
भयो) ११ म तिमीलाई भन्दछु, 'उठ,
तिम्रो खाट उठाऊ, र तिम्रो घरमा
हिंड़िहाल।' १२ औ त्यो उठ्यो, र तुरुन्तै
खाट उठाएर सबैको सामनेबाट गइहाल्यो,
यहाँसम्म कि, सबै जना आश्चर्यले चकित,
'भए, र 'हामीले यस्तो त कहिले देखेका
थिएनौं' भनी तिनीहरूले परमेश्वरको महिमा
गरे।

लेवीलाई बोलावट

१३ औ उहाँ फेरि समुद्रको किनारमा
जानुभयो, र सबै भीड़ उहाँकहाँ आयो,
औ उहाँले तिनीहरूलाई शिक्षा दिनुभयो।
१४ औ जाँदा जाँदै उहाँले अल्फयसको
छोरो लेवीलाई महसूल उठाउने ठाउँमा
बसिरहेका देख्नुभयो, र तिनलाई भन्नुभयो,
'मेरोपछि लाग।' तिनी उठेर उहाँको
पछि लागे। १५ औ यसो भयो, कि
तिनको घरमा भान्सामा उहाँ बस्नुभयो,
औ धेरै महसूल उठाउनेहरू र पापीहरू
पनि येशू र उहाँका चेलाहरूका साथमा
बसेका थिए, किनकि तिनीहरू धेरै थिए
औ उहाँका पछिपछि लागेका थिए।
१६ तर फरिसीहरूका शास्त्रीहरूले
उहाँ पापीहरू र महसूल उठाउनेहरूसँग
खाइरहनुभएको देखेर उहाँका चेलाहरूलाई
भने, 'तिनी महसूल उठाउने र पापीहरूसँग
खानपान गर्दारहेछन्।' १७ यो सुनेर
येशूले तिनीहरूलाई भन्नुभयो, 'निरोगी-
हरूलाई वैद्यको प्रयोजन हुँदैन, तर
रोगीहरूलाई, म धार्मिकहरूलाई ता होइन,
तर पापीहरूलाई बोलाउन आएको हुँ।'

उपवास विषय प्रश्न

१८ अब यूहन्नाका चेलाहरू, र फरिसी-
हरू बर्त बस्तथिए, र तिनीहरू आएर
उहाँलाई भने, 'यूहन्नाका चेलाहरू र
फरिसीहरूका चेलाहरू किन बर्त बस्तछन्,
तर तपाइंका चेलाहरू चाहिं बर्त बस्तैनन् ?'
१९ येशूले तिनीहरूलाई भन्नुभयो, 'के
दुलहा तिनीहरूका साथमा छउञ्जेल
जन्तिहरू बर्त बस्छन् र ? जहिलेसम्म
दुलहा तिनीहरूका साथमा हुन्छन्, तिनीहरू
बर्त बस्नसक्तैनन्। २० तर ती दिन
आउनेछन्, जब दुलहा तिनीहरूबाट
अलग गराइनेछन्, र तब तिनीहरू त्यस
दिन बर्त बस्नेछन्। २१ कसैले पूरानो
लुगामा नयाँ कपड़ाको टुक्रा गाँस्तैन,
नत्रता त्यसबाट त्यो गाँसेकोले, अर्थात्
नयाँले पुरानोबाट तानिलैजान्छ, र फटाइ
झन् नराम्रो हुनेछ। २२ औ कसैले नयाँ
दाखमद्य पूरानो छालाको भाँड़ामा हाल्दैन,
नत्रता त्यो दाखमद्यले छालाका भाँड़ाहरू
फुटाइदिन्छ, र दाखमद्य र छालाको भाँड़ा
पनि नष्ट हुन्छन्। तर नयाँ दाखमद्य नयाँ
छालाको भाँड़ाको निम्ति हो।''

विश्राम दिनको पालन विषय प्रश्न

२३ एक विश्रामको दिनमा उहाँ अन्नका
खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो, र

उहाँका चेलाहरूले हिँड्दा हिँड्दै अन्नका
बालाहरू टिप्नलागे। २४ फरिसीहरूले
उहाँलाई भने, 'हेर्नुहोस्, विश्रामको दिनमा
जे गर्नु अनुचित छ, तिनीहरू किन
गर्दछन्?' २५ उहाँले तिनीहरूलाई भन्नु-
भयो, 'के तिमीहरूले कहिल्यै पढ़ेका छैनौ,
दाऊदले जब तिनलाई दर्कार परेको थियो,
तिनी र तिनीसित हुनेहरू भोकाउँदा,
के गरेका थिए? २६ कसरी अबियाथार
प्रधान पूजाहारीको पालामा परमेश्वरको
घरमा तिनी पसे, र नैवेद्यका रोटी
खाए, जो पूजाहारीहरूले बाहेक अरूले
खानु अनुचित छ, र आफूसँग हुनेहरूलाई
पनि दिए।' २७ अनि उहाँले तिनी-
हरूलाई भन्नुभयो, 'विश्रामको दिन मानिसको
निम्ति बनेको हो। मानिस विश्रामको
दिनको निम्ति होइन। २८ यसैकारण
त मानिसको पुत्र विश्रामको दिनको पनि
प्रभु हो।'

३ उहाँ फेरि सभाघरमा पस्नुभयो, औ
त्यहाँ सुकेको हात भएको एउटा
मानिस थियो। २ औ कतै उहाँले त्यसलाई
विश्रामको दिनमा निको पार्नुहुन्छ कि भनी
उहाँलाई दोष लाउनालाई तिनीहरू उहाँका
चेवामा थिए। ३ तब उहाँले सुकेको हात
भएको मानिसलाई भन्नुभयो, 'माझमा खड़ा
होऊ।' ४ औ उहाँले तिनीहरूलाई भन्नुभयो,
'विश्रामको दिनमा भलो गर्नु कि खराबी गर्नु,
प्राण बचाउनु कि नाश गर्नु, कुन चाहिँ
उचित हो?' तर तिनीहरू चूप लागिरहे।
५ तब तिनीहरूको हृदयको कठोरता देखी
दुःखित भएर रीसले वरिपरि तिनीहरूमाथि
नजर लगाई उहाँले त्यस मानिसलाई
भन्नुभयो, 'तिम्रो हात तन्काऊ।' अनि त्यसले
तन्कायो, र त्यसको हात जस्तोको तस्तो
भइगयो। ६ औ बाहिर गएर फरिसीहरूले
तुरुन्तै हेरोदीहरूसित उहाँको विरुद्धमा
उहाँलाई कसरी नाश पारौं भनेर सल्लाह गरे।

७ तब येशू आफ्ना चेलाहरूसित
समुद्रतिर हटेर जानुभयो। औ गालीलबाट
मानिसहरूको ठूलो भीड़ उहाँको पछि लाग्यो,
८ र यहूदियाबाट, र यरूशलेमबाट र
इदुमिआबाट, र यर्दनपारिबाट, र टायर र
साइडनको वरिपरिबाट मानिसहरूको ठूलो
भीड़ उहाँले कस्ता ठूला ठूला कामहरू
गर्नुभएको छ भन्ने सुनेर उहाँकहाँ आयो।
९ अनि उहाँले आफ्ना चेलाहरूलाई
भन्नुभयो, 'भीड़को कारणले गर्दा एउटा
सानो डुङ्गा मेरो निम्ति नजीकमा तयार
होस्, नत्रता तिनीहरूले मलाई मिच्नेछन्।'
१० किनभने उहाँले धेरैलाई निको पार्नु-
भएको थियो, यहाँसम्म कि, रोग लागेका
सबैले पनि उहाँलाई छोऔं भनेर ठेलमठेला
गर्दथिए। ११ औ जब अशुद्ध आत्माहरूले
उहाँलाई देख्तथिए, तब उहाँको अगाड़ि
घोप्टो परेर यसो भन्दै कराउँथे, 'तपाइं
परमेश्वरका पुत्र हुनुहुन्छ।' १२ औ तिनी-
हरूले उहाँलाई प्रकट नगरून् भन्ने कड़ा
आज्ञा उहाँले तिनीहरूलाई गर्नुहुन्थ्यो।

येशूले बाह चेलाहरू छान्नुभएको

१३ औ उहाँ पर्वतमा उक्लिजानुभयो,
र उहाँले इच्छा गर्नुभएकाहरू जत्तिलाई
बोलाउनुभयो, र तिनीहरू उहाँकहाँ आए।
१४ औ तिनीहरू उहाँका साथमा रहन, र
तिनीहरूलाई प्रचार गर्न पठाउन, १५ र
भूतहरू निकाल्ने अधिकार पनि तिनीहरूलाई
होस् भनेर, उहाँले बाह जनालाई नियुक्त
गर्नुभयो, १६ अर्थात् शिमोन, जसको नाउँ
उहाँले पत्रुस राख्नुभयो। १७ औ जब्दीको
छोरो याकूब, र याकूबको भाइ यूहन्ना, र
उहाँले तिनीहरूलाई बोअनर्गेश, अर्थात्
गर्जनका छोराहरू भन्ने नाउँ राख्नुभयो।
१८ औ अन्द्रियास, र फिलिप, र बर्थलमै,
र मत्ती, र थोमा, र अल्फयसको छोरो
याकूब, र थेदियस र शिमोन कनानी,

१९ र यहूदा इस्करियोती, जसले उहाँलाई
धोकाबाजी पनि गर्‍यो। औ उहाँ घरभित्र
जानुभयो।

येशूमाथि अभियोग

२० औ फेरि भीड़ जम्मा भयो,
यहाँसम्म कि, उहाँहरूले भोजन खान पनि
पाउनुभएन। २१ जब उहाँका आफन्तहरूले
यो सुने, तब उहाँलाई सह्माल्नालाई निस्के,
किनकि उहाँको मन ठेगानामा छैन भनी
उनीहरू भन्थे। २२ औ यरूशलेमबाट
ओर्लीआएका शास्त्रीहरूले भने, 'त्यससित
बालजिबुल छ, र भूतहरूको मालिकद्वारा
त्यसले भूतहरूलाई निकाल्दछ।' २३ तर
उहाँले तिनीहरूलाई आफूकहाँ बोलाए, र
तिनीहरूलाई उखानहरूमा भन्नुभयो, 'शैतानले
शैतानलाई कसरी निकाल्नसक्तछ र?
२४ कोही राज्यको आपसमा फूट भयो
भने त्यो राज्य टिक्नसक्तैन। २५ कोही
घरको पनि आपसमा फूट भयो भने त्यो
घर टिक्नसक्नेछैन। २६ यदि शैतानले
शैतानकै विरुद्धमा खड़ा भएर फाटो गरेको
छ भने त्यो ठहर्नसक्तैन, तर त्यसको मिति
पुग्नेछ।
२७ कसैले बलियो मानिसको घरमा
पसेर उसको माल लुट्नसक्तैन, जबसम्म
त्यसले बलियो मानिसलाई पहिले बाँद्धैन, र
तब पो त्यसले उसको घर लुट्ला। २८ म
तिमीहरूलाई साँच्चै भन्दछु, मानिसका
छोराहरूका सब पाप र तिनीहरूका ईश्वरनिन्दा
जे तिनीहरू निन्दामा गर्लान्, क्षमा हुनेछन्,
२९ तर जसले पवित्र आत्माको विरुद्धमा
निन्दा गर्ला त्यो कदापि क्षमा हुनेछैन, तर
त्यो अनन्त पापकर्मको दोषी ठहर्छ।'
३० किनभने उहाँसित अशुद्ध आत्मा छ
भनी तिनीहरू भन्दथिए।
३१ तब उहाँका आमा, र भाइहरू
आए, र बाहिरै खड़ा भएर उहाँलाई डाकी
पठाए। ३२ भीड़ उहाँको वरिपरि बसिरहेको
थियो, र तिनीहरूले उहाँलाई भने, 'हेर्नहोस्,
तपाईंका आमा र तपाईंका भाइहरू तपाईंलाई
बाहिर खोज्दैछन्।' ३३ उहाँले तिनीहरूलाई
जवाफ दिएर भन्नुभयो, 'मेरा आमा र मेरा
भाइहरू को हुन्?' ३४ औ आफ्ना वरिपरि
चारैतिर बस्नेहरूमाथि नजर लगाएर उहाँले
भन्नुभयो, 'हेर, मेरा आमा, र मेरा
भाइहरू! ३५ किनकि जसले परमेश्वरको
इच्छा पालन गर्ला त्यही मेरो भाइ, र मेरो
बहिनी, र मेरा आमा हुन्।'

बिउ छर्नेको उखान

४ उहाँले फेरि समुद्रको किनारमा शिक्षा
दिनलाग्नुभयो। औ यति ठूलो भीड़
जम्मा भयो, कि उहाँ डुङ्गामा चढ़ेर समुद्रमै
रहनुभयो, र सबै भीड़ चाहिँ समुद्रको किनार
पाखैमा थियो। २ अनि उहाँले तिनीहरू-
लाई उखानहरूमा धेरै कुरा सिकाउनुभयो, र
आफ्नो शिक्षामा तिनीहरूलाई भन्नुभयो।
३ 'सुन, हेर, बिउ छर्ने छर्नालाई
निस्क्यो। ४ औ यसो भयो, कि छर्दाखेरि
केही बिउ बाटोतिर परे, र चरा-चुरुङ्गीहरूले
आएर खाइहाले। ५ केही ढुङ्गेनी ठाउँमा
परे, जहाँ धेरै माटो थिएन, र माटोको
गहिराइ नहुनाले त्यो छिट्टै उम्र्यो। ६ जब
घाम झुल्क्यो त्यो ओइलायो, र त्यसको
जरा नहुनाले सुकिहाल्यो। ७ कोही चाहिँ
काँढ़ाहरूका बीचमा परे, तर काँढ़ाहरू
बढ़ेर आए, र त्यसलाई निसासिदिए, र
त्यसले फल दिएन। ८ कोही असल
जमीनमा परे, र उम्रँदै र बढ़दै गएर तीस
गुणा, र साठी गुणा, र सय गुणा फल
दिए। ९ अनि उहाँले भन्नुभयो, जसको
सुन्ने कान छन्, त्यसले सुनोस्।'
१० जब उहाँ एक्लै हुनुभयो, तब
बाह्रजना समेत वरिपरि भएका अरूहरूले
उहाँसँग यस विषयमा सोधे। ११ औ

उहाँले तिनीहरूलाई भन्नुभयो, 'परमेश्वरको राज्यको भेद तिमीहरूलाई दिइएको छ, तर बाहिरकाहरूलाई भने सबै कुरा उखानहरूमा गरिन्छन्। १२ कि तिनीहरूले हेर्न ता हेरून्, तर नदेखून्, र सुन्न ता सुनून्, तर नबुझून्, नत्रता तिनीहरू फेरि फर्कलान् र तिनलाई क्षमा हुनेछ।' १३ औ उहाँले तिनीहरूलाई भन्नुभयो, 'के तिमीहरूले यो उखान बुझ्दैनौ? तब कसरी सब उखानहरू बुझौला ता?

१४ बिउ छर्नेले वचन छर्दछ। १५ बाटोतिर छरिएका वचन यिनै हुन्, जब तिनीहरूले सुन्छन्, तब, तुरुन्तै शैतान आउँछ, र तिनीहरूमा छरिएको वचन लगिहाल्छ। १६ औ त्यसैगरी ढुङ्गेनी ठाउँमा छरिएकाहरू यिनै हुन्, जसले जब वचन सुन्छ, तब खुशीसाथ तुरुन्तै त्यो ग्रहण गर्छ। १७ तिनको आफैमा जरा हुँदैन, र ती थोरै बेर टिक्छन्, तर जब वचनको कारण सङ्कट वा खेदो आइपर्छ तब तुरुन्तै ठक्कर खान्छन्। अरूहरू चाहिं ती हुन्, १८ जो काँढाहरूका बीचमा छरिएका हुन्छन्, यी तिनै हुन्, जसले वचन सुनेका हुन्छन्, १९ औ जगत्का चिन्ता र धनको धोका र अरू थोकका लालच भित्र पसी वचनलाई निसासिदिन्छन्, र त्यो नफल्ने भइहाल्छ। २० असल जमीनमा छरिएकाहरू यी हुन्, यस्ताले वचन सुन्छन्, र ग्रहण गर्छन्, र तीस गुणा, र साठी गुणा, र सय गुणा फल दिन्छन्।

बत्ती र बिउबाट शिक्षा

२१ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, 'के बत्ती पाथीमनि कि खाटमनि राख्न भनेर ल्याउँछ? के सामदानमा राख्न भनेर होइन? २२ दबेर प्रकाश नहुने र गुप्तमा राखेर प्रकट नहुने केही पनि छैन। २३ यदि कुनै मानिसका सुन्ने कान छ भने, त्यसले सुनोस्।' २४ औ उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू जे सुन्छौ, त्यसमा ध्यान देओ, किनकि जुन नापले तिमीहरू भर्दछौ त्यही नापले तिमीहरूलाई पनि भरिनेछ, औ तिमीहरूका निम्ति बढ्ता दिइनेछ। २५ किनभने जससँग छ त्यसलाई दिइनेछ, औ जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ।'

२६ औ उहाँले भन्नुभयो, 'परमेश्वरको राज्य यस्तो छ, कि कोही एउटा मानिसले जमीनमा बिउ छरोस्, २७ औ रात दिन सुतोस्, र उठोस्, र बिउ चाहिं उम्रोस् र बढोस्, तर त्यो कसरी भएको हो, सो त्यसले जान्दैन। २८ जमीन आफैले फल फलाउँछ, पहिले बोट, त्यसपछि बाला, तब बालामा पूरा अन्न। २९ तर जब फल पाक्छ, तब तुरुन्तै त्यसले हँसिया लगाउँछ, किनभने फसलको बेला आइपुगेको हुन्छ।'

३० अनि उहाँले भन्नुभयो, 'परमेश्वरको राज्यको तुलना हामी कसरी गरौं? औ कुन उखानमा यो राखौं? ३१ त्यो ता रायोको दाना जस्तो छ, जो जब जमीनमा छरिन्छ, तब पृथ्वीभरमा सबै बिउहरूमा साना भए ३२ तापनि जब त्यो रोपिन्छ तब त्यो बढ्छ, र सबै सागपातहरूभन्दा ठूलो हुन्छ, र ठूला ठूला हाँगाहरू निकाल्छ, यस्तो कि, आकाशका चरा-चुरुङ्गीहरूले त्यसको छायामनि बास बस्नसक्छन्।'

३३ औ तिनीहरूले सुन्न सकेसम्म उहाँले यस्तै धेरै उखानहरू भनेर तिनीहरूलाई वचन सुनाउनुभयो। ३४ औ विना उखान उहाँ तिनीहरूसँग बोल्नुभएन, तर आफ्ना निज चेलाहरूलाई उहाँले गुप्तमा सबैका अर्थ खोलिदिनुहुन्थ्यो।

३५ त्यो दिन साँझ परेपछि उहाँले तिनीहरूलाई भन्नुभयो, 'आओ, हामी पारिपट्टि जाऔं।' ३६ औ भीड़लाई छोड़ेर,

जस्तो उहाँ डुङ्गामा हुनुहुन्थ्यो, उस्तै
तिनीहरूले उहाँलाई साथमा लगे, औ अरू
डुङ्गाहरू पनि उहाँको साथमा थिए।
३७ अनि त्यहाँ ठूलो बतासको हुरी चल्यो,
र छालहरू डुङ्गामा बजान लागे, यहाँसम्म
कि, डुङ्गा पानीले भरिनलाग्यो। ३८ उहाँ
आफै चाहिं पछिल्तिर एउटा तकियामा
सिरानी लाएर निदाइरहनुभएको थियो, र
तिनीहरूले उहाँलाई यसो भन्दै बिउँझाए,
'गुरुज्यू, हामी नष्ट हुनलाग्यौं भन्ने के
तपाईंलाई वास्ता छैन?' ३९ तब उहाँ
बिउँझनुभयो, र बतासलाई हप्काउनुभयो,
र समुद्रलाई भन्नुभयो, 'चूप लाग्, शान्त
हो।' अनि बतास थामियो र ठूलो सन्नाटा
भयो। ४० औ उहाँले तिनीहरूलाई
भन्नुभयो, 'तिमीहरू किन यसरी भयभीत
हुन्छौ? तिमीहरूमा अझै विश्वास छैन?'
४१ औ तिनीहरू साह्रै डराएर आपसमा
भने, 'यिनी को हुन्? बतास र समुद्रले
पनि यिनको हुकुम मान्छन्।'

भूत लागेको मानिस

५ अनि उहाँहरू समुद्रको पारिपट्टि
गिरासिनीको देशमा आउनुभयो।
२ औ उहाँ डुङ्गाबाट बाहिर निस्कने बित्तिकै
चिहानबाट, अशुद्ध आत्मा लागेको एउटा
मानिसले उहाँलाई भेट्यो, ३ जसको डेरा
चिहानहरूमै हुन्थ्यो, र कुनै मानिसले
त्यसलाई साङ्लाहरूले समेत बाँध्नसकेको
थिएन। ४ किनकि त्यो धेरैपल्ट नेल र
साङ्लाहरूले बाँधिएको थियो, र त्यसले
साङ्लाहरू धूजा धूजा पारी नेलहरूलाई पनि
टुक्रा टुक्रा पारिदिएको थियो, र कुनै
मानिसले पनि त्यसलाई वशमा पार्नसकेको
थिएन। ५ त्यो रात र दिन सधैं चिहान-
हरू र पर्वतहरूमा कराउँदै आफूले आफैलाई
ढुङ्गाले चिर्दै हिंड्थ्यो, ६ औ जसै त्यसले
येशूलाई टाढैबाट देख्यो, तब दौडेर आयो,
र उहाँलाई दण्डवत् गऱ्यो। ७ औ ठूलो
सोरले चिच्याएर भन्यो, 'हे सर्वोच्च परमेश्वरका
पुत्र येशू, मेरो तपाईंसँग के सरोकार? म
परमेश्वरमा शपथ हालेर तपाईंलाई बिन्ती
गर्दछु, मलाई दुःख नदिनुहोला।' ८ किनकि
उहाँले त्यसलाई भन्नुभएको थियो, 'ए अशुद्ध
आत्मा, यस मानिसबाट निस्किआइज।'
९ अनि उहाँले त्यसलाई सोध्नुभयो, 'तेरो
नाउँ के हो?' त्यसले उहाँलाई भन्यो,
'मेरो नाउँ ता फौज हो, किनकि हामी
धेरै छौं।' १० औ त्यसले उहाँसँग तिनी-
हरूलाई देश निकाला नहोस् भनी जोरसँग
बिन्ती गऱ्यो। ११ अब त्यहाँ डाँडाको
छेउमा सूँगुरहरूको एक ठूलो बगाल चरि-
रहेको थियो। १२ औ तिनीहरूले यसो
भनी उहाँलाई बिन्ती गरे, 'हामीलाई सूँगुर-
हरूकहाँ जान दिनुहोस्, र हामी तीभित्र
पस्छौं।' १३ तब उहाँले तिनीहरूलाई
अनुमति दिनुभयो, र अशुद्ध आत्माहरू बाहिर
निस्केर सूँगुरहरूभित्र पसे, अनि दुइ हजार
जत्तिको बगाल भीरबाट समुद्रतिर हुर्रिंदै गयो,
र ती समुद्रमा निसासिएर मरे। १४ अब
तिनलाई चराउनेहरू भागे, र शहर र गाउँ
गाउँमा खबर दिए, र के भएको हो सो
हेर्न तिनीहरू आए। १५ तब तिनीहरू
येशूकहाँ आए, र त्यस भूत लागेको मानिस-
लाई ठीक मनको भएर लुगा पनि लगाएर
बसिरहेको देखे, र तिनीहरू डराए।
१६ औ जसले यो देखेथे, तिनीहरूले भूत-
हरू लागेको मानिसलाई र सूँगुरहरूका
विषयमा के भएको थियो, सो तिनीहरूलाई
बताइदिए। १७ अनि तिनीहरूले उहाँलाई
तिनीहरूका सीमानाहरूबाट जाइहाल्नुहोस्
भनी बिन्ती गर्नलागे। १८ औ उहाँ डुङ्गामा
पस्नलाग्नुहुँदा त्यो भूत लागेको मानिसले
उहाँकै साथमा रहनालाई बिन्ती गऱ्यो,
१९ तर उहाँले त्यसलाई अनुमति दिनुभएन,
तर त्यसलाई भन्नुभयो, 'तिमी आफ्नो
घरमा गएर तिम्रा मित्रहरूलाई सुनाइदेऊ,

कि परमप्रभुले तिम्रो निम्ति कत्ति ठूलो काम
गर्‍यो, र तिमीलाई दया देखायो।' २० औ
त्यो हिँडिहाल्यो, र येशूले त्यसको निम्ति
कत्ति ठूलो काम गरिदिनुभयो, सो डिकापोलिस-
भरि प्रचार गर्नलाग्यो, र सबै मानिसहरू
अचम्ममा परे।

याइरसकी छोरी

२१ अनि जब येशू फेरि डुङ्गामा
पारिपट्टि जानुभयो तब एउटा ठूलो भीड़
उहाँकहाँ जम्मा भयो। उहाँ समुद्रको
किनारमा हुनुहुन्थ्यो। २२ औ सभाघरका
शासकहरूमध्ये याइरस नाउँ भएको एकजना
उहाँकहाँ आए, र उहाँलाई देखेर उहाँका
पाउमा घोप्टो परे। २३ औ यसो भनेर
ज्यादै जोरसँग बिन्ती गरे, 'मेरी सानी छोरी
मर्नलागेकी छ, आएर त्यसमाथि तपाईंको
हात राखिदिनुहोस्, र त्यो बाँचोस् र
जिओस्।' २४ औ उहाँ तिनीसित लाग्नु-
भयो, र एउटा ठूलो भीड़ उहाँको पछि
लाग्यो, र उहाँलाई घच्चाघच्ची पनि भयो।
२५ औ बाह्र बर्षदेखि रगत बग्ने बेथा
भएकी एउटी स्त्री, २६ जसले धेरै वैद्य-
हरूका हातबाट कष्ट पाएकी र आफूसँग
भएका सारा धन दौलत खर्च गरेर पनि
निको नभएर बरू झन् खराब हालतमा
परेकी थिई, २७ येशूको विषयमा कुराहरू
सुनेर भीड़को पछिल्तिरबाट आएर उहाँको
पोशाक छोई। २८ किनकि त्यसले भनेकी
थिई, 'मैंले उहाँको पोशाक मात्र छोएँ भने
पनि म निको हुनेछु।' २९ औ तुरुन्तै
त्यसको रगत बग्ने बन्द भइहाल्यो, र
आफ्नो शरीरमा रोग निको भएको थाह
पाइहाली। ३० औ आफूबाट शक्ति बाहिर
निस्केको झट्टै येशूले थाह पाएर भीड़मा
पछिल्तिर फर्केर भन्नुभयो, 'कसले मेरा लुगा
छोयो, हँ?' ३१ उहाँका चेलाहरूले उहाँ
लाई भने, 'भीड़ले घच्चाघच्ची गरेको ता
तपाईंले देख्नुभएकै छ, औ तपाईं भन्नुहुन्छ,
कसले मलाई छोयो,?' ३२ औ जसले यो
गरी, त्यसलाई हेर्नलाई उहाँले चारैपट्टि
नजर फिराउनुभयो। ३३ तर जे त्यसलाई
आफूमा भएको थियो सो थाह पाएर त्यो
आइमाई डरले काम्दै आएर घोप्टो परी,
र उहाँलाई सारा सत्य कुरा भनिदिई।
३४ अनि उहाँले त्यसलाई भन्नुभयो, "ए
छोरी तिम्रो विश्वासले तिमीलाई बचाएको
छ। शान्तिसित जाऊ, तिम्रो रोग निको
भइजाओस्।'
३५ उहाँ बोल्नुहुँदै थियो सभाघरका
शासककहाँबाट मानिसहरू आएर भने,
'तपाईंको छोरी मर्‍यो! गुरुज्यूलाई अब
अरू तकलीफ किन दिनुहुन्छ?' ३६ तर
तिनीहरूले गरिरहेको कुरा येशूले नसुने जस्तो
गरेर सभाघरका शासकलाई भन्नुभयो 'नडराऊ
विश्वास मात्र गर। ३७ औ उहाँले पत्रुस,
याकूब र याकूबको भाइ यूहन्नालाई बाहेक
अरू कसैलाई पनि उहाँको साथमा आउन
अनुमति दिनुभएन। ३८ औ उहाँहरू
सभाघरका शासकको घरमा आउनुभयो, र
उहाँले ज्यादै खैलाबैला गर्ने, रूनेहरू र ठूलो
बिलौना गर्नेहरूलाई देख्नुभयो। ३९ अनि
भित्र पसेर उहाँले तिनीहरूलाई भन्नुभयो,
'तिमीहरू किन खैलाबैला गर्छौ, र रून्छौ?
ठिटी मरेकी छैन, तर सुतिरहेकी छ।'
४० औ तिनीहरूले उहाँमाथि हाँसो गरे।
तर उहाँले सबैलाई हटाएर ठिटीका बाबु, र
आमा, र उहाँसँग हुनेहरूलाई साथमा लिएर
ठिटी भएको ठाउँभित्र जानुभयो। ४१ अनि
ठिटीको हात समातेर उहाँले त्यसलाई
भन्नुभयो, 'तालिता कूमी' जसको अर्थ हो,
ए कन्या म तिमीलाई भन्दछु, उठ!
४२ औ तुरुन्तै त्यो जुरुक्कै उठी, र
हिँड्डुल गर्नलागी। किनकि त्यो बाह्र बर्षकी
थिई। औ तिनीहरू एक्कासि साह्रै छक्कमाथि
छक्क परे। ४३ औ उहाँले तिनीहरूलाई
यो कसैले थाह नपाओस् भन्ने कड़ा आज्ञा

दिनुभयो। औ तिनलाई केही खान दिनू
भनी भन्नुभयो।

नासरतमा येशूलाई इन्कार

६ त्यहाँबाट निस्केर उहाँ आफ्नै देशमा
आउनुभयो। औ उहाँका चेलाहरू
उहाँको पछि लागे। २ औ जब विश्रामको
दिन आयो उहाँले सभाघरमा शिक्षा दिनलाग्नु-
भयो। औ सुन्नेहरू धेरै जना यसो भन्दै
छक्क परे, यी मानिसलाई यी कुराहरू
कहाँबाट आयो? औ यी मानिसलाई
दिइएको यो ज्ञान के हो? यिनका हातबाट
भएका कामहरू के हुन्? ३ के यिनी
मरियमको छोरो, र याकूब योसेस, यहूदा,
र शिमोनका दाज्यू, सिकर्मी होइनन्? के
यिनका बहिनीहरू यहाँ हामीसित छैनन् र?'
औ तिनीहरू उहाँसँग चिढ़िए। ४ तब
येशूले तिनीहरूलाई भन्नुभयो, 'अगमवक्तालाई
आफ्नो देश, र आफ्ना नातेदारहरूका
बीचमा, र आफ्नै घरमा बाहेक अन्त कहीं
अनादर हुँदैन।' ५ औ उहाँले त्यहाँ कुनै
कुनै रोगीहरूमाथि आफ्ना हात राखेर
तिनीहरूलाई निको पार्नबाहेक अरू केही
शक्तिको काम गर्नसक्नुभएन।
६ औ तिनीहरूको अविश्वासले गर्दा
उहाँ छक्क पर्नुभयो, र उहाँ गाउँ हुँदो
सिकाउँदै डुल्नुभयो।
७ अनि उहाँले बाह्र जनालाई आफूकहाँ
बोलाउनुभयो, र तिनीहरूलाई दुइ दुइ गरी
पठाउनलाग्नुभयो, र तिनीहरूलाई अशुद्ध
आत्माहरूमाथि अधिकार दिनुभयो। ८ औ
बाटोको लागि केवल एउटा लौरोबाहेक केही
नलिनू भन्ने उहाँले तिनीहरूलाई कड़ा आज्ञा
दिनुभयो—नता रोटी, न झोला, नता पटुकामा
पैसा, ९ तर जुत्ता लाउनू, औ दुइटा
दौरा नलाउनू भनी उहाँले भन्नुभयो।
१० अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
'जब कुनै घरमा पसौला जबसम्म त्यस
ठाउँबाट निस्कँदैनौ तबसम्म त्यसैमा बस।
११ औ जुन जुन ठाउँमा तिमीहरूलाई
सत्कार नहोला, र तिनीहरूले तिमीहरूको
वचन नसुन्लान्, त्यस ठाउँबाट तिमीहरू
निस्कँदा तिनीहरूलाई गवाहीको लागि आफ्ना
पैतालाका धूला टक्टक्याइदिनू। १२ तब
तिनीहरू निस्केर गई मानिसहरूले पश्चाताप
गरून् भन्ने प्रचार गरे। १३ अनि तिनी-
हरूले धेरै भूतात्माहरूलाई निकाले, र धेरै
रोगीहरूलाई तेल घसिदिएर निको पारे।
१४ अब हेरोद राजाले उहाँको कीर्ति
सुने, किनकि उहाँको नाउँ प्रचलित भएको
थियो। औ तिनले भने, 'बप्तिस्मा दिने
यूहन्ना मरेकाबाट बिउँतेछ क्यार, र यसैकारण
यी शक्तिहरूले उसमा काम गर्दछन्।'
१५ तर अरूहरूले भने, 'यिनी ता एलिया
हुन्।' औ अरूहरूले भने, यिनी ता कुनै
अगमवक्ताहरूमध्येका एक अगमवक्ता हुन्।
१६ तर जब हेरोदले यो सुने तब तिनले
भने, यूहन्ना, 'जसको शिर मैले कटाएँ, त्यही
बिउँतेछ।' १७ किनभने हेरोद आफैले
आफ्नो भाइ फिलिपकी पत्नी हेरोदियासको
खातिर सिपाहीहरू पठाएर यूहन्नालाई पक्रेर
तिनलाई झ्यालखानमा हालेका थिए। किनभने
उनले तिनलाई विवाह गरेका थिए।
१८ औ यूहन्नाले हेरोदलाई यसो भनेका
थिए, आफ्नो भाइकी स्वास्नीलाई राख्नु
तपाईंलाई उचित छैन। १९ हेरोदियासले
तिनीमाथि ईख राखेकी थिइन्, र तिनलाई
मार्न खोज्दथिइन्, तर सकेकी थिइनन्।
२० किनकि यूहन्नालाई धर्मात्मा र पवित्र
मानिस भनी ठानेर हेरोद तिनीसित डराउँथे,
र तिनलाई जोगाएर राखेका थिए,
औ तिनको वचन सुन्दा उनी साह्रै
विचलित हुन्थे, तापनि खुशीसित सुन्थे।
२१ अब अनुकूल मौका त्यस बेला आयो,
जब हेरोदले आफ्नो जन्मोत्सवमा आफ्ना
उच्च पदाधिकारीहरू, सेनापतिहरू र
गालीलका मुख्य मुख्य मानिसका निम्ति

भोज दिए, २२ र जब हेरोदियासकी
आफ्नै छोरी भित्र आएर नाची, तब
त्यसले हेरोद र त्यहाँ साथमा भोजमा बस्ने-
हरू सबैलाई खुशी पारी, र राजाले त्यस
ठिटीलाई भने, 'तिमीलाई मन लागेको कुरो
मसित माग, र म तिमीलाई दिनेछु।'
२३ औ तिनले शपथ खाएर त्यसलाई भने,
'जे तिमी मसित माग्छौ, मेरो आधा
राज्यसम्म पनि, म तिमीलाई दिनेछु।'
२४ अनि त्यसले बाहिर निस्केर आफ्नी
आमालाई भनी, 'म के मागूँ ?' तिनले
भनिन्, 'बप्तिस्मा दिने यूहन्नाको शिर।'
२५ त्यो झट्टै आतुरीसाथ भित्र राजकहाँ
गएर यसो भनेर मागी, 'हजूरले अहिले
मलाई बप्तिस्मा दिने यूहन्नाको शिर थाल्मा
दिनुहोस् भन्ने म इच्छा गर्दछु।' २६ औ
राजा अति दुःखित भए, तर तिनले आफ्ना
शपथ र साथमा भोजमा बस्नेहरूको खातिर
त्यसलाई इन्कार गर्न इच्छा गरेनन्।
२७ अनि राजाले तुरुन्तै आफ्नो रक्षकका
एक जना सिपाहीलाई पठाएर यूहन्नाको शिर
ल्याउने हुकूम दिए। औ त्यसले झ्यालखानमा
गएर तिनको शिर काट्यो, २८ र तिनको
शिर थाल्मा ल्याएर ठिटीलाई दियो, औ
ठिटीले त्यो त्यसकी आमालाई दिई।
२९ तिनका चेलाहरूले जब यो कुरा सुने
तब तिनीहरू आएर तिनको लाश उठाएर
चिहानमा लगेर राखे।
३० अनि मुख्य चेलाहरू येशूकहाँ भेला
भए, औ तिनीहरूले जे जे गरे, र सिकाए
ती सबै उहाँलाई बयान गरे। ३१ औ उहाँले
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू आफै पनि
सुटुक्क एकान्त ठाउँमा आओ, र केही थकाइ
मार। किनकि त्यहाँ आउने जानेहरू धेरै
थिए, र उहाँहरूलाई खानसम्म पनि फुर्सत
थिएन। ३२ औ उहाँहरू डुङ्गामा सुटुक्क
एउटा एकान्त ठाउँमा जानुभयो। ३३ अब
मानिसहरूले उहाँहरू गइरहनुभएको देखे, र
धेरैले चिने, र सबै शहरहरूबाट पैदलै दौडेर
त्यता गए, र उहाँलाई उछिने। ३४ औ
उहाँ निस्कँदा एउटा ठूलो भीड़ देख्नुभयो,
र तिनीहरूमाथि टिठाउनुभयो। किनकि तिनी-
हरू गोठालो नभएका भेड़ाहरूजस्ता थिए।
र उहाँले तिनीहरूलाई धेरै कुरा को शिक्षा
दिन लाग्नुभयो।

येशू र पाँच हजार मानिस

३५ अनि जब दिन धेरै ढल्किसक्यो तब
उहाँका चेलाहरूले उहाँकहाँ आएर भने, 'यो
ठाउँ एकान्त छ, र अब दिन धेरै ढल्कि-
सक्यो। ३६ तिनीहरूलाई बिदा दिनुहोस्,
र तिनीहरूले वरपरका बस्ती र गाउँहरू हुँदो
गएर आफ्ना लागि केही खानेकुरा किनून्।'
३७ तर उहाँले तिनीहरूलाई भन्नुभयो,
'तिमीहरूलेनै तिनीहरूलाई खान देओ।' तर
तिनीहरूले उहाँलाई भने, 'के हामी गएर
दुइ सय दिनार जत्तिको रोटी किनेर यिनीहरू
लाई खान दिऔं ?' ३८ औ उहाँले
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूसित कतिवटा
रोटी छन्, गएर हेर ता।' औ थाह
भएपछि तिनीहरूले भने, 'पाँच रोटी र दुइ
माछा।' ३९ अनि उहाँले तिनीहरूलाई
हरियो घाँसमा दल दल गरी बस्नालाई
हुकूम गर्नुभयो। ४० तिनीहरू सय सय
र पचास पचासका ताँती लागेर बसे।
४१ उहाँले ती पाँच रोटी र दुइ माछा
लिएर स्वर्गतिर हेरी धन्यवाद दिनुभयो,
र ती रोटीहरू भाँचेर चेलाहरूलाई
तिनीहरूका अगाड़ि अगाड़ि राखिदिऊन्
भनेर दिनुभयो, र ती दुइ माछा पनि
उहाँले सबैलाई बाँड़िदिनुभयो। ४२ औ
सबैले खाए, र तृप्त भए। ४३ अनि
तिनीहरूले रोटी र माछाहरूका टुक्राहरू
बाह्र टोकरी भरी उठाए। ४४ रोटी
खने पाँच हजार पुरुषहरू थिए।
४५ अनि उहाँले तुरुन्तै आफ्ना चेला-
हरूलाई डुङ्गामा पस्न र पारि बेत्सैदामा

उहाँभन्दा अगि जानालाई अह्राउनुभयो, र
त्यतिञ्जेलसम्म उहाँले चाहिँ भीड़लाई बिदा
दिनुभयो। ४६ औ तिनीहरूसँग बिदा
भएपछि उहाँचाहिँ डाँड़ामा प्रार्थना गर्नालाई
जानुभयो। ४७ साँझ पर्दा डुङ्गा समुद्रको
बीचमा थियो, र उहाँ चाहिँ एक्लै पाखामा
हुनुहुन्थ्यो। ४८ औ तिनीहरूलाई ख्याउना-
लाई कष्ट भइरहेको देखेर, किनभने बतास
तिनीहरूको विपरीत थियो, रातको चौथो
पहरतिर उहाँ तिनीहरूकहाँ समुद्रमाथि हिंड़दै
आउनुभयो, र तिनीहरूलाई उछिनेर जाने
इच्छा गर्नुभयो। ४९ तर जब तिनीहरूले
उहाँलाई समुद्रमा हिँड़िरहनुभएको देखे, तब
भूत हो भनी ठानेर चिच्याए। ५० किनकि
सबैले उहाँलाई देखेर विचलित भए।
तर उहाँ झट्टै तिनीहरूसित बोलेर तिनीहरू-
लाई भन्नुभयो, ढाड्स गर, मैं हुँ नडराओ।
५१ अनि उहाँ तिनीहरूकहाँ डुङ्गाभित्र
चढ़नुभयो, र बतास थामिहाल्यो। औ तिनी-
हरू अत्यन्त अचम्भित भए।। ५२ किनकि
तिनीहरूले रोटीहरूका विषयको कुरा सम्झेनन्,
तर तिनीहरूको मन कठोर भएको
थियो।

५३ अनि वारि आएपछि उहाँहरू गने-
सरेतको मुलुकमा आउनुभयो, र तिनीहरूले डुङ्गा
किनारमा लगाए। ५४ औ जब उहाँहरू
डुङ्गाबाट निस्कनुभयो, तब उत्तिखेरै मानिस-
हरूले उहाँलाई चिनिहाले, ५५ र वरिपरिको
त्यस बस्तीभरि दगुरेर जता जता उहाँ
जानुहुन्थ्यो भन्ने सुन्दथे त्यता त्यता
बिरामीहरूलाई खाट खाटमा बोकेर लैजान-
लागे। ५६ अनि गाउँहरूमा, कि शहरहरूमा,
कि बस्तीहरूमा जहाँ जहाँ उहाँ पस्नुहुन्थ्यो
तिनीहरूले रोगीहरूलाई बजार बजारमा
राख्तथिए, र उहाँको पोशाकको किनार मात्र
पनि छुन पाऔँ भनी तिनीहरूले उहाँलाई
बिन्ती गर्थे, र जत्तिले उहाँलाई छोए
तिनीहरू सबै निको हुन्थे।

७ फरिसीहरू र यरूशलेमबाट आएका
कुनै कुनै शास्त्रीहरू उहाँकहाँ जम्मा
भए, २ र उहाँका चेलाहरूमध्ये कुनै
कुनैले फोहोर, अर्थात् नधोएका हातले रोटी
खाएका देखे। ३ किनकि फरिसीहरू र सबै
यहूदीहरू परम्पराअनुसार राम्रोसँग हात
नधोईकन खाँदैनन्। ४ औ बजारबाट
आएपछि ननुहाईकन तिनीहरू खाँदैनन्।
तिनीहरूले मान्नुपर्ने यस्ता कुराहरू धेरै छन्,
अर्थात्—कचौराहरू र लोहोटाहरू र पीतले
भाँड़ा-कुँड़ाहरू माझ्ने इत्यादि। ५ तब
फरिसीहरू र शास्त्रीहरूले उहाँलाई सोधे,
'तपाईंका चेलाहरू परम्परामा किन चल्दैनन्,
तर फोहोर हातले रोटी खान्छन्?'
६ उहाँले तिनीहरूलाई भन्नुभयो 'ए कपटी
हो, यशैयाले तिमीहरूका विषयमा ठीकैसँग
अगमवाणी गरे, जस्तो लेखिएको छ,

'यस जातिले मलाई ओठले मात्र
आदर गर्दछ,
तर तिनीहरूको हृदय मदेखि टाढ़ा छ।
७ तिनीहरू व्यर्थमा मेरो उपासना
गर्दछन्,
किनभने मानिसहरूको रीति-थितिलाई
धर्म-सिद्धान्त तुल्याई शिक्षा दिन्छन्।'

८ तिमीहरू परमेश्वरको आज्ञालाई
त्यागेर मानिसहरूको प्रथा मान्छौ।' ९ औ
उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू
आफ्ना रिवाज मान्नालाई कति सजिलोसँग
परमेश्वरको आज्ञालाई टारिदिन्छौ। १० किन-
भने मोशाले भनेका छन्, 'आफ्ना बाबु-
आमालाई आदर गर, औ जसले बाबु
आमाको खराब कुरा गर्छ, त्यसलाई
ज्यान सजाय होस्।' ११ तर तिमीहरू
चाहिँ भन्छौ, 'मानिसले आपना बाबु
आमालाई मबाट फायदा हुने
कुर्बान परमेश्वरलाई दिइयो' भन्यो भने,
१२ तिमीहरूले त्यसलाई त्यसका बाबु
आमाको निम्ति फेरि केही गर्न दिँदैनौ।
१३ तिमीहरूले चलाएको रिवाज परमेश्वरको

वचनलाई टारेर यस्तै धेरै कामहरू
तिमीहरू गर्दछौ।' १४ औ उहाँले
भीड़लाई फेरि आफूकहाँ बोलाएर तिनीहरू-
लाई भन्नुभयो, 'तिमीहरू सबैले मेरा कुरा
सुन र बुझ। १५ मानिसमा यस्तो केही
कुरा छैन जसले भित्र पसेर मानिसलाई
अशुद्ध पार्नेसक्छ, तर मानिसको भित्रबाट
बाहिर आउने कुराहरूलेनै मानिसलाई
अशुद्ध पार्ने हुन्छन्। १६ जसका सुन्ने
कान छन्, त्यसले सुनोस।' १७ अनि
भीड़बाट निस्केर घरभित्र पसेपछि उहाँका
चेलाहरूले उहाँलाई त्यस उखानको विषयमा
सोधे। १८ उहाँले तिनीहरूलाई भन्नुभयो,
'के तिमीहरू पनि यस्ता अबुझ छौ?
जे बाहिरबाट मानिसमा पस्तछ, त्यसले
उसलाई अशुद्ध पार्नसक्तैन भनेर के
तिमीहरू सम्झँदैनौ? १९ किनकि त्यो उसको
हृदयभित्र ता होइन तर पेटभित्र पस्तछ,
औ दिसामा जान्छ।' सबै खानेकुरालाई
शुद्ध तुल्याएर उहाँले यो भन्नुभएको हो।
२० अनि उहाँले भन्नुभयो, 'जे
मानिसबाट बाहिर निस्कन्छ त्यसैले
मानिसलाई अशुद्ध पार्दछ। २१ किनकि
भित्रबाट, अर्थात् मानिसका हृदयबाट, खराब
विचार, व्यभिचार, २२ चोरी, हत्या,
वेश्यागमन, लोभ, दुष्टपना, ठगी, लुच्चेइँ,
कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता, २३ यी
सब कामहरू भित्रबाट निस्कन्छन् र मानिसलाई
अशुद्ध पार्दछन्।'

अन्यजाति स्त्री

२४ औ त्यहाँबाट उठेर उहाँ टायर
साइडनका सीमानातिर गएर एउटा
घरभित्र पस्नुभयो। औ कसैले थाह
नपाओस् भन्ने उहाँको इच्छा थियो, तर
उहाँ छिप्नसक्नुभएन। २५ औ त्यसै
वेला एउटी स्त्री जसको छोरीलाई
अशुद्ध आत्मा लागेको थियो, उहाँको
विषयमा सुनेर आई, र उहाँको पाउमा
परी। २६ त्यो आइमाई सुरोफोनिसियन
जातिकी यूनानी थिई। त्यसले 'मेरो
छोरीको भूतात्मा निकालिदिनुहोस्', भनी
उहाँसँग बिन्ती गरी। २७ उहाँले त्यसलाई
भन्नुभयो, 'पहिले केटा-केटीकाई तृप्त
हुनदेऊ। किनकि केटाकेटीहरूको रोटी
लिएर कुकुरहरूलाई फालिदिनु ठीक होइन।'
२८ तर त्यसले उहाँलाई भनी, 'हो प्रभु,
तर कुकुरहरूले पनि ता केटा-केटीहरूका
खसेका टुक्राहरू टेबलमनि खान्छन्।'
२९ उहाँले त्यसलाई भन्नुभयो, 'यही
भनाइको कारण गइहाल। भूतात्मा तिम्रो
छोरीबाट निस्केर गएको छ।' ३० त्यो
आफ्नो घरमा गएर बालिकालाई खाटमा
पल्टिरहेको र भूतात्मा निस्की गएको
भेट्टाई।

बहिरो र लाटो मानिस

३१ औ टायरका सीमानाबाट उहाँ
फेरि निस्केर साइडनबाट भएर डिकापोलिसको
सीमानाको बीचबाट हुँदै गालीलको समुद्रमा
आउनुभयो। ३२ अनि मानिसहरूले एउटा
बहिरो र भक्भके मानिसलाई उहाँकहाँ
ल्याए, र त्यसमाथि हात राखिदिनोस
भनी उहाँलाई बिन्ती गरे। ३३ त्यसलाई
भीड़बाट अलग्गै एकान्तमा लगेर उहाँले
आफ्ना औंला त्यसका कानमा लगाउनुभयो,
र थुकेर त्यसको जिब्रो छुनुभयो। ३४ औ
स्वर्गतिर हेरेर लामो सास लिएर
त्यसलाई भन्नुभयो, 'इफ्फाता,' अर्थात्
'खोलिजा।' ३५ औ त्यसका कान खोलिए,
र त्यसको जिब्रोको बन्धन फुक्यो, र त्यो
सफासँग बोल्यो। ३६ यो कसैलाई नभन्नू
भनी उहाँले तिनीहरूलाई कड़ा आज्ञा
दिनुभयो। तर जति जति उहाँले
तिनीहरूलाई कड़ा आज्ञा दिनुहुन्थ्यो
उति उति झन् बढ़ी तिनीहरूले प्रचार

गर्दथिए। ३७ औ तिनीहरू यसो भन्दै
अति चकित भए, 'उहाँले सबै कुरा
असल गर्नुभएको छ। 'उहाँले बहिरालाई
सुन्ने र लाटालाई बोल्ने तुल्याउनुहुन्छ।

येशूले चार हजारलाई खुवाउनुभएको

८ ती दिनमा फेरि जब भीड़ साह्रै
बढ़ता थियो, र तिनीहरूसँग
खानालाई केही थिएन, तब उहाँले चेलाहरू-
लाई आफूकहाँ बोलाएर भन्नुभयो, २ 'म
यस भीड़माथि टिठाउँछु, किनभने यिनीहरू
मसँग रहेको आज तीन दिन भयो, र
यिनीहरूसित खानेकुरो केही छैन। ३ औ
यिनीहरूलाई आफ्ना घरमा भोकै पठाऊँ
भने बाटैमा मूर्च्छा पर्लान्। यिनीहरूमध्ये
कुनै कुनै ता टाढ़ाबाट आएका छन्।'
४ उहाँका चेलाहरूले उहाँलाई भने,
'यहाँ एकलास ठाउँमा यी मानिसहरूलाई
रोटीले तृप्त गर्नालाई कसले कसरी सक्ला
र?' ५ उहाँले तिनीहरूलाई सोध्नुभयो,
'तिमीहरूसित कतिवटा रोटी छन्?' तिनीहरूले
भने, 'सातवटा।' ६ उहाँले भीड़लाई भूइँमा
बस्ने हुकूम गर्नुभयो, र ती सात
रोटी लिएर धन्यवाद दिईं भाँच्नुभयो,
र तिनीहरूका अगाड़ि अगाड़ि राखिदिऊन्
भनेर आफ्ना चेलाहरूलाई दिनुभयो,
र तिनीहरूले भीड़का अगाड़ि अगाड़ि
राखिदिए। ७ तिनीहरूसित अलिकता
ससाना माछाहरू पनि थिए, र उहाँले
आशीर्वाद दिएर ती पनि तिनीहरूका
अगाडि अगाड़ि राख्नलाउनुभयो। ८ अनि
तिनीहरूले खाए, र तृप्त भए। औ उब्रेका
टुक्राहरू तिनीहरूले सात टोकरी उठाए।
९ तिनीहरू प्रायः चार हजार थिए, र
उहाँले तिनीहरूलाई बिदा गरी पठाउनुभयो,
१० अनि उहाँ आफ्ना चेलाहरूसित तुरुन्तै
डुङ्गामा पसेर दलमनुथाका जिल्लाहरूमा
आउनुभयो।

११ अनि फरिसीहरू आए, र उहाँलाई
परीक्षा गरेर स्वर्गबाट एउटा चिह्न खोज्दै
उहाँसित सवाल गर्नलागे। १२ औ आफ्ना
आत्मामा लामो सास लिएर उहाँले
भन्नुभयो, 'यस पुस्ताले किन चिह्न
खोज्दछ? म तिमीहरूलाई साँच्चै भन्दछु,
यस पुस्तालाई कुनै चिह्न दिइनेछैन।'
१३ औ उहाँले तिनीहरूलाई छोड़ेर डुङ्गाभित्र
पसी उता पारिपट्टि जानुभयो।

१४ औ तिनीहरूले रोटी लैजान
बिर्सेछन्, र डुङ्गामा तिनीहरूसित केवल एउटै
मात्र रोटी थियो। १५ उहाँले तिनीहरूलाई
यसो भन्दै कड़ा आज्ञा दिनुभयो, 'तिमीहरू
फरिसीहरूको खमीर र हेरोदको खमीरदेखि
बच।' १६ तिनीहरूले चाहिँ आफ्ना
साथमा रोटी छैन भनी आपसमा बहस
गर्नलागे। १७ येशूले यो थाह पाएर
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूसित रोटी छैन
भनेर किन तिमीहरू बहस गर्छौ? के
तिमीहरू अझ सम्झँदैनौ? के तिमीहरूको
मन कठोर भएकै छ? १८ आँखा
भए तापनि तिमीहरू देख्तैनौ? औ कान
भए तापनि तिमीहरू सुन्दैनौ? औ के
तिमीहरूलाई याद छैन, १९ मैले जब
पाँचवटा रोटी ती पाँच हजारका बीचमा
भाँचेथें, तब कति डालो टुक्रा टुक्री
तिमीहरूले उठाएथ्यौ? तिनीहरूले उहाँलाई
भने, 'बाह।' २० औ जब ती सातवटा
चार हजारका बीचमा, तब कति डालो
टुक्राहरू तिमीहरूले उठाएथ्यौ? औ तिनी-
हरूले उहाँलाई भने, 'सात।' २१ उहाँले
तिनीहरूलाई भन्नुभयो, 'के तिमीहरू अझ
बुझ्दैनौ?'

बेत्सैदाको अन्धो मानिस

२२ अनि उहाँहरू बेत्सैदामा आउनुभयो,
औ मानिसहरूले एउटा अन्धा मानिसलाई
उहाँकहाँ ल्याए, र त्यसलाई छुनुहोस् भनी

बिन्ती गरे। २३ उहाँले त्यस अन्धा
मानिसको हात समातेर त्यसलाई गाउँबाट
बाहिर ल्याउनुभयो, र त्यसका आँखामा
थुकेर त्यसमाथि आफ्नो हात राखेर त्यसलाई
सोध्नुभयो, 'के तिमी केही देख्तछौ?'
२४ अनि माथितिर हेरेर त्यसले भन्यो,
'म मानिसहरूलाई रूखहरू जस्तै, हिंड्रिहेका
देख्तछु।' २५ तब उहाँले फेरि त्यसका
आँखामा हात राख्नुभयो, र त्यसले
डिठ लगाएर हेर्‍यो, र ज्युँका त्युँ भयो,
र सबै थोक छर्लङ्गै देख्नलाग्यो। २६ औ
उहाँले त्यसलाई गाउँतिर नपस्नु है भनी
त्यसका घरमा पठाउनुभयो।

२७ अनि येशू र उहाँका चेलाहरू
सिजरिया फिलिप्पीका गाउँहरूमा आउनुभयो,
र बाटोमा उहाँले आफ्ना चेलाहरूलाई
यसो भनेर सोध्नुभयो, 'मानिसहरूले म को
हुँ भनी भन्दछन्?' २८ अनि तिनीहरूले
उहाँलाई भने, 'बप्तिस्मा दिने यूहन्ना,
अरुहरूले, एलिया, तर अरू कोहीले
अगमवक्ताहरूमध्ये एकजना।' २९ तब
उहाँले तिनीहरूलाई सोध्नुभयो, 'तिमीहरू
चाहिं म को हुँ भनी भन्दछौ?' पत्रुसले
उत्तर दिएर उहाँलाई भने, 'तपाईं
ख्रीष्ट हुनुहुन्छ।'

३० अनि उहाँले तिनीहरूलाई यसो
भनेर कड़ा आज्ञा दिनुभयो, 'तिमीहरूले
मेरो विषयमा कसैलाई नभन्नू। ३१ औ
मानिसको पुत्रले धेरै दुःख भोग्नु, र बूढ़ा-
प्रधानहरू र मुख्य पूजाहारीहरू र शास्त्री-
हरूबाट इन्कार हुनु, र मारिनु, र तीन
दिनपछि पुनरुत्थान हुनु आवश्यक छ' भनेर
उहाँले तिनीहरूलाई सिकाउनलाग्नुभयो।
३२ औ उहाँले यो कुरो प्रष्टसँग
भन्नुभयो। तर पत्रुसले उहाँलाई एकातिर
लगेर हकार्नलागे। ३३ तर फनक्क फर्केर
उहाँले आफ्ना चेलाहरूलाई हेरेर पत्रुसलाई
यसो भनेर हप्काउनुभयो, 'ए शैतान, मबाट
हटीजा, किनकि तैं परमेश्वरको होइन, तर
मानिसहरूको कुरामा ध्यान दिंदोरहेछस्।'

३४ औ आफ्ना चेलाहरूका साथमा
भीड़लाई आफूकहाँ बोलाएर उहाँले तिनी-
हरूलाई भन्नुभयो, 'कोही मानिस मपछि
लाग्न इच्छा गर्दछ भने, त्यसले आफूलाई
इन्कार गरोस्, आफ्नो क्रूस उठाएर मेरो
पछि लागोस्। ३५ किनकि जसले आफ्नो
प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो
गुमाउनेछ, र मेरो र सुसमाचारको निम्ति
आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ।
३६ किनभने मानिसले सारा जगत् हात
पारेर आफ्नो प्राणचाहिं गुमायो भने
त्यसलाई के फायदा हुन्छ? ३७ किनकि
मानिसले आफ्नो प्राणको सट्टामा के दिन
सक्छ? किनकि यस व्यभिचारी र पापी
पुस्तामा जो म र मेरा वचनदेखि शर्माउँछ,
मानिसको पुत्र पनि आफ्ना पिताको ऐश्वर्यमा
पवित्र दूतगणसित आउँदा त्यसदेखि
शर्माउनेछ।'

येशूको रूप परिवर्त्तन

९ औ उहाँले तिनीहरूलाई भन्नुभयो
म तिमीहरूलाई साँच्चै भन्दछु, यहाँ
उभिएकाहरूमध्ये कोही कोही छन् जसले
परमेश्वरको राज्यलाई शक्तिमा आएको
नदेखुन्जेल कुनै किसिमले मृत्युको स्वाद
पाउनेछैन।

२ छ दिनपछि येशूले पत्रुस, याकूब र
यूहन्नालाई साथमा लिनुभयो, र तिनीहरूलाई
अलग्गै एउटा अग्लो डाँड़ामा लैजानुभयो, र
तिनीहरूको सामुन्ने उहाँको रूप बदलियो।
३ औ उहाँका लुगाहरू झल्कने र अति
सेता भए, यस्तो कि, पृथ्वीमा कोही धोबीले
त्यस्तो सेतो पार्नसक्तैन। ४ औ त्यहाँ
मोशासित एलिया तिनीहरूकहाँ देखा परे, र
तिनीहरू येशूसित कुरा गरिरहेका थिए।
५ पत्रुसले येशूलाई भने, 'गुरुज्यू, हामीलाई
यहाँ रहनु असल छ, औ हामी यहाँ

तीनवटा डेरा बनाऔं, एउटा तपाईंको निम्ति,
एउटा मोशाको निम्ति र एउटा एलियाको
निम्ति।' ६ किनकि के भन्ने हो भनी
तिनले जानेनन्, किनभने तिनीहरू ज्यादै
डराएका थिए। ७ औ तिनीहरूलाई छाया
पारेर त्यहाँ एउटा बादल आयो, र बादलबाट
एक शब्द निस्क्यो, 'यिनी मेरा प्रिय पुत्र
हुन्, तिमीहरूले उनको वचन सुन।' ८ औ
झट्टै वरिपरि हेर्दा तिनीहरूले आफ्नो साथमा
येशूबाहेक फेरि अरू कसैलाई देखेनन्।
९ अनि उहाँहरू डाँडाबाट ओर्लंदा
उहाँले तिनीहरूलाई यसो भनेर कड़ा आज्ञा
दिनुभयो, 'तिमीहरूले जे देख्यौ मानिसको
पुत्रको पुनरुत्थान नहोउन्जेल त्यो कसैलाई
नभन्नु है।' १० तिनीहरूले पुनरुत्थान
भनेको के हो भनी आपसमा यही कुरो
लिएर बातचीत गर्नलागे। ११ औ तिनीहरूले
उहाँलाई यसो भनेर सोधे, 'पहिला एलिया
आउनुपर्छ भनी शास्त्रीहरू किन भन्छन्।,
१२ औ साँच्चिनै हो, एलिया पहिले
आउँछन्, र सब कुरा सच्याउँछन्, औ
मानिसको पुत्रको विषयमा, कसरी उसले धेरै
कुरामा दुःख भोग्नु र बेकम्मा ठहरिनुपर्छ
भनेर लेखिएको छ भनी उहाँले तिनीहरूलाई
भन्नुभयो। १३ 'तर म तिमीहरूलाई
भन्दछु, एलिया आइसकेका छन्, औ
मानिसहरूले उनको विषयमा लेखिएबमोजिम
तिनीहरूका मनलागेका कुरा उनीमाथि
गरिसकेका छन्।'

भूत लागेको ठिटा

१४ औ जब उनीहरू चेलाहरूकहाँ
आउनुभयो, तब एउटा ठूलो भीड़
तिनीहरूका वरिपरि लागेको र शास्त्रीहरूले
तिनीहरूलाई सवाल सोधिरहेका देख्नुभयो।
१५ अनि सारा भीड़ले उहाँलाई देख्ने
बित्तिकै साह्रै आश्चर्य माने, र उहाँकहाँ
दौडेर गई सलाम गरे। १६ उहाँले
तिनीहरूलाई सोध्नुभयो, 'तिमीहरू यिनीहरूसित
के प्रश्न गर्दैछौ?' १७ भीड़को एकजनाले
उहाँलाई जवाफ दिए 'गुरुज्यू, मैले लाटो
भूतात्मा लागेको मेरो छोरालाई तपाईंकहाँ
ल्याएको थिएँ। १८ त्यसले त्यसलाई जहाँ
फेला पार्छ बजारिहाल्छ, त्यसले फींज काढ्छ
र दाह्रा किट्छ र झोक्राउँछ। मैले तपाईंका
चेलाहरूलाई त्यो निकालिदिऊन् भनी भनें,
तर तिनीहरूले सकेनन्।' १९ तब उहाँले
जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, 'ए
अविश्वासी पुस्ता, म कत्तिसम्म तिमीहरूसित
रहूँला? तिमीहरूलाई कति सहूँ? त्यसलाई
मकहाँ ल्याओ।' २० तिनीहरूले त्यसलाई
उहाँकहाँ ल्याए। उहाँलाई देख्ने बित्तिकै
त्यस भूतात्माले कक्राक कुकुक्कै पार्‍यो, र
त्यो भूइँमा पछारिएर फींज काढ्दै लडीबडी
गर्‍यो। २१ उहाँले त्यसका बाबुलाई
सोध्नुभयो, 'कहिलेदेखि यसलाई यो भएको
हो?' तिनले भने, 'बालककालदेखिनै।
२२ औ त्यसलाई नाश गर्नालाई घरि घरि
त्यसले त्यसलाई आगो र पानीमा पनि
फालेको थियो, यदि तपाईंले केही गर्नसक्नु-
हुन्छ भने हामीमाथि दया गरी उपकार
गर्नुहोस्।' २३ येशूले तिनलाई भन्नुभयो,
'तिमीलेनै सक्छौ भने! विश्वास गर्नेको
लागि ता सबै कुरा सम्भवै छ।'
२४ तब झट्टै ठिटाका बाबुले कराएर भने,
'म विश्वास गर्दछु, मेरो अविश्वासलाई मदत
गर्नुहोस्।' २५ अनि भीड़ एकसाथ दगुरी
आएको देखेर उहाँले त्यस अशुद्ध आत्मालाई
यसो भनेर हप्काउनुभयो, 'ए लाटो र
बहिरो आत्मा, म तँलाई हुकुम गर्दछु,
त्यसबाट निस्केर आइज, औ फेरि कहिल्यै
त्यसभित्र नपस्।' २६ अनि चिच्याएर त्यस-
लाई कक्राक कुकुक्क पारेर, त्यो निस्क्यो
र त्यो केटो मुर्दासरि भयो, यहाँसम्म कि,
धेरैले ता त्यो मर्‍यो भनी ठाने। २७ तर
येशूले त्यसको हात समातेर जुरुक्क
उठाउनुभयो, र त्यो उठ्यो। २८ औ जब

उहाँ घरमा आउनुभयो तब उहाँका चेलाहरूले
उहाँलाई यसो भनी सोधे, 'हामीले त्यसलाई
किन निकाल्नसकेनौं ?' २९ उहाँले तिनीहरू-
लाई भन्नुभयो, 'यस किसिमको चाहिँ
प्रार्थनाले बाहेक अरू कुनै उपायले
निस्कनसक्तैन।'

३० अनि त्यहाँबाट निस्केर उहाँहरू
गालील भएर जानुभयो, र कसैले थाह
नपाओस् भन्ने उहाँको इच्छा थियो।
३१ किनकि उहाँले आफ्ना चेलाहरूलाई
यसो भनेर शिक्षा दिनुहुन्थ्यो; 'मानिसको
पुत्र मानिसहरूको हातमा सुम्पिनेछ, र
तिनीहरूले उसलाई मार्नेछन्, र मारिएपछि
तीन दिन बाद फेरि उठ्नेछ।' ३२ तर
यो भनाइ तिनीहरूले बुझेनन्, र उहाँसँग
सोध्न डराए।

नम्रताको शिक्षा

३३ अनि उहाँहरू कफर्नहुममा आउनु-
भयो, र घरमा हुँदाखेरि उहाँले तिनीहरूलाई
सोध्नुभयो, 'बाटोमा तिमीहरूले के बहस
गरिरहेका थियौ, हँ ?' ३४ तर तिनीहरू
चूप रहे, किनकि बाटोमा तिनीहरूले 'को
ठूलो हो' भनी आफू आफूमा कुरा गरिरहेका
थिए। ३५ तब बसेर उहाँले बाह्रै जनालाई
बोलाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, 'कोही
मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो
सबैभन्दा पछिल्लो र सबैको सेवक हुनेछ।'
३६ औ एउटा सानो बालकलाई लिएर
उहाँले त्यसलाई तिनीहरूका बीचमा राख्नुभयो,
र त्यसलाई काखमा लिएर उहाँले तिनीहरूलाई
भन्नुभयो, ३७ 'जसले यस्ता साना बालक-
हरूमध्ये एउटालाई मेरो नाउँमा स्वीकार
गर्ला, त्यसले मलाईनै स्वीकार गर्दछ, र
जसले मलाई स्वीकार गर्ला, त्यसले मलाई
होइन, तर मलाई पठाउनेलाई स्वीकार
गर्दछ।'

३८ यूहन्नाले उहाँलाई भने, 'गुरुज्यू,
एक जनाले तपाईंको नाउँमा भूतहरू
निकालिरहेका हामीले देख्यौं, औ हामीले
त्यसलाई मनाई गर्‍यौं, किनकि त्यो हाम्रोपछि
लाग्दैन थियो।' ३९ तर येशूले भन्नुभयो,
'त्यसलाई मनाई नगर किनकि मेरो नाउँमा
शक्तिको काम गर्नेले तुरुन्तै मेरो बदख्वाइ
गर्नसक्नेछैन। ४० किनकि जो हाम्रो विरुद्धमा
छैन, त्यो हामीतर्फ छ। ४१ किनभने
जसले तिमीहरू ख्रीष्टका हौ भनेर
तिमीहरूलाई एक कचौरा पानी पिउन
देला, म तिमीहरूलाई साँच्चै भन्छु त्यसले
कुनै किसिमले आफ्नो इनाम गुमाउनेछैन।'

४२ औ जसले ममाथि विश्वास गर्ने
सानाहरूमध्ये एउटालाई बाधा देला त्यसको
निम्ति ता बरू एउटा ठूलो जाँतोको ढुङ्गा
त्यसको घाँटीमा झुण्डाएर समुद्रमा फालिदिनु
त्यसको निम्ति बढ़िया हुँदो हो। ४३ औ
तिम्रो हातले तिमीलाई बाधा दिन्छ भने,
त्यसलाई काटिदेऊ, दुइ हात भएरै नरकको
ननिभ्ने आगोमा जानुभन्दा ता कूँजो भएर
जीवनमा पस्नु तिम्रो निम्ति बढ़िया हो।
४४ जहाँ न तिनीहरूका कीरा मर्दछन्,
औ न आगो निभ्दछ। ४५ औ तिम्रो
खुट्टाले तिमीलाई बाधा दिन्छ भने, त्यसलाई
काटिदेऊ, दुइ खुट्टा भएर नरकमा फालिनु-
भन्दा ता लङ्गडो भएर जीवनमा पस्नु तिम्रो
निम्ति बढ़िया हो। ४६ जहाँ न तिनीहरूका
कीरा मर्दछन्, औ न आगो निभ्दछ।
४७ औ तिम्रो आँखाले तिमीलाई बाधा
दिन्छ भने, त्यसलाई झिकेर फालिदेऊ, दुइ
आँखा भएरै नरकमा फालिनुभन्दा ता एक
आँखा भएर परमेश्वरको राज्यमा पस्नु
तिम्रो निम्ति बढ़िया हो। ४८ जहाँ न
तिनीहरूका कीरा मर्दछन्, औ न आगो
निभ्दछ। ४९ किनकि हरेक जन आगोले
शुद्ध* बनाइनेछ। ५० नून असल हो,
तर नून अलिनु भयो भने, त्यो केले

*नुनिलो

स्वादिलो तुल्याउने ? आफू आफूमा नून
राख, र आपसमा मिलिरहो।'

पाचुकी बारेमा प्रश्न

१० त्यहाँबाट उठेर उहाँ यर्दन नदीको
पारिपट्टि यहूदियाका सीमानाहरूभित्र
आउनुभयो। भीड़हरू फेरि उहाँकहाँ जम्मा
भए, औ आफ्नो आदतअनुसार फेरि उहाँले
तिनीहरूलाई शिक्षा दिनलाग्नुभयो। २ औ
फरिसीहरू उहाँकहाँ आएर उहाँलाई परीक्षा
गरेर सोधे, 'के कोही मानिसले आफ्नो
स्वास्नीलाई त्याग्नु उचित छ?' ३ उहाँले
तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, 'मोशाले
तिमीहरूलाई के आज्ञा दिएका छन्?'
४ तिनीहरूले भने, 'एउटा त्यागपत्र लेखेर
त्याग्नू भनी अनुमति दिएका छन्।' ५ तर
येशूले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूको
हृदयको कठोरताले गर्दा उनले तिमीहरूलाई
यो आज्ञा लेखिदिए। ६ सृष्टिको आरम्भ-
देखि उहाँले तिनीहरूलाई नर र नारी गरी
बनाउनुभयो। ७ यसैकारण मानिसले आफ्ना
बाबु र आमालाई छोड़ेर आफ्नो स्वास्नीसित
मिलिरहन्छ, ८ औ ती दुइजना एउटै
शरीर हुनेछन्, र तिनीहरू फेरि दुइ होइनन्
तर एउटै शरीर हुन्छन्। ९ यसकारण
परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ,
मानिसले नछुटयाओस्।' १० औ घरमा
चेलाहरूले फेरि यस विषयमा उहाँसँग
सोधे। ११ उहाँले तिनीहरूलाई भन्नुभयो,
'जसले आफ्नी स्वास्नीलाई त्याग गरेर
अर्कोसित विवाह गर्ला, त्यसले त्यसको विरुद्ध
व्यभिचार गर्दछ। १२ औ त्यो आफैले
आफ्ना लोग्नेलाई त्यागेर अर्कोसित विवाह
गर्दछ भनेता त्यसलेनै व्यभिचार गर्दछ।'
१३ मानिसहरूले ससाना केटाकेटीहरू-
लाई, उहाँले तिनलाई छोइदिऊन् भन्ने
खातिरले, उहाँकहाँ ल्याए, तर चेलाहरूले
तिनीहरूलाई हकारे। १४ तर यो देखेर
येशू नाराज हुनुभयो, र तिनीहरूलाई
भन्नुभयो, 'साना केटाकेटीहरूलाई मकहाँ
आउनदेओ, तिनीहरूलाई नरोक, किनभने
परमेश्वरको राज्य यस्तैहरूको हो। १५ म
तिमीहरूलाई साँच्चै भन्दछु, जसले परमेश्वरको
राज्यलाई साना बालकले जस्तै ग्रहण नगर्ला
त्यो कदापि त्यसभित्र पस्नेछैन।' १६ अनि
उहाँले तिनीहरूलाई काखमा लिएर तिनी-
हरूमाथि आफ्नो हात राखेर आशीर्वाद
दिनुभयो।

अनन्त जीवन

१७ उहाँ बाटोमा जाँदै गर्नुहुँदा एक-
जनाले दौड़ेर आई उहाँको सामु घुँडा
टेकेर उहाँलाई सोध्यो, 'हे उत्तम गुरु,
अनन्त जीवनको हकदार हुनालाई मैले के
गर्नुपर्छ?' १८ येशूले त्यसलाई भन्नुभयो,
'तिमी किन मलाई उत्तम भन्छौ? एक,
अर्थात् परमेश्वरबाहेक अरू कोही उत्तम
छैन। १९ तिमी आज्ञाहरू ता जान्दछौ,
हत्या नगर्नू, व्यभिचार नगर्नू, नचोर्नू, झूटा
गवाही नदिनू, नठग्नू, आफ्ना बाबु र
आमालाई आदर गर्नू।' २० अनि त्यसले
उहाँलाई भन्यो, 'गुरुज्यू, यी सबै ता
मैले मेरो बाल्यावस्थादेखिनै पाल्न गरेकै
छु।' २१ येशूले त्यसमाथि नजर गरी
त्यसलाई माया गरेर भन्नुभयो, 'तिमीलाई
अझ एउटा कुराको अभाव छ, जाऊ, र
तिम्रो जे जत्ति छन् बिक्री गर, र गरीब-
हरूलाई देऊ, अनि तिमीले स्वर्गमा
सम्पत्ति पाउनेछौ, र आएर मेरो पछि
लाग।' २२ तर यस कुराले त्यसको शिर
निहुर्‍यो, र त्यो दुःखित भएर गइहाल्यो,
किनभने त्यो धेरै धन-सम्पत्ति भएको
मानिस थियो।

२३ अनि वरिपरि हेरेर येशूले आफ्ना
चेलाहरूलाई भन्नुभयो, 'धनीहरू कस्तो
कठिनसँग परमेश्वरको राज्यभित्र पस्छन्!'

२४ औ चेलाहरू उहाँका यी कुरामा अचम्म
भए। तर येशूले फेरि तिनीहरूलाई भन्नुभयो,
'बालक हो, धन-सम्पत्तिमाथि भरोसा
राख्नेहरूलाई परमेश्वरको राज्यभित्र पस्नु
कस्तो कठिन छ। २५ धनी मानिस
परमेश्वरको राज्यभित्र पस्नुभन्दा ता बरू
सियोको नाथ्रीबाट ऊँटलाई छिर्न सजिलो
छ।' २६ तब को बाँच्न सक्छ? भनेर
तिनीहरू आपसमा कुरा गर्दै ज्यादै अचम्म
माने। २७ येशूले तिनीहरूमाथि नजर गरी
भन्नुभयो, 'मानिसहरूलाई यो असम्भव छ,
तर परमेश्वरलाई ता होइन, किनकि
परमेश्वरलाई सबै सम्भव हुन्छ।'
२८ पत्रुसले उहाँलाई भन्नलागे, 'हेर्नुहोस्,
हामीहरूले सबै छोड्यौं, र तपाईंको पछि
लागेका छौं।' २९ येशूले भन्नुभयो, 'म
तिमीहरूलाई साँच्चै भन्दछु, जसले मेरो खातिर
र सुसमाचारको खातिर घर, कि दाज्यू-भाइ,
कि दिदी-बहिनी, कि आमा, कि बाबु,
कि बालबच्चाहरू कि जग्गा-जमीन छोड्छ
३० त्यसले खेदोको साथसाथ सय गुणा
बढ्ता घरहरू, र दाज्यू-भाइहरू, र दिदी-
बहिनीहरू र आमाहरू, र बालकहरू र
जग्गा-जमीन अहिले यही समयमा पाउनेछ,
र आउँदो जगत्मा अनन्त जीवन।
३१ औ धेरै पहिला हुनेहरू पछिल्ला, र
पछिल्ला हुनेहरूचाहिं पहिला हुनेछन्।'
३२ अब उहाँहरू यरूशलेमतिर बाटोमा
उक्लिरहनुभएको थियो, औ येशू तिनीहरूको
अगिअगि गइरहनुभएको थियो, र तिनीहरू
अचम्म भएर उहाँको पछिपछि डराएर
हिंड्दै थिए। तब उहाँले बाह्रै जनालाई
फेरि एकातिर लगेर आफूमाथि परि-
आउने कुराहरू यसो भन्दै तिनीहरूलाई
सुनाउनलाग्नुभयो, ३३ 'हेर, हामी
यरूशलेमतिर उक्लिरहेका छौं, र मानिसको
पुत्र मुख्य पूजाहारीहरू र शास्त्रीहरूकहाँ
सुम्पिइनेछ, र तिनीहरूले उसलाई मृत्युदण्ड
दिनेछन्, र अन्यजातिहरूकहाँ सुम्पिदिनेछन्,'
३४ औ तिनीहरूले उसलाई गिल्ला गर्नेछन्,
र उसलाई थुक्नेछन्, र उसलाई कोर्राबाजी
गर्नेछन् र उसलाई मार्नेछन्, औ तीन दिन
पछि उ फेरि बिउँतनेछ।'

३५ जब्दीका दुइ छोराहरू, याकूब र
यूहन्ना उहाँकहाँ आएर यसो भने,
'गुरुज्यू, हामी तपाईंसँग जे मागौंला
तपाईंले हाम्रा निम्ति गरिदिनुहोला भन्ने
हामी इच्छा गर्दछौं।' ३६ उहाँले तिनीहरू-
लाई भन्नुभयो, 'तिमीहरूका निम्ति म के
गरूँ भन्ने तिमीहरूको इच्छा छ?' ३७ अनि
तिनीहरूले उहाँलाई भने, 'तपाईंको महिमामा
हामीमा एकजना तपाईंको दाहिनेपट्टि र
अर्को देब्रेपट्टि बस्न पाउने हामीलाई मञ्जूरी
दिनुहोस्।' ३८ तर येशूले तिनीहरूलाई
भन्नुभयो, 'तिमीहरू के माग्दछौ, त्यो
तिमीहरू जान्दैनौ। के जुन कचौरा म
पिउँछु, त्यो तिमीहरू पिउनसक्छौ? अथवा
जुन बप्तिस्मा लिएको छु, के त्यो बप्तिस्माले
तिमीहरू बप्तिस्मा लिनसक्छौ?' ३९ अनि
तिनीहरूले उहाँलाई भने, 'हामी सक्छौं।'
येशूले तिनीहरूलाई भन्नुभयो, 'जुन कचौरा
म पिउँछु, त्यो तिमीहरू पिउने छौ, र
जुन बप्तिस्मा मैले लिएको छु, त्यो
बप्तिस्मा तिमीहरू लिने छौ, ४० तर
मेरो दाहिनेपट्टि र मेरो देब्रेपट्टि बस्नदिनु
चाहिं मैले दिने होइन, यो ता जस
जसका निम्ति तयार भइराखेको छ, तिनीहरूकै
निम्ति हो।'

४१ यो सुनेर दशै जना याकूब र
यूहन्नासँग रिसाए। ४२ तब येशूले तिनी-
हरूलाई आफूकहाँ बोलाएर भन्नुभयो,
'तिमीहरू जान्दछौ, कि अन्यजातिहरूमाथि
शासन गर्नेहरू तिनीहरूमाथी प्रभुत्व गर्दछन्,
र तिनीहरूका ठूला ठूलाहरूले चाहिं
तिनीहरूमाथी अख्तियार चलाउँछन्। ४३ तर
तिमीहरूमा चाहिं यस्तो हुँदैन, तर जो
तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ,
त्यो तिमीहरूको सेवक हुनेछ। ४४ औ

जो तिमीहरूमा पहिलो हुने इच्छा
गर्दछ, त्यो तिमीहरू सबैको कमारो हुनेछ।
४५ किनभने मानिसको पुत्र सेवा लिनु
होइन तर सेवा गर्नु, र धेरैको उद्धारको
निम्ति आफ्नो प्राण दिनु आएको हो।'

अन्धा बर्तिमै

४६ जब उहाँहरू जेरिकोमा आउनुभयो
र उहाँ आफ्ना चेलाहरू र ठूलो
भीड़सहित जेरिकोबाट निस्कँदा, तिमैको
छोरो बर्तिमै, एउटा अन्धो माग्ने, बाटोको
किनारमा बसिरहेको थियो। ४७ तब
नासरतको येशू हुनुहुन्छ भन्ने सुनेर त्यो
कराएर भन्नलाग्यो, 'हे येशू, दाऊदका
पुत्र, ममाथि दया गर्नुहोस्।' ४८ औ त्यो
चूप लागोस्, भनेर धेरैले त्यसलाई
हप्काए, तर त्यो झन् चर्को गरी
कराउनलाग्यो, 'हे दाऊदका पुत्र, ममाथि
दया गर्नुहोस्।' ४९ तब येशू ठिङ्ग
उभिनुभयो, र भन्नुभयो, 'त्यसलाई
बोलाओ।' अनि तिनीहरूले त्यस अन्धालाई
यसो भनेर बोलाए, 'ढाड़स गर्, उठ्,
उहाँले तैँलाई बोलाउनुहुँदैछ।' ५० औ
आफ्नो खास्टो फालेर उफ्रँदै त्यो येशूकहाँ
आयो। ५१ येशूले त्यसलाई भन्नुभयो,
'म तिमीलाई के गरूँ भन्ने तिमी
चाहन्छौ?' अन्धा मानिसले उहाँलाई
भन्यो, 'रब्बोनी, म दृष्टि पाऊँ।'
५२ औ येशूले त्यसलाई भन्नुभयो, 'तिम्रो
बाटो लाग, तिम्रो विश्वासले तिमीलाई
सद्दे तुल्याएको छ।' तब तुरुन्तै त्यसले
दृष्टि पायो, र बाटोमा उहाँको पछिपछि
लाग्यो।

यरूशलेममा येशूको प्रवेश

११ जब उहाँहरू यरूशलेमको नजीक
जैतून डाँड़ामा बेथफागे र बेथानी
भन्ने ठाउँमा आइपुग्नुभयो, तब उहाँले
आफ्ना चेलाहरूमध्ये दुइजनालाई यसो भनेर
पठाउनुभयो २ 'तिमीहरूको सामुन्नेको
गाउँमा जाओ, र पस्ता पस्तै तिमीहरूले
अहिलेसम्म कोही मानिस नचढ़ेको बछेड़ा
भेट्टाउनेछौ, त्यसलाई फुकाएर ल्याओ।
३ कसैले तिमीहरूलाई 'यस्तो किन गर्दछौ?'
भन्यो भने, 'प्रभुलाई यसको जरूरत परेको
छ, र उहाँले झट्टै यहाँ फेरि पठाइदिनुहुनेछ'
भन।' ४ तब तिनीहरू गए, र बछेड़ा खुला
गल्लीमा बाहिरपट्टि ढोकानेर बाँधिएको
भेट्टाए, र त्यसलाई फुकाए। ५ त्यहाँ
उभिएकाहरूमध्ये कोही कोहीले तिनीहरूलाई
भने, 'बछेड़ा फुकाएर तिमीहरू के गर्दछौ?'
६ तब तिनीहरूलाई येशूले भन्नुभएजस्तै
गरी तिनीहरूले भने, र तिनीहरूले लैजानदिए।
७ तिनीहरूले बछेड़ालाई येशूकहाँ ल्याए,
र तिनीहरूका खास्टाहरू त्यसमाथि राखि-
दिए, र उहाँ त्यसमाथि सवारी भए।
८ औ धेरैले आफ्ना आफ्ना खास्टाहरू, र
अरूहरूले मैदानका स्याउलाहरू काटेर बाटोमा
ओछ्याए। ९ औ अगिअगि हिँड्ने र
पछिपछि आउनेहरू यसो भन्दै कराए,
'होसन्ना! धन्य तिनी, जो परमप्रभुको नाउँमा
आउनुहुन्छ। १० धन्य त्यो आउने राज्य,
हाम्रा पिता दाऊदकै राज्य, परमधाममा
होसन्ना!'

११ उहाँ यरूशलेममा मन्दिरभित्र पस्नु-
भयो, र वरिपरि सब थोकमाथि नजर भएपछि
अबेला भएको हुनाले, बाह्रैजनाका साथमा
उहाँ बेथानीमा जानुभयो।

१२ भोलिपल्ट उहाँहरू बेथानीबाट
आउनुहुँदा उहाँ भोकाउनुभयो। १३ औ
टाढ़ामा पात भएको एउटा नेभाराको
रूख देखेर कतै त्यसमा केही पाउँछु
कि भनेर उहाँ जानुभयो, तर त्यहाँ
आएपछि उहाँले पातबाहेक केही पाउनुभएन,
किनकि त्यस बेला नेभाराको समय थिएन।
१४ तब उहाँले त्यसलाई भन्नुभयो, 'अब

उप्रान्त तेरो फल कोही मानिसले नखाओस्।'
उहाँका चेलाहरूले यो सुने।
१५ औ उहाँहरू यरूशलेममा आउनुभयो,
र उहाँ मन्दिरभित्र पसेर मन्दिरमा बेच्ने र
किन्नेहरूलाई बाहिर निकाल्नलाग्नुभयो, र
सराफीहरूका टेबलहरू र ढुकुर बेच्नेहरूका
आसन उहाँले पल्टाइदिनुभयो। १६ उहाँले
कसैलाई कुनै भाँड़-कुँड़ा मन्दिर-भित्रबाट लैजान
दिनुभएन। १७ औ उहाँले शिक्षा दिएर
तिनीहरूलाई भन्नुभयो, 'के यसो लेखिएको
छैन, 'मेरो घर सब जातिहरूका निम्ति
प्रार्थनाको घर कहलाइनेछ? तर तिमीहरूले
ता यसलाई डाँकूहरूको ओड़ार पो तुल्याएका
छौ'।' १८ औ मुख्य मुख्य पूजाहारीहरू
र शास्त्रीहरूले यो सुनेर उहाँलाई कसरी
नाश गरौं भन्ने उपाय खोज़े, किनभने तिनी-
हरू उहाँसँग डराउँथे। किनकि सारा भीड़ले
उहाँको शिक्षामा अचम्म मानेका थिए।
१९ औ साँझ पर्दा उहाँ शहरबाहिर
निस्केर जानुहुन्थ्यो।
२० औ बिहान त्यहाँबाट जानुहुँदा
उहाँहरूले त्यस नेभाराको रूखलाई जरैदेखि
सुकेको देख्नुभयो। २१ औ जब पत्रुसलाई
सम्झना भयो, तब तिनले उहाँलाई भने,
'रब्बी, हेर्नुहोस्, तपाईंले सराप दिनुभएको
नेभाराको रूख ता सुकेछ!' २२ येशूले
तिनीहरूलाई जवाफ दिएर भन्नुभयो,
'परमेश्वरमा विश्वास राख। २३ म तिमी-
हरूलाई साँच्चै भन्दछु, जसले यस डाँड़ालाई
'तँ उप्केर समुद्रमा मिल्की' भन्ला, र आफ्नो
हृदयमा कत्ति पनि शङ्का गर्दैन, तर आफूले
भनेको कुरो निश्चय हुनआउँछ भन्ने विश्वास
गर्छ भने, उसलाई त्यो हुनेछ। २४ यस-
कारण म तिमीहरूलाई भन्दछु, सबै कुरा
जेको निम्ति तिमीहरू प्रार्थना गर्दछौ, र
माग्दछौ, सो पाएका छौ भन्ने विश्वास राख,
र त्यो तिमीहरूले पाउनेछौ। २५ औ जब
तिमीहरू प्रार्थना गरेर खड़ा हुन्छौ, तब
कसैको विरुद्धमा तिमीहरूको केही छ भने
क्षमा गर, र स्वर्गमा हुनुहुने तिमीहरूका
पिताले पनि तिमीहरूलाई तिमीहरूका अपराध
क्षमा गर्नुहुनेछ। २६ तर क्षमा गर्दैनौ
भनेता स्वर्गमा हुनुहुने तिमीहरूका पिताले
पनि तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन।'
२७ औ उहाँहरू फेरि यरूशलेममा
आउनुभयो, र उहाँ मन्दिरमा टहलिरहनुहुँदा
मुख्य पूजाहारीहरू, शास्त्रीहरू र बूढ़ा-
प्रधानहरू उहाँकहाँ आए। २८ तिनीहरूले
उहाँलाई भने 'कुन अख्तियारले तिमी
यी काम गर्दछौ? औ यी काम गर्ने
तिमीलाई यो अख्तियार कसले दियो?'
२९ तब येशूले तिनीहरूलाई भन्नुभयो,
'म तिमीहरूलाई एउटा बात सोध्छु, र
तिमीहरूले मलाई त्यसको जवाफ देओ, र
म के अख्तियारले यी काम गर्दछु सो तिमी-
हरूलाई भन्नेछु। ३० यूहन्नाको बप्तिस्मा
स्वर्गबाट भएको हो कि मानिसहरूबाट? मलाई
जवाफ देओ।' ३१ तब तिनीहरू यसो
भन्दै आपसमा बहस गर्नलागे, 'स्वर्गबाट भनौं
भनेता, 'तिमीहरूले उनीमाथि किन विश्वास
गरेनौ?' भनी उनले भन्नेछन्,' ३२ तर
'मानिसबाट भनौं भने—तिनीहरू जनतादेखि
डराउँथे, किनकि सबैले यूहन्नालाई साँच्चै
अगमवक्ता भनी ठान्थे। ३३ तिनीहरूले
येशूलाई जवाफ दिएर भने, 'हामीलाई थाह
छैन।' तब येशूले तिनीहरूलाई भन्नुभयो,
'म पनि कुन अख्तियारले यी काम गर्दछु,
सो तिमीहरूलाई भन्दिनँ।'

दाखबारीको उखान

१२ अनि उहाँले तिनीहरूलाई उखानमा
भन्नलाग्नुभयो, 'एउटा मानिसले
दाखको बारी लगाएर त्यसको वरिपरि बार
लगाए, र कोल खोपे, र एउटा मचान
बनाएर खेतीवालहरूलाई त्यो कुतमा दिएर
पर्देश लागे। २ फसलको समयमा तिनले
एउटा नोकरलाई खेतीवालहरूकहाँ दाखबारीका

केही फलहरू ती खेतीवालहरूबाट लिन भनी
पठाए। ३ तर तिनीहरूले त्यसलाई पक्रेर
पीटे, र रित्तै हात पठाए। ४ औ फेरि
तिनले तिनीहरूकहाँ अर्को नोकरलाई पठाए,
र तिनीहरूले त्यस चाहिँको शिर फोरे, र
त्यसलाई बेइज्जत गरे। ५ तिनले अर्को-
लाई पठाए, र अरू धेरैलाई पनि पठाए,
तर तिनीहरूले कसैलाई पीटे, र कसैलाई
मारे। ६ तिनको अब्र एउटै मात्र थियो—
तिनको प्रिय पुत्र। 'तिनीहरूले मेरो छोरा-
लाई ता आदर गर्लान्' भनेर सबैभन्दा पछि
तिनले उसैलाई तिनीहरूकहाँ पठाए। ७ तब
ती खेतीवालहरूले आपसमा भने, 'यो ता
हकदार हो, आओ, हामीहरू उसलाई
मारौं, र हक हाम्रो हुनेछ।' ८ औ
तिनीहरूले त्यसलाई पक्रेर मारे, र दाखबारीको
बाहिरपट्टि मिल्काइदिए। ९ यसकारण दाख-
बारीको मालिकले के गर्नेछन्? तिनी
आउनेछन्, र खेतीवालहरूलाई नाश गर्नेछन्
औ दाखबारी अरूहरूलाई दिनेछन्।

१० के तिमीहरूले धर्मशास्त्रको यो
वचन पढ़ेका छैनौ?
'डकर्मीहरूले जुन ढुङ्गालाई रद्द गरे,
त्यही चाहिँ कुनाको शिर-ढुङ्गा बनियो,
११ यो प्रभुबाट भएको हो,
औ यही चाहिँ हाम्रो दृष्टिमा
अचम्मको छ।'
१२ अनि तिनीहरूले उहाँलाई पक्रन खोजे,
तर भीड़सँग डराए, किनकि त्यो उखान
उहाँले तिनीहरूकै विरुद्धमा भन्नुभएको हो
भनी तिनीहरूले बुझे, र तिनीहरूले उहाँलाई
छोड़ेर गइहाले।

सिजरलाई कर बुझाउने बारेमा प्रश्न

१३ उहाँलाई बातमा फसाऔं भनेर
तिनीहरूले फरिसीहरू र हेरोदीहरूमध्येका
कुनै कुनैलाई उहाँकहाँ पठाए। १४ तिनी-
हरूले आएर उहाँलाई भने, 'गुरुज्यू, हामी
जान्दछौं तपाइं सच्चा हुनुहुन्छ, र कसैको
वास्ता गर्नहुन्न, किनकि तपाइं मुख हेरेर
काम गर्नुहुन्न, तर परमेश्वरको मार्ग सच्चा
रीतिले सिकाउनुहुन्छ, भन्नुहोस्, सिजरलाई
कर दिनु उचित छ कि छैन? १५ हामी
दिऔं कि नदिऔं।' उहाँले तिनीहरूको
कपट थाह पाएर तिनीहरूलाई भन्नुभयो,
'तिमीहरू मलाई किन परीक्षा गर्दछौ?
एउटा दिनार ल्याओ, र म हेरूँ।'
१६ औ तिनीहरूले ल्याए। र उहाँले
तिनीहरूलाई भन्नुभयो, 'यो मूर्ति र छाप
कसको हो?' तिनीहरूले उहाँलाई भने,
'सिजरको।' १७ तब येशूले तिनीहरूलाई
भन्नुभयो, 'सिजरका चीजहरू सिजरलाई
देओ, र परमेश्वरका चीजहरू परमेश्वरलाई।'
तिनीहरू उहाँसँग साह्रै अचम्म माने।

पुनरुत्थान सम्बन्धी प्रश्न

१८ अब पुनरुत्थान हुँदैन भन्ने सदुकी-
हरू उहाँकहाँ आए, र उहाँलाई यसो भनेर
सोधे, १९ 'गुरुज्यू, मोशाले हामीलाई
लेखिदिएका छन्, कि 'कसैको दाज्यू मर्‍यो
र निस्सन्तान भएर स्वास्नी चाहिँ छोड़्यो
भने उसको भाइले भाउज्यू लैजाओस्, र
आफ्ना दाज्यूको लागि सन्तान उत्पन्न
गरोस्।' २० सात भाइ थिए, औ जेठाले
एउटी स्वास्नी ल्यायो, औ त्यो निस्सन्तान
भएर मर्‍यो। २१ औ माइलाले त्यसलाई
ल्यायो, र त्यो पनि निस्सन्तान भएर मर्‍यो,
औ साहिँलाले त्यसै गर्‍यो। २२ औ सातै
जनाको सन्तान भएन। सबैभन्दापछि त्यो
आइमाई पनि मरी। २३ अब पुनरुत्थानमा
तिनीहरूमध्ये कसको स्वास्नी त्यो हुने
होली? किनकि ती सातै जनाले त्यसलाई
स्वास्नी तुल्याएका थिए।' २४ येशूले
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू भ्रममा
परेको कारण यही होइन? तिमीहरू नता
धर्मशास्त्र, न परमेश्वरको शक्तिलाई जान्दछौ।

२५ किनकि जब तिनीहरूको पुनरुत्थान
हुन्छ, तब नता विवाह गर्छन्, न विवाहमा
दिन्छन्, तर तिनीहरू स्वर्गमा दूतगण-
जस्तै हुन्छन्। २६ तर मुर्दाहरूका विषयमा
भने तिनीहरूको पुनरुत्थान हुन्छ भनी के
तिमीहरूले मोशाको पुस्तकमा पोथ्राको
वृतान्तमा पढ़ेका छैनौ ? कसरी परमेश्वरले
तिनीसित 'म अब्राहामका परमेश्वर,
इसहाकका परमेश्वर, र याकूबका परमेश्वर
हुँ' भनी भन्नुभएको थियो। २७ उहाँ
मुर्दाहरूका परमेश्वर हुनुहुन्न, तर जिउँदा-
हरूका हुनुहुन्छ। तिमीहरू ज्यादै भ्रममा
परेका रहेछौ।'

सबैभन्दा ठूलो आज्ञा

२८ शास्त्रीहरूमध्ये एक जना उहाँकहाँ
आए, र उहाँहरूलाई आपसमा विवाद
गरिरहेका सुने। उहाँले तिनीहरूलाई ठीक
जवाफ दिनुभएको थाह पाएर उहाँलाई
सोधे, 'सबै आज्ञाहरूमा पहिलो चाहिँ कुन
हो ?' २९ येशूले जवाफ दिनुभयो, 'पहिलो
चाहिँ यो हो। हे इस्राएल, सुन्, परमप्रभु
हाम्रा परमेश्वर, एउटै परमप्रभु हुनुहुन्छ,
३० औ तैंले परमप्रभु आफ्ना परमेश्वरलाई
आफ्नो सारा मनले, आफ्नो सारा प्राणले,
आफ्नो सारा बुद्धिले र आफ्नो सारा
शक्तिले प्रेम गर्। ३१ दोस्रो चाहिँ यो
हो, तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै
प्रेम गर्। यीभन्दा ठूलो आज्ञा अरू छैन।'
३२ शास्त्रीले उहाँलाई भने, 'साँच्चिनै
गुरुज्यू, तपाईंले ठीकै भन्नुभयो, उहाँ एउटै
हुनुहुन्छ, उहाँबाहेक अरू छैन। ३३ औ
उहाँलाई सारा मनले, सारा समझले र
सारा बलले प्रेम गर्नु, र छिमेकीलाई
आफूलाई जस्तो प्रेम गर्नु सबै होमबलि
र बलिदानहरूभन्दा श्रेष्ठ हो।' ३४ तिनले
बुद्धिमानीसित जवाफ दिएको देखेर येशूले
तिनलाई भन्नुभयो, 'तिमी परमेश्वरको
राज्यबाट टाढ़ा छैनौ।' त्यसपछि उहाँलाई
प्रश्न गर्ने कसैको हिम्मत भएन।

३५ अनि मन्दिरमा सिकाउनुहुँदा येशूले
भन्नुभयो, 'त कसरी ख्रीष्ट दाऊदका पुत्र हो
भनी शास्त्रीहरू भन्दछन्। ३६ दाऊद
आफैले पवित्र आत्माद्वारा भनेका छन्,
'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, 'मैले
तिम्रा शत्रुहरूलाई तिम्रो खुट्टाको पाउदान
बनाउन्जेल तिमी मेरो दाहिने हातपट्टि
बस।'

३७ दाऊद आफै उहाँलाई प्रभु भन्दछन्
त कहाँबाट उनी तिनका पुत्र भए ?'
औ भीड़ले उहाँको वचन खुशीसित
सुने।

३८ आफ्नो शिक्षामा उहाँले भन्नुभयो,
'शास्त्रीहरूबाट होशियार रहो, जो लामो
वस्त्र लाएर यताउता घुम्न र बजारहरूमा
सलाम लिन, ३९ औ सभाघरहरूमा प्रमुख
स्थान र भोजहरूमा उच्च स्थान रुचाउँछन्,
४० जसले विधवाहरूका घर लुट्छन्,
र लोकाचारको लागि लामो लामो प्रार्थना
गर्दछन्। यिनीहरूले बढ़ता दण्ड पाउनेछन्।'

विधवाले चढ़ाएको भेटी

४१ अनि उहाँ ढुकुटीको सामने
बस्नुभयो, र भीड़ले ढुकुटीमा पैसा चढ़ाएको
हेर्नुभयो, र धेरै धनीहरूले धेरै चढ़ाउँथे।
४२ औ एउटी गरीब विधवाले आएर दुइ
माइट, अर्थात् आधा पैसा जति चढ़ाई।
४३ औ आफ्ना चेलाहरूलाई आफूकहाँ
बोलाएर उहाँले तिनीहरूलाई भन्नुभयो,
'म तिमीहरूलाई साँच्चै भन्दछु, ढुकुटीमा
चढ़ाउनेहरूमध्ये यस गरीब विधवाले सबैभन्दा
बढ़ता चढ़ाई। ४४ किनभने सबैले आफ्ना
आफ्ना प्रशस्तताबाट चढ़ाए, तर यस
चाहिँले ता आफ्नो अपुगबाट, त्यसको जो
जत्ति थियो, अर्थात् आफ्नो सारा जीविकाने
अर्पण गरी।'

अन्तको दिन

१३ औ जब उहाँ मन्दिरबाट निस्कँदै हुनुहुन्थ्यो, तब उहाँका चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, 'गुरुज्यू, हेर्नुहोस् कस्ता कस्ता ढुङ्गाहरू, र कस्ता कस्ता भवनहरू!' २ येशूले तिनलाई भन्नुभयो, 'के तिमी यी ठूला ठूला भवनहरू देख्तछौ? ढुङ्गामाथि ढुङ्गा छोड़िनेछैन जो भत्काईदैन।'

३ औ मन्दिरको सामने जैतून डाँड़ामा बस्तुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले उहाँलाई सुटुक्क सोधे, ४ 'हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्? र यी सबै कुरा हुनलाग्दा के चिह्न हुनेछ?' ५ येशूले तिनीहरूलाई भन्नलाग्नुभयो, 'होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ६ धेरै जना मेरो नाउँमा, 'म उही हुँ,' भन्दै आउनेछन्, र तिनीहरूले धेरैलाई धोका दिनेछन्। ७ औ जब तिमीहरूले लड़ाइँ र लड़ाइँहरूको हल्ला सुनौला तब नघबराओ, किनकि यो हुनु आवश्यक छ, तर अन्तको समय त्यो होइन। ८ किनकि जातिको विरुद्धमा, जाति र राज्यको विरुद्धमा राज्य खड़ा हुनेछ, ठाउँ ठाउँमा भैँचालो जानेछ, अनिकाल हुनेछ। सङ्कष्टको आरम्भ यही हो।

९ तिमीहरू आफ्नो विषयमा होशियार रहो, तिमीहरूलाई महासभाहरूमा सुम्पनेछन्। तिमीहरू पिटिनेछौ, र हाकिमहरू र राजाहरूका सामु मेरो खातिर गवाही दिनाको निम्ति तिमीहरू खड़ा हुनेछौ। १० तर पहिला सबै जातिहरूलाई सुसमाचार प्रचार गरेको हुनुपर्छ। ११ औ जब तिनीहरूले तिमीहरूलाई पक्री लगेर सुम्पलान्, तब के बोलौँ भनी अघिबाटै फिक्री नगर, तर त्यसै बेला जे तिमीहरूलाई दिइन्छ, त्यही बोल, किनकि बोल्ने तिमीहरू होइनौ तर पवित्र आत्मा हुनुहुनेछ। १२ औ भाइले भाइलाई मृत्युको लागि सुम्पनेछ, बाबुले छोरालाई, औ छोरा-छोरीहरू बाबु-आमाको विरुद्धमा खड़ा हुनेछन्, र तिनीहरूलाई मार्न लाउनेछन्। १३ औ मेरो नाउँको खातिर तिमीहरू सबैबाट घृणित हुनेछौ, तर जो अन्तसम्म स्थिर रहला त्यसैको उद्धार हुनेछ।

१४ जब तिमीहरू उजाड़ अवस्थाको घृणित कुरालाई जहाँ उचित छैन त्यहाँ उभिएका देखौला (पढ़नेले बुझोस्), तब यहूदियामा हुनेहरू डाँड़ाहरूतिर भागून्। १५ घरको कौसीमा हुने तल नओर्लोस् नता आफ्नो घरबाट केही निकाल्नालाई भित्र पसोस्। १६ खेतमा हुने आफ्नो खास्टो लिनालाई पछाडि नफर्कोस्। १७ तर ती दिनमा, हाय, गर्भवती र दूध खुवाउनेहरूलाई! १८ यो हिंउदमा नहोस् भनी प्रार्थना गर। १९ किनकि ती दिनहरू यस्ता दुःखका हुनेछन्, यस्तो परमेश्वरले सृजनुभएको सृष्टिको शुरूदेखि अहिलेसम्मता नता भएको छ, र न कहिल्यै हुनेछ। २० औ परमप्रभुले ती दिन नघटाइदिनुभएको भएता कुनै प्राणी बाँच्नेथिएन, तर उहाँले चुन्नुभएकाहरूको खातिर ती दिन घटाउनुभयो। २१ त्यो बेला कसैले तिमीहरूलाई हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्, भन्यो भने तिमीहरूले नपत्याओ। २२ किनभने झूटा ख्रीष्टहरू र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुनसक्छ भने चुनिएकाहरूलाई भ्रममा पार्नालाई तिनीहरूले चिह्नहरू र आश्चर्यकर्महरू गर्नेछन्। २३ तर तिमीहरू चाहिँ होशियार रहो, हेर, मैले तिमीहरूलाई सबै कुरा अघिबाटै भनिदिएकै छु, है!

२४ तर ती दिनमा त्यस घोर दुःखपछि सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, २५ औ ताराहरू आकाशबाट खस्नलाग्नेछन्, र स्वर्गमा भएका शक्तिहरू डगमगाउनेछन्। २६ अनि

तिनीहरूले मानिसको पुत्रलाई शक्ति र
महिमासित बादलहरूमा आउँदै गरेको
देख्नेछन्। २७ तब उसले स्वर्गदूतहरूलाई
पठाउनेछ, र पृथ्वीको अन्तदेखि आकाशको
अन्तसम्म चारै दिशाबाट आफ्ना
चुनिएकाहरूलाई एकै ठाउँमा बटुल्नेछ।

२८ नेभाराको रूखबाट उखान सिक,
जब त्यसको हाँगा कमलो भएको हुन्छ,
र पालुवा हाल्छ, तब ग्रीष्म ऋतु
नजीक आएछ भन्ने तिमीहरू थाह
पाउँछौ। २९ त्यसरीनै तिमीहरूले पनि
जब यी कुरा भइरहेका देखौला तब
उ नजीक छ, ढोकाहरूमै छ भन्ने
जान। ३० म तिमीहरूलाई साँच्चै भन्दछु,
यी सबै कुरा भइ नसकुल्जेल यो पुस्ता
बितिजानेछैन। ३१ स्वर्ग र पृथ्वी बितिजाने-
छन्, तर मेरो वचन बित्नेछैन। ३२ तर
त्यस दिन कि त्यस घड़ीको विषयमा
पिताले बाहेक अरू कसैले जान्दैन—नता
स्वर्गमा हुने स्वर्गदूतहरूले, न पुत्रले।
३३ होशियार रहो, जागा बस र प्रार्थना
गर, किनकि त्यो बेला कहिले हुने हो सो
तिमीहरू जान्दैनौ। ३४ यो ता चाकर-
हरूलाई अख्तियार, र हरेकलाई आफ्नो
आफ्नो काम दिई, ढोकेलाई 'तँ जागै रहनू'
भन्ने आज्ञा समेत दिएर आफ्नो घर छोड़ेर
पर्देश लागेको कोही एउटा मानिसजस्तो
हो। ३५ यसकारण जागा रहो, किनकि
घरको मालिक बेलुकी, कि आधा रातमा,
कि भाले बास्ता, कि बिहान, कहिले
आउने हो सो तिमीहरू जान्दैनौ।
३६ नत्रता अचानक आउँदा तिनले तिमी-
हरूलाई निदाइरहेका भेट्टाउलान्। ३७ औ
जे म तिमीहरूलाई भन्दछु, त्यो म सबैलाई
भन्दछु, 'जागा रहो।'

येशूलाई मार्ने षड्यन्त्र

१४ अब दुइ दिनपछि निस्तार र
अखमीरी रोटीको चाड़ थियो।
मुख्य पूजाहारीहरू र शास्त्रीहरू उहाँलाई
कसरी छलसित पक्रेर मारौं भन्ने खोजीमा
थिए। २ किनभने तिनीहरूले भनेका थिए,
'चाड़को बेलामा ता होइन, नत्रता मानिस-
हरूमा हलचल हुनेछ।'

३ उहाँ बेथानीमा शिमोन कोरीको
घरमा खान बस्नुहुँदा एउटी आइमाई विशुद्ध
जटामसीको बहुमूल्य मलहम सिङ्गमर्मरको
भुँडुल्कोमा लिएर आई, र त्यो भुँडुल्को
फोरेर उहाँको शिरमा खन्याई। ४ तर
कोही कोहीले रीस गरेर आपसमा भन्नलागे,
'यो मलहमको नोक्सानी किन भएको हो?
५ किनकि यो मलहम तीन सय दिनारभन्दा
बढ़ीमा बिक्री गरेर गरीबहरूलाई दिन-
सकिन्थ्यो।' औ तिनीहरू त्यससँग रीसले
चूर भए। ६ तर येशूले भन्नुभयो,
'भइगयो नि, त्यसलाई किन दुःख दिइरहेछौ?
त्यसले ममाथि असलै गरेकी छ। ७ किन-
भने गरीबहरू ता तिमीहरूसँग सधैं
हुन्छन्, र मन लागेको बखतमा तिमीहरूले
तिनीहरूको भलाइ गर्नसक्छौ, तर म ता सधैं
तिमीहरूका साथमा हुन्नँ। ८ त्यसले जे
गर्न सक्थी त्यही गरेकी छ, त्यसले मेरो
शरीरलाई गाड़नाको निम्ति अघिबाटै
सुगन्धित मलहम घसिदिएकी छ। ९ म
तिमीहरूलाई साँच्चै भन्दछु, सारा
संसारमा जहाँ जहाँ यो सुसमाचार प्रचार
गरिएला, त्यसले जे गरेकी छ, त्यहाँ त्यहाँ
त्यसको सम्झनाको लागि त्यो भनिनेछ।'

१० बाह्रैमध्ये एक जना यहूदा
इस्करयोतीचाहिं उहाँलाई तिनीहरूका हातमा
पक्राइदिनालाई मुख्य पूजाहारीकहाँ गयो।
११ तिनीहरू पनि यो सुनेर खुशी भए, र
त्यसलाई पैसा दिने कबोल गरे, औ उहाँलाई
कसरी पक्राऊँ भनी त्यसले अनुकूल मौका
खोज्नलाग्यो।

आखिरी भोज

१२ अखमीरी रोटीको चाड़को पहिलो

दिनमा जब निस्तार चाडको बलिदान हुन्थ्यो, उहाँका चेलाहरूले उहाँलाई भने, 'कहाँ गएर तपाईंले खानाको निम्ति हामी निस्तार चाडको भोजन तयार गरौं भन्ने तपाईंको इच्छा छ ?' १३ अनि उहाँले आफ्ना चेलाहरूमध्ये दुइ जनालाई यसो भनेर पठाउनुभयो, 'शहरमा जाओ, र तिमीहरूले गाग्रोमा पानी लिएर जाने एउटा मानिसलाई भेट्टाउनेछौ, त्यसको पछि लाग। १४ औ त्यो जहाँ पस्ला, त्यस घरको मालिकलाई भन, 'गुरुज्यू भन्नुहुन्छ, मेरो पाहुनाकोठा कहाँ छ, जहाँ म आफ्ना चेलाहरूसित निस्तार चाड खाऊँ ?' १५ औ तिनी आफैले तिमीहरूलाई, चाहिने कुराहरूले युक्त भई तयार पारेको एउटा माथिल्लो तलाको कोठा देखाउनेछन्, र त्यहीं तिमीहरूले हाम्रा निम्ति तयार गर।' १६ तब ती चेलाहरू गइहाले, र शहरमा आए, औ उहाँले तिनीहरूलाई भन्नुभए जस्तै भेट्टाए, र तिनीहरूले निस्तार चाडको भोजन तयार गरे।

१७ साँझ हुँदा उहाँ बाह्रै जनासँग आउनुभयो। १८ उहाँहरू बसेर खानलाग्नुहुँदा येशूले भन्नुभयो, 'म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूमध्ये मसँगै खाने एक जनाले मलाई धोका दिनेछ।' १९ तिनीहरू दुःखित भएर पालैपालोसँग उहाँलाई, 'के त्यो म हुँ ?' भनेर सोध्नलागे। २० उहाँले तिनीहरूलाई भन्नुभयो, 'बाह्रैमध्येको एक जना, मसँग थालमा रोटी चोप्ने चाहिं। २१ किनकि मानिसको पुत्र ता उसको विषयमा लेखिए बमोजिम गइहाल्छ, तर धिक्कार त्यस मानिसलाई जसबाट मानिसको पुत्रलाई धोकाबाजी हुन्छ! त्यस मानिसको जन्मै नभएको भएता त्यसको निम्ति असल हुनेथियो।'

२२ अनि उहाँहरू खाइरहनहुँदा उहाँले रोटी लिएर आशीर्वाद दिनुभयो, र भाँचेर तिनीहरूलाई दिनुभयो, र भन्नुभयो, 'लेओ, यो मेरो शरीर हो।' २३ औ कचौरा लिएर धन्यवाद दिनुभएपछि उहाँले तिनीहरूलाई दिनुभयो, र तिनीहरू सबैले त्यसबाट पिए। २४ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, 'यो करारको मेरो रगत हो, जो धेरैका निम्ति बहाइन्छ। २५ म तिमीहरूलाई साँच्चै भन्दछु म फेरि दाखको फलबाट त्यस दिनसम्म पिउनेछैन, जहिलेसम्म परमेश्वरको राज्यमा त्यो नयाँ पिउँदिनँ।'

२६ औ एउटा भजन गाएर उहाँहरू निस्केर जैतून डाँडातिर जानुभयो।

२७ अनि येशूले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू मप्रति रुष्ट हुनेछौ, किनकि यस्तो लेखिएको छ, 'म गोठालालाई हिर्काउनेछु, र भेडाहरू तितर-बितर हुनेछन्' २८ तापनि मेरो पुनरुत्थान भएपछि म तिमीहरूभन्दा अगि गालीलमा जानेछु' २९ औ पत्रुसले उहाँलाई भने, 'सबै जना तपाईंप्रति रुष्ट भए तापनि म चाहिं ता रुष्ट हुनेछैनँ' ३० तब येशूले तिनलाई भन्नुभयो, 'म तिमीलाई साँच्चै भन्दछु, आज यसै रात भाले दुइपल्ट बास्नअघि तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ' ३१ तर तिनले झन् जोर दिएर भने, 'तपाईंसँग म मर्नैपरे तापनि म तपाईंलाई इन्कार गर्नेछैनँ' अरू सबैले पनि त्यही किसिमले भने।

येशू गेतसमनीमा

३२ औ उहाँहरू गेतसमनी नाउँ भएको एउटा ठाउँमा आउनुभयो, र उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, 'मैले प्रार्थना गरूञ्जेल तिमीहरू यहाँ बस।' ३३ तब उहाँले पत्रुस, याकूब, र यूहन्नालाई आफूसँग लैजानुभयो, र उहाँ अत्यन्त विचलित र बहुतै खिन्न हुनलाग्नुभयो।

३४ औ उहाँले तिनीहरूलाई भन्नुभयो 'मेरो प्राण मरणान्त अति कष्टित भएको छ, तिमीहरू यहाँ बस, र जागा रहो'

३५ औ अलि पर गएर उहाँ भूईंमा
घोप्टनुभयो, र यसो भनेर प्रार्थना गर्नुभयो,
'हुनसक्छ भने, यो बेला मबाट हटोस्।'
३६ औ उहाँले भन्नुभयो, 'अब्बा, हे पिता
तपाईंलाई सबै कुरा सम्भव छ, यो कचौरा
मबाट हटाइदिनुहोस्। तर मेरो इच्छा बमोजिम
ता होइन, तर तपाईं जस्तो इच्छा गर्नुहुन्छ।'
३७ अनि उहाँ आएर तिनीहरूलाई निदाइ-
रहेका भेट्टाउनुभयो, र उहाँले पत्रुसलाई
भन्नुभयो 'ए शिमोन, के तिमी निदाइरहेछौ ?
के एक घड़ी पनि जागा बस्नसकेनौ ?'
३८ 'जागा रह, औ प्रार्थना गर, र
परीक्षामा नपर। आत्मा ता साँच्चै तयार
छ, तर शरीर कमजोर छ।' ३९ औ
फेरि गएर उहाँले उही कुरो भन्दै प्रार्थना
गर्नुभयो। ४० अनि फेरि आएर उहाँले
तिनीहरूलाई निदाइरहेका भेट्टानुभउयो, किन-
भने तिनीहरूका आँखा साह्रै लोलाएका थिए,
र उहाँलाई के जवाफ दिने हो, सो
तिनीहरूले जानेनन्। ४१ औ उहाँ तेस्रो-
पल्ट आउनुभयो, र तिनीहरूलाई भन्नुभयो,
'अब सुतिरह, र थकाइ मार। भइसक्यो,
बेला आइसक्यो, हेर, मानिसको पुत्र
पापीहरूका हातमा पक्राउ हुनलागेको छ।
४२ उठ, जाऔं, हेर, मलाई पक्राउने
नजीकै छ।'

येशूको गिरफ्तार

४३ उहाँले यसो भन्दैहुनुहुन्थ्यो, मुख्य
पूजाहारीहरू, शास्त्रीहरू र बूढ़ा-प्रधानहरूबाट
तरवार घोचासमेत लिएका मानिसको एउटा
दल लिएर बाह्रैमध्येको एक जना यहूदा झट्टै
आइपुग्यो। ४४ अब उहाँलाई पक्राउनेले
तिनीहरूलाई यसो भनेर यस्तो एउटा संकेत
दिएको थियो, 'जसलाई म चुम्मन गरूँला,
ती तिनै हुन्, तिनैलाई पक्र, र सुरक्षित
साथ लेजाओ।' ४५ औ तुरुन्तै उहाँकहाँ
आएर त्यसले नजीक गएर 'हे रब्बी' भनेर,
उहाँलाई चुम्मन गर्‍यो। ४६ अनि
तिनीहरूले उहाँमाथि हात हालेर उहाँलाई
पक्रे। ४७ नजीक उभिनेहरूमध्ये कुनै
एउटाले तरवार थुतेर मुख्य पूजाहारीको
दासलाई हिर्कायो, र त्यसको कान च्वाट्ट
काटिदियो। ४८ येशूले तिनीहरूलाई भन्नुभयो,
'के तिमीहरू डाँकूको विरुद्धमा जस्तै तरवार र
घोचासमेत लिएर मलाई समाल आयौ ?
४९ म ता दिनहुँ तिमीहरूका साथमा भई
मन्दिरमा सिकाउँथें, रपनि तिमीहरूले मलाई
समातेनौ। तर धर्मशास्त्र पूरो होस् भनेरनै
यो भएको हो।' ५० अनि सबै चेलाहरूले
उहाँलाई त्यागेर भागे।
५१ अनि आफ्नो नाङ्गो शरीरलाई एउटा
सुती कपड़ाले बेह्रेरेको कुनै एक जवान
उहाँको पछिपछि लाग्यो। औ तिनीहरूले
त्यस जवानलाई समाते। ५२ तर कपड़ा
छोड़ेर त्यो नाङ्गै भाग्यो।

प्रधान पूजाहारीको सामने

५३ तब तिनीहरूले येशूलाई प्रधान
पूजाहारीकहाँ लगेर सबै मुख्य पूजाहारीहरू,
र बूढ़ा-प्रधानहरू, शास्त्रीहरू उहाँ सँगसँगै
आए। ५४ पत्रुस चाहिं टाढ़ैबाट प्रधान
पूजाहारीको महलको चोकभित्रैसम्म उहाँको
पछिपछि लागेका थिए, र आगो ताप्दै
सिपाहीहरूसित बसिरहेका थिए। ५५ अब
मुख्य पूजाहारीहरू र जम्मै महासभाले येशूलाई
मार्नालाई उहाँको विरुद्धमा साक्षी खोजे, तर
कोही पाएनन्। ५६ किनभने धेरैले उहाँको
विरुद्धमा झूटो गवाही दिए, तर तिनीहरूका
गवाही एकैनासे थिएन। ५७ औ कोही
उठेर उहाँको विरुद्धमा यसो भन्दै झूटो
गवाही दिए, ५८ 'हातले बनाएको यो
मन्दिर म भत्काउनेछु, र विना हातले
बनाएको तीन दिनमा अर्को खड़ा गर्नेछु'
भनी यसले भनेको हामीले सुन्थ्यौं'
५९ तर यसैमा पनि तिनीहरूको गवाही

मिल्नआएन। ६० तब प्रधान पूजाहारीले
बीचमा खड़ा भएर येशूलाई यसो भनेर
सोधे, 'के तैं केही जवाफ दिँदैनस्?
यिनीहरूले तेरो विरुद्धमा के गवाही दिँदैछन्?'
६१ तर उहाँ चूप रहनुभयो, र केही जवाफ
दिनुभएन, फेरि प्रधान पूजाहारीले उहाँलाई
सोधेर भने, 'के तँ परमधन्यको पुत्र ख्रीष्ट
होस्?' ६२ येशूले भन्नुभयो, 'म हुँ, औ
तपाईंहरूले मानिसको पुत्रलाई शक्तिको
दाहिने हातमा बसिरहेको र आकाशका
बादलमा आइरहेको देख्नुहुनेछ।' ६३ प्रधान
पूजाहारीहरूले आफ्ना वस्त्र फाड़ेर भने,
'हामीलाई साक्षीहरूको अरू के दर्कार छ?
६४ तिमीहरूले ईश्वरनिन्दा ता सुनिहाल्यौ,
तिमीहरू के ठान्छौ?' अनि तिनीहरू सबैले
उहाँलाई ज्यानसजायको योग्य ठहराए।
६५ कोही कोहीले उहाँलाई थुक्नलागे, र
उहाँको मुख छोपेर उहाँलाई थप्पड़ दिएर
भने, 'अगमवाणी बोल्' औ अफिसरहरूले
उहाँलाई मुक्कै मुक्का दिएर जिम्मा लिए।

पत्रुसको इन्कार

६६ पत्रुस तल चोकमा हुँदा प्रधान
पूजाहारीका नोकरनीहरूमध्ये एकजना आई,
६७ र पत्रुसलाई आगो तापिरहेका देखेर
तिनलाई हेरेर भनी, 'तिमी पनि येशू
नासरीसँग थियौ।' ६८ तर तिनले यसो
भन्दै इन्कार गरे, 'तैं के भन्छेस्, त्यो नता
मलाई थाह छ, न म बुझ्दछु।' औ तिनी
बाहिर दलानमा निस्के, अनि भाले बास्यो।
६९ औ नोकरनीले तिनलाई देखेर वरपर
उभिनेहरूसँग फेरि भन्न लागी, 'यिनी ता
तिनीहरूमध्येकै हुन्।' ७० तर तिनले फेरि
इन्कार गरे, र केही बेरपछि वरपर
उभिनेहरूले फेरि पत्रुसलाई भने, 'साँच्चै, तिमी
तिमीहरूमध्येका हौ, किनकि तिमी गालीली
हौ।' ७१ तर तिनले आफैलाई धिक्कार्न र
किरिया हालेर भन्नलागे, 'जसको विषयमा
तिमीहरू भन्छौ, त्यस मानिसलाई म
चिन्दिनँ।' ७२ अनि तुरुन्तै दोस्रोपल्ट
भाले बास्यो, र पत्रुसलाई त्यस बातको
सम्झना भयो, जे येशूले तिनलाई भन्नुभएको
थियो—'भाले दुइपल्ट बास्नअघि तिमीले
मलाई तीनपल्ट इन्कार गर्नेछौ।' औ त्यस
कुरालाई विचार गरेर तिनी धुरुधुरु रोए।

येशू पिलातसको सामने

१५ अनि एका बिहानै मुख्य पूजाहारी
हरूले, बूढ़ा-प्रधानहरू र शास्त्रीहरूसँग,
जम्मै महासभाले आपसमा सल्लाह गरी
येशूलाई बाँधेर लगे, र पिलातसकहाँ
सुम्पिदिए। २ पिलातसले उहाँलाई सोधे,
'के तिमी यहूदीहरूका राजा हौ?' उहाँले
तिनलाई जवाफ दिनुभयो, ३ 'तपाईंनै
भन्दैहुनुहुन्छ।' ३ मुख्य पूजाहारीहरूले
उहाँमाथि धेरै कुराको दोष लगाए। ४ औ
पिलातसले उहाँलाई फेरि यसो भनेर सोधे,
'के तिमी केही जवाफ दिँदैनौ? हेर, तिम्रो
विरुद्धमा तिनीहरूले कत्ति कुराहरूको दोष
लगाउँदैछन्।' ५ तर येशूले फेरि केही
जवाफ दिनुभएन, यहाँसम्म कि, पिलातस
छक्क परे।

६ चाड़को बेलामा तिनीहरूले मागेको
एक जना कैदीलाई तिनीहरूका निम्ति
उनले छोड़िदिन्थे। ७ औ राजद्रोहमा भाग
लिएर, हत्या गर्ने बरब्बा नाउँको एक जना
मानिस झ्यालखानमा थियो। ८ औ भीड़ले
उक्लेर तिनीहरूका निम्ति साबिकबमोजिम
गरिदिनुहोस् भनी बिन्ती गरे। ९ पिलातसले
यसो भनेर तिनीहरूलाई जवाफ दिए, 'के
म तिमीहरूका निम्ति यहूदीहरूका राजालाई
छोड़िदिऊँ भन्ने तिमीहरू इच्छा गर्दछौ?'
१० किनकि डाहले गर्दा मुख्य पूजाहारी-
हरूले उहाँलाई सुम्पेका हुन् भनी उनले
थाहा पाएका थिए। ११ तर बरू बरब्बालाई
तिनीहरूका निम्ति उनले छोड़िदिऊन् भनेर

मुख्य पूजाहारीहरूले भीड़लाई सुल्याए।
१२ पिलातसले फेरि तिनीहरूलाई जवाफ
दिएर -भने, 'जसलाई तिमीहरू यहूदीहरूका
राजा भन्छौ, उसलाई चाहिं म के गरूँ त?'
१३ तिनीहरू फेरि चिच्याए, 'त्यसलाई
क्रूसमा टाँग्नुहोस्।' १४ पिलातसले तिनी-
हरूलाई भने, 'किन? तिनले के खराबी
गरेका छन् र?' तर तिनीहरू झन् साह्रो
चिच्याए, 'क्रूसमा टाँग्नुहोस्।' १५ तब
पिलातसले भीड़लाई सन्तोष पार्ने मन गरी
तिनीहरूका निम्ति बरब्बालाई छोड़िदिए, र
येशूलाई कोर्राबाजी लाएपछि क्रूसमा
टाँग्नालाई सुम्पिदिए।

१६ सिपाहीहरूले उहाँलाई प्रेटोरियम,
अर्थात् महलभित्र लगे, र जम्मै पल्टनलाई
भेला गराए। १७ अनि तिनीहरूले उहाँलाई
बैजनी रङ्गको लुगा लगाइदिए, र काँढ़ाहरूको
मुकुट गाँथेर उहाँलाई लगाइदिए, १८ औ
'सलाम, यहूदीहरूका राजा!' भन्दै तिनीहरूले
सलाम गर्नलागे। १९ अनि तिनीहरूले
उहाँको शिरमा निगालोले हिर्काउँदै
थुके, र घुँड़ा टेकेर उहाँलाई दण्डवत् गरे।
२० औ जब उहाँलाई गिज्याइसके, तब
तिनीहरूले बैजनी लुगा फुकालिदिए, र
उहाँका आफ्नै लुगाहरू लगाइदिए, र
उहाँलाई क्रूसमा टाँग्नालाई बाहिर लगे।

येशू क्रूसमा

२१ औ गाउँबाट आइरहेको बाटो
हिंड़ने मानिस, सिकन्दर र रूफसका बाबु,
साइरेनीको शिमोनलाई उहाँको क्रूस बोकेर
लैजानालाई तिनीहरूले कर लगाए। २२ तब
तिनीहरूले उहाँलाई गलगथा भन्ने ठाउँमा
ल्याए। त्यसको अर्थ खप्परे ठाउँ हो।
२३ औ तिनीहरूले उहाँलाई मूर्र मिसाएको
दाखमद्य दिए। तर उहाँले ग्रहण गर्नुभएन।
२४ अनि तिनीहरूले उहाँलाई क्रूसमा टाँगे,
र कसले के पाउने हो भनी तिनमा गोला
हालेर तिनीहरूले उहाँका लुगाहरू आपसमा
बाँड़े। २५ पहिलो पहर भएको थियो,
तिनीहरूले उहाँलाई क्रूसमा टाँगे। २६ औ
'यहूदीहरूका राजा' भन्ने उहाँको दोषपत्र
लेखिएको थियो। २७ उहाँसित तिनीहरूले
दुइ जना डाँकूहरूलाई क्रूसमा टाँगे, एउटालाई
उहाँको दाहिनेपट्टि, अर्कोलाई देब्रेपट्टि।
२८ (र धर्म-शास्त्रको वचन यसरी पूरा
भयो, 'उहाँ अपराधीहरूसित गनिनुभयो।')
२९ औ ओहोर दोहोर गर्नेहरूले आफ्ना
शिर हल्लाउँदै यसो भनेर उहाँलाई गिल्ला
गरे—'वाह! तँ मन्दिर भत्काउने र तीन
दिनमा बनाउने, ३० क्रूसबाट ओर्लेर
आफूलाई बचा।' ३१ त्यसैगरी मुख्य
पूजाहारीहरूले पनि शास्त्रीहरूसँग उहाँलाई
गिजाउँदै आपसमा भने, 'यसले अरूलाई
बचायो, आफैलाई चाहिं बचाउनसक्तैन।
३२ इस्राएलका राजा, ख्रीष्ट अब क्रूसबाट
ओर्लेर आओस्, र हामी देखेर विश्वास
गरौं।' उहाँसँग क्रूसमा टाँगिनेहरूले पनि
उहाँको निन्दा गरे।

येशूको मृत्यु

३३ दोपहरदेखि तेस्रो पहरसम्म सारा
देशमा अन्धकारले छोप्यो। ३४ तेस्रो
पहरमा यसो भनेर येशू ठूलो सोरले
कराउनुभयो— 'इलोई, इलोई, लामा
सबखथानी? जसको अर्थ हो—हे मेरा
परमेश्वर, हे मेरा परमेश्वर, तपाइंले मलाई
किन त्याग्नुभयो?' ३५ बरपर उभिनेमध्ये
कुनै कुनैले यो सुनेर भने, 'हेर, त्यसले
एलियालाई बोलाउँदैछ।' ३६ औ एक
जनाले दौड़ेर गई एउटा स्पञ्ज सिर्काले
भरेर एउटा निगालोमा लगाई यसो भनेर
उहाँलाई पिउन दियो, 'हेरौं, कतै एलिया
त्यसलाई उतार्न आउँछन् कि।' ३७ तब
येशूले ठूलो सोर निकालेर प्राण त्यागनु-
भयो। ३८ अनि मन्दिरको पर्दा टुप्पादेखि

फेदसम्म दुइ फ्याक भई च्यातियो।
३९ उहाँले यसरी प्राण त्याग्नुभएको देखेर
उहाँको सामु उभिएका कप्तानले भने, 'यी
मानिस ता साँच्चै परमेश्वरका पुत्र थिए।'
४० त्यहाँ टाढ़ाबाट हेरिरहने आइमाईहरू पनि
थिए। तिनीहरूका बीचमा मरियम मग्दलिनी,
र सानो याकूब र योसीकी आमा मरियम,
र सलोमी थिए। ४१ जब उहाँ गालीलमा
हुनुहुन्थ्यो, तब यिनीहरू उहाँका पछि
लागेका थिए, र उहाँको सेवा टहल गर्दथिए,
अरू धेरै स्त्रीहरू पनि उहाँसँग यरूशलेममा
आएका थिए।

४२ साँझ पर्दा त्यो तयारीको समय,
अर्थात् विश्रामको अगिल्लो दिन भएको
हुनाले, ४३ अरिमथियाको यूसुफ—एउटा
माननीय सल्लाहकार—जो आफै पनि
परमेश्वरको राज्यको बाटो हेर्दथिए, साहससाथ
सरासर पिलातसकहाँ गएर येशूको लाश
मागे। ४४ औ उहाँ अघिनै मरिसक्नुभयो
भनी पिलातस छक्क परे, र कप्तानलाई
आफूकहाँ बोलाएर 'तिनी अघिनै मरेका हुन्
कि!' भनेर सोधपूछ गरे। ४५ तब कप्तान-
बाट पत्ता पाएपछि तिनले यूसुफलाई लाश
लान मञ्जूरी दिए। ४६ औ तिनले सुती
कपड़ा किने, र उहाँलाई ओहालेर त्यस
सुती कपड़ामा बेहेरेर पहरामा खोपेर
बनाएको एउटा चिहानमा उहाँलाई राखे,
र चिहानको ढोकामा ढुङ्गा गुड़्याइदिए।
४७ मरियम मग्दलिनी, योसीकी आमा
मरियमले उहाँलाई राखेको ठाउँ हेरिरहेका
थिए।

१६ विश्रामको दिन बितेपछि मरियम
मग्दलिनी, र याकूबकी आमा
मरियम, र सलोमीले सुगन्धित मसालाहरू
उहाँका शरीरमा लाउनालाई किने।
२ औ हप्ताको पहिलो दिनमा बिहान सबेरै
घाम झुल्कँदा तिनीहरू चिहानमा आए।
३ औ तिनीहरूले आपसमा भने, 'कसले
हाम्रो निम्ति चिहानको ढोकाको ढुङ्गो
गुड़ाइदेला?' ४ अनि मास्तिर हेर्दा
तिनीहरूले ढुङ्गो गुड़्याइराखेको देखे, किनकि
त्यो ज्यादै ठूलो थियो। ५ औ चिहान-
भित्र पसेर तिनीहरूले सेतो वस्त्र लाएको
एउटा जवान मानिसलाई दाहिनेपट्टि बसिरहेका
देखे, र तिनीहरूले उदेक माने। ६ तर
तिनले तिनीहरूलाई भने, 'उदेक नमान,
तिमीहरू क्रूसमा टाँगिनुभएको येशू नासरीलाई
खोज्दछौ। उहाँको पुनरुत्थान भएको
छ। उहाँ यहाँ हुनुहुन्न। तिनीहरूले उहाँलाई
राखेको ठाउँ हेर! ७ तर जाओ,
उहाँका चेलाहरू र पत्रुसलाई 'उहाँ तिमी-
हरूका अगिअगि गालीलमा जानुहुन्छ
भनिदेओ। उहाँले तिमीहरूलाई भन्नुभए-
बमोजिम तिमीहरूले उहाँलाई त्यहाँ देख्नेछौ।'
८ औ तिनीहरू निस्केर चिहानबाट
भागे, किनकि डर र आश्चर्यले तिनीहरूलाई
छोपेको थियो। औ तिनीहरूले कसैलाई
भनेनन्, किनकि तिनीहरू डराएका थिए।

९ तर हप्ताको पहिलो दिन उहाँको
पुनरुत्थान भएपछि उहाँ पहिले मरियम
मग्दलिनीकहाँ देखा पर्नुभयो, जसबाट उहाँले
सातवटा भूत निकाल्नुभएको थियो।
१० तिनले गएर उहाँका साथमा हुनेहरूलाई
अफसोस र विलाप गरिरहेका बेलामा
समाचार दिइन्। ११ औ उहाँ जीवित
हुनुहुन्छ र तिनीकहाँ देखा पर्नुभयो भन्ने
कुरा सुनेर तिनीहरूले पत्याएनन्। १२ यो
भएपछि गाउँतिर जाँदा हिँड़िरहेका तिनीहरू-
मध्ये दुइ जनाकहाँ बाटोमा उहाँ अर्को
रूपमा देखा पर्नुभयो। १३ औ यिनीहरू
फर्केर गई अरूहरूलाई बताए। तर
यिनीहरूलाई पनि तिनीहरूले विश्वास
गरेनन्।

१४ पछिबाट उहाँ एघारैकहाँ, तिनीहरू
खान बस्ता, देखा पर्नुभयो, र तिनीहरूका
अविश्वास र हृदयको कठोरतालाई उहाँले
हप्काउनुभयो, किनभने उहाँको पुनरुत्थान

भएपछि देख्नेहरूका कुरा तिनीहरूले पत्यार
गरेनन्। १५ अनि उहाँले तिनीहरूलाई
भन्नुभयो, 'सारा जगत्‌मा गएर सारा
सृष्टिलाई सुसमाचार प्रचार गर।
१६ विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार
पाउनेछ, तर अविश्वास गर्ने दोषी ठहरिनेछ।
१७ औ विश्वास गर्नेहरूसँग यी चिह्नहरू
हुनेछन्—मेरो नाउँमा तिनीहरूले भूतहरू
धपाउनेछन्, र नयाँ भाषाहरू तिनीहरूले
बोल्नेछन्। १८ तिनीहरूले सर्पहरू समात्नेछन्
र कुनै विषालु कुरो पिए तापनि कुनै
किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन,
तिनीहरूले रोगीहरूमाथि हात राख्नेछन्,
र तिनीहरू निको भइजानेछन्।'
१९ तब यसरी प्रभु येशू तिनीहरूसित
बोलिसक्नुभएपछि स्वर्गारोहण हुनुभयो, र
परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो,
२० औ तिनीहरू निस्केर जताततै प्रचार
गरे। प्रभु तिनीहरूका सहकर्मी हुनुभयो, र
साथसाथै भएका चिह्नहरूद्वारा वचनलाई
सुदृढ पार्नुभयो। आमिन।

लूकाको सुसमाचार

भूमिका

१ किनकि अब धेरै जनाले हाम्रा
बीचमा पक्का प्रमाणित भएका घटना-
हरूका विषयमा बयान गर्ने काम हातमा
लिएका छन्, २ जसरी शुरूदेखि देख्ने
साक्षीहरू र वचनका सेवकहरूले ती कुरा
हामीलाई सुम्पिदिए, ३ त्यसरी पहिलेदेखिनै
सबै कुरा मैले पनि ठीक ठीक बुझेकोले
४ जुन विषयमा तपाईंलाई मुखस्त शिक्षा
मिलेको थियो तिनै कुरा निश्चय गरी
तपाईंले पनि जान्नुहोस् भनेर हे माननीय
थियोफिलस, तपाईंका निम्ति, क्रमैअनुसार
लेखिदिन मलाई ठीक लाग्यो।

५ यहूदियाका राजा, हेरोदको पालामा,
अबियाको दलमा जकरिया नाउँ भएका
एउटा पूजाहारी थिए। तिनकी स्वास्नी
हारूनको वंशकी थिइन्। तिनको नाउँ
इलीशिबा थियो। ६ ती दुवै परमेश्वरका
सामुन्ने धर्मी थिए, र परमप्रभुका सबै आज्ञा र
धार्मिक विधानमा निर्दोष भई हिंड्थे।
७ तिनीहरूको कोही सन्तान थिएन, किनभने
इलीशिबा बाँझी थिइन्, र ती दुवैको उमेर
ढल्किसकेको थियो।

८ जब तिनी परमेश्वरको सामने आफ्नो
दलको पालामा पूजाहारी काम गर्दथिए,
९ तब पूजाहारीको सेवाको रीतिअनुसार
गोला हाल्दा परमप्रभुको मन्दिरभित्र पसेर धूप
बाल्ने काम तिनलाई पर्‍यो। १० धूप
चढ़ाउने बेलामा मानिसहरूको सारा भीड़
बाहिर प्रार्थना गरिरहेको थियो। ११ तिनले
परमप्रभुका एउटा दूत धूप वेदीको दाहिनेपट्टि
उभिरहेका देखे। १२ जकरिया तिनलाई
देखेर आत्तिए, र भयभीत भए।

१३ तर दूतले तिनलाई भने, 'नडराऊ
जकरिया, किनभने तिम्रो प्रार्थना सुनाइभएको
छ। अब तिम्री स्वास्नी इलीशिबाले तिम्रो
निम्ति एउटा छोरो जन्माउनेछिन्, र तिमीले
तिनको नाउँ यूहन्ना राख्नू। १४ त्यसबाट
तिमीलाई रमाहट र आनन्द हुनेछ, औ धेरै
जना तिनको जन्ममा रमाउनेछन्।
१५ किनभने तिनी परमेश्वरको सामने महान्
हुनेछन्। तिनले दाखमद्य र शराब कहिल्यै
पिउनेछैनन्, औ आफ्नी आमाको गर्भदेखिनै
तिनी पवित्र आत्मालें भरिएका हुनेछन्।
१६ औ इस्राएलका सन्तानहरूमा धेरैलाई
तिनले तिनीहरूका परमप्रभु परमेश्वरतिर
फर्काउनेछन्। १७ औ पिता-पुर्खाहरूका हृदय
सन्तानहरूतिर र आज्ञा नमान्नेहरूलाई
धर्मीहरूको बुद्धितिर फर्काउनाको निम्ति र
परमप्रभुको निम्ति योग्य बनाइएका मानिसहरू
तयार पार्नालाई तिनी एलियाका आत्मा र
शक्तिमा उहाँका अगिअगि जानेछन्।'
१८ तब जकरियाले दूतलाई भने,
'यो कसरी जान्नूँ? म बूढ़ो भएँ
औ मेरी स्वास्नीको उमेर पनि बित्यो।'
१९ दूतले तिनलाई भने, 'म गब्रिएल
हुँ, जो परमेश्वरको सामने खड़ा रहन्छ
औ तिमीसित कुरा गर्न र यिनै खुशीको
समाचार बताइदिन म पठाइएको हुँ।
२० यी कुरा पूरा नहुने दिनसम्म तिमी
चूप हुनेछौ, र बोल्नसक्नेछैनौ, किनभने
आफ्नो बख्तमा पूरा हुनआउने मेरा
कुराहरू तिमीले पत्याएनौ।'
२१ मानिसहरू जकरियालाई पर्खिरहेका
थिए, र मन्दिरमा ढीलो गरेकोमा
चकित थिए। २२ बाहिर निस्केर आँउदा
तिनी बोल्नैसकेनन्, र तिनले मन्दिरमा
दर्शन देखेछन् भन्ने तिनीहरूले बुझे।
तिनले उनीहरूलाई इशारा गर्नलागे,
र लाटै भइरहे। २३ तिनको सेवाका
दिन पूरा भएपछि तिनी आफ्ना
घर गए।

२४ यो घटना बितेपछि तिनकी स्वास्नी
इलीशिबा गर्भवती भइन्, र पाँच महीनासम्म
यसो भनेर आफू लुकेर बसिन्, २५ 'मानिस-
हरूको बीचमा मउपरको निन्दा हटाउनालाई
परमप्रभुले यी दिनमा कृपादृष्टि राखी मेरो
निम्ति यसो गर्नुभएको हो।'
२६ छैटौं महीनामा परमेश्वरतर्फबाट
गब्रिएल दूत गालीलको नासरत नाउँको
शहरमा एउटी कन्ये-केटीकहाँ पठाइए।
२७ तिनको मगनी दाऊदको घरानाको यूसुफ
भन्ने एउटा मानिससित भएको थियो।
त्यो कन्याको नाउँचाहिं मरियम थियो।
२८ तिनले भित्र तिनीकहाँ आएर भने,
'हे कृपाको पात्र, तिमीलाई सलाम! परमप्रभु
तिमीसँग हुनुहुन्छ।' २९ तर तिनी त्यस
कुराले ज्यादै घबराइन्, र यो कस्तो
किसिमको सलाम हो भनी मनमा ठानिन्।
३० अनि दूतले तिनलाई भने, 'नडराऊ,
मरियम, किनभने तिमीले परमेश्वरबाट निगाह
प्राप्त गरेकी छौ। ३१ अब हेर, तिमी
गर्भवती हुनेछौ, र एउटा छोरो जन्माउनेछौ,
र तिमीले उहाँको नाउँ येशू राख्नू।
३२ उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका
पुत्र कहलाइनुहुनेछ, औ परमप्रभु परमेश्वरले
उहाँलाई उहाँको पुर्खा दाऊदको सिंहासन
दिनुहुनेछ। ३३ उहाँले याकूबको घराना-
माथि सदा सर्वदै राज्य गर्नुहुनेछ, र उहाँको
राज्यको अन्त हुनेछैन।' ३४ तर मरियमले
दूतलाई भनिन्, 'यो कसरी होला? किनकि
मेरो विवाह भएको छैन।' ३५ दूतले
तिनलाई जवाफ दिएर भने, 'पवित्र आत्मा
तिमीमाथि आउनुहुनेछ, औ परमप्रधानको
शक्तिले तिमीलाई छाया पार्नेछ, यसैकारण
जो जन्मनुहुनेछ सो पवित्र, अर्थात् परमेश्वरका
पुत्र कहलाइनुहुनेछ। ३६ औ हेर, तिम्रो
नातेदार इलीशिबाले पनि तिनको बूढ़ेसकालमा
छोरो गर्भ-धारण गरेकी छन्, र जो बाँझी
कहलाएकी थिइन्, तिनी अहिले छैटौं
महीनामा छिन्। ३७ किनकि परमेश्वरतर्फबाट

हुने कोही कुरो असम्भव हुँदैन।'
३८ अनि मरियमले भनिन्, 'हेर्नुहोस्, म
परमप्रभुकी दासी, मलाई तपाईंको वचन
अनुसार होस्।' तब दूत तिनीबाट बिदा भए।

इलीशिबा र मरियमको भेट

३९ अब केही दिनपछि मरियम उठेर
आत्तुरीसँग पहाड्तर्फ यहूदियाको एउटा
गाउँमा गइन्, ४० र जकरियाको घरमा
पसेर इलीशिबालाई सलाम गरिन्। ४१ औ
यसो भयो, जब इलीशिबाले मरियमको सलाम
सुनिन् तब तिनको गर्भको बालक उफ्र्यो,
र इलीशिबा पवित्र आत्माले भरिन्,
४२ औ चर्को सोरले कराएर भनिन्, 'तिमी
स्त्रीहरूमा धन्य, र तिम्रो गर्भको फल धन्य
हुनुहुन्छ। ४३ औ यो मलाई कसरी
हुनआयो, कि मेरा प्रभुका आमा मकहाँ
आइन्? ४४ किनभने हेर, तिम्रो सलाम
मेरो कानमा पर्ने बित्तिकै बालक मेरो गर्भमा
आनन्दले उफ्र्यो। ४५ औ तिनी धन्यका
हुन् जसले विश्वास गरिन्, किनकि परमप्रभुबाट
तिनलाई भन्नुभएका कुरा पूरा हुनेछ।'
४६ अनि मरियमले भनिन्,
'मेरो प्राणले परमप्रभुको प्रशंसा गर्दछ,
४७ औ मेरो आत्मा परमेश्वर, मेरा
मुक्तिदातासँग खुशी भएको छ।
४८ किनभने उहाँले आफ्नो दासीको
नम्रतामा कृपादृष्टि गर्नुभयो,
किनभने हेर, अब उप्रान्त सबै पुस्ताले
मलाई धन्यको भन्नेछन्।
४९ किनभने सर्वशक्तिमानले मेरो निम्ति
ठूलो काम गर्नुभएको छ।
औ उहाँको नाउँ पवित्र छ।
५० औ उहाँको भय मान्नेहरूमाथि उहाँको
दया पुस्तौंसम्म हुन्छ।
५१ उहाँले आफ्नो बाहुलीको सामर्थ्य
देखाउनुभएको छ,
उहाँले घमण्डीहरूलाई तिनीहरूको मनको
कल्पनामा तितर-बितर पार्नुभएको छ।
५२ उहाँले अधिराजहरूलाई तिनीहरूका
सिंहासनबाट हटाउनुभएको छ,
औ नम्रहरूलाई उचाल्नुभएको छ।
५३ भोकाएकाहरूलाई उहाँले असल
चीजहरूले तृप्त पार्नुभएको छ,
औ धनीहरूलाई उहाँले रित्तै पठाउनु-
भएको छ।
५४ उहाँले कृपा स्मरण गराउनाको निम्ति
आफ्नो सेवक इस्राएललाई सहायता
दिनुभएको छ।
५५ उहाँले हाम्रा पुर्खाहरूलाई भन्नुभएझैं,
अब्राहाम र उनको वंशलाई सदा
सर्वदै।'
५६ अनि मरियम तिनीकहाँ प्रायः तीन
महीना बसेर आफ्नो घर फर्किन्।

बप्तिस्मा दिने यूहन्नाको जन्म

५७ अब इलीशिबाको सुत्केरी हुने
बेला पूरा भयो, र तिनले छोरो जन्माइन्।
५८ औ परमप्रभुले तिनीमाथि उहाँको ठूलो
अनुग्रह देखाउनुभयो भन्ने सुनेर तिनका
छिमेकीहरू र नातेदारहरू तिनीसित रमाए।
५९ अनि आठौं दिनमा तिनीहरू बालकलाई
खतना गर्न आए, र तिनको नाउँ पनि
तिनका बाबु जकरियाको जस्तै राख्ने-
लागेका थिए, ६० तर तिनकी आमाले
भनिन्, 'होइन, तर त्यो ता यूहन्ना
कहलाइनेछ।' ६१ औ तिनीहरूले तिनलाई
भने, 'तिम्रो नातेदारमा यस्तो नाउँ भएको
कोही छैन।' ६२ तब तिनीहरूले तिनका
बाबुलाई 'तिमीले यसको नाउँ के राख्ने
इच्छा गर्दछौ?' भन्ने इशारा गरे। ६३ औ
एउटा लेख्ने पाटी मगाएर उनले तिनको
नाउँ यूहन्ना हो भनेर लेखिदिए, औ
तिनीहरू सबै छक्क परे, ६४ र तिनको
मुख र जिब्रो झट्टै खोलियो, र तिनले
परमेश्वरको प्रशंसा गरेर बोले। ६५ औ

तिनीहरूका वरिपरि बस्ने सबै डराए,
र यहूदियाको जम्मै पहाड़ी मुलुक हुँदो
यो घटनाको कुरा जतातते फैलियो।
६६ औ यो बालक ता कस्तो हुने होला
भनी सुन्नेहरू सबैले आफ्ना मनमा गुने,
किनकि परमप्रभुको बाहुली तिनीमाथि थियो।
६७ अनि तिनका बाबु जकरिया
आत्माले भरिए, र यसो भनेर अगमवाणी
बोले,
६८ 'इस्राएलका परमप्रभु, परमेश्वर धन्यका
हुनुहुन्छ,
किनभने उहाँले आफ्नो मानिसका
हेरचाह गरेर उद्धारको काम गर्नुभयो,
६९ औ हाम्रा निम्ति उहाँको दास दाऊदको
घरानामा। शक्तिशाली उद्धारक खड़ा
गर्नुभयो,
७० जसरी उहाँले संसारको शुरूदेखि आफ्ना
पवित्र अगमवक्ताहरूका मुखबाट
बोल्नुभयो।
७१ हाम्रा शत्रुहरूबाट र हामीलाई घृणा
गर्नेहरू सबैबाट उद्धार,
७२ हाम्रा पुर्खाहरूतर्फ दया देखाउनालाई,
र उहाँको पवित्र करार सम्झनालाई,
७३ जुन शपथ उहाँले हाम्रा पुर्खा
अब्राहामसँग खानुभएको थियो,
७४ हामीलाई मञ्जूरी दिनालाई र हाम्रा
शत्रुहरूका हातबाट बचाउनालाई,
७५ कि हामी निर्भयसँग उहाँकै सामुन्ने
पवित्रता र धार्मिकतामा हाम्रा जीवन-
भरि उहाँको सेवा गरौं।
७६ ए बालक, तिमी परमप्रधानको
अगमवक्ता कहलाइनेछौ।
किनकि तिमी प्रभुको अगिअगि उहाँको
मार्ग तयार पार्नालाई जानेछौ,
७७ तिनीहरूका पापको क्षमागर्ना उहाँका
मानिसलाई उद्धारको ज्ञान दिनलाई,
७८ हाम्रा परमेश्वरको कोमल दयाको कारण,
जसमा बिहानको ज्योतिले हामीलाई
दर्शन दिनेछ,
७९ अँध्यारो र मृत्युको छायामा बस्नेहरू-
माथि चम्कनालाई, हाम्रा खुट्टा
शान्तिको बाटोतिर लगाउनालाई।'
८० अनि बालक बढ़दै र आत्मामा शक्ति-
मान हुँदै गए। औ इस्राएलकहाँ प्रकट
नहोउञ्जेल एकलास ठाउँहरू हुँदो रहे।

येशूको जन्म

२ ती दिनमा सिजर अगस्टसले सारा
जगत्‌को जनसंख्या लिनू भन्ने उर्दी
गरे। २ क्युरिनियस सिरियाका बड़ा
हाकिम हुँदा यो पहिलो पल्टको जनसंख्या
थियो। ३ औ सबै जना नाउँ लेखाउना-
लाई आफ्नो आफ्नो शहर गए। ४ यूसुफ
पनि गालीलको नासरतबाट यहूदियाको
बेतलेहेम भन्ने दाऊदको शहरमा गए,
किनभने तिनी दाऊदका घराना र वंशका
थिए। ५ आफ्नी मगनी भएकी गर्भवती
मरियमसँग आफ्नो नाउँ लेखाउनालाई तिनी
गए। ६ औ उनीहरू त्यहाँ भएकै बेला
तिनको सुत्केरी हुने दिन आयो। ७ तिनले
आफ्नो जेठा छोरा जन्माइन् र उहाँलाई
लुगाले बेहेर डूँड़मा राखिन्, किनकि
तिनीहरूका निम्ति पौवामा ठाउँ थिएन।
८ अब त्यस देशमा चौरमा रहेर राती
आफ्नो बगालको हेरचाह गरेर बस्ने
गोठालाहरू थिए। ९ औ प्रभुका एउटा
दूत तिनीहरूकहाँ खड़ा भए, र प्रभुको तेज
वरिपरि चम्क्यो, औ तिनीहरू साह्रै डराए।
१० तब दूतले तिनीहरूलाई भने, 'नडराओ,
किनभने हेर, म तिमीहरूलाई बड़ो आनन्दको
सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका
निम्ति हुनेछ, ११ किनभने दाऊदको
शहरमा आज तिमीहरूका निम्ति एउटा
मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट
प्रभु हुनुहुन्छ। १२ औ तिमीहरूलाई चिह्न
चाहिँ यो हुन्छ, 'तिमीहरूले एउटा बालक-
लाई लुगाले बेहेको र डूँड़मा सुताइराखेको

भेट्टाउनेछौ'।' १३ तब एक्कासि ती दूतसँग
यसो भनेर परमेश्वरको स्तुति गर्ने स्वर्गीय
सेनाको एक दल देखा पर्‍यो।
१४ 'परमधाममा परमेश्वरलाई महिमा,
र पृथ्वीमा उहाँ प्रसन्न हुनुभएका
मानिसहरूलाई शान्ति।'
१५ जब दूतहरू तिनीहरूबाट स्वर्गमा
गए, तब गोठालाहरूले आपसमा भने,
'आओ, हामी बेतलेहेमसम्म जाऔं, र
हुनआएको यो घटना र, परमप्रभुले हामीलाई
बताउनुभएको कुरा गएर हेरौं।' १६ औ
तिनीहरू आत्तरीसँग गए, र मरियम र यूसुफ
दुवैलाई, र बालकलाई चाहिं डूँड़मा सुतिरहेको
भेट्टाए। १७ यो देखेर यस बालकको
विषयमा जे कुरा तिनीहरूलाई भनिएको थियो
त्यो तिनीहरूले प्रकट गरे। १८ औ सुन्ने-
हरू सबै, गोठालाहरूले तिनीहरूलाई भनेका
कुरामा, आश्चर्य माने। १९ तर मरियमले
यी सब कुरालाई विचार गरेर मनैमा राखिन्।
२० अब तिनीहरूलाई भनिएको अनुसार,
तिनीहरूले सुनेका र देखेका सबै कुराहरूका
निम्ति, परमेश्वरको महिमा र स्तुति गर्दै
गोठालाहरू फर्के।
२१ आठ दिनपछि उहाँको खतना हुँदा
उहाँको नाउँ येशू राखियो, जो उहाँ गर्भमा
रहनभन्दा अघि स्वर्गदूतद्वारा राखिएको थियो।

मन्दिरमा येशूलाई अर्पण

२२ औ जब मोशाको व्यवस्थानुसार
तिनीहरूको चोख्याउने दिन आइपुग्यो, तब
तिनीहरूले उहाँलाई परमप्रभुको सामुन्ने हाजिर
गराउनालाई यरूशलेममा ल्याए। २३ (जस्तो
परमप्रभुको व्यवस्थामा लेखिएको छ, 'पहिलो
जन्मने हरेक जेठो चाहिं परमप्रभुको निम्ति
पवित्र कहलाइनेछ।') २४ अनि परमप्रभुको
व्यवस्थामा भनिएबमोजिम, एक जोड़ ढुकुर
कि परेवाका दुइवटा बच्चा, बलिदान
चढ़ाउनका निम्ति ल्याए।

शिमियोन र हन्ना

२५ अब हेर, यरूशलेममा शिमियोन
नाउँ भएका एउटा मानिस थिए। यी
मानिस इस्राएलको शान्तिको आशा गर्ने
धर्मी र भक्त थिए, र पवित्र आत्मा तिनी-
माथि हुनुहुन्थ्यो। २६ औ 'परमप्रभुका
ख्रीष्टलाई नदेखेसम्म मर्नेछैनौ', भन्ने सूचना
तिनले पवित्र आत्माबाट पाएका थिए।
२७ अनि तिनी आत्माले पूर्ण भएर मन्दिर-
भित्र आए, र जब आमा-बाबुले बालक
येशूलाई उहाँका निम्ति व्यवस्थाअनुसारको
विधि गर्नालाई मन्दिरभित्र ल्याए, २८ तब
तिनले उहाँलाई आफ्ना काखमा लिए, र
परमेश्वरलाई धन्यवाद दिएर भने,
२९ 'अब हे परमप्रभु, आफ्नो वचनअनुसार,
तपाईंले आफ्नो दासलाई शान्तिसँग
बिदा गर्नुहोस्।
३० किनकि मेरो आँखाले तपाईंको उद्धार
देखेको छ,
३१ जे तपाईंले सबै मानिसहरूका सामने
तयार पार्नुभएको छ,
३२ अन्यजातिहरूलाई प्रकाशको निम्ति,
र तपाईंको जाति इस्राएलको महिमाको
निम्ति ज्योति।'
३३ अनि उहाँका बाबु, र उहाँकी आमा
उहाँका बारेमा बोलिएका कुरामा छक्क परे।
३४ औ शिमियोनले तिनीहरूलाई आशीर्वाद
दिएर उहाँकी आमा मरियमलाई भने, 'हेर,
इस्राएलमा धेरैको उत्थान र पतनको निम्ति
र विरुद्धमा बोलिएको चिह्नको निम्ति
यो बालक नियुक्त हुनुभएको छ, ३५ अँ,
तिम्रै प्राणलाई पनि एउटा तरवारले वारपार
छेड़नेछ, कि धेरै हृदयका विचार प्रकट होऊन्
भनेर हो।'
३६ आशेरको गोत्रमा फनुएलकी छोरी
हन्ना नाउँकी एउटी बूढ़ी अगमवादिनी
थिइन्, जो युवावस्थामा विवाह गरेर सातै
वर्ष मात्र लोग्नेसित रहेकी थिइन्। ३७ औ

विधवा रहेर चौरासी वर्ष भएकी थिइन्, र
मन्दिर छोड्दैन थिइन् । तर उपवास र
प्रार्थना गर्दै रात-दिन उपासना गर्दथिइन् ।
३८ त्यही बेला आएर तिनले परमेश्वरलाई
धन्यवाद दिइन्, र यरूशलेमको मुक्तिको
बाटो हेर्ने सबैलाई उहाँको विषयमा भनिन् ।

येशूको बाल्यावस्था

३९ औ जब तिनीहरूले सबै काम
परमप्रभुको व्यवस्थाअनुसार गरिसिध्याए, तब
गालीलमा तिनीहरूको शहर नासरततिर
तिनीहरू फर्के ।
४० तब बालक बढ्दै, र बलियो हुँदै,
र बुद्धिले परिपूर्ण हुँदै आउनुभयो, औ
परमेश्वरको अनुग्रह उहाँमाथि थियो ।
४१ उहाँका आमा-बाबु निस्तार
चाड़मा सालिन्दा यरूशलेम जानेगर्थे ।
४२ औ जब उहाँ बाह्र वर्षको हुनुभयो,
तब उहाँहरू चाड़को रीतिअनुसार यरूशलेममा
उक्लनुभयो, ४३ औ चाड़का दिन सिद्धिए-
पछि उहाँहरू फर्कंदा बालक येशू यरूशलेममै
ठहर्नुभयो । औ यो चाहिं आमा-बाबुले थाह
पाएनन् । ४४ तर उहाँ यात्रीहरूका दलमा
हुनुहुन्छ भनी ठानेर तिनीहरू दिनभरिको
बाटो गए, र उहाँलाई आफ्ना नातेदार र
चिनाजानीहरूका बीचमा खोजे । ४५ तर
नभेट्टाउँदा तिनीहरू उहाँलाई खोज्दै खोज्दै
यरूशलेममा फर्के ।
४६ तीन दिनपछि तिनीहरूले उहाँलाई
मन्दिरमा शिक्षकहरूका बीचमा बसेर सुन्दै र
सोद्धै गरिरहनुभएको भेट्टाए । ४७ सुन्नेहरू सबै
उहाँको समझ र जवाफहरूमा छक्क पर्दथिए ।
४८ उहाँलाई देखेर तिनीहरू अचम्म माने, र
उहाँकी आमाले भनिन् 'बाबु, तिमीले हामीलाई
किन यसो गरेको ? हेर, तिम्रा बाबु र म
व्याकुल भएर तिमीलाई खोजिरहेका थियौं ।'
४९ अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
'तपाइँहरूले मलाई किन खोजिरहनुभयो ?
के म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने
तपाइँहरूलाई थाह थिएन ?' ५० तर उहाँले
तिनीहरूलाई भन्नुभएको कुरा तिनीहरूले
बुझेनन् । ५१ अनि उहाँ तिनीहरूसित
ओर्लेर नासरतमा आउनुभयो, र तिनीहरूका
अधीनमा बस्नुभयो । औ उहाँकी आमाले
यी सबै कुरा आफ्नो मनमा राखिन् ।
५२ येशू बुद्धि, कद र परमेश्वर र
मानिसको अनुग्रहमा बढ्दै जानुभयो ।

बप्तिस्मा दिने यूहन्ना

३ सिजर टाइबेरियसको शासनकालको
पन्ध्रौं वर्षमा पन्तियस पिलातुस
यहूदियामा बड़ा हाकिम, गालीलमा हेरोद,
औ इतुरिया र त्राखोनितिसमा तिनको भाइ
फिलिप, औ अबिलेनेमा लुसानियास रजौटा-
हरू हुँदा, २ अन्नास र कयाफाका प्रधान
पूजाहारीगिरीमा, परमेश्वरको वचन उजाड़-
स्थानमा जकरियाको छोरो यूहन्नाकहाँ आयो ।
३ औ तिनी पापमोचनको निम्ति
पश्चातापको बप्तिस्माको प्रचार गर्दै यर्दन
नदीका आसपासका सबै जिल्ला हुँदो आए,
४ जस्तो यशैया अगमवक्ताका वचनको
पुस्तकमा लेखिएको छ,

'उजाड़-स्थानमा एउटा कराउनेको शब्द,
परमप्रभुको बाटो तयार पार,
उहाँको मार्ग सीधा बनाओ !
५ हरेक खोल्सा पुरिनेछ,
र हरेक डाँड़ा र ढिस्कुरो होच्याइनेछ,
औ बाङ्गा टेढ़ा सोझा,
र अप्ठेरा बाटोहरू सम्म हुनेछन्,
६ औ सबै प्राणीले परमेश्वरको मुक्ति
देख्नेछ ।'

७ यसकारण तिनीसँग बप्तिस्मा लिन
आउने भीड़हरूलाई तिनले भने, 'ए सर्पका
सन्तान हो, आउन लागेको क्रोधबाट
भाग्नलाई कसले तिमीहरूलाई चेताउनी
दियो ? ८ यसकारण पश्चाताप योग्यका फल

फलाओ, औ तिमीहरू आफै 'हाम्रा पिता
अब्राहाम हुन्' भनी भन्नपछि नलाग,
किनभने म तिमीहरूलाई भन्दछु, परमेश्वरले
यी ढुङ्गाहरूबाट अब्राहामका निम्ति सन्तान
उत्पन्न गर्नसक्नुहुन्छ। ९ औ अहिले पनि
बञ्चरो रूखहरूको जरामा परेको छ, यस-
कारण असल फल नदिने हरेक रूख
ढालिनेछ, र आगोमा फालिनेछ।' १० अनि
भीड़हरूले यसो भनेर तिनलाई सोधे, 'तब
हामीले के गर्नें ?' ११ तिनले उनीहरूलाई
जवाफ दिएर भने, 'जससँग दुइवटा
दौरा छ, त्यसले नहुनेलाई एउटा दिइहालोस्,
औ जससँग खानेकुरा छन्, त्यसले पनि
त्यसै गरोस्।'

१२ औ महसूल उठाउनेहरू पनि
बप्तिस्मा लिनालाई आएर तिनलाई सोधे,
'गुरुज्यू, हामीले के गर्नें ता ?' १३ औ
तिनले उनीहरूलाई भने, 'तिमीहरूलाई
खटाएकोभन्दा बेसी ऐंच्याएर नलेओ।'
१४ सिपाहीहरूले पनि यसो भनेर सोधे,
'हामीले चाहिं के गर्नें ?' औ तिनले
उनीहरूलाई भने, 'कसैमाथि अत्याचार
गरेर, औ झूटा दोष लगाएर नलुट।
औ आफ्ना तनखामा सन्तुष्ट रहो।'

१५ जब मानिसहरू आशा गरिरहेकै
थिए, र सबै जना आफ्ना मनमा
यूहन्नाको विषयमा, कतै यिनीनै ख्रीष्ट हुन्
कि भनी विचार गरिरहेका थिए, १६ तब
यूहन्नाले ती सबैलाई यसो भनेर जवाफ
दिए, 'म ता साँच्चिनै तिमीहरूलाई पानीले
बप्तिस्मा दिन्छु, तर एक जना मभन्दा
शक्तिशाली आउँदैहुनुहुन्छ, जसका जुत्ताको
फिता खोल्ने लायकको म छैनँ। उहाँले
तिमीहरूलाई पवित्र आत्मा र आगोले
बप्तिस्मा दिनुहुनेछ। १७ उहाँको नाङ्लो
उहाँकै हातमा छ, र उहाँले आफ्नो खला
राम्ररी सफा पार्नुहुनेछ, औ आफ्नो गहुँ
धनसारमा जम्मा गर्नुहुनेछ, तर भूसचाहिं
ननिभ्ने आगोमा जलाउनुहुनेछ।'

१८ यसरी अरू धेरै अर्तीहरूले शिक्षा
दिएर तिनले मानिसहरूलाई सुसमाचार
प्रचार गरे। १९ तर रजौटा हेरोदले
आफ्नो भाइ फिलिपको पत्नी हेरोदियासको
विषयमा र आफैले गरेका सबै दुष्ट कर्महरूको
विषयमा तिनीबाट दोष पाएकोले, २० औ
यी सबै दुष्ट कामहरूभन्दा बढ़ी यो पनि थपे,
कि तिनले यूहन्नालाई झ्यालखानमा हालिदिए।

२१ औ सबै मानिसहरूले बप्तिस्मा
लिएपछि येशूले पनि बप्तिस्मा लिएर
२२ प्रार्थना गरिरहनुहुँदा स्वर्ग उघ्रियो, र
पवित्र आत्मा दैहिक रूपमा ढुकुरजस्तो
उहाँमाथि ओर्लनुभयो, र स्वर्गबाट एउटा
यस्तो वाणी भयो, 'तिमी मेरा प्यारा पुत्र
हौ, तिमीसित म प्रसन्न छु।'

येशूको वंशावली

२३ येशू आफ्ना धार्मिक शिक्षा दिन-
लाग्नुहुँदा प्रायः तीस वर्षको हुनुहुन्थ्यो। औ
(जस्तो सम्झन्थे), उहाँ यूसुफका छोरा
हुनुहुन्थ्यो, जो एलीका छोरा थिए,
२४ जो मत्तातका, जो लेवीका, जो
मल्कीका, जो यान्नाका, जो यूसुफका—
२५ जो मत्तियाहका, जो आमोसका, जो
नहूमका, जो इसलीका, जो नग्गैका,
२६ जो मातका, जो मत्तियाहका, जो
शिमीका, जो योसेखका, जो योदाका,
२७ जो यूहन्नाका, जो रेसाका, जो
यरुबाबेलका, जो शाल्तीएलका, जो नेरीका,
२८ जो मलंकीका, जो अद्दीका, जो
कोसामका, जो इलमोदामका, जो एरका,
२९ जो योसेका, जो एलाजारका, जो
योरीमका, जो मत्तातका, जो लेवीका,
३० जो शिमोनका, जो यहूदाका, जो
यूसुफका, जो योनानका, जो इलाकीमका,
३१ जो मलेयाहका, जो मिन्नाहका, जो
मत्तातका, जो नातानका, जो दाऊदका,
३२ जो यिशैका, जो ओबेदका, जो

बोअजका, जो सुलेमानका, जो नहशोनका
३३ जो अम्मीनादाबका, जो अरनीका, जो
हेस्रोनका, जो फिरिसका, जो यहूदाका,
३४ जो याकूबका, जो इसहासकका, जो
अब्राहामका, जो तेरहका, जो नाहोरका,
३५ जो सरूगका, जो रऊका, जो पिलिगका,
जो एब्रीरका, जो शिलहका, ३६ जो
केनानका, जो अर्पक्षदका, जो शेमका, जो
नूहका, ३७ जो मथुशीलहका, जो हनोकका,
जो यिरिदका, जो महलेलका, जो केनानका,
३८ जो एनोशका, जो शेतका, जो आदमका
र जो परमेश्वरका छोरा थिए।

येशूको परीक्षा

४ येशू पवित्र आत्माले पूर्ण भएर
यर्दनबाट फर्कनुभयो, र शैतानबाट
परीक्षामा परेर चालीस दिनसम्म आत्माद्वारा
वनमा यताउता डोस्याइनुभयो। २ औ ती
दिनमा उहाँले केही खानुभएन, र ती दिन
समाप्त भएपछि उहाँ भोकाउनुभयो।
३ तब शैतानले उहाँलाई भन्यो,
'तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने
यस ढुङ्गालाई भन्नुहोस्, र त्यो
भोजन बनोस्।' ४ येशूले त्यसलाई
जवाफ दिनुभयो, 'मानिस भोजनले मात्र
जिउनेछैन भनी लेखिएको छ।' ५ औ
त्यसले उहाँलाई माथि लगेर छिनभरिमा
जगत्का सारा राज्य उहाँलाई देखायो।
६ अनि शैतानले उहाँलाई भन्यो, 'म
यो सारा अख्तियार र यिनको गौरव तपाईं-
लाई दिनेछु, किनभने यी सबै मलाई
सुम्पिएको छ, औ जसलाई इच्छा गर्दछु, म
यो दिनसक्छु। ७ यसकारण तपाईंले मेरै
सामने मलाई दण्डवत् गर्नुभयो भने यी सबै
तपाईंका हुनेछन्।' ८ अनि येशूले
त्यसलाई जवाफ दिएर भन्नुभयो, 'तैंले परम-
प्रभु, आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र
उहाँकै मात्र सेवा गर्नू भन्ने लेखिएको छ।'
९ तब त्यसले उहाँलाई यरूशलेममा
लगेर मन्दिरको गजूरमा राखेर उहाँलाई
भन्यो, 'तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ
भने तपाईं आफै यहाँबाट हाम फाल्नुहोस्।
१० किनभने लेखिएको छ,
उहाँले तिम्रो रक्षा गर्नलाई आफ्ना
स्वर्गदूतहरूलाई तिम्रो निम्ति आज्ञा
गर्नुहुनेछ,
११ औ तिनीहरूले तिमीलाई हात हातै
थाम्नेछन्,
नत्रता तिम्रो खुट्टा ढुङ्गामा बज्रनेछ।'
१२ अनि येशूले त्यसलाई जवाफ दिएर
भन्नुभयो, 'यसो भनेको छ, तैंले परमप्रभु
आफ्ना परमेश्वरको परीक्षा नगर्नू।'
१३ औ शैतानले उहाँलाई सबै परीक्षा
गरिसकेपछि केही समयसम्म छोड़ेर गयो।

येशू नासरतमा

१४ अनि येशू आत्माको शक्तिमा
गालीलमा फर्कनुभयो, औ उहाँको विषयको
कीर्ति वरिपरिका सबै ठाउँमा फिँजियो।
१५ औ सबैबाट प्रशंसा पाएर तिनीहरूका
सभाघरहरूमा उहाँले शिक्षा दिनलाग्नुभयो।
१६ अनि उहाँ नासरतमा आउनुभयो,
उहाँ त्यहीं हुर्कनुभएको थियो। औ आफ्नो
दस्तुरअनुसार विश्रामको दिनमा सभाघरमा
गएर पढ़नालाई खड़ा हुनुभयो। १७ औ
यशैया अगमवक्ताको पुस्तक उहाँलाई दियो।
उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो
लेखिएको ठाउँ फेला पार्नुभयो।
१८ 'परमप्रभुको आत्मा ममाथि छ, किनभने
गरीबहरूलाई सुसमाचार सुनाउनाको
निम्ति उहाँले मलाई नियुक्त गर्नुभयो,
उहाँले मलाई कैदीहरूलाई छुटकाराको
घोषणा गर्न,
र अन्धाहरूलाई दृष्टि दिनालाई पठाउनु-
भएको छ,
अत्याचारमा परेकाहरूलाई अमलेख

गराउनाको निम्ति
१९ परमप्रभुको प्रसन्नताको वर्ष घोषणा
गर्नलाई!'
२० औ पुस्तक बन्द गरेर टहलुवालाई
दिएर उहाँ थ्वक्क बस्नुभयो, र सभाघरमा
भएकाहरू सबैको नजर उहाँमाथि पर्‍यो।
२१ तब उहाँले तिनीहरूलाई भन्नलागनुभयो,
'आजको दिन यो धर्मशास्त्र तिमीहरूको
सुनाइमा पूरा भएको छ।'
२२ औ सबैले उहाँको सहनी गरे,
र उहाँको मुखबाट निस्केका अनुग्रहका
वचनमा छक्क परे, औ तिनीहरूले
भने, 'के यिनी यूसुफका छोरा होइनन्
र?' २३ अनि उहाँले तिनीहरूलाई
भन्नुभयो, 'निःसन्देह, तिमीहरू मलाई
यो उखान भन्नेछौ, 'ए वैद्य, आफैलाई
निको पार। कफर्नहुममा भएको जे
हामीहरूले सुनेका छौं, ती यहाँ आफ्ना
देशमा पनि गर'।' २४ तर उहाँले
भन्नुभयो, 'म तिमीहरूलाई साँच्चै भन्दछु,
कोही अगमवक्ता आफ्नो देशमा मनपर्दो
हुँदैन। २५ तर वास्तवमा म तिमीहरूलाई
भन्दछु, इस्राएलमा एलियाको समयमा धेरै
विधवाहरू थिए, तापनि जब साढे तीन वर्ष
आकाश बन्द भयो, यहाँसम्म कि ठूलो
अनिकाल भयो, २६ तब एलिया सीदोन
देशको सारफतमा एउटी विधवाकहाँ बाहेक
तिनीहरूमध्ये अरू कसैकहाँ पठाइएन।
२७ औ एलीशा अगमवक्ताको बेलामा चाहिं
इस्राएलमा धेरै कोरीहरू थिए, तर तिनीहरू-
मध्ये सिरियाबासी नामानबाहेक अरू कोही
शुद्ध पारिएन।'
२८ यी कुरा सुनेर सभाघरमा भएका
सबै जना रीसले चूर भए। २९ औ
उठेर उहाँलाई शहरबाट बाहिर निकालीकन
तिनीहरूको गाउँ बनिएको डाँडाको भीरमा
उँधोमण्टो गरेर खसालिदिनालाई तिनीहरूले
लगे। ३० तर उहाँ तिनीहरूको बीचबाट
छिरेर निस्किजानुभयो।

भूत लागेको मानिस

३१ औ उहाँ गालीलको एउटा शहर
कफर्नहुममा ओर्लनुभयो, विश्रामको दिनमा
उहाँले तिनीहरूलाई शिक्षा दिइरहनुभएको
थियो, ३२ औ तिनीहरू उहाँको शिक्षामा
छक्क परे, किनकि उहाँको वचन अख्तियार
सहितको हुन्थ्यो। ३३ सभाघरमा अशुद्ध
भूतात्मा लागेको एउटा मानिस थियो, र
त्यो ठूलो सोरले चिच्चायो, ३४ 'हे येशू
नासरी, हामीहरूको तपाईंसित के वास्ता?
के तपाईं हामीहरूलाई नष्ट पार्न आउनुभएको
हो? तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ
भनी म चिन्छु।' ३५ अनि येशूले त्यसलाई
हकारेर भन्नुभयो, 'चूप लाग् र त्यसबाट
निस्किआइज।' औ त्यसलाई बीचमा पछारेर
त्यसलाई केही हानि नगरीकन त्यो भूत
त्यसबाट निस्केर आयो। ३६ अनि
तिनीहरू छक्क परे, र आपसमा यसो भने,
'यो कस्तो वचन हो? यिनले ता अख्तियार
र शक्तिसित अशुद्ध आत्माहरूलाई आज्ञा
गर्दछन्, र ती निस्किआउँछन्।' ३७ औ
उहाँको कीर्ति वरिपरिको मुलुकको हरेक
ठाउँमा फिँजियो।
३८ अब सभाघरबाट उठेर उहाँ
शिमोनको घरमा पस्नुभयो। शिमोनकी
सासू कड़ा ज्वरोले थलिएकी थिइन्, र
तिनीहरूले तिनको निम्ति उहाँसँग बिन्ती
गरे। ३९ औ तिनको नजीकै उभिएर
उहाँले ज्वरोलाई हकार्नुभयो, र ज्वरोले
तिनलाई छोड़िहाल्यो, र तुरुन्तै उठेर तिनले
उहाँहरूको सेवा गरिन्।
४० अब घाम अस्ताउनलागदा जस
जसकहाँ अनेक किसिमका रोग भएका
बिरामीहरू थिए, ती सबैलाई तिनीहरूले
उहाँकहाँ ल्याए। औ उहाँले तिनीहरू
हरेकमाथि आफ्ना हात राखेर तिनीहरूलाई
निको पार्नुभयो।
४१ औ धेरै जनाबाट भूतहरू पनि

चिच्याउँदै र यसो भन्दै निस्के, 'तपाईं
परमेश्वरको पुत्र हुनुहुन्छ।' तर उहाँले
तिनीहरूलाई हकारेर बोल्नदिनुभएन, किनभने
तिनीहरूले उहाँ ख्रीष्ट हुनुहुन्छ भनी चिन्थे।
४२ अनि जब दिन भयो तब उहाँ
निस्केर एकलासको ठाउँमा जानुभयो। औ
भीड़हरू उहाँलाई खोज्दै उहाँकहाँ आए, र
'तपाईं हामीहरूसँगबाट नजानुहोस्' भनी
उहाँलाई रोक्न प्रयत्न गरे। ४३ तर
उहाँले तिनीहरूलाई भन्नुभयो, 'मैले अवश्य
परमेश्वरको राज्यको सुसमाचार अरू शहर-
हरूमा पनि सुनाउनुपर्छ, किनकि म यसैको
निम्ति पठाइएको हुँ।'
४४ औ उहाँ गालीलका सभाघरहरूमा
प्रचार गर्दै रहनुभयो।

पहिलो चेलाहरूलाई बोलावट

५ अब भीड़ उहाँमाथि ठेलमठेला गरेर
परमेश्वरको वचन सुन्दा उहाँ गनेसरेत
तालको किनारमा उभिरहनुभएको थियो।
२ औ उहाँले दुइवटा डुङ्गा तालमा किनार
लागिरहेका देख्नुभयो, तर जलाहारीहरूचाहिं
तीबाट निस्केर आफ्ना जालहरू धोइरहेका
थिए। ३ उहाँ, डुङ्गाहरूमध्ये एउटा,
शिमोनको चाहिंमा चढ़ेर डुङ्गालाई जमीनबाट
अलि पर लैजानलाउनुभयो, र बसेर उहाँले
भीड़हरूलाई डुङ्गाबाटै शिक्षा दिनुभयो।
४ औ बोलिसक्नुभएपछि, उहाँले शिमोनलाई
'गहीरोतिर लगेर माछा पक्रनालाई आफ्ना
जाल हान' भनी भन्नुभयो। ५ तर
शिमोनले भने, 'हजूर, हामीले रातभरि
मेहनत गरेर पनि केही फेला पारेनौं
तापनि, तपाईंको वचनमा म जाल
हान्नेछु।' ६ अनि त्यो गरेपछि तिनी-
हरूले एक थुप्रो माछा पक्रे, र तिनीहरूका
जाल फाट्नलागे। ७ औ तिनीहरूले अर्को
डुङ्गामा भएका हिस्सेदारहरूलाई 'आएर
हामीलाई गुहार गर' भन्ने इशारा गरे, औ
तिनीहरूले आएर दुवै डुङ्गा भरे। यहाँसम्म
कि डुङ्गाहरू डुब्नलागे।
८ तर यो देखेर 'हे प्रभु,
मबाट जाइजानुहोस्, किनभने म पापी
मानिस हुँ' भनेर शिमोन पत्रुस येशूका पाउमा
घोप्टो परे। ९ किनकि आफूले पक्रेका
माछाहरूको थुप्रो देखेर तिनी र तिनीसित
हुनेहरू सबैले साह्रै अचम्म माने।
१० त्यसैगरी जब्दीका छोराहरू, याकूब र
यूहन्ना पनि छक्क परे। तिनीहरू शिमोनसित
हिस्सादार थिए। येशूले शिमोनलाई भन्नुभयो,
'नडराऊ, अब उपरान्त तिमी मानिसहरू
पक्रने हुनेछौ।' ११ अनि डुङ्गाहरू पाखामा
ल्याएपछि ती सबै छोड़ेर तिनीहरू उहाँका
पछि लागे।
१२ जब उहाँ कोही एउटा शहरमा
हुनुहुन्थ्यो, तब कोरले भरिएको एउटा
मानिसले येशूलाई देखेर घोप्टो परेर बिन्ती
गर्‍यो, 'हे प्रभु, तपाईंले इच्छा गर्नुभयो
भने मलाई शुद्ध पार्नसक्नुहुन्छ।' १३ औ
उहाँले हात पसारेर 'म इच्छा गर्दछु
तिमी शुद्ध होइजाऊ' भन्दै त्यसलाई
छुनुभयो, औ तुरुन्तै त्यसको कोर त्यसबाट
हटिहाल्यो। १४ औ उहाँले त्यसलाई 'यो
कसैलाई नभन्नू है, तर गएर पूजाहारीकहाँ
आफैलाई देखाउनू, र मोशाले आज्ञा गरे
बमोजिम आफ्नो शुद्धइँको निम्ति तिनीहरूको
सामु गवाही दिनालाई भेटी चढ़ाउनू'
भनेर कड़ा आज्ञा दिनुभयो। १५ तर
उहाँको विषयको कुरा यति साह्रो बाहिर
फिँजियो, कि ठूला ठूला भीड़हरू उहाँको
कुरा सुन्नालाई र आफ्ना आफ्ना रोगहरू-
बाट निको हुनालाई आए। १६ तर उहाँ
एकलास ठाउँहरूमा गएर प्रार्थना गर्नुभयो।
१७ एक दिन उहाँ शिक्षा दिइरहनुहुँदा
गालील र यहूदियाको हरेक गाउँ
र यरूशलेमबाट आएका फरिसीहरू र
व्यवस्थाका अध्यापकहरू नजीक बसिरहेका
थिए। औ उहाँसँग निको पार्ने शक्ति

थियो। १८ औ मानिसहरूले एउटा
पक्षवाती मानिसलाई खाटमा ल्याए र
तिनीहरूले त्यसलाई भित्र ल्याउन र उहाँको
अगाड़ि राखिदिन खोजे। १९ तर भीड़ले
गर्दा त्यसलाई भित्र लैजाने केही बाटो
नपाएर छतमाथि चढ़े, र तिनीहरूले त्यसलाई
झिङ्टीहरूबाट खाटैसमेत माझमा येशूको
सामु ओह्रालिदिए।
२० अनि उहाँले तिनीहरूको विश्वास
देखेर भन्नुभयो, 'ए मानिस, तिम्रा
पाप तिमीलाई क्षमा भयो।' २१ तब
शास्त्री र फरिसीहरूले 'परमेश्वरको
निन्दा गर्ने यिनी को हुन्? परमेश्वरबाहेक
अरू कसले पाप क्षमा गर्नसक्छ र?' भनेर
तर्क गर्नलागे। २२ तर येशूले तिनीहरूका
तर्क थाह पाएर तिनीहरूलाई जवाफ दिएर
भन्नुभयो, 'तिमीहरू आफ्ना हृदयमा के तर्क
गर्दछौ? २३ 'तिम्रा पाप क्षमा भयो'
भन्नु, कि 'उठेर हिंड़' भन्नु, कुन चाहिं
सजिलो छ? २४ तर मानिसको पुत्रलाई
पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भन्ने
तिमीहरूले जान भनेर (उहाँले त्यस
पक्षवातीलाई भन्नुभयो), 'म तिमीलाई
भन्दछु, उठ र आफ्नो खाट उठाएर घर
जाऊ।' २५ अनि त्यो तुरुन्तै तिनीहरूको
सामु जुरुक्कै उठेर जेमा त्यो पड़िरहेको थियो
त्यो उठाएर परमेश्वरको महिमा गर्दै आफ्नो
घरतिर लाग्यो। २६ तब सबै जना
आश्चर्यमा परे, र तिनीहरूले परमेश्वरको
महिमा गरे, औ डरले भरिएर यसो भने,
'आज हामीले अनौठो कुरा देख्यौं।'

लेवीको बोलावट

२७ अनि यी कुरापछि उहाँ बाहिर
जानुभयो, र लेवी नाउँ भएको एक जना
महसूल उठाउनेलाई भन्सारमा बसिरहेका
देख्नुभयो, र तिनलाई भन्नुभयो, 'मेरोपछि
लाग।' २८ तब सबै छोड़ेर तिनी उठे, र
उहाँको पछि लागे। २९ अनि लेवीले
आफ्नो घरमा उहाँको निम्ति ठूलो भोज
खुवाए। त्यहाँ महसूल उठाउनेहरूको र
तिनीहरूसित भोजमा बस्ने अरूहरूको ठूलो
भीड़ थियो। ३० औ फरिसीहरू र तिनी-
हरूका शास्त्रीहरूले उहाँका चेलाहरूका
विरुद्धमा यसो भनेर गनगनाउनलागे, 'तिमीहरू
महसूल उठाउनेहरू र पापीहरूसित किन
खान-पीन गर्दछौ?' ३१ तर येशूले
तिनीहरूलाई भन्नुभयो, 'निरोगीलाई वैद्यको
दरकार हुँदैन, तर बिरामीहरूलाई मात्र।
३२ म धर्मीहरूलाई होइन, तर पापी-
हरूलाई पश्चातापको निम्ति बोलाउन
आएको हुँ।'

उपवास विषय प्रश्न

३३ अनि तिनीहरूले उहाँलाई भने,
'यूहन्नाका चेलाहरू वारंवार उपवास बस्तछन्
र प्रार्थना गर्दछन्। त्यसैगरी फरिसीहरूका
पनि, तर तपाईंका ता खान्छन् र पिउँछन्।'
३४ येशूले तिनीहरूलाई भन्नुभयो 'के दुलहा
साथमा छउञ्जेल जन्तिहरूलाई उपवास राख्न-
सक्छौ? ३५ तर ती दिन आउनेछन्
जब दुलहा तिनीहरूबाट छुट्टिनेछन् तब
तिनीहरू ती दिनमा उपवास बस्नेछन्।'
३६ औ उहाँले तिनीहरूलाई एउटा उखान
पनि भन्नुभयो, 'कुनै मानिसले नयाँ लुगाबाट
च्यातेर पुरानो लुगा टाल्दैन, नत्रता त्यसले
नयाँलाई फटाउँछ, औ नयाँ टालो पुरानो-
सित मिल्दैन पनि। ३७ औ कुनै मानिसले
नयाँ दाखमद्य पुरानो छालाको भाँड़ामा
हाल्दैन, नत्रता नयाँ मद्यले भाँड़ाहरूलाई
फुटाइदिन्छ, र आफै पनि पोखिन्छ, र भाँड़ा-
हरू पनि नष्ट हुन्छन्। ३८ तर नयाँ
दाखमद्य नयाँ छालाका भाँड़ाहरूमा हाल्नु-
पर्दछ। ३९ कुनै मानिसले पुरानो दाखमद्य
पिएर नयाँको चाह गर्दैन, किनकि त्यसले
भन्छ, 'पुरानै असल छ'।'

विश्राम दिनको पालन

६ अनि विश्रामको दिनमा उहाँ अन्नको
खेतबाट भएर जाँदैहुनुहुन्थ्यो, र
उहाँका चेलाहरूले बाला टिपेर हातमा माड्दै
खानलागे। २ तर फरिसीहरूमध्ये कुनै
कुनैले तिनीहरूलाई भने, ‘विश्रामको दिनमा
जे गर्नु उचित छैन त्यो तिमीहरूले किन
गर्दछौ ?’ ३ येशूले तिनीहरूलाई जवाफ
दिएर भन्नुभयो, ‘के तिमीहरूले यो पनि
पढ़ेका छैनौ, दाऊदले जब तिनी आफै र
तिनीसित हुनेहरू भोकाएका थिए, तब के गरे ?
४ कसरी परमेश्वरको घरमा पसेर तिनले
नैवेद्यका रोटी झिकेर खाए, र तिनीसित हुने-
हरूलाई पनि दिए, जो खान पूजाहारीहरूले
बाहेक अरूले उचित थिएन।’ ५ अनि
उहाँले तिनीहरूलाई भन्नुभयो, ‘मानिसको
पुत्र विश्रामको दिनको पनि प्रभु हो।’
६ अर्को विश्रामको दिनमा सभाघरभित्र
पसेर उहाँले शिक्षा दिनुभयो। दाहिने
हात सुकेको एउटा मानिस त्यहाँ थियो।
७ शास्त्रीहरू र फरिसीहरूले उहाँलाई दोष
लाउनालाई चेवा गर्दथिए। ८ तर उहाँले
तिनीहरूका विचार थाह पाउनुभयो, र
सुकेको हात भएको मानिसलाई उहाँले
भन्नुभयो, ‘उठेर माझमा खड़ा होऊ।’
अनि त्यो खड़ा भयो। ९ तब येशूले
तिनीहरूलाई भन्नुभयो, ‘म तिमीहरूलाई
सोध्दछु, ‘विश्रामको दिनमा असल गर्नु कि
खराब गर्नु, प्राण बचाउनु कि नाश गर्नु,
कुन उचित हो ?’ १० अनि उहाँले ती
सबैमाथि चारैतिर हेरेर त्यस मानिसलाई
भन्नुभयो, ‘तिम्रो हात पसार।’ औ त्यसले
त्यसै गर्‍यो, र त्यसको हात निको भइगयो।
११ तर तिनीहरू रिसले बौलाए, र येशूलाई
के गरौं भनी आपसमा सल्लाह गरे।
१२ ती दिनमा उहाँ डाँड़ामा
प्रार्थना गर्नालाई निस्कनुभयो, र परमेश्वरको
प्रार्थनामा रातभर बिताउनुभयो।

बाह्र चेलाहरू

१३ औ दिन भएपछि उहाँले आफ्ना
चेलाहरूलाई आफूकहाँ बोलाएर तिनीहरूमध्ये
बाह्र जनालाई छान्नुभयो, र उहाँले तिनी-
हरूलाई प्रेरित भन्ने नाउँ पनि दिनुभयो।
१४ शिमोन, जसलाई उहाँले पत्रुस नाउँ
पनि राख्नुभयो, र तिनका दाज्यू अन्द्रियास,
औ याकूब र यूहन्ना, र फिलिप र
बर्थुलमाई, १५ औ मत्ती र थोमा,
अल्फाइको छोरो याकूब, र शिमोन, जसलाई
विप्लवी भनिन्थ्यो, १६ याकूबको छोरो
यहूदा, र यहूदा इस्करयोती, जो विश्वासघाती
भयो। १७ अनि तिनीहरूसित ओर्लेर उहाँ
एउटा सम्म जग्गामा खड़ा हुनुभयो। औ
उहाँका चेलाहरूको ठूलो भीड़ र सारा
यहूदिया, यरूशलेम, टायर, र सायडनका
समुद्रका किनारबाट मानिसहरूको ठूलो भीड़,
उहाँका कुरा सुन्नालाई र आफ्ना आफ्ना
रोग निको तुल्याउनालाई, आएका थिए।
१८ औ अशुद्ध आत्माहरूबाट क्लेशित
भएकाहरू पनि निको भए। १९ औ सारा
भीड़ उहाँलाई छुन खोज्दथियो, किनकि शक्ति
उहाँबाट निस्कन्थ्यो, र ती सबैलाई निको
पार्दथियो।

येशूका परम शिक्षा

२० तब उहाँले आफ्ना चेलाहरूमाथि
नजर लगाएर भन्नुभयो,
धन्य दीन हुनेहरू, किनभने परमेश्वरको
राज्य तिनीहरूकै हो।
२१ धन्य अहिले भोकाउनेहरू किनभने
तिमीहरू तृप्त हुनेछौ। धन्य अहिले रूनेहरू,
किनभने तिमीहरू हाँस्नेछौ।
२२ धन्य जब मानिसको पुत्रको निम्ति
मानिसहरूले तिमीहरूलाई घृणा गर्नेछन्, औ
तिमीहरूलाई निकालिदिनेछन्, र तिमीहरूको
निन्दा गर्नेछन्, र दुष्ट ठानेर तिमीहरूको

नाउँ बहिष्कार गर्नेछन्, २३ त्यस दिन
रमाओ, र खुशीले उफ्र, किनभने स्वर्गमा
तिमीहरूको इनाम ठूलो हुन्छ। किनकि
तिनीहरूका पुर्खाहरूले अगमवक्ताहरूलाई त्यसै
गरेथे।

२४ तर हाय, धनीहरू! किनभने तिमीहरूले
आफ्नो सान्त्वना पाएकै छौ। २५ हाय,
तिमीहरू अहिले पूर्ण भएकाहरू! किनभने
तिमीहरू भोकाउनेछौ। हाय, तिमीहरू
अहिले हाँस्नेहरू! किनभने तिमीहरू शोक
गर्ने र रुनेछौ। २६ हाय, तिमीहरू जब
सबै मानिसहरूले तिमीहरूको असल बोल्नेछन्!
किनकि यसरीनै तिनीहरूका पुर्खाहरूले झूटा
अगमवक्ताहरूलाई गरेका थिए।

शत्रुप्रति प्रेम

२७ तर तिमी सुन्नेहरूलाई म भन्दछु,
आफ्ना शत्रुलाई प्रेम गर, र तिमीहरूलाई
घृणा गर्नेहरूलाई भलाइ गर, २८ तिमीहरू-
लाई सराप्नेहरूलाई आशीर्वाद देओ।
तिमीहरूको अनादर गर्नेहरूका निम्ति प्रार्थना
गर। २९ तिमीलाई एक गालामा चट्काउने-
लाई अर्को पनि थापिदेऊ, र जसले तिम्रो
खास्टो खोस्तछ, त्यसलाई दौरा पनि
दिनालाई इन्कार नगर।

३० औ तिमीसित माग्ने हरेकलाई
देऊ, र तिम्रो माल लैजानेसँग फेरि
नमाग,

३१ औ जसो मानिसहरूले तिमीहरूसित
गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ,
तिमीहरूले पनि तिनीहरूसित त्यसै गर।
३२ तिमीहरूलाई प्रेम गर्नेहरूसँग प्रेम गर्दछौ
भने तिमीहरूलाई के स्याबासी छ र?
किनकि पापीहरूले पनि आफूलाई प्रेम गर्ने-
हरूसँग प्रेमनै गर्दछन्। ३३ तिमीहरूलाई
भलाइ गर्नेहरूलाई भलाइनै गर्दछौ भने
तिमीहरूलाई के स्याबासी छ? किनकि
पापीहरूले पनि ता त्यसै गर्दछन्।
३४ जसबाट फेरि पाउने आशा
राख्तछौ, तिनीहरूलाई ऋण दिन्छौ भने
तिमीहरूलाई के स्याबासी छ किनकि
पापीहरूले पनि ता फेरि उत्तिनै पाउनालाई
पापीहरूलाई ऋण दिन्छन्।

३५ तर आफ्ना शत्रुहरूलाई प्रेम गर,
र तिनीहरूको भलाइ गर, औ फेरि केहीको
आशा नगरेर ऋण देऊ, र तिमीहरूको
इनाम ठूलो हुनेछ, औ परमप्रधानका सन्तान
ठहरिनेछौ, किनकि उहाँ बैगुणी र दुष्टमाथि
कृपालु हुनुहुन्छ। ३६ जस्तो तिमीहरूका
पिता कृपालु हुनुहुन्छ, त्यस्तै तिमीहरू पनि
कृपालु होओ।

३७ औ आलोचना नगर, र तिमीहरूको
आलोचना हुनेछैन। दोष नलगाओ, र तिमी-
हरूलाई दोष लाग्नेछैन। क्षमा गर, र
तिमीहरूलाई पनि क्षमा हुनेछ। ३८ देओ,
र तिमीहरूलाई दिइनेछ। पूरा नाप खाँदी
खाँदी, बेसरी हल्लाएर पोखिने गरी तिमीहरूको
पोल्टामा दिनेछन्। किनकि जुन नापले
तिमीहरू नाप्तछौ, त्यसरी तिमीहरूका निम्ति
पनि नापिनेछ।'

३९ अनि उहाँले तिनीहरूलाई एउटा
उखान पनि भन्नुभयो, 'के अन्धाले
अन्धालाई डोर्‍याउनसक्छ? के तिनीहरू
दुवै खाल्टामा पर्दैनन् र? ४० चेला
आफ्ना गुरुभन्दा उत्तम हुँदैन, तर
हरेक निपुण भएपछि आफ्ना गुरु जत्तिकै
हुनेछ। ४१ औ तिमी आफ्नो भाइको
आँखामा भएको छेस्का किन देख्तछौ?
तर आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहै
पाउँदैनौ? ४२ कि तिमी आफ्नो भाइलाई
'ए भाइ, तिम्रो आँखामा भएको छेस्का
मलाई निकाल्न देऊ' भनी कसरी भन्नसक्छौ?
जब तिमी आफै आफ्ना आँखामा भएको
मूढ़ा चाहिँ देख्तैनौ? ए कपटी, पहिला
आफ्नै आँखाबाट मूढ़ा निकाल, र तब पो
तिम्रो भाइको आँखामा भएको छेस्का
निकाल्नालाई छर्लङ्ग देख्नेछौ। ४३ किनकि

खराब फल फलाउने कोही असल रूख
हुँदैन, फेरि असल फल फलाउने कोही
खराब रूख हुँदैन। ४४ किनकि हरेक
रूख त्यसकै फलबाट चिनिन्छ, किनभने
काँढ़ाका झाँगबाट मानिसले नेभारा
बटुल्दैनन्, नता घ्याम्पे ऐसेलुको झाँगबाट
अङ्गूर बटुल्दछन्। ४५ असल मानिसले
आफ्नो हृदयको असल भण्डारबाट असलै थोक
निकाल्दछ, र दुष्ट मानिसले आफ्नो हृदयको
दुष्ट भण्डारबाट दुष्टै थोक निकाल्दछ।
किनकि हृदयमा जे प्रशस्त हुन्छ त्यही त्यसको
मुखले बोल्दछ।
४६ औ जब मैले भनेका कुरा गर्दैनौ
भने किन मलाई 'हे प्रभु, प्रभु,' भन्दछौ?
४७ जो कोही मकहाँ आएर मेरा वचन
सुनेर ती गर्दछन्, त्यो को जस्तो हो, म
तिमीहरूलाई देखाउनेछु, ४८ त्यो एउटा
घर बनाउने मानिस जस्तो हो, जसले
गहीरो गरी खनेर चटानमाथि जग बसाल्यो,
औ भल चलेर खोलो त्यस घरमाथि
ओइरँदा पनि त्यसलाई डगाउनसकेन, किनकि
त्यो पक्का बनिएको थियो। ४९ तर
जसले सुनेर त्यो गर्दैन, त्यो एउटा मानिस
जस्तो हो, जसले जमीनमा जगविनाको
घर बनायो, र त्यसमाथि भल ओइरियो,
र त्यो तुरुन्तै ढल्यो, र त्यस घरको ठूलो
सर्वनाश भयो।'

कप्तानको नोकर

७ आफ्ना सबै कुरा मानिसहरूलाई
सुनाइसक्नुभएपछि उहाँ कफर्नहुममा
पस्नुभयो। २ औ कुनै एउटा कप्तानको एक
जना प्यारो दास बिरामी भएर मर्न लागेको
थियो। ३ येशूको बारेमा सुनेर तिनले
उहाँकहाँ आएर तिनको दासलाई निको
पारिदिनोस् भनी यहूदीहरूका बूढ़ा-प्रधानहरू-
लाई बिन्ती गर्न पठाए। ४ अनि तिनीहरू
येशूकहाँ आएर यसो भनेर उहाँलाई जोरसँग
बिन्ती गरे, 'जसको निम्ति यो काम गरि-
दिनुहुनेछ तिनी योग्य छन्, ५ किनभने
तिनी हाम्रा जातिलाई प्रेम गर्दछन्, र
तिनलेनै हाम्रा निम्ति सभाघर बनाइदिएका
हुन्।' ६ येशू तिनीहरूसित जानुभयो, तर
उहाँ घरबाट टाढ़ामा नहुँदै कप्तानले आफ्ना
मित्रहरू उहाँकहाँ यसो भनी बिन्ती गर्न-
पठाए, 'हे प्रभु, तकलीफ नगर्नुहोस्, किनभने
तपाईं मेरो छानामनि आउनुहुने लायकको म
छैनँ, ७ यसैकारण म आफै पनि तपाईंकहाँ
आउने लायकको मैले सम्झिनँ, तर वचन
बोलिदिनुहोस्, र मेरो दास निको हुनेछ।
८ किनकि म पनि अधिकारमा रहेको
मानिस हुँ, औ सिपाहीहरू ममनि छन्।
म एउटालाई भन्छु, 'जा', त त्यो जान्छ,
औ अर्कोलाई 'आइज' त त्यो आउँछ, औ
मेरो दासलाई 'यो गर्' त त्यसले गर्छ।'
९ येशूले यो कुरा सुनेर तिनीसँग अचम्म
मान्नुभयो, र उहाँका पछिपछि आउने
भीड़तिर फर्केर भन्नुभयो, 'म तिमीहरूलाई
भन्दछु, मैले यस्तो ठूलो विश्वास देखेको
छैनँ—अहँ, इस्राएलमा पनि छैन।' १० अनि
पठाइएकाहरूले घर फर्केर त्यस दासलाई निको
भएको भेट्टाए।

विधवाको छोरा

११ केही दिनपछि उहाँ नाइन नाउँ
भएको शहरमा जानुभयो, औ उहाँका
चेलाहरू र एउटा ठूलो भीड़ उहाँका साथमा
गए। १२ जब उहाँ शहरको ढोकाको
नजीक पुग्नुभयो, तब हेर, एउटा विधवाको
एउटै छोरोको मुर्दा लगिँदै थियो, औ
शहरको निकै ठूलो भीड़ तिनीसँग थियो।
१३ जब प्रभुले तिनलाई देख्नुभयो,
तब तिनीमाथि टिठाएर भन्नुभयो, 'नरोऊ।'
१४ औ नजीक गएर उहाँले अर्थी
छुनुभयो, र बोक्नेहरू टक्क अड़िए।
अनि उहाँले भन्नुभयो, 'ए युवक, म

तिमीलाई भन्दछु, उठ।' १५ तब जो
मरेको थियो उठेर बस्यो, र बोल्नलाग्यो,
औ उहाँले त्यसलाई आमाको जिम्मा
लगाउनुभयो। १६ औ सबै डराए, र
परमेश्वरको महिमा गरेर भने, 'एउटा महान्
अगमवक्ता हाम्रा बीचमा निस्केका छन्,
र परमेश्वरको कृपादृष्टि उहाँका मानिसहरूमाथि
परेको छ।' १७ औ उहाँको विषयको यो
खबर सारा यहूदिया र वरिपरिको सबै
प्रदेशमा फिँजियो।

बप्तिस्मा दिने यूहन्ना

१८ यूहन्नालाई तिनका चेलाहरूले यी
सब कुराको समाचार भनिदिए। १९ औ
आफ्ना चेलाहरूमध्ये दुइ जनालाई बोलाएर
यूहन्नाले प्रभुकहाँ यसो भन्न पठाए, 'के
आउनेवाला तपाईंनै हुनुहुन्छ, कि हामी
अर्कोको बाटो हेरौं?' २० जब ती
मानिसहरू उहाँकहाँ आए, तब तिनीहरूले
भने, 'बप्तिस्मा दिने यूहन्नाले हामीलाई यो
सोध्नालाई तपाईंकहाँ पठाएका छन्, 'के
आउनेवाला तपाईंनै हुनुहुन्छ, कि हामी
अर्कोको बाटो हेरौं?' २१ त्यसै बेला
उहाँले धेरैलाई रोग, व्यथा र दुष्ट आत्मा-
हरूबाट छुटाउनुभयो, औ धेरै अन्धाहरूलाई
दृष्टिको शक्ति निगाह भयो। २२ औ उहाँले
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू आफ्नो
बाटो लाग, र जे तिमीहरूले देख्यौ र
सुन्यौ, गएर सो यूहन्नालाई भन, अर्थात्
अन्धाहरूले दृष्टि पाउँछन्, लङ्गडाहरू
हिंड्छन्, कोरीहरू शुद्ध हुन्छन्, बहिराहरू
सुन्छन्, मुर्दाहरू बिउँतन्छन्, गरीबहरूलाई
सुसमाचार सुनाइन्छन्, २३ औ त्यो धन्य
हो, जसले मसँग चित्त दुखाउँदैन।'

२४ औ यूहन्नाले पठाएका मानिसहरू
फर्केपछि उहाँले यूहन्नाका बारेमा भीड़हरूलाई
भन्नलाग्नुभयो, 'तिमीहरू वनमा के हेर्न
गयौ? के बतासले हल्लाइराखेको
निगालोलाई? २५ तर तिमीहरू के हेर्न
निस्क्यौ? के असल लुगा लाएको
मानिसलाई? हेर, चमकदार वस्त्र लाउने र
सुख-विलासमा बस्नेहरू ता राजदरबारहरूमा
पो हुन्छन्। २६ तर तिमीहरू के हेर्नालाई
निस्क्यौ? के अगमवक्तालाई? अँ, म
तिमीहरूलाई भन्दछु, अगमवक्ताभन्दा पनि
श्रेष्ठलाई। २७ यी तिनै हुन्, जसका
विषयमा लेखिएको छ,

'हेर, म आफ्ना दूतलाई तिम्रो अगि
पठाउँछु,
जसले तिम्रो बाटो तिम्रो अगाड़ि तयार
पार्नेछ'।'

२८ म तिमीहरूलाई भन्दछु, 'स्त्रीहरूबाट
जन्मेकामध्ये यूहन्नाभन्दा ठूलो कोही छैन,
तापनि जो परमेश्वरको राज्यमा सानो छ,
त्यो तिनीभन्दा ठूलो हुन्छ।' २९ अनि
सबै मानिसहरूले र महसूल उठाउनेहरूलेसमेत
यो सुनेर, यूहन्नाबाट बप्तिस्मा लिएका
हुनाले, परमेश्वरलाई सत्य ठहराए। ३० तर
फरिसीहरू र व्यवस्थाका अध्यापकहरूले चाहिं
तिनीबाट बप्तिस्मा नलिएका हुनाले परमेश्वरको
अभिप्रायलाई आफ्नो निम्ति रद्द गरे।
३१ 'यसकारण यस पुस्ताका मानिसहरूलाई
म केसित तुलना गरूँ? र तिनीहरू के
जस्ता छन्? ३२ तिनीहरू ता बजारमा
बस्ने र एक दोस्रोलाई यसो भन्दै बोलाउने
केटाकेटीहरू जस्ता छन्, 'हामीले तिमीहरूका
निम्ति बाँसुरी बजायौं, औ तिमीहरू नाचेनौ,
हामीले बिलौना गर्‍यौं, तर तिमीहरू रोएनौ।'
३३ किनभने बप्तिस्मा दिने यूहन्ना नता
रोटी खाँदै, न दाखमद्य पिउँदै आए, औ
तिमीहरू भन्दछौ, 'उसलाई भूत लागेको छ।'
३४ मानिसको पुत्र चाहिं खाँदै र पिउँदै
आयो, औ तिमीहरू भन्दछौ, 'हेर, एउटा
घिचुवा र जँड्याहा, महसूल उठाउनेहरू र
पापीहरूको मित्र!' ३५ औ बुद्धिनै त्यसका
सबै सन्तानमा सत्य ठहरिनेछ।'

३६ अनि फरिसीहरूमध्ये एक जनाले

उहाँलाई खानामा निम्तो दिए, र उहाँ त्यस
फरिसीको घरमा पसेर खान बस्नुभयो।
३७ औ हेर, शहरको एउटी पापी
आइमाईले उहाँ त्यस फरिसीको घरमा खान
बस्नुभएको छ भन्ने सुनी, र एउटा
सिङ्गमर्मरको भुँडुल्कोमा मलहम लिएर,
३८ पछिल्तिरबाट उहाँका पाउनेर उभिएर
रूँदै उहाँका पाउ आँसुले भिजाउन लागी,
र आफ्नो शिरका कपालले पुछ्तै उहाँका
पाउलाई चुम्मन गरी, औ त्यो मलहम
घस्नलागी। ३९ तर यो देखेर उहाँलाई
निम्तो गर्ने फरिसीले मनमनै यसो भन्नलागे,
'यिनी अगमवक्ता हुँदाहुन् ता उनलाई छुने
को र कस्ती आइमाई हो भनी यिनले
जान्ने थिए, किनकि यो ता पापीनी
हो।'
४० येशूले तिनलाई भन्नुभयो, 'ए
शिमोन, मैंले तिमीलाई केही भन्नुछ।'
तिनले भने, 'गुरुज्यू, भन्नुहोस्।'
४१ 'कोही महाजनका दुइ ऋणीहरू थिए,
एउटाले पाँच सय दिनार र अर्कोले पचास
दिनार ऋण लिएका थिए। ४२ तर
तिनीहरूसित तिर्ने केही नहुँदा तिनले दुवैलाई
माफी दिए। यसकारण भन त, यी दुइमध्ये
कुन चाहिँले तिनलाई ज्यादा प्रेम गर्नेछ?'
४३ अनि शिमोनले भने, 'म ठान्छु,
जसलाई तिनले बेसी माफी दिए।'
अनि उहाँले तिनलाई भन्नुभयो, 'तिमीले
ठीकै विचार गरेका छौ।' ४४ औ त्यस
आइमाईतिर फर्केर उहाँले शिमोनलाई
भन्नुभयो, 'तिमी यस आइमाईलाई देख्तछौ?
म तिम्रो घरमा आएँ, औ तिमीले मलाई
खुट्टा धुने पानी पनि दिएनौ, तर यसले
मेरा खुट्टा आँसुले भिजाई, र आफ्ना
कपालले पुछी। ४५ तिमीले मलाई म्वाइँ
गरेनौ, तर यसले ता, यहाँ म आएदेखिनै,
मेरा खुट्टाले उत्सुक्तासित म्वाइँ गर्न छोड़ेकी
छैन। ४६ तिमीले मेरो शिरमा तेल घसि
दिएनौ, तर यसले ता मेरा खुट्टामा मलहम
घसेकी छ। ४७ यसकारण म तिमीलाई
भन्दछु, त्यसका पाप जो धेरै छन् सो क्षमा
भएका छन्, किनकि त्यसले ज्यादा प्रेम
गरी, तर जसलाई थोरै क्षमा गरिन्छ, त्यसले
थोरैनै प्रेम गर्दछ।' ४८ अनि उहाँले
त्यसलाई भन्नुभयो, 'तिम्रा पाप क्षमा भएका
छन्।' ४९ औ खान बस्नेहरूले आपसमा
भन्नलागे, 'पाप क्षमा गर्ने यिनी को हुन्?'
५० तर उहाँले त्यस आइमाईलाई भन्नुभयो,
'तिम्रो विश्वासले तिम्रो उद्धार भएको छ,
शान्तिसित जाऊ।'

८ अब यसको केही दिनपछि उहाँ
शहर शहर र गाउँ गाउँ हुँदो
प्रचार गर्दै र परमेश्वरको राज्यको सुसमाचार
सुनाउँदै हिंड्नुभयो, औ बाह्रजना उहाँसँग
थिए, २ औ कुनै कुनै स्त्रीहरू पनि, जो
दुष्ट आत्माहरू र रोगहरूबाट निको भएका
थिए, अर्थात् मगदलिनी भन्ने मरियम, जस-
बाट सातवटा भूत निस्केका थिए। ३ औ
हेरोदका कारिन्दा चूजाकी पत्नी योअन्ना, र
सुजाना जसले आफ्ना धनले उहाँको सेवा
गर्दथिए।

बिउ छर्नेको उखान

४ अब ठूलो भीड़ जम्मा हुँदा र शहर
शहरका मानिसहरू उहाँकहाँ आउँदा उहाँले
तिनीहरूलाई एउटा उखान भन्नुभयो।
५ 'एउटा बिउ छर्ने बिउ छर्नालाई निस्क्यो,
औ छर्दाहुँदि केही बाटोको किनारमा परे,
र ती कुल्चिए, औ आकाशका चरा-चुरुङ्गीहरूले
ती खाइहाले। ६ औ अरू चटानमाथि
परे, र ती उम्रनेबित्तिकै सुके, किनभने
तिनमा ओस थिएन। ७ औ अरूहरू चाहिँ
काँढ़ाका झाँगका बीचमा परे, र तिनका
साथमा काँढ़ाहरू पनि बढ़ेर आए, र
तिनलाई निसासिदिए। ८ औ अरूहरू
चाहिँ असल जमीनमा परे, र उम्रेर सय

गुणा फल फलाए।' यी कुरा भनेर उहाँले
उच्च सोरले कराएर भन्नुभयो, 'जसको सुन्ने
कान छ, त्यसले सुनोस्।'
९ तब यी उखान के होला भनेर
उहाँका चेलाहरूले उहाँलाई सोधे।
१० उहाँले भन्नुभयो, 'तिमीहरूलाई ता
परमेश्वरको राज्यको भेद जान्न दिइएको
छ, तर अरूहरूलाई ता उखानहरूमा, कि
तिनीहरूले हेरेर पनि नदेखून्, औ सुनेर
पनि नबुझून्। ११ अब उखान यो हो,
बिउ चाहिँ परमेश्वरको वचन हो,
१२ औ बाटोको किनारका चाहिँ, जसले
सुन्छन् तर विश्वास गरेर तिनीहरूको उद्धार
हुन्छ भनेर शैतानले आएर तिनीहरूका
हृदयबाट वचन हरेर लैजान्छ।
१३ चटानमाथि पर्ने चाहिँ ती हुन्,
जसले जब सुन्छन्, तब खुशीसित वचन
ग्रहण गर्छन्, तब जरा नहुनाले केही समय
ता विश्वास गर्छन् तर परीक्षाको बेलामा
पछि हटिहाल्छन्।
१४ काँढाका बीचमा पर्ने चाहिँ ती
हुन्, जसले सुन्छन् तर पछि यस जीवनका
चिन्ता, धन, सुख चैनमा परेर निसासिन्छन्,
र तिनमा फल पाक्न पाउँदैनन्।
१५ तर असल जमीनमा पर्ने चाहिँ ती
हुन्, जसले वचन सुनेर असल र भला
हृदयमा जोगाई राख्छन्, औ धीरजसित
फल फलाउँछन्।
१६ कसैले बत्ती बालेर भाँडाले छोप्तैन,
कि खाटमनि राख्तैन, तर भित्र आउनेहरूले
उज्यालो देखून् भनेर सामदानमा राख्तछ,
१७ प्रकट हुन नसक्ने गरी दबेको र
प्रकाशमा नआउनेगरी गुप्तमा रहेको
केही छैन। १८ यसकारण होशियार रहो,
तिमीहरू कसरी सुन्छौ, किनकि जससँग
छ त्यसलाई दिइनेछ, औ जससँग छैन
त्यससँगबाट त्यसले छ भनी ठानेको पनि
हरिनेछ।'
१९ अनि उहाँका आमा र भाइहरू
उहाँकहाँ आए, तर भीड़ले गर्दा उहाँको
नजीक आउनसकेनन्। २० औ उहाँलाई
खबर दिइयो, कि तपाईंका आमा र
भाइहरू तपाईंलाई भेट्ने मन गरी बाहिर
उभिरहेकाछन्। २१ तर उहाँले तिनीहरूलाई
भन्नुभयो, 'मेरो आमा र मेरा भाइहरू
तिनै हुन्, जसले परमेश्वरको वचन सुन्छन्,
र त्यो पालन गर्छन्।'
२२ एक दिन उहाँका चेलाहरू डुङ्गामा
चढ्नुभयो, र उहाँले तिनीहरूलाई भन्नुभयो,
'लौ, हामी ताल्को पारिपट्टि जाऔं।' औ
उहाँहरू चढेर गए। २३ तर जसै उहाँहरू
हिँड्नुभयो तब उहाँ निदाइहाल्नुभयो,
औ ताल्मा आँधी बेहेरी चल्यो, डुङ्गा
पानीले भरिनलाग्यो, औ तिनीहरू आपतमा
परे, २४ अनि तिनीहरूले नजीक आएर
उहाँलाई यसो भन्दै ब्यूँझाए, 'हे गुरुज्यू,
गुरुज्यू, हामी नष्ट हुनलाग्यौं।' उहाँले
उठेर बतास र पानीको प्रकोपलाई हकार्नुभयो,
र ती थामिएर शान्त भए। २५ अनि
उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूको
विश्वास कहाँ गयो?' औ तिनीहरू डराएर
छक्क परे, र आपसमा भने, 'यिनी को हुन्
बतास र पानीलाई पनि आज्ञा दिन्छन् औ
तिनीहरू यिनको आज्ञा मान्छन्।'

भूत लागेको मानिस

२६ अनि उहाँहरू गिरासिनीको प्रदेशमा
आइपुग्नुभयो, जो गालीलको पारिपट्टि छ।
२७ औ जब उहाँ पाखामा उत्रनुभयो तब
उहाँले शहरको एउटा मानिस भेट्नुभयो,
जसलाई भूतहरू लागेका थियो, धेरै समय
देखि लुगा लाउँदैन थियो, र कुनै घरमा
नबसी चिहानहरूमा बस्तथियो। २८ त्यसले
येशूलाई देखेर चिच्याएर उहाँको सामु
घोप्टो परी उच्च सोरले भन्यो, 'हे
परमप्रधान परमेश्वरका पुत्र येशू, तपाईंसित
मेरो के सरोकार, म तपाईंलाई बिन्ती गर्दछु,

मलाई दुःख नदिनुहोस्।' २९ किनभने
उहाँले अशुद्ध आत्मालाई त्यस मानिसबाट
निस्केर आउने आज्ञा दिनुभएको थियो।
किनकि धेरैपल्ट त्यसलाई पक्रेको थियो,
र त्यो साङ्ला र नेलले बाँधेर सुरक्षित
राखिएको थियो, तर ती बन्धन भाँचेर
त्यस भूतले त्यसलाई एकलास ठाउँ
हुँदो लैजान्थ्यो। ३० येशूले त्यसलाई
सोध्नुभयो, 'तेरो नाउँ के हो?' त्यसले
भन्यो, 'फौज' किनभने धेरै भूतहरू त्यसमा
पसेका थिए। ३१ अनि 'हामीलाई अगाध
भड्खालोमा जाने हुकुम नहोस्' भनी
तिनीहरूले उहाँलाई बिन्ती गरे। ३२ त्यहाँ
डाँड़ामा सुङ्गुरहरूको एक ठूलो बथान
चरिरहेको थियो। तब तिनीहरूले तिनीहरूभित्र
पस्नदिनुहोस् भनी उहाँलाई बिन्ती गरे, र
उहाँले मन्जूर गर्नुभयो। ३३ अनि भूतहरू
त्यस मानिसबाट निस्केर ती सुङ्गुरहरूभित्र
पसे, र त्यो बथान भीरबाट हुरिँदै गएर
तल ताल्मा परे, र डुबेर मरे। ३४ अब
जे भएको थियो त्यो देखेर गोठालाहरू
भागे, र गएर शहर र गाउँ हुँदो यो कुरो
बताइदिए। ३५ अनि जे भएको थियो त्यो
हेर्नलाई मानिसहरू निस्केर आए, र येशूकहाँ
आएर जस मानिसबाट भूतहरू निस्केका
थिए। त्यसलाई लुगा लाएर सद्दे मनको भई
येशूका पाउकै नजीक बसिरहेका भेट्टाए,
औ तिनीहरू डराए। ३६ अनि देख्नेहरूले
पनि भूत लागेको मानिस कसरी निको भयो
सो तिनीहरूलाई बताइदिए। ३७ औ
गिरासिनीको आपसका प्रदेशका सबै मानिस-
हरूले उहाँलाई तिनीहरूसँगबाट गइहाल्नुहोस्
भनी बिन्ती गरे, किनभने तिनीहरूलाई
ज्यादै डर भएको थियो। अनि उहाँ
डुङ्गामा चढ़ेर फर्कनुभयो। ३८ तर जस
मानिसबाट भूतहरू निस्केका थिए, त्यसले
चाहिँ 'मलाई तपाईंसँगै रहनदिनुहोस्' भनी
उहाँलाई बिन्ती गर्नलाग्यो। तर येशूले
त्यसलाई यसो भनेर बिदा दिनुभयो,
३९ 'तिमी आफ्नो घरमा फर्क, र परमेश्वरले
तिम्रो निम्ती कति ठूलो काम गर्नुभयो, सो
सुनाऊ।' तब त्यो आफ्नो बाटो लाग्यो,
र येशूले त्यसको निम्ति कस्तो ठूलो काम
गर्नुभयो, सो सारा शहरभरि प्रचार गर्नलाग्यो।

याइरसकी छोरी

४० येशू फर्कनुहुँदा भीड़ले उहाँलाई
खुशीसित स्वागत गर्‍यो, किनकि तिनीहरू
सबैले उहाँलाई पर्खिरहेका थिए। ४१ अब
हेर, याइरस नाउँको एक जना सभाघरका
शासक आएर येशूका पाउमा परी
उहाँलाई तिनको घरमा आउनुहोस् भनी
बिन्ती गरे, ४२ किनकि बाह वर्षको
तिनकी एकमात्र छोरी थिई। त्यो मर्नै
लागेकी थिई। औ उहाँ जानुहुँदा भीड़हरूले
उहाँलाई घच्चा-घच्ची गर्दै थिए।
४३ औ बाह वर्षदेखि रगत बग्ने
व्यथा भएकी एउटी आइमाईले, आफ्नो
सारा जीविका वैद्यहरूलाई खर्च गरेर पनि
निको हुन सकेकी थिईन। ४४ त्यसले
पछिल्तिरबाट आएर उहाँको लुगाको किनार
छोई, र तुरुन्तै त्यसको रगत बग्ने रोकियो।
४५ येशूले भन्नुभयो, 'मलाई कसले छोयो,
हँ?' औ जब सबैले इन्कार गरे, तब पत्रुस
र तिनीहरूसँग हुनेहरूले भने, 'हे गुरुज्यू,
भीड़हरूले तपाईंलाई घेरेर मिच्दैछन्।'
४६ तर येशूले भन्नुभयो, 'कसैले मलाई
छोएकै हो, किनभने शक्ति मबाट निस्केर
गएको मैले थाह पाएँ।' ४७ तब म
छिपेकी रहिनछु भन्ने थाह पाएर त्यो
स्त्री काम्दै आई, र उहाँको सामने घोप्टो
परेर, के कारण त्यसले उहाँलाई छोई, र
कसरी आफू चट्ट निको भई, सो सब
मानिसहरूको सामु बताइदिई। ४८ औ
उहाँले त्यसलाई भन्नुभयो, 'ए छोरी, तिम्रो
विश्वासले तिमीलाई निको पारेको छ,
शान्तिसित जाऊ।'

४९ उहाँ बोल्दै हुनुहुन्थ्यो सभाघरका शासकककहाँबाट एउटाले आएर भन्यो, तपाईंकी छोरी मरी। अब गुरुलाई तकलीफ नदिनुहोस्।' ५० तर येशूले यो सुनेर तिनलाई भन्नुभयो, 'नडराऊ, विश्वास मात्र गर, र त्यो बाँच्नेछ।' ५१ जब उहाँ घरमा पुग्नुभयो तब उहाँले पत्रुस, याकूब, यूहन्ना र बालिकाका बाबु र आमाबाहेक अरू कसैलाई उहाँसित भित्र आउनदिनुभएन। ५२ औ सबै जना त्यसको लागि रूँदै र बिलौना गरिरहेका थिए, तर उहाँले भन्नुभयो, 'नरोओ, त्यो मरेकी छैन, तर निदाएकी छ।' ५३ औ त्यो मरिसकेकी थाह पाएर तिनीहरू उहाँमाथि गिल्ला गरेर हाँसे। ५४ तर उहाँले त्यसको हात समातेर यसो भनेर बोलाउनुभयो, 'ए कन्या, उठ्।' ५५ अनि त्यसको प्राण फर्केर आयो, औ त्यो तुरुन्तै उठी; र उहाँले त्यसलाई केही खान दिनू भन्ने आज्ञा गर्नुभयो। ५६ त्यसका आमा-बाबु छक्क परे तर उहाँले तिनीहरूलाई यो कुरा कसैलाई नभन्नू भन्ने कड़ा आज्ञा दिनुभयो।

बाह्र चेला

९ तब उहाँले बाह्रै जनालाई बोलाएर तिनीहरूलाई सबै भूतहरू धपाउन र रोगीहरू निको पार्नालाई शक्ति र अधिकार दिनुभयो। २ औ तिनीहरूलाई परमेश्वरको राज्यको प्रचार गर्न र बिरामीहरू निको पार्नालाई पठाउनुभयो। ३ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूको सफरमा साथमा केही नलेऊ—न लहुरो, न झोली, न रोटी, न पैसा, नता दुइ दौरा साथमा होस्। ४ औ जुन घरमा तिमीहरू पसौला त्यहीं बसिरहो, र त्यहींबाट बिदा होओ। ५ औ जतिले तिमीहरूलाई ग्रहण गर्दैन, तिमीहरू बिदा हुँदा तिमीहरूका खुट्टाको धूलो तिनीहरूको विरुद्धमा गवाहीको निम्ति टक्टक्याइदेओ।' ६ तब तिनीहरू बिदा भए, र सुसमाचार प्रचार गर्दै र जताततै निको पार्दै गाउँ गाउँ हुँदो गए। ७ अब यी सबै भएको सुनेर रजौटा हेरोद अन्योलमा परे, किनकि यूहन्ना मुर्दा-बाट बिउँतेका छन् भनेर कसै कसैले भन्थे। ८ औ कोही भन्थे, 'एलिया देखा परेका छन्,' औ अरूहरू भन्थे, 'उहिलेका अगमवक्ताहरूमध्ये एक जना उठेका छन्,।' ९ तब हेरोदले भने, 'यूहन्नाको ता शिर मैले कटाएँ, तर यी को हुन्, जसको विषयमा म यस्ता यस्ता कुराहरू सुन्दछु ?' अनि तिनले उहाँलाई हेर्नखोजे।

येशूले पाँच हजारलाई खुवाउनुभएको

१० अनि प्रेरितहरू फर्केर तिनीहरूले जे जे गरेका थिए सबै उहाँलाई बताए। औ उहाँले तिनीहरूलाई बेत्सैदा भन्ने शहरमा सुटुक्क लैजानुभयो। ११ तर यो थाह पाएर भीड़हरू उहाँका पछिपछि लागे। औ उहाँले तिनीहरूलाई खुशीसित ग्रहण गर्नुभयो, र परमेश्वरको राज्यको विषयका सुनाउनुभयो, औ निको पार्नु पर्ने जतिलाई निको पार्नुभयो। १२ अब दिन ढल्कन-लाग्यो, र बाह्रै जनाले आएर उहाँलाई भने, 'भीड़लाई बिदा दिनुहोस्, र तिनीहरू गएर आसपासका गाउँहरू र देहात हुँदो बास बसून्, औ खानेकुराहरूको बन्दोबस्त गरून्, किनकि यहाँ हामी एकलास ठाउँमा छौं।' १३ तर उहाँले तिनीहरूलाई भन्नुभयो, तिमीहरूलेनै तिनीहरूलाई खान देओ।' तब तिनीहरूले भने, 'हामीहरूसित पाँचवटा रोटी र दुइवटा माछाभन्दा बढ़ी केही छैन, तर गएर यी सबै मानिसका लागि हामीहरूले खानेकुरा किन्यौं भनेता हुन्छ होला।' १४ किनकि तिनीहरू पाँच हजार जति पुरुषहरू थिए। तब उहाँले आफ्ना चेला-हरूलाई भन्नुभयो, 'तिनीहरूलाई पचास

पचासको लहरमा बसाओ।' १५ तिनीहरूले
त्यसै गरे, र सबैलाई बसाए। १६ अब
उहाँले ती पाँचवटा रोटी र दुइवटा
माछा लिएर स्वर्गतिर हेरी आशीर्वाद
दिनुभयो, र भाँचेर भीड़को सामु सामु
राखिदिनू भनी चेलाहरूलाई दिनुभयो।
१७ अनि तिनीहरू खाएर तृप्त भए, औ
उब्रेका टुक्राहरू बाह्र डालोभरी उठाए।
१८ जब उहाँ एकलै प्रार्थना गरिरहनु-
भएको थियो तब चेलाहरू उहाँसित थिए,
औ उहाँले तिनीहरूलाई यसो भनी
सोध्नुभयो, 'म को हुँ भनेर मानिसहरू
भन्छन्?' १९ तिनीहरूले भने, 'यूहन्ना
बप्तिस्मा दिने, तर अरूहरूले एलिया, औ
अरूहरूले पहिलेका कोही अगमवक्ताहरूमध्ये
एक उठेको छ।' २० अनि उहाँले तिनी-
हरूलाई भन्नुभयो, 'तर तिमीहरू चाहिं के
भन्छौ, म को हुँ?' तब पत्रुसले जवाफ
दिएर भने, 'परमेश्वरका ख्रीष्ट!'
२१ तब उहाँले तिनीहरूलाई 'यो कुरा
कसैलाई नभन्नू' भनी कड़ा आज्ञा दिएर
चेताउनी दिनुभयो। २२ औ भन्नलाग्नु-
भयो, 'मानिसको पुत्रलाई धेरै दुःख उठाउनु,
बूढ़ा-प्रधानहरू, मुख्य पूजाहारीहरू र
शास्त्रीहरूबाट इन्कार हुनु, मारिनु र तेस्रो
दिनमा पुनरुत्थान हुनु आवश्यक छ।'

स्वार्थ-त्यागको निम्ति आह्वान

२३ तब उहाँले सबैलाई भन्नुभयो,
'कोही मपछि आउने इच्छा गर्छ भने
त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ
आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्।
२४ किनकि जसले आफ्नो प्राण बचाउने
इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ। तर
जसले मेरो खातिर आफ्नो प्राण गुमाउनेछ,
त्यसले त्यो बचाउनेछ। २५ किनकि सारा
जगत् प्राप्त गरेर आफैलाई चाहिं नोक्सानमा
पार्छ कि गुमाउँछ भने मानिसलाई के
लाभ हुन्छ र? २६ तर जो म र मेरा
वचनसँग शर्माउँछ मानिसको पुत्र पनि
आफ्नो महिमा र पिताको र पवित्र दूतगणको
महिमामा आउँदा त्यससँग शर्माउनेछ।
२७ तर म तिमीहरूलाई साँच्चै भन्दछु,
'यहाँ उभिनेहरूमध्ये कोही कोही छन्, जसले
परमेश्वरको राज्य नदेखुन्जेल कुनै रीतिले मृत्यु
चाख्नेछैन'।'

येशूको रूप परिवर्त्तन

२८ यी कुराको आठ दिनपछि पत्रुस,
यूहन्ना र याकूबलाई लिएर प्रार्थना गर्नालाई
उहाँ डाँड़ामा उक्लनुभयो। २९ औ प्रार्थना
गर्दा उहाँको मुहारको रूप बदलियो, औ
उहाँको पोशाक सेतो र चहकिलो भयो।
३० औ मोशा र एलिया, यी दुइ
मानिस, उहाँसित कुरा गरिरहेका थिए।
३१ उनीहरू महिमामा देखा परेर उहाँको
मृत्युको विषयमा कुरा गरिरहेका थिए। त्यो
चाहिं उहाँले यरूशलेममा पूरा गर्न आँट्नु-
भएको थियो। ३२ अब पत्रुस र तिनीसित
हुनेहरू निद्राले लट्ठ भएका थिए। तर पूरै
जागा भएपछि तिनीहरूले उहाँको महिमा र
उहाँसित उभिएका दुइ जना मानिसलाई
देखे। ३३ तब तिनीहरू उहाँसँग बिदा
भएर जानलाग्दा पत्रुसले उहाँलाई भने, 'हे
गुरुज्यू, हामीलाई यहीं बस्नु असल
रहेछ। हामी तीनवटा डेरा बनाऔं—एउटा
तपाईंको निम्ति, एउटा मोशाको निम्ति, र
एउटा एलियाको निम्ति। औ आफूले बोलेको
कुराको तिनलाई ख्याल थिएन। ३४ तर
तिनी यी कुरा बोल्दाबोल्दै एउटा बादल
आएर तिनीहरूलाई छोप्यो, र बादलभित्र
पस्नलाग्दा तिनीहरू डराए। ३५ औ
बादलबाट यसो भन्ने एउटा आवाज निस्क्यो,
'यी मेरा पुत्र, मैले छानेका पुत्र हुन्। तिनको
वचन सुन।' ३६ औ यो शब्द भएपछि
येशू त्यहाँ एकलै हुनुभयो। औ तिनीहरू

भूतहरू पनि हाम्रा वशमा आए।'
१८ उहाँले तिनीहरूलाई भन्नुभयो, 'मैले
शैतानलाई स्वर्गबाट बिजुलीझैं खसिरहेको
देखें। १९ हेर, मैले तिमीहरूलाई साँपहरू
र बिच्छीहरूलाई कुल्चने र शत्रुको सारा
शक्तिमाथि अधिकार दिएको छु, औ कुनै
कुराले तिमीहरूलाई कुनै रीतिले हानि गर्नेछैन।
२० तापनि आत्माहरू तिमीहरूका वशमा
छन् भनेर रमाउने होइन, तर तिमीहरूका
नाउँ स्वर्गमा लेखिएका छन् भनेरनै
रमाओ।'

येशूको धन्यवाद

२१ त्यही बेला पवित्र आत्मामा रमाउँदै
उहाँले भन्नुभयो, 'हे पिता, स्वर्ग र पृथ्वीका
परमप्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँदछु,
तपाईंले यी कुरा बुद्धिमान र समझदारबाट
छिपाएर बालकहरूलाई प्रकट गर्नुभयो।
हे पिता, किनकि तपाईंको दृष्टिमा यही
असल लाग्यो। २२ सबै थोक मलाई मेरा
पिताबाट सुम्पिएका छन्, औ पुत्र को हो?
भनेर पिताबाहेक कसैले जान्दैन, औ पिता
को हुन्? पुत्रले, र जसलाई पुत्रले प्रकट गर्ने
इच्छा गर्दछ, त्यसले बाहेक कसैले जान्दैन।'
२३ अनि चेलाहरूतिर फर्केर उहाँले तिनीहरू-
लाई सुटुक्क भन्नुभयो, 'तिमीहरूले देखेका
यी कुराहरू देख्ने आँखा धन्य हुन्।
२४ किनकि म तिमीहरूलाई भन्दछु, धेरै
अगमवक्ताहरू र राजाहरूले तिमीहरूले देखेका
यी कुराहरू हेर्ने इच्छा गरेका थिए, तर
देखेनन्, औ तिमीहरूले सुनेका कुरा
सुन्नालाई, तर ती सुनेनन्।'

अनन्त जीवन

२५ अनि हेर, व्यवस्थाका एक जना
अध्यापकले उहाँको परीक्षा गरेर यसो भन्दै
खड़ा भए, 'हे गुरु, अनन्त जीवनको हक़दार
हुनालाई मैले के गर्नुपर्छ?' २६ उहाँले
तिनलाई भन्नुभयो, 'व्यवस्थामा के लेखिएको
छ? तिमी कसरी पढ्दछौ?' २७ औ
तिनले भने, 'तैंले परमप्रभु, आफ्नो
परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो
सारा प्राणले, र आफ्नो सारा शक्तिले, र
आफ्नो सारा मनले प्रेम गर्, औ तेरो
छिमेकीलाई आफूलाई जस्तै गरी प्रेम गर्।'
२८ औ उहाँले तिनलाई भन्नुभयो, 'तिमीले
ठीकै जवाफ दियौ, यही गर, र तिमी
बाँच्नेछौ।' २९ तर तिनले आफैलाई
धार्मिक ठहराउने इच्छा गरेर येशूलाई भने,
'मेरो छिमेकी चाहिं को हो त?'

मेरो छिमेकी

३० येशूले जवाफ दिएर भन्नुभयो,
'कोही एउटा मानिस यरूशलेमबाट यरीहोतिर
गइरहँदा डाँकूहरूको फेला पर्‍यो, तिनीहरूले
त्यसलाई नाङ्गै पारेर पीटे, र अधमरो
पारी छोड़ेर गए। ३१ संयोगले कोही
एउटा पूजाहारी त्यही बाटो भएर ओर्लिरहेको
थियो, औ त्यसलाई देखेर त्यो अर्कोपट्टिबाट
तर्केर गयो। ३२ औ त्यसै गरी एउटा
लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई
देखेपछि अर्कोपट्टिबाट तर्केर गयो।
३३ तर कोही एउटा सामरी उसको
सफरमा त्यो भएको ठाउँमा आयो,
र त्यसलाई देखेर तिनको मन दयाले
भरियो, ३४ औ त्यसकहाँ गएर तेल
र दाख-मद्य लगाएर त्यसका घाउहरू
बाँधिदियो, र आफ्नै निज पशुमाथि चढ़ाएर
त्यसलाई एउटा पौवामा ल्याई त्यसको
हेरचाह गर्‍यो। ३५ औ भोलिपल्ट उसले
दुइ दिनार झिकेर पौवाका मालिकलाई
दिएर भन्यो, 'यिनको हेरचाह गर, र अरू
बढ़ता खर्च परेको म फ़र्केर आउँदा तिमी-
लाई तिरिदिनेछु।'
३६ तिम्रो विचारमा यी तीन जनामा

डाँकूहरूको फेला पर्नेको छिमेकी कुन चाहिँ
ठहरियो ?' ३७ तिनले भने. 'जसले
त्यसमाथि दया देखायो, त्यही चाहिँ।' तब
येशूले तिनलाई भन्नुभयो, 'जाऊ, तिमी पनि
त्यसै गर।'
३८ उहाँहरू जाँदैगर्नुहुँदा उहाँ कोही
एउटा गाउँमा पस्नुभयो, र मार्था नाउँ
भएकी कोही एउटी स्त्रीले उहाँलाई आफ्नो
घरमा सत्कार गरिन्। ३९ तिनकी मरियम
नाउँ भएकी एउटी बहिनी थिइन्। तिनी
येशूका पाउनेर बसेर उहाँको वचन
सुन्दथिइन्। ४० तर मार्था सेवामा ज्यादै
व्यस्त थिइन्। तिनले आएर भनिन्, 'हे
प्रभु, मेरी बहिनीले सेवामा मलाई एक्लै
छोड़ेकी तपाइं विचार राख्नुहुन्न ? त्यसलाई
भनिदिनोस्, र त्यसले मलाई सघाओस्।'
४१ तर येशूले जवाफ दिएर तिनलाई
भन्नुभयो, 'ए मार्था, मार्था, तिमी धेरै
कुराको विषयमा चिन्ता र फिक्री गर्दछ,
४२ तर जुन कुराको आवश्यक छ, त्यो
असल भाग मरियमले छानेकी छ, जो
त्यसबाट खोसिनेछैन।'

प्रभुको प्रार्थना

११ कुनै एक ठाउँमा उहाँ प्रार्थना
गरिरहनुहुँदा उहाँ थामिनुभएपछि
उहाँका चेलाहरूमध्ये एक जनाले उहाँलाई
भने, 'हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई
सिकाएझैँ हामीलाई पनि प्रार्थना गर्न
सिकाउनुहोस्।' २ उहाँले तिनीहरूलाई
भन्नुभयो, 'तिमीहरूले प्रार्थना गर्दा यसो
भन,
३ 'हे पिता, तपाइंको नाउँ पवित्र
गरिओस्, तपाइंको राज्य आओस्, हामीलाई
दिनदिनै हाम्रा दिनहुँको भोजन दिनुहोस्।
४ औ हाम्रा पाप हामीलाई क्षमा
गर्नुहोस्, किनकि हामी आफै पनि हाम्रा
हरेक ऋणीलाई क्षमा गर्दछौं। औ हामीलाई
परीक्षामा नल्याउनुहोस्'।'
५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
'तिमीहरूमध्ये कसको एउटा मित्र होला,
जसकहाँ उनी आधारातमा गएर भन्ला, 'ए
मित्र, मलाई तीनवटा रोटी पैँचो दिनुहोस्,
६ किनकि मेरा एक जना मित्र सफर-
बाट मकहाँ आएका छन्, र तिनलाई
टकाउनालाई मसँग केही छैन।' ७ औ
तिनले भित्रबाट जवाफ दिएर भन्ला, 'मलाई
तकलीफ नदिनुहोस्। ढोका बन्द भइसकेको
छ, औ मेरा केटा-केटीहरू मैसित ओछ्यानमा
छन्। म उठेर तपाइंलाई दिनसक्तिनँ।'
८ म तिमीहरूलाई भन्दछु, 'उनी तिनका
मित्र हुनाले तिनलाई नदिए तापनि तिनी
खुरन्धार लागेकाले उठेर तिनलाई दरकार
परे जति दिनेछन्।' ९ औ म तिमी-
हरूलाई भन्दछु, 'माग, त तिमीहरूलाई
दिइनेछ, खोज, त तिमीहरूले भेट्टाउनेछौ,
घच्घच्याओ, त तिमीहरूको निम्ति खोलिनेछ।
१० किनकि हरेक जसले माग्छ, त्यसले
पाउँछ, औ घच्घच्याउनेको निम्ति खोलिनेछ।'
११ औ तिमीहरूमध्ये कुनचाहिँ बाबु
होला जसको छोराले रोटी माग्यो भने
त्यसलाई ढुङ्गा देला कि माछा मागेमा
माछाको सट्टा साँप देला ? १२ अथवा
अण्डा मागेमा त्यसलाई बिच्छी देला ?
१३ तिमीहरू दुष्ट भईकन आफ्ना छोरा-
छोरीहरूलाई असल कुरो दिन जान्दछौ
भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग
माग्नेहरूलाई कति बढ़ता गरेर पवित्र
आत्मा दिनुहुनेछ।'
१४ उहाँले एउटा भूतलाई निकालि-
रहनुहुँदा त्यो लाटो बोल्यो, र मानिसहरू
छक्क परे। १५ तर तिनीहरूमध्ये कुनै
कुनैले भने, 'भूतहरूको मालिक बालजिबुल्द्वारा
त्यसले भूतहरूलाई निकाल्छ।' १६ अरूहरूले
चाहिँ परीक्षा गरेर उहाँसँग स्वर्गबाट
एउटा चिह्न खोजे। १७ तर तिनीहरूका
बिचार थाह पाएर उहाँले तिनीहरूलाई

भन्नुभयो, 'जुन राज्यको आपसमा फूट
हुन्छ, त्यो विनाश हुन्छ। औ जुन
घरमा फूट हुन्छ, त्यो विभक्त भएर नष्ट
हुन्छ। १८ औ शैतानको पनि आफैमा
फाटो पर्‍यो भने त्यसको राज्य कसरी
रहला ? किनभने तिमीहरू भन्दछौ, म
बालजिबुल्द्वारा भूतहरू धपाउँछु। १९ औ
म बालजिबुल्द्वारा भूतहरू धपाउँछु भने
तिमीहरूका छोराहरूले कसद्वारा तिनीहरू-
लाई धपाउँछन् ? यसकारण तिनीहरूनै
तिमीहरूका न्यायकर्त्ता हुन्छन्। २० तर
परमेश्वरको शक्तिद्वारा म भूतहरू निकाल्छु भने
परमेश्वरको राज्य तिमीहरूका आइसकेको छ।
२१ बलियो मानिसले हतियारले सुसज्जित
भई आफ्नो निज महलको रक्षा भने
त्यसका मालमत्ताहरू सुरक्षित रहन्छन्।
२२ तर त्यसभन्दा बलियो मानिस आएर
त्यसलाई जित्यो भनेता त्यसले भरोसा
गरेका त्यसका जम्मै हतियारहरू खोसेर
लैजान्छ, र त्यसका माल्-सामानहरू लूटेर
बाँड़िलिन्छ! २३ जो मसित छैन, त्यो मेरो
विरुद्धमा छ, औ जसले मसित बटुल्दैन त्यसले
छर्छ।'
२४ जब अशुद्ध आत्मा मानिसबाट
निस्केर जान्छ, तब त्यो ओबानो ठाउँ
हुँदो विश्राम खोज्न जान्छ, र पाएन भने 'म
निस्केर आएको मेरै घरमा फर्केर जान्छु'
भनी भन्छ। २५ औ आएर त्यसले त्यो
बढ़ारेर सजाएको भेट्टाउँछ। २६ तब त्यो
गएर आफूभन्दा ज्यादै दुष्ट अरू सातवटा
आत्माहरूलाई साथमा ल्याउँछ, र ती पसेर
त्यहाँ बास गर्छन्। औ त्यस मानिसको
पछिल्लो हालत पहिलोभन्दा झन् खराब
हुन्छ।'
२७ उहाँले यी कुरा बोल्दाबोल्दै
भीड़बाट कुनै एउटी स्त्रीले चिच्याएर
भनी, 'धन्य त्यो गर्भ जसले तपाईंलाई
धारण गर्‍यो, औ ती स्तन जो तपाईंले
चुस्नुभयो।' २८ तर उहाँले भन्नुभयो,
'बरू तिनीहरू पो धन्य हुन्, जसले परमेश्वरको
वचन सुन्छन् र पालन गर्छन्।'

चिह्न माग्नेहरूलाई येशूको चेतावनी

२९ औ भीड़ थुप्रँदै जाँदा उहाँले
भन्नलाग्नुभयो, 'यो पुस्ता दुष्ट पुस्ता हो।
यसले चिह्न खोज्दछ, तर योनाको चिह्नबाहेक
यसलाई कुनै चिह्न दिइनेछैन। ३० किनकि
जुन रीतिले योना निनवेका मानिसहरूका
निम्ति चिह्न भएथे त्यही रीतिले मानिसको
पुत्र पनि यस पुस्तालाई चिह्न हुनेछ।
३१ न्यायमा यस पुस्ताका मानिसहरूसित
दक्षिण देशकी रानीले उठेर यिनलाई दोषी
ठहराउनेछन्, किनकि तिनी पृथ्वीको अन्त-
देखि सुलेमानको ज्ञान सुन्नालाई आएकी
थिइन्, औ हेर, सुलेमानभन्दा महान् यहाँ
एउटा छ। ३२ निनवेका मानिसहरूले
न्यायमा यस पुस्तासित खड़ा भएर यसलाई
दोषी ठहराउनेछ, किनकि तिनीहरूले योनाको
प्रचारमा पश्चाताप गरेथे, औ हेर,
योनाभन्दा महान् यहाँ एउटा छ।

बत्तीद्वारा शिक्षा

३३ कसैले बत्ती बालेर तहखानामा
अथवा पाथीमनि राख्तैन, तर भित्र
पस्नेहरू सबैले उज्यालो देखून् भनेर
सामदानमा राख्तछ। ३४ तिम्रो शरीरको
बत्ती तिम्रो आँखा हो। जब तिम्रो आँखा
निर्मल छ भने तिम्रो सारा शरीर पनि
उज्यालो हुन्छ, तर त्यो खराब छ भने
ता तिम्रो शरीर पनि अँध्यारो हुन्छ।
३५ यसकारण तिमीमा भएको उज्यालो
अँध्यारो नहोस् भनी विचार्दै गर।
३६ यसकारण जसरी बत्तीको उज्ज्वल
चमकले तिमीलाई उज्यालो दिन्छ, त्यसरी
तिम्रो शरीरको कुनै भागमा अँध्यारो नभई
उज्यालोले भरिएको छ भने त्यो जम्मै शरीर

उज्यालोले पूर्ण हुनेछ।
३७ उहाँ यसरी कुरा गरिरहनुहुँदा एक
जना फरिसीले उहाँलाई 'तपाईं मसँग आएर
खानुहोस्' भनी बिन्ती गरे। औ भित्र पसेर
खानालाई उहाँ बस्नुभयो। ३८ तर खान
अघि उहाँले हात नधुनुभएको देखेर ती
फरिसी छक्क परे। ३९ तर प्रभुले तिनलाई
भन्नुभयो, 'तिमी फरिसीहरू कचौरा र
थालको बाहिरपट्टि ता माझ्दछौ, तर
तिमीहरूको भित्रपट्टि चाहिं लूट र दुष्टताले
भरिएको हुन्छ। ४० ए मूर्ख हो, जसले
बाहिरको बनायो, त्यसलेनै भित्रकोलाई पनि
बनाएको होइन र? ४१ तर भित्रका कुरा-
हरूलाई भिक्षा देओ, र हेर, सबै कुरा
तिमीहरूमा सफा हुनेछन्।'
४२ 'तर तिमी फरिसीहरूलाई धिक्कार!
किनकि तिमीहरू पुदिना र आरूद र हरेक
जरी-बुटीका दशांश दिन्छौ, तर न्याय र
परमेश्वरको प्रेमलाई पर सार्दछौ। तिमीहरूले
ता यी काम गरेर अरू पनि गर्न नछोड्नु
पर्नेथियो! ४३ तिमी फरिसीहरूलाई
धिक्कार! किनकि तिमीहरू सभाघरहरूमा
मुख्य मुख्य आसन र बजारहरूमा सलाम
लिन रुचाउँछौ! ४४ तिमीहरूलाई धिक्कार!
किनकि तिमीहरू नदेखिने चिहानहरू जस्ता
छौ, औ माथिबाट हिंड्ने मानिसहरूलाई
त्यसको ख्याल हुँदैन।'
४५ व्यवस्थाका अध्यापकहरूमध्ये एक
जनाले उहाँलाई भने, 'हे गुरु, यी
कुरा गरेर तपाईंले ता हाम्रो बेइज्जत
गर्नुहुन्छ।' ४६ उहाँले भन्नुभयो, 'तिमी
व्यवस्थाका अध्यापकहरूलाई पनि धिक्कार!
किनकि मानिसहरूले बोक्नालाई तिमीहरू
गह्रौं भारीहरू लाद्दछौ, औ तिमीहरू
आफूले चाहिं एउटा औंलाले पनि ती
भारीहरू छुँदैनौ। ४७ तिमीहरूलाई
धिक्कार! किनकि तिमीहरूका पुर्खाहरूले
मारेका अगमवक्ताहरूका चिहानहरू तिमीहरू
बनाउँछौ। ४८ यसरी तिमीहरू आफ्ना
पुर्खाहरूका काममा साक्षी छौ, औ मञ्जूरी
दिन्छौ, किनकि तिनीहरूले साँच्चै तिनीहरूलाई
मारे, र तिमीहरूचाहिं तिनीहरूका चिहान
बनाउँछौ। ४९ यसैले परमेश्वरको ज्ञानले
पनि भनेको छ, 'म तिनीहरूकहाँ अगमवक्ता-
हरू र प्रेरितहरू पठाउनेछु, औ तिनीहरूमध्ये
कोहीलाई तिनीहरूले मार्नेछन् र कोहीलाई
लखार्नेछन्, ५० र जगत्को शुरुदेखि सबै
अगमवक्ताहरूको रक्तपातको लेखा यस पुस्ता-
सँग खोजिहुनेछ—५१ हाबिलको रगतदेखि,
वेदी र मन्दिरको माझमा नष्ट हुने
जकरियाको रगतसम्म। म तिमीहरूलाई
भन्दछु, यसको लेखा यसै पुस्तासँग खोजि-
हुनेछ। ५२ तिमी व्यवस्थाका अध्यापकलाई
धिक्कार! किनकि तिमीहरूले ज्ञानको साँचो
लगिहाल्यौ। तिमीहरू आफै पनि भित्र पसेनौ,
र पस्नेहरूलाई पनि तिमीहरूले रोक्यौ।'
५३ अनि जब उहाँ त्यहाँबाट निस्कनु-
भयो, तब शास्त्रीहरू र फरिसीहरूले उत्तेजित
भई उहाँलाई रीस उठाएर बढ्ता कुरा
बोल्नलाई दबाउनलागे, ५४ र उहाँको
मुहारबाट निस्केका केही कुरा पक्रन सकौंला
कि भनेर मौका हेर्दथिए।

चेलाहरूलाई येशूको चेतावनी

१२ यसै बीचमा जब हजारौं हजारको
भीड़ एउटाले अर्कोलाई कुल्चनेसम्म
गरी जम्मा हुन्थे, तब उहाँले पहिले आफ्ना
चेलाहरूलाई भन्नलाग्नुभयो, 'तिमीहरू फरिसी-
हरूको खमीरदेखि होशियार रहो, जो कपट
हो। २ तर केही ढाकिएको छैन, जो प्रकट
हुँदैन, र केही दबेको छैन, जो थाह
हुँदैन। ३ यसकारण जे तिमीहरूले अँध्यारोमा
भनेका छौ, त्यो घरका कौसीहरूबाट
प्रचार हुनेछ।
४ तर ए मेरा मित्र हो, म तिमी-
हरूलाई भन्दछु, 'जसले शरीरलाई मार्दछन्
तर त्यसपछि अरू बढी केही गर्नसक्तैनन् तिनी

हरूसँग नडराओ। ५ तर कोसँग डराउनुपर्छ,
म तिमीहरूलाई जनाउ दिनेछु, तिनैसँग
डराउनु पर्दछ जोसँग मारिसकेपछि नरकमा
हाल्ने शक्ति छ। म तिमीहरूलाई भन्दछु,
'तिनीदेखिनै डराओ।'
६ के दुइ पैसामा पाँचवटा भँगेरा
बिक्तैनन्? औ तीमध्ये एउटालाई पनि
परमेश्वरले बिर्सनुहुन्न। ७ तर तिमीहरूको
कपालको केशसमेत गनिएका छन्। यसकारण
नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ़ता
किम्मती छौ। ८ तर म तिमीहरूलाई
भन्दछु, हरेक जसले मलाई मानिसहरूका
सामने स्वीकार गर्ला, त्यसलाई मानिसको
पुत्रले पनि परमेश्वरका दूतहरूका सामने
स्वीकार गर्नेछ, ९ तर जसले मलाई
मानिमहरूका सामने अस्वीकार गर्ला, परमेश्वरका
दूतहरूका सामने त्यो पनि अस्वीकार हुनेछ।
१० औ हरेक जसले मानिसको पुत्रको
विरुद्धमा कुरा गर्ला, त्यो त्यसलाई क्षमा
हुनेछ, तर जसले पवित्र आत्माको विरुद्धमा
निन्दा गर्ला, त्यो क्षमा हुनेछैन। ११ तर
जब तिनीहरूले तिमीहरूलाई सभाघरहरू
र अख्तियारवालहरूका सामु ल्याउलान् तब
तिमीहरूले के जवाफ दिने अथवा कसरी दिने
भनी फिक्री नगर, १२ किनभने पवित्र
आत्माले त्यसै बेलामा तिमीहरूले भन्नुपर्ने
कुरा तिमीहरूलाई सिकाउनुहुनेछ।'
१३ अनि भीड़बाट एक जनाले उहाँलाई
भन्यो, 'हे गुरु, अंश बण्डा गरून् भनी
मेरा दाज्यूलाई भनिदिनुहोस्।' १४ तर
उहाँले त्यसलाई भन्नुभयो, 'ए मानिस,
कसले मलाई तिमीहरूमाथि न्यायकर्त्ता अथवा
बाँड़िदिने तुल्यायो?'
१५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
'होशियार रहो, आफूलाई सबै किसिमका
लालचबाट जोगाओ, किनकि मानिससँग
भएका प्रशस्त चीजहरूले मानिसको जिन्दगी
रहँदैन। १६ अनि उहाँले तिनीहरूलाई
यसो भनेर एउटा उखान भन्नुभयो,
'कुनै एउटा धनी मानिसको जमीनले
प्रशस्त उब्जनी दिन्थ्यो। १७ औ त्यसले
यसो भनेर मनमनै गुन्नलाग्यो, 'मसित
मेरो अन्न राख्ने ठाउँ छैन, अब म के
गरूँ? १८ तब त्यसले भन्यो, 'म यही
गर्नेछु—म आफ्ना भकारीहरू भत्काएर भन्
ठूला ठूला बनाउनेछु, औ मेरा सबै अनाज
र सम्पत्तिहरू त्यहीं राख्नेछु। १९ औ म
आफ्नो प्राणलाई भन्नेछु, ए प्राण, धेरै
वर्षसम्म पुग्ने धेरै सम्पत्ति तेरो निम्ति
थुप्रिएको छ। आरामीसित बस्, खा, पी,
र आनन्द गर्।' २० तर परमेश्वरले
त्यसलाई भन्नुभयो, 'ए मूर्ख, यही रात तँबाट
तेरो प्राण फिर्ता चाहिएको छ, र जे कुरा-
हरू तैंले तयार गरेको छस् ती कसको
होला?' २१ तर परमेश्वरतर्फ धनी नभईकन
आफ्नो निम्ति मात्र धन जम्मा गर्ने यस्तै
हुन्छ।'
२२ अनि उहाँले आफ्ना चेलाहरूलाई
भन्नुभयो, 'यसैकारण म तिमीहरूलाई भन्दछु,
आफ्नो प्राणको लागि के खाऔंला र आफ्नो
शरीरको लागि के लाऔंला भनी फिक्री
नगर। २३ किनकि प्राण खानेकुराभन्दा
र शरीर वस्त्रभन्दा ठूलो हो। कागहरूलाई
बिचार गर, २४ तिनीहरू नता छर्दछन्,
न कटनी गर्दछन्, तिनीहरूका नता भँड़ार
न भकारीनै छ, औ परमेश्वरले तिनलाई
खुवाउनुहुन्छ। तिमीहरू चरा-चुरुङ्गीभन्दा कति
बढ़ी किम्मती छौ! २५ तिमीहरूमध्ये
कसले फिक्री गरेर आफ्नो कदमा एक बित्ता
थप्नसक्छौ? २६ यसकारण जब तिमीहरू
सानो काम गर्नसक्तैनौ भने अरू रहेका
विषयमा किन फिक्री गर्दछौ? २७ लिली
फूललाई बिचार गर, कसरी तिनीहरू नता
कात्छन् न बुन्छन्, तर म तिमीहरूलाई
भन्दछु, सुलेमान राजा पनि आफ्नो सारा
महिमामा यीमध्ये एउटा जस्तै पनि
सिँगारिएका थिएनन्। २८ तर आज हुने
र भोलि चुल्हामा फालिने मैदानको घाँसलाई

परमेश्वरले यसरी आभुषित गराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, तिमीहरूलाई कत्ति बढ़ी गर्नुहुनेछ ।

२९ औ हामीहरू के खाऔंला कि के पिऔंला ? भनी तिमीहरू वास्ता नगर, औ नता शङ्का गर । ३० किनकि जगत्‌का सब मानिसहरूले यी सबै कुराहरूलाईनै वास्ता गर्दछन्, तर तिमीहरूलाई यी कुराहरूको दरकार पर्छ भन्ने तिमीहरूका पिताले जान्नुहुन्छ । ३१ तापनि उहाँको राज्यको खोजी गर, र यी सबै कुराहरू तिमीहरूलाई थपिनेछन् ।

३२ ए सानो बगाल, नडराओ, किनभने तिमीहरूलाई राज्य दिने तिमीहरूका पिताको शुभेच्छा छ । ३३ तिमीहरूका सम्पत्ति बेचेर भिक्षा देओ, आफ्नो निम्ति थोत्रो नहुने थैलाहरू बनाओ, कहिल्यै नसकिने धन स्वर्गमा सञ्चय गर, जहाँ नता चोर नजीक आउँछ, न कीराले नष्ट गर्छ । ३४ किनकि जहाँ तिम्रो धन छ, त्यहीं तिम्रो मन पनि हुनेछ ।

३५ तिमीहरूका कम्मर कस्सिएका, र बत्ती बलिरहेका होऊन्, ३६ औ तिमीहरू त्यो मानिस जस्ता होओ, जसले आफ्ना मालिक विवाहको भोजबाट फर्किआएर घचघच्याउँदा तिनका निम्ति झट्टै ढोका खोलिदिन्छ । ३७ धन्य ती दासहरू, जसलाई तिनका प्रभुले आउँदा जागिरहेका भेट्टाउनेछन् ! म तिमीहरूलाई साँचो भन्दछु, तिनले आफ्नो पटुका कसेर तिनीहरूलाई खानमा बसाई तिनीहरूलाई खुवाउनेछन् । ३८ यदि तिनी रातको दोस्रो पहर र तेस्रो पहरमा आएर पनि तिनीहरूलाई जागै भेट्टाए भने, ती नोकरहरू धन्यका हुन् । ३९ तर यी जान, कि चोर कुन बेला आउँछ भनेर घरका मालिकले जानेका भए तिनी जागा बसेर आफ्नो घर फोरेर पस्न दिनेथिएनन् । ४० तिमीहरू पनि तयार रहो, किनकि तिमीहरूले नचिताएको बेलामा मानिसको पुत्र आउनेछ ।'

४१ तब पत्रुसले भने, 'हे प्रभु, के यो उखान हामीहरूकै निम्ति मात्र बताउनुभएको हो, कि अरूलाई पनि ?' ४२ प्रभुले भन्नुभयो, 'त्यो विश्वासी र बुद्धिमानी भण्डारे को हो ? जसलाई त्यसका मालिकले आफ्ना घरानालाई समय समयमा तिनीहरूका भोजन दिनालाई खटाएका छन् । ४३ धन्य त्यो दास, जसलाई त्यसका मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछन् । ४४ म तिमीहरूलाई साँच्चै भन्दछु, तिनले त्यसलाई आफ्ना सारा सम्पत्तिमाथि अख्तियार दिनेछन्, ४५ तर त्यस दासले आफ्नो मनमा मेरा मालिक आउन ढिलाउनुहुनेछ भनेर नोकर र नोकर्नीहरूलाई पिट्न र मोज मजा गरेर मतवाला हुनलाग्यो भने, ४६ त्यसले आशा नगरेको दिन र नचिताएको घड़ीमा त्यसका मालिक आउनेछन्, र त्यसलाई भारी सजाय दिएर अविश्वासीहरूको दाँजामा नियुक्त गर्नेछन् । ४७ तर आफ्नो मालिकको इच्छा जानेर तयार नरहने र तिनको इच्छाबमोजिम नगर्ने चाहिं दासले ज्यादै कोर्राबाजी खानेछ । ४८ औ नजान्ने र कुटाइ खाने योग्यको काम गर्नेले थोरै कोर्राबाजी खानेछ । धेरै पाउने जुनसुकैबाट पनि धेरै लिइनेछ, औ धेरै सुम्पिएको जुनसुकैसँगबाट मानिसहरूले धेरै माग्नेछन् ।'

समय समयका चिह्नहरू

४९ 'म पृथ्वीमा आगो लाउन आएको हुँ, औ त्यो अघिबाटै सल्किसकेको रहेछ भनेता म अरू के इच्छा गरूँ ? ५० तर मैले बप्तिस्मा लिनुपर्ने एउटा बप्तिस्मा छ, औ त्यो पूरा नहोउञ्जेल म कस्तो सकसमा हुन्छु ! ५१ के तिमीहरू सम्झन्छौ कि म पृथ्वीमा शान्ति दिनालाई आएँ ? अहँ, म तिमीहरूलाई भन्दछु, बरू, फाटो पार्न आएँ । ५२ किनभने अब उप्रान्त पाँच जना भएका

घरमा फूट भएर तीन जनाका विरुद्धमा
दुइ, र दुइ जनाका विरुद्धमा तीन जना
हुनेछन्। ५३ तिनीहरूमा फूट हुनेछ—बाबुको
विरुद्धमा छोरा, र छोरीको विरुद्धमा बाबु,
आमा छोरीको विरुद्धमा, र छोरी आमाको
विरुद्धमा, सासू आफ्नी बुहारीको विरुद्धमा,
र बुहारी त्यसकी सासूको विरुद्धमा हुनेछ।'
५४ अनि उहाँले भीड़हरूलाई पनि
भन्नुभयो, 'जब तिमीहरू बादल पश्चिमतिर
उठ्तै गरेको देख्तछौ, तब झट्टै तिमीहरू
भन्दछौ, 'पानी आउँछ,' र त्यसै हुन्छ।
५५ औ जब दक्षिणी बतास चल्छ तब
तिमीहरू भन्छौ, 'ज्यादै गर्मी हुनेछ,' औ त्यसै
हुन्छ। ५६ ए कपटी हो, तिमीहरू पृथ्वी
र आकाशको भेदको अर्थ लाउन जान्दछौ,
तर यस समयको विषयमा किन अर्थ लाउन
जान्दैनौ ? यो कस्तो हो ? ५७ औ तिमी-
हरू आफैले पनि कुन ठीक हो भनेर किन
निर्णय गर्नसक्तैनौ ? ५८ किनकि तिमी
आफ्नो झगड़ियासँग हाकिमको सामने जाँदा-
बाटैमा त्यससँग मिल्ने प्रयत्न गर, नत्रता
त्यसले तिमीलाई न्यायकर्ताकहाँ तानेर
लैजानेछ, औ न्यायकर्त्ताले तिमीलाई
अफिसरको हातमा जिम्मा लाइदिनेछ, र
अफिसरले तिमीलाई झ्यालखानमा हालिदिनेछ।
५९ म तिमीलाई भन्दछु, तिमीले आखिरी
पैसा नतिरूञ्जेल कुनै रीतिले त्यहाँबाट
निस्कनेछैनौ।'

पश्चाताप गर्ने अर्ती

१३ त्यसै बेला कोही उहाँलाई ती
गालीलीहरूका विषयमा सुनाउनालाई
आए, जसका रगत पिलातसले तिनी-
हरूका बलिदानमा मिसाएका थिए। २ तब
उहाँले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो,
'तिनीहरूले यस्ता शासना भोगेका छन् भनेर
ती गालीलीहरू अरू सबै गालीलीहरूभन्दा
बढ़ता पापी थिए भनी तिमीहरू सम्झन्छौ ?
३ म तिमीहरूलाई भन्दछु, त्यसो होइन,
तर तिमीहरूले मन फिराएनौ भने तिमीहरू
सबै त्यसै गरी नाश हुनेछौ, ४ अथवा
ती अठाह जना, जसमाथि सिलोआमको
धरहरा ढलेर तिनीहरूलाई मार्‍यो, के तिमी-
हरू सम्झन्छौ, कि तिनीहरू सबै यरूशलेम-
बासीहरूमध्ये बढ़ता अपराधी थिए ? ५ त्यसो
होइन, तर म तिमीहरूलाई भन्दछु, तिमीहरूले
मन फिराएनौ भने, तिमीहरू सबै त्यसैगरी
नाश हुनेछौ।'
६ उहाँले यो उखान भन्नुभयो,
'कुनै मानिसले आफ्नो दाखको बारीमा
एउटा नेभाराको रूख लाएको थियो।
त्यसले त्यसमा फल खोज्दै आयो,
तर पाएन। ७ तब त्यसले मालीलाई
भन्यो, 'हेर, तीन वर्ष भयो, म यस
नेभाराको रूखमा फल खोज्दैछु, तर पाउँदिनँ,
यसलाई काटेर ढालिदे, किन यसले जमीन
मात्र बेकम्मा तुल्याउने ?' ८ तर त्यसले
उसलाई भन्यो, 'प्रभु, यसलाई यो एक वर्ष
अरू रहनदिनुहोस्। म यसको वरिपरि खनेर
मल हाल्छु, ९ औ त्यसपछि फल फल्यो
भने बेसै भयो, फलेन भने तपाइले
त्यसलाई काट्नुहोला।'

विश्रामको दिनमा निको भएकी स्त्री

१० एक विश्रामको दिन उहाँले
सभाघरहरूमध्ये एउटामा शिक्षा दिइरहनुभएको
थियो। ११ औ अठाह वर्षदेखि कमजोरी
पार्ने आत्मा लागेकी एउटी आइमाई
थिई। त्यो कुप्री थिई, र आफै राम्रोसँग
सीधा हुनसक्तैन थिई। १२ येशूले
त्यसलाई देखेर बोलाएर भन्नुभयो,
'ए नारि, तिमी आफ्नो कमजोरीबाट मुक्त
भयौ।' १३ तब उहाँले त्यसमाथि आफ्नो
हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भएर
परमेश्वरको प्रशंसा गरी। १४ औ येशूले
विश्रामको दिनमा निको पार्नुभएको हुनाले

सभाघरका मालिकले रिसाएर भीड़लाई भने,
'काम गर्नुपर्ने छ दिन छन्, यसकारण यी
दिनमा आएर निको होओ, औ विश्रामको
दिनमा होइन।' १५ तर प्रभुले जवाफ
दिएर तिनलाई भन्नुभयो, 'ए कपटी हो,
तिमीहरूमध्ये कसले विश्रामको दिनमा डूँड़बाट
आफ्नो गोरु कि गधा फुकाएर पानी
पियाउन लैजाँदैन र? १६ औ के यो
अब्राहामकी छोरी जसलाई हेर,
शैतानले अठाह वर्षसम्म बाँधिराखेको थियो,
विश्रामको दिनमा यस बन्धनबाट मुक्त
हुनुपर्दैन र?' १७ औ उहाँले यी कुरा
भन्नुभएपछि उहाँका विरोधीहरू सबै शर्माए,
औ भीड़चाहिँ उहाँले गर्नुभएका सबै प्रतापी
कामहरूका निम्ति खुशी भए।
१८ तब उहाँले भन्नुभयो, 'परमेश्वरको
राज्य के जस्तो छ? औ म त्यसको तुल्ना
केसित गरूँ? १९ त्यो एउटा रायोको
गेड़ा जस्तो हो, जसलाई एउटा मानिसले
लगेर आफ्नो निज बारीमा रोप्यो, औ
त्यो बढ़ेर एउटा रूख भयो र आकाशका
चरा-चुरुङ्गीहरू त्यसका हाँगाहरूमा बास बसे।
२० फेरि उहाँले भन्नुभयो, 'परमेश्वरको
राज्यलाई म केको तुलना गरूँ? २१ त्यो
खमीर जस्तो हो, जो एउटी आइमाईले
तीन पाथी आटामा मिसाई र हुँदाहुँदै सबै
खमीरी भइहाल्यो।'
२२ अब शहर शहर र गाउँ गाउँ
भएर शिक्षा दिँदै उहाँ यरूशलेमतिर सफर
गर्नुभयो। २३ औ एक जनाले उहाँलाई
भन्यो, 'के उद्धार पाउनेहरू थोरै छन्?'
तर उहाँले २४ तिनीहरूलाई भन्नुभयो,
'साँघुरो ढोकाबाट भित्र पस्नालाई प्रयल
गर, किनकि म तिमीहरूलाई भन्दछु, धेरै
जना भित्र पस्न खोज्नेछन्, तर सक्नेछैनन्।
२५ जब घरका मालिकले उठेर ढोका
बन्द गर्नेछ औ तिमीहरूचाहिँ बाहिर
उभेर यसो भन्दै ढोका घचूघच्याउनेछौ,
'हे प्रभु, हाम्रा निम्ति ढोका
खोलिदिनुहोस्,' र उनले जवाफ दिएर
भन्नेछन्, 'तिमीहरू कहाँका हौ? म
चिन्दिनँ।' २६ तब तिमीहरू भन्नलाग्नेछौ,
'हामीले तपाइँकै सामनेमा खायौं र पियौं,
औ हाम्रा गल्लीहरूमा तपाइँले शिक्षा
दिनुहुन्थ्यो।' २७ औ उनले भन्नेछन्,
'म तिमीहरूलाई भन्दछु, तिमीहरू कहाँका
हौ? म तिमीहरूलाई चिन्दिनँ, हे पापकर्म
गर्ने हो, मबाट गइहाल।' २८ जब
तिमीहरूले अब्राहाम, इसहाक, याकूब र सबै
अगमवक्ताहरूलाई परमेश्वरको राज्यभित्र तर
आफैलाई चाहिँ बाहिर फालिएका देख्नेछौ,
तब त्यहाँ रुवाबासी र दाहा किटाइ हुनेछ।
२९ औ मानिसहरू पूर्व, पश्चिम,
उत्तर र दक्षिणबाट आएर परमेश्वरको राज्यमा
भोजमा बस्नेछन्, ३० औ हेर, पछिल्लाहरू
चाहिँ पहिला हुनेछन्, औ पहिलाहरू
चाहिँ पछिल्ला।'
३१ त्यसै बेला कोही फरिसीहरूले आएर
उहाँलाई भने, 'यहाँबाट निस्केर गइहाल्नुहोस्,
किनभने हेरोदले तपाइँलाई मार्न इच्छा
गर्दछन्।' ३२ औ उहाँले तिनीहरूलाई
भन्नुभयो, 'गएर त्यस स्याललाई भन, 'हेर
आज र भोलि म भूतहरू धपाउँछु र निको
पार्ने काम गर्छु, औ तेस्रो दिनचाहिँ म सिद्ध
हुनेछु।' ३३ तापनि आज र भोलि र
पर्सि पनि म आफ्नो बाटो लाग्नुपर्छ,
किनकि यरूशलेमबाहेक अन्त अगमवक्ताको
मृत्यु हुनैसक्तैन।'

यरूशलेममाथि येशूको बिलौना

३४ यरूशलेम, ए यरूशलेम, तँ, जो
अगमवक्ताहरूलाई मार्ने, र तँकहाँ पठाइएका-
हरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले
आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ,
त्यसरीनै कत्तिपल्ट मैले तेरा बालकहरूलाई
बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्।
३५ हेर, तिमीहरूको घर तिमीहरूका निम्ति

उजाड छोडिनेछ, किनभने म तिमीहरूलाई
भन्दछु, अब उप्रान्त तिमीहरूले मलाई फेरि
देख्नेछैनौ, जहिलेसम्म 'धन्य हुन्, तिनी,
परमप्रभुको नाउँमा आउने' भन्दैनौ।'

विश्रामको दिनमा निको भएको मानिस

१४ एक विश्रामको दिन उहाँ फरिसीहरूका
शासकहरूमध्ये एक जनाको घरमा
जानुभयो, औ तिनीहरू उहाँको चेवामा
थिए। २ औ हेर, उहाँको सामुन्ने एक
जना जलप्रह भएको मानिस थियो।
३ येशूले व्यवस्थाका अध्यापक र फरिसी-
हरूलाई यसो भनेर सोध्नुभयो, 'विश्रामको
दिनमा निको पार्नु उचित छ कि छैन, हँ ?'
४ तर तिनीहरू चूप लागिरहे, र उहाँले
त्यसलाई समातेर निको पारी पठाउनुभयो।
५ तब उहाँले तिनीहरूलाई भन्नुभयो,
'तिमीहरूमध्ये कसले आफ्नो गोरु कि गधा
इनारमा पऱ्यो भने त्यसलाई विश्रामको
दिनमा झट्टै निकाल्दैन ?' ६ तर तिनीहरूले
फेरि यी कुराको जवाफ दिनसकेनन्।

नम्रता र सत्कार

७ अनि निम्तोमा आएकाहरूलाई तिनी-
हरूले मुख्य मुख्य स्थान छानेका देखेर
उहाँले यसो भनेर एउटा उखान भन्नुभयो,
८ 'विवाहको भोजमा तिमीले कसैको निम्तो
पायौ भने मुख्य स्थानमा नबस,
तिमीभन्दा इज्जतदार मानिसले त्यहाँ निम्तो
पाएको होला, ९ औ तिमीलाई र तिनलाई
निम्तो दिनले आएर तिमीलाई भन्नेछ,
'यिनलाई ठाउँ देऊ,' र तिमी शर्माएर
सबैभन्दा तल्लो ठाउँमा बस्नुपर्ला। १० तर
जब तिमीले निम्तो पाउँछौ, तब गएर
तल्लो ठाउँमा बस् र जब तिमीलाई निम्तो
दिनेले आएर तिमीलाई भन्नेछ 'ए मित्र,
माथिल्लो ठाउँमा सर्नुहोस्।' त्यस बेला
तिमीसित खान बस्नेहरूका सामनेमा तिमीलाई
इज्जत हुनेछ। ११ किनकि आफूलाई ठूलो
तुल्याउने चाहिं हरेक होचिनेछ, औ आफूलाई
होच्याउने चाहिं ठूलो हुनेछ।'
१२ अनि उहाँलाई निम्तो दिनेलाई
पनि उहाँले भन्नुभयो, 'तिमीले बिहान
अथवा बेलुकीको भोज लगाउँदा आफ्ना
मित्रहरूलाई, आफ्ना कुटुम्बहरूलाई औ
न धनी छिमेकीहरूलाई नबोलाऊ, नत्रता
तिनीहरूले पनि तिमीलाई निम्तो दिएर तिम्रो
क्षतिपूर्ति गर्नेछन्। १३ तर तिमीले भोज
लगाउँदा गरीब, लूला, लङ्गडा, अन्धाहरूलाई
बोलाऊ, १४ र तिमीले धन्यवाद पाउनेछौ,
किनकि तिम्रो क्षतिपूर्ति गर्नालाई तिनीहरूसित
केही हुँदैन, तर धर्मीहरूका पुनरुत्थानमा
तिम्रो क्षतिपूर्ति हुनेछ।'

विवाह भोजको उखान

१५ अनि बस्नेहरूमध्ये एक जनाले यी
कुरा सुनेर उहाँलाई भन्यो, 'त्यो धन्य हो
जसले परमेश्वरको राज्यमा रोटी खानेछ।'
१६ तर उहाँले त्यसलाई भन्नुभयो,
'कुनै एउटा मानिसले बेलुकीको एउटा ठूलो
भोज तयार गऱ्यो, र धेरैलाई निम्तो दियो,
१७ अनि उसले आफ्नो दासलाई भोजको
बेलामा निम्तो पाएकाहरूलाई यसो भन्न
पठायो, 'आऊ, अब सबै चीज तयार भयो।'
१८ अब तिनीहरू सबका सबले एक मत
गरेर माफी माग्नलागे। पहिलोले त्यसलाई
भन्यो, 'मैले एउटा खेत किनेको छु, मलाई
त्यो हेर्न जानुपरेको छ। म बिन्ती गर्दछु,
मलाई माफ रहोस्।' १९ औ दोस्रोले
भन्यो, 'मैले पाँच हल गोरु किनेको छु,
म तिनलाई जाँच्न जान्छु, म बिन्ती
गर्दछु, मलाई माफ रहोस्।' २० औ
अर्कोले भन्यो, 'मैले विवाह गरेको छु,
यसकारण म आउनसक्तिनँ। २१ त्यस

दासले आएर आफ्ना स्वामीलाई यो कुरा
भनिदियो। तब घरको मालिकले रिसाएर,
आफ्नो दासलाई भन्यो, 'शहरका सड़कहरू
र गल्लीहरूमा चाँड़ो जा, औ गरीबहरू,
लूलाहरू, अन्धाहरूलाई यहाँ भित्र ले।'
२२ तब दासले भन्यो, 'तपाईंले आज्ञा
गर्नुभए बमोजिम काम भएको छ, तर अझै
ठाउँ खाली छ।' २३ अनि मालिकले
दासलाई भन्यो, 'मूल सड़कहरू र बारहरू
हुँदो गएर मानिसहरूलाई भित्र आउन कर
लगा, र मेरो घर भरियोस्।'
२४ किनभने म तिमीहरूलाई भन्दछु, निम्तो
पाएकाहरूमध्ये कसैले पनि भोज चाख्न
पाउनेछैन।'

साँचो चेला

२५ अब ठूला ठूला भीड़हरू उहाँसित
गइरहेका थिए, र उहाँले फर्केर तिनीहरूलाई
भन्नुभयो, २६ 'कोही मकहाँ आएर आफ्ना
बाबु, आमा, स्वास्नी, बाल-बच्चा, दाज्यू-
भाइ, दिदी-बहिनीहरूलाई र आफ्नै प्राणलाई
समेत अप्रिय मान्दैन भनेता त्यो मेरो चेला
हुनसक्तैन। २७ औ जसले आफ्नै क्रूस
बोकेर मेरो पछि लाग्दैन भनेता त्यो मेरो
चेला हुनसक्तैन। २८ किनकि तिमीहरूमध्ये
कसले एउटा धरहरा बनाउने इच्छा गर्दा त्यो
सिध्याउने सम्मको खर्च आफूसँग छ कि छैन
भनी पहिले बसेर हिसाब गर्दैन? २९ तर
त्यसको जग बसालेपछि सिध्याउनसकेन भने
देख्नेहरू सबैले यसो भनेर त्यसमाथि गिल्ला
गर्नलाग्नेछन्, ३० 'यस मानिसले बनाउन
ता थाल्यो तर सिध्याउनसकेन।'
३१ अथवा कुन राजाले अर्को
राजासित लड़न जाँदा आफूसित भएका
दश हजारले उसको विरुद्धमा आउने बीस
हजारसँग भिड़िन सक्छु कि सक्तिनँ भनी
पहिले बसेर सल्लाह गर्दैन? ३२ नत्रता
त्यो अझ टाढ़ै हुँदा दूतहरू पठाएर
मिलापको शर्त माग्नेछ। ३३ यसकारण
तिमीहरूमध्ये कोही पनि, जसले आफूसँग
भएका सबै त्याग्दैन, मेरो चेला
हुनसक्तैन। ३४ नून असल हो, तर नून
अलिनो भयो भनेता त्यो केले नूनिलो
तुल्याउने? ३५ त्यो नता जमीनको निम्ति
न मल्को निम्ति काम लाग्नेछ। मानिस-
हरूले त्यसलाई मिल्काइदिन्छन्। जसको सुन्ने
कान छ, त्यसले सुनोस्।'

हराएको भेड़ा

१५ अब सबै महसूल उठाउनेहरू र
पापीहरू उहाँको वचन सुन्नालाई
उहाँको नजीक नजीक सर्दै थिए। २ औ
'यस मानिसले ता पापीहरूलाई ग्रहण गर्दछ,
र तिनीहरूसित खान्छ' भनी फरिसीहरू र
शास्त्रीहरू गनगनाउनलागे।
३ तब उहाँले तिनीहरूलाई यसो भनेर
उखान भन्नुभयो, ४ 'तिमीहरूमध्ये कुन
चाहिं मानिस होला, जसको सय भेड़ा भएर
तीमध्ये एउटा हराउँदा उनान्सयलाई वनमा
छोड़ेर त्यो हराएको पछि लागेर त्यसलाई
नपाउञ्जेल खोजिगर्दैन? ५ औ भेट्टाएपछि
रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ,
६ औ घरमा आएर उसले आफ्ना मित्र-
हरूलाई यसो भन्छ, 'मसित रमाओ, किनभने
मैले आफ्नो हराएको भेड़ा भेट्टाएको छु।'
७ म तिमीहरूलाई भन्दछु, 'यसरी पश्चाताप
गर्न नपर्ने उनान्सय धार्मिक जनहरूप्रति भन्दा
पश्चाताप गर्ने एक जना पापीप्रति स्वर्गमा
आनन्द हुनेछ'।'

हराएको सिक्का

८ 'अथवा कुन चाहिं स्त्रीको साथमा दश
चाँदीको सिक्का भएर एउटा हराई भने बत्ती
बालेर घर बढ़ारीकन मेहनतसँग नभेट्टाउञ्जेल
त्यसलाई खोज्दिन? ९ औ भेट्टाएपछि

त्यसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई
बोलाएर भन्छे, 'मसित रमाओ, किनभने
मैले मेरो हराएको सिक्का भेट्टाएकी छु।'
१० म तिमीहरूलाई भन्दछु, 'यसरीनै
परमेश्वरका दूतहरूका सामने पश्चाताप गर्ने
एक जना पापीप्रति आनन्द हुनेछ'।'

उड़न्ता पुत्र

११ औ उहाँले भन्नुभयो, 'कुनै मानिसका
दुइ छोरा थिए, १२ औ तिनीहरूमध्ये
कान्छा चाहिँले बाबुलाई भन्यो, 'ए पिता
धन-सम्पत्तिको मेरो भागमा पर्ने हिस्सा
मलाई दिनुहोस्।' तब तिनले तिनीहरूलाई
सम्पत्ति बाँड़िदिए। १३ अनि थोरै दिनमा
कान्छो छोराले सबै धन-सम्पत्ति बटुलेर
टाढ़ा देशमा गइहाल्यो, औ त्यहाँ
मोज-मजामा आफ्नो सम्पत्ति उड़ायो।
१४ तर त्यसले सबै खर्च गरिसकेपछि त्यस
देशभरि ठूलो अनिकाल पर्‍यो, र त्यसलाई
खाँचो पर्नलाग्यो। १५ औ त्यो गएर त्यस
देशका निवासीहरूमध्ये एउटाकहाँ टाँसियो,
औ उसले त्यसलाई आफ्नो खेतमा सूङ्गुर
चराउन पठायो। १६ औ सूङ्गुरहरूले खाने
गरेका कोसाहरूले त्यसले आफ्नो पेट भर्न
चाहन्थ्यो, औ कसैले त्यसलाई केही दिँदैन
थियो।

१७ तर त्यसको होश खुलेपछि
त्यसले भन्यो, 'मेरा बाबुका कत्ति ज्यालादारी
चाकरहरूलाई खानेकुरो प्रशस्त भएर उबार्ने
समेत होलान्, तर मचाहिँ भोकले मरिरहेछु।
१८ म उठेर आफ्ना बाबुकहाँ जानेछु र
उहाँलाई भन्नेछु, 'हे पिता, मैले स्वर्गको
विरुद्धमा र तपाइँको दृष्टिमा पाप गरेको छु,
१९ अब उप्रान्त म तपाइँको छोरो भनिने
योग्यको छैनँ। मलाई तपाइँका ज्यालादारी
नोकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्।'
२० तब त्यो उठेर आफ्नो बाबुकहाँ
गयो। तर त्यो अझै टाढ़ै छँदा त्यसका
बाबुले त्यसलाई देखे र तिनी दयाले भरिए,
औ दौड़ेर गई त्यसको गलामा तिनले अङ्गालो
हालेर त्यसलाई चुम्मन गरे। २१ अनि
छोराले तिनलाई भन्यो, 'हे पिता, मैले
स्वर्गको विरुद्धमा र तपाइँको दृष्टिमा पाप
गरेको छु, म फेरि तपाइँको छोरो भनिने
योग्यको छैनँ।' २२ तर बाबु चाहिँले
आफ्ना दासहरूलाई भन्यो, 'चाँड़ो सबैभन्दा
असल लुगा ल्याएर यसलाई लगाइदेओ। औ
त्यसको हातमा औंठी, र खुट्टामा जुत्ता
लगाइदेओ। २३ औ पालिराखेको चाहिँ
बाछा ल्याएर मार, र हामी खाएर आनन्द
मनाऔं, २४ किनकि यो मेरो छोरो मरेको
थियो, र फेरि बिउँत्यो, हराएको थियो, र
पाइयो।' अनि तिनीहरू आनन्द मनाउनलागे।

२५ अब तिनको जेठो छोरो खेतमा
थियो, र जब त्यो आइरहेको थियो तब
घरको नजीक आइपुग्दा त्यसले गान-बजान र
नाचेको आवाज सुन्यो। २६ औ नोकर-
हरूमध्ये एउटालाई आफूकहाँ बोलाएर 'यो के
हो?,' भनेर सोध्यो। २७ औ त्यसले
उसलाई भन्यो, 'तपाइँको भाइ आइपुगे, र
तपाइँका पिताले पालिराखेको मोटो बाछा
मार्नुभयो। किनकि उहाँले तिनलाई निकानन्दै
पाउनुभयो।' २८ तर उ रिसायो, र भित्र
जानै मन गरेन, र उसको बाबुले बाहिर गएर
उसलाई मनाउनलागे। २९ तर त्यसले
बाबुलाई भन्यो 'हेर्नुहोस्, यत्तिका वर्ष मैले
तपाइँको सेवा गरिरहेछु, औ तपाइँको आज्ञा
कहिल्यै उलङ्घन गरिनँ, तापनि मैले आफ्ना
मित्रहरूसित आनन्द मनाऊँ भनेर तपाइँले
मलाई बाख्राको पाठो पनि कहिल्यै दिनुभएन।
३० तर तपाइँको सम्पत्ति वेश्याहरूसित
उड़ाउने यो तपाइँको छोरो आउँदा चाहिँ
तपाइँले पालिराखेको मोटो बाछा त्यसको निम्ति
मार्नुभयो।' ३१ तब तिनले त्यसलाई भने,
'ए छोरा, तैँता मसित सधैँभरि छस् नि, औ
मेरो सबै तेरै हो। ३२ तर आनन्द
मनाउनु र खुशी हुनुपर्नेनै हो, किनकि यो

तेरो भाइ मरेको थियो, फेरि बिउँत्यो,
औ हराएको थियो, पाइयो।'

अधर्मी भण्डारी

१६ उहाँले आफ्ना चेलाहरूलाई पनि
भन्नुभयो, 'एउटा धनी मानिसको
एउटा भण्डारी थियो। त्यसलाई उसको धन-
सम्पत्ति उड़ाइरहेको छ भन्ने दोष लागेको
थियो। २ तब उसले त्यसलाई बोलाएर
भन्यो, 'यो के हो, जो म तेरो विषयमा
सुन्दछु? तेरो भण्डारी कामको हिसाब दे।
अब उप्रान्त तँ भण्डारी हुनसक्तैनस्।'
३ तब भण्डारीले आफ्नो मनमा भन्यो,
'अब म के गरूँ, किनकि मेरा मालिकले
मबाट भण्डारी काम झिकिदिनलागे। खन्ने मेरो
ताकत छैन, भीख माग्न म शर्माउँछु।
४ जब म भण्डारी कामबाट झिकिन्छु तब
मैंले के गरेदेखि मानिसहरूले मलाई तिनीहरूका
घरमा राख्लान् भन्ने मैले निश्चय गरेको
छु।' ५ तब त्यसका मालिकका ऋणीहरू
एक एकलाई बोलायो, र उसले पहिलोलाई
भन्यो, 'मालिकको कति ऋण तिमीलाई
छ?' ६ अनि त्यसले भन्यो, 'नौ सय
पाथी तेल।' तब उसले त्यसलाई भन्यो
'तिम्रो तमसुक लेऊ, र चाँड़ै बसेर चार सय
लेख।' ७ त्यसपछि उसले अर्कोलाई भन्यो,
तिमीलाई कत्तिको ऋण छ?' औ
त्यसले भन्यो, 'आठ सय मन गहुँ।'
उसले त्यसलाई भन्यो, 'तिम्रो तमसुक लेऊ,
र छ सय लेख।' ८ अब त्यसका मालिकले
त्यस अधर्मी भण्डारीको तारीफ गर्‍यो, किनकि
त्यसले चतुर्‍याइँसित काम गरेको थियो।
किनकि यस युगका सन्तान आफ्नो पुस्तामा
ज्योतिका सन्तानभन्दा बढ़ता चतुर हुन्छन्।'

धनको उचित प्रयोग

९ औ म तिमीहरूलाई भन्दछु, 'आफ्नो
निम्ति अधर्मको धनले मित्रहरू बनाओ, र
जब त्यो समाप्त हुन्छ, तब तिमीहरूलाई
तिनीहरूले अनन्त बासस्थानहरूमा स्वागत
गरून्। १० जो थोरै कुरामा विश्वासी
हुन्छ, त्यो धेरैमा पनि विश्वासी हुन्छ, औ
जो सानो कुरोमा अविश्वासी हुन्छ, त्यो
धेरैमा पनि अविश्वासी हुन्छ। ११ यसकारण
तिमीहरू अधर्मको धनमा विश्वासी भएको
हुँदैनौ भनेता तिमीहरूलाई सत्‌को धन कसले
विश्वास गरी सुम्पन्छ र? १२ यदि तिमीहरू
अर्काको कुरामा विश्वासी भएनौ भनेता
तिमीहरूको आफ्नै कुरो कसले देला र?
१३ कोही नोकरले दुइ मालिकको सेवा
गर्नसक्तैन, किनकि किता त्यसले एउटालाई
तुच्छ ठानेर अर्कोलाई मान गर्छ, अथवा त्यो
एउटासँग लागेर अर्कोलाई तुच्छ ठान्छ।
तिमीहरू परमेश्वर र धन दुवैको सेवा
गर्नसक्तैनौ।'
१४ अनि फरिसीहरूले, जो धनप्रिय थिए,
यी सबै कुरा सुनेर उहाँलाई नाक चेप्र्याए।
१५ तब उहाँले तिनीहरूलाई भन्नुभयो,
'तिमीहरू तिनै हौ, जसले आफूलाई मानिस-
हरूको सामु धर्मी ठहराउँछन्। तर परमेश्वरले
तिनीहरूका हृदय जान्नुहुन्छ, किनकि मानिस-
हरूमा उच्च मानिएको ता परमेश्वरको सामने
घिनलाग्दो ठहरिन्छ। १६ व्यवस्था र
अगमवक्ताहरू यूहन्नासम्मै भए। त्यस बेलादेखि
परमेश्वरको राज्यको प्रचार गरिएकोछ, औ
सबै जना त्यसभित्र बलजफ्तसँग पस्तछन्।
१७ तर व्यवस्थाबाट एक मात्रा मेटिदिनु-
भन्दा ता स्वर्ग र पृथ्वी बितिजानु बढ़ता
सजिलो छ। १८ जसले आफ्नो स्वास्नीलाई
त्यागेर अर्कीलाई विवाह गर्छ त्यसले व्यभिचार
गर्दछ, औ लोग्नेबाट त्यागेकीलाई विवाह
गर्ने मानिसले पनि व्यभिचार गर्दछ।'

धनी मानिस र लाजरस

१९ एउटा धनी मानिस थियो,

त्यो बैजनी रङ्गको लुगा र मिहीन
मलमलको वस्त्र लाएर दिनहुँ मोज-मजामा
बस्तथियो। २० औ लाजरस नाउँको
घावैघाउ भएको कुनै एउटा माग्नेलाई उसको
ढोकामा ल्याएर राखिदिन्थे। २१ औ धनी
मानिसको टेबलबाट झरेको टुक्रा-टाकीले
सन्तुष्ट हुने इच्छा त्यसले गर्थ्यो। औ कुकुर-
हरूले पनि आएर त्यसका घाउहरू चाट्‌तथिए।
२२ त्यो माग्ने मर्‍यो, र स्वर्गदूतहरूले
त्यसलाई बोकेर अब्राहामको काखमा राखे,
औ त्यो धनी मानिस पनि मर्‍यो र गाड़ियो।
२३ नरकलोकमा कष्टमा उसले
नजर उठाएर हेर्‍यो, र टाढ़ामा
अब्राहामलाई र उनको काखमा लाजरसलाई
देख्यो। २४ अनि उसले कराएर भन्यो,
'हे पिता अब्राहाम, ममाथि दया गरेर,
लाजरसलाई पठाइदिनुहोस्, र त्यसले
आफ्नो औंलाको टुप्पा पानीमा चोपेर मेरो
जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस
ज्वालामा कष्ट पाइरहेछु।' २५ तर
अब्राहामले भने, 'ए छोरो सम्झ, तिमीले
आफ्नो जीवनकालमा असल असल कुराहरू
पायौ, र त्यसैगरी लाजरसले खराब कुराहरू,
तर अब त्यो यहाँ आराममा छ, र तिमी
चाहिं कष्टमा छौ। २६ औ यी सबै
कुराबाहेक यहाँबाट तिमीकहाँ पारि जान
खोज्नेहरू जान नसकून् र त्यहाँबाट यहाँ
हामीकहाँ वारि आउन पनि नसकून् भनेर
हामीहरू र तिमीहरूका बीचमा एउटा ठूलो
खाँद रहेको छ।' २७ अनि उसले भन्यो,
'यसकारण पिता, म तपाईंलाई बिन्ती गर्दछु,
तपाइंले त्यसलाई मेरा बाबुको घरमा
पठाइदिनुहोस्, २८ किनभने मेरा पाँच
भाइ छन्, औ त्यसले तिनीहरूलाई चेताउनी
देओस् र तिनीहरू पनि यस कष्टको ठाउँमा
नआऊन्।' २९ तर अब्राहामले भने,
'तिनीहरूका साथमा मोशा र अगमवक्ताहरूका
पुस्तक छन्। तिनीहरूले ती सुनून्।'
३० तर उसले भन्यो, 'होइन, पिता अब्राहाम,
तर मरेकाबाट कोही एक जना तिनीहरूकहाँ
गयो भनेता तिनीहरूले पश्चाताप गर्नेछन्।'
३१ तर उनले त्यसलाई भने, 'मोशा र
अगमवक्ताहरूलाई तिनीहरूले सुन्दैनन् भनेता
मरेकाहरूबाट कोही उठेकोले पनि तिनीहरूलाई
मनाउन सक्तैनन्'।'

येशूका केही शिक्षाहरू

१७ अब उहाँले चेलाहरूलाई भन्नुभयो,
'बाधा नआउनु असम्भव छ, तर
हाय त्यसलाई, जसद्वारा ती आइलाग्छन्!
२ यी सानाहरूमध्ये एउटालाई बाधा
दिनभन्दा ता जाँतोको ढुङ्गा त्यसको घिच्रोमा
झुण्ड्याएर समुद्रमा फालिदिनु त्यसको निम्ति
बढ़िया हुनेथियो। ३ आफ्नो विषयमा
होशियार रहो। तिम्रो भाइले अपराध गर्‍यो
भने त्यसलाई सम्झाऊ, र त्यो पछतायो
भने त्यसलाई क्षमा गर। ४ औ दिनभरिमा
सातपल्ट त्यसले तिम्रो विरुद्धमा अपराध गर्छ
र सातैपल्ट तिमीकहाँ फर्किआएर 'म
पछताउँछु', भन्छ भने, तिमीले त्यसलाई क्षमा
गर्नू।'
५ प्रेरितहरूले प्रभुलाई भने, 'हामीहरूको
विश्वास बढ़ाइदिनुहोस्।' ६ तर प्रभुले
भन्नुभयो, 'तिमीहरूमा रायोको दाना जत्ति
पनि विश्वास भएदेखि तिमीहरूले यस
कालो किम्बुको रूखलाई, 'तँ उखेलिएर
समुद्रमा रोपिन जा' भन्यौ भने त्यसले मान्ने
थियो। ७ तर तिमीहरूमध्ये को यस्तो होला
जसको नोकर जोतेर कि भेड़ा चराएर खेत-
बाट आएपछि त्यसलाई 'तुरुन्त आएर खान
बस्' भनी भन्नेछ? ८ तर 'मेरो निम्ति
खाना तयार गर्, र पटुका कसेर मैंले खान-
पीन नगरूञ्जेल मेरो सेवा गर्, औ पछिबाट
तँ खालास् र पिउलास्' भनी उसले
त्यसलाई भन्नेछ। ९ के त्यसले अह्राए
बमोजिमको काम गरेकोमा त्यस नोकरलाई
धन्यवाद दिन्छ र? १० त्यसरीनै तिमीहरूले

पनि जब तिमीहरूलाई अह्राएका सबै काम
गरिसकेका हुन्छौ तब 'हामी नालायक दास
हौं किनकि हामीले ता कर्त्तव्य मात्र
गरेका छौं,' भनी भन।

दश कोरी

११ उहाँहरू यरूशलेमतिर जाने बाटोमा
उक्लनुहुँदा यसो भयो, उहाँ सामरिया
र गालीलको बीचबाट भएर जानुभयो।
१२ औ उहाँ एउटा गाउँमा पस्नुहुँदा
दश जना कोरीसित उहाँको भेट भयो, जो
टाढै उभिरहेका थिए, १३ तिनीहरूले चर्को
सोरले भने, 'हे येशू गुरु, हामीमाथि दया
गर्नुहोस्।' १४ उहाँले तिनीहरूलाई देखेर
भन्नुभयो, 'जाओ, गएर पूजाहारीकहाँ
आफैलाई देखाओ।' अनि तिनीहरू जाँदा
जाँदै शुद्ध भइहाले। १५ औ तिनीहरूमध्ये
एक जनाले आफू निको भएको देखेर उच्च
सोरले परमेश्वरको महिमा गर्दै फर्क्यो।
१६ अनि उहाँलाई धन्यवाद दिएर उहाँको
पाउमा घोप्टो पर्‍यो। औ त्यो चाहिँ एक
सामरी थियो। १७ येशूले भन्नुभयो,
'के शुद्ध भएका दश जना होइनन्? तर नौ
जना कहाँ छन्? १८ परमेश्वरलाई महिमा
दिनालाई के यो विदेशीबाहेक अरू कोही
भएनन्?' १९ अनि उहाँले त्यसलाई
भन्नुभयो, 'उठ, र आफ्नो बाटो लाग। तिम्रो
विश्वासले तिमीलाई निको पारेको छ।'

२० परमेश्वरको राज्य कहिले आउँछ
भन्ने फरिसीहरूबाट प्रश्न पाएर जवाफमा
उहाँले तिनीहरूलाई भन्नुभयो, 'परमेश्वरको
राज्य प्रत्यक्ष रूपमा आउँदैन, २१ नता
मानिसहरूले, 'हेर, यहाँ छ!' अथवा 'त्यहाँ
छ!' भन्छन्, किनभने हेर, परमेश्वरको
राज्य तिमीहरूकै बीचमा छ।'

२२ उहाँले चेलाहरूलाई भन्नुभयो, 'ती
दिन आउनेछन्, जब तिमीहरू मानिसको
पुत्रका दिनहरूमध्ये कुनै एक दिन हेर्न इच्छा
गर्नेछौ, र देख्नेछैनौ।' २३ औ मानिस-
हरूले तिमीहरूलाई भन्नेछन्, 'हेर त्यहाँ छ!
अथवा हेर यहाँ छ! तर तिनीहरूकहाँ
नजाओ, औ तिनीहरूका पछि नलाग।
२४ किनकि जस्तो बिजुली आकाशको एक
भागमा चम्कँदा अर्को भागसम्म उज्यालो
हुन्छ, त्यस्तैगरी मानिसको पुत्र पनि आफ्नो
दिनमा हुनेछ। २५ तर पहिले उसलाई धेरै
कुरा सहनु र यस पुस्ताबाट इन्कार हुनु
आवश्यक छ।

२६ औ जस्तै नूहका दिनमा
भएको थियो, त्यस्तै मानिसको पुत्रका
दिनमा पनि हुनेछ। २७ नूह जहाजमा
प्रवेश नहोउन्जेल मानिसहरू खाँदैथिए,
पिउँदैथिए, विवाहवारी गर्दैथिए, र पानीको
बाढी आएर सबैलाई नष्ट पार्‍यो।
२८ लूतका दिनमा पनि त्यस्तै भएको थियो,
मानिसहरू खाँदैथिए, पिउँदैथिए, किनबेच
गर्दैथिए, रोप्तैथिए, बनाउँदैथिए, २९ तर
जुन दिन लूत सदोमबाट निस्केथे, आकाश-
बाट आगो र गन्धक वर्षेर सबैलाई नष्ट
पार्‍यो। ३० त्यस्तै रीतिले मानिसको
पुत्रको प्रकट हुने दिन पनि हुनेछ।
३१ त्यस दिन घरको कौसीमाथि हुने,
त्यसको माल-मत्ता घरभित्र छ भने, ती
लिनालाई तल नआओस्। त्यसरीनै खेतमा
हुने पनि फर्केर नआओस्। ३२ लूतको
स्वास्नीलाई सम्झ। ३३ जसले आफ्नो
प्राण प्राप्त गर्न खोज्छ त्यसले त्यो गुमाउनेछ,
र जसले त्यो गुमाउँछ, त्यसले त्यसको रक्षा
गर्नेछ।'

३४ म तिमीहरूलाई भन्दछु, 'त्यस
रात दुइ जना मानिस एउटै खाटमा
हुनेछन्, एउटा लगिनेछ र अर्को छोड़िनेछ।
३५ दुइ जना स्त्री एकैसाथ जाँतो पिँधि-
रहेका हुनेछन्, एउटी लगिनेछ, अर्की
छोड़िनेछ। ३६ दुइ जना मानिस खेतमा
हुनेछन्, एउटा लगिनेछ, अर्को चाहिँ
छोड़िनेछ!' ३७ अनि तिनीहरूले उहाँलाई

भने, 'कहाँ प्रभु, ?' औ उहाँले तिनीहरू-
लाई भन्नुभयो, 'जहाँ लाश छ, त्यहाँ
गिद्धहरू पनि भेला हुन्छन्।'

अधर्मी न्यायाधीश

१८ तिनीहरू बराबर प्रार्थना गरिरहून्
र निरुत्साह नहोऊन् भन्ने हेतुले
उहाँले तिनीहरूलाई एउटा उखान पनि
भन्नुभयो, २ 'एउटा शहरमा परमेश्वरको
भय नमान्ने र मानिसको आदर नगर्ने
एउटा न्यायाधीश थिए। ३ त्यसै शहरमा
एउटी विधवा थिई, औ त्यो तिनीकहाँ
अक्सर आएर यसो भन्नेगर्थी, 'मेरो
बादीबाट मलाई जोगाइदिने इन्साफ गरि-
दिनुहोस्।' ४ तिनले केही समयसम्म
ता मानेनन्, तर पछिबाट तिनले आफ्नो
मनमा भने, 'म परमेश्वरको भय मान्दिनँ,
मानिसको आदर पनि गर्दिनँ, ५ तापनि
यस विधवाले मलाई हैरान पारेकी हुनाले
म त्यसको इन्साफ गरिदिनेछु, नत्रता त्यो
बारंबार आएर मलाई दिक्क पार्नेछ।'
६ अनि प्रभुले भन्नुभयो, 'सुन, ती अधर्मी
न्यायाधीशले के भन्दछन्।' ७ औ के
परमेश्वरले आफ्ना चुनिएकाहरूका बदला लिनु
हुन्न र? जसले उहाँलाई रातोदिन पुकार्दछ,
र उहाँ तिनीहरूमाथि सहनशील हुनुहुन्छ।
८ म तिमीहरूलाई भन्दछु, 'उहाँले चाँड़ै
तिनीहरूका बदला लिनुहुनेछ। त्यसो भए
तापनि मानिसको पुत्र आउँदा के उसले
पृथ्वीमा विश्वास पाउनेछ' ?'

फरिसी र महसूल उठाउने

९ अनि हामी धर्मी छौं भन्ने आफैंमाथि
भरोसा राख्नेहरू र अरूलाई केही नसम्झनेहरू
कुनै कुनैलाई उहाँले यो उखान पनि
सुनाउनुभयो, १० 'दुइ जना मानिस प्रार्थना
गर्नालाई मन्दिरमा उक्ले—एक जना फरिसी
र अर्को चाहिं महसूल उठाउने।
११ फरिसीले उभिएर मनमनै यसरी प्रार्थना
गर्‍यो, 'हे परमेश्वर, म तपाईंलाई धन्यवाद
दिन्छु, म अरू मानिसहरूजस्ता लुटाहा,
अन्यायी, व्यभिचारी, अथवा यही महसूल
उठाउने जस्तो पनि छैनँ। १२ म हप्तामा
दुइपल्ट व्रत बस्तछु। मैले पाएका सबै थोकका
दशांश म दिन्छु।' १३ तर महसूल
उठाउनेचाहिं टाढ़ै उभिएर स्वर्गतिर आँखा
उठाउन पनि सकेन, तर यसो भन्दै आफ्नो
छाती पिट्यो, 'हे परमेश्वर, म पापीमाथि दया
गर्नुहोस!' १४ म तिमीहरूलाई भन्दछु, यो
चाहिं मानिस त्यो अर्कोभन्दा धर्मी ठहरिएर
आफ्नो घरतिर लाग्यो, किनभने हरेक
जसले आफूलाई उचाल्दछ, त्यो होचिनेछ,
तर जसले आफूलाई होच्याउँछ, त्यो उचा-
लिनेछ।'
१५ अनि उहाँले तिनीहरूलाई छोइदिऊन्
भनेर मानिसहरूले आफ्ना आफ्ना बालकहरू
पनि उहाँकहाँ ल्याए, तर चेलाहरूले
यो देखेर तिनीहरूलाई हप्काए। १६ येशूले
तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो,
'साना नानीहरूलाई मकहाँ आउनदेओ, औ
तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य
यस्तैहरूको हो। १७ म तिमीहरूलाई
साँच्चै भन्दछु, जसले साना नानीहरूले
जस्तैगरी परमेश्वरको राज्यलाई ग्रहण गर्दैन,
त्यो कुनै रीतिले त्यसभित्र प्रवेश गर्नेछैन।'

अनन्त जीवन र धन

१८ कोही एउटा शासकले उहाँलाई
यसो भनेर सोधे, 'हे उत्तम गुरु, मैले के
गरेदेखि म अनन्त जीवनको हकदार हुनेछु?'
१९ येशूले तिनलाई भन्नुभयो, 'तिमी मलाई
किन उत्तम भन्दछौ? केवल एक, अर्थात्
परमेश्वरबाहेक कोही उत्तम छैन। २० तिमी
आज्ञाहरू ता जान्दछौ, 'व्यभिचार नगर्नू,
हत्या नगर्नू, नचोर्नू, झूटा गवाही नदिनू,

आफ्ना बाबु र आमालाई आदर गर्नू।'
२१ तिनले भने, 'यी सब ता मैले युवावस्था-
देखिनै पालन गरेको छु।' २२ यो सुनेपछि
येशूले तिनलाई भन्नुभयो, 'तिमीलाई अझ
एक कुराको अभाव छ। तिमीसँग भएको
जति सबै बेचेर गरीबहरूलाई बाँडिदेऊ,
तिमीलाई स्वर्गमा धन हुनेछ, र आऊ,
मेरोपछि लाग।' २३ तर यी कुरा सुनेर
तिनी अति उदास भए, किनभने तिनी असाध्य
धनी थिए। २४ अनि येशूले तिनलाई
हेरेर भन्नुभयो, 'धन हुनेहरू परमेश्वरको
राज्यमा कति कठिनसित प्रवेश गर्छन्!
२५ किनभने धनी मानिसलाई परमेश्वरको
राज्यमा प्रवेश गर्नभन्दा ता ऊँटलाई सियोको
नाथ्रीबाट छिर्न सजिलो छ।' २६ अनि
सुन्नेहरूले भने, 'तब कसको उद्धार हुनसक्छ
ता?' २७ तर उहाँले भन्नुभयो, 'मानिस-
हरूलाई असम्भव हुने कुराहरू परमेश्वरलाई
सम्भव छ।' २८ तब पत्रुसले भने,
'हेर्नुहोस्, हामीले आफ्ना सबै छोड़ेर
तपाईंका पछि लागेका छौं।' २९ तब
उहाँले तिनीहरूलाई भन्नुभयो, 'म तिमीहरू-
लाई साँच्चै भन्दछु, जसले परमेश्वरको
राज्यको निम्ति घर, कि पत्नी, कि भाइहरू,
वा आमा-बाबु, अथवा छोरा-छोरीलाई त्यागेको
छ ३० त्यसले यसै समयमा धेरै गुणा
बढ़ी र आउने संसारमा अनन्त जीवन प्राप्त
गर्नेछ।'

३१ तब बाह्रै जनालाई साथ लिएर
उहाँले तिनीहरूलाई भन्नुभयो, 'हेर, हामीहरू
यरूशलेमतिर उक्लँदैछौं, औ मानिसको पुत्रको
विषयमा अगमवक्ताहरूबाट लेखिएका सबै
कुरा पूरा हुनेछन्। ३२ किनभने उ
अन्यजातिहरूका हातमा सुम्पिनेछ, र गिल्ला
गरिनेछ, र उसलाई निर्लज्ज व्यवहार गरिनेछ,
र थुकिनेछ। ३३ औ तिनीहरूले उसलाई
कोर्राबाजी गर्नेछन्, र मार्नेछन्, अनि तेस्रो
दिनमा उ फेरि बिउँतनेछ।' ३४ तर तिनी-
हरूले यी कुराहरू केही पनि बुझेनन्, औ
यो बात तिनीहरूबाट छिपिरह्यो, र उहाँले
भन्नुभएका कुरा तिनीहरूले सम्झेनन्।

३५ जब उहाँ यरीहोको नजीक पुग्नुभयो
तब एक जना अन्धा बाटोको किनारमा
भीख मागेर बसिरहेको थियो। ३६ त्यसले
भीड़ गइरहेको सुनेर 'यो के हो?' भनेर
सोध्यो। ३७ औ मानिसहरूले त्यसलाई
भने, 'येशू नासरी जाँदैहुनुहुन्छ।' ३८ तब
त्यो यसो भन्दै करायो, 'हे येशू, दाऊदका
पुत्र, ममाथि दया रहोस्।' ३९ औ अगि
जानेहरूले त्यो चूप लागोस् भनेर त्यसलाई
हप्काए, तर त्यो झन् साह्रो करायो, 'हे
दाऊदका पुत्र, ममाथि दया रहोस्!'
४० अनि येशू अडिनुभयो, र त्यसलाई
उहाँकहाँ ल्याउने आज्ञा गर्नुभयो। त्यो
नजीक आएपछि उहाँले त्यसलाई सोध्नुभयो,
४१ 'तिमी के चाहन्छौ? म तिम्रो
निम्ति के गरूँ?' त्यसले भन्यो, 'हे प्रभु,
मैले आपनो दृष्टि पाऊँ।' ४२ तब येशूले
त्यसलाई भन्नुभयो, 'तिम्रो विश्वासले तिमी-
लाई निको पारेको छ। तिमी देख्ने
होऊ।' ४३ अनि तुरुन्तै त्यो देख्नेभयो, र
परमेश्वरलाई धन्यवाद दिँदै त्यो उहाँको पछि
लाग्यो। औ यो देखेर सबै मानिसहरूले
परमेश्वरको प्रशंसा गरे।

जक्कै

१९ उहाँ यरीहोमा पसेर त्यहाँबाट
जाँदैहुनुहुन्थ्यो, २ त्यहाँ जक्कै
नाउँ भएको एउटा मानिस थियो। तिनी
महसूल उठाउनेका हाकिम थिए, र धनी
थिए। ३ औ उहाँ को हुनुहुँदो रहेछ भनेर
तिनी येशूलाई हेर्न चाहन्थे। तर भीड़ले
गर्दा सकेनन्, किनकि तिनी पुड्को
थिए। ४ औ तिनी उहाँलाई हेर्नालाई
अगिअगि दौड़ेर एउटा नेभाराको रूखमा
चढ़े, किनकि उहाँलाई त्यतैबाट भएर
जानुपर्थ्यो। ५ औ जब येशू त्यस ठाउँमा

आउनुभयो, तब उहाँले माथितिर हेरेर
तिनलाई भन्नुभयो, 'ए जक्कै, छिटोगरी
ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो
घरमा बस्नुपरेको छ।' ६ अनि तिनी
छिटोगरी ओर्लेर आए, र खुशीको साथ
उहाँको सत्कार गरे। ७ जब तिनी-
हरूले यो देखे, तब तिनीहरू सबै यसो
भनेर गनगनाए, 'उनी पापी मानिससँग
बास बस्न गए।' ८ अनि जक्कैले खड़ा
भएर प्रभुलाई भने, 'हे प्रभु, हेर्नुहोस्, म
आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई
दिन्छु, औ कोहीबाट अन्याय गरेर केही
लिएको छु भने म चार गुणा फिर्ता
गरिदिन्छु।' ९ तब येशूले तिनलाई भन्नु-
भयो, 'आज यस घरले उद्धार पाएको छ,
किनकि यिनी पनि अब्राहामका छोरा हुन्।
१० किनभने मानिसको पुत्र हराएकाहरूलाई
खोज्न र उद्धार गर्न आएको हो।'

तोड़ाको उखान

११ जब तिनीहरूले यी कुरा सुने तब
उहाँले थपेर एउटा उखान भन्नुभयो, किन-
भने उहाँ यरूशलेमको नजीकै हुनुहुन्थ्यो।
औ तिनीहरूले परमेश्वरको राज्य तुरुन्तै
प्रकट हुनलागेको छ भन्ने सम्झेका थिए।
१२ यसकारण उहाँले भन्नुभयो, 'एउटा
सम्पन्न मानिस आफ्नो निम्ति राजपद
पाएर फर्कनालाई टाढ़ा देशमा गए।
१३ औ तिनले आफ्ना दासहरूमध्ये दश
जनालाई बोलाएर तिनीहरूलाई दश अशर्फी
दिएर भने, 'जबसम्म म आउन्नँ यसबाट
व्यापार गर।' १४ तर नागरिकहरूले तिन-
लाई घृणा गर्थे, र तिनीहरूले तिनका
पछिपछि दूतहरूलाई यसो भनेर पठाए, 'तिनले
हामीमाथि राज्य गरून् भन्ने हामी
चाहन्नौं।'
१५ तब राजपद पाई तिनी फर्केर
आएपछि तिनीहरूले व्यापारमा कति लाभ
गरे भनी बुझ्नालाई दाम पाउने ती
दासहरूलाई बोलाउनालाई तिनले आज्ञा गरे।
१६ तब पहिलो आएर यसो भन्यो, 'मालिक
तपाईंको अशर्फीले दश अशर्फी कमाएको छु।'
१७ औ तिनले त्यसलाई भने, 'स्याबास
असल दास, तँ अति थोरैमा विश्वासी भइस,
तैंले दश शहरहरूमाथि अख्तियार पाउनेछस्।'
१८ दोस्रो आएर यसो भन्यो, 'हे मालिक,
तपाईंको अशर्फीले पाँच अशर्फी कमाएको छु।'
१९ औ तिनले त्यसलाई पनि भने, 'तैंले
पनि पाँच शहरमाथि अख्तियार पाउनेछस्।'
२० औ अर्को आएर यसो भन्यो, 'हे
मालिक हेर्नुहोस्, तपाईंको अशर्फी यहाँ छ।
त्यो मैले रूमालमा बाँधेर राखेको थिएँ।
२१ किनभने म तपाईंसँग डराएँ, किनकि
तपाईं कठोर मानिस हुनुहुन्छ, जे राख्नुभएन
त्यो लिनुहुन्छ, औ जे छर्नु भएन त्यसैको
कटनी गर्नुहुन्छ।'
२२ तिनले त्यसलाई भने, 'तेरै मुखबाट
म तेरो इन्साफ गर्नेछु, ए दुष्ट दास! जे
राखिनँ त्यो लिने, र जे छरिनँ त्यसको
कटनी गर्ने म कठोर मानिस हुँ भनेर तैंले
जानेकै थिइस्। २३ तब किन मेरो दाम
सराफीकहाँ राखिनस् त? म आएर ब्याजसमेत
त्यो पाउनेथिएँ।' २४ अनि नजीक
उभिनेहरूलाई तिनले भने, 'त्यससँगबाट त्यो
अशर्फी लिएर दश अशर्फी हुनेलाई दिइहाल।'
२५ औ तिनीहरूले तिनलाई भने, 'मालिक,
त्यससँग ता दश अशर्फी छँदैछ।'
२६ 'म तिमीहरूलाई भन्दछु, जससँग छ
त्यसलाई दिइनेछ, तर जससँग छैन त्यससँग
भएको पनि त्यसबाट लिइनेछ। २७ तापनि
मैले तिमीहरूलाई राज्य नगरूँ भनी चाहने
ती मेरा शत्रुहरूलाई यहाँ ल्याओ, र तिनी-
हरूलाई मेरै सामने मार'।'

यरूशलेममा येशूको प्रवेश

२८ यसरी यी कुरा भनेपछि उहाँ

यरूशलेमतिर जानालाई अगिलाग्नुभयो।
२९ अनि जब उहाँ जैतून नाउँ भएको
डाँडातिर बेतफागे र बेथानीको नजीक पुग्नु-
भयो, तब उहाँले आफ्ना चेलाहरूमध्ये दुइ
जनालाई यसो भनेर पठाउनुभयो,
३० 'सामनेको गाउँमा जाओ, र भित्र
पस्तापस्तै तिमीहरूले एउटा बछेड़ा बाँधेको
भेट्टाउनेछौ, जसमा अहसम्म कोही मानिस
चढ़ेको छैन, त्यसलाई फुकाएर यहाँ ल्याओ।
३१ औ कसैले किन फुकाउँछौ भनेर
तिमीहरूलाई सोध्यो भने 'प्रभुलाई यसको
दरकार छ' भनेर तिमीहरूले भन्नू।'
३२ ती पठाएकाहरू गएर जस्तो उहाँले
तिनीहरूलाई भन्नुभएको थियो तिनीहरूले
त्यस्तै भेट्टाए। ३३ औ तिनीहरूले बछेड़ा
फुकाउनलाग्दा त्यसका मालिकहरूले तिनीहरू-
लाई भने, 'तिमीहरू किन बछेड़ा फुकाउँछौ?'
३४ तिनीहरूले भने, 'प्रभुलाई यसको दरकार
छ।' ३५ अनि तिनीहरूले त्यसलाई येशूकहाँ
ल्याए, र आफ्ना लुगाहरू बछेड़ामाथि हालेर
येशूलाई त्यसमाथि चढ़ाए। ३६ अब उहाँ
जानुहुँदा तिनीहरूले आफ्ना लुगाहरू बाटोमा
ओछ्याए। ३७ औ उहाँ जैतून डाँड़ाको
ओहालोमा नजीकै पुग्नुहुँदा चेलाहरूको सारा
भीड़, तिनीहरूले देखेका सबै शक्तिशाली
कामहरूका निम्ति रमाएर परमेश्वरको प्रशंसा
गर्दै यसो भनेर ठूलो सोरले कराउन लागे,
३८ 'परमप्रभुको नाउँमा आउने राजा धन्य
हुन्। स्वर्गमा शान्ति र परमधाममा महिमा।'
३९ अनि भीड़का कुनै कुनै फरिसीहरूले
उहाँलाई भने, 'हे गुरु, तपाईंका चेलाहरूलाई
हप्काउनुहोस्।' ४० तर उहाँले भन्नुभयो,
'म तिमीहरूलाई भन्दछु, यिनीहरू चूप लागे
भने ढुङ्गाहरू कराउनेछन्।'

यरूशलेममाथि येशूको बिलौना

४१ औ जब उहाँ नजीकै आइपुग्नु-
भयो तब शहरलाई देखेर यसो भन्दै
त्यसको निम्ति उहाँ विलाप गर्नुभयो,
४२ 'तैंले, आजको दिनमा शान्तिको
कुरा जानेको भएता हुनेथियो! तर अब
तेरो नजरबाट ती सब छिपेका छन्।
४३ किनकि तँमाथि ती दिन आउनेछन्,
जब तेरा शत्रुहरूले तेरो वरिपरि मोर्चा
बाँधेर घेरा हाल्नेछन् र सबैतिरबाट तँलाई
थुनिराख्नेछन्, ४४ र तँलाई र तँभित्र
भएका बाल-बच्चाहरूलाई जमीनमा पछार्नेछन्,
औ ढुङ्गामाथि ढुङ्गा पनि छोड़िनेछैन्।
किनकि तैंले आफूमाथि कृपादृष्टि भएको
समयलाई बुझ्नसकिनस्।'
४५ तब उहाँ मन्दिरमा पसेर व्यापारी-
हरूलाई बाहिर निकाल्नुभयो, र तिनी-
हरूलाई भन्नुभयो, ४६ 'लेखिएको छ, मेरो
घर प्रार्थनाको घर हुनेछ, तर तिमीहरूले
ता यसलाई डाँकूहरूको ओढ़ार तुल्याएका
छौ।'
४७ उहाँ मन्दिरमा दिनहुँ शिक्षा
दिनुहुन्थ्यो, तर मुख्य पूजाहारी, शास्त्रीहरू
र जनताका मुख्य मुख्य मानिसहरूले उहाँलाई
नाश गर्न खोज्थे ४८ औ के गर्ने
भनी तिनीहरूले उपाय भेट्टाउनसकेनन्,
किनकि सबै मानिसहरू उहाँका कुरा सुन्नामा
मस्तथिए।

येशूको अख्तियारमा प्रश्न

२० त्यसै बेला एक दिन उहाँ मन्दिरमा
मानिसहरूलाई शिक्षा दिइरहनु
र सुसमाचार प्रचार गरिरहनुहुँदा मुख्य
पूजाहारीहरू र शास्त्रीहरू, बूढ़ा-प्रधानहरूका
साथमा उहाँकहाँ आए, २ र यसो भनेर
उहाँसित कुरा गरे, 'हामीलाई भन, कुन
अख्तियारले तिमी यी काम गर्दछौ, अथवा
तिमीलाई यो अख्तियार दिने को हो?'
३ उहाँले तिनीहरूलाई जवाफ दिएर
भन्नुभयो, 'म पनि तिमीहरूलाई एउटा कुरो
सोध्छु, ४ भनता, यूहन्नाको बप्तिस्मा

स्वर्गबाट भएको हो, कि मानिसहरूबाट ?'
५ अनि तिनीहरू आपसमा यसो भन्दै बहस
गर्नलागे, 'स्वर्गबाट भनौं भनेता, तिमीहरूले
उनलाई किन विश्वास गरेनौ भनेर तिनले
भन्नेछन्, ६ मानिसहरूबाट भनौं भनेदेखि,
सबै मानिसहरूले हामीलाई ढुङ्गाले हान्नेछन्,
किनकि यूहन्नालाई अगमवक्ता भनेर तिनी-
हरूले मानी आएका छन्।' ७ औ
तिनीहरूले जवाफ दिए, 'हामी जान्दैनौं, यो
कहाँबाट भएको हो।' ८ तब येशूले
तिनीहरूलाई भन्नुभयो, 'म पनि कुन
अख्तियारले यी काम गर्दछु, तिमीहरूलाई
भन्दिनँ।'

दाखबारीको उखान

९ अनि उहाँले मानिसहरूलाई यो उखान
भन्नुलाग्नुभयो, 'एउटा मानिसले दाखबारी
लगायो, र खेतीवालहरूलाई कूतमा दिएर धेरै
दिनको निम्ति परदेश लाग्यो। १० अनि
फलको समयमा त्यसले खेतीवालहरूकहाँ
एउटा दासलाई दाखबारीका फलहरूबाट
उसलाई केही फल दिऊन् भनेर लिनपठायो,
तर खेतीवालहरूले त्यसलाई पिटेर रित्तै
पठाइदिए। ११ अनि उसले अझै अर्को
दासलाई पठायो, तर तिनीहरूले त्यसलाई
पनि पिटेर बेइज्जतीसाथ हातपात गरेर रित्तै
पठाइदिए। १२ औ उसले तेस्रोलाई पनि
पठायो। तर तिनीहरूले त्यसलाई पनि घाइते
बनाएर निकालिदिए। १३ तब दाखबारीको
मालिकले भन्यो, 'अब म के गरूँ,
म आफ्नो प्यारो छोरो पठाउनेछु, सायद
उसलाई ता तिनीहरूले आदर गर्लान्।'
१४ तर खेतीवालहरूले उसलाई देखेर
आपसमा यसो भन्दै कुरा गरे, 'त्यो ता
हकदार हो। आओ, हामी त्यसलाई
मारौं, र हक हाम्रो होस्।' १५ अनि
तिनीहरूले त्यसलाई दाखबारीको बाहिर
निकालेर मारे। यसकारण दाखबारीको
मालिकले तिनीहरूलाई के गर्ला? १६ उ
आएर ती खेतीवालहरूलाई नाश पार्नेछ, र
दाखबारी अरूहरूलाई दिनेछ। अनि तिनी-
हरूले यो सुनेर भने, 'यस्तो नहोस्।'
१७ तर उहाँले तिनीहरूमाथि नजर लाएर
भन्नुभयो, 'यो लेखिएको के हो ता?
'जुन ढुङ्गालाई डकर्मीहरूले रद्दी गरे,
त्यही चाहिं कुनाको शिर-ढुङ्गा बनियो।'
१८ त्यस ढुङ्गामाथि लड्ने हरेक
चक्नाचूर हुनेछ, तर जसमाथि त्यो खस्ला
त्यसले त्यसलाई धूलो-पीठो पारेर छर्नेछ।'

कर सम्बन्धी प्रश्न

१९ तब शास्त्रीहरू र मुख्य पूजाहारी-
हरूले त्यसै बेला उहाँलाई पक्रन खोजे, तर
तिनीहरू मानिसहरूसँग डराए, किनभने उहाँले
तिनीहरूको विरुद्धमा यो उखान भन्नुभएको
हो भनी तिनीहरूले सम्झे। २० औ तिनीहरू
मौका हेर्नलागे, र उहाँको कुरा लिएर
उहाँलाई बड़ा हाकिमका हात र अख्तियारमा
सुम्पिदिनालाई धर्मात्माका भेष लिएका गुप्तचर-
हरू पठाए।
२१ औ तिनीहरूले उहाँलाई यसो भनेर
सोधे, 'हे गुरु, हामी जान्दछौं, तपाईं ठीक
भन्नु र सिकाउनुहुन्छ, औ कसैको पक्षपात
गर्नुहुन्न, तर सत्यसित परमेश्वरको मार्ग
सिकाउनुहुन्छ। २२ हामीले सिजरलाई कर
तिर्नु उचित छ, कि छैन?' २३ तर उहाँले
तिनीहरूको कपट बुझेर तिनीहरूलाई भन्नु-
भयो, २४ 'मलाई एउटा दिनार देखाओ।
यसमा कसको मूर्ति र छाप छ?' औ
तिनीहरूले भने, 'सिजरको।' २५ औ उहाँले
तिनीहरूलाई भन्नुभयो, 'यसकारण जे सिजरका
हुन् सिजरलाई, र जे परमेश्वरका हुन्
परमेश्वरलाई देओ।' २६ औ मानिस-
हरूको सामने तिनीहरूले उहाँलाई कुरामा
पक्रनसकेनन्, र उहाँको जवाफमा तिनीहरू
चकित भएर चूप रहे।

पुनरुत्थान सम्बन्धी प्रश्न

२७ त्यस पछि पुनरुत्थान हुँदैन भन्ने
सदुकीहरूमध्ये कुनै कुनै आएर उहाँलाई यसो
भनेर सोधे, २८ 'हे गुरु, मोशाले हामीलाई
लेखिदिएका छन्, कि कुनै मानिसको स्वास्नी
भएका दाज्यू मर्‍यो भने र त्यो निस्सन्तान
भएमा भाइ चाहिँले दाज्यूको सन्तान खड़ा
गर्नालाई भाउज्यू लैजाओस। २९ अब सात
भाई थिए, र जेठाले एउटी स्वास्नी ल्याएर
निस्सन्तान भई मर्‍यो, ३० औ माहिलो
पनि, ३१ अनि साहिँलोले त्यसलाई लग्यो,
र त्यसैगरी ती सातै जना पनि निस्सन्तान
भई मरे। ३२ पछिबाट त्यो आइमाई
पनि मरी। ३३ यसकारण पुनरुत्थानमा
त्यो आइमाई तिनीहरूमध्ये कसको स्वास्नी
होली? किनकि त्यो सातै जनाको
स्वास्नी भएकी थिई।'

३४ येशूले तिनीहरूलाई भन्नुभयो,
'दुनियाँका मानिसहरू विवाह गर्दछन्, र
गरिदिन्छन्। ३५ तर त्यस दुनियाँको
निम्ति पुनरुत्थान प्राप्त गर्ने योग्य ठहरिएकाहरू
चाहिँ नता विवाह गर्छन्, न गरिदिन्छन्,
३६ तिनीहरू फेरि मर्नसक्तैनन्, किनभने
तिनीहरू स्वर्गदूतहरू समान हुन्छन्, र
पुनरुत्थानका सन्तान भएकाले परमेश्वरका
सन्तान हुन्छन्। ३७ तर जब तिनले
परमप्रभुलाई अब्राहामका परमेश्वर, इसहाकका
परमेश्वर र याकूबका परमेश्वर भनेर पुकारे,
तब मुर्दाहरू बिउँतन्छन् भन्ने मोशाले
समेत पोथ्राको वर्णनमा देखाएका छन्।
३८ उहाँ मुर्दाहरूका परमेश्वर हुनुहुन्न, तर
जीवितहरूका, किनकि सबै जना उहाँकै निम्ति
जीवित छन्।' ३९ अनि शास्त्रीहरूमध्ये
कुनै कुनैले भने, 'हे गुरु, तपाईंले ठीक
भन्नुभयो।' ४० त्यसपछि फेरि तिनीहरूले
उहाँलाई कुनै प्रश्न सोध्ने आँट गरेनन्।

४१ तर उहाँले तिनीहरूलाई भन्नुभयो,
'ख्रीष्ट दाऊदका पुत्र हो भनी तिनीहरूले
कसरी भन्दछन्? ४२ किनकि भजनको
पुस्तकमा दाऊद आफैले भनेका छन्,

'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी
मेरो दाहिने हातपट्टि बस,
४३ जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा
खुट्टाको पाउदान तुल्याउन्नँ।'

४४ यसरी दाऊदले उनलाई प्रभु भन्दछन्
भनेता फेरि कसरी उनी तिनका छोरा
हुन्छ?'

४५ अनि सबै मानिसहरूले सुन्ने गरी
उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो,
४६ 'भोजहरूमा लामा लामा लुगा लाएर
घुमफिर गर्न चाहने, र बजारमा सलाम,
र सभाघरहरूमा मुख्य मुख्य आसन र
भोजमा मुख्य मुख्य ठाउँ रुचाउने शास्त्री-
हरूदेखि होशियार रहो। ४७ तिनीहरूले
विधवाहरूका घर स्वाहा पार्दछन्, र बहाना
गरेर लामा लामा प्रार्थना गर्दछन्। यिनी-
हरूलेनै बढ़ी दण्ड पाउनेछन्।'

विधवाको दान

२१ उहाँले नजर उठाएर हेर्दा धनीहरूलाई
आफ्ना आफ्ना भेटी ढुकुटीमा
चढ़ाएको देख्नुभयो। २ औ उहाँले
एउटी गरीब विधवालाई त्यहाँ दुइ पैसा
चढ़ाएकी देख्नुभयो। ३ तब उहाँले भन्नु-
भयो, 'म तिमीहरूलाई साँचो भन्दछु, यस
गरीब विधवाले अरू सबैले भन्दा बढ़ता
चढ़ाएकी छ। ४ किनकि यी सबैले तिनका
प्रशस्ताबाट भेटी चढ़ाएका छन्, तर यसले
चाहिँ आफ्नो अपुगबाट आफ्ना सारा
जीविकानै चढ़ाएकी छ।'

५ अब कोही कोहीले मन्दिरको बारेमा
सुन्दर सुन्दर ढुङ्गा र चढ़ाएका कुराहरूले
त्यो सिँगारिएको छ भनेर उहाँसँग कुरा
गर्दा उहाँले भन्नुभयो, ६ 'तिमीहरूले
देखेका यी कुराहरूका विषयमा ती दिन
आउने जब ढुङ्गामाथि ढुङ्गा पनि छोड़िनेछैन

सब भताभुङ्ग हुनेछ।' ७ अनि तिनीहरूले
उहाँलाई यसो भनेर सोधे, 'हे गुरु, यी
कुराहरू कहिले हुने हो? औ यी कुरा
हुनलाग्दा के चिह्न हुनेछ?'

अन्तको समय

८ उहाँले भन्नुभयो, 'होशियार रहो,
तिमीहरूलाई नलोभ्याओस्, किनकि धेरै
जना मेरो नाउँमा 'म उहीनै हुँ' भनेर
आउनेछन्। बेला नजीकै भएको हुन्छ,
तिमीहरू तिनीहरूका पछि नलाग। ९ औ
जब लड़ाइँ र हलचलको विषयमा तिमीहरू
सुन्नेछौ तब नआत्तियौ, किनभने पहिले यी
कुराहरू हुनैपर्छ, तर अन्त चाहिं तुरुन्तै
हुँदैन।'

१० तब उहाँले तिनीहरूलाई भन्नुभयो
'जाति, जातिको विरुद्धमा, र राज्य,
राज्यको विरुद्धमा उठनेछ, ११ ठूला ठूला
भैंचालो जानेछ, औ विभिन्न ठाउँहरूमा
रूढ़ी र अनिकाल हुनेछ, आकाशबाट-
डरलाग्दा लक्षण र ठूला ठूला चिह्नहरू
हुनेछन्। १२ तर यी सबै कुराहरू हुनभन्दा
अघि, तिनीहरूले मेरो नाउँको खातिर
तिमीहरूलाई हात हाल्नेछन्, र खेदो गर्नेछन्,
र सभाघरहरूमा सुम्पिदिनेछन्, औ राजाहरू
र हाकिमहरूका सामने पुऱ्याएर तिमीहरूलाई
झ्यालखानमा हाल्नेछन्। १३ तर यी
तिमीहरूलाई गवाहीको निम्ति हुनेछ।
१४ यसकारण के जवाफ दिने हो, सो
अघिबाटै विचार नगर्नालाई आफ्ना मनमा
निस्चय गर। १५ किनभने म तिमीहरूलाई
यस्तो बोल्ने मुख र बुद्धि दिनेछु कि
तिमीहरूका विरोधीहरूले नता प्रत्युत्तर दिन
न खण्डन गर्न सक्नेछन्। १६ तर
तिमीहरू आफ्ना आमा-बाबुसमेत र दाज्यू-
भाइहरू, नातेदारहरू र मित्रहरूबाट
सुम्पिइनेछौ। औ मानिसहरूले तिमीहरूमध्ये
कुनै कुनैलाई मार्नेछन्। १७ औ मेरो
नाउँको खातिर तिमीहरू सबै मानिसहरूबाट
घृणित हुनेछौ। १८ तर तिमीहरूका
शिरको एउटा केश पनि नष्ट हुनेछैन।
१९ तिमीहरूको आफ्नो धैर्यमा तिमीहरूले
आफ्ना प्राण प्राप्त गर्नेछौ।

२० तर जब यरूशलेमलाई फौजले घेरेको
देखौला, तब त्यसको विनाश नजीकै आइ-
पुगेछ भनेर जान। २१ तब यहूदियामा
हुनेहरू डाँड़ाहरूतिर भागून्। औ शहरभित्र
हुनेहरू निस्किजाऊन्, र गाउँमा हुनेहरू
त्यहाँभित्र नपसून्। २२ किनभने लेखिएका
कुराहरू सबै पूरा हुनालाई यी बदला
लिने दिन हुनेछन्। २३ ती दिनमा
गर्भवती र दूध खुवाउनेहरूको निम्ति, हाय!
किनकि देशमा ठूलो संकष्ट, र यी मानिस-
हरूमाथि क्रोध आइपर्नेछ। २४ औ
मानिसहरू तरवारले मारिनेछन्, र सब
देशमा कैदी भएर जानेछन्, औ अन्य-
जातिहरूले कुल्चीमिल्ची गर्नेछन्।

२५ अनि सूर्य, चन्द्र, र ताराहरूमा
चिह्न हुनेछन्, र समुद्र र छालहरूको गर्जनले
व्याकुल भएर पृथ्वीमा जाति जातिका
मानिसहरूमा संकष्ट हुनेछ, २६ र संसारमा
हुने घटनाहरूको डर र आशाले मानिसहरू
मूर्च्छा पर्नेछन्, किनकि आकाशमा
शक्तिहरू डगमगाउनेछन्। २७ त्यसपछि
मानिसको पुत्रलाई शक्ति र महा महिमासँग
बादलमा आइरहेको तिनीहरूले देख्नेछन्।
२८ तर जब यी कुरा हुनेछन् तब शिर
उठाएर माथि हेर, किनभने तिमीहरूको
छुटकारा नजीकै आएको हुनेछ।'

२९ अनि उहाँले तिनीहरूलाई एउटा
उखान भन्नुभयो, 'नेभाराको रूख र
सबै रूखहरूलाई हेर, ३० तिनीहरूले
पालुवा हाल्ने बित्तिकै यो देखेर
तिमीहरू आफै थाह पाउँछौ कि ग्रीष्म ऋतु
नजीकै छ। ३१ त्यसैगरी तिमीहरू पनि
जब यी कुरा भइरहेका देख्छौ, तब परमेश्वरको
राज्य नजीकै छ भनी जान। ३२ म

तिमीहरूलाई साँच्चै भन्दछु, जबसम्म यी सब
पूरा भइसक्दैनन्, तबसम्म यो पुस्ता बितिजाने-
छैन। ३३ आकाश र पृथ्वी बितिजानेछन्,
तर मेरा वचन बित्नेछैनन्।
३४ तर तिमीहरू आफ्नो विषयमा
होशियार रहो, नत्रता तिमीहरूका मन
वाक्क-व्याक्क, नशा र जीवनको फिक्रीले
लट्टिएका हुनेछन्, औ त्यो दिन तिमीहरू-
माथि एक्कासि पासोझैं आइपर्ला।
३५ किनकि यसरीनै सारा पृथ्वीको सतहमा
रहनेहरूमाथि यो आइपर्नेछ। ३६ तर
आउनलागेका कुराहरूबाट उम्कन र मानिसको
पुत्रको सामने खड़ा हुनसक्नलाई हर घड़ी
प्रार्थना गर्दै जागा रहो।'
३७ औ उहाँ दिउँसो मन्दिरमा शिक्षा
दिनुहुन्थ्यो, र रातीचाहिं निस्केर जैतून
भन्ने डाँड़ामा बास बस्न जानुहुन्थ्यो,
३८ औ सारा भीड़ उहाँको वचन सुन्नालाई
मन्दिरमा बिहान झिसमिसेमा आउँथे।

यहूदाको विश्वासघात

२२ निस्तार भनिने अखमीरी रोटीको
चाड़ नजीकै आइपुगेको थियो,
२ औ मुख्य पूजाहारीहरू र शास्त्रीहरूले
उहाँलाई कसरी मारौं भनी खोज्थे, तर
तिनीहरू मानिसहरूदेखि डराउँथे। ३ तब
शैतान बाह्रमध्येको एक जना गनिएको
इस्करयोती भन्ने यहूदाभित्र पस्यो। ४ त्यो
निस्क्यो, र कसरी उहाँलाई तिनीहरूको
हातमा पारिदिऊँ भनेर मुख्य पूजाहारीहरू
र कप्तानहरूसँग त्यसले सल्लाह गर्‍यो।
५ औ तिनीहरू खुशी भएर त्यसलाई रुपियाँ
दिने कबोल गरे। ६ त्यो सहमत
भएर भीड़हरू नभएको बेलामा उहाँलाई
तिनीहरूका हातमा पार्नालाई अवसर
हेर्नलाग्यो।
७ अखमीरी रोटीको चाड़को दिन आयो,
जुन दिन निस्तारको बलिदान चढ़ाउनुपर्थ्यो।
८ औ उहाँले पत्रुस र यूहन्नालाई
यसो भनेर पठाउनुभयो, 'गएर हाम्रा
निम्ति निस्तार चाड़ तयार गर, र हामी
खाऔं।' ९ तर तिनीहरूले उहाँलाई भने,
'हामी कहाँ तयार गरौं भन्ने तपाईं इच्छा
गर्नुहुन्छ?' १० उहाँले तिनीहरूलाई भन्नु-
भयो, 'हेर, शहरमा तिमीहरू पस्ता पस्तै
गाग्रोमा पानी बोक्ने एउटा मानिसलाई
तिमीहरूले भेट्नेछौ। जुन घरमा त्यो पस्छ
त्यहाँसम्म त्यसको पछि लाग, ११ र तिमी-
हरूले त्यस घरका मालिकलाई भन्नू, 'गुरुले
तपाईंलाई भन्नुभएको छ, कि मैले आफ्ना
चेलाहरूसित निस्तार-चाड़को भोज खानालाई
अतिथि-कोठा कहाँ छ?' १२ औ उनले
तिमीहरूलाई माथिल्लो तलामा सजीसजाव
भएको कोठा देखाउनेछन्, र त्यहीं तयार गर।'
१३ औ गएर तिनीहरूले उहाँले तिनीहरूलाई
भन्नुभएझैं भेट्टाए, र तिनीहरूले निस्तार-चाड़
तयार गरे।

आखिरी भोज

१४ अनि जब बेला भयो, तब उहाँ
बस्नुभयो, र प्रेरितहरू उहाँको साथमा बसे।
१५ औ उहाँले तिनीहरूलाई भन्नुभयो,
'मैले दुःख भोग्न अघिनै यो निस्तार-चाड़
तिमीहरूसित मनाउने ठूलो इच्छा गरेथें,
१६ किनकि म तिमीहरूलाई भन्दछु,
परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल
म यो खानेछैनँ।' १७ अनि कचौरा
लिएर धन्यवाद चढ़ाएपछि उहाँले भन्नुभयो,
'यो लेओ, र तिमीहरू आपसमा बाँड।
१८ किनकि म तिमीहरूलाई भन्दछु,
परमेश्वरको राज्य नआउञ्जेल अब उप्रान्त
अङ्गूरको फलबाट म पिउनेछैनँ। १९ अनि
रोटी लिएर धन्यवाद चढ़ाएपछि उहाँले भाँचेर
तिनीहरूलाई यसो भन्दै दिनुभयो, 'तिमी-
हरूका निम्ति दिएको यो मेरो शरीर हो।
मेरो सम्झनामा यो गर्नेगर।' २० औ

सब भताभुन्न हुनेछ।’ ७ अनि तिनीहरूले
उहाँलाई यसो भनेर सोधे, ‘हे गुरु, यी
कुराहरू कहिले हुने हो? औ यी कुरा
हुनलागदा के चिह्न हुनेछ?’

अन्तको समय

८ उहाँले भन्नुभयो, ‘होशियार रहो,
तिमीहरूलाई नलोभ्याओस्, किनकि धेरै
जना मेरो नाउँमा ‘म उहीनै हुँ’ भनेर
आउनेछन्। बेला नजीकै भएको हुन्छ,
तिमीहरू तिनीहरूका पछि नलाग। ९ औ
जब लड़ाइँ र हलचलको विषयमा तिमीहरू
सुन्नेछौ तब नआत्तियौ, किनभने पहिले यी
कुराहरू हुनैपर्छ, तर अन्त चाहिं तुरुन्तै
हुँदैन।’

१० तब उहाँले तिनीहरूलाई भन्नुभयो
‘जाति, जातिको विरुद्धमा, र राज्य,
राज्यको विरुद्धमा उठनेछ, ११ ठूला ठूला
भैँचालो जानेछ, औ विभिन्न ठाउँहरूमा
रूढ़ी र अनिकाल हुनेछ, आकाशबाट-
डरलागदा लक्षण र ठूला ठूला चिह्नहरू
हुनेछन्। १२ तर यी सबै कुराहरू हुनभन्दा
अघि, तिनीहरूले मेरो नाउँको खातिर
तिमीहरूलाई हात हाल्नेछन्, र खेदो गर्नेछन्,
र सभाघरहरूमा सुम्पिदिनेछन्, औ राजाहरू
र हाकिमहरूका सामने पुर्याएर तिमीहरूलाई
झ्यालखानमा हाल्नेछन्। १३ तर यी
तिमीहरूलाई गवाहीको निम्ति हुनेछ।
१४ यसकारण के जवाफ दिने हो, सो
अघिबाटै विचार नगर्नालाई आफ्ना मनमा
निश्चय गर। १५ किनभने म तिमीहरूलाई
यस्तो बोल्ने मुख र बुद्धि दिनेछु कि
तिमीहरूका विरोधीहरूले नता प्रत्युत्तर दिन
न खण्डन गर्न सक्नेछन्। १६ तर
तिमीहरू आफ्ना आमा-बाबुसमेत र दाज्यू-
भाइहरू, नातेदारहरू र मित्रहरूबाट
सुम्पिइनेछौ। औ मानिसहरूले तिमीहरूमध्ये
कुनै कुनैलाई मार्नेछन्। १७ औ मेरो
नाउँको खातिर तिमीहरू सबै मानिसहरूबाट
घृणित हुनेछौ। १८ तर तिमीहरूका
शिरको एउटा केश पनि नष्ट हुनेछैन।
१९ तिमीहरूको आफ्नो धैर्यमा तिमीहरूले
आफ्ना प्राण प्राप्त गर्नेछौ।

२० तर जब यरूशलेमलाई फौजले घेरेको
देखौला, तब त्यसको विनाश नजीकै आइ-
पुगेछ भनेर जान। २१ तब यहूदियामा
हुनेहरू डाँड़ाहरूतिर भागून्। औ शहरभित्र
हुनेहरू निस्किजाऊन्, र गाउँमा हुनेहरू
त्यहाँभित्र नपसून्। २२ किनभने लेखिएका
कुराहरू सबै पूरा हुनालाई यी बदला
लिने दिन हुनेछन्। २३ ती दिनमा
गर्भवती र दूध खुवाउनेहरूको निम्ति, हाय!
किनकि देशमा ठूलो संकष्ट, र यी मानिस-
हरूमाथि क्रोध आइपर्नेछ। २४ औ
मानिसहरू तरवारले मारिनेछन्, र सब
देशमा कैदी भएर जानेछन्, औ अन्य-
जातिहरूले कुल्चीमिल्ची गर्नेछन्।

२५ अनि सूर्य, चन्द्र, र ताराहरूमा
चिह्न हुनेछन्, र समुद्र र छालहरूको गर्जनले
व्याकुल भएर पृथ्वीमा जाति जातिका
मानिसहरूमा संकष्ट हुनेछ, २६ र संसारमा
हुने घटनाहरूको डर र आशाले मानिसहरू
मूर्च्छा पर्नेछन्, किनकि आकाशमा
शक्तिहरू डगमगाउनेछन्। २७ त्यसपछि
मानिसको पुत्रलाई शक्ति र महा महिमासँग
बादलमा आइरहेको तिनीहरूले देख्नेछन्।
२८ तर जब यी कुरा हुनेछन् तब शिर
उठाएर माथि हेर, किनभने तिमीहरूको
छुटकारा नजीकै आएको हुनेछ।’

२९ अनि उहाँले तिनीहरूलाई एउटा
उखान भन्नुभयो, ‘नेभाराको रूख र
सबै रूखहरूलाई हेर, ३० तिनीहरूले
पालुवा हाल्ने बित्तिकै यो देखेर
तिमीहरू आफै थाह पाउँछौ कि ग्रीष्म ऋतु
नजीकै छ। ३१ त्यसैगरी तिमीहरू पनि
जब यी कुरा भइरहेका देख्छौ, तब परमेश्वरको
राज्य नजीकै छ भनी जान। ३२ म

तिमीहरूलाई साँच्चै भन्दछु, जबसम्म यी सब
पूरा भइसक्तैनन्, तबसम्म यो पुस्ता बितिजाने-
छैन। ३३ आकाश र पृथ्वी बितिजानेछन्,
तर मेरा वचन बित्नेछैनन्।

३४ तर तिमीहरू आफ्नो विषयमा
होशियार रहो, नत्रता तिमीहरूका मन
वाक्क-व्याक्क, नशा र जीवनको फिक्रीले
लट्टिएका हुनेछन्, औ त्यो दिन तिमीहरू-
माथि एकासि पासोझैं आइपर्ला।
३५ किनकि यसरीनै सारा पृथ्वीको सतहमा
रहनेहरूमाथि यो आइपर्नेछ। ३६ तर
आउनलागेका कुराहरूबाट उम्कन र मानिसको
पुत्रको सामने खड़ा हुनसक्नलाई हर घड़ी
प्रार्थना गर्दै जागा रहो।'

३७ औ उहाँ दिउँसो मन्दिरमा शिक्षा
दिनुहुन्थ्यो, र रातीचाहिं निस्केर जैतून
भन्ने डाँड़ामा बास बस्न जानुहुन्थ्यो,
३८ औ सारा भीड़ उहाँको वचन सुन्नालाई
मन्दिरमा बिहान झिसमिसेमा आउँथे।

यहूदाको विश्वासघात

२२ निस्तार भनिने अखमीरी रोटीको
चाड़ नजीकै आइपुगेको थियो,
२ औ मुख्य पूजाहारीहरू र शास्त्रीहरूले
उहाँलाई कसरी मारौं भनी खोज्थे, तर
तिनीहरू मानिसहरूदेखि डराउँथे। ३ तब
शैतान बाह्रैमध्येको एक जना गनिएको
इस्करयोती भन्ने यहूदाभित्र पस्यो। ४ त्यो
निस्क्यो, र कसरी उहाँलाई तिनीहरूको
हातमा पारिदिऊँ भनेर मुख्य पूजाहारीहरू
र कप्तानहरूसँग त्यसले सल्लाह गर्‍यो।
५ औ तिनीहरू खुशी भएर त्यसलाई रुपियाँ
दिने कबोल गरे। ६ त्यो सहमत
भएर भीड़हरू नभएको बेलामा उहाँलाई
तिनीहरूका हातमा पार्नालाई अवसर
हेर्नलाग्यो।

७ अखमीरी रोटीको चाड़को दिन आयो,
जुन दिन निस्तारको बलिदान चढ़ाउनुपर्थ्यो।
८ औ उहाँले पत्रुस र यूहन्नालाई
यसो भनेर पठाउनुभयो, 'गएर हाम्रा
निम्ति निस्तार चाड़ तयार गर, र हामी
खाऔं।' ९ तर तिनीहरूले उहाँलाई भने,
'हामी कहाँ तयार गरौं भन्ने तपाईं इच्छा
गर्नुहुन्छ?' १० उहाँले तिनीहरूलाई भन्नु-
भयो, 'हेर, शहरमा तिमीहरू पस्ता पस्तै
गाग्रोमा पानी बोक्ने एउटा मानिसलाई
तिमीहरूले भेट्नेछौ। जुन घरमा त्यो पस्छ
त्यहाँसम्म त्यसको पछि लाग, ११ र तिमी-
हरूले त्यस घरका मालिकलाई भन्नू, 'गुरुले
तपाईंलाई भन्नुभएको छ, कि मैले आफ्ना
चेलाहरूसित निस्तार-चाड़को भोज खानालाई
अतिथि-कोठा कहाँ छ?' १२ औ उनले
तिमीहरूलाई माथिल्लो तलामा सजीसजाब
भएको कोठा देखाउनेछन्, र त्यहीं तयार गर।'
१३ औ गएर तिनीहरूले उहाँले तिनीहरूलाई
भन्नुभएझैं भेट्टाए, र तिनीहरूले निस्तार-चाड़
तयार गरे।

आखिरी भोज

१४ अनि जब बेला भयो, तब उहाँ
बस्नुभयो, र प्रेरितहरू उहाँको साथमा बसे।
१५ औ उहाँले तिनीहरूलाई भन्नुभयो,
'मैले दुःख भोग्न अघिनै यो निस्तार-चाड़
तिमीहरूसित मनाउने ठूलो इच्छा गरेथें,
१६ किनकि म तिमीहरूलाई भन्दछु,
परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल
म यो खानेछैनँ।' १७ अनि कचौरा
लिएर धन्यवाद चढ़ाएपछि उहाँले भन्नुभयो,
'यो लेओ, र तिमीहरू आपसमा बाँड।
१८ किनकि म तिमीहरूलाई भन्दछु,
परमेश्वरको राज्य नआउञ्जेल अब उप्रान्त
अङ्गूरको फलबाट म पिउनेछैनँ। १९ अनि
रोटी लिएर धन्यवाद चढ़ाएपछि उहाँले भाँचेर
तिनीहरूलाई यसो भन्दै दिनुभयो, 'तिमी-
हरूका निम्ति दिएको यो मेरो शरीर हो।
मेरो सम्झनामा यो गर्नेगर।' २० औ

त्यस्तैगरी, खाएपछि कचौरा पनि यसो
भन्दै दिनुभयो, 'यो कचौरा तिमीहरूका
निम्ति बगेको मेरो रगतमा भएको नयाँ
करार हो। २१ तर हेर, मलाई धोकाबाजी
गर्नेको हात मसितै टेबलमा छ।
२२ किनकि मानिसको पुत्र ता ठहरिए-
बमोजिम जानैपर्छ, तर धिक्कार त्यस
मानिसलाई जसबाट उसलाई धोकाबाजी
हुन्छ!' २३ औ यस्तो काम गर्ने तिनी-
हरूमध्ये को हुनसक्छ त? भनेर तिनीहरू
आपसमा सोधा-सोध गर्नलागे।

२४ अब तिनीहरूमध्ये को सबैभन्दा
ठूलो गनिएको छ भनी तिनीहरूका बीचमा
वाद विवाद हुनलाग्यो। २५ औ उहाँलें
तिनीहरूलाई भन्नुभयो, 'अन्यजातिहरूका
राजाहरूको तिनीहरूमाथि प्रभुत्व हुन्छ, र
तिनीहरूमाथि अख्तियार हुनेहरूचाहिं उपकारी
भनिन्छन्। २६ तर तिमीहरू चाहिं
यस्तो नहुनू। तर तिमीहरूमध्ये जो ठूलो
छ, त्यो सानोजस्तो बनिओस्, र नेतृत्व गर्ने
चाहिं सेवा गर्ने जस्तो होस्। २७ किन-
भने कुन चाहिं ठूलो हो? खानामा बस्ने
कि सेवा गर्ने? के खानामा बस्ने चाहिं
होइन? तर म तिमीहरूका बीचमा सेवा
गर्ने जस्तो छु। २८ तर तिमीहरू चाहिं
मेरो परीक्षामा मसितै रहेकाहरू हौ,
२९ औ मेरा पिताले मेरो निम्ति नियुक्त
गर्नुभएझैं तिमीहरूका निम्ति म एउटा राज्य
नियुक्त गर्छु, ३० र तिमीहरूले मेरो
राज्यमा मेरो टेबलमा खाने र पिउनेछौ,
औ इस्राएलका बाह्रै कुलको इन्साफ गरेर
सिंहासनहरूमा बस्नेछौ।'

३१ 'ए शिमोन, शिमोन, हेर, शैतानले
तिमीलाई गहुँ जस्तैगरी निफन्नखोज्यो,
३२ तर मैले तिम्रो विश्वास नडगोस् भनेर
तिम्रो निम्ति प्रार्थना गरें। औ फेरि
एकपल्ट फिरेपछि तिम्रा भाइहरूलाई स्थिर
गराऊ।' ३३ अनि तिनले उहाँलाई भने,
'हे प्रभु, म तपाइंसित झ्यालखानमा र
मृत्युसम्म पनि जान तयार छु।'

३४ तर उहाँले भन्नुभयो, 'ए पत्रुस, म
तिमीलाई भन्दछु, तिमीले मलाई तीनपल्ट-
सम्म इन्कार नगरूञ्जेल आज भाले
बास्नेछैन।'

गेतसमनीको बगैंचा

३५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
'जब मैले तिमीहरूलाई थैली र झोली, र
जुत्तारहित पठाएथें, के तिमीहरूलाई कुनै
कुराको अभाव भयो?' औ तिनीहरूले
भने, 'अहँ', ३६ उहाँले भन्नुभयो, 'तर
अब जसको थैली छ, त्यसले त्यो लेओस्,
त्यसैगरी झोला पनि, र जससँग तरवार छैन,
त्यसले आफ्नो लुगा बेचेर पनि एउटा
किनोस्। ३७ किनकि म तिमीहरूलाई
भन्दछु, 'उनी अपराधीहरूसित गनिए' भन्ने
जो लेखिएको छ त्यो ममा पूरा हुनैपर्छ,
किनभने मेरो बारेमा यो कुरो पूरा हुनेछ।'
३८ तब तिनीहरूले भने, 'हे प्रभु, हेर्नुहोस्,
यहाँ दुइवटा तरवार छन्।' औ उहाँले
तिनीहरूलाई भन्नुभयो, 'त्यतिभए पुग्छ।'

३९ अनि बाहिर निस्केर आफ्नो आदत-
अनुसार उहाँ जैतून डाँडातिर जानुभयो, औ
उहाँका चेलाहरू पनि पछिपछि लागे।
४० त्यस ठाउँमा पुगेपछि उहाँलें तिनीहरू-
लाई भन्नुभयो, 'तिमीहरू परीक्षामा नपर्नाको
निम्ति प्रार्थना गर।' ४१ औ उहाँ तिनी-
हरूबाट पल्लोपट्टि जानुभयो, र घुँडा टेकी
यसो भनेर प्रार्थना गर्नुभयो, ४२ 'हे
पिता, तपाइंको इच्छा छ भए कचौरा
मबाट हटाइदिनुहोस्; तापनि मेरो इच्छा
होइन, तर तपाइंकै इच्छाबमोजिम होस्।'
४३ स्वर्गबाट एउटा दूत उहाँलाई सामर्थ्य
दिनलाई उहाँकहाँ देखा परे। ४४ अत्यन्त
संकष्टमा परेर उहाँले झन् परिश्रमसँग प्रार्थना
गर्नुभयो, र उहाँको पसीना रगतका ठूला
ठूला थोप्लाजस्तै भुइँमा खसिरहेका थिए।

४५ औ प्रार्थनाबाट उठेर चेलाहरूकहाँ
आउँदा उहाँले तिनीहरूलाई शोकले निदाइ-
रहेका भेट्टाउनुभयो, ४६ र उहाँले तिनीहरू-
लाई भन्नुभयो, 'तिमीहरू किन निदाउँछौ ?
उठेर प्रार्थना गर, र तिमीहरू परीक्षामा
नपर ।'

येशूको गिरफ्तार

४७ उहाँ अझै बोलिरहनुभएकै थियो,
हेर, एक दल मानिस र बाहमध्येको एक
जना यहूदा भन्ने चाहिँ तिनीहरूका अगिअगि
आयो, र येशूलाई चुम्मन गर्नालाई उहाँको
नजीकै गयो । ४८ तर येशूले त्यसलाई
भन्नुभयो, 'ए यहूदा, के तिमी मानिसको
पुत्रलाई चुम्मनले धोकाबाजी गर्छौ ?'
४९ तब उहाँका आसपास हुनेहरूले, अब
हुनलागेको कुरा जानेर भने, 'हे प्रभु, के
हामी तरवारले हानौं ?' ५० औ तिनीहरू-
मध्ये एक जनाले प्रधान पूजाहारीको दासलाई
हान्यो, र त्यसको दाहिने कान उड़ाइदियो ।
५१ तर येशूले भन्नुभयो, 'भयो, यहींसम्म
रहनेदेओ ।' अनि त्यसको कान छोएर
उहाँले त्यसलाई निको पारिदिनुभयो ।
५२ अनि उहाँको विरुद्धमा आएका मुख्य
पूजाहारीहरू, र मन्दिरका कप्तानहरू, र बूढ़ा-
प्रधानहरूलाई उहाँले भन्नुभयो, 'के तपाईंहरू
डाँकूको विरुद्धमा जस्तै तरवार र लाठाहरू
लिएर आउनुभयो ? ५३ म दिनहुँ मन्दिरमा
तपाइंहरूका साथमा हुँदा तपाइंहरूले मेरो
विरुद्धमा हात लगाउनुभएन, तर अब
तपाइंहरूको बेला र अन्धकारको शक्ति
यही हो ।'

पत्रुसको इन्कार

५४ अनि तिनीहरूले उहाँलाई पक्रेर
लगे, र उहाँलाई प्रधान पूजाहारीको घरमा
ल्याए । तर पत्रुस चाहिं टाढ़ैबाट उहाँको
पछिपछि लागे । ५५ अब चोकको बीचमा
आगो बालेर मानिसहरू जम्मा भएर बसिरहेका
थिए । औ पत्रुस पनि तिनीहरूसँगै बसे ।
५६ औ एउटी कमारीले आगोको
उज्यालोमा तिनलाई बसिरहेका देखेर एकोहोरो
हेरेर भनी, 'यी मानिस पनि तिनीसितै
थिए ।' ५७ तर तिनले यसो भनेर इन्कार
गरे, 'ए नारि, म उहाँलाई चिन्दिनँ ।'
५८ केही बेरपछि अर्कोले तिनलाई देखेर
भन्यो, 'तिमी पनि तिनीहरूमध्येकै हौ ।' तर
पत्रुसले भने, 'ए मानिस म होइनँ ।'
५९ प्रायः एक घण्टा बितेपछि अर्को एक
जनाले निश्चय गरेर यसो भन्यो, 'साँच्चिनै
यो मानिस तिनीसितै थिए, किनकि यिनी पनि
गालीलीनै रहेछन् ।' ६० तर पत्रुसले भने,
'ए मानिस तिमी के भन्दछौ, म जान्दिनँ ।'
औ तिनले यो भन्दाभन्दै भाले बास्यो ।
६१ अनि फर्केर प्रभुले पत्रुसलाई ताकेर
हेर्नुभयो, र 'आज भाले बास्न अघि तिमीले
मलाई तीनपल्ट इन्कार गर्नेछौ भनी भन्नु-
भएको प्रभुको वचन पत्रुसले सम्झे ।
६२ औ तिनी बाहिर निस्केर धुरुधुरु
रोए ।

६३ तब उहाँलाई पक्रने मानिसहरूले
उहाँलाई गिल्ला गरे, र पीटे, ६४ औ
उहाँको आँखा छोपिदिएर उहाँलाई यसो
भन्दै सोधे, 'तँलाई हिर्काउने को हो ? लौ,
अगमवाणी भन् ।' ६५ औ निन्दा गरेर
तिनीहरूले उहाँको विरुद्धमा अरू धेरै कुरा
भने ।

मुख्य पूजाहारीहरूको सामने येशू

६६ अनि उज्यालो हुने बित्तिकै
जनताका बूढ़ा-प्रधानहरू, मुख्य पूजाहारीहरू
र शास्त्रीहरू भेला भए, र तिनीहरूले
उहाँलाई आफ्नो महासभामा लगे, ६७ र
भने, 'तँ ख्रीष्ट होस् भने हामीलाई भन् ।'
औ उहाँले तिनीहरूलाई भन्नुभयो, 'मैले बताएँ

भने पनि तपाईंहरू पत्याउनुहुन्‌। ६८ औ
मैले सोधें भने तपाइंहरू जवाफ दिनुहुन्‌।
६९ तर अब ता मानिसको पुत्र परमेश्वरको
शक्तिको दाहिने हातमा बस्नेछ।' ७० तब
तिनीहरू सबैले भने, 'त्यसो भए, के
तँ परमेश्वरको पुत्र होस्‌?' उहाँले
तिनीहरूलाई भन्नुभयो 'म हुँ भनेर
तपाइंहरूनै भन्नुहुन्छ?' ७१ अनि तिनी-
हरूले भने, 'हामीलाई अरू साक्षीको अब के
दरकार पर्‍यो र? किनकि हामी आफैले
त्यसैको मुखबाट सुनिहाल्यौं।'

पिलातसको सामने येशू

२३ तब तिनीहरूका सारा सभा उठे,
र उहाँलाई पिलातसकहाँ ल्याए।
२ औ तिनीहरूले उहाँमाथि यसो भन्ने
दोष लगाउनलागे, 'हाम्रो जातिलाई यसले
बहकाउनलागेको, र सिजरलाई कर तिर्न
रोकेको र आफैलाई चाहिं 'म राजा हुँ'
भनेको हामीले फेला पार्‍यौं।' ३ पिलातसले
उहाँलाई सोधे, 'के तिमी यहूदीहरूका राजा
हौ?' उहाँले जवाफ दिनुभयो, 'तपाइंनै
भन्नुहुन्छ।' ४ तब पिलातसले मुख्य पूजा-
हारीहरू र भीड़हरूलाई भने, 'म यी
मानिसमा केही दोष भेट्टाउँदिनँ।' ५ तर
तिनीहरूले जोर गरेर भने, 'यसले
गालीलबाट शुरू गरेर यहूदियाभरि र
यहाँसम्म पनि शिक्षा दिएर मानिसहरूलाई
बहकाउँदैछ।'

हेरोद राजाको सामने येशू

६ तर पिलातसले यो सुनेर 'यो मानिस
गालीलका हुन्‌ कि होइनन्‌' भनेर सोधे।
७ अनि तिनले उहाँ हेरोदका इलाकाका
रहेछन्‌ भन्ने थाह पाएर उहाँलाई हेरोदकहाँ
पठाइदिए, ती दिनमा हेरोद आफै पनि
यरूशलेममा थिए।

८ अब येशूलाई देखेर हेरोद बड़ो खुशी
भए, किनकि तिनले उहाँका विषयमा सुनेका
हुनाले धेरै दिनदेखि उहाँलाई हेर्नें इच्छा
गरेका थिए, र उहाँबाट केही आश्चर्यकाम
पनि हेर्नें आशा गर्थे। ९ तिनले उहाँलाई
धेरै प्रश्न गरे, तर उहाँले तिनलाई
केही जवाफ दिनुभएन। १० मुख्य पूजा-
हारीहरू र शास्त्रीहरूचाहिं उहाँलाई
जोशसँग दोष लगाउँदै खड़ा भए।
११ औ हेरोदले आफ्ना सिपाहीहरूसित
उहाँको अपमान गरेर उहाँलाई गिल्ला गरेपछि
खाफिलो लुगा लगाइदिएर उहाँलाई
पिलातसकहाँ पठाए। १२ औ त्यही दिन
पिलातस र हेरोद दुवैको बीचमा मित्रता
भयो। किनकि अघि तिनीहरूका बीचमा
वैरभाव थियो।

बरब्बा र येशू

१३ पिलातसले मुख्य पूजाहारीहरू,
शासकहरू, मानिसहरूलाई जम्मा गरे,
१४ र तिनीहरूलाई भने, 'तिमीहरूले
मानिसहरू बहकाउने भनी यी मानिसलाई
मकहाँ ल्यायौ, तर हेर, तिमीहरूले यिनका
विरुद्धमा दोष लगाएका कुराहरूमा मैले
तिमीहरूकै सामने जाँच गरें, र यी मानिसमा
केही कसूर भेट्टाइनँ। १५ हेरोदले पनि
भेट्टाएन किनभनेन्‌ तिनले यिनलाई हामीकहाँनै
फर्काइदिए। अब हेर, मृत्यु लायकको केही
काम यिनीबाट भएको छैन। १६ यस-
कारण म यिनलाई सजाय गरेर छोड़िदिनेछु।
१७ अब चाड़मा तिनीहरूका निम्ति
तिनले एउटा कैदी छोड़्नुपर्थ्यो। १८ तर
तिनीहरू सबै एकसाथ यसो भनेर कराए,
'यसलाई हटाउनुहोस्‌, औ हाम्रा निम्ति
बरब्बालाई छोड़िदिनुहोस्‌'—१९ जो शहरमा
भएको कुनै विद्रोह र हत्याको कारण
झ्यालखानमा परेको थियो। २० औ
येशूलाई छोड़िदिने इच्छा गरेर पिलातसले

फेरि तिनीहरूलाई सम्झाए। २१ तर
तिनीहरू यसो भन्दै चिच्याए, 'क्रूसमा टाँग्नु-
होस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्।' २२ अनि
तिनले तेस्रोपल्ट तिनीहरूलाई भने, 'किन ?
यी मानिसले के खराबी गरेका छन् र ?
मैंले ता यिनमा मृत्यु लायकको केही
कारण भेट्टाइनँ यसकारण म यिनलाई सजाय
गरेर छोड़िदिनेछु।' २३ तर तिनीहरूले
त्यसलाई क्रूसमा टाँग्नैपर्छ भनेर जोशसँग
ठूलो सोरले जिद्दी गरे। औ तिनीहरूको
आवाज प्रबल भयो।

२४ औ पिलातसले तिनीहरूको माग
पुऱ्याइदिने फैसला गरे। २५ अनि तिनले
विद्रोह र हत्याको कारणले झ्यालखानमा
परेको, तिनीहरूले मागेको चाहिंलाई
छोड़िदिए, तर येशूलाई तिनीहरूको इच्छामा
सुम्पिदिए।

२६ तिनीहरूले उहाँलाई लैजाँदा, गाउँ-
बाट आइरहेको एक जना साइरेनीको शिमोन
भन्नेलाई समाते, र येशूका पछिपछि लैजाना-
लाई उहाँको क्रूस बोकाए।

२७ अनि मानिसहरू र उहाँका निम्ति
बिलाप गर्ने स्त्रीहरूको एउटा ठूलो भीड़
उहाँको पछि लागेको थियो। २८ तर
तिनीहरूतिर फर्केर येशूले तिनीहरूलाई
भन्नुभयो, 'ए यरूशलेमका छोरीहरू, मेरो
निम्ति नरोओ, तर तिमीहरू आफ्नै र
तिमीहरूका बाल-बच्चाका निम्ति रोओ।
२९ किनभने हेर, ती दिन आइरहेका छन्,
जसमा मानिसहरूले भन्नेछन्, 'धन्य बाँझी-
हरू, गर्भ धारण नगर्ने कोखहरू र नचुसाउने
स्तनहरू।' ३० तब तिनीहरूले डाँड़ाहरूलाई
भन्नलाग्नेछन्, 'हामीमाथि खस्' र ढिस्का-
हरूलाई 'हामीलाई पुर्' ३१ किनकि
तिनीहरूले हरियो रूखलाई यी काम गर्छन्
भनेता सुकेकोलाई के गर्लान् ?'

३२ अब तिनीहरूले दुइ कुकर्मीहरूलाई
पनि मार्नालाई उहाँको साथमा लगेका
थिए।

क्रूसमा येशूको मृत्यु

३३ जब तिनीहरू खप्परे भन्ने ठाउँमा
आए तब त्यहाँ तिनीहरूले उहाँलाई, र ती
कुकर्मीहरूलाई एउटालाई दाहिनेपट्टि र अर्को-
लाई बायाँपट्टि क्रूसमा टाँगे। ३४ अनि
येशूले भन्नुभयो, 'हे पिता, तिनीहरूलाई
क्षमा गर्नुहोस्, किनकि तिनीहरूले के
गरिरहेछन् ती जान्दैनन्।' अनि तिनीहरूले
उहाँका पोशाक भाग गरेर गोला हाले।
३५ औ भीड़हरू हेर्दै उभिरहेका थिए।
शासकहरूले पनि यसो भन्दै गिज्याए, 'यसले
अरूलाई बचायो, यदि यो परमेश्वरको ख्रीष्ट
उहाँको चुनिएको हो भनेता आफैलाई
बचाओस्।' ३६ औ सिपाहीहरूले पनि
नजीक आएर उहाँलाई सिर्का दिए,
र यसो भनेर गिल्ला गरे, ३७ 'तँ
यहूदीहरूको राजा होस् भने आफूलाई
बचा।'

३८ औ **यी यहूदीहरूको राजा हो**
भन्ने दोष-पत्र पनि उहाँको माथ्तिर थियो।

३९ अब टाँगिएका कुकर्मीहरूमध्ये
एउटाले यसो भनेर उहाँको गिल्ला गऱ्यो,
'के तिमी ख्रीष्ट होइनौ ? तिमी आफैलाई
र हामीलाई बचाऊ।' ४० तर त्यसलाई
हकारेर अर्कोले जवाफ दियो, 'तँ पनि त्यही
दण्डमा परिरहेको छस्, तापनि परमेश्वरको
डर मान्दैनस् ? ४१ औ हामी ता न्याय
बमोजिमनै, किनकि हामीले ता हाम्रा
कामको उचित फल पाइरहेछौं, तर यी
मानिसले ता केही अनुचित काम गरेका
छैनन्।'

४२ अनि त्यसले भन्यो, 'हे येशू,
तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई
सम्झनुहोस्।' ४३ उहाँले त्यसलाई भन्नु-
भयो, 'म तिमीलाई साँच्चै भन्दछु, आजै
तिमी मसित स्वर्ग-लोकमा हुनेछौ।'

४४ अब प्रायः मध्यदिन भएको थियो, र
तेस्रो पहरसम्मै सबै देशभरि अन्धकार भयो।

४५ सूर्यको तेजै कम भयो, र मन्दिरको पर्दा
माझमा च्यातियो। ४६ औ चर्को सोरले
कराएर येशूले भन्नुभयो, 'हे पिता, म मेरो
आत्मा तपाईंको हातमा जिम्मा दिन्छु।'
औ यति भनेर उहाँले आफ्नो प्राण
त्याग्नुभयो।
४७ अब यो भएको देखेर कप्तानले
यसो भनेर परमेश्वरको महिमा गरे, 'निश्चय
यिनी धार्मिक मानिस रहेछन्।' ४८ अब
यो दृश्य हेर्नलाई जम्मा भएका सबै भीड़,
यो घटना देखेर, आफ्ना आफ्ना छाती
पिट्दै घर फर्के। ४९ तर उहाँका
चिनाजानीहरू र गालीलबाट उहाँका पछिपछि
लाग्ने स्त्रीहरू टाढ़ा उभिएर यी घटनाहरू
हेरिरहेका थिए।
५० अब यूसुफ नाउँ भएका एउटा
असल र धार्मिक मानिस जो सल्लाहकार
पनि थिए, ५१ (तिनी चाहिँ तिनीहरूका
सल्लाह र कार्यमा सहमत थिएनन्,) तिनी
यहूदीहरूको अरमथिया शहरको एउटा मानिस
थिए, र जसले परमेश्वरको राज्यको बाटो हेर्दै
थिए, ५२ तिनले पिलातसकहाँ गएर येशूको
लाश मागे। ५३ औ त्यो तल झारेर सुती
कपड़ामा बेह्रेर, र ढुङ्गामा कपेर बनाएको
एउटा चिहानमा राखे, जहाँ कहिल्यै कोही
मानिस राखेको थिएन। ५४ अब त्यो
तयारीको दिन थियो, र विश्रामको दिन
हुनैलागेको थियो। ५५ औ गालीलबाट
उहाँको साथमा आउने स्त्रीहरू पछिपछि गए,
र त्यो चिहान हेरे, र उहाँको लाश कसरी
राखियो सो हेरे। ५६ तब फर्केर तिनीहरूले
सुगन्धित मसाला र मलहमहरू तयार गरे।
अनि विश्रामको दिनमा चाहिँ आज्ञा-
अनुसार तिनीहरूले विश्राम गरे।

रित्तो चिहान

२४ तर हप्ताको पहिलो दिनमा बिहान
झिसमिसेमा तिनीहरूले तयार गरेका
ती सुगन्धित मसालाहरू लिएर तिनीहरू
चिहानमा आए। २ औ तिनीहरूले ढुङ्गा
चिहानबाट गुड़्याइराखेको भेट्टाए। ३ तर
भित्र पसेर तिनीहरूले प्रभु येशूको लाश
भेट्टाएनन्। ४ औ जब तिनीहरू यस
विषयमा अलमल परिरहेका थिए, तब हेर,
चहकिलो पोशाकमा दुइ मानिसहरू तिनीहरूको
नजीकै खड़ा भए, ५ जब तिनीहरू डरले
आत्तिएर भूइँतिर घोप्टे, तब उनीहरूले
तिनीहरूलाई भने, 'तिमीहरू जिउँदोलाई
मुर्दाहरूका साथमा किन खोज्दछौ?
६ उहाँ हुनुहुन्न, तर बिउँतनुभएको छ,
गालीलमा हुनहुँदा तिमीहरूलाई यसो भनेर
भन्नुभएको कुरा सम्झ, ७ 'मानिसको
पुत्रलाई पापी मानिसहरूका हातमा सुम्पिनु,
र क्रूसमा टाँगिनू औ तेस्रो दिनमा बिउँतनु
आवश्यक छ'।' ८ अनि तिनीहरूले उहाँका
वचन सम्झे, ९ औ चिहानबाट फर्केर
तिनीहरूले यी सबै कुरा एघार जना र
अरू बाँकी सबैलाई बताए। १० अब ती
स्त्रीहरू चाहिँ मरियम मग्दलिनी, र योअन्ना
र याकूबकी आमा मरियम थिए, औ
तिनीहरूसँग अरू स्त्रीहरूले पनि यी कुरा
प्रेरितहरूलाई भने। ११ तर यी कुराहरू
तिनीहरूलाई फोस्रा कुराहरू जस्तै लागे, र
तिनीहरूले विश्वास गरेनन्। १२ तर पत्रुस
उठेर चिहानमा दौड़ेर गए, र निहुरेर हेर्दा
केवल ती सुती कपड़ा मात्र देखे, औ जे
भएको थियो देखेर अचम्म मानी आफ्नो
घर फर्के।

इम्माउसको बाटोमा येशू

१३ अब हेर, तिनीहरूमध्ये दुइ जना
त्यही दिन यरूशलेमबाट प्रायः साढ़े तीन
कोश टाढ़ामा भएको इम्माउस नाउँको
एउटा गाउँतिर गइरहेका थिए। १४ औ
भएका सबै घटनाका बारेमा तिनीहरू
आपसमा बात गर्दैथिए। १५ जब तिनीहरू

बातचीत गर्दै सवाल जवाफ गर्दैथिए, तब
येशू आफै नजीक आएर तिनीहरूका साथसाथै
जानुभयो। १६ तर तिनीहरूले उहाँलाई
नचिनून् भनेर तिनीहरूका आँखा बन्द भएका
थिए। १७ उहाँले तिनीहरूलाई भन्नुभयो,
'तिमीहरू हिंड्दै आपसमा के कुराको वाद-
विवाद गरिरहेछौ ?' अनि तिनीहरू उदास
देखिएरै खड़ा भए।

१८ तिनीहरूमध्ये क्लेओपाले उहाँलाई
भने, 'तपाइं यरूशलेममा परदेशी हुनुहुन्छ ?
र यी दिनमा त्यहाँ भएका घटनाहरू
तपाईंलाई थाहै छैन ?' १९ उहाँले
तिनीहरूलाई भन्नुभयो, 'के कुरा ?' अनि
तिनीहरूले उहाँलाई भने, 'येशू नासरीको
बारेमा, जो एउटा अगमवक्ता हुनुहुन्थ्यो,
अनि परमेश्वर र सबै मानिसहरूका सामने
काम र वचनमा शक्तिमान हुनुहुन्थ्यो,
२० अनि कसरी मुख्य पूजाहारीहरू र हाम्रा
शासकहरूले उहाँलाई मृत्यु दण्डको निम्ति
सुम्पिदिए, र उहाँलाई क्रूसमा टाँगे।
२१ तर इस्राएललाई छुटकारा दिने उहाँनै
हुनुहुन्छ भन्ने हामीले चाहिं आशा गरेका
थियौं। यी सब कुरा छोड़ेर, यी सबै
घटना भएको यो अब तेस्रो दिन हो।

२२ यो बाहेक, हामीहरूमध्येका कोही
कोही स्त्रीहरू बिहान झिसमिसेमा चिहानमा
गएर हामीलाई छक्कै पारे, २३ र उहाँको
लाश नपाउँदा तिनीहरूले आएर भने,
कि तिनीहरूले दूतहरूको दर्शन पाए, जसले
उहाँ जिउँदै हुनुहुन्छ भनी भने अरे,
२४ अनि हामीमध्येका कोही कोही चिहानमा
गए, र ती स्त्रीहरूले भनेझैं रहेछ,
र उहाँलाई चाहिं देखेनछन्।' २५ अब
उहाँले तिनीहरूलाई भन्नुभयो, 'ए अबुझ
मानिस हो, अगमवक्ताहरूले भनेका कुराहरूमा
विश्वास गर्न सुस्त हृदय भएका हो! २६ के
ख्रीष्टले यी शासनाहरू भोग्नु, र आफ्नो
महिमामा पस्नु आवश्यक थिएन र ?'
२७ अनि मोशा र सबै अगमवक्ताहरूबाट
शुरू गरेर उहाँले धर्मशास्त्रहरूमा आफ्नो
विषयका कुराहरूको अर्थ तिनीहरूलाई
खोलिदिनुभयो।

२८ अनि तिनीहरू जहाँ गइरहेका थिए
त्यस गाउँको नजीकै पुगे, र उहाँले चाहिं
अझै पर जान चाहनुभयो। २९ तर
तिनीहरूले उहाँलाई यसो भनेर कर
लाए, 'हामीसितै बस्नुहोस्, किनकि साँझ
पर्नलाग्यो र दिन धेरै बितिसक्यो।' अनि
उहाँ तिनीहरूसित बस्नालाई भित्र पस्नुभयो।

३० उहाँ तिनीहरूसित खानालाई
बस्नुहुँदा उहाँले रोटी लिएर धन्यवाद
चढ़ाउनुभयो र भाँचेर तिनीहरूलाई दिनुभयो।
३१ अनि तिनीहरूका आँखा खुल्यो, र
तिनीहरूले उहाँलाई चिने, अनि उहाँ चाहिं
तिनीहरूका दृष्टिबाट अल्पिनुभयो। ३२ अनि
तिनीहरूले आपसमा भने, 'उहाँले हामीसित
बाटोमा कुरा गर्नुहुँदा, र हामीलाई धर्म-
शास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय
हामीमा बलेको थिएन र ?'

३३ अनि तिनीहरू त्यत्तिनैखेर उठेर
यरूशलेमतिर फर्के, एघारै र तिनीहरूसित
जम्मा भएकाहरूलाई भेट्टाए, ३४ र यसो
भने, 'साँच्चिनै प्रभुको पुनरुत्थान भएछ,
शिमोनकहाँ देखा पर्नुभएको हो रहेछ।'
३५ अनि तिनीहरूले बाटोमा भएका कुराहरू
र रोटी भाँच्दाखेरि उहाँ कसरी चिनिनुभयो
सो बताइदिए।

येशू चेलाहरूकहाँ देखा पर्नुभएको

३६ तिनीहरूले यी कुरा गर्दागर्दै उहाँ
तिनीहरूका बीचमा खड़ा हुनुभयो, र भन्नुभयो
'तिमीहरूलाई शान्ति होस।' ३७ तर
तिनीहरू तर्सेर डरले भरिए, र हामीले ता
प्रेत देखिरहेछौं भन्ने सम्झे। ३८ अनि
उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू किन
बिचलित हुन्छौ, अनि तिमीहरूका हृदयमा
किन शङ्का उत्पन्न हुन्छ ? ३९ मेरा हात

र मेरा खुट्टा हेर, यो मनै हुँ, मलाई
छोएर हेर, किनकि तिमीहरूले देखे जस्तै,
प्रेतको मासु र हाड़ हुँदैन।’ ४० यसो
भन्नुभएपछि उहाँले आफ्नो हात र
खुट्टा तिनीहरूलाई देखाउनुभयो। ४१ तर
तिनीहरूले खुशीले नपत्याउँदा, र अझ
छक्क परिरहँदा, उहाँले तिनीहरूलाई
भन्नुभयो, ‘के यहाँ तिमीहरूसित केही
खानेकुरो छ?’ ४२ औ तिनीहरूले
पकाएको माछाको एक टुक्रा उहाँलाई दिए।
४३ अनि उहाँले त्यो लिएर तिनीहरूकै सामु
खानुभयो।

४४ अनि उहाँले तिनीहरूलाई भन्नुभयो
‘मेरो बिषयमा मोशाको व्यवस्था, र
अगमवक्ताहरू, र भजनका पुस्तकमा लेखिएका
सबै कुराहरू जो पूरा हुनुपर्छ भनी तिमीहरू-
सित हुँदै मैले तिमीहरूलाई भनेको थिएँ,
ती कुरा यिनै हुन्।’ ४५ तब धर्म-
शास्त्र बुझ्नलाई उहाँले तिनीहरूका समक्ष
खोलिदिनुभयो। ४६ औ उहाँले तिनीहरूलाई
भन्नुभयो, ‘यसो लेखिएको छ, कि ख्रीष्टले
दुःख भोग्नु र फेरि तेस्रो दिनमा मुर्दाबाट
बिउँतनुपर्छ। ४७ औ यरूशलेमबाट शुरू गरेर
सबै देशका मानिसहरूलाई उहाँको नाउँमा
पश्चाताप र पापमोचनको प्रचार हुनुपर्छ।
४८ तिमीहरू यिनै कुराका साक्षी छौ।
४९ औ हेर, म मेरा पिताको प्रतिज्ञा
तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति
नपाउन्जेल यही शहरमैं पर्खिरहो।’

येशूको स्वर्गारोहण

५० अनि उहाँले तिनीहरूलाई बेथानीसम्म
लैजानुभयो, र आफ्नो हात उचालेर
तिनीहरूलाई आशीर्वाद दिनुभयो। ५१ अनि
जब उहाँले तिनीहरूलाई आशीर्वाद दिइसक्नु-
भयो, तब उहाँ तिनीहरूबाट छुट्टिनुभयो,
र स्वर्गारोहण हुनुभयो। ५२ औ तिनीहरूले
उहाँलाई दण्डवत गरेर बड़ो आनन्दसित
यरूशलेममा फर्के। ५३ अनि तिनीहरू
लगातार परमेश्वरको प्रशंसा गर्दै मन्दिरमा
रहन्थे।

यूहन्नाको सुसमाचार

१ आदिमा वचन थियो, औ वचन
परमेश्वरसँग थियो, औ वचन
परमेश्वरनै थियो। २ उहाँ आदिमा परमेश्वरसँग
हुनुहुन्थ्यो। ३ सबै थोक उहाँबाट हुनआए,
औ हुनआएको कुनै एक थोक पनि उहाँ
विना हुनआएन। ४ उहाँमा जीवन थियो,
र त्यो जीवन मानिसहरूको ज्योति थियो।
५ त्यो ज्योति अँध्यारोमा चमकन्छ, औ
अँध्यारो उहाँमाथि विजयी भएन।

६ परमेश्वरबाट पठाइएका यूहन्ना नाउँका
एक जना मानिस आए। ७ सबैले उनीबाट
विश्वास गरून् भनी ज्योतिका बिषयमा गवाही
दिनालाई उनीनै गवाहीका लागि आए।
८ उनी आफै ता ज्योति थिएनन्, तर

ज्योतिको विषयमा गवाही दिनलाई आए।
९ प्रत्येक मानिसलाई प्रकाश दिने, उहाँ
संसारमा आउने साँचो ज्योति हुनुहुन्थ्यो,
१० औ संसार उहाँबाटै हुनआयो, तर
संसारले उहाँलाई चिनेन। ११ उहाँ
आफ्नैकहाँ आउनुभयो, औ आफ्नैहरूले
उहाँलाई ग्रहण गरेनन्। १२ तर जत्तिले
उहाँलाई ग्रहण गरे, उहाँले तिनीहरूलाई
परमेश्वरका सन्तान हुने हक दिनुभयो, अर्थात
उहाँको नाउँमाथि विश्वास गर्नेहरूलाई।
१३ जो प्राकृतिक नियमबमोजिम मानवीय
पिताबाट जन्मेका होइनन्, परमेश्वर नै
तिनीहरूका बाबु हुन्।
१४ अनि वचन देह हुनआयो, र हाम्रा
बीचमा अनुग्रह र सत्यले पूर्ण भई बास
गर्‍यो, (औ हामीले उहाँको महिमा, पिताबाट
आउनुभएको एकलो पुत्रको जस्तो महिमा
देख्यौं)। १५ यूहन्नाले उहाँका विषयमा
साक्षी दिए, औ यसो भन्दै कराए, 'यहाँ
उहाँनै हुनुहुन्छ, जसका विषयमा मैले भनें,
मपछि आउने मभन्दा अगाड़ि हुनुभएको छ,
किनभने उहाँ मभन्दा पहिला हुनुहुन्थ्यो।'
१६ किनभने उहाँको पूर्णताबाट हामी सबैले
पायौं, अनुग्रहमाथि अनुग्रह। १७ किनभने
व्यवस्था मोशाबाट दिइयो, अनुग्रह र सत्यता
चाहिं येशू ख्रीष्टबाट आयो। १८ परमेश्वरलाई
कुनै मानिसले कहिल्यै देखेको छैन,
पिताको काखमा हुने एकलो पुत्रले मात्र
बयान गर्नुभएको छ।

बप्तिस्मा दिने यूहन्ना

१९ अनि जब यरूशलेमबाट यहूदीहरूले
उनीकहाँ 'तिमी को हौ?' भनी उनलाई
सोध्न भनेर पूजाहारीहरू र लेवीहरूलाई
पठाए, तब यूहन्नाको साक्षी यो थियो।
२० अनि उनले स्वीकार गरे, औ इन्कार
गरेनन्, औ 'म ख्रीष्ट होइनँ,' भनी स्वीकार
गरे। २१ तब तिनीहरूले उनलाई सोधे,
तब के? तिमी एलिया हौ? उनले
भने, 'म होइनँ।' 'के तिमी अगमवक्ता
हौ?' औ उनले जवाफ दिए, 'होइनँ।'
२२ यसकारण तिनीहरूले उनलाई
भने, तिमी को हौ ता? र हामीलाई
पठाउनेहरूलाई हामी जवाफ दिऔं। तिमी
आफ्नो विषयमा के भन्छौ? २३ उनले
भने, 'यशैया अगमवक्ताले भनेझैं, परम-
प्रभुको बाटो सीधा पार, भन्दै वनमा
कराउनेको म एउटा शब्द हुँ।' २४ औ
तिनीहरू फरिसीहरूबाट पठाइएका थिए।
२५ अनि तिनीहरूले उनलाई सोधे 'तिमी
ख्रीष्ट, न एलिया, न अगमवक्ता हौ भने,
किन बप्तिस्मा दिन्छौ त?' २६ यूहन्नाले
तिनीहरूलाई यसो भन्दै जवाफ दिए, 'म
ता पानीले बप्तिस्मा दिन्छु, तर तिमीहरूका
माझमा एक जना खड़ा हुनुहुन्छ, जसलाई
तिमीहरू चिन्दैनौ। २७ उहाँनै मपछि
आउने हुनुहुन्छ, जसको जुत्ताको फिता खोल्ने
म योग्य छैनँ।' २८ यी कुरा यर्दन पारि
बेथानीमा भएको हो, जहाँ यूहन्नाले बप्तिस्मा
दिइरहेका थिए।
२९ भोलिपल्ट उनले येशूलाई आफूकहाँ
आउँदैगर्नुभएको देखेर भने, 'हेर, संसारको
पाप उठाइलैजाने परमेश्वरका थुमा! ३० उहाँ
उही हुनुहुन्छ, जसका विषयमा मैले भनें,
'मपछि एक जना आउनुहुन्छ, जो मभन्दा
अघाड़ि हुनुहुन्छ, किनभने उहाँ मभन्दा पहिला
हुनुहुन्थ्यो।' ३१ औ मैले उहाँलाई चिनेको
थिइनँ, तर उहाँ इस्राएलमा प्रकट होऊन्
भनेरनै म पानीले बप्तिस्मा दिँदै आएँ।'
३२ औ यूहन्नाले यसो भन्दै गवाही दिए,
'मैले आत्मालाई स्वर्गबाट परेवाझैं ओर्लंदै
गर्नुभएको देखें, र उहाँमाथि बस्नुभयो।
३३ औ मैले उहाँलाई चिनेको थिइनँ, तर
मलाई पानीले बप्तिस्मा दिन पठाउनुहुनेलेनै
मलाई भन्नुभयो, 'जसमाथि तिमी आत्मालाई
ओर्लंदै र बस्तैगर्नुभएको देखौला, पवित्र
आत्माले बप्तिस्मा दिने उहाँनै हुनुहुन्छ।

३४ औ मैले देखेको छु, औ परमेश्वरका
पुत्र उहाँनै हुनुहुन्छ भनेर गवाही दिएको छु।'
३५ फेरि अर्को दिन यूहन्ना उभिरहेका
थिए, औ उनका चेलाहरूमध्ये दुइ जना पनि
थिए। ३६ अनि येशूलाई डुल्दैगर्दुभएको
देखेर तिनले भने, 'हेर परमेश्वरका थुमा!'
३७ अनि तिनी बोलेका सुनेर ती दुइ
चेलाहरू येशूका पछि लागे। ३८ येशूले
फर्केर तिनीहरूलाई पछिपछि आइरहेका देखेर
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू के
खोज्दछौ?' अनि तिनीहरूले उहाँलाई भने,
'हे रब्बी, (जसको अर्थ हो, गुरुज्यू)
तपाईं कहाँ बस्नुहुन्छ?' ३९ उहाँले तिनी-
हरूलाई भन्नुभयो, 'आएर हेर' तिनीहरू
गए, औ उहाँको डेरा देखे, औ तिनीहरू
त्यो दिन उहाँसित बास बसे। किनभने
प्रायः चार बजे बेलुकी भएको थियो।
४० यूहन्नाबाट यो सुन्ने र उहाँको
पछि लाग्ने दुइ जनामध्ये एउटा चाहिं
शिमोन पत्रुसका दाज्यू अन्द्रियास थिए।
४१ तिनले पहिले आफ्नो साक्खै भाइ
शिमोनलाई भेट्टाएर तिनलाई भने, 'हामीले
मसीहलाई (जसको अर्थ ख्रीष्ट हो)
भेट्टाएका छौं।' ४२ उनले तिनलाई येशू-
कहाँ ल्याए। येशूले तिनीमाथि दृष्टि लगाई
भन्नुभयो, 'तिमी योआन्नेसको छोरो शिमोन
हौ, तिमी केफास भनिनेछौ (जसको अर्थ
हो पत्थर)।'
४३ भोलिपल्ट उहाँले गालीलमा जाने मन
गर्नुभयो, र फिलिपलाई भेट्टाएर उहाँले तिनलाई
भन्नुभयो, 'मेरो पछि लाग।' ४४ अब
फिलिप चाहिं अन्द्रियास र पत्रुसको शहर,
बेत्सैदाका थिए। ४५ फिलिपले नथनेललाई
भेट्टाएर भने, 'जसका विषयमा मोशाले
व्यवस्थामा औ अगमवक्ताहरूले लेखे, हामीले
उहाँलाई भेट्टाएका छौं, अर्थात् यूसुफका पुत्र,
नासरतका येशूलाई।' ४६ नथनेलले तिन-
लाई भने, 'के नासरतबाट केही असल कुरा
आउनसक्छ र?' फिलिपले तिनलाई भने,
'आएर हेर।' ४७ येशूले नथनेललाई
आफूकहाँ आउँदै गरेका देखेर तिनका
विषयमा भन्नुभयो, 'हेर, साँच्चै एउटा
इस्राएली, जसमा छल छैन।' ४८ नथनेलले
उहाँलाई भने, 'तपाईंले मलाई कसरी
चिन्नुभयो?' येशूले तिनलाई जवाफ दिई
भन्नुभयो, 'फिलिपले तिमीलाई बोलाउनअघि
तिमी नेभाराको रूखमनि हुँदा मैले
तिमीलाई देखें।' ४९ नथनेलले उहाँलाई
भने, 'रब्बी, तपाईं परमेश्वरका पुत्र
हुनुहुन्छ, तपाईं इस्राएलका राजा हुनुहुन्छ।'
५० येशूले तिनलाई जवाफ दिई
भन्नुभयो, 'मैले तिमीलाई नेभाराको
रूखमनि देखें भनेकोलेनै तिमी विश्वास
गर्दछौ? यीभन्दा ठूला कुराहरू तिमी
देख्नेछौ।' ५१ अनि उहाँले तिनलाई
भन्नुभयो, 'साँच्चै साँचो म तिमीलाई
भन्दछु, तिमीहरूले स्वर्ग खोलिएको औ
परमेश्वरका दूतहरूलाई मान्छेका पुत्रमाथि
उक्लँदै र ओर्लंदै गरेका देख्नेछौ।'

काना शहरको विवाह-भोज

२ तेस्रो दिन गालीलको कानामा
एउटा विवाह थियो, औ येशूको
आमा त्यहाँ थिइन्। २ येशू र उहाँका
चेलाहरूलाई पनि विवाहमा निम्तो थियो।
३ औ दाखमद्य अभाव हुँदा येशूकी
आमाले उहाँलाई भनिन्, 'तिनीहरूसित
दाखमद्य छैन।' ४ अनि येशूले तिनलाई
भन्नुभयो, 'नारि, मैले के गर्नु पर्छ मलाई
नभन, मेरो बेला अझसम्म आएको छैन।'
५ उहाँकी आमाले चाकरहरूलाई भनिन्,
'उहाँले भने बमोजिम तिमीहरूले गर।'
६ अब यहूदीहरूको शुद्ध हुने रीति-
अनुसार त्यहाँ प्रायः बीस तीस पाथी
अटाउने ढुङ्गाका छवटा घ्याम्पाहरू राखिएका
थिए। ७ येशूले तिनीहरूलाई भन्नुभयो,
'घ्याम्पाहरूभरि पानी हाल।' अनि

तिनीहरूले चुली-चुली भरिदिए। ८ अनि
उहाँले तिनीहरूलाई भन्नुभयो, 'अब उघाएर
भोजका मुखियाकहाँ लैजाओ।' अनि
तिनीहरूले लगे।
९ तर जब भोजका मुखियाले दाख-
मद्य बनाएको पानी चाखे, औ त्यो
कहाँबाट आएको हो, जानेका थिएनन् (तर
पानी भर्ने चाकरहरूले थाह पाएका थिए),
तब भोजका मुखियाले दुलहालाई बोलाएर
भने, १० 'हरेक मानिसले पहिले असल
दाखमद्य टक्राउँछ, औ जब मानिसहरू
मातेका हुन्छन्, तब कमसल चाहिं। तिमीले
ता असल दाखमद्य अहिलेसम्म जोगाइराखेका
रहेछौ।' ११ चिह्नहरूको यो शुरू येशूले
गालीलको काना नगरमा गरेर आफ्नो
महिमा प्रकट गर्नुभयो, र उहाँका चेलाहरूले
उहाँमाथि विश्वास गरे।
१२ त्यसपछि उहाँ आफ्ना आमा,
भाइहरू र चेलाहरूसमेत कफर्नहुममा झर्नु-
भयो, औ त्यहाँ थोरै दिन रहनुभयो।

मन्दिरको शुद्धि

१३ यहूदीहरूको निस्तार चाड नजीकै
थियो, औ येशू माथि यरूशलेममा
जानुभयो। १४ अनि उहाँले मन्दिरमा गोरु,
भेड़ा र परेवा बेच्नेहरू र सराफीहरूलाई
बसिरहेका भेट्टाउनुभयो। १५ औ डोरीको
एउटा कोर्रा बनाएर उहाँले सबैलाई मन्दिर-
बाट लघार्नुभयो, भेड़ाहरू र गोरुहरू दुवैलाई,
औ पैसा साट्नेहरूको रेजगी घोप्टाएर
टेबल पनि पल्टाइदिनुभयो। १६ अनि
परेवा बेच्नेहरूलाईं उहाँले भन्नुभयो,
'यहाँबाट यी लैजाओ। मेरा पिताको
घर व्यापारको घर नतुल्याओ।' १७ उहाँका
चेलाहरूलाई यो लेखिएको कुरा याद भयो,
'तपाईंको घरको जोशले मलाई खाइहाल्नेछ।'
१८ तब यहूदीहरूले उहाँलाई भने,
'तपाईं यी काम गर्नुहुन्छ, त हामीलाई के
चिह्न देखाउनुहुन्छ ? १९ येशूले तिनीहरूलाई
जवाफ दिई भन्नुभयो, 'यस मन्दिरलाई
भत्काइदेऊ, र म त्यो तीन दिनमा खड़ा
गर्नेछु।' २० यसकारण यहूदीहरूले भने,
'यो मन्दिर छियालीस वर्षमा बनाइयो, र के
तपाईं त्यसलाई तीन दिनमा खड़ा गर्नसक्नुहुन्छ
र ?' २१ तर उहाँले ता आफ्ना शरीरको
मन्दिरको विषयमा भन्नुभएको थियो।
२२ यसकारण जब उहाँ मरेकाबाट पुनरुत्थान
हुनुभयो, तब उहाँले यो भन्नुभएको कुरा
उहाँका चेलाहरूले सम्झे, र धर्मशास्त्रमाथि
र येशूले भन्नुभएको वचनमाथि विश्वास
गरे।
२३ जब उहाँ निस्तार-चाड़को भोजको
बेला यरूशलेममा हुनुहुन्थ्यो, तब उहाँले
जे चिह्न गर्नुभयो ती देखेर धेरैले उहाँको
नाउँमा विश्वास गरे। २४ तर येशू
आफैले सबैलाई चिन्नुभएको हुनाले आफूलाई
तिनीहरूको विश्वासमा छोड़नुभएन, २५ औ
कसैले उहाँलाई मानिसको विषयमा गवाही
देओस भन्ने आवश्यक थिएन, किनकि
मानिसको हृदयमा के छ, सो उहाँ आफै
जान्नुहुन्थ्यो।

निकोदेमस

३ त्यस बेला फरिसीहरूमा निकोदेमस
नाउँ भएका एक जना मानिस थिए,
जो यहूदीहरूका एक शासक थिए। २ तिनले
राती उहाँकहाँ आएर उहाँलाई भने, 'गुरुज्यू,
हामी जान्दछौं तपाईं परमेश्वरबाट शिक्षक
भएर आउनुभएको हो, किनकि परमेश्वर
साथमा हुनुहुन्न भने कसैले पनि तपाईंले गर्नु-
भएका यी चिह्नहरू गर्नसक्तैनन्।' ३ येशूले
तिनलाई भन्नुभयो, 'साँचो साँचो म तिमी-
लाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने
उसले परमेश्वरको राज्य देख्नसक्तैन।'
४ निकोदेमसले उहाँलाई भने, 'मानिस बूढो
भएर कसरी जन्मसक्छ र ? के त्यो आफ्नी

आमाको कोखमा दोस्रोचोटि पसेर
जन्मनसक्छ ?'
५ येशूले जवाफ दिनुभयो, 'साँचो
साँचो म तिमीलाई भन्दछु, कोही पानी र
आत्माले जन्मेन भने परमेश्वरको राज्यमा
पस्नसक्तैन । ६ देहबाट जन्मेको देह हो,
औ आत्माबाट जन्मेको आत्मा हो ।
७ मैले तिमीहरूलाई नयाँ गरी जन्मनु
आवश्यक छ भनी तिमीलाई भनेकोमा
अचम्म नमान । ८ बतास जता इच्छा
गर्छ बहन्छ । तिमी त्यसको आवाज सुन्छौ,
तर कहाँबाट आउँछ र कता जान्छ, त्यो
जान्दैनौ । आत्माबाट जन्मेको हरेक त्यस्तै
हुन्छ ।'
९ निकोदेमसलेउहाँलाई भने, 'यी कुरा
कसरी हुनसक्तछन् ?' १० येशूले तिनलाई
भन्नुभयो, 'तिमी इस्राएलको गुरु हौ, रपनि यी
कुरा बुझ्दैनौ ? ११ साँचो साँचो म तिमीलाई
भन्दछु, जे हामी जान्दछौं त्यो बोल्दछौं,
औ जे हामीले देखेका छौं त्यसको गवाही
दिन्छौं, तर तिमीहरू हाम्रा गवाही ग्रहण
गर्दैनौ । १२ मैले तिमीहरूलाई पृथ्वीका
कुरा भनें, र तिमीहरू विश्वास गदनौ भने,
मैले तिमीहरूलाई स्वर्गका कुरा भनें भने
कसरी विश्वास गर्नेछौ ? १३ औ स्वर्गबाट
ओर्लिआउने मानिसको पुत्रबाहेक कोही
पनि स्वर्गमा उक्लिगएको छैन । १४ औ
जसरी मोशाले उजाड़-स्थानमा साँपलाई उचाले,
त्यसरीनै मानिसको पुत्र उचालिनु आवश्यक
छ, १५ र जसले विश्वास गर्छ, त्यसले
उहाँमा अनन्त जीवन पाउँछ ।
१६ किनभने परमेश्वरले संसारलाई यस्तो
प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र
पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने
प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन
पाओस् ।
१७ परमेश्वरले संसारलाई दोषी ठहराउन
भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर
संसार उहाँबाट बचोस् भनेर पठाउनुभयो ।
१८ जसले उहाँमाथि विश्वास गर्दछ उसको
इन्साफ हुँदैन, जसले विश्वास गर्दैन, उसको
इन्साफ अघिनै भइसकेको छ, किनभने उसले
परमेश्वरको एकमात्र पुत्रको नाउँमा विश्वास
गरेको छैन । १९ औ न्यायको फैसला यो
हो, ज्योति संसारमा आएको छ, र मानिस-
हरूले ज्योतिभन्दा बरू अन्धकारलाई रुचाए,
किनकि तिनीहरूका काम दुष्ट थिए ।
२० किनभने जसले तुच्छ काम गर्छ,
त्यसले ज्योतिलाई घृणा गर्छ, र ज्योतितिर
आउँदैन, नत्रता त्यसका कामको दोष प्रकट
हुनेछ । २१ तर त्यसका काम परमेश्वरमा
भएका हुन् भनी प्रकट होस् भनेर सत्य
काम गर्ने चाहिं ज्योतिमा आउँछ ।'
२२ यी कुरापछि येशू आफ्ना चेलाहरू-
समेत यहूदिया देशमा आउनुभयो, र त्यहाँ
तिनीहरूसित बास गर्नुभयो, औ उहाँले
बप्तिस्मा दिनुहुन्थ्यो । २३ यूहन्नाले पनि
सालीमको छेउ एनोनमा बप्तिस्मा दिन्थे,
किनकि त्यहाँ निकै पानी थियो । त्यहाँ मानिस-
हरू आएर बप्तिस्मा लिन्थे । २४ किनभने
यूहन्ना अझैसम्म झ्यालखानमा परेका
थिएनन् ।
२५ त्यस बेला यूहन्नाका चेलाहरूको
एउटा यहूदीसित शुद्ध हुने विषयमा वादविवाद
भयो । २६ यूहन्नाकहाँ आएर तिनीहरूले
उनलाई भने, 'गुरुज्यू, जो यर्दनपारि
तपाईंसित हुनुहुन्थ्यो, जसका लागि तपाईंले
गवाही दिनुभएको छ, हेर्नुहोस्, उहाँ बप्तिस्मा
दिनुहुन्छ, र सबै उहाँकहाँ जान्छन् ।'
२७ यूहन्नाले भने, 'मानिसलाई स्वर्गबाट
दिइएको छैन भने त्यसले केही कुरो पाउन-
सक्तैन । २८ म ख्रीष्ट होइनँ, तर म
उहाँभन्दा अघाड़ि पठाइएको हुँ भनेर मैले
भनें भनी तिमीहरू आफैनै मेरो निम्ति
गवाही दिन्छौ । २९ जससँग दुलही छ,
त्यही दुलहा हो तर दुलहाको मित्र
छेउमा खड़ा भई दुलहाको सोर
सुनेर अत्यन्त आनन्दित हुन्छ । यसकारण

थो मेरो आनन्द पूर्ण भएको छ।
३० उहाँ बढ्नु, तर म चाहिं घट्नु
आवश्यक छ।
३१ माथिबाट आउने सबैभन्दा माथिका
हुनु। पृथ्वीबाट हुने पृथ्वीकै हो, र पृथ्वीकै
कुरा बोल्छ। स्वर्गबाट आउने सबैभन्दा
माथिका हुनु। ३२ जो उहाँले देख्नु र
सुन्नुभएको छ, त्यसको गवाही उहाँ दिनुहुन्छ,
औ उहाँको गवाही कसैले ग्रहण गर्दैन।
३३ जसले उहाँको गवाही ग्रहण गरेको छ,
त्यसले परमेश्वर सत्य हुनुहुन्छ भन्ने आफ्नै
छाप त्यसमा लगाएको छ। ३४ किनभने
जसलाई परमेश्वरले पठाउनुभयो, त्यसले
परमेश्वरकै वचनहरू बोल्दछ, किनकि उहाँले
आत्मा नाप गरेर दिनुहुन्न। ३५ पिताले
पुत्रलाई प्रेम गर्नुहुन्छ, औ सबै थोक उहाँकै
हातमा दिनुभएको छ। ३६ जसले पुत्रमाथि
विश्वास गर्छ, त्यसमा अनन्त जीवन छ,
जसले पुत्रको आज्ञा पालन गर्दैन, त्यसले
जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध
त्यसमाथि रहन्छ।'

सामरी स्त्री

४ जब यूहन्नाभन्दा येशूले धेरै चेलाहरू
बनाउँदैहुनुहुन्छ, औ बप्तिस्मा पनि
दिँदैहुनुहुन्छ भन्ने फरिसीहरूले सुने भनी
प्रभुले थाह पाउनुभयो, २ (तापनि येशू
आफैले ता होइन, तर उहाँका चेलाहरूले
बप्तिस्मा दिन्थे) ३ तब उहाँ यहूदिया
छोडेर फेरि गालीलमा जानुभयो। ४ औ
उहाँ सामरिया भएरै जानुपर्थ्यो। ५ यसकारण
उहाँ याकूबले आफ्नो छोरो यूसुफलाई दिएको
जग्गाको छेउ सुखार भनिने सामरियाको
एउटा शहरमा आउनुभयो। ६ त्यहाँ
याकूबको इनार थियो। येशू यात्राले
थाक्नुभएको हुनाले इनारको डीलमा त्यसै
बसिरहनुभएको थियो। प्रायः मध्याह्न भएको
थियो।
७ सामरियाबाट एउटी आइमाई पानी
भर्नालाई आई। येशूले त्यसलाई भन्नुभयो,
'मलाई पानी पिउन देऊ।' ८ किनभने
उहाँका चेलाहरू शहरमा खानेकुरा किन्न
गएका थिए। ९ तब सामरी आइमाईले
उहाँलाई भनी, 'तपाईं यहूदी भएर म
सामरी आइमाईको हातबाट कसरी पानी
पिउनुहुन्छ?' (किनभने सामरीहरूसँग यहूदी-
हरू केही सम्बन्ध राख्दैनन्।) १० येशूले
त्यसलाई भन्नुभयो, 'तिमीले परमेश्वरको
वरदान र 'मलाई पानी पिउन देऊ'
भनेर तिमीलाई भन्ने को हो? उसलाई
चिनेकी भए तिमीले उसँग माग्ने थियौ,
र उसले तिमीलाई जीवन पानी दिनेथियो।'
११ त्यस आइमाईले उहाँलाई भनी,
'हजूर, तपाईंसित उघाउने भाँडो छैन। इनार
गहीरो पनि छ, तब कहाँबाट तपाईंसित त्यो
जीवनको पानी आउँछ? १२ के तपाईं
हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ,
जसले हामीलाई यो इनार बनाइदिनुभयो?
औ आफैले, उहाँका सन्तान र उहाँका
गाई-वस्तुले यसबाट पिए।'
१३ येशूले त्यसलाई भन्नुभयो, 'यो
पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ,
१४ तर मैले दिने त्यो पानी जसले पिउला
त्यो कहिल्यै तिर्खाउनेछैन। तर जुन पानी
म त्यसलाई दिनेछु, त्यो पानी त्यसमा,
अनन्त जीवनसम्म उम्रिरहने पानीको मूल
बनिनेछ।' १५ त्यस आइमाईले उहाँलाई
भनी, 'हजूर, मलाई यही पानी दिनुहोस्
र म तिर्खाउनेछैनँ, औ यहाँ पानी
भर्नालाई आउनुपर्नेछैन। १६ उहाँले त्यस-
लाई भन्नुभयो, 'जाऊ, तिम्रा लोग्नेलाई
बोलाएर यहाँ आऊ।' १७ त्यस आइमाईले
भनी, 'मेरा लोग्ने छैनन्।' येशूले त्यसलाई
भन्नुभयो, 'मेरा लोग्ने छैनन् भनी तिमीले ठीकै
भन्यौ, १८ किनभने तिम्रा पाँचवटा लोग्ने
भइसकेका छन्, र जो अहिले तिमीसित
छन्, त्यो तिम्रा लोग्ने होइनन। तिमीले यो

साँचो भनेकी हो।' १९ त्यस आइमाईले
उहाँलाई भनी, 'हजूर, तपाईं अगमवक्ता
हुनुहुन्छ भनी म थाह पाउँछु। २० हाम्रा
पुर्खाहरूले यस डाँड़ामा पूजा गरे, औ
तपाईंहरू भन्नुहुन्छ कि पुज्नपर्ने स्थान
यरूशलेममा छ।'

२१ येशूले त्यसलाई भन्नुभयो, 'ए नारि,
मलाई विश्वास गर, त्यो बेला आउँदैछ, जब
तिमीहरू नता यस डाँड़ामा, न यरूशलेममा,
पितालाई पुज्नेछौ। २२ तिमीहरू जे
जान्दैनौ, त्यो पुज्दछौ। हामी जे जान्दछौं,
त्यो पुज्दछौं, किनभने मुक्ति चाहिं यहूदी-
हरूबाट छ। २३ तर बेला आउँछ, र
अहिल्यै हो, जब साँचोसँग पुज्नेहरू पितालाई
आत्मा र सत्यतामा पुज्नेछन्। किनकि
पिताले उहाँलाई पुज्नेहरू यस्तै चाहनुहुन्छ।
२४ परमेश्वर आत्मा हुनुहुन्छ, औ उहाँलाई
पुज्नेहरूले आत्मा र सत्यतामा पुज्नुपर्दछ।'
२५ त्यस आइमाईले उहाँलाई भनी, 'म
जान्दछु कि (ख्रीष्ट भन्ने) मसीह आउनु-
हुन्छ, र जब उहाँ आउनुहुन्छ, तब उहाँलेनै
हामीलाई सबै कुरा बताउनुहुनेछ।'
२६ येशूले त्यसलाई भन्नुभयो, 'तिमीसित
बोल्ने, म, उही हुँ।'

२७ अनि यही बीचमा उहाँका चेलाहरू
आए, र उहाँलाई एउटी आइमाईसित बात
गरिरहनुभएको देखेर छक्क परे, तापनि
'तपाईं के खोज्नुहुन्छ?' अथवा 'तपाईं
त्यससित किन बोल्नुहुन्छ?' भनेर कसैले
भनेन। २८ तब त्यो आइमाई आफ्नो
गाग्रो छोड़ेर शहरमा गइहाली, र मानिस-
हरूलाई यसो भनी, २९ 'आओ, एक जना
मानिसलाई हेर, जसले मैले गरेका सबै
काम मलाई बताइदिनुभयो। के यिनीनै ख्रीष्ट
हुनुहुन्न?' ३० तब तिनीहरू शहरबाट निस्केर
उहाँकहाँ आए। ३१ यसै बीचमा चेलाहरूले
उहाँलाई यसो भनेर बिन्ती गरे, 'रब्बी,
खानुहोस्।' ३२ तर उहाँले तिनीहरूलाई
भन्नुभयो, 'मसित खानालाई खानेकुरो छ,
जो तिमीहरूलाई थाह छैन।' ३३ यसकारण
चेलाहरूले आपसमा भने, 'के कसैले उहाँलाई
खानालाई केही ल्याइदिएछ कि?'
३४ येशूले तिनीहरूलाई भन्नुभयो, 'मलाई
पठाउनेको इच्छा पूरा गर्नु, र उहाँको काम
पूरा गर्नुनै मेरो भोजन हो। ३५ के तिमीहरू
भन्दैनौ अझ चार महीना छन्, तब बाली
काट्ने बेला आउँछ? हेर, म तिमीहरूलाई
भन्दछु, आफ्ना आँखा गाड़ेर खेतबारीहरू
हेर, किनभने ती अहिलेनै कटनीको लागि
पहेँला भएका छन्। ३६ जसले बाली काट्छ
त्यसले ज्याला पाउँछ, औ अनन्त जीवनको
लागि फल बटुल्छ, र छर्ने र काट्ने एकसाथ
रमाउँछन्। ३७ किनकि 'एक जनाले छर्छ,
औ अर्कोले काट्छ,' भन्ने वचन यसैमा सत्य
हुन्छ। ३८ मैले तिमीहरूलाई त्यसमा कटनी
गर्न पठाएँ, जसमा तिमीहरूले परिश्रम गरेका
छैनौ, अरूहरूले परिश्रम गरेका छन् औ
तिमीहरू तिनीहरूका परिश्रममा पसेका छौ।'

३९ अब मैले जे गरें उहाँले सबै मलाई
भनिदिनुभयो' भनेर गवाही दिने आइमाईको
बातले गर्दा त्यस शहरबाट सामरीहरूमध्ये
धेरैले उहाँमाथि विश्वास गरे। ४० यसकारण
जब सामरीहरू उहाँकहाँ आए तब तिनीहरूले
उहाँलाई तिनीहरूकहाँ बास बस्नालाई बिन्ती
गरे, र उहाँ दुइ दिन त्यहाँ बस्नुभयो।
४१ अनि अरू धेरैले उहाँको वचनको
कारण उहाँमाथि विश्वास गरे, ४२ र त्यस
आइमाईलाई तिनीहरूले भने 'अब तिम्रो
भनाइको कारणले होइन तर हामी आफैं
विश्वास गर्दछौं, किनभने हामी आफैले
सुनेका छौं, औ उहाँ साँच्चिनै संसारका
मुक्तिदाता हुनुहुन्छ भनी हामीले थाह
पायौं।''

अफिसरको छोरा

४३ अनि दुइ दिनपछि त्यहाँबाट निस्केर
उहाँ गालीलमा जानुभयो। ४४ किनभने

येशू आफैले प्रमाण दिनुभयो, कि अगमवक्ताको
आफ्नो निज देशमा आदर हुँदैन।
४५ यसकारण जब उहाँ गालीलमा
आउनुभयो तब उहाँले यरूशलेममा चाड़को
बेलामा जे गर्नुभएको थियो ती सब काम
देखेर गालीलीहरूले उहाँलाई स्वागत गरे,
किनभने तिनीहरू पनि चाड़मा गएका
थिए।
४६ त्यसपछि उहाँ फेरि गालीलको
कानामा आउनुभयो। उहाँले त्यहाँ पानीको
दाखमद्य बनाउनुभएको थियो। औ एक जना
भारादार थिए जसको छोरो कफर्नहुममा
बिरामी थियो। ४७ येशू यहूदियाबाट
गालीलमा आउनुभएको छ भन्ने सुनेर तिनी
उहाँकहाँ गए। औ आएर तिनको छोरालाई
निको पारिदिनुहोस् भनी बिन्ती गरे, किनभने
त्यो मर्न आँटेको थियो। ४८ येशूले तिनलाई
भन्नुभयो, 'तिमीहरू चिह्न र अचम्मका
कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास
गर्दैनौ।'' ४९ ती भारादारले उहाँलाई भने,
'हजूर, मेरो छोरो मर्नभन्दा अघिनै आइदिनु-
होस्।' ५० येशूले तिनलाई भन्नुभयो,
'जाऊ, तिम्रो छोरो बाँच्छ।' येशूले तिनलाई
भन्नुभएको वचन विश्वास गरेर तिनी आफ्नो
बाटो लागे।
५१ अनि जब तिनी तल जाँदै थिए,
तब तिनका चाकरहरूले तिनलाई भेटेर भने,
'तपाइंको छोरो बाँच्यो।' ५२ तिनले
तिनीहरूसित सोधपूछ गरे, 'कुन घड़ीदेखि
त्यसलाई सन्चो हुनलाग्यो?' तिनीहरूले
तिनलाई भने, 'हिजो सातौं घड़ीदेखि
ज्वरोले तिनलाई छोड्यो।' ५३ येशूले
तिनलाई 'तिम्रो छोरो बाँच्छ' भनी
भन्नुभएको बेलादेखिनै हो रहेछ भनी
बाबुले थाह पाए। अनि तिनी आफै
र तिनका सारा परिवारले विश्वास
गरे।
५४ येशूले यहूदियाबाट गालीलमा आएर
गर्नुभएको यो दोस्रो चिह्न हो।

बेथस्दाको दहको लूँजो मानिस

५ त्यसपछि यहूदीहरूको चाड़ थियो,
र येशू यरूशलेममा जानुभयो।
२ यरूशलेममा भेड़ा-ढोकाको नजीक
पाँचवटा दलान भएको एउटा दह छ,
जसलाई हिब्रूमा बेथस्दा भनिन्छ।
३ यिनीहरूमा रोगी, अन्धा, लङ्गड़ा, अङ्ग
सुकेकाहरूको भीड़ पानी छचल्किएको हेर्न
पर्खिरहनेहरू पल्टिरहन्थे। ४ किनभने परम-
प्रभुको एउटा दूत बेला बेलामा दहमा
ओर्लेर पानी हल्लाइदिन्थे, र पानी
छचल्किएपछि जो पहिला पानी भित्र
पस्थ्यो, कस्तै रोगले ग्रस्त भएको होस्,
तापनि त्यो निको भइहाल्थ्यो। ५ त्यहाँ
अठ्तीस वर्षदेखि बिरामी भइरहेको
एउटा मानिस थियो। ६ येशूले त्यसलाई
पल्टिरहेको देखेर, औ त्यो धेरै समयदेखि
यस दशामा रहेको छ भनी जानेर
त्यसलाई भन्नुभयो, 'के तिमी निको हुने
इच्छा गर्दछौ?' ७ रोगीले उहाँलाई भन्यो,
'हजूर, पानी जुन बेला छचल्काइन्छ मलाई
दहमा हालिदिने मेरो कोही मानिस छैन,
तर म जाँदाजाँदै मभन्दा अघाड़ि अर्को
ओर्लिहाल्छ।' ८ येशूले त्यसलाई भन्नुभयो,
'उठ, आफ्नो ओछ्यान लिएर जाऊ।'
९ अनि तुरुन्तै त्यो मानिस निको भयो,
औ आफ्नो ओछ्यान लिएर हिंडिहाल्यो।
त्यो दिन विश्राम-दिन थियो।
१० यसकारण निको पारिएको त्यस
मानिसलाई यहूदीहरूले भने, 'यो ता
विश्राम-दिन हो, तिमीलाई ओछ्यान
बोक्नु उचित छैन।' ११ त्यसले तिनीहरू-
लाई जवाफ दियो, 'जसले मलाई निको
पार्नुभयो उहाँलेनै भन्नुभयो, 'आफ्नो ओछ्यान
लिएर हिंड'।' १२ तिनीहरूले त्यसलाई
सोधे, 'तिमीलाई ओछ्यान बोकेर हिंड भन्ने
मानिस को हो?' १३ तर निको
भएको मानिसले उहाँ को हुनुहुन्छ भनी

चिनेको थिएन, किनभने त्यस ठाउँमा भीड़
भएको हुनाले येशू एकातिर लागिसक्नुभएको
थियो।
१४ त्यसपछि येशूले त्यसलाई मन्दिरमा
भेट्टाएर भन्नुभयो, 'हेर, तिमी निको
भएका छौ, फेरि पाप नगर, र झन्
खराब दशा तिमीमाथि नहोस्।'
१५ त्यो मानिस गएर 'मलाई निको पार्ने
ता येशू रहेछन्' भनेर यहूदीहरूलाई
भनिदियो। १६ यसले गर्दा यहूदीहरूले
येशूलाई खेदो गर्नलागे, किनभने उहाँले
यो काम विश्रामको दिनमा गर्नुभएको थियो।
१७ तब येशूले तिनीहरूलाई जवाफ
दिनुभयो, 'मेरा पिताले अझसम्म काम
गर्नुहुन्छ, र म पनि गर्छु।' १८ यसकारण
यहूदीहरूले उहाँलाई झन् मार्न खोजे।
किनकि उहाँले विश्रामको दिन भङ्ग
गर्नु मात्र होइन, तर आफैलाई परमेश्वरको
बराबरी तुल्याएर परमेश्वरलाई आफ्नै पिता
भन्नुभएको थियो।
१९ येशूले तिनीहरूलाई भन्नुभयो, 'साँचो
साँचो म तिमीहरूलाई भन्दछु, पिताले जे
गर्नुहुन्छ, त्यो नदेखेसम्म पुत्र आफैले केही
गर्नसक्तैन, किनभने उहाँ जे गर्नुहुन्छ, पुत्रले
पनि तिनै काम त्यही किसिमले गर्छ।
२० किनभने पिताले पुत्रलाई माया गर्नुहुन्छ,
र उहाँ आफैले गर्नुहुने सबै काम उसलाई
देखाउनुहुन्छ, औ तिमीहरू अचम्म मान
भनेर यीभन्दा ठूला काम उहाँले उसलाई
देखाउनुहुनेछ।
२१ किनभने जसरी पिताले मरेकाहरू-
लाई उठाउनु र जीवित पार्नुहुन्छ, त्यसरीनै
पुत्रले पनि जसलाई इच्छा गर्दछ, त्यसलाई
जीवित पार्दछ। २२ किनकि पिताले कसैको
इन्साफ गर्नुहुन्न, तर सबै इन्साफ गर्ने काम
पुत्रलाई दिनुभएको छ, २३ किनकि जसरी
तिनीहरूले पिताको आदर गर्दछन्, उसरी
सबैले पुत्रको पनि आदर गरून्। पुत्रको
आदर नगर्नेले उसलाई पठाउने पिताको पनि
आदर गर्दैन। २४ साँचो साँचो म तिमी-
हरूलाई भन्दछु, जसले मेरो वात सुन्छ र
मलाई पठाउनेलाई विश्वास गर्छ, उसमा
अनन्त जीवन छ, औ त्यो इन्साफमा
आउँदैन, तर मृत्युदेखि जीवनमा सरिहालेको
हुन्छ।
२५ साँचो साँचो म तिमीहरूलाई
भन्दछु, त्यो बेला आउँछ, औ अहिलेनै हो,
जब मरेकाहरूले परमेश्वरको पुत्रको सोर
सुन्नेछन्, र सुन्नेहरू जिउनेछन्। २६ किन-
भने जसरी पिता आफैमा जीवन छ, उसरीनै
उहाँले पुत्रलाई पनि आफैमा जीवन हुनालाई
दिनुभएको छ, २७ औ उसलाई इन्साफको
फैसला गर्ने अधिकार दिनुभएको छ, किनभने
उ मानिसको पुत्र हो। २८ यसमा अचम्म
नमान, किनभने बेला आउँछ, जब चिहानमा
हुनेहरू सबैले उसको सोर सुन्नेछन्।
२९ औ भलो गर्नेहरू जीवनको पुनरुत्थानको
निम्ति, तर कुभलो गर्नेहरूचाहिं इन्साफको
पुनरुत्थानको निम्ति निस्किआउनेछन्।

येशूको गवाही

३० म आफै केही गर्नसक्तिनँ, जस्तो
म सुन्छु, म इन्साफ गर्छु, औ मेरो
इन्साफ ठीक छ, किनकि म आफ्नो
इच्छा होइन, तर मलाई पठाउनेको
इच्छा खोज्दछु। ३१ मैले आफ्नो विषयमा
गवाही दिएँ भने मेरो गवाही सत्य हुँदैन।
३२ मेरो विषयमा गवाही दिने अर्कै छन्,
औ म जान्दछु, कि जे तिनले मेरो
विषयमा गवाही दिन्छन् त्यो गवाही सत्य
छ। ३३ तिमीहरूले यूहन्नाकहाँ पठाएका
छौ, औ उनले सत्यताको लागि गवाही
दिएका छन् ३४ तर जुन गवाही म ग्रहण
गर्छु, त्यो मानिसबाटको होइन, तैपनि तिमीहरू
सुरक्षित होओ भनी म यी कुरा भन्दछु।
३५ उनी बल्दो र चहकिलो बत्ती थिए, र
तिमीहरू उनको उज्यालोमा थोरै समयसम्म

रमाउन राजी भयौ।
३६ तर मसित यूहन्नाको भन्दा ठूलो
गवाही छ, किनकि जुन कामहरू मैले पूरा
गर्नालाई पिताले मलाई दिनुभएको छ, ती
काम जे म गर्दछु, ती आफैले मेरो विषयमा,
पिताले मलाई पठाउनुभएको हो भन्ने गवाही
दिन्छन्।
३७ औ मलाई पठाउने पिता आफैले
मेरो विषयमा गवाही दिनुभएको छ।
तिमीहरूले उहाँको सोर नता कुनै बेला
सुनेका छौ, न उहाँका रूपनै देखेका छौ।
३८ औ उहाँको वचन तिमीहरूमा रहँदैन,
किनभने जसलाई उहाँले पठाउनुभयो, उसलाई
तिमीहरू विश्वास गर्दैनौ। ३९ धर्मशास्त्रमा
खोजी हेर, किनभने तिनमा तिमीहरूलाई
अनन्त जीवन छ भनी तिमीहरू सम्झन्छौ,
औ मेरो विषयमा गवाही दिने तिनै हुन्,
४० औ तिमीहरूमा जीवन होस् भनेर
तिमीहरू मकहाँ आउँदैनौ। ४१ म मानिस-
हरूबाटको महिमा ग्रहण गर्दिनँ, ४२ तर
परमेश्वरको प्रेम तिमीहरू आफैमा छैन भनी
म जान्दछु।
४३ म आफ्ना पिताको नाउँमा आएको
छु, औ तिमीहरू मलाई ग्रहण गर्दैनौ। अरू
कोही आफ्नै नाउँमा आयो भने त्यसलाई
ग्रहण गर्नेछौ। ४४ तिमीहरू, जो एउटाले
अर्कोबाट महिमा लिन्छौ, औ एक मात्र
परमेश्वरबाट हुने महिमा खोज्दैनौ, कसरी
विश्वास गर्नसक्छौ?
४५ नसम्झ कि म पिताको सामु
तिमीहरूलाई खोट लाउनेछु तिमीहरूलाई
खोट लाउने ता एक, अर्थात् मोशा
छन्, जसमा तिमीहरूले आशा राखेका
छौ। ४६ किनभने तिमीहरूले मोशालाई
विश्वास गर्दा हौ ता मलाई पनि विश्वास
गर्नेथियौ, किनकि उनले मेरो विषयमा लेखेका
थिए। ४७ तर तिमीहरू उनका लेखोटनै
विश्वास गर्दैनौ भने मेरो कुरा कसरी विश्वास
गर्नेछौ?'

येशूले पाँच हजारलाई खुवाउनुभएको

६ यी कुरापछि येशू गालीलको, अर्थात्
तिबेरियास समुद्रको पारिपट्टि जानु-
भयो। २ अनि ठूलो भीड़ उहाँको पछि
लाग्यो, किनभने उहाँले रोगीहरूमाथि जे
गर्नुहुन्थ्यो ती चिह्नहरू तिनीहरू हेर्थे।
३ येशू डाँड़ामाथि जानुभयो, र त्यहाँ
आफ्ना चेलाहरूसँग बस्नुभयो। ४ औ
यहूदीहरूको चाड़, अर्थात् निस्तार चाड़ नजीक
थियो।
५ तब येशूले आफ्ना नजर उठाएर
एउटा ठूलो भीड़ आफूकहाँ आइरहेको देखेर
फिलिपलाई भन्नुभयो, 'हामी कहाँबाट रोटी
किनौं र यिनीहरूलाई खानदिऔं?' ६ औ
यो उहाँले तिनको परीक्षा गर्दै भन्नु-
भएको थियो, किनभने उहाँले जे गर्नलाग्नु-
भएको थियो उहाँ आफैलाई थाह थियो।
७ फिलिपले उहाँलाई भने, 'प्रत्येकले थोर
थोरै पाए तापनि दुइ सय दिनारका रोटीले
तिनीहरूलाई प्रशस्त हुँदैन।' ८ उहाँका
चेलाहरूमध्ये एकजना, शिमोन पत्रुसका दाज्य
अन्द्रियासले भने, ९ 'यहाँ एउटा ठिटो
छ, जससँग जौका पाँच रोटी र दुइ माछा
छन्। तर यति धेरैका बीचमा यी के
हुन् र?'
१० येशूले भन्नुभयो, 'मानिसहरूलाई
बस्नलाऊ।' त्यस जग्गामा धेरै घाँस
थियो। यसैले गन्तीमा पाँच हजार जति
पुरुषहरू बसे। ११ तब येशूले रोटी
लिनुभयो, औ धन्यवाद चढ़ाएर बस्नेहरूलाई
बाँडिदिनुभयो, औ त्यसैगरी माछा पनि,
जति जति तिनीहरूले इच्छा गर्थे।
१२ अनि जब तिनीहरू अघाए, उहाँले
आफ्ना चेलाहरूलाई भन्नुभयो, 'उब्रेका
टुक्राहरू बटुल, र केही नष्ट नहोस्।'
१३ तिनीहरूले बटुले, औ जो खानेहरूले
उबारेका थिए जौका ती पाँच रोटीका
टुक्राबाट बाह्र डाला भरे। १४ यसकारण

उहाँले गर्नुभएको यो चिह्न देखेर ती मानिस-
हरूले भने, 'संसारमा आउने अगमवक्ता
साँच्चै यहाँनै हुनुहुँदोरहेछ।'
१५ यसकारण उहाँलाई राजा बनाउना-
लाई तिनीहरूले बलजफ्त गर्नआँटेका छन्
भनी थाह पाई येशू फेरि आफू एक्लै
डाँडामा गइहाल्नुभयो।
१६ अनि जब साँझ पर्‍यो उहाँका
चेलाहरू समुद्रतिर ओर्ले। १७ औ डुङ्गामा
चढ़ेर तिनीहरू समुद्रपारि कफर्नहुमतिर गइरहेका
थिए। त्यस बेला अँध्यारो भएको थियो, र
अफ्तसम्म येशू तिनीहरूकहाँ आउनुभएको
थिएन। १८ औ ठूलो बतासको कारण
समुद्रको पानी खल्बल्याइरहेको थियो।
१९ तिनीहरू डेढ़ कि दुइ कोस जति डुङ्गा
खियाएर गएपछि येशूलाई समुद्रमाथि हिंड़दै
र डुङ्गाको नजीक आउनुभएको देखेर
तिनीहरू डराए। २० तर उहाँले तिनीहरू
लाई भन्नुभयो, 'म हुँ, नडराओ।'
२१ तब तिनीहरूले उहाँलाई डुङ्गामा ल्याउने
इच्छा गरे। अनि जुन ठाउँमा तिनीहरू
गइरहेका थिए डुङ्गा तुरुन्तै त्यस ठाउँमा
आइपुग्यो।
२२ भोलिपल्ट समुद्रपारि उभिरहेको
भीड़ले त्यहाँ एउटा डुङ्गाबाहेक अर्को नभएको
र येशू आफ्ना चेलाहरूसँग डुङ्गामा नहुनु-
भएको, तर उहाँका चेलाहरू मात्र भएका
थाह पायो। २३ (तैपनि तिबेरियासबाट
अरू डुङ्गाहरू त्यस जग्गाको नजीक आए,
जहाँ प्रभुले धन्यवाद चढ़ाएपछि तिनीहरूले
रोटी खाएका थिए), २४ यसकारण जब
भीड़ले नता उहाँका चेलाहरू न येशू त्यहाँ
हुनुभएको देख्यो, तब तिनीहरू आफै डुङ्गामा
चढ़ेर येशूलाई खोज्दै कफर्नहुममा आए।
२५ अनि तिनीहरूले उहाँलाई समुद्रपारि
भेट्टाएर भने, 'रब्बी, तपाईं यहाँ कहिले
आउनुभयो ?'
२६ येशूले तिनीहरूलाई जवाफ दिई
भन्नुभयो, 'साँचो साँचो म तिमीहरूलाई
भन्दछु, तिमीहरू चिह्नहरू देखेका कारणले
होइन, तर रोटी खाएर अघाएकाले मलाई
खोज्दछौ, २७ नष्ट हुने खानेकुराको निम्ति
होइन तर अनन्त जीवनसम्म रहने खानेकुराको
निम्ति काम गर, जो मानिसको पुत्रले
तिमीहरूलाई दिनेछ, किनभने पिता, अर्थात्
परमेश्वरले उमाथि छाप लगाउनुभएको छ।'
२८ यसकारण तिनीहरूले उहाँलाई भने,
'परमेश्वरका काम गर्नालाई हामीले के
गर्नुपर्छ ?' २९ येशूले तिनीहरूलाई जवाफ
दिई भन्नुभयो, 'परमेश्वरको काम यो हो,
कि जसलाई उहाँले पठाउनुभयो उसलाई
विश्वास गर।'
३० यसैले तिनीहरूले उहाँलाई भने,
'तपाईं के चिह्न गर्नुहुन्छ, र हामी हेरौं, र
तपाईंलाई विश्वास गरौं ? तपाईं के काम
गर्नुहुन्छ ? ३१ हाम्रा पिता-पुर्खाहरूले वनमा
मन्न खाए जसरी लेखिएको छ, 'उहाँले
तिनीहरूलाई खानालाई स्वर्गबाट रोटी
दिनुभयो।' ३२ येशूले तिनीहरूलाई भन्नु-
भयो, 'साँचो साँचो म तिमीहरूलाई भन्दछु,
मोशाले तिमीहरूलाई स्वर्गबाट रोटी दिएका
होइनन्, तर मेरा पिताले तिमी-
हरूलाई स्वर्गबाट साँचो रोटी दिनुहुन्छ।
३३ किनभने परमेश्वरको रोटी त्यही हो,
जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई
जीवन दिन्छ।' ३४ यसकारण तिनीहरूले
उहाँलाई भने, 'हजूर, यो रोटी हामीलाई
सधैं दिनुहोस्।' ३५ येशूले तिनीहरूलाई
भन्नुभयो, 'जीवनको रोटी मनै हुँ, मकहाँ
आउने भोकाउने छैन, र मलाई विश्वास
गर्ने कहिल्यै तिर्खाउनेछैन। ३६ तर मैले
तिमीहरूलाई भनें, तिमीहरूले मलाई देखेका
छौ, रपनि विश्वास गर्दैनौ। ३७ सबै जो
पिताले मलाई दिनुहुन्छ, मकहाँ आउनेछन्,
र मकहाँ आउनेलाई म कुनै रीतिले
त्याग्नेछैनँ।
३८ किनभने म आफ्नो इच्छा होइन,
तर मलाई पठाउनेको इच्छा पूरा गर्नालाई

स्वर्गबाट ओर्लिआएको हुँ। ३९ औ मलाई
पठाउनेको इच्छा यो हो, अर्थात् उहाँले सबै
जो मलाई दिनुभएको छ, त्यसबाट केही
नहराऊँ, तर त्यसलाई पछिल्लो दिनमा
बिउँताऊँ। ४० किनभने मेरा पिताको इच्छा
यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि
विश्वास गर्ने प्रत्येकमा अनन्त जीवन होस्,
औ म त्यसलाई पछिल्लो दिनमा
बिउँताउनेछु।'
४१ यसकारण यहूदीहरू उहाँका विषयमा
गनगनाए, किनभने उहाँले भन्नुभयो, 'म
स्वर्गबाट ओर्लिआएको रोटी हुँ।' ४२ अनि
तिनीहरूले भने, 'के यो यूसुफको छोरो,
येशू होइन? जसका बाबू र आमालाई हामी
चिन्छौं। यसले कसरी अहिले म स्वर्गबाट
ओर्लिआएको हुँ भनी भन्दछ?' ४३ येशूले
जवाफ दिई तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू
आपसमा नगनगनाओ। ४४ मलाई पठाउने
पिताले त्यसलाई खिँच्नुभएन भने कोही
मकहाँ आउनसक्तैन, औ म त्यसलाई पछिल्लो
दिनमा बिउँताउनेछु। ४५ अनि ती सबै
जना परमेश्वरबाट सिकाइएका हुनेछन् भनी
अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ।
पिताबाट सुन्ने र सिक्ने प्रत्येक मकहाँ
आउँछ!
४६ कसैले पितालाई देखेको छैन, केवल
जो परमेश्वरबाटको हो उसैले मात्र पितालाई
देखेको छ। ४७ साँचो साँचो म तिमीहरू-
लाई भन्दछु, विश्वास गर्नेलाई अनन्त जीवन
छ। ४८ जीवनको रोटी मनै हुँ।
४९ तिमीहरूका पिता-पुर्खाहरूले वनमा मन्न
खाए, र मरे। ५० स्वर्गबाट ओर्लने रोटी
यही हो, कि कोही मानिस त्यो खाएर
नमरोस्। ५१ स्वर्गबाट ओर्लेको जीवित
रोटी मनै हुँ, यो रोटी कोही मानिसले खायो
भने सधैंभरि जिउनेछ, औ त्यो रोटी, जो
म संसारको जीवनको लागि दिनेछु, मेरो
देह हो।'
५२ तब 'यस मानिसले कसरी हामीलाई
आफ्नो देह खान दिनसक्छ?' भन्दै यहूदी-
हरूले आपसमा विवाद गरे। ५३ यसकारण
येशूले तिनीहरूलाई भन्नुभयो, 'साँचो साँचो
म तिमीहरूलाई भन्दछु, तिमीहरूले मान्छेको
पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ
भने, तिमीहरू आफैमा जीवन हुँदैन।
५४ मेरो देह खाने र मेरो रगत पिउनेलाई
अनन्त जीवन हुन्छ, औ म त्यसलाई पछिल्लो
दिनमा बिउँताउनेछु, ५५ किनभने मेरो देह
साँच्चिकै खानेकुरो हो, औ मेरो रगत
साँच्चिकै पिउने कुरो हो। ५६ मेरो देह
खाने, र मेरो रगत पिउने चाहिं ममा
रहन्छ, औ म त्यसमा। ५७ जसरी जीवित
पिताले मलाई पठाउनुभयो, औ म पिताद्वारा
जिउँछु, मलाई खाने पनि मद्वारा जिउनेछ।
५८ स्वर्गबाट आएको रोटी यो हो। जसरी
पिता-पुर्खाहरूले खाए र मरिहाले, त्यस्तो
होइन, यो रोटी खाने चाहिं सधैंभरि
जिउनेछ।' ५९ उहाँले यी कुरा कफर्नहुमका
सभाघरमा शिक्षा दिँदा भन्नुभएको हो।

शङ्का गर्ने चेलाहरू

६० यो सुनेपछि उहाँका चेलाहरूमध्ये
धेरैले भने, 'यो वचन कठोर छ, को यो
सुनसक्छ र?' ६१ तर उहाँका चेलाहरू
यस विषयमा गनगनाउँदैछन् भनी येशू आफैले
जानेर तिनीहरूलाई भन्नुभयो, 'के यसले
तिमीहरूलाई बाधा दिन्छ? ६२ तिमीहरूले
मानिसको पुत्रलाई जहाँ उ अघि थियो त्यता
उक्लँदै गरेको देख्यौ भने नि कसो?
६३ बिउँताउने आत्मा हुन्, देहले केही
फाइदा दिँदैन, ती कुरा जो मैले तिमीहरू-
सित गरेको छु आत्मा र जीवन हुन्,
६४ तर तिमीहरूमध्ये कति छौ, जो विश्वास
गर्दैनौ।' किनभने शुरुदेखि येशूले विश्वास
नगर्नेहरू को को हुन्, र उहाँलाई धोका
दिने को हुनेछ भनी थाह पाउनुभएको
थियो। ६५ अनि उहाँले भन्नुभयो,

'यसैकारण मैले तिमीहरूलाई भनेको हुँ,
यदि पिताबाट दिइएको छैन भने कोही
मानिस मकहाँ आउनसक्तैन।'
६६ यसपछि उहाँका चेलाहरूमध्ये धेरै
जना पछि हटे, औ उहाँसँग फेरि हिँड्डुल
गरेनन्।
६७ यसकारण येशूले बाहलाई भन्नुभयो,
'के तिमीहरू पनि गइहाल्ने इच्छा गर्दछौ ?'
६८ शिमोन पत्रुसले जवाफ दिए, 'हे प्रभु,
हामी कसकहाँ जाऔं ? अनन्त जीवनका
कुरा ता तपाइंसँग छन्, ६९ औ तपाइं
परमेश्वरका पवित्र जन हुनुहुन्छ भनी हामीले
विश्वास गरेका र जानेका छौं।' ७० येशूले
तिनीहरूलाई जवाफ दिनुभयो, 'के मैले
तिमीहरू बाहै जनालाई छानिनँ ? औ
तिमीहरूमध्ये एक जना शैतान छौ।'
७१ यो उहाँले शिमोन इस्करयोतीको छोरो
यहूदाको विषयमा भन्नुभएको थियो, किनभने
त्यसले बाहैमध्ये एक भएर पनि उहाँलाई
धोका दिनआँटेको थियो।

येशू र उहाँका भाइहरू

७ यी कुरापछि येशू गालीलमानै घुम-
फिर गर्नुभयो, तर उहाँले यहूदियामा
घुमफिर गर्ने इच्छा गर्नुभएन, किनभने
यहूदीहरूले उहाँलाई मार्न खोजेका थिए।
२ अब यहूदीहरूको डेरावासको चाड नजीकै
थियो। ३ यसकारण उहाँका भाइहरूले
उहाँलाई भने, 'यहाँबाट यहूदियामा गइहाल,
र तिम्रा चेलाहरूले पनि तिम्रा कामहरू,
जे तिमी गर्दछौ, देखून्। ४ जुन मानिस
खुल्लमखुल्ला प्रकट हुनचाहन्छ त्यसले गुप्तमा
काम गर्दैन, तिमी यी कामहरू गर्दछौ
भने आफूलाई संसारमा प्रकट गराऊ।'
५ किनकि उहाँका भाइहरूले पनि उहाँलाई
विश्वास गर्दैन थिए। ६ यसकारण
येशूले तिनीहरूलाई भन्नुभयो, 'मेरो बेला
अझ आएको छैन, तर तिमीहरूको बेला
सधैं तयार छ। ७ संसारले तिमीहरूलाई
घृणा गर्नसक्तैन। तर मलाई ता घृणा
गर्दछ, किनकि म त्यसको विषयमा त्यसका
कामहरू दुष्ट छन् भनी साक्षी दिन्छु।
८ तिमीहरू यस चाड्मा जाओ, म यस
चाड्मा जान्नँ, किनभने मेरो बेला अझ
पूरा भएको छैन।' ९ अनि तिनीहरूलाई
यी कुरा भनेर उहाँ गालीलमै रहनुभयो।
१० तर जब उहाँका भाइहरू चाड्मा
माथि गए, तब उहाँ पनि प्रकट गरी
होइन, तर गुप्तमा जानुभयो। ११ अब
चाड्मा यहूदीहरूले उहाँलाई खोजेर भने,
'उनी कहाँ छन् ?' १२ अनि भीड्हरूमा
उहाँका विषयमा गनगन भयो। कोही भन्थे
'उनी असल छन्,' तर अरूले भन्थे,
'होइन, तर मानिसहरूलाई भर्माउँछन्।'
१३ तैपनि कोही उहाँका विषयमा यहूदी-
हरूको डरले गर्दा खुल्लमखुल्ला बोल्दैन
थिए।
१४ अब मध्य चाड्मा येशू उक्लेर
मन्दिरभित्र पस्नुभयो, र शिक्षा दिनुभयो।
१५ यहूदीहरू यसो भन्दै अचम्म माने,
'नपढीकन पनि यिनले कसरी विद्या
जान्दछन् ?' १६ तब येशूले जवाफ दिई
तिनीहरूलाई भन्नुभयो, 'मेरो शिक्षा मेरै
होइन, तर मलाई पठाउनेको हो। १७ यदि
कुनै मानिसले उहाँको इच्छा पालन गर्न
चाहन्छ भने, यस शिक्षाको विषयमा उसले
यो जान्नेछ, कि यो परमेश्वरतर्फबाट हो, कि
म आफ्नैतर्फबाट बोल्दछु। १८ जसले
आफ्नैतर्फबाट बोल्दछ, उसले आफ्नै महिमा
खोज्दछ, तर जसले आफूलाई पठाउनेको
महिमा खोज्दछ, त्यही सत्य हो, र उसमा
अधार्मिकता हुँदैन। १९ के मोशाले तिमी-
हरूलाई व्यवस्था दिएनन् ? तैपनि तिमीहरू
कसैले त्यो व्यवस्था पालन गर्दैनौ। तिमीहरू
किन मलाई मार्न खोज्दछौ ?' २० भीड्ले
जवाफ दियो, 'तिमीलाई भूत लागेको छ,
कसले तिमीलाई मार्न खोज्दछ र ?'

२१ येशूले जवाफ दिई तिनीहरूलाई
भन्नुभयो, 'एउटै काम मैले गरें, रपनि
तिमीहरू आश्चर्य मान्दछौ। २२ यसकारण
मोशाले तिमीहरूलाई खतनाको रीति दिएका
छन् (त्यो मोशाको तर्फबाट ता होइन, तर
पिता-पुर्खाहरूबाट हो), रपनि विश्रामको
दिनमा तिमीहरू मानिसलाई खतना गर्दछौ।
२३ मोशाको व्यवस्था भङ्ग नहोस् भनेरनै
यदि कुनै मानिसले विश्रामको दिनमा खतना
लिन्छ भने, मैले एउटा मानिसलाई विश्रामको
दिनमा पूरै निको पारिदिएँ भनेर के
तिमीहरू मसित रीस गर्दछौ? २४ मुख
हेरेर इन्साफ नगर, तर ठीक ठीक इन्साफ
गर।

२५ अब यरूशलेमीहरूमध्ये कसै कसैले
भने, 'यिनी उही होइनन्, जसलाई
तिनीहरू मार्न खोज्छन्? २६ औ हेर,
यिनी खुल्लमखुल्ला बोल्दछन्, औ तिनीहरू
यिनलाई केही भन्दैनन्। के यिनीनै ख्रीष्ट
हुन् भनेर शासकहरूले साँच्चै थाह पाए?

२७ तैपनि यिनी कहाँका हुन्, यिनलाई
हामी चिन्छौ, तर जब ख्रीष्ट आउनुहुन्छ,
उहाँ कहाँका हुनुहुन्छ कसैले थाह पाउँदैन।'
२८ यसकारण येशू मन्दिरमा सिकाउँदै र
यसो भन्दै कराउनुभयो, 'तिमीहरू मलाई
चिन्छौ पनि, औ कहाँको हुँ त्यो पनि
जान्दछौ, म आफ्नै तर्फबाट आएको होइन,
तर मलाई पठाउने सच्चा हुनुहुन्छ, जसलाई
तिमीहरू चिन्दैनौ' २९ म उहाँलाई
चिन्दछु, किनभने म उहाँकै तर्फबाट आएको
हुँ, औ उहाँले मलाई पठाउनुभएको हो।'
३० यसकारण तिनीहरूले उहाँलाई पक्रन
खोजे, तर कसैले उहाँमाथि हात हालेन,
किनभने उहाँको समय अझै आइपुगेको
थिएन।

३१ तर भीड़मध्ये धेरैले उहाँमाथि
विश्वास गरे, र भने, 'जब ख्रीष्ट आउनु-
हुनेछ, तब के यिनले गरेका यीभन्दा बढ़ता
चिह्न उहाँले गर्नुहोला र?' ३२ फरिसीहरूले
भीड़लाई उहाँका विषयमा गनगनाउँदै गरेका
सुनेर मुख्य पूजाहारीहरू र फरिसीहरूले
उहाँलाई पक्रनालाई अफिसरहरू पठाए
३३ तब येशूले भन्नुभयो, 'अझ केही
समयसम्म म तिमीहरूसँग छु, अनि म
मलाई पठाउनेकहाँ गइहाल्छु। ३४ तिमी-
हरूले मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ,
औ जहाँ म हुन्छु, तिमीहरू आउनसक्तैनौ।'
३५ तब यहूदीहरूले आपसमा भने, 'यिनी
कहाँ जान आँटेका छन्, र हामी यिनलाई
भेट्टाउनेछैनौं? के यिनी यूनानीहरूका बीचमा
तितर-बितर भएकाहरूमा जान र यूनानी-
हरूलाई सिकाउन आँटेका छन् र?
३६ यिनले भनेको यो कस्तो वचन हो?
'तिमीहरू मलाई खोज्नेछौ, तर भेट्टाउने-
छैनौ, औ जहाँ म हुन्छु, तिमीहरू
आउनसक्तैनौ?'

३७ अब चाड़को पछिल्लो दिन, अर्थात्
बड़ा दिनमा, येशू उभिएर यसो भन्दै
कराउनुभयो, 'कोही तिर्खाउँछ भने, त्यो मकहाँ
आओस् र पिओस्। ३८ जसले मलाई
विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार,
त्यसको अन्तस्करणबाट जिउँदो पानीका
खोलाहरू बगिनिस्कनेछन्।' ३९ तर यो
कुरो उहाँले आत्माका विषयमा भन्नुभयो,
जो उहाँमाथि विश्वास गर्नेहरूले पाउन
आँटेका थिए, किनकि आत्मा अहिलेसम्म
दिनुभएको थिएन, किनभने येशूको महिमा
अझसम्म भएको थिएन। ४० यसकारण
भीड़मध्ये यी कुरा सुन्ने कोही कोहीले
भने, 'साँच्चिनै यिनी अगमवक्ता रहेछन्।'
४१ अरूहरूले भने, 'यिनी ख्रीष्ट हुन्।'
तर कसै कसैले भने, 'के ख्रीष्ट गालीलबाट
आउँछन् र? ४२ के धर्मशास्त्रमा भनेको
छैन? 'ख्रीष्ट दाऊदका सन्तानबाट, र
बेतलेहेम गाउँबाट आउँछन्, जहाँ दाऊद
थिए?' ४३ यसैले भीड़मा उहाँका निम्ति
फाटो भयो। ४४ औ तिनीहरूमध्ये
कोहीले उहाँलाई पक्रने मन गरे, तर

उहाँमाथि कसैले पनि हात हालेन।

४५ तब मुख्य पूजाहारीहरू र फरिसीहरूकहाँ अफिसरहरू आए, औ तिनीहरूले यिनीहरूलाई भने 'तिमीहरूले त्यसलाई किन ल्याएनौ ?' ४६ अफिसरहरूले जवाफ दिए, 'यस मानिसले जस्तो ता कुनै मानिसले कहिल्यै बोलेन।' ४७ तब फरिसीहरूले तिनीहरूलाई भने, 'के तिमीहरू पनि भ्रममा पर्‍यौ ? ४८ के शासकहरू अथवा फरिसीहरूमध्ये कसैले त्यसलाई विश्वास गर्‍यो ? ४९ तर व्यवस्था नजान्ने यो भीड़ श्रापित छ।' ५० राती उहाँकहाँ आउने, र तिनीहरूमध्ये एकजना, निकोदेमसले तिनीहरूलाई भने, ५१ 'के हाम्रा व्यवस्थाले पहिले मानिसबाटनै नसुनी, र त्यसले के गर्दछ सो नजानीकन, मानिसको इन्साफ गर्छ र ?' ५२ तिनीहरूले उनलाई जवाफ दिई भने, 'के तिमी पनि गालीलका हौ ? खोजेर हेरन, गालीलबाट ता अगमवक्ता निस्कँदैन।'

५३ अनि हरेक मानिस आफ्ना आफ्ना घरमा गए।

व्यभिचारमा पक्रिएकी स्त्री

८ तर येशू जैतून डाँड़ामा जानुभयो। २ अनि एका बिहानै उहाँ फेरि मन्दिरमा आउनुभयो, औ सबै मानिसहरू उहाँकहाँ आए, औ बसेर उहाँले तिनीहरूलाई शिक्षा दिनुभयो। ३ अब शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्रिएकी एउटी आइमाईलाई ल्याए, र त्यसलाई माझमा उभ्याए। ४ औ तिनीहरूले उहाँलाई भने, 'गुरुज्यू, यो आइमाई व्यभिचार गर्दागर्दै पक्राउपरी। ५ अब व्यवस्थामा मोशाले यस्तोहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन्। तपाइं यसको बारेमा के भन्नुहुन्छ ?' ६ तर यो तिनीहरूले उहाँको परीक्षा गरेर उहाँलाई दोष लगाउनालाई भनेका थिए। तर येशूले निहुरेर भूइँमा औंलाले लेख्नुभयो। ७ तर जब तिनीहरूले उहाँलाई सोध्दैरहे, तब उहाँले सोझो भएर तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूमा पापरहित जो छ, उसैले पहिले त्यसलाई ढुङ्गाले हानोस्।' ८ अनि फेरि निहुरेर उहाँले भूइँमा औंलाले लेख्नुभयो।

९ औ तिनीहरू यो सुनेर ठूलादेखि शुरू गरी सानासम्म एक एक गरेर निस्किगए, औ येशू एक्लै छोड़िनुभयो, र त्यो आइमाईचाहिं जहाँ त्यो अघि माझमा थिई, त्यहींनै बसिरही। १० औ येशूले सोझो खड़ा भएर त्यसलाई भन्नुभयो, 'ए नारि, तिमीलाई दोष लाउनेहरू कहाँ छन् ? के कसैले तिमीलाई दोषी ठहराएन ?' ११ त्यसले भनी, 'हे प्रभु, कसैले पनि ठहराएन।' येशूले भन्नुभयो, 'म पनि तिमीलाई दोषी ठहराउँदिनँ। जाऊ, अब फेरि पाप नगर।'

संसारको ज्योति

१२ तब येशूले फेरि तिनीहरूलाई यसो भन्नुभयो, 'म संसारको ज्योति हुँ, मपछि लाग्ने अँध्यारोमा हिंड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ।' १३ फरिसीहरूले उहाँलाई भने, 'तिमी आफ्नै विषयमा गवाही दिन्छौ, तिम्रो गवाही सत्य छैन।' १४ येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, 'म आफ्नै विषयमा गवाही दिन्छु, तापनि मेरो गवाही सत्य छ, किनभने म जान्दछु, म कहाँबाट आएँ र कहाँ जान्छु, तर म कहाँबाट आउँछु र कहाँ जान्छु त्यो तिमीहरू जान्दैनौ। १५ तिमीहरू शरीरअनुसार इन्साफ गर्दछौ। म कसैको इन्साफ गर्दिनँ। १६ औ मैले इन्साफ गरें भने पनि, मेरो इन्साफ सत्य हुन्छ। किनभने म एक्लै छैनँ, तर म र मलाई पठाउने पिता छौं। १७ तिमीहरूको व्यवस्थामा पनि दुइ मानिसको गवाही सत्य हुन्छ भनी

लेखिएको छ। १८ आफ्नो विषयमा गवाही
दिने मनै हुँ र मलाई पठाउने पिताले मेरो
विषयमा गवाही दिनहुन्छ।' १९ तिनीहरूले
उहाँलाई भने, 'तिम्रा पिता कहाँ
छन्?' येशूले जवाफ दिनुभयो 'तिमीहरू
नता मलाई न मेरा पितालाई चिन्छौ।
मलाई चिनेका भए, मेरा पितालाई पनि
चिन्नेथियौ।' २० यी कुरा उहाँले मन्दिरमा
सिकाउनुहुँदा ढुकुटीमा भन्नुभएको हो। अनि
कसैले उहाँलाई पक्रेन, किनभने उहाँको बेला
अझ आएको थिएन।

भावी इन्साफको चेताउनी

२१ उहाँले फेरि तिनीहरूलाई भन्नुभयो,
'म गइहाल्छु, औ तिमीहरू मलाई खोज्नेछौ,
र आफ्ना पापमा मर्नेछौ, जहाँ म जान्छु,
तिमीहरू आउनसक्तैनौ।' २२ यहूदीहरूले
भने, 'के उनी आफैले आफैलाई मार्नेछन्'
र भन्दछन् 'जहाँ म जान्छु तिमीहरू आउन-
सक्तैनौ'?' २३ अनि उहाँले तिनीहरूलाई
भन्नुभयो, 'तिमीहरू तलका हौ। म माथिको
हुँ। तिमीहरू यस संसारका हौ। म यस
संसारको होइनँ। २४ यसैकारण मैले तिमी-
हरूलाई भनें, 'तिमीहरू आफ्ना पापमा मर्नेछौ,
किनभने तिमीहरूले म उही हुँ भनेर विश्वास
गरेनौ भने आफ्ना पापमा मर्नेछौ'।'
२५ तिनीहरूले उहाँलाई भने, 'तिमी को
हौ ता?' येशूले तिनीहरूलाई भन्नुभयो,
'म बिलकुलै उही हुँ, जो म तिमीहरूलाई
पहिलेदेखिनै भन्दै पनि छु। २६ मैले
तिमीहरूका विषयमा धेरै भन्नु र इन्साफ
गर्नुछ। तैपनि मलाई पठाउने सत्य हुनुहुन्छ,
औ जे मैले उहाँबाट सुनें तिनै कुरा म
संसारलाई भन्दछु।' २७ पिताका विषयमा
उहाँले तिनीहरूलाई भन्नुभएको हो भनी
तिनीहरूले बुझेनन्। २८ यसकारण येशूले
भन्नुभयो, 'जब तिमीहरूले मान्छेको पुत्रलाई
उचालेका हुनेछौ, तब म उही हुँ, औ म
आफै केही गर्दिनँ, तर जसो पिताले मलाई
सिकाउनुभयो तिनै कुरा बोल्दछु भनेर तिमी-
हरूले थाह पाउनेछौ। २९ औ मलाई
पठाउने मसँग हुनुहुन्छ। उहाँले मलाई एक्लै
छोड्नुभएको छैन, किनभने म सधैँ उहाँलाई
मन पर्ने कुराहरू गर्दछु।'
३० उहाँले यी कुरा बोल्नुहुँदा धेरैले
उहाँमाथि विश्वास गरे।

यहूदीहरूसँग येशूको वाद-विवाद

३१ येशूले आफूमाथि चास गर्ने
यहूदीहरूलाई भन्नुभयो, 'तमीहरू मेरो
वचनमा रह्यौ भने साँच्चै मेरा चेला हौ।
३२ औ तिमीहरूले सत्य के हो, सो
जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र
तुल्याउनेछ।' ३३ तिनीहरूले उहाँलाई
जवाफ दिए, 'हामी अब्राहामका सन्तान हौं,
औ अहिलेसम्म कसैका दास भएका छैनौं,
'तिमीहरू स्वतन्त्र हुनेछौ' भनी तिमी
कसरी भन्छौ?'
३४ येशूले तिनीहरूलाई जवाफ दिनुभयो,
'साँचो साँचो म तिमीहरूलाई भन्दछु, पाप
गर्ने प्रत्येक पापको दास हो। ३५ दास
घरमा सधैँभरि रहँदैन, तर पुत्रचाहिं
सधैँभरि रहन्छ। ३६ यसकारण पुत्रले
तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू
निश्चय स्वतन्त्र हुनेछौ। ३७ म जान्दछु,
तिमीहरू अब्राहामका सन्तान हौ, तर तिमीहरू
मलाई मार्न खोज्दछौ। किनभने तिमीहरूमा
मेरा वचनले स्थान पाउँदैन। ३८ जे जे
मैले मेरा पिताकहाँ देखेको छु, त्यही म
भन्दछु, औ तिमीहरूले पनि जे तिमीहरूका
पिताबाट सुनेका छौ, त्यही गर्दछौ।'
३९ तिनीहरूले उहाँलाई भने, 'हाम्रा
पुर्खा ता अब्राहाम हुनुहुन्छ।' येशूले
तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू अब्राहामका
सन्तान हौ भनेता अब्राहामका काम
गर्नेथियौ, ४० तर अहिले तिमीहरू मलाई

मार्न खोज्दछौ, अर्थात् म एउटा मान्छेलाई
जसले परमेश्वरबाट सुनेको सत्य कुरा
तिमीहरूलाई भन्दैआएको छ। यो ता
अब्राहामले गरेनन्। ४१ तिमीहरू आफ्ना
पिताका काम गर्दछौ। तिनीहरूले उहाँलाई
भने, 'हामी व्यभिचारमा जन्मिएका होइनौं!
हाम्रा एउटै पिता हुनुहुन्छ, अर्थात्
परमेश्वर!'
४२ येशूले तिनीहरूलाई भन्नुभयो,
'परमेश्वर तिमीहरूका पिता हुनुहुँदो हो ता
तिमीहरूले मलाई प्रेम गर्नेथियौ, किनभने
म परमेश्वरका तर्फबाट आएँ, औ
आएको छु। म आफ्नैतर्फबाट आएको
होइनँ, तर उहाँले मलाई पठाउनुभयो।
४३ तिमीहरू किन मेरो कुरा बुझ्दैनौ?
किनभने तिमीहरू मेरो कुरै सुन्नसक्तैनौ।
४४ तिमीहरू ता आफ्ना पिता, शैतानका
तर्फबाटका हौ, औ आफ्नै पिताका अभिलाषा
गर्ने इच्छा गर्छौ। त्यो ता शुरूदेखिनै हत्यारा
थियो, र सत्यमा ठहरेन। किनभने त्यसमा
सत्य छँदैछैन। त्यसले झूट बोल्दछ भने
त्यो आफ्नैतर्फबाट बोल्दछ, किनभने त्यो
झूट र झूटको पिता हो। ४५ तर म
सत्य बोल्दछु। यसैकारण तिमीहरू मलाई
विश्वास गर्दैनौ। ४६ तिमीहरूमध्ये कसले
मलाई पापको दोष लगाउनसक्छ? औ
म सत्य बोल्दछु भने, किन तिमीहरू
मलाई विश्वास गर्दैनौ?
४७ जो परमेश्वरको हो, त्यसले
परमेश्वरको कुरा सुन्दछ। तिमीहरू यही
कारणले सुन्दैनौ, किनभने तिमीहरू परमेश्वरका
तर्फबाट होइनौ।' ४८ यहूदीहरूले उहाँलाई
भने, 'तिमी सामरी हौ। औ तिमीलाई
भूत लागेको छ भनेर के हामी ठीकै
भन्दैनौं?' ४९ येशूले जवाफ दिनुभयो,
'मलाई भूत लागेको छैन, तर म आफ्ना
पिताको आदर गर्दछु, औ तिमीहरू मेरो
अनादर गर्दछौ। ५० तर म आफ्नै महिमा
खोज्दिनँ, खोज्ने र फैसला गर्ने एउटा छन्।
५१ साँचो साँचो म तिमीहरूलाई भन्दछु,
कसैले मेरो वचन पालन गर्छ भने त्यसले
कहिल्यै पनि मृत्यु देख्नेछैन।' ५२ यहूदी-
हरूले उहाँलाई भने, 'तिमीलाई भूत लागेको
रहेछ भनी अब हामीले थाह पायौं।
अब्राहाम र अगमवक्ताहरू मरे, औ तिमी
भन्दछौ, कि कसैले मेरो वचन पालन गर्‍यो
भने, त्यसले कहिल्यै पनि मृत्युको स्वाद
पाउनेछैन। ५३ के हाम्रा मरेका पुर्खा
अब्राहाम र अगमवक्ताहरूभन्दा तिमी ठूला
हौ र?'
५४ येशूले जवाफ दिनुभयो, 'म आफ्नै
महिमा गर्दछु भने मेरो महिमा केही होइन।
मलाई महिमा गर्ने मेरा पिता हुनुहुन्छ,
जसलाई तिमीहरू हाम्रा परमेश्वर भन्दछौ।
५५ औ तिमीहरूले उहाँलाई चिनेका
छैनौ, तर म उहाँलाई चिन्दछु। औ यदि म
उहाँलाई चिन्दिनँ भन्छु भनेता म तिमीहरू-
जस्तै झूटा हुनेछु। तर म उहाँलाई चिन्दछु,
र उहाँको वचन पालन गर्दछु। ५६ तिमी-
हरूका पुर्खा अब्राहाम मेरो दिन देख्नालाई
प्रफुल्लित थिए, औ देखेर रमाए।'
५७ यसकारण यहूदीहरूले उहाँलाई भने,
'तिमी अझै पचास वर्षका छैनौ, तब कसरी
अब्राहामलाई देखेका छौ?' ५८ येशूले
तिनीहरूलाई भन्नुभयो, 'साँचो साँचो म
तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा
अघिदेखिनै म छँदैछु।' ५९ तिनीहरूले
उहाँलाई हान्न भनी ढुङ्गा टिपे, तर येशू
लुक्नुभयो, औ मन्दिरबाट बाहिर
निस्कजानुभयो।

येशू र अन्धा मानिस

९ अनि जाँदाजाँदै उहाँले एउटा
जन्मैको अन्धालाई देख्नुभयो।
२ उहाँका चेलाहरूले उहाँलाई सोधे,
'हे गुरु, कसले पाप गर्‍यो, यसले कि
यसका आमा-बाबुले, र यो अन्धा जन्म्यो?'

३ येशूले जवाफ दिनुभयो, 'नता यसले
पाप गर्‍यो, न यसका आमा-बाबुले, तर
यस हेतुले, कि परमेश्वरका कामहरू यसमा
प्रकट होऊन्। ४ दिन छँदै मलाई
पठाउनेका कामहरू हामीले गरिहाल्नु पर्दछ,
रात आउँछ, जब कसैले काम गर्नसक्तैन।
५ जब म संसारमा छु, म संसारको
ज्योति हुँ।' ६ यी कुरा भनेर उहाँले
भूइँमा थुक्नुभयो, औ थूकले माटोको
हिलो बनाएर हिलो त्यसका आँखामा
लगाइदिनुभयो। ७ 'अनि उहाँले त्यसलाई
भन्नुभयो, 'जाऊ, सिलोआमको (जसको अर्थ
हो पठाइएको) तलाउमा गएर पखाल।'
तब त्यसले गएर पखाल्यो, र देख्ने भएर
आयो।
८ तब छिमेकीहरू र त्यसलाई मगन्ते
भएको देख्नेहरूले भने, 'के बसेर
भीख माग्ने यही होइन?' ९ कसै कसैले
भने, 'यो त्यही हो।' अरूले भने, 'अहँ,
यो त्यही जस्तो छ।' त्यसले भन्यो, 'म
त्यही हुँ।' १० तब तिनीहरूले त्यसलाई
सोधे, 'तेरा आँखा कसरी खोलिए त?'
११ त्यसले जवाफ दियो, 'येशू भन्ने एउटा
मानिसले माटोको हिलो बनाएर मेरा
आँखामा लगाइदिएर मलाई भन्नुभयो,
'सिलोआममा जाऊ र पखाल, तब
गएर मैले पखालेँ, र देख्ने भएँ।'
१२ तिनीहरूले त्यसलाई भने, 'तिनी कहाँ
छन्?' त्यसले भन्यो, 'म जान्दिनँ।'
१३ जो अघाडि अन्धा थियो त्यसलाई
तिनीहरूले फरिसीहरूकहाँ ल्याए। १४ जुन
दिन येशूले माटोको हिलो बनाएर
त्यसका आँखा खोलिदिनुभएको थियो, त्यो
विश्राम-दिन थियो। १५ यसैकारण फेरि
फरिसीहरूले पनि 'कसरी देख्ने भइस्' भनी
त्यसलाई सोधे। त्यसले तिनीहरूलाई भन्यो,
'उहाँले मेरा आँखामा माटोको हिलो
लगाइदिनुभयो, अनि मैले पखालेँ र
देख्ने भएँ।' १६ फरिसीहरूमध्ये कुनै
कुनैले भने, त्यो मानिस परमेश्वर तर्फको होइन,
किनकि त्यसले विश्रामको दिन पालन
गर्दैन।' तर अरूहरूले भने, 'कसरी एउटा
पापी मानिसले यस्ता चिह्नहरू गर्नसक्तछ र?'
औ तिनीहरूका बीचमा फाटो हुनगयो।
१७ तिनीहरूले त्यस अन्धालाई फेरि सोधे,
'उसले तेरा आँखा खोलिदिएकोमा उसको
विषयमा तँ के भन्छस्?' त्यसले भन्यो,
'उहाँ अगमवक्ता हुनुहुन्छ।'
१८ यसकारण त्यसको विषयमा यहूदी-
हरूले दृष्टि पाउनेका आमा-बाबुलाई बोलाएर
नसोधुञ्जेल त्यो अन्धा थियो र देख्ने
भयो भन्ने कुरामा विश्वास गरेनन्।
१९ तब तिनीहरूलाई यसो भनेर सोधे,
'के यो तिमीहरूको छोरा हो- जो अन्धा
जन्मेको हो भनी तिमीहरू भन्दछौ? अब
त्यसले कसरी देख्तछ?' २० त्यसका
आमा-बाबुले तिनीहरूलाई भने, 'हामी
जान्दछौं, यो हाम्रो छोरो हो, र
अन्धा जन्मेको थियो, २१ तर अब यसले
कसरी देख्तछ हामी जान्दैनौं, अथवा यसका
आँखा कसले खोलिदिए, त्यो पनि हामी
जान्दैनौं, यसको उमेर पुगेको छ, यसैलाई
सोध्नुहोस्, आफ्नो विषयमा त्यो आफै
बोल्नेछ।' २२ त्यसका आमा-बाबुले यी कुरा
भने, किनकि तिनीहरू यहूदीहरूदेखि डराउँथे
किनभने यहूदीहरूले अघिनै आपसमा मतो
गरिसकेका थिए, कि कसैले उहाँलाई ख्रीष्ट
भनी स्वीकार गर्‍यो भने त्यो सभाघरबाट
निकालिनेछ। २३ यसैकारण त्यसका आमा-
बाबुले भने, 'यसको उमेर पुगेको छ,
यसैलाई सोध्नुहोस्।'
२४ तब तिनीहरूले, त्यस मानिसलाई
जो अघि अन्धा थियो, दोस्रोपल्ट
बोलाएर भने, 'परमेश्वरलाई महिमा दे,
हामी जान्दछौं त्यो मानिस ता पापीनै हो।'
२५ त्यसले जवाफ दियो, 'उहाँ पापी
हुनुहुन्छ कि हुनुहुन्न, म जान्दिनँ. एउटै
कुरो मात्र म जान्दछु, कि म अन्धा थिएँ,

तर अब देख्छु।' २६ तब तिनीहरूले
त्यसलाई भने, 'उसले तँलाई के गऱ्यो?
उसले तेरा आँखा कसरी खोलिदियो?'
२७ त्यसले तिनीहरूलाई जवाफ दियो, 'मैले
तपाइंहरूलाई अहिले भनें, औ तपाइंहरूले
सुन्नुभएन, फेरि किन सुन्न चाहनुहुन्छ? के
तपाइंहरू पनि उहाँका चेला हुन चाहनु-
हुन्छ?' २८ तिनीहरूले त्यसलाई हप्काएर
भने, 'तँ पो उसको चेला होस्, तर हामी
ता मोशाका चेला हौं। २९ हामी
जान्दछौं मोशासित परमेश्वर बोल्नुभएको
थियो, तर यसलाई ता हामी जान्दैनौं
यो कहाँको हो।' ३० त्यस मानिसले
जवाफ दिई तिनीहरूलाई भन्यो, 'कस्तो
बिचित्र कुरो! उहाँ कहाँका हुनुहुन्छ
तपाइंहरू जान्नुहुन्न, औ उहाँलेनै मेरा
आँखा खोलिदिनुभयो। ३१ हामी जान्दछौं,
कि परमेश्वर पापीहरूका कुरा सुन्नुहुन्न, तर
परमेश्वरलाई पूज्ने, र उहाँको इच्छा पालन
गर्ने कोही मानिस छ भने त्यसको कुरा
उहाँ सुन्नुहुन्छ। ३२ संसारको शुरुदेखि
यसो कसैले जन्मैको अन्धाका आँखा खोलि-
दिएको कहिल्यै सुनिएन। ३३ यदि यी
मानिस परमेश्वरतर्फका नहुनुहुँदो हो ता
उहाँले केही गर्नसक्नुहुने थिएन।'
३४ तिनीहरूले त्यसलाई जवाफ दिई भने,
'तँ ता बिलकुलै पापमा जन्मेको होस्, र के
हामीलाई सिकाउँछस्?' अनि तिनीहरूले
त्यसलाई सभा-घरबाट निकालिदिए।

३५ तिनीहरूले त्यसलाई सभा-घरबाट
निकालिदिए भन्ने येशूले सुन्नुभयो,
र त्यसलाई भेट्टाएर भन्नुभयो, 'के तिमी
परमेश्वरको पुत्रमाथि विश्वास गर्दछौ?'
३६ त्यसले जवाफ दिई भन्यो, 'प्रभु, उहाँ
को हुनुहुन्छ? म उहाँमाथि विश्वास गर्नेछु?'
३७ येशूले त्यसलाई भन्नुभयो, 'तिमीले
उसलाई देखेका पनि छौ, औ तिमीसित
बोल्ने उहीनै हो।' ३८ अनि त्यसले भन्यो,
'प्रभु, म विश्वास गर्दछु,' अनि त्यसले
उहाँलाई दण्डवत् गऱ्यो।

३९ अनि येशूले भन्नुभयो, 'म संसारम
इन्साफको लागि आएँ, कि नदेख्नेहरूले
देखून् औ देख्नेहरू चाहिं अन्धा होऊन्।'
४० अब उहाँसित हुने फरिसीहरूमध्ये कुनै
कुनैले यी कुरा सुनेर उहाँलाई भने, 'के
हामी पनि अन्धा हौं त?' ४१ येशूले तिनी-
हरूलाई भन्नुभयो, 'तिमीहरू अन्धा हुँदा हौ
ता तिमीहरूमा पाप हुनेथिएन, तर अब
'हामी देख्छौं' भनी तिमीहरू भन्दछौ,
यसकारण तिमीहरूको पाप रहिरहन्छ।'

असल गोठालो

१० 'साँचो साँचो म तिमीहरूलाई
भन्दछु, जो भेड़ाको गोठको ढोका-
बाट भित्र पस्तैन, तर अर्कै बाटो गरी चढ्छ,
त्यो चाहिं चोर र डाँकू हो, २ तर
ढोकाबाट भित्र पस्ने चाहिं भेड़ाको गोठालो
हो। ३ उसको लागि ढोकेले ढोका
खोलिदिन्छ, र भेड़ाहरूले उसको सोर सुन्छ,
र उसले आफ्ना भेड़ाहरूलाई नाउँ काढ़ी
काढ़ी बोलाउँछ, अनि तिनीहरूलाई बाहिर
लैजान्छ। ४ जब उसले आफ्ना सबै
भेड़ाहरूलाई बाहिर निकालिसक्छ, उ तिनी-
हरूको अगिअगि हिंड्छ, र भेड़ाहरूले
उसलाई पछ्याउँछ, किनभने तिनीहरूले
उसको सोर चिन्छ। ५ तर बिरानालाई
ता पछ्याउनेछैन, तर त्यसदेखि भागि-
जानेछ, किनभने बिरानाको सोर तिनीहरूले
चिन्दैन।' ६ यो दृष्टान्त येशूले तिनीहरू-
लाई भन्नुभयो, तर उहाँले तिनीहरूलाई
भन्नुभएको कुरा के हो भनी तिनीहरूले
बुझेनन्।

७ यसकारण येशूले फेरि भन्नुभयो,
'साँचो साँचो म तिमीहरूलाई भन्दछु, भेड़ा-
हरूको ढोका मै हुँ। ८ जो मभन्दा
अघि आए, ती सबै चोर र डाँकू हुन्,
तर भेड़ाहरूले तिनीहरूका शब्द सुनेन।

९ ढोका मै हुँ, मबाट कोही मानिस पस्यो
भने त्यो सुरक्षित हुनेछ, औ त्यसले भित्र
बाहिर आउने जाने गर्नेछ, र खर्क
पाउनेछ।
१० चोर ता चोरूँ, र मारूँ, र नाश
पारूँ भनेर मात्र आउँछ, म ता तिनीहरूले
जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन्
भन्ने हेतुले आएँ। ११ म असल गोठालो
हुँ। असल गोठालाले आफ्नो प्राण भेड़ा-
हरूका लागि अर्पण गर्दछ। १२ तर जो
ज्यामी हो, र गोठालो होइन, जसका ती
आफ्नै भेड़ा होइनन्, ब्वाँसालाई आउँदै
गरेका देखेर भेड़ाहरूलाई छोड़ी भाग्छ, औ
ब्वाँसाले तिनलाई गाँजी लैजान्छ, र तितर
बितर पारिदिन्छ। १३ त्यो भाग्छ, किनभने
त्यो ज्यामी हो, र भेड़ाको केही वास्ता
गर्दैन। १४ म असल गोठालो हुँ, यसर्थ
म आफ्ना जतिलाई चिन्छु, औ आफ्ना
जतिले मलाई चिन्छन्। १५ जसरी पिताले
मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, औ
म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण
गर्छु।
१६ मेरा अरू भेड़ा छन्, जो यस
गोठका होइनन्, तिनीहरूलाई पनि मैले
ल्याउनु परेको छ, र तिनीहरूले मेरो सोर
सुन्नेछन्, औ तिनीहरू एकै बगाल र एकै
गोठालाका हुनेछन्। १७ यसैकारण पिताले
मलाई प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण
त्यो म फेरि लिने हेतुले, अर्पण गर्छु।
१८ कसैले त्यो मबाट खोस्तैन, तर म
आफै त्यो अर्पण गर्छु। त्यो अर्पण गर्ने
मेरो अख्तियार छ, औ त्यो फेरि लिने पनि
मेरो अख्तियार छ, यो आज्ञा मैले मेरो
पिताबाट पाएँ।'
१९ यी वचनका कारणले फेरि यहूदी-
हरूमा फाटो भयो। २० अनि तिनीहरूमध्ये
धेरैले भने, 'यसलाई भूत लागेको छ, र
बौहाएको छ, किन तिमीहरू यसको कुरा
सुन्छौ ?' २१ अरूहरूले भने, 'यी कुरा
भूत लागेका मानिसका होइनन्। के भूतले
अन्धाका आँखा खोल्नसक्दछ र ?'

यरूशलेमको मन्दिरमा येशू

२२ यरूशलेममा मन्दिर समर्पणको
चाड़ थियो, औ हिउँदको दिन थियो।
२३ औ येशू सुलेमानको दलानमा टहलि-
रहनुभएको थियो। २४ तव यहूदीहरूले
उहाँलाई घेरेर भने, 'कहिलेसम्म तपाईं हाम्रा
मनलाई दोधारमा राख्नुहुन्छ ? तपाईं ख्रीष्ट
हुनुहुन्छ भने हामीलाई सफासँग भन्नुहोस्।
२५ येशूले तिनीहरूलाई जवाफ दिनुभयो,
'मैले तिमीहरूलाई भनें, तर तिमीहरू विश्वास
गर्दैनौ। ती काम, जे म मेरा पिताका
नाउँमा गर्दछु, तिनैले मेरो विषयमा गवाही
दिन्छन्, २६ तर तिमीहरू विश्वास गर्दैनौ,
किनभने तिमीहरू मेरों भेड़ाहरूमध्येका
होइनौ।
२७ मेरा भेड़ाहरूले मेरो सोर सुन्छ,
र म तिनीहरूलाई चिन्छु, र तिनीहरूले
मलाई पछयाउँछ। २८ अनि म तिनीहरूलाई
अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै
पनि नष्ट हुनेछैन, औ कसैले तिनीहरूलाई
मेरो हातबाट खोसी लैजानेछैन। २९ मेरा
पिता, जसले ती मलाई दिनुभएको छ,
सबैभन्दा महान् हुनुहुन्छ, औ पिताका
बाहुलीबाट कसैले तिनीहरूलाई खोसी लैजान-
सक्तैन। ३० म र पिता एकै हौं।'

यहूदीहरूको शत्रुता

३१ यहूदीहरूले उहाँलाई हानौं भनी
फेरि ढुङ्गा उठाए। ३२ येशूले तिनीहरूलाई
भन्नुभयो, 'मैले पिताबाट तिमीहरूलाई धेरै
असल काम देखाएँ, तीमध्ये कुन कामको
कारणले तिमीहरू मलाई ढुङ्गाले हान्छौ ?'
३३ यहूदीहरूले उहाँलाई जवाफ दिए, 'असल
कामको लागि हामी तिमीलाई ढुङ्गाले

हान्दैनौं, तर परमेश्वरको निन्दा गरेको कारण,
किनकि तिमी मानिस भएर पनि आफैलाई
परमेश्वर तुल्याउँछौ।' ३४ येशूले तिनीहरू-
लाई जवाफ दिनुभयो, 'के तिमीहरूको
व्यवस्थामा यसो लेखिएको छैन? 'मैले भनें,
तिमीहरू देवहरू हौ,' ३५ जसकहाँ
परमेश्वरको वचन आयो, तिनले तिनीहरूलाई
देवहरू भनेका छन् भने, (धर्मशास्त्र भङ्ग
हुनसक्तैन) ३६ जसलाई पिताले पवित्र
गरेर संसारमा पठाउनुभयो, के तिमीहरू
उसलाई निन्दा गर्दछौ भनी भन्छौ?
किनभने मैंले भनें, 'म परमेश्वरको पुत्र हुँ।'
३७ यदि म मेरो पिताका काम गर्दिनँ
भने मलाई विश्वास नगर, ३८ तर यदि
म ती गर्दछु भने, यद्यपि तिमीहरू मलाई
चाहिं विश्वास गर्दैनौ तर ती कामहरूलाई
विश्वास गर, औ पिता ममा हुनुहुन्छ,
र म पितामा छु भनी तिमीहरूले जान,
र बुझ।' ३९ तिनीहरूले फेरि उहाँलाई
पक्रन खोजे, तर उहाँ तिनीहरूका हातबाट
निस्किजानुभयो।
४० अनि उहाँ फेरि यर्दन पारि त्यस
ठाउँमा जानुभयो, जहाँ पहिले यूहन्नाले
बप्तिस्मा दिइरहेका थिए, औ उहाँ त्यहाँ
रहनुभयो। ४१ अनि धेरै उहाँकहाँ आए,
र तिनीहरूले भने, 'यूहन्नाले ता साँच्चै केही
चिह्न गरेनन्, तर जे जे यूहन्नाले यिनका
विषयमा बोले सबै कुरा सत्य रहेछ।'
४२ औ त्यहाँ धेरैले उहाँलाई विश्वास गरे।

येशू र लाजरस

११ अब, मरियम र उसकी दिदी मार्थाको
गाउँ, बेथानीको लाजरस भन्ने कोही
एउटा मानिस बिरामी थियो। २ औ यी
तिनै मरियम थिइन् जसले प्रभुलाई सुगन्धित
मलहम मलेर उहाँका पाउ आफ्ना कपालले
पुछेकी थिइन्, ३ यसकारण दिदीहरूले
उहाँकहाँ यसो भनी पठाइन्, 'हे प्रभु,
हेर्नुहोस्, जसलाई तपाईं माया गर्नुहुन्छ,
तिनी बिरामी छन्।' ४ तर येशूले यो
सुनेर भन्नुभयो, 'यो बिरामी मर्ने किसिमको
होइन, तर त्यसबाट परमेश्वरको पुत्रको महिमा
होस् भनी परमेश्वरको महिमाको निम्ति
हो।' ५ येशूले मार्था, तिनकी बहिनी र
लाजरसलाई प्रेम गर्नुहुन्थ्यो। ६ यसकारण
जब उहाँले तिनी बिरामी छन् भन्ने सुन्नुभयो,
तब जुन ठाउँमा उहाँ हुनुहुन्थ्यो, त्यहाँ अरू
दुइ दिन रहनुभयो।
७ त्यसपछि उहाँले चेलाहरूलाई भन्नुभयो,
'लौ, अब हामी फेरि यहूदियामा जाऔं।'
८ चेलाहरूले उहाँलाई भने, 'हे रब्बी,
भर्खरै यहूदीहरूले तपाईंलाई ढुङ्गाले हान्न
खोजेथे, औ के फेरि तपाईं त्यतै जानुहुन्छ?'
९ येशूले जवाफ दिनुभयो, 'के दिनमा बाह्र
घण्टा हुँदैन र? कोही मानिस दिनमा
हिँड्डुल गर्छ भने, त्यसलाई ठेस लाग्दैन,
किनभने त्यसले संसारको ज्योति देख्तछ,
१० तर कोही राती हिँड्डुल गर्दछ भने,
त्यसलाई ठेस लाग्छ, किनभने त्यसमा
उज्यालो हुँदैन।' ११ त्यसपछि उहाँले
तिनीहरूलाई भन्नुभयो, 'हाम्रा मित्र
लाजरस निद्रामा परेका छन्, तर
म तिनलाई निद्राबाट बिउँझाउनालाई
जाँदैछु।' १२ यसकारण चेलाहरूले उहाँलाई
भने, 'हे प्रभु, तिनी निद्रामा परेका छन्
भने ता बाँच्छन् होला।' १३ अब येशूले
तिनको मृत्युको विषयमा भन्नुभएको थियो,
तर तिनीहरूले चाहिं निद्राको आरामीको
विषयमा भन्नुभएको हो भनी ठाने।
१४ येशूले तिनीहरूलाई सफासँग भनिदिनुभयो,
'लाजरस मरेका छन्। १५ तिमीहरूले
विश्वास गर भन्ने हेतुलेनै म त्यहाँ
नभएकोले, तिमीहरूका खातिर खुशी छु,
जे भए तापनि हामी तिनीकहाँ जाऔं।'
१६ तब दिदिमस भन्ने थोमाले आफ्ना सँगी
चेलाहरूलाई भने, 'लौ, हामी पनि जाऔं, र
तिनीसँगै मरौं।'

१७ जब येशू आउनुभयो, तब
तिनलाई चिहानमा राखेको चार दिन
भइसकेको भेट्टाउनुभयो। १८ बेथानी
यरूशलेमको नजीक प्रायः एक कोश टाढ़ामा
थियो। १९ अनि यहूदीहरूमध्ये धेरै जना
मार्था र मरियमकहाँ तिनका भाइको विषयमा
तिनीहरूलाई सहानुभूति दिनालाई आएका
थिए। २० यसकारण येशू आइरहनुभएको
सुनेर मार्था उहाँलाई भेट्न गइन्। तर
मरियम घरैमा बसिरहिन्।

२१ तब मार्थाले येशूलाई भनिन्, 'प्रभु,
तपाईं यहाँ हुनुहुँदो हो ता मेरो भाइ मर्ने
थिएन। २२ तर अब पनि म जान्दछु,
तपाईंले परमेश्वरसित जे माग्नुहुन्छ, परमेश्वरले
तपाईंलाई दिनुहुन्छ।' २३ येशूले तिनलाई
भन्नुभयो, 'तिम्रो भाइ फेरि बिउँतनेछ।'
२४ मार्थाले उहाँलाई भनिन्, 'म जान्दछु,
कि त्यो पछिल्लो दिनको पुनरुत्थानमा फेरि
बिउँतनेछ।'

२५ येशूले तिनलाई भन्नुभयो, 'पुनरुत्थान
र जीवन मै हुँ, मलाई विश्वास गर्ने
मर्‍यो भने पनि बाँच्नेछ। २६ औ
बाँच्ने र मलाई विश्वास गर्ने प्रत्येक कहिल्यै
पनि मर्नेछैन। के तिमी यो विश्वास
गर्छ्यौ?' २७ तिनले उहाँलाई भनिन्, 'हो
प्रभु, तपाईं संसारमा आउने परमेश्वरका पुत्र
खीष्ट हुनुहुन्छ भनी मैले विश्वास गरेकी छु।'
२८ अनि यो कुरा भनेर तिनी गइहालिन्,
र आफ्नी बहिनी मरियमलाई यसो भन्दै
सुटुक्क बोलाइन्, 'गुरुज्यू आइपुग्नुभयो, र
तिमीलाई बोलाउँदैहुनुहुन्छ।' २९ जब तिनले
यो सुनिन् तब तिनी झट्टै उठेर उहाँकहाँ
आइन्।

३० अहिलेसम्म येशू गाउँमा आइपुग्नु-
भएको थिएन। तर उहाँ त्यही ठाउँमा
हुनुहुन्थ्यो जहाँ मार्थाले उहाँलाई भेटेकी
थिइन्। ३१ यसकारण घरमा तिनीसित
भएका र तिनलाई सहानुभूति दिनआएका
यहूदीहरूले मरियमलाई झट्टै निस्किगएकी
देखेर चिहानमा रुन गएकी हो भन्ठानेर
तिनको पछि लागे। ३२ जब मरियम येशू
हुनुभएको ठाउँमा आइन्, तब उहाँलाई
देखेर तिनी उहाँका पाउमा यसो भन्दै
परिन्, 'हे प्रभु, तपाईं यहाँ हुनुहुँदो हो
ता मेरो भाइ मर्ने थिएन।' ३३ यसकारण
जब येशूले त्यसलाई रोइरहेकी र तिनीसित
आउने यहूदीहरूलाई पनि रोइरहेका देख्नुभयो,
तब उहाँ आत्मामा अति विचलित भएर
दुःखित हुनुभयो। ३४ अनि भन्नुभयो,
'तिमीहरूले तिनलाई कहाँ राखेका छौ?'
तिनीहरूले उहाँलाई भने, 'प्रभु, आएर हेर्नु-
होस्। ३५ येशू रुनुभयो। ३६ यसकारण
यहूदीहरूले भने, 'हेर, उहाँले तिनलाई कति
माया गर्नुहुन्थ्यो।' ३७ तर तिनीहरूमध्ये
कुनै कुनैले भने, 'के अन्धाका आँखा
खोलिदिने यी मानिसले यस मानिसलाई पनि
मर्नदेखि रोक्नसकेनन्?'

३८ तब येशू फेरि आफैभित्र, आत्मामा
अति विचलित भएर चिहानमा आउनुभयो।
यो चिहान एउटा ओढारमा थियो। त्यसको
मुखमा एउटा ढुङ्गो राखेको थियो।
३९ येशूले भन्नुभयो, 'ढुङ्गो हटाओ।' मर्नेको
दिदी मार्थाले उहाँलाई भनिन्, 'हे
प्रभु, यस बेलासम्म ता त्यो गन्हाउन लागि-
सक्यो होला, किनकि चार दिन भइसक्यो।'
४० येशूले तिनलाई भन्नुभयो, 'के मैले
तिमीलाई भनिनँ, 'विश्वास गर्‍यौ भने तिमीले
परमेश्वरको महिमा देख्नेछौ' ?'

४१ तिनीहरूले ढुङ्गो हटाए। अनि
येशूले माथ्तिर नजर उठाएर भन्नुभयो, 'हे
पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि
तपाईंले मेरो विन्ती सुन्नुभयो। ४२ औ
तपाईंले बराबर मेरो बिन्ती सुन्नुहुन्छ भनी
मैले जानेको थिएँ। तर वरिपरि उभिएका
भीड़का कारणले तपाईंले मलाई पठाउनुभएको
हो भनी तिनीहरूले विश्वास गरून् भनी यो
भनेको हुँ।' ४३ अनि यी कुरा भनेर उहाँ
ठूलो सोरले कराउनुभयो, 'लाजरस, बाहिर

निस्की आऊ।' ४४ त्यो मरेको मान्छे हात-
खुट्टा बाँधिएको कात्रोसहित निस्की आयो।
तिनको अनुहार रुमालले बेह्रिएको थियो।
येशूले तिनीहरूलाई भन्नुभयो 'तिनलाई
फुकाइदेऊ, र जानदेऊ।'
४५ मरियमकहाँ आउने यहूदीहरू यो
देख्ने धेरैले उहाँमाथि विश्वास गरे।
४६ तर तिनीहरूमध्ये कोही चाहिँ
फरिसीहरूकहाँ गए, र येशूले गर्नुभएका
कुराहरू बताइदिए।

येशूलाई मार्ने मतो

४७ तब मुख्य पूजाहारीहरू र फरिसी-
हरूले एउटा महासभा गरेर भने, 'अब
हामी के गरौं? किनभने यस मानिसले ता
धेरै चिह्नहरू गरिरहेछ। ४८ यसलाई यसै
छोडिदियौं भने सबैले यसलाई विश्वास
गर्नेछ, र रोमीहरूले आएर हाम्रा ठाउँ र
जातिलाई समेत लैजानेछ।' ४९ तर
तिनीहरूमध्ये कयाफा भन्ने त्यस सालका
प्रधान पूजाहारीले तिनीहरूलाई भने,
'तिमीहरू केही पनि जान्दैनौ, ५० औ
मता तिमीहरू विचारै गर्दछौ, कि लोकका
निम्ति एक जना मानिस मर्नु र सारा जाति
नष्ट नहुनु तिमीहरूका निम्ति फाइदा छ।'
५१ यो तिनले आफ्नै तर्फबाट भनेका
होइनन्, तर त्यस सालका प्रधान पूजाहारी
भएर आफ्नो जातिको निम्ति येशू मर्नपर्छे
भन्ने अगमवाणी बोलेका हुन्। ५२ औ
जातिको निम्ति मात्र होइन, तर जताततै
तितर-बितर भएका परमेश्वरका सन्तानलाई पनि
उहाँले एकसाथ जम्मा गरून् भनी बोलेका
हुन्। ५३ यसैले त्यस दिनदेखि तिनीहरूले
उहाँलाई मार्ने मतो बाँधे।
५४ तब येशू फेरि यहूदीहरूका बीचमा
खुल्लमखुल्ला हिँड्डुल गर्नुभएन, तर त्यहाँबाट
उजाड-स्थानको छेउको देशको इफ्राइम
शहरमा जानुभयो, र त्यहाँ चेलाहरूसँग
बास गर्नुभयो। ५५ यहूदीहरूको निस्तार
चाड नजीकै थियो, र गाउँ गाउँबाट
धेरै जना आफू आफूलाई शुद्ध पार्न
भनी निस्तार-चाडको अघि यरूशलेममा गए।
५६ तब तिनीहरूले येशूलाई खोजे, र
मन्दिरमा खड़ा हुँदा आपसमा भने, 'तिमी-
हरूलाई कस्तो लाग्छ, के तिनी चाड़मा
आउलान्?' ५७ मुख्य पूजाहारीहरू र
फरिसीहरूले उहाँलाई पक्रनाका निम्ति कसैले
उहाँलाई कहाँ हुनुहुन्छ भनी थाह पाए
खबर गर्नू भन्ने आज्ञा दिएका थिए।

१२ निस्तार चाड़का छ दिन अघि
येशू बेथानीमा आउनुभयो। त्यहाँ
लाजरस थिए, जसलाई येशूले मरेको-
बाट बिउँताउनुभएको थियो। २ तिनी-
हरूले उहाँका निम्ति त्यहाँ बेलुकीको भोजन
तयार गरे, र मार्था सेवा-टहल गर्थिन्, तर
लाजरसचाहिँ उहाँसँगै भोजनमा बस्नेहरूमध्ये
एक थिए। ३ तब मरियमले एक मानु
साह्रै कीमती जटामसीको सुगन्धित मल्हम
लिएर येशूका पाउमा मल्निन्, र उहाँका पाउ
आफ्ना कपाल पुछिन्, औ मल्हमको
बास्नाले घर भरियो। ४ तर उहाँका चेला-
हरूमध्ये एक जना, अर्थात् उहाँलाई पक्राउन
खोज्ने यहूदा इस्करयोतीले भन्यो, ५ 'यो
मल्हम तीन सय दिनारमा बेचिएर किन
गरीबहरूलाई दिइएन?' ६ तर यो त्यसले
गरीबहरूको ख्याल राखेर भनेको होइन,
किनकि त्यो चोर थियो, र पैसाको थैली
बोक्ने भएर त्यसमा राखिएका चीज झिकेर
लैजान्थ्यो। ७ यसकारण येशूले भन्नुभयो,
'मलाई गाड्ने दिनको लागि तिनलाई त्यो
राखिछोड्न देऊ। ८ किनभने गरीबहरू ता
सधैं तिमीहरूसँग हुन्छन्, तर म ता सधैं
तिमीहरूसँग हुन्नँ।'
९ यहूदीहरूका जनसाधारणले उहाँ
त्यहाँ हुनुहुन्छ भन्ने पत्ता पाए, र तिनीहरू
येशूका खातिरमा मात्र होइन, तर उहाँले

मरेकोबाट बिउँताउनुभएका लाजरसलाई पनि
हेरौं भनेर आए। १० तर मुख्य पूजाहारी-
हरूले लाजरसलाई समेत मार्नालाई मतो
गरे। ११ किनभने तिनैले गर्दा यहूदीहरू-
मध्ये धेरै जना गएर येशूलाई विश्वास
गरेका थिए।

यरूशलेममा येशूको प्रवेश

१२ भोलिपल्ट चाड़मा आउने ठूलो
भीड़ले येशू यरूशलेममा आउँदैहुनुहुन्छ
भन्ने सुने। १३ औ खजुरका हाँगाहरू
लिएर उहाँलाई स्वागत गर्न निस्के, र
'होसन्ना! धन्य परमप्रभुका नाउँमा आउने
इस्राएलका राजा,' भन्दै कराए। १४ अनि
बच्चा गधा भेट्टाएर येशू त्यसमाथि
चढ़नुभयो, जसरी लेखिएको छ, १५ 'ए
सियोनकी छोरी, नडराऊ। हेर, तिम्रा राजा
गधाको बछेड़ामाथि बसेर आउँदैहुनुहुन्छ।'
१६ यी कुराहरू उहाँका चेलाहरूले पहिले
बुझेनन्। तर जब येशूको महिमा भयो,
तब उहाँका विषयमा यी कुरा लेखिएका थिए,
र यी काम उहाँका निम्ति उनीहरूले गरे
भन्ने तिनीहरूले सम्झे। १७ यसकारण
उहाँले लाजरसलाई चिहानबाट बोलाएर
मरेकोबाट बिउँताउनुहुँदा उहाँसँग हुने त्यस
भीड़ले गवाही दियो। १८ यसैकारणले पनि
भीड़ले उहाँलाई स्वागत गर्‍यो, किनभने
तिनीहरूले यो चिह्न उहाँले गर्नुभएको हो भनी
सुनेका थिए। १९ फरिसीहरूले आपसमा
भने, 'हेर तिमीहरूबाट केही हुनैसक्तैन!
देख्छौ, संसारै त्यसको पछि लागिसक्यो!'
२० चाड़मा पूजा गर्न जानेहरूमध्ये
कोही ग्रीकहरू पनि थिए, २१ यसकारण
तिनीहरू गालीलको बेत्सैदाबासी फिलिपकहाँ
आएर यसो भनेर बिन्ती गरे,
'हजूर, हामी येशूलाई हेर्नचाहन्छौं।'
२२ फिलिपले गएर अन्द्रियासलाई भने, औ-
अन्द्रियास र फिलिप गएर येशूलाई भने।
२३ अनि येशूले तिनीहरूलाई यसो भन्दै
जवाफ दिनुभयो, 'मानिसको पुत्रको महिमा
हुने बेला आइपुगेको छ। २४ साँचो
साँचो म तिमीहरूलाई भन्दछु, गहुँको दाना
भूइँमा परेर मरेन भने त्यो एक्लै रहन्छ।
मर्‍यो भने, त्यसले धेरै फल फलाउँछ।
२५ आफ्नो प्राणको माया गर्नेले त्यो
गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा
तुच्छ जान्नेले चाहिँ अनन्त जीवनसम्म
जोगाइराख्नेछ।
२६ कसैले मेरो सेवा गर्छ भने मेरोपछि
लागोस्, र म जहाँ छु, त्यहाँ मेरा सेवक
पनि हुनेछ। कसैले मेरो सेवा गर्छ भने
पिताले त्यसको कदर गर्नुहुनेछ। २७ अब
मेरो प्राण दुःखित भएको छ, औ म के
भनुँ? हे पिता, मलाई यस घड़ीबाट
बचाउनुहोस्? तर म यसैकारण यस घड़ीसम्म
आइपुगें। २८ हे पिता, आफ्नो नाउँको
महिमा गर्नुहोस्।' तब स्वर्गबाट यसो भन्ने
एउटा शब्द आयो, 'मैंले महिमा गरेको
छु, र फेरि महिमा गर्नें पनि छु।'
२९ यसकारण खड़ा भएको भीड़ले यो सुनेर
भन्यो, 'मेघ गर्जेको हो!' अरूहरूले भने,
'स्वर्गदूत उनीसित बोलेका हुन्!' ३० येशूले
जवाफ दिई भन्नुभयो, 'यो शब्द मेरो
निम्ति भएको होइन, तर तिमीहरूकै निम्ति
हो। ३१ अब यस संसारको न्याय हुन्छ।
यस संसारको मालिक बाहिर फालिनेछ।
३२ अनि म पृथ्वीबाट उचालिएँ भने सबै
मानिसलाई म आफैतिर खिँच्नेछु।' ३३ तर
उहाँ कस्तो मृत्युले मर्न आँट्नुभएको छ, सो
थाह दिँदै उहाँले बताउनुभयो। ३४ भीड़ले
उहाँलाई सोध्यो, 'ख्रीष्ट सधैँभरि रहनुहुन्छ
भन्ने व्यवस्थाबाट हामीले सुनेका छौं,
औ तपाइं कसरी भन्नुहुन्छ, कि मानिसको
पुत्र उचालिनै पर्छ? यो मानिसको पुत्रचाहिं
को हो?'
३५ येशूले तिनीहरूलाई भन्नुभयो,
'अझ अलि बेरसम्म ज्योति तिमीहरूसँग

रहन्छ। ज्योति तिमीहरूसँग छउन्जेल
हिँड्डुल गर, कि तिमीहरूलाई अन्धकारले
नछोपोस्। अन्धकारमा हिँड्डुल गर्नेले आफू
कहाँ जान्छ, सो थाह पाउँदैन। ३६ तिमी-
हरूसँग ज्योति छउन्जेल ज्योतिमा विश्वास
गर, र तिमीहरू ज्योतिका सन्तान हुनेछौ।'
येशूले यी कुरा भन्नुभयो, र त्यहाँबाट
गएर आफै तिनीहरूदेखि लुक्नुभयो।

यहूदियाका मानिसहरूको अविश्वास

३७ उहाँले तिनीहरूका सामु यतिका
चिह्नहरू गर्नुभएको थियो, तथापि तिनीहरूले
उहाँलाई विश्वास गरेनन्। ३८ यशैया
अगमवक्ताको वचन पूरा होस् भनेर,
'हे परमप्रभु, हाम्रो बयान कसले
विश्वास गर्‍यो ? परमप्रभुको बाहुबल कसलाई
प्रकट गरियो ?'
३९ यसकारण तिनीहरूले विश्वास गर्न-
सकेनन्, किनभने यशैयाले फेरि भनेका
छन्,
४० 'उहाँले तिनीहरूका आँखा बन्द
गरिदिनुभयो, र तिनीहरूका हृदय कठोर
गरिदिनुभयो, नत्रता तिनीहरूले देख्नेछन्,
औ हृदयले बुझ्नेछन् र फर्कनेछन्, र म
तिनीहरूलाई निको पार्नेछु।'
४१ यशैयाले यी कुरा भने, किनकि
तिनले उहाँको महिमा देखे, र उहाँका
विषयमा भने। ४२ शासकहरूमध्ये पनि
धेरैले उहाँलाई विश्वास गरे, तर
फरिसीहरूको कारण सभाघरबाट निकालिनेछौं
भन्ने डरले तिनीहरूले स्वीकार गरेनन्,
४३ किनभने तिनीहरूले परमेश्वरको प्रशंसा-
भन्दा मानिसहरूको प्रशंसालाई बढ़ता
रूचाउँथे।
४४ येशूले कराएर भन्नुभयो, 'मलाई
विश्वास गर्नेले मलाई होइन, तर
मलाई पठाउनेलाई विश्वास गर्दछ,
४५ औ मलाई देख्नेले मलाई पठाउनेलाई
देख्तछ। ४६ म संसारमा ज्योति भएर
आएको छु, कि मलाई विश्वास गर्ने
जोसुकैले अँध्यारोमा रहन नपरोस्।
४७ औ कसैले मेरा वचनहरू सुन्छ, र
पनि पालन गर्दैन भने, म त्यसको इन्साफ
गर्दिनँ, किनभने म संसारको इन्साफ गर्न
आएको होइनँ, तर संसारलाई बचाउन
आएको हुँ। ४८ मलाई इन्कार गर्ने र
मेरा बचनहरू ग्रहण नगर्नेलाई इन्साफ गर्ने
छँदैछ, जो वचन मैले बोलें त्यसैले
पछिल्लो दिनमा त्यसको इन्साफ गर्नेछ।
४९ किनभने मैले आफ्नै तर्फबाट बोलिनँ,
तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो,
मलाई पठाउने पिता आफैले मलाई आज्ञा
दिनुभएको छ। ५० औ म जान्दछु, कि
उहाँको आज्ञा अनन्त जीवन हो। यसकारण
म जे बोल्दछु, पिताले मलाई भन्नुभए-
अनुसार बोल्दछु।'

येशूले चेलाहरूका खुट्टा धुनुभएको

१३ निस्तार-चाड्को अघि येशूले यस
संसारबाट पिताकहाँ जाने बेला
आयो भनी जानेर संसारमा भएका आफ्ना
जतिलाई प्रेम गरेर तिनीहरूलाई अन्त्यसम्मनै
प्रेम गर्नुभयो। २ अनि बेलुकीको भोजन
हुँदा शिमोनको छोरो यहूदा इस्करयोतीको
हृदयमा अघिबाटनै दुष्टात्माले उहाँलाई धोका
दिने विचार हालिसकेको थियो। ३ 'पिताले
मलाई सबै थोक मेरा हातमा दिनुभएको छ,
र म परमेश्वरका तर्फबाट आएको हुँ, औ
परमेश्वरकहाँनै जान्छु' भन्ने जानेर येशू
४ भोजनबाट उठ्नुभयो, र खाष्टो एकातिर
पन्छ्याएर तौलिया लिई आफ्नो कम्मरमा
बेह्रेर्नुभयो। ५ तब उहाँले बाटामा पानी
खनाउनुभयो, र चेलाहरूका पाउ धुन, र
आफूले बेह्रेरेको तौलियाले पुछ्नलाग्नुभयो।
६ जब उहाँ शिमोन पत्रुसकहाँ आउनु-
भयो तब तिनले उहाँलाई भने, 'हे प्रभु, के

तपाईंले मेरो खुट्टा धुने ?' ७ येशूले
तिनलाई जवाफ दिई भन्नुभयो, 'म के गर्दछु
तिमी अहिले ता जान्दैनौ, तर पछि
बुझ्नेछौ।' ८ पत्रुसले उहाँलाई भने,
'तपाईंले मेरो खुट्टा कहिल्यै धुनुहुँदैन।'
येशूले तिनलाई जवाफ दिनुभयो, 'मैले
धोइदिइनँ भनेता तिम्रो मसित केही
भाग हुँदैन।' ९ शिमोन पत्रुसले उहाँलाई
भने, 'हे प्रभु, मेरा खुट्टा मात्र होइन, तर
मेरो हात र शिरसमेत धुनुहोस्।' १० येशूले
तिनलाई भन्नुभयो, 'नुहाइसकेकोलाई खुट्टा-
बाहेक अरू केही धुनुपर्दैन, त्यो सम्पूर्ण शुद्ध
छ। औ तिमीहरू पनि शुद्ध छौ, तर सबै
ता होइन।' ११ किनभने उहाँलाई विश्वास-
घात गर्नेलाई उहाँले चिन्नुभएको थियो।
यसैकारण उहाँले भन्नुभयो, 'तिमीहरू सबै
शुद्ध छैनौ।'

१२ त्यसरी जब उहाँ तिनीहरूका खुट्टा
धोएर आफ्नो खाष्टो लिई फेरि भोजनमा
बस्नुभयो, तब उहाँले तिनीहरूलाई भन्नुभयो,
'के तिमीहरू जान्दछौ, मैले तिमीहरूलाई के
गरें ? १३ तिमीहरू मलाई, 'गुरु र प्रभु'
भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ,
किनभने म त्यही हुँ। १४ यदि मैले प्रभु
र गुरु भईकन तिमीहरूका खुट्टा धोएको छु
भने, तिमीहरूले पनि एका अर्काको खुट्टा
धुनुपर्छ, १५ किनकि मैले तिमीहरूलाई
एउटा उदाहरण दिएको छु, र जसो मैले
तिमीहरूका निम्ति गरें, तिमीहरूले पनि
त्यसै गर।

१६ साँचो साँचो म तिमीहरूलाई
भन्दछु, दास आफ्नो मालिकभन्दा ठूलो
हुँदैन, मता खबर पुर्‍याउने पठाउनेभन्दा ठूलो
हुन्छ। १७ यदि तिमीहरूले यी कुरा जानेर
गर्‍यौ भने, तिमीहरू धन्य हौ। १८ म
तिमीहरू सबैका विषयमा भन्दिनँ। मैले
छानेका जतिलाई म चिन्छु। तर धर्मशास्त्र
पूरा होस्, कि 'मेरै रोटी खानेले ममाथि
आफ्नो लात उठायो।' १९ अब उप्रान्त
यो हुनभन्दा अघाडि म तिमीहरूलाई भन्दछु,
कि जब त्यो हुन आउला, म उहीनै हुँ
भनेर तिमीहरूलाई विश्वास होस्। २० साँचो
साँचो म तिमीहरूलाई भन्दछु, 'जोसुकैलाई
म पठाउँ उसलाई ग्रहण गर्नेले मलाईनै ग्रहण
गर्दछ, अनि मलाई ग्रहण गर्नेले मलाई
पठाउनेलाई ग्रहण गर्दछ'।'

२१ यी कुरा भनेपछि येशू आत्मामा
दुःखित हुनुभयो र उहाँले साक्षी दिई भन्नु-
भयो, 'साँचो साँचो म तिमीहरूलाई भन्दछु,
तिमीहरूमध्ये एक जनाले मलाई पक्राइ-
दिनेछौ।' २२ उहाँले कसको विषयमा
भन्नुभएको हो भनी शङ्का गर्दै चेलाहरूले
एका अर्कालाई हेराहेर गरे। २३ उहाँका
चेलाहरूमध्ये एक जना, जसलाई येशूले प्रेम
गर्नुहुन्थ्यो, भोजनमा येशूको छातीमा अडेस
लागिरहेका थिए। २४ तब शिमोन
पत्रुसले तिनलाई इशारा गरेर भने, 'जसको
विषयमा उहाँ भन्दैहुनुहुन्छ, त्यो को हो ?'
२५ तिनले येशूको छातीमा त्यतिकै
अडेस लागेरनै उहाँलाई भने, 'हे प्रभु,
त्यो कुन चाहिँ हो ?' २६ येशूले जवाफ
दिनुभयो, 'जसलाई म रोटीको टुक्रा चोपेर
दिन्छु, त्यो त्यही हो।' तब रोटीको टुक्रा
चोप्नुभयो, र निकालेर त्यो उहाँले शिमोनको
छोरो यहूदा इस्करयोतीलाई दिनुभयो।

२७ रोटीको टुक्रा पाएपछि शैतान त्यस-
भित्र पस्यो। तब येशूले त्यसलाई भन्नुभयो,
'तिमी जे गर्छौ चाँडै गरिहाल।' २८ तर
भोजनमा बस्नेहरू कसैले पनि यो के
मनसायले उहाँले त्यसलाई भन्नुभयो, सो
बुझेनन्। २९ किनभने कोहीले सम्झे, कि
यहूदासँग थैलो छ, यसैले येशूले त्यसलाई
चाडको निम्ति जे कुरा चाहिन्छ सो
किनोस्, अथवा त्यसले गरीबहरूलाई केही
देओस् भन्नुभएको हो। ३० तब रोटीको
टुक्रा लिएपछि त्यो तुरुन्तै बाहिर
निस्किहाल्यो। त्यस बेला रात परेको
थियो।

प्रेम सम्बन्धी नयाँ आज्ञा

३१ जब त्यो बाहिर गयो तब
येशूले भन्नुभयो, 'अब मानिसको पुत्रको
महिमा भयो, र परमेश्वर उसमा महिमित
हुनुभयो। ३२ औ परमेश्वरले आफैमा उसको
महिमा गराउनुहुनेछ, औ तुरुन्तै उसको
महिमा गर्नुहुनेछ। ३३ ए साना बालक
हो, केही बेरसम्म म तिमीहरूसित छु!
तिमीहरू मलाई खोज्नेछौ, र जसो मैले
यहूदीहरूलाई भनें, 'जहाँ म जान्छु तिमीहरू
आउनसक्तैनौ,' अब म तिमीहरूलाई पनि
त्यसै भन्दछु। ३४ एउटा नयाँ आज्ञा म
तिमीहरूलाई दिँदैछु, कि तिमीहरू आपसमा
प्रेम गर, जस्तो मैले तिमीहरूलाई प्रेम
गरेको छु, तिमीहरूले पनि आपसमा प्रेम गर।
३५ यदि तिमीहरूले आपसमा प्रेम गर्‍यो
भने, तिमीहरू मेरा चेलाहरू हौ भनी
यसैबाट सबैले जान्नेछन्।'

३६ शिमोन पत्रुसले उहाँलाई भने, 'हे
प्रभु, तपाइं कहाँ जानुहुन्छ?' येशूले जवाफ
दिनुभयो, 'म जहाँ जान्छु, तिमी अहिले
मपछि लाग्नसक्तैनौ, तर पछि ता लाग्नेनै
छौ।' ३७ पत्रुसले उहाँलाई भने, 'प्रभु, म
किन अहिलेनै तपाइंको पछि लाग्नसक्तिनँ?
म आफ्नो प्राण तपाइंको निम्ति अर्पण
गर्नेछु।' ३८ येशूले जवाफ दिनुभयो,
'के तिमी आफ्नो प्राण मेरो निम्ति अर्पण
गर्नेछौ र? साँचो साँचो म तिमीलाई
भन्दछु, तिमीले तीनपल्ट इन्कार नगरूञ्जेल
भाले बास्नेछैन।'

१४ तिमीहरूको हृदय विचलित नहोस्,
तिमीहरू परमेश्वरलाई विश्वास गर्दछौ,
मलाई पनि विश्वास गर। २ मेरा पिताको
घरमा धेरै बस्ने ठाउँहरू छन्। त्यसो नभए,
म तिमीहरूलाई भन्ने थिएँ, किनकि
म तिमीहरूका निम्ति ठाउँ तयार पार्न
जान्छु। ३ औ यदि मैले गएर
तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म
फेरि आउँछु, र तिमीहरूलाई मकहाँ
लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू
पनि हुनेछौ। ४ म जहाँ जान्छु,
तिमीहरू बाटो चिन्छौ।' ५ थोमाले उहाँ-
लाई भने, 'हे प्रभु, तपाइं कहाँ जानुहुन्छ,
हामी जान्दैनौं, तब बाटो कसरी चिन्नेछौं?'
६ येशूले तिनलाई भन्नुभयो, 'बाटो,
सत्य, र जीवन मैं हुँ, मबाहेक अरू
कोहीद्वारा पिताकहाँ जानसक्तैन।

७ तिमीहरूले मलाई चिनेका भए, मेरा
पितालाई पनि चिन्नेथियौ, अब उप्रान्त
उहाँलाई चिन्छौ, र उहाँलाई देख्नेछौ।'
८ फिलिपले उहाँलाई भने, 'हे प्रभु, हामी-
लाई पिता देखाउनुहोस्, अनि त्यति भए
हामीलाई पुग्छ।' ९ येशूले तिनलाई
भन्नुभयो, 'यतिका समयसम्म म तिमीहरूसँग
छु, तैपनि तिमीले मलाई चिनेका छैनौ
फिलिप? जसले मलाई देखेको छ, त्यसले
पितालाई देखेको छ, 'हामीलाई पिता
देखाउनुहोस्' भनी कसरी तिमी भन्दछौ?
१० म पितामा छु, र पिता ममा हुनुहुन्छ
भनेर के तिमी विश्वास गर्दैनौ? जुन कुरा
म तिमीहरूलाई भन्दछु, म आफ्नै तर्फबाट
बोल्दिनँ, तर ममा रहनुहुने पिताले आफ्नो
काम गर्नुहुन्छ। ११ म पितामा छु, र
पिता ममा हुनुहुन्छ भन्ने मेरो कुरा विश्वास
गर, होइन भने यी कामहरूकै खातिर
विश्वास गर।

१२ साँचो साँचो म तिमीहरूलाई
भन्दछु, जसले मलाई विश्वास गर्दछ,
त्यसले मैले गरेका काम पनि गर्नेछ, औ
तीभन्दा ठूला काम पनि गर्नेछ, किनभने म
पिताकहाँ जान्छु। १३ औ जेसुकै तिमीहरू
मेरो नाउँमा मागौला, त्यो पुत्रमा पिताको
महिमा होस् भनेर म गर्नेछु। १४ तिमी-
हरूले मेरो नाउँमा केही माग्यौ भने, त्यो
म गर्नेछु।

१५ यदि तिमीहरूले मलाई प्रेम गर्छौ

भने मेरा आज्ञाहरू पालन गर्नेछौ।
१६ औ म पितासँग बिन्ती गर्नेछु, र
उहाँले तिमीहरूलाई अर्को शान्तिदाता दिनु-
हुनेछ, र उहाँ तिमीहरूसँग सधैँभरि
हुनुहुनेछ। १७ अर्थात्, सत्यका आत्मा
जसलाई संसारले ग्रहण गर्नसक्तैन, किनभने
त्यसले उहाँलाई नता देख्छ न चिन्छ,
तिमीहरू ता उहाँलाई चिन्छौ, किनभने उहाँ
तिमीहरूसित रहनुहुन्छ, र तिमीहरूमा
हुनुहुनेछ।

१८ म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ,
म तिमीहरूकहाँ आउँछु। १९ अझ अलि
बेर, औ संसारले मलाई फेरि कहिल्यै देख्ने-
छैन तर तिमीहरू मलाई देख्छौ, किनभने
म जीवित छु, र तिमीहरू पनि जीवित
रहनेछौ। २० म मेरा पितामा, र तिमीहरू
ममा, औ म तिमीहरूमा छु भन्ने त्यस दिन
तिमीहरूले जान्नेछौ।

२१ मलाई प्रेम गर्ने त्यही हो, जसले
मेरा आज्ञा मान्दछ, र तिनलाई पालन
गर्दछ, जसले मलाई प्रेम गर्दछ, त्यो
मेरा पिताको पनि प्रेमी हुनेछ, औ म
त्यसलाई प्रेम गर्नेछु, र म आफै त्यसमाथि
प्रकट हुनेछु।' २२ यहूदाले, (जो
इस्करयोती चाहिँ होइन) उहाँलाई भने, 'हे
प्रभु, के हुने भएको छ, र तपाईं आफैलाई
हामीमा प्रकट गर्नलाग्नुहुन्छ, र संसारमा
होइन?' २३ येशूले तिनलाई जवाफ दिई
भन्नुभयो, 'कसैले मलाई प्रेम गर्दछ भने,
त्यसले मेरो वचन पालन गर्नेछ, औ मेरा
पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी
त्यसकहाँ आउनेछौं, र त्यससँग बास गर्नेछौं।
२४ मलाई प्रेम नगर्नेले मेरा वचन पालन
गर्दैन, औ जो वचन तिमीहरू सुन्छौ,
त्यो मेरो होइन, तर मलाई पठाउने
पिताको हो।

२५ यी कुरा मैले तिमीहरूसँग रहँदै
तिमीहरूलाई भनेको छु, २६ तर शान्ति-
दाता, अर्थात् पवित्र आत्मा, जसलाई
पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँलेनै
तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले
तिमीहरूलाई भनेका कुरा जति सम्झना
गराउनुहुनेछ।

२७ शान्ति म तिमीहरूका निम्ति
छोड्दछु। म आफ्नो शान्ति तिमीहरूलाई
दिन्छु, संसारले दिने जस्तो ता मैले तिमी-
हरूलाई दिने होइन। तिमीहरूको हृदय
नता विचलित होस्, न भयभीत होस्।
२८ तिमीहरूले सुन्यौ, कि म गइहाल्छु र
तिमीहरूकहाँ आउँछु भनी मैले कसरी
तिमीहरूलाई भनें। तिमीहरूले मलाई प्रेम
गरेका भए तिमीहरू रमाउनेथियौ, किनभने
म पिताकहाँ जान्छु, किनकि पिता मभन्दा
महान् हुनुहुन्छ। २९ औ अब त्यो
हुनभन्दा अघाडिनै मैले तिमीहरूलाई भनी-
दिएको छु, र जब त्यो हुनआउँछ तिमीहरू
विश्वास गरौला। ३० म तिमीहरूसित अब
धेर बोल्नेछैन, किनभने संसारको शासक
आउँछ, औ त्यसको मसँग केही छैन।
३१ तर म पितालाई प्रेम गर्दछु, र जसो
पिताले मलाई आज्ञा गर्नुभएको छ, सोही
बमोजिम गर्दछु भनी संसारले जानोस्।
उठ, हामी यहाँबाट जाऔं।'

१५ साँचो दाखको बोट म हुँ, औ मेरा
पिता किसान हुनुहुन्छ। २ ममा
फल नफल्ने हरेक हाँगालाई उहाँले छाँट्नु
हुन्छ, औ फल फल्ने हरेक हाँगालाई झन्
बढ्ता फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ।
३ मैले तिमीहरूलाई बोलेका वचनको
कारणले गर्दा तिमीहरू अघिनै शुद्ध भइसकेका
छौ। ४ ममा रहो, र म तिमीहरूमा,
जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो
आफैले फल फलाउनसक्तैन, त्यसरी तिमीहरू
ममा रहेनौ भने तिमीहरूले पनि सक्तैनौ।

५ दाखको बोट मै हुँ, तिमीहरू चाहिँ
हाँगाहरू हौ। जो ममा रहन्छ, र म
त्यसमा, त्यसैले धेरै फल फलाउँछ, किनकि

मबाट अलग रहेर तिमीहरू केही गर्न-
सक्तैनौ। ६ कोही मानिस ममा रहेन
भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ र
सुकिहाल्छ, औ मानिसहरूले तिनलाई बटुलेर
आगोमा फालिदिन्छन् र ती सल्किहाल्छन्,
७ तिमीहरू ममा रह्यौ, र मेरा कुरा
तिमीहरूमा रहे भने, जो तिमीहरूलाई इच्छा
लाग्छ माग, र त्यो तिमीहरूका निम्ति
हुनेछ।

८ तिमीहरूले धेरै फल फलायौ भने,
त्यसैमा मेरा पिताको महिमा हुनेछ, र
तिमीहरू मेरा चेला हुनेछौ। ९ जसरी
पिताले मलाई प्रेम गर्नुभएको छ, मैले पनि
तिमीहरूलाई प्रेम गरेको छु, तिमीहरू मेरो
प्रेममा रहो। १० मेरा आज्ञाहरू पालन
गर्छौ भने, तिमीहरू मेरो प्रेममा रहनेछौ,
जसरी मैले मेरा पिताका आज्ञाहरू पालन
गरेको छु, र उहाँका प्रेममा रहन्छु।

११ मैले यी कुरा तिमीहरूलाई भनेको
छु, कि मेरो आनन्द तिमीहरूमा रहोस्,
र तिमीहरूको आनन्द पूर्ण भइजाओस्।
१२ मेरो आज्ञा यही हो, कि तिमीहरू
आपसमा प्रेम गर, जस्तो मैले तिमीहरूलाई
प्रेम गरेको छु। १३ आफ्नो प्राण
मित्रहरूका लागि अर्पण गरिदिनु
भन्दा बढ्ता प्रेम कसैको हुँदैन। १४ जे
जे म तिमीहरूलाई आज्ञा गर्दछु, ती
तिमीहरूले गर्‍यौ भने, तिमीहरू मेरा मित्र
हौ। १५ अबदेखि म तिमीहरूलाई दास
भन्दिनँ, किनकि दासले त्यसका मालिकले के
गर्दछ जान्दैन, तर मैले तिमीहरूलाई मित्र
भनेको छु, किनभने जे मैले मेरा पिताबाट
सुनें, मैले तिमीहरूलाई सबै थाह दिएको
छु। १६ मलाई तिमीहरूले रोजेनौ, तर
मैले तिमीहरूलाई रोजे, र तिमीहरू गएर
फल फलाओ, औ तिमीहरूको फल फलि-
रहोस् भनी तिमीहरूलाई नियुक्त गरें, जे
तिमीहरूले मेरो नाउँमा पितासँग मागौला,
उहाँले तिमीहरूलाई दिनुहुनेछ। १७ यी
कुरा म तिमीहरूलाई आज्ञा गर्दछु, कि
तिमीहरू आपसमा प्रेम गर।

१८ संसारले तिमीहरूलाई घृणा गर्दछ,
तर तिमीहरूलाई घृणा गर्नभन्दा अघाडि मलाई
घृणा गरेको हो भनी तिमीहरू जान्दछौ।
१९ तिमीहरू यस संसारका हुँदा हौ ता
संसारले आफ्नोलाई माया गर्नेथियो। तर
तिमीहरू यस संसारका होइनौ, मैले
तिमीहरूलाई संसारबाट छानें, यसैकारण
संसारले तिमीहरूलाई घृणा गर्दछ।
२० मैले जे कुरा तिमीहरूलाई भनें, त्यो
सम्झ, दास आफ्नो मालिकभन्दा ठूलो
हुँदैन। तिनीहरूले मलाई सताए भने,
तिमीहरूलाई पनि सताउनेछन्, तिनीहरूले
मेरो वचन पालन गरे भने, तिमीहरूको पनि
पालन गर्नेछन्। २१ तर तिनीहरूले यी सबै
कुरा मेरो नाउँको खातिर तिमीहरूसँग
गर्नेछन्, किनभने तिनीहरूले मलाई पठाउने-
लाई चिन्दैनन्। २२ म नआएको र
तिनीहरूलाई नबताएको भए, तिनीहरूसँग
पाप रहनेथिएन, तर अब ता तिनीहरूसँग
आफ्ना पापको निम्ति केही बहाना छैन।
२३ जसले मलाई घृणा गर्दछ, त्यसले मेरा
पितालाई पनि घृणा गर्दछ। २४ जुन काम
अरू कसैले गरेन ती काम मैले तिनीहरूका
बीचमा नगरेको भए तिनीहरूसँग पाप हुन्थै
थिएन, तर अब ता तिनीहरूले मलाई र
मेरा पिता दुवैलाई देखेका र घृणासमेत
गरेका छन्। २५ तर, 'तिनीहरूले मलाई
विनाकारण घृणा गरे' भन्ने तिनीहरूका
व्यवस्थामा लेखिएको वचन पूरा होस् भनेरनै
यो हुनआएको हो।

२६ जब शान्तिदाता, अर्थात् सत्यका
आत्मा आउनुहुनेछ, जसलाई म पिताका
तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, र
जो पिताबाट निस्की आउनुहुनेछ। उहाँलेनै
मेरो विषयमा गवाही दिनुहुनेछ, २७ औ
तिमीहरू पनि गवाही दिन्छौ, किनभने
तिमीहरू मसित शुरुदेखिनै छौ।

१६ ‘तिमीहरूलाई बाधा नहोस् भनेरनै
मैले यी कुरा भनेको हुँ।
२ तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट
निकालिदिनेछन्। त्यो बेला आउँछ, जब
तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा
गर्दैछु भनी ठान्नेछ। ३ औ तिनीहरूले
यी काम गर्नेछन्, किनभने तिनीहरूले नता
पितालाई न मलाई चिनेका छन्। ४ तर
यी कुरा मैले तिमीहरूलाई बताएको छु,
कि जब तिनीहरूको बेला आउँछ, तब मैले
तिमीहरूलाई के भनेथें भन्ने तिमीहरूले
सम्झनेछौ। औ शुरूदेखिनै म तिमीहरू-
सित भइरहेको हुनाले मैले यी कुरा
तिमीहरूलाई भनिनँ।

५ तर अब म मलाई पठाउनुहुने-
कहाँ जान्छु, औ तिमीहरूमध्ये कसैले
मलाई ‘तपाईं कहाँ जानुहुन्छ?’ भनी
सोध्दैनौ। ६ तर मैले तिमीहरूलाई यी
कुरा बताएको कारण शोकले तिमीहरूको
हृदय भरिएको छ। ७ तापनि म तिमीहरू-
लाई साँचो भन्दछु, म जानुनै तिमीहरूको
निम्ति फाइदा छ। किनभने म गइनँ भने,
शान्तिदाता तिमीहरूकहाँ आउनुहुनेछैन। तर
गएँ भने, म उहाँलाई तिमीहरूकहाँ
पठाउनेछु। ८ अनि जब उहाँ आउनुहुनेछ,
तब संसारलाई पाप, धार्मिकता र इन्साफको
विषयमा दोषी ठहराउनुहुनेछ। ९ पापको
विषयमा, किनभने तिनीहरू मलाई विश्वास
गर्दैनन्। १० धार्मिकताको विषयमा, किनभने
म पिताकहाँ जान्छु, र तिमीहरू मलाई
फेरि देख्तैनौ। ११ औ इन्साफको विषयमा,
किनभने यस संसारको शासकको फैसला
भएको छ।

१२ तिमीहरूलाई भन्ने मसँग अझ धेरै
कुरा छन्, तर अहिले तिमीहरू सहन-
सक्तैनौ। १३ तैपनि जब उहाँ, अर्थात्
सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले
सबै सत्यमा तिमीहरूलाई बाटो देखाउनु-
हुनेछ। किनभने उहाँ आफ्ना तर्फबाट
बोल्नुहुनेछैन, तर जे जे उहाँले सुन्नुहुन्छ,
ती बोल्नुहुनेछ, औ तिमीहरूलाई अब हुने
कुराहरू घोषणा गर्नुहुनेछ। १४ उहाँले मेरो
महिमा गर्नुहुनेछ, किनभने मबाटनै लिएर
तिमीहरूलाई यो घोषणा गर्नुहुनेछ। १५ जे
जे पिताका छन्, ती सबै मेरा हुन्। यसै-
कारण मैले भनें, कि उहाँले मबाट लिएर
तिमीहरूलाई घोषणा गर्नुहुनेछ। १६ अलि
बेरपछि फेरि तिमीहरू मलाई देख्तैनौ, औ
अलि बेरपछि तिमीहरू मलाई देख्नेछौ।’
१७ तब उहाँका चेलाहरूमध्ये कुनै कुनैले
आपसमा भने, ‘यो के हो, उहाँले हामी-
हरूलाई भन्नुहुन्छ, ‘अलि बेरपछि तिमीहरू
मलाई देख्तैनौ, औ फेरि अलि बेरपछि
तिमीहरू मलाई देख्नेछौ, किनकि म
पिताकहाँ जान्छु’?’ १८ यसकारण तिनी-
हरूले भने, ‘उहाँले भन्नुभएको अलि बेर,
भन्ने यो के हो? हामी जान्दैनौं उहाँ के
भन्नुहुन्छ।’ १९ तिनीहरूले उहाँलाई सोध्ने
इच्छा गर्दैछन् भनी बुझेर येशूले तिनीहरूलाई
भन्नुभयो, ‘अलि बेरपछि तिमीहरू मलाई
देख्तैनौ, औ फेरि अलि बेरपछि तिमीहरू
मलाई देख्नेछौ भनी मैले भनेको विषयमा
तिमीहरू के आपसमा सोधपूछ गर्दैछौ?

२० साँचो साँचो म तिमीहरूलाई
भन्दछु, ‘तिमीहरू रुने र विलाप गर्नेछौ,
तर संसार रमाउनेछ। तिमीहरू दुःखित
हुनेछौ, तर तिमीहरूको दुःख आनन्दमा
परिवर्त्तन हुनेछ। २१ आइमाई सुत्केरी
हुँदा दुःखमा पर्छे, किनभने त्यसले जन्माउने
बेला भएको हुन्छ, तर जब त्यसले बालक
जन्माइसक्छे, तब संसारमा एउटा मानिसको
जन्म भयो भन्ने आनन्दको कारण त्यो वेदनाको
सम्झना त्यसलाई हुँदैन। २२ यसकारण
अहिले तिमीहरूलाई दुःख ता हुन्छ, तर म
फेरि तिमीहरूलाई हेर्नेछु, र तिमीहरूको
हृदय आनन्दित हुनेछ। औ तिमीहरूको
आनन्द कसैले तिमीहरूबाट खोस्तैन।
२३ त्यो दिन तिमीहरू मलाई केही

सोध्नेछैनौ। साँचो साँचो म तिमीहरूलाई
भन्दछु, तिमीहरू पितासँग जे मागौला,
उहाँले मेरो नाउँमा तिमीहरूलाई दिनुहुनेछ।
२४ अहिलेसम्म तिमीहरूले मेरो नाउँमा
केही मागेका छैनौ। माग त तिमीहरूले
पाउनेछौ, र तिमीहरूको आनन्द पूर्ण
हुनेछ।

२५ यी कुरा मैंले तिमीहरूलाई उखान-
हरूमा भनेको छु। त्यो बेला आउँछ, जब म
तिमीहरूलाई फेरि उखानमा भन्नेछैनँ, तर
पिताको विषयमा तिमीहरूलाई सफासँग
सुनाउनेछु। २६ त्यो दिन तिमीहरू मेरो
नाउँमा माग्नेछौ, र म तिमीहरूका निम्ति
पितालाई बिन्ती गर्नेछु भनी तिमीहरूलाई
भन्दिनँ, २७ किनभने पिता आफैले तिमी-
हरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले
मलाई माया गरेका छौ, औ म परमेश्वरका
तर्फबाट आएँ भनी विश्वास गरेका छौ।
२८ म पिताबाट निस्केर संसारमा आएको
छु, र फेरि म संसारलाई छोड़ेर पिताकहाँ
जान्छु।'

२९ उहाँका चेलाहरूले भने, 'हेर्नुहोस्,
अब तपाइं सफासँग भन्नुहुन्छ, औ केही
पनि उखानमा भन्नुहुन्न। ३० तपाइं सबै
कुरा जान्नुहुन्छ, औ कसैले तपाइंलाई
सोध्नालाई केही आवश्यक छैन भनी अब
हामी जान्दछौं, यसैमा तपाइं परमेश्वरका
तर्फबाट निस्केर आउनुभएको हो भनी हामी
विश्वास गर्दछौं।' ३१ येशूले तिनीहरूलाई
जवाफ दिनुभयो, 'के तिमीहरू अब विश्वास
गर्दछौ? ३२ हेर, बेला आउँछ, औ आएकै
छ, कि तिमीहरू हरेक आफ्ना आफ्नै ठाउँमा
तितर-बितर हुनेछौ, औ मलाई एक्लै
छोड़नेछौ। तापनि म एक्लो छैनँ, किनभने
पिता मसँग हुनुहुन्छ। ३३ ममा तिमीहरू-
लाई शान्ति होस् भनेर मैले तिमीहरूलाई यी
कुरा भनेको हुँ। संसारमा तिमीहरूलाई
कष्ट हुन्छ, तर ढाड़स गर, मैंले संसारलाई
जितेको छु।'

येशूको प्रार्थना

१७ यी कुरा भनेर येशूले माथि स्वर्गतिर
हेरी भन्नुभयो, 'हे पिता, बेला
आइपुगेको छ, पुत्रको महिमा गर्नुहोस्, र
पुत्रले तपाइंको महिमा गरोस्। २ औ जसरी
तपाइंले उसलाई सबै प्राणीमाथि अधिकार
दिनुभयो, कि उसलाई दिनुभएको जोसुकैलाई
पनि उसले अनन्त जीवन देओस्।
३ औ अनन्त जीवन यही यो, कि तिनी-
हरूले तपाइं, एकमात्र सत्य परमेश्वरलाई, र
जसलाई तपाइंले पठाउनुभयो, अर्थात् येशू
ख्रीष्टलाई चिनून्। ४ तपाइंले मलाई गर्न-
दिनुभएको काम पूरा गरेर मैले पृथ्वीमा
तपाइंको महिमा गरें। ५ अब हे पिता,
मेरो जुन महिमा संसार हुनभन्दा अघि
तपाइंसित थियो, त्यसैले मलाई तपाइं
आफैसित महिमा गर्नुहोस्।

६ ती मानिसहरूलाई, जसलाई संसार-
बाट तपाइंले मलाई दिनुभयो तपाइंको नाउँ
मैले प्रकट गरिदिएँ। ती तपाइंका थिए, औ
ती तपाइंले मलाई दिनुभयो, र तिनीहरूले
तपाइंको वचन पालन गरेका छन्। ७ सबै
जे जे तपाइंले मलाई दिनुभएको छ, ती
तपाइंतर्फका हुन् भन्ने अब तिनीहरूलाई
थाह भएको छ। ८ किनभने जुन कुराहरू
तपाइंले मलाई दिनुभयो, मैले तिनीहरूलाई
दिएको छु, औ तिनीहरूले ती ग्रहण गरे।
औ म तपाइंबाट आएको हुँ भन्ने साँचै तिनी-
हरूले थाह पाए। औ तपाइंले मलाई पठाउनु-
भएको हो भनी तिनीहरूले विश्वास गरे।
९ म तिनीहरूका निम्ति बिन्ती गर्छु,
संसारको निम्ति ता म बिन्ती गर्दिनँ, तर
तिनीहरूकै निम्ति, जसलाई तपाइंले मलाई
दिनुभएको छ। किनभने तिनीहरू तपाइंकै
हुन्। १० मेरा सबै थोक तपाइंका हुन्,
औ तपाइंका मेरा, र तिनीहरूमा मेरो
महिमा भएको छ।

११ म फेरि संसारमा हुँदिनँ, तर यिनीहरू

ता संसारमा हुन्छन्। मचाहिं तपाईंकहाँ
आउँछु। हे पवित्र पिता, जो तपाईंले
मलाई दिनुभएको छ, तपाईंको नाउँमा
तिनीहरूलाई जोगाइराख्नुहोस्, र तिनीहरू
पनि हामी जस्तै एक होऊन्। १२ जब म
तिनीहरूसित थिएँ, तपाईंले मलाई दिनुभएका-
हरूलाई तपाईंको नाउँमा जोगाइराखें, र
तिनीहरूको रक्षा गरें। औ तिनीहरूमध्ये अरू
कोही नष्ट भएन, केवल विनाशको छोरो
मात्र, कि धर्म-शास्त्र पूरा होस्। १३ तर
अब म तपाईंकहाँ आउँछु, औ यी कुरा म
संसारमा बोल्दछु, कि तिनीहरू आफैमा मेरो
आनन्द पूरा होस्। १४ मैले तिनीहरूलाई
तपाईंको वचन दिएँ, तर संसारले
तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू
संसारका होइनन्, जस्तो म संसारको होइनँ।
१५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानु-
होस् भनी म बिन्ती गर्दिनँ, तर तिनीहरूलाई
दुष्टबाट जोगाइराख्नुहोस्। १६ जस्तो म
संसारको होइनँ, तिनीहरू पनि संसारका होइनन्!
१७ सत्यले तिनीहरूलाई पवित्र
गर्नुहोस्, तपाईंको वचन सत्य हो।
१८ जसरी तपाईंले मलाई संसारमा पठाउनु-
भयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएँ।
१९ तिनीहरू पनि सत्यमा पवित्र होऊन्
भनेर म आफैलाई तिनीहरूका खातिर
पवित्र गर्दछु। २० म तिनीहरूका निम्ति
मात्र बिन्ती गर्दिनँ, तर तिनीहरूका वचन-
द्वारा मलाई विश्वास गर्नेहरूका निम्ति पनि,
२१ र तिनीहरू सबै एक होऊन्, जसरी
हे पिता, तपाईं ममा, औ म तपाईंमा,
तिनीहरू पनि हामीमा होऊन्, र तपाईंलेनै
मलाई पठाउनुभयो भनी संसारले विश्वास
गरोस्। २२ औ जस्तो हामी एक छौं,
तिनीहरू पनि एक होऊन् भनी तपाईंले मलाई
दिनुभएको महिमा मैले तिनीहरूलाई दिएको
छु। २३ म तिनीहरूमा, औ तपाईं
ममा, र तिनीहरू सम्पूर्ण एकै होऊन्।
तपाईंलेनै मलाई पठाउनुभयो, र तपाईंले
मलाई प्रेम गर्नुभएझैं तिनीहरूलाई पनि प्रेम
गर्नुभयो भनी संसारले जानोस्। २४ हे
पिता, म इच्छा गर्दछु, कि जो जो तपाईंले
मलाई दिनुभएको छ, तिनीहरू पनि म जहाँ
छु मसितै होऊन्, र तपाईंले मलाई दिनु-
भएको मेरो महिमा तिनीहरूले देखून्, किनकि
तपाईंले संसारको उत्पत्तिभन्दा पहिलेदेखिनै
मलाई प्रेम गर्नुभयो। २५ हे धार्मिक पिता,
संसारले तपाईंलाई चिनेन, तर मैले तपाईंलाई
चिनें, औ तपाईंले मलाई पठाउनुभयो भनी
यिनीहरूले थाह पाए। २६ मैले तिनी-
हरूलाई तपाईंको नाउँ परिचित गराएँ, औ
परिचित गराउनेछु, र जुन प्रेमले तपाईंले
मलाई प्रेम गर्नुभयो, त्यो तिनीहरूमा होस्,
र म तिनीहरूमा होऊँ।'

येशूको गिरफ्तार

१८ यी कुरा भनेर येशू आफ्ना चेला-
हरूसँग किद्रोन खोल्सापारि जानुभयो,
त्यहाँ एउटा बगैंचा थियो। त्यसैमा उहाँ
आफ्ना चेलाहरूका साथमा पस्नुभयो।
२ उहाँलाई पक्राइदिने यहूदाले पनि त्यो
ठाउँ जानेको थियो, किनभने येशू आफ्ना
चेलाहरूसँग त्यहाँ वारंवार भेला हुनुहुन्थ्यो।
३ तब मुख्य पूजाहारी र फरिसीहरूबाट
सिपाहीहरूको दल र अफिसरहरू पाएर
बत्ती, चिराख र हतियारहरूसमेत लिएर
यहूदा त्यहाँ आयो। ४ तब आफूमाथि
आइपर्ने सबै कुरा थाहा पाएर येशू निस्कनु-
भयो, र तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू
कसलाई खोज्दैछौ?' ५ तिनीहरूले उहाँलाई
भने, 'नासरतका येशूलाई।' येशूले
तिनीहरूलाई भन्नुभयो, 'म उही हुँ।'
अब उहाँलाई पक्राइदिने यहूदा पनि तिनी-
हरूसँगै उभिरहेको थियो। ६ त्यसकारण
जब उहाँले तिनीहरूलाई 'मै हुँ,' भन्नुभयो,
तब तिनीहरू पछि हटेर भूइँमा लोटे।
७ यसकारण फेरि उहाँले तिनीहरूलाई

सोध्नुभयो, 'तिमीहरू कसलाई खोज्दैछौ ?'
औ तिनीहरूले भने, 'नासरतका येशूलाई।'
८ येशूले जवाफ दिनुभयो, 'मैंले तिमीहरूलाई
भनिहालें म उही हुँ। यसकारण यदि
तिमीहरू मलाई खोज्दछौ भने यिनीहरूलाई
चाहिं जानदेओ।' ९ औ उहाँले भन्नु-
भएको वचन पूरो होस्, कि 'तपाईंले
मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि मैंले
गुमाइनँ।' १० अब शिमोन पत्रुससँग
तरवार भएको हुनाले त्यो तिनले थुतेर
मुख्य पूजाहारीको दासलाई हानेर त्यसको
दाहिने कान च्वाट्टै काटिदिए। त्यस
दासको नाउँ माल्कस थियो। ११ येशूले
पत्रुसलाई भन्नुभयो, 'तरवार म्यानमा हाल।
के पिताले मलाई दिनुभएको कचौराबाट म
नपिऊँ ?'

१२ त्यसपछि सिपाहीहरूको दल, र मुख्य
कप्तान, र यहूदीहरूका अफिसरहरूले
येशूलाई पक्रे, र उहाँलाई बाँधे। १३ औ
पहिले हन्नासकहाँ लगे, किनभने तिनी
त्यस सालका प्रधान पूजाहारी कैयाफाका
ससुरा थिए। १४ यी तिनै कैयाफा
थिए, जसले 'मानिसहरूका निम्ति एउटै
मान्छे मर्नु फाइदा छ' भनी यहूदीहरूलाई
सल्लाह दिएका थिए।

पत्रुसको इन्कार

१५ अब शिमोन पत्रुस येशूको पछि
लागे, र अर्को एक जना चेलाले पनि त्यसै
गरे। औ त्यो चाहिं चेला प्रधान पूजा-
हारीका चिन्हारु थिए, र येशूसँगै प्रधान
पूजाहारीको चोकमा पसे। १६ तर पत्रुस
बाहिर ढोकामा उभिरहेका थिए। यसकारण
त्यो अर्कोचाहिं चेलाले, जो प्रधान पूजा-
हारीका चिन्हारु थिए, बाहिर निस्केर
ढोकामा पालो बस्ने स्त्रीलाई भनेर पत्रुस-
लाई भित्र ल्याए। १७ तब ढोकामा
पालो बस्ने स्त्रीले पत्रुसलाई भनी, 'के
तिमी पनि यस मानिसका चेलाहरूमध्ये
एउटा हौ ?' तिनले भने, 'म ता होइनँ।'
१८ त्यहाँ दासहरू र अफिसरहरू
आगोको भुंग्रो बनाएर उभिरहेका थिए,
किनभने जाडो थियो, र आगो ताप्दै थिए,
औ पत्रुस पनि तिनीहरूसँग उभिएर आगो
ताप्दैथिए।

१९ अब प्रधान पूजाहारीले येशूलाई
उहाँका चेलाहरू र उहाँका शिक्षाका विषयमा
सोधे। २० येशूले तिनलाई जवाफ दिनुभयो,
'मैंले संसारलाई खुल्लमखुल्ला भनेको छु,
मैले सधैं सभाघरमा र मन्दिरमा शिक्षा
दिएको छु, जहाँ सबै यहूदीहरू जम्मा
हुन्छन्। मैंले गुप्तमा केही भनेको छैनँ।
२१ मलाई किन सोध्नुहुन्छ ? मैंले तिनी-
हरूलाई के के भनें, ती सुन्नेहरूलाईनै
सोध्नुहोस्। हेर्नुहोस्, मैले भनेका कुराहरू
यिनीहरूलाई थाह छ। २२ अनि उहाँले
यी कुरा भन्नुहुँदा नजीकमा उभिएका
अफिसरहरूमध्ये एक जनाले यसो भन्दै
येशूलाई थप्पड दिए, 'के प्रधान पूजाहारी-
लाई यसरी जवाफ दिन्छस् ?' २३ येशूले
तिनलाई जवाफ दिनुभयो, 'मैंले खराब
बोलेको भए, त्यस खराबीको गवाही देऊ,
तर असलै हो भने मलाई किन
हिर्काउँछौ ?' २४ तब हन्नासले उहाँलाई
बाँधिएकैमा प्रधान पूजाहारी कैयाफाकहाँ
पठाए।

२५ शिमोन पत्रुस उभिएर आगो
ताप्दैथिए। यसकारण तिनीहरूले तिनलाई
भने, 'के तिमी पनि उनका चेलाहरूमध्ये
एक हौ।' तिनले इन्कार गरेर भने, 'म
होइनँ।'

२६ प्रधान पूजाहारीका दासहरूमध्ये
एकजना, अर्थात् जसको कान पत्रुसले
काटेका थिए, त्यसको नातेदारले सोध्यो, 'के
मैले तिमीलाई तिनीसँग बगैंचामा देखिनँ
र ?' २७ तब फेरि पत्रुसले इन्कार गरे।
अनि तुरुन्तै भाले बास्यो।

पिलातसको सामने येशू

२८ यसकारण तिनीहरूले येशूलाई कैयाफा-
कहाँबाट महलतिर लगे, औ त्यस बेला
बिहानपख थियो। औ तिनीहरू नबिटुलिऊन्
तर निस्तार चाड़को भोज खाऊन् भनी
आफूहरूचाहिँ महलभित्र पसेनन्। २९ यस-
कारण पिलातसले तिनीहरूकहाँ बाहिर निस्केर
भने, 'यस मानिसको विरुद्धमा तिमीहरू के
अभियोग लाउँछौ ?' ३० तिनीहरूले उनलाई
भने, 'यदि यो मानिस कुकर्मी नहुँदो हो ता
हामी यसलाई तपाईंकहाँ सुम्पने थिएनौं।'
३१ पिलातसले तिनीहरूलाई भने, 'तिमीहरू
यिनलाई लैजाओ, र तिमीहरूको आफ्नै
व्यवस्थाबमोजिम यिनको इन्साफ गर।' यहूदी-
हरूले उनलाई भने, 'हामीले कुनै मानिसको
ज्यान लिनु न्यायसंगत होइन।' ३२ येशूको
त्यो वचन पूरा होस् भनेर, जो उहाँले
भन्नुभएको थियो, 'म कस्तो मृत्युले मर्न
आँटेको छु।'
३३ पिलातस फेरि महलभित्र पसे, र
तिनले येशूलाई बोलाएर उहाँलाई भने, 'के
तिमी यहूदीहरूका राजा हौ ? ३४ येशूले
जवाफ दिनुभयो, 'के तपाईं आफै यो
भन्नुहुन्छ, अथवा मेरो विषयमा तपाईंलाई
अरू कसैले भने ?' ३५ पिलातसले जवाफ
दिए, 'के म यहूदी हुँ र ? तिम्रै जाति
र मुख्य पूजाहारीहरूले तिमीलाई मकहाँ
सुम्पिदिए। तिमीले के गर्‍यौ ?' ३६ येशूले
जवाफ दिनुभयो, 'मेरो राज्य यस संसारको
होइन। मेरो राज्य यस संसारको हुँदो हो
ता म यहूदीहरूका हातमा नसुम्पिनालाई
मेरा चाकरहरूले लड़ाइँ गर्नेथिए, तर अब
मेरो राज्य यहाँको होइन।' ३७ यसकारण
पिलातसले उहाँलाई भने, 'के तब तिमी
राजाने हौ ता ?' येशूले जवाफ दिनुभयो,
'म राजा हुँ भनी तपाईंने भन्नुहुन्छ।
यसैको निम्ति म जन्मेको हुँ, र त्यसैको
निम्ति गवाही दिऊँ भनेर म यस
संसारमा आएको हुँ। सत्यको जो छ,
हरेकले मेरो सोर सुन्छ।' ३८ पिलातसले
उहाँलाई भने, 'सत्य के हो ?'
अनि यो भनेर फेरि उनले यहूदीहरूकहाँ
बाहिर निस्केर तिनीहरूलाई भने, 'म यिनमा
केही दोष भेट्टाउँदिनँ। ३९ तर मैले निस्तार-
चाड़मा एक जनालाई तिमीहरूका निम्ति
छोड़िदिने तिमीहरूको चलन छ, त के
तिमीहरूका निम्ति यहूदीहरूका राजालाई
छोड़िदिऊँ भन्ने तिमीहरूको इच्छा छ ?'
४० तर तिनीहरू फेरि यसो भन्दै कराए,
'यसलाई होइन, तर बरब्बालाई।' बरब्बा
चाहिँ चोर थियो।

१९ तब पिलातसले येशूलाई लगेर कोर्रा
लगाए। २ औ सिपाहीहरूले काँढ़ा-
हरूको मुकुट गाँथेर उहाँको शिरमा लगाइ-
दिए। अनि उहाँलाई बैजनी रङ्गको वस्त्र
पहिराइदिए, ३ र उहाँका नजीक आएर
भने, 'सलाम, यहूदीहरूका राजा !' औ
तिनीहरूले उहाँलाई थप्पड़ दिए। ४ अनि
पिलातसले फेरि बाहिर निस्केर तिनीहरूलाई
भने, 'हेर, म यिनलाई तिमीहरूकहाँ बाहिर
ल्याउँछु, औ म यिनमा केही दोष पाउँदिनँ
भनी तिमीहरूले थाह पाओ।'
५ तब येशू काँढ़ाको मुकुट र बैजनी
रङ्गको वस्त्र पहिरेका भएरै बाहिर आउनुभयो,
औ पिलातसले तिनीहरूलाई भने, 'हेर, त्यो
मानिस !' ६ जब मुख्य पूजाहारीहरू र
अफिसरहरूले उहाँलाई देखे, तब यसो भन्दै
चिच्याए, 'क्रूसमा टाँगनुहोस्, क्रूसमा टाँगनु-
होस् !' पिलातसले तिनीहरूलाई भने,
'तिमीहरूलेनै यिनलाई लगेर क्रूसमा टाँग,
किनभने म यिनमा केही दोष पाउँदिनँ !
७ यहूदीहरूले तिनलाई जवाफ दिए, 'हाम्रो
एउटै व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार
यो मर्नैपर्छ, किनकि यसले आफैलाई
परमेश्वरका पुत्र तुल्यायो।' ८ यो कुरो
सुनेर पिलातस झन् डराए, ९ अनि

फेरि महलभित्र पसेर येशूलाई भने,
'तिमी कहाँका हौ ?' तर येशूले तिनलाई
केही जवाफ दिनुभएन । १० यसकारण
पिलातसले उहाँलाई भने, 'के तिमी मसित
बोल्दैनौ ? तिमीलाई छोड्दिने मलाई
अधिकार छ, र तिमीलाई क्रूसमा टाँग्ने पनि
मलाई अधिकार छ भन्ने के तिमीलाई थाह
छैन ?' ११ येशूले जवाफ दिनुभयो, 'तपाईंलाई
यो माथिबाट नदिएको भए तपाईंको ममाथि
केही अधिकार हुनेथिएन । यसकारण मलाई
तपाईंकहाँ सुम्पिदिने जो हो, त्यसलाई बढ़ता
पाप छ ।' १२ यतिमा पिलातसले उहाँलाई
छोड्दिन खोजे । तर यहूदीहरू यसो भन्दै
कराए, 'यदि तपाईंले यस मानिसलाई छोड्-
दिनुभयो भने तपाईं सिजरका मित्र हुनुहुन्न ।
आफैलाई राजा बनाउने प्रत्येक सिजरका
विरुद्धमा बोल्छ ।'

१३ पिलातसले यी कुरा सुनेर येशूलाई
बाहिर ल्याए, औ ढुङ्गा छापेको
तर हिब्रूमा गब्बथा भन्ने न्याय-आसनमा
बसे । १४ त्यस बखत निस्तार
चाड्को तयारीको समय थियो । औ बिहान
प्रायः छैटौं घड़ी भएको थियो, अनि तिनले
यहूदीहरूलाई भने, 'हेर, तिमीहरूका राजा !'
१५ तर तिनीहरू यसो भन्दै चिच्याए,
'लैजानुहोस्, लैजानुहोस्, त्यसलाई क्रूसमा
टाँग्नुहोस् !' पिलातसले तिनीहरूलाई भने,
'के म तिमीहरूका राजालाई क्रूसमा टाँगूँ ?'
मुख्य पूजाहारीहरूले जवाफ दिए, 'सिजरबाहेक
हाम्रा अरू राजै छैन ।' १६ त्यसर्थ तिनले
उहाँलाई क्रूसमा टाँग्नालाई तिनीहरूका हातमा
सुम्पिदिए ।

येशू क्रूसमा

१७ तब तिनीहरूले येशूलाई जिम्मा
लिए । उहाँ आफ्ना क्रूस आफै बोकेर खप्परे
भन्ने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा
गलगथा भन्दछ । १८ त्यहाँ तिनीहरूले
उहाँका साथमा अरू दुइ जनालाई, एउटालाई
यतापट्टि र अर्कोलाई उतापट्टि, औ माझमा
येशूलाई क्रूसमा टाँगे । १९ पिलातसले
एउटा दोष-पत्र पनि लेखेर क्रूसमाथि टाँसि-
दिए । औ त्यसमा यही लेखिएको थियो,
'नासरतका येशू, यहूदीहरूका राजा ।'
२० अब धेरै यहूदीहरूले यो दोष-पत्र पढ़े,
किनभने येशू क्रूसमा टाँगिनुभएको ठाउँ
शहरको नजीकै थियो । औ यो हिब्रू,
ल्याटिन र ग्रिक भाषामा लेखिएको थियो
२१ यसकारण यहूदीहरूका मुख्य पूजाहारीले
पिलातसलाई भने, 'यहूदीहरूका राजा भन्ने
होइन, तर यसले म यहूदीहरूका राजा हुँ
भन्यो भनी लेख्नुहोस् ।' २२ पिलातसले
जवाफ दिए, 'मैले जे लेखें, लेखें ।'

२३ जब तिनीहरूले येशूलाई क्रूसमा
टाँगे तब सिपाहीहरूले उहाँका वस्त्र
लिएर प्रत्येक सिपाहीलाई एक एक भाग हुने
गरी चार भाग गरे, औ अलखा पनि बाँटे,
तर अलखा चाहिं सिउनी नभएको माथिदेखि
तलसम्मै बुनेको थियो । २४ यसकारण तिनी-
हरूले आपसमा भने, 'यो चाहिं नाच्यातौं, तर
यो कसको हुनेहो भनी गोला हालौं ।' यसरी
यसो भन्ने धर्मशास्त्र पूरो होस्,

'तिनीहरूले मेरो वस्त्र आफू आफूमा
बाँड़े,
र मेरो अलखामा चाहिं गोला हाले ।'

यसकारण सिपाहीहरूले यी काम गरे ।

२५ अनि येशूको क्रूसको नजीक उहाँकी
आमा, उहाँकी आमाकी बहिनी क्लिओफसकी
पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका
थिए । २६ जब येशूले आफ्नी आमालाई
र उहाँले प्रेम गर्नुभएको चेलालाई नजीकमा
उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी
आमालाई भन्नुभयो, 'हे नारि, हेर
तिम्रो छोरो !' २७ तब त्यस चेलालाई
पनि उहाँले भन्नुभयो, 'हेर, तिम्री आमा !'
औ त्यस बेलादेखि त्यस चेलाले उनलाई
तिनको आफ्नै घरमा लगे ।

२८ यसपछि येशूले सबै कुरा अब
सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस्
भनी भन्नुभयो, 'मलाई तिर्खा लाग्यो।'
२९ त्यहाँ सिर्काले भरिएको एउटा भाँडो
राखिएको थियो, यसकारण सिर्काले भरेको
स्पन्ज एउटा हिसपमा अड्काएर तिनीहरूले
उहाँको मुखमा पुऱ्याइदिए। ३० जब येशूले
सिर्का खानुभयो, तब उहाँले भन्नुभयो, 'अब
सिद्धियो।' औ उहाँले शिर निहुराएर आफ्नो
आत्मा सुम्पिदिनुभयो।

३१ किनकि त्यो दिन तयारीको दिन
थियो, यसकारण यहूदीहरूले विश्राम-दिनमा
(किनकि त्यो ठूलो विश्राम-दिन थियो)
लाशहरू क्रूसमा नरहून् भनेर पिलातस-
लाई तिनीहरूका खुट्टा भाँचेर तिनीहरूलाई
झारेर लगिऊन् भनी बिन्ती गरे।
३२ तब सिपाहीहरू आएर पहिलोका खुट्टा
भाँचे, र उहाँसित क्रूसमा टाँगिएको अर्कोको
पनि भाँचे। ३३ जब तिनीहरू येशूकहाँ
आए र उहाँको मृत्यु अघिनै भइसकेको देखे,
तब उहाँका खुट्टा भाँचेनन्। ३४ त्यसो
भए तापनि सिपाहीहरूमध्ये एक जनाले भालाले
उहाँको कोखामा घोच्यो, र तुरुन्तै रगत र
पानी निस्क्यो। ३५ यो देख्नेले गवाही
दिएको हो, र उनको गवाही साँचो छ, र
साँचो बोल्दछु भनी उनी जान्दछन्। त्यसै-
कारण तिमीहरूले पनि विश्वास गर्नसक।
३६ किनकि 'उहाँको एउटै हड्डी भाँचिनेछैन'
भन्ने धर्मशास्त्र पूरा होस् भनेर यी कुरा
हुनआए। ३७ अनि फेरि अर्को ठाउँमा
धर्मशास्त्र भन्छ, 'जुनले उहाँलाई रोपे,
तिनीहरूले उहाँलाई हेर्नेछन्।'

३८ त्यसपछि अरिमथियाका यूसुफले,
यहूदीहरूका डरले गुप्तमा मात्र येशूका
चेला भएका हुनाले, पिलातसलाई येशूको
लाश लैजान पाऊँ भनी बिन्ती गरे,
र पिलातसले अनुमति दिए। तब तिनले
आएर उहाँको लाश लगे। ३९ अनि अघि
उहाँकहाँ राती आउने निकोदेमस पनि पचास
सेर जति मिसाएको मुर्र र एल्वा लिई त्यहाँ
आए। ४० यसरी तिनीहरूले येशूको लाश
लगेर यहूदीहरूको लाश गाड्ने रीतिअनुसार
सुगन्धित मसालाहरूसित सुती कपड़ामा
बाँधे। ४१ उहाँ क्रूसमा टाँगिनुभएको ठाउँमा
एउटा बगैंचा थियो। त्यस बगैंचामा
कहिल्यै मानिस नगाड़िएको एउटा नयाँ
चिहान थियो। ४२ यहूदीहरूको तयारीको
दिनले गर्दा (किनकि त्यो चिहान नजीकै
थियो) तिनीहरूले येशूलाई त्यही चिहानमा
राखे।

रित्तो चिहान

२० हप्ताको पहिलो दिन बिहान
अँध्यारो छँदै मरियम मग्दलिनी
चिहानमा आइन् तिनले ढुङ्गा चिहानबाट
हटाएको देखिन्। २ तिनी शिमोन पत्रुस
र येशूले माया गर्नुहुने अर्को चेलाकहाँ,
दगुरेर आइन्, र तिनीहरूलाई भनिन्,
'तिनीहरूले प्रभुलाई चिहानबाट लगेछन्,
औ उहाँलाई कहाँ राखेका छन्,
सो हामी जान्दैनौं।' ३ तब पत्रुस
र त्यो अर्को चेला बाहिर निस्केर
चिहानतिर गए। ४ ती दुवै सँगसँगै दगुरे,
तर त्यो अर्को चेलाले पत्रुसलाई उछिनेर
चिहानमा अघाड़ि आइपुगे, ५ औ
निहुरेर हेरी सुती कपड़ाहरू त्यसै पड़िरहेका
देखे, तरैपनि तिनी भित्र पसेनन्।

६ तिनका पछिपछि लाग्दै शिमोन
पत्रुस पनि आए, र चिहानभित्रै पसे।
तिनले सुती कपड़ाहरू त्यसै पड़िरहेका देखे,
७ औ उहाँको शिरमा भएको रुमाल चाहिं
सुती कपड़ाहरूसित होइन तर अलग्गै
एक ठाउँमा बेहेरिएको देखे। ८ तब
चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि
भित्र पसे, र त्यो देखेर तिनले विश्वास गरे।
९ किनभने तिनीहरूले उहाँको पुनरुत्थान
हुनैपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म

जानेका थिएनन्। १० त्यसपछि चेलाहरू
फेरि आफ्ना आफ्ना घरमा गए।

येशू र मरियम

११ तर मरियम चिहान बाहिर रुँदै
उभिरहेका थिइन्। तिनले रुँदै चिहान-
तिर निहुरेर हेरिन्, १२ औ जहाँ येशूको
लाश रहेको थियो त्यहाँ सेता वस्त्र लाएका
दुइ स्वर्गदूतहरूलाई, एउटा शिरतिर, र
अर्को पाउतिर बसिरहेका तिनले देखिन्।
१३ उनीहरूले तिनलाई भने, 'ए नारि,
किनी रुन्छ्यौ ?' तिनले उनीहरूलाई भनिन्,
'किनभने तिनीहरूले मेरा प्रभुलाई लगेछन्,
औ उहाँलाई कहाँ राखेका छन्, म
जान्दिनँ।' १४ यी कुरा भनेर तिनी
पछिल्तिर फर्किन्, र तिनले येशूलाई उभि-
रहनुभएको देखिन्, तापनि येशूनै हुनुहुन्छ
भनी चिनिनन्।
१५ येशूले तिनलाई भन्नुभयो, 'ए नारि,
तिमी किन रुँदैछौ ? कसलाई खोज्छौ ?'
तिनले उहाँलाई माली भनी ठानेर भनिन्,
'हजूर, तपाइँले उहाँलाई यहाँबाट लैजानु-
भएको भए, कहाँ राख्नुभएको छ मलाई
भन्नुहोस्, र म उहाँलाई लैजानेछु।'
१६ येशूले तिनलाई 'ए मरियम' भन्नुभयो।
तिनले फर्केर उहाँलाई हिब्रूमा भनिन्,
'रब्बोनी' अर्थात् 'हे गुरुज्यू!' १७ येशूले
तिनलाई भन्नुभयो, 'मलाई नछोऊ। किनभने
म अहिलेसम्म माथि पिताकहाँ गएको छैनँ,
तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई
भनिदेऊ, 'म मेरा पिता र तिमीहरूका पिता,
औ मेरा परमेश्वर र तिमीहरूका परमेश्वर-
कहाँ जान्छु।' १८ मरियम मग्दलिनी
चेलाहरूकहाँ आइन्, र 'मैंले प्रभुलाई देखें
र उहाँले मलाई यी कुरा भन्नुभयो' भन्ने
समाचार तिनले ल्याइन्।
१९ त्यही दिन, अर्थात् हप्ताको
पहिलो दिनको साँझमा जहाँ चेलाहरू थिए,
यहूदीहरूको डरको कारण ढोकाहरू बन्द
गरिएकैमा येशू आएर माझमा उभिनुभयो,
र तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूलाई
शान्ति होस्!' २० यति भनेर उहाँले
तिनीहरूलाई आफ्ना हात र कोखा
पनि देखाउनुभयो। चेलाहरू प्रभुलाई देखेर
खुशी भए।
२१ तब येशूले फेरि तिनीहरूलाई
भन्नुभयो, 'तिमीहरूलाई शान्ति होस्! जसरी
पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि
तिमीहरूलाई पठाउँछु।' २२ अनि यति
भनेर उहाँले तिनीहरूलाई फुकेर भन्नुभयो,
'पवित्र आत्मा लेओ। २३ जस
जसका पाप तिमीहरू क्षमा गरौला, तिनी-
हरूलाई क्षमा हुनेछन्, औ जस जसका
पाप तिमीहरू रहनदिन्छौ, ती रहनेछन्।'

येशू र थोमा

२४ जब येशू आउनुभएको थियो
तब बाह जनामध्ये एक जना, दिदिमस भन्ने
थोमाचाहिं, तिनीहरूसँग थिएनन्। २५ यस-
कारण अरू चेलाहरूले तिनलाई भने,
'हामीले प्रभुलाई देख्यौं।' तर तिनले
उनीहरूलाई भने, 'जबसम्म म उहाँका हातमा
कीलाहरूको डोब देख्तिनँ, र कीलाहरूको
डोबमा मेरो औंला हाल्दिनँ, औ उहाँको
कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म
पत्याउनेछैनँ।'
२६ आठ दिनपछि उहाँका चेलाहरू
फेरि भित्रै थिए। औ थोमा पनि तिनीहसँग
थिए। ढोकाहरू बन्द गरिएकैमा येशू
आउनुभयो, र माझमा उभिएर भन्नुभयो,
'तिमीहरूलाई शान्ति होस्!' २७ तब
उहाँले थोमालाई भन्नुभयो, 'तिम्रो औंला
यहाँ ल्याऊ, र मेरा हातहरू हेर। औ
तिम्रो हात यहाँ ल्याएर मेरो कोखामा हाल,
औ अविश्वासी होइन, तर विश्वासी
होऊ।' २८ थोमाले उहाँलाई भने,

‘हे मेरा प्रभु, मेरा परमेश्वर !’
२९ येशूले तिनलाई भन्नुभयो, ‘किनकि
तिमीले मलाई देख्यौ, यसैकारण विश्वास
गर्‍यौ, तर नदेखेर विश्वास गर्नेहरू
धन्य हुन्।’

सुसमाचारको उद्देश्य

३० त्यसपछि येशूले अरू धेरै चिह्नहरू
पनि चेलाहरूका सामने गर्नुभयो, जुन यस
पुस्तकमा लेखिएका छैनन्। ३१ तर यी
लेखिएका छन्, कि तिमीहरूले येशू
परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी
विश्वास गर्नसक, र विश्वास गरेर तिमीहरूलाई
उहाँको नाउँमा जीवन होस्।

तिबिरियास झीलमा येशू

२१ त्यसपछि येशूले फेरि चेलाहरू-
लाई तिबिरियास समुद्रको छेउमा
आफूलाई प्रकट गर्नुभयो। औ उहाँ यसरी
प्रकट हुनुभयो—२ शिमोन पत्रुस, र
दिदिमस भन्ने थोमा, गालीलको कानाका
नथानेल, जबदीका छोराहरू र उहाँका
चेलाहरूमध्ये अरू दुइ जना एकसाथ
थिए।
३ शिमोन पत्रुसले तिनीहरूलाई भने,
‘म माछा मार्न जान्छु।’ तिनीहरूले उनलाई
भने, ‘हामी पनि तिमीसित आउँछौं।’
तिनीहरू निस्केर डुङ्गामा चढ़े, औ त्यस रात
तिनीहरूले केही पक्रेनन्। ४ अनि झिसमिसे
बिहान येशू किनारमा खड़ा हुनुभयो। तापनि
चेलाहरूले उहाँ येशूनै हुनुहुन्छ भनी चिनेका
थिएनन्। ५ यसकारण येशूले तिनीहरूलाई
भन्नुभयो, ‘नानी हो, तिमीहरूसित केही
खानेकुरो छ ?’ तिनीहरूले उहाँलाई
उत्तर दिए, ‘छैन।’ ६ उहाँले तिनीहरूलाई
भन्नुभयो, ‘जाल डुङ्गाको दाहिनेपट्टि हान,
अनि भेट्टाउनेछौ।’ तब तिनीहरूले जाल
हाने, माछाहरूका थुप्रोले गर्दा तिनीहरूले
जाल तान्नसकेनन्।
७ येशूले प्रेम गर्नुहुने त्यस चेलाले
पत्रुसलाई भन्यो, ‘उहाँ प्रभु हुनुहुन्छ।’
शिमोन पत्रुसले ‘उहाँ प्रभु हुनुहुन्छ’
भन्ने सुनेर आफ्नो ओढ़ने कम्मरमा
बेहेरे, (किनभने तिनी नाङ्गै थिए)
र समुद्रमा हामफाले। ८ अरू चेलाहरू
माछाहरूले भरिएको सानो डुङ्गामा जाल
तान्दै आए। (किनभने तिनीहरू किनार-
देखि टाढ़ा होइन, तर प्रायः सय गज
जतिमा थिए) ९ जब तिनीहरू किनारमा
उत्रे, तब तिनीहरूले कोइलाको भुंग्रो
पड़िरहेको, र त्यसमाथि माछा राखिएको र
रोटी देखे। १० येशूले तिनीहरूलाई भन्नु-
भयो, ‘तिमीहरूले अहिले पक्रेका माछाबाट केही
ल्याओ।’ ११ तब शिमोन पत्रुसले डुङ्गामा
चढ़ेर एक सय त्रिपन्नवटा ठूला ठूला माछाले
भरिएको जाल पाखामा तानी ल्याए, तर यति
धेर भए तापनि जाल फाटेन। १२ येशूले
तिनीहरूलाई भन्नुभयो, ‘आएर खाओ।’
तर उहाँ प्रभुनै हुनुहुन्छ भनी जानेर पनि
‘तपाइं को हुनुहुन्छ ?’ भनी उहाँलाई सोध्ने
चेलाहरूमध्ये कसैलाई आँट भएन।
१३ येशूले रोटी लिएर तिनीहरूलाई
दिनुभयो, औ त्यसैगरी माछा पनि दिनुभयो।
१४ पुनरुत्थान भएपछि येशू चेलाहरूकहाँ
प्रकट हुनुभएको यो तेस्रोपल्ट हो।

पत्रुसलाई येशूका आखिरी वचन

१५ अनि जब तिनीहरूले खाइसके,
तब येशूले शिमोन पत्रुसलाई भन्नुभयो, ‘ए
योआनेसको छोरो शिमोन, के तिमी मलाई
यिनीहरूभन्दा बढ़ी प्रेम गर्दछौ ?’ तिनले
उहाँलाई भने, ‘ज्यू प्रभु, तपाइं जान्नुहुन्छ,
म तपाइंलाई प्रेम गर्छु।’ उहाँले तिनलाई
भन्नुभयो, ‘मेरा पाठाहरू चराऊ।’
१६ उहाँले फेरि दोस्रोपल्ट तिनलाई

भन्नुभयो, 'ए योआनेसको छोरो शिमोन,
के तिमी मलाई प्रेम गर्दछौ ?' तिनले उहाँलाई
भने, 'ज्यू प्रभु, तपाइं जान्नुहुन्छ, म
तपाइंलाई प्रेम गर्छु।' उहाँले तिनलाई
भन्नुभयो, 'मेरा भेड़ाहरूको हेरचाह गर।'
१७ उहाँले तिनलाई तेस्रोपल्ट भन्नुभयो,
'ए योआनेसको छोरो शिमोन, के तिमी
मलाई प्रेम गर्छौ ?' पत्रुस दुःखित भए,
किनकि उहाँले तेस्रोपल्ट तिनलाई 'के तिमी
मलाई प्रेम गर्छौ ?' भन्नुभयो, तिनले
उहाँलाई भने, 'प्रभु, तपाइं सब कुरा
जान्नुहुन्छ, म तपाइंलाई प्रेम गर्दछु भनी
तपाइंलाई थाहै छ।' येशूले तिनलाई
भन्नुभयो, 'मेरा भेड़ाहरूलाई चराऊ।
१८ साँचो साँचो म तिमीलाई भन्दछु, जब
तिमी जवान थियौ तिमी आफैले आफ्नो
पटुका कस्थ्यौ, औ जहाँ इच्छा हुन्थ्यो तिमी
हिंड्डुल गर्थ्यौ, तर जब तिमी बूढ़ो हुनेछौ,
तब तिमीले आफ्ना हात पसार्नेछौ, र अर्काले
तिम्रो पटुका कसिदिनेछ, औ जहाँ तिम्रो इच्छा
हुँदैन, त्यहाँ लैजानेछ।' १९ तर तिनले
कस्तो मृत्युद्वारा परमेश्वरको महिमा गर्नेछन्,
त्यसको संकेत गर्दै उहाँले यो भन्नुभएको
थियो। यति भनेर उहाँले तिनलाई
भन्नुभयो, 'मेरोपछि लाग।'
२० तर पत्रुसले फर्केर येशूले प्रेम
गर्नुहुने चेलालाई पछि पछि आउँदै
गरेको देखे, तिनले बेलुकीको भोजनको
बेलामा उहाँका छातीमा अड्नेस लागेर
'प्रभु, तपाइंलाई धोका दिने को हो ?'
भनी सोधेका थिए। २१ तिनलाई देखेर
पत्रुसले येशूलाई भने, 'प्रभु, यिनको चाहिं के
हुनेछ ?' २२ येशूले तिनलाई भन्नुभयो, 'म
नआएसम्म तिनले पर्खिरहून् भन्ने मेरो इच्छा
भए पनि तिमीलाई के सरोकार ? तिमी
मेरोपछि लाग।' २३ यसैकारण भाइहरूका
बीचमा ती चेला मर्दैनन् भन्ने कुरा चल्यो।
तरैपनि 'तिनी मर्दैनन्' भनी येशूले तिनलाई
भन्नुभएको थिएन, तर 'म नआएसम्म
तिनले पर्खिरहून् भन्ने मेरो इच्छा भए
तिमीलाई के सरोकार ?' भन्नुभएको थियो।
२४ यी कुराको विषयमा गवाही दिने
र लेख्ने चेला यिनै हुन्। औ हामी
जान्दछौं कि तिनको गवाही साँचो छ।
२५ येशूले गर्नुभएका अरू पनि धेरै काम
छन्, जुन एक एक गरी लेखिएका भए,
म सम्झन्छु, ती लेखिएका पुस्तकहरू
संसारैभरि पनि अटाउनेथिएन।

प्रेरितहरूका काम

1 प्रिय थियोफिलस, येशूले जे जे गर्न र
सिकाउन थाल्नुभयो, ती सबका
विषयमा पहिलो चाहिं वृत्तान्त गरेकै छु,
२ त्यस दिनसम्मको, जबसम्म आफूले
छान्नुभएको प्रेरितहरूलाई पवित्र आत्माद्वारा
आज्ञा दिनुभएपछि उहाँ उचालिनुभएन,
३ जस जसलाई उहाँले दुःख भोगिसक्नु
भएपछि चालीस दिनसम्म तिनीहरूकहाँ देखापर्दै
र परमेश्वरको राज्यको विषयमा कुरा गर्दै, धेरै
अचुक प्रमाणहरूबाट आफूलाई जिउँदो पनि
देखाउनुभयो। ४ तब तिनीहरूसित भेला हुँदा,
उहाँले तिनीहरूलाई आज्ञा गर्नुभयो, 'यरूशलेम-
बाट कतै नजाओ, तर मबाट तिमीहरूले
सुनेका पिताका प्रतिज्ञालाई पर्खी रहो,
५ किनकि यूहन्नाले ता पानीले बप्तिस्मा
दिए, तर अबको थोरै दिनमा तिमीहरू पवित्र
आत्माले बप्तिस्मा हुनेछौ।'

येशूको स्वर्गारोहण

६ त्यसकारण जब तिनीहरू भेला भएका
थिए, तब तिनीहरूले उहाँलाई यसो भनेर
सोधे, 'हे प्रभु, के तपाईंले यसै बखत
इस्राएललाई राज्य फिर्ता गराइदिनुहुनेछ?'
७ अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
'पिताले जुन जुन समय वा बखत
आफ्नो अधिकारभित्र राख्नुभएको छ, सो
जान्नखोज्नु तिमीहरूको काम होइन।
८ तर पवित्र आत्मा तिमीहरूमा आउनु-
भएपछि तिमीहरूले शक्ति पाउनेछौ, औ
तिमीहरू यरूशलेममा, सारा यहूदियामा,
सामरियामा र पृथ्वीको अन्तसम्म मेरा गवाही
हुनेछौ।'
९ अनि जब उहाँले यी कुरा भन्नुभयो,
तब तिनीहरूले हेर्दा हेर्दै उहाँ उँभो
उचालिनुभयो, औ बादलले उहाँलाई
तिनीहरूका दृष्टिबाट ढाकेर लग्यो।
१० जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको
एक डिठ लगाएर स्वर्गतिर हेरिरहेका थिए,
तब हेर, सेतो पोशाक लाएका दुइ जना
मानिस तिनीहरूका नजीक खड़ा भए,
११ जसले यसो पनि भने, 'ए गालीलका
मानिस हो, तिमीहरू किन स्वर्गतिर हेर्दै
उभिरहेका छौ? यही येशू, जो तिमीहरू-
सँगबाट स्वर्गारोहण हुनुभएको छ, र अहिले
जसरी तिमीहरूले उहाँलाई स्वर्गतिर गइरहनु-
भएको देख्यौ, त्यसरीनै उहाँ फेरि
आउनुहुनेछ।'
१२ तब तिनीहरू जैतून भन्ने
डाँड़ाबाट, जो यरूशलेमको नजीकै एक
विश्रामको दिनको बाटो टाढ़ा छ,
यरूशलेममा फर्के। १३ औ तिनीहरू भित्र
पसेपछि माथिल्लो तलाको कोठामा उक्ले,
जहाँ पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास औ
फिलिप, थोमा, बर्थुलमै, मत्ती, अल्फयसको
छोरो याकूब, शिमोन विप्लवी र याकूबको
छोरो यहूदा बस्थे। १४ यी सबै एकै
मनका भएर, अरू स्त्रीहरू, येशूकी आमा
मरियम र उहाँका भाइहरूसित प्रार्थनामा
एकोहोरो लागिरहन्थे।
१५ अब ती दिनमा भाइहरूका बीचमा
खड़ा भएर पत्रुसले भने, (त्यहाँ मानिसका
समूह प्रायः एक सय बीस जना जम्मा
भएका थिए), १६ 'ए भाइ हो, धर्मशास्त्र
पूरा हुनैपर्थ्यो, जुन कुरो येशूलाई पक्रने-
हरूका अगुवा हुने यहूदाको विषयमा
पवित्र आत्माले दाऊदको मुखबाट अघिबाटै
बोल्नुभएको थियो। १७ किनकि त्यो हामीमै

गनिएर यही सेवामा त्यसले हिस्सा पाएको
थियो, १८ अब त्यस मानिसले अधर्मको
कमाइबाट एउटा जग्गा किन्यो, र उँधोमण्टो
भई खसेर त्यो माझमा फुट्यो, औ त्यसका सबै
आन्द्रा-भुँडीहरू निस्के। १९ अनि यो कुरो
यरूशलेममा बास गर्नेहरू सबैलाई यहाँसम्म
गरी थाह भयो, कि त्यो जग्गा तिनीहरूको
आफ्नो भाषामा हकल्दामा, अर्थात् रगतको
खेत भनियो। २० किनभने भजनको
पुस्तकमा यसो लेखिएको छ,

'त्यसको बासस्थान उजाड़ होस्,
र त्यसभित्र बास गर्ने कोही नहोस्,
र त्यसको पदाधिकार अर्कैले लेओस्।'

२१ यसैकारण हाम्रा साथमा हुने
मानिसहरूमध्ये प्रभु येशू हाम्रा बीचमा भित्र
बाहिर गर्नुभएको सबै समयसम्म,
२२ अर्थात् यूहन्नाको बप्तिस्मादेखि लिएर,
उहाँ हामीबाट उँभो उचालिनु भएको
दिनसम्म, हाम्रा साथमा रहनेहरूमध्ये एकजना
उहाँको पुनरुत्थानको गवाही हुनालाई
हाम्रासाथ अवश्य नियुक्त हुनपर्छ।'
२३ अनि तिनीहरूले दुइ जना, अर्थात्
बर्साबास भन्ने यूसुफ, जसको कुलनाउँ जस्तस
थियो, र मत्तियासलाई अगि सारे।
२४ औ तिनीहरूले प्रार्थना गरेर भने, 'हे
सबै मानिसहरूका हृदयका कुरा जान्ने प्रभु,
यी दुइमध्ये तपाईंले कसलाई चुन्नुभएको छ,
हामीलाई देखाउनुहोस्। २५ त्यो यस
सेवा र प्रेरितको काममा भर्ना होस्, जुन
कामबाट यहूदा उसको आफ्नो निज ठाउँमा
जानालाई पतित भयो।' २६ अनि
उनीहरूले तिनीहरूमा गोला हाले, र
गोला मत्तियासको नाउँमा पर्‍यो, र तिनी
एघार प्रेरितसँग गनिए।

पेन्तिकोस

२ औ जब पेन्तिकोसको दिन आइपुगेको
थियो, तब तिनीहरू सबै एकै ठाउँमा
भेला भएका थिए। २ अनि अचानक
स्वर्गबाट ठूलो बतास बहेको जस्तो हुरुरुरु
शब्द आयो, र त्यसले तिनीहरू बसेको घर
जम्मै भरिदियो। ३ औ आगोको जस्तो
चिरा चिरा परेका जिब्राहरू तिनीहरूकहाँ
देखा परे, र ती तिनीहरू एक एक माथि
बसे।

४ अनि तिनीहरू सबै पवित्र आत्माले
भरिए, र आत्माले तिनीहरूलाई उच्चारण
गर्नदिए बमोजिम, तिनीहरू अरू भाषामा
बोल्नलागे।

५ अब स्वर्गमनि भएका हरेक जातिबाट
कैयौं भक्त यहूदीहरू यरूशलेममा बसेका
थिए। ६ तब यो शब्द सुनेर भीड़ जम्मा
भएर आयो, र अकमक्क पर्‍यो, किनकि
हरेकले आफ्नो आफ्नो भाषामा तिनीहरूलाई
बोलिरहेका सुन्यो। ७ औ तिनीहरू सबै
छक्क परे, र यसो भन्दै अचम्म माने,
'हेर, के यी सबै बोल्नेहरू गालीली होइनन्
र? ८ त कसरी तिनीहरू हरेकले हाम्रा
मातृ-भाषामा बोलेको हामी सुन्छौं?

९ पार्थीहरू, मेदीहरू र एलामीहरू,
औ मेसोपोटामिया, यहूदिया, कपोदिसियाका,
पोन्टस र एशियाका बासिन्दा, १० र
फ्रिगिया, प्याम्फिलिया, मिश्र र लिबिया
देश, र साइरिनियाका आसपासका जिल्लामा
बस्नेहरू, रोमबाट आएका परदेशीहरू, यहूदी
र यहूदी मत मान्नेहरू दुवै, ११ औ
क्रेतीहरू र अरबीहरू, तिनीहरूले हाम्रा
भाषामा परमेश्वरका महाकार्यहरूका विषयमा
बोलिरहेका हामी सुन्छौं।'

१२ औ तिनीहरू सबै छक्क परे, र
अन्योलमा परेर एउटाले अर्कोलाई यसो
भन्नलागे, 'यसको मतलब के हो?'
१३ तर अरूहरूले हाँसो गरेर भने,
'तिनीहरू ता नयाँ मद्यले मातेका छन्।'

१४ तर पत्रुसले एघार जनासित उभिई
आफ्नो सोर उचालेर तिनीहरूलाई सम्बोधन
गरे, 'ए यहूदियाका मानिस र यरूशलेमका

जम्मै बासिन्दा हो, यो कुरा तपाईंहरूलाई
थाह होस्, र मेरा कुराहरूमा कान
लगाउनुहोस्।
१५ किनभने तपाईंहरूले ठान्नुभएझैं
यिनीहरू मातेका छैनन्, किनकि अहिले यस
बेला पहिलो पहर मात्र भएको छ,
१६ तर योएल अगमवक्ताबाट जुन कुरा
भनिएको थियो, त्यो यही हो,
१७ 'आखिरी दिनहरूमा यस्तो हुनेछ
भनी परमेश्वर भन्नुहुन्छ, 'म सबैको
शरीरमाथि मेरो आत्माबाट खन्याइदिनेछु,
औ तिमीहरूका छोराहरू, र तिमीहरूका
छोरीहरूले अगमवाणी बोल्नेछन्, औ
तिमीहरूका जवानहरूले दर्शन देख्नेछन्,
र तिमीहरूका बूढ़ा-पाकाहरू स्वप्नदर्शी
हुनेछन्।
१८ औ म आफ्ना दासहरू र आफ्ना
दासीहरूमाथि ती दिनमा आफ्ना आत्माबाट
खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी
बोल्नेछन्।
१९ औ माथि स्वर्गमा म अचम्मका
काम र तल पृथ्वीमा चिह्नहरू देखाउनेछु,
अर्थात् रगत, आगो, र धुवाँको वाफ,
२० परमप्रभुको महान् र प्रख्यात दिन आउन
अघाड़ि, सूर्य अँध्यारोमा र चन्द्र रगतमा
परिवर्त्तन हुनेछ। २१ अनि जसले
परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार
पाउनेछ।'
२२ ए इस्राएली हो, यो कुरा सुन्नुहोस्,
शक्तिका काम र आश्चर्यकामहरू र
चिह्नहरूबाट तपाईंहरूमा एक जना मानिस,
अर्थात् नासरतका येशूलाई परमेश्वरले नियुक्त
गर्नुभएको हो। र तपाईंहरूलाई पनि थाहै
छ, कि तपाईंहरूकै बीचमा यी कामहरू
परमेश्वरले उहाँद्वारा गर्नुभएको हो।
२३ उहाँलाई, परमेश्वरबाट ठहरिएको सल्लाह
र अगम-ज्ञानबमोजिम सुम्पेर, अधर्मीहरूका
हातद्वारा तपाईंहरूले क्रूसमा टाँगी मार्नुभयो,
२४ जसलाई परमेश्वरले मृत्युको पीड़ाबाट
छुटकारा दिएर उठाउनुभयो। किनकि त्यसको
अधीनमा उहाँ भइरहनु असम्भव थियो,
२५ किनकि दाऊदले उहाँको विषयमा भनेका
छन्,
'मैले प्रभुलाई सधैँ मेरो मुखको सामने
देखें,
किनभने म नडगमगाऊँ भनेर उहाँ मेरो
दाहिनेतर्फ हुनुहुन्छ।
२६ यसकारण मेरो हृदय आनन्दित र मेरो
जिब्रो उल्लसित भयो।
यस उप्रान्त मेरो शरीरले पनि आशामा
भरोसा गर्नेछ।
२७ किनकि तपाईंले मेरो प्राणलाई पातालमा
छोड़्नुहुनेछैन,
नता तपाईंले आफ्ना पवित्र जनको
शरीर कुहुनदिनुहुनेछ।
२८ तपाईंले मलाई जीवनको मार्ग
बताउनुभयो,
तपाईंले मलाई आफ्नो मुखद्वारा
आनन्दले गद्‌गद् पार्नुहुनेछ।'
२९ ए भाइ हो, हाम्रा पुर्खा
दाऊदका विषयमा म तपाईंहरूलाई प्रष्टसँग
भन्नसक्छु, कि उनी ता मरेर पनि गाड़ि-
सकेका छन्। औ आजको दिनसम्म उनको
चिहान हामीसितै छ। ३० यसकारण
अगमवक्ता भईकन, र 'तिम्रा सन्तानबाट
तिम्रो सिंहासनमा बस्नलाई एक जना हुनेछन्'
भनी परमेश्वरले शपथ हाल्नुभएको जानीकन,
३१ अघिबाटै यो देखेर उनले ख्रीष्टको
पुनरुत्थानको विषयमा बोलेका हुन्, उहाँ न
पातालमा छोड़िनुभयो, नता उहाँको शरीरनै
कुह्यो। ३२ यिनै येशूलाई परमेश्वरले
बिउँताउनुभयो। जुन कुराको हामी सबै
गवाही छौं।
३३ यसैकारण परमेश्वरका दाहिने
बाहुलीबाट उच्च पारिनुभएर, पिताबाट
पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र
उहाँलेनै यो खन्याइदिनुभएको हो, जे तपाईं-
हरू देख्नु र सुन्नुहुन्छ। ३४ किनकि दाऊद

स्वर्गमा चढ़िगएनन्, तर उनी आफैले
भन्दछन्,

'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो,
तिमी मेरो दाहिने हाततिर बस,
३५ जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा
खुट्टाको पाउदान तुल्याउन्नँ।'

३६ त्यसैकारण इस्राएलका सारा घरानाले
यो निश्चय जानून्, कि येशू, जसलाई
तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले
उहाँलाई प्रभु, र ख्रीष्टसमेत तुल्याउनुभयो।'

तीन हजारको बप्तिस्मा

३७ यो कुरा तिनीहरूका हृदयमा गड्यो,
र पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले
भने, 'ए भाइ हो, हामी के गरौं?'
३८ पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप
गर, र तिमीहरू हरेकले पापमोचनको
निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेऊ,
र तिमीहरूले पवित्र आत्माको वरदान
पाउनेछौ। ३९ किनकि प्रतिज्ञा तिमीहरूका
निम्ति, र तिमीहरूका सन्तानको निम्ति, र
टाढ़ा टाढ़ामा रहेका सबैका निम्ति हो, जस
जसलाई परमप्रभु हाम्रा परमेश्वरबाट आह्वान
हुन्छ।' ४० औ अरू धेरै कुराहरूबाट
तिनले तिनीहरूलाई प्रमाण दिई यसो भनेर
अर्ती दिए, 'दुष्ट पुस्ताबाट बच।' ४१ तब
जस जसले तिनको कुरा ग्रहण गरे तिनीहरूले
बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन
हजार प्राणीहरू तिनीहरूमा थपिए।

ख्रीष्टियान समाजको जीवन

४२ औ तिनीहरू प्रेरितहरूका शिक्षा
संगति, संयुक्त भोज र प्रार्थनामा
लागिरहे।

४३ अनि हरेक प्राणीलाई डर भयो। औ
धेरै अचम्मका काम र चिह्नहरू प्रेरितहरूद्वारा
भए। ४४ औ विश्वास गर्नेहरू जति सबै
एकसाथ हिंड्थे, र तिनीहरूका सबै थोक
साझा रहन्थ्यो। ४५ अनि तिनीहरूले
आफ्ना धन-सम्पत्ति र माल-मत्ता बेचीकन
जस जसलाई जे जे कुराको खाँचो पर्थ्यो
सबैलाई ती बाँड़िदिन्थे। ४६ औ दिनहुँ
एकै मनका भई एकोहोरो मन्दिरमा धाएर,
औ आफ्ना आफ्ना घरमा रोटी भाँचेर,
तिनीहरू हर्ष र शुद्ध हृदय साथ सम्मिलत रूपमा
भोजन गर्थे, ४७ परमेश्वरको स्तुति गर्दै, र
सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे।
उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूमा
बढ़ती गराउनुहुन्थ्यो।

३ पत्रुस र यूहन्ना प्रार्थनाको
समयमा, अर्थात् तेस्रो पहरमा,
मन्दिरमा उक्लिरहेका थिए। २ अनि
मन्दिरभित्र पस्नेहरूसित भीख मागोस् भनेर
आमाको गर्भदेखिको कुनै एक लङ्गड़ो
मानिसलाई बोकेर ल्याईकन दिनहुँ मन्दिरको
सुन्दर भन्ने ढोकामा राखिदिन्थे। ३ त्यसले
पत्रुस र यूहन्नालाई मन्दिरभित्र पस्नलागेका
देखेर भीख पाउँछु कि भनेर माग्यो।
४ अनि यूहन्नासित पत्रुसले त्यसलाई डिठ
लगाएर हेरीकन भने, 'हामीतिर हेर्!'
५ अनि तिनीहरूबाट केही पाउने आशा
गरेर त्यसले तिनीहरूतिर ध्यान दियो।
६ तर पत्रुसले भने, 'सुन र चाँदी ता
मसित छैन। तर जे मसित छ, त्यही म
तँलाई दिन्छु। नासरतका येशू ख्रीष्टका नाउँमा
हिंड्डुल गर्!' ७ औ तिनले त्यसको दाहिने
हात समातेर त्यसलाई उठाए, र तुरुन्तै
त्यसका खुट्टाहरू र गोलीगाँठाका हड्डीहरूमा
ताकत पस्यो।

८ औ बुर्लुक्कै उफ्रेर त्यो खड़ा भयो,
र हिंड्नथाल्यो, औ हिंड्दै र उफ्रँदै, र
परमेश्वरको स्तुति गर्दै तिनीहरूसित मन्दिरमा
पस्यो। ९ तब सबै मानिसहरूले त्यसलाई
हिंड्दै गरेको, र परमेश्वरको प्रशंसा गरिरहेको
देखे। १० औ तिनीहरूले त्यसलाई

मन्दिरको सुन्दर भन्ने मूल-ढोकामा भीख
मागनालाई बसिरहने यहीनै हो भनेर चिने,
र त्यसमाथि भएको कुरामा तिनीहरू अचम्म
र ताजूब भए।
११ औ त्यसले पत्रुस र यूहन्नालाई
समातिरहँदा सबै मानिसहरू अति अचम्म
भएर सुलेमानको दलान भन्ने ठाउँतिर
तिनीहरूकहाँ एकैचोटि दगुरी आए।

पत्रुस मन्दिरमा

१२ औ पत्रुसले यो देखेर मानिसहरू-
लाई भने, 'हे इस्राएली हो, यस कुरामा
तपाईंहरू किन अचम्म मान्नुहुन्छ? अथवा
हाम्रो आफ्नै शक्ति कि भक्तिले यसलाई
हिँड्ने तुल्याएको जस्तै किन वाल्ल परेर
हामीलाई हेर्नुहुन्छ! १३ अब्राहाम, इसहाक
र याकूबका परमेश्वर, र हाम्रा पुर्खाका
परमेश्वरले आफ्ना सेवक येशूको महिमा
गराउनुभयो, जसलाई तपाईंहरूले चाहिं
पक्राइदिनुभयो, र पिलातसको सामने उनले
उहाँलाई छोडिदिने विचार गर्दा पनि तपाईं-
हरूले अस्वीकार गर्नुभयो। १४ तर तपाईं-
हरूले पवित्र र धर्मी जनलाई अस्वीकार
गरीकन हामीलाई बक्सिओस् भनी एउटा
ज्यानमारालाई माग्नुभयो, १५ र जीवनका
कर्त्तालाई तपाईंहरूले मार्नुभयो, जसलाई
परमेश्वरले मुर्दाबाट बिउँताउनुभयो, जसको
विषयमा हामी गवाही छौं। १६ औ उहाँका
नाउँमा विश्वास गरेकोले गर्दा उहाँकै नाउँले,
तपाईंहरूले देखेको र जानेको यस मानिसलाई
बलियो तुल्यायो। उहाँबाट पाएको
विश्वासले यसलाई तपाईंहरू सबैका सामने पूर्ण
आरोग्य दिलायो।
१७ अब ए भाइ हो, मलाई थाह छ,
कि तपाईंहरूले अजानमा त्यसो गर्नुभयो,
जस्तो तपाईंहरूका शासकहरूले पनि गरे।
१८ तर जुन जुन कुराको समाचार परमेश्वरले
सबै अगमवक्ताहरूका मुखबाट अघिबाटै
सुनाउनुभएको थियो, कि 'उहाँका ख्रीष्टले
दुःख भोग्नैपर्छ,' सो उहाँले यसरी पूरा
गर्नुभयो। १९ यसकारण पश्चाताप गर्नुहोस्,
र फर्कनुहोस्, र तपाईंहरूका पाप मेटिओस्,
औ प्रभुका उपस्थितबाट आरामको समय
आओस्, २० र उहाँले तपाईंहरूका निम्ति
अघिबाटै ठहराउनुभएको उनै येशू, अर्थात्
ख्रीष्टलाई पठाइदिनुहुन्छ, २१ जसलाई
सबै थोकको पुनःस्थापन नहोउञ्जेल स्वर्गले
अवश्य थामिराख्नै पर्छ। जुन समयको
विषयमा परमेश्वरले आदिदेखिनै आफ्ना पवित्र
अगमवक्ताहरूका मुखबाट बोल्नुभयो।
२२ मोशाले साँच्चिनै भनेका थिए,
'परमप्रभु परमेश्वरले तिमीहरूका भाइहरूका
मध्येदेखि मै जस्तै एउटा अगमवक्ता तिमी-
हरूका निम्ति खड़ा गर्नुहुनेछ। उहाँले
तिमीहरूलाई जे जे भन्नुहुनेछ तिमीहरूले सो
सबै कुरा सुन्नेछौ। २३ अनि यसो हुनेछ,
कि त्यो चाहिं अगमवक्तालाई नसुन्ने जति
हरेक प्राणी मानिसहरूमध्येबाट नष्ट हुनेछ।'
२४ औ शमूएलदेखि लिएर त्यसपछिका
सबै अगमवक्ताहरू जत्तिले बोलेका छन्, ती
सबले यिनै दिनको सूचना दिएका छन्।
२५ तपाईंहरू तिनै अगमवक्ताहरूका र त्यही
करारका सन्तान हुनुहुन्छ, जो परमेश्वरले
तपाईंहरूका पुर्खा अब्राहामलाई यसो भनेर
बाँध्नुभयो, 'तिम्रा सन्तानमा पृथ्वीका सबै
परिवारले आशिष पाउनेछन्।' २६ परमेश्वरले
आफ्ना सेवकलाई बिउँताएर तपाईंहरू हरेक
आफ्ना आफ्ना अधर्मबाट फर्कनुहोस् भनेर
तपाईंहरूलाई आशिष दिनाको निम्ति,
उहाँलाई तपाईंहरूकहाँ पहिले पठाउनुभयो।'

पत्रुस र यूहन्ना महा-सभाको सामने

४ जब तिनीहरू मानिसहरूसित बोल्दै
थिए पूजाहारीहरू, मन्दिरका कप्तान
र सदुकीहरू तिनीहरूमाथि आइलागे।
२ किनकि तिनीहरूले मानिसहरूलाई शिक्षा

दिएका, र येशूको उदाहरण दिएर पुनरुत्थान
भएको कुरा प्रचार गरेको कारण यिनीहरू
अति विचलित भएका थिए, ३ तब उनीहरूले
यिनीहरूमाथि हात हाले, र भोलिपल्टसम्म
थुनामा राखे। किनभने त्यस बेला साँझ
परिसकेको थियो। ४ तर वचन सुन्नेहरूमध्ये
धेरैलेनै विश्वास गरे, र मानिसहरूको संख्या
प्रायः पाँच हजार जति हुनआयो।
५ भोलिपल्ट यिनीहरूका शासकहरू,
बूढ़ा-प्रधानहरू र शास्त्रीहरू यरूश-
लेममा भेला भएका थिए। ६ औ प्रधान
पूजाहारी हन्नास, कयाफा, यूहन्ना, सिकन्दर
र प्रधान पूजाहारीका आफन्त जम्मै त्यहाँ
थिए। ७ उनीहरूले यिनीहरूलाई बीचमा
खड़ा गराएर सोधे, 'कुन शक्तिबाट, अथवा
कसको नाउँमा तिमीहरूले यो गरेका हौ ?'
८ तब पवित्र आत्माले भरिपूर भएर पत्रुसले
तिनीहरूलाई भने, 'ए जनताका शासक र
बूढ़ा-प्रधान हो, ९ आजको दिन हामीले एउटा
निर्बल मानिसमाथि एउटा असल काम गरेको
विषयमा त्यो के कति कारणले निको पारियो
भनेर हामीले बयान दिनुपर्छ भने,
१० तपाईंहरू सबै र सारा इस्राएलका सबै
जनतालाई थाह होस्, कि तपाईंहरूले
क्रूसमा चढ़ाउनुभएका र परमेश्वरले मुर्दाबाट
बिउँताउनुभएका, नासरतका येशू ख्रीष्टको
नाउँमा, यो मानिस तपाईंहरूका सामने
निको भएर उभिएको छ। उहाँ त्यही
ढुङ्गो हुनुहुन्छ, ११ जो तपाईं, डकर्मीहरूले
त्रेकम्मा ठान्नुभएको थियो, र अहिले कुनाको
शिर-ढुङ्गा हुनआएको छ। १२ औ नता
अरू कसैबाट मुक्ति छ, किनकि स्वर्गमनि
मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन,
जसबाट हामीले उद्धार पाउनसक्छौं।'
१३ जब तिनीहरूले पत्रुस र यूहन्नाको
साहस देखे, र यिनीहरू अपठित
र अजान रहेछन् भनी थाह पाए, तब
तिनीहरू छक्क परे, र यिनीहरू येशूको
साथमा रहन्थे भनेर पनि तिनीहरूले थाह
पाए। १४ औ निको भएको मानिसलाई
यिनीहरूसँग उभिरहेको देखेर उनीहरूले त्यसको
विरुद्धमा केही भन्नसकेनन्। १५ तर तिनी-
हरूलाई महासभाबाट बाहिर जाने आज्ञा
दिएर उनीहरूले यसो भनी आपसमा मतो
गरे, १६ 'यी मानिसहरूलाई अब हामीले
के गर्ने हो ? किनभने साँच्चिनै यिनीहरू-
बाट एउटा प्रसिद्ध अचम्मको काम भएको छ
भन्ने यरूशलेमका बासिन्दा जम्मैलाई प्रत्यक्ष
भइसकेको छ। औ हामी यसलाई इन्कार
गर्नसक्तैनौं। १७ तर यो कुरो जनतामा
नफैलियोस् भनी हामी यिनीहरूलाई 'फेरि यस
नाउँमा कुनै मानिससित तिमीहरू बात नगर्नू'
भनी धम्काऔं।' १८ अनि तिनीहरूलाई
बोलाएर 'अब उपान्त येशूको नाउँमा बोल्दै
नबोल्नू, नता कुनै शिक्षा दिनू' भनी
तिनीहरूले कड़ा आज्ञा दिए। १९ तर
पत्रुस र यूहन्नाले तिनीहरूलाई भने, 'कुन
ठीक हो ? तपाईंहरूको कुरा सुन्नु कि
परमेश्वरको ? सो तपाईंहरूनै विचार
गर्नुहोस्। २० किनकि हामीले देखेका र
सुनेका कुराहरू हामी नबोली सक्तैसक्तैनौं।'
२१ अनि तिनीहरूले जनताको डरले सजाय
गर्ने बाटो केही नपाएर, तिनीहरूलाई अझ
बढ़ता धम्काएर छोड़िदिए, किनभने जे
घटना भएको थियो, त्यसको निम्ति सबै
मानिसहरूले परमेश्वरको महिमा गरेका थिए।
२२ किनकि जसमाथि यो निको पार्ने
आश्चर्यकाम भएको थियो, त्यस मानिसको
उमेर चालीस वर्षभन्दा बढ़ी थियो।
२३ अनि छुटकारा पाएर तिनीहरू
आफ्ना साथीहरूकहाँ आए, र मुख्य पूजाहारी-
हरू र बूढ़ा-प्रधानहरूले भनेका सबै कुराहरू
उनीहरूलाई बताइदिए। २४ जब तिनीहरूले
यो सुने, तब सबैले एकै मनका भएर
परमेश्वरतिर सोर उचाली भने, 'हे प्रभु,
जसले स्वर्ग, पृथ्वी, समुद्र र तिनमा भएका
यावत् थोक बनाउनुभयो, २५ जसले पवित्र
आत्माद्वारा आफ्ना सेवक हाम्रा पुर्खा

दाऊदका मुखबाट भन्नुभयो,
'किन अन्यजातिहरू भ्रौंक्किन्छन्,
र किन मानिसहरूले व्यर्थका कुराहरू
रच्तछन् ?
२६ परमप्रभुको विरुद्धमा र उहाँका अभिषिक्त
जनको विरुद्धमा, पृथ्वीका राजाहरू
एक साथ खड़ा भए,
र शासकहरू सँगसँगै भेला भए।'
२७ किनभने साँच्चै यसै शहरमा तपाईंले
अभिषेक गर्नुभएका, तपाईंका पवित्र सेवक,
येशूको विरुद्धमा हेरोद र पन्तियस पिलातस
दुवै, अन्यजाति र इस्राएली जनतासँग भेला
भएका थिए, २८ त्यही गर्नालाई, जे
तपाईंको बाहुलीबाट, र तपाईंको सल्लाहले
अघिबाटै ठहराइराखेको थियो। २९ र अब
हे प्रभु, तिनीहरूका धम्कीमाथि नजर
गर्नुहोस्, र तपाइका दासहरूलाई बिलकुल
निर्भयतामा तपाईंको वचन बोल्नदिनुहोस्,
३० आरोग्यको निम्ति तपाईंले आफ्नो
बाहुली फैलाउनुहुँदा, आफ्ना पवित्र सेवक
येशूको नाउँद्वारा चिह्न र आश्चर्यकाम
गर्नसकून्।' ३१ औ तिनीहरूले प्रार्थना
गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा
कम्प भयो, र तिनीहरू सबैजना पवित्र
आत्माले भरिए, र तिनीहरूले निर्भयतासँग
परमेश्वरको वचन बोले।
३२ अनि विश्वास गर्नेहरूको समूह सबै
एकै हृदय र एकै आत्माको भएका थिए,
औ तिनीहरूमध्ये एउटाले पनि आफ्नो
धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो
हो भनी भन्दैन थियो, तर तिनीहरूका
सबै थोक साझा थिए। ३३ औ बड़ो
शक्तिसित ती प्रेरितहरूले प्रभु येशूको
पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू
सबैमाथि ठूलो अनुग्रह रहेको थियो।
३४ किनभने तिनीहरूमध्ये कसैलाई केही
कुराको खाँचो पर्दैन थियो, किनकि जति
जना जग्गा-जमीन कि घरका मालिक थिए,
तिनीहरूले ती बेचेर बिक्रीको मोल ल्याउँथे,
३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र
जस जसलाई जे जे कुराको खाँचो पर्थ्यो,
सो हरेकलाई बाँड़िदिन्थे।
३६ अब साइप्रस देशको लेवी कुलका
यूसुफले, जसलाई प्रेरितहरूले बर्णाबास भनी
नाउँ राखेका थिए (जसको अर्थ शान्तिको
छोरो हो), ३७ तिनले आफ्नो जमीन
बेचे, र रुपियाँ ल्याएर प्रेरितहरूका चरणमा
राखिदिए।

हननिया र सफीरा

५ तर हननिया नाउँ भएको कोही
एउटा मानिस र तिनकी स्वास्नी
सफीरा भएर तिनीहरूको कुनै एउटा
सम्पत्ति बेचे, २ र त्यसको मोलबाट,
तिनकी स्वास्नीले पनि थाह पाउने गरी,
केही हिस्सा आफूलाई राखे, र केही हिस्सा
ल्याएर प्रेरितहरूका चरणमा राखिदिए।
३ तर पत्रुसले भने, 'ए हननिया, पवित्र
आत्मासँग झूट बोल्ने र जमीनको मोलबाट
केही हिस्सा राख्ने काम गर्नालाई शैतानले
तिम्रो हृदयमा किन यसरी भरिदियो, हँ ?
४ त्यो रहुन्जेल के त्यो तिम्रो आफ्नै
थिएन ? र त्यो बिक्री भएपछि पनि त्यो
तिम्रै अधिकारमा थिएन र ? यस्तो कुरो
कसरी तिम्रो हृदयमा विचार गर्नसक्यौ ?
तिमीले मानिसहरूलाई ता होइन, तर
परमेश्वरलाईनै ढाँटेका हौ।' ५ यो कुरा
सुनेर हननिया पछारिए, र उसले प्राण
त्याग गरे, र यी कुरा सुन्नेहरू जत्तिलाई
ठूलो डर हुनगयो। ६ तब जवानहरूले
उठेर तिनलाई लुगाले बेहेरेर बाहिर बोकेर
लगे, र गाड़िदिए।
७ अब प्रायः तीन घण्टापछि तिनकी
स्वास्नी पनि, के भइसकेको थियो त्यो थाह
नपाएर, भित्र आइन्, ८ औ पत्रुसले
तिनलाई भने, 'मलाई भनत, तिमीहरूले
जमीन त्यत्तिमै बेचेका हौ, कि होइन ?'

अनि तिनले भनिन्, 'अँ, त्यत्तिमै हो।'
९ तर पत्रुसले तिनलाई भने, 'कसरी
तिमीहरूले प्रभुका आत्माको परीक्षा गर्नालाई
साथसाथै मिलेर मतो गर्‍यौ? हेर, तिम्रा
पतिलाई गाड्नेहरू ढोकामै छन्,
र तिनीहरूले तिमीलाई बोकेर बाहिर
लैजानेछन्।' १० अनि तुरुन्तै उनका
चरणनेर पछारिएर तिनले प्राण त्याग गरिन्,
र ती जवानहरूले भित्र आएर तिनलाई
मरिसकेकी देखेर बाहिर बोकेर लगे, र
तिनका पतिको नजीकमा गाड़िदिए।
११ औ सारा मण्डलीलाई र यी कुरा सुन्ने
सबैलाई, ठूलो डर हुनगयो।
१२ अब प्रेरितहरूका हातबाट धेरै
चिह्नहरू र आश्चर्यकामहरू जनताका बीचमा
हुनलाग्यो, र एक हृदयका भएर तिनीहरू
सबै सुलेमानको दलानमा थिए। १३ तर
अरूहरूमध्ये कसैको पनि तिनीहरूसित
मिल्नआउने आँट भएन, तैपनि मानिसहरू
तिनीहरूलाई आदर गर्थे। १४ औ विश्वास
गर्नेहरू झन् बढ़ता गरी प्रभुमा थपिन
लागे—लोग्नेमानिस र स्वास्नीमानिसहरू
दुवैको भीड़, १५ यहाँसम्म कि मानिसहरूले
गल्लीगल्लीमा बिरामीहरूलाई ल्याए, र पत्रुस
आउँदा तिनको छाया मात्र भए पनि
तिनीहरूमध्ये कुनैमाथि परिहालोस् भनी
ओछयान र खाटहरूमा राखिदिन्थे।
१६ औ यरूशलेमका वरिपरिका शहरबाट
पनि धेरै मानिसहरूले बिरामीहरू र अशुद्ध
आत्माले सताएकाहरूलाई लिएर आउँथे, र
ती सबै निको हुन्थे।
१७ अब प्रधान पूजाहारी र तिनीसित
हुने सबै (जो सदुकी पन्थका थिए)
डाहले भरिएर उठे, १८ र तिनीहरूले
प्रेरितहरूमाथि हात हालेर तिनीहरूलाई
थुनामा राखे। १९ तर प्रभुका एउटा
दूतले राती झ्यालखानका ढोका खोलिदिए,
र तिनीहरूलाई बाहिर ल्याएर भने,
२० 'जाओ र मन्दिरमा खड़ा भएर यस
जीवनका सारा बात मानिसहरूलाइ सुनाओ।'
२१ औ यो सुनेपछि तिनीहरू
एका बिहानै मन्दिरभित्र पसे, र शिक्षा
दिनथाले। तर प्रधान पूजाहारी र तिनीसित
हुनेहरू आए, र महासभा र इस्राएलीहरूका
बूढ़ा-प्रधानहरूका सबैलाई बोलाए, र
तिनीहरूलाई ल्याउन भनी मानिसहरू
झ्यालखानमा पठाए। २२ तर अफिसरहरूले
आई तिनीहरूलाई झ्यालखानमा नभेट्टाउँदा
फर्की आएर यसो भन्ने खबर दिए,
२३ 'हामीले झ्यालखान ता सुरक्षित साथ
थुनिएको र पालेहरू ढोकाहरूमा भएकै
देख्यौं। तर ढोका उघार्दा हामीले भित्र
कोही मानिसलाई भेट्टाएनौं।' २४ अब
जसै मन्दिरका कप्तान र मुख्य पूजाहारीहरूले
यी कुरा सुने, तब यो ता अब कहाँसम्म
बढ़ेर जाने हो भनी उनीहरू अति चिन्तित
भए। २५ तर कोही एक जनाले आएर
तिनीहरूलाई भन्यो, 'हेर्नुहोस्, तपाईंहरूले
जुन मानिसहरूलाई थुनामा राख्नुभएको थियो
तिनीहरू ता मन्दिरमा खड़ा भएर मानिस-
हरूलाई शिक्षा दिइरहेछन्।' २६ तब
अफिसरहरूका साथमा कप्तान गईकन
तिनीहरूलाई बलजफ्त नगरीकन ल्याए,
किनभने अरू मानिसहरूले तिनीहरूलाई
ढुङ्गाले हान्लान् भनी उनी डराउँथे।
२७ उनीहरूले तिनीहरूलाई ल्याएर
महासभामा खड़ा गरे, र प्रधान पूजाहारीले
तिनीहरूलाई यसो भनेर सोधे, २८ 'हामीले
तिमीहरूलाई यस नाउँमा केही शिक्षा नदिनू
भनेर कड़ा आज्ञा दिएका थियौं, औ हेर,
तिमीहरूले आफ्ना शिक्षाले सारा यरूशलेम
भरिसक्यौ, र त्यस मानिसको मृत्युको दोष
हामीमाथि ल्याउने मनसाय गर्छौ।' २९ तर
पत्रुस र प्रेरितहरूले भने, 'हामीले मानिस-
हरूको भन्दा परमेश्वरको आज्ञा अवश्य
मान्नुपर्छ। ३० हाम्रा पिता-पुर्खाका परमेश्वरले
येशूलाई बिउँताउनुभयो, जसलाई तपाईंहरूले
काठमा झुण्डाएर मार्नुभएको थियो।

३१ परमेश्वरले इस्राएलको पश्चाताप र
पापमोचन गराउनाका लागि उहाँलाई कर्त्ता
र मुक्तिदाता तुल्याईकन आफ्ना दाहिने
बाहुलीले उच्च पार्नुभयो। ३२ औ यी
सबै कुरामा हामी गवाही छौं, र त्यस्तैगरी
पवित्र आत्मा पनि, जसलाई परमेश्वरले
आफ्ना आज्ञा मान्नेहरू जत्तिलाई दिनुभएको
छ।'

३३ तर जब उनीहरूले यो सुने तब
उनीहरूका मुटुमा गाँठो पर्‍यो, र तिनीहरूलाई
मार्नालाई मतो गरे। ३४ तर त्यस
महासभामा गमलिएल नाउँ भएका एक
जना फरिसीले, जो व्यवस्थाका पण्डित र
जनतामा माननीय पनि थिए, उठेर यी
मानिसहरूलाई केही बेर बाहिर जानलाई
आदेश गरे, ३५ र तिनले उनीहरूलाई
भने, 'ए इस्राएली हो, यी मानिसहरूका
विषयमा तपाईंहरूले जे गर्नआँट्नुभएको छ,
त्यसमा होशियार हुनुहोस्।

३६ किनकि यी दिनभन्दा अघाड़ि पनि
थूदास भन्ने 'मैं हुँ' भनी खड़ा भएको
थियो, र त्यससँग प्रायः चार सय मानिसहरू
मिलेका थिए। त्यो मारियो, र त्यसका
पछि लाग्नेहरू सबै तितर-बितर भई बिलाएर
गए।

३७ यस मानिसपछि जन-संख्याको
समयमा गालीलको यहूदा भन्ने खड़ा भयो,
र मानिसहरूलाई आफ्ना पछिपछि लगाएर
हिंड्यो। त्यो पनि नष्ट भयो, र त्यसलाई
मान्नेहरू जत्ति यताउता छरिएर गए।
३८ त अब म तपाईंहरूलाई भन्दछु, कि
यी मानिसहरूबाट अलग रहनुहोस्, र
यिनीहरूलाई छोड़िदिनुहोस्, किनकि यिनीहरूको
यो मत, अथवा यो काम मानिसहरूबाट
रहेछ भने त्यो आफै मेटिनेछ।

३९ तर यदि परमेश्वरबाटै भएको रहेछ
भनेता तपाईंहरूले तिनलाई मेटाउन सक्नुहुन्न,
नत्रता तपाईंहरू परमेश्वरका विरुद्धमा चलेको
ठहरिनुहोला।'

४० तब तिनीहरूले तिनका कुरा सुने,
र ती प्रेरितहरूलाई डाकेर तिनीहरूलाई पिटेर
यसो भन्ने आदेश गरेर छोड़िदिए, 'अबदेखि
येशूको नाउँमा नबोल्नू।' ४१ तब 'उहाँका
नाउँमा अपमान सहनु सौभाग्यको कुरो हो'
भनी सम्झी तिनीहरू रमाउँदै महासभाबाट
गए। ४२ औ दिनदिनै तिनीहरूले
मन्दिरमा र घरघरमा गएर शिक्षा दिन र
येशूनै ख्रीष्ट हुन् भन्ने सुसमाचार सुनाउन
बन्द गरेनन्।

सात जनाको भर्ना

६ अब ती दिनमा जब चेलाहरूको
संख्या बढ़दै गएको थियो, तब हिब्रू-
हरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन
गरे किनभने दिनहुँको सेवामा तिनीहरूका
विधवाहरूको वास्ता राखिएको थिएन।
२ तब बाह्रैले चेलाहरूका समूहलाई तिनी-
हरूकहाँ बोलाएर भने, 'परमेश्वरको वचन
छोड़ेर मेच-टेबलहरूको सेवा गर्न हामीलाई
ठीक हुँदैन। ३ यसकारण हे भाइ हो,
तिमीहरूमध्येबाट पवित्र आत्मा र बुद्धिले
भरिएका, र नाउँ चलेका सात जना मानिस
छान, जसलाई हामी यी काममा
नियुक्त गरौं। ४ तर हामी भने प्रार्थना र
प्रचारको काममा सम्पूर्ण समय दिनेछौं'
५ यो बात समूहमध्येका सबैलाई मन पर्‍यो,
र तिनीहरूले आत्मा र विश्वासले भरिपूर
भएका एकजना स्तिफनस भन्ने, र फिलिप,
प्रखुरस, निकनोर, तीमोन, पर्मिनास र
एन्टिओकको यहूदी मत मान्ने निकोलाउसलाई
छाने। ६ यिनीहरूलाई तिनीहरूले प्रेरित-
हरूका सामने खड़ा गरे, र तिनीहरूले
प्रार्थना गरेर यिनीहरूमाथि आफ्ना हात
राखे।

७ औ परमेश्वरको वचन बढ्दै गयो,
र चेलाहरूको संख्या यरूशलेममा अत्यन्तै
बढ्यो। औ पूजाहारीहरूको एक ठूलो दलले

यही मत मान्नलाग्यो।
८ अनि स्तिफनसले, अनुग्रह र शक्तिले
पूर्ण भएर, मानिसहरूका बीचमा ठूला ठूला
अचम्मका काम र चिह्नहरू गरे। ९ तर
कोही कोही चाहिं जो 'स्वाधीन' सभाघर
भन्नेकाहरू थिए, र साइरिनीहरू, अलेक्जेन्ड्रिया-
का औ सिलिसिया र एशियाका मानिसहरू
स्तिफनससँग वाद-विवाद गर्न खड़ा भए।
१० औ जुन बुद्धि र आत्माले तिनी बोल्थे,
तिनको सामना गर्न तिनीहरूले सकेनन्।
११ तब 'मोशा र परमेश्वरका विरुद्धमा
तिनले निन्दाको कुरा बोलेका हामीले सुन्यौं'
भनी भन्न तिनीहरूले मानिसहरूलाई घूस दिएर
उल्काए। १२ तब तिनीहरूले जनतालाई,
बूढ़ा-प्रधानहरूलाई र शास्त्रीहरूलाई उल्काएर
तिनीहरूमाथि जाइलागेर तिनलाई पक्रेर
महासभामा ल्याए। १३ औ तिनी-
हरूले यसो भन्ने झूटा गवाहहरूलाई अगि
सारे, यस मानिसले 'यस पवित्र-स्थान र
व्यवस्थाका विरुद्धमा कुराहरू बोल्न छोड़दैन।
१४ किनभने यसले यसो भनेको हामीले
सुन्यौं, 'नासरतका येशूले यस ठाउँलाई नाश
गर्नेछन्, र मोशाले हामीलाई दिएका
रीति-थिति पनि बदल्ने अरे।' १५ औ
महासभामा बसेका ती सबैले तिनीमाथि
डिठ लाएर हेरे, र तिनको चेहरा
स्वर्गदूतको चेहराझैं देखे।

स्तिफनसको भाषण

७ तब प्रधान पूजाहारीले भने, 'के यी
कुरा यसै हुन् त?' २ तिनले
भने,
'ए भाइ र बाबु हो, सुन्नुहोस्। महिमाका
परमेश्वरले हाम्रा पितामह अब्राहामलाई
उनी हारानमा बस्न अघिनै मेसोपोटा-
मियामा छँदा दर्शन दिनुभएको थियो।
३ औ तिनलाई भन्नुभएको थियो, 'तिमी
आफ्ना देश र आफ्ना कुटुम्बबाट निस्केर,
जुन देश म तिमीलाई देखाउँछु, त्यहाँ
जाऊ।' ४ तब तिनी क्याल्डियनहरूको
देशबाट निस्केर हारानमा आएर बसे, र
तिनका पिताको मृत्यु भएपछि परमेश्वरले
तिनलाई त्यहाँबाट यस मुलुकमा सार्नुभयो,
जहाँ अहिले तपाइंहरू रहनुहुन्छ। ५ औ
तिनलाई त्यसमा कुनै जायदात दिनुभएन,
अर्थात् पाइला राख्ने ठाउँसम्म पनि दिनुभएन।
तापनि तिनको सन्तान नहुँदै परमेश्वरले यो
प्रतिज्ञा गर्नुभयो, 'म तँलाई र तँपछि तेरा
सन्तान-दरसन्तानलाई यो देश निज सम्पत्तिको
रूपमा दिनेछु।' ६ औ परमेश्वरले यसरी
भन्नुभयो, 'तेरो सन्तानले अर्कै
मुलुकमा गएर बस्नुपर्नेछ, र उनीहरूले तिनी-
हरूलाई करिया तुल्याएर चार सय वर्षसम्म
थिचोमिचो गरी राख्नेछन्। ७ औ जुन
जातिका तिनीहरू करिया हुनेछन् उनीहरूको
इन्साफ म गर्नेछु।' परमेश्वरले भन्नुभयो,
'त्यसपछि तिनीहरू निस्केर यसै ठाउँमा मेरो
सेवा गर्न आउनेछन्।
८ उहाँले तिनीसँग खतनाको करार
बाँध्नुभयो, र त्यसअनुसार अब्राहामले इसहाक-
लाई जन्म दिएर आठौं दिनमा तिनलाई खतना
गरे, र इसहाकले याकूबलाई, र याकूबले
बाह्र कुलपतिलाई जन्माए। ९ कुलपति-
हरूले यूसुफसँग डाह गरेर तिनलाई मिश्र
देशमा बेचिदिए। तर परमेश्वर तिनीसँग
हुनुहुन्थ्यो। १० औ उहाँले तिनका सारा
कष्टबाट छुटाएर मिश्र देशका राजा फिरऊनको
सामने तिनलाई अनुग्रह र बुद्धि दिनुभयो, र
उनले तिनलाई मिश्र देश र उनका सारा
घरका हाकिम तुल्याए। ११ अनि सारा
मिश्र देश र कनानमा अनिकाल परेर
ठूलो कष्ट पर्‍यो, र हाम्रा पुर्खाहरूले
खानेकुरा पाएनन्। १२ तर याकूबले मिश्र
देशमा अन्न छ भन्ने कुरा सुनेर हाम्रा
पुर्खाहरूलाई पहिलो खेप पठाए।
१३ औ दोस्रो खेपमा यूसुफसँग तिनका
दाज्यू-भाइहरूको चिना-जानी भयो, र यूसुफको

परिवार पनि फिरऊनकहाँ जाहेर भयो।
१४ त यूसुफले आफ्ना बाबु याकूबलाई
र आफ्ना जम्मै कुटुम्बलाई, जो पचहत्तर
प्राणी थिए, उनीकहाँ डाकिपठाए। १५ याकूब
मिश्र देशमा झरे, र तिनी त्यहींनै मरे,
र हाम्रा पुर्खाहरूको पनि त्यहाँ देहान्त
भयो। १६ त्यसपछि तिनीहरू शकेममा लगिए
र अब्राहामले हमोरका छोराहरूसित चाँदीको
मोल तिरेर किनेको चिहाननेर राखिए।
१७ तर जसै परमेश्वरले अब्राहामलाई
करार गरेको समय नजीक आएको
थियो, तब ती मानिसहरू मिश्रमा धमाधम
संख्यामा बढ्दै गए, १८ जहिलेसम्म
मिश्र देशमा यूसुफलाई नचिन्ने अर्को
राजा खड़ा भएन। १९ तिनले हाम्रा
जातिसँग धूर्तताको व्यवहार देखाएर हाम्रा
पुर्खाहरूलाई खराब वर्त्ताव गरे। यसरी
तिनीहरूका बालकहरू नबाँचून् भनेर बाहिर
फालिदिए।
२० यसै बेला मोशाको जन्म भयो। तिनी
अत्यन्त सुन्दर थिए। तिनी तीन महीनासम्म
आफ्ना पिताको घरमा पालिए। २१ औ
तिनी फालिएपछि फिरऊनकी छोरीले तिनलाई
उठाएर लगिन्, र आफ्नै छोरा तुल्याएर
पालिन्। २२ औ मोशालाई मिश्रीहरूका
सारा विद्यामा निपुण गराए, औ मोशा आफ्ना
कुरा र काममा शक्तिशाली भए। २३ तर
जब तिनी चालीस वर्षका भए, तब आफ्ना
बन्धु इस्राएलीहरूलाई भेट गर्न इच्छा
तिनको हृदयमा उब्यो। २४ जब तिनीहरू-
मध्ये एक जनामाथि अन्याय भइरहेको देखे
तब तिनले त्यसलाई रक्षा गरे, र त्यस अन्याय
गर्ने मिश्रीलाई मारी त्यसमाथि भएको
अत्याचारको बदला लिए। २५ औ
परमेश्वरले मेरो हातबाट तिनीहरूको उद्धार
गर्नुहुन्छ, भन्ने मेरा भाइ-बन्धुले बुझ्लान् भन्ने
तिनले विचार गरेका थिए, तर तिनीहरूले
सो बुझेनन्। २६ भोलिपल्ट, तिनीहरूले
आपसमा झगड़ा गरिरहेको बेलामा तिनी
देखा परे, र फेरि तिनीहरूलाई मिलाउने
कोशिश गरेर भने, 'ए मानिस हो, तपाईंहरू
ता दाज्यू-भाइ हुनुहुन्छ, तब किन एउटाले
अर्कोलाई अन्याय गर्नुहुन्छ?' २७ तर
आफ्नो छिमेकीमाथि अन्याय गर्नेले तिनलाई
यसो भनेर धचेटी दियो, 'तिमीलाई हामी-
माथि कसले हाकीम र न्यायकर्त्ता तुल्यायो?
२८ के हिजो तिमीले जसरी त्यस मिश्रीलाई
मार्‍यौ, मलाई पनि त्यसरीनै तिमी मार्न-
चाहन्छौ?' २९ यस वचनले मोशा
भाग्नेर मिदयान देशमा गई परदेशी भए।
त्यहाँ तिनका दुइ छोराहरू जन्मे।
३० चालीस वर्ष बितेपछि सीनै
पर्वतको उजाड़-स्थानमा एउटा स्वर्गदूत पोथ्रामा
आगोको ज्वालाभित्र तिनीकहाँ देखा परे।
३१ जब मोशाले यो देखे, तब तिनी
यस दर्शनले छक्क परे, र त्यो हेर्नालाई
नजीक जाँदा परमप्रभुका यस्तो वाणी
भयो। ३२ 'म तिम्रा पुर्खाहरूका
परमेश्वर हुँ—अब्राहाम, इसहाक र याकूबका
परमेश्वर।' औ मोशा काम्न लागे, र
तिनलाई त्यतातिर हेर्नेसम्म पनि साहस भएन।
३३ तब प्रभुले तिनलाई भन्नुभयो, 'तिम्रा
खुट्टाका जुत्ता फुकाल, किनकि जुन स्थानमा
तिमी खड़ा छौ, त्यो पवित्र ठाउँ छ।
३४ मैले मिश्रमा भएका मेरा प्रजाको
दुर्दशा देखें, र तिनीहरूका बिलौना पनि
सुनें। तिनीहरूलाई छुटकारा गराउनालाई
म ओर्लिआएको छु। अब आऊ, म
तिमीलाई मिश्र देशमा पठाउनेछु।' ३५ यही
मोशा, जसलाई तिनीहरूले 'तिमीलाई कसले
हाकीम र न्यायकर्त्ता तुल्यायो' भनेर इन्कार
गरेका थिए, तिनलाई परमेश्वरले पोथ्रामा
दर्शन दिने स्वर्गदूतद्वारा हाकीम र उद्धारकर्त्ता
तुल्याएर पठाउनुभयो।
३६ तिनै मानिसले मिश्र देशमा,
लाल समुद्रमा र चालीस वर्षभरि जङ्गलमा
अनेक उदेकका काम र चिह्नहरू गरीकन
तिनीहरूका अगुवा भएर तिनीहरूलाई ल्याए।

३७ ती तिनै मोशा हुन्, जसले इस्राएली-
हरूलाई भनेका थिए, 'तिमीहरूका
परमेश्वरले तिमीहरूका दाज्यू-भाइहरूमध्येबाट
मजस्तो एउटा अगमवक्ता तिमीहरूका निम्ति
खड़ा गर्नुहुनेछ।' ३८ यी तिनै हुन्, जो
समुदायमा स्वर्गदूतसँग रहन्थे, जुन स्वर्गदूतले
तिनीसँग र सीनै पर्वतमा हाम्रा पुर्खा-
हरूसित कुरा गरेथे, र जसले हामीलाई
दिनाको निम्ति साक्षात् वाणीहरू पाएथे।

३९ हाम्रा पुर्खाहरू तिनको आज्ञाकारी
हुन इच्छा गरेनन्, तर उनीहरूले तिनलाई
घचेटीकन मिश्र देशमा फर्केर जाने मन गरेर।
४० हारूनलाई यसो भने, 'हाम्रा अगि-
अगि लाग्ने कोही देवताहरू हाम्रा निम्ति
बनाइदिनुहोस्, किनकि हामीलाई मिश्र
देशबाट निकालेर ल्याउने यी मोशालाई
के कसो भयो हामी जान्दैनौं।'
४१ अनि ती दिनमा तिनीहरूले एउटा
बाछो बनाए, र त्यस मूर्तिमा बलि-पूजा पनि
चढ़ाए, औ आफ्ना हातका काममा खुशी
मनाए। ४२ तर परमेश्वरले पीठ फर्काउनु-
भयो, र तिनीहरूलाई आकाशका तारा-
मण्डलको सेवा गर्नालाई सुम्पिदिनुभयो, जस्तो
अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ—

'हे इस्राएल, के तिमीहरूले चालीस
वर्षसम्म उजाड़-स्थानमा मलाई पशुमेध
र बलिदान चढ़ायौ? ४३ औ तिमीहरूले
मोलेकको तम्बू र तिमीहरूको रिफन देवताका
तारा, र तिमीहरूले पूज्नालाई बनाएका
मूर्तिहरू उठाइल्यायौ। अब म तिमीहरूलाई
बेबिलोनदेखि पारी पुऱ्याएर बसाल्नेछु।'

४४ उजाड़-स्थानमा हाम्रा पुर्खाहरूको
साक्षीको तम्बू थियो, जस्तो तिनले देखेको
नमूना बमोजिमका बनाउनू भनी मोशासँग
बोल्नुहुनेले अह्राउनुभएको थियो, ४५ त्यो
हाम्रा पुर्खाहरूले पनि उनीहरूका पालामा अन्य-
जातिहरूको देश अधिकारमा ल्याउँदा यहोशूको
साथमा भित्र ल्याए, तिनीहरूलाई परमेश्वरले
दाऊदका पालासम्मै हाम्रा पुर्खाहरूका सामनेबाट
धपाउनुभयो। ४६ तिनले परमेश्वरको सामु
अनुग्रह पाए, र याकूबका परमेश्वरका निम्ति
एउटा बासस्थान बनाउनालाई परमेश्वरसित
बिन्ती गरे। ४७ तर सुलेमानले उहाँका
निम्ति एउटा भवन खड़ा गरे। ४८ तैपनि,
हातले बनाएका भवनहरूमा सर्वोच्च परमेश्वर
बास गर्नुहुन्न, जस्तो अगमवक्ताले भनेछन्,
४९ 'मेरो सिंहासन स्वर्ग हो, र पृथ्वी
मेरो खुट्टाको पाउदान,
तिमीहरूले मेरो निम्ति कस्तो भवन
बनाउने हो?
परमप्रभु भन्नुहुन्छ, मेरो विश्रामको
ठाउँ कुन हो?
५० के यी सबै थोक मेरै हातले बनाएका
होइनन् र?'

५१ ए हठी, कठोर हृदय र नसुन्ने कान
भएका हो, तपाइंहरू सधैं पवित्र आत्माको
विरोध गर्नुहुन्छ। जस्तो तपाइंहरूका
पुर्खाले गरे त्यस्तै तपाइंहरू पनि गर्नुहुन्छ।
५२ अगमवक्ताहरूमध्ये कुन चाहिंलाई तपाइं-
हरूका पुर्खाले खेदो गरेनन्? औ
उनीहरूले ती सबैलाई मारे, जसले ती
धार्मिक जनको आउने समाचार अघाड़िदेखिनै
सुनाएका थिए। अब तपाइंहरूचाहिं
उनीहरूकै विश्वासघातक र ज्यानमारा हुनु-
भएको छ। ५३ तपाइंहरूले, स्वर्गदूतहरूबाट
ठहराएको व्यवस्था ता पाउनुभयो, तर त्यसको
पालन गर्नुभएन।'

५४ जब तिनीहरूले यी कुरा सुने
तब तिनीहरूका मुटु छेंड़िए, र तिनीमाथि
दाह्रा किटे। ५५ तर तिनले चाहिं पवित्र
आत्माले भरिपूर भईकन स्वर्गतिर डिठ लगाएर
हेरे, र परमेश्वरको महिमा र येशूलाई
परमेश्वरका दाहिने बाहुलीपट्टि उभिरहनुभएको
देखे। ५६ औ भने, 'हेर, स्वर्ग खोलेको
र मानिसका पुत्रलाई परमेश्वरका दाहिने
बाहुलीपट्टि उभिरहनुभएको म देख्तछु।'
५७ तर तिनीहरूले ठूलो सोरले चिच्याएर
आफ्ना आफ्ना कान थुने, र तिनीहरू

एकै मनका भएर तिनीमाथि झम्टे ५८ औ
उनीहरूले तिनलाई शहर बाहिर निकालेर
तिनीमाथि ढुङ्गा बर्साए, र गवाहीहरूले
आफ्ना लुगाहरू शावल नाउँ भएको एउटा
युवकको खुट्टानेर राखे। ५९ औ, 'हे प्रभु
येशू, मेरो आत्मालाई ग्रहण गर्नुहोस्' भनी
परमेश्वरको नाउँ लिइरहेका स्तिफनसलाई
तिनीहरूले ढुङ्गाले हाने। ६० औ तिनले
घुँडा टेकेर ठूलो सोरले कराएर भने, 'हे
प्रभु, यो पाप यिनीहरूलाई नलागोस्।' औ
तिनको प्राणान्त भयो भनेर। तिनको
हत्यामा शावल पनि सहमत थिए।

चेलाहरू तितर-बितर भएका

८ औ त्यस दिन यरूशलेममा भएको
मण्डलीको विरुद्धमा ठूलो अत्याचार
उत्पन्न भयो, र प्रेरितहरूबाहेक तिनीहरू सबै
जना यहूदा र सामरिया देशभरि तितर-बितर
भए। २ अनि भक्त जनहरूले स्तिफनसलाई
लगेर गाड़े, र तिनको निम्ति ठूलो विलाप
गरे। ३ तर शावलले चाहिं घर घरमा
पसी पसीकन मण्डलीलाई संहार गरिरहेका
थिए। औ पुरुष र स्त्रीहरूलाई घिस्याई
घिस्याईकन झ्यालखानमा हालिदिन्थे।
४ तब ती तितर-बितर भएकाहरूले
जतातते गएर वचनको सुसमाचार सुनाउन
लागे। ५ औ फिलिप चाहिं सामरियाको
एउटा शहरमा ओर्लेर तिनीहरूलाई ख्रीष्टको
प्रचार गरे। ६ अनि फिलिपले बोलेका
वचन सुनेर, औ तिनले गरेका चिह्नहरू
देखेर, एक मनका भई तिनका कुराहरूमा
भीड़हरूले ध्यान दिए। ७ किनकि अशुद्ध
भूत लागेका धेरै जनाबाट भूतहरू ठूलो सोर
गरेर चिच्याउँदै निस्कनलागे, र धेरै जना
पक्षवात भएका र लङ्गड़ाहरू पनि निको
पारिए, ८ त्यस शहरमा ज्यादै आनन्द
भयो।
९ तर त्यहाँ शिमोन नाउँ भएको
एक जना मानिस थियो, जसले अघाड़िदेखिनै
त्यस शहरमा जादूगरी गरेर सामरियाका
मानिसहरूलाई टुना गरिराखेको र आफूलाई
एक ठूलो मानिस तुल्याइराखेको थियो,
१० जसलाई सानादेखि ठूलासम्म सबैले यसो
भन्नी मान्थे, 'परमेश्वरको महा भन्ने शक्ति
चाहिं यही हो।' ११ औ तिनीहरूले
त्यसलाई मान्थे। किनभने धेरै समयदेखि
तिनीहरूलाई त्यसको जादूगरीले टुना गरि-
राखेको थियो। १२ तर जब तिनीहरूले
परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको
सुसमाचार सुनाउने फिलिपलाई विश्वास गरे,
तब पुरुष र स्त्रीहरू दुवैले बप्तिस्मा
लिए। १३ औ शिमोन आफैले पनि
विश्वास गर्‍यो। औ बप्तिस्मा लिएर
फिलिपसँग लागिरह्यो, र चिह्नहरू र ठूला
ठूला शक्तिका काम गरेका देखेर त्यसलाई
आश्चर्य लाग्यो।
१४ यरूशलेममा रहेका प्रेरितहरूले
जब यी कुरा सुने कि सामरियाका मानिस-
हरूले पनि परमेश्वरको वचन ग्रहण गरे, तब
तिनीहरूले पत्रुस र यूहन्नालाई तिनीहरूकहाँ
पठाए। १५ उनीहरू त्यहाँ आएर तिनीहरूले
पवित्र आत्मा पाउन् भनेर तिनीहरूका निम्ति
प्रार्थना गरे। १६ किनकि त्यतिञ्जेलसम्म
तिनीहरूमध्ये कुनैमाथि पनि पवित्र आत्मा
आउनुभएको थिएन। प्रभु येशूको नाउँमा
मात्र तिनीहरूले बप्तिस्मा लिएका थिए।
१७ तब उनीहरूले आफ्ना हात तिनीहरूमाथि
राखिदिए, र तिनीहरूले पनि पवित्र आत्मा
पाए।
१८ अब प्रेरितहरूका हात राखेकोले
पवित्र आत्मा पाइँदो रहेछ भन्ने शिमोनले
देखेर यसो भन्दै तिनीहरूलाई रुपियाँ दिन
ल्यायो। १९ 'मलाई पनि यो शक्ति
दिनुहोस्, र मैले जो सुकैमाथि हात
राखिदिएपछि त्यसले पवित्र आत्मा पाओस्।'
२० तर पत्रुसले भने, 'तेरा रुपियाँ तैसँग
नष्ट भइजाऊन्, किनकि परमेश्वरको वरदान

पनि रुपियाँले पाइन्छ भनी तँ विचार गर्छस्। २१ यस विषयमा नता तेरो केही भाग छ न हिस्सानै छ, किनकि परमेश्वरको सामने तेरो हृदय ठीक रहेनछ। २२ यसकारण तेरो यस दुष्टताको निम्ति पश्चाताप गरीकन प्रभुमा प्रार्थना गर्, सायद तेरो हृदयको विचार क्षमा भइजाला कि? २३ किनकि तँ तिक्त ईर्ष्या र पापको बन्धनमा परेको देख्तछु।' २४ तब शिमोनले भन्यो, 'तपाईंहरूलेनै मेरो निम्ति प्रभुसँग प्रार्थना गरिदिनुहोस्, र तपाईंहरूले भन्नुभएको कुनै पनि कुराहरू ममाथि आइ नलागोस्।'

२५ अनि तिनीहरू गवाही दिँदै प्रभुको वचन सुनाएर यरूशलेमतिर फर्के, र तिनीहरूले सामरीहरूका धेरै गाउँहरूमा सुसमाचार प्रचार गरे।

२६ त्यसपछि प्रभुको एउटा दूतले फिलिपसित यसो भनेर कुरा गरे, 'उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ, त्यहाँ एकान्त छ।' २७ अनि तिनी उठेर गए, र एथियोपिया देशको महारानी कन्दाकीका ठूला अख्तियारवाला खजान्ची, एक नपुंसक, पूजा गर्नालाई यरूशलेम गएर फर्किरहेको भेट्टाए। २८ उनी फर्कंदा आफ्नो रथमा यशैया अगमवक्ताको पुस्तक पढ़िरहेका थिए। २९ तब आत्माले फिलिपलाई भने, 'नजीक गएर त्यस रथको साथ लाग।' ३० औ फिलिप तिनीकहाँ दौड़ेर गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढ़िरहेका सुनेर उनले भने, 'के तपाईंले पढ़िरहनुभएको कुरा बुझ्नुहुन्छ?' ३१ तब तिनले भने, 'कसैले नबताईकन म कसरी बुझौंला र?' अनि तिनले फिलिपलाई पनि चढ़ेर तिनको साथमा बस्नालाई बिन्ती गरे। ३२ अब तिनले पढ़िरहेको धर्मशास्त्रको खण्ड यो थियो,

'उहाँ भेड़ाझैँ काटिनालाई लगिनुभयो, र जसरी थुमा त्यसको ऊन कत्रनेको सामु चूप लागिरहन्छ, उसरीनै उहाँले आफ्नो मुख खोल्नुभएन। ३३ उहाँको नम्रतामा उहाँको न्याय खोसियो, उहाँको पुस्ताको बयान कसले गर्ने? किनभने उहाँको जीवन पृथ्वीबाट हरण भयो।'

३४ तब ती नपुंसकले फिलिपलाई भने, 'बिन्ती छ भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरू कसैको विषयमा?' ३५ तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै ठाउदेखि लिएर येशूको सुसमाचार बताइदिए।

३६ अनि उनीहरू बाटोमा जाँदाजाँदै कुनै पानीनेर आइपुगे। औ ती नपुंसकले भने, 'हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनालाई केले रोक्छ र?' ३७ फिलिपले भने, 'यदि तपाईंले हृदयलेनै विश्वास गर्नुहुन्छ भने तपाइ हुन सक्नुहुन्छ।' ३८ अनि तिनले रथ रोक्नालाई आज्ञा दिए, औ फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए।

३९ तर जब उनीहरू पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देख्तैदेखेनन्, किनकि उनी रमाई रमाईकन आफ्नो बाटो लागे। ४० तर फिलिप अश्दोदमा फेला परे। औ तिनी सिजरिया नपुगुन्जेल बाटोका सबै शहरहरूमा सुसमाचार सुनाउँदै गए।

शावलको जीवन परिवर्त्तन

१ तर शावल अझै पनि प्रभुका चेलाहरूका विरुद्धमा धम्की र हत्याको धुनमा सास फुलाउँदै प्रधान पूजाहारीकहाँ गए, २ औ तिनले त्यस मार्गमा हुने पुरुष र स्त्रीहरू दुवै, जस जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउनपाउने भनी दमीशकका सभा-घरहरूको नाउँमा उनको पुर्जी मागे।

३ औ जाँदाजाँदै तिनी दमीशकको

नजीक पुग्दा अचानक स्वर्गबाट एउटा
ज्योति तिनको वरिपरि चम्क्यो,
४ र तिनी भूइँमा लोटे, र तिनले यसो
भन्ने सोर सुने, 'हे शावल, हे शावल
तिमी किन मेरो खेदो गर्दछौ ?'
५ तिनले भने, 'हे प्रभु, तपाइं को
हुनुहुन्छ ?' अनि उहाँले भन्नुभयो, 'म येशू
हुँ, जसको खेदो तिमी गर्छौ। ६ तर
उठेर शहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ,
सो तिमीलाई बताइनेछ।' ७ तिनको
साथमा जाने मानिसहरू सोर चाहिं सुने
तर कसैलाई नदेखेर लाटो भइ ठिङ्ग
उभिरहे। ८ तब शावल भूइँबाट उठे, र
जब तिनका आँखा खुले, तब तिनले केही
पनि देखेनन्, र उनीहरूले तिनका हात
समाती डोराएर तिनलाई दमीशकसम्म ल्याए।
९ अनि तिनी तीन दिनसम्म नदेख्ने भएर
नता खाना खाए न पानी पिए।
१० दमीशकमा हननिया नाउँ भएका
एक जना चेला थिए। तिनलाई
प्रभुले सपनामा 'ए हननिया' भन्नुभयो।
अनि तिनले भने, 'हे प्रभु, हाजिर छु।'
११ तब प्रभुले तिनलाई भन्नुभयो, 'उठ, र
'सीधा' भन्ने गल्लीमा जाऊ, र त्यहाँ
यहूदाको घरमा टार्ससको शावल नाउँ भएको
मानिसलाई खोजी गर। किनभने हेर, तिनी
प्रार्थना गर्दछन्। १२ औ तिनले हननिया
नाउँ भएको एक जना मानिसलाई भित्र
आएर तिनले दृष्टि पाओस् भनेर आफूमाथि
उनको हात राखेका देखे।' १३ तर
हननियाले भने, 'हे प्रभु, मैले धेरै
जनाबाट यी मानिसको विषयमा सुनेको छु,
तिनले यरूशलेममा तपाइंका भक्त जनहरू-
लाई कतिको खराबी गरेका छन्।
१४ यहाँ पनि तपाइंको नाउँ लिने सबैलाई
बाँध्ने अधिकार मुख्य पूजाहारीहरूबाट
तिनीसँग छ अरे।'
१५ तर प्रभुले तिनलाई भन्नुभयो,
'जाऊ किनकि अन्यजातिहरू, राजाहरू र
इस्राएलका सन्तानका सामु मेरो निम्ति
मेरो नाउँ चलाउनालाई तिनी एक
छानिएका पात्र हुन्; १६ किनकि मेरो
नाउँको खातिर तिनले अवश्य कस्तो
कष्ट भोग्नुपर्छ, सो म तिनलाई
देखाउनेछु।'
१७ तब हननिया गएर त्यस घरभित्र
पसे, र तिनीमाथि आफ्ना हात राखेर
भने, 'ए भाइ शावल, जुन प्रभु, अर्थात्
येशू, तिमी यसतर्फ आउँदा बाटोमा
सामने देखा पर्नुभएको थियो, उहाँलेनै
तिमीले दृष्टि पाऊ र तिमी पवित्र आत्माले
भरिपूर होऊ भनी मलाई पठाउनुभएको
छ।' १८ अनि तुरुन्तै तिनका आँखाबाट
त्रिप्राजस्तो केही खसे, र तिनले दृष्टि
पाईकन उठेर बप्तिस्मा लिए। १९ औ
तिनले खानेकुरो खाएर बल पाए।
२० अनि तिनी केही दिनसम्म
दमीशकमा भएका चेलाहरूसित रहे। औ
तुरुन्तै तिनले सभाघरहरूमा येशू परमेश्वरका
पुत्र हुन् भनेर घोषणा गरे। २१ तब
सुन्नेहरू जति सबै अचम्म भएर भने,
'के यो त्यही होइन ? जसले यो नाउँ
उच्चारण गर्ने जतिलाई यरूशलेममा ध्वंस
गरेको थियो, र यहाँ पनि तिनीहरूलाई
बाँधेर मुख्य पूजाहारीहरूकहाँ लैजाने
मनसायले आएको थियो।' २२ तर शावल
झन्झन् शक्तिमान हुँदै गए, र ख्रीष्ट
उहाँनै हुनुहुन्छ भन्ने प्रमाण दिएर
दमीशकमा रहने यहूदीहरूलाई अकमक्क
पारिदिए।
२३ त्यसपछि धेरै दिन बाद यहूदीहरूले
तिनलाई मार्नालाई आपसमा मतो गरे।
२४ तर तिनीहरूको षड्यन्त्र शावललाई
थाह भयो। उनीहरू तिनलाई मार्नालाई
रातदिन मूल ढोकाहरूमा ढुक्नलागे,
२५ तर तिनका चेलाहरूले तिनलाई रातीनै
टोकरीमा हाली पर्खालबाट झुण्डाएर तल
ओहालिदिए।

शावल यरूशलेम र टार्ससमा

२६ जब तिनी यरूशलेममा आए, तब
त्यहाँका चेलाहरूसित तिनी मिल्न प्रयत्न गरे,
तर तिनीहरूलाई उनी चेला हो भन्ने पत्यार
नपर्दा सबै तिनीसँग डराए। २७ तर
बर्णाबासले तिनलाई समातेर प्रेरितहरूकहाँ
ल्याए, र तिनीहरूलाई यो बताइदिए, कि
कसरी तिनले प्रभुलाई बाटोमा देखे, र उहाँ
तिनीसित बोल्नुभयो, र कसरी तिनले
दमीशकमा निर्भयतासित येशूको नाउँमा प्रचार
गरे। २८ औ तिनी यरूशलेममा तिनीहरू-
सँगसँगै भित्र-बाहिर आवत्-जावत् गर्थे।
२९ औ प्रभुको नाउँमा निर्भयसित प्रचार गर्थे।
र ग्रीक-यहूदीहरूसित बाद-प्रतिवाद गर्थे, तर
उनीहरूले तिनलाई मारिहाल्न खोजे।
३० तर भाइहरूले यो थाह पाएर तिनलाई
सिजरियामा ल्याए, र त्यहाँबाट तिनलाई
टार्ससमा पठाइदिए।

३१ त्यसरी सारा यहूदिया, गालील र
सामरियाभरि मण्डलीमा उन्नति भएकोले चैन
भयो, र प्रभुको भय र पवित्र आत्माको
सान्त्वना पाएर चेलाहरूका संख्याको वृद्धि हुँदै
गयो।

३२ तब पत्रुस यताउता सबै ठाउँमा
डुलेर लिड्डामा भएका भक्त जनहरूकहाँ
पनि आइपुगे। ३३ तिनले त्यहाँ
एनियास नाउँको कोही एक जना मानिसलाई
भेट्टाए, जो आठ वर्षदेखि पक्षवातको
बिरामीले ओछ्यानमा पड़िरहेको थियो।
३४ पत्रुसले त्यसलाई भने, 'ए एनियास,
येशू ख्रीष्टले तिमीलाई निको पार्नुहुन्छ। उठ,
र तिम्रो ओछ्यान लगाऊ।' अनि त्यो
तुरुन्तै उठिहाल्यो। ३५ औ लिड्डा र
शारोनमा बस्ने जति सबै जना त्यसलाई देखेर
प्रभुतिर फर्के।

तबीता

३६ जोप्पामा बस्ने तबीता नाउँ
भएकी, जसको अर्थ हरिणी हो, कोही एउटी
धर्मी स्त्री थिइन्, तिनी असल काम गर्ने र
दान-पुण्यमा निपुण थिइन्। ३७ औ तिनी
बिरामी भएर मरिहालिन्, र मानिसहरूले
तिनलाई धोइधाइ गरेर माथिल्लो तलाको
एउटा कोठामा राखे। ३८ लिड्डा जोप्पाको
नजीक भएको हुनाले, औ चेलाहरूले पत्रुस
त्यहाँ छन् भन्ने सुनेर तिनीकहाँ दुइ जना
मानिसका हात यसो भनी पठाए, 'हामीकहाँ
तुरुन्त आउनुहोस्।'

३९ तब पत्रुस उठेर तिनीहरूसित गए,
र त्यहाँ पुग्ने बित्तिकै तिनीहरूले तिनलाई
त्यस माथिल्लो कोठामा लगे। विधवाहरू
सबै तिनका नजीक उभिएर रूँदै, र तबीता
तिनीहरूसित हुँदाखेरि तिनले बनाइराखेका
कोटहरू र लुगाहरू देखाए। ४० तर
पत्रुसले तिनीहरू सबैलाई बाहिर पठाएर
घुँडा टेकी प्रार्थना गरे, र त्यस लाशतिर
फर्केर भने, 'ए तबीता, उठ!' अनि तिनले
आँखा उघारिन्, र पत्रुसलाई देखी उठेर
बसिन्। ४१ औ उनले तिनलाई आफ्ना
हात दिएर जुरुक्कै उठाए, र ती भक्त
जनहरू र विधवाहरूलाई बोलाएर तिनको
जीवित शरीर सुम्पिदिए। ४२ अब यो कुरा
सारा जोप्पाभरि जाहेर भयो, र धेरैले
प्रभुमाथि विश्वास गरे। ४३ अनि तिनी
धेरै दिनसम्म एक जना शिमोन भन्ने
छाला बनाउनेसँग जोप्पामा बसे।

पत्रुस र कर्नीलियस

१० सिजरियामा कर्नीलियस नाउँ भएका
एक जना मानिस थिए, जो
इटाली नामक पल्टनका एक कप्तान थिए।
२ तिनी भक्त थिए, र तिनको सारा
घरानासमेत परमेश्वरको भय मान्थे, र
मानिसहरूलाई दान-पुण्य गरी परमेश्वरमा सधैँ
प्रार्थना गर्नेगर्थे। ३ तिनले दिनको तेस्रो
पहरतिर दर्शनमा परमेश्वरको एउटा दूत

आफूतर्फ आइरहेका र 'ए कर्नीलियस' भनेको
प्रष्टै देखे। ४ तिनले उनीमाथि डिठ
लगाएर हेरे, र डराएर भने, 'हे प्रभु, के
हो?' अनि उनले तिनलाई भने, 'तिम्रा
प्रार्थना र तिम्रा दान-पुण्य संझनाको निम्ति
परमेश्वरको सामने पुगेको छ। ५ अब
जोप्पामा मानिसहरू पठाएर कुलनाउँ पत्रुस
भएको एक जना शिमोनलाई बोलाऊ,
६ तिनी छाला बनाउने एक जना शिमोन-
कहाँ पाहुना भएर बसेका छन्, जसको
घर समुद्रको किनारमा छ।' ७ जब
तिनीसित कुरा गर्ने दूत बिदा भए, तब
तिनले तिनका घरका नोकरहरूमध्ये दुइ
जनालाई, र निरन्तर तिनको साथमा रहिरहने
एक जना भक्त सिपाहीलाई बोलाए, ८ र
तिनीहरूलाई सबै कुरा बताएर जोप्पामा
पठाए।

९ भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा
जाँदा जब त्यस शहरको नजीक पुगे,
मध्य-दिनमा दोपहरको बेलामा पत्रुस प्रार्थना
गर्नालाई घरको कौसीमाथि उक्ले। १० तिनी
ज्यादै भोकाएका हुँदा तिनले केही खाने
मन गरेका थिए, तर अरूहरूले तयार
पार्दापार्दै तिनी अचेत भए। ११ औ
तिनले स्वर्ग खुलेको र त्यहाँबाट चारै कुनामा
बाँधिएको एउटा ठूलो लुगाजस्तो पात्र
पृथ्वीतिर झरिरहेको देखे, १२ जसमा
पृथ्वीका सबै किसिमका चार खुट्टे जीवात, र
घस्रने जन्तुहरू, र आकाशका चरा-चुरुङ्गीहरू
थिए। १३ अनि 'ए पत्रुस उठ, र मारेर
खाऊ' भन्ने एउटा सोर तिनले सुने।
१४ तर पत्रुसले भने, 'यस्तो नहोस् प्रभु,
किनभने मैले कहिल्यै केही अपवित्र र अशुद्ध
थोक खाएको छैनँ।' १५ औ यसो भन्ने
त्यो सोर फेरि दोस्रोपल्ट तिनले सुने,
'परमेश्वरले जे जे शुद्ध गर्नुभएको छ त्यसलाई
तिमी अशुद्ध नतुल्याऊ।' १६ औ यस्तो
तीन पल्टसम्म भयो, र तुरुन्तै त्यो पात्र
स्वर्गतिर लगियो।

१७ जब पत्रुस आफूले देखेको यो
दर्शनको अर्थ के होला भनेर साह्रै
छक्क परिरहेका थिए, तब कर्नीलियसले
पठाएका मानिसहरू शिमोनको घरको पत्ता
लाउँदै मूल-ढोका अगाडि खड़ा भएर
१८ 'कुलनाउँ पत्रुस भएको शिमोन यहाँ
पाहुना भएर बसेका छन् कि?' भनी
बोलाएर सोधे। १९ जब पत्रुसले दर्शनको
विषयमा विचार गरिरहेका थिए तब आत्माले
तिनलाई भन्नुभयो, 'हेर, तीन जना मानिसले
तिमीलाई खोज्दैछन्। २० यसकारण उठ,
र तल जाऊ, औ केही शङ्का नमानीकन
तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई
मैले पठाएको हुँ।' २१ तब पत्रुस ओर्लेर
ती मानिसहरूकहाँ गएर भने, 'हेर,
तिमीहरूले खोजेको मानिस मै हुँ। तिमीहरू
यहाँ आएको कारण के हो?' २२ अनि
तिनीहरूले भने, 'कर्नीलियस भन्ने एक
जना धार्मिक र परमेश्वरसँग डराउने कप्तान,
र सबै यहूदी जातिहरूबाट भलो कहलाइएका
मानिसले, तपाईंलाई आफ्नो घरमा बोलाएर
तपाईंको कुरा सुन्न भनी, एउटा पवित्र
दूतद्वारा ईश्वरीय आदेश पाएका छन्।'
२३ तब उनले तिनीहरूलाई भित्र बोलाएर
तिनीहरूको सत्कार गरे।

भोलिपल्ट पत्रुस उठेर तिनीहरूका साथमा
गए, र जोप्पाका भाइहरूमध्ये निकै
तिनको साथ लागे। २४ औ पर्सिपल्ट
तिनीहरू सिजरियामा पसे। कर्नीलियसले
तिनका कुटुम्बहरू र हितका मित्रहरू-
लाई बोलाएर जम्मा गरी तिनीहरूको बाटो
हेरिरहेका थिए। २५ जब पत्रुस भित्र
आए तब कर्नीलियसले तिनीसँग भेट गरी
तिनका पाउ परी दण्डवत् गरे। २६ तर
पत्रुसले तिनलाई यसो भन्दै उठाए, 'उठ्नु-
होस्, म आफै पनि ता मानिसनै हुँ।'
२७ तब तिनी उनीसँग कुरा गर्दै भित्र
गए, र त्यहाँ तिनले धेरै जना जम्मा भएका
भेट्टाए।

२८ तब तिनले उनीहरूलाई भने,
‘यहूदी भएर अरू जातिको सङ्गत गर्नु,
अथवा अरू जातिकहाँ जानु कस्तो अनुचित
कुरा हो, सो ता तपाईंहरूलाई थाहै छ,
तापनि परमेश्वरले मलाई कुनै मानिसलाई
अपवित्र अथवा अशुद्ध नभन्नू भनी देखाउनु-
भएको छ। २९ यसैकारण डाक्ने बित्तिकै
केही इन्कार नगरीकन म तपाईंहरूकहाँ
आएँ। अब के मनसायले तपाईंहरूले
मलाई डाक्नुभएको हो भनी म सोध्छु।’
३० तब कर्नीलियसले भने, ‘चार दिन
अघि म तेस्रो पहरको समय यही घड़ीसम्म
आफ्नो घरमा प्रार्थना गरिरहेको थिएँ, तब
चहकिलो पोशाक पहिरेका एक
जना मानिस मेरो सामने खड़ा भए,
३१ औ भने, ‘कर्नीलियस, तिम्रो प्रार्थना
सुनाइभयो, र तिम्रा दान-पुण्य परमेश्वरको
सामने संम्झना भएको छ। ३२ यसकारण
जोप्पामा पठाएर कुल्नाउँ पत्रुस भएको
शिमोनलाई बोलाइपठाऊ। तिनी समुद्रको
किनारमा छालाको काम गर्ने शिमोनको
घरमा पाहुना भई बसेका छन्।’ ३३ तब
मैंले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र
तपाईं आउनुभयो। यो साह्रै असल
गर्नुभयो। अब प्रभुबाट तपाईंलाई आज्ञा
भएका कुराहरू सुन्न हामी सबै परमेश्वरको
सामने यहाँ उपस्थित छौं।’

पत्रुसको उपदेश

३४ तब पत्रुसले मुख खोलेर भने,
‘साँच्चिनै म देख्तछु, कि परमेश्वरले मानिस-
हरूको पक्षपात गर्नुहुन्न, ३५ तर हरेक
जातिमा जो उहाँसँग डराउँछ, र उचित काम
गर्छ, त्यसलाई उहाँले स्वीकार गर्नुहुन्छ।
३६ जुन वचन उहाँले येशू ख्रीष्टद्वारा
(सबका प्रभु उहाँनै हुनुहुन्छ) शान्तिको
सुसमाचार सुनाएर इस्राएलीहरूकहाँ
पठाउनुभयो—३७ कि त्यही वचन यूहन्नाले
प्रचारेको बप्तिस्मापछि, गालीलदेखि शुरू गरेर
सारा यहूदियाभरि फैलियो, सो तपाईंहरू
आफैलाई थाहै छँदैछ, ३८ कि कसरी
परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा
र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म
गर्दै र शैतानबाट पेलिएका सबैलाई निको पार्दै
हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा
हुनुहुन्थ्यो। ३९ अनि उहाँले यहूदीहरूको
देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका
हामी गवाही छौं। उहाँलाई तिनीहरूले काठमा
झुण्डाएर पनि मारे। ४० उहाँलाईनै परमेश्वरले
तेस्रो दिनमा बिउँताउनुभयो, र उहाँलाई
प्रकट गराउनुभयो, सबै मानिसहरूलाई ता
होइन, ४१ तर अघिबाट परमेश्वरले छानि-
राख्नुभएका गवाहीहरूलाई, अर्थात् हामीलाई,
जसले उहाँको पुनरुत्थान भएपछि उहाँसँग
खानपीन गर्‍यौं। ४२ औ उहाँले हामीलाई
जनतामा प्रचार गर्न, र परमेश्वरले ठहराउनु-
भएका, जिउँदा र मरेकाहरूका न्यायकर्त्ता
उहाँनै हुनुहुन्छ भन्ने सबूत दिनालाई आज्ञा
गर्नुभएको छ। ४३ उहाँकै निम्ति सबै
अगमवक्ताहरूले गवाही दिएका छन्, कि
उहाँकै नाउँद्वारा जस जसले उहाँमाथि
विश्वास गर्छन्, पापको मोचन पाउनेछन्।’
४४ पत्रुसले यी कुरा बोल्दा बोल्दै वचन
सुन्नेहरू सबैमाथि पवित्र आत्मा ओर्लनुभयो।
४५ औ जति जना खतनाका विश्वासीहरू
पत्रुसको साथमा आएका थिए, अन्यजाति-
हरूमाथि पनि पवित्र आत्माको वरदान
खन्याइएकोमा ती सबै छक्क परे, ४६ किनकि
उनीहरूले विभिन्न भाषामा बोलेर परमेश्वरको
ज्यादै प्रशंसा गरिरहेका सुने। तब पत्रुसले
भने, ४७ ‘हामीझैं पवित्र आत्मा पाउने
यिनीहरूलाई बप्तिस्मा हुन नदिन कसले
पानी मनाई गर्नसक्छ? ४८ अनि तिनले
उनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा
दिनू भनी आज्ञा गरे। तब उनीहरूले
तिनलाई केही दिन त्यहीं रहनुहोस् भनी बिन्ती
गरे।

११ अब प्रेरितहरू, र यहूदियामा हुने
भाइहरूले, अन्यजातिहरूले पनि
परमेश्वरको वचन ग्रहण गरेछन् भन्ने सुने।
२ औ जब पत्रुस यरूशलेममा उक्लिआए,
तब खतना लिनेहरू चाहिं तिनीसित यसो
भन्दै बहस गर्नलागे। ३ 'तपाईंले
बेखतनाका मानिसहरूकहाँ गई तिनीहरूसँग
खानुभएछ।' ४ तब पत्रुसले यसो भन्दै
क्रमैसँग तिनीहरूलाई शुरूदेखिको कुरो बताउँदै
गए,

५ 'म जोप्पा शहरमा प्रार्थना गर्दैथिएँ,
औ अचेत अवस्थामा मैले स्वर्गबाट चारैतिर
कुनामा बाँधिएर ओर्लिरहेको एउटा ठूलो
लुगा जस्तो पात्रको दर्शन पाएँ। त्यो
मकहाँसम्म आयो, ६ मैले डिठ लाएर
हेर्दा त्यहाँ पृथ्वीका चारखुट्टे जन्तुहरू, जङ्गली
जानवरहरू, घस्रने जन्तुहरू र आकाशका
चरा-चुरुङ्गीहरू देखें। ७ औ मलाई यसो
भनेको पनि मैले सुनें, 'हे पत्रुस, उठ,
र मारेर खाऊ।' ८ तर मैले भनें, 'प्रभु,
यस्तो नहोस्, किनकि कुनै अपवित्र अथवा
अशुद्ध कुरो मेरो मुखमा कहिल्यै परेको
छैन।' ९ तर त्यो सोरले दोस्रोपल्ट
स्वर्गबाट मलाई जवाफ दियो, 'जे परमेश्वरले
शुद्ध गर्नुभएकोछ त्यसलाई तिमीले अपवित्र
नभन।' १० तीनपल्ट त्यस्तै भयो, र ती
सबै फेरि स्वर्गमा खिँचिए।
११ औ तुरुन्तै सिजरियाबाट मकहाँ
पठाइएका तीन जना मानिसहरू हामी भएको
त्यस घरमा आइपुगे। १२ औ आत्माले
मलाई केही शङ्का नमानीकन तिनीहरूका
साथमा जाऊ भनी अह्राउनुभयो। यी
छ जना भाइहरू पनि मेरो साथ लागेका
थिए, र हामी ती मानिसको घरमा पस्यौं।
१३ उनले हामीलाई यही बताए, कि कसरी
उनको घरमा उभिएर यसो भनिरहेका एउटा
स्वर्गदूत उनले देखे, 'जोप्पामा मानिसहरू पठाएर
कुलनाउँ पत्रुस भएका शिमोनलाई बोलाइपठाऊ।
उनले तिमीलाई वचन बताइदिनेछन्, १४ र
तिमीले उद्धार पाउनेछौ—तिमी र तिम्रा सारा
परिवारले। १५ जब मैले बोल्न थालें तब
पवित्र आत्मा तिनीहरूमाथि पनि ओर्लनुभयो।
१६ औ मैले प्रभुको वचन सम्झें, कि कसरी
उहाँले भन्नुभएको थियो, 'यूहन्नाले ता साँच्चिनै
पानीले बप्तिस्मा दिए, तर तिमीहरू ता पवित्र
आत्माले बप्तिस्मा हुनेछौ' १७ जब प्रभु
येशू ख्रीष्टमाथि विश्वास गर्ने हामीलाई जस्तै
उनीहरूलाई पनि परमेश्वरले वरदान दिनुभएपछि
म को हुँ, र परमेश्वरलाई रोक्नसक्थें ?'
१८ यी कुरा सुनेपछि तिनीहरू चूपचाप
भए, र यसो भन्दै तिनीहरूले परमेश्वरको
महिमा गरे, 'अब ता परमेश्वरले अन्यजाति-
हरूलाई पनि जीवनको निम्ति पश्चाताप
दिनुभएछ।'

एन्टिओकमा अन्यजातिहरूको मण्डली

१९ स्तिफनसको विषयमा भएको संकष्ट-
पछि जताततै छरिएकाहरू, अरू कसैलाई
होइन, तर यहूदीहरूलाई मात्र वचन प्रचार
गर्दै, फोनिसिया, साइप्रस् र एन्टिओकसम्म
पनि पुगेका थिए। २० तर तिनीहरूमध्ये
कोही कोही साइप्रसी र साइरेनीका मानिसहरू
थिए। तिनीहरू एन्टिओकमा आएर प्रभु
येशूको प्रचार गर्दै ग्रीकहरूसँग पनि बातचीत
गरे। २१ औ प्रभुको बाहुली तिनीहरूसँग
भएकाले विश्वास गर्नेहरू धेरै जना
प्रभुतिर फर्के। २२ तिनीहरू सबैका
विषयमा भएको कुरो यरूशलेममा भएको
मण्डलीको कानमा पुग्यो, र तिनीहरूले
बर्णबासलाई एन्टिओकसम्म पठाए। २३ तिनी
त्यहाँ आएर परमेश्वरको अनुग्रह देखीकन खुशी
भए र तिनीहरू सबैलाई हृदयको सङ्कल्पले
प्रभुमा लागिरहनुपर्छ भनी तिनले उत्साहपूर्ण
अर्ती दिए। २४ किनभने तिनी पवित्र
आत्मा र विश्वासले भरिपूर्ण भएका एक असल
मानिस थिए, र धेरै मानिसहरू प्रभुमा
थपिए। २५ तब शावललाई खोज्न भनी

तिनी टार्ससतिर गए, २६ र जब तिनले
उनलाई भेट्टाए तब उनलाई एन्टिओकमा
ल्याए। तब पूरा एक वर्षसम्मै मण्डलीका
मानिसहरूसँग भेला भएर तिनीहरूले धेरै
जनालाई सिकाए, र चेलाहरू पहिले एन्टि-
ओकमानै ख्रीष्टियान भनिएका हुन्।
२७ त्यस बेला कोही अगमवक्ताहरू
यरूशलेमबाट एन्टिओकमा आए। २८ औ
तिनीहरूमध्ये एक जना अगाबस नाउँ भएकाले
खड़ा भएर सारा संसारमा ठूलो अनिकाल
पर्नआँटेको छ भन्ने आत्माद्वारा सूचना दिए।
त्यो अनिकाल क्लौडियसका शासनकालमा
भएको थियो। २९ तब चेलाहरू हरेकले
आफ्ना आफ्ना औकातअनुसार यहूदियामा बस्ने
भाइहरूका निम्ति सहायता पठाउने निश्चय
गरे। ३० तिनीहरूले आफ्ना दान
बर्णबास र शावलका हातमा धर्म-गुरुहरूकहाँ
पठाइदिए।

पत्रुस झ्यालखानबाट छुटेका

१२ त्यस बेला हेरोद राजाले मण्डलीका
कुनै कुनैलाई अत्याचार गर्नलाई
उनको हात बढ़ाए। २ औ उनले यूहन्नाका
दाज्यू याकूबलाई तरवारले मारे। ३ यस
कामले यहूदीहरू खुशी भएका देखेर पत्रुसलाई
पनि पक्रनालाई उनी अगि सरे। त्यस
बेला अखमीरी रोटीका दिन थिए।
४ जब उनले तिनलाई गिरफ्तार गरे।
तब निस्तार-चाड़पछि तिनलाई जनताका
सामने ल्याउने बिचार गरेर चार चार जना
सिपाहीहरूका चार पहराको जिम्मामा तिनलाई
झ्यालखानमा हाले।
५ यसरी पत्रुस झ्यालखानमा राखिए।
तर तिनका निम्ति मण्डलीले परमेश्वरलाई
बड़ो जोशसँग प्रार्थना गरिरहेको थियो।
६ औ जब हेरोदले निकालेर ल्याउन आँटेका
थिए, त्यही रात पत्रुस दुइटा
साङ्लाले बाँधिएर दुइ जना सिपाहीहरूका
बीचमा सुतिरहेका थिए। पालेहरू पनि
ढोका अगिल्तिर पालो बसेका थिए।
७ औ प्रभुका एउटा दूत तिनको
नजीक उभिए, र कोठामा एउटा ज्योति
चम्क्यो। औ उनले पत्रुसको कोखामा हिर्काएर
'छिटो उठ' भनेर तिनलाई उठाए। औ
तिनका साङ्लाहरू तिनका हातबाट फुस्केर
खसे। ८ औ स्वर्गदूतले तिनलाई भने,
'कम्मर कस, र जुत्ता लाऊ।' तब
तिनले त्यसै गरे। औ उनले तिनलाई भने,
'लाष्टो ओढ़ेर मेरो पछिपछि लाग।'
९ अनि तिनी निस्केर उनको पछिपछि लागे,
र स्वर्गदूतबाट गरिएको कुरो साँच्चिकै हो
भन्ने तिनलाई थाहै भएन, तर सपना
देख्तैछु भनी तिनले ठाने। १० औ जब
पहिलो र दोस्रो पहरा नाघेर शहरमा पस्ने
फलामे ढोकामा तिनीहरू पुगे तब त्यो ढोका
आफै तिनीहरूका लागि उघ्रियो, र तिनीहरू
बाहिर निस्केर एक गल्लीसम्म गए, र तुरुन्तै
ती स्वर्गदूत तिनीबाट अल्पिहाले।
११ जब पत्रुसको चेत खुल्यो तब तिनले
भने, 'अब मलाई साँच्चिनै थाह भयो,
कि प्रभुले आफ्नो दूत पठाएर मलाई हेरोद
राजाको हातबाट, र यहूदी जातिका सारा
आशाबाट उम्काउनुभएको रहेछ।' १२ तिनले
यो कुरा बिचार गर्दागर्दै मर्कूस कहलाउँ
भएको यूहन्नाकी आमाको घरमा तिनी
आइपुगिहाले। त्यहाँ धेरै जना जम्मा
भएर प्रार्थना गरिरहेका थिए। १३ औ
तिनले मूल-ढोका घच्घच्याउँदा रोदा
नाउँ भएकी एउटी दासी सुन्नालाई आई।
१४ औ पत्रुसको सोर चिनेपछि त्यसले
रमाएर ढोका नखोलीकन 'पत्रुस ढोका अगाडि
उभिरहेका छन्' भनी भित्र दगुरेर खबर
दिन गई। १५ तर तिनीहरूले त्यसलाई
भने, 'तँ बौलाही होस्।' तर त्यसले 'यसैनै
हो' भनेर विश्वास गरी ठोकेर भनी। औ
तिनीहरूले भने, 'सायद त्यो उनको दूत
होला।' १६ तर पत्रुसले घच्घच्याइरहे।

औ तिनीहरूले ढोका खोलेर तिनलाई देखे, र
तिनीहरू छक्क परे। १७ अनि तिनले 'चूप
लाग' भनी हातले इशारा गरेपछि, 'प्रभुले
तिनलाई कसरी झ्यालखानबाट बाहिर निकाल्नु-
भयो' सो तिनीहरूलाई बताए। औ यी
कुराको समाचार याकूब र अरू भाइहरूलाई
दिनू भनेर तिनी निस्केर अर्कै ठाउँमा
हिँड़िहाले। १८ उज्यालो भएपछि
'पत्रुसलाई के भयो' भनी सिपाहीहरूका बीचमा
ठूलो हल-चल भयो। १९ औ हेरोदले
तिनको खोजी गरेर पनि फेला नपार्दा,
पालेहरूको जाँच गरी तिनीहरूलाई ज्यान
सजायको हुकूम गरे। अनि उनीचाहिँ
यहूदियाबाट सिजरियामा ओर्लेर त्यहीँनै बसे।
२० हेरोद टायर र सायडनका मानिस-
हरूसँग अत्यन्त नाराज भएका थिए। तर
तिनीहरूले एक मनका भएर उनीकहाँ आई
राजाका बैठके बलस्तसित खुशामद गरेर
मिलापको लागि बिन्ती गरे। किनकि तिनी
हरूको देश राजाको देशबाट पालिएको
थियो। २१ औ कुनै तोकिएको दिनमा
शाही पोशाक पहिरेर हेरोद गद्दीमा बसे,
र तिनीहरूलाई उनले भाषण दिए।
२२ औ मानिसहरूले 'यो ता देवताको बोली
हो, मानिसको होइन!' भनेर कराए,
२३ तर परमेश्वरलाई महिमा नदिएकोमा
त्यत्तिखेरै प्रभुका एउटा दूतले तिनलाई प्रहार
गरे र स्याउँ स्याउँ कीरा परेर तिनको
प्राणान्त भयो।
२४ तर प्रभुको वचन बढ़दै बढ़दै फैलिएर
गयो। २५ औ बर्णाबास र शावल आफ्ना
सेवा पूरा गरेर मर्कूस कुल्नाउँ भएको यूहन्ना-
लाई साथमा लिएर यरूशलेमबाट फर्के।

एन्टिओकको मण्डली

१३ एन्टिओकमा भएका मण्डलीमा कोही
अगमवक्ताहरू र शिक्षकहरू थिए,
अर्थात् बर्णाबास, र काला भन्ने सिमिओन,
साइरिनीबासी लुसियस, देशको चौथाइको
शासक हेरोदसँग हुर्केका मनेन, र शावल।
२ तिनीहरूले प्रभुको सेवा गरी उपवास
बसेपछि पवित्र आत्माले भन्नुभयो, 'मेरो
निम्ति बर्णाबास र शावललाई त्यस कामको
लागि छुटयाओ, जुन कामको निम्ति मैले
तिनीहरूलाई बोलाएको छु।' ३ तब
उपवास र प्रार्थना गरेर तिनीहरूले
उनीहरूमाथि आफ्ना आफ्ना हात राखेर
उनीहरूलाई बिदा दिए।

साइप्रसमा बर्णाबास र शावल

४ तब तिनीहरूले पवित्र आत्माद्वारा
खटिएर सिल्युसियामा झरेर त्यहाँबाट
साइप्रसतिर समुद्र-यात्रा गरे। ५ औ
सलामिसमा हुँदा, तिनीहरूले यहूदीहरूको
सभाघरमा परमेश्वरको वचनको सुसमाचार
प्रचार गरे। तिनीहरूका साथमा टहलुवाको
काम गर्ने यूहन्ना पनि थियो।
६ जब तिनीहरू त्यो सिङ्गै टापू
छिचलेर पाफोससम्म आइपुगे, तब त्यहाँ
तिनीहरूले झूटा अगमवक्ता बारयेशू नाउँ
भएको कुनै एउटा यहूदी धामीलाई भेट्टाए।
७ बड़ा हाकिम सर्गियस पौलस भन्ने मानिस-
सित त्यो थियो। तिनी बुद्धिमान मानिस
थिए। तिनले शावल र बर्णाबासलाई
बोलाएर परमेश्वरको वचन सुन्ने इच्छा
गरे। ८ तर सो इलुमास धामीले
(किनकि त्यसको नाउँको अर्थ यही हो),
बड़ा हाकिमको विश्वास भर्माउन खोजेर
तिनीहरूको सामना गऱ्यो।
९ तर शावलले, जसलाई पावल पनि
भनिन्छ, पवित्र आत्माले, भरिएर त्यसमाथि
एक डिठ लगाएर हेरे, १० र भने, 'ए
सम्पूर्ण छल र सम्पूर्ण धूर्त्याइँले भरिएको
तँ शैतानको बच्चा, तँ सारा धर्म-कर्मको
शत्रु, के तँ प्रभुको सच्चा बाटो बङ्ग्याउन
छोड्दैनस्? ११ औ अब हेर्, प्रभुको

हात तँमाथि परेको छ, र तँ अब
केही समयसम्म प्रकाश पनि नदेख्ने भई
अन्धा हुनेछस्।' अनि उत्तिखेरै कुइरो र
अन्धकारले त्यसलाई छोप्यो, र त्यो यता
उता लागेर डोऱ्याउने कोही खोज्नथाल्यो।
१२ तब बड़ा हाकिमले यो भएको देखेर
प्रभुको शिक्षामा अचम्म मानी विश्वास गरे।

पावल पिसिडियाको एन्टिओकमा

१३ पावल र तिनका साथी पाफोसबाट
समुद्र-यात्रा गरेर प्याम्फिलियाको पर्गामा
आए, र यूहन्ना चाहिँ तिनीहरूसँगबाट
छुट्टिएर यरूसलेममा फर्के। १४ तर
तिनीहरू चाहिँ पर्गाबाट निस्केर पिसिदियाको
एन्टिओकमा आए, र विश्रामको दिनमा
सभाघरमा गएर बसे। १५ अब व्यवस्था
र अगमवक्ताका पुस्तकको पाठ भएपछि
सभाघरका शासकहरूले तिनीहरूलाई यसो
भनिपठाए, 'ए भाइ हो, तपाईंहरूसित
मानिसहरूको निम्ति केही अर्तीको कुरो छ
भने भन्नुहोस्।' १६ तब पावलले खड़ा
भएर हातले इशारा गरी भने,
'हे इस्राएली र परमेश्वरको डर मान्ने
हो, सुन्नुहोस्, १७ यस इस्राएल जातिका
परमेश्वरले हाम्रा पिता-पुर्खाहरूलाई चुनीकन
तिनीहरू मिश्र देशमा परदेशी भएर रहँदा
तिनीहरूलाई उच्च पारेर राख्नुभयो, र
उहाँका उच्च बाहुलीले तिनीहरूलाई त्यहाँबाट
डोऱ्याएर ल्याउनुभयो। १८ औ जङ्गलमा
प्रायः चालीस वर्षको समयसम्म उहाँले
तिनीहरूलाई सहँदैरहनुभयो। १९ तब
उहाँले कनान देशमा सातवटा जातिलाई
नाश पारेर उनीहरूको देश तिनीहरूको
अधिकारमा प्रायः चार सय पचास वर्षसम्म
बाँड़िदिनुभयो।
२० यी कुरापछि शमूएल अगम-
वक्ताका पालासम्म उहाँले न्यायकर्ताहरू
दिनुभयो। २१ औ पछिबाट तिनीहरूले
राजा मागे, र परमेश्वरले तिनीहरूमाथि
बिन्यामीन कुलका एक जना कीशका छोरा
शावललाई चालीस वर्षसम्म राज्य गर्न
दिनुभयो। २२ औ उहाँले तिनलाई
हटाएर तिनीहरूका निम्ति दाऊदलाई,
राजा हुनालाई, खड़ा गर्नुभयो, जसलाई
उहाँले गवाही दिएर भन्नुभयो, 'मैले यस्सीको
छोरो दाऊदलाई मेरो हृदयअनुसारको एउटा
मानिस पाएँ, जसले मेरो सबै इच्छा पूरा
गर्नेछ।' २३ यही मानिसको वंशबाट,
उहाँको प्रतिज्ञाबमोजिम, परमेश्वरले इस्राएलका
लागि मुक्तिदाता ल्याइदिनुभयो, अर्थात्
येशूलाई, २४ त्यो समयमा, जब यूहन्नाले
उहाँ आउनभन्दा पहिले इस्राएलका सबै
जातिलाई पश्चातापको बप्तिस्माको प्रचार
गरेका थिए।
२५ यूहन्नाले आफ्ना कार्यक्रम
पूरा गर्दा भनेका थिए, 'म को हुँ भनेर
तिमीहरू ठान्छौ? म उही ता होइनँ।
तर हेर, मपछि एक जना आउनुहुन्छ,
जसका खुट्टाको जुत्ता फुकाल्ने लायकको म
छैनँ।' २६ हे भाइ हो, अब्राहामको
वंशका सन्तान, र तिमीहरूमध्ये परमेश्वरको
डर मान्ने हो, हामीकहाँनै यो मुक्तिको
वचन पठाइएको छ। २७ किनभने
यरूशलेममा बासिन्दा र तिनीहरूका शासक-
हरूले नता उहाँलाई चिन्नसके, न हरेक
विश्रामको दिनमा पढ़िने अगमवक्ताका वचन
बुझ्नसके, र उहाँलाई दण्डको आज्ञा दिएर
अगमवक्ताका वचन पूरा गरे। २८ ज्यान-
सजायको केही कारण नपाए तापनि तिनीहरूले
उहाँलाई मार्नुपर्छ भनी पिलातससँग बिन्ती
गरे, २९ र उहाँको विषयमा लेखिएका
जत्ति कुरा सबै पूरा गरेपछि तिनीहरूले
उहाँलाई काठबाट झारेर चिहानमा राखे।
३० तर परमेश्वरले उहाँलाई मरेकोबाट
बिउँताउनुभयो।
३१ धेरै दिनसम्म उहाँसँग गालीलबाट
यरूशलेममा आउनेहरूकहाँ उहाँ देखा

परिरहनुभयो, र उनीहरू अहिले जनतामा
साक्षी छँदैछन्। ३२ हाम्रा पिता-पुर्खालाई
गर्नुभएको त्यो प्रतिज्ञाको खुशीको खबर हामी
तपाईंहरूलाई सुनाउँछौं, ३३ अर्थात् कसरी
परमेश्वरले येशूलाई बिउँताएर त्यो कुरो हाम्रा
सन्तानको निम्ति पूरा गरिदिनुभयो, जस्तो कि
दोस्रो भजनमा पनि लेखिएको छ,
'तिमी मेरो पुत्र हौ, आजको दिन मैंले
तिमीलाई जन्माएको छु।'
३४ उहाँले ख्रीष्टलाई मरेकोबाट बिउँताएर
कहिले सड्नुपर्दैन भन्ने विषयमा यसो
भन्नुभएको छ, 'म तिमीहरूलाई दाऊदप्रतिको
पवित्र र भरपर्दो आशीर्वाद दिनेछु।'
३५ किनकि अर्को एउटा भजनमा
पनि उनी भन्दछन्, 'तपाईंले आफ्ना
पवित्र जनको शरीर सड्न दिनुहुनेछैन।'
३६ किनकि उनको आफ्ना पुस्तामा
परमेश्वरको सल्लाहअनुसार सेवा गरेर मरेपछि
उनका पिता-पुर्खाहरूसँग दाऊद राखिए, र
उनको शरीर सड्यो। ३७ तर जसलाई
परमेश्वरले बिउँताउनुभयो उहाँको शरीर
सडेन।
३८ यसकारण ए भाइ हो, तपाईं-
हरूलाई थाह होस्, कि यिनै मानिस-
द्वारा पापमोचनको समाचार तपाईंहरूलाई
घोषणा गरिएको छ, ३९ र उहाँबाटनै
तपाईं विश्वास गर्नेहरू जत्ति हरेक, सबै
कुरामा धार्मिक ठहरिनुहुनेछ, जुन कुरामा
मोशाको व्यवस्थाबाट तपाईंहरू धार्मिक
ठहरिन सक्नुभएको थिएन। ४० यसकारण
होशियार रहनुहोस्, अगमवक्ताहरूका
पुस्तकमा भनिएको कुरो तपाईंहरूमाथि
आइनलागोस्,
४१ 'हे तुच्छ ठान्ने हो, छक्क परेर नष्ट
भइ जाओ, किनभने तिमीहरूका दिनमा म
एउटा काम गर्नेछु, जुन काम कसैले बयान
गरिदिएछ भने पनि तिमीहरू केही गरी
पत्याउनेछैनौ'।'
४२ तिनीहरू सभाघरबाट बाहिर निस्केर
गएपछि उनीहरूले यसो भनी बिन्ती
गरे, 'आउँदो विश्रामको दिनमा हामीलाई
यो कुरा सुनाउनुहोस्।' ४३ सभा
बिसर्जन भएपछि, यहूदीहरू र यहूदी मत
मान्ने भक्तहरूमध्ये धेरै जसो पावल र
बर्णाबासको पछि लागे, र उनीहरूले
यिनीहरूसित कुरा गरेर यिनीहरूलाई
'परमेश्वरको अनुग्रहमा रहिरहनू' भनी
सम्झाए।

प्रेरितहरू अन्यजातितर्फ लागेका

४४ अनि आउँदो विश्रामको दिनमा
परमेश्वरको वचन सुन्नलाई झण्डै सारा शहर
उल्टेर आयो। ४५ तर मानिसहरूको भीड़
देखेर डाहले भरिएर पावलले बोलेका कुरा
काटेर निन्दा गर्दै यहूदीहरूले चाहिं कुरा
गर्नलागे। ४६ तर पावल र बर्णाबासले
सुरिएर भने, 'परमेश्वरको वचन पहिले तपाईं-
हरूलाईनै सुनाउनु आवश्यक थियो, तपाईं-
हरूलेनै यसलाई रद्द गरेर आफैले आफैलाई
अनन्त जीवनको अयोग्य ठहराउनुहुन्छ भनेता
हेर्नुहोस्, हामी अब अन्यजातिहरूतर्फ फर्कन्छौं।
४७ किनकि यसो भनेरनै प्रभुले हामीलाई
अह्राउनुभएको छ,
'मैले तिमीलाई अन्यजातिहरूका ज्योतिको
निम्ति ठहराएको छु,
र तिमी पृथ्वीको अन्तसम्म मुक्तिको
लागि खड़ा होऊ'।'
४८ अनि जब अन्यजातिहरूले यी कुरा
सुने, तब तिनीहरू खुशी भए, र परमेश्वरको
वचनको महिमा गर्नलागे, र अनन्त जीवनका
लागि नियुक्त भएकाहरू जत्तिले विश्वास गरे।
४९ र प्रभुको वचन देशभरि चारैतिर
फैलियो। ५० तर यहूदीहरूले भक्त र
इज्जतदार स्त्रीहरूलाई र शहरका मुख्य
मुख्य मानिसहरूलाई खुरन्धार बिन्तीभाउ
गरीकन पावल र बर्णाबासका विरुद्ध उपद्रव
मच्चाएर तिनीहरूलाई आफ्ना साँध-सीमाना

बाहिर धपाइदिए। ५१ तर तिनीहरू चाहिं,
आफ्ना खुट्टाको धूलो तिनीहरूका विरुद्ध
टक्टकाएर, आइकोनियममा आए। ५२ औ
चेलाहरू आनन्द र पवित्र आत्माले परिपूर्ण
भए।

पावल र बर्णाबास आइकोनियममा

१४ अब आइकोनियममा यहूदीहरूको
सभाघरमा तिनीहरू साथसाथै पसेर
बसरी बोले कि यहूदीहरू र ग्रीकहरू
समेतबाट एक ठूलो भीड़ले विश्वास गर्‍यो।
२ तर अनाज्ञाकारी यहूदीहरूले चाहिं भाइ-
हरूका विरुद्धमा अन्यजातिहरूको मन बहकाएर
तिनीहरूलाई बक्स्याइदिए। ३ यसैकारण
प्रभुको भरोसामा साहससित बोल्दै धेरै समय-
सम्म तिनीहरू त्यहाँ रहे, जसले चिह्नहरू र
अचम्मका कामहरू तिनीहरूका हातबाट
गराईकन आफ्ना अनुग्रहको वचनको गवाही
दिनुहुन्थ्यो। ४ तर शहरका मानिसहरूमा
फाटो हुनगयो, र कोही यहूदीहरूतर्फ र
कोही प्रेरितहरूतर्फ लागे। ५ तर जसै तिनी-
हरूलाई बेइज्जत गर्न, र ढुङ्गाले हान्ने
मनसायले अन्यजाति र यहूदीहरू दुवै
तिनीहरूका शासकहरू समेतले हमला गर्न
प्रयत्न गरे, ६ तब तिनीहरू यो कुरा चाल
पाएर, लाइकाओनियाका शहरहरू, अर्थात्
लिस्त्रा, डर्बी र तिनका छेउछाउका जिल्लाहुँदो
भागेर गए, ७ र त्यहाँ तिनीहरूले सुसमाचार
प्रचार गरे।

लिस्त्रामा

८ अब लिस्त्रामा आमाको गर्भदेखिनै
लङ्गड़ा भएको र खुट्टाको अशक्त एक जना
मानिस बसेको थियो, जो कहिल्यै हिंड़ेको
थिएन। ९ पावलले बोल्दै गरेको त्यसले
सुन्यो। औ तिनले त्यसमाथि एक टक लगाएर
हेरे, र निको हुने त्यसको विश्वास छ भन्ने
देखीकन, १० ठूलो सोरले कराएर भने,
'तेरा खुट्टाले सीधा भएर उभी।' अनि त्यो
बुर्लुक्क उफ्रेर हिंड़्नलाग्यो। ११ जब पावलले
यो गरेको कुरो भीड़ले देख्यो, तब तिनीहरूले
आफ्नो लाइकाओनिया भाषामा उच्च सोरले
यसो भने, 'देवहरू मानिसहरूका रूपमा
हामीकहाँ ओर्लेर आएछन्।' १२ अनि
तिनीहरूले बर्णाबासलाई जूपिटर र पावललाई
मर्करी भन्नलागे, किनकि यिनी चाहिं मुख्य
वक्ता थिए।

१३ शहरको अगिल्तिर भएको जूपिटरको
मन्दिरका पूजाहारीले मूल ढोकाहरूमा गोरुहरू
र फूलका मालाहरू ल्याएर त्यहाँका मानिसहरू
समेत भई बलिपूजा गर्ने इच्छा गरे।
१४ तर जब ती प्रेरितहरू, अर्थात् बर्णाबास
र पावलले यो कुरा सुने, तब तिनीहरू आफ्ना
आफ्ना लुगा च्यातेर यसो भन्दै कराएर
मानिसहरूको बीचमा हाम फाल्दै दगुरे,
१५ 'ए हजूर हो, तपाईंहरू किन यस्तो काम
गर्नुहुन्छ? हामी पनि ता तपाईंहरू जस्तै
दुःख सुख भोग्ने मानिसहरू हौं, र तपाईंहरू-
लाई यी व्यर्थका कुराहरूबाट साक्षात् परमेश्वर-
तर्फ फिराउनालाई सुसमाचार सुनाउँछौं, जुन
परमेश्वरले स्वर्ग, पृथ्वी, समुद्र र तिनमा
भएका यावत् थोकलाई बनाउनुभयो, १६ जसले
अघि बितिसकेका पुस्तामा सब जातिहरूलाई
आफ्ना आफ्ना मार्गमा चल्न दिनुभयो।
१७ यसो भए तापनि उहाँले आफुलाई विना
गवाही छोड़्नुभएन, यसरी कि उहाँले तपाईं-
हरूलाई स्वर्गबाट पानीको झरी र फल फल्ने
ऋतु दिएर भलाइ गरी तपाईंहरूका हृदयमा
खुराक र आनन्दले भरिदिनुभयो।' १८ औ
यी कुराहरू भनेर तिनीहरूले बहुतै कठिनसाथ
ती मानिसहरूलाई तिनीहरूका निम्ति बलिपूजा
गर्नबाट रोक्नसके।

१९ तर कुनै कुनै यहूदीहरू एन्टिओक
र आइकोनियमबाट त्यहाँ आइपुगे, र भीड़लाई
मच्चाईकन पावललाई ढुङ्गाले हाने, र तिनी
मरे होलान् भन्ठानेर शहरदेखि बाहिर

घिस्याएर लगे। २० तर चेलाहरू तिनका
वरिपरि उभिरहेका हुँदा तिनी उठेर शहरभित्र
पसे, र भोलिपल्ट बर्णाबासको साथमा निस्केर
डर्बीमा गए।

एन्टिओकमा फर्केका

२१ औ तिनीहरूले त्यस शहरमा
सुसमाचार प्रचार गरेर धेरै जनतालाई चेला
बनाएर तिनीहरू फेरि लिस्त्रा, आइकोनियम
हुँदै एन्टिओकमा फर्के, २२ र चेलाहरूका
आत्मालाई स्थिर गराउँदै तिनीहरूलाई
विश्वासमा रहिरहेर अनेक कष्ट सही परमेश्वरको
राज्यमा पस्नैपर्छ भन्ने तिनीहरूलाई उत्साह
दिने गरे। २३ अनि तिनीहरूले उनीहरूका
निम्ति हरेक मण्डलीमा धर्मगुरुहरू नियुक्त
गरेपछि उपवास र प्रार्थना गरेर तिनीहरूले
विश्वास गरेका प्रभुको जिम्मामा सुम्पिदिए,
२४ र तिनीहरू पिसिदियाबाट भएर
प्यामफिलियामा आए। २५ औ पर्गामा
वचन प्रचार गरेर तिनीहरू अटालियामा झरे।
२६ अनि त्यहाँबाट तिनीहरू समुद्र-यात्रा
गरेर एन्टिओकमा आए, जहाँ तिनीहरूले
पूरा गरेका कामको निम्ति परमेश्वरको
अनुग्रहमा तिनीहरू सुम्पिएका थिए।
२७ औ तिनीहरूले आएर मण्डलीका
भाइहरूलाई भेला गरेपछि, परमेश्वरले तिनी-
हरूका साथमा कत्ति काम गर्नुभयो, र उहाँले
अन्यजातिहरूलाई कसरी विश्वासको ढोका
खोलिदिनुभयो भन्ने समाचार सुनाए।
२८ औ तिनीहरू त्यहाँ चेलाहरूका साथमा
धेरै दिन रहे।

१५ अब केही मानिसहरूले यहूदिया-
बाट ओर्ली आए, र 'तिमीहरू
मोशाको रीतिअनुसार खतना भएनौ भने ता
तिमीहरूको उद्धार हुन सक्नेछैन' भनी भाइ-
हरूलाई सिकाए। २ तब पावल र बर्णाबासको
तिनीहरूसित झगड़ा र बहस धेरैनै भएपछि,
ती भाइहरूले पावल र बर्णाबास, र तिनीहरू
मध्येबाट पनि कुनैलाई यस सवालको विषयमा
यरूसलेममा प्रेरितहरू र धर्मगुरुहरूकहाँ
जानालाई नियुक्त गरे। ३ अब मण्डलीले
केही परसम्म पुऱ्याएपछि, अन्यजातिहरूको
फिराइको बारेमा प्रचार गर्दै, तिनीहरू
फोनिसिया र सामरियाबाट भएर गए, र
तिनीहरूले सबै भाइहरूलाई बड़ो आनन्दित
तुल्याए। ४ अनि जब तिनीहरू यरूसलेममा
आइपुगे, तब तिनीहरूले मण्डली, प्रेरित र
धर्मगुरुहरूबाट स्वागत पाए, र परमेश्वरले
तिनीहरूसँग गर्नुभएको सब कुराको बेलिबिस्तार
तिनीहरूले लगाए। ५ तब फरिसीहरूका
मत मध्येका कुनै कुनै विश्वास गर्नेहरूले त्यहाँ
उभिएर भने, 'तिनीहरूलाई खतना हुने र
मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिने
आवश्यक छ।'

यरूशलेममा भएको सभा

६ यस विषयमा सोच विचार गर्नालाई
प्रेरितहरू र धर्मगुरुहरू भेला भए।
७ औ निकै सवाल भएपछि पत्रुसले खड़ा
भएर तिनीहरूलाई भने,
'ए भाइ हो, तपाईंहरूलाई थाहै छ, कि
निकै दिन अघाड़ि कसरी परमेश्वरले, मेरो
मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन
सुनून् र विश्वास गरून् भनी, हामीमध्येबाट
मलाई चुन्नु भएको थियो, ८ औ हृदयको
बात जान्ने परमेश्वरले तिनीहरूलाई पनि
हामीलाई जस्तै पवित्र आत्मा बक्सेर तिनी-
हरूका निम्ति गवाही दिनुभयो, ९ र
विश्वासले तिनीहरूको हृदय शुद्ध पारेर हामी
र तिनीहरूका बीचमा केहीं भेद-भाव
राख्नुभएन। १० यसकारण अब तपाईंहरू
किन परमेश्वरको परीक्षा गर्नुहुन्छ, र चेला-
हरूका काँधमा त्यो जुवा हालिदिनुहुन्छ? जुन
नता हाम्रा पिता-पुर्खाहरूले न हामीले बोक्न
सक्यौं। ११ तर हामी विश्वास गर्दछौं,

कि प्रभु येशूको अनुग्रहबाट तिनीहरूले उद्धार
पाएझैं हामीले पनि पाउनेछौं।'
१२ तब भीड़ सबै चूप रह्यो, औ
बर्णाबास र पावलले हामीद्वार परमेश्वरले
अन्यजातिहरूका बीचमा कस्ता चिह्नहरू र
आश्चर्यकर्महरू गर्नुभयो भनी बखान गरेका
सुनिरहे। १३ औ तिनीहरू चूप लागेपछि
याकूबले यसो भने,
'ए भाइ हो, मेरो कुराहरू सुन्नुहोस्,
१४ कसरी परमेश्वरले पहिले उहाँको नाउँको
निम्ति अन्यजातिहरूबाट एक जाति लिनालाई
कृपादृष्टि गर्नुभयो भन्ने कुरो शिमोनले
बताएका छन्। १५ औ यसैसँग अगम-
वक्ताका वचन पनि मिल्छन्, जस्तो
लेखिएको छ,
१६ 'यी कुरापछि म फर्कनेछु, र दाऊदको
भत्केको तम्बू फेरि बनाउनेछु, र त्यसका
भग्नावशेष म फेरि बनाइदिनेछु, र
त्यसलाई खड़ा गर्नेछु,
१७ औ बाँकी रहेका मानिसहरूले परमप्रभुलाई
खोज्न सकून्,
र सबै अन्यजातिहरूले जस जसमाथि
मेरो नाउँ प्रकट गरिएको छ,
१८ संसारको उत्पत्तिदेखि यी कुरा जनाउने
परमप्रभु भन्नुहुन्छ।'
१९ यसकारण मेरो फैसला यो छ, कि
अन्यजातिहरूबाट परमेश्वरतर्फ फर्कनेहरूलाई
हामी दुःख नदिऔं, २० तर तिनीहरूलाई
यी कुरा लेखिदिऔं, कि तिनीहरू मूर्ति-पूजाका
अशुद्धि, व्यभिचार, घोक्रो अँठ्याएर मारेको
मासु र रगतबाट अलग रहून्। २१ किन-
भने अघिका पुस्ताहरूदेखिनै शहरैपिच्छे
मोशाको प्रचार ता भइरहेकै छ, किनकि
यो हरेक विश्रामको दिन सभाघरमा
पढ़िँदैछ।'
२२ तब ती प्रेरितहरू, र धर्मगुरुहरू,
र मण्डलीका सबै जना समेतलाई तिनीहरू-
मध्येबाट कुनै कुनै मानिसहरूलाई, र भाइहरू-
मध्ये मुख्य मुख्य मानिस, अर्थात् बर्साबास
कुलनाउँ भएको यहूदा र सिलासलाई चुनेर,
पावल र बर्णाबासका साथमा एन्टिओकमा
पठाउनालाई असल लाग्यो। २३ अनि
तिनीहरूले उनीहरूका हातमा यस्तो लेखी
पठाए,
'एन्टिओक, सिरिया र सिलिसियामा
रहने अन्यजाति भाइहरूलाई प्रेरितहरू र
धर्मगुरु भाइहरूको सलाम, २४ हामीले
सुनेका छौं, कि हामीबाट निस्केर गएका
कुनै कुनैले, जसलाई हामीले आज्ञा
नदिए पनि तपाइंहरूका मन उल्टाउनालाई
तपाइंहरूलाई कयौं कुराले दुःख दिएका
छन् अरे, २५ यसकारण हामी सबै एक
मनका भएर मानिसहरू चुनेर तिनीहरूलाई
हाम्रा प्रिय बर्णाबास र पावलका साथमा
तपाइंहरूकहाँ पठाउनलाई असल लाग्यो।
२६ यिनीहरू यस्ता मानिसहरू हुन्
जसले हाम्रा प्रभु, येशू ख्रीष्टको नाउँमा
आफ्ना प्राण पनि खतरामा राखेका छन्।
२७ यसकारण हामीले यहूदा र सिलासलाई
पठाएका छौं। उनीहरूले पनि सोही कुराहरू
मुखैले बताउनेछन्। २८ किनभने यी
जरूरतका कुराहरू बाहेक अरू बढ़ता बोझ
तपाइंहरूलाई नबोकाउनामानै पवित्र आत्मालाई
र हामीलाई असल लाग्यो। २९ तपाइंहरू
मूर्तिहरूलाई बलि चढ़ाएको प्रसाद,
रगत, गला अँठ्याएर मारेको जन्तुको
मासु र व्यभिचारबाट अलग रहनुहोस्,
जुन कुराहरूबाट अलग रहनुभयो भने बढ़िया
हुनेछ। तपाइंहरूको भलो होस्।'
३० तब तिनीहरू बिदा भएपछि
एन्टिओकमा आए, र मानिसहरूलाई जम्मा
गरेर सो चिट्ठी बुझाइदिए। ३१ औ तिनी
हरूले पढ़ेपछि त्यहाँ भएका सान्त्वनाको कुराले
खुशी भए। ३२ औ यहूदा र सिलास,
आफैहरू पनि अगमवक्ता भएका हुनाले
भाइहरूलाई धेरै वचनहरूले अर्ती दिएर
स्थिर गराए। ३३ औ तिनीहरूले निकै
दिन त्यहाँ बिताएपछि भाइहरूसँगबाट बिदा

गरी तिनीहरूलाई पठाउनेहरूकहाँ कुशलसाथ
पठाइए। ३४ (त्यसो भए तापनि सिलास-
लाई त्यहाँ बस्न मन लाग्यो।) ३५ अनि
पावल र बर्णाबास चाहिँ प्रभुको वचन
सिकाउँदै र सुसमाचार प्रचार गर्दै अरूहरू
धेरै जनाका साथ एन्टिओकमा रहे।
३६ केही दिनपछि पावलले बर्णाबासलाई
भने, 'लौ, जुन जुन शहरमा हामीले प्रभुको
वचन प्रचार गरेका थियौँ ती शहरैपिच्छे
फर्केर गई भाइहरूलाई भेट गरौँ, र तिनीहरू
के कस्ता छन्, हेरौँ।' ३७ बर्णाबासले
मर्कूस भन्ने यूहन्नालाई पनि तिनीहरूका
साथमा लैजाने मन गरे। ३८ तर पावलले
उनलाई साथमा लैजान ठीक मानेनन्,
किनभने उनी प्याम्फिलियाबाट तिनीहरूसँग
छुट्टिएर गएका थिए, औ तिनीहरूका साथ
काममा गएका थिएनन्। ३९ औ तिनी-
हरूका बीचमा यति चर्को मतभेद भयो,
कि तिनीहरू एक अर्काबाट छुट्टिए, र
बर्णाबासले मर्कूसलाई साथमा लिएर
साइप्रसतिर समुद्र-यात्रा गरे, ४० तर पावलले
सिलासलाई चुनेर, भाइहरूबाट परमेश्वरको
अनुग्रहमा जिम्मावारी भएर बिदा भए।
४१ औ तिनी मण्डलीलाई स्थिर गराउँदै
सिरिया र सिलिसियाभरि गए।

लिस्त्रामा तिमोथी पावलसँग लागेका

१६ अनि तिनी डर्बी र लिस्त्रामा पनि
आए, र त्यहाँ तिमोथी नाउँ
भएका एक जना चेला थिए। तिनी एउटी
विश्वासी यहूदी स्त्रीका छोरा थिए, तर तिनका
बाबु भने ग्रीक थिए। २ लिस्त्रा र
आइकोनियमका भाइहरूमा तिनका बारेमा
असल नाउँ चलेको थियो। ३ तिनलाई
साथमा लैजानलाई पावलले इच्छा गरे, र
ती ठाउँहरूमा रहने यहूदीहरूका कारणले
गर्दा तिनलाई लगेर खतना गरे, किनकि
तिनका बाबु ग्रीक हुन् भन्ने तिनीहरू सबैलाई
थाह थियो। ४ अब तिनीहरू शहर
शहरका बाटो भएर जाँदा तिनीहरूले
यरूशलेमका प्रेरितहरू र धर्म-गुरुहरूबाट
तोकिएका विधिहरूको प्रतिपालन गर्नू भनी
तिनीहरूलाई बताए। ५ यसरी मण्डलीहरू
विश्वासमा दह्रो हुँदै र गन्तीमा दिनहुँ
बढ्दै गए।
६ अनि पवित्र आत्माबाट एशियामा
प्रचार गर्न मनाई भएकाले तिनीहरू
फ्रिगिया र गलातियाका प्रदेश भएर गए।
७ औ माइसियाको उत्तापट्टि आएपछि
तिनीहरूले बिथनियातर्फ जाने विचार गरे। तर
येशूका आत्माले तिनीहरूलाई जान दिनुभएन।
८ तब माइसियाबाट भएर तिनीहरू
त्रोआसमा आए। ९ अब 'म्यासिडोनियामा
आएर हामीलाई मदत गर्नुहोस्' भनी
त्यहाँको एक जना मानिसले तिनलाई
बिन्ती गरिरहेको पावललाई राती दर्शन
भयो। १० तिनलाई सो दर्शन भएपछि,
'परमेश्वरले हामीलाई तिनीहरूकहाँ सुसमाचार
प्रचार गर्न बोलाउनुभएछ' भन्ने निश्चय
मानी हामी तुरुन्तै म्यासिडोनिया जानखोज्यौँ।

पावल फिलिप्पीमा

११ त्यसपछि हामी त्रोआसबाट जहाज
फिराएर सीधा सामोथ्रेसतिर खियाउँदै गयौँ,
र भोलिपल्ट नियापोलिसमा आइपुग्यौँ,
१२ औ त्यहाँबाट फिलिप्पीमा, जो
म्यासिडोनियाको त्यस भागको मुख्य शहर
र रोमी उपनिवेश पनि हो। औ हामी
त्यस शहरमा केही दिन रह्यौँ। १३ अब
विश्रामको दिनमा प्रार्थना गर्ने ठाउँ यही
हो भन्ने सम्झेर हामी मूल-ढोकाबाहिर
नदीको किनारमा गयौँ, र बसेर जम्मा
भएका स्त्रीहरूसित कुरा गर्नलाग्यौँ।
१४ अनि थाइआटीरा शहरको बैजनी लुगा
बेच्ने लिडिया नाउँकी एउटी ईश्वर-भक्त
स्त्रीले हाम्रो वचन सुनिन्। पावलले बोलेका

कुरा ध्यानसित सुनून् भनेर प्रभुले तिनको
हृदय खोलिदिनुभयो। १५ औ जब तिनी र
तिनका परिवार सबै बप्तिस्मा भए, तब तिनले
यसो भनेर हामीलाई बिन्ती गरिन्, 'यदि
तपाईंहरूले मलाई प्रभु-भक्त हो भनी ठान्नुहुन्छ
भने मेरो घरमा आउनुहोस्, र त्यहीं
बस्नुहोस्।' औ तिनले हामीलाई कर
लगाइन्।

१६ औ जब हामी प्रार्थनाको ठाउँमा
गइरहेका थियौं, तब जोखना हेर्ने विद्या
भएकी एउटी दासीसँग हाम्रो भेट भयो,
जसले जोखनाबाट त्यसका मालिकहरूका
निम्ति धेरै पैसा कमाएर ल्याइदिने गर्थी।
१७ त्यही चाहिं पावल र हाम्रा पछिपछि
लागीकन यसो भन्दै चिच्याई, 'यी मानिसहरू
परमेश्वरका सेवकहरू हुन्। यिनीहरूले
तिमीहरूलाई मुक्तिको बाटो बताउँछन्।'
१८ औ त्यसले यस्तो धेरै दिनसम्म
गरिरही। तब पावलले वाक्क भएर फनक्क
फर्की त्यस दुष्टात्मालाई भने, 'येशू ख्रीष्टको
नाउँमा म तँलाई त्यसबाट निस्कने आज्ञा
गर्दछु।' अनि त्यो त्यही घड़ी निस्किहाल्यो।

पावल र सिलास कैदमा

१९ तर त्यसका मालिकहरूले तिनीहरूको
कमाइको आशा विफल भएको देखेर पावल र
सिलासलाई समातेर बजारको चोकमा
हाकीमहरूकहाँ तान्दै लगे। २० अनि
तिनीहरूलाई अदालतका हाकीमहरूकहाँ ल्याएर
भने, यी मानिसहरू यहूदी भईकन पनि
हाम्रो शहरमा साह्रो हलचल मच्चाउँछन्।
२१ औ यस्ता यस्ता रीति-थितिहरू
सिकाउँछन् जो ग्रहण गर्न र मान्ना हामी
रोमीहरूलाई उचित हुँदैन।' २२ तब
भीड़हरू मिलेर तिनीहरूमाथि जाइलागे।
औ अदालतका हाकीमहरूले तिनीहरूका
लुगा च्यातेर फालिदिए, र तिनीहरूलाई
छड़ीले पिट्ने आज्ञा दिए। २३ अनि
उनीहरूले तिनीहरूलाई धेरै छड़ी लगाएपछि
झ्यालखानमा हालिदिए, र तिनीहरूलाई
सुरक्षित राख्नू भनी उनीहरूले झ्यालखानका
हाकीमलाई उर्दी दिए। २४ यस्तो उर्दी
पाएर उनले तिनीहरूलाई भित्री झ्यालखानमा
लगेर तिनीहरूका खुट्टामा ठिङ्गुरा ठोकेर
राखिदिए।

२५ तर आधा राततिर पावल र
सिलास प्रार्थना गर्दै परमेश्वरका भजन
गाइरहेका थिए, र अरू कैदीहरूले सो
सुनिरहेका थिए। २६ तब एक्कासि एउटा
ठूलो भैंचालो गयो, र झ्यालखानका जगहरू
हल्लिए, र तुरुन्तै जम्मै ढोकाहरू उघ्रिए,
र सबैका बन्धनहरू खुले।

२७ औ झ्यालखानका हाकिम
निद्राबाट झसङ्ग भएर ब्यूँझे, र
झ्यालखानका ढोकाहरू उघ्रेका देखेर कैदीहरू
सबै भागिसके भन्ठानेर तिनले अपहत्या
गर्ने विचारले आफ्नो तरवार थुते। २८ तर
पावल चर्को सोरले यसो भन्दै कराए,
'तपाईंले आफूलाई केही नोक्सानी नगर्नुहोस्,
किनकि हामी सबै यहीं छौं।' २९ तब
बत्ती मागेर तिनी हाम फाल्दै भित्र आए,
र काम्दै काम्दै पावल र सिलासका चरणमा
परे।

३० औ तिनीहरूलाई बाहिर ल्याएर
तिनले भने, 'हजूर हो, मैले के
गरेदेखि उद्धार पाउनसक्छु?' ३१ अनि
तिनीहरूले भने, 'प्रभु येशू ख्रीष्टमा विश्वास
गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ,
तपाईं र तपाईंका परिवारले।'

३२ औ तिनीहरूले तिनलाई र तिनको
घरमा भएका जत्ति सबैलाई प्रभुको वचन
सुनाए। ३३ तब रातको त्यहीं घड़ी उनले
तिनीहरूलाई लगेर घाउ धोइदिए। औ
उनी र उनका परिवारले उत्तिखेरै
बप्तिस्मा लिए। ३४ औ तिनीहरूलाई
घरमा ल्याएर उनले तिनीहरूका सामने
खानेकुरो राखिदिए, र परमेश्वरमा विश्वास

गरेर तिनका परिवारसमेत सबै खुशी भए।
३५ तर उज्यालो भएपछि अदालतका
हाकीमहरूले डण्डा लिने हवलदारहरूका हात
यसो भनिपठाए, 'ती मानिसहरूलाई
छोड़िदिनू।' ३६ तब झ्यालखानका हाकीमले
पावललाई यो कुरा सुनाए, 'अदालतका
हाकीमहरूले तपाईंहरूलाई छोड़िदिनू भनी
पठाउनुभएको छ। यसकारण अब निस्केर
शान्तिसँग जानुहोस्।' ३७ तर पावलले
तिनीहरूलाई भने, 'तिनीहरूले, हामी रोमी
नागरिकलाई दोषी नठहराईकन खुल्लमखुल्ला
पिटे, र झ्यालखानमा पनि हाले, र अब
हामीलाई सुटुक्क निकाल्नखोज्छन्? हामी
जाँदै जान्नौं। तिनीहरू आफै आऊन् र
हामीलाई निकासेर लैजाऊन्।' ३८ औ
ती हवलदारहरूले अदालतका हाकीमहरूलाई
यी कुरा सुनाए, औ तिनीहरू ता रोमी
नागरिक रहेछन् भन्ने सुनेर उनीहरू
डराए। ३९ औ उनीहरूले आएर तिनी-
हरूसित बिन्ती गरे, र तिनीहरूलाई निकासेर
'शहर छोड़ेर जानुहोस्' भनी निवेदन गरे।
४० औ तिनीहरू झ्यालखानबाट बाहिर
निस्केर लिडियाको घरमा पसे, र भाइहरूसँग
भेट-घाट गरेपछि तिनीहरूलाई सान्त्वना
दिएर बिदा भए।

पावल थिस्सलोनिकामा

१७ अब तिनीहरू अम्फिपोलिस र
अपोल्लोनियाको बाटो भएर
थिस्सलोनिकामा आए। त्यहाँ यहूदीहरूको
एउटा सभाघर थियो। २ औ पावल
आफ्नो आदतअनुसार तिनीहरूकहाँ भित्र
गए, र लगालग तीन विश्राम-दिन
धर्मशास्त्रबाट तिनीहरूसित बहस गर्दैरहे।
३ 'ख्रीष्टलाई अवश्य दुःख भोग्नुपर्थ्यो, र
मरेकोबाट बिउँतनैपर्थ्यो, र यिनै येशू,
जसको सुसमाचार म तपाईंहरूलाई सुनाउँछु,
उहानै ख्रीष्ट हुनुहुन्छ' भन्ने कुराको अर्थ
खोलीकन निश्चय गरेर बताइदिए। ४ औ
तिनीहरूमध्ये कोही कोहीले मानिहाले, औ
भक्त ग्रीकहरूमध्ये ठूलो भीड़ र प्रमुख
स्त्रीहरूमध्ये धेरैनै पावल र सिलासतर्फ
लागे।
५ तर यहूदीहरूले डाहले भरिएर नीच
किसिमका बदमाश मानिसहरूको दल जम्मा
गरेर शहरमा खैलाबैला मचाए, र जेसनको
घरमा हमला गरेर तिनीहरूलाई जनताको
सामु ल्याउनखोजे। ६ तिनीहरूलाई फेला
पार्न नसकी तिनीहरूले जेसन र कुनै कुनै
भाइहरूलाई शहरका शासकहरूकहाँ यसो
भनेर कराउँदै घिस्याएर तान्दै ल्याए,
'संसारलाई उलट-पुलट पार्नेहरू यता पनि
आएछन्। ७ तिनीहरूलाई जेसनले पाहुना
राखेको छ, र यिनीहरू सबैले अर्को एक
जना राजा, येशू भन्ने, छन् भनेर सिजरको
उर्दीको विरुद्ध काम गर्दछन्।' ८ उनीहरूले
यो कुरा सुनाएर शहरका शासकहरू र
भीड़लाई अत्याइदिए। ९ औ उनीहरूले
जेसन र अरू बाँकी मानिसहरूसँग जमानत
लिएर तिनीहरूलाई छोड़िदिए।

बिरियामा

१० अनि भाइहरूले तुरुन्तै पावल र
सिलासलाई रातीनै बिरियामा पठाइदिए, र
तिनीहरू त्यहाँ पुगेर यहूदीहरूको सभाघरमा
गए। ११ अब यिनीहरू ता थिस्सलोनिकी-
हरूभन्दा उत्तम थिए। किनभने यिनीहरूले
हृदयमा ज्यादै तयारी भएर धर्मशास्त्र ग्रहण
गरे, र ती कुराहरू ठीक हुन् कि होइनन्
भनेर दिनहुँ धर्मशास्त्रमा खोजी गर्थे।
१२ यसकारण तिनीहरूमध्ये धेरैले विश्वास
गरे। इज्जतदार ग्रीक स्त्री-पुरुषहरूले समेत
धेरैले विश्वास गरे। १३ तर परमेश्वरको
सुसमाचारको वचन पावलद्वारा बिरियामा पनि
प्रचार भइरहेको छ भन्ने थिस्सलोनिकाका
यहूदीहरूले थाह पाएर तिनीहरू त्यहाँ पनि

जनतामा हलचल पारी अत्याउँदै आए।
१४ तब भाइहरूले तुरुन्तै पावललाई
समुद्रसम्म जानुहोस् भनेर पठाइदिए, तर
सिलास र तिमोथीचाहिँ त्यहींनै बसे।
१५ तर पावललाई पुऱ्याउन जानेहरूले
तिनलाई एथेन्ससम्म ल्याए। औ सिलास र
तिमोथीलाई चाहिं यथासम्भव चाँड़ै तिनीकहाँ
आउनू भन्ने आज्ञा लिएर तिनीहरू फर्के।

एथेन्समा

१६ पावलले तिनीहरूलाई एथेन्समा
पर्खिरहँदा जम्मै शहर मूर्तिहरूले भरिएको
देखेर, तिनका आत्मामा बेचैनी भयो।
१७ यसैकारण तिनले सभाघरमा, यहूदीहरू र
भक्त जनहरूसँग, र बजारमा तिनीसँग
भेट गर्ने जतिसँग दिनहुँ बहस गर्थे।
१८ इपिक्युरी र स्तोइकीहरूमध्येका कुनै कुनै
दार्शनिकहरूले पनि तिनीसित मुकाबिला गरे,
र कसैले भने, 'यस बकबकेले के भन्दछ?'
औ अरूले चाहिं भने, 'अरू कुनै
अनौठा देवहरूको विषयमा सिकाउने हो,
क्यार।' किनभने तिनले उनीहरूलाई येशूको
र पुनरुत्थानको सुसमाचार प्रचार गर्थे।
१९ तब उनीहरूले तिनलाई समातेर अरैया-
पागसमा यसो भन्दै लगे, 'तिमीले बोलेर
हिँड्नेको यस नयाँ शिक्षाको मतलब के हो, के
हामी पनि जान्नसक्छौं? २० किनकि तिमीले
हामीलाई अनेक अनौठा कुराहरू सुनाउँछौ।
यसकारण यी कुराको मतलब के हो सो
हामी जान्नचाहन्छौं।' २१ (सबै एथेनीहरू
र त्यहाँ बस्ने विदेशीहरूसमेत सबै, केही
नयाँ कुरा भन्न वा सुन्नामा बाहेक तिनीहरूका
समय अरू केहीमा पनि बिताउँदैनथे।)

अरैयापागसमा पावलको भाषण

२२ पावलले अरैयापागसको बीचमा
खड़ा भएर भने,
'हे एथेन्सका मानिस हो, तपाईंहरूलाई
म सब कुरामा अति धर्मानुरागी देख्तछु,
२३ किनकि घुमफिर गर्दा, र तपाईंहरूका
भक्ति गर्ने ठाउँहरू हेर्न जाँदा, मैले एउटा
यस्तो स्थान पनि भेट्टाएँ जसमा 'नजानिएका
देवताका निम्ति' भन्ने खोपिएको रहेछ।
यसैले जसको भक्ति तपाईंहरू नजानीकन
गर्नुहुन्छ उहाँकै विषयमा म तपाईंहरूलाई
बताउँछु।
२४ जुन परमेश्वरले संसार र त्यसमा
भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग
र पृथ्वीका परमप्रभु भईकन हातले बनाएको
मन्दिरमा बास गर्नुहुन्न, २५ नता मानिस-
हरूका हातबाट, उहाँलाई केही थोकको
खाँचो भएझैं पूजा लिनुहुन्छ। किनभने
उहाँलेनै सबैलाई जीवन, सास र सबै चीज
दिनुहुन्छ। २६ औ मानिसहरूका निम्ति
ठहराएको समय र बासका सीमानाहरू निश्चय
गरेर पृथ्वीको सतहमाथि बास गर्नालाई उहाँले
एउटै मानिसबाट हरेक जातिलाई बनाउनुभयो,
२७ तापनि तिनीहरूले परमेश्वरको खोजी
गरून्, र सायद छामेर भेट्टाऊन् भनेर उहाँ
हामी हरेकबाट टाढ़ा हुनुहुन्न। २८ किनभने
हामी उहाँमै जिउँछौं, र चलहल गर्दछौं, र
यसरी हाम्रो अस्तित्व रहेको छ। तपाईंहरूका
आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी
पनि उहाँकै सन्तान हौं।' २९ तब परमेश्वरको
सन्तान भईकन पनि, हामीले परमेश्वरलाई
मानिसका कल्पना र सीपले खोपेका सुन,
अथवा चाँदी, अथवा ढुङ्गा हुन् भन्ने
ठान्नुहुँदैन।
३० यसकारण अज्ञानका समयलाई
परमेश्वरले वास्ता गर्नुभएन, तर अब सबै
ठाउँमा सब मानिसहरूलाई पश्चाताप गर्ने
आज्ञा दिनुहुन्छ। यतिसम्म कि, ३१ उहाँले
एक दिन ठहराउनुभएको छ, जुन दिनमा
उहाँ आफूले नियुक्त गर्नुभएको मानिसद्वारा
धर्मपूर्वक संसारको इन्साफ गर्नुहुनेछ, जसको
बारेमा उहाँलाई मरेकोबाट बिउँताएर सबै

मानिसहरूलाई उहाँले विश्वास दिलाउनु-
भएको छ।'
३२ जब तिनीहरूले पुनरुत्थानको कुरो
सुने, तब कसै कसैले गिल्ला गरे। तर अरूहरूले
चाहिं 'हामी फेरि यस विषयमा तिम्रा कुरा
सुन्नेछौं' भने। ३३ यसरी पावल तिनीहरू-
सँगबाट बिदा भए। ३४ तर कुनै कुनै
मानिसहरूले तिनका साथ लागेर विश्वास गरे।
तिनीहरूमध्ये डियनुसियस अरियोपागी पनि
थिए, र डामारिस नाउँ भएकी एउटी स्त्री,
र उनीहरूसित अरूहरू पनि थिए।

कोरिन्थमा

१८ त्यसपछि तिनी एथेन्सबाट बिदा
भएर कोरिन्थमा आए।
२ औ तिनले पोन्टसका अक्वीला नाउँ
भएको एक जना यहूदीलाई भेट्टाए, जो
क्लौदियसका 'सबै यहूदीहरू रोमबाट निक्लनू'
भन्ने हुकूम पाएर हालैमा इटालीबाट आफ्नी
स्वास्नी प्रिस्किलासित आएका थिए, र तिनी
उनीहरूकहाँ गए। ३ औ एकै पेशाका
हुनाले तिनी पनि उनीहरूसितै डेरा गरेर बसे,
र तिनीहरूले साथसाथै मिलेर काम गरे,
किनकि तिनीहरूको पेशा पाल बनाउने थियो।
४ औ हरेक विश्रामको दिनमा तिनी
सभाघरमा बहस गर्थे, औ यहूदीहरू र
ग्रीकहरूलाई मनाउन प्रयत्न गर्थे।
५ जब सिलास र तिमोथी म्यासिडोनिया-
बाट आइपुगे, तब पावलले वचनको
जोशमा परेर यहूदीहरूलाई 'येशूनै
ख्रीष्ट हुन्' भनी शिक्षा दिनलागे। ६ तर
जब तिनीहरू विरोध गरेर परमेश्वरको निन्दा
गर्नलागे, तब तिनले आफ्नो लुगा टकटक्या-
एर तिनीहरूलाई भने, 'तिमीहरूको रगत
तिमीहरूकै थाप्लोमा परोस्, म निर्दोष छु,
अब उप्रान्त म अन्यजातिहरूकहाँ जानेछु।'
७ तब तिनी त्यहाँबाट सरेर परमेश्वरको
भक्ति गर्ने टाइटस नाउँ भएको मानिसको
घरमा गए। तिनको घर सभाघरसँगै जोरिएको
थियो। ८ अनि त्यस सभाघरका शासक
क्रिस्पस र उनका सारा परिवार समेतले
प्रभुमा विश्वास गरे, र कोरिन्थीहरूमध्ये पनि
धेरै जनाले विश्वास गरे, र बप्तिस्मा लिए।
९ औ राती दर्शनमा प्रभुले पावललाई
भन्नुभयो, नडराऊ, तर बोल्दै जाऊ, र चूप
नलाग, १० किनकि म तिम्रो साथ छँदैछु,
र तिमीलाई नोक्सानी पुऱ्याउनालाई कोही
तिमीमाथि आइलाग्नेछैन, किनभने यस शहरमा
मेरा मानिसहरू धेरैनै छन्।' ११ औ
उनीहरूका बीचमा सिकाउँदै, तिनी डेढ
वर्षसम्म त्यहाँ बसे।
१२ तर जब गल्लियो अखैयाका बड़ा
हाकिम भए, तब यहूदीहरूले पावलको
विरुद्धमा एकै मतका भईकन तिनीमाथि हमला
गरेर यसो भन्दै तिनलाई अदालतमा ल्याए,
१३ 'यस मानिसले व्यवस्थाको विरुद्ध
परमेश्वरको पूजा गर्नालाई मानिसहरूलाई
फुरत्याउँछ।' १४ औ जब पावल बोल्ने-
लागेका थिए, तब गल्लियोले ती यहूदीहरूलाई
भने, 'ए यहूदी हो, यदि साँच्चिनै
यो केही अन्याय वा दुष्ट व्यवहारको
कुरो हुँदो हो ता बहस गरेर म तिमीहरूको
कुरा सुन्नेथिएँ, १५ तर कुराहरू, नाउँहरू
र तिमीहरूको निज व्यवस्थाको सवाल
हो भने ता तिमीहरू आफै हेर, म यस्ता
कुराहरूको इन्साफ गर्नचाहन्नँ।' १६ अनि
उनले तिनीहरूलाई अदालतबाट धपाइदिए।
१७ तब तिनीहरू सबैले सभाघरका शासक
सोस्थेनिजलाई समातेर अदालतको सामने
पिटे। औ गल्लियोले यी सब कुराको केही
वास्ता राखेनन्।
१८ यसपछि पावल अझै धेरै
दिनसम्म त्यहाँ बसे। तब भाइहरूसँगबाट
बिदा भए, र तिनको भाकल हुनाले
किंक्रियामा आफ्नो कपाल खौरे, र प्रिस्किला
र अक्वीलाका साथमा सिरियातिर समुद्र-यात्रा
गरे। १९ एफिससमा आइपुगेर तिनले

तिनीहरूलाई त्यहीं छोड़े, र आफू
चाहिं एउटा सभाघरमा पसेर यहूदीहरूसित
बहस गरे। २० तब उनीहरूले तिनलाई
अरू अझै केही दिनसम्म बस्ने बिन्ती गर्दा
तिनी मञ्जूर भएनन्, २१ तर यसो भनेर
तिनी बिदा भए, 'परमेश्वरको इच्छा भए म
फेरि तिमीहरूकहाँ फर्केर आउनेछु।' तब
तिनी एफिससबाट समुद्र-यात्रा गरे।
२२ तिनी सिजरियामा उत्रेपछि माथि
उक्लेर गई मण्डलीलाई भेट-घाट गरी
एन्टिओकतिर ओर्ले। २३ अनि तिनले त्यहाँ
केही दिन बिताएर त्यहाँबाट निस्की क्रमैसँग
गलातिया र फ्रिगियाका सबै प्रदेशहुँदो
चेलाहरूलाई हौसला दिँदै गए।

अपोल्लस एफिससमा

२४ अलेक्जेन्ड्रियामा जन्म भएको
अपोल्लस नाउँका एक जना कुशल वक्ता
यहूदी एफिससमा आइपुगे। तिनी धर्म-
शास्त्रमा पोख्त थिए। २५ यस मानिसले
प्रभुको मार्गबमोजिमको शिक्षा पाएका
थिए, र आत्माको जोशले भरिएर यिनले
येशूका विषयका कुराहरू ठीक ठीकसँग
बोल्थे र सिकाउने गर्थे। तर तिनले यूहन्नाको
बप्तिस्मा मात्र थाह पाएका थिए। २६ अनि
तिनले निर्धक्कसँग सभाघरमा बोल्नथाले।
तर तिनले बोलेका सुनेर प्रिस्किला र
अक्वीलाले तिनलाई आफूहरूकहाँ ल्याए, र
परमेश्वरको मार्गको अर्थ झन स्पष्टसँग
बुझाइदिए। २७ अनि तिनले अखैयामा जाने
मन गर्दा भाइहरूले तिनलाई हौसला दिए,
र उनलाई ग्रहण गरून् भनी त्यहाँका
चेलाहरूलाई उत्साह दिएर चिठी लेखे। तिनले
त्यहाँ पुगेर अनुग्रहद्वारा विश्वास गर्नेहरू
जतिलाई खूबै मदत गरे। २८ किनकि
तिनले धर्मशास्त्रका वचनद्वारा 'येशूनै ख्रीष्ट
हुनुहुन्छ' भन्ने कुरा खुल्लमखुल्ला देखाईकन
यहूदीहरूलाई एकदमै निरुत्तर तुल्याए।

१९ अपोल्लस कोरिन्थमा हुँदा पावल
माथिल्ला जिल्लाहरू छिचलेर
एफिससमा आए, र कुनै कुनै चेलाहरूलाई
भेट्टाए। २ अनि तिनले उनीहरूलाई भने,
'विश्वास गरेर के तिमीहरूले पवित्र आत्मा
पायौ?' अनि उनीहरूले तिनलाई भने,
'अहँ, पवित्र आत्मा हुनुहुन्छ भन्ने ता
हामीले सुनेका पनि थिएनौं।' ३ अनि
तिनले उनीहरूलाई भने, 'तब तिमीहरू
कुसमा बप्तिस्मा भयौ ता?' तिनीहरूले
भने, 'यूहन्नाको बप्तिस्मामा।' ४ तब
पावलले भने, 'यूहन्नाले ता मानिसहरूलाई
उनीपछि आउने, अर्थात् येशूमा विश्वास
गरून् भनेर पश्चातापको बप्तिस्मा दिन्थे।'
५ जब तिनीहरूले यो कुरा सुने तब
तिनीहरू प्रभु येशूको नाउँमा बप्तिस्मा भए।
६ अनि जब पावलले तिनीहरूमाथि हात
राखे, तब पवित्र आत्मा तिनीहरूमाथि
आउनुभयो, र तिनीहरूले विभिन्न भाषामा
बोल्न र अगमवाणी भन्नलागे। ७ अनि
तिनीहरू सबै करीब बाह्र जना पुरुषहरू
थिए।

एफिससमा

८ अनि तिनी सभाघरमा पसीकन
परमेश्वरको राज्यको विषयमा रीतिपूर्वक बहस
गरेर तिनीहरूलाई मनाउँदै तीन महीनासम्म
निर्धक्कसँग बोल्नलागे। ९ तर जब कुनै
कुनैले कठोर र अनाज्ञाकारी भएर मानिस-
हरूको भीड़को सामने यस मार्गको विषयमा
कुवचन बोले, तब तिनले तिनीहरूलाई छोडेर,
चेलाहरूलाई छुटयाईकन, दिनहुँ टिरान्नसको
विद्यालयमा बहस गर्नलागे। १० अब दुइ
वर्षसम्म यसै भइरह्यो, यहाँसम्म कि एशियामा
रहने सारा यहूदीहरू र ग्रीकहरूले पनि
प्रभुको वचन सुने। ११ अनि परमेश्वरले
पावलको हातबाट विशेष आश्चर्यकामहरू
गर्नुभयो। १२ यतिसम्म भयो, कि रूमाल

अथवा पटुकाहरू तिनको जीउमा छुवाएर
बिरामीहरूकहाँ लगिन्थे, र तिनीहरूका
शरीरबाट रोग छुटिजान्थे औ दुष्टात्मा पनि
निस्केर भाग्थे।
१३ तर कुनै कुनै झारफूके डुल्वा
यहूदीहरूले पनि दुष्टात्मा भएकाहरूमाथि यसो
भनी प्रभु येशूको नाउँ लिनालाई हात हाले,
'पावलले प्रचार गरेका येशूद्वारा म तँलाई
आज्ञा गर्दछु।' १४ तब एक जना स्केवा
नाउँ भएको यहूदी मुख्य पूजाहारीका सात
जना छोराहरू थिए, जसले यस्तो गर्थे।
१५ तब दुष्ट आत्माले जवाफ दिएर तिनी-
हरूलाई भन्यो, "येशूलाई म चिन्छु, र
पावललाई म चिन्छु, तर तिमीहरूचाहिं को
हौ?' १६ औ त्यो दुष्ट आत्मा भएको
मानिस तिनीहरूमाथि उफ्रँदै आयो, र तिनीहरू
दुवैलाई वशमा पारेर तिनीहरूलाई यसरी
कायल पाऱ्यो, र तिनीहरू त्यस घरबाट
नाङ्गो र घाइते भएर भागे। १७ यो
कुरो एफिससमा बस्ने यहूदी र ग्रीकहरू
दुवैले थाह पाए। औ तिनीहरू सबैलाई डर
भयो, र प्रभु येशूको नाउँको महत्त्व भयो।
१८ औ विश्वास गर्नेहरू धेरै जना कायल हुँदै
आए, र आफ्ना आफ्ना कामहरूको बयान
गरे। १९ औ तिनीहरूमध्ये धेरै जना, जस
जसले टुना-मुना गर्थे, आफ्ना आफ्ना
पुस्तकहरू बटुलेर ल्याए, र सबैका साम्नु
जलाइदिए। तिनीहरूले तिनको मोल गर्दा
पचास हजार रुपियाँको हिसाब लगाए।
२० यसरी प्रभुको वचन सामर्थ्यसँग बढ्दै
गयो, र प्रबल भयो।
२१ यति भइसकेपछि, यरूशलेम
जानालाई म्यासिडोनिया र अखैयाको बाटो
भएर जाँदा, पावलले 'म त्यहाँ पुगेपछि
मैले अवश्य रोम पनि हेर्नुपरेको छ' भन्ने
कुरो हृदयमा ठहराए। २२ औ तिनले
तिनका सेवा गर्नेहरू दुइ जना, तिमोथी
र इरास्तसलाई, म्यासिडोनियामा पठाए, तर
तिनी आफै चाहिं केही दिन एशियामै बसे।
२३ त्यसै बखत त्यस मार्गको
विषयमा खूबै हल्चल मच्चियो।
२४ किनभने डेमेत्रियस नाउँ भएको चाँदीको
शिल्पकारी एक जनले डायनाका चाँदीका
मन्दिरहरू बनाएर कारीगरहरूका निम्ति धेरै
कमाइ ल्याउँथे। २५ तब तिनीहरूलाई,
र अरू यस्तै काम गर्नेहरूलाई
त्यसले जम्मा गरेर भन्यो, 'ए सँगी हो,
तिमीहरूलाई थाहै छ, कि यही पेशाबाट
हामीलाई सम्पत्ति हुन्छ। २६ औ तिमीहरू
देख्त र सुन्दछौ, कि एफिससमा मात्र
होइन, तर झण्डै एशिया भरिमानै, हातले
बनाएका चाहिं देवता हुँदै होइनन् भनेर
यस पावलले धेरै मानिसहरूलाई बहकाईकन
मनाउन लागेको छ। २७ यसकारण
हाम्रो व्यापार मात्र बेकम्मा होला भन्ने
होइन, तर महान् देवी डायनाको मन्दिरसमेत
केही लेखाको हुनेछैन, र सारा एशिया र
संसारले मानी आएको तिनको महत्त्वको
हेला पनि होला भन्ने भएको छ।'
२८ यो सुनेर तिनीहरू रीसले चूर भए,
र 'एफिसियनहरूकी डायना महान् हुन्'
भनी चिच्याउनलागे। २९ औ सारा
शहरमा हल्-चल भयो र तिनीहरूले एकै
मतका भएर पावलका साथमा हिंड्ने
म्यासिडोनियावासी गायस र अरिस्तार्खस-
लाई समातेर तमाशा-घरमा ल्याए।
३० पावल, मानिसहरूको हुल्मा जानखोज्दा,
चेलाहरूले तिनलाई मनाई गरे। ३१ औ
एशियाका कुनै कुनै मुख्य मानिसहरूले,
जो पावलका मित्र थिए, पावललाई
'तमाशा-घरभित्र जाने हिम्मत नगर्नुहोस्'
भनी बिन्ती गरी पठाए। ३२ तब कोही
एक कुरा औ कोही अर्को कुरा गर्दै
चिच्याउँथे। किनकि त्यो भीड्मा हल्-चल
मच्चिएको थियो, र धेरै जसो मानिसहरूले ता
के कति कारणमा ती जम्मा भएका हुन् सो
थाहै पाएका थिएनन्।
३३ औ घुँइचीको बीचबाट यहूदीहरूले

अगाड़ि घचेटिदिएका हुनाले तिनीहरूले अलेक-
ज्याण्डरलाई तानेर ल्याए। अलेकज्याण्डरले
पनि हातले इशारा गरेर मानिसहरूलाई
आफ्नो बचाउमा जवाफ दिने इच्छा गरेका
थिए। ३४ तर तिनीहरूले त्यो ता यहूदी
रहेछ भन्ने थाह पाएर सबै जनाले एक
सोर गरी करीब दुइ घण्टा जत्ति 'एफिसियन-
हरूको डायना महान् हुन्' भन्दै कराए।
३५ जब नगरका हाकीमले मानिस-
हरूलाई शान्त पारे, तब तिनले भने,
'हे एफिससका मानिस हो, यहाँ कुन चाहिँ
मानिस छ होला जसले एफिसियनहरूको
शहर, महान् देवी डायनाको र जूपिटरबाट
खसेको मूर्त्तिको, मन्दिरपाल हो भन्ने थाह
पाएको छैन? ३६ अब यी कुराका विरुद्धमा
हुनसक्ने केही नभएपछि तपाइंहरूलाई
शान्त हुनु र बलजफतसाथ केही नगर्नु
उचित छ। ३७ किनभने तपाइंहरूले जुन
मानिसहरूलाई यहाँ ल्याउनुभएको छ, तिनीहरू
नता मन्दिर लूटाहाहरू हुन्, न हाम्रा देवीका
निन्दकहरू हुन्। ३८ यसकारण यदि डेमे-
त्रियस र तिनीसँग हुने कारीगरहरूको कुनै
मानिसको विरुद्धमा केही कुरो छ भने
अदालतहरू खुला छँदैछन्, र बड़ा हाकिमहरू
पनि छँदैछन्, तिनीहरू एउटाले अर्काको
विरुद्ध मुद्दा गरून्। ३९ तर अरू कुनै
विषयहरूमा तपाइंहरू खोजिगर्नुहुन्छ भनेता
त्यसको फैसला नियमित सभामा हुनेछ,
४० किनकि आजको यस दङ्गाको विषयमा
हामीसमेत दोषी ठहरौंला भन्ने साँच्चै डर
भइसक्यो, किनभने यो विना कारणको दंगा-
फसादको केही बयान हामी दिनसक्नेछैनौं।'
४१ यति भनेर तिनले जमातलाई बिदा गरे।

म्यासिडोनिया, ग्रीस र त्रोआसमा

२० यी खैलबैला थामिएपछि पावलले
चेलाहरूलाई डाकिपठाए, र तिनीहरू-
लाई अर्ती दिएर तिनी म्यासिडोनियातर्फ
जानालाई बिदा भए। २ औ त्यहाँका
जिल्लाहरूमा गएर तिनीहरूलाई धेरै कुराको
अर्ती दिएपछि तिनी ग्रीसमा आए।
३ औ तीन महीना त्यहाँ बिताएपछि
तिनी सिरियातर्फ जानालाई समुद्र-यात्रा गर्न-
लाग्दा यहूदीहरूले तिनका विरुद्धमा षड़यन्त्र
गरेका हुनाले तिनी म्यासिडोनिया भएरै
फर्कने निश्चय गरे। ४ तब बिरियाको
पाईरसको छोरो सोपाटर, थिस्सलोनियाका
अरिस्तार्खस र सिकन्डस, डर्बीका गायस र
तिमोथी औ एशियाका टाइकिकस र त्रोफिमस
एशियासम्म तिनका साथ गए। ५ यिनीहरू
अघाड़िनै पुगेर हामीलाई त्रोआसमा पर्खेर
बसे। ६ तब हामी चाहिँ अखमीरी रोटीको
चाड़को दिनपछि फिलिप्पीबाट जहाजमा
यात्रा गरी पाँच दिनपछि त्रोआसमा
तिनीहरूकहाँ आयौं, र त्यहाँ सात दिन
रह्यौं।
७ हप्ताको पहिलो दिनमा जब हामी
रोटी भाँच्नालाई जम्मा भएका थियौं, तब
पावल चाहिँ भोलिपल्ट हिँड़िजाने मनसायले
तिनीहरूसँग बातचीत गरिरहेका थिए, औ
आधा रातसम्म तिनले आफ्नो बात लम्ब्याइ-
राखे। ८ औ जहाँ हामी भेला भएका
थियौं त्यहीं माथिल्लो तलाको कोठामा धेरै
बत्तीहरू थिए। ९ औ मस्त निद्राले उँघि-
रहेको युटाइकस नाउँ भएको एउटा युवक
झ्यालमा बसेको थियो। पावलले धेरै बेरसम्म
बात गरिरहँदा त्यो निद्राले उँघेर तेस्रो
तलाबाट खस्यो र मरेको फेला पर्‍यो।
१० तब पावल तल ओर्ले, र त्यसमाथि
घोप्टो परी पसिएर अङ्गालो हाली भने,
'खैलाबैला नगर, किनभने त्यसको सास
त्यसमा छँदैछ।' ११ औ तिनी माथि
उक्लेर रोटी भाँचेर खाए, र निकै धेरै
बेरसम्म, उज्यालो नहोञ्जेलसम्म बातचीत
गरे, र निस्केर गए। १२ अनि तिनीहरूले
त्यस युवकलाई जीवित भएको ल्याए, र निकैनै
शान्ति भयो।

१३ तब पावलल्लाई अस्सोसमा चढ़ाऔँला
भन्ने मनसायले हामी चाहिं अघिबाटै त्यस-
तर्फ जहाजमा यात्रा गर्यौं। किनभने तिनी
आफै चाहिं पाखा-पाखै जाने मन गरेकाले
तिनले त्यस्तै आज्ञा गरेका थिए। १४ अनि
जब तिनले हामीलाई अस्सोसमा भेटे, तब
हामीले तिनलाई जहाजमा चढ़ायौं, र
मितिलेनेमा गयौं। १५ त्यहांबाट
जहाजमा यात्रा गरेर भोलिपल्ट चिओसको
सामने आइपुग्यौं, र त्यसको पछिल्लो दिनमा
मिलेटसमा आयौं, १६ किनकि पावलल्लाई
एशियामा अल्मल्लिने विचार नभएको हुनाले
तिनी एफिससको किनारबाट भएर जाने
निश्चय गरेका थिए। किनभने हुनसक्छ भने
पेन्तिकोसको दिनमा यरूशलेममै पुग्ने तिनले
आतुरी गरिरहेका थिए।

पावलको बिदाइको भाषण

१७ तिनले मिलेटसबाट एफिससमा मानिस
पठाएर मण्डलीका धर्म-गुरुहरूलाई बोलाइपठाए।
१८ औ जब उनीहरू तिनीकहां आए, तब
तिनले उनीहरूलाई भने—
"एशियामा पाइला टेकेको पहिलो
दिनदेखिनै सबै समय तपाईंहरूसँग बिताएँ।
१९ यहूदीहरूको षड्यन्त्रले गर्दा ममाथि
परिआएका परीक्षामा, र प्रशस्त आंसु र
बिलकुल मनको नम्रतासँग प्रभुको सेवा गरेर,
म कुन किसिमसित रहें, सो तपाईंहरूलाई
थाहै छ। २० कसरी तपाईंहरूको लाभ हुने
कुरा तपाईंहरूलाई देखाइदिन र घर-घरमा
खुल्लमखुल्ला सिकाउन, २१ यहूदीहरूलाई र
ग्रीकहरूलाईसमेत परमेश्वरतिरको पश्चातापको,
र हाम्रा प्रभु येशू ख्रीष्टतिरको विश्वासको
साक्षी दिनालाई म पछि हटिनँ।
२२ औ अब हेर्नुहोस्, म आत्मामा
बांधिएको भईकन यरूशलेमतिर जांदैछु, त्यहां
मलाई के कसो परिआउने हो सो म केही
जान्दिनँ। २३ यति मात्र कि, हरेक शहरमा
बन्धन र कष्ट मसँग रहिरहन्छ भनी पवित्र
आत्मा साक्षी दिनुहुन्छ। २४ तर म आफ्नो
जिन्दगीलाई कुनै मूल्यको वा प्रिय सम्झदिनँ।
परमेश्वरको अनुग्रहको सुसमाचारको साक्षी दिना-
लाई, म मेरो दौड़ र प्रभु येशूबाट मिलेको
सेवा मात्र पूरा गर्नमाग्छु। २५ औ अब
हेर्नुहोस्, म जान्दछु कि तपाईंहरूमध्ये सबै,
जस जसलाई मैले राज्यको प्रचार गरी हिंडे,
तपाईंहरूले मलाई फेरि देख्नुहुनेछैन।
२६ यसैकारण आजको दिन म तपाईंहरूलाई
साक्षी दिन चाहन्छु, कि म सबै मानिसहरूको
प्राणको निम्ति निर्दोष छु। २७ किनभने
परमेश्वरको सबै सल्लाह तपाईंहरूलाई
बताउनालाई म पछि हटिनँ। २८ यसकारण
तपाईंहरू आफै र पवित्र आत्माले परमेश्वरका
मण्डलीमा चराउनलाई तपाईंहरूलाई धर्मा-
धिकारी तुल्याउनुभएको र बगालसमेत,
उहाँले आफ्नै रगतले किन्नुभएकोले
होशियारी हुनुहोस्। २९ किनभने मलाई
थाह छ, कि म गएपछि बगालल्लाई स्वाहा
पार्ने डरलाग्दा ब्वांसाहरू पस्नेछन्।
३० औ तपाईंहरू आफैमध्ये पनि कुनै कुनै,
मानिसहरू बराल्ने कुरा बोलेर चेलाहरूलाई
आफ्ना पछिपछि लैजानालाई खड़ा हुनुहुनेछन्।
३१ यसकारण यो सम्झेर होशियार
हुनुहोस्, कि तीन वर्षसम्म, दिन-रात आंसुको
साथ हरेक मानिसलाई जनाउ दिनालाई
म थामिनँ। ३२ औ अब म तपाईंहरूलाई
परमेश्वरको र उहांको अनुग्रहको वचनको
जिम्मा सुम्पिदिन्छु, जो सुदृढ़ पार्नसक्ने, र
पवित्र भएकाहरूमा सबैलाई अधिकार दिनसक्ने
हुनुहुन्छ। ३३ मैले कुनै मानिसको सुन,
चांदी, कि लुगा-फाटाको लोभ गरेको छैनँ।
३४ औ तपाईंहरू आफै पनि जान्नुहुन्छ,
कि मेरो आफ्नै दरकारमा, र मेरो साथमा
भएकाहरूलाई यिनै हातले सेवा गरेका हुन्।
३५ मैले तपाईंहरूलाई सब तरहबाट
उदाहरण दिएको छु, कि कसरी तपाईंहरूले
यही किसिमसित मेहनत गरेर निर्धाहरूलाई

मदत गर्नु, र प्रभु येशूले भन्नुभएको
कुरा सम्झनुपर्छ, कि कसरी उहाँ आफैले
भन्नुभएको छ, कि 'लिनुभन्दा दिनु अझ
असल हो'।'
३६ यति भनेर तिनले घुँड़ा
टेकी तिनीहरू सबैका साथमा प्रार्थना गरे।
३७ औ तिनीहरू सबै अन्ना-धुन्नसँग रोए,
र पावललाई अङ्गालो हालेर चुम्बन गरे।
३८ सबैभन्दा बढ़ता विलाप गरेको ता,
'तिनीहरूले उनको मुख फेरि कहिल्यै पनि
देख्नेछैनन्' भन्ने कुरा उनले गरेको कारण
हो। औ तिनीहरूले उनलाई जहाजसम्म
पुऱ्याए।

मिलेटसबाट टायरसम्म

२१ तिनीहरूबाट हामी बिदा भई
जहाज चलेपछि सीधा कोसतर्फ
समुद्र-यात्रा गरेर भोलिपल्ट रोडसमा र
त्यहाँबाट पटारामा आइपुग्यौं। २ औ पारि
फोनिसियामा गएपछि एउटा जहाज फेला
पारेकोले हामी त्यसैमा चढ़ेर गयौं।
३ जब साइप्रस देखा पऱ्यो,
तब हामी त्यसलाई बायाँ पारेर
सिरियातर्फ लागेर टायरमा उत्र्यौं।
किनभने त्यस जहाजका मालहरू त्यहाँ
उतार्नुपरेको थियो। ४ औ चेलाहरूलाई
भेट्टाएकोले हामी सात दिन त्यहाँ बस्यौं।
तिनीहरूले आत्माद्वारा पावललाई यरूशलेममा
पाइला टेक्नुहुँदैन भने। ५ औ हाम्रा
ती दिन पूरा भएपछि हामी बिदा
भएर आफ्नो बाटो लाग्यौं। औ तिनीहरू
जम्मै र तिनका जहान बाल बच्चाहरूसमेत
हामीलाई शहरदेखि बाहिरसम्म पुऱ्याउन आए,
र हामीले समुद्रको किनारमा घुँड़ा टेकी
प्रार्थना गऱ्यौं। ६ औ एउटाले अर्कोलाई
बिदाको सलाम गऱ्यौं, र हामी जहाजमा
चढ्यौं। तर तिनीहरू चाहिं आफ्ना घरतिर
फर्के।

सिजरियामा

७ औ जब हामीले टायरबाटको हाम्रो
समुद्र-यात्रा पूरा गरी सक्यौं, तब हामी टोले-
माइसमा आइपुग्यौं। त्यहाँ भाइहरूलाई
भेटको सलाम गऱ्यौं, र त्यहीं तिनीहरूसँग
एक दिन बस्यौं। ८ औ भोलिपल्ट हामी
बिदा भएर सिजरियामा आयौं, र सुसमाचार
प्रचार गर्ने फिलिपको घरमा पस्यौं। तिनी
ती सात जनामध्ये एउटा थिए, र हामी
तिनीसँग बस्यौं। ९ तिनका अगमवाणी
बोल्ने चारवटी कन्ये-छोरीहरू थिए। १० औ
हामी त्यहाँ धेरै दिन बस्ता यहूदियाबाट
अगाबस नाउँको कुनै एक अगमवक्ता
ओर्लेर आए। ११ तिनले हामीकहाँ
आएर पावलको पटुका लिईं आफ्नै हात
खुट्टाहरू बाँधे र भने, 'पवित्र आत्मा यसो
भन्नुहुन्छ, यो पटुका जो मानिसको हो,
त्यसलाई यरूशलेममा यहूदीहरूले यसैगरी
बाँध्नेछन्, र अन्यजातिहरूका हातमा
सुम्पिदिनेछन्।' १२ औ जब हामीले यो
कुरा सुन्यौं, तब हामीले र त्यस ठाउँका
मानिसहरूले समेत तिनलाई यरूशलेममा
नजानुहोस् भनी बिन्ती गऱ्यौं। १३ तर
पावलले जवाफ दिए, 'तिमीहरू रोएर मेरो
मनलाई बिगारी दिएर के गर्दछौ? किनकि
प्रभु येशूको नाउँको निम्ति बाँधिनु मात्र
होइन, तर यरूशलेममा मर्न पनि म तत्पर
छु।' १४ औ तिनी मान्दै नमान्ने भएका
हुँदा 'प्रभुको इच्छा पूरा होस्' भनेर हामी
चूप लाग्यौं।

यरूशलेममा

१५ त्यसपछि हामी आफ्ना लट्टि-
पट्टि लिएर यरूशलेमतर्फ उकालो लाग्यौं।
१६ हाम्रा साथमा सिजरियाका कुनै कुनै
चेलाहरू पनि गएका थिए, र तिनीहरूसँग
साइप्रसका एक जना पुराना चेला मनासोन

भन्नेलाई पनि तिनीहरूले ल्याएका थिए।
तिनीकहाँ हामीलाई पाहुना हुनुपरेको थियो।
१७ अनि जब हामी यरूशलेममा आइ-
पुग्यौं, तब भाइहरूले हामीलाई खुशीसाथ
स्वागत गरे।
१८ त्यसको भोलिपल्ट पावल पनि हामी-
सँगै याकूबकहाँ गए। त्यहाँ सारा धर्म-गुरुहरू
उपस्थित थिए। १९ अनि तिनीहरूलाई
अभिवादन गरेपछि, तिनले खास गरेर तिनको
सेवाद्वारा परमेश्वरले अन्यजातिहरूमा के के
काम गर्नुभयो सो तिनीहरूलाई एक एक गरी
बेलि-बिस्तार गरिदिए। २० औ तिनीहरूले
यो सुनेपछि परमेश्वरको महिमा गरे, र
तिनलाई भने, 'ए भाइ, हेर्नुहोस्, विश्वास
गर्ने यहूदीहरू कैयौं हजार छन्, र तिनीहरू
व्यवस्थामा खुरन्धार लाग्दछन्। २१ औ
तिनीहरूले तपाईंका बारेमा पनि केही कुरा
सुनेका छन्। सो के हो भने, अन्यजातिहरूका
बीचमा बस्ने यहूदीहरूलाई 'मोशालाई त्याग
गर्नू र तिनीहरूका बाल-बच्चालाई खतना
नगर्नू औ व्यवस्थाको चालमा पनि नचल्नू'
भनेर तपाईंले सिकाउनुभएको छ, अरे।
२२ अब के गर्ने हो? तपाईं आउनुभएको
छ भनेर तिनीहरूले निश्चय सुन्नेछन्।
२३ यसकारण जे हामी भन्दछौं, सो
गर्नुहोस्—भाकल गर्नेहरू चार जना हामीसँग
छन्। २४ यिनीहरूलाई लिएर तपाईं
पनि यिनीहरूका साथसाथै चोखिनुहोस्।
र यिनीहरूलाई चाहिने खर्च तपाईंले
भरिदिनुहोस्। यिनीहरूले पनि कपाल खौरून्।
औ तपाईंले दस्तुरअनुसार चल्नुभएको र
व्यवस्था पालन गर्नुभएको देखेर
तपाईंका विषयमा तिनीहरूले सुनेका कुराहरूमा
केही सत्य रहेनछ भनी सबैले थाह
पाऊन्। २५ तर विश्वास गर्ने अन्यजाति-
हरूलाई लिएर चाहिँ सिर्फ तिनीहरूले मूर्तिको
प्रसाद, रगत, गला अँठ्याएर मारेका पशु र
व्यभिचारबाट अलग रहनुपर्छ भन्ने कुरा
हामीले विचारेर लेखिपठाएकै छौं।'
२६ तब पावलले ती मानिसहरूलाई
लिए, र भोलिपल्ट तिनीहरूका साथसाथै
आफूलाई पनि शुद्ध गराएर तिनीहरूमध्येका
हरेकले पूजा गरी प्रतिष्ठाको काम पूर्ण हुने
दिनको जनाउ दिनलाई मन्दिरभित्र पसे।

पावल गिरफ्तार भएका

२७ तर जब सातौं दिन पूरा हुनलागेको
थियो, तब एशियाका यहूदीहरूले तिनलाई
मन्दिरमा देखेर सारा मानिसहरूलाई बहकाई
यसो भन्दै कराउँदै तिनीमाथि हात हाले,
२८ 'ए इस्राएली हो गुहार, सारा
मानिसहरूलाई जताततै मानिसहरूका विरुद्धमा,
व्यवस्थाका विरुद्धमा र यस ठाउँको विरुद्धमा
सिकाउने मानिस यही हो। झन् यसले
ग्रीकहरूलाई पनि मन्दिरभित्र ल्याएर यस
पवित्र ठाउँलाई बिटुलो पारिदिएछ।'
२९ किनभने अघाडि पनि एफिससको त्रोफिमस
भन्ने एक जनालाई तिनीसँग शहरमा देखेका
हुनाले त्यसैलाई पावलले मन्दिरभित्र ल्याएका
हुन् भनी तिनीहरूले ठानेका थिए। ३० तब
जम्मै शहरमा हल्चल भयो। औ मानिसहरू
कुद्दै आएर जम्मा भए। औ तिनीहरूले
पावललाई पक्रेर मन्दिरबाट बाहिर तानेर
ल्याए, र तुरुन्तै ढोकाहरू बन्द गरिदिए।
३१ जब उनीहरूले तिनलाई मार्न खोजेथे, तब
सारा यरूशलेम खलबलिएको छ भन्ने कुराको
खबर पल्टनका मुख्य कप्तानकहाँ आइपुग्यो।
३२ उनी तुरुन्तै सिपाहीहरू र सुबेदारहरू
साथमा लिएर तल तिनीहरूकहाँ दगुर्दै आए।
तिनीहरूले ती मुख्य कप्तान र सिपाहीहरूलाई
देखेर पावललाई कुट्न छोड़े।
३३ तब ती मुख्य कप्तान नजीक आएर
पावललाई समाते र दुइ साङ्लाले तिनलाई
बाँध्ने आज्ञा दिए, औ 'यो को हो? औ
यसले के गर्‍यो?' भनी सोधे। ३४ तर
त्यस भीड़मध्ये कसैले एक कुरा, र कसैले
अर्को कुरा भनेर कराए, र तिनले वास्तवमा

त्यस दङ्गाको कारण थाह पाउन नसकेको
हुनाले पावललाई किल्लामा लैजानू भनी
आज्ञा दिए। ३५ औ जब पावल
भऱ्याङमा आइपुगे, तब घुइँचोको बलजफ्तले
गर्दा सिपाहीहरूले तिनलाई बोकेर लगे।
३६ किनभने मानिसहरूको भीड़ 'त्यसलाई
सिध्याइदेऊ' भनेर कराउँदै पछिपछि
लागेको थियो। ३७ औ पावललाई किल्ला-
भित्र पुऱ्याउनलाग्दा तिनले मुख्य कप्तानलाई
भने, 'अवसर माफ पाए, म तपाईंसँग केही
भन्नचाहन्छु।' अनि उनले भने, 'के तँ ग्रीक
भाषा जान्दछस्? ३८ के तँ त्यही मिश्री
होइनस्, जो केही दिन अघाडि राजद्रोही
दङ्गा गरी जङ्गलमा चार हजार ज्यान-
माराहरूका अगुवा भएर हिंडेको थियो?'
३९ तर पावलले भने, 'म ता सिलिसियाको
शहर टार्ससको एक यहूदी मानिस पो हुँ,
सानो-तिनो शहरको बासिन्दा होइनँ। म
तपाईंलाई बिन्ती गर्दछु, कि मलाई यी
मानिसहरूसित बोल्ने मञ्जूरी दिनुहोस्।'
४० औ जब उनले मञ्जूरी दिए, तब
भऱ्याङमा उभिएर पावलले मानिसहरूलाई
हातले इशारा गरे। औ बिलकुल चूपचाप
भएपछि तिनले तिनीहरूलाई हिब्रू भाषामा
यसो भने—

यहूदीहरूलाई पावलको बयान

२२ 'ए भाइ तथा बाबै हो, अब
तपाईंहरूका सामु दिने मेरो जवाफ
सुन्नुहोस्।'
२ अब हिब्रू भाषामा तिनी उनीहरू-
सित बोलेको सुनेर तिनीहरू चूपचाप
भइदिए।
३ औ तिनले भने, 'म साँच्चिनै
सिलिसियाको शहर टार्ससमा जन्मेको एक
यहूदी मानिस हुँ। तापनि गमलीयलका
चरणमा यही शहरमा हुर्किएको हुँ। औ हाम्रा
पुर्खाका व्यवस्थाको विधिमा ठीक ठीक
शिक्षा पाएको हुँ। आज तपाईंहरू परमेश्वर-
तर्फ जतिका कट्टर हुनुहुन्छ, म पनि त्यतिकै
कट्टर थिएँ। ४ मैले पुरुष र स्त्री दुवैलाई
बाँध्दै झ्यालखानमा पुऱ्याएँ, र यस
मार्गलाई मृत्युम्मै खेदो गरेको थिएँ।
५ यसमा प्रधान पूजाहारी र अरू जम्मै
महा-सभाले समेत मेरो निम्ति गवाही
दिन्छन्। उहाँकै तर्फबाट भाइहरूका नाउँमा
मैले पुर्जी पनि पाएको हुनाले त्यहाँ भएका-
हरूलाई पनि सजायको खातिर यरूशलेममा
बाँधेर ल्याउनालाई म दमीशकसम्म गएको
थिएँ।

दमीशकको बाटोमा

६ तब म जाँदा जाँदै दमीशकनेर
पुग्दा करीब मध्याह्न भएको हुँदो
हो, अचानक स्वर्गबाट एउटा ठूलो
ज्योति मेरो वरिपरि चम्की, ७ औ म
जमीनमा लड़िहालें, र मलाई यसो भनेको
मैले एक शब्द सुनें, 'ए शावल, ए शावल,
किन तिमी मेरो खेदो गर्छौ?'' ८ अनि
मैले भनें, 'हे प्रभु, तपाईं को हुनुहुन्छ?'
अनि उहाँले मलाई भन्नुभयो, 'नासरतको
येशू मैं हुँ, जसलाई तिमी खेदो गर्दछौ।'
९ तब मसँग जति जना थिए, तिनीहरूले
ज्योति ता देखे, तर मसँग बोल्नेको
आवाज भने सुनेनन्। १० औ मैले भने,
'हे प्रभु, अब के गरूँ?' अनि प्रभुले मलाई
भन्नुभयो, 'उठ, दमीशकमा जाऊ, र तिम्रो
निम्ति गर्नुपर्ने तोकेका कामहरू तिमीलाई
बताइनेछ।'

हननिया

११ औ त्यस ज्योतिको तेजको प्रभावले
जब म केही नदेख्ने भएँ, तब मसित
हुनेहरूको मदतले म दमीशक आएँ। १२ अब
हननिया भन्ने एक जना व्यवस्थाअनुसारका

भक्त मानिस र त्यहाँ पर्ने यहूदीहरूबाट
भलादमी कहलाइएका मकहाँ आए, १३ र
खड़ा भएर मलाई भने, 'ए भाइ शावल,
दृष्टि पाउनुहोस्।' औ मैंले त्यही घड़ी दृष्टि
पाएर उनलाई देखें। १४ अनि उनले भने,
'हाम्रा पिता-पुर्खाका परमेश्वरले उहाँको इच्छा
तपाईंले बुझ्न, र ती धार्मिक पुरुषलाई देख्न,
र उहाँको मुखबाट शब्द सुन्नसकोस् भनेर
तपाईंलाई नियुक्त गर्नुभएको छ। १५ किनकि
सबै मानिसहरूका सामु उहाँको निम्ति तपाईं
यी सबै कुराको गवाही हुनुहुनेछ, जो तपाईंले
देख्नु र सुन्नुभएको छ। १६ त अब किन
बियाँलो गर्नुहुन्छ? उठ्नुहोस्, र उहाँको
नाउँ लिएर बप्तिस्मा भई आफ्ना पाप
धुनुहोस्।'
१७ औ यरूशलेममा फर्केर आएपछि
मन्दिरमा प्रार्थना गरिरहँदा म अचेत भएँ।
१८ औ उहाँले मलाई यसो भनिरहनुभएको
मैले देखें, 'चाँड़ो गरेर यरूशलेमबाट निस्कि-
हाल, किनकि तिनीहरूले मेरो विषयको तिम्रो
साक्षी ग्रहण गर्नेछैनन्।' १९ औ मैंले भनें,
'हे प्रभु, मैले हरेक सभाघरमा तपाईंमाथि
विश्वास गर्नेहरू जतिलाई झ्यालखानमा
हालेको र कुटपीट गरेको यिनीहरू सबैलाई
थाहै छ। २० औ तपाईंको साक्षी
स्तिफनसको रक्तपात हुँदा म आफै पनि त्यस
हत्यामा मतियार भई साथसाथै खड़ा थिएँ,
र तिनलाई मार्नेहरूका लुगा कुरेर बसेको
थिएँ।' २१ औ उहाँले मलाई भन्नु-
भयो, 'जाऊ, किनकि म तिमीलाई
अन्यजातिहरूकहाँ यहाँबाट टाढ़ा टाढ़ासम्म
पठाउनेछु।'

यहूदीहरूको प्रतिक्रिया

२२ उनीहरूले तिनका कुरा यहाँसम्म
मात्र सुने, र यसो भन्दै उनीहरू चर्को
सोरले चिच्याउनथाले, 'यस्तो मानिस पृथ्वीबाट
हटाइओस्, किनकि त्यो बाँच्ने योग्यको
छैन।' २३ औ तिनीहरूले आफ्ना आफ्ना
लुगा फाल्दै र हावामा धूलो फ्याँकेर उड़ाउँदै
कराउँदा २४ मुख्य कप्तानले यसो भने,
'त्यो किल्लाभित्र ल्याइओस्, र कोर्राबाजी
गरेर केरिओस्, कि तिनीहरू कुन कारणले
त्यसको विरुद्धमा यसरी कराएका रहेछन्, म
थाह पाउनसकूँ।'
२५ अनि जसै तिनीहरूले तिनलाई
छालाका डोरीले बाँधे, तब पावलले नजीकै
उभिएका सुबेदारलाई भने, 'के जो मानिस
रोमी नागरिक हो, र दण्डको लागि ठहरिएकै
छैन, त्यसलाई कोर्रा लगाउन न्यायसंगत
हो?' २६ यो सुनेपछि सुबेदारले मुख्य
कप्तानकहाँ आएर यसो भनी तिनलाई सुनाए,
'तपाईंले के गर्न आँट्नुभएको छ? किनकि
यो मानिस ता रोमी नागरिक रहेछ।'
२७ औ ती मुख्य कप्तानले आएर तिनलाई
भने, 'मलाई भन्, के तँ रोमी नागरिक
होस्?' औ तिनले भने, 'हुँ।' २८ औ
ती मुख्य कप्तानले जवाफ दिए, 'यो
नागरिक हक मैले धेरै रुपियाँले हात पारेको
हुँ।' औ पावलले भने, 'तर म ता जन्मै
रोमी हुँ।' २९ तब तिनलाई केर्न खोज्ने-
हरू सबै तुरुन्तै तिनीसँगबाट हटेर गए, र
मुख्य कप्तान पनि तिनी रोमी नागरिक हुन्
भन्ने थाह पाएर डराए, किनकि उनले तिनलाई
बाँधेका थिए।
३० तर भोलिपल्ट, ती यहूदीहरूले के
कति कारणले तिनलाई दोषी ठहराएका हुन्
भन्ने कुरा निश्चय गरी बुझ्नालाई, उनले
तिनलाई फुकाइदिए, र सबै मुख्य पूजाहारी-
हरू र गैह महासभालाई जम्मा हुने उर्दी
गरेर पावललाई तल ल्याई तिनीहरूका
सामनेमा खड़ा गरे।

२३ अनि पावलले महासभातिर डिठ
लाएर हेरे, र भने,
'ए भाइ हो, आजको दिनसम्म परमेश्वरको
सामु म सब तरहबाट असल विवेकसा

रहेको छु।' २ तर प्रधान पूजाहारी
हननियाले तिनका आसपासमा उभिरहने-
हरूलाई तिनका मुखमा हिर्काउने हुकूम
दिए। ३ तब पावलले उनलाई भने,
'हे कमेरो लागेको पर्खाल, तिमीलाई
पनि परमेश्वरले हिर्काउनुहुनेछ, किनकि तिमी
न्यायपूर्वक मेरो इन्साफ गर्न बसेर के
अन्यायमा मलाई पिट्नालाई हुकूम दिन्छौ?'
४ अनि आसपासमा उभिनेहरूले भने, 'के
तँ परमेश्वरका प्रधान पूजाहारीलाई मुख
लाग्छस्?' ५ तब पावलले भने, 'हे
भाइ हो, उहाँ प्रधान पूजाहारी हुनुहुन्छ
भन्ने मलाई थाह थिएन। किनकि 'तैंले
आफ्ना जनताका शासकको खराबी नबोल्नू'
भन्ने लेखिएको छ।'

६ तर जब एक भाग सदुकी र अर्को
भाग फरिसीहरू रहेछन् भन्ने पावलले थाह
पाए, तब तिनले त्यस महासभामा चिच्च्याएर
भने, 'हे भाइ हो, म ता फरिसीको छोरो
फरिसीनै हुँ, मरेकाहरूका आशा र पुनरुत्थानको
विषयको सवालमा मेरो मुद्दा भएको
छ।' ७ औ तिनले यसो भनेपछि फरिसी-
हरू र सदुकीहरूमा मतभेद भयो, र सभामा
फाटो पर्‍यो। ८ किनकि सदुकीहरू भन्दछन्
कि, पुनरुत्थान, स्वर्गदूत आत्मा केही पनि
छैनन्, तर फरिसीहरू दुवै मान्छन्।
९ औ त्यहाँ ठूलो हल्ला उठ्यो, औ
फरिसीहरूका दलका कोही शास्त्रीहरू
खड़ा भएर यसो भन्दै बाझ्नलागे, 'यस
मानिसमा हामी केही खराबी पाउँदैनौं,
यदि आत्मा वा स्वर्गदूतले तिनलाई यसो
भनेका रहेछन् ता के?' १० औ जब
त्यहाँ ठूलो मतभेद भयो, तब तिनीहरूका
हातबाट पावल चोक्टालाम्टा पारिएलान्
भन्ने डरले मुख्य कप्तानले सिपाहीहरूलाई
तल गएर तिनलाई उनीहरूसँगबाट जबरदस्ती-
साथ किल्लाभित्र ल्याउनू भनी आज्ञा दिए।
११ औ त्यही रात प्रभुले तिनका नजीक
उभिएर भन्नुभयो, 'साहस गर, पावल,
किनकि जसरी तिमीले यरूशलेममा मेरो
विषयमा साक्षी दियौ, त्यसरी तिमीले रोममा
पनि गवाही दिनुपर्छ।'

यहूदीहरूको षड्यन्त्र

१२ अनि जब दिन भयो, यहूदीहरूले
आपसमा गट्टा बाँधिर यसो भन्ने प्रतिज्ञा
गरे, 'जहिलेसम्म हामी पावललाई मार्दैनौं
तहिलेसम्म हामीले खायौं अथवा पियौं
भने हामीलाई धिक्कार हुनेछ।' १३ औ
यो षड्यन्त्र गर्ने चालीसभन्दा पनि बढ़ी
थिए। १४ यिनीहरूले मुख्य पूजाहारीहरू
र बूढ़ा-प्रधानहरूकहाँ आएर भने, 'पावललाई
नमारूञ्जेल हामीले केही मुखमा हाल्यौं भने
पनि हामीलाई धिक्कार हुनेछ भनी हामीले
शपथ खाएका छौं। १५ यसकारण अब
महासभासमेत तपाइंहरू मुख्य कप्तानकहाँ
गएर त्यसको विषयमा केही कुरा अझै ठीक
गरी बुझ्नुपरेको छ, र त्यसलाई एकपल्ट तल
ल्याइदिनुभए हुन्थ्यो भन्ने तपाइंहरूको इच्छा
प्रकट गरिदिनुहोस्, औ हामी चाहिं त्यो
नजीक आउनासाथ त्यसलाई मार्न तयार
रहन्छौं।'

१६ तर पावलको भानीजले तिनीहरूले
मार्नालाई ढुकेको कुरा सुन्ने बित्तिकै
किल्लाभित्र पसेर पावललाई सुनाइदियो।
१७ तब पावलले सुबेदारहरूमध्ये एक
जनालाई नजीक बोलाएर भने, 'युवकलाई
मुख्य कप्तानकहाँ पुर्‍याइदिनुहोस्, किनकि
यसको उहाँसँग केही भन्ने कुरा छ,
अरे।' १८ यसकारण उनले तिनलाई लिएर
मुख्य कप्तानकहाँ पुर्‍याएर भने, 'थुनुवा
पावलले मलाई डाकेर यस ठिटालाई
तपाइंकहाँ पुर्‍याउनू भनेको छ, यसको
तपाइंलाई केही बिन्ती गर्ने कुरा छ, अरे।'
१९ तब मुख्य कप्तानले तिनको हात
समातेर एकातिर लगी एकान्तमा सोधे, 'तैंले
मसित भन्ने कुरो के हो?' २० औ

तिनले भन्ने, 'यहूदीहरूले पावलको विषयमा
केही अरू ठीक गरी बुझ्नुपरेको छ भन्ने
निहुँ गरी भोलि उनलाई महासभामा तल
ल्याइदिनुहोस् भनी तपाईंसँग बिन्ती गर्ने
मतो गरेका छन्। २१ तर तपाईंले
तिनीहरूका कुरा नमान्नुहोला, किनकि
तिनीहरूमध्ये चालीसभन्दा पनि बढी
मानिसहरूले, जहिलेसम्म तिनीहरूले उनलाई
मार्नसक्तैनन् तहिलेसम्म खान-पीन केही
नगर्ने भनी शपथ हालेर मार्नालाई ढुकेर
बसेका छन्, र अब तिनीहरू तपाईंको
वचनको आशा गरी तयारीमा छन्।'
२२ तब मुख्य कप्तानले त्यस ठिटालाई
यसो भनी आज्ञा दिएर पठाए, 'तैंले
यो कुराको सूचना मलाई दिएको कसैसँग
पनि नभनेस्, है।'

२३ औ तिनले सुबेदारहरूमध्ये दुइ
जनालाई आफूकहाँ बोलाई भने, 'दुइ सय
सिपाहीहरू, सत्तरी जना घोड़चढ़ी र दुइ
सय भालावालहरूलाई सिजरियासम्म जानालाई
एक पहर बितेपछि तयार पारी राख्नू।
२४ औ सवारीका पशुहरू पनि तयारी
पारी राख्नू, र पावललाई तिनमा चढ़ाएर
तिनलाई सुरक्षा साथ बड़ा हाकीम
फेलिक्सकहाँ पुर्‍याउनुपर्छ।' २५ औ तिनले
यस किसिमको चिट्ठी पनि लेखे।

२६ 'माननीय बड़ा हाकीम फेलिक्सलाई,
क्लौडियस लायसिअसको सलाम। २७ यस
मानिसलाई यहूदीहरूले पक्रेर मार्न खोजेका
थिए, तर यो ता रोमी नागरिक रहेछ
भन्ने मैले थाह पाई फौजसमेत लिएर
म त्यहाँ पुगी यसलाई छुटाएँ। २८ औ
के कति कारणले तिनीहरूले यसलाई दोष
लगाएका हुन् भन्ने पत्ता लाउनालाई मैले
महासभामा यसलाई हाजिर गराएँ।
२९ तिनीहरूको व्यवस्थाको विषयको सवालमा
दोष लगाएको रहेछ, तर ज्यान
सजाय अथवा कैद गर्नु पर्ने माफिकको
केही दोष मैले देखिनँ। ३० औ यस
मानिसमाथि षड़यन्त्र रच्न लागेको छ भन्ने
कुराको जनाउ पाएको हुनाले यसलाई तुरुन्तै
तपाईंका सामने पठाएको छु, र यसका
उजुरवालहरूलाई पनि त्यसको विरुद्धमा तपाईंको
सामु बिन्ती गर्नू भनी आदेश गरेको छु।'

३१ त्यसैले तिनीहरूलाई आज्ञा गरे-
बमोजिम सिपाहीहरूले पावललाई लिई रातीनै
एन्टिप्याट्रिसमा पुर्‍याए। ३२ भोलिपल्ट
घोड़चढ़ीहरूलाई तिनका साथमा पठाएर
उनीहरूचाहिँ किल्लातिर फर्के। ३३ औ
तिनीहरू सिजरियामा आइपुगेर बड़ा-हाकीम-
लाई चिट्ठी बुझाई पावललाई पनि उनका
सामुन्ने हाजिर गराए। ३४ औ उनले
चिट्ठी पढ़ेर 'त्यो कुन जिल्लाको हो?' भनी
सोधे। औ तिनी सिलिसियाका हुन् भन्ने
थाह पाएपछि उनले भने, ३५ 'तेरा
उजूरवालहरू जब आइपुग्लान् तब तेरो
मामिला सुन्नेछु।' औ उनले तिनलाई हेरोदको
महल्मा राख्नू भनी हुकूम गरे।

पावल फेलिक्सको सामने

२४ पाँच दिनपछि प्रधान पूजाहारी हननिया
र बूढ़ा-प्रधानहरू, तर्तुल्लस नाउँको
एक जना वक्ताको साथमा तल ओर्लेर
आए, र तिनीहरूले पावलको विरुद्धमा
बड़ा-हाकीमसँग उजुर गरे। २ औ जब
तिनलाई बोलावट भयो, तब तर्तुल्लसले
तिनलाई दोष लाएर यसो भन्नलागे,

'हजूरबाट हामीले ठूलो शान्ति भोग
गर्दछौं, र हजूरको अनुग्रहले यस जातिको
निम्ति खराबीको ठूलो सुधार भइरहेको छ।
३ हे माननीय फेलिक्स, यो कुरो हामीले
सबै तरहबाट, सबै ठाउँमा, धन्यवादसाथ
मान्दछौं। ४ तर, हजूरले झिम्को नमानी
हाम्रो बिन्तीमाथि निगाह राखिदिनुहोस्।
५ किनकि हामीले यस मानिसलाई
एक खतरनाक तत्व र सारा
संसारका यहूदीहरूका बीचमा राजद्रोह

गराइहिंड्ने, र नासरी मतका एक मुख्य
अगुवा भएर हिंड्ने फेला पारेका छौं।
६ यसले मन्दिर पनि अपवित्र पार्न खोजेको
थियो, तर यसलाई हामीले समात्यौं
र हाम्रा व्यवस्थाअनुसार कारवाही गर्न
पनि थियौं। ७ तर मुख्य कप्तान लायसिअसले
हामीकहाँ आएर बड़ो जबरदस्तसाथ
हाम्रा हातबाट खोसेर लैजानुभयो, र यसका
उजुरवालहरूलाई हजूरकहाँ आउने आज्ञा
गर्नुभयो। ८ हामीले यसलाई दोष
लगाएका यी सबै कुरा अब हजूरबाट
यसको जाँच भएमा जाहेर हुनसक्छ।'
९ औ ती यहूदीहरूले पनि ती कुराहरू
सबै ठीक हुन् भनी सही थापे।

१० जब बड़ा-हाकीमले तिनलाई
बोल्नालाई हातले इशारा दिए, तब पावलले
भने,

'धेरै वर्षदेखि हजूर यस देशका मानिस-
हरूका न्यायधीश हुनुभएको मलाई थाह छ।
यसकारण म मेरो निम्ति सहर्ष प्रतिवाद
दिन्छु। ११ हजूरमा जाहेर होस्, कि म
यरूशलेममा पूजा गर्न उक्ली गएको बाह
दिनभन्दा बढ़ी भएको छैन। १२ औ नता
यिनीहरूले मलाई मन्दिरमा कुनै मानिससित
कुरा गरिरहेको, न सभाघरमा अथवा शहर
हुँदो, अथवा अरू कतै जनतालाई बहकाउँदै
गरेको भेट्टाएका हुन्, १३ नता तिनी-
हरूले मलाई दोष लगाएका कुराहरूका
तिनीहरू सबुत पुर्‍याउनसक्छन्।

१४ तर यो म हजूरकै सामने
स्वीकार गर्दछु, कि जुन मार्गलाई तिनीहरू
एउटा पन्थ भन्दछन्, त्यहीबमोजिम व्यवस्थामा
र अगमवक्ताका पुस्तकमा लेखिएका सबै कुरा
विश्वास गरी मेरा पुर्खाहरूका परमेश्वरको सेवा
म गर्दछु, १५ अर्थात् धर्मी र अधर्मीहरू-
समेतको पुनरुत्थान हुन्छ भन्ने आशा
परमेश्वरतर्फ राखेको छु, जुन आशाको
यिनीहरू आफै पनि बाटो हेर्दछन्। १६ औ,
यसमा परमेश्वरतर्फ र मानिसतर्फ समेत
दोषरहितको विवेक सधैं भइरहोस् भनी म
आफै पनि परिश्रम गर्दछु। १७ अब धेरै
वर्षपछि आफ्नो देशका जातिहरूलाई समेत
दान र दक्षिणा पुर्‍याउनालाई म आएको
थिएँ। १८ यतिकैमा यिनीहरूले मलाई
मन्दिरमा पवित्र भइसकेको, औ न मानिसहरूका
हुल्मा, न दङ्गामा भेट्टाए, तर त्यहाँ
एशियाका कुनै यहूदीहरू थिए—१९ जो
यहाँ हजूरको सामने हाजिर हुनुपर्ने थियो।
मेरो विरुद्धमा यदि केही भन्ने कुरा भएदेखि
ता तिनीहरूले मलाई दोष लाउनुपर्ने हो।

२० किता यिनीहरू आफै पनि यहाँ
भनून्—म महासभाको सामनेमा खड़ा हुँदा
त्यस बेला यिनीहरूले ममाथि के खराबी
भेट्टाएका थिए? २१ केवल यही एक
कुरा मात्र हो, जो मैले तिनीहरूका
बीचमा उभिएर कराएर भनेको थिएँ,
'मरेकाहरूको पुनरुत्थानमा विश्वास गरेको
कारणले आज मेरो मुद्दा चलिरहेको
छ।'

२२ यस पन्थको विषयमा यथार्थ ज्ञान
भएका हुनाले फेलिक्सले यी कुराहरू सुनेपछि
तिनीहरूलाई यसो भनी टारेर पठाए,
'मुख्य कप्तान लायसिअस जहिले यहाँ तल
आउँछन् त्यसै बेला तिमीहरूको मामिला
फैसला गर्नेछु।' २३ औ 'पावललाई नछोड्नू,
तर तिनलाई सुविस्ता दिएर राख्नू, र तिनका
चिना-जानीका मानिसहरूलाई तिनीकहाँ आउन-
दिनालाई नरोक्नू' भनी कप्तानलाई तिनले
हुकुम दिए।

२४ केही दिनपछि, जब फेलिक्स उनकी
यहूदी स्वास्नी द्रूसिल्लालाई साथ लिएर
आए, तब तिनले पावललाई बोलाएर ख्रीष्ट
येशूमाथिको विश्वासको बारेमा तिनीबाट
सुने। २५ औ तिनले धार्मिकता, संयम र
पछि हुने इन्साफको विषयमा बहस
गर्दा फेलिक्स डराए, र यसो भने,
'अहिले भइगयो। फुर्सतको बेलामा म तँलाई
बोलाउँला।' २६ पावलबाट कतै उनलाई

रुपियाँ मिलिहाल्ला कि भनी उनले आशा
गरेका थिए। यसकारणले पनि उनले
तिनलाई झन् बराबर डाकी कुरा-कानी
गर्नेगर्थे। २७ तर दुइ वर्षपछि जब
फेलिक्सको बदलीमा पोर्सिअस फेस्तस आए
तब फेलिक्सले यहूदीहरूलाई खुशी राख्नाका
निम्ति पावललाई बन्धनैमा छोड़े।

२५ फेस्तस त्यस जिल्लामा आएका तीन
दिनपछि सिजरियाबाट यरूशलेमतिर
उक्लेर गए। २ औ मुख्य पूजाहारीहरू र
यहूदीहरूका मुख्य मुख्य मानिसले पावलको
विरुद्धका कुराहरू बताई उनलाई बिन्ती गरे,
३ र तिनलाई बाटैमा मार्ने मनसायले तिनलाई
यरूशलेममा झिकाइदिने निगाह भएहुनेथियो
भन्ने इच्छा प्रकट गरेर तिनको विरुद्धमा
बिन्ती गरे। ४ तर फेस्तसले जवाफ दिए,
'पावल सिजरियामै थुनामा राखिएको छ,
र म पनि चाँड़ै त्यता जाने भएको छु।
५ यसकारण तिमीहरूमध्येका अख्तियारवाल-
हरू मेरो साथमा त्यहाँ ओर्लेर, त्यस
मानिसमा केही खराबी छ भनी भन्छौ भने,
त्यसलाई अभियोग लाउनसक्छौ।'
६ अनि तिनीहरूका बीचमा उनी आठ
दश दिनभन्दा बढ़ी नबसीकन सिजरियातिर
ओर्ले, र भोलिपल्टै न्याय-आसनमा बसेर
उनले पावललाई ल्याउने हुकूम गरे। ७ औ
तिनी आएपछि यरूशलेमबाट आएका यहूदी-
हरू वरिपरि उभिए, र पावलको विरुद्धमा
अनेक कड़ा अभियोग लगाए, जुन चाहिं तिनी-
हरूले सबुत पुर्‍याउनसकेनन्। ८ तब पावलले
जवाफ दिए र भने, 'मैले यहूदीहरूको
व्यवस्थाको विरुद्धमा, मन्दिरको विरुद्धमा,
औ सिजरको विरुद्धमा केही अपराध गरेको
छैनँ।'
९ तर फेस्तसले यहूदीहरूलाई खुशी
तुल्याउनाको निम्ति पावललाई भने, 'के
तँ यरूशलेममा गएर त्यहाँ मेरो
सामने यी कुराको विषयमा इन्साफ
गरिओस् भन्ने इच्छा गर्दछस्?' १० तर
पावलले भने, 'म सिजरको न्याय-आसनको
सामने खड़ा भइरहेछु, जहाँ मेरो इन्साफ
हुनुपर्छ। यहूदीहरूलाई मैले कुनै खराबी
गरेको छैनँ, सो हजूरमा राम्रै जाहेर छ।
११ यदि म खराब गर्ने हुँ, र मैले ज्यान
सजाय माफिकको काम गरेको छु भने
मर्नालाई म इन्कार गर्दिनँ। तर यदि यिनीहरूले
मलाई बात लगाएका कुरा केही सत्य होइन
भने ता मलाई तिनीहरूका हातमा कसैले
सुम्पनसक्तैन। म सिजरकहाँ अपील गर्दछु।'
१२ तब फेस्तसले भारादारहरूसँग सल्लाह
गरेर भने, 'तैंले सिजरकहाँ अपील गरिस्,
तँ सिजरकहाँनै जालास्।'
१३ केही दिनपछि राजा अग्रिपा र बर्निस
सिजरियामा आइपुगे, र तिनीहरूले फेस्तससँग
शिष्टाचार भेट गरे। १४ औ तिनीहरू
त्यहाँ धेरै दिन रहेपछि फेस्तसले पावलको
बारेको मामिला राजाको सामने यसो भन्दै
पेश गरे, 'फेलिक्सले राखेर गएको एक जना
थुनुवा यहाँ छ, १५ जसको बारेमा, म
यरूशलेममा छँदा मुख्य पूजाहारीहरू र
यहूदीहरूका अग्र-गण्यहरूले त्यसको विरुद्धमा
दण्डको आज्ञाको इच्छा प्रकट गरी मसँग बिन्ती
गरेका थिए। १६ तिनीहरूलाई मैले यसो
भनी जवाफ दिएँ, कि अभियोगी र अभियोग
लाउनेहरू सम्मुख नभईकन, र अभियोगीलाई
उजुरको प्रतिवाद गर्ने मौका नदिईकन
कुनै मानिसलाई त्यसै दण्डाज्ञादिने रोमी-
हरूको दस्तुर छैन। १७ यसो हुनाले जब
तिनीहरू जम्मा भएर आए, मैले कति पनि
ढीलो नगरीकन भोलिपल्टै न्याय-आसनमा
बसेर त्यस मानिसलाई ल्याउने हुकूम गरें।
१८ त्यसको विषयमा अभियोग लाउनेहरू खड़ा
भए। तर जस्तो मैले विचार गरेथें त्यस्तो
खराब कुराहरूको केही दोष तिनीहरूले लाउन-
सकेनन्, १९ तर त्यसको विरुद्धमा, तिनीहरूकै
धर्म विषयको, र मरिसकेको येशूको विषयमा,
जसलाई पावलले अझै जिउँदैछ भनी जिद्दी

गर्दथियो, सवाल उठाउनथाले। २० यसैले
यस कुराको विषयमा अलमल्ल परेको हुँदा यसको
बारै छलफल गर्न यरूशलेममा जान त्यसको
मन छ कि भनेर त्यसलाई सोधें। २१ तर
पावलले सम्राटको फैसलाको निम्ति स्थगित
रहोस् भनी अपील गरेको हुनाले त्यसलाई
सिजरकहाँ नपठाउन्जेल राखिछोड्ने हुकुम
दिएँ।' २२ तब अग्रिपाले फेस्तसलाई भने,
'यस मानिसको कुरो म आफै पनि सुन्नपाएँ
हुन्थ्यो।' अनि उनले भने, 'भोलि तपाईंले
सुन्नुहोला।'

२३ भोलिपल्ट जब अग्रिपा र बर्णिस
बडो रवाफसँग मुख्य कप्तानहरू र शहरका
मुख्य मुख्य मानिसहरूका साथमा सभा-
भवनमा पसे, तब फेस्तसको हुकुममुताबिक
पावल भित्र ल्याइए। २४ फेस्तसले
भने, 'हे राजा अग्रिपा र हामीसँग यहाँ
भएका सबै मानिस हो, तपाईंहरू यस
मानिसलाई हेर्नुहोस्, जसको विषयमा यहूदी-
हरूका सारा भीड़ले 'यस मानिसले अब
उप्रान्त बाँच्न नपाओस्' भनी यरूशलेममा र
यहाँ पनि मसँग बिन्ती गरेका थिए।
२५ तर प्राण-दण्ड माफिकको त्यसले केही
गरेको मैले नभेट्टाएको हुनाले, र त्यो
आफैले पनि सम्राटकहाँ अपील गरेको हुनाले,
मैले त्यसलाई पठाउने निश्चय गरें।
२६ त्यसको विषयमा मैले मेरा सम्राटलाई
लेख्ने यथार्थ कुरा केही भएन। यसकारण
मैले यसलाई तपाईंहरूका सामने, र खास
गरेर, हे राजा अग्रिपा, तपाईंको सामने
ल्याएको छु, र जाँच-बुझ भएपछि मलाई
केही लेख्ने कुरा होस्। २७ किनभने कैदीको
विरुद्धमा लगाएको दोषको कारण नदेखाईकन
त्यसलाई पठाउन मलाई मनासिब लागेन।''

पावल अग्रिपाको अगि

२६ अनि अग्रिपाले पावललाई भने,
'तँलाई तेरो मुद्दा पेश गर्ने मन्जूरी
छ।' तब पावलले आफ्ना हात पसारेर
आफ्नो बचाउमा बोले,

२ 'हे राजा अग्रिपा, यहूदीहरूले मलाई
लगाएका दोषको विषयमा सबै कुरा आज
हजूरका सामने मैले आफ्नो बचाउमा
बोल्नपाएकोले मैले आफूलाई भाग्यशाली
सम्झेको छु। ३ किनभने खास गरी
यहूदीहरूका सबै दस्तुर र सवाल-जवाफ-
हरूका कुरामा हजूर सिपालु हुनुहुन्छ।
यसकारण मेरो बयान धीरजसँग सुन्नुहोस्
भनी म बिन्ती गर्दछु।

४ मेरो बालककालदेखिको जीवन, जो
शुरूदेखिनै मेरै जातिहरूका बीचमा र
यरूशलेममा थियो, सो सबै यहूदीहरूले
जान्दछन्। ५ तिनीहरूले पहिलेदेखि मलाई
चिनेकाले, यदि तिनीहरू गवाही चाहन्छन्
भने, म हाम्रो धर्मको सबैभन्दा ठीक
मार्गअनुसारका फरिसी भएर रहेको
थिएँ। ६ औ अब हाम्रा पुर्खाहरूलाई
परमेश्वरले गर्नुभएको प्रतिज्ञाको आशाको
विषयमा इन्साफ गरिनालाई म यहाँ खड़ा
भएको छु, ७ जुन प्रतिज्ञा हाम्रा बाह्रै कुलहरूले
अटूटसँग रात-दिन परमेश्वरको सेवा गरेर
प्राप्त गर्ने आशा गर्दछन्। औ यही आशाको
निम्ति, हे राजा अग्रिपा, यहूदीहरूबाट म
दोषी बनेको छु। ८ परमेश्वरले मरेकाहरूलाई
बिउँताउनुहुन्छ भन्ने कुरा किन तपाईं
पत्याउनुहुन्न ?

९ येशू नासरीको नाउँको विरुद्धमा धेरै
काम गरूँला भन्ने स्वयं म आफैले ठानेको
थिएँ, १० र यो कुरा मैले यरूशलेममा
पनि गरें, औ भक्त जनहरूमध्येका धेरैलाई,
मुख्य पूजाहारीहरूबाट अख्तियार पाई,
मैले झ्यालखानमा पनि थुनें, र तिनीहरूको
हत्या हुँदा मैले पनि तिनीहरूका विरुद्धमा
मत दिएको थिएँ, ११ र सबै सभाघर-
हरूमा तिनीहरूलाई वारंवार सजाय दिईकन
ख्रीष्टको निन्दा गर्न लगाउँथें। औ तिनीहरूका
विरुद्धमा उन्मत्त भईकन बाहिरका शहरसम्म

पनि मैले तिनीहरूको खेदो गरें। १२ यसपछि
मुख्य पूजाहारीहरूबाट अख्तियार र खटन-
समेत पाई दमीशकतिर जाँदा—
१३ हे राजन्, मध्याह्न बाटोमा
सूर्यभन्दा बढ़ता चहकिलो ज्योति
स्वर्गबाट मेरो र मसँग जानेहरूका वरिपरि
चम्केको मैले देखें। १४ औ जब हामी
सबै जमीनमा लोटेका थियौं, तब हिब्रू
भाषामा 'ए शावल, तिमी किन मेरो खेदो
गर्दछौ ? सुइरोमा लात हान्न तिमीलाई
कठिन छ' भनी मलाई भनेको एक वाणी मैले
सुनें। १५ अनि मैले भनें, 'हे प्रभु, तपाईं
को हुनुहुन्छ ?' अनि प्रभुले मलाई भन्नुभयो,
'म येशू हुँ, जसको तिमी खेदो गर्दछौ।
१६ तर उठ, र खड़ा होऊ, किनकि
तिमीले मलाई देखेका र मैले तिमीलाई
देखाउनलागेका कुराको गवाही र सेवक
तुल्याउनाको मतलबले म तिमीकहाँ देखा
परेको हुँ। १७ म तिमीलाई जनताहरू र
अन्यजातिहरूका बीचबाट अलग गर्नेछु। तिनी-
हरूकहाँ म तिमीलाई पठाउनेछु। १८ तिनी-
हरूका आँखा उघार्नालाई र तिनीहरूलाई
अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट
परमेश्वरतर्फ फिराउनलाई, कि पापमोचन र
ममाथिको विश्वासद्वारा पवित्र भएका मध्येले
पाउने अधिकार, तिनीहरूले पनि पाऊन्।'
१९ यसकारण, हे राजा अग्रिपा,
स्वर्गीय दर्शन देखेर म अटेरी भइनँ।
२० तर पहिले दमीशकमा, औ यरूशलेममा
र यहूदियाका सारा देशभरि रहनेहरूलाई, र
अन्यजातिहरूलाई समेत, पश्चाताप गरेर
परमेश्वरतिर फर्क, र पश्चाताप योग्यको काम
गर भनेर प्रचार गरें। २१ यही कारण
यहूदीहरूले मन्दिरमा पक्राउ गरेर मलाई
मार्न प्रयत्न गरे। २२ तब परमेश्वरबाट
सहायता पाएको हुनाले, साना ठूला दुवैलाई
गवाही दिँदै, र अगमवक्ताले र मोशाले पनि
बोलेका वचनहरू अवश्य पूरा हुनेछन् भन्ने
कुराबाहेक अरू केही नबोलेर म आजको
दिनसम्म खड़ा छु, २३ कि कसरी ख्रीष्टले
शासना भोग्नैपर्छ, र कसरी मरेकोबाट पहिले
उहाँकै पुनरुत्थान भएर यी मानिसहरूलाई र
अन्यजातिहरूलाई समेत ज्योतिको समाचार
सुनाउनुपर्छ।'
२४ तिनले यी आफ्ना बचाउका कुराहरू
बोलिरहेकैमा फेस्तसले ठूलो सोरमा भने,
'ए पावल, तँ बौलाहा होस्, तेरो धेरै
विद्याले तँलाई बौलाहा तुल्याएको छ।'
२५ तर पावलले भने, 'माननीय
फेस्तस, म बौलाहा होइनँ, तर सत्य र
सुबुद्धिका कुराहरू बोल्दछु। २६ किनकि
राजाले यी कुराका विषयमा थाह पाउनुभएको
छ, जसको सामुन्ने म निर्धक्कसँग बोल्दैछु।
किनकि यी कुनै कुरामा पनि उहाँ अबोध
हुनुहुन्छ भनी म ठान्दिनँ, कारण यो कुरा
गुपचुपमा गरेको होइन। २७ हे राजा
अग्रिपा, के हजूरले पनि अगमवक्तालाई
विश्वास गर्नुहुन्छ ? हजूरले विश्वास गर्नुहुन्छ
भन्ने मलाई थाह छ।'
२८ अनि अग्रिपाले पावललाई भने,
'थोरै कुराले मलाई ख्रीष्टियान तुल्याउने मन
गर्दछस् ?'
२९ औ पावलले भने, 'परमेश्वरले यो
गरून् भन्ने म प्रार्थना गर्दछु, कि थोरैले
भए पनि धेरैले भए पनि, हजूर मात्र
होइन आजको दिनमा मेरा कुरा सुन्ने
जति सबैले, यी बन्धन छोड़ीकन अरू
सबै कुरामा मजस्तै भइदिए ता
हुनेथियो।'
३० तब राजा, बड़ा-हाकीम, बर्निस
र त्यहाँ बस्नेहरू जति सबै जरुक्क-जुरुक्क
उठे। ३१ तब तिनीहरू एकातिर गएर
आपसमा यसो भन्दै कुरा गर्नलागे, 'यस
मानिसले प्राण-दण्ड अथवा कैद जाने
माफिकको केही काम ता गरेको रहेनछ।'
३२ औ अग्रिपाले फेस्तसलाई भने, 'यसले
सिजरकहाँ अपील नगरेको भएता यस मानिस-
लाई छोड़िदिए पनि हुनेथियो !'

२७ अनि जब हामीले समुद्र-यात्रा गरेर
इटाली जाने निश्चय गर्‍यौं, तब
तिनीहरूले पावल र अरू कुनै कुनै कैदीहरू-
लाई समेत अगस्तस भन्ने पल्टनका जुलियस
नाउँ भएको कप्तानको जिम्मामा सुम्पिदिए।
२ अनि हामी एशियाका विभिन्न ठाउँमा
जानलागेको एड्रामिटियमको एउटा जहाजमा
चढ़ेर यात्रा गर्‍यौं। त्यहाँ अरिस्तार्खस नाउँ
भएका थिस्सलोनिकाका एक जना म्यासिडो-
नियन पनि हाम्रा साथमा थिए, ३ र
भोलिपल्ट हामी सायडनमा किनार लाग्यौं।
औ जुलियसले पावललाई भद्र व्यवहार
गरेर तिनलाई तिनका मित्रहरूकहाँ आरामी
गर्नालाई जान दिए। ४ औ त्यहाँबाट
जहाज हेलिएपछि उल्टो बतास चलेको
हुनाले हामी साइप्रसको आड़ पारेर गयौं,
५ र सिलिसिया र प्याम्फिलियाको समुद्रमा
हेलिसकेपछि, लाइसियाको एउटा शहर माइरामा
हामी आयौं। ६ औ त्यहाँ इटालीमा जाने
अलेक्जेन्ड्रियाको एउटा जहाज भेट्टाएको
हुनाले ती कप्तानले हामीलाई त्यसमा
चढ़ाइदिए।
७ औ धेरै दिनसम्म बिस्तार बिस्तार
गएर कठिनसाथ स्नाइडसको उत्तरपट्टि आयौं,
र बतासले नसहेको हुँदा क्रेटको आड़ पारेर
साल्मोनेको सीधा भएर गयौं। ८ अनि
कठिनसँग त्यसको किनार किनार लागेर हामी
सुबन्दर भनिने ठाउँमा आयौं। त्यहाँबाट
लसिया शहर नजीकै पर्थ्यो।
९ धेरै दिन बितिसकेको हुँदा र
उपासे चाड़ पनि बितिसकेकोले समुद्र-यात्रा
अब डरलाग्दो हुनेभयो, र पावलले तिनीहरू-
लाई १० यसो भन्दै सम्झाए, 'ए हजूर
हो, यो समुद्र-यात्राले केवल जहाज र माल-
सामानको मात्र होइन, तर हाम्रो ज्यानको
समेत खतरा र नोक्सानी होला भन्ने म
देख्तछु।', ११ तर ती कप्तानले पावलका
कुराभन्दा जहाजको चालक र जहाजका
धनीलाई बेसी पत्यार गरे। १२ किनभने
यो बन्दरगाह जाड़ो काट्नालाई असुबिस्ता
भएकोले कुनै सुरतले फोनिक्समा पुगेर जाड़ो
बिताउन सकौंला भनेर धेरजसोले त्यहाँबाट
जहाज चलाइहाल्नेनै सल्लाह दिए। त्यो क्रेटको
एउटा बन्दरगाह हो, औ दक्षिण-पश्चिम र
उत्तर-पश्चिमपट्टि फर्केको छ।
१३ औ जब दक्षिणी बतास मधुरसँग
चल्नथाल्यो, तब तिनीहरूको मतलब सिद्ध भयो
सम्झेर, लङ्गूर निकालेर क्रेटतिर टासिँदै किनार
किनार लागेर जानथाले। १४ तर थोरै
बेरपछि उत्तर-पूर्वी तूफान उठ्नलाग्यो।
१५ औ जब जहाज त्यसको फेला
पर्‍यो, तब तूफानको सामना गर्नसकेन, र
हामीले त्यसलाई जता जान्छ जाओस् भनेर
छोड़िदियौं। १६ औ क्लौदा भन्ने एउटा
सानो टापूको आड़पट्टि पुगेपछि हामीले
कठिनसँग जहाजलाई आफ्नो तहमा ल्याउन-
सक्यौं। १७ औ त्यो उठाएपछि तिनीहरूले
जहाजलाई अनेक उपायले मुन्तिरबाट बाँध्दै
ल्याए, र सिरटिस भन्ने बलौटे थापमा फँसिन्छ
भन्ने डरले तिनीहरूले पाल झारिदिए,
र ती आफै हुत्तिँदै गए। १८ अब हामी
आँधीबाट ज्यादै उचालिने र पछारिने भएका
हुँदा भोलिपल्ट तिनीहरूले जहाजका माल-
सामान फ्याँक्नथाले। १९ अनि तेस्रो दिन
तिनीहरूले आफ्ना हातले जहाजका सामानहरू
मिल्काइदिए। २० औ धेरै दिनसम्म नता
घाम न ताराहरू केही देखा परेका थिए, र
ठूलो तूफानले सेटिएर हाम्रो बाँच्ने आशा
हरायो।
२१ औ तिनीहरूले धेरै दिनसम्म
नखाई बसेका हुनाले पावलले तिनीहरूका
बीचमा उभिएर भने, 'हजूर हो, तपाईंहरूले
मेरो कुरा सुनेर क्रेटबाट जहाज नचलाएको
भएता यो खतरा र नोक्सानीबाट फायदा
उठाउन सक्नुहुन्थ्यो। २२ अब म
तपाईंहरूलाई सल्लाह दिन्छु कि प्रसन्न चित्तको
हुनुहोस्, किनभने जहाजबाहेक अरू तपाईं-
हरूमा कुनै मानिसको ज्यानमा केही हानि

हुनेछैन, २३ किनभने जुन परमेश्वरको म हुँ, र जसको सेवा गर्दछु, उहाँकै एक दूत आज राती मलाई यसो भनेर मेरो नजीक खड़ा भए। २४ 'हे पावल, नडराऊ, तिमी सिजरको सामु अवश्य खड़ा हुनुपर्छ, र हेर, तिमीसँग जहाजमा चढ़ने जति सबैलाई परमेश्वरले तिमीलाई बक्सनेछ।' २५ त्यसकारण, हे हजूर हो, प्रसन्न चित्तको हुनुहोस्। म परमेश्वरमा विश्वास गर्दछु, औ मलाई जस्तो बताइएको छ, त्यस्तै हुनेछ। २६ तापनि हामी कुनै एउटा टापूमा पर्नैपर्छ।'

२७ तर जब चौधौं रात भएथ्यो, र एड्रिया समुद्रमा हामी यताउता भइरहेथ्यौं, तब आधा-राततिर माझीहरूले कुनै देशको नजीक पुगेको अनुमान गरे, २८ र गहिराइ नापेर हेर्दा तिनीहरूले चालीस गज पत्ता लगाए, र अलि पर गएर फेरि गहिराइ नाप्दा तिनीहरूले तीस गज पत्ता लगाए। २९ औ कुनै एउटा चटानमाथि बज्रन पुगौंला भन्ने डरले, तिनीहरूले जहाजको पछाड़ितिरबाट चारवटा लङ्गूर खसाले, र उज्यालो नहोउञ्जेल कुरेर बसे, ३० तर जब माझीहरू जहाजका अगिल्तिरबाट लङ्गूर खसाल्ने बहानाले समुद्रमा डुङ्गा झारेर भाग्न आँटेथे, ३१ तब पावलले कप्तान र सिपाहीहरूलाई भने, 'यिनीहरू जहाजमा रहेनन् भने ता तपाईंहरू बाँच्न सक्नुहुनेछैन, है।' ३२ तब सिपाहीहरूले डुङ्गाका डोरीहरू काटेर त्यो तल खसालिदिए।

३३ अब उज्यालो हुने बेलामा पावलले यसो भन्दै खान भनी तिनीहरूलाई बिन्ती गरे, 'तपाईंहरूले केही नखाईकन पर्खेर उपवास बस्नुभएको आज चौध दिन भइसक्यो। ३४ यसकारण केही भोजन गर्नुहोला भनी म तपाईंहरूलाई बिन्ती गर्दछु, किनकि यो तपाईंहरूको हिफाजतको लागि हो, किनभने तपाईंहरूमध्ये कसैको टाउकोको एउटा केश पनि नष्ट हुनेछैन।' ३५ अब यति भनेर तिनले रोटी लिए, र सबैका सामु परमेश्वरलाई धन्यवाद चढ़ाएर सो भाँचेर खानलागे। ३६ तब तिनीहरू पनि सबैले प्रसन्न चित्तका भएर केही भोजन गरे। ३७ अब जहाजमा हुने हामी जम्मा दुइ सय छ्यहत्तर जना थियौं। ३८ औ जब तिनीहरूले प्रशस्त खाएथे तब तिनीहरूले समुद्रमा गहुँ फालेर जहाजलाई हलुको तुल्याए।

३९ उज्यालो भएपछि पनि तिनीहरूले त्यस देशलाई चिन्न सकेनन्, तर तिनीहरूले कुनै एक खाड़ीको बलौटे किनार देखे, र त्यसभित्र जहाज ठेल्न सकिएला कि भनी तिनीहरूले सल्लाह गरे। ४० अनि तिनीहरूले लङ्गूरहरू खुस्काएर समुद्रमा छोड़िदिए, र बहनाका बन्धन पनि उसै बेला फुकाइदिए, र बतासको लागि अगिल्तिरको पाल उठाएर किनारतर्फ अगि बढ़ाए। ४१ तर दुइ समुद्रको दोभान परेको एक ठाउँमा तिनीहरूले जहाजलाई पाखामा भसाए, र जहाजको अगिल्लो हिस्सा चल्न नसक्ने भएर ठोक्किएर गाड़ियो। तर पछिल्लो हिस्सा चाहिं छालहरूका झोक्काले फुट्नलाग्यो।

४२ तब कुनै कैदीहरू पौड़ेर भाग्लान् भन्ने डरले तिनीहरूलाई मारौं भनी सिपाहीहरूको सल्लाह भयो। ४३ तर कप्तानले पावललाई जोगाउने मन गरी तिनीहरूको उद्देश्यबाट तिनीहरूलाई रोके, र 'पौड़न सक्ने जत्ति जहाजबाट हाम फालेर पाखामा पहिले उत्रनू' भन्ने आज्ञा दिए ४४ 'र बाँकी रहेका जत्ति कोही फल्याकहरूमा र कोही जहाजका अरू चीजहरूमा जानू' भने, र यसरी सबै, बिना खतरा पाखा लागे।

२८ जब हामी बाँचेर निस्क्यौं, तब त्यस टापूलाई माल्टा भन्दोरहेछ भनी थाह पायौं। २ औ ती असभ्य मानिसहरूले हामीलाई औधि दया देखाए, किनभने

परिरहेको पानी र जाड़ोले गर्दा तिनीहरूले
आगो बालिदिए, र हामीलाई सत्कार गरे।
३ औ पावलले झिंजा-मिजाको मुठा जम्मा
पारेर आगोमा हाल्दा आगोको प्रभावले
एउटा साँप निस्केर आयो, र तिनको हातमा
झुण्डियो। ४ औ जब ती असभ्य मानिस-
हरूले तिनको हातमा त्यो जन्तु झुण्डिरहेको
देखे, तब तिनीहरू आपसमा भन्नलागे, 'यो
मानिस अवश्य ज्यानमारै रहेछ, जो
समुद्रबाट बाँचेर निस्के तापनि न्यायकर्त्तले
यसलाई बाँच्न दिएनन्।' ५ यसो भए
तापनि पावलले त्यस जन्तुलाई आगोमा
झट्कारिदिए, र तिनको केही बिगार हुन
पाएन। ६ तर तिनी सुनिएर आउँछन्,
अथवा एक्कासि मरेर ढलिहाल्छन् भनेर
तिनीहरूले हेरिरहेका थिए। तर धेरै
बेरसम्म हेरिरहँदा पनि तिनलाई केही बिगार
नभएको देखेर तिनीहरू आफ्नो राय बदलेर
भन्नलागे, 'यिनी ता कुनै देवता पो रहेछन्,
क्यार।'
७ त्यस ठाउँको आस-पासमा पब्लियस
नाउँ भएका त्यस टापूका मुख्य मानिसको
जग्गा-जमीन थियो। उनले हामीलाई
नम्रतासँग सत्कार गरेर तीन दिनसम्म उनको
घरमा हाम्रो अतिथि सेवा गरे। ८ औ
यसो भयो, पब्लियसका बाबु जरो र आउँको
बिरामीले लड़िरहेका थिए। पावलले
उनीकहाँ पसेर प्रार्थना गरे, र आफ्नो हात
उनीमाथि राखी उनलाई निको पारिदिए।
९ यति भएपछि त्यस टापूमा भएका अरू
बिरामीहरू पनि तिनीकहाँ आएर निको भए।
१० तिनीहरूले पनि हाम्रो आदर गरे,
जब हामी जहाजमा चढ्यौं, तब हामीलाई
दरकार पर्ने कुराहरू तिनीहरूले त्यसमा
हालिदिए।
११ तीन महीनापछि, त्यस टापूमा
जाड़ो काटिरहेको, जम्ल्याहा दाज्यू-भाइको
मूर्तिको चिह्न भएको अलेक्जेन्ड्रियाको एउटा
जहाजमा चढ़ेर यात्रा गर्‍यौं। १२ औ
सिराक्युसमा पुगेर हामी त्यहाँ तीन दिन
बस्यौं। १३ त्यहाँबाट घुमेर हामी रेगियममा
आइपुग्यौं। औ एक दिनपछि दक्षिणी बतास
चल्यो, र त्यसको भोलिपल्ट हामी पटिओलीमा
आइपुग्यौं, १४ जहाँ हामीले भाइहरूलाई
भेट्यौं, उनीहरूले हामीलाई सात दिनसम्म
उनीहरूका साथमा रहनालाई बिन्ती गरे।
औ यसरी हामी रोममा आइपुग्यौं।
१५ त्यहाँबाट हाम्रो विषयको खबर
सुनेर भाइहरू हामीलाई भेट्नालाई अप्पियसको
बजार र तीन-पाटी भन्ने ठाउँसम्म आएका
थिए। यिनीहरूलाई देखेर पावलले परमेश्वरमा
धन्यवाद चढ़ाए, र हौसला लिए।

पावल रोममा

१६ जब हामी रोममा पस्यौं, तब
पावललाई एक जना सिपाहीको देख-रेखमा
एक्लै रहन अनुमति मिल्यो।
१७ तीन दिनपछि पावलले यहूदीहरूका
मुख्य मुख्य मानिसहरूलाई बोलाइपठाए।
औ उनीहरू जम्मा भएपछि तिनले उनीहरू-
लाई भने, 'हे भाइ हो, मैले ता आफ्ना
देशका मानिसहरू, र पिता-पुर्खाको चाल
चलनको विरुद्धमा समेत केही काम गरेको
थिइनँ, तापनि यरूशलेमबाट रोमीहरूका
हातमा कैदी भई आएको छु। १८ उनीहरूले
खारखेर गरेपछि ममा ज्यानसजाय माफिकको
केही नभएकोले मलाई छोड़िदिने मन गरेका
थिए। १९ तर यहूदीहरूले विरोध गरेका
हुनाले सिजरकहाँ अपील गर्न मलाई करै
लाग्यो। तापनि मेरो आफ्नो जातिलाई दोष
दिने कुरा भएर ता होइन। २० यसै-
कारण यही कुराको निम्ति मैले तपाइंहरूसँग
भेट गर्न र तपाइंहरूसँग बात गर्नालाई
तपाइंहरूलाई बोलाएको हुँ। किनभने
इस्राएलको आशाको कारणले म यो साङ्लाले
बाँधिएको हुँ।'
२१ तिनीहरूले तिनलाई भने, 'हामीले

ता तपाईंको विषयमा यहूदियाबाट केहीं
चिट्ठी पाएका छैनौं। कुनै भाइहरू
आएर तपाईंको केही खराबी कुरा पनि
सुनाएको छैन। २२ तर तपाईंको राय के
हो ? सो तपाईंबाट सुन्नचाहन्छौं। किनकि
यस पन्थको विषयमा ता हामीलाई यति थाह
छ, कि जताततै मानिसहरू यसको विरुद्ध
मात्रै बोल्दछन्।'

२३ तब उनीहरूले एक दिन तोकेर
धेरै सँख्यामा उनीहरू तिनका डेरामा
आए, र उनीहरूलाई बिहानदेखि साँझसम्मै
मोशाको व्यवस्थाबाट र अगमवक्ताहरूका
पुस्तकबाट समेत परमेश्वरको राज्यको अर्थ
लगाउँदै, र साक्षी दिँदै येशूको विषयमा उनी-
हरूलाई प्रष्ट गरी बताए। २४ कतिले सो
बोलेका कुरा विश्वास गरे, औ कतिले गरेनन्।
२५ उनीहरूका बीचमा कुराकानी नमिलेका
हुनाले, उनीहरूका पिता-पुर्खालाई यशैया
अगमवक्ताद्वारा पवित्र आत्माले यसो भनेको
वचन ठीकैसँग भन्नुभएको हो भनी पावलले
यो एउटा कुरा भनेपछि उनीहरू बिदा
भए,

२६ 'यी मानिसहरूकहाँ गएर भन्,
सुन्नलाई ता तिमीहरू सुन्छौ,
र कुनै रीतिले पनि बुझ्दैनौ,
हेर्नालाई ता हेर्दछौ,
र कुनै रीतिले पनि देख्तैनौ,
२७ किनभने यी मानिसहरूका हृदय कठोर
भइसकेका छन्,
र यिनीहरूका कानको सुन्ने शक्ति
सुस्त भएको छ,
औ यिनीहरूले आफ्ना आँखा चिम्लेका
छन्,
तिनीहरूले कहिल्यै तिनका आँखाले
देख्न नपाऊन्,
तिनका कानले सुन्न नपाऊन्,
तिनका हृदयले बुझ्न नसकून्,
तिनीहरू नफर्कून्,
र म तिनीहरूलाई निको पारूँ।'

२८ यसकारण तिमीहरूलाई थाह होस्, कि
परमेश्वरले यो मुक्ति अन्यजातिहरूलाई
दिनुभएको छ, र तिनीहरूले ता सुन्ने पनि
छन्।' २९ औ जसै तिनले यति कुरा
भनेथे, यहूदीहरू आपसमा ठूलो वाद-विवाद
गरेर बिदा भए।

३० तब पावल पूरा दुइ वर्षसम्म
तिनी आफैले बाहालमा लिएको डेरामा
बसे। औ तिनीकहाँ आउनेहरू सबैलाई
तिनले खुशीसाथ सत्कार गर्थे। ३१ औ
तिनले विना रोक-टोक निर्धक्कसँग परमेश्वरको
राज्यको प्रचार गर्थे, र प्रभु येशू ख्रीष्टको
विषयका कुराहरू सिकाउँथे।

पावल प्रेरितको पत्र

रोमीहरूलाई

१ येशू ख्रीष्टको दास, र परमेश्वरको
सुसमाचारको निम्ति अलग गरिएको
र बोलावट भएको पावल प्रेरितबाट, २ यो
सुसमाचार उहाँले अघिबाटै आफ्ना अगमवक्ता-
हरूद्वारा पवित्र धर्मशास्त्रमा प्रतिज्ञा गर्नुभयो,
३ आफ्ना पुत्रको विषयमा, जो शरीरअनुसार
दाऊदको वंशबाट जन्मनुभयो, ४ औ
पवित्रताको आत्माअनुसार मुर्दाबाट पुनरुत्थान
हुनुभएकोले शक्तिसँग परमेश्वरका पुत्र ठहरिनु-
भयो, अर्थात् येशू ख्रीष्ट, हाम्रा प्रभुको
विषयमा, ५ जसद्वारा उहाँको नाउँको निम्ति
सबै अन्यजातिहरूका बीचमा विश्वासद्वारा
आज्ञा पालन गर्नाको निम्ति हामीले अनुग्रह
र प्रेरितको काम पायौं, ६ जसका बीचमा
तिमीहरूलाई पनि येशू ख्रीष्टमा हुनालाई
बोलावट भएको छ— ७ तिमी सबै रोममा
भएका परमेश्वरका प्रियहरू, अर्थात् पवित्र जन
हुनालाई बोलावट भएकाहरूलाई परमेश्वर
हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह
र शान्ति।

८ पहिले, म आफ्ना परमेश्वरलाई येशू
ख्रीष्टद्वारा तिमीहरू सबैका निम्ति धन्यवाद
चढ़ाउँछु, कि तिमीहरूको विश्वासको कीर्ति
सारा संसारमा फैलिएको छ। ९ किनभने
परमेश्वर मेरा गवाही हुनुहुन्छ, जसको पुत्रको
सुसमाचारमा म आफ्नो आत्मामा उहाँको
सेवा गर्दछु, र कसरी म लगातार तिमीहरूको
स्मरण गर्दछु, १० औ नित्य मेरो
प्रार्थनामा बिन्ती गर्दछु, कि कुनै किसिमले
परमेश्वरको इच्छाद्वारा, म तिमीहरूकहाँ
आउन सफल होऊँ। ११ किनभने तिमी-
हरूलाई स्थिर गराउनाको खातिर केही
आत्मिक वरदान तिमीहरूलाई दिन सकूँ भनेर
म तिमीहरूलाई भेट्न अति इच्छा गर्दछु,
१२ अर्थात् तिमीहरू र मेरो, दुवैको
विश्वासबाट हामी प्रत्येकले आपसमा, मैले
तिमीहरूसित र तिमीहरूमानै, सान्त्वना
पाऔं।

१३ तर ए भाइ हो, तिमीहरूलाई थाह
होस्, कि जसरी अरू अन्याजातिहरूका
बीचमा मैले फल पाएँ तिमीहरूका बीचमा
पनि पाऊँ भनेर धेरैपल्ट म तिमीहरूकहाँ
आउने चेष्टा गरें, (र अहिलेसम्म रोकिएको
छु)। १४ ग्रीकहरू र अरू भाषा बोल्नेहरू
दुवैको, औ बुद्धिमान र निर्बुद्धिहरूको पनि
म ऋणी छु। १५ यसैले सकेसम्म, तिमी
रोममा हुनेहरूलाई पनि सुसमाचार प्रचार
गर्न, म तयार छु।

१६ किनकि सुसमाचारसँग म शर्माउँदिनँ,
किनभने विश्वास गर्ने हरेकको निम्ति पहिले
यहूदीलाई, अनि ग्रीकलाई पनि मुक्तिको
निम्ति, यो परमेश्वरको शक्ति हो।
१७ किनकि परमेश्वरको धार्मिकता विश्वास-
द्वारा विश्वासकै निम्ति त्यसमा प्रकट गरिन्छ,
जसो लेखिएको छ, 'तर धर्मात्मा चाहिं
विश्वासबाटै जिउनेछ।'

१८ किनभने सत्यतालाई अधर्ममा दबाइ-
राख्ने मानिसहरूका सारा भक्तिहीनता र
अधर्मको विरुद्धमा स्वर्गबाट परमेश्वरको क्रोध
प्रकट भएको छ। १९ किनभने परमेश्वरको
विषयमा जान्नु पर्ने कुरो तिनीहरूमा प्रकट
भएको छ, किनकि परमेश्वरले तिनीहरूलाई
प्रकट गरिदिनुभएको छ। २० किनकि
उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त

शक्ति र ईश्वरीय स्वभाव, संसारको सृष्टि-
देखिनै बनिएका कुराबाट थाह पाएर, उहाँको
कामद्वारा बुझ्न सकिने र छर्लङ्गै देखिने
भएको छ, र यिनीहरूलाई कुनै किसिमको
बहाना छैन। २१ किनभने परमेश्वरलाई
चिनेर पनि तिनीहरूले नता परमेश्वरलाई
गर्नुपर्ने महिमा गरे, न धन्यवादनै चढ़ाए,
तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए,
र तिनीहरूका बेहोशी हृदय अँध्यारो भयो।
२२ बुद्धिमान छु भनेर तिनीहरू मूर्ख भए,
२३ र अविनाशी परमेश्वरको महिमालाई
तिनीहरूले विनाशी मानिस, चरा-चुरुङ्गी,
चारखुट्टे जीवात् र घस्रने जन्तुहरूको मूर्तिको
रूपमा परिवर्त्तन गरे।

२४ यसकारण परमेश्वरले तिनीहरूलाई,
तिनीहरूकै हृदयको अभिलाषामा तिनीहरूका
शरीर तिनीहरू आफैमा अपमान होस् भनेर,
अपवित्रतामै छोड़िदिनुभयो। २५ किनकि
तिनीहरूले परमेश्वरको सत्यतालाई झूटमा
परिवर्त्तन गरे, र सदा सर्वदाको परमधन्य
सृष्टिकर्त्तालाई त्यागेर बरू सृष्टिको पूजा
र सेवा गरे। आमिन।

२६ यसैकारण परमेश्वरले तिनीहरूलाई
तिनीहरूका नीच अभिलाषाको निम्ति छोड़ि-
दिनुभयो, किनभने तिनीहरूका स्त्रीहरूले
आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविकमा
परिवर्त्तन गरे, २७ र त्यसरीनै स्त्रीतर्फको
स्वाभाविक व्यवहार त्यागेर कामुकतामा एक
दोस्रोतिर जलेर पुरुषहरूले पुरुषहरूसितै
निर्लज्ज काम गरे, र आफ्नो कसूरको उचित
दण्ड पाए।

२८ तिनीहरूले परमेश्वरलाई चिन्ने
इच्छा नगरेका हुनाले यसरी अनुचित काम
गरून् भनेर परमेश्वरले तिनीहरूलाई बेकम्मा
मनका तुल्याएर छोड़िदिनुभयो। २९ सबै
अधार्मिकता, दुष्टता, लोभ, द्वेषले भरिएका
डाह, हत्या, झगड़ा, छल, ईर्ष्याले पूर्ण
भएका, अर्काको चर्चा गर्नेहरू, ३० कुरा काट्ने-
हरू, परमेश्वरलाई घृणा गर्नेहरू, अपमान
गर्नेहरू, घमण्डीहरू, अभिमानीहरू, दुष्ट कुरा
अजमाउनेहरू, आमा-बाबुलाई नमान्नेहरू,
३१ बेसमझकाहरू, करार भङ्ग गर्नेहरू,
स्वाभाविक स्नेहरहितहरू, निर्दयीहरू, ३२ यस्ता
यस्ता काम गर्नेहरू मृत्युका योग्य हुन्छन् भन्ने
परमेश्वरको धार्मिक-विधान जानेर पनि तिनीहरू
यस्ता काम गर्ने मात्र होइन, तर यस्ता
गर्नेहरूलाई पूर्ण सहमत पनि दिन्छन्।

२ यसकारण अर्कालाई दोष लगाउने
ए मानिस, तँ जोसुकै भए तापनि,
तेरो निम्ति केही बहाना छैन, किनकि
जेमा तँ अर्कालाई दोष लगाउँछस्, त्यसैमा
आफै पनि दोषी ठहरिन्छस्, किनभने तँ
दोष लाउनेले पनि त्यही काम गर्छस्।
२ यस्ता काम गर्नेहरूका विरुद्धमा
परमेश्वरको इन्साफ ठीकसँग हुन्छ भनेर
हामी जान्दछौं। ३ औ ए मानिस, तँ,
जसले यस्ता काम गर्नेहरूलाई दोष लगाउँछस्,
र त्यही काम गर्छस् भने, के परमेश्वरको
इन्साफबाट उम्कन्छस् भन्ने ठान्छस्?
४ अथवा परमेश्वरको कृपाले तँलाई पश्च-
तापमा डोर्‍याउँछ भन्ने थाह नपाएर, के तँ
उहाँको दया, सहनशीलता र धैर्यको सम्पत्ति-
लाई तुच्छ ठान्छस्? ५ तर आफ्नो
कठोरता र अपश्चातापी हृदयले गर्दा
क्रोध र धार्मिक इन्साफ प्रकट हुने दिनमा
तैंले आफ्नो निम्ति क्रोध जोगाइराख्छस्।
६ जसले हरेक मानिसलाई उसको काम-
अनुसार इनाम दिनुहुनेछ। ७ धीरजसँग
असल काम गरेर महिमा, इज्जत र अविनाश
खोज्नेहरूलाई चाहिं अनन्त जीवन, ८ तर
झगड़ालु र सत्यलाई नमानेर अधर्म मान्ने-
हरूलाई, ९ क्रोध र रीस, खराब काम
गर्ने हरेक मानिसको प्राणमाथि, पहिले
यहूदीलाई अनि ग्रीकलाई, शारीरिक वेदना र
सङ्कष्ट, १० तर असल काम गर्ने हरेकलाई,
पहिले यहूदीलाई अनि ग्रीकलाई पनि महिमा
र इज्जत र शान्ति हुनेछ, ११ किनकि

परमेश्वरमा पक्षपात छैन।
१२ किनकि जत्तिले व्यवस्थाविना पाप
गरे, ती व्यवस्थाविनै नाश पनि हुनेछन्,
औ जत्तिले व्यवस्था पाएर पाप गरे, तिनी-
हरूको फैसला व्यवस्थैद्वारा हुनेछ,
१३ किनकि परमेश्वरको सामुन्ने व्यवस्था
सुन्नेहरू होइन, तर व्यवस्था पालन गर्नेहरू
धर्मी ठहरिनेछन्। १४ किनकि व्यवस्था
नहुने अन्यजातिहरू स्वभावैले व्यवस्थाका कुरा
पालन गर्दछन् भने, तिनीहरूका व्यवस्था
नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै
व्यवस्था छन्, १५ यसैमा तिनीहरू
व्यवस्थाको काम आफ्ना हृदयमा लेखिएको
देखाउँछन्, औ तिनीहरूका आफ्नै
अन्तस्करणले गवाही दिन्छ, र विचारहरूले
आपसमा दोषारोपण अथवा समर्थन गर्नेगर्छन्।
१६ त्यही दिन परमेश्वरले येशू ख्रीष्टद्वारा
मेरो सुसमाचारअनुसार मानिसहरूका गुप्त
कुराहरूको फैसला गर्नुहुनेछ।
१७ तर, यदि तिमी यहूदी हुँ भनेर
व्यवस्थामा भर परेर परमेश्वरको विषयमा
घमण्ड गर्दछौ, १८ औ उहाँको इच्छा
जान्दछौ, र व्यवस्थाबाट सिकीकन असल असल
कुराहरूको पुष्टि गर्दछौ, १९ अन्धाहरूको
अगुवा र अँध्यारोमा हुनेहरूको ज्योति,
मूर्खहरूलाई सपार्ने, २० दूधे-बालकहरूका
गुरु हुँ भनेर व्यवस्थामा ज्ञान र सत्यको
रूप पाएर आफैमाथि भरोसा राख्तछौ भने,
२१ त के तिमी अर्कोलाई सिकाउनेले,
आफूलाई पनि सिकाउँदैनौ? न चोर भनेर
मानिसलाई तिमी प्रचार गर्नेले, के आफै
चोर्छौ? २२ व्यभिचार नगर भन्ने तिमीले
के आफै व्यभिचार गर्छौ? तिमी जो
मूर्त्तिहरू घिनाउँछौ, के तिमी आफै मन्दिरहरू
लुट्तछौ? २३ तिमी जो व्यवस्थामा
घमण्ड गर्छौ, के व्यवस्था उल्लङ्घन गरेर
परमेश्वरको अनादर गर्छौ? २४ किनभने
यस्तो लेखिएको छ, 'अन्यजातिहरूमा परमेश्वरको
नाउँ तिमीहरूद्वारानै निन्दित भएको छ।'
२५ किनभने व्यवस्था पालन गर्दछौ
भने साँच्चै खतनाबाट लाभ हुन्छ, तर
व्यवस्था उल्लङ्घन गर्ने हुन्छौ भनेता तिम्रो
खतना बेखतना हुन्छ। २६ यसकारण यदि
बेखतनाकोले व्यवस्थाका धार्मिक-विधानहरू
पालन गर्दछ भने, के त्यसको बेखतना खतनानै
गनिनेछैन र? २७ औ स्वभावैका बेखतना
भएकोले व्यवस्था पालन गर्दछ भने, के
तिमी लेखिएका व्यवस्था र खतनाको भएर
व्यवस्था उल्लङ्घन गर्नेलाई त्यसले दोषी
ठहराउँदैन र? २८ किनकि बाहिरी यहूदी
देखाउने यहूदीनै होइन, औ बाहिरी
शरीरमा खतना हुने खतनाकै होइन, २९ तर
भित्र मनका यहूदी हुनेनै यहूदी हो, औ
लेखिएको व्यवस्थामा होइन, तर आत्मामा
हृदयको खतना हुने चाहिँ खतनाको हो,
जसको प्रशंसा मानिसहरूबाट होइन, तर
परमेश्वरबाट हुन्छ।

३ तब यहूदी भएर के फायदा भयो
त? अथवा खतनाको के लाभ?
२ हर किसिमबाट धेरैनै, सबैभन्दा पहिले,
परमेश्वरको वाणी तिनीहरूलाई विश्वाससँग
सुम्पियो। ३ किनभने कसै कसैले विश्वास
गरेनन् भनेता के? के तिनीहरूको
अविश्वासले परमेश्वरको सत्यतालाई रद्दी
बनाउला त? ४ त्यसो नहोस्, परमेश्वर
सत्य र हरेक मानिस झूटो ठहरिओस्।
जस्तो लेखिएको छ कि,

'तपाईं आफ्ना वचनमा धर्मी
ठहरिनुहोस्,
र इन्साफ गर्न आउनुहुँदा विजयी
हुनुहोस्।'

५ तर हाम्रा अधर्मले परमेश्वरको धार्मिक-
तालाई प्रमाण दिन्छ भने, हामी के भनौं?
के क्रोध गर्ने परमेश्वर अधर्मी हुनुहुन्छ?
(यो ता म मानिसको रीतिअनुसार बोल्दछु),
६ त्यसो नहोस्, नत्रता परमेश्वरले संसारको
इन्साफ कसरी गर्नुहुनेछ?

७ तर मेरो झूटले गर्दा परमेश्वरको
सत्यता उहाँकै महिमाको निम्ति बढ्छ भने,
म किन आफै पापीझैँ इन्साफमा पर्नें त ?
८ औ किन यसो नभनौं त ? (जसो
हामीमाथि निन्दित दोष लाग्दछ, र हामी
भन्छौं भनेर कोही कोहीले तोकेर भन्दछन्),
लौ, असल होस् भनेर के हामी खराब
काम गरौं ? यस्ताहरूलाई दोष लाग्नु
ठीकै हो ।

९ तब के ? के हामी तिनीहरूभन्दा
खराब अवस्थामा छौं ? अवश्य छैनौं,
किनकि हामीले यहूदीलाई र ग्रीकलाई पनि,
सबका सब पापमनि छन् भनेर अघिबाटै
दोष लगाइसकेका छौं । १० जसो लेखिएको
छ,

'धर्मी कोही छैन, एउटै पनि छैन,
११ बुझ्ने कोही छैन,
परमेश्वरलाई खोज्ने कोही छैन,
१२ ती सबका सब एकातिर लागेका छन्,
ती बिलकुल रद्दी भइहाले, असल गर्ने
कोही छैन, अहँ, एउटैसम्म पनि छैन ।
१३ तिनीहरूको घोक्रो खुला चिहान हो,
तिनीहरूले आफ्ना जिब्रोले छल गरेका
छन्,
काला साँपहरूको विष तिनीहरूका
ओठमनि छ ।
१४ जसको मुख सराप र तीता कुराले
भरिएको छ,
१५ तिनीहरूका खुट्टा रक्तपात गर्नालाई
छिटो छन्,
१६ विनाश र दुर्दशा तिनीहरूका बाटोमा
छन्,
१७ र शान्तिको बाटो तिनीहरूले चिनेका
छैनन्,
१८ तिनीहरूका आँखाको सामने परमेश्वरको
भय छैन ।'

१९ अब हामी जान्दछौं, जे जति
व्यवस्थाले भन्छ, व्यवस्थामनि हुनेहरूलाईनै
भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा
संसार परमेश्वरको इन्साफमा परोस, २० यसै-
कारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको
सामने धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारानै
पापको ज्ञान हुन्छ ।

२१ तर अब ता व्यवस्थाविनै परमेश्वरको
धार्मिकता प्रकट भएको छ, जसको गवाही
व्यवस्था र अगमवक्ताहरूले दिएका छन् ।
२२ किनभने विश्वासद्वारा येशू ख्रीष्टमा
विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता
प्रकट भएको छ, किनकि त्यहाँ केही भेद
छैन, २३ किनभने सबैले पाप गरेका छन्,
र परमेश्वरको महिमारहित हुनगएका छन् ।
२४ उहाँको अनुग्रहले ख्रीष्ट येशूमा भएको
उद्धारद्वारा तिनीहरू सित्तैंमा धर्मी ठहरिन्छन्,
२५ जसलाई परमेश्वरले उहाँको आफ्नो
धैर्यको बखतमा, अघबाट गरेका पापकर्मको
वास्ता नगरेर, आफ्नो धार्मिकता देखाउनाको
निम्ति उहाँको रगतले विश्वासद्वारा प्रायश्चित
हुनालाई अगाडि सार्नुभयो । २६ आफूचाहिँ
न्यायी ठहरिन र येशूमाथि विश्वास गर्नेलाई
धार्मिक ठहराउनालाई यस वर्त्तमान
समयमा उहाँले आफ्नो धार्मिकता देखाउनु-
भएको हो । २७ तब घमण्ड कहाँ गयो ?
त्यसको ता ठाउँ रहेन । कुन व्यवस्थाको
कारणले ? कुन कामहरूको ? कुनै पनि होइन !
तर विश्वासको व्यवस्थाद्वारा । २८ यसकारण
व्यवस्थाको कर्महरूविना, विश्वासद्वारानै मानिस
धर्मी ठहरिन्छ भनी हामी ठान्छौं । २९ के
परमेश्वर केवल यहूदीहरूकै मात्र परमेश्वर
हुनुहुन्छ र ? के उहाँ अन्यजातिहरूका
परमेश्वर हुनुहुन्न ? अन्यजातिहरूका पनि
हुनुहुन्छ । ३० यदि परमेश्वर एउटै हुनुहुन्छ
भनेता खतना भएकोलाई विश्वासले, र
खतना नभएकोलाई त्यही विश्वासद्वारा धर्मी
ठहराउनुहुन्छ । ३१ तब के विश्वासद्वारा
हामी व्यवस्थालाई बेकम्मा तुल्याउँछौ त ?
त्यसो नहोस्, हामी ता व्यवस्थालाई
कायम पो राख्तछौं ।

४ तब हामी के भनौं? शारीरिक
पिता अब्राहामले के पाए त?
२ किनकि अब्राहाम कामहरूबाट धर्मी
ठहरिएका भएता उनलाई घमण्ड गर्ने ठाउँ
हुनेथियो, तर परमेश्वरतर्फ ता होइन।
३ किनकि धर्नशास्त्रले के भन्छ? 'किनकि
अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र
त्यो तिनको निम्ति धार्मिकता ठहरियो।'
४ अब काम गर्नेको ज्याला निगाहको
होइन, तर ऋणको ठहरिन्छ। ५ औ काम
नगर्ने, तर अधर्मीलाई धर्मी ठहराउनेमाथि
विश्वास गर्नेलाई चाहिं, त्यसको विश्वास
धार्मिकता ठहरिन्छ। ६ जस्तो त्यस
मानिसलाई, जसलाई परमेश्वरले कामैबिना
धार्मिक गन्नुभएको छ, धन्यको भनेर
दाऊदले पनि यसो भनी उच्चारण गर्छन्,
७ 'तिनीहरू धन्यको हुन्, जसका अपराध
क्षमा भएको छ, र जसको पाप
ढाकिएको छ।
८ त्यो मानिस धन्यको हो, जसको
पापको लेखा परमेश्वर लिनुहुन्न।'
९ तब के यो आशीर्वाद खतना भएका-
हरूलाई, कि खतना नभएकाहरूलाई पनि
उच्चारण गरिएको हो? किनभने अब्राहामको
निम्ति ता उनको विश्वासनै धार्मिकता
गनिएको थियो भनी हामी भन्दछौं।
१० तब यो कसरी गनियो? उनी खतनामा
हुँदा, कि बेखतनामा हुँदा? खतनामा हुँदा,
होइन, तर बेखतनामा हुँदा। ११ औ
विश्वास गर्नेहरू सबैका पिता हुनालाई,
तिनीहरू बेखतनामै थिए, तापनि तिनीहरू
पनि धर्मी ठहरिऊन् भनेर उनी बेखतनामा
हुँदै विश्वासबाट पाउने धार्मिकताको छाप,
खतनाको चिह्न, उनले पाए। १२ औ
खतना भएकाहरूका निम्ति पिता हुनालाई,
जो न केवल खतना भएकाहरूका निम्ति,
तर हाम्रा पिता अब्राहामको खतना नभएको
अवस्थामा हुँदाको त्यो विश्वासको बाटोमा
हिंड्नेहरूका निम्ति पनि हो।
१३ किनकि अब्राहाम अथवा उनको
वंशलाई संसारको हकवाला हुनालाई
व्यवस्थाद्वारा होइन, तर विश्वासको धार्मिकता-
द्वारा प्रतिज्ञा भएको हो। १४ किनभने
यदि व्यवस्थाकाहरू हकवाला हुन्छन् भनेता,
विश्वास ता व्यर्थ हुनगयो, औ प्रतिज्ञा
बेकम्मा भयो। १५ किनभने व्यवस्थाले
क्रोध उत्पन्न गर्दछ, तर जहाँ व्यवस्था छैन,
त्यहाँ अपराध पनि छैन। १६ यसैकारण
यो अनुग्रहअनुसार होस् भनेर विश्वासबाट
भएको हो, र प्रतिज्ञा सारा वंशको निम्ति
निश्चय होस् भन्ने कारणले हो। व्यवस्थामा
भएकाहरूलाई मात्र होइन, तर अब्राहामको
विश्वासमा हुनेहरूका निम्ति पनि हो, जो
हामी सबैका पिता हुन्। १७ जसो
लेखिएको छ, 'मैले तँलाई धेरै जातिका
पिता बनाएको छु।' जुन परमेश्वरको सामने
उनले विश्वास गरे, जसले मुर्दाहरूलाई
बिउँताउनुहुन्छ, र हुँदै नभएका कुराहरूलाई
भएझैं गरी बोलाउनुहुन्छ।
१८ जसले 'तेरो सन्तान यस्तै हुनेछ'
भनी भनेको हुनाले धेरै जातिहरूका पिता
हुनालाई निराशामा पनि आशा राखेर
विश्वास गरे। १९ औ तिनी (जो प्रायः
सय वर्षका थिए) आफ्नै मुर्दासरी शरीरको,
र साराहको मुर्दासरी कोखको अवस्था
जानेर पनि, विश्वासमा कत्ति पनि कमजोर
भएनन्। २० औ परमेश्वरको प्रतिज्ञाको
बारेमा अविश्वासले डगमगाएनन्, तर परमेश्वर-
लाई महिमा दिएर विश्वासमा स्थिर भइरहे।
२१ औ जे उहाँले प्रतिज्ञा गर्नुभएको छ,
त्यो पूरा पनि गर्नसक्नुहुन्छ भन्ने कुरा उनलाई
बिलकुल निश्चय भए। २२ यसैकारणले
पनि यो उनको निम्ति धार्मिकता गनियो।
२३ अब यो उनैको खातिर मात्र गनिएको
हो भनी लेखिएको होइन, २४ तर जस
जसले येशू, हाम्रा प्रभुलाई, मुर्दाबाट
बिउँताउनुहुनेमाथि विश्वास गर्छन्, २५ जो
हाम्रा अपराधको निम्ति सुम्पिनुभयो, र

हामी धर्मी ठहरिनालाई बिउँतनुभयो, उनीहरूको
खातिर पनि हो ।

५ यसैकारण विश्वासबाट धर्मी ठहरिएका
भएर, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा,
हामी परमेश्वरमा मिलाप राखौं, २ जसद्वारा
हामी स्थिर भएको यो अनुग्रहमा विश्वासबाट
पस्ने अधिकार पनि हामीलाई मिल्दछ, र
परमेश्वरको महिमाको आशामा हामी आनन्द
गरौं । ३ औ यति मात्र होइन, तर
सङ्कष्टले धीरज उत्पन्न गराउँछ भनी जानेर,
हामी सङ्कष्टहरूमा पनि आनन्दित होऔं,
४ औ धीरजले सदाचार, र सदाचारले
आशा, ५ औ आशाले निराश गराउँदैन,
किनभने हामीलाई दिएका पवित्र
आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा
खन्याइएको छ ।

६ किनकि हामी कमजोर हुँदा ख्रीष्ट
भक्तिहीनहरूका निम्ति ठीक समयमा मर्नुभयो,
७ किनभने भक्त कसैले आफ्नो मानिसको
निम्ति ज्यान देला असल मानिसको निम्ति
कसैले मर्न आँट गरिहाल्ला । ८ तर
परमेश्वरले हामीतर्फको उहांको आफ्नो
प्रेम उहांमा यसैमा प्रमाणित गर्नुहुन्छ,
कि हामी पापी छँदै, ख्रीष्ट हाम्रा
निम्ति मर्नुभयो । ९ यसकारण झन्
बढ़तागरी अब उहांको रगतले धर्मी
ठहरिएको हुनाले, हामी परमेश्वरको क्रोधबाट
उहांद्वारा बांच्नेछौं । १० किनकि यदि
हामी शत्रु छँदै, उहांको पुत्रको मृत्युद्वारा
हामीले परमेश्वरसित मिलाप पार्यौं भने,
त झन् बढ़तागरी मिलाप पाएका भएर
हामीले उहांको जीवनबाट उद्धार पाउनेछौं,
११ अनि यति मात्र होइन, तर हाम्रा
प्रभु येशू ख्रीष्टद्वारा, अब हामीले मिलाप
पाएका हुनाले परमेश्वरमा आनन्द पनि
गर्दछौं ।

१२ यसैकारण जसरी एउटै मानिसद्वारा
पाप संसारमा प्रवेश भयो र पापबाट
मृत्यु, त्यसरीनै मृत्यु सबै मानिसमा व्याप्त
भयो । किनकि सबैले पाप गरेका छन्—
१३ किनभने व्यवस्था अघि पनि पाप
संसारमा थियो, तर व्यवस्था नभए
पापको लेखा रहँदैन । १४ तापनि आदमको
अपराध जस्तैगरी, पाप नगरेकाहरूमाथि
पनि मृत्युले आदमदेखि मोशासम्मै राज्य
गर्‍यो, जो आउनलागेको मानिसको एउटा
नमूना हो । १५ तर जस्तो अपराध हो,
त्यस्तो ता अनुग्रहको वरदान होइन, किनकि
यदि एउटैको अपराधले धेरै मरे भनेता
झन् बढ़तागरी परमेश्वरको अनुग्रह र एउटै
मानिस, अर्थात् येशू ख्रीष्टको अनुग्रहमा
भएको वरदान धेरैका निम्ति प्रशस्त भयो ।
१६ औ एउटै मानिसबाट पाप गरे जस्तो
ता वरदान होइन, किनकि इन्साफ एउटै
मानिसको कामको दोषबाट हुनआयो, तर
अनुग्रहको वरदान चाहिं धर्मी ठहरिएकाहरूका
निम्ति धेरै अपराधबाट हुनआयो ।
१७ किनकि यदि त्यस एउटैको अपराधको
कारणले त्यस एउटैद्वारा मृत्युले राज्य
गर्‍यो भनेता झन् बढ़तागरी प्रशस्त अनुग्रह
र धार्मिकताको वरदान पाउनेहरू एउटै,
अर्थात् येशू ख्रीष्टद्वारा जीवनमा राज्य
गर्नेछन् ।

१८ यसैले जसरी एउटै अपराधद्वारा
सबै मानिसलाई दोषी ठहराउनालाई इन्साफ
आइलाग्यो, त्यसैगरी धार्मिकताको एउटै
कामद्वारा सबै मानिसलाई जीवनको निम्ति
धर्मी ठहराउनालाई अनुग्रहको वरदान आयो ।
१९ किनकि जसरी एउटै मानिसको अनाज्ञा-
कारिताले धेरै जना पापी ठहरिए, त्यसैगरी
एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना
धार्मिक ठहरिनेछन् ।

२० तर अपराध प्रशस्त मात्रामा होस्
भनेर व्यवस्था साथसाथै प्रवेश भयो । तर
जहां पाप प्रशस्त मात्रामा भयो, अनुग्रह
झन् अति प्रशस्त मात्रामा हुनआयो,
२१ कि जसरी पापले मृत्युमा राज्य गर्‍यो,

त्यसरीनै येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले
पनि धार्मिकताद्वारा अनन्त जीवनसम्म राज्य
गरोस्।

६ तब हामी के भनौं ? के अनुग्रह
प्रशस्त मात्रामा होस् भनेर हामी
पापमा लागिरहौं ? २ त्यसो नहोस्। हामी
जो पापको लेखि मर्यौं, अब कसरी
त्यसैमा जिउने ? ३ अथवा के तिमीहरू
अजान छौ, हामी सबै, जत्ति जनाले
ख्रीष्टमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा
बप्तिस्मा लिएका थियौं ? ४ यसकारण त्यस
बप्तिस्माद्वारा हामी उहाँसँगै गाडियौं, र
जसरी ख्रीष्ट मरेकोबाट पिताको महिमाद्वारा
बिउँताइनुभयो, त्यसरीनै हामी पनि नयाँ
जीवनको चालामा हिंडौं।
५ किनकि यदि उहाँको मृत्यु
जस्तैगरी हामी उहाँसँग सम्मिलित
भएका छौ भने, उहाँको पुनरुत्थानमा पनि
त्यसरीनै हुनेछौं, ६ पापको शरीर रद्दी
तुल्याउन हाम्रो पुरानो मानिस उहाँसँग
क्रूशमा टाँगिएको जानेर, हामी फेरि पापको
बन्धनमा नहोऔं, ७ किनकि उहाँ, जो
मर्नुभयो, पापबाट धर्मी ठहरिनुभएको छ,
८ तर यदि हामी ख्रीष्टसँग मर्यौं भनेता,
उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं।
९ यो जानेर, कि ख्रीष्ट मुर्दाबाट बिउँतिएर
फेरि मर्नुहुन्न, मृत्युको फेरि उहाँमाथि राज्य
हुँदैन, १० किनकि जुन मृत्युमा उहाँ
मर्नुभयो, त्यसमा पापको लेखि एकैपल्ट
मर्नुभयो, तर जुन जीवनमा उहाँ अब
जिउनुहुन्छ, परमेश्वरको लेखि जिउनुहुन्छ।
११ यसैगरी तिमीहरूले पनि आफू आफूलाई
पापको लेखि मरेको, तर ख्रीष्ट येशूमा,
परमेश्वरको लेखि जिउँदै भएको ठान।
१२ यसैकारण तिमीहरूको अभिलाषा
पूरा गर्नालाई पापले तिमीहरूका नाशमान
शरीरमा राज्य नगरोस्, १३ आफ्ना
इन्द्रियहरू अधार्मिकताका हतियार बनाएर
पापलाई समर्पण नगर। तर तिमीहरू आफैलाई
मरेकोबाट जिउँदो जस्तैगरी परमेश्वरमा चढाएर
आफ्ना इन्द्रियहरू चाहिं धार्मिकताका हतियार
जस्तैगरी परमेश्वरलाई समर्पण गर। १४ किनकि
पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनभने
तिमीहरू व्यवस्थाको अधीनमा होइन, तर
अनुग्रहको अधीनमा छौ।
१५ तब के त ? के हामी व्यवस्थाको
अधीन होइन, तर अनुग्रहको अधीनमा छौं
भनेर पाप गरौं ? त्यसो नहोस्। १६ के
तिमीहरूलाई थाह छैन, जसको आज्ञाकारिताको
निम्ति दासजस्तै भई तिमीहरू आफैलाई
समर्पण गर्दछौ, त उसैका दास तिमीहरू हौ,
जसको आज्ञा पालन गर्दछौ ? चाहे मृत्युको
निम्ति पापको, अथवा धर्मको निम्ति आज्ञा
पालनको। १७ तर परमेश्वरलाई धन्यवाद
होस्, कि तिमीहरू पापका दास छँदैमा,
शिक्षाको जुन साँचामा तिमीहरू ढालियौ,
आफ्ना हृदयबाट त्यसैलाई मान्ने भयौ,
१८ अनि पापबाट स्वतन्त्र भएर तिमीहरू
धार्मिकताका दास भयौ। १९ तिमीहरूको
शरीरको कमजोरीको कारणले म मानिसको
रीतिले बोल्दछु, किनकि जसरी तिमीहरूले
आफ्ना इन्द्रियहरूलाई अशुद्धताको र अधर्मी-
पनाको निम्ति अधर्मीपनालाई दासजस्तै समर्पण
गर्यौ, अब त्यसरीनै पवित्र हुनालाई आफ्ना
इन्द्रियहरूलाई धार्मिकताको निम्ति दासजस्तै
गरी समर्पण गर।
२० किनकि जब तिमीहरू पापका दास
थियौ, तब धार्मिकताको लेखि स्वतन्त्र थियौ।
२१ तब जुन कुराहरूमा तिमीहरू अहिले
शर्माउँछौ, त्यस बेला ती कुराहरूमा तिमीहरूका
फल कस्तो थियो ? किनकि ती कुराहरूको
अन्त्य मृत्यु हो। २२ तर अब पापबाट
स्वतन्त्र भइ परमेश्वरका दास भएर, तिमीहरूको
फल तिमीहरूलाई पवित्रताको निम्ति हुन्छ,
र त्यसको अन्त्य चाहिं अनन्त जीवन हो।
२३ किनकि पापको ज्याला मृत्यु हो, तर

परमेश्वरको अनुग्रहको वरदान हाम्रा प्रभु
येशू ख्रीष्टमा अनन्त जीवन हो।

७ के तिमीहरू अजान छौ? ए भाइ
हो, (किनकि म व्यवस्था जान्ने-
हरूसित बोल्दछु,) मानिस जबसम्म बाँच्तछ,
तबसम्म व्यवस्थाको त्यसमाथि कस्तो राज्य
रहन्छ। २ किनभने पति भएकी स्त्री पति
जिउञ्जेल व्यवस्थाबमोजिम त्यससँग करमा
परेकी हुन्छे, तर पति मर्‍यो भने, पतिको
व्यवस्थाबाट त्यो मुक्त हुन्छे। ३ तब यसैगरी
पति जीवित छँदै त्यो अर्को पुरुषसँग मिल्न
गई भने व्यभिचारिणी कहलिन्छे, तर पति
मर्‍यो भने, त्यो व्यवस्थाबाट स्वतन्त्र हुन्छे,
र अर्को पुरुषसँग मिल्न गई भने पनि त्यो
व्यभिचारिणी हुँदिन। ४ यसैकारण ए मेरा
भाइ हो, तिमीहरू पनि ख्रीष्टका शरीरद्वारा
व्यवस्थाको लेखि मरेका भयौ, कि हामीले
परमेश्वरका निम्ति फल उत्पन्न गराउनालाई
अर्कोसँग, अर्थात् मरेकोबाट जिउनुभएकोसँग
तिमीहरू जोरिएका हुनुपर्दछ, ५ किनकि जब
हामी शरीरमा थियौं, तब व्यवस्थाद्वारा भएका
पापी उद्वेगहरूले मृत्युको निम्ति फल उत्पन्न
गराउनालाई हाम्रा इन्द्रियहरूमा काम गर्दथिए।
६ तर अब हामी जसमा जकड़िरहेका
थियौं, त्यसैको लेखि मरेर, लेखिएका
व्यवस्थाका पूरानो ढाँचाले होइन, तर
आत्माको नयाँ ढाँचासँग सेवा गर्नालाई
व्यवस्थाबाट हामी मुक्त भएका छौं।
७ त हामी के भनौं? व्यवस्था पाप
हो? त्यसो नहोस्। तापनि, व्यवस्था
नभएदेखि म पाप थाह पाउने थिइनँ,
किनकि 'तैंले लोभ नगर्' भनी व्यवस्थाले
नभनेको भए लोभ थाह पाउने थिइनँ।
८ तर पापले मौका पाएर आज्ञाद्वारा ममा
सबै किसिमको लोभ उत्पन्न गरायो, किनभने
व्यवस्थाविना ता पाप मुर्दै हो। ९ औ
एकपल्ट ता म व्यवस्थाविना जिउँदै थिएँ,
तर आज्ञा आएपछि पाप जीवित भयो, र
म चाहिं मरें, १० औ आज्ञा, जुनचाहिं
जीवनको निम्ति थियो, त्यो मृत्युको निम्ति
भएको मैले पत्ता पाएँ, ११ किनकि पापले
आज्ञाद्वारा मौका पाएर मलाई झुक्याएर
त्यसैद्वारा मलाई मार्‍यो।
१२ यसैकारण ता व्यवस्था पवित्र छ,
औ आज्ञा पवित्र, धर्मी र असल छ।
तब के जो असल छ मेरो निम्ति चाहिं मृत्यु
भयो? त्यसो नहोस्। १३ तर जो असल छ
त्यसद्वारा मेरो निम्ति मृत्यु उत्पन्न गरेकोले,
पाप चाहिं पापै देखा परोस्—कि आज्ञाद्वारा
चाहिं पाप अति पापी ठहरीओस्।
१४ किनकि हामी जान्दछौं, व्यवस्था
आत्मिक हो, तर म चाहिं शारीरिक हुँ, र
पापमा बेचिएको छु। १५ किनकि जो म
गर्छु त्यो म जान्दिनँ, किनभने गर्न मन
लागेको काम म गर्दिनँ, तर जो म घृणा
गर्छु, त्यही म गर्छु। १६ तर गर्न मन
नलागेको म गर्दछु भने, यो ठीक छ भनी
म व्यवस्थासँग सहमत हुन्छु। १७ यसैले अब
ता त्यो गर्ने फेरि म होइन रहेछु, तर ममा
बास गर्ने पाप रहेछ। १८ किनकि मलाई
थाह छ, कि ममा, अर्थात् मेरो शरीरमा
केही असल कुराले बास गर्दैन, किनभने इच्छा
गर्ने चाहिं मसित हाजिरै छ, तर असल
काम गर्ने भने छैन। १९ किनभने
असल काम जो म गर्नचाहन्छु, त्यो म
गर्दिनँ, तर खराब काम जो म गर्नचाहन्न,
त्यही म गर्नेगर्छु। २० तर जो म इच्छा
गर्दिनँ, त्यही गर्छु भने, त्यो गर्ने अब म
होइनँ, तर मभित्र बास गर्ने पाप हो।
२१ तब ता असल गर्न इच्छा मलाई
हुँदाहुँदै पनि खराबी मसित हाजिरै हुँदो रहेछ
भन्ने नियम म पत्ता लाउँछु। २२ किनकि
म मेरो अन्तस्करणले परमेश्वरको व्यवस्थामा
आनन्दित हुन्छु, २३ तर मेरो बुद्धिको
व्यवस्थाको विरुद्धमा लड़ाइँ गर्ने, र मेरा
इन्द्रियहरूमा रहेको पापको अधीनमा भएको
व्यवस्थाको बन्धनमा मलाई ल्याउने, मेरा

इन्द्रियहरूमा भिन्नै व्यवस्था म देख्तछु।
२४ हाय, म कस्तो दुःखी मानिस! यस
मृत्युको शरीरबाट मलाई कसले बचाउला?
२५ येशू ख्रीष्ट, हाम्रा प्रभुद्वारा परमेश्वरमा
धन्यवाद होस्। यसैले ता बुद्धिले म आफै
परमेश्वरको व्यवस्थाको सेवा गर्दछु, तर शरीरले
चाहिं पापको व्यवस्थाको सेवा म गर्दछु।

८ यसकारण अब ख्रीष्ट येशूमा भएका-
हरूलाई दण्डको आज्ञा छैन।
२ किनभने ख्रीष्ट येशूमा जीवनको आत्माको
व्यवस्थाले मलाई पाप र मृत्युको व्यवस्था-
बाट स्वतन्त्र गराएको छ। ३ किनकि
शरीरबाट कमजोर हुँदा, व्यवस्थाले जे कुरा
गर्नसकेन, त्यो परमेश्वरले पाप भएको
शरीरको रूपमा र पापैको एक भेटीजस्तै
आफ्ना निज पुत्रलाई पठाएर शरीरमा
पापलाई दोषी ठहराउनुभयो। ४ यसरी हामी
शरीरअनुसार चल्नेहरूमा होइन, तर आत्मा
अनुसार चल्नेहरूमा व्यवस्थाको धार्मिकविधान
पूरा होस्। ५ किनभने शरीरअनुसार चल्ने-
हरूले शरीरका कुरामा, तर आत्माअनुसार
चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्।
६ किनभने शरीरमा मन लगाउनुचाहिं मृत्यु हो,
तर आत्मामा मन लगाउनु जीवन र शान्ति हो।
७ किनभने शरीरतिर लागेको मनचाहिं परमेश्वर-
तर्फको शत्रुता हो, किनकि त्यो परमेश्वरको
व्यवस्थाको अधीन हुँदैन, औ नता यो कहिल्यै
हुनसक्तछ, ८ औ शरीरमा हुनेहरूले परमेश्वर-
लाई खुशी तुल्याउनसक्तैनन्।
९ तर यदि परमेश्वरको आत्मा स्वयं
तिमीहरूमा बास गर्नुंहुन्छ भनेता तिमीहरू
शरीरमा होइन, तर आत्मामा हुन्छौ। तर
कोही मानिसमा ख्रीष्टको आत्मा हुनुहुन्न
भनेता त्यो उहाँको हुँदैहोइन। १० औ
यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने पापको
कारणले शरीर साँच्चै मरेको हुन्छ, तर
आत्माचाहिं धार्मिकताको कारणले जिउँदो
हुन्छ। ११ तर यदि येशूलाई मरेकाबाट
बिउँताउनुहुनेका आत्मा तिमीहरूमा बास
गर्नुंहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट
बिउँताउनुहुनेलेनै तिमीहरूमा बास गरेका
उहाँका आत्माद्वारा तिमीहरूका नाशमान
शरीरहरूलाई पनि जीवित पार्नुंहुनेछ।
१२ यसैले ता ए भाइ हो, शरीरअनुसार
जिउनालाई हामी शरीरको निम्ति ऋणी छैनौं।
१३ किनकि यदि शरीरअनुसार जिउँछौ भने,
तिमीहरू अवश्य मर्छौ, तर यदि आत्माद्वारा
शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ
भने तिमीहरू जिउनेछौ।
१४ किनभने जति जनालाई परमेश्वरका
आत्माले डोर्‍याएका हुन्छन् तिनीहरूनै
परमेश्वरका छोराहरू हुन्। १५ किनभने फेरि
भयभीत हुनालाई बन्धनको आत्मा तिमीहरूले
पाएका छैनौ, तर तिमीहरूले धर्म-पुत्र हुने
आत्मा पायौ, जसबाट अब्बा, पिता, भनी
हामी पुकार्दछौं। १६ हामी परमेश्वरका
सन्तान हौं, भनी आत्मासँग, आत्मा आफैले
हाम्रा गवाही दिनुहुन्छ। १७ औ सन्तान
हौं भनेता हकवाला पनि हौं। परमेश्वरका
हकवाला र ख्रीष्टसँग साझे-हकवाला। यदि
उहाँसँगै दुःख भोग्छौं भनेता—उहाँसँगै
महिमित पनि हुनेछौं।
१८ किनभने म ठान्छु, यस वर्त्तमान
समयको दुःख हामीलाई पछि प्रकट हुनआउने
महिमासँग तुलना हुने योग्यको छैन।
१९ किनभने सृष्टिको उत्कट आशाले
परमेश्वरका छोराहरू प्रकट हुनआउने बाटो
हेर्दछ। २० किनभने यसको आफ्नै इच्छाले
होइन, तर त्यसलाई अधीनमा तुल्याउनेको
कारणले सृष्टि व्यर्थताको अधीनमा रह्यो। यसै
आशामा, २१ कि परमेश्वरको सन्तानको
महिमाको स्वतन्त्रतामा सृष्टि आफैले पनि
विनाशको बन्धनबाट छुटकारा पाउनेछ।
२२ किनकि सारा सृष्टि पनि साथसाथै पीड़ाले
सुस्केरा हाल्दै प्रसव वेदनामा अहिलेसम्म
परेको छ भनी हामी जान्दछौं। २३ औ
यति मात्र होइन, तर हामी आफै पनि,

जसमा आत्माको पहिलो फल छ, अर्थात् हामी
आफै पनि धर्म-पुत्र भएर, अर्थात् आफ्नो
शरीरको उद्धारको बाटो हेरेर आफै पनि सुस्केरा
हाल्छौं। २४ किनभने आशाबाट हामीले
उद्धार पाएका छौं, तर देखिने चाहिं आशा
ता आशानै होइन। किनकि जे कुरालाई
कसैले देख्तछ, त्यसको आशा कसले गर्दछ
र? २५ तर जे कुरालाई हामी देख्तैनौं,
त्यसको आशा गर्छौं भनेता, त्यसको निम्ति
धीरजसँग हामी बाटो हेर्छौं।

२६ औ त्यसै गरी आत्माले पनि हाम्रा
दुर्बलतामा मदत गर्नुहुन्छ। किनभने जसरी
प्रार्थना गर्नुपर्ने हो, हामी त्यसरी गर्न जान्दैनौं,
तर बयान गर्न नसक्ने सोरले आत्मा
आफैले हाम्रा निम्ति अन्तरबिन्ती गर्नुहुन्छ,
२७ औ हृदयका कुरा खोजी गर्नेले आत्माको
मन के छ भनी जान्नुहुन्छ। किनकि
परमेश्वरको इच्छाअनुसार उहाँले पवित्र जन-
हरूका निम्ति अन्तरबिन्ती गर्नुहुन्छ।

२८ तर हामी जान्दछौं, परमेश्वरलाई
प्रेम गर्नेहरू र उहाँका इच्छाअनुसार बोलावट
भएकाहरूका निम्ति पनि सब कुरा मिलेरनै
तिनीहरूका भलाइको निम्ति काम गर्दछन्।
२९ किनभने जस जसलाई उहाँले अघिबाटै
चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना
पुत्रको रूपमा बनाउनालाई पनि, र धेरै
भाइहरूमध्ये उहाँ जेठो होऊन् भनेर पनि,
अघिबाटै नियुक्त गर्नुभयो। ३० तर जस
जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो,
तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो, र
जस जसलाई उहाँले बोलाउनुभयो, तिनीहरू-
लाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस
जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले
महिमित पनि तुल्याउनुभयो।

३१ अब हामीले यी कुरालाई के भनौं?
यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो
विरुद्ध को हुनसक्छ? ३२ जसले आफ्नै
निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी
सबका निम्ति उहाँलाई सुम्पिदिनुभयो। उहाँले
हामीलाई सबै थोक पनि उहाँको साथमा
सित्तैंमा कसरी दिनुहुनेछैन र? ३३ परमेश्वरका
चुनिएकाहरूको विरुद्धमा कसले अभियोग
लाउनसक्छ? धर्मी ठहराउने परमेश्वरनै हुनुहुन्छ
भने, ३४ दण्डको आज्ञा दिने को हो?
ख्रीष्ट येशू, जो मर्नुभयो, औ बरू मुर्दाबाट
बिउँतनु पनि भयो, र परमेश्वरको दाहिने
बाहुलीतर्फ हुनुहुन्छ, र जसले हाम्रा निम्ति
अन्तरबिन्ती पनि गर्नुहुन्छ। ३५ कसले
हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने र?
के सङ्कष्टले, अथवा शारीरिक वेदनाले, वा
खेदोले, वा अनिकालले, वा नग्नता, अथवा
खतराले, वा तरवारले?
३६ जस्तो यो लेखिएको पनि छ,

'तपाईंको खातिर हामी दिनभरि मारिन्छौं,
काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका
छौं।'

३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम
गर्नुहुनेद्वारा हामी विजयीहरूभन्दा पनि बढ़ी
छौं। ३८ किनकि म यो निश्चय जान्दछु,
कि नता मृत्युले, न जीवनले, न स्वर्गदूत-
हरूले, न प्रधानताहरूले, न वर्त्तमानका कुरा-
हरूले, न पछि हुने कुराहरूले, न शक्तिहरूले,
३९ न उँचाइले, न गहराइले, न अरू
कुनै सृष्टिले हाम्रा प्रभु ख्रीष्ट येशूमा
भएको परमेश्वरको प्रेमबाट हामीलाई अलग
गर्नसक्नेछ।

९ म ख्रीष्टमा साँचो भन्दछु, म
ढाँट्तिनँ। मेरो अन्तस्करणले पवित्र
आत्मामा मसित गवाही दिन्छ, २ कि
मलाई ठूलो अफसोस छ, र मेरो हृदयमा
असह्य पीड़ा छ। ३ किनभने मेरा भाइहरू,
अर्थात् शरीरअनुसारका कुटुम्बहरूका खातिर
ख्रीष्टबाट म आफै श्रापित थोक भएको भए
पनि हुनेथियो! ४ जो इस्राएलीहरू हुन्,
जससँग धर्म-पुत्रको हक, महिमा, करारहरू,
व्यवस्था दिने सेवा र प्रतिज्ञाहरू छन्,
५ जसका पिता-पुर्खाहरू छन्, र

शरीरअनुसार जसका ख्रीष्ट हुनुहुन्छ, जो
सबैमाथिको सदा सर्वदा परमधन्य परमेश्वर
हुनुहुन्छ । आमिन ।
६ तर परमेश्वरको वचन व्यर्थमा भए
जस्तो ता होइन । किनभने इस्राएलकाहरू
सबै इस्राएली होइनन्, ७ नता अब्राहामको
वंश भएकाले सबै उनका सन्तान हुन्, तर,
'इसहाकमै तेरो वंश कहलाइनेछ,' ८ अर्थात्
शरीरका सन्तान चाहिँ परमेश्वरका सन्तान
होइनन्, तर प्रतिज्ञाका सन्ताननै एउटा वंश
गनिएका छन् । ९ किनभने प्रतिज्ञाको वचन
यो छ, 'तोकिएको समयअनुसार म आउनेछु
र सारहको एउटा छोरा हुनेछ ।'
१० औ केवल यति मात्र होइन, तर
रिबेका पनि एक जना, अर्थात् हाम्रा पिता-
पुर्खा इसहाकबाट गर्भवती हुँदा—११ किनकि
सन्तान नजन्मँदै, नता असल अथवा खराब
केही गर्दै, चुनाउबमोजिम परमेश्वरको उद्देश्य
कायम रहोस् भनेर, कामहरूबाट होइन, तर
बोलाउनेको इच्छाबमोजिम—१२ 'जेठो चाहिँले
कान्छोको सेवा गर्नेछ' भनी तिनलाई
भनिएको थियो । १३ जसो लेखिएको छ,
'याकूबलाई मैले प्रेम, तर एसावलाई
घृणा गरें ।'
१४ तब हामी के भनौं ? के परमेश्वरमा
अधर्म छ ता ? त्यसो नहोस् । १५ किन-
भने उहाँ मोशालाई भन्नुहुन्छ, 'जसमाथि म
कृपा गर्नचाहन्छु त्यसलाई म कृपा गर्नेछु,
औ जसमाथि म सहानुभूति देखाउनचाहन्छु
त्यसलाई म सहानुभूति देखाउनेछु ।'
१६ यो नता इच्छा गर्नेको, न काम
चलाउनेको, तर कृपा देखाउने परमेश्वरको
हो । १७ किनकि धर्मशास्त्र फिरऊनलाई
भन्छ, 'मैले मेरो शक्ति तँलाई देखाऊँ र
मेरो नाउँ पृथ्वीमा जताजतै फैलाऊँ भन्ने
अभिप्रायले, मैले तँलाई खड़ा गरें ।'
१८ यसैले इच्छा भएकोलाई उहाँ कृपा
देखाउनुहुन्छ, औ इच्छा भएकोलाईनै उहाँ
कठोर पार्नुहुन्छ ।
१९ तब तिमी मलाई भन्नेछौ, 'त्यसो-
भए उहाँ अझै किन दोष लगाउनुहुन्छ ?'
किनकि उहाँको इच्छालाई कसले विरोध
गर्नसक्छ ? २० होइन, तर 'ए मानिस, तँ
चाहिँ परमेश्वरको विरुद्धमा जवाफ दिने को
होस् ?' के बनेको चीजले बनाउनेलाई, 'तैंले
मलाई किन यस्तो बनाइस्' भन्छ र ?
२१ अथवा के एउटै माटोको डल्लोबाट
एउटालाई आदरको र अर्कोलाई अनादरको
भाँड़ा बनाउने कुमालेलाई माटोमाथि अधिकार
छैन ?
२२ औ यदि परमेश्वरले आफ्नो क्रोध
देखाउन र आफ्नो शक्ति जनाउन इच्छा
गरेर विनाशको निम्ति बनाउनुभएको क्रोधका
भाँड़ाहरूलाई साह्रै धीरजसँग सहनुभयो,
२३ र आफ्नो महिमाका सम्पत्ति आफूले
अघिबाटै महिमाको निम्ति तयार गर्नुभएको
कृपा पात्रहरूमाथि देखाऊँ भनेर, जसलाई,
२४ अर्थात् हामीलाई उहाँले न केवल
यहूदीहरूबाट, तर अन्यजातिहरूबाट पनि
बोलाउनुभयो भने, के ? २५ जस्तो होशेको
पुस्तकमा पनि उहाँ भन्नुहुन्छ,
'जो मेरो मानिस थिएन,
त्यसलाई म मेरो प्रजा तुल्याउनेछु,
जो मेरो प्रेमी थिएन,
त्यसलाई म प्रेमी भन्छु ।
२६ अनि यस्तो हुनेछ, जुन ठाउँमा तिमीहरू
मेरो प्रजा होइनौ भनी तिनीहरूलाई
भनिएको थियो,
त्यहीं तिनीहरू ती जीवित परमेश्वरका
सन्तान कहलाइनेछन् ।'
२७ औ इस्राएलका बारेमा यशैया यसो
भनी कराएर भन्छन्, 'इस्राएलका सन्तानका
संख्या समुद्रको बालुवा जत्तिकै भए तापनि
बाँकी रहेको संख्याको मात्र उद्धार हुनेछ ।'
२८ किनभने प्रभुले समाप्त गरेर छोटयाउँदै
पृथ्वीमा आफ्नो वचन पूरा गर्नुहुनेछ ।
२९ औ यशैयाले अघाड़ि पनि भनेका छन्,
'सेनाहरूका प्रभुले हाम्रा निम्ति एउटा

सन्तान नछोड्नुहुँदा हो ता हामी सदोमजस्ती
हुने थियौं, र गमोरासमान बनिनेथियौं।'

इस्राएलको असफलताको कारण

३० अब हामी के भनौं? धार्मिकता
पछि नलाग्ने अन्यजातिहरूले धार्मिकता प्राप्त
गरे, अर्थात् विश्वासबाट पाइनेचाहिं
धार्मिकता, ३१ तर इस्राएलचाहिं धार्मि-
कताको व्यवस्थापछि लाग्दालाग्दै पनि त्यस
व्यवस्थासम्म आइपुगेनन्। ३२ किन?
किनभने तिनीहरूले विश्वासबाट होइन, तर
कामहरूबाट पाइन्छ होला भनी खोजे।
तिनीहरूले ठेस लाग्ने ढुङ्गामा ठेस खाए।
३३ जस्तो लेखिएको छ,

'हेर, म सियोनमा ठेस् लाग्ने ढुङ्गा र
ठक्कर खाने चटान राख्तछु,
औ उहाँमाथि विश्वास गर्ने मानिस
शर्ममा पर्नेछैन।

१० ए भाइ हो, मेरो आफ्नो हृदयको
इच्छा र तिनीहरूका निम्ति परमेश्वरमा
मेरो अन्तरबिन्ती यही छ, कि तिनीहरूले उद्धार
पाऊन्। २ किनभने तिनीहरूसँग परमेश्वरका
निम्ति जोश त छ, तर समझअनुसारको
होइन भनी मलाई तिनीहरूका विषयमा पक्का
थाह छ। ३ किनभने परमेश्वरको धार्मिकतामा
अजान भएर तिनीहरूको आफ्नै धार्मिकता
स्थापित गर्नखोज्दा तिनीहरू परमेश्वरको
धार्मिकताको अधीनमा रहनसकेनन्। ४ किन-
भने विश्वास गर्ने हरेकको निम्ति धार्मिकताको
लागि ख्रीष्टनै व्यवस्थाको अन्त्य हुनुहुन्छ।

धार्मिकताको नयाँ बाटो

५ किनभने मोशा लेख्छन् 'व्यवस्था-
बमोजिमको धार्मिकता पालन गर्ने मानिस
त्यसैबाट जिउनेछ।' ६ तर विश्वासबाटको
धार्मिकता यसो भन्छ, 'स्वर्गसम्म को
उक्लनेछ? भनी तिमीहरू आफ्ना मनमा
नभन, (अर्थात्, ख्रीष्टलाई तल ल्याउनलाई),
७ अथवा पातालमा को ओर्लनेछ?
(अर्थात्, ख्रीष्टलाई मरेकोबाट बिउँताउना-
लाई।') ८ तर त्यसले के भन्छ? 'वचन
तिम्रो नजीकै छ, तिम्रो मुखैमा र तिम्रो
हृदयमा,' अर्थात् विश्वासको वचन, जो हामी
प्रचार गर्दछौं। ९ किनभने यदि तिमीले
प्रभु येशूलाई आफ्नो मुखले स्वीकार गर्‍यौ, र
परमेश्वरले उहाँलाई मरेकाहरूबाट बिउँताउनुभयो
भनी हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार
हुनेछ। १० किनभने मानिसले हृदयबाट
धार्मिकतालाई विश्वास गर्नसक्छ, औ
मुखबाट उद्धारको निम्ति स्वीकार गरिन्छ।
११ किनकि धर्मशास्त्र भन्छ, 'उहाँमाथि
विश्वास गर्ने कोही शर्ममा पर्नेछैन।'
१२ किनभने यहूदी र ग्रीकमा केही भेद
छैन। किनकि उही प्रभु सबैका प्रभु हुनुहुन्छ,
र उहाँलाई पुकार्नेहरू सबैको धनराशि
हुनुहुन्छ।

१३ किनकि प्रभुको नाउँ पुकार्ने हरेकले
उद्धार पाउनेछ। १४ तब जसलाई तिनी-
हरूले विश्वास गरेकै छैनन् उहाँलाई कसरी
पुकार्ने? जसलाई तिनीहरूले सुनेकै छैनन्
उहाँलाई कसरी विश्वास गर्ने? औ प्रचार
गर्नेबिना तिनीहरूले कसरी सुन्नसक्लान्?
१५ औ नपठाईकन कसरी तिनीहरूले
प्रचार गर्लान्? जस्तो लेखिएको छ, 'असल
कुराका शुभ समाचार ल्याउनेहरूका खुट्टा कति
राम्रा!'

१६ तर ती सबैले ता सुसमाचारमा ध्यानै
दिएनन्। किनकि यशैया भन्छन्,

'हे प्रभु, हाम्रा बयान कसले विश्वास
गरेको छ?'

१७ यसैले विश्वास सुनाइबाट, र सुनाइचाहिं
ख्रीष्टको वचनबाट आउँछ।

१८ तर म भन्दछु, 'के तिनीहरूले
सुनेनन्? निश्चय, तिनीहरूको सोर सारा
पृथ्वीमा पुग्यो,

औ तिनीहरूका कुरा संसारको
अन्तसम्म।'
१९ तर म भन्दछु, इस्राएलले थाह पाएन ?
पहिले मोशा भन्छन्,
जो एक जातिनै होइन, तिमीहरूलाई
तिनीहरूसँग डाह गर्ने तुल्याउनेछु,
समझै नभएको एउटा जातिसँग
म तिमीहरूलाई रीस उठाउनेछु।'
२० औ यशैया सुरो भएर भन्छन्,
'जसले मलाई खोज्दै खोजेनन् तिनीहरूबाट
म प्राप्त भएको छु। जसले मेरो सोधपूछ
गरेनन् तिनीहरूमाथि म प्रकट भएँ।'
२१ तर इस्राएलको निम्ति तिनी भन्छन्,
'दिनभरिनै अट्टेरी र विरोधी मानिसहरूप्रति
मैले मेरा हात पसारेको छु।'

११ तब म भन्दछु, के परमेश्वरले आफ्नो
मानिसलाई परै राख्नुभयो त ?
त्यसो नहोस्, किनकि म पनि ता अब्राहामको
सन्तानको, बिन्यामीनको कुलको इस्राएली
हुँ। २ परमेश्वरले पहिलेदेखिनै चिन्नुभएको
आफ्नो मानिसलाई पर राख्नुभएन। के
एलियाको कथामा धर्मशास्त्रमा भनेको कुरा
तिमीहरू जान्दैनौ ? उनले इस्राएलको विरुद्धमा
परमेश्वरसित यसरी बिन्ती गरेका छन्,
३ 'हे प्रभु, तिनीहरूले तपाईंका अगम-
वक्तालाई मारे। औ तपाईंको वेदी भत्काए,
र म मात्र एक्लै बाँकी छु, औ तिनीहरू
मेरो प्राणको खोजीमा छन्।' ४ तर
ईश्वर-वाणीले तिनलाई के भन्छ ? 'बालका
सामने घुँडा नटेक्ने सात हजार मानिसहरू
मैले आफ्नो निम्ति जगेरा गरी राखेको छु।'
५ यसैगरी यस वर्त्तमान समयमा पनि
अनुग्रहको चुनाउअनुसार केही संख्या बाँकी
रहेको छ। ६ तर अनुग्रहबाट हो भनेता
फेरि कामहरूबाट होइन, नत्रता अनुग्रह
अब अनुग्रहै हुँदैन।
७ तब के ? इस्राएलले जे खोजेको हो
त्यो पाएन, तर चुनाउले चाहिं पायो, र
बाँकी रहेका चाहिं कठोर भए। ८ जस्तो
लेखिएको छ, 'परमेश्वरले तिनीहरूलाई आँखाले
नदेख्ने र कानले नसुन्नेलाई आजको दिनसम्म
भारी निद्राको आत्मा दिनुभयो।' ९ औ
दाऊद भन्छन्,
'तिनीहरूको भोज पासो र धराप,
र ठेस लाग्ने ढुङ्गा, र तिनीहरूलाई
बदला लिने कुरो होस्।
१० तिनीहरूका आँखा नदेख्नलाई धमिला
होऊन्,
औ तपाईंले तिनीहरूका पिठ्यूँ चाहिं
सधैं निहुराइदिनुहोस्'।'
११ म भन्दछु, 'के तिनीहरूको पतन
हुनालाई तिनीहरूले ठेस खाए ? त्यसो होइन,
तर तिनीहरूको पतनबाट तिनीहरूलाई डाही
तुल्याउनालाई मुक्ति अन्यजातिहरूलाई
हुनआएको हो। १२ अब तिनीहरूको
पतन संसारको निम्ति र तिनीहरूको नोक्सानी
चाहिं अन्यजातिहरूका निम्ति सम्पत्ति हुने
हो भने तिनीहरूको परिपूर्णताबाट झन्
कति ज्यास्ती गरी होला ?
१३ तर तिमी अन्यजातिहरूलाई म
भन्दछु। अन्यजातिहरूको प्रेरित भएको
हुनालेनै म मेरो सेवामा घमण्ड गर्दछु,
१४ कि कुनै किसिमले तिनीहरूका काममा,
जो मेरै शरीरका हुन्, डाह गर्ने तुल्याएर
तिनीहरूमध्येका कोही कोहीलाई बचाउनसकूँ।
१५ किनकि तिनीहरू पन्छिएकोमा संसारको
मिलाप हुन्छ भनेता, तिनीहरू स्वीकार
भएकोमा, मरेकोबाट जीवन पाउनभन्दा अरू
के होला ?
१६ औ यदि बलिदानको पहिला मुछेको
पीठो पवित्र छ भने जम्मै ढिका पनि पवित्र
हुन्छ, औ जरा पवित्र छ भने हाँगाहरू
पनि पवित्र हुन्छन्। १७ तर कोही हाँगाहरू
भाँचिए, र तिमी जो जङ्गली भद्राक्ष भएर
तिनीहरूमा कलमी बाँधियौ, र असली
भद्राक्षको रूखको जराको रसको सम्भागी भयौ
भनेता, १८ हाँगाहरूमा घमण्ड नगर। घमण्ड

गर्नेनै हो भने यो याद राख, कि जरालाई
बोक्ने तिमी होइनौ, १९ तर जराले
पो तिमीलाई बोक्छ। तब तिमी भन्नेछौ,
'म कलमी बाँधिनालाईनै हाँगाहरू
भाँचिएका थिए।' २० ठीक हो, तिनीहरूको
अविश्वासले गर्दा ती भाँचिएका हुन्।
औ तिमीचाहिँ तिम्रो विश्वासले खड़ा
छौ। घमण्ड नगर, तर डर राख,
२१ किनभने यदि परमेश्वरले स्वाभाविक
हाँगाहरूलाई बाँकी राख्नुभएन भनेता,
तिमीलाई बाँकी राख्नुहुनेछैन!

२२ परमेश्वरका उदारता र कड़ा
व्यवहारलाई हेर। पतन हुनेहरूमाथि कड़ा
व्यवहार, तर उहाँकै उदारतामनि रहिरह्यौ भने
तिमीलाई परमेश्वरको उदारता देखाइनेछ। नत्रता
तिमी पनि काटिनेछौ। २३ औ तिनीहरू
पनि तिनका अविश्वासमा रहिरहेनन् भनेता
कलमी बाँधिनेछन्। किनभने परमेश्वरले
तिनीहरूलाई फेरि पनि कलमी बाँध्नसक्नुहुन्छ।
२४ किनभने यदि तिमी स्वभावअनुसार
जङ्गली भद्राक्ष भएर पनि काटियौ र अर्कै
स्वभाव भएको एउटा असली भद्राक्षको
बोटमा कलमी बाँधियौ भनेता यी स्वाभाविक
हाँगाहरू आफ्नै निज भद्राक्षकै रूखहरूमा
झन् कति बढ़तागरी कलमी बाँधिएलान्?

२५ किनभने ए भाइ हो, यो रहस्यको
विषयमा तिमीहरू अजान रहो भन्ने म
चाहन्नँ। नत्रता तिमीहरू आफ्नै लेखिमा
बुद्धिमान हुनेछौ, र जबसम्म अन्यजातिहरूको
पूर्णता भइसक्तैन, तबसम्म केही चेतनाहीन
अवस्था इस्राएलमा पर्न गएको हुन्छ।
२६ औ यसरी सारा इस्राएल बाँच्नेछन्,
जस्तो लेखिएको छ,

'छुटकारा दिने सियोनबाट आउनुहुन्छ,
उहाँले याकूबबाट अधर्मीपना हटाउनु-
हुनेछ,
२७ औ तिनीहरूसँग मेरो करार यही हो,
जब म तिनीहरूका पापहरू हरण
गर्नेछु।'

२८ सुसमाचारको हिसाबले ता तिनीहरू
तिमीहरूका खातिर शत्रुहरू हुन्, तर
चुनाउको हिसाबले चाहिँ पिता-पुर्खाहरूका
खातिर तिनीहरू प्रियहरू हुन्। २९ किनभने
परमेश्वरका वरदान र बोलावट अपरिवर्त्तनीय
छन्। ३० किनकि जसरी तिमीहरू पनि
एकपल्ट भूतकालमा परमेश्वरको आज्ञा पालन
नगर्नेहरू थियौ, तर अब तिनीहरूले आज्ञा
पालन नगरेकोले, तिमीहरूले कृपा पाएका
छौ। ३१ त्यसरीनै तिमीहरूलाई कृपा
देखाएकोले तिनीहरूमाथि पनि कृपा होस्
भनेर यिनीहरू पनि अब आज्ञा पालन
नगर्ने भएका छन्। ३२ किनभने परमेश्वरको
कृपा सबैमाथि होस् भनेर उहाँले सबैलाई
अनाज्ञाकारितामानै रोकेर राख्नुभएको छ।

३३ अहा! परमेश्वरका बुद्धि र ज्ञान,
दुवैका सम्पत्ति कस्तो गहीरो छ! उहाँका
इन्साफ कति अगम, र उहाँका मार्ग
अभेद्य छ! ३४ किनभने प्रभुको मनलाई
कसले जानेको छ? अथवा उहाँको सल्लाहकार
को भएको छ? ३५ अथवा उहाँलाई
पहिले कसले दियो, र फेरि त्यसलाई फिर्त्ता
दिइनेछ? ३६ किनभने उहाँका, उहाँद्वारा
र उहाँमा सबै कुराहरू छन्। उहाँलाईनै
सदा सर्वदा महिमा होस्। आमिन।

१२ यसकारण ए भाइ हो, परमेश्वरको
कृपाद्वारा म तिमीहरूलाई निवेदन
गर्दछु, कि तिमीहरूको यथोचित सेवाको
रूपमा आफ्ना आफ्ना शरीरलाई, पवित्र र
परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदान गरी
दिइहाल। २ औ यस संसारसित एकै चालका
नहोओ, तर तिमीहरूको मनको परिवर्त्तनले
तिमीहरू बदलियौ। औ परमेश्वरका असल,
मनपर्ने र सिद्ध इच्छा के रहेछ भनी तिमीहरू
जाँचेर पत्ता लगाओ।

३ किनभने मलाई दिइएको अनुग्रहद्वारा
तिमीहरूमध्ये हरेकलाई म भन्दछु, जसले
आफूलाई जस्तो सम्झनु पर्दछ त्यसभन्दा

बढ़ी नसम्झ, तर परमेश्वरले हरेकलाई
बाँडिदिनुभएको विश्वासको नापबमोजिम
सुबुद्धिले सम्झ। ४ किनकि जसरी हाम्रो
एउटै शरीरमा धेरै अङ्ग हुन्छन्, तर सबै
अङ्गहरूको एकै काम हुँदैन, ५ त्यसरीनै
हामी जो धेरै छौं, हामी पनि ख्रीष्टको एउटै
शरीर हौं, र भिन्नाभिन्नै एक दोस्रोका
अङ्ग हौं। ६ औ हामीलाई दिइएको
अनुग्रहअनुसारका वरदानहरू विभिन्न भएका
हुनाले हामी ती प्रयोग गरौं। अगमवाणीको
हो भनेता विश्वासको परिमाणअनुसार हामी
अगमवाणी बोलौं, ७ अथवा सेवाको हो
भने, हाम्रो सेवाको काममा हामी आफैलाई
दिहालौं, वा शिक्षा दिनेले, शिक्षामा, ८ वा
अर्ती दिनेले अर्ती दिने काममा, दिनेले
उदारचित्तले देओस्, शासन गर्नेले बुद्धिसित
गरोस्, कृपा देखाउनेले खुशीसित देखाओस्।
९ प्रेम निष्कपटको होस्। जुन कुरो
खराब छ, त्यसलाई घृणा गर, जुन कुरो
असल छ, त्यसमा लागिरहो। १० भ्रातृ-
प्रेममा एक दोस्रोतर्फ मयालु होओ। मानमा
एउटाले अर्कोको बढ़ता कदर गर,
११ प्रयत्न गर्नामा अल्छी नहोओ, आत्मामा
जोशिलो होओ, प्रभुको सेवा गर्दै रहो।
१२ आशामा आनन्द गर, सङ्कष्टमा स्थिर
रहो, प्रार्थनामा अटूटसँग लागिरहो।
१३ पवित्र जनहरूका अभावहरूमा सहायता
देओ, अतिथि-सत्कार कायम राख।
१४ तिमीहरूका खेदो गर्नेहरूलाई आशी-
र्वाद देओ, आशीर्वाद देओ, नसराप।
१५ आनन्द गर्नेहरूसँग आनन्द गर, रुनेहरू-
सँग रोओ। १६ एक दोस्रोप्रति एकै मनका
होओ। उच्चप्रति मन नलगाओ, तर नम्र
कुराहरूतर्फ झुक। आफ्ना अहंकारमा बुद्धिमान
नहोओ।
१७ कसैलाई खराबको बदला खराब
नगर। जुन कुराहरू सबै मानिसहरूको सामने
आदरणीय छ, त्यसमा ध्यान देओ।
१८ हुनसक्छ भने, सक्दोभर सबै मानिसहरूसँग
शान्तिमा रहो। १९ हे प्रिय हो, बदला
नलेओ, तर परमेश्वरको क्रोधलाई स्थान देओ,
किनभने लेखिएको छ, 'बदला लिने काम मेरो
हो,' परमप्रभु भन्नुहुन्छ, 'म बदला फेर्नेछु,'
२० 'तर तिम्रो शत्रु भोकाउँछ भने, त्यसलाई
खुवाऊ, तिर्खाउँछ भने, पियाऊ, किनभने
त्यसो गर्नाले तिमीले त्यसलाई औधी लज्जित
तुल्याउनेछौ। २१ खराबीबाट पराजित
नहोओ, तर खराबीलाई भलाइले जित।'

१३ हरेक प्राणी उच्च अख्तियारवाला-
हरूका अधीनमा रहोस्, किनभने
परमेश्वरका बाहेक अरूको अख्तियार हुँदैन,
औ अख्तियारहरूचाहिं परमेश्वरबाट खटिएका
हुन्छन्। २ यसकारण अख्तियारवालाको
विरुद्धमा खड़ा हुनेले परमेश्वरको धार्मिक-
विधानको विरोध गर्दछ, औ जस जसले
विरोध गर्छन्, तिनीहरू आफैले दण्डको आज्ञा
पाउनेछन्। ३ किनभने असल कामको
निम्ति होइन, तर खराब कामको निम्ति
शासकहरूको डर मानिन्छ। के तिमी
अख्तियारवालाहरूको डर राख्नचाहन्नौ? असल
काम गर, र तिनीहरूबाट तिमीलाई प्रशंसा
मिल्नेछ, ४ किनभने असलै कामको लागि
तिनी तिम्रो निम्ति परमेश्वरका सेवक हुन्।
तर तिमीले खराब काम गर्‍यौ भने डराऊ,
किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन्।
किनकि तिनी खराब काम गर्नेमाथि क्रोधको
निम्ति बदला लिने परमेश्वरका सेवक हुन्।
५ यसकारण क्रोधको खातिर मात्र होइन,
तर अन्तस्करणको निम्ति पनि तिमीहरूलाई
अधीनमा रहनु उचित छ। ६ किनभने
यसैकारणले पनि तिमीहरू कर तिर्दछौ। किनकि
तिनीहरू यसै कामको निम्ति निरन्तर लागिरहेका
परमेश्वरका सेवक हुन्। ७ तिर्नु पर्ने कुरा
सबैलाई तिर— कर तिर्नु पर्नेलाई कर, महसूल
तिर्नु पर्नेलाई महसूल डराउनु पर्नेसँग डराऊ,
आदर गर्नु पर्नेलाई आदर गर।
८ आपसमा प्रेम गर्नुबाहेक कसैको केही

कुरामा ऋणी नहोओ, किनभने आफ्नो
छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको
हुन्छ। ९ किनभने 'तैंले व्यभिचार नगर,
तैंले हत्या नगर्, तैंले नचोर्, तैंले लोभ
नगर्,' औ अर्को केही आज्ञा छ भने, ती
सबैको सारांश यसै कुरामा पाइन्छ, अर्थात्
'तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै
प्रेम गर्।' १० प्रेमले छिमेकीको खराबी
हुने काम गर्दैन। यसकारण प्रेम गर्नुनै
व्यवस्था पूरा गर्नु हो।
११ यो पनि, कि समय विचार, अब
निद्राबाट बिउँझने ठीक बेला आइपुगेको छ,
किनकि हामीले विश्वास गरेर ठानेको
समयभन्दा अहिले मुक्तिको समय हाम्रो
नजीकै छ। १२ रात धेरै बितिसक्यो,
औ दिन नजीकै आइपुगेको छ, यसकारण
अन्धकारका काम छोड़ेर हामी ज्योतिका
हतियार धारण गरौं। १३ दिउँसोजस्तै गरी
हामी ईमानसाथ चलौं, नता मोज-मजामा
र मतवालीपनमा, न व्यभिचारमा र भ्रष्टा-
चारमा, न झगड़ामा र डाहमा। १४ तर
प्रभु येशू ख्रीष्टलाई धारण गर, र शरीरको
अभिलाषा पूरा गर्नालाई अघिबाटै तयारी
नगर।

१४ तर विश्वास कमजोर हुनेलाई
सङ्गतिमा ल्याओ, तापनि त्यसको
सन्देहमा वादविवाद गर्नालाई ता होइन।
२ एक जनालाई सबै थोक खाने विश्वास
हुन्छ, तर कमजोरीले चाहिं साग-पात खान्छ।
३ खानेले नखानेलाई तुच्छ नठानोस्, र
नखानेले खानेलाई दोष नलगाओस्, किनभने
परमेश्वरले त्यसलाई ग्रहण गर्नुभएको छ।
४ अर्कोको दासलाई दोष लगाउने तिमी
को हौ? त्यो ता आफ्नै मालिकको निम्ति
खड़ा हुन्छ। अथवा पतित हुन्छ त्यो
खड़ा हुनसक्छ, किनभने त्यसका मालिकको
त्यसलाई खड़ा गराउने शक्ति छ।
५ एउटाले एक दिनलाई अर्को दिनभन्दा
ठूलो मान्छ, औ अर्कोले सबै दिनलाई
एकैनासको मान्छ। हरेक मानिसले आफ्नो
आफ्नो मनमा पूरा निश्चय गरोस्। ६ दिन
मान्नेले प्रभुको निम्ति मान्छ, र खानेले
प्रभुको निम्ति खान्छ, किनभने त्यसले
परमेश्वरमा धन्यवाद चढ़ाउँछ, औ नखानेले
प्रभुको निम्ति खाँदैन, र त्यस्ले परमेश्वरमा
धन्यवाद चढ़ाउँछ। ७ किनभने हामी कोही
पनि आफ्नो निम्ति बाँच्तैनौं, र कोही पनि
आफ्नो निम्ति मर्दैनौं। ८ किनकि हामी
बाँचे पनि प्रभुको निम्ति बाँच्तछौं,
औ मरे पनि प्रभुको निम्ति मर्दछौं।
यसकारण चाहे हामी बाचौं, चाहे मरौं,
हामी प्रभुकै हौं। ९ किनभने मरेका र
बाँचेका दुवैका प्रभु हुनालाई ख्रीष्ट मर्नुभयो,
र फेरि जिउनु पनि भयो।
१० तर तिमी आफ्नो भाइलाई किन
दोष लाउँछौ? अथवा तिमी फेरि आफ्नो
भाइलाई किन तुच्छ ठान्छौ? किनभने
हामी सबै परमेश्वरको न्याय-आसनको सामने
खड़ा हुनेछौं। ११ किनभने लेखिएको छ,
'प्रभु भन्नुहुन्छ, म जिएम्मै, हरेक
मानिसले मेरो सामने घुँड़ा टेक्नेछ,
औ सबै जिब्रोले परमेश्वरलाई स्वीकार
गर्नेछ।'
१२ तब यसैले हामी हरेकले परमेश्वरलाई
आफ्ना आफ्ना लेखा दिनुपर्नेछ।
१३ यसैकारण हामी एकले अर्कोलाई अब
दोष नलगाऔं, तर यो विचार गर, कि
कसैले आफ्नो भाइको बाटोमा ठेस लाग्ने
कुरो, अथवा लोट्ने कारण नगरिदिओस्।
१४ अब म जान्दछु, र प्रभु येशूमा यो
विश्वाससित भन्नसक्छु, कि कुनै कुरो पनि
आफै अशुद्ध छैन। यति मात्र कि, जसले
कुनै कुरालाई अशुद्ध ठान्छ, त्यसलाई यो
अशुद्धै हुन्छ। १५ तिम्रो भाइ खानेकुराको
विषयमा तिमीसित दुःखित हुन्छ भन्ने, तिमी
अझ प्रेमअनुसार चलेका हुँदैनौ। जसको निम्ति
ख्रीष्ट मर्नुभयो, उसलाई तिम्रो खानेकुराको

साथसाथ नाश नगर। १६ यसैकारण
तिम्रो भलाइको खराब नबोलिओस्।
१७ किनभने परमेश्वरको राज्य खान र
पिउनामा हुने होइन, तर पवित्र आत्मामा
धार्मिकता, शान्ति र आनन्द हो।
१८ किनकि जसले यही किसिमबाट प्रभुको
सेवा गर्दछ, त्यो मानिस परमेश्वरको मनपर्ने,
र मानिसहरूबाट मञ्जूर हुनेहुन्छ। १९ तब
यसरी हामी शान्ति हुने र आपसमा सुधार्ने
कुराको पछि लागौं।
२० खानेकुराको खातिर परमेश्वरको
कामलाई नाश नगर। सबै कुरा
साँच्चिनै शुद्ध छन्, तापनि बाधा पारेर
खाने मानिसलाई खराबी हुन्छ। २१ असल
ता हुन्छ, मासु नखानु, मद्य नपिउनु,
केही नगर्नु, जसबाट तिम्रो भाइलाई
बाधा पर्छ। २२ तिमीसँग भएको विश्वास
परमेश्वरको सामने आफ्नै हिसाबमा राख।
आफूले असल ठहराएको कुरालाई आफैले
दोष नलाउने मानिसै सुखी हो। २३ तर
शङ्का गर्नेले खायो भने त्यो दोषी ठहरिन्छ,
किनभने त्यसले विश्वासले खाँदैन। औ जेसुकै
जो विश्वासको होइन, सो पाप हो।

१५ अब हामी बलियाहरूले निर्धाहरूका
निर्बलतालाई सहनु पर्दछ, आफ्नो
खुशी मात्र गर्नुहुँदैन। २ हामी हरेकले
आफ्नो छिमेकीलाई उसको भलाइको निम्ति
सुधार्नालाई खुश तुल्याउनुपर्छ। ३ किनभने
ख्रीष्टले पनि आफैलाई खुश तुल्याउनुभएन,
तर जसो लेखिएको छ, 'तपाईंलाई गाली
गर्नेहरूका गाली ममाथि पर्‍यो।' ४ किनकि
जत्ति कुरा अघि लेखिए, ती सबै हाम्रो
शिक्षाको निम्ति हो, कि धीरज र धर्मशास्त्रको
शान्तिद्वारा हामीलाई आशा होस्। ५ अब
धीरज र शान्तिका परमेश्वरले तिमीहरूलाई
ख्रीष्ट येशूको अनुसार आपसमा एउटै मन
दिऊन्, ६ कि एकै मनका भएर एउटै
मुखले हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र
पिताको महिमा तिमीहरूले गर।
७ यसकारण परमेश्वरको महिमाको निम्ति,
ख्रीष्टले हामीलाई सत्कार गर्नुभएबमोजिम,
तिमीहरूले पनि एउटाले अर्कोलाई सत्कार
गर। ८ किनकि म भन्दछु, पिता-पुर्खाहरू-
लाई दिइएका प्रतिज्ञा पुष्टि गर्नालाई परमेश्वरको
सत्यताको निम्ति ख्रीष्ट खतनाका सेवक हुनु-
भएको छ। ९ औ अन्यजातिहरूले उहाँको
कृपाको निम्ति परमेश्वरको महिमा गरून्।
जस्तो लेखिएको छ,
'यसैकारण म अन्यजातिहरूको बीचमा
तपाईंलाई प्रशंसा गर्नेछु,
औ तपाईंको नाउँको भजन गाउनेछु।'
१० औ फेरि उनी भन्छन्,
'ए अन्यजाति हो, उहाँको प्रजासित
आनन्द गर।'
११ औ फेरि,
'ए सबै अन्यजाति हो, प्रभुको प्रशंसा गर,
औ सबै मानिसहरूले उहाँको प्रशंसा
गरून्।'
१२ र फेरि यशैया भन्छन्,
'यस्सीका जरा लाग्नेछन्,
र अन्यजातिहरूमाथि शासन गर्नालाई
खड़ा हुने,
उहाँमाथिनै अन्यजातिहरूले आशा
राख्नेछन्।'
१३ अब आशाका परमेश्वरले, तिमीहरूलाई
पवित्र आत्माको शक्तिमा, आशाचाहिं
प्रशस्त गरिदिनाको निम्ति विश्वासमा सारा
रमाहट र शान्तिले तिमीहरूलाई भरिपूर
गरिदिऊन्।
१४ औ ए भाइ हो, म आफै पनि
तिमीहरूका विषयमा विश्वाससित जान्दछु, कि
तिमीहरू आफै, सबै किसिमका सारा ज्ञानले
भरिएर भलाइले पूर्ण भई, एउटाले अर्कोलाई
अर्ती दिनसक्ने भएका छौ। १५ तर परमेश्वरले
मलाई दिनुभएको अनुग्रहको कारणले, तिमीहरू-
लाई सम्झना गराउनालाई म बढ़ता
आँटले केही मात्रामा लेख्तछु, १६ कि

अन्यजातिहरूको आत्मबलि पवित्र आत्माद्वारा
चोखो भएर ग्रहणयोग्य होस् भनी, अन्य-
जातिहरूका निम्ति परमेश्वरको सुसमाचारको
सेवा गर्दै, ख्रीष्ट येशूको म सेवक होऊँ।
१७ यसकारण परमेश्वर सम्बन्धी
कुराहरूका विषयमा मलाई ख्रीष्ट येशूमा
घमण्ड छ। १८ किनभने वचन र कामले
अन्यजातिहरूमा आज्ञापालनको निम्ति जे
ख्रीष्टले मद्वारा गराउनुभयो, तीबाहेक कुनै
विषयमा बोल्ने मलाई आँट हुनेछैन।
१९ चिह्नहरू र आश्चर्यकर्महरूको शक्तिमा,
पवित्र आत्माको शक्तिमा, मैले चाहिं ता
यरूशलेमदेखि लिएर इल्लिरिकुमसम्मै चारैतिर
ख्रीष्टको सुसमाचार पूरा गरी प्रचार गरेको
छु। २० अर्काले लाएको जगमाथि मैले
घर नबनाऊँ भनेर, ख्रीष्टको नाउँ नलिएको
ठाउँमा सुसमाचार प्रचार गर्नालाई, मैले
मेरो लक्ष्य गरेको छु, २१ तर जसो
लेखिएको छ,

'जसलाई उहाँका समाचार आएनन्,
तिनीहरूले देख्नेछन्,
जसले सुनेका छैनन्, तिनीहरूले बुझ्नेछन्।'

२२ यसैकारण पनि म तिमीहरूकहाँ
आउनालाई धेरैपल्ट रोकिएँ, २३ तर अब यी
प्रदेशहरूमा मलाई अरू मौका नहुनाले, र
यतिका वर्षसम्म तिमीहरूकहाँ आउनालाई
तिर्सना भइरहेको हुनाले, २४ म स्पेन
जाँदाखेरि तिमीहरूकहाँ आऊँला (किनकि यदि
पहिलेनै तिमीहरूसँगका सङ्गतिबाट केही
समयसम्म मलाई केही सन्तुष्ट भयो भने
तिमीहरूले मलाई मेरो यात्रामा अलि परसम्म
पुऱ्याइदिनेछौ भन्ने आशा गर्दछु) २५ तर
अब म पवित्र जनहरूको सेवामा यरूशलेमतिर
जान्छु। २६ किनभने यरूशलेममा हुने पवित्र
जनहरूमध्येका गरीबहरूका निम्ति केही चन्दा
दिनलाई म्यासिडोनिया र अखैयाकाहरूका मन
खुश भएको छ। २७ यो तिनीहरूका मन
खुशैले हो। औ यिनीहरू तिनीहरूका ऋणी
पनि छन्। किनकि यदि अन्यजातिहरू
तिनीहरूका आत्मिक कुरामा सम्ह-भागी हुन्छन्
भने, यिनीहरूले पनि शारीरिक सम्बन्धी कुरामा
तिनीहरूको ऋणी हुनैपर्छ। २८ यसकारण
यो काम सिध्याएर यिनीहरूका निम्ति उठेको
यो चन्दा सुम्पिसकेपछि म तिमीहरूकहाँ भएर
स्पेन जानेछु। २९ औ म जान्दछु, म
तिमीहरूकहाँ आउँदा ख्रीष्टको आशिषको
परिपूर्णतामा आउनेछु।
३० अब ए भाइ हो, हाम्रा प्रभु येशू
ख्रीष्टद्वारा, र आत्माको प्रेमद्वारा मेरो निम्ति
परमेश्वरमा प्रार्थना गर्ने मसँगै घोर प्रयत्न गर
भनी म तिमीहरूलाई आग्रहपूर्वक विन्ती
गर्दछु, ३१ कि म यहूदियाका विश्वास
नगर्नेहरूबाट छुटकारा पाऊँ, र यरूशलेमको
निम्तिको मेरो सेवा पवित्र जनहरूलाई ग्रहण-
योग्य होस्, ३२ र म परमेश्वरको इच्छाद्वारा
आनन्दसँग तिमीहरूकहाँ आएर तिमीहरूका
साथमा आरामी पाऊँ। ३३ अब शान्तिका
परमेश्वर तिमीहरू सबैसँग रहून्। आमिन।

१६ सिनक्रियाको मण्डलीको धर्म-सेविका,
हाम्री बहिनी, फिबीलाई म तिमी-
हरूसँग शिफारिस गर्छु। २ पवित्र जनहरूका
योग्यताअनुसार प्रभुमा तिमीहरूले तिनलाई
ग्रहण गर, र केही कुरामा तिनलाई
तिमीहरूको दरकार पर्‍यो भने तिमीहरूले
तिनलाई सहायता देओ, किनकि तिनी आफै
धेरै जनाका र मेरो आफ्नैसमेत उपकारी
भएकी छन्।
३ प्रिस्का र अक्वीला, ख्रीष्ट येशूमा
मेरा सहकर्मीहरूलाई सलाम भनिदेओ,
४ जसले मेरो प्राणको निम्ति तिनीहरूका
आफ्ना गर्दन दिए। तिनीहरूलाई मैले मात्र
होइन, तर अन्यजातिहरूका मण्डलीहरू जम्मैले
पनि धन्यवाद दिन्छन्। ५ औ तिनीहरूको
घरमा भएको मण्डलीलाई सलाम भनिदेओ।
मेरो प्रिय इपेनितसलाई, जो ख्रीष्टको निम्ति
एशियाको पहिलो विश्वासी हुन्, सलाम
भनिदेओ। ६ मरियमलाई, जसले तिमीहरूका

निम्ति धेरै परिश्रम गरिन्, तिनलाई सलाम
भनिदेओ। ७ एन्ड्रोनिकस र युनियस, मेरा
कुटुम्ब र मेरा साथी-कैदीहरूलाई, जो प्रेरित-
हरूमध्ये प्रख्यात् छन्, र जो मभन्दा अघाड़ि
ख्रीष्टमा भएका थिए, सलाम भनिदेओ।

८ एमप्लिआतस प्रभुमा मेरो प्रियलाई,
सलाम भनिदेओ। ९ उर्बानस, ख्रीष्टमा
हाम्रा सहकर्मी, र मेरो प्रिय स्ताकिसलाई,
सलाम भनिदेओ। १० ख्रीष्टमा योग्य
ठहरिएका अपोल्लसलाई सलाम। अरिस्तो-
बलसका घरकाहरूलाई सलाम। ११ मेरो
कुटुम्ब, हेरोदियनलाई सलाम। प्रभुमा भएका
नर्सिससका घरकाहरूलाई सलाम।

१२ प्रभुमा परिश्रम गर्ने त्रिफैना र
त्रिफोसालाई सलाम। प्रभुमा धेरै परिश्रम
गर्ने प्रिय परसीसलाई सलाम। १३ प्रभुमा
चुनिएका रूफस औ तिनकी र मेरी आमालाई
सलाम। १४ असिंक्रितस, पलेगन, हर्मस,
पत्रोबास, हर्मास र तिनीहरूसित भएका
भाइहरूलाई सलाम। १५ फिलोलोगस र
जुलियालाई, नेरियस र तिनकी बहिनीलाई,
र ओलिम्पास, र तिनीहरूसित भएका सबै
पवित्र जनहरूलाई सलाम। १६ एउटाले
अर्कोलाई पवित्र चुम्मनले अभिवादन गर।
ख्रीष्टका सबै मण्डलीहरूले तिमीहरूलाई सलाम
भन्दछन्।

१७ अब हे भाइ हो, म तिमीहरूलाई
आग्रहपूर्वक बिन्ती गर्दछु, जुन शिक्षा
तिमीहरूले पायौ त्यसको विपरीतमा फूट र
ठेस लाग्ने कारण तुल्याउनेहरूमाथि नजर
राख, र तिनीहरूबाट हट। १८ किनभने
यस्ताहरूले ख्रीष्ट हाम्रा प्रभुका निम्ति होइन,
तर आफ्नै पेटको निम्ति चाकरी गर्दछन्,
औ तिनीहरूका मीठा मीठा बोली र
चाप्लुसीले सीधा-साधाहरूका हृदयलाई
फुस्ल्याउँछ। १९ किनकि तिमीहरूको आज्ञा-
कारिताको विषयको खबर सबै मानिसमा
फैलिएको छ। यसकारण म तिमीहरूको
विषयमा आनन्द गर्दछु। तर म चाहन्छु,
कि तिमीहरू भलाइको निम्ति बुद्धिमान र
खराबीको निम्ति निर्दोष रहो। २० औ
शान्तिका परमेश्वरले शैतानलाई चाँड़ै
तिमीहरूका खुट्टामनि कुल्चाउनुहुनेछ।

हाम्रा प्रभु येशूको अनुग्रह तिमीहरूसँग
रहोस्।

२१ तिमोथी, मेरो सहकर्मी, र लुसियस
र यासोन र सोसिपेटर, मेरा कुटुम्बहरूले
तिमीहरूलाई सलाम भन्दछन्।

२२ यो चिट्ठी लेख्ने, म, तर्तियसले
प्रभुमा तिमीहरूलाई सलाम गर्दछु।

२३ मेरा घरपट्टी, गायस र सारा
मण्डलीले तिमीहरूलाई सलाम भन्दछन्।
शहरका तहबीलदार, इरास्तस, र भाइ
क्वार्टसले तिमीहरूलाई सलाम भन्दछन्।
२४ हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह
तिमीहरू सबैसँग रहोस्। आमिन।

२५ अब उहाँलाई, जसले तिमीहरूलाई
मेरो सुसमाचार र येशू ख्रीष्टको विषयको
प्रचारअनुसार स्थिर गराउनसक्नुहुन्छ, त्यस
रहस्यको प्रकाशबमोजिम, जो सनातनदेखि
गुप्त रहेको थियो, २६ तर अब प्रकट
भएको छ, र सनातनका परमेश्वरका आज्ञा-
द्वारा अगमवाणीको धर्मशास्त्रबाट विश्वासको
आज्ञाकारिताको निम्ति सबै जातिहरूलाई
बताइदिएको छ—

२७ अद्वितीय सर्वज्ञानी परमेश्वरलाई
येशू ख्रीष्टद्वारा सदा सवदा महिमा होस्।
आमिन।

पावल प्रेरितको

कोरिन्थीहरूलाई

पहिलो पत्र

१ पावल, परमेश्वरका इच्छाद्वारा येशू
ख्रीष्टको प्रेरित कहलिएको, र भाइ
सोस्थनेसबाट,
२ कोरिन्थमा भएको परमेश्वरको मण्डली-
लाई, अर्थात् जो जो ख्रीष्ट येशूमा पवित्र
भएका छन्, र सबै ठाउँमा, तिनीहरूका र
हाम्रा प्रभु येशू ख्रीष्टको नाउँ लिनेहरू
सबैसँग बोलावट भएका पवित्र जनहरूलाई—
३ तिमीहरूलाई परमेश्वर हाम्रा पिता, र
र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।
४ ख्रीष्ट येशूमा तिमीहरूलाई दिइएको
परमेश्वरको अनुग्रहको विषयमा म आफ्ना
परमेश्वरमा सधैं धन्यवाद चढाउँछु, ५ कि
सबै विषयमा, अर्थात् सारा वचन र सारा
ज्ञानमा, तिमीहरू उहाँमा धनवान भएका
छौ। ६ ख्रीष्टको विषयको साक्षी तिमी-
हरूमा पुष्टि भएबमोजिम पनि, ७ यहाँसम्म
कि, हाम्रा प्रभु येशू ख्रीष्टको प्रकाश
पर्खिरहँदा तिमीहरूमा कुनै वरदानको अभाव
छैन। ८ उहाँले तिमीहरूलाई हाम्रा प्रभु
येशू ख्रीष्टको दिनमा निष्कलङ्क हुनालाई
अनन्तसम्म दृढ गरी राख्नुहुनेछ। ९ परमेश्वर
विश्वासयोग्य हुनुहुन्छ, जसबाट तिमीहरू
उहाँका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टको
सङ्गतिमा बोलावट भएका छौ।
१० अब ए भाइ हो, हाम्रा प्रभु येशू
ख्रीष्टको नाउँले म तिमीहरूलाई आग्रहपूर्वक
बिन्ती गर्दछु, तिमीहरू सबैले एउटै कुरा
बोल, र तिमीहरूमा केही फूट नहोस्, तर
तिमीहरू एकै मन र एकै विचारमा सिद्ध
भएका होओ। ११ किनकि, ए मेरा भाइ
हो, तिमीहरूमा झगड़ा छ भन्ने तिमीहरूका
बारेमा क्लोएका घरानाकाहरूबाट मलाई
सूचना मिलेको छ। १२ अब मेरो भन्ने तात्पर्य
यही हो, तिमीहरू कसैले, 'म पावलको', कसैले 'म
अपोलोसको' कसैले, 'म केफासको', औ कसैले
'म ख्रीष्टको हुँ', भन्छौ, अरे। १३ के
ख्रीष्ट बाँडिनुभएको छ र? के पावल
तिमीहरूका निम्ति क्रूसमा टाँगियो? कि के
पावलको नाउँमा तिमीहरू बप्तिस्मा भयौ र?
१४ म परमेश्वरलाई धन्यवाद दिन्छु, कि
मैले तिमीहरूमध्ये क्रिस्पस र गायसलाई
बाहेक अरू कसैलाई पनि बप्तिस्मा दिएको
छैनँ, १५ नत्रता तिमीहरू मेरो नाउँमा
बप्तिस्मा भयौ भनी कुनै कुनै मानिसले
भन्नेथियो। १६ औ मैले स्तिफनसको
घरानालाई पनि बप्तिस्मा दिएँ। त्यस उप्रान्त
मैले अरू कसैलाई बप्तिस्मा दिएँ कि दिइनँ,
सो मलाई थाह छैन। १७ किनभने ख्रीष्टले
मलाई बप्तिस्मा दिन होइन, तर सुसमाचार
प्रचार गर्न पठाउनुभएको हो, कुराको
चतुर्‍याइँमा होइन, नत्रता ख्रीष्टको क्रूस बेकम्मा
हुनेथियो।
१८ किनभने क्रूसको कुरा नष्ट हुनेहरू-
का निम्ति मूर्खता हो, तर हामी उद्धार
पाउनेहरूका निम्ति ता परमेश्वरको शक्ति
हो। १९ किनभने लेखिएको छ,
'म ज्ञानीहरूका ज्ञान नाश पार्नेछु,
औ बुद्धिमानहरूका बुद्धिलाई रद्दी
तुल्याउनेछु।'

२० ज्ञानी खोइ त? शास्त्री कहाँ?
यस युगको बहस गर्ने कहाँ? के परमेश्वरले
यस संसारको ज्ञानलाई मूर्ख तुल्याउनुभएन?
२१ किनकि जब परमेश्वरको ज्ञानअनुसार
संसारले परमेश्वरलाई ज्ञानद्वारा चिनेन, तब
प्रचारको मूर्खताद्वारा विश्वास गर्नेहरूलाई
उद्धार गर्न परमेश्वरलाई असल लाग्यो।
२२ यहूदीहरू ता चिह्न माग्छन्, औ ग्रीकहरू
ज्ञानका खोजमा छन्, २३ तर हामीचाहिँ
क्रूसमा टाँगिनुभएको ख्रीष्टको प्रचार गर्दछौं,
जो यहूदीहरूका निम्ति बाधा, र अन्य-
जातिहरूका निम्ति मूर्खता छ। २४ तर ती
बोलावट भएकाहरूका निम्ति, चाहे यहूदीहरू
होस्, चाहे ग्रीकहरू होस्, ख्रीष्ट परमेश्वरको
शक्ति र परमेश्वरको ज्ञान हुनुहुन्छ।
२५ किनभने परमेश्वरको मूर्खता मानिस-
हरूको ज्ञानभन्दा श्रेष्ठ छ, औ परमेश्वरको
दुर्बलता मानिसहरूको बलभन्दा शक्ति-
शाली छ।

२६ किनभने ए भाइ हो, तिमीहरू
आफ्नो बोलावटलाई विचार गर, शरीरअनुसार
धेरै जना बुद्धिमान, धेरै जना शक्तिमान,
धेरै जना खानदानीलाई बोलावट भएको
छैन। २७ तर बुद्धिमानहरूलाई शर्ममा
पार्नालाई परमेश्वरले संसारका मूर्ख कुराहरूलाई
छान्नुभयो, र शक्तिशाली कुराहरूलाई शर्ममा
पार्नालाई परमेश्वरले संसारका निर्बल कुराहरू-
लाई चुन्नुभयो। २८ औ परमेश्वरले संसारका
नीच र तुच्छ ठहरिएका कुराहरूलाई, अर्थात्
भइरहेका कुराहरूलाई बेकम्मा गराउनाको
निम्ति हुँदै नभएका कुरालाई चुन्नुभयो।
२९ यो चाहिँ कोही प्राणीले परमेश्वरको
सामने घमण्ड गर्न नपाओस् भनेर हो।
३० तर उहाँद्वारा तिमीहरू ख्रीष्ट येशूमा
भएका छौ, जो हाम्रो निम्ति परमेश्वरबाट
आएका ज्ञान, धार्मिकता, पवित्रता र उद्धार
हुनुभएको छ,

३१ जसरी लेखिएको छ, 'घमण्ड गर्नेले
प्रभुमानै घमण्ड गरोस्।'

२ ए भाइ हो, जब म तिमीहरूकहाँ
आएँ, तब बात र ज्ञानको
सर्वश्रेष्ठतामा परमेश्वरको रहस्य सुनाउन म
आएको थिइनँ। २ किनभने मैले तिमीहरूका
बीचमा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेको
कुराबाहेक अरू केही नजानेको हुनेनै अठोट
गरेको थिएँ। ३ औ म कमजोरी भएर
डराउँदै र ज्यादै कम्पमा तिमीहरूसँग रहेँ।
४ औ मेरो वचन र मेरो प्रचार मानिसको
ज्ञानका लोभ्याउने कुराहरूमा होइन, तर
आत्मा र शक्तिको प्रदर्शनमा थियो, ५ कि
तिमीहरूको विश्वास मानिसहरूको ज्ञानमा
होइन, तर परमेश्वरको शक्तिमा रहोस्।

६ तापनि पाकाहरूका बीचमा हामी
ज्ञानका कुरा गर्दछौं। तर यस संसारको ज्ञान
र यस संसारका नाश हुने शासकहरूका ज्ञान
होइन, ७ तर हामी परमेश्वरको ज्ञान
रहस्यमा बोल्दछौं, अर्थात् त्यो छिपेर रहेको
ज्ञान जो परमेश्वरले हाम्रो महिमाको निम्ति
युगयुगभन्दा अघिनै ठहराउनुभएको थियो,
८ जो यस संसारका कुनै पनि शासकहरूले
जान्दैनन्। किनभने तिनीहरूले जानेका
भएदेखि महिमाका प्रभुलाई क्रूसमा टाँग्नेनै
थिएनन्। ९ तर जसरी लेखिएको छ,

'आँखाले नदेखेका र कानले नसुनेका,
औ मानिसका मनमा नपसेका,
यस्ता जुनसुकै कुरा परमेश्वरले उहाँलाई
प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको
छ।'

१० तर परमेश्वरले हाम्रा निम्ति
आत्माद्वारा ती प्रकट गर्नुभएको छ।
किनभने आत्माले सबै कुरा परमेश्वरका
गहीरा गहीरा कुराहरूलाई पनि खोजी
गर्नुहुन्छ। ११ किनकि आफैमा भएको
आत्माले बाहेक मानिसहरूमध्ये कसले
मानिसका कुराहरू जान्दछ र? त्यसरीनै
परमेश्वरका कुराहरू परमेश्वरका आत्माले
बाहेक अरू कसैले जान्दैन। १२ तर
परमेश्वरबाट हामीलाई सित्तैंमा दिनुभएको

कुरा जानौं भनेर हामीले संसारको
आत्मा होइन, तर परमेश्वरबाटका आत्मा
पाएका छौं।
१३ औ जे कुरा पनि बोल्दछौं, ती
मानिसको ज्ञानले सिकाएका कुराहरूमा होइन,
तर आत्माले सिकाउनुभएका कुराहरूमा,
आत्मिक कुरा, आत्मिकैसँग तुलना गरेर
बोल्दछौं। १४ अब शारीरिक मानिसले
परमेश्वरका आत्माका कुरा ग्रहण गर्दैन,
किनकि ती त्यसको निम्ति मूर्खता हुन्छन्,
र त्यसले ती बुझ्नसक्तैन, किनकि ती आत्मिक
रीतिले जाँचिएका हुन्छन्। १५ तर
आत्मिक मानिसले सबै कुराको जाँच गर्दछ,
तर त्यो आफै चाहिं कुनै मानिसबाट
जाँचिएको हुँदैन। १६ किनभने कसले
प्रभुको मनलाई जानेको छ, र त्यसले उहाँलाई
सिकाउनसक्छ? तर अब हामीसँग ता
ख्रीष्टको मन छ।

३ औ ए भाइ हो, तिमीहरूसित
आत्मिकहरूसँग बोलेझैं बोल्न ता
होइन, तर शारीरिकहरूसँग, ख्रीष्टमा काखे-
बालकहरूसँग झैं म बोल्न सकें। २ मैले
तिमीहरूलाई दूधै खुवाएँ। खँदिलो कुरो ता
होइन। किनकि तिमीहरू खानसक्तैन थियौ,
अझसम्म पनि खानसक्तैनौ, ३ किनभने
तिमीहरू अझै शारीरिकनै छौ। किनभने
जहाँसम्म तिमीहरूमा डाह र झगड़ा छँदैछ,
के तिमीहरू शारीरिक र मानिसको चालमा
चल्ने भएनौ र? ४ किनकि जब एउटाले
'मचाहिं पावलको' अर्कोले 'मचाहिं अपोल्लसको'
भन्छ भने के तिमीहरू सांसारिक मानिस
भएनौ र?
५ तब अपोल्लस के हो? र पावल के
हो? हरेकलाई प्रभुले दिनुभएझैं सेवकहरू
ता हुन्, र जसद्वारा तिमीहरूले विश्वास
गर्‍यौ। ६ मैले रोपें, अपोल्लसले पानी
हाले, तर परमेश्वरले चाहिं बढ़ाउनुभयो।
७ यसकारण नता रोप्ने केही हो, न पानी
हाल्ने, बढ़ाउने परमेश्वरनै हुनुहुन्छ। ८ अब
हामी रोप्ने र पानी हाल्ने एउटै हौं। तर
हरेकले आफ्नो आफ्नो मेहनतअनुसार आफ्नो
आफ्नै इनाम पाउनेछ। ९ किनभने हामी
परमेश्वरका सहकर्मी हौं, तिमीहरू परमेश्वरका
खेत, र परमेश्वरद्वारा निर्माण भएका घर हौ।
१० मलाई दिएको परमेश्वरको अनुग्रह-
अनुसार एउटा बुद्धिमान घर बनाउने नाइकेले
जस्तै मैले जग बसालें, औ अर्कोले त्यसमाथि
बनाउँदैजान्छ। तर हरेक मानिसले ध्यान
देओस् आफैले त्यसमा कसरी बनाउँदैजान्छ।
११ किनभने बसालिएको जगबाहेक, जो
येशू ख्रीष्टनै हुनुहुन्छ, कुनै मानिसले अर्को
जग बसाल्नसक्तैन। १२ तर यस जगमाथि
कसैले सुन, चाँदी, बहुमूल्य पत्थरहरू, काठ,
घाँस, परालको घर बनाउँछ भने, १३ हरेक
मानिसको काम प्रत्यक्ष हुनेछ। त्यो आगैमा
प्रकट हुनेभएको हुनाले त्यसै दिनले त्यसलाई
बताउनेछ, र हरेक मानिसको काम कस्तो
किसिमको रहेछ भन्ने आगैले प्रमाण दिनेछ।
१४ त्यसमाथि बनाएको कुनै मानिसको
काम पक्का रह्यो भने, त्यसले इनाम
पाउनेछ। १५ कसैको काम जलेर नष्ट भयो
भने, त्यसले नोक्सानी भोग्नुपर्छ, तर
त्यो आफैचाहिं आगोबाट निस्केर बाँचेझैं
बाँच्नेछ।
१६ तिमीहरू परमेश्वरका मन्दिर हौ, औ
परमेश्वरका आत्मा तिमीहरूमा बास गर्नुहुन्छ
भन्ने के तिमीहरूलाई थाह छैन?
१७ कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्दछ
भने, परमेश्वरले त्यसलाई नष्ट गर्नुहुनेछ,
किनभने परमेश्वरको मन्दिर पवित्र छ, जो
तिमीहरूनै हौ।
१८ कसैले आफैलाई धोका नदेओस्।
तिमीहरूमध्ये कसैले यस संसारमा आफैलाई
बुद्धिमान सम्झन्छ भने त्यो मूर्ख बनोस्
र त्यो बुद्धिमान हुनेछ। १९ किनभने संसारको
ज्ञान परमेश्वरको अगि मूर्खता हो। किनकि
लेखिएको छ, 'उहाँले बुद्धिमानहरूलाई

तिनीहरूका धूर्त्याइँमा पक्रनुहुन्छ।' २० औ
फेरि, 'प्रभुले बुद्धिमानहरूका तर्कहरू
व्यर्थका हुन् भनी जान्नुहुन्छ।' २१ यसैले
मानिसहरूमा कसैले घमण्ड नगरोस्। किनभने
सबै थोक तिमीहरूकै हुन्, २२ चाहे
पावल, कि अपोल्लस, कि केफास, वा
संसार, अथवा जीवन, वा मृत्यु, वा
वर्त्तमानका कुराहरू, कि भविष्यका कुराहरू सबै
तिमीहरूका हुन्, २३ औ तिमीहरू
ख्रीष्टका हौ, र ख्रीष्टचाहिँ परमेश्वरका
हुनुहुन्छ।

४ यसरी मानिसले हामीलाई ख्रीष्टका
सेवकहरू र परमेश्वरका रहस्यका
कारिन्दाहरू सम्झोस्। २ अब, अरू
कुराबाहेक, कारिन्दाहरूमानै मानिस विश्वासी
पाइओस् भन्ने चाहिएको छ। ३ तर
तिमीहरूबाट, या मानिसहरूको न्यायअनुसार
मेरो इन्साफ हुनु यो ता मेरो निम्ति अति
सानो कुरो छ, म आफै पनि आफ्नो
इन्साफ गर्दिनँ। ४ किनकि म आफ्नै
विरुद्धमा केही जान्दिनँ, तापनि यसमा म
धर्मी ठहरिन्नँ, तर मेरो इन्साफ गर्ने प्रभुनै
हुनुहुन्छ।

५ यसकारण प्रभु नआउन्जेल बेला
अघिनै केही कुराको फैसला नगर। उहाँले
अँध्यारोमा छिपेका कुराहरूलाई प्रकाशमा
ल्याउनुहुनेछ, र हृदयका सल्लाह प्रकट
गर्नुहुनेछ, तब हरेक मानिसले परमेश्वरबाट
प्रशंसा पाउनेछ।

६ ए भाइ हो, मैले यी कुरा
तिमीहरूका खातिर, म आफै र अपोल्लसको
विषयमा उपमाको रूपमा दिएको छु, कि
लेखिएका कुराभन्दा बढ़ता गर्नुहुन्न भन्ने
तिमीहरूले हामीबाट सिक, र तिमीहरूमध्ये कुनै
पनि एउटा अर्कोको विरुद्धमा घमण्डले नफूल।
७ किनभने तिमीलाई कसले छुट्ट्याउँछ
र? तिमीले नपाएको के छ र? तर
तिमीले पाएका छौ भन, त्यो नपाए जस्तैगरी
किन घमण्डले फूल्दछौ? ८ तिमीहरू तृप्त
भइसकेका छौ, तिमीहरू धनी भइसकेका
छौ, तर तिमीहरूले राज्य गरेका भएता
हुनेथियो, र हामी पनि तिमीहरूसितै राज्य
गरेका भएता हुनेथियो, र हामी पनि
तिमीहरूसितै राज्य गर्नेथियौं।

९ किनभने म विचार गर्दछु, परमेश्वरले
हामी प्रेरितहरूलाई मृत्युको निम्ति सजाय
पाएकाहरूलाई झैं सबैभन्दा पछि प्रदर्शन
गराउनुभएको छ, किनकि हामी संसार,
स्वर्गदूतहरू र मानिसहरूका निम्ति तमाशा
भएका छौं। १० हामी ख्रीष्टको खातिर
मूर्ख बनेका छौं, तर तिमीहरू ख्रीष्टमा
बुद्धिमान बनेका छौ, हामी दुर्बल छौं,
तर तिमीहरू बलिया छौ, तिमीहरूको प्रशंसा
छ, तर हाम्रो अनादर। ११ यही बेलासम्म
पनि हामी भोका र प्यासा दुवै छौं, औ
नाङ्गा छौं, मुक्का खाँदैछौं र घरद्वार रहितका
छौं, १२ औ आफ्नै हातले काम गरेर
मेहनत गर्दैछौं गाली पाउँदा हामी
आशीर्वाद दिन्छौं, खेदो हुँदा हामी सहन्छौं।
१३ बदनाम हुँदा बिन्ती गर्छौं, अहिलेसम्म
हामी संसारका घैमल र सबै थोकका कसिङ्गर
बनेका छौं।

१४ तिमीहरूलाई शर्ममा पार्नालाई ता
होइन, तर मेरा प्यारा बालकहरूलाई जस्तै
अर्ती दिनालाई म यी कुरा लेख्तछु।
१५ किनकि ख्रीष्टमा तिमीहरूका दश हजार
शिक्षकहरू भए तापनि तिमीहरूका धेरै
बाबुहरू ता छैनन्, किनभने सुसमाचारद्वारा
मैले तिमीहरूलाई ख्रीष्ट येशूमा जन्माएँ।
१६ यसकारण म तिमीहरूलाई आग्रहपूर्वक
बिन्ती गर्दछु, तिमीहरू मेरो देखासिकी
गर्नेहरू होओ। १७ यसैकारण मैले तिमी-
हरूकहाँ तिमोथीलाई पठाएको छु, तिनी
प्रभुमा मेरा प्यारा र विश्वासी छोरा हुन्।
मैले सबै ठाउँमा सबै मण्डलीमा सिकाए-
बमोजिम ख्रीष्टमा भएका मेरा चाल तिनले
तिमीहरूलाई सम्झना गराउनेछन्।

१८ म तिमीहरूकहाँ आउँदै नआउने
जस्तैगरी कुनै कुनै ता घमण्डले फूलेका
छन्, अरे। १९ तर प्रभुको इच्छा भयो
भने, म तिमीहरूकहाँ चाँड़ै आउनेछु, औ
घमण्डले फूलेकाहरूका कुराको होइन, तर
शक्तिको चाहिं पत्ता पाउनेछु। २० किनभने
परमेश्वरको राज्य कुरामा होइन, तर
शक्तिमा छ। २१ तिमीहरू के इच्छा
गर्छौ? म तिमीहरूकहाँ छड़ी लिएर
आऊँ, कि प्रेम र नम्रताको आत्मामा?

५ तिमीहरूका बीचमा व्यभिचार छ
भन्ने स्पष्ट सुनिन्दैछ, औ यस्तो
व्यभिचार, जो अन्यजातिहरूमा पनि हुँदैन,
कि तिमीहरूमा एक जनाले आफ्नै बाबुको
स्वास्नी राखेको छ, अरे। २ यस्तो काम
गर्ने तिमीहरूमध्येबाट हटाइओस् भनेर
तिमीहरूले शोक ता गरेनौ, तर तिमीहरू
झन् घमण्डले फूलेका छौ। ३ किनभने
शरीरमा अनुपस्थिति, तर आत्मामा चाहिं
उपस्थिति भएझैं गरी यस्तो काम गर्ने
मानिसको इन्साफ मैले गरिसकेको छु,
४ हाम्रा प्रभु येशू ख्रीष्टको शक्ति हाम्रा
प्रभु येशू ख्रीष्टको नाउँमा तिमीहरूको र
मेरो आत्मा एकसाथ जम्मा हुँदा, ५ यस्तो
मानिसलाई शरीरको नाशको लागि शैतान-
कहाँ सुम्पिओस्, र प्रभु येशूको दिनमा
त्यसको आत्माले चाहिं उद्धार पाओस्।
६ तिमीहरूले घमण्ड गर्नु असल होइन।
अलिकता खमीरले जम्मै ढिकालाई खमिरी
बनाइहाल्छ भन्ने के तिमीहरूलाई थाह
छैन? ७ पूरानो खमीरलाई निकाल, र
तिमीहरू विना खमीरका भएझैं नयाँ ढिका
बन। किनभने हाम्रो निस्तार चाडको
बलिदान भइसकेको छ, जो ख्रीष्ट हुनुहुन्छ।
८ यसकारण हामी नता पूरानो खमीरले,
न कुकर्म र दुष्टताको खमीरले, तर
निष्कपट र सत्यताको अखमिरी रोटीले चाड
मनाऔं।

९ मैले मेरो पत्रमा तिमीहरूलाई
व्यभिचारीहरूको सङ्गत नगर्नू भनेर लेखेको
थिएँ। १० यो होइन कि, यस संसारका
व्यभिचारीहरू, अथवा लोभीहरू, वा
लुटाहाहरू, या मूर्तिपूजकहरूसित बिलकुलै
सङ्गत नगर्नू, नत्रता तिमीहरू संसारबाट
निस्किजानुपर्छ, ११ तर अब म तिमीहरूलाई
त्यसको सङ्गत नगर्नू भनेर लेख्तछु, जो भाइ
कहलिएर व्यभिचारी, अथवा लोभी, वा
मूर्तिपूजक, वा गाली गर्ने, कि मतवाला, अथवा
लुटाहा हुन्छ, त्यस्तो मानिससित ता खाँदै
पनि नखाओ।
१२ किनकि बाहिरकाहरूको इन्साफ गर्नु
मलाई के वास्ता? के तिमीहरू भित्रकाहरूको
इन्साफ गर्दैनौ? १३ तर बाहिरकाहरूको
इन्साफ परमेश्वरलेनै गर्नुहुन्छ। तिमीहरूले
तिमीहरूको बीचबाट दुष्ट मानिसलाई हटाओ।

६ के तिमीहरूमध्ये कुनैलाई अरू कसैको
विरुद्धमा केही कुरो परेमा इन्साफको
निम्ति त्यसले पवित्र जनहरूकहाँ नगएर अधर्मी-
हरूको सामने अदालतमा जाने आँट गर्छौ?
२ पवित्र जनहरूलेनै संसारको इन्साफ गर्छन्
भन्ने तिमीहरूलाई थाह छैन? संसारको
इन्साफ तिमीहरूबाट हुन्छ भने सानाभन्दा
साना कुराको इन्साफ के तिमीहरू गर्न अयोग्य
छौ र? ३ हामी स्वर्गदूतहरूको इन्साफ
गर्नेछौं भन्ने तिमीहरूलाई थाह छैन? यस
जीवनसम्बन्धी कुरामा झन् कति बढ़ता होला?
४ यस जीवनसम्बन्धी कुराको इन्साफ गर्नुछ
भने, के मण्डलीमा केही भाव नभएकाहरूलाई
इन्साफ गर्न नियुक्त गर्छौ? ५ तिमीहरूलाई
शर्ममा पार्नालाई म यो भन्छु, आफ्ना
दाज्यू-भाइको बीचको झगड़ा छिन्नसक्ने यस्तो
बुद्धिमान मानिस के साँच्चै तिमीहरूमा कोही
पाइँदैन र? ६ तर भाइ भाइको साथमा
अदालतमा जाने, र त्यो पनि विश्वास
नगर्नेहरूको सामनेमा?
७ अहँ, एउटामाथि अर्कोको मुद्दा हुनु यो

तिमीहरूको ठूलो त्रुटि हो। बरू अन्याय
किन नसहनु ? बरू किन ठगिएरनै नरहनु ?
८ होइन, तर तिमीहरूनै अन्याय गर्दछौ र
ठग्दछौ, त्यो पनि आफ्नै भाइहरूलाई
९ अधर्मीहरू परमेश्वरको राज्यको हकदार
हुँदैनन् भन्ने के तिमीहरूलाई थाह
छैन ? न ठागियौ। व्यभिचारीहरू,
मूर्त्तिपूजकहरू, जारी गर्नेहरू, लुच्चाहरू,
पुरुषगामीहरू, १० चोरहरू, लोभीहरू,
मतवालाहरू, गाली गर्नेहरू, लुटाहाहरू
परमेश्वरको राज्यको हकदार हुनेछैन।
११ औ तिमीहरूमा कोही कोही यस्तै थिए,
तर प्रभु येशू ख्रीष्टको नाउँमा, र हाम्रा
परमेश्वरका आत्माले तिमीहरू पखालिएका,
पवित्र भएका र धर्मी ठहरिएका छौ।

१२ सबै कुरा मेरो निम्ति न्यायसंगत
छन्, तर सबै कुरा फायदाका छैनन्। सबै
कुरा मेरो निम्ति न्यायसगतै छन्, तर म
कसैको अधीनमा पर्ने छैनँ। १३ खाने कुरा
पेटको निम्ति, र पेट खाने कुराको निम्ति,
तर परमेश्वरले यो पनि र ती पनि रद्दी
तुल्याउनुहुनेछ। तर शरीर व्यभिचारको निम्ति
होइन, तर प्रभुको निम्ति, औ प्रभु शरीरको
निम्ति। १४ परमेश्वरले प्रभुलाई बिउँताउनु-
भयो, र आफ्नो शक्तिले हामीलाई पनि
बिउँताउनुहुनेछ।

१५ तिमीहरूका शरीर ख्रीष्टका अङ्ग हुन्
भन्ने के तिमीहरूलाई थाह छैन ? त के म
ख्रीष्टको अङ्ग लिएर तिनलाई वेश्याका अङ्ग
तुल्याऊँ ? त्यसो नहोस्। १६ वेश्यासँग
मिसिने त्यससँग एउटै शरीरको हुन्छ भन्ने
के तिमीहरूलाई थाह छैन ? किनकि उहाँ
भन्नुहुन्छ, 'कि ती दुवै एउटै जीउ हुनेछन्।'
१७ तर जो प्रभुसित मिल्छ, त्यो एकै
आत्माको बन्दछ।

१८ व्यभिचारदेखि अलग रहो। अरू
जुनसुकै पाप जो मानिसले गर्दछ त्यो शरीरबाट
बाहिर हुन्छ, तर व्यभिचार गर्नेले आफ्नै
शरीरको विरुद्धमा पाप गर्दछ। १९ तिमीहरूको
शरीर तिमीहरूमा भएका पवित्र आत्माको
मन्दिर हो, जो परमेश्वरबाट तिमीहरूले
पाएका छौ भन्ने के तिमीहरूलाई
थाह छैन ? औ तिमीहरू आफै ता आफ्नै
होइनौ, २० किनभने तिमीहरू दाम तिरेर
किनिएका हौ, यसकारण आफ्नो शरीरमा
परमेश्वरको महिमा गर।

७ अब तिमीहरूले लेखेका कुराहरूका
विषयमा चाहिँ, पुरुषले स्त्रीलाई
नछुनुनै असल हो। २ तर ज्यादै
व्यभिचार भएकोले हरेक मानिसको आफ्नै
पत्नी होस्, र हरेक स्त्रीको आफ्नै पति
होस्। ३ पतिले पत्नीसँग गर्नु पर्ने
व्यवहार गरोस्, औ त्यसैगरी पत्नीले पनि
पतिसँग। ४ पत्नीको आफ्नो शरीरमाथि
केही अधिकार हुँदैन, तर पतिको हुन्छ,
त्यसैगरी पतिको पनि आफ्नो शरीरमाथि केही
अधिकार हुँदैन, तर पत्नीको हुन्छ।
५ प्रार्थनाको निम्ति तिमीहरूले फुर्सत पाउना-
लाई, र फेरि एकैसाथ हुनालाई, आपसको
सम्मतिले थोरै समयको निम्ति बाहेक, एकले
अर्कोलाई इन्कार नगर, कि तिमीहरूको असंयमले
गर्दा शैतानले तिमीहरूको परीक्षा नगरोस्।

६ यो म तिमीहरूलाई आज्ञाको रूपमा
होइन, तर अनुमतिको रूपमा भन्छु। ७ तर
सबै मानिस मजस्तै होऊन् भन्ने म इच्छा
गर्छु। तापनि हरेक मानिसमा परमेश्वरबाट
आफ्नो आफ्नो वरदान छ, एउटालाई यस
किसिमको, अर्कोलाई त्यस किसिमको।

८ तर अविवाहित र विधवाहरूलाई
म भन्दछु, तिनीहरू मजस्तै भएर
रहे तिनीहरूका निम्ति बढिया हुनेछ।
९ तर ती आफूलाई वशमा राख्न सक्तैनन्
भनेता तिनीहरूले विवाह गरून्, किनभने
कामाग्निले जल्नुभन्दा विवाह गर्नु असल
हो।

१० अब विवाह गरेकाहरूलाई म कडा
आज्ञा दिन्छु, मैले होइन प्रभु दिनुहुन्छ, कि

पत्नी पतिबाट छुट्टेर नबसोस्, ११ तर
छुट्टेर बसी भने त्यसले विवाह नगरी बसोस्,
अथवा पतिसित मिलापमा बसोस्, औ
पतिले पत्नीलाई नत्यागोस्।
१२ तर तिमी बाँकीलाई म भन्दछु,
प्रभुले होइन, कुनै ख्रीष्टियानको विश्वास
नगर्ने पत्नी छ, र त्यो उसित बस्न
चाहन्छे भने उसले त्यसलाई नछोड़ोस्।
१३ औ जस स्त्रीको विश्वास नगर्ने
पति छ, र त्यो उसित बस्न चाहन्छ
भने, त्यसले आफ्नो पतिलाई नछोड़ोस्।
१४ किनभने विश्वास नगर्ने पति, पत्नीमा
पवित्र हुन्छ, र विश्वास नगर्ने पत्नी,
ख्रीष्टियान लोग्नेमा पवित्र हुन्छ, नत्रता
तिमीहरूका बालबच्चा अशुद्ध हुनेथिए,
तर यसो भएकोले ती पवित्र हुन्छन्।
१५ तापनि विश्वास नगर्ने चाहिं छुट्टिन्छ
भने छुट्टिओस्, यस्तो अवस्थामा त्यो ख्रीष्टियान
पति अथवा पत्नी कुनै बन्धनमा रहनेछैन। तर
परमेश्वरले हामीलाई मेल मिलापमा बोलाउनु-
भएको छ। १६ तिमीले तिम्रो पतिलाई
कतिसम्म बचाउने हो, ए स्त्री, तिमी यो
कसरी जान्दछौ? अथवा तिमीले तिम्रो
पत्नीलाई कतिसम्म बचाउने हो, ए पुरुष,
तिमी यो कसरी जान्दछौ?
१७ तर जसरी प्रभुले हरेक मानिसलाई
आफ्नो आफ्नो भाग लगाइदिनुभएको छ,
र जसरी परमेश्वरले हरेकलाई बोलाउनुभएको
छ, त्यसरी मात्र त्यो चलोस्। औ सबै
मण्डलीहरूमा म यस्तै आज्ञा दिन्छु। १८ के
कोही मानिस खतना भएपछि बोलावट
भएको छ? त त्यो बेखतनाको नहोस्।
के कोही खतना नहुँदै बोलावट भएको छ?
त त्यो खतना नहोस्। १९ परमेश्वरको आज्ञा
पालन गर्नबाहेक खतना केही होइन, र
बेखतना पनि केही होइन, २० जुन अवस्थामा
त्यो बोलावट भएको छ त्यसैमा हरेक मानिस
रहिरहोस्। २१ के दासको अवस्थामा तिमी
बोलावट भएका छौ? त्यसको निम्ति वास्ता
नगर, तर तिमी स्वतन्त्र हुनसक्छौ भने,
बरू मौका नचुक। २२ किनभने दास
भईकन जो प्रभुमा बोलावट हुन्छ, त्यो
प्रभुको अमलेख भएको मानिस हो। त्यसैगरी
जो स्वतन्त्र अवस्थामा बोलावट भएको छ,
त्यो ख्रीष्टको दास हो। २३ दाम तिरेर
तिमीहरू किनिएका हौ। मानिसहरूका दास
नबन। २४ ए भाइ हो, जुन अवस्थामा
हरेक मानिस बोलावट भएको छ, त्यो
त्यसैमा परमेश्वरसँग रहिरहोस्।
२५ कन्याहरूका बारेमा प्रभुको आज्ञा
मसित केही छैन, तर विश्वासयोग्य हुनालाई
प्रभुबाट कृपा पाएबमोजिम म आफ्नो
सल्लाह दिन्छु।
२६ वर्तमान सङ्कष्टले गर्दा मानिस
जस्तो छ त्यस्तै रहे असल होला भन्ने म
विचार गर्छु। २७ के तिमी विवाहको
बन्धनमा परेका छौ? त्यसो भए स्वतन्त्र
हुन नखोज। के तिमी विवाहको बन्धनबाट
मुक्त छौ? त्यसो भए विवाह गर्नु नखोज
२८ तर तिमीले विवाह गर्‍यौ भने पनि
पाप गरेका हुँदैनौ, कन्ये-केटीले विवाह गरेमा
पाप हुँदैन। तरै पनि यस्ताहरूलाई शरीरमा
कष्ट हुनेछ, र म तिमीहरूलाई जोगाउन
चाहन्छु।
२९ तर ए भाइ हो, म यो भन्दछु,
कि समय अल्प भएको छ, र अब उप्रान्त
पत्नी भएका मानिसहरू पत्नी हुँदै नभएका-
हरूजस्तै होऊन्, ३० रुनेहरू नरुनेहरूजस्ता,
आनन्द गर्नेहरू आनन्द नगर्नेहरूजस्ता,
३१ औ यस संसारका रीतिमा चल्नेहरू
नचल्नेहरूजस्ता होऊन्, किनभने यस
संसारको रूप बितेर जाँदैछ।
३२ तर तिमीहरू सबै निष्फिक्री होओ
भन्ने म चाहन्छु। विवाह नभएकोले म
प्रभुलाई कसरी खुशी राखूँ भन्ने प्रभुकै
कुराको विषयमा फिक्री गर्दछ, ३३ तर
विवाह भएकोले म पत्नीलाई कसरी खुशी
राखूँ भनेर संसारको कुराको फिक्री गर्दछ।

३४ विवाह भएकी र कन्याहरूमा भिन्नता
छ। विवाह नभएकीले म शरीर र आत्मा
दुवैमा पवित्र रहूँ भनेर प्रभुकै कुराका
विषयमा फिक्री गर्दछ, तर विवाह भएकीले
चाहिं कसरी आफ्ना पतिलाई खुशी राखूँ
भनेर संसारका कुराको फिक्री गर्दछ।
३५ औ म यो तिमीहरूलाई पासो
थाप्नालाई ता होइन, तर शिष्टाचारको
निम्ति र बाधा विना प्रभुको भक्ति गर्नसक
भनेर तिमीहरूको आफ्नै लाभको निम्ति
भन्दछु।
३६ विवाह नभएकी छोरीतर्फ शिष्टा-
चारको व्यवहार गरेको छैन भन्ने कुनै
मानिसले सम्झन्छ, र त्यसको बैंस पनि
पुगिसकेको छ, र विवाह गर्न खाँचो छ
भने त्यसलाई उसले त्यसै गर्न देओस्,
अर्थात् तिनीहरूलाई विवाह गर्नदेओस्।
त्यसलाई पाप लाग्दैन। ३७ तर जसले
हृदयमा दृढ़ गर्दछ, औ उसलाई दरकार
पनि छैन, र आफ्नो इच्छाबमोजिम राख्न-
सक्ने ताकत छ, र आफ्नी छोरीलाई कन्यै
राख्न आफ्नो हृदयमा निश्चय गरेको छ
भने त्यसले असलै गर्दछ। ३८ यसरी
जसले आफ्नी कन्याको विवाह गरिदिन्छ
उसले असलै गर्दछ, र विवाह नगरिदिनेले
ता झन् असल गर्दछ।
३९ त्यसको पति बाँचुञ्जेल पत्नी
पतिकै बन्धनमा रहन्छ, तर पति मरेपछि
भने त्यसले जसलाई इच्छा गर्छे त्यससित
विवाह गर्न स्वतन्त्र हुन्छ, तर प्रभुमा मात्र।
४० तर मेरो विचारमा, त्यो त्यसै बस्छे
भने झन् सुखी हुन्छ, औ म सम्झन्छु
कि ममा पनि परमेश्वरका आत्मा हुनुहुन्छ।

८ अब मूर्तिहरूको प्रसादको विषयमा
चाहिं हामी जान्दछौं, कि हामी
सबैलाई यसको ज्ञान छँदैछ। ज्ञानले घमण्ड
बढ़ाउँछ, तर प्रेमले उन्नति गराउँछ।
२ मैले केही जानेको छु भनी कसैले
सम्झन्छ भने जति जान्नुपर्छ त्यसले अझ
केही जानेको हुँदैन। ३ तर कसैले
परमेश्वरलाई प्रेम गर्दछ भने त्यो उहाँबाट
चिनिएको हुन्छ।
४ यसकारण मूर्तिहरूका प्रसाद खाने
विषयमा चाहिं, हामी जान्दछौं, कि संसारमा
मूर्ति केही कुरो होइन, र एकबाहेक दोस्रो
परमेश्वर छैन। ५ किनभने धेरै देवताहरू
र धेरै मालिकहरू भएझैं, चाहे आकाशमा,
चाहे पृथ्वीमा, देवता कहलिएकाहरू ता
छन्, ६ तापनि हाम्रा निम्ति ता परमेश्वर
एउटै हुनुहुन्छ, अर्थात् पिता, जसका सबै
कुराहरू हुन्, र हामी उहाँकै हौं, औ
एउटै प्रभु येशू ख्रीष्ट, जसद्वारा सबै
कुराहरू भएका छन्, र हामी पनि उहाँद्वारै
भएका हौं।
७ तापनि सबै मानिसमा यो ज्ञान
हुँदैन, तर तिनीहरूलाई अझसम्मै मूर्तिपूजाको
बानी बसेकोले, कुनै कुनैले मूर्तिको प्रसादलाई
नैवेद्य सम्झी खान्छन्, औ तिनीहरूको
अन्तस्करण कमजोरी हुँदा बिटुलिहाल्छ।
८ तर खानेकुरोले हामीलाई परमेश्वर
प्रति कुनै फायदा हुँदैन। नखाएर साना
हुँदैनौ, औ खाएर ठूला हुँदैनौ।
९ तर होशियार तिमीहरूको यस
स्वतन्त्रताले कमजोरीहरूलाई बाधा नपारोस्।
१० किनभने यदि तिमी जान्ने-बुझ्नेलाई
मूर्तिको मन्दिरमा खान बसिरहेको कुनै
मानिसले देख्यो भने, र त्यो कमजोरी मानिस
छ भने, के त्यसको अन्तस्करण मूर्तिको
प्रसाद खानालाई सुरिज र? ११ किनकि
कमजोरी भाइ जसको निम्ति ख्रीष्ट मर्नुभयो,
तिम्रो ज्ञानले गर्दा नष्ट हुन्छ। १२ अब
यसरी भाइहरूका विरुद्धमा पाप गर्दा र
तिनीहरूका कमजोर अन्तस्करणलाई चोट
लाउँदा तिमीहरू ख्रीष्टको विरुद्धमा पाप
गर्दछौ। १३ यसकारण खाने कुरोले मेरो
भाइलाई बाधा पार्छ भने, म आफ्नो भाइलाई
बाधा नपार्नालाई कहिल्यै मासु खानेछैनँ।

९ के म स्वतन्त्र छैनँ? के म प्रेरित
होइनँ? के मैले येशू, हाम्रा
प्रभुलाई देखेको छैनँ? के प्रभुमा तिमीहरू
मेरा हातका काम होइनौ? २ म अरूहरूका
निम्ति प्रेरित नभए पनि कम से कम
तिमीहरूका निम्ति ता हुँ, किनभने मेरो
प्रेरितपनाको छाप ता प्रभुमा तिमीहरूनै
हौ।
३ मलाई जाँच्नेहरूलाई मेरो यही
जवाफ छ, ४ के हामीलाई खाने र पिउने
अधिकार छैन? ५ के अरू प्रेरितहरू,
प्रभुका भाइहरू र केफासलाई जस्तै हामीलाई
पनि ख्रीष्टियान पत्नी लिएर हिँड्नालाई
अधिकार छैन र? ६ कि के मलाई र
बर्णाबासलाई मात्र कामबाट फरक रहने
अधिकार छैन? ७ कुनै सिपाहीले कहिले
आफ्नै खर्चमा नोकरी गर्दछ र? कसले
दाखबारी लाएर त्यसको फल खाँदैन?
अथवा कसले भेड़ाको बथान पालेर ओल्नको
दूध पिउँदैन?
८ के मानिसले बोलेझैँ म यी कुरा
बोल्छु? अथवा के व्यवस्थाले पनि यही
कुरा भन्दैन र? ९ किनभने मोशाको
व्यवस्थामा लेखिएको छ, 'दाइँ गर्ने गोरुलाई
मुहला नलगाओ।' के गोरुहरूका विषयमा
मात्र परमेश्वरले फिक्री गर्नुहुन्छ? १० के
उहाँले हाम्रा खातिर यसो भन्नुहुन्छ?
हाम्रै खातिर ता यसो लेखिएको हो,
'किनकि जोत्नेले आशामा जोत्नुपर्छ, र अन्न
चुट्नेले हिस्सा पाउने आशामा चुट्नुपर्छ।'
११ यदि हामीले तिमीहरूका निम्ति आत्मिक
वस्तुहरू छरिदिएका छौं भने, तिमीहरूका
संसारी बाली काट्नु ठूलो कुरो हो र?
१२ अरूहरूले तिमीहरूमाथिको यो हक लिन
सम्भागी हुन्छन् भने, हामीलाई झन् के
अरू बढ़्ता हक छैन? तापनि हामीले यस
हकको प्रयोग गरेनौं, तर ख्रीष्टको
सुसमाचारमा बाधा नपारौं भनेर हामी सबै
कुरा सहन्छौं। १३ के तिमीहरूलाई थाह
छैन, कि मन्दिरमा काम गर्नेहरूले मन्दिरका
थोकहरूबाट खान्छन्, र वेदीका सेवा
गर्नेहरूले बलिबाट हिस्सा लिन्छन्?
१४ त्यसरीनै सुसमाचार सुनाउनेहरूले पनि
सुसमाचारबाटै जीविका चलाउनू भनी
प्रभुले आज्ञा दिनुभएको छ।
१५ तर यी कुराहरूमध्ये मैले कुनैको
प्रयोग गरेको छैनँ, औ मेरो निम्ति यसै होस्
भनेर मैले यी कुरा लेखेको होइन, किनभने
कसैले मेरो घमण्ड व्यर्थको ठहराउनभन्दा
बरू मेरो निम्ति मर्न मलाई असल छ।
१६ किनभने यदि मैले सुसमाचार सुनाएँ
भने मलाई घमण्ड गर्न पर्ने केही छैन,
किनकि मलाई करै लागेको छ, किनकि
सुसमाचार सुनाइनँ भनेता मलाई धिक्कार
छ। १७ राजीखुशीले म यो काम गर्दछु
भने, मलाई इनाम छ, तर मेरो राजीखुशीले
होइन भनेता, एउटा ठूलो उत्तरदायित्व
मलाई सुम्पिएको छ। १८ त अब मेरो
इनाम के हो ता? सुसमाचारमा भएको
हकको पूरा उपयोग नगर्नालाई सुसमाचार
सुनाउँदा म सुसमाचारलाई मोल बिनाको
तुल्याउनसकूँ।
१९ किनभने सबै मानिसहरूबाट स्वतन्त्र
भएता पनि, अझै धेरैलाई हात पारूँ भनेर
मैले आफैलाई सबैका बन्धनमा पारें।
२० औ यहूदीहरूलाई हात पारूँ भनेर,
म यहूदीहरूका बीचमा यहूदीजस्तै भएँ,
व्यवस्थाका अधीनमा रहनेहरूलाई हात पारूँ
भनेर, म आफै व्यवस्थाको अधीनमा
नभईकन व्यवस्थाको अधीनमा भएकाहरूका
निम्ति व्यवस्थाकै अधीनमा भएको जस्तै म
भएँ। २१ व्यवस्थाका अधीनमा नभएका-
हरूलाई हात पार्नालाई परमेश्वरको अधीनमा
नभईकन, तर ख्रीष्टको व्यवस्थाको अधीनमा
भएर व्यवस्थाको अधीनका नभएकाहरूका
निम्ति म व्यवस्था नभएजस्तै भएँ।
२२ कमजोरीहरूलाई हात पारूँ भनेर
कमजोरीहरूका निम्ति म कमजोरीनै भएँ।

कुनै किसिमले कसै कसैलाई बचाइहालूँ भनेर
सबैका निम्ति म सबै कुरा भएँ।
२३ औ म त्यसको सम्भागी होऊँ
भनेर सुसमाचारको खातिर सब थोक गर्दछु।
२४ के तिमीहरूलाई थाह छैन दौड़मा
दगुर्नेहरू सबै दगुर्छन्, पुरस्कार एउटैले
मात्र पाउँछ? त्यसरीनै दगुर, र पुरस्कार
पाओ। २५ औ खेलमा दाँजिने हरेक
मानिस सब विषयमा संयमी हुन्छ। अब
तिनीहरूचाहिँ नाश हुने मुकुट पाउनालाई
तर हामीचाहिँ नाश नहुने मुकुट पाउनालाई
यसो गर्दछौं। २६ यसकारण म यसरी
दगुछुं, बेताकसित होइन, म यसरी मुक्का
लड्दछु, केवल हावामा हान्ने जस्तो
होइन, २७ तर म आफ्नो शरीरलाई
कुट्तछु, र वशमा ल्याउँछु, नत्रता अरू-
हरूलाई प्रचार गरेपछि म आफैचाहिँ
इन्कार गरिनेछु।

१० किनभने ए भाइ हो, हाम्रा पिता-
पुर्खाहरू सबै बादलमनि थिए, र
सबै समुद्र पार गरेर तरे भन्ने कुरामा
तिमीहरू अजान रहो भन्ने मेरो इच्छा
छैन। २ सबैले बादल र समुद्रमा मोशाको
बप्तिस्मा लिए। ३ सबैले एकै आत्मिक
खानेकुरो खाए। ४ सबैले एकै आत्मिक
पिउनेकुरो पिए, किनकि तिनीहरूका पछि-
पछि लागेको एउटा आत्मिक पहराको पानी
तिनीहरूले पिए। औ त्यो पहराचाहिँ ख्रीष्टनै
हुनुहुन्थ्यो। ५ तापनि तिनीहरूमध्ये धेरैसँग
परमेश्वर प्रसन्न हुनुभएको थिएन, किनकि
तिनीहरू वनमा परास्त भए।
६ तिनीहरूले लालसा गरेझैं हामीले
खराब कुराको लालसा गर्नुहुन्न भन्ने
मनसायले यी कुरा हाम्रा निम्ति उदाहरण
भएका हुन्। ७ औ तिनीहरूमध्ये कोही
कोही भएझैं तिमीहरू मूर्तिपूजक नहोओ,
जसरी लेखिएको छ, 'मानिसहरू खान र
पिउनालाई बसे, अनि लीला गर्न उठे।'
८ हामी व्यभिचार नगरौं, जसरी तिनीहरू-
मध्ये कुनै कुनैले व्यभिचार गरेथे, र एकै
दिनमा तेइस हजार मरेथे। ९ हामी प्रभुको
परीक्षा नगरौं, जसरी तिनीहरूमध्ये कुनै
कुनैले गरेथे, र सर्पहरूबाट नष्ट भएथे
१० तिमीहरू गनगन नगर, जसरी तिनी-
हरूमध्ये कुनै कुनैले गनगन गरेथे, र
नष्ट पार्नेबाट नष्ट भएथे।
११ यी कुराहरू तिनीहरूलाई उदाहरणको
रूपमा भएथे, र हाम्रो चेताउनीको निम्ति
लेखिएका हुन्, जसमाथि युगहरूको अन्त
हुनलागेको छ।
१२ यसकारण म खड़ा छु भन्ने जसले
विचार गर्दछ, त्यो होशियार रहोस, नत्रता
त्यो लड्छ। १३ मानिसले सहनसक्ने
किसिमको बाहेक अरू परीक्षामा तिमीहरू
परेका छैनौ, तर परमेश्वर विश्वासयोग्य
हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूका
शक्तिदेखि बाहिरको परीक्षामा पर्न दिनुहुनेछैन,
तर तिमीहरूले सहनसकोस् भनेर परीक्षाको
साथसाथै उम्कने बाटो पनि दिनुहुन्छ।
१४ यसकारण, ए मेरा प्रिय हो,
मूर्तिपूजाबाट अलग रहो। १५ बुद्धिमान
मानिसहरूलाई जस्तैगरी म भन्छु। म जे
भन्छु, त्यसको जाँच गर। १६ आशिषको
त्यो कचौरा जसको निम्ति हामी आशिष
माग्छौं, के त्यो ख्रीष्टको शरीरको सम्भागी
होइन? त्यो रोटी जसलाई हामी भाँच्छौं,
के त्यो ख्रीष्टको शरीरको सम्भागी होइन
र? १७ किनकि हामी धेरै छौं, तापनि
एउटै रोटी—एउटै शरीर हौं, किनभने हामी
सबै एउटै रोटीबाट खान्छौं।
१८ शरीरअनुसारका इस्राएललाई हेर,
बलिदानको वस्तु खानेहरूको सम्भागी के
वेदीसँग हुँदैन र? १९ त म के भनूँ?
के मूर्तिलाई चढ़ाएको वस्तु केही हो?
अथवा के मूर्ति केही चीज हो र?
२० तर अन्यजातिहरू जो बलि चढ़ाउँछन्
परमेश्वरलाई होइन, तर भूत-प्रेतहरूलाई

चढ़ाउँछन्, औ तिमीहरू भूत-प्रेतहरूसित
सह-भागी होओ भन्ने म इच्छा गर्दिनँ।
२१ तिमीहरूले प्रभुको कचौरा र भूत-
प्रेतहरूको कचौरा दुवैबाट पिउनसक्तैनौ।
तिमीहरूले प्रभुको टेबल र भूत-प्रेतहरूको
टेबल दुवैबाट खानसक्तैनौ। २२ अथवा
के हामी प्रभुलाई रीस उठाऔं? के हामी
उहाँभन्दा बलिया छौं र?
२३ सबै कुरा न्यायसंगत छन्, तर
सबै कुरा फायदाका छैनन्। सबै कुरा
उचित छन्, तर सबै कुराले सुधार
गर्दैनन्। २४ आफ्नै होइन, तर आफ्नो
छिमेकीको भलाइ खोज।
२५ बगरेहरूकहाँ जे बेचिन्छ, विवेकको
खातिर केही सोधपूछ नगरीकन खाओ,
२६ किनभने पृथ्वी र त्यसको भरपूरी
प्रभुकै हुन्।
२७ विश्वास नगर्नेहरूमध्ये कसैले तिमी-
हरूलाई निम्तो दिएर तिमीहरूको जाने
इच्छा भयो भने, तिमीहरूका अगाड़ि जे
राखिदिएको हुन्छ, विवेकको खातिर केही
सोधपूछ नगरी खाओ। २८ तर कोही
मानिसले तिमीलाई 'यो ता मूर्तिको प्रसाद'
भनीदियो भने, त्यो बताइदिनेको खातिर,
र विवेकको खातिर, नखाओ। २९ म
भन्दछु, तिम्रै विवेकले ता होइन, तर
अरूको खातिर, किनकि मेरो स्वतन्त्रताको
इन्साफ अर्काको विवेकले किन हुने र?
३० यदि धन्यवाद गरेर म भोजनमा
सह-भागी हुन्छु भने, जुन कुरामा मैले
धन्यवाद चढ़ाएँ, त्यसमा किन मेरो खराबी
बोल्नु?
३१ यसकारण चाहे तिमीहरू खाओ
अथवा पिओ, अथवा तिमीहरू जेसुकै गर,
सबै परमेश्वरकै महिमाको निम्ति गर।
३२ तिमीहरूले यहूदीहरू अथवा ग्रीकहरू,
या परमेश्वरको मण्डलीलाई कुनै किसिमको
बाधा पार्ने मौका नदेओ, ३३ जसरी म
पनि मेरो आफ्नै लाभ होइन, तर धेरैको
लाभ खोज्दै, र तिनीहरूको उद्धार होस्
भनेर सबै मानिसलाई सबै विषयमा खुशी
तुल्याउने कोशिष गर्छु।

११ म ख्रीष्टमा भएझैं तिमीहरू पनि
मेरो देखा-सिकी गर्ने होओ।
२ म तिमीहरूको तारीफ गर्दछु, कि
सबै विषयमा तिमीहरूले मलाई सम्झन्छौ,
र मैले तिमीहरूलाई सुम्पेबमोजिमकै
शिक्षाहरूको पालन गर्दछौ। ३ तर तिमी-
हरूले यो जान भन्ने म चाहन्छु, कि
हरेक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ, औ
स्त्रीको शिर पुरुष हो, र ख्रीष्टका शिर
परमेश्वर हुनुहुन्छ।
४ शिर ढाकेर प्रार्थना गर्ने, अथवा
अगमवाणी बोल्ने, हरेक पुरुषले आफ्नो
शिरको बेइज्जत गर्दछ, ५ तर शिर खुला
राखेर प्रार्थना गर्ने, अथवा अगमवाणी
बोल्ने, हरेक स्त्रीले आफ्नो शिरको
बेइज्जत गर्दछ, किनकि यो ता त्यसले
कपाल खौरेकै जतिको हो। ६ किनकि
कुनै स्त्रीले शिर ढाकीन भने बरू त्यसले
केश काटोस्, तर केश काट्नु कि खौरनु
स्त्रीको निम्ति शर्म हो भनेता त्यसले घुम्टो
हालोस्। ७ किनभने पुरुष परमेश्वरको रूप
र शोभा हो र शिर ढाक्नु पर्दैन, तर स्त्री
चाहिँ लोग्नेको शोभा हो। ८ किनभने
पुरुष ता स्त्रीको होइन, तर स्त्रीचाहिँ पुरुषको
हो, ९ किनकि पुरुष स्त्रीको निम्ति
सृष्टि भएको होइन, तर स्त्री पुरुषको
निम्ति हो। १० यसैकारण स्वर्गदूतहरूका
कारण स्त्रीले अधिकारको चिह्न आफ्नो
शिरमा राखोस्। ११ त्यसो भए तापनि
प्रभुमा ता स्त्रीविना पुरुष हुँदैन, न
पुरुषविना स्त्रीहुन्छ। १२ किनकि जसरी
स्त्री पुरुषबाटको हो, त्यसरीनै पुरुष पनि
स्त्रीद्वाराकै हो, तर सबै थोकचाहिँ परमेश्वरका
हुन्।
१३ शिर नढाकेर परमेश्वरलाई प्रार्थना

गर्न के स्त्रीलाई सुहाउँछ ? तिमीहरू आफैले
विचार गर। १४ पुरुषले लामो कपाल
पाल्यो भने, त्यो त्यसको निम्ति शर्मको कुरो
हो भनी के प्रकृति आफैले पनि तिमीहरूलाई
सिकाउँदैन र ? १५ तर यदि स्त्रीको लामो
कपाल छ भनेता, त्यो त्यसको निम्ति शोभा
हो, किनकि त्यसको कपालनै त्यसको घुम्टो
हुनालाई दिएको हो। १६ तर कोही मानिस
जबरदस्त गर्छ भनेता, न परमेश्वरको
मण्डलीको, न हाम्रो यस्तो केही चलन छ।
१७ अब यो आदेश दिँदा म तिमीहरूको
तारीफ गर्दिनँ, किनकि तिमीहरू अझ असलको
निम्ति होइन, तर खराबीको निम्ति भेला
हुन्छौ। १८ किनकि पहिला ता म यो
सुन्छु, कि तिमीहरू मण्डलीका सभाहरूमा
फूट पनि हुन्छ अरे, औ म केही विश्वास
पनि गर्दछु। १९ तिमीहरूमध्ये स्वीकार
भएकाहरूचाहिँ प्रकट होऊन् भनेर तिमीहरूका
बीचमा मत-विरोधीहरू हुनैपर्दछ। २० यसकारण
जब तिमीहरू भेला हुन्छौ, तब प्रभु-भोज
खान सम्भव नहोला, २१ किनकि खाँदा
हरेकले आफ्नो भोजन पहिलेनै खाइहाल्छ,
औ एउटा भोकै रहन्छ, र अर्कोचाहिँ मद्य
पिइराखेको हुन्छ। २२ खान र पिउनलाई
के तिमीहरूका आफ्नो आफ्नै घर छैनन् र ?
अथवा के तिमीहरू परमेश्वरको मण्डलीलाई
तुच्छ ठान्छौ, र नहुनेहरूलाई शर्ममा पार्दछौ ?
म तिमीहरूलाई के भनूँ ? के यसमा म
तिमीहरूको तारीफ गरूँ ? म तिमीहरूको
तारीफ गर्दिनँ।
२३ किनकि मैले प्रभुबाट जे पाएँ,
त्यो तिमीहरूलाई सुम्पि पनि दिएँ,
अर्थात्, जुन रात उहाँ पक्राउ पर्नुभयो त्यस
रात प्रभु येशूले रोटी लिनुभयो, २४ औ
धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो,
र भन्नुभयो, 'यो तिमीहरूका निम्ति मेरो
शरीर हो। यो मेरो सम्झनाको निम्ति गर।'
२५ त्यसैगरी खाइसक्नुभएपछि कचौरा लिएर
यसो भन्नुभयो, 'यो कचौरा मेरो रगतमा
भएको नयाँ करार हो, जहिले जहिले तिमीहरू
पिउँछौ मेरो सम्झनामा यो अक्सर गर्नेगर।
२६ किनभने जहिले जहिले तिमीहरू यो
रोटी खान्छौ र कचौराबाट पिउँछौ, उहाँ
नआउन्जेल तिमीहरू प्रभुको मृत्युको प्रचार
गर्दछौ।' २७ यसकारण जसले अयोग्यसाथ
प्रभुको रोटी खान्छ, कि कचौराबाट पिउँछ
भने, त्यो प्रभुका शरीर र रगतको दोषी
हुनेछ। २८ तर मानिसले आफूलाई
जाँचोस्, र यसरीनै त्यसले रोटी खाओस्
र कचौरबाट पिओस्।
२९ किनकि प्रभुको शरीरको वास्ता
नराखीकन खाने र पिउनेले आफूमाथि दण्डको
आज्ञा ल्याउँछ। ३० यसैकारणले तिमीहरूमध्ये
धेरै जना कमजोरी र रोगी छौ, र धेरै
जना मरे। ३१ तर हामी आफैले
आफ्नो वास्ता गरेका हुँदा हो ता हामी
इन्साफमा पर्नेथिएनौं। ३२ अब हाम्रो इन्साफ
हुँदा हामी संसारसँग दोषी नठहरिऔं भनेर
प्रभुबाट हामी चेताउनी पाउँछौं।
३३ यसकारण ए मेरा भाइ हो, खानालाई
भेला हुँदा एक दोस्रोलाई पर्ख। ३४ तिमीहरू
खान भेला हुँदा दोषी नठहरिनालाई कोही
भोकाउँछ भने, त्यसले घरमा खाओस्। अब
अरू बाँकी कुराचाहिँ म आएर मिलाउँला।

आत्मिक वरदान

१२ अब ए भाइ हो, आत्मिक
वरदानहरूका विषयमा तिमीहरू
अजान रहो भन्ने मेरो इच्छा छैन।
२ तिमीहरू जान्दछौं, जब तिमीहरू मूर्ति-
पूजक थियौ, तब नबोल्ने मूर्तिहरूतिर
जताजता लग्यो त्यतात्यतै डोहिएका थियौ।
३ यसकारण म तिमीहरूलाई थाह दिन्छु,
परमेश्वरका आत्मामा भएर बोल्ने कसैले येशू
श्रापित हुनुहुन्छ भनी भन्दैन, औ पवित्र
आत्मामा बाहेक कसैले येशूलाई प्रभु हो
भन्नसक्तैन।

४ अब वरदान किसिम किसिमका छन्,
तर आत्मा ता उही हो। ५ औ सेवाहरू
किसिम किसिमका छन्, तर प्रभु ता उहीनै।
६ औ कामहरू किसिम किसिमका छन्,
तर परमेश्वर ता उही, जसले सबैमा सबै
काम गर्नुहुन्छ। ७ तर सबैको फायदाको
लागि ता आत्माको प्रकाश हरेकलाई दिइएको
छ। ८ किनकि एउटालाई आत्माद्वारा
ज्ञानको कुरो दिएको छ, औ अर्कोलाई त्यही
आत्माअनुसार बुद्धिको कुरो, ९ कसैलाई
उही आत्मामा विश्वास, र कसैलाई एउटै
आत्मामा निको पार्ने वरदान, १० कसैलाई
आश्चर्यकर्मको काम, कसैलाई अगमवाणी
बोल्ने, कसैलाई आत्माहरू छुट्याउने, कसैलाई
किसिम किसिमका भाषा बोल्ने, र कसैलाई
भाषाको अर्थ लाउने, ११ तर यी सब काम
आफ्नो इच्छाअनुसार हरेकलाई विभिन्न
किसिमले बाँडिदिएर उही एउटै आत्मा काम
गर्नुहुन्छ।

१२ किनकि जस्तो शरीर एउटै
हो, तर त्यसका धेरै अङ्गहरू हुन्छन्, र
शरीरका सबै अङ्गहरू धेरै भए तापनि एउटै
शरीर हो, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ।
१३ किनकि चाहे यहूदी, चाहे ग्रीक, चाहे
कमारा, चाहे फुक्का, हामी सबै पनि एउटै
शरीर भई एउटै आत्मामा बप्तिस्मा भयौं,
र सबैलाई एउटै आत्माबाट पिउनालाई
दिइयो।

१४ किनकि शरीर एउटै अङ्ग होइन,
तर धेरै। १५ यदि खुट्टाले म हात
होइनँ, यसकारण म शरीरको होइनँ, भन्यो
भने, के यसैकारण त्यो शरीरको हुँदैन?
१६ औ कानले म आँखा होइनँ, यसकारण
म शरीरको होइनँ भन्यो भनेता के
त्यो शरीरको हुँदैन? १७ यदि जम्मै शरीर
आँखा हुँदो हो, त सुन्ने कहाँबाट हुने? यदि
जम्मै सुन्ने हुँदो हो, त सुँघ्ने कहाँबाट हुने?
१८ तर अब परमेश्वरले आफ्नो इच्छा-
बमोजिम शरीरमा हरेक अङ्ग राखिदिनुभएको
छ। १९ अब यदि तिनीहरू सबै एउटै
अङ्ग हुँदा हुन्, त शरीर कहाँ? २० तर
तिनीहरू धेरै हुन्, र शरीर चाहिं
एउटै।

२१ औ आँखाले हातलाई मलाई तेरो
दरकार छैन, अथवा फेरि शिरले खुट्टालाई
मलाई तिमीहरूको दरकार छैन भन्नसक्तैन।
२२ होइन तर शरीरका बढ़ता कमजोरी अङ्ग-
हरूनै बरु ज्यादा आवश्यकीय छन्। २३ औ
शरीरका बढ़ता अनादर सम्झेका अङ्गहरूलाई
हामीले बढ़ता आदर दिन्छौं, औ
शोभा नभएका अङ्गहरूको बढ़ता शोभा हुन्छ,
२४ तर शोभा भएका हाम्रा अङ्गहरूको
दरकार हुँदैन, तर परमेश्वरले घटी भएको
अङ्गलाई ज्यादै आदर दिएर शरीरलाई
ठाक-ठुक मिलाइदिनुभएको छ। २५ यसरी
शरीरमा फूट नहोस्, तर अङ्गहरू एउटाले
अर्कोको निम्ति एकै किसिमको वास्ता राखून्।
२६ औ एउटा अङ्गलाई दुःख भयो भने,
सबै अङ्गले यसैको साथसाथै दुःख भोग्छन्,
अथवा एउटा अङ्गको आदर भयो भने,
सबै अङ्गहरूले यसैको साथसाथै आनन्द
गर्दछन्।

२७ अब तिमीहरू ख्रीष्टका शरीर र
त्यसैका विभिन्न अङ्गहरू हौ। २८ औ
परमेश्वरले कतिलाई मण्डलीमा नियुक्त
गर्नुभएको छ—पहिला प्रेरितहरू, दोस्रो अगम-
वक्ताहरू, तेस्रा शिक्षकहरू, तब आश्चर्यकाम
गर्नेहरू, अनि निको पार्ने वरदान पाएकाहरू,
सहायता गर्नेहरू, शासन गर्नेहरू, भिन्न भिन्न
भाषा बोल्नेहरू। २९ के सबै प्रेरित,
के सबै अगमवक्ता, के सबै शिक्षक, के
सबै आश्चर्यकर्म गर्नेहरू हुन् र? ३० के
सबैसँग निको पार्ने वरदान छ? के सबै
भिन्न भिन्न भाषा बोल्दछन्? के सबैले
अर्थ खोल्नसक्छन् र? ३१ तर अझ उच्च
वरदानहरूका निम्ति उत्कट इच्छा गर।
औ म तिमीहरूलाई अझै उत्तम मार्ग
बताउँछु।

प्रेम

१३ यदि म मानिसहरू र स्वर्गदूतहरूका
भाषामा बोलें, तरैपनि ममा प्रेम
छैन भने, म हल्ला र फोस्रो आवाज
गर्ने घण्टा, कि झ्याली मात्र हुन्छु।
२ यदि मलाई अगमवाणी बोल्ने शक्तिको
वरदान छ, र म सबै रहस्यहरू र सबै बुद्धि
जान्दछु, औ डाँडाहरू हटाउनसम्मको विश्वास
मसित छ, तर ममा प्रेमचाहिँ छैन भने,
म केही पनि होइनँ।
३ यदि मैंले आफ्ना सारा सम्पत्ति
गरीबहरूलाई खुवाउनालाई दिएँ, र मेरो
शरीरै जलाइ दिएँ, तर मसित प्रेम
छैन भने, मलाई केही पनि लाभ हुँदैन।
४ प्रेम धीरजी र दयालु हुन्छ। प्रेमले
डाह गर्दैन, प्रेमले आफै सेखी गर्दैन, र
घमण्डले फुल्दैन, ५ आफै बेकायदासाथ
चल्दैन, आफ्नै भलाइ खोज्दैन, रिसाउँदैन
खराबीको वास्ता गर्दैन। ६ अधर्ममा खुशी
हुँदैन, तर सत्यमा खुशी हुन्छ। ७ सबै
कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै
कुराको आशा गर्छ, सबै कुरामा स्थिर
रहन्छ।
८ प्रेम कहिल्यै टल्दैन, तर चाहे अगम-
वाणीहरू होऊन्, ती टली जान्छन्, चाहे
भाषाहरू होऊन्, ती बन्द हुन्छन्।
चाहे बुद्धि होस्, त्यो रद्दी हुन्छ।
९ किनकि हामी केही मात्र जान्दछौं, औ
केही मात्र अगमवाणी बोल्दछौं। १० तर
जब सिद्धचाहिँ आउँछ, तब अपूरो कुरो टलेर
जान्छ।
११ जब म बालक थिएँ, तब बालकले
जस्तै बोल्थें, बालकले जस्तै सोच्थें, बालकले
जस्तै बिचार गर्थें, तर अब म जवान भएको
छु, र केटा-केटीको कुरो छोडिदिएको छु।
१२ अहिले हामी ऐनामा धमिलेसँग देख्छौं,
तर त्यस बेलाचाहिँ मुखामुख, अहिले म केही
मात्र जान्दछु, तर त्यस बेलाचाहिँ जसरी म
अहिले चिनिएको छु, त्यसैगरी म पूरै चिन्नेछु।
१३ तर विश्वास, आशा, प्रेम, यी तीन
रहन्छन्, र यिनमा सर्वोत्तम चाहिँ प्रेम हो।

१४ प्रेमको पछि लाग, तापनि आत्मिक
वरदानहरूका निम्ति उत्कट इच्छा
गर, तर खासगरी अगमवाणी बोल्नालाई।
२ किनकि अन्य भाषामा बोल्नेले मानिस-
हरूसित होइन, तर परमेश्वरसित बोल्दछ।
किनकि कसैले बुझ्दैन, तर आत्मामा
रहस्यकै कुरा त्यो बोल्दछ। ३ तर अगम-
वाणी बोल्नेले मानिसहरूको सुधार, साहस,
शान्ति र सान्त्वनाका कुरा बोल्दछ।
४ अन्य भाषा बोल्नेले आफ्नो सुधार गर्छ,
तर अगमवाणी बोल्नेले मण्डलीको सुधार
गर्छ।
५ अब तिमीहरू सबै जना विभिन्न
भाषा बोल भन्ने म चाहन्छु, तर
विशेषगरी अगमवाणी गर। औ मण्डलीको
सुधार होस् भनेर अर्थ खोल्नबाहेक अगम-
वाणी बोल्नेचाहिँ विभिन्न भाषामा बोल्नेभन्दा
श्रेष्ठ हो। ६ ए भाइ हो, म तिमीहरूकहाँ
विभिन्न भाषामा बोल्दैआएँ, तर मैंले
प्रकाशमा, कि ज्ञानमा, अथवा अगमवाणीमा
वा शिक्षामा बोलिनँ भनेता मबाट तिमी-
हरूलाई के फायदा छ र?
७ जस्तै सुर निकाल्ने निर्जीव वस्तुहरूमा
पनि, चाहे बाँसुरी अथवा वीणा होस्,
तिनीहरूले सुरको भेद दिँदैनन् भनेता बाँसुरी
अथवा वीणा के बजाएको हो, कसरी चिन्नु
र? ८ यदि तुरहीले नबुझ्ने सोर
दियो भनेता लडाइँको निम्ति को तयार
होला र? ९ त्यसैगरी तिमीहरूले पनि
सजिलैसँग बुझ्नसकिने विभिन्न भाषामा बोलेनौ
भनेता, के बोलेको हो, कसरी बुझ्ने?
किनकि तिमीहरू ता हावामा बोलिरहेका
हुनेछौ। १० संसारमा सायद धेरै किसिमका
भाषाहरू छन्, र कुनै पनि बेमतलबका
छैनन्। ११ यसकारण यदि बोलेको भाषाको

अर्थ मैले बुझिनँ भनेता बोल्नेको निम्ति म
विदेशी हुनेछु, र त्यो बोल्नेचाहिँ मेरो
निम्ति विदेशी हुनेछ। १२ किनकि जसरी
तिमीहरू पनि आत्मिक वरदानको जोशमा
छौ, त्यसैगरी तिमीहरू मण्डलीको सुधारको
निम्ति प्रशस्त हुनालाई प्रयत्न गर।
१३ यसकारण अन्य भाषामा बोल्नेले
त्यसको अर्थ खुलाउनालाई प्रार्थना गरोस्।
१४ किनभने मैले अन्य भाषामा प्रार्थना गरें
भनें मेरो आत्माले ता प्रार्थना गर्दछ, तर
मेरो समझ चाहिँ काम नलाग्ने हुन्छ।
१५ अब मैले के गर्नें ता? आत्माले
प्रार्थना गर्दा म समझले पनि प्रार्थना गर्नेछु।
म आत्माले स्तुति गर्दा समझले पनि स्तुति
गर्नेछु। १६ आत्माले धन्यवाद चढ़ाउँदा
तिमीले भनेको कुरा केही नबुझीकन
बाहिरको साधारण अवस्थामा बस्ने मानिसले
तिमीले धन्यवाद चढ़ाएकोमा कसरी 'आमिन'
भन्ला? १७ किनभने तिमीले चाहिं
ता राम्ररी धन्यवाद दिएका हुन्छौ, तर
अर्कोको सुधार भएको हुँदैन।
१८ म परमेश्वरमा धन्यवाद चढ़ाउँछु,
म तिमीहरू सबैभन्दा बेशी विभिन्न भाषामा
बोल्छु। १९ तापनि मण्डलीमा अन्य भाषामा
दश हजार शब्दमा बोल्नुभन्दा ता मैले
अरूहरूलाई मेरो बुद्धिले पाँचैवटा शब्द
बोलेर शिक्षा दिन सकूँ भन्ने म चाहन्छु।
२० ए भाइ हो, समझमा केटा-केटी
नहोओ, खराबीमा बालकहरू होओ, तर
समझमा मानिस होओ। २१ व्यवस्थामा
लेखिएको छ, 'प्रभु भन्नुहुन्छ, म
विदेशी भाषा बोल्ने मानिसबाट र
विदेशीहरूका ओठबाट यी मानिसहरूसित
बोल्नेछु, रपनि तिनीहरूले मलाई त्यसरी
पनि सुन्नेछैनन्।' २२ यसकारण भाषाहरू
विश्वास गर्नेहरूका निम्ति होइन, तर
नगर्नेहरूका निम्ति चिह्न हो, तर अगमवाणी
चाहिं विश्वास नगर्नेहरूका निम्ति होइन,
तर गर्नेहरूका निम्ति चिह्न हो।
२३ त यदि जम्मै मण्डली एक ठाउँमा
जम्मा हुँदा सबै जनाले विभिन्न भाषामा
बोले भने, र अपठित अथवा विश्वास
नगर्नेहरू त्यहाँ आएमा के तिनीहरूले तिमी-
हरूलाई बौलाहा भन्ने छैनन् र? २४ तर
सबै जनाले अगमवाणी बोले, र कोही
विश्वास नगर्ने अथवा बाहिरको साधारण
मानिस भित्र आयो भने, त्यो सबैबाट दोषी
ठहरिनेछ, र सबैले त्यसको परीक्षा गर्नेछन्,
२५ त्यसको हृदयका गुप्त कुराहरू प्रकट
हुनेछन्, र यसरी त्यो घोप्टो परेर 'साँच्चिनै
परमेश्वर तिमीहरूका बीचमा हुनुहुन्छ' भनेर
स्वीकार गर्दै त्यसले परमेश्वरलाई दण्डवत्
गर्नेछ।
२६ तब यो के हो त, भाइ हो?
तिमीहरू एकसाथ भेला हुँदा हरेकसँग
भजन हुन्छ, शिक्षा हुन्छ, प्रकाश हुन्छ,
बोली हुन्छ अथवा अर्थ खोल्ने शक्ति
हुन्छ। सबै कुरा सुधारको निम्ति गरिओस्।
२७ कसैले अन्य भाषामा बोल्दछ भने,
दुइ जनाले मात्र अथवा बढ़ीमा तीन
जनासम्मले, त्यो पनि पालो पालोसँग बोलून्,
र एउटाले अर्थ खोलोस्। २८ तर अर्थ
खोल्ने कोही नभए, त्यो मण्डलीको सभामा
चूप रहोस्, र त्यो आफैसित र परमेश्वरसित
बोलोस्। २९ औ अगमवक्ताहरू चाहिं दुइ
अथवा तीन जना भएर बोलून्, र अरू-
हरूले तिनीहरूको कुरा जाँच गरून्।
३० तर सभामा बसिरहने अर्कोलाई केही
प्रकाश हुनआयो भने, पहिलोचाहिं चूप
रहोस्। ३१ किनकि सबैले सिकून् र
सबैले सान्त्वना पाऊन् भनेर तिमीहरू सबैले
एकएक गरी अगमवाणी बोल्नसक्छौ,
३२ औ अगमवक्ताका आत्मा अगमवक्ताकै
अधीनमा हुन्छन्, ३३ किनकि पवित्र
जनका सबै मण्डलीमा जस्तै, परमेश्वर
गोलमालका परमेश्वर होइन, तर शान्तिका
परमेश्वर हुनुहुन्छ।
३४ स्त्रीहरू मण्डलीका सभामा चूपचाप

रहून्, किनभने तिनीहरूलाई बोल्ने अनुमति
छैन, तर व्यवस्थाले भनेझैं तिनीहरू अधीनमा
रहून्। ३५ औ तिनीहरू केही कुरा
सिक्नचाहन्छन् भने, घरमा आफ्ना आफ्ना
पतिहरूलाई सोधून्, किनभने स्त्रीहरूलाई
मण्डलीमा बोल्नु शर्मको कुरो हो।
३६ के परमेश्वरको वचन तिमीहरूबाट
बाहिर निस्केको हो? अथवा के तिमीहरू-
कहाँ मात्र आएको हो?
३७ कसैले आफूलाई अगमवक्ता अथवा
आत्मिक मानिस सम्झन्छ भने, मैले लेखेका
यी कुरा प्रभुका आज्ञा हुन् भन्ने जानेर
विचार गरून्। ३८ तर कोही अजान छ
भने, त्यो अजानै रहोस्।
३९ यसकारण हे भाइ हो, अगमवाणी
बोल्नालाई उत्कट इच्छा गर, औ विभिन्न
भाषामा बोल्नालाई नरोक। ४० तर सबै
काम शिष्ट रुपले र नियमपूर्वक गर्नू।

पुनरुत्थान

१५ ए भाइ हो, म तिमीहरूलाई त्यही
सुसमाचार बताउँछु, जो मैले
तिमीहरूलाई प्रचार गरेथें, र तिमीहरूले
ग्रहण पनि गरेथ्यौ, जसमा तिमीहरू अड़ेका
पनि छौ, २ मैले तिमीहरूलाई प्रचार
गरेको सुसमाचारमा रहिरह्यौ भने, र
तिमीहरूले व्यर्थमा विश्वास गरेनौ भने,
तिमीहरूको उद्धार पनि हुनेछ। ३ किनभने
सबैभन्दा पहिले मैले तिमीहरूलाई त्यो
बुझिदिएँ जो मैले पाएको पनि थिएँ,
अर्थात् धर्मशास्त्रअनुसार कसरी ख्रीष्ट हाम्रा
पापको निम्ति मरे, ४ र गाड़िए,
औ धर्मशास्त्रैअनुसार तेस्रो दिनमा उहाँको
पुनरुत्थान भयो, ५ औ उहाँ केफासकहाँ,
अनि बाह्रै जनाकहाँ देखापर्नुभयो,
६ त्यसपछि उहाँ एकैपल्ट पाँच सयभन्दा
बढ़ता भाइहरूकहाँ देखापर्नुभयो, जसमध्ये
धेरैजसो अहिलेसम्म छँदैछन्, तर कुनै कुनै
सुतिसके। ७ त्यसपछि उहाँ याकूबकहाँ
अनि सबै प्रेरितहरूकहाँ, देखा पर्नुभयो।
८ अनि सबैभन्दापछि बेला नपुगी
जन्मेको मानिस जस्तै मकहाँ पनि उहाँ
देखा पर्नुभयो। ९ किनकि प्रेरितहरूमध्ये म
सबैभन्दा सानो हुँ। म ता प्रेरित भनिनै
पनि सुहाउँदिनँ। किनभने मैले परमेश्वरको
मण्डलीलाई खेदो गरें। १० तर परमेश्वरको
अनुग्रहले म जे छु, त्यही छु, र ममाथि
भएको उहाँको अनुग्रह व्यर्थमा भएन। तर
ती सबैले भन्दा बढ़ता मैले परिश्रम गरें।
तैपनि मैले ता होइन, तर मसँग भएको
परमेश्वरको अनुग्रहले। ११ यसकारण
मैले भए पनि, तिनीहरूले भए पनि, हामी
यसरीनै प्रचार गर्छौं, र तिमीहरूले यसरीनै
विश्वास गर्‍यौ।
१२ मरेकाहरूबाट पुनरुत्थान हुनुभएको
छ भन्ने ख्रीष्टको प्रचार हुन्छ भने, तिमी-
हरूमध्ये कसै कसैले मरेकाहरूको पुनरुत्थान
हुँदैन भनी कसरी भन्छौ? १३ तर
मरेकाहरूको पुनरुत्थान हुँदैन भनेता! ख्रीष्ट
पनि बिउँतनुभएको होइन। १४ औ यदि
ख्रीष्ट बिउँतनुभएको होइन भनेता, हाम्रो प्रचार
व्यर्थ हो, र तिमीहरूको विश्वास पनि व्यर्थै
भयो! १५ हामी परमेश्वरका झूटा साक्षी
ठहरिन्छौं, किनभने हामीले परमेश्वरको
विषयमा उहाँले ख्रीष्टलाई बिउँताउनुभयो भन्ने
गवाही दिएका थियौं। मरेकाहरू नबिउँताइने
भएता उहाँलाई परमेश्वरले बिउँताउनुभएन!
१६ यदि मरेकाहरू नबिउँताइने भएता
ख्रीष्ट पनि बिउँताइनुभएन। १७ औ ख्रीष्ट
नबिउँताइनु भएको भए, तिमीहरूको विश्वास
व्यर्थ हुन्छ, तिमीहरू अझसम्म आफ्ना पापमा
छँदैछौ। १८ तब ख्रीष्टमा मर्नेहरू पनि
नष्ट भएका छन्। १९ यसै जीवनमा मात्र
ख्रीष्टमा हामीले आशा राखेका छौं भने,
हामी सबै मानिसहरूभन्दा ज्यादै दयनीय छौं।
२० तर अब मर्नेहरूमा पहिलो फल
भएर ख्रीष्ट मरेकाहरूबाट बिउँतनुभएको छ।

२१ किनभने मृत्यु एक जना मानिसबाट
भएको हुनाले मरेकाहरूको पुनरुत्थान पनि
एकै जना मानिसबाट भयो।
२२ किनकि जसरी आदममा सबै
मर्दछन्, त्यसरीनै ख्रीष्टमा पनि सबै जीवित
हुनेछन्। २३ तर हरेक आफ्नो आफ्नै
क्रमअनुसार—ख्रीष्ट पहिलो फल, त्यसपछि
उहाँका आगमनमा ख्रीष्टकाहरू जति।
२४ जब उहाँले सारा प्रभुत्व, सारा
अख्तियार र शक्ति नामेट गरेर परमेश्वर,
अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ, तब
अन्त हुन्छ। २५ किनकि उहाँले सारा
शत्रुलाई आफ्ना पाउमनि नराखुञ्जेल उहाँले
राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नामेट
हुने शत्रु, मृत्यु हो। २७ किनभने
परमेश्वरले सब कुरालाई उहाँका पाउको
अधीनमा राख्नुभयो। तर जब 'उहाँले सब
कुरा अधीनमा राख्नुभयो' भनी भन्नुहुन्छ
तब यो सफा देखिन्छ, कि जसले सब कुरा
आफ्नो अधीनमा राख्नुहुन्छ, उहाँचाहिँ बाहेक
हुनुहुन्छ। २८ औ जब सबै कुरा उहाँको
अधीनमा भएका हुन्छन्, तब परमेश्वर
सबैमा सर्वश्रेष्ठ हुनालाई, सबै कुरा उहाँको
अधीनमा ल्याउनुहुने पुत्र पनि उहाँको
अधीनमा हुनुहुनेछ।
२९ नत्रता मरेकाहरूका निम्ति बप्तिस्मा
लिनेहरू के गर्नेछन्? मुर्दाहरू नबिउँताइने
भएता तिनीहरूका निम्ति किन बप्तिस्मा
दिन्छन्? ३० किन हामी पनि हर घड़ी
आपत्मा रहिरहौं? ३१ ए भाइ हो, हाम्रा
प्रभु येशू ख्रीष्टमा तिमीहरूका निम्ति मसँग
भएको मेरो घमण्डको शपथ खाएर भन्दछु,
म दिनहुँ मर्दछु। ३२ मैले एफिससमा
जङ्गली जानवरहरूसित मानिसको चालामा
लड़ेको भएदेखि मलाई के फायदा हुन्थ्यो र?
मरेकाहरू नबिउँतने भएता आओ, हामी
खाऔं र पिऔं, किनभने भोलि ता हामी
मरिहाल्छौं पो। ३३ नठगियौ, खराब
सङ्गतले भला चाल-चलनलाई बिगार्दछ।
३४ धर्मको निम्ति जागा बस र पाप नगर'
किनकि कसै कसैलाई परमेश्वरको ज्ञानै छैन।
तिमीहरूलाई शर्ममा पार्नलाई म यो भन्दछु।
३५ तर 'मरेकाहरू कसरी बिउँतन्छन्
र? र तिनीहरू कस्तो किसिमको शरीर
लिएर आउँछन्?' भनी कसैले भन्ला। ए
निर्बुद्धि मानिस, ३६ जे तिमी छर्दछौ त्यो
नमरीकन सजीव हुँदैन। ३७ औ जे तिमी
छर्दछौ, त्यो पछि उत्पन्न हुने शरीर ता
होइन, तर सिर्फ बिउ पो छर्दछौ, चाहे त्यो
गहुँको होस्, अथवा अरू कुनै किसिमको
अन्नको होस्। ३८ तर परमेश्वरले आफूलाई
खुशी लागेबमोजिम त्यसलाई एउटा शरीर
दिनुहुन्छ, र हरेक बिउलाई त्यसैबमोजिमको
शरीर।
३९ सबै शरीर एकै किसिमको शरीर
हुँदैन। तर मानिसहरूको शरीर एक किसिमको,
र जन्तुहरूको अर्कै शरीर, चराहरूको अर्कै
शरीर, र माछाहरूको अर्कै किसिमको शरीर
हुन्छ।
४० औ दैविक शरीर र लौकिक शरीर
पनि हुन्छन्। दैविक शरीरको तेज एक
किसिमको छ, औ लौकिक शरीरको तेज अर्कै
किसिमको। ४१ सूर्यको प्रकाश एक किसिमको,
चन्द्रको प्रकाश अर्कै, र ताराहरूको प्रकाश
अर्कै किसिमको हुन्छ। किनभने प्रकाशमा
एउटा तारा अर्को ताराभन्दा विभिन्न हुन्छ।
४२ मरेकाहरूको पुनरुत्थान पनि त्यस्तै
हो। विनाशमा त्यो छरिन्छ, अविनाशमा
बिउँताइन्छ। ४३ अनादरमा त्यो छरिन्छ,
तेजमा बिउँताइन्छ। दुर्बलतामा त्यो
छरिन्छ, शक्तिमा बिउँताइन्छ। ४४ प्राकृतिक
शरीरमा छरिन्छ, आत्मिक शरीरमा
बिउँताइन्छ। प्राकृतिक शरीर छ भने,
आत्मिक शरीर पनि हुन्छ। ४५ यसो
पनि लेखिएको छ, 'पहिलो मानिस
आदम जीवित प्राणी भयो। पछिल्लो आदम
जीवन दिने आत्मा हुनुभयो।' ४६ तापनि
पहिलो चाहिँ ता आत्मिक होइन, तर प्राकृतिक

हो। त्यस पछिको चाहिं आत्मिक हो।
४७ पहिलो मानिस पृथ्वीबाटको, माटाको हो।
दोस्रो मानिस स्वर्गबाटको हो। ४८ जस्तै
माटाको मानिस, त्यस्तै ती माटाका मानिस-
हरू पनि, जस्तै स्वर्गीय मानिस, त्यस्तै ती
स्वर्गीय मानिसहरू पनि। ४९ औ जसरी
हामीले माटाको रूप धारण गरेका छौं,
त्यसरीनै स्वर्गीय रूप पनि धारण गर्नेछौं।

५० अब ए भाइ हो, म यो भन्दछु,
मासु र रगत स्वर्गको राज्यको हकदार
हुनसक्तैन, नता विनाश अविनाशको हकदार
हुनसक्छ।

५१ हेर, म तिमीहरूलाई एउटा रहस्य
भन्दछु, 'हामी सबै मरिजाँदैनौ, तर हामी
सबैको परिवर्त्तन हुनेछ। ५२ एकै क्षणमा,
आँखाको एक निमेषमा, तुरहीको आखिरी
आवाजमा, किनभने तुरही बज्नेछ, र मरेकाहरू
अविनाशी रूपमा बिउँताइनेछन्, औ हाम्रो
चाहिं परिवर्त्तन हुनेछ। ५३ किनकि यस
विनाशीले अविनाशी, र यस मरणशीलले
अमर रूप धारण गर्नैपर्छ। ५४ तर जब यस
विनाशीले अविनाशी धारण गरेको, र मरण-
शीलले अमर धारण गरेको हुन्छ, तब
लेखिएको त्यो कुरो पूरा हुनेछ, 'मृत्यु
विजयमा निलियो। ५५ ए मृत्यु, तेरो
विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?
५६ मृत्युको खील पाप हो, र पापको
शक्ति व्यवस्था हो। ५७ तर परमेश्वरलाई
धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु
येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ'।'

५८ यसकारण, ए मेरा प्रिय भाइ हो,
स्थिर र अटल बस। सधैं प्रभुको काममा
प्रशस्त हुँदै जाओ। किनकि तिमीहरू
जान्दछौ, कि तिमीहरूको परिश्रम प्रभुमा
व्यर्थ हुँदैन।

१६ अब पवित्र जनहरूका निम्ति चन्दाको
विषयमा, मैले गलातियाका मण्डली-
हरूलाई आज्ञा दिए जस्तै तिमीहरूले पनि
गर। २ प्रत्येक हप्ताको पहिलो दिन तिमीहरू
हरेकले आफ्नो आफ्नो उन्नतिअनुसार
जोगाएर साँचिराखोस्, र म आउँदाखेरि कुनै
चन्दा उठाउने काम हुनेछैन। ३ औ जब
म आइपुग्नेछु, तब चन्दा यरूशलेममा
लानलाई जस जसलाई तिमीहरू चाहन्छौ,
तिनीहरूलाई म चिट्ठीहरू दिएर पठाउनेछु।
४ तर मलाई पनि जान अनुकुल पर्‍यो भने,
तिनीहरू मेरो साथमा जालान्।

५ तर म्यासिडोनियाको यात्रा गरेपछि
म तिमीहरूकहाँ आउनेछु। किनभने म म्यासि-
डोनिया भएरै आउनेछु। ६ तर सायद म
तिमीहरूकहाँ केही दिन बस्नेछु, अथवा
हिउँदै पनि बिताउनेछु, अनि जहाँ जाऊँला
तिमीहरूले मलाई अलि परसम्म पुर्‍याइदेओ।
७ किनभने बाटैमा भेटे जस्तो तिमीहरूलाई
अहिले भेट्न म इच्छा गर्दिनँ। तर प्रभुले
अनुमति दिनुभयो भने, केही समयसम्म
तिमीहरूसँगै रहने आशा गर्दछु। ८ तर
पेन्तिकोसको चाडसम्म म एफिससमा रहनेछु,
९ किनभने मेरो निम्ति एउटा ठूलो र
अभिप्राय पूरा गर्ने ढोका खुला भएको छ।
औ त्यहाँ धेरै विरोधीहरू छन्।

१० अब तिमोथी आए भने तिनी
तिमीहरूकहाँ निर्भयसँग रहून्। किनकि मैले
गरेजस्तो तिनी पनि प्रभुको काम गर्दछन्।
११ यसकारण कसैले तिनलाई हेला नगरोस्।
तर शान्तिसित तिनलाई आफ्नो यात्रामा
पठाइदेओ, र तिनी मकहाँ आऊन्। किनभने
तिनलाई भाइहरूका साथमा म प्रतीक्षा गर्दैछु।
१२ तर भाइ अपोल्लसको विषयमा चाहिं,
तिनी भाइहरूका साथमा तिमीहरूकहाँ आऊन्
भनेर मैले तिनलाई धेरै बिन्ती गरे, र
अहिले आउन तिनलाई बिल्कुलै इच्छा भएन,
तर मौका पाउनेसाथ तिनी आउनेछन्।

१३ होशियार बस, विश्वासमा दृढ
भइबस पुरुषार्थी होओ, बलिया होओ।
१४ तिमीहरू जे गर्छौ ती सबै प्रेममा
गरिएका होऊन्।

१५ ए भाइ हो, म तिमीहरूलाई बिन्ती
गर्दछु, तिमीहरूले स्तिफनसका घरानाका
विषय जान्दछौ, ती अखैयाका पहिला फल
हुन्, र तिनीहरूले पवित्र जनहरूका सेवाको
निम्ति आफैलाई अर्पण गरेका छन्,
१६ कि तिमीहरूले पनि यस्ताहरूको, र काम
सघाउने र परिश्रम गर्ने हरेकको अधीनमा
आफूलाई राख। १७ औ स्तिफनस,
फोर्टुनाटस र अखाइकसको आगमनमा म
आनन्द गर्दछु, किनकि तिमीहरूलाई जे
कुराको अभाव थियो, सो तिनीहरूले पूरा
गरिदिए। १८ किनकि तिनीहरूले मेरो र
तिमीहरूका आत्मालाई आराम दिए, यसकारण
यस्ताहरूलाई तिमीहरूले यथोचित आदर गर।

१९ एशियाका मण्डलीहरूले तिमीहरूलाई
अभिवादन पठाएका छन्। अक्वीला र प्रिस्का
र तिनीहरूका घरमा भएको मण्डलीले प्रभुमा
तिमीहरूलाई धेरै धेरै सलाम पठाएका छन्।
२० सबै भाइहरूले तिमीहरूलाई सलाम
पठाएका छन्। एक दोस्रोलाई पवित्र चुम्बनले
अभिवादन गर।

२१ म पावलको आफ्नै हातले लेखेको
सलाम। २२ कसैले प्रभुलाई प्रेम गर्दैन
भने, त्यो श्रापित होस्। हाम्रा प्रभु
आउनुहुनेनैछ। २३ प्रभु येशू ख्रीष्टको
अनुग्रह तिमीहरूसँग होस्। २४ ख्रीष्ट
येशूमा मेरो प्रेम तिनीहरू सबैसँग रहोस्।
आमिन।

पावल प्रेरितको

कोरिन्थीहरूलाई

दोस्रो पत्र

१ पावल, परमेश्वरको इच्छाबमोजिम
येशू ख्रीष्टका प्रेरित, र हाम्रा भाइ
तिमोथीबाट, अखैयामा हुने परमेश्वरको
मण्डलीलाई,—
२ तिमीहरूलाई परमेश्वर हाम्रा पिता र
प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।
३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र
पिता, कृपाका पिता, र सबै सान्त्वनाका
परमेश्वर धन्यका हुनुहुन्छ। ४ परमेश्वरबाट
जुन सान्त्वना हामीले पाएका छौं, त्यही
सान्त्वनाले कुनै पनि सङ्कष्टमा हुनेहरूलाई
सान्त्वना दिनसकौं भनेर हो। उहाँले हाम्रा
सबै सङ्कष्टमा सान्त्वना दिनुभएको छ।
५ किनकि जसरी हामीलाई ख्रीष्टका पीड़ा
प्रशस्त मात्रामा हुन्छ, त्यसरीनै हाम्रो सान्त्वना
पनि ख्रीष्टद्वारा प्रशस्त मात्रामा हुन्छ।
६ तर हामीले सङ्कष्ट पाए तापनि यो
तिमीहरूको सान्त्वना र उद्धारको निम्ति हो।
हामीले सान्त्वना पाए, तापनि जुन पीड़ा
हामी भोग्दछौं, तिनै पीड़ाको धैर्य धारणले
गर्दा त्यो तिमीहरूको सान्त्वनाको निम्ति
भएको हो। ७ औ यो जानेर कि, तिमी-
हरूका निम्ति हाम्रो आशा दृढ़ छ, किनकि
जसरी तिमीहरू ती दुःखका सह-भागी छौ,
त्यसैगरी सान्त्वनाका पनि सह-भगी छौ।
८ किनकि ए भाइ हो, एशियामा
हामीलाई परेको सङ्कष्टको विषयमा तिमीहरू-
लाई थाह होस् भन्ने म चाहन्छु। किनभने
हामी यतिसम्म साहो गरी मिचिएका थियौं,
कि हाम्रो सामर्थ्यदेखि बाहिर भई
जीवनसम्म हरेस खान परेको थियो।
९ हामी आफैमा होइन तर मरेकाहरूलाई
बिउँताउनुहुने परमेश्वरमा भरोसा राखी आफैले
मृत्युदण्डको आज्ञा आफैमाथि पाएका थियौं,
१० जसले हामीलाई यति ठूलो मृत्युबाट
छुटाउनुभयो, र उहाँले अझै पनि हामीलाई
छुटाउनुहुनेछ भन्ने हामीले उहाँमाथि आशा
राखेका छौं, ११ कि धेरै जनाद्वारा हामी-
लाई दिएको वरदानको निम्ति हाम्रो पक्षमा
भएर धेरै जनाले धन्यवाद दिऊन् भनेर तिमीहरू
पनि हाम्रा पक्षमा भई हाम्रा साथसाथ
तिमीहरूका अन्तरबिन्तीमा सहायता गर्नेछौ।
१२ किनभने हाम्रो घमण्ड गर्ने कुरो
यही हो, हाम्रो अन्तस्करणको गवाही,
संसारमा र विशेषगरी तिमीहरूप्रति हाम्रो
चाल्‌चलन यस्तो पवित्रता र सत्यतामा थियो,
जो शारीरिक ज्ञानमा होइन, तर परमेश्वरको
अनुग्रहमा थियो। १३ किनकि हामी
तिमीहरूलाई अरू कुरा लेख्तैनौ, केवल जे
तिमीहरू पढ़दछौ, र स्वीकार गर्दछौ, र म
आशा गर्छु, तिमीहरूले आखिरसम्म पनि
स्वीकार गर्नेछौ। १४ तिमीहरूले पनि
हाम्रा कुरा केही बुझेका हुनाले हाम्रा
प्रभु येशू ख्रीष्टका दिनमा तिमीहरू पनि
हाम्रा घमण्ड गर्ने कुरा हुनेछौ, जसरी
तिमीहरू पनि हाम्रा छौ।

उनी आउन ढिला गरेका

१५ औ यस भरोसामा तिमीहरूलाई

दोहोरो फायदा होस् भनेर म तिमीहरूकहाँ
अघिनै आउने, १६ र तिमीहरूबाट भएर
म्यासिडोनियातिर जाने, र म्यासिडोनियाबाट
फेरि तिमीहरूकहाँ आउने, र मेरो यात्रामा
तिमीहरूले यहूदियातिर अलि परसम्म
पुऱ्याइदिन्छौ भन्ने विचार गरेको थिएँ।
१७ तब यो मन गर्दा, के साँच्चै म
हल्का भएथेँ त? अथवा म जे मन गर्दछु,
के शरीरअनुसार गर्दछु र? हो पनि भन्ने,
र होइन पनि भन्ने म हुँ र? १८ तर
जस्तो परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, हाम्रो
वचन तिमीहरूलाई 'हो' र 'होइन' भन्ने
हुँदैन। १९ किनभने परमेश्वरका पुत्र ख्रीष्ट
येशू, जो हामीबाट, अर्थात् म, सिल्भानस र
तिमोथीबाट तिमीहरूमा प्रचारिनुभयो, उहाँमा
'हो' र 'होइन' दुवै थिएन। तर उहाँमा
'हो' भन्ने मात्र छ। २० किनभने
परमेश्वरका जुनसुकै प्रतिज्ञाहरू पनि उहाँमा
'हो' नै भनिएका छन्। यसैकारण उहाँद्वारा
परमेश्वरको महिमाको निम्ति 'आमिन' भन्ने
पनि छ। २१ अब हामीलाई तिमीहरूसँग
ख्रीष्टमा स्थापित गर्ने र हामीलाई अभिषेक
गर्ने परमेश्वर उहाँनै हुनुहुन्छ, २२ जसले
हामीमाथि छाप पनि मार्नुभयो, र हाम्रा
हृदयमा बैनाको रूपमा आत्मा दिनुभयो।
२३ तर म परमेश्वरलाई आफ्नो प्राणको
साक्षी राखेर भन्दछु, तिमीहरूलाई जोगाउना-
लाई म अहिलेसम्म कोरिन्थमा आउनालाई
रोकिएको हुँ। २४ तिमीहरूका विश्वासमा
हाम्रो प्रभुत्व भएको होइन, तर तिमीहरूका
आनन्दका सहयोगी हौं, किनकि विश्वासबाटनै
तिमीहरू स्थिर छौ।

२ तर तिमीहरूकहाँ फेरि अफसोस
भएर नआऊँ भन्ने मैले आफैमा
यही निश्चय गरें। २ किनकि मैले तिमी-
हरूलाई अफसोसी तुल्याएँ भने, मबाट
अफसोस भएकोले बाहेक मलाई अरू कसले
खुशी तुल्याउने र? ३ औ मेरो आनन्द
तिमीहरू सबैको हो भन्ने तिमीहरू सबैमाथि
भरोसा राखेर, जससँग म रमाउनु पर्नेहो
तिनीहरूसँग मलाई अफसोस हुन नपरोस्
भनेर, मैले यही कुरा लेखेथें। ४ किनभने
तिमीहरूलाई होइन, तर तिमीहरूसित प्रशस्त
मात्रामा भएको मेरो प्रेम तिमीहरूले जान
भनेर धेरै सङ्कष्ट र हृदयको वेदनाले, र धेरै
आँसु बगाउँदै मैले तिमीहरूलाई लेखेथें।
५ तर कसैले अफसोस गराएछ भने,
त्यसले मलाई होइन, तर तिमीहरू सबैलाई
(ज्यादा बोझ नदिऊँ भनेर) केही मात्रामा
अफसोस पारेको छ। ६ त्यस्तालाई धेरै
जसोबाट दिइएको यो सजाय यथेष्ट छ।
७ कि बरू उल्टा तिमीहरूले अनुग्रह गरी
क्षमा गर्नु र सान्त्वना दिनुपर्दछ, नत्रता कुनै
किसिमले त्यस्तो मानिस झन् बढ़ता शोकले
चुर्लुम्म डुब्नेछ। ८ यसकारण त्यसलाई
आफ्नो प्रेमको प्रमाण देओ भनी म तिमी-
हरूसित आग्रहपूर्वक बिन्ती गर्दछु।
९ किनकि सबै कुरामा तिमीहरू आज्ञाकारी
छौ कि छैनौ भनेर तिमीहरूलाई जाँचेर
थाह पाउनाकै निम्ति पनि मैले लेखेथें।
१० तर जसलाई तिमीहरू केही कुरामा क्षमा
गर्छौ, म पनि गर्छु, किनकि यदि मैले
कसैलाई केही कुरामा क्षमा गरेको छु भने,
तिमीहरूकै खातिर ख्रीष्टको सामुन्ने त्यो क्षमा
गरेको छु। ११ र हामीमाथि शैतानको
केही दाउ नलागोस्, किनकि त्यसका
युक्तिहरूका विषयमा हामी अजान छैनौं।

सुसमाचारको परीक्षा र विजय

१२ अब ख्रीष्टको सुसमाचारको निम्ति
त्रोआसमा आउँदा जब प्रभुमा मेरो निम्ति
एउटा ढोका पनि खोलिएको थियो,
१३ तब आफ्नो भाइ तीतसलाई मैले
नभेट्टाउँदा मलाई मेरो आत्मामा चैन भएन,
तर तिनीहरूबाट बिदा लिएर म म्यासिडोनिया-
तर्फ गएँ। १४ तर परमेश्वरलाई धन्यवाद

होस्, हामीलाई ख्रीष्टमा सधैं विजयको
निम्ति अनुग्रह गर्नुहुन्छ, र उहांको
ज्ञानको सुबास्ना हामीबाट हरेक स्थानमा
प्रकट गर्नुहुन्छ। १५ किनकि उद्धार पाएका-
हरूमा, र नष्ट हुनेहरूमा हामी परमेश्वरको
निम्ति ख्रीष्टको मीठो बास्ना हौं।
१६ एकातर्फ मृत्युको निम्ति मृत्युको दुर्गन्ध,
औ अर्कोतर्फ जीवनको निम्ति जीवनको
सुगन्ध। औ यी कुराको प्रशस्त को छ
ता? १७ किनकि धेरै जनाले जस्तै हामी
परमेश्वरको वचनलाई व्यापार गर्ने होइनौं।
तर निष्कपट मानिस जस्तै, परमेश्वरबाट
पठाइएका जस्तै, परमेश्वरका सामुन्ने हामी
ख्रीष्टमा बोल्दछौं।

३ के हामी आफैलाई सहाउन लागेका
छौं? कि के हामीलाई, अरूहरूलाई
झैं शिफारिश-पत्र तिमीहरूकहाँ दिने अथवा
तिमीहरूबाट लिने दरकार छ र? २ सबै
मानिसहरूबाट चिनिने र पढिने हाम्रा
हृदयमा लेखिएका पत्रहरू तिमीहरूनै हौ।
३ हामीबाट सेवा पाएका तिमीहरू ख्रीष्टका
पत्र हौ भनेर जाहेर भइरहेको छ, जो
मसीले होइन, तर जीवित परमेश्वरको
आत्माले, ढुङ्गाको पाटीमा होइन, तर
मासुको हृदयका पाटीहरूमा लेखिएका हुन्,
४ औ ख्रीष्टद्वारा परमेश्वरतर्फ हाम्रो
यस्तै भरोसा छ। ५ कुनै कुरा हामी
आफ्नै तर्फबाट हो भनी विचार गर्नालाई हामी
आफै प्रशस्त छौं भनेर होइन, तर हाम्रो
प्रशस्तता परमेश्वरतर्फबाट छ। ६ जसले
नयाँ करारको सेवकलाई झैं हामीलाई पनि
योग्यको बनाउनुभयो। लेखाइको होइन,
तर आत्माको। किनभने लेखाइले मार्दछ,
तर आत्माले जीवन दिन्छ।
७ तर यदि ढुङ्गामा लेखिएको र
खोपिएको मृत्युको सेवा महिमित भएको
थियो भने, यहांसम्म कि, इस्राएलका सन्तानले
मोशाको मोहडाको तेजले गर्दा उनको मोहडा
डीठ लगाएर हेर्नसक्तैन थिए, जुन तेज घटेर
जाँदै पनि थियो, ८ आत्माको सेवा
साँच्चै झन् कसरी महिमित नहोला त?
९ किनभने दोषी ठहराउने सेवा महिमित
थियो भने धार्मिक ठहराउने सेवा झन्
बढ्ता महिमित हुनेछ। १० किनभने यस
हाल्तमा साँच्चिनै जे महिमित भएको
थियो, अहिले जित्ने महिमाले गर्दा त्यो
महिमित हुनआएन। ११ किनभने जो
बितेर गइरहेको छ, त्यो महिमासाथ
आएको थियो भने, अहिले रहिरहेको चाहिं
झन् बढ्ता महिमामा हुन्छ।
१२ यसकारण यस्तो आशा भएर, हामी
बोल्नालाई ठूलो साहस गर्दछौं, १३ औ
जसरी बितेर जाने कुराको अन्त्यतिर
इस्राएलका सन्तानले डिठ लगाएर नहेरून्
भनी मोशाले आफ्नो मोहडालाई घुम्टो
हाल्दथिए, त्यसरी ता होइन। १४ तर
तिनीहरूका मन कठोर भएका थिए।
किनकि आजको दिनसम्मैं पूरानो नियमको
पढाइमा त्यही घुम्टो नउठाएकै भइरहन्छ,
जुन घुम्टो ख्रीष्टद्वारा खतम भएको छ।
१५ तर आजसम्म मोशाको पुस्तक पढ्दा
तिनीहरूका मनमा घुम्टो लागिरहेको हुन्छ।
१६ तर जब प्रभुतिर मानिस फर्कन्छ, तब
त्यो घुम्टो उठाइन्छ। १७ अब प्रभु ता
आत्मा हुनुहुन्छ। औ जहाँ प्रभुका आत्मा
हुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ, १८ तर हामी
सबै जना नढाकेको मोहडाले मुख हेर्ने
ऐनामा जस्तै प्रभुको तेजलाई देखाएर,
प्रभु जो आत्मा हुनुहुन्छ, त्यही रूपमा
एक तेज बाट अर्को तेजतिर बदलेर जान्छौं।

४ यसकारण कृपा पाएर हामीसँग
यो सेवा भएको हुनाले हामी
हरेस खाँदैनौं। २ तर कपटमा नचलेर,
परमेश्वरको वचनमा छलछाम नगरेर, हामीले
शर्मका गुप्त कुराहरू त्यागेका छौं। तर
सत्यलाई सफा देखाउँदै, परमेश्वरको दृष्टिमा,

मानिसहरूका विवेकमा, हामी आफैलाई सहनी
गर्दछौं। ३ तर हाम्रो सुसमाचारमा पनि
घुम्टो लागेको छ भने, यो नष्ट हुनेहरूका
निम्तिनै घुम्टो लागेको हुन्छ। ४ जसमा
ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको
महिमाको सुसमाचार तिनीहरूमाथि नचम्कोस्
भनेर यस संसारको देवले अविश्वासीहरूको
समझशक्तिलाई अन्धा तुल्याइदिएको छ,
५ किनभने हामी आफैलाई होइन, तर
ख्रीष्ट येशूलाई प्रभुजस्तै, र हामी आफूलाई
चाहिँ येशूको खातिर तिमीहरूका दास
जस्तोगरी प्रचार गर्छौं। ६ किनभने
अँध्यारोबाट ज्योति चम्कनेछ भन्ने परमेश्वरनै
हुनहुन्छ, जो येशू ख्रीष्टको मोहड़ामा
परमेश्वरको महिमाको ज्ञानको ज्योति
देखाइदिनलाई हाम्रा हृदयमा चम्कनुभयो।

७ तर शक्तिको सर्वश्रेष्ठ महत्त्व हामीबाट
होइन, तर परमेश्वरको होस् भनेर हामीसँग
यो धन माटाको भाड़ामा छ। ८ हामी
सबैतिरबाट मिचिएका छौं, तापनि चूर्ण
पारिएका छैनौं। अन्योलमा परेका छौं,
तापनि निराश भएका छैनौं। ९ खेदिएका
छौं, तापनि त्यागिएका छैनौं। पिटिएका
छौं, तापनि नष्ट भएका छैनौं। १० येशूको
जीवन पनि हाम्रा शरीरमा प्रकट होस्
भनेर हामी येशूको मरणावस्था सधैँ हाम्रा
शरीरमा धारण गर्दछौं। ११ किनकि
येशूको जीवन पनि हाम्रा मरणाशील
शरीरमा प्रकट होस् भनेरनै हामी जो जीवित
छौं, येशूको खातिरमा सधैँ मृत्युको निम्ति
सुम्पिएका हुन्छौं। १२ यसरी मृत्युले हामीमा
काम गर्दछ, तर जीवनले तिमीहरूमा।

१३ 'मैले विश्वास गरें, यसकारण मैले
बोलें' भन्ने लेखिएअनुसार विश्वासको त्यही
आत्मा भएका हुनाले हामी पनि विश्वास
गर्दछौं, यसैकारण हामी बोल्छौं पनि।
१४ यो जानेर कि, प्रभु येशूलाई बिउँताउनु-
हुनेले हामीलाई पनि येशूसँगै बिउँताउनु-
हुनेछ, र तिमीहरूसँगै उहाँको सामने
हामीलाई उपस्थित गराउनुहुनेछ। १५ किन-
भने अनुग्रह धेरैद्वारा वृद्धि भएर परमेश्वरको
महिमाको निम्ति धन्यवाद दिने काम पनि
प्रशस्त बढ़ने हुनाले सबै थोक तिमीहरूकै
खातिरमा भएका हुन्।

१६ यसकारण हामी हरेस खाँदैनौं, तर
हाम्रो बाहिरी मनुष्यत्व नाश भइरहेको हुन्छ,
तापनि हाम्रो भित्री मनुष्यत्वचाहिँ दिनदिनै
नयाँ हुँदै आएको हुन्छ। १७ किनभने हाम्रो
छिनभरको हलुका कष्टले हाम्रो निम्ति झन्
बढ़ता गरेर महिमाको अनन्त बोझ उत्पन्न
गरिदिन्छ। १८ हामी देखिने कुरालाई
होइन, तर नदेखिने कुरालाई हेर्दैरहन्छौं,
किनभने देखिने कुराहरू लौकिक मात्र हुन्।
तर नदेखिने कुराचाहिँ अनन्त हुन्।

५ किनभने हामीलाई थाह छ, कि
हाम्रो पार्थिव डेराजस्तै घर भत्किएमा
हातले नबनाएको घर स्वर्गमा हामीलाई
परमेश्वरबाट अनन्त भवन मिल्नेछ।
२ किनकि स्वर्गबाटको हाम्रो बास हामीले
धारणा गर्ने इच्छा गरेर साँच्चै यसमा ता
हामी आफूभित्र दिक्क हुन्छौं। ३ यदि यसो
हो भनेता, धारण गरेर हामी नाङ्गो
भेट्टिनेछैनौं। ४ किनभने हामी यस बासमा
हुनेहरू भारीले मिचिएका भई आफूभित्र
दिक्क हुन्छौं, किनकि हामी लुगा फुकालिएका
हुनालाई होइन, तर लगाएक जस्तो हुनालाई
इच्छा गर्दछौं, र त्यो, जोचाहिँ मरणशील
छ, त्योचाहिँ जीवनद्वारा निलिओस्।
५ अब मलाई यस कुराको निम्ति तयार
पारिदिने र आत्माको बैना दिने परमेश्वर
हुनुहुन्छ।

६ यसकारण हामी सधैँ हिम्मती हौं, र
यो जानेर कि, जब हामी शरीरमा रहन्छौं
तब प्रभुदेखि अलग रहन्छौं। ७ (किनभने
हामी दृष्टिले होइन तर विश्वासले हिँड्छौं),
८ हामी हिम्मती भएका छौं, बरु शरीरमा
अनुपस्थित भएर प्रभुसित सुबिस्तासँग रहन

हामी चाहन्छौं। ९ यसैकारण पनि चाहे
उपस्थित हौं चाहे अनुपस्थित हौं, उहाँको
निम्ति मनपर्ने हुनालाई हामी आफ्नो लक्ष्य
बनाउँछौं। १० किनभने हरेकले, चाहे असल
चाहे खराब, जे जस्तो शरीरमा गरेको छ,
त्यसअनुसारको फल पाउनालाई हामी सबै
जना ख्रीष्टको न्याय-आसनको सामन्ने
प्रत्यक्षगरी प्रकट हुनुपर्नेछ।

११ यसकारण यो जानेर प्रभुको भय
मान्दै हामी मानिसहरूलाई मनाउछौं, तर
परमेश्वरमा हामी प्रत्यक्षगरी प्रकट भएकै
छौं, र तिमीहरूका विवेकमा पनि प्रत्यक्षगरी
हामी प्रकट भएका छौं, भन्ने म आशा
गर्दछु। १२ हामी फेरि आफैलाई तिमी-
हरूका सामु सह्नी गर्दैनौं, तर तिमीहरूले
पनि, मनले होइन, तर मुखले मात्र घमण्ड
गर्नेहरूलाई जवाफ दिनालाई हाम्रो पक्षमा
भएर घमण्ड गर्नालाई तिमीहरूलाई मौका
दिन्छौं। १३ किनकि यदि हाम्रो चित्त
ठेगानमा नभएता परमेश्वरका निम्ति हो,
औ यदि हामी सचेत छौं भने यो
तिमीहरूका निम्ति हो। १४ किनकि
ख्रीष्टको प्रेमले हामीलाई करमा पार्दछ,
किनभने हामी यसरी विचार गर्छौं, कि
सबैका निम्ति एक जना मर्नुभएको हुनाले
सबै मरे, १५ औ उहाँ सबैका निम्ति
मर्नुभयो, र अब बाँच्नेहरूले आफू आफू
बाँच्ने होइन, तर उहाँको निम्ति बाँच्नुपर्छ
जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि
बिउँतनु पनि भयो।

१६ यसरी अब उप्रान्त हामी कुनै
मानिसलाई शरीरअनुसार चिन्दैनौं, औ हामीले
ख्रीष्टलाई शरीरअनुसार चिनेको भए तापनि
अब उहाँलाई त्यसरी चिन्दैनौं। १७ यसरी
कोही ख्रीष्टमा छ भने, त्यो नयाँ सृष्टि
हुन्छ। पूराना कुराहरू बितिसके, हेर, ती
नयाँ भइसकेका छन्। १८ तर सबै
कुरा परमेश्वर हुन्, जसले हामीलाई ख्रीष्ट-
द्वारा आफसित मिलाप गराउनुभयो, औ
हामीलाई मिलापको सेवा दिनुभएको छ,
१९ अर्थात् परमेश्वर ख्रीष्टमा हुनुभयो, र
संसारलाई आफूसित मिलापमा ल्याउनुभयो,
औ तिनीहरूका अपराधको हिसाब नलिएर
मिलाप गराउने कामको वचन उहाँले हामीमा
जिम्मा लगाइदिनुभयो।

२० परमेश्वरले हामीद्वारा आग्रह गर्नु-
भएझैं ख्रीष्टको पक्षमा हामी राजदूत हौं।
ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई आग्रह-
पूर्वक बिन्ती गर्छौं, कि तिमीहरू परमेश्वर-
सँग मिलाप राख। २१ हामी उहाँमा
परमेश्वरको धार्मिकता हुन पाऔं भनेर पाप
थाह नपाउनु हुनेलाई पनि उहाँले हाम्रा
निम्ति पाप तुल्याउनुभयो।

६ औ उहाँसँगै काम गर्दै हामी
तिमीहरूलाई आग्रहपूर्वक बिन्ती पनि
गर्छौं, कि परमेश्वरको अनुग्रह व्यर्थैमा ग्रहण
नगर। २ (किनभने उहाँ भन्नुहुन्छ,

‘खुशी भएको समयमा
मैले तिम्रो कुरा सुनें,
औ उद्धारको दिन
मैले तिमीलाई सहायता दिएँ,’
हेर, ग्रहणयोग्य समय अहिले छ,
हेर, उद्धारको दिन अहिले छ),

३ हाम्रो सेवामा कलङ्क नलागोस् भनेर
हामी कुनै कुरामा केही बाधा दिन्नौं, ४ तर
हरेक कुरामा हामी आफैलाई परमेश्वरका
सेवकजस्तो देखाउँछौं, ज्यादै धीरजमा,
सङ्कटमा दरिद्रतामा, दुःखमा, ५ कोर्राबाजी-
मा, कैदमा, हुल-दङ्गामा, परिश्रममा,
जाग्राममा, उपवासमा, ६ शुद्धतामा, ज्ञानमा
धैर्यमा, दयामा, पवित्र आत्मामा, सकली
प्रेममा, ७ सत्य वचनमा, परमेश्वरको
शक्तिमा, दाहिने र देब्रे दुवैपट्टि धार्मिकता-
को कवचले, ८ महिमा र अनादरले,
बदनाम र सुनामले, ठगाहाझैं, तैपनि
सच्चा, ९ नचिनिएकोझैं तैपनि राम्ररी
चिनिएको, मर्नलागेकोझैं, र हेर, हामी

बाँचेकै छौं, चेताएकोझैं, तैपनि नमारिएकोझैं,
१० अफसोसीझैं, तापनि सधैं आनन्दित,
गरीबझैं, तैपनि धेरैलाई धनी तुल्याउने,
केही नहुनेझैं, तैपनि यावत् थोक भएका।

११ ए कोरिन्थी हो, हामीले खोलेरै
तिमीहरूलाई भनिदिएका छौं, हाम्रो मन
ठूलो छ। १२ तिमीहरू हामीमा साँघुरा
भएका छैनौ, तर तिमीहरू आफ्नै स्नेहमा
साँघुरिएका छौ। १३ अब त्यही किसिमको
सट्टामा (म आफ्नै बालकहरूसँगझैं भन्दछु),
तिमीहरू पनि ठूला मनका होओ।

१४ विश्वास नगर्नेहरूसँग समान भएर
एउटै हलोमा नजोतियौ, किनकि धर्म र
अधर्मको के संसर्ग हुन्छ? कि अँध्यारोसित
उज्यालोको के सङ्गति? १५ औ ख्रीष्टको
शैतानसित के सहमत? कि विश्वास
गर्नेको विश्वास नगर्नेसित के हिस्सा?
१६ औ मूर्तिहरूसित परमेश्वरको मन्दिरको
के सम्बन्ध? किनभने हामीहरू जीवित
परमेश्वरका मन्दिर हौं, जसरी परमेश्वरले
भन्नुभएको छ, 'म तिनीहरूमा बास गर्नेछु,
र तिनीहरूका बीचमा हिँड्डुल गर्नेछु, म
तिनीहरूका परमेश्वर हुनेछु र तिनीहरू मेरा
प्रजा हुनेछन्।' १७ यसकारण,

'तिनीहरूका बीचबाट निस्केर आओ,
र तिमीहरू अलग होओ।'
परमप्रभु भन्नुहुन्छ,
'औ अशुद्ध कुरो नछोओ,
र म तिमीहरूलाई ग्रहण गर्नेछु,
१८ औ तिमीहरूका पिता हुनेछु,
र तिमीहरू मेरा छोरा-छोरीहरू हुनेछौ,'
सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ।

७ यसकारण ए प्रिय हो, यी प्रतिज्ञा
भएका हुनाले शरीर र आत्माका
सबै किसिमका अशुद्धपनाहरूबाट हामी
आफैंलाई शुद्ध पारौं, औ परमेश्वरको डर
राखेर पवित्रतालाई सिद्ध पारौं।

२ हामीलाई तिमीहरूको मन खोलि-
देओ। हामीले कसैको खराबी गरेनौं।
हामीले कसैलाई भ्रष्ट पारेनौं। हामीले कुनै
मानिसलाई ठगेनौं। ३ तिमीहरूलाई दोषी
ठहराउनालाई मैले यो भनेको होइनँ, किनभने
मैले अघाडिनै भनिदिएको छु, कि तिमीहरू
हाम्रो साथसाथ मर्न र बाँच्नालाई हाम्रा
हृदयभित्रै छौ। ४ म तिमीहरूसित बड़ो
निर्धक्कसित बोल्दछु, तिमीहरूको पक्षमा मलाई
ठूलो घमण्ड छ, म सान्त्वनाले भरिएको छु,
र हाम्रा सबै सङ्कष्टमा म आनन्दले चुल्लिएर
पोखिन्छु।

५ किनभने हामी म्यासिडोनियामा
आउँदा पनि हाम्रो शरीरलाई केही चैन
थिएन, तर हरतर्फबाट हामीलाई सङ्कष्ट परेको
थियो, बाहिर लड़न्त, र भित्र डरैडर थिए।
६ त्यसो भए तापनि, नम्रहरूलाई सान्त्वना
दिनुहुने, अर्थात् परमेश्वरले हामीलाई तीतसको
आगमनले सान्त्वना दिनुभयो, ७ औ तिनको
आगमनले मात्र होइन, तर त्यस सान्त्वनाले
पनि, जुन सान्त्वना तिनलाई तिमीहरूमा
मिलेको थियो, र जब तिनले तिमीहरूको
लालसा, तिमीहरूको विलाप र ममाथिको
तिमीहरूको जोशको खबर हामीलाई बताए,
तब म झन् बढ़तागरी खुशी भएँ।

८ किनभने यद्यपि मैले आफ्नो पत्रबाट
तिमीहरूलाई शोकित गराएँ र मैले पछितो
गरें, तथापि म अब पछितो गर्दिनँ, किनभने
म देख्तछु, कि त्यस पत्रले तिमीहरूलाई थोरै
समयको निम्ति भए पनि अफसोसी तुल्यायो।
९ अब तिमीहरू अफसोसी भयौ भनेर मैले
रमाहट गरेको होइन, तर तिमीहरू पश्चा-
तापको निम्ति शोकित भयौ, किनभने हाम्रा
तर्फबाट तिमीहरूलाई हानि नहोस् भनेर तिमी-
हरू परमेश्वरको इच्छाअनुसार अफसोसी भयौ।
१० किनभने परमेश्वरको इच्छाअनुसारको
अफसोसले पछितो गर्न नपर्ने गरी उद्धारको
निम्ति पश्चाताप उत्पन्न गर्छ, तर संसारको
अफसोसले मृत्यु उत्पन्न गर्छ। ११ किनकि
हेर, यहीचाहिँ कुराले परमेश्वरको इच्छाअनुसार
तिमीहरूलाई अफसोसी तुल्यायो, त्यसले कत्ति

ज्यादै तिमीहरूमा उत्कट इच्छा, कत्ति
रीस, कत्ति डर, कत्ति लालसा, कत्ति
जोश, कत्ति बदला तिमीहरूमा उत्पन्न
गरिदियो ! यी सबै कुरामा तिमीहरूले
आफैलाई शुद्ध भएका प्रमाण दियौ ।
१२ मैंले तिमीहरूलाई लेखें, तापनि
नता अन्याय गर्नेको खातिर, न अन्याय
सहनेको खातिर, तर परमेश्वरको दृष्टिमा
हामीमाथिको तिमीहरूको उत्कट फिक्री प्रकट
होस् भनेर लेखेको हुँ। १३ यसैकारणले
हामीलाई सान्त्वना भएको हो, र तीतसको
आनन्दले गर्दा हाम्रो सान्त्वनामा हामीलाई
झन् बढ़ता आनन्द हुनआयो, किनभने तिनको
आत्मालाई तिमीहरू सबैबाट आराम मिलेको
छ। १४ किनभने तिनको सामु तिमीहरूका
पक्षमा मैले केही घमण्ड गरेको छु भने,
मलाई त्यसमा केही शर्म छैन, तर जसरी
हामीले तिमीहरूलाई सबै कुरा सत्यसँग भन्यौं,
त्यसरीनै तीतसको सामने मैंले गरेको घमण्ड
पनि सत्य ठहरियो। १५ औ कसरी डर र
कम्पसाथ तिमीहरूले तिनलाई स्वागत गर्‍यौ।
तिनले तिमीहरू सबैको आज्ञाकारिताको सम्झना
गर्दा तिनको भित्री स्नेह तिमीहरूप्रति झन्
बढ़ता हुन्छ। १६ हरेक कुरामा तिमीहरूमा
मेरो पूरा साहस भएको हुनाले म आनन्दित
हुन्छु।

८ ए भाइ हो, म्यासिडोनियाका
मण्डलीमा भएको परमेश्वरको अनुग्रह
हामी तिमीहरूलाई विदित गराउँछौं, २ कि
कसरी कष्टको ठूलो परीक्षामा तिनीहरूको
प्रशस्त आनन्द र अगाध दरिद्रताचाहिं तिनी-
हरूका उदारताको धन भएर प्रशस्त बढ़्यो।
३ किनभने म गवाही दिन्छु, कि तिनीहरूका
औकातअनुसार र औकातभन्दा बढ़ता पनि
आफ्नै राजीखुशीले दिए, ४ र पवित्र
जनहरूको सेवाको अनुग्रह र सङ्गतिमा हामी
भाग लिन पाऔं भनी ज्यादै निवेदनसाथ
हामीलाई आग्रहपूर्वक बिन्ती गरे, ५ औ
हामीले आशा गरेको बमोजिम ता होइन,
तर तिनीहरूले पहिले आफैलाई प्रभुमा सुम्पे,
अनि परमेश्वरको इच्छाद्वारा हामीलाई दिए।
६ यहाँसम्म कि, तिनले अघिबाटै शुरू गरेको
अनुसार, तिमीहरूमा पनि त्यो शुभ काम
समाप्त गरून् भनेर हामीले तितसलाई अर्ती
दियौं। ७ तर जसरी सबै कुरामा तिमीहरू
प्रशस्त भइरहेछौ त्यसरी विश्वासमा, बोलि-
वचनमा, ज्ञानमा, सब उत्साहमा, र हामी-
प्रतिको तिमीहरूको प्रेममा र तिमीहरू यस
शुभ काममा पनि प्रशस्त होओ।
८ आज्ञाको रूपमा ता होइन, तर
अरूहरूको उत्साहद्वारा तिमीहरूको प्रेमको
सत्यता पनि जाँच गरेर म बोल्दछु।
९ किनभने हाम्रो प्रभु येशू ख्रीष्टको अनुग्रह
तिमीहरूलाई थाहै छ, कि उहाँको दरिद्रता-
बाट तिमीहरू धनी होओ भनेर, उहाँ धनी
भएर पनि, तिमीहरूका खातिर दरिद्र हुनुभयो।
१० औ यसमा म मेरो राय दिन्छु, किनभने
यो तिमीहरूका निम्ति फायदाको कुरो छ।
तिमीहरू एक साल अघि, गर्नालाई मात्र होइन,
तर इच्छा गर्नालाई पनि, शुरू गर्न पहिला
भएका थियौ। ११ तर अब गर्ने काम
पनि समाप्त गर, र जस्तो इच्छा गर्न तत्पर
थियौ, त्यस्तै तिमीहरूको औकातअनुसार समाप्त
पनि होस्। १२ किनभने तत्परता छ भने,
आफूसित नभएअनुसार होइन, तर आफूकहाँ
भएअनुसार यो ग्रहणयोग्य हुन्छ।
१३ किनभने अरूहरूलाई सुबिस्ता र
तिमीहरूलाई चाहिं दुःख होस् भनेर म यो
भन्दिनँ, १४ तर समानताको विचारले,
यस वर्त्तमान समयमा तिमीहरूका बढ़ती
तिनीहरूका अभावको निम्ति, र तिनीहरूका
बढ़तीचाहिं तिमीहरूका अभावको निम्ति होस्,
र सबैमा समानता होस्, १५ जसो
लेखिएको छ, 'धेरै बटुल्नेकहाँ बढ़ता भएन,
र कम बटुल्नेकहाँ अभाव भएन।'
१६ तर परमेश्वरलाई धन्यवाद होस्,
जसले तीतसको हृदयमा तिमीहरूका निम्ति

त्यही उत्कट फिक्री दिनुहुन्छ। १७ किनभने
तिनले हाम्रो अर्ती ता ग्रहण गरे, तर बढ़ता
उत्साही भएर आफ्नै इच्छाले तिनी तिमी-
हरूकहाँ गइहाले। १८ औ हामीले तिनीसित
त्यस भाइलाई पठायौं, जसको तारीफ सुसमा-
चारको विषयमा सबै मण्डलीमा फैलिएको
छ, १९ औ यति मात्र होइन, तर हामीबाट
सेवा पाएको यस अनुग्रहको काममा प्रभुको
महिमा र हाम्रो तत्परता देखाउनाको निम्ति
तिनी हाम्रो साथमा सफर गर्नालाई मण्डली-
हरूबाट नियुक्त भए।

२० हामीले सेवा गरेको यस प्रशस्त
धनको विषयमा कुनै मानिसले हाम्रो दोष
नभेट्टाओस् भनी हामी जोगिनचाहन्छौं,
२१ किनभने हामी प्रभुको दृष्टिमा मात्र
होइन, तर मानिसहरूका दृष्टिमा पनि
आदरणीय कामको ख्याल राख्तछौं।

२२ औ हामीले तिमीहरूसँग हाम्रो
भाइलाई पठाएका छौं। जसलाई हामीले
धेरैपल्ट धेरै कुरामा जाँचेर उत्साही रहेछन्
भन्ने भेट्टाएका छौं। तर तिमीहरूप्रति भएको
तिनको ठूलो भरोसाले गर्दा तिनी ज्यादै
बढ़ता उत्साही भएका छन्। २३ यदि
कसैले तीतसको विषयमा सोधे, तिनी मेरा
सह-भागी र तिमीहरूतर्फका सह-कर्मी हुन्,
अथवा भाइहरूका विषयमा सोधे, तिनीहरू
मण्डलीका दूत र ख्रीष्टका महिमा हुन्।
२४ तिमीहरूको प्रेम र तिमीहरूका पक्षमा
हाम्रो घमण्डको प्रमाण तिनीहरूलाई मण्डली-
हरूका सामने देओ।

९ पवित्र जनहरूका निम्ति भइरहेको
सेवाको विषयमा तिमीहरूलाई
लेखिरहनु मलाई प्रयोजन छैन। २ किनभने
म तिमीहरूको तत्परता जान्दछु, जसको
विषयमा म म्यासिडोनियनहरूका सामने
तिमीहरूका पक्षमा घमण्ड गर्दछु, कि
पोहोर सालदेखिनै अखैया तयारी भइरहेको
छ, र तिमीहरूको जोशले तिनीहरूका धेरै
जसोलाई उत्तेजित पारेको छ। ३ तर
यस विषयमा तिमीहरूका पक्षमा हाम्रो
घमण्ड व्यर्थैमा नहोस् भनेर मैले भाइहरूलाई
पठाएको छु, र जसो मैले भनेको छु
त्यसअनुसार तिमीहरू तयार रहनेछौ।
४ नत्रता कोही म्यासिडोनियनहरू कुनै
किसिमले मसँग आएर तिमीहरूलाई तयार
नभएका भेट्टाए भनेता हामी (तिमीहरू
भनी हामी भन्दैनौं) यही भरोसाको
निम्ति शर्ममा पर्नेछौं। ५ यसकारण मैले
भाइहरूलाई आग्रहपूर्वक बिन्ती गर्नु आवश्यक
सम्झें, कि तिनीहरू तिमीहरूकहाँ अघिबाटै
गएर, तिमीहरूले पहिलेदेखि प्रतिज्ञा
गरिराखेको दान अघिबाट तयार पारिराखून्,
र यसरी तयार होस्, कि कर-बलले होइन,
तर उदारताको दानजस्तै होस्।

६ तर कुरा यही हो, कि किफायती-
सँग छर्नेले किफायतीसँगै काट्छ, र प्रशस्त-
सँग छर्नेले प्रशस्तसँगै काट्छ। ७ हरेक
मानिसले आफ्नो मनमा अड्कले बमोजिम
गरोस्, नता चित्त दुखाएर, न जरुरत
भएकोले, किनभने खुशीसाथ दिनेलाई
परमेश्वरले प्रेम गर्नुहुन्छ। ८ किनभने सबै
कुरामा हर समय तिमीहरू प्रशस्त भएर
प्रत्येक असल काममा भरपूरी भई बढ्दै
जाओ भनेर परमेश्वरले तिमीहरूलाई सबै
अनुग्रह प्रशस्तगरी दिनसक्नुहुन्छ। ९ जसो
लेखिएको छ,

'त्यसले यताउता छरेको छ,
त्यसले गरीबहरूलाई दिएको छ,
त्यसको धार्मिकता सधैंभरि रहन्छ।'

१० औ छर्नेलाई बिउ र खानालाई रोटी
दिनुहुनेले तिमीहरूलाई छर्नालाई बिउ
दिनुहुनेछ र वृद्धि गराउनुहुनेछ, र तिमीहरूको
धार्मिकताको फल बढ़ाउनुहुनेछ, ११ हरेक
कुरामा सारा उदारताले तिमीहरू धनी
भएर, हामीद्वारा परमेश्वरलाई धन्यवाद
चढ़ाउने काम हुन्छ। १२ किनभने यस
सेवाको कामले पवित्र जनहरूको हर्जा टर्ने

मात्र होइन तर परमेश्वरमा पनि हामी-
द्वारा धेरै धन्यवाद प्रशस्त मात्रामा पनि
हुन्छ। १३ यस सेवाको प्रमाण लिएर,
ख्रीष्टको सुसमाचारमा तिमीहरूका स्वीकारको
आज्ञाकारिताको निम्ति, र तिनीहरूलाई र
सबैलाई सहायता गर्नामा उदारता देखाएर
तिनीहरूले परमेश्वरको महिमा गर्छन्।
१४ तिनीहरू आफै पनि तिमीहरूका पक्षमा
अन्तरबिन्ती गर्छन्, र तिमीहरूमाथि
परमेश्वरको असीम अनुग्रह भएको हुनाले
तिमीहरूको तिर्सना गर्छन्। १५ परमेश्वरलाई
उहाँको बयान गरी नसक्ने वरदानको निम्ति
धन्यवाद होस्।

१० अब म पावल आफै, ख्रीष्टको
नम्रता र कोमलताले तिमीहरूलाई
सम्झाउँछु, म, जो तिमीहरूको सामने हुँदा
तिमीहरूका बीचमा नम्र थिएँ, तर अनुपस्थित
हुँदा तिमीहरूप्रति साहसिलो छु। २ म
बिन्ती गर्छु, कि हामीलाई शरीरअनुसार
चल्ने भनी ठान्नेहरूका विरुद्धमा, त्यस
भरोसामा साहसिलो हुने विचार गर्दछु, जुन
भरोसामा म उपस्थित हुँदा मैले साहसिलो
देखाउन नपरोस्। ३ किनभने हामी शरीर-
अनुसार चल्छौं, तापनि शरीरअनुसार लड़ाइँ
ता गर्दैनौं। ४ (किनभने हाम्रो युद्धका
हतियार शारीरिक होइनन्, तर किल्लाहरू
भत्काउनसक्नेझैं छन्, ती परमेश्वरका सामने
शक्तिमान छन्,) ५ परमेश्वरको ज्ञानको
विरुद्धमा खड़ा हुने कल्पना र हरेक उच्च
कुरालाई हामी खण्डन गर्छौं, र हरेक
विचारलाई ख्रीष्टको आज्ञा मान्नालाई
अधीनमा पार्छौं। ६ औ जब तिमीहरूको
आज्ञा पालन गर्ने काम पूरा भएको हुन्छ,
तब सबै आज्ञा उल्लङ्घन गर्ने कामलाई
बदला फेर्ने तयारीमा हामी रहन्छौं।
७ तिमीहरू आँखाकै सामने भएका
चीजहरू हेर्छौं। कुनै मानिसले म ख्रीष्टको
हुँ भन्ने आफै विश्वास राख्छ भने,
त्यसले आफै फेरि विचार गरोस्, कि
जस्तो त्यो ख्रीष्टको हो, हामी पनि त्यस्तै
हौं। ८ किनकि हाम्रो अधिकारको विषयमा
मैंले केही मात्रामा घमण्ड गरें भने पनि
(किनभने जो तिमीहरूलाई बिगार्नालाई
होइन, तर सुधार्नाको निम्ति प्रभुले
दिनुभएको छ) म शर्ममा पर्नेछैनँ, ९ र
मेरा चिट्ठीहरूले तिमीहरूलाई डर देखाउने-
जस्तो म नदेखिऊँ। १० किनकि तिनीहरू
भन्दछन्, 'त्यसका चिट्ठीहरू गहकिला र
प्रभावशाली हुन्छन्, तर सामनेमा शरीरको
निर्धो र बोलीचाहिं केही कामको छैन।'
११ त्यस्तोले यो याद राखोस्, कि हामी
आफ्नो अनुपस्थितिमा चिट्ठीहरूका कुरामा जे
छौं, आफ्नो उपस्थितिमा पनि काममा
त्यस्तै छौं।
१२ किनभने आफ्नो सहनी आफै
गर्नेहरू कुनै कुनैसँग हामी आफैलाई गन्न,
अथवा तिनीसँग आफैलाई दाँज्न साहस
गर्दैनौं, तर तिनीहरू आफूले आफैलाई नापेर
हेर्दा र आफै आफैसित दाँज्दा तिनीहरू
आफै बेसमझका छन्। १३ तर अब
परमेश्वरले हामीलाई नापको निम्ति दिनुभएको
टाँगोको सीमाअनुसार, जुन सीमा तिमीहरू-
सम्म पनि पुग्छ, त्यसदेखि बाहेक अब हामी
कुनै कुरामा सीमा बाहिर, घमण्ड गर्नेछैनौं।
१४ किनभने तिमीहरूकहाँ पुग्न नसक्नेजस्तो
हामी बढ़ता गरी तन्कछौं, किनकि हामी
ख्रीष्टको सुसमाचारमा तिमीहरूकहाँसम्म पनि
आइसकेका छौं। १५ हामी सीमाबाहिर
अरूहरूका परिश्रममा घमण्ड गर्दैनौं, तर
तिमीहरूको विश्वास बढ़दै जाँदा, तिमीहरूमा
हाम्रो सीमाअनुसार झन् झन् प्रशस्त गरेर
बढ़दै जानेछौं भन्ने आशा गर्दछौं, १६ र
तिमीहरूदेखि उत्ता पल्लोपट्टि सुसमाचार
सुनाउनाको निम्ति, र हाम्रा हातमा तयारी
रहेका कुराहरू लिएर अर्काको प्रदेशभित्र
घमण्ड गर्नालाई चाहिं होइन।
१७ तर घमण्ड गर्नेले प्रभुमा घमण्ड

गरोस्। १८ किनभने जसले आफ्नो सहनी
गर्छ, त्यो होइन, तर जसलाई प्रभुले
सहनी गर्नुहुन्छ, त्यो स्वीकार गरिएको
हुन्छ।

११ तिमीहरूले मेरो केही मूर्खतामा
सहिदिएको भएता हुनेथियो! साँच्चिनै
तिमीहरूले मलाई सहँदै पनि छौ।
२ किनभने ईश्वरीय डाहले म तिमीहरूमाथि
डाही भएको छु, किनकि तिमीहरूलाई
ख्रीष्टको निम्ति एउटी चोखी कन्याजस्तै गरी
चढ़ाउनालाई मैले तिनीहरूलाई एउटै पुरुषसँग
मगनी गरिदिएको छु। ३ तर जसरी सर्पले
आफ्नो छलले हव्वालाई छकायो, त्यसरी
ख्रीष्टतर्फका तिमीहरूका सीधापना र पवित्रता-
बाट तिमीहरूका विचारहरू भ्रष्ट होलान् कि
भन्ने मलाई डर लागेको छ। ४ किनभने
कोही आएर हामीले प्रचार नगरेको
अर्को येशूको प्रचार गर्दछ, अथवा तिमीहरूले
नपाएको अर्कै आत्मा वा तिमीहरूले ग्रहण
नगरेको अर्कै सुसमाचार तिमीहरू पाउँछौ
भनेता तिमीहरूले यो राम्ररी सहँदारहेछौ।
५ किनभने म ठान्छु, कि म कुनै
कुरामा ती मुख्य प्रेरितहरूभन्दा कम छैनँ।
६ तर म बोली वचनमा अशिक्षित भए
तापनि ज्ञानमा ता त्यस्तो छैनँ, तर सबै
मानिसहरूका बीचमा तिमीहरूतर्फ हामीले यो
प्रकट गरेका छौं।
७ अथवा, परमेश्वरको सुसमाचार
मैले सित्तैंमा तिमीहरूलाई सुनाएर आफू-
चाहिं होच्चिएर तिमीहरूलाई उच्च
पारेकोमा के मैले पाप गरें ता?
८ तिमीहरूको सेवा गर्नालाई अरू
मण्डलीहरूबाट सहायता लिएर मैले तिनीहरू-
लाई लुटें। ९ औ म तिमीहरूसँग
उपस्थित रहँदा जब मलाई अभाव परेथ्यो,
म कसैको बोझा भइनँ, किनभने म्यासि-
डोनियाबाट आउँदा ती भाइहरूले मेरो
अभाव पूरा गरिदिए, र सबै किसिमबाट
तिमीहरूमाथि बोझ पर्नाबाट म आफै बचें
र बच्नेछु। १० ख्रीष्टको सत्यता ममा
छउञ्जेल अखैया प्रदेशमा कसैले मलाई यस
घमण्डबाट रोक्नेछैन। ११ किन? किनभने
तिमीहरूलाई प्रेम गर्दिनँ भनेर? परमेश्वरनै
जान्नुहुन्छ।
१२ तर तिनीहरू जेमा घमण्ड गर्छन्
हामीजस्तै भेट्टाऊन् भनेर, मौका खोज्ने-
हरूलाई मौका नदिनालाई, म जे गर्दछु,
त्यो गर्नेनै छु। १३ किनभने त्यस्ता
मानिसहरू झूटा प्रेरित, छल काम गर्ने,
ख्रीष्टका प्रेरितहरूको भेषमा आफूलाई
परिवर्त्तन गर्नेहरू हुन्। औ यो केही अचम्म
होइन, १४ किनकि शैतान पनि आफैलाई
ज्योतिर्मय स्वर्गदूतहरूको भेषमा परिवर्त्तन
गर्दछ। १५ त्यसका सेवकहरूले पनि आफै-
लाई धर्मका सेवकहरूको भेषमा परिवर्तन
गर्दछन् भने, यो केही ठूलो कुरो होइन,
जसको अन्त तिनीहरूका कामअनुसार हुनेछ।
१६ म फेरि भन्दछु, कुनै मानिसले
मलाई मूर्ख नसम्झोस्। तर तिमीहरू सम्झन्छौ
भने तापनि मूर्खले ग्रहण गरेझैं मलाई ग्रहण
गर, र म पनि केही घमण्ड गर्नसकूँ।
१७ घमण्ड गर्ने कुराको यस विश्वासमा जे
म बोल्दछु प्रभुको अनुसार होइन, तर
मूर्खतामा झैं बोल्दछु। १८ किनकि धेरैले
शरीरअनुसार घमण्ड गर्ने हुनाले म पनि
घमण्ड गर्नेछु। १९ किनभने तिमीहरू आफै
समझदार भएका हुनाले खुशीसित मूर्खहरूलाई
सहन्छौ। २० किनकि यदि कसैले स्वाहा
पार्छ, कसैले फँसाउँछ, कसैले आफूलाई उच्च
पार्छ, कसैले तिमीहरूलाई मुखैमा हिर्काउँछ
भने, तिमीहरू त्यस मानिसलाई सहन्छौ।
२१ हामी निर्धो भएजस्तै गरी होच्याएर
म बोल्दछु। तर जेसुकैमा कसैले आँट गर्छ
भने, (म मूर्खतामा बोल्दछु) मलाई पनि
आँट आउँछ। २२ के तिनीहरू हिब्रू हुन्?
म पनि हुँ। के तिनीहरू इस्राएली हुन्? म
पनि हुँ। के तिनीहरू अब्राहामका वंश हुन्?

म पनि हुँ। २३ के तिनीहरू ख्रीष्टका
सेवक हुन ? (म सन्केर बोल्दछु),
म झन् बढ्ता गरी हुँ, परिश्रममा झन्
प्रशस्तगरी, कैदमा झन् प्रशस्तगरी, कोर्रा-
बाजीमा अनगिन्ती, मृत्युमा वारंवार।
२४ पाँचपल्ट मैंले यहूदीहरूका हातबाट
एक कम चालीस गरी कोर्रा खाएँ।
२५ तीनपल्ट म लहुरोले पिटिएँ। एकपल्ट
ढुङ्गाले हानिएँ। तीनचोटि म चढ़ेको
जहाज फुट्यो। एक दिन एक रात मैंले
समुद्रमै बिताएको छु।

२६ बारंबार सफरहरूमा, नदीहरूका
जोखिममा, डाँकूहरूका जोखिममा, आफ्नै
जातिबाटका जोखिममा, अन्यजातिहरूबाटका
जोखिममा, शहरमा जोखिम, सूनसान
स्थानका जोखिम, समुद्रका जोखिम, झूटा
भाइहरूका बीचमा जोखिम, २७ परिश्रममा
र कष्टमा, वारंवार रुङ्ने काममा,
भोक र प्यासमा, वारंवार उपवासमा
जाड़ो र नग्नमा। २८ बाहिरका यी
सबै कुराहरूबाहेक मलाई दिनहुँ दबाउ दिने
कुरा ता सबै मण्डलीहरूका निम्तिको फिक्रीनै
हो। २९ को निर्धो छ, र म निर्धो छैनँ ?
कसलाई चाहिं बाधा पर्न आउँछ, र म
चाहिं रिसले जल्दिनँ ?

३० घमण्ड गर्नुनै आवश्यक छ भने, म
आफ्नो कमजोरीको विषयमा घमण्ड गर्नेछु।
३१ प्रभु येशूका परमेश्वर र पिता, जो सदा
सर्वदा धन्यको हुनुहुन्छ, उहाँ जान्नुहुन्छ, कि
म ढाँट्तिनँ। ३२ दमीशकमा अरितस
राजाका बड़ा-हाकिमले मलाई पक्रनालाई
दमीशकहरूको शहरमा पहरा राखेका थिए।
३३ औ झ्यालबाट एउटा डोरीको टोकरीमा
पर्खालबाट तल ओहालिएर म तिनका हातबाट
उम्कें।

१२ यो फायदाको ता छैन तापनि मैंले
घमण्ड गर्नु मनासिब छ, तर म
प्रभुका दर्शनहरू र प्रकाशहरूका कुरा गर्दछु।
२ म ख्रीष्टका एक जना मानिसलाई चिन्दछु
चौध वर्ष भयो (शरीरैमा हो, कि विना
शरीरमा हो, त्यो मलाई थाह छैन, परमेश्वर
जान्नुहुन्छ), यस्तो एक जना मानिस तेस्रो
स्वर्गसम्म समातेर लगियो। ३ औ म यस्तो
एउटा मानिसलाई चिन्छु, (शरीरैमा हो, कि
विना शरीरमा हो, त्यो मलाई थाह छैन,
परमेश्वर जान्नुहुन्छ), ४ कि त्यो समातिएर
स्वर्गतिर लगियो, र त्यसले बयान गरी
नसक्ने कुराहरू सुन्यो, जे उच्चारण गर्न
मानिसको निम्ति न्यायसंगत छैन। ५ यस्तै
मानिसको पक्षमा भने म घमण्ड गर्छु, तर
आफ्नै पक्षमा भने, मेरो कमजोरीमा बाहेक
म घमण्ड गर्नेछैनँ। ६ किनकि मैंले घमण्ड
गर्नेनै इच्छा गरें भने पनि म मूर्ख हुनेछैनँ।
किनभने म सत्य बोल्नेछु, नत्रता मलाई
देखेको अथवा सुनेको भन्दा बढ़ता मलाई
नठानोस् भनेर म थामिन्छु।

७ औ प्रकाशहरूको ज्यादै श्रेष्ठताको
कारणले गर्दा म हर्षले बढ़ता नफुलूँ भनेर
मलाई शरीरमा एक किसिमको छेस्को, र म
हर्षले नफुलूँ भनेर मलाई मुक्का लाउनालाई
शैतानको एउटा दूत दिएको थियो।
८ यसको विषयमा यो मबाट हटोस् भनेर
मैंले तीनपल्ट प्रभुसित बिन्ती गरें। ९ औ
उहाँले मलाई भन्नुभयो, 'मेरो अनुग्रह तिम्रो
निम्ति प्रशस्त छ, किनभने मेरो शक्ति
दुर्बल्तामा सिद्ध हुन्छ।' यसकारण ख्रीष्टको
शक्ति ममा बास गरोस् भनेर म बरु मेरो
दुर्बल्तामा ज्यादै खुशीसित घमण्ड गर्नेछु।
१० यसकारण ख्रीष्टको निम्ति दुर्बल्ताहरूमा,
हानिहरूमा, दरकारहरूमा, खेदोहरूमा, आपत्-
हरूमा म खुशी हुन्छु, किनभने दुर्बल हुँदा,
म शक्तिमान हुन्छु।

११ म मूर्ख भएको छु, तिमीहरूलेनै
मलाई कर लगायौ, किनकि तिमीहरूबाट मेरो
सहनी हुनुपर्दथियो। किनभने म केही होइनँ,
तापनि ती मुख्य मुख्य प्रेरितहरूभन्दा म केही
कुरामा कम थिइनँ। १२ प्रेरितका लक्षणहरू

मैले सबै सारा धैर्यमा, चिह्नहरू, आश्चर्यकर्महरू
र शक्तिका कामहरूमा तिमीहरूका बीचमा
भएका थिए। १३ किनभने मैले आफैलाई
तिमीहरूमाथि बोझ न दिएको बाहेक अरू
मण्डलीहरूभन्दा तिमीहरू के कुरामा कम
भएका थियौ ? मलाई यस अन्यायको निम्ति
क्षमा गर।
१४ हेर, यो तेस्रोपल्ट तिमीहरूकहाँ
आउनालाई म तयार भएको छु, र म
तिमीहरूको बोझ हुनेछैनँ, किनकि तिमीहरूको
सम्पत्ति होइन, तर तिमीहरूलाईनै खोज्छु,
किनभने आमा-बाबुको निम्ति छोरा-छोरीले
होइन, तर छोरा-छोरीको निम्ति आमा-बाबुले
धन सञ्चु पर्दछ। १५ अब म तिमीहरूका
प्राणको निम्ति ज्यादै खुशीसित खर्च गर्नेछु,
र खर्च हुने पनि छु। यदि मैले तिमीहरूलाई
प्रशस्तसँग प्रेम गरें भने, के म कम्ती प्रेम
पाउनेछु र ? १६ तर हुनसक्छ, मैले
तिमीहरूलाई बोझ बोकाइनँ, तर धूर्त भएको
हुनाले मैले तिमीहरूलाई छलले फेला पारें।
१७ मैले तिमीहरूकहाँ पठाएकाहरू मध्येका
कुनैद्वारा तिमीहरूबाट के मैले फायदा उठाएथें
र ? १८ मैले तीतसलाई सम्झाएँ, र
भाइलाई तिनको साथमा पठाएँ। के तीतसले
तिमीहरूबाट केही फायदा उठाएथे र ? के
हामी एकै आत्माद्वारा चलेनौं ? के हामी
एकै कदममा हिंड़ेनौं ?
१९ हामी आफ्नो बचाउको निम्ति
तिमीहरूसँग बोलिरहेछौं भन्ने तिमीहरू
यतिञ्जेल सम्झँदैछौ। परमेश्वरको सामने
हामी ख्रीष्टमा बोल्छौं। तर ए प्रिय हो,
सबै कुरा तिमीहरूका सुधारका निम्ति हुन्।
२० किनभने म आउँदा मैले इच्छा
गरेबमोजिम तिमीहरूलाई नभेट्टाउँला भन्ने,
र मलाईचाहिं तिमीहरूले इच्छा नगरेबमोजिम
भेट्टाउनेछौ भन्ने मलाई डर लाग्छ, नत्रता
कुनै किसिमले झगड़ा, डाह, क्रोध, विरोध,
कुरा काटने, कानेखुशी, अभिमान, खैलाबैला-
हरू होलान्। २१ औ म फेरि आउँदा
तिमीहरूका सामने मेरा परमेश्वरले मलाई
नम्र तुल्याउनुहोला, र यतिञ्जेलसम्म पाप
गर्ने र तिमीहरूले गरेका अशुद्धता, व्यभिचार,
र कामोद्धपनाबाट पश्चाताप नगर्नेहरू धेरैका
निम्ति मैले शोक गर्नु पर्नेछ।

१३ तेस्रोपल्ट म तिमीहरूकहाँ आइरहेछु।
दुइ वा तीन गवाहीहरूका मुखबाट हरेक
कुराको पुष्टि गरिनेछ। २ मैले अघाड़िनै
तिमीहरूलाई भनेको छु, र अघाड़िदेखि
भन्दैआएकोछु, दोस्रोपल्ट उपस्थित हुँदा जसरी
भनेथें त्यसरी अब म अनुपस्थित हुँदा, ती
अघाड़ि पाप गर्नेहरू र अरू सबै बाँकी
रहेकाहरूलाई, म फेरि आएँ भने बाँकी
राख्नेछैनँ।
३ किनकि ख्रीष्ट ममा बोल्नुहुन्छ भन्ने
प्रमाण तिमीहरू खोज्दछौ, जो तिमीहरूतर्फ
दुर्बल हुनुहुन्न, तर तिमीहरूमा सामर्थी
हुनुहुन्छ। ४ किनभने दुर्बलतामा उहाँ
क्रूसमा टाँगिनुभयो, तापनि परमेश्वरको
शक्तिबाट जीवित हुनुहुन्छ। किनकि हामीहरू
पनि उहाँमा दुर्बल छौं, तिमीहरूतर्फ
परमेश्वरको शक्तिबाट हामी उहाँसँग जीवित
हुनेछौं।
५ तिमीहरू विश्वासमा छौ कि छैनौ
भनी आफैले आफैलाई जाँचेर तिमीहरू आफ्नो
प्रमाण देओ। अथवा के येशू ख्रीष्ट आफै
तिमीहरूमा हुनुहुन्छ भन्ने तिमीहरूलाई
थाह छैन ? तिमीहरू जाँचमा पतित भयौ भने
मात्र। ६ तर म आशा गर्दछु, कि हामी
पतित भएका छैनौं भनी तिमीहरूले थाह
पाउनेछौ। ७ अब हामी परमेश्वरमा प्रार्थना
गर्दछौं, कि तिमीहरूले केही खराबी नगर,
हामी अयोग्यजस्तै भए तापनि योग्य भएका
देखा पर्ने होइन, तर तिमीहरूले जे आदरणीय
छ त्यही गरेका होओ। ८ किनकि
हामी सत्यको विरुद्धमा केही गर्नसक्तैनौं,
केवल सत्यको निम्ति मात्र। ९ किनकि जब
हामी दुर्बल र तिमीहरू सामर्थी हुन्छौ, तब

हामी खुशी हुन्छौं। यसको निम्ति पनि हामी प्रार्थना गर्दछौं, अर्थात् तिमीहरूको सिद्धताको निम्ति। १० यसैकारण अनुपस्थित हुँदा म यी कुरा लेख्छु, कि उपस्थित हुँदा प्रभुबाट मलाई, बिगारको निम्ति होइन, तर सुधारको निम्ति दिनुभएको त्यस अख्तियार-अनुसार कड़ा व्यवहार गर्नु नपरोस्।

११ अन्त्यमा, ए भाइ हो, बिदाको सलाम। तिमीहरू सिद्ध भएका होओ, सान्त्वना पाएका होओ, एकै मनका होओ, शान्तिमा रहो, र प्रेम र शान्तिका परमेश्वर तिमीहरूसँग रहनुहुनेछ।

१२ एउटाले अर्कोलाई पवित्र चुम्बनले सलाम गर।

१३ सबै पवित्र जनहरूले तिमीहरूलाई सलाम भन्दछन्।

१४ प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसित होऊन्।

पावल प्रेरितको पत्र

गलातीहरूलाई

१ पावल प्रेरित, (नता मानिसहरूका,
न कुनै मानिसद्धारा, तर येशू ख्रीष्ट
र उहाँलाई मरेकाबाट बिउँताउनु हुने
परमेश्वर पिताबाट), २ र मसँग हुने सबै
भाइहरूबाट गलातियाका मण्डलीहरूलाई,—
३ तिमीहरूलाई परमेश्वर पिता र हाम्रा प्रभु
येशू ख्रीष्टबाट अनुग्रह र शान्ति, ४ उहाँले
परमेश्वर र हाम्रा पिताको इच्छाअनुसार यस
वर्त्तमान दुष्ट संसारबाट हामीलाई छुटकारा
दिनलाई हाम्रा पापका निम्ति आफैलाई
समर्पण गर्नुभयो। ५ उहाँलाई सदा सर्वदै
महिमा भइरहोस्। आमिन।
६ म उदेक मान्दछु, कि जसले तिमी-
हरूलाई ख्रीष्टको अनुग्रहमा बोलाउनुभयो,
उहाँबाट तिमीहरू यति चाँड़ै अरू सुसमाचार-
तिर फर्किरहेछौ, ७ जो अर्को सुसमाचार
ता होइन, केवल तिमीहरूलाई विचलित
गराउने र ख्रीष्टको सुसमाचार उल्टाउन
खोज्ने कुनै कुनै छन्। ८ तर जुन
सुसमाचार हामीले तिमीहरूलाई सुनायौं,
त्यसबाहेक अरू कुनै सुसमाचार हो भनी—
चाहे हामीले, चाहे स्वर्गकै दूतले होस्—
जसले तिमीहरूलाई सुनाए पनि त्यो श्रापित
होस्। ९ जस्तो हामीले अघिदेखिनै भनेका
छौं, त्यस्तै म फेरि अहिले पनि भन्दछु,
'तिमीहरूले जुन सुसमाचार ग्रहण गरेका छौ
त्यसबाहेक अरू कसैले तिमीहरूलाई त्यो
प्रचार गर्दछ भने त्यो श्रापित होस्।'
१० किनभने, म मानिसहरूलाई मनाउन
चाहन्छु कि परमेश्वरलाई? अथवा के मैले
मानिसहरूलाई खुशी पार्न खोजेको छु र?
यदि मैले अझै मानिसहरूलाई खुशी
पारिरहेको हुँदो हो ता म ख्रीष्टको दास
हुनेनै थिइनँ।
११ किनकि, ए भाइ हो, मबाट प्रचार
भएको सुसमाचार जो छ सो मानिसद्धारा

होइन भन्ने म तिमीहरूलाई जनाउँछु।
१२ किनकि मैंले त्यो कुनै मानिसबाट पाएको
होइन, न यो मलाई सिकाएको हो, तर
येशू ख्रीष्टको प्रकाशबाट मलाई यो मिलेको
हो। १३ किनकि मेरो पहिलेको चाल ता
तिमीहरूले सुनेकै छौ, कि बितेको समयमा म
यहूदी मतमा छँदाखेरि कस्तो अचाक्लीसँग मैले
परमेश्वरको मण्डलीलाई खेदो गरी त्यसको
संहार गरें, १४ औ मेरा पिता-पुर्खाका
प्रथामा असाध्य जोशिलो भईकन आफ्ना
देशवासीहरूमा मेरा दौंतरका धेरैभन्दा म
यहूदी मतमा अघि बढ़ेको थिएँ।
१५ तर जब मलाई मेरी आमाको
गर्भदेखिनै अलग गराउनुहुने, र आफ्नो
अनुग्रहद्वारा बोलाउनुहुने परमेश्वरलाई खुशी
लाग्यो, १६ तब ममा उहाँले आफ्ना पुत्रलाई
प्रकट गराउना, मैले उहाँलाई अन्यजाति-
हरूका बीचमा प्रचार गर्न, मैंले तुरुन्तै
कुनै मानिससँग केही सल्लाह लिइनँ,
१७ नता मभन्दा अघि प्रेरित हुनेहरूकहाँ
म यरूशलेममा उक्लें, तर म अरब देशमा
गइहालें, र फेरि दमीसकमा फर्केर आएँ।
१८ तब तीन वर्षपछि केफाससँग चिना-
जानी गर्नालाई म यरूसलेमतिर उकालो
लागें, र उनीसँग पन्ध्र दिनसम्म बसें।
१९ तर प्रभुका भाइ याकूबलाई बाहेक अरू
कुनै प्रेरितहरूलाई मैले भेटिनँ। २० अब
जे जे म तिमीहरूलाई लेख्तछु, त्यसको
विषयमा चाहिं, परमेश्वरको सामु म
ढाँटूतिनँ।
२१ तब म सिरिया र सिलिसियाका
इलाकातिर गएँ। २२ औ त्यतिञ्जेलम्म
यहूदियाका ख्रीष्टमा रहेका मण्डलीहरूले
मेरो मुखै देखेका थिएनन्, २३ तर तिनी-
हरूले यतिसम्म मात्र भनेको सुनेका थिए,
'जसले अघाड़ि हाम्रो खेदो गर्दथियो, त्यसले
अघाड़ि संहार गरेको विश्वास अहिले प्रचार
गरिरहेको छ।' २४ औ तिनीहरूले ममा
परमेश्वरको महिमा गरे।

२ तब चौध वर्षको अवधिमा बर्णाबास-
सँग, तीतसलाई पनि मेरो साथमा
लगेर म फेरि यरूशलेमतर्फ उक्लें। २ औ
प्रकाश भएबमोजिम गरी उक्लें, र जुन
सुसमाचार म अन्यजातिहरूमा प्रचार गर्दछु,
सोही तिनीहरूका सामने पेश गरें। कतै
व्यर्थमा दगुरें, कि व्यर्थमै दगुर्नु पर्ने नहोऊँ
भन्ने विचारले प्रतिष्ठित व्यक्तिहरूकहाँ चाहिं
एकान्तमा गएँ। ३ तर मेरो साथमा हुने
तीतसलाई, ग्रीक भएर पनि खतना हुनुपर्ने
आवश्यकता भएन, ४ औ सुटुक्क भित्र
ल्याइएका झूठा भाइहरूका कारणले जो जो
गुप्त चालले भित्र पसेका थिए, ख्रीष्ट येशूमा
भएको हाम्रो स्वतंत्रताको चेवा गरेर हामीलाई
बन्धनमा ल्याउनालाई, ५ सुसमाचारको
सत्यता तिमीहरूसँग रहिरहोस् भनेर, तिनी-
हरूसँग हामी एक घण्टा पनि दबेर बसेनौं।
६ तर प्रतिष्ठित व्यक्तिहरू जो हुन्,
(तिनीहरू जस्तो भए तापनि मलाई ता केही
वास्ता छैन, परमेश्वरले मानिसको पनपक्षे
गर्नुहुन्न)—प्रतिष्ठित व्यक्तिहरूले मलाई केही
राय दिएनन्। ७ तर झन् उल्टो, जब
खतनाका मानिसहरूका लागि सुसमाचार
पत्रुसलाई भए जस्तो, बेखतनाका मानिसहरूका
लागि मलाई सुम्पिएको देखे। ८ (किनकि
पत्रुसलाई खतनाका मानिसहरूका प्रेरित
गराएर काम गराउने जो हुनुहुन्छ, उहाँलेनै
मलाई अन्यजातिहरूका लागि काम गराउनु-
भयो), ९ औ खामा कहलिएका याकूब,
केफास र यूहन्नालाई जब ममाथि भएको
अनुग्रह विदित भयो, तब मलाई र बर्णाबास-
लाई सङ्गतिको दाहिने हात दिएर हामी
चाहिं अन्यजातिकहाँ जाने, र उनीहरू
चाहिं खतनाका मानिसहरूकहाँ जाने भने।
१० केवल यही मात्र तिनीहरूको इच्छा
थियो, कि गरीबमाथि हाम्रो सम्झना रहोस्।
त्यही गर्न म पनि उत्सुक थिएँ।
११ तर जब केफास एन्टिओकमा आए,
तब म उनकै सामने उनको विरुद्धमा खड़ा

भएँ, किनकि उनी दोषी ठहरिएका थिए।
१२ किनकि कोही मानिसहरू याकूबकहाँबाट
आउनभन्दा अघाड़ि उनले अन्यजातिहरूका
साथमा खाने गर्दथिए, तर जब तिनीहरू
आए, तब खतनाकाहरूसँग डराएर उनी अलग्गै
हटे। १३ औ अरू बाँकी यहूदीहरूले पनि
उनका साथ दिएर त्यसै गरे। यहाँसम्म भयो,
कि तिनीहरूको कपट्याइँले गदा बर्णाबासपनि
तिनीहरूकै तर्फ लागे। १४ तर सुसमाचारको
सत्यताबमोजिम तिनीहरू नचलेका जब मैंले
देखें, तब मैले तिनीहरू सबैको सामु केफास-
लाई भनें, 'तपाइं यहूदी भईकन पनि यहूदी-
हरूको रीतिबमोजिम नचली अन्यजातिहरूका
रीतिअनुसार चल्नुहुन्छ भने अन्यजातिहरूलाई
तपाइंले कसरी यहूदीहरूको रीतिबमोजिम
चल्नालाई कर लाउनुहुन्छ ?'

१५ हामी स्वभावैले यहूदी भएर अन्य-
जाति जस्ता पापी होइनौं, १६ तापनि येशू
ख्रीष्टमाथिको विश्वासबाहेक व्यवस्थाका काम-
बाट मानिस धर्मी ठहरिँदैन भन्ने जानीकन
हामीले पनि विश्वासले धर्मी ठहरियौंला भनेर
येशू ख्रीष्टमाथि विश्वास गर्यौं। व्यवस्थाको
कर्मले ता होइन किनभने व्यवस्थाका
कर्मबाट ता कोही मानिस पनि धर्मी
ठहरिनसक्तैन। १७ तर यदि ख्रीष्टमा
धर्मी ठहरिन खोज्दा हामी पनि पापी
भेट्टायौं भने, तब के ख्रीष्ट पापका
सेवक हुनुहुन्छ त ? यस्तो नहोस्।
१८ किनकि मैले आफैले भत्काएका कुरा
फेरि बनाउँछु भनेता म आफैले आफैलाई
अपराधी हुँ भन्ने प्रमाण दिन्छु। १९ किनकि
म ता परमेश्वरको लेखि जिऊँ भनेर व्यवस्थाको
हिसाबले व्यवस्थाको लेखि मरेको छु।
२० म ख्रीष्टसँग क्रूसमा टाँगिएको
छु, तैपनि म जिउँछु। त्यसो भए तापनि म
ता होइन तर ख्रीष्ट ममा जिउनुहुन्छ, र
जुन जीवनमा अहिले म शरीरमा जिउँछु
परमेश्वरका पुत्रको विश्वासमा जिउँछु, जसले
मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई
समर्पण गर्नुभयो। २१ परमेश्वरको अनुग्रह
म व्यर्थ तुल्याउन्नँ, किनकि व्यवस्थाद्वारा
धार्मिकता हुन्छ भनेता ख्रीष्ट व्यर्थैमा
मर्नुभयो।

३ हे अबुझ गलाती हो, जसका
आँखाका सामने प्रत्यक्ष देखिने गरी
येशू ख्रीष्ट क्रूसमा टाँगिनुभयो, तिमीहरूलाई
कसले मोहित गरायो ? २ यति मात्र म
तिमीहरूबाट जान्नचाहन्छु, 'तिमीहरूले
आत्मालाई व्यवस्थाका कामबाट पायौ, कि
विश्वासको सुनाइबाट ?' ३ के तिमीहरू
यतिका अबुझ छौ ? आत्मामा शुरू भएर
के अब शरीरमा टुङ्गिँदै जान्छौ ? ४ के
यतिका दुःख तिमीहरूले व्यर्थमा भोग्यौ ता ?
—यदि यो साँच्चै व्यर्थैमा हो भनेता।
५ यसकारण, जसले तिमीहरूलाई आत्माको
वरदान दिनुहुन्छ, र तिमीहरूमा आश्चर्यकाम-
हरू गर्नुहुन्छ, के उहाँले यो व्यवस्थाको
कर्मबाट गर्नुभएको हो, कि विश्वासको
सुनाइबाट ?

६ जसरी अब्राहामले परमेश्वरमा
विश्वास गरेथे, र यो उनको निम्ति
धार्मिकता गनिएको थियो। ७ यसकारण
तिमीहरूले यो जान, कि जो जो विश्वासका
छन्, तिनीहरूनै अब्राहामका सन्तान हुन्।
८ परमेश्वरले अन्यजातिहरूलाई विश्वासैबाट
धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिले-
देखिनै देखेर अब्राहामलाई अघिबाटै 'तँमानै
सबै जातिहरूले आशिष पाउनेछन्' भन्ने शुभ-
समाचार सुनायो। ९ यसैकारणले जो जो
विश्वासका छन् तिनीहरूले विश्वासी अब्राहाम-
सँगै आशिष पाएका छन्। १० किनकि
व्यवस्थाका कर्मकाहरू जति सबै श्रापित छन्,
किनभने 'व्यवस्थाका पुस्तकमा लेखिएका गर्नु
पर्ने सबै कुराहरूमा निरन्तर नलाग्ने
हरेक श्रापित हुनेछ' भन्ने लेखिएको छ।
११ अब परमेश्वरको दृष्टिमा व्यवस्थाबाट
कोही मानिस धर्मी ठहरिँदैन भन्ने प्रत्यक्ष

छ। किनभने 'धर्मात्मा ता विश्वासैबाट
जिउनेछ।' १२ तर व्यवस्था ता विश्वासको
होइन, तर 'त्यो पालन गर्ने जति तिनमा
जिउनेछन्।'
१३ हाम्रा निम्ति सराप बनेर ख्रीष्टले
हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर
छुटाउनुभयो, किनकि, 'काठमा झुण्डिने हरेक
श्रापित हुन्छ' भन्ने लेखिएको छ, १४ कि
येशू ख्रीष्टमा अब्राहामको आशिष अन्यजाति-
हरूलाई आओस् र विश्वासद्वारा प्रतिज्ञा
गरेको आत्मा हामीले पाउनसकौं।
१५ ए भाइ हो, मानिसको रीति-
अनुसार म बोल्छु, 'करारको कुरा मानिस-
बाट भएको हो भने पनि यदि पक्का
भइसकेको छ भने, त्यसमा कसैले नता
टार्छ, न केही थप्छ।' १६ अब अब्राहाम-
लाई र उनका वंशलाई सो प्रतिज्ञाहरू
बोलिएको हो। वंशहरूलाई भनी धेरै
जनालाई भने झैं गरी होइन, तर एकै
जनालाई, तेरो वंशलाई, जो ख्रीष्ट हुनुहुन्छ।
१७ अब मेरो भनाइ यो हो, 'परमेश्वरबाट
अघाड़िदेखि करार गरी पक्का गर्नुभएको
प्रतिज्ञालाई चार सय तीस वर्षपछि बनेको
व्यवस्थाले रद्दी गराएर सो प्रतिज्ञालाई
बेकम्मा तुल्याउनसक्तैन। १८ किनकि
अधिकार व्यवस्थाबाट हो भनेता फेरि
प्रतिज्ञाबाट होइन, तर परमेश्वरले ता
अब्राहामलाई प्रतिज्ञैबाट दिनुभएको हो।'
१९ तब व्यवस्था के रहेछ ता? जुन
वंशलाई प्रतिज्ञा भएको हो सो नआउन्जेल
अपराधको कारणले यो थपिन आएको
हो, र स्वर्गदूतहरूद्वारा मध्यस्थको हातबाट
ठहराउनुभयो। २० अब मध्यस्थ एउटैको
मात्र मध्यस्थ हुँदैन, तर परमेश्वर ता एउटै
हुनुहुन्छ।
२१ यसो भए, के व्यवस्था परमेश्वरका
प्रतिज्ञाहरूको विरुद्ध छ र? त्यसो नहोस्।
किनभने व्यवस्थाले जीवन दिनसक्ने हुँदो हो
ता धार्मिकता व्यवस्थैबाट हुनेथियो।
२२ तापनि येशू ख्रीष्टमाथिको विश्वासको
प्रतिज्ञा, विश्वास गर्नेहरूलाई मिलोस् भनेरनै
धर्मशास्त्रले सबै कुरालाई पापको अधीन
थुनेर राखेको छ।
२३ तर विश्वास आउनभन्दा पहिलेनै,
पछिबाट प्रकट हुने विश्वासमा हामी
थुनिएका भएर व्यवस्थाको अधीनमा हामी
रहेका थियौं। २४ यसैले विश्वासैबाट हामी
धर्मी ठहरिऔं भनेर हामीलाई ख्रीष्टमा
ल्याउनालाई व्यवस्था ता हाम्रा जिम्मावाल
भएको हो।
२५ तर अब विश्वास आएको हुनाले
हामी अझै जिम्मावालको अधीनमा छैनौं।
२६ किनकि ख्रीष्ट येशूमा भएकोले विश्वास-
द्वारा तिमीहरू सबै परमेश्वरका पुत्र हौ।
२७ किनकि ख्रीष्टमा बप्तिस्मा भए
जति तिमीहरू सबैले ख्रीष्टलाई धारण
गरेका छौ। २८ अब यहूदी, ग्रीक,
कमरा, फुक्का, नर नारी छैन,
किनभने तिमीहरू सबै ख्रीष्ट येशूमा
एउटै छौ। २९ औ यदि तिमीहरू
ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका
वंश हौ, र प्रतिज्ञा बमोजिमका हकवाला
पनि हौ।

४ तर म भन्दछु, कि हकवाला बालक
छउन्जेल, उ सबै थोकका मालिक
भए तापनि नोकरभन्दा फरक हुँदैन, २ तर
बाबु चाहिँले ठहराएको समयसम्म उ संरक्षक
र कारिन्दाहरूका अधीनमा हुन्छ। ३ हामी
पनि त्यस्तै, हामी बालक छउन्जेल संसारका
तत्त्वहरूको दासत्वमनि थियौं, ४ तर जब
तोकिएको समय आयो, परमेश्वरले आफ्नो
पुत्रलाई ख्रीष्टबाट, व्यवस्थाका अधीनमा
जन्मेको भएर, ५ व्यवस्थाको अधीनमा
रहनेहरूलाई, उहाँले मोल तिरेर छुट्टाउन,
हामीले धर्मपुत्रको अधिकार पाउनालाई,
पठाउनुभयो।
६ औ तिमीहरू पुत्र भएका हुनाले,

परमेश्वरले आफ्ना पुत्रको 'हे अब्बा!
पिता!' भनी कराउने आत्मा हाम्रा हृदयमा
पठाइदिनुभएको छ। ७ यसैकारण, तिमी
अब उप्रान्त दास होइनौ, तर पुत्र हौ,
र पुत्र हौ भनेता परमेश्वरद्वारा हकवाला
पनि हौ।

८ तैपनि त्यस बेला, परमेश्वरलाई
नचिनेर तिमीहरू तिनका दास भइरहेका
थियौ, जो स्वभावैले देवहरू ता होइनन्,
९ तर अबता तिमीहरूले परमेश्वरलाई
चिनेका छौ, अथवा परमेश्वरबाट चिनिएर
पनि फेरि कसरी तिमीहरू ती निर्बल
र कङ्गाली तत्त्वहरूतिर फर्कन्छौ, र फेरि
तिनका दास बन्नचाहन्छौ? १० तिमीहरू
दिनहरू, महीनाहरू, ऋतुहरू र वर्षहरू
मान्दछौ। ११ मैंले तिमीहरूका विषयमा,
कतै तिमीहरूलाई व्यर्थैमा तकलीफ मात्र
दिएँ कि भन्ने मलाई डर लागेको छ।

१२ ए भाइ हो, तिमीहरू मजस्तै होओ
भनी म आग्रहपूर्वक बिन्ती गर्दछु, किनकि
म पनि तिमीहरू जस्तै छु। तिमीहरूले
मलाई केही खराबी गरेका छैनौ, १३ तर
तिमीहरूलाई थाहै छ, कि पहिलेपल्ट ता मैंले
शरीरको कमजोरीमा तिमीहरूलाई सुसमाचार
सुनाएको थिएँ। १४ तर मेरो शरीरमा
भएको तिमीहरूको परीक्षालाई नता तिमीहरूले
तुच्छ ठान्यौ, न त्याग्यौ। तर मलाई
परमेश्वरका दूतलाई झैं अथवा ख्रीष्ट येशूलाई झैं
तिमीहरूले स्वीकार गर्‍यौ। १५ तब तिमी-
हरूको आनन्द कता गयो? किनभने म
तिमीहरूका निम्ति गवाही दिन्छु, कि यदि
सम्भव भए तिमीहरूले आफ्ना आँखा
झिकेर मलाई दिनेथियौ। १६ यसो हो
भने, तिमीहरूलाई मैंले साँचो बोलेकोमा के
म तिमीहरूको शत्रु भएँ ता?

१७ तिनीहरूले तिमीहरूलाई जोशसँग
खोज्दछन्, तर असल कारणले ता होइन।
होइन, तिमीहरूले उनीहरूलाई खोज भनेरनै
तिनीहरूले तिमीहरूलाई बाहिरै पन्छाउन
चाहन्छन्। १८ म तिमीहरूका साथमा
भएको बेला मात्र होइन, तर अरू बेला
पनि बढ़िया कुरामा सधैँ जोशसँग खोजिनु
असल हो। १९ ए मेरा साना बालक हो,
तिमीहरूमा ख्रीष्टको रूप नबनुञ्जेल मलाई
फेरि प्रसुतिवेदना झैं भएको छ।
२० अहिलेनै तिमीहरूका साथमा उपस्थित
हुनालाई, र मेरो कुरा बदल्नालाई म
इच्छा गर्दछु, किनकि तिमीहरूका विषयमा म
अन्योलमा परेको छु।

२१ तिमीहरू व्यवस्थाको अधीनमा रहन
चाहनेहरूले मलाई भनत, के तिमीहरूले
व्यवस्थाको कुरो सुन्दैनौ? २२ किनभने
लेखिएको छ, 'अब्राहामका दुइ छोराहरू
थिए। कमारी तर्फबाट एक, अर्कोचाहिं
फुक्कातर्फबाट। २३ तापनि कमारीबाटको
छोरो चाहिं शरीरअनुसार जन्मेको थियो, तर
फुक्कातर्फबाट जन्मेको छोरो प्रतिज्ञाद्वारा।
जुन कुरामा रूपक-दृष्टान्त छ—२४ किनभने
ती स्त्रीहरू दुइ किसिमका करारहरू
हुन्, एउटी चाहिं सीनै पर्वतबाट बन्धनको
लागि जन्माउने हागार हो। २५ अब
यही हागारचाहिं अरब देशमा सीनै पर्वत
हो, र अहिलेकै यरूशलेमसँग एकै दर्जाको
छ। किनकि त्यो त्यसका बालकहरूका साथ-
साथै कमारीपनमानै छ। २६ तर माथिको
यरूशलेमचाहिं स्वतंत्र छ, जो हाम्री आमा
हुन्। २७ किनभने लेखिएको छ,

'हे नजन्माउने बाँझी, आनन्द गर,
हे प्रसुती वेदना थाह नपाउने,
मन खोलेर कराऊ,
किनभने लोग्ने हुनेकोभन्दा नहुनेकै
छोरा-छोरीहरू धेरै छन्।'

२८ अब हे भाइ हो, इसहाक जस्ता
थिए, हामी पनि उस्तै प्रतिज्ञाका सन्तान हौं।
२९ तर त्यस बेला जसरी शरीरअनुसार
जन्मेकोले आत्माअनुसार जन्मेकोलाई खेदो
गर्दथियो, अहिले पनि ठीक त्यस्तै छ।
३० तापनि, धर्मशास्त्र के भन्दछ?

'कमारी र त्यसको छोरालाई निकालिदेऊ,
किनभने दासी-पुत्र फुक्काको छोरासित
हकवाला हुनसक्तैन।' ३१ यसकारण, हे
भाइ हो, हामी कमारीका सन्तान होइनौं,
तर फुक्काका हौं।

५ स्वतंत्रतासाथ ख्रीष्टले हामीलाई
निर्बन्ध तुल्याउनुभयो। यसकारण दह्रो
भएर खड़ा होओ, र फेरि बन्धनको जुवामा
नअल्मलिऔ।

२ हेर, म, पावल, तिमीहरूलाई
भन्दछु, तिमीहरू खतना भयौ भने ख्रीष्टबाट
तिमीहरूलाई केही फायदा हुनेछैन। ३ म
फेरि पनि खतना हुनेहरू प्रत्येकलाई साक्षी
दिन्छु, कि जम्मै व्यवस्था पालन गर्नालाई
त्यो ऋणी हुन्छ। ४ तिमीहरूमा जो
व्यवस्थाबाट धर्मी ठहरिने भएका छौ, तिमीहरू
ख्रीष्टबाट अलग भएका छौ। तिमीहरू
अनुग्रहबाट पतित भएका छौ। ५ किनकि
हामी आत्माद्वारा विश्वासबाटै धार्मिकताको
आशाको प्रतीक्षा गर्छौं। ६ किनभने ख्रीष्ट
येशूमा नता खतना, न बेखतना केही
फायदाको छ, तर प्रेमद्वारा काम गर्ने
विश्वास।

७ तिमीहरू राम्रैसँग दौड़िरहेका थियौ,
र सत्यलाई मान्न छोड्नू भनेर कसले
तिमीहरूलाई रोक्यो? ८ त्यो फकाइ-
फुस्लाइ तिमीहरूलाई बोलाउनेको तर्फबाट
आएको ता होइन। ९ थोरै खमीरले जम्मै
ढिकालाई खमीरी बनाउँछ। १० प्रभुमा
तिमीहरूप्रतिको विषयमा मेरो दृढ़ विश्वास छ,
कि तिमीहरू अर्कों मनका हुनेछैनौ, तर
तिमीहरूलाई घबराइ दिने, त्यो जोसुकै होस्,
त्यसले आफ्नो दण्ड भोग्नेछ।

११ तर ए भाइ हो, यदि मनै अझै
खतनाकै प्रचार गर्छु भने, म अझै किन
खेदोमा पर्नु? त्यसो भएता, क्रूसको ठक्कर
बेकम्माको भएछ, क्यार। १२ तिमीहरूलाई
विचलित पार्नेहरू ता बरू तिनीहरू आफैले
आफ्नो अङ्ग भङ्ग गरे पनि हुनेथियो!

१३ किनभने, ए भाइ हो, तिमीहरू ता
स्वतंत्रताको निम्ति बोलाइएका हौ, सो
स्वतंत्रता शरीरको निम्तिको मौकामा मात्र
प्रयोग नगर, तर प्रेमबाट एक अर्कोको
दास बन। १४ किनभने समस्त व्यवस्था
एउटै वचनमा पूरा भएको छ, यसैमा कि
'तैंले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम
गर्।' १५ तर तिमीहरू एउटाले अर्कोलाई
टोक्ने र निल्ने गर्छौ भनेता, होशियार बस,
एकबाट अर्को भस्म हुनु नपरोस्।

१६ तर म भन्दछु, आत्माको भरमा
हिंड़, र तिमीहरूले शरीरको लालसा कुनै
किसिमले पूरा गर्नु पर्नेछैन। १७ किनभने
शरीरले आत्माको विरुद्धमा लालसा गर्दछ,
र आत्माले शरीरको विरुद्धमा। किनकि
तिमीहरूले इच्छा गरेका कुराहरू गर्न
नपाओस् भनेर यिनीहरू एकको विरुद्ध अर्को
हुन्छ। १८ तर आत्माले डोऱ्याएका हो
भनेता तिमीहरू व्यवस्थाको अधीनमा
हुँदैनौ।

१९ शरीरका कामहरू प्रत्यक्ष छन्, जो
यिनै हुन्—व्यभिचार, अपवित्रता, लुच्च्याइँ,
२० मूर्ति-पूजा, मन्त्र-तन्त्र, दुश्मनी, झैंझगड़ा,
ईर्ष्या, क्रोध, विरोध, फूट, कुमार्ग, २१ डाह,
मत्वालीपन, भोजको मोज-मजा र यस्तै
अरू, जसका विषयमा मैले पहिले पनि
तिमीहरूलाई जनाउ दिएको छु, र अघाड़ि-
देखि जनाउ दिएकै हुँ, जस जसले यस्ता
कामहरू गर्दछन् परमेश्वरको राज्यका हकवाला
हुनेछैनन्।

२२ तर आत्माको फल चाहिं—प्रेम,
आनन्द, शान्ति, धीरज, दया, भलाइ,
विश्वस्तता, २३ नम्रता, संयम हुन्, यस्ताका
विरुद्धमा कुनै व्यवस्था छैन। २४ औ
ख्रीष्ट येशूका जतिले ता शरीरलाई माया
र लालसाहरूसँगै क्रूसमा टाँगेका छन्।
२५ हामी आत्माले जिउँछौं भने आत्माकै
अनुसार हिंड़ौं। २६ एउटाले अर्कोसित

पाखुरा सुर्काउने, र एउटाले अर्कोको डाह
गर्ने भएर हामी अति अहंकारी नहोऔं।

६ हे भाइ हो, यदि मानिस कुनै
अपराधमा पक्राउ पर्‍यो भने पनि
तिमी आत्मिकीहरूले चाहिं नम्रताको आत्माले
आफै परीक्षामा नपरौं भनी आफ्नो पनि
विचार राख्तै यस्ताको सुधार गर।
२ तिमीहरू एउटाले अर्कोको भार उठाऊ,
र यसरी ख्रीष्टको व्यवस्था पूरा गर।
३ किनकि केही न केहीका मानिसले म
केही हुँ भन्ने सम्झन्छ भनेता त्यसले
आफैलाई धोका दिन्छ। ४ तर हरेक
मानिसले आफ्नो काम जाँचेर ठहराओस्।
तब आफ्ना छिमेकीको विषयमा ता होइन,
तर आफ्नै विषयमा मात्र अहंकार गर्ने कारण
हुनेछ। ५ किनभने हरेक मानिसले आफ्नै
निज भार उठाउनुपर्छ।

६ तर वचन सिक्नेचाहिं सिकाउनेको
सबै असल काममा सह-भागी होस्। ७ धोकामा
नपर, परमेश्वरको ठट्टा हुनेछैन, किनभने
मानिसले जे रोप्छ त्यसैको कटनी पनि
गर्नेछ। ८ किनकि जसले आफ्नै शरीरको
लागि रोप्छ, त्यसले शरीरैबाट विनाशको कटनी
गर्नेछ। तर जसले आत्माको लागि रोप्छ,
आत्मैबाट अनन्त जीवनको कटनी गर्नेछ।
९ भलाइ गर्नामा हरेस नखाऔं, किनभने,
यदि थाकेनौं भने, ठीक समयमा हामी
कटनी गर्नेछौं। १० अब मौका हुँदानै
सबै मानिसतर्फ, खास गरेर विश्वासका
घरानातर्फ, भलाइको काम गरौं।

११ हेर त, कति ठूला ठूला अक्षरहरूले
मेरो आफ्नै हातले म तिमीहरूलाई लेख्तैछु।
१२ जतिले शरीरमा सुन्दर रूप देखाउने
इच्छा गर्दछन्, केवल ख्रीष्ट येशूको क्रूसको
कारण खेदोमा नपरौं भनी तिनीहरूले
तिमीहरूलाई खतना गर्नलाई कर लगाउँछन्।
१३ किनभने ती खतना गराउने आफैले
पनि व्यवस्था पालन गर्दैनन्, तर तिनीहरूले
तिमीहरूका शरीरको विषयमा घमण्ड गरून्
भन्ने इच्छाले तिमीहरूलाई खतना गराउन-
चाहन्छ। १४ तर मैले हाम्रा प्रभु
येशू ख्रीष्टको क्रूसको विषयमा बाहेक घमण्ड
गर्न नपरोस्, जसद्वारा म चाहिं संसारको
लेखि, र संसार चाहिं मेरो लेखि क्रूसमा
टाँगिएको छ। १५ किनभने नयाँ सृष्टि-
बाहेक, नता खतना केही हो, न बेखतना!
१६ अब जो जति यस नियममा चल्दछन्
तिनीहरूमाथि र परमेश्वरका इस्राएलमाथि
शान्ति र कृपा रहोस्।

१७ अबदेखि कसैले मलाई तकलीफ
नदेओस्, किनभने म आफ्नो शरीरमा येशूका
डाम धारण गर्दछु।

१८ हे भाइ हो, हाम्रा प्रभु येशू
ख्रीष्टको अनुग्रह तिमीहरूको आत्मासँग होस्।
आमिन।

पावल प्रेरितको पत्र

एफिसीहरूलाई

१ पावल, परमेश्वरको इच्छाद्वारा ख्रीष्ट
येशूका प्रेरितबाट एफिससमा भएका
पवित्र जनहरू र ख्रीष्ट येशूमा विश्वास
गर्नेहरूलाई,—
२ तिमीहरूलाई परमेश्वर हाम्रा पिता
र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति
मिलोस्।
३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र
पितालाई धन्यवाद होस्, जसले हामीलाई
स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिषले
ख्रीष्टमा आशीर्वाद दिनुभएको छ,
४ जसरी उहाँले, हामी उहाँका
सामुन्ने प्रेममा पवित्र र निष्कलङ्क होऔँ
भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै
चुन्नुभयो, ५ त्यसरी हामीलाई उहाँको
इच्छाको अभिप्रायअनुसार आफ्नो निम्ति
ख्रीष्ट येशूद्वारा धर्मपुत्र हुनालाई उहाँले
हामीलाई अघिबाटै नियुक्त गर्नुभयो, ६ कि
उहाँको अनुग्रहको महिमाको प्रशंसानिम्ति,
जो उहाँले हामीलाई उही प्रियमा सित्तैँमा
प्रदान गर्नुभयो,
७ जसमा हामीलाई उहाँको रगतबाट
उद्धार, अर्थात् उहाँको अनुग्रहको धनअनुसार
अपराधहरूको क्षमा हुन्छ, ८ जुन
अनुग्रह उहाँले सारा ज्ञान र समझमा
हामीतर्फ प्रशस्त हुने तुल्याउनुभयो,
९ हामीलाई उहाँकै इच्छाको रहस्य जान्न
दिनुभएर उहाँको अभिप्रायअनुसार, जो उहाँले
ख्रीष्टमा ठहराउनुभयो, १० चाहे स्वर्गका,
चाहे पृथ्वीका, सबै कुरा ख्रीष्टमा गाभ्नालाई
समयको पूर्णताको प्रबन्धको निम्ति, ११ सबै
थोकलाई आफ्नै इच्छाको सल्लाहजस्तै गराउनु-
हुने उहाँको अभिप्रायअनुसार अघिबाटै नियुक्त
भएर हामीले उहाँमानै अधिकार पनि पायौं।
१२ यस हेतुले, कि हामी ख्रीष्टमा अघिदेखि
आशा राख्नेहरू, उहाँको महिमाको प्रशंसाको
निम्ति होऔँ, १३ जसमा तिमीहरूले पनि
सत्यको वचन, अर्थात् तिमीहरूको उद्धारको
सुसमाचार सुनेर—जसमा विश्वाससमेत गरेर
प्रतिज्ञाको पवित्र आत्माले तिमीहरू छाप
लगाएका थियौ, १४ जो उहाँको महिमाको
प्रशंसाको निम्ति हाम्रा परमेश्वरको निजी
सम्पत्तिको उद्धारको अधिकारको बैना हो।
१५ यसैकारणले तिमीहरूमा प्रभु येशू-
प्रतिको विश्वास र सबै पवित्र जनहरूप्रति
तिमीहरूले देखाएको प्रेमको विषय सुनेर,
१६ तिमीहरूका निम्ति धन्यवाद दिन र
मेरो प्रार्थनामा तिमीहरूलाई सम्झन म
पनि थामिन्नँ, १७ र हाम्रा प्रभु येशू
ख्रीष्टका परमेश्वर, महिमाका पिताले उहाँलाई
चिन्नाको निम्ति तिमीहरूलाई ज्ञान र
प्रकाशको आत्मा दिऊन्। १८ तिमीहरूको
हृदयका आँखा चहकिलो भएर उहाँको
बोलावटको आशा के हो, र पवित्र जनहरूमा
उहाँको अधिकारको महिमाको सम्पत्ति के हो
भनेर तिमीहरूले जान्नसक। १९ औ उहाँको
बलको सामर्थ्यको कार्यअनुसार हामी विश्वास
गर्नेहरूतर्फ उहाँको शक्तिको अत्यन्त महानता
के हो।
२० जो ख्रीष्टलाई मुर्दाहरूबाट बिउताउँदा
र आफ्नो दाहिने बाहुलीतर्फ सबै शासन,
२१ र अख्तियार, र शक्ति, र प्रभुत्व, र

न केवल यस संसारमा तर आउने संसारमा
पनि राखिएका हरेक नाउँभन्दा अति श्रेय
स्वर्गीय स्थानहरूमा बसाल्दा उहाँले काममा
लगाउनुभयो, २२ र सबै कुरा उहाँका
चरणको अधीनमा राखिदिनुभयो, र उहाँलाई
सबै कुराको शिर हुनालाई मण्डलीलाई
दिनुभयो, २३ जो उहाँको शरीर हो,
अर्थात् सबैमा सबै कुरा भरिपूर गर्ने
परिपूर्णता हो।

२ औ जब तिमीहरू आफ्ना अपराध
र पापमा मरेका थियौ, तब उहाँले
तिमीहरूलाई सजीव पार्नुभयो। २ जसमा
यस संसारको रीतिअनुसार, आकाशको
शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका
सन्तानमा काम गर्ने आत्माअनुसार तिमीहरू
अघि एकपल्ट चल्दथियौ। ३ जुनमध्ये हामी
पनि हाम्रो शरीर र मनको इच्छा पूरा गरेर
आफ्नै शरीरको लालसामा एकपल्ट बसेका
थियौं, र अरू बाँकीजस्तै हामी पनि स्वभावैले
क्रोधका सन्तान भएका थियौं,

४ तर परमेश्वरले, कृपानिधान भएर,
उहाँको महा प्रेमले गर्दा हामीलाई प्रेम
गर्नुभयो। ५ हाम्रा अपराधद्वारा हामी
मरेका थियौं, तापनि हामीलाई ख्रीष्टको
साथसाथै सजीव पार्नुभयो, (अनुग्रहबाट
तिमीहरूले उद्धार पाएका छौ), ६ औ
ख्रीष्ठ येशूमा हामीलाई उहाँसँगसँगै उठाउनु-
भयो, र उहाँसँगसँगै स्वर्गीय स्थानहरूमा
बसाल्नुभयो, ७ कि आउँदो युगमा ख्रीष्ट
येशूमा हामीप्रति भएको दयाबाट उहाँले
आफ्नो अनुग्रहको अत्यन्त सम्पत्ति देखाउना-
लाई हो। ८ किनभने तिमीहरूले विश्वास-
द्वारा अनुग्रहबाट उद्धार पाएका छौ, र यो
ता तिमीहरू आफैंबाट होइन, यो परमेश्वरको
वरदान हो। ९ कामबाट होइन, नत्रता
कसैले घमण्ड गर्नेछ। किनभने हामी उहाँका
सृजना हौं। १० हामी तीबमोजिम चल्ना-
लाई परमेश्वरले अघिबाटै तयार गर्नुभएको
असल कामको निम्ति ख्रीष्ट येशूमा सृष्टि
गरिएका हौं।

११ यसकारण याद राख, तिमीहरू शरीरमा
अघि एकपल्ट अन्यजाति भएकाहरू, जसलाई
शरीरमा हातबाट खतना गरेकाहरूले बेखतनाका
भन्छन्, १२ कि तिमीहरू त्यस बेला
ख्रीष्टबाट अलग, इस्राएलको नागरिक हकबाट
बाहिर भएका, र करारको प्रतिज्ञाका
बिराना, आशा नभएका, र यस संसारमा
परमेश्वररहित भएका थियौ। १३ तर
अब तिमीहरू जो एकपल्ट ख्रीष्ट येशूबाट
टाढ़ा थियौ, ख्रीष्टको रगतले नजीकै भएका
छौ। १४ किनभने हाम्रा शान्ति उहाँनै
हुनुहुन्छ, जसले बीचको छेक्ने बार तोड़ेर
१५ दुवैलाई यसरी मिलाप गराएर आफैमा
एउटा नयाँ मानिस उत्पन्न गर्नालाई धार्मिक-
विधानहरूमा भएका आज्ञाहरूको व्यवस्था,
अथवा शत्रुतालाई उहाँले आफ्नै शरीरमा
खारिज गरेर, १६ औ यसबाट शत्रुतालाई
नाश गरेर क्रूसद्वारा परमेश्वरसँग दुवैलाई
एउटै शरीरमा मिलाप गराएर, १७ औ
आएर उहाँले तिमी टाढ़ा भएकाहरू र नजीक
भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनु-
भयो, १८ किनभने उहाँद्वारा हामी दुवैले
एउटै आत्मामा पिताकहाँ प्रवेश पाएको हो।

१९ यसरी अब तिमीहरू फेरि परदेशी
र विदेशी छैनौ, तर पवित्र जनहरूसँग
तिमीहरू संगी-नागरिक र परमेश्वरका घरानाका
मानिसहरू भएका छौ। २० प्रेरितहरू र
अगमवक्ताहरूको जगमाथि बसालीकन ख्रीष्ट
येशू आफैंचाहिँ मुख्य कुने-ढुङ्गो
बनिनुभएको छ, २१ जसमा प्रत्येक घर
साथसाथै ठीकसँग जोड़िएर प्रभुमा एउटै
पवित्र मन्दिर हुनालाई बढ़्दै जान्छ,
२२ जसमा तिमीहरू पनि आत्मामा परमेश्वरको
बासस्थान हुनलाई सँगसँगै बनिँदैजान्छौ।

३ यसैकारण म पावल, तिमी अन्य-
जातिहरूका निम्ति ख्रीष्ट येशूको कैदी,

२ मलाई तिमीहरूतर्फ दिइएको परमेश्वरको
अनुग्रहको प्रबन्धको विषयमा तिमीहरूले पनि
सुनेका छौ भनेता, ३ मैले तिमीहरूलाई
अघाड़ि छोटकरीमा लेखेझैं प्रकाशको रूपमा
त्यो रहस्य मलाई कसरी थाह भएको हो ?
४ जुन कुराले, जब तिमीहरू पढ्छौ तब
ख्रीष्टको रहस्यमा मेरो समझ तिमीहरूलाई
विदित हुनसक्छ, ५ जुन कुरो अब पवित्र
प्रेरितहरू र अगमवक्ताहरूलाई आत्मामा
प्रकट भएझैं गरी अरू पुस्ताका मानिसका
सन्तानलाई थाह भएको थिएन, ६ अर्थात्
सुसमाचारद्वारा येशू ख्रीष्टमा अन्यजातिहरू
उहाँका करारका संगी-हकवाला र शरीरका
संगी-सदस्य र प्रतिज्ञाका संगी-सम्भागी भएका
छन्।

७ उहाँकै शक्तिको कार्यअनुसार मलाई
दिइएको परमेश्वरको त्यस अनुग्रहको वरदान-
बमोजिम, जसको म सेवक बनिएँ, ८ सबै
पवित्र जनहरूमा म सबैभन्दा क्षुद्र, अन्यजाति-
हरूमा सुसमाचार अथवा ख्रीष्टको अगम
सम्पत्तिको प्रचार गर्नालाई यो अनुग्रह मलाई
दिइएको हो । ९ औ सब कुरा सृजनुहुने
परमेश्वरमा युग-युगदेखि दबिरहेको रहस्यको
प्रबन्ध के हो मानिसलाई ती सबै झल्काउना-
लाई , १० अब स्वर्गीय स्थानहरूमा शासन-
कर्त्ता र अख्तियारवालहरूलाई परमेश्वरका नाना
प्रकारका ज्ञान मण्डलीद्वारा गराऊन् भन्ने
मनसायले, ११ यो सनातनको अभिप्राय-
अनुसार, जो उहाँले हाम्रा प्रभु येशूमा
गर्नुभएको थियो, १२ जसमा उहाँमाथिको
हाम्रो विश्वासद्वारा साहस र प्रवेशको भरोसा
हामी पाउँछौं । १३ यसैकारण म तिमी-
हरूलाई निवेदन गर्दछु, कि तिमीहरूका निम्ति
मेरा कष्टहरूमा तिमीहरू हरेस नखाओ, जुन
तिमीहरूका महिमा हुन्।

१४ यसैकारण म आफ्ना घुँड़ा पिताको
सामने टेक्तछु, १५ जसबाट स्वर्ग र पृथ्वीमा
हरेक परिवारको नाउँ राखिएको छ, १६ र
तिमीहरूलाई भित्री मनुष्यत्वमा उहाँको
आत्माद्वारा उहाँको महिमाको सम्पत्तिअनुसार
शक्तिले बलिया तुल्याउना तिमीहरूलाई
उहाँले मञ्जूर गरून्, १७ कि तिमीहरूका
हृदयमा ख्रीष्ट विश्वासद्वारा बास गर्नुहोला,
१८ यस हेतुले कि, प्रेममा जरा हालेका र
जग बसालिएका भएर सबै पवित्र जनहरूसँग
चौड़ाइ, लमाइ, उँचाइ र गहराइ के रहेछ सो
तिमीहरूले बुझ्नालाई बलिया होओ।
१९ औ परमेश्वरको सारा पूर्णतामा तिमीहरू
पूर्ण हुनालाई ज्ञानलाई माथ गर्ने ख्रीष्टको
प्रेमलाई जान्नसक ।

२० अब उहाँलाई, हामीमा कार्य गर्ने
शक्तिअनुसार, हामीले मागेको र सम्झेको भन्दा
ज्यादै प्रशस्तगरी दिनसक्नुहुने, २१ उहाँ-
लाईनै सदा सर्वदा सारा पुस्तासम्म मण्डली
र ख्रीष्ट येशूमा महिमा होस्। आमिन।

४ यसकारण म, प्रभुमा कैदीले, जुन
बोलावटमा तिमीहरू बोलाइएका छौ
त्यसैको योग्य चालमा चल भनी, तिमीहरूलाई
आग्रहपूर्वक बिन्ती गर्दछु । २ सारा विनय
र नम्रतासित, धीरजसँग, एउटाले अर्कोलाई
प्रेममा सहेर, ३ आत्माको एकता राख्नालाई
शान्तिको बन्धनमा परिश्रम गर। ४ जस्तो
तिमीहरू पनि आफ्नो बोलावटको एउटै
आशामा बोलाइएका छौ, त्यसरी एउटै शरीर
र एउटै आत्मा छ, ५ एउटै प्रभु, एउटै
विश्वास, एउटै बप्तिस्मा, ६ सबैका एउटै
परमेश्वर र एउटै पिता, जो सबैमाथि,
सबैका मध्यमा र सबैमा हुनुहुन्छ।

७ तर हामीमध्ये हरेकलाई ख्रीष्टको
वरदानको नापअनुसार अनुग्रह दिइएको छ।
८ यसैकारण उहाँ भन्नुहुन्छ,

'उहाँ माथि उक्लेर जानुहुँदा,
कैदलाई कैद गरेर लानुभयो,
औ मानिसहरूलाई वरदान दिनुभयो।'

९ (अब यो 'उक्लनुभयो' भनेको चाहिं
के हो ? केवल यही, कि उहाँ पृथ्वीको
अझ तल्लो भागमा ओर्लनु पनि भयो ?

१० ओर्लने उहाँनै हुनुहुन्छ, जो सबै कुरालाई
भरिपूर्ण पार्नालाई सारा स्वर्गहरूभन्दा धेरैमाथि
उक्लनु पनि भयो।) ११ औ उहाँलेनै
कुनैलाई प्रेरित, कुनैलाई अगमवक्ता, कुनैलाई
प्रचारक र कुनैलाई मण्डलीको गोठालो र
शिक्षक हुनालाई, १२ सेवाको काममा र
ख्रीष्टको शरीरको स्थापन्नमा पवित्र जनहरूको
सिद्धता हुनाको निम्ति नियुक्त गर्नुभयो,
१३ जबसम्म हामी सबै जना विश्वासको र
परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं,
अर्थात् ख्रीष्टको पूर्णताको कदको नापसम्मको
पूरा पाको मानिस हुँदैनौं, १४ कि हामी
भ्रमको घूर्त कारवाईहरूअनुसार छलमा मानिस-
हरूको धूर्तताले सिद्धान्तको प्रत्येक बतासबाट
ओल्टयाङ्-पल्टयाङ पारिएर यताउता हुर्रिने
बालकहरू अब नहोऔं, १५ तर प्रेममा सत्य
बोलेर हामी सबै कुरामा उहाँसम्मै, अर्थात्
ख्रीष्टसम्मै बढ़दै जाऔं, जो शिर हुनुहुन्छ,
१६ जसबाट प्रत्येक भागलाई ठीक नापको
कामबमोजिम प्रत्येक जोर्नीले खँदिलो पारि-
दिएकोले सारा शरीर ठीक ठीक एकसाथ
गाँसिएर एक भई प्रेममा आफ्नै निर्माणको
निम्ति शरीरको वृद्धि गराउँछ।

१७ यसकारण म यो भन्छु, र प्रभुमा
साक्षी दिन्छु, कि तिमीहरू फेरि यस्तो चाल
नचल जस्तो अन्यजातिहरू आफ्ना आफ्ना
मनको व्यर्थतामा चल्दछन्। १८ तिनीहरूका
हृदय कठोर भएका र तिनीहरूमा भएको
अज्ञानताको समक्ष अँध्यारो भएको हुनाले
परमेश्वरको जीवनबाट बिराना भए,
१९ जसले निर्दयी भएर लालचसाथ सारा
अशुद्ध काम गर्नाको निम्ति आफैलाई
कामोद्दीपनामा सुम्पिदिए। २० तर ख्रीष्टलाई
ता तिमीहरूले यसरी सिकेनौ, २१ तिमी-
हरूले उहाँलाई सुनेको र येशूमा भएको
सत्यअनुसार उहाँमा सिकेको भएता,
२२ तिमीहरूले अघिअघिको आचरण-
अनुसारको पुरानो मानिसलाई जो छलको
लालसाअनुसार भ्रष्ट भएर जानेहुन्छ,
त्याग, २३ र आफ्नो मनको आत्मामा
नयाँ होओ, २४ र नयाँ मानिसलाई धारण
गर, जो परमेश्वरअनुसार धार्मिकता र सत्यको
पवित्रतामा सृष्टि भएको छ।

२५ यसकारण झूट त्यागेर हरेकले
आफ्नो आफ्नो छिमेकीसित सत्य बोल,
किनकि हामी एक दोस्रोका अङ्ग हौं।
२६ क्रोध गर, तर पाप नगर, घाम
अस्ताउन अघिनै तिमीहरूको रीस मरोस।
२७ शैतानलाई मौका नदेओ। चोर्नेले
फेरि नचोरोस, २८ बरू त्यसले परिश्रम
गरोस, र जे असल छ, सो आफ्नै हातले
काम गरेर दरकार पर्नेहरूलाई केही दिनालाई
त्यससँग होस्। २९ केही कुवाक्य
तिमीहरूका मुखबाट ननिस्कोस्, तर
परिआएको खण्डमा सुधारको निम्ति केही
असल कुरो हुन्छ भने मात्र, कि त्यसबाट
सुन्नेहरूलाई अनुग्रह मिलोस्। ३० औ
परमेश्वरका पवित्र आत्मालाई सन्ताप नदेऊ,
जसमा उद्धारको दिनको निम्ति तिमीहरू छाप
लगाएका छौ। ३१ सबै तीतोपना, क्रोध
रीस, हो-हल्ला, निन्दा, सारा वैर-भावसमेत
तिमीहरूबाट त्यागिओस्। ३२ औ जसरी
परमेश्वरले पनि ख्रीष्टमा तिमीहरूलाई क्षमा
गर्नुभयो, त्यसरीनै एकले अर्कोलाई क्षमा गरेर
तिमीहरू एक अर्कोप्रति कोमल मनको र
दयालु होओ।

५ यसकारण तिमीहरू प्रिय बालकहरूझैं
परमेश्वरका देखा-सिकी गर्नेहरू होओ,
२ औ जसरी ख्रीष्टले पनि तिमीहरूसित
प्रेम गर्नुभयो र परमेश्वरका निम्ति मीठो
बास्ना हुनालाई भेटी र बलिदान भएर
आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो,
त्यसरी तिमीहरू पनि प्रेममा चल।

३ तर व्यभिचार र सारा अशुद्धता
अथवा लोभको नाउँसमेत पनि तिमीहरूबाट
नलिइओस्, जस्तो कि पवित्र जनहरूलाई
उचित हुन्छ। ४ औ न अशिष्टता, न

बेमतलबका कुरा अथवा ठट्टा, यी उचित
होइनन्, तर बरु धन्यवाद दिने काम
होस्। ५ किनभने यो ता तिमीहरू
निश्चय जान्दछौ, कि कुनै व्यभिचारी, कि
अशुद्ध मानिस, अथवा लोभी मानिसले, जो
मूर्तिपूजक हो, ख्रीष्ट र परमेश्वरको राज्यमा
कुनै अधिकार पाउनेछैन।

६ कुनै मानिसले तिमीहरूलाई खोक्रा
कुराले धोका नदेओस्, किनभने यिनै
कुराको कारणले अनाज्ञाकारिताका सन्तानमाथि
परमेश्वरको क्रोध आउँछ। ७ यसकारण
तिमीहरू तिनीहरूसँग सह-भागी नहोओ।

८ किनभने एकपल्ट तिमीहरू अन्धकार
थियौ, तर अब प्रभुमा उज्यालो भयौ,
ज्योतिका सन्तानझैं हिंड्डुल गर,
९ (किनभने ज्योतिको फल सबै भलाइ,
धार्मिकता र सत्यतामा हुन्छ) १० प्रभुलाई
मनपर्ने के हो, सो जाँचेर, ११ अन्धकारका
निष्फल कार्यहरूसँग सङ्गत नगर, तर बरु
तिनीहरूका दोष देखाइदेओ। १२ किनभने
तिनीहरूले गुप्तमा गरेका कामहरू बोल्नु
पनि शर्मको कुरो छ। १३ तर तिनीहरूका
दोष देखाइदिँदा ती सबै कुरा ज्योतिमा
प्रकट हुन्छन्, किनभने प्रकट भएको हरेक
कुरा ज्योति हुन्छ। १४ यसैले यस्तो
भनिएको छ, 'ए निदाउने, बिउँझी र
मुर्दाहरूबाट उठ्, र ख्रीष्टको ज्योति तँमाथि
चम्कनेछ।'

१५ यसकारण कसरी हिंड्छौ ठीकसँग
हेर, निर्बुद्धि जस्तो होइन, तर बुद्धिमान
मानिसजस्तो, १६ समयको अवसर विचार
गरेर सम्झ, किनभने समय खराब छ।
१७ यसैकारण मूर्ख नहोऊ, तर प्रभुको इच्छा
के रहेछ, सो बुझ।

१८ औ दाख-मद्यले नमात्तिओ, जसमा
कामोद्दीपन हुन्छ, तर आत्माले भरिपूर्ण
भएका होओ। १९ एउटाले अर्कोसँग भजन,
गीत र आत्मिक गानमा बोल्दै प्रभुको
निम्ति आफ्नो हृदयले गाउँदै र बजाउँदै,
२० हर समय सबै कुराका निम्ति हाम्रा
प्रभु येशू ख्रीष्टको नाउँमा उहाँलाई, अर्थात्
परमेश्वर र पितालाई धन्यवाद चढ़ाउँदै,
२१ ख्रीष्टको भयमा एउटा अर्कोको
अधीनमा बस।

२२ ए पत्नी हो, प्रभुको अधीनमा
रहेजस्तै आफ्ना आफ्ना पतिको अधीनमा
बस। २३ किनकि पत्नीका शिर पति हुन्,
जस्तो ख्रीष्ट शरीरको मुक्तिदाता भई
मण्डलीका शिर हुनुहुन्छ। २४ तर जसरी
मण्डली ख्रीष्टको अधीनमा छ, उसरी पत्नीहरू
पनि हरेक कुरामा पतिहरूका अधीनमा
रहून्।

२५ ए पति हो, आफ्ना पत्नीहरूलाई
प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई
प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई
अर्पण गर्नुभयो, २६ र उहाँले त्यसलाई
वचनद्वारा पानीले धोएर शुद्ध पारी
चोख्याउनुभयो, २७ कि उहाँ आफैले यस्तो
कुनै किसिमको दाग या चाउरी नभएको
एउटा प्रतापी मण्डली आफ्नो निम्ति खड़ा
गर्नलाई हो। तर त्योचाहिं ता पवित्र र
निर्दोष हुनुपर्छ।

२८ त्यसरीनै पतिहरूले पनि आफ्ना
आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम
गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले
आफैलाई प्रेम गर्छ। २९ किनभने कुनै
मानिसले कहिल्यै आफ्नै शरीरलाई घीन गर्दैन,
तर मण्डलीलाई ख्रीष्टले गर्नुभएझैं त्यसको
पालन पोषण गर्दछ। ३० किनभने हामी
उहाँका शरीरका अङ्ग हौं। ३१ 'यसैकारण
मानिसले आफ्ना बाबु-आमालाई छोड़ेर
आफ्नी पत्नीसित मिलिरहन्छ, र ती दुवै
एउटै शरीर हुनेछन्।' ३२ यो रहस्य ता
ठूलो छ, तर म ख्रीष्ट र मण्डलीको
सम्बन्धमा बोल्दछु। ३३ तापनि तिमीहरू
हरेकले आफ्नी पत्नीलाई आफैलाई जस्तैगरी
प्रेम गर, औ पत्नीले पनि आफ्ना पतिको
डर मानोस्।

६ ए बालक हो, प्रभुमा आफ्ना
आमा-बाबुको आज्ञा पालन गर,
किनभने यो उचित छ। २ आफ्ना बाबु
र आमाको मान गर (जो प्रतिज्ञा सहितको
पहिलो आज्ञा हो), ३ र तिमीलाई भलो
होस्, र पृथ्वीमा तिम्रो दीर्घायु होस्।

४ औ ए बाबु हो, तिमीहरूका
बालकहरूलाई रीस नउठाओ, तर तिनीहरूलाई
प्रभुको शिक्षा र चेलाउनीमा पालन-पोषण
गर।

५ ए कमारा हो, आफ्नो सच्चा हृदयले
डर र कम्पसँग, ख्रीष्टलाई जस्तैगरी, शरीर-
अनुसारका तिम्रा मालिकहरूको आज्ञा पालन
गर। ६ आँखाको अगाड़ि मानिसहरूलाई
खुशी पार्नेले झैं मात्र होइन, तर ख्रीष्टको
कमाराले झैं हृदयदेखिनै परमेश्वरको इच्छा पूरा
गर। ७ मानिसहरूका निम्ति होइन, तर
प्रभुका निम्ति जस्तैगरी सदिच्छाले सेवा गर्दै,
८ यो जानेर, कि चाहे त्यो कमारा होस्,
चाहे त्यो फुक्का होस्, हरेकले जे जस्तो
असल काम गर्दछ सोही त्यसले प्रभुबाट फेरि
पाउनेछ।

९ औ ए मालिक हो, तिनीहरूसँग
त्यसैनै गर, र धम्की देखाउन छोड़, यो
जानेर, कि तिनीहरूका र तिमीहरूका
पनि स्वर्गमा मालिक हुनुहुन्छ र उहाँमा
मानिसको पनपक्षे हुँदैन।

१० अन्त्यमा, प्रभुमा र उहाँको शक्तिको
सामर्थ्यमा बलवान होओ। ११ शैतानका
युक्तिहरूका विरुद्धमा खड़ा हुनसक्नालाई
परमेश्वरको सारा हात-हतियार धारण गर।
१२ किनकि हाम्रो यो लड़न्त मनिस-
हरूका विरुद्धमा होइन, तर प्रधानताहरू,
अधिकारहरू, यस अन्धकारका सांसारिक
शासकहरू र स्वर्गीय स्थानहरूमा दुष्टयाइँका
आत्मिक सेनाहरूका विरुद्धमा हो।
१३ यसैकारण परमेश्वरका सारा हात-हतियार
उठाओ, र खराब दिनमा सामना गर्न र
सबै काम गरेर खड़ा हुनसक्ने होओ।

१४ यसकारण आफ्ना कम्मर सत्यताले
कसेर, धार्मिकताको छाती-पाता लाएर
खड़ा होओ, १५ औ खुट्टामा मिलापको
सुसमाचारको तयारीका जुत्ता लगाओ,
१६ तीबाहेक विश्वासको ढाल उठाओ,
जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण
निभाउनसक्ने हुनेछौ। १७ औ मुक्तिको
टोप लेओ, र आत्माको तरवार जो चाहिं
परमेश्वरको वचन हो।

१८ सारा प्रार्थना र अन्तरबिन्तीबाट,
हर समय आत्मामा प्रार्थना गरेर,
यसैमा सारा पवित्र जनहरूका निम्ति
सतर्फ भएर खुरन्धार अन्तरबिन्ती गर।
१९ औ मेरो पक्षमा पनि, कि सुसमाचारको
रहस्य साहससित जनाउनालाई मैले मेरो
मुख खोल्दा मलाई उच्चारण गर्न दिइओस्,
२० जसको निम्ति म साङ्लामा परेको
एउटा राजदूत हुँ, र जसरी मैले बोल्नुपर्ने
हो, त्यसमा म साहससँग बोल्नसकूँ।

२१ तर म कस्तो छु र के गरिरहेछु,
ती तिमीहरूलाई पनि थाह होस् भनेर प्रिय
भाइ र प्रभुमा विश्वासी सेवक टाइकिकसले
सबै कुरा तिमीहरूलाई थाह दिनेछन्।
२२ तिमीहरूले हाम्रा विषयका कुराहरू जान
र तिनले तिमीहरूका हृदयलाई सान्त्वना
दिऊन् भनेर मैले, यसै अभिप्रायले, तिमीहरू-
कहाँ तिनलाई पठाएको हुँ।

२३ परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट
भाइहरूलाई शान्ति र विश्वासको प्रेम मिलोस्।
२४ हाम्रा प्रभु येशू ख्रीष्टलाई अविनाशी
प्रेम गर्नेहरू सबैसित अनुग्रह रहोस्।

पावल प्रेरितको पत्र

फिलिप्पीहरूलाई

१ ख्रीष्ट येशूका दासहरू, पावल र
तिमोथीका तर्फबाट फिलिप्पीमा भएका
ख्रीष्ट येशूमा सबै पवित्र जनहरूलाई—
बिशपहरू र डिकनहरूलाई समेत,
२ परमेश्वर हाम्रा पिता र प्रभु येशू
ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति
मिलोस्।
३ तिमीहरूप्रतिका सबै सम्झनामा म
मेरा परमेश्वरलाई, ४ तिमीहरू सबैका पक्षमा
मेरो हरेक अन्तरबिन्तीमा आनन्दसाथ सधैँ
अन्तरबिन्ती गरेर, ५ पहिलो दिनदेखि
अहिलेसम्म सुसमाचार फैलाउनाको निम्ति
तिमीहरूले सहयोग दिएकोमा, म धन्यवाद
चढाउँछु। ६ यसै कुरामा मेरो दृढ विश्वास
भएर, कि जसले तिमीहरूमा एउटा असल
काम शुरू गर्नुभयो, उहाँलेनै येशू ख्रीष्टको
दिनसम्ममा त्यो सिद्ध तुल्याउनुहुनेछ।
७ तिमीहरू सबैको पक्षमा यही विचार गर्नु
मेरो निम्ति उचित भएरै पनि हो। किनभने
मैले तिमीहरूलाई मेरो हृदयमा राखेको छु।
यतिसम्म कि, मेरो बन्धनमा, र सुसमाचारको
रक्षा र समर्थनको काम दुवैमा तिमीहरू सबै
मसँग अनुग्रहका सह-भागी भएका छौ।
८ किनभने परमेश्वर मेरो गवाही हुनुहुन्छ,
कि कसरी म ख्रीष्ट येशूको कोमल कृपामा
तिमीहरू सबैको तिर्सना गर्दछु।
९ औ म यही प्रार्थना गर्दछु, कि ज्ञान
र सबै विवेकमा तिमीहरूको प्रेम झन् झन्
प्रशस्त हुँदै जाओस्, १० यसैले कि, जुन जुन
कुराले ख्रीष्टका दिनमा तिमीहरूलाई सच्चा
र निर्दोषी तुल्याउनेहुन्छन्, ११ तिनै उच्च
कुरालाई तिमीहरूले परमेश्वरको महिमा र
प्रशंसाको निम्ति येशू ख्रीष्टद्वारा हुने
धार्मिकताका फलले भरिपूर हुँदैजाओ।
१२ अब हे भाइ हो, मलाई आइलागेका
कुराहरू सुसमाचारकै उन्नतिको निम्ति ती
भएका हुन् भनी तिमीहरूले ज़ान भन्ने म
चाहन्छु। १३ यहाँसम्म कि, महलका सारा
गारत र सबै बाँकीकहाँ पनि मेरो बन्धन
ख्रीष्टको निम्ति भएको हो भन्ने जाहेर भएको
छ। १४ औ प्रभुमा धेरैजस्ता भाइहरू
मेरो बन्धनले आँटिला भएर निष्फिक्रीसँग
परमेश्वरको वचन बोल्नालाई झन् सुरिएका
छन्। १५ कसै कसैले साँच्चै डाह र कलहले,
र कसै कसैले उदारचित्तले पनि ख्रीष्टलाई
प्रचार गर्दछन्। १६ म सुसमाचारको रक्षाको
निम्ति नियुक्त भएको हुँ भन्ने जानेर, एक
थरीले चाहिं प्रेमले, १७ तर अरूले चाहिं
मलाई कैदमा तकलीफ थपिदिने विचार
गरेर, शुद्ध मनले होइन, तर विरोधसाथ
ख्रीष्ट प्रचार गर्दछन्।
१८ तब के ता? केवल यति मात्र
कि, हरेक किसिमले, चाहे बहानामा, चाहे
सत्यमा ख्रीष्ट प्रचारिनुहुन्छ, र यसैमा म
जान्दछु, १९ कि तिमीहरूको अन्तरबिन्ती
र येशू ख्रीष्टका आत्माको वरदानले यो मेरो
मुक्ति हुनआउनेछ, २० कि मेरो निम्ति
उत्कट प्रतीक्षा र आशाबमोजिम म केही
कुरामा शर्ममा पर्नेछैनँ। तर सारा साहससित,
सधैँजस्तो अब पनि, चाहे मृत्युद्वारा अथवा
जीवनद्वारा मेरो शरीरमा ख्रीष्टनै प्रज्ज्वलित
हुनुहुनेछ।

२१ किनभने मेरो निम्ति जिउनु ता
ख्रीष्ट हो, औ मर्नुचाहिँ लाभ हो। २२ तर
यदि शरीरमा जिउनु चाहिँ मेरो निम्ति
परिश्रमको फल हुन्छ भनेता मैले के चुन्ने
हो, म जान्दिनँ। २३ तर मता यी दुवैका
बीचमा परेको छु। गइगएर ख्रीष्टको साथमा
हुने इच्छा त छ, किनभने यो धेरैनै असल
छ, २४ तापनि शरीरमा रहन तिमीहरूको
खातिर ज्यादै आवश्यक छ। २५ अब यही दृढ़
विश्वासमा भएर म बस्नेनै छु भन्ने, र तिमी-
हरूको विश्वासको उन्नति र आनन्दको निम्ति
म तिमीहरू सबैसँग रहनेछु भन्ने मलाई थाह
छ, २६ र तिमीहरूसँगको फेरि मेरो
उपस्थितिद्वारा, मेरो विषयमा तिमीहरूको
घमण्ड, ख्रीष्ट येशूमा प्रशस्त होओस्।

२७ केवल तिमीहरूको चाल ख्रीष्टको
सुसमाचारको योग्य होस्, र म चाहे
आएर तिमीहरूलाई देखूँ, चाहे अनुपस्थितिमै
रहूँ, तिमीहरू सुसमाचारको विश्वासको निम्ति
एउटै मनको भई, यत्न गरेर एउटै आत्मामा
दृढ़ भएको तिमीहरूको अवस्थाको विषयमा
मैले सुन्न पाऊँ। २८ विरोधीहरूसँग केही
कुरामा नडराओ। यो तिनीहरूका निम्ति
विनाशको, तर तिमीहरूका निम्ति चाहिँ
मुक्तिको प्रत्यक्ष चिह्न हो, र यो परमेश्वरबाट
हो, २९ किनभने यो तिमीहरूले उहाँमाथि
विश्वास गर्नालाई मात्र होइन, तर उहाँको
खातिर दुःख पनि भोग्नालाई, ३० र ममा
तिमीहरूले देखेको र अहिले ममा भएको,
तिमीहरूले सुनेको त्यही लड़न्त तिमीहरूमा
हुनालाई ख्रीष्टको पक्षमा तिमीहरूलाई यो
अनुग्रह भएको हो।

२ यसकारण यदि ख्रीष्टमा केही शान्ति,
प्रेमको केही सान्त्वना, आत्माको
केही सङ्गति, केही कोमल-कृपा र सहानुभूति
छन् भने, २ तिमीहरू एउटै मनका होओ,
एउटै प्रेम राखेर, एउटै चित्तका भएर, एउटै
कुरामा मन लाएर मेरो आनन्द पूरा गर।
३ विरोध अथवा फोस्रो घमण्डले केही
नगर। तर नम्रतामा एउटाले अर्कोलाई आफू-
भन्दा श्रेष्ठ ठानेर, ४ आफ्नै कुरामा मात्र
होइन, तर हरेकले अरूहरूका कुरामा पनि
ध्यान देऊ।

५ तिमीहरूमा यो मन होस्, जो
ख्रीष्टमा पनि थियो। ६ उहाँले परमेश्वरको
स्वरूपमा भएर परमेश्वरसितै बराबरको
हुनालाई, जोगाइराख्ने धन जस्तो सम्झनु-
भएन, ७ तर आफूलाई रित्याईकन कमाराको
रूप लिएर मानिसहरूको समानतामा हुनुभयो।
८ औ रूपमा मानिसजस्तो भएर मृत्युसम्मै
आज्ञाकारी हुनुभयो, क्रूसको मृत्युसम्मै आफू-
लाई होच्याउनुभयो। ९ त्यसैकारणले पनि
परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र
उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक
नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा,
पृथ्वीमाथि र पृथ्वीमनि भएका हरेक प्राणीले
येशूको नाउँमा घुँडा टेक्नुपर्छ, ११ र हरेक
जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति
येशू ख्रीष्टलाई प्रभु हो भनी स्वीकार
गर्नुपर्छ।

१२ त्यसो हो भने, ए मेरा प्रिय हो,
जसरी तिमीहरूले सधैँ आज्ञा पालन गरेका
छौ, मेरो उपस्थितिमा जस्तो मात्र होइन,
तर अब अरू बढ़ी मेरो अनुपस्थितिमा
डर र कम्पसाथ आफ्नो मुक्तिको काम पूरा
गर्दै जाओ। १३ किनभने उहाँको आफ्नै
मन खुशमा तिमीहरूलाई इच्छा गर्ने र काम
गर्ने तुल्याउनुहुने परमेश्वरै हुनुहुन्छ।
१४ गनगनाइ र वाद-विवाद नगरीकन सबै
काम गर्दैजाओ, १५ कि तिमीहरूचाहिँ
निष्खोट र सुधा भएर टेढ़ा र बरालिएको
पुस्ताका बीचमा परमेश्वरका निर्दोषी सन्तान
होओ, जसको बीचमा तिमीहरू संसारमा
ज्योतिहरूझैँ देखा पर्दछौ। १६ जीवनको
वचन देखाईकन, कि म व्यर्थमा दगुरिनँ, र
मैले व्यर्थमा परिश्रम गरिनँ भन्ने ख्रीष्टको
दिनमा घमण्ड गर्नसकूँ। १७ तर यदि

तिमीहरूको विश्वासको बलिदान र सेवामा म
अर्पित हुन्छु भने पनि म आनन्दित हुन्छु,
र तिमीहरू सबैसँग रमाउँछु, १८ औ यस्तै
किसिमले तिमीहरू पनि आनन्दित होओ,
र मसँग रमाओ।

१९ तर अब म तिमीहरूकहाँ चाँडै
तिमोथीलाई पठाउन प्रभुमा आशा गर्दछु,
र तिमीहरूको अवस्था थाह पाएर म पनि
आनन्दित होऊँ। २० किनभने साँचो मनले
तिमीहरूका कल्याण सोच्ने मजस्तै मन
भएको मानिस अरू कोही छैन,
२१ किनभने सबै जना येशू ख्रीष्टको ता
होइन, तर आफ्नै स्वार्थ खोज्दछन्।
२२ तर यो प्रमाणित भएको तिमीहरूलाई
थाहै छ, कि जसरी छोराले बाबुको सेवा
गर्दछ, त्यसरीनै तिनले मसित सुसमाचार
फैलाउने काममा सेवा गरे। २३ यसकारण
हेरूँ, मेरो निम्ति के कसो हुन्छ, सो
जानेर तिनलाई झट्टै पठाउने आशा गर्दछु।
२४ तर म आफै पनि चाँडै आउँला भन्ने
प्रभुमा भरोसा राखेको छु।

२५ तर मेरो भाइ, सहकर्मी र सङ्गी-
सिपाही र मेरो दरकारमा तिमीहरूका
राजदूत र सेवक, इपाफ्रोडाइटसलाई तिमी-
हरूकहाँ पठाउनालाई आवश्यक ठानेको छु,
२६ किनभने तिनले तिमीहरू सबैका निम्ति
अति तिर्सना गर्दथिए, किनकि तिनी बिरामी
भएको खबर तिमीहरूले सुनेकोले तिनी
ज्यादै व्याकुल भएका थिए। २७ किनकि
साँच्चै तिनी मरणान्त बिरामी ता थिए,
तर परमेश्वरले तिनीमाथि, र तिनीमाथि
मात्र होइन, तर मलाई शोकमाथि शोक
नहोस् भनेर, ममाथि पनि दया देखाउनु-
भयो। २८ यसकारण तिनलाई फेरि देखेर
तिमीहरूलाई आनन्द होस् र मेरो दुःख
घटोस् भनेर मैले तिनलाई साह्रै यत्नगरेर
पठाएको छु। २९ यसकारण तिनलाई ज्यादै
आनन्दसाथ प्रभुमा ग्रहण गर, र यस्ता-
हरूलाई आदरणीय जान। ३० किनभने
मतर्फको तिमीहरूको सेवामा घटी भएको
पूरा गर्नालाई आफ्ना प्राणलाई जोखिममा
पारेर ख्रीष्टको कामको निम्ति तिनी मृत्युको
मुखसम्मै पुगे।

३ अन्त्यमा ए भाइ हो, प्रभुमा
आनन्दित होओ। तिमीहरूलाई त्यही
कुराहरू लेख्न मलाई झर्को लाग्दैन, तर
तिमीहरूको निम्ति सुरक्षित छ। २ कुकुर-
हरूदेखि होशियार बस, खराब काम
गर्नेहरूदेखि होशियार बस, झूटा खतनादेखि
होशियार बस। ३ किनभने परमेश्वरका
आत्माद्वारा पूजा गर्ने, र ख्रीष्ट येशूमा
घमण्ड गर्ने, र शरीरमा भरोसा नराख्ने
खतना हामीनै हौं। ४ यद्यपि म आफै-
लाई पनि शरीरमा दृढ विश्वास होला,
तथापि अरू कसैले शरीरमा दृढ विश्वास
राख्ने बिचार गर्दछ भने म झन् बढ्ता
गर्दछु। ५ आठौं दिनमा मेरो खतना
भएको हो। म इस्राएल जातिको बिन्यामीन
कुलको, हिब्रूहरूको हिब्रू, व्यवस्थाको विषयमा
हो भने, एक फरिसी, ६ जोशको
विषयमा हो भने, मण्डलीलाई सताउने,
धार्मिकताको विषयमा हो भने, व्यवस्थामा
भएको धार्मिकताबमोजिम निर्दोष ठहरिएको
हुँ।

७ त्यसो भए तापनि, जुन कुरा मलाई
फायदाका थिए, ती ता मैले ख्रीष्टका निम्ति
हानिकानै सम्झें। ८ साँच्चै मेरा प्रभु
ख्रीष्ट येशूको ज्ञानको श्रेष्ठताको निम्ति म
सब कुरालाई पनि हानिको ठान्छु, जसको
निम्ति मैले सबै कुरा गुमाएँ, र ख्रीष्टलाई
प्राप्त गरूँ भनेर तिनलाई रद्दी सम्झन्छु।
९ औ व्यवस्थाबमोजिम मेरो आफ्नै
धार्मिकता भएर होइन, तर ख्रीष्टमा विश्वास-
द्वारा हुने, अर्थात् विश्वासद्वारा हुने परमेश्वरको
धार्मिकताको आधारमा उहाँमा मलाई
पाओस्, १० र म उहाँको मृत्युसम्मै एकै
रूपको भएर उहाँलाई, र उहाँको पुनरुत्थानको

शक्ति, र उहाँको शासनाको सम्भागी
हुनसकूँ, ११ कि कुनै किसिमले मरेका-
हरूको पुनरुत्थान प्राप्त गर्नसकूँ।
१२ मैले अघिनै हात पारिसकेको,
अथवा म अघिनै सिद्ध भैसकेको होइन तर
जेको निम्ति पनि ख्रीष्ट येशूबाट मैले पक्राउ
खाएँ, सो पक्रनसक्छु कि भनेर म अगि
बढ्दैछु। १३ ए भाइ हो, मैले पक्रि-
सकेको छु भनी म अफै सम्फन्नँ तर
पछाड़िका कुराहरूलाई बिर्सेर अगाड़िका
कुराहरूतिर लम्केर म एउटा काम गर्दछु,
१४ ख्रीष्ट येशूमा परमेश्वरको, माथिको
बोलावटको पुरस्कारको निम्ति निशानातिर म
अगाड़ि बढ्दछु।
१५ यसैकारण हामी सिद्ध हुनेहरूचाहिं
सबै यस्तै मनका होऔं, र तिमीहरू कोही
केही कुरामा भिन्न विचारका छौ भने
परमेश्वरले तिमीहरूलाई यो पनि प्रकट
गरिदिनुहुनेछ। १६ केवल जहाँसम्म हामी
पुगिसकेका छौं, त्यहीबमोजिम हामी
चलौं।
१७ ए भाइ हो, तिमीहरू मसँगसँगै मेरा
देखासिकी गर्नेहरू होओ, र जसरी हामी
तिमीहरूका नमूना भएका छौं त्यसरी हिंड्ने-
हरूलाई हेर।
१८ किनभने धेरै जना यसरी हिंड्छन्,
जसका बिषयमा मैले तिमीहरूलाई बारंबार
भनेथें, र अब पनि रुँदै भन्छु, कि तिनीहरू
ख्रीष्टको क्रूसका शत्रुहरू हुन्, १९ जसको
अन्त बिनाशै हो, जसको ईश्वर पेटै हो, र
जसको महिमा तिनीहरूकै शर्ममा हुन्छ,
जसले भौतिक कुराहरूमै ध्यान दिन्छन्।
२० तर हाम्रो नागरिकता स्वर्गमा छ, जहाँबाट
मुक्तिदाता, अर्थात् येशू ख्रीष्टको प्रतीक्षा
पनि गर्दछौं, २१ जसले आफ्नो कामअनुसार
सबै कुरा आफ्नो अधीनमा ल्याउनालाई
हाम्रा हीन अवस्थाको शरीरलाई उहाँको
महिमाको शरीर समान तुल्याउनालाई
परिवर्त्तन गर्नहुनेछ।

४ त्यसकारण ए मेरा प्रिय र तिर्सनाका
भाइहरू, मेरा रमाहट र मुकुट
हो, यसरीनै प्रभुमा स्थिर बस, मेरा प्रिय
हो।
२ म, इयोदिया र सिन्तकेलाई प्रभुमा
एउटै मनका होओ भनेर अर्ती दिन्छु।
३ ए सच्चा जोड़ीदार, म तिमीलाई
पनि आग्रहपूर्वक बिन्ती गर्दछु, कि यी
स्त्रीहरूलाई मदत गर। किनभने यिनीहरूले
मसँग सुसमाचारमा परिश्रम गरे, क्लेमेण्टको
साथमा पनि र मेरा अरू बाँकी सहकर्मीहरू-
सँग, जसका नाउँ जीवनको पुस्तकमा छन्।
४ प्रभुमा सधैं आनन्द गर। म फेरि
पनि भन्छु, आनन्द गर।
५ तिमीहरूको सहनशीलता सबै मानिस-
हरूलाई थाह होस्। प्रभु नजीकै हुनुहुन्छ।
६ केही कुरामा चिन्तित नहोओ, तर सबै
कुरामा धन्यवादसाथ प्रार्थना र अन्तरबिन्तीमा
तिमीहरूका माग परमेश्वरमा जाहेर होस्।
७ औ परमेश्वरको शान्तिले, जो सारा
समझलाई माथ गर्छ, तिमीहरूका हृदय र
तिमीहरूका विचारलाई येशूमा रक्षा गर्नेछ।
८ अन्त्यमा ए भाइ हो, जे कुरा
सच्चा छन्, जे कुरा आदरणीय छन्, जे
कुरा चोखा छन्, जे कुरा असल छन्, जे
कुरा मनपर्दा छन्, तिनमा केही सद्गुण र
केही प्रशंसा छ भने, तिनै कुराको बिचार
गर। ९ तिमीहरूले जुन कुरा सिक्यौ, र
ग्रहण पनि गर्‍यौ, सुन्यौ र ममा देख्यौ,
तिनै काम गर, औ शान्तिका परमेश्वर
तिमीहरूसँग हुनुहुनेछ।
१० तर म प्रभुमा साह्रै आनन्दित भएँ,
कि अब धेरै समयपछि मेरो निम्ति तिमी-
हरूको विचार तिमीहरूमा पलाएर आयो,
यद्यपि मन दिइरहेका ता थियौ, तथापि
तिमीहरूलाई मौका परेको थिएन। ११ खाँचो
परेर ता मैले भनेको होइन, किनभने जुनसुकै
परिस्थितिमा म भएँ पनि त्यसैमा सन्तुष्ट
रहन मैले सिकेको छु। १२ म घट्न

पनि जान्दछु, बढ्न पनि जान्दछु। हरेक
कुरामा र सम्पूर्ण कुरामा तृप्त हुने पनि र
भोको हुने पनि, प्रशस्त हुने र खाँचोमा पर्ने
पनि गुप्त कुरो मैले सिकेको छु। १३ जसले
मलाई शक्ति दिनुहुन्छ उहाँमा सबै कुरा म
गर्नसक्छु।

१४ तापनि मेरो कष्टमा तिमीहरूले सङ्गति
दिएकोमा असल गर्‍यौ। १५ ए फिलिप्पी
हो, तिमीहरू आफै पनि जान्दछौ, कि
सुसमाचारको शुरूमा म म्यासिडोनियाबाट
बिदा हुँदा, दिने र लिने विषयमा, तिमी-
हरूबाहेक कुनै मण्डलीको मसँग सङ्गति भएको
थिएन, १६ किनभने थिस्सलोनिकामा पनि
तिमीहरूले मलाई एकचोटिभन्दा बढीनै मेरो
दरकारमा पठाइरह्यौ। १७ मैले चन्दा
खोजेको ता होइन, तर तिमीहरूकै हर-
हिसाबमा बढ्दै आउने फल खोजेको हुँ।
१८ तर मसित सबै कुरा छन्, र मसित
प्रशस्तै छ। तिमीहरूले पठाइदिएका मीठो
बास्ना भएको, परमेश्वरलाई मनपर्दो र ग्रहण-
योग्य बलिदान, इपाफ्रोडाइटसबाट पाएर म
तृप्त भएको छु। १९ औ मेरा परमेश्वरले,
ख्रीष्ट येशूमा भएको महिमा उहाँको सम्पत्ति-
अनुसार, तिमीहरूका सबै अभावलाई पूरा
गरिदिनुहुनेछ। २० अब हामीहरूका परमेश्वर
र पितालाई सदा सर्वदा महिमा होस्।
आमिन।

२१ ख्रीष्ट येशूमा हरेक पवित्र जनलाई
सलाम भनिदेओ। मसँग हुने भाइहरूले
तिमीहरूलाई सलाम भन्दछन्। २२ सबै
पवित्र जनहरूले र विशेष गरी सिजरका
घरानाकाहरूले तिमीहरूलाई सलाम भन्छन्।

२३ प्रभु येशू ख्रीष्टको अनुग्रह
तिमीहरूको आत्मासित होस्।

पावल प्रेरितको पत्र

कलस्सीहरूलाई

१ परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको
प्रेरित पावल, र हाम्रा भाइ तिमोथी-
बाट, २ कलस्सेमा भएका पवित्र जनहरू
र ख्रीष्टमा विश्वासी भाइहरूलाई,—तिमी-
हरूलाई परमेश्वर हाम्रा पिताबाट अनुग्रह
र शान्ति मिलोस्।
३ हामी आफ्ना प्रभु येशू ख्रीष्टका पिता
परमेश्वरलाई तिमीहरूका निम्ति सधैँ प्रार्थना
गर्दै धन्यवाद चढ़ाउँछौं, ४ ख्रीष्ट येशूमा
तिमीहरूको विश्वास, र सबै पवित्र जनहरूतर्फ
तिमीहरूको प्रेमको विषयमा सुनेर,
५ तिमीहरूका निम्ति स्वर्गमा रहेको आशाको
कारणले, जेको विषयमा सुसमाचारको सत्य
वचनमा तिमीहरूले अघिनै सुन्यौ, ६ जो
तिमीहरूकहाँ आएको छ, जसरी सारा
संसारमा पनि उन्नति हुँदै र बढ़दै जान्छ,
र जुन दिनदेखि तिमीहरूले सुन्यौ र सत्यतामा
परमेश्वरको अनुग्रहको विषयमा बुझ्यौ, तिमी-
हरूमा पनि त्यसै गर्दछ, ७ जसरी हाम्रा
प्रिय सङ्गी-दास इप्राफासबाट तिमीहरूले सिक्यौ,
जो हाम्रा पक्षमा ख्रीष्टका एक विश्वासी
सेवक हुन्, ८ जसले आत्मामा भएको
तिमीहरूको प्रेमको विषयमा हामीलाई बताए।
९ यसैकारण हामीले त्यो सुनेको दिन-
देखि सारा आत्मिक बुद्धि र समझमा
उहाँको इच्छाको ज्ञानले तिमीहरू पूर्ण होओ
भनेर हामीले पनि तिमीहरूका निम्ति प्रार्थन
र बिन्ती गर्न छोड़ेका छैनौं, १० हर
किसिमले खुश पार्नेगरी प्रभुको योग्य चालमा
चल्न र हरेक असल काममा फलिफाप हुँदै
परमेश्वर को ज्ञानमा बढ़दै गएर, ११ आनन्दसित
सारा धीरज र सहनशीलताको निम्ति
उहाँको महिमाको सामर्थ्यअनुसार सारा शक्तिले
बलवान भएर, १२ ज्योतिमा पवित्र जन-
हरूको अधिकारको सम्भागी हुनालाई हामीलाई
योग्य तुल्याउनुहुने, पितालाई धन्यवाद
चढ़ाउँदै, १३ जसले हामीलाई अन्धकारको
शक्तिदेखि छुटाउनु र आफ्नो प्रेमी पुत्रको
राज्यभित्र परिवर्त्तन गराउनुभयो, १४ जसमा
हाम्रो उद्धार, अर्थात् हाम्रो पापको क्षमा छ।
१५ जो अदृश्य परमेश्वरको प्रतिरूप,
सारा सृष्टिको जेठो हुनुहुन्छ, १६ किनभने
उहाँमानै सबै थोक सृष्टि भएका थिए
स्वर्गमा र पृथ्वीमाथि भएका दृष्ट र अदृष्ट
थोकहरू, चाहे सिंहासनहरू, चाहे राज्यहरू,
चाहे प्रधानताहरू, चाहे प्रभुत्वहरू, सबै थोक
उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्,
१७ औ सबै कुराभन्दा अघाड़ि उहाँनै
हुनुहुन्छ, र उहाँमानै सबै कुरा जम्मा भएर
रहेका छन्। १८ औ उहाँ शरीर, अर्थात्
मण्डलीका शिर हुनुहुन्छ, सबै कुरामा
सर्वश्रेष्टता उहाँलाईनै होस् भनेर उहाँ आदि र
मरेकावाट बिउँतनेमा जेठो हुनुहुन्छ।
१९ किनभने सारा पूर्णता उहाँमानै बास
गरोस् भनी पितालाई यही खुश लाग्यो,
२० औ उहाँको क्रूसको रगतद्वारा शान्ति
गराएर उहाँद्वारै सबै थोक, चाहे पृथ्वीका,
चाहे स्वर्गका, उहाँद्वारानै आफैसँग मिलाप
गराउनुभयो।
२१ ओ अघि बितेका समयमा तिमीहरू
आफ्ना खराब काममा एकातिर लागेका र
तिम्रा मनमा शत्रु भएका थियौ, २२ तापनि

अब ता उहाँको मासुको शरीरमा मृत्युद्वारा
उहाँकै सामने तिमीहरूलाई पवित्र र निष्कलङ्क
र निन्दारहितका उपस्थित गराउनालाई,
२३ यदि तिमीहरूले सुनेका सुसमाचारको
आशाबाट, जो स्वर्गमनि भएका सारा सृष्टिमा
प्रचारियो, र जसको सेवक म, पावल बनिएँ,
तिमीहरू नहटीकन त्यसमा गड़ेर स्थिर भई
विश्वासमा रहिरह्यौ भनेता उहाँले तिमी-
हरूलाई मिलाप गराउनुभएको छ।
२४ अब तिमीहरूका खातिर मेरो
शासनामा म आनन्द गर्दछु, र ख्रीष्टको
कष्टमा जो घटी भएको छ, तिनलाई म
आफ्नै मासुमा, उहाँको शरीरको खातिर
पूरा गर्दछु, जो मण्डली हो, २५ जसको
म सेवक बनाइएँ, जुन काम परमेश्वरको
वचन पूरा गर्नालाई मलाई दिइयो,
२६ अर्थात् युगयुग र पुस्ता पुस्तादेखि
दबिरहेको त्यो रहस्य, तर अब उहाँका
पवित्र जनहरूमा प्रकट भएको छ, २७ जस-
लाई, अन्यजातिहरूमा यस रहस्यको महिमाको
सम्पत्ति के हो, अर्थात् जो महिमाको आशा
हो ख्रीष्ट तिमीहरूमा, सो परमेश्वरले थाह
गराउन इच्छा गर्नुभयो, २८ हरेक मानिस-
लाई ख्रीष्टमा सिद्ध भएका उपस्थित गराउना-
लाई, हरेक मानिसलाई चेताउनी दिँदै र
सारा ज्ञानमा हरेक मानिसलाई सिकाउँदै,
हामी उहाँलाई प्रचार गर्छौं। २९ उहाँको
कार्यअनुसार प्रयत्न गरेर जो ममा जोरसँग
काम गर्दछ, जसको निम्ति म परिश्रम पनि
गर्दछु।

२ किनभने तिमीहरूले यो जान भनी
म इच्छा गर्दछु, कि तिमीहरू र
लाओडिसियामा हुनेहरू, र मेरो शारीरिक
मुख नदेख्नेहरू सबैका निम्ति, २ तिनी-
हरूका हृदयलाई सान्त्वना मिलोस भनेर,
प्रेममा एकसाथ गाँसिएको भई, समझको पूर्ण
निश्चयताको सारा सम्पत्तिमा तिनीहरूले
परमेश्वरको रहस्य, अर्थात् ख्रीष्टलाई चिनून्
भनेर, ३ जसमा ज्ञान र बुद्धिका सारा
रत्नहरू छिपेका छन्, म कति धेरै प्रयत्न
गर्छु।
४ म यो भन्छु, कि कसैले फकाइ-
फुल्लाइको बातले तिमीहरूलाई नछलोस्।
५ किनकि शरीरमा म अनुपस्थित भए
तापनि तिमीहरूको चाल-ढङ्ग र ख्रीष्टमा
तिमीहरूको विश्वासको स्थिरता हेरेर रमाउँदै,
म आत्मामा तिमीहरूसँग छु।
६ यसकारण जसरी प्रभु येशू ख्रीष्टलाई
ग्रहण गर्‍यौं, ७ त्यसैगरी उहाँमा जरा
हालेका र बनिएका भएर, औ तिमीहरूलाई
सिकाएबमोजिम तिमीहरूको विश्वासमा दृढ
भएर, धन्यवादसाथ यसमा प्रशस्त हुँदै उहाँकै
चालमा चल।
८ होशियार बस, नत्रता कसैले ख्रीष्ट-
अनुसारको होइन, तर मानिसहरूको कुलाचार,
संसारको अनुसारका तत्त्वज्ञान, र फोस्रो
छलले तिमीहरूलाई शिकार बनाउला,
९ किनभने उहाँमा ईश्वरत्वको सारा परिपूर्णता
शारीरिक रूपमैं बास गर्दछ, १० र उहाँमानै
तिमीहरू परिपूर्ण पारिएका छौ, जो सबै
प्रधानता र शक्तिका शिर हुनुहुन्छ।
११ जसमा हातले गरेको खतना होइन,
तर शारीरिक देह उतार्ने काममा ख्रीष्टको
खतनामा तिमीहरूको पनि खतना भएको हो,
१२ बप्तिस्मामा उहाँसँगै गाड़िएर, जसमा
मरेकाहरूबाट उहाँलाई बिउँताउनुहुने
परमेश्वरको कार्यमा विश्वासद्वारा तिमीहरू पनि
बिउँतियौ। १३ औ तिमीहरू आफ्ना
अपराध र देहको बेखतनामा मरेका भएर
तिमीहरूलाईनै उहाँले हाम्रा सबै अपराध
क्षमा गरेर उहाँसँगै जीवित पार्नुभयो।
१४ उहाँले धार्मिक-विधानमा हाम्रा विरुद्धमा
भएको लेख-पत्र मेटिदिएर, जो हाम्रो विपरीत
थियो, त्यसलाई झिकेर क्रूसमा कीला
ठोकिदिनुभयो, १५ र प्रधानता र शक्ति-
हरूलाई उहाँ आफैबाट उतारीकन यसमा
तिनीहरूमाथि विजय गरेर उहाँले खुल्लम-खुल्ला

तिनीहरूको प्रदर्शन गर्नुभयो ।
१६ यसकारण कुनै मानिसले तिमीहरू-
लाई खानामा, अथवा पिउनामा, या पर्वको
दिन, वा औंसी, कि विश्रामको दिन मान्ने
विषयमा इन्साफ गर्न नपाओस्, १७ यी
चाहिं आउने कुराका छाया हुन्, तर मूल
कुरो चाहिं ख्रीष्टको हो । १८ स्वयं
इच्छाको दीनतामा, र दूतगणको पूजा गरेर,
र आफ्नो दैहिक मनमा व्यर्थमा गम्केर,
आफूले देखेको कुरामा अड़िएर बस्ने कुनै
मानिसले तिमीहरूलाई तिमीहरूको इनाम
गुमाउने नतुल्याओस्, १९ औ यस्ताले
शिरलाई समातिराख्तैन, जसबाट सारा शरीर,
जोर्नी र बन्धनहरूले जोड़िई एकसाथ गाँसिएर
परमेश्वरको बढ़िबढ़ाउमा बढ़ेर आउँछ ।
२० यदि संसारका तत्त्वज्ञानबाट ख्रीष्टसँग
तिमीहरू मरेका छौ भने यस संसारमा
बाँचिरहेझैं नियमहरूको अधीनमा तिमीहरू
किन रहन्छौ ? २१ नसमात, नचाख,
नछोओ, २२ (यी सबै कुराहरू प्रयोग
गरेर नष्ट हुनेछन्) ती मानिसहरूका
आचार सम्बन्धी आदेश र सिद्धान्तका
हुन् । २३ यी कुरा स्वेच्छाअनुसारको
उपासना, नम्रता र शरीरलाई दुःख
दिने बुद्धि माफिकका साँच्चिनै देखा
पर्छन् तर शरीरको क्षतिपूर्तिको निम्ति केही
मोलका हुँदैनन् ।

३ यसकारण यदि तिमीहरू ख्रीष्टसँगै
बिउँतिएका छौ भने माथिका
कुराहरू खोज, जहाँ ख्रीष्ट हुनुहुन्छ, र
परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ ।
२ माथिका कुरामा मन लगाओ, पृथ्वीमा
भएका कुरामा होइन, ३ किनभने तिमीहरू
मरेका छौ, र तिमीहरूको जीवन ख्रीष्टसँग
परमेश्वरमा लुकेर रहेको छ । ४ जब ख्रीष्ट
अर्थात् हाम्रो जीवन प्रकट हुनुहुन्छ, तब
तिमीहरू पनि उहाँसितै महिमामा प्रकट
हुनेछौ ।
५ यसकारण पृथ्वीमा भएका तिमीहरूका
अङ्गहरूलाई आत्मसंयमद्वारा वशमा पार,
व्यभिचार, अशुद्धपना उद्वेग, खराब इच्छा र
लोभ, जो मूर्तिपूजा हो, ६ यिनै कुराहरूका
खातिरमा परमेश्वरको क्रोध आज्ञा नमान्नेहरू-
माथि पर्छ, ७ तिमीहरू यिनैमा रहँदाखेरि
तिमीहरू पनि अघि यही कुरामा चल्दथियौ ।
८ तर अब तिमीहरूले पनि रीस,
क्रोध, डाह, निन्दा, आफ्नो मुखबाट
निस्कने फोहोर बोली, यी सबै कुरा त्याग ।
९ एउटाले अर्कोलाई, नढाँट, किनभने पुरानो
मनुष्यत्वलाई त्यसका कामहरूसमेत तिमीहरूले
त्यागेका छौ, १० औ नयाँ चोला धारण
गरेर, आफूलाई सृष्टि गर्नेको रूपजस्तै भएर
पूरा ज्ञानमा परिवर्त्तन भएका छौ, ११ जहाँ
ग्रीक र यहूदी, खतना र बेखतना अरू भाषा
बोल्ने, सिथियावासी, कमारा र फुक्काको
भेद रहनेछैन, तर सबै कुरा र सबै कुरामा
ख्रीष्टनै हुनुहुन्छ ।
१२ यसकारण परमेश्वरका चुनिएकाहरूझैं
पवित्र र प्रिय, सहानुभूतिको हृदय, दया,
नम्रता, विनय, सहनशीलता धारण गर ।
१३ एउटाले अर्कोलाई सहेर, कुनै मानिसको
विरुद्धमा केही दोषको कारण छ भने,
एउटाले अर्कोलाई क्षमा गर, जसरी प्रभुले
पनि तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी
तिमीहरूले पनि क्षमा गर, १४ र यी सबै
कुराहरूभन्दा बढ़ी प्रेम धारण गर, जो
सिद्धताको गाँठो हो । १५ औ ख्रीष्टको
शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस् ।
त्यसैको निम्ति पनि तिमीहरू एउटै शरीरमा
बोलावट भएका छौ, औ तिमीहरू धन्यवादी
होओ । १६ सारा ज्ञानमा ख्रीष्टको वचनले
तिमीहरूमा प्रशस्तसँग बास गरोस् । तिमीहरू
एउटाले अर्कोलाई सिकाएर अर्ती दिँदै भजन,
स्तुतिगान र आत्मिक गानद्वारा आफ्ना हृदयमा
अनुग्रहसाथ परमेश्वरका निम्ति गाओ ।
१७ औ बात र काममा जे जे गर्छौ,
सबै कुरा उहाँद्वारा परमेश्वर पितालाई

धन्यवाद चढ़ाएर प्रभु येशूको नाउँमा गर।
१८ ए पत्नी हो, प्रभुमा खुल्ने
जस्तैगरी पतिका अधीनमा बस।
१९ ए पति हो, पत्नीलाई प्रेम गर
औ तिनीहरूप्रति कठोर नहोओ।
२० ए बालक हो, सबै कुरामा आमा-
बाबुका आज्ञा पालन गर। किनकि यो
प्रभुमा बढ़ता खुशी तुल्याउनेहुन्छ।
२१ ए बाबु हो, आफ्ना केटा-केटी-
हरूलाई रीस नउठाओ, र तिनीहरू खिन्न
नहोऊन्।
२२ ए कमारा हो, आँखाका अगाड़ि
मानिसहरूलाई खुशी तुल्याउने जस्तैगरी होइन,
तर प्रभुको डर मानेर शुद्ध हृदयसाथ सबै
कुरामा शरीरअनुसार तिमीहरूका मालिकहरूका
आज्ञा पालन गर। २३ जे जे तिमीहरू
गर्दछौ, मानिसलाई जस्तो होइन, तर प्रभुको
निम्ति जस्तैगरी मनतनले गर। २४ यो
जानेर कि प्रभुबाट तिमीहरूले अधिकारको
क्षतिपूर्त्ति पाउनेछौ। तिमीहरू प्रभु ख्रीष्टको
सेवा गर्दछौ। २५ तर खराबी गर्नेले खराबी
गरेको प्रतिफल फेरि पाउनेछ। औ मुख
हेरेर पक्षपात हुँदैन।

४ ए मालिक हो, तिमीहरूका पनि
मालिक स्वर्गमा हुनुहुन्छ भन्ने जानेर,
जे ठीक र समान छ, तिम्रा कमाराहरूका
निम्ति त्यही गर।
२ धन्यवादसाथ त्यसमा सतर्क रहेर
दृढ़सँग प्रार्थनामा निरन्तर लागिरहो,
३ साथसाथै हाम्रा निम्ति पनि प्रार्थना
गर्दैगर, ख्रीष्टको त्यो रहस्य बोल्नालाई
परमेश्वरले हाम्रा निम्ति वचनको ढोका
खोलिदिऊन्, जसको निम्ति म बाँधिएको
पनि छु। ४ औ जसरी मैले बोल्नु पर्नेहो,
त्यसरी मैले प्रकट गर्नसकूँ।
५ समयको अवसर विचार गरेर बाहिर
रहेकाहरूतर्फ पनि बुद्धिमानीसाथ चल।
६ हरेकलाई कसरी जवाफ दिनुपर्छे, सो
जान्नालाई तिमीहरूको वचन नूनले स्वादिलो
पारेको जस्तै अनुग्रहसहितको होस्।
७ मेरो विषयका सबै कुरा प्रिय भाइ,
विश्वासी सेवक र प्रभुमा सङ्गीदास,
टाइकिकसले तिमीहरूलाई थाह दिनेछन्।
८ तिमीहरूले मेरो विषयका कुरा जान र
तिमीहरूका हृदयलाई तिनले सान्त्वना दिऊन्
भनेर मैले यसै कुराको निम्ति, विश्वासी,
९ र प्रिय भाइ ओनेसिमसको साथमा,
जो तिमीहरूमध्येकै एउटा हुन्, तिमीहरूकहाँ
तिनलाई पठाएको छु। उनीहरूले यहाँ
भएका सबै कुरा तिमीहरूलाई बताउनेछन्।
१० मेरा सङ्गी-कैदी अरिस्तार्खसले तिमी-
हरूलाई सलाम भन्दछन्। बर्णाबासको भाइ
पर्ने मर्कूसले पनि, (जसको विषयमा लिएर
कतै तिनी तिमीहरूकहाँ आइपुगे भने तिनलाई
सत्कार गर्न भन्ने आज्ञा तिमीहरूले पाएका छौ)
११ औ जस्तस भन्ने येशूले, यिनीहरू खतना
भएका हुन्, परमेश्वरको राज्यको निम्ति मेरा
सहकर्मी र मलाई सान्त्वना दिने मानिसहरू,
यिनीहरू मात्र हुन्।
१२ तिमीहरू परमेश्वरका सब इच्छामा
सिद्ध र पूरा निश्चय भएका होओ भनेर
प्रार्थनामा तिमीहरूका निम्ति बराबर प्रयत्न
गर्दै ख्रीष्टको दास तिमीहरूमध्येका एक,
इप्राफासले तिमीहरूलाई सलाम भन्दछन्।
१३ किनभने म तिनको निम्ति गवाही
दिन्छु, कि तिमीहरू, लाओडिसियामा हुनेहरू
र हिरापोल्सिमा हुनेहरूका निम्ति तिनले
घोर परिश्रम गरेका छन्। १४ प्रिय वैद्य
लूका र डेमासले तिमीहरूलाई सलाम
भन्दछन्।
१५ लाओडिसियामा भएका भाइहरूलाई
र निम्फसलाई र तिनीहरूका घरमा भएका
मण्डलीलाई सलाम भनिदेओ। १६ औ जब
तिमीहरूका बीचमा यो चिट्ठी पढ़िन्छ, तब
लाओडिसियामा भएका मण्डलीमा पनि यो
पढ़न लगाओ, र लाओडिसियाबाटको चिट्ठी
पनि तिमीहरूले पढ़। १७ औ 'तिमीले

प्रभुमा जुन सेवा पाएका छौ, त्यो पूरा
गर्नालाई होशियार रहनू' भनी अर्खिपसलाई
भनिदेओ।

१८ म पावलको आफ्नै हातको सलाम।
मेरा बन्धनहरूको सम्झना गर। तिमीहरूसँग
अनुग्रह रहोस्।

पावल प्रेरितको

थिस्सलोनिकीहरूलाई

पहिलो पत्र

१ पावल, सिल्वानस र तिमोथीका
तर्फबाट, परमेश्वर पिता र प्रभु येशू
ख्रीष्टमा भएका थिस्सलोनिकीहरूका मण्डली-
लाई—तिमीहरूलाई अनुग्रह र शान्ति
मिलोस्।
२ हाम्रो प्रार्थनामा तिमीहरूको सम्झना
गर्दै, हामी सधैं परमेश्वरलाई तिमीहरू सबैका
निम्ति धन्यवाद चढाउँछौं। ३ हाम्रा
परमेश्वर र पिताको सामने हाम्रा प्रभु येशू
ख्रीष्टको विषयमा तिमीहरूको विश्वासको काम
र प्रेमको परिश्रम, र आशाको धीरज
निरन्तर सम्झँदै, ४ हे परमेश्वरका प्रिय
भाइ हो, तिमीहरूको चुनाउ जानीकन,
५ कि कसरी हाम्रो सुसमाचार केवल
वचनमा मात्र होइन, तर शक्तिमा पनि, र पवित्र
आत्मामा, र ज्यादै आत्मविश्वासमा तिमी-
हरूकहाँ आएको हो, जसरी तिमीहरू पनि
जान्दछौ, तिमीहरूका खातिर हामी आफैले
हामी कस्ता किसिमका मानिसहरू थियौं
भनी तिमीहरूलाई देखाएका थियौं।
६ पवित्र आत्माको आनन्दसाथ, ज्यादै
कष्टमा वचन ग्रहण गरेर तिमीहरू हाम्रो र
प्रभुको देखा-सिकी गर्ने भयौ। ७ यहाँसम्म
कि, म्यासिडोनिया र अखैयामा विश्वास गर्नेहरू
सबैमा तिमीहरू एक नमूना भयौ।
८ किनकि तिमीहरूबाट परमेश्वरको वचन
केवल म्यासिडोनिया र अखैयामा मात्र
सुनिएको होइन, तर परमेश्वरतर्फको तिमीहरूको
विश्वासको कुरा हरेक ठाउँमा फैलिएको छ।
हामीले यसमा भन्नु पर्ने केही दरकार छैन।
९ किनकि तिनीहरू आफैले पनि हाम्रो
विषयमा बताउँछन्, कि हाम्रो प्रवेश तिमी-
हरूकहाँ कुन किसिमले भयो, औ जीवित
सच्चा परमेश्वरको सेवा गर्नालाई कसरी
तिमीहरू मूर्तिहरूबाट परमेश्वरतर्फ फर्कयौ,
१० र स्वर्गबाट आउनेहुने उहाँका पुत्रको
प्रतीक्षा गर्नलाई, जसलाई, अर्थात् येशूलाई,
उहाँले हामीमाथि आउने क्रोधबाट बचाउना-
लाई मुर्दाहरूबाट बिउँताउनुभयो।

२ किनकि, हे भाइ हो, तिमीहरूकहाँ
हाम्रो प्रवेश व्यर्थैमा नभएको
तिमीहरू आफैलाई थाहै छ। २ तर
तिमीहरू जान्दछौ, फिलिप्पीमा अघाडि दुःख
पाई बेइज्जती भोगेर पनि तिमीहरूसँग
परमेश्वरको सुसमाचार बोल्नालाई, अति

विरोधमा पनि, हाम्रा परमेश्वरमा हामी निर्भय
गर्‍यौं। ३ किनकि हाम्रो अर्ती नता
असत्यको, न दुषित, न छलको हो।
४ सुसमाचार हाम्रो पत्यारमा सुम्पियोस्
भनी परमेश्वरबाट हामी योग्य ठहरिएका
हुनाले पनि, मानिसलाई खुसी पार्न ता
होइन, तर हाम्रो हृदयको जाँच गर्नुहुने
परमेश्वरलाई खुशी तुल्याउनालाईनै हामी
बोल्दछौं। ५ किनकि तिमीहरूलाई थाहै छ,
नता हामी कहिले खुशामदीको कुराहरूमा
फेला पर्‍यौं, न लालचको बहानामा। यसमा
परमेश्वर गवाही हुनुहुन्छ।

६ हामी ख्रीष्टका प्ररित भएर
तिमीहरूमा बोझ हुनसक्तथियौं। तापनि
हामीले मानिसहरूबाट आदर खोजेनौं,
नता तिमीहरूबाट, न अरू कोहीबाट।
७ जसरी धाई-आमाले आफ्ना बालकहरूलाई
पोषण गर्दछे, त्यसरी तिमीहरूका बीचमा
हामी नम्र भएर बस्यौं। ८ त्यसरीनै
तिमीहरूको स्नेहपूर्वक चाह गरेर, परमेश्वरको
सुसमाचार मात्र होइन तर हाम्रो
प्राणसमेत तिमीहरूलाई दिन हामी बढ़तै
खुशी थियौं, किनभने तिमीहरू हामीमा प्रिय
भएका थियौ। ९ किनभने हे भाइ हो,
हाम्रो मेहनत र कष्ट तिमीहरू सम्झन्छौ।
तिमीहरू कसैलाई बोझ नबोकाऊँ भनेर
दिन-रात काम गरी हामीले परमेश्वरको
सुसमाचार तिमीहरूलाई प्रचार गर्‍यौं।

१० तिमीहरू गवाही छौ, र परमेश्वर
पनि, कसरी तिमी विश्वास गर्नेहरूसँग हामी
आफैले पवित्रता र धर्मसाथ, निर्दोष भई
व्यवहार गर्‍यौं। ११ किनकि तिमीहरूलाई
थाहै छ, बाबुले आफ्ना छोरा-छोरीहरूलाई
जस्तोगरी हामीले तिमीहरूलाई कसरी अर्ती,
साहस र साक्षी दिदै तिमीहरू हरेकसँग
व्यवहार गर्‍यौं। १२ यस हेतुले, कि तिमी-
हरूको चालचलन परमेश्वरको योग्य होस्,
जसले तिमीहरूलाई उहाँको आफ्नै राज्यमा
र महिमामा बोलाउनुहुन्छ।

१३ औ यसैकारणले हामी पनि निरन्तर
परमेश्वरमा धन्यवाद चढ़ाउँछौं। तिमीहरूले
हामीबाट सुनेको वचन, अर्थात् परमेश्वरको
वचन पाएर, मानिसको वचन गरी जस्तो
होइन, तर परमेश्वरको वचन जस्तैगरी, जो
साँच्चिनै हो पनि, ग्रहण गर्‍यौ, जुन
वचनले तिमी विश्वास गर्नेहरूमा काम पनि
गर्दछ। १४ किनकि हे भाइ हो, ख्रीष्ट
येशूमा यहूदियामा भएका परमेश्वरका मण्डलीको
देखा-सिकी गर्ने तिमीहरू भयौ, किनकि
तिमीहरूका आफ्नै देश-भाइहरूले भोगेको
दुःख तिमीहरूले पनि भोग्यौ, जो तिनीहरूले
यहूदीहरूबाट भोगेका थिए। १५ जसले
प्रभु येशू ख्रीष्टलाई र अगमवक्ताहरूलाई मारे
र हामीलाई पनि बाहिर धपाए, र सबै
मानिसहरूका विरोधी भएर परमेश्वरलाई खुश
तुल्याउँदैनन्। १६ अन्यजातिहरूको उद्धार
हुन्छ भनेर हामीलाई बोल्नालाई मनाई गर्दै
सधैं तिनीहरूका आफ्ना पापको नापो पूरा
गर्छन्। तर अन्त्यसम्म तिनीहरूमाथि क्रोध
परेको छ।

१७ तर हे भाइ हो, केही समयसम्म
हृदयमा ता होइन, तर देखादेख गरी
हामी तिमीहरूबाट अलग भयौं, तापनि
तिमीहरूका मुख हेर्न ठूलो इच्छाले ज्यादै
बढ़ता चेष्टा गर्‍यौं। १८ किनभने हामी,
अर्थात् म पावल चाहिं, वारंबार तिमीहरू-
कहाँ आउन खोजेका थियौं, तर शैतानले
हामीलाई रोक्यो। १९ किनकि हाम्रो
आशा, वा आनन्द, अथवा घमण्डको मुकुट
के हो? हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा
तिमीहरूनै होइनौ र? २० किनकि हाम्रो
घमण्ड र आनन्द तिमीहरूनै हौ।

३ यसकारण जब हामी अझै पर्खनसकेनौं,
एथेन्समा एक्लै पछि छोडिन हामी-
लाई असल लाग्यो। २ औ ख्रीष्टको
सुसमाचारमा तिमीहरूलाई स्थिर गराउन र
तिमीहरूको विश्वासको विषयमा तिमीहरूलाई

सान्त्वना दिनालाई परमेश्वरको सेवक र हाम्रा
भाइ तिमोथीलाई तिमीहरूकहाँ पठायौं,
३ कि यी कष्टहरूले गर्दा कोही
नडग्मगाओस्। किनकि तिमीहरू आफैलाई
थाहै छ, यसैको निम्ति हामी नियुक्त भएका
छौं। ४ किनकि साँच्चिनै हामी तिमीहरू-
सँग छँदा, हामीले दुःख भोग्ने छौं
भनी तिमीहरूलाई अघिबाटै भनिदिएका
थियौं, यो साँच्चै हुन पनि आयो,
सो तिमीहरूलाई थाहै छ। ५ यसैकारण
मैले पनि अझ पर्खन नसक्दा, परीक्षा गर्नेले
कुनै किसिमबाट तिमीहरूको परीक्षा गर्ला, र
हाम्रो परिश्रम व्यर्थ नहोस् भनी, तिमीहरूको
विश्वास थाह पाउनालाई मैले पठाएँ।

६ तर अहिले भर्खरै तिमोथी तिमीहरू-
कहाँबाट हामीकहाँ आएर तिमीहरूको विश्वास
र प्रेमको बढ़िया खबर हामीलाई सुनाए, र
तिमीहरूले हामीलाई हेर्न ज्यादै इच्छा गरी
सधैँ प्रेमसँग हाम्रो सम्झना गर्दछौ अरे,
जस्तो हामी पनि तिमीहरूलाई हेर्न मन
गर्दछौं। ७ त्यसैकारण हे भाइ हो, तिमी-
हरूको विश्वासद्वारा, हाम्रो सारा सङ्कष्ट र
दुःखमा, तिमीहरूका विषयमा हामीले सान्त्वना
पायौं। ८ किनकि यदि तिमीहरू प्रभुमा
रहिरहन्छौ भने अब हामी बाँच्छौं।
९ किनकि यी सबै आनन्द जो तिमीहरूका
खातिर परमेश्वरको सामने हामीमा छ,
त्यसको बदलामा परमेश्वरमा हामीले फेरि
कसरी धन्यवाद चढ़ाऔं? १० तिमीहरूको
मुख हेरेर तिमीहरूको विश्वासमा अपुग
भएको पूरा गराऔं भनेर दिन-रात खूबै
प्रार्थना गरिरहन्छौं।

११ अब हाम्रा परमेश्वर र पिता आफैले,
र हाम्रा प्रभु येशूले हाम्रो बाटो तिमीहरूतर्फ
सोझ्याइदिऊन्। १२ औ जसरी हामी
तिमीहरूप्रति प्रेम गर्दछौं प्रभुले तिमीहरूलाई
त्यसरीनै एउटाले अर्कोसँग प्रेममा बढ्न र
प्रशस्त भइरहने तुल्याऊन्। १३ यस
हेतुले, कि उहाँका सबै पवित्र जनका साथमा
हाम्रा प्रभु येशूको आगमन हुँदा, उहाँले
हाम्रा परमेश्वर र पिताका सामने तिमीहरूका
हृदय पवित्रतामा निर्दोष तुल्याई स्थिर
गराऊन्।

४ अन्त्यमा, हे भाइ हो, प्रभु येशूमा
हामी तिमीहरूलाई आग्रहपूर्वक बिन्ती
गर्छौं र अर्ती दिन्छौं, कि तिमीहरूले कसरी
चल्नु र परमेश्वरलाई खुशी तुल्याउनुपर्छ भन्ने
जसरी तिमीहरूले हामीबाट थाह पायौ,
तिमीहरू चल्दै पनि छौ,—त्यसरी तिमीहरू
झन् बढ़्दै जाओ। २ किनकि तिमीहरूलाई
थाहै छ, हामीले प्रभु येशूद्वारा कुन कुन
आज्ञा तिमीहरूलाई दियौं।

३ किनकि परमेश्वरको इच्छा, अर्थात्
तिमीहरूको पवित्रतानै यही हो, कि
व्यभिचारबाट अलग बस। ४ तिमीहरूमा
हरेकले आफ्ना आफ्ना पात्रलाई पवित्रता
र इज्जतमा कसरी आफैले ग्रहण
गर्नुपर्छ, सो जान। ५ परमेश्वरलाई
नचिन्ने अन्यजातिहरूको जस्तो कुइच्छाको
कामनामा होइन। ६ यस कुरामा कसैले
अपराध गरेर आफ्नो भाइलाई खराबी
नगरोस्। किनभने प्रभुले यी सबै कुरामा
बदला लिनुहुन्छ, जस्तो कि, हामीले अघाड़ि-
देखिनै तिमीहरूलाई जनाउ र साक्षी पनि
दिएका छौं। ७ किनकि परमेश्वरले हामीलाई
अशुद्ध हुनालाई होइन, तर पवित्र हुनालाई
बोलाउनुभयो। ८ यसकारण जसले इन्कार
गर्छ, त्यसले मानिसलाई होइन तर परमेश्वर-
लाई इन्कार गर्छ, जसले तिमीहरूलाई
आफ्ना पवित्र आत्मा दिनुहुन्छ।

९ तर भाइहरूप्रतिको प्रेमको विषयमा
कसैले तिमीहरूलाई लेख्न पर्ने केही दरकार
छैन। किनकि आपसमा प्रेम गर्नू भन्ने तिमीहरू
आफैले पनि परमेश्वरबाट शिक्षा पाएका छौ।
१० किनकि सारा म्यासिडोनियाका भाइ-
हरूतर्फ तिमीहरू साँच्चिनै त्यसै गर्दछौ।
तर हे भाइ हो, अझै बढ़्दै जाओ भनी

हामी तिमीहरूलाई अर्ती दिन्छौं, ११ औ हामीले तिमीहरूलाई कड़ा आज्ञा दिएझैं चूपचाप रहन, तिमीहरूको आफ्नो आफ्नो काम गर्न, र तिमीहरूका आफ्नै हातले कमाउन प्रयत्न गर, १२ र बाहिर भएका-हरूसँग इमान्दारीसाथ चल्नसक, र तिमीहरू-लाई केही कुराको खाँचो नपरोस्

मरिजानेहरूको विषयमा

१३ तर हे भाइ हो, मरिजानेहरूको विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, कि आशा नहुने अरू बाँकी-हरूले जस्तो शोक नगर। १४ किनकि येशूको मृत्यु र पुनरुत्थान भएको हामी विश्वास गर्छौं भनेता, त्यसरीनै येशूमा मरेकाहरूलाई पनि परमेश्वरले उहाँको साथमा ल्याउनुहुनेछ।

१५ किनकि प्रभुको वचनद्वारा तिमीहरू-लाई हामी यो भन्दछौं, कि हामी जो जीवित छौं र प्रभुको आगमनसम्म बाँचिरहन्छौं, कुनै किसिमले पनि मरेकाहरूलाई उछिन्नेछैनौं। १६ किनभने ठूलो शब्दले, प्रधान दूतको आवाज र परमेश्वरको तुरहीको साथ प्रभु आफै स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मर्नेहरूचाहिं पहिले बिउँतनेछन्। १७ तब हामी जिउँदा र बाँचिरहेकाहरू पनि प्रभुलाई आकाशमा भेटनालाई तिनीहरूका साथसाथै बादलमा भेट्न जानेछौं, र यसरी हामी सधैं प्रभुकै साथमा रहनेछौं। १८ यसकारण एउटाले अर्कोलाई यी वचनले सान्त्वना देऊ।

प्रभुको पुनर्आगमन

५ तर हे भाइ हो, बेला र समयहरूका विषयमा कसैले तिमीहरूलाई लेख्नुपर्ने दरकार छैन। २ किनकि तिमीहरू आफै ठीक ठीक जान्दछौ, प्रभुको दिन ता रातमा चोर आएझैं आउनेछ। ३ जब मानिसहरूले शान्ति र सुरक्षित भनिरहेका हुन्छन्, तब सुत्केरी हुने स्त्रीलाई बेथा लागेझैं अचानक-सँग तिनीहरूमाथि विनाश आइलाग्छ, र तिनीहरू कुनै रीतिले उम्कनेछैनन्। ४ तर हे भाइ हो, त्यो दिन तिमीहरूमाथि चोरजस्तै गरी आइपर्ला भन्ने अन्धकारमा तिमीहरू छैनौ, ५ किनकि तिमीहरू सबै ज्योतिका सन्तान, र दिनका सन्तान हौ। हामी रातका र अन्धकारका सन्तान होइनौं। ६ यसैकारण अरूहरूझैं हामी नसुतौं, तर जागा रहौं र होशियार होऔं। ७ किनकि सुत्नेहरू रातमा सुत्छन्, र शराब पिउनेहरू रातैमा पिउँछन्। ८ तर हामी चाहिं दिनका हुनाले विश्वास र प्रेमको छातीको पाता र मुक्तिको आशाको टोप पहिरेर सचेत रहौं। ९ किनकि परमेश्वरले हामीलाई क्रोधको निम्ति होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति प्राप्त गर्नाको निम्ति नियुक्त गर्नुभयो, १० जो हाम्रा निम्ति मर्नुभयो, र चाहे हामी जागा रहौं, चाहे सुतौं, हामी सबै उहाँकै साथमा रहनुपर्छ। ११ यसकारण एउटाले अर्कोलाई सान्त्वना देऊ, र एउटाले अर्कोलाई सुधार गर, जस्तो तिमीहरू गर्दै पनि छौ।

१२ तर हे भाइ हो, हामी तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछौं, कि तिमीहरूमा परिश्रम गर्नेहरू, प्रभुमा अगुवा हुनेहरू र तिमीहरूलाई चेताउनी दिनेहरूको आदर गर। १३ औ तिनीहरूका कामको खातिर तिनी-हरूलाई प्रेमसाथ अति उच्च आदर गर। तिमीहरू आपसमा मेल मिलापमा बस।

१४ औ हे भाइ हो, हामी तिमीहरूलाई अर्ती दिन्छौं, कि बेकायदासँग चल्नेलाई चेताउनी देओ, हरेस खानेलाई दिलाशा देओ, कमजोरीहरूलाई मदत गर, सबैसँग सहनशीलता देखाओ। १५ हेर, खराबीको बदलामा खराबी कसैले नगरोस्, तर सधैं एउटाले अर्कोसँग र सबैसँग भलाइ गर्ने चेष्टा गर।

१६ सधैं आनन्दित रहो। १७ निरन्तर
प्रार्थना गरिरहो, १८ सबै कुरामा धन्यवाद
गर, किनकि प्रभु येशूमा तिमीहरूतर्फ
परमेश्वरको इच्छा यही छ।
१९ आत्मालाई ननिभाओ। २० अगम-
वाणीलाई तुच्छ नठान। २१ सबै कुराको
जाँच गर, जुन असल छ, त्यसैमा लागिरहो।
२२ सबै किसिमको खराबीबाट अलग बस।
२३ औ शान्तिका परमेश्वर आफैले
तिमीहरूलाई पूरा तवरले चोखो तुल्याउनुहुन्छ,
र तिमीहरूका आत्मा, प्राण र शरीर हाम्रा
प्रभु येशू ख्रीष्टको आगमनमा अखण्डसँग
निर्दोष भई सुरक्षित रहनेछन्। २४ तिमीहरू-
लाई बोलाउने विश्वासयोग्य हुनुहुन्छ, जसले
यो गर्नु पनि हुनेछ।
२५ हे भाइ हो, हाम्रा निम्ति प्रार्थना
गर।
२६ सबै भाइहरूलाई पवित्र चुम्बनले
सलाम गर।
२७ म तिमीहरूलाई प्रभुमा अनुरोध
गर्छु, कि यो पत्र सबै भाइहरूलाई पढ़ेर
सुनाइओस्।
२८ हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह
तिमीहरूमा भइरहोस्।

पावल प्रेरितको

थिस्सलोनिकीहरूलाई

दोस्रो पत्र

१ पावल, सिल्वानस र तिमोथीका
तर्फबाट, परमेश्वर हाम्रा पिता, र
प्रभु येशू ख्रीष्टमा थिस्सलोनिकीहरूका मण्डली-
लाई—
२ परमेश्वर पिता, र प्रभु येशू ख्रीष्टबाट
तिमीहरूलाई अनुग्रह र शान्ति।
३ हे भाइ हो, तिमीहरूका निम्ति
परमेश्वरमा सधैं धन्यवाद चढ़ाउन हामी
बाध्य छौं। औ यो योग्य पनि छ, किनकि
तिमीहरूको विश्वास अत्यन्तै बढ़दैछ, र
तिमीहरूको प्रेम, प्रत्येकको एक अर्कोप्रति
बढ़दै पनि छ। ४ यहाँसम्म कि, तिमी-
हरूमाथिको, सबै खेदो, तिमीहरूले सहेको
तिमीहरूका कष्टहरूमा, तिमीहरूका धीरज
र विश्वासको निम्ति परमेश्वरका मण्डलीहरूमा
हामी आफै पनि तिमीहरूमा घमण्ड
गर्छौं—
५ यस हेतुले, कि यो परमेश्वरको धार्मिक
इन्साफको प्रमाण हो। तिमीहरू परमेश्वरको
राज्यको योग्यका गनियौ, जसकै निम्ति
तिमीहरू दुःख पनि भोगदछौ। ६ किनकि
तिमीहरूलाई दुःख दिनेहरूलाई दुःख
दिनुनै परमेश्वरको न्यायसंगत काम हो,
७ र तिमी कष्ट पाउनेहरूलाई र हामीलाई
पनि आरामी दिनलाई उहाँको शक्तिशाली
स्वर्गदूतहरूसँग प्रभु येशू स्वर्गबाट बल्दो आगोमा

प्रकाश हुँदा, ८ परमेश्वरलाई नचिन्ने-
हरूलाई, हाम्रा प्रभु येशूको सुसमाचार नमान्ने-
हरूलाई बदला दिँदा, ९ यिनीहरूले प्रभुको
मुखबाट र उहाँको शक्तिको तेजबाट अनन्त
विनाशको सजाय भोग्नेछन्, १० जब त्यस
दिन उहाँका पवित्र जनहरूमा महिमा पाउन,
र विश्वास गर्नेहरू सबैमा अचम्म हुनलाई
उहाँ आउनुहुनेछ, किनभने तिमीहरूलाई
दिएको हाम्रो साक्षीमा तिमीहरूले विश्वास
गर्‍यौ। ११ यही हेतुले, तिमीहरू सबैको
निम्ति हामी सधैँ प्रार्थना पनि गर्छौं, कि
हाम्रा परमेश्वरले तिमीहरूलाई भएको बोलावटको
योग्य तिमीहरूलाई गनून्, र भलाइको हरेक
काम शक्तिसाथ पूर्ण गरिदिऊन्, १२ कि
हाम्रा परमेश्वर र प्रभु येशू ख्रीष्टको अनुग्रह-
अनुसार हाम्रा प्रभु येशू ख्रीष्टको नाउँको
महिमा तिमीहरूमा होस्, र तिमीहरूको
उहाँमा होस्।

२ अब हे भाइ हो, हाम्रा प्रभु येशू
ख्रीष्टको आगमन, र हाम्रो एकसाथ
उहाँकहाँ भेला हुने विषयमा हामी तिमीहरू-
लाई आग्रहपूर्वक बिन्ती गर्दछौं, २ कि
आत्मा, वा वचन, या हामीले लेखेजस्तो
पत्रबाट, प्रभुको दिन आएको छ भनी
तिमीहरूको मन अचानक चञ्चल नहोस्,
र तिमीहरू नघबराऊओ। ३ कुनै मानिसले
कुनै किसिमले तिमीहरूलाई धोका नदेओस्,
किनभने पहिले धर्मत्याग नभईकन, र
पापको मानिस, अर्थात् सर्वनाशको सन्तान
प्रकट नहोउन्जेल यो हुनेछैन। ४ त्यसले
विरोध गर्दछ र परमेश्वर कहलिएका अथवा
पूज्य वस्तुहरूभन्दा पनि आफैलाई उच्च
तुल्याउँछ, यहाँसम्म कि, आफैलाई परमेश्वर
जस्तै तुल्याएर परमेश्वरको पवित्र स्थानमा
त्यो बस्छ।
५ के तिमीहरू सम्झँदैनौ, म तिमीहरूसँग
छँदैखेरि मैले यो कुराहरू तिमीहरूलाई
भनेथें? ६ औ अबता, त्यो आफ्नो बेलामा
प्रकट गरिओस् भन्ने हेतुले त्यसलाई रोकि-
राख्नेलाई तिमीहरू चिन्छौ। ७ किनकि
अधर्मको रहस्यले अघिबाटै पनि काम गर्छ,
तर अहिले एक जना रोक्नेवाला छ, त्यसलाई
त्यसको बाटोदेखि नहटाउन्जेल त्यसले रोकि-
राख्नेछ। ८ तब त्यो अधर्मी प्रकट हुनेछ,
जसलाई प्रभु येशूले आफ्नो मुखको सासले
नाश पार्नुहुनेछ, र उहाँको आगमनको
प्रकाशले विनाश पार्नुहुनेछ, ९ त्यस
अधर्मीको आगमन शैतानको कामबमोजिम,
सबै शक्ति, झूटा चिह्नहरू र आश्चर्यकाम-
हरूसँग, १० औ नष्ट भएर जानेहरूलाई
सबै अधर्मको धोकाबाजीका साथ यी कुरा
हुनेछन्, किनभने तिनीहरूले आफ्नो उद्धारको
निम्ति सत्यको प्रेम ग्रहण गरेनन्, ११ औ
यसैकारण तिनीहरूले झूट विश्वास गरून् भनेर,
परमेश्वरले तिनीहरूलाई भर्माउने शक्ति
पठाउनुहुन्छ। १२ कि तिनीहरू सबै सत्यमा
विश्वास नगर्ने, तर अधर्ममा खुशी मान्नेहरूको
इन्साफ होस् भनेर हो।
१३ तर हे प्रभुका प्रिय भाइ हो,
तिमीहरूका निम्ति हामी परमेश्वरमा सधैँ
धन्यवाद चढाउन बाध्य छौं, किनकि परमेश्वरले
तिमीहरूलाई शुरूदेखिनै आत्माको पवित्रता
र सत्यताको विश्वासमा मुक्तिको लागि
चुन्नुभयो, १४ जेको निम्ति उहाँले हाम्रो
सुसमाचारद्वारा हाम्रा प्रभु येशू ख्रीष्टको
महिमा प्राप्त गर्नालाई तिमीहरूलाई बोलाउनु-
भयो।
१५ यसैले, हे भाइ हो, स्थिर रहो,
र चाहे वचनबाट होस्, चाहे हाम्रो
पत्रबाट होस्, जे जे तिमीहरूले शिक्षा
पाएका छौ, सो ग्रहण गर।
१६ अब हाम्रा प्रभु येशू ख्रीष्ट आफैले,
औ हामीलाई प्रेम गर्नुहुने र अनुग्रहबाट
अनन्त शान्ति र उत्तम आशा दिनुहुने
परमेश्वर हाम्रा पिताले १७ तिमीहरूका
हृदयलाई सान्त्वना दिऊन्, र सबै उत्तम काम
र वचनमा स्थिर गराऊन्।

३ अन्तमा, हे भाइ हो, हाम्रा निम्ति
प्रार्थना गर, र प्रभुको वचन फैलिओस्,
र तिमीहरूमाझैं महिमित होस्, २ औ
हामी बेमनासिब र दुष्ट मानिसहरूबाट
छुटकारा पाऔं, किनकि सबैमा विश्वास
छैन।

३ तर प्रभु ता विश्वासयोग्य हुनुहुन्छ,
जसले तिमीहरूलाई स्थिर गराउनुहुन्छ, र
दुष्टबाट सुरक्षित राख्नुहुन्छ। ४ हामी
जे जे कुराको आज्ञा दिन्छौं, ती तिमीहरू
गर्छौ, र गर्नेछौ भन्ने हामी प्रभुमा दृढ
विश्वास राख्तछौं।

५ औ प्रभुले तिमीहरूका हृदयलाई
परमेश्वरको प्रेम र ख्रीष्टको धीरजतर्फ बाटो
लगाऊन्।

६ अब हे भाइ हो, हाम्रा प्रभु येशू
ख्रीष्टको नाउँमा हामी तिमीहरूलाई आज्ञा
दिन्छौं कि बेकायदासँग चल्ने, र हामीबाट
पाएका शिक्षाअनुसार नचल्ने हरेक भाइबाट
अलग होओ। ७ किनकि तिमीहरूले हाम्रो
देखासिकी कसरी गर्नुपर्छ, सो तिमीहरू आफै
जान्दछौ। किनकि हामी तिमीहरूका बीचमा
बेकायदासँग चलेनौं, ८ नता हामीले कसैको
रोटी सित्तैंमा खायौं, तर तिमीहरूलाई भार
नहोस् भनेर हामीले दिन-रात परिश्रम र
कष्टसाथ काम गर्‍यौं। हाम्रो हकै नभएर ता
होइन, ९ तर यसकारणले, कि हामी आफै
तिमीहरूमा नमूना भइदिएर तिमीहरूले हाम्रो
देखासिकी गर्नुपर्छ भनेर हो। १० किनकि
'कसैले यदि काम गर्दैन भनेता खाना पनि
नखाओस्' भनी हामी तिमीहरूका साथमा
हुँदा पनि हामीले तिमीहरूलाई आज्ञा गरेका
थियौं।

११ किनकि तिमीहरूमध्ये कुनै कुनै
बेकायदासँग हिंडी आफूचाहिं केही काम
गर्दैनन्, तर अर्काको काममा हात हाल्छन्,
अरे भन्ने हामी सुन्छौं। १२ अब यस्तालाई
हाम्रा प्रभु येशूको नाउँले आज्ञा र अर्ती
दिन्छौं, कि तिनीहरू खुरुखुरु काम गरेर
आफ्ना आफ्नै रोटी खाने गरून्।

१३ तर हे भाइ हो, भलाइ गर्नालाई
नथाक। १४ औ यदि कुनै मानिसले यो
पत्रको हाम्रो वचन मान्दैन भने त्यस
मानिसलाई चिनिराख र त्यससँग तिमीहरूको
केही सङ्गत नहोस्, यस हेतुले कि त्यसले
शर्माउन परोस्। १५ तैपनि त्यसलाई
शत्रुजस्तो ता नसम्झ, तर भाइलाई जस्तो-
गरी त्यसलाई चेताउनी देओ।

१६ अब शान्तिका प्रभु आफैले सब
समयमा तिमीहरूलाई हर तरहले शान्ति
दिऊन्। प्रभु तिमीहरू सबै जनासँग रहून्।

१७ म, पावलले मेरो आफ्नै हातले
सलाम लेख्तछु। जुन चिह्न मेरो प्रत्येक पत्रमा
हुन्छ, म त्यसैगरी लेख्तछु।

१८ हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह
तिमीहरू सबैसँग रहोस्।

पावल प्रेरितको

तिमोथीलाई

पहिलो पत्र

1 पावल, हाम्रा मुक्तिदाता परमेश्वर र
हाम्रा आशा ख्रीष्ट येशूको आज्ञा-
अनुसार, ख्रीष्ट येशूका प्रेरितको तर्फबाट,
२ विश्वासमा मेरो सच्चा छोरा
तिमोथीलाई—परमेश्वर पिता र ख्रीष्ट येशू
हाम्रा प्रभुबाट अनुग्रह, कृपा र शान्ति।
३ म म्यासिडोनियातर्फ जाँदा मैले
तिमीलाई अर्ती दिएझैं तिमी एफिससमा
बसेर कुनै कुनै मानिसलाई विभिन्न सिद्धान्तहरू
सिकाउन नदिनू, ४ नता दन्त्यकथाहरू
र नटुँगिने वंशावलीहरू, जसले विश्वासमा
हुने परमेश्वरको प्रबन्धभन्दा बरू सवाल-
जवाफ उठाउँछ, त्यस्तामा ध्यान नदिनालाई
कडा आज्ञा दिनू भनेझैं, अहिले पनि त्यसै
भन्दछु। ५ तर शुद्ध हृदयबाटको प्रेम,
असल विवेक र निष्कपट विश्वासनै त्यस
आज्ञाको उद्देश्य हो। ६ यिनै कुराहरूबाट
फर्केर कुनै कुनै व्यर्थका फत्फत्तिर फर्केका
छन्। ७ तिनीहरू के बोल्दछन्, ती आफै
बुझ्दैनन्, नता दृढ विश्वाससाथ ठोकेर
भन्नसक्छन्, तापनि तिनीहरू व्यवस्थाका गुरु
हुनचाहन्छन्।
८ तर हामीलाई थाह छ, कि कुनै
मानिसले व्यवस्थाअनुसारै त्यो प्रयोग गर्छ
भनेता व्यवस्था बढ़िया छ। ९ यो थाह
पाएर, कि व्यवस्था धार्मिक मानिसको निम्ति
बनिएको होइन, तर अन्याय गर्ने र तह
नलाग्नेका निम्ति, भक्तिहीन र पापीहरूका
निम्ति, अशुद्ध र बिटुलिएकाहरूका निम्ति,
पितृ-घातक र मातृ-घातकहरूका निम्ति,
ज्यानमाराहरूका निम्ति, १० व्यभिचारी-
हरूका निम्ति, पुरुषगामीहरूका निम्ति, मानिस
बेच्नेहरूका निम्ति, ढँटुवाहरूका निम्ति, झूटा
किरिया खानेहरूका निम्ति, ११ र जुन
सच्चा सिद्धान्त मेरो विश्वासमा सुम्पिएका
परमधन्य परमेश्वरको महिमाको सुसमाचार-
अनुसार हो, त्यसको विरुद्धमा अरू पनि
केही कुरा छन् भने, तिनीहरूका निम्तिनै
हो।
१२ म उहाँमा, अर्थात् मलाई सामर्थी
तुल्याउनुहुने, येशू ख्रीष्ट हाम्रा प्रभुमा
धन्यवाद चढ़ाउँछु, किनभने उहाँले मलाई
आफ्नो सेवामा नियुक्त गरेर विश्वासी
ठान्नुभयो। १३ म अघाड़ि निन्दा गर्ने,
खेदो गर्ने र हानि गर्ने थिएँ, तापनि मैले
यो अजान र अविश्वासमा गरेको हुनाले म
कृपा-पात्र भएँ, १४ र हाम्रा प्रभुको अनुग्रह,
ख्रीष्ट येशूमा भएका विश्वास र प्रेमको साथ
अति प्रशस्त मात्रामा बढ्यो। १५ यो वचन
विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य छ,
कि ख्रीष्ट येशू संसारमा पापीहरूलाई उद्धार
गर्न आउनुभएको हो। तिनीहरूमध्ये मचाहिं
मुख्य हुँ। १६ यसैकारणले अनन्त जीवनको
निम्ति उहाँमाथि पछि विश्वास गर्नेहरूलाई
एउटा नमूना हुनालाई म मुख्य भएँ
तापनि येशू ख्रीष्टले मलाई जम्मै धैर्य
देखाउनाको निम्ति मैले दया पाएँ। १७ अब
अनन्त, अविनाशी, अदृश्य राजा, अद्वितीय-
परमेश्वरलाई सदा सर्वदा आदर र महिमा
होस्। आमिन।

१८ हे मेरो बालक तिमोथी, तिमीलाई
अघि देखाएको अगमवाणीअनुसार म तिमीलाई
यो आज्ञा सुम्पन्छु, कि यिनीहरूबाटै तिमीले
असल लड़न्तको युद्ध गर्नसक। १९ विश्वास
र सुविवेक थामिराख, जसलाई कसै कसैले
आफूबाट पर सारेकोले विश्वासको जहाज
डुबाइहाले। २० तिनीहरूमध्येका हाइमिनियस
र अलेकज्याण्डर हुन्। यिनीहरूले निन्दा गर्न
नसिकून् भनेर मैले यिनीहरूलाई शैतानकहाँ
सुम्पिदिएको छु।

२ यसकारण सबैभन्दा पहिले म अर्ती
दिन्छु, कि अन्तरबिन्ती, प्रार्थना,
बिनम्र निवेदन, धन्यवादहरू सबै मानिसहरूका
निम्ति, २ सब प्रकारका भक्ति र
गम्भीरतामा हामीले शान्ति र चैनको जीवन
बिताउन पाऔं भनेर राजाहरू र उच्च
पदाधिकारीहरूका निम्ति पनि गरिऊन्।
३ हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा
यो असल र ग्रहणयोग्य छ। ४ सबै
मानिसहरूले उद्धार पाऊन् र तिनीहरू सत्यको
ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ।
५ किनकि परमेश्वर एउटै हुनुहुन्छ।
परमेश्वर र मानिसहरूका बीचमा एउटै मध्यस्थ
पनि छ, अर्थात् ख्रीष्ट येशू, जो मानिस
हुनुहुन्छ। ६ उहाँले सबैको छुटकाराको
मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो।
उहाँको साक्षी ठीक समयमा दिइओस्
भनेर हो। ७ यसैको खातिर म प्रचारक र
प्रेरित (म साँचो भन्दछु, ढाँट्तिनँ),
विश्वास र सत्यमा अन्यजातिहरूको शिक्षक
नियुक्त भएको छु।
८ यसकारण सबै ठाउँमा पुरुषहरूले
पवित्र हात उठाएर बिना क्रोध र विवाद-
साथ प्रार्थना गरून् भन्ने म चाहन्छु।
९ त्यही किसिमले स्त्रीहरू साधा पहिरनमा
लज्जालु र सरल भई सिंगारिऊन्। कपाल
सिंगारेर बाटेका, सुन, मोती र बहुमूल्य
लुगाहरूले ता होइन। १० तर असल
कामहरूद्वारा (जो भक्ति गर्ने स्त्रीहरूलाई
सुहाउँछ)। ११ स्त्रीले बिलकुल अधीनमा
रहेर चूपचापसँग सिकोस्। १२ तर
स्त्रीहरूले सिकाउने र पुरुषमाथि अधिकार
जमाउने काममा म अनुमति दिन्नँ, तर
तिनीहरू चूपचापै रहून्। १३ किनभने
आदमनै पहिले सृजेका हुन्, अनि हव्वा।
१४ औ आदम बहकिएका होइनन्, तर
स्त्रीचाहिँ बहकिएर अपराधमा फँसेकी हुन्।
१५ यदि तिनीहरू बिश्वास, प्रेम र
संयमसाथ पवित्रतामा रहिरहे भनेता बालक
जन्ममा तिनले सुरक्षा पाउनेछन्।

३ यो बचन विश्वासयोग्य छ, 'यदि
कुनै मानिसले बिशपको काम गर्न
खोज्छन् भने, तिनले असलै कामको इच्छा
गर्छन्। २ यसकारण बिशप हुने—निर्दोष,
एउटै स्त्रीका पति, परहेजी, आत्मसंयमी,
सुशील, अतिथि-सत्कार गर्ने, सिकाउनामा
सिपालु, ३ झगड़ा नगर्ने, मारपीट
नगर्ने, तर भला, विरोध नगर्ने, रूपियाँ
पैसाको लोभ नगर्ने, ४ आफ्नो घर राम्ररी
चलाउनसक्ने, आफ्ना छोरा-छोरीहरूलाई
अधीनमा ल्याउने, ५ (यदि कुनै पुरुषले
आफ्ना घरकाहरूलाई तहमा ल्याउन
जान्दैनन् भने तिनले परमेश्वरको मण्डलीको
कसरी देखरेख गर्नसक्छन् र?) ६ सिकारु
होइनन्, नत्रता घमण्डले फुलेर शैतानको
इन्साफमा पर्लान्। ७ त्यसमा पनि, अझै
तिनले मण्डली बाहिरकाहरूबाट असल नाउँ
पाएका हुनुपर्छ, नत्रता तिनी निन्दा र
शैतानको पासोमा पर्नेछन्।
८ त्यसैगरी डिकनहरू पनि गम्भीर
हुनुपर्दछ। दुइ-जिब्रे होइन, बढ़ता रक्सी खाने
पैसाको—लोभी होइन, ९ तर विश्वासको
रहस्य शुद्ध विवेकमा थामिराख्ने हुनुपर्दछ।
१० यिनीहरू निष्कलङ्क छन् भने, डिकनका
काम गरून्। ११ स्त्रीहरू पनि यही माफिक
गम्भीर, अर्कालाई दोष नलाउने, परहेजी, र

सबै कुरामा विश्वासी हुनुपर्दछ। १२ डिकन-
हरू एउटै स्त्रीका पति, आफ्ना छोरा-
छोरीहरू र आफ्ना घरको प्रबन्ध राम्रो
मिलाउनसक्ने होऊन्। १३ किनकि डिकन-
हरूजस्ता भएर जसले राम्ररी काम गरेका
हुन्छन् तिनीहरूले असल दर्जा र ख्रीष्ट येशूमा
भएको विश्वासमा ठूलो निर्भयता प्राप्त गरेका
हुन्छन्।

१४ तिमीकहाँ चाँडै आउने आशा गरेर
म यी कुराहरू तिमीलाई लेख्तछु। १५ तर
यदि म ज्यादै ढिलाएँ भने परमेश्वरको
घर, जो जीवित परमेश्वरको मण्डली, सत्यको
खामा र जग हो, त्यहाँ कसरी चल्नु
पर्दछ, सो तिमीले जानिराख। १६ औ
विना विवाद हामी मान्दछौं, कि भक्तिको
रहस्य महान् छ। उहाँ, जो शरीरमा
प्रकट हुनुभएको थियो, आत्मामा धर्मी
ठहरिनुभयो, स्वर्गदूतहरूबाट देखिनुभयो,
जाति जातिहरूमा प्रचारिनुभयो, संसारभरि
विश्वास गरिनुभयो, महिमामा माथि ग्रहण
हुनुभयो।

४ तर पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ,
कि पछि आउने समयमा बहकाउने
आत्मा र भूतात्माहरूका सिद्धान्ततिर मन
लाएर कोही कोही विश्वासबाट पतित हुनेछन्,
२ झूटा बोल्ने मानिसहरूका कपटद्वारानै यो
हुनेछ, जसको विवेक तातो फलामले डामेको
जस्तो हुन्छ। ३ तिनीहरूले बिहेवारी नगर्नू
भन्छन्, खान-पीनमा रोकटोक गर्छन् जुन
परमेश्वरले बनाउनुभयो सत्य जान्ने र मान्ने
मानिसहरूले ग्रहण गरून भनेर। ४ यदि
धन्यवादसाथ ग्रहण गरे कुनै पनि इन्कार
गर्ने माफिकका छैनन्, ५ किनभने त्यो
परमेश्वरको वचन र प्रार्थनाले चोखो
तुल्याइन्छ।

६ यदि तिमीले भाइहरूलाई यी कुराको
सम्झना तिनीहरूका मनमा राखिदिन्छौ
भने, तिमीले अहिलेसम्म मानीआएको
उत्तम सिद्धान्त र विश्वासका वचनहरूले
पुष्टेइँ पाएका, ख्रीष्ट येशूका असल सेवक
हुनेछौ, ७ तर अशुद्ध र बूढ़ीहरूलाई मात्र
सुहाउने दन्तकथाहरूलाई इन्कार गर। औ
आफैलाई भक्तितर्फ साधन गर। ८ किनभने
शारीरिक साधन थोरैको निम्ति उपयोगी हुन्छ,
तर भक्तिचाहिँ अहिले भइरहेको र पछि
हुनेसमेत जीवनको प्रतिज्ञा भएका सबै
कुराको निम्ति उपयोगी हुन्छ। ९ यो वचन
विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य छ,
१० किनकि यही हेतुले हामी परिश्रम र
प्रयत्न गर्दछौं, किनभने हाम्रो आशा जीवित
परमेश्वरमा राखिएको छ, जो सबै
मानिसका, विशेष गरी उहाँमाथि विश्वास
गर्नेका, मुक्तिदाता हुनुहुन्छ।

११ यिनै कुराहरूको आज्ञा देऊ र
सिकाऊ। १२ कोही मानिसले तिम्रो
जवानीलाई हेला गर्न नपाओस्। तर तिमी-
चाहिँ तिनीहरूका उदाहरण होऊ, जसले
वचन, चाल-चलन, प्रेम, विश्वास, शुद्धतामा
विश्वास गर्दछन्। १३ म नआउञ्जेल
धर्मशास्त्र पढ़ाइ, अर्ती र शिक्षामा ध्यान
देऊ। १४ धर्म-गुरुहरूले हात राखिदिएर
तिमीलाई अगमवाणीद्वारा मिलेको तिमीमा
भएको वरदानको हेल-चेक्राइँ नगर। १५ यी
कुरामा परिश्रम गर। तिनीहरूमानै लागिरह,
र तिम्रो प्रगति सबैमा प्रकट होस्।
१६ आफ्नो विषयमा र आफ्नो शिक्षाको
विषयमा होशियार रह। यी कुरामा लागिबस।
किनभने यसो गर्नाले तिमीले आफूलाई
र तिमीलाई सुन्नेलाई समेत उद्धार गर्नेछौ।

५ बूढ़ा मानिसलाई नहप्काऊ, तर
तिनलाई बाबुलाई जस्तैगरी र आफू-
भन्दा कान्छाहरूलाई चाहिँ भाइसमान गरी
सम्झाऊ। २ आफूभन्दा ठूली स्त्रीहरूलाई
आमाझैं, र कान्छीहरूलाई चाहिँ सम्पूर्ण
पवित्रतासाथ बहिनी सम्झेर सम्झाऊ।

३ विधवाहरूलाई, जो साँच्चिनै विधवा

छन्, आदर गर। ४ तर कुनै विधवाका
छोरा-छोरी अथवा नाति-नातिनीहरू छन्
भने, पहिले तिनीहरूले आफ्नै परिवारमा
दया देखाऊन् र आफ्ना माता-पितालाई
प्रत्युपकारको साटो तिर्न सिकून्, किनकि यो
परमेश्वरको दृष्टिमा ग्रहणयोग्य हुन्छ। ५ अब
जो साँच्चिनै विधवा छिन्, र तिनको कोही
छैन भने, तिनले परमेश्वरमा आशा राख्तछिन्,
र रातदिन अन्तरबिन्ती र प्रार्थनामा लागि-
रहन्छिन्। ६ तर यदि तिनी सुख-विलासमा
भुल्रिहन्छिन् भनेता तिनी जिउँदै मरेकी
तुल्य हुन्। ७ तिनीहरू निर्दोष होऊन्
भनेर तिमीहरूलाई यी कुराहरूको आज्ञा
देऊ। ८ तर कसैले आफू र विशेष गरी
आफ्ना परिवारलाई पालन-पोषण गर्दैन भनेता
त्यसले विश्वासलाई इन्कार गर्दछ, र विश्वास
नगर्नेहरूभन्दा पनि खराब हुन्छ।

९ साठी उमेरमनिकी एउटै पुरुषकी
स्त्री भएकी विधवाको नाउँ फिरिस्तिमा
नलेखिओस्। १० असल कामहरूमा
नाउँ चलेकी, यदि तिनले छोरा-छोरीहरू
हुर्काएकी छन्, तिनले परदेशीहरूको
सत्कार गरेकी छन्, पवित्र जनहरूका
खुट्टा धोएकी छन्, दुःखीहरूको उपकार
गरेकी छन्, जुनसुकै पनि असल
काममा ध्यान दिएकी छन् भने मात्र।

११ तर तरुणी विधवाहरूको चाहिं
नलेख, किनकि तिनीहरू ख्रीष्टको विरुद्ध
सुख-विलासमा परे भने तिनीहरूले विवाह
गर्न इच्छा गर्छन्। १२ तिनीहरूको पहिला
विश्वास इन्कार भएको हुनाले तिनीहरू
दोषी ठहर्छन्। १३ त्यसबाहेक तिनीहरू
घरघर डुल्ने भई अल्छी हुन सिक्छन्,
औ केवल अल्छी मात्र होइन तर कुरौटे,
अरूको काममा हात हाल्ने, बोल्न नहुने
कुराहरू बोल्ने, हुन्छन्। १४ यसकारण
तरुणी विधवाहरूले विवाह गरून्, छोरा-छोरी
पाऊन्, गृहस्थी काम गरून्, विरोधीलाई
बदनाम गर्ने मौका नदिऊन् भन्ने म
चाहन्छु। १५ किनकि कोही कोही ता
अघिनै शैतानतर्फ ढल्किसकेका छन्।
१६ विश्वास गर्ने कुनै स्त्रीसँग विधवाहरू
छन् भने। तिनले तिनीहरूको उपकार गरून्,
र मण्डलीले बोझ बोक्न नपरोस्, र
साँच्चिकै विधवाहरूको मण्डलीले उपकार गर्न
पाओस्।

१७ असल शासन गर्ने धर्म-गुरुहरू
दोहोरो आदरका योग्य गनिन्छन्। विशेष
गरी जसले वचनको प्रचार र शिक्षामा
परिश्रम गर्दछन्। १८ किनभने धर्मशास्त्र
भन्छ, 'दाँइ गर्ने गोरुको मुखमा म्हला
नलगाउनू।' औ 'खेताला ज्यालाको योग्य
हुन्छ।' १९ दुइ-तीन साक्षीको मुखबाटको
गवाहीबाहेक धर्म-गुरुको विरुद्धमा लाएको
दोष ग्रहण नगर। २० पाप गर्नेहरूलाई
अरू सबैका सामने हप्काऊ, र अरू बाँकी
पनि डराउँछन्।

२१ तिमीले यी कुराहरू बिना पक्षपात
कसैको ओड़ नलागीकन गर्नालाई म
परमेश्वरका, ख्रीष्ट येशूका र चुनिएका
स्वर्गदूतहरूका दृष्टिका सामने तिमीलाई कड़ा
आज्ञा दिन्छु। २२ कुनै मानिसमाथि झट्टै
हात राखेर, अरू मानिसहरूका पापमा
सहभागी नहोऊ। आफूलाई पापबाट
अलग राख।

२३ अघिको जस्तो पानी मात्र खाने
नगर, तर तिम्रो पेटको खातिर र घरिघरि
बिरामी भएकोले गर्दा ता अलिं अलि
दाखमद्य पिउने गर।

२४ कुनै कुनै मानिसका पाप प्रत्यक्ष
छ, अदालतसम्म पुग्ने, औ कुनै कुनै
मानिसको ता पछि मात्र थाह हुन्छ।
२५ सोहीबमोजिम प्रत्यक्ष भएका असल
कामहरू पनि छन्, र प्रत्यक्ष नभएकाहरू
पनि लुक्नसक्तैनन्।

६ परमेश्वरका नाउँ र सिद्धान्त निन्दित
नहोस् भनी दासत्वको जुवामनि रहेका

सबै कमाराले आफ्ना मालिकहरूलाई सबै
आदरको योग्य ठानून्। २ जस जसका
विश्वास गर्ने मालिकहरू छन्, तिनीहरूले
उनीहरूलाई तुच्छ नठानून्, किनभने तिनीहरू
भाइ भाइ हुन्। तर तिनीहरूले बरू
उनीहरूको सेवा गरून्, किनभने ती लाभको
सम्भागी हुनेहरू विश्वासी र प्रिय हुन्।
यी कुराहरू सिकाऊ र अर्ती देऊ।
३ यदि कुनै मानिसले अर्कै सिद्धान्त
सिकाउँछ, र पक्का वचनहरू, अर्थात् हाम्रा
प्रभु येशू ख्रीष्टका वचनहरू र भक्ति-
अनुसारको सिद्धान्तलाई मान्दैन भने,
४ केही पनि नजानेर त्यो घमण्डले फुलेको
औ सवाल र वाद-विवाद गर्ने रोग
त्यसलाई लागेको हुन्छ, जसबाट डाह झगड़ा,
गाली, खराब शङ्का, ५ मानिसहरूका
कचिङ्गल, बुद्धि बिग्रेका भई, सत्यबाट अलग
भएर भक्तिचाहिं लाभको बाटो हो भनी
सम्झने हुन्छन्।
६ तर सन्तुष्टता सहितको भक्तिनै
ठूलो लाभ हो। ७ किनकि हामीले नता
यस दुनियाँमा केही ल्यायौं, न केही बोकी
लैजानसक्छौं, ८ तर खान र लाउन
भएपछि हामी त्यसमा सन्तुष्ट हुनेछौं।
९ तर धनी हुने इच्छा गर्ने चाहिं,
सर्वनाश र विनाशमा डुबेका मानिसकैं
परीक्षा र पासो, औ धेरै मूर्ख र हानि-
कारक अभिलाषाहरूमा फस्तछन्।
१० किनभने रूपियाँ-पैसाको प्रेमनै सबै
किसिमका खराबीको जरा हो, जसको पछि
लाग्ने कुनै कुनै विश्वासबाट कुमार्गमा तर्कका
हुन्छन्, र धेरै दुःखले तिनीहरूका हृदय
छेडेका हुन्छन्।
११ तर तिमी, हे परमेश्वरका मानिस,
यी कुराहरूबाट दूर बस, र धार्मिकता,
भक्ति, विश्वास, प्रेम, धीरज, नम्रताको पछि
लाग। १२ विश्वासको उत्तम लड़न्त लड़।
अनन्त जीवन पक्री राख, जसमा तिमीलाई
बोलावट भएको थियो, र धेरै गवाहीहरूका
सामनेमा उत्तम धर्मको सारलाई स्वीकार
गरेका थियौ। १३ सबै थोकलाई जीवित
राख्नुहुने परमेश्वर, र पन्तियस पिलातसको
अगाड़ि उत्तम धर्मको सारको गवाही
दिनुहुने, ख्रीष्ट येशूको सामने म तिमीलाई
कड़ा आज्ञा दिन्छु, १४ कि प्रभु येशू
ख्रीष्ट देखा नपरून्जेल तिमीले यो आज्ञा
निष्कलङ्क र निर्दोष राख, १५ जो आफ्नै ठीक
समयमा उहाँले देखाउनुहुनेछ, जो परमधन्य
र अद्वितीय अधिराज, राजाहरूका महाराजा,
र प्रभुहरूका महाप्रभु हुनुहुन्छ, १६ जससँग
मात्र अमरत्व छ, कोही पुग्न नसक्ने
ज्योतिमा रहने, जसलाई कुनै मानिसले
देखेको छैन, नता देख्नसक्छ, जसलाई
आदर र अनन्त शक्ति होस्। आमिन।
१७ यस वर्तमान संसारका धनीहरूलाई
कड़ा आज्ञा देऊ, कि तिनीहरू घमण्डी
नहोऊन्, र अनिश्चित सम्पत्तिमा होइन,
तर हामीलाई सबै चीज प्रशस्तसँग उपभोग
गर्न दिनुहुने, परमेश्वरमाथिनै आशा राखून्,
१८ कि तिनीहरूले असल गरून्, तिनीहरू
असल काममा उदारचित्त भएर धनवान
होऊन्, बाँड्चुड़ गर्नामा तत्पर होऊन्,
१९ पछि आउने समयको ख्याल गरेर
तिनीहरू आफैको निम्ति असल जग बनाएर
तिनीहरूले त्यो जीवन, जो साँच्चै जीवन
हो, सो पक्री राखून्।
२० हे तिमोथी, अशुद्ध बकवादबाट र
ज्ञान कहलिएको झूटा विरोधबाट फर्केर
तिमीलाई सुम्पिएको जो छ, त्यसको हिफाजत
गर, २१ जो कुनै कुनैले मानेर विश्वासबाट
भ्रममा परेका छन्।
तिमीहरूसँग अनुग्रह रहोस्।

पावल प्रेरितको

तिमोथीलाई

दोस्रो पत्र

१ पावल, परमेश्वरको इच्छाले, ख्रीष्ट
येशूमा भएको जीवनको प्रतिज्ञाअनुसार,
येशू ख्रीष्टको प्रेरितका तर्फबाट, २ मेरो
प्रिय बालक तिमोथीलाई,—परमेश्वर पिता र
हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह, कृपा र
शान्ति।

३ मेरा पिता-पुर्खादेखि शुद्ध विवेकले
मैले सेवा गरेका परमेश्वरलाई म धन्यवाद
चढाउँछु, मेरो अन्तरबिन्तीमा रात-दिन तिम्रो
सम्झना ममा कस्तो अटूट छ, ४ तिम्रो
आँसुलाई सम्झेर, तिमीलाई हेर्ने इच्छा गरी,
म आनन्दले भरिपूर हुन्छु। ५ तिमीमा
भएको निष्कपट विश्वासको सम्झना भएर,
जो पहिले तिम्री बज्यै लोइस र तिम्री आमा
युनिसमा थियो, र तिमीमा पनि छ भन्ने
मलाई निश्चय छ।

६ त्यसैकारण म तिमीलाई सम्झाउँछु,
कि मैले तिमीमा हात राखिदिएबाट तिमीमा
भएको परमेश्वरको वरदानलाई बल्दो पार।
७ किनभने परमेश्वरले हामीलाई डरको
आत्मा होइन, तर शक्ति, प्रेम र आत्म-
संयमको आत्मा दिनुभएको छ। ८ यसकारण
हाम्रा प्रभुको साक्षीको शर्म नमान, नता म
उहाँको कैदीको, तर परमेश्वरको शक्तिअनुसार
सुसमाचारको निम्ति कष्ट भोग। ९ हाम्रा
कामबमोजिम ता होइन, तर अनन्त समय-
भन्दा अघिदेखिनै ख्रीष्ट येशूमा हामीलाई
दिइएको उहाँको आफ्नै अभिप्राय र अनुग्रह-
अनुसार, जसले हाम्रो उद्धार गर्नुभयो, र
हामीलाई पवित्र बोलावटले बोलाउनुभयो,
१० तर जो अब हाम्रा मुक्तिदाता प्रभु
ख्रीष्ट येशूको आगमनले गर्दा प्रकट भएको छ,
जसले मृत्युलाई नाश गरेर जीवन र
अविनाशलाई सुसमाचारद्वारा ज्योतिमा
ल्याउनुभयो,

११ जसको निम्ति म एक प्रचारक,
प्रेरित र शिक्षक नियुक्त भएको छु।
१२ त्यसैकारण मैले यी कुरा भोगेको पनि
छु, तापनि म शर्माउँदिनँ, किनभने मैले
कसमाथि विश्वास राखेको छु, सो म जान्दछु,
र म निश्चय छु, जुन कुरो मैले त्यस
दिनको निम्ति उहाँलाई सुम्पेको छु, त्यो
सुरक्षित राख्नसक्ने उहाँ हुनुहुन्छ। १३ ख्रीष्ट
येशूमा भएको विश्वास र प्रेममा तिमीले
मबाट जे सुनेका छौ, ती पक्का कुराहरूको
नमूना पक्रीराख। १४ तिमीलाई सुम्पिएको
उत्तम नासोलाई हामीमा बास गर्ने पवित्र
आत्माद्वारा सुरक्षित राख।

१५ यो तिमीलाई थाहै छ, कि
एशियामा हुनेहरू सबै मबाट तर्किएका छन्।
तिनीहरूमध्ये फाइगेलस र हर्मोजेनस हुन्।
१६ प्रभुले ओनेसिफरसको परिवारलाई कृपा
राखून्, किनभने तिनले मलाई अक्सर
हौसला दिन्थे, र मेरो साङ्लाको शर्म
मान्दैनथे, १७ तर तिनी रोममा छँदा
मलाई परिश्रमसाथ खोजेर भेट्टाएथे।
१८ त्यस दिन प्रभुको कृपा पाउनलाई
प्रभुले तिनलाई मञ्जूर गरून्, र तिमी-
लाई राम्रै थाह छ कि एफिससमा तिनले
कति कुरामा सेवा गरेका थिए।

२ यसकारण तिमी, मेरो बालक, ख्रीष्ट
येशूमा भएको अनुग्रहमा खूब
बलियो होऊ। २ औ धेरै जना गवाहीहरूका
बीचमा तिमीले मसँगबाट सुनेका कुराहरू
जुन हुन् तिनै अरूहरूलाई पनि सिकाउनसक्ने
विश्वासी मानिसहरूलाई सुम्पिदेऊ।
३ ख्रीष्ट येशूका असल सिपाहीझैं
मसँग कष्ट भोग। ४ आफूलाई सिपाहीमा
भर्ना गर्नेलाई खुशी तुल्याउन कुनै सिपाहीले
सेवामा यस जीवनको टण्टासँग आफूलाई
अल्मल्याउँदैन। ५ खेलमा भाग लिने
मानिसले पनि नियमबमोजिम नखेलीकन इनाम
पाउँदैन। ६ परिश्रम गर्ने किसानलेनै
फसलको पहिला फल पाउनुपर्दछ। ७ म
के भन्दछु, त्यो विचार गर, किनभने यी
सब कुराहरूमा प्रभुले तिमीलाई समझ
दिनुहुनेछ।
८ मेरो सुसमाचार अनुसार मरेकाबाट
बिउँतनुभएको दाऊदका वंशका येशू ख्रीष्टलाई
सम्झ, ९ जसमा मैले कुकर्मीझैं कैदसम्मको
कष्ट भोगेको छु, तर परमेश्वरको वचन ता
बन्धनमा रहँदैन। १० यसकारण चुनिएका-
हरूका खातिर म सबै कुरा सहन्छु, र ख्रीष्ट
येशूमा भएको अनन्त महिमा सहितको मुक्ति
तिनीहरूले पनि पाऊन्। ११ यो कुरा
विश्वासयोग्य छ, 'हामी उहाँसँग मर्‍यौं भने,
उहाँसँगै जिउने पनि छौं, १२ हामीले
सह्यौं भने उहाँसँग राज्य पनि गर्नेछौं,
हामीले उहाँलाई इन्कार गर्‍यौं भने, उहाँले
पनि हामीलाई इन्कार गर्नुहुनेछ, १३ हामी
अविश्वासी छौं भने पनि उहाँ ता विश्वासीनै
रहनुहुन्छ, किनकि उहाँले आफैलाई इन्कार
गर्नसक्नुहुन्न।'
१४ यी कुरा तिनीहरूलाई प्रभुको
दृष्टिमा कड़ा आज्ञा दिएर सम्झाइदेऊ, कि
तिनीहरूले बेफायदाका कुरामा झगड़ा नगरून्,
जसबाट ती सुन्नेहरूको बिगार हुन्छ।
१५ सत्यको वचनलाई ठीकसँग प्रयोग गरेर
शर्माउन नपर्ने खेताला भई आफूले आफूलाई
परमेश्वरमा ग्रहणयोग्य तुल्याउने प्रयत्न गर।
१६ तर अशुद्ध बकबक त्याग, किनभने
तिनीहरूले अभक्तितिर झन् झन् बढ़ाउँदै
लानेछन्, १७ र तिनीहरूका कुराले चाहिं
सड़नको घाउले जस्तै सड़ाउनेछ। तिनीहरू-
मध्येका हाइमेनियस र फिलेतस हुन्।
१८ यी मानिसहरू पुनरुत्थान भइसकेको छ
भनेर सत्यको विषयमा भ्रममा परेका छन्,
र कुनै कुनैका विश्वासलाई उल्टाइदिएका
छन्। १९ त्यसो भए तापनि परमेश्वरको
दृढ़ जग खड़ै रहन्छ, किनभने त्यसमा यो
छाप लागेको छ, 'प्रभुले आफ्ना जत्तिलाई
चिन्नुहुन्छ', र 'प्रभुको नाउँ लिने जत्ति
हरेक अधार्मिकताबाट दूर रहोस्।'
२० अब ठूलो घरमा सुन र चाँदीका
भाँड़ाहरू मात्र होइन, तर काठ र माटाका
पनि हुन्छन्, औ कुनै आदर र कुनै अनादरको
निम्ति हुन्छ। २१ यसकारण यदि कुनै
मानिस यी कुराबाट आफूलाई शुद्ध राख्छ
भने, त्यो सबै असल काममा तंतयार रहेको,
मालिकको प्रयोगको निम्ति आदरको योग्य,
चोख्याइराखेको भाँड़ो हुनेछ। २२ तर
जवानीका अभिलाषाहरूबाट भाग, र शुद्ध
हृदयले प्रभुका नाउँ लिनेहरूका साथसाथै,
धार्मिकता, विश्वास, प्रेम, शान्तिका पछि
लाग। २३ तर यिनीहरूबाट झगड़ा उत्पन्न
हुन्छ भनी जानेर मूर्ख र बेसमझका सवाल-
जवाफहरूलाई इन्कार गर।
२४ औ प्रभुका सेवकले झगड़ा गर्नुहुँदैन,
तर सबैप्रति भला, सिकाउनसक्ने, सहनशील,
२५ आपसमा विरोध गर्नेहरूलाई नम्रसँग
सच्याउने हुनुपर्छ, सायद परमेश्वरले तिनीहरू-
लाई सत्यको ज्ञानको निम्ति पश्चाताप
दिनुहुनेछ, २६ र परमेस्वरको इच्छानुसार
प्रभुका दासद्वारा कैद भई शैतानको
पासोबाट सचेत भई तिनीहरू आफैले
छुटकारा पाउनसकून्।

३ तर यो जान, कि आखिरी
दिनमा डरलाग्दो समय आउनेछ।
२ किनभने मानिसहरू स्वार्थी, धनका लोभी,
अहंकारी, हठी, निन्दक, आमा-बाबुको आज्ञा
पालन नगर्ने, बेगुणी, र अपवित्र, ३ स्वा-
भाविक प्रेम रहितका, खुशी नहुने, अर्कालाई
दोष लाउने, असंयमी, निष्ठूर, असल
नरुचाउने,
४ विश्वासघाती, उत्ताउला, दिमागी,
परमेश्वराभन्दा बरु सुख-विलास निको मान्ने,
५ भक्तिको भेष चाहिं लिने तर त्यसको
शक्तिलाई इन्कार गर्ने हुनेछन्, यिनीहरूबाट
पनि पर बस।
६ किनभने तिनीहरूमध्येकै ती हुन्,
जसले घर घरभित्र पसीकन पापले
भरिएका नाना प्रकारका अभिलाषाले
चलेका मूर्ख स्त्रीहरूलाई वशमा पार्छन्,
७ जुन स्त्रीहरू सिक्न ता सधैं सिक्छन्,
तर त्यसको ज्ञानमा कहिल्यै आउनसक्तैनन्।
८ औ मोशालाई विरोध गर्ने जेन्नस र
जेम्ब्रसजस्तै यिनीहरू पनि सत्यको विरोध
गर्दछन्, यिनीहरू बुद्धि बिग्रेका र विश्वासको
विषयमा रद्दी मानिसहरू हुन्। ९ तर
तिनीहरू अझ बढ्ता चल्नेछैनन्, किनकि
यिनीहरूको मूर्खता मानिसहरूमा प्रकट
हुनेछ, जसरी ती दुइ जनाको पनि हुनआएको
थियो।
१० तर तिमी ता मेरो शिक्षा, चालचलन,
अभिप्राय, विश्वास, सहानशीलता, प्रेम, धीरज,
११ खेदो, कष्ट-भोगमा पछि लाग्यौ।
कस्ता कस्ता कुराहरू एन्टिओक, आइकोनियम
र लिस्त्रामा मलाई पर्नआएको थियो। कस्ता
कस्ता खेदो मैले सहें, र ती सबैबाट प्रभुले
मलाई छुटकारा दिनुभयो। १२ ख्रीष्ट
येशूमा भक्तिसँग जीवन बिताउन इच्छा
गर्नेहरू ता सबै जना खेदोमा पर्नेछन्,
१३ तर खराब मानिसहरू र ठगाहाहरू
ठगेर र ठगिएर झन् झन् खराब हुँदै
जानेछन्। १४ तर तिमी चाहिं, यो कसबाट
सिकेका छौ, सो जानेर आफूले सिकेका र
निश्चय भएका कुराहरूमा लागिरह।
१५ तिमीले बाल्यकालदेखि पवित्र लेखोटहरू
जानेका छौ, जसले ख्रीष्ट येशूमा भएको
विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई बुद्धिमान
तुल्याउनसक्तछ।
१६ परमेश्वरबाट प्रेरणा भएको हरेक
धर्मशास्त्र जो छ, सो सिकाउनलाई, अर्ती
दिनालाई, सच्याउनालाई, उचित जीवन यापन
गर्नालाई उपयोगी हुन्छ, १७ र परमेश्वरको
जन हरेक सुकर्ममा पूर्णरूपले सुसज्जित भई
सिद्ध भएको होस्।

४ परमेश्वरको औ जिउँदा र मरेका-
हरूको इन्साफ गर्न आउनुहुने ख्रीष्ट
येशूको दृष्टिमा, र उहाँको आगमन र उहाँको
राज्यको सामने, म तिमीलाई कड़ा आज्ञा
दिन्छु, २ वचन प्रचार गर, समय र
बेसमयमा तयार रह, सब सहनशीलता र
शिक्षासाथ दोष देखाइदेऊ, हप्काऊ, अर्ती
देऊ। ३ किनकि यस्तो समय आउनेछ,
जब तिनीहरू पक्का सिद्धान्तलाई नसहने
हुनेछन्, तर आफ्ना अभिलाषाअनुसारको
शिक्षा दिने शिक्षकहरूको थप्रो लगाउनेछन्,
र जे सुनलाई तिनीहरूको कान उत्सुक बन्छ
त्यही मात्र सुन्नेछन्, ४ र सत्यतर्फबाट कान
फर्काएर दन्त्यकथाहरूतिर लाग्नेछन्। ५ तर
तिमी चाहिं सब कुराहरूमा सचेत होऊ,
कष्ट भोग, प्रचारकको काम गर, र
तिम्रो सेवाको काम पूरा गर।
६ किनभने म ता अर्पित हुँदैछु, र
मेरो बिदाइको बेला आएको छ। ७ मैले
उत्तम लड़न्त लड़ेको छु, मैले दौड़ सिध्याएको
छु, विश्वासलाई बचाइराखेको छु। ८ अब
उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट
राखिएको छ, जो धार्मिक न्यायधीश प्रभुले
त्यस दिन मलाई र मलाई मात्र होइन तर
उहाँको आगमन प्रिय मान्नेहरूलाई समेत
दिनुहुनेछ।

९ मकहाँ चाँडै आउनालाई प्रयत्न गर,
१० किनभने डेमसले वर्त्तमान संसारलाई प्रेम
गरेर मलाई त्यागे, र थिस्सलोनिकामा गए।
क्रेसेन्स गलतियामा, तीतस डालमितियामा
गए। ११ लूका मात्र मसँग छन्। मर्कूस-
लाई लिएर तिम्रो साथैमा ल्याऊ, किनभने
तिनी सेवाको कामको निम्ति मलाई उपयोगी
छन्। १२ तर टाइकिकसलाई मैले एफिससमा
पठाएँ १३ त्रोआसमा कार्पसकहाँ मैले छोड़ेको
ओढ्ने र ती पुस्तकहरू, विशेष गरी चर्म-
पत्रहरू, तिमी आउँदा तिम्रोसाथ लिएर
आऊ।

१४ तमौटे अलेक्जयाण्डरले मलाई ज्यादै
खराबी गर्‍यो। प्रभुले त्यसलाई त्यसका काम-
अनुसार बदला दिनुहुनेछ। १५ त्यसदेखि
तिमी पनि होशियार रह, किनभने त्यसले
हाम्रा कुराको ज्यादै विरोध गर्‍यो।

१६ मेरो पहिलो प्रतिवादमा कसैले
मेरो पक्ष लिएन, तर सबैले मलाई त्यागे।
तिनीहरूले यसको हिसाब दिनु नपरोस्।
१७ मद्वारा प्रचार होस् र सबै अन्यजाति-
हरूले सुनून् भनेर प्रभु मेरो साथमा खड़ा
हुनुभयो, र मलाई खूब बलियो तुल्याउनुभयो,
र मैले सिंहको मुखबाट छुटकारा पाएँ।
१८ प्रभुले मलाई हरेक खराब कामबाट
जोगाउनु हुनेछ, र मलाई उहाँको स्वर्गीय
राज्यको निम्ति उद्धार गर्नुहुनेछ, जसलाई
सदा सर्वदा महिमा होस्। आमिन।

१९ प्रिस्का र अक्वीला, र ओनेसिफरस्‌को
घरानालाई सलाम भनिदेऊ। २० इरास्तस
कोरिन्थमै रहे, तर त्रोफिमसलाई ता मैले
मिलेतसमा बिरामी अवस्थामा छोड़ेथें।
२१ हिउँद अघिनै आउने प्रयत्न गर।
युबलसले तिमीलाई सलाम पठाएका छन्,
र पुडेन्स, लिनस, क्लोदिया र सबै
भाइहरूले पनि।

२२ प्रभु तिम्रो आत्मासँग रहून्।
तिमीलाई अनुग्रह मिलोस्।

पावल प्रेरितको पत्र

तितसलाई

१ पावल, परमेश्वरको दास र येशू
ख्रीष्टको प्रेरितको तर्फबाट, परमेश्वरको
चुनिएकाहरूका विश्वास र भक्तिअनुसारका
त्यस सत्यको ज्ञानबमोजिम, २ अनन्त
जीवनको आशामा, जोकि कहिल्यै झूट
नबोल्नुहुने परमेश्वरले अघि सनातनदेखि
प्रतिज्ञा गर्नुभएको छ, ३ तर उहाँको ठीक
समयमै, प्रचारद्वारा आफ्नो वचन प्रकट गर्नु-
भएको हो, जो हाम्रो उद्धारकर्त्ता परमेश्वरको
आज्ञाअनुसार, मलाई सुम्पिएको छ, ४ सर्व-
साधारण विश्वासको अनुसार मेरो खास छोरो
तीतसलाई—परमेश्वर पिता, र हाम्रा उद्धार-
कर्त्ता येशू ख्रीष्टबाट, अनुग्रह र शान्ति।

५ यसैकारण मैले तिमीलाई क्रेटमा
छोड़ें, कि तिमीले त्यहाँ चाहिंदो कुराहरूको
सुधार गर्नू, र मैले तिमीलाई अह्राएबमोजिम
हरेक शहरमा धर्म-गुरुहरू नियुक्त गर्न, ६ जो
निर्दोष, एउटै स्त्रीको पति, वशमा नआउने
दङ्गा फसादको दोष नलागेको, विश्वासी
छोरा-छोरीहरूका बाबु होस्।

७ किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने
हुनाले, बिशप चाहिं निर्दोष हुनुपर्दछ।
स्वार्थी, झटै रिस गर्ने, मतवाला, झगड़ा
गर्ने पैसाको कमाइको लोभी हुनुहुँदैन,
८ तर अतिथि-सत्कार गर्ने, भलाइको
प्रेमी, समझदार, न्यायी, पवित्र र परहेजी
हुनुपर्छ। ९ तिनलाई मिलेको शिक्षाबमोजिम
विश्वासयोग्य वचनमा दृढ़ रहेर पक्का
सिद्धान्तले अर्ती दिने र फटाहाहरूलाई
दोषी ठहराउने दुवै होस्।

१० किनभने धेरै जसो मानिसहरू वशमा
नआउने, बकबादी, छलीहरू हुन्छन्। झन्
खास गरी खतनावालहरूनै, ११ जसका मुख
बन्द गर्नुपर्छ। ती मानिसहरूले पैसाको लागि
अनुचित कुराहरू सिकाई सिकाईकन घरहरू
बिगारिदिन्छ। १२ तिनीहरूमध्येका एक
जना, तिनीहरूकै अगमवक्ताले भनेका छन्,
'क्रेटका मानिसहरू सधैँ झूटा, दुष्ट
पशुहरू र अल्छी घिचुवाहरू हुन्।'
१३ यो साक्षी साँचो हो। त्यसै-
कारणले विश्वासमा पक्का होऊन् भनी
तिनीहरूलाई कड़ासित हप्काऊ, १४ र
तिनीहरूले यहूदीहरूको किस्सा र सत्यबाट
फिराउने मानिसहरूका आज्ञातिर ध्यान
नदिऊन्। १५ शुद्धहरूलाई सबै थोक शुद्धै
छन्, तर अशुद्ध र अविश्वासीहरूलाई चाहिं
केही कुरा पनि शुद्ध हुँदैन, तर तिनीहरूका
मन र समझसमेत बिटुलिएका हुन्छन्।
१६ तिनीहरूले परमेश्वरलाई चिनेका छन्
भनी तिनीहरू भनी टोपल्छन्, तर तिनीहरू
घृणित, अट्टेरी र कुनै बढ़िया कामको लायक
नभएका हुनाले आफ्ना कामबाट भने
उहाँलाई इन्कार गर्छन्।

२ तर तिमी पक्का सिद्धान्तको योग्य
हुने कुराहरू मात्र बोल्ने गर्नू।
२ वृद्ध पनि परहेजी, गम्भीर, आत्मसंयमी,
विश्वास, प्रेम र धीरजमा पक्का
होऊन्।

३ त्यही माफिक वृद्धाहरू पनि पवित्र
चालचलनका, अर्कालाई सित्तैं दोष नलाउने,
रक्सी धेरै नपिउने, बढ़िया कुराहरूको

शिक्षा दिने होऊन्, ४ कि तिनीहरूले
तरुणीहरूलाई आफ्ना आफ्ना पतिलाई
स्नेह गर्न, आफ्ना बाल-बच्चाहरूलाई माया
गर्न सिकाऊन्, ५ आत्मसंयमी, पतिव्रता,
घरजाम गर्नसक्ने, दयालु, आफ्ना आफ्ना
पतिका अधीनमा रहने बनाऊन्, कि
परमेश्वरका वचनको निन्दा हुन नपाओस्।
६ त्यहीबमोजिम जवान मानिसहरूलाई
पनि आत्मसंयमी हुनालाई अर्ती दिनू।
७ सबै कुरामा तिमीले आफूलाई बढ़िया
कामको नमूना देखाएर तिम्रो सिद्धान्तमा
अभ्रष्टाचार, गम्भीरता, ८ र पक्का वचनमा
चाहिँ कसैले निन्दा गर्न नपाओस्, र विरोधी
दलका मानिसले पनि हाम्रो केही खराबी
बोल्न नसकेर शर्माउन परोस्।
९ नोकरहरूलाई पनि सबै कुरामा
आफ्ना आफ्ना मालिकको अधीनमा भईकन
मालिकहरूलाई सबै कुरामा खुशी तुल्याउनालाई
र ओठे जवाफ नदिनालाई अर्ती दिनू।
१० चोरी नगरेर, तर हर तरहबाट पूरा
विश्वास देखाएर तिनीहरूले सब कुराबाट
परमेश्वर हाम्रा उद्धारकर्त्ताको सिद्धान्तको शोभा
बढ़ाऊन्। ११ किनभने परमेश्वरको मुक्ति दिने
अनुग्रह सबै मानिसहरूलाई प्रकट भएको छ।
१२ यस मनसायले, कि नास्तिकपना र
संसारको तृष्णालाई इन्कार गरेर हामीले
यस वर्त्तमान युगमा आत्मसंयम, धार्मिक र
भक्तिको जीवनमा रहनुपर्दछ भन्ने हामीलाई
शिक्षा दिँदै, १३ र त्यस उज्ज्वल आशा,
र हाम्रा महान् परमेश्वर र उद्धारकर्त्ता येशू
ख्रीष्टको महिमाको आगमनको बाटो हेर्दै,
१४ जसले हामीलाई हाम्रा सब अधर्मबाट उद्धार
गर्नालाई र उहाँको निम्ति सुकर्ममा जोशिलो
भएका उहाँकै आफ्ना एक खास पवित्र
जाति तुल्याउनालाई हाम्रो निम्ति आफैलाई
अर्पण गर्नुभयो।
१५ पूरा अधिकारसित यी सब कुराहरू
बोल, अर्ती देऊ र हप्काऊ। कुनै मानिसले
पनि तिमीलाई घृणा गर्न नपाओस्।

३ शासकहरू र अख्तियारवालाहरूका
अधीनमा बसी उनीहरूका आज्ञा पाल्न
गर्नू, र हरेक असल काममा तत्पर रहनू।
२ कसैको बदनाम नगर्नू, कल्याहा नहुनू,
सबै मानिसलाई नम्र चाल देखाएर विनयी
हुनू भनी तिनीहरूलाई सम्झाइदेऊ।
३ किनभने हामी पनि पहिले मूर्ख, अट्टेरी,
ठगिएका, किसिम किसिमका अभिलाषा र
सुख-विलासमा फँसेका, बैरभाव र डाहमा
दिन बिताउने, घृणित, एउटाले अर्कोलाई
घृणा गर्ने थियौं। ४ तर जब परमेश्वर
हाम्रा उद्धारकर्त्ताको दया र मानिसप्रति
उहाँको प्रेम प्रकट भयो, ५ तब हामी
आफैले धार्मिकतामा गरेको कामबाट होइन,
तर उहाँको कृपाअनुसार नयाँ सृष्टिको स्नान
र पवित्र आत्माद्वाराको पुनर्जीवनलेनै उहाँले
हाम्रो उद्धार गर्नुभयो, ६ जो उहाँले हाम्रा
उद्धारकर्त्ता येशू ख्रीष्टद्वारा हामीमाथि प्रशस्त
गरी खन्याउनुभयो, ७ कि उहाँको अनुग्रहले
धार्मिक ठहरिएर अनन्त जीवनको आशामा
हामी हकवाला बन्नसकौं। ८ यो वचन
विश्वासयोग्य छ। औ यी कुराहरूका विषयमा
म यो चाहन्छु, कि परमेश्वरमा विश्वास
गर्ने जतिले असल काम कायम राख्ने चेष्टा
गरून् भनेर तिमीले विश्वाससँग निश्चय
गरिदिनू। यी कुराहरू मानिस जातिको
निम्ति असल र उपकारी छन्, ९ तर मूर्ख
सवाल-जवाफ, र वंशावली कथा, कलह र
व्यवस्था सम्बन्धी झगड़ाहरूदेखि भने अलग
बस, किनभने ती व्यर्थ र अनुपकारी हुन्छन्।
१० पाखण्डी मानिसलाई पहिलो र दोस्रो
जनाउपछि अलग गरिदेऊ। ११ यो जानेर,
कि यस्तो मानिस आफैले आफूलाई दोषी
ठहराएर धर्म उल्टयाउँछ, र पाप गर्दछ।
१२ जब अर्तिमासलाई अथवा टाइकिकस-
लाई तिमीकहाँ पठाउँला, तब निकोपोलिसमा
मकहाँ आउनालाई प्रयत्न गर। किनकि
त्यहींनै जाड़ो कटाउने मैले विचार गरेको
छु। १३ व्यवस्थाको वकील जीनस र

अपोल्लसलाई चाँडै अलि परसम्म यत्नसाथ
पुऱ्याइदिनू, कि तिनीहरूलाई केही कुराको
खाँचो नपरोस्। १४ औ हाम्रा मानिसहरूले
पनि असफल नहोऊन् भनी खाँचो परि-
आएका कामहरूका निम्ति असल कार्यहरू
जारी राख्नसिकून्।
१५ मसँग हुने सबै जनाले तिमीलाई
सलाम पठाएका छन्। विश्‍वासमा हामीलाई
प्रेम गर्नेहरूलाई सलाम भन्दिदेऊ।
तिमीहरू सबै जनासँग अनुग्रह रहोस्।

पावल प्रेरितको पत्र

फिलेमोनलाई

१ येशू ख्रीष्टको कैदी पावल र हाम्रो
भाइ तिमोथीका तर्फबाट हाम्रा प्रिय
र सह-कर्मी फिलेमोन, २ हाम्री बहिनी
अप्पिया, हाम्रा संगी-सिपाही अर्खिप्पस र
तिम्रो घरको मण्डलीलाई—३ तिमीहरूलाई
हाम्रा पिता परमेश्‍वर र प्रभु येशूका
तर्फबाट अनुग्रह र शान्ति।

४ म मेरो प्रार्थनामा तिमीलाई सम्भेर
मेरा परमेश्‍वरलाई सधैं धन्यवाद चढाउँछु,
५ प्रभु येशू ख्रीष्टप्रति, सबै पवित्र
जनहरूप्रतिको तिम्रो प्रेम र विश्‍वासको
विषयमा सुनेर, ६ कि तिम्रो विश्‍वासको
सङ्गति, तिमीमा भएका सबै असल कुराहरूका
ज्ञानमा, ख्रीष्टका निम्ति प्रमाणित होस्।
७ किनभने हे भाइ, तिमो प्रेमको विषयमा
मलाई बड़ो आनन्द र खुशी लागेको छ,
किनकि तिमीद्वारा पवित्र जनहरूका हृदयले
आराम पाएका छन्।

८ यसकारण जे योग्य छ, सो तिमीलाई
सुनाइदिनालाई म ख्रीष्टमा निर्धक्क भएको छु।
९ तैपनि यस्तो बूढ़ा भएको पावल, र
अहिले येशू ख्रीष्टको कैदी पनि भएर, प्रेमको
खातिर बरु म तिमीसँग आग्रहपूर्वक बिन्ती
गर्दछु। १० मैले मेरो बन्धनमा जन्माएको
मेरै छोरोको निम्ति म तिमीसित
बिन्ती गर्दछु—ओनसिमसको निम्ति, ११ जो
अघाडि तिमीलाई काम नलाग्ने भएको
थियो, तर अहिले तिम्रो निम्ति, औ मेरो
निम्ति पनि, काम लाग्ने भएको छ।
१२ त्यसलाईनै, जो मेरो आफ्नै हृदयको
टुक्रा हो, स्वयं तिमीकहाँ फर्काइपठाएको छु।
१३ त्यसलाई सुसमाचारको बन्धनमा, तिम्रो
पक्षमा मेरो सेवा गरोस् भनेर, म आफैकहाँ
राख्नेथिएँ। १४ तर तिम्रो सल्लाहबिना म
केही गर्नचाहन्नँ, तिम्रो भलाइ अनिवार्य
जस्तोगरी होइन, तर स्वेच्छाबाट होस्।
१५ सायद, केही समयसम्म त्यो तिमीबाट
अलग भएको कारण, त्यसलाई अब सधैंभरि
तिमीसितै बस्नुपर्छ होला। १६ अबलाई
कमारा जस्तो गरेर होइन, तर कमाराभन्दा
पनि बढ़ता, प्रिय भाइ जस्तो गरेर,
खास गरी मेरो निम्ति, तर भन् बढ़ी

शरीरमा र प्रभुमा समेत, तिम्रै निम्ति।
१७ यदि तिमीले मलाई साझेदार
सम्झन्छौ भने, मलाइझैँ यसलाई ग्रहण
गर। १८ तर यदि त्यसले तिमीलाई केही
खराबी गरेको भए, अथवा केही कुराको
त्यो ऋणी छ भने, सो मेरै हिसाबमा
राखिदिनू। १९ म पावलले आफ्नै हातले
यो लेखेको छु। म भर्ना तिर्नेछु। म चाहिं
तिमीलाई तिमी आफै खुद मेरो ऋणी हौ
भनी भन्दिनँ। २० हे भाइ, प्रभुमा मैले
तिमीबाट लाभ पाऊँ। ख्रिष्टमा मेरो हृदयलाई
आराम देऊ। २१ तिम्रो आज्ञापालनमा
दृढ़ विश्वास राखीकन, कि मैले भनेकोभन्दा
पनि अझ बढ़तानै गर्नेछौ भन्नी सम्झेर
तिमीलाई लेख्तछु।

२२ तर यो समेत कि, मेरो निम्ति पनि
एक डेरा ठीक पारी राखिदेऊ, किनभने
तिमीहरूकै प्रार्थनाबाट म पनि तिमीकहाँनै
आउन पाऊँला भन्ने आशा गर्दछु।

२३ येशू ख्रीष्टमा मेरो संगी-बन्धुवा
इपाफ्रासले तिमीहरूलाई सलाम भन्दछन्।
२४ त्यस्तैगरी मेरा सह-कर्मी मर्कूस, अरिस्तार्खस्
डेमास र लूकाले पनि।

२५ हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह
तिमीहरूका आत्मासँग रहोस्। आमिन।

हिब्रूहरूको निम्ति पत्र

१ पुरानो समयमा परमेश्वर पिता-
पुर्खाहरूसँग कैयौं भाग भाग र
कैयौं रीतिले अगमवक्ताद्वारा बोल्नुभयो,
२ औ यी दिनका अन्तमा आफ्ना पुत्रद्वारा
हामीसँग बोल्नुभएको छ, जसलाई उहाँले सबै
कुराका हकदार नियुक्त गर्नुभयो, जसद्वारा
उहाँले जगत्हरू पनि बनाउनुभयो। ३ सबै
थोकलाई आफ्नो शक्तिको वचनले सह्मालेर,
जो उहाँको महिमा उज्वल र परमेश्वरकै
तत्त्वको प्रतिबिम्बनै भएर, पापको शुद्धि
गर्नुहुँदा उच्च स्थानमा महामहिमको दाहिने
बाहुलीपट्टि विराजमान हुनुभयो, ४ उहाँ
स्वर्गदूतहरूभन्दा त्यत्तिनै उत्तम ठहरिनुभएको
छ, जत्ति कि उहाँले तिनीहरूभन्दा उत्तम
नाउँ अधिकारमा प्राप्त गर्नुभएको छ।

५ किनकि ती स्वर्गदूतहरूमा कुन चाहिं-
लाई उहाँले कहिले भन्नुभयो ?
'तिमी मेरो पुत्र हौ,
मैलेनै आज तिमीलाई जन्माएको छु।'
र फेरि,
'म तिनको पिता हुनेछु, र तिनी मेरा
पुत्र हुनेछन्।'

६ औ फेरि उहाँले जेठो चाहिंलाई
संसारमा ल्याउनुहुँदा उहाँ भन्नुहुन्छ,
'परमेश्वरका सारा स्वर्गदूतहरूले उनलाई
पुजून्।' ७ औ स्वर्गदूतहरूका विषयमा उहाँ
भन्नुहुन्छ,
'जसले आफ्ना दूतहरूलाई वायु र

आफ्ना सेवकहरूलाई आगोका ज्वाला
तुल्याउनुहुन्छ।'
८ तर पुत्रको विषय उहाँ भन्नुहुन्छ,
'हे परमेश्वर, तपाईंको सिंहासन सदा
सर्वदाको निम्ति छ, र तपाईंको राज्यको
राजदण्ड न्यायको राजदण्ड हो।
९ तपाईंले धार्मिकतालाई प्रेम गर्नुभएको
छ, र अधर्मलाई घृणा गर्नुभएको छ,
यसकारण परमेश्वर, तपाईंका परमेश्वरले
तपाईंलाई,
तपाईंका साथीहरूभन्दा बढ़ता गरेर
खुशीको तेलले अभिषेक गर्नुभएको छ।'
१० औ,
'हे प्रभु, तपाईंले आदिमा पृथ्वीको
जग बसाल्नुभएको हो, र स्वर्गहरू
तपाईंका बाहुलीका काम हुन्,
११ तिनीहरू ता नष्ट हुनेछन्,
तर तपाईं चाहिं निरन्तर रहिरहनुहुन्छ,
औ लुगाझैं ती सबै पुराना भइहाल्नेछन्,
१२ औ ओढ्नेझैं तपाईंले तिनलाई
लपेट्नुहुनेछ,
लुगाझैं, र तिनीहरू फेरिनेछन्,
तर तपाईं एकनास हुनुहुन्छ,
र तपाईंका वर्षको अन्त कहिल्यै
हुनेछैन।'
१३ तर स्वर्गदूतहरूमा कुन चाहिंलाई उहाँले
कुनै बेला भन्नुभएको छ?
'तिमी मेरो दाहिने हाततिर बस,
जहिलेसम्म म तिम्रा शत्रुहरूलाई
तिम्रो पाउको पाउदान तुल्याउन्नँ।'
१४ के मुक्तिका हकदार हुनेहरूका खातिरमा
सेवा गर्नालाई पठाइएका ती सेवा गर्ने
आत्माहरू होइनन्?

२ यसकारण हामीले सुनेका कुराहरूलाई
हामीले झन् बढ़ी उत्कट ध्यान
दिनुपर्दछ, नत्रता हामी तिनीहरूबाट तर्केर
जानेछौं। २ किनभने यदि स्वर्गदूतहरूद्वारा
बोलिएका वचन दृढ़ प्रमाणित भयो भने, र
हरेक अपराध र अनाज्ञाकारिताले ठीक ठीक
बदला पाए भने, ३ यदि हामीले यति
ठूलो मुक्तिको वास्ता नराखे, हामी कसरी
उम्कौंला? जो पहिले प्रभुबाटै कहिएको
हो, र हामीलाई चाहिं सुन्ने मानिसहरूद्वारा
निश्चय भयो। ४ परमेश्वर पनि, चिह्नहरू,
अनौठा कामहरू, नाना प्रकारका शक्तिहरू र
पवित्र आत्माको वरदानबाट उहाँको आफ्नै
इच्छाबमोजिम तिनीहरूको गवाही हुनुभयो।
५ किनभने अहिले हामीले भनेको
आउँदो संसारलाई परमेश्वरले स्वर्गदूतहरूको
अधीनमा राख्नुभएन। ६ तर कसैले कहीं
यसो भनेर साक्षी दिएका छन्,
'मानिस के हो, र तपाईं त्यसको सम्झना
राख्नुहुन्छ? अथवा मानिसको सन्तान,
र तपाईं त्यसको वास्ता गर्नुहुन्छ?
७ तपाईंले त्यसलाई स्वर्गदूतहरूभन्दा केही
कम तुल्याउनुभयो। तपाईंले त्यसलाई
महिमा र आदरको मुकुट पहिराउनुभयो,
र आफ्ना बाहुलीका कामहरूमाथि
त्यसलाई खटाउनुभयो,
८ तपाईंले सबै थोक त्यसका चरणको
अधीनमा राखिदिनु भयो।'
किनकि मानिसको अधीनमा सबै थोक राख्ता
उहाँले त्यसको अधीनमा नभएको केहीं पनि
हुनदिनुभएन। तर अब ता अझै सबै थोक
त्यसको अधीनमा भएको हामी देख्तैनौं।
९ तर परमेश्वरको अनुग्रहबाट उहाँले हरेक
मानिसको निम्ति मृत्युको स्वाद चाख्नुपर्छ
भनेर उहाँलाई, अर्थात् येशू ख्रीष्टलाई,
जसलाई स्वर्गदूतहरूभन्दा केही कम तुल्याउनु-
भएको थियो, मृत्युको शासनाको कारण
महिमा र आदरको शिरपेच पहिर्याइदिनु-
भएको हामी देख्तछौं। १० किनभने जसको
निम्ति सब थोक छन्, र जसद्वारा सब
थोक हुन्छन्, उहाँले धेरै सन्तानहरूलाई
मुक्तिमा पुर्याउनुहुँदा तिनीहरूको मुक्तिको
कर्तालाई शासनाहरूद्वारा सिद्ध तुल्याउनु
उचित थियो। ११ किनकि पवित्र तुल्याउने

पनि र पवित्र हुने पनि, सबै एउटैबाट हुन्।
त्यसैकारण तिनीहरूलाई यसो भनेर भाइ
भन्नालाई उहाँ शर्माउनुभएन,
१२ 'मेरा भाइहरूलाई तपाईंको नाउँ म
बयान गर्नेछु,
सभाको बीचमा म तपाईंको प्रशंसा
गाउनेछु।
१३ औ फेरि, 'म उहाँमाथि आफ्नो भरोसा
राख्नेछु।' र फेरि, 'हेर, म र ती छोरा-
छोरीहरू, जो परमेश्वरले मलाई दिनुभएको
छ।' १४ छोरा-छोरीहरू रगत र मासुको
सह-भागी भएका हुनाले, उहाँ पनि, मृत्युका
सामर्थ्य भएको, अर्थात् शैतानलाई मृत्युद्वारा
रद्दी पार्नालाई, यिनैको सह-भागी हुनुभयो।
१५ औ मृत्युको डरले जीवनभरि दासत्वमा
फँसेकाहरू सबैलाई छुटाउनलाई पनि हो।
१६ किनकि साँच्चिनै उहाँले स्वर्गदूतहरूलाई
होइन, तर अब्राहामका सन्तानलाई सम्झाल्नु-
हुन्छ। १७ यसकारण मानिसहरूका पापको
प्रायश्चित गर्नालाई परमेश्वर सम्बन्धको कुरामा
उहाँ कृपालु र विश्वासयोग्य प्रधान पूजाहारी
हुनालाई, सबै कुरामा आफ्ना भाइहरूजस्तै
उहाँलाई बनिनुपर्‍यो। १८ किनकि आफै
परीक्षित भई शासना भोग्नुभएकोले परीक्षित
हुनेहरूलाई उहाँले सहायता गर्नसक्नुहुन्छ।

३ यसैकारण हे स्वर्गीय बोलावटका
सह-भागी पवित्र भाइ हो, हामीले
स्वीकार गरेका प्रेरित र प्रधान पूजाहारी,
अर्थात् येशूलाई विचार गर। २ मोशा,
परमेश्वरको सारा घरमा भएर्झैं उहाँ पनि
उहाँलाई नियुक्त गर्नुहुनेमा विश्वासयोग्य
हुनुभएको थियो। ३ तैपनि येशू मोशाभन्दा
त्यति बढ़ी योग्य ठहरिनुभएको छ, जति
घरभन्दा घर बनाउनेको बढ़ी आदर
हुन्छ। ४ किनभने हरेक घर कुनै नकुनै
मानिसबाट बनिएको हुन्छ, तर सबै थोक
बनाउने ता परमेश्वरनै हुनुहुन्छ। ५ अब
पछिबाट बोलिने सबै कुराको साक्षीको निम्ति,
मोशा साँच्चिनै परमेश्वरको घरमा दासजस्तै
विश्वासयोग्य भएका थिए, ६ तर ख्रीष्ट
चाहिं परमेश्वरको घरमा पुत्रजस्तै भई
विश्वासयोग्य हुनुहुन्थ्यो, र अन्तसम्मैं हामीले
हाम्रो साहस र आशाको घमण्डलाई थामि-
राख्यौं भनेता हामीनै उहाँको घर हौं।
७ यसकारण जसरी पवित्र आत्मा भन्नुहुन्छ,
'आज तिमीहरूले उहाँको शब्द सुन्यौ
भनेदेखि,
८ रीस उठाएको दिनमा जस्तोगरी
तिमीहरूका हृदय कठोर नपार,
उजाड़-स्थानमा भएको परीक्षाको त्यस
दिनजस्तै,
९ जहाँ तिम्रा पुर्खाहरूले मेरी जाँच
गर्नालाई मेरो परीक्षा गरे,
र चालीस वर्षसम्म मेरा कामहरू देखे।
१० यसकारण म यो पुस्तासँग नाराज भएँ,
र भनें, 'तिनीहरूका हृदय सधैं
बरालिन्छन्,
र तिनीहरूले मेरा मार्गहरू चिनेनन्।'
११ मैले आफ्नो क्रोधमा शपथ खाएर्झैं,
मेरो विश्राममा तिनीहरू पस्नेछैनन्।'
१२ हे भाइ हो, होशियार बस, नत्रता
जीवित परमेश्वरबाट पतित हुनालाई तिमीहरूमा
कसैको अविश्वासको दुष्ट हृदय हुनेछ।
१३ तर 'आजको दिन' भन्दा एउटाले
अर्कोलाई दिनदिनै अर्ती देऊ। नत्रता तिमीहरू-
मध्ये कोही पापको छलले कठोर हुनेछ।
१४ किनभने यदि हामीले हाम्रा शुरूको
विश्वासलाई अन्तसम्मै थामिराख्तछौं भनेता,
हामी ख्रीष्टका सह-भागी भएका छौं,
१५ जस्तो भनिएको छ,
'आज तिमीहरूले उहाँको शब्द सुन्यौ
भनेदेखि,
रीस उठाएको दिनमा जस्तोगरी
तिमीहरूका हृदय कठोर नपार।'
१६ किनकि सुनीकन रीस उठाउने को को
हुन् ता? मोशाद्वारा मिश्र देशबाट निस्केर
आउने के सबै होइनन् ? १७ औ को

कोसँग उहाँ चालीस वर्षसम्म रिसाउनुभयो ?
के ती पाप गर्नेहरूसँग होइन ? जसका लाशहरू
उजाड-स्थानमा सोतर परेथे। १८ के केवल
ती आज्ञा नमान्नेहरूलाई बाहेक अरू कसैलाई
उहाँको विश्राममा पस्न पाउछैन भनी उहाँले
शपथ खानुभएको थियो ? १९ अविश्वासको
कारणलेनै तिनीहरू पस्न नसकेका हामी
देख्तछौं।

४ यसकारण उहाँको विश्राममा प्रवेश गर्ने
प्रतिज्ञा अझै भइरहेकै हुनाले हामी
डराऔं, नत्रता सायद तिमीहरूमध्ये कुनै घटी
भएका देखिनेछौ। २ किनकि साँच्चै
हामीलाई पनि तिनीहरूलाईझैं सुसमाचार
प्रचार गरेकै हो। तर सुनेको वचनले तिनी-
हरूलाई केही फायदा भएन। किनभने
सुन्नेहरूसँग तिनीहरू विश्वासमा मिल्नसकेनन्।
३ किनकि हामी विश्वास गर्नेहरूचाहिं
ता त्यस विश्राममा प्रवेश गर्नेनैछौं, जस्तो
उहाँले भन्नुभएको पनि छ।

'मैले आफ्नो क्रोधमा शपथ हालेझैं,
मेरो विश्राममा तिनीहरू पस्नेछैनन्।

यद्यपि उहाँका काम-काज संसारको
उत्पत्तिदेखिनै भइसकेको थियो। ४ किनकि
उहाँले अरु ठाउँमा सातौं दिनको विषयमा
यस किसिमले भन्नुभएको छ, 'औ
परमेश्वरले सबै कामहरूबाट सातौं दिनमा
विश्राम गर्नुभयों, ५ र यस ठाउँमा फेरि
भन्नुहुन्छ,

'मेरो विश्राममा तिनीहरू पस्नेछैनन्।'

६ यसकारण कुनै कुनैलाई त्यहाँ प्रवेश
गर्न बाँकीनै भएकोले, र पहिलेबाटै सुसमाचार
सुनाइएकाहरू पनि अनाज्ञाकारी भएको
कारण प्रवेश गर्न असफल भएका हुनाले,
७ उहाँले फेरि कुनै एक दिन पहिलेनै
भनिसकेका वचनमा, यतिका समयपछि,
दाऊदद्वारा 'आज' भनेर यस्तो ठहराउनु-
हुन्छ,

'आज तिमीहरूले उहाँको शब्द सुन्यौ
भने तिमीहरूका हृदय कठोर नपार।'

८ किनकि यहोशूले तिनीहरूलाई विश्राम
दिएका भएदेखि ता, उहाँले पछिबाट
अर्को दिनको विषयमा भन्नुहुनेथिएन।
९ यसकारण परमेश्वरका मानिसहरूका
निम्ति विश्राम-दिनको आरामी बाँकीनै छ।
१० किनकि उहाँको विश्राममा प्रवेश गर्नेले
परमेश्वर आफैंले गर्नुभएझैं आफ्नो
कामबाट त्यसले पनि विश्राम लिएको हुनुपर्छ।
११ यसकारण हामी त्यस विश्राममा प्रवेश
गर्नालाई प्रयत्न गरौं, र त्यही अनाज्ञाकारीको
उदाहरणमा कोही मानिस पतित नहोस्।
१२ किनकि परमेश्वरको वचन जीवित र
प्रबल, र कुनै दुइ-धारे तरवारभन्दा पनि
धारिलो, औ प्राण र आत्मालाई जोर्नी
जोर्नी र हड्डीका मासीलाई भाग भाग
पारुञ्जेलसम्म वारपार छेड्ने, र हृदयको
भावना र विचारलाई जाँच्न सक्ने
हुन्छ। १३ औ उहाँको दृष्टिमा सृष्टिको
कुनै कुरा छिपेको हुँदैन, तर जससँग
हामीले व्यवहार गर्नुपर्छ, उहाँको नजरको
सामने सब कुराहरू स्पष्ट र खुला
राखिएका छन्।

१४ आकाश छिचलेर जानुभएको हाम्रा
एक महान् पूजाहारी, अर्थात् परमेश्वरका पुत्र
येशू हुनुभएको हुनाले, हामीले स्वीकार गरेका
हाम्रो धर्म थामिराखौं। १५ किनकि हाम्रा
प्रधान पूजाहारी हाम्रा निर्बलतामा हामीसँग
दुःखी हुन नसक्ने होइन। तर सबै कुरामा
हामीजस्तै परीक्षित, रपनि पापरहित
हुनुहुन्छ। १६ यसकारण अनुग्रहको परमेश्वरको
नजीक हामी निर्भयसँग आऔं, र कृपा
पाऔं, औ दरकारको समयमा हाम्रो
उपकारको निम्ति उहाँद्वारा अनुग्रह पाउनसक्छौं।

५ किनभने मानिसहरूबाट लिएको हरेक
प्रधान पूजाहारी मानिसहरूमध्ये,
परमेश्वर सम्बन्धी कुरामा पापका निम्ति
भेटी र बलिदानहरू चढाउनालाई मानिस-

हरूकै निम्ति नियुक्त भएको हुन्छ।
२ तिनले अजान र कुबाटोतिर लागेकाहरू-
सँग ता नम्रतासाथ व्यवहार गर्नसक्तछन्,
किनभने उनी आफै पनि निर्बलताले
घेरिएका हुन्छन्। ३ यसैकारण मानिसहरूका
निम्ति जस्तै आफ्नै पापका निम्ति पनि
बलिदान चढ़ाउन बाध्य हुन्छन्। ४ औ
आफैले आफैलाई यो मान कुनै मानिसले
लिंदैन, तर हारूनलाई झैं परमेश्वरबाट बोलावट
भएको हुन्छ। ५ यसरी ख्रीष्टले पनि प्रधान
पूजाहारी हुनालाई आफैले आफैलाई
महिमित पार्नुभएन, तर उहाँलाई यसो
भन्नुहुनेबाटनै नियुक्त हुनुभयो,

'तिमी मेरा पुत्र हौ,
तिमीलाई मैलेनै आज जन्माएको छु।'

६ जसरी अर्को ठाउँमा पनि उहाँ
भन्नुहुन्छ,

'मल्कीसेदेकको दर्जाबमोजिम,
तिमी सधैँभरिको निम्ति पूजाहारी हौ।'

७ आफ्नो शरीरका दिनमा जसले बेसरी
कराई, आँसु बगाएर उहाँलाई मृत्युबाट
बचाउन सक्नुहुनेसँग प्रार्थना र अन्तरबिन्ती
गर्नुभयो, र उहाँको भक्तिको भयले गर्दा
टहाँको सुनाइभयो। ८ उहाँ पुत्र हुनुहुन्थ्यो,
तापनि उहाँले भोग्नुभएको शासनाद्वारा उहाँले
आज्ञा पालन गर्न सिक्नुभयो। ९ औ सिद्ध
तुल्याइकन उहाँको आज्ञा मान्नेहरू सबैका
निम्ति उहाँ अनन्त मुक्तिको कर्त्ता हुनुभयो,
१० परमेश्वरबाट मल्कीसेदेकको दर्जाअनुसारको
प्रधान पूजाहारीको पद उहाँले पाउनुभयो।

११ उहाँको विषयमा हामीले धेरै कुरा
भन्नुछ, जो तिमीहरूको मन्द कान भएकाले
अर्थ लाउनु पनि कठिन छ। १२ किनकि
यतिका समयसम्म ता तिमीहरू शिक्षक
होइसक्नुपर्दथियो, तर अझै तिमीहरूलाई
कसैले परमेश्वरका वचनको शुरूका शिक्षाहरू
सिकाइदिनु परेको छ। तिमीहरूलाई
खँदिलो खानेकुराको होइन, तर अझै दूधैको
दरकार पर्नेजस्ता तिमीहरू भएका छौ।
१३ किनभने दूधको सह-भागी हुने हरेक
मानिस धार्मिकताको वचनको अनुभव गर्न
नसक्नेहुन्छ, किनकि त्यो बालकै हो।
१४ तर खँदिलो खानेकुराचाहिँ पूरा बढ़ेका
मानिसहरूका निम्ति हो, जो त्यसको प्रयोगबाट
खराब र असल छुट्याउनालाई ज्ञानेन्द्रियको
अभ्यास भएका हुन्छन्।

६ यसकारण ख्रीष्टको शुरूका शिक्षाहरूका
विषय बोल्न छोड़ेर सिद्धतातर्फ हामी
बढ़दै जाऔं। मरेका कामहरूबाट
पश्चातापको, र परमेश्वरतर्फको विश्वासको जग
फेरि बसाल्ने, बप्तिस्माहरू २ र हात
राख्ने कुरा, मरेकाहरूको पुनरुत्थान र अनन्त
इन्साफको शिक्षाको जग बसाल्ने कुरा छोड़ौं।
३ यदि परमेश्वरले अनुमति दिनुभएता हामी
यसै गर्नेछौं!

४ किनकि तिनीहरूका विषयमा, अर्थात्
जस जसले एकचोटि ज्योति पाएर स्वर्गीय
वरदान चाखे, र पवित्र आत्माको सह-भागी
भए, ५ र परमेश्वरको उत्तम वचनको र
आउने युगको शक्तिको स्वाद पाए,
६ त्यसपछि तिनीहरू पतित भए भनेता
तिनीहरूलाई फेरि पश्चातापको निम्ति नयाँ
तुल्याउनालाई असम्भव छ! किनभने तिनीहरूले
ता परमेश्वरका पुत्रलाई तिनीहरूका निम्ति
फेरि क्रूसमा टाँग्छन्, र उहाँलाई खुल्लमखुल्ला
शर्ममा पार्छन्।

७ किनकि जुन जमीनले बारंबार वर्षाको
पानी पाउँछ, र जसका निम्ति जोतिएको हो,
तिनीहरूका निम्ति मनपर्ने साग-पातहरू पैदा
गर्छ भने, त्यसले परमेश्वरको आशिष पाउँछ।
८ तर त्यसले काँढ़ा र स्यूँडीहरू उमार्‍यो
भनेता त्यो बेकम्माको भई परमेश्वरको
सराप त्यसमा पर्छ, र त्यसको अन्त डढ़ेली
हुन्छ।

९ हामी यसरी बोल्दछौं, तापनि
तिमीहरूका विषयमा चाहिँ, हे प्रिय, मुक्ति
सम्बन्धका कुराहरूमा बेसी भरोसा राख्तछौं।

१० किनकि तिमीहरूको काम र त्यो प्रेम,
जो उहाँको नाउँतर्फ, र पवित्र जनहरूको
सेवा गरेको र गर्दै रहेकोमा तिमीहरूले
देखाएका छौ, सो बिर्सनालाई परमेश्वर
अधर्मी हुनुहुन्न। ११ औ तिमीहरू
हरेकले पूरा आशाको निम्ति अन्तसम्मै त्यही
किसिमको प्रयत्न देखाउनेछौ भन्ने हामी
इच्छा गर्दछौं, १२ कि तिमीहरू अल्छी
मानिस होइन, तर विश्वास र धीरजद्वारा
प्रतिज्ञाका हकदार हुनेहरूका देखा-सिकीगर्ने
होओ।

१३ किनकि परमेश्वरले अब्राहामलाई
प्रतिज्ञा गर्नुहुँदा आफूभन्दा ठूलो अरू
कुनैको नाउँमा शपथ हाल्न नपाएर आफ्नै
नाउँमा यसो भनेर शपथ हाल्नुभयो,
१४ 'निश्चय म तँलाई सम्पूर्ण आशिष
दिनेछु, र तेरो सन्तानको ठूलो वृद्धि
गराउनेछु।' १५ औ यसरी उनले धीरज
धारण गरेर प्रतिज्ञा भएको कुरा प्राप्त
गरे। १६ किनकि मानिसहरू ता आफूहरू-
भन्दा ठूलाको शपथ हाल्दछन्, र तिनी-
हरूको हरेक विवाद शपथबाटै टुङ्गो
लाग्छ। १७ जब परमेस्वरले आफ्नो
कहिल्यै बदलिन नसक्ने उद्देश्य प्रतिज्ञाका
हकदारहरूलाई झन् छर्लङ्गसँग देखाइदिने
इच्छा गर्नुभएथ्यो, तब उहाँले शपथबाटनै
पुष्टि गर्नुभयो। १८ यसरी यी दुइ
कहिल्यै बदलिन नसक्ने कुराबाट, जसमा
परमेश्वरलाई झूट बोल्न असम्भव छ, हामी
शरणार्थीहरूलाई हाम्रो सामनेमा राखिदिएको
आशा ग्रहण गर्नालाई उत्कट उत्साह
होस्, १९ जो हामीलाई प्राणको लङ्गर
जस्तो छ, अर्थात् एउटा आशा, जो स्थिर
र दृढ दुवै, पर्ददेखि भित्रको स्थानसम्मै पुग्छ,
२० जहाँ सदाको निम्ति मल्कीसेदेकको
दर्जाअनुसारको प्रधान पूजाहारी भएर येशू
हाम्रा निम्ति अगुवाजस्तै भई भित्र
पस्नुभएको छ।

७ किनभने राजाहरूलाई मारेर फर्केका
अब्राहामलाई यी मल्कीसेदेक,
शालेमका राजा सर्वोच्च परमेश्वरको पूजा-
हारीले भेटेर तिनलाई आशिष दिए।
२ उनैलाई अब्राहामले सबै थोकको दशांश
बाँडी पनि दिए, (उनी उनको नाउँको अर्थ-
अनुसार पहिले धार्मिकताका राजा र
त्यसपछि चाहिँ शालेमका राजा पनि, अर्थात्
शान्तिका राजा हुन्। ३ विना पिता,
विना माता, विना वंशावली, नता दिनको
आदि, न जीवनको अन्त भएका, तर
परमेश्वका पुत्रजस्तो तुल्याइएका) उनी
निरन्तर पूजाहारी भइरहन्छन्।

४ अब विचार गर त, उनी कस्ता
महान् पुरुष थिए, जसलाई अब्राहाम
कुलपतिले पनि लूटका बढ़िया चीजहरूका
दशांश दिए। ५ औ साँच्चिनै पूजाहारी
काम पाउने लेवीका सन्तानहरू, जो
अब्राहामबाटै जन्मेका हुन्, तापनि
व्यवस्थाअनुसार तिनीहरूले मानिसहरू, अर्थात्
तिनीहरूकै दाज्यू-भाइहरूबाट दशांश पाउने
तिनीहरूलाई आज्ञा छ, ६ तर तिनीहरूका
वंशावलीमा नगनिएका यी मानिसले अब्राहाम-
सँग दशांश लिएका हुन्, र जसले प्रतिज्ञाहरू
पाउनेलाईनै आशीर्वाद दिएका हुन्। ७ औ
यसमा केही विवाद गर्ने कुरै छैन, कि
सानाले ठूलाबाट आशिष पाउँछ। ८ यहाँ
मर्नु पर्ने मानिसहरूले दशांश लिन्छन्, तर
त्यहाँ उही एक जनाले, जसको विषयमा
व्यवस्थाले सधैं बाँचिरहने भन्ने पुष्टि गरेको छ।
९ अब यसरी पनि भन्नसकिन्छ, कि दशांश
पाउने लेवीले पनि अब्राहामद्वारै दशांश दिए।
१० किनभने मल्कीसेदेकले अब्राहामलाई
भेट्ता तिनी ता आफ्नो पिताका शरीरमै
थिए।

११ अब यदि लेवीको पूजाहारी पदद्वारा
सिद्धता प्राप्त हुँदो हो ता (किनभने यसैको
बेलामा मानिसहरूलाई व्यवस्था मिलेको
हो), हारूनको दर्जाबमोजिमनै कायम नभएर,

फेरि मल्कीसेदेकको दर्जाअनुसार अर्को
पूजाहारी खड़ा हुनालाई के जरूरत पर्थ्यो ?
१२ किनकि पूजाहारी पदको अदल-बदल हुँदा
व्यवस्थाको पनि अदल-बदल हुने आवश्यकता
हुन्छ । १३ किनभने जसको विषयमा
यी कुराहरू भनिएका हुन्, उहाँ त अर्कै
कुलको हुनुहुन्छ, जसबाट भएको कसैले
पनि कहिल्यै वेदीको सेवा गरेका थिएनन् ।
१४ किनभने यो प्रष्टै छ, कि हाम्रा प्रभु
ता यहूदाको कुलबाट उदय हुनुभएको हो ।
जस कुलको सम्बन्धमा मोशाले पूजाहारी-
हरूका विषयमा केही पनि भनेका छैनन् ।
१५ यदि मल्कीसेदेकजस्तै गरी अर्को
पूजाहारी खड़ा हुने हो भनेता हामीले
भनेको कुरा झन् बढ़ता प्रष्टै हुन्छ ।
१६ जो शारीरिक आज्ञाको व्यवस्थाबमोजिम
होइन, तर अविनाशी जीवनको शक्तिअनुसार
पूजाहारी बनिनुभएको हो । १७ किनकि
उहाँको विषयमा यो गवाही दिइएको छ,

'मल्कीसेदेकको दर्जाबमोजिम,
तिमी सधैंभरिको निम्ति पूजाहारी हौ ।'

१८ किनभने त्यो पहिलो चाहिं आज्ञा
निर्बल र बेफायदाको भएको हुनाले खारिज
भएको छ, १९ (किनकि व्यवस्थाले केही
कुरा सिद्ध तुल्याएन) र त्यसको ठाउँमा
त्यसभन्दा उत्तम आशा ल्याइएको छ,
जसद्वारा हामी परमेश्वरको नजीक पुग्दछौं ।
२० औ यतिसम्म कि, यो चाहिं ता विना
शपथ होइन । २१ (किनभने तिनीहरू ता
साँच्चिनै विना शपथ पूजाहारी भएका
हुन् । तर उहाँ चाहिं उहाँको विषयमा
यसो भन्ने शपथ हो,

'परमप्रभुले शपथ हाल्नुभयो,
र आफ्नो मन बदल्नुहुनेछैन
तिमी सधैंभरिको निम्ति पूजाहारी
हौ ।')

२२ यतिलेनै पनि येशू उत्तम करारको
जमानी बनिनुभयो । २३ मृत्युले तिनीहरूलाई
रहिरहन नदिएकोले साँच्चिनै धेरै संख्यामा
पूजाहारी बनेका थिए, २४ तर उहाँ चाहिं
सधैंभरि रहिरहनुहुने भएको हुनाले उहाँको
पूजाहारी पद अटल रहन्छ । २५ यसैकारण
पनि उहाँद्वारा परमेश्वरको नजीक आउने-
हरूलाई उहाँले सम्पूर्ण उद्धार गर्नसक्नुहुन्छ ।
किनभने तिनीहरूका निम्ति अन्तरबिन्ती
गर्नालाई उहाँ सधैंभरि रहनुहुन्छ ।

२६ किनभने यस्तै प्रधान पूजाहारी
हाम्रा निम्ति उचित थियो, जो पवित्र,
निष्कपट, निष्कलङ्क पापीहरूबाट अलग
हुनुभएको, र स्वर्गहरूभन्दा उच्च बनिनुभएको
छ । २७ उहाँलाई, अरू पूजाहारीहरूलाई
जस्तोगरी, पहिले आफ्नै निज पापका, अनि
मानिसहरूका पापका निम्ति बलिदान दिनदिनै
चढ़ाइरहनु आवश्यक छैन । किनकि यो ता
उहाँले आफैलाई अर्पण गर्नुहुँदा एकैचोटि
गरी सक्नुभयो । २८ किनभने व्यवस्थाले
निर्बल मानिसहरूलाई प्रधान पूजाहारीहरू
नियुक्त गर्छ, तर व्यवस्थाभन्दा पछिबाट
आएको शपथको वचनले युगान्तरको निम्ति
सिद्ध हुनुभएको एक पुत्रलाई नियुक्त
गर्छ ।

८ अब हामीले गरिरहेका कुराहरूमा
मुख्य कुरा यही हो, 'हाम्रा यस्तो
प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गहरूमा
महामहिमको सिंहासनको दाहिने हाततिर,
मानिसले खड़ा गरेको होइन, २ तर प्रभुले
खड़ा गर्नुभएको पवित्रस्थान र सच्चा
बासस्थानका सेवक भएर बस्नुभयो ।'
३ किनकि जुनसुकै प्रधान पूजाहारी पनि
भेटी र बलिदान चढ़ाउन नियुक्त भएको
हुन्छ । यसकारण यो प्रधान पूजाहारीलाई
पनि केही चढ़ाउन आवश्यक पर्छ । ४ अब
उहाँ यस पृथ्वीमै हुनुहुँदो हो ता उहाँ
पूजाहारी हुँदैहुनुहुन्न, किनभने व्यवस्था-
बमोजिम भेटी चढ़ाउनेहरू ता छँदैछन् ।
५ तिनीहरूले स्वर्गमा भएका कुराहरूको
नकल र छायाको सेवा गर्छन्, जस्तो कि

मोशाले वासस्थान बनाउने बेलामा यसो
भन्ने परमेश्वरको वाणी पाएथे, कि
उहाँ भन्नुहुन्छ, 'तँलाई डाँडामा देखाइ-
दिएको नमूनाबमोजिम सबै थोक तैंले
बनाउनू।' ६ तर अब ता उहाँले त्यतिमै
बढ़ता श्रेष्ठ सेवा पाउनुभएको छ, जतिको
उहाँ झन् उत्तम करारको मध्यस्थ हुनुहुन्छ,
जो करार अझै उत्तम प्रतिज्ञाहरूमा बाँधिएको
छ। ७ किनभने पहिलो करार निर्दोष
भएको भएता दोस्रोको निम्ति अवसर खोज्नु-
पर्ने थिएन। ८ किनभने तिनीहरूमाथि दोष
लगाएर उहाँ भन्नुहुन्छ,
'हेर' ती दिन आउँछन्,' परमप्रभु
भन्नुहुन्छ, 'कि इस्राएलको वंश र
यहूदाको वंशसँग म नयाँ करार बाँध्नेछु।
९ तिनीहरूका पिता-पुर्खाहरूसँग बाँधेको
करारबमोजिम ता होइन, जुन दिन मैंले
तिनीहरूलाई मिश्रदेशबाट निकालेर डोऱ्या-
उनालाई तिनका हात समातेथें। किनकि
तिनीहरू मेरो करारमा रहिरहेनन्,
औ मैंले तिनको केही ख्याल गरिनैं,
परमप्रभु भन्नुहुन्छ। १० किनभने जुन
करार इस्राएलको वंशसँग म बाँध्नेछु,
सो यही हो, ती दिन पछि, परमप्रभु
भन्नुहुन्छ, तिनीहरूका मनैमा म मेरा
व्यवस्थाहरू राखिदिनेछु, र तिनीहरूका
हृदयमा पनि म लेखिदिनेछु, औ म
तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू
चाहिं मेरा प्रजा हुनेछन्। ११ औ
तिनीहरू हरेकले आफ्ना आफ्ना शहर-
बासीहरूलाई शिक्षा दिनुपर्नेछैन, र हरेकले
आफ्ना आफ्ना भाइलाई 'परमेश्वर चिन'
भनी सिकाउनु पर्नेछैन, किनभने तिनीहरूका
सानादेखि लिएर ठूलासम्म सबैले मलाई
चिन्नेछन्। १२ किनभनें तिनीहरूका
अधर्मतर्फ म कृपालु हुनेछु, र तिनीहरूका
पाप म फेरि सम्झने छैनँ।'
१३ नयाँ करार भन्नुभएकोलेनै पहिलो
चाहिंलाई पुरानो तुल्याउनुभयो। तर जुन-
चाहिं पुरानो भएर थोत्रो हुँदै जान्छ त्यो
बिलाएरनै जान तयार छ।

९ अब पहिला करारमा पनि परमेश्वरको
सेवाका धर्म-विधिहरू र त्यसको
बासस्थान, यस संसारको बासस्थान, थिए।
२ किनभने मण्डप तयार भएको थियो,
जसभित्र पहिलोमा चाहिं सामदान, टेबल र
भेटीको रोटी हुन्थे, जसलाई पवित्रस्थान
भनिन्छ। ३ औ दोस्रो पर्दाको पछाडि
महा-पवित्र भनिने चाहिं मण्डप रहन्थ्यो,
४ जसमा सुनको धूपौरो, र सुनले मोहो-
रिएको करारको सन्दूक, र जसभित्र मन्न
हालेको सुनको भाँडो, र हारूनको कोपिला
लागेको लहुरो, र करारका पाटीहरू थिए,
५ औ यसमाथि महिमाका करूबहरूले
छाहारी पारिराखेको कृपा-आसन रहन्थ्यो।
जुन कुराहरूका विषयमा अहिले एक एक
गरेर हामी भन्नसक्तैनौं। ६ अब यी
कुराहरू यसरी बनाएर, पूजाहारीहरू पहिलो
चाहिं मण्डपमा सेवाको काम गर्दै बराबर
जान्छन्।
७ तर दोस्रो चाहिंमा ता प्रधान
पूजाहारी एकलै वर्षमा एकचोटि जाने-
गर्दछन्, सो पनि रगतविना होइन। जुन
रगत उनले आफ्नो निम्ति र मानिसको
कसूरको निम्ति चढाउँछन्। ८ यसैबाट
पवित्र आत्मा देखाउनुहुन्छ, कि पहिलो
मण्डप रहुन्जेल पवित्र स्थानभित्र जाने
बाटो अझै प्रकट भएको छैन। ९ औ यो
ता अहिले वर्तमान समयको निम्ति एक
दृष्टान्त हो। यसअनुसारको सेवामा भेटी
र बलिदानहरू चढ़ाइन्छन्, जसबाट पूजा
गर्नेको विवेकको विषयमा चाहिं सिद्ध
तुल्याउनसक्तैन, १० तर 'केवल (खाने, र
पिउने, र विभिन्न स्नानहरू), शारीरिक
धर्म-विधि हुन्, जो सुधारको समय नआउन्जेल
राखिएका थिए।
११ तर, ख्रीष्ट पछि आउने उत्तम

कुराको प्रधान पूजाहारी भएर, हातले बनाएको
होइन, अर्थात् यस सृष्टिमैं नभएको, झन्
ठूलो र सिद्ध मण्डपद्वारा, १२ बोकाहरू र
बाछाहरूको रगत होइन, तर आफ्नै रगत-
द्वारा अनन्त उद्धार प्राप्त गरेर एकैचोटि
पवित्रस्थानभित्र पस्नुभयो । १३ किनकि
बोका र बाछाको रगत, र बिटुलिएको माथि
छर्किने कोरलीको खरानीले शरीरको शुद्धेइँमा
पवित्र तुल्याउँछ भनेता, १४ जीवित
परमेश्वरको सेवा गर्नालाई ख्रीष्टको रगतले
तिमीहरूका विवेकलाई शक्तिहीन कामहरूबाट
कति बढ्ता गरी शुद्ध पार्ला ? जसले अनन्त
आत्माद्वारा आफैलाई परमेश्वरकहाँ निष्खोट
अर्पण गर्नुभयो ।

१५ औ यसैकारण पहिला करारमा
भएका अपराधहरूका उद्धारको निम्ति मृत्यु
भइसकेको हुनाले, बोलावट भएकाहरूले अनन्त
हकको प्रतिज्ञा पाऊन् भनेर नयाँ करारको
मध्यस्थ उहाँ हुनुभएको हो ।

१६ किनभने जहाँ इच्छा-पत्र हुन्छ,
त्यहाँ त्यो बनाउनेको मृत्युको आवश्यक्ता पनि
पर्छ । १७ किनभने मृत्यु भएपछि मात्र
इच्छा-पत्र पक्का हुन्छ । किनकि के इच्छा-पत्र
गर्ने बाँचुन्जेल त्यो पक्का ठहर्छ र ?
१८ यसकारण पहिला करार पनि रगतबिना
बाँधिएको थिएन । १९ किनभने मोशाले
जब व्यवस्थाअनुसारको हरेक आज्ञा सबै
मानिसहरूलाई सुनाइसकेका थिए, तब उनले
बाछाहरू र बोकाहरूको रगतको साथमा
पानी, रातो ऊन र हिसप लिएर, पुस्तक र
मानिसहरू सबैमाथि २० यसो भन्दै छर्केका
थिए, 'परमेश्वरले तिमीहरूतर्फ आज्ञा गर्नु-
भएको करारको रगत यही हो ।' २१ यसै-
गरी उनले मण्डप, र पूजाका भाँडाहरू
सबैमा पनि त्यही किसिमले रगत छर्केका
थिए । २२ औ वास्तवमा व्यवस्थाअनुसार
ता रगतले झण्डै सबै थोक शुद्ध पार्दछ, र
रगत नबगाईकन पापमोचन हुँदै हुँदैन ।

२३ यसैकारण स्वर्गका कुराहरूका
नमूनाहरूचाहिँ यिनैबाट, तर स्वर्गमैं भएका
कुराहरू आफैं ता यीभन्दा बढ्ता उत्तम
बलिदानले शुद्ध पारिनु आवश्यक थियो,
२४ किनभने ख्रीष्ट ता, सक्लीको नमूना
गरी हातले बनाएको पवित्रस्थानभित्र होइन,
तर अब हाम्रा निम्ति परमेश्वरको सामने
प्रकट हुनालाई स्वयं स्वर्गमै प्रवेश हुनुभएको
छ । २५ अझै वारंवार आफैलाई अर्पण
गरौँ भनेर होइन, जसरी प्रधान पूजाहारी
सालिन्दा आफ्नै होइन तर अर्कैको रगत
लिएर पवित्रस्थानभित्र पस्ने गर्दछन्,
२६ नत्रता संसारको उत्पत्तिदेखिनै उहाँले
वारंवार दुःख भोग्नुपर्थ्यो, तर अब युगको
अन्तमा आफ्नै बलिदानले पाप हटाउनालाई
उहाँ एकैचोटि प्रकट हुनुभएको छ ।
२७ औ यहाँसम्म कि, जसरी मानिसको
निम्ति एकचोटि मरण र त्यसपछि इन्साफ
नियुक्त भएको छ, २८ त्यसरी ख्रीष्ट पनि
धेरै जनाका पाप बोक्नालाई एकैचोटि
बलिदान भएर, पापको वास्ता नराखेर,
उहाँको प्रतीक्षा गर्नेहरूको मुक्तिको निम्ति
दोस्रोचोटि देखा पर्नुहुनेछ ।

१० किनभने व्यवस्थामा अब आउने
उत्तम कुराहरूको स्वयं स्वरूप नभई,
छाया मात्र भएको हुनाले, सालिन्दै तिनी-
हरूले नित्य चढ़ाइरहने त्यही किसिमको
बलिदानहरूले, नजीक आउनेहरूलाई कदापि
शुद्ध पार्नसक्तैन । २ नत्रता ती सेवा
गर्नेहरू एकचोटि शुद्ध भएपछि, यदि तिनको
विवेकले तिनलाई फेरि पापी नठहराउने
भए, के ती बलिदानहरू चढाउन बन्द
हुनेथिए त ? ३ तर ती बलिदानहरूमा
पापको सम्झना पो सालिन्दै हुँदै जान्छ ।
४ किनकि साँढेहरू र बोकाहरूको रगतले
पाप हरण गर्न असम्भव छ । ५ यसकारण
संसारमा आउनुहुँदा उहाँले भन्नुभयो,

'बलिदान र भेटी तपाईंले चाहनुभएन,
तर मेरो निम्ति एक शरीर तयार

पारिदिनुभयो।
६ होमबलिहरू र पापबलिहरूमा तपाईं प्रसन्न
हुनुभएन।
७ तब मैले भनें, 'हेर्नुहोस्, हे परमेश्वर,
तपाईंकै इच्छा पूरा गर्नलाई म आएको छु।'
(पुस्तकको मुट्ठामा मेरो विषय लेखिएको
छ)।'
८ माथि भनिएको छ, 'बलिदानहरू
भेटीहरू, होमबलिहरू र पापबलिहरू तपाईंले
चाह गर्नुभएन। तपाईं तिनीहरूमा प्रसन्न
हुनुभएन' (जो व्यवस्थाबमोजिम चढ़ाइन्छन्),
९ अनि पछिबाट भन्नुभएको छ, 'हेर्नुहोस्,
तपाईंकै इच्छा पूरा गर्नलाई म आएको
छु।' दोस्रोलाई स्थापित गर्नलाई उहाँले
पहिलो चाहिँलाई खारिज गर्नुहुन्छ।
१० औ त्यही इच्छाबाट ता येशू ख्रीष्टको
शरीरको एकैचोटिको अर्पणद्वारा हामी पवित्र
भएका छौं। ११ औ हरेक पूजाहारी
दिनहुँको सेवा गर्दै पापलाई कदापि हरण
गर्न नसक्ने एकै किसिमको बलिदानहरू
बारंबार चढ़ाउँदै खड़ा हुन्छन्। १२ तर
ख्रीष्टले ता पापको निम्ति सदाको लागि
एउटै बलिदान चढ़ाएर उहाँ परमेश्वरको दाहिने
बाहुलीतर्फ बस्नुभयो, १३ यसपछि उहाँका
शत्रुहरू उहाँको पाउदान नहोउन्जेल उहाँ
पर्खिरहनुहुन्छ। १४ किनकि एउटै बलिदानले
पवित्र भएकाहरूलाई उहाँले सधैंको निम्ति
सिद्ध गराउनुभएको छ। १५ औ पवित्र
आत्मा पनि हामीलाई गवाही दिनुहुन्छ।
किनभने पहिले यसो भनेपछि,
१६ 'तिनीहरूसँग मैले बाँध्ने करार यही
हो, परमप्रभु भन्नुहुन्छ,
ती दिनपछि, तिनीहरूका हृदयमा म मेरो
व्यवस्था राखिदिनेछु,
तिनीहरूका मनमा पनि म ती
लेखिदिनेछु।'
अनि उहाँ भन्नुहुन्छ,
१७ 'औ तिनीहरूका पाप र तिनीहरूका
अधर्म म फेरि सम्झनेछैनँ।'

१८ अब जहाँ यिनीहरूका पाप क्षमा
भयो, त्यहाँ अब फेरि पापको निम्ति
बलिदान हुँदैन।
१९ यसैकारण हे भाइ हो, येशूको
रगतले त्यस नयाँ र जीवित मार्गबाट
पवित्रस्थानमा प्रवेश गर्न हामीलाई साहस
भएको हुनाले, २० त्यस नयाँ र जीवित
मार्गबाट, जो पर्दा, अर्थात् उहाँको मासुद्वारा
हाम्रा निम्ति स्थापन गर्नुभएको छ, २१ र
परमेश्वरको परिवारमा मुख्य महान् पूजाहारी
हुनुभएको हुनाले, २२ हाम्रा हृदय खराब
विवेकबाट सफासँग छर्किएको र हाम्रा
शरीर चोखो पानीले पखालिएको भई, हामी
सच्चा हृदयसँग विश्वासको पूर्ण भरोसाले
नजीक बढौं। २३ यो नडगमगाओस्
भनेर हाम्रो आशाको स्वीकारलाई हामी
दृढ़सँग थामिराखौं। किनभने प्रतिज्ञा गर्नुहुने
जो हुनुहुन्छ, उहाँ विश्वासयोग्य हुनुहुन्छ।
२४ औ प्रेम र सुकर्ममा उत्तेजित गराएर
एउटाले अर्कोको विचार राख्ने गरून्।
२५ कसै कसैको बानी भएझैं, हामी एक
ठाउँमा भेला हुनालाई नछोड़ौं। तर दिन
नजीक नजीक आईपुगेको तिमीहरूले देखेकै
हुनाले एउटाले अर्कोलाई झन् बढ़ता गरेर
अर्ती दिँदै गरौं।
२६-२७ किनकि हामीले त्यसको ज्ञान
पाएपछि पनि जानी जानी पाप गर्दछौं
भनेता पापहरूका निम्ति दण्डको भयानक
प्रतीक्षा र विरोधीहरूलाई भस्म गर्ने अग्निको
प्रचण्डताबाहेक फेरि कुनै बलिदान बाँकी
रहँदैन। २८ मोशाको व्यवस्थालाई लत्याउने
मानिस, दुइ वा तीन जना गवाहीहरूका
कुराले दयाविना मर्दछन् भने, २९ परमेश्वरका
पुत्रलाई खुट्टामनि कुल्चने, र आफूलाई
पवित्र पारेको करारको रगतलाई अपवित्र
कुरो गन्ने, र अनुग्रहको आत्मालाई
अपमान गर्ने झन् कति बढ़ता कड़ा दण्डको
योग्य ठहरिनेछ? भन्ने तिमीहरू विचार
गर। ३० किनभने 'बदला दिने काम मेरो

हो, म साटो फेर्नेछु' भन्नुहुनेलाई हामी
चिन्छौं। औ फेरि, 'प्रभु आफ्ना मानिस-
हरूको इन्साफ गर्नुहुन्छ।' ३१ जीवित
परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरो हो।
३२ तर अघाड़िका दिनहरूलाई सम्झ,
जसमा तिमीहरूले ज्योति पाएपछि ठूला ठूला
शासनाको लड़न्त सह्यौ। ३३ कहिले ता
निन्दा र कष्टहरूले अरूको तमाशा बनिएर,
औ कहिले चाहिं त्यस्तै अवस्थामा परेका-
हरूका सह-भागी भएर हो। ३४ किनकि
बन्धनमा परेकाहरूलाई तिमीहरूले सहानुभूति
देखाएर तिमीहरू दुःखित भयौ। औ तिमीहरू
आफैकहाँ उत्तम र रहिरहने अर्को एउटा
सम्पत्ति छ भन्ने जानेर तिमीहरूका धन-
सम्पत्ति आनन्दसँग लूटून दियौ। ३५ त्यस-
कारण आफ्नो यो साहस नछोड़, जसमा
इनामको ठूलो प्रतिफल छ। ३६ परमेश्वरको
इच्छा पालन गरेर प्रतिज्ञाको फल पाइने
भएको हुनाले तिनीहरूलाई धीरजको
आवश्यकता छ।

३७ किनकि अब एकै छिनमा,
आउनुहुने जो हो, सो आउन्यै हुनेछ,
र बियाँलो गर्नुहुनेछैन।
३८ तर मेरो धार्मिक जनचाहिं विश्वासबाट
बाँच्नेछ,
औ यदि उनी पछि हट्छ भनेता
मेरो मन उनीसित खुश रहनेछैन।

३९ तर हामीचाहिं विनाशसम्म पुग्ने-
गरी पछि हट्नेहरूमध्येका होइनौं, तर
आत्माको उद्धारको निम्ति विश्वास
गर्नेहरूमध्येका हौं।

११ अब विश्वासचाहिं आशा राखेका
कुराको निश्चयता, र नदेखेका
कुराको प्रमाण हो। २ किनकि यसैमा
पौराणिक मानिसहरूका निम्ति गवाही भएको
थियो ३ विश्वासैबाट हामी बुझ्छौं, कि सारा
युगहरू परमेश्वरको वचनबाट बनिएका हुन्,
यसरी कि जो देखिन्छ, त्यो देखा परेका
कुराहरूबाट बनिएको होइन।
४ विश्वासबाटै हाबिलले कयिनभन्दा
उत्तम बलिदान परमेश्वरमा चढ़ाए, जसद्वारा
तिनी धर्मी हुन् भन्ने तिनको गवाही भयो।
तिनका भेटी विषयमा परमेश्वरलेनै गवाही
दिनुभयो, र यसैद्वारा उनी मरिसके तापनि
अझै बोल्दैछन्।
५ विश्वासबाटै हनोक मृत्यु नभएरै
स्वर्गारोहण भए, र परमेश्वरले स्वर्गारोहण
गरिदिनुभएको हुनाले तिनी फेला परेनन्।
किनभने उनको स्वर्गारोहण हुनभन्दा अघाड़ि
उनले परमेश्वरलाई रिझाएका थिए भन्ने
उनको गवाही भएको थियो।
६ औ बिना विश्वास उहाँलाई रिझाउन
असम्भव छ। किनभने जो परमेश्वरकहाँ
आउँछ, त्यसले उहाँको अस्तित्व छ भन्ने, र
उहाँलाई खोज्नेहरूलाई प्रतिफल दिनुहुन्छ
भन्ने अवश्य विश्वास गर्नुपर्छ।
७ विश्वासैबाट त्यस बेलासम्म नदेखिएका
कुरामा परमेश्वरबाट जनाउ पाएपछि आफ्ना
परिवारलाई बचाउन नूहले जहाज तयार
पारे। त्यसद्वारा उनले संसारलाई दोषी
ठहराएर विश्वासअनुसारको धार्मिकताका
हकदार भए।
८ विश्वासैबाट बोलावट भएपछि अधि-
कारको निम्ति आफूले पाउने ठाउँमा
निस्केर जानालाई अब्राहामले आज्ञा पालन
गरे, र कता जाने हो, सो नजानीकनै उनी
निस्केर गए। ९ विश्वासैबाट आफ्नो होइन,
तर अर्काको देशमा जस्तो गरी त्यही प्रतिज्ञाका
हकदारहरू भएर पालमा बास गरी इसहाक
र याकूबका साथमा प्रतिज्ञाको देशमा तिनी
प्रवासी भए। १० किनकि तिनले त्यही जग
भएको शहरको प्रतीक्षा गर्दथिए, जसको
बनाउने र निर्माण गर्ने परमेश्वरनै हुनुहुन्छ।
११ विश्वासैबाट साराले पनि आफ्नो
उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति
पाइन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले
विश्वासयोग्यका गनेकी थिइन्। १२ यसैकारण

मुर्दातुल्य भइसकेको एउटै मानिसको आकाशका
तारा जतिकै थुप्रै र समुद्रका किनारका
बालुवा जतिकै अनगन्ती सन्तान उत्पन्न भए।
१३ यी सबै प्रतिज्ञाहरू नपाईकन, तर
तिनीहरूलाई टाढ़ैबाट देखेर स्वागत गरी
तिनीहरू पृथ्वीमा परदेशी र परदेशी हुन्
भन्ने स्वीकार गर्दै विश्वासैमा तिनी मरे।
१४ किनभने यस्ता कुरा भन्ने जो जो हुन्
तिनीहरूले आफ्नै देश खोजेका प्रकट
गर्दछन्। १५ औ साँच्चिनै यदि तिनीहरू
जुन देशबाट निस्केर गएका हुन् त्यही देश
सम्झेका भएदेखि ता तिनीहरूलाई फर्कने
अवसर मिल्नेथियो। १६ तर अब तिनीहरू
झन् उत्तम देश, अर्थात् स्वर्गीय देशको इच्छा
गर्छन्। यसैकारण तिनीहरूकै परमेश्वर
हुँ भन्नालाई परमेश्वर तिनीहरूसँग शर्माउनु-
भएन, किनभने उहाँले तिनीहरूका निम्ति
एउटा शहर तयार गरिदिनुभयो।
१७ विश्वासैबाट अब्राहामले परीक्षा
हुँदा इसहाकलाई चढ़ाए। औ जसले
खुशीसाथ प्रतिज्ञाहरू ग्रहण गरेका थिए,
तिनले आफ्नो भएको एउटै मात्र छोरालाई
चढ़ाउनलागेका थिए। १८ यिनैमा यसो
भनिएको थियो, 'इसहामानै तेरो वंश
कहलिनेछ।' १९ मरेकोबाट पनि परमेश्वरले
बिताउँनसक्नुहुन्छ भन्ने विचार गरेर
यसैले दृष्टान्तको रूपमा तिनलाई फिर्ता पाए।
२० विश्वासैबाट इसहाकले पछि हुने
कुराहरूको विषयमा पनि याकूब र एसावलाई
आशीर्वाद दिए।
२१ विश्वासैबाट मर्ने बेलामा याकूबले
आफ्नो लट्ठीको टुप्पामा अड़ेस लागेर
परमेश्वरको आराधना गरे, र यूसुफका प्रत्येक
छोरालाई आशीर्वाद दिए।
२२ विश्वासैबाट यूसुफले आफ्नो अन्त नजीक
आइपुगेपछि इस्राएलको सन्तानको प्रस्थानको
विषयमा उल्लेख गरेका थिए, र आफ्ना
अस्थिको विषयमा आज्ञा दिएका थिए।
२३ विश्वासैबाट मोशा जन्मँदा तिनका
आमा-बाबुले तिनलाई सुन्दर देखेका हुनाले,
तीन महीनासम्म तिनलाई लुकाइराखे, र
राजाको हुकूमको तिनीहरूले डरै मानेनन्।
२४ विश्वासैबाट मोशा जवान भएपछि
फिरऊनकी छोरीको छोरा कहलिनालाई इन्कार
गरे। २५ केही समयसम्म पापको सुख
भोगनभन्दा बरू परमेश्वरका मानिसहरूका
साथमा थिचोमिचोमा पर्न रोजे, २६ मिश्र
देशको खजानाभन्दा ख्रीष्टको निम्ति निन्दित
हुन ठूलो सम्पत्ति सम्झे, किनभने तिनले
आफ्नो दृष्टि प्रतिफलतिर लाएका थिए।
२७ विश्वासैबाट राजाको क्रोधसँग नडराएर
तिनले मिश्र देश छोड़े। किनकि अदृश्यलाई
देखेझैं गरी तिनी स्थिर रहे। २८ विश्वासै-
बाट जेठालाई नाश गर्नेले तिनीहरूलाई छुन
नपाऊन् भनेर तिनले निस्तार-चाड़ र रगत
छर्कने विधि माने।
२९ विश्वासैबाट तिनीहरूले ओबानै
भूमिझैं गरी लाल समुद्र हिंड़ेर पार गरे,
जुन कुरो मिश्रीहरूले प्रयत्न गर्दा डुबेर
मरे।
३० विश्वासैबाट सात दिनसम्म प्रदक्षिणा
गरेपछि यरीहोका पर्खालहरू ढले।
३१ विश्वासैबाट जासूसहरूलाई मैत्रिक-
सत्कार गरेकी हुनाले विश्वास नगर्नेहरूका
साथमा राहाब वेश्या मरीन।
३२ अरू बढ़ी म के भनू ? किनकि
गिदोन, बाराक, शिमसन, यिप्तहका बारेमा,
औ दाऊद, शमूएल र अगमवक्ताहरूका
बारेमा भन्न मलाई समयको अभाव हुन्छ।
३३ जसले विश्वासद्वारा राज्यहरू कब्जा
गरे, धर्मका काम गरे, प्रतिज्ञाहरू पाए,
सिंहका मुखहरू थुनिदिए, ३४ आगोका
ज्वाला निभाए, तरवारका धारबाट उम्के,
कमजोरीबाट बलिया बनिए, लड़ाइँमा वीर
भए, विदेशीहरूका फौजलाई भगाए।
३५ स्त्रीहरूले आफ्ना मरेकाहरूलाई
पुनरुत्थानद्वारा जीवित पाए, र अरूहरूले
बढ़ता उत्तम पुनरुत्थान प्राप्त गर्नालाई

छुटकाराको इच्छा नगरेर शास्ती खाएर मरे ।
३६ औ अरूहरूले गिल्ला, कोर्राबाजी, औ,
अझ बढ़ी बन्धन र कैदको परीक्षा
भोग्नुपर्‍यो । ३७ तिनीहरू ढुङ्गाले हानिए,
करौंतीले चिरिए, तिनीहरू परीक्षामा परे,
तिनीहरू तरवारले मारिए, भेड़ा र बाख्राका
छालाहरू लगाए, गरिबी भई क्लेश र
दुःख पाएर तिनीहरू यताउता डुल्नुपर्‍यो,
३८ (संसार तिनीहरूका निम्ति योग्यको
थिएन), मरूभूमि, पहाड़हरू, गुफाहरू र
पृथ्वीका ओढ़ारहरू हुँदो घुमिहिँड़नुपर्‍यो ।
३९ औ यिनीहरू सबैले, तिनीहरूका
विश्वासैद्वारा आफ्ना गवाही पाएका थिए,
तापनि प्रतिज्ञाको कुराचाहिँ पाएनन् ।
४० हामीविना तिनीहरू सिद्ध नहोऊन्
भनेर परमेश्वरले हाम्रा विषयमा केही असल
कुराको बन्दोबस्त मिलाउनुभएको थियो ।

१२ यसैकारण हामी पनि, यतिका
गवाहीका मेघले घेरिएका हुनाले,
हर किसिमको टण्टा र हामीलाई सजिलैसित
अलमल्याउने पापलाई पन्छाएर हाम्रा सामनेमा
राखिदिएको दौड़ धीरजसँग दौड़ौं । २ औ
विश्वासका कर्त्ता र सिद्ध तुल्याउनुहुने
येशूलाई हेरौं । जसले उहाँको सामने
राखिदिएको आनन्दको निम्ति शर्मलाई घिन
गरेर क्रूसको शासना भोग्नुभयो, र परमेश्वरको
सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ ।
३ किनभने पापीहरूबाट उहाँको विरुद्धमा
भएको यतिका विवादहरू सहनुहुनेलाई
विचार गर, औ मन शिथिल भई तिमीहरू
थाकेर नजाओ ।
४ तिमीहरूले अझसम्म पापको विरुद्धमा
लड़ेर रगतपच्छे हुनेगरी विरोध गरेका
छैनौ । ५ तिमीहरूले त्यस अर्तीलाई बिर्सेका
छौ, जसले छोरालाई झैं तिमीहरूसँग कुरा
गर्दछ,
'हे मेरो पुत्र, प्रभुको अनुशासनलाई
हलका नसम्झ, नता उहाँबाटको हप्कीमा
हरेस खाऊ, ६ किनभने जसलाई परमेश्वर
प्रेम गर्नुहुन्छ, त्यसैलाई अनुशासन गर्नुहुन्छ,
र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई
कोर्रा लाउनुहुन्छ ।'
७ अनुशासनको निम्तिनै तिमीहरू
सहन्छौ । परमेश्वरले तिमीहरूसँग छोरा-छोरी-
हरूलाईझैं व्यवहार गर्नहुन्छ । किनभने बाबुले
अनुशासन नगरेको कुनचाहिं छोरा हुन्छ र ?
८ तर यदि सबै जना सह-भागी भएका त्यो
अनुशासन पाएका छैनौ भनेता तिमीहरू
पुत्र होइनौ, तर व्यभिचारबाट जन्मेका छोरा
हौ । ९ फेरि, हामीलाई अनुशासन गर्ने
हाम्रा शारीरिक बाबु थिए, र हामीले
तिनको आदर गर्‍यौं । के हामीले झन्
बढ़ी आत्मिक पिताको अधीनमा बसेर
बाँच्नु पर्दैन ? १० किनकि तिनीहरूले
ता साँच्चिनै आफैले असल ठानेबमोजिम
केही दिन हामीलाई अनुशासन गरे । तर
उहाँले हामी उहाँको पवित्रताको
सह-भागी हौं भनेर हाम्रो फायदाको निम्ति
अनुशासन गर्नुहुन्छ । ११ सबै अनुशासन
हालको निम्ति मजाको हुँदैन, तर दुःखको
हुन्छ, तापनि सहेर परिपक्व भएकाहरूलाई
पछिबाट शान्तिको फल, अर्थात् धार्मिकताको
फल दिइन्छ ।
१२ यसकारण कमजोर हातहरू र
दुर्बल घुँड़ाहरू माथि उठाओ । १३ औ
लङ्गड़ाको गेड़ी नफुस्कोस्, तर निको होस्
भनेर तिम्रा खुट्टाहरूको निम्ति सीधा मार्ग
बनाओ ।
१४ सबै जनासँग मेल-मिलाप गर, र
पवित्रताको पछि लाग, जसबाहेक कुनै
मानिसले प्रभुलाई देख्नेछैन । १५ कुनै मानिस
परमेश्वरको अनुग्रहबाट घटी हुन नपाओस्
भनेर होशियारीसाथ हेर । नत्रता कुनै
उछिट्टिएर आएको तीतो जराले तिमीहरूलाई
दुःख देला, र धेरै जनालाई बिटुलो
पार्ला । १६ नत्रता एक टुका खानेकुराले
आफ्नो जन्मेको हक बेच्ने एसावजस्तै कोही

व्यभिचारी र अशुद्ध मानिस हुनेछ।
१७ किनभने तिमीहरूलाई थाहै छ, कि
पछिबाट आशीर्वाद पाउन खोज्दा पनि
(किनकि तिनले पश्चातापको पनि अवसरै
पाएनन्) रोएर परिश्रमसाथ खोजेका थिए,
तापनि तिनी अस्वीकृत भए।
१८ किनकि छुनुहुने, आगो बलिरहेको,
कालो बादल, अन्धकार, प्रचण्ड आँधी,
१९ तुरहीको आवाज र गर्जनहरूको आवाज-
मा तिमीहरू नजीक आएका छैनौ। जुन
आवाज तिनीहरूले सुन्दा अब फेरि तिनीहरू-
लाई थरू बढ़ता एक वचन नबोलिओस् भनी
तिनीहरूले बिन्ती गरेका थिए, २० 'यदि
कुनै जानवरले पनि त्यो डाँड़ा छोए ढुङ्गाले
हानेर मारिओस्' भन्ने आज्ञा तिनीहरूले
सहनसकेनन्, २१ र त्यहाँको दृश्य यस्तो
भयानक थियो, कि मोशाले पनि 'म ज्यादै
डरले काम्दछु' भनेका थिए।
२२ तर तिमीहरू ता सियोन डाँड़ामा,
स्वर्गीय यरूशलेम, अर्थात् जीवित परमेश्वरको
शहरमा, अनगिन्ती स्वर्गदूतहरूका सेनामा,
२३ स्वर्गमा नाउँ दर्ता भएका पहिला गनिएका-
हरूको सर्वसाधारण समाज र मण्डलीकहाँ,
सबका न्यायकर्त्ता परमेश्वरकहाँ, सिद्ध भएका
धार्मिक मानिसहरूका आत्मामा, २४ नयाँ
करारका मध्यस्थ येशूकहाँ र हाबिलको भन्दा
राम्ररी बोल्ने रगतको छिटकामा आएका
छौ।
२५ होशियार बस, बोल्नुहुनेलाई
तिमीहरूले अस्वीकार नगर। किनकि यदि
यस पृथ्वीमा चेताउनी दिनेलाई इन्कार
गर्नेहरू उम्केनन् भने स्वर्गबाट चेताउनी
दिनुहुनेबाट मुख फर्काउने, हामी कसरी
उम्कनसक्छौं ? २६ जसको सोरले पृथ्वी
काम्यो तर अब ता उहाँले
यसो भनेर प्रतिज्ञा गर्नुभएको छ, 'अझै
एकचोटि साहोगरी पृथ्वी मात्र होइन, तर
स्वर्गलाई समेत म हल्लाउनेछु।' २७ 'अझै
एकचोटि साहोगरी भन्ने यो वचनले, हल्लाएका
कुराहरूचाहिँ सृष्टि भएका कुराहरूलाई
झैं हटाउने र नहल्लाएका कुराहरूचाहिँ
रहनदिने, प्रकट गर्छ।
२८ यसकारण हल्लिन नसक्ने राज्य
पाएर हामीलाई अनुग्रह होस्, जसबाट
परमेश्वरलाई मनपर्ने सेवा भक्ति र डरले
चढ़ाउनसकौं। २९ किनभने हाम्रा परमेश्वर
भस्म गर्ने अग्नि हुनुहुन्छ।

१३ भ्रातृ-प्रेम बनिरहोस्। २ परदेशी-
हरूको अतिथि-सत्कार गर्न नबिर्स,
किनभने यसैमा कसै कसैले थाहै नपाएर
स्वर्गदूतहरूको सत्कार गरेका छन्।
३ बन्धनमा हुनेहरूलाई तिनीहरूकै साथमा
बन्धनमा भएझैं र बेइज्जतीमा पर्नेहरूलाई,
तिमीहरू आफै पनि शरीरमा छौ भन्ने
गरी सम्झ।
४ सबै विवाह चाहिँ आदरणीय होस्,
ओछ्यान नबिटुलिओस्, किनकि व्यभिचारी-
हरू र जारी गर्नेहरूलाई परमेश्वरले इन्साफ
गर्नुहुनेछ।
५ रूपियाँ-पैसाको लोभबाट अलग बस।
तिमीहरूसँग भएका कुरामा सन्तुष्ट रहो।
किनकि उहाँ आफैले भन्नुभएको छ, 'म
तिमीलाई कुनै रीतिले छोड्नेछैनँ, म
तिमीलाई त्यागनेछैनँ।' ६ यसकारण निर्भय-
सँग हामी भन्दछौं, 'प्रभु मेरा सहायक
हुनुहुन्छ, म डराउनेछैनँ। मानिसले मलाई
के गर्नसक्छ ?'
७ तिमीहरूलाई परमेश्वरको वचन
सुनाउने र तिमीहरूका अगुवाहरूलाई सम्झ
र तिमीहरूका जीवनको नतीजालाई विचार
गरेर तिनीहरूको विश्वासको देखा-सिकी गर।
८ येशू ख्रीष्ट हिज, आज, अँ, सधैंभरि
एकसमान हुनुहुन्छ। ९ नाना किसिमका र
अनौठा शिक्षाहरूबाट भ्रममा नपर, किनभने
अनुग्रहबाट हृदय स्थिर गराउनु असल छ,
खानेकुराबाट होइन, किनकि त्यसमा लागु
हुनेहरूलाई फायदा भएको छैन।

१० हाम्रो एउटा वेदी छ, जसबाट
खानालाई मण्डपको सेवा गर्नेहरूलाई अधिकार
छैन। ११ किनकि प्रधान पूजाहारीले
पापबलिको रगत पवित्रस्थानमा ल्याएका
जानवरहरूका शरीर छाउनीबाहिर लगेर
जलाइन्छन्। १२ यसैकारण येशूले पनि
उहाँको आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र
गराउनालाई ढोकाबाहिर शासना भोग्नुभयो।
१३ यसकारण हामी पनि उहाँको निम्ति
निन्दा सहेर छाउनीबाहिरै उहाँकहाँ जाऔं।
१४ किनकि हाम्रो यहाँ रहिरहने शहर छैन,
तर अब आउनेचाहिं हामी खोजदछौं।
१५ तब उहाँद्वारानै हामी निरन्तर स्तुतिको
बलिदान परमेश्वरलाई चढ़ाऔं, जो उहाँको
नाउँ स्वीकार गर्ने हाम्रो ओठको फल हो।
१६ तर भलाइ गर्न र सहयोगी हुन नबिर्स,
किनकि यस्तै बलिदानहरूमा परमेश्वर प्रसन्न
हुनुहुन्छ।

१७ तिमीहरूमाथि शासन गर्नेहरूका
आज्ञाकारी होओ, र तिनीहरूका अधीनमा
बस। किनकि लेखा दिनुपर्ने जस्तैगरी,
तिमीहरूका प्राणको तिनीहरूले हेरचाह
गर्छन्, यो तिनीहरूले आनन्दसाथ
गरून्। दुःख मानेर होइन, किनकि
त्यसबाट तिमीहरूलाई लाभदायक हुँदैन।

१८ हाम्रा निम्ति प्रार्थना गर, किनकि
सबै कुरामा इमान्दारीसाथ रहने इच्छा गरेर
हाम्रो असल विवेक छ भनी हामी विश्वास
गर्दछौं। १९ औ यो गर्नालाई ज्यादै
निवेदन गर्दछु, कि मैले तिमीहरूलाई चाँड़ै
भेट गर्न पाऊँ भन्ने हाम्रा निम्ति प्रार्थना गर।

२० अब शान्तिका परमेश्वर, जसले
भेड़ाका महान् गोठाला, अर्थात् हाम्रा
प्रभु येशूलाई, अनन्त करारको रगतले
मरेकाहरूबाट उठाउनुभयो, २१ उहाँका
दृष्टिमा मनपर्ने काम हामीले गरेर असल
कुरामा उहाँका इच्छाबमोजिम गर्नालाई येशू
ख्रीष्टद्वारा तिमीहरूलाई सिद्ध पारून्।
उहाँलाई सदा सर्वदा महिमा भइरहोस्।
आमिन।

२२ तर ए भाइ हो, म तिमीहरूलाई
निवेदन गर्दछु, कि अर्तीका कुरालाई मान।
किनकि मैले तिमीहरूलाई थोरै कुरा
लेखेको छु। २३ तिमीहरू यो जान, कि
हाम्रो भाइ तिमोथी छुटेका छन्। यदि उनी
चाँड़ै आउँछन् भने म उनको साथमा
तिमीहरूलाई देख्नेछु।

२४ तिमीहरूका सबै शासन गर्ने र सबै
पवित्र जनहरूलाई सलाम देओ। इटालीका-
हरूले तिमीहरूलाई सलाम भन्दछन्।

२५ तिमीहरू सबैलाई अनुग्रह होस्।
आमिन।

याकूबको पत्र

१ परमेश्वर र प्रभु येशू ख्रीष्टका सेवक
याकूबबाट—तितर-बितर भइरहेका बाह्रै
कुललाई—सलाम।
२ हे मेरा भाइ हो, तिमीहरू अनेक
किसिमका परीक्षाहरूमा पर्दा पूरा आनन्द
सम्झ। ३ यो जानेर कि, तिमीहरूको
विश्वासको जाँचले धीरज उत्पन्न गराउँछ।
४ तर धीरजलाई त्यसको पूरा काम गर्न
देओ। औ तिमीहरूमा कुनै कुराको अभाव
नभएर सिद्ध र पूर्ण होओ।
५ तर यदि तिमीहरूमध्ये कसैलाई
बुद्धिको घटी छ भने, उदारचित्तसँग नझर्कीकन
दिनुहुने परमेश्वरसित त्यसले मागोस्,
र त्यसलाई सो दिइनेछ। ६ तर त्यसले
केही पनि सन्देह नगरी विश्वाससाथ मागोस्।
सन्देह गर्नेचाहिं बतासले हुत्तिएर उचाल्दै
पछार्दै गरेका समुद्रका लहरीसमान हुनेछ।
७ किनकि त्यस मानिसले यस्तो नसम्झोस्,
कि उसले प्रभुबाट केही पाउनेछ।
८ दोहोरो मन भएको मानिस उसको सबै
चाल-चलनमा चञ्चल हुन्छ।
९ नीचो दर्जाका भाइले आफूले उच्च
पद पाएकोमा गर्व गरोस्, १० औ
धनी चाहिं आफू नीचो भएकोमा, किनभने
घाँसको फूल जस्तो त्यो बिती जानेछ।
११ किनभने गर्म हावासाथ सूर्य उदय हुन्छ,
र घाँसलाई सुकाइदिन्छ, औ फूल झर्छ, र
त्यसको शोभा नष्ट हुन्छ। त्यस्तै गरी धनी
मानिस पनि आफ्नै मार्गमा ओइलाएर जान्छ।
१२ धन्य त्यो मानिस जो परीक्षामा
स्थिर रहन्छ। किनभने त्यसको जाँच भइ-
सकेपछि प्रभुबाट, उहाँलाई प्रेम गर्नेहरूलाई
दिनेछु भन्ने प्रतिज्ञा गर्नुभएको, जीवनको
मुकुट त्यसले पाउनेछ। १३ परीक्षामा पर्दा
कुनै मानिसले पनि यसो नभनोस्,
'परमेश्वरबाट मेरो परीक्षा भएको छ,' किनभने
कुनै खराब कुराबाट परमेश्वरको परीक्षा
हुनसक्तैन, औ उहाँ आफैले कुनै मानिसको
परीक्षा गर्नुहुन्न। १४ तर हरेक मानिस
आफ्नै तृष्णाबाट खिँचिई लोभिएर परीक्षामा
पर्दछ। १५ तब तृष्णा गर्भवती भएर पापलाई
जन्माउँछ, र पाप पूरा बढेपछि मृत्यु उत्पन्न
गराउँछ। १६ मेरो प्यारा भाइ हो, धोकामा
नपर। १७ हरेक असल दान र हरेक
उत्तम वरदान माथिबाटकै हो, र ज्योतिका
पिताबाट आउँछ, जसमा कहिल्यै अदल-बदल,
हुने र फेरिने छाया छैन। १८ उहाँको सृष्टि-
मध्येमा अगौटे फलको किसिम हामी होऔं
भनेर सत्य वचनद्वारा उहाँको आफ्नै इच्छा-
बाट उहाँले हामीलाई सृष्टि गर्नुभयो।
१९ मेरा प्यारा भाइ हो, तिमीहरूलाई
यो थाह छ। तर हरेक मानिस सुन्नालाई
छिट्टो, बोल्नालाई ढीलो र रिसाउनालाई धीमा
होस्, २० किनभने मानिसको क्रोधले
परमेश्वरको धार्मिकतालाई समर्थन गर्दैन।
२१ यसैकारण सबै फोहोर र बैर-भावलाई
हटाऊ, र तिमीहरूको प्राणलाई उद्धार
गर्नसक्ने रोपी राखेको वचनलाई नम्रतापूर्वक
धारण गर।
२२ तर वचन पालन गर्ने होओ।
आफैलाई धोका दिएर सुन्ने मात्र होइन्।
२३ किनभने यदि कसैले वचन सुनेर
त्यसबमोजिम गरेन भनेता त्यो आफ्नो
स्वाभाविक मुख ऐनामा हेर्ने मानिस जस्तो

मात्र हुनेछ। २४ किनकि त्यसले आफूले
आफूलाई देख्तछ र आफ्नो बाटो लाग्छ,
तर कस्तो किसिमको मानिस थिएँ भनी तुरुन्तै
बिर्सिहाल्छ। २५ तर जसले स्वतंत्रताको सिद्ध
व्यवस्थामा ध्यान दिएर हेर्दछ, र सुनेर
नबिर्सने भई काम गर्नेसमेत भएर त्यसैमा
लागिरहन्छ, त्यही मानिसले उसको काममा
स्याबासी पाउनेछ।
२६ यदि कोही मानिसले आफूलाई भक्त
सम्झेर आफ्नो जिब्रोमा लगाम लाउँदैन,
तर आफ्नो हृदयलाई धोका दिन्छ भनेता
त्यस मानिसको धर्म व्यर्थको हो।
२७ अनाथ र विधवाहरूलाई तिनीहरूका
कष्टमा हेरचाह गर। आफूलाई दुनियाँबाट
निष्कलङ्क राख्नुनै पवित्र र हाम्रा परमेश्वर
र पिताको सामने शुद्ध धर्म हो।

२ हे मेरा भाइ हो, महिमाका प्रभु,
अर्थात् हाम्रा प्रभु येशू ख्रीष्टको
विश्वास मुख हेरेर नगर। २ किनभने
यदि कोही मानिस सुनको औंठी र राम्रा लुगा
लगाएर तिमीहरूको सभाघरमा आयो र कुनै
एउटा गरीब पनि झुत्रो लुगा लाएर आयो
भने, ३ औ तिमीहरूले सो राम्रो लुगा
लाउनेलाई आदर गरेर, 'यहाँ राम्रो ठाउँमा
बस' भन्छौ, र त्यस गरीबलाई चाहिँ 'तँ
त्यहीं उभिबस्, अथवा मेरो पाउदानमनि बस्'
भन्छौ भने, ४ के तिमीहरू आफ्नै
बीचमा पक्षपाती र कुविचारले न्याय गर्ने
ठहरिएनौ ?
५ हे मेरा प्यारा भाइ हो,
सुन, के परमेश्वरले यस पृथ्वीका कङ्गाली-
हरूलाई विश्वासको खानी, र उहाँलाई प्रेम
गर्नेहरूको निम्ति उहाँले प्रतिज्ञा गर्नुभएका
राज्यको हकदार बनाउनालाई चुन्नुभएको
होइन ? ६ तर तिमीहरूले गरीब मानिसको
अपमान गरेका छौ। के धनीहरूले तिमी-
हरूलाई अत्याचार गर्दैनन् ? के तिनीहरू
आफैले तिमीहरूलाई न्यायालयमा लैजाँदैनन् ?
७ त्यस माननीय नाउँ, जसबाट तिमीहरूलाई
बोलावट भएको छ, के त्यसलाई तिनीहरूले
निन्दा गर्दैनन् र ?
८ तापनि 'आफ्नो छिमेकीलाई आफू-
लाईझैं प्रेम गर्' भन्ने पवित्र धर्मशास्त्रको
शाही व्यवस्थालाई पूरा गर्दछौ भनेता
असले गर्दछौ। ९ तर तिमीहरू मानिसको
मुख हेरेर काम गर्नपट्टि लाग्यौ भनेता
व्यवस्थाबाट पनि अपराधी ठहरिएर तिमीहरू
पाप गर्ने भयौ। १० किनभने जोसुकैले
पनि व्यवस्थाको सबै बचन पालन गरेर एक
कुरामा मात्र पनि चुक्यो भने, त्यो सब
कुरामा दोषी ठहर्छ। ११ किनकि जसले
'व्यभिचार नगर्' भन्नुभएको छ। उहाँले
'हत्या नगर्' पनि भन्नुभएको छ, त्यसर्थ यदि
तिमीले व्यभिचार गर्दैनौ, तर हत्या गर्दछौ
भनेता तिमी व्यवस्थाको अपराधी भएका छौ।
१२ यसकारण स्वतंत्रताको व्यवस्थाअनुसार
इन्साफ पाउनेहरू जस्तैगरी तिमीहरू पनि
जे बोल्दछौ सोही बमोजिम गर।
१३ किनभने दया नदेखाउनेको इन्साफ
निर्दयसाथ हुनेछ। दयाले इन्साफमाथि दिग्विजय
गर्दछ।
१४ हे मेरा भाइ हो, यदि कोही
मानिसले म विश्वास गर्दछु भनी टोपल्छ,
तर काम चाहिँ गर्दैन भने यसबाट त्यसलाई
के लाभ छ ? के त्यस विश्वासले त्यसको
उद्धार हुनसक्छ र ? १५ यदि कोही भाइ
या बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको
खानालाई अपुग छ १६ र तिमी-
हरूमध्ये कसैले तिनीहरूलाई 'शान्तिसँग
जाओ, तातो भएर पेटभरि खाओ'
भनेर मात्र भन्दछ, तर त्यसको शरीरलाई
चाहिने कुराहरू चाहिँ तिमीहरू दिँदैनौ भने
यसबाट के लाभ छ ? १७ यसैगरी विश्वास
पनि कामरहितको छ भनेता स्वयं मरेको
तुल्य हुन्छ।
१८ हो, कसैले भन्नेछ, 'तँसँग विश्वास
छ, र मसँग काम छ,' तैंले गरेका कामहरू

बाहेकको तेरो विश्वास मलाई देखा, र म मेरो विश्वास मेरा कामहरूद्वारा तँलाई देखाउँला। १९ परमेश्वर एउटै हुनुहुन्छ भन्ने तँलाई विश्वास छ, त्यो बढिया हो, भूतात्माहरूले पनि विश्वास गर्दछ र थरथर काम्छ। २० तर हे बेकम्मा मानिस, काम विनाको विश्वास व्यर्थ छ भन्ने के तँ जान्न चाहन्छस्? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदी-माथि अर्पण गरेका थिए, के उनी कामैले ठीक ठहरिएका होइनन् र? २२ विश्वासले उनका कामको साथसाथ काम गरेको, र कामैबाट विश्वास सिद्ध भएको तँ देख्तछस्। २३ अनि धर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, 'अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो, र उनी परमेश्वरका मित्र कहलिए।' २४ तिमीहरू देख्तछौ, कि कामबाट मानिस धर्मी ठहरिँदो रहेछ, र विश्वासबाट मात्र होइन।

२५ यस्तैगरी राहाब वेश्याले पनि, जब त्यसले दूतहरूलाई सत्कार गरेर तिनीहरूलाई अर्कै बाटो पठाई, तब सो कामैबाट त्यो ठीक ठहरेकी होइन र?

२६ किनभने जसरी शरीर आत्माविना मरेको हुन्छ, त्यस्तैगरी विश्वास पनि कामविना मरेको हुन्छ।

३ हे मेरा भाइ हो, हामीले ज्यादै दोष पाउनेछौं भनी जानेर धेरै जना शिक्षक नबन। २ किनभने धेरै कुरामा हामी चुक्छौं। जो मानिस वचनमा चुक्तैन, त्यो आफ्नो सारा शरीरमा पनि लगाम कस्नसक्ने सिद्ध मानिस हुन्छ।

३ यदि हामीले घोड़ाहरूका मुखमा डोकड़िहरू लगायौं भने तिनीहरूले हामीलाई मानून् भन्नाको खातिर तिनीहरूका सारा शरीर पनि हामी काबू पार्न सक्छौं।

४ हेर ता, जहाजहरू, जो तेज हावा-बाट चल्दछ, ती ठूला ठूला भए तापनि एउटा कर्णद्वारा कर्णधारले आफ्नो मन लागेको दिशातिर फर्काउँछ।

५ त्यस्तै जिब्रो पनि एउटा सानो इन्द्रिय भएर ठूला ठूला कुराको अभिमान गर्दछ। हेर, एक सानो आगोको फिल्काले कसरी बड़े बड़े वन पनि स्वाहा पार्दछ! औ जिब्रो पनि एउटा आगोनै हो। ६ जिब्रो हाम्रा इन्द्रियहरूमध्ये अधर्मको एक दुनियै हो, जसले सारा शरीरभरि कलङ्क लगाउँछ, र प्रकृतिको चक्रमा आगो लगाइदिन्छ, औ नरकको आगोमा जलेर रहन्छ। ७ किनभने हरेक किसिमका जन्तु र पक्षीहरू, घस्रने जन्तुहरू र समुद्रका जीव-जन्तुहरू मानिस जातिबाटनै तह लगाइएको छ, र तह पनि लगाइन्छ।

८ तर जिब्रोलाई भने कुनै मानिसले पनि तह लाउनसक्तैन। यो भयङ्कर विषले भरिएको चंचल बदमास हो। ९ यसबाट हामीले प्रभु र पिताको प्रशंसा गर्दछौं, र यसैबाट हामी परमेश्वरको सकलमा बनेका मानिसहरूलाई सराप पनि छौं। १० एउटै मुखबाट आशीर्वाद र सराप निस्कन्छन्। हे मेरा भाइ हो, यस्तो कुरा हुन नपाओस्। ११ के फोहराको एउटै मुहानबाट मीठो र तीतो पानी बग्छ र? १२ हे मेरा भाइ हो, के नेभाराको बोटमा भद्राक्ष, वा दाखको बोटमा नेभारा फल्नसक्छ र? नूनिलो पानीबाट पनि मीठो पानी निस्कनसक्तैन।

१३ तिमीहरूमा ज्ञानी र समझदार जो छ त्यसैले ज्ञानको नम्रतासित आफ्नो काम बढिया चाल-चलनबाट देखाओस्। १४ तर यदि तिमीहरूका हृदयमा कठोर इर्षा र विरोध छ भने घमण्ड नगर, र सत्यको विरुद्धमा झूट नबोल। १५ यो ज्ञान माथिबाट आउने ज्ञान होइन, तर यो ता सांसारिक, स्वाभाविक र शैतानी ज्ञान हो। १६ किनभने जहाँ इर्षा र विरोध हुन्छ, त्यहाँ डाह र हरेक किसिमको भ्रष्ट काम

हुन्छ। १७ तर जुन ज्ञान माथिबाट आउँछ,
पहिले ता त्यो पवित्र, त्यसपछि मिलापी,
कोमल, मृदुभाव, दया र बढ़िया फलले
भरिएको, औ पक्षपातरहित र कपटरहित
हुन्छ, १८ औ मेल-मिलाप खोज्नेहरूका
निम्ति धर्मको फल मिलापमैं रोपिन्छ।

४ तिमीहरूमा लड़ाइँ कहाँबाट आउँछ?
औ झगड़ा कहाँबाट आउँछ? तिमी-
हरूको अङ्गमा संग्राम गर्ने तिमीहरूका
सुख-विलासबाटै होइन र? २ तिमीहरू
इच्छा गर्दछौ र तिमीहरूले पाउँदैनौ।
तिमीहरू हत्या गर्दछौ, र लोभ गर्दछौ, र
पाउनसक्तैनौ। तिमीहरू झगड़ा र लड़ाइँ
गर्दछौ, तर तिमीहरूलाई केही मिल्दैन,
किनकि तिमीहरू माग्दैनौ। ३ तिमीहरू
माग्दछौ, तर पाउँदैनौ, किनभने आफ्नो
सुख-विलासमा खर्च गर्नालाई बेठीकसँग
माग्दछौ। ४ हे व्यभिचारी हो, संसार-
सँगको मित्रता परमेश्वरसँगको दुस्मनी हो
भन्ने कुरा के तिमीहरूलाई थाह छैन?
यसकारण जो संसारसँग मित्र हुन चाहन्छ
त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ।
५ के तिमीहरू यो सम्झन्छौ, कि धर्म-
शास्त्रले व्यर्थमा भन्दछ, 'जुन आत्मा उहाँले
हामीमा राख्नुभयो, त्यसले डाह गर्ने इच्छा
गर्दछ?' ६ तर उहाँले अरू बढ़ी अनुग्रह
दिनुहुन्छ। यसैकारण धर्मशास्त्रले यसो
भन्दछ, 'परमेश्वरले अभिमानीहरूको विरोध
गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ।'
७ यसकारण परमेश्वरको अधीनमा बस,
शैतानको विरोध गर, अनि त्यो तिमीहरूबाट
भाग्नेछ। ८ परमेश्वरको नजीक आओ, र
उहाँ तिमीहरूका नजीक आउनुहुनेछ। हे
पापी हो, तिमीहरूको हात शुद्ध पार, र हे
दोमनका हो, तिमीहरूको हृदय पवित्र
पार। ९ दुःखी होओ, अफसोस गर र
रोओ। तिमीहरूको हाँसो शोकमा र
तिमीहरूको आनन्द सुर्त्तामा परिवर्त्तन होस्।
१० प्रभुको सामने आफूलाई विनम्र तुल्याओ,
उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ।
११ हे भाइ हो, एउटाले अर्काको
बदनामी नगर। जसले आफ्नो भाइको
विरुद्धमा बोल्दछ, अथवा आफ्नो भाइलाई
दोष लगाउँछ, त्यसले व्यवस्थाको विरुद्धमा
बोल्दछ, र व्यवस्थालाई दोष लगाउँछ। तर
यदि तिमीले व्यवस्थालाई दोष लगाउँछौ
भनेता तिमी व्यवस्थाबमोजिम चल्नेभएनौ,
तर व्यवस्थाको इन्साफ गर्ने पो भयौ।
१२ व्यवस्था दिने र इन्साफ गर्ने ता एउटै
हुनुहुन्छ, जसले बचाउन र संहार गर्न
पनि सक्नुहुन्छ। तर आफ्नो छिमेकीलाई दोष
लगाउने तिमी को हौ?
१३ तिमीहरू यसो भन्नेहरू, 'आज
कि भोलि हामी फलानो शहरमा जाऔंला,
र त्यहाँ एक वर्ष बिताऔंला, र किन-बेच
गरेर नाफा गरौंला।' १४ तर यो
जान्दैनौ, कि भोलि के हुने हो। तिम्रो
जिन्दगी के छ? तिमीहरू ता पानीको वाफ
हौ, जो केही बेरको निम्ति देखा पर्दछ, अनि
बिलाइहाल्दछ। १५ यसको सट्टामा ता
तिमीहरूले यसो भन्न पर्ने थियो, 'यदि
परमेश्वरको इच्छा भयो भने, हामी बाचौंला र
यस्तो उस्तो गरौंला।' १६ तर अहिले
तिमीहरू आफ्ना आफ्ना शेखीमा घमण्ड
गर्दछौ। त्यस्तो सबै घमण्ड खराब हो।
१७ यसकारण जसले भलाइ गर्न जानीकन
पनि गर्दैन, त्यसलाई पाप लाग्छ।

५ हे धनाढ्य हो, तिमीहरूमाथि परी
आउने कष्टहरूको निम्ति विचलित
भई रोओ। २ तिमीहरूको धन सड़ेको
छ, र तिमीहरूका पोशाकहरू कीरा
लागेका छन्। ३ तिमीहरूका सुन चाँदीमा
काई लागेका छन्, र सोही काई तिमीहरूको
विरुद्ध साक्षी हुनेछ, र आगोले जस्तोगरी
तिमीहरूको मासु खानेछ। तिमीहरूले आखिरी
समयको निम्ति धन साँचेका छौ। ४ हेर,

जुन ज्यामीहरूले तिमीहरूको खेतको
बाली काटेका छन्, तिमीहरूले धोकाबाजी
गरेर नदिएको ज्यालानै कराउँछ, र ती
बाली काटनेहरूका पुकारा सेनाहरूका परम-
प्रभुको कानसम्म पुगेका छन्। ५ तिमीहरू
यस पृथ्वीमा सुख-विलास र आनन्दमा मस्त
भएर बसेका छौ, मार-काटको दिनमा तिमी-
हरूका हृदयलाई पोसेका छौ। ६ तिमीहरूले
धर्मात्मालाई दोषी ठहराएर मारेका छौ,
तिनले तिमीहरूको विरोध गर्दैनन्।
७ यसकारण हे भाइ हो, प्रभुको आगमन
नहोउन्जेल धैर्य धारण गर। हेर, पृथ्वीको
बहुमूल्य फलको आशा राखेर किसानले
अगिल्लो र पछिल्लो वर्षा नहोउन्जेल धैर्य
धारण गरेर पर्खी रहन्छ। ८ तिमीहरूले
पनि धैर्य धारण गर, आफ्नो हृदयलाई स्थिर
गराओ, किनभने प्रभुको आगमन नजीकै छ।
९ हे भाइ हो, दोषी नठहरिनाका निम्ति
तिमीहरू एउटाले अर्काको विरुद्धमा नगनगनाऊ,
हेर, इन्साफ गर्ने ढोकामै हुनुहुन्छ। १० हे
मेरा भाइ हो, प्रभुका नाउँमा बोल्ने ती
अगमवक्ताहरूका शासना र धैर्यको दृष्टान्त
लेओ। ११ हेर, हामी ता धीरज
धर्नेहरूलाई धन्यका भन्छौं। तिमीहरूले
अय्यूबको स्थिरताको विषयमा सुनेका छौ,
र प्रभुको अन्त्य पनि देखेकै छौ, कि
प्रभु कस्तो टिठाइमा भरिपूर र कृपालु
हुनुहुन्छ।
१२ तर सबै कुरा भन्दा पहिले हे मेरा
भाइ हो, स्वर्ग छोएर, वा पृथ्वी छोएर, अथवा
अरू कुराको कसममा शपथ नहाल, तर
तिमीहरू दोषी नठहरिनालाई तिमीहरूका 'हो'
चाहिं 'हो,' र 'होइन' चाहिं 'होइन' होस्।
१३ के तिमीहरूमा कसैले दुःख पाइरहेको
छ? त्यसले प्रार्थना गरोस, के कोही आनन्दित
छ? त्यसले भजन गाओस्। १४ के
तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले
मण्डलीको धर्म-गुरुहरूलाई बोलाओस्, र तिनी-
हरूले प्रभुको नाउँमा त्यसलाई तेल घसेर
त्यसको विषयमा प्रार्थना गरून्। १५ औ
विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ,
र प्रभुले त्यसलाई उठाउनुहुनेछ, र यदि त्यसले
पापै गरेको भए पनि त्यसलाई क्षमा हुनेछ।
१६ यसकारण तिमीहरू एउटाले अर्कोसँग आफ्नो
आफ्नो पाप स्वीकार गर, र तिमीहरू निको
होओ भनी एउटाले अर्कोको निम्ति प्रार्थना
गर। धार्मिक मानिसको निवेदनले धेर ठूलो
काम हुनुसक्तछ। १७ एलिया पनि ता
हामी जस्तै दुःख सुख भोगी मानिस थिए,
र तिनले वर्षा नहोस् भनेर भक्तिसाथ प्रार्थना
गरेथे, र तीन वर्ष छ महीनासम्म पृथ्विमा
पानी परेन। १८ औ तिनले फेरि प्रार्थना
गरे, र आकाशबाट वर्षा भयो, र पृथ्वीले
उब्जनो दियो।

१९ हे मेरो भाइ हो, यदि तिमीहरूमध्ये
कोही सत्यबाट चुक्छ भने, र अरू कसैले
त्यसलाइ फिराएर ल्याउँछ भनेता, २० त्यसले
जानोस्, कि जसले त्यस पापीलाई त्यसको
कुमार्गबाट फिराएर ल्याउँछ, त्यसले एक
आत्मालाई मृत्युबाट बचाउनेछ, र पापको
राशलाई ढाक्नेछ।

पत्रुसको

पहिलो पत्र

१ पत्रुस, येशू ख्रीष्टको प्रेरितबाट,
तितर-बितर भई पोन्टस्, गलातिया
क्यापडोसिया, एशिया र बिथिनियामा परदेशी
भई बसेकाहरूलाई—२ परमेश्वर पिताको पूर्व
ज्ञानअनुसार आत्माको पवित्रतामा आज्ञाकारिता,
र येशू ख्रीष्टको रगतको छिट्काको निम्ति,
तिमीहरूलाई अनुग्रह र शान्ति बढ्दै जाओस्।
३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर
र पिता धन्यको हुनुहुन्छ, जसले आफ्नो
ठूलो कृपा अनुसार मरेकोबाट येशू ख्रीष्टको
पुनरुत्थानद्वारा जीवित आशाको निम्ति हामीलाई
फेरि नयाँ जन्म दिनुभयो, ४ स्वर्गमा
तिमीहरूका निम्ति साँचिराखेको अविनाशी,
विशुद्ध र नष्ट नहुने हकको निम्ति,
५ तिमीहरू, जो परमेश्वरको शक्तिबाट,
विश्वासद्वारा आखिर समयमा प्रकट हुन तयार
भएको मुक्तिको निम्ति सुरक्षित राखिएको छौ।
६ जसमा तिमीहरू अहिले, दरकार
परिगएमा, अलि बेरको निम्ति नाना किसिमका
परीक्षाको तकलीफमा पर्छौ, तापनि तिमीहरू
खूबै रमाउँछौ, ७ कि तिमीहरूको विश्वासको
प्रमाण, नष्ट हुने सुनभन्दा ज्यादै किम्मितीको
हुनाले, यो आगोबाट जाँचिने भए तापनि,
येशू ख्रीष्टको प्रकाशमा प्रशंसा, महिमा र
आदरमा पाइओस्, ८ जसलाई तिमीहरूले
नदेखे तापनि तिमीहरू प्रेम गर्छौ, जसलाई
तिमीहरू अहिले देख्तैनौ, तापनि विश्वास
गरेर अवर्णनीय आनन्द र महिमाको
भरपूरीले तिमीहरू उहाँमा अत्यन्त रमाउँछौ,
९ र तिमीहरूका विश्वासको फल, अर्थात्
तिमीहरूको आत्माको मुक्ति पाउँछौ।
१० त्यही मुक्तिको विषयमा जो
तिमीहरूमाथि आउनुपर्ने त्यस अनुग्रहको
अगमवाणी बोल्ने अगमवक्ताहरूले खोजेका
र प्रयत्नसाथ तलास गरेका थिए।
११ यो तलास गरेर कुन समय,
अर्थात् कस्तो किसिमको समयमा, तिनीहरूमा
भएका ख्रीष्टको आत्माले, ख्रीष्टका शासना र
तीपछि आउने महिमाहरूको साक्षी दिँदा
पहिलेनै तिनीहरूलाई देखाउनुभएको थियो।
१२ उनीहरूलाई यो प्रकट भएको थियो,
कि तिनीहरूका निम्ति होइन, तर तिमीहरूका
निम्ति यी कुराहरू तिनीहरूले सेवा गरेका
थिए, जुन कुराको समाचार स्वर्गबाट
पठाइनुभएको पवित्र आत्माबाट तिमीहरूलाई
प्रचार भएको सुसमाचार सुनाउनेहरूद्वारा
अहिले तिमीहरूलाई घोषणा भएको छ,
जो स्वर्गदूतहरूले हेर्न अति इच्छा गर्दछन्।
१३ यसकारण आफ्नो मन बाँधेर सचेत
होओ, र येशू ख्रीष्टको प्रकाशमा तिमीहरूकहाँ
ल्याइने अनुग्रहमा तिमीहरूको आशा ठीकसँग
राख। १४ आज्ञा पालन गर्ने बालकहरूले
झैं तिमीहरूको अजान अवस्थाको समयमा
तिमीहरूका अघिअघिका अभिलाषाअनुसार
नभएर, १५ तर तिमीहरूलाई बोलाउनुहुने
जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि
जीवनका सबै रहनसहनमा पवित्र होओ,
१६ किनभने यो लेखिएको छ, 'तिमीहरू
पवित्र होओ, किनभने म पवित्र छु।'
१७ औ पनपक्षे नगरी मानिसको काम-
अनुसार इन्साफ गर्नेलाई पिता भनी पुकारा
गर्छौ भने, आफ्नो प्रवासीको समय डरसँग

बिताओ, १८ यो जानेर, कि नाश हुने
पदार्थहरू, अर्थात् चाँदी अथवा सुनले
तिमीहरूका पिता-पुर्खादेखि चलिआएको
व्यर्थको रीतिबाट तिमीहरूले छुटकारा पाई
किनिएका होइनौ, १९ तर थुमाको जस्तो
निष्कलङ्क, निर्दोष र अनमोल रगतले, अर्थात्
ख्रीष्टको रगतले किनिएका हौ, २० जो
संसारको उत्पत्तिभन्दा अघाड़िदेखिनै चिनिनु-
भएको थियो, तर तिमीहरूका खातिर समय-
हरूको अन्तमा प्रकट हुनुभयो। २१ तिमीहरू,
जसले उहाँलाई मरेकाहरूबाट बिउँताउनुहुने
र उहाँलाई महिमा दिनुहुने परमेश्वरमा
उहाँद्वारा विश्वास गरेका छौ, कि तिमीहरूको
विश्वास र आशा परमेश्वरमा रहोस्।
२२ यो जानेर कि, भाइप्रति निष्कपट
प्रेमको निम्ति तिमीहरूले सत्यको पालनमा
तिमीहरूका प्राणलाई पवित्र राखेको हुनाले
एउटाले अर्कोलाई हृदयले प्रगाढ़ प्रेम गर।
२३ परमेश्वरको जीवित र नित्य रहने वचन-
द्वारा, विनाशी होइन, तर अविनाशी,
वीर्यबाट, फेरि जन्मिएका छौ। २४ किनकि,
'सबै शरीर घाँसजस्तै हो, र तिनको
सबै महिमा घाँसका फूलजस्ता। घाँस
ओइलाउँछ, र फूल झरिहाल्छ, २५ तर
प्रभुको वचन ता सदा सर्वदा रहिरहन्छ।
औ तिमीहरूलाई प्रचार गरिएको
सुसमाचारको वचन यही हो।

२ यसकारण सबै दुष्टता, सबै छल,
कपट डाह र सबै गालीहरूलाई
त्यागेर, २ नयाँ जन्मेका बालकहरूजस्तै
छलरहितको आत्मिक दूधको तृष्णा गर, र
त्यसबाट तिमीहरू मुक्तिको निम्ति बढ़दै
जाओ। ३ प्रभु कृपालु हुनुहुन्छ भनी
स्वाद पाएका छौ भने,
४ मानिसहरूबाट साँच्चिनै इन्कार
हुनुभएको, तर परमेश्वरबाट चुनिनुभएको
बहुमूल्य जीवित पत्थर, उहाँकहाँ आओ,
५ तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरमा
ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र
पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं
आत्मिक घर बनेका हौ। ६ किनभने
धर्मशास्त्रमा यो छ,
'हेर सियोनमा छानिएको एउटा मुख्य,
बहुमूल्य कुनाको ढुङ्गो म राख्तछु, औ
उनीमाथि विश्वास गर्ने शर्ममा पर्नेछैन।'
७ यसकारण तिमीहरू जसले विश्वास
गर्छ, तिमीहरूका निम्ति ता बहुमूल्य
हुनुहुन्छ, तर विश्वास नगर्नेहरूका निम्ति
चाहिँ—
जुन ढुङ्गालाई घर बनाउनेहरूले रद्दी
तुल्याए, त्यही कुनाको शिर-ढुङ्गो हुनआयो,'
८ औ,
'ठेस लाग्ने ढुङ्गो,
र बाधाको चट्टान,'
किनभने आज्ञा पालन नगर्ने भएर
तिनीहरू वचनमा ठेस खान्छन्, यसैको
निम्ति तिनीहरू नियुक्त पनि भएका थिए।
९ तर तिमीहरू ता चुनिएका वंश, राजकीय
पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी
प्रजा हौ, र अन्धकारबाट उहाँको गजबको
ज्योतिमा तिमीहरूलाई बोलाउनेको सर्वश्रेष्ठता
तिमीहरू देखाओ। १० तिमीहरू बितेका
समयमा प्रजा थिएनौ, तर अहिले परमेश्वरका
प्रजा भएका छौ, कृपा पाएका थिएनौ, तर
अहिले पाएका छौ।
११ ए प्रिय हो, प्रवासी र परदेशी-
जस्तै भई म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती
गर्छु, आत्माको विरुद्धमा लड़ाइँ गर्ने शारीरिक
अभिलाषाहरूबाट अलग रहो, १२ अन्य-
जातिहरूका बीचमा तिमीहरूको चालचलन
असल गराओ, र जसले तिमीहरूका विरुद्धमा
तिमीहरूलाई कुकर्मी भन्छन्, तिनीहरूले
देखेका तिमीहरूका असल कामबाट
कृपादृष्टिको दिनमा तिनीहरूले परमेश्वरको
महिमा गरून्।
१३ प्रभुको खातिर मानिसका हरेक
विधानको अधीनमा रहो, चाहे राजाको, जो

सर्वोच्च हुन्, १४ अथवा बड़ा-हाकीम-
हरूको, जो खराब काम गर्नेहरूलाई बदला
लिन र असल काम गर्नेहरूलाई प्रशंसा गर्न
उनीबाट पठाइएका हुन्छन्। १५ किनकि
परमेश्वरको इच्छा यही छ, कि असल गरेरनै
तिमीहरूले मूर्ख मानिसहरूको अज्ञानतालाई
चूप गराउनुपर्छ। १६ स्वतन्त्रजस्तै भएर
हिंड, तर दुष्टताको ओढ़नेले तिमीहरूका
स्वतन्त्रतालाई ढाकेर होइन, तर परमेश्वरको
दासहरूझैं भएर चल। १७ सबै मानिस-
हरूलाई आदर गर। भाइ-बन्धुहरूलाई प्रेम
गर। परमेश्वरसँग डराओ। राजाको आदर
गर।

१८ ए कमारा हो, असल र भला
मालिकको मात्र होइन, तर तिम्रा दुष्ट
मालिकहरूका अधीनमा पनि हर किसिमको
डर मानेर बस। १९ किनकि परमेश्वरतर्फको
विवेकको निम्ति मानिसले अन्यायमा क्लेश
सहेर दुःख भोग्नुपर्छ भने, यो ग्रहणयोग्य
छ। २० किनभने तिमीहरूले पाप गरेर
मुक्का खाँदा धीरजसँग सह्यौ भने, यसमा
के ठूलो कुरो छ र ? तर तिमीहरूले असल
गरेर दुःख भोग्नुपर्दा धीरजसँग सहँदछौ
भने, यो ता परमेश्वरमा ग्रहणयोग्य हुन्छ।
२१ किनकि यसैको निम्ति तिमीहरू
बोलाइएका हौ। किनभने तिमीहरूले उहांको
पाइलामा टेकेर हिंड्नालाई एक उदाहरण
तिमीहरूलाई दिएर ख्रीष्टले पनि तिमीहरूका
निम्ति दुःख भोग्नुभयो, २२ जसले नता
कुनै पाप गर्नुभयो, न उहांको मुखमा छलको
कुरा पाइयो।

२३ जसले गाली खाएर आफूले फेरि
गाली गर्नुभएन। दुःख भोगेर धम्काउनुभएन,
तर धर्मसँग इन्साफ गर्नेकहाँ आफैलाई सुम्पि-
दिनुभयो। २४ हामी पापको लेखि मरेर
धार्मिकताको लेखि बाँचौ भनी उहाँले आफ्नै
शरीरमा हाम्रो पाप काठमाथि बोक्नुभयो।
उहाँकै चोटहरूमा तिमीहरू निको भयौ।
२५ किनभने तिमीहरू भेड़ाहरूझैं बरालिएर
जाँदैथियौ, तर अब ता प्राणका गोठाला र
धर्माधिकारकहाँ फर्किआएका छौ।

३ हे पत्नी हो, त्यही किसिमले तिमीहरू
पनि आफ्ना आफ्ना पतिका
अधीनमा रहो, र कसैले वचन नमाने तापनि
तिनका पत्नीहरूका चाल-चलनले गर्दा, विना
वचनले भए पनि, २ तिमीहरूका डरसहितको
पवित्र चाल-चलन देखेर तिनीहरू विश्वास गर्ने
होऊन्। ३ तिमीहरूका सिंगार, कपाल
बाट्ने, र सुनको गहना लाउने, अथवा
किसिम किसिमको पोशाक लाउने, बाहिरी
सिंगार नहोस्, ४ तर नम्र र शान्त
आत्माको अविनाशी पोशाक लाएको हृदयको
त्यो गुप्त मानिस होस्, जो परमेश्वरको
दृष्टिमा ठूलो मोलको हुन्छ। ५ किनकि
यही किसिमले अघिअघि, परमेश्वरमा आशा
राख्ने पवित्र स्त्रीहरूले पनि तिनीहरूका
पतिहरूका अधीनमा रहेर सिंगार गर्थे,
६ जस्तो साराले अब्राहामलाई स्वामी भनेर
तिनको आज्ञा मान्दथिइन्। यदि तिमीहरू
पनि भलाइ गर्छौ र कुनै किसिमको डर मान्न
नपर्ने हुन्छौ भनेता तिनीहरूकै सन्तान हौ।

७ हे पति हो, त्यसैगरी जीवनको
अनुग्रहको सजिया हकदारसमेत भएकोले निर्बल
पात्रलाई जस्तो स्त्री जातिलाई आदर दिई
बुद्धिमानीसाथ तिम्रा पत्नीसँग बस, र
तिमीहरूका प्रार्थना नरोकिओस्।

८ अन्त्यमा, तिमीहरू सबै एक मनका,
सहानुभूति देखाउने, भ्रातृ-प्रेम गर्ने, कोमल
हृदयका, नम्र मनका, ९ खराबीको बदला
खराबी नगर्ने, अथवा गालीको बदला गाली
नदिने, तर उल्टा आशिष दिने होओ।
किनकि आशिषको हकदार हुनालाई तिमीहरू
यसैमा बोलाइएका हौ। १० किनकि,
'जसले जीवनलाई प्रेम गर्न र असल
दिनहरू देख्न इच्छा गर्दछ, त्यसले
आफ्नो जिब्रोलाई खराबीबाट, र आफ्ना
ओठलाई छटेल कुरा बोल्नबाट जोगाओस्,

११ औ खराबीबाट फर्केर सो असल
पछि लागोस्। १२ किनकि प्रभुको नजर
धर्मात्माहरूमाथि रहन्छ, र उहाँका कान
तिनीहरूका अन्तरबिन्तीतिर खुला हुन्छ, तर
परमप्रभुको मुख खराबी गर्नेहरूका विरुद्धमा
हुन्छ।'
१३ यदि तिनीहरू भलाइको निम्ति
उत्सुक हुन्छौ भनेता तिमीहरूको हानि गर्ने
को हुन्छ? १४ तर धर्मको खातिर दुःख
भोग्नुपर्‍यो भनेता तिमीहरू धन्यका हौ,
तिनीहरूको डरसँग डर नराख, औ नघबराओ।
१५ तर ख्रीष्टलाई प्रभु जानेर तिम्रा
हृदयमा पवित्र मान। तिमीहरूमा भएको
आशाको कारण तिमीहरूसँग सोध्नेहरू
हरेकलाई जवाफ दिन, त्यही पनि नम्रता र
डरसँग, सधैं तयार भइरहो।
१६ असल विवेक राख, र जुन कुरामा
तिमीहरूका विरुद्धमा खराबी बोलिन्छ,
ख्रीष्टमा भएको तिमीहरूको जीवनको असल
चाल-चलनलाई निन्दा गर्नेहरू त्यसैमा शर्माउन
परोस्। १७ परमेश्वर यस्तो इच्छा गर्नुहुन्छ
भनेता खराबी गर्नमा भन्दा भलाइ गर्नमा
दुःख भोग्नु, झन् असल हो। १८ किनभने
हामीलाई परमेश्वरकहाँ ल्याउनलाई ख्रीष्टले
पनि शरीरमा मारिएर तर आत्मामा
जीवित भएर, अधर्मीहरूका निम्ति धर्मी
भएर, पापहरूका निम्ति एकचोटि दुःख
भोग्नुभयो, १९ जुन आत्मामा उहाँ जानु-
भएर झ्यालखानका आत्माहरूलाई पनि प्रचार
गर्नुभयो। २० तिनीहरू ती बितेका समयमा
अट्टेरी भएका थिए, जब नूहको समयमा
जहाज तयार होउञ्जेल परमेश्वरको सहन-
शीलताले पर्खिरहेको थियो, जसमा थोरै प्राणी,
अर्थात् आठ जना पानीद्वारा बाँचेका थिए।
२१ तब ठीक त्यही किसिमले, अर्थात्
बप्तिस्माले, शरीरको मैल उतारेर ता
होइन, तर परमेश्वरतर्फ सफा विवेकको
सवालले, येशू ख्रीष्टको पुनरुत्थानद्वारा अब
तिमीहरूलाई बचाउनेछ। २२ उहाँ स्वर्गमा
गएर परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ।
स्वर्गदूतहरू, अख्तियारहरू र शक्तिहरू उहाँकै
अधीनमा राखिएका छन्।

४ जसरी ख्रीष्टले शरीरमा दुःख
भोग्नुभयो, त्यसरी तिमीहरूले पनि
त्यही मनसायको हतियार लेओ, किनभने
जसले शरीरमा दुःख भोगेको हुन्छ, त्यसले
पाप गर्न छोडेको हुन्छ, २ र तिमीहरूको
शरीरको बाँकी समय फेरि मानिसको अभिलाषामा
होइन, तर परमेश्वरको इच्छामा बिताओ।
३ किनकि अन्यजातिहरूको इच्छाअनुसार
काम गर्ने, लुच्च्याइँ, अभिलाषा, मतवालीपन,
मोज-मजा, मद्यपान र घिनलाग्दा मूर्ति-
पूजाहरूमा चल्ने, जो बितेका समयमा भयो,
सो प्रशस्त होला। ४ अब त्यही ज्यादै
उपद्रवहरूमा तिमीहरू तिनीहरूका साथ लागेनौ
भनेर तिनीहरू ताज्जुब भएका छन्, र तिमीहरूका
खराबी बोल्दछन्। ५ मुर्दा र जीवितका
इन्साफ गर्न तयार भएको जो हुनुहुन्छ,
उहाँलाईनै तिनीहरूले जवाफ दिनेछन्।
६ किनकि शरीरमा मानिसअनुसार तिनी-
हरूका इन्साफ होस्, तर आत्मामा परमेश्वर-
अनुसार जिऊन् भन्ने हेतुलेनै मरेकाहरूलाई
पनि सुसमाचार प्रचार गरेको हो।
७ तर सबै कुराको अन्त नजीकै
आएको छ। यसकारण शुद्ध मनको भएर
प्रार्थनामा सचेत रहो। ८ सबैभन्दा बढ्ता
आपसमा प्रगाढ प्रेम राख। किनभने प्रेमलेनै
असंख्य पापहरू ढाक्तछ। ९ एउटाले
अर्कोलाई बिना गनगन अतिथि सेवा गर।
१० हरेकले वरदान पाएअनुसार, परमेश्वरको
नाना प्रकारको अनुग्रहको असल कारिन्दा-
हरूले जस्तैगरी एउटाले अर्कोको सेवा गर।
११ यदि कोही बोल्छ भने परमेश्वरको
वाणी जस्तैगरी, कसैले सेवा गर्छ भने,
परमेश्वरले दिनुभएको बलले, कि सबै कुरामा
परमेश्वरको महिमा येशू ख्रीष्टद्वारा गरिओस्,
जसको सदा महिमा र पराक्रम छ। आमिन।

१२ हे प्रिय हो, तिमीहरूलाई परीक्षा
गर्ने तिमीहरूमाथि परि आउने आगोसरहको
परीक्षालाई केही अचम्मको कुरा भए जस्तैगरी
तिमीहरू ताजुब नहोओ। १३ तर ख्रीष्टको
शासनाहरूको सहयोगी भएर रमाओ, र
उहाँको महिमा प्रकट हुँदाखेरि तिमीहरू पनि
हर्षित र आनन्दित होओ।
१४ यदि ख्रीष्टको नाउँमा तिमीहरू
निन्दित हुन्छौ भनेता तिमीहरू धन्यका
हौ। किनभने महिमाको आत्मा र
परमेश्वरको आत्मा तिमीहरूमाथि ठहर्छ।
१५ तर तिमीहरूमध्ये कसैले पनि ज्यानमारा,
अथवा चोर, अथवा खराबी गर्ने, वा
अर्काको कुरामा हात हाल्नेले झैँ दुःख
नभोग, १६ तर कसैले ख्रीष्टियानजस्तो
भएर दुःख भोग्दछ भनेता त्यसले शर्म
नमानोस्, तर त्यहीवाहिँ नाउँमा परमेश्वरलाई
त्यसले धन्यवाद चढाओस्। १७ किनभने
परमेश्वरकै परिवारबाट शुरू भएर इन्साफ
हुने बेला आएको छ, र यदि पहिले
हामीबाट शुरू हुन्छ भनेता परमेश्वरको
सुसमाचार नमान्नेहरूको अन्त कस्तो होला?
१८ औ धर्मात्माको कठिनसँग उद्धार हुन्छ
भनेता अभक्त र पापीहरूको के ठेगान
लाग्ला? १९ यसो हो भनेता परमेश्वरको
इच्छाबमोजिम दुःख भोग्नेहरूले पनि भलाइ
गरेर आफ्ना आफ्ना प्राण विश्वासयोग्य
सृष्टिकर्ताकहाँ सुम्पून्।

५ तिमी धर्म-गुरुहरूलाई, म पनि एक
धर्म-गुरु र ख्रीष्टको शासनाको गवाही,
र प्रकट हुन लागेको महिमाको सहयोगी पनि
हुनेले, उपदेश दिन्छु, २ तिमीहरूका
जिम्मामा रहेको परमेश्वरको बगालको गोठालो
होओ। करले होइन, तर परमेश्वरको इच्छा-
बमोजिम, खुशीसाथ। पैसाको लोभले होइन,
तर तयारी मनले, ३ तिमीहरूका जिम्मामा
रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर
बगालको उदाहरण होओ। ४ औ जब
मूल-गोठाला प्रकट हुनुहुन्छ, तब तिमीहरूले
कहिल्यै नओइलाउने महिमाको मुकुट
पाउनेछौ।
५ त्यसैगरी हे जवान हो, बूढ़ाहरूको
अधीनमा बस। तिमीहरू सबै एउटाले
अर्कोप्रति नम्रताको व्यवहार गर। किनभने
परमेश्वरले घमण्डीहरूलाई विरोध गर्नुहुन्छ,
तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ।
६ यसकारण परमेश्वरका बल्वान बाहुली-
मनि तिमीहरूले आफैलाई नम्र तुल्याओ,
र उहाँले समयमा तिमीहरूलाई उच्च पार्नु-
हुनेछ। ७ तिमीहरूका सारा फिक्री
उहाँमाथि राखिदेओ, किनकि उहाँले तिमी-
हरूको फिक्री गर्नुहुन्छ।
८ सचेत रहो, जागा रहो, तिमीहरूको
विरोधी शैतान, कसलाई भेट्टाऊँ र निल्हालूँ
भनेर गर्जने सिंहझैँ खोजेर हिँड्छ।
९ तिमीहरू आफ्नो विश्वासमा दह्रो भएर
यस संसारमा भएका तिमीहरूका दाज्यू-
भाइहरूले पनि यही कष्ट भोगिरहेका
छन् भन्ने जानेर त्यसको विरोध गर।
१० औ सबै अनुग्रहको परमेश्वर, जसले
तिमीहरूलाई ख्रीष्टमा आफ्नो अनन्त महिमामा
बोलाउनुभयो, तिमीहरूले केही बेर दुःख
भोगेपछि उहाँ आफैले तिमीहरूलाई सुधार्नु-
हुनेछ, स्थिर गराउनुहुनेछ र बलियो
गराउनुहुनेछ। ११ उहाँलाईनै पराक्रम र
शक्ति सदा सर्वदै भइरहोस्। आमिन।
१२ हाम्रा विश्वासयोग्य भाइ, जस्तो म
उनलाई ठान्छु, सिल्वानसको हातमा, परमेश्वरको
सच्चा अनुग्रह यही हो भन्ने उपदेश र
साक्षी दिएर, मैले छोटकरीमा लेखेको छु।
त्यसैमा तिमीहरू स्थिर रहो।
१३ बेबिलोनमा भएकी, तिमीहरूसँगै
चुनिएकीले, र मेरो छोरो मर्कूसले पनि
तिमीहरूलाई सलाम भन्दछन्। १४ एउटाले
अर्कोलाई प्रेमको चुम्बनले सलाम गर।
ख्रीष्टमा भएका तिमीहरू सबैलाई शान्ति
भइरहोस्।

पत्रुसको

दोस्रो पत्र

१ शिमोन पत्रुस, येशू ख्रीष्टका दास
र प्रेरितबाट, हाम्रा परमेश्वर र
मुक्तिदाता येशू ख्रीष्टको धार्मिकतामा हामीले
जस्तै अनमोल विश्वास प्राप्त गर्नेहरूलाई—
२ परमेश्वर र येशू हाम्रा प्रभुको ज्ञानमा
अनुग्रह र शान्ति तिमीहरूमा वृद्धि
हुँदैजाओस्।
३ उहाँको ईश्वरीय शक्तिले जीवन र
भक्तिसँग सम्बन्ध राख्ने, हामीलाई उहाँको
आफ्नै महिमा र पुण्यले बोलाउने, उहाँको
ज्ञानद्वारा हामीलाई यी सबै कुरा मन्जूर गर्नु-
भएको छ, ४ जसबाट उहाँले हामीलाई
उहाँको अनमोल र ज्यादै ठूला प्रतिज्ञाहरू
मन्जूर गर्नुभएको छ, कि यस संसारमा
अभिलाषाबाट हुने विनाशबाट उम्केर तिमी-
हरू ईश्वरीय स्वभावको सम्भागी होओ।
५ यही कारणले तिमीहरूले सबै किसिमका
प्रयत्नले तिमीहरूका विश्वासमा सद्गुण,
सद्गुणमा बुद्धि, ६ बुद्धिमा संयम, संयममा
धीरज, धीरजमा भक्ति, ७ भक्तिमा भ्रातृस्नेह,
भ्रातृस्नेहमा प्रेम थप। ८ किनकि यी
कुराहरू तिमीहरूमा प्रशस्तसँग छन् भने हाम्रा
प्रभु येशू ख्रीष्ट चिन्ने ज्ञानमा तिनीहरूले
तिमीहरूलाई बेकम्मा र निष्फल तुल्याउनेछैनन्।
९ किनभने यी कुराहरूमा घटी भएको
मानिस चाहिं पुराना पापहरूको सफाइलाई
बिर्सेर नजीकका कुराहरू मात्र देख्ने अन्धा
हो। १० यसैकारण हे भाइ हो, तिमीहरूको
बोलावट र चुनाव निश्चय गर्नालाई बढ़ता
प्रयत्न गर। किनकि यी कुरा गरेमा तिमीहरू
कहिल्यै ठेस खानेछैनौ। ११ किनभने यसरी
हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त
राज्यभित्र तिमीहरूलाई प्रशस्तगरी प्रवेश
मिल्नेछ।
१२ यसैकारण तिमीहरूले ती सब जान्दछौ,
र तिमीहरूमा भएको सत्यमा तिमीहरू
स्थिर छौ, तापनि यी कुराहरू तिमीहरूलाई
सम्झाउनालाई म सधैं तत्पर रहनेछु।
१३ यस डेरामा म होउन्जेल तिमीहरूलाई
सम्झना गराउँदै तिमीहरूलाई जागृत गराउन
म उचित सम्झन्छु। १४ किनभने म
जान्दछु, कि हाम्रा प्रभु येशू ख्रीष्टले मलाई
देखाइदिनुभएझैं मेरो यो डेरा ढल्ने बेला
चाँड़ै नै आउँदैछ। १५ मेरो देहान्तपछि
पनि तिमीहरूले यी कुराहरू सधैं सम्झ
भनी म प्रयत्न गर्नेछु।
१६ किनकि हामीले तिमीहरूलाई हाम्रा
प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको
समाचार दिंदा धूर्त्याईंसित अड्माएका दन्त्य-
कथाहरूको हामीले अनुसरण गरेनौं, तर उहाँको
वैभवशाली रूप हाम्रा आँखैले देख्ने हामी
साक्षी हौं। १७ किनकि महाप्रतापी महिमा-
बाट उहाँलाई यसो भन्ने वाणी आउँदा,
'यिनी मेरा प्रिय पुत्र हुन्, यिनमा म अति
प्रसन्न छु,' उहाँले परमेश्वर पिताबाट
आदर र महिमा पाउनुभएको थियो।
१८ औ त्यो पवित्र डाँड़ामा हामी
उहाँसँग हुँदा स्वर्गबाट आएको त्यो वाणी
हामी आफैले सुनेका थियौं। १९ औ बढ़ता
पुष्टि गराउने हामीसँग अगमवाणीको वचन
छ। औ झिलमिले उज्यालो नहोउन्जेल, र
तिमीहरूका हृदयमा बिहानको तारा

नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाईझैं
गरी तिमीहरूले त्यसलाई ध्यान दियौ भने
असल गर्नेछौ। २० तर पहिले यो जान,
कि कुनै धर्मशास्त्रको कुनै अगमवाणी कसैले
खास आफ्नै अर्थले दिएको होइन,
२१ किनकि मानिसको इच्छाबाट कुनै
अगमवाणी आएन, तर पवित्र आत्माबाट
उत्तेजित भएर मानिसहरूले परमेश्वरका
तर्फबाट बोल्दथिए।

२ तर मानिसहरूमा झूटा अगमवक्ताहरू
पनि खड़ा भएजस्तो तिमीहरूमा
पनि झूटा शिक्षकहरू हुनेछन्, जसले तिनी-
हरूलाई किन्नुभएको मालिकलाई समेत इन्कार
गरी तिनीहरू आफैमाथि चाँड़ै आउने
सत्यानाश ल्याउँदै गुप्त चालले विनाश पार्ने
विधर्म ल्याउनेछन्। २ औ धेरै जना
तिनीहरूका लुच्चा कामहरूको अनुसरण
गर्नेछन्। त्यसको कारणले सत्यको मार्गको
बदनाम हुनेछ। ३ औ बनावटी कुराहरूको
लोभमा तिनीहरूले तिमीहरूलाई लुट्नेछन्,
जसको अघिदेखि प्रतीक्षा गरेको दण्डको
आज्ञा आउनालाई ढीलो हुँदैन, र तिनीहरूको
विनाशक जागी रहन्छ।

४ किनभने परमेश्वरले पाप गर्ने स्वर्गदूत-
हरूलाई त बाँकी राख्नुभएन, तर तिनीहरूलाई
नरकमा हाल्नुभयो, र न्यायको दिनसम्म
जोगाएर अन्धकारका खाल्डाहरूमा राख्नुभयो,
५ र प्राचीन संसारलाई बाँकी राख्नुभएका,
तर अभक्तहरूको संसारमा जलप्रलय गराउनु-
हुँदा धर्मका प्रचारक नूह र अरू सात
जनालाई जोगाउनुभयो, ६ औ सदोम र
गमोराका शहरहरूलाई भस्म गर्नुहुँदा अभक्त-
हरूलाई उदाहरण बनाएर विनाशको दण्ड
दिनुभयो, ७ र दुष्टहरूका कामुक जीवनबाट
अति दुःखित भएका धार्मिक लूतलाई
बचाउनुभयो, ८ किनभने ती धार्मिक मानिस
तिनीहरूसँग रहँदा तिनीहरूका अधर्मका
कामहरू देखेर औ सुनेर तिनका सच्चा मन
दिनहुँ दुःखित हुन्थ्यो, ९ यसरी भक्तहरूलाई
परीक्षाबाट बचाउन र अभक्तहरूलाई
इन्साफको दिनसम्म सजायमा राख्न प्रभु
जान्नुहुन्छ। १० तर विशेष गरी तिनीहरू-
लाई जो शरीरअनुसार अशुद्ध इच्छामा
चल्नेहरू र प्रभुत्व तुच्छ ठान्नेहरूलाई हो।
तिनीहरू सुरो भएर आफ्ना खुशी गर्नेहरू,
उच्च पदाधिकारीहरूको निन्दा गर्न
डराउँदैन।

११ तर स्वर्गदूतहरू, जो शक्ति र
सामर्थ्यमा अझ ठूला भए तापनि प्रभुका सामने
तिनीहरूलाई निन्दा गरेर दोष दिँदैनन्।
१२ तर यिनीहरू चाहिं आफैलाई ज्ञान
नभएका कुरालाई निन्दा गर्ने बेसमझका
प्राणीहरूझैं पकराउ परेर नाश हुनालाई
चैतन्यहीन पशुझैं यी आफ्ना सड़ाइले,
१३ खराब कामको ज्यालामा खराबै भोगेर
आफै सड़ी जानेछन्। यी मानिसहरू दिनकै
बेलामा पनि भोज गर्न सुख-विलास
सम्झन्छन्। तिनीहरूका प्रीति-भोजमा तिनी-
हरूसँगै भएर खानालाई सुख-विलास सम्झने
तिनीहरू दाग र कलङ्क हुन्। १४ पापबाट
थामिन नसक्ने तिनीहरूका आँखा व्यभिचारले
भरिएका हुन्छन्। तिनीहरूले चञ्चल प्राण-
लाई फुस्लाउँछ। तिनीहरूका हृदयले लोभमा
तालिम पाएका हुन्छन्। तिनीहरू श्रापित
सन्तान हुन्। १५ सोझो मार्ग छोड़ेर
तिनीहरू कुमार्गमा लागेका छन्। खराब
कामको ज्याला असल मान्ने बोओरको छोरो
बालामको पछि लागेका छन्। १६ त्यसले
आफ्नै अपराधको निम्ति हप्की पाएको थियो—
अबोला गधाले मानिसको सोरले त्यस अगम-
वक्ताको पागलपनालाई रोकिदियो।

१७ यिनीहरू पानी विनाका मुहान, र
आँधीले उड़ाएका कुइरो हुन्। जसका निम्ति
अनन्त अन्धकार साँचिराखेको छ।
१८ किनकि, व्यर्थका हठी कुराहरू
उच्चारण गर्दै, भ्रममा रहनेहरूबाट उम्कन
लागेकाहरूलाई तिनीहरूले आफ्ना लालसाले

शरीरका कुइच्छामा लोभ्याउँछन्। १९ तिनी-
हरू आफै विनाशका दास भईकन उनीहरूलाई
स्वतन्त्रताको प्रतिज्ञा गर्छन्, किनभने जसलाई
मानिसले जित्तछ, त्यो त्यसको दास बनेको
हुन्छ। २० किनकि हाम्रा प्रभु र मुक्तिदाता
येशू ख्रीष्टलाई चिन्ने ज्ञानद्वारा यस संसारको
अशुद्धपनाबाट उम्केपछि तिनीहरू फेरि तिनैमा
अल्झिएर पराजित हुन्छन् भनेता तिनीतरूका
निम्ति पछाड़िको अवस्था अघाड़िको भन्दा
झन् खराब हुन्छ। २१ किनभने तिनीहरू-
लाई दिइएको पवित्र आज्ञा जानीकन पनि
पछि हट्नुभन्दा ता बरू धार्मिकताको
मार्ग तिनीहरूलाई थाहै नभएको असल
हुनेथियो। २२ यो सत्य उखानअनुसारै
तिनीहरूलाई यो भएको छ, 'कुकुर आफ्नै
बान्तमा फर्की आउँछ, र नुहाइदिएको भुनी
हिलैमा लड्बड़ी खेल्छ।'

३ हे प्रिय हो, अब म यो दोस्रो पत्र
तिमीहरूलाई लेख्तछु, र दुवैमा
तिमीहरूका निर्मल मनलाई सम्झना गराएर
म जागृत गराउँछु, २ कि पवित्र अगम-
वक्ताहरूबाट अघाड़िनै बोलिएका वचनहरू, र
तिमीहरूका प्रेरितद्वारा दिएको प्रभु र
मुक्तिदाताको आज्ञालाई तिमीहरूले सम्झनु-
पर्छ। ३ पहिलेनै यो जान, कि पछि-पछिका
दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनी-
हरूका आफ्नै अभिलाषामा यसो भन्दै
आउनेछन्, ४ 'उहाँको आगमनको प्रतिज्ञा
कहाँ गयो ? किनभने पिता-पुर्खाहरू मरेका
दिनदेखिनै सृष्टिको शुरुदेखि जस्तैगरी सबै
कुरा चलिआएका छन्।' ५ किनकि
परमेश्वरका वचनबाट स्वर्गहरू अघिदेखिनै
थिए, र पृथ्वीचाहिँ पानीबाट र पानीलेनै
बनिएको हो भन्ने तिनीहरूले जानीबुझीकन
पनि बिर्से, ६ यसैबाट त्यस समयको संसार
जलमय भएर नष्ट भएको थियो, ७ तर
अहिलेको आकाशहरू र पृथ्वीचाहिँ त्यही
वचनले, भक्तिहीन मानिसको इन्साफ र
विनाशको दिनसम्म छुट्ट्याई आगोको निम्ति
साँचेर राखिएका छन्।

८ तर हे प्रिय हो, यो एउटा कुरो
नबिर्स, कि प्रभुमा एक दिन हजार वर्षझैँ र
हजार वर्ष एक दिनझैँ हुन्छ। ९ कसै
कसैले सम्झेझैँ आफ्नो प्रतिज्ञाको बारेमा
प्रभु ढीलो गर्नुहुन्न, तर कोही पनि
नष्ट नहोस्, तर सबै जनाले पश्चाताप
गरून् भन्ने इच्छा गरेर प्रभुले तिमीहरूतर्फ
धीरज देखाउनुभएको छ। १० तर प्रभुको
दिन चोर जस्तैगरी आउनेछ, जसमा आकाश-
चाहिँ ठूलो शब्दले बितिजानेछ, र पृथ्वी
र त्यसमा भएका कामहरू चाहिँ स्वाहा
हुनेछ।

११ यी सबै कुराहरू यसरी पग्लनेछ
भन्ने देखेर सबै पवित्र जीवन र भक्तिमा
तिमीहरू कस्तो किसिमका मानिस हुनुपर्छ ?
१२ परमेश्वरको त्यस दिनको बाटो हेर्दै,
उत्सुक्तासाथ इच्छा गरेर, जुन कारणबाट
आगलागी भएको आकाश पग्लिहाल्नेछ, र
तत्त्वहरू चाहिँ उखुम गर्मीले गलिहाल्नेछ।
१३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ
स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा
धार्मिकताले बास गर्छ।

१४ यसकारण हे प्रिय हो, यी कुराको
बाटो हेर्ने भएर शान्तिसाथ तिमीहरू प्रभुको
दृष्टिमा निष्खोट र निष्कलङ्क ठहरिनालाई प्रयत्न
गर। १५ औ उनलाई दिइएको ज्ञानअनुसार
हाम्रा प्रिय भाइ पावलले पनि तिमीहरू-
लाई लेखेझैँ प्रभुको धीरजनै मुक्ति हो
भनी सम्झ, १६ उनका सबै पत्रहरूमा पनि
यी कुराहरूको उल्लेख गरेका छन्, तिनमा
कुनै कुनै कुराहरू बुझ्न कठिन छन्, जो
अशिक्षित र चञ्चलहरूले, अरू धर्मशास्त्र-
हरूलाई पनि तिनीहरूले गरेकाझैँ, तिनीहरूकै
नाशको निम्ति बङ्ग्याएका छन्।

१७ यसकारण तिमीहरू, हे प्रिय हो, यी
कुराहरू अघिबाटै थाह पाएका भएर होशियार
रहो, नत्रता दुष्टहरूका भ्रमबाट एकातिर लागेर

तिमीहरू आफ्ना दृढ़ताबाट पतित हुनेछौ।
१८ तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको
अनुग्रह र ज्ञानमा बढ़्दै जाओ। उहाँलाई
आहिले र सदा सर्वदा महिमा होस्।
आमिन।

यूहन्नाको
पहिलो पत्र

1 त्यस जीवनको वचनको विषयमा, जो
शुरूदेखि थियो, जो हामीले सुनेका
छौं, जो हामीले हाम्रा आँखाले देखेका छौं,
जो हामीले हेर्‍यौं, र हाम्रा हातले छोयौं।
२ (औ त्यो जीवन प्रकट भयो, र हामीले
देखेका छौं, र गवाही दिन्छौं, र तिमीहरूलाई
त्यो सनातन जीवनको समाचार बताउँछौं,
जो पिताको साथमा थियो, र हामीकहाँ प्रकट
भयो,) ३ त्यो, जो हामीले देखेका र सुनेका
छौं, सो हामी तिमीहरूलाई पनि बताउँछौं,
कि तिमीहरू पनि हाम्रो सङ्गतिमा होओ।
हाम्रा सङ्गति ता पिता र उहाँका पुत्र येशू
ख्रीष्टसँग छ, ४ औ हाम्रो आनन्द पूर्ण
होस् भनेर हामी यी कुरा लेख्तछौं।
५ औ जुन समाचार हामीले उहाँबाट
सुन्यौं र तिमीहरूलाई सुनाउछौं, त्यो यही हो,
कि परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्ति
पनि अँध्यारो छैन। ६ यदि उहाँसँग हाम्रो
सङ्गति छ भनी हामी भन्छौं र अन्धकारमानै
हिड्छौं भनेता हामी ढाँटूछौं, र सत्यमा
चल्दैनौं, ७ तर जस्तो उहाँ ज्योतिमा
हुनुहुन्छ, हामी पनि ज्योतिमै हिड्छौं भनेता
एउटासँग अर्काको हाम्रो सङ्गति हुन्छ, र उहाँका
पुत्र येशूको रगतले हामीलाई सब पापबाट
शुद्ध पार्छ।
८ यदि हामीमा पाप छैन भनी हामी
भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं,
र हामीमा सत्य हुँदैन।
९ यदि हामीले आफ्ना पापको स्वीकार
गर्‍यौं भने, हाम्रो पाप क्षमा गर्न र हामीलाई
सबै अधर्मबाट शुद्ध पार्नालाई उहाँ विश्वास-
योग्य र धर्मी हुनुहुन्छ। १० यदि हामीले
पाप गरेका छैनौं भनी हामी भन्छौं भने, हामी
उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन
हामीमा रहँदैन।

२ हे मेरा साना केटा-केटी हो, तिमी-
हरूले पाप नगर भनी यी कुराहरू म
तिमीहरूलाई लेख्तछु। औ कुनै मानिसले
पाप गर्‍यो भने पनि पितासँग हाम्रा एक
सहायक हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट।
२ औ उहाँ हाम्रा पापको निम्ति प्रायश्चित
हुनुहुन्छ, औ हाम्रा निम्ति मात्र होइन, तर
सबै संसारका निम्ति पनि।
३ यदि हामीले उहाँका आज्ञा पालन
गर्‍यौं भने यसैबाट हामीले उहाँलाई चिन्दरहेछौं
भन्ने हामी थाह पाउँछौं। ४ उहाँलाई
चिन्छु भन्ने, तर उहाँका आज्ञा पालन नगर्ने

चाहिं झूटा हो, र त्यसमा सत्य हुँदैन,
५ तर जसले उहाँको वचन पालन गर्छ,
त्यसमा परमेश्वरको प्रेम साँच्चिकै सिद्ध भएको
हुन्छ। यसैबाट हामी उहाँमा छौं भनी हामी
थाह पाउँछौं, ६ उहाँमा रहन्छु भन्नेले
आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ।

७ हे प्रिय हो, म तिमीहरूलाई कुनै
नयाँ आज्ञा लेख्तिनँ, तर त्यही पूरानो आज्ञा,
जो शुरुदेखि तिमीहरूसँग थियो, पुरानो
आज्ञा जो हो, सो तिमीहरूले सुनेकै वचन
हो। ८ तापनि, एउटा नयाँ आज्ञा म
तिमीहरूलाई लेख्तैछु, जुन कुरा उहाँमा र
तिमीहरूमा साँचो छ, किनभने अन्धकार
बितिरहेछ, र साँचो ज्योति अहिले प्रकाश
भएको छ।

९ जसले ज्योतिमा छु भनी भन्छ,
तर आफ्नो भाइलाई घृणा गर्छ, त्यो अझै
पनि अन्धकारमै छ। १० जसले आफ्नो
भाइलाई प्रेम गर्छ, त्यो ज्योतिमा रहन्छ,
र त्यसमा बाधा पर्ने कारण केही रहँदैन।
११ तर जसले आफ्नो भाइलाई घृणा गर्छ,
त्यो अन्धकारमा हुन्छ, र अँध्यारोमा हिंड्छ,
र त्यो कहाँ जान्छ सो थाह पाउँदैन किनभने
अन्धकारले त्यसलाई अन्धा पारेको हुन्छ।

१२ हे मेरा साना केटा-केटी हो, म
तिमीहरूलाई लेख्तछु, कि उहाँको नाउँको
खातिर तिमीहरूका पाप तिमीहरूलाई क्षमा
भएको छ। १३ हे वृद्ध हो, म तिमी-
हरूलाई लेख्तछु, किनभने शुरुदेखिनै
हुनुहुनेलाई तिमीहरू चिन्छौ। हे युवक हो,
म तिमीहरूलाई लेख्तछु, किनभने तिमीहरूले
त्यस दुष्टलाई जितेका छौ। हे साना केटा-
केटी हो, मैले तिमीहरूलाई लेखेको छु,
किनभने तिमीहरूले पितालाई चिनेका छौ।

१४ हे वृद्ध हो, मैले तिमीहरूलाई
लेखेका छु, किनभने शुरुदेखिनै हुनुहुनेलाई
तिमीहरूले चिन्छौ। हे युवक हो, मैले
तिमीहरूलाई लेखेको छु, किनभने तिमीहरू
बलिया छौ, र परमेश्वरको वचन तिमीहरूमा
रहन्छ, र तिमीहरूले त्यस दुष्टलाई जितेका
छौ।

१५ संसारलाई प्रेम नगर, नता संसारमा
भएका कुनै चीजलाई प्रेम गर। यदि कुनै
मानिसले संसारलाई प्रेम गर्दछ भने, पिताको
प्रेम त्यसमा हुँदैन। १६ किनकि संसारमा
भएको सुनसुकै कुरा पनि, अर्थात् शरीरको
अभिलाषा, आँखाको अभिलाषा, जीवनको
शेखी पितातर्फको होइन, तर संसारतर्फको
हो। १७ औ संसार बितिजान्छ, र त्यसको
अभिलाषा पनि बितेर जान्छ, तर परमेश्वरको
इच्छाबमोजिम गर्ने चाहिं सधैंभरि रहिरहन्छ।

१८ हे साना केटा-केटी हो, आखिरी
घड़ी यही हो। ख्रीष्ट विरोधी आउँछ भन्ने
तिमीहरूले सुनेझैं अहिले पनि धेरै जना
ख्रीष्ट विरोधीहरू खड़ा भएका छन्,
यसबाटै यो आखिरी घड़ी हो भन्ने हामी
जान्दछौं। १९ तिनीहरू हामीबाट निस्केर
गए, तर तिनीहरू हामीमध्येका थिएनन्,
किनकि यदि ती हामीमध्येकै हुँदा हुन्
ता तिनीहरू हामीसँगै रहनेथिए, तर तिनीहरू
सबै हामीमध्येका होइन रहेछन् भनी प्रकट
गराउनालाई तिनीहरू निस्केर गएका हुन्।

२० तिमीहरूको अभिषेक पवित्र जनबाट
भएको छ, र तिमीहरू सबै कुरा जान्दछौ।
२१ तिमीहरूले सत्यलाई जान्दैनौ भनेर मैले
लेखेको होइन, तर तिमीहरू यो जान्दछौ
किनभने कुनै पनि झूट सत्यबाट आउँदैन।

२२ येशूलाई ख्रीष्ट होइन भनेर इन्कार
गर्नेबाहेक झूटा अरू को हो ? पिता
र पुत्रलाई समेत जसले इन्कार गर्छ, ख्रीष्ट
विरोधी त्यही हो। २३ जसले पुत्रलाई
इन्कार गर्छ, त्यससँग पिता हुनुहुन्न, जसले
पुत्रलाई स्वीकार गर्छ त्यससँग पिता पनि
हुनुहुन्छ।

२४ जुन कुरा तिमीहरूले शुरुदेखि सुनेका
छौ त्यो तिमीहरूमा रहिरहोस्। यदि त्यो
शुरुदेखि सुनेको कुरा तिमीहरूमा रहन्छ भनेता,
तिमीहरू पनि पुत्र र पितामा रहनेछौ।

२५ उहाँले हामीलाई गर्नुभएको प्रतिज्ञा
यही हो, अर्थात् अनन्त जीवन।
२६ तिमीहरूलाई बराल्नेहरूको विषयमा
मैले यी कुराहरू तिमीहरूलाई लेखेको हुँ।
२७ तिमीहरूले उहाँबाट पाएको अभिषेक
तिमीहरूमा रहिरहन्छ, र तिमीहरूलाई कसैले
सिकाउनुपर्ने आवश्यक पर्दैन, तर उहाँको
अभिषेकले तिमीहरूलाई सबै कुराहरूका
विषयमा सिकाउने हुनाले, र झूटा नभई
साँचो हुनाले, तिमीहरूलाई यसले सिकाए-
बमोजिम तिमीहरू उहाँमा रहिरहो।
२८ औ अब हे मेरा साना केटा-केटी
हो, उहाँमा रहिरहो। उहाँ प्रकट हुनुहुँदा
हामीमा हिम्मत होस्, र उहाँको सामने
शर्माउन नपरोस्। २९ उहाँ धार्मिक
हुनुहुन्छ भन्ने तिमीहरूलाई थाह भएता
ठीक ठीक गर्ने पनि हरेक उहाँबाट जन्मेको
हो भन्ने तिमीहरूलाई थाह हुन्छ।

३ हेर, पिताले हामीलाई कस्तो
किसिमले प्रेम गर्नुभएको छ, कि
हामी परमेश्वरको सन्तान भनी कहलिनुपर्छे,
र साँच्चै यस्तै छौं। यसैकारणले ता संसारले
हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई
चिनेन। २ हे प्रिय हो, अहिले हामी
परमेश्वरका सन्ताम छौं, र हामी के होऔंला
सो अहिलेसम्म प्रकट भएको छैन। यति
जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब
हामी उहाँजस्तै हुनेछौं, किनकि उहाँ जस्तो
हुनुहुन्छ, हामी उहाँलाई त्यस्तै देख्नेछौं।
३ औ जस्तो उहाँ पवित्र हुनुहुन्छ,
उहाँमाथि यो आशा राख्ने हरेक मानिसले
आफूलाई पवित्र पार्छ।
४ पाप गर्ने हरेकले व्यवस्थाको विरोध
पनि गर्दछ, र पाप ता व्यवस्थाको विरोध
हो। ५ पापहरू हरण गर्नालाईनै उहाँ
प्रकट हुनुभएको हो भन्ने तिमीहरू जान्दछौ,
औ उहाँमा पाप छैन। ६ उहाँमा रहिरहने
हरेकले पाप गर्दैन, पाप गर्ने हरेकले
उहाँलाई देखेको हुँदैन, र उहाँलाई चिन्दैन।
७ हे मेरा साना केटा-केटी हो, कुनै
मानिसले तिमीहरूलाई भराल्न नपाओस्,
जसले ठीक काम गर्छ त्यो धार्मिक हुन्छ जस्तो
उहाँ पनि धार्मिकनै हुनुहुन्छ, ८ जसले
पाप गर्छ त्यो शैतानबाटको हो। किनकि
शैतानले ता शुरूदेखिनै पाप गर्दैआएको
छ। शैतानका कामहरू नष्ट पार्नालाईनै
परमेश्वरका पुत्र प्रकट हुनुभएको हो।
९ जो परमेश्वरबाट जन्मेको छ त्यसले
पाप गर्दैन, किनकि उहाँको स्वभाव त्यसमा
रहन्छ, औ त्यसले पाप गर्नैसक्तैन, किनभने
त्यो परमेश्वरबाट जन्मेको हुन्छ।
१० परमेश्वरका सन्तान र शैतानका सन्तान
यसैबाट प्रष्ट हुन्छ, उचित काम नगर्ने र
आफ्नो भाइलाई प्रेम नगर्ने हरेक परमेश्वर-
बाटको हुँदैन। ११ किनभने तिमीहरूले
शुरूदेखि सुनेको समाचार यही हो, कि
हामीले एउटाले अर्कोसँग प्रेम गर्नुपर्छ।
१२ कयिनजस्तै ता होइन, जो दुष्टबाटको
थियो, र जसले आफ्नो भाइलाई मार्‍यो।
औ किन त्यसले उसलाई मार्‍यो ?
किनभने त्यसको काम खराब थियो, तर
उसको भाइको कामचाहिँ धार्मिक थियो।
१३ हे भाइ हो, संसारले तिमीहरूसँग
दुश्मनी गर्छ, त तिमीहरू अचम्म नमान।
१४ हामी जान्दछौं, कि हामी ता
मृत्युबाट पार भएर जीवनमा सरिसकेका
छौं, किनभने हामी भाइहरूसँग प्रेम गर्छौं।
जसले प्रेम गर्दैन, त्यो मृत्युमा रहिरहन्छ।
१५ आफ्नो भाइसँग दुश्मनी गर्ने हरेक
हत्यारा हो, र कुनै हत्यारामा अनन्त
जीवन रहँदैन भन्ने तिमीहरूलाई थाहै छ।
१६ यसैमा हामीले प्रेम थाह पाउँछौं,
किनभने उहाँले हाम्रा निम्ति आफ्नो प्राण
अर्पण गर्नुभयो, र हामीले पनि हाम्रो
भाइको निम्ति आफ्नो प्राण अर्पण गर्नुपर्छ।
१७ तर संसारको सम्पत्ति हासिल गरेर पनि
कसैले आफ्नो भाइलाई साँचो परेको

देखेर त्यसमाथि आफ्नो दया देखाउँदैन
भनेता परमेश्वरको प्रेम त्यसमा कसरी
रहन्छ? १८ हे मेरा साना केटा-केटी
हो, वचन र मुखले मात्र हामी प्रेम
नगरौं, तर कामले साँचो प्रेम गरौं।
१९ यसैमा हामी जान्दछौं, कि हामी
सत्यका छौं, र जुन कुरामा हाम्रो हृदयले
हामीलाई दोष लाउँछ, त्यस विषयमा
हामीले हाम्रो हृदयलाई परमेश्वरको सामने
निश्चय गराऔं। २० किनभने परमेश्वर
हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ, र सबै
कुरा जान्नुहुन्छ। २१ हे प्रिय हो, हाम्रो
हृदयले हामीलाई दोष दिँदैन भनेता
हामीलाई परमेश्वरतर्फ साहस हुन्छ।
२२ औ हामी जे माग्छौं, सो उहाँबाट
पाउँछौं, किनभने हामीले उहाँका आज्ञा
पालन गर्छौं, र उहाँको दृष्टिमा मनपर्ने
कुराहरू गर्छौं। २३ औ उहाँको आज्ञा
यही हो, कि हामीले उहाँका पुत्र येशू
ख्रीष्टको नाउँमा विश्वास गर्नुपर्छ, र उहाँले
हामीलाई आज्ञा दिनुभएबमोजिम एउटाले
अर्कोलाई प्रेम गर्नुपर्छ। २४ औ जसले
उहाँका आज्ञाहरू पालन गर्छ, त्यो उहाँमा
र उहाँचाहिँ त्यसमा रहन्छ। यसैद्वारा
उहाँले हामीलाई दिनुभएका आत्माबाट
हामी जान्दछौं, कि उहाँ हामीमा
रहनुहुन्छ।

४ हे प्रिय हो, जुनसुकै आत्माको
पत्यार नगर, तर परमेश्वरबाटका
आत्माहरू हो कि होइन भनी जाँच गर।
किनभने धेरै झूटा अगमवक्ताहरू यस
संसारमा निस्किआएका छन्। २ यसैबाट
तिमीहरू परमेश्वरका आत्मालाई चिन्छौ,
हरेक आत्मा जसले येशू ख्रीष्ट शरीरमा
आउनुभएको हो भनी स्वीकार गर्छ, सो
परमेश्वरबाटका हुन्, ३ येशूलाई स्वीकार
नगर्ने हरेक आत्मा परमेश्वरबाटको होइन,
र यो ख्रीष्ट विरोधीको आत्मा हो, जसको
विषयमा, 'यो आउँछ' भन्ने तिमीहरूले
सुनेका छौ, र अहिले त्यो यस संसारमा
छँदै पनि छ।
४ हे मेरा साना केटा-केटी हो,
तिमीहरूचाहिँ परमेश्वरका हौ, र तिनी-
हरूमाथि विजयी भएका छौ। किनभने जो
तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा
महान् हुनुहुन्छ। ५ तिनीहरू संसारका
हुन्, यसकारण तिनीहरू संसारकै बात
बोल्छन्, र संसारले तिनीहरूका कुरा
सुन्छ। ६ हामी ता परमेश्वरबाटका हौं।
परमेश्वरलाई चिन्नेले हाम्रो कुरा सुन्छ,
र जो परमेश्वरको होइन, त्यसले हाम्रो
कुरा सुन्दैन। यसैबाट हामी सत्यको
आत्मा र भ्रमको आत्मालाई चिन्छौं।
७ हे प्रिय हो, हामी एउटाले अर्कोलाई
प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाटको हो।
प्रेम गर्ने हरेक परमेश्वरबाट जन्मेको हुन्छ, र
परमेश्वरलाई चिन्छ। ८ प्रेम नगर्नेले परमेश्वर-
लाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।
९ यसैमा परमेश्वरको प्रेम हामीमा प्रकट
भएको छ, कि हामी उहाँद्वारा जिऔं भन्ने
हेतुले परमेश्वरले आफ्ना एकले पुत्रलाई यस
संसारमा पठाउनुभयो। १० प्रेम यसैमा छ,
हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर
उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा
पापको प्रायश्चित हुनालाई उहाँका पुत्रलाई
पठाउनुभयो।
११ हे प्रिय हो, परमेश्वरले हामीलाई
यसरी प्रेम गर्नुभएपछि हामीले पनि एउटाले
अर्कोलाई प्रेम गर्नुपर्छ। १२ परमेश्वरलाई
कसैले कहिल्यै देखेको छैन। यदि हामीले
एउटाले अर्कोलाई प्रेम गर्‍यौं भने परमेश्वर
हामीमा रहनुहुन्छ, र उहाँको प्रेम हामीमा
सिद्ध भएको हुन्छ।
१३ हामी उहाँमा रहन्छौं, र उहाँ
हामीमा रहनुहुन्छ भन्ने हामी यसैबाट
जान्दछौं, किनभने उहाँले हामीलाई आफ्नो
आत्माबाट केही दिनुभएको छ। १४ औ

हामीले देखेका छौं, र गवाही दिन्छौं, कि
पिताले पुत्रलाई संसारका मुक्तिदाता हुनालाई
पठाउनुभएको छ। १५ जसले येशूलाई
परमेश्वरका पुत्र हो भनी स्वीकार गर्छ त्यसमा
परमेश्वर रहनुहुन्छ, र त्यो चाहिं परमेश्वरमा।
१६ औ हामीमा भएको परमेश्वरको प्रेम
हामी जान्दछौं, र पत्यार गर्दछौं। परमेश्वर
प्रेम हो, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा
रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ।
१७ इन्साफको दिनमा हामी निर्भय हौं
भनेरनै प्रेम हामीमा सिद्ध भएको छ, किन-
भने उहां जस्तो हुनुहुन्छ हामी पनि यस
संसारमा त्यस्तै छौं। १८ प्रेममा डर हुँदैन,
तर पूर्ण प्रेमले ता डरलाई हटाउँछ, किनभने
डरमा सजाय रहन्छ, र जो डराउँछ प्रेममा
पूर्ण भएको हुँदैन।

१९ हामी प्रेम गर्दछौं, किनभने पहिले
उहांले हामीलाई प्रेम गर्नुभयो। २० यदि
कसैले 'म परमेश्वरलाई प्रेम गर्छु, भन्छ र
आफ्नो भाइलाई घृणा गर्छ भने, त्यो झूटा
हो, किनकि आफूले देखेको आफ्नो भाइलाई
प्रेम नगर्नेले नदेखेको परमेश्वरलाई प्रेम
गर्नसक्तैन। २१ औ हामीले उहांबाट यो
आज्ञा पाएका छौं, कि परमेश्वरलाई जसले
प्रेम गर्छ त्यसले आफ्नो भाइलाई पनि प्रेम
गरोस्।

५ येशूलाई ख्रीष्ट हो भनी विश्वास गर्ने
हरेक परमेश्वरको बालक हो।
बाबुसँग प्रेम गर्ने हरेकले छोरालाई पनि प्रेम
गर्छ। २ जब हामी परमेश्वरलाई प्रेम गर्छौं
र उहांको आज्ञा पालन गर्छौं, तब यसैबाट
हामी थाह पाउँछौं, कि हामीले परमेश्वरका
सन्तानलाई पनि प्रेम गर्छौं। ३ किनभने
हामीले उहांका आज्ञा पालन गर्नुनै परमेश्वरप्रति
प्रेम हो, र उहांका आज्ञाहरू कडा छैनन्।
४ किनकि परमेश्वरबाट उत्पन्न भएकोले
संसारलाई विजय गर्छ, र संसारमाथि विजयी
हुने विजयचाहिं हाम्रो विश्वास हो।
५ येशूनै परमेश्वरका पुत्र हुनुहुन्छ भनी
विश्वास गर्नेबाहेक संसारमाथि विजयी हुने
अरू को हो र?

६ यहां उहांनै हुनुहुन्छ, जो पानी र
रगतद्वारा आउनुभयो, अर्थात् येशू ख्रीष्ट, जो
पानीले मात्र होइन, तर पानी र रगतले
आउनुभयो। ७ औ गवाही दिने ता
आत्मानै हुनुहुन्छ, किनभने आत्मा सत्य
हुनुहुन्छ। ८ किनभने गवाही दिनेहरू
तीनवटा छन्, अर्थात् आत्मा, पानी र रगत
र ती तीन एकै कुरामा सहमत छन्।
९ यदि हामी मानिसको गवाही ग्रहण गर्छौं
भने, परमेश्वरको गवाही झन् गहकिलो
छ, किनकि परमेश्वरको गवाही यही हो,
उहांले आफ्ना पुत्रको विषयमा गवाही
दिनुभएको छ। १० जसले परमेश्वरका
पुत्रमा विश्वास गर्छ, त्यसको आफैमा गवाही
हुन्छ, परमेश्वरमा विश्वास नगर्नेले उहांलाईनै
झूटा तुल्याएको हुन्छ, किनकि परमेश्वरले
आफ्नो पुत्रको विषयमा दिनुभएको गवाहीमा
त्यसले विश्वास गरेको हुँदैन। ११ औ
गवाहीचाहिं यही हो, कि परमेश्वरले हामी-
लाई अनन्त जीवन दिनुभयो, औ यो जीवन
उहांका पुत्रमा छ। १२ जससँग पुत्र
हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग
परमेश्वरको पुत्र हुनुहुन, त्यससँग जीवन
हुँदैन।

१३ यी कुरा मैले तिमीहरूलाई, अर्थात्
परमेश्वरको पुत्रको नाउँमा विश्वास गर्नेहरूलाई
लेखेको छु, कि तिमीहरूलाई अनन्त जीवन
छ भन्ने तिमीहरूले जान। १४ औ उहांमा
भएको हाम्रा हिम्मत यही हो, कि उहांको
इच्छाबमोजिम हामीले उहांसँग जे कुरा मागे
पनि उहांले हाम्रो बिन्ती सुन्नुहुन्छ।
१५ औ हामीले जे सुकै कुरा मागे पनि
उहांले सुन्नहुन्छ भन्ने हामीलाई थाह
भएपछि, उहांसँग मागेका कुरा हामीले
पाएका छौं भन्ने हामीलाई थाह हुन्छ।
१६ यदि कसैले आफ्नो भाइलाई पाप

गरेको देख्छ, तर यस्तो पाप जसको फल
मृत्यु ता होइन, त्यसले प्रार्थना गर्नेछ, र
परमेश्वरले त्यसलाई जीवन दिनुहुनेछ, अर्थात्
तिनीहरूलाई जसले मृत्युसम्मको पाप गरेको
छैनन्। मृत्युसम्मको पाप पनि हुन्छ, यसको
विषयमा त्यसले बिन्ती गरोस् भनी म भन्दिनँ।
१७ सबै अधर्म पाप हो, औ मृत्युसम्म
नपुराउने पाप पनि हुन्छ।

१८ परमेश्वरको बालकले पाप गर्दैन भन्ने
हामी जान्दछौं, तर परमेश्वरको बालकलाई
उहाँले बचाइ राख्नुहुन्छ, र दुष्टले त्यसलाई
छुँदैन।

१९ हामी जान्दछौं, कि हामी परमेश्वरका
हौं, र सारा संसार त्यस दुष्टको अधीनमा
परेको छ।

२० औ हामी जान्दछौं, कि परमेश्वरको
पुत्र आउनुभएको छ, र हामीलाई समझ
दिनुभएको छ, कि जो सत्यको हुनुहुन्छ
उहाँलाई हामी चिन्छौं, र हामी उहाँमै छौं,
जो सत्यको हुनुहुन्छ, अर्थात् उहाँको पुत्र
येशू ख्रीष्टमा। सत्यको परमेश्वर र अनन्त
जीवन उहाँनै हुनुहुन्छ।

२१ हे मेरा साना केटा-केटी हो,
मूर्तिहरूबाट जोगिएर बस।

यूहन्नाको
दोस्रो पत्र

१ म, धर्म-गुरुबाट, चुनिएकी महिला
र तिनका बालबच्चाहरूलाई,—जससँग म
साँचो प्रेम गर्दछु, र म मात्र होइन,
तर सत्यलाई चिन्ने सबैले पनि, २ त्यस
सत्यको खातिर जो हामीमा रहन्छ, र
हामीसँग सदा रहिरहने छ, ३ सत्य र
प्रेममा, परमेश्वर पिता र पिताका पुत्र
येशू ख्रीष्टबाट अनुग्रह, कृपा र शान्ति
हामीमा रहनेछ।

४ तिम्रा केटा-केटीहरूमध्ये कुनै कुनैलाई
हामीले पिताबाट पाएको आज्ञाबमोजिम
सत्यमा चलेको मैले भेट्टाएकोले म ज्यादै
आनन्दित छु। ५ औ अब, हे महिला म
तिमीलाई नयाँ आज्ञा होइन, तर हामीमा
शुरूदेखिनै भएको आज्ञा, हामी एउटाले
अर्कोसँग प्रेम गरौं भनी तिमीलाई बिन्ती
गर्छु। ६ औ उहाँका आज्ञाबमोजिम चल्नुनै
प्रेम हो। तिमीले शुरूदेखिनै सुनेको आज्ञा
यही हो, कि तिमीहरू यसैमा चल्नुपर्छ।

७ किनकि धेरै जना भ्रममा पार्नेहरू
संसारमा आएका छन्, जसले येशू ख्रीष्ट
शरीरमा आउनुभएको हो भनी स्वीकार
गर्दैनन्। भ्रममा पार्ने र ख्रीष्ट विरोधी यही
हो। ८ होशियार रहो, हामीले गरेका
कामको नतीजा गुमाउने होइन, तर पूरा
इनाम पाउने होओ।

९ अगाडि बढ्ने र ख्रीष्टको शिक्षामा
नरहनेसँग चाहिँ परमेश्वर रहनुहुन्न। जो
शिक्षामा रहन्छ, त्यससँग पिता र पुत्र दुवै
रहनुहुन्छ। १० यदि कोही तिमीकहाँ आएर

यही शिक्षा ल्याउँदैन भने त्यसलाई घरमा
स्वागत नगर्नू। त्यसलाई अभिवादन पनि नगर्नू।
११ किनकि त्यसलाई अभिवादन गर्ने ता
त्यसका दुष्ट कामहरूमा सहभागी हुन्छ।
१२ तिमीहरूलाई धेरै कुरा लेख्नुछ, तर
कागज र मसीले ती लेख्न म चाहन्नँ। तर
तिमीहरूको आनन्द पूरा होस् भनी म तिमी-
कहाँनै आउने र मुखामुख भएर कुरा गर्ने
आशा गर्छु।
१३ तिम्रो चुनिएकी बहिनीका छोरा-
छोरीहरूले तिमीहरूलाई सलाम भन्दछन्।

यूहन्नाको

तेस्रो पत्र

१ म, धर्म-गुरुबाट प्रिय गायसलाई,—
जसलाई म साँच्चै प्रेम गर्छु।
२ हे प्रिय, जसरी तिम्रो आत्माको उन्नति
भएको छ, त्यसरी सबै कुरामा तिम्रो उन्नति
होस्, र कुशल रह भनी म प्रार्थना गर्छु।
३ किनकि जस्तो तिमी सत्यमा चल्द पनि छौ,
त्यस्तै भाइहरू आएर तिम्रो सत्यताका गवाही
दिँदा म साह्रै आनन्दित भएँ। ४ मेरा
छोरा-छोरीहरू सत्यमा चलेका सुन्नभन्दा बढ्ता
आनन्द अरू मलाई हुँदैन।
५ हे प्रिय, जे जे तिमीले भाइहरू र
बिदेशी भाइहरूतर्फ पनि गर्छौ, सो बिश्वास
योग्यकै काम गर्छौ। ६ तिनीहरूले मण्डलीको
सामने तिम्रो प्रेमको गवाही दिन्छन्।
तिनीहरूलाई परमेश्वरको योग्य तुल्याईकन
अलि अगिसम्मै पुर्‍याइदिएता असल हुनेथियो।
७ किनभने अन्यजातिहरूबाट केही नलिएर
तिनीहरू त्यही नाउँको खातिर निस्केका हुन्।
८ यसकारण सत्यको सहकर्मी हुनालाई हामीले
त्यस्तालाई स्वागत गर्नैपर्छ।
९ मैले मण्डलीलाई केही लेखेथें, तर
तिमीहरूमा ठूलो हुनखोज्ने डियोत्रिफसले हामी-
लाई ग्रहण गर्दैनन्। १० यसकारण म आएँ
भने, त्यसले कुवचनले हाम्रा विरुद्ध बोलेर
गरेको औ त्यतिले पनि सन्तोष नभएर भाइ-
हरूलाई पनि ग्रहण नगरी, ग्रहण गर्ने इच्छा
गर्नेहरूलाई पनि रोकेर मण्डलीबाट निकालि-
दिएका कुराहरूको सम्झना म गराउनेछु।
११ हे प्रिय हो, खराबीको होइन, तर
भलाइको देखा-सिकी गर। जो भलो गर्दछ,
त्यो परमेश्वरको हो, जसले खराब गर्दछ त्यसले
परमेश्वरलाई देखेको छैन। १२ डेमेत्रियसको
निम्ति ता सबै मानिसले र सत्य आफैले पनि
गवाही दिएका छन्। हामी पनि गवाही दिन्छौं,
र तिमी जान्दछौ, कि हाम्रो गवाही सत्य छ।
१३ मैले धेरै कुराहरू लेख्नुपर्ने थियो, तर
मसी र कलमले तिमीलाई ती लेख्न चाहन्नँ।
१४ तर तिमीलाई चाँडै भेट्ने आशा गर्दछु,
र हामी साक्षात भेटेर कुरा गरौंला। तिमीलाई
शान्ति मिलोस्। मित्रहरूको तिमीलाई
सलाम। मित्रहरूलाई नाउँ लिएर सलाम
भनिदेऊ।

यहूदाको पत्र

१ येशू ख्रीष्टको दास, र याकूबको
भाइ यहूदाबाट, पिता परमेश्वरमा प्रिय
मानिएका र येशू ख्रीष्टको निम्ति सुरक्षित
भएकाहरूलाई—२ तिमीहरूलाई कृपा होस्, औ
शान्ति र प्रेमको वृद्धि होस्।
३ हे प्रिय हो, तिमीहरूलाई हाम्रो
सहभागी भएको उद्धारको विषयमा लेख्ना-
लाई मैले हर तरहले प्रयत्न गर्दै थिए, तर
पवित्र जनहरूलाई सधैँको निम्ति दिएको त्यो
विश्वासको निम्ति उत्कटसाथ कम्मर कस
भनेर हो। तिमीहरूलाई यस कुराको अर्ती
दिएर लेख्न मलाई आवश्यक पर्‍यो।
४ किनकि कुनै कुनै मानिसहरू गुप्त रूपले
भित्र घुसेका छन्, जो प्राचीन कालदेखि त्यसै
दण्डको निम्ति ठहरिएका अधर्मी मानिसहरू
हुन्, जसले हाम्रा परमेश्वरको अनुग्रहलाई
कुच्च्याईंमा फिराएर हाम्रा अद्वितीय स्वामी
र प्रभु, येशू ख्रीष्टलाई अस्वीकार गर्छन्।
५ तिमीहरूले यी सब कुराहरू सधैँभरिको
निम्ति जानेकै छौ, तापनि अहिले म
यी तिमीहरूको सम्झनामा ल्याउनचाहन्छु,
कि प्रभुले मिश्र देशदेखि जोगाएर ल्याउनु-
भएका मानिसहरूमध्ये कसरी पछिबाट विश्वास
नगर्नेहरू जतिलाई नष्ट पार्नुभयो। ६ औ
आफ्नो मर्यादामा नरहने, तर आफ्ना
घर-बार छोड्ने स्वर्गदूतहरूलाई उहाँले
आखिरी दिनको इन्साफको लागि अन्धकार-
मनि अनन्त बन्धनमा राख्नुभएको छ।
७ जसरी सदोम र गमोरा, औ तिनका
आसपासका शहरहरू, जो यिनीहरू जस्तै
व्यभिचारमा परेर बिरानो शरीरको पछि
लागेका थिए, आगोको अनन्त दण्डमा
परेर उदाहरणजस्तै भएका छन्।
८ फेरि त्यस्तैगरी यी सपना देख्नेहरू
आफ्ना शरीरलाई अशुद्ध तुल्याउँछन्,
प्रभुत्वलाई तुच्छ ठान्छन्, उच्च पदाधिकारी-
हरूको निन्दा गर्छन्। ९ तर प्रधान
दूत माइकलले मोशाको लाशको विषयमा
शैतानसँग विवाद गर्दा त्यसमाथि निन्दित
दोष लाउन साहस नगरी, 'तँलाई प्रभुले
हप्काउनुहुन्छ' भनेथे। १० तर यिनीहरू ता
आफूले जान्दै नजानेका कुराहरूमा निन्दा
गर्छन्, र निर्बुद्धि पशुहरूले झैं स्वाभाविले
बुझ्ने कुराहरूमा चाहिं नष्ट भएर जान्छन्।
११ तिनीहरूलाई धिक्कार छ! किनकि
तिनीहरू कयिनको मार्गमा हिंडे, र ज्यालाको
निम्ति बालामको गल्तीमा लालचसाथ फँसे,
र विरोधमा कोरहजस्तै नष्ट भए।
१२ यीचाहिं तिमीहरूका प्रीति-भोजमा खान
बस्ने कलङ्कहरू हुन्। निष्फिक्रीसँग आफ्नै
पेट भर्ने गोठालाहरू, बतासले उडाएर लैजाने
पानी नभएका बादल, औ फल नभएका,
दुइचोटि मरेका, जरैसमेत उखलिएका
हेमन्तका रूखहरू यिनै हुन्। १३ यिनीहरू
ता आफ्नै शर्मको फींज काट्ने समुद्रको
प्रचण्ड छाल हुन्, डुल्वा ताराहरू, जसका
निम्ति घोर अन्धकार सदाको लागि
साँचिराखेको छ।
१४ यिनीहरूकै निम्ति हनोकले
पनि, जो आदमदेखि सात पुस्तामनिका
थिए, यस्तो अगमवाणी कहेका थिए, 'हेर
परमप्रभु आफ्ना हजारौं पवित्र जनहरूका
साथमा सबैको इन्साफ गर्नालाई, १५ र
सबै अधर्मीहरूमाथि तिनीहरूले अधर्मसँग

गरेका तिनीहरूका सबै अधर्मी कामहरूका
विषयमा, र अधर्मी पापीहरूले उहाँका
विरुद्धमा बोलेका सबै कठोर कुराहरूको
दोष प्रकट गर्नालाई आउनुभयो।'
१६ फतफताउनेहरू, आफ्नै भाग्यलाई
दोष लाउनेहरू, आफ्ना कुइच्छाअनुसार
हिँड्नेहरू, (तिनका मुखले अति दिमागी
कुरा बोल्छन्) लाभको खातिर मानिसको
पक्षपात गर्नेहरू यिनै हुन्।
१७ तर हे प्रिय हो, तिमीहरूले चाहिँ
हाम्रा प्रभु येशू ख्रीष्टको प्रेरितहरूले
अघाड़िदेखिनै भनेका कुराहरू सम्झ,
१८ कसरी तिनीहरूले तिमीहरूलाई भनेका
थिए, 'आखिरी बेलामा आफ्ना भक्तिहीन
कुइच्छामा चल्ने र गिल्ला गर्नेहरू हुनेछन्।'
१९ फूट गराउने, आत्मा नभएका
विलासीहरू यिनै हुन्। २० तर हे प्रिय
हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र
विश्वासमा आफ्नो उन्नति गर्दै, पवित्र
आत्मामा प्रार्थना गरी, २१ अनन्त जीवनको
निम्ति हाम्रा प्रभु येशू ख्रीष्टको कृपाको
आशा राखी, तिमीहरू आफैलाई परमेश्वरको
प्रेममा राखिछोड।
२२ औ दुविधामा हुनेहरूलाई दया
गर। २३ औ कसै कसैलाई आगोबाट
गाँजेर बचाओ, र कसै कसैलाई ता डर
राखेर दया गर। शरीरबाट कलङ्कित भएका
वस्त्रलाई पनि घृणा गर।
२४ अब उहाँलाई, जसले तिमीहरूलाई
लोट्नबाट रक्षा गर्न, र उहाँको महिमाको
सामने तिमीहरूलाई अति आनन्दसाथ
निष्कलङ्क खड़ा गराउनसक्नुहुन्छ, २५ अर्थात्
हाम्रा अद्वितीय परमेश्वर मुक्तिदातालाई,
हाम्रा प्रभु येशू ख्रीष्टद्वारा, महिमा, वैभव,
पराक्रम र शक्ति सनातनदेखि अहिले र
सदा सर्वदासम्म होस्। आमेन।

यूहन्नालाई भएको प्रकाश

१ येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले
चाँडै अवश्य हुनआउने कुरो के हो,
त्यो आफ्ना दासहरूलाई देखाउनालाई,
उहाँलाई दिनुभयो, र उहाँले आफ्नो
दूतद्वारा आफ्ना सेवक यूहन्नाकहाँ पठाएर
थाह गराउनुभयो। २ तिनले परमेश्वरको
वचन र येशू ख्रीष्टको साक्षी, अर्थात् तिनले
देखेका सबै कुराहरूको गवाही दिए।
३ जसले यो अगमवाणीका वचनहरू पढ्छ,
र जस जसले सुन्छन्, र त्यसमा लेखिएका
कुराहरू पालन गर्छन्, तिनीहरू धन्यका
हुन्, किनभने समय नजीकै छ।
४ यूहन्नाबाट एशियामा भएका सातैवटा
मण्डलीलाई—उहाँबाट, जो हुनुहुन्छ, हुनु-
हुन्थ्यो र हुनआउनुहुनेछ, उहाँको सिंहासनको
सामने भएका सातै आत्माहरूबाट, ५ औ
विश्वासयोग्य साक्षी, मरेकाबाट बिउँतनेहरूमध्ये
ज्येष्ठ र पृथ्वीका राजाहरूका मालिक, येशू
ख्रीष्टबाट, तिमीहरूलाई अनुग्रह र शान्ति।
हामीलाई प्रेम गर्नहुने, र आफ्नो रगतले
हाम्रा पापबाट हामीलाई छुड़ाउनुहुने, ६ र
हामीलाई एउटा राज्य र उहाँका पिता
परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई
महिमा र पराक्रम सदा सर्वदा होस्।
आमिन।
७ हेर, उहाँ बादलहरूका साथमा
आउनुहुन्छ, र हरेक आँखाले र उहाँलाई
छेड्नेहरूले उहाँलाई देख्नेछन्, औ पृथ्वीका
सबै कुलहरूले उहाँको निम्ति विलौना
गर्नेछन्। यसै होस्। आमिन।
८ 'अल्फा र ओमेगा मै हुँ,' सर्व-
शक्तिमान प्रभु परमेश्वर भन्नुहुन्छ, जो
हुनुहुन्छ जो हुनुहुन्थ्यो र जो हुनआउनु-
हुनेछ।
९ म यूहन्ना, तिमीहरूको भाइ, जो
तिमीहरूका साथसाथै येशूमा भएका कष्ट,
राज्य र धीरजमा सह-भागी छु, परमेश्वरको
वचन र येशू ख्रीष्टको साक्षीको निम्ति
पत्मोस नाउँको टापूमा थिएँ। १० प्रभुको
दिनमा म आत्मामा थिएँ, र तुरहीको
जस्तो यसो भन्ने एउटा ठूलो आवाज
मेरो पछाड़ि मैले सुनें, ११ 'तिमी जे
देख्तछौ एउटा पुस्तकमा लेख, र सातैवटा
मण्डलीहरू अर्थात् एफिसस, स्मूर्ना, पर्गामम,
थिआटायरा, सार्डिस, फिलाडेल्फिया र
लाओडिसियामा यो पठाऊ।

मानिसको पुत्रको दर्शन

१२ मसँग बोल्नेलाई हेरौं भनेर
म फर्कें। औ फर्केर हेर्दा सातवटा सुनका
सामदान, १३ र सामदानको माझमा
मानिसका पुत्रजस्तै पाउसम्मै पोशाक लगाउनु-
भएको र छातीमा सुनौला चौड़ा तेर्सो फित्ता
बाँध्नुभएको एक जनालाई मैले देखें।
१४ उहाँको शिर र केश सेता ऊन, र
हिउँजस्तै सेता थिए, र उहाँका नजरहरू
आगोका ज्वालाजस्तै थिए, १५ उहाँका
पाउहरू आरानमा खारेर टल्काइराखेका
पीतलजस्ता थिए, र उहाँको सोर चाहिं
धेरै पानीहरूको आवाजजस्तै थियो।
१६ उहाँको दाहिने बाहुलीमा सातवटा
ताराहरू थिए, र उहाँको मुखबाट धारिलो
दुइ-धारे तरवार निस्केको थियो। उहाँको

चेहरा चाहिं पूरा शक्तिसँग चम्केको
सूर्यजस्तै थियो। १७ जब मैले उहाँलाई
देखें तब मरेतुल्य भएर म उहाँका पाउमा
घोप्टें। औ उहाँले आफ्नो दाहिने बाहुली
यसो भनेर ममाथि राख्नुभयो, 'नडराऊ,
आदि र अन्त, १८ औ जीवित चाहिं मैं
हुँ। म मरेको थिएँ, हेर, म सधैंको
निम्ति जीवित छु, औ मृत्यु र पातालका
साँचाहरू मसँग छन्। १९ यसकारण तिमीले
देखेका कुराहरू, भएका कुराहरू, र यसपछि
हुनआउने कुराहरू, २० मेरो दाहिने
हातमा तिमीले देखेका थी सात तारा
र सुनका थी सात सामदानको रहस्य
लेख। सात तारा सात मण्डलीका दूतहरू
र सातवटा सामदानचाहिं सात मण्डली
हुन्।'

एफिससको मण्डली

२ एफिससमा भएको मण्डलीका दूतलाई
लेख।

यी कुरा सातवटा तारा आफ्नो दाहिने
हातमा लिने, र सातवटा सामदानका
बीचमा हिंड्नेले भन्दछ। २ तिम्रो काम,
तिम्रो परिश्रम, र धीरज, र तिमीले खराब
मानिसहरूलाई सहनसक्तैनौ भन्ने र प्रेरित हुँ
भनेर हिंड्ने तर ती होइनन्, त्यस्तालाई परीक्षा
गरेर झूटा साबित गर्‍यौ भन्ने, मलाई थाह
छ। ३ औ तिमीमा धैर्य छ, र मेरो नाउँको
खातिर सहनसक्यौ, र थकित भएनौ भन्ने
मलाई थाह छ। ४ तर तिम्रो विरुद्धमा
मसँग यो कुरो छ, कि तिमीले तिम्रो
पहिला प्रेम छोड़िदिएका छौ। ५ यसकारण
कहाँबाट तिमी पतित भएका हौ, सो सम्झ,
र पश्चाताप गर, अनि पहिलाचाहिं काम
गर, नत्रता म तिमीकहाँ आएर, तिमीले
पश्चताप गरेनौ भने, तिम्रो सामदान
त्यसको ठाउँबाट हटाउनेछु। ६ तर तिमीमा
यो कुरो ता छ, कि तिमीले निकोलाइटनहरूका
कामलाई घृणा गर्छौ, जो म पनि
गर्दछु।

७ जसको कान छ, त्यसले सुनोस्,
आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ।
जसले जित्छ, त्यसलाई परमेश्वरको स्वर्गमा
भएको जीवनको रूखको फल म खान
दिनेछु।

स्मर्नाको मण्डली

८ अनि स्मर्नामा भएको मण्डलीका
दूतलाई लेख।

यी कुरा आदि र अन्तले भन्दछ, जो
मरेको थियो, तर जीवित भएको छ।
९ तिम्रो कष्ट, र तिम्रो दरिद्रता (तर
तिमी ता धनी छौ), र यहूदी हुँ भनेर
हिंड्ने, तर ती त्यस्ताहरू होइनन्, तर
शैतानको सभाका भएका, तिनीहरूको निन्दा
मलाई थाह छ। १० तिमीले कष्ट भोग्न
लागेका कुराहरूसँग नडराऊ, हेर, तिमीहरू
परीक्षामा पर भनेर शैतानले तिमीहरूमध्ये
कुनै कुनैलाई कैदमा हाल्नआँटेको छ, र
तिमीहरूलाई दशै दिन कष्ट हुनेछ।
तिमी मृत्युसम्मै विश्वासी होऊ, र म
तिमीलाई जीवनको मुकुट दिनेछु।
११ जसको कान छ, त्यसले सुनोस्,
आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ।
जसले जित्छ, त्यसलाई दोस्रो मृत्युबाट केही
हानि हुनेछैन।

पर्गामसको मण्डली

१२ अनि पर्गामसमा भएको मण्डलीका
दूतलाई लेख।

यी कुरा धारिलो दुइ-धारे तरबार
भएकोले भन्दछ। १३ तिमी कहाँ रहन्छौ?
अर्थात् शैतानको सिंहासन भएकै ठाउँमा
भन्ने म जान्दछु, औ तिमीले मेरो नाउँ
स्थिर गराएर मेरो गवाही, मेरो विश्वासी

जन एन्टिपासको दिनमा पनि, ममाथिको
विश्वास इन्कार गरेनौ। तिनी तिमीहरूकै
बीचमा मारिए, जहाँ शैतान बास गर्छ।
१४ तर तिमीहरूका विरुद्धमा मसँग केही
कुराहरू छन्, किनभने तिमीकहाँ त्यहाँ
बालामको शिक्षा ग्रहण गर्ने कोही कोही
छन्, जसले इस्राएलीहरूको सामुने
ठेस लाग्ने ठेउको राखिदिनालाई मूर्तिलाई
चढ़ाएका कुराहरू खान र व्यभिचार गर्न
बालाकलाई सिकाएको थियो। १५ यसरी
तिमीकहाँ कोही कोही निकोलाइटनहरूका
शिक्षा त्यही किसिमले ग्रहण गर्नेहरू पनि
छन्। १६ यसकारण पश्चाताप गर, नत्रता
म तिमीकहाँ छिट्टै आउँछु, र मेरो मुखको
तरवारले तिनीहरूसँग लडाइँ गर्नेछु।
१७ जसको कान छ, त्यसले सुनोस्,
आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ।
जसले जित्छ, त्यसलाई गुप्तमा रहेको मन्न
दिनेछु, र म उसलाई एउटा सेतो पत्थर
दिनेछु, त्यस पत्थरमा एउटा नयाँ नाउँ
लेखिएको हुन्छ, जो पाउनेले बाहेक अरू
कसैले जान्दैन।

थिआटायराको मण्डली

१८ अनि थिआटायरामा भएको मण्डलीका
दूतलाई लेख।

यी कुरा आगोका ज्वालाजस्ता आँखा
भएका टल्काइराखेको पीतल जस्तो खुट्टा
भएका, परमेश्वरको पुत्रले भन्दछ।
१९ तिम्रा कामहरू, तिम्रो प्रेम र विश्वास,
सेवा र धीरज, मलाई थाह छ, तिम्रा
पछाडिका काम अघाडिका भन्दा बढ़ता
छन्। २० तर तिम्रो विरुद्धमा मसँग यो
कुरो छ, कि आफैंले आफैंलाई अगमवादिनी
हुँ भन्ने स्त्री जिजेबेललाई तिमी रहन
दिन्छौ, औ त्यसले मेरा दासहरूलाई
व्यभिचार गर्न, र मूर्तिलाई चढ़ाएका कुराहरू
खान सिकाएर फकाउँछे। २१ औ मैले
त्यसलाई पश्चाताप गर्ने समय दिएँ, तर
त्यसले आफ्नो व्याभिचारको पश्चाताप गर्न
इच्छा गर्दिन। २२ हेर, म त्यसलाई
एउटा ओछ्यानमा र त्यससँग व्यभिचार
गर्नेहरूलाई चाहिं, तिनीहरूले त्यसका काम-
हरूको पश्चाताप गर्दैनन् भनेता ठूलो सङ्कष्टमा
फालिदिन्छु। २३ औ म त्यसका बालक-
हरूलाई रुढ़ीले मार्नेछु, र सबै मण्डलीहरूले
थाह पाउनेछन्, कि म उही हुँ, जसले
सबैको मन र हृदय खोतल्छ, र म तिमीहरू
हरेकलाई तिमीहरूका कामअनुसारै दिनेछु।
२४ तर तिमी थिआटायरामा भएका अरू
बाँकीलाई, जस जसले यो शिक्षा ग्रहण
गरेका छैनन्, तिनीहरूले भनेझैं, जसले
शैतानको विषय गहीरा गहीरा कुराहरू
जान्दैनन्, तिनीहरूलाई म भन्दछु, म
तिमीहरूमाथि अरू कुनै बोझ पार्दिनँ।
२५ त्यसो भए तापनि, जो तिमीहरूसँग छ,
म नफर्कुंजेल्ल त्यसलाई थामिराख। २६ औ
जसले जित्छ, र मेरा कामहरूलाई आखिर-
सम्म कायम राख्छ, त्यसलाई म जाति
जातिमाथि अख्तियार दिनेछु, २७ र त्यसले
फलामको डण्डाले कुमालेका भाँडाहरू टुक्रा
टुक्रा पारेर फोरेझैं तिनीहरूलाई शासन
गर्नेछ, जसरी मैले पनि मेरा पिताबाट पाएको
छु। २८ औ म त्यसलाई बिहानको तारा
दिनेछु। २९ जसको कान छ, त्यसले
सुनोस्, आत्माले मण्डलीहरूलाई के
भन्नुहुन्छ।

सार्डिसको मण्डली

३ सार्डिसमा भएको मण्डलीका
दूतलाई लेख।

यी कुरा परमेश्वरका सात आत्मा, र
सात तारा हुनेले भन्छ, तिम्रो काम
मलाई थाह छ। तिमी जीवित छौ भन्ने
नाउँ ता छ, तर मरेका छौ। २ तिमी
जागा रहने गर, र मर्न लागेका तर बाँकी

रहेका कुराहरूलाई पक्का गर। किनकि मैले
तिम्रो कुनै काम पनि मेरा परमेश्वरको
सामने पूरा भएको भेट्टाएको छैनँ।
३ यसकारण तिमीले कसरी यो पायौ र
सुन्यौ सो सम्झ। त्यसलाई पालन गर,
पश्चाताप गर। यसकारण यदि तिमी जागा
रहेनौ भनेता म चोरजस्तै गरी आउनेछु,
र म कुन घडी तिमीकहाँ आउनेछु
सो तिमीले थाह पाउनेछैनौ। ४ तर
सार्डिसमा कति व्यक्ति छन्, जसले
आफ्ना लुगा बिटुलेका छैनन्। तिनीहरू
मसँग सेता लुगा लगाएर हिंड्नेछन्।
५ किनकि तिनीहरू योग्यका छन्।
जसले जित्छ, त्यसलाई यसरी सेता
लुगा पहिराइदिन्छु, र म कुनै रीतिले पनि
त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिदिनेछैनँ।
म त्यसको नाउँ मेरा पिताको सामने र
उहाँका दूतहरूका सामने स्वीकार गर्नेछु।
६ जसको कान छ, त्यसले सुनोस्,
आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ।

फिलाडेल्फियाको मण्डली

७ फिलाडेल्फियामा भएको मण्डलीका
दूतलाई लेख।
यी कुरा त्यसले भन्दछ, जो पवित्र छ,
जो सत्य छ, जससँग दाऊदको साँचो छ,
जसले खोल्छ, तर कसैले थुन्नेछैनँ, र जसले
थुन्नेछ, तर कसैले खोल्नेछैन। ८ मलाई
तिम्रा कामहरू थाह छ, (हेर, मैले तिम्रो सामने
ढोका खुला राखिदिएको छु, जो कसैले
थुन्नसक्तैन)। तिमीसँग थोरै शक्ति छ। औ
मेरो वचन पालन गरेका छौ, र मेरो नाउँ
इन्कार गरेका छैनौ। ९ हेर, ती यहूदी
हौं भन्ने, तर तिनीहरू त्यसो नभई झूटा
बोल्नेहरूलाई म शैतानको सभा दिनेछु। हेर,
म तिनीहरूलाई तिमीकहाँ आएर तिम्रा
खुट्टाका सामने ढोगी दिने, र मैले
तिमीलाई प्रेम गर्दछु भन्ने थाह पाउने
तुल्याउनेछु। १० किनभने तिमीले मेरा
धैर्यको वचन पालन गरेका हुनाले पनि
तिमीलाई परीक्षाको समयबाट जोगाउनेछु।
त्यो समय, जो यस पृथ्वीमाथि बस्नेलाई
परीक्षा गर्नालाई सारा संसारमा आउनेभएको
छ। ११ म चाँडै आउँछु। तिमीसँग
भएकोलाई राखिछोड, र तिम्रो मुकुट कसैले
लिन नपाओस्। १२ जसले जित्छ, त्यसलाई
म मेरा परमेश्वरका मन्दिरका खामा तुल्याउनेछु।
र त्यो त्यसबाट फेरि बाहिर निस्कनेछैन।
औ म त्यसमाथि मेरा परमेश्वरको नाउँ र
मेरा परमेश्वरबाट स्वर्गदेखि तल आउने
नयाँ यरूशलेम र मेरो आफ्नै नयाँ नाउँ
लेखिदिनेछु। १३ जसको कान छ, त्यसले
सुनोस्, आत्माले मण्डलीहरूलाई के
भन्नुहुन्छ।

लाओडिसियाको मण्डली

१४ अनि लाओडिसियामा भएको
मण्डलीका दूतलाई लेख।
यी कुरा विश्वासयोग्य र साँचो साक्षी,
परमेश्वरको सृष्टिको शुद्ध, आमिनले भन्नुहुन्छ।
१५ मलाई तिम्रा कामहरू थाह छ। तिमी
नता चीसो छौ, न तातो, कि चीसो कि
तातो भएता हुनेथियो! १६ तिमी नता
तातो न चीसो, तर मनतातो भएका हुनालेनै
मेरो मुखबाट म तिमीलाई थुकिदिनेछु।
१७ 'म धनी छु, र मसँग धन-सम्पत्ति
छन्, र मलाई केही कुराको खाँचो
छैन' भनी तिमीले भनेको हुनाले, र
तिमी दुःखी, अभागी, गरीब, अन्धा र नाङ्गो
छौ भन्ने तिमीले थाह नपाएको हुनाले
१८ तिमी धनी हुनालाई आगोमा शुद्ध
पारेको सुन, र तिम्रो त्यही नग्नताको शर्म
नदेखिओस् भनेर तिमीले लाउनालाई सेता
लुगा, र तिमीले देख्नालाई तिम्रा
आँखामा लाउन भनी गाजल मबाट
किन्नालाई म सल्लाह दिन्छु। १९ जतिलाई

म माया गर्छु म हप्काउँछु,। र चेताउँछु,
यसकारण जोशिलो होऊ, र पश्चाताप गर।
२० हेर, म ढोकामा उभिएर घचघच्याउँछु,
कसैले मेरो सोर सुनेर ढोका खोलिदियो
भने, म त्यसकहाँ भित्र आउनेछु,
र त्यससँग भोज खानेछु, र त्यसले मसँग
खानेछ। २१ जसले जित्छ, त्यसलाई म
मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी
मैंले पनि जिते, र मेरा पितासँग उहाँको
सिंहासनमा बसेको छु। २२ जसको सुन्ने
कान छ, त्यसले सुनोस्, आत्माले मण्डली-
हरूलाई के भन्नुहुन्छ।

४ यी कुरापछि मैले हेरें, र हेर,
स्वर्गमा एउटा खुला ढोका देखें, औ
मसँग बोलिरहेको पहिलो आवाज तुरहीको
सोर जस्तो यसो भनेको मैंले सुनें, 'यतामाथि
आऊ, र अब यसपछि हुनआउने कुराहरू म
तिमीलाई देखाउनेछु। २ म तुरुन्तै
आत्मामा भएँ, र हेर, स्वर्गमा एउटा सिंहासन
राखेको थियो, र त्यस सिंहासनमा कोही एक
जना विराजमान हुनुभएको थियो। ३ औ
त्यसमाथि बस्नुहुने जो हो, सो हेर्दा स्फटिक
र साडियस मणि जस्तै देखिनुहुन्थ्यो, र
सिंहासनको वरिपरि हेर्दाखेरि पन्ना जस्तो
इन्द्रेनी थियो।
४ औ सिंहासनको वरिपरि चौबीसवटा
सिंहासनहरू थिए; र शिरमा सुनका मुकुटहरू
र सेता पोसाकहरू पहिरेका चौबीस जना
धर्म-गुरुहरू ती सिंहासनहरूमा मैले देखें।
५ औ त्यस सिंहासनबाट बिजुलीहरू,
आवाजहरू र गर्जनहरू निस्केर आउँथे। औ
त्यस सिंहासनको सामने आगोका सातवटा
बत्तीहरू बलिरहेका थिए, जो परमेश्वरका
सात आत्मा हुन्, ६ औ त्यस सिंहासनको
अगाड़ि बिल्लोरजस्तै ऐनाको समुद्र भएझैं
थियो। अगाड़ि र पछाड़ि जम्मै आँखै
आँखा भएका चारवटा जीवित जीवातहरू
सिंहासनको बीचमा र वरिपरि थिए। ७ औ
पहिलो जीवात सिंह जस्तै थियो, र दोस्रो
जीवात बहरजस्तै, र तेस्रो जीवातको मुख
मानिसको जस्तो थियो, र चौथो जीवात
उड़िरहेको गरुड़ जस्तो थियो। ८ औ ती
चारवटा जीवातहरूका छ छवटा पखेटा
भएका वरिपरि र भित्रपट्टिसमेत जम्मै
आँखाहरूले भरिएका थिए, र तिनीहरूलाई
रातदिन 'पवित्र, पवित्र, पवित्र, प्रभु परमेश्वर
सर्वशक्तिमान हुनुहुन्छ, जो हुनुहुन्थ्यो,
हुनुहुन्छ र हुनआउनुहुनेछ,' यसो भन्नबाहेक
फुर्सतै थिएन।
९ औ जब ती जीवित जीवातहरूले
त्यस सिंहासनमा र सदा सर्वदा विराजमान
हुनुहुनेलाई महिमा र आदर र धन्यवाद
चढ़ाउँछन्, १० तब ती चौबीस जना
धर्म-गुरुहरू सिंहासनमा विराजमान हुनुहुनेका
सामने घोप्टो पर्दछन्, र सदा सर्वदा जीवित
रहनुहुनेलाई दण्डवत् गर्छन्, र तिनीहरूका
आफ्ना आफ्ना मुकुट सिंहासनको सामने यसो
भनेर राख्छन्, ११ 'हे हाम्रा प्रभु र परमेश्वर,
तपाईं महिमा, आदर र शक्ति ग्रहण गर्न
योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंलेनै
सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम
ती भए, र सृजिए।'

परमेश्वरको थुमाको दर्शन

५ अनि सिंहासनमा विराजमान हुनु-
हुनेको दाहिने बाहुलीमा भित्र र
बाहिरपट्टि लेखिएको एउटा पुस्तक मैले देखें,
त्यसमा सातवटा छापले छाप लाएको थियो।
२ औ एउटा बलवान स्वर्गदूतलाई ठूलो
सोरले यसो भनिरहेको मैले देखें, 'त्यो पुस्तक
खोल्न, र त्यसका छापहरू फुकाल्नसक्ने को
छ?' ३ औ स्वर्गमा, अथवा पृथ्वीमा,
अथवा पृथ्वीमनि त्यस पुस्तकको छाप खोल्ने
अथवा त्यसमा हेर्नसक्ने कोही थिएन।
४ औ कोही पनि त्यो पुस्तक खोल्न अथवा
त्यसमा हेर्ने योग्यको नपाइएका हुनाले म

खुबै रोएँ। ५ औ धर्म-गुरुहरूमध्ये एउटाले
मलाई भने, 'नरोऊ, हेर, त्यो सिंह, जो
यहूदाका कुलका हुन्, दाऊदका मूल, त्यो
पुस्तक र ती सातवटा छापहरू खोल्नालाई
विजयी हुनुभएको छ।'
६ औ मैले त्यो सिंहासन र ती चार
जीवित जीवातहरू, र धर्म-गुरुहरूका बीचमा
उभिरहेका मारिएको एउटा थुमाजस्तैलाई देखें,
जसका सीङ, र सात आँखा थिए, जो सारा
पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा
हरू हुन्। ७ औ उहाँ आउनुभयो, र
सिंहासनमा विराजमान हुनेका दाहिने
बाहुलीबाट त्यो लिनुभयो। ८ औ जब
उहाँले त्यो पुस्तक लिनुभयो, तब ती
चारवटा जीवित जीवात र चौबीसै धर्मगुरु-
हरू, ती थुमाका सामने घोप्टो परे,
प्रत्येकसित वीणा र धूपले भरिएका सुनका
पात्रहरू थिए, जो भक्त जनहरूका प्रार्थना
हुन्। ९ अनि तिनीहरूले यसो भन्ने
एउटा नयाँ गीत गाए, 'तपाईं त्यो पुस्तक
लिने र त्यसका छाप खोल्ने योग्यको
हुनुहुन्छ, किनभने तपाईं मारिनुभएको थियो,
र तपाईंले आफ्नै रगतले हरेक कुल,
भाषा, मानिस र जातिलाई हाम्रा परमेश्वरको
निम्ति किन्नुभयो, १० औ तिनीहरूलाई
हाम्रा परमेश्वरको निम्ति राज्य र पूजाहारी
हुने तुल्याउनुभयो, तिनीहरूले पृथ्वीमाथि
राज्य गर्छन्।'
११ औ मैले हेरें, र सिंहासन र जीवित
जीवातहरू र धर्म-गुरुहरूका वरिपरि धेरै
स्वर्गदूतहरूका आवाज सुनें, औ तिनीहरूका
संख्या हजारौं, लाखौं र करोडौंको थियो।
१२ तिनीहरू ठूलो सोरले यसो भन्दथिए,
'मारिएका थुमाचाहिँ, शक्ति, धन, ज्ञान बल,
आदर, महिमा र धन्यवाद ग्रहण गर्ने योग्यको
हुनुहुन्छ।' १३ औ स्वर्गमा, पृथ्वीमा,
पृथ्वीमनि र समुद्रमा हुने सृजिएका जुनसुकै
थोकले पनि, र तिनमा भएका जुनसुकैले
पनि यसो भनिरहेका मैले सुनें, 'सिंहासनमा
विराजमान हुनुहुने र थुमालाई धन्यवाद,
आदर, महिमा र राज्य सदा सर्वदा होस्।'
१४ औ ती चारै जीवित जीवातले भने,
'आमिन।' औ घोप्टो परेर ती धर्म-गुरुहरूले
दण्डवत् गरे।

छापहरू फुकाउनुभएका

६ अनि जब थुमाले ती सातमध्ये
एउटा छाप खोल्नुभयो, तब मैले
हेरें, र ती चारमध्येका एउटा जीवित
जीवातले गर्जनको आवाजजस्तै 'आऊ' भनेको
मैले सुनें। २ औ मैले हेरें, र सेतो
घोड़ा र त्यसमाथि बस्नेले एउटा धनु लिएको
मैले देखें, र तिनलाई एउटा मुकुट पनि
दिइयो, औ तिनी विजय गर्दै र विजय
गर्नालाई निस्के।
३ औ जब उहाँले दोस्रो छाप
खोल्नुभयो, तब दोस्रो जीवित जीवातले मलाई
'आऊ' भनेको मैले सुनें। ४ औ अर्को
एउटा उज्ज्वल रातो घोड़ा निस्केर आयो,
र एउटाले अर्कोलाई काटमार गराई
पृथ्वीबाट शान्ति हरण गर्ने अख्तियार त्यस
घोड़ामाथि चढ़नेलाई दिइयो, र तिनलाई
एउटा ठूलो तरवार दिइयो।
५ औ जब उहाँले तेस्रो छाप खोल्नु-
भयो, तब तेस्रो चाहिँ जीवित जीवातले
'आऊ' भनेको मैले सुनें। औ मैले हेरें, र
एउटा कालो घोड़ा देखें, र त्यसमाथि
बस्नेको हातमा एउटा तराजु थियो। ६ औ
मैले ती चार जीवित जीवातको बीचमा
एउटा यसो भन्ने आवाज सुनें, 'एक
दिनारको एक क्रोनिक्स गहुँ, र एकदिनारको
तीन क्रोनिक्स जौ, औ तेल र दाखमद्यलाई
चाहिँ हानि नगर्नू।'
७ औ जब उहाँले चौथो छाप खोल्नु-
भयो, तब चौथो जीवित जीवातले 'आऊ'
भनेको मैले सुनें। ८ औ मैले हेरें र
पहेंलो घोड़ा देखें र त्यसमाथि चढ़नेको

नाउँचाहिं 'मृत्यु' थियो, औ पातालचाहिं
त्यसको पछिपछि लागेको थियो। औ
पृथ्वीको चौथा भागमाथि तरवार, र
अनिकाल, र रुढ़ी, र पृथ्वीका जङ्गली
जानवरहरूद्वारा मार्ने अख्तियार त्यसलाई
दिइएको थियो।
९ औ जब उहाँले पाँचौं छाप खोल्नु-
भयो, तब वेदीमन्तिर मैले तिनीहरूका
आत्मा देखें जो परमेश्वरको वचनको निम्ति,
र तिनीहरूले दिएका साक्षीको कारण
काटिएका थिए, १० औ तिनीहरू यसो
भनेर ठूलो सोरले कराए, 'हे प्रभु, हे पवित्र
र सत्य, अफै कतिसम्म तपाईंले पृथ्वीमा
रहनेहरूलाई इन्साफ गरेर हाम्रो रगतको
बदला दिनुहुन्न?' ११ औ तिनीहरू
हरेकलाई एउटा एउटा सेतो लुगा दिइयो,
र तिनीहरूका सहकर्मी र भाइहरू पनि
तिनीहरूजस्तै गरि मारिएर पूरा नहोउन्जेल,
केही बेर पर्खिरहून् भन्ने तिनीहरूलाई भनियो।
१२ औ जब उहाँले छैटौं छाप खोल्नु-
भयो, तब मैले हेरें, र त्यहाँ ठूलो भूकम्प
भयो। सूर्य केशको भाङ्ग्रा जस्तै कालो
भयो, र सिङ्गै चन्द्र रगतजस्तै भइहाल्यो,
१३ औ नेभाराको रूखलाई बतासले
हल्लाउँदा नपाकेको फल झरेझैं आकाशका
ताराहरू पृथ्वीमाथि खसे। १४ औ स्वर्ग-
चाहिं पुस्तकको मुठा बेहिएझैं हटेर गयो, र
हरेक टापू र पहाड़ तिनीहरूका आफ्ना
आफ्ना ठाउँबाट हटेर गए। १५ अनि
पृथ्वीका राजाहरू, राजकुमारहरू, मुख्य मुख्य
कप्तानहरू, धनीहरू, बलियाहरू, हरेक दास
र स्वतन्त्र मानिस पहाड़का गुफाहरू र
चटानहरू हुँदो लुके। १६ औ तिनीहरूले
पहाड़हरू र चटानहरूलाई भने, 'हामीमाथि
खस, र सिंहासनमा विराजमान हुनुहुनेका
सामनेबाट, र थुमाको क्रोधबाट हामीलाई
लुकाऊ, १७ किनकि तिनीहरूको क्रोधको
ठूलो दिन आएको छ, र को खड़ा
हुनसक्छ?'

एक लाख चवालीस हजारलाई छाप लागेको

७ त्यसपछि पृथ्वीमा, अथवा समुद्रमा,
अथवा कुनै रूखमा बतास नचलोस्
भनेर चार दूतहरू पृथ्वीका चारै बतासलाई
रोकेर पृथ्वीका चारकुनामा उभिरहेका मैले
देखें। २ औ मैले अर्को एउटा दूतलाई
जीवित परमेश्वरको छाप लिएर सूर्योदय
हुनेपट्टिबाट उक्लेको देखें, औ पृथ्वी र
समुद्रलाई हानि पुऱ्याउने अख्तियार दिइराखेका
चारवटा दूतलाई यसो भनेर तिनले ठूलो
सोरले भने, ३ 'हामीले हाम्रा परमेश्वरका
दासहरूका निधारमा छाप नलगाउन्जेलसम्म
पृथ्वी, समुद्र र रूखहरूमाथि केही हानि
नगर।' ४ औ छाप लागेकाहरूको संख्या
इस्राएलीहरूको हरेक कुलबाट गरी एक लाख
चवालीस हजारलाई छाप लाएको मैले सुनें।
५ यहूदाको कुलबाट बाह्र हजारलाई,
रूबेनको कुलबाट बाह्र हजारलाई,
गादको कुलबाट बाह्र हजारलाई,
६ आशेरको कुलबाट बाह्र हजारलाई,
नप्तालीको कुलबाट बाह्र हजारलाई,
मनस्सेको कुलबाट बाह्र हजारलाई,
७ शिमियोनको कुलबाट बाह्र हजारलाई,
लेवीको कुलबाट बाह्र हजारलाई,
इस्साकारको कुलबाट बाह्र हजारलाई,
८ जबूलूनको कुलबाट बाह्र हजारलाई,
यूसुफको कुलबाट बाह्र हजारलाई,
बिन्यामीनको कुलबाट बाह्र हजारलाई
छाप लगाइयो।
९ यी कुरापछि हेर, कसैले गन्न नसक्ने
हरेक जातिबाटको र सबै कुलको र
मानिसको, र भाषा भाषाहरूको एक ठूलो
भीड़, सिंहासन र थुमाको अगाड़ि सेता
लुगा लगाएर हातमा खजूरका हाँगाहरू
लिएर उभिरहेका मैले देखें, १० र ठूलो
सोरले यसो भनेर ती कराउँदा रहेछन्,
'सिंहासनमा विराजमान हुनुहुने हाम्रा

परमेश्वर र थुमामा मुक्ति छ।' ११ अनि
सबै स्वर्गदूतहरू, सिंहासन, धर्म-गुरुहरू र
जीवित जीवातहरूका वरिपरि उभिरहेका
थिए, र तिनीहरू सिंहासनका सामने घोप्टो
परे, र यसो भनेर परमेश्वरलाई दण्डवत् गरे,
१२ 'आमिन, हाम्रा परमेश्वरलाई प्रशंसा,
महिमा, ज्ञान, धन्यवाद, आदर, शक्ति र
सामर्थ्य सदा सर्वदा होस्। आमिन।'
१३ औ धर्म-गुरुहरूमध्ये एउटाले मलाई यसो
भनेर सोधे, 'यी सेता लाउने को हुन् र
कहाँबाट आएका हुन्? १४ अनि मैले
तिनलाई भनें, 'प्रभु तपाईंनै जान्नुहुन्छ।'
तिनले मलाई भने, 'यी तिनै हुन् जो
महा सङ्कष्टबाट आएका छन्, र तिनीहरूले
आफ्ना आफ्ना लुगाहरू थुमाको रगतमा
धोएर सेता बनाएका छन्। १५ यसकारण
तिनीहरू परमेश्वरको सिंहासनको सामने छन्,
र दिन-रात उहाँको मन्दिरमा उहाँको सेवा
गर्दछन्, औ सिंहासनमा विराजमान हुनु-
हुनेले तिनीहरूमाथि आफ्नो मण्डप टाँगि-
दिनुहुनेछ। १६ तिनीहरू कहिल्यै भोकाउने
र तिर्खाउने छैनन्, नता सूर्यको राप अथवा
कुनै ताप तिनीहरूमाथि पर्नेछ, १७ किनकि
सिंहासनका बीचमा हुने थुमा तिनीहरूका
रखवाला हुनुहुनेछ, र तिनीहरूलाई जीवनका
पानीहरूका फोहोरासम्म अगुवा भएर लानु-
हुनेछ, र परमेश्वरले तिनीहरूका आँखाबाट
सबै आँसु पुछिदिनुहुनेछ।

सात तुरहीहरू

८ अनि जब उहाँले सातौं छाप खोल्नु-
भयो, तब प्रायः आधा घण्टासम्म
स्वर्गमा सन्नाटा भयो। २ औ परमेश्वरको
सामने उभिने सात स्वर्गदूतलाई मैले देखें,
तिनीहरूलाई सात तुरही दिइएका थिए।
३ अनि अर्को एउटा दूत आएर वेदीमाथि
सुनको धूपौरो लिएर खड़ा भए। तिनले
सिंहासनको सामने रहेको सुनको वेदीमाथि
सबै पवित्र जनहरूका प्रार्थनाहरूमा धूप थप्न
भनी तिनलाई धेरै धूपहरू दिइएका थिए।
४ औ धूपको धुवाँ पवित्र जनहरूको प्रार्थनाको
साथसाथ दूतको हातबाट परमेश्वरको सामने
उड्‍ेर गयो। ५ औ दूतले धूपौरो लिएर
त्यसमा वेदीको आगोले भरिदिए, र पृथ्वी-
माथि फ्याँकिदिए। अनि त्यहाँ गर्जनहरू,
आवाजहरू, बिजुलीहरू र भूकम्पहरू भए।
६ औ ती सातवटा तुरही हुने साती
दूत तुरही फुक्नालाई तयारी भए।
७ औ पहिलो दूतले फूके, र त्यहाँ
रगतसँग मिसिएको असिना र आगो आइ-
लाग्यो, र ती पृथ्वीमा फालिए, औ पृथ्वीको
तेस्रो भाग, रूखहरूको तेस्रो भाग र सबै
हरिया घाँसहरू डढाइहाल्यो।
८ अनि दोस्रो दूतले फूके, र आगो
बलिरहेको एउटा ठूलो पहाड़जस्तो समुद्रमा
फालियो, र समुद्रको तेस्रो भाग रगत भयो,
९ औ समुद्रमा भएका जीवित जीवात,
अर्थात् जीवन भएका प्राणीको तेस्रो भाग
मरे, र जहाजहरूका तेस्रो भाग पनि
नष्ट भए।
१० अनि तेस्रो दूतले फूके, र स्वर्गबाट
बल्दो राँकोझैं एउटा ठूलो तारा खस्यो, र
खोलाहरूको तेस्रो भाग र पानीहरूका
मुहानहरूमा त्यो खस्यो, ११ औ त्यो
ताराको नाउँ ऐरेलु भनियो, र पानीहरूको
तेस्रो भाग ऐरेलु भइगयो, र धेरै मानिसहरू
पानी तीतो भएको हुनाले मरे।
१२ अनि चौथो दूतले फूके, र तेस्रो-
तेस्रो भागहरू अँध्यारो भएर दिनको र त्यही
किसिमले रातको पनि तेस्रो-तेस्रो भाग
उज्यालो नहोस् भनेर सूर्यको तेस्रो भाग र
चन्द्रको तेस्रो भाग र ताराहरूको तेस्रो
भागमा प्रहार पर्‍यो।
१३ अनि मैले हेरें, र एउटा ठूलो
गरुड स्वर्गको बीचमा उड्‍ेर यसो भन्दै ठूलो
सोरले कराएको सुनें, 'अब फुक्न बाँकी
रहेका तीनवटा दूतका अरू आवाजको

कारणले, पृथ्वीमा हुनेहरूलाई धिक्कार!
धिक्कार! धिक्कार!'

शक्तिशाली सलहहरू

९ अनि पाँचौं दूतले फूके, र स्वर्गबाट
पृथ्वीमा एउटा तारा खसेको देखें,
र तिनलाई अगाध खाँदको खाल्टोको साँचो
दिइएको थियो। २ औ तिनले अगाध
खाँदको खाल्टो खोले, र त्यस खाल्टाबाट ठूलो
अगेनाको जस्तो धुवाँ आयो, र खाल्टाको
धुवाँको कारणले सूर्य र हावा अँध्यारो
भयो। ३ औ धुवाँबाट पृथ्वीमा सलहहरू
निस्के, र पृथ्वीमा बिच्छीहरूलाई शक्ति
भएझैं तिनीहरूलाई पनि शक्ति दिइयो।
४ औ पृथ्वीका घाँसहरूलाई र कुनै हरिया
चीजलाई अथवा कुनै रूखलाई होइन, तर
निधारमा परमेश्वरका छाप नलागेका मानिस-
हरूलाई मात्र हानि गर्नू भन्ने तिनीहरूलाई
भनियो। ५ औ उनीहरूलाई मारि ता
नहाल्नू, तर पाँच महीनासम्म पीड़ा दिनू
भन्ने तिनीहरूलाई अख्तियार दिइयो, औ
मानिसलाई बिच्छीले डस्ता जस्तो पीड़ा हुन्छ,
तिनीहरूको पीड़ा त्यस्तै थियो। ६ औ ती
दिनमा मानिसले मृत्यु खोज्नेछन्, र कुनै
रीतिले पाउनेछैनन्, तिनीहरूले मर्न इच्छा
गर्नेछन्, तर मृत्यु तिनीहरूबाट भाग्नेछ।
७ औ ती सलहहरूका आकार लड़ाइँ-
लाई तयार गरिराखेका घोड़ाहरूकै जस्ता
थिए, तिनीहरूका शिरमा सुनकै जस्ता
मुकुटहरू थिए, र तिनीहरूका अनुहारचाहिँ
मानिसका अनुहारजस्तै थिए। ८ तिनीहरूका
केश स्त्रीका केशजस्तै थिए, र तिनीहरूका
दाँत सिंहहरूका दाँत जस्ता थिए।
९ औ तिनीहरूका छातीका कवच फलामका
कवचहरूजस्तै थिए, र तिनीहरूका पखेटाका
आवाज लड़ाइँमा दगुर्ने धेरै घोड़ाहरू लागेका
रथका आवाजजस्तै थियो। १० औ तिनी-
हरूका पुच्छर र खील बिच्छीका जस्तै थिए,
औ तिनीहरूका पुच्छरमा पाँच महीनासम्म
मानिसलाई नोक्सानी गर्ने शक्ति थियो।
११ अगाध खाँदको दूत तिनीहरूमाथि तिनी-
हरूका राजाजस्तै थिए। हिब्रू भाषामा
त्यसको नाउँ एबाड्डोन, र ग्रीक भाषामा
त्यसको नाउँ अपोल्लियोन हो। १२ पहिलो
चाहिँ अभिशाप गइहाल्यो, हेर, यसपछि
फेरि दुइ अभिशाप आउँदैछन्।
१३ अनि छैटौं दूतले फूके, र मैंले
परमेश्वरको वेदीको सामने रहेका सींङ्हरूबाट,
१४ तुरही लिने छैटौं दूतलाई एक जनाले
यसो भनेको एउटा आवाज सुनें, 'ठूलो नदी
यूफ्रेटिसमा बाँधिराखेका ती चारवटा दूतलाई
फुकाइदेऊ।' १५ औ ती चार दूत फुकाइए
जो मानिसहरूको तेस्रो भागलाई मार्नलाई
त्यस घड़ी, दिन, महीना र वर्षको निम्ति
तयार पारेर राखिएका थिए। १६ औ ती
घोड़चढ़ी फौजको संख्या बीस करोड़ थियो।
मैंले तिनीहरूको संख्या सुनें। १७ औ यसरी
मैंले ती घोड़ाहरूलाई, र तीमाथि चढ़नेहरूलाई
आगो, नीलम र गन्धकको जस्तो रङ्ग भएको
छातीको कवच लगाएका दर्शनमा देखें। ती
घोड़ाहरूका शिरहरू सिंहहरूका शिरजस्ता
रहेछन्, औ तिनीहरूका मुखबाट आगो,
धुवाँ र गन्धक निस्कँदारहेछन्। १८ यी
तीन रुढ़ीहरूद्वारा र तिनीहरूका मुखबाट
निस्केका आगो, धुवाँ र गन्धकबाट मानिस-
हरूका तेस्रो भाग मारिए। १९ किनकी ती
घोड़ाहरूको शक्ति तिनीहरूका मुख र पुच्छर-
हरूमा रहेछ, किनभने तिनीहरूका पुच्छर,
शिरभएका साँपजस्तै रहेछन्, र तिनैले हानि
गर्दारहेछन्। २० औ यी विपत्तिबाट नमारिएका
बाँकी मानिसले तिनीहरूका हातका काममा
पश्चाताप गरेनन्, नता तिनीहरूले भूतहरू,
सुन, चाँदी, पीतल, ढुङ्गा र काठका मूर्तिहरू
पूज्न छोड़े, जसले नता देख्छन्, न सुन्छन्,
न हिंड्डुल गर्नसक्छन्, २१ औ नता
तिनीहरू आफैले गरेका हत्या, न जादुगिरी,
न व्यभिचार, न चोरीको पश्चाताप गरे।

स्वर्गदूत र सानो पुस्तक

१० अनि मैले बादल ओढ़ेको अर्को
एउटा बलवान दूतलाई स्वर्गबाट
ओर्लेको देखें। तिनको शिरमा इन्द्रेनी थियो,
र तिनको मुख सूर्यजस्तो र खुट्टाहरू
आगोका खामाहरूजस्ता थिए। २ औ
तिनको हातमा खोलिराखेको एउटा सानो
पुस्तक थियो, औ तिनले आफ्नो दाहिने
खुट्टा समुद्रमा र देब्रे खुट्टा पृथ्वीमा राखे।
३ औ एउटा सिंह गर्जेझैं तिनी ठूलो
सोरले कराए, र तिनी कराएपछि ती
सात गर्जनहरूले तिनका आवाज निकाले।
४ औ जब ती सात गर्जनहरूले
आ-आफ्ना आफ्ना आवाज निकाले, तब म
लेख्नलागेको थिएँ, र स्वर्गबाट यसो भन्ने
आवाज मैले सुनें, 'ती सातै गर्जनहरूले
निकालेका आवाजहरूलाई छाप लगाऊ, र
तिनलाई नलेख।'

५ अनि मैले देखेको पृथ्वी र समुद्रमा
उभिरहेका दूतले आफ्नो दाहिने हात स्वर्गतिर
उचाले, ६ अनि तिनले 'अब बेर लाग्दैन'
भनेर सदा सर्वदा जीवित रहनुहुने, स्वर्ग र
त्यसमा भएका कुराहरू, पृथ्वी र त्यसमा
भएका कुराहरू, समुद्र र त्यसमा भएका कुरा-
हरूलाई सृष्टि गर्नुहुनेको नाउँमा शपथ
हाले, ७ तर सातौं दूतको आवाजका दिन-
हरूमा तिनले फूक्नलाग्दा आफ्ना दासहरू,
अर्थात् अगमवक्ताहरूलाई घोषणा भएको
सुसमाचारअनुसार परमेश्वरको रहस्य खतम
हुनेछ। ८ औ स्वर्गबाट मैले सुनेको आवाज
फेरि मसँग यसो भनेर बोलिरहेको मैले
सुनें, 'जाऊ, समुद्र र पृथ्वीमा उभिने दूतको
हातमा भएको खुला पुस्तक लेऊ।'

९ अनि म ती दूतकहाँ गएर त्यो सानो
पुस्तक तिनले मलाई दिऊन् भनेर मैले
तिनलाई भनें। औ तिमले मलाई भने,
'यो लेऊ, र यसलाई खाइहाल, र यसले
तिम्रो पेट तीतो गराउनेछ, तर तिम्रो मुखमा
ता त्यो महजस्तै गुलियो हुनेछ।'

१० औ मैले ती दूतका हातबाट त्यो
सानो पुस्तक लिएँ, र खाएँ। मेरो मुखमा
त्यो महजस्तै गुलियो भयो। त्यो खाएपछि
मेरो पेट तीतो भइहाल्यो। ११ अनि मलाई
यो भनियो, 'तिमीले धेरै मानिसहरू, जातिहरू,
भाषाहरू र राजाहरूका विषयमा अगमवाणी
बोल्नुपर्नेछ।

दुइ साक्षीहरू

११ अनि नाप्ने डण्डाजस्तो एउटा
निगालो मलाई दिइयो, र एउटाले
भन्यो, 'उठ, र परमेश्वरको मन्दिर, वेदी र
त्यसमा पूज्नेहरूलाई नाप। २ तर मन्दिर-
बाहिर रहेको चोकलाई छोड़, र ननाप, किनकि
त्योचाहिं जाति जातिहरूलाई दिइएको छ, र
पवित्र शहरलाई बयालीस महीनासम्म तिनी-
हरूले खुट्टाले कुल्चनेछन्। ३ औ मेरा दुइ
साक्षीहरूलाई एक हजार दुइ सय साठ्ठी
दिनसम्म भाङ्ग्राको लुगा लाएर अगमवाणी
बोल्ने शक्ति दिनेछु।

४ पृथ्वीका प्रभुको सामने खड़ा रहेका
भद्राक्षका दुइटा रूखहरू र दुइ सामदानहरू
यिनै हुन्। ५ औ कुनै मानिसले तिनीहरू-
लाई हानि गर्ने इच्छा गर्‍यो भने, तिनी-
हरूकै मुखबाट निस्केको आगोले तिनका शत्रु-
हरूलाई नाश पार्नेछ, औ कुनै मानिसले
तिनीहरूलाई नोक्सानी गर्ने इच्छा गर्‍यो
भने, त्यही किसिमले तिनीहरू मारिनेछन्।
६ तिनीहरूले अगमवाणी बोलेका दिनहरूमा
पानी नपरोस् भनी आकाश बन्द गर्ने तिनीहरू-
सँग शक्ति छ, र पानीहरूलाई रगत तुल्याउने,
र पृथ्वीमा तिनीहरूलाई मन लागेका बेलामा
हर किसिमको रुढ़ी त्याउने तिनीहरूसँग
शक्ति छ।

७ औ तिनीहरूले तिनका साक्षीको काम
सिध्याइसकेपछि अगाध खाँदबाट आउने त्यस
पशुले तिनीहरूसँग लड़ाइँ गरेर तिनीहरूलाई

जितीकन मारिदिनेछ। ८ औ तिनीहरूका
लाशहरू त्यस ठूलो शहरका गल्लीमा पल्लिने-
छन्, जुन शहरलाई दृष्टान्तको रूपका सदोम
र मिश्र भनिन्छ, जहाँ तिनीहरूका प्रभु क्रूसमा
टाँगिनुभएको थियो। ९ साढ़े तिन दिनसम्म
तिनका लाशहरूलाई मानिसहरू, कुल्हरू,
भाषाहरू र जाति जातिहरूका मानिसहरूले
हेर्नेछन्, र ती लाशहरूलाई चिहानमा
राख्नदिनेछैनन्। १० औ पृथ्वीमा रहनेहरू
तिनीहरूमाथि रमाउँछन्, र आनन्द
मनाउँछन्, र तिनीहरूले आपसमा उपहार
लिनेदिने गर्नेछन्, किनभने ती दुइ अगम-
वक्ताहरूले पृथ्वीमा रहनेहरूलाई शास्ती
दिएका थिए। ११ औ साढ़े तीन दिनपछि
परमेश्वरबाटको जीवनको सास तिनीहरूभित्र
पस्यो, र तिनीहरू आफ्ना खुट्टाले उभिए,
औ तिनीहरूलाई देख्नेहरूलाई ठूलो डर भयो।
१२ अनि तिनीहरूले स्वर्गबाट यसो भनेको
एउटा ठूलो आवाज सुने, 'यता माथि आऊ।'
औ तिनीहरू बादल्मा स्वर्गतिर गए।
औ तिनीहरूका शत्रुहरूले तिनीहरूलाई देखे।
१३ त्यही घड़ी ठूलो भूकम्प भयो, र
शहरको दशौं भाग ढल्यो, र भूकम्पमा सात
हजार मानिसहरू मारिए। बाँकीचाहिं डराए,
र स्वर्गका परमेश्वरलाई महिमा दिए।
१४ दोस्रो अभिशाप बित्यो, हेर तेस्रो
अभिशाप झट्टै आउँदैछ।

सातौं तुरही

१५ अनि सातौं दूतले फूके, र त्यसपछि
स्वर्गमा यसो भन्ने ठूला ठूला आवाज भए,
'पृथ्वीको राज्य हाम्रा प्रभुको र उहाँका
ख्रीष्टको राज्य भएको छ, उहाँले सदा सर्वदा
राज्य गर्नुहुनेछ।' १६ औ परमेश्वरको
सामने आफ्ना आफ्ना सिंहासनमा बस्ने ती
चौबीसै धर्म-गुरुहरू घोप्टो परी १७ यसो
भनेर परमेश्वरलाई दण्डवत् गरे, 'हे प्रभु
परमेश्वर, सर्वशक्तिमान, जो हुनुहुन्छ, जो
हुनुहुन्थ्यो, र हामी हुनुहुनेछ धन्यवाद चढ़ाउँछौं,
किनभने तपाईंले आफ्ना ठूलो शक्ति लिनुभयो,
र राज्य गर्नुभयो। १८ औ जाति जातिहरू
क्रोधित भए, तर तपाईंका दासहरू, अर्थात्
अगमवक्ताहरू र पवित्र जनहरू, र ठूला
साना दुवै तपाईंका नाउँसँग डराउनेहरूलाई,
तिनीहरूका इनाम दिनालाई र पृथ्वीका
नष्टकारीहरूलाई नष्ट गर्नालाई, मरेकाहरूको
इन्साफ गर्ने समय र तपाईंको क्रोध आएको
छ।
१९ अनि स्वर्गमा भएको परमेश्वरको
मन्दिर खोलियो। औ उहाँको मन्दिरमा
करारको सन्दूक देखियो, र त्यहाँ बिजुलीहरू,
आवाजहरू, गर्जनहरू र भूकम्प भए, र ठूला
ठूला असिना पस्यो।

स्त्री र अजीङ्गर

१२ अनि स्वर्गमा एउटा ठूलो चिह्न
देखियो, अर्थात् सूर्य पहिरेकी, चन्द्र
खुट्टामनि र शिरमा बाह्रवटा ताराको मुकुट
लाएकी स्त्री देखियो। २ त्यो गर्भवती थिई,
र जन्माउने अवस्थाको पीड़ामा प्रसव वेदनाले
कराउँदी रहिछ। ३ औ स्वर्गमा अर्को एउटा
चिह्न देखियो, र हेर, सातवटा शिर, दशवटा
सींङ र शिरमा सातवटा राज-मुकुट भएको
एउटा ठूलो रातो अजीङ्गरजस्तो पशु थियो,
४ औ त्यसको पुच्छरले स्वर्गको तेस्रो
भागका ताराहरूलाई तान्दो रहेछ र तिनी-
हरूलाई पृथ्वीमा फाल्दो रहेछ। औ त्यसले
जन्माएपछि त्यसको बालकलाई निल्नालाई, त्यो
सुत्केरी हुनै लागेकी स्त्रीको सामने, त्यो
अजीङ्गरजस्तो पशु खड़ा भयो। ५ अनि
सारा जातिलाई फलामको डण्डाले शासन
गर्ने एउटा छोरो जन्माई, र त्यसको बालक
परमेश्वर र उहाँको सिंहासनमा उठाएर
लगियो, ६ र त्यो स्त्रीचाहिं वनभित्र
भागी, जहाँ त्यसलाई एक हजार दुइ सय
साठ्ठी दिनसम्म त्यसको पालन पोषण होस्

भनेर परमेश्वरबाट तयार गरिराखेको
त्यसको एउटा ठाउँ रहेछ।
७ अनि स्वर्गमा लड़ाइँ भयो। माइकल
र तिनका दूतहरू त्यस अजीङ्गरजस्तै पशुसँग
लड़ाइँ गर्न गए, र अजीङ्गरजस्तै पशु र
त्यसका दूतहरूले युद्ध गरे। ८ औ तिनी-
हरूले जित्नसकेनन्, नता तिनीहरूका निम्ति
स्वर्गमा फेरि कुनै ठाउँ रह्यो। ९ अनि
त्यो अजीङ्गरजस्तै पशु तल फ्याँकियो
त्यो वृद्ध साँप, दियाबल र शैतान भनिने,
सारा संसारलाई ठग्ने, पृथ्वीतलमा फ्याँकियो,
र त्यसका दूतहरू त्यसका साथसाथै
फ्याँकिए।
१० औ मैले स्वर्गमा यसो भन्दै गरेको
एउटा ठूलो आवाज सुनें, 'अब हाम्रा
परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँको
खीष्टको अख्तियार आएको छ, किनकि हाम्रा
भक्तहरूलाई दोष लगाउने, जसले हाम्रा
परमेश्वरका सामने दिनरात तिनीहरूलाई दोष
लगाउँछ, त्यो फ्याँकिदिएको छ। ११ औ
थुमाको रगत, र तिनका वचनको साक्षीको
कारण, र तिनीहरूले मृत्युसम्मै आफ्नो
जीवनको पनि प्रेम नराखेका हुनाले तिनीहरूले
त्यसलाई जितेका छन्। १२ यसकारण हे
स्वर्गहरू र तिनमा रहनेहरू हो, सबै
रमाओ। पृथ्वी र समुद्रलाई धिक्कार छ,
किनभने आफ्नो अल्प समय थाह पाएर
शैतान ठूलो क्रोधसँग तिमीहरूकहाँ तल
गएको छ।'
१३ अनि जब त्यस अजीङ्गरजस्तै पशुले
आफू पृथ्वीमा फ्याँकिएको देख्यो, तब त्यसले
त्यो छोरो पाउने स्त्रीलाई खेद्यो। १४ औ
वनमा त्यो केही समय, धेरै समय र आधा
समयसम्म पालन-पोषण हुने त्यसको आफ्नै
ठाउँमा त्यस साँपको सम्मुखबाट उड़ेर
जानालाई त्यसलाई ठूलो गरुड़का दुइवटा
पखेटा दिइयो। १५ अनि त्यस साँपले
त्यस स्त्रीलाई भेलले बगाओस् भनेर त्यसको
पछिपछि नदीजस्तै पानी आफ्नो मुखबाट
निकाल्यो। १६ तर पृथ्वीले चाहिं त्यस
स्त्रीलाई सहायता गर्‍यो, र पृथ्वीले आफ्नो
मुख उघारेर, त्यस अजीङ्गरजस्तै पशुले
त्यसको मुखबाट निकालेको नदी निलिदियो।
१७ औ त्यो अजीङ्गरजस्तै पशु त्यस स्त्रीसँग
क्रोधित भयो, र त्यससँग र परमेश्वरको
आज्ञा पालन गर्ने, र येशूको साक्षी दिने,
त्यसका बाँकी सन्तानहरूसँग युद्ध गर्न
गयो।

पशुको दर्शन

१३ औ समुद्रको बालुवामाथि त्यो
उभियो।
अनि मैले दशवटा सीङ र सातवटा
शिर र त्यसका सीङहरूमाथि दशवटा
राजमुकुट, र त्यसका शिरहरूमा ईश्वर-
निन्दाका नाउँहरू भएको एउटा जानवर
समुद्रबाट निस्किरहेको देखें। २ औ मैले
देखेको त्यो, जन्तु चितुवाजस्तै थियो, त्यसका
खुट्टाहरू भालूका जस्ता थिए, र त्यसको
मुख सिंहको जस्तो थियो। औ त्यस
अजीङ्गरजस्तै पशुले त्यसलाई आफ्नो शक्ति,
आफ्नो सिंहासन र ठूलो अख्तियार दियो।
३ अनि मैले त्यसका शिरहरूमध्ये एउटालाई
चाहिं मरुञ्जेल हिर्काइराखेको जस्तो देखें,
औ त्यसको मरणतुल्य-चोट निको भयो, र
सिङ्गै पृथ्वी छक्क परेर त्यस जानवरको
पछिपछि लागे। ४ औ त्यसले त्यस
जानवरलाई आफ्नो अख्तियार दिएको हुनाले
तिनीहरूले त्यस अजीङ्गरजस्तै पशुलाई दण्डवत्
गरे, र त्यस जानवरलाई यसो भनेर दण्डवत्
गरें, 'यस जानवरजस्तो अरू को छ र?
अनि यससँग लड़ाइँ गर्नसक्ने को छ?'
५ औ त्यसलाई अहंकारी कुरा बोल्ने
र ईश्वर-निन्दा गर्ने मुख दिइयो। औ
त्यसलाई बयालीस महीनासम्म काम गर्ने
अख्तियार मिल्यो। ६ औ त्यसले
परमेश्वरको विरुद्धमा निन्दा गर्न, उहाँको

नाउँ र उहाँको बासस्थान, र स्वर्गमा
बस्नेहरूसमेत सबैको निन्दा गर्नालाई मुख
खोल्यो। ७ औ त्यसलाई पवित्र जनहरूसँग
लड़ाइँ गर्न र तिनीहरूलाई जित्नालाई
अख्तियार दिइयो, र त्यसलाई सबै कुल,
मानिसहरू, भाषाहरू र जातिहरूमाथि
अख्तियार दिइयो। ८ औ संसारको
उत्पत्तिदेखि मारिएका थुमाको जीवनको
पुस्तकमा नाउँ नलेखिएको पृथ्वीमा रहने
हरेकले त्यसलाई दण्डवत् गर्नेछ।
९ यदि कुनै मानिसको कान छ भने,
त्यसले सुनोस्। १० कुनै मानिस कैदको
निम्ति छ भने, त्यो कैदमै जान्छ, कुनै
मानिसले तरवारले मार्छ भने, त्यो अवश्य
तरवारैले मारिनेछ। पवित्र जनहरूका धीरज
र विश्वास यसैमा छ।
११ अनि मैले पृथ्वीबाट निस्किरहेको
अर्को एउटा जानवर देखें, थुमाको जस्तै
दुइ सीङ त्यसका थिए, र अजीङ्गरजस्तै
त्यो बोल्दथियो। १२ औ त्यसले
त्यसको सामने पहिलोचाहिँ जन्तुको
सारा अख्तियार चलाउँदोरहेछ। औ पृथ्वी
र पृथ्वीमा बस्ने सबैले त्यस मरणतुल्य-चोट
निको भएको पहिलोचाहिँ जानवरलाई दण्डवत्
गर्नें त्यसले तुल्याउँदोरहेछ। १३ औ
स्वर्गबाट मानिसको दृष्टिको सामने पृथ्वीमाथि
आगो झार्नेसम्मको पनि ठूला ठूला चिह्नहरू
त्यसले गर्दोरहेछ। १४ औ त्यस जानवरको
दृष्टिमा त्यसलाई काम गर्न दिएको चिह्नहरू-
द्वारा पृथ्वीमा बस्नेहरूलाई त्यसले यसो
भनेर ठग्दो रहेछ, कि शिरमा तरवारको
चोट लागेर पनि बाँचेको जानवरको मूर्ति
बनाओ भनेर त्यसले पृथ्वीमा बस्नेहरूलाई
भन्दोरहेछ। १५ औ त्यस जानवरको
मूर्तिले बोलोस्, र त्यो मूर्ति पूजा
नगर्नेहरू जत्तिलाई मारिदिओस् भनेर,
त्यस जानवरको मूर्तिमा सास दिने अख्तियार
त्यसलाई दिइयो। १६ औ त्यसले साना र
ठूला, धनी र गरीब, स्वतन्त्र र बँधुवा,
सबैलाई तिनका दाहिने हात, अथवा
निधारमा छाप लगाउनलायो, १७ कि त्यस
पशुको नाउँ अथवा त्यसको नाउँको संख्याको
छाप नभईकन कुनै मानिसले किन्न अथवा
बेच्न नपाओस्।
१८ यसैमा ज्ञान छ। जसको समझ
छ, त्यसले त्यो जानवारको संख्या गनोस्,
किनकि यो एउटा मानिसको संख्या हो,
र त्यसको संख्या छ सय छयसठ्ठी हो।

छुटकारा पाएकाहरूको दर्शन

१४ अनि मैले देखें, र हेर, सियोन
डाँड़ामा थुमा खड़ा हुनुहुन्थ्यो, र
उहाँको साथमा उहाँको नाउँ र उहाँका
पिताको नाउँ तिनका निधारमा लेखिएका
एक लाख चवालीस हजार थिए। २ औ
मैले धेरै पानीहरूको सोरजस्तो र ठूलो
गर्जनको सोरजस्तो स्वर्गबाट एउटा आवाज
सुनें, औ मैले सुनेको त्यो सोर वीणा
बजाउनेहरूले बजाइरहेका वीणाहरूको जस्तो
थियो। ३ सिंहासनको अगाड़ि र ती चार
जीवित जीवात र धर्म-गुरुहरूका अगाड़ि
तिनीहरूले एउटा नयाँ गीतजस्तै
गाउँदारहेछन्, औ पृथ्वीबाट किनिएका,
अर्थात् एक लाख चवालीस हजारले बाहेक
कसैले त्यो गीत सिक्नसक्तैन थियो।
४ स्त्रीहरूसँग नबिटुलिएका यिनै हुन्, तिनी-
हरू कुमारीजस्तै चोखा हुन्। थुमा जताजता
जानुहुन्छ उहाँका पछिपछि लाग्ने यिनै हुन्।
यिनीहरू परमेश्वरमा र थुमामा पहिला फलहरू
हुनालाई मानिसहरूमध्येबाट किनिएका थिए।
५ औ तिनीहरूका मुखमा कुनै झूट थिएन।
तिनीहरू निर्दोष छन्।

तीनवटा स्वर्गदूतहरूको दर्शन

६ अनि पृथ्वीमा रहनेहरू हरेक जाति,
कुल, भाषा र मानिसहरूलाई घोषणा गर्नें

अनन्त सुसमाचार साथमा भएका एउटा दूत
स्वर्गको बीचमा उड़िरहेको देखें। ७ औ
तिनले ठूलो सोरलें भन्दारहेछन्, 'परमेश्वर-
सँग डराओ, र उहाँलाई महिमा देओ।
किनकि उहाँको ठूलो इन्साफको समय आएको
छ, र स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू
बनाउनुहुनेलाई दण्डवत् गर।'
८ अनि एउटा अर्को दूत, अर्थात्
दोस्रोचाहिँ, यसो भन्दै पछिपछि लागे,
'सारा जातिलाई त्यसको व्यभिचारको क्रोधको
मद्य पियाउनलाउने बेबिलोनको पतन भएको
छ, पतन भएको छ!'
९ अनि एउटा अर्को दूत, तेस्रोचाहिँ,
ठूलो सोरले यसो भन्दै तिनीहरूका पछि-
पछि लागे, 'यदि कुनै मानिसले त्यो जानवर
र त्यसको मूर्तिलाई पूजा गर्‍यो, र निधार
अथवा हातमा त्यसको छाप लियो भने,
१० त्यसले पनि उहाँको क्रोधको कचौरामा
नमिसाएर तयार गरिराखेको परमेश्वरको
क्रोधको मद्य पिउनेछ, उहाँका पवित्र
दूतहरू र थुमाको सामने आगो र
गन्धकमा त्यसले शासना भोग्नेछ। ११ औ
तिनीहरूका शासनाको धुवाँ सदा सर्वदा
माथ्तिर गइरहनेछ। तिनीहरू जसले त्यो
जानवर र त्यसको मूर्तिलाई पूजा गर्छन्,
र जसले त्यसको नाउँको छाप लाउँछ,
तिनीहरूलाई दिन-रात आराम पाउनेछैन।
१२ परमेश्वरका आज्ञाहरू पालन गर्ने
र प्रभु येशूमा विश्वास गर्ने पवित्र जनहरूको
धीरज यसैमा छ।'
१३ अनि मैले स्वर्गबाट यसो भन्ने
आवाज सुने, 'यो लेख, अब उप्रान्त प्रभुमा
मर्नेहरू धन्यका हुन्। आत्मा भन्नुहुन्छ,
तिनीहरूले आफ्ना आफ्ना परिश्रमबाट
आराम पाउनेछन्, किनकि तिनीहरूका काम
तिनीहरूका पछि लाग्नेछन्।'
१४ अनि मैले हेरें, र एउटा सेतो
बादल, र त्यसमाथि शिरमा सुनको मुकुट
पहिरेका र हातमा लाग्ने हँसिया लिएका
मानिसको पुत्रजस्तै एक जनालाई मैले
देखें। १५ औ अर्को एउटा दूत त्यस
बादलमाथि बस्नेलाई यसो भनेर ठूलो सोरले
कराउँदै मन्दिरबाट बाहिर आए, 'तपाईंको
हँसिया पठाएर कटनी गर्नुहोस्, किनकि
कटनीको घड़ी आएको छ, किनभने पृथ्वीको
बाली पूरै पाकिसकेको छ।' १६ औ बादल-
माथि बस्नेले आफ्नो हँसिया पृथ्वीमाथि
फालिदिए, अनि पृथ्वीको कटनी भयो।
१७ अनि अर्को दूत स्वर्गमा भएको
मन्दिरबाट बाहिर आए, तिनीसँग पनि एउटा
लाग्ने हँसिया थियो।
१८ औ आगोमाथि अख्तियार भएको
अर्को एउटा दूत वेदीबाट बाहिर आए, र
लाग्ने हँसिया भएकालाई तिनले यसो
भनेर ठूलो सोरले हपारे, 'तिम्रो लाग्ने
हँसिया पठाऊ, र पृथ्वीका अङ्गुरका झुप्पाहरू
जम्मा गर, किनकि त्यसका अङ्गुरहरू पूरै
पाकिसकेका छन्।' १९ औ ती दूतले
तिनको हँसिया पृथ्वीमा फाले, र पृथ्वीको
दाखको फसल जम्मा गरे, र त्यसलाई
दाखमद्यको कोल, अर्थात् परमेश्वरको क्रोधको
ठूलो कोल्मा फ्याँकिदिए। २० औ कोल
शहरबाहिर कुल्चियो, र कोलबाट रगत
घोड़ाहरूका लगामसम्मै, र सय कोशसम्मै
पुग्नेगरी बगेर निस्क्यो।

सात कचौरा र विपत्ति

१५ मैले स्वर्गमा ठूलो र अचम्मको
एउटा चिह्न देखें, अर्थात् आखिरी
सात विपत्ती लिएका सात दूतहरू, किनकि
तिनीहरूमै परमेश्वरको क्रोध समाप्त भएको छ।
२ मैले आगोसँग मिसिएको ऐनाको
समुद्रजस्तै देखें, र त्यस जानवरमाथि,
त्यसको मूर्तिमाथि र त्यसको नाउँको
संख्यामाथि विजयी भएर परमेश्वरका वीणाहरू
लिएकाहरूलाई ऐनाको समुद्रमाथि उभिरहेका
देखें। ३ औ तिनीहरूले यसो भनेर

परमेश्वरका दास मोशाको भजन र थुमाको
भजन गाउँदारहेछन्, 'हे परमप्रभु, परमेश्वर
सर्वशक्तिमान, तपाईंका काम ठूला र
आश्चर्यपूर्ण छन्। तपाईं युगयुगका महाराजा,
तपाईंका मार्ग धार्मिक र सत्य छन्।
४ हे परमप्रभु, तपाईंको डर कसले मान्दैन?
र तपाईंको नाउँको महिमा कसले गर्दैन?
किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै
जातिहरू तपाईंको सामने आएर दण्डवत्
गर्नेछन्। किनभने तपाईंको धार्मिक कार्यहरू
प्रकट भएका छन्।'

५ अनि यी कुरापछि मैले हेरें, र
स्वर्गमा साक्षीको मण्डपको मन्दिर उघारियो।
६ त्यहाँ सात विपत्ति भएका चहकिला मणि
लगाएका, र छातीमा सुनका फीता लगाएका
सातवटा स्वर्गदूत मन्दिरबाट आए। ७ ती
चार जीवित जीवातमध्ये एउटाले ती सात
स्वर्गदूतलाई सदा सर्वदा जीवित रहनुहुने
परमेश्वरको क्रोधले भरिएको सुनका सात कचौरा
दिए। ८ त्यो मन्दिर परमेश्वरको महिमा
र उहाँको शक्तिबाट आउने धुवाँले भरियो।
ती सात स्वर्गदूतका सात विपत्ति नसिद्धिउञ्जेल
कोही पनि मन्दिरभित्र पस्नसकेनन्।

१६ अनि ती सातवटा स्वर्गदूतलाई मन्दिर-
बाट यसो भनिरहेको एउटा ठूलो
सोर मैले सुनें, 'तिमीहरू जाओ, र परमेश्वरको
क्रोधका सात कचौरा पृथ्वीमा खन्याओ।'

२ औ पहिलो गएर आफ्नो कचौरा
पृथ्वीमा खन्याए, र त्यसले गर्दा त्यस
जानवरको छाप हुने, र त्यसको मूर्तिलाई
पूजा गर्ने मानिसहरूलाई खराब र डरलाग्दो
घाउ-खटीरा लाग्यो।

३ औ दोस्रोले आफ्नो कचौरा
समुद्रमा खन्याए, र त्यो मरेको मानिसको
रगतजस्तै भयो। औ समुद्रमा भएका सबै
जीवित प्राणीहरू मरे।

४ औ तेस्रोले आफ्नो कचौरा नदीहरू,
र पानीहरूका मूलहरूमा खन्याए, र ती
रगतै भइहाले। ५ औ पानीहरूका दूतले
यसो भनिरहेको मैले सुनें, 'तपाईं धर्मात्मा
हुनुहुन्छ। जो हुनुहुन्छ, र जो हुनुहुन्थ्यो,
हे पवित्र जन, किनभने यसरीनै तपाईंले
इन्साफ गर्नुभयो। ६ किनकि तिनीहरूले
पवित्र जन र अगमवक्ताहरूका रक्तपात गरेका
थिए, र तपाईंले तिनीहरूलाई रगत पिउन
दिनुभयो। तिनीहरू यसका योग्य छन्।'
७ अनि वेदीले यसो भनिरहेको मैले सुनें,
'हे परमप्रभु परमेश्वर, सर्वशक्तिमान, तपाईंको
इन्साफ सच्चा र धार्मिक छन्।'

८ औ चौथोले आफ्नो कचौरा सूर्य-
माथि खन्याए, र मानिसहरूलाई पोल्ने
शक्ति त्यसले सूर्यलाई दियो। ९ औ
मानिसहरू असाध्य गर्मीले भुटभुटिए,
र तिनीहरूले ती विपत्तिहरूमाथि शक्ति
भएका परमेश्वरको नाउँको निन्दा गरे।
तर तिनीहरूले उहाँलाई महिमा दिनालाई
पश्चाताप गरेनन्।

१० अनि पाँचौंले आफ्नो कचौरा त्यस
जानवरको सिंहासनमा खन्याए। औ त्यसको
राज्यमा अन्धकार भयो, र वेदना र घाउ
खटीराले गर्दा तिनीहरूले आफ्ना आफ्ना
जिब्रो चपाए। ११ औ तिनीहरूका वेदना
र घाउ खटीराले गर्दा तिनीहरूले स्वर्गका
परमेश्वरको निन्दा गरे। तर तिनीहरूले आफ्ना
कामको पश्चाताप गरेनन्।

१२ औ छैटौंले आफ्नो कचौरा
ठूलो नदी, अर्थात् यूफ्रेटिसमा खन्याए। औ
सूर्योदय पट्टिबाट आउने राजाहरूको बाटो
तयारी होस् भनेर त्यसको पानी सुकिहाल्यो।
१३ अनि त्यस अजीङ्गरजस्तै पशुको
मुखबाट, र त्यस जानवरको मुखबाट, र
झूटा अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता
अशुद्ध आत्माहरू आएका मैले देखें।
१४ किनकि चिह्नहरूका काम गर्ने ती
भूतहरूका आत्मा हुन्। सर्वशक्तिमान
परमेश्वरको ठूलो दिनको लड़ाइँको निम्ति
जम्मै पृथ्वीका राजाहरूलाई जम्मा गर्नालाई

तिनीहरू जान्छन्।
१५ हेर, म चोरजस्तै आउनेछु।
त्यो धन्यको हो, जो सतर्क रहन्छ, र आफ्ना
लुगाको रखवाली गर्छ। नत्रता त्यो नाङ्गै
हिँड्नेछ, र तिनीहरूले त्यसको लाज
देख्नेछन्।
१६ औ तिनीहरूले तिनीहरूलाई हिब्रू
भाषामा आर-मागेडोन भन्ने ठाउँमा एक साथ
जम्मा गरे।
१७ औ सातौंले आफ्नो कचौरा हावामा
खन्याए, र मन्दिरको सिंहासनबाट यसो भन्ने
एउटा ठूलो आवाज निस्क्यो, 'भइगयो।'
१८ औ बिजुलीहरू, आवाजहरू र गर्जनहरू
भए, र ठूलो भूकम्प भयो। यति ठूलो र
भयङ्कर, कि मानिसहरू पृथ्वीमा भएदेखि यसो
त्यति ठूलो भूकम्प भएकै थिएन। १९ औ
त्यो ठूलो शहर तीन भाग भयो, र जाति
जातिका शहरहरू ढले, र उहाँका क्रोधको
डरलाग्दो मद्यको कचौरा दिनालाई परमेश्वरको
दृष्टिमा महान् बेबिलोनको सम्झना भयो।
२० औ सबै टापूहरू लोप भए, र डाँडा-
हरूको पता लागेन। २१ औ मन मन
तौल भएका ठूला ठूला असिनाहरू स्वर्गबाट
मानिसहरूमाथि ओइरिन लागे, र मानिस-
हरूले असिनाको त्यस विपत्तिको कारण
परमेश्वरको निन्दा गरे, किनभने त्यो विपत्ति
ज्यादैनै ठूलो थियो।

वेश्या र पशुको दर्शन

१७ ती सात कचौरा लिने सात
दूतहरूमध्ये एउटाले यसो भनेर
मसँग कुरा गरे, 'यता आऊ, म तिमीलाई
धेरै पानीहरूमाथि बस्ने त्यस महा-वेश्यामाथि
भएको इन्साफ देखाउनेछु। २ जससँग
पृथ्वीका राजाहरूले व्यभिचार गरे, र पृथ्वीमा
रहनेहरू त्यसको व्यभिचारको मद्यले मात्तिएका
थिए।'
३ अनि तिनले मलाई आत्मामा बोकेर
एउटा वनभित्र लगे। औ मैले सातवटा शिर
र दशवटा सीङ भएको ईश्वर-निन्दाका
नाउँहरूले भरिपूर भएको चहकिलो रातो रङ्गको
जानवरमाथि बसेकी एउटी स्त्रीलाई देखें।
४ त्यो स्त्रीले बैजनी र चहकिलो रातो
लुगा पहिरेकी, औ सुन, रत्न र मोतीहरूले
सिङ्गारिएकी, र घृणित कुरो, अर्थात् त्यसको
व्यभिचारका अशुद्ध कुराहरू भरिएको एउटा
सुनको कचौरा हातमा लिएकी थिई। ५ औ
त्यसको निधारमा एउटा यस्तो नाउँ लेखिएको
थियो, 'रहस्य, पृथ्वीका वेश्याहरू र घृणित
कुराहरूकी आमा, महान् बेबिलोन!'
६ अनि मैले त्यस स्त्रीलाई पवित्र जनहरूको
रगत र येशूका शहीदहरूका रगत पिएर
मात्तिएकी देखें। त्यसलाई देखेर म ज्यादै
अचम्म लागेर छक्क परें। ७ अनि ती
दूतले मलाई भनें, 'तिमीले किन अचम्म
मान्यौ? त्यो स्त्री र त्यसलाई बोक्ने सात
शिर र दस सीङ भएको जानवरको रहस्य म
तिमीलाई भन्नेछु, ८ तिमीले देखेको त्यो
जानवर हुनलाई ता थियो, तर छैन, र
सत्यानाशमा जानालाई अगाध खाँदबाट त्यो
आउनलागेको छ। औ पृथ्वीमा रहने, जसको
नाउँ ससारको उत्पत्तिदेखि जीवनको पुस्तकमा
लेखिएको छैन, तिनीहरूले त्यो जानवर
कसरी हुनालाई ता थियो, तर छैन, र पछि
आउनेछ, सो देख्ता अचम्म मान्नेछन्।
९ ज्ञान भएको अर्थ यसैमा छ। ती
सात शिर सात पर्वतहरू हुन्, जसमाथि त्यो
स्त्री बस्तछ। १० औ तिनीहरू ती सात
राजाहरू हुन्—पाँचवटाको पतन भइसक्यो,
एउटाचाहिँ छँदै छ, र अर्को अझै आएको
छैन। औ त्यो आएपछि त्यसले अलि बेर
अवश्य रहनैपर्छ। ११ औ त्यो जानवर जो
हुनालाई ता थियो, तर छैन, त्यो आफै पनि
सातमध्येबाट निस्केको एउटा आठौं हो,
औ त्यो सत्यानाशमा जानेछ।
१२ औ तिमीले देखेका ती दशवटा
सीङचाहिँ दश राजाहरू हुन्, जसले अहिलेसम्म

राज्य पाएका छैनन् । तर ती जानवर
सँगसँगै तिनीहरूले एक घण्टाको निम्ति
राजाजस्तै अख्तियार पाउँछन् । तिनीहरू एउटै
मनका छन् । १३ तिनीहरू आफ्ना शक्ति र
अख्तियार त्यस जानवरलाई दिन्छन् ।
१४ यिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्,
र थुमाले तिनीहरूलाई जित्नुहुनेछ । किनकि
उहाँ प्रभुहरूका महाप्रभु र राजाहरूका महा-
राजा हुनुहुन्छ । बोलावट भएका, चुनिएका
र विश्वासीहरू जो उहाँका साथमा आउँछन्,
उनीहरूले पनि तिनीहरूलाई जित्नेछन् ।'
१५ औ तिनले मलाई भने, 'तिमीले
देखेका ती पानीहरू, जहाँ त्यो वेश्या बस्तछ,
तिनीहरू ता मानिसहरू, भीड़हरू, जातिहरू र
भाषाहरू हुन् । १६ औ तिमीले देखेका ती
दश सीङ र त्यस जानवरले त्यस वेश्यासँग
दुस्मनी गर्नेछन्, र त्यसलाई उजाड़ र नाङ्गो
पार्नेछन् । औ त्यसको मासु खानेछन्, र
त्यसलाई आगोमा भस्म पारिदिनेछन् ।
१७ किनकि परमेश्वरका वचन पूरा नहोउन्जेल
त्यसको इच्छाबमोजिम गर्न र एकै मनका
हुन र त्यस जानवरलाई तिनीहरूका राज्य
दिनलाई परमेश्वरले तिनीहरूलाई त्यस्तो मन
दिनुभएको हो । १८ तिमीले देखेको त्यो
स्त्रीचाहिं त्यो महान् शहर हो, जसले पृथ्वीका
राजाहरूमाथि राज्य गर्छ ।'

महान् शहरको पतन

१८ यी कुरापछि ठूलो अख्तियार
भएको अर्को एउटा दूत स्वर्गबाट
आइरहेको मैले देखें । औ पृथ्वी तिनको
महिमाले उज्यालो भयो । २ औ तिनी
यसो भनेर शक्तिशाली सोरले कराए, 'महान्
बेबिलोनको पतन भएको छ, पतन भएको छ ।
त्यो भूतहरूको निवासस्थान, सबै अशुद्ध
आत्माको खोर र सबै अशुद्ध र घिनलाग्दा
चराहरूको खोर भएको छ । ३ किनभने
त्यसको व्यभिचारको क्रोधको मदले सारा
जातिको पतन भएको छ । औ पृथ्वीका
राजाहरूले त्यससँग व्यभिचार गरेका छन्,
र पृथ्वीका व्यापारीहरू त्यसको सुख-विलासको
शक्तिले धनी भएका छन् ।'
४ अनि मैले स्वर्गबाट यसो भन्ने अर्को
आवाज सुनें, 'हे मेरा मानिस हो, त्यसबाट
निस्केर आओ । त्यसका पापसँग तिमीहरूको
केही संगत हुन नपाओस् । त्यसका विपत्तिहरू
तिमीहरूले भोग्न नपरोस्, ५ किनभने
त्यसका पाप स्वर्गसम्मै चुल्लिएका छन्, र
परमेश्वरले त्यसका अधर्म सम्झनुभएको छ ।
६ त्यसले जे दिएकी थिई, त्यही त्यसलाई
देओ । त्यसको कामबमोजिम दोबर गरेर देओ ।
त्यसले मिसाएको कचौरामा दोबर मिसाएर
देओ । ७ जति त्यसले आफ्नै गौरव र
सुख-विलास गरेकी छ, त्यत्तिकै त्यसलाई
वेदना र शोक देओ, किनकि त्यसले मनमा
भन्दछ, 'महारानी भएर बसेकी छु । म विधवा
होइन, म कुनै किसिमले शोक देख्नेछैनँ ।'
८ यसकारण एकै दिनमा त्यसका विपत्तिहरू
आउनेछन्—मृत्यु, अफसोस र अनिकाल, र
त्यो आगोमा भस्म पारेर जाइजानेछ । किनभने
त्यसको इन्साफ गर्ने परमेश्वर बलवान
हुनुहुन्छ । ९ औ त्यो जलेको धुवाँ देखेर
त्यससँग व्यभिचार गर्ने र सुख-विलासमा रहने
पृथ्वीका राजाहरू त्यसको निम्ति रुने र
बिलौना गर्नेछन् । १० त्यसको वेदनाको डरले
टाढ़ा उभिएर तिनीहरू यसो भन्नेछन्, 'हाय !
हाय ! त्यो ठूलो शहर बेलिलोन, त्यो बलियो
शहर ! किनकि एकै घण्टामा तँमाथिको
इन्साफ आएको छ !'
११ औ पृथ्वीका व्यापारीहरू त्यसको
निम्ति रुने र बिलौना गर्नेछन् । किनभने
कुनै मानिसले तिनीहरूका व्यापारका मालताल
फेरि किन्दैनन्, १२ अर्थात् सुन, चाँदी,
रत्न, मोती, र मसिनो सुती कपड़ा,
बैजनी रङ्ग, रेशम, चहकिलो रातो रङ्ग, र
सबै सुगन्धित काठ, हरेक हस्ती-हाड़का भाँडा
र हरेक बहुमूल्य काठ, पीतल, फलाम र

सिमरमर ढुङ्गाले बनेका भाँडा, १३ औ
दालचिनी, मसाला, धूप, सुगन्धित मल्हम,
लोबान, धूप, मद्य, तेल, मसिनो पीठो, गहुँ,
गाई-भैँसी, भेड़ाहरू, घोड़ाहरू, रथहरू,
कमाराहरू, र मानिसका प्राणहरूका व्यापारका
मालताल। १४ औ तिम्रो प्राणले इच्छा
गरेका फलहरू तिमीबाट गएका छन्, र
सबै स्वादिष्ट र प्रचूर खर्च हुने खानेकुराहरू
तिमीबाट नष्ट भएका छन्। औ मानिसहरूले
ती कहिल्यै पाउने छैनन्। १५ त्यसबाट
धनी बनेका यी थोकहरूका व्यापारीहरू
त्यसको वेदना, ख्वाबासी र बिलौनाको डरले
१६ यसो भन्दै टाढ़ै उभिनेछन्, 'हाय,
हाय, त्यो ठूलो शहर, जो मसिनो
सुती कपड़ाका बैजनी र चहकिलो रातो लुगा
लगाएर सुन, रत्न र मोतीहरूले सिँगारिएको
छ! १७ किनभने एकै घण्टामा यति धेरै
धन उजाड़ भएको छ। औ हरेक जहाजका
मालिक, जहाजमा जतातते यात्रा गर्ने हरेक
नाविकहरू र समुद्रबाट आफ्ना जीविका
चलाउने जति सबै जना टाढ़ा उभिए,
१८ र त्यो जलेको धुवाँ हेरेर यसो भनी
कराए, 'त्यो महान् शहर जस्तो कुन शहर
छ? १९ औ तिनीहरूले आफ्ना आफ्ना
टाउकोमा धूलो हालेर रुँदै र बिलौना गर्दै,
यसो भनेर कराए, 'हाय, हाय, त्यो महान् शहर,
जसको सम्पत्तिको कारण समुद्रमा जहाज
हुनेहरू सबै जना धनी भएका थिए! किन-
भने एकै घण्टामा त्यो नष्ट भएको छ।

२० हे स्वर्ग, पवित्र जनहरू, प्रेरितहरू
र अगमवक्ता हो, त्यसको निम्ति रमाओ।
किनभने परमेश्वरले तिमीहरूको इन्साफ त्यसै-
माथि गर्नुभएको छ।'

२१ अनि एउटा बलवान दूतले जाँतो-
जस्तै एउटा ठूलो ढुङ्गा उठाए, र यसो भनेर
समुद्रमा फाले, 'यसरीनै महान् शहर बेबिलोन
ठूलो झोक्काले फालिनेछ, र फेरि कहिल्यै
पाइनेछैन। २२ औ वीणा बजाउनेहरू,
गवैयाहरू, बाँसुरी बजाउनेहरू र तुरही
बजाउनेहरूको आवाज तँमा कहिल्यै सुनिनेछैन,
र जुनसुकै शिल्पको शिल्पकारी पनि तँमा
कहिल्यै पाइनेछैन। जाँतोको ढुङ्गाको आवाज
पनि तँमा कहिल्यै पनि सुनिनेछैन। २३ औ
बत्तीको उज्यालो तँमा कहिल्यै चम्कनेछैन।
औ दुलहा र दुलहीको सोर पनि तँमा कहिल्यै
सुनिनेछैन। किनभने तेरा व्यापारीहरू पृथ्वीका
मालिकहरू थिए, किनकि तेरो जादूगरीले
सारा जाति ठगिएका थिए। २४ औ
त्यसैमा अगमवक्ताहरू, पवित्र जनहरू र
पृथ्वीमा मारिएका सबैका रगत पाइएको
थियो।'

थुमाको विवाह

१९ यी कुरा पछि स्वर्गमा एउटा ठूलो
भीड़को यसो भन्ने एउटा ठूलो
आवाज जस्तो मैले सुनेँ, 'हल्लेलूयाह, मुक्ति,
महिमा र शक्ति हाम्रा परमेश्वरका हुन्।
२ किनकि उहाँका इन्साफ सच्चा र धार्मिक
हुन्छन्। किनभने उहाँले पृथ्वीलाई त्यसको
व्यभिचारले भ्रष्ट पारेकी त्यो ठूलो वेश्याको
इन्साफ गर्नुभएको छ, र उहाँले आफ्नो
दासहरूको रगतको बदला त्यसमाथि लिनुभएको
छ।' ३ औ दोस्रोपल्ट तिनीहरूले फेरि
'हल्लेलूयाह' भने। औ त्यसको धुवाँ सदा
सर्वदा माथितिर जाँदोरहेछ। ४ औ ती
चौबीसै धर्म-गुरुहरू र ती चार जीवित
जीवातहरूले घोप्टो परेर सिंहासनमा विराजमान
हुनुभएका परमेश्वरलाई 'आमिन, हल्लेलूयाह'
भनेर दण्डवत् गरे। ५ औ सिंहासनबाट
यसो भन्ने एउटा आवाज आयो, 'हे
परमेश्वरको डर मान्ने साना ठूला उहाँका
सबै दास हो, हाम्रा परमेश्वरको प्रशंसा
गर।' ६ औ एउटा ठूलो भीड़को सोर र
धेरै पानीहरूका आवाज र शक्तिशाली
गर्जनको आवाज जस्तो यसो भन्ने सोर मैले

सुनें, 'हल्लेलूयाह, किनकि परमप्रभु हाम्रा
परमेश्वर, सर्वशक्तिमानले राज्य गर्नुहुन्छ।
७ हामी रमाऔं, अत्यन्त खुशी हौं र
उहाँलाई महिमा दिऔं। किनभने थुमाको
विवाहको दिन आएको छ, र उहाँकी दुलही
आफै तयार हुँदैछिन्। ८ तिनले पहिरिना-
लाई मसिनो सुती लुगा, चहकिलो र
चोखो कपड़ा दिइएको थियो, किनभने
मसिनो सुती लुगा पवित्र जनहरूका धार्मिक
कामहरू हुन्।'
९ अनि दूतले मलाई भने, 'यो लेख,
थुमाको विवाहको भोजमा निमन्त्रण पाउनेहरू
धन्यका हुन्!' औ तिनले मलाई भने,
'परमेश्वरका सत्य वचनहरू यिनै हुन्।'
१० अनि तिनलाई दण्डवत् गर्न म तिनका
खुट्टा अगाड़ि घोप्टें। औ तिनले मलाई
भनें, 'तिमीले यसो नगर, म येशूको साक्षी
ग्रहण गर्ने तिम्रा भाइहरूको र तिम्रो
सह-कर्मी हुँ। परमेश्वरलाई दण्डवत् गर,
किनकि येशूको साक्षी अगमवाणीको आत्मा
हो।'

विजयी ख्रीष्ट

११ मैले स्वर्ग उघ्रेको देखें, र
एउटा सेतो घोड़ा र त्यसमाथि सवार
हुने विश्वासयोग्य र सत्य कहलिनुहुँदोरहेछ,
र उहाँले धार्मिकतामा इन्साफ र लड़ाइँ
गर्नुहुँदो रहेछ। १२ औ उहाँका नजरहरू
आगोका ज्वाला रहेछन्, औ उहाँका
शिरमा धेरै राजमुकुटहरू रहेछन्। औ
उहाँको एउटा नाउँ लेखिएको रहेछ, जो
उहाँबाहेक अरूलाई थाह थिएन। १३ औ
उहाँले रगतमा चोपिएको पोशाक पहिरिनु-
भएको रहेछ, र उहाँको नाउँ 'परमेश्वरको
वचन' भन्दोरहेछ। १४ औ स्वर्गमा भएका
फौजहरू मसिना, सेता र चोखो सुती लुगा
लगाएर, सेता घोड़ामा चढ़ेर, उहाँका
पछिपछि लाग्दथिए। १५ औ जाति
जातिहरूलाई मार्न उहाँको मुखबाट धारिलो
तरवार निस्कँदोरहेछ, र उहाँले फलामको
डण्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ।
औ सर्वशक्तिमान परमेश्वरको क्रोधको
मद्यको कोल उहाँले कुल्चनुहुँदोरहेछ।
१६ औ उहाँको पोशाक र तिघ्रामा
'राजाहरूका महाराजा, र प्रभुहरूका महाप्रभु'
भन्ने एउटा नाउँ लेखिएको रहेछ।

शत्रुहरूको सर्वनाश

१७ अनि मैले एउटा दूत सूर्यमा
उभिरहेका देखें। तिनले यसो भनेर
ठूलो सोरले बीच आकाशमा उड़ने सबै
चराहरूलाई कराए, 'परमेश्वरको ठूलो भोजमा
जम्मा भएर आओ। १८ औ तिमीहरूले
राजाहरूका, कप्तानहरूका, घोड़ाहरू र
त्यसमाथि सवार हुनेहरूका, स्वतन्त्र र
बँधुवा, ठूला र साना सबैका मासु
खानेछौ।'
१९ अनि त्यो जानवर र पृथ्वीका
राजाहरू, र तिनका फौजहरू, घोड़ामा
सवारी हुने र उहाँको फौजको विरुद्ध लड़ाइँ
गर्न जम्मा भएको मैले देखें। २० त्यो
जानवर पकड़ाउ पर्‍यो, र त्यससँग हुने
झूटा अगमवक्ता, जसले त्यसको दृष्टिमा
चिह्नहरू गरेर त्यो जानवरको छाप लिनेहरू
जतिलाई र त्यसको मूर्तिको पूजा गर्नेहरूलाई
ठगेको थियो, ती दुवै जिउँदै गन्धकले बलेको
आगोको कुण्डमा फालिए। २१ औ बाँकी
रहेकाहरूचाहिं घोड़ामाथि सवारी हुनेको
तरवारबाट मारिए, अर्थात् उहाँको मुखबाट
निस्केको तरवारले, र सबै चराहरू तिनका
मासुले अघाए।

शैतान एक हजार वर्षसम्म बाँधिएको

२० अनि अगाध खाँदको साँचो र
एउटा ठूलो साङ्लो हातमा लिएको

एउटा दूत स्वर्गबाट ओर्लेर आएका मैंले
देखें। २ औ तिनले त्यस अजीङ्गरजस्तो
जानवर, त्यो पुरानो सर्प, जो दियाबल
र शैतान पनि हो, त्यसलाई पक्रेर एक
हजार वर्षसम्म बाँधि, ३ र हजार वर्ष भुक्तान
नहोउञ्जेल त्यसले जाति जातिलाई फेरि
नठगोस् भनेर तिनले त्यसलाई अगाध
खाँदमा फालिदिए। औ त्यसलाई बन्द गरेर
त्यसमाथि छाप लगाए। त्यसपछि त्यो केही
समयको निम्ति फुकाइनुपर्छ।
४ अनि मैंले सिंहासनहरू र तीमाथि
बस्नेहरूलाई देखें, र तिनीहरूलाई इन्साफ
गर्ने अख्तियार दिइयो। औ येशूको साक्षीको
निम्ति, र परमेश्वरको वचनको निम्ति शिर
काटिएकाहरू, र त्यस जानवरलाई र त्यसको
मूर्ति पूजा नगर्नेहरू र त्यसको निशाना
निधारमा र हातमा नलिनेहरूका आत्माहरूलाई
मैंले देखें। तिनीहरू फेरि बाँचे, र ख्रीष्टसँग
एक हजार वर्षसम्म राज्य गरे। ५ बाँकी
मरेकाहरूचाहि त्यो एक हजार वर्ष नबितुञ्जेल
बाँचेनन्। पहिलो पुनरुत्थान यही हो।
६ पहिलो पुनरुत्थानमा भाग पाउने धन्य र
पवित्र हो! यिनीहरूमाथि दोस्रो मृत्युको
शक्ति हुँदैन तर तिनीहरू परमेश्वर र ख्रीष्टका
पूजाहारीहरू भएर उहाँसँग एक हजार
वर्षसम्म राज्य गर्नेछन्।

शैतानको छुटकारा र अन्तिम युद्ध

७-८ अनि हजार वर्ष बितेपछि शैतान
त्यसको कैदबाट छुट्नेछ, र पृथ्वीको चारै
दिशामा भएका देश देशका मानिसहरूलाई
ठग्न, अर्थात् गोग र मागोगलाई लड़ाइँमा
जम्मा गर्नालाई निस्केर आउनेछ। तिनका
संख्या समुद्रका बालुवा जतिकै हुनेछ।
९ तिनीहरूले सारा पृथ्वीभरि पवित्र जन-
हरूका छाउनीका वरिपरि र प्रिय शहरहरूलाई
घेरे, र स्वर्गबाट आगो बर्षेर तिनीहरूलाई
भस्म गऱ्यो। १० तिनीहरूलाई ठग्ने त्यो
शैतान, आगो र गन्धकको कुण्डमा फालियो,
जहाँ त्यो जानवर र झूटा अगमवक्ताहरू
पनि छन्। तिनीहरूले दिन-रात सदा सर्वदै
शासना भोग्नेछन्।

सबैको पुनरुत्थान र अन्तिम इन्साफ

११ अनि मैंले एउटा ठूलो सेतो
सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई
देखें। उहाँको सामनेबाट पृथ्वी र आकाश
भागे; र तिनीहरूका निम्ति कतै ठाउँ
पाइएन। १२ मैंले ठूला र साना सबै
मरेकाहरू सिंहासनको सामने उभिरहेका देखें।
औ पुस्तकहरू खोलिएका थिए। औ अर्को
एउटा पुस्तक पनि खोलियो, जो जीवनको
पुस्तक हो। औ तिनीहरूले जे जे गरेका
थिए, ती पुस्तकहरूमा तिनीहरूका काम
लेखिएबमोजिम ती मरेकाहरूको इन्साफ
भएको थियो। १३ अनि समुद्रले त्यसमा
भएका मुर्दाहरूलाई दिइहाल्यो, औ मृत्यु र
पातालले पनि तिनीहरूमा भएका मुर्दाहरूलाई
दिइहाले। औ तिनीहरू प्रत्येकको आफ्नो
आफ्नो कामअनुसार इन्साफ भयो।
१४ औ मृत्यु र पाताल अग्नि-कुण्डमा
फालिए। योचाहि, अर्थात् अग्नि-कुण्ड,
दोस्रो मृत्यु हो। १५ जीवनको पुस्तकमा
नलेखिएको जुनसुकै पनि अग्नि-कुण्डमा
फालियो।

नयाँ आकाश र नयाँ पृथ्वी

२१ अनि मैंले नयाँ आकाश र नयाँ
पृथ्वी देखें, किनकि पहिलो आकाश
र पहिलो पृथ्वी ता बितिहाले, समुद्र ता
अब रहँदैरहेनछ। २ अनि मैंले परमेश्वरका
तर्फबाट, पतिको निम्ति दुलही जस्तैगरी
सिंगारिएर तयार पारिराखेकी, पवित्र शहर
नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको
देखें। ३ औ सिंहासनबाट यसो भन्ने

एउटा ठूलो आवाज मैले सुनें, 'हेर,
परमेश्वरको बासस्थान मानिसहरूसँग भएको
छ। उहाँ तिनीहरूसँग बास गर्नुहुनेछ र
तिनीहरू उहाँका मानिसहरू हुनेछन्। औ
परमेश्वर आफै तिनीहरूसँग भएर तिनीहरूका
परमेश्वर हुनुहुनेछ। ४ उहाँले तिनीहरूका
आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ, र फेरि
मृत्यु हुनेछैन। औ शोक, रुवाइ, पीड़ा
फेरि केही हुनेछैन। पहिलेका कुराहरू
बितिसकेका छन्।'

५ औ सिंहासनमा विराजमान हुनुहुनेले
भन्नुभयो, 'हेर, म सब कुरा नयाँ तुल्याउँछु।'
औ उहाँले भन्नुभयो, 'लेख, किनकि यी
कुराहरू विश्वासयोग्य र सत्य छन्।' ६ उहाँले
मलाई भन्नुभयो, 'ती हुनआएका छन्। अल्फा
र ओमेगा, आदि र अन्त्य मनै हुँ।
तिर्खाउनेहरूलाई जीवनको पानीको फोहराबाट
म सित्तैंमा दिनेछु। ७ जित्ने यी कुराका
हकदार हुनेछ। म त्यसको परमेश्वर हुनेछु,
र त्यो मेरो छोरो हुनेछ। ८ तर डराउनेहरू,
विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, ज्यानमारा-
हरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू
र सबै झूटा बोल्नेहरूको भाग आगो र
गन्धक बलेको कुण्डमा हुनेछ, जो दोस्रो
मृत्यु हो।'

स्वर्गीय यरूशलेम

९ अनि सात कचौरा भएका ती सात
दूतहरूमध्ये पछिल्ला सात विपत्तिले भरिएका
चाहिँ आएर मसँग यसो भनेर कुरा गरे,
'यता आऊ, म तिमीलाई ती दुलही, अर्थात्
थुमाकी पत्नी देखाइदिनेछु।' १० औ
तिनले मलाई आत्मामा बोकेर एउटा ठूलो र
अग्लो पर्वतमा लगे, र परमेश्वरको तर्फबाट
स्वर्गदेखि झरिरहेको पवित्र शहर यरूशलेम
मलाई देखाइदिए। ११ त्यसमा परमेश्वरको
महिमा थियो। त्यसको चमक साह्रै बहुमूल्य
पत्थरको जस्तो थियो, बिल्लौर जतिकै सफ्लो;
एउटा स्फटिकजस्तै थियो। १२ बाह्र ढोका
भएको त्यसको एउटा ठूलो र अग्लो पर्खाल
थियो, र ढोकाहरूमा बाह्र दूतहरू थिए। ती
ढोकाहरूमा इस्राएलीहरूका बाह्रै कुलका
नाउँहरू लेखिएका थिए। १३ पूर्वतिर तीन
ढोका। उत्तरतिर तीन ढोका, दक्षिणतिर
तीन ढोका, र पश्चिमतिर तीन ढोका थिए।
१४ शहरको पर्खालका बाह्रवटा जगहरू थिए,
तीमाथि थुमाका बाह्र प्रेरितहरूका बाह्रै नाउँ
लेखिएका थिए। १५ शहर, त्यसका ढोका-
हरू र पर्खाल नाप्नालाई मसँग बोल्नेसँग
एउटा सुनको टाँगो थियो। १६ त्यो शहर
चौकुने वर्गाकारको रहेछ। त्यसको चौड़ाइ,
लम्बाइ जत्तिकै रहेछ। तिनले त्यस टाँगोले
नाप्दा साढ़ सात सय कोशको रहेछ, लम्बाइ
चौड़ाइ र उँचाइ बराबर रहेछ। १७ अनि
तिनले त्यसको पर्खाल नापे, मानिस, अर्थात
दूतको नापबमोजिम एक सय चवालीस
हातको रहेछ। १८ त्यो पर्खाल स्फटिकको
बनेको थियो, र शहरचाहिँ कञ्चन ऐनाजस्तै
निखुर सुनको थियो। १९ पर्खालका
जगहरू अनेक किसिमका बहुमूल्य पत्थरहरूले
सिंगारिएका थिए। पहिलो जग स्फटिकको,
दोस्रो नीरको, तेस्रो लालको, चौथो पन्नाको,
२० पाँचौं गोमेदको, छैटौं सारडियस मणिको,
सातौं पीतमणिको, आठौं पिरोजाको, नवौं
पुष्पराजको, दशौं लहसुनेको, एघारौं धूम्र-
कान्तको, बाह्रौं मर्तिस मणिको थियो।
२१ ती बाह्र ढोकाचाहिँ बाह्र मोतीका थिए।
प्रत्येक ढोकामा एक एक मोतीको थियो।
त्यस शहरको सड़क छर्लङ्ग देखिने ऐनाजस्तो
निखुर सुनको थियो।

२२ मैले त्यहाँ भित्र मन्दिर देखिनँ,
किनकि त्यहाँको मन्दिर परमेश्वर सर्वशक्तिमान,
र थुमानै हुनुहुन्थ्यो। २३ त्यस शहरलाई
उज्यालो गराउनालाई नता सूर्यको, न
चन्द्रमाको दरकार थियो, किनभने परमेश्वरको
महिमाले त्यसलाई उज्यालो गराउँदोरहेछ।
त्यहाँको बत्तीचाहिँ थुमा आफै हो। २४ औ

त्यहाँकै उज्यालोमा जाति जातिहरू घुमफिर
गर्नेछन्, र पृथ्वीका राजाहरूले आफ्ना ऐश्वर्य
त्यसमा ल्याउँछन्। २५ औ त्यसका ढोकाहरू
कुनै किसिमले दिउँसो बन्द हुनेछैन (किनभने
त्यहाँ रात हुँदैहुनेछैन)। २६ तिनीहरूले
जाति जातिहरूका ऐश्वर्य र आदर त्यसभित्र
ल्याउनेछन्, २७ तर थुमाको जीवनको
पुस्तकमा लेखिएका बाहेक कुनै अशुद्ध कुरा,
घृणित काम गर्ने र झूट बोल्ने कुनै किसिमले
पनि त्यसभित्र पस्नेछैन।

समाप्ति

२२ तब तिनले मलाई परमेश्वर र
थुमाको सिंहासनबाट निस्किरहेको
त्यस शहरको सडकको बीचमा बिल्लौरजस्तो
चहकिलो जीवनको नदी देखाए। २ त्यस
नदीको वारि र पारि प्रत्येक महीना बाह्रै
किसिमको फल फलाउने जीवनको रूख थियो।
त्यस रूखका पातहरूचाहिँ जाति जातिका
मानिसहरूलाई निको पार्नाको निम्ति थिए।
३ त्यहाँ फेरि श्रापित कुरा हुनेछैन।
परमेश्वरको र थुमाको सिंहासन त्यसभित्र
हुनेछ, र उहाँका दासहरूले उहाँको सेवा
गर्नेछन्। ४ औ तिनीहरूले उहाँको मुहार
देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका
निधारमा हुनेछ। ५ औ त्यहाँ फेरि रात
हुनेछैन, र तिनीहरूलाई नता बत्तीको
उज्यालोको, न सूर्यको उज्यालोको खाँचो हुनेछ,
किनकि परमप्रभु परमेश्वरलेनै तिनीहरूलाई
उज्यालो दिनुहुनेछ, र तिनीहरूले सदा सर्वदा
राज्य गर्नेछन्।

६ औ तिनले मलाई भने, 'यी कुराहरू
विश्वासयोग्य र सत्य छन्। औ परमप्रभु,
अगमवक्ताहरूका आत्माका परमेश्वरले आफ्ना
दासहरूलाई झट्टै हुनआउने कुराहरू
देखाउनालाई उहाँका दूत पठाउनुभयो।
७ औ हेर, म चाँडै आउँछु। यस
पुस्तकको अगमवाणी पाल्न गर्ने धन्यको
हो।'

८ यी कुरा सुन्ने र देख्ने म यूहन्ना
हुँ। औ जब मैले यी कुरा सुनें र देखें,
तब मलाई यी कुरा देखाउने दूतको पाउमा
दण्डवत् गर्न म घोप्टें। ९ तर तिनले
मलाई भनें, 'हेर, तिमीले यसो नगर। म
तिम्रो र अगम बोल्ने तिम्रा दाज्यू-भाइ-
हरूको र यस पुस्तकका वचनहरू पाल्न
गर्नेहरूको सँगी-दास हुँ। परमेश्वरलाईनै
दण्डवत् गर।'


१० अनि तिनले मलाई यसो भन्दा-
रहेछन्, 'यस पुस्तकका अगमवाणीका वचन
हरूमा छाप नलाऊ, किनकि समय नजीक
छ। ११ जो अधर्मी छ, त्यसले झन्
अधर्मनै गरिरहोस्, जो फोहोरी छ, त्यो
झन् फोहोरीनै भइरहोस, औ जो धर्मात्मा
छ, त्यसले झन् धर्मनै गरिरहोस्, र जो
पवित्र छ, त्यो झन् पवित्रनै भइरहोस्।
१२ हेर, म चाँडै आउँछु, र हरेक मानिस-
लाई आफ्नो आफ्नो कामअनुसार दिने
इनाम मसँग छ। १३ म अल्फा र
ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त
हुँ। १४ जीवनको रूखमा आउन शहरका
ढोकाहरूभित्र पस्ने अधिकार पाउनालाई
आफ्ना लुगा धुनेहरू धन्यका हुन्।
१५ बाहिरपट्टि ता कुकुरहरू जादूगरहरू, र
व्यभिचारीहरू, झूटा बोल्नेहरू र झूट निको
मान्नेहरू रहेका हुन्छन्।

१६ मण्डलीहरूका निम्ति यी कुरा
तिमीलाई साक्षी दिनालाई म, येशूले आफ्नो
दूत पठाएको छु। म दाऊदको जरा र
सन्तान, बिहानको चहकिलो तारा हुँ।'

१७ औ आत्मा र दुलही भन्नुहुन्छ,
'आउनुहोस।' औ जसले सुन्छ, त्यसले
'आउनुहोस्' भनोस्। जो तिर्खाउँछ,
त्यो आओस्, जसले मन गर्छ, त्यसले
जीवनको पानी सित्तैंमा लेओस्।


१८ यस पुस्तकको अगमवाणीका
वचनहरू सुन्ने हरेक मानिसलाई म चेताउनी


दिन्छु, 'यदि कुनै मानिसले तिनमा थप्यो
भने, परमेश्वरले यस पुस्तकमा लेखिएका
विपत्तिहरू त्यसमाथि थप्नुहुनेछ। १९ औ
यदि कुनै मानिसले यी वचनहरूबाट केही
घटायो भने, परमेश्वरले यस पुस्तकमा लेखिएका
जीवनको फल र पवित्र शहरबाट त्यसको भाग
घटाउनुहुनेछ।'
२० यी कुराको गवाही दिनेले भन्नुहुन्छ,
'म चाँडै आउँछु।' आमिन, आउनुहोस्,
हे प्रभु येशू।
२१ प्रभु येशूको अनुग्रह सबै पवित्र
जनहरूसँग रहोस्। आमिन।





हारान
निनवे
० माइल २५०
यूफ्रेटिस नदी
टाइग्रिस नदी
तदमोर
मारी
दमीशक
भूमध्य सागर
बेबिलोन
शेकेम
गरार
गमोरा
ऊर
मिस्र देश
नील नदी

अब्राहाम को यात्रा


पुरानो नियमको
प्यालेसटाइन
किलोमिटर
अराम
दमीशक
सिदोन
फोनिसिया
टायर
हर्मन पर्वत
बाशान
भूमध्य सागर
गालिल ताल
कर्मेल पर्वत
मगिद्दो
सामरिया
यर्दन नदी
शेकेम
पेनुएल
जोप्पा
अम्मोन
बेतेल
कनान
यरीहो
सीयोन
नेबो पर्वत
फिलिस्तिया
हेब्रोन
खारा समुद्र
गाजा
यहूदा
मोआब
बेर्शेबा
नेगेब
एदोम


नयाँ नियमको संसार


सिरिया
दमीशक
सिदोन
टायर
फोनिसिया
हर्मोन पर्वत
सिजरिया फिलिप्पी
गालील
कोराजिन
कफर्नहुम
मगदला
गालीलको ताल
कर्मेल पर्वत
काना
नासरत
नाइन
गदारा
सिजरिया
दस शहर
JORDAN RIVER
सामरिया
सुखार
अरमथिया
योप्पा
पेरिया
लिद्दा
इमाउस
यरूशलेम
यरीहो
अशदोद
बेथलेहेम
गाजा
यहूदिया
मृत सागर
नयाँ नियमको
प्यालेस्टाइन
0 10 20 30 40 50
मानक माइल
0 10 20 30 40 50
किलोमिटर



यरूशलेम र वरिपरिका ठाउँहरू

यरूशलेममा हेरोद्का मन्दिर परिकल्पना

